CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली शब्द-कोश

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली शब्द-कोश

839.8503
223

सम्पादक

बाल चन्द्र शर्मा

रयल नेपाल एकेडेमी

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक
रायल नेपाल एकेडेमी
काठमाण्डू, नेपाल।

प्रथम संस्करण
एक्काइस सय प्रति
विक्रमाब्द २०१९

891.4903
SHA

प्रकाशकसित गरिएको शर्तबमोजिम
सर्वाधिकार सम्पादकमा सन्निहित

मुद्रक
नरेन्द्र भार्गव
भार्गव भूषण प्रेस
वाराणसी–१.

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्र-नायक श्री ५ महाराजाधिराज
सरकारमा
भक्तिपूर्वक सर्मपित ।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज

(चान्सलर, नेपाल एकेडेमी)

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज सरकारबाट बक्सेको शुभ-सन्देश

ज्ञान अथाह छ तापनि ज्ञान सँगाल्नु नै मनुष्यको मनुष्यता पनि हो। कुनै पनि मुलुकको, कुनै पनि व्यवस्थाको, कुनै पनि योजनाको सफलता ज्ञानको प्रचुरता र परिपक्वतामा निर्भर गर्दछ। विशेष गरी आजको व्योम-यात्राको युगमा ज्ञान-विज्ञानको साधनाले विशेष महत्त्व पाएको छ। हाम्रो प्राचीन कालदेखि आफ्नै कला-संस्कृतिले परिपूर्ण भएको स्वतन्त्र देश भए तापनि सयौँ वर्षको एकतन्त्र-पद्धतिबाट मुक्त भई युगानुकूल प्रजा-तान्त्रिक सर्वतोमुखी विकासतर्फ भर्खरै लम्कन लागेको देशमा ज्ञान-विज्ञानका साधनहरू बढ़ीभन्दा बढ़ी मात्रामा छिटोभन्दा छिटो जुटाउनु झन् जरूरी हुनु स्वाभाविक भएको छ।

यसै तथ्यलाई ध्यानमा राखी हाम्रो मुलुकमा, हाम्रै नेपाली भाषामा, ज्ञान-विज्ञानको प्रमुख साधनाको निमित्त एक भरपर्दो शब्द-कोशको आवश्यकता महसूस गरी मैले नेपाल एकेडेमीका भाइस-चान्सलर श्री बाल चन्द्र शर्मासँग करीब तीन वर्षअघि चर्चा गरेकोमा निजले यस बृहत् कार्यको अभिभारा लिई गरेको मेहनतको सह्राना गर्दै हाल यस 'नेपाली शब्द-कोश'-लाई नेपाली ज्ञान-साधकहरूसमक्ष प्रस्तुत गर्न सफल भएकोमा म निजलाई हार्दिक धन्यवाद दिन्छु। मलाई विश्वास छ कि यस कोशले नेपाली जातिको एक ठूलो अभावको धेरै अंशमा पूर्ति गरेको छ। हाम्रा विभिन्न विषयका विद्वान् एवम् विदुषीहरूको सहयोग पाई यस कोशले उत्तरोत्तर बढ़ी मात्रामा लोक-प्रियता हासिल गर्न सक्नेछ भन्ने पनि मलाई लागेको छ।

यस कोशको निमित्त चाहिने मेहनत गर्ने अरू सबैलाई पनि म धन्यवाद दिन्छु।

—श्री ५ महाराजाधिराज।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रस्तावना

नेपाली भाषाको जिज्ञासा लिनेहरूमा सर्व-प्रथम श्री डब्लु० जे० कर्कपेट्रिक, श्री सी० यू० एटन र श्री ए० टर्नबुलका नाम उल्लेखनीय छन्। श्री कर्कपेट्रिकले नेपालको आफ्नो 'विवरण' लन्डनबाट १८११ ई०-मा प्रकाशित गराए। यसमा नेपालको वंशावली, नेपालको तत्कालीन राजनीतिक, सामाजिक अवस्था आदि विविध कुराको सङ्क्षिप्त विवरणका साथै नेपाली शब्दहरूको एक सूची पनि दिइएको छ। श्री एटनले विशेषतः अङ्ग्रेजहरूका निमित्त नेपाली भाषाको एक सानो व्याकरण तयार पारी १८२० ई०-मा कलकत्ताबाट प्रकाशित गराए। श्री टर्नबुलको 'नेपाली व्याकरण र शब्दावली'-को प्रथम संस्करण १८८७ ई०-मा दार्जीलिङबाट प्रकाशित भयो। विदेशी विद्वान्हरूको नेपाली भाषाको अन्वेषणको क्रम पछि पनि चल्दैरह्यो। त्यसका परिणाममध्ये आर० एल० टर्नरको नेपाली-अङ्ग्रेजी शब्द-कोश प्रसिद्ध छ। नेपाली शब्दका अर्थ अङ्ग्रेजी भाषामा लेखिएको यो कोश लन्डनबाट १९३१ ई०-मा प्रकाशित भयो। नेपाली शब्द-कोश-कारहरूका कृतिमध्ये पण्डित चक्रपाणि चालिसेले बनाएका दुइ साना-साना कोश छापिएका थिए। तर, ती अब सामान्यतः उपलब्ध छैनन्। नेपाली भाषा-प्रकाशिनी समितिबाट प्रकाशित भएको पण्डित रामचन्द्र ढुङ्गानाद्वारा सम्पादित 'संक्षिप्त नेपाली शब्द-कोश'-को पनि त्यस्तै अवस्था छ। यसै सन्दर्भमा प्रस्तुत कोश प्रकाशित हुँदैछ।

यता हाम्रो भाषाको अध्ययन र अनुशीलनमा देशमा र देशबाहिर पनि निकै चाख बढ्दैगइरहेको छ। भाषाको अध्ययन केवल भाषाकै ज्ञानका निमित्त उपयोगी नभई भाषा-भाषी र उसको सभ्यता-संस्कृतिको अध्ययनको पनि आधारभूत विषय हुन्छ। अतः भाषाको अध्ययनका मुख्य सामग्री अथवा साधन—भाषा-को कोश र त्यसको व्याकरण हामी सबैका निमित्त मुख्य चाख-लाग्दा विषय हुनजान्छन्। उदाहरणार्थ—नेपाली भाषामा, विशेषतः कानून र व्यवस्था-सम्बन्धी शब्दावलीमा, अरबी र फारसीको व्यापक प्रभाव परेको देखिन्छ। यसको कारण मध्य-युगमा भारतमा रहेको मुस्लिम आधिपत्य र त्यससितको हाम्रो सम्बन्ध हो। अनि त्यसपछि भारतमा कायम भएका पुर्तगाली, फ्रान्सिसी र अङ्ग्रेजी प्रभुताले पनि उसै गरी हाम्रो भाषामा प्रभाव पार्दैगएको प्रमाणको पनि न्यूनता छैन। मागधी र अर्ध-मागधी प्राकृत भाषाको क्षेत्रदेखि नेपाल यति नजीकै छँदाछँदै पनि, र त्यतैतिर लिच्छवि र मल्ल-कालदेखि नै हाम्रो सम्बन्ध रहँदैआएको भए तापनि तिनको प्रभावभन्दा शौरसेनी प्राकृतको प्रभाव हाम्रो भाषामा धेरै नै बढ़ी देखिन्छ। यो पनि हाम्रो राष्ट्रियताको अध्ययन गर्नेहरूका निमित्त चाख-लाग्दो विषय हो। यसको कारण के हुन सक्तछ?—हाम्रा थरहरूमा नेपालका पश्चिमी क्षेत्रको प्रभाव स्पष्ट छ। यसबाट—हाम्रो जातीयताको विस्तार शौरसेनी प्राकृत-क्षेत्रको नजीक पर्ने नेपालको सुदूर पश्चिमी क्षेत्रतिरबाट भएको हो कि? अथवा, जुन बखत हाम्रो राष्ट्रको नवीन सङ्घटन भइरहेको थियो, त्यस बखत उत्तरीय भारतमा शौरसेनी प्राकृतबाट उत्पन्न व्रज र अवध-क्षेत्रका भाषाले त्यताको साहित्यमा लगभग एकाधिकार जमाइसकेको र त्यसको प्रभाव हाम्रा पुराना कविहरूका रचनामा पर्याप्त रूपले परेझैं, सामान्य बोल-चालको भाषामा पनि व्यापक रूपले परेको हो कि?—यस्ता अनेक तर्क उब्जन्छन्। जे होस्—भाषाको अध्ययनको यस्तै महत्त्वलाई ध्यानमा राखी रायल नेपाल एकेडेमीले पनि हाम्रो राष्ट्र-भाषाका साथै देशमा प्रचलित विभिन्न भाषा र बोलीका कोशहरू बनाउन सक्तो पाइला चालिरहेको छ। त्यसैको एक प्रतीक प्रस्तुत कोश पनि हो।

CC-0. In Public Domain. Digitization by eGangotri

यस कोशको निर्माणमा चाहिनेजति समय लगाउन सकिएन। यसका लागि अरू पनि विभिन्न उत्तरदायित्वले साँगुरिएका जम्मा पुग-नपुग तीस महीनाको समय पाइयो। बिदाका लगभग चतुर्थांश दिनमात्र कटाई बाँकी दिनका आफिस लाग्ने सम्पूर्ण समयमा अनवरत श्रम गर्दा पनि शब्दहरूको सङ्कलन, चयन, उपपत्तिको निर्णय, व्याख्या र सम्पादनका लागि गरी प्रत्येक शब्दका निमित्त जम्मा पाँच मिनेटको अत्यल्प समयसम्म पनि पाउन सकिएन। यस सीमित र अपेक्षाकृत अत्यन्त थोरै समयमा जे-जति हुन सक्यो—यस पालीलाई त्यही लिएर उपस्थित हुनुपरेको छ।

यस कोशको सम्पादन गर्दा नेपाली भाषाको व्याप्ति, त्यसको मौलिकता एवम् त्यसका शब्दहरूको सङ्कलनको अत्यावश्यकता आदिको अझै समीपबाट अनुभव गर्ने अवसर प्राप्त भयो। परिणामतः पर्याप्त समय र साधनका साथ पूर्ण वैज्ञानिक रीतिले हाम्रो भाषाको शब्द-भण्डारको खोजी गरेमा प्रस्तुत शब्द-कोशको तीन-चार दोबर बढ़ी ठेली तयार हुन सक्ने अनुमान भयो। यस दिशातिर विद्वद्वर्ग र राष्ट्र-भाषाको उत्थान, प्रचार र समृद्धिमा कम्मर कसेको हाम्रो सरकारको ध्यान विनम्रतापूर्वक आमन्त्रित गर्दछु। भाषाको शब्द-भण्डारको समुचित सङ्कलन र उपयोग भएमा हाम्रो राष्ट्रियताको दृढता, व्यापकता र मौलिकता एवम् शक्तिको स्वस्थ अनुभूति हुनजानेछ, र त्यसले हाम्रो नव-निर्माणको उत्साहमा पर्याप्त प्रभाव पार्नेछ भन्ने कुरामा अरू देशमा भएका यस्ता प्रयास र तज्जन्य प्रभाव साक्षी छन्।

यस कोशको सम्पादन गर्दा स्वभावतः अनेक समस्या उपस्थित भए। तीमध्ये प्रत्येकको समाधान कसरी गरियो?—भन्ने कुराको विशेष व्याख्या यहाँ गर्नु प्रयोजनीय छैन—त्यसको जानकारी स्वयम् कोश-बाटै हुनेछ। यहाँ केही मुख्य विषयको मात्र उल्लेख गरिन्छ—

भाषामा स्थानको ठूलो प्रभाव पर्दछ। भनाइ छ—बाह्र कोसमा भाषा बदलिन्छ। हाम्रा विभिन्न क्षेत्रमा प्रचलित भाषाको विचार गर्दा पनि यो कुरा बुझ्न सकिएला। प्रस्तुत कोश विशेषतः हाम्रो सामान्य दैनिक प्रयोजनलाई नै लक्ष्य गरेर सम्पादित भएको हो। अतः यसमा प्रादेशिक अथवा स्थानीय चलन-व्यवहारमा रहेका शब्दहरूको सङ्कलनमा विशेष ध्यान गएको छैन। यसै गरी पुराना कागज-पत्रमा रहेका शब्दतिर पनि यसमा विशेष तत्परता देखाउन पाइएको छैन।

कोशको कलेवर बढ्दा त्यसको मूल्य पनि बढ़ी भई यो सर्व-सुलभ हुन नसक्ने भएकोले यसमा उखान, टुक्का, वाक्यांश, वाक्पद्धति आदिको समावेश गरिएको छैन, अर्थ पनि छोटकरीमै दिइएको छ र शब्दको लक्षार्थ तथा व्यङ्ग्यार्थको विशेष प्रयोजन पनि राखिएको छैन।

सर्व-साधारणमा प्रचलित कुनै पनि बोल-चालको स्वाभाविक भाषामा एक शब्दका विभिन्न उच्चारण र अक्षर-संस्थान हुनजानु स्वाभाविक हो, जस्तै अङ्ग्रेजीमा Civilization र Civilisation; Colour र Color (ब्रिटेन र अमेरिकामा प्रचलित हिज्जेको मिलान गर्दा यो कुरा अझै पनि स्पष्ट हुनेछ); संस्कृतमा **औषधी, ओषधी, औषधि, ओषधि, औषध** आदि। हाम्रोजस्तो भौगोलिक र जातीयता-को अवस्थामा प्रचलित भाषामा त यो कुरा झन् पनि व्यापक रूपले देखिनु अझै स्वाभाविक हो। अतः हाल हामीले पनि अनेक शब्दका विभिन्न प्रचलित रूप स्वीकार गर्नुपरेको छ, जस्तै **बन्द-कोपी, बन्द-कोबी, बन्दगोबी, बन्द-गोभी, बन्दा-कोपी, बन्दा-कोबी, बन्दा-गोबी, बन्दा-गोभी; नकल, नक्कल; ढाँग, ढोङ; साजा, साझा; सोहबत, सोहमत, सोहोबत, सोहोमत** आदि।

हाम्रा पुराना ऐन-सवालमा प्रचलित शब्दावलीलाई यस कोशमा यथा-शक्य स्थान दिइएको छ। किन्तु, अक्षर-संस्थानका दृष्टिले अनावश्यक विकृति भएका शब्दको प्रसङ्गमा भने सकभर तिनका तत्सम रूपको समीप पुग्ने रूपमात्र ग्रहण गर्नु युक्ति-सङ्गत लाग्यो।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली नामवाची आकारान्त शब्द एक-वचन अथवा तुच्छार्थ बुझाउँदा ओकारान्त पनि हुन-जान्छन् । अनुकूलता हेरी तिनका ओकारान्त वा आकारान्त अथवा दुवै रूप दिइएका छन् ।

यता कानून र अन्य सरकारी कागज-पत्र एवम् सामान्य व्यवहारमा पनि नयाँ-नयाँ शब्दहरूको प्रयोग भइरहेको छ । त्यस्ता केही शब्द पनि यस कोशमा परेका छन् । परन्तु, यस्ता किसिमका शब्दमध्ये अहिलेसम्म लोक-व्यवहारमा पचिनसकेका र कुनै एकै अर्थलाई बुझाउन प्रयोग हुने भिन्न-भिन्न शब्द चलिरहेका देखिएको अवस्थामा भने तिनलाई हाल छोड़िएको छ ।

शब्द-कोशको उपयोग शब्दका अक्षर-संस्थान, उच्चारण तथा व्याकरण-सम्बन्धी अन्य अपेक्षित ज्ञानका निमित्त पनि गरिन्छ । अतः कतिपय अरू आवश्यक कुराका साथै यस कोशमा शब्दका सामान्य पद-भेद पनि दिइएका छन् । किन्तु, यो विषय मुख्यतः व्याकरण-शास्त्रकै हुनाले र एकै शब्द प्रयोग-भिन्नताले विभिन्न पद-भेदका रूपमा प्रयुक्त हुन सक्ने भएकोले त्यसको सामान्य भेदमात्र जनाइएको छ ।

अनुस्वार-ध्वनिलाई हाम्रो भाषाको मूल स्रोत—संस्कृतको व्याकरणमा, निर्दिष्ट नियमहरूका अधीन-मा रही, कि शिर-बिन्दु, कि त वर्गको पञ्चम वर्णद्वारा व्यक्त गर्ने चलन छ । यस कारण संस्कृत र त्यस-बाट उत्पन्न भाषाका केही कोश-कारहरूले यस्ता स्थानमा अनुस्वार र पञ्चम वर्ण—दुवैको प्रयोग गरे-का छन् । किन्तु, यो विधि स्वीकार गरेका खण्डमा स्थान अधिक छेकिने हुनाले, मुद्रण-व्यवस्थाले बाधा नपारेसम्म, यस कोशमा पञ्चम वर्णकै प्रयोग गरिएको छ ।

परन्तु, यो विधि स्वीकार गर्नासाथ संस्कृतभन्दा अतिरिक्त भाषाबाट आएका शब्दले समस्या खड़ा गर्दछन् । संस्कृतका तत्सम शब्दमा संस्कृतको नियम स्वीकार गर्दा अन्य भाषाबाट आएका शब्दलाई पनि तत्-तत् भाषाकै नियम-पालनको सुविधा दिनु उचित हुन्थ्यो । यो सम्भव हुन नसकेकोले कुनै औचित्य भेट्टाउन आफ्नो लिपिको विशेषतातिर ध्यान दिनुपर्‍यो । देवनागरी लिपिको सबभन्दा ठूलो विशेषता नै त्यसमा उच्चारणकै अनुसार शब्द लेख्न सकिने भएकोले त्यस्ता स्थलमा नेपाली भाषामा प्रचलित उच्चारणका अनुसार नै तिनका हिज्जे दिइएका छन् । अतः **पैन्ट, सुपरिन्टेन्डेन्ट, गन्जीफा, पन्जा, सिन्का** आदि हिज्जे ग्रहण गरिएका छन् । संस्कृत तत्सम रूपभन्दा टाढ़ा पर्ने तद्भव र नेपाली शब्दमा पनि यही नियम लागू गरी **टन्टा, गुन्टा, रन्कनु, मान्छे, हुन्छ, सम्झनु, चिम्लनु, झम्टनु, गुम्स्याउनु, जुम्सो, लाम्चो, चम्चा, सम्चार, चिम्टा** आदि हिज्जे लिइएका छन् ।

परिवर्तित परिस्थितिमा नवीन उच्चारणको आवश्यकताको विचार गरी भारतमा पनि यता लिपि-सुधारका अनेक प्रस्ताव भइरहेका छन् । **क़, ख़, ग़, ज़, ड़, ढ़, फ़** आदिका साथै यूरोपीय शब्दका उच्चारणमा आवश्यक ॅ-को प्रयोग पनि भारतीय भाषामा चलिसकेको छ । हुन त **ड** एवम् **ढ** वर्ण शब्दका मध्य र अन्तमा आएमा, केही अपवादका स्थलमा बाहेक, हाम्रा मुखबाट पनि **ड़** एवम् **ढ़** उच्चरित हुन्छन्, तथापि संस्कृतका तत्सम शब्दको उच्चारणमा यो लागू हुन्न । यसै कारण मुद्रण-व्यवस्थाले बाधा नपारेसम्म, आवश्यक ठाउँमा उच्चारण-निर्देशनका निमित्त माथि जनाइएका चिह्नहरूको प्रयोग गरिएको छ । यूरोपीय शब्दका उच्चारणमा ॅ-को प्रयोग नेपाली लेखाइमा व्यापक रूपले चलिनसकेकोले यस चिह्नको प्रयोग केवल उपपत्तिमा मात्र गरिएको छ ।

समस्त पदका बीचमा संयोजक-चिह्न (-)-को प्रयोग समास छुट्ट्याएर देखाउन र उच्चारण गर्ने विधि अथवा यति वा अड़ान बुझाउन पनि अलि व्यापक रूपमै गरिएको छ ।

प्रचलित नेपाली भाषामा देशका विभिन्न क्षेत्र एवम् जाति तथा वर्गका भाषा र बोलीको पनि पर्याप्त प्रभाव परेको छ । यस्ता भाषा र बोलीमध्ये नेवारीमा केही खोजी भए तापनि अरूका विषयमा विशेष

CC-0. In Public Domain. Digitization by eGangotri

काम हुन पाएको छैन। तसर्थ यस्ता भाषा र बोलीबाट आएका शब्दको उपपत्ति जनाउँदा नेवारीबाहेक अरू भाषा र बोलीका शब्दलाई 'नेपाली' भनी जनाइएको छ। कारण, जुनसुकै वर्ग र क्षेत्रका भए तापनि ती नेपाल देशकै र नेपाली नै हुन्।

कुनै-कुनै शब्दको उपपत्ति सन्दिग्ध भएको हुनाले त्यस्ता ठाउँमा प्रश्न-वाचक चिह्न अथवा खाली स्थान राखी सुझाउको प्रतीक्षा गरिएको छ।

हाम्रा व्याकरण-कारहरूले नेपाली क्रिया-पदका धातुको रूप निर्धारित गरिसकेकाले उपपत्तिमा धातुलाई छुट्टै जनाई त्यसमा लागेका प्रत्यय र उपसर्गको योग देखाइएको छ। प्रत्ययहरूको एउटा सानो सूची प्रारम्भमै छुट्टै दिइएको छ।

व्याकरणका सामान्य नियमले बन्ने शब्दका रूपहरूको समावेश कोशमा अनावश्यक छ। तर, सामान्य नियमले बनेको शब्दको कुनै अर्कै अर्थ हुने भएमा अथवा नियमको अपवादस्वरूप कुनै शब्द बन्ने भएमा त्यसको समावेश भएको छ, जस्तै **घोड़ा** दिइएको छ, तर त्यसको स्त्री-लिङ्गवाची शब्द **घोड़ी** दिने प्रयोजन देखिएन। परन्तु, **झाँक, मुड्ली**; **कामी, कमेना, कमिनी, कमिना**; **सार्की, सर्केना, सर्किनी, सर्केनी**; **दमाईं, दमिनी, दमेना** आदि चाहिँ छन्। लिङ्ग, वचन, पुरुष, काल आदिका सम्बन्धमा पनि यही कुरा अङ्गीकार गरिएको छ।

अनेकार्थवाची शब्दका अर्थ १, २, ३ आदि सङ्ख्याका साथ छुट्टाछुट्टै दिइएका छन्। किन्तु, क्रिया-पदका भाव-वाच्य, प्रेरणार्थक-क्रिया, कर्म-वाच्य आदिका रूपका साथ मूल क्रिया-पदमा दिइएका सबै विभिन्न अर्थ दोहऱ्याउने प्रयोजन देखिएन; तिनको ज्ञान मूल क्रिया-पदबाटै हुनेछ।

उपपत्तिको भिन्नता भएका ठाउँमा एउटै शब्द एकाधिक पटक गृहीत छ।

यौगिक शब्दका संयुक्त पदहरूको केवल सामान्य वा अभिधेयार्थ हुने अवस्थामा त्यस्ता अर्थलाई प्रायः छोड़ी तिनको रूढिगत अथवा व्यङ्ग्यार्थमात्र दिइएको छ।

अन्तमा—

श्री ५ महाराजाधिराज, सरकार-बाट हुकुम पाएर यो शब्द-कोश बनाई राष्ट्र-भाषाको सेवा गर्ने सौभाग्य प्राप्त भयो। समय-समयमा मौसूफबाट अत्यन्त स्फूर्तिदायक प्रेरणा पनि पाएँ। निगाहसाथ बक्से-को कृपापूर्ण सन्देशले यो अलङ्कृत पनि भयो। एतदर्थ सर्व-प्रथम मौसूफमा विनम्रतासाथ हार्दिक कृतज्ञता अर्पित गर्दछु।

वीर पुस्तकालय, राष्ट्रिय पुस्तकालय र म्यूजियममा रहेका सामग्रीहरूको उपयोगको अनुमति पाएकोमा, र साथै 'भाषानुवाद-परिषद्'-का पण्डित श्री हरिश्चन्द्र न्यौपाने र सहायक पण्डित श्री वज्रानन्द वज्राचार्यलाई काज खटाई पठाइदिएकोमा श्री ५-को सरकार, शिक्षा-विभागप्रति आभारी छु। शब्दहरूको क्रम-बद्ध सङ्कलन र तिनको अर्थ लेख्ने काममा उहाँहरूले ठूलो उत्साहपूर्वक कठोर परिश्रम गरिदिनुभए-कोले यो कोश अपेक्षाकृत थोरै समयमै तयार हुन सक्यो। पं० हरिश्चन्द्र न्यौपानेले निकै ठूलो अंशको प्रूफ एक पटक बाचि पनि दिनुभयो। अतः उहाँहरू विशेष धन्यवादका पात्र हुनुहुन्छ।

एकेडेमीका आफ्ना सहयोगीहरूबाट विभिन्न किसिमले यस काममा प्रेरणा र सहायता पाएँ। पण्डित-राज श्री सोमनाथ शर्माले यस कोशको प्रारम्भिक अंश पढ़ी आफ्नो बहु-मूल्य परामर्श दिनुभयो। सदस्य-सचिव श्री सूर्यविक्रम ज्ञवालीले समय-समयमा परामर्श दिनाका साथै पुस्तकको प्रकाशनमा सहायता गर्नु-भयो। श्री लक्ष्मणप्रसाद लामिछाने र सर्वोपरि श्री वासुशशी एवम् श्री कृष्णप्रसाद पराजुलीले यस काममा दिनुभएको ठूलो सहयोग अविस्मरणीय छ। उहाँहरूप्रति कृतज्ञ छु।

CC-0. In Public Domain. Digitization by eGangotri

माननीय न्यायाधीश श्री भगवती प्रसाद सिंहले कानूनका अनेक शब्दको व्याख्या गर्नमा सहायता गर्नुभयो। भूत-पूर्व प्रधान-सेना-पति जनरल किरण शमशेर ज०ब० रा०-बाट नेपाली तक्माहरूको यथावश्यक विवरण पाएँ। सर्वश्री ढुण्डिराज शर्मा, धर्मप्रसाद ढकाल, लक्ष्मीनाथ गौतम तथा अन्य अनेक मित्र र शुभेच्छुहरूबाट शब्द-सङ्कलन, तिनको उपपत्ति र अर्थको जानकारी आदिमा विभिन्न प्रकारबाट जुन मूल्यवान् सुझाव र सहायता बराबर पाएँ, त्यसका निमित्त उहाँहरूप्रति धन्यवाद निवेदन गर्दछु।

शब्द-कोशको प्रसङ्ग चल्दा अङ्ग्रेजी भाषाको विश्व-विख्यात कोश—Oxford English Dictionary र अङ्ग्रेजी विश्व-कोश Encyclopaedia Britannica-को पनि सहसा स्मरण हुनआउँछ। अङ्ग्रेजी भाषाको एक प्रामाणिक कोश तयार गर्ने ठूलो उत्साहसाथ सन् १८५८ ई०-मा कार्यारम्भ गरी ७० वर्षसम्म ब्रिटेन र अमेरिकाका हजारौँ विद्वान्हरूले मिलेर असाधारण परिश्रमसाथ त्यो शब्द-कोश तयार पारे। तत्कालीन अङ्ग्रेजी साम्राज्यको विपुल साधनको उपयोग गरेर त्यो कोश तयार भयो। विश्व-भाषा बनिसकेको अङ्ग्रेजीको त्यसभन्दा ठूलो र प्रामाणिक कुनै कोश छैन। किन्तु, त्यस कोशले पनि सर्वाङ्गपूर्णता र त्रुटि-हीनताको दावा गर्न सकेन। अङ्ग्रेजी मातृ-भाषा नभएका दिवङ्गत श्री पुष्कर शमशेर ज० ब० रा०-ले उत्साहपूर्वक खोजेर त्यसमा अनेकानेक भूल पत्ता लगाउनुभएको कुरो प्रसिद्ध छ। त्यसै गरी विश्वका समस्त प्रयोजनीय साधनको उपयोग गरेर अङ्ग्रेजी विश्व-कोश—Encyclopaedia Britannica तयार भयो। संसारभरिका अग्रणी विशेषज्ञ मानिएका विद्वान्हरूका लेखको त्यस विराट् सङ्कलनका नयाँ-नयाँ संस्करण तयार पार्न ठूलो स्थायी कार्यालय व्यस्त रहन्छ। १९६० ई०-मा प्रकाशित त्यसको सम्भवतः पन्ध्रौँ संस्करण आज उपलब्ध छ। नोबेल-पुरस्कार-विजेता सबैजसो विशेषज्ञ र अन्य विख्यात ४८,००० अधिकारी विद्वान्हरूको सक्रिय सहयोग पाएको यो अति प्रामाणिक मानिने ग्रन्थ पनि त्रुटि-हीन देखिएन। त्यसको नेपाल-सम्बन्धी विवरणमै रहेका अनेक भूलमध्ये उदाहरणका निमित्त एकको उद्धरण यहाँ उपस्थित गर्नु पर्याप्त होला—"......Rana Bahadur removed his uncle, Bahadur Sah, from the regency in 1795 and put him to death two years later. From this time to 1799 the king, who seems to have been insane, perpetrated the most barbarous outrages and his conduct became so intolerable that he was forced to abdicate in favour of his infant son, Girvan-yuddha Vikram Sah....

Nepal Under British Protection.—By the treaty of Sagauli (1815), which was finally ratified in March 1816, the Nepalese relinquished much of their newly acquired territory and agreed to allow a British residency to be established at Kathmandu. In November the raja died and was succeeded by his infant son, Surendra Vikram Sah, Gen. Bhimsena Thapa acting as regent...."

अतः अपेक्षाकृत साह्रै थोरै समय, अत्यल्प साधन र सीमित सहयोगका आधारमा प्रस्तुत भएको यस कोशका विषयमा त्रुटि-हीनता र सर्वाङ्ग-पूर्णताको दावा गर्ने दुःसाहस गर्न सकिन्न। भाषा-प्रेमी सज्जन र शुभेच्छुहरूको प्रेरणा र सहयोग पाए आगामी संस्करणहरूमा क्रमशः परिमार्जन र विस्तार गर्दै जाने उत्साह अवश्य छ।

ज्ञान-विज्ञान सतत विकासशील विषय हुन्। तिनको ज्ञान, तिनको अनुशीलन, तिनको वृद्धिको क्रम कहिले पनि टुङ्गिने होइन। एक व्यक्ति वा कुनै एक वर्गले नै पनि यस असीम र अपार विषयलाई सम्पूर्ण रूपले सँगाल्न वा बुझाउन सक्ने दावा गर्न सक्तैन—व्यक्ति-व्यक्ति, पुस्तौँ-पुस्ताँका परिश्रमले मानवको ज्ञान सँगालिन्छ, कुनै अनुष्ठान परिपूर्ण हुन्छ। त्यसै क्रमको एक कड़ीका रूपमा प्रस्तुत शब्द-कोशको यो प्रथम संस्करण उपस्थित छ।

कान्तिपुर
शिव-रात्रि, २०१९ वि०

—बाल चन्द्र शर्मा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यय-सूची

अ–बोल्+अ=बोल; नाप्+अ=नाप ।
अक्कड़–बोल्+अक्कड़=बोलक्कड़; बुझ्+अक्कड़=बुझक्कड़ ।
अड़–हूल+अड़=हुललड़; झक+अड़=झक्कड़ ।
अड़ी–गाँजा+अड़ी=गँजड़ी; गफ+अड़ी=गफड़ी ।
अन्–अनेक+अन्=अनेकन्; हजार+अन्=हजारन् ।
अनी–चाल्+अनी=चलनी; ढाक्+अनी=ढकनी ।
अन्त–लड्+अन्त=लड़न्त; गड्+अन्त=गड़न्त ।
अन्ता–उड्+अन्ता=उडन्ता; घोक्+अन्ता=घोकन्ता ।
अन्ते–घोक्+अन्ते=घोकन्ते; उड्+अन्ते=उड़न्ते ।
अरी–कस्तो+अरी=कस्तरी; यस्तो+अरी=यस्तरी ।
अल–गड्+अल=गड़ल; झर्+अल=झरल ।
आ–चाल+आ=चाला; अदेख+आ=अदेखा ।
आइँ–चुर्के+आइँ=चुर्क्याइँ; शुद्ध+आइँ=शुद्धाइँ ।
आइ–गर्+आइ=गराइ; भन्+आइ=भनाइ ।
आइँ–लड्+आइँ=लड़ाइँ; श्रद्धा+आइँ=सर्धाइँ ।
आई–एक+आई=एकाई; सवा+आई=सवाई ।
आउँदो–कलकल+आउँदो=कलकलाउँदो; लहलह+आउँदो=लहलहाउँदो ।
आउ–पकड़+आउ=पकड़ाउ; अड्+आउ=अड़ाउ ।
आउटी–छेर+आउटी=छेराउटी ।
आउनी–फुक्+आउनी=फुकाउनी; बक्साउ+आउनी=बक्साउनी ।
आउने–तर्स+आउने=तर्साउने; हिँड्+आउने=हिँड़ाउने ।
आउरी–जित+आउरी=जिताउरी; सीङ+आउरी=सिंगाउरी ।
आउरो–निद्रा+आउरो=निदाउरो; घुम्+आउरो=घुमाउरो ।
आड़ी–जूवा+आड़ी=जुवाड़ी; गफ+आड़ी=गफाड़ी ।
आन–काट्+आन=कटान; ढाल्+आन=ढलान ।
आना–घर+आना=घराना ।
आनियाँ–घर+आनियाँ=घरानियाँ ।
आनी–चूक+आनी=चुकानी; ढुवाउ+आनी=ढुवानी ।
आनो, आनु, आनू–अर्ध+आनो=अर्धानो; अर्ध+आनु=अर्धानु; अर्ध+आनू=अर्धानू । (आनो-लाई मुख्य रूप मानी अरू बाँकी दुइलाई विकल्प-रूप मानिएको छ ।)
आर–दाँत+आर=दँतार; धुत्+आर=धुतार ।
आरी–पोतो+आरी=पोतारी; चिह्न+आरी=चिह्नारी ।
आरु–सिक्+आरु=सिकारु; वजार+आरु=वजारु ।
आरो–घचेट्+आरो=घचारो; जोत्+आरो=जोतारो ।
आली–हरियो+आली=हरियाली; गोरखा+आली=गोरखाली ।
आलु–झगड़ा+आलु=झगड़ालु; खर्च+आलु=खर्चालु ।
आलो–भीर+आलो=भिरालो ; उक्ल+आलो=उकालो ।
आल्–फुट्+आल्+नु=फुटाल्नु; पस्+आल्+नु=पसाल्नु ।
आवट–बोलाउ+आवट=बोलावट; देखाउ+आवट=देखावट।
आवत–कह+आवत=कहावत ।
आस–घिच्+आस=घिचास; मीठो+आस=मिठास ।
आसो–हात+आसो=हतासो; गुनगुन+आसो=गुनासो ।
आहट–गम्क+आहट=गम्क्याहट; भुनभुन+आहट=भुनभुनाहट ।
आहा–पोल्+आहा=पोलाहा; सुत्+आहा=सुताहा ।
आहार–ठग+आहार=ठगाहार; रोप्+आहार=रोपाहार ।
आहारी–जाल+आहारी=जालहारी; नाफा+आहारी नाफारी ।
इ–खुवाउ+इ+नु=खुवाइनु; लकपकाउ+इ+नु=लकपकाइनु ।
इँदो–पग्ल+इँदो=पग्लिँदो; उग्ल+इँदो=उग्लिँदो ।
इङ्गर–पात+इङ्गर=पतिङ्गर; कसर+इङ्गर=कसिङ्गर ।
इना–कामी+इना=कमिना ।
इनी–सुब्बा+इनी=सुब्बिनी; भैलो+इनी=भैलिनी ।
इन्जेल–उति+इन्जेल=उतिन्जेल; यति+इन्जेल=यतिन्जेल ।
इन्ज्याल–उति+इन्ज्याल=उतिन्ज्याल; यति+इन्ज्याल=यतिन्ज्याल ।
इयल–सड्+इयल=सड़ियल; अड्+इयल=अड़ियल ।
इयाँ–जहान+इयाँ=जहानियाँ; आधा+इयाँ=अधियाँ ।
इया–औलो+इया=औलिया; कहलाउ+इया=कहलिया ।
इयार–आधा+इयार=अधियार; हात+इयार=हतियार ।
इलो–रस+इलो=रसिलो; अड्+इलो=अड़िलो ।
इल्लो–माथि+इल्लो=माथिल्लो ।
ई–बोल+ई=बोली; अक्कल+ई=अक्कली ।
ईय–यूरोप+ईय=यूरोपीय; (जल+ईय=जलीय) ।
उ–काट्+उ=कट्टु; बढ़ार+उ=बढ़ारु ।
उँजी–अघाउ+उँजी=अघाउँजी ।
उँडै–अघि+उँडै=अघिउँडै; पछि+उँडै=पछिउँडै ।
उटे–कुरा+उटे=कुराउटे; चुरा+उटे=चुराउटे ।
उन्जी–अघाउ+उन्जी=अघाउन्जी ।
उन्जेल–अघाउ+उन्जेल=अघाउन्जेल; मर्+उन्जेल=मरुन्जेल ।
उरो–मधुर+उरो=मधुरो; बात+उरो=बतुरो ।
उली–दाँत+उली=दँतुली; मुड़+उली=मुड़ुली ।
उलो–कन्डो+उलो=कन्डेउलो ।
उल्लो–ठाड़ो+उल्लो=ठडुल्लो; फकाउ+उल्लो=फकुल्लो ।

CC-0. In Public Domain. Digitization by eGangotri

उवा–सर्+उवा=सरुवा; मर्+उवा=मरुवा ।
ऊ–काट्+ऊ=कट्टू; कालो+ऊ=कालू ।
ए–अनिकाल्+ए=अनिकाले; टाउको+ए=टाउके ।
एँठो–डल्लो+एँठो=डल्लेँठो ।
एँसो–कोर्+एँसो=कोरेँसो; गोल+एँसो=गोलेँसो ।
एउरो–ठाडो+एउरो=ठडेउरो; लाटो+एउरो=लठेउरो ।
एउली–हाँसो+एउली=हँसेउली; खण्ड+एउली=खँडेउली ।
एउलो–उट्टा+एउलो=उटेउलो; माटो+एउलो=मटेउलो ।
एग्रो–भूत+एग्रो=भुतेग्रो; पाठो+एग्रो=पठेग्रो ।
एङग्रो–फट्क+एङग्रो=फटेङग्रो; लूते+एङग्रो=लूतेङग्रो ।
एटी–चिप्लो+एटी=चिप्लेटी ।
एटो–खुर्पा+एटो=खुर्पेटो; गाग्रो+एटो=गग्रेटो ।
एत्रो–कुहु+एत्रो=कुहेत्रो; तुहु+एत्रो=तुहेत्रो ।
एन–ढुङ्गा+एन=ढुङ्गेन; ढुटो+एन=ढुटेन ।
एना–कामी+एना=कमेना; दमाइँ+एना=दमेना ।
एनी–सुब्बा+एनी=सुब्बेनी; सुर्क+एनी=सुर्केनी ।
एरी–काँध+एरी=कँधेरी; मीत+एरी=मितेरी ।
एरो–साँप+एरो=सपेरो; पानी+एरो=पनेरो ।
एल–डोटी+एल=डोटेल; बन+एल=बनेल ।
एली–आधा+एली=अधेली; जुरो+एली=जुरेली ।
एलु–घर+एलु=घरेलु ।
एलो–डढ्+एलो=डढ़ेलो; जुरो+एलो=जुरेलो ।
एस–अड्+एस=अड़ेस; बूढ़ो+एस (+काल)=बुढ़ेस (-काल) ।
एसो–अड्+एसो=अड़ेसो; दुःख+एसो=दुखेसो ।
ऐ–यसो+ऐ=यसै; कसो+ऐ=कसै ।
ऐया–पढ्+ऐया=पढ़ैया; बन+ऐया=बनैया ।
ओ–अन्ध+ओ=अन्धो; अल्झ+ओ=अल्झो ।
ओट–लेख्+ओट=लेखोट; बन्+ओट=बनोट ।
ओत–कमाउ+ओत=कमोत; वह+ओत+(ओ)=बोहोत (ो) ।
औ–आधा+औ=अधौ ।
औँ–बीस+औँ=बीसौँ; तीस+औँ=तीसौँ ।
औँलो–किरकिर+औँलो=किर्कौँलो; वर्कर+औँलो=बर्कौँलो ।
औट–ढाल+औट=ढलौट; फार्से+औट=फर्स्यौट ।
औटी–एकलो+औटी=एकलौटी; कसी+औटी=कसौटी ।
औटे–अगि+औटे=अगौटे; कुरा+औटे=कुरौटे ।
औटो–आलो+औटो=अलौटो; बनाउ+औटो=बनौटो ।
औत–कमाउ+औत=कमौत; बाँकी+औत+(आ)=बक्यौत (ा) ।
औती–काठ+औती=कठौती; कमाउ+औती= कमौती ।
औतो–खाग+औतो=खगौतो; अर्घ+औतो=अघौंतो ।
औना–खेल+औना=खेलौना; बिसाउ+औना=बिसौना ।
औनी–लेख्+औनी=लेखौनी; बक्स+औनी=बक्स्यौनी ।
औरा–काँस+औरा=कचौरा; घाम+औरा=घमौरा ।
औरी–तिल+औरी=तिलौरी; सीङ+औरी=सिङौरी ।
औरो–धूप+औरो=धुपौरो; माखो+औरो=मखौरो ।
औला–सुन+औला=सुनौला; माझ+औला=मझौला ।
औली–उँधो+औली=उँधौली; उँभो+औली=उँभौली ।
औले–ठिटो+औले=ठिटौले; (केटो+औले=केटौले) ।
औलो–घिउ+औलो=घिरौँलो; फुर्+औलो=फुरौलो ।
औवा–देख्+औवा=देखौवा; खा+औवा=खौवा ।
खेर–उत्ति+खेर=उत्तिखेर; उत्ति+नै+खेर=उत्निखेर ।
ती–फनफन+ती=फनफनती; डुङडुङ+ती=डुङडुङती ।
दो–आउ+दो=आउँदो; मिल्+दो=मिल्दो ।
ना–अड्+ना=अड़ना; ढुक्+ना=ढुकना ।
नी–काट्+नी=कटनी; उतार+नी=उतार्नी ।
नु–जा+नु=जानु; खा+नु=खानु ।
ने–ठास्+ने=ठास्ने; माग्+ने=माग्ने ।
याँटो–कोइला+याँटो=कोइल्याँटो; गो+याँटो=गोऱ्याँटो ।
याँसो–कोर्+याँसो=कोऱ्याँसो; गोल+याँसो=गोल्याँसो ।
याइँ–अघोर+याइँ=अघोऱ्याइँ; अटेर+याइँ=अटेऱ्याइँ ।
याइ–अतासि+याइ=अतास्याइ; गउँत्याउ+याइ=गउँत्याइ ।
याउ–झुल्कि+याउ+नु=झुल्क्याउनु; पि+याउ=पियाउ ।
याङग्रो–माटो+याङग्रो=मट्याङग्रो; लाटो+याङग्रो=लट्याङग्रो ।
यान–झुक्कि+यान=झुक्कयान; पत्थर+यान=पथ्ऱ्यान ।
याहट–फुर्कि+याहट=फुर्क्याहट; तम्सि+याहट=तम्स्याहट ।
याहा–मूल+याहा=मुल्याहा; अड़भङ्गे+याहा=अड़भङ्ग्याहा ।
यौँ–अठसट्ठी+यौँ=अठसट्ठियौँ; अठासी+यौँ=अठासियौँ ।
यौरो–ठाडो+यौरो=ठड्यौरो; लट+यौरो=लठ्यौरो ।
यौली–डढ्+यौली=डढ्यौली; रात+यौली=रत्यौली ।
यौलो–माटो+यौलो=मट्यौलो; हाँसो+यौलो=हँस्यौलो ।
रो (री)–हामी+रो=हाम्रो; तिमी+रो=तिम्रो ।
ली–अमेरिका+ली=अमेरिकाली; (पाल्पा+ली=पाल्पाली) ।
लो–आँखा+लो=आँख्लो; कुम+लो=कुम्लो ।
ल्लो–अगि+ल्लो=अगिल्लो; पछि+ल्लो=पछिल्लो ।
वाइ–धु+वाइ=धुवाइ; रु+वाइ=रुवाइ ।
वाउ–रु+वाउ(+नु)=रोवाउनु; रु+वाउ(+नु)=रुवाउनु ।
वार–गाउँ+वार=गँवार; घाट+वार(+ए)=घटवारे ।
वारी–कच्चा+वारी=कच्चावारी; फाँट+वारी=फाँटवारी ।
वारे–घिउ+वारे=घिवारे; बटुवा+वारे=बटुवारे ।

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्केत-सूची

अं०	=	अङ्ग्रेजी	पुर्त०	=	पुर्तगाली
अ०	=	अरबी	प्रत्य०	=	प्रत्यय
अ० क्रि०	=	अकर्मक क्रिया	प्रा०	=	प्राकृत
अनु०	=	अनुकरण	प्रे० क्रि०	=	प्रेरणार्थक क्रिया
अव्य०	=	अव्यय	फाँ०	=	फाँकी
इत्या०	=	इत्यादि	फा०	=	फारसी
उदा०	=	उदाहरण	फ्रे०	=	फ्रेन्च
उप०	=	उपसर्ग	भा० क्रि०	=	भाव-वाच्य क्रिया
क० क्रि०	=	कर्म-वाच्य क्रिया	वि०	=	विशेषण
क्रि० यो०	=	क्रिया-योगी	वि० बो०	=	विस्मयादि-बोधक
ची०	=	चीनियाँ	विभ०	=	विभक्ति
जापा०	=	जापानी	सं०	=	संस्कृत
तु०	=	तुर्की	संयो०	=	संयोजक
ना०	=	नाम	स० क्रि०	=	सकर्मक क्रिया
ना० यो०	=	नाम-योगी	सर्वना०	=	सर्वनाम
ने०	=	नेपाली	स्पे०	=	स्पेनिश
नेवा०	=	नेवारी	हिं०	=	हिन्दी

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली शब्द-कोश

ॐ

ॐ–ना० [सं०] १. वेद-पाठको प्रारम्भ र अन्तमा उच्चारण गरिने पवित्र ध्वनि; ओं; प्रणव। २. मन्त्र, प्रार्थना वा कुनै पवित्र कार्यको प्रारम्भमा उच्चारण गरिने शब्द। ३. आदर, गम्भीरतायुक्त स्वीकृति, आज्ञा, पवित्रता, वर्जन आदि सूचक शब्द।

ॐकार–ना० [सं०] ॐ-अक्षर; प्रणव।

ॐराम-पट्ट–ना० [सं०] आठ कला वा कुना परेको, बीचमा 'ॐ' र रामका बाणको चिह्न भएको, सुन-चाँदीले बनेको, नेपालको एक राष्ट्रिय तक्मा। (अरूले पाउने एक भेदका अतिरिक्त महाधिपति र अधिपतिले धारण गर्ने यसका दुइ विशिष्ट भेद छन्।)

अ

अ–देवनागरी वर्ण-मालाको पहिलो स्वर-वर्ण। यसको उच्चारण कण्ठ-स्थानबाट हुन्छ।

अ–अव्य० [ने०] निषेध, बेवास्ता आदि बुझाउने शब्द; आ। (उदा०–अ, के भनेको ? अ, छोड़िदिनुहोस्।)

अ–उप० [सं० नञ्+अ] अर्को शब्दको अगिल्तिर लागेर अभाव, विपरीतता आदि अर्थ बुझाउने शब्द। (उदा०–अफाप, अबाटो, अयोग्य, अमङ्गल आदि।)

अँ–वि० बो० [ने०] स्वीकृति, आश्चर्य, क्रन्दन, स्मरण, उपेक्षा, आह्लाद आदिमा र कुराको मर्म बुझ्दा भनिने शब्द। (उदा०–अँ, ठीक भन्यौ।)

अँकाइ–ना० [आँक्+आइ] आँक्ने किसिम, क्रिया वा भाव।

अँगरखा–ना० [प्रा० अङ्गरक्खा] कोटजस्तो बाहिर लाउने लामो वस्त्र।

अँगरेज–ना० [अङ्गरेज] अङ्गरेज।

अँगरेजी–वि० [अङ्गरेजी] अङ्गरेजी।

अँगार–ना० [सं० अङ्गार] दाउरा आदि बलेर खरानी नभइसकेको कालो वस्तु; गोल; कोइला; अङ्गार।

अँगारे–वि० [अँगार+ए] ज्यादै कालो; अँगारजस्तो कालो।

अँगारे–ना० [ने०] एक जातको रूख।

अँगालाइ–ना० [अँगाल्+आइ] अँगाल्ने किसिम, क्रिया वा भाव।

अँगालिनु–स० क्रि० [अँगाल्+इ+नु] अँगालो हालिनु; अँगाल्ने क्रिया गरिनु; ('अँगाल्नु'-को क० क्रि०)।

अँगालो–ना० [सं० अङ्कमाल] १. प्यारो व्यक्तिलाई दुवै हातले बेरेर आफ्नो छातीमा टाँस्ने काम; साथी-साथीमा एकले अर्काको काँधमा हात राख्ने क्रिया; बाहाँ-जोरी; आलिङ्गन; अङ्कमाल। २. दुइ हात फैलाएर च्याप्ने परिमाण; बाहाँ-भरिको परिमाण।

अँगाल्नु–स० क्रि० [अँगालो+नु] १. प्रेमपूर्वक छाती जोड़ेर दुवै हातले कसैलाई बेर्नु; एकले अर्काको काँधमा प्रेमपूर्वक हात राख्नु; अँगालो हाल्नु; बाहाँ हाल्नु; बाहाँ जोर्नु; अङ्कमाल गर्नु; आलिङ्गन गर्नु। २. आश्रय दिनु; संरक्षण गर्नु। ३. पक्ष लिनु; सहायता गर्नु।

अँगूठी–ना० [प्रा० अंगुट्ठी] औंठी।

अँगूठो–ना० [प्रा० अंगुट्ठो] हात-गोड़ाको सबभन्दा मोटो औंलो; बूढ़ी औंलो; औंठो।

अँगेठी–ना० [प्रा० अग्गिट्ठी] आगो राख्ने भाँड़ो; मकल।

अँगेर–ना० [ने०] मसिना पात हुने, राता गेड़ा फल्ने विषालु एक जातको बोट।

अँगेरी–ना० [ने०] गुलाफी फूल फुल्ने, सानो दाना फल्ने रूख-विशेष। (गाई-वस्तु यो खाए भने बिरामी हुन्छन्।)

अँगोछा–ना० [सं० अङ्ग-प्रोक्षक] आङ पुछ्ने कपड़ा; रूमाल; गम्छा; उपर्ना; उत्तरीय।

अँचेटाइ–ना० [अँचेट्+आइ] अँचेट्ने किसिम, क्रिया वा भाव।

अँचेटाइनु–स० क्रि० [अँचेट्+आइ+नु] अँचेट्न लगाइनु; ('अँचेटाउनु'-को क० क्रि०)।

अँचेटाउनु–स० क्रि० [अँचेट्+आउ+नु] अँचेट्न लाउनु; च्यपाउनु; ('अँचेट्नु'-को क० क्रि०)।

अँचेटिनु–स० क्रि० [अँचेट्+इ+नु] अँचेट्ने काम गरिनु; च्यापिनु; ('अँचेट्नु'-को क० क्रि०)।

अँचेट्नु–स० क्रि० [ने०] कुनै लचिलो वस्तुलाई करक्क पारेर बेसरी थिच्नु; किच्नु; ठेल्नु; बल गरेर च्याप्नु।

अँजुलाइ–ना० [अँजुल्+आइ] अँजुल्ने किसिम, क्रिया वा भाव।

अँजुलि–ना० [अँजुली] अँजुली।

अँजुली–ना० [सं० अञ्जलि] १. उत्ताना दुइ हत्केला जोड़ी कुप्प्याएर बनाएको खाल्टो; अञ्जलि-पुट। २. दुइ पसर

CC-0. In Public Domain. Digitization by eGangotri

जोड्दा हुने हातको मुद्रा; अञ्जलि। (वि०) ३. अँजुलीमा अटाउने परिमाणको; दुइ पसर (अन्न, पानी आदि)।

अँजुल्नु–स० क्रि० [अँजुली+नु] १. दुइटा पसर जोड्नु; अँजुली पार्नु। २. अँजुलीले हुत्त्याउनु; अँजुलीमा भर्नु।

अँटाइ–ना० [आँट्+आइ] आँट्ने किसिम, क्रिया वा भाव।

अँठिलो–वि० [ने०] १. आँट भएको; आँटिलो; दह्रो; दर्बिलो; बलियो; मजबूत। २. गुदी भएको; सार-गर्भित।

अँठ्याइ–ना [अँठ्याउ+आइ] अँठ्याउने किसिम, क्रिया वा भाव।

अँठ्याइनु–स० क्रि० [अँठ्याउ] अँठ्याउने काम गरिनु; करेपिनु; ('अँठ्याउनु'-को क० क्रि०)।

अँठ्याउनु–स० क्रि० [ने०] १. उम्कन नसक्ने गरी समाउनु; बलियो गरी पक्रनु; करेप्नु। २. थिच्नु; दाब्नु। ३. रोक्नु।

अँड़ीर–ना० [सं० एरण्ड] १. सात कुना परेका ठूलठूला पात हुने, झुप्पाकार फल फल्ने, रातो र सेतो डाँठ हुने एक जात-को बोट। २. त्यसैको फल। (अँड़ीर रातो र सेतो–दुइ थरीको हुन्छ। यसका बीयाँको तेल रेचक हुन्छ।)

अँड़ुवा–वि० [सं० अण्ड+उवा] १. नसुमरेको (पशु)। २. आँड़े; ठूला आँड़ा हुने।

अँड़ेरी–ना० [अँड़ीर+ई] अँड़ीरको बोट।

अँड़ेल–ना० [अँड़ीर] अँड़ीर।

अँधेर–ना० [अँध्यारो] अँध्यारो।

अँधेरी–वि० [अँध्यारो] १. अँध्यारो; औंसी पक्षको; कृष्ण-पक्षको (रात)। (ना०) २. नसधिएका पशुको आँखामा लाउने पर्दा।

अँध्यार–ना० [सं० अन्धकार] उज्यालोको अभाव; अन्धकार।

अँध्यारखाउड़े–वि० [अँध्यारो+खाडल+ए] अँध्यारो मुख भएको; अँध्यार-मुखे; घोसे।

अँध्यारखाउड़ो–वि० [अँध्यारो+खाडल+ओ] अँध्यारो मुख भएको; अँध्यार-मुखे; घोसे।

अँध्यार-मुखे–वि० [अँध्यारो+मुख+ए] मुख अँध्यारो भएको; अँध्यारखाउड़े।

अँध्यारो–ना० [सं० अन्धकार] १. प्रकाशको अभाव; अन्धकार; तम। २. मलिनता; कालोपना। ३. अज्ञान; पाप। ४. नैराश्य। (वि०) ५. उज्यालो नभएको; चहक नभएको; मड्किलो; उज्जर नभएको; निस्तेज।

अँहँ–अव्य० [ने०] अस्वीकार, निषेध आदि बुझाउने शब्द। (उदा०–अँहँ, यो कुरा त म मान्दिनँ।)

अंश–ना० [सं०] १. टुक्रा; खण्ड; भाग; हिस्सा। २. दाजु-भाइमा भाग लागेको सम्पत्तिको खण्ड; सामूहिक सम्पत्तिबाट बाँड़ेर लिइने भाग-बन्डा। ३. सङ्गीतमा रागको विस्तार वा थाट प्रकाशित हुने स्वरहरू।

अंशक–ना० [सं०] १. भाग; हिस्सा। (वि०) २. अंशियार; हिस्सेदार।

अंशतः–अव्य० [सं०] केही अंशमा; आफ्नो-आफ्नो अंशमा।

अंश-पत्र–ना० [सं०] अंश-बन्डा भएको कागत; बन्डा-पत्र।

अंश-बन्डा–ना० [अंश+बन्डा] दाजु-भाइ आदिमा सम्पत्तिको भाग लाउने काम; अंशियारहरूको अंश छुट्ट्याउने काम; भाग-बन्डा।

अंश-भागी–ना० [अंश+भागी] अंशियार।

अंशावतार–ना० [सं०] महापुरुषका गुणको अंश लिएर जन्मेको व्यक्ति; अवतारी व्यक्ति।

अंशियार–ना० [अंश+इयार] अंशको हकदार; अंशको अधिकारी; हिस्सेदार; अंश-भागी; दैयादार।

अंशी–वि० [सं०] अंशियार; हिस्सेदार।

अंशु–ना० [सं०] १. किरण; तेज; प्रभा। २. कपड़ाको छेउ वा भाग।

अंशुक–ना० [सं०] कपड़ा; वस्त्र।

अंशुमान्–ना० [सं०] सूर्य।

अंशुमाली–ना० [सं०] सूर्य।

अंशुवर्मा–ना० [सं०] विक्रमी सातौँ शताब्दीका नेपालका एक प्रसिद्ध राजा।

अंस–ना० [सं०] काँध।

अंस–ना० [सं० अंश] अंश।

अंस-बन्डा–ना० [अंश-बन्डा] अंश-बन्डा।

अंसियार–ना० [अंशियार] अंशियार।

अइना–ना० [ऐना] ऐना।

अऋणी–वि० [सं० अ+ऋणी] ऋण नभएको; ऋण तिरिसकेको; ऋण-निर्मुक्त।

अकड़–ना० [ने०] १. आफ्नो कुरामा हठ लिइरहने काम; अड्डी; जिद्दी; ढिपी।

अकड़म-बकड़म–ना० [अगड़म-बगड़म] अगड़म-बगड़म।

अकड़ाइ–ना० [अकड्+आइ] अकड्ने किसिम, क्रिया वा भाव।

अकड़ाइनु–स० क्रि० [अकड्+आइ+नु] अकड्न लाइनु; अकड़्याइनु; ('अकड़ाउनु'-को क० क्रि०)।

अकड़ाइनु–स० क्रि० [अकड्+आउ+नु] अकड्न लाउनु; अकड़्याउनु; ('अकड्नु'-को प्रे० क्रि०)।

अकड़िइनु–अ० क्रि० [अकड़ि+इ+नु] अकड़िने काम होइनु; डटिनु; ('अकड़िनु'-को भा० क्रि०)।

अकड़िनु–अ० क्रि० [अकड़+इ+नु] १. आफ्नो सिद्धान्तमा अड्नु; अकड़ लिनु; डट्नु। २. कक्रिनु; कठ्याङ्ग्रिनु; जम्नु। ३. ठर्रो हुनु; दह्रो हुनु; अररिनु। ४. अचल भएर रहनु; स्थिर भएर उभिनु। ५. घमन्ड गर्नु। ६. अकड्ने होइनु; ('अकड्नु'-को भा० क्रि०)।

अकड्नु–अ० क्रि० [अकड़] अकड़ लिनु; डट्नु; अकड़िनु।

अकड़्याइ–ना० [अकड़ि+आइ] अकड़िने किसिम, क्रिया वा भाव।

अकड़्याइनु–स० क्रि० [अकड़ि+आइ+नु] अकड़िन लाइनु; डटाइनु; ('अकड़्याउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

अकड़्याउनु–स० क्रि० [अकड़ि+याउ+नु] अकड़िन लाउनु; डटाउनु; ('अकड़िनु'-को प्रे० क्रि०)।

अकण्टक–वि० [सं०] १. काँढ़ा नभएको; निष्कण्टक। २. बाधा-अड्काउ नभएको; निर्विघ्न।

अकथनीय–वि० [सं०] १. भन्न नसकिने वा नहुने; बताउन नसकिने वा नहुने। २. उल्लेख गर्न नसकिने वा नहुने; अकथ्य।

अकथित–वि० [सं०] नभनिएको; नवताइएको।

अकथ्य–वि० [सं०] भन्न नहुने; बताउन नहुने; अकथनीय।

अकबत–ना० [फा० आक़िबत] यम-लोक।

अकबर–ना० [अ०] मध्यकालीन भारतवर्षका तृतीय मुगल सम्राट्।

अकबरी–वि० [अ०] असल; उम्दा; उत्तम; उत्कृष्ट; नम्वरी (विशेष गरेर असर्फी वा सुन)। २. अकबरको; अकबर-सम्वन्धी।

अकबरे–ना० [ने०] ज्यादै पीरो, सानो जातको गोल खुर्सानी; अबरे।

अकबार–ना० [अ० अख़बार] अखवार।

अकबाल–ना० [एक़बाल] एकवाल।

अकमकाइ–ना० [अकमकाउ+आइ] अकमकाउने किसिम, क्रिया वा भाव।

अकमकाइनु–अ०क्रि० [अकमकाउ+इ+नु] अकमकाउने काम होइनु; अकमक्क परिनु; अकमकिइनु; ('अकमकाउनु'-को भा० क्रि०)।

अकमकाउनु–अ० क्रि० [अकमक्क+आउ+नु] १. अकमक्क पर्नु; अलमलिनु; वाल्ल पर्नु; जिल्लिनु। २. आनेकाने गर्नु; यता-उति गर्नु।

अकमकिइनु–अ० क्रि० [अकमकि+इ+नु] अकमकिने काम होइनु; अकमकाइनु; ('अकमकिनु'-को भा० क्रि०)।

अकमकिनु–अ० क्रि० [अकमक्क+इ+नु] अकमक्क पर्नु; अकमकाउनु।

अकमक्क–क्रि० यो० [ने०] १. छक्क; पक्क; वाल्ल; जिल्ल। २. यसो गरूँ कि त्यसो गरूँ; दोठचाङ।

अकमक्याइनु–स० क्रि० [अकमकि+आइ+नु] अकमकिने तुल्याइनु; अकमक्क पारिनु; ('अकमक्याउनु'-को क०क्रि०)।

अकमक्याउनु–स० क्रि० [अकमकि+आउ+नु] अकमकिने पार्नु; अलमल्याउनु; ('अकमकिनु'-को प्रे० क्रि०)।

अकम्पित–वि० [सं०] नहल्लिएको; नडगेको; स्थिर।

अकर–वि० [सं०] १. हात नभएको; डुँड़ो। २. महसूल नलागेको; कर नलागको। ३. निष्क्रिय; काम नगर्ने।

अकरकरा–ना० [अकरकला] अकरकला।

अकरकला–ना० [सं० आकरकरभ] खाँदा मुख रसाउने र पौष्टिक एवं घाँटी बसेको, दाँत दुखेको निको हुने वनस्पति-विशेष; अकरकरा।

अकरणीय–वि० [सं०] गर्न नहुने; गर्न अयोग्य; अकर्तव्य।

अकरुण–वि० [सं०] करुणा नभएको; निर्दयी; निष्ठुर।

अकर्कश–वि० [सं०] रूखो नभएको; विनम्र; मृदु।

अकर्ण–वि० [सं०] १. कान नभएको; बहिरो। २. पतवार नभएको; बिनापतवारको (डुङ्गा)। (ना०) ३. सर्प।

अकर्ण–ना० [अकर्न] अकर्न।

अकर्ण्य–वि० [सं०] सुन्न नहुने; सुन्न अयोग्य; अश्रव्य।

अकर्तव्य–वि० [सं०] गर्न नहुने; गर्न अयोग्य; अनुचित।

अकर्न–ना० [अ०] अड्डाखानामा साविकवाला जागीरदारले नयाँ नियुक्त भई आएका जागीरदारलाई आफ्नो जिम्माको माल-मत्ता बुझाउँदा लेखिदिने कागत; एक किसिमको वास्लात।

अकर्म–ना० [सं०]१. काम नहुनु; कर्म-हीनता। २. अनुचित काम; कुकर्म; दुष्कर्म।

अकर्मक–वि० [सं०] व्याकरणअनुसार कर्म नहुने क्रिया। (उदा०–सुत्नु, हिँड्नु, उठ्नु आदि।)

अकर्मण्य–वि० [सं०] १. कुनै काम नगर्ने; अल्सी; निष्क्रिय। २. काममा लायक नभएको; अयोग्य।

अकर्मण्यता–ना० [सं०] १. अकर्मण्य हुनाको भाव; कर्म-हीनता; निष्क्रियता; अल्सीपना; काममा योग्य नहुनाको भाव; अयोग्यता।

अकर्मी–वि० [सं०] १. काम नगर्ने; निष्क्रिय। २. दुष्कर्मी; पापी।

अकल–ना० [अ० अक़्ल] १. अप्ठयारो वा गाह्रो काम सजिलैसित गर्ने खूबी। २. तात्कालिक बुद्धि; विचार; समझ। ३. चलाकी; चातुर्य। ४. सीप; कौशल।

अकलङ्क–वि० [सं०] कलङ्क-रहित; निर्दोष; निष्कलङ्क।

अकलङ्कता–ना० [सं०] निष्कलङ्क हुनाको भाव; निर्दोषता।

अकलङ्कित–वि० [सं०] कलङ्क नलागेको; निष्कलङ्क; निर्दोष।

अकलदार–वि० [अकल+दार] अकल भएको; अक्कली; बुद्धिमान्।

अकलमन्द–वि० [अ० अक़्लमन्द] चतुर; बुद्धिमान्।

अकल-हीन–वि० [अकल+हीन] अकल नभएको; ढङ्ग नभएको; बुद्धि-हीन।

अकला–ना० [सं० अकालः] १. सङ्कट; आपत; दुःख। २. सङ्कट-काल; दुःखको अवस्था।

अकलुषि–व० [सं०] १. निर्मल; स्वच्छ। २. निर्दोष; निष्पाप।

अकलुषित–वि० [सं०] कलुषित नभएको; अकलङ्कित।

अकल्पित–वि० [सं०] कल्पना नगरिएको; नचिताइएको।

अकल्मष–वि० [सं०] पाप नभएको; निर्दोष।

अकल्याण–ना० [सं०] कुभलो; खराबी; अहित।

अकसपकस–क्रि० यो० [ने०] उकुसपुकुस; उकुसमुकुस।

अकसर–क्रि० यो० [अ० अक्सर] अक्सर।

अकस्मात्–क्रि० यो० [सं०] एकाएक; अचानक; अपर्झट;

CC-0. In Public Domain. Digitization by eGangotri

एक्कासि।

अकाज–ना० [अ+काज] १. बिनसित्तिको काम; व्यर्थको काम। २. कामको हानि; विघ्न। ३. कामको अभाव; ४. खाँचो।

अकाट्य–वि० [सं०] १. काट्न नसकिने; टुक्र्याउन नहुने। २. खण्डन गर्न नसकिने; अखण्डनीय।

अकाट्यता–ना० [सं०] अकाट्य हुनाको भाव; अखण्डनीयता।

अकाण्ड–वि० [सं०] १. हाँगा-बिँगा नभएको; शाखा-रहित। (क्रि० यो०) २. अकस्मात्; अचानक; एकाएक। ३. बेमौका; अनवसर।

अकाण्ड-जात–वि० [सं०] अकस्मात् भएको; अचानक उत्पन्न।

अकाण्ड-ताण्डव–ना० [सं०] १. बिनसित्तिको दौड़-धूप। २. बिनाकाम ठूलो उत्पात मचाउन।

अकाम–ना० [सं०] १. खराव काम; दुष्कर्म; कुकर्म। (वि०) २. इच्छा नभएको; कामना-रहित; निष्काम।

अकामी–वि० [सं०] १. काम नगर्ने; अकर्मण्य। २. काम-वासना-रहित।

अकाय–वि० [सं०] १. शरीर नभएको; देह-हीन; निराकार। (ना०) २. राहु। ३. कामदेव।

अकार–ना० [सं०] १. 'अ' अक्षर वा त्यसको उच्चारण; स्वर-वर्णको प्रथम अक्षर। (वि०) २. बेकार।

अकारण–क्रि० यो० [सं०] १. बिनाकारण; बिनसित्ति; व्यर्थ। (वि०) २. कारण नभएको; हेतु-रहित। (ना०) ३. कारणको अभाव।

अकारादि–वि० [सं०] शुरूमा 'अ' भएको; 'अ'-बाट आरम्भ भएको।

अकारादि-क्रम–ना० [सं०] 'अ'-बाट शुरू भएको क्रम; अ, आ, इ आदिको सिलसिला।

अकारान्त–वि० [सं०] अकार अन्त्यमा भएको (शब्द)।

अकार्थ–क्रि० यो० [सं०] व्यर्थ; बिनसित्ति; मफत।

अकार्य–वि० [सं०] १. गर्न नहुने; अकर्तव्य। (ना०) २. खराब काम; अनुचित कर्म।

अकार्य-कारी–वि० [सं०] खराब काम गर्ने; अनुचित कार्य गर्ने।

अकाल–ना० [सं०] १. कुसमय; बेमौका। २. अनिकाल; दुर्भिक्ष।

अकाल-कुसुम–ना० [सं०] असमयमा फुलेको फूल।

अकालज–वि० [सं०] १. असमयमा जन्मेको। २. बेमौसममा भएको; असामयिक।

अकाल-जात–वि० [सं०] असमयमा उत्पन्न भएको; अकालज।

अकाल-प्रसव–ना० [सं०] निश्चित समयभन्दा अघि वा पछि बालक जन्मनु वा फूल, फल आदि हुनु।

अकाल-मरण–ना० [सं०] कुनै दुर्घटनावश भएको मृत्यु; अकाल-मृत्यु; असामयिक मृत्यु।

अकाल-मृत्यु–ना० [सं०] कुनै दुर्घटनाबाट भएको मरण; वेला नपुगी भएको मृत्यु; अकाल-मरण।

अकालिक–वि० [सं०] कुसमयमा भएको; असामयिक।

अकास–ना० [सं० आकाश] आकाश।

अकास-दीप–ना० [सं० आकाश+दीप] आकाश-दीप।

अकासिइनु–अ० क्रि० [अकासि+इ+नु] अकासिने काम होइनु; उड़िनु; ('अकासिनु'-को भा० क्रि०)।

अकासिनु–अ० क्रि० [अकास+इ+नु] आकाशमा माथि पुग्नु; उड्नु।

अकासी–वि० [अकास+ई] आकाश-रङ्गको; अकासे।

अकासे–वि० [अकास+ए] १. माथितिर मात्रै हेरिरहने। २. आकाश-रङ्गको; अस्मानी।

अकासे-फल–ना० [अकासे+फल] १. आकाशमा कल्पना गरिएको फल। २. निराधारको काम वा कुरा।

अकासे-फूल–ना० [अकासे+फूल] १. आकाशमा कल्पना गरिएको फूल। २. निराधारको काम वा कुरा।

अकास्याइ–ना० [अकासि+याइ] अकासिने किसिम, क्रिया वा भाव।

अकास्याइनु–स० क्रि० [अकासि+याइ+नु] अकासिन लाउनु; उड़ाइनु; ('अकास्याउनु'-को क० क्रि०)।

अकास्याउनु–स० क्रि० [अकासि+याइ+नु] अकासिन लाउनु; आकाशमा उड़ाउनु; ('अकासिनु'-को प्रे० क्रि०)।

अकिञ्चन–वि० [सं०] १. धन, सम्पत्ति, जेथा–केही नभएको; गरीब; हरि-कङ्गाल। २. सीमित आवश्यक वस्तुदेखि बढ़्ता सङ्ग्रह नगर्ने; त्यागी। ३. भोग-विलासका निमित्त कुनै प्रयास नगर्ने।

अकिञ्चनता–ना० [सं०] अकिञ्चन हुनाको भाव; साह्रै गरीब हुनाको भाव; अति दीनता।

अकिञ्चनत्व–ना० [सं० अकिञ्चन+ता] गरीवी; दीनता।

अकिञ्चित्कर–वि० [सं०] १. केही पनि नगर्ने; बेकामको। २. केही काम नलाग्ने; निरर्थक।

अकिल–ना० [अ० अक्ल] अकल।

अकीर्ति–ना० [सं०] खराब कुराको प्रसिद्धि; कुख्याति; दुष्कीर्ति; अपयश।

अकीर्तिकर–वि० [सं०] बदनाम गराउने; कीर्तिमा कलङ्क लगाउने।

अकुटिल–वि० [सं०] १. बाङ्गो नभएको; सोझो। २. निष्कपट; साधु।

अकुण्ठ–वि० [सं०] १. बुद्धि कुण्ठित नभएको; अकुण्ठित। २. नरोकिएको।

अकुण्ठित–वि० [सं०] १. कुण्ठित नभएको। २. नरोकिएको; अप्रतिहत।

अकुतोभय–वि० [सं०] कसैसित नडराउने; निडर।

अकुल–वि० [सं०] १. खराब कुलको; अकुलीन। (ना०) २. खराब कुल; दुष्कुल। ३. शिव।

अकुलाइ–ना० [अकुलाउ+आइ] अकुलाउने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

अकुलाइनु–अ० क्रि० [अकुलाउ+इ+नु] अकुलाउने होइनु; हड़बड़ाइनु; ('अकुलाउनु'-को भा० क्रि०)।

अकुलाउनु–अ० क्रि० [सं० आकुल+आउ+नु] आकुल-व्याकुल हुनु; हड़बड़ाउनु; आत्तिनु। २. व्याकुल हुनु; चिन्तित हुनु।

अकुलीन–वि० [सं०] हीन कुलको; दुष्कुलको।

अकुशल–वि० [सं०] १. कौशल नभएको; सीप नभएको; अदक्ष। २. कुभलो; अशुभ। ३. भाग्य नभएको; अभागी।

अकूट–वि० [सं०] कपट नभएको; वास्तविक; अकृत्रिम।

अकूपार–वि० [सं०] १. असल परिणाम निकाल्ने। २. असीम; अपरिमित। (ना०) ३. समुद्र। ४. सूर्य। ५. पृथ्वीको भार बोक्ने महाकच्छप। ६. चट्टान।

अकूर्च–वि० [सं०] १. दाह्री-जुँघा नभएको। २. तालु खुइलिएको; खल्वाट।

अकृच्छ–वि० [सं०] १. कठिनाइ नभएको; असजिलो नभएको; सहज। (ना०) २. कठिनाइको अभाव; सजिलोपन।

अकृत–वि० [सं०] १. नगरिएको; प्रयत्न नभएको। २. तयार नभएको। ३. अपूरो। ४. नवनाइएको; प्राकृतिक।

अकृत-कार्य–वि० [सं०] आफ्नो काममा सफल नभएको; विफल; अकृतकृत्य।

अकृतज्ञ–वि० [सं०] अर्कालि गरेको उपकार नसम्झने; कृतघ्न; बैगुनी।

अकृतात्मा–वि० [सं०] १. आत्मालाई नसाधेको; अज्ञानी। २. मन सम्हाल्न नसक्ने; चञ्चल।

अकृतार्थ–वि० [सं०] १. आफ्नो कामबाट सन्तुष्ट नभएको; अकृतकृत्य। २. अरूका कृपा वा उपकारबाट प्रसन्न नहुने; कृतघ्न।

अकृत्य–वि० [सं०] १. गर्न नहुने; गर्न अयोग्य; अकर्तव्य। (ना०) २. दुष्कर्म; अपराध।

अकृत्रिम–वि० [सं०] १. बनावटी नभएको; स्वाभाविक; प्राकृतिक। २. साँचो; यथार्थ।

अकृपण–वि० [सं०] कन्जूस नभएको; दाता; उदार; मन फुकेको।

अकृश–वि० [सं०] दुब्लो नभएको; मोटो; पुष्ट।

अकृष्ट–वि० [सं०] १. खन-जोत नगरिएको; आबाद नगरिएको; पर्ती (जमीन)। २. नतानिएको; नघिच्च्याइएको।

अकृष्टपच्य–वि० [सं०] खन-जोत नगरेको जग्गामा पैदा भएको; जङ्गली (अन्न); नाभो।

अकेला–वि० [एक+एलो] एक्लो; ठिङ्गो।

अकोप–वि० [सं०] रीस नभएको; क्रोध नभएको; शान्त।

अकौशल–ना० [सं०] १. कौशलको अभाव; सीप नहुनु। २. चतुऱ्याइँ नहुनु।

अक्कड़–ना० [अकड़] अकड़।

अक्क-न-बक्क–क्रि० यो० [ने०] जिल्ल; वाल्ल; अलमल्ल; किंकर्तव्य-विमूढ।

अक्कर–ना० [ने०] १. यता-उति जान नसकिने भीर, पहिरो, खोँच आदि। २. अप्ठ्यारो अवस्था; खुँगे; विवशता।

अक्कल–ना० [अ० अक्ल] अकल।

अक्कली–वि० [अक्कल+ई] अकलदार; बुद्धिमान्; प्रत्युत्पन्नमति।

अक्कास–ना० [सं० आकाश] आकाश।

अक्कासिइनु–अ० क्रि० [अक्कासि+इ+नु] अकासिइनु; ('अक्कासिनु'-को क० क्रि०)।

अक्कासिनु–अ० क्रि० [अक्कास+इ+नु] अकासिनु।

अक्कासी–वि० [अक्कास+इ] अकासी।

अक्कासे–वि० [अक्कास+ए] अकासे।

अक्कास्याइनु–स० क्रि० [अकासि+याइ+नु+] अकास्याइनु; ('अक्कास्याइनु'-को क० क्रि०)।

अक्कास्याउनु–स० क्रि० [अक्कासि+याउ+नु] अकास्याउनु; ('अक्कासिनु'-को प्रे० क्रि०)।

अक्किल–ना० [अ० अक्ल] अकल।

अक्टोबर–ना० [अं०] ईसवी सालको दशौँ महीना; सेप्टेम्बर-पछिको ३१ दिनको महीना। (यो महीना प्रायः आश्विनतिर पर्दछ।)

अक्ताइनु–अ० क्रि० [अक्ताउ+इ+नु] अक्ताउने काम होइनु; आत्तिइनु; ('अक्ताउनु'-को भा० क्रि०)।

अक्ताउनु–अ० क्रि० [आत्ति+आउ+नु] १. हड़बड़ाउनु; आत्तिनु। २. उत्सुक हुनु; उत्कण्ठित हुनु।

अक्तियार–ना० [फा० इख्तियार] अख्तियार।

अक्तियारनामा–ना० [फा० इख्तियारनामा] अख्तियारनामा।

अक्तियारी–ना० [अक्तियार+ई] अख्तियारी।

अक्तियारे–वि० [अक्तियार+ए] अख्तियारे।

अक्रनु–अ० क्रि० [ने०] कक्रक्क पर्नु; कठयाङ्ग्रिनु; कक्रिनु।

अक्रम–वि० [सं०] क्रम नभएको; सिलसिला नमिलेको; अव्यवस्थित।

अक्रमातिशयोक्ति–ना० [सं०] कार्य र कारण एकैसाथ वा उल्टो किसिमसँग वर्णन गरिने काव्यालङ्कार।

अक्रान्त–वि० [सं०] १. ननाघिएको; नउछिनिएको। २. नजितिएको; अविजित।

अक्राइनु–स० क्रि० [अक्र+आइ+नु] अक्रने पारिनु; कक्र्याइनु; ('अक्राउनु'-को क० क्रि०)।

अक्राउनु–स० क्रि० [अक्र+आउ+नु] अक्रने पार्नु; अक्रन लाउनु; कक्र्याउनु; ('अक्रनु'-को प्रे० क्रि०)।

अक्रिनु–अ० क्रि० [अक्र+इ+नु] अक्रने काम होइनु; कक्रिनु; ('अक्रनु'-को भा० क्रि०)।

अक्रिय–वि० [सं०] १. सुस्त; निष्क्रिय। २. राम्रो कर्म नगर्ने; कर्म-शून्य।

अक्रूर–वि० [सं०] १. क्रूर नभएको; दयालु। २. कृष्णका कान्छा-बाबु।

अक्रोध–वि० [सं०] १. रीस नभएको; क्रोध-रहित; सहिष्णु।

CC-0. In Public Domain. Digitization by eGangotri

(ना०) २. रीसको अभाव; सहिष्णुता ।

अक्लान्त–वि० [सं०] १. नथाकेको; थकित नभएको । २. नओइलाएको ।

अक्लिन्न–वि० [सं०] नभिजेको; सुक्खा ।

अक्लिष्ट–वि० [सं०] १. दुःख नपाएको; नथाकेको; अक्लान्त । २. कठिन नभएको; सरल । ३. नबिग्रेको ।

अक्लेश–वि० [सं०] १. दुःख नभएको; क्लेश-रहित । (ना०) २. दुःख नहुनु; कष्ट नहुनु ।

अक्ष–ना० [सं०] १. पासा । २. आँखा आदि इन्द्रिय । ३. पाङ्ग्राको प्वालमा रहने धुरा । ४. गाड़ा । ५. तराजूको डाँड़ी । ६. पृथ्वीको उत्तरी ध्रुवदेखि दक्षिणी ध्रुवसम्म खिँचिएको कल्पित भाग-रेखा; अक्ष-रेखा । ७. रुद्राक्ष । ८. सोह्र मासाको तौल । ९. बर्रो ।

अक्ष-क्रीडा–ना० [सं०] पासाको खेल ।

अक्षणिक–वि० [सं०] क्षणिक नभएको; स्थिर; स्थायी ।

अक्षत–ना० [सं०] १. देवता आदिका पूजामा प्रयोग गरिने चामल; सग्लो चामल; अछेता । २. जौ । (वि०) ३. घाउ-चोट नलागेको ।

अक्षत-योनि–वि० [सं०] पुरुषसित समागम नभएकी; योनि क्षत नभएकी; कुमारी ।

अक्षत-वीर्य–वि० [सं०] वीर्य-पात नभइसकेको; ब्रह्मचारी ।

अक्षता–वि० [सं०] १. देव, पितृ आदिको पूजाहरूमा चढ़ाइने सग्लो चामल; अछेता । २. जौ । ३. योनि क्षत नभएकी; कुमारी ।

अक्षन्तव्य–वि० [सं०] १. सहन नसकिने; असह्य । २. क्षमा गर्न अयोग्य; अक्षम्य ।

अक्षपाद–ना० [सं०] न्याय-शास्त्रका प्रवर्तक एक ऋषि; गौतम ।

अक्षम–वि० [सं०] १. सहन-शक्ति नभएको; असहनशील । २. असमर्थ; क्षमता नभएको । ३. अयोग्य ।

अक्षमा–ना० [सं०] १. क्षमा नगर्नु । २. क्रोध; रीस । ३. असहन ।

अक्ष-माला–ना० [सं०] १. रुद्राक्ष-माला; जप-माला । २.'अ'-देखि 'क्ष'-सम्मका पचास वर्णको माला ।

अक्षम्य–वि० [सं०] क्षमा गर्न नसकिने; सहन नसकिने ।

अक्षय–वि० [सं०] १. नाश नहुने; अविनाशी; अक्षय । (ना०) २ ईश्वर ।

अक्षय-तृतीया–ना० [सं०] वैशाख शुक्ल तृतीया ।

अक्षय-नवमी–ना० [सं०] कार्तिक शुक्ल नवमी; युगादि नवमी ।

अक्षय-वट–ना० [सं०] प्रयाग र गयामा रहेका प्रसिद्ध प्राचीन वट-वृक्ष ।

अक्षय्य–वि० [सं०] नाश गर्न नसकिने ।

अक्षय्योदक–ना० [सं०] श्राद्ध गर्दा पिण्ड-दान गरिसकेपछि अक्षय्य तृप्तिका निमित्त पितृलाई चढ़ाइने जल ।

अक्षर–ना० [सं०] १. अकारादि वर्ण; अ, आ, क, ख, इत्यादि । २. मनुष्यको मुखबाट निस्केका वर्ण-ध्वनि सूचित गर्ने चिह्न । (वि०) ३. नाश नहुने; अविनाशी; नित्य । (ब्रह्म, ईश्वर, आत्मा, आकाश आदि ।)

अक्षर-क्रम–ना० [सं०] अकारादि-क्रमानुसार गरिएको क्रम ।

अक्षर-जीवी–ना० [सं०] लेख्ने पेशा भएको व्यक्ति; लेखन-दास ।

अक्षर-न्यास–ना० [सं०] तान्त्रिक पूजा-पाठ आदिमा मन्त्रका अक्षर उच्चारण गर्दै शरीरका अङ्ग-प्रत्यङ्ग छोएर गरिने न्यास ।

अक्षर-विन्यास–ना० [सं०] शब्दमा रहने अक्षरको व्यवस्थित क्रम; हिज्जे; वर्ण-विन्यास ।

अक्षरशः–अव्य० [सं०] १. एक-एक अक्षर गरेर; अक्षर-अक्षर गरेर । २. पूर्णतया ।

अक्षर-शत्रु–वि० [सं०] अपढ़; मूर्ख; निरक्षर ।

अक्षर-संस्थान–ना० [सं०] शब्दमा अक्षरको क्रमिक स्थिति; हिज्जे; अक्षर-विन्यास ।

अक्षर-समाम्नाय–ना० [सं०] अकारादि-वर्ण-समूह; वर्णमाला ।

अक्षरारम्भ–ना० [सं०] १. पहिलो पटक अक्षर सिकाउने संस्कार । २. पढ़ाइको आरम्भ ।

अक्ष-रेखा–ना० [सं०] पृथ्वी वा त्यसको मान-चित्रमा विषुवत्-रेखाको समानान्तर उत्तर वा दक्षिण भागमा खिँचिएको कल्पित रेखा; गोल वस्तुको मध्यवर्त्ती रेखा ।

अक्ष-वाट–ना० [सं०] जूवाको खाल ।

अक्ष-शाला–ना० [सं०] राज्यको सुन-चाँदी र टक्सार आदिको प्रवन्ध गरिने स्थान ।

अक्षांश–ना० [सं०] भूगोलमा विषुवत्-रेखाजस्तै पूर्वबाट पश्चिमतिर गएको कल्पित समानान्तर रेखा ।

अक्षार–वि० [सं०] १. क्षार पदार्थ नभएको; क्षार पदार्थमा नगनिएको । (ना०) २. सिँधे नून, सामुद्री नून आदि ।

अक्षार-लवण–ना० [सं०] १. खानिबाट निस्केको नून; सिँधे नून । २. नून नभएको; हविष्यान्न; अलिनो खानेकुरा ।

अक्षि–ना० [सं०] १. आँखा; नेत्र । २. आँख्ला । ३. दुइको सङ्ख्या ।

अक्षि-गोल–ना० [सं०] आँखाको गेड़ी ।

अक्षि-तारक–ना० [सं०] आँखाको नानी ।

अक्षि-पक्ष्म–ना० [सं०] परेला; अक्षि-पटल ।

अक्षि-पटल–ना० [सं०] आँखाको पर्दा; आँखाको ढकनी; परेला ।

अक्षि-भू–वि० [सं०] १. आँखाले देख्न सकिने; आँखा-अगिल्तिरको । २. प्रत्यक्ष ।

अक्षि-विक्षेप–ना० [सं०] आँखा लाउनु; हेर्नु ।

अक्षीण–वि० [सं०] क्षीण नभएको; मोटो; पुष्ट ।

अक्षुण्ण–वि० [सं०] १. जस्ताको तस्तो; टूट-फूट नभएको; सग्लो । २. पूरा ।

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षुब्ध–वि० [सं०] १. मन नविग्रेको। २. क्षुब्ध नभएको; क्षोभ-रहित।

अक्षोट–ना० [सं०] १. ओखर। २. पीलु वृक्ष। ३. त्यसैको फल।

अक्षोभ–वि० [सं०] १. स्थिर भएको; अक्षुब्ध; शान्त। (ना०) २. स्थिरता। ३. हात्ती बाँध्ने स्तम्भ; खमारी।

अक्षोभ्य–वि० [सं०] १. डगाउन नसकिने स्थिर। (ना०) २. पञ्च-बुद्धमध्ये एक।

अक्षौहिणी–ना० [सं०] हात्ती, घोड़ा, रथ र पैदल-सेनाको समूहविशेष। (१०९३५० पैदल, ६५६१० घोड़-चढ़ी, २१८७० रथी र २१८७० हात्ती चढ़ने सेना भएको प्राचीन कालको सैन्य-समूह।)

अक्सर–क्रि० यो० [अ०] धेरैजसो; प्रायः; प्रायशः।

अक्सिजन–ना० [अं० ऑक्सिजन] मनुष्य, पशु, पक्षी आदिका जीवनको निम्ति अत्यावश्यक एक किसिमको ग्याँस; अम्लजन; अमृत-वायु।

अखटो–ना० [प्रा० अकटो] रूख चढ्न-ओर्ल्न रूखैमा खोपेको खोपिल्टो; भीर, पहिरो आदिमा उक्लन-ओर्लन सजिलो पार्नाका लागि बनाइएको खोपा; खुड्किलो; एक-खुट्टे भऱ्याङ; डोरीको भऱ्याङ।

अखट्ट–क्रि० यो० [नें०] चौपट्ट; ज्यादै; विछट्ट।

अखड़ा–ना० [प्रा० अक्खआडो] १. कसरत गर्ने वा पहल्मानी सिक्ने ठाउँ; अखाड़ा; व्यायाम-शाला। २. जोगी-जङ्गम वा गँजड़ी आदि व्यसनीहरू भेला हुने ठाउँ; जोगी-जङ्गमको सम्प्रदायगत समिति। ३. नियत स्थान। ४. पुलीसको वा फौजी चौकी।

अखण्ड–वि० [सं०] १. नटुटेको; अटूट; सिङ्गो; सग्लो; पूरा। (क्रि० यो०) २. लगातार; निरन्तर; अविच्छिन्न। ३. धेरै; ज्यादै; अत्यन्त।

अखण्डनीय–वि० [सं०] १. छुट्टयाउन नसकिने; टुक्रयाउन नसकिने। २. खण्डन गर्न नसकिने; दोष देखाउन नसकिने।

अखण्डित–वि० [सं०] १. टूट-फूट नभएको; खण्डित नभएको। २. खण्डन नगरिएको।

अखबार–ना० [अ० अखबार] विभिन्न खबर छापिएको, नियत समयमा प्रकाशित हुने पत्र; खबर-कागत; समाचार-पत्र।

अखबारी–वि० [अखबार+ई] अखबार-सम्बन्धी; अखबारको।

अखमिरी–वि० [अ+खमीर+ई] खमीर नमिलाएको।

अखय–वि० [नें०] सहिनसक्नु; असह्य।

अखय–वि० [प्रा० अक्खय] कहिल्यै नाश नहुने; अक्षय।

अखर्ब–वि० [सं०] १. पुड्को नभएको; अग्लो। २. ठूलो।

अखाड़ा–ना० [प्रा०अक्खाडय] अखड़ा।

अखाड़िया–वि० [अखाड़ा+इया] धेरै अखाड़ामा प्रसिद्धि पाइसकेको; पहल्मानी विद्यामा निपुण।

अखात–ना० [सं०] तीनतिर जमीनले घेरिएको समुद्रको भाग; खाड़ी; उपसागर।

अखाद्य–वि० [सं०] खान नहुने; खान अयोग्य।

अखानु–ना० [नें०] १. भनाउ; कचकच; करकर। (वि०) २. खपिनसक्नु; सहिनसक्नु; असह्य।

अखायो–वि० [अखय] सहिनसक्नु; असह्य।

अखिल–वि० [सं०] १. जम्मै; सबै; समस्त। (ना०) २. जगत्; संसार।

अखिलेश–ना० [सं०] सबैका मालिक; परमेश्वर।

अख्तियार–ना० [अ० इख्तियार] अधिकार; हैकम।

अख्तियारनामा–ना० [फा० इख्तियारनामा] अख्तियार लेखेर दिएको कागत-पत्र; अधिकार-पत्र।

अख्तियारी–ना० [अख्तियार+ई] अख्तियार; अधिकार।

अख्तियारे–वि० [अख्तियार+ए] अख्तियार भएको; अधिकार प्राप्त भएको।

अख्यान–ना० [सं० आख्यान] अड्कल; अनुमान; लख।

अख्नु–अ० क्रि० [नें०] अलि-अलि सुक्नु; दरसुको हुनु; थोरै सुक्नु; अखिनु।

अखाइ–ना० [अख+आइ] अखने किसिम, क्रिया वा भाव।

अखाइनु–स० क्रि० [अख+आइ+नु] अखने तुल्याइनु; दरसुको पारिनु; ('अखाउनु'-को क० क्रि०)।

अखाउनु–स० क्रि० [अख+आउ+नु] अखने पार्नु; दरसुको तुल्याउनु; ('अखनु'-को प्रे० क्रि०)।

अखिइनु–अ० क्रि० [अखि+इ+नु] अखिने काम होइनु; अलि-अलि सुकिनु; ('अखिनु'-को भा० क्रि०)।

अखिनु–अ० क्रि० [अख+इ+नु] १. अखने होइनु; अखिइनु; ('अखनु'-को भा० क्रि०)। २. दरसुको हुनु; अखनु।

अख्याइ–ना० [अखि+आइ] अखिने किसिम, क्रिया वा भाव।

अग–वि० [सं०] १. नहिँड्ने; नचल्ने; नहल्लने; अचल। (ना०) २. पहाड़; पर्वत।

अगज–वि० [सं०] १. पर्वतमा पैदा भएको; पहाड़ी; पर्वतीय। (ना०) २. शिलाजीत। ३. हात्ती।

अगड़म-बगड़म–ना० [नें०] १. सानातिना धेरै वस्तुहरू; चानचुने माल-मत्ता; जेतेमेते; खत्र्याक-खुत्रुक। (क्रि० यो०) २. जथाभावी; गोलमाल।

अगण–ना० [सं०] छन्द-शास्त्रमा निषेध गरिएका गण; हीन-गण। (जगण, रगण, सगण, तगण–यी चार गण)।

अगणित–वि० [सं०] १. गन्न नसकिने; अनगिन्ती; असङ्ख्य। २. नगनिएको।

अगण्य–वि० [सं०] १. धेरै; गनिनसक्नु; असङ्ख्य। २. गिन्तीमा नआउने; तुच्छ; नगण्य।

अगति–ना० [सं०] १. खराब गति; दुर्गति; मरेपछिको दुष्परिणाम। २. अकाल-मृत्यु। ३. पापी; कुकर्मी; दुराचारी।

अगतिक–वि० [सं०] १. आश्रय नभएको; निराश्रय; अशरण। २. मरेपछि असल गति नभएको।

अगत्या–क्रि० यो० [सं०] विवश भएर; लाचार भएर।

CC-0. In Public Domain. Digitization by eGangotri

अगम–वि० [सं०] १. जान नसकिने; दुर्गम। २. जान्न नसकिने; थाहा पाउन नसकिने; अथाह। ३. धेरै; ज्यादै।

अगम्य–वि० [सं०] १. जान नसकिने; दुर्गम। २. नबुझिने; नजानिने।

अगम्या–वि० [सं०] भोग गर्न नहुने (माता, दिदी, बहिनी, गुरु-पत्नी, राज-पत्नी, सौतेनी आमा आदि)।

अगम्या-गमन–ना० [सं०] अगम्या स्त्रीको भोग; हाड़-नाता-करणी।

अगरु–ना० [सं०] १. हिमालमा हुने, वास्ना आउने रूखविशेष; धूपी। (विशेष गरी चन्दन र धूपमा यसको उपयोग गरिन्छ।)

अगल-बगल–ना० [अ०] दायाँ-बायाँको स्थान; पार्श्व; छर-छिमेक।

अगल्चो–वि० [ने०] १. पूरा नभएको; अधकल्चो; अपूर्ण। २. जोड़ा नभएको; बिजोड़ा; एक्लो; असिल्दो।

अगस्त–ना० [अं० ऑगस्ट] ईसवी वर्षको आठौँ महीना; जुलाईपछि आउने एकतीस दिनको अङ्ग्रेजी महीना।

अगस्ति–वि० [सं०] १. प्रशस्त खाएर पनि सन्तोष नहुने; असन्तोषी; धेरै खाने; खन्चुरो; खौवा; घिच्चु। (ना०) २. कलेजी, सेतो वा दुवै मिसिएको रातो वा केही पहेँलो भावको रङ्गको अर्ध-चन्द्राकार फूल फुल्ने, सिरिसको जस्तो लहरे पात हुने र बोड़ीजस्तो कोसा फल्ने एक रूख। ३. एक प्रसिद्ध ब्रह्मर्षि; अगस्त्य। ४. भाद्र महीनामा उदाउने एक तारा।

अगस्त्य–ना० [सं०] १. एक प्रसिद्ध ऋषि। २. एक प्रसिद्ध तारा। ३. सेतो वा कलेजी वा दुवै थरीको वा केही पहेँलो भावको अर्द्ध-चन्द्राकार फूल फुल्ने रूखविशेष।

अगाड़ि–ना० यो० [प्रा० अग्ग] १. सामुन्ने; अगिल्तिर; मुखेन्जी। २. पहिले; अगि।

अगाध–वि० [सं०] १. गहीरो; अतल-स्पर्शी; गम्भीर। २. अत्तो-पत्तो नभएको; अपार; असीम; धेरै। ३. जानिनसक्नु; बुझिनसक्नु; अथाह; दुर्बोध्य।

अगावै–क्रि० यो० [अगाड़ि नै] पहिले नै; अघिवाटै; अगाड़ि नै।

अगि–क्रि० यो० [प्रा० अग्ग] १. पहिले; उहिले; परा-पूर्वमा; अघि। (ना० यो०) २. सामुन्ने; अगाड़ि; अगिल्तिर; मुखेन्जी।

अगिल्तिर–ना० यो० [अगि+तिर] १. अगाड़िपट्टि; सामुन्ने; सम्मुख। २. रोहबरमा; समक्ष।

अगिल्लो–वि० [अगि+ल्लो] १. पहिलोचाहिँ; अगिको। २. अगाड़िको; सम्मुखको।

अगुण–वि० [सं०] १. सत्त्व, रज, तम आदि गुण नभएको; निर्गुण। २. मूर्ख; अज्ञ। (ना०) ३. अवगुण; दोष।

अगुणी–वि० [सं०] १. गुण नभएको; निर्गुणी। २. अनपढ़; मूर्ख।

अगुरु–ना० [सं०] वास्ना आउने धूप, चन्दन आदि बनाइने रूखविशेष; अगरु।

अगुल्टो–ना० [ने०] बल्दो दाउरा; बलिरहेको काठ; उल्मुक।

अगुवा–वि० [अगि+उवा] १. अगि लाग्ने; पहिले हिँड्ने; बाटो देखाउने। (ना०) २. बाटो देखाउने व्यक्ति; नेता; नाइके।

अगेनु–ना० [आगो+नु] आगो ताप्नाका निम्ति वा बचाइ-राख्नाका निम्ति आगो बाल्ने नियत स्थान; अग्नि-कुण्ड।

अगोचर–वि० [सं०] इन्द्रियद्वारा जान्न वा थाहा पाउन नसकिने; देख्न, सुन्न, छुन नसकिने; अविषय।

अगोड़–ना० [अगि+गोड़] हौदाको अगिल्लो भाग कस्ने डोरी; हात्ती कस्ने डोरी।

अगोत्री–वि० [अ+गोत्र+ई] भिन्न गोत्रको; गोत्रान्तरको।

अगौटे–वि० [अगि+औटे] अघि लाइने वा पाक्ने बाली; सठिया।

अग्नि–ना० [सं०] १. आगो; अनल; तेज-पुञ्जको दृश्य रूप। २. पूर्व र दक्षिणका बीचको अधिष्ठाता देवविशेष। ३. तीनको सङ्ख्या। ४. चितु। ५. जठराग्नि। ६. तीन प्रधान वैदिक देवता (अग्नि, वायु र सूर्य)-मध्ये एक। ७. क्षत्रियका एक प्रसिद्ध वंश-प्रवर्तक।

अग्नि-कर्म–ना० [सं०] मुर्दा पोल्ने काम; दाह-संस्कार; अग्नि-संस्कार।

अग्नि-कवच–ना० [सं०] १. आगोले डढ़ाउन नसक्ने पदार्थ; आगोबाट बचाउने वस्तु। २. आगोको दाह शान्त गर्ने मन्त्र।

अग्नि-काण्ड–ना० [सं०] आगलागी; डढ़ेलो; आगाको उपद्रव।

अग्नि-कुमार–ना० [सं०] १. अरुचि, मन्दाग्नि, श्वास, कास आदि रोगको आयुर्वेदिक औषधि। २. कार्तिकेय; कुमार।

अग्नि-कोण–ना० [सं०] पूर्व र दक्षिणका बीचको दिशा; आग्नेय दिशा।

अग्नि-क्रीडा–ना० [सं०] आतशबाजी।

अग्नि-चक्र–ना० [सं०] १. आगाको ज्वालाको भुमरी। २. हठ-योगानुसार कुण्डलिनी-चक्र।

अग्नि-चरो–ना० [अग्नि+चरो] भँगेराका आकारको मधुर बोली बोल्ने एक प्रकारको पक्षी।

अग्निज–वि० [सं०] आगोबाट निस्केको; आगो वा तापबाट पैदा हुने।

अग्नि-दमनी–ना० [सं०] सिस्नु झार।

अग्नि-दाह–ना० [सं०] १. आगाले पोल्नु। २. दाह-संस्कार।

अग्नि-दीपन–ना० [सं०] पाचन-शक्ति वढ़ाउने क्रिया वा औषधि।

अग्नि-परीक्षा–ना० [सं०] १. हातमा आगो लिएर वा आगोमा पसेर आफ्नो निर्दोषता साबित गर्ने प्राचीन कालको प्रथा। २. कड़ा किसिमको जाँच।

अग्नि-पूजक–ना० [सं०] आगोको पूजा गर्ने व्यक्ति; अग्नि-लाई नै इष्ट देवता मान्ने जाति; जरदुश्तका अनुयायी; पारसी।

CC-0. In Public Domain. Digitization by eGangotri

अग्नि-बाउ–ना० [अग्नि+वायु] घोड़ालाई हुने भ्यागुतेजस्तो रोग; गिजा सुनिएर राल चुहुने रोग।

अग्नि-बाण–ना० [सं०] १. आगो वर्साउने प्राचीन कालको बाणविशेष। २. वैज्ञानिक क्षेप्यास्त्र।

अग्नि-बोट–ना० [सं० अग्नि+बोट (अं०)] बाफबाट चल्ने सानो जहाज।

अग्नि-मन्थ–ना० [सं०] गिनेरी।

अग्नि-मान्द्य–ना० [सं०] अपचको रोग; जठराग्नि मन्द हुने रोग।

अग्नि-रोहिणी–ना० [सं०] मूसाबाट सर्ने रोगविशेष; प्लेग।

अग्नि-वर्द्धक–वि० [सं०] पाचन-शक्ति बढ़ाउने; खाएको वस्तु पाक गराउने।

अग्नि-वर्षा–ना० [सं०] १. आगो अथवा बल्दो पदार्थको वर्षा। २. लड़ाईंमा बम, गोली आदिको वर्षा।

अग्नि-शिखा–ना० [सं०] १. आगाको लप्को; अग्नि-ज्वाला। २. खुर्सानी।

अग्निष्टोम–ना० [सं०] वसन्त ऋतुमा अग्नि-होत्रीहरूले सोह्र जना ऋत्विज्द्वारा पाँच दिनमा सम्पन्न गर्ने विशेष वैदिक यज्ञ।

अग्नि-संस्कार–ना० [सं०] दाह-संस्कार; अग्नि-कर्म।

अग्नि-स्फुलिङ्ग–ना० [सं०] आगाको फिलिङ्गो।

अग्नि-होत्र–ना० [सं०] साँझ-बिहान नियमपूर्वक गरिने वैदिक नित्य-होम।

अग्नि-होत्री–ना० [सं०] अग्नि-होत्र गर्ने व्यक्ति।

अग्न्यस्त्र–ना० [सं०] आगो वर्साउने अस्त्र; आग्नेयास्त्र; अग्नि-बाण।

अग्र–ना० [सं०] १. अगाड़िको भाग; सामुन्नेको भाग; अगिल्लो हिस्सा। (वि०) २. प्रधान; मुख्य।

अग्र-क्रम–ना० [सं०] १. अघिल्लो रोल। २. क्रम-प्राप्त पहिलो अधिकार; प्रथम हक।

अग्र-गण्य–वि० [सं०] १. कुनै विषयमा पहिले गणना हुने; प्रधान; मुख्य। २. अगि लाग्ने; अगुवा।

अग्र-गामी–वि० [सं०] १. अघि लागेर हिंड्ने; अगुवा। २. नेता; नेतृत्व गर्ने व्यक्ति। ३. अग्रसर।

अग्रज–ना० [सं०] १. अगि जन्मेको व्यक्ति; दाजु। २. ब्राह्मण। (वि०) ३. पहिले जन्मेको। ४. श्रेष्ठ; उत्तम।

अग्र-जन्मा–ना० [सं०] १. अग्रज; अगि जन्मेको व्यक्ति; जेठो; दाजु। २. ब्राह्मण।

अग्रणी–ना० [सं०] १. अगुवा; नायक; नेता। २. मुख्य; प्रधान।

अग्र-दान–ना० [सं०] समय नआइपुग्दै दिनु; पेश्की; अग्रिम।

अग्र-दानी–ना० [सं०] मरेका मानिसको उद्देश्य गरेर दिइएको दान लिने व्यक्ति; कात्टे; महाब्राह्मण।

अग्र-दूत–ना० [सं०] पछि आउने विषय वा व्यक्तिको अगाड़ि सूचना दिने व्यक्ति।

अग्रन–ना० [सं० अग्र+बन्धन] हात्तीको घाँटीमा बाँध्ने मोटो डोरी।

अग्र-पूजा–ना० [सं०] सबैभन्दा पहिले गरिने विशिष्ट व्यक्तिको पूजा; सर्वोत्कृष्ट सम्मान।

अग्र-लेख–ना० [सं०] १. समाचार-पत्र आदिमा सम्पादकले आफ्नो राय प्रकट गरी लेखेको लेख; सम्पादकीय लेख। २. अगाड़ि लेखिएको प्रधान विषयको लेख।

अग्रवर्ती–वि० [सं०] सबभन्दा पहिले रहेको; अगिल्तिर बसेको।

अग्र-शोची–ना० [सं०] भविष्यमा आइपर्ने कुराको पहिले नै विचार गर्ने व्यक्ति।

अग्रसर–वि० [सं० अग्रेसर] १. अगि सर्ने; अगि लाग्ने (ना०) २. अगुवा; नेता; प्रगतिशील व्यक्ति।

अग्रसारण–ना० [सं०] अगाड़ि बढ़ाउनु; अघि सार्नु।

अग्रसारित–वि० [सं०] अगि सारिएको; अगाड़ि बढ़ाइएको।

अग्रहायण–ना० [सं०] मङसीर महीना; मार्गशीर्ष।

अग्रहार–ना० [सं० अग्राहार] राजाहरूबाट ब्राह्मणहरूलाई दान गरी दिइएको माफी बिर्ता।

अग्राख–ना० [ने०] १. शाल वृक्षको भित्री भागमा रहने साह्रो चुरो; अग्राठ; साल। (वि०) २. ज्यादै साह्रो; चाम्रो; खूब बलियो।

अग्राठ–ना० [ने०] अग्राख।

अग्राधिकार–ना० [सं०] १. पहिलो अधिकार; मुख्य अधिकार। २. प्राथमिकता।

अग्राशन–ना० [सं०] १. आफूले खानुभन्दा पहिले देव-पितृलाई चढ़ाइने अन्न; अप्सानी; बलि। २. श्राद्धमा ब्राह्मणलाई दिइने अग्र भाग।

अग्रासन–ना० [सं०] १. मान्य व्यक्तिका निमित्तको प्रधान आसन। २. सभा-पतिको आसन।

अग्राह्य–वि० [सं०] लिन नहुने; स्वीकार गर्न अयोग्य।

अग्रिम–वि० [सं०] १. अगाड़िको; पहिलो। (ना०) २. काम हुनुभन्दा पहिले नै दिइएको वा पाएको लम्यांश; पेश्की।

अग्लाइ–ना० [अग्लो+आइ] ऊँचोपन; ऊँचाइ; अग्लोपन।

अग्लिइनु–अ० क्रि० [अग्लि+इ+नु] अग्लिने काम होइनु; अग्लो होइनु; ('अग्लिनु'-को भा० क्रि०)।

अग्लिनु–अ० क्रि० [अग्लो+इ+नु] १. अग्लो हुनु; ऊँचो हुनु। २. उटक हुनु।

अग्लो–वि० [प्रा० अग्गो] ऊँचो; उच्च; उन्नत।

अग्ल्याइ–ना० [अग्ल्याउ+आइ] अग्ल्याउने किसिम, क्रिया वा भाव; आग्लो लगाउने काम।

अग्ल्याइ–ना० [अग्लो+याइ] अग्लो हुनाको भाव; अग्लाइ; ऊँचाइ।

अग्ल्याइनु–स० क्रि० [अग्लि+याइ+नु] अग्लिन लाइनु; अग्लो पारिनु; ('अग्ल्याउनु'-को क० क्रि०)।

अग्ल्याइनु–स० क्रि० [अग्ल्याउ+इ+नु] आग्लो हालिनु;

CC-0. In Public Domain. Digitization by eGangotri

अग्ल्याउने काम होइनु; ('अग्ल्याउनु'-को क० क्रि०)।

अग्ल्याउनु—स० क्रि० [अग्लि+याउ+नु] १. अग्लो पार्नु; उन्नत तुल्याउनु; उठाउनु; ('अग्लिनु'-को प्रे० क्रि०)। २. थुप्र्याउनु; थुप्रो लाउनु।

अग्ल्याउनु—स० क्रि० [आग्लो] झ्याल, ढोका आदिमा आग्लो हालेर बन्द गर्नु; आग्लो लाउनु।

अघ—ना० [सं०] १. पाप। २. दुःख। ३. व्यसन। ४. दोष।

अघच—ना० [अ+घच्चा] घच्चा, ठक्कर आदि नलाग्ने सुरक्षित ठाउँ; अजग।

अघटन—ना० [सं०] नहुनु; नघट्नु; सम्भव नहुनु।

अघटित—वि० [सं०] १. नघटेको। २. पहिले नभएको; अभूतपूर्व। ३. अचिन्तित; नचिताइएको।

अघमर्षण—वि० [सं०] १. पापको नाश गर्ने; पाप-नाशक। (ना०) २. सन्ध्योपासनमा गर्ने क्रियाविशेष।

अघाइ—ना० [अघाउ+आइ] अघाउने किसिम, क्रिया वा भाव।

अघाइनु—अ० क्रि० [अघाउ+इ+नु] अघाउने काम होइनु; तृप्त होइनु; ('अघाउनु'-को भा० क्रि०)।

अघाउँजी—क्रि० यो० [अघाउ+उँजी] अघाउन्जेल; अघाए-सम्म।

अघाउनु—अ० क्रि० [ने०] १. खाएर वा पिएर तृप्त हुनु; पेट भर्नु; गलगिज्ज हुनु; आकण्ठ हुनु। २. सन्तुष्ट हुनु; इच्छा पूर्ण हुनु। ३. मन हट्नु; विरक्त हुनु; दिक्क हुनु। ४. वाक्क हुनु।

अघाउन्जी—क्रि० यो० [अघाउ+उन्जी] अघाउँजी।

अघासुर—ना० [सं०] कृष्णले मारेको अजिङ्गरको रूप लिएको कंसको अनुचर।

अघि—क्रि० यो० [प्रा० अग्ग] अगि।

अघिउँडै—क्रि० यो० [अघि+उँडै] पहिले नै; अघि नै।

अघिल्तिर—ना० यो० [अघिल्लो+तिर] अगिल्तिर।

अघिल्लो—वि० [अघि+ल्लो] अगिल्लो।

अघी—वि० [सं०] पापी; अपराधी; दोषी।

अघोर—वि० [सं०] १. भयङ्कर; डर-लाग्दो; भीषण। २. धेरै; ज्यादा; ज्यास्ती; बिछट्ट। ३. भयङ्कर; डर-लाग्दो; भीषण। (ना०) ४. शिवजीको एक रूप। ५. मद्य, नर-मांस-भोजन र विष्टा आदिमा पनि घीन नमान्ने एक शैव सम्प्रदाय; अघोरी।

अघोर-पन्थ—ना० [सं०] अघोर मत मान्ने एक प्रसिद्ध शैव सम्प्रदाय।

अघोर-पन्थी—ना० [सं०] अघोर-पन्थको अनुयायी; अघोरी।

अघोरी—ना० [सं०] १. मद्य, मांस र मुर्दाको मासु पनि खाने, मल-मूत्रमा पनि घीन नमान्ने एक शैव मतानुयायी साधु। (वि०) २. अघोर-मतावलम्वी; अघोर-पन्थी; सर्व-भक्षी। ३. अटेर; एकोहोरो।

अघोऱ्याइँ—ना० [अघोरी+याइँ] १. अघोरी हुनाको भाव; अघोरीपन। २. दुराग्रह; हठ।

अघोष—ना० [सं०] १. व्याकरण-प्रसिद्ध वर्ण-समूह; (क, ख, च, छ, ट, ठ, त, थ, प, फ, श, ष, स—यी तेह्र वर्ण)। (वि०) २. शब्द नभएको; आवाज नभएको।

अङरखा—ना० [प्रा० अङ्गरक्खा] अँगरखा।

अङार—ना० [सं० अङ्गार] अँगार।

अङारे—वि० [अङार+ए] अँगारे।

अङालाइ—ना० [अङाल्+आइ] अङाल्ने किसिम, क्रिया वा भाव; अँगालाइ।

अङालिनु—स० क्रि० [अङाल्+इ+नु] अँगालिनु; ('अङाल्नु'-को क० क्रि०)।

अङालो—ना० [सं० अङ्कमाल] अँगालो।

अङाल्नु—स० क्रि० [अँगालो+नु] अँगाल्नु।

अङूठी—ना० [प्रा० अंगुट्ठी] अँगूठी।

अङूठो—ना० [प्रा० अंगुट्ठी] अँगूठो।

अङेठी—ना० [प्रा० अग्गिट्ठी] अँगेठी।

अङेर—ना० [ने०] अँगेर।

अङेरी—ना० [ने०] अँगेरी।

अङोछा—ना० [सं० अङ्ग+प्रोक्षक] अँगोछा।

अङौछा—ना० [अङोछा] अङोछा।

अङ्क—ना० [सं०] १. सङ्ख्याको चिह्न; गणनाको चिह्न (१, २, ३ आदि)। २. नाटकको परिच्छेद। ३. दश प्रकारका रूपकमध्ये एक (करुण रस-प्रधान, स्त्री-बहुल, साधारण नायकको चरित्र-युक्त एकाङ्की काव्य)। ४. चिह्न; चिनु। ५. कलङ्क; दाग। ६. नौको सङ्ख्या (९)। ७. काख।

अङ्कक—ना० [सं०] चिह्न लगाउने व्यक्ति।

अङ्क-कार—ना० [सं०] १. चिह्न लगाउने; डाम्ने। २. गणना गर्ने।

अङ्क-गणित—ना० [सं०] १. सङ्ख्याहरू जोड्ने, घटाउने, गुणन गर्ने, भाग गर्ने आदि तरीका सिकाउने विद्या। २. हिसाब। ३. हिसाबको पुस्तक।

अङ्क-धारण—ना० [सं०] १. तताएको मुद्राले चिह्न लाग्नु; डामिनु; दामल हुनु। २. कुनै वैष्णव सम्प्रदायमा प्रविष्ट हुन शङ्ख, चक्र आदिका चिह्न शरीरमा धारण गर्नु। ३. चोरी आदिको विशेष अपराधमा सावित भएका अपराधी डामिनु। ४. शिवजीलाई अर्पण गरी छोड़िने साँढे शङ्ख, चक्र र त्रिशूलले डामिनु। ५. छाप लाग्नु।

अङ्क-धारिणी—ना० [सं०] १. तातो मुद्राले अङ्कित भएकी स्त्री; दामल गरिएकी स्त्री। २. काखमा लिने स्त्री।

अङ्क-धारी—वि० [सं०] १. तताएका मुद्राले शरीरमा डामिएको; शङ्ख, चक्र, त्रिशूल आदिका चिह्न लगाएको; अङ्क-धारण गरेको। २. काखमा लिने। ३. गनिएको; गणना गरिएको।

अङ्कन—ना० [सं०] १. छाप लगाउनु; चिह्न लगाउनु। २. डाम्नु; दामल गर्नु। ३. लेखिनु; चित्रित हुनु। ४. गणना।

अङ्क-पत्र—ना० [सं०] सरकारी छाप लागेर, मूल्य निर्धारित

CC-0. In Public Domain. Digitization by eGangotri

भएको कागत; लिफा; हुलाकको टिकट आदि।

अङ्कमाल–ना० [सं०] अँगालो हाल्नु; आलिङ्गन; बाहाँ-जोरी।

अङ्कित–वि० [सं०] १. चिह्न लगाइएको; छाप लगाइएको। २. लेखिएको; चित्रित। ३. गनिएको।

अङ्कुर–ना० [सं०] १. टुसो; मुना। २. गाभो; पिपिरो। ३. आँकुरो।

अङ्कुरित–वि० [सं०] टुसाएको; पलाएको।

अङ्कुरित-यौवना–ना० [सं०] नवयौवनको चिह्न देखिएकी स्त्री; भरखरकी तरुणी।

अङ्कुल–ना० [सं० अङ्कोल] १. काभ्रोका जस्ता पात, साना पहेँला फूल, बीचमा सेतो धर्को भएका राता फल हुने काँढ़ा-दार एक वृक्ष। २. त्यसैको फल; निकञ्जिका।

अङ्कुश–ना० [सं०] अङ्कुसे।

अङ्कुशित–वि० [सं०] १. अङ्कुश लगाइएको। २. युक्ति-द्वारा आफ्नो अधीनमा ल्याइएको।

अङ्कुसी–ना० [सं० अङ्कुश+ई] अङ्कुश; अङ्कुसे।

अङ्कुसे–ना० [सं० अङ्कुश+ए] १. घुँगुरिएको र कापे परेको, अड्काएर तान्ने शस्त्रविशेष; आँकुस; अङ्कुश। २. एक टुप्पो निहुरेको, अर्को टुप्पो सोझो भएको हात्ती हाँक्ने फलामे हतियारविशेष।

अङ्के–वि० [सं० अङ्क+ए] अङ्कमा लेखिएको; अङ्क भएको।

अङ्कोट–ना० [सं०] १. पेश्ता। २. त्यसैको बोट।

अङ्कोल–ना० [सं०] अम्फी।

अङ्खट–ना० [नें०] १. असजिलो अवस्था; खुंगे। २. दरकार; आवश्यकता; जरूरत।

अङ्ग–ना० [सं०] १. शरीरका भिन्न-भिन्न अवयव। २. जीउ; आङ; शरीर। ३. भाग; अंश; टुक्रा। ४. सहायक; उपकारक। ५. अप्रधान। ६. शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द–वेदका यी छ अङ्ग। ७. हात्ती, घोड़ा, रथ र पैदल–सेनाका यी चार अङ्ग। ८. यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि–योगका यी आठ अङ्ग। ९. स्वामी, अमात्य, सुहृत्, कोष, राष्ट्र, दुर्ग र सेना–राज्यका यी सात अङ्ग। १०. फल, फूल, बोक्रा, जरा र पात–वृक्षका यी पाँच अङ्ग। ११. वर्तमान भागलपुर प्रदेशमा पर्ने एक प्राचीन राज्य।

अङ्गज–वि० [सं०] १. जीउबाट पैदा भएको; अङ्गबाट निस्केको। (ना०) २. रौँ। ३. छोरा-छोरी। ४. कामदेव।

अङ्गण–ना० [सं०] आँगन; चोक; पटाङ्गिनी।

अङ्गद–ना० [सं०] १. बालिको छोरो। २. पाखुरामा लाउने गहना; बाजू।

अङ्ग-द्वार–ना० [सं०] मुख, कान, नाक, आँखा, गुद-द्वार, लिङ्ग आदि शरीरका द्वार; नव-द्वार।

अङ्गना–ना० [सं०] सुन्दर अङ्ग भएकी स्त्री; सुन्दरी; रमणी।

अङ्ग-प्रत्यङ्ग–ना० [सं०] १. शरीरका साना-ठूला अङ्ग; जीउका अवयव। २. कुनै समूहात्मक वस्तुका मुख्य र अमुख्य विभिन्न भाग वा अवयव।

अङ्ग-प्रोक्षक–ना० [सं०] अङोछा; आङ पुछ्ने रूमाल।

अङ्ग-प्रोक्षण–ना० [सं०] १. शरीर पुछ्नु। २. पानी सेचन गरेर शरीर शुद्ध गर्नु।

अङ्ग-भङ्ग–ना० [सं०] १. शरीरको कुनै अवयव टूट-फूट हुनु; जीउको कुनै अङ्गको हानि। २. युवती स्त्रीको मोहित पार्ने चेष्टा; स्त्री-जातिका कटाक्ष, हाव-भाव आदि क्रिया।

अङ्ग-भङ्गी–ना० [सं०] आँखा, मुख, हात आदि नचाएर प्रकट गरिने स्त्रीका भाव; लोग्ने-मानिसलाई मोहित गर्ने स्त्रीका हाव-भाव।

अङ्ग-रक्षक–ना० [सं०] १. राजा-महाराजा आदिका शरीरको हिफाजत गर्ने फौज वा व्यक्ति; आठ-पहरिया; बडी-गार्ड। २. बालकहरूको ददा।

अङ्ग-रक्षा–ना० [सं०] १. शरीरको रक्षा। २. अवयव वा भागहरूको रक्षा।

अङ्ग-राग–ना० [सं०] शरीरमा घस्ने सुगन्धी द्रव्य।

अङ्गरेज–ना० [अङ्ग्रेज] अङ्ग्रेज।

अङ्गरेजी–वि० [अङ्ग्रेजी] अङ्ग्रेजी।

अङ्ग-विकल–वि० [सं०] १. अङ्ग-भङ्ग भएको; विकलाङ्ग। २. लकुवा लागेको; पक्षवात भएको।

अङ्ग-विकार–ना० [सं०] शारीरिक दोष; अङ्ग-भङ्ग हुनु; अङ्गहरू घटी वा बढ़ी हुनु।

अङ्ग-विक्षेप–ना० [सं०] बोल्दा, गाउँदा, नाच्ता हात, गोड़ा आदि चलाउनु।

अङ्ग-विद्या–ना० [सं०] १. शरीरका चिह्न, रेखा आदि हेरेर जीवनका शुभाशुभ फल बताउने विद्या; सामुद्रिक विद्या। २. शिक्षा आदि वेदका अङ्गको विद्या।

अङ्गा–ना० [प्रा० अङ्गरक्खा] लबेदा, भोटो, कमीज, कुर्ता आदि माथिल्लो अङ्गमा लाउने वस्त्र।

अङ्गाङ्गि-भाव–ना० [सं०] शरीर र त्यसका अवयवको पारस्परिक सम्बन्ध; गौण र मुख्यको पारस्परिक सम्बन्ध।

अङ्गार–ना० [सं०] १. बल्दो गोल। २. गोल; कोइला। ३. मङ्गल-ग्रह।

अङ्गारक–ना० [सं०] १. मङ्गल-ग्रह। २. मङ्गल-वार। ३. आगाको झिल्को।

अङ्गारे–वि० [अङ्गार+ए] अँगारे।

अङ्गी–वि० [सं०] १. शरीर भएको; देह-धारी। २. मुख्य।

अङ्गीकार–ना० [सं०] स्वीकृति; मन्जूरी।

अङ्गीकृत–वि० [सं०] १. स्वीकार गरिएको; मन्जूर गरिएको; स्वीकृत। २. अङ्ग बनाइएको।

अङ्गुर–ना० [सं० अङ्गीकार] जिम्मा; अभिभारा।

अङ्गुल–ना० [सं०] १. औंलो। २. एक औंलाको चौड़ाइ-भरिको नाप; अमल।

CC-0. In Public Domain. Digitization by eGangotri

अङ्गुलि–ना० [सं०] १. औंलो। २. हात्तीको सूँड़को टुप्पो। ३. एक अङ्गुलको नापो; अमल।

अङ्गुलि-त्राण–ना० [सं०] १. ताँदोको चोट बचाउनाका निमित्त हातका औंलामा लगाउने छालाको खोल। २. अन्तनु; लक्खु। ३. सितार बजाउँदा औंलामा लगाउने तारको साधन; नक्खी।

अङ्गुलि-निर्देश–ना० [सं०] १. औंलो ठड़्याउनु; हप्की लाउनु। २. औंलाले देखाउनु; औंल्याउनु।

अङ्गुलि-प्रतिमुद्रा–ना० [सं०] औंलाको छाप; ल्याप्चे छाप।

अङ्गुलि-मुद्रा–ना० [सं०] नाउँ खोपेको औंठी; छाप भएको औंठी।

अङ्गुलि-स्फोटन–ना० [सं०] १. औंला पड्काउनु।

अङ्गुली–ना० (सं०) अङ्गुलि।

अङ्गुलीयक–ना० [सं०] हातका औंलामा लाउने गहना; औंठी।

अङ्गुष्ठ–ना० [सं०] बूढ़ी औंलो; औंठो।

अङ्गूर–ना० [फा०] १. घिरौंलाको पातका आकारका पात, सेता साना-साना फूल र झुप्पाकार फल फल्ने एक लता। २. त्यसैको फल; ठूलो जातको दाख। (आयुर्वेदमा यसको गुण ठन्डा, हृदयलाई हित गर्ने र वल-वर्द्धक बताइएको छ। यसको चीनी, सिर्का आदि बनाइन्छ।)

अङ्ग्रेज–ना० [पुर्त० इङ्लेज] १. बेलायतका मानिस; इङ्लैन्ड-निवासी। २, गोरा जाति।

अङ्ग्रेजी–वि० [अङ्ग्रेज+ई] १. बेलायती; अङ्ग्रेज-सम्बन्धी। (ना०) २. अङ्ग्रेजी भाषा; इङ्गलिश।

अच्–ना० [सं०] १. व्यञ्जनको उच्चारणमा सहायता गर्ने स्वर-वर्ण; अ, आ, इ, उ आदि वर्ण। २. व्याकरणको एक पारिभाषिक शब्द।

अचकचाइ–ना० [अचकचाउ+आइ] अचकचाउने किसिम, क्रिया वा भाव।

अचकचाइनु–अ० क्रि० [अचकचाउ+इ+नु] अकमकाइनु; ('अचकचाउनु'-को भा. क्रि.)।

अचकचाइनु–अ० क्रि० [ने०] अन्कनाउनु; अकमकाउनु।

अचकन–ना० [प्रा० अन्चुअ] एक किसिमको लामो दौरा; पाँच कल्ली भएको, दुइ ठाउँमा मात्र तुना लगाउने लामो लबेदा; लामो कोटजस्तो लाउने लबेदा।

अचकल्टो–वि० [प्रा० अद्धकच्च] १. पूरा नभएको; अपूरो; अपूर्ण; अधकल्चो। २. आधा पाकेको; कट्मिरो। ३. पूरा शिक्षा नपाएको; अर्ध शिक्षित। ४. अधवैसो; पूरा काम दिन नसक्ने।

अचकाली–क्रि० यो० [अचाक्ली] १. ज्यादा; अत्यन्त; चौपट्ट; अचाक्ली। (वि०) २. धेरै; औधी; अति।

अचपल–वि० [सं०] चञ्चल नभएको; धीर; शान्त।

अचम्म–ना० [सं० असम्भव] १. आश्चर्य; ताजुप; उदेक; गजब।

अचर–वि० [सं०] नचल्ने; गति-रहित; स्थावर।

अचल–वि० [सं०] १. नचल्ने; नहल्लने; नडग्ने; स्थिर; दृढ; निश्चल। २. उठाई लिएर जान नहुने; स्थावर। (ना०) ३. पर्वत; पहाड़; डाँड़ो।

अचल-सम्पत्ति–ना० [सं०] उठाएर एक ठाउँबाट अर्का ठाउँमा लैजान नहुने सम्पत्ति (घर, जग्गा-जमीन आदि)।

अचला–वि० [सं०] १. नचल्ने; स्थिर। (ना०) २. पृथ्वी।

अचाइ–ना० [अचाउ+आइ] अचाउने किसिम, क्रिया वा भाव।

अचाइनु–स० क्रि० [अचाउ+इ+नु)] अचाउने क्रिया गरिनु; आचमन गरिनु।

अचाउनु–स० क्रि० [सं० आचमन] १. धार्मिक चलनअनुसार मन्त्रपूर्वक मुखमा पानी हाल्नु; आचमन गर्नु। २. थोरै मात्रामा पानी पिउनु।

अचाक्ली–वि० [ने०] १. अति; औधी; अचकाली। (क्रि० यो०) २. ज्यादै; मर्यादा नाघेर। (ना०) ३. मर्यादा नाघेको काम।

अचाड़ू–वि० [ने०] १. बेमेल स्वभावको; कसैसित पनि नमिल्ने; एकोहोरो। २. जिद्दीवाल; अघोरी। ३. निहुँ-खोजाहा। (ना०) ४. नमिल्दो काम; नसुहाउँदो काम।

अचानक–क्रि० यो० [सं० अज्ञानात्] अपर्झट; अनायास; एकाएक; एक्कासि; अकस्मात्।

अचानु–ना० [ने०] १. पशुहरू काट्ता हतियार नबिग्रोस् भनी गर्धनमुनि राखिने काठ। २. मासु आदि थुँग्दा राखिने काठको ठेउको; थुँगनी।

अचान्चक–क्रि० यो० [अचानक] अकस्मात्; अचानक; एकाएक।

अचार–ना० [फा०] १. भोजन रुचिकर गराउनाका निमित्त अमिलो, पीरो, नून, तेल, मसला आदि मिसाएर बनाइएको तिक्खर स्वादको खाने पदार्थ। २. चटनी।

अचिकित्स्य–वि० [सं०] औषधिले निको हुन नसक्ने; असाध्य (रोग)।

अचिन्तनीय–वि० [सं०] १. मनले चिताउन नहुने वा नसकिने। २. मन र बुद्धिदेखि परको; अज्ञेय। ३. आशा गरेभन्दा बर्ताको; आशातीत।

अचिन्त्य–वि० [सं०] चिताउन नसकिने वा नहुने; मनले विचार गर्न नहुने वा नसकिने; अचिन्तनीय।

अचिर–क्रि० यो० [सं०] चाँड़ै; झट्टै; तुरुन्त; तत्काल।

अचिरात्–क्रि० यो० [सं०] तुरुन्तै; जल्दा-जल्दी; तत्काल।

अचूक–वि० [सं०] १. नचुक्ने; भूल नगर्ने; नबिराउने। २. खेर नजाने; विफल नहुने; अमोघ।

अचेत–वि० [सं०] चेतना नभएको; बेहोश; विचेत; सुद्धी हराएको।

अचेतन–वि० [सं०] १. चेतना नभएको; ज्ञान नभएको। २. होश नभएको; बेहोश।

अचेतनीकरण–ना० [सं०] औषधिद्वारा अचेत तुल्याउनु; बेहोश पार्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

अचेल–क्रि० यो० [सं० अचिर] हिजो-आज; आज-भोलि; हाल-साल; आजकाल।
अचेलभरि–क्रि० यो० [अचेल+भोलि] हिजो-आज; आज-काल; आज-भोलि; अचेल।
अचेल-भोलि–क्रि० यो० [अचेल+भोलि] आज-भोलि; हिजो-आज; अचेलभरि।
अचेष्ट–वि० [सं०] हल-चल नगर्ने वा गर्न नसक्ने।
अचैतन्य–वि० [सं०] चेतना नभएको; ज्ञान नभएको; जड।
अच्छ–वि० [सं०] १. स्वच्छ; पवित्र; निर्मल। (ना०) २. स्फटिक। ३. भालू।
अच्छन्द–वि० [सं०] १. छन्द-न-वन्दको; छन्द नमिलेको; वान्की नपरेको। २. ज्यादा; धेरै; अत्यन्त। ३. बेमेलको; परिस्थितिमा नमिल्ने। ४. छन्दमा नवाँधिएको (गद्य)।
अच्छा–वि० [प्रा० अच्छ] १. असल; बेस। २. राम्रो; सुन्दर। (अव्य०) ३. स्वीकार-सूचक शब्द।
अच्छिउँ–ना० [अच्छचूँ] अच्छचूँ।
अच्छिन्न–वि० [सं०] १. लगातार; सतत। २. नछिनेको; अविच्छिन्न।
अच्छेद्य–वि० [सं०] १. काट्न नसकिने; काट्न नहुने। २. नफाट्ने।
अच्छेर–ना० [सं० अक्षर] अक्षर।
अच्छचूँ–ना० [ने०] वारुलाका किसिमको विषालु कीरो।
अच्युत–वि० [सं०] १. च्युत नभएको; आफ्नो स्थानबाट नखसेको। २. नचुकेको। (ना०) ३. विष्णु; कृष्ण।
अछापे–वि० [अ+छाप+ए] छाप नलागेको; विनाछापको।
अछूत–वि० [प्रा० अछुत्त] छुन नहुने; अस्पृश्य; पानी नचल्ने; अछूती।
अछूती–ना० [अछूत+ई] छुन नहुने जाति; छोई छिटो हाल्नु-पर्ने जाति; अछूत-वर्ग; अस्पृश्य।
अछूतोद्धार–ना० [अछूत+उद्धार] १. अछूतीहरूको उद्धार; अछूत जातिलाई माथिल्लो जातिका समतामा ल्याउनु।
अछेता–ना० [सं० अक्षता] पूजा-आजामा चढ़ाइने सिङ्गो चामल; अक्षता।
अज–वि० [सं०] १. जन्म नभएको; आफै-आफ भएको। (ना०) २. ईश्वर। ३. ब्रह्मा। ४. जीव। ५. बाखो।
अजकल्चो–वि० [अगल्चो] बेजोड़ा; अगल्चो।
अजग–ना० [अघच] अघच।
अजगन्धा–ना० [सं०] बाबरी झार।
अजगर–ना० [सं०] ठूलो जातको सर्प; अजिङ्गर।
अजगव–ना० [सं०] शिवको धनु; पिनाक।
अजङ–क्रि० यो० [ने०] स्थूलता वा उच्चतामा अतिशय बुझाउने शब्द।
अजनवी–वि० [अ०] १. अज्ञात; नचिनेको; अपरिचित। २. नवागन्तुक; परदेशी। ३. अद्भुत; अनौठो।
अजन्मा–वि० [सं०] १. नजन्मेको; जन्म नलिने। (ना०) २. ईश्वर। ३. ब्रह्मा।
अजप–वि० [अ० अजव] अजव।
अजपा–ना० [सं०] १. स्वासका साथ स्वयम् जपिने मन्त्र (सोहम्)। २. मन-मनै ध्यानमात्र गरिने तान्त्रिक मन्त्र। (वि०) ३. नजपिएको; जप नगरिने (मन्त्र)।
अजब–वि० [अ०] अनौठो; गजबको; विलक्षण।
अजब-गजब–ना० [अजब+गजब] अचम्म; आश्चर्य; गजब।
अजमाइ–ना० [अजमाउ+आइ] अजमाउने किसिम, क्रिया वा भाव।
अजमाइनु–स० क्रि० [अजमाउ+इ+नु] अजमाउने क्रिया गरिनु; अजमाइस गरिनु; ('अजमाउनु'-को क० क्रि०)।
अजमाइस–ना० [फा० आजमाइश] १. पारख; परीक्षा; जाँच। २. कल्पना। ३. इन्तिजाम; तर्जुमा। ४. प्रयोग।
अजमाउनु–स० क्रि० [अजमाइस+आउ+नु] १. अजमाइस गर्नु; परीक्षा गर्नु; जाँची हेर्नु। २. बेहोरी हेर्नु। ३. इन्तिजाम गर्नु; तर्जुमा गर्नु। ४. प्रयोग गर्नु। ५. कल्पना गर्नु।
अजमोदा–ना० [सं०] धनियाँको जस्तो पात हुने, झुप्पाकार मसिना फूल फुल्ने, ज्वानुजस्तो फल फल्ने एक झार; जङ्गली ज्वानु; वन-यवानी।
अजम्मरी–वि० [सं० अजरामर] कहिल्यै बूढ़ो र मृत्यु नहुने; अजरामर; अमर; चिरञ्जीवी।
अजम्मरे–वि० [सं० अजरामर] अजम्मरी।
अजम्मऱ्याइँ–ना० [अजम्मरी+याइँ] अजम्मरी हुनाको भाव; अमरता।
अजय–ना० [सं०] १. हार; पराजय। (वि०) २. जित्न नसकिने; अजेय।
अजयपाल–ना० [सं०] १. काभ्रोका आकारको पात र हरिया फूल फुल्ने, खैरा ठूला-ठूला फल फल्ने एक वृक्ष; जयपाल। २. त्यसैको फल; जमालगोटा। (आयुर्वेदमा यसको गुण रेचक र पेट-सम्बन्धी रोगमा फायदा गर्ने बताइएको छ।)
अजर–वि० [सं०] १. कहिल्यै बूढ़ो नहुने; सधैँ तरुनो रहने। २. अविनाशी। (ना०) ३. देवता।
अजश्रृङ्गी–ना० [सं०] बोका र जरा सर्पको विष र सङ्ग्रहणी आदि रोगमा प्रयोग गरिने एक प्रकारको रूख; मेढाश्रृङ्गी।
अजस्र–क्रि० यो० [सं०] लगातार; निरन्तर; सधैँ; सदा।
अजहत्स्वार्था–ना० [सं०] अजहल्लक्षणा।
अजहल्लक्षणा–ना० [सं०] वाच्यार्थ त्याग नगरीकन अन्यार्थको बोध गराउने लक्षणा; उपादान लक्षणा।
अजाँ–ना० [अ० अज़ाँ] १. इस्लाम धर्मावलम्बीले अग्लो ठाउँबाट प्रार्थनाका निमित्त उच्च स्वरले दिने सूचना। २. उच्च स्वरले कुखुरो बासेको आवाज।
अजा–ना० [सं०] १. बाखी। २. दुर्गा। ३. माया; प्रकृति।
अजा-जीव–ना० [सं०] बाखा पालेर जिउने व्यक्ति।
अजा-जीविक–ना० [सं०] १. खसी-बोका पालेर जीविका गर्ने व्यक्ति; गोठालो। २. वकरे; कसाई।

CC-0. In Public Domain. Digitization by eGangotri

अजात–वि० [सं०] १. नजन्मेको; जन्म नभएको; अनुत्पन्न। २. जाति-च्युत भएको; जात काढ़िएको; पतित; कुजात। (ना०) ३. सानो जात; पानी नचल्ने जात; अछूत जात।

अजात-यौवना–ना० [सं०] यौवन प्रकट नभएकी कुमारी।

अजातशत्रु–वि० [सं०] १. शत्रु हुँदै नभएको। (ना०) २. युधिष्ठिर। ३. उपनिषद्मा वर्णित एक काशी-राज। ४. निस्सपत्न। ५. गौतम बुद्धका समकालीन मगध-नरेश।

अजाति–वि० [सं०] १. जाति-पतित; जाति-च्युत। २. भिन्न जाति।

अजान–वि० [सं०] १. केही नजान्ने; अनजान; अज्ञानी। २. सुधो; सीधा।

अजान–ना० [अ० अज़ाँ] अजाँ।

अजायब–ना० [अ०] १. अनौठो; अचम्मको; अद्‌भुत; विलक्षण; विचित्र। २. असाधारण।

अजायब-घर–ना० [अ०] जन-साधारणलाई देखाउनाका निमित्त अनेक प्रकारका अद्‌भुत र कला-कौशलका वस्तुहरू राखिएको घर; अद्‌भुत वस्तु-सङ्ग्रहालय; कौतुकागार; म्यूजियम।

अजिङ्गर–ना० [सं० अजगर] अजिङ्गर।

अजिङ्गर–ना० [सं० अजगर] १. ज्यादै ठूलो जातको निर्विष सर्प। (वि०) २. ज्यादै ठूलो; अजङ्गको। ३. धेरै खाने र सुत्ने। ४. अल्सी; अकर्मण्य।

अजिङ्गरे–वि० [अजिङ्गर+ए] १. अजिङ्गर-सम्बन्धी; अजिङ्गरको। २. ज्यादै ठूलो; अजङ्गको। ३. धेरै खाने; खन्चुवा। ४. धेरै सुत्ने; सुताहा।

अजिटन–ना० [अं० एड्जुटेन्ट] सेनाका सहायक अफिसर; ऐटन।

अजित–वि० [सं०] १. जित्न नसकिने; अजेय। (ना०) २. विष्णु। ३. शिव।

अजिमा–ना० [नेवा०] १. बाल-रोग निवारण गर्नाका निम्ति पूजा गरिने बौद्ध देवी। (शैव मार्गमा मातङ्गी) २. बूढ़ी-बज्यै।

अजिमाना–ना० [?] कट नछुट्ट्याइएको जाँड़।

अजिर–वि० [सं०] १. अटेर; जिराहा; हेपाहा। २. धिङ-न्याहा।

अजिर–ना० [सं०] १. आँगन; चोक; चौतारो। २. वायु; हावा। ३. शरीर। ४. इन्द्रियद्वारा अनुभव गर्न सकिने कुरो।

अजिर्निइनु–अ० क्रि० [अजिर्नि+इ+नु] अजिर्निने काम होइनु; अजीर्ण होइनु; ('अजिर्निनु'-को भा० क्रि०)।

अजिर्निनु–अ० क्रि० [सं० अजीर्ण+इ+नु] बढ़्ता खाएर अजीर्ण हुनु।

अजिर्न्याइनु–स० क्रि० [अजिर्न्याउ+इ+नु] अजिर्न्याउने काम होइनु; अजीर्ण पारिनु; ('अजिर्न्याउनु'-को क० क्रि०)।

अजिर्न्याउनु–स० क्रि० [अजिर्नि+याउ+नु] अजिर्निने पार्नु; अजीर्ण गराउनु; ('अजिर्निनु'-को प्रे० क्रि०)।

अजीब–वि० [अ०] अनौठो; अद्‌भुत; आश्चर्य-लाग्दो; विचित्र; गजबको।

अजीर्ण–ना० [सं०] १. खाएको वस्तु नपच्चा हुने पेटको रोग-विशेष; अपच। (वि०) २. नपचेको; अपरिपक्व।

अजीव–ना० [सं०] १. मृत्यु; काल। (वि०) २. मरेको; मृतक; मुर्दा। ३. जीव नभएको।

अजुर–वि० [अ+जुर्] १. अमिल्दो; बेमेलको। २. नजुर्ने; नजुरेको।

अजेय–वि० [सं०] जित्न नसकिने।

अजोग्गे–वि० [प्रा०] अयोग्य।

अजोड़–वि० [अ+जोड़ा] १. जोड़ा नभएको; जोड़ा नमिलेको; बिजोड़ा; अगल्चो। २. जोड़ा लाग्न नसकिने; बेजोड़; अजोरी; अद्वितीय। ३. ठूलो; भयानक। ४. ज्यादा; धेर।

अजोड़ी–वि० [अ+जोड़ी] अजोरी।

अजोर–वि० [अ+जोड़ा] अजोड़।

अजोरी–वि० [अ+जोड़ी] १. जोड़ा नभएको; अद्वितीय। २. प्रतिद्वन्द्वी नभएको।

अज्यौली–ना० [ने०] झगड़ा गर्न थापेको निहुँ; अर्घेली।

अज्ञ–वि० [सं०] नजान्ने; नसम्झने; मूर्ख।

अज्ञता–ना० [सं०] अज्ञ हुनाको भाव; मूर्खता; अज्ञान।

अज्ञनिता–ना० [सं०] १. अज्ञानको भाव। २. कुनै वस्तुविशेष-सित परिचित नहुनाको भाव; अनभिज्ञता। ३. मूर्खता।

अज्ञात–वि० [सं०] १. नजानेको; नचिनेको; अपरिचित। २. प्रकट नभएको; नदेखिएको।

अज्ञात-वास–ना० [सं०] कसैले थाह नपाउने गरी कुनै ठाउँको बसाइ; लुकेर बस्नु; गुप्त-वास।

अज्ञात-नामा–वि० [सं०] १. नाम नजानिएको; नाम नसुनिएको। २. विख्यात नभएको; नाम नचलेको।

अज्ञात-यौवना–ना० [सं०] आफ्नो प्राप्त यौवनलाई नजान्ने स्त्री; मुग्धा नायिका।

अज्ञान–ना० [सं०] १. बोध नहुनु; ज्ञानको अभाव। २. मूर्खता। ३. अविवेक।

अज्ञानी–वि० [सं०] १. ज्ञान नभएको। २. लट्ठक। ३. अजान; अबोध।

अज्ञेय–वि० [सं०] जान्न नसकिने; दुर्बोध।

अज्ञेयवाद–ना० [सं०] दृश्य जगत्‌भन्दा परको वस्तु जानेर जानिँदैन भन्ने सिद्धान्त।

अझ–क्रि० यो० [प्रा० अज्झ] १. अहिलेसम्म; अद्यापि। २. फेरि पनि। ३. तैपनि। ४. अटेरलाई सम्झाउँदा वा हप्काउँदा प्रयोग गरिने शब्द।

अझक–ना० [अजग] अजग; अघच।

अझ्यौली–ना० [अज्यौली] अज्यौली।

अञ्चल–ना० [सं०] १. सारी, पछ्यौरा आदिको छेउ; आँचल। २. किनार; तट। ३. भू-भाग; क्षेत्र। ४. नेपालका चौध कल्पित दिग्विभाग। (वाग्मती, नारायणी, सगरमाथा, जनकपुर,

CC-0. In Public Domain. Digitization by eGangotri

कोसी, मेची, गण्डकी, धवलागिरि, लुम्बिनी, उत्तर कर्णाली, भेरी, दक्षिण कर्णाली, खप्तर, महाकाली।)

अञ्जलि–ना० [सं०] अँजुली।

अञ्जलि-कर्म–ना० [सं०] १. मान्य जनलाई आदर गरी हात जोर्नु; जुम्ला-हात; नमस्कार गर्ने मुद्रा। २. पितृहरूलाई जल-दान दिनु; तर्पण; तिलाञ्जलि दिनु।

अञ्जीर–ना० [सं०] १. डाँठ खोक्रो, लम्स्याइलो तीन-कुने पात हुने, तिमिलाका जस्ता फल फल्ने बोटविशेष; पीपलका बीयाँजस्तो मसिना बीयाँ हुने फलविशेष।

अटकल–ना० [सं० अट्+कल] अड्कल।

अटकल-गीता–ना० [अटकल+गीता] अड्कल-गीता।

अटकल-पच्चू–वि० [अड्कल+पच्चू] अड्कल-पच्चू।

अटका–ना० [सं० अट्ट] १. देवतालाई चढ़ाउने खाद्य पदार्थ, वा त्यसको निष्क्रय। २. रोकावट; अड्को।

अटन–ना० [सं०] घुम्नु; हिँड़-डुल गर्नु; भ्रमण।

अटपट–क्रि० यो० [ने०] गड़बड़; गोलमाल। (वि०) २. अड़बड़; असजिलो; कठिन; जटिल।

अटमट्ट–क्रि० यो० [अटाउ+मट्ट (फाँ०)] १. उरमुट्ट; अटाई-नअटाई; ठसाठस; अटेस-मटेस। (वि०) २. बेसरी कसिएको; खाँदिएको। ३. अस्पट्ट।

अटल–वि० [सं०] १. नहल्लने; हल-चल नगर्ने; नडग्ने; स्थिर। २. अवश्य हुने; अवश्यम्भावी। ३. नटर्ने।

अटल–ना० [नेवा० अत ऽ] १. खुला मुख भएको, विशेषतः माटाको, लुगा धुने ठूलो भाँड़ो। २. खुट्टा भएको, फराक मुख भएको आगो राख्ने माटाको भाँड़ो; खुट्टा भएको थ्याप्चो र फराकिलो मुख भएको मकल।

अटवी–ना० [सं०] वन; जङ्गल।

अटाइ–ना० [अटाउ+आइ] अटाउने किसिम, क्रिया वा भाव।

अटाइनु–अ० क्रि० [अटाउ+इ+नु] अटाउने काम होइनु; अटाउनु; ('अटाउनु'-को क० क्रि०)।

अटाई-नअटाई–क्रि० यो० [अटाई+न+अटाई] ठसाठस; अटेस-मटेस भएर; उरमुट्ट।

अटाउनु–अ० क्रि० [सं० अट्] १. सबै भित्र पस्नु; खामिनु। २. समाविष्ट हुनु।

अटाएसा–ना० [फ्रे०] राज-दूत वा कुनै विशिष्ट राज-पुरुषका साथ रही कामविशेष गर्ने अधिकारी व्यक्ति; सहचारी।

अटाएसे–ना० [फ्रे० अटाएसा] अटाएसा।

अटाली–ना० [सं० अट्टाल] छानाका सट्टा सम्म पारिएको पक्की छादन; कौसी; छत; अट्टालिका।

अटित–वि० [सं०] १. भ्रमण गरेको; डुल-फिर गरेको। २. घुमाउरो; घुमेको।

अटूट–वि० [सं० अ+टुट्] १. नटुटेको; टुक्रा नभएको; सिङ्गो; सग्लो। (क्रि० यो०) २. लगातार; निरन्तर; अखण्ड; अनवरत।

अटेक–ना० [अ+टेक] आफ्नो सिद्धान्तमा नअड्नु; आफ्नो विचारमा नअड्नु; संकल्प वा विचारमा स्थिर नहुनु।

अटेर–वि० [अ+टेर] भनेका कुरा नटेर्ने; अह्राएको नमान्ने; हेपाहा; मिचाहा; अजिर; अनुशासन-हीन।

अटेरी–वि० [अटेर] १. भनेका कुरा नटेर्ने; भनेको नमान्ने; हेपाहा; अटेर। (ना०) २. अटेर हुनाको भाव।

अटेर्नु–ना० [ने०] १. घाँस-पातमा फीँजको डल्लोजस्तो गुँड़ लाउने एक जातको कीरो। (भेड़ा-बाखाले यो खायो भने बिरामी हुन्छ।) (वि०) २. भुट्टा फूल नउठ्ने; ठेट्नो।

अटेऱ्याइँ–ना० [अटेर+याइँ] अटेर हुनाको भाव।

अटेस-मटेस–क्रि० यो० [अटाउ+मटेस (फाँ०)] ठेलमठेल; अटाई-नअटाई; खचाखच; ठसाठस।

अटैसा–ना० [ने०] बीच-बीचमा सुनका सात वा नौ वटा बुट्टेदार दाना हाली बनाएको पोतेको माला; नौगेड़ी।

अट्काउ–ना० [अट्क+आउ] अड्काउ।

अट्ट–ना० [सं०] १. अटाली; सानो कौसी। २. चौतारो। ३. गुमोज। ४. बजार। ५. रण्डी-टोल। ६. दरबार; महल; भवन। ७. खाने वस्तु; भोज्य पदार्थ; अन्न।

अट्टहास–ना० [सं०] ठूलो हाँसो; ठूलो स्वरले हाँस्नु; खित्का छोड़ेर हाँस्नु।

अट्टान–वि० [ने०] साह्रै बलियो; दृढ; हट्टाकट्टा।

अट्टालिका–ना० [सं०] अग्लो घरको छाना नभएको माथिल्लो तला; अटाली; विशाल कौसी।

अट्ठा–ना० [प्रा० अट्ठ] कुनै रङ्गको आठ फुट्टी भएको तास वा गन्जीफाको पत्ती; आठ फुट्टीवाला चक्की।

अट्ठाइस–ना० [प्रा० अट्ठाईस] अट्ठाईस।

अट्ठाइसौँ–वि० [अट्ठाईस+औँ] गणनाका क्रमले अट्ठाईस सङ्ख्यामा परेको; अट्ठाईस सङ्ख्याको।

अट्ठाईस–ना० [प्रा०] १. बीस र आठको योग-सङ्ख्या; २८-को अङ्क। (वि०) २. बीस र आठको योग-सङ्ख्याको।

अठचालिस–ना० [सं० अष्टचत्वारिंशत्] अठचालीस।

अठचालिसौँ–वि० [अठचालिस+औँ] अठचालीसौँ।

अठचालीस–ना० [सं० अष्टचत्वारिंशत्] १. चालीस र आठको योग-सङ्ख्या; ४८-को अङ्क। (वि०) २. चालीस र आठको योग-सङ्ख्याको।

अठचालीसौँ–वि० [अठचालीस+औँ] गन्दै लैजाँदा अठचालीसमा परेको; अठचालीस सङ्ख्याको।

अठतीस–ना० [प्रा० अट्ठतीस] १. तीस र आठको योग-सङ्ख्या; ३८-को अङ्क। (वि०) २. तीस र आठको योग-सङ्ख्याको।

अठतीसौँ–वि० [अठतीस+औँ] गणनाका क्रमले अठतीसमा परेको; अठतीस सङ्ख्याको।

अठन्नी–ना० [आठ+आना+ई] पहिलेको आठ आनाको भारतीय सिक्का; भारतीय रुपियाँको आधा मोलको सिक्का।

अठबा–[ने०] १. अप्ठ्यारो; गाह्रो; मुश्किल। (ना०) २.

CC-0. In Public Domain. Digitization by eGangotri

असजिलो अवस्था; दोठ्याङ।

अठसट्ठि–ना० [प्रा० अट्ठसट्ठी] अठसट्ठी।

अठसट्ठियाँ–वि० [अठसट्ठी+याँ] गणनाका क्रमले अठसट्ठी सङ्ख्यामा पुगेको; अठसट्ठी सङ्ख्याको।

अठसट्ठी–[प्रा० अट्ठसट्ठी] १. साठी र आठको योग-सङ्ख्या; ६८-को अङ्क। (वि०) २. साठी र आठको योग-सङ्ख्याको।

अठहत्तर–ना० [प्रा० अट्ठहत्तर] १. सत्तरी र आठको योग-सङ्ख्या; ७८-को अङ्क। (वि०) २. सत्तरी र आठका योग-सङ्ख्याको।

अठहत्तरौं–वि० [अठहत्तर+औं] गन्दै लैजाँदा अठहत्तरको सङ्ख्यामा पुगेको; अठहत्तर सङ्ख्याको।

अठाउन्न–ना० [प्रा० अट्ठवन्न] अन्ठाउन्न।

अठाउन्नौं–वि० [अठाउन्न+औं] अन्ठाउन्नौं।

अठानब्बे–ना० [प्रा० अट्ठानवे] अन्ठानब्बे।

अठानब्बेयौं– वि० [अठानब्बे+यौं] अन्ठानब्बेयौं।

अठार–ना० [प्रा० अट्ठार] १. दश र आठको योग-सङ्ख्या; १७-पछिको अङ्क; १८-को अङ्क। (वि०) २. दश र आठको योग-सङ्ख्याको।

अठारौं–वि० [अठार+औं] गणनाको क्रमले अठार सङ्ख्यामा पुगेको; अठार सङ्ख्याको।

अठासियौं–वि० [अठासी+यौं] गणनाको क्रमले अठासीमा पुगेको; अठासी सङ्ख्याको।

अठासी–ना० [प्रा० अट्ठासि] १. असी र आठको योग-सङ्ख्या; ८७ र ८९-कोबीचको अङ्क; ८८-को सङ्ख्या। (वि०) २. असी र आठको योग-सङ्ख्याको।

अठाह्र–ना० [प्रा० अट्ठार] अठार।

अठाह्रौं–वि० [अठाह्र+औं] अठारौं।

अठिंगर–ना० [ने०] शरीरका अङ्गको जोर्नी; आङको जोर्नी।

अठिङ्र–ना० [अठिंगर] अठिंगर।

अठिङ्गर–ना० [अठिंगर] अठिंगर।

अठेङ–ना० [ने०] अठ्याङ।

अठेर-मठेर–वि० [अटेस-मटेस] अटेस-मटेस; प्रशस्त; ठेलमठेल।

अठेस-मठेस–ना० [अठेस-मठेस] अटेस-मटेस।

अठेसो–ना० [अँठ्याउ+एसो] झ्याल-ढोका आदि समातेर खोल्न वा लाउन खापामा जड़िएको साधन; हातो।

अठोट–ना० [ने०] १. निधो; निश्चय; निर्णय। २. तर्जुमा; तजवीज।

अठोटाइ–ना० [अठोट्+आइ] अठोट्ने किसिम, क्रिया वा भाव।

अठोटिनु–स० क्रि० [अठोट्+इ+नु] अठोट्ने काम गरिनु; अठोट गरिनु; ('अठोट्नु'-को क० क्रि०)।

अठोट्नु–स० क्रि० [अठोट्+नु] १. निश्चय गर्नु; निधो गर्नु। २. तजवीज गर्नु; बन्दोवस्त मिलाउनु।

अठ्याङ–ना० [ने०] असजिलो अवस्था; कठिनाइ; अठेङ।

अठ्याङ-मठ्याङ–क्रि० यो० [ने०] १. गड़वड़; गोलमाल। २. अठबा; दोठ्याङ।

अड़कल–ना० [सं० अट्+कल] अनुमान; अन्दाज; अटकल।

अड़कल-गीता–ना० [अड़कल+गीता] केवल अन्दाज; कोरा अनुमान।

अड़कल-पच्चू–ना० [अड़कल+पचित (सं०)] केवल अन्दाज; कोरा अनुमान; खालि लख; कपोल-कल्पना।

अड़कलाइ–ना० [अड़कल्+आइ] अड़कल्ने किसिम, क्रिया वा भाव।

अड़कलाइनु–स० क्रि० [अड़कलाउ+इ+नु] अड़कलाउने काम गरिनु; अड़कल्न लाइनु; ('अड़कलाउनु'-को क० क्रि०)।

अड़कलाउनु–स० क्रि० [अड़कल्+आउ+नु] अड़कल्न लाउनु; अनुमान गर्न लगाउनु; ('अड़कल्नु'-को प्रे० क्रि०)।

अड़कलिनु–स० क्रि० [अड़कल्+इ+नु] अड़कल्ने काम गरिनु; अड़कल गरिनु; ('अड़कल्नु'-को क० क्रि०)।

अड़कल्नु–स० क्रि० [अड़कल+नु] अड़कल गर्नु; अन्दाज गर्नु; अनुमान गर्नु।

अडग–वि० [अ+डग] नडग्ने; आफ्नो स्थानबाट नचल्ने; अटल।

अड़ना–ना० [अड्+ना] अड्डी; ढिपी; जिद्दी; हठ।

अड़बङ्गे–वि० [प्रा० अद्धभङ्ग] अड़भङ्गे।

अड़बड़–ना० [ने०] १. अप्ठेरो; दोठ्याङ। २. सन्देह। (वि०) ३. सम्म नभएको; होचो-अग्लो; एकनास नमिलेको।

अड़बे-खड़बे–वि० [ने०] होचो-अग्लो भएको; सतह नमिलेको;

अड़भङ्गे–वि० [प्रा० अद्धभङ्ग] १. मिलनसार नभएको; अमिल्दो। २. अर्धङ्गी; अर्ध-सिल्ली।

अड़भङ्ग्याहा–वि० [अड़भङ्गे+याहा] अड़भङ्गे; मिलनसार नभएको; अमिल्दो।

अड़ाइ–ना० [अड्+आइ] अड्ने किसिम, क्रिया वा भाव।

अड़ाइनु–स० क्रि० [अड्+आइ+नु] अड़ाउने काम गरिनु; अड्न लाइनु; ('अडाउनु'-को क० क्रि०)।

अड़ाउ–वि० [अड्+आउ] धेरै समयसम्म खप्ने; टिकाउ; स्थायी।

अड़ाउनु–स० क्रि० [अड्+आउ+नु] अड्न लाउनु; अड्याउनु; ('अड्नु'-को प्रे० क्रि०)।

अड़ान–ना० [अड्+आन] १. आफ्नो सिद्धान्तमा दृढ रहनु; जिद्दी; ढिपी; हठ। २. अड्ने ठाउँ; आश्रय; बिसौना।

अड़ाहा–वि० [अड्+आहा] हिँड्दा-हिँड्दै अड्ने बानी भएको; अड़ियल।

अड़िइनु–अ० क्रि० [अड़ि+इ+नु] अड़िने काम होइनु; थामिइनु; रोकिइनु; ('अड़िनु'-को भा० क्रि०)।

अडिग–वि० [अ+डग्] नडग्ने; स्थिर; अटल।

अडिटर–ना० [अं० ॲडिटर] १. मधेसका बड़ा-हाकिमको अर्थ-सम्बन्धी सल्लाहकार अफिसर। २. आम्दानी-खर्चको हिसाव जाँच्ने अधिकारी; लेखा-परीक्षक।

अड़िनी–ना० [अह्लाउ+नी] राज-दरबारका भान्सेहरूकी

CC-0. In Public Domain. Digitization by eGangotri

नाइकेनी; अड़ैनी।

अड़िनु–अ० क्रि० [अड्] १. रोकिनु; थामिनु; अड्डी लिनु; नडिग्नु। २. गर्ज पर्नु; खाँचो पर्नु; आखिरी पर्नु; आवश्यकता पर्नु। ३. ननिस्कनु; अड्कनु। ४. नचल्नु।

अड़िनु–अ० क्रि० [अड्+इ+नु] अड्ने काम होइनु; अड़िइनु; ('अड्नु'-को भा० क्रि०)।

अड़िन्चे–ना० [नेवा० अरिँ+इन्चे] केटा-केटीलाई लाग्ने रुन्चे रोग। (गर्भिणी र प्रसव भएका छ महीनाभित्रका स्त्रीहरूसँग बाह्र वर्ष नपुगेका केटा-केटीको स्पर्श भयो भने यो रोग लाग्छ भन्ने कथन छ।)

अड़ियल–वि० [अड्+इयल] हिँड्दा-हिँड्दै बीचमा अड्ने स्वभावको ; अड़ाहा (घोड़ा)।

अड़िलो–वि० [अड्+इलो] अड़ी-अड़ी हिँड्ने; सुस्त-सुस्त हिँड्ने; हिँड्दा-हिँड्दै रोकिने (घोड़ा); अड़ियल।

अड़ेरी–ना० [ने०] लामा-लामा काँढ़ा हुने झारविशेष।

अड़ेस–ना० [अड्+एस] १. आड़ लिने वस्तु वा ठाउँ; आड़ा; अड़ेसा; ठूलो तकिया; बालिस्ट। २. डल्याँठाका आकारको ध्यान गर्दा हात अड्याउने जोगीहरूको साधनविशेष।

अड़ेसा–ना० [अड़ेस] अड़ेस।

अड़ेसो–ना० [अड्+एसो] १. हावा आदिले झ्याल-ढोका बन्द नहोस् भनेर खापामा लगाइने फलामे अङ्कुसे वा काठको चुकुल; खापा र चौकोसको बीचमा जड़िएको ठचौको; झ्याल-ढोकाको आड़ा। २. झ्याल-ढोका बन्द गरिराख्ने चुकुल; थँ-चुकू।

अड़ैनी–ना० [अड़िनी] अड़िनी।

अड़ैया–वि० [अड्+ऐया] अड़ाहा; अड़ियल।

अड्कनु–अ० क्रि० [अड्क+नु] १. रोकिनु; थामिनु। २. अल्झनु; फँस्नु; प्रतिबन्धमा पर्नु। ३. खाँचो हुनु; हर्जा पर्नु; गर्ज पर्नु।

अड्काइ–ना० [अड्क+आइ] अड्कने किसिम, क्रिया वा भाव।

अड्काइनु–स० क्रि० [अड्क+आइ+नु] अड्काउने काम होइनु; अड्कन लाइनु; ('अड्काउनु'-को क० क्रि०)।

अड्काउ–ना० [अड्क+आउ] अड्को; खाँचो; हर्जा।

अड्काउनु–स० क्रि० [अड्क+आउ+नु] १. अल्झाउनु; अड्कने पार्नु; ('अड्कनु'-को प्रे० क्रि०)। २. रोक्नु; थाम्नु। ३. गर्ज पार्नु; खाँचो पार्नु। ४. जोल्टयाउनु।

अड्काउ-पड्काउ–ना० [अड्काउ+पड्काउ (फाँ०)] १. रोक-टोक; बाधा। २. गर्ज; हर्जा; अड्को-पड्को।

अड्किइनु–अ० क्रि० [अड्कि+इ+नु] अड्किने काम होइनु; रोकिइनु; ('अड्किनु'-को भा० क्रि०)।

अड्किनु–अ० क्रि० [अड्क+इ+नु] १. अड्कने काम होइनु; रोकिनु; अड्किइनु; ('अड्कनु'-को भा० क्रि०)। २. अड्कनु।

अड्को–ना० [अड्क] १. अड्काउ; प्रतिबन्ध; रोकावट। २. खोते; बाधा। ३. हर्जा; खाँचो; गर्ज।

अड्को-पड्को–ना० [अड्क+पड्को (फाँ०)] अड्काउ-पड्काउ; खन-खाँचो।

अड्क्याइनु–ना० [अड्कि+आइ+नु] अड्किन लाइनु; अड्काइनु; ('अड्क्याउनु'-को क० क्रि०)।

अड्क्याउनु–स० क्रि० [अड्कि+याउ+नु] अड्किन लाउनु; अड्काउनु; ('अड्किनु'-को प्रे० क्रि०)।

अड्चन–ना० [अड्०] १. विघ्न; बाधा। २. अड्को। ३. कठिनाइ।

अड्डा–ना० [सं० अट्टा] १. औपचारिक काम गर्ने ठाउँ; अदालत; कचहरी; अफिस। २. धेरै मानिस भेला भएर बस्ने ठाउँ। ३. अखड़ा।

अड्डा-अदालत–ना० [अड्डा+अदालत] देवानी, फौजदारी, माल आदि अड्डाहरू; अड्डाहरूको समुदाय; अड्डाखाना।

अड्डाखाना–ना० [अड्डा+खाना] अड्डाहरू बसेको ठाउँ; धेर अड्डाको समुदाय।

अड्डासार–ना० [अड्डा+सार्] सरकार-वादी मुद्दामा अभियुक्त व्यक्तिलाई पक्राउ गरी एक अड्डाले अर्को अड्डालाई बुझाउँदै नियत स्थानमा लगी बुझाउन ल्याउने काम।

अड्डी–ना० [अड्+ई] १. ढिपी; जिद्दी; एकोहोऱ्याइँ। २. खापाको खुरा अड्याउने खोपिल्टो; खुरा-घर। ३. सेनाले दखल गरी बसेको ठाउँ।

अड्नु–अ० क्रि० [प्रा० अड्ड] १. रोकिनु; थामिनु; अड़िनु। २. अड्कनु; अल्झनु। ३. स्थिर रहनु; अड्डी लिनु। ४. गर्ज पर्नु; खाँचो पर्नु; आखिरी पर्नु; आवश्यकता पर्नु। ५. नफुक्नु; ननिस्कनु।

अड्याइ–ना० [अड़ि+आइ] अड़िने किसिम, क्रिया वा भाव।

अड्याइनु–स० क्रि० [अड़ि+आइ+नु] अड़िन लाइनु; अड्याउने काम गरिनु; ('अड्याउनु'-को क० क्रि०)।

अड्याउनु–स० क्रि० [अड़ि+याउ+नु] १. अड़िन लाउनु; अड़िने पार्नु; अड़ाउनु; ('अड़िनु'-को प्रे० क्रि०)। २. रोक्नु; थाम्नु।

अढ़ाइ–वि० [प्रा० अद्ध+दुइ] दुइ र आधा; साढ़े दुइ।

अढ़ैया–ना० [अढ़ाइ+ऐया] १. अढाइ सेर तौलको ढक; दुइ सेर र आधाको ढक। २. अढ़ाइ अङ्कको दुनोट।

अणिमा–ना० [सं०] १. सानो हुनाको भाव; सूक्ष्मता। २. शिवजीका अष्ट सिद्धिमध्ये एक।

अणु–ना० [सं०] १. आठ परमाणुको मान। २. कुनै वस्तुको सारै सानो टुक्रा; कण। ३. रज-कण। ४. अत्यन्त सूक्ष्म मात्रा।

अणु-बम–ना० [सं० अणु+बॅम्ब (अं०)] अणु-शक्तिको विस्फोट हुने एक किसिमको अत्यन्त भीषण बम।

अणुवाद–ना० [सं०] १. जीव अथवा आत्मालाई अणु मान्ने सिद्धान्त। २. वैशेषिक दर्शन।

अणुवादी–ना० [सं०] अणुवादको सिद्धान्त मान्ने व्यक्ति।

अणु-वीक्षण–ना० [सं०] १. सूक्ष्म-दर्शक यन्त्र। २. छिद्रान्वेषण।

CC-0. In Public Domain. Digitization by eGangotri

अण्ड–ना० [सं०] १. आँड़ा; गुला। २. विश्व; ब्रह्माण्ड। ३. शुक्र; वीर्य। ४. कस्तूरी; मृग-नाभि। ५. कामदेव। ६. चरा-चुरुङ्गी आदिको फुल।

अण्ड-कोष–ना० [सं०] १. जननेन्द्रियको मनितिर वीर्य-वाहिनी नाडी भएको द्वि-फलक थैली। २. गुला; आँड़ा।

अण्डज–वि० [सं०] फुलबाट जन्मने; अण्डाबाट उत्पन्न हुने (पक्षी, सर्प आदि)।

अण्ड-वृद्धि–ना० [सं०] अण्ड-कोष बढ्ने रोग।

अण्डा–ना० [सं० अण्ड] १. चरा, सर्प आदिको फुल। २. अण्ड-कोष; मुष्क।

अण्डाकार–वि० [सं०] चरा-चुरुङ्गीका फुलको वान्की परेको; लाम्चो किसिमको गोल।

अण्डे–वि० [अण्डा+ए] एउटै मात्र गुला भएको; आँड़े।

अतः–क्रि० यो० [सं०] यस कारण; यसैले; यस उसले; यस निमित्त।

अतद्‌गुण–ना० [सं०] कुनै वर्णनीय पदार्थको गुण ग्रहण गर्ने सम्भावना हुँदा-हुँदै पनि गुण ग्रहण नगर्ने एक साहित्यिक अलङ्कार।

अतनु–ना० [सं०] कामदेव; अनङ्ग।

अतर्कित–वि० [सं०] १. तर्क नगरिएको; कल्पना नगरिएको। २. आकस्मिक। ३. अचानक आइपरेको।

अतर्क्य–वि० [सं०] १. तर्क गर्न नसकिने। २. अन्दाज गर्न नसकिने। ३. अचिन्त्य।

अतल–ना० [सं०] १. सप्त पातालमध्ये एक। (वि०) २. पींध पत्ता लाउन नसकिने; अथाह गहिरो।

अतल-स्पर्शी–वि० [सं०] १. ज्यादै गहिरो; अथाह गहिरो। २. पाताल छुने।

अतालिइनु–अ० क्रि० [अतालि+इ+नु] अतालिने काम होइनु; अरल्लिइनु; ('अतालिनु'-को भा० क्रि०)।

अतालिनु–अ० क्रि० [आत्ति+नु] १. रुँदा-रुँदै सास रोकिएर वेहोशजस्तो हुनु; अरल्लिनु; अलल्लिनु; विह्वल हुनु। २. आत्तिएर रुनु; कहालिनु। ३. आत्तिनु; बुद्धि-विभ्रम हुनु।

अताले–वि० [अतालि] रुँदा-रुँदै वेहोशजस्तै हुने; अतालिने स्वभावको।

अताल्याइ–ना० [अतालि+आइ] अतालिने किसिम, क्रिया वा भाव।

अताल्याइनु–स० क्रि० [अतालि+आइ+नु] अतालिन लाइनु; अताल्याउने काम गरिनु; ('अताल्याउनु'-को क० क्रि०)।

अताल्याउनु–स० क्रि० [अतालि+याउ+नु] अतालिने पार्नु; अत्त्याउनु; ('अतालिनु'-को प्रे० क्रि०)।

अतास–ना० [प्रा० अत्तास] आत्तिनु; आतुस; डर; त्रास; कहाली।

अतासिइनु–अ० क्रि० [अतासि+इ+नु] अतासिने काम होइनु; तर्सिइनु; ('अतासिनु'-को भा० क्रि०)।

अतासिनु–अ० क्रि० [अतास+इ+नु] अतासमा पर्नु; तर्सिनु; कहालिनु; आत्तिनु।

अतास्याइ–ना० [अतासि+याइ] अतासिने किसिम, क्रिया वा भाव।

अतास्याइनु–स० क्रि० [अतासि+याइ+नु] अतासिन लाइनु; अतास्याउने काम गरिनु; ('अतास्याउनु'-को क० क्रि०)।

अतास्याउनु–स० क्रि० [अतासि+याउ+नु] अतासिन लाउनु; अत्त्याउनु; ('अतासिनु'-को प्रे० क्रि०)।

अति–वि० [सं०] १. ज्यादा; अत्यन्त। (अव्य०) २. नाम शब्दका अगिल्तिर आउँदा अतिशय, सीमोल्लङ्घन, श्रेष्ठता आदि बुझाउने उपसर्ग।

अतिकाल–ना० [सं०] अबेर; विलम्ब।

अतिक्रम–ना० [सं०] १. सीमा, नियम वा मर्यादाको उल्लङ्घन; विरुद्ध व्यवहार। २. काल बित्नु।

अतिक्रमण–ना० [सं०] १. अधिकारको सीमा नाघ्नु; मर्यादाको उल्लङ्घन; सीमामा नरहनु। २. समय बिताउनु।

अतिक्रान्त–वि० [सं०] १. मर्यादा नाघेको; सीमा पार गरेको। २. बितेको; व्यतीत।

अतिक्रामक–ना० [सं०] १. मर्यादा उल्लङ्घन गर्ने; सीमा नाघ्ने। २. अर्काको अधिकारमा हस्त-क्षेप गर्ने; अनधिकार चेष्टा गर्ने।

अतिगति–ना० [सं०] मोक्ष; मुक्ति; परम-पद।

अतिचरण–ना० [सं०] अतिक्रमण; अतिचार।

अतिचार–ना० [सं०] १. अर्काको अधिकारमा बाधा पर्ने गरी आफ्नो मर्यादा नाघ्नु; मर्यादा उल्लङ्घन गरी अर्काको अधिकारमा बाधा पुऱ्याउनु; अत्याचार। २. ग्रह आदिको स्वाभाविक गतिभन्दा बढ्ता गति हुनु।

अतिचारी–ना० [सं०] अर्काको अधिकार वा काममा बाधा हुने गरी मर्यादा नाघेर काम गर्ने; अतिचार गर्ने; अत्याचारी।

अतिथि–ना० [सं०] १. घरमा आएको व्यक्ति; पाहुनु; आगन्तुक; अभ्यागत। २. एक ठाउँमा एक रातभन्दा बढ्ता नबस्ने फिरन्ता।

अतिथि-निवास–ना० [सं०] पाहुना-घर; अतिथि-शाला।

अतिथि-शाला–ना० [सं०] पाहुनाहरूका लागि बनाइएको भवन; पाहुना-घर; अतिथि-निवास।

अतिथि-सेवा–ना० पाहुनाको सेवा; अतिथिको सत्कार।

अतिप्रबल-गोरखा-दक्षिण-बाहु–ना० [सं०] विशेष श्रेणीको गोरखा-दक्षिण-बाहु तक्मा। (महाधिपति र अधिपतिले धारण गर्ने–यसका दुइ भेद छन्।)

अतिबला–ना० [सं०] १. कालो-बलु। २. एक विशेष विद्या।

अतिमुक्त–ना० [सं०] सेतो-जाई।

अतिमूत्र–ना० [सं०] धेरै पिशाब हुने रोगविशेष; बहुमूत्र।

अतिरञ्जक–वि० [सं०] बढ्ता तारीफ गर्ने; फर्माएर भन्ने; अत्युक्तिसाथ वर्णन गर्ने; कुरा रँगाउने।

अतिरञ्जन–ना० [सं०] बर्ता वर्णन गर्नु; ज्यादा तारीफ गर्नु;

CC-0. In Public Domain. Digitization by eGangotri

अत्युक्ति।

अतिरञ्जित–वि० [सं०] खूब तारीफ गरिएको; अति प्रशंसा गरिएको।

अतिरिक्त–वि० [सं०] १. बाहेक; भिन्न। २. थप; बढ्ता।

अतिरिक्त-पत्र–ना० [सं०] कुनै पत्रका साथ थप गाँसिएको पत्र; क्रोड-पत्र।

अतिरिक्ताङ्क–ना० [सं०] सामान्य अङ्कभन्दा बाहेकको अङ्क (पत्र-पत्रिकाको)।

अतिरेक–ना० [सं०] १. अतिशयता; अधिकता। २. अरूभन्दा असल हुनु।

अतिवृष्टि–ना० [सं०] १. अति वर्षा; आवश्यकभन्दा बढ्ता हानिकारक वृष्टि। २. आठ प्रकारका ईतिमध्ये एक।

अतिव्याप्ति–ना० [सं०] लक्ष्यलाई नाघेर अन्यत्र घट्ने लक्षणको काव्य-दोष।

अतिशय–वि० [सं०] ज्यादा; अधिक।

अतिशयिता–ना० [सं०] ज्यादा हुनाको भाव; अधिकता।

अतिशयोक्ति–ना० [सं०] १. स्वाभाविकभन्दा बर्ता वर्णन। २. निगरणपूर्वक उपमेय र उपमानको अभेद वर्णन गर्दा हुने एक अर्थालङ्कार।

अतिसन्धान–ना० [सं०] १. धोखा। २. छल; कपट। ३. ठगी; वञ्चना।

अतिसा–ना० [सं० अतिशय] एक प्राचीन बौद्ध भिक्षु; दीपङ्कर-श्रीज्ञान।

अतिसार–ना० [सं०] विरुद्ध आहार-विहारबाट खाएका कुरा नपची पातलो गह्लाउने दिसा बार-बार हुने रोगविशेष।

अतिहायन–ना० [सं०] सारै बूढो; अति वृद्ध।

अतीत–वि० [सं०] १. बितेको; व्यतीत। २. मरेको; मृत।

अतीन्द्रिय–वि० [सं०] इन्द्रियद्वारा अनुभव गर्न नसकिने; इन्द्रियको अगोचर; अप्रत्यक्ष।

अतीव–क्रि० यो० [सं०] ज्यादै; खूब; अत्यन्त; अतिशय।

अतीस–ना० [सं०] किम्बुको जस्तो फल फल्ने, लहरादार लामा-लामा फूल फुल्ने ठूलो रूखविशेष; उत्तिस।

अतुल–वि० [सं०] १. तौलन वा अन्दाज गर्न नसकिने। २. असमान; अनुपम; उपमान-रहित।

अतुल-ज्योतिर्मय-त्रिशक्ति-पट्ट–ना० [सं०] विशिष्ट दर्जाको त्रिशक्ति-पट्ट तक्मा। (महाधिपति र अधिपतिले धारण गर्ने–यसका दुइ भेद छन्)।

अतुलनीय–वि० [सं०] १. तुलना गर्न नसकिने; अपरिमित; अपार। २. अनुपम।

अतुलित–वि० [सं०] १. नतौलिएको। २. अपरिमित; अपार। ३. असङ्ख्य। ४. अनुपम।

अतृप्त–वि० [सं०] १. तृप्त नभएको; नअघाएको; सन्तोष नभएको। २. भोको।

अतृप्ति–ना० [सं०] तृप्त नहुनु; तृप्त नहुनाको भाव; मन नअघाउनु।

अत्तर–ना० [अ० इत्र] फूल आदिको सुगन्धी सार; खुस्बू।

अत्तर-गुलाफ–ना० [अत्तर+गुलाफ] अत्तर-गुलाब।

अत्तर-गुलाब–ना० [अत्तर+गुलाब] विभिन्न रङ्गमा फुल्ने, खूब बास्ना आउने एक जातको असल गुलाब।

अत्तर-छाला–ना० [सं० इतर+छाला] छाला वा बोक्राको बाहिरी पातलो तह; बाहिरी पातलो छाला।

अत्तो–ना० [ने०] १. फतुर; झुट्ठा दोष। २. अड्को।

अत्तो-पत्तो–ना० [अत्तो+पत्तो] सामान्य र विशेष स्थितिको ज्ञान; यत्तो-पत्तो।

अत्त्याइनु–स० क्रि० [आत्ति+याइ+नु] आत्तिन लाइनु; अत्त्याउने काम गरिनु; ('अत्त्याउनु'-को क० क्रि०)।

अत्त्याउनु–स० क्रि० [आत्ति+याउ+नु] १. आत्तिने पार्नु; आत्तिन लाउनु; ('आत्तिनु'-को प्रे० क्रि०)। २. डर देखाउनु; तर्साउनु।

अत्यधिक–वि० [सं०] ज्यादै बढ्ता; अत्यन्त; धेरै; औधी।

अत्यन्त–क्रि० यो० [सं०] अतिशय; ज्यादा; खूब; बिछट्टै; धेरै।

अत्यन्तातिशयोक्ति–ना० [सं०] कारणको आरम्भ हुनुभन्दा पहिले नै कार्य-सिद्धिको वर्णन गरिने अतिशयोक्ति अलङ्कारको भेद।

अत्यन्ताभाव–वि० [सं०] १. बिलकुलै नहुनु; नितान्त अभाव। २. पाँच प्रकारका अभावमध्ये एक। ३. असम्भव।

अत्यम्लपर्णी–ना० [सं०] चर्चरे लहरो।

अत्यय–ना० [सं०] १. बित्नु। २. सिद्धिनु। ३. मृत्यु; नाश। ४. सीमा नाघ्नु; मर्यादा उल्लङ्घन गर्नु।

अत्याइ–ना० [आति+आइ] आत्तिने किसिम, क्रिया वा भाव।

अत्याइनु–स० क्रि० [आति+याइ+नु] अत्त्याइनु; ('अत्याउनु'-को क० क्रि०)।

अत्याउनु–स० क्रि० [आति+याउ+नु] अत्त्याउनु; ('आतिनु'-को प्रे० क्रि०)।

अत्याचार–ना० [सं०] १. स्वार्थको निमित्त अरूलाई दुःख दिनु; अन्याय; कुकर्म; दुराचार। २. थिचो-मिचो; दबाव।

अत्याचारी–वि० [सं०] अत्याचार गर्ने; अन्यायी; दुराचारी।

अत्याज्य–वि० [सं०] त्याग्न नहुने; छोड्न नहुने वा नसकिने।

अत्यास–ना० [आतिनु] १. ठूलो त्रास; अत्याहट। २. आतुरी; हड़बड़ी।

अत्याहट–ना० [अत्यास+आहट] १. ठलो डर; त्रास; अत्यास। २. आतुरी; हड़बड़ी।

अत्युक्त–वि० [सं०] बढ्ता बयान गरिएको; अत्युक्ति भएको।

अत्युक्ति–ना० [सं०] १. कुनै कुरोको बर्ता वर्णन गर्नु। २. नभएका गुणको वर्णन गर्नु। ३. मिथ्या वर्णन गरिने प्रसिद्ध काव्यालङ्कारविशेष।

अत्र–क्रि० यो० [सं०] यहाँ; यस ठाउँमा।

अत्रप–वि० [सं०] लाज नभएको; निर्लज्ज।

अत्रभवान्–सर्वना० [सं०] माननीय व्यक्ति; पूज्य मानिस;

CC-0. In Public Domain. Digitization by eGangotri

श्रेष्ठ व्यक्ति; यहाँ ।

अत्रि–ना० [सं०] सप्तर्षिमध्ये एक ऋषि ।

अथ–ना० [सं०] १. ग्रन्थारम्भमा प्रयोग गरिने शब्द । २. मङ्गल । ३. आरम्भ । ४. अन्तर । ५. प्रश्न । ६. अधिकार । ७. संशय । ८. समुच्चय । (क्रि० यो०) ९. पश्चात्; तदनन्तर ।

अथक–वि० [अ+थाक्] १. नथाक्ने; अश्रान्त; अक्लान्त । (क्रि० यो०) २. लगातार; निरन्तर ।

अथकित–वि० [सं०] नथाकेको; थकित नभएको; अक्लान्त ।

अथच–अव्य० [सं०] १. अरू; अरू पनि; पनि । २. यसपछि; अनिपछि ।

अथर्व–ना० [सं०] चार वेदमध्ये एक ।

अथर्वा–ना० [सं०] अथर्वको प्रयोग गर्ने एक प्रसिद्ध ऋषि ।

अथवा–सं० यो० [सं०] १. अर्को पक्ष बुझाउँदा प्रयोग गरिने शब्द; किंवा । (क्रि० यो०) २. साधारणतः; सामान्यतः ।

अथ-विचार–ना० [सं०] लगत्तै गरिने विचार; यसपछि गरिने विचार ।

अथारी–ना० [नें०] शहनाईको माझको काठको घुर्मुकिएको अवयव ।

अथारे–वि० [अथारो+ए] मात्राभन्दा ज्यादै ठूलो; अति बाक्लो (रोटी); अथारो ।

अथारो–वि० [नें०] बाक्लो; मोटो; ठूलो; अथारे (रोटी) ।

अथाह–वि० [अ+थाह] १. थाहा नपाइने; थाहा पाउन नसकिने; अत्तो-पत्तो नभएको; अगम । २. गहीरो; अगाध ।

अथुलाइ–ना० [अथुलाउ+आइ] अथुलाउने किसिम, क्रिया वा भाव ।

अथुलाइनु–अ० क्रि० [अथुलाउ+इ+नु] अथुलाउने काम गरिनु; ('अथुलाउनु'-को भा० क्रि०) ।

अथुलाउनु–अ० क्रि० [अथुल्लो+आउ+नु] ज्यादा मोटो हुनु; थसुल्लिनु ।

अथुल्लो–वि० [प्रा०] ठूलो; वड़ेमाको; अजङ्को; अति स्थूल ।

अदण्ड–वि० [सं०] १. दण्ड नलागेको; सजाय दिन नहुने भएको । २. लट्ठी नलिएको वा नभएको ।

अदण्डच–वि० [सं०] १. दण्ड दिन योग्य नभएको । २. दण्ड नपाउने; सजाय नपाउने ।

अदत–ना० [अ० अदद] जिन्सीको एकाई; थान; गोटा; सङ्ख्या ।

अदत्त–वि० [सं०] नदिइएको; असमर्पित ।

अदत्ता–ना० [सं०] अविवाहिता; कुमारी; कन्या ।

अदद–ना० [अ०] अदत; थान ।

अदना–वि० [अ०] सानो खालको; निम्न स्तरको; क्षुद्र; निकृष्ट ।

अदन्त–वि० [सं०] दाँत नउम्रेको; दाँत नभएको ।

अदप–ना० [अ० अदव] अदव ।

अदब–ना० [अ०] १. आदर; सम्मान । २. ठूला मानिसको प्रभावले अनुप्रभावित हुनु; अनुशासन ।

अदभ्र–वि० [सं०] १. धेरै; ज्यादै; अधिक । २. पूरा; सम्पूर्ण ।

अदम्य–वि० [सं०] १. दमन गर्न नसकिने; दबाउन नसकिने । २. खूब बलियो । ३. प्रचण्ड; उग्र । ४. दाउन नसकिने ।

अदय–वि० [सं०] दया नभएको; निर्दयी ।

अदर्शन–ना० [सं०] १. नदेखिनु; अदृश्य हुनु । २. लोप । ३. नाश; विनाश ।

अदल–ना० [अ०] १. सदाचारको नियम । २. न्याय; इन्साफ ।

अदल-बदल–ना० [अ०] १. हेर-फेर; अदली-बदली । २. सट्टा-पट्टा; फेर-फार; परिवर्तन ।

अदली-बदली–ना० [अदल+बदल] हेर-फेर; अदल-बदल; परिवर्तन ।

अदा–ना० [अ०] १. फछर्योट; चुक्ता । २. पूरा गर्नु; पूर्ति । ३. हाव-भाव; भाव-भङ्गी ।

अदाग–वि० [अ+दाग] १. दाग नलागेको; बेदाग । २. निर्दोष; निष्कलङ्क ।

अदाच्छे–वि० [सं० यदिच्छ] असाध्य धनी; धनाढ्य; तालिवर ।

अदान्त–वि० [सं०] १. इन्द्रिय-दमन गर्न नसक्ने; विषयासक्त; इन्द्रिय-लोलुप । २. दमन नगरिएको ।

अदालत–ना० [अ०] मुद्दा-मामिलाको इन्साफ गर्ने अड्डा; न्यायालय ।

अदालती–वि० [अ०] १. अदालत-सम्बन्धी; अदालतको । २. मुद्दा लड्ने; अदालत गर्ने ।

अदालती-बन्दोबस्त–ना० [अदालती + बन्दोबस्त] न्यायपालिकाको प्रशासन-व्यवस्था ।

अदावत–ना० [अ०] शत्रुता; दुश्मनी ।

अदिति–ना० [सं०] १. कश्यपकी पत्नी; देवताकी आमा । २. प्रकृति । ३. पृथ्वी । ४. वाणी । ५. गाई ।

अदिन–ना० [सं०] १. खराब दिन; सङ्कटको समय । २. बादल लागेको दिन; दुर्दिन । ३. दुर्भाग्य; अभाग्य ।

अदिव्य–वि० [सं०] १. लौकिक । २. साधारण ।

अदीन–वि० [सं०] १. दुःख नभएको; दीनता-शून्य । २. उग्र; उद्दण्ड । ३. डर नभएको; निडर । ४. ठूलो विचारको; उदार ।

अदुवा–ना० [प्रा० अद्द] १. लामा-लामा पात, घोगाका आकारको फूल, हलेदाका आकारको पीरो कन्द हुने एक बोट । २. त्यसैको कन्द । (आयुर्वेदमा यसको गुण गरम, कफ र वायु-नाशक, हृदय-रोग एवं उदर-रोगलाई नाश गर्ने बताइएको छ । यसैको कन्द संस्कार गरेर सूठो बनाइन्छ ।)

अदूर-दर्शी–वि० [सं०] १. टाढा नदेख्ने । २. पछिको विचार नगर्ने; भविष्यको परिणाम नसोच्ने; स्थूल-बुद्धि ।

अदृश्य–वि० [सं०] १. नदेखिने; अगोचर । २. लोप भएको; हराएको ।

अदृष्ट–वि० [सं०] १. नदेखिएको; देखा नपरेको । २. लुप्त;

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्धान भएको; गायब । (ना०) ३. धर्म-अधर्म । ४. भाग्य; प्रारब्ध; किस्मत । ५. दैव ।

अदृष्टपूर्व–वि० [सं०] १. पहिले नदेखिएको; अभूतपूर्व । २. अनौठो; विलक्षण ।

अदृष्ट-फल–ना० [सं०] पहिले गरेका असल वा खराब कर्मको फल; पाप-पुण्यको परिणाम ।

अदृष्टवाद–ना० [सं०] १. पर-लोक आदि परोक्ष विषयको निरूपक सिद्धान्त । २. भाग्यवाद ।

अदृष्टवादी–वि० [सं०] अदृष्ट कर्मको फल मान्ने; भाग्यवादी; परलोकवादी ।

अदेख–वि० [अ+देख्+अ] नदेखेको; नदेखिने; देखा नपरेको ।

अदेखा–वि० [अदेख+आ] १. नदेखेको; अदृष्ट । २. नदेखिएको; परोक्ष । ३. हेर्न नहुने ।

अदेय–वि० [सं०] १. दिन नहुने; दिन अयोग्य । २. दिन नसकिने ।

अदेश–ना० [अ+देश] १. परदेश; विदेश । २. कुठाउँ ।

अदौरी–ना० [ने०] मस्यौरा ।

अद्भुत–वि०[सं०] अनौठो; उदेक-लाग्दो; विलक्षण; अजीब; आश्चर्य-जनक ।

अद्भुतालय–ना० [सं०] आश्चर्य-जनक वस्तुहरू राखिएको घर; अजायब-घर; कौतुकागार; म्यूजियम ।

अद्भुतोपमा–ना० [सं०] उपमेयको गुण उपमानमा असम्भव वर्णन गरिने उपमालङ्कारको एक भेद ।

अद्य–क्रि० यो० [सं०] आज; वर्तमान दिनमा ।

अद्यतन–वि० [सं०] १. आजको । २. आधुनिक । (ना०) ३. कालविशेष (व्याकरणमा) ।

अद्यापि–क्रि० यो० [सं०] आजसम्म; अहिलेसम्म; अझसम्म; अझ पनि ।

अद्यारम्भ–क्रि० यो० [सं०] आजदेखि ।

अद्यावधि–क्रि० यो०–[सं०] १. आजसम्म; अद्यापि । २. आजदेखि; अद्यारम्भ ।

अद्रि–ना० [सं०] पर्वत; पहाड़; गिरि ।

अद्वितीय–वि० [सं०] १. जोड़ा नभएको; अनुपम । २. विलक्षण; अद्भुत । ३. उम्दा; सर्वोत्तम । (ना०) ४. परमात्मा; परब्रह्म ।

अद्वैत–वि० [सं०] १. दोस्रो नभएको; जोड़ा नभएको । २. अनुपम । (ना०) ३. ब्रह्म; ईश्वर । ४. ऐक्य; अभिन्नता ।

अद्वैतवाद–ना० [सं०] आत्मा र परमात्माको अभेद मान्ने एक दार्शनिक सिद्धान्त; ब्रह्मसिवाय अरू तत्त्वका सत्तालाई अवास्तविक मान्ने वेदान्तको सिद्धान्त ।

अद्वैतवादी–वि० [सं०] अद्वैतवाद मान्ने; वेदान्ती; ब्रह्मवादी ।

अधःपतन–ना० [सं०] १. तलतिर खस्नु; मुन्तिर झर्नु । २. अवनति; पतन । ३. अपगति; दुर्गति ।

अधःस्वस्तिक–ना० [सं०] सबभन्दा तल्लो स्थान; अधोविन्दु ।

अध–अव्य० [सं०] १. मुन्तिर; तल । (ना०) २. पाताल । ३. नरक ।

अधकट्टी–ना० [आधा+कट्टी] एउटै कागतमा, तल-माथि वा दायाँ-बायाँ मूलतः उही कुरा लेखी आधा काटेर प्रमाणका निमित्त दिइने वा राखिने कागत; आधा काटेर दिइएको वा राखिएको रसीद ।

अधकपाली–ना० [आधा+कपाल+ई] रुघा बिग्री आधा कपाल दुख्ने रोग ।

अधकल्चो–वि० [आधा+काँचो] १. आधा पाकेको र आधा काँचो । २. पूरा नभएको; अपूरो; अधूरो । ३. आधा मरेको; अधमरो । ४. अधूरो शिक्षा हासिल गरेको; अर्ध-शिक्षित ।

अधन–वि० [सं०] धन नभएको; निर्धन; गरीब; कङ्गाल ।

अधन्नी–ना० [आधा+आना+ई] आधा आनाको सिक्का; दुइ-पैसे सिक्का; दुइ-पैसे ढ्याक ।

अधपक्कु वि० [प्रा० अद्ध+पक्को] अधपक्को ।

अधपक्को–वि० [प्रा० अद्ध+पक्को] आधा पाकेको; अर्ध-पक्व ।

अधपिल्टो–ना० [ने०] ठूलो कनिका; टुक्रिएको चामल; खँडेउली ।

अधबेसुरो–वि० [अधा+बेसुरो] अधबस्रो ।

अधबेस्रो–वि० [अधा+बेसुरो] १. आधामात्र समझ भएको; बेसुरो । २. गोज्याङ्ग्रो; लठेप्रो । ३. हुस्सू; लन्ठ ।

अधबैँसे–वि० [सं० अर्ध+वयस्क] आधा उमेर ढल्केको; अर्ध वयस्क ।

अधम–वि० [सं०] १. नीच; निकृष्ट; दुष्ट । २. कम्ती दर्जाको; खराब । ३. जवर्जस्त ।

अधमता–ना० [सं०] अधम हुनाको भाव अथवा क्रिया; नीचता ।

अधमरा–ना० [प्रा० अद्धमारओ] १. गाउँ र बेँसीका बीचको जमीन । (वि०) २. अधमरो ।

अधमरो–वि० [प्रा० अद्धमरओ] आधा मरेको; अधकल्चो; अर्ध मृत ।

अधमर्ण–ना० [सं०] ऋण लिने व्यक्ति; ऋणी; असामी ।

अधर–ना० [सं०] १. तल्लो ओठ; अधरोष्ठ । २. तल्लो भाग; अधोभाग । (वि०) ३. तलको; तल्लो । ४. निम्न; हीन । ५. परास्त; हारेको ।

अधरामृत–ना० [सं०] प्रेमी वा प्रेमिकाको अधरोष्ठ-चुम्बनको मधुर आस्वाद ।

अधरासव–ना० [सं०] प्रेमी वा प्रेमिकाको अधरको चुम्बन-बाट प्राप्त हुने आनन्दोन्मादक रस ।

अधरोष्ठ–ना० [सं०] तल्लो ओठ; अधर ।

अधर्म–ना० [सं०] १. धर्म-विरुद्ध काम; पाप; दुष्कर्म; २. धर्मको अभाव । ३. कुकृत्य ।

अधर्मी–वि० [सं०] पाप-कर्म गर्ने; पापी; दुराचारी; कुकर्मी ।

CC-0. In Public Domain. Digitization by eGangotri

अधस्तन–वि० [सं०] १. तलको; तल्लो। २. अधीनस्थ। ३. निम्न श्रेणीको।

अधस्तल–ना० [सं०] १. तल्लो तला। २. ताइखाना; भू-गर्भ-गृह। ३. पाताल।

अधस्थ–वि० [सं०] १. तल रहेको वा राखिएको। २. तल्लो दर्जाको; निम्न स्तरको।

अधा–वि० [प्रा० अद्ध] १. सिङ्गो वस्तुको आधा; अर्ध। (ना०) २. आधा कपाल दुख्ने रोग।

अधार–ना० [अ+धार] १. बीच; मध्य। २. कठिनता; मुश्किल।

अधार्मिक–वि० [सं०] १. धर्म नगर्ने; धर्म-हीन। २. अधर्मी; पापी।

अधि–अव्य० [सं०] शब्दका अगिल्तिर प्रयोग गरिने एक उपसर्ग। (उदा०–अधिराज, अधिपति आदि।)

अधिक–वि० [सं०] १. धेरै; ज्यादा; प्रशस्त। २. वर्ता भएको; उब्रेको। (ना०) ३. आधारको अपेक्षा आधेयलाई बर्ता भएको वर्णन गरिने एक काव्यालङ्कार।

अधिक-कोण–ना० [सं०] भू-मितिमा सम-कोणभन्दा ठूलो कोण।

अधिकतम–वि० [सं०] सबभन्दा बढ्ता; खूब; प्रशस्त; अत्यन्त बढ़ी।

अधिकतर–वि० [सं०] दुइमध्ये बढ्ता; सामान्यभन्दा बढ़ी।

अधिकता–ना० [सं०] धेरै हुनाको भाव; बाहुल्य; आधिक्य।

अधिक-मास–ना० [सं०] मल-मास; पुरुषोत्तम महीना; एक वर्षमा बाह्र महीनाभन्दा बढ़ी हुने महीना; दुइ औंसी-भित्र सङ्क्रान्ति नपरेको महीना।

अधिकरण–ना० [सं०] १. आधार; रहने ठाउँ; आश्रय। २. व्याकरणमा कर्ता र कर्मद्वारा हुने क्रियाको आधार; सातौं कारक। ३. न्यायालय; अदालत। ४. प्रभुत्व। ५. कुनै विषयको ठूलो विभाग वा अंश। ६. निर्णय-स्थान।

अधिकरण-शुल्क–ना० [सं०] १. कुनै न्यायालयमा प्रार्थना-पत्र पेश गर्दा लाग्ने महसूल; कोर्ट-फी। २. अड्डाखानाको टिकट-दस्तूर।

अधिकरणिक–ना० [सं०] १. न्यायाध्यक्ष। २. अड्डाखानाको हाकिम।

अधिकर्म–ना० [सं०] १. प्रबन्ध; बन्दोबस्त। २. जाँच; निरीक्षण।

अधिकर्मिक–वि० [सं०] १. व्यवस्थापक; प्रबन्धक। २. जाँचक; निरीक्षक।

अधिकर्मी–ना० [सं०] कर्मचारीहरूका कामको निरीक्षण गर्ने व्यक्ति; निरीक्षक।

अधिकांश–ना० [सं०] बढ़ी हिस्सा; बढ्ता अंश।

अधिकार–ना० [सं०] १. कुनै काम गर्ने पाएको वा भएको हक; अख्तियार। २. आधिपत्य; प्रभुत्व। ३. शासन। ४. क्षमता; योग्यता। ५. वर्ग। ६. पद; दर्जा।

अधिकार-त्याग–ना० [सं०] पाएको अधिकार छोड़िदिनु; अख्तियारको त्याग; राजीनामा गर्नु वा दिनु।

अधिकार-पत्र–ना० [सं०] कुनै काम गर्ने पाएको लिखित आदेश; अख्तियार-नामा।

अधिकारिक–ना० [सं०] काम गर्ने अधिकार पाएको व्यक्ति; अधिकारी।

अधिकारी–ना० [सं०] १. स्वामी; मालिक। २. अफिसर; हाकिम। ३. अधिकार पाएको व्यक्ति। ४. ब्राह्मण आदि जातिको एक थर। ५. योग्य।

अधिकृत–वि० [सं०] १. अधिकारमा ल्याइएको। २. अधिकारमा परेको। ३. कुनै काम गर्ने अधिकार पाएको। ४. कुनै वर्गमा परेको।

अधिक्रम–ना० [सं०] १. आक्रमण; चढ़ाइ। २. चढ्नु; आरोहण। ३. नाघेर जानु; उछिन्नु।

अधिक्रमण–ना० [सं०] आक्रमण गर्नु; हमला गर्नु।

अधिक्रान्ति–ना० [सं०] विशेषाधिकार प्रयोग गरी प्रशासन-सम्बन्धी सम्पूर्ण कार्य-भार स्वयं ग्रहण गर्नु।

अधिक्रो–ना० [अधिग्रो] अधिग्रो।

अधिक्षेत्र–ना० [सं०] कसैको अधिकारको क्षेत्र; अधिकृत क्षेत्र।

अधिगत– वि० [सं०] १. पाएको; उपलब्ध। २. जानेको; बुझेको; ज्ञात।

अधिगम–ना० [सं०] १. प्राप्त हुनु; पुग्नु। २. अर्काका उपदेशबाट ज्ञान पाउनु। ३. न्यायालयबाट पाएको अन्तिम निर्णय ; फैसला। ४. फेला पार्नु ; लाभ।

अधिगमन–ना० [सं०] १. प्राप्ति। २. ज्ञान। ३. अध्ययन। ४. लाभ। ५. स्वीकृति। ६. संसर्ग।

अधिग्रहण–ना० [सं०] अधिकारपूर्वक अथवा मागेर कसैको सम्पत्ति प्राप्त गर्नु।

अधिग्राहक–ना० [सं०] वैधानिक उपायबाट कुनै वस्तु प्राप्त गर्ने व्यक्ति।

अधिग्रो–ना० [ने०] असमयमा तुहेको गर्भ; तुहेत्रो।

अधित्यका–ना० [सं०] पर्वतका माथिको समतल भूमि; पहाड़-माथिको मैदान।

अधिदेव–ना० [सं०] १. इष्ट-देव; कुल-देव। २. कुनै कार्य, वस्तु वा प्रदेशको अधिष्ठाता वा रक्षक देवता।

अधिदैवत–ना० [सं०] कुनै वस्तु वा कार्यको अधिष्ठाता; देवता।

अधिनायक–ना० [सं०] सर्वाधिकार प्राप्त मुख्य शासक; सर्वेसर्वा व्यक्ति।

अधिनायक-तन्त्र–ना० [सं०] १. अधिनायकका आज्ञाले चल्ने शासन-व्यवस्था; अधिनायक-शासन। २. हुकुमी शासन।

अधिनायकत्व–ना० [सं०] अधिनायक हुनाको भाव ; अधिनायकी।

अधिनायकवाद–ना० [सं०] १. कुनै एक जना व्यक्तिका

CC-0. In Public Domain. Digitization by eGangotri

आज्ञामा चल्ने शासनको सिद्धान्त; अधिनायक-प्रणाली। २. निरङ्कुश शासन-प्रथा; हुकुमी शासनको नीति वा व्यवस्था।

अधिनायकवादिता–ना० [सं०] अधिनायकवादी हुनाको भाव।

अधिनायकवादी–वि० [सं०] अधिनायकवादको अनुसरण गर्ने; अधिनायकवादमा विश्वास गर्ने।

अधिनायकी–ना० [सं०] अधिनायकको पद वा काम।

अधिनियम–ना० [सं०] कुनै व्यवस्थाका निमित्त बनाइएको विशेष नियम।

अधिपति–ना० [सं०] १. स्वामी; मालिक। २. प्रधान अधिकारी; मुख्य अधिकारी।

अधिपत्र–ना० [सं०] विशेष काम गर्न दिइएको आदेश-पत्र।

अधिप्रचार–ना० [सं०] विशेष कुराको प्रचार।

अधिप्रचारक–ना० [सं०] कसैको मत अथवा सिद्धान्त विशेष रूपमा प्रचार गर्ने व्यक्ति।

अधिप्रचारित–वि० [सं०] विशेष किसिमले प्रचार गरिएको।

अधिमान–ना० [सं०] विशेष प्रकारको मान; अरूका अपेक्षा गरिएको विशेष सत्कार।

अधिमानित–वि० [सं०] विशेष मान गरिएको; ठूलो मान पाएको; अति सम्मानित।

अधिमान्य–वि० [सं०] विशेष मान गर्न योग्य; ठूलो सत्कार गर्न योग्य।

अधिमास–ना० [सं०] मल-मास ; अधिक-मास ; पुरुषोत्तम महीना।

अधिमूल्य–ना० [सं०] कुनै वस्तुको विशेष परिस्थितिमा हुने वर्ता मूल्य ; विशेष मोल।

अधियाँ–ना० [आधा+इयाँ] १. जग्गा-जमीनमा भएको उब्जा मोही र तल्सिङमा आधा-आधा गरी बाँड्नु। २. आधा भाग; बच्छी।

अधियाचन–ना० [सं०] अधिकारपूर्वकको काम गर्न पाउने प्रार्थना।

अधियार–ना० [आधा+इयार] अधियाँमा जग्गा कमाउने मोही ; आधाको हकदार।

अधियुक्त–वि० [सं०] वेतन अथवा पारिश्रमिक लिएर काम गर्ने ; विशेष कामका निमित्त विशेष पारिश्रमिक दिई नियुक्त गरिएको (व्यक्ति)।

अधियोजक–ना० [सं०] विशेष कामका लागि वृत्ति दिएर कर्मचारी नियुक्त गर्ने व्यक्ति।

अधियोजन–ना० [सं०] विशेष कामका लागि कर्मचारी नियुक्त गर्नु।

अधिरक्षी–ना० [सं०] विशेष काममा लागेका कर्मचारीहरूको व्यवस्था मिलाउने व्यक्ति ; निरीक्षक।

अधिरथ–ना० [सं०] १. रथ हाँक्ने ; सवार। २. ठूलो रथ। ३. रथी।

अधिराज–ना० [सं०] उपराज्यहरूले युक्त; राज्यको शासक ; अधिराज्यको राजा। २. महाराज।

अधिराज-कुमार–ना० [सं०] युवराजाधिराजबाहेक श्री ५ महाराजाधिराजका अरू छोराहरूलाई प्राप्त हुने उपाधि।

अधिराज्य–ना० [सं०] १. उपराज्यहरूले संयुक्त पूर्ण सार्वभौम सत्ता-सम्पन्न राज्य ; पूर्ण राज-सत्ता-सम्पन्न राज्य। २. पूर्ण राज-सत्ता ; प्रभु-सत्ता।

अधिरोपण–ना० [सं०] १. कसैका उपर गरिने दोषारोप ; अभियोग ; आरोप। २. एक चोटि उखेलेर पुनः स्थापना गर्नु।

अधिरोपित–वि० [सं०] १. आरोप लगाइएको ; अभियोग लगाइएको ; अभियुक्त। २. पुनः स्थापित।

अधिरोहण–ना० [सं०] १. चढ्नु ; उक्लनु। २. सम्मानित रूपले उच्च स्थानमा बस्नु।

अधिरोहिणी–ना० [सं०] १. भऱ्याङ ; लिस्नु ; सिंढ़ी। २. खुट्किला (खेत-बारीमा उक्लन बनाएको)।

अधिलाभ–ना० [सं०] वेतन वा सामान्य प्राप्तव्यभन्दा बढ़ी दिइने लाभांश ; विशेष लभ्यांश।

अधिवर्ष–ना० [सं०] अधिक-मास परेको वर्ष ; मल-मास परेको वर्ष।

अधिवास–ना० [सं०] १. बस्ने ठाउँ। २. नागरिक हक पाउने गरी एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्नु। ३. सुगन्धी पदार्थ ; वास्ना आउने चीज ; अत्तर आदि। ४. कुनै कुराको माग गरी निराहार धर्ना कस्नु; मागसहित अनशन गर्नु।

अधिवासी–ना० [सं०] १. कुनै देशको निवासी। २. एक देशबाट अर्को देशमा बसाइँ सरेर नागरिक हक लिई बस्ने व्यक्ति। ३. अधिवास गर्ने व्यक्ति ; अनशन गर्ने व्यक्ति।

अधिविन्ना–ना० [सं०] सौता हालिएकी स्त्री।

अधिवेत्ता–ना० [सं०] प्रथम विवाहिता पत्नीमाथि सौता हाल्ने पुरुष।

अधिवेदक–ना० [सं०] एउटी पत्नी छँदै अर्की स्त्रीसित विवाह गर्ने पुरुष ; सौता हाल्ने लोग्ने।

अधिवेदन–ना० [सं०] एउटी पत्नीमाथि अर्को विवाह गर्नु; सौता हाल्नु।

अधिवेशन–ना० [सं०] कुनै संस्थाका विभिन्न क्षेत्रका प्रतिनिधिहरूको ठूलो सम्मेलन।

अधिशुल्क–ना० [सं०] विशेष कार्यका लागि लिइने विशेष दस्तूर वा शुल्क।

अधिश्रयणी–ना० [सं०] १. चुल्हो। २. अग्नि-कुण्ड। ३. मकल।

अधिष्ठाता–ना० [सं०] १. कुनै अड्डा वा संस्थाको मुख्य कार्यकर्त्ता ; अध्यक्ष। २. मुख्य ; प्रधान। ३. स्थापन गर्ने व्यक्ति ; संस्थापक। ४. अधिदेव।

अधिष्ठात्री–वि० [सं०] अधिष्ठाता। (संस्कृत व्याकरणअनुसार यो शब्द स्त्री-लिङ्गी हो। यसको पुंलिङ्गको रूप 'अधिष्ठातृ' हुन्छ।)

CC-0. In Public Domain. Digitization by eGangotri

अधिष्ठान–ना० [सं०] १. नजीकै उभिनु ; नजीक जानु। २. बस्ने ठाउँ ; डेरा। ३. शहर; नगर। ४. आधार। ५. आधिपत्य। ६. कुनै क्षेत्रमा बसोबास गर्नु।

अधिष्ठित–वि० [सं०] १. विशेष रूपले बसेको ; रहेको; स्थापना गरिएको। २. नियुक्त। ३. प्रभु-सत्तामा रहेको।

अधिसूचना–ना० [सं०] विशेष प्रकारको सूचना।

अधीक्षक–ना० [सं०] कार्यालय, विभाग, कुनै विशिष्ट आयोजन आदिमा देख-रेख गर्ने मुख्य अधिकारी ; प्रधान निरीक्षक।

अधीक्षण–ना० [सं०] १. कार्यालयमा कर्मचारीहरूका कामको निरीक्षण गर्नु ; कामको जाँच गर्नु। २. अध्यक्षको काम।

अधीत–वि० [सं०] १. पढ़िसकेको ; पठित ; अध्ययन गरिसकेको। २. जाने-बुझेको; ज्ञाता।

अधीन–वि० [सं०] १. वशमा परेको; हैकममा परेको; आश्रित। २. लाचार; विवश; दुःखी। (ना०) ३. हैकम; काबू; वश। ४. नोकर; दास; सेवक।

अधीनता–ना० [सं०] परवशता; परतन्त्रता।

अधीनस्थ–वि० [सं०] १. अधीनमा रहेको; पराधीन। २. मातहतमा रहेको।

अधीनीकरण–ना० [सं०] अधीनमा राख्नु; अधिकारमा राख्नु।

अधीर–वि० [सं०] १. धैर्य नभएको; हड़बड़ाएको; घबड़ाएको। २. चञ्चल। ३. उद्विग्न; व्याकुल।

अधीरा–ना० [सं०] नायकमा अन्य नारीको भोग-चिह्न देखेर रीसले मुख छोड्ने नायिका।

अधीश–ना० [सं०] १. मुख्य मालिक; स्वामी। २. भू-पति; राजा।

अधीश्वर–ना० [सं०] सर्वोच्च अधिपति।

अधुना–अव्य० [सं०] अहिले; यस वेला; सम्प्रति।

अधूरो–वि० [आधा+उरो] पूरा नभएको; अपूरो; अधकल्चो; अपूर्ण।

अधेरी–वि० [आधा+एरी] आधा सकिएको; अधूरो।

अधेली–ना० [आधा+एली] रुपियाँको आधा मूल्यको सिक्का।

अधेलो–ना० [हिं०] भारतीय पैसाको आधा मोलको सिक्का; एक पैसाको आधा।

अधो–ना० यो० [सं०] तलतिर; उँधो।

अधोगति–ना० [सं०] १. अवनति; पतन। २. दुर्दशा।

अधोगमन–ना० [सं०] १. तल जानु; झर्नु। २. पतन हुनु; अवनति।

अधोगामी–वि० [सं०] तलतिर लागेको; पतनोन्मुख।

अधोभूमि–ना० [सं०] १. ताइखाना; भू-गृह। २. तल्लो तला; भुइँ-तला। ३. होचो जमीन।

अधोमति–ना० [सं०] सानो विचार; छोटो बुद्धि।

अधोमार्ग–ना० [सं०] १. तलतिरको बाटो। २. गुद-द्वार।

अधोमुख–वि० [सं०] तलतिर मुख फर्काएको; घोप्टो परेको; उभिन्डिएको।

अधोवस्त्र–ना० [सं०] १. कम्मरभन्दा तलतिरको वस्त्र; धोती, सुरुवाल आदि। २. कम्मरभन्दा मुनि भित्रपट्टि लाउने लुगा; भित्री लुगा।

अधोवायु–ना० [सं०] अपान-वायु; पाद।

अधोविन्दु–ना० [सं०] सबभन्दा तलको स्थान; अधःस्वस्तिक।

अधौ–ना० [आधा+औ] कपड़ाका थानको आधा; आधा थान। २. जुत्ताको तलुवाको आधा पात।

अध्यक्ष–ना० [सं०] १. कुनै संस्थाको प्रमुख अधिकारी; मुख्य हाकिम; सञ्चालक। २. कुनै सभा, गोष्ठी आदिको सभा-पति वा मुख्य सञ्चालक। ३. नेपालको संविधानअनुसार 'महासभा'-का सभा-पति वा मुख्य सञ्चालक।

अध्यक्षता–ना० [सं०] अध्यक्ष हुनाको भाव वा अध्यक्षको काम; हाकिमी।

अध्ययन–ना० [सं०] पढ्नु; ज्ञान प्राप्त गर्नु; पढ़ाइ।

अध्ययनावकाश–ना० [सं०] १. पढ्न जाने बिदा। २. कुनै विषयको विशेष ज्ञानका निमित्त कर्मचारीलाई दिइएको अवकाश।

अध्यर्थ–ना० [सं०] कुनै वस्तुमा स्वत्व देखाउनु; अधिकार जनाउनु।

अध्यर्थन–ना० [सं०] कुनै वस्तुमा आफ्नो अधिकार जमाउनु।

अध्यवसान–ना० [सं०] १. उद्योग; उद्यम; अध्यवसाय। २. दुइ वस्तु एकैमा मिलेर हुने तादात्म्य; एक वस्तु अर्को वस्तुमा एकरूप हुनु। ३. कुनै ठूलो कामको समाप्ति; उत्सव-पूर्वकको अवसान।

अध्यवसाय–ना० [सं०] १. उद्योग; उद्यम। २. दृढ विचार; निश्चय। ३. उत्साह। ४. बुद्धि-सम्बन्धी व्यापार। ५. कुनै पदार्थको ज्ञानका समय रज र तम गुणलाई दबाएर सत्व गुणको प्रादुर्भाव हुनु। ६. बुद्धिपूर्वकको परिश्रम।

अध्यात्म–ना० [सं०] आत्म-ज्ञान; भित्री ज्ञान; तत्त्व-ज्ञान।

अध्यात्मवाद–ना० [सं०] ब्रह्म वा आत्मा-सम्बन्धी विचारको सिद्धान्त।

अध्यात्मवादी–वि० [सं०] अध्यात्मवाद मान्ने ; दार्शनिक।

अध्यादेश–ना० [सं०] विशेष आवश्यकता परिआएमा निर्धारित अवधिका निमित्त राष्ट्रका सर्वोच्च सत्ताले आफ्नो विशेष अधिकार प्रयोग गरी जारी गरेको कानूनसरह मान्य भएको आज्ञा-पत्र; आर्डिनेन्स।

अध्यापक–ना० [सं०] पढ़ाउने व्यक्ति; गुरु; शिक्षक; उपाध्याय; मास्टर।

अध्यापकी–ना० [सं०] अध्यापकको काम; गुरुको काम; पढ़ाउने काम।

अध्यापन–ना० [सं०] पढ़ाउने काम; शिक्षण।

अध्यापिका–ना० [सं०] शिक्षा दिने स्त्री; शिक्षिका; उपाध्याया।

अध्याय–ना० [सं०] ग्रन्थको विभाग; परिच्छेद; सर्ग; खण्ड; प्रकरण; उल्लास।

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यारोप–ना० [सं०] १. भ्रमवश एक वस्तुलाई अर्को सम्झनु। २. उठाउनु; अल्याउनु।

अध्यावाय–ना० [सं०] बीउ छर्नु वा रोप्नु।

अध्यावाहनिक–ना० [सं०] १. स्त्रीले घर जाँदा माइती-घरबाट लग्ने धन; दाइजो। २. स्त्री-धन।

अध्यास–ना० [सं०] १. मिथ्या ज्ञान। २. भ्रम। ३. अध्यक्षको काम। ४. बस्ने ठाउँ; बैठक। ५. कुनै वस्तुमाथि वस्नु।

अध्यासन–ना० [सं०] १. कुनै वस्तुमाथि बस्नु। २. अध्यक्षको काम गर्नु। ३. उच्च आसन।

अध्यासीन–वि० [सं०] उच्च स्थानमा बसेको; अग्रासनासीन।

अध्याहार–ना० [सं०] १. वाक्य पूरा गर्न बाहिरबाट अरू कुनै शब्द जोड्नु; अस्पष्ट वाक्यलाई स्पष्ट गर्न अरू कुनै शब्द थप्नु। २. तर्क गर्नु; उहापोह गर्नु।

अध्यूढ–ना० [सं०] शिव; महादेव।

अध्यूढा–ना० [सं०] सौता हालिएकी अगिल्ली स्वास्नी; अधिविन्ना।

अध्येय–वि० [सं०] १. अध्ययन गर्न योग्य; पढ्न लायक। २. पढ्नुपर्ने।

अध्वर्यु–ना० [सं०] यजुर्वेदीय कर्म गर्ने ऋत्विक्; पुरोहित।

अन्–उप० [सं० नञ+अ] व्यञ्जन-वर्णका अगाड़ि लागेर विपरीत वा उल्टो अर्थ बुझाउने शब्द। (उदा०–अनधिकार; अनाहत; अनैक्य इत्या०।)

अन–उप० [सं० अन्] व्यञ्जन-वर्णका अगाड़ि लागेर उल्टो अर्थ बुझाउने शब्द। (उदा०–अनविश्वासी; अनजान इत्या०।)

अन–ना० [सं०] १. गाड़ा। २. भात। ३. जन्म।

अनकनाइ–ना० [अनकनाउ+आइ] अनकनाउने किसिम, क्रिया वा भाव।

अनकनाइनु–अ० क्रि० [अनकनाउ+इ+नु] अनकनाउने काम होइनु; अचकचाइनु; ('अनकनाउनु'-को भा० क्रि०)।

अनकनाउनु–अ० क्रि० [ने०] १. अनिश्चय देखाउनु; अचकचाउनु; अकमकाउनु। २. कुनै काम गर्न वा कुनै कुरा भन्न गाह्रो मान्नु; असजिलो मान्नु।

अनकनाहट–ना० [अनकनाउ+आहट] अनकनाउने किसिम, क्रिया वा भाव; अनकनाइ।

अनकन्टार–ना० [अनकन्तार] १. एकान्तको डर-लाग्दो ठाउँ; सूनसान स्थान; अत्तो-न-पत्तोको ठाउँ। २. घोर जङ्गल। ३. जाइनसक्नु बाटो; अनकन्तार।

अनकन्तार–ना० [सं०] १. एकान्तको डर-लाग्दो ठाउँ; घोर जङ्गल। २. दुर्गम मार्ग; जाइनसक्नु बाटो; अनकन्टार।

अनखट–ना० [अन+खट्टा] अनखट्टा।

अनखट्टा–ना० [अन+खट्टा] १. आवश्यकता; खाँचो; हर्जा। २. गाह्रो; अप्ठ्यारो।

अनगन्ती–वि० [अन+गन्ती] अनगिन्ती।

अनगिन्ती–वि० [अन+गिन्ती] गनिनसक्नु; धेरै; बेगिन्ती; असङ्ख्य; अगण्य।

अनघः–ना० [सं०] १. पाप नभएको व्यक्ति; पुण्यात्मा। २. निर्दोष; निष्कलङ्क।

अनघड़–वि० [सं० अन+घटक] असभ्य; असंस्कृत; उद्दण्ड।

अनङ्ग–वि० [सं०] १. शरीर नभएको; देह-हीन। (ना०) २. कामदेव; मनसिज।

अनङ्गारि–ना० [सं०] कामदेवका शत्रु; शिव; महादेव।

अनङ्गी–वि० [सं०] १. अङ्ग नभएको; शरीर-हीन। (ना०) २. ईश्वर। ३. कामदेव।

अनजान–वि० [अन+जान] केही नजान्ने; अजान; अवोध; अज्ञानी।

अनत–वि० [सं०] ननिहुरेको; नझुकेको; ठर्रो।

अनति–वि० [सं०] १. धेरै नभएको; अल्प। (ना०) २. ननिहुरनु; नम्रताको अभाव।

अनदी–ना० [ने०] १. रातो र ठूलो दाना हुने एक जातको धान; चीनियाँ धान। २. त्यसैको चामल।

अनद्यतन–ना० [सं०] गएको आधा रातदेखि अघिको वा आउने आधा रातभन्दा पछिको समय।

अनधिकार–ना० [सं०] १. अधिकार नहुनु; अधिकारको अभाव। (वि०) २. अधिकार नभएको; अधिकार-बाहिरको।

अनधिकार-चेष्टा–ना० [सं०] आफ्नो अधिकारभन्दा बाहिरको काम गर्न खोज्नु; अख्तियार नभएको काममा हात हाल्नु।

अनधिकारी–वि० [सं०] १. अधिकार नभएको; अख्तियार नभएको वा नपाएको। २. अयोग्य।

अनधिकृत–वि० [सं०] १. अधिकार नभएको; अधिकार नदिइएको। २. साधिकार नभनिएको वा नगरिएको।

अनधिगत–वि० [सं०] १. नजानेको; नबुझेको; अज्ञात। २. नपाएको।

अनधियुक्त–वि० [सं०] १. कुनै कार्यमा प्रवेश नभएको; काममा नलागेको; अनियोजित। २. जीविकामा नलागेको; बेकार बसेको।

अनधियुक्ति–ना० [सं०] काममा नियुक्त नहुनु; खाली पर्नु।

अनध्याय–ना० [सं०] शास्त्रानुसार पढ्न-पढाउन निषेध गरिएका दिन। (उदा०–अष्टमी, चतुर्दशी, पूर्णिमा, अमावास्या, प्रतिपदा आदि दिन।)

अननुरूप–वि० [सं०] १. अनुरूप नभएको; अनुपयुक्त। २. असमान; बेजोड़ा। ३. अमिल्दो; नसुहाउँदो।

अनन्त–वि० [सं०] १. अन्त नभएको; असीम। २. गनिनसक्नु; अनगिन्ती। ३. जानिनसक्नु; अथाह। ४. कहिल्यै नाश नहुने; अविनाशी। ५. छेउ फेला नपर्ने; साह्रै ठूलो। ६. ज्यादै; धेरै। (ना०) ७. भाद्र शुक्ल चतुर्दशीका दिन लाइने चौध ग्रन्थि भएको डोरो; त्यसै ग्रन्थिमा पूजा गरिने

CC-0. In Public Domain. Digitization by eGangotri

देवता । ८. अष्ट महानागमध्ये एक। ९. ईश्वर । १०. आकाश।

अनन्त-चतुर्दशी—ना० [सं०] अनन्तको पूजा गरिने दिन; भाद्र शुक्ल चतुर्दशीको दिन।

अनन्त-मूल—ना० [सं०] सहदेवा बूटी।

अनन्य—वि० [सं०] १. अरूसित सम्बन्ध नभएको; एकनिष्ठ; एउटैमा लवलीन। २. एकमात्र; अद्वितीय। ३. जोड़ा नभएको; बेजोड़।

अनन्वय—ना० [सं०] १. अन्वय नभएको। २. उपमा नभएको; जोड़ा नभएको; अद्वितीय। ३. निरुपमान बुझाउने साहित्यको एक अलङ्कार।

अनपकर्म—ना० [सं०] आफूले बोलेको पूरा नगर्नु; आफ्नो प्रतिज्ञा भङ्ग गर्नु।

अनपढ़—वि० [अन+पढ़] नपढ़ेको; अपढ़; अपठित; अशिक्षित; निरक्षर।

अनपत्य—वि० [सं०] सन्तान नभएको; निस्सन्तान; अपूतो।

अनपत्यार—ना० [अन+पत्यार] पत्यार नगर्नु; बेपत्यार; अविश्वास; अपत्यार।

अनपत्रय—वि० [सं०] लाज नभएको; निर्लज्ज।

अनपराध—वि० [सं०] १. अपराध नभएको; निरपराध। २. निर्दोष।

अनपाम—ना० [ने०] आश्चर्य; विलक्षणता।

अनपाय—ना० [सं०] १. स्थायित्व; स्थितिशीलता। (वि०) २. अनश्वर; अविनाशी।

अनपायी—वि० [सं०] १. कहिल्यै नाश नहुने; अविनाशी। २. निश्चल; स्थिर।

अनपेक्ष—वि० [सं०] १. कसैको वास्ता नराख्ने; निस्पृह। २. कुनै वस्तुको प्रयोजन नभएको वा नगर्ने; निरपेक्ष।

अनपेक्षा—ना० [सं०] अपेक्षा नहुनु; उपेक्षा; बेवास्ता।

अनपेत—वि० [सं०] १. टाढ़ा नपुगेको; अदेखामा नपरेको। २. भिन्न नभएको। ३. कुमार्गमा नगएको। ४. च्युत नभएको।

अनभिज्ञ—वि० [सं०] १. केही नजान्ने; अजान; मूर्ख। २. अपरिचित; नचिनेको। ३. नाबालक।

अनभिज्ञता—ना० [सं०] अज्ञता; मूर्खता।

अनभीष्ट—वि० [सं०] चाह नभएको; इच्छा नभएको; अवाञ्छित।

अनभ्यस्त—वि० [सं०] अभ्यास नगरिएको; अभ्यास नभएको।

अनम—ना० [सं०] कसैलाई नमस्कार नगर्ने र आफूलाई नमस्कार गर्नेलाई पनि आशीर्वाद नदिने व्यक्ति।

अनमी—वि० [सं०] ननिहुरने; ननुहेको; कसैसित नदब्ने; ठर्रो।

अनमेल—ना० [अन+मेल] १. मेल नहुनु; बेमेल; फूट। २. जोड़ा नमिलेको वस्तु; बिजोड़ा वस्तु। (वि०) ३. नमिलेको; मेल नभएको। ४. केही नमिसिएको; अमिश्रित; शुद्ध।

अनमोल—वि० [अन+मोल] १. मोल लाउन नसकिने; अमूल्य। २. कीमती; बहुमूल्य। ३. नपाइसक्नु। ४. अति राम्रो; उत्तम।

अनय—ना० [सं०] १. अनीति; अन्याय। २. दुर्भाग्य। ३. अमङ्गल। ४. विपत्ति।

अनरसा—ना० [सं० अन्तर+रस] घिउ, चीनी र चामलको पीठो सम-भाग गरी मुछेर बिरौका दानामा बेलेर घिउमा पकाइने रोटीविशेष; एक जातको हलुवाई-रोटी।

अनराह—ना० [अन+राह] अन्याय; अत्याचार।

अनरीत—ना० [सं०] १. खराब रीत; अमिल्दो चाल-चलन। २. अनुचित व्यवहार; अनरीति।

अनरीति—ना० [सं०] १. कुरीति; कुचाल; खराब प्रथा; नमिल्दो चाल-चलन। २. अनुचित व्यवहार; अन्याय; अनीति।

अनरेरी—वि० [अं० ऑनरेरी] १. अवैतनिक। २. सम्मानपूर्ण; इज्जतदार (पद)।

अनर्गल—वि० [सं०] १. अनियन्त्रित; जथाभाबी; स्वेच्छाचारी। २. आग्लो नलाएको। ३. ताला, साँचो आदि बन्द नभएको वा नलागेको।

अनर्गल-प्रलाप—ना० [सं०] सिलसिला नमिल्ने कुरा; असङ्गत कुरा; जथाभाबी कुरा; बकवाद।

अनर्घ—वि० [सं०] धेरै मोल पर्ने; बहुमूल्य।

अनर्घ्य—वि० [सं०] १. बहुमूल्य। २. प्रतिष्ठित।

अनर्जित—वि० [सं०] आर्जन नगरेको; नकमाइएको।

अनर्थ—ना० [सं०] १. उल्टा अर्थ; विपरीत माने। २. अकस्मात्को दुर्घटना; उपद्रव; उत्पात। (वि०) ३. अनुचित; अर्थ-न-वर्थको। ४. कुकर्म गरेर कमाएको; अनुचित (धन)।

अनर्थक—वि० [सं०] १. अर्थ नभएको; निरर्थक। २. उल्टो अर्थ भएको। ३. व्यर्थको।

अनर्थ-कारी—वि० [सं०] १. अनर्थ गर्ने; उल्टो अर्थ लाउने। ३. अनुचित काम गर्ने। ४. ठूलो हानि पार्ने।

अनर्सा—ना० [अनरसा] अनरसा।

अनर्ह—वि० [सं०] अपूज्य; अयोग्य।

अनल—ना० [सं०] आगो; अग्नि।

अनलस—वि० [सं०] १. आलस्य नभएको; जाँगरिलो; फुर्तिलो। २. चेतन-शील; सचेत।

अनल्प—वि० [सं०] थोरै नभएको; धेरै; ज्यादा।

अनवकाश—ना० [सं०] अवकाश नहुनु; फुर्सत नहुनु।

अनवच्छिन्न—वि० [सं०] १. नटुटेको; अटूट; अखण्डित। २. जोड़िएको; संयुक्त।

अनवद्य—वि० [सं०] १. दोष नभएको; निर्दोष। २. निष्पाप।

अनवधान—वि० [सं०] १. असावधान; लापरवाह। (ना०) २. ख्याल नगर्नु; लापरवाही।

अनवरत—क्रि० यो० [सं०] निरन्तर; लगातार; सतत।

अनवस्था—ना० [सं०] १. ठीक व्यवस्था नहुनु; अव्यवस्था। २. नटुङ्गिनु; टुङ्गो नलाग्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

अनवस्थिति–ना० [सं०] १. चञ्चलता; अधीरता। २. आधार-हीनता। ३. बस्ने वास नहुनु।

अनवेक्षणीय–वि० [सं०] विचार गर्न लायक नभएको; उपेक्षणीय।

अनवेक्षा–ना० [सं०] वास्ता नराख्नु; उपेक्षा; हेर-चाह नगर्नु।

अनशन–ना० [सं०] खान छोड्नु; निराहार बस्नु; उपवास; कुनै माग पूरा नहुन्जेल नखाने हठ गर्नु।

अनश्वर–वि० [सं०] कहिल्यै नाश नहुने; अविनाशी।

अनसूय–वि० [सं०] रीस नगर्ने; ईर्ष्या नभएको।

अनसूया–ना० [सं०] १. रीस नहुनु; ईर्ष्याको अभाव। २. प्राचीन कालकी एक प्रसिद्ध पतिव्रता स्त्री; अत्रि मुनिकी पत्नी।

अनस्टु–ना० [ने०] अचानक आएको पाहुना; अभ्यागत; अतिथि।

अनस्तित्व–ना० [सं०] अस्तित्वको अभाव; नहुनु।

अनाकार–वि० [सं०] आकार नभएको; निराकार।

अनाकाल–ना० [सं०] १. कुसमय। २. अकाल।

अनाक्रमण–ना० [सं०] आक्रमण नगर्नु; धावा नगर्नु।

अनाक्रमण-सन्धि–ना० [सं०] राष्ट्रहरूले परस्परमा आक्रमण नगर्ने प्रतिज्ञा गरेको सन्धि।

अनागत–वि० [सं०] १. नआएको; अनुपस्थित। २. पछि हुने; पछि आउने। ३. अज्ञात।

अनाचरण–ना० [सं०] १. खराब आचरण; दुर्व्यहार। २. गर्नुपर्ने काम नगर्नु; कर्तव्य-च्युत हुनु।

अनाचार–ना० [सं०] १. खराब आचार; दुराचार; भ्रष्टाचार। २. सदाचार छोड्नु; आचारको त्याग।

अनाचारी–वि० [सं०] १. विरुद्ध आचरण गर्ने; दुराचारी; भ्रष्टाचारी। २. आचारको मर्यादा पालन नगर्ने।

अनाज–ना० [सं० अन्न] १. अन्न; धान्य। २. खानेकुरो; खाद्य पदार्थ।

अनाजी–वि० [अनाज+ई] १. अन्नले बनेको; अन्नको। (ना०) २. अन्नमात्र खाने; निरामिष व्यक्ति।

अनाड़ी–वि० [प्रा० अण्णाणी] १. समझ नभएको; नासमझ; गँवार। २. अकुशल; अदक्ष; काम नजान्ने।

अनाड़ी–ना० [अन+नाड़ी] चोट लाग्दा साह्रै दुख्ने अङ्ग; मर्म-स्थल।

अनाथ–वि० [सं०] १. पालन-पोषण गर्ने कोही नभएको; टुहुरो; बेवारिस। २. विचरो; दीन-दुःखी। ३. मालिक नभएको; प्रभु-विहीन। ४. निस्सहाय; असहाय; अशरण।

अनाथालय–ना० [सं०] अनाथहरूको संरक्षण गरिने घर; बेवारिसहरू बस्ने घर।

अनादर–ना० [सं०] १. हेला; बेवास्ता। २. तिरस्कार; अपमान; अप्रतिष्ठा। ३. आदर नगर्नु।

अनादि–वि० [सं०] १. आदि नभएको; आदि-रहित; सनातन। २. उत्पत्ति नहुने। ३. आदि थाहा नभएको।

अनादृत–वि० [सं०] १. अनादर गरिएको; अपमानित। २. आदर नगरिएको।

अनाधार–वि० [सं०] १. निराधार; आधार नभएको। २. संरक्षक नभएको।

अनानास–ना० [पुर्त०] भुइँ-कटहर।

अनाप्त–वि० [सं०] १. नपाइएको; अप्राप्त; अलब्ध। २. अविश्वसनीय। ३. पराई; अनात्मीय।

अनाम–वि० [सं० अनामा] १. नाम नचलेको; अप्रसिद्ध। २. नाउँ नभएको; नाम-हीन। (ना०) ३. दुर्नाम; बदनामी; अपकीर्ति।

अनामय–ना० [सं०] १. आरोग्य; स्वास्थ्य। (वि०) २. रोग नलागेको; स्वस्थ। ३. रोग-मुक्त। ४. निर्दोष; दोषरहित। ५. उत्तम; बेस।

अनामिका–ना० [सं०] साहिँली औंलो।

अनायत्त–वि० [सं०] १. कसैको वशमा नपरेको; अपराधहीन। २. स्वाधीन; स्वतन्त्र।

अनायास–क्रि० यो० [सं०] १. परिश्रम नगरी; बिनाप्रयास। २. अकस्मात्; अचानक; सहसा। (ना०) ३. परिश्रम नपर्नु; परिश्रमको अभाव।

अनार–ना० [फा०] साना-साना पात, राता फूल र गुलियाअमिला, सेता, राता, रसिला दानाले भरिएको फल फल्ने बोट; त्यसैको फल; दारिम।

अनार-गोला–ना० [अनार+गोला] अनारका दानाजस्ता रङ्गी-चङ्गी झिल्का निस्कने आतसबाजी।

अनारत–वि० [सं०] १. लगातार भइरहेको; सतत। (क्रि० यो०) २. लगातार; निरन्तर।

अनारब्ध–वि० [सं०] आरम्भ नभएको; उठान नगरिएको।

अनारम्भ–ना० [सं०] आरम्भ नगर्नु; उठान नहुनु।

अनारस–ना० [पुर्त० अनानास] भुइँ-कटहर; अनानास।

अनारी–ना० [अनाड़ी] अनाड़ी।

अनार्जव–ना० [सं०] कपट; बेईमानी; कुटिलता।

अनार्तव–वि० [सं०] १. बिनाॠतुको; बाह्र-मासे। (ना०) २. बालिकाको रजोदर्शन नभएको अवस्था।

अनार्तवा–ना० [सं०] ॠतु नभएकी बालिका; पर नसरेकी स्त्री।

अनार्य–ना० [सं०] १. आर्य जातिदेखि भिन्न। (वि०) २. दुर्जन; दुःशील; अधम।

अनार्यक–वि० [सं०] १. आर्य-देशदेखि भिन्न देशमा हुने; अनार्य देशमा हुने। (ना०) २. अगुरु।

अनार्ष–वि० [सं०] १. ॠषिहरूले नबनाएको। २. अपौरुषेय।

अनालम्ब–वि० [सं०] १. सहारा नभएको; निरवलम्ब; स्वावलम्बी। (ना०) २. आकाश। ३. परम-पद।

अनालम्बी–वि० [सं०] १. आलम्बन नभएको; आश्रय नभएको। (ना०) २. शिवजीको वीणा।

अनावरण–ना० [सं०] १. पर्दा हटाउनु; उघानु; उद्घाटन

CC-0. In Public Domain. Digitization by eGangotri

२. खुलस्त पार्नु। (वि०) ३. आवरण नभएको; खुला।

अनावर्तक–वि० [सं०] १. नदोहोऱ्याउने; आवृत्ति नगर्ने। २. भमरी नपरेको।

अनावश्यक–वि० [सं०] आवश्यक नभएको; जरूरी नभएको।

अनावासिक–ना० [सं०] १. स्थायी रूपमा नबसेको; अस्थायी वास बस्ने। २. अन्यत्रबाट बसैँ आएको।

अनावृत–ना० [सं०] नढाकिएको; नछोपिएको; पर्दा हटाइएको।

अनावृष्टि–ना० [सं०] १. वृष्टि नहुनु; पानी नपर्नु; सुक्खा पर्नु। २. छ किसिमका ईति (अकाल)-मध्ये एक।

अनाश्रमी–वि० [सं०] १. चार आश्रम (ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र संन्यास)-मध्ये कुनै आश्रममा पनि नरहेको। २. आश्रम नभएको।

अनाश्रित–वि० [सं०] आश्रय नभएको; निरवलम्ब; निराधार; कसैको भर नपरेको।

अनाश्रुत–वि० [सं०] १. थाहा नदिई आएको; एक्कासि आइपरेको। (ना०) २. पाहुना; आगन्तुक।

अनासक्त–वि० [सं०] १. आसक्त नभएको। २. लागिनपर्ने।

अनासक्ति–ना० [सं०] १. आसक्ति नहुनु; अनुराग नहुनु। २. उदासीनता; तटस्थता। ३. योगको एक प्रकार।

अनासीन–वि० [सं०] आसनमा नरहेको; पदबाट हटेको; पद-च्युत।

अनासुत–वि० [सं० अन्+श्रुत] पहिले नसुनिएको; अघिबाट थाहा नभएको; आकस्मिक।

अनाहक–क्रि० यो० [अ+नाहक] बिनसित्ति; सित्तैँ; नाहक; फजूल; व्यर्थ।

अनाहत–वि० [सं०] १. ठक्कर नलागेको। २. नबजाइएको। ३. नहानिएको। (ना०) ४. तन्त्र-शास्त्रानुसार हृदयस्थित द्वादश दल-युक्त कमल; शरीरका छ चक्रमध्ये एक। ५. शरीरभित्र आफ-से-आफ भएको नाद (ध्वनि)।

अनाहार–ना० [सं०] नखानु; भोजन नगर्नु; उपवास; अनशन।

अनाहूत–वि० [सं०] १. नबोलाइएको; निमन्त्रण नदिइएको। २. हाँक नदिइएको।

अनि–संयो० [ने०] त्यसपछि; फेरि; तब।

अनिकाल–ना० [सं० अन्त+अकाल] अन्नको ज्यादै अभाव भएको समय; अकाल; दुर्भिक्ष।

अनिकाली–वि० [अनिकाल+ई] १. धेरै खाने; अनिकाले। २. सन्तोष नहुने; असन्तोषी। ३. अनिकालको; अकाल-सम्बन्धी।

अनिकाले–वि० [अनिकाल+ए] १. पेटभरि खाएर पनि सन्तोष नहुने; असन्तोषी। २. धेरै खाने; घिचुवा; अनिकाली। ३. अनिकालको; दुर्भिक्ष-सम्बन्धी।

अनिकाले-कीरो–ना० [अनिकाले+कीरो] सलह।

अनिच्छा–ना० [सं०] इच्छा नहुनु; चाह नहुनु।

अनिच्छित–वि० [सं० अन्+इच्छित] इच्छा नगरिएको; चाह नभएको।

अनिच्छुक–वि० [सं० अन्+इच्छुक] इच्छा नगर्ने; निस्पृह।

अनित्य–वि० [सं०] नित्य नभएको; अस्थायी; विनाशी।

अनिदो–वि० [अ+नीद] निद्रा नलागेको; ननिदाएको।

अनिद्र–वि० [सं०] ननिदाएको; निद्रा नपरेको; जाग्रत; जागरूक।

अनिद्रित–वि० [सं०] निद्रा नपरेको; ननिदाएको।

अनिधो–ना० [अ+निधो] १. निधो नहुनु; अनिश्चय। (वि०) २. निधो नभएको; अनिश्चित।

अनिन्द्य–वि० [सं०] १. निन्दा गर्न योग्य नभएको। २. उत्तम; श्रेष्ठ।

अनिमिष–क्रि० यो० [सं०] १. आँखा झिम्म नगर्ने; निमेष नलाग्ने। २. देव-जाति।

अनिमेष–ना० [सं०] १. आँखा झिम्म नगर्नु; एक टक लगाएर हेर्नु। (वि०) २. आँखा झिम्म नगर्ने; एक टक लगाएर हेर्ने। (क्रि० यो०) ३. निरन्तर; लगातार।

अनियत–वि० [सं०] नियम नभएको; निर्धारित नभएको वा नगरिएको; सिलसिला नमिलेको; अव्यवस्थित।

अनियन्त्रण–ना० [सं०] नियन्त्रण नहुनु; नियन्त्रणको अभाव; स्वच्छन्दता।

अनियन्त्रित–वि० [सं०] १. नियन्त्रण नभएको; प्रतिबन्ध नभएको; रोक-टोक नभएको; नियम-बद्ध नभएको। २. स्वाधीन।

अनियम–ना० [सं०] नियम नहुनु; व्यवस्था नहुनु।

अनियमित–वि० [सं०] नियमित नभएको; व्यवस्था-रहित।

अनिरुद्ध–वि० [सं०] १. नरोकिएको; रोक-टोक नभएको; फुक्का। (ना०) २. कृष्णका नाति; उषा-पति। ३. नारायणका चतुर्व्यूहमध्ये एक।

अनिर्दिष्ट–वि० [सं०] १. निर्देश नगरिएको; नतोकिएको; २. अनिश्चित।

अनिर्बन्ध–ना० [सं०] १. बन्धन नहुनु; रोक-टोक नहुनु। २. आग्रह नगर्नु; हठ नगर्नु। (वि०) ३. बन्धन नभएको; फुक्का; स्वतन्त्र।

अनिर्वच–ना० [सं०] बताएर बताउन नसकिने; अनिर्वचनीय।

अनिर्वचनीय–वि० [सं०] भन्न नसकिने; यसो-उसो भन्न नसकिने; अनुच्चार्य; अवर्णनीय; वर्णनातीत।

अनिर्वाच्य–वि० [सं०] १. भन्न नहुने; बोल्न नहुने। २. भन्न नसकिने; बताउन नसकिने; अनिर्वचनीय। ३. रोज्न अयोग्य; निर्वाचन गर्न अयोग्य।

अनिर्वाप्य–वि० [सं०] शान्त गर्न नसकिने; निभाउन नसकिने।

अनिल–ना० [सं०] हावा; वायु; पवन।

अनिवार्य–वि० [सं०] हटाउन नसकिने; निवारण गर्न नसकिने; नरोकिने; नभइनहुने।

अनिश्चित–वि० [सं०] निश्चय नभएको; अनियत; सन्दिग्ध।

CC-0. In Public Domain. Digitization by eGangotri

अनिष्ट–वि० [सं०] १. इष्ट नभएको; मन नपरेको; नचाहेको। २. अहितकर; खराब। (ना०) ३. अमङ्गल; अहित; हानि।

अनीक–ना० [सं०] १. सेना; फौज; पल्टन। २. समूह; हूल। ३. लडाईं; युद्ध।

अनीकिनी–ना० [सं०] फौज; दल; सेनाको अंश।

अनीति–ना० [सं०] १. नीति-विरुद्ध कुरा; न्याय-विरुद्ध काम। २. अन्याय।

अनीश–वि० [सं०] १. मालिक नभएको; स्वामी नभएको। २. टुहुरो। ३. उसभन्दा माथि अर्को ईश्वर नभएको। ४. असमर्थ।

अनीश्वरवाद–ना० [सं०] १. ईश्वर छैन भन्ने मत; नास्तिकवाद। २. शून्यवाद।

अनीह–वि० [सं०] निस्पृह; इच्छा नभएको।

अनीहा–ना० [सं०] १. इच्छा नहुनु; चाह नहुनु। २. चेष्टा नगर्नु।

अनु–उप० [सं०] शब्द वा धातुका अगिल्तिर लागेर अर्थ फरक गराउने एक उपसर्ग। (उदा०–अनुगमन; अनुवाद; अनुरोध।)

अनुकम्पा–ना० [सं०] दया; कृपा; अनुग्रह; करुणा।

अनुकरण–ना० [सं०] देखासिकी; नकल।

अनुकरणीय–वि० [सं०] १. अनुकरण गर्न लायक; देखासिकी गर्न योग्य; नकल गर्न योग्य। २. नमूना लायक; आदर्श।

अनुकर्ता–वि० [सं०] अनुकरण गर्ने; देखासिकी गर्ने; नकल गर्ने।

अनुकल्प–ना० [सं०] गौण पक्ष; मुख्य वस्तु वा कामको अभावमा लिइने तत्सदृश वस्तु वा काम।

अनुकारक–वि० [सं०] अनुकरण गर्ने; नकल गर्ने; देखासिकी गर्ने।

अनुकारी–वि० [सं०] अनुकरण गर्ने; नकल गर्ने।

अनुकूल–वि० [सं०] १. मिल्दो; हितकर। २. सुविधा-जनक; सर्दो। ३. आफ्नो पक्षको; सहमत। (ना०) ४. एउटै स्त्रीमा अनुरक्त हुने नायक। ५. प्रतिकूल कुरालाई पनि अनुकूल व्यक्त गराउने एक काव्यालङ्कार।

अनुकूलता–ना० [सं०] अनुकूल हुनाको भाव; सर्दोपना।

अनुकूलन–ना० [सं०] कुनै वस्तुलाई अर्को सम्बन्धित वस्तुसित अनुकूल वा मिल्दो बनाउने काम।

अनुकृत–वि० [सं०] अनुकरण गरिएको; नकल गरिएको।

अनुकृति–ना० [सं०] नकल गराइ; अनुकरण।

अनुक्त–वि० [सं०] नभनिएको; अकथित।

अनुक्रम–ना० [सं०] क्रम; सिलसिला।

अनुक्रमणिका–ना० [सं०] १. क्रमपूर्वक दिइएको सूची। २. क्रम; सिलसिलाको निर्देशन।

अनुक्षण–क्रि० यो० [सं०] १. छिन-छिनमा। २. लगातार; निरन्तर।

अनुग–वि० [सं०] पछि लाग्ने; अनुगामी।

अनुगत–वि० [सं०] १. पछि लाग्ने; अनुगामी। २. अनुकूल; मनासिब। ३. आशा-मुखी (सेवक, शिष्य आदि)।

अनुगम–ना० [सं०] १. पछि लाग्नु; अनुसरण गर्नु। २. सती जानु। ३. समान रूपका अनेकलाई वर्गीकरण गर्नु। ४. सफल विचार।

अनुगमन–ना० [सं०] १. पछि लाग्नु; अनुसरण। २. सहायक बन्नु; समान आचरण। ३. सती जानु। ४. नजीक जानु।

अनुगामिता–ना० [सं०] अनुगमन गर्ने भाव।

अनुगामी–वि० [सं०] पछि लाग्ने; अनुयायी।

अनुगुण–वि० [सं०] १. समान गुणको; तुल्य स्वभावको। २. अनुकूल; मिल्दो। (ना०) ३. उत्तम गुण भएका वस्तुको संसर्गले अरूको गुणको उत्कर्ष वर्णन गर्दा पर्ने एक काव्यालङ्कार।

अनुग्रह–ना० [सं०] कृपा; दया; अनुकम्पा।

अनुग्राहक–वि० [सं०] अनुग्रह गर्ने; दयालु; कृपालु।

अनुगृहीत–वि० [सं०] १. अनुग्रह गरिएको; कृपा गरिएको। २. उपकृत।

अनुचर–ना० [सं०] १. नोकर; चाकर। २. सहचर; साथी। ३. पछि लाग्ने; अनुयायी।

अनुचारिका–ना० [सं०] १. नोकर्नी; दासी। २. साथी; सङ्गिनी।

अनुचित–वि० [सं०] १. न्याय-संगत नभएको; उचित नभएको। २. खराब। ३. नसुहाउने।

अनुच्च–वि० [सं०] १. ऊँचो नभएको; अग्लो नभएको; नीचो। २. पुड्को; होचो।

अनुच्चार्य–वि० [सं०] उच्चारण गर्न नहुने वा नसकिने।

अनुच्छेद–ना० [सं०] १. कुनै ग्रन्थका परिच्छेदभित्रको सानो खण्ड; उपपरिच्छेद। २. पुस्तक वा लेखमा एक-एक बूँदा वा विचार छुट्ट्याएर लेखेको खण्ड; प्रघट्टक; प्याराग्राफ। ३. उपदफा।

अनुज–ना० [सं०] १. भाइ। (वि०) २. पछि जन्मेको।

अनुजीवी–ना० [सं०] १. सेवक। (वि०) २. आश्रित; आलम्बित।

अनुज्ञप्त–वि० [सं०] १. अनुमति दिइएको; सल्लाह दिइएको; स्वीकृत। २. अनुज्ञा दिइएको।

अनुज्ञा–ना० [सं०] १. अनुमति; इजाजत। २. मुख्य आज्ञाको व्याख्या गर्ने आदेश; मातहतको अधिकारीले मूल अधिकारीको सुनाएको आज्ञा।

अनुज्ञात–वि० [सं०] अनुज्ञा पाएको; आदेश पाएको; अनुज्ञप्त।

अनुज्ञा-पत्र–ना० [सं०] अनुज्ञा लेखिएको पत्र।

अनुज्ञापन–ना० [सं०] अनुज्ञा जनाउनु; आदेश सूचित गर्नु।

अनुज्ञापित–वि० [सं०] अनुज्ञा दिइएको; अनुज्ञा सूचित गरिएको।

अनुतोष–ना० [सं०] कामको सफलताबाट भएको सन्तोष।

CC-0. In Public Domain. Digitization by eGangotri

अनुतोषण–ना० [सं०] आश्वासन दिनु; सन्तोष गराउनु; खुशी पार्नु।

अनुत्तर–वि० [सं०] १. मुख्य; प्रधान। २. सर्वोत्तम। ३. जवाफ नभएको। ४. जवाफ दिन नसकिने; निरुत्तर।

अनुत्तरदायित्व–ना० [सं०] उत्तरदायित्व नहुनाको भाव; गैरजिम्मेदारी; जवाफदेही नहुनु।

अनुत्तरदायी–वि० [सं०] उत्तरदायित्व नभएको; जवाफदेही नभएको।

अनुत्तरित–वि० [सं०] उत्तर नदिइएको; जवाफ नदिइएको।

अनुत्तीर्ण–वि० [सं०] १. उत्तीर्ण नभएको; सफल नभएको; फेल भएको। २. नउत्रेको।

अनुत्साह–ना० [सं०] उत्साह नहुनु; निरुत्साह हुनु।

अनुत्साही–वि० [सं०] उत्साह नभएको; जाँगर-मरुवा।

अनुदत्त–वि० [सं०] अनुदान दिइएको; आंशिक पुरस्कार दिइएको (वस्तु वा व्यक्ति)।

अनुदात्त–वि० [सं०] १. मुखको तल्लो भागबाट उच्चारण गरिएको स्वर। २. तुच्छ; निम्न।

अनुदान–ना० [सं०] १. सर्वाधिक सेवा गरेवापत कर्मचारीलाई दिइने पुरस्कार। २. सहायता-स्वरूप दिइने धन; चन्दा। ३. कार्यविशेषका निमित्त स्वीकृत आंशिक रकम।

अनुदार–वि० [सं०] १. उदार नभएको; कन्जूस; कृपण। २. सङ्कुचित; सङ्कीर्ण।

अनुदिन–क्रि० यो० [सं०] दिन-दिनै; प्रतिदिन।

अनुद्यम–ना० [सं०] उद्यामको अभाव; अकर्मण्यता।

अनुद्योग–ना०[सं०] १. उद्योग नहुनु; अनुद्यम। २. अकर्मण्यता; आलस्य; सुस्ती।

अनुद्विग्न–वि० [सं०] १. नहड़बड़ाएको; नआत्तिएको। २. शान्त चित्तको।

अनुद्वेग–ना० [सं०] १. उद्वेग नहुनु; हड़बड़ी नहुनु। २. शान्ति; धैर्य।

अनुधावन–ना० [सं०] १. पछि लाग्नु; पछि-पछि दगुर्नु; पछ्याउनु। २. लखेट्नु; पीछा गर्नु। ३. धुनु; सफा गर्नु।

अनुनय–ना० [सं०] १. फुल्याउनु। २. अनुरोध; प्रार्थना। ३. सान्त्वना।

अनुनय-विनय–ना० [सं०] बिन्ती-भाउ; अनुरोध; प्रार्थना।

अनुनासिक–ना० [सं०] १. नाके स्वरले उच्चारण गरिने वर्ण; ङ, ञ, ण, न, म, र अनुस्वार। २. चन्द्र-बिन्दुले चिह्नित वर्ण।

अनुनिर्देश–ना० [सं०] पहिलो आदेशको सम्बन्ध राखेर दिइने दोस्रो आज्ञा।

अनुपम–वि० [सं०] १. उपमा दिन नसकिने; अनुपमेय; बेजोड़ा। २. अत्यन्त असल।

अनुपमेय–वि० [सं०] १. उपमा दिन नसकिने। २. अति उत्तम।

अनुपयुक्त–वि० [सं०] १. उपयुक्त नभएको; अयोग्य; नसुहाउँदो। २. काम नलाग्ने; बेकामको।

अनुपयोग–ना० [सं०] १. काममा नल्याउनु; उपयोग नगर्नु। २. उचित काममा उपयोग नगर्नु।

अनुपयोगिता–ना० [सं०] उपयोगिताको अभाव; व्यर्थता; निरर्थकता।

अनुपयोगी–वि० [सं०] काम नलाग्ने; बेकामको; व्यर्थको।

अनुपस्थित–वि० [सं०] उपस्थित नभएको; गैरहाजिर; अविद्यमान।

अनुपस्थिति–ना० [सं०] उपस्थित नहुनु; गैरहाजिरी; गैल।

अनुपात–ना० [सं०] १. गणितको त्रैराशिक क्रिया। २. मान; नापो। ३. समानता; समता। ४. पछि खस्नु। ५. दाँजो; तुलना।

अनुपान–ना० [सं०] औषधिका साथ वा पछि उपयोग हुने वस्तु; सहपान।

अनुपाम–ना० [सं० अनुपान] औषधिका साथमा खाइने वस्तु; अनुपान।

अनुपाय–वि० [सं०] उपाय नभएको; युक्ति-हीन; निरुपाय।

अनुपालन–ना० [सं०] हेर-विचार गर्नु; संरक्षण गर्नु।

अनुपूरक–वि० [सं०] नपुगेको पछिबाट पूरा गर्ने; पूरक।

अनुपूरण–ना० [सं०] कमी वा त्रुटिलाई पछिबाट पूरा गर्नु।

अनुपूर्ति–ना० [सं०] अनुपूरणको भाव; नपुग पूरा गर्नु।

अनुप्रापण–ना० [सं०] १. लिनुपर्ने धन उठाउनु; असूल गर्नु। २. पछिबाट पुऱ्याइदिनु।

अनुप्राप्त–वि० [सं०] १. लिनुपर्ने धन लिइएको; उठाइएको; असूल गरिएको। २. पछिबाट पाइएको।

अनुप्राप्ति–ना० [सं०] १. उठाउनुपर्ने धन उठाउनु। २. पछि पाउनु।

अनुप्रास–ना० [सं०] रचनामा उस्तै अक्षर बारम्बार आउने शब्दालङ्कार।

अनुबद्ध–वि० [सं०] १. बाँधिएको। २. अनुशासनमा रहेको।

अनुबन्ध–ना० [सं०] १. ग्रन्थको आदिमा छोटकरीमा देखाइने विषयहरू। २. परिणाम। ३. उद्देश्य। ४. कुनै व्यापक व्यवस्थाका अन्तर्गत उपव्यवस्थाको नियोजनका क्रममा रहेका नियमहरूको समूह; उपबन्ध।

अनुबोधन–ना० [सं०] सम्झाउनु; बुझाउनु; बोध गराउनु।

अनुभव–ना० [सं०] १. आफ्नै इन्द्रियहरूका क्रियाद्वारा हासिल गरेको ज्ञान। २. भोगेर प्राप्त गरेको ज्ञान; अनुभोग। ३. थाह; यथार्थ ज्ञान। ४. आफ्नो आत्माले मात्र बोध गर्न सक्ने ज्ञान।

अनुभव-सिद्ध–वि० [सं०] अनुभवद्वारा ठीक ठहरिएको; अनुभूत।

अनुभवी–वि० [सं०] अनुभव भएको; काम गरी ज्ञान प्राप्त गरेको; भुक्तभोगी (व्यक्ति)।

अनुभाव–ना० [सं०] १. महिमा; माहात्म्य। २. शक्ति। ३. अधिकार। ४. प्रभाव। ५. कार्य-व्यापार। ६. काव्य-सम्बन्धी रसका चार अङ्ग (विभाव, अनुभाव, सञ्चारी वा

CC-0. In Public Domain. Digitization by eGangotri

व्यभिचारी र स्थायी भाव)-मध्ये एक; आफ्‌आफ्ना कारण-बाट उद्‌बुद्ध बहिर्भाव।

अनुभाव्य–वि० [सं०] अनुभव गर्न योग्य।

अनुभूत–वि० [सं०] अनुभव भएको (विषय)।

अनुभूति–ना० [सं०] १. आन्तरिक अनुभव। २. खास ज्ञान।

अनुभूमिका–ना० [सं०] मूल भूमिकाका साथ जोड़िएको सानो भूमिका।

अनुभोग–ना० [सं० अनुभव] काम गरेर प्राप्त गरेको ज्ञान; अनुभव।

अनुमत–वि० [सं०] मन्जूर गरिएको; स्वीकृत।

अनुमति–ना० [सं०] १. स्वीकृति; मन्जूरी। २. मिल्दो राय; मत।

अनुमति-पत्र–ना० [सं०] कुनै काम गर्न मन्जूरी लेखिदिएको पत्र; स्वीकृति-पत्र; मन्जूरनामा।

अनुमान–ना० [सं०] १. अन्दाज; अड्‌कल। २. दर्शनका चार प्रमाण (प्रत्यक्ष, अनुमान, शाब्द र आप्त)-मध्ये एक।

अनुमानतः–क्रि० यो० [सं०] अनुमानबाट; अन्दाजले।

अनुमानित–वि० [सं०] अनुमान गरिएको; अन्दाजको; अनुमित।

अनुमित–वि० [सं०] अनुमान गरिएको; अन्दाज लगाइएको; अनुमानित।

अनुमिति–ना० [सं०] अनुमान; अड्‌कल।

अनुमेय–वि० [सं०] अनुमान गर्न योग्य।

अनुमोदन–ना० [सं०] समर्थन; सहमति।

अनुमोदित–वि० [सं०] सहमत; समर्थित।

अनुयाचक–वि० [सं०] कार्यमा अनुकूलताका निम्ति प्रार्थना गर्ने; खुशामदी।

अनुयाचन–ना० [सं०] कार्य-सिद्धिको अनुकूलताका निमित्त अरूसँग प्रार्थना गर्नु; खुशामद।

अनुयायी–वि० [सं०] १. पछि लाग्ने; अनुगामी। २. कुनै सिद्धान्त, धर्म आदिमा पछि लाग्ने। (ना०) ३. नोकर; सेवक; अनुचर।

अनुयोग–ना० [सं०] १. सोध-पूछ; प्रश्न। २. खोजी। ३. जाँच; परीक्षा।

अनुयोज्य–वि० [सं०] १. प्रश्न गर्न सकिने (व्यक्ति); प्रश्न गर्न योग्य। (ना०) २. सेवक।

अनुरक्त–वि० [सं०] अनुराग भएको वा गर्ने; लहसिएको; आसक्त; प्रेमी; स्नेही।

अनुरक्ति–ना० [सं०] आसक्ति; प्रेम; अनुराग; स्नेह।

अनुरञ्जन–ना० [सं०] १. प्रेम; प्रीति; अनुराग। २. दिल बहलाउनु; मनोविनोदन; रमाइलो गराउनु।

अनुरणन–ना० [सं०] घण्टा आदिका शब्दको तरङ्ग; रन्को; टयाङ्गको ग्याङ्ग।

अनुराग–ना० [सं०] १. प्यार; स्नेह; प्रेम। २. भक्ति; श्रद्धा।

अनुरागी–वि० [सं०] १. प्रेमी; स्नेही; अनुराग भएको। २. भक्त; श्रद्धालु।

अनुराधा–ना० [सं०] सत्ताइस नक्षत्रमध्ये एक।

अनुरूप–वि० [सं०] १. समान रूपको; सदृश; तुल्य। २. योग्य; उपयुक्त।

अनुरूपक–ना० [सं०] कुनै वस्तु वा व्यक्तिको अनुरूप बनेको मूर्ति; प्रतिमा; अनुकृति।

अनुरूपता–ना० [सं०] अनुरूप हुनाको भाव; तुल्यता; समानता।

अनुरोध–ना० [सं०] १. नम्रतापूर्वकको प्रार्थना; साग्रह याचना। २. प्रेरणा; ३. रोकावट; बाधा।

अनुरोधक–वि० [सं०] अनुरोध गर्ने; अनुरोधी।

अनुरोधी–वि० [सं०] अनुरोध गर्ने; प्रार्थी।

अनुलग्न–वि० [सं०] टाँसिएको; मिलेको; जोल्टिएको।

अनुलम्ब–ना० [सं०] कुनै कामको टुङ्गो नलागेको अवस्था; अनिश्चित समय।

अनुलम्बन–ना० [सं०] कुनै कर्मचारीप्रति लगाइएको आरोप जाँच-बुझ गरुन्ज्याल उसलाई कामबाट हटाइराख्नु; मुअत्तल हुनु; सस्पेन्शन।

अनुलम्बित–वि० [सं०] कुनै अभियोगले मुअत्तल भएको; आरोपको टुङ्गो नलागुन्जेल आफ्नो कामबाट हटाइएको; सस्पेन्ड गरिएको।

अनुलाप–ना० [सं०] बारम्बार भन्नु।

अनुलिपि–ना० [सं०] एक लिपिमा भएका कुरा अर्को लिपिमा सारिएको लेख।

अनुलेख–ना० [सं०] १. कुनै अड्डा-सम्बन्धी कागत-पत्रमा पदाधिकारीले आफ्नो राय लेख्नु; उपलेख। २. तोक। ३. दरपीठ।

अनुलेखन–ना० [सं०] १. कुनै विशेष घटनाको विवरण लेख्नु। २. नकल सार्नु।

अनुलेपन–ना० [सं०] १. लिप्नु; घस्नु; उपलेपन। २. सुन, चाँदी आदिको जलप चढ़ाउनु। ३. शरीरमा चन्दन आदि सुगन्धी वस्तुहरू घस्नु। ४. चन्दन; शृङ्गारिक मलहमहरू।

अनुलोम–ना० [सं०] सुल्टो जानु।

अनुलोमक–ना० [सं०] सुल्टो क्रम।

अनुल्लङ्घ्य–वि० [सं०] १. उल्लङ्घन गर्न नहुने; नाघ्न नहुने वा नसकिने। २. अकाट्य।

अनुवक्ता–वि० [सं०] अर्काले बोलेको कुरा दोहोऱ्याउने; एक भाषाको अर्को भाषामा अनुवाद गरेर सुनाउने।

अनुवचन–ना० [सं०] १. भनिसकेको कुरा फेरि भन्नु। २. प्रकरण; अध्याय।

अनुवर्तन–ना० [सं०] १. नकल गर्नु; अनुकरण। २. समान आचरण। ३. पछि लाग्नु।

अनुवर्ती–वि० [सं०] पछि लाग्ने; अनुयायी।

अनुवाक–ना० [सं०] १. प्रायः वैदिक ग्रन्थको खण्ड वा विभाग; अध्यायको अनुच्छेद। २. वेदका अध्यायको एक अंश।

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद–ना० [सं०] १. एक भाषाको कुरा अर्को भाषामा व्यक्त गर्नु; भाषान्तरमा सार्नु; उल्था। २. दोहोऱ्याउनु; पुनरुक्ति। ३. एक जनाले भनेको कुरा जस्ताको तस्तै अर्कोले भन्नु।

अनुवादक–वि० [सं०] उल्था गर्ने; अनुवाद गर्ने।

अनुवादित–वि० [सं०] अनुवाद गरिएको; अनूदित।

अनुवादी–ना० [सं०] १. सङ्गीतमा वादी स्वरको सौन्दर्य बढ़ाउने र संवादी स्वरभन्दा गौण स्वरहरू। (वि०) २. अनुवादक; अनुवाद गर्ने; उल्था गर्ने।

अनुवाद्य–ना० [सं०] अनुवाद गर्न लायक; उल्था गर्न योग्य।

अनुविद्ध–वि० [सं०] १. जड़िएको। २. फिँजिएको; व्याप्त। ३. सजाइएको; अलङ्कृत। ४. उनिएको; गाँसिएको। ५. रोपिएको; घोचिएको।

अनुवृत्ति–ना० [सं०] १. नोकरीको निर्धारित समयको अवधि पुगिसकेपछि जागीर छुट्ता कर्मचारीलाई दिइने भत्ता; पेन्सन। २. शास्त्रानुसार पहिले आएका शब्द वा अर्थको पछिल्तिर सम्वन्ध हुनु।

अनुवृत्ति-धारी–ना० [सं०] अनुवृत्ति पाउने व्यक्ति; नोकरीको हद पुगेपछि भत्ता पाउने कर्मचारी; पेन्शिनीयर।

अनुशंसा–ना० [सं०] सिफारिश।

अनुशंसित–वि० [सं०] अनुशंसा गरिएको; प्रशंसित; सिफारिश गरिएको।

अनुशय–ना० [सं०] १. पश्चात्ताप; पछितो। २. दुःख। ३. वैर-भाव। ४. घनिष्ट प्रेम। ५. दुष्कर्मको परिणाम। ६. दिइएको आज्ञा अथवा कार्यलाई रद्द गरिदिनु।

अनुशयाना–ना० [सं०] सङ्केत-स्थानमा प्रिय-मिलन नहुँदा दुःखित भएकी परकीया नायिका।

अनुशासक–ना० [सं०] अनुशासन गर्ने व्यक्ति; प्रशासक।

अनुशासन–ना० [सं०] १. कुनै संस्था वा वर्गका व्यक्तिहरूलाई ठीकसँग काम गराउन बाध्य गर्ने नियम; शिष्टाचारको नियम। २. आज्ञा; आदेश। ३. मर्यादा।

अनुशीलन–ना० [सं०] १. बारम्बार गरिएको अध्ययन; अभ्यास; आवृत्ति। २. चिन्तन; मनन। ३. आलोचना।

अनुश्रुत–वि० [सं०] पहिलेदेखि सुनिआएको; कर्ण-परम्परागत।

अनुश्रुति–ना० [सं०] परम्परागत कुरा; जन-श्रुति।

अनुषङ्ग–ना० [सं०] १. करुणा; दया। २. सम्वन्ध। ३. प्रसङ्गले एक वाक्यको अर्को वाक्यसँग सम्वन्ध जोरिनु। ४. एक कुरापछि लगत्तै अर्को कुरा हुनु।

अनुषङ्गी–वि० [सं०] प्रसङ्गको; प्रासङ्गिक; आनुषङ्गिक; सम्वद्ध।

अनुष्टुप्–ना० [सं० अनुष्टुभ्] नियमित रूपले रहेका आठ-आठ अक्षरका चार पाउ हुने प्रसिद्ध छन्दविशेष।

अनुष्ठान–ना० [सं०] १. अभीष्ट फलका लागि नियमपूर्वक गरिने कुनै देवताको आराधना; पुरश्चरण। २. नियमपूर्वकको कुनै काम; व्रत। ३. यज्ञ आदिको कार्य-विधान। ४. कुनै विशेष कामको शुरू; कार्यारम्भ।

अनुष्ठित–वि० [सं०] अनुष्ठान गरिएको; सम्पादित; नियमानुसार गरिएको।

अनुष्ण–ना० [सं०] १. तातो नभएको। २. चिसो। ३. नगर्माएको।

अनुसन्धान–ना० [सं०] १. सूक्ष्म निरीक्षण; पर्यवेक्षण। २. खोज; अन्वेषण।

अनुसन्धि–ना० [सं०] १. गुप्त परामर्श वा सन्धि। २. षड्यन्त्र; कुचक्र।

अनुसरण–ना० [सं०] १. पछि लाग्नु; अनुकरण। २. निश्चय भएका कुराको अनुसार गर्नु।

अनुसार–ना० यो० [सं०] १. माफिक; बमोजिम; मुताबिक। २. सदृश; समान; तुल्य।

अनुसारतः–क्रि० यो० [सं०] जस्तो छ त्यसै किसिमले; तदनुसार।

अनुसारी–वि० [सं०] १. कसैको अनुसारको; बमोजिम काम गर्ने। २. अनुसरण गर्ने; पछि-पछि हिँड्ने।

अनुसूचक–वि० [सं०] सूचना गर्ने; निर्देशक।

अनुसूचन–ना० [सं०] सूचना; निर्देश।

अनुसूची–ना० [सं०] १. नामावली। २. विवरण। ३. परिशिष्ट-सूची।

अनुस्टु–ना० [अनस्टु] अनस्टु।

अनुस्तरणी–ना० [सं०] मरेका मानिसका निम्ति एघारौं दिनमा छाड़िएकी गाई; वृषोत्सर्गमा छाड़िएकी गाई; साँढी।

अनुस्मरण–ना० [सं०] १. बारम्बार सम्झनु; बिर्सेको कुरा सम्झनु। २. बितिसकेका कुराको सम्झना।

अनुस्मृति–ना० [सं०] सम्झना; स्मरण।

अनुस्यूत–वि० [सं०] १. गाँसिएको। २. बुनिएको। ३. मिलेको; टाँसिएको। ४. सिइएको। ५. बाँधिएको।

अनुस्वान–ना० [सं०] प्रतिध्वनि; फर्केको शब्द; एक स्वरजस्तै अर्को स्वर।

अनुस्वार–ना० [सं०] अक्षरको माथि लाग्ने अनुनासिक वर्ण-चिह्न; शिर-बिन्दु; (ं) यो चिह्न।

अनुहार–ना० [सं०] १. आकार; चेहरा; मुख; वदन। २. नकल; प्रतिकृति। (वि०)। ३. समान; सदृश; तुल्य।

अनुहारी–वि० [सं०] अनुहारको नकल गर्ने; नकल पार्ने; अनुकरण गर्ने।

अनूक–ना० [सं०] १. समूह। २. कुटुम्ब। ३. ढाड़को हाड़। ४. वस्ती (मूत्र-स्थान)।

अनूचान–ना० [सं०] १. वेदको विद्वान्; वैदिक; साङ्गोपाङ्ग वेद जान्ने र त्यसमा प्रवचन गर्ने व्यक्ति। २. विनयी; सुशील।

अनूढ–वि० [सं०] १. विवाह नभएको; अविवाहित; कुमार।

CC-0. In Public Domain. Digitization by eGangotri

२. भारी नबोकेको ।

अनूढा–वि० [सं०] अविवाहिता; विवाह नभएकी; कुमारी; कन्या ।

अनूदक–ना० [सं०] १. वृष्टि नहुनु; सुक्खा; अनावृष्टि । २. पानी नभएको देश वा ठाउँ ।

अनूदन–ना० [सं०] अनुवाद गर्नु; उल्था गर्नु ।

अनूदित–वि० [सं०] १. अनुवाद गरिएको; उल्था गरिएको; भाषान्तरित । २. पछि भनिएको; फेरि वर्णन गरिएको ।

अनूद्य–वि० [सं०] १. अनुवाद गर्न लायक; उल्था गर्न योग्य । २. पछि भन्न लायक; पछिबाट भन्न योग्य ।

अनूप–ना० [सं०] प्रशस्त जल भएको देश; जल-प्रायः देश ।

अनूरु–ना० [सं०] १. सूर्यको सारथी; अरुण । (वि०) २. जाँघ नभएको ।

अनृजु–वि० [सं०] १. बाङ्गो; टेढ़ो; कुटिल । २. दुष्ट; कपटी ।

अनृण–वि० [सं०] १. ऋण नभएको; अऋणी । २. देव, पितृ, ऋषिहरूको ऋणबाट मुक्त भएको ।

अनृत–वि० [सं०] १. मिथ्या; असत्य; झूटो । २. उल्टो; विपरीत ।

अनृतु–ना० [सं०] अनुचित समय ।

अनेक–वि० [सं०] १. धेरै; कैयौँ । २. धेरै थरी; विभिन्न ।

अनेकन्–वि० [अनेक+अन्] धेरै थरी; अनेकानेक; कैय्यन् ।

अनेकशः–क्रि० यो० [सं०] १. बारम्बार; धेरै जसो । २. अनेक प्रकारले; अनेक किसिमसित ।

अनेकौँ–वि० [अनेक+औँ] अनेक ।

अनेड–वि० [सं०] मूर्ख; अनाड़ी ।

अनेडमूक–वि० [सं०] १. बहिरो र लाटो । २. अन्ध । ३. दुष्ट । ४. बेईमान ।

अनैकान्तिक–वि० [सं०] १. चञ्चल; अस्थिर । २. पाँच प्रकारका हेत्वाभासमध्ये एक ।

अनैक्य–ना० [सं०] एकताको अभाव; मत-भेद; फूट ।

अनैच्छिक–वि० [सं०] इच्छा नगरिएको; इच्छा नभएको; अवाञ्छित ।

अनैतिक–वि० [सं०] नीति-विरुद्ध; नीति-सङ्गत नभएको ।

अनैतिहासिक–वि० [सं०] ऐतिहासिक नभएको; इतिहास-विरुद्ध ।

अनैतिह्य–ना० [सं०] ऐतिह्य नभएको; परम्परादेखि अतिरिक्त ।

अनैसर्गिक–वि० [सं०] प्रकृति-विरुद्ध; अप्राकृतिक; अस्वाभाविक ।

अनोकशायी–ना० [सं०] १. घरभित्र नसुत्ने व्यक्ति । २. क्षपणक; शैव सम्प्रदायका एक थरी साधु ।

अनोखा–ना० [अनौठा] अनौठा; अचम्मको; विलक्षण ।

अनौ–ना० [ने०] हलो जोत्दा हलीले समाल्ने हलाको हातो; मूठ ।

अनौचित्य–ना० [सं०] अनुचित हुनाको भाव; औचित्यको अभाव ।

अनौठा–वि० [प्रा० अनुट्ठ] १. गजबको; विलक्षण; अपूर्व; विचित्र; अद्भुत । २. नौलो; नयाँ किसिमको । ३. राम्रो; सुन्दर ।

अनौठो–वि० [प्रा० अनुट्ठ] अनौठा ।

अनौपचारिक–वि० [सं०] औपचारिक नभएको; निर्धारित वा मान्य नियमदेखि अतिरिक्त; दस्तूर वा रीतिबमोजिम नभएको ।

अन्जाम–ना० [फा०] १. अन्दाज; अड़कल; अनुमान; अख्यान । २. नतीजा; परिणाम ।

अन्ठाउन्न–ना० [प्रा० अट्ठवन्नम्] १. पचास र आठको योग-सङ्ख्या; ५८-को अङ्क । (वि०) २. पचास र आठको योग-सङ्ख्याको ।

अन्ठाउन्नौँ–वि० [अन्ठाउन्न+औँ] गन्दै जाँदा अन्ठाउन्नमा परेको; अन्ठाउन्न सङ्ख्याको ।

अन्ठान्नब्बे–वि० [प्रा० अट्ठानवे] १. नब्बे र आठको योग-सङ्ख्या; ९८-को अङ्क । (वि०) २. नब्बे र आठको योग-सङ्ख्याको ।

अन्ठान्नब्बेयौँ–वि० [अन्ठान्नब्बे+यौँ] गणनाको क्रमले अन्ठान्नब्बेमा परेको; अन्ठान्नब्बे सङ्ख्याको ।

अन्डबन्ड–क्रि० यो० [ने०] १. गड़बड़; गोलमाल । २. जथवा-तथवा; यस्तो-उस्तो । ३. जथाभाबी ।

अन्डर-लाइन–ना० [अं०] कुनै लेखको महत्त्वपूर्ण अंशको मुनि खिचिने रेखा; ढाक ।

अन्डस–वि० [सं० अन्तर] १. असजिलो; गाह्लो; अप्ठेरो । (ना०) २. खुंगे; दोधार; अठबा ।

अन्डी–ना० [सं० एरण्डः] विशेषतः आसाम-प्रदेशमा बन्ने मोटो रेशमी कपड़ा; भुलायो ।

अन्तःकरण–ना० [सं०] मन; दिल; हृदय; आत्मा; अभ्यन्तर ।

अन्तःकाल–ना० [सं०] मर्ने वेला; अन्त्य समय ।

अन्तःकालीन–वि० [सं०] दुइ विभिन्न समय वा घटनाका बीचको; अन्तरिम कालको ।

अन्तःपुर–ना० [सं०] १. खोपी; जनानखाना । २. पर्दा-नशीन स्त्रीहरू बाहिर पैदल हिंड्दा हालिने झूलजस्तो पर्दा । ३. महारानी; राजमहिषी ।

अन्तःशुल्क–ना० [सं०] एक्साइज-ड्यूटी ।

अन्त–ना० [सं०] १. आखिरी; समाप्ति; अवसान; अन्त्य । २. मृत्यु । (क्रि० यो०) ३. अरू ठाउँमा; अन्यत्र ।

अन्तक–वि० [सं०] १. मार्ने; नाश गर्ने । (ना०) २. मृत्यु; काल । ३. यमराज ।

अन्ततः–क्रि० यो० [सं०] आखिरमा; अन्त्यमा; आखिरसम्म ।

अन्ततोगत्वा–क्रि० यो० [सं०] आखिरमा; अन्त्यमा ।

अन्तनु–ना० [अम्तर्नु] अम्तर्नु; लक्खु ।

अन्तर–ना० [सं०] १. फरक; भेद; भिन्नता । २. बीच; मध्य; अवकाश । ३. धाँजो; छिद्र । ४. टाढ़ा; दूर;

CC-0. In Public Domain. Digitization by eGangotri

पृथक्। ५. भित्र; अभ्यन्तर। ६. कुना; कोण। ७. दुइ सङ्ख्यामा रहेको भिन्नता-बोधक क्रिया; घटाउ।

अन्तर-कुन्तर—ना० यो० [अन्तर+कुना] कुना-काप्चो; यता-उति; छेउ-छाउ।

अन्तरङ्ग—वि० [सं०] भित्रिया; आत्मीय; ज्यादै मन परेको।

अन्तरङ्ग-सचिव—ना० [सं०] निजी-सचिव; प्राइभेट-सेक्रेटरी।

अन्तरङ्ग-सभा—ना० [सं०] गुप्त सभा; भित्रिया मानिस अथवा आत्मीय मानिसहरूमात्रको सभा।

अन्तर-दिशा—ना० [सं०] उपदिशा; दुइ दिशाका बीचको कोण; ईशान, आग्नेय, नैऋत्य र वायव्य दिशा।

अन्तरस्थ—वि० [सं०] १. बीचमा रहेको। २. भित्र रहेको; गाभिएको।

अन्तरा—क्रि० यो० [सं०] १. नजीक; निकट। २. माझ; बीच। ३. रहित; बिना। (ना०) ४. गीतको पहिलो पदबाहेक अरू चरण। ५. त्यो चरण गाउने क्रिया।

अन्तरात्मा—ना० [सं०] १. जीवात्मा। २. परमात्मा। ३. प्राण। ४. मन; अन्तःकरण।

अन्तराप—ना० [अन्तर] ताल्चा लाउनाका निमित्त ड्वाल, ढोका आदिमा जड़िने धातुको साधनविशेष।

अन्तराय—ना० [सं०] विघ्न; बाधा।

अन्तराल—ना० [सं०] १. मध्य; माझ; बीच। २. अन्तर।

अन्तरिक्ष—ना० [सं०] १. पृथ्वी र नक्षत्रहरूका बीचको स्थान। २. शून्य स्थान; आकाश।

अन्तरिक्ष-विज्ञान—ना० [सं०] १. वायु-मण्डलको सञ्चालनद्वारा सर्दी, गर्मी, वर्षा आदिको गति-विधि बताउने शास्त्र। २. अन्तरिक्ष-सम्बन्धी ज्ञान गराउने विज्ञान; खगोल-विज्ञान।

अन्तरित—वि० [सं] १. भित्र पसेको; घुसेको। २. लुकेको; छिपेको; छोपिएको। ३. रोकिएको; छेकिएको। ४. अलग पारिएको; छुट्टयाइएको।

अन्तरिम—वि० [सं०] दुइ भिन्न समयका बीचको; मध्य-वर्ती।

अन्तरीप—ना० [सं०] तीनतिरबाट समुद्रले घेरिएको पृथ्वी-को सोतो परेको भाग।

अन्तरे—वि० [अन्तर+ए] जन्मका क्रमले पाचौँ; ठाहिँलो पछिको।

अन्तर्कथा—ना० [सं०] १. सङ्केतद्वारा बताइएको गुप्त कुरा; साङ्केतिक कुरा। २. ठूलो कथाभित्रको सानो कथा; उपकथा।

अन्तर्गत—वि० [सं०] १. भित्र परेको; समावेश भएको। २. मातहतको; तैनातको; अङ्गभूत। ३. लुकेको; छिपेको। ४. बिर्सेको; विस्मृत।

अन्तर्गृही—ना० [सं०] कुनै शहरमा रहेका देव-स्थल, तीर्थ आदिको विधि-पूर्वक गरिने यात्रा।

अन्तर्ज्ञान—ना० [सं०] मानसिक ज्ञान; आध्यात्मिक ज्ञान।

अन्तर्दशा—ना० [सं०] फलित ज्योतिषअनसार महादशाभित्र रहेको प्रत्येक ग्रहको भोग-काल।

अन्तर्दशाह—ना० [सं०] मरेपछि दश दिनभित्र गरिने क्रिया; प्रेत-कार्य।

अन्तर्दाह—ना० [सं०] १. भित्र-भित्रै पोल्नु। २. मन पोल्नु; पीर पर्नु।

अन्तर्दृष्टि—ना० [सं०] भित्री आँखा; ज्ञान-चक्षु।

अन्तर्देशीय—वि० [सं०] १. कुनै देशभित्रको; कुनै देशभित्र-मात्र सीमित भएको। २. दुइ वा दुइभन्दा बढ्ता देशहरूको।

अन्तर्द्वार—ना० [सं०] घरको मूल ढोकादेखि अतिरिक्त ढोका; जस्केलो।

अन्तर्धान—ना० [सं०] लोप; नदेखिनु; अदृश्य हुनु; बेपत्ता।

अन्तर्धारा—ना० [सं०] १. नदी वा समुद्रको सतहभित्र बगेको पानीको धारा। २. कुनै समाज, वर्ग, मान्यता, नीति आदिमा रहेको प्रच्छन्न विचार-धारा। ३. ऐन वा नियम-को उपधारा; उपदफा।

अन्तर्नयन—ना० [सं०] दिव्य चक्षु; ज्ञान-चक्षु।

अन्तर्निहित—वि० [सं०] १. भित्र लुकेको; छोपिएको; अन्तर्गत। २. भित्र राखिएको; खामिएको; गाभिएको।

अन्तर्नु—ना० [अम्तर्नु] अम्तर्नु; लक्खु।

अन्तर्पट—ना० [सं०] १. पर्दा; छेकाबार। २. ओत; आड़। ३. ढकनी; आच्छादन। ४. चराका आँखाका बाहिरी पटलभित्रको जाली।

अन्तर्प्रादेशिक—वि० [सं०] दुइ वा दुइभन्दा अधिक प्रदेशहरू-सित सम्बन्धित।

अन्तर्बोध—ना० [सं०] मनमा पैदा हुने अनुभूति; अन्तर्ज्ञान; मानसिक ज्ञान; आध्यात्मिक चेतना।

अन्तर्भाव—ना० [सं०] १. एकलाई अर्कोमा विलीन गराउनु; समावेश। २. भित्री आशय; अभिप्राय।

अन्तर्भावना—ना० [सं०] अन्तर्भाव; मनोभावना।

अन्तर्भावित—वि० [सं०] अन्तर्भाव भएको; समावेश भएको; अन्तर्भूत।

अन्तर्भूत—वि० [सं०] अर्कोमा विलीन भएको; अन्तर्भावित; समाविष्ट।

अन्तर्भौम—वि० [सं०] जमीनभित्रको; भू-गर्भमा रहेको।

अन्तर्मुख—वि० [सं०] १. भित्रतिर मुख फर्केको। २. भित्र जाने; पस्ने। ३. आध्यात्मिक विचार भएको; आत्म-ज्ञानी।

अन्तर्मुखी—वि० [सं०] १. भित्रतिर मुख फर्केको। २. भित्र जाने; पस्ने। ३. आध्यात्मिक विचार भएको; आत्म-ज्ञानी; अन्तर्मुख। ४. घाउ-खटिरा चिर-फार गर्ने एक किसिमको कैँची।

अन्तर्यामी—वि० [सं०] भित्रको सबै कुरा जान्ने; मनको कुरा थाहा पाउने; अन्तःकरणमा रहने। (ना०) २. ईश्वर; परमेश्वर; परमात्मा।

अन्तर्राष्ट्रिय—वि० [सं०] धेरै राष्ट्रहरूको; धेरै राष्ट्रहरूसित सम्बन्ध भएको; अन्ताराष्ट्रिय।

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तर्लापिका–ना० [सं०] १. प्रश्नभित्रै उत्तर लुकेको प्रहेलिका; कूट। २. एक प्रकारको गाउँखाने कथा।
अन्तर्वंशिक–ना० [सं०] १. जनाना-खोपीको निरीक्षक। २. कोठामचे।
अन्तर्वत्नी–ना० [सं०] गर्भवती; गर्भिणी।
अन्तर्वर्ण–ना० [सं०] १. अन्तिम वर्ण; चतुर्थ वर्ण। २. शूद्र।
अन्तर्वर्ती–वि० [सं०] भित्र रहेको; अन्तर्गतको।
अन्तर्वाणिज्य–ना० [सं०] देशभित्र गरिने व्यापार।
अन्तर्वार्ता–ना० [सं०] इन्टर-भ्यू।
अन्तर्वेद–ना० [सं०] गङ्गा र यमुनाका बीचका देशको प्राचीन नाम; अन्तर्वेदी।
अन्तर्वेदना–ना० [सं०] भित्री दुःख; मानसिक कष्ट; चिन्ता।
अन्तर्वेदी–ना० [सं०] गङ्गा र यमुनाका बीचको देश; ब्रह्मावर्त; अन्तर्वेद।
अन्तर्वेश्म–ना० [सं०] घरको भित्री कोठा; खोपी।
अन्तर्व्यापार–ना. [सं०] १. भित्रको काम; अप्रकट काम। २. देशभित्रको व्यापार।
अन्तश्चेतना–ना० [सं०] अवचेतना।
अन्तस्तल–ना० [सं०] मन; हृदय; चित्त।
अन्तस्थ–वि० [सं०] १. भित्र रहेको; भित्री। २. आखिरमा रहेको; अन्तिम।(ना०) ३. य, र, ल र व–यी चार वर्ण।
अन्ताक्षरी–ना० [सं०]भनिएको कुनै कविताको अन्तिम अक्षरबाट शुरू गरी अर्को श्लोक भन्ने प्रतियोगिता वा खेल।
अन्ताराष्ट्रिय–वि० [सं०] दुइ वा धेरै राष्ट्रहरूसित सम्बन्ध भएको; धेरै राष्ट्रहरूको; अन्तर्राष्ट्रिय।
अन्तिम–वि० [सं०] सबैभन्दा पछिको; पछिल्लो; आखिरी।
अन्तिमेत्थम्–ना० [सं०] कुनै काम वा माग पूरा गर्ने अन्तिम म्याद दिई त्यस म्यादभित्र काम नभएमा कुनै किसिमको अर्को कदम उठाउने धम्की दिनु; अन्तिम चेतावनी; अल्टिमेटम।
अन्ती- ना० [नेवा०] सुराहीजस्तो रक्सी हाल्ने धातुको भाँड़ो।
अन्तेवासी–ना० [सं०] गुरुका साथमा रही विद्या हासिल गर्ने शिक्षार्थी; शिष्य; चेलो; छात्र।
अन्त्य–वि० [सं०] १. आखिरीको; पछिल्लो; पुछारको; अन्तिम। (ना०) २. मर्ने वेला; आखिरी। ३. छेउ; किनार। ४. समाप्ति; अवसान। ५. मृत्यु; मरण।
अन्त्य-कर्म--ना० [सं०] मरेपछि गरिने अन्तिम संस्कार; अन्त्येष्टि।
अन्त्यज–वि० [सं०] १. अन्त्यमा जन्मेको। (ना०) २. शूद्र।
अन्त्य-युग–ना० [सं०] आखिरी युग; कलि-युग।
अन्त्यवर्ण–ना० [सं०] तल्लो जातको मानिस; निम्न वर्ण।
अन्त्याक्षरी–ना० [सं०] अन्ताक्षरी।
अन्त्यानुप्रास–ना० [सं०] पद वा वाक्यको अन्त्यमा रहेको अनुप्रास; तुक-बन्दी।
अन्त्येष्टि–ना० [सं०] मरेपछि गरिने अन्तिम क्रिया; अन्तिम संस्कार; दाह-संस्कार, दश क्रिया आदि।
अन्त्र–ना० [सं०] आन्द्रा; आँत।
अन्त्र-वृद्धि–ना० [सं०] आन्द्रा झरी अण्ड-कोष बढ्ने रोग; हर्निया।
अन्दाज–ना० [फा० अन्दाज़] १. अनुमान; अड़कल; लख। २. नाप; जोख।
अन्दाजी–क्रि० यो० [अन्दाज+ई] पुग-नपुग; लगभग; करीब-करीब।
अन्दु–ना० [सं०] १. नेल; हतकड़ी। २. हात्तीका खुट्टामा बाँध्ने साङलो। ३. गोड़ामा लाउने गहना।
अन्देजा–ना० [अन्दाज] १. अन्दाज; अड़कल। २. इन्तिजाम; बन्दोबस्त।
अन्देश–ना० [फा० अन्देशा] १. दुःख; कष्ट। २. पीर; चिन्ता।
अन्ध–वि० [सं०] १. आँखा नभएको; अन्धो। २. अज्ञानी; मूर्ख। ३. मात्तिएको; उन्मत्त। (ना०) ४. अन्धकार।
अन्धकार–ना० [सं०] १. प्रकाशको अभाव; अँध्यारो; तम। २. अज्ञान; मोह।
अन्ध-कूप–ना० [सं०] १. अँध्यारो कुवा; घाँस-पातले छोपिएको इनार। २. अज्ञान; मूर्खता। ३. एउटा नरक।
अन्धता–ना० [सं०] अन्धो हुनाको भाव; अन्धोपन।
अन्ध-परम्परा–ना० [सं०] पहिलेदेखि चलिआएको भनी बिनासोच-विचार अपनाइएको रीति-रिवाज; रूढि।
अन्ध-मुष्टि–ना० [सं०] निष्पट्ट अँध्यारो; घोर अन्धकार; गाढ़ा अन्धकार।
अन्ध-विश्वास–ना० [सं०] पहिलेदेखि चलिआएको भनी विचारै नगरी गरिने विश्वास; बिनाविवेक गरिएको विश्वास।
अन्धाधुन्ध–क्रि० यो० [हिं०] १. वेगले; जोड़सित। २. ज्यादै; साह्लै; अचाक्ली। (वि०) ३. अत्यन्त; ज्यादा।
अन्धेबल–ना० [अन्धो+बल] १. जबर्जस्ती; मूढ़े-बल। २. अन्योल; बिलख-बन्द।
अन्धेर–ना० [सं० अन्धकार] १. अन्याय; अत्याचार; जुलुम। २. उपद्रव; गड़बड़ी।
अन्धो–वि० [सं० अन्ध+ओ] १. आँखा नदेख्ने; दुवै आँखा बन्द भएको; नेत्र-हीन; अन्ध। २. ज्ञान नभएको; अज्ञानी; मूर्ख। ३. उन्मत्त; मत्त। (ना०) ४. परेलाका डीलमा आउने एक किसिमको खटिरो; अन्नो।
अन्न–ना० [सं०] अनाज; धान्य; गहूँ, धान, मकै आदि खाद्यका गेड़ा।
अन्न-कूट–ना० [सं०] कार्तिक शुक्ल पूर्णिमाका दिन देवताका अगिल्तिर अन्न, मिठाई आदिको थुप्रो भोग लगाई गरिने उत्सव।
अन्न-जल–ना० [सं०] १. खाने-पिउने सामग्री; अन्न-पानी। २. कुनै ठाउँमा बसेर गरिने खाने-पिउने स्थिति।
अन्न-दाता–ना० [सं०] खान दिने व्यक्ति; पालन-पोषण

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने व्यक्ति; प्रतिपालक; मालिक ।

अन्न-पात–ना० [अन्न+पात] खानेकुरो; अन्न र साग-पात; अनाज ।

अन्न-पानी–ना० [अन्न+पानी] खाने-पिउने वस्तु; दाना-पानी; अन्न-जल ।

अन्नपूर्णा–ना० [सं०] १. अन्नकी अधिष्ठात्री देवी । २. पश्चिम नेपालमा रहेको २२००० फीट अग्लो एक हिमालय; मानापाथी । (यस हिमालयबाट सेती नदी निस्केको छ ।)

अन्न-प्राशन–ना० [सं०] बालक छ महीना पुगेपछि भात खुवाउने संस्कार; पास्नी ।

अन्न-सत्र–ना० [सं०] दीन-दुःखीलाई पाकेको अन्न बाँड्ने ठाउँ; सदावर्त खुवाउने वा बाँड्ने ठाउँ ।

अन्नाधुन्न–क्रि० यो० [अन्धाधुन्ध] अन्धाधुन्ध ।

अन्नो–ना० [अन्धो] आँखाका डीलमा आउने एक प्रकारको खटिरो; अन्धो ।

अन्भरिइनु–अ० क्रि० [अन्भरि+इ+नु] अन्भरिने काम होइनु; घस्किनु; ('अन्भरिनु'-को भा० क्रि०) ।

अन्भरिनु–अ० क्रि० [अन्भाउ] (व्यङ्ग्यपूर्वकको तिरस्कार) मन नपरेका मानिसले कसैका घरमा आउनु अथवा जानु; घस्कनु; तन्कनु ।

अन्भन्याइ–ना० [अन्भरि+याइ] अन्भरिने किसिम, क्रिया वा भाव ।

अन्भन्याइनु–स० क्रि० [अन्भरि+याइ+नु] अन्भरिन लाइनु; ('अन्भन्याउनु'-को क० क्रि०) ।

अन्भन्याउनु–स० क्रि० [अन्भरि+याउ+नु] १. अन्भरिन लाउनु; अन्भरिने काम गराउनु; ('अन्भरिनु'-को प्रे०क्रि०) । २. मन नपरीकन कर-कापले दिनु; अनिच्छापूर्वक दिनु; मन्सनु; पन्छाउनु । ३. मुस्किलसँग साहू तिर्नु; बल्ल-तल्ल ऋण तिर्नु ।

अन्भाइ–ना० [अन्भाउ+आइ] अन्भाउने किसिम, क्रिया वा भाव ।

अन्भाइनु–स० क्रि० [अन्भाउ+इ+नु] अन्भाउने काम होइनु; ('अन्भाउनु'-को क० क्रि०) ।

अन्भाउनु–स० क्रि० [अन्वारम्भ] विवाहमा दुलहा-दुलहीलाई मङ्गलपूर्वक बिदाइ गर्नु; दुलहा-दुलहीलाई कन्या-गृहबाट प्रस्थान गराउनु ।

अन्माइ–ना० [अन्माउ+आइ] अन्भाइ ।

अन्माइनु–स०क्रि० [अन्माउ+इ+नु] अन्भाइनु; ('अन्माउनु'-को क० क्रि०) ।

अन्माउनु–स० क्रि० [अन्भाउनु] अन्भाउनु ।

अन्य–वि० [सं०] १. अरू; अर्को । २. कुनै; कोही । ३. पराई; परचक्री ।

अन्यतम–वि० [सं०] १. धेरैमा एक । २. सबभन्दा घनिष्ट ।

अन्यतर–वि० [सं०] दुइमा एक ।

अन्यत्र–अव्य० [सं०] कतै; कहीँ; अन्त ।

अन्यत्री–वि० [अन्यत्र+ई] परचक्री; पराई; बिरानो ।

अन्यथा–वि०[सं०] १. विपरीत; उल्टो; विरुद्ध । २. असत्य; झूटो; मिथ्या । (ना०) ३. हेला; अपमान; तिरस्कार । ४. अरू केही; चिताए वा भनिएको भन्दा अर्कै । (क्रि० यो०) ५. त्यसो नभए; होइन भने; नत्र ।

अन्यथा-सिद्धि–ना० [सं०] कुनै असत्य कुरालाई अनेक कुराद्वारा सत्य प्रमाणित गरिने न्याय-शास्त्रले बताएको एक दोष ।

अन्य-मनस्क–वि० [सं०] चित्त-वृत्ति अर्कैतिर लागेको; विमनस्क; उदास ।

अन्याय–ना० [सं०] १. न्याय-विरुद्ध; बेइन्साफ; नीति-विरुद्ध । २. अनुचित काम; अयोग्य व्यवहार । ३. अत्याचार; मनपरी ।

अन्यायवाला–वि० [सं० अन्याय+वाला (फा०)] १. अन्याय गर्ने; अत्याचारी; अन्यायी । २. जाली; फटाहा । (ना०) ३. झगड़ियाले आफ्नो प्रतिद्वन्द्वीलाई भन्ने शब्द ।

अन्यायी–वि० [सं०] अन्याय गर्ने; अत्याचारी; बेइन्साफी ।

अन्योक्ति–ना० [सं०] एउटालाई भन्दा अर्कालाई घट्ने कुरा; एक प्रसिद्ध अर्थालङ्कार ।

अन्योन्य–क्रि० यो० [सं०] १. परस्पर; आपसमा । (ना०) २. दुइ वा दुइभन्दा बढ़ी वस्तुले परस्परमा एउटै क्रिया गर्दा हुने एक प्रसिद्ध अर्थालङ्कार ।

अन्योन्याश्रय–ना० [सं०] १. एकमा अर्को आश्रित हुनु । २. न्यायमा एक वस्तुको ज्ञानबाट अर्को वस्तुको ज्ञान हुनु; सापेक्ष ज्ञान ।

अन्योल–क्रि० यो० [ने०] १. बिलख-बन्द; अलमलल; वाल्ल-ब्याल्ल; रुमलो; ससम्भ्रम । (ना०) २. पीर; मानसिक ताप । ३. बेसुद्धी; बुद्धि-विभ्रम ।

अन्वय–ना० [सं०] १. कुनै दुइ वा दुइभन्दा बढ़ी कुराको पारस्परिक सम्बन्ध । २. पद्यात्मक वाक्यलाई गद्यात्मक बनाउनु । ३. कुनै वाक्यको शब्दावलीअनुसार ससङ्गत अर्थ लाउनु । ४. एउटा कुरा सिद्ध गर्नलाई अर्कै कुराको सिद्धि अथवा त्यसद्वारा सम्बन्ध सिद्ध गर्नु ।

अन्ववाय–ना० [सं०] जाति; वंश; कुल ।

अन्वष्टका–ना० [सं०] पौष, माघ, फाल्गुन र आश्विन महीनाका कृष्ण-पक्षका नवमीका दिन गरिने मातृक श्राद्ध ।

अन्वहम्–क्रि० यो० [सं०] दिन-दिन; प्रतिदिन ।

अन्वादेश–ना० [सं०] दोहोऱ्याएर दिइएको आदेश; द्विरुक्ति ।

अन्वारम्भ–ना० [सं० अन्वारम्भण] स्त्रीले माइतबाट घर जाँदा लगिएको धन; स्त्री-धन; दाइजो ।

अन्वारोहण–ना० [सं०] स्त्रीले पतिका साथ जल्नु; सती जानु ।

अन्वासन–ना० [सं०] १. सेवा; पूजा । २. दुःख; शोक ।

अन्वाहार्य–ना० [सं०] मरेका मानिसको नाउँमा प्रतिमास गरिने श्राद्ध; मासिक श्राद्ध ।

अन्वाहिक–वि० [सं०] दिन-दिनैको; दैनिक ।

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वित–वि० [सं०] अन्वय भएको; मिलेको; युक्त।
अन्वितार्थ–ना० [सं०] १. अन्वय गरेर निकालेको अर्थ। २. लुकेको अर्थ। ३. गूढाशय।
अन्वीक्षण–ना० [सं०] राम्रोसित खोज्नु; अनुसन्धान; खोज।
अन्वेषण–ना० [सं०] अनुसन्धान; खोज; बितिसकेका कुराको खोजी गर्नु।
अन्वेषी–वि० [सं०] खोजी गर्ने; अन्वेषण गर्ने।
अन्सार–ना० [सं० अनुसार] १. अन्दाज; लख; अड्कल। २. इशारा।
अन्सारी–वि० [अन्सार+ई] अन्सार गर्ने; ठीकसित अन्दाज गर्ने।
अन्हा–ना० [ने०] हलुवाबेद।
अप–अव्य० [सं०] शब्दको अगिल्तिर लागेर विपरीत, विरुद्ध, खराब, आधिक्य, निषेध, हीनता, दूषण, विकृति, विशेषता आदि बुझाउने एक उपसर्ग। (उदा०–अप+मान=अपमान, अप+मृत्यु=अपमृत्यु, अप+गति=अपगति।)
अपकर्ता–वि० [सं०] अपकार गर्ने; अपकारक; अपकारी।
अपकर्म–ना० [सं०] खराब काम; दुष्कर्म; निन्दनीय काम; गर्न नहुने काम।
अपकर्ष–ना० [सं०] १. पछिल्तिर तान्नु। २. घटाउनु; ह्रास। ३. मान-हानि; अपमान। ४. अनुन्नति।
अपकर्षक–वि० [सं०] अपकर्ष गर्ने; घटाउने; कम गर्ने।
अपकर्षण–ना० [सं०] १. घटाउनु। २. घिच्च्याउनु। ३. मान-हानि हुनु; मान घट्नु। ४. मूल्य कम हुनु; मोल घट्नु। ५. तल ओर्लनु। ६. वस्तुको कुनै अङ्ग टुक्रिनु।
अपकार–ना० [सं०] कुभलो; हानि; अहित; नोक्सान।
अपकारक–वि० [सं०] अपकार गर्ने; अनिष्ट-कारक।
अपकारिता–ना० [सं०] अपकार गर्नाको भाव।
अपकारी–वि० [सं०] अपकार गर्ने; अपकारक।
अपकीर्ति–ना० [सं०] दुष्कीर्ति; बदनामी; अपयश।
अपकृत–वि० [सं०] अपकार गरिएको; अनिष्ट गरिएको।
अपकृति–ना० [सं०] अपकार।
अपकृष्ट–वि० [सं०] १. घटाइएको। २. हटाइएको। ३. तानिएको; तल ओह्रालिएको; झारिएको। ४. नीच; दुष्ट। (ना०) ५. हीन व्यक्ति। ६. काग; कौवा।
अपक्रम–ना० [सं०] क्रम बिग्रनु; व्यतिक्रम।
अपक्रमण–ना० [सं०] १. भाग्नु; सुइँकुच्चा ठोक्नु। २. बसेको ठाउँ छोड्नु।
अपक्रोश–ना० [सं०] गाली; सराप; निन्दा।
अपक्व–वि० [सं०] नपाकेको; काँचो।
अपक्ष–वि० [सं०] १. पखेटा नभएको; पक्ष नभएको। २. आड़ नभएको; सहायक नभएको। ३. बिनासाथीको; मित्र नभएको।
अपक्षपात–वि० [सं०] पक्षपात नभएको; निष्पक्ष।
अपक्षय–ना० [सं०] नष्श; क्षय।
अपगत–वि० [सं०] १. भागेको; ठाउँबाट हटको। २. मरेको। ३. नष्ट।
अपगति–ना० [सं०] १. दुर्गति। २. खराब बाटो लाग्नु। ३. हट्नु। ४. नाश।
अपघन–ना० [सं०] १. देह; शरीर। २. अवयव; अङ्ग।
अपघात–ना० [सं०] १. मार्नु; हत्या; हिंसा। २. विश्वास-घात।
अपघाती–ना० [सं०] १. विश्वास-घाती। २. हत्यारो; हिंस्रक।
अपच–ना० [सं०] खाएको भोजन नपच्नु; अग्नि-मान्द्य; अजीर्ण।
अपचय–ना० [सं०] १. कम हुनु; घट्नु; ह्रास। २ नाश।
अपचार–ना० [सं०] १. अनुचित कार्य। २. निन्दा। ३. स्वास्थ्य बिग्रने काम। ४. मर्नु।
अपचारक–वि० [सं०] १. अपचार गर्ने; अनुचित काम गर्ने। २. निषेध भएका ठाउँमा जाने।
अपचारी–वि० [सं०] १. सदाचारमा नरहने; दुराचारी। २. दुष्ट; दुर्जन।
अपच्छाय–वि० [सं०] छाया नभएको; प्रतिविम्व-रहित।
अपजात–वि० [सं०] खराब सन्तान; बाबु-आमाका गुण नभएको सन्तान।
अपढ़–वि० [अ+पढ़] नपढ़ेको; अशिक्षित; अनपढ़; अपठित।
अपढ़न्ता–वि० [अ+पढ़न्ता] अनपढ़; अपढ़; मूर्ख।
अपताली–ना० [अपुताली] अपुताली।
अपत्य–ना० [सं०] सन्तान; छोरा-छोरी।
अपत्यार–ना० [अ+पत्यार] नपत्याउनु; पत्यार नहुनु; अनपत्यार; अविश्वास।
अपत्यारो–ना० [अ+पत्यार] अनपत्यार; अविश्वास।
अपथ–ना० [सं०] १. खराब बाटो; कुमार्ग। २. कठिन बाटो; दुर्गम मार्ग।
अपथ्य–ना० [सं०] १. स्वास्थ्यलाई खराब गर्ने खानेकुरो; कुपथ। (वि०) २. स्वास्थ्यलाई अहितकर; हानि-कारक।
अपद्रव्य–ना० [सं०] १. खराब वस्तु। २. कुत्सित धन।
अपध्वंस–ना० [सं०] १. एकाएक भएको विनाश; अनायासको विध्वंस। २. अपमान। ३. पराजय।
अपनयन–ना० [सं०] १. हटाउनु; निकाल्नु। २. भगाउनु। ३. छुट्ट्याउनु; वियोग पार्नु।
अपनाम–ना० [सं०] बदनामी; दुर्नाम।
अपनीत–वि० [सं०] १. भगाएर लगिएको; अपहृत। २. एक ठाउँबाट अर्को ठाउँमा लगिएको; सारिएको। ३. छुट्ट्याइएको; वियोग पारिएको।
अपनेता–ना० [सं०] १. भगाउने व्यक्ति। (वि०) २. एक ठाउँबाट अर्को ठाउँमा लैजाने। ३. छुट्ट्याउने; वियोग गराउने।
अपन्यास–ना० [सं०] गायनका खण्ड अलग-अलग गरेर बन्ने स्वर।
अपभोग–ना० [सं०] १. अर्काको सम्पत्ति अनुचित किसिमले भोग गर्नु। २. सम्पत्तिको दुरुपयोग।

CC-0. In Public Domain. Digitization by eGangotri

अपभोगी–वि० [सं०] १. अपभोग गर्ने; अर्काको धन अनुचित रूपमा फुक्ने। २. सम्पत्तिको दुरुपयोग गर्ने।

अपभ्रंश–ना० [सं०] १. खस्नु; पतन हुनु; च्युत हुनु। २. बिग्रनु; भ्रष्ट हुनु। ३. तत्सम शब्द बिग्रेर बनेको रूप। ४. मध्य-कालको एक भाषा।

अपभ्रष्ट–वि० [सं०] १. खसेको; गिरेको। २. पतन भएको; च्युत। ३. बिग्रेको; विकृत। ४. तत्सम शब्द बिग्रेर बनेको; तद्भव (शब्द)।

अपमान–ना० [सं०] अनादर; हेला; बेइज्जती; तिरस्कार।

अपमानिक–वि० [सं०] अपमान गर्ने; हेला गर्ने।

अपमानित–वि० [सं०] अपमान गरिएको; हेला गरिएको; तिरस्कृत।

अपमानी–वि० [सं०] अपमान गर्ने; हेला गर्ने।

अपमृत्यु–ना० [सं०] दुर्घटनाबाट भएको मृत्यु; अकाल-मृत्यु।

अपयश–ना० [सं०] औजस; अपकीर्ति; बदनामी।

अपयोग–ना० [सं०] कुसाइत; खराब मुहूर्त।

अपयोजन–ना० [सं०] अर्काको सम्पत्ति अनुचित तरीकाले आफ्नो काममा खर्च गर्नु।

अपरञ्च–अव्य० [सं०] अर्को; फेरि पनि; पुनश्च।

अपरति–ना० [सं०] १. छुट्टिनु; विच्छेद हुनु। २. असन्तुष्ट हुनु; चित्त नबुझ्नु। ३. स्वार्थ। ४. बेईमानी।

अपरम्पार–वि० [सं०] अपार; असीम; बेहद; पार पाइन-सक्नु; पार गरिनसक्नु।

अपरस–ना० [सं०] छालामा कल्ला-कल्ला पर्ने रोगविशेष।

अपरा–ना० [सं०] १. ब्रह्म-विद्यादेखि भिन्न विद्या; लौकिक विद्या; पदार्थ-विद्या। २. पश्चिम दिशा। ३. हात्तीको पछिल्लो भाग। ४. गर्भाशय। ५. ज्येष्ठ कृष्ण एकादशी।

अपराग–ना० [सं०] १. वैर-भाव; द्वेष; शत्रुता। २. अरुचि। ३. असन्तोष।

अपराजिता–ना० [सं०] १. केराउको जस्तो कोसा र सेतो वा नीलो फूल हुने एक लता। (सेतो फूल फुल्नेलाई गिरि-कर्णिका र नीलो फूल फुल्नेलाई विष्णुक्रान्ता भन्दछन्। आयुर्वेदमा यिनीहरूको गुण ठन्डा गर्ने, वात-पित्त-नाशक र स्मृति-वर्द्धक मानिएको छ।) २. दुर्गा। ३. कोइली। ४. ईशान कोण।

अपराध–ना० [सं०] ऐन-कानून वा धार्मिक दृष्टिबाट गर्न नहुने काम; पाप लाग्ने काम; कसूर; दोष।

अपराध-विज्ञान–ना० [सं०] मानिसले अपराध किन गर्दछ र त्यसलाई कसरी हटाउन सकिन्छ भन्ने विवेचन गरिएको शास्त्र।

अपराध-शील–वि० [सं०] अपराध गर्ने स्वभाव भएको; अपराधी।

अपराधी–वि० [सं०] अपराध गर्ने; पाप-कर्म गर्ने।

अपरान्त–ना० [सं०] पश्चिमी देश वा प्रान्त।

अपराह्ण–ना० [सं०] दिनको तृतीय प्रहर; दिनको उत्तरार्ध।

अपरिग्रह–ना [सं०] १. दान नलिनु; दानको परित्याग। २. आवश्यकभन्दा बढ्ता धनको परित्याग।

अपरिचित–वि० [सं०] १. चिन-जान नभएको; जान-पहिचान नभएको; परिचय नभएको। २. पराई; परचक्री।

अपरिच्छद–वि० [सं०] १. लत्ता-कपड़ा केही नभएको; नाङ्गो; नङ्गा। २. नढाकिएको; नछोपिएको।

अपरिच्छिन्न–वि० [सं०] १. विभाग हुन नसक्ने; अविभाज्य। २. मिलेको; नछुट्टिएको। ३. असीम; अथाह।

अपरिणय–ना० [सं०] विवाह नभएको अवस्था; कौमार्य; कुमार-अवस्था।

अपरिणामी–वि० [सं०] १. परिणाम ननिस्कने। २. अवस्था वा रूपमा हेर-फेर नहुने।

अपरिणीता–वि० [सं०] विवाह नभएकी; अविवाहिता; कुमारी; कन्या।

अपरिमित–वि० [सं०] १. सीमा नभएको; असीम; बेहद। २. असङ्ख्य; अगणित।

अपरिमेय–वि० [सं०] १. नाप-तौल गर्न नसकिने; अन्दाज गर्न नसकिने। २. धेरै; असङ्ख्य।

अपरिवर्तनीय–वि० [सं०] हेर-फेर नहुने; परिवर्तन गर्न नसकिने।

अपरिहार्य–वि० [सं०] १. छोड्न; नसकिने, अत्याज्य। २. कामको निमित्त अत्यावश्यक; अनिवार्य।

अपरीक्षित–वि० [सं०] १. नजाँचिएको; परीक्षा नगरिएको। २. विचार नगरिएको।

अपरुष–वि० [सं०] १. नरिसाउने; क्रोध नगर्ने। २. ठर्रो नभएको; कोमल।

अपरूप–वि० [सं०] १. नराम्रो; कुरूप; विरूप। २. अद्‌भुत; अपूर्व।

अपरेटर–ना० [अं० ऑपरेटर] मेशीन, यन्त्र आदि चलाउने व्यक्ति।

अपर्झट–क्रि०यो० [उपर+झट्ट] १. अचानक; अब्झट; अकस्मात्; एक्कासि; अनायास। (ना०) २. सहसा आइपरेको स्थिति।

अपर्णा–ना० [सं०] १. पार्वती; दुर्गा। (वि०) २. पात नभएको (लहरा)।

अपर्याप्त–वि० [सं०] पर्याप्त नभएको; नपुगेको।

अपर्याप्ति–ना० [सं०] पर्याप्त नभएको अवस्था वा भाव; अपूर्णता; कमी।

अपर्युषित–वि० [सं०] बासी नभएको; ताजा।

अपलाप–ना० [सं०] जानाजान लुकाउनु; तथ्य कुरा छिपाउनु; जानेका कुरा पनि अरूलाई नभन्नु।

अपलोक–ना० [सं०] निन्दा; बदनामी; अपयश; दुर्नाम।

अपवर्ग–ना० [सं०] १. मोक्ष; निर्वाण; मुक्ति। २ त्याग। ३. दान। ४. कार्य-समाप्तिपूर्वकको फल-प्राप्ति।

अपवर्जन–ना० [सं०] १. त्याग्नु; छोड्नु। २. मुक्ति; मोक्ष।

CC-0. In Public Domain. Digitization by eGangotri

अपवर्जित–वि० [सं०] १. छोड़िएको; त्यागिएको। २. मोक्ष भएको; मुक्त।

अपवर्त्तन–ना० [सं०] फर्कनु; प्रत्यागमन।

अपवर्त्तित–वि० [सं०] फर्केको; प्रत्यागत।

अपवर्त्त्य–वि० [सं०] फर्काउन योग्य।

अपवाद–ना० [सं०] १. निन्दा; बदनामी; अपकीर्ति। २. झूटो दोष; मिथ्या कलङ्क। ३. व्यापक वा सामान्य नियम-भित्र बाँधिन नसकी पृथक् रहेको शब्द वा कुरा; सामान्य लक्षण वा सिद्धान्तमा नघटेको कुरा।

अपवादक–वि० [सं०] १. अर्काको निन्दा गर्ने; अपवाद गर्ने; बदख्वाइ गर्ने। २. विरोधी ; बाधक।

अपवादिक–वि०[सं०] अपवाद-सम्बन्धी; सामान्य नियम-भित्र नरहेको।

अपवादी–वि० [सं०] अपवाद गर्ने; निन्दा गर्ने।

अपवारण–ना० [सं०] १. छोप्नु; ढाक्नु। २. बीचमा बसेर परस्परको आघात बचाउने व्यक्ति वा वस्तु।

अपवारित–वि० [सं०] १. ढाकिएको; छोपिएको। २. रोकिएको; अवरुद्ध।

अपवित्र–वि० [सं०] १. पवित्र नभएको; अशुद्ध; बिटुलो; दूषित। २. जाति-भ्रष्ट; जाति-पतित।

अपवित्रता–ना० [सं०] पवित्र नहुनाको भाव; अशुद्धता।

अपविद्ध–ना० [सं०] धर्म-पुत्र; पालित पुत्र।

अपविद्या–ना० [सं०] अज्ञान; अविद्या।

अपव्यय–ना० [सं०] अनुचित खर्च; फजूल खर्च; धनको दुरुपयोग।

अपव्ययी–वि० [सं०] फजूल खर्च गर्ने; अपव्यय गर्ने।

अपशकुन–ना० [सं०] खराब लक्षण; खराब शकुन; कु-लक्षण।

अपशङ्क–वि० [सं०] १. शङ्का नभएको; निःशङ्क। २. निडर; निर्भय।

अपशब्द–ना० [सं०] १. गाली; दुर्वाच्य। २. अशुद्ध शब्द। ३. असम्बद्ध प्रलाप। ४. अपान-वायु।

अपश्रय–ना० [सं०] तकिया; बालिस्ट।

अपश्री–वि० [सं०] १. हिसी नपरेको । २. कुरूप; नराम्रो।

अपसद–ना० [सं०] जाति वा समाजबाट वहिष्कृत व्यक्ति; पतित व्यक्ति।

अपसरक–ना० [सं०] १ आफ्नो कर्तव्य वा उत्तरदायित्व त्याग गर्नु। २. स्त्री-पुत्रादि त्याग्नु।

अपसरण–ना० [सं०] कार्य-भार वा उत्तरदायित्वको त्याग।

अपसर्जन–ना० [सं०] छोड्नु; त्याग।

अपसर्प–ना० [सं०] १. जासूस; गुप्तचर। २. छुल्याहा; कुरा लाउने।

अपसर्पक–ना० [सं०] १. जासूस; गुप्त-चर। २. छुल्याहा व्यक्ति।

अपसव्य–वि० [सं०] १. दाहिने; दायाँ। २. उल्टो; विरुद्ध। (ना०) ३. बायाँ काँधको जनै वा उत्तरीय दाहिने काँधमा सार्नु।

अपसार–ना० [सं०] १. बाहिर जानु; निक्लनु। २. निस्कने बाटो; निकास।

अपसारण–ना० [सं०] १. पन्छाउनु; हटाउनु; निकाल्नु। २. बाटो दिनु।

अपसारित–वि० [सं०] पन्छाइएको; निकालिएको; हटाइएको।

अपसारी–वि० [सं०] विरुद्ध जाने वा रहेको; उल्टो चल्ने।

अपसिद्धान्त–ना० [सं०] नराम्रो सिद्धान्त; खराब विचार; दुर्नीति।

अपसृत–वि० [सं०] १. निक्लेको; पन्छिएको; हटेको। २. पार-पाचुके लिएको।

अपसृता–ना० [सं०] पार-पाचुके लिएकी; परित्यक्ता।

अपसोच–ना० [फा० अफ़सोस] अफसोस।

अपसोस–ना० [फा० अफ़सोस] अफसोस।

अपस्नान–ना०[सं०]१. आशौचका निमित्तको स्नान; खलको। २. अपवित्र पानीमा नुहाउनु।

अपस्मार–ना० [सं०]१. मूर्च्छा पर्ने रोग; छारे-रोग; मिरगी। २. बिर्सनु; विस्मृति।

अपस्मारी–वि० [सं०] १. छारे-रोग भएको; मिरगी-रोग लागेको। २. भ्रान्त; विस्मृत।

अपस्वर–ना० [सं०] १. रूखो स्वर; कर्कश शब्द। २. सुर-ताल नमिलेको स्वर।

अपस्वार्थी–वि० [सं०] खराब कुरामा स्वार्थ भएको।

अपहत–वि० [सं०] १. नाश गरिएको; बिगारिएको। २. मारिएको। ३. हटाइएको।

अपहत्ते–ना० [स० अपहत्या] आफैले गरेको आफ्नो हत्या; आत्म-हत्या; आत्म-घात।

अपहत्या–ना० [सं०] अपहत्ते; आत्म-हत्या; आत्म-घात।

अपहन–वि० [सं०] १. मार्ने; वधिक। २. नाश गर्ने; नाशक।

अपहरण–ना० [सं०] १. खोस्नु; बलपूर्वक लिनु। २. चोर्नु; हरण गर्नु।

अपहर्ता–ना० [सं०] १. खोस्ने व्यक्ति; बलजफ्ती लिने व्यक्ति। २. लुटेरा; चोर।

अपहार–ना० [सं०] १. लूट; डकैती। २. चोरी।

अपहारक–वि० [सं०] १. हरण गर्ने; चोर्ने। २. लुट्ने; लुटेरा।

अपहारी–वि० [सं०] १. अपहरण गर्ने; खोस्ने। २. चोर्ने। ३. लुट्ने।

अपहास–ना० [सं०] १. बेमतलबको हाँसो; अकारणको हाँसो। २. उपहास; गिल्ला।

अपहृत–वि० [सं०] १. हरण गरिएको । २. चोरिएको; लुटिएको।

अपह्नव–ना० [सं०] १. लुकाउनु; छिपाउनु। २. युक्तिपूर्वक लुकाउनु; चलाकीका साथ सत्य कुरा छिपाउनु।

अपह्नुति–ना० [सं०] युक्तिपूर्वक सत्य कुरा लुकाएर

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णन गरिने एक प्रसिद्ध काव्यालङ्कार; उपमेयलाई निषेध गरेर उपमानको स्थापना गर्दा हुने एक काव्यालङ्कार।

अपाक–ना० [सं०] १. नपाक्नु; अपक्व हुनु; काँचोपन। २. अपच।

अपाकरण–ना० [सं०] १. हटाउनु; निराकरण। २. बेमन्जूरी; अस्वीकृति।

अपाक्य–वि० [सं०] नपाकेको; काँचो; अपक्व।

अपाङ्ग–वि० [सं०] १. कुनै अङ्ग भाँचिएको वा हुँदै नभएको; विकलाङ्ग। (ना०) २. आँखाको कुना।

अपात्र–ना० [सं०] १. कुपात्र; खराब व्यक्ति; निन्दित व्यक्ति। २. खराब भाँडो।

अपादान–ना० [सं०] १. हटाउनु; अलग गर्नु; छुट्टयाउनु। २. व्याकरण-शास्त्रमा पञ्चमी कारक।

अपान–ना० [सं०] १. पञ्च महाप्राणमध्ये एक। २. मल-मूत्रलाई निकाल्ने गुदस्थ वायु। ३. गुद-द्वार।

अपान-वायु–ना० [सं०] गुद-द्वारबाट निस्कने वायु; पाद।

अपामार्ग–ना०[सं०] भुवादार पात हुने, मञ्जरीजस्तो फूल लाग्ने, तिलजस्तो दाना फल्ने एक झार। (यो रातो र सेतो डाँठ हुने दुइ प्रकारको हुन्छ। भाद्र शुक्ल पञ्चमीका दिन स्त्रीहरूले यसको दतिवन लगाउँछन्।)

अपामार्जन–ना० [सं०] धुनु; पखाल्नु; पवित्र पार्नु।

अपाम्मे–वि० [ने०] १. ज्यादै; धेरै; अत्यन्त; अगाध; उपाम्मे। (क्रि० यो०) २. ज्यादा; अति; धेरै।

अपाय–ना० [सं०] १. हानि; नोक्सानी। २. नाश; विनाश।

अपार–वि० [सं०] १. पार पाइनसकिने; असीम; अनन्त; वेहद। २. असाध्य; गनिनसक्नु।

अपारग–वि० [सं०] १. पार गर्न नसकेको वा नसकिने अपारगामी। २. अयोग्य। ३. असमर्थ।

अपारगामी–वि० [सं०] अपारग।

अपावन–वि० [सं०] पवित्र नभएको; अपवित्र; अशुद्ध।

अपासन–ना० [सं०] १. अस्वीकृति; नामन्जूरी। २. नाश।

अपासित–वि० [सं०] मन्जूर नभएको; अस्वीकृत।

अपाहज–वि० [प्रा० अपाहेज्ज] १. हात-खुट्टा नभएको; अङ्ग-हीन। २. खञ्ज; लुलो-लङ्गड़ो। ३. काममा अयोग्य। ४. अल्सी।

अपाही–वि० [अ+पाही] १. पाही नपरेको; अनुकूल नपरेको; पायक नपरेको। २. कोल्टो; असजिलो।

अपि–क्रि० यो० [सं०] १ पनि। २. निश्चय नै।

अपितु–संयो० [सं०] किन्तु; तर।

अपिलात–ना० [अं० एपेलेन्ट] अपील गर्ने व्यक्ति; अपील-वाला झगड़िया।

अपील–ना० [अं०] १. तल्लो अदालतमा भएको फैसलामा चित्त नबुझ्दा माथिल्लो तहको अदालतमा विचारार्थ पेश गरिने प्रार्थना। २. विशेष विचार गर्नाका निमित्त गरिएको निवेदन। ३. अड्डा वा कर्मचारीहरूउपरको उजूर सुन्ने अड्डा।

अपील-पत्र–ना० [अपील+पत्र] तल्लो अड्डाले गरेको फैसला-उपरको नालिश।

अपुग–वि० [अ+पुग्+अ] १. नपुगेको; नपुग्दो। २. अपूरो; अपूर्ण। (ना०) ३. नपुगेको अंश; अपर्याप्तता; नपुग।

अपुग्दो–वि० [अ+पुग्दो] नपुग; अपर्याप्त।

अपुङ्गी–क्रि० यो० [ने०] जनही; मानिसपिच्छे; हरेकलाई; प्रतिव्यक्ति।

अपुङ्गो–ना० [सं० अपूप] केरा, घिउ, दूध, चीनी र गहूँको पीठो मिसाएर बनाएको खाद्य पदार्थ; अपूप। (यो खाद्य पदार्थ विशेष गरी सत्य-नारायणको पूजामा नैवेद्य लगाइन्छ।)

अपुताली–ना० [अपूत+आली] सन्तान नहुनेको सम्पत्ति; अपुत्रको मरेपछिको जेथा; औताली।

अपुत्र–वि० [सं०] १. सन्तान-हीन; छोरा-छोरी नभएको; निस्सन्तान; अपूतो। २. छोरो नभएको; पुत्र-हीन।

अपुत्रिका–ना० [सं०] छोरा नभएका बाबुकी सन्तान नभएकी छोरी; अपुत्र बाबुकी निस्सन्तान पुत्री।

अपुत्री–वि० [सं०] सन्तान नभएकी; छोरा-छोरी नभएकी; अपूती।

अपुनर्–क्रि० यो० [सं०] १. एक पटकमात्र; एक वारमात्र। (वि०) २. फेरि नभएको; नदोहोरिएको।

अपुष्ट–वि० [सं०] १. दुब्लो; पातलो; निर्धो। २. झीनो; निर्बल। ३. प्रमाण नभएको। ४. समर्थन नभएको।

अपूत–वि० [प्रा० अपुत्त] १. छोरा-छोरी नभएको; अपूतो। २. खराब छोरो; कपूत।

अपूत–वि० [सं०] अपवित्र; अशुद्ध।

अपूती–वि० [अपूत+ई] सन्तान नभएकी; निस्सन्तान (स्त्री)।

अपूतो–वि० [प्रा० अपुत्तो] छोरा-छोरी नभएको; सन्तान-हीन; निस्सन्तान; अपुत्र।

अपूप–ना० [सं०] १. पूवा; मालपुवा। २. अपुङ्गो।

अपूरणी–ना० [सं०] सिमलको रूख; शाल्मली वृक्ष।

अपूरो–वि० [सं० अपूर्ण] पुरा नभएको; अधकल्चो; अधूरो; अपूर्ण।

अपूर्ण–वि० [सं०] १. पूरा नभएको; अधूरो; खण्डित। २. समाप्त नभएको।

अपूर्व–वि० [सं०] १. पहिले नभएको। २. नयाँ; आधुनिक। ३. अद्भुत; अनौठो। ४. अपरिचित। ५. उत्तम; श्रेष्ठ। (ना०) ६. परमात्मा; ईश्वर।

अपृथक्–क्रि० यो० [सं०] १. अलग नभएको; अभिन्न। २. सदा साथमा रहेको। ३. समष्टि रूपको।

अपेक्षा–ना० [सं०] १. आकाङ्क्षा; अभिलाषा; इच्छा; चाह। २. आवश्यकता; प्रयोजन। ३. आशा; भरोसा। ४. तुलना; दाँजो।

अपेक्षाकृत–क्रि० यो० [सं०] १. तुलनामा; समानतामा;

CC-0. In Public Domain. Digitization by eGangotri

दाँजोमा। २. आशा गरेको भन्दा; इच्छा गरिएको भन्दा।

अपेक्षित–वि० [सं०] १. अपेक्षा गरिएको; वाञ्छनीय। २. प्रयोजनीय; आवश्यक; जरूरी।

अपेक्ष्य–वि० [सं०] वाञ्छनीय; इच्छा गर्न योग्य।

अपेत–वि० [सं०] १. हराएको; गएको। २. विरुद्ध।

अपेय–वि० [सं०] पिउन नहुने वा नसकिने; पिउन अयोग्य।

अपोढ–वि० [सं०] निकालिएको; त्यागिएको।

अपोह–ना० [सं०] १. हटाउनु; लखेट्नु। २. छलफल गर्नु; तर्क-वितर्क गर्नु।

अपौतिक–ना० [सं०] १. पाकेर पीप नभरिएको काँचो खटिरो। २. फोको; पिड्को। ३. टुटिल्को। ४. गाँठो।

अपौरुष–वि० [सं०] १. मानिसले नबनाइएको; अमानुषिक; अलौकिक; ईश्वरीय। २. डर-छेरुवा; कायर।

अपौरुषेय–वि० [सं०] अपौरुष; पौरुषेय नभएको।

अप्ठेरो–वि० [सं० अपस्थित] १. असजिलो; गाह्रो; कठिन; अप्ठ्यारो। २. बाउँटो; बिँगठ्याहा; टेढ़ो। (क्रि० यो०) ३. दोठ्याङ; अन्डस; अड्चन।

अप्ठ्यारो–वि० [अप्ठेरो] अप्ठेरो।

अप्यय–ना० [सं०] १. नजीक आउनु; निकट आउनु। २. भित्र पस्नु; प्रवेश गर्नु।

अप्रकट–वि० [सं०] प्रकट नभएको; नदेखिएको; लुकेको; गुप्त।

अप्रकरण–ना० [सं०] प्रकरणबाहेकको विषय; अप्राकरणिक; सिलसिला नमिलेको विषय।

अप्रकाश–वि० [सं०] १. प्रकाश नभएको; उज्यालो नभएको। २. लुकेको; छिपेको। ३. ननिस्केको; अप्रकाशित।

अप्रकाशित–वि० [सं०] १. अँध्यारो; प्रकाश नभएको। २. प्रकट नभएको वा नगरिएको। ३. गुप्त; नदेखिएको। ४. छापेर प्रचार नगरिएको।

अप्रकृत–वि० [सं०] १. मुख्य नभएको; अप्रधान। २. भिन्न विषयको; अप्रासङ्गिक।

अप्रगल्भ–वि० [सं०] १. बोल्न नसक्ने; निमुखा; अप्रत्युत्पन्न-मति। २. साहस नभएको; निरुत्साही। ३. भयभीत; त्रस्त। ४. नपाकेको; काँचो। ५. अभिमान नभएको; निरभिमानी।

अप्रचलित–वि० [सं०] नचलेको; व्यवहारमा नल्याइएको; अप्रयुक्त।

अप्रज–वि० [सं०] सन्तान नभएको; अपूतो।

अप्रतिकार–वि० [सं०] प्रतिकार नगरिएको; बदला नलिइएको।

अप्रतिघ–वि० [सं०] १. फोर्न नसकिने; अभेद्य। २. जित्न नसकिने; अजेय।

अप्रतिदेय–वि० [सं०] १. सहायतार्थ दिइएको (धन); फिर्ता गर्नु नपर्ने (ऋण)। (ना०) २. दान।

अप्रतिद्वन्द्व–वि० [सं०] १. जोड़ा नभएको; प्रतिद्वन्द्वी नभएको। २. अजेय।

अप्रतिपक्ष–वि० [सं०] शत्रु नभएको; अजात-शत्रु; निस्सपत्न।

अप्रतिपत्ति–ना० [सं०] ज्ञान नहुनु; अज्ञान।

अप्रतिबन्ध–वि० [सं०] रोक-टोक नभएको; प्रतिबन्ध नभएको; स्वच्छन्द।

अप्रतिबल–वि० [सं०] ज्यादै बलियो; अजेय शक्ति-युक्त; अत्यन्त बलवान्।

अप्रतिभ–वि० [सं०] १. प्रतिभा नभएको; हत-प्रभ। २. बुद्धि-हीन; निर्बुद्धि। ३. फूर्ति नभएको; सुस्त।

अप्रतिभट–वि० [सं०] जोड़ा नभएको; बेजोड़ा।

अप्रतिम–वि० [सं०] जोड़ा नभएको; अद्वितीय; अनुपम।

अप्रतिरूप–वि० [सं०] बेजोड़ा; अद्वितीय; अनुपम।

अप्रतिवीर्य–वि० [सं०] बेजोड़को; शौर्य-शाली; अति पराक्रमी।

अप्रतिष्ठ–वि० [सं०] १. म्यादी; अस्थायी। २. प्रतिष्ठा नभएको; कीर्ति-रहित।

अप्रतिष्ठा–ना० [सं०] प्रतिष्ठाको अभाव; अनादर; अपमान; अपयश; दुष्कीर्ति।

अप्रतिष्ठित–वि० [सं०] प्रतिष्ठा नभएको; असम्मानित।

अप्रतिहत–वि० [सं०] १. नरोकिएको; निर्विघ्न। २. अजेय।

अप्रतीत–वि० [सं०] १. अप्रसन्न; नाखुश। २. नसम्झिने; नबुझिने; अस्पष्ट।

अप्रत्यक्ष–वि० [सं०] १. प्रत्यक्ष नभएको; साक्षात्कार नभएको; परोक्ष। २. अदृष्ट; अगोचर।

अप्रत्यय–वि० [सं०] १. विश्वास नभएको; सन्देह-युक्त। २. ज्ञान नभएको; अज्ञ। (ना०) ३. विश्वास नहुनु; संशय। ४. दुर्बोध्य; अज्ञेयता।

अप्रत्याशित–वि० [सं०] आशा नगरिएको; आकस्मिक; अचानकको।

अप्रधान–वि० [सं०] प्रधान नभएको; अमुख्य; गौण।

अप्रभु–वि० [सं०] १. अशक्त; असमर्थ; अयोग्य। २. पराधीन।

अप्रमत्त–वि० [सं०] १. प्रमाद-रहित; सावधान; सतर्क। २. बुद्धिमान्।

अप्रमा–ना० [सं०] अयथार्थ ज्ञान; मिथ्या ज्ञान।

अप्रमाण–वि० [सं०] १. प्रमाण-रहित; निस्सा नभएको। २. अविश्वस्त।

अप्रमाणित–वि० [सं०] प्रमाण नभएको; प्रमाणित नगरिएको; अविश्वस्त।

अप्रमाद–वि० [सं०] १. प्रमाद-रहित; सावधान; सतर्क। २. बुद्धिमान्।

अप्रमेय–वि० [सं०] १. नाप्न नसकिने; असीम; अपरिमित; अनन्त। २. तर्कबाट सिद्ध गर्न नसकिने। ३. यथार्थ रूपमा जान्न नसकिने। (ना०) ४. ब्रह्म; ईश्वर।

अप्रयुक्त–वि० [सं०] प्रयोग नगरिएको; व्यवहारमा नल्याइएको; अव्यवहृत।

अप्रयुक्तत्व–ना० [सं०] शास्त्रमा प्रसिद्ध भए तापनि व्यवहारमा प्रयोग नगरिने शब्द कविहरूले प्रयोग गर्दा हुने काव्यदोष

[stamp]

CC-0. In Public Domain. Digitization by eGangotri

अप्रवृत्ति–ना० [सं०] काममा नलाग्नु; निष्क्रियता।

अप्रशिक्षित–वि० [सं०] १. उत्तम शिक्षा नपाएको; राम्रो शिक्षा नपाएको। २. पूर्ण शिक्षा प्राप्त नगरेको; अर्ध-शिक्षित।

अप्रसङ्ग–वि० [सं०] १. बिनाप्रसङ्गको; असम्बन्धित। २. प्रेम नभएको; अनुराग-रहित।

अप्रसन्न–वि० [सं०] खुशी नभएको; प्रसन्न नभएको; नाखुश।

अप्रसन्नता–ना० [सं०] अप्रसन्न हुनाको भाव; वेराजीपन।

अप्रसिद्ध–वि० [सं०] प्रसिद्ध नभएको; अविख्यात।

अप्रसिद्धि–ना० [सं०] प्रसिद्ध नहुनु; प्रसिद्धिको अभाव।

अप्रस्ताविक–वि० [सं०] १. प्रस्ताव नराखिएको। २. अप्रासङ्गिक; असङ्गत।

अप्रस्तुत–वि० [सं०] १. पेश नगरिएको; प्रस्तुत नगरिएको। २. अगिल्तिर नभएको; अनुपस्थित। ३. असङ्गत; अप्रासङ्गिक। (ना०) ४. उपमान।

अप्रस्तुत-प्रशंसा–ना० [सं०] प्रस्तुतको कथनद्वारा अप्रस्तुतको बोध गराउने एक अर्थालङ्कार।

अप्राकरणिक–वि० [सं०] प्रकरण-विरुद्ध; अप्रासङ्गिक।

अप्राकृत–वि० [सं०] १. प्राकृत नभएको; अस्वाभाविक। २ असाधारण।

अप्राकृतिक–वि० [सं०] प्राकृतिक नभएको; अस्वाभाविक; अनैसर्गिक।

अप्राप्त–वि० [सं०] १. प्राप्त नभएको; नपाएको। २. अलभ्य; दुर्लभ।

अप्राप्ति–ना० [सं०] नपाउनु; प्राप्तिको अभाव।

अप्राप्य–वि० [सं०] पाउन नसकिने; अलभ्य।

अप्रामाणिक–वि० [सं०] प्रमाण-रहित; प्रामाणिक नभएको।

अप्रासङ्गिक–वि० [सं०] विनाप्रसङ्गको; सिलसिलादेखि वाहिरको; अप्रस्तुत।

अप्रिय–वि० [सं०] १. मन नपरेको; प्यारो नभएको। २. चाह नभएको। (ना०) ३. शत्रु; वैरी।

अप्रियता–ना० [सं०] प्रिय नहुनाको भाव; प्रेमको अभाव।

अप्रिल–ना० [अं० एप्रिल] ईसवी संवत्को चौथो महीना; प्रायः चैतमा पर्ने ३० दिनको अङ्ग्रेजी महीना।

अप्रीति–ना० [सं०] १. प्रीति नहुनु; प्रेम नहुनु। २. रुचि नहुनु। ३. घृणा।

अप्रेन्टिस–ना० [अं० एप्रेन्टिस] कुनै कार्यालयमा काम सिक्न अवैतनिक वा अल्प वतनिक रूपले काम गर्ने कर्मचारी; सिकारु व्यक्ति।

अप्रेशन–ना० [अं० ॲपरेशन] घाउ, खटिरा आदि चिर्ने काम; चिर-फार।

अप्रौढ–वि० [सं०] १. प्रौढ नभएको। २. डर-छेरुवा; कातर।

अप्रौढता–ना० [सं०] १. प्रौढताको अभाव। २. कट्मिरोपना।

अप्रौढा–ना० [सं०] १. विवाह नभएकी स्त्री; कन्या। २. भर्खर विवाह भएकी स्त्री। ३. नछुने नभएकी कन्या; रजवती नभएकी कन्या।

अप्सरा–ना० [सं०] १. इन्द्रका सभामा नाच-गान गर्ने नर्तकी; देवाङ्गना; स्वर्गकी वेश्या; २. जल-कण; वाष्प-कण। (वि०) ३. अत्यन्त राम्री (स्त्री); परम सुन्दरी।

अप्सानी–ना० [सं० अपोसान] भोजन गर्ने समयमा मन्त्रपूर्वक दिइने बलि; गो-ग्रास; अग्रासन; औसानी।

अफताली–ना० [?] राजा, महाराजा आदिका सवारीमा पहिल्यै गएर वास आदिको प्रबन्ध गर्ने कर्मचारी; पेशगी।

अफल–वि० [सं०] १. फल नभएको; निष्फल। २. निरर्थक; व्यर्थ। ३. खसी पारेको; नपुंसक तुल्याइएको।

अफलाकाङ्क्षी–वि० [सं०] पारिश्रमिकको इच्छा नगर्ने; पुरस्कारको आशा नगर्ने; निःस्वार्थी।

अफवाह–ना० [अ० अफ़वाह] जन-साधारणमा चलेको हल्ला; हो-हल्ला; किंवदन्ती।

अफसर–ना० [फा० अफ़सर] अफिसर।

अफसोस–ना० [फा० अफ़सोस] १. दुःख। २. सुर्ता; खेद। ३. पछुतो; पश्चात्ताप।

अफाप–वि० [अ+फाप] १. नफापेको; फाप नभएको; हानिकारक; अशुभ; अनिष्टकर। (ना०) २. हानि; अनिष्टकर हुनु।

अफालाइ–ना० [अफाल्+आइ] अफाल्ने किसिम, क्रिया वा भाव।

अफालिनु–स० क्रि० [अफाल्+इ+नु] अफाल्ने काम गरिनु; फ्याँकिनु; ('अफाल्नु'-को क० क्रि०)।

अफाल्नु–स० क्रि० [प्रा० अप्फालनम्] १. फाल्नु; फ्याँक्नु; मिल्काउनु; आफाल्नु। २. छोड्नु; त्याग गर्नु। ३. हुत्त्याउनु; हुर्‍याउनु। ४. हटाउनु; दूर गर्नु।

अफिस–ना० [अं० ॲफिस] अड्डा; दफ्तर।

अफिसर–ना० [फा० अफ़सर] १. सरकारी उच्च कर्मचारी। २. सेना-नायक; उच्च सैनिक पदाधिकारी। ३. हाकिम; प्रधान; प्रमुख।

अफीन–ना० [सं० अफेन] अफीम।

अफीनची–ना० [अफीन+ची] अफीमची।

अफीम–ना० [सं० अफेन] १. केस्रा-केस्रा परेका काँढ़ादार पात हुने, सेतो, कलेजी, रातो वा नीलो रङ्गको फूल फुल्ने, डल्ला परेका फलभित्र मसिना लट्टेजस्ता दाना फल्ने, नशादार चोप निस्कने एक जातको बोट। २. त्यसैको चोब; अहिफेन। (यसका बोट चार जातका देखिएका छन्। आयुर्वेदमा यसको गुण बल-वर्द्धक, शुक्र-वर्द्धक र वायु-नाशक बताइएको छ। यसको चोब नशाका रूपमा सेवन गरिन्छ।)

अफीमची–ना० [अफीम+ची] १. अफीम खाने व्यक्ति; अफीमको अम्मली व्यक्ति। २. अल्छी; घिडन्याहा। ३. धेरै बेरसम्म दिसा बस्ने मानिस।

अफ्रिका–ना० [अं०] पाँच महाद्वीपमध्ये एक; पृथ्वीको पूर्वी गोलार्धमा रहेको एक महाद्वीप।

CC-0. In Public Domain. Digitization by eGangotri

अफसर–ना० [फा० अफ़सर] अफिसर।
अब–संयो० [सं० अथ] १. यसपछि; अनि। २. यस वखत; यसै क्षण।
अबकारी–ना० [फा० आवकारी] १. रक्सी वनाउने ठाउँ; शराबखाना; भट्टी। २. भट्टी-सम्बन्धी रकम; मादक पदार्थ-सम्बन्धी कर असूल गर्ने अड्डा।
अबगाल–ना० [अव+गाल] गाल; अबजस; भनाउ।
अबजस–ना० [प्रा० अवजस] जस नपाउनु; अपयश; अपवाद; भनाउ।
अबद्ध–वि० [सं०] नबाँधिएको; बद्ध नभएको।
अबध्य–वि० [सं०] १. मार्न नहुने; धर्म-शास्त्रानुसार प्राण-दण्ड दिन नहुने। २. मार्न नसकिने।
अबरे–ना० [अकबरे] ज्यादै पीरो गोल आकारको खुर्सानी; अकबरे।
अबल–वि० [सं०] बल नभएको; निर्बल; निर्धो।
अबला–वि० [सं०] १. बल नभएकी; निर्बल। २. आइमाई; स्वास्नी-मान्छे; स्त्री।
अबस्से–क्रि० यो० [सं० अवश्य] अवश्य।
अबाटो–ना० [अ+बाटो] १. कुबाटो; खराब बाटो। २. बाटो नपरेको ठाउँ; बाटो नभएको ठाउँ।
अबाद–ना० [फा० आवाद] बाँझो जग्गाको खन-जोत; खेती-कमाइ; नयाँ बस्ती बसाउने काम; आबादी।
अबादी–वि० [अबाद+ई] १. अबाद भएको; खन-जोत भएको; कमाइएको (जग्गा)। (ना०) २. मानिसहरूको बस्ती। ३. जन-सङ्ख्या; आबादी।
अबाध–वि० [सं०] १. वाधा-अड़काउ नभएको; निर्विघ्न; स्वच्छन्द। २. पीडा नभएको। (क्रि० यो०) ३. विना-रोक-टोक; निरन्तर।
अबाधित–वि० [सं०] १. बाधा नभएको; बिनारोक-टोकको। २. स्वच्छन्द; स्वतन्त्र।
अबाध्य–वि० [सं०] १. रोक्न नसकिने। २. नबाँधिएको; बाध्य नभएको। ३. अनिवार्य।
अबिजालो–ना० [ने०] १. केराउका जस्ता बाटुला-बाटुला पात हुने भँ-झार; बूटीविशेष। (आँखामा फूलो परेकोमा यसको रस औषधीको रूपमा प्रयोग गरिन्छ।) २. कड़ा पिरो पदार्थ।
अबीर–ना० [अ०] देवताको पूजा र टीका आदि लाउने काममा प्रयोग गरिने विशेष प्रकारको रातो धूलो।
अबीरी–वि० [अ० अबीर+ई] १. अबीर-सम्बन्धी; अबीरको। २. अबीर रङ्गको।
अबुझ–वि० [अबूझ] अबूझ।
अबुद्ध–वि० [सं०] मूर्ख; बुद्धू; बेवकूफ।
अबुद्धि–ना० [सं०] बुद्धि नहुनु; निर्बुद्धिता।
अबूझ–वि० [प्रा० अवज्झः] जति सम्झाए पनि नबुझ्ने; बोधो; नासमझ; मूर्ख।
अबूझकी–वि० [अबूझ] कुरा नबुझ्ने; अबूझ; मूर्ख।
अबेर–क्रि० यो० [(फाँ०) अ+बेर] बेर; बियाँलो; अबेला; विलम्ब; ढीलो।
अबेला–ना० [अ+वेला] १. खराब समय; बेमौका; कुवेला। (क्रि० यो०) २. अबेर; वेर; ढीलो।
अबेहोर–वि० [अ+बेहोर] खराब चाल-चलनको; दुश्चरित्र।
अबोध–वि० [सं०] १. अज्ञानी; मूर्ख; मूढ। २. केही नजान्ने।
अबोला–वि० [अ+बोल्+आ] नबोल्ने स्वभावको; मौनी।
अब्ज–वि० [सं०] १. पानीमा उम्रेको; जलज। (ना०) २. कमल। ३. शङ्ख। ४. चन्द्रमा। ५. सय करोड़को सङ्ख्या; अर्ब।
अब्झट–क्रि० यो० [अपर्झट] अपर्झट; अचानक; एक्कासि; अनायास।
अब्द–ना० [सं०] १. वर्ष; साल। २. बादल; मेघ। ३. आकाश।
अब्धि–ना० [सं०] १. समुद्र; सागर। २. सरोवर; तलाउ; जलाशय। ३. सातको सङ्ख्या।
अब्बल–वि० [अ० अव्वल] १. असल; उत्तम; श्रेष्ठ। २. अव्वल।
अब्रख–ना० [सं० अभ्रख] अभ्रख।
अब्रह्मचर्य–वि० [सं०] ब्रह्मचर्यमा नरहेको।
अब्रह्मण्य–वि० [सं०] १. ब्राह्मणलाई योग्य नभएको; ब्राह्मणको प्रतिकूल (कर्म)। २. ब्राह्मणमा श्रद्धा नराख्ने। (ना०) ३. नाटकमा कुनै अनुचित कुराको सूचना गर्दा नेपथ्यमा उच्चारण गरिने शब्द (अब्रह्मण्यम्)।
अब्रुबा–ना० [अ० आवेरवाँ] एक जातको मिहीन र पातलो असल कपड़ा।
अभक्ति–ना० [सं०] १. भक्ति नहुनु; श्रद्धा नहुनु। २. प्रेम नहुनु; अनुराग नहुनु।
अभक्ष्य–ना० [सं०] खान नहुने वस्तु; अभोज्य चीज; अखाद्य पदार्थ; धर्म-शास्त्रले खान निषेध गरेको वस्तु; अभच्छे।
अभग–ना० [सं० अभङ्ग] गीतको दोहोऱ्याई-दोहोऱ्याई भनिने चरण; गीतको स्थायी।
अभङ्ग–वि० [सं०] भङ्ग नभएको; अखण्ड; पूर्ण।
अभङ्ग-पद–ना० [सं०] पद वा अक्षरलाई भङ्ग नगरीकनै दुइ वा बढ़ी अर्थ निस्कने अर्थालङ्कार; श्लेषालङ्कारको एक भेद।
अभच्छे–ना० [सं० अभक्ष्य] खान नहुने वस्तु; धर्म-शास्त्रको नियमानुसार खान नहुने चीज; अभक्ष्य।
अभद्र–वि० [सं०] १. भलादमीपन नभएको; अशिष्ट। २. खराब; अशुभ।
अभय–ना० [सं०] १. भय नहुनु; निर्भय; निडर। २. शरणमा लिनु; रक्षा गर्नु।
अभय-दान–ना० [सं०] भयबाट बचाउनु; शरणमा लिनु; सुरक्षा गर्नु।
अभय-पद–ना० [सं०] मुक्ति; मोक्ष।
अभय-मुद्रा–ना० [सं०] अभय-दान दिने मुद्रा; दाहिने हात

CC-0. In Public Domain. Digitization by eGangotri

उठाएर हत्केला देखाएको अभय-दान दिने मुद्रा।

अभय-वचन–ना० [सं०] भयबाट बचाउने प्रतिज्ञा; अभय-दानको आश्वासन।

अभव्य–वि० [सं०] १. अनुचित; बेठीक। २. भाग्य नभएको; अभागी।

अभाग–ना० [सं०] १. दुर्भाग्य; खोटो कर्म। (वि०) २. भाग्य नभएको; अभागी। ३. भाग नलाइएको; अंश नलगाइएको; अविभक्त।

अभागी–वि० [सं०] १. भाग्य नभएको; खोटो कर्म भएको; भाग्य-हीन। २. जस नपाउने।

अभाग्य–ना० [सं०] भाग्य नहुनु; दुर्भाग्य।

अभाव–ना० [सं०] १. नहुनु; असत्ता। २. नपाइनु; अप्राप्ति; दुर्लभ हुनु। ३. नाश; मृत्यु।

अभाषित–वि० [सं०] नभनिएको; नसुनाइएको।

अभि–उप० [सं०] संज्ञावाची र क्रियावाची शब्दमा लाग्ने एक संस्कृत उपसर्ग। (उदा०–अभि+धर्म=अभिधर्म। अभि+घात=अभिघात।)

अभिक–वि० [सं०] स्त्री-लम्पट; कामुक।

अभिकाङ्क्षा–ना० [सं०] इच्छा; अभिलाषा।

अभिकाङ्क्षी–वि० [सं०] इच्छा गर्ने; अभिलाषी।

अभिक्रम–ना० [सं०] १. शुरू; आरम्भ; प्रारम्भ। २. चढ़ाइ; आक्रमण।

अभिक्रान्ति–ना० [सं०] चढ़ाइ; आक्रमण।

अभिक्रोश–ना० [सं०] १. कराउनु; बोलाउनु। २. गाली गर्नु; हप्काउनु।

अभिक्रोशक–ना० [सं०] १. बोलाउने व्यक्ति। २. गाली गर्ने मान्छे। ३. शाप दिने व्यक्ति।

अभिगमन–ना० [सं०] १. आउनु। २. भेट-घाट गर्नु। ३. मैथुन।

अभिघात–ना० [सं०] १. काट-मार; प्रहार। २. आक्रमण; हमला।

अभिघात–ना० [ने०] १. अति प्रेरणा; ज्यादा झिँझ्याहट। (वि०) २. अति; ज्यादा; अत्यन्त। (क्रि० यो०) ३. धेरै; अति।

अभिघातक–वि० [सं०] १. मार-काट गर्ने; प्रहार गर्ने। २. आक्रमण गर्ने। ३. रोक्ने; छेक्ने।

अभिचार–ना० [सं०] तन्त्र-मन्त्रद्वारा गरिने मारण, मोहन, उच्चाटन आदि हिंसात्मक कर्म। (यी छ प्रकारका छन्–मारण, मोहन, स्तम्भन, विद्वेषण, उच्चाटन र वशीकरण।)

अभिजन–ना० [सं०] १. वन्धु-वर्ग; वंश; कुटुम्ब। २. देश।

अभिजात–वि० [सं०] १. उच्च कुलमा जन्मेको; कुलीन। २. बुद्धिमान्; पण्डित। ३. उपयुक्त; योग्य। ४. मान्य; पूज्य। ५. सुन्दर; मनोहर।

अभिजात-तन्त्र–ना० [सं०] कुलीन र सुयोग्य व्यक्तिका हातमा रहेको शासन-प्रणाली।

अभिजित्–वि० [सं०] १. जितिएको; विजित (ना०) २. विष्णु। ३. उत्तराषाढाको अन्तिम पन्ध्र घड़ी र श्रवणका पहिलेका चार घड़ीको समय। ४. पौने बाह्रदेखि डेढ़ बजे-सम्मको मुहूर्त। ५. विजय-मुहूर्त।

अभिज्ञ–वि० [सं०] १. जानिफकार; विशेषज्ञ। २. निपुण; कुशल।

अभिज्ञा–ना० [सं०] १. प्राथमिक ज्ञान। २. स्मरण; सम्झना।

अभिज्ञान–ना० [सं०] १. सम्झना; स्मृति। २. चिनु। ३. लक्षण। ४. परिचय।

अभित–क्रि० यो० [सं०] १. नजीक; निकट। २. सामुन्ने; अगिल्तिर। ३. यता-उति। ४. दुवैतिर। ५. वरि-परि। ६. दायाँ-बायाँ।

अभिताप–ना० [सं०] १. प्रचण्ड गर्मी। २. दुःख; पीडा।

अभित्यक्त–वि० [सं०] १. छोड़िएको; त्याग गरिएको; परित्यक्त। २. दण्ड-निर्मुक्त।

अभित्याग–ना० [सं०] १. छोड्नु; परित्याग। २. दण्ड आदि-बाट निर्मुक्त गर्नु।

अभिदेश–ना० [सं०] साक्षी प्रमाण आदिका रूपमा प्रकाश गरिएका पहिलेका घटनाको चर्चा।

अभिधा–ना० [सं०] १. नाम। २. पदवी; उपाधि। ३. शब्दको वाच्यार्थ बोध गराउने शक्ति; वाचक शब्द।

अभिधान–ना० [सं०] नाम; संज्ञा।

अभिधेय–वि० [सं०] १. अर्थ; भाव; तात्पर्य; अभिप्राय। २. निचोर; निष्कर्ष। ३. कुनै शब्दको शाब्दिक अर्थ। ४. नाम।

अभिनन्द–ना० [सं०] १. हर्ष; प्रसन्नता। २. प्रशंसा; श्लाघा; साधुवाद; तारीफ; बधाई। ३. अभिलाषा; इच्छा। ४. प्रोत्साहन; उत्तेजना।

अभिनन्दन–ना० [सं०] १. आनन्द। २. सन्तोष। ३. अभि-वादन। ४. स्वागत। ५. प्रशंसा। ६. अनुमोदन। ७. अभिलाषा। ८. विनीत प्रार्थना।

अभिनन्दन-पत्र–ना० [सं०] कुनै प्रतिष्ठित व्यक्तिलाई उनका सत्कार्यको प्रशंसा लेखी समर्पण गरिने पत्र; सम्मान-पत्र।

अभिनन्दनीय–वि० [सं०] १. प्रशंसनीय। २. वन्दनीय। ३. हर्ष-प्रद।

अभिनन्दित–वि० [सं०] अभिनन्दन गरिएको।

अभिनय–ना० [सं०] १. नकल; देखा-सिकी; अनुकरण। २. हाव-भाव।

अभिनव–वि० [सं०] १. नयाँ; ताजा। २. साजी।

अभिनिर्णय–ना० [सं०] अभिनिर्णायकले दिएको निर्णय; दोषादोषको अन्तिम निर्णय।

अभिनिर्णायक–ना० [सं०] न्यायाधीशका साथ बसेर दोषादोषको निर्णय गर्ने व्यक्ति; जूरी।

अभिनिर्याण–ना० [सं०] १. प्रस्थान; गमन। २. हमला; धावा।

अभिनिविष्ट–वि० [सं०] १. पसेको; गड़ेको; धसेको।

CC-0. In Public Domain. Digitization by eGangotri

२. लागेको; लिप्त; निमग्न; कुनै काममा एकाग्रसित लागेको। ३. हठी; जिद्दीवाल।

अभिनिविष्टता–ना० [सं०] १. दृढ प्रतिज्ञा; सङ्कल्प। २. निःस्वार्थता।

अभिनिवृत्ति–ना० [सं०] १. सम्पादन। २. सिद्धि। ३. समाप्ति। ४. पूर्णता।

अभिनिवेश–ना० [सं०] १. पस्नु; प्रवेश। २. मनोयोग; एकाग्र चिन्तन। ३. दृढ सङ्कल्प। ४. मृत्युको भय।

अभिनिवेशी–वि० [सं०] १. अनुरक्त; लिप्त। २. दृढ प्रतिज्ञ; दृढ निश्चयी।

अभिनीत–वि० [सं०] १. नजीक ल्याइएको; अगिल्तिर ल्याइएको। २. सुसज्जित; अलङ्कृत; सिँगारिएको। ३. अभिनय गरिएको; खेलिएको (नाटक आदि)।

अभिनेता–ना० [सं०] अभिनय गर्ने व्यक्ति; नायक; नट; नटुवा।

अभिनेत्री–ना० [सं०] अभिनय गर्ने स्त्री; नटी।

अभिनेय–वि० [सं०] अभिनय गर्न योग्य वा सकिने; नाटक खेल्न लायक; नाटक गरेर देखाउन सकिने।

अभिन्न–वि० [सं०] १. भिन्न नभएको; नकाटिएको; सग्लो। २. मिलेको; टाँसिएको। ३. सम्बद्ध; लग्न।

अभिन्न-पद–ना० [सं०] अभङ्ग-पद।

अभिन्यास–ना [सं०] १. कुनै विभागमा राख्नु। २. क्रम-वद्ध रूपमा राख्नु।

अभिन्यासक–वि० [सं०] १. कुनै विभागमा राख्ने। २. वैङ्क आदिमा जम्मा गर्ने। ३. सिलसिला मिलाई राख्ने (व्यक्ति)।

अभिपतन–ना० [सं०] १. आइपर्नु; अगिल्तिर पर्नु। २. धावा गर्नु; चढ़ाइ।

अभिपन्न–वि० [सं०] १. नजीकै आएको; आफूतिर आएको। २. भागेको। ३. वशमा परेको। ४. पक्रिएको।

अभिपुष्ट–वि० [सं०] पालन-पोषण गरिएको; रक्षा गरिएको।

अभिपुष्टि–ना० [सं०] पालन-पोषण; लालन-पालन।

अभिपूर्व–क्रियो० [सं०] क्रमशः; क्रमैले; लहरै; पालैसित।

अभिपोषण–ना० [सं०] अर्कालि गरेका काममा स्वीकृति दिएर निश्चय गर्नु; समर्थन; सदर गर्नु।

अभिपोषणीय–वि० [सं०] अभिपोषण गर्न लायक; स्वीकृत हुन योग्य; पुष्टि गरिन योग्य; सदर हुन योग्य; समर्थन योग्य।

अभिपोषित–वि० [सं०] पुष्ट गरिएको; अभिपोषण गरिएको; स्वीकार गरिएको।

अभिप्राय–ना० [सं०] १. आशय; मतलब; तात्पर्य। २. उद्देश्य। ३. विचार। ४. अभिलाषा; इच्छा। ५. सम्मति; राय।

अभिप्रेत–वि० [सं०] १. उद्देश्य गरिएको; इच्छा गरिएको; अभिलषित; चाहेको। (ना०) २. सम्मति; स्वीकृति।

अभिप्लव–ना० [सं०] १. दुःख; पीडा। २. डुब्नु; गोता मार्नु। ३. तरल पदार्थ; पग्लेको वस्तु।

अभिप्लुत–वि० [सं] १. दमन गरिएको। २. डुबेको; गोता लगाएको। ३. पग्लेको; द्रवित।

अभिभव–ना० [सं०] १. हार; पराजय। २. तिरस्कार; अनादर। ३. विलक्षण घटना। ४. बलपूर्वक रोकेर राख्नु।

अभिभवन–ना० [सं०] १. दमन गर्नु; दबाउनु। २. संयम। ३. वश-वर्ती हुनु वा तुल्याउनु।

अभिभाँत–ना० [सं० अभिवाद] ऐभाँत।

अभिभारा–ना० [सं० अभि+भार+आ] उत्तरदायित्व।

अभिभावक–वि० [सं०] १. पराजय गर्ने; जित्ने। २. वशमा पार्ने। ३. पालन-पोषण गर्ने; संरक्षक।

अभिभावन–ना० [सं०] १. पालन-पोषण; संरक्षण। २. जित्नु; विजय प्राप्त गर्नु।

अभिभावित–वि० [सं०] १. जितिएको; पराजित। २. पालिएको। ३. हेर-चाह गरिएको; संरक्षित।

अभिभाषक–ना० [सं०] १. वारिस; वकील; बैरिस्टर। २. कुनै विशेष विषयमा सप्रमाण भाषण गर्ने।

अभिभाषण–ना० [सं०] १. धेरै मानिसहरूको सामुन्ने कुनै विषयलाई लिएर गरेको विवेकपूर्ण भाषण; वक्तृता। २. वकालत; बैरिस्टरी।

अभिभूत–वि० [सं०] १. हराइएको; विजित; पराजित। २. पीडित। ३. अधिकृत; वशीभूत।

अभिभूति–ना० [सं०] १. विजय; पराजय। २. वशीकरण। ३. सर्वोत्तमता; श्रेष्ठता।

अभिमत–वि० [सं०] १. इच्छा गरिएको; वाञ्छित; अभिलषित। २. प्यारो; प्रिय। ३. सम्मत; स्वीकृत। (ना०) ४. इच्छा; अभिलाषा। ५. विचार; राय।

अभिमनस्–वि० [सं०] अभिलाषी; इच्छुक; आशा-कारी।

अभिमन्त्रण–ना० [सं०] १. मन्त्रद्वारा संस्कार गर्नु। २. २. निम्तो; निमन्त्रण।

अभिमन्त्रित–वि० [सं०] १. मन्त्रद्वारा संस्कार गरिएको। २. बोलाइएको; आमन्त्रित।

अभिमन्यु–ना० [सं०] महाभारत-प्रसिद्ध अर्जुनका छोरा।

अभिमर्द–ना० [सं०] १. थिचो-मिचो। २. युद्ध। ३. रक्सी।

अभिमर्श–ना० [सं०] १. छुनु; स्पर्श। २. सङ्गत गर्नु; संसर्ग गर्नु। ३. आक्रमण; हमला। ४. अत्याचार। ५. मैथुन।

अभिमर्शी–वि० [सं०] १. छुने; स्पर्श गर्ने। २. संसर्ग राख्ने। ३. आक्रमण-कारी। ४. अत्याचारी। ५. मैथुन गर्ने।

अभिमाद–ना० [सं०] नशा; मद।

अभिमान–ना० [सं०] १. शेखी; घमन्ड; तुजुक। २. आत्म-श्लाघा; आत्म-प्रशंसा।

अभिमानी–वि० [सं०] १. अभिमान गर्ने; शेखी गर्ने; घमन्डी। २. आत्म-श्लाघी।

अभिमुख–ना० यो० [सं०] १. मुखेन्जी; सामुन्ने; अगाड़ि।

CC-0. In Public Domain. Digitization by eGangotri

२. नजीक; समीप।

अभियन्ता–ना० [सं०] इन्जिनीयर।

अभियाचन–ना० [सं०] माग्नु; प्रार्थना गर्नु; माग।

अभियाञ्चा–ना० [सं०] प्रार्थना; माग।

अभियान–ना० [सं०] १. सैनिक-यात्रा; धावा गर्नु; आक्रमण गर्नु। २. चढ्नु; आरोहण। ३. नजीक जानु अथवा आउनु।

अभियुक्त–वि० [सं०] १. अभियोग लागेको। २. विद्वान्; ज्ञानी। ३. कुनै कार्यमा व्यस्त।

अभियोक्ता–वि० [सं०] १. अभियोग लगाउने; वादी। २. शत्रु; वैरी।

अभियोग–ना० [सं०] १. फरेब; फत्तुर; दोष। २. चढ़ाइ; आक्रमण। ३. उद्योग; अध्यवसाय।

अभियोगी–वि० [सं०] अभियोग लगाउने; दोष लाउने; वादी।

अभियोज्य–वि० [सं०] अभियोग लगाउन योग्य।

अभिरक्षक–ना० [सं०] संरक्षक; अभिभावक।

अभिरक्षण–ना० [सं०] संरक्षण; सुरक्षा।

अभिरक्षा–ना० [सं०] सुरक्षा; बचाउ।

अभिरत–वि० [सं०] १. अनुरक्त; आसक्त। २. भक्त। ३. तल्लीन।

अभिरति–ना० [सं०] १. आनन्द; हर्ष। २. अनुराग; भक्ति।

अभिराम–वि० [सं०] राम्रो; सुन्दर; मनोहर।

अभिरुचि–ना० [सं०] चाह; अभिलाषा; इच्छा।

अभिरुचित–ना० [सं०] प्यारो गरिने व्यक्ति; प्रेमी; आशक।

अभिरुत–ना० [सं०] आवाज; हल्ला।

अभिरूप–ना० [सं०] १. चन्द्रमा। २. विष्णु। ३. शिव। ४. कामदेव। (वि०) ५. सदृश; उस्तै; तुल्य। ६. मनोहर। ७. प्रेमी; प्रिय। ८. पण्डित; बुद्धिमान्।

अभिलषित–वि० [सं०] इच्छा गरिएको; वाञ्छित।

अभिलाप–ना० [सं०] १. कथन; भाषण। २. वर्णन; विवरण। ३. प्रतिज्ञा।

अभिलाष–ना० [सं०] इच्छा; अभिलाषा।

अभिलाषा–ना० [सं०] इच्छा; कामना।

अभिलाषी–वि० [सं०] अभिलाषा गर्ने; इच्छुक।

अभिलाषुक–वि० [सं०] १. इच्छुक; अभिलाषी। २. लोभी; लोलुप।

अभिलिखित–वि० [सं०] लेखिएको; खोपिएको।

अभिलीन–वि० [सं०] संलग्न; जोड़िएको; टाँसिएको।

अभिलुलित–वि [सं०] हल्लाइएको; प्रकम्पित; आन्दोलित।

अभिलेख–ना० [सं०] १. लेख; लेखोट। २. प्राचीन लेख। ३. प्रामाणिक लेख।

अभिलेखन–ना० [सं०] लेख; लेखोट; धातु, पाषाण आदिमा खोपिएको प्राचीन लेख।

अभिलेखालय–ना० [सं०] १. अभिलेख राख्ने ठाउँ। २. मिसिल जम्मा गरिराख्ने अड्डा; मिसिल-फाँट।

अभिवक्ता–ना० [सं०] १. कसैको निमित्त साधिकार रूपले बोल्ने; वारिस। २. अघि सरेर बोल्ने वक्ता।

अभिवन्दन–ना० [सं०] १. आदरपूर्वकको प्रणाम; ससम्मान नमस्कार। २. स्तुति; प्रशंसा।

अभिवादक–वि० [सं०] अभिवादन गर्ने; प्रणाम गर्ने।

अभिवादन–ना० [सं०] १. नमस्कार; प्रणाम। २. ठूला-बड़ा व्यक्तिलाई गरिने आदर-भाव। ३. बधाई। ४. प्रशंसा; स्तुति।

अभिविधि–ना० [सं०] १. व्याप्ति। २. मर्यादा।

अभिविश्रुत–वि० [सं०] १. जगत्-प्रसिद्ध २. सर्व-श्रेष्ठ।

अभिवृद्धि–ना० [सं०] उन्नति; बढ़बिढ़ाउ।

अभिव्यक्त–वि० [सं०] १. भनिएको; व्यक्त। २. प्रकट गरिएको; प्रकाशित। ३. स्वच्छ; साफ।

अभिव्यक्ति–ना० [सं०] प्रकट गर्नु; व्यक्त गर्नु।

अभिव्यञ्जक–वि० [सं०] प्रकट गर्ने; प्रकाशित गर्ने; व्यक्त गर्ने।

अभिव्यञ्जन–ना० [सं०] स्पष्ट रूपमा मनोभाव प्रकट गर्नु; अभिव्यक्ति।

अभिव्यापक–वि० [सं०] १. व्याप्त; व्यापक; अन्तर्भूत। २. सामेल; सम्मिलित।

अभिव्यापी–वि० [सं०] १. सामेल हुने; सम्मिलित हुने। २. व्याप्त हुने; व्यापक।

अभिव्याप्ति–ना० [सं०] सबैतिर ढाक्नाको भाव; सर्व-व्यापकता।

अभिशंसक–वि० [सं०] १. दोषी ठहराउने; दोषारोपण गर्ने। २. अपमान गर्ने; मान-हानि गर्ने।

अभिशंसन–ना० [सं०] १. आरोप दोष। २. गाली। ३. अपमान।

अभिशंसा–ना० [सं०] १. आरोप; दोष। २. गाली। ३. अपमान।

अभिशंसी–[वि०] [सं०] १. दोष लगाउने; दोषारोप गर्ने। २. अपमान गर्ने।

अभिशंसित–वि० [सं०] दोष लाइएको; अभियुक्त।

अभिशङ्का–ना० [सं०] १. आशङ्का; सन्देह; अविश्वास। २. भय। ३. आरोप; अभियोग।

अभिशप्त–वि० [सं०] सरापिएको; सराप दिइएको।

अभिशस्तक–वि० [सं०] मिथ्या दोष लागेको; बदनाम गरिएको।

अभिशस्ति–ना० [सं०] १. सराप; शाप। २. दुर्भाग्य; अभाग। ३. विपत्ति; आपत्ति। ४. भर्त्सना। ५. अप्रतिष्ठा। ६. माग्नु; याचना।

अभिशाप–ना० [सं०] १. सराप; शाप। २. फत्तुर; फरेब। ३. दोष; आरोप।

अभिश्रावण–ना० [सं०] १. खिँच्नु; तान्नु। २. चुहाउनु; अर्क बनाउनु।

अभिश्रावणी–ना० [सं०] रक्सी बनाउने ठाउँ वा कारखाना; भट्टी।

अभिषङ्ग–ना० [सं०] १. पराजय; हार। २. मिथ्या अपवाद;

CC-0. In Public Domain. Digitization by eGangotri

दोषारोपण। ३. भूत-प्रेतको आवेश। ४. एक हुनु; मिलन। ५. अङ्कमाल; आलिङ्गन। ६. अपमान; तिरस्कार।

अभिषङ्गी–वि० [सं०] खराब काममा अर्काको साथ लाग्ने।

अभिषव–ना० [सं०] १. स्नान; नुहाउनु। २. यज्ञको जलले नुहाउनु; अवभृथ। ३. यज्ञका निमित्त सोम-रस निकाल्नु; मदिरा बनाउनु।

अभिषिक्त–वि० [सं०] १. सेचन गरिएको; राज्याभिषेक गरिएको; राज-तिलक दिइएको। २. राज-सिंहासनमा बसाइएको।

अभिषेक–ना० [सं] १. पानी छर्कनु; सेचन गर्नु; सिञ्चन। २. स्नान गर्नु; नुहाउनु। ३. विधिपूर्वक मन्त्र पढ़ेर जल छर्कनु; मन्त्र पढ़ेर राज-पदमा आरूढ गराउनु। ४. यज्ञको समाप्तिपछि अभिमन्त्रित जलले स्नान गर्नु। ५. शिव-लिङ्ग-माथि जलहरी राखी पानी चुहाउनु; रुद्राभिषेक। ६. रोग-निवारणका लागि स्नान गर्नु; रोग-व्याधि हटाउनाका लागि शान्ति र मङ्गलका निमित्त मन्त्र पढ़ेर कुश, फूल आदिले जल छर्कनु।

अभिषेचन–ना० [सं०] जल छर्कनु; अभिषेक।

अभिषेचनीय–वि० [सं०] १. अभिषेचन गर्न योग्य; राज्याभिषेक गर्न लायक। २. मङ्गल-कलशको जलले सेचन गर्न योग्य।

अभिष्टव–ना० [सं०] प्रशंसा; तारीफ; विरुदावली।

अभिसन्धा–ना० [सं०] १. भाषण; वक्तव्य। २. प्रतिज्ञा; वचन।

अभिसन्धान–ना० [सं०] १. भाषण; प्रवचन। २. प्रतिज्ञा; कबूल। ३. धोखा; दगाबाजी।

अभिसन्धि–ना० [सं०] १. भाषण; प्रवचन। २. कबूल; प्रतिज्ञा। ३. धोखा; वञ्चना। ४. कुचक्र; षड्यन्त्र। ५. इरादा; उद्देश्य।

अभिसन्धित–वि० [सं०] १. भाषण गरिएको। २. प्रतिज्ञा गरिएको। ३. धोखा दिइएको; ठगिएको। ४. षड्यन्त्र रचिएको।

अभिसन्धिता–ना० [सं०] नायिकाका दश भेदमध्ये एक; नायकको पहिले अपमान गरेर पछि पछुताउने स्त्री; कलहान्तरिता नायिका।

अभिसम्पात–ना० [सं०] १. भेट; सङ्गम। २. आइलाग्नु; झम्टनु; आक्रमण। ३. युद्ध; लड़ाइँ।

अभिसरण–ना० [सं०] १. सरेर नजीक जानु। २. प्रेमीका साथ भेट गर्न सङ्केत-स्थानमा जानु।

अभिसर्ग–ना० [सं०] रचना; सृष्टि।

अभिसर्जन–ना० [सं०] १. दान; दिनु। २. भेट; नजराना। ३. हत्या; वध।

अभिसार–ना० [सं०] १. प्रेमी वा प्रेमिकाका साथ भेट्न सङ्केत-स्थलमा जानु। २. आक्रमण; हमला।

अभिसारण–ना० [सं०] १. नजीक जानु। २. प्रिय-मिलनका निमित्त जानु; सङ्केत-स्थानमा जानु।

अभिसारिका–ना० [सं०] प्रियसित भेट्न सङ्केत-स्थलमा जाने नायिका।

अभिसारी–वि० [सं०] १. कुनै कार्यको सहायक; कार्य-साधक। २. भेट गर्न जाने। ३. आक्रमण-कारी। ४. प्रियतमासित भेट गर्न सङ्केत-स्थानमा जाने।

अभिसूचना–ना० [सं०] साधिकार सूचना; अधिसूचना।

अभिसेक–ना० [सं०] अभिषेक।

अभिस्नेह–ना० [सं०] १. अनुराग; प्रेम; स्नेह। २. भक्ति।

अभिस्रावण–ना० [सं०] बाफद्वारा अर्क, रक्सी आदि चुहाउनु।

अभिस्रावणी–ना० [सं०] १. अर्क झिक्ने ठाउँ; रक्सी पार्ने ठाउँ; भट्टी। २. अर्क चुहाउने भाँड़ो।

अभिहत–वि० [सं०] १. ठोकिएको; पिटिएको। २. रोकिएको; अवरुद्ध।

अभिहति–ना० [सं०] १. चोट; घाउ। २. गुणन-क्रिया; गुणन-फल।

अभिहरण–ना० [सं०] १. नजीक ल्याउनु; अगिल्तिर ल्याउनु। २. हाजिर गराउनु। ३. लिएर भाग्नु; हरण गर्नु; लुट्नु।

अभिहर्ता–वि० [सं०] लिएर भाग्ने; चोर; लुटेरा; डाँकू।

अभिहार–ना० [सं०] १. युद्ध-घोषणा। २. दण्ड; सजाय। ३. चोरी; डकैती। (वि०) ४. अम्मली; व्यसनी।

अभिहास–ना० [सं०] १. हाँस-खेल; दिल्लगी; ठट्टा। २. हर्ष; आनन्द।

अभिहित–वि० [सं०] १. भनिएको; कथित। २. वर्णन गरिएको। ३. प्रकाशित।

अभी–वि० [सं०] निडर; निर्भय; नडराउने; सूरो।

अभीक–ना० [सं०] १. अभिलाषी; उत्सुक। २. कामी; रति-लम्पट। ३. निर्भय; निडर।

अभीक्ष्ण–क्रि० यो० [सं०] पुनः-पुनः; बारम्बार; सतत; निरन्तर।

अभीप्सा–ना० [सं०] प्रबल इच्छा; तीव्र अभिलाषा; मनोरथ।

अभीप्सित–वि० [सं०] इच्छा गरिएको; वाञ्छित; चाहना गरिएको।

अभीम–वि० [सं०] १. डर-लाग्दो नभएको; सौम्य; शान्त। (ना०) २. विष्णु।

अभीरु–वि० [सं०] १. निडर; नडराउने। (ना०) २. शिव। ३. भैरव। ४. युद्ध-भूमि।

अभीशु–ना० [सं०] १. लगाम। २. प्रकाश; किरण। ३. हात। ४. औंला। ५. याल; केशर।

अभीष्ट–ना० [सं०] १. इच्छा गरिएको; वाञ्छित। २. प्यारो। ३. कृपा-पात्र।

अभुक्त–वि० [सं०] १. भोको; नखाएको। २. भोग नगरेको।

अभुग्न–वि० [सं०] १. ननिहुरेको; नझुकेको; सोझो। २. असल; भलो। ३. स्वस्थ; नीरोग।

अभुज–वि० [सं०] हात नभएको; डुँड़ो।

CC-0. In Public Domain. Digitization by eGangotri

अभू–वि० [सं] १. नजन्मेको; जन्म नलिएको। (ना०) २. विष्णु। ३. ईश्वर।

अभूत–वि० [सं०] १. अनस्तित्व; सत्ता नभएको। २. अपूर्व; अनौठो। ३. अयथार्थ; मिथ्या।

अभूतपूर्व–वि० [सं०] १. पहिले नभएको; अपूर्व। २. अनौठो; अद्भुत।

अभूति–ना० [सं०] १. अनस्तित्व; अत्यन्ताभाव। २. गरीबी; निर्धनता।

अभेक–ना० [अ+भेक] १. पाही नपर्ने ठाउँ; बाटो नपर्ने ठाउँ; अपाही; कोल्टो। २. अभेग।

अभेग–ना० [ने०] विवाह गर्न हतपत भएकी कन्याको अवस्था; उमेर पुगेकी कन्या।

अभेद–वि० [सं०] भेद नभएको; भेदाभाव; अभिन्नता।

अभेद्य–वि० [सं०] १. छेड्न नहुने; प्वाल पार्न नसकिने। २. भाँच्न नहुने वा नसकिने।

अभोग–वि० [सं०] उपभोग नगरिएको; चलनमा नल्याइएको; अनुपयुक्त।

अभोगी–वि० [सं०] भोग नगर्ने; त्यागी; विरक्त।

अभोग्य–वि० [सं०] भोग गर्न योग्य नभएको; उपभोग गर्न नहुने।

अभोज्य–वि० [सं०] खान नहुने; अखाद्य।

अभ्यग्र–वि० [सं०] १. समीप; निकट; नजीक। २. ताजा; साजी।

अभ्यङ्ग–ना० [सं०] तेल लगाउनु; तेल घस्नु।

अभ्यञ्जन–ना० [सं०] आँखामा लाउने गाजल; अञ्जन; सुर्मा।

अभ्यधिक–वि० [सं०] १. ज्यादै; खूब; प्रशस्त; आशा गरेभन्दा बर्ता। २. असाधारण।

अभ्यधीन–वि० [सं०] १. अधीनस्थ। २. कुनै नियम वा प्रतिज्ञामा बाँधिएको।

अभ्यनुज्ञा–ना० [सं०] अनुमति; सम्मति; आज्ञा; आदेश।

अभ्यन्तर–ना० [सं०] १. भित्री मन। २. माझ; बीच; मध्य। ३. गुप्त कुरा; गुप्त कथा।

अभ्यमित्र–ना० [सं०] आक्रमण; हमला।

अभ्यर्चन–ना० [सं०] १. पूजा; पूजन। २. सजावट; शृङ्गार। ३. सम्मान।

अभ्यर्चना–ना० [सं०] पूजा; आराधना; सत्कार; सम्मान।

अभ्यर्चा–ना० [सं०] पूजा; सत्कार; सम्मान।

अभ्यर्ण–वि० [सं०] नजीक; समीप; निकट।

अभ्यर्थना–ना० [सं०] १. प्रार्थना; विन्ति। २. उठेर स्वागत गर्नु।

अभ्यर्थी–ना० [सं०] १. प्रार्थना गर्ने; प्रार्थी। २. माग्ने; याचक।

अभ्यर्पण–ना० [सं०] १. समर्पण; अर्पण। २. आफ्नो हक छुटाएर दिनु; दान।

अभ्यर्पित–वि० [सं०] दिइएको; समर्पित।

अभ्यर्हणा–ना० [सं०] १. पूजा। २. सम्मान; प्रतिष्ठा।

अभ्यवहार–ना० [सं०] खानु; भोजन गर्नु।

अभ्यसन–ना० [सं०] १. दोह्रोऱ्याउनु; आवृत्ति गर्नु। २. निरन्तरको अध्ययन; सतत अभ्यास।

अभ्यसित–वि० [सं०] १. अभ्यास गरिएको। २. पढ़ेको; पठित; अभ्यस्त।

अभ्यसूयक–वि० [सं०] १. रिसाहा; क्रोधी। २. डाह गर्ने; डाही।

अभ्यसूया–ना० [सं०] १. रीस; क्रोध। २. डाह; ईर्ष्या।

अभ्यस्त–वि० [सं०] १. अभ्यास गरेको; रफत गरेको। २. दक्ष; निपुण।

अभ्याकर्ष–ना० [सं०] १. आफूतिर तान्नु; घिच्च्याउनु। २. आह्वान; हाँक।

अभ्याकाङ्क्षित–ना० [सं०] १. मनोरथ; अभिलाषा। २. झूटो दोष; मिथ्या आरोप।

अभ्यागत–ना० [सं०] १. पाहुना; अतिथि। २. साधु; संन्यासी। (वि.) ३. सामुन्ने आएको; भेट गर्न आएको।

अभ्यागम–ना० [सं०] १. अगिल्तिर आउनु; नजीक आउनु। २. सामीप्य; छिमेक। ३. आक्रमण। ४. युद्ध। ५. शत्रुता।

अभ्यागारिक–ना० [सं०] कुटुम्ब-पोषण गर्ने व्यक्ति; गृहस्थी।

अभ्याघात–ना० [सं०] आक्रमण; हमला।

अभ्यास–ना० [सं०] १. रफत; पूर्णता वा दक्षता-प्राप्तिका लागि बारम्बार आवृत्ति गर्नु। २. आदत; बानी।

अभ्यासी–वि० [सं०] अभ्यास गर्ने; रफत गर्ने; आवृत्ति गर्ने; घोक्ने।

अभ्युत्थान–ना० [सं०] १. विशिष्ट व्यक्तिको सम्मानार्थ बसेको आसन छोड़ेर उठ्नु; स्वागतार्थ उठ्नु। २. उदय; पदोन्नति।

अभ्युत्पन–ना० [सं०] १. उफ्रनु; फड्कनु। २. झम्टनु; आक्रमण।

अभ्युदय–ना० [सं०] १. उन्नति; समृद्धि। २. उदय; उत्पत्ति।

अभ्युदित–वि० [सं०] १. उदाएको। २. उन्नत।

अभ्युद्गम–ना० [सं०] १. प्रतिष्ठित व्यक्तिको सम्मानार्थ उठेर स्वागत गर्नु। २. उदय। ३. मुहान; निकास।

अभ्युन्नत–वि० [सं०] उठेको; उन्नत।

अभ्युन्नति–ना० [सं०] पदोन्नति; समृद्धि।

अभ्युपगम–ना० [सं०] १. नजीक आउनु। २. मन्जूरी; स्वीकृति। ३. दोष स्वीकार गर्नु। ४. प्रतिज्ञा।

अभ्युपाय–ना० [सं०] १. प्रतिज्ञा। २. अङ्गीकार; स्वीकृति।

अभ्रंलिह–वि० [सं०] बादललाई छुने; अत्यन्त अग्लो।

अभ्र–ना० [सं०] १. मेघ; बादल। २ आकाश। ३. सुन। ४. अभ्रक। ५. मोथे।

अभ्रक–ना० [सं०] अभ्रख।

अभ्रख–ना० [सं० अभ्रक] आगोले नजल्ने पार-दर्शी र पत्रदार खनिज पदार्थविशेष। (यसलाई भस्म गरेर वैद्यहरू औषधी

CC-0. In Public Domain. Digitization by eGangotri

पनि बनाउँछन् ।)

अभ्रङ्कष–ना० [सं०] १. हावा; वायु । २. पर्वत । (वि०) ३. बादललाई छुने ;ज्यादै अग्लो ।

अभ्रान्त–वि०[सं०] १. भ्रम-शून्य; भ्रान्ति-रहित । २. स्थिर ।

अभ्री–ना० [सं०] काठको कोदालो; कोदाली ।

अमङ्गल–ना० [सं०] १. अकल्याण; अशुभ; विच्छुक; अपशकुन; अलच्छिन । २. अँड़ीरको बोट । (वि०) ३. मङ्गल नभएको; बिच्छुकी; अलच्छिनी; अशुभ ।

अमचूर–ना० [प्रा० अम्मचूर] काँचो आँपका चाना कुटेर बनाएको धूलो; काँचो आँप सुकाएर बनाएको चाना ।

अमत–ना० [सं०] १. असम्मति; सम्मति नहुनु । २. रोग ।

अमन–ना० [सं० अ+मन] खाने मन नहुनु; छुद्दे नलाग्नु; मन मर्नु; अरुचि ।

अमनस्क–वि० [सं०] १. विमनस्क; मन-चित्त ठीक नभएको । २. विवेक-शक्ति-हीन । ३. किंकर्तव्य-विमूढ ।

अमन्त्र–वि० [सं०] १. वैदिक मन्त्र-रहित; वैदिक मन्त्रको उच्चारण गर्न नपर्ने कर्मानुष्ठान । २. वेदको अनधिकारी । ३. वेद नजान्ने ।

अमर–वि० [सं०] १. नमर्ने; सधैँ बाँचिरहने । (ना०) २. देवता । ३. पारो । ४. सुवर्ण ।

अमर-कोष–ना० [सं०] अमरसिंहले बनाएको शब्द-कोष ।

अमर-गुरु–ना० [सं०] देव-गुरु; बृहस्पति ।

अमर-तरु–ना० [सं०] १. कल्प-वृक्ष । २. देवदारु ।

अमरता–ना० [सं०] १. अमर हुनाको भाव; कहिल्यै नमर्नु; अविनाशिता । २. चिरजीवन । ३. देवत्व; अमरत्व ।

अमरत्व–ना० [सं०] अमरता; देवत्व ।

अमर-द्विज–ना० [सं०] पूजारी; पूजा-कोठे; देवलक ।

अमर-नदी–ना० [सं०] गङ्गा ।

अमर-पक्ष–ना० [सं०] पितृहरूको विशेष रूपमा श्राद्ध गरिने पक्ष; पितृ-पक्ष ।

अमर-पद–ना० [सं०] मुक्ति; मोक्ष; देव-पद ।

अमर-पुर–ना० [सं०] स्वर्ग; देव-नगर; अमरावती ।

अमर-लोक–ना० [सं०] अमरावती; स्वर्ग ।

अमर-वल्ली–ना० [सं०] आकाश-वल्ली ।

अमरसिंह–ना० [सं०] १. एक संस्कृत कोष-कार; अमरकोषका निर्माता । २. उन्नाइसौँ शताब्दीको नेपालका एक सुप्रसिद्ध वीर र देश-भक्त जनरल र मुख्तियार ।

अमरा–ना० [सं०] १. अमरावती; स्वर्ग । २. नाभि-सूत्र; साल-नाल । ३. गर्भाशय ।

अमराङ्गना–ना [सं०] १. अप्सरा; स्वर्गकी वेश्या । २. देव-स्त्री; देवाङ्गना ।

अमराधिप–ना० [सं०] १. इन्द्र । २. ईश्वर ।

अमरावती–ना० [सं०] इन्द्र-पुरी; स्वर्ग ।

अमरी–ना०[सं०] १. देव-स्त्री; देवी; देवाङ्गना । २. इन्द्रको राजधानी; अमरावती ।

अमर्त्य–वि० [सं०] १. अविनाशी; नाश नहुने; दैवी । (ना०) २. देवता ।

अमर्याद–वि० [सं०] १. सीमा नभएको; वेहदको । २. मर्यादा-रहित; प्रतिष्ठा-रहित; असम्मानित ।

अमर्यादा–ना० [सं०] मर्यादा नहुनु; सम्मानको अभाव; अवहेलना ।

अमर्ष–ना० [सं०] १. नसहनु;असहिष्णुता; अधैर्य । २. शत्रुको अपकार गर्न नसक्दा उठेको क्रोध; कोप; ईर्ष्या ।

अमर्षण–वि० [सं०] सहन नसक्ने; क्रोधी; रिसाहा ।

अमर्षी–वि० [सं०] १. सहन नसक्ने; असहन-शील । २. झट्ट रिसाउने; आशु-क्रोधी ।

अमल–ना० [अ०] १. चुरोट, गाँजा, अफीम आदि लागू वस्तु; मादक पदार्थ; नशा; अम्मल । २. लत; बानी; आदत । ३. इलाका; जिल्ला; हाता । ४. अधिकार; शासन । ५. व्यवहार ।

अमल–ना० [औँलो] एक औँलाको नापो; अङ्गुल ।

अमल–वि० [सं०] १. मल नभएको; निर्मल; स्वच्छ । २. निर्दोष; निष्कलङ्क; निष्पाप । ३. सच्चा; साँचो । ४. शुद्ध; सेतो । (ना०) ५. अभ्रक ।

अमलची–वि० [अ० अमल+ची] नशा खाने आदत बसेको; नशाबाज; अम्मली ।

अमलतनु–ना० [अमलतुनु] अमलतुनु ।

अमलतास–ना० [सं० अम्ल+तरु] राज-वृक्ष ।

अमलतुनु–ना० [सं० अङ्गुलित्राण] सियो घचेट्नाका निमित्त सूचीकारले औँलामा लाउने साधनविशेष; लक्खु; अम्तर्नु ।

अमलदार–ना० [अ० अमल+दार (फा०)] पिउठसरहको जङ्गी दर्जाविशेष ।

अमल-पित्त–ना० [सं० अम्ल+पित्त] पित्तका दोषले खाएको वस्तु अमिलो हुने रोगविशेष; पित्त वमन हुने रोग; अम्ल-पित्त ।

अमला–ना० [प्रा० आमलओ] अमिलीका जस्ता मसिना पात हुने, अमिलो गोल फल फल्ने बोटविशेष; त्यसैको फल; आमलक । (आयुर्वेदमा यसको गुण ठन्डा, कफ-नाशक र शुक्र-वर्द्धक मानिन्छ ।)

अमला–ना० [सं०] १. लक्ष्मी । २. सरस्वती ।

अमला–ना० [अ० अमल] सरकारी कर्मचारी ।

अमली–वि० [अ०] अमल खाने; नशाबाज; अमलची; अम्मली ।

अमलेख–ना० [ने०] करियाहरूलाई स्वतन्त्र गरिदिनु; कमारा-कमारीको छुटकारा; दासत्व-मोचन; पार ।

अमलेख-गन्ज–ना० [अमलेख+गन्ज] नेपालको दक्षिणी भाग, बारा जिल्लामा पर्ने एक प्रसिद्ध बस्ती ।

अमल्तकी–ना० [ने०] बोटविशेष ।

अमांस–वि० [सं०] १. मासु नभएको । २. दुब्लो; पातलो ।

अमा–ना०[सं०] १. औँसी; अमावस्या । २. औँसीको कला ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. घर। ४. मर्त्य-लोक।
अमात्य–ना० [सं०] मन्त्री; सचिव।
अमान–वि० [सं०] १. मान नभएको; अप्रतिष्ठित। २. परिमाण-रहित; असीम।
अमानत–ना० [अ०] १. सरकार वा हकदारबाटै चलेको रकम-कलम; त्यस्तो रकम-कलम चलाउने काम। २. धरोट राख्नु; थाती; जिम्मा।
अमानवीय–वि० [सं०] १. मानिसले गर्न नसक्ने वा नहुने। २. आसुरी; दानवी।
अमानवीयता–ना० [सं०] अमानवीय हुनाको भाव; दानवीयता।
अमानी–वि० [सं०] १. मान नभएको; अप्रतिष्ठित। २. निरभिमानी; घमन्ड-रहित।
अमानुष–वि० [सं०] १. मनुष्यबाट हुन नसक्ने; अलौकिक। (ना०) २. मनुष्यदेखि अतिरिक्त।
अमानुषिक–वि० [सं०] अमानुषी; अमानवीय।
अमानुषी–वि० [सं०] मनुष्यका शक्तिले नभेट्ने; अमानवीय; अलौकिक।
अमान्य-वि० [सं०] मान्य नभएको; अमाननीय।
अमारो–ना० [सं० आम्रात] १. सलिफाका जस्ता पात, लौसीका जस्ता अमिला फल फल्ने र सेता साना-साना फूल फुल्ने रूख। २. त्यसैको फल; आम्रातक। (यो फल प्रायः अचार बनाएर खाइन्छ।)
अमार्जित–वि० [सं०] सफा नगरिएको; अपरिष्कृत।
अमार्ज्य–वि० [सं०] सफा गर्न नसकिने; मार्जन नहुने।
अमाल–ना० [अ० अमल] गाउँ-घरको मुद्दा-मामिला हेर्ने र सरकारिया तिरो उठ्ती-पुठ्ती गर्ने अड्डा।
अमाली–ना० [अमाल+ई] अमाल-अड्डाको मुख्य हाकिम; द्वारे।
अमावस्या–ना० [सं०] अमावास्या; औंसी।
अमावास्या–ना० [सं०] औंसी; कृष्ण-पक्षको अन्तिम तिथि।
अमित–वि० [सं०] १. अपरिमित; असीम। २. धेरै; अत्यधिक।
अमिताभ–वि० [सं०] १. कान्तिवान्; तेजस्वी। (ना०) २. बुद्धको एक नाम; पञ्च-बुद्धमध्ये एक।
अमिताशन–वि० [सं०] धेरै खाने; खन्चुवा।
अमित्र–ना० [सं०] भिन्न व्यक्ति; शत्रु; वैरी।
अमित्रता–ना० [सं०] मित्रता नहुनाको भाव; शत्रुता।
अमिलिइनु–अ० क्रि० [अमिलि+इ+नु] अमिलिने काम होइनु; अमिलो भइनु; ('अमिलिनु'-को भा० क्रि०)।
अमिलिनु–अ० क्रि० [अमिलो+इ+नु] १. कुनै वस्तु विकृत भएर अमिलो हुनु। २. मनमा ठूलो पीर पर्नु; चिन्तित हुनु।
अमिली–ना० [अमिलो+ई] १. साना मसिना पात र लामो कोसाका रूपको अमिलो फल फल्ने, कनक-चम्पाजस्तो फूल फुल्ने ठूलो जातको रूख। २. त्यसैको फल; तित्री; तिन्तिणी।
अमिलुवा–वि० [अ+मिल्+उवा] मिलनसार नभएको; बेमेलको; अमिल्दो।
अमिले–ना० [अमिलो+ए] साना-साना गोल तीन पात हुने र डाँठ रातो भावको हुने, अमिलो स्वादको भुइँ-झार-विशेष; एक जातको चरिअमिलो।
अमिलो–ना० [सं० अम्ल+इलो] १. निबुवा, ज्यामिर, कागती आदिका रसको स्वाद। २. चूक; च्वाँठ; अमिलो पदार्थ। (वि०) ३. चूकको स्वादको; अमिल्चुके।
अमिलो-पालुङ्गो–ना० [अमिलो+पालुङ्गो] अमिलो स्वाद हुने एक जातको पालुङ्गो।
अमिलो-लुँडे–ना० [अमिलो+लुँडे] अमिलो स्वाद हुने एक जातको लुँडे साग।
अमिल्चुके–वि० [अमिलो+चूक+ए] विकृत भएर अलि-अलि अमिलो भएको; अमिल्च्या।
अमिल्च्या–वि० [अमिलो+चूक] विकृत भएर केही अमिलो स्वाद भएको; अमिल्चुके।
अमिल्दो–वि० [अ+मिल्दो] मिलनसार नभएको; बेमेलको; अड्भङ्गे।
अमिल्याइ–ना० [अमिलि+आइ] अमिलिने किसिम, क्रिया वा भाव।
अमिल्याइनु–स० क्रि० [अमिलि+याइ+नु] अमिलिने काम गरिनु; अमिलिन लाइनु; ('अमिल्याउनु'-को क० क्रि०)।
अमिल्याउनु–स० क्रि० [अमिलि+याउ+नु] १. अमिलिने पार्नु; अमिलो तुल्याउनु; ('अमिलिनु'-को प्रे० क्रि०)। २. मूला, काँक्रो, साग आदि खाँदेर अमिलो पार्नु।
अमिल्स्याहा–वि० [अमिलो+आहा] अलि-अलि अमिलो; कट्मिरो।
अमिश्रित–वि० [सं०] नमिसिएको; मिसावट नभएको; शुद्ध।
अमीन–वि० [अ० अमीनः] १. अमानत राख्ने। (ना०) २. जग्गा-जमीनको नाप-जाँचमा खटिएको कर्मचारी; अमीनी।
अमीनी–ना० [अ० अमीनः] १. मधेस-तराईको तल्लो तहको अदालत। २. जग्गा-जमीनको नाप-जाँच-सम्बन्धी काम गर्ने कामदार; अमीन।
अमीनी-गोस्वारा–ना० [अमीनी+गोस्वारा] मोफसलका अमीनी-अड्डाहरूका कागत-पत्रहरू रहने अड्डा।
अमीर–वि० [अ०] १. ज्यादै धनी; धनाढ्य; अलेख; सम्पत्तिवान्। २. इज्जतदार; भलादमी।
अमीरी–ना० [अ०] १. धनी हुनाको भाव; धनाढ्यपन। २ गहकिलोपन; भलादमीपन।
अमुक–सर्वना० [सं०] फलानो; ढिकानो; ढिम्को।
अमुक्त–वि० [सं०] मुक्त नभएको; बाँधिएको।
अमुक्ति–ना० [सं०] मुक्त नहुनु; बाँधिनु।
अमुख्य–वि० [सं०] मुख्य नभएको; अप्रधान।
अमुग्ध–वि० [सं०] १. मुग्ध नभएको; अनासक्त। २. चतुरो; सिपालु।
अमूर्त–वि० [सं०] १. मूर्ति नभएको; रूप नभएको; आकार

CC-0. In Public Domain. Digitization by eGangotri

नभएको; निराकार। (ना०) २. परमेश्वर। ३. आत्मा। ४. काल। ५. आकाश। ६. वायु।

अमूर्ति–वि० [सं०] १. मूर्ति नभएको; आकार-रहित। (ना०) २. विष्णु।

अमूर्तिमान्–वि० [सं०] १. आकार नभएको; मूर्ति-रहित। (ना०) २. विष्णु।

अमूल–वि० [सं०] १. मूल नभएको; निर्मूल। २. प्रमाण नभएको; निराधार। ३. मिथ्या। ४. जरा नभएको।

अमूलक–वि० [सं०] १. मूल नभएको; अमूल। २. प्रमाण-रहित; निराधार।

अमूल्य–वि० [सं०] १. मोल लाउन नसकिने; अनमोल। २. बहुमूल्य; कीमती। ३. उत्तम; श्रेष्ठ।

अमृत–वि० [सं०] १. नमरेको; जिउँदो। २. नमर्ने; अमर। ३. अति मीठो। ४. प्यारो; अभीष्ट। (ना०) ५. खाएर अमर हुने पदार्थ; सुधा; पीयूष। ६. पानी। ७. घिउ। ८. दूध।

अमृत-कर–ना० [सं०] १. चन्द्रमा। २. वैद्य।

अमृत-गर्भ–ना० [सं०] जीवात्मा; परब्रह्म।

अमृत-तरङ्गिणी–ना० [सं०] १. जून। २. नदी।

अमृतत्व–ना० [सं०] अमरता।

अमृत-फल–ना० [सं०] नाशपाती।

अमृत-रश्मि–ना० [सं०] चन्द्रमा।

अमृतवान–ना० [सं० अ+मृद्+वान्] लाहाको रोगन लाएको माटाको भाँड़ो; घिउ, तेल, अचार आदि हाल्ने माटाको भाँड़ो।

अमृत-वायु–ना० [सं०] अक्सिजन; प्राण-वायु।

अमृत-स्रवा–ना० [सं०] पानी-लहरो।

अमृतांशु–ना० [सं०] चन्द्रमा।

अमृता–ना० [सं०] १. मदिरा। २. दूबो। ३. हर्रो। ४. अमला। ५. गुर्जो। ६. तुलसी।

अमृत्यु–वि० [सं०] १. नमर्ने; अमर। (ना०) २. नमर्नु; अमरता।

अमृसो–ना० [ने०] बाँसका जस्ता लामा पात, खैरा झुसिला झुप्पाकार फूल फुल्ने र मसिनु ज्वानुजस्ता दाना फल्ने एक घाँस। (यसका फूलको कूचो बनाइन्छ।)

अमेजन–ना० [अं०] दक्षिण अमेरिकामा भएको संसारमा सबभन्दा लामो नदी।

अमेध्य–वि० [सं०] १. यज्ञका निमित्त अयोग्य। २. अपवित्र; अशुद्ध। ३. जूठो। (ना०) ४. विष्टा; मल। ५. अशकुन।

अमेय–वि० [सं०] १. नाप-जोख गर्न नसकिने। २. असीम; अपरिमेय। ३. जान्न नसकिने; अज्ञेय।

अमेरिकन–वि० [अं०] अमेरिकाली।

अमेरिका–ना० [अं०] १. पृथ्वीको पश्चिमी गोलार्धमा रहेको उत्तर र दक्षिण दुइ भागमा बाँड़िएको महाद्वीप। २. उत्तरी अमेरिकाको 'संयुक्त राज्य'।

अमेरिकाली–वि० [अमेरिका+ली] १. अमेरिकाको; अमेरिका-सम्बन्धी। २. अमेरिकाका बासिन्दा; अमेरिका-निवासी।

अमेरिकी–वि० [अमेरिका+ई] अमेरिकाली।

अमेल–ना० [अ+मेल] १. बेमेल; फूट; वैमनस्य। (वि०) २. फुट्टा; सिलसिला नमिलेको; असम्बद्ध।

अमोक्ष–वि० [सं०] मोक्ष नभएको; अमुक्त।

अमोघ–वि० [सं०] १. नचुक्ने; अचूक; अव्यर्थ। (ना०) २. विष्णु।

अमोघ-किरण–ना० [सं०] उदय र अस्त हुने वेलाको सूर्य-किरण।

अमोघ-वाञ्छित–वि० [सं०] कहिल्यै निराश नहुने; आशावादी।

अमोघ-सिद्धि–ना० [सं०] दैवी पञ्च-बुद्धमध्ये एक।

अमोठ–ना० [ने०] पाकेको आँप निचोरेर सुकाएको पाप्रो; आँपको माड़ा।

अमोल–वि० [अ+मोल] १. अमूल्य; अनमोल। २. बहुमूल्य; कीमती।

अमौलिक–वि० [सं०] मौलिक नभएको; अर्काको कृति वा विचारको आधारमा रहेको।

अम्खोरा–ना० [आम्खोरा] आम्खोरा।

अम्खोरी–ना० [आम्खोरी] आम्खोरी।

अम्तर्नु–ना० [अमलतुनु] सूचिकारले लुगा सिउँदा सियो घचेट्नाका निमित्त औँलामा लाउने साधन; लक्खु; अमलतुनु।

अम्फी–ना० [सं० अङ्कोल] १. लाम्चा पात, साना पहेँला फूल, तुम्बाका आकारको फल हुने एक वृक्ष। २. त्यसैको फल; अङ्कोल। (आयुर्वेदमा यसका तेलको गुण छाला-सम्बन्धी रोग र कुष्ठ रोगलाई नाश गर्ने बताइएको छ।)

अम्फी–ना० [ने०] १. विकार भएर अमिलो स्वादको हुनु। २. अर्काको धन पचाउनु; हड़प गर्नु।

अम्ब–ना० [सं०] १. बाबु; पिता। २. वेद-ध्वनि। ३. आँखा। ४. पानी।

अम्बक–ना० [सं०] १. आँखा। २. बाबु। ३. तामा (धातु)।

अम्बके–ना० [सं० अम्बक] खुर्पानीजस्तो खान हुने जङ्गली फल।

अम्बर–ना० [सं०] १. अकास; आकाश। २. लुगा; वस्त्र। ३. सुगन्धी द्रव्यविशेष।

अम्बल–ना० [अ० अमल] मातहतको इलाका; अमल।

अम्बष्ठा–ना० [सं०] ठोट्ने झार।

अम्बा–ना० [सं०] १. आमा; माता। २. दुर्गा। ३. अर्को जन्ममा शिखण्डी भई जन्मने महाभारत-प्रसिद्ध एक स्त्री।

अम्बा–ना० [सं० अमृत+फल] पाँच-छ अमल लामा खस्रा किसिमका पात, रातो डाँठ, धेरै बीयाँ हुने र गुलियो पहेँलो फल फल्ने बोटविशेष; त्यसैको फल; बेलौती; लताम; सफरी; अमृत-फला।

CC-0. In Public Domain. Digitization by eGangotri

अम्बिका–ना० [सं०] १. आमा; जननी। २. पार्वती। ३. पाण्डुकी आमा।

अम्बी–ना० [अम्बा] अम्बा।

अम्बु-ना० [सं०] पानी; जल।

अम्बुज–ना० [सं०] १. कमल। २. कपूर। ३. शङ्ख। ४. सारस। ५. चन्द्रमा।

अम्बुजासन–ना० [सं०] १. ब्रह्मा। २. सरस्वती।

अम्बुद–ना० [सं०] १. बादल; मेघ। २. मोथे।

अम्बु-धर–ना० [सं०] १. बादल; मेघ। २. मोथे।

अम्बु-शायी–ना० [सं०] जल-शायी विष्णु; नारायण।

अम्बु-शिरीषिका–ना० [सं०] पानी-शिरीष।

अम्भोज–ना० [सं०] १. कमल। २. चन्द्रमा। ३. कपूर। ४. शङ्ख। ५. सारस।

अम्भोद–ना० [सं०] १. मेघ; बादल। २. मोथे।

अम्भोद-नाद–ना० [सं०] मेघ-नाद; मेघको गर्जना।

अम्मर–ना० [सं० अमर] १.कबूल; प्रतिज्ञा। (वि०) २. अमर।

अम्मल–ना० [अ० अमल] अमल; नशा।

अम्मली–ना० [अम्मल+ई] अमली।

अम्ल–वि० [सं०] १. अमिलो। (ना०) २. षड्-रसमध्ये एक; अमिलो स्वाद।

अम्लजन–ना० [सं०] प्राणीहरूको जीवनका निम्ति अत्यावश्यक एक किसिमको वायु-तत्त्व; अक्सिजन।

अम्ल-पित्त–ना० [सं०] खाएको पदार्थ पित्त-दोषले अमिलो हुने रोगविशेष; अमल-पित्त।

अम्लवाटी–ना० [सं०] कपुरी पान।

अम्ल-वाष्प–ना० [सं०] अमिलो-धुँवे।

अम्ल-वेतस–ना० [सं०] १. चखेत्रो। २. सङ्ख्त्रो।

अम्लसरा–ना० [सं०] एक जातको पान।

अम्लान–वि० [सं०] १. नओइलाएको; म्लान नभएको। २. फुलेको; प्रफुल्ल। ३. उदास नभएको; प्रसन्न। ४. स्वच्छ; साफ।

अम्लेट–ना० [अं० ऑम्लेट] चराको फुललाई रयालेर मसला हाली चटामरीजस्तै पकाएको खाद्य पदार्थ।

अयत्न–वि० [सं०] १. यत्न गर्न नपर्ने। (ना०) २. यत्नको अभाव।

अयथा–वि० [सं०] १. यथार्थ नभएको; बेठीक; मिथ्या; झूटो। २. अनुपयुक्त।

अयथार्थ–वि० [सं०] यथार्थ नभएको; झूटो; मिथ्या।

अयथार्थ्य–ना० [सं०] १. यथार्थताको अभाव; असत्यता। २. असङ्गति; असंलग्नता।

अयन–ना० [सं०] १. हिंड़ाइ; गति। २. बाटो; मार्ग। ३. सूर्यको उत्तरी र दक्षिणी गति। ४. आश्रय; घर। ५. काल; समय। ६. कल्चौंड़ो।

अयन-वृत्त–ना० [सं०] ग्रहण-रेखा।

अयन-सङ्क्रान्ति–ना० [सं०] माघे सङ्क्रान्ति र श्रावण सङ्क्रान्ति।

अयब–ना० [अ० ऐब] ऐब।

अयश–ना० [आ० ऐश] मोज-मज्जा; भोग-विलास; चैन; आराम; ऐश।

अयश–ना० [सं०] १. अपयश; अपकीर्ति। २. निन्दा।

अयशस्वी–वि० [सं०] कीर्ति नभएको; यश नभएको।

अयशी–वि० [अयश+ई] ऐशी।

अयस्कान्त–ना० [सं०] चुम्बक।

अयाचक–वि० [सं०] नमाग्ने।

अयाचित–वि० [सं०] नमागिएको।

अयाची–वि० [सं०] नमाग्ने; जो भएकोमा सन्तोष हुने।

अयाज्य–वि० [सं०] यज्ञमा अधिकार नभएको; पतित।

अयाल–ना० [तु० याल] घोड़ा, सिंह आदिका गर्धनको रौँ; याल; सटा; केशर।

अयु–वि० बो० [ने०] आश्चर्य, विस्मय,भय आदि बुझाउने शब्द।

अयुक्त–वि० [सं०] १. नजोतिएको; नदाइएको। २. नमिलेको नजोड़िएको। ३. अयोग्य; अनुचित।

अयुक्ति–ना० [सं०] युक्ति-सङ्गत नहुनु; नमिल्नु।

अयुत–ना० [सं०] दस हजारको सङ्ख्या।

अयोग–ना० [सं०] १. योगको अभाव; दुर्योग। २. कुसमय। ३. सङ्कट-काल। ४ वियोग।

अयोगव–ना० [सं०] बाबु शूद्र र आमा वैश्याबाट जन्मेको छोरो।

अयोग्य–वि० [सं०] १. योग्य नभएको; नालायक; काममा निपुण नभएको; अपात्र। २. अनुपयुक्त; अनुचित।

अयोग्यता–ना० [सं०] १. योग्यताको अभाव; नालायकी। २. कुपात्रता; अपात्रता। ३. अनौचित्य।

अयोध्या–ना० [सं०] भारतका मुक्ति-दायक सात पुरीमध्ये एक; प्राचीन सूर्य-वंशी राजाहरूको एक प्रसिद्ध राजधानी।

अयोनि–वि० [सं०] १. नजन्मेको; अजात। २. नित्य। (ना०) ३. ब्रह्मा।

अयौगिक–वि० [सं०] यौगिक नभएको; शब्द-साधनको उपाय-बाट सिद्ध नहुने।

अयौन–वि [सं०] यौन-सम्बन्ध नभएको; अलैङ्गिक।

अरक–ना० [अ० अर्क़] कुनै चीज उमालेर बाफको रूपमा निकालेको रस; पसीना; आसव; रक्सी; तेजाब; अर्क।

अरकच्च–क्रि० यो० [ने०] जिल्ल; वाल्ल; बिलख-बन्द; अलमल्ल।

अरक्षित–वि० [सं०] रक्षा नगरिएको; बचाउ नगरिएको।

अरख–ना० [अ० अर्क़] अरक।

अरगज्ज–क्रि० यो० [अर्गज्ज] अर्गज्ज।

अरघट–ना० [सं० अरघट्ट] अरघट्ट।

अरघट्ट–ना० [सं०] इनारबाट पानी झिक्ने घड़ाको मालाकार यन्त्र; अरघट्ट-घटी।

CC-0. In Public Domain. Digitization by eGangotri

अरघट्ट–क्रि० यो० [ने०] एकै ठाउँमा बसिरहने किसिम; ठसमस्स; गजघट्ट; ढसमस्स ।
अरघट्ट-घटी–ना० [सं०] इनारबाट पानी झिक्ने घड़ाको मालाकार यन्त्र; अरघट ।
अरट्टो–वि० [ने०] १. जर्रो; ठर्रो; अररो । २. साह्रो; दह्रो ।
अरणी–ना० [सं०] १. यज्ञमा आगो पार्ने काठको यन्त्रविशेष; अग्नि-मन्थ । २. सूर्य । ३. आगो; अग्नि । ४. चकमक ।
अरण्य–ना० [सं०] १. वन; जङ्गल । २. संन्यासीको एक भेद ।
अरण्य-कुलत्थिका–ना० [सं०] वन-गहत ।
अरण्य-कुसुम्भ–ना० [सं०] वन-कुसुम ।
अरण्य-चटक–ना० [सं०] वन-भँगेरो ।
अरण्य-रोदन–ना० [सं०] १. जङ्गलभित्र रुनु । २. कसैले नसुनिने रुवाइ; अर्कालि वास्ता नराखिने एकोहोरो गुनासो ।
अरत–वि० [सं०] नलहसिएको; विरक्त ।
अरति–ना० [सं०] १. राग नहुनु; विरक्ति । २. असन्तोष ।
अरथी–ना० [सं०] १. मुर्दालाई हालेर श्मशानमा लैजाने यान; मुर्दाको खट; टाँड़; शव-यान । (वि०) २. रथमा नबसेको; पैदल ।
अरनी–ना० [ने०] खाजा; चमेना; जल-पान ।
अरब–ना० [फा०] १. दक्षिण-पश्चिम एशियाको एक प्रसिद्ध भू-भाग । २. त्यस भू-भागका निवासी ।
अरब–ना० [सं० अर्बुद] १. सय करोड़को सङ्ख्या; अर्ब । (वि०) २. सय करोड़ सङ्ख्याको ।
अरबी–वि० [फा०] १. अरब देशको; अरब-सम्बन्धी । (ना०) २. अरब देशको घोड़ा; तेजिलो र ठूलो जातको घोड़ा ।
अररिइनु–अ० क्रि० [अररि+इ+नु] अररिने होइनु; कक्रिइनु; ('अररिनु'-को भा० क्रि०) ।
अररिनु–अ० क्रि० [अररो+इ+नु] १. कक्रिनु; ठर्रिनु; कक्रक्क पर्नु; बाउँड़िनु । २. ठूलो दुःख हुनु ।
अररो–वि० [ने०] जर्रो; ठर्रो; जर्कटो; अरट्टो ।
अरर्याइनु–स० क्रि० [अररि+याइ+नु] अररिने पारिनु; कक्र्याइनु; ('अरर्याउनु'-को क० क्रि०) ।
अरर्याउनु–स० क्रि० [अररि+याउ+नु] अररिने पार्नु; कक्र्याउनु; ('अररिनु'-को प्रे० क्रि०) ।
अरल्लिनु–अ० क्रि० [अरलो+इ+नु] अतालिनु ।
अरल्लिइनु–अ० क्रि० [अरल्लि+इ+नु] अरल्लिने होइनु; ('अरल्लिनु'-को भा० क्रि०)
अरल्ल्याइ–ना० [अरल्लि+आइ] अरल्लिने किसिम, क्रिया वा भाव ।
अरल्ल्याइनु–स० क्रि० [अरल्लि+याइ+नु] अरल्लिन लाइनु; ('अरल्ल्याइनु'-को क० क्रि०) ।
अरल्ल्याउनु–स० क्रि० [अरल्लि+याउ+नु] अरल्लिने पार्नु; ('अरल्लिनु'-को प्रे० क्रि०) ।
अरवा–ना० [?] अरुवा ।
अरविन्द–ना० [सं०] १. कमल । २. सारस । ३. तामा (धातु) ।
अरस–वि० [सं] रस नभएको; नीरस ।
अरसिक–वि० [सं०] १. रसिक नभएको; रूखो । २. कलाको रस लिन नसक्ने ।
अराइनु–स० क्रि० [अराउ+इ+नु] अह्राइनु; ('अराउनु'-को क० क्रि०) ।
अराउ–ना० [अह्राउ] अह्राउ ।
अराउनु–स० क्रि० [अह्राउ+नु] अह्राउनु ।
अराउ-पराउ–ना० [अराउ+पराउ (फाँ०)] अह्राउ-पह्राउ ।
अराजक–वि० [सं०] १. राजा वा राज्य नभएको । २. शासन नमान्ने; राज्य-व्यवस्थालाई भङ्ग गर्ने ।
अराजकता–ना० [सं०] राज्य वा शासनको व्यवस्था नहुनु; ठूलो अव्यवस्था ।
अराजकतावाद–ना० [सं०] राज्य-हीन समाज-व्यवस्था मान्ने मत ।
अराजकतावादी–वि० [सं०] अराजकतावादको अनुयायी; अराजकतावादको समर्थक ।
अराजी–वि० [अ+राजी] राजी नभएको; बिराजी ।
अराति–ना० [सं०] १. शत्रु; वैरी । २. लग्न-कुण्डलीमा छैटौं स्थान । ३. काम, क्रोध, लोभ, मोह, मद मात्सर्य–यी खराब चित्त-वृत्ति ।
अरारी–ना० [सं० आरी] १. साना-साना पात, गुलाफी रङ्गको गोल फूल, र कलेजी रङ्गका लामा कोसा फल्ने एक काँढ़ादार वृक्ष । २. त्यसैको फल; आरी ।
अराल–वि० [सं०] बाङ्गो; टेढ़ो; वक्र ।
अरालिनु–स० क्रि० [अराल्+इ+नु] अराल्ने काम गरिनु; अधकल्चो पारेर भुटिनु ।
अराल्नु–स० क्रि [ने०] अधकल्चो पारेर भुट्नु; राम्रोसंग नपाक्ने गरी भुट्नु ।
अरावट–ना० [अराउ+आवट] अह्रावट ।
अरि–ना० [सं०] शत्रु; वैरी ।
अरिँगाल–ना० [अरिङ्गाल] अरिङ्गाल ।
अरिङाल–ना० [अरिङ्गाल] अरिङ्गाल ।
अरिङ्गाल–ना० [ने०] बच्छ्यूँजस्तो खील गाड्ने विषालु कीरो; अच्छ्यूँ ।
अरित्र–ना० [सं०] नाउ यता-उति घुमाउनाका निम्ति नाउका पछिल्तिर लाइने काठको बहना; पतवार ।
अरिनी–वि० [सं०] अऋणी ।
अरिमठे–ना० [अरिमुठे] अरिमुठे ।
अरि-मर्दन–वि० [सं०] शत्रुलाई नाश गर्ने ।
अरिमुठे–ना० [ने०] सेता, काला र पहेँला धर्का परेको प्रायः कलेजी रङ्गको, धेरै खुट्टा हुने, कीरोविशेष; सहस्र-पाद । (यस कीरोलाई कसैले चलाए भने गुँडुल्किएर बाटुलो पर्छ ।)
अरिमेद–ना० [सं०] भोटे-खयर ।
अरिष्ट–ना० [सं०] १. दुःख; कष्ट । २. आपत्ति; विपत्ति । ३. दुर्भाग्य । ४. अशुभ; अपशकुन । ५. सौभाग्य । ६.

CC-0. In Public Domain. Digitization by eGangotri

सुत्केरी-कोठा। ७. काग। ८. रिट्ठा। ९. बर्रो। १०. लसुन। ११. मही। १२. पकाएका औषधिको रस।

अरीतिक–वि० [सं०] १. रीत नमिलेको। २. अनौपचारिक।

अरुचि–ना० [सं०] १. रुचि नहुनु; अनिच्छा। २. रुचि नहुने रोग; अग्नि-मन्दता। ३. घृणा।

अरुचिकर–वि० [सं०] मन नपरेको; रुचि नभएको।

अरुचो–वि० [सं० अरुचि] रुचि नभएको; नरुच्ने।

अरुच्य–वि० [सं०] मन नपर्ने; रुचि नहुने; नरुच्ने।

अरुण–ना० [सं०] १. सूर्य; रवि। २. सूर्यको सारथी। ३. बिहान-बेलुकाको पूर्वी र पश्चिमी आकाशमा देखिने रातो आभा। ४. कुष्ठ रोग। ५. पुन्नाग वृक्ष। ६. गाढ़ा रातो रङ्ग। ७. कुङ्कुम। ८. सिन्दूर। ९. नेपालको पूर्वी प्रदेशको प्रसिद्ध एक नदी। १०. अनिष्ट-सूचक पुच्छ्रे-तारो। (वि०) ११. रातो; लाल।

अरुणिमा–ना० [सं०] रातोपना; लाली।

अरुणोदय–ना० [सं०] सूर्य उदाउनुभन्दा पहिलेको समय; प्रातः-काल; भोर; ब्राह्म-मुहूर्त।

अरुन्तुद–वि० [सं०] मर्म-भेदी; मर्म-स्थल छेड्ने (हतियार)।

अरुन्धती–ना० [सं०] १. वशिष्ठ ऋषिकी पत्नी। २. सप्तर्षि तारा-समूहको बीचको एक तारो।

अरुवा–ना० [अरवा] धान नउसिनीकन कुटेको चामल।

अरू–वि० [नें०] १. अर्को; दोस्रो; अन्य। २. पराई; परचक्री। ३. बढ़्ता; थप। (संयो०) ४. अनि; फेरि।

अरूप–वि० [सं०] १. रूप नभएको; निराकार। २. नराम्रो; कुरूप; विरूप। ३. असमान; असदृश।

अरूपक–वि० [सं०] १. रूप नभएको। (ना०) २. बौद्ध दर्शनानुसार योगको एक अवस्था; निर्वीज समाधि।

अरे–वि० बो० [सं०] १. आश्चर्य-सूचक शब्द; अहो; हरे। (उदा०–अरे, यो के भएको!) (अव्य०) २. कसैले भनेको आफूलाई संशय लागेको वा मन नपरेको कुरा अरूलाई जस्ताको-तस्तै बताउँदा वाक्यको पछिल्तिर जोड़िने शब्द; रे। (उदा०–वेद शुरूमा ब्रह्माको मुखबाट स्वयं निस्केको हो, अरे।) ३. नीच व्यक्तिलाई गरिने सम्बोधन; हे। (उदा०–अरे पापी, मलाई नछो।)

अरेट्नु–ना० [अटेर्नु] १. ठेट्नो। २. घाँस-पातमा फीँज-जस्तो गुँड़ लाउने एक जातको कीरो। ३. बल्डयाङ्ग्राका आकारको जङ्गली फल।

अरेणु–वि० [सं०] धूलो नलागेको।

अरेमरे–क्रि० यो० [नें०] १. यसो गरूँ कि उसो गरूँ; बिलख-बन्द; अलमल्ल; अड़बड़। २. दोबार; यता-न-उता।

अरोचक–वि० [सं०] १. अरुचि पैदा गर्ने। २. चहकिलो नभएको; मलिन। (ना०) ३. अरुचि; अग्नि-मन्दता।

अरोट–ना० [अराउ+ओट] अह्रोट।

अरौटे–वि० [अरोट+ए] अह्रौटे।

अर्क–ना० [सं०] १. सूर्य। २. इन्द्र। ३. तामा (धातु)। ४. स्फटिक। ५. विष्णु। ६. पण्डित। ७. आँक; मन्दार। ८. दाजु। ९. आइत-बार। १०. उत्तराफाल्गुनी नक्षत्र। ११. बाह्रको सङ्ख्या।

अर्क–ना० [अ० अर्क़] फल, फूल, अनाज आदि उसिनेर बाफको रूपमा निकालेको पसीना; अरक।

अर्क-कपूर–ना० [सं०] कपूर, पिपलमेण्ट आदि मिलाएर बनाएको दिसा थाम्ने औषधि।

अर्कन–वि० [अर्को] अर्को।

अर्को–वि० [अरू+को] १. दोस्रो; अरू; एकदेखि अतिरिक्त; अन्य। २. भिन्न; बेग्लै। ३. कुनै; कोही। ४. बिरानो।

अर्खु–ना० [सं० आकर्षकारिका] १. एउटै भेट्नामा धेरै मसिना पातहरू लाग्ने, गुलाफी भावका सेता फूल फुल्ने, लामा कोसा फल फल्ने एक काँढ़ादार वृक्ष। २. त्यसैको फल। (यसका साना र ठूला–दुइ भेद छन्।)

अखौँले–ना० [अखौँलो] अखौँलो।

अखौँलो–ना० [नें०] १. भुट्दा फूल नउठेको दाना; अरालिएको ठेट्नु। २. एक किसिमको घाँस। ३. पीपलका जस्ता साना-साना गुलिया फल फल्ने रूखविशेष।

अर्गज्ज–क्रि० यो० [नें०] आफूलाई ठूलो सम्झेर बस्ने किसिम; गजक्क; गमक्क।

अर्गट–ना० [सं०] घँगारु बोट।

अर्गला–ना० [सं०] १. बिरेआग्लो; गजबार। २. रोक; प्रतिबन्ध। ३. सूर्यको उदय र अस्त हुने समयमा देखिने रङ्गी-विरङ्गी बादल; डढ़ेको सगर।

अर्गेली–ना० [नें०] नेपाली कागत बनाउने एक प्रकारको बोट।

अर्घ–ना० [सं०] १. षोडश उपचारमध्ये एक; जल, दूध, दही, जौ, कुश आदि मिलाएर देवतालाई चढ़ाउनु। २. अँजुलीले जल चढ़ाउनु। ३. मूल्य। ४. अर्घ-पात्र।

अर्घ-पात्र–ना० [सं०] अर्घ दिने भाँड़ो; दैव-पितृलाई जल चढ़ाउने पात्र; अर्घौँतो।

अर्घेली–ना० [नें०] १. बिजाइँ; उपद्रो; बिगो; कसूर। (वि०) २. बढ़्ता भएकी; मन नपरेकी (स्त्री)।

अर्घेलो–वि० [नें०] वाहियात; नचाहिँदो; नसुहाउँदो।

अर्घेल्याइँ–ना० [अर्घेलो+याइँ] १. उपद्रो। २. कसूर।

अर्घौँतो–ना० [अर्घ+औंतो] अर्घ; पात्र; अञ्जलिको आकारको तामा, चाँदी आदि धातुको पात्रविशेष।

अर्घ्य–ना० [सं०] १. देवता वा अतिथिलाई सत्कार वा पूजा गरेर दिइने वस्तु। (वि०) २. पूजा गर्न लायक; पूज्य। ३. धेरै मोल पर्ने; मूल्यवान्।

अर्चक–वि० [सं०] १. पूजा गर्ने; पूजक। (ना०) २. पूजारी।

अर्चन–ना० [सं०] १. पूजा; पूजन। २. आदर; सत्कार।

अर्चना–ना० [सं०] १. पूजा; अर्चा। २. सम्मान; सत्कार।

अर्चनीय–वि० [सं०] १. पूज्य। २. मान्य; प्रतिष्ठित।

अर्चले–ना० [नें०] दुइ-तीन अमलका हरिया, चिप्ला र अमिल्स्याहा पात हुने, गुलियो स्वादका काला रङ्गका गेड़ा

CC-0. In Public Domain. Digitization by eGangotri

फल्ने, गाईलाई घाँस खुवाइने रूखविशेष; त्यसैको फल ।

अर्चा–ना० [सं०] पूजा ।

अर्चिष्मान्–ना० [सं०] १. सूर्य । २. आगो ।

अर्ची–ना० [सं०] १. किरण । २. ज्वाला । ३. तेज ।

अर्च्य–वि० [सं०] १. पूजनीय; पूज्य । २. मान्य; माननीय ।

अर्ज–ना० [अ० अर्ज़] बिन्ति; विनय; प्रार्थना ।

अर्जक–वि० [सं०] कमाउने; आम्दानी गर्ने; आर्जन गर्ने ।

अर्जन–ना० [सं०] १. कमाउनु; उपार्जन; आम्दानी । २. जम्मा गर्नु; सङ्ग्रह गर्नु ।

अर्जनीय–वि० [सं०] आर्जन गर्न योग्य; कमाउन लायक ।

अर्जापिनु–स० क्रि० [अर्जाप्+इ+नु] अर्जाप्ने काम गरिनु; हतियारमा पाइन हालिनु; ('अर्जाप्नु'-को क० क्रि०) ।

अर्जाप्नु–स० क्रि० [ने०] १. हतियारमा पानी चढ़ाउनु; पाइन हाल्नु । २. धारिलो पार्नु ।

अर्जित–वि० [सं०] १. कमाएको; आर्जेको; आम्दानी गरेको । २. जम्मा गरिएको; सङ्गृहीत ।

अर्जी–ना० [अ० अर्ज़ी] १. निवेदन; प्रार्थना । २. तारीखमा हाजिर हुन नसक्दा तारीख थाम्नाका लागि झगड़ियाले अड्डामा दिने प्रार्थना-पत्र; तारीख थामी पाऊँ भन्ने निवेदन-पत्र; अर्जी-पत्र । ३. उजूर; फिराद ।

अर्जी-पत्र–ना० [अ० अर्ज़ी+पत्र (सं०)] तारीखथाम्नाका निमित्त झगड़ियाले अड्डामा दिने निवेदन-पत्र; अर्जी ।

अर्जुन–ना० [सं०] १. काउलो । २. खरी । ३. सेतो रङ्ग । ४. मयूर । ५. पञ्च-पाण्डवमध्येका एक भाइ । ६. कार्तवीर्य ।

अर्जुनी–ना० [सं०] १. कुट्नी । २. सेतो रङ्गकी गाई । ३. वाणासुरकी छोरी उषा ।

अर्डर–ना० [अं० ऑर्डर] आडर ।

अर्णव–ना० [सं०] १. समुद्र; सागर । २. सूर्य ।

अर्ति–ना० [सं०] १. पीडा; दुःख । २. धनुको टुप्पो ।

अर्ती–ना० [ने०] हित कुरा; भलो कुरा; उपदेश; शिक्षा ।

अर्थ–ना० [सं०] १. माने; मतलब; तात्पर्य; अभिप्राय । २. शब्दबाट प्रकट हुने मनुष्यका हृदयको आशय; शब्द-शक्ति । ३. अभिधा, लक्षणा र व्यञ्जनाबाट बोध हुने तात्पर्य । ४. हेतु; निमित्त; प्रयोजन । ५. काम; इष्ट । ६. इन्द्रियको विषय । ७. चार पुरुषार्थ (धर्म, अर्थ, काम र मोक्ष)-मध्ये एक । ८. धन; सम्पत्ति; ऐश्वर्य ।

अर्थक–वि० [सं०] १. धन कमाउने; आम्दानी गर्ने । २. धन-सम्बन्धी; आर्थिक ।

अर्थ-कर–वि० [सं०] धन प्राप्त गराउने (साधन); अर्थ-लाभ गराउने ।

अर्थ-करी–ना० [सं०] १. धन कमाउने विद्या; पैसा कमाउने उपाय । (वि०) २. धन प्राप्त गराउने ।

अर्थतः–क्रि० यो० [सं०] १. शब्दका अर्थको दृष्टिले । २. वास्तवमा; वस्तुतः ।

अर्थ-दण्ड–ना० [सं०] जरीमाना; नगद असूल गर्ने दण्ड ।

अर्थ-दूषण–ना० [सं०] १. नचाहिँदो काममा खर्च गर्नु; अपव्यय । २. अन्यायसँग कसैको धन लिनु । ३. शब्दका अर्थको दोष ।

अर्थ-न-वर्थ–वि० [सं० अर्थ+न+वर्थ (फाँ०)] आवा-न-चाबा; व्यर्थको ।

अर्थ-न्यायालय–ना० [सं०] सम्पत्ति-सम्बन्धी मुद्दा हेर्ने न्यायालय; देवानी अड्डा ।

अर्थ-पिचास–ना० [अर्थ-पिशाच] अर्थ-पिशाच ।

अर्थ-पिशाच–ना० [सं०] धन-सम्पत्ति प्रशस्त भएर पनि खर्च नगर्ने; कन्जूस; द्रव्य-पिशाच ।

अर्थ-बन्ध–ना० [सं०] विशेष कार्यका निमित्त गरिने आर्थिक व्यवस्था ।

अर्थ-मन्त्री–ना० [सं०] कुनै राज्य वा प्रान्तका अर्थ-विभागको मन्त्री; अर्थ-सम्बन्धी कामको अभिभारा लिने मन्त्रि-मण्डलका सदस्य; वित्त-मन्त्री ।

अर्थ-मूलक–वि० [सं०] अर्थकै लक्ष्य लिएर भएको ।

अर्थ-विज्ञान–ना० [सं०] अर्थ-शास्त्र ।

अर्थ-विद्या–ना० [सं०] अर्थ-शास्त्र ।

अर्थ-विवाद–ना० [सं०] धन-सम्बन्धी मुद्दा; देवानी मुद्दा ।

अर्थ-शास्त्र–ना० [सं०] धन-सम्पत्तिको उत्पत्ति, उपयोग, विनिमय, वितरण आदिको विवेचना गरिएको शास्त्र; सम्पत्ति र मनुष्यको सम्बन्धको व्याख्या गर्ने समाज-शास्त्रको एक अङ्ग ।

अर्थ-शास्त्री–ना० [सं०] अर्थ-शास्त्रको विशेषज्ञ; अर्थ-शास्त्र-वेत्ता ।

अर्थ-श्लेष–ना० [सं०] श्लेषालङ्कारका दुइ भेदमध्ये एक ।

अर्थ-सङ्कट–ना० [सं०] धनको अभावबाट हुने दुःख; धन नहुनाको दुःख ।

अर्थ-सचिव–ना० [सं०] कुनै राज्य वा प्रान्तको अर्थ-विभागको सचिव ।

अर्थ-साध्य–वि० [सं०] धन खर्च गरेर सिद्ध हुन सक्ने ।

अर्थ-सिद्ध–वि० [सं०] १. प्रसङ्गले नै अर्थ बुझिने । २. धन खर्च गरेर हुन सक्ने ।

अर्थ-सिद्धि–ना० [सं०] १. इच्छा गरेको कुरा पुग्नु; अभीष्ट-प्राप्ति । २. धन-लाभ ।

अर्थागम–ना० [सं०] आम्दानी हुनु; अर्थ-प्राप्ति ।

अर्थात्–संयो० [सं०] १. विशेष विवरण दिँदा वा स्पष्टीकरण दिँदा प्रयोग गरिने शब्द । (क्रि० यो०) २. प्रसङ्गवश; स्वयमेव ।

अर्थाधिकारी–ना० [सं०] अर्थ-सम्बन्धी काम गर्ने अधिकारी ।

अर्थानर्थापद–ना० [सं०] एकातिर लाभ भएर अर्कोतिर हानि हुने भय ।

अर्थानुवाद–ना० [सं०] शब्दका अर्थलाई मात्र लिएर गरिएको अनुवाद ।

अर्थान्तर–ना० [सं०] अर्को अर्थ; भिन्न मतलब ।

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थान्तरन्यास–ना० [सं०] अर्थालङ्कारको एक भेद ।

अर्थान्वित–वि० [सं०] १. अर्थ-युक्त; धनवान्; धनी । २. महत्त्वपूर्ण ।

अर्थापत्ति–ना० [सं०] एउटा कुराको प्रमाणबाट अर्को कुरा सिद्ध गर्ने अर्थालङ्कार ।

अर्थालङ्कार–ना० [सं०] अर्थबाट मात्र चमत्कारको बोध हुने काव्यालङ्कार ।

अर्थिक–वि० [सं०] १. माग्ने; मगन्ते; भिक्षुक । (ना०) २. वैतालिक । ३. चौकीदार ।

अर्थी–वि० [सं०] १. चाहने; इच्छा गर्ने; याचक; प्रार्थी; माग्ने । २. प्रयोजन राख्ने । ३. वादी; झगड़िया । ४. धनी; धनवान् ।

अर्थी–ना० [सं० अरथी] अरथी ।

अर्थुङ्गे–ना० [अर्थुङ्गे] अर्थुङ्गे ।

अर्थुङ्गो–ना० [अर्थुङ्गो] अर्थुङ्गे ।

अर्थुङ्गे–ना० [ने०] खरका जस्ता लामा र तीखा पात, डाँठका टुप्पामा बिझ्ने खैरा झूस हुने एक जातको कुरो घाँस; अर्थुङ्गो ।

अर्थुङ्गो–ना० [अर्थुङ्गे] अर्थुङ्गे ।

अर्थुङ्ङे–ना० [अर्थुङ्गे] अर्थुङ्गे ।

अर्थोपचार–ना० [सं०] धनद्वारा गरिने क्षति-पूर्ति ।

अर्थ्य–वि० [सं०] १. माग्न योग्य; प्रार्थनीय । २. धनी ।

अर्थ्याइ–ना० [अर्थ्याउ+आइ] मतलब बुझाउने किसिम, क्रिया वा भाव ।

अर्थ्याइनु–स० क्रि० [सं० अर्थ+आइ+नु] अर्थ्याउने काम गरिनु; अर्थ लगाइनु; ('अर्थ्याउनु'-को क० क्रि०) ।

अर्थ्याउनु–स० क्रि० [सं० अर्थ+आउ+नु] १. अर्थ लगाउनु; माने बताउनु; मतलब बुझाउनु । २. सम्झाउनु ।

अर्दन–ना० [सं०] १. पीडा; दुःख । २. जानु; गमन । ३. माग्नु; याचना ।

अर्दली–ना० [अं० ऑर्डर्ली] अह्राएको काम गर्ने निम्नतम दर्जाको जागीरदार; पिउन, सिपाही, चपरासी, टहलुवा आदि ।

अर्दितवात–ना० [सं०] वायु कुपित भई मुख, गर्धन, आँखा, ओठ आदि बाङ्गिने रोग ।

अर्द्ध–वि० [सं०] आधा; अर्ध ।

अर्ध–वि० [सं०] १. आधा । २. खण्ड; टुक्रा ।

अर्धङ्गी–वि० [सं० अर्ध+अङ्गी] १. अर्ध-सिल्ली; बेढङ्गी; एकोहोरो । २. आधा शरीरमात्र चल्ने; पक्षवात भएको । (ना०) ३. अर्ध-नारीश्वर; हरि-हर ।

अर्धङ्ग्याइँ–ना० [अर्धङ्गी+याइँ] अर्धङ्गी हुनाको भाव; अर्धङ्गीपन ।

अर्धङ्ङी–ना० [अर्धङ्गी] अर्धङ्गी ।

अर्ध-चन्द्र–ना० [सं०] १. आधामात्र देखिएको चन्द्रमा; अष्टमीको चन्द्रमा । २. मयूरका प्वाँखमा भएको अर्ध-वृत्त बुट्टा; चन्द्रिका । ३. स्त्रीको कुच-मर्दन गर्दा स्तनमा हुने नङको चिह्न; नख-क्षत । ४. अर्ध-वृत्ताकार बाण । ५. अक्षरका शिरमा लगाइने अर्ध-वृत्त-चिह्न; चन्द्र-बिन्दु । ६. घोक्र्याउँदा गर्धनमा लगाइने हातको मुद्रा । ७. ललाटमा लाइने त्रिपुण्ड्र ।

अर्ध-चेतना–ना० [सं०] केही मात्रामा होश हराएको अवस्था ।

अर्ध-जल–ना० [सं०] प्राण-वायु तलतिरका इन्द्रियहरूबाट ननिस्कुन् भन्नाका निमित्त मर्न लागेका व्यक्तिलाई गरिने जल-संयोग; मर्न लागेका व्यक्तिलाई नाइटासम्म जलमा डुबाउनु; अर्धोदक ।

अर्ध-तिक्त–ना० [सं०] नेपाली नीम; बकाइनु ।

अर्ध-नारीश्वर–ना० [सं०] शिव-पार्वतीको संयुक्त रूप; गौरीश्वर ।

अर्ध-मागधी–ना० [सं०] प्राकृत भाषाको एक भेद; काशी र मथुराका बीचको क्षेत्रमा चलेको प्राकृत भाषा ।

अर्ध-विराम–ना० [सं०] वाक्यमा वाक्यांशलाई छुट्ट्याउने चिह्न; सेमी-कोलन (;) ।

अर्ध-वृत्त–ना० [सं०] कुनै विन्दुदेखि समानान्तरमा खिँचेको गोलाकार रेखाको आधा भाग; अर्धगोलाकार रेखा ।

अर्ध-सिल्ली–वि० [सं० अर्ध+सिल्ली] १. केही मात्रामा मगज बिग्रेको; अर्ध विक्षिप्त । २. धतुङ्गो; उटपटाङ आचरण भएको ।

अर्धाङ्ग–ना० [सं०] १. आधा अङ्ग । २. पक्षवात ।

अर्धाङ्गिनी–ना० [सं०] स्वास्नी; स्त्री; पत्नी ।

अर्धाङ्गी–ना० [सं०] १. दायाँ र बायाँ शरीर क्रमशः शिव र पार्वतीको भएको महादेवको एक रूप । २. हरि-हरको संयुक्त रूप ।

अर्धानु–ना० [सं० अर्ध+आनु] अर्धानो ।

अर्धानू–वि० [सं० अर्ध+आनू] अर्धानो ।

अर्धानो–वि० [सं० अर्ध+आनो] आधा पुरानो; घस्टिएको; फाट्न आँटेको; अर्धानू ।

अर्धाली–ना० [सं०] १. अर्ध पङ्क्ति । २. आधा श्लोक । ३. आधा भाग ।

अर्धासन–ना० [सं०] कसैलाई सम्मानपूर्वक दिइने आफू बसिरहेको आसनको आधा भाग ।

अर्धो–वि० [सं० अर्ध] विवाहिता स्वास्नी मरेको; राँड़ो ।

अर्धोदक–ना० [सं०] मर्न लागेको मानिसलाई कमरसम्म पानीमा डुबाउने काम; अर्ध-जल ।

अर्ना–ना० [सं० अरण्य] जङ्गली भैंसी वा राँगो; बनैया भैंसी वा राँगो ।

अर्नालिइनु–अ० क्रि० [अर्नालि+इ+नु] अर्नालिने काम होइनु; भोकले सताइनु; ('अर्नालिनु'-को भा० क्रि०) ।

अर्नालिनु–अ० क्रि० [ने०] भोकले पीडित हुनु; भोकले सताइनु; क्षुधित हुनु ।

अर्नाल्याइनु–स० क्रि० [अर्नालि+याइ+नु] अर्नालिने पारिनु; अर्नालिन लाइनु; ('अर्नाल्याउनु'-को क० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

अर्नाल्याउनु–स० क्रि० [अर्नालि+याउ+नु] अर्नालिने पार्नु; भोकले सताउनु; ('अर्नालिनु'-को प्रे० क्रि०)।

अर्निको–ना० [ची०] तेह्रौं शताब्दीमा भोट हुँदै चीन जाने, चीनियाँ सम्राट् कुवल-ए खाँको दर्बारमा ठूलो सम्मान पाउने प्रसिद्ध एक नेपाली कलाकार।

अर्नी–ना० [अरनी] अरनी।

अर्पक–वि० [सं०] अर्पण गर्ने; विनयपूर्वक समर्पण गर्ने; दिने।

अर्पण–ना० [सं०] १. श्रद्धापूर्वक दिनु; चढ़ाउनु; समर्पण; दान। २. राख्नु; स्थापना गर्नु (उदा०–पदार्पण)।

अर्पनु–स० क्रि० [सं० अर्पण+नु] १. श्रद्धापूर्वक दिनु; चढ़ाउनु; अर्पण गर्नु। २. भाकल गर्नु; सङ्कल्प गर्नु।

अर्पाइनु–स० क्रि० [अर्प+आइ+नु] अर्पन लाइनु; अर्पण गराइनु; ('अर्पाउनु'-को क० क्रि०)।

अर्पाउनु–स० क्रि० [अर्प+आउ+नु] अर्पन लाउनु; अर्पण गराउनु; ('अर्पनु'-को प्रे० क्रि०)।

अर्पित–वि० [सं०] अर्पण गरिएको; दिइएको; दान गरिएको।

अर्पिनु–स० क्रि० [अर्प+इ+नु] अर्पने काम गरिनु; अर्पण गरिनु; चढ़ाइनु; ('अर्पनु'-को क० क्रि०)।

अर्फु–ना० [ने०] पहेँला केसर भएको साना-साना फूल फुल्ने, धेरै कुना परेका ठूला-ठूला पात हुने एक प्रकारको काँढ़े लहरो। (यसको रस माछालाई विष हुन्छ।)

अर्ब–ना० [सं० अर्बुद] १. सय करोड़को सङ्ख्या; अरब; सय कोटि; एक, दश, सय, आदि गणनाको दसौँ स्थान। (वि०) २. सय करोड़ सङ्ख्याको।

अर्बुद–ना० [सं०] १. दश करोड़को सङ्ख्या। २. दुइ महीनाको गर्भ। ३. बादल। ४. शरीरमा मासुको डल्लो निस्कने रोगविशेष।

अर्भक–ना० [सं०] १. बालक; बच्चा। (वि०) २. सानो; सूक्ष्म। ३. दुब्लो। ४. मूर्ख।

अर्मल–ना० [ने०] गाई-वस्तुले बाली खाँदा गाई-धनीबाट बाली-धनीलाई सरकारले भराइदिने बिगो; बाली-नोक्सानीको हर्जाना।

अर्मले–ना० [ने०] पिरियाका आकारको, कलिला मुन्टाको तरकारी खाइने झारविशेष।

अर्माली–ना० [ने०] घरबाहिर पेटी वा पिँढ़ीमा घाम-पानी छेक्नका निमित्त हालिने सानो छाना; पाली।

अर्यमा–ना० [सं०] १. सूर्य। २. पितृ-देवता। ३. आँक।

अर्वा–ना० [सं०] १. घोड़ा। २. इन्द्र।

अर्वाचीन–वि० [सं०] हाल-सालको; नयाँ; आधुनिक।

अर्श–ना० [सं०] अलकाइ; हर्सा।

अर्सा–ना० [ने०] खुदोमा चाँवलको पीठो पकाई बेलेर घिउमा पकाएको रोटीविशेष।

अर्ह–वि० [सं०] १. पूजा गर्न योग्य; पूज्य। २. मान्य; प्रतिष्ठित। ३. योग्य; लायक। ४. मूल्यवान्; बहुमूल्य। (ना०) ५. ईश्वर। ६. इन्द्र।

अर्हत्–ना० [सं०] १. परम ज्ञानी; तीर्थङ्कर। २. बुद्ध; जिन। ३. पूजनीय; आराध्य।

अर्हन–ना० [सं०] १. पूजा; पूजन। २. बुद्ध।

अर्हन्त–ना० [सं०] १. बुद्ध। २. बौद्ध भिक्षु। (वि०) ३. उपयुक्त; योग्य।

अर्ह्य–वि० [सं०] १. पूज्य; मान्य। २. योग्य; प्रतिष्ठित।

अलक–ना० [सं०] १. निधारमा लर्केको कपाल; निधारमा दायाँ-बायाँ लर्केका केश। २. छाँट-काँट गरी आँखीभौँ-सम्म निधारमा लर्काइएको कपाल। ३. पालेर लामो गरी तलासेको कपाल; जुल्फी।

अलकतरा–ना० [अ०] अलकत्रा।

अलकत्रा–ना० [अ० अलकतरा] पत्थर-कोइलाको चोब; एक किसिमको कालो रोगन।

अलका–ना० [सं०] १. कुबेरको राजधानी। २. घुँगुरिएको कपाल; अलक। ३. आठदेखि दश वर्षभित्रकी कन्या।

अलकाई–ना० [नेवा० अलऽ कै] गुद-द्वारमा आउने एक किसिमको खटिरो; अर्श; हर्षा।

अलका-पुरी–ना० [सं०] कुबेरको राजधानी।

अलकावलि–ना० [सं०] १. केशको समूह। २. जुल्फी। ३. घुँगुरा परेको कपाल।

अलकावली–ना० [सं०] अलकावलि।

अलकेश–ना० [सं०] अलका-पुरीका स्वामी; कुबेर।

अलक्त–ना० [सं०] माहुर; लाक्षा-रस।

अलक्तक–ना० [सं०] माहुर; अलक्त।

अलक्षण–वि० [सं०] खराब लक्षण भएको; कुलक्षण-युक्त; अलच्छिनी।

अलक्षित–वि० [सं०] १. नदेखिएको; अदृश्य। २. अज्ञात; गुप्त।

अलक्ष्मी–ना० [सं०] १. गरीबी; दारिद्र्य। २. दुर्भाग्य; अभाग।

अलक्ष्य–वि० [सं०] १. नदेखिएको; अदृष्ट। २. नजानिएको; अज्ञात। ३. नताकिएको। ४. ध्येय नभएको; उद्देश्य-हीन।

अलख–ना० [प्रा० अलक्ख] १. जोगी, संन्यासीहरूले भिक्षा माग्दा उच्चारण गर्ने शब्द। (वि०) २. अदृश्य; नदेखिने; अप्रत्यक्ष।

अलख-धारी–ना० [अलख+धारी (सं०)] १. गोरख-पन्थी-हरूको एक सम्प्रदाय र त्यसका अनुयायी। २. अलख जगाएर निर्वाह गर्ने व्यक्ति; माग्ने।

अलख-नामी–ना० [अलख+नामी] अलख-धारी।

अलख-बम्-बम् ना० [सं० अलक्ष्य+ॐ+ॐ] जोगी, संन्यासीहरूले भिक्षा माग्दा उच्चारण गर्ने शब्द; जोगीले भिक्षा माग्ने मन्त्र; अलख।

CC-0. In Public Domain. Digitization by eGangotri

अलखा–ना० [अ० अलफ़ा] कठालो नभएको ह्वार्लाङ्गे कुर्था; अलख जगाउनेले लाउने खोलक ।

अलग–क्रि० यो० [प्रा० अलग्ग] अलग्ग ।

अलगरज–वि० [अलगरजी] अलगरजी ।

अलगरजी–वि० [अ० अलग़रज़] कामको पर्वाह नगर्ने; अल्सी; अलमस्त; बेफिक्र; अकर्मण्य ।

अलगर्द–ना० [सं०] पानीमा रहने एक जातको सर्प ।

अलग्ग–क्रि० यो० [प्रा०] छुट्टै; बेग्लै; भिन्नै; पृथक् ।

अलघु–वि० [सं०] १. सानु नभएको; ठूलो । २. हल्का नभएको; गह्रौं ।

अलङ्करण–ना० [सं०] १. गहना; आभूषण । २. सजावट; शृङ्गार ।

अलङ्करिष्णु–वि० [सं०] १. गहनाको शौक भएको । २. ठाँटी; ठाँटिलो ।

अलङ्कार–ना० [सं०] १. गहना; आभूषण । २. शृङ्गार; सजावट । ३. साहित्य-शास्त्रको एक अङ्ग; काव्य-शास्त्रको चमत्कार-जनक वर्णन-शैली । ४. (सङ्गीतमा) पल्टा ।

अलङ्कार-शास्त्र–ना० [सं०] काव्यलाई रोचक र चमत्कार-युक्त गराउने शैलीको विवेचना गरिएको शास्त्र; अलङ्कारको वर्णन गरिएको शास्त्र ।

अलङ्कृत–वि० [सं०] १. सिंगारिएको; सजाइएको । २. साहित्यिक अलङ्कारले युक्त ।

अलङ्घनीय–वि० [सं०] उल्लङ्घन गर्न नसकिने वा नहुने; नाघ्न नसकिने वा नहुने; अलङ्घ्य ।

अलङ्घ्य–वि० [सं०] नाघ्न नसकिने वा नहुने; उल्लङ्घन गर्न नहुने वा नसकिने ।

अलच्छिन–ना० [सं० अलक्षण] खराब लक्षण; कुलक्षण; अमङ्गल ।

अलच्छिनाहा–वि० [अलच्छिन+आहा] खराब लक्षण भएको; कुलच्छिनको; अलच्छिनी; पिराहा ।

अलच्छिनी–वि० [सं० अलक्षण+ई] खराब लक्षण भएको; कुलक्षण-युक्त; पिराहा ।

अलत्र–क्रि० यो० [ने०] १. लथालिङ्ग पड़िरहने किसिम; प्रबन्धसित नरहने किसिम; अलपत्र । (वि०) २. अलपत्र परेको; यता-न-उता भएको ।

अलन्तर–ना० [ने०] १. बीचमा परेको; अलपत्र परेको । २. असहाय ।

अलप–ना० [(फाँ०) अ+लोप (सं०)] लोप; गायब; बेपत्ता; अन्तर्धान ।

अलप–ना० [सं० अल्प] टुटे-फुटेको शिला-लेख; शिला-पत्रको भग्नावशेष ।

अलपक्का–ना० [स्पे० एलपाका] दक्षिण अमेरिकामा हुने ऊँटजस्तो जनावरको रौं र रेशम वा सूत मिलाई बनाएको एक जातको कपड़ा ।

अलपत्र–क्रि० यो० [अलत्र] १. बेकार पड़िरहने किसिम; बेथितिसँग रहने किसिम; अलत्र । (वि०) २. बेथितिसँग पड़िरहेको; अलत्र परेको ।

अलपत्रिइनु–अ० क्रि० [अलपत्रि+इ+नु] अलपत्रिने काम होइनु; अलपत्र परिनु; ('अलपत्रिनु'-को भा० क्रि०) ।

अलपत्रिनु–अ० क्रि० [अलपत्र+इ+नु] अलपत्र पर्नु; अलत्र पर्नु; बेथितिसँग रहनु ।

अलपत्रे–वि० [अलपत्र+ए] अलपत्र पार्ने; माल-मत्ताहरू अलत्र राख्ने ।

अलपत्र्याइ–ना० [अलपत्रि+आइ] अलपत्रिने किसिम, क्रिया वा भाव ।

अलपत्र्याइनु–स० क्रि० [अलपत्रि+याइ+नु] अलपत्रिन लाइनु; अलपत्र परिनु; ('अलपत्र्याउनु'-को क० क्रि०) ।

अलपत्र्याउनु–स० क्रि० [अलपत्रि+याउ+नु] अलपत्रिन लाउनु; अलपत्र पार्नु; ('अलपत्रिनु'-को प्रे० क्रि०) ।

अलफा–ना० [अ० अलफ़ा] जोगीहरूले लाउने बाहुला नभएको कुर्था; बिनाबाहुलाको अलखा ।

अलबत्ता–ना० [अ०] निःसन्देह; पक्का; निश्चय; अवश्य ।

अलबम–ना० [फ्रे० एलबम] तसबीर वा टिकटहरू राख्ने किताब ।

अलबल्ले–वि० [ने०] सम्हाल्न नसकिने; ज्यादै ठूलो (भेल) ।

अलभ्य–वि० [सं०] १. पाउन नसकिने; अप्राप्य । २. अमूल्य; अनमोल ।

अलम्–अव्य० [सं०] १. पर्याप्त भयो, पुग्यो—भन्ने जनाउने शब्द । (ना०) २. हरिताल । ३. बिच्छीको डसाइ ।

अलमल–क्रि० यो० [ने०] काम-काज आदिको झमेला ।

अलमलाइ–ना० [अलमलि+आइ] अलमलिने किसिम; क्रिया वा भाव; अलमल्याइ ।

अलमलिइनु–अ० क्रि० [अलमलि+इ+नु] अलमलिने काम होइनु; अलमल परिनु; ('अलमलिनु'-को० भा० क्रि०) ।

अलमलिनु–अ० क्रि० [अलमलि+नु] १. अलमलमा पर्नु; अलमलल हुनु; झमेलामा पर्नु । २. छलिनु । ३. जिल्लिनु । ४. आल-टालमा पर्नु । ५. अल्लारिनु । ६. लर्वरिनु । ७. रुमलिनु; रङमङिनु ।

अलमल्याइ–ना० [अलमलि+आइ] अलमलिने किसिम, क्रिया वा भाव ।

अलमल्याइनु–स० क्रि० [अलमलि+याइ+नु] अलमलिन लाइनु; अलमलिने पारिनु; ('अलमल्याउनु'-को क० क्रि०)।

अलमल्याउनु–स० क्रि० [अलमलि+याउ+नु] १. अलमलिने पार्नु; रुमलो पार्नु । २. छल्नु । ३. जिल्ल्याउनु; छकाउनु; ('अलमलिनु'-को प्रे० क्रि०) ।

अलमल्याहट–ना० [अलमलि+आहट] अलमलिने काम; अलमल्याइ ।

अलमल्ल–क्रि० यो० [ने०] जिल्ल; वाल्ल; रनभुल्ल; बिलख-बन्द ।

अलमस्त–वि० [फा०] फिक्री नभएको; पर्वाह नगर्ने;

CC-0. In Public Domain. Digitization by eGangotri

मगन-मस्त; मन-मोजी ।

अलमस्ती–ना० [अलमस्त+ई] बेफिक्री; मगन-मस्ती; मन-मोज; बेपर्वाह ।

अलमारी–ना० [पुर्त० अलमारियो] खण्ड-खण्ड भएको, ढोका लाउन हुने र माल-मत्ताहरू राख्ने एक किसिमको ठाड़ो सन्दूस; दराज ।

अलमोनियम–ना० [अं० एलुमिनियम] हल्का सेतो धातु-विशेष । (यस धातुको भाँड़ा-बर्तन बन्दछन् । यसमा अमिलो वस्तु उग्लँदैन ।)

अलमोस–ना० [सं०] टल्कने एक जातको सेतो माछो ।

अलम्पट–वि० [सं०] १. लम्पट नभएको; नलहसिएको; सच्चरित्र । २. खोपी; अन्तःपुर ।

अलम्बुष–ना० [सं०] १. वमन; छाद । २. हत्केलो । ३. महाभारतमा कौरव-पक्षबाट युद्ध गर्ने एक राक्षस ।

अलम्मे–ना० [इलम] काम; इलम; पेशा; रोजगार ।

अलर्क–ना० [सं०] १. बहुलाहा कुकुर । २. सेतो आँक । ३. सूर्य-वंशी एक राजा ।

अलल-हिसाब–वि० [अ० अलल्-हिसाब] पछि हिसाब लिने गरी दिइएको (धन) ।

अललिइनु–अ० क्रि० [अललि+इ+नु] अललिने काम होइनु; अतालिइनु; ('अललिनु'-को भा० क्रि०) ।

अललिनु–अ० क्रि० [ने०] १. रुँदा-रुँदै सास रोकिनु; अतालिनु । २. खूबसित खोला बढ्नु । ३. बाढ़ी आउनु; पानी टनाटन भरिनु ।

अलल्याइ–ना० [अललि+आइ] अललिने किसिम, क्रिया वा भाव ।

अलल्याइनु–स० क्रि० [अललि+याइ+नु] अरन्याइनु; ('अलल्याउनु'-को क० क्रि०) ।

अलल्याउनु–स० क्रि० [अललि+याउ+नु] अरन्याउनु; ('अललिनु'-को प्रे० क्रि०) ।

अलवान–ना० [अ०] एक जातको ऊनी ओढ्ने ।

अलस–वि० [सं०] अल्सी; आलस्य-युक्त ।

अलसता–ना० [सं०] अल्सी हुनाको भाव; आलस्य ।

अलात–ना० [सं०] बल्दो अगुल्टो ।

अलात-चक्र–ना० [सं०] बल्दो अगुल्टो घुमाउँदा देखिने वृत्त ।

अलाप–ना० [सं० आलाप] आलाप ।

अलाप-विलाप–ना० [सं० आलाप+विलाप] छाती पिटी-पिटी ठूलो स्वरले रुनु; बिलौना गरेर रुनु; आलाप-विलाप; क्रन्दन; करुण रोदन ।

अलापाइ–ना० (अलाप्+आइ] अलाप्ने किसिम, क्रिया वा भाव ।

अलापिनु–अ० क्रि० [अलाप्+इ+नु] अलाप्ने काम होइनु; ताना छोड़िनु; ('अलाप्नु'-को भा० क्रि०) ।

अलाप्नु–अ० क्रि० [सं० आलाप] गानाको ताना छोड्नु ।

अलाबु–ना० [सं०] तुम्बा ।

अलाभ–ना० [सं०] लाभ नहुनु; घाटा; हानि ।

अलाभकर–वि० [सं०] फायदा नहुने; लाभ नगर्ने ।

अलावा–क्रि० यो० [अ०] १. अतिरिक्त; बाहेक । २. भन्दा; हेरेर ।

अलि–वि० [सं० अल्प] थोरै; कम; अलिक; अलिकता; अलिकति ।

अलि–ना० [सं०] १. भमरो; भ्रमर । २. कोइली । ३. कौवा । ४. बिच्छी । ५. कुकुर । ६. मदिरा ।

अलिक–क्रि० यो० [अलिकति] १. अलि; अलिकति; थोरै । २. अरू ।

अलिक–वि० [सं०] १. झूठो; मिथ्या । २. मर्यादा नभएको । ३. अप्रतिष्ठित । ४. निस्सार । ५. निधार; ललाट ।

अलिकता–क्रि० यो० [अलिकति] १. अलि; अलिक; अलिकति; (वि०) २. थोरै; केही ।

अलिकति–क्रि० यो० [अलि+यति] १. अलि; अलिकता । (वि०) २. थोरै; केही ।

अलिखित–वि० [सं०] नलेखिएको; लिपि-बद्ध नभएको ।

अलिखेर–क्रि० यो० [अलि+खेर] एक छिन; अलिबार; थोरै बेर; अलिबेर ।

अलिङ्ग–वि० [सं०] लिङ्ग नभएको; चिह्न-रहित ।

अलिञ्जर–ना० [सं०] माटाको गाग्रो ।

अलिनी–ना० [सं०] भ्रमरी ।

अलिनु–ना० [ने०] लुगा-फाटो आदि झुन्ड्याउन टाँगेको डोरी, काठ आदि ।

अलिनु–वि० [प्रा० अलून] अलिनो ।

अलिनू–वि० [प्रा० अलून] अलिनो ।

अलिनो–वि० [प्रा० अलून] १. नून नभएको; नून नहालेको । २. खल्लो; बेस्वादको ।

अलिन्द–ना० [सं०] ढोकादेखि बाहिरपट्टिको जमीन; खँड्गेली ।

अलिप्त–वि० [सं०] १. नलिपिएको; नपोतिएको । २ नटाँसिएको; निर्लिप्त ।

अलिफार्स्या–ना० [अ० अल्+फ़ारिग़] तोकिएको म्यादमा रुपियाँ बुझाउन नसके कबूलअनुसार धितो फार्से हुने कागत वा व्यवहार ।

अलिबार–क्रि० यो० [अलिबेर] एक छिन; अलिबेर; थोरै बेर; अल्प समय ।

अलिबेर–क्रि० यो० [अलि+बेर] अलिबार ।

अलीन–वि० [सं०] लीन नभएको; विरत ।

अलुवा–ना० [अरवा] अरुवा ।

अलेख–वि० [प्रा० अलेख्ख] धनाढ्य; खूब धनी; सम्पत्ति-शाली; सम्पन्न ।

अलैँची–ना० [सं० एला] १. लामा-लामा ठूला पात हुने, फेदमा पहेँलो फूल र भटमास-रङ्गको ठूलो सुकुमेलजस्तो फल लाग्ने, सिमसारमा हुने एक बोट । २. त्यसैको

CC-0. In Public Domain. Digitization by eGangotri

फल; एला ।

अलैङ्गिक–वि० [सं०] स्त्री वा पुरुषको चिह्न नभएको; लिङ्ग नछुट्टिएको; नपुंसक ।

अलोक–वि० [सं०] १. नदेखिने; अदृश्य । २. निर्जन; एकान्त । (ना०) ३. परलोक । ४. मिथ्या दोष; कलङ्क । ५. निन्दा ।

अलोप–वि० [सं०] लोप नभएको; अलुप्त ।

अलोल–वि० [सं०] नहल्लने; नडग्ने; स्थिर ।

अलौकिक–वि० [सं०] १. यस लोकमा नपाइने; लोकोत्तर । २. अनौठो; अद्भुत ।

अलौटो–वि० [आलो+औटो] १. नसुकाईकन भुटेको । २. फूल नउठेको; ठेट्नाजस्तो ।

अलौ-पर्व–ना० [अलौ (क्षेत्र)+पर्व] नेपालको ऐतिहासिक एक प्रसिद्ध घटना । (यस घटनामा जङ्गबहादुरको फौजले श्री ५ राजेन्द्रको फौजलाई पर्सा जिल्लाको अलौ भन्ने स्थानमा हराई राजेन्द्रलाई पक्रेको थियो ।)

अल्गिइनु–अ० क्रि० [अल्गि+इ+नु] अल्गिनु; ('अल्गिनु'-को क० क्रि०) ।

अल्गिनु–अ० क्रि० [अल्गो+इ+नु] अल्गो हुनु; अग्लिनु ।

अल्गो–वि० [अग्लो] अग्लो ।

अल्ग्याइ–ना० [अल्गि+आइ] अल्गिने किसिम, क्रिया वा भाव; अग्याइ ।

अल्ग्याइनु–स० क्रि० [अल्गि+याइ+नु] अग्लिन लाइनु; अग्ल्याइनु; ('अल्ग्याउनु'-को क० क्रि०) ।

अल्ग्याउनु–स० क्रि० [अल्गि+याउ+नु] अग्ल्याउनु; ('अल्गिनु'-को प्रे० क्रि०) ।

अल्छाइ–ना० [अल्छाउ+आइ] अल्छाउने किसिम, क्रिया वा भाव ।

अल्छाइनु– अ० क्रि० [अल्छाउ+इ+नु] अल्छाउने काम होइनु; अल्छी भइनु; ('अल्छाउनु'-को भा० क्रि०) ।

अल्छाउनु–अ० क्रि० [अल्छी+आउ+नु] अल्सी हुनु; जाँगर मर्नु ।

अल्छी–वि० [सं० आलसी] अल्सी ।

अल्छे–वि० [अल्छी] अल्सी ।

अल्छ्याइँ–ना० [अल्छी+याइँ] अल्छी हुनाको भाव; आलस्य ।

अल्झनु–अ० क्रि० [ने०] १. फँस्नु; अल्झिनु । २. रोकिनु; अड्कनु । ३. अलमलिनु; अल्झोमा पर्नु ।

अल्झाइ–ना० [अल्झ+आइ] अल्झने किसिम, क्रिया वा भाव ।

अल्झाइनु–स० क्रि० [अल्झ+आइ+नु] अल्झन लाइनु; अड्काइनु; ('अल्झाउनु'-को क० क्रि०) ।

अल्झाउनु–स० क्रि० [अल्झ+आउ+नु] अल्झो लगाउनु; अल्झन लाउनु; अड्काउनु; ('अल्झनु'-को प्रे० क्रि०) ।

अल्झिइनु–अ० क्रि० [अल्झि+इ+नु] अल्झिने काम होइनु; अल्झो लागिनु; ('अल्झिनु'-को भा० क्रि०) ।

अल्झिनु–अ० क्रि० [अल्झ+इ+नु] १. अल्झनु; अल्झो लाग्नु; अल्झिइनु; ('अल्झनु'-को भा० क्रि०) । २. अड्कनु; रोकिनु ।

अल्झो–ना० [अल्झ+ओ] १. अड्काउ; बाधा । २. अलमल; झमेला; रुमलो । ३. झञ्झट; झ्याउलो ।

अल्झ्याइनु–स० क्रि० [अल्झि+याइ+नु] अल्झिन लाइनु; अल्झाइनु; ('अल्झ्याउनु'-को क० क्रि०) ।

अल्झ्याउनु–स० क्रि० [अल्झि+याउ+नु] अल्झिन लाउनु; अल्झाउनु; ('अल्झिनु'-को प्रे० क्रि०) ।

अल्टिमेटम–ना० [अं०] अन्तिमेत्थम् ।

अल्तालिइनु–अ० क्रि० [अल्तालि+इ+नु] अतालिइनु; ('अल्तालिनु'-को भा० क्रि०) ।

अल्तालिनु–अ० क्रि० [अतालिनु] अतालिनु ।

अल्प–वि० [सं०] १. थोरै; अलिकति; कम्ती । ३. सानो; छोटो ।

अल्पक–वि० [सं०] थोरै; अलिकति ।

अल्प-कालिक–वि० [सं०] थोरै दिनको; थोरै समयको; केही दिनको; छोटो अवधिको; अल्प-कालीन ।

अल्प-कालीन–वि० [सं०] अल्प-कालिक ।

अल्पक्का–ना० [स्पे० एलपाका] अलपक्का ।

अल्प-जीवी–वि० [सं०] थोरै आयुष्यको; अल्पायु ।

अल्पज्ञ–वि० [सं०] १. थोरै ज्ञान भएको; थोरै जान्ने; कम जान्ने । २. सानो वुद्धिको । ३. नासमझ ।

अल्पज्ञता–वि० [सं०] अल्पज्ञ हुनाको भाव ।

अल्पता–वि० [सं०] थोरै हुनाको भाव ।

अल्पनु–अ० क्रि० [अलप+नु] १. नदेखिने हुनु; अलप हुनु; अन्तर्धान हुनु । २. छिप्नु; लुक्नु । ३. बिलाउनु; हराउनु ।

अल्प-प्राण–ना० [सं०] व्यञ्जनका प्रत्येक वर्गको प्रथम, तृतीय, पञ्चम तथा य, र, ल, व अक्षर; क, च, ट, त, प, ग, ज, ड, द, ब, ङ, ञ, ण, न, म, य, र, ल, व–यी उन्नाइस वर्ण ।

अल्प-मत–ना० [सं०] १. थोरै मत । २. अल्प-सङ्ख्यक राय । ३. आधाभन्दा कम्ती मत ।

अल्पम्पच–ना० [सं०] १. लोभी; लालची; कृपण; कन्जूस । २. खुनी ।

अल्प-वयस्क–वि० [सं०] १. सानो उमेरको; केटा-केटी । २. नाबालिग ।

अल्प-विराम–ना० [सं०] एक प्रकारको विराम-चिह्न; कमा (,) ।

अल्पशः–क्रि० यो० [सं०] थोरैजसो; केही ।

अल्प-सङ्ख्यक–वि० [सं०] कम सङ्ख्या भएको; थोरै सङ्ख्याको ।

अल्पांश–ना० [सं०] थोरै अंश; अल्प भाग ।

अल्पाइ–ना० [अल्प+आइ] अल्पने किसिम, क्रिया वा भाव; छिपाइ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अल्पाइनु–स० क्रि० [अल्प+आइ+नु] अल्पन लाइनु; अलप गराइनु; ('अल्पाउनु'-को क० क्रि०)।

अल्पाउनु–स० क्रि० [अल्प+आउ+नु] अल्पन लाउनु; अलप गराउनु; ('अल्पनु'-को प्रे० क्रि०)।

अल्पायु–वि० [सं०] थोरै समय बाँच्ने; कम्ती आयुको; अल्प-जीवी।

अल्पार्थक–ना० [सं०] थोरै अर्थ बुझाउने शब्द; संक्षिप्त अर्थ-वाचक शब्द।

अल्पिनु–अ० क्रि० [अल्प+इ+नु] अल्पने काम होइनु; अलप भइनु; छिपिनु; ('अल्पनु'-को भा० क्रि०)।

अल्फी–ना० [अ० अलफ़ी] एक किसिमको खुकुलो बाँकटे घाँगर।

अल्याङ-टल्याङ–क्रि० यो० [आल-टाल] अल्याङ-मल्याङ; आल-टाल।

अल्याङ-मल्याङ–क्रि० यो० [ने०] आल-टाल; अलमल।

अल्लढ़–वि० [(फाँ०)अ+लहड़] १. अल्लारे; अलमस्त। २. बेइलमी; निरुद्योगी।

अल्लारिइनु–अ० क्रि० [अल्लारि+इ+नु] अल्लारिने काम होइनु; अल्लारे भइनु; ('अल्लारिनु'-को भा० क्रि०)।

अल्लारिनु–अ० क्रि० [अल्लारे] १. अल्लारे बन्नु; बेकाममा यता-उति हिँड्नु; बरालिनु। २. बेइलमी हुनु; काम नपाउनु।

अल्लारे–वि० [अल्लढ़] बेकाममा यता-उति हिँड़िरहने; अल्लढ़।

अल्लार्याइँ–ना० [अल्लारि+आइँ] अल्लारिने किसिम, क्रिया वा भाव।

अल्लार्याइनु–स० क्रि० [अल्लारि+याइ+नु] अल्लारिन लाइनु; अल्लारिने गराइनु; ('अल्लार्याउनु'-को क० क्रि०)।

अल्लार्याउनु–स० क्रि० [अल्लारि+याउ+नु] अल्लारिन लाउनु; अल्लारिने गराउनु; ('अल्लारिनु'-को प्रे० क्रि०)।

अल्लि–वि० [सं० अल्प] अलि।

अल्लु–ना० [सं०] आलू-बखड़ा।

अल्लुक–ना० [सं०] आलू-बखड़ा।

अल्लो–ना० [ने०] नेपाली कागत, धोक्रो आदि बनाइने बोटविशेष।

अल्वान–ना० [अ० अलवान] ऊनी ओढ्ने; शाल।

अल्साइ–ना० [अल्साउ+आइ] अल्साउने किसिम, क्रिया वा भाव।

अल्साइनु–अ० क्रि० [अल्साउ+इ+नु] अल्साउने काम होइनु; अल्सी भइनु; ('अल्साउनु'-को भा० क्रि०)।

अल्साउनु–अ० क्रि० [अल्सी] काम गर्ने मन नहुनु; अल्सी हुनु।

अल्सी–वि० [सं० आलस्य] १. काम गर्ने मन नलगाउने; काममा जाँगर नभएको; जाँगर-मरुवा। २. सुस्त; नीच-मारा। ३. अकर्मण्य; निरुद्योगी।

अल्से–वि० [अल्सी+ए] अल्सी।

अल्सेशियन–ना० [अं० अल्साशियन] ब्वाँसो र कुकुर्नीका सम्पर्कबाट जन्मेका कुकुरको एक जात।

अल्स्याइँ–ना० [अल्सी+याइँ] अल्सी हुनाको भाव; आलस्य।

अवंश–वि० [सं०] निस्सन्तान; वंश-हीन।

अव–अव्य० [सं०] शब्दका अगिल्तिर लागेर निश्चय, अनादर, न्यूनता आदि अर्थ बुझाउने उपसर्ग (उदा०–अवधारण, अवज्ञा)।

अवकर–ना० [सं०] धूलो; कसिङ्गर।

अवकर्तन–ना० [सं०] काट्नु; टुक्र्याउनु; कत्रनु।

अवकर्षण–ना० [सं०] १. तलतिर घिच्च्याउनु। २. तान्नु।

अवकलन–ना० [सं०] १. जम्मा गर्नु; मिलाउनु। २. हेर्नु। ३. लिनु। ४. जान्नु।

अवकाश–ना० [सं०] १. विशेष काम नभएको समय; फुर्सद। २. बिदा; छुट्टी। ३. अवसर; मौका। ४, खाली ठाउँ; शून्य स्थान।

अवकाश-ग्रहण–ना० [सं०] कुनै काम वा पदबाट फुर्सद लिनु।

अवकाश-प्राप्त–वि० [सं०] १. अवसर पाएको; फुर्सत पाएको। २. कामबाट छुट्टी पाएको।

अवकाश-सङ्ख्यान–ना० [सं०] कर्मचारीहरूको बिदाका दिनको हिसाब।

अवकीर्ण–वि० [सं०] फिँजिएको; छरिएको।

अवकीर्णी–ना० [सं०] ब्रह्मचर्य-व्रत भङ्ग भएको ब्रह्मचारी।

अवकुञ्चन–ना० [सं०] १. निहुराउनु; नुहाउनु। २. तलतिर तान्नु। ३. कुच्च्याउनु।

अवकुण्ठन–ना० [सं०] १. छेक्नु; घेर्नु; ढाक्नु; छोप्नु। २. आकृष्ट गर्नु।

अवकुण्ठित–वि० [सं०] १. छेकिएको; घेरिएको; रोकिएको। २. घिच्च्याइएको; तानिएको।

अवकृपा–ना० [सं०] कृपा नहुनु।

अवकेशी–वि० [सं०] फल नलाग्ने; बन्ध्य (वृक्ष)।

अवक्तव्य–वि० [सं०] १. भन्न नहुने; बोल्न नहुने। २. अश्लील; फोहोर।

अवक्रय–ना० [सं०] १. मूल्य; मोल। २. ज्याला; मजूरी। ३. कर; सिर्तो।

अवक्रान्त–वि० [सं०] १. बलपूर्वक आफ्ना अधीनमा गरिएको। २. ओह्रालिएको।

अवक्रान्ति–ना० [सं०] १. आफ्नो शक्तिद्वारा संस्था, सङ्घ आदिको कार्य-भार स्वयं ग्रहण गर्नु। २. ओर्लनु। ३. नजीक आउनु।

अवक्लिन्न–वि० [सं०] १. भिजेको; चिसो। २. नरम; गीलो।

अवक्षय–ना० [सं०] सड़ी-गली जीर्ण हुनु; नाश।

अवक्षेप–ना० [सं०] १. दोषारोपण। २. आपत्ति।

अवखण्डन–ना० [सं०] १. विभाग गर्नु; काट्नु; टुक्र्याउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

२. नाश गर्नु।

अवगणन–ना० [सं०] १. हेला; अवज्ञा; तिरस्कार। २. अपमान।

अवगत–वि० [सं०] १. जानेको; विदित; ज्ञात। २. तल झरेको; खसेको।

अवगति–ना० [सं०] १. जान्नाको भाव; जानकारी। २. खराव गति; दुर्गति।

अवगम–ना० [सं०] १. नजीक जानु। २. झर्नु; खस्नु। ३. धारणा; ज्ञान।

अवगाढ–वि० [सं०] डुबेको; घुसेको; तल्लीन।

अवगाहन–ना० [सं०] १. नुहाउनु; स्नान। २. पोख्त हुनु; निपुणता। ३. खोज्नु; छान-बीन गर्नु।

अवगुण–ना० [सं०] दुर्गुण; दोष।

अवगुण्ठन–ना० [सं०] १. ढाक्नु; छोप्नु। २. घुम्टो; पर्दा।

अवगुण्ठित–वि० [सं०] १. ढाकेको; छोपेको। २. घुम्टो हालेको। ३. पर्दा लाएको।

अवगुम्फन–ना० [सं०] १. उन्नु; गाँस्नु। २. सिउनु।

अवगुम्फित–वि० [सं०] १. उनिएको; गाँसिएको। २. सिइएको।

अवगूहन–ना० [सं०] १. लुकाउनु; छिपाउनु। २. अङ्कमाल गर्नु; अँगालो हाल्नु।

अवग्रह–ना० [सं०] १. रोकावट; बाधा। २. पानी नपर्नु; अनावृष्टि। ३. बाँध। ४. समस्त पदको सन्धि-विच्छेद। ५. हात्तीको गण्ड-स्थल। ६. शाप।

अवघट–वि० [सं०] १. विकट; दुर्गम। २. कठिन; अप्ठचारो; मुश्किल।

अवचय–ना० [सं०] फल-फूल आदि टिप्नु; जम्मा गर्नु।

अवचूर्णन–ना० [सं०] धूलो पार्नु; चूर्ण बनाउनु।

अवचेतन–वि० [सं०] पूरा चैतन्य नभएको वा नहुने; अन्तश्चेतनाको।

अवचेतना–ना० [सं०] पूरा चेतना नहुनु; अर्ध-चेतना।

अवच्छिन्न–[सं०] १. चुँडालिएको; छिनालिएको। २. छुट्टचाइएको; खण्डित।

अवच्छेद–ना० [सं०] १. छुट्टचाउनु; अलग पार्नु; पार्थक्य। २. हद; सीमा। ३. अवधारण। ४. भाग; खण्ड। ५. परिच्छेदभित्रका विभिन्न अङ्ग; कुनै लेखमा उपशीर्षक-द्वारा छुट्टिएको कुनै अंश; उपपरिच्छेद।

अवजय–ना० [सं०] हार; पराजय।

अवजित–वि० [सं०] हारेको; पराजित; विजित।

अवज्ञा–ना० [सं०] १. हेला; तिरस्कार। २. कुनै आज्ञा वा कानूनको उल्लङ्घन गर्नु। ३. अर्थालङ्कारविशेष।

अवज्ञात–वि० [सं०] अवज्ञा गरिएको; हेला गरिएको; तिरस्कृत।

अवज्ञेय–वि० [सं०] हेला गर्न लायक; अपमान गर्न योग्य।

अवतंस–ना० [सं०] १. गहना; आभूषण। २. मुकुट। ३. हार; माला।

अवतरण–ना० [सं०] १. ओर्लनु। २. पार हुनु। ३. जन्म ग्रहण गर्नु; प्रादुर्भाव। ४. सिँढ़ी; घाट। ५. उद्धरण। ६. प्रतिकृति।

अवतरण-चिह्न–ना० [सं०] कसैको बोली यथार्थ उद्‌धृत गरी देखाउन त्यसको शुरू र अन्त्यमा दिइने उल्टो-सुल्टो अल्प-विराम-चिह्न; उल्टो-सुल्टो कमा; (" ") — चिह्न।

अवतरणिका–ना० [सं०] ग्रन्थको भूमिका; उपोद्‌घात।

अवतरित–वि० [सं०] १. तल झरेको; ओर्लेको। २. उद्‌धृत। ३. अवतार लिएको।

अवतार–ना० [सं०] १. जन्म लिनु; शरीर धारण गर्नु। २. देवताहरूले मनुष्य वा अरू प्राणीहरूको शरीरमा जन्म लिनु; पुराणअनुसार विष्णु भगवान्‌का चौबीस अवतार (ब्रह्मा, वराह, नारद, नर-नारायण, कपिल, दत्तात्रेय, यज्ञ, ऋषभ, पृथु, मत्स्य, कूर्म, धन्वन्तरि, मोहिनी, नृसिंह, वामन, परशुराम, वेदव्यास, राम, बलराम, कृष्ण, बुद्ध, कल्कि, हंस र हयग्रीव)। ३. तल आउनु; ओर्लनु; उँधो लाग्नु। ४. सिँढ़ी; भऱ्याङ।

अवतारण–ना० [सं०] १. ओराल्नु; झार्नु। २. नकल।

अवतारी–वि० [सं०] १. प्राणीहरूका शरीरमा जन्म लिएको; अवतार लिएको। २. अनौठो स्वभावको; बेढब। ३. अनौठो काम गर्ने; चमत्कारी। ४. ओर्लने; उत्रने; उँधो झर्ने।

अवतारे–वि० [अवतार+ए] अवतारी।

अवतीर्ण–वि० [सं०] १. ओर्लेको; झरेको। २. अवतार लिएको; अवतारी।

अवदमन–ना० [सं०] दवाउनु; दमन गर्नु।

अवदात–वि० [सं०] १. सेतो; गौर; उज्ज्वल। २. स्वच्छ; निर्मल।

अवदान–ना० [सं०] १. शुद्ध आचरण। २. वीरता; शौर्य। ३. छुट्टचाउनु; टुक्रचाउनु।

अवदान्य–वि० [सं०] १. वीर; पराक्रमी। २. कन्जूस; अनुदार।

अवद्य–वि० [सं०] १. निकृष्ट; निन्द्य। २. नीच; अधम।

अवध–ना० [सं०] कोशल देश; अयोध्या र त्यसका वरि-परिको इलाका।

अवधान–ना० [सं०] कुनै विषयमा मनको एकाग्रता; मनोयोग; ध्यान।

अवधारण–ना० [सं०] १. विचारपूर्वक निश्चय गर्नु। २. सीमा; हद; पराकाष्ठा।

अवधारित–वि० [सं०] निश्चय गरिएको; निधो गरिएको।

अवधि–ना० [सं०] १. सीमा; हद; पराकाष्ठा। २. निर्धारित समय; म्याद। ३. अन्तिम समय; अन्तिम काल।

अवधूत–वि० [सं०] १. साधु; संन्यासी; योगी। २. भनेको नमान्ने; अटेर; अघोरी।

अवध्य–वि० [सं०] १. मार्न नहुने वा नसकिने; वध गर्न

CC-0. In Public Domain. Digitization by eGangotri

अयोग्य। २. पवित्र।

अवनत–वि० [सं०] १. निहुरेको; नुहेको; विनम्र। २. गिरेको; पतित। ३. कम।

अवनति–ना० [सं०] १. अधोगति; हीनावस्था। २. विनम्रता। ३. न्यूनता।

अवनि–ना० [सं०] पृथ्वी; अवनी।

अवनी–ना० [सं०] पृथ्वी; भूमि; अवनि।

अवनीश्वर–ना० [सं०] राजा; भूपति।

अवनेजन–ना० [सं०] १. धुनु; पखाल्नु। २. श्राद्धको वेदीमाथि बिछ्याएको कुशमा जल छर्कने संस्कार। ३. पाउ धुने जल।

अवन्ति–ना० [सं०] अवन्ती।

अवन्ती–ना० [सं०] हिन्दूहरूका प्रसिद्ध सात मुक्ति-पुरीमध्ये एक; उज्जैन।

अवबोध–ना० [सं०] १. विउँझनु; जागा हुनु। २. ज्ञान; बोध। ३. विवेचना; विवेक। ४. उपदेश। ५. सूचना।

अवभृथ–ना० [सं०] १. यज्ञ-समाप्तिको स्नान; यज्ञान्त-स्नान। २. अभिषेक गर्ने जल।

अवम-तिथि–ना० [सं०] क्षय-तिथि; टूट तिथि।

अवमर्दन–ना० [सं०] १. थिच्नु; दबाउनु। २. कष्ट दिनु। ३. घस्नु।

अवमर्श–ना० [सं०] छुनु; स्पर्श।

अवमर्ष–ना० [सं०] १. विचार। २. अन्वेषण; खोजी।

अवमान–ना० [सं०] अपमान; तिरस्कार; अवहेलना।

अवमूल्यन–ना० [सं०] भाउ घटाउनु; मोल कम गर्नु।

अवयव–ना० [सं०] १. अंश; भाग; हिस्सा। २. शरीरको कुनै भाग; अङ्ग।

अवयवी–वि० [सं०] १. सबै अङ्गले युक्त भएको; अङ्गी। २. धेरै अवयव भएको; पूर्ण।

अवयस्क–ना० [सं०] उमेर नपुगेको; कम उमेरको; अल्पवयस्क।

अवर–वि० [सं०] १. सानो; होचो। २. पछि जन्मेको; कान्छो। ३. अधम; नीच।

अवर–वि० [सं० अपर] अर्को; अरू; अन्य।

अवरत–वि० [सं०] १. पछि-पछिको; पछिल्लो। २. विरत; विरक्त।

अवरुद्ध–वि० [सं०] १. रोकिएको। २. बन्द गरिएको; थुनिएको। ३. लुकाइएको।

अवरोध–ना० [सं०] १. रुकावट; बाधा। २. अन्तःपुर; खोपी। ३. महारानी।

अवरोधक–वि० [सं०] १. रोक्ने; छेक्ने। २. घेर्ने।

अवरोधन–ना० [सं०] रोक; छेक; घेरा।

अवरोधित–वि० [सं०] रोकिएको; छेकिएको; घेरिएको।

अवरोधी–वि० [सं०] रोक्ने; छेक्ने; अवरोधक।

अवरोपण–ना० [सं०] १. उखेल्नु; उखाड्नु; झिक्नु; उन्मूलन। २. कसैका उपर लागेको आरोप हटाउनु।

अवरोपित–वि० [सं०] १. उखेलिएको; उन्मूलित। २. झिकिएको; हटाइएको। ३. लागेको आरोप फिर्ता लिइएको।

अवरोह–ना० [सं०] १. ओर्लनु; झर्नु। २. सङ्गीतमा स्वर-हरूलाई निषाददेखि षड्जतिर क्रमैले फर्काउनु।

अवरोहक–वि० [सं०] ओर्लने; झर्ने।

अवरोहण–ना० [सं०] माथिबाट तल आउनु; ओर्लनु।

अवरोही–वि० [सं०] १. ओर्लने; झर्ने; उत्रने। २. सङ्गीतमा स्वर आरोहबाट अवरोहमा ल्याउने।

अवर्ग–वि० [सं०] १. वर्ग-रहित; श्रेणी नभएको। (ना०) २. स्वर-वर्ण।

अवर्ण–वि० [सं०] १. वर्ण नभएको; रङ्ग नभएको; विवर्ण। २. वर्णाश्रम-धर्म-रहित। (ना०) ३. निन्दा; अपवाद; ४. कलङ्क; दोष।

अवर्ण्य–वि० [सं०] वर्णन गर्न नसकिने वा नहुने; अवर्णनीय।

अवर्षण–ना० [सं०] वर्षा नहुनु; खड़ेरी।

अवलग्न–वि० [सं०] १. टाँसिएको; जोड़िएको। (ना०) २. कम्मर; कटी।

अवलङ्घन–ना० [सं०] नाघ्नु; फड्कनु; उल्लङ्घन।

अवलम्ब–ना० [सं०] १. आश्रय; आधार; आलम्बन। (वि०) २. झुन्डिएको; लट्केको।

अवलम्बन–ना० [सं०] १. झुन्डिनु; लट्कनु। २. आश्रय; आधार। ३. लिनु; ग्रहण गर्नु।

अवलम्बनीय–वि० [सं०] सहारा लिन योग्य; अवलम्बन गर्न योग्य।

अवलम्बित–वि० [सं०] १. झुन्डिएको; लट्केको। २. सहारा लिएको; आश्रित; आधारित।

अवलम्बी–वि० [सं०] १. झुन्डिने; लट्कने। २. आधार लिने; आश्रयी।

अवलिप्त–वि० [सं०] १. पोतिएको; लिपिएको। २. लहसिएको; अनुरक्त। ३. घमन्डी; शेखीवाल।

अवलीढ–वि० [सं०] चाटेको वा चाटिएको।

अवलीला–ना० [सं०] १. खेल; क्रीडा। २. अनादर; तिरस्कार। (क्रि० यो०) ३. सजिलैसित; सहजै।

अवलुञ्चन–ना० [सं०] १. लुछनु; चुँड्नु; तान्नु। २. उखेल्नु।

अवलुञ्चित–वि० [सं०] १. लुछिएको; उखेलिएको। (ना०) २. दिगम्बर-सम्प्रदायका जैन श्रमण (भिक्षु, संन्यासी)।

अवलुण्ठन–ना० [सं०] १. लड़ीबुड़ी गर्नु; गुल्टिनु। २. लुट्नु; लूट गर्नु।

अवलुण्ठित–वि० [सं०] १. लड़ेको; ढलेको। २. लुटिएको; खोसिएको। ३. मिल्किएको।

अवलेख–ना० [सं०] १. खुर्केको वस्तु; ताछेको चीज। २. खुर्कनु; ताछ्नु; छोड़ाउनु। ३. भाँच्नु; तोड्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

अवलेखन–ना० [सं०] १. खुर्कनु; ताछ्नु। २. रेखा तान्नु। ३. कपाल कोर्नु; तलास्नु।

अवलेखनी–ना० [सं०] १. खरी; पेन्सिल। २. काङ्गियो। ३. बुरुस; कूची।

अवलेप–ना० [सं०] १. शेखी; घमन्ड; अहङ्कार; अभिमान। २. क्रोध; रीस। ३. अपमान। ४. लिप्नु; पोत्नु। ५. आभूषण; गहना। ६. एकता; मेल।

अवलेपन–ना० [सं०] १. लिप्नु; पोत्नु। २. शरीरमा घस्ने पदार्थ; तेल, लेप आदि। ३. एकता; मेल। ४. अभिमान; घमन्ड।

अवलेह–ना० [सं०] १. चाट्नु। २. चाट्ने पदार्थ; चटनी।

अवलेहन–ना० [सं०] १. चाट्नु। २. चाट्ने पदार्थ; चटनी; अवलेह।

अवलेह्य–वि० [सं०] चाटिने; चाट्न हुने।

अवलोक–ना० [सं०] १. हेर्नु। २. नजर; दृष्टि।

अवलोकक–वि० [सं०] लुकी-छिपी हेर्ने; गुप्त निरीक्षक।

अवलोकन–ना० [सं०] १. हेर्नु; निरीक्षण। २. आँखा; नेत्र।

अवलोकनीय–वि० [सं०] १. हेर्न लायक; देख्न योग्य; निरीक्षणीय। २. साह्रै राम्रो; अति सुन्दर।

अवलोकित–वि० [सं०] देखिएको; हेरिएको; निरीक्षित।

अवलोकितेश्वर–ना० [सं०] एक बोधिसत्त्व।

अवलोक्य–वि० [सं०] हेर्न लायक; अवलोकनीय।

अववर्त–वि० [सं०] आवश्यकभन्दा कम; घटी।

अववाद–ना० [सं०] अपवाद।

अववाहिका–ना० [सं०] बाढ़ी आउँदा नदीले ढाक्ने भूमि; तीर-भूमि।

अवश–वि० [सं०] १. वशमा नभएको; स्वाधीन। २. विवश; लाचार।

अवशता–ना० [सं०] वशमा नपर्नाको भाव।

अवशातन–ना० [सं०] १. झार्नु; खसाल्नु। २. वैलाउनु।

अवशिष्ट–वि० [सं०] १. बाँकी रहेको; बचेको; शेष। २. पुरा; खाएर बाँकी रहेको।

अवशेष–ना० [सं०] १. बाँकी रहेको वस्तु; शेष। (वि०) २. बचे-खुचेको; अवशिष्ट। ३. समाप्त।

अवश्य–क्रि० यो० [सं०] निश्चय नै; जरूर; पक्का; निस्सन्देह।

अवश्यमेव–क्रि० यो० [सं०] अवश्य नै; निश्चय नै; निस्सन्देह; जरूर।

अवश्यम्भावी–वि० [सं०] अवश्य हुने; नभइनरहने; निश्चय नै हुने।

अवश्याय–ना० [सं०] १. कुहिरो। २. ओस; शीत। ३. अभिमान; घमन्ड।

अवष्टम्भ–ना० [सं०] १. झुक्नु; निहुरनु। २. आधार लिनु; सहारा लिनु। ३. क्रोध; रीस। ४. घमन्ड; अभिमान। ५. थाम; स्तम्भ। ६. सुन; सुवर्ण। ७. आरम्भ; शुरू। ८. बस्नु।

अवसन्न–वि० [सं०] १. झुकेको; अवनत। २. दुःख पाएको; दुःखी। ३. अल्सी; सुस्त।

अवसर–ना० [सं०] १. समय; वेला। २. मौका; औसर। ३. अवकाश; फुर्सत।

अवसर-ग्रहण–ना० [सं०] फुर्सत लिनु; अवकाश लिनु।

अवसर-प्राप्त–वि० [सं०] फुर्सत पाएको; अवकाश पाएको।

अवसरवाद–ना० [सं०] हरेक उपयुक्त अवसरबाट लाभ उठाउने सिद्धान्त; मौका छोप्ने सिद्धान्त।

अवसरवादिता–ना० [सं०] अवसरवादी हुनाको भाव।

अवसरवादी–वि० [सं०] आफ्नो लाभको निम्ति मौका ताकेर बस्ने; अवसरवादको अनुसरण गर्ने।

अवसर्ग–ना० [सं०] मुक्त गर्नु; स्वतन्त्रता दिनु।

अवसर्जन–ना० [सं०] छोड्नु; मुक्त गर्नु।

अवसर्प–ना० [सं०] जासूस; गुप्त-चर।

अवसव्य–वि० [सं०] १. दाहिने; दायाँ। (ना०) २. देब्रे काँधको जनै दाहिने काँधमा राख्नु; अपसव्य।

अवसाद–ना० [सं०] १. नाश; क्षय। २. खेद; विषाद। ३. दीनता। ४. उत्साह नहुनु। ५. थकाइ। ६. कमजोरी।

अवसान–ना० [सं०] १. समाप्ति; अन्त। २. विराम; विश्राम। ३. सीमा; किनार। ३. सायङ्काल; साँझ। ५. मृत्यु; मरण।

अवसित–वि० [सं०] १. सिद्धिएको; समाप्त। २. बितेको; गएको। ३. बदलिएको; परिवर्तित।

अवसृष्ट–वि० [सं०] छोड़िएको; परित्यक्त।

अवसेक–ना० [सं०] छर्कनु; सेचन।

अवसेचन–ना० [सं०] १. सिञ्चन गर्नु; छर्कनु। २. रोगीका शरीरबाट पसीना वा रगत झिक्नु।

अवस्कर–ना० [सं०] १. विष्टा; मल। २. गुप्ताङ्ग। ३. बढ़ार्नु। ४. बटुल्नु। ५. कसिङ्गर।

अवस्थल–ना० [सं०अव+स्थल] पिता-पुर्खादेखि बसेको ठाउँ; थात; थलो।

अवस्था–ना० [सं०] १. कुनै विषय वा घटनाको विशेष स्थिति; हालत; दशा। २. समय; काल; वेला। ३. उमेर; आयु। ४. जाग्रत, स्वप्न, सुषुप्ति, तुरीय, कौमार, पौगण्ड, कैशोर, यौवन, वार्द्धक्य आदि अवस्था।

अवस्थात–ना० [सं० अव+स्था] अवस्थल।

अवस्थान–ना० [सं०] १. ठाउँ; स्थान। २. बस्नु; रहनु। ३. स्थिति; अवस्था। ४. उन्नति; विकास।

अवस्थित–वि० [सं०] १. रहेको; बसेको। २. मौजूद; उपस्थित।

अवस्थिति–ना० [सं०] १. रहनु; उपस्थिति। २. घर; निवास। ३. डेरा।

अवहार–ना० [सं०] १. चोरी; चोर्नु। २. अस्थायी

CC-0. In Public Domain. Digitization by eGangotri

सन्धि । ३. आमन्त्रण । ४. स्वधर्म-त्याग ।

अवहारक–वि० [सं०] १. युद्ध बन्द गर्ने । २. हरण गर्ने । ३. रोक्ने; थाम्ने । (ना०) ४. शार्क माछो ।

अवहित्था–ना० [सं०] भय, गौरव, लज्जा आदि कारणवाट हर्षको आकार लुकाउनु; साहित्यका तेत्तीस सञ्चारी-भावमध्ये एक ।

अवहृत–वि० [सं०] १. चोरिएको; हरण गरिएको । २. जरीवाना गरिएको ।

अवहेलना–ना० [सं०] अवज्ञा; अपमान; तिरस्कार ।

अवहेला–ना० [सं०] अपमान; तिरस्कार ।

अवहेलित–वि० [सं०] हेला गरिएको; तिरस्कृत ।

अवाइ–ना० [आउ+आइ] आउनाको भाव ।

अवाइ-जवाइ–ना० [अवाइ+जवाइ] आवत-जावत ।

अवाक्–वि० [सं०] १. चूप; मौन । २. चकित; विस्मित ।

अवाङ्मुख–वि० [सं०] मुख तलतिर फर्केको; घोप्टो; अधोमुख ।

अवाच्य–वि० [सं०] १. भन्न योग्य नभएको; अकथ्य । २. कुरा गर्न लायक नभएको; बोल्न अयोग्य ।

अवाज–ना० [फा० आवाज़] १. शब्द; ध्वनि; नाद । २. बोली; वाणी; स्वर; आवाज ।

अवाञ्छनीय–वि० [सं०] मन नपरेको; इच्छा नभएको; अनभीष्ट ।

अवाञ्छित–वि० [सं०] १. इच्छा नगरिएको; नचाहेको; अवाञ्छनीय । २. मन नपरेको ।

अवान्तर–वि० [सं०] बीचमा रहेको; मध्य-वर्ती ।

अवान्तर-भेद–ना० [सं०] कुनै विभागका मातहतको सानो विभाग ।

अवाप्त–वि० [सं०] पाएको; प्राप्त ।

अवाप्ति–ना० [सं०] प्राप्ति; उपलब्धि ।

अवाप्य–वि० [सं०] १. पाउन लायक; प्राप्य । २. काट्न अयोग्य ।

अवार–ना० [सं०] नदीको वल्लोतिर; वारि ।

अवाल–ना० [नेवा० अगल] ईंट पोल्ने भट्टा ।

अवाले–ना० [अवाल+ए] ईंट पोल्ने पेशा भएको व्यक्ति; अवालको काम गर्ने मानिस ।

अवास्तव–वि० [सं०] झूटो; असत्य ।

अवास्तविक–वि० [सं०] असत्य; झूटो; अयथार्थ ।

अवि–ना० [सं०] १. भेड़ो । २. मूर्ख । ३. पर्वत । ४. हावा; वायु । ५. ऊनी कपड़ा; शाल । ६. मूसो । ७. लज्जा । ८. रजस्वला स्त्री ।

अविक–ना० [सं०] १. भेड़ो; मेष । २. हीरा ।

अविकच–वि० [सं०] १. नफुलेको; अविकसित । २. असफल ।

अविकत्य–वि० [सं०] शेखी नगर्ने; घमन्ड नगर्ने ।

अविकल–वि० [सं०] १. जस्ताको-तस्तो; टूट-फूट नभएको । २. पूरा; पूर्ण ।

अविकल्प–वि० [सं०] १. सन्देह नभएको; विकल्प-रहित । (ना०) २. विकल्प नहुनु; सन्देहको अभाव ।

अविकार–वि० [सं०] १. विकार नभएको; निर्विकार; नबदलिने । (ना०) २. विकार नहुनु ।

अविकारी–वि० [सं०] कुनै विकार नभएको अथवा नहुने ।

अविकृत–वि० [सं०] १. नबिग्रेको; ननासिएको । २. नबदलिएको; अपरिवर्तित ।

अविक्रम–वि० [सं०] १. शक्ति नभएको; निर्धो । (ना०) २. भीरुता; कायरता ।

अविक्रिय–वि० [सं०] १. विकार नभएको; अविकारी । (ना०) २. ब्रह्म ।

अविग्रह–वि० [सं०] १. शरीर नभएको; अशरीरी; निराकार । (ना०) २. ब्रह्म ।

अविघ्न–वि० [सं०] विघ्न नभएको; निर्विघ्न ।

अविचल–वि० [सं०] अचल; स्थिर ।

अविचलित–वि० [सं०] विचलित नभएको; अटल ।

अविचार–ना० [सं०] १. अविवेक; विचारको अभाव; कुविचार । (वि०) २. अविचारी; विचार नगर्ने ।

अविचारित–वि० [सं०] विचार नगरिएको ।

अविचारी–वि० [सं०] विचार नभएको; अविवेकी; उचित-अनुचितको ख्याल नराख्ने ।

अविचालित–वि० [सं०] नहल्लाइएको; अटल; स्थिर ।

अविच्छिन्न–वि० [सं०] विच्छिन्न नभएको; अटूट; लगातार; निरन्तर ।

अविच्छेद–वि० [सं०] १. विच्छेद नभएको वा गर्न नसकिने वा नहुने । (ना०) २. विच्छेद नहुनु; निरवच्छिन्न; लगातार ।

अविज्ञ–वि० [सं०] नजान्ने; अज्ञानी; अजान ।

अविज्ञता–ना० [सं०] ज्ञान नहुनाको भाव; मूर्खता ।

अविज्ञात–वि० [सं०] १. नजानेको; नसम्झेको । २. संशय भएको; सन्दिग्ध ।

अवितर्कित–वि० [सं०] तर्क नगरिएको; विचार नगरिएको ।

अविदग्ध–वि० [सं०] १. अपण्डित; मूर्ख । २. केही डढ़ेको ।

अविद्ध–वि० [सं०] १. अपढ़; नपढ्ने; मूर्ख । २. नरहेको ।

अविद्यमान–वि० [सं०] १. विद्यमान नभएको; अनुपस्थित । २. असत्य; मिथ्या ।

अविद्या–ना० [सं०] १. विद्या नहुनु; विद्याको अभाव । २. मिथ्या ज्ञान; अज्ञान; मोह । ३. मायाको एक भेद । ४. कर्म-काण्ड । ५. प्रकृति; जडता ।

अविधिक–वि० [सं०] विधि-विरुद्ध; नियमित नभएको ।

अविनय–ना० [सं०] १. नम्रताको अभाव; विनय नभएको । २. धृष्टता । ३. अशिष्टता ।

अविनश्वर–वि० [सं०] नाश नहुने; नबिग्रने; अविनाशी ।

अविनाभाव–ना० [सं०] १. साथ छुट्न नसक्ने र नभई

CC-0. In Public Domain. Digitization by eGangotri

पनि नरहने सम्बन्ध; अविच्छिन्न र अनिवार्य सम्बन्ध। (उदा०–धूवाँ र आगोको जस्तो सम्बन्ध।) २. अविच्छिन्नता। ३. छुट्ट्याउन नसकिने सम्बन्ध।

अविनाशी–वि० [सं०] कहिल्यै नाश नहुने; अक्षय; अविनश्वर।

अविनीत–वि० [सं०] १. ननुहेको; अनम्र। २. अशिष्ट।

अविभक्त–वि० [सं०] १. नछुट्टिएको; अलग नभएको; छुट्ट्याउन वा अलग गर्न नसकिने। २. भाग नलाइएको। ३. अखण्ड; सग्लो।

अविभाज्य–वि० [सं०] १. भाग लाउन नहुने वा नसकिने; बाँड्न नहुने वा नसकिने। (ना०) २. कुनै भाजकबाट पनि निःशेष भाग नलाग्ने सङ्ख्या।

अविमुक्त–वि० [सं०] १. छुटकारा नपाएको; अमुक्त; बद्ध। (ना०) २. काशी।

अवियुक्त–वि० [सं०] १. भाग नछुट्टिएको; अविभक्त। २. वियोग नभएको; संयुक्त।

अवियोग–वि० [सं०] १. नछुट्टिएको; मिलेको। (ना०) २. नछुट्टिनु।

अविरत–वि० [सं०] १. निरन्तर भइरहने; अविरल। (क्रि० यो०) २. लगातार; निरन्तर; नित्य।

अविरति–ना०[सं०] १. नरोकिनु; नथामिनु। २. आसक्ति।

अविरल–वि० [सं०] १. मिलेको; जोड़िएको; घना। (क्रि० यो०) २. निरन्तर; लगातार।

अविराम–वि० [सं०] १. विराम नभएको; नरोकिएको। (क्रि० यो०) २. रोक-टोकविना; निरन्तर; लगातार।

अविरोध–ना० [सं०] विरोध नहुनु; निर्विरोध।

अविलक्ष्य–वि० [सं०] १. लक्ष्य नभएको; उद्देश्य-हीन। २. औषधि नलाग्ने; अचिकित्स्य।

अविलम्ब–वि०[सं०] १. ढीलो नभएको; विलम्ब नगरिएको। (क्रि० यो०) २. चाँड़ै; तुरुन्त; झटपट।

अविवाद–ना० [सं०] १. विवाद नहुनु; सहमति। (वि०) २. विवाद नभएको; निर्विवाद।

अविवाहित–वि० [सं०] विवाह नभएको; कुमार।

अविवाहिता– वि० [सं०] विवाह नभएकी; कुमारी।

अविवेक–ना० [सं०] १. विवेक नहुनु; निर्विवेक। २. अज्ञान; नासमझी। ३. अन्याय; अत्याचार।

अविवेकिता–ना० [सं०] विवेक नहुनाको भाव; निर्विवेकिता।

अविवेकी–वि० [सं०] विवेक नभएको; निर्विवेकी।

अविशङ्क–वि० [सं०] १. शङ्का नभएको; सन्देह-रहित। २. निडर; निर्भय।

अविश्रान्त–वि० [सं०] १. नथाकेको; थकित नभएको। २. विश्राम नलिने; थकाइ नमार्ने। (क्रि० यो०) ३. लगातार; निरन्तर।

अविश्वसनीय–वि० [सं०] विश्वास गर्न योग्य नभएको; अविश्वस्त।

अविश्वस्त–वि० [सं०] विश्वास नभएको; सन्दिग्ध।

अविश्वास–ना० [सं०] १. विश्वास नहुनु; अनपत्यार। २. सन्देह; शङ्का।

अविश्वासी–वि० [सं०] १. विश्वास नभएको; अनपत्यारको। २. विश्वास नगर्ने; सशङ्क।

अविषय–वि० [सं०] १. कुनै इन्द्रियको विषय नभएको; अगोचर। २. प्रतिपादन गर्न नसकिने; अनिर्वचनीय। ३. विषय नभएको; निर्विषय।

अविस्तीर्ण–वि० [सं०] नफिँजिएको; नफैलिएको।

अविस्तृत–वि० [सं०] नफैलिएको; विस्तृत नभएको।

अवी–ना० [सं०] नछुने भएकी स्त्री; रजवती।

अवीज–वि० [सं०] वीज नभएको; निर्वीज; नपुंसक।

अवीरा–ना० [सं०] छोरा नभएकी विधवा; फुस्री राँड़।

अवेक्षण–ना० [सं०] देख्नु; निरीक्षण।

अवेक्षणीय–वि० [सं०] देख्न योग्य; निरीक्षण, जाँच वा परीक्षा गर्न योग्य।

अवेक्षा–ना० [सं०] १. हेर्नु; देख्नु। २. ध्यान दिनु; विचार गर्नु।

अवैज्ञानिक–वि० [सं०] विज्ञानको सिद्धान्तअनुसार नभएको; वैज्ञानिकता नभएको।

अवैतनिक–वि० [सं०] तलव नलिईकन काम गर्ने; वेतन नपाउने; बेतलबी।

अवैध–वि० [सं०] कानून-विरुद्ध; अवैधानिक; नियम-विरुद्ध।

अवैधानिक–वि० [सं०] विधानको विरुद्ध; गैरकानूनी।

अव्यक्त–वि० [सं०] १. प्रकट नभएको; अप्रत्यक्ष; अगोचर। २. नजानिएको; अज्ञात। ३. व्यक्त गर्न नसकिने वा नभएको; अनिर्वचनीय। ४. रूप, गुण नभएको। (ना०) ५. विष्णु। ६. कामदेव। ७. शिव। ८. प्रकृति। ९. ब्रह्म। १०. जीव।

अव्यय–ना० [सं०] १. संस्कृत व्याकरणअनुसार हरेक विभक्ति, वचन, लिङ्गमा एकै रूपमा प्रयोग हुने शब्द। (वि०) २. विकार नभएको; एकनास रहने। ३. आदि-अन्त्य नभएको। ४. नित्य।

अव्ययीभाव–ना० [सं०] अव्यय पद प्रधान हुने समासको एक भेद। (उदा०–बेथिति, लेखेबमोजिम, वरि-परि, भर-मुलुक इत्यादि।)

अव्यर्थ–वि० [सं०] व्यर्थ नभएको वा नहुने; सफल; अचूक।

अव्यवसाय–ना० [सं०] १. व्यवसाय नहुनु; उद्यम नहुनु। (वि०) २. बेकार; अनुद्यमी; अल्सी।

अव्यवसायी–वि० [सं०] व्यवसाय नभएको; अनुद्यमी।

अव्यवस्था–ना० [सं०] १. व्यवस्था नहुनु; बन्दोबस्तको अभाव। २. गड़बड़ी; गोलमाल।

अव्यवस्थित–वि० [सं०] व्यवस्था नभएको; प्रबन्ध-हीन; गड़बड़; जथाभावी।

CC-0. In Public Domain. Digitization by eGangotri

अव्यवहार्य–वि० [सं०] १. व्यवहारमा ल्याउन अयोग्य; काम लिन नहुने । २. पतित; जाति-च्युत ।

अव्यवहृत–वि० [सं०] व्यवहार नगरिएको; उपयोगमा नल्याइएको ।

अव्यापार–ना० [सं०] १. काम नहुनु; कार्यको अभाव । २. आफूसँग सम्बन्ध नभएको काम ।

अव्याप्त–वि० [सं०] व्याप्त नभएको; नढाकेको ।

अव्याप्ति–ना० [सं०] १. व्याप्तिको अभाव । २. लक्ष्यमा लक्षण नघट्नु ।

अव्युत्पन्न–वि० [सं०] १. निपुण नभएको; अदक्ष । २. अनुभव नभएको ।

अव्वल–वि० [अ०] उम्दा; उत्तम; असल ।

अशकुन–ना० [सं०] १. अशुभ लक्षण । २. बिच्छुक; असगुन ।

अशक्त–वि० [सं०] निर्बल; निर्धो; कमजोर; असमर्थ; नसक्ने ।

अशक्तता–ना० [सं०] अशक्त हुनाको भाव; असमर्थता ।

अशक्ति–ना०[सं०]१. कमजोरी; असमर्थता । २. अयोग्यता ।

अशक्य– वि० [सं०] हुन नसक्ने; गर्न नसकिने; हुन अयोग्य; असाध्य ।

अशक्यता–ना० [सं०] नसक्नुको भाव; असमर्थता; लाचारी ।

अशङ्कित–वि० [सं०] १. शङ्का नगरिएको; सन्देह-रहित । २. निर्भय; निडर ।

अशन–ना० [सं०] १. खानु; भक्षण । २. भोजन; खानेकुरो; आहार ।

अशना–ना० [सं०] आसन वृक्ष ।

अशरण–वि० [सं०] सहारा नभएको; आड्-भरोसा नभएको; निराश्रय ।

अशरफी–ना० [फा० अशरफ़ी] सुनको सिक्का; सुवर्ण-मुद्रा; असर्फी ।

अशराफ–वि० [फा० अशरफ़] भलादमी; शिष्ट; भद्र; सज्जन; सभ्य ।

अशान्त–वि० [सं०] १. शान्त नभएको; शान्ति-रहित । २. बेचैन; उद्विग्न । ३. अस्थिर; चञ्चल ।

अशान्ति–ना० [सं०] १. शान्तिको अभाव; क्षोभ । २. अस्थिरता; चञ्चलता । ३. विद्रोह; आन्दोलन ।

अशास्त्रीय–वि० [सं०] शास्त्र-विरुद्ध ।

अशिक्षित–वि० [सं०] १. शिक्षा नपाएको; अपठित; अनपढ़ । २. मूर्ख; मूढ ।

अशिष्ट–वि० [सं०] शिष्ट नभएको; असभ्य; अविनीत ।

अशिष्टता–ना० [सं०] शिष्ट नहुनाको भाव; असभ्यता; अनम्रता ।

अशी–ना० [सं० अशीति] असी ।

अशुचि–वि० [सं०] १. अपवित्र; अशुद्ध । २. फोहर; मैलो । (ना०) ३. मृत-सूतक; जूठो ।

अशुद्ध–वि० [सं०] १. शुद्ध नभएको; अपवित्र; अशुचि । २. त्रुटि भएको; गल्ती भएको ।

अशुद्धि–ना० [सं०] १. शुद्ध नहुनाको भाव; अपवित्रता । २. गल्ती; त्रुटि; भूल ।

अशुभ–वि० [सं०] १. अमङ्गल-कारी; अनिष्ट-सूचक । (ना०) २. पाप; अपराध ।

अशेष–वि० [सं०] १. सबै; सम्पूर्ण । २. धेरै; असङ्ख्य । ३. समाप्त; खतम ।

अशोक–वि० [सं०] १. शोक नभएको; शोक-रहित । २. दुःख नभएको । (ना०) ३. आँपका जस्ता पात हुने प्रसिद्ध वृक्षविशेष । ४. भारतका प्राचीन एक प्रसिद्ध मौर्य वंशी सम्राट् ।

अशोक-विनायक–ना० [सं०] प्रसिद्ध चार विनायकमध्ये एक; काठमाडौँ टोलका गणेश ।

अशोधित–वि० [सं०] शोधन नगरिएको; संस्कार नभएको ।

अशोभन–वि० [सं०] १. नराम्रो; असुन्दर । २. बेठीक; नसुहाउँदो ।

अशोभनीय–वि० [सं०] १. लायक नभएको; अयोग्य । २. नसुहाउँदो । ३. अनुचित; बेठीक ।

अशौच–ना० [सं०] १. कुटुम्बमा कोही जन्मँदा वा मर्दा लाग्ने सूतक; आशौच । २. अपवित्रता; अशुद्धि । ३. फोहर; मैला ।

अश्म–ना० [सं०] १. पहाड़; पर्वत । २. ढुङ्गो; पत्थर । ३. बादल ।

अश्मन्तक–ना० [सं०] १. चुल्हो । २. अग्नि-कुण्ड । ३. टाँकी वृक्ष ।

अश्रद्धा–ना० [सं०] १. श्रद्धाको अभाव; अभक्ति । २. अविश्वास ।

अश्राव्य–वि० [सं०] सुनाउन नहुने; भन्न नहुने ।

अश्रु–ना० [सं०] आँसु ।

अश्रु-ग्यास–ना० [सं० अश्रु+ग्यास (अं०)] आँखा पिरो हुने ग्याँस; टियर-ग्याँस ।

अश्रुत–वि० [सं०] १. नसुनेको । २. थाह नपाएको; अज्ञात ।

अश्रुतपूर्व–वि० [सं०] १. पहिले नसुनेको; कहिल्यै नसुनेको । २. अद्भुत; विलक्षण ।

अश्रु-पात–ना० [सं०] १. आँसु खसाल्नु; आँसु चुहाउनु । २. रुनु ।

अश्लाघ्य–वि० [सं०] १. प्रशंसा गर्न अयोग्य; प्रशंसनीय नभएको । २. निन्द्य ।

अश्लिष्ट–वि०[सं०] १. श्लेष नभएको; एक अर्थमात्र भएको । २. नमिलेको; नजोड़िएको । ३. असङ्गत; एक्लो ।

अश्लील–वि० [सं०] फोहर (कुरा); लाज-भाँड़; लज्जाजनक ।

अश्लीलता–ना० [सं०] अश्लील शब्दको प्रयोग; अश्लील हुनाको भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

अश्लेष–वि० [सं०] श्लेष नभएको; दुइ वा बढ़ी अर्थ नभएको ।

अश्लेषा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक; नवौँ नक्षत्र ।

अश्व–ना० [सं०] १. घोड़ा; तुरङ्ग । २. सातको सङ्ख्या । ३. काम-शास्त्रानुसार चार प्रकारका पुरुषमध्ये एक ।

अश्व-कर्ण–ना० [सं०] सानो एक जातको शाल ।

अश्व-काथरिका–ना० [सं०] भेड़े-कुरो ।

अश्व-गन्धा–ना० [सं०] १. लाम्चा पात र खैरो प्यूठाने मूलाका आकारको कन्द हुने एक बूटी । २. त्यसैको कन्द । (आयुर्वेदमा यसको गुण पुष्टि-कारक, शुक्र-वर्द्धक, वात-नाशक, कफ-नाशक र क्षय-रोग-नाशक बताइएको छ ।)

अश्वतर–ना० [सं०] खच्चर ।

अश्वत्थ–ना० [सं०] पीपलको रूख ।

अश्वत्थामा–ना० [सं०] महाभारत-प्रसिद्ध द्रोणाचार्यका छोरा ।

अश्वत्थामा-बूटी–ना० [सं० अश्वत्थामा+विटप] हिम-प्रदेश-मा हुने मनुष्याकार मूलाजस्तो बूटीविशेष; एक विशेष हिम-कन्द । (यो बूटी बल-वीर्य बढ़ाउनमा असाधारण शक्ति-दायक मानिएको छ । चीनियाँ नाम 'रेन्सिन'-ले यो विशेष प्रसिद्ध छ ।)

अश्वत्थिका–ना० [सं०] सानु-पीपल ।

अश्व-मेध–ना० [सं०] घोड़ाको बलि दिएर गरिने विशेष प्रकारको एक ठूलो यज्ञ ।

अश्व-शाला–ना० [सं०] तबेला; घोड़ा बाँध्ने ठाउँ ।

अश्वायुर्वेद–ना० [सं०] अश्व-चिकित्सा-शास्त्र; शालि-होत्र ।

अश्वारोही–वि० [सं०] घोड़-चढ़ी; घोड़-सवार ।

अश्विनी–ना० [सं०] १. सत्ताईस नक्षत्रमध्ये एक; पहिलो नक्षत्र । २. घोड़ी ।

अश्विनी-कुमार–ना० [सं०] देवताहरूका वैद्य; स्ववैंद्य ।

अष्ट–वि० [सं०] आठ ।

अष्टक–ना० [सं०] १. आठ वटाको समुदाय । २. आठ श्लोकको स्तोत्र ।

अष्टका–ना० [सं०] १. तीन दिनको समुदाय; (सप्तमी, अष्टमी, नवमी) । २. पौष, माघ र फाल्गुन कृष्ण अष्टमी । ३. अष्टमीका दिन गरिने श्राद्ध ।

अष्ट-कुल–ना० [सं०] शेष, वासुकि, कम्वल, कर्कोटक, पद्म, महापद्म, शङ्ख र कुलिक–यी आठ पुराण-प्रसिद्ध नाग ।

अष्ट-दल–ना० [सं०] १. आठ पत्र भएको कमल । २. आठ पत्र भएको कमलका आकारको पत्र । (वि०) ३. आठ वटा पात भएको ।

अष्ट-धातु–ना० [सं०] सुन, चाँदी, तामा, राङ, जस्ता, सीसा, फलाम र पारो–यी आठ धातुको समुदाय ।

अष्ट-पाद– वि० [सं०] १. आठ पाउ हुने; आठ-खुट्टे । (ना०) २. माकुरो । ३. सलह । ४. शरभ ।

अष्टम–वि० [सं०] आठौँ ।

अष्ट-मण्डप–ना० [सं०] चामल, मूँग, अदुवाको रस, सिँधे-नून, धनियाँ, पिप्ला, हिङ, वेसार र जीरा उचित मात्रामा मिलाई पकाएर कपड़-छान गरी रोगीलाई खुवाउने पथ्य ।

अष्टमी–ना० [सं०] शुक्ल वा कृष्ण पक्षको आठौँ तिथि ।

अष्ट-मूर्ति–ना० [सं०] १. महादेव; शिव । २. महादेवका आठ रूप (पृथ्वी, जल, तेज, वायु, आकाश, सूर्य, चन्द्र र यजमान) ।

अष्ट-वर्ग–ना० [सं०] १. जीवक, ऋषभक, मेदा, महामेदा, काकोली, क्षीरकाकोली, ऋद्धि, वृद्धि–यी आठ औषधिको समुदाय । २. ऋषि, वस्ति, दुर्ग, सेना, हस्ति-बन्धन, खानि, कर-ग्रहणा, सैन्य-संस्थापन–यी आठ राज्याङ्गको समूह ।

अष्टाक्षर–वि० [सं०] आठ अक्षर भएको (मन्त्र); अष्टाक्षरी ।

अष्टाक्षरी–वि० [सं०] अष्टाक्षर ।

अष्टाङ्ग–ना० [सं०] १. यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि–योगका यी आठ अङ्ग । २. शल्य, शालाक्य, काय-चिकित्सा, भूत-विद्या, कौमारभृत्य, अगद-तन्त्र, रसायन-तन्त्र, वाजी-करण–यी आठ आयुर्वेद चिकित्साका अङ्ग । ३. जानु, पद, हात, उर, शिर, वचन, दृष्टि, बुद्धि–प्रणामका यी आठ अङ्ग ।

अष्टादश–ना० [सं०] अट्ठार ।

अष्टादश-पुराण–ना० [सं०] ब्रह्म, पद्म, विष्णु, शिव, भागवत, नारद, मार्कण्डेय, अग्नि, भविष्य, ब्रह्मवैवर्त, लिङ्ग, वराह, स्कन्द, वामन, कूर्म, मत्स्य, गरुड र ब्रह्माण्ड–यी अट्ठार महापुराण ।

अष्टावक्र–ना० [सं०] १. एक प्रसिद्ध ऋषि । २. आठ ठाउँमा टेढ़ो भएको मनुष्य ।

असंयत–वि० [सं०] १. संयम नभएको; नियममा नरहने । २. नबाँधिएको; फुक्का ।

असंयम–ना० [सं०] १. संयम नहुनु । २. मन, इन्द्रिय आदि वशमा राख्न नसक्नु ।

असंयोग–ना० [सं०] योग नहुनु; नमिल्नु ।

असंलक्ष्य–वि० [सं०] लक्ष्य नभएको ।

असंवृत–वि० [सं०] १. नढाकिएको; नछोपिएको । २. खुला ।

असंशय–वि० [सं०] संशय नभएको; सन्देह-रहित ।

असंश्लिष्ट–वि० [सं०] नटाँसिएको; नजोरिएको ।

असंसदीय–वि० [सं०] १. संसद्को मर्यादा-विरुद्ध; संसद्लाई नसुहाउँदो । २. संसदीय नभएको ।

असंसृष्ट–वि० [सं०] नमिलेको; नमिसिएको ।

असंस्कृत–वि० [सं०] १. सुधार नगरिएको; अपरिमार्जित । २. संस्कार नभएको; व्रात्य । (ना०) ३. व्याकरणका दृष्टिले संस्कार-शून्य; अपशब्द ।

असंस्तुत–वि० [सं०] १. नचिनिएको; अज्ञात; अपरिचित । २. असाधारण; विलक्षण । ३. सामञ्जस्य-रहित ।

असंहत–वि० [सं०] नजोड़िएको; नमिलेको; छट्टा ।

असक–वि० [सं० अशक्त] साह्रै कड़ा बिरामी; थला परेको रोगी; सिकिस्त ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. खराब भावना; दुर्भावना ।

असक्तत्–क्रि० यो० [सं०] बारम्बार; फेरि-फेरि ।
असक्त–वि० [सं०] १. आसक्त नभएको; विरक्त । २. फलको इच्छा नगर्ने; निष्काम ।
असख–वि० [सं० अशक्त] असक; अशक्त ।
असगुन–ना० [सं० अशकुन] अशकुन; अमङ्गल ।
असगोत्र–वि० [सं०] एकै गोत्र नभएको; भिन्न गोत्रको ।
असङ्कुल–वि० [सं०] १. ज्यादा भीड़ नभएको; होलो । २. खुकुलो; खुला ।
असङ्क्रान्ति-मास–ना [सं०] सङ्क्रान्ति नभएको महीना; मल-मास; अधिक-मास ।
असङ्ख्ये–वि० [सं० असङ्ख्य] असङ्ख्य ।
असङ्ख्य–वि० [सं०] अगणित; धेरै; ज्यादा; अनगिन्ती ।
असङ्ख्यात–वि० [सं० असङ्ख्य] असङ्ख्य ।
असङ्ख्येय–वि० [सं०] धेरै; असङ्ख्य; अगणित; गनिसाध्य नभएको ।
असङ्ग–वि० [सं०] अनुरक्त नभएको; सांसारिक प्रपन्च-देखि अलग भएको; अनासक्त ।
असङ्गत–वि० [सं०] १. सिलसिला नमिलेको; अप्रासङ्गिक । २. बेमेल; असम्बद्ध । ३. बेठीक; अनुचित ।
असङ्गति–ना० [सं०] १. सिलसिला नमिल्नु; सङ्गतिको अभाव । २. अनुपयुक्तता । ३. अनौचित्य । ४. कार्य र कारण भिन्न देशमा वर्णन गरिने एक अर्थालङ्कार ।
असङ्गम–वि० [सं०] १. मेल नभएको; नमिलेको । (ना०) २. पार्थक्य; असामञ्जस्य; अनैक्य ।
असजिलो–वि० [अ+सजिलो] १. सजिलो नभएको; अप्ठेरो; गाह्रो । २. नमिलेको; अमिल्दो ।
असञ्चय–ना० [सं०] १. जम्मा नगर्नु; सञ्चय नगर्नु । (वि०) २. सङ्ग्रह नगरेको; सञ्चय नगरेको ।
असञ्चर–ना० [सं०] १. एकान्त; अजग; अघच । २. यातायात नभएको स्थान ।
असत्–वि० [सं०] १. अस्तित्व नभएको; सत्ता-हीन । २. झूटो; मिथ्या । ३. बेठीक; अनुचित ।
असती–वि० [सं०] पति-व्रता-धर्ममा नरहेकी; वेश्या; पुंश्चली ।
असत्कृत–वि० [सं०] सत्कार नगरिएको; दुर्व्यवहार गरिएको ।
असत्ता–ना० [सं०] सत्ताको अभाव ।
असत्ती–वि० [सं० असत्य] १. पेटमा धर्म नभएको; दुष्ट; दुराचारी । २. धूर्त; बेईमान ।
असत्य–ना० [सं०] १. सत्यताको अभाव; अयथार्थता । २. झूटो; मिथ्या ।
असत्यता–ना० [सं०] झूटोपना; सत्यताको अभाव; अयथार्थता ।
असत्यवादी–वि० [सं०] झूटो बोल्ने; मिथ्यावादी ।
असदृश–वि० [सं०] १. समान नभएको; असमान । २. अयोग्य; अनुचित ।
असद्भाव–ना० [सं०] १. अस्तित्वको अभाव; अनुपस्थिति । २. खराब भावना; दुर्भावना ।
असन्तुष्ट–वि० [सं०] १. सन्तुष्ट नभएको; चित्त नबुझेको । २. नअघाएको; अतृप्त । ३. बेखुशी; अप्रसन्न ।
असन्तोक–ना० [सं० असन्तोष] सन्तोष नहुनु; असन्तोष ।
असन्तोकी–वि० [सं० असन्तोषी] सन्तोष नहुने; असन्तोषी; सन्तुष्ट नहुने स्वभावको ।
असन्तोक्याइँ–ना० [असन्तोक+याइँ] सन्तोष नहुनाको भाव; असन्तुष्टि ।
असन्तोष–ना० [सं०] १. सन्तोष नहुनु; असन्तोक । २. नअघाउनु; अतृप्ति । ३. अप्रसन्नता ।
असन्तोषी–वि० [सं०] १. सन्तोष नहुने; जति भए पनि नपुग्ने; लोभी । २. धेरै खाने; खन्चुवा ।
असन्दिग्ध–वि० [सं०] सन्देह नभएको; निश्चित ।
असन्नद्ध–वि० [सं०] १. हात-हतियार नलिएको; निरस्त्र । २. घमन्डी; अहङ्कारी ।
असपट्ट–क्रि० यो० [असमट्ट] असमट्ट ।
असफल–वि० [सं०] सफल नभएको; विफल ।
असफलता–ना० [सं०] सफलताको अभाव; विफलता; निष्फलता ।
असबल्ले–वि० [असमल्ले] असमल्ले ।
असबाब–ना० [अ०] माल-मत्ता; सर-सामान; खाद्य सामग्री ।
असबाबखाना–ना० [अ० असबाब+खानः (फा०)] १. लड़ाईंको सर-सामान राख्ने ठाउँ; हात-हतियार राख्ने ठाउँ; शस्त्रागार । २. माल-मत्ता जम्मा गरी राख्ने ठाउँ; गोदाम ।
असभ्य–वि० [सं०] १. सभ्य नभएको । २. गँवार; जङ्गली; पाखे; अशिष्ट ।
असभ्यता–ना० [सं०] १. सभ्य नहुनाको भाव; सभ्यताको अभाव । २. गँवारपना; अशिष्टता; जङ्गलीपना ।
असम–वि० [सं०] १. समान नभएको; असदृश । २. होचो-अग्लो; विषम । (ना०) ३. एक प्रसिद्ध अर्थालङ्कार ।
असमञ्जस–ना० [सं०] १. दोधार; द्विविधा । २. असजिलो अवस्था; कठिन स्थिति । (वि०) ३. स्पष्ट नभएको; अस्पष्ट । ४. अनुचित; असङ्गत ।
असमट्ट–क्रि० यो० [ने०] उकुस-मुकुस; असपट्ट; असरट्ठ ।
असमय–ना० [सं०] १. बेमौका; कुवेला । २. खराब समय; बिग्रेको समय ।
असमर्थ–वि० [सं०] १. सामर्थ्य नभएको ; अशक्त ; दुर्बल । २. अयोग्य ।
असमर्थता–ना० [सं०] असामर्थ्य ।
असमल्ले–वि० [ने०] ज्यादा बढ़ेको (खोलो) ।
असमान–वि० [सं०] बराबर नभएको; असदृश ।
असमानता–ना० [सं०] समान नहुनाको भाव; असादृश्य ।
असमाप्त–वि० [सं०] नसिद्धिएको; अपूर्ण ।
असम्प्रज्ञात–वि० [सं०] राम्रोसित नजानिएको ; पूर्ण ज्ञात

CC-0. In Public Domain. Digitization by eGangotri

नभएको ; अज्ञात ।

असम्प्रज्ञात-समाधि—ना० [सं०] ज्ञाता, ज्ञेय र ज्ञानको भेद नहुने समाधि ; निर्विकल्पक समाधि ।

असम्बद्ध—वि० [सं०] १. सम्बन्ध नभएको; नबाँधिएको । २. नमिलेको ; असङ्गत ।

असम्भव—वि० [सं०] सम्भव नभएको; हुन नसक्ने; असम्भाव्य ।

असम्भार—वि० [सं०] १. सम्हाल्न नसकिने ; स्याहार्न नसकिने; समेट्न नसकिने । २. धेरै ; ज्यादा ।

असम्भावना—ना० [सं०] सम्भावना नहुनु ।

असम्भावित—वि० [सं०] सम्भावना नभएको; असम्भव ।

असम्भाव्य—वि० [सं०] हुन नसक्ने; नहुने ।

असम्भ्रम—वि० [सं०] १. सम्भ्रम नभएको; हड़बड़ नगर्ने; शान्त । (ना०) २. धैर्य; शान्ति ।

असम्मत—वि० [सं०] १. सम्मतिमा नआएको; मतो नमिलेको; बेराजी । २. स्वीकार नगरिएको ; नामन्जूर ।

असम्मति—ना० [सं०] १. सम्मति नहुनु ; बिराजी हुनु । २. अस्वीकृति ; नामन्जूरी ।

असम्मान—ना० [सं०] सम्मान नहुनु ; निरादर ।

असर—ना० [अ०] कुनै कुरामा कुनै क्रियाबाट हुने परिणाम ; प्रभाव ।

असरद्ध—क्रि० यो० [ने०] १. धेरै खाँदा पेटमा असजिलो अनुभव हुने किसिम; उकुस-मुकुस । २. वेथितिसँग पड़िरहने किसिम; अलपत्र ।

असरल्ल—क्रि० यो० [ने०] लथालिङ्ग; अलपत्र; भताभुङ्ग ।

असर्द—वि० [असर्दो] नछुने भएकी; पर सरेकी; रजस्वला; ऋतुमती ।

असर्दो—वि० [अ+सर्दो] १. सर्दो नभएको ; अपायक ; (ना०) २. गर्ज ; खाँचो; हर्जा; आवश्यकता ।

असर्फी—ना० [फा० अशरफ़ी] अशरफी ।

असल—वि० [अ०] १. वेस; वढ़िया; उम्दा; उत्तम । २. मिसावट नभएको; शुद्ध । ३. उच्च; श्रेष्ठ; उत्कृष्ट ।

असला—ना० [ने०] एक जातको सानो र सेतो टल्कने माछा ।

असलियत—ना० [अ०] १. यथार्थता; वास्तविकता । २. मूल तत्त्व ; सार ।

असवर्ण—वि० [सं०] भिन्न वर्णको ; वेग्लै जातको ।

असह—वि० [सं०] सहन नसकिने; नसहने ; असहिष्णु ।

असहन—वि० [सं०] १. नसहने; असहिष्णु । (ना०) २. शत्रु ।

असहनीय—वि० [सं०] सहिनसक्नु; असह्य ।

असहयोग—ना० [सं०] सहयोग नपाउनु; सहायताको अभाव ।

असहयोगवाद—ना० [सं०] असहयोगद्वारा सरकारलाई प्रभाव पार्ने सिद्धान्त ।

असहयोगवादी—वि० [सं०] असहयोगवाद मान्ने; असहयोगवादको अनुयायी ।

असहाय—वि० [सं०] सहारा नभएको; निस्सहाय; निराश्रय ।

असहितव्य—वि० [सं०] असह्य ।

असहिष्णु—वि० [सं०] सहन नसक्ने ; असहन-शील ।

असह्य—वि० [सं०] १. सहिनसक्नु ; सहन नसकिने । २. सहन नहुने ; असहनीय ।

असांसद्—वि० [सं०] संसद्को अनुकूल नपर्ने ; संसद्का मर्यादाको अननुकूल ।

असाक्षिक—वि० [सं०] साक्षी नभएको ; गवाही नभएको ।

असाद्धे—वि० [सं० असाध्य] ज्यादा ; धेरै; खूब ।

असाधारण—वि० [सं०] १. साधारण नभएको; असामान्य । २. अनौठो ; विलक्षण ।

असाधारणता—ना० [सं०] साधारण नहुनाको भाव ।

असाधु—वि० [सं०] १. साधु नभएको । २. दुर्जन ; दुष्ट । ३. अशुद्ध ; अपभ्रंश ।

असाध्य—वि० [सं०] १. साध्य नभएको ; उपाय नलाग्ने । २. ज्यादा ; धेरै । (क्रि० यो०) ३. ज्यादै ; औधी ।

असाध्य-साधन—ना० [सं०] कठिन काम सिद्ध गर्नु ।

असामयिक—वि० [सं०] ठीक समयमा नहुने वा भएको ; बेमौकाको ।

असामर्थ्य—ना० [सं०] समर्थ नहुनाको भाव; अशक्तता ।

असामान्य—वि० [सं०] १. सामान्य नभएको; असाधारण । २. अपूर्व ; विलक्षण ।

असामी—ना० [अ०] १. ऋण लिने मानिस; ऋणी; कर्जावाल व्यक्ति । २. तल लेखिएको कलम ।

असाम्प्रत—वि० [सं०] अयोग्य ; अनुचित ; अयुक्त ।

असाम्प्रदायिक—वि० [सं०] १. कुनै सम्प्रदायविशेषसित सम्बन्ध नराख्ने वा नभएको ; सम्प्रदाय नमान्ने । २. परम्परा-विरुद्ध ।

असार—वि० [सं०] १. सार नभएको; गुदी नभएको; निःसार । २. खाली ; शून्य । ३. तुच्छ ; क्षुद्र ।

असार—ना० [सं० आषाढ] विक्रम संवत्को तेस्रो महीना ; आषाढ ; जेठपछिको महीना ।

असारता—ना० [सं०] सार नहुनाको भाव ; निस्सारता ।

असारे—वि० [असार+ए] १. असार महीनाको; आषाढ-सम्बन्धी । (ना०) २. असार महीनामा फुल्ने एक जातको फूल । ३. असार महीनामा वा धानको रोपाइँ गर्दा गाइने एक लोक-गीत ।

असावधान—वि० [सं०] सावधान नभएको ; होशियार नभएको ; सतर्क नभएको ।

असावधानी—ना० [सं०] सावधान नहुनाको भाव ।

असि—ना० [सं०] तलवार ; खड्ग ।

असित—वि० [सं०] १. कालो; कृष्ण वर्णको । २. दुष्ट ; खराव । ३. टेढ़ो ; कुटिल ।

असिद्ध—वि० [सं०] १. कुनै नियमद्वारा सिद्ध नभएको; अप्रामाणिक । २. अपूर्ण; अपूरो । ३. व्यर्थको; निष्फल ।

असिद्धि—ना० [सं०] १. सिद्ध नहुनाको भाव ; अपूर्णता ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. सोहमत नभएको; बिसिद्धि।

असिना–ना० [ने०] बादलबाट बर्सने हिउँको सानसानो डल्लो ; ओला ; असिनु ।

असिनु–ना० [असिना] असिना ।

असिस्टेन्ट–ना० [अं० एसिस्टेन्ट] १. अड्डा वा विभागीय प्रमुखको सहायक कर्मचारी ; विभागीय प्रमुखमनिको दर्जावाल ।(वि०) २. कामदार; सहायक ।

असिस्टेन्ट-डाइरेक्टर–ना० [अं० एसिस्टेन्ट-डाइरेक्टर] सहायक सञ्चालक ।

असिस्टेन्ट-सेक्रेटरी–ना [अं० एसिस्टेन्ट-सेक्रेटरी] सहायक सचिव ।

असी–वि० [प्रा० असिईं] १. उनासी र एकका योग-सङ्ख्याको; चार बीसका योग-सङ्ख्याको। (ना०) २. उनासीपछिको सङ्ख्या; ८०-को अङ्क ।

असीम–वि० [सं०] १.सीमा नभएको; बेहदको। २.ज्यादा; धेरै; अपार।

असीमित–वि० [सं०] १.सीमित नभएको; बेहदको; असीम। २. धेरै; ज्यादा।

असु–ना० [सं०] प्राण; प्राण-वायु।

असुद्धी–वि० [सं० अशुद्धि] १. चेतना कम भएको; बोधो। २. बेहोशी; हुस्सू।

असुन्दर–वि० [सं०] सुन्दर नभएको; नराम्रो; भद्दा।

असुभो–वि० [सं० अशुभ] अशुभ।

असुर–ना० [सं०] १. दैत्य; दानव। २. राक्षस। ३. रात। ४. नीच वृत्तिको मानिस। ५. पृथ्वी। ६. सूर्य। ७. बादल। ८. राहु।

असुर-विद्या–ना० [सं०] माया; आसुरी विद्या।

असुरो–ना० [सं० अटरूष] सेता फूल फुल्ने, हरिया लाम्चा पात हुने एक बोट।

असुविधा–ना० [अ+सु+वि+धा] १. सुविधा नहुनु; सुबिस्ताको अभाव। २. अप्ठ्यारो अवस्था; कठिन परिस्थिति।

असूया–ना० [सं०] अर्काको गुण, सुख, समृद्धि देखी सहन नसक्नु; ईर्ष्या; मात्सर्य ।

असूर्यम्पश्या–वि०[सं०] सूर्यले पनि देख्न नपाउने गरी पर्दाभित्र रहने (स्त्री)।

असूल–ना० [अ० वसूल] १. लिनुपर्ने नगद वा जिन्सी लिनु; उपर गर्नु; तहसील। २. दाखिला; चुक्ती।

असूल-तहसील–ना० [असूल+तहसील] असामी उठाउनु; असूल; तहसील; उठ्ती-पुठ्ती।

असैनिक–वि० [सं०] १. सेना नभएको; सेना-रहित। २. सेनादेखि बाहेकको; सेनादेखि भिन्नको।

असैनिकीकरण–ना०[सं०] सेना-रहित पार्नाको भाव वा काम।

असोज–ना० [सं० आश्विन] विक्रम संवत्‌को छैटौं महीना; आश्विन; भदौपछिको महीना।

असौं–क्रि० यो० [ने०] यस पाली।

असौ–ना० [सं० अशोक] अशोक वृक्ष।

असौज–ना० [सं० आश्विन] असोज।

असौजे-चरो–ना०[असौज+ए+चरो]आश्विन महीनामा तोरीको खेतमा देखिने एक जातको सानो चरो; चुइँया; तोरी-चरो।

असौम्य–वि० [सं०] सौम्य नभएको; नराम्रो; भद्दा।

असौष्ठव–ना० [सं०] नराम्रोपना; भद्दापना; कुरूपता।

अस्खलित–वि० [सं०] नखसेको; नहल्लिएको; स्थिर।

अस्ट्रेलिया–ना० [अं० ऑस्ट्रेलिया] पृथ्वीका पाँच महाद्वीपमा सबभन्दा सानो महाद्वीप; पूर्वी गोलार्द्धमा रहेको एक महाद्वीप।

अस्त–वि० [सं०] १. अस्ताएको; डुबेको (सूर्य, चन्द्र आदि)। २. छिपेको; लुकेको। ३. नदेखिएको; अदृश्य। ४. नष्ट; ध्वस्त। (ना०) ५. नदेखिनु; अदृश्य हुनु; लोप। ६. मृत्यु।

अस्तङ्गत–वि० [सं०] १. अस्ताएको; डुबेको। २. बिग्रेको; नष्ट। ३. लुप्त। ४. मरेको।

अस्तबल–ना० [अ०] घोड़ा बाँध्ने ठाउँ; तबेला; अश्व-शाला।

अस्तमय–ना० [सं०] १. अस्ताउनु; डुब्नु। २. नाश; अन्त।

अस्तमित–वि० [सं०] अस्ताएको; अस्त भएको।

अस्तर–ना० [फा०] सिरक, दोलाइँ, डसना आदिमा बाहिरी खोलभित्रको कपड़ा; दुइ तह कपड़ामा भित्री वा तल्लो तहको कपड़ा; लुगाका जोर्नीको पेटीको कपड़ा।

अस्तव्यस्त–वि० [सं०] १. लथालिङ्ग परेको; छ्यात्न-ब्यात्न भएको; अलपत्र परेको। २. छटपटिएको; व्याकुल।

अस्ताइनु–अ० क्रि० [अस्ताउ+इ+नु] अस्ताउने काम होइनु; अस्त भइनु; ('अस्ताउनु'-को भा० क्रि०)।

अस्ताउनु–अ० क्रि० [सं० अस्त+आउ+नु] १. पश्चिमपट्टिको क्षितिजमा सूर्य बिलाउनु; अस्ताचलको पछाड़ि सूर्य नदेखिने हुनु; घाम डुब्नु। २. अस्त हुनु। ३. लुक्नु; छिप्नु; गायब हुनु।

अस्ताचल–ना० [सं०] सूर्य अस्त हुने पर्वत; पश्चिमाचल।

अस्ति–ना० [सं०] हुनु; भाव; सत्ता; विद्यमानता; वर्तमानता।

अस्ति–क्रि० यो० [सं० आसीत्] १. तीन दिनपहिले; हिजोभन्दा एक दिनअगाड़ि। २. केही दिनपहिले; तीन वा तीनभन्दा धेरै दिनपहिले।

अस्तित्व–ना० [सं०] हुनाको भाव; सत्ता; विद्यमानता।

अस्तु–अव्य० [सं०] १. होस्। २. जे होस्; जेसुकै होस्। ३. बेस; ठीक।

अस्तु–ना० [प्रा० अत्थि] दाह-संस्कारपछि नदीमा सेलाउन लिइने मुर्दाका अङ्गका हाड़।

अस्तुति–ना० [सं०] निन्दा।

अस्तुरा–ना० [फा० उस्तरा] रौं खौरने छुरा।

अस्तेय–ना० [सं०] चोरी नगर्नु; नचोर्नु।

अस्त्र–ना० [सं०] १. फ्याँकेर हान्ने हतियार; क्षेप्यास्त्र (बाण, भाला आदि)। २. शत्रुले प्रहार गरेको हतियार रोक्ने ढाल आदि। ३. मन्त्रद्वारा चलाउने हतियार; दिव्यास्त्र। ४. चिकित्सकले चिर-फार गर्ने हतियार।

CC-0. In Public Domain. Digitization by eGangotri

अस्त्र-चिकित्सक–ना० [सं०] हतियारद्वारा औषधि गर्ने वैद्य; चिर-फार गर्ने व्यक्ति; शल्य-चिकित्सक।

अस्त्र-चिकित्सा–ना० [सं०] अस्त्रद्वारा गरिने चिकित्सा; चिर-फार गर्नु; शल्य-चिकित्सा।

अस्त्र-विज्ञान–ना० [सं०] अस्त्र-सम्बन्धी विज्ञान।

अस्त्र-विद्या–ना० [सं०] १. अस्त्र चलाउने विद्या। २. धनुर्वेद।

अस्त्र-शाला–ना० [सं०] १. अस्त्र-शस्त्र राख्ने स्थान; शस्त्रागार। २. तोपखाना।

अस्त्रागार–ना० [सं०] १. हात-हतियार राख्ने भाण्डार; अस्त्रशाला। २. तोपखाना।

अस्थायित्व–ना० [सं०] स्थायी नहुनाको भाव; अस्थायी हुनाको भाव।

अस्थायी–वि० [सं०] स्थायी नभएको; म्यादी; थोरै दिनको।

अस्थि–ना० [सं०] हाड़; हड्डी।

अस्थि-पञ्जर–ना० [सं०] हाड़ै-हाड़को शरीरको आकार; कङ्काल।

अस्थिर–वि० [सं०] १. स्थिर नभएको; चञ्चल। २. अनिश्चित; बदलिरहने।

अस्थिरता–ना० [सं०] स्थिर नहुनाको भाव; चञ्चलता।

अस्थि-संहार–ना० [सं०] हड़चूर।

अस्थि-संहारक–ना० [सं०] हड़चूर।

अस्थि-सञ्चय–ना० [सं०] १. शव-दाह गरिसकेपछि कुनै पवित्र नदी आदिमा प्रवाहित गर्नाका निमित्त हाड़, खरानी जम्मा गर्नु। २. हाड़को थुप्रो। ३. मरेका दश दिनभित्रमा गरिने प्रेत-श्राद्ध।

अस्पट–क्रि० यो० [ने०] छटपट; उकुस-मुकुस; असपट्ट।

अस्पटाइ–ना० [अस्पटाउ+आइ] अस्पटाउने किसिम, क्रिया वा भाव।

अस्पटाइनु–अ० क्रि० [अस्पटाउ+इ+नु] अस्पटाउने काम होइनु; छटपटाइनु; ('अस्पटाउनु'-को भा० क्रि०)।

अस्पटाउनु–अ० क्रि० [अस्पट+आउ+नु] अस्पट हुनु; छटपटाउनु; बेचैन हुनु।

अस्पटिइनु–अ० क्रि० [अस्पटि+इ+नु] अस्पटिने काम होइनु; छटपटाइनु; ('अस्पटिनु'-को भा० क्रि०)।

अस्पटिनु–अ० क्रि० [अस्पट+इ+नु] १. अस्पट हुनु; छटपटाउनु। २. अप्ठ्यारो हुनु; गाह्रो हुनु।

अस्पटी–ना० [असपट+ई] धेरै खानाले हुने असजिलोपन।

अस्पटे–वि० [अस्पट+ए] धेरै खाएर अस्पटाउने।

अस्पट्ट–वि० [ने०] धेरै खाएर पेटमा हुने असजिलो; अटमट्ट; उरमुट्ट।

अस्पट्याइँ–ना० [अस्पटि+आइँ] अस्पटिने किसिम, क्रिया वा भाव।

अस्पट्याइनु–स० क्रि० [अस्पटि+याइ+नु] अस्पटिन लाइनु; ('अस्पट्याउनु'-को क० क्रि०)।

अस्पट्याउनु–स० क्रि० [अस्पटि+याउ+नु] अस्पटिन लाउनु; ('अस्पटिनु'-को प्रे० क्रि०)।

अस्पताल–ना० [अं० हॅस्पिटल] डाक्टरी औषधिद्वारा रोगीको उपचार गर्ने ठाउँ; चिकित्सालय।

अस्पर्श–ना० [सं०] नछुनु; स्पर्श नगर्नु।

अस्पृश्य–वि० [सं०] छुन नहुने; स्पर्श गर्न नहुने; अछूत।

अस्पृश्यता–ना० [सं०] छुन नहुनाको भाव; अछूतीपन।

अस्पृष्ट–वि० [सं०] नछोइएको।

अस्पृह–वि० [सं०] लोभ नभएको; निर्लोभी।

अस्फुट–वि० [सं०] १. स्पष्ट नभएको; अस्पष्ट। २. अप्रकट।

अस्मान–ना० [फा० आस्मान] १. आकाश; नभ। २. टुप्पो; चुली; शिखर।

अस्मानी–ना० [ने०] नेपालको पश्चिमी पहाड़ी इलाकामा धुरीपिच्छे लाग्ने एक प्रकारको रकम वा तिरो।

अस्मानी–ना० [फा० आस्मानी] १. आकाशको जस्तो नीलो रङ्ग; आकाश-रङ्ग। (वि०) २. आकाश-रङ्गको; नीलो। ३. अस्मान-सम्बन्धी।

अस्मिता–ना० [सं०] १. अहन्ता; अहङ्कार। २. योग-शास्त्र-का पाँच क्लेशमध्ये एक।

अस्मेल–वि० [अ+सम्हाल्] ज्यादै ठूलो; अलबल्ले; सम्हाल्न नसकिने (जरो, बाढ़ी आदि)।

अस्वस्थ–वि० [सं०] १. बिरामी; रोगी। २. निर्बल; दुर्बल; कमजोर।

अस्वस्थता–ना० [सं०] १. स्वस्थ नहुनाको भाव; रुग्णता। २. निर्बलता; दुर्बलता।

अस्वाभाविक–वि० [सं०] १. स्वाभाविक नभएको; अप्राकृतिक। २. बनावटी; कृत्रिम।

अस्वाभाविकता–ना० [सं०] स्वाभाविक नहुनाको भाव; अप्राकृतिकता।

अस्वामिक–वि० [सं०] हकदार नभएको; बेवारिसी (माल-सामान)।

अस्वामिकता–ना० [सं०] माल-धनी नहुनाको भाव; बेवारिस।

अस्वीकरण–ना० [सं०] स्वीकार नगर्नु; नामन्जूरी।

अस्वीकार–ना० [सं०] स्वीकार नगर्नु; नामन्जूरी।

अस्वीकृत–वि० [सं०] स्वीकार नगरिएको; नामन्जूर गरिएको।

अस्वीकृति–ना० [सं०] स्वीकृतिको अभाव; स्वीकार नगर्नाको भाव; नामन्जूरी।

अहँ–वि० बो० [ने०] अस्वीकृतिको भाव जनाउँदा भनिने शब्द (उदा०–अहँ, यो कुरा साँचो होइन।); उहुँ।

अह–ना० [सं० अहन्] १. दिन; दिवस। २. दिनका अधिष्ठाता देवता। ३. विष्णु। ४. सूर्य। ५. एक दिनमा पढ्नाका निम्ति निर्धारित गरिएको पुस्तकको अंश; एक दिनको पाठ।

अहङ्कार–ना० [सं०] १. अभिमान; गर्व; शेखी; घमन्ड। २. रीस; क्रोध।

अहङ्कारी–वि० [सं०] १. घमन्डी; शेखीवाल; अभिमानी। २. रिसाहा; क्रोधी।

CC-0. In Public Domain. Digitization by eGangotri

अहद–ना० [अ०] १. सन्धि; सम्झौता। २. ठहर; निश्चय। ३. प्रतिज्ञा; कबूल।

अहद-जाफ्ता–ना० [अ० अहद+जाबितः] सन्धिहरूको अनुसार बनेका नियम-कानूनहरू।

अहन्ता–ना० [सं०] 'मै हूँ' भन्ने भाव; गर्व; शेखी।

अहम्–सर्वना० [सं०] १. म। (ना०) २. अभिमान; घमन्ड। ३. आत्म-बोध; आत्म-भाव; आत्म-सम्मान।

अहमत्याइँ–ना०[सं० अहम्+मदयाइँ] १. 'मै हुँ' भन्ने घमन्ड; अभिमान। २. मात; गम्क्याहट।

अहम्भाव–ना० [सं०] 'मै हुँ' भन्ने भाव; अहम्मन्यता।

अहम्मन्यता–ना० [सं०] 'मै हुँ' भन्ने भाव; शेखी; घमन्ड।

अहरह–क्रि० यो० [सं०] १. दिन-दिनै; प्रतिदिन; दिनहुँ। २. नित्य; सधैँ। ३. लगातार; निरन्तर।

अहर्निश–क्रि० यो० [सं०] १. रातोदिन; अहोरात्र। २. सधैँ; नित्य।

अहल्कार–ना० [फा० अहलकार] घर-घरमा चिट्ठी पुऱ्याउने हुलाकको सिपाही; हल्कारो; पिउन।

अहह–वि० बो० [सं०] दुःख, क्लेश, आश्चर्य र सम्बोधन-सूचक उद्गार।

अहा–वि० बो० [सं० अहह] खुशी, प्रशंसा, आश्चर्य, विस्मात् आदि बुझाउने शब्द; अहो; अहह।

अहान–ना० [आहान] आहान।

अहार–ना० [सं० आहार] खानेकुरो; आहार।

अहार्य–वि० [सं०] चोर्न नहुने; चोर्न नसकिने; हरण गर्न नसकिने वा नहुने।

अहाल–ना० [आहाल] आहाल।

अहि–ना० [सं०] १. साँप; सर्प। २. वृत्रासुर। ३. पृथ्वी। ४. सूर्य।

अहिंसक–वि० [सं०] हिंसा नगर्ने।

अहिंसा–ना० [सं०] १. मार-काट नगर्नु; हिंसा नगर्नु। २. कसैलाई चित्त दुखाउने वा पीडा दिने काम नगर्नु।

अहिंसावाद–ना० [सं०] मार-काट नगर्ने सिद्धान्त; हिंसा नगर्ने सिद्धान्त।

अहिंसावादी–वि०[सं०] हिंसा नगर्ने सिद्धान्त मान्ने; अहिंसा-वादको अवलम्बन गर्ने।

अहिंस्र–वि० [सं०] हिंसा नगर्ने; अहिंसक।

अहिंस्रक–वि० [सं०] हिंसा नगर्ने; अहिंसक।

अहित–ना० [सं०] १. कुभलो; अपकार। २. खराबी।

अहिफेन–ना० [सं०] १. अफीम। २. सर्पका मुखको राल।

अहिरो–ना० [ने०] शिकार खेलिने जनावर; शिकार; ऐरो।

अहिले––क्रि० यो० [सं० अद्य] १. यस बखत; यत्तिखेर; वर्तमान समयमा। २. हाल; हाल-साल; आज-काल; अब।

अहीर–ना०[प्रा०]गाई-भैँसी पालेर जीविका गर्ने जाति; ग्वाला।

अहृदय–वि० [सं०] निर्दयी ; हृदय नभएको।

अहो–वि० बो० [सं०] १. विस्मय, प्रशंसा, खेद, विषाद, धिक्कार आदि बुझाउने उद्गार। २. सम्बोधन गर्ने शब्द; हे।

अहोरात्र–क्रि० यो० [सं०] १. रातोदिन; रात-दिन; दिनहुँ; (ना०) २. एक दिन र एक रातको समय; चौबीस घण्टाको समय।

अह्रय–वि० [सं०] १. लाज नभएको; निर्लज्ज। २. घमन्डी; अभिमानी।

अह्राइनु–स० क्रि० [अह्राउ+इ+नु] अह्राउने काम गरिनु; खटाइनु; ('अह्राउनु'-को क० क्रि०)।

अह्राउ–ना० [सं० अर्ह्+आउ] अह्राउने काम; अह्रोट; अह्रावट।

अह्राउनु–स० क्रि० [सं० अर्ह्+आउ+नु] अह्रोट गर्नु; काम लगाउनु; खटाउनु; आज्ञा दिनु।

अह्राउ-पह्राउ–ना०[अह्राउ+पह्राउ (फाँ०)] काम लाउनु; अह्रावट; खटन-पटन।

अह्रावट–ना० [अह्राउ+आवट] अह्राउने काम; अह्रोट; खटन; आज्ञा।

अह्रोट–ना० [अह्राउ+ओट] खटन; अह्रावट।

अह्रोटे–वि० [अह्रोट+ए] अह्राएको काम गर्ने; अह्रोट मान्ने; आज्ञा-पालक।

आ

आ–देवनागरी वर्ण-मालाको दोस्रो स्वर-वर्ण; 'अ'-को दीर्घ रूप।

आँ–अव्य० [ने०] १. ठूलो पारेर मुख बाउने किसिम। २. मुख बाएर खान माग्दा उच्चारण गरिने शब्द। ३. बालक रुँदाको अनुकरण-शब्द।

आँक–ना० [आँट] हिम्मत; आँट।

आँक–ना० [प्रा० आँक्का] बरका आकारको, भुवादार, दूध आउने, सेतो र रातो फूल फुल्ने बोटविशेष; अर्क; मन्दार।

आँकिनु–स० क्रि० [आँक्+इ+नु] आँक्ने काम गरिनु; आँटिनु; ('आँक्नु'-को० क० क्रि०)।

आँकुरी–ना० [आँकुरो] मसिना पात, साना-साना प्याजी रङ्गका फूल र चनाका जस्ता कोसा फल्ने एक किसिमको घाँस।

आँकुरो–ना० [सं० अङ्कुर] १. टुसो; मुनो; पिपिरो; अङ्कुर। २. गहूँ-खेतमा हुने एक लहरे झार; कुट्ली-कोसाको बोट। ३. आँकुरी।

आँकुस–ना० [अङ्कुसे] अङ्कुसे।

आँक्नु–स० क्रि० [आँट+नु] कठिन काम गर्न साहस गर्नु; आँट्नु; हिम्मत गर्नु।

आँखा–ना० [प्रा० अक्खो] १. प्राणीको हेर्ने इन्द्रिय; नजर;

CC-0. In Public Domain. Digitization by eGangotri

नेत्र। २. रूख र हाँगाका जोर्नीको गाँठो; आँख्लो।

आँखा-चिकुवा–ना० [आँखा+चिकुवा] आँखामा पर्दा पीरो हुने एक प्रकारको सानो कालो कीरो; भुसुनु।

आँखा-तरुवा–ना० [आँखा+तर्+उवा] गोल-गोल फूल फुल्ने, तेल निस्कने फल फल्ने रूखविशेष। (यसका फलको तेल निकालिन्छ र लूताका औषधिका काममा ल्याइन्छ।)

आँखी–ना० [आँखा+ई] कुदृष्टि; ईर्ष्या-युक्त हेराइ।

आँखी-गेड़ी–ना० [आँखा+गेड़ी] १. आँखाको गेड़ी; अक्षि-गोल। २. राती-गेड़ी; लाल।

आँखी-झ्याल–ना० [आँखी+झ्याल] साना-साना प्वालै-प्वाल भएको पुरानो किसिमको झ्याल।

आँखी-तरे–ना० [आँखी+तर्नु] एक जातको अँड़ीर।

आँखी-भुइँ–ना० [आँखा+भ्रू (सं०)] आँखामाथि डीलमा तेर्सो रौंको रेखा; आँखी-भौं।

आँखी-भौं–ना० [आँखी+भौं] आँखी-भुइँ।

आँखो–ना० [आँखा] आँखा।

आँख्ले–वि० [आँख्लो+ए] १. आँख्लै-आँख्ला भएको; धेरै आँखा भएको। २. बाहिर निस्केका ठूल्ठूला आँखा भएको; बल्ड्याङ्ग्रे।

आँख्लो–ना० [आँखा+लो] बाँस, निगालो, ऊखु आदिका पर्वैपिच्छेको गाँठो; हाँगा र बोटका जोर्नीको गाँठो; आँखो।

आँग–ना० [सं० अङ्ग] १. जीउ; शरीर; अङ्ग। २. पिठिउँ।

आँगन–ना० [प्रा० आङ्गन] घरअगिल्तिर बनाइने सानो खुला जग्गा; चोक; पटाङ्गिनी।

आँगा–ना० [नें०] कमसल जातको कालो धानविशेष।

आँच–ना० [सं० अर्चि] राप; ताप; गर्मी।

आँचल–ना० [प्रा० आँच्चल] १. साड़ी, दुपट्टा आदिको बुट्टेदार छेउ। २. पछ्यौरा। ३. विवाहमा लगन-गाँठो पार्ने कपड़ा।

आँचल-गाँठो–ना० [आँचल+गाँठो] लगन-गाँठो।

आँचिला–ना० [आली+चिलो] खेतको आली ताछ्ने काम; छरी।

आँचो-खाँचो–ना० [(फाँ०) आँचो+खाँचो] गर्ज; हर्जा; खाँचो।

आँट–ना० [आँत] साहस; हिम्मत।

आँट–ना० [नें०] गेड़ै-गेड़ाका आकारको, खस्रो बोक्रा र काला बीयाँ हुने एक जातको गुलियो फल; सलिफा।

आँट-काँट–ना० [आँट+काँट] आँट; साहस; हिम्मत।

आँटा–ना० [सं० अट्ट] पीठो।

आँटिनु–स० क्रि० [आँट्+इ+नु] आँट्ने काम गरिनु; आँकिनु; ('आँट्नु'-को क० क्रि०)।

आँटिलो–वि० [आँट+इलो] आँट भएको; हिम्मतदार; साहसी।

आँटी–वि० [आँट+ई] आँट भएको; आँटिलो; हिम्मतदार; साहसी।

आँटी–ना० [नें०] घरभित्र पर्दाका निमित्त लाइने सानो गाह्रो; आट।

आँटो–ना० [आँटा] आँटा; पीठो।

आँट्नु–स० क्रि० [आँट+नु] १. कुनै काम गर्न निश्चय गर्नु; चेष्टा गर्नु। २. साहस गर्नु; हिम्मत गर्नु। ३. थाल्नु; आरम्भ गर्नु।

आँठ–ना० [नें०] करङ्को जोर्नी; करङ र मेरु-दण्डको सन्धि।

आँठ-अठिङर–ना० [आँठ+अठिङर] आँठ-अठिङ्गर।

आँठ-अठिङ्गर–ना० [आँठ+अठिङ्गर] १. शरीर वा कुनै वस्तुको अवयव; अङ्ग। २. शरीर वा कुनै वस्तुका विभिन्न अवयवको जोर्नी; आँठ-अठिङर।

आँठ-काँठ–ना० [आँठ+काँठ (फाँ०)] शरीर वा कुनै वस्तुको प्रत्येक अवयव; अङ्ग-प्रत्यङ्ग।

आँठा-सरह–क्रि० यो० [आँठो+सरह] साँध-सिमानासरह; साँधमा रहेका अरू जग्गाको सरह (तिरो आदि)।

आँठी–ना० [नें०] सानो मूठो।

आँठे–वि० [आँठ+ए] आँठै-आँठा भएको।

आँठे–ना० [आठ+ए] आठ-दिने जरो; म्यादी ज्वर; टाइफाइड।

आँठो–ना० [नें०] १. कपालका चुल्ठाको भाग। २. डोरी आदिको पयो। ३. जग्गा-जमीनको सिमाना छुट्ट्याउने आली; साँध।

आँड़–ना० [प्रा० आँड्डो] आँड़ो; अण्ड-कोष।

आँड़ा–ना० [अण्ड] अण्ड।

आँडू–वि० [आँड़] नसुमरेको; खसी नपारेको (घोड़ा, साँढ़े आदि)।

आँड़े–वि० [आँड़+ए] १. एउटामात्र अण्ड-कोष भएको; एक-अण्डे। २. अण्ड-कोष ठूलो भएको; जहरवाते।

आँड़ो–ना० [प्रा० आँड्डो] अण्ड-कोष।

आँत–ना० [सं० अन्त्र] १. आन्द्रा। २. अन्तःकरण; आशय। ३. शरीरको भित्री भाग।

आँतर–ना० [सं० अन्तर] १. खेत-बारी खन्दा एकले अर्कोलाई उछिन्ने काम। २. जोत्दा बीचमा बाँझो छोड़िएको जग्गा।

आँधी–ना० [अन्ध+ई] ठूलो हुरी; वेगसित आएको बतास; आँधी-बेहरी; तूफान।

आँधी-बेहरी–ना० [आँधी+बेहरी] ठूलो आँधी; हुरी; तूफान।

आँधो–ना० [सं० अन्ध] १. आँखा नदेख्ने सर्पका आकारको एक जातको माछो। (वि०) २. भनेको कुरा नसम्झने; अधबेस्रो; ३. अन्धो।

आँप–ना० [सं० आम्र] १. लामा-लामा पात हुने, वसन्त ऋतुमा मन्जरी लाग्ने, गुलिया ठूल्ठूला फल फल्ने बोट। २. त्यसै बोटमा फल्ने फल; आम्र। (आयुर्वेदमा यसको गुण पुष्टि-कारक, शुक्र-वर्द्धक र त्रिदोष-नाशक बताइएको छ। यसका–मिस्री आँप, काली आँप, बिजुवा आँप, सुपारी आँप आदि धेरै जात छन्।)

आँप-झुप्पे–ना० [नें०] सेतो तौलीजस्तो एक जातको धान।

आँशु–ना० [सं० अश्रु] आँसु।

आँसी–ना० [सं० आशी] करौंतीको जस्तो धार हुने हँसिया।

CC-0. In Public Domain. Digitization by eGangotri

आँसु—ना० [सं० अश्रु] शोक, पीडा, हर्ष आदिमा आँखाबाट निस्कने पानी; अश्रु।

आँसु-पुछाउनी—ना० [आँसु+पुछाउनी] कुनै किसिमको दुःखमा परेका व्यक्तिलाई सन्तोष गराउनाका निम्ति दिइने वस्तु।

आंशिक—वि० [सं०] १. अंश-सम्बन्धी; अंश-विषयको। २. केही भाग; अलिकति; थोरै।

आः—वि० बो० [ने०] बेवास्ता, झिँज्याहट, आश्चर्य, हर्ष, घृणा आदि बुझाउने शब्द। (उदा०—आः, त्यस्तो सानो-तिनो कुरा छोड़िदिनुहोस्। आः, कति कचकच गरिरहेको!)

आइँ—ना० [ने०] १. भैँसी कराउने शब्द। २. केटा-केटीको बोलीमा भैँसी। ३. केटा-केटीको बोलीमा टोकाइ।

आइटिन—ना० [अं० टिङ्क्चर+आयोडीन] टिन्चर-आइटिन।

आइत-बार—ना० [सं० आदित्य-वार] शनि-वार र सोम-वारको बीचको वार; सात वारमध्ये पहिलो वार; रवि-वार।

आइत-बारे—ना० [आइत-वार+ए] गाई-वस्तुको रक्षाका निम्ति प्रतिवर्ष आइत-वारको दिन पारेर पूजा गरिने देव-योनि-विशेष।

आइनु—अ० क्रि० [आउ+इ+नु] आउने काम होइनु; आगमन भइनु; ('आउनु'-को भा० क्रि०)।

आइन्दा—क्रि० यो० [फा० आइन्दः] अबदेखि; यसपछि; भविष्यमा; अबउप्रान्त।

आइमाई—ना० [ने०] स्वास्नी-मान्छे; स्त्री-जाति; महिला।

आउँ—ना० [सं० आम] १. कफजस्तो सेतो दिसा; मासी। २. त्यस्तो दिसा छिन-छिनमा थोरै-थोरै हुने रोगविशेष।

आउँदो—वि० [आउ+दो] पछि आउने; आगामी।

आउती—ना० [ने०] विवाहमा आरती-स्याउँली गर्ने दिदी-बहिनीहरूले चामल पिँधी दुवै कन्चटमा लाउने टीका।

आउनी—ना० [आउ+नी] आउने काम; आगमन; हाजिरी।

आउनु—अ० क्रि० [सं० आ+गम्] १. कतैबाट निश्चित स्थानमा आइपुग्नु; आगमन हुनु। २. आम्दानी हुनु।

आउन्स—ना० [अं०] अङग्रेजी तौलविशेष; अढ़ाइ तोलाको वजन; सोह्र ड्राम।

आकण्ठ—क्रि० यो० [सं०] घाँटीसम्म; कण्ठ-प्रमाण।

आकम्पित—वि० [सं०] हल्लिएको; कामेको।

आकर—ना० [सं०] १. खानि; उत्पत्ति-स्थान। २. ढुकुटी; भाण्डार।

आकर-भाषा—ना० [सं०] कुनै भाषाको प्राचीन मूल रूप। (उदा०—नेपालीको आकर-भाषा संस्कृत हो। उर्दू भाषाको आकर-भाषा अरबी र फारसी हुन्।)

आकरिक—वि० [सं०] १. खानि-सम्बन्धी। २. खानिमा काम गर्ने।

आकर्ष—ना० [सं०] १. खिँच्नु; तान्नु; घिच्च्याउनु। २. मोहित पार्ने विद्या; मोहनी लाउने विद्या; वशीकरण।

आकर्षक—वि० [सं०] १. घिच्च्याउने; तान्ने; आकर्षित गर्ने। (ना०) २. चुम्बक; अयस्कान्त।

आकर्षण—ना० [सं०] १. घिच्च्याउनु; तान्नु। २. मानिस वा वस्तुलाई नजीक तान्ने तान्त्रिक विद्या; मोहनी।

आकर्षण-शक्ति—ना० [सं०] अरू पदार्थलाई आफूतिर तान्ने भौतिक शक्ति; आकर्षित पार्ने शक्ति।

आकर्षित—वि० [सं०] घिच्च्याइएको; तानिएको; आकर्षण गरिएको।

आकल-झुकल—क्रि० यो० [ने०] कहिले-काहीँ; कुनै-कुनै वेला।

आकलन—ना० [सं०] १. लिनु; ग्रहण गर्नु। २. जम्मा गर्नु; सञ्चय गर्नु। ३. गन्नु; गणना गर्नु।

आकलनीय—वि० [सं०] लिन लायक; ग्रहण गर्न योग्य।

आकलित—वि० [सं०] १. लिइएको; ग्रहण गरिएको। २. सञ्चय गरिएको; जम्मा गरिएको।

आकस्मिक—वि० [सं०] अकस्मात्‌को; अचानक भएको।

आकस्मिकता—ना० [सं०] अकस्मात् हुनाको भाव; भवितव्यता।

आकस्मिकतावाद—ना० [सं०] संसारमा जे-जति हुन्छ वा भयो अकस्मात् वा घटनावश नै हुन्छ वा भएको हो भन्ने एक सिद्धान्त।

आकस्मिक-बिदा—ना० [सं० आकस्मिक+बिदा] अकस्मात् आइपरेको कामका निमित्त लिइने बिदा; क्याजुअल-लीभ।

आकस्मिकी—ना० [सं०] अकस्मात् हुने घटना; आकस्मिक काम-कुरा।

आका—ना० [ने०] बाल-बोलीमा गुहु; आची।

आकाङक्षा—ना० [सं०] १. इच्छा; अभिलाषा। २. वाक्यार्थ-ज्ञानका निमित्त अर्को शब्दमा आश्रित हुनु।

आकाङक्षित—वि० [सं०] इच्छा गरिएको; अभिलषित।

आकाङक्षी—वि० [सं०] इच्छा गर्ने; अभिलाषी।

आकार—ना० [सं०] १. स्वरूप; आकृति। २. कद। ३. बनावट; बान्की। ४. इशारा; सङ्केत। ५. 'आ'-अक्षर।

आकारवान्—वि० [सं०] १. आकार भएको; साकार। २. रूपवान्; सुन्दर।

आकारित—वि० [सं०] बोलाइएको; आहूत।

आकारी—वि० [सं०] बोलाउने; आह्वान गर्ने।

आकालिक—वि० [सं०] असमयको; असामयिक; बेमौसमको।

आकाश—ना० [सं०] पृथ्वी र ग्रह-नक्षत्रका बीचको शून्य स्थान; अकास; गगन; सगर।

आकाश-कुसुम—ना० [सं०] आकाशको फूल; हुन नसक्ने कुरा।

आकाश-गङ्गा—ना० [सं०] आकाशमा उत्तरदेखि दक्षिणसम्म फैलिएको देखिने सानसाना नक्षत्रहरूको समूह; मन्दाकिनी; नीहारिका।

आकाश-चारी—वि० [सं०] १. आकाशमा घुम्ने। २. ग्रह; नक्षत्र। ३. वायु। ४. पक्षी। ५. देवता।

आकाश-दीप—ना० [सं०] कार्तिक महीनामा बाँसमा झुन्ड्याएर बालिने बत्ती; आकाश-बत्ती।

CC-0. In Public Domain. Digitization by eGangotri

आकाश-बत्ती–ना० [आकाश+बत्ती] आकाश-दीप ।

आकाश-बेली–ना० [सं० आकाश+वल्ली] १. चमेलीजस्तो सानो एक प्रकारको फूल। २. आकाश-वल्ली ।

आकाश-भाषित–ना० [सं०] नाटकमा नटले आकाशतिर फर्केर एक्लै गरेको उक्ति-प्रत्युक्ति।

आकाश-यान–ना० [सं०] विमान; हवाई-जहाज।

आकाश-वल्ली–ना० [सं०] रूख, झार आदिमा माथि-माथि फैलिने, सेतो वा रातो फूल फुल्ने र जरा, पात, फल नहुने पहेँलो लहरा; अमर-वल्ली ।

आकाश-वाणी–ना० [सं०] १. आकाशबाट आउने आवाज; देव-वाणी। २. रेडियोबाट सुनिने शब्द; वायरलेस।

आकाश-वृत्ति–ना० [सं०] ठेगाना नभएको वृत्ति; अनिश्चित वृत्ति।

आकीर्ण–वि० [सं०] छरिएको; फिँजिएको।

आकुञ्चन–ना० [सं०] फिँजिएको वस्तु एकत्रित तुल्याउनु; समेट्नु; खुम्च्याउनु।

आकुञ्चित–वि० [सं०] खुम्चिएको; समेटिएको।

आकुल–वि० [सं०] १. हड़बड़ाएको; आत्तिएको। २. दिक्दार; विह्वल। ३. क्षुब्ध; उद्विग्न।

आकुलता–ना० [सं०] आकुल हुनाको भाव; बेचैनी।

आकुल-व्याकुल–वि० [सं०] अत्यासमा परेको; घबड़ाएको; उद्विग्न।

आकुलित–वि० [सं०] घबड़ाएको; हड़बड़ाएको।

आकृति–ना० [सं०] १. आकार; स्वरूप। २. बनौट; बान्की। ३. चेहरा; मुख।

आकृष्ट–वि० [सं०] घिच्च्याइएको; तानिएको; आकर्षित।

आक्रन्दन–ना० [सं०] १. रुनु; रोदन। २. कराउनु; चिच्च्याउनु।

आक्रन्दित–वि० [सं०] १. रोएको; विलाप गरिएको। २. चिच्च्याइएको।

आक्रमण–ना० [सं०] बलपूर्वक सीमाको उल्लङ्घन गरेर अर्काको राज्यमाथि चढ़ाइ गर्नु; छापा मार्नु; धावा।

आक्रमित–वि० [सं०] आक्रमण गरिएको; हमला गरिएको; धावा बोलिएको।

आक्रान्त–वि० [सं०] १. आक्रमण गरिएको; हमला गरिएको। २. घेरिएको; छोपिएको। ३. हराइएको; पराजित।

आक्रान्ति–ना० [सं०] चढ़ाइ; हमला; आक्रमण।

आक्रामक–वि० [सं०] आक्रमण गर्ने; हमला गर्ने।

आक्रोश–ना० [सं०] १. रीस। २. सराप; शाप। ३. गाली; निन्दा।

आक्रोशित–वि० [सं०] १. रिसाइएको; रिसाएको। २. गाली गरिएको। ३. सरापिएको। ४. बोलाइएको।

आक्लेद–ना० [सं०] १. नरम हुनु; कोमल हुनु। २. छर्कनु; सिँच्नु। ३. भिज्नु।

आक्षिक–वि० [सं०] १. जूवा खेल्ने; जुवाड़ी। २. खाल थाप्ने; खाले।

आक्षिप्त–वि० [सं०] १. आक्षेप गरिएको; अभियुक्त; लाञ्छित। २. फ्याँकिएको; हुत्त्याइएको।

आक्षेप–ना० [सं०] १. आरोप; दोष। २. निन्दा; तिरस्कार। ३. छनक; व्यङ्ग्योक्ति। ४. फ्याँक्नु; हुत्त्याउनु।

आक्षेपक–वि० [सं०] १. आक्षेप गर्ने; दोष लगाउने। २. फ्याँक्ने। (ना०) ३. शिकारी।

आक्षेपण–ना० [सं०] १. आक्षेप; अभियोग। २. फ्याँक्नु।

आखत–ना० [सं० अक्षत] फलित ज्यौतिषअनुसार कुण्डलीमा अक्षता खसालेर विचार गरिने शुभाशुभ फल; जोखना।

आखर–ना० [प्रा० अक्खर] अक्षर।

आखिर–वि० [फा० आख़िर] १. पछिको; अन्तिम। (क्रि० यो०) २. अन्त्यमा; निचोरमा। (ना०) ३. हर्जा; गर्ज।

आखिरकार–क्रि० यो० [फा० आख़िरकार] अन्तमा; आखिरमा; अन्ततोगत्वा।

आखिरी–वि० [फा० आख़िरी] पछिल्लो; आखिरको; अन्तिम।

आखु–ना० [सं०] १. मूसो। २. छुचुन्द्रो। ३. चोर। ४. सुँगुर।

आखु-कर्णी–ना० [सं०] सरताप्रे; मूसाकानी।

आखु-पर्णी–ना० [सं०] गोल-काँक्री (रातो)।

आखेट–ना० [सं०] शिकार खेलिने जनावर; शिकार; अहिरो।

आखेटक–वि० [सं०] १. शिकार खेल्ने; अहिरो गर्ने। (ना०) २. शिकार खेल्ने व्यक्ति; शिकारी।

आखेटिक–वि० [सं०] शिकार खेल्न सिपालु; शिकारी।

आख्ता–ना० [फा० आख़्तः] खसी पारेको घोड़ा; सुमरेको घोड़ा।

आख्या–ना० [सं०] १. नाम; संज्ञा। २. यश; कीर्ति। ३. व्याख्या।

आख्यात–वि० [सं०] १. भनिएको; कहिएको। २. प्रसिद्ध; विख्यात।

आख्याति–ना० [सं०] १. ख्याति; प्रसिद्धि। २. भनाइ; कथन।

आख्यान–ना० [सं०] १. वर्णन; वृत्तान्त; बयान। २. कथा; कहानी। ३. उपन्यासका नौ भेदमध्ये एक भेद।

आख्यानक–ना० [सं०] छोटो कथा; किस्सा।

आख्यायक–वि० [सं०] १. भन्ने; बताउने। २. समाचार दिने; सूचना-वाहक।

आख्यायिका–ना० [सं०] १. सिलसिला मिलेको सानो कहानी वा वृत्तान्त। २. पात्रहरूद्वारा आफ्नो चरित्र केही मात्रामा आफैले वर्णन गरिने आख्यान।

आगत–वि० [सं०] १. आएको; आइपुगेको। २. पाएको; प्राप्त।

आगत-पतिका–ना० [सं०] परदेशबाट कुशलपूर्वक आफ्नो पति फर्केर आएकी नायिका।

आगत-स्वागत–ना० [सं०] पाहुनाहरूलाई गरिने स्वागत;

CC-0. In Public Domain. Digitization by eGangotri

आगन्तुकको सत्कार।

आगन्तुक–वि० [सं०] १. अचानक आएको; अनायास आएको। (ना०) २. अतिथि; पाहुना।

आगम–ना० [सं०] १. आउनु; आगमन। २. भेट; समागम। ३. आम्दानी; आय। ४. जन्म; उत्पत्ति। ५. मूल; निर्गम-स्थान। ६. शास्त्र। ७. आउँदो समय; भविष्य।

आगमन–ना० [सं०] १. आउनु; आइपुग्नु। २. फिर्नु; फर्कनु। ३. आम्दानी; आय।

आगरी–ना० [आग्री] आग्री।

आग-लागी–ना० [आगो+लाग्] घर, बस्ती आदिमा अचानक आगो सल्कनु; आगो लाग्नु; अग्नि-काण्ड।

आगामिक–वि० [सं०] १. भविष्य-काल-सम्बन्धी। २. आउने।

आगामी–वि० [सं०] आउँदो; भावी।

आगार–ना० [सं०] १. घर; वास-स्थान। २. भण्डार; ढुकुटी।

आगे–क्रि० यो० [अगि] १. अगि; अगाड़ि। २. यसपछि; उपरान्त।

आगो–ना० [प्रा० अग्गि] १. तेज-पुन्जको दृश्य रूप; अग्नि। २. क्रोध; रीस।

आग्निक–वि० [सं०] आगोको; अग्नि-सम्बन्धी।

आग्नेय–ना० [सं०] १. आगोको; अग्नि-सम्बन्धी। (ना०) २. पूर्व र दक्षिण दिशाको कुनो; अग्नि-कोण।

आग्नेयास्त्र–ना० [सं०] प्रहार गर्दा आगो निस्कने अस्त्र; दिव्यास्त्र।

आग्रह–ना० [सं०] १. अनुरोध; प्रार्थना। २. हठ; जिद्दी। ३. तत्परता। ४. लिनु; ग्रहण गर्नु।

आग्रहायण–ना० [सं०] मार्गशीर्ष महीना; मङसीर महीना।

आग्रही–वि० [सं०] १. आग्रह गर्ने; प्रार्थना गर्ने। २. हठी; जिद्दी।

आग्री–ना० [ने०] १. ढुङ्गाको काम गर्ने कालिगड़। (वि०) २. असन्तोषी ; सन्तोष नहुने।

आग्लो–ना० [प्रा० अग्गलो] १. झ्याल-ढोकाको गाँड़मा छिराएर बन्द गर्ने तेर्सो मोटो चुकुल। २. विरोध; भाँजी।

आघात–ना० [सं०] १. ठक्कर; धक्का। २. चोट-पटक।

आघात-पत्र–ना० [सं०] कसैलाई लागेको चोट-पटकको विवरण लेखिएको पत्र; मार-पीटको विवरण।

आघार–ना० [सं०] १. छर्कनु। २. झान्नु।

आघुँ–क्रि० यो० [आघौँ] आघौँ।

आघोष–ना० [सं०] ठूलो स्वरले बोलाउनु; हपार्नु।

आघोषणा–ना० [सं०] राजाबाट भएको घोषणा; राजकीय घोषणा।

आघौँ–क्रि० यो० [?] आउँदो साल; आगामी वर्ष।

आघ्राण–ना० [सं०] १. सुँघ्नु; बास्ना लिनु। २. अघाउनु; तृप्ति।

आघ्रात–वि० [सं०] १. सुँघिएको; बास्ना लिइएको। २. सन्तुष्ट; तृप्त।

आङ–ना० [सं० अङ्ग] आँग।

आङ-अठिङ्गर–ना० [आङ+अठिङ्गर] आङ-अठिङ्गर।

आङ-अठिङ्गर–ना० [आङ+अठिङ्गर] शरीरका अवयव र तिनीहरूको जोर्नी; आँठ-अठिङ्गर।

आङन–ना० [प्रा० आङ्गन] आँगन।

आङा–ना० [आँगा] आँगा।

आङकुशिक–ना० [सं०] अङ्कुश लिने व्यक्ति; माहुते।

आङ्गारिक–वि० [सं०] १. अँगार-सम्बन्धी; अँगारको काम गर्ने। (ना०) २. गोलको काम गर्ने व्यक्ति; अँगार पोल्ने वा बेच्ने व्यक्ति।

आङ्गिक–वि० [सं०] १. अङ्ग-सम्बन्धी; शरीरको। २. अङ्ग-द्वारा सङ्केत गरिएको (भाव, अभिनय आदि)। (ना०) ३. तबला, मृदङ्ग आदि बाजा बजाएर सङ्गीतमा सहयोग दिने व्यक्ति।

आङगुल्य–ना० [सं०] पन्डर लहरो।

आचमन–ना० [सं०] पूजा वा धर्म-कार्यमा शुद्ध हुन मन्त्र-पूर्वक पानी अचाउनु।

आचमनक–ना० [सं०] फिकदानी।

आचमनी–ना० [सं० आचमनीय] आचमन गर्ने एक किसिमको चम्चा; पन्च-पात्रको सानो डाडू।

आचरण–ना० [सं०] १. चाल-चलन; चरित्र। २. बानी; बेहोर। ३. व्यवहार।

आचरण-पुस्तिका–ना० [सं०] कर्मचारीहरूको कर्तव्य-पालन, अनुशासन आदि चरित्र-सम्बन्धी विवरण लेखिएको पुस्तिका।

आचरणीय–वि० [सं०] आचरण गर्न योग्य; अनुसरणीय।

आचरित–वि० [सं०] आचरण गरिएको; नियम-पालन गरिएको।

आचान्त–वि० [सं०] १. आचमन गरिएको; आचमन गर्न योग्य। २. कुल्ला गरिएको।

आचार–ना० [सं०] १. चाल-चलन; चरित्र; बानी-बेहोर। २. रीति-स्थिति। ३. सदाचार।

आचार-भ्रष्ट–वि० [सं०] आचार-पालन नगर्ने; दुराचारी।

आचारवान्–वि० [सं०] शुद्ध आचारमा रहने; सदाचारी; सच्चरित्र।

आचार-विचार–ना० [सं०] १. आचरण; चाल-चलन; बानी-बेहोर। २. रहन-सहन; धार्मिक दृष्टिले शुद्ध दैनिक आचरण।

आचार-शास्त्र–ना० [सं०] मानिसको चरित्र, आचरण आदिको विवेचना गरिएको शास्त्र।

आचारिक–वि० [सं०] आचार-सम्बन्धी; आचारको।

आचारी–वि० [सं०] आचारमा रहेको; आचारवान्; सदाचारी।

आचार्य–ना० [सं०] १. व्रत-बन्धमा गायत्री-मन्त्र सुनाउने गुरु। २. वेद पढ़ाउने गुरु; अध्यापक। ३. विशिष्ट विद्वान्। ४. पुरोहित। ५. भाष्य-कार। ६. संस्कृत परीक्षाको एक उच्च उपाधि।

CC-0. In Public Domain. Digitization by eGangotri

आचार्या–ना० [सं०] आचार्यको काम गर्ने स्त्री; अध्यापिका; उपाध्याया।

आचार्याणी–ना० [सं०] आचार्यकी पत्नी; गुरु-पत्नी।

आचिन्त्य–वि० [सं०] चिन्तन गर्न लायक; विचारणीय।

आची–ना० [ने०] बाल-बोलीमा गुहु वा फोहर पदार्थ।

आचे–वि० बो० [आच्चे] आच्चे।

आच्चे–वि० बो० [ने०] आश्चर्य, विस्मय, डर आदिमा अकस्मात् उच्चारण गरिने शब्द; आम्मै। (उदा०–आच्चे, कस्तो गजबको कुरो!)

आच्छन्न–वि० [सं०] ढाकिएको; छोपिएको; आच्छादित।

आच्छाद–ना० [सं०] १. लुगा; वस्त्र। २. ढाक्ने वस्तु; छोप्ने पदार्थ; बिर्को; बेठन।

आच्छादक–वि० [सं०] ढाक्ने; छोप्ने।

आच्छादन–ना० [सं०] १. ढाक्नु; छोप्नु। २. वस्त्र; कपड़ा; बिर्को।

आच्छादित–वि० [सं०] ढाकिएको; छोपिएको; आच्छन्न।

आच्छादी–वि० [सं०] ढाक्ने; छोप्ने।

आच्छु-आच्छु–क्रि० यो० [आच्छू+आच्छू] १. आपत् पर्दा यसो गरूँ कि उसो गरूँ हुने किसिम; धौ-धौ। (ना०) २. मुश्किल; कठिनाइ।

आच्छू–वि० बो० [ने०] आगो, पानी, जाड़ो, सिस्नु आदिले स्पर्श हुँदा उच्चारण गरिने शब्द; आम्मै।

आच्छ्यू–वि० बो० [आच्छू] आच्छू।

आज–अव्य० [प्रा० अज्ज] १. यो दिन; वर्तमान दिन; अहिले भइरहेको दिन; अद्य। २. वर्तमान समय; हाल।

आज-कल–क्रि० यो० [आज+काल] आज-काल।

आज-काल–क्रि० यो० [आज+काल] अचेलभरि; हिजो-आज; वर्तमान समयमा।

आजन्म–अव्य० [सं०] १. जन्मेदेखि; आजसम्म। २. जीवनभरि; आजीवन।

आजाद–वि० [फा० आज़ाद] स्वतन्त्र; स्वाधीन।

आजादी–ना० [फा० आज़ादी] स्वाधीनता; स्वातन्त्र्य; स्वतन्त्रता।

आजानु–अव्य० [सं०] घुँड़ासम्म; तिघ्राको तलसम्म।

आजानु-बाहु–वि० [सं०] घुँड़ासम्म पुग्ने हात भएको; लामा-लामा हात भएको।

आजानेय–वि० [सं०] असल जातको (घोड़ा)।

आजित–वि० [अ० आजिज़] हैरान; तङ्ग; दिक्क।

आजीव–ना० [सं०] जीविका; पेशा।

आजीवन–क्रि० यो० [सं०] जिन्दगीभरि; आजन्म; जीवनपर्यन्त।

आजीविका–ना० [सं०] रोजगार; पेशा।

आजु–ना० [नेवा०] तेलकासा, लुकामारी आदि केटा-केटीका खेलमा डूमले लघार्दा बच्नाका निमित्त छोइने निश्चित स्थान वा वस्तु।

आज्ञप्त–वि० [सं०] आज्ञा दिइएको; अह्राइएको।

आज्ञप्ति–ना० [सं०] आज्ञा; आदेश।

आज्ञा–ना० [सं०] ठूला मानिसले आफूभन्दा सानालाई काम अह्राउनु; आदेश; हुकुम।

आज्ञाकारी–वि० [सं०] आज्ञा-पालन गर्ने; आज्ञा-पालक।

आज्ञा-चक्र–ना० [सं०] योग-शास्त्रानुसार शरीरका काल्पनिक छ चक्रमध्ये भ्रू-मध्यको द्वि-दल एक चक्र।

आज्ञापक–वि० [सं०] आज्ञा दिने; आदेश दिने।

आज्ञा-पत्र–ना० [सं०] कसैलाई केही काम गर्न अह्राइएको पत्र; आज्ञा गरिएको पत्र; आदेश-पत्र।

आज्ञापन–ना० [सं०] १. सूचना दिनु; जनाउ दिनु। २. अह्राउनु; आज्ञा दिनु।

आज्ञा-पालक–वि० [सं०] भनेको मान्ने; आज्ञा-पालन गर्ने; आज्ञा-कारी।

आज्ञा-पालन–ना० [सं०] अह्राएको मान्नु; आदेश-पालन गर्नु।

आज्ञापित–वि० [सं०] १. सूचित गरिएको; जनाउ दिइएको। २. आज्ञा दिइएको; आदिष्ट।

आज्ञा-भङ्ग–ना० [सं०] आज्ञाको उल्लङ्घन गर्नु; आदेश नमान्नु।

आज्य–ना० [सं०] १. घिउ। २. यज्ञमा आहुति दिइने पदार्थ।

आञ्जन–ना० [सं०] गाजल; अञ्जन।

आट–ना० [ने०] होचो गाह्रो वा डील।

आटविक–वि० [सं०] १. जङ्गली मानिस; जङ्गलको बासिन्दा। २. वन-पाले।

आटा–ना० [आँटा] गोरखनाथलाई भोग लाइने विशेष किसिमको ठूलो रोटी; रोट।

आटि–ना० [सं०] लामो चुच्चो भएको सारसजस्तो एक जातको चरा; सरारी।

आठ–ना० [प्रा० अट्ठ] १. सात पछिको सङ्ख्या; ८-को अङ्क। (वि०) २. छ र दुइको योग-सङ्ख्याको।

आठ-काठ–ना० [आँठ-काँठ] कुनै वस्तुका अवयवहरूको समुदाय; आँठ-काँठ।

आठ-पहरिया–ना० [आठ+पहरिया] राजा-महाराजाहरूका साथमा आठै प्रहर वा दिन-रात रहने अङ्ग-रक्षक।

आठाङ–वि० [आठ] आठ दोबर (दुनोट पढ्दाको शब्द)।

आड़–ना० [सं० अल्] १. आड़ा; अड़ेसा। २. आधार; सहारा। ३. छेक्ने वस्तु; छेकाबार।

आड़-भरोस–ना० [आड़+भरोसा] आड़-भरोसा।

आड़-भरोसा–ना० [आड़+भरोसा] १. मद्दत; सहायता। २. आश्रय; आलम्बन; भरोसा। ३. आश्वासन; ढाढ़स।

आडम्बर–ना० [सं०] १. बोक्रे धाक; स्वाङ; बाहिरी ढाँचा; देखावट। २. घमन्ड; शेखी।

आडर–ना० [अं० ऑर्डर] निश्चित रूपमा तोकिएको काम गर्न कसैलाई दिइएको आज्ञा; अह्रोट; आदेश।

आड़ा–ना० [आड़] १. सुगा बाँधेर राखिने एक किसिमको खुला पिंजड़ा। २. जोगीहरूले चिन्तन गर्दा हात अड़्याउने साधन। ३. आधार; आड़। ४. टेको; टेवा

CC-0. In Public Domain. Digitization by eGangotri

आड़िलो–वि० [आड़+इलो] १. आड़ भएको; दर्बिलो; खँदिलो। २. अड्न सक्ने; दृढ। ३. अड्डीवाल; हठी।

आढ्य–वि० [सं०] धनी; धनवान्; सम्पत्ति-शाली।

आणविक–वि० [सं०] अणु-सम्बन्धी; अणुको।

आतङ्क–ना० [सं०] १. कठोर अत्याचार, महामारीको प्रकोप आदिबाट मनमा उत्पन्न हुने भय। २. त्रास; भय। ३. आशङ्का; सन्देह।

आतङ्कवाद–ना० [सं०] कुनै उद्देश्य सिद्ध गर्न पहिले विरोधी वा जन-साधारणका मनमा आतङ्क उत्पन्न गर्नुपर्दछ भन्ने सिद्धान्त।

आतङ्कवादी–वि० [सं०] आतङ्कवाद मान्ने।

आततायी–वि० [सं०] अर्काको सम्पत्ति लुट्नु, घरमा आगो लगाउनु, स्त्रीमा बलात्कार गर्नु आदि उपद्रव गर्ने (व्यक्ति); दुष्कर्मी।

आतप–ना० [सं०] १. घाम। २. गर्मी; उष्णता। (वि०) ३. दुःख दिने; कष्ट दिने।

आतप-स्नान–ना० [सं०] सम्पूर्ण शरीरमा सूर्यका किरणले स्पर्श गर्ने गरी घाममा बस्नु; सूर्य-स्नान।

आतपी–वि० [सं०] १. घाम-सम्बन्धी। (ना०) २. सूर्य।

आतशखान–ना० [फा० आतिशखाना] कोठा त्यानो पार्नाका निमित्त वा आगो ताप्न बनाइएको आगो बाल्ने ठाउँ; अगेनु।

आतशबाजी–ना० [फा० आतिशबाजी] आगो लाउँदा रङ्ग-बिरङ्गी झिल्का निस्कने, बारूद, सोड़ा, गन्धक आदि मिलाएर बनाएको खेलौना।

आतस–ना० [ने० आतुर] अत्यास; आतुस; अत्याहट; त्रास।

आतिइनु–अ० क्रि० [आति+इ+नु] आतिने काम होइनु; आत्तिइनु; ('आतिनु'-को भा० क्रि०)।

आतिथ्य–ना० [सं०] १. अतिथिको सत्कार; पाहुनाको मान-भाउ। (वि०) २. अतिथि-सुहाउँदो।

आतिनु–अ० क्रि० [आतस+इ+नु] आत्तिनु।

आतुर–वि० [सं०] १. बिरामी; रोगी। २. अधीर; हड़बड़ाएको। ३. बेचैन। ४. दुःखी। (क्रि०यो०) ५. चाँड़ो; छिटो।

आतुर-काल–ना० [सं०] मर्ने वेला; अन्त्य-काल।

आतुरता–ना० [सं०] आतुर हुनाको भाव; व्याकुलता।

आतुर-संन्यास–ना० [सं०] मर्ने वेलामा लिइने संन्यास; आतुर-समयमा ग्रहण गरिने चतुर्थाश्रम।

आतुरी–ना० [सं० आतुर+ई] १. हड़बड़; हतपत। २. अबेर; ढीलो। ३. आच्छु-आच्छु।

आतुस–ना० [सं० आतुर] १. आतस; अत्यास; अत्याहट। २. डर; त्रास। ३. पीर; चिन्ता।

आतेपाते–ना० [ने०] विधि नपुगेको हड़बड़को पूजा; मन नलगाएर कर-बलले गरिएको पूजा।

आत्तिइनु–अ० क्रि० [आत्ति+इ+नु] आत्तिने काम होइनु; अत्यासमा परिनु; ('आत्तिनु'-को भा० क्रि०)।

आत्तिनु–अ० क्रि० [आतस+इ+नु] १. आतुसमा पर्नु; अत्त्यासमा पर्नु; आतिनु। २. कहालिनु; डराउनु। ३. तर्सनु; दच्कनु।

आत्तुरी–ना० [सं० आतुर+ई] आतुरी।

आत्था–वि० बो. [ने०] आगोले पोल्दा, काँड़ाले घोच्दा, चिसो पानी छ्यापिँदा आत्तिएर बोलिने पीडा-सूचक शब्द; आच्छू।

आत्थू–वि० बो० [आत्था] आत्था।

आत्म-कथा–ना० [सं०] आफैले लेखे वा भनेको आफ्नो जीवनी; आत्म-चरित्र

आत्मगत–वि० [सं०] मनको; दिलको; स्वगत।

आत्म-गौरव–ना० [सं०] आफ्नो बढ़ाइँ; आत्म-प्रतिष्ठा; आत्म-सम्मान।

आत्म-घात–ना० [सं०] आफूले आफैलाई मार्नु; आत्म-हत्या।

आत्म-घाती–वि० [सं०] आफैले आफूलाई मार्ने; आत्म-हत्या गर्ने।

आत्म-चरित–ना० [सं०] आफैले लेखे वा भनेको आफ्नो जीवन-कथा; आत्म-कथा।

आत्म-चरित्र–ना० [सं०] आफैले लेखेको वा भनेको आफ्नो जीवन-कहानी; आत्म-कथा।

आत्मज–ना० [सं०] १. छोरो; पुत्र। २. कामदेव।

आत्म-ज्ञान–ना० [सं०] आत्मा र परमात्मा-सम्बन्धी ज्ञान; ब्रह्म-ज्ञान; तत्त्व-ज्ञान।

आत्म-त्याग–ना० [सं०] १. अर्काका निमित्त स्वार्थ छोड्नु; स्वार्थ-त्याग। २. आत्म-हत्या।

आत्म-त्यागी–वि० [सं०] आत्म-त्याग गर्ने; स्वार्थ-त्याग गर्ने।

आत्म-निवेदन–ना० [सं०] आफूसमेत आफ्नो सर्वस्व इष्ट देवतालाई चढ़ाउनु; आत्म-समर्पण।

आत्म-निर्भर–ना० [सं०] आफूमै निर्भर रहनु; आफ्नै भरोसामा रहनु।

आत्म-निष्ठ–वि० [सं०] आत्मामा निष्ठा राख्ने; आत्म-विद्याको खोजीमा लागेको।

आत्मनेपद–ना० [सं०] संस्कृत-व्याकरणमा धातुमा लाग्ने प्रसिद्ध दुइ किसिमका प्रत्ययमध्ये एक।

आत्म-प्रशंसा–ना० [सं०] आफ्नो तारीफ आफै गर्नु; आत्म-श्लाघा।

आत्म-बल–ना० [सं०] आत्माको शक्ति; मानसिक बल।

आत्म-बोध–ना० [सं०] आत्म-ज्ञान; तत्त्व-ज्ञान।

आत्म-भू–वि० [सं०] १. आफै उत्पन्न भएको; स्वयं पैदा भएको। (ना०) २. ब्रह्मा। ३. विष्णु। ४. शिव। ५. कामदेव। ६. छोरो।

आत्म-मानी–वि० [सं०] घमन्डी; स्वाभिमानी।

आत्मम्भरि–वि० [सं०] आफ्नो मात्र पेट भर्ने; देवता, अतिथि आदिको सत्कार नगरी खाने; उदरम्भरि।

आत्म-रक्षा–ना० [सं०] आफ्नो रक्षा; आफ्नो बचाउ।

आत्म-वञ्चक–वि० [सं०] आफूले आफैलाई ठग्ने; आफैलाई धोखा दिने।

CC-0. In Public Domain. Digitization by eGangotri

आत्म-वञ्चना—ना० [सं०] आफूले आफैलाई ठग्नु; आफूलाई आफैले धोखा दिनु।
आत्मवाद—ना० [सं०] अध्यात्मवाद।
आत्मवादी—वि० [सं०] आत्मवादको अनुसरण गर्ने; अध्यात्मवादी।
आत्म-विक्रय—ना० [सं०] आफूले आफैलाई बेच्नु; आफ्नो स्वतन्त्रता बेच्नु।
आत्म-विक्रयी—वि० [सं०] आफूले आफैलाई बेच्ने; आत्म-विक्रय गर्ने।
आत्म-विचार—ना० [सं०] आत्म-तत्त्व-सम्बन्धी मनन; आध्यात्मिक विवेचन।
आत्म-विद्या—ना० [सं०] आत्मा र परमात्मा-सम्बन्धी ज्ञान; ब्रह्म-विद्या; अध्यात्म-विद्या।
आत्म-विश्वास—ना० [सं०] आफ्नो शक्ति र योग्यतामा हुने विश्वास।
आत्म-विश्वासी—वि० [सं०] आफ्नो शक्ति र योग्यतामा विश्वास गर्ने; आत्म-विश्वास गर्ने।
आत्म-विस्मृति—ना० [सं०] आफूलाई आफैले बिर्सनु; स्वयं आफूलाई भुल्नु।
आत्म-वृत्तान्त—ना० [सं०] आत्म-कथा।
आत्म-शुद्धि—ना० [सं०] १. आत्माको शुद्धि; आत्म-संस्कार। २. मनको पवित्रता; चित्त-शुद्धि। ३. देह-शुद्धि; आफूलाई पवित्र पार्नु।
आत्म-श्लाघा—ना० [सं०] आफूले गरेको आफ्नै प्रशंसा; आत्म-प्रशंसा।
आत्म-श्लाघी—वि० [सं०] आफ्नो प्रशंसा आफै गर्ने; आत्म-प्रशंसा गर्ने।
आत्म-संयम—ना० [सं०] आफ्नो मन तथा इन्द्रियलाई वशमा राख्नु।
आत्म-संयमी—वि० [सं०] इन्द्रिय र मनलाई वशमा राख्ने; आत्म-संयम गर्ने।
आत्म-समर्पण—ना० [सं०] आफूलाई अर्काको हातमा सुम्पनु; अर्काको वशमा हुनु।
आत्मसात्—वि० [सं०] १. आफ्नो अधिकारमा ल्याइएको; अधिकृत। २. आफूमा गाभिएको; आफूमा मिलाइएको।
आत्म-सिद्ध—वि० [सं०] आफै-आफ हुने; विनाप्रयास हुने।
आत्म-हत्या—ना० [सं०] आफूले आफैलाई मार्नु; आफैले गरेको आफ्नो हत्या; आत्म-घात।
आत्मा—ना० [सं०] १. मन वा अन्तःकरणका व्यापारको ज्ञान गराउने सत्ता; जीवात्मा। २. मन; चित्त; हृदय।
आत्मानुभूति—ना० [सं०] आत्म-ज्ञान; तत्त्व-ज्ञान।
आत्माभिमान—ना० [सं०] आफ्नो इज्जत र प्रतिष्ठाको ख्याल; स्वाभिमान; आत्म-गौरव।
आत्माभिमानी—वि० [सं०] आत्माभिमान भएको; स्वाभिमानी।
आत्माराम—ना० [सं०] १. आत्मा-ज्ञानी योगी; आत्मामा लीन भएको व्यक्ति। २. जीव; ब्रह्म। ३. सुगा।
आत्मावलम्बी—ना० [सं०] आफ्नै भरमा सबै काम गर्ने व्यक्ति; कुनै काममा पनि अर्काको भरोसामा नरहने व्यक्ति।
आत्मिक—वि० [सं०] १. आत्मा-सम्बन्धी। २. आफ्नू। ३. मानसिक।
आत्मीय—वि० [सं०] १. निजी; आफ्नो। (ना०) २. आफ्नो मान्छे; स्वजन। ३. इष्ट-मित्र; नातेदार; कुटुम्ब। ४. मन मिलेको मानिस; हित-चित्त मिलेको व्यक्ति।
आत्मीयता—ना० [सं०] १. आत्मीय हुनाको भाव; आफ्नोपन। २. मैत्री; स्नेह-सम्बन्ध।
आत्मोत्सर्ग—ना० [सं०] अर्काको उपकारका निमित्त आफ्नो सुख-दुःखको ख्याल नगर्नु; परोपकारमा आफ्नो जीवन-सम्म समर्पण गर्नु; आत्म-त्याग।
आत्मोद्धार—ना० [सं०] आफ्नो आत्मालाई सांसारिक दुःख-बाट मुक्त गर्नु; ब्रह्ममा मिल्नु; मोक्ष।
आत्मोन्नति—ना० [सं०] १. आत्माको उन्नति। २. आफ्नू उन्नति; आफ्नो तरक्की।
आत्मोपजीवी—वि० [सं०] आफ्नै परिश्रमबाट जीविका गर्ने; स्वावलम्बी।
आत्मोपम—वि० [सं०] आफूजस्तो; आफूसमानको।
आत्यन्तिक—वि० [सं०] १. चरम सीमामा पुगेको; अत्यधिक। २. असीमित।
आत्ययिक—वि० [सं०] १. अत्यन्त जरूरी; अत्यावश्यक। २. नाश गर्ने; विध्वंसक।
आत्रामात्रा—क्रि० यो० [ने०] सानो-तिनो चीज-बीज; जेतेमेते; खत्र्याक-खुत्रुक।
आत्रेय—वि० [सं०] १. अत्रि गोत्र भएको; अत्रि गोत्रमा जन्मेको। (ना०) २. अत्रिका छोरा; दत्तात्रेय।
आत्रेयी—ना० [सं०] १. प्रसिद्ध एक तपस्विनी; वेदान्त-विद्याकी एक प्रसिद्ध विदुषी। २. रजस्वला स्त्री। ३. अत्रि गोत्रमा जन्मेकी स्त्री।
आदत—ना० [अ०] १. स्वभाव; प्रकृति। २. बानी; बेहोर। ३. लत; व्यसन।
आदतन्—क्रि० यो० [अ०] आदतबाटै; स्वभावैले।
आदम—ना० [अ०] इस्लाम धर्मानुसार आदि-पुरुष।
आदमी—ना० [अ० आदम] मानिस; मनुष्य।
आदर—ना० [सं०] १. सत्कार; सम्मान। २. मान-भाउ; कदर। ३. प्रतिष्ठा; इज्जत।
आदरणीय—वि० [सं०] आदर गर्न योग्य; सम्माननीय।
आदर-भाउ—ना० [सं० आदर+भाव] सत्कार; मान-भाउ; इज्जत; प्रतिष्ठा, आदर-भाव।
आदर-भाव—ना० [सं०] १. सम्मान; आदर भाउ; मान-भाउ। २. स्वागत; सत्कार।
आदर्य—वि० [सं०] आदर गर्न योग्य; आदरणीय।
आदर्श—ना० [सं०] १. ऐना; दर्पण। २. रूप र गुणको अनुकरण

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न योग्य व्यक्ति, पदार्थ वा सिद्धान्त। ३. नमूना। ४. टीका; व्याख्या।

आदर्शवाद–ना० [सं०] मानिसले सधैँ आदर्श वा असल कुरालाई लक्ष्य तुल्याएर त्यसको सिद्धि वा प्राप्तिको निम्ति सबै काम गर्नुपर्दछ र संसार अवश्य नै सर्वाङ्ग सुन्दर र सुखद हुनेछ भन्ने सिद्धान्त।

आदर्शवादी–वि० [सं०] आदर्शवाद मान्ने; आदर्शवादको अनुयायी।

आदर्श-विज्ञान–ना० [सं०] कल्पना आदिबाट विवेचना गरिने विज्ञानको एक शाखा।

आदर्शित–वि० [सं०] देखाइएको; प्रदर्शित; आदर्शको रूपमा पेश गरिएको।

आदर्शीकरण–ना० [सं०] कुनै वस्तु वा कार्यलाई आदर्शको रूपमा गर्नु।

आदाता–वि० [सं०] लिने; ग्रहण गर्ने; प्राप्त गर्ने।

आदान–ना० [सं०] लिनु; ग्रहण गर्नु।

आदान-प्रदान–ना० [सं०] दिनु-लिनु; लेन-देन।

आदि–ना० [सं०] १. शुरू; आरम्भ; प्रारम्भ। २. यस्तै अरू-अरू; इत्यादि। (वि०) ३. पहिलो; प्रथम। ४. शुरूको; प्रारम्भिक। ५. मुख्य; प्रधान।

आदिक–अव्य० [सं०] लगायत; आदि; इत्यादि।

आदि-कवि–ना० [सं०] १. प्रथम प्रभाव-शाली कवि; परम्परा खड़ा गर्ने प्रारम्भका कवि। २. वाल्मीकि। ३. भानुभक्त।

आदि-कारण–ना० [सं०] १. सृष्टिको मूल कारण। २. ईश्वर वा प्रकृति।

आदित–क्रि० यो० [सं०] पहिलेदेखि; प्रथमतः।

आदित्य–ना० [सं०] १. सूर्य; रवि। २. आइत-बार।

आदित्य-पत्र–ना० [सं०] पहेँलो सूर्य-भक्ति फूल।

आदित्य-भक्ता–ना० [सं०] सूर्य-भक्ति।

आदित्य-वार–ना० [सं०] सप्ताहको पहिलो वार; आइत-बार; रवि-वार।

आदि-नाथ–ना० [सं०] शिव।

आदि-पुरुष–ना० [सं०] १. सृष्टिको पहिलो पुरुष। २. कुल, गोत्र वा वंशको पहिलो व्यक्ति; कुल-पुरुष। ३. पुर्खा। ४. परमेश्वर। ५. विष्णु।

आदिभूत–वि० [सं०] शुरूमा पैदा भएको; आरम्भमा उत्पन्न।

आदिम–वि० [सं०] १. पहिलो; प्रथम। २. पुरानो; प्राचीन।

आदिम-जाति–ना० [सं०] कुनै देशमा सबैभन्दा पहिले बसोवास गर्ने मनुष्य-जाति; आदि जाति।

आदिम-निवासी–ना० [सं०] आदि-वासी।

आदि-मान–ना० [सं०] पहिलो मान; प्रथम सत्कार।

आदि-वासी–ना० [सं०] कुनै भू-भागमा पहिलेदेखि बसोबास गरिआएको जाति; आदिम-निवासी।

आदि-शक्ति–ना० [सं०] महामाया; दुर्गा।

आदिष्ट–वि० [सं०] आदेश दिइएको; आज्ञा-प्राप्त।

आदी–वि० [अ०] कुनै कुरामा आदत बसेको; अभ्यस्त।

आदृत–वि० [सं०] आदर गरिएको; सम्मानित।

आदेना–ना० [ने०] जई।

आदेय–वि० [सं०] लिन हुने; लिन योग्य।

आदेश–ना० [सं०] १. मन्त्री वा उच्चाधिकारीबाट कुनै कामका निमित्त दिइने निकासा-पुकासा-सम्बन्धी आज्ञा। २. सन्देश; खबर। ३. उपदेश; अर्ती। ४. गोरख-मतानुयायी साधुहरूले नमस्कार गर्दा उच्चारण गर्ने शब्द। ५. संस्कृत व्याकरण-शास्त्रानुसार एक अक्षरका स्थानमा अर्को अक्षर आउनु; अक्षर-परिवर्तन।

आदेशक–वि० [सं०] आदेश दिने; आज्ञा दिने।

आद्य–वि० [सं०] १. पहिलेको; पहिलो; प्रारम्भिक। २. प्रधान; मुख्य।

आद्यन्त–क्रि० यो० [सं०] शुरूदेखि आखिरसम्म; आदिदेखि अन्त्यसम्म।

आद्या–ना० [सं०] १. दुर्गा। २. दश महाविद्यामध्ये एक। ३. प्रतिपदा तिथि।

आद्याक्षर–ना० [सं०] १. प्रथम अक्षर; पहिलो अक्षर। २. कुनै नाम वा शब्दको छोटकरीमा सङ्केत गर्नाका निमित्त लेखिने नाम वा शब्दको पहिलो अक्षर। (उदा०—नेपाल एकेडेमी ने० ए०। नेपाली भाषा-प्रकाशिनी समिति ने० भा० प्र० स०।)

आद्याक्षरित–वि० [सं०] नाम वा शब्दका आदि अक्षरले मात्र छोटकरीमा जनाइएको वा हस्ताक्षर गरिएको।

आद्योपान्त–क्रि० यो० [सं०] १. तलदेखि माथिसम्म; आदिदेखि अन्त्यसम्म। २. सबै; सम्पूर्ण।

आधर्षण–ना० [सं०] १. दण्ड; सजाय। २. खण्डन।

आधर्षित–वि० [सं०] सजाय गरिएको; दण्डित।

आधा–वि० [प्रा० अद्ध] कुनै वस्तुको दुइ बराबर भागमध्ये एक; अर्ध।

आधा-आधी–वि० [आधा+आधा+ई] करीब-करीब आधा; आधाजसो; झन्डै आधा।

आधान–ना० [सं०] १. राख्नु; स्थापन। २. लिनु; प्राप्त गर्नु। ३. फिर्ता गर्नु। ४. बन्धक; धरोट।

आधार–ना० [सं०] १. कुनै वस्तु अड्ने वा रहने ठाउँ; आश्रय। २. सहारा; आलम्बन। ३. टेको।

आधारभूत–वि० [सं०] आधारिक।

आधारिक–वि० [सं०] १. आधार भएको; आश्रय भएको। २. आधार-सम्बन्धी; आधारभूत।

आधारित–वि० [सं०] आधारमा रहेको; आश्रित; आलम्बित।

आधारी–वि० [सं०] १. आधार लिने; सहारा लिने; आश्रय लिने। २. साधु-संन्यासीहरूले चिन्तन गर्दा हात अड्याउने डल्ल्याँठाका आकारको साधन; आड़ा।

आधि–ना० [सं०] १. मानसिक पीडा; मनको दुःख; चिन्ता। २. बन्धक; धरोट।

आधिकरणिक–वि० [सं०] १. हाकिम; प्रमुख अधिकारी;

CC-0. In Public Domain. Digitization by eGangotri

अध्यक्ष। २. न्यायाधीश।

आधिकारिक–वि० [सं०] १. कुनै प्रकारको अख्तियार पाएको; अधिकार-युक्त; साधिकार। (ना०) २. अधिकार प्राप्त व्यक्ति; अधिकारी।

आधिकारिकी–ना० [सं०] १. कुनै विशेष अधिकार प्रयोग गर्ने व्यक्तिहरूको समूह; अधिकारीहरूको समुदाय। २. न्यायाधीशहरूको समूह।

आधिक्य–ना० [सं०] १. अधिक हुनाको भाव; अधिकता। २. सबैभन्दा असल हुनाको भाव; सर्वोत्कृष्टता।

आधिदैविक–वि० [सं०] १. देवताद्वारा प्रेरित; देवताद्वारा गरिने। २. भूत, प्रेत आदिबाट हुने। ३. भाग्यले हुने।

आधिपत्य–ना० [सं०] प्रभुत्व; स्वामित्व; अधिपति हुनाको भाव।

आधिभौतिक–वि० [सं०] १. बाघ, भालू, सर्प आदि प्राणीबाट हुने (दुःख); शरीरधारी वा जीवबाट हुने (कष्ट)। २. प्राणी-सम्बन्धी।

आधिराज्य–ना० [सं०] १. अधिराजको पद वा अधिकार। २. आधिपत्य; प्रभुत्व।

आधिवेदनिक–ना० [सं०] दोस्रो विवाह गर्ने पुरुषले पहिलेकी स्त्रीलाई सन्तोषका निमित्त दिने धन।

आधि-व्याधि–ना० [सं०] मानसिक र शारीरिक पीडा।

आधुनिक–वि० [सं०] हाल-सालको; आज-कालको; नयाँ।

आधुनिकता–ना० [सं०] आधुनिक हुनाको भाव; नवीनता।

आधेय–ना० [सं०] १. कुनै आधारमाथि राखिएको वस्तु; आश्रित वस्तु। (वि०) २. राखिएको; स्थापित गरिएको।

आध्यात्मिक–वि० [सं०] १. अध्यात्म-सम्बन्धी; आत्मा-सम्बन्धी। २. ब्रह्म वा जीव-सम्बन्धी।

आनक–ना० [सं०] १. नगरा; ठूलो ढोल। २. गर्जने बादल।

आन-का-तान–वि० [ने०] ज्यादै; धेरै; अत्यन्त ठूलो (फरक)।

आनत–वि० [सं०] १. निहुरेको; झुकेको; नुहेको। २. नम्र; विनयी।

आनति–ना० [सं०] १. झुक्नु; निहुरनु। २. प्रणाम गर्नु; नमस्कार गर्नु। ३. सत्कार; सम्मान।

आनद्ध–वि० [सं०] १. बाँधिएको; गाँसिएको। २. मोहोरिएको; ढाकिएको। (ना०) ३. ढोल, मृदङ्ग आदि बाजा। ४. पोशाक; वस्त्र।

आनन–ना० [सं०] १. मुख; चेहरा; मुहार। २. अध्याय; परिच्छेद।

आनन्द–ना० [सं०] १. कुनै अभीष्ट वस्तु प्राप्त हुँदा वा शुभ कार्य सम्पन्न हुँदा हुने मनोभाव; हर्ष; प्रसन्नता; खुशी। २. कुनै आपत्ति नआइपर्नु। ३. सन्चो; सजिलोपन। ४. सुख-दुःख, हर्ष-विषाद आदि भाव-रहित अवस्था।

आनन्दक–वि० [सं०] आनन्द दिने।

आनन्दथु–वि० [सं०] १. प्रसन्न; हर्षित। (ना०) २. प्रसन्नता; हर्ष।

आनन्दन–वि० [सं०] १. आनन्द दिने; आनन्द-दायक। (ना०) २. आनन्द दिनु; हर्षित पार्नु।

आनन्द-मङ्गल–ना० [सं०] १. सामूहिक रूपमा मनाइने उत्सव। २. आनन्द; खुशी; प्रसन्नता।

आनन्द-मत्ता–ना० [सं०] रति-क्रीडाको आनन्दमा मत्त भएकी प्रौढा नायिका; आनन्द-सम्मोहिता।

आनन्दमय–वि० [सं०] १. हर्षपूर्ण; सुख-युक्त। २. परब्रह्म।

आनन्दमय-कोश–ना० [सं०] वेदान्त-शास्त्रानुसार आत्माका पाँच कोश वा आवरणमध्ये एक।

आनन्ददायी–वि० [सं०] आनन्द दिने; हर्षप्रद।

आनन्द-सम्मोहिता–ना० [सं०] सम्भोगको आनन्दमा अत्यन्त निमग्न र मुग्ध भएकी प्रौढा नायिका; आनन्द-मत्ता।

आनन्दाश्रु–ना० [सं०] ज्यादै आनन्द भएका वेलामा आउने आँसु; हर्षाश्रु।

आनन्दित–वि० [सं०] आनन्दमा निमग्न भएको; हर्षित; प्रसन्न।

आनन्दी–वि० [सं०] १. मन-मोजी; शौकीन; सोखी। २. सधैँ प्रसन्न रहने; हर्षित।

आनमित–वि० [सं०] झुकाइएको; निहुराइएको।

आनयन–ना० [सं०] ल्याउनु; उपस्थित गराउनु।

आनर्तन–ना० [सं०] नाच्नु; नृत्य।

आनर्थक्य–ना० [सं०] उपयोग नहुनाको भाव; निरर्थकता।

आना–ना० [सं० आणक] १. चार पैसाको समुदाय; रुपियाँको पच्चीसौँ भाग। २. सोह्र भागको एक भाग (जमीन; सम्पत्ति आदि)।

आनाकानी–ना० [सं० अनाकर्णन] आल-टाल; आनेकाने।

आनामानी–वि० [ने०] यता-न-उताको; अलपत्र परेको; अलत्रको।

आना-सुका–ना० [आना+सुका] मोहरभन्दा घटी चानचुन पैसा; खुदरा पैसा।

आनीत–वि० [सं०] ल्याइएको; उपस्थित गराइएको।

आनी-बानी–ना० [(फाँ०) आनी+बानी] चाल-चलन; चरित्र; शील-स्वभाव।

आनु–ना० [सं० अन्ध] अन्धो।

आनुकूलिक–वि० [सं०] अनुकूल पारिएको; उपयुक्त तुल्याइएको।

आनुकूल्य–ना० [सं०] १. अनुकूल हुनाको भाव; अनुकूलता; उपयुक्तता। २. अनुग्रह; कृपा।

आनुतोषिक–ना० [सं०] सन्तुष्ट पार्नाका निमित्त दिइने धन आदि।

आनुपातिक–वि० [सं०] अनुपात-सम्बन्धी; अनुपातको दृष्टिबाट ठीक ठहरिएको; अनुपात मिलेको।

आनुपूर्विक–वि० [सं०] क्रम मिलेको; सिलसिला मिलेको।

आनुपूर्वी–वि० [सं०] एकपछि अर्को भएको; क्रमानुसारको।

आनुमानिक–वि० [सं०] अनुमान गरिएको; अटकल गरिएको।

आनुमानु–ना० [ने०] १. जस्ताको-तस्तो हुनु; साबिकबमोजिम हुनु। २. साधारण व्यवहारमा लेन-देन गरिने थोरै जिन्सी

CC-0. In Public Domain. Digitization by eGangotri

वा नगद।

आनुलोमिक–वि० [सं०] १. सिलसिला मिलेको; क्रम-बद्ध। २. अनुकूल; उपयुक्त।

आनुवंशिक–वि० [सं०] वंश-परम्पराबाट प्राप्त; पुर्ख्यौली; वंशानुगत।

आनुवृत्तिक–वि० [सं०] अनुवृत्ति-सम्बन्धी; वृत्ति पाएको; पेन्सिनीयर।

आनुवेश्य–ना० [सं०] नजीकको छिमेकी; निकटवर्ती छर-छिमेकी।

आनुश्राविक–वि० [सं०] परम्परादेखि सुनेर आएको; अनुश्रुतिअनुसारको; कर्ण-परम्पराबाट सुनिएको।

आनुषङ्गिक–वि० [सं०] ठूलो कामको साथ-साथ थोरै प्रयासले सिद्ध हुने; साथ-साथै हुने; गौण; प्रासङ्गिक।

आनृत–वि० [सं०] सधैँ झूटो बोल्ने।

आनृशंस–वि० [सं०] १. दयालु; दयावान्। (ना०) २. कोमलता।

आने–वि० [आना+ए] चार पैसाको; एक आना मोल पर्ने; चार-पैसे।

आनेकाने–ना० [सं० अनाकर्णन] आनाकानी।

आन्तरिक–वि० [सं०] १. भित्रको; भित्री। २. मनको; मानसिक।

आन्दोलक–वि० [सं०] हल्लाउने; आन्दोलन गर्ने।

आन्दोलन–ना० [सं०] १. यता-उति हल्लनु; झुल्नु। २. हल-चल; उथल-पुथल।

आन्दोलित–वि० [सं०] हल्लाइएको; झुलाइएको।

आन्द्रो–ना० [सं० अन्त्र] प्राणीका पेटभित्रको मल निकाल्ने, गुद-द्वारसम्म पुगेको नली; आँत।

आन्त्रो–ना० [सं० अन्त्र] आन्द्रो।

आप–ना० [सं०] पानी।

आपक्व–वि० [सं०] अलि-अलि पाकेको; राम्ररी नपाकेको।

आपजात्य–ना० [सं०] गुणको दृष्टिले उत्पादक वा जनक-भन्दा कमसल हुनु।

आपण–ना० [सं०] १. पसल; दुकान; २. हाट; बजार।

आपणिक–ना० [सं०] पसले; व्यापारी।

आपत्–ना० [सं०] सङ्कट; फसाद; मुश्किल।

आपतिक–वि० [सं०] १. अचानकको; आकस्मिक; दैवी। (ना०) २. बाज पक्षी।

आपत्काल–ना० [सं०] आपत् परेको समय; दुःखको वेला; दुर्दिन।

आपत्कालिक–वि० [सं०] आपत्कालमा हुने; सङ्कट-कालीन।

आपत्कालीन–वि० [सं०] आपत्कालको; सङ्कट-कालको; आपत् परेका वेलामा हुने वा भएको।

आपत्ति–ना० [सं०] १. आपत्; विपत्ति। २. बिचल्ली। ३. बाधा।

आपत्ति-पत्र–ना० [सं०] १. कुनै काम वा विषयमा परि-आएको असुविधा, विघ्न आदिको विवरण लेखिएको पत्र। २. बाधा देखाइएको पत्र।

आपत्य–वि० [सं०] सन्तान-सम्बन्धी; सन्तानको।

आपद्–ना० [सं०] विपत्; विपत्ति; आपत्; आपत्ति।

आपदा–ना० [सं०] विपत्; विपत्ति।

आपद्-ग्रस्त–वि० [सं०] आपत्मा परेको; सङ्कटमा परेको।

आपद्-धर्म–ना० [सं०] आपद्का समयमा मात्र अपनाइने विशेष कर्तव्य।

आपन्न–वि० [सं०] आपद्मा परेको; आपद्-ग्रस्त।

आपराधिक–वि० [सं०] १. अपराध-सम्बन्धी; अपराधको। २. अपराधी; अपराध-शील।

आपराह्णिक–वि० [सं०] अपराह्णको; बेलुकी-पखको।

आपस–ना० [आफू] आफ्नो वर्ग; आफू-आफू; परस्पर; आपस्त; स्वजन; आत्मीय व्यक्ति।

आपसी–वि० [आपस+ई] आपसको; आफू-आफूको।

आपस्त–ना० [आपस] १. आत्मीय व्यक्ति; आफन्त। (वि०) २. विश्वस्त; भर-पत्यार भएको।

आपात–ना० [सं०] १. खस्नु। २. अकस्मात् कुनै घटना हुनु। ३. आक्रमण; धावा।

आपाततः–अव्य० [सं०] १. तुरुन्त; तत्काल। २. अचानक; अकस्मात्। ३. अन्त्यमा; आखिरमा। ४. सरसरी हेर्दा; साधारण दृष्टिले विचार गर्दा।

आपातिक–वि० [सं०] अचानक भएको; अकस्मात् घटेको।

आपान–ना० [सं०] मानिसहरू मिलेर मद्य-पान गर्नु; जँड्चाहा-हरू मिलेर मदिरा पिउनु।

आपानक–ना० [सं०] १. मद्य-पान गर्नेहरूको समूह; मद्य-पान-गोष्ठी; मद्य-पान-मण्डली। २. मदिरा बेच्ने वा बनाउने ठाउँ।

आपान-गोष्ठी–ना० [सं०] मद्य-पान गर्ने मण्डली; मद्य-पान-गोष्ठी।

आपीन–ना० [सं०] कल्चौँडो।

आपूरण–ना० [सं०] भर्नु; पूर्ण गर्नु।

आपूरित–वि० [सं०] राम्ररी भरिएको; भरिभराउ भएको।

आपेक्षिक–वि० [सं०] १. अपेक्षा राख्ने; सापेक्ष। २. अरूको भरोसामा रहने; आश्रित।

आप्त–वि० [सं०] १. पाएको; प्राप्त। २. कुशल; दक्ष। ३. विश्वस्त; विश्वसनीय। (ना०) ४. विश्वस्त व्यक्ति; आत्मीय मानिस। ५. योग-शास्त्रानुसार शब्द-प्रमाण।

आप्त-काम–वि० [सं०] १. इच्छा पूर्ण भएको; चिताएको कुरो पुगेको। २. सांसारिक कामना त्याग गरेको।

आप्त-कारी–वि० [सं०] १. गुप्त रूपले काम गर्ने। २. विश्वस्त अनुचर।

आप्त-वर्ग–ना० [सं०] आत्मीय वर्ग; मित्र-मण्डली।

आप्ति–ना० [सं०] १. प्राप्ति; लब्धि। २. पुग्नु; मिल्नु। ३. समाप्ति; पूर्णता।

CC-0. In Public Domain. Digitization by eGangotri

आप्पै–वि० बो० [ने०] ज्यादै तातो, ज्यादै चिसो वा बिझ्ने वस्तु छुँदा पीडा बुझाउने शब्द; आच्छु।

आप्य–वि० [सं०] १. पानी-सम्बन्धी। २. प्राप्य।

आप्रच्छन–ना० [सं०] १. बिदा माग्नु; जाने अनुमति माग्नु। २. स्वागत गर्नु। ३. बधाई दिनु।

आप्रच्छन्न–वि० [सं०] छिपेको; गुप्त।

आप्लवन–ना० [सं०] १. नुहाउनु; स्नान। २. डुबुल्की मार्नु; गोता लाउनु।

आप्लावित–वि० [सं०] १. डुबाइएको। २. नुहाइएको। ३. भिजाइएको।

आप्लुत–वि० [सं०] १. नुहाएको। २. भिजेको।

आफन्त–ना० [आफू+अन्त] १. आपस्त; आपस। २. नातेदार; आत्मीय। ३. हितैषी; शुभेच्छु।

आफल-ताफल–ना० [आफल्+ताफल (फाँ०)] १. फालाफाल; मिल्कामिल्की। २. छेलो-खेलो।

आफल-तोरी–ना० [ने०] प्रायः सागमात्र खाइने एक जातको ठूलो तोरी; पानी-तोरी।

आफलसिङ–वि० [ने०] बेवास्तासँग मिल्किएको; फालिएको; फाल्तू।

आफलाइ–ना० [आफल्+आइ] आफल्ने किसिम, क्रिया वा भाव।

आफलिनु–स० क्रि० [आफल्+इ+नु] आफालिनु; फ्याँकिनु; ('आफल्नु'-को क० क्रि०)।

आफल्नु–स० क्रि० [आफाल्नु] फाल्नु; फ्याँक्नु; मिल्काउनु।

आफस–ना० [आफू] आपस।

आफ-से-आफ–क्रि० यो० [हिं० आपसे आप] आफै-आफ; स्वयमेव।

आफस्त–ना० [आफस] आपस्त।

आफालाइ–ना० [आफल्+आइ] आफल्ने किसिम, क्रिया वा भाव।

आफालिनु–स० क्रि० [आफाल्+इ+नु] आफालिने काम गरिनु; फ्याँकिनु; फालिनु; ('आफाल्नु'-को क० क्रि०)।

आफाल्नु–स० क्रि० [आ+फाल्नु] फाल्नु; फ्याँक्नु; मिल्काउनु।

आफिस–ना० [अं० ऑफिस] अड्डा।

आफुस–ना० [आफू] आपस।

आफू–सर्व०ना० [सं० आत्म] १. स्वयम्; खास आफै। २. तपाईं।

आफू-खुशी–क्रि० यो० [आफू+खुशी] १. आफ्नो इच्छानुसार; मनमाफिक; राजी-खुशीले। (वि०) २. इच्छानुसारको।

आफैं–क्रि० यो० [आफू+नै] १. आफू नै; स्वयम् न। २. तपाईं न; यहाँ नै।

आफैं-आफ–क्रि० यो० [आफैं+आफू] १. कसैको प्रयत्नबाट नभएर; स्वयमेव; आफ-से-आफ। (वि०) २. आफूलाई आफै ठूलो सम्झने; मैमत्त।

आफ्नू–वि० [आफू] आफ्नो; निजी; स्वकीय।

आफ्नो–वि० [आफ्नू] आफ्नू; निजी; स्वकीय।

आबकारी–[फा०] १. जाँड़-रक्सी बेच्ने वा बनाउने ठाउँ; भट्टी। २. जाँड़-रक्सी बनाउने काम; भट्टी-सम्बन्धी काम। ३. भट्टी-सम्बन्धी काम-काज गर्ने सरकारी अड्डा। ४. मादक पदार्थ-सम्बन्धी सरकारी अड्डा।

आबद्ध–वि० [सं०] बाँधिएको; बन्धनमा परेको।

आबन्ध–ना० [सं०] १. बन्धन। २. बाँध्ने डोरी; दाम्लो। ३. गहना। ४. शृङ्गार।

आबन्धक–वि० [सं०] बाँध्ने; बन्धनमा पार्ने।

आबन्धन–ना० [सं०] बाँध्ने डोरी; दाम्लो।

आबरू–ना० [फा०] १. इज्जत; मान; प्रतिष्ठा। २. लाज; शरम।

आबर्जे–ना० [फा० आबारः] गोश्वारा लगत वा आम्दानी-खर्चहरूबाट एक किसिमका कित्ता एकै ठाउँमा पर्ने गरी रकम-कलम छुट्ट्याई लेखिएको कागत।

आब-हवा–ना० [फा०] सर्दी-गर्मी वा स्वास्थ्यको दृष्टिबाट कुनै देशको प्राकृतिक स्थिति; जल-वायु।

आबाद–वि० [फा०] बस्ती बसेको; कमौत; अबाद।

आबादी–ना० [फा०] १. बस्ती; बसोबास भएको ठाउँ। २. जन-सङ्ख्या; जन-समूह। ३. खन-जोत गरेको जमीन।

आबा-न-काबा–वि० [ने०] बेहोशी; शुद्धी-न-बुद्धिको।

आबा-न-चाबा–वि० [ने०] अर्थ-न-बर्थको; व्यर्थको।

आबाल–क्रि० यो० [सं०] बालकदेखि लिएर; बालकलगायत।

आबाल-वनिता–क्रि० यो० [सं०] स्वास्नी-मान्छे, केटा-केटी-लगायत; स्त्री, बालकसमेत।

आबाल-वृद्ध–क्रि० यो० [सं०] बालकदेखि लिएर बूढ़ोसम्म; बूढ़ो, बालकलगायत सबै।

आभरण–ना० [सं०] १. गहना; आभूषण। २. पालन-पोषण; भरण-पोषण।

आभा–ना० [सं०] १. चमक; कान्ति; दीप्ति। २. झलक; प्रतिबिम्ब; छाया।

आभार–ना० [सं०] १. बोझ; भारी। २. गृहस्थीको भार; परिवारको रेख-देख गर्ने अभिभारा। ३. कृतज्ञता।

आभारी–वि० [सं०] १. अर्काको उपकार मान्ने; उपकृत। २. कृतज्ञ।

आभास–ना० [सं०] १. मिथ्या ज्ञान; भान; झझल्को। २. छाया; प्रतिबिम्ब। ३. झलक।

आभिजात्य–ना० [सं०] १. उत्तम कुल वा वर्गको हुनाको भाव; कुलीनता; श्रेष्ठता। २. विद्वत्ता; पाण्डित्य। ३. सौन्दर्य; सुन्दरता।

आभिधानिक–वि० [सं०] १. अभिधान-कोशमा लेखिएको। (ना०) २. शब्द-कोषका निर्माता; कोश-कार।

आभिमुख्य–ना० [सं०] मुखेन्जी हुनु; सम्मुख पर्नु।

आभिषेचनिक–वि० [सं०] राज्याभिषेक-सम्बन्धी; राजतिलकसित सम्बन्ध राख्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

आभीर–ना० [सं०] ग्वाला; अहीर; गोप।
आभूषण–ना० [सं०] १. गहना; अलङ्कार; आभरण। २. सजावट; श्रृङ्गार।
आभूषित–वि० [सं०] १. सजाइएको; सिंगारिएको; अलङ्कृत। २. सुशोभित; शोभायमान।
आभोग–ना० [सं०] १. गोलाइ; बाटुलो आकार। २. विस्तार; फैलाव। ३. साँपको फिंजाएको फणा। ४. भोग-विलास।
आभ्यन्तर–वि० [सं०] भित्रको; भित्री; अभ्यन्तरको।
आभ्यन्तर-कोप–ना० [सं०] १. भित्री रीस; इबी। २. मन्त्री, सेना-पति, पुरोहित आदिले गरेको विद्रोह।
आभ्यन्तरिक–वि० [सं०] भित्रको; भित्री; भित्रिया; आभ्यन्तर।
आभ्यासिक–वि० [सं०] अभ्यास-सम्बन्धी; अभ्यासबाट भएको।
आभ्युदयिक–वि० [सं०] १. अभ्युदय-सम्बन्धी। (ना०) २. कुनै मङ्गल-कार्यमा पितृहरूका उद्देश्यले गरिने श्राद्ध; वृद्धि-श्राद्ध।
आम्–अव्य० [सं०] स्वीकृति; निश्चय आदि सूचक शब्द; अँ; हो।
आम–ना० [सं०] १. रोग; व्याधि। २. आउँ; मासी। (वि०) ३. नपाकेको; काँचो।
आम–वि० [फा०] १. मामूली; सामान्य; साधारण। २. सर्व-साधारण; जनता।
आमद–ना० [फा०] आम्दानी; आय।
आमने-सामने–ना० यो० [(फाँ०) आमने+सामुन्ने] एक अर्कोको सम्मुख; मुखामुख गरेर; आमुन्ने-सामुन्ने।
आमन्त्रण–ना० [सं०] १. निम्तो; निमन्त्रण। २. पुकार्नु; बोलाउनु। ३. सल्लाह; परामर्श।
आमन्त्रणा–ना० [सं०] आमन्त्रण।
आमन्त्रयिता–वि० [सं०] निम्तो गर्ने; निमन्त्रण दिने।
आमन्त्रित–वि० [सं०] बोलाइएको; निम्तो गरिएको; निमन्त्रित; निम्तारो।
आमय–ना० [सं०] १. रोग; व्याधि। २. अपच; अजीर्ण।
आमरण–अव्य० [सं०] बाँचुन्जेल; नमरुन्जेल; मर्ने वेलासम्म।
आमरणान्त–वि० [सं०] बाँचुन्जेल रहने; नमरुन्जेल रहने।
आमरणान्तिक–क्रि० यो० [सं०] बाचुन्जेलको; मरण-पर्यन्तको।
आमर्ष–ना० [सं०] १. रीस; क्रोध। २. असहिष्णुता। ३. अपमानबाट भएको क्षोभ।
आमलक–ना० [सं०] अमला।
आमलकी–ना० [सं०] १. अमला। २. फाल्गुन शुक्ल एकादशी।
आम-वात–ना० [सं०] आउँ दिसा हुने, जीउ पहेँलो भई सुनिने रोगविशेष।
आम-सभा–ना० [फा० आम+सभा (सं०)] सर्व-साधारण जनताका अगाडि गरिएको खुला सभा।
आमा–ना० [सं० अम्बा] आफूलाई जन्माउने स्त्री; जननी; माता; महतारी।
आमाज्यू–ना० [आमा+ज्यू] पोइकी दिदी।
आमातिसार–ना० [सं०] वार-वार आउँ दिसा हुने रोग-विशेष।
आमात्य–ना० [सं०] मन्त्री।
आमान्न–ना० [सं०] काँचो अन्न ; नपाकेको अनाज।
आमावास्य–वि० [सं०] १. औँसीको; औँस्याहा। (ना०) २. औँसी।
आमाशय–ना० [सं०] खाएको पदार्थ रहने पेटभित्रको थैली; पाक-स्थली।
आमिक्षा–ना० [सं०] १. मही; मट्ठा। २. दूध फटाएको छोक्रा; छेना।
आमिश्रा–ना० [सं०] राज-भक्त र राज-द्रोही समान रूपले रहेको देश वा प्रान्त।
आमिष–ना० [सं०] १. मासु; मांस। २. हविष्यान्न खानुपर्ने व्रतहरूमा खान नहुने खानेकुरो।
आमिषाशी–वि० [सं०] मासु खाने; मांसाहारी।
आमिषुक–ना० [सं०] काजू।
आमुक्त–वि० [सं०] मुक्त गरिएको; छोड़िएको।
आमुक्ति–ना० [सं०] मुक्ति; मोक्ष; छुटकारा।
आमुख–ना० [सं०] १. शुरू; प्रारम्भ। २. नाटकको प्रस्तावना। (ना० यो०) ३. अगाड़ि; सम्मुख। ४. प्रस्तावना; भूमिका।
आमुन्ने-सामुन्ने–ना० यो० [(फाँ०) आमुन्ने+सामुन्ने] परस्परमा एक अर्काको सामुन्ने; सामुन्ने-सामन्ने; मुखामुख।
आमुष्मिक–वि० [सं०] पर-लोक-सम्बन्धी; पारलौकिक।
आमूल–अव्य० [सं०] जरासम्म; मूलपर्यन्त।
आमै–ना० [आमा] १. आमा; जननी। २. बज्यै; बूढ़ी आमा। ३. आमाजस्तै मान्य स्त्री। (वि० बो०) ४. तर्सँदा, झस्कँदा वा आश्चर्य हुँदा बोलिने शब्द; आम्मै।
आमोद–ना० [सं०] १. आनन्द; हर्ष; खुशीयाली। २. दिल-बहलाउ; रमिता। ३. सुगन्ध; सुवास।
आमोदन–ना० [सं०] १. हर्ष; प्रसन्नता। २. बास्ना आउने पार्नु; सुगन्धित पार्नु।
आमोद-प्रमोद–ना० [सं०] भोग-विलास; मन-मोज; सुख-चैन।
आमोदित–वि० [सं०] १. प्रसन्न पारिएको वा भएको; खुशी पारिएको वा भएको; हर्षित। २. सुगन्धित; सुवासित।
आमोदी–वि० [सं०] १. प्रसन्न रहने; हर्षित हुने। २. सुवासित; खुशबूदार।
आमोली–ना० [ने०] केटा-केटीका खेलमा आफूलाई खेलबाट केही समय अलग राख्नाका निमित्त गरिने सङ्केत; फुक्की।
आम्खोरा–ना० [फा० आबखोरः] पेट फुकेको, केही सानो घाँटी र खुला मुख भएको लाम्चो किसिमको पानी खाने भाँड़ो।

CC-0. In Public Domain. Digitization by eGangotri

आम्खोरी–ना० [आम्खोरा+ई] सानो किसिमको आम्खोरा।

आम्दानी–ना० [फा० आमदनी] १. आउने धन; आय। २. आयस्ता। ३. लाभ; प्राप्ति।

आम्नात–वि० [सं०] १. विचार गरिएको; चिन्तन गरिएको। २. अध्ययन गरिएको। ३. उद्धृत; उल्लिखित।

आम्नाय–ना० [सं०] १. वेद; श्रुति। २. परम्परागत परिपाटी; कुलको रीति-रिवाज। ३. परम्पराबाट आएको उपदेश; गुरुबाट प्राप्त शिक्षा। ४. सल्लाह; मन्त्रणा; परामर्श।

आम्मे–प्रत्य० [सं०मय] अरू शब्दको पछिल्तिर लागेर बहुलता र व्याप्तिको अर्थ बुझाउने शब्द (उदा०–जल+आम्मे-जलाम्मे; नीलो+आम्मे नीलाम्मे इत्या०)।

आम्मै–वि०बो०[आमा] भय,आश्चर्य आदि सूचक शब्द; आमै।

आम्र–ना० [सं०] १. आँपको रूख। २. आँप।

आम्र-गन्धा–ना० [सं०] आम्र-हरिद्रा।

आम्र-हरिद्रा–ना० [सं०] आँपको जस्तो बास्ना आउने एक जातको हलेदो; आम्र-गन्धा।

आम्रात–ना० [सं०] अमारोको रूख; अमारो।

आम्रातक–ना० [सं०] अमारोको रूख; अमारो।

आम्ल–ना० [सं०] १. अमिलीको रूख; अमिली। २. अमिलो स्वाद; अमिलोपन।

आम्लिका–ना० [सं०] अमिलीको बोट; अमिली।

आय–ना० [सं०] १. आउने धन; आम्दानी। २. लाभ; प्राप्ति।

आय-कर–ना० [सं०] आम्दानीमा लाग्ने कर।

आयत–वि० [सं०] १. फराकिलो; विस्तृत। २. लामो। ३. दीर्घ; विशाल। (ना०) ४. लम्बाइ।

आयतन–ना० [सं०] १. घर; गृह। २. ठाउँ; स्थान। ३. मन्दिर; देवालय। ४. अग्नि-कुण्ड; यज्ञ-वेदी।

आयति–ना० [सं०] १. विस्तार; लम्बाइ। २. भविष्यत्-काल; उत्तर-काल। ३. पछि हुने लाभ।

आयत्त–वि० [सं०] १. अधीन; पराधीन; पर-तन्त्र। २. आश्रित; अवलम्बित।

आय-व्यय–ना० [सं०] १. आम्दानी-खर्च। २. लाभ-हानि।

आय-व्ययिक–ना० [सं०] भविष्यमा केही निश्चित कालसम्म हुने आम्दानी-खर्चको आनुमानिक हिसाब; बजेट।

आयस्ता–ना० [आय] १. जग्गा-जमीन आदिबाट नियत रूपमा हुने आम्दानी; स्थायी आय। २. लाभ; प्राप्ति।

आयात–ना० [सं०] १. विदेशबाट आउने माल-सामान; पैठारी। (वि०) २. विदेशबाट खरीद गरेको; झिकाएको (माल-सामान)। ३. आएको; आगत।

आयात-निर्यात–ना० [सं०] निकासी-पैठारी।

आयाति–ना० [सं०] आउनु; आउने काम।

आयाम–ना० [सं०] १. लम्बाइ। २. विस्तार; फैलावट।

आयास–ना० [सं०] १. परिश्रम; मेहनत। २. यत्न; प्रयत्न; कोशिश। ३. थकाइ।

आयु–ना० [सं०] १. जन्मेदेखि मरुन्ज्यालसम्मको समय; आयुष्य; आयुर्दा। २. वय; उमेर।

आयुक्त–वि० [सं०] १. जोड़िएको; संयुक्त। २. भर्ना भएको; नियुक्त। (ना०) ३. आयोगको सदस्य वा अध्यक्ष; कमिश्नर।

आयुत–वि० [सं०] मिलाइएको; मिश्रित।

आयुध–ना० [सं०] हतियार; शस्त्र; अस्त्र।

आयुधिक–वि० [सं०] १. हतियार-सम्बन्धी; शस्त्र-सम्बन्धी। (ना०) २. सिपाही; योद्धा।

आयुधी–वि० [सं०] १. हतियार भिर्ने; शस्त्र धारण गर्ने। (ना०) २. सिपाही; योद्धा।

आयुधीय–वि० [सं०] १. हतियार भिर्ने; शस्त्र-धारी। (ना०) २. सैनिक; योद्धा।

आयुर्दा–ना० [सं०आयु] आयु।

आयुर्वेद–ना० [सं०] आयु-सम्बन्धी शास्त्र; चिकित्सा-शास्त्र; वैद्य-विद्या; वैदाङ्ग।

आयुर्वेदिक–वि० [सं०] आयुर्वेद-सम्बन्धी; आयुर्वेदीय।

आयुर्वेदीय–वि० [सं०] आयुर्वेद-सम्बन्धी; चिकित्सा-शास्त्र-सम्बन्धी; वैदाङ्गी।

आयु-शेष–ना० [सं०] बाँकी रहेको आयु; शेष जीवन।

आयुष–ना० [सं०] आयु; जीवन-काल।

आयुष्मान्–वि० [सं०] १. चिरञ्जीवी; दीर्घ-जीवी। २. जिउँदो; जीवित।

आयुष्य–ना०[सं०] १. आयु; जीवन-काल। २. उमेर। (वि०) ३. आयु बढ़ाउने; दीर्घायु तुल्याउने।

आयोग–ना० [सं०] १. कुनै तोकिएको काम गर्नाका निमित्त सरकारद्वारा गरिएको कर्मचारीहरूको नियुक्ति। २. सरकारी विशेष कामका निमित्त नियुक्त गरिएका कर्मचारीहरूको समूह; कमिसन।

आयोगव–ना० [सं०] आमा वैश्य र बाबु शूद्रबाट पैदा भएको सन्तान।

आयोजक–वि० [सं०] आयोजन गर्ने; प्रबन्ध गर्ने।

आयोजन–ना० [सं०] १. कुनै कामको निमित्त पहिलेदेखि गरिएको प्रबन्ध; इन्तजाम; बन्दोबस्त। २. कसैलाई कुनै काममा लगाउनु; नियुक्ति। ३. मिलाउनु; जोड्नु। ४. उद्योग। ५. सामग्री; सामान।

आयोजना–ना० [सं० आयोजन+आ] आयोजन।

आयोजित–वि० [सं०] आयोजन गरिएको; बन्दोबस्त गरिएको।

आयोधन–ना० [सं०] १. युद्ध; लड़ाइँ। २. युद्ध-स्थल; रण-भूमि। ३. मार्नु; वध।

आरक्त–वि० [सं०] हलका रातो; रातो-रातो।

आरक्षक–ना० [सं०] १. रक्षा गर्ने व्यक्ति; रक्षक। २. पुलीस।

CC-0. In Public Domain. Digitization by eGangotri

आरक्षिक–वि० [सं०] १. रक्षा गर्ने व्यक्ति; रक्षक। २. पुलीस।

आरक्षी–वि० [सं०] रक्षा गर्ने; रक्षक; पुलीस।

आरचित–वि० [सं०] व्यवस्था गरिएको; तयार पारिएको।

आरण्य–वि० [सं०] १. जङ्गली; बनुवा; जङ्गलको। (ना०) २. जङ्गल; वन। ३. खन-जोत नगरी पैदा भएको अन्न; जङ्गली अन्न। ४. जङ्गली जनावर।

आरण्यक–वि० [सं०] १. बनुवा; जङ्गली। (ना०) २. वनमा रहने मानिस; वन-वासी। ३. वानप्रस्थको कार्य-विवरण लेखिएको वेदको एक भाग।

आरण्य-कुक्कुट–ना० [सं०] जङ्गली कुखुरो; लुइँचे।

आरति–ना० [सं० आरात्रिक] १. देवताको पूजामा धूप, बत्तीहरू बाली घुमाउने क्रिया; निराजन। २. धेरै मुख भएको बत्ती बाल्ने भाँडो। ३. देवताको बेलुकाको पूजा।

आरति-स्याउँली–ना० [आरति+स्याउँली(?)] विवाहमा दुलही भित्र्याउने दुवेलामा दुलहाका दिदी-बहिनीहरूले गर्ने आरति; निराजन।

आरती–ना० [सं० आरात्रिक] आरति।

आरती–ना० [ने०] झ्याल-ढोकाको माथिल्लो खुरा अड्याउने प्वाल भएको तेर्सो काठ।

आरन–ना० [ने०] कौ, कामी आदिको फलाम पोल्ने अगेनु; फलाम पोल्ने भट्टा।

आरब्ध–वि० [सं०] १. शुरू गरिएको; आरम्भिक। (ना०) २. शुरू; आरम्भ।

आरब्धि–ना० [सं०] शुरू; आरम्भ।

आरभट–ना० [सं०] हिम्मत; साहस।

आरभटी–ना० [सं०] १. क्रोध, रौद्रता, भयानकता आदि उग्र भावको चेष्टा। २. रौद्र, वीर, भयानक रस आदिको वर्णनमा प्रयोग गरिने एक साहित्यिक वृत्ति।

आरमण–ना० [सं०] आनन्द लिनु; आरामी लिनु।

आरम्भ–ना० [सं०] शुरू; उठान; प्रारम्भ।

आरम्भक–वि० [सं०] शुरू गर्ने; थाल्ने; आरम्भ गर्ने।

आरम्भण–ना० [सं०] १. समाउनु; पक्रनु। २. हातो; मूठ।

आरम्भतः–अव्य० [सं०] शुरूदेखि; पहिलेदेखि; थालेदेखि।

आरम्भ-निष्पत्ति–ना० [सं०] १. चाहिँदो माल तयार पार्नु; अभाव-पूर्ति गर्नु। २. वस्तु उत्पन्न गर्दा हुने खर्च। ३. उपलब्धि।

आरम्भिक–वि० [सं०] शुरूको; आरम्भको; पहिलेको; प्रारम्भिक।

आरम्भी–वि० [सं०] १. आरम्भ गर्ने; थाल्ने। २. नयाँ-नयाँ योजना तयार गर्ने। ३. साहसी; आँटी।

आरव–ना० [सं०] शब्द; आवाज।

आरसी–ना० [ने०] १. धातुको नेपाली प्राचीन ऐना। २. स्वस्थानी देवीको पूजा गरिने प्रतिमा।

आरा–ना० [सं०] दुइ जना भएर ठूलठूलो काठ चिर्ने ठूलो किसिमको करौँती।

आराधक–वि० [सं०] आराधना गर्ने; उपासक; पूजक।

आराधन–ना० [सं०] पूजा; उपासना; आराधना।

आराधना–ना० [सं०] १. पूजा; उपासना। २. सम्मान; सेवा।

आराधनीय–वि० [सं०] आराधना गर्न योग्य; पूज्य।

आराधित–वि० [सं०] आराधना गरिएको; पूजित; सेवित।

आराध्य–वि० [सं०] आराधन गर्न योग्य; पूजनीय; आराधनीय।

आराम–ना० [सं०] १. थकाइ मार्नु; श्रम-शान्ति। २. सन्चो; निको। ३. सुख; चैन। ४. बगैँचा; उपवन।

आराम-कुर्सी–ना० [सं० आराम+कुर्सी] एक किसिमको लामो, आरामसाथ पल्टन हुने कुर्सी।

आराम-गृह–ना० [सं०] १. आराम लिने घर वा ठाउँ। २. विश्राम लिने ठाउँ; विश्राम-स्थान।

आराम-बिराम–ना० [सं० आराम+बिरामी] सन्चो-बिसन्चो; सुख-दुःख।

आरामी–वि० [सं० आराम+ई] १. आरामको; आराम-सम्बन्धी। २. आराम चाहने; विलास-प्रिय। ३. अल्सी; सुस्त।

आरारूट–ना० [अं०] १. लामो भेट्नामा लामा र ठूला पात हुने, खैरा धर्काहरू भएको सेता कन्द हुने एक बर्खे बोट। २. त्यसैको कन्द वा कन्दको पीठो। (यसको पीठो हलुका र पथ्य भएकोले बिरामीलाई खुवाउने, बिस्कुट आदि बनाउने कामहरूमा उपयोग गरिन्छ।)

आरारोट–ना० [अं० आरारूट] आरारूट।

आरालिक–ना० [सं०] भान्से।

आरि–ना० [सं०] अरारी।

आरिसे–वि० [सं० ईर्ष्या+ए] अर्काको सुख-सम्पत्ति देखेर डाह गर्ने; डाढे।

आरिस्याइँ–वा० [आरिसे+याइँ] आरिसे हुनाको भाव।

आरी–ना० [नें०] अचार हाल्ने काठ, माटा आदिको भाँड़ो।

आरी–ना० [सं०] अरारी।

आरु–ना० [सं०] १. लाम्चा पात, कलेजी रङ्ग मिसिएका सेता साना-साना फूल र फुस्रो फल हुने एक बोट। २. त्यसैको फल। (यो तीतो, अमिलो, गुलियो आदि धेरै जातको हुन्छ।)

आरुक–ना० [सं०] आरु।

आरुण–वि० [सं०] १. अरुण-सम्बन्धी। २. रछायो रङ्गको।

आरु-पाते–ना० [आरु+पात+ए] आरुको जस्तो पात हुने घाँसविशेष।

आरूक–ना० [सं०] आलू-बखड़ा।

आरूढ–वि० [सं०] १. चढ़ेको; कुनै चीजमाथि बसेको। २. तत्पर; सन्नद्ध।

आरूढ-यौवना–ना० [सं०] १. उमेर पुगेकी युवती। २. मध्या नायिकाका चार भेदमध्ये एक।

CC-0. In Public Domain. Digitization by eGangotri

आरो–ना० [सं० आर] १. जुत्ता सिउने सियो। २. घोच्ने फलामे तीखो हतियार।

आरोग्य–ना० [सं०] रोग नहुनु; स्वास्थ्य; तन्दुरुस्ती।

आरोग्य-शाला–ना० [सं०] बिरामीहरूलाई औषधी गर्ने ठाउँ; चिकित्सालय; अस्पताल।

आरोप–ना० [सं०] १. कसैलाई कुनै खराब काम गरेको दोष लाउनु; अभियोग; फरेब। २. एक पदार्थमा अर्को पदार्थको गुणको कल्पना गर्नु। ३. रोप्नु; घुसार्नु।

आरोपक–वि० [सं०] १. आरोप लाउने; फत्तुर लाउने। २. बोट-बिरुवा आदि रोप्ने।

आरोपण–ना० [सं०] १. चढ्नु; उक्लनु। २. राख्नु; बिसाउनु। ३. बिरुवा, बोट आदि लगाउनु; रोप्नु। ४. दोष लाउनु; आरोप। ५. झूटो कल्पना; भ्रम।

आरोपयिता–वि० [सं०] १. आरोप लाउने; दोष लाउने। २. रोप्ने; लाउने (बोट, बिरुवा)।

आरोपित–वि० [सं०] १. आरोप लगाइएको; फरेब लगाइएको। २. सारिएको; रोपिएको (बोट, बिरुवा)।

आरोप्य–वि० [सं०] १. आरोप लाउन योग्य। २. सार्न योग्य; रोप्न योग्य (बोट, बिरुवा)।

आरोह–ना० [सं०] १. चढ्ने मानिस; सवार। २. चढ्नु; उक्लनु। ३. अग्लो जमीन; उच्च स्थान। ४. सङ्गीतमा निम्न स्वरबाट क्रमशः स्वर चढ़ाउँदै लानु। ५. चढ़ाइ; धावा।

आरोहक–वि० [सं०] १. चढ्ने; उक्लने। २. सारथी; सवार।

आरोहण–ना० [सं०] १. चढ्नु; उक्लनु। २. सिँढ़ी; भऱ्याङ। ३. टुसाउनु; पलाउनु। ४. नाच, गान आदि गर्नका निमित्त बनाइएको अग्लो स्थान; मञ्च।

आरोही–वि० [सं०] १. चढ्ने; उक्लने। (ना०) २. घोड़-चढ़ी; सवार। ३. सङ्गीतमा षड्जदेखि निषाधसम्म उत्तरोत्तर चढ्दै जाने स्वर-साधन।

आर्घो–ना० [ने०] गुरुङ-जातिको शुद्ध-शान्ति; घ्या; घेवा।

आर्जन–ना० [सं०] कमाइ; आम्दानी।

आर्जनु–स० क्रि० [आर्जन+नु] कमाउनु; आम्दानी गर्नु; आर्जन गर्नु।

आर्जव–ना० [सं०] १. सीधापन; सोझो हुनाको भाव। २. सरलता; सुगमता। ३. नम्रता।

आर्जिनु–स० क्रि० [आर्ज+इ+नु] आर्जन गरिनु; कमाइनु; ('आर्जनु'-को क० क्रि०)।

आर्डिनेन्स–ना० [अं० ऑर्डिनेन्स] अध्यादेश।

आर्त–वि० [सं०] १. पीडा भएको; पीडित। २. दुःखी। ३. बिरामी; अस्वस्थ।

आर्तगला–ना० [सं०] नीलो-सहचर।

आर्त-नाद–ना० [सं०] दुःखले कराएको आवाज; करुण क्रन्दन।

आर्तव–वि० [सं०] १. ऋतु-सम्बन्धी; ऋतुमा उत्पन्न हुने। (ना०) २. स्त्रीको नछुने हुँदा निस्कने रक्त; स्त्री-रज; पुष्प।

आर्ति–ना० [सं०] १. दुःख; क्लेश। २. रोग; पीडा। ३. मनको दुःख; चिन्ता।

आर्थ–वि० [सं०] १. वस्तु-सम्बन्धी। २. अर्थ-सम्बन्धी; तात्पर्य-सम्बन्धी।

आर्थिक–वि० [सं०] १. तात्पर्य-सम्बन्धी; अर्थसित सम्बन्ध राख्ने। २. धन-सम्पत्ति-सम्बन्धी; वित्तीय।

आर्द्र–वि० [सं०] १. भिजेको; चिसो। २. गीलो; नरम। ३. रस-युक्त; रसिलो। ४. पग्लेको।

आर्द्रक–वि० [सं०] १. भिजेको; चिसो। २. गीलो; नरम। (ना०) ३. अदुवा।

आर्द्रता–ना० [सं०] आर्द्र हुनाको भाव; चिसोपन।

आर्द्रा–ना० [सं०] १. सत्ताईस नक्षत्रमध्ये एक; छैटौं नक्षत्र। २. अदुवा।

आर्धिक–वि० [सं०] अधियाँमा काम गर्ने; अधियार।

आर्घ्य–वि० [सं०] १. भीर-माहुरीको; माहुरी-सम्बन्धी। (ना०) २. भीर-माहुरीको मह।

आर्य–वि० [सं०] १. उत्तम; श्रेष्ठ। २. पूज्य; मान्य। (ना०) ३. श्रेष्ठ पुरुष; उत्तम कुलमा जन्मेको व्यक्ति। ४. सानाले ठूलालाई गर्ने सम्बोधन। ५. एक अति प्राचीन सभ्य जाति।

आर्यक–ना० [सं०] १. मान्य व्यक्ति; आदरणीय व्यक्ति। २. बाजे; पितामह।

आर्य-धर्म–ना० [सं०] १. आर्यहरूको धर्म; सनातन धर्म; हिन्दू-धर्म। २. सदाचार; उत्तम आचरण।

आर्य-पुत्र–ना० [सं०] १. मान्य जनको छोरो। २. गुरु-पुत्र। ३. नायिकाले नायकलाई गर्ने सम्बोधन।

आर्यव–ना० [सं०] सज्जनसित गर्न योग्य व्यवहार; ईमानदारी।

आर्य-समाज–ना० [सं०] पौराणिक रीति र मूर्ति-पूजा नमान्ने, केवल वेदलाई मान्ने, स्वामी दयानन्द सरस्वतीले चलाएको एक धार्मिक समाज।

आर्य-समाजी–वि० [सं० आर्य-समाज+ई] आर्य-समाजको अनुयायी; आर्य-समाजको सिद्धान्त मान्ने।

आर्या–ना० [सं०] १. पार्वती; दुर्गा। २. मान्य स्त्री। ३. सासू। ४ प्रथम र तृतीय चरणमा बाह्र-बाह्र, द्वितीयमा अठार र चतुर्थ चरणमा पन्ध्र मात्रा हुने एक छन्द।

आर्यावर्त्त–ना० [सं०] विन्ध्याचलदेखि हिमालयसम्म र पश्चिमी समुद्रदेखि पूर्वी समुद्रसम्मको विस्तृत भूमि; आर्यहरूको निवास-स्थान।

आर्याष्टाङ्ग-मार्ग–ना० [सं०] बुद्धद्वारा प्रतिपादित दुःख-निवृत्तिका आठ मार्ग।

CC-0. In Public Domain. Digitization by eGangotri

आर्ष–वि० [सं०] १. ऋषि-सम्बन्धी; ऋषिहरूद्वारा प्रयोग गरिएको। २. वैदिक।

आर्ष-प्रयोग–ना० [सं०] ऋषिहरू वा ठूलठूला विद्वान्हरूले प्रयोग गरेको तर व्याकरणका सामान्य नियममा नमिल्ने शब्दको प्रयोग।

आर्ष-विवाह–ना० [सं०] कन्याका पिताले वरसित दुइटा बैल लिएर गरिदिने विवाह; धर्म-शास्त्रानुसार आठ प्रकारका विवाहमध्ये एक।

आर्सी–ना० [आरसी] आरसी।

आलक्षित–वि०[सं०] देखिएको; सुनिएको; अनुभव गरिएको।

आलक्ष्य–वि० [सं०] देखिने; देखिएको।

आलग्न–वि० [सं०] टाँसिएको; जोल्टिएको।

आलङ्कारिक–वि० [सं०] १. अलङ्कार-सम्बन्धी; अलङ्कार-सित सम्बन्ध राख्ने। (ना.) २. अलङ्कार-शास्त्रको ज्ञाता। ३. अलङ्कार भएको; अलङ्कार-युक्त।

आल-टाल–क्रि०यो० [अलमल+टलनम् (सं०)] १. मन नलागेको काम गर्नुपर्दा यता-उति गरी विलम्ब गर्ने किसिम; आले-टाले; आनाकानी। २. टार-टुर।

आलपिन–ना० [पुर्त० अल्फिनेट] कागज-पत्र नत्थी गर्ने टाउको भएको एक किसिमको सियो।

आलमारी–ना० [पुर्त० आलमारियो] खानै-खाना भएको एक किसिमको ठाडो सन्दूक; दराज।

आलमाल–ना० [ने०] माल-मत्ता; झिटी-मिटी; असबाब।

आलम्ब–ना० [सं०] १. आश्रय; सहारा। २. शरण।

आलम्बन–ना० [सं०] १. आश्रय; सहारा; अवलम्ब। २. काव्य-रसको कारण; काव्य-रस-निष्पत्तिको कारण। ३. साधन; कारण।

आलम्बित–वि० [सं०] भरोसामा रहेको; आश्रित।

आलम्बी–वि० [सं०] आलम्बन लिने; सहारा लिने; आश्रयी।

आलम्भ–ना० [सं०] १. समाउनु; पक्रनु। २. काट्नु; वध।

आलम्भन–ना० [सं०] १. समाउनु; पक्रनु। २. काट्नु; वध गर्नु।

आलम्भी–वि०[सं०] १. समाउने; पक्रने। २. वध गर्ने; काट्ने।

आलय–ना० [सं०] १. घर; गृह। २. आधार; आश्रय। ३. ठाउँ; स्थान।

आलर्क–वि० [सं०] बहुलाहा कुकुरको (विष)।

आलवाल–ना० [सं०] पानी अड्याउनाका निमित्त बोट-बिरुवाको वरि-परि लाउने डील; आली।

आलस–ना० [सं० अतसी] गहतजस्तो थेप्चो, तेल निस्कने अन्नविशेष; तिसी।

आलस–वि० [सं०] १. अल्सी; जाँगर-मरुवा। (ना०) २. अल्सीपन; आलस्य।

आलस-तालस–क्रि० यो० [सं० आलस+तालस (फा०)] थकाइ, गर्मी, पीडा, रोग आदिले बेचैन हुने किसिम; लख तरान।

१२

आलसी–वि० [आलस+ई] अल्सी।

आलस्य–ना० [सं०] काम गर्न मन नहुनु; अल्सीपन; अनुत्साह; सुस्ती।

आलान–ना० [सं०] १. हात्ती बाँध्ने खम्बा; खमारी। २. हात्ती बाँध्ने ठूलो डोरी वा सिक्री। ३. बन्धन।

आलान-स्तम्भ–ना० [सं०] हात्ती बाँध्ने खम्बा; खमारी।

आलाप–ना० [सं०] १. कुराकानी; बात-चीत। २. बयान; विवरण। ३. सङ्गीतको तान।

आलापक–वि० [सं०] १. कुराकानी गर्ने; बात-चीत गर्ने। २. गाना गाउने; आलाप लिने।

आलाप-विलाप–ना० [सं०] आफ्नो मनको दुःख पोख्तै रुँदै गर्नु; अलाप-विलाप।

आलापित–वि० [सं०] १. आलाप लिइएको; गाइएको। २. कुराकानी गरिएको।

आलापी–वि० [सं०] १. बोल्ने; कुरा गर्ने। २. गाना गाउने; आलाप लिने।

आलाबु–ना० [सं०] तुम्बा; लौका; अलाबु।

आलाम–वि० [सं०] तमाम; सम्पूर्ण; यावत्।

आलावर्त–ना० [सं०] कपडाको पङ्खा।

आलि–ना० [सं०] १. सँगी; साथी; आली। २. बिच्छी। ३. भँवरो; भ्रमर। ४. रेखा; पङ्क्ति। ५. पुल; सेतु।

आलि–ना० [सं० आलवाल] आली (खेत, बारी आदिको)।

आलिखित–वि० [सं०] लेखिएको; चित्रित।

आलिङ्गन–ना० [सं०] अङ्कमाल; अँगालो; बाँहा-जोरी।

आलिङ्गित–वि० [सं०] आलिङ्गन गरिएको; अँगालिएको।

आलिङ्गी–वि० [सं०] १. अँगाल्ने; आलिङ्गन गर्ने। (ना०) २. मादल।

आलिङ्ग्य–वि० [सं०] १. अङ्कमाल गर्न योग्य; अँगालो हाल्न योग्य। (ना०) २. मृदङ्ग।

आलिञ्जर–ना० [सं०] माटाको घडा; गाग्रो।

आलिप्त–वि० [सं०] लिपिएको; पोतिएको।

आलिम्पन–ना० [सं०] लिप्नु; पोत्नु।

आली–ना० [सं० आलवाल] खेत, बारी आदिको सिमाना छुट्याउनाका निमित्त वा पानी अड्याउनाका निमित्त लगाइने माटाको डील।

आली–ना० [सं०] १. सखी; साथी। २. पङ्क्ति; रेखा। ३. बाँध। ४. पुल। ५. वंश।

आलीढ–ना० [सं०] १. चाटिएको; ल्यापल्याप गरिएको। २. लडाइँमा दाहिने घुँडा अगि सारेर हुङ्कारपूर्वक रहने स्थिति।

आलीन–वि० [सं०] १. अँगालिएको; आलिङ्गन गरिएको। २. टाँसिएको। ३. पग्लेको।

आलु–ना० [सं० आलुक] १. गोलभडाको जस्तो पात, पहेँला केशर हुने, सेता फूल, फूल झरेपछि पहेँला फल लाग्ने र गोल कन्द हुने सानो बोट। २. त्यसैको प्रसिद्ध कन्द।

CC-0. In Public Domain. Digitization by eGangotri

आलुक–ना० [सं०] आलु ।
आलुञ्चन–ना० [सं०] लुछ्नु; चुँड्नु ।
आलुण्टन–ना० [सं०] बलात्कार खोस्नु; लुट्नु ।
आलुल–वि० [सं०] हल्लिएको; अस्थिर ।
आलुलित–वि० [सं०] हल्लिएको वा हल्लाइएको; अस्थिर ।
आलू–ना० [सं० आलुक] आलु ।
आलूक–ना० [सं०] आलु ।
आलूचा–ना० [फा० आलूच] एक जातको पहेँलो र सानो आलू-बखड़ा ।
आलू-बखड़ा–ना० [फा० आलू-बुख़ारा] १. लामा-लामा पात, साना-साना सेता फूल, गुलियो र अमिलो मिसिएको स्वादका गोल फल हुने एक बोट । २. त्यसैको फल । (यो सानो-ठूलो विभिन्न जातको हुन्छ ।)
आलेख–ना० [सं०] लिखत; लेखोट ; लेख ।
आलेखन–ना० [सं०] १. लेख्नु; लेखन । २. चित्र लेख्नु ।
आलेखनी–ना० [सं०] १. कूची । २. पेन्सिल; कलम ।
आलेख्य–ना० [सं०] १. तस्वीर; चित्र । २. लेख । (वि०) ३. लेख्न योग्य ।
आले-टाले–क्रि० यो० [आल-टाल] आल-टाल ।
आलेप–ना० [सं०] शरीरमा घस्ने सुगन्धी द्रव्य ।
आलेपन–ना० [सं०] शरीरमा सुगन्धी द्रव्य लाउनु ; घस्नु ।
आलैखिक–वि० [सं०] आलेख-सम्बन्धी ।
आलो–वि० [सं० आर्द्र०] १. रसिलो; नओइलाएको । २. ताजा ; साजी ।
आलोक–ना० [सं०] १. उज्यालो; प्रकाश । २. हेराइ; हेर्नु ।
आलोकन–ना० [सं०] १. देख्नु ; हेर्नु । २. विचार गर्नु ; सोच्नु ।
आलोकनीय–वि० [सं०] १. हेर्न योग्य । २. विचार गर्न योग्य; चिन्तनीय ।
आलोक-पथ–ना० [सं०] आँखाले देखिने ठाउँ ; दृष्टि-पथ ।
आलोकित–वि० [सं०] १. देखिएको; हेरिएको । २. प्रकाशित गरिएको; उज्यालो पारिएको । ३. चम्केको; चम्काइएको; चम्किलो ।
आलोचक–वि० [सं०] १. आलोचना गर्ने; समीक्षक । २. देख्ने ।
आलोचन–ना० [सं०] १. गुण-दोषको विवेचना गर्नु; पारख गर्नु; समीक्षा । २. देख्नु ।
आलोचना–ना० [सं०] गुण र दोषको विवेचना; समीक्षा; टीका-टिप्पणी ।
आलोचनीय–वि० [सं०] आलोच्य ।
आलोचित–वि० [सं०] आलोचना गरिएको; समीक्षित ।
आलोच्य–वि० [सं०] आलोचना गर्न योग्य वा गरिएको; आलोचनीय ।
आलोडन–ना० [सं०] १. हुँड़ल्नु ; मथ्नु । २. छान-बीन गर्नु; विचार गर्नु ।
आलोडित–वि० [सं०] मथिएको; हुँड़लिएको ।
आलो-पालो–ना० [(फाँ०) आलो+पालो] १. एकपछि अर्कोको पालो ; परस्परको पालो । (क्रि० यो०) २. पालैसँग ; पालो-पालो गरेर ।
आलोल–वि० [सं०] १. केही हल्लिएको ; चञ्चल । २. टल्पलाएको ।
आलोलित–वि० [सं०] हल्लाइएको; कँपाइएको ।
आल्तू-फाल्तू–वि० [(फाँ०) आल्तु+फाल्तू] १. नबोलाईकन आएका ; बिनाकाममा आएका । २. अनावश्यक ; बेकम्मा ।
आवत-जावत–ना० [आउ+जा] १. बराबर आउनु-जानु ; ओहोर-दोहोर । २. बस-उठ ।
आवधिक–वि० [सं०] अवधिको ; मर्यादाको ।
आवपन–ना० [सं०] १. रोप्नु ; लाउनु (बोट, बिरुवा) । २. छर्नु (बीउ) । ३. खौरनु ; मुण्डन गर्नु ।
आवरक–ना० [सं०] १. पर्दा ; छेकाबार । (वि०) २. छेक्ने ; ढाक्ने ।
आवरण–ना० [सं०] १. ढाक्नु ; छोप्नु । २. बिर्को ; ढकना । ३. घेर्नु ; बेर्नु । ४. पर्दा ; छेकाबार । ५. अर्काको प्रहार वा हतियार रोक्ने साधन ; ढाल ।
आवरण-पत्र–ना० [सं०] कुनै पुस्तकको जिल्दामाथि सौन्दर्य, सुरक्षा आदिका निमित्त हालिने आवरण; जिल्द; गाता ।
आवरण-पृष्ठ–ना० [सं०] आवरण-पत्र ।
आवरिका–ना० [सं०] सानो-तिनो पसल ।
आवर्जक–वि० [सं०] चित्तलाई खिँच्ने ; आकर्षक ।
आवर्जन–ना० [सं०] १. निहुरनु ; झुक्नु । २. छोड्नु ; परित्याग ।
आवर्जित–वि० [सं०] १. छोड़िएको ; त्यागिएको । २. निहुरेको ; झुकेको ।
आवर्त–ना० [सं०] १. पानीको भुमरी । २. शरीरमा हुने रौँको भुमरी वा चक्र । ३. पानी नपार्ने बादल । (वि०) ४. घुमेको ; घुमाउरो ।
आवर्तक–वि० [सं०] १. घुमाउने ; रिङ्गाउने । २. वार-वार घुम्ने ; रिङ्गने । ३. रौँको चक्र ; रोम-चक्र ।
आवर्तन–ना० [सं०] १. घुम्नु; रिङ्गनु ; चक्कर खानु । २. मथ्नु ; आलोडन । ३. गल्नु ; पग्लनु । ४. दोहोऱ्याउनु ; आवृत्ति गर्नु ।
आवर्तनी–ना० [सं०] १. सुन-चाँदी गाल्ने भाँड़ो ; घरिया । २. चम्चा ; डाडू ।
आवर्तित–वि० [सं०] १. मथिएको ; आलोडन गरिएको । २. फर्काइएको ।
आवर्ती–वि० [सं०] १. घुम्ने ; रिङ्गने ; चक्कर खाने । २. गल्ने; पग्लने । ३. शरीरमा धेरै चक्र भएको (घोड़ा) ।
आवलि–ना० [सं०] आवली ।
आवली–ना० [सं०] पङ्क्ति ; ताँती ; श्रेणी ।

CC-0. In Public Domain. Digitization by eGangotri

आवल्गित–वि० [सं०] अलि-अलि हल्लिएको ।
आवश्य–ना० [सं०] अनिवार्यता ; आवश्यकता ।
आवश्यक–वि० [सं०] चाहिएको; नभई नहुने ; जरूरी ।
आवश्यकता–ना० [सं०] जरूरत; आवश्यक हुनाको अवस्था ।
आवश्यकत्व–ना० [सं०] आवश्यकता; जरूरत ।
आवश्यकी–वि० [सं०] जरूरी; आवश्यक ।
आवश्यकीय–वि० [सं०] जरूरी; आवश्यक ।
आवसथ–ना० [सं०] १. घर । २. छात्रावास । ३. मठ । ४. गाउँ ।
आवसथिक–वि० [सं०] १. घरमा रहने ।२. घरेलु; घरायसी ।
आवसथ्य–वि० [सं०] १. घरमा रहने । २. छात्रावासमा रहने । (ना०) ३. यज्ञमा उपयोग गरिने पाँच अग्निमध्ये एक; लौकिकाग्नि । ४. छात्रावास ।
आवह–ना० [सं०] १. सात किसिमका वायुमध्ये एक ; पृथ्वी र स्वर्गका बीचको वायु । (वि०) २. पैदा गर्ने ; उत्पादक ।
आवागमन–ना० [सं०] १. आउनु-जानु ; आवत-जावत । २. वार-वार जन्मनु र मर्नु ।
आवागमनी–वि० [सं०] १. आवत-जावत गर्ने ; आवागमन गर्ने । २. वार-वार जन्मने र मर्ने ।
आवाज–ना० [फा० आवाज़] १. शब्द ; ध्वनि ; अवाज; नाद । २. बोली ; स्वर ; वाणी । ३. हल्ला ।
आवारा–वि०[फा०] १. बेकार यता-उति हल्लने; हरि-लन्ठ; लम्फू । २. खराब लतमा लागेको ; कुमार्गमा लागेको । ३. गाँस-बासको ठेगान नभएको ; घर-गृहस्थी नभएको । ४. बदमाश ; लुच्चो ।
आवास–ना० [सं०] १. घर ; गृह । २. कोठा । ३. बस्ने ठाउँ ; निवास-स्थान ।
आवासिक–वि० [सं०] बस्ने ।
आवासित–वि० [सं०] १. पूरा गरिएको ; सिद्ध्याइएको । २. निधो गरिएको ; निर्णीत । ३. पाकेको ; राम्ररी बढ़ेको ।
आवाहक–वि० [सं०] आवाहन गर्ने वा बोलाउने ।
आवाहन–ना० [सं०] १. मन्त्रद्वारा देवताहरूलाई डाक्नाका निमित्त गरिने प्रार्थना । २. आह्वान; निमन्त्रण; बोलाहट ।
आविक–वि० [सं०] १. भेड़ाको ; भेड़ा-सम्बन्धी । (ना०) २. ऊनी वस्त्र; राड़ी, पाखी आदि ।
आविद्ध–वि० [सं०] १. छेड़िएको ; खोपेको ; प्वाल पारिएको । २. फ्याँकिको ; फालेको ।
आविर्भाव–ना० [सं०] १. उत्पत्ति हुनु ; पैदा हुनु । २. अगाड़ि आउनु ; सामु आउनु । ३. निस्कनु ; प्रकट हुनु ।
आविर्भूत–वि० [सं०] १. उत्पन्न ; आविर्भाव भएको । २. प्रकट भएको ; अभिव्यक्त । ३. सामुन्ने आएको ; उपस्थित ।
आविल–वि० [सं०] १. फोहर ; मैलो ; कलुषित । (ना०) २. बीच-बीचमा पहेँला धर्का भएको रातो एक सानो माछो ।
आविष्करण–ना० [सं०] आविष्कार गर्नु; नयाँ-नयाँ चीज-हरू निकाल्नु ।
आविष्कर्ता–ना० [सं०] नयाँ वस्तु सिर्जना गर्ने ; आविष्कार गर्ने ।
आविष्कार–ना० [सं०] नयाँ वस्तुको सिर्जना; आविष्करण ।
आविष्कारक–वि० [सं०] आविष्कार गर्ने ; आविष्कर्ता ।
आविष्कृत–वि० [सं०] आविष्कार गरिएको ; पहिले-पहिले सिर्जना गरिएको ।
आविष्ट–वि० [सं०] १. आवेशमा आएको ; उत्तेजित । २. भूत-प्रेत आदि लागेको ।
आवी–ना० [सं०] १. ऋतुमती स्त्री । २. गर्भवती स्त्री । ३. प्रसव-वेदना ।
आवृत–वि० [सं०] १. ढाकिएको; छोपिएको । २. लपेटिएको; बेह्रिएको । ३. घेरिएको ; छेकिएको ।
आवृत्त–वि० [सं०] १. घुमाइएको; रिँगाइएको । २. फर्काइ-एको; फिराइएको । ३. दोहोर्‍याइएको; वार-वार गरिएको ।
आवृत्ति–ना० [सं०] १. पर्दा ; छेकाबार; आवरण । २. कुनै कुरामा वार-वार गरिने अभ्यास ; दोहोर्‍याउनु ; रफत । ३. कुनै पुस्तक फेरि प्रकाशित हुने पटक; संस्करण ।
आवृष्टि–ना० [सं०] झरी; वर्षा ।
आवेग–ना० [सं०] १. मनको प्रबल वेग ; मनको झोँक । २. अचानक कुनै असल वा खराब काम-कुरा हुँदा मनमा पैदा हुने विकार ; मनोविकार ; मनको उद्वेग ।
आवेदक–वि० [सं०] आवेदन गर्ने ; निवेदक ; प्रार्थी ।
आवेदन–ना० [सं०] कुनै कामको निमित्त गरिने प्रार्थना; दर्खास्त ; निवेदन ।
आवेदन-पत्र–ना० [सं०] दर्खास्त; निवेदन-पत्र ।
आवेदनीय–वि० [सं०]आवेदन गर्न योग्य; निवेदन गर्न लायक ।
आवेदित–वि० [सं०] आवेदन गरिएको ; निवेदन गरिएको ।
आवेदी–वि० [सं०] आवेदन गर्ने ; प्रार्थी ; निवेदक ।
आवेद्य–वि० [सं०] आवेदन गर्न योग्य ; निवेदन गर्न योग्य ।
आवेश–ना० [सं०] १. मनको वेग; झोँक ; जोश; आवेग । २. प्रवेश । ३. भूत-प्रेत आदि लाग्नु । ४. मूर्च्छा पर्ने रोग; छारे-रोग ।
आवेष्टन–ना० [सं०] १. लपेट्नु ; बेर्नु । २. ढाक्नु ; छोप्नु । ३. बिर्को ; ढकनी; बेठन; खोल ।
आवेष्टिक–वि० [सं०] १. बेह्रिएको ; लपेटिएको । २ छोपिएको ; ढाकिएको ।
आशंसन–ना० [सं०] १. इच्छा ; अभिलाषा । २. आशा ; भरोसा । ३. शङ्का ; सन्देह ।
आशंसा–ना० [सं०] १. आशा ; उम्मीद । २. कामना ; इच्छा । ३. शङ्का ; सन्देह । ४. तारीफ ; प्रशंसा । ५. आदर ; सम्मान ।

CC-0. In Public Domain. Digitization by eGangotri

आशंसित–वि० [सं०] १. आशा गरिएको ; इच्छित । २. भनिएको ; कथित ।
आशंसी–वि० [सं०] आशा गर्ने; इच्छा गर्ने; आशंसा गर्ने ।
आशंसु–ना० [सं०] इच्छा गर्ने ; आशा गर्ने ।
आश–वि० [सं०] १. खाने; भोजन गर्ने । (ना०) २. भोजन; आहार ।
आशक–ना० [अ० आशिक़] १. प्रेम गर्ने व्यक्ति ; प्रेमी ; अनुरक्त पुरुष ; अनुरागी व्यक्ति । २. प्रेम ; अनुराग ; आसक्ति । (वि०) ३. प्रेमी ; आसक्त ; अनुरागी ।
आशक–वि० [सं०] खाने ; भोजन गर्ने ।
आशक्त–वि० [सं०] समर्थवान् ; शक्ति-शाली ।
आशक्ति–ना० [सं०] सामर्थ्य ; शक्ति ।
आशङ्कनीय–वि० [सं०] शङ्का गर्न योग्य ; सन्देह-युक्त ।
आशङ्का–ना० [सं०] १. डर ; भय । २. शङ्का; सन्देह । ३. कुनै अनिष्टको सम्भावनाबाट भएको भय ।
आशङ्कित–वि० [सं०] शङ्का गरिएको ; सन्देह-युक्त ; सन्दिग्ध ।
आशङ्की–वि० [सं०] शङ्का गर्ने ; शङ्कालु ।
आशय–ना० [सं०] १. अभिप्राय ; मतलब ; तात्पर्य । २. वासना; इच्छा । ३. स्थान; आधार । ४. नीयत; उद्देश्य ।
आशा–ना० [सं०] १. इच्छा गरिएको वस्तु पाउने केही सम्भावनाबाट भएको सन्तोष ; कुनै लाभ हुने कुरा पाइन्छ कि भन्ने मनको भाव । २. पाउने इच्छा ; अभिलाषा । ३. लोभ ; लालच ।
आशा-जनक–वि० [सं०] आशा पैदा गराउने ; आशा-युक्त ।
आशातीत–वि० [सं०] आशा गरेभन्दा बढ्ता ।
आशा-प्राप्त–वि० [सं०] आशा पूर्ण भएको ; आशा पुगेको ।
आशा-पिशाचिका–ना० [सं०] व्यर्थको आशा ; निरर्थक आशा ।
आशा-मुखी–वि० [आशा+मुख+ई] आस गर्ने ।
आशावाद–ना० [सं०] चिताएको वा कल्पना गरेको असल कुरो अवश्य नै पूर्ण हुनेछ भन्ने विचार वा सिद्धान्त ।
आशावादी–वि० [सं०] सधैँ असल कुराको आशा गर्ने; आशावादको अनुयायी ।
आशासनीय–वि० [सं०] आशा गर्न योग्य ; अभिलषनीय ।
आशास्य–वि० [सं०] आशा गर्न योग्य ; अभिलषनीय ।
आशित–वि० [सं०] खाएको ; भोजन गरिएको ।
आशिष्–ना० [सं०] आशीर्वाद ; आसीक ।
आशिस्–ना० [सं०] आशीर्वाद ; आसीक ।
आशी–ना० [सं०] सर्पको विपालु दाँत ।
आशीर्वचन–ना० [सं०] आसीक ; आशीर्वाद ।
आशीर्वाद–ना० [सं०] कसैको सफलता वा कल्याणको कामना प्रकट गर्नु; मङ्गल-सूचक वाक्य; आशिष्; आसीक ।
आशी-विष–ना० [सं०] सर्प ।
आशु–क्रि० यो० [सं०] चाँड़ो ; शीघ्र ।
आशु-कवि–ना० [सं०] तत्काल कविता लेख्ने प्रतिभा भएको कवि ।
आशुग–वि० [सं०] १. चाँड़ै हिँड्ने ; वेगले जाने । (ना०) २. वायु । ३. सूर्य । ४. बाण ।
आशुतोष–वि० [सं०] १. चाँड़ै सन्तुष्ट हुने ; झट्टै प्रसन्न हुने । (ना०) २. शिव; महादेव ।
आशोषण–ना० [सं०] सोस्नु ; शोषण गर्नु ।
आशौच–ना० [सं०] १. जन्मदा र मर्दा गोत्रीय भाइ र नजीकका सम्बन्धीहरूलाई लाग्ने अशुद्धि; सूतक; सुत्केरो वा जूठो । २. बरखी ।
आशौची–वि० [सं०] १. आशौच लागेको; जूठो परेको । २. अपवित्र; अशुद्ध ।
आश्चर्य–ना० [सं०] १. नयाँ, अद्भुत, असाधारण वस्तुहरू देख्दा उत्पन्न हुने मनोभाव ; गजब; ताजूब ; उदेक । (वि०) २. अनौठो; ताजूब-लाग्दो ।
आश्चर्य-चकित–वि० [सं०] आश्चर्य-लाग्दो कुरा देखेर छक्क परेको ।
आश्चर्यत्व–ना० [सं०] आश्चर्य हुनाको भाव ।
आश्चर्यभूत–वि० [सं०] आश्चर्यमा परेको; चकित भएको ।
आश्चर्यित–वि० [सं०] आश्चर्य भएको; छक्क पारिएको ।
आश्म–वि० [सं०] १. ढुङ्गाको ; ढुङ्गाबाट बनेको । २. ढुङ्गाको भाँड़ो ।
आश्यान–वि० [सं०] १. सुकेको ; शुष्क । २. जमेको ।
आश्रम–ना० [सं०] १. ऋषि-मुनिहरू बस्ने ठाउँ; कुटी; गुफा । २. तपोवन । ३. ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास – यी चार आश्रम । ४. विद्यालय; पाठशाला ।
आश्रम-धर्म–ना० [सं०] ब्रह्मचर्य, गृहस्थ आदि आश्रममा बस्नेहरूले पालन गर्नुपर्ने धर्म ।
आश्रम-भ्रष्ट–वि० [सं०] आश्रम-धर्मबाट पतित भएको ।
आश्रम-वासी–वि० [सं०] १. आश्रममा बस्ने; तपोवनमा बस्ने । २. वानप्रस्थी ।
आश्रमी–वि० [सं०] आश्रममा रहेको ; आश्रम-वासी ।
आश्रय–ना० [सं०] १. आधार ; सहारा ; अवलम्ब । २. आराम लिने ठाउँ; ओत । ३. शरणार्थीहरू बस्ने ठाउँ । ४. घर; गृह । ५. भर ; भरोसा ।
आश्रयी–वि० [सं०] १. आश्रय लिने ; शरण पक्रने । २. आश्रयमा रहेको ; आधार पाउने ।
आश्रव–ना० [सं०] १. आज्ञा मान्ने ; आज्ञाकारी । २. कसूर ; अपराध ।
आश्रित–वि० [सं०] आश्रयमा रहेको ; आधारमा रहेको ।
आश्लिष्ट–वि० [सं०] १. जोड़िएको ; टाँसिएको । २. अँगालो हालेको ; अङ्कमाल गरेको ।
आश्लेष–ना० [सं०] १. जोड़िनु ; टाँसिनु ; गाँसिनु । २. आलिङ्गन गर्नु ; अङ्कमाल गर्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

आश्लेषण–ना० [सं०] मेल ; मिलाप ; संयोग ।

आश्वमेधिक–वि० [सं०] १. अश्व-मेध यज्ञ-सम्बन्धी । (ना०) २. महाभारतको चौथाँ पर्व ।

आश्वयुज–ना० [सं०] असौज ; आश्विन महीना ।

आश्वस्त–वि० [सं०] १. आश्वासन पाएको; भरोसा पाएको । २. दुःख, डर, चिन्ता आदिबाट निर्मुक्त ।

आश्वास–ना०[सं०] १. आनन्दसित सास फेर्नु । २. विश्वास; पत्यार । ३. भरोसा ; दिलासा । ४. रक्षा अथवा अभयको वचन ; अभय-दानको वचन । ५. ग्रन्थको अध्याय ।

आश्वासक–वि० [सं०] आश्वासन दिने ; भरोसा दिने ।

आश्वासन–ना० [सं०] कुनै कुरा पूरा गरिदिने वचन ; आशा-प्रदान ; दिलासा ।

आश्वासनीय–वि० [सं०] आश्वासन दिन योग्य ।

आश्वासिका–वि०[सं०] विश्वास गर्ने योग्य ; विश्वस्त ।

आश्वासित–वि० [सं०] आश्वासन दिइएको ; भरोसा दिइएको ।

आश्वासी–वि० [सं०] आश्वासन दिने ; दिलासा दिने ।

आश्वास्य–वि० [सं०] आश्वासन दिन योग्य; दिलासा दिन लायक ।

आश्विक–वि० [सं०] १. घोड़ासित सम्बन्ध भएको ; घोड़ाले तानिने । (ना०) २. सवार ; अश्वारोही ।

आश्विन–ना० [सं०] भाद्रपछिको महीना ; छैटौं महीना ; असौज ।

आश्विनेय–ना० [सं०] १. स्वर्गका वैद्य ; अश्विनी-कुमार । २. नकुल र सहदेव ।

आषाढ–ना० [सं०] १. ज्येष्ठपछिको महीना; तेस्रो महीना; असार । २. ब्रह्मचारीहरूले लिने पलाँसको लट्ठी ।

आषाढक–वि० [सं०] आषाढ़ महीना ; असार मास ।

आषाढा–ना० [सं०] पूर्वाषाढा र उत्तराषाढा नक्षत्र ।

आषाढी–ना० [सं०] १. आषाढ शुक्ल पूर्णिमा । (वि०) २. पलाँसको लट्ठी लिने ।

आषाढीय–वि० [सं०] १. आषाढ महीनामा जन्मेको । २. पूर्वाषाढा वा उत्तराषाढा नक्षत्रमा जन्मेको ।

आस–ना०–[सं०] १. आसन ; सीट । २. चाक ; पींध । ३. धनु । ४. खरानी ।

आस–ना० [सं० आशा] आशा ।

आसक्त–वि० [सं०] कुनै वस्तुमा लग्गू भएको ; तल्लीन ; अनुरक्त ।

आसक्ति–ना० [सं०] १. आसक्त हुनाको भाव ; अनुरक्ति । २. अनुराग ; प्रेम ।

आसङ्ग–ना० [सं०] १. सँग, साथ, सित आदि हुनाको भाव । २. मिल्नु ; जोड़िनु । ३. आसक्ति; अनुरक्ति ।

आसङ्गत्य–ना० [सं०] पार्थक्य ; भिन्नता ; वियोग ।

आसङ्गी–वि० [सं०] आसक्त ; सम्बद्ध ।

आसञ्जन–ना० [सं०] १. बाँध्नु ; बेर्नु । २. पक्रनु ; समाउनु । ३. अनुराग ; भक्ति ।

आसत्ति–ना० [सं०] १. मेल ; संयोग । २. निकट सम्बन्ध ; सामीप्य । ३. लाभ ; प्राप्ति ।

आसदन–ना० [सं०] १. लाभ ; नाफा । २. सम्बन्ध । ३. सामीप्य ।

आसन–ना० [सं० अशना] खैरो भावको कालो, बलियो चुरो हुने, माघ-फागुन महीनामा पात झर्ने एक जातको शाल ; अशना ; पीत-शाल ।

आसन–ना० [सं०] १. बस्ने ठाउँ; स्थान । २. बस्ने ढाँचा; बसाइ । ३. बसिने वस्तु; मेच, कुर्सी आदि । ४. साधुहरू बस्ने ठाउँ; आश्रम । ५. पद्मासन, सिद्धासन, कमलासन आदि बसाइका मुद्रा ।

आसनी–ना० [सं०] पूजा आदि शुभ कर्म गर्दा बस्नाका निमित्त ओछ्याइने कुश आदिको सानो आसन ।

आसन्दिका–ना० [सं०] १. सिंहासनको मनितिर रहने पाउ अड़्याउने सानो चौकी; पाद-पीठ । २. सानो कुर्सी; त्रिपाई ।

आसन्दी–ना० [सं०] आराम-कुर्सी; गद्दीदार कुर्सी; कौच ।

आसन्न–वि० [सं०] १. नजीक आएको; समीपस्थ । २. अनुमानबाट ठीक जँचेको; वास्तविकताको नजीक पुगेको ।

आसन्न-काल–ना० [सं०] मर्ने वेला; अन्त्यावस्था ।

आसन्न-परिचारक–ना०[सं०] व्यक्तिगत नोकर; निजी सेवक ।

आसन्न-प्रसवा–ना० [सं०] सुत्केरी हुने वेलाकी स्त्री ।

आसन्न-भूत–ना० [सं०] व्याकरणमा क्रियाको पूर्णता र वर्तमानसँग उसको सामीप्य सूचित गर्ने भूत-कालिक क्रियाको रूप ।

आसन्न-मृत्यु–ना० [सं०] मर्ने वेला भएको; मरणासन्न ।

आस-पास–ना० यो० [हिं०] नजीकमा; वर-पर; नजीक-पुँड़ो; अगल-बगल ।

आसमान–ना० [फा० आस्मान] १. अकास; आकाश । २. स्वर्ग; देव-लोक ।

आसमानी–वि०[आसमान+ई] आसमान-सम्बन्धी; अस्मानी ।

आसमुद्र–क्रि० यो० [सं०] समुद्रपर्यन्त; समुद्रसम्म ।

आसम्बाद–वि० [सं०] १. घेरिएको । २. रोकिएको । ३. व्याप्त ।

आसरा–ना०[सं० आश्रय] १. आधार; सहारा; आश्रय । २. आशा; भरोसा ।

आसव–ना० [सं०] १. फल-फूल सड़ाएर निचोरी बनाएको औषधि । २. फल-फूल अमिल्याएर बनाएको एक किसिमको रक्सी । ३. मदिरा; अर्क ।

आसवी–वि० [सं०] आसवको सेवन गर्ने; मद्यपी ।

आसा–ना० [ने०] ढालको बीचमा जड़िएको टाँकजस्तो कीलो वा फुली ।

आसा–ना० [अ० असा] आसा-गुर्जा ।

आसा-गुर्जा–ना० [अ० असा+गुर्ज (फा०)] राजा-

CC-0. In Public Domain. Digitization by eGangotri

महाराजाहरूको सवारीमा वा उत्सव आदिमा चोबदार-हरूले लिएर आगि-अगि हिंड्ने सुन-चाँदीको डन्डा ।

आसादित–वि० [सं०] १. पाएको; प्राप्त; उपलब्ध । २. फिंजिएको; फैलाइएको । ३. पक्रिएको; समातिएको ।

आसामी-गाई–ना० [आसाम (प्रदेश)+ई+गाई] सीङ नहुने, सानो कदको एक जातको गाई; आसाम-प्रदेशमा हुने गाई ।

आसार–ना० [सं०] १. मुसल-धारे पानी; घनघोर वृष्टि । २. शत्रुलाई घेरा हाल्नु । ३. आक्रमण; हमला । ४. भोज्य पदार्थ; रसद ।

आसिक्त–वि० [सं०] सेचन गरिएको; अभिषिक्त ।

आसित–वि० [सं०] बसेको; पलेँटी मारेको ।

आसीक–ना० [सं० आशिष्] आशीर्वाद ।

आसीख–ना० [सं० आशीष्] आशिस् ।

आसीन–वि० [सं०] बसेको; पलेँटी मारेको ।

आसीर–ना० [अं० ऑस्ट्रिच] ज्यादै लामो गर्धन हुने, मरु-भूमिमा हुने एक जातको ठूलो पक्षी; शुतुर-मुर्ग ।

आसुर–वि० [सं०] असुर-सम्बन्धी; असुरको ।

आसुरी–वि० [सं०] १. असुर-सम्बन्धी । (ना०) २. असुर-स्त्री; दानवी ।

आसुरी-चिकित्सा–ना० [सं०] चिर-फार; शल्य-चिकित्सा ।

आसुरी-सम्पत्–ना० [सं०] कुकर्मबाट कमाएको पैसा; अन्यायबाट आर्जन गरेको सम्पत्ति ।

आसुरी-विवाह–ना० [सं०] केटोले केटीका आमा-बाबु वा संरक्षकसँग केटी किनेर गरिने विवाह ।

आसे–वि० [आस+ए] १. आस गर्ने बानी भएको; आशा गर्ने । २. आसमा परिरहेको; आशा-मुखी । ३. हराएको पोइ फर्केर आउँछ कि भन्ने आशामा रहेकी (स्त्री) ।

आसे-आसे–ना० [नेवा०] आल-टाल; अल्याङ-मल्याङ ।

आसे-पासे–ना० [आस+पाश] आसमा रहने व्यक्ति ।

आसे-यासे–ना० [आस-पास] नजीकमा रहेको मानिस; छर-छिमेकी ।

आसे-राँड़–ना० [आसे+राँड़] बेपत्ता भएको पोइ फेरि फर्केर आउँछ कि भनी आशामा रहेकी स्त्री ।

आसेवन–ना० [सं०] १. निरन्तर गरिएको सेवा । २. उत्साह-पूर्वक कुनै काम बार-बार दोहोऱ्याएर गर्नु; पुनरावृत्ति ।

आसेवित–वि० [सं०] बार-बार गरिएको; दोहोऱ्याइएको; रफत गरिएको ।

आसेवी–वि० [सं०] मन लगाएर बार-बार अभ्यास गर्ने; बार-बार सेवन गर्ने ।

आस्कन्द–ना० [सं०] १. चढ़ाइ; धावा; आक्रमण । २. युद्ध; लडाइँ । ३. घोड़ालाई सधाउनाका निमित्त चक्कर खुवाउनु । ४. गाली; तिरस्कार ।

आस्कन्दी–वि० [सं०] १. आक्रमण गर्ने; हमला गर्ने । २. बगाउने । ३. दिने; दाता । ४. खर्च गर्ने; खर्चिलो ।

आस्तर–ना० [सं०] १. तन्ना; आच्छादन । २. बिछ्यौना ।

आस्तरण–ना० [सं०] १. फिंजाउनु; फैलाउनु । २. ओछ्याउनु; बिछ्याउनु । ३. तन्ना, डसना, आदि बिछ्यौना । ४. यज्ञ-वेदीका चारैतिर फिंजाइने कुश ।

आस्तिक–वि० [सं०] १. ईश्वरको अस्तित्वमा विश्वास गर्ने; ईश्वरमा श्रद्धा राख्ने । २. वेद, ईश्वर, पर-लोक आदिमा विश्वास भएको ।

आस्तिकता–ना० [सं०] आस्तिक हुनाको भाव; ईश्वर, पुनर्जन्म आदिमा भएको विश्वास; आस्तिक्य ।

आस्तिकत्व–ना० [सं०] आस्तिकता ।

आस्तिक्य–ना० [सं०] आस्तिकता ।

आस्तीर्ण–वि० [सं०] फिंजिएको; फैलिएको ।

आस्ते-आस्ते–क्रि० यो० [फा० आहिस्ता+आहिस्ता] बिस्तारै-बिस्तारै ।

आस्त्र–वि० [सं०] अस्त्र-सम्बन्धी; हतियार-सम्बन्धी ।

आस्था–ना० [सं०] १. श्रद्धा । २. विश्वास; पत्यार । ३. आदर; मान । ४. आलम्बन; सहारा । ५. सभा; समाज ।

आस्थान–ना० [सं०] १. सभा; सभा-गृह । २. बस्ने ठाउँ; बैठक ।

आस्थानी–ना० [सं०] सभा-भवन ।

आस्थित–वि० [सं] १. बसेको; रहेको । २. आड़ लिएको; आधार लिएको । ३. पाएको; प्राप्त ।

आस्पद–ना० [सं०] १. ठाउँ; आसन; स्थान । २. पद; दर्जा । ३. मान; इज्जत ।

आस्फालन–ना० [सं०] १. घोट्नु । २. हल्लाउनु । ३. टकटक्याउनु । ४. शेखी; अहङ्कार ।

आस्फोट–ना० [सं०] कर-ताली बजाउनु; चुट्की बजाउनु ।

आस्फोटन–ना० [सं०] १. फतफताउनु; छटपटाउनु । २. काँप्नु; हल्लिनु । ३. फुक्नु । ४. ताली बजाउनु ।

आस्फोता–ना० [सं०] बन-बेली ।

आस्य–ना० [सं०] १. खाने मुख; थुतुनु । २. चेहरा; मुखाकृति ।

आस्रिइनु–अ० क्रि० [आस्रि+इ+नु] आस्रिने काम होइनु; पेट बोकिनु; ('आस्रिनु'-को भा० क्रि०) ।

आस्रिनु–अ० क्रि० [असर्दो+नु] गर्भ रहनु; पेट बोक्नु ।

आस्वाद–ना० [सं०] १. चाख्नु; स्वाद लिनु । २. अनुभव गर्नु ।

आस्वादक–वि० [सं०] स्वाद लिने; चाख्ने; आस्वादन गर्ने ।

आस्वादन–ना० [सं०] स्वाद; चाख्नु; आस्वाद ।

आस्वादनीय–वि० [सं०] स्वाद लिइन लायक; चाखिन लायक ।

आस्वादित–वि० [सं०] चाखिएको; स्वाद लिइएको ।

आस्वाद्य–वि० [सं०] स्वाद लिन योग्य; चाख्न लायक ।

आह–ना० [अ०] दुःख, कष्ट र अफसोस बुझाउने निःश्वास; सुस्केरा ।

आहत–वि० [सं०] १. पिटिएको; ठोकिएको । २. घायल;

CC-0. In Public Domain. Digitization by eGangotri

घाइते । ३. मारिएको । (ना०) ४. ढोल; मादल । ५. निरर्थक भाषण ।

आहति–ना० [सं०] १. पिट्नु; ठोक्नु । २. मार्नु; वध ।

आहनन–ना० [सं०] १. पिट्नु; चुट्नु । २. लट्ठी; हतियार ।

आहरण–ना० [सं०] १. हरण गर्नु; खोस्नु । २. एक ठाउँबाट अर्को ठाउँमा लैजानु । ३. लिनु; ग्रहण । ४. विवाहमा छोरीलाई दिएको दाइजो ।

आहरणीय–वि० [सं०] आहरण गर्न योग्य ।

आहव–ना० [सं०] १. यज्ञ; हवन । २. युद्ध; लडाइँ । ३. हाँक; आह्वान ।

आहवनीय–वि० [सं०] १. हवन गर्न योग्य; आहुति दिन योग्य । (ना०) २. तीन किसिमका अग्निमध्ये एक ।

आहा–वि० बो० [सं० अहह] आश्चर्य, हर्ष, विस्मय आदि बुझाउने शब्द; अहा; अहह ।

आहान–ना० [सं० आख्यान] उखान; टुक्का; लोकोक्ति ।

आहार–ना० [सं०] १. खानेकुरो; खाद्य पदार्थ; भोजन । २. ल्याउनु; लिएर आउनु ।

आहार-जाहार–ना० [सं० आहार+जाहार (फाँ०)] माल-मत्ता; सर-सामान; माल-ताल ।

आहार-विज्ञान–ना० [सं०] खाद्य पदार्थको दोष-गुण निरूपण गरिएको शास्त्र ।

आहार-विहार–ना० [सं०] १. खान-पीन; पथ-परहेज । २. रहन-सहन ।

आहारा–ना० [सं० आहार] १. खानेकुरो; आहार । २. चारा (पक्षीको) । ३. दाना (पशुको) ।

आहारी–वि० [सं०] १. खाने; भोजन गर्ने । २. लिने; ग्रहण गर्ने ।

आहार्य–वि० [सं०] १. लिन योग्य । २. खान योग्य; खाद्य ।

आहाल–ना० [सं० अवगाह] १. भैँसी, गैँड़ा, सुरङ्ग आदि नुहाउने वा बस्ने पोखरी । २. त्यस्तो पोखरीमा नुहाउनु वा बस्नु ।

आहिताग्नि–ना० [सं०] अग्नि-होत्री ।

आहुत–वि० [सं०] १. देवतालाई चढ़ाइएको; होम गरिएको । (ना०) २. अतिथिलाई दिइने भोजन; पाँच यज्ञमध्ये एक । ३. बोलाउनु ।

आहुति–ना० [सं०] १. हवन गर्ने सामग्री; हवि । २. हवन गर्ने वस्तु आगोमा हाल्नु; होम्नु; हवन; बलि । ३. हाँक; चुनौती ।

आहूत–वि० [सं०] १. बोलाइएको; पुकारिएको । २. निम्त्याइएको; निमन्त्रण गरिएको ।

आहृत–वि० [सं०] हरण गरिएको; खोसिएको; लुटिएको ।

आह्निक–वि० [सं०] १. दिन-दिनको; प्रतिदिनको; दैनिक । (ना०) २. एक दिनको काम; नित्य कर्म । ३. अध्ययन । ४. अध्यापन ।

आह्निक-कर्म–ना० [सं०] नित्य-कर्म; दैनिक क्रिया ।

आह्रिसे–वि० [सं० ईर्ष्या+ए] आरिसे ।

आह्रिस्याइँ–ना० [आह्रिसे+याइँ] आह्रिसे हुनाको भाव ।

आह्री–ना० [ने०] अचार हाल्ने काठ, माटो आदिको भाँड़ो; आरी ।

आह्लाद–ना० [सं०] हर्ष; आनन्द; खुशीयाली ।

आह्लादक–वि० [सं०] हर्षित पार्ने; आनन्द दिने ।

आह्लादन–ना० [सं०] हर्षित पार्नु; आनन्द दिनु ।

आह्लादित–वि० [सं०] आह्लाद-युक्त; आनन्दित; प्रसन्न ।

आह्लादी–वि० [सं०] प्रसन्न तुल्याउने; आह्लाद-जनक ।

आह्वय–ना० [सं०] नाउँ; संज्ञा ।

आह्वान–ना० [सं०] १. बोलाउनु; पुकार्नु । २. हाँक; चुनौती । ३. राजा वा सरकारद्वारा बोलाइनु ।

आह्वायक–वि० [सं०] १. बोलाउने; आह्वान गर्ने । २. सन्देश-वाहक ।

इ

इ–देवनागरी वर्ण-मालाको तेस्रो स्वर-वर्ण । यसको उच्चारण तालुबाट हुन्छ । 'ई'-को ह्रस्व रूप ।

इः–अव्य० [सं०] १. नहुने वा अन्यायपूर्ण कुरा गर्दा हिस्स्याएर गुप्तेन्द्रियतिर सङ्केत गरी भनिने शब्द (उदा०–इः, तेरा कुरा !) । २. लोप्पा खुवाउँदा प्रयोग हुने शब्द (उदा०–इः, खा!) ।

इँजार–ना० [अ० इज़ारबन्द] इजार; कमरमा सुरुवाल बाँध्ने डोरी ।

इजार-घर–ना० [इँजार+घर] इजार-घर ।

इकबाल–ना० [अ०इक़बाल] १. सम्पत्ति; धन; ऐश्वर्य । २. प्रताप; कीर्ति । ३. कबूल; प्रतिज्ञा ।

इकरार–ना० [अ० इक़रार] कबूल; प्रतिज्ञा ।

इकरारनामा–ना० [अ० इक़रार+नामा (फा०)] कुनै किसिमको कबूल वा शर्त लेखिएको कागत-पत्र; कबूलियत; प्रतिज्ञा-पत्र ।

इकार–ना० [सं०] १. 'इ'-अक्षर । २. बाइमात्रा; ि— यो चिह्न ।

इक्षु–ना० [सं०] उखु ।

इक्षु-दण्ड–ना० [सं०] उखुको लाँक्रो ।

इक्षु-दर्भा–ना० [सं०] ठूलो सिरु ।

इक्षुमती–ना० [सं०] काठमाड़ौँमा प्रवाहित एक प्रसिद्ध नदी ।

इक्षु-सार–ना० [सं०] सखर; चीनी; मिस्री ।

इक्ष्वाकु–ना० [सं०] १. वैवस्वत मनुका छोरा; सूर्य-वंशका पहिला राजा । २. तीतो लौका; तुम्वा ।

CC-0. In Public Domain. Digitization by eGangotri

इखिइनु–अ० क्रि० [इखि+इ+नु] इखिने काम होइनु; डाह होइनु; ('इखिनु'-को भा० क्रि०)।

इखिनु–अ० क्रि० [ईख+इ+नु] अरूको उन्नति देखेर दुःखित हुनु; मनमा डाह हुनु।

इख्याइनु– स० क्रि० [ईख+याइ+नु] ईर्ष्या गराइनु; लोभ्याइनु; ('इख्याउनु'-को क० क्रि०)।

इख्याउनु–स० क्रि० [ईख+याउ+नु] १. लोभ्याउनु; ('इखिनु'-को प्रे० क्रि०)। २. आड़ मार्नु; शेखी झार्नु।

इङ्ग–ना० [सं०] इशारा; सङ्केत।

इङ्गपात–ना० [नेवा० इमापा] पक्षी, मानिस आदिका आकारको चङ्गा।

इङ्गर–प्रत्य० [ने०] नाम शब्दको पछिल्तिर लागेर विशेषतः क्षुद्रता वा तुच्छताको अर्थ बुझाउने प्रत्यय। (उदा०– पतिङ्गर, लठिङ्गर इत्या०।)

इङ्गला–ना० [सं०] नाकको बायाँ प्वालबाट श्वास बाहिर-भित्र गराउने नाडी।

इङ्गलिश–ना० [अं०] १. अङ्ग्रेजी भाषा। (वि०) २. इङ्लैन्ड-सम्बन्धी; इङ्लैन्डको।

इङ्गलैन्ड–ना० [अं०] बेलायत।

इङ्गित–ना० [सं०] १. अङ्गको चेष्टाबाट मनको भाव प्रकट गर्नु; सङ्केत; इशारा। (वि०) २. सङ्केत गरिएको।

इङ्गितज्ञ–वि० [सं०] चेष्टाद्वारा मनोभाव जान्ने; सङ्केत बुझ्ने।

इङ्गुदी–ना० [सं०] शालका जस्ता ठूला-ठूला पात हुने, घिउ आउने, बीयाँ भएको गुलियो फल फल्ने रूख; त्यसैको फल; चिउली।

इङ्लिश–वि० [इङ्गलिश] इङ्गलिश।

इङ्लैन्ड–ना०[इङ्गलैन्ड] इङ्गलैन्ड।

इचङ्गु-नारायण–ना० [सं०] काठमाड़ौंको पश्चिमपट्टि रहेका एक प्रसिद्ध नारायण; चार नारायणमध्ये एक; चतुर्थ नारायण।

इच्छा–ना० [सं०] १. कुनै वस्तु पाउने मन; कामना; अभिलाषा। २. लालसा; चाह।

इच्छाधीन–वि० [सं०] इच्छामा निर्भर रहेको; रोजी।

इच्छा-पत्र–ना० [सं०] राजी-खुशीले आफ्नो अधिकारको धन-माल कुनै मन लागेको व्यक्तिले पाउने गरी लेखिदिएको कागत-पत्र।

इच्छा-भोजन–ना० [सं०] रुचि वा इच्छामाफिकको भोजन; मनमाफिकको खानेकुरो।

इच्छित–वि० [सं०] इच्छा गरिएको; वाञ्छित।

इच्छु–वि० [सं०] चाहने; इच्छा गर्ने; इच्छुक। (यो शब्द प्रायः अरू शब्दको पछिल्तिर जोड़िएर प्रयोग हुन्छ। उदा०– शुभेच्छु; हितेच्छु।)

इच्छुक–वि० [सं०] इच्छा गर्ने; अभिलाषा गर्ने; अभिलाषी।

इच्छ्याइनु–स० क्रि० [इच्छ्याउ+इ+नु] इच्छ्याउने काम होइनु; ('इच्छ्याउनु'-को० क० क्रि०)।

इच्छ्याउनु–स० क्रि० [इच्छा+याउ+नु] आफ्नो हकको धन-माल आफ्नै राजी-खुशीले अर्काको हक हुने गरी लेखी दिनु; इच्छा-पत्र लेखिदिनु।

इजलास–ना० [अ०] १. न्यायालय; कचहरी। २. सभा; बैठक।

इजहार–ना० [अ० इज़्हार] १. फिराद-पत्र; नालिश-पत्र। २. उजूरी।

इजहारा–ना० [अ० इजारः] ठेक; ठेक्का।

इजाजत–ना० [अ० इजाज़त] १. आज्ञा; आदेश। २. मन्जूरी; स्वीकृति। ३. सल्लाह; सम्मति।

इजार–ना० [अ० इज़ारबन्द] सुरुवालको नेफ़ाभित्र हालेर कमरमा बाँध्ने डोरी; सुरुवाल बाँध्ने फित्ता वा डोरी।

इजार-घर–ना० [इजार+घर] सुरुवालको नेफाभित्र इजार रहने सुरुवालको अवयव।

इज्जत–ना० [अ० इज़्ज़त] १. मान; प्रतिष्ठा; आदर। २. हुर्मत; आबरू।

इज्जतदार–वि० [अ० इज्ज़त+दार(फा०)] इज्जत भएको; प्रतिष्ठित; भलादमी।

इज्या–ना० [सं०] १. यज्ञ; होम। २. पूजा।

इटाचपली–ना०[ने०] नेपालको पुरानो न्यायालय; फौजदारी अदालत।

इतः–ना० यो० [सं०] १. यहाँ; यता। २. यहाँबाट।

इतर–वि० [सं०] १. अर्को; दोस्रो; अन्य; भिन्न। २. साधारण ३. तुच्छ; हीन; नीच।

इतरतः–संयो० [सं०] १. अन्यथा; होइन भने। (ना० यो०) २. अन्यत्र; अन्त।

इतरथा–अव्य० [सं०] अर्कै प्रकारले; अर्कै किसिमले; अन्यथा।

इतर-बितर–क्रि० यो० [सं० इतर+विकीर्ण] यता-उति (छरिने किसिम); छयान्न-ब्यान्न; यत्र-तत्र।

इतरिइनु–अ० क्रि० [इतरि+इ+नु] इतह्रिइनु; ('इतरिनु'-को० भा० क्रि०)।

इतरिनु–अ० क्रि० [इतह्रिनु] इतह्रिनु।

इतरेतर–अव्य० [सं०] परस्पर; आपस।

इतरेतराभाव–ना० [सं०] एकको गुण अर्कोमा नहुनाको भाव।

इतरेतराश्रय–ना० [सं०] एक वस्तुको सिद्धि अर्को वस्तुका सिद्धिमा निर्भर रहने तर्क-शास्त्रको एक दोष।

इतऱ्याइ–ना० [इतरि+आइ] इतरिने किसिम, क्रिया वा भाव।

इतऱ्याइनु–स० क्रि० [इतरि+याइ+नु] इतह्र्याइनु; ('इतऱ्याउनु'-को क० क्रि०)।

इतऱ्याउनु–स० क्रि० [इतरि+याउ+नु] इतह्र्याउनु; ('इतरिनु'-को प्रे० क्रि०)।

इतलायनामा–ना० [अ० इत्तलानामा] देवानी मुद्दामा झगड़ियालाई अदालतले दिने सूचना वा समन।

CC-0. In Public Domain. Digitization by eGangotri

इतस्ततः–अव्य० [सं०] यता-उति; यत्र-तत्र।

इतह्निइनु–अ० क्रि० [इतह्नि+इ+नु] इतरिने काम होइनु; जिस्किइनु; गिजिइनु; ('इतह्निनु'-को भा० क्रि०)।

इतह्निनु–अ० क्रि० [सं० उत्तरण] छिल्लिनु; जिस्किनु; गिज्जिनु; इतरिनु।

इतह्ल्याइ–ना० [इतह्नि+आइ] इतह्निने किसिम, क्रिया वा भाव।

इतह्ल्याइनु–स० क्रि० [इतह्नि+याइ+नु] इतह्निन लाइनु; जिस्क्याइनु; ('इतह्ल्याउनु'-को क० क्रि०)।

इतह्ल्याउनु–स० क्रि० [इतह्नि+याउ+नु] इतह्निन लाउनु; गिज्याउनु; जिस्क्याउनु; ('इतह्निनु'-को प्रे० क्रि०)।

इति–ना० [सं०] १. समाप्ति; पूर्णता। २. अन्त; आखिर।

इति-कर्तव्यता–ना० [सं०] १. अवश्य गर्नुपर्ने काम। २. काम गर्ने तरीका; कामको परिपाटी।

इतिवृत्त–ना० [सं०] १. पुरानो कथा; प्राचीन कहानी। २. इतिहास। ३. वर्णन; पूरापूर वृत्तान्त।

इतिश्री–ना० [सं०] १. खतम; चुक्ती। २. सर्वस्वको नाश। ३. निःशेष; निर्मूल।

इतिहास–ना० [सं०] १. बितेका समयमा घटेका प्रसिद्ध घटना र प्रसिद्ध पुरुषहरूको प्रभाव र चरित्र लेखिएको पुस्तक। २. पुराण। ३. पुरानो घटना। ४. पुर्ख्यौली।

इतिहास-शिरोमणि–ना० [सं०] इतिहासज्ञलाई दिइने नेपालको एक राजकीय पदवी।

इत्थम्–अव्य० [सं०] यसरी; यस किसिमले।

इत्थमेव–अव्य० [सं०] यस्तै नै; यसै किसिमले।

इत्थम्भूत–वि० [सं०] यस्तो; यस किसिमको।

इत्यादि–अव्य० [सं०] १. यस्तै; अरू पनि; आदि। २. लगायत; समेत।

इत्यादिक–वि० [सं०] यसै प्रकारका अरू; इत्यादि; आदि।

इत्वर–वि० [सं०] १. यात्रा गर्ने; यात्री। २. निर्दयी; क्रूर। ३. नीच; हेय। ४. निर्धन। (ना०) ५. नपुंसक।

इत्वरी–ना० [सं०] १. व्यभिचारिणी; वेश्या। २. अभिसारिका।

इदम्–सर्वना०[सं०] यो।

इदमित्थ–ना० [सं०इदमित्थम्] १. निधो; अन्तिम निर्णय; निश्चय। २. ठेगान; तहकिकात।

इदमित्थम्–ना० [सं०] इदमित्थ।

इनाम–ना० [अ० इनआम] १. कुनै असल वा नयाँ काम गरेबापत दिइने पुरस्कार; पारितोषिक। २. बकस; बक्सिस।

इनामपाट–ना० [ने०] डकर्मीले गाह्रोको तल-माथिको सुर सोझ्याउन लगाउने घण्टीको डोरी।

इनामेल–ना० [अं०] फलाम, ढुङ्गा आदिका वस्तुमा लगाइने पालिशविशेष।

इनार–ना० [ने०] पानी निकाल्नाका निम्ति पृथ्वीमा खनेर चारैतिर ईँट आदिको गाह्रो लगाई बनाइएको साँगुरो गहीरो खाल्डो; डोरी लगाएर पानी झिकिने गहीरो कूवा।

इने-गिने–वि० [(फा०) इने+गन्] छानिएका केही; दुइ-चार।

इन्कम-टचाक्स–ना० [अं० इन्कम-टैक्स] आम्दानीमा लगाइएको टचाक्स; आय-कर।

इन्कार–ना० [अ०] अस्वीकार; नामन्जूरी; नकारात्मक उत्तर।

इन्च–ना० [अं०] एक फुटको बाह्रौँ भाग।

इन्-चार्ज–ना० [अं०] १. कुनै काम वा विभागको देख-रेख गर्ने अधिकारी; विभागीय अफिसर। २. अधिकारी व्यक्ति।

इन्ची–ना० [अं० इन्च] इन्च।

इन्जन–ना० [अं० एन्जिन्] इन्जिन।

इन्जिन–ना० [अं० एन्जिन] १. बाफबाट चल्ने, बाटो पेल्ने गह्रौँ र भद्दा किसिमको कल। २. बाफ अथवा बिजुलीका बलले रेलका डिब्बाहरू तान्ने यन्त्र। ३. शक्ति-उत्पादक यन्त्र।

इन्जिनीयर–ना० [अं० एन्जिनीयर] १. सड्क, घर, पुल, आदि बनाउने वा मरम्मत गर्ने शिल्प-विद्यामा विश्वविद्यालयबाट स्नातकको उपाधि-प्राप्त व्यक्ति; वास्तु-कला-विशेषज्ञ। २. कल, इन्जिन आदि बनाउने वा मरम्मत गर्ने काममा स्नातक भएको व्यक्ति; यन्त्र-विद्या-विशेषज्ञ।

इन्जिनीयरिङ्ग–ना० [अं० एन्जिनीयरिङ्ग] १. कल-पुर्जा आदि बनाउने वा मरम्मत गर्ने विद्या; यन्त्र-विद्या। २. घर, पुल, बाटो आदि बनाउने विद्या; वास्तु-कला। ३. इन्जिनीयरको काम।

इन्जिनीयरी–ना० [अं० एन्जिनीयर+ई] इन्जिनीयरिङ्ग।

इन्जेक्शन–ना० [अं०] १. शरीरको नसा, मांसल स्थान आदिमा सियोद्वारा प्रयोग गरिने औषधि। २. त्यस्तो औषधि शरीरमा प्रयोग गर्ने काम; सुई।

इन्टरभ्यू–ना० [अं०] १. कसैसित प्रत्यक्ष भेट गर्नु। २. कुनै प्रतियोगितामा छानिनाका लागि प्रतियोगीहरूले छान्ने अधिकारीहरूसित औपचारिक रूपमा प्रत्यक्ष भेट गर्नु। ३. अन्तर्वार्ता।

इन्टरमीडियट–वि० [अं०] १. प्रवेशिका र स्नातकका बीचको (कक्षा)। २. बीचको; मध्य-वर्ती।

इन्ट्रेन्स–ना० [अं० एन्ट्रेन्स] १. प्रवेशिका परीक्षा; म्याट्रिकुलेशन। २. प्रवेश। ३. द्वार; ढोका।

इन्तजार–ना० [अ० इन्तज़ार] बाटो हेर्नु; प्रतीक्षा।

इन्तिजाम–ना० [अ०इन्तिज़ाम] प्रबन्ध; बन्दोबस्त; व्यवस्था।

इन्तु-न-चिन्तु–वि० [(फा०) इन्तु+न+चेतन] होश-हवास नभएको; बिचेत; अचेत।

इन्दिरा–ना० [सं०] १. लक्ष्मी। २. आश्विन कृष्ण एकादशी।

इन्दिन्दिर–ना० [सं०] ठूलो जातको भमरो।

इन्दीवर–ना० [सं०] नीलो कमल।

इन्दीवरा–ना० [सं०] बोके-लहरो; अजशृङ्गी।

CC-0. In Public Domain. Digitization by eGangotri

इन्दु–ना० [सं०] १. चन्द्रमा। २. एकको सङ्ख्या। ३. कपूर।

इन्दु-कला–ना० [सं०] १. चन्द्र-किरण। २. गुर्जो। ३. सोम-लता।

इन्द्र–ना० [सं०] १. देवताका राजा; स्वर्ग-लोकका राजा। २. सम्पत्ति-शाली; ऐश्वर्यवान्। ३. तीन वैदिक देवतामध्ये एक; पानी पार्ने देवता।

इन्द्र-गोप–ना० [सं०] वर्षा-कालमा हुने रातो रङ्गको कीरो-विशेष; मखमली-कीरो।

इन्द्र-जात्रा–ना० [सं० इन्द्र+यात्रा] भाद्र शुक्ल चतुर्दशीका दिन काठमाडौंमा गरिने कुमारी आदिको प्रसिद्ध रथ-यात्रा।

इन्द्र-जाल–ना० [सं०] मानिसका आँखा छलेर वा मन्त्र-तन्त्रद्वारा अनौठा-अनौठा काम गरेर देखाइने खेल; चटक; जादू।

इन्द्र-जाली–वि० [इन्द्र-जाल+ई] इन्द्र-जाल गर्ने; चटकी; जादूगर।

इन्द्र-जित्–वि० [सं०] १. इन्द्रलाई जित्ने। (ना०) २. रावणको छोरो; मेघ-नाद।

इन्द्र-जौ–ना० [सं०इन्द्रयव] ठूलो कुरो; त्यसैको दाना।

इन्द्र-दमन–ना० [सं०] वर्षा-कालमा नदीको जल बढ़र कुनै विशेष बर वा पीपलका वृक्ष, कुण्ड आदिमा पुग्दा पर्ने पर्व।

इन्द्र-धनु–ना० [सं०] वर्षा-कालमा सूर्यको विपरीत दिशामा आकाशमा देखिने रङ्गी-विरङ्गी अर्ध-वृत्त; इन्द्रेनी।

इन्द्र-ध्वज–ना० [सं० इन्द्र+ध्वज] १. इन्द्रको पताका। २. भाद्र शुक्ल द्वादशीका दिन इन्द्रको पूजा गरेर उभ्याइने ठूलो ध्वजा; लिङ्गो।

इन्द्र-नील–ना० [सं०] नीर; नीलो रङ्गको मणिविशेष।

इन्द्रप्रस्थ–ना० [सं०] पाण्डवहरूको राजधानी।

इन्द्रराज्यलक्ष्मी-पुरस्कार–ना० [सं०] आजीवन सङ्गीत वा अन्य कलाको क्षेत्रमा प्रेरणा-दायक साधना गर्ने व्यक्ति वा संस्थालाई नेपाल एकेडेमीले प्रतिवर्ष दिने एक पुरस्कार। (श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाह देवकी स्वर्गवासिनी श्री ५ बड़ामहारानीका नाममा यो पाँच हजार रुपियाँको पुरस्कार प्रमाण-पट्टका साथ नेपाल एकेडेमीको वार्षिक समारोहका अवसरमा श्री ५ महाराजाधिराज (चान्सलर, नेपाल एकेडेमी)-का बाहुलीबाट प्रदान गरिन्छ।)

इन्द्र-लोक–ना० [सं०] स्वर्ग।

इन्द्र-वंशा–ना० [सं०] बाह्र-बाह्र मात्राका चार पाउ हुने एक छन्द। (यसका सबै चरणमा दुइ तगण, एक जगण र एक रगण हुन्छन्।)

इन्द्र-वज्रा–ना [सं०] एघार-एघार अक्षरका चार पाउ हुने एक छन्द। (यसका सबै चरणमा दुइ तगण, एक जगण र अन्तमा दुइ गुरु वर्ण हुन्छन्।)

इन्द्र-वारुणी–ना० [सं०] सेता-पहेँला धर्सा भएका तीता, नीला फल र नीला, राता फूल फुल्ने एक लहरो; त्यसैको फल; इन्द्राणी।

इन्द्राणी–ना० [सं०] १. इन्द्रकी पत्नी। २. सेता-पहेँला धर्सा परेका नीला फल फल्ने, राता, नीला फूल फुल्ने लता-विशेष; इन्द्र-वारुणी। (यसका सेता र पहेँला फूल फुल्ने –दुइ भेद हुन्छन्।)

इन्द्रायुध–ना० [सं०] १. इन्द्र-धनु; इन्द्रेणी। २. वज्र।

इन्द्रावती–ना० [सं०] पूर्व १ नं० जुगल हिमालबाट निस्की दुलाल घाटमा सुनकोसीसँग मिसिने एक नदी; सप्त-कोसी नदीहरूमध्ये एक।

इन्द्रासन–ना० [सं०] १. इन्द्रको सिंहासन। २. राज-सिंहासन। ३. सबै किसिमका सुख हुने ठाउँ।

इन्द्रिय–ना० [सं०] १. बाह्य विषयको ज्ञान गराउने शक्ति। २. आँखा, कान, जिब्रो, नाक, त्वचा–यी पाँच ज्ञानका साधन; वाणी, हात, गोड़ा, गुद-द्वार, लिङ्ग–यी पाँच कर्मका साधन; शरीरका अवयव।

इन्द्रिय-गोचर–ना० [सं०] इन्द्रियको विषय; इन्द्रियद्वारा अनुभव गर्न सकिने।

इन्द्रिय-ग्राम–ना० [सं०] पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियको समूह।

इन्द्रिय-जित्–वि० [सं०] इन्द्रियहरूलाई वशमा राख्ने; जितेन्द्रिय।

इन्द्रिय-निग्रह–ना० [सं०] इन्द्रियहरूलाई वशमा राख्नु; इन्द्रियहरूलाई जित्नु।

इन्द्रिय-लोलुप–वि० [सं०] इन्द्रिय-सम्बन्धी सुखको अधिक इच्छा गर्ने; इन्द्रियको वश-वर्ती।

इन्द्रिय-सन्निकर्ष–ना० [सं०] आफ्‌आफ्ना विषयका साथ इन्द्रियको सम्बन्ध हुनु।

इन्द्रियातीत–वि० [सं०] इन्द्रियहरूद्वारा ज्ञान वा अनुभव हुन नसक्ने; अगोचर।

इन्द्रियार्थवाद–ना० [सं०] १. इन्द्रियद्वारा सुख-भोग गर्ने काम। २. इन्द्रियहरूको अनुभूतिद्वारा नै सबै किसिमको ज्ञान प्राप्त हुन्छ भन्ने दार्शनिक सिद्धान्त।

इन्द्रेनी–ना० [ने०] इन्द्र-धनु।

इन्धन–ना० [सं] दाउरा वा त्यसको सट्टा बालेर उष्णता वा त्यसबाट उत्पन्न हुने शक्ति प्राप्त गर्ने साधन।

इन्फ्लुएन्जा–ना० [अं०] रुघा-खोकीको रोग।

इन्सपेक्टर–ना० [अं०] कामविशेषको रेख-देख गर्ने विशेष कर्मचारी; निरीक्षक।

इन्सान–ना० [अ०] मानिस; मनुष्य।

इन्साफ–ना० [अ० इन्साफ़] १. न्याय; निसाफ। २. निर्णय; फैसला।

इन्सायन–ना० [अं० एन्साइन] इन्सिन।

इन्सिन–ना० [अं०एन्साइन] लप्टनसरहको पल्टनिया अफिसर।

इबी–ना० [प्रा० इक्ख] धेरै दिनदेखि रहेको ईख; दगा।

इमारत–ना० [अ०] ठूलो र पक्की घर; महल; भवन।

CC-0. In Public Domain. Digitization by eGangotri

इम्पीरियल–ना० [अं०] १. बाईस इन्च फराकिलो र बत्तीस इन्च लामो कागतको नापो। (वि०) २. बादशाही; सम्राट्-सम्बन्धी; साम्राज्य-सम्बन्धी।

इयत्ता–ना० [सं०] १. सीमा; हद। २. परिमाण; नियत सङ्ख्या।

इयर्रिङ्ग–ना० [अं० इयर-रिङ्ग] यारिङ।

इरादा–ना० [अ०] १. कामना; इच्छा। २. सङ्कल्प; अठोट। ३. विचार।

इलम–ना० [अ० इल्म] १. ज्ञान; जानकारी। २. विद्या। ३. रोजगार; व्यवसाय।

इलमी–वि० [इलम+ई] इलम गर्ने; कुनै इलममा लागेको; इलम-सम्बन्धी।

इला–ना० [सं०] १. पृथ्वी। २. सरस्वती।

इलाका–ना० [अ० इलाक़ः] १. लगा; हाता। २. कुनै नाउँले प्रसिद्ध एक भू-खण्ड; अमल। ३. अधिकार-क्षेत्र।

इलाज–ना० [अ०] रोग निको पार्ने उपाय वा प्रयत्न; उपचार; चिकित्सा।

इलाम–ना० [ने०] नेपालको पूर्वी सीमानाको एक जिल्ला।

इलिक-मिलिक–क्रि० यो० [ने०] छिनको छिनमा बेपत्ता हुने वा सिद्धिने किसिम।

इलेक्ट्रिक–वि० [अं० एलेक्ट्रिक] बिजुलीको; विद्युत्-शक्ति-बाट उत्पन्न हुने।

इलेक्ट्रिसिटि–ना० [अं०] बिजुली; विद्युत्-शक्ति।

इलो–ना० [नेवा० इलाँ] थाम अड्याउने ढुङ्गो; आधार-शिला।

इल्लत–ना० [अ०] अभियोग; दोष; खोट।

इल्लिस–ना० [सं०] डँडाल्नुदेखि पुच्छरसम्म पखेटा हुने झीनो र लामो एक जातको माछो।

इव–अव्य० [सं०] उपमा-वाचक शब्द; समान; तुल्य; सदृश। (उदा०–अग्रजइव, अनुजइव।)

इशारा–ना० [अ०] १. सान; सङ्केत; इङ्गित। २. अस्पष्ट सूचना। ३. गुप्त प्रेरणा।

इश्क–ना० [अ० इश्क़] प्रेम; प्यार।

इश्तिहार–ना० [अ०] सरकारद्वारा जनतालाई दिइएको सूचना; विज्ञापन; नोटिस।

इष्ट–वि० [सं०] १. चाहेको; इच्छा गरिएको। (ना०) २. प्रिय व्यक्ति; मित्र। ३. अग्नि-होत्रादि शुभ कर्म। ४. इष्ट-देवता; कुल-देवता।

इष्ट-देवता–ना० [सं०] आराध्य देवता; मन्त्रको अधिष्ठाता देवता।

इष्ट-मित्र–ना० [सं०] १. हितैषी मानिस; साथी; मित्र। २. नातेदार; सम्बन्धी।

इष्टापत्ति–ना० [सं०] एउटाले बोलेको कुरा अर्कालाई अनुकूल पर्नु; चिताएको पुग्नु।

इसकुल–ना० [इस्कुल] इस्कुल।

इसबगोल–ना० [फा०] रछायो वा फुस्रो रङ्गको तिलजस्ता साना-साना दाना फल्ने बोटविशेष; त्यसैको फल। (आउँ-रगत, दिसा आदि रोगमा औषधिको रूपमा यसको प्रयोग हुन्छ।)

इस्कुल–ना० [अं० स्क्वाश] लौकाजस्तो लहरामा फल्ने, तरकारी खाइने साना-साना काँड़ा हुने हरियो फलविशेष; इस्कुस।

इस्कुस–ना० [अं० स्क्वाश] इस्कुल।

इस्कोट–ना० [अं० वेस्ट-कोट] इस्टकोट।

इस्टकोट–ना० [अं० वेस्ट-कोट] कोटभित्र लाउने, बाउला नभएको, कम्मरसम्म आउने एक किसिमको सानो कोट; इस्कोट।

इस्तिरी–ना० [सं० स्तर+ई] तताएर कपड़ा सम्म्याउने साधन।

इस्तीफा–ना० [अ० इस्तअफ़ा] आफ्नो काम वा नोकरी छोड्न दिइने प्रार्थना-पत्र; राजीनामा; त्याग-पत्र।

इस्तेमाल–ना० [अ० इस्तअमाल] काममा ल्याउनु; व्यवहार; उपयोग; प्रयोग।

इस्पात–ना० [सं० अयस्पत्र] एक किसिमको असल फलाम; संस्कार पुगेको कड़ा फलाम।

इस्लाम–ना० [अ०] मुसलमानी धर्म वा मत।

इह–क्रि० यो० [सं०] १. यहाँ; यस ठाउँमा। २. यस लोकमा।

इह-लीला–ना० [सं०] यस लोकको जीवन; जिन्दगी।

इह-लोक–ना० [सं०] १. यो लोक; संसार। २. यो जीवन; यो जन्म।

इह-लौकिक–वि० [सं०] यस लोकको; यो लोक-सम्बन्धी; सांसारिक।

इहामुत्र–क्रि० यो० [सं०] १. यस लोक र पर-लोकसमेतमा। २. यहाँ र त्यहाँ।

ई

ई–देवनागरी वर्ण-मालाको चौथो स्वर-वर्ण; तालुबाट उच्चारण हुने 'इ'-को दीर्घ रूप।

ई–वि० बो० [सं० इः] १. घृणा, झिँझ्याहट, नीचता आदि बुझाउने शब्द। (उदा०–ई, फोहरमा नचल।) २. आफ्नो नजीकको वस्तु औँल्याएर देखाउँदा भनिने शब्द। ३. लोप्पा खुवाउँदा बोलिने शब्द। (उदा०–ई, खा!)

ईंट–ना० [सं० इष्टका] १. गीलो माटो साँचोमा ढाली बनाएको, गाह्रो लाउने वा घर बनाउने प्रसिद्ध साधन। २. ताशका चार रङ्गमध्ये चार कुने रातो बुट्टाको एक रङ्ग।

ईकार–ना० [सं०] १. 'ई'-अक्षर। २. 'ई'-अक्षरको दाहिने मात्रा; ी–यो चिह्न।

ईक्षक–वि० [सं०] १. हेर्ने; देख्ने। २. विचार गर्ने। ३.

CC-0. In Public Domain. Digitization by eGangotri

जाँच्ने ।

ईक्षण–ना० [सं०] १. देख्नु; दर्शन । २. आँखा; नेत्र । ३. विचार; विवेचन । ४. जाँच ।

ईख–ना० [प्रा० इक्ख] रीसबाट उब्जेको प्रतिशोधको भावना; द्वेष; इबी ।

ईखालु–वि० [ईख+आलु] १. ईख गर्ने; इर्ष्यालु । २. ईख भएको; रीस भएको ।

ईति–ना० [सं०] १. बाधा; उपद्रव । २. नोक्सानी; हानि । ३. अतिवृष्टि, अनावृष्टि, सलह, मूसा, सुगा, दुश्मनको हमला–यी छ प्रकारका उपद्रव ।

ईथर–ना० [अं०] १. समस्त शून्य स्थानमा रहने अत्यन्त तरल र सूक्ष्म पदार्थ; उष्णता र प्रकाशको सञ्चार गर्ने द्रव्य । २. गन्धकको तेजाब र मद्य-सारबाट तयार हुने एक रासायनिक पदार्थ ।

ईदृश–वि० [सं०] यस्तो; यस किसिमको ।

ईप्सा–ना० [सं० इच्छा] कुनै वस्तु-प्राप्तिको इच्छा; चाहना ।

ईप्सित–वि० [सं०] १. इच्छा गरिएको; चाहना गरिएको । २. प्यारो; प्रिय ।

ईप्सु–वि० [सं०] इच्छा गर्ने; इच्छुक ।

ईमान–ना० [अ०] १. लेन-देनको व्यवहारमा गरिने सच्चाइ; सत्यता । २. ईश्वर वा धर्ममा भएको विश्वास; आस्तिक-बुद्धि । ३. असल नीयत ।

ईमान-जमान–ना० [अ० ईमान+जमान] व्यवहारमा काम र कुराको ठीक-ठीक पालना; सत्य-निष्ठा; धर्मपूर्वक बोल्नु ।

ईमानदार–वि० [अ० ईमान+दार (फा०)] ईमान भएको; निष्कपट ।

ईमानदारी–ना० [ईमानदार+ई] ईमानदार हुनाको भाव; सत्य-निष्ठा ।

ईरिण–ना० [सं०] झार-पात पनि नउम्रने रूखो जमीन; ऊसर भूमि ।

ईर्वारु–ना० [सं०] १. काँक्रो । २. ककरी । ३. खरबूजो । ४. फूट ।

ईर्ष्य–वि० [सं०] ईर्ष्या गर्ने; इर्ष्यालु ।

ईर्ष्यक–वि० [सं०] ईर्ष्या गर्ने; ईर्ष्यालु ।

ईर्ष्या–ना० [सं०] अर्काको लाभ वा उन्नति देखेर मनमा पैदा भएको डाह; मात्सर्य; द्वेष ।

ईर्ष्यालु–वि० [सं०] ईर्ष्या भएको; ईर्ष्या गर्ने ।

ईश–ना० [सं०] १. स्वामी; मालिक । २. राजा । ३. पति; लोग्ने । ४. ईश्वर । ५. शिव । ६. एघारको सङ्ख्या ।

ईश-कोण–ना० [सं०] ईशान दिशा ।

ईशान–ना० [सं०] १. स्वामी; मालिक । २. शिव; महादेव । ३. एघार रुद्रमध्ये एक । ४. पूर्व र उत्तर दिशाका बीचको कोण वा उपदिशा ।

ईशिता–ना० [सं०] ईशित्व ।

ईशित्व–ना० [सं०] १. उत्कृष्टता; प्रधानता । २. ईश्वरत्व । ३. आठ सिद्धिमध्ये एक; प्रभुत्व प्राप्त हुने सिद्धि ।

ईश्वर–ना० [सं०] १. क्लेश, कर्म-विपाक र आशयदेखि भिन्न पुरुष; परमेश्वर; भगवान् । २. मालिक; स्वामी । ३. धनी; ऐश्वर्यवान् । ४. पति; लोग्ने ।

ईश्वर-निषेध–ना० [सं०] ईश्वरको अस्तित्व नमान्नु; नास्तिकता ।

ईश्वर-निष्ट–वि० [सं०] ईश्वरमा विश्वास राख्ने; आस्तिक ।

ईश्वर-प्रणिधान–ना० [सं०] सबै किसिमका कर्म र त्यसको फल ईश्वरलाई समर्पण गर्नु ।

ईश्वरवाद–ना० [सं०] ईश्वरको अस्तित्व छ र उही सारा सृष्टिको नियन्ता हो भन्ने सिद्धान्त ।

ईश्वरवादी–वि० [सं०] ईश्वरवादको अनुयायी ।

ईश्वरी–ना० [सं०] १. दुर्गा । २. लक्ष्मी । ३. शिवलिङ्गी; ऐरेलु ।

ईश्वरीय–वि० [सं०] ईश्वर-सम्बन्धी; ईश्वरको ।

ईषत्–वि० [सं०] अलिकति; थोरै ।

ईषद्धास–ना० [सं०] मुसुक्क हाँस्नु; खिसिक्क हाँस्नु ।

ईषा–ना० [सं०] हरिस ।

ईसवी–वि० [अ०] ईसा-सम्बन्धी; ईसाको; ख्रिस्टीय ।

ईसा–ना० [अ०] एक प्रसिद्ध धर्म-प्रवर्तक; ईसाई धर्मका प्रवर्तक ।

ईसाई–ना० [अ०] ईसाले चलाएको धर्मका अनुयायी; ईसाई धर्म मान्ने; क्रिश्चियन ।

ईहा–ना० [सं०] १. इच्छा; चाहना । २. उद्यम; चेष्टा ।

ईहामृग–ना० [सं०] १. दिव्य स्त्रीमा अभिलाषा गर्ने दिव्या-दिव्य धीरोद्धत नायक र प्रतिनायक भएको, चार अङ्कमा विभक्त, इतिहास र कल्पना-मिश्रित कथानकद्वारा शृङ्गार-को आभासमात्रको अनुभव हुने दृश्य-काव्यको एक भेद । २. ब्वाँसो; वृक ।

ईहार्थी–वि० [सं०] धन-प्राप्तिको निमित्त प्रयत्न-शील; उद्देश्य-पूर्तिको निमित्त उद्यत ।

ईहित–वि० [सं०] इच्छा गरिएको; इच्छित; अभिलषित ।

उ

उ–देवनागरी वर्ण-मालाको पाँचौँ स्वर-वर्ण । यो ओष्ठस्थानी र 'ऊ' -को ह्रस्व रूप हो ।

उ–सर्वना० [ऊ] त्यो; ऊ ।

उँ–अव्य० [सं०] तिरस्कार वा उपेक्षापूर्वक बोल्दा प्रयोग गरिने शब्द । (उदा०–उँ, यो काम त गर्दिन ।)

उँ–अव्य० [ने०] रीस उठ्ने कुरा सुन्दा मन-मनै रिसाएर बोलिने शब्द ।

उँग–ना० [उँघो] बसी-बसी निद्राले झुल्नु; बसेको वस्यै निद्राले

CC-0. In Public Domain. Digitization by eGangotri

आँखा लट्ठ हुनु; झकाइ; निद्राको तन्द्रा ।

उँगाइ–ना० [उँग्+आइ] उँग्ने किसिम, क्रिया वा भाव ।

उँगाइनु–स० क्रि० [उँग्+आइ+नु] उँग्न लाइनु; उँगले लट्ठ्याइनु; ('उँगाउनु'-को क० क्रि०) ।

उँगाउनु–स० क्रि० [उँग्+आउ+नु] उँग्न लाउनु; उँगमा लट्ठ्याउनु; ('उँग्नु'-को प्रे० क्रि०) ।

उँगिनु–अ० क्रि० [उँग्+इ+नु] उँग्ने काम होइनु; उँग लागिनु; ('उँग्नु'-को भा० क्रि०) ।

उँग्नु–अ० क्रि० [उँग+नु] बसी-बसी निद्राले लट्ठिएर झुल्नु; निद्राको तन्द्रामा पर्नु; उँग लाग्नु ।

उँघ–ना० [उँग] उँग ।

उँघाइ–ना० [उँघ्+आइ] उँघ्ने किसिम, क्रिया, वा भाव ।

उँघाइनु–स० क्रि० [उँघ्+आइ+नु] उँगाइनु; ('उँघाउनु'-को क० क्रि०) ।

उँघाउनु–स० क्रि० [उँघ्+आउ+नु] उँगाउनु; ('उँघ्नु'-को प्रे० क्रि०) ।

उँघिनु–अ० क्रि० [उँघ+इ+नु] उँगिनु; ('उँघ्नु'-को भा० क्रि०) ।

उँघ्नु–अ० क्रि० [उँघ+नु] उँग्नु ।

उँचाइ–ना० [उचाइ] उचाई ।

उँचो–वि० [सं० उच्च] ऊचो; अग्लो ।

उँधो–ना० यो० [सं० अधः] तल; तलतिर; मुनितिर ।

उँधौली–वि० [उँधो+औली] तलतिरको; मुनितिरको; उँधोको ।

उँभो–ना० यो० [सं० ऊर्ध्व] माथि; माथितिर; उचाइमा ।

उँभौली–वि० [उँभो+औली] माथितिरको; उँभोको ।

उः–अव्य० [सं०] १. झट्ट कुनै कुरा अङ्गुलि-निर्देश गरी देखाउँदा बोलिने शब्द । (उदा०–उः त्यहाँ छ ।) २. ग्लानि, दुःख, विस्मय, क्रोध, हर्ष आदि प्रकट गर्ने शब्द । (उदा०–उः साह्रै थकाइ लाग्यो ।)

उइँट्नु–स० क्रि० [उइँटो] यन्त्रमा हालेर कपासका गेड़ा (कसर) छुट्ट्याउनु; कपास केलाउनु; उइँट्याउनु ।

उइँटाइ–ना० [उइँट+आइ] उइँट्ने किसिम क्रिया, वा भाव ।

उइँटाइनु–स० क्रि० [उइँट+आइ+नु] उइँटन लाइनु; उइँट्याउन लगाइनु; ('उइँटाउनु'-को क० क्रि०) ।

उइँटाउनु–स० क्रि० [उइँट+आउ+नु] उइँटन लाउनु; उइँट्याउन लाउनु; ('उइँट्नु'-को प्रे० क्रि०) ।

उइँटिनु–स० क्रि० [उइँट+इ+नु] उइँटने काम गरिनु; कपास केलाइनु; ('उइँट्नु'-को क० क्रि०) ।

उइँटो–ना० [ने०] कपास केलाउने यन्त्रविशेष; कपासका गेड़ा वा कसर छुट्ट्याउने यन्त्रविशेष ।

उइँट्याइ–ना० [उइँट+आइ] उइँट्याउने किसिम, क्रिया, वा भाव ।

उइँट्याइनु–स० क्रि० [उइँट+आइ+नु] उइँटिने काम होइनु; कपास केलाइनु; ('उइँट्याउनु'-को क० क्रि०) ।

उइँट्याउनु–स० क्रि० [उइँटो+याउ+नु] उइँटोमा हालेर कपासका गेड़ा वा कसर छुट्ट्याउनु; कपास केलाउनु ।

उकल्चिइनु–अ० क्रि० [उकल्चि+इ+नु] उकल्चिने काम होइनु; ('उकल्चिनु'-को भा० क्रि०) ।

उकल्चिनु–अ० क्रि० [उकुज] एक पटक निको भइसकेका रोग, घाउ, खटिरा आदि फेरि फ़र्कनु; उकुज पल्टनु ।

उकल्च्याइ–ना० [उकलिच+याइ] उकल्चिने किसिम, क्रिया वा भाव ।

उकल्च्याइनु–स० क्रि० [उकल्चि+याइ+नु] उकल्चिन लाइनु; उकुच पल्टाइनु; ('उकल्च्याउनु'-को क० क्रि०) ।

उकल्च्याउनु–स० क्रि० [उकल्चि+याउ+नु] उकल्चिन लाउनु; उकुच पल्टाउनु; ('उकल्चिनु'-को प्रे० क्रि०) ।

उकार–ना० [सं०] १. 'उ' – अक्षर । २. तर्कुल्ले; ु– यो चिह्न ।

उकालिनु–स० क्रि० [उकाल्+इ+नु] उकाल्ने काम गरिनु; उकालोतिर लगिनु; (उकाल्नु'-को क० क्रि०) ।

उकाली–ना० [उकालो+ई] उकालो ।

उकालो–ना० [प्रा० उक्कास] तलबाट माथितिर लागेको ठाउँ; माथितिर लाग्ने बाटो; चढ़ाउ ।

उकाल्नु–स० क्रि० [उकालो+नु] माथितिर चढ़ाउनु; उँभो लाउनु; माथि पठाउनु ।

उकास–ना० [प्रा० उक्कास] १. आवश्यक काम गरी उब्रेको वस्तु; बचत; शेष । (वि०) २. कसैको हक बाँकी नभई सरकारको हक हुन आएको (जग्गा); दुइ नम्बरको सीर (जमीन) । ३. उठेको भाग ।

उकासाइ–ना० [उकास्+आइ] उकास्ने किसिम, क्रिया वा भाव ।

उकासिनु–स० क्रि० [उकास्+इ+नु] उकास्ने काम गरिनु; उठाइनु; ('उकास्नु'-को क० क्रि०) ।

उकास्नु–स० क्रि० [उकास] १. गहीरो भागलाई अग्लो पार्नु; अग्ल्याउनु । २. तल्लो स्तरको मानिसलाई माथिल्लो स्तरमा पुर्‍याउनु; उठाउनु । ३. विपत्ति वा दुःखबाट मुक्त पार्नु ।

उकुच–ना० [उकुज] उकुज ।

उकुज–ना० [सं० उत्कोठ] कुनै खराबीबाट निको नभई धेरै दिनसम्म पाकिरहेको घाउ; सइन ।

उकुस-पुकुस–क्रि० यो० [उकुस-मुकुस] उकुस-मुकुस ।

उकुस-मुकुस–क्रि० यो० [ने०] १. ज्यादै गर्मी भएर वा हावा अवरुद्ध भएर असजिलो वा कष्ट अनुभव हुने किसिम; उसिस-निसिस । २. बढ़ता खाँदा असजिलो अनुभव हुने किसिम । ३. मनमा कुरा खेल्दा बेचैन हुने किसिम ।

उकेरा–ना० [प्रा० उक्कर] १. गोड-मेल गरी वर-परको माटो कुनै बोटको फेदमा थुपर्‍याएर दिएको आड़ । २. उकेराइ; उकेर्ने काम ।

उकेराइ–ना० [उकेर्+आइ] उकेर्ने किसिम, क्रिया वा भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

उकेराइनु–स० क्रि० [उकेर्+आइ+नु] उकेर्न लाइनु; उकेरा दिन लगाइनु; ('उकेराउनु'-को क० क्रि०)।

उकेराउनु–स० क्रि० [उकेर्+आउ+नु] उकेर्न लाउनु; उकेरा दिन लाउनु; ('उकेर्नु'-को प्रे० क्रि०)।

उकेरिनु–स० क्रि० [उकेर्+इ+नु] उकेर्ने काम गरिनु; उकेरा लाइनु; ('उकेर्नु'-को क० क्रि)।

उकेर्नु–स० क्रि० [उकेरा+नु] १. वर-परको माटो कुनै बोटको फेदमा थुप्र्याउनु; उकेरा लाउनु। २. गहिराको माटो माथितिर झिक्नु। ३. कुनै व्यक्तिलाई नचाहिँदो काम गर्न प्रेरणा दिनु; उचाल्नु।

उकेलाइ–ना० [उकेल्+आइ] उकेल्ने किसिम, क्रिया वा भाव।

उकेलाइनु–स० क्रि० [उकेल्+आइ+नु] उकेल्न लाइनु; ओकल्न लाइनु; ('उकेलाउनु'-को क० क्रि०)।

उकेलाउनु–स० क्रि० [उकेल्+आउ+नु] उकेल्न लाउनु; ओकल्न लाउनु; ('उकेल्नु'-को प्रे० क्रि०)।

उकेलिनु–स० क्रि० [उकेल्+इ+नु] उकेल्ने काम गरिनु; ओकलिनु; ('उकेल्नु'-को क० क्रि०)।

उकेल्नु–स० क्रि० [सं० उद्‌गिल्+नु] खाएको पदार्थ पेटमा नपुर्‍याई मुखैबाट निकाल्नु; ओकल्नु।

उक्कनु–अ० क्रि० [उप्क+नु] उप्कनु।

उक्काइ–ना० [उक्क+आइ] उक्कने किसिम, क्रिया वा भाव; उप्काइ।

उक्काउनु–स० क्रि० [उक्क+आउ+नु] उप्काउनु।

उक्किइनु–अ० क्रि० [उक्क+इ+नु] उप्किइनु; ('उक्किनु'-को क० क्रि०)।

उक्किनु–अ० क्रि० [उक्क+इ+नु] उप्किइनु; ('उक्कनु'-को क० क्रि०)।

उक्क्याइ–ना० [उक्कि+आइ] उक्किने किसिम, क्रिया वा भाव; उप्काइ।

उक्त–वि० [सं०] भनिएको; कथित।

उक्त-निर्वाह–ना०[सं०] आफूले बोलेको कुराको समर्थन गर्नु।

उक्त-प्रयुक्त–ना० [सं०] १. बात-चीत; कुराकानी; कथोपकथन। २. भनाभन।

उक्ताइनु–अ० क्रि० [उक्ताउ+इ+नु] उक्ताउने काम होइनु; उच्चाट लागिनु; ('उक्ताउनु'-को क० क्रि०)।

उक्ताउनु–अ० क्रि० [सं० आकुल] कुनै काम धेरै बेर गर्दा वा विनाकाम धेरै समयसम्म बसिरहनु पर्दा नरमाइलो अनुभव हुनु; उच्चाट लाग्नु।

उक्ति–ना० [सं०] १. भनाइ; कथन। २. विशेष महत्त्वको वाक्य; सार-गर्भित कथन।

उक्ति-प्रत्युक्ति–ना० [सं०] सवाल-जवाफ; कुराकानी; कथोपकथन।

उक्लनु–अ० क्रि० [उकालो+इ+नु] माथितिर जानु; चढ्नु; उकालो लाग्नु।

उक्लाइ–ना० [उक्ल+आइ] उक्लने किसिम, भाव वा क्रिया।

उक्लाइनु–स० क्रि० [उक्लाउ+इ+नु] बाली लगाउने वेलामा खेतको माटो खुकुलो पारिनु; उक्लाउने काम गरिनु; ('उक्लाउनु'-को क० क्रि)।

उक्लाइनु–स० क्रि० [उक्ल+आइ+नु] उक्लन लाइनु; उकालो लगाइनु; माथि चढ़ाइनु; ('उक्लाउनु'-को क० क्रि०)।

उक्लाउनु–स० क्रि० [उकेरा+लाउ+नु] पहिले खन-जोत गरिराखेको जमीन बाली लगाउने वेलामा फेरि खन-जोत गरी माटो खुकुलो पार्नु।

उक्लाउनु–स० क्रि० [उक्ल+आउ+नु] उक्लन लाउनु; उकालो लगाउनु; मास्तिर चढ़ाउनु; ('उक्लनु'-को प्रे०क्रि०)।

उक्लिनु–अ० क्रि० [उक्ल+इ+नु] उक्लने काम गरिनु; उकालो लागिनु; ('उक्लनु'-को क० क्रि०)।

उक्सनु–अ० क्रि० [प्रा० उक्कसण+नु] १. रोटी पकाउँदा फुलेर आउनु; भुक्लुक्क हुनु। २. घाउ-खटिरा सुनिनु। ३. कामबाट फुर्सत पाउनु; उत्रनु।

उक्साइ–ना० [उक्स+आइ] उक्सने किसिम, क्रिया वा भाव।

उक्साइनु–स० क्रि० [उक्स+आइ+नु] उक्सन लाइनु; उक्सने पारिनु; ('उक्साउनु'-को क० क्रि०)।

उक्साउनु–स० क्रि० [उक्स+आउ+नु] उक्सन लाउनु; उक्सने पार्नु; ('उक्सनु'-को प्रे० क्रि०)।

उक्सिइनु–अ० क्रि० [उक्सि+इ+नु] उक्सिने काम होइनु; भुक्लुक्क सुनिइनु वा फुलिनु; ('उक्सिनु'-को भा० क्रि०)।

उक्सिनु–अ० क्रि० [उक्स+इ+नु] उक्सने काम होइनु; उक्सिइनु; ('उक्सनु'-को भा० क्रि०)।

उक्स्याइ–ना०[उक्सि+आइ] उक्सिने किसिम, क्रिया वा भाव।

उखड़ा–ना० [उखाड्] रैतीका नाममा नम्बरी दर्ता नभई जमीनदारले आफ्ना इच्छानुसार नगदी रकम लिने गरी आबादी गर्न दिन पाउने जमीन; त्यस्तो व्यवस्था। (पछि-पछि यस व्यवस्थामा अनेक सुधार हुँदै गए।)

उखण्ड–वि० [सं० अखण्ड] ज्यादा; बिछट्ट; औधी।

उखण्ड–वि० [उकास+खण्ड] कुनै रैतीका नाउँमा दर्ता नभएको (सरकारी जमीन)।

उखरमाउलो–ना० [ने०] १. टन्टलापुर घाम; सूर्यको ज्यादै कड़ा राप। २. चर्को गर्मी; भावर। ३. उच्छृङ्खलता; अति चञ्चलता।

उखाड़ाइ–ना० [उखाड्+आइ] उखाड्ने किसिम, क्रिया वा भाव।

उखाड़िनु–स० क्रि० [उखाड्+इ+नु] उखाड्ने काम होइनु; उखेलिनु; ('उखाड्नु'-को क० क्रि०)।

उखाड़्नु–स० क्रि० [प्रा० उक्खाड+नु] १. जरैदेखि उखेल्नु। २. रहेको स्थानबाट हटाउनु; झिक्नु।

उखान–ना० [सं० उपाख्यान] आहान; टुक्का; कहावत।

उखाल-पखाल–क्रि० यो० [उकेल्+पखाला] १. सम्हालि-

CC-0. In Public Domain. Digitization by eGangotri

नसक्ने गरी दिसा र वमन हुने किसिम; उपर्तली लाग्ने किसिम। २. सम्हालिनसक्ने गरी काम आइपर्ने किसिम; छेलो-खेलो।

उखालिनु–स० क्रि० [उखाल्+इ+नु] उखाल्ने काम गरिनु; उट्टी-वास लाइनु; ('उखाल्नु'-को क० क्रि०)।

उखाल्नु–स० क्रि० [प्रा० उक्खाल] १. उट्टी-वास लाउनु; ढुटी-माटी पार्नु; टाट उल्टाउनु। २. उखेल्नु; उखाड्नु।

उखु–ना० [प्रा० उक्खु] भित्र गुलियो रस हुने, खँदिलो नर्कटजस्तो बोट; इक्षु। (यसको रसबाट सखर, चीनी, मिस्री आदि बनाइन्छ। आयुर्वेदमा यसको गुण, ठन्डा, बल-वर्द्धक, वीर्य-वर्द्धक र कान्ति-वर्द्धक बताइएको छ।)

उखुम–ना० [सं० उष्म] १. ज्यादै गरम हुने किसिम। (वि०) २. अति; सहिनसक्नु (गरम)।

उखेलाइ–ना० [उखेल्+आइ] उखेल्ने किसिम, क्रिया वा भाव।

उखेलाइनु–स० क्रि० [उखेल्+आइ+नु] उखेल्न लाइनु; उखाड्न लाइनु; ('उखेलाउनु'-को क० क्रि०)।

उखेलाउनु–स० क्रि० [उखेल्+आउ+नु] उखेल्न लाउनु; उखाड्न लाउनु; ('उखेल्नु'-को प्रे० क्रि०)।

उखेलिनु–स० क्रि० [उखेल्+इ+नु] उखेल्ने काम होइनु; उखाड़िनु; ('उखेल्नु'-को क० क्रि०)।

उखेल्नु–स० क्रि० [सं० उत्खात+नु] १. जरैसमेत झिक्नु (बोट, बिरुवा आदि)। २. रहेको ठाउँबाट हटाउनु; उखाड्नु।

उखोधर्म–ना० [ने०] १. कुनै काममा एकोहोरो लागिरहनु; खुरन्धार लाग्नु। (क्रि० यो०) २. अति; ज्यादा।

उगल्चिइनु–अ० क्रि० [उगल्चि+इ+नु] उकल्चिइनु; ('उगल्चिनु'-को भा० क्रि०)।

उगल्चिनु–अ० क्रि० [उकल्चिनु] उकल्चिनु; उकुज पल्टनु।

उगल्च्याइ–ना० [उगल्चि+याइ] उगल्चिने किसिम, क्रिया, वा भाव।

उगल्च्याइनु–स० क्रि० [उगल्चि+याइ+नु] उकल्च्याइनु; ('उगल्च्याउनु'-को क० क्रि०)।

उगल्च्याउनु–स० क्रि० [उगल्चि+याउ+नु] उकल्च्याउनु; ('उगल्चिनु'-को प्रे० क्रि०)।

उगाल–ना० [उगाल्] १. तामा, पीतल आदि धातुका भाँड़ामा अमिलो पदार्थ हाल्दा पैदा हुने विकार; उग्लँदा खाने कुरामा आउने विकृत स्वाद। २. उग्लेर भाँड़ामा जम्ने हरियो कस। ३. मात्तिनु; पात्तिनु। ४. नमिल्दो मिश्रणले वा जल-वायुको प्रभावले रङ्गमा विकार आउनु। ५. रोग, कमजोरी आदिले कान्ति क्षीण हुनु।

उगालाइ–ना० [उगाल्+आइ] उगाल्ने किसिम, क्रिया वा भाव।

उगालिनु–स० क्रि० [उगाल्+इ+नु] उगाल्ने काम गरिनु; उखेलिनु; ('उगाल्नु'-को क० क्रि०)।

उगाल्नु–स० क्रि० [सं० उत्खात+नु] १. बोट, बिरुवा आदि निर्मूल पारेर हटाउनु; उखाड्नु; उखेल्नु। २. तामा, पीतल आदि धातुका भाँड़ामा अमिलो वस्तु हाली विषालुपन निकाल्नु; उगाल पैदा गर्नु। ३. निर्मूल पार्नु; सर्व-नाश गर्नु।

उगेरा–ना० [उग्राउनु] खाइसकेको वस्तु फेरि मुखमा ल्याएर चपाउने काम; उग्राउनु।

उग्र–वि० [सं०] १. भयङ्कर; डर-लाग्दो। २. उत्कट; तीव्र। ३. कड़ा; प्रचण्ड। ४. ज्यादा; अति।

उग्रक–वि० [सं०] बलियो; बलवान्।

उग्र-कर्मा–वि० [सं०] डर-लाग्दो काम गर्ने; भयानक काम गर्ने।

उग्र-गन्ध–ना० [सं०] १. लसुन। २. हिङ्ग। ३. चाँपको फूल। (वि०) ४. कड़ा गन्ध भएको; उत्कट गन्ध भएको।

उग्रता–ना० [सं०] प्रचण्डता; तीव्रता।

उग्रतारा–ना० [सं०] १. एक प्रसिद्ध तारा। २. दश महा-विद्यामध्ये एक।

उग्राइ–ना० [उग्राउ+आइ] उग्राउने किसिम वा क्रिया।

उग्राइनु–स० क्रि० [उग्राउ+इ+नु] उग्राउने काम गरिनु; पागुर गरिनु; ('उग्राउनु'-को क० क्रि०)।

उग्राउनु–स० क्रि० [प्रा० उग्गिर+नु] १. पशु-जातिले खाइसकेको वस्तु फेरि घाँटीबाट मुखमा ल्याई चपाउनु; पागुर गर्नु। २. धेरै खानु; ज्यादा खानु।

उग्लनु–अ० क्रि० [उगाल्] १. तामा, पीतल आदि धातुका भाँड़ामा अमिलो पदार्थ राख्दा विकार पैदा हुनु; पग्लिँदो स्वादको हुनु; उगाल निस्कनु। २. निर्मूल हुनु; सर्व-नाश हुनु। ३. पात्तिनु; मात्तिनु। ४. रोग दा कमजोरीले कान्ति क्षीण हुनु। ५. कारणवश रङ्गमा विकार पैदा हुनु।

उग्लाइ–ना० [उग्ल+आइ] उग्लने किसिम वा क्रिया।

उग्लाइनु–स० क्रि० [उग्ल+आइ+नु] उग्लन लाइनु; उग्लने पारिनु; उगाल्नु; ('उग्लनु'-को प्रे० क्रि०)।

उग्लाउनु–स० क्रि० [उग्ल+आइ+नु] उग्लन लाइनु; उग्लने पारिनु; उगालिनु; ('उग्लाउनु'-को क० क्रि०)।

उग्लिँदो–वि० [उग्ल+इँदो] उग्लिएको; पग्लिँदो।

उग्लिनु–अ० क्रि० [उग्ल+इ+नु] उग्लने काम गरिनु; उगाल निस्किनु; ('उग्लनु'-को भा० क्रि०)।

उघाइ–ना० [उघाउ+आइ] उघाउने किसिम, क्रिया वा भाव।

उघाइनु–स० क्रि० [उघाउ+इ+नु] उभाइनु; ('उघाउनु'-को क० क्रि०)।

उघाउनी–ना० [उघाउ+नी] १. उघाउने भाँड़ो। २. एक चोटि उभाएर झिकेको वस्तु। ३. चन्दा उठाएर जम्मा गर्नु; सङ्ग्रह। (वि०) ४. बाँकी रहेको; बचे-खुचेको।

उघाउनु–स० क्रि० [उभाउनु] उभाउनु।

उघारिनु–स० क्रि० [उघार्+इ+नु] उघार्ने काम गरिनु; उद्घाटन गरिनु।

CC-0. In Public Domain. Digitization by eGangotri

उघारो–वि० [उघार्] कतैबाट केही छेक-थुन नभएको; खुला ।
उघार्नु–स० क्रि० [सं० उद्घाटन+नु] खोल्नु; उद्घाटन गर्नु; खुला पार्नु ।
उघ्रनु–अ० क्रि० [उघार्+नु] १. खुला हुनु; उघारो हुनु; खुल्नु । २. बदली हट्नु । ३. सुहाउनु; सुहाउँदो हुनु । ४. सफा हुनु ।
उघ्राइ–ना० [उघ्र+आइ] उघ्रने किसिम, क्रिया वा भाव ।
उघ्राइनु–स० क्रि० [उघ्र+आइ+नु] उघ्रने काम होइनु; उघ्रन लाइनु; ('उघ्राउनु'-को क० क्रि०) ।
उघ्राउनु–स० क्रि० [उघ्र+आउ+नु] उघ्रन लाउनु; उघारो पार्नु; उघार्नु; ('उघ्रनु'-को प्रे० क्रि०) ।
उघ्रिनु–अ० क्रि० [उघ्र+इ+नु] उघ्रने काम होइनु; उघारो भइनु; खुलिनु; ('उघ्रनु'-को क० क्रि०) ।
उङ–ना० [उँग] उँग; निद्राको तन्द्रा ।
उङाइ–ना० [उङ+आइ] उङने किसिम, क्रिया वा भाव ।
उङाइनु–स० क्रि० [उङ+आइ+नु] उँगाइनु; ('उङनु'-को क० क्रि०) ।
उङाउनु–स० क्रि० [उङ+आउ+नु] उँगाउनु; ('उङनु'-को प्रे० क्रि०) ।
उङिनु–अ० क्रि० [उङ+इ+नु] उङने काम होइनु; उङ लागिनु ।
उङनु–अ० क्रि० [उङ+नु] बसी-बसी निद्राले झुल्नु; उँग लाग्नु ।
उच-नीच–ना० [सं० उच्च+नीच] अज्ञानवश वा भूलले भएको त्रुटि; तल-माथि परेको कुरा; भूल-चूक ।
उचाइ–ना० [सं० उच्च+आइ] उच्च हुनाको भाव; अग्लोपना ।
उचालाइ–ना० [उचाल्+आइ] उचाल्ने ढङ्ग, क्रिया वा भाव ।
उचालिनु–स० क्रि० [उचाल्+इ+नु] उचाल्ने काम गरिनु; उठाइनु; ('उचाल्नु'-को क० क्रि०) ।
उचाल्नु–स० क्रि० [प्रा० उच्चाडण+नु] १. माथि लानु; उठाउनु । २. बोक्नु; वहन गर्नु । ३. कुनै खराब काममा कसैलाई प्रेरणा दिनु; उराल्नु । ४. उँचो पार्नु; अग्ल्याउनु ।
उचित–वि० [सं०] आवश्यकता र अवसरको अनुरूप; मुनासिब; ठीक; योग्य ।
उचेराइ–ना० [उचेर्+आइ] उचेर्ने किसिम, क्रिया वा भाव ।
उचेराइनु–स० क्रि० [उचेर्+आइ+नु] उचेर्न लाइनु; उधार्न लाइनु; ('उचेराउनु'-को क० क्रि०) ।
उचेराउनु–स० क्रि० [उचेर्+आउ+नु] उचेर्न लाउनु; उधार्न लाउनु; ('उचेर्नु'-को प्रे० क्रि०) ।
उचेरिनु–स० क्रि० [उचेर्+इ+नु] उचेर्ने काम गरिनु; उधारिनु ।
उचेरो–ना० [सं० उच्चलन] नङको फेद वा कुनाको उप्केको छाला; उप्केका छालाको पाप्रो ।
उचेर्नु–स० क्रि० [सं० उच्चलन] छानाको पुरानो खर, पराल आदि फेर्नाका निम्ति झिक्नु; उधार्नु ।
उच्च–वि० [सं०] १. अग्लो; उँचो । २. श्रेष्ठ; विशिष्ट । ३. माथिको; माथिल्लो ।
उच्च-अदालत–ना० [सं० उच्च+अदालत] जिल्ला-अदालत-भन्दा माथि सर्वोच्च अदालतभन्दा तलको न्यायालय; हाई-कोर्ट ।
उच्चतम–वि० [सं०] १. सबैभन्दा अग्लो; हद अग्लो । २. सबभन्दा श्रेष्ठ; श्रेष्ठतम ।
उच्चता–ना० [सं०] १. उचाइ; अग्लाइ । २. श्रेष्ठता; उत्तमता ।
उच्चरण–ना० [सं०] कण्ठ, तालु, जिह्वा आदिबाट शब्द निस्कनु; उच्चारण ।
उच्चरित–वि० [सं०] १. उच्चारण गरिएको । २. उल्लेख भएको; उल्लिखित ।
उच्चलित–वि० [सं०] जान लागेको; प्रस्थान गर्न लागेको ।
उच्च-वर्ग–ना० [सं०] विशेषतः धनका दृष्टिले समाजका उच्च स्तरको जन-समुदाय; धनिक वर्ग ।
उच्चाकाङ्क्षा–ना० [सं०] ठूलो वा महत्त्वपूर्ण कुराको आकाङ्क्षा ।
उच्चाकाङ्क्षी–वि० [सं०] ठूलो वा महत्त्वपूर्ण कुराको इच्छा गर्ने; महत्त्वाकाङ्क्षी ।
उच्चाट–ना० [सं०] १. एकै काममा धेरै बेर लागिरहँदा हुने दिक्दारी; उराठ; नरमाइलोपन; विरक्ति । २. मन्त्र-तन्त्रद्वारा कसैलाई विरक्त पार्नु । ३. उखेल्नु; लुछ्नु ।
उच्चाटन–ना० [सं०] १. एकैनासको काम गर्दा-गर्दा मन मर्नु; उच्चाट लाग्नु । २. उखेल्नु; लुछ्नु । ३. तन्त्रका छ अभिचार-कर्ममध्ये एक ।
उच्चाटिलो–वि० [उच्चाट+इलो] उच्चाट-लाग्दो; उराठ-लाग्दो ।
उच्चार–ना० [सं०] १. बोल्नु; मुखबाट शब्द निकाल्नु; उच्चारण । २. मल; विष्टा ।
उच्चारण–ना० [सं०] १. मुखबाट शब्द निकाल्नु; बोल्नु । २. शब्द वा वर्ण बोल्ने ढङ्ग; बोलाइ ।
उच्चारण-स्थान–ना० [सं०] ध्वनि निकाल्दा उपयोगमा आउने मुखभित्रका अवयव । (कण्ठ, तालु, ओष्ठ, जिह्वा आदि ।)
उच्चारणीय–वि० [सं०] उच्चारण गर्न लायक; बोल्न योग्य ।
उच्चारित–वि० [सं०] बोलिएको; उच्चारण गरिएको ।
उच्चार्य–वि० [सं०] उच्चारण गर्न योग्य; उच्चारणीय ।
उच्चैःश्रवा–ना० [सं०] १. इन्द्रको घोड़ा । (वि०) २. बहिरो ।
उच्चो–वि० [सं० उच्च] अग्लो; उच्च ।
उच्छन्न–वि० [सं०] १. नाश गरिएको; विनष्ट । २. हराएको; लुप्त ।
उच्छिल्लिइनु–अ० क्रि० [उच्छिल्लि+इ+नु] उच्छिल्लिने

CC-0. In Public Domain. Digitization by eGangotri

काम होइनु; उच्छृङ्खल भइनु; ('उच्छिल्लिनु'-को भा० क्रि०)।

उच्छिल्लिनु—अ० क्रि० [सं० उत्+शील] १. मर्यादा, अनुशासन, आदिमा नरहनु; उच्छृङ्खल हुनु। २. पात्तिनु; इतरिनु।

उच्छिल्ल्याइ—ना० [उच्छिल्लि+आइ] उच्छिल्लिने किसिम, क्रिया वा भाव; छिहिल्याइ।

उच्छिल्ल्याइनु—अ० क्रि० [उच्छिल्लि+याइ+नु] उच्छिल्लिने काम गरिनु; ('उच्छिल्ल्याउनु'-को क० क्रि०)।

उच्छिल्ल्याउनु—स०क्रि० [उच्छिल्लि+याउ+नु] उच्छिल्लिने पार्नु; उच्छृङ्खल तुल्याउनु; ('उच्छिल्लिनु'-को प्रे० क्रि०)।

उच्छिल्ल्याहट—ना० [उच्छिल्लि+याहट] उच्छिल्लिने किसिम, क्रिया वा भाव; उच्छिल्ल्याइ।

उच्छिल्ल्याहा—वि० [उच्छिल्लि+आहा] उच्छिल्लिएको; उच्छृङ्खल; उद्धत।

उच्छिष्ट—वि० [सं०] खाएर बाँकी रहेको; पुरा; जूठो।

उच्छून—वि० [सं०] १. सुनिएको; फुलेको। २. मोटाएको; स्थूल।

उच्छृङ्खल—वि० [सं०] १. नियममा नरहने; मनपरी काम गर्ने; स्वेच्छाचारी। २. उत्ताउलो; उद्दण्ड। ३. क्रम-बद्ध नभएको; सिलसिला नमिलेको।

उच्छृङ्खलता—ना० [सं०] उच्छृङ्खल हुनाको भाव।

उच्छेत्ता—वि० [सं०] १. उखेल्ने; लुछ्ने। २. नाश गर्ने; नष्ट पार्ने।

उच्छेद—ना०[सं०] १. उखेल्नु; उखाड्नु। २. नाश; विनाश।

उच्छेदन—ना०[सं०] १. उखेल्नु; उखाड्नु। २. नाश; विनाश।

उच्छ्वसित—वि० [सं०] १. हर्षित; प्रसन्न। २. आश्वासन दिइएको।

उच्छ्वास—ना० [सं०] १. माथितिर तानेको सास। २. सास; श्वास। ३. लामो श्वास; सुस्केरा। ४. ग्रन्थको अध्याय।

उच्छ्वासी—वि० [सं०] १. लामो सास फेर्ने; सुस्केरा हाल्ने। २. मर्न आँटेको; मरणासन्न। ३. वैलाएको।

उछार-पछार—क्रि० यो० [उचाल्+पछार्] उचाल्दै पछार्दै गर्ने किसिम।

उछिट्टिइनु—अ० क्रि० [उछिट्टि+इ+नु] उछिट्टिने काम होइनु; उफ्रिइनु; ('उछिट्टिनु'-को भा० क्रि०)।

उछिट्टिनु—अ० क्रि० [सं० उच्छलन+नु] १. ठीक ठाउँमा नरही पर पुग्नु; उफ्रिनु। २. उम्कनु; भाग्नु; फुत्कनु। ३. टप खानु।

उछिट्ट्याइ—ना० [उछिट्टि+याइ] उछिट्टिने किसिम, क्रिया वा भाव।

उछिट्ट्याइनु—स० क्रि० [उछिट्टि+याइ+नु] उछिट्टिन लाइनु; ('उछिट्ट्याउनु'-को क० क्रि०)।

उछिट्ट्याउनु—स० क्रि० [उछिट्टि+याउ+नु] १. उछिट्टिन लाउनु; उम्काउनु; ('उछिट्टिनु'-को प्रे० क्रि०)। २. लिएर हिँड्नु; उड़ाउनु। ३. बहकाउनु; भगाउनु।

उछितो—ना० [प्रा० उच्छित्त] १. सर्व-नाश; सत्यानाश; उछित्तो। २. मृत्यु; मरण।

उछित्तो—ना० [प्रा० उच्छित्त] उछितो।

उछिन-पाछिन—ना० [उछिन्+पाछ्] परस्परको उछिनाइ; तँछाड़-मछाड़ गरेर उछिन्नु।

उछिनाइ—ना० [उछिन्+आइ] उछिन्ने किसिम, क्रिया वा भाव।

उछिनाइनु—स० क्रि० [उछिन्+आइ+नु] उछिन्न लाइनु; अगि लगाइनु; ('उछिन्नु'-को क० क्रि०)।

उछिना-उछिन—ना० [उछिन्+उछिन्] उछिन-पाछिन।

उछिनाउनु—स० क्रि० [उछिन्+आउ+नु] उछिन्न लाउनु; अगि लगाउनु; ('उछिन्नु'-को प्रे० क्रि०)।

उछिनिनु—स० क्रि० [उछिन्+इ+नु] उछिन्ने काम गरिनु; अगि लागिनु; ('उछिन्नु'-को क० क्रि०)।

उछिन्नु—स० क्रि० [ने०] १. अगाड़िकालाई जितेर अघि लाग्नु; अघि हुनु। २. पालो मिच्नु।

उछ्रनु—अ० क्रि० [ने०] छालामा सानसाना बिमिरा वा खटिराहरू निस्कनु; डाबर उठ्नु।

उछ्राइ—ना० [उछ्र+आइ] उछ्रने किसिम, क्रिया वा भाव।

उछ्राइनु—स० क्रि० [उछ्र+आइ+नु] उछ्रन लाइनु; डाबर उठाइनु; ('उछ्राउनु'-को क० क्रि०)।

उछ्राउनु—स० क्रि० [उछ्र+आउ+नु] उछ्रन लाउनु; डाबर उठाउनु; ('उछ्रनु'-को प्रे० क्रि०)।

उछ्रिनु—अ० क्रि० [उछ्र+इ+नु] उछ्रने काम होइनु; डाबर उठिनु; ('उछ्रनु'-को भा० क्रि०)।

उजराती—ना० [अ० वजा+रजीअ (?)] कारणवश सदर स्याहामा आम्दानी खर्च गर्न नमिल्ने भई बाँकी रहेको रकम-कलम।

उजाइ—ना० [उजाउ+आइ] उजाउने किसिम, क्रिया वा भाव।

उजाइनु—स० क्रि० [उजाउ+इ+नु] उजाउने काम गरिनु; हतियारले ताकिनु; ('उजाउनु'-को क० क्रि०)।

उजाउनु—स० क्रि० [सं० उद्यतन] कसैलाई हिर्काउन हतियारले ताक्नु; हतियार उठाउनु; दाग्नु; मच्चाउनु।

उजाड़—ना० [ने०] १. भत्कनु-बिग्रनु; विनाश। २. बस्ती उठ्नु; उट्ठा लाग्नु। ३. जरैदेखि उखेलिनु; निर्मूल हुनु। (वि०) ४. नरमाइलो; उराठ-लाग्दो। ५. बाली-नाली नलाग्ने।

उजाड़िनु—स० क्रि० [उजाड़+इ+नु] उजारिनु।

उजार—ना० [उजाड़] नाश; विनाश; उजाड़।

उजारिनु—स० क्रि० [उजार+इ+नु] उजार्ने काम होइनु; उजाड़ पारिनु; ('उजार्नु'-को भा० क्रि०)।

उजार्नु—स० क्रि० [उजाड़+नु] १. उजाड़ पार्नु; फाँड्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

२. खुला पार्नु; उघार्नु। ३. मास्नु। ४. शून्य पार्नु।

उजिलिइनु—अ० क्रि० [उजिलि+इ+नु] उज्यालो होइनु; चहकिलो भइनु; ('उजिलिनु'-को भा० क्रि०)।

उजिलिनु—अ० क्रि० [उज्यालो+इ+नु] १. उज्यालो हुनु; चहकिलो हुनु। २. सफा हुनु।

उजिल्याइ—ना० [उजिल्याउ+आइ] उजिल्याउने किसिम, क्रिया वा भाव।

उजिल्याइ—ना० [उजिलि+याइ] उजिलिने किसिम, क्रिया वा भाव।

उजिल्याइनु—स० क्रि० [उजिलि+याइ+नु] उज्यालो पारिनु; झल्काइनु; ('उजिल्याउनु'-को क० क्रि०)।

उजिल्याउनु—स० क्रि० [उजिलि+याउ+नु] १. उज्यालो पार्नु; चहकिलो पार्नु; झल्काउनु। २. सफा पार्नु; ('उजिलिनु'-को प्रे० क्रि०)।

उजूर—ना० [अ० उज्र] कसैले अन्याय गरेको वा खराब काम गरेको कुरा अधिकारी-वर्गलाई सुनाउनु; फिराद; नालिश।

उजूरी—ना० [उजूर] उजूर।

उजेली—वि० [उज्यालो] १. जून लागेको; जुनेली (रात)। २. अँध्यारो ठाउँमा झल्कने (रूख, काठ आदि)।

उज्जड़—वि० [उज्जन्ड] उज्जन्ड।

उज्जन्ड—वि० [सं० उद्दण्ड] १. कड़ा स्वभावको; उद्दण्ड। २. उच्छृङ्खल; उद्धत। ३. कसैलाई केही नगन्ने; अटेरी।

उज्जर—वि० [सं० उज्ज्वल] १. सफा; सुकिलो। २. चहकिलो; खुल्दो। ३. उज्यालो; उज्ज्वल।

उज्जीवन—ना० [सं०] नयाँ जीवन प्राप्त हुनु; मृतप्राय भएर फेरि स्वस्थ हुनु।

उज्जीवित—वि० [सं०] फेरि जीवन प्राप्त गरेको; पुनर्जीवन पाएको।

उज्जृम्भ—ना० [सं०] १. हाइ। २. फुल्नु; फक्रनु।

उज्जैन—ना० [सं०] हिन्दूहरूका सात मोक्ष-पुरीमध्ये एक।

उज्ज्वल—वि० [सं०] १. उज्यालो; चम्किलो; दीप्तिमान्। २. स्वच्छ; निर्मल। ३. बेदाग।

उज्ज्वलता—ना० [सं०] उज्ज्वल हुनाको भाव।

उज्ज्वलन—ना० [सं०] १. उज्यालो; चमक; दीप्ति। २. आगो। ३. सुन।

उज्ज्वलित—वि० [सं०] उज्ज्वल भएको; चम्किलो पारिएको।

उज्यालो—वि० [सं० उज्ज्वल] १. अन्धकार नभएको; प्रकाश-युक्त। २. सफा; उज्जर। ३. चम्किलो; खुल्दो। (ना०) ४. अन्धकारको अभाव; प्रकाश।

उझाइ—ना० [उझाउ+आइ] उझाउने किसिम, क्रिया वा भाव।

उझाइनु—स० क्रि० [उझाउ+इ+नु] उजाइनु; ('उझाउनु'-को क० क्रि०)।

उझाउन—स० क्रि० [उजाउ] उजाउनु।

उझिन्डिइनु—अ० क्रि० [उझिन्डि+इ+नु] उझिन्डिने काम होइनु; झुन्डिइनु; ('उझिन्डिनु'-को भा० क्रि०)।

उझिन्डिनु—अ० क्रि० [उझिन्डो+इ+नु] १. लट्किनु; झुन्डिनु; टाँगिनु। २. घाँटीमा पासो लाएर आत्म-हत्या गर्नु।

उझिन्डो—ना० [ने०] १. झुन्ड्याउनाका निमित्त कुनै वस्तुका माथिबाट वा घाँटीमा जड़िएको वा बाँधिएको साधन। २. घाँड़ो।

उझिन्ड्याइ—ना० [उझिन्ड्याउ+आइ] उझिन्डिने किसिम वा क्रिया।

उझिन्ड्याउनु—स० क्रि० [उझिन्डो+याउ+नु] १. उझिन्डिन लाउनु; झुन्ड्याउनु; लट्काउनु; ('उझिन्डिनु'-को प्रे० क्रि०)। २. उझिन्डो पार्नु। ३. घाँड़ो लाउनु।

उञ्छ—ना० [सं०] १. खेतको बाली उठाइसकेपछि जमीनमा खसेका दाना टिप्नु; शिला खोज्नु। २. शिला।

उञ्छ-वृत्ति—ना० [सं०] खेतमा खसेका दाना टिपेर जीविका गर्नु; शिला-वृत्ति।

उञ्छ-शील—वि० [सं०] खेतमा खसेका अन्न खोजी त्यसबाट जीविका गर्ने; उञ्छ-वृत्तिबाट निर्वाह गर्ने।

उटक—ना० [सं० उच्च] अग्लो जमीन; टारी जमीन।

उटज—ना० [सं०] घाँस-परालले बनेको सानो घर; कुटी; झुपड़ी।

उटपटाङ—वि० [उटपटचाङ] उटपटचाङ।

उटपटचाङ—वि० [उटुङ्गी] १. उरन्ठेउलो; उच्छृङ्खल। २. चञ्चल स्वभावको। ३. उटुङ्ग्याहा; ठटचौलो।

उटुङ्गी—वि० [ने०] उटपटचाङ काम वा कुरा गरेर हँसी-दिल्लगी गर्ने; ठटचौलो।

उटुङ्गो—ना० [उटुङ्गी+ओ] हँसी; दिल्लगी; ठट्टा।

उटुङ्ग्याइँ—ना० [उटुङ्गो+याइँ] हँसी-दिल्लगी; उटुङ्गो।

उटुङ्ग्याहा—वि० [उटुङ्गी+आहा] उटुङ्गी; ठटचौलो।

उट्ठा—ना० [प्रा० उट्ठा] बसिरहेको ठाउँ छोड्नु; उठी-वास लाग्नु।

उट्ठा-बास—ना० [उट्ठा+बास] उट्ठा-वास।

उट्ठा-वास—ना० [उट्ठा+वास] १. बसेका ठाउँ वा घरबाट अर्कोद्वारा बलात् उठाइनु; उट्ठी-वास। २. गरिरहेको व्यवसाय बिग्रनु; टाट उल्टनु।

उट्ठी-बास—ना० [उट्ठी+बास] उट्ठी-वास।

उट्ठी-वास—ना० [उट्ठा+वास] उट्ठा-वास।

उठती—ना० [उठ्+ती] असामी वा मोहीबाट आउने ब्याज, बाली आदि; असूल; तहसील; आयस्ता।

उठती-पुठती—ना० [उठती+पुठती (फ्राँ०)] उठती; आयस्ता; असूल-तहसील।

उठ-बस—ना० [उठ्+बस्] १. बसा-उठी; साथको रहन-सहन। २. सजायको रूपमा वा व्यायामको निमित्त उठ्दै बस्दै गर्ने क्रिया।

CC-0. In Public Domain. Digitization by eGangotri

उठाइ—ना० [उठ्+आइ] उठ्ने ढाँचा वा क्रिया।

उठाइनु—स० क्रि० [उठ्+आइ+नु] उठ्न लाइनु; बिउँझाउनु; ('उठाउनु'-को क० क्रि०)।

उठाउनु—स० क्रि० [उठ्+आउ+नु] १. निद्रा छुटाउनु; बिउँझाउनु; ('उठ्नु'-को प्रे० क्रि०)। २. उभ्याउनु; ठड्याउनु; खड़ा पार्नु। ३. बसेका ठाउँबाट हटाउनु; उट्ठा लाउनु। ४. मोही वा असामीसित बाली, ब्याज आदि लिनु; असूल गर्नु। ५. कुनै काम आरम्भ गर्नु; थाल्नु। ६. अभिभारा बोक्नु। ७. प्रेरणा दिनु; सुन्याउनु। ८. उन्नतिको बाटोमा लाउनु; सहायता गर्नु। ९. माथि पुऱ्याउनु; उचाल्नु।

उठान—ना० [उठ्] शुरू; आरम्भ; प्रारम्भ।

उठिचिल्ली—ना०[उठ्+बिचल्ली]१. उट्ठी-वास। २. बिचल्ली; चिल्ली-बिल्ली।

उठिनु—अ० क्रि० [उठ्+इ+नु] उठ्ने काम होइनु; उभिइनु; ('उठ्नु'-को भा० क्रि०)।

उठ्नु—अ० क्रि० [प्रा० उट्ठ+नु] १. उभिनु; खड़ा हुनु। २. निद्रा छुट्नु; बिउँझनु। ३. बसेको ठाउँ छोड्नु; बसाइँ सर्नु। ४. उन्नति हुनु; उँभो लाग्नु। ५. लिनुपर्ने बाली, रुपियाँ आदि आउनु; असूल हुनु। ६. पुरिनु; अग्लो हुनु।

उड़का—ना० [ने०] लामो चुच्चो हुने बट्टाईका रङ्गको सारौं-जत्रो, सिमसारमा देखिने एक चरो; चाहा; लाम्चुच्चे।

उड़न्ता—वि० [उड्+अन्ता] १. बिनाप्रमाणको; उड़वा (हल्ला)। २. ज्यादा खर्च गर्ने; खर्चालु; फुकाउरो। ३. जहाँ-कहीँ पुग्ने; धेरै ठाउँमा घुम्ने।

उड़न्ते—वि० [उड़न्ता+ए] उड़न्ता।

उड़प—ना० [सं०] १. चन्द्रमा। २. नाउ; डुङ्गा।

उड़ाइ—ना० [उड्+आइ] उड़्ने किसिम, क्रिया वा भाव।

उड़ाइनु—स० क्रि० [उड्+आइ+नु] उड्न लाइनु; उड्ने पारिनु; ('उड़ाउनु'-को क० क्रि०)।

उड़ाउनु—स० क्रि० [उड्+आउ+नु] १. उड्ने पार्नु; ('उड्नु'-को प्रे० क्रि०)। २. आकाशमा माथिसम्म पुऱ्याउनु। ३. खिसी गर्नु; गिज्याउनु। ४. फुर्र्याउनु; उराल्नु। ५. अपव्यय गर्नु; अनुचित खर्च गर्नु। ६. फूर्तिसाथ खानु।

उड़ान—ना० [सं० उड्+आन] उड्नाको भाव वा क्रिया; उड़ाइ।

उड़ालु—वि० [उड्+आलु] १. उड्ने स्वभावको; धेरै बेर उड्ने। २. चाहिँदोभन्दा बढ्ता खर्च गर्ने; फुकाउरो; उड़न्ता।

उड़िनु—अ० क्रि० [उड्+इ+नु] उड्ने काम हुनु; पखेटाका सहाराले अकासिइनु; ('उड्नु'-को भा० क्रि०)।

उडु—ना० [सं०] १. नक्षत्र; तारा। २. पानी; जल। ३. डुङ्गा; नाउ। ४. चरा; पक्षी।

उडु-पति—ना० [सं०] चन्द्रमा।

उड़वा—वि० [उड्+उवा] १. बिनाप्रमाणको; निराधारको; उड़न्ता (हल्ला वा खबर)। २. जहाँ-कहीँ पुग्ने; धेरै ठाउँमा घुम्ने।

उड़ुस—ना० [सं० उद्दंश] बिछ्यौना आदिमा हुने, कलेजी रङ्गको च्याप्टो, मानिसको रगत चुस्ने कीराविशेष।

उड्कनु—स० क्रि० [ने०] १. अर्काको दोष बराबर कोट्याइ-रहनु। २. आफूले गरेको असल काम बार-बार दोहोऱ्याउनु। ३. चिल्लो लागेका भाँड़ा-बर्तन आदि फुको खरानी वा भूस आदिले माझ्नु।

उड्काइ—ना० [उड्क+आइ] उड्कने किसिम, क्रिया वा भाव।

उड्काइनु—अ० क्रि० [उड्क+आइ+नु] उड्कन लाइनु; ('उड्काउनु'-को क० क्रि०)।

उड्काउनु—स० क्रि० [उड्क+आउ+नु] उड्कन लाउनु; अर्काको दोष कोट्याउन लाउनु; ('उड्कनु'-को प्रे० क्रि०)।

उड्किनु—स० क्रि० [उड्क+इ+नु] उड्कने काम गरिनु; अर्काको दोष कोट्याइनु; ('उड्कनु'-को क० क्रि०)।

उड्केला—ना० [सं० उत्क्रुतेरू] दुइ पैताला र चाकमात्रले टेकेर बस्ने काम; टुक्रुक्क बस्नु।

उड्डयन—ना० [सं०] उड्नु; उड़ान।

उड्डीन—वि० [सं०] उड़ेको; उड्ने।

उड्नु—अ० क्रि०[सं० उड्डयन] १. पखेटाको सहाराले आकाशमा घुम्नु; आकाश-मार्गले जानु। २. सिद्धिनु; नासिनु। ३. मेटिनु; हराउनु। ४. खर्च हुनु; बढ्ता खर्च हुनु।

उत्—अव्य० [सं०] सन्देह, प्रश्न, विचार आदि सूचक उपसर्ग। (उदा०—उत्पात; उत्पीडन; उत्पादन।)

उर्तासिइनु—अ०क्रि० [उर्तासि+इ+नु] उर्तासिने काम होइनु; झर्किनु; ('उर्तासिनु'-को भा० क्रि०)।

उर्तासिनु—अ० क्रि० [सं० उत्+तृष्+नु] १. दिक्क मानेर बोल्नु; झर्कनु; च्याँठिनु। २. ज्यादा उत्कण्ठित भएर हतारिनु।

उतर्स्याइ—ना० [उर्तासि+याइ] उर्तासिने किसिम वा क्रिया।

उतर्स्याइनु—स० क्रि० [उर्तासि+याइ+नु] उर्तासिन लाइनु; ('उर्तासिनु'-को क० क्रि०)।

उतर्स्याउनु—स० क्रि० [उर्तासि+याउ+नु] उर्तासिन लाउनु; झर्कन लाउनु; ('उर्तासिनु'-को प्रे० क्रि०)।

उता—ना० यो० [ने०] त्यता; त्यहाँ; वहाँ।

उता-उति—क्रि० यो० [ने०] उता कतै; उतातिर; यता-उति।

उताउलो—वि० [सं० उत्ताल] उत्ताउलो।

उतार—ना० [सं० उतार्+अ] १. सारेको पत्र; नकल। २. टिपोट; टिप्पणी। ३. उद्धरण। ४. सङ्गीतमा चढ़ेको स्वर ओर्ह्लनु; अवरोह।

उतारिनु—स० क्रि० [उतार्+इ+नु] उतार्ने काम गरिनु; उकासिनु; ('उतार्नु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

उतार्नी–ना० [उतार्+नी] परोक्षमा अर्काको दोषको बखान गर्नु; अर्काको कुरा काट्नु; बदख्वाइ।

उतार्नु–स० क्रि० [उत्र+नु] १. डुबेको वा गड़ेको धन, माल वा व्यक्तिलाई झिक्नु; उकास्नु। २. माथि तान्नु; खिँच्नु। ३. जस्ताको-तस्तो सार्नु; नकल लेख्नु। ४. टिपोट गर्नु।

उति–वि० [उ+जति] ऊजति; त्यति; उत्ति।

उतिको–वि० [उति+को] १. उति; त्यति। २. धेरै; ज्यादा। ३. उत्तिको।

उतिन्जेल–क्रि० यो० [उति+इन्जेल] त्यति समयसम्म; उत्तिखेरसम्म; त्यतिन्जेल।

उतिन्ज्याल–क्रि० यो० [उति+इन्ज्याल] उतिन्जेल।

उतिस–ना० [सं० अतीस] उत्तिस वृक्ष।

उत्कट–वि० [सं०] तीव्र; उग्र; विकट।

उत्कटता–ना० [सं०] तीव्रता; उग्रता।

उत्कण्ठा–ना० [सं०] १. कुनै कुराको प्रबल इच्छा; चौ-चौ; उत्सुकता। २. रहर; चाख।

उत्कण्ठित–वि० [सं०] उत्कण्ठा भएको; उत्सुकता-युक्त।

उत्कण्ठिता–ना० [सं०] सङ्केत-स्थानमा नायकसित भेट नहुँदा चिन्तः र नाना तर्क गर्ने नायिका।

उत्कर्ष–ना० [सं०] १. माथितिर तान्नु; उठाउनु। २. प्रशंसा; तारीफ। ३. श्रेष्ठता ; उत्तमता। ४. उन्नति; बढ़िबढ़ाउ।

उत्कर्षक–वि० [सं०] तान्ने; घिच्च्याउने; उत्कर्ष गर्ने।

उत्कर्षण–ना०[सं०] १. जोत्नु; खन्नु। २. तान्नु; घिच्च्याउनु।

उत्कर्षित–वि०[सं०] माथि तानिएको; माथि घिच्च्याइएको; उत्कर्ष भएको।

उत्कर्षी–वि० [सं०] माथि उठाउने; उत्कर्षक।

उत्कलित–वि० [सं०] १. बयल खेलेको; लहलहाएको। २. फुलेको; प्रफुल्ल।

उत्कीर्ण–वि० [सं०] १. लेखिएको; लिखित। २. खोदिएको; खोपिएको। ३. जड़िएको; जडित। ४. छरिएको।

उत्कृष्ट–वि० [सं०] १. माथि उठेको; चढ़ेको। २. उत्तम; श्रेष्ठ। ३. जोतेको; खनिएको।

उत्कृष्टता–ना० [सं०] उत्कृष्ट हुनाको भाव; उत्तमता।

उत्कोच–ना० [सं०] घूस।

उत्कोचक–वि० [सं०] घूस लिने वा दिने; घुस्याहा।

उत्क्रम–ना० [सं०] १. बाहिर निस्कनु; प्रस्थान गर्नु। २. माथि चढ्नु; उक्लनु।

उत्क्रान्त–वि० [सं०] १. हिँड़ेको; प्रस्थान गरेको। २. वैलाएको। ३. मरेको; मृत। ४. माथि चढ्ने; उक्लने।

उत्क्रान्ति–ना० [सं०] १. बाहिर निस्कनु; प्रस्थान गर्नु। २. उक्लनु; उफ्रनु; फड्कनु। ३. शरीरबाट आत्मा बाहिर जानु; मर्नु।

उत्क्रोश–ना० [सं०] १. ठूलो स्वर; ठूलो खलबली; कोलाहल। २. घोषणा। ३. न्याउली चरी।

उत्क्लेश–ना० [सं०] १. उत्तेजना; क्षोभ। २. अस्वस्थता।

उत्क्षिप्त–वि० [सं०] माथितिर फालिएको; उफारिएको।

उत्क्षेप–वि० [सं०] १. मास्तिर फालिएको; उफारिएको। २. पठाइएको।

उत्खचित–वि० [सं०] १. उनेको; गाँसेको। २. बुनेको। ३. जड़ेको।

उत्खनन–ना० [सं०] १. खन्नु। २. खनेर बाहिर झिक्नु।

उत्खात–वि० [सं०] १. खनेको। २. खनेर झिकिएको। ३. उखेलिएको।

उत्तंस–ना० [सं०] १. कानको गहना। २. शिरमा लाउने गहना। ३. गहना; आभूषण।

उत्तप्त–वि० [सं०] १. साह्रै तातो पारिएको। २. दुःखी; सन्तप्त। ३. रिसाएको ; क्रुद्ध।

उत्तम–वि० [सं०] असल ; जाती ; बेस ; उम्दा।

उत्तमतया–क्रि० यो० [सं०] राम्ररी ; राम्रोसित।

उत्तमता–ना० [सं०] उत्तम हुनाको भाव ; श्रेष्ठता।

उत्तम-दर्शन–वि० [सं०] हेर्दा असलजस्तो देखिने।

उत्तम-पुरुष–ना० [सं०] व्याकरणमा बोल्ने व्यक्तिलाई सूचित गर्ने सर्वनाम। (उदा०–म, हामीहरू।)

उत्तमर्ण–ना० [सं०] ऋण दिने ; साहू।

उत्तमाङ्ग–ना० [सं०] शिर ; टाउको।

उत्तमा-दूती–ना० [सं०] मीठा-मीठा कुराले नायक-नायिकालाई सम्झाएर मनाउने दूती।

उत्तमा-नायिका–ना० [सं०] पति प्रतिकूल भए तापनि आफू अनुकूल रहने नायिका ; स्वकीया नायिका।

उत्तमोत्तम–वि० [सं०] अत्युत्तम ; सर्वोत्तम ; सर्व-श्रेष्ठ।

उत्तर–ना० [सं०] १. कुनै प्रश्न वा कुरा सुनेर त्यसको प्रसङ्गमा भनिने कुरा ; जवाफ। २. चार दिशामध्ये एक; दक्षिण दिशाको विपरीत दिशा। ३. पछि आउने समय ; भविष्य। ४. उत्तर सुन्नासाथै प्रश्नको अनुमान गरिने अथवा प्रश्न-वाक्यमा नै उत्तर भएको अथवा धेरै प्रश्नको एउटै उत्तर हुने काव्यालङ्कार। (वि०) ५. पछिको ; पछिल्लो। ६. असल ; श्रेष्ठ ; उत्कृष्ठ। ७. महाभारत-प्रसिद्ध विराट् राजाका छोरा।

उत्तर-काल–ना० [सं०] आउँदो समय ; भविष्यत्-काल।

उत्तर-क्रिया–ना० [सं०] दाह-संस्कार ; अन्त्येष्टि।

उत्तरण–ना० [सं०] उत्रनु; ओर्लनु।

उत्तर-दाता–वि० [सं०] १. जवाफ दिने ; उत्तर दिने। २. कुनै काम असल वा खराब भएमा जवाफदेही हुने (व्यक्ति) ; उत्तरदायी ; जिम्मेदार।

उत्तरदायित्व–ना० [सं०] जवाफदेही; जिम्मेवारी।

उत्तरदायी–वि० [सं०] कुनै कामको जवाफदेही वहन गर्ने; उत्तर-दाता; जिम्मेदार।

उत्तर-पक्ष–ना० [सं०] १. गरिएका प्रश्नको समाधान अथवा

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डन; जवाफ। २. पछिल्लो भाग।

उत्तर-पद–ना० [सं०] समास भएका पदहरूमा सबभन्दा पछिल्लो पद; अन्तिम पद। (उदा०–'साहित्य-कला'-मा 'कला', 'सभा-पति'-मा 'पति' शब्द उत्तर-पद हो।)

उत्तर-प्रत्युत्तर–ना० [सं०] १. सवाल-जवाफ; प्रश्नोत्तर। २. भनाभन।

उत्तर-फाल्गुनी–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक।

उत्तर-भाद्रपदा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक।

उत्तर-मीमांसा–ना० [सं०] वेदान्त दर्शन।

उत्तर-वय–ना० [सं०] बुढ़चाइँ; बुढ़ेस-काल।

उत्तर-वेतन–ना० [सं०] नोकरीको अवधि पुगेपछि वा नोकरी छुटिसकेपछि कर्मचारीलाई दिइने भत्ता; पेन्शन; अनुवृत्ति।

उत्तरा–ना० [सं० उत्तर] १. उत्तर; जवाफ। २. महाभारत-प्रसिद्ध अभिमन्युकी पत्नी।

उत्तराखण्ड–ना० [सं०] भारतवर्षको उत्तर, हिमालयका नजीकको भाग।

उत्तराधिकार–ना० [सं०] कुनै व्यक्ति मरेपछि वा अधिकारबाट हटेपछि उसको सम्पत्ति, अधिकार वा पद नियमपूर्वक पाउने हक।

उत्तराधिकारी–वि० [सं०] उत्तराधिकार पाउने; हकदार।

उत्तराभास–ना० [सं०] झूटो उत्तर; असत्य जवाफ।

उत्तरायण–ना० [सं०] १. मकर-रेखाबाट कर्कट-रेखामा सूर्य जानु। २. सूर्य उत्तर दिशातिर ढल्कने छ महीनाको समय; माघे सङ्क्रान्तिदेखि श्रावण सङ्क्रान्तिसम्मको समय।

उत्तरार्द्ध–ना० [सं०] पछिल्लो आधा भाग; पछिल्लो आधा।

उत्तराषाढा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक।

उत्तरित–वि० [सं०] जवाफ दिइएको; उत्तर दिइएको।

उत्तरीय–ना० [सं०] १. पछ्यौरा; ओढ्ने। (वि०) २. उत्तर दिशाको; उत्तर दिशा-सम्बन्धी। ३. माथिको; माथिल्लो।

उत्तरोत्तर–क्रि० यो० [सं०] १. जति पछि भयो उति बढ्ता; झन्-झन् बढ़ी; अझै बढ़ी। २. दिन-दिनै; प्रतिदिन। ३. लगातार; क्रमशः। ४. एकपछि अर्को।

उत्ताउलो–वि० [सं० उत्ताल] १. उचितभन्दा बढ्ता। २. अस्वाभाविक ढाँचा देखाउने; उचितभन्दा बढ्ता ठाँट पार्ने। ३. निर्लज्ज; लाज नभएको।

उत्ताउल्याइँ–ना० [उत्ताउलो+याइँ] उत्ताउलो हुनाको भाव; उत्ताउलोपन।

उत्तान–वि० [सं०] जमीनतिर पिठ्यूँ फर्काएर पल्टेको; उत्तानो; चित परेको।

उत्तानाटाङ–ना० [उत्ताना+टाङ] १. उत्ताना टाङ भएर पछारिनु; चित हुनु। २. हरेस; जिल्लाराम। ३. पूर्ण असफलता; हार।

उत्तानू–वि० [सं० उत्तान] उत्तानो।

उत्ताने–ना० [उत्तानो+ए] उत्तानो परेर खेलिने पौड़ी।

उत्तानो–वि० [सं० उत्तान] १. माथितिर फर्केर पल्टेको; मास्तिर फर्केर सुतेको। २. गहिरो नभएको। ३. चित परेको।

उत्ताप–ना० [सं०] १. गर्मी; उष्णता। २. ताप; आँच। ३. वेदना; पीडा। ४. दुःख; कष्ट।

उत्तापित–वि० [सं०] १. तताइएको; गर्माइएको। २. पीडित; दुःखित। ३. उत्तेजित गरिएको।

उत्तारण–ना० [सं०] १. पार लाउनु; उतार्नु। २. सङ्कटबाट जोगाउनु; उद्धार गर्नु।

उत्ताल–वि० [सं०] १. अग्लो; ऊँचो। २. प्रबल; बलवान्। ३. प्रचण्ड; भयङ्कर।

उत्ति–वि० [उति] १. उति; त्यत्ति। २. पहिले जति थियोत्यत्ति; जतिको-त्यत्ति। ३. धेरै; अधिक।

उत्तिको–वि० [उत्ति+को] १. उजत्तिको; उतिको। २. धेरै; प्रशस्त।

उत्तिखेर–क्रि० यो० [उत्ति+खेर] उस वेला; त्यस समय।

उत्तिस–ना० [सं० अतीस] किम्बुको जस्तो फल, लहरे फूल, तीन-चार इन्च लामो र दुइ-अढ़ाइ इन्ची चौड़ा पात हुने रूखविशेष।

उत्तीर्ण–वि० [सं०] १. उत्रेको; निस्केको। २. तरेको; पार भएको। ३. पास भएको; सफल। ४. मुक्त; मोक्ष पाएको।

उत्तुङ्ग–वि० [सं०] ज्यादै अग्लो; अति उच्च।

उत्तेजक–वि० [सं०] १. प्रेरणा दिने; प्रेरक। २. उभाड्ने; उचाल्ने। ३. उत्तेजना दिने।

उत्तेजन–ना० [सं०] १. उभाड्नु; भड्काउनु। २. उत्तेजना।

उत्तेजना–ना० [सं०] १. प्रेरणा; प्रोत्साहन। २. रोष; क्रोध। ३. भड्काउनु।

उत्तेजित–वि० [सं०] १. प्रेरणा पाएको; प्रेरित; प्रोत्साहित। २. भड्काइएको; उचालिएको। ३. क्रुद्ध; रुष्ट।

उत्तोलक–वि० [सं०] १. उभ्याउने; उठाउने। २. तौलने; जोख्ने।

उत्तोलन–ना० [सं०] १. उठाउनु; उभ्याउनु; खड़ा गर्नु वा गराउनु। २. तौलनु; जोख्नु।

उत्थान–ना० [सं०] १. उठ्ने काम; उभिनु। २. उठान; आरम्भ। ३. उन्नति; अभिवृद्धि।

उत्थानक–वि० [सं०] १. उत्थान गर्ने; उठाउने; उभ्याउने। २. शुरू गर्ने; आरम्भ गर्ने।

उत्थापन–ना० [सं०] १. माथि उठाउनु; उचाल्नु। २. बिउँझाउनु; जगाउनु।

उत्थायी–वि० [सं०] १. उठ्ने; उभिने। २. बढ्ने; वृद्धि हुने।

उत्थित–वि० [सं०] उठेको; उभिएको; उन्नत।

उत्निखेर–क्रि० यो० [उति+नै+खेर] तुरुन्तै; झट्टै; तत्काल; उत्तिखेर।

उत्पतन–ना० [सं०] १. उड्नु; माथि पुग्नु। २. उफ्रनु। ३. चढ्नु; उक्लनु। ४. जन्म; उत्पत्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पत्ति–ना० [सं०] १. जन्म। २. निस्कनु; निक्लनु।

उत्पथ–ना० [सं०] खराब बाटोमा लागेको व्यक्ति।

उत्पथिक–ना० [सं०] शहर-बस्तीका बाटाहरूमा हिँड-डुल गरिरहेका मानिसहरू।

उत्पन्न–वि० [सं०] १. पैदा भएको; जन्मेको। २. निस्केको; प्रकट भएको।

उत्पल–ना० [सं०] नीलो कमल।

उत्पाटक–वि० [सं०] उखेल्ने; उत्पाटन गर्ने।

उत्पाटन–ना० [सं०] उखेल्नु; उखाड्नु।

उत्पाटित–वि० [सं०] उखेलिएको; उखाड़िएको।

उत्पात–ना० [सं०] १. कष्ट आइपर्ने आकस्मिक घटना; उपद्रव। २. अशान्ति; हल-चल। ३. उधुम; दङ्गा।

उत्पाती–वि० [सं०] उत्पात गर्ने; उपद्रव गर्ने; उपद्रवी।

उत्पादक–वि० [सं०] १. पैदा गर्ने; उत्पादन गर्ने। २. जन्माउने; उत्पन्न गर्ने।

उत्पादन–ना० [सं०] १. उब्जा; पैदावार। २. उत्पन्न गर्नु; जन्माउनु। ३. माल-सामान तयार गर्नु; बनाउनु।

उत्पादन-शुल्क–ना० [सं०] देशमा बनेका वा उब्जनी भएका माल-सामानमा सरकारद्वारा (पैदा वा तयार हुने ठाउँमै) लगाइने शुल्क; कुनै पदार्थ उत्पान गर्दा दिनुपर्ने विशेष कर।

उत्पादित–वि० [सं०] १. तयार गरिएको; बनाइएको। २. पैदा गरिएको; उब्जाइएको। ३. जन्माइएको।

उत्पादी–ना० [सं०] उत्पन्न गर्ने; उत्पादक।

उत्पीड–ना० [सं०] दबाउनु; थिचो-मिचो गर्नु; दुःख दिनु।

उत्पीडक–वि० [सं०] सताउने; दुःख दिने; पीडा पार्ने।

उत्पीडन–ना० [सं०] पीडा वा दुःख दिनु; सताउनु।

उत्पीडित–वि० [सं०] दुःख दिइएको; सताइएको; पीडित।

उत्पुलक–वि० [सं०] १. रोमाञ्च भएको; रोमाञ्चित। २. हर्षित; प्रसन्न।

उत्प्रसव–ना० [सं०] गर्भ तुहुनु; गर्भ-पात।

उत्प्रेक्षा–ना० [सं०] १. अनुमान; अन्दाज। २. असावधानी; उदासीनता। ३. सादृश्यको कारणले प्रस्तुत वस्तुमा अप्रस्तुत वस्तुको कल्पना गरिने अर्थालङ्कार।

उत्प्रेक्षक–वि० [सं०] उत्प्रेक्षा गर्ने।

उत्प्रेषण–ना०[सं०] उजूरी परेका कुनै मुद्दा-मामिला-सम्बन्धी मिसिलहरू मातहतका अड्डा-अदालतहरूबाट विचारार्थ सर्वोच्च-अदालतले झिकाउने काम।

उत्प्लव–ना० [सं०] १. उफ्रनु; फड्कनु। २. दगुर्नु; दौड़नु।

उत्प्लवन–ना० [सं०] १. उफ्रनु; फड्कनु। २. कुद्नु; दौड़नु।

उत्फाल–ना० [सं०] १. उफ्रनु; फड्कनु। २. फाल हाल्नु; हामफाल्नु।

उत्फुल्ल–वि० [सं०] १. फुलेको; प्रफुल्ल। २. प्रसन्न; हर्षित।

उत्फुल्लता–ना० [सं०] १. फुल्नुको भाव; प्रफुल्लता। २ खुशी हुनाको भाव; प्रसन्नता।

उत्रनु–अ० क्रि० [प्रा० उत्तरण+नु] १. गाडिएका ठाउँबाट निस्कनु; २. पार हुनु; उम्कनु। ३. तरल पदार्थको माथि सतहमा हुनु; तर पर्नु। ४. ऋण-मुक्त हुनु; उक्सनु।

उत्राइ–ना० [उत्र+आइ] उत्रने किसिम वा क्रिया।

उत्राइनु–स० क्रि० [उत्र+आइ+नु] उत्रन लाइनु; उम्काइनु; उतारिनु; ('उत्राउनु'-को क० क्रि०)।

उत्राउनु–स०क्रि०[उत्र+आउ+नु] उत्रन लाउनु; उम्काउनु; उतार्नु; ('उत्रनु'-को प्रे० क्रि०)।

उत्रिनु–अ० क्रि० [उत्र+इ+नु] उत्रने काम गरिनु; उम्किनु; ('उत्रनु'-को क० क्रि०)।

उत्रुङ–ना० [नें०] लामो लट्ठीको छेउमा वा बीचमा खराउ वा फल्याक घुसारी त्यसमा टेकी हिँड़ेर खेल-तमाशा देखाउने वा कसरत गर्ने साधन।

उत्रो–वि० [उ+जत्रो] १. ऊजत्रो; त्यत्रो; उति ठूलो। २. धेरै ठूलो; ज्यादै ठूलो।

उत्सङ्ग–ना० [सं०] १. काख; क्रोड। २. बीच; मध्य। ३. सबैभन्दा माथिल्लो भाग; शिखर। (वि०) ४. निर्लिप्त; विरक्त।

उत्सङ्गित–वि० [सं०] १. काखमा लिइएको। २. अङ्कमाल गरिएको; अँगालिएको।

उत्सन्न–वि० [सं०] १. नाश भएको; नष्ट। २. पूरा गरिएको। ३. उखेलिएको; उखाड़िएको। ४. छिनिएको।

उत्समय–ना० [सं०] मुस्कुराउनु; खिसिक्क हाँस्नु।

उत्सर्ग–ना० [सं०] १. छोड्नु; त्याग। २. छुट्टयाउनु; अलग पार्नु। ३. दिनु; दान। ४. व्यय; खर्च। ५. मल-त्याग।

उत्सर्गी–वि० [सं०] छोड्ने; त्याग्ने; उत्सर्ग गर्ने।

उत्सर्जन–ना० [सं०] १. त्याग्नु; छोड्नु। २. दिनु; दान।

उत्सर्जित–वि० [सं०] छोड़िएको; त्याग गरिएको।

उत्सव–ना० [सं०] १. धूमधामसँग गरिने सार्वजनिक मङ्गल-कार्य; खुशीयालीमा गरिने शुभ कार्य। २. चाड़; पर्व।

उत्साद–ना० [सं०] नाश; क्षय।

उत्सादक–वि० [सं०] १. नाश गर्ने; विध्वंस-कारी। (ना०) २. पाले; द्वार-पाल।

उत्सादन–ना० [सं०] नाश गर्नु; नष्ट पार्नु।

उत्सादित–वि० [सं०] बिगारिएको; नष्ट गरिएको।

उत्सारण–ना० [सं०] हटाउनु; टाढ़ा पुऱ्याउनु; सार्नु।

उत्साह–ना० [सं०] १. साहस; हिम्मत। २. हौसला; उमेद। ३. जोश; उमङ्ग।

उत्साहक–वि० [सं०] उत्साह दिने वा गर्ने; उत्साही; उत्साह-युक्त।

उत्साहन–ना० [सं०] १. उद्योग; प्रयत्न। २. उत्साह हुनु; हौसला बढ्नु वा बढ़ाउनु।

उत्साहित–वि० [सं०] उत्साह पाएको; प्रेरणा पाएको।

उत्साही–वि० [सं०] उत्साह भएको; हौसला भएको।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्सुक–वि० [सं०] १. अत्यन्त इच्छुक; उत्कण्ठित। २. चाहनाले आकुल भएको। ३. बेचैन; उद्विग्न।

उत्सुकता–ना० [सं०] प्रबल इच्छा; उत्कण्ठा।

उत्सूत्र–वि० [सं०] १. बन्धनमा नपरेको; बन्धन-मुक्त। २. सिद्धान्त-विरुद्ध।

उत्सृष्ट–वि० [सं०] १. छोड़िएको (व्यक्ति)। २. उपयोग गरिएको; प्रयुक्त।

उत्सेक–ना० [सं०] १. छर्कनु; अभिषेक गर्नु। २. उर्लेर बग्नु। ३. घमन्ड; दर्प।

उत्सेचन–ना० [सं०] पानी आदि तरल पदार्थ छम्कनु; सिञ्चन गर्नु।

उथल-पुथल–ना० [प्रा० उत्थल+पुथल (फाँ०)] १. तलको माथि, माथिको तल हुनु; उलट-पुलट। २. हेर-फेर; अदल-बदल; ठूलो परिवर्तन। ३. ठूलो हल-चल; विकट आन्दोलन।

उद्–अव्य० [सं०] शब्दको अगिल्तिर लागेर माथि, तर्नु, प्रबलता आदि विभिन्न अर्थ बुझाउने उपसर्ग। (उदा०–उद्गमन; उत्तीर्ण आदि।)

उदक–ना० [सं०] पानी; जल।

उदक-क्रिया–ना० [सं०] पितृहरूलाई तृप्त गर्नाका निमित्त दिइने तर्पण; तिलाञ्जलि।

उदग्र–वि० [सं०] १. ऊचो; उच्च। २. ठूलो; विशाल। ३. बलियो; बलिष्ट। ४. उद्दण्ड; प्रचण्ड।

उदङ्क–ना० [सं०] तेल, घ्यू आदि हाल्ने छालाको भाँड़ो; सिजिया।

उदजन–ना० [सं० उद्+जन] एक प्रकारको अदृश्य, गन्ध-हीन र वर्ण-हीन वाष्प हाइड्रोजन।

उदजन-बम–ना० [सं० उदजन+बम] उदजन-वाष्पको बम।

उदञ्चन–ना० [सं०] इनारबाट पानी झिक्ने भाँड़ो; डोल; बाल्टी।

उदधि–ना० [सं०] १. समुद्र; सागर। २. बादल; मेघ। ३. घड़ा।

उदन्त–ना० [सं०] १. वृत्तान्त; हाल। २. खबर; समाचार। ३. इतिहास।

उदन्तक–ना० [सं०] खबर; समाचार।

उदन्य–वि० [सं०] तिर्खाएको; तृषित।

उदय–ना० [सं०] १. निस्कनु; प्रकट हुनु; झुल्कनु; उदाउनु। २. दबदबा; उन्नति; बनिबनाउ। ३. अधिकार-प्राप्ति।

उदयपुर-गढ़ी–ना० [ने०] १. काठमाड़ौँदेखि दक्षिण दिशामा रहेको भित्री मधेसको एक जिल्ला। २. त्यस इलाकामा रहेको गढ़ी।

उदयाचल–ना० [सं०] सूर्य उदाउने, पूर्वपट्टिको पहाड़; उदय-गिरि।

उदयास्त–ना० [सं०] १. बन्नु-बिग्रनु; उत्थान-पतन। २. उदय हुनु र अस्ताउनु।

उदयी–वि० [सं०] उदाउने; उदय हुने।

उदर–ना० [सं०] १. पेट; जठर। २. बीचको भाग; मध्य-स्थल।

उदरम्भर–वि० [सं०] १. आफ्नूमात्र पेट भर्न खोज्ने। २. स्वार्थी; मतलबी।

उदरम्भरि–वि० [सं०] १. आफ्नोमात्र पेट भर्ने; मतलबी २. धेरै खाने; घिच्चू। ३. पेट-पाला।

उदरी–वि० [सं०] १. ठलो पेट भएको; भुँड़ीवाल। (ना०) २. पेट बोकेकी स्त्री; गर्भिणी स्त्री।

उदर्क–ना० [सं०] १. आखिरी; अन्त; समाप्ति। २. भविष्यत्-काल; भावी समय। ३. स्तूप। ४. गुम्वज।

उदश्रु–वि० [सं०] बेसरी रुने; डाँको छोड़ेर रुने; आँसुको धारा चुहाएर रुने।

उदाइनु–अ० क्रि० [उदाउ+इ+नु] उदाउने काम होइनु; झुल्किनु; ('उदाउनु'-को भा० क्रि०)।

उदाउनु–अ०क्रि० [उदय+आउ+नु] १. उदय हुनु; झुल्कनु; प्रकट हुनु। २. देखापर्नु; प्रकट हुनु। ३. उन्नति हुनु; वृद्धि हुनु; अभ्युदय हुनु।

उदाङ्ग–वि० [सं० उत्+अङ्ग] १. नछोपिएको; खुला। २. उध्रि रहेको; ड्वाङड्वाङ्ती भएको।

उदाङ्ङ–वि० [सं० उत्+अङ्ग] उदाङ्ग।

उदात्त–वि० [सं०] १. ठूलो स्वरले उच्चारण गरिने वा गरिए-को। २. दयालु; कृपालु। ३. दाता; उदार। ४. श्रेष्ठ; महान्। ५. पुक्खलो; फरासिलो। (ना०) ६. स्वरविशेष। ७. सम्भाव्य सम्पत्तिलाई ज्यादै बढ़ाई-चढ़ाई वर्णन गरिने एक अलङ्कार।

उदान–ना० [सं०] डकार र छिक्का आदि निकाल्ने प्राण-वायु; शरीरका पाँच वायुमध्ये एक।

उदार–वि० [सं०] १. फुक्का दिल भएको; दाता; दिलदार। २. श्रेष्ठ; महान्। ३. सङ्कुचित विचार र दुराग्रहदेखि पर रही विचार गर्ने।

उदार-चरित–वि० [सं०] १. असल चरित्र भएको; सच्चरित्र। २. उदार स्वभावको; दिलदार।

उदार-चेता–वि० [सं०] उदार चित्त भएको; उदार-चरित।

उदारता–ना० [सं०] १. उदार हुनाको भाव; दान-शीलता। २. उच्च विचार।

उदाराइ–ना० [उदार्+आइ] उदार्ने किसिम; क्रिया वा भाव; उधाराइ।

उदाराशय–वि० [सं०] उच्च विचार भएको; ठूलो उद्देश्य लिने।

उदारिनु–स० क्रि० [उदार्+इ+नु] उधारिनु; ('उदार्नु'-को क० क्रि०)।

उदार्नु–स० क्रि० [प्रा० उद्धर+नु] उधार्नु।

उदास–वि० [सं०] १. दिक्दार; दिक्क; विरक्त। २. पक्षमा नलागेको; तटस्थ। ३. दुःखी। ४. नचाहिँदो खर्च गर्ने;

CC-0. In Public Domain. Digitization by eGangotri

उड़न्ता। (ना०) ५. बुद्ध-मार्गी नेवार-जातिको एक भेद।

उदासिलो–वि० [उदास+इलो] १. उदास लाग्ने किसिमको; उदास-लाग्दो। (ना०) २. संन्यासीको एक भेद।

उदासी–वि० [सं०] १. उदास; दिक्दार। (ना०) २. संन्यासीको एक भेद।

उदासीन–वि० [सं०] १. उदास; विरक्त। २. कसैको पक्ष नलिएको; निर्लिप्त; तटस्थ; निरपेक्ष। ३. विषय-प्रपञ्च-देखि अलग रहेको। ४. संन्यासीको एक भेद।

उदासीनता–ना० [सं०] १. उदासीन हुनाको भाव; विरक्ति। २. तटस्थता; निर्लिप्तता; निरपेक्षता। ३. दिक्दारी; खिन्नता।

उदाहरण–ना० [सं०] नमूना; दृष्टान्त; उपमा।

उदाहृत–वि० [सं०] १. भनिएको; कथित। २. वर्णन गरिएको; वर्णित। ३. उपमा दिइएको; दृष्टान्त दिइएको।

उदिक–वि० [सं०] जल-सम्बन्धी; पानीको।

उदित–वि० [सं०] १. उदाएको; उदय भएको। २. प्रकट भएको। ३. उज्ज्वल; स्वच्छ। ४. प्रचलित।

उदित-यौवना–वि० [सं०] भर्खर यौवनमा प्रवेश गरेकी नायिका; मुग्धा नायिका।

उदीची–ना० [सं०] उत्तर दिशा।

उदीच्य–वि० [सं०] उत्तर दिशाको; उत्तरीय।

उदीयमान–वि० [सं०] १. उदाइरहेको; उदय भइरहेको। २. शुरूदेखि नै असल वा महान् हुने लक्षण देखिएको; होनहार; फलोन्मुख।

उदीरण–ना० [सं०] भन्नु; बोल्नु; कथन।

उदीरणा–ना० [सं०] प्रेरणा; उत्साह।

उदीरित–वि० [सं०] भनिएको; कथित।

उदीर्ण–वि० [सं०] १. उदाएको; उदित। २. उत्पन्न भएको; प्रादुर्भाव भएको।

उदुम्बर–ना० [सं०] डुम्री।

उदेक–ना० [सं० उद्वेग] आश्चर्य; अचम्म; गजब; ताजूब।

उद्गत–वि० [सं०] १. निस्केको; निक्लेको। २. पैदा भएको; उत्पन्न। ३. वमन गरेको; छादेको।

उद्गति–ना० [सं०] १. निस्कनु; निक्लनु। २. पैदा हुनु; उत्पन्न हुनु। ३. वमन।

उद्गम–ना० [सं०] १. उदय; आविर्भाव। २. मुहान; मूल। ३. उत्पत्ति-स्थान; पैदा भएको ठाउँ।

उद्गमन–ना० [सं०] उदय हुनु; प्रकट हुनु।

उद्गार–ना० [सं०] १. मनको विचार वा भाव प्रकट गर्नु; हर्ष, शोक आदि सूचक शब्द निकाल्नु। २. मुखबाट बाहिर निकाल्नु; ओकल्नु। ३. थूक; कफ। ४. वमन; छाद। ५. डकार।

उद्गारित–वि० [सं०] १. डकारिएको; वमन गरिएको। २. उद्गार गरिएको।

उद्गारी–वि० [सं०] १. मनको भाव प्रकट गर्ने। २. डकार्ने। ३. वमन गर्ने।

उद्घाटक–वि० [सं०] १. उद्घाटन गर्ने। (ना०) २. साँचो। ३. ताल।

उद्घाटन–ना० [सं०] १. खोल्नु; प्रकट गर्नु वा गराउनु। २. कुनै ठूलो समारोह, सार्वजनिक उत्सव, सम्मेलन आदिको महत्त्व र गौरव बढ़ाउनाका निमित्त कुनै विशिष्ट व्यक्ति-द्वारा कार्यारम्भ हुनु। ३. गुप्त कुरा प्रकट हुनु; रहस्य खुल्नु।

उद्घाटित–वि० [सं०] खोलिएको; उघारिएको; उद्घाटन गरिएको।

उद्घात–ना० [सं० उद्घात] १. शुरू; आरम्भ; प्रारम्भ। २. चोट-पटक। ३. धक्का; ठक्कर। ४. अध्याय; सर्ग।

उद्घातक–वि० [सं०] १. शुरू गर्ने; थाल्ने। २. धक्का दिने; ठक्कर लाउने।

उद्घाती–वि० [सं०] १. धक्का दिने; ठक्कर लाउने। २. शुरू गर्ने; आरम्भ गर्ने।

उद्घोष–ना० [सं०] १. ठूलो स्वरले सुनाउनु; घोषणा। २. सार्वजनिक सूचना।

उद्घोषणा–ना० [सं०] सार्वजनिक रूपमा दिइने सूचना; घोषणा।

उद्घोषित–वि० [सं०] घोषणा गरिएको।

उद्दण्ड–वि० [सं०] १. दण्डको भय नभएको; सजायको डर नभएको। २. निडर; निर्भय। ३. कड़ा स्वभावको; प्रचण्ड; जन्ड।

उद्दाम–वि० [सं०] १. बन्धनमा नपरेको; बन्धन-रहित। २. कड़ा; प्रचण्ड; उग्र। ३. भयङ्कर; डर-लाग्दो।

उद्दित–वि० [सं०] बाँधिएको; कसिएको।

उद्दिष्ट–वि० [सं०] १. बताइएको; वर्णन गरिएको। २. व्याख्या गरिएको। ३. औंल्याइएको; तोकेर देखाइएको। ४. उद्देश्य लिइएको; लक्षित।

उद्दीप–ना०[सं०] १. बल्नु; प्रज्वलित हुनु। २. उत्तेजित गर्नु वा हुनु।

उद्दीपक–वि० [सं०] उद्दीपन गर्ने; उत्तेजक।

उद्दीपन–ना० [सं०] १. उत्तेजित गर्नु; भड्काउनु। २. अलङ्कार-शास्त्रमा रसको उत्तेजन गर्ने विभाव। ३. (वि०) जगाउने; जाग्रत गराउने।

उद्दीपित–वि० [सं०] १. जगाइएको; जाग्रत गराइएको। २. प्रज्ज्वलित; उद्दीप्त।

उद्दीप्त–वि० [सं०] १. जगाइएको; जागृत। २. उद्दीपन भएको; उत्तेजित। ३. चम्केको; प्रज्वलित।

उद्दीप्ति–ना० [सं०] उद्दीप्त हुनाको भाव।

उद्देश–ना० [सं०] १. इच्छा; अभिलाषा। २. मतलब; अभिप्राय। ३. हेतु; कारण। ४. खोज; अनुसन्धान। ५. प्रतिज्ञा (न्याय-शास्त्रमा)। ६. लक्ष; ध्येय।

उद्देशन–ना० [सं०] १. देखाउनु; लक्षित गर्नु। २. भन्नु; बताउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

उद्देश्य—ना० [सं०] १. ध्येय; लक्ष्य; अभिप्रेत वस्तु। २. कामना; चाहना। ३. कुनै काम गर्ने वा केही भनिएको शब्द (व्याकरणमा)।

उद्देष्टा—वि० [सं०] १. बताउने; भन्ने। २. सूचित गर्ने; सङ्केत गर्ने। ३. मनमा कुनै लक्ष लिएर काम गर्ने।

उद्द्योत—ना० [सं०] १. चमक; प्रकाश। २. ग्रन्थको विभाग; अध्याय। (वि०) ३. चम्किलो; उज्ज्वल।

उद्द्योतित—वि० [सं०] प्रकाशमान गरिएको; प्रज्वलित।

उद्धत—वि० [सं०] १. कड़ा स्वभावको; प्रचण्ड; उग्र। २. चपर्चन्ड; उच्छृङ्खल। ३. धक नभएको; प्रगल्भ।

उद्धति—ना० [सं०] १. घमन्ड; दर्प; उद्धतपना। २. उठाउनु; खड़ा गराउनु। ३. उद्दण्डता।

उद्धरण—ना० [सं०] १. उठाउनु। २. मुक्त हुनु; छुट्नु। ३. खराब अवस्थाबाट असल अवस्थामा आउनु; सप्रनु। ४. पढ़िसकेको पाठ फेरि दोहोऱ्याउनु। ५. कुनै लेख वा पुस्तकको केही अंश अर्को पुस्तकमा जस्ताको-तस्तो गरी उतार्नु। ६. प्रमाणको निम्ति लिइने कुनै लेखको केही अंश।

उद्धरणी—ना० [सं०] पढ़िसकेको पाठ अभ्यासको निम्ति दोहोऱ्याउनु; उद्धरण।

उद्धरणीय—वि० [सं०] १. उद्धार गर्न योग्य। २. उद्धरण दिन योग्य।

उद्धर्ष—वि० [सं०] प्रसन्न; हर्षित।

उद्धर्षण—ना० [सं०] १. उत्तेजना। २. रोमाञ्च।

उद्धव—ना० [सं०] १. उत्सव; पर्व। २. कृष्णका साथी एक यादव।

उद्धस्त—वि० [सं०] मास्तिर हात उठाएको वा फिंजाएको।

उद्धार—ना० [सं०] १. उतार्नु; पार लाउनु; झिक्नु। २. छुट्कारा; मुक्ति। ३. उपकार; भलाइ। ४. सुधार; मरम्मत।

उद्धारक—वि० [सं०] उद्धार गर्ने; उपकार गर्ने।

उद्धारण—ना० [सं०] १. उद्धार गर्नु; दुःखबाट बचाउनु। २. कुनै महावाक्यबाट साना वाक्य, पद, आदि निकाल्नु।

उद्धृत—वि० [सं०] १. उठाइएको; माथि तानिएको। २. उखेलिएको; उन्मूलित। ३. छुट्ट्याइएको; अलग राखिएको। ४. बचाइएको; उद्धार गरिएको। ५. उघारिएको; खोलिएको। ६. वमन गरिएको; छादिएको। ७. उद्धरण दिइएको।

उद्ध्वंस—ना० [सं०] १. स्वरको रूखोपना; कर्कशता। २. विध्वंस; विनाश। ३. महामारी आदि रोगले सताइनु।

उद्बन्ध—ना० [सं०] १. झुन्डिनु; पासो लाउनु। (वि०) २. बन्धनबाट छुटेको; नबाँधिएको।

उद्बन्धन—ना० [सं०] आत्म-हत्या गर्न घाँटीमा पासो लाउनु; झुन्डिनु; उद्बन्ध।

उद्बुद्ध—वि० [सं०] १. ज्ञान प्राप्त भएको; प्रबुद्ध। २. जागेको; जाग्रत। ३. फुलेको; विकसित।

उद्बोध—ना० [सं०] ज्ञान प्राप्त हुनु; बोध हुनु।

उद्बोधक—वि० [सं०] १. बिउँझाउने; उठाउने। २. स्मरण गराउने; सम्झाउने।

उद्बोधन—ना० [सं०] १. बुझाउनु; सम्झाउनु; बोध गराउनु। २. जगाउनु; जाग्रत गराउनु। ३. प्रकट गर्नु।

उद्बोधित—वि० [सं०] बोध गराइएको; ज्ञान गराइएको।

उद्बोधनीय—वि० [सं०] बोध गराउन योग्य; ज्ञान गराउन लायक।

उद्भट—वि० [सं०] १. श्रेष्ठ; उत्तम। २. प्रबल; प्रचण्ड। ३. ज्यादै ठूलो; अजङ्को।

उद्भव—ना० [सं०] १. जन्म; उत्पत्ति। २. मूल; उद्गम। ३. वृद्धि; उन्नति।

उद्भावना—ना० [सं०] १. कल्पना। २. उत्पत्ति।

उद्भास—ना० [सं०] १. आभा; कान्ति; चमक। २. उदय। ३. स्फुरण। ४. ज्ञान।

उद्भासित—वि० [सं०] १. चम्किलो; चमकदार। २. स्फुरित; उदित।

उद्भासी—वि० [सं०] १. चम्किलो; दीप्तिमान्। २. प्रकाशित गराउने; प्रकट गराउने।

उद्भिज्ज—ना० [सं०] भुइँबाट उम्रने वृक्ष, लता आदि; वनस्पति; बोट-बिरुवा।

उद्भिद्—वि० [सं०] १. भुइँ फोरेर निस्कने। २. टुसाएको; आँकुरा हालेको। (ना०) ३. टुसा; मुना। ४. बोट; बिरुवा।

उद्भिद—वि० [सं०] १. भुइँबाट उम्रने; टुसाउने। (ना०) २. धूलो नून; समुद्री नून।

उद्भिद्-विद्या—ना० [सं०] वनस्पति-शास्त्र।

उद्भूत—वि० [सं०] पैदा भएको; उत्पन्न।

उद्भूति—ना० [सं०] १. जन्म; उत्पत्ति। २. उन्नति; अभिवृद्धि।

उद्भेद—ना० [सं०] १. बीज फुट्नु; टुसाउनु। २. प्रकट हुनु।

उद्भेदन—ना० [सं०] १. भुइँ फोरेर निस्कनु; उम्रनु। २. प्रकट हुनु; बाहिर आउनु।

उद्भ्रम—ना० [सं०] १. चक्कर खानु; चारैतिर घुम्नु। २. भ्रममा पर्नु; विभ्रम हुनु। ३. मनको उद्वेग।

उद्भ्रान्त—वि० [सं०] १. घुमेको; चक्कर खाएको। २. बिराइएको; भुलेको। ३. छक्क परेको; चकित; भ्रमित। ४. बौलाहा; पागल। ५. विकल; विह्वल।

उद्यत—वि० [सं०] १. उठाइएको; माथि ल्याइएको। २. तयार भएको; तत्पर।

उद्यम—ना० [सं०] १. प्रयास; प्रयत्न; उद्योग। २. मेहनत; परिश्रम। ३. रोजगार; पेशा; इलम।

उद्यमी—वि० [सं०] उद्यममा लाग्ने; उद्योगी।

उद्याइ—ना० [उद्याउ+आइ] उद्याउने किसिम, क्रिया वा भाव।

उद्याइनु—स० क्रि० [उद्याउ+इ+नु] उध्याइनु; ('उद्याउनु'-

CC-0. In Public Domain. Digitization by eGangotri

को क० क्रि०)।

उद्याउनु–स० क्रि० [प्रा० उद्धर+आउ+नु] उध्याउनु।

उद्यान–ना० [सं०] बगैँचा; उपवन।

उद्यान-पाल–ना० [सं०] बगैँचे; माली।

उद्यापन–ना० [सं०] १. कुनै व्रतको समाप्तिमा गरिने प्रतिष्ठा-कृत्य; साङ्गे। २. अवसान; उपसंहार।

उद्युक्त–वि० [सं०] उद्योगमा लागेको; उद्योगी।

उद्योग–ना० [सं०] १. कोशिश; प्रयत्न; प्रयास। २. मेहनत; परिश्रम। ३. उद्यम।

उद्योग-धन्धा–ना० [सं० उद्योग+धन्धा] १. कोरा मालबाट तयारी माल बनाउने कामहरू; व्यावहारिक माल-सामान बनाउने व्यवस्था। २. पेशा; रोजगार; उद्यम।

उद्योग-पति–ना० [सं०] कुनै माल-सामान बनाउने कारखाना-को मालिक; कारखानाको धनी।

उद्योगालय–ना० [सं०] बिक्री गर्ने माल तयार गरिने ठाउँ; कारखाना।

उद्योगी–वि० [सं०] उद्योग गर्ने; मेहनती; उद्यमी।

उद्योत–ना० [सं०] १. उज्यालो; प्रकाश। २. आभा; कान्ति।

उद्रनु–अ० क्रि० [प्रा० उद्धर+नु] उध्रनु।

उद्रिनु–अ० क्रि० [उद्र+इ+नु] उध्रिनु; ('उद्रनु'-को प्रे० क्रि०)।

उद्रेक–ना० [सं०] वृद्धि; आधिक्य।

उद्वर्तन–ना० [सं०] १. बढ्नु; उठ्नु। २. उन्नति; समृद्धि। ३. शरीरमा घस्ने सुगन्धी द्रव्य। ४. शरीरमा सुगन्धी द्रव्य घस्नु।

उद्वासन–ना० [सं०] १. निकाल्नु; निकाला गर्नु। २. उखेल्नु; उजाड़ पार्नु। ३. मार्नु।

उद्वासित–वि० [सं०] आफ्नो वास-स्थानबाट निकालिएको; देश-निकाला गरिएको।

उद्वाह–ना० [सं०] विवाह।

उद्विग्न–वि० [सं०] उद्वेग-युक्त; आकुल; आतङ्कित; चिन्तित; परेशान।

उद्विग्नता–ना० [सं०] उद्विग्न हुनाको भाव; आकुलता; परेशानी; चिन्ता।

उद्वेग–ना० [सं०] १. छिटो गति; वेग। २. मनको हड़बड़ी; आवेग; जोश। ३. रीसको वेग; झोँक।

उद्वेजक–वि० [सं०] उद्विग्न गर्ने; चिन्तित पार्ने।

उद्वेजन–ना० [सं०] १. चिन्ता; पीर। २. दुःख दिनु; कष्ट दिनु।

उद्वेल–ना० [सं०] १. मड़ारिएर बग्नु; अटाई-नअटाई बग्नु। २. छचल्किनु।

उद्वेलित–वि० [सं०] १. बाढ़ी आएको; प्रवाहित। २. छचल्केको।

उद्वेष्टन–ना० [सं०] १. घेर्नु; घेरा हाल्नु। २. बेर्नु।

उद्वेष्टित–वि० [सं०] १. घेरिएको, घेरा हालिएको। २. बेरिएको।

उधमुन्टे–वि० [उँधो+मुन्टो] १. मुख तलतिर फर्केको; घोसे; गाढ़े। २. पुरुषको जननेन्द्रिय; लिङ्ग।

उधाराइ–ना० [उधार्+आइ] उधार्ने किसिम वा क्रिया।

उधारिनु–स० क्रि० [उधार्+इ+नु] उधार्ने काम गरिनु; बन्धन खुस्काइनु; ('उधार्नु'-को क० क्रि०)।

उधारो–ना० [प्रा० उद्धारो] मोल पछि दिने गरेर खरीद गर्ने क्रिया; पछि नगद तिर्ने गरी लिएको जिन्सी ऋण।

उधार्नु–स० क्रि० [उध्र+नु] १. सिउनी वा बन्धन खुस्काउनु; सिइराखेको वा बाँधिराखेको वस्तु फुकाउनु। २. घरका छानाको खर, पराल आदि झिक्नु; उचेर्नु।

उधिइनु–अ० क्रि० [उधि+इ+नु] उधिने काम होइनु; शान लागिनु; ('उधिनु'-को भा० क्रि०)।

उधिन-पाधिन–क्रि० यो० [उधिन्+पाधिन (फाँ०)] उधिन्ने किसिम; खोतल्ने ढङ्ग; खोतल-खातल।

उधिनाइ–ना० [उधिन्+आइ] उधिन्ने किसिम, क्रिया वा भाव।

उधिनाहा–वि० [उधिन्+आहा] उधिन्ने स्वभावको; खोतल्ने।

उधिनिनु–स० क्रि० [उधिन्+इ+नु] उधिन्ने काम गरिनु; खोतलिनु; ('उधिन्नु'-को क० क्रि०)।

उधिनु–अ० क्रि० [उध्याउ] शान लाग्नु; धारिलो हुनु।

उधिन्नु–स० क्रि० [प्रा० उद्धिअ+नु] १. गाड़िएको वस्तु खनेर झिक्नु; खोतल्नु। २. व्यवस्थित रूपमा रहेका माल-मत्तालाई अस्तव्यस्त हुने गरी कुनै कारणले खोतल्नु।

उधुम–वि० [प्रा० उद्धुम] १. ज्यादा; अति; औधी। (ना०) २. राड़ो; विघ्न।

उधुमे–वि० [उधुम+ए] उधुम मचाउने; उपद्रयाहा; भस्मासुरे।

उध्याइ–ना० [उध्याउ+आइ] उध्याउने किसिम, क्रिया वा भाव।

उध्याइ–ना० [उधि+आइ] उधिने किसिम, क्रिया वा भाव।

उध्याइनु–स० क्रि० [उधि+याइ+नु] उधिन लाइनु; शान लाइनु; ('उध्याउनु'-को क० क्रि०)।

उध्याउनु–स० क्रि० [प्रा० उद्धर+आउ+नु] काट्ने हतियार-लाई घोटेर धार निकाल्नु; शान लाउनु; धारिलो पार्नु; ('उधिनु'-को प्रे० क्रि०)।

उध्रनु–अ० क्रि० [प्रा० उद्धर+नु] १. सिउनी खुस्कनु; बन्धन फुस्कनु; चुँड़िनु। (स० क्रि०) २. दोहोऱ्याउनु; आवृत्ति गर्नु।

उध्राइ–ना० [उध्र+आई] उध्रने किसिम, क्रिया वा भाव।

उध्रिनु–अ० क्रि० [उध्र+इ+नु] उध्रने काम होइनु; सिउनी वा बन्धन खुस्कनु; ('उध्रनु'-को भा० क्रि०)।

उन–सर्वना० [उनी] विभक्ति लाग्दा हुने 'उनी'-को रूप। (उदा०–उनलाई, उनको इत्या०।)

उनन्चालिस–ना० [सं० ऊनचत्वारिंशत्] उनन्चालीस।

उनन्चालिसौँ–वि० [उनन्चालीस+औँ] उनन्चालीसौँ।

उनन्चालीस–ना० [सं० ऊनचत्वारिंशत्] १. तीस र नौको योग-सङ्ख्या; ३९-को अङ्क। (वि०) २. तीस र नौका

CC-0. In Public Domain. Digitization by eGangotri

योगको; एक कम चालीस ।

उनन्चालीसौँ–वि० [उनन्चालीस+औँ] गणनाको क्रमले उनन्चालीसमा परेको; उनन्चालीसको ।

उनन्चास–ना० [सं० ऊनपञ्चाशत्] १. चालीस र नौको योग-सङ्ख्या; ४९-को अङ्क । (वि०) २. चालीस र नौका योग-सङ्ख्याको; एक कम पचास ।

उनन्चासौँ–वि० [उनन्चास+औँ] गणनाको क्रमले उनन्चासको ।

उनन्तीस–ना० [सं० ऊनत्रिंशत्] १. बीस र नौको योग-सङ्ख्या; २९-को अङ्क । (वि०) २. बीस र नौको योगको; एक कम तीस ।

उनन्तीसौँ–वि० [उनन्तीस+औँ] गणनाको क्रमले उनन्तीसमा परेको; उनन्तीसको ।

उनसट्ठी–ना० [सं० ऊनषष्ठि] १. पचास र नौको योग-सङ्ख्या; ५९-को अङ्क । (वि) २. पचास र नौका योगको; एक कम साठी ।

उनसाठी–वि० [सं० ऊनषष्ठि] उनसट्ठी ।

उनहत्तर–ना० [सं० ऊनसप्तति] १. साठी र नौको योग-सङ्ख्या; ६९-को अङ्क । (वि०) २. साठी र नौका योगको; एक कम सत्तरी ।

उनहत्तरौँ–वि० [उनहत्तर+औँ] गणनाको क्रमले उनहत्तरमा परेको; उनहत्तरको ।

उनाइ–ना० [उन्+आइ] उन्ने किसिम, क्रिया वा भाव ।

उनाइनु–स० क्रि० [उन्+आइ+नु] उन्न लाइनु; गुथाइनु; ('उनाउनु'-को क० क्रि०) ।

उनाउनु–स० क्रि० [उन्+आउ+नु] उन्न लाउनु; गुथाउनु; ('उन्नु'-को प्रे० क्रि०) ।

उनाऊ–वि० [ने०] १. कुनै सीमित वर्गदेखि बाहिरको; तोकिएको भन्दा बढ्ता । २. नचाहिँदो; फाल्टू ।

उनान्नब्बे–ना० [सं० ऊननवति] १. असी र नौको योग-सङ्ख्या; ८९-को अङ्क । (वि०) २. असी र नौका योगको; एक कम नब्बे ।

उनान्नब्बेयौँ–वि० [उनान्नब्बे+यौँ] गणनाको क्रमले उनान्नब्बे-मा परेको; उनान्नब्बे सङ्ख्याको ।

उनान्सय–ना० [सं० ऊनशत] १. नब्बे र नौको योग-सङ्ख्या; ९९-को अङ्क । (वि०) २. नब्बे र नौका योगको; एक कम सय ।

उनान्सयौँ–वि० [उनान्सय+औँ] गणनाको क्रमले उनान्सयमा परेको; उनान्सयको ।

उनाशियौँ–वि० [उनाशी+यौँ] उनासियौँ ।

उनाशी–ना० [उनासी] उनासी ।

उनासियौँ–वि० [उनासी+यौँ] गन्दै लैजाँदा उनासी सङ्ख्यामा पुगेको; उनासी सङ्ख्याको ।

उनासी–ना० [सं० ऊनअसिति] १. सत्तरी र नौको योग-सङ्ख्या; ७९-को अङ्क । (वि०) २. सत्तरी र नौका योगको; एक कम असी ।

उनिउ–ना० [ने०] फल र फूल नहुने, मसिनो पात र कलेजी रङ्गको डाँठ हुने झारविशेष; उन्यू (यसको डाँठको कलम बनाइन्छ) ।

उनिनु–स० क्रि० [उन्+इ+नु] उन्ने काम गरिनु; गुथिनु; ('उन्नु'-को क० क्रि०) ।

उनी–सर्वना० ['ऊ'] 'ऊ'-को मध्यम आदरार्थी शब्द; तिनी ।

उन्जेल–प्रत्य० [ने०] क्रिया र नाम शब्दको पछिल्तिर लागी 'तक वा सम्म' अर्थ बुझाउने एक प्रत्यय । (उदा०—गरुन्जेल, बसुन्जेल, इत्या० ।)

उन्नत–वि० [सं०] १. अग्लो; ऊँचो । २. श्रेष्ठ; उत्तम । ३. उन्नति भएको; समृद्ध ।

उन्नति–ना० [सं०] १. बढ़िबढ़ाउ; तरक्की; अभिवृद्धि; अभ्युदय । २. उद्योग; उद्यम; व्यवसाय ।

उन्नतोदर–ना० [सं०] वृत्त खण्डको बीचको उठेको अंश ।

उन्नयन–ना० [सं०] १. माथितिर उठाउनु वा लैजानु । २. माथिल्लो कक्षामा पुऱ्याउनु ।

उन्नाइस–ना० [सं० ऊनविंशति] उन्नाईस ।

उन्नाइसौँ–वि० [उन्नाइस+औँ] उन्नाईसौँ ।

उन्नाईस–ना० [सं० ऊनविंशति] १. दश र नौको योग-सङ्ख्या; १९-को अङ्क । (वि०) २. दश र नौका योग-सङ्ख्याको; एक कम बीसको ।

उन्नाईसौँ–वि० [उन्नाईस+औँ] गन्दै लैजाँदा उन्नाईसमा पुगेको; उन्नाईस सङ्ख्याको ।

उन्नायक–वि० [सं०] १. माथि लैजाने; उठाउने । २. अग्ल्याउने; उन्नत पार्ने । ३. बढ़ाउने; वृद्धि गर्ने ।

उन्निद्र–वि० [सं०] १. निद्रा नलाग्ने; निद्रा नपर्ने । २. फुलेको; विकसित । (ना०) ३. निद्रा नलाग्ने रोग ।

उन्नीत–वि० [सं०] १. माथितिर उठाइएको वा लगिएको । २. उच्च कक्षामा पुऱ्याइएको ।

उन्नु–स० क्रि० [प्रा० उन्न] १. सियाको नाथ्रीमा धागो छिराउनु । २. माला गाँस्नु; गुथ्नु; गाँथ्नु ।

उन्नैस–ना० [उन्नाईस] उन्नाईस ।

उन्नैसौँ–वि० [उन्नाईसौँ] उन्नाईसौँ ।

उन्मज्जक–वि० [सं०] पानीबाट निस्केको; जलबाट उत्रेको ।

उन्मज्जन–ना० [सं०] पानीबाट निस्कनु; जलबाट उत्रनु ।

उन्मत्त–वि० [सं०] १. मात्तिएको; उद्धत । २. नशा लागेको; मद-मत्त; मदान्ध । ३. सिल्ली; बहुलाहा ।

उन्मत्तक–वि० [सं०] १. बहुलाएको; छँटाएको । (ना०) २. धतूरो ।

उन्मत्तता–ना० [सं०] उन्मत्त हुनाको भाव; उद्धतपना; पागलपन ।

उन्मत्त-भैरव–ना० [सं०] पशुपतिनाथका मन्दिरको दक्षिण-पट्टि रहेका एक प्रसिद्ध भैरव ।

उन्मत्त-लिङ्गी–वि० [सं०] बहुलाएको बहाना गर्ने; सनकीको

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाँग गर्ने।

उन्मथन—ना० [सं०] १. मन्थन गर्नु; मथ्नु। २. मार्नु; हत्या गर्नु।

उन्मथित—वि० [सं०] मथिएको; मन्थन गरिएको।

उन्मद—वि० [सं०] १. मात्तिएको; उन्मत्त। २. बहुलाएको; सिल्ली। (ना०) ३. उन्माद; पागलपन। ४. मादक पदार्थ; नशा।

उन्मन—वि० [सं०] १. चिन्ता-ग्रस्त; व्याकुल; विकल। २. चित्त स्थिर नभएको; अन्य-मनस्क।

उन्मनस्क—वि० [सं०] १. मनको विकलताले चित्त-वृत्ति ठीक नभएको; अन्य-मनस्क। २. उद्विग्न; व्यग्र।

उन्मनी—ना० [सं०] नाकको टुप्पामा दृष्टि लगाइरहने हठ-योगको एक क्रिया।

उन्मन्थ—ना० [सं०] १. मथ्नु; मन्थन गर्नु। २. मार्नु; हत्या।

उन्मन्थक—वि० [सं०] मन्थन गर्ने; मथ्ने।

उन्मर्दन—ना० [सं०] १. मिच्नु; मल्नु। २. घोट्नु; रगड्नु। ३. घस्नु। ४. शेखी झार्नु।

उन्माथ—ना० [सं०] १. कष्ट; पीडा। २. उद्वेग; क्षोभ। ३. हत्या; वध। ४. जाल; फरेब।

उन्माद—ना० [सं०] मन-बुद्धि काबूमा नरहने मस्तिष्कको रोग; छाँटा; पागलपन; बौलट्टी।

उन्मादक—वि० [सं०] उन्माद चढ़ाउने; मात लाउने। (जाँड़, रक्सी, गाँजा आदि लागू पदार्थ।)

उन्माद-ग्रस्त—वि० [सं०] १. उन्माद रोग लागेको; बहुलाएको। (ना०) २. बहुलाहा।

उन्मादन—ना० [सं०] उन्माद चढ़ाउनु; उन्मत्त पार्नु।

उन्मादी—वि० [सं०] १. मात चढ़ेको; नशा लागेको; उन्मत्त। २. बहुलाएको; पागल।

उन्मान—ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिको महत्त्व सम्झनु। २. तौल; नाप।

उन्मार्ग—ना० [सं०] कुमार्ग; खराब आचरण।

उन्मार्गी—वि० [सं०] खराब मार्गमा लाग्ने; कुमार्गी।

उन्मार्जन—ना० [सं०] १. घोट्नु; रगड्नु। २. मेट्नु; हटाउनु।

उन्मार्जित—वि० [सं०] १. घोटिएको; रगड़िएको। २. मलेर सफा गरिएको; माझिएको।

उन्मीलन—ना० [सं०] १. खुल्नु; उघ्रनु। २. फुल्नु; विकसित हुनु।

उन्मीलित—वि० [सं०] १. खुलेको; उघ्रेको। २. फुलेको; विकसित।

उन्मुक्त—वि० [सं०] १. छाड़िएको; मुक्त। २. बन्धन-रहित; स्वतन्त्र।

उन्मुक्ति—ना० [सं०] मुक्ति; स्वाधीनता; छुटकारा।

उन्मुख—वि० [सं०] १. माथितिर मुख फर्काएको; उर्ध्व-मुख। २. उत्सुक; उत्कण्ठित। ३. लागेको; फर्केको (कुनै दिशा-तिर)।

उन्मूलक—वि० [सं०] जरैदेखि उखेल्ने; निर्मूल पार्ने।

उन्मूलन—ना० [सं०] जरैदेखि उखेल्नु; समूल नाश गर्नु; मूलोच्छेदन।

उन्मूलित—वि० [सं०] उखेलिएको; उन्मूलन गरिएको।

उन्मूलनीय—वि० [सं०] समूल नाश गर्ने योग्य; उन्मूलन गर्ने लायक।

उन्मेष—ना० [सं०] १. खुल्नु; उघ्रनु (आँखा)। २. फुल्नु; विकसित हुनु। ३. सम्झनु; स्मरण हुनु। ४. प्रकाश; दीप्ति।

उन्मेषित—वि० [सं०] १. खुलेको; उघ्रेको (आँखा)। २. फुलेको; विकसित।

उन्मोचन—ना० [सं०] खुला गर्नु; मुक्त गर्नु; फुक्का गर्नु।

उन्यू—ना० [उनिउ] उनिउ।

उप—अव्य० [सं०] १. शब्दको अघिल्तिर लागेर आधिक्य, अतिरिक्तता, सामीप्य, न्यूनता, सहायक-भाव, व्याप्ति आदि बुझाउने उपसर्ग। (उदा०—उपकार, उपकुल, उपमन्त्री इत्या०।) (वि०) २. आफै अरूभन्दा बढ्ता जान्ने-बुझ्ने हुन खोज्ने। ३. बढ्ता; उद्धत।

उपकण्ठ—क्रि० यो० [सं०] १. नजीक; समीप। (ना०) २. सामीप्य; निकटता।

उपकथा—ना० [सं०] ठूलो कथाभित्रको सानो कथा।

उपकरण—ना० [सं०] १. अनुग्रह; कृपा। २. काम-काज गर्ने सर-सामान; औजार; साधन। ३. छत्र, चामर आदि राज-चिह्न।

उपकर्ता—ना० [सं०] १. उपकार गर्ने; उपकारी। २. कर्ताको सहायक।

उपकल्प—ना० [सं०] माल-सामान; सामग्री।

उपकल्पन—ना० [सं०] कुनै कामको तयारी; व्यवस्था; आयोजन।

उपकल्पित—वि० [सं०] तयार गरिएको; बनाइएको।

उपकार—ना० [सं०] १. भलाइ; हित। २. लाभ; फायदा। ३. मदद; सहायता। ४. सेवा। ५. आभूषण।

उपकारक—वि० [सं०] उपकार गर्ने; उपकारी।

उपकारी—वि० [सं०] उपकार गर्ने; उपकारक।

उपकार्य—वि० [सं०] १. उपकार गर्न योग्य; उपकार गर्नुपर्ने। २. मुख्य कामको बीचमा आइपरेको कार्य।

उपकुल-पति—ना० [सं०] १. विश्व-विद्यालयको उपप्रधान अध्यक्ष। २. भाइस-चान्सलर।

उपकूप—ना० [सं०] सानो कूवा।

उपकूल—ना० [सं०] तीरको नजीकको जमीन; बगर।

उपकृत—वि० [सं०] १. उपकार गरिएको; सहायता गरिएको। २. कृतज्ञ।

उपक्रम—ना० [सं०] १. शुरू; आरम्भ। २. आयोजन; तयारी। ३. भूमिका; प्रस्तावना। ४. नजीक आउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

उपक्रमण—ना० [सं०] १. आरम्भ; शुरू। २. आयोजन; बन्दोबस्त। ३. प्रस्तावना। ४. नजीक जानु।

उपक्रमणिका—ना० [सं०] पुस्तक आदिमा दिइएको विषय-सूची; अनुक्रमणिका।

उपक्रान्त—वि० [सं०] १. आरम्भ गरिएको; शुरू गरिएको। २. उपचार गरिएको; चिकित्सित।

उपक्रीडा—ना० [सं०] खेल्ने ठाउँ; खेल्ने अखाड़ा।

उपक्रोश—ना० [सं०] निन्दा; तिरस्कार।

उपक्रोशन—ना० [सं०] निन्दा गर्नु; गाली गर्नु।

उपक्रोष्टा—वि० [सं०] निन्दा गर्ने; गाली गर्ने।

उपक्षेप—ना० [सं०] १. फ्याँक्नु; मिल्काउनु। २. तिरस्कार; आक्षेप। ३. नाटकको आरम्भमा त्यसको कथा-वस्तु संक्षेपमा सुनाउनु।

उपगत—वि० [सं०] १. आएको; उपस्थित। २. जानिएको; ज्ञात। ३. पाएको; प्राप्त।

उपगति—ना० [सं०] १. पाउनु; प्राप्ति; उपलब्धि। २. स्वीकृति; मन्जूरी। ३. नजीक जानु; उपस्थित हुनु।

उपगूहन—ना० [सं०] १. लुकाउनु; छिपाउनु। २. अँगाल्नु; आलिङ्गन गर्नु।

उपग्रह—ना० [सं०] १. कुनै ग्रह वा पृथ्वीको चारैतिर घुम्ने पिण्ड। २. पक्रनु; गिरफ्तारी। ३. कैदी; थुनुवा।

उपग्रहण—ना० [सं०] १. पक्रनु; गिरफ्तार गर्नु। २. नजर-बन्दी। ३. संस्कारपूर्वक वेदको अध्ययन गर्नु।

उपघात—ना० [सं०] १. हत्ते-हलाइ; सकेसम्मको जोड़ लाउनु। २. प्रहार; चोट। ३. नाश गर्नु। ४. इन्द्रिय शिथिल हुनु।

उपघातक—वि० [सं०] प्रहार गर्ने; आघात गर्ने; उपघाती।

उपघाती—वि० [सं०] उपघात गर्ने; उपघातक।

उपचय—ना० [सं०] १. जम्मा हुनु वा गर्नु; एकत्रित हुनु वा गर्नु। २. बढ्नु; वृद्धि।

उपचर्या—ना० [सं०] १. सेवा-टहल; शुश्रूषा। २. उपचार; चिकित्सा।

उपचार—ना० [सं०] १. रोग निको पार्नाका निमित्त गरिने उपाय; औषधी गर्नु; इलाज; चिकित्सा। २. रोगीको सेवा-शुश्रूषा। ३. देखौवा सत्कार; बनावटी आदर। ४. पूजाको अङ्ग वा विधान। ५. खुशामद। ६. घूस।

उपचारक—वि० [सं०] १. उपचार गर्ने; चिकित्सक। २. सेवा-टहल गर्ने।

उपचारी—वि० [सं०] उपचार गर्ने; उपचारक।

उपचार्य—वि० [सं०] उपचार गर्न योग्य।

उपचित—वि० [सं०] १. जम्मा गरिएको; एकत्र गरिएको। २. बढ़ेको।

उपच्छन्दन—ना० [सं०] लोभ देखाएर सन्तुष्ट पार्नु; कुरै-कुराले खुशी पार्नु।

उपच्छन्दित—वि० [सं०] लोभ देखाएर सन्तुष्ट पारिएको; फकाइएको।

उपच्छद—ना० [सं०] १. बिर्को। २. पर्दा।

उपच्छन्न—वि० [सं०] ढाकिएको; छोपिएको।

उपजन—ना० [सं०] १. उत्पत्ति; जन्म। २. थप; वृद्धि।

उपजात—वि० [सं०] पैदा गरिएको; उत्पादित।

उपजाति—ना० [सं०] इन्द्र-वज्रा र उपेन्द्र-वज्रा तथा इन्द्र वंशा र वंशस्थ छन्दको संयोगबाट बन्ने एक वर्ण-वृत्त।

उपजाप—ना० [सं०] गुप्त तवरले कुरा गर्नु; काने-खुसी गर्नु।

उपजापक—वि० [सं०] १. गुप्त रीतिले कुरा गर्ने; काने-खुसी गर्ने। २. विश्वास-घाती।

उपजीवन—ना० [सं०] जीविका; जीवन-निर्वाहको साधन।

उपजीविका—ना० [सं०] प्रधान जीविकादेखि अतिरिक्त अर्को आम्दानी; फुटकर आम्दानी; अतिरिक्त आय।

उपजीवी—वि० [सं०] अर्काको आधारमा जीवन निर्वाह गर्ने; पर-तन्त्र।

उपज्ञा—ना० [सं०] स्वयं प्राप्त गरेको ज्ञान; स्वयं उत्पन्न भएको ज्ञान।

उपट्ट—वि० [नें०] १. चौपट्ट; बिछट्ट; औधी। (क्रि० यो०) २. अति नै; ज्यादै।

उपतप्त—वि० [सं०] १. अत्यन्त तातेको। २. पीडित।

उपताप—ना० [सं०] १. उष्णता; ताप। २. दुःख; क्लेश।

उपती—ना० [प्रा० उप्पति] ऊपती।

उपत्यका—ना० [सं०] पहाड़को फेदीको भूमि; बेँसी।

उपदंश—ना० [सं०] लिङ्गको छाला वा टेप्रोमा साना-साना बिमिरा निस्कने सरुवा रोग; भिरङ्गी।

उपदंशी—वि० [सं०] उपदंश रोगले पीडित।

उपदफा—ना० [उप+दफा] एक दफाका अन्तर्गतको सानो दफा; उपबन्ध।

उपदान—ना० [सं०] १. कोसेली; भेट। २. घूस।

उपदिशा—ना० [सं०] दुइ दिशाको बीचमा रहेको दिशा; विदिशा।

उपदिष्ट—वि० [सं०] उपदेश दिइएको; अर्ती दिइएको।

उपदेश—ना० [सं०] १. हित वा असल हुने कुराको शिक्षा; अर्ती। २. चेतावनी; नसीहत। ३. दीक्षा; गुरु-मन्त्र। ४. धर्म-सम्बन्धी प्रवचन; धार्मिक व्याख्यान।

उपदेशक—वि० [सं०] १. उपदेश दिने; अर्ती दिने। २. गुरु; शिक्षक।

उपदेशी—वि० [सं०] अर्ती दिने; उपदेशक।

उपदेष्टा—वि० [सं०] उपदेश दिने; उपदेशक।

उपद्रव—ना० [सं०] १. बिजाइँ; उत्पात। २. आकस्मिक आपत्ति; सङ्कट। ३. कुनै प्रधान रोगको बीचमा आइपर्ने अर्को विकार।

उपद्रवी—वि० [सं०] उपद्रव मचाउने; उपद्रयाहा।

उपद्रो—ना० [सं० उपद्रव] १. बिजाइँ; उपद्रव। २. उधुम; उत्पात।

उपद्रयाइँ—ना० [उपद्रो+याइँ] उपद्रव; विज्याइँ; उपद्रवीको

CC-0. In Public Domain. Digitization by eGangotri

काम।

उपद्रयाहा—वि० [उपद्रो+आहा] उपद्रव गर्ने; भ ङ्ग्याहा; उपद्रवी।

उपद्वार—ना० [सं०] मुख्य ढोकादेखि बाहेकको सानो ढोका।

उपद्वीप—ना० [सं०] सानो द्वीप।

उपधर्मी—ना० [सं०] कुनै धर्मका सामान्य सिद्धान्तहरूसित सहमत हुँदा-हुँदै पनि आचार, विचार, नीति आदिका अन्तरले फरक देखिने धर्म।

उपधा—ना० [सं०] १. छल; कपट। २. ईमानदारीको परीक्षा।

उपधातु—ना० [सं०] १. मिश्रित धातु वा प्रधान धातुदेखि भिन्न धातु; अप्रधान धातु (सुनामक्खी, रूपामक्खी, नीलो-तूथो, मुर्दासङ्ख, सिन्दूर, धाउ आदि)। २. शरीरकाप्रधान सात धातुबाट उत्पन्न हुने अप्रधान धातु (दूध, रगत, बोसो, पसीना, दाँत, केश र ओज)।

उपधान—ना० [सं०] १. तकिया; बालिस्ट; अड़ेस। २. विशेषता; व्यक्तित्व। ३. स्नेह; कृपा। ४. विष।

उपधानी—ना० [सं०] १. तकिया; बालिस्ट। २. सिंहासनको मुनितिर पाउ राख्नाका निमित्त राखिने सानो चौकी; पाद-पीठ।

उपधारण—ना० [सं०] १. चित्तको एकाग्रता; ध्यान। २. चिन्तन; विचार। ३. अङ्कुसेले रूखको फल आदि तान्नु।

उपधारा—ना० [सं०] कुनै विधान वा ऐनको धारा-अन्तर्गतको दफा; उपदफा।

उपधावन—ना० [सं०] १. पछि लाग्नु; अनुसरण गर्नु। २. विचार गर्नु; सोच्नु।

उपधि—ना० [सं०] १. छल; धोखा। २. सत्य कुरा लुकाएर झूटो कुरा भन्नु। ३. धम्की; हप्की।

उपधिक—वि० [सं०] छली; धोखेबाज।

उपधूपित—वि० [सं०] १. धूपद्वारा बास्ना आउने तुल्याइएको। २. मरणासन्न। (ना०) ३. मृत्यु; मरण।

उपनक्षत्र—ना० [सं०] १. गौण नक्षत्र। २. मनुष्य-निर्मित ग्रह।

उपनगर—ना० [सं०] शहरको बाहिरी भागमा र त्यसैको क्रममा बसेको सानो शहर वा बस्ती; शाखा-नगर।

उपनत—वि० [सं०] १. नजीक आएको; आइपुगेको; उपस्थित। २. निहुरेको; विनीत। ३. शरणमा आएको; शरणागत।

उपनति—ना० [सं०] १. नजीक आउनु; उपस्थित हुनु। २. झुक्नु; निहुरनु। ३. नमस्कार; प्रणाम।

उपनदी—ना० [सं०] ठूलो नदीमा मिसिएको सानो नदी; सहायक नदी।

उपनद्ध—वि० [सं०] ढाकिएको; छोपिएको।

उपनय—ना० [सं०] १. नजीक लैजानु; निकट पुऱ्याउनु। २. उपनयन-संस्कार।

उपनयन—ना० [सं०] व्रत-बन्ध; यज्ञोपवीत-संस्कार।

उपनागरिका—ना० [सं०] श्रुति-मधुर वर्ण बार-बार आउने वृत्यनुप्रासका तीन वृत्तिमध्ये एक।

उपनागरिका-वृत्ति—ना० [सं०] टवर्ग-रहित, माधुर्य गुण-व्यञ्जक तथा सानुनासिक र अनुस्वार-युक्त वर्ण प्रधान हुने एक साहित्यिक वृत्ति; साहित्यका तीन वृत्तिमध्ये एक।

उपनाम—ना० [सं०] १. कुनै व्यक्तिको वास्तविक नामदेखि भिन्न अर्को प्रसिद्ध नाम; बोलाउने नाम। २. आफ्नो वास्तविक नामदेखि अतिरिक्त कवि, लेखक आदिले अप-नाएको अर्को छोटकरी नाम। ३. नामको आखिरमा रहने, निवास-स्थान, वंश-परम्परादेखि चलिआएको नाम; थर।

उपनायक—ना० [सं०] काव्यमा प्रधान नायकको सहायक पात्र; गौण नायक; अप्रधान नायक।

उपनायिका—ना० [सं०] काव्यमा प्रधान नायिकाकी सहायक नायिका; अप्रधान नायिका; गौण नायिका।

उपनिक्षेप—ना० [सं०] धरौटी; नासो।

उपनिधायक—वि० [सं०] धरौटी राख्ने; नासो राख्ने।

उपनिधि—ना० [सं०] धरौटी; नासो; थाती।

उपनिपात—ना० [सं०] अचानक आइपर्नु; एकाएक आउनु।

उपनियम—ना० [सं०] कुनै नियम-अन्तर्गत बनेको सानो नियम; सहायक नियम।

उपनिर्वाचन—ना० [सं०] कुनै निर्वाचित व्यक्तिको पद वा स्थान कुनै कारणवश रिक्त हुनगएमा स्थान-पूर्तिका निमित्त निर्वाचनको मूल अवधिका बीचमा पुनः गरिने निर्वाचन।

उपनिविष्ट—वि० [सं०] अर्को ठाउँबाट आएर बसेको।

उपनिवेश—ना० [सं०] १. अर्को ठाउँ वा देशबाट आएर कुनै ठाउँमा बसालेको बस्ती। २. विजयी मानिसहरू आएर बसेको पराजित देश।

उपनिवेशवाद—ना० [सं०] अर्काको देशमा गएर हैकमसाथ बसोबास गर्ने सिद्धान्त; उपनिवेश बनाउने सिद्धान्त।

उपनिवेशवादी—वि० [सं०] उपनिवेशवादको अनुयायी; उपनिवेश बसाल्ने सिद्धान्त भएको।

उपनिवेशित—वि० [सं०] उपनिवेश बनाइएको; उपनिविष्ट।

उपनिवेशी—वि० [सं०] उपनिवेशमा बस्ने; अर्काको देशमा हैकमसाथ बसोबास गर्ने; उपनिवेश-वासी।

उपनिषद्—ना० [सं०] आत्मा र परमात्माको निरूपण गर्ने वेदका शाखाहरूमध्ये ब्राह्मण-अंशको अन्तिम भाग; वेदको गुप्तार्थ-प्रकाशक ग्रन्थ।

उपनीत—वि० [सं०] १. नजीक ल्याइएको। २. उपनयन-संस्कार भएको।

उपनृत्य—ना० [सं०] नाच्ने ठाउँ; नाच-घर।

उपनेता—वि० [सं०] १. नजीक लैजाने। २. उपनयन-संस्कार गराउने (गुरु)। ३. नेताको सहायक पात्र; उपनायक।

उपन्यस्त—वि० [सं०] १. नजीकमा राखिएको। २. धरौट राखिएको; नासो राखिएको। ३. भनिएको; कथित।

उपन्यास—ना० [सं०] १. धेरै अध्याय वा खण्डहरूमा लेखिने लामो साहित्यिक कथा। २. धरौट; बन्धक।

उपन्यास-कार—ना० [सं०] उपन्यासको लेखक; उपन्यास

CC-0. In Public Domain. Digitization by eGangotri

लेख्ने व्यक्ति।

उपपति–ना० [सं०] परस्त्रीसँग प्रेम गर्ने व्यक्ति; नाठो।

उपपत्ति–ना० [सं०] १. कारणबाट शब्द वा कुनै वस्तुको स्थितिको निश्चय गर्नु; व्युत्पत्ति। २. जन्म-स्थान; उत्पत्ति-स्थान। ३. चरितार्थ हुनु; सङ्गति। ४. युक्ति; प्रमाण।

उपपत्नी–ना० [सं०] ल्याएकी स्त्री; रखौटी स्वास्नी।

उपपद–ना० [सं०] १. सम्मीलित शब्दको पहिलो पद; पहिले पढ़िने पद। २. उपाधि; पदवी।

उपपन्न–वि० [सं०] १. पाएको; प्राप्त। २. योग्य; उचित। ३. नजीक आएको।

उपपात–ना० [सं०] १. आपत्ति; विपत्ति। २. आकस्मिक घटना।

उपपातक–ना० [सं०] सानो पाप; सानो-तिनो अपराध; महापातकदेखि अतिरिक्त पाप।

उपपादक–वि० [सं०] कुनै कुरा वा तर्कलाई प्रमाणपूर्वक सिद्ध गर्ने; उपपादन गर्ने।

उपपादन–ना० [सं०] १. युक्तिपूर्वक कुनै कुरा वा तर्कलाई सिद्ध गर्नु; राम्ररी प्रतिपादन गर्नु। २. काम पूरा गर्नु; कार्य सिद्ध गर्नु।

उपपादित–वि० [सं०] तर्क वा प्रमाणपूर्वक सिद्ध गरिएको; उपपादन गरिएको।

उपपाद्य–वि० [सं०] प्रमाणपूर्वक सिद्ध गर्न योग्य; उपपादन गर्न योग्य।

उपपाप–ना० [सं०] सानो पाप; उपपातक।

उपपीडन–ना० [सं०] १. दबाउनु; थिच्नु। २. पीडा दिनु; कष्ट दिनु। ३. नाश; विध्वंस।

उपपुर–ना० [सं०] उपनगर।

उपपुराण–ना० [सं०] अठार महापुराणदेखि भिन्न पुराण (सनत्कुमार, नारसिंह, नारदीय, शिव, दुर्वासा, कपिल, मानव, औशनस, वरुण, कालिक, शाम्ब, नन्दा, सौर, पराशर, आदित्य, माहेश्वर, भार्गव र वाशिष्ठ)।

उपपुष्पिका–ना० [सं०] हाई गर्नु।

उपप्रदान–ना० [सं०] १. सुम्पनु; दिनु। २. बकस।

उपप्रधान-मन्त्री–ना० [सं०] प्रधान-मन्त्रीभन्दा मनि साधारण मन्त्रीभन्दा माथिको मन्त्री; प्रधान-मन्त्रीको अनुपस्थितिमा उनको सट्टा मन्त्री-मण्डलको नेतृत्व गर्ने मन्त्री।

उपप्रश्न–ना० [सं०] प्रश्नभित्र उठेको प्रश्न; गौण प्रश्न।

उपप्राध्यापक–ना० [सं०] महाविद्यालयमा पढ़ाउने प्राध्यापक-भन्दा तलको शिक्षक; लेक्चरर।

उपप्लव–ना० [सं०] १. उत्पात; उपद्रव। २. भौतिक दुर्घटना। ३. डर; भय।

उपप्लवी–वि० [सं०] १. उत्पातद्वारा पीडित; उपप्लवले पीडित। २. अत्याचारले सताइएको।

उपप्लुत–वि० [सं०] दुःखित; पीडित; आक्रान्त।

उपबन्ध–ना० [सं०] १. संयोग; मेल। २. रति-क्रियाको एक आसन। ३. उपदफा।

उपबर्हण–ना० [सं०] तकिया; बालिस्ट।

उपभाषा–ना० [सं०] १. प्रधान भाषादेखि भिन्न भाषा; राष्ट्र-भाषादेखि अतिरिक्त भाषा। २. अल्प वाङ्मय भएको भाषा। ३. मुख्य भाषाको शाखा-स्वरूप भाषा।

उपभुक्त–वि० [सं०] १. भोग गरिएको; उपयोग गरिएको। २. जूठो; उच्छिष्ट।

उपभुक्ति–ना० [सं०] उपभोग; भोग।

उपभूषण–ना० [सं०] निम्न श्रेणीको गहना; प्रमुख आभूषण-बाहेकको गहना।

उपभोक्तव्य–वि० [सं०] उपभोग गर्न योग्य।

उपभोक्ता–वि० [सं०] उपभोग गर्ने।

उपभोग–ना० [सं०] १. कुनै वस्तुको भोग-चलन गर्नु; उपयोग गर्नु। २. भोजन गर्नु। ३. भोग-विलास। ४. स्त्रीका साथ सहवास गर्नु।

उपभोगी–वि० [सं०] उपभोग गर्ने; उपभोक्ता।

उपभोग्य–वि० [सं०] उपभोग गर्न योग्य; भोग गर्न योग्य।

उपभोज्य–वि० [सं०] खान योग्य; भोजन गर्न लायक।

उपमण्डल–ना० [सं०] कुनै मण्डल वा परिषद्भित्रको सानो विभाग।

उपमन्त्री–ना० [सं०] मन्त्रीभन्दा तल्लो पदको मन्त्री।

उपमर्दन–ना० [सं०] १. माड्नु; मल्नु। २. भूस छुट्ट्याउनु; फल्नु। ३. बेसरी दबाउनु; दमन गर्नु। ४. निन्दा गर्नु; तिरस्कार गर्नु।

उपमर्दित–वि० [सं०] माड़िएको; दलिएको; उपमर्दन गरिएको।

उपमा–ना० [सं०] १. उदाहरण; दृष्टान्त। २. दाँजो; तुलना। ३. समान रूप वा गुणको सादृश्य देखाइएको एक शब्दालङ्कार।

उपमाता–ना० [सं०] १. आमासमानकी स्त्री; धाई-आमा। (वि०) २. उपमा दिने।

उपमान–ना० [सं०] १. रूप वा गुणको आरोप गरिने वस्तु। २. न्यायका चार प्रमाणमध्य एक।

उपमित–वि० [सं०] उपमा दिइएको; दाँजिएको।

उपमिति–ना० [सं०] १. समानता; तुल्यता। २. उपमा वा सादृश्यबाट हुने ज्ञान।

उपमित्र–ना० [सं०] साधारण मित्र; साथी; सङ्गी।

उपमेय–वि० [सं०] १. उपमा दिन योग्य; तुलना गर्न योग्य। २. वर्णनीय। (ना०) ३. विशेष रूप वा गुणको आरोप भएको वस्तु।

उपमेयोपमा–ना० [सं०] दुइ तुल्य वस्तुको पर्याय-क्रमले आपसमै उपमेय र उपमान हुने उपमालङ्कारको एक भेद।

उपयन्ता–ना० [सं०] विवाहित पति।

उपयम–ना० [सं०] १. विवाह। २. संयम।

उपयमन–ना० [सं०] १. विवाह गर्नु। २. संयम गर्न। ३.

CC-0. In Public Domain. Digitization by eGangotri

दबाउनु।

उपयुक्त–वि० [सं०] १. ठीक; उचित; मुनासिब। २. सुहाउँदो; अनुकूल। ३. योग्य; लायक। ४. उपयोगमा ल्याइएको; उपयोग गरिएको।

उपयुक्तता–ना० [सं०] उपयुक्त हुनाको भाव।

उपयोग–ना० [सं०] १. कुनै वस्तुलाई काममा ल्याउनु; प्रयोग; व्यवहार। २. फायदा; लाभ।

उपयोगिता–ना० [सं०] १. काम लाग्ने हुनु; उपयोगी हुनु। २. उपयोगी हुनाको भाव।

उपयोगितावाद–ना० [सं०] कुनै वस्तु वा सम्बन्धको महत्त्व त्यसको भौतिक उपयोगितामै निर्भर हुनुपर्दछ भन्ने सिद्धान्त।

उपयोगितावादी–वि० [सं०] उपयोगितावादको अनुयायी।

उपयोगी–वि० [सं०] १. काम लाग्ने। २. उपयोगमा ल्याउन लायक; प्रयोजनीय। ३. योग्य; उचित। ४. फायदा हुने; लाभ-दायक।

उपयोजन–ना० [सं०] काम वा उपयोगमा ल्याउनु।

उपर–ना० [सं० उपरि] १. लिनुपर्ने ऋण वा धन-माल लिनु; असूल। (ना० यो०) २. माथि; मा।

उपरक्त–वि० [सं०] १. रँगाइएको; रङ्ग लगाइएको। २. असर परेको; प्रभावित। ३. विषय-वासनामा आसक्त; अनुरक्त।

उपरक्षक–वि० [सं०] १. पहरा बस्ने; चौकीदार। (ना०) २. मुख्य रक्षकको मातहतको रक्षक।

उपरक्षण–ना० [सं०] १. चौकी; पालो-पहरा। २. हेर-विचार गर्नु; पालो बस्नु।

उपरञ्जक–वि० [सं०] १. रँगाउने; छिप्ने। २. कसैमाथि प्रभाव पार्ने; असर पार्ने।

उपरञ्जन–ना० [सं०] १. रँगाउनु; छिप्नु। २. प्रभाव पार्नु; असर पार्नु।

उपरञ्जनीय–वि० [सं०] १. रँगाउन योग्य; छिप्न लायक। २. प्रभाव पार्न योग्य।

उपरञ्जित–वि० [सं०] १. रँगाइएको; छिपिएको। २. असर पारिएको; प्रभावित।

उपरत–वि० [सं०] १. सांसारिक प्रपञ्चबाट मन हटेको; विरक्त। २. मरेको; मृत। ३. थामिएको; रोकिएको।

उपरतली–ना० [उपर+तल+ई] छेर्नु र छाद्नु; झाड़ा-वान्ता; दिसा-वमन; हैजा।

उपरति–ना० [सं०] १. विषय-वासनाको भोगबाट अलग हुनु; विरक्ति। २. उदासीनता; वैराग्य। ३. मृत्यु; मरण।

उपरत्न–ना० [सं०] कमसल रत्न; कम्ती दर्जाको रत्न (सीपी, स्फटिक आदि)।

उपरन्ध्र–ना० [सं०] १. सानो प्वाल। २. गौण रूपमा रहेको प्वाल।

उपरम–ना० [सं०] १. विषय-वासनादेखि विरक्त हुनु; विराग। २. मृत्यु। ३. रोकिनु; थाम्नु।

उपरमण–ना० [सं०] विषय-वासनादेखि विरक्ति; विषय-वासनाको त्याग।

उपरस–ना० [सं०] १. पारोको समान गुण भएको खनिज पदार्थ। २. भाव (साहित्यमा)।

उपराग–ना० [सं०] १. रँगाउने वस्तु; रङ्ग। २. प्रभाव; असर। ३. विषय-वासनाप्रति आसक्ति। ४. सूर्य वा चन्द्रमाको ग्रहण।

उपराज–ना० [सं०] १. राजाको अनुपस्थिति वा असमर्थतामा निजको प्रतिनिधि भई काम गर्ने व्यक्ति। २. सामन्त राजा। ३. बड़ा-हाकिम।

उपरान्त–अव्य० [सं० उपर्यन्त] पछिबाट; त्यसपछि; अलि; अनन्तर।

उपराम–ना० [सं०] उपरम।

उपरि–ना० यो० [सं०] माथि; उपर।

उपरिया–ना० [उपर+इया] १. माल किनी बीचैमा नाफा खाई बेच्ने व्यापारी; माल बोकी घुमी-घुमी बेच्ने व्यापारी। २. उनाऊ व्यक्ति।

उपरुद्ध–वि० [सं०] १. रोकिएको; अवरुद्ध। २. घेरिएको; कैद गरिएको।

उपरूपक–ना० [सं०] मुख्य दश रूपकदेखि भिन्न अठार प्रकारका दृश्य काव्य (नाटिका, त्रोटक, गोष्ठी, सट्टक, नाट्य-रासक, प्रस्थान, उल्लाप्य, काव्य, प्रेक्षण, रासक, संलापक, श्रीगदित, शिल्पक, विलासिका, दुर्मल्लिका, प्रकरणिका, हल्लीश र भाणिका)।

उपरोध–ना० [सं०] १. भइरहेको कामलाई रोक्ने कुरा; बाधा; रोक। २. छोप्नु; ढाक्नु। ३. विरोध।

उपरोधक–वि० [सं०] बाधा उपस्थित गर्ने; छेको हाल्ने।

उपरोधन–ना० [सं०] १. रोक्नु; छेक्नु। २. बाधा; अड्काउ।

उपरोधी–वि० [सं०] बाधा हाल्ने; रोक्ने; उपरोधक।

उपर्झट–क्रि० यो० [उपर+झट्ट] सहसा; अनायास; अपर्झट।

उपर्ना–ना० [उपर+ना] पछ्यौरा; ओढ्ने; उत्तरीय।

उपर्युक्त–वि० [सं०] माथि भनिएको; माथि उल्लेख गरिएको।

उपल–ना० [सं०] १. ढुङ्गा; पत्थर। २. असिना। ३. जवाहिरात; रत्न।

उपलक्षक–वि० [सं०] अन्दाज गर्ने; अड्कल गर्ने।

उपलक्षण–ना० [सं०] १. हेर्नु; निरीक्षण। २. चिनु; चिह्न। ३. गौण लक्षण।

उपलक्षित–वि० [सं०] १. लक्ष्य गरिएको; उद्देश्य लिइएको। २. इशाराद्वारा बताइएको।

उपलक्ष्य–ना० [सं०] १. सङ्केत; चिह्न। २. उद्देश्य; ध्येय। ३. अवसर।

उपलब्ध–वि० [सं०] १. पाइएको; प्राप्त। २. थाहा पाइएको; ज्ञात।

उपलब्धि–ना० [सं०] १. पाउनु; प्राप्ति। २. अनुभूति; ज्ञान।

उपलभ्य–वि० [सं०] १. प्राप्त गर्न योग्य; प्राप्य। २. आदर

CC-0. In Public Domain. Digitization by eGangotri

गर्न योग्य; सम्मान्य।

उपलालन–ना० [सं०] १. प्यारो गर्नु; माया गर्नु २. पुलपुल्याउनु।

उपलालिका–ना० [सं०] १. प्यास; तिर्खा। २. अत्याचार।

उपलिङ्ग–ना० [सं०] अपशकुन; अमङ्गल।

उपलिप्सा–ना० [सं०] पाउने इच्छा; कामना।

उपलेपन–ना० [सं०] १. लिप्नु; पोत्नु। २. लेप लाउनु।

उपल्लो–वि० [उपर+ल्लो] माथिको; माथिल्लो; उँभोको।

उपवक्ता–वि० [सं०] मूल वक्ताको सहायक; उपवाचक।

उपवन–ना० [सं०] १. बगैँचा; फूल-बारी; उद्यान। २. कृत्रिम जङ्गल।

उपवाक्य–ना० [सं०] ठूलो वाक्यभित्र रहेको क्रियासहितको सानो वाक्य।

उपवाचक–वि० [सं०] वाचकको सहायक; पुराण आदि बाच्दा मूल वाचकका त्रुटि वा भूलहरूको विचार गरी सच्याउने (व्यक्ति)।

उपवास–ना० [सं०] १. केही नखाईकन व्रत बस्नु; निराहार। २. अनशन; लङ्घन।

उपवासक–वि० [सं०] उपवास बस्ने; व्रत बस्ने।

उपवासी–वि० [सं०] उपवास बस्ने; उपवासक।

उपविक्रय–ना० [सं०] लुकी-छिपी वा ससन्देह गरिएको क्रय-विक्रय।

उपविद्या–ना० [सं०] १. व्यावहारिक ज्ञान; लौकिक विद्या। २. अप्रधान विद्या; गौण विद्या।

उपविधि–ना० [सं०] कुनै विधिको अन्तर्गत बनेको सानो विधि।

उपविभाग–ना० [सं०] ठूलो विभागभित्रको सानो विभाग।

उपविष–ना० [सं०] १. कृत्रिम विष; बनाइएको विष। २. हल्का किसिमको विष; भाङ, धतूरो आदि।

उपविष-प्रणिधि–ना० [सं०] उपविषको प्रयोग गर्ने व्यक्ति।

उपविष्ट–वि० [सं०] बसेको।

उपविष्टक–वि० [सं०] नियत समयभन्दा बढ्ता गर्भमा रहेको (बच्चा)।

उपवीत–ना० [सं०] १. जनै; यज्ञ-सूत्र। २. उपनयन-संस्कार।

उपवीती–वि० [सं०] जनै लाउने; तागाधारी।

उपवेद–ना० [सं०] प्रधान चार वेददेखि अतिरिक्त वेद; लौकिक विद्या; आयुर्वेद, धनुर्वेद, गन्धर्व-वेद, स्थापत्य-वेद–यी चार वेद।

उपवेशन–ना० [सं०] १. बस्नु; स्थित हुनु। २. कुनै कार्यमा संलग्न हुनु। ३. मल त्याग गर्नु।

उपवेशित–वि० [सं०] बसेको; स्थित।

उपवेशी–वि० [सं०] बस्ने।

उपशम–ना० [सं०] १. मनका इच्छा वा वासनालाई दबाउनु; इन्द्रिय-निग्रह। २. शान्ति हुनु।

उपशमन–ना० [सं०] १. इच्छा वा इन्द्रियलाई दबाउनु; इन्द्रियलाई जित्नु। २. शान्ति।

उपशय–ना० [सं०] १. पथ्यद्वारा रोगको उपचार गर्नु। २. नजीक सुत्नु।

उपशाखा–ना० [सं०] शाखाको शाखा; सानो शाखा; प्रशाखा।

उपशाला–ना० [सं०] घरमा आउने-जाने पाहुनाहरूलाई बसाउने सानो घर।

उपशिक्षक–ना० [सं०] सहायक शिक्षक।

उपशिष्य–ना० [सं०] शिष्यको शिष्य; चेलाको चेला।

उपशीर्षक–ना० [सं०] मुख्य शीर्षकका अन्तर्गतको गौण शीर्षक।

उपश्लाघा–ना० [सं०] शेखी; घमन्ड; गर्व।

उपसंवाद–ना० [सं०] परस्परको प्रतिज्ञा; सम्झौता; सन्धि।

उपसंस्कार–ना० [सं०] गौण संस्कार; पछि गरिएको संस्कार।

उपसंहार–ना० [सं०] १. समाप्ति; अन्त। २. कुनै पुस्तक वा लेखको मुख्य विषय-क्रम समाप्त भइसकेपछि लेखिएको अन्तिम भाग। ३. निचोर; सारांश। ४. अन्त्य; नाश।

उपसंहारी–वि० [सं०] १. उपसंहार गर्ने। २. उपसंहार लेख्ने।

उपसङ्गृहीत–वि० [सं०] १. प्रधान विषयको अन्तमा सङ्ग्रह गरिएको; समेटिएको। २. अधिकारमा ल्याइएको।

उपसङ्ग्रह–ना० [सं०] १. पाउ छोएर नमस्कार गर्नु। २. खुशी तुल्याउनु। ३. स्वीकार गर्नु।

उपसङ्घात–ना० [सं०] जम्मा गर्नु; एकत्र पार्नु।

उप-सभापति–ना० [सं०] सभा-पतिको अनुपस्थितिमा सभा-पतिको काम सम्हाल्ने अधिकारी; सहायक सभा-पति।

उपसमिति–ना० [सं०] कुनै समितिभित्रको सानो समिति।

उपसम्पादक–ना० [सं०] सहायक सम्पादक।

उपसर्ग–अव्य० [सं०] अर्को शब्दको अगिल्तिर लागेर भिन्न अर्थ बुझाउने शब्द; उप, अनु, अव आदि शब्द। (उदा०–उपवास, अनुकरण, अवहेलना इत्या०।)

उपसर्जन–ना० [सं०] १. दैवी उत्पात; आकस्मिक घटना। २. उल्झनु; हुच्चनु।

उपसागर–ना० [सं०] भू-भागभित्र पसेको समुद्रको अंश; सानो समुद्र; खाड़ी।

उपसूतिका–ना० [सं०] सुत्केरीको स्याहार गर्ने स्त्री।

उपस्कर–ना० [सं०] १. अपूरो वस्तुलाई पूरो गर्ने वस्तु; पूरक अङ्ग। २. माल-ताल; सामग्री।

उपस्करण–ना० [सं०] १. सजाउनु; शृङ्गार गर्नु। २. निन्दा; तिरस्कार। ३. हिंसा; हत्या।

उपस्कार–ना० [सं०] १. पूरा गर्ने वस्तु; पूरक अंश। २. गहना; आभूषण। ३. आघात; ठक्कर।

उपस्कृत–वि० [सं०] १. सजाइएको; सिँगारिएको। २. तयार गरिएको; पूरा गरिएको।

उपस्थ–ना० [सं०] १. तल्लो भाग। २. स्त्री वा पुरुषको जननेन्द्रिय। ३. काख।

उपस्थान–ना० [सं०] १. नजीक आउनु; आइपुग्नु। २.

CC-0. In Public Domain. Digitization by eGangotri

देवताको स्तुति; आराधना। ३. उपासना गर्ने ठाउँ। ४. बस्ने ठाउँ; वास-स्थान।

उपस्थापक–वि० [सं०] १. नजीक राख्ने; अगिल्तिर राख्ने। २. सम्झाउने; बुझाउने। ३. पेश गर्ने।

उपस्थापन–ना० [सं०] कुनै सभा, संस्था आदिमा प्रस्ताव राख्नु; प्रस्ताव पेश गर्नु।

उपस्थित–वि० [सं०] १. हाजिर भएको; नजीक आएको। २. सम्झिएको; याद भएको।

उपस्थिति–ना० [सं०] हाजिरी; विद्यमानता।

उपस्थिति-पञ्जिका–ना० [सं०] हाजिरी जनाउने कापी; हाजिरी-बही।

उपहत–वि० [सं०] १. चोट लागेको; घायल। २. नाश गरिएको; विनष्ट। ३. दोष लागेको; दूषित।

उपहसित–वि० [सं०] उपहास गरिएको; हँस्सी उड़ाइएको।

उपहार–ना० [सं०] मान्य जन वा मित्रलाई खुशीयालीमा दिइने भेट; सौगात; कोसेली; नजराना।

उपहारक–वि० [सं०] उपहार दिने; उपहारी।

उपहारी–वि० [सं०] १. उपहार दिने; कोसेली दिने। २. सिर्तो बुझाउने।

उपहार्य–वि० [सं०] उपहार दिन योग्य; सौगात दिन लायक।

उपहास–ना० [सं०] १.हँस्सी; गिल्ला। २. निन्दा; बदनामी।

उपहासक–वि० [सं०] उपहास गर्ने; हँस्सी उड़ाउने।

उपहासास्पद–वि० [सं०] १. उपहास गर्न योग्य; हँस्सी उड़ाउन लायक। २. खराब; निन्दनीय।

उपहास्य–वि० [सं०] उपहास गर्न योग्य; उपहासास्पद।

उपहित–वि० [सं०] राखिएको; स्थापना गरिएको।

उपहूति–ना० [सं०] बोलाउनु; आह्वान।

उपहृत–वि० [सं०] उपहार दिइएको; सौगात दिइएको।

उपह्वर–ना० [सं०] १. एकान्तको स्थान; निर्जन ठाउँ। २. सामीप्य; निकट हुनाको भाव।

उपांशु–ना० [सं०] मन्द स्वरमा गरिएको प्रार्थना; मन्त्र-पाठ।

उपाकरण–ना० [सं०] १. योजना; कार्य-क्रम। २. तयारी। ३. शुरू; आरम्भ। ४. अनुष्ठान। ५. यज्ञी-पशुको संस्कार।

उपाकर्म–ना० [सं०] १. आरम्भ; शुरू। २. श्रावणी-कर्म; यज्ञोपवीत-संस्कार।

उपाकृत–वि० [सं०] १. नजीकमा ल्याइएको। २. बलि चढ़ाइएको। ३. आरम्भ गरिएको।

उपाखण्ड–ना० [सं० उप+उखण्ड] अतिशय; ज्यादा; औधी।

उपाख्यान–ना० [सं०] १. पुरानो कथा; प्राचीन वृत्तान्त। २. ठूलो कथाको अन्तर्गतको सानो कथा।

उपागत–वि० [सं०] १. आएको; आगत। २. कबूल गरिएको; प्रतिज्ञा गरिएको। ३. पीडित; दुःखित।

उपागम–ना० [सं०] १. नजीक आउनु; समीप आउनु। २. प्रतिज्ञा; कबूल। ३. स्वीकृति; मन्जूरी। ४. दुःख भोग्नु।

उपाग्रहण–ना० [सं०] संस्कारपूर्वक वेदारम्भ गर्नु।

उपाङ्ग–ना० [सं०] १. अङ्गको भाग; अवयव। २. कुनै वस्तुको अभावपूर्ति गर्ने वस्तु; पूरक वस्तु।

उपात्त–वि० [सं०] प्राप्त; लब्ध।

उपदान–ना० [सं०] १. लिनु; ग्रहण गर्नु। २. पाउनु; प्राप्ति। ३. उपयोग गर्नु। ४. बोध; ज्ञान। ५. कुनै वस्तु तयार हुने सामग्री; साधन; हेतु; कारण। ६. कुनै कामका निमित्त दिइएको एकमुस्ट रकम।

उपादेय–वि० [सं०] १. लिन योग्य; ग्रहण गर्न योग्य। २. उत्तम; श्रेष्ठ। ३. उपयोगी।

उपादेयता–ना० [सं०] १. ग्रहण गर्न योग्य हुनाको भाव। २. उत्तमता; श्रेष्ठता। ३. उपयोगिता।

उपाधि–ना० [सं०] १. एउटा कुरालाई अर्कै कुरा बताउने छल; कपट। २. एउटा कुनै वस्तु अर्कोको संयोगले भिन्न रूपमा देखिनु। ३. उपद्रव; उत्पात। ४. कर्तव्यको विचार; धर्म-चिन्तन। ५. पदवी; पद।

उपाधि-धारी–वि० [सं०] उपाधि पाएको; पदवी पाएको।

उपाध्यक्ष–ना० [सं०] कुनै संस्थामा अध्यक्षको सहायक भएर काम गर्ने अधिकारी; सहायक अध्यक्ष।

उपाध्याय–ना० [सं०] १. वेद-वेदाङ्ग पढ़ाउने गुरु। २. शिक्षक; अध्यापक। ३. कुनै संस्था वा राजाबाट विद्वान्‌लाई दिइने पदवी।

उपाध्याया–ना० [सं०] शिक्षक स्त्री; अध्यापिका।

उपाध्यायी–ना० [सं०] १. शिक्षक स्त्री; उपाध्याया। २. अध्यापककी स्त्री; गुरुमा।

उपानह–ना० [सं०] जुत्ता।

उपान्त–वि० [सं०] १. अन्त्यभन्दा पहिलेको; छेउनजीकको। (ना०) २. छेउ; किनारा। ३. लेख्दा दायाँ-बायाँ छोड़िने कागतको भाग; मार्जिन।

उपान्तस्थ-साक्षी–ना० [सं०] फड्के किनारामा लेखिएको साक्षी; छेउमा लेखिएको साक्षी।

उपान्तिक–वि० [सं०] नजीकको; समीपको।

उपान्त्य–वि० [सं०] अन्त्यको भन्दामात्र अगिल्लो; पुछारको भन्दामात्र पहिलेको।

उपाम्मे–वि० [अपाम्मे] अपाम्मे।

उपाय–ना० [सं०] १. कुनै गाह्रो वा असजिलो काम सजिलो-सँग गर्ने युक्ति; युक्ति। २. प्रयत्न; उद्योग।

उपायन–ना० [सं०] १ नजीक जानु। २. चेलो बनाउनु। ३. धर्मानुष्ठानमा लाग्नु। ४. कोसेली; उपहार।

उपायी–वि० [सं] उपाय गर्ने; प्रयत्न गर्ने।

उपार्जक–वि० [सं०] कमाउने; आम्दानी गर्ने।

उपार्जन–ना० [सं०] कमाउनु; आम्दानी।

उपार्जनीय–वि० [सं०] १. कमाउन योग्य। २. सङ्ग्रह गर्न योग्य।

उपार्जित–वि० [सं०] १. कमाइएको; आम्दानी गरिएको।

CC-0. In Public Domain. Digitization by eGangotri

२. सङ्ग्रह गरिएको; सङ्गृहीत।
उपार्नु–सं० क्रि० [उप्र+नु] उप्रन लाउनु; उबार्नु।
उपालब्ध–वि० [सं०] १.हप्काइएको। २.उपालम्भ गरिएको। ३. निन्दा गरिएको।
उपालम्भ–ना० [सं०] हप्की; गुनासो; शिकायत; निन्दा।
उपावृत्त–वि० [सं०] १. फर्केर आएको; प्रत्यागत। २. चक्कर खाएको; घुमेको।
उपाश्रय–ना० [सं०] आश्रय; सहारा।
उपाश्रित–वि० [सं०] आश्रयमा रहेको; आधारित।
उपासक–वि० [सं०] १. उपासना गर्ने; आराधना गर्ने; भक्त। २. भिक्षुदेखि अतिरिक्तको बुद्ध-पूजक; बुद्ध-मार्गी।
उपासङ्ग–ना० [सं०] १. सामीप्य। २. ठोक्रो।
उपासन–ना० [सं०] सेवा; पूजा; आराधना।
उपासना–ना० [सं०] १. देवता वा पूज्य व्यक्तिको गरिने सत्कार; आराधना; पूजा। २. लागिपर्नु; ध्यान दिनु।
उपासा–ना० [सं०] १.सेवा; परिचर्या। २.पूजा; उपासना। ३. ध्यान; धारणा।
उपासाइ–ना० [उपास्+आइ] उपास्ने किसिम, क्रिया वा भाव।
उपासित–वि० [सं०] उपासना गरिएको; पूजा गरिएको; आराधित।
उपासिनु–अ० क्रि० [उपास+इ+नु] उपास्ने काम होइनु; निराहार बसिनु; ('उपास्नु'-को भा० क्रि०)।
उपासी–वि० [सं०] उपासना गर्ने; उपासक।
उपास्नु–अ० क्रि० [सं० उपवास+नु] निराहार बस्नु; व्रत बस्नु।
उपास्य–वि० [सं०] उपासना गर्न योग्य; पूज्य; आराध्य।
उपाहार–ना० [सं०] खाजा; चमेना; जल-पान।
उपाहित–वि० [सं०] १. आपसको रायबाट गरिएको। २. राखेको। ३. पड्रिरहेको। (ना०) ४. अग्नि-भय।
उपिउँ–ना० [उपियाँ] उपियाँ।
उपियाँ–ना० [ने०] कलेजी रङ्गको, जुम्राजत्रो, फड्केर हिँड्ने, प्राणीको रगत चुस्ने कीराविशेष।
उपेक्षक–वि० [सं०] वास्ता नगर्ने; उपेक्षा गर्ने; उदासीन।
उपेक्षण–ना० [सं०] १. अनादर; हेला; तिरस्कार। २. परित्याग।
उपेक्षणीय–वि० [सं०] उपेक्षा गर्न योग्य; हेला गर्न लायक।
उपेक्षा–ना० [सं०] १. बेवास्ता; लापरवाही। २. अनादर; तिरस्कार।
उपेक्षित–वि० [सं०] उपेक्षा गरिएको; तिरस्कृत।
उपेक्ष्य–वि० [सं०] उपेक्षा गर्न योग्य; उपेक्षणीय।
उपेत–वि० [सं०] १. बितेको; गत। २. पाएको; प्राप्त। ३. मिलेको; संयुक्त। ४. नजीक आएको।
उपेन्द्र–ना० [सं०] १. इन्द्रको भाइ। २. वामन; विष्णु।
उपेन्द्र-वज्रा–ना० [सं०] जगण, तगण, जगण र दुइ गुरु वर्ण-सहित एघार-एघार अक्षरका चार पाउ हुने एक छन्द।
उपेय–वि० [सं०] उपाय गर्न योग्य; प्रयत्न गर्न लायक।
उपोढ–वि० [सं०] १. बटुलिएको; जम्मा गरिएको। २. आरम्भ गरिएको। ३. नजीकमा ल्याइएको।
उपोदकी–ना० [सं०] पवै।
उपोद्ग्रह–ना० [सं०] ज्ञान; बोध।
उपोद्घात–ना० [सं०] १. शुरू; आरम्भ। २. भूमिका; प्रस्तावना।
उपोद्बलक–वि० [सं०] समर्थन गर्ने; समर्थक।
उपोद्बलन–ना० [सं०] समर्थन; पुष्टि।
उपोषण–ना० [सं०] उपवास; व्रत।
उपोषित–वि० [सं०] व्रत बसेको; उपवास बसेको।
उपोष्य–वि० [सं०] उपवास गर्न योग्य।
उपोषथ–ना० [सं०] निराहार; उपवास।
उप्कनु–अ० क्रि० [सं०उत्+पट्] टाँसिएको वस्तु छुट्टिएर आउनु; पाप्रा निस्कनु।
उप्काइ–ना० [उप्क+आइ] उप्कने किसिम, क्रिया वा भाव।
उप्काइ–ना० [उप्काउ+आइ] उप्काउने किसिम, क्रिया वा भाव।
उप्काइनु–स० क्रि० [उप्क+आइ+नु] उप्कन लाइनु; पाप्रा आदि छुट्ट्याइनु; ('उप्काउनु'-को क० क्रि०)।
उप्काउनु–स० क्रि० [उप्क+आउ+नु] १. उप्कन लाउनु; उप्किने पार्नु; ('उप्कनु'-को प्रे० क्रि०)। २. जमेको ठाउँबाट पाप्रा आदि झिक्नु; उक्काउनु।
उप्किइनु–अ० क्रि० [उप्कि+इ+नु] उप्किने काम होइनु; पाप्रा आदि निस्किनु; ('उप्किनु'-को भा० क्रि०)।
उप्किनु–अ० क्रि० [उप्क+इ+नु] उप्कने काम होइनु; पाप्रा आदि छुट्टिनु; उप्किइनु; ('उप्कनु'-को भा० क्रि०)।
उप्त–वि० [सं०] रोपिएको।
उप्यूँ–ना० [उपियाँ] उपियाँ।
उप्रनु–अ० क्रि० [सं० उद्वृ+नु] उब्रनु।
उप्राइ–ना० [उप्र+आइ] उप्रने किसिम, क्रिया वा भाव; उब्राइ।
उप्रान्त–अव्य० [सं० उपरान्त] उपरान्त।
उप्री-थुप्री–क्रि० यो० [उपरि+थुप्रो] १. एकमाथि अर्को भएर थुप्रिने किसिम; खापाखाप। २. थप; बढ्ता।
उप्रे-पाप्रे–वि० [उब्रे-पाब्रे] उब्रे-पाब्रे।
उफाराइ–ना० [उफार्+आइ] उफार्ने किसिम, क्रिया वा भाव।
उफारिनु–स० क्रि० [उफार्+इ+नु] उफार्ने काम गरिनु; उरालिनु; ('उफार्नु'-को क० क्रि०)।
उफार्नु–स० क्रि० [उफ्र] माथितिर हुत्त्याउनु; उराल्नु।
उफ्रनु–अ० क्रि० [प्रा०उप्फाल] १. जमीन छोडेर माथि बुर्लुक्क उठ्नु। २. नाघ्नु; फड्कनु। ३. मात्तिनु; उर्लनु। ४. अति क्रुद्ध हुनु।
उफ्राइ–ना० [उफ्र+आइ] उफ्रने किसिम, क्रिया वा भाव।
उफ्राउफ्री–ना० [उफ्र+उफ्र] उफ्री-उफ्री हिँड्नु; परस्पर उफ्रनु।

CC-0. In Public Domain. Digitization by eGangotri

उफ्रिनु–अ० क्रि० [उफ्र+इ+नु] उफ्रने काम होइनु; फड्किनु; ('उफ्रनु'-को भा० क्रि०)।

उबाइ–ना० [उबाउ+आइ] उबाउने किसिम, क्रिया वा भाव।

उबाइनु–स० क्रि० [उबाउ+इ+नु] उबाउने काम गरिनु; उघाइनु; ('उबाउनु'-को क० क्रि०)।

उबाउनु–स० क्रि० [सं० उद्‌वाह+नु] पानी, अनाज आदिमा अँजुली वा भाँड़ो गाड़ेर झिक्नु; उघाउनु।

उबार–ना० [उबार्+अ] उब्रेको वस्तु; बचत; शेष।

उबारिनु–स० क्रि० [उबार्+इ+नु] उबार्ने काम गरिनु; बचाइनु; ('उबार्नु'-को क० क्रि०)।

उबारु–वि० [उबार्+आरु] १. उब्रेको वस्तु; बाँकी रहेको वस्तु। २. उबार्ने मान्छे।

उबार्नु–स० क्रि० [उब्र+नु] कुनै नियत कामका लागि ठेकिएको वस्तु युक्तिसित किफायत गरेर जोगाउनु; बचाउनु; जगेरा राख्नु।

उब्जनी–ना० [उब्ज+नी] उब्जेको अनाजको परिमाण; उब्जा; उत्पत्ति।

उब्जनु–अ० क्रि० [सं० उप+ज+नु] १. उब्जा हुनु; अन्न आदि फल्नु। २. अकस्मात् निस्कनु; प्रकट हुनु।

उब्जा–ना० [उब्ज] खेती-पातीको आयस्ता; उब्जनी।

उब्जाइनु–स० क्रि० [उब्ज+आइ+नु] उब्जा गराइनु; ('उब्जाउनु'-को क० क्रि०)।

उब्जाउ–वि० [उब्ज+आउ] प्रशस्त उब्जा हुने; उर्वरा (जमीन)।

उब्जाउनु–स० क्रि० [उब्ज+आउ+नु] उब्जने गराउनु; उब्जा गराउनु; ('उब्जनु'-को प्रे० क्रि०)।

उब्जिइनु–अ० क्रि० [उब्जि+इ+नु] उब्जिने काम होइनु; उब्जिनु; ('उब्जिनु'-को भा० क्रि०)।

उब्जिनु–अ० क्रि० [उब्ज+इ+नु] उब्जने काम होइनु; उब्जा भइनु; ('उब्जनु'-को भा० क्रि०)।

उब्जिलो–वि० [उब्जा+इलो] धेरै उब्जा हुने; उब्जाउ।

उब्रनु–अ० क्रि० [सं० उद्‌वृ+नु] बचत हुनु; शेष रहनु; बाँकी रहनु।

उब्राइ–ना० [उब्र+आइ] उब्रने किसिम, क्रिया वा भाव।

उब्रिइनु–अ० क्रि० [उब्रि+इ+नु] उब्रिने काम होइनु; ('उब्रिनु'-को भा० क्रि०)।

उब्रिनु–अ० क्रि० [उब्र+इ+नु] उब्रने काम होइनु; ('उब्रनु'-को भा० क्रि०)।

उब्री-पाब्री–ना० [उब्र+पाब्री (फाँ०)] उब्रेको वस्तु; उबारु वस्तु।

उब्रे-पाब्रे–वि० [उब्र+पाब्र (फाँ०)] १. बचे-खुचेको खाने; रहल-पहल खाने; खाइखुइ (मानिस)। २. बचे-खुचेको; रहल-पहल; बचत।

उब्रो-पाब्रो–ना० [उब्र+पाब्रो (फाँ०)] उब्रेको वस्तु; बाँकी रहेको वस्तु।

उभड़िनु–अ० क्रि० [उभड्+इ+नु] उत्तेजित होइनु; भड्किनु; ('उभड्नु'-को भा० क्रि०)।

उभड्नु–अ० क्रि० [प्रा० उब्भड+नु] १. उत्तेजित हुनु; उभारिनु; भड्कनु। २. उक्सनु; माथि आउनु; प्रकट हुनु।

उभय–क्रि० यो० [सं०] दुवै; दुइटै।

उभय-चर–वि० [सं०] जल र स्थलमा रहने (प्राणी)।

उभयतः–अव्य० [सं०] दुवैतिर; दुवैपट्टि।

उभय-निष्ठ–वि० [सं०] १. दुवैमा बराबर निष्ठा राख्ने। २. दुवैमा सम्मिलित भएको।

उभय-मुखी–वि० [सं०] १. दुइ मुख हुने; दुइतिर मुख हुने। २. दुइतिर हेर्ने। ३. दुइपट्टि आशा गर्ने। (ना०) ४. प्रसवावस्थाकी स्त्री।

उभय-लिङ्ग–ना० [सं०] १. व्याकरणमा स्त्री-लिङ्ग र पुंलिङ्ग नछुट्टिएको संज्ञा। २. स्त्री र पुरुष नछुट्टिएको व्यक्ति; नपुंसक; सिँगारू।

उभय-सङ्कट–ना० [सं०] कुनै काम गरे पनि, नगरे पनि आइपर्ने सङ्कट; धर्म-सङ्कट।

उभयार्थी–वि० [सं०] दुइ अर्थ लाग्ने।

उभयालङ्कार–ना० [सं०] शब्द र अर्थ दुवैमा भएको अलङ्कार।

उभाइ–ना० [उभाउ+आइ] उभाउने किसिम, क्रिया वा भाव; उबाइ।

उभाइनु–स० क्रि० [उभाउ+इ+नु] उबाइनु; ('उभाइनु'-को क० क्रि०)।

उभाउनु–स० क्रि० [सं० उद्‌वाह+नु] उबाउनु।

उभाड़िनु–स० क्रि० [उभाड्+इ+नु] उभाड्ने काम गरिनु; भड्काइनु; ('उभाड्नु'-को क० क्रि०)।

उभाड्नु–स० क्रि० [उभड्] उत्तेजित पार्नु; भड्काउनु; उकास्नु।

उभार–ना० [उभार्+अ] उबार।

उभारिनु–स० क्रि० [उभार्+इ+नु] उबारिनु; ('उभार्नु'-को क० क्रि०)।

उभारु–वि० [उभार्+आरु] उबारु।

उभार्नु–स० क्रि० [उभार्+नु] १. उबार्नु। २. उभाड्नु।

उभिइनु–अ० क्रि० [उभि+इ+नु] उभिने काम गरिनु; खड़ा होइनु; ('उभिनु'-को भा० क्रि०)।

उभिनु–अ० क्रि० [प्रा० उब्भ+नु] १. खड़ा हुनु; ठड़िनु। २. उठ्नु; ठिङ्गिनु।

उभिन्डिइनु–अ० क्रि० [उभिन्डि+इ+नु] उभिन्डो परिनु; उल्टिइनु; ('उभिन्डिनु'-को भा० क्रि०)।

उभिन्डिनु–अ० क्रि० [उभिन्डो+इ+नु] टाउको तल, खुट्टा माथि पर्नु; उभिन्डो पर्नु; उल्टिनु; घोप्टिनु।

उभिन्डो–वि० [प्रा० उब्भिण्ण] १. उभिन्डिएको; घोप्टो; उल्टो। २. बेढङ्गी; अड़भङ्गी।

उभिन्डयाइँ–ना० [उभिन्डि+याइँ] उभिन्डिने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

उभिन्डयाइ–ना० [उभिन्डि+आइ] उभिन्डिने किसिम, क्रिया वा भाव।

उभिन्डयाइनु–स० क्रि० [उभिन्डि+याइ+नु] उभिन्डिन लाइनु; उभिन्डो पारिनु; ('उभिन्डयाउनु'-को क० क्रि०)।

उभिन्डयाउनु–स० क्रि० [उभिन्डि+याउ+नु] उभिन्डिन लाउनु; उभिन्डो पार्नु; उल्टयाउनु; ('उभिन्डिनु'-को प्रे० क्रि०)।

उभ्याइ–ना० [उभि+याइ] उभिने किसिम, क्रिया वा भाव।

उभ्याइनु–स० क्रि० [उभि+याइ+नु] उभिन लाइनु; खड़ा पारिनु; ठड़याइनु; ('उभ्याउनु'-को क० क्रि०)।

उभ्याउनु–स० क्रि० [उभि+याउ+नु] उभिन लाउनु; खड़ा पार्नु; ठड़याउनु; ('उभिनु'-को प्रे० क्रि०)।

उम–ना० [उँग] उँग।

उमङ्ग–ना० [सं० उद्+मङ्ग] कुनै अभीष्ट काम गर्न मनमा उत्पन्न भएको उत्साह; उल्लास; मनको उद्वेग।

उमठाइ–ना० [उमठ्+आइ] उमठ्ने किसिम, क्रिया वा भाव।

उमठिनु–अ० क्रि० [उमठ्+इ+नु] उमठ्ने काम होइनु; मड़ारिइनु; ('उमठ्नु'-को० भा० क्रि०)।

उमठ्नु–अ० क्रि० [प्रा० उम्मत्थ+नु] भित्रको वस्तु कुनै विकारद्वारा हुँड़लिनु; पेटका आन्द्रा उमेठिनु; मड़ारिनु।

उमराव–ना० [अ०] अमीर वा भारादार।

उमा–ना० [सं०] पार्वती; दुर्गा।

उमाइनु–स० क्रि० [उम्+आइ+नु] उँगाइनु; ('उमाउनु'-को क० क्रि०)।

उमाउनु–स० क्रि० [उम्+आउ+नु] उँगाउनु; ('उम्नु'-को प्रे० क्रि०)।

उमाधव–ना० [सं०] शिव; महादेव।

उमा-पति–ना० [सं०] शिव; महादेव।

उमार–ना० [उमार्+अ] १. टुसा निस्कनु; बीउ फुटेर टुसाउनु। २. उम्रनु; उम्राइ।

उमारिनु–स० क्रि० [उमार्+इ+नु] उमार्ने काम होइनु; उम्रने पारिनु; ('उमार्नु'-को क० क्रि०)।

उमार्नु–स० क्रि० [उम्र+नु] उम्रने पार्नु; टुसाउने तुल्याउनु।

उमाल–ना० [उमाल्+अ] उम्लने क्रिया; उम्लाइ।

उमालिनु–स० क्रि० [उमाल्+इ+नु] उमाल्ने काम गरिनु; उम्लने पारिनु; ('उमाल्नु'-को क० क्रि०)।

उमाल्नु–स० क्रि० [प्रा० उम्मल+नु] १. पन्यालो पदार्थ तताएर उम्लने पार्नु; छड्काउनु। २. केटा-केटीलाई पुलपुल्याउनु; मत्याउनु। ३. उत्तेजित पार्नु।

उमिनु–अ० क्रि० [उम्+इ+नु] उँगिनु; ('उम्नु'-को भा० क्रि)।

उमेठाइ–ना० [उमेठ्+आइ] उमेठ्ने किसिम, क्रिया वा भाव।

उमेठिनु–अ० क्रि० [उमेठ्+इ+नु] उमठिनु; ('उमेठ्नु'-को भा० क्रि)।

उमेठ्नु–अ० क्रि० [उमठ्+नु] आन्द्राभित्रको वस्तु हुँड़लिनु; उमठ्नु।

उमेद–ना० [फा० उम्मेद] उम्मेद।

उमेदवार–वि० [फा० उम्मेदवार] उम्मेदवार।

उमेदवारी–वि० [फा० उम्मेदवारी] उम्मेदवारी।

उमेर–ना० [अ० उम्र] १. जीवनको बितेका वर्ष; जन्मेदेखि वर्तमान कालसम्मको समय; वर्ष। २. जवानीको अवस्था; जवानी; यौवन।

उम्कनु–अ० क्रि० [ने०] १. बन्धनबाट मुक्त हुनु; छुट्नु। २. बच्नु; जोगिनु। ३. खुस्कनु; खुल्नु। ४. भाग्नु; फुत्कनु। ५. फुर्सद पाउनु

उम्काइ–ना० [उम्क+आइ] उम्कने किसिम, क्रिया वा भाव।

उम्काइनु–स० क्रि० [उम्क+आइ+नु] उम्कन लाइनु; फुत्काइनु; ('उम्काउनु'-को क० क्रि०)।

उम्काउनु–स० क्रि० [उम्क+आउ+नु] उम्कने गराउनु; फुत्काउनु; ('उम्कनु'-को प्रे० क्रि०)।

उम्किइनु–अ० क्रि० [उम्कि+इ+नु] उम्किने काम गरिनु; फुत्किनु; ('उम्किनु'-को भा० क्रि०)।

उम्किनु–अ० क्रि० [उम्क+इ+नु] १. मुक्त होइनु; छुटिनु; ('उम्कनु'-को भा० क्रि०)। २. उम्कनु।

उम्क्याइ–ना० [उम्कि+याइ] उम्कने किसिम, क्रिया वा भाव।

उम्दा–वि० [अ० उम्दः] असल; उत्तम; बढ़िया।

उम्नाचो–ना० [?] उपद्रव; राड़ो; हल-चल; जथाभाबी।

उम्नु–अ० क्रि० [उम] उँग्नु।

उम्मीद–ना० [फा०] उम्मेद।

उम्मीदवार–वि० [फा०] उम्मेदवार।

उम्मीदवारी–ना० [फा०] उम्मेदवारी।

उम्मेद–ना० [फा०] १. आशा; भरोसा। २. हिम्मत; उत्साह।

उम्मेदवार–वि० [फा०] १. उम्मेद राख्ने; आशा-कारी। (ना०) २. कुनै नोकरी वा विद्या हासिल गर्ने अवसर पाउने आशा गर्ने व्यक्ति। ३. कुनै पदमा रोजिनाका निम्ति प्रयत्न गर्ने व्यक्ति।

उम्मेदवारी–ना० [फा०] १. उम्मेदवार हुनाको क्रिया वा भाव। २. आशा; आसरा। ३. भविष्यमा नोकरीको आशा लिएर अवैतनिक वा अल्प वैतनिक रूपमा काम गर्ने व्यक्ति।

उम्रनु–अ० क्रि० [अ० उम्र+नु] १. बीजबाट टुसा आउनु; टुसाउनु; अङ्कुरित हुनु। २. बोट-बिरुवा आदि पैदा हुनु; उब्जनु।

उम्राइ–ना० [उम्र+आइ] उम्रने किसिम, क्रिया वा भाव।

उम्राइनु–स० क्रि० [उम्र+आइ+नु] उम्रन लाइनु; उम्रने पारिनु; उमारिनु; ('उम्राउनु'-को क० क्रि०)।

उम्राउ–ना० [उम्र+आउ] उमार; उम्राइ।

उम्राउ–ना० [अ० उमराव] उमराव।

CC-0. In Public Domain. Digitization by eGangotri

उम्राउनु–स० क्रि० [उम्र+आउ+नु] उम्रन लाउनु; उमार्नु; ('उम्रनु'-को प्रे० क्रि०)।

उम्रिइनु–अ० क्रि० [उम्रि+इ+नु] उम्रिने काम होइनु; टुसाइनु; ('उम्रिनु'-को भा० क्रि०)।

उम्रिनु–अ० क्रि० [उम्र+इ+नु] १. उम्रने काम होइनु; टुसाइनु; उम्रिइनु; ('उम्रनु'-को भा० क्रि०)। २. उम्रनु।

उम्लनु–अ० क्रि० [प्रा० उम्मल+नु] १. तापले कुनै तरल पदार्थ बाफका साथ मास्तिर उठेर आउनु; छड्कनु। २. पुलपुलिनु; मात्तिनु।

उम्लाइ–ना० [उम्ल+आइ] उम्लने किसिम, क्रिया वा भाव।

उम्लाइनु–स० क्रि० [उम्ल+आइ+नु] उम्लन लाइनु; उमालिनु; ('उम्लाउनु'-को क क्रि०)।

उम्लाउनु–स० क्रि० [उम्ल+आउ+नु] उम्लन लाउनु; उम्लने पार्नु; उमाल्नु; ('उम्लनु'-को प्रे० क्रि०)।

उम्लिइनु–अ० क्रि० [उम्लि+इ+नु] उम्लिने काम होइनु; छड्किनु; ('उम्लिनु'-को भा० क्रि०)।

उम्लिनु–अ० क्रि० [उम्ल+इ+नु] १. उम्लने काम होइनु; छड्किनु; ('उम्लनु'-को भा० क्रि०)। २. उम्लनु।

उम्ल्याइ–ना० [उम्लि+याइँ] उम्लिने किसिम, क्रिया वा भाव।

उम्ल्याहट–ना० [उम्ल+आहट] उम्लने किसिम वा क्रिया; उम्लाइ।

उर–ना० [सं०] छाती; वक्ष-स्थल।

उरग–ना० [सं०] १. छातीतिरबाट घस्रेर हिँड्ने जीव। २. सर्प।

उरन्ठेउलो–वि० [ने०] चकचके भई नचाहिँदो काम गर्ने स्वभावको; उटपटचाङ; बुद्धि परिपक्व नभएको।

उरन्ठ्याउलो–वि० [उरन्ठेउलो] उरन्ठेउलो।

उरमुट्ट–वि० [ने०] अस्पष्ट।

उरस्त्राण–ना० [सं०] कवच।

उराठ–ना० [ने०] नरमाइलोपन; दिक्दारी; विरक्ति।

उराठिलो–वि० [उराठ+इलो] उराठ लाग्ने; उराठ-लाग्दो।

उरालिनु–स० क्रि० [उराल्+इ+नु] उराल्ने काम गरिनु; उफारिनु; ('उराल्नु'-को क० क्रि०)।

उराल्नु–स० क्रि० [उर्ल+नु] १. आकाशतिर फ्याँक्नु; उफार्नु। २. पुलपुल्याउनु; मत्याउनु। ३. वहकाउनु।

उरिलो–ना० [ने०] तिलका जस्ता साना-साना पात हुने, पहेँलो फूल फुल्ने झारविशेष।

उरोज–ना० [सं०] स्तन; कुच; दूध।

उर्गल–ना० [सं० उलूखल] चिउरा कुट्ने काठको ओखल।

उर्दी–ना० [अ० वर्दी] सार्वजनिक तवरमा निर्धारित कामका निम्ति दिइएको सरकारी आज्ञा; आडर; आदेश।

उर्दी-पोशाक–ना० [उर्दी+पोशाक] उर्दीमा सामेल हुन लाउने नियत पोशाक; वरदी।

उर्दू–ना० [तु०] अधिक मात्रामा अरवी, फारसी र तुर्की शब्द मिसिएको एक भाषा।

उर्लनु–अ० क्रि० [ने०] १. नदी-नालामा छाल उठ्नु; तरङ्ग आउनु; बाढी आउनु; खोला बढ्नु। २. मात्तिनु; उन्मत्त हुनु; बढ्ता हुनु। ३. जङ्गिनु; बम्कनु।

उर्लाइ–ना० [उर्ल+आइ] उर्लने किसिम, क्रिया वा भाव।

उर्लाइनु–स० क्रि० [उर्ल+आइ+नु] उर्लन लाइनु; उरालिनु; ('उर्लाउनु'-को क० क्रि०)।

उर्लाउनु–स० क्रि० [उर्ल+आउ+नु] उर्लन लाउनु; उर्लने पार्नु; उराल्नु; ('उर्लनु'-को प्रे० क्रि०)।

उर्लिइनु–अ० क्रि० [उर्लि+इ+नु] उर्लिने काम गरिनु; छाल वा तरङ्ग उठिनु; ('उर्लिनु'-को भा० क्रि०)।

उर्लिनु–अ० क्रि० [उर्ल+इ+नु] १. उर्लने काम होइनु; छाल वा तरङ्ग उठिनु; ('उर्लनु'-को भा० क्रि०)। २. उर्लनु।

उर्ल्याइ–ना० [उर्लि+याइ] उर्लिने किसिम, क्रिया वा भाव।

उर्ल्याहट–ना० [उर्लि+आहट] १. उर्लने काम; अर्काको वहक्याहटमा लाग्नु। २. बड्प्पनको घमन्ड; गम्काइ।

उर्वर–वि० [सं०] धेरै उब्जनी हुने; धेरै कुरा वा वस्तु निस्कने।

उर्वरता–ना० [सं०] उर्वर हुनाको भाव।

उर्वरा–ना० [सं०] १. धेरै उब्जनी हुने भूमि; उब्जाउ जग्गा। (वि०) २. उर्वर।

उर्वशी–ना० [सं०] एक प्रसिद्ध अप्सरा।

उर्वारु–ना० [सं०] काँक्रो, खरबूजा आदि जातिका फल।

उर्वी–ना० [सं०] पृथ्वी।

उर्वीरुह–वि० [सं०] पृथ्वीबाट उम्रने वस्तु; उद्भिद्।

उर्वीश–ना० [सं०] राजा।

उलट-पलट–ना० [उल्ट+पल्ट] १. ठूलो परिवर्तन; हेर-फेर। २. अव्यवस्था; गोलमाल।

उलट-पुलट–ना० [उल्ट+पल्ट] उलट-पलट।

उलिनी–ना० [ने०] नेपालको एक प्राचीन हतियारविशेष।

उलिन्काट–ना० [उलिन्काठ] उलिन्काठ।

उलिन्काठ–ना० [?] छत नभएको तामदान; वैलिन्काठ।

उलूक–ना० [सं०] १. लाटोकोसेरो; उल्लू; भुल्का। २. इन्द्र।

उलूखल–ना० [सं०] ओखल; उर्गल।

उलेली–ना० [उल्क] विशेषतः यौवन वा काम-वासनाको उत्तेजना।

उल्कनु–अ० क्रि० [सं० उत्केलि+नु] १. छिहिलिनु; जिस्कनु; इतरिनु। २. गिजिनु; छयाङ्गिनु। ३. लाज-भाँड बोल्नु।

उल्का–ना० [सं०] १. कहिले-काहीँ राती आकाशबाट खस्न लागेको वा एक दिशातिर गइरहेको देखिने तेज-पुञ्ज; ज्वाला; धूम-केतु। २. आकस्मिक उत्पात; अचानक आइपरेको उपद्रव। ३. अगुल्टो; बल्दो दाउरा। ४. चिराक; मशाल।

उल्काइनु–स० क्रि० [उल्क+आइ+नु] उल्कन लाइनु; जिस्क्याइनु; छिहिल्याइनु; ('उल्काउनु'-को क० क्रि०)।

उल्काउनु–स० क्रि० [उल्क+आउ+नु] उल्कन लाउनु;

CC-0. In Public Domain. Digitization by eGangotri

छिहिल्याउनु; जिस्क्याउनु; ('उल्कनु'-को प्रे० क्रि०)।

उल्का-मुख—ना० [सं०] १. एक किसिमको भूत; राँके-भूत। २. स्याल।

उल्किइनु—अ० क्रि० [उल्कि+इ+नु] उल्किने काम होइनु; छिहिलिइनु; ('उल्किनु'-को भा० क्रि०)।

उल्किनु—अ० क्रि० [उल्क+इ+नु] १. उल्किने काम होइनु; छिहिलिनु; ('उल्कनु'-को भा० क्रि०)। २. उल्कनु।

उल्क्याइ—ना० [उल्कि+आइ] उल्किने किसिम, क्रिया वा भाव।

उल्क्याइनु—स० क्रि० [उल्क+याइ+नु] उल्कने पारिनु; पुलपल्याइनु; ('उल्क्याउनु'-को क० क्रि०)।

उल्क्याउनु—स० क्रि० [उल्कि+याउ+नु] १. जिस्क्याउनु। २. पुलपुल्याउनु; छाड़ा तुल्याउनु; ('उल्कनु'-को प्रे० क्रि०)।

उल्झनु—स० क्रि० [प्रा० उज्झलिअ+नु] १. पानी, अनाज, आदि अँजुली वा भाँड़ाले उभाउँदै फाल्नु; हुत्त्याउनु। २. बेकाममा वा नचाहिँदो खर्च गर्नु।

उल्झाइ—ना० [उल्झि+आइ] उल्झने किसिम, क्रिया वा भाव।

उल्झाइनु—स० क्रि० [उल्झ+आइ+नु] उल्झन लाइनु; उभाएर फाल्न लगाइनु; ('उल्झाउनु'-को क० क्रि०)।

उल्झाउनु—स० क्रि० [उल्झ+आउ+नु] उल्झन लाउनु; उभाएर फाल्न लाउनु; ('उल्झनु'-को प्रे० क्रि०)।

उल्झिनु—स० क्रि० [उल्झ+इ+नु] उल्झने काम गरिनु; हुत्त्याइनु; ('उल्झनु'-को क० क्रि०)।

उल्टनु—अ० क्रि० [सं० उल्लोटन+नु] १. उल्टो हुनु; पल्टिनु। २. एक पटक साहा गइसकेका गाई-भैंसी आदि फेरि साहा जानु। ३. एक अड्डाले गरेको कुनै मुद्दाको फैसलाको विरुद्ध माथिल्लो अड्डाबाट फैसला हुनु। (स० क्रि०) ४. पानी नहालीकन फुको भूस, खरानी आदिले भाँड़ा सफा गर्नु; उड्कनु। ५. फिंजिएको वा छरिएको बिस्कुन थुप्र्याउनु। ६. फर्काउनु; उल्टो पार्नु।

उल्टा—ना० [उल्टो] १. कसैको आँखा लागेको दोष हटाउनाका निमित्त खाने-पिउने आदि वस्तुमा मन्त्रपूर्वक गरेको संस्कार। (वि०) २. विपरीत; उल्टो।

उल्टाइ—ना० [उल्ट+आइ] उल्टने किसिम, क्रिया वा भाव।

उल्टाइनु—स० क्रि० [उल्ट+आइ+नु] उल्टन लाइनु; उल्टो पारिनु; उल्टयाउनु; ('उल्टाउनु'-को क० क्रि०)।

उल्टाइ-पल्टाइ—ना० [उल्टाउ+पल्टाउ] धमाधम पल्टाउने किसिम वा क्रिया; ओल्टाइ-पल्टाइ।

उल्टाउनु—स० क्रि० [उल्ट+आउ+नु] १. उल्टो पार्नु; उल्टयाउनु; फर्काउनु। २. बिब्ल्याँटो पार्नु; उभिन्ड्याउनु; ('उल्टनु'-को प्रे० क्रि०)।

उल्टा-पाल्टी—ना० [उल्टा-पुल्टा+ई] उल्टा-पुल्टा।

उल्टा-पुल्टा—ना० [उल्टा+पल्ट+आ] १. उलट-पलट; हेर-फेर। २. साट-फेर; सट्टा-पट्टा। (वि०) ३. बिनाक्रमको; जथाभावी।

उल्टिनु—अ० क्रि० [उल्ट+इ+नु] १. उल्टने काम होइनु; पल्टिइनु; ('उल्टनु'-को भा० क्रि०)। २. उल्टनु। ३. वमन गर्नु; छाद्नु।

उल्टो—वि० [उल्ट+ओ] १. बिब्लेँटो; सुल्टोको विपरीत। २. उल्टा; विपरीत।

उल्टो-पाल्टो—ना० [उल्टा-पुल्टा] उल्टा-पुल्टा।

उल्टयाइ—ना० [उल्टि+आइ] उल्टिने किसिम, क्रिया वा भाव।

उल्टयाइनु—स० क्रि० [उल्टि+याइ+नु] उल्टिन लाइनु; उल्टो पारिनु; उल्टाइनु; ('उल्टयाउनु'-को क० क्रि०)।

उल्टयाउनु—स० क्रि० [उल्टि+याउ+नु] उल्टो पार्नु; उल्टाउनु।

उल्था—ना० [उल्टा] एक भाषामा लेखिएको वा भनिएको कुरा अर्को भाषामा लेख्नु वा भन्नु; अनुवाद; भाषान्तर।

उल्फत—वि० [अ० उल्फ़त] नचाहिँदो; फजूल; अनावश्यक।

उल्फा—वि० [अ० उल्फ़त] उल्फत।

उल्ब—ना० [सं०] उल्व।

उल्बण—वि० [सं०] १. बलियो; प्रबल; उत्कट। २. ठूलो; विपुल।

उल्लङ्घन—ना० [सं०] १. नाघ्नु; फड्कनु। २. मर्यादा छोड्नु; नियम नमान्नु।

उल्लङ्घित—वि० [सं०] उल्लङ्घन गरिएको; मर्यादा नाघिएको।

उल्लसन—ना० [सं०] १. हर्ष मनाउनु; खुशी मनाउनु। २. रोमाञ्च।

उल्लसित—वि० [सं०] १. उल्लास-युक्त, हर्षित; प्रसन्न। २. रोमाञ्च भएको; रोमाञ्चित।

उल्लाप—ना० [सं०] १. फुस्ल्याउने कुरा गर्नु; मुख हेरेर कुरा गर्नु। २. ठूलो स्वरले बोलाउनु। ३. बरबराउनु; प्रलाप।

उल्लापी—वि० [सं०] खुशामद गर्ने; खुशामदी; चाटु-कार।

उल्लास—ना० [सं०] १. हर्ष; आनन्द। २. प्रकाश; चमक। ३. ग्रन्थको विभाग; अध्याय। ४. एउटाको गुण वा दोष अर्कोमा गुण वा दोष हुने एक काव्यालङ्कार।

उल्लासक—वि० [सं०] आनन्द दिने; उल्लास दिने।

उल्लासित—वि० [सं०] उल्लसित; हर्षित।

उल्लासी—वि० [सं०] १. हर्षित; उल्लसित। २. आनन्द-पूर्ण; सुखी। ३. चम्किलो; तेजिलो।

उल्लिइनु—अ० क्रि० [उल्लि+इ+नु] १. उल्लिने काम होइनु; जिस्किइनु। २. उल्लू बनिनु; ('उल्लिनु'-को भा० क्रि०)।

उल्लिखित—वि० [सं०] १. उल्लेख गरिएको; पूर्वोक्त। २. लेखिएको; उत्कीर्ण। ३. चित्र लेखिएको; चित्रित।

उल्लिनु—अ० क्रि० [उल्लू] १. जिस्किनु; गिज्जिनु। २. उल्लू बन्नु; मूर्ख बन्नु।

उल्ली-बिल्ली—ना० [उल्लि+बिल्ली (फाँ०)] मर्म पर्ने किसिमको ठट्टा; घोच-पेचको दिल्लगी; छनक हानेर गरेको ठट्टा।

CC-0. In Public Domain. Digitization by eGangotri

उल्लू–ना० [सं० उलूक] १. लाटोकोसेरो; भुल्का। (वि०) २. निर्बुद्धि; मूर्ख; बेवकूफ। ३. उरन्ठेउलो; बदमाश।

उल्लेख–ना० [सं०] १. लेख्नु; लेखको रूपमा ल्याउनु। २. लेख; लिखत। ३. वर्णन; विवरण। ४. उद्धरण। ५. चर्चा; प्रसङ्ग। ६. एकै व्यक्तिलाई अनेक नाताले सम्बोधन गर्दा वा सम्झँदा पर्ने एक काव्यालङ्कार।

उल्लेखनीय–वि० [सं०] लेख्न योग्य; उल्लेख गर्न योग्य।

उल्लोच–ना० [सं०] चँदुवा।

उल्लोल–ना० [सं०] १. लहर; तरङ्ग। (वि०) २. चञ्चल; अस्थिर।

उल्ल्याइँ–ना० [उल्लू+याइँ] उल्लू हुनाको भाव; उल्लूको काम; उल्लूपना।

उल्ल्याइ–ना० [उल्लि+आइ] उल्लिने किसिम, क्रिया वा भाव।

उल्ल्याइनु–स० क्रि० [उल्लि+याइ+नु] उल्लिन लाइनु; उल्लू तुल्याइनु; जिस्क्याइनु; ('उल्ल्याउनु'-को क० क्रि०)।

उल्ल्याउनु–स० क्रि० [उल्लि+याउ+नु] उल्लू तुल्याउनु; जिस्क्याउनु; गिज्याउनु; खिज्याउनु; ('उल्लिनु'-को प्रे० क्रि०)।

उल्ल्याहट–ना० [उल्लि+आहट] उल्लिने वा उल्ल्याउने भाव।

उल्व–ना० [सं०] १. गर्भमा रहेका बालकको शरीरलाई बेर्ने पातलो छाला; साल-नाल। २. गर्भ-पिण्ड; गर्भगत शिशु। ३. गर्भाशय। ४. भग; योनि।

उवा–ना० [ने०] बाला र झूस छोटो हुने केही रातो भावको एक जातको जौ।

उशती–ना० [सं०] १. रूखो वचन; कटु उक्ति। २. अमङ्गल बोली; अनिष्टकर वाक्य।

उशीर–ना० [सं०] खसखस घाँस।

उष–ना० [सं०] उषा।

उषःकाल–ना० [सं०] बिहानी-पखको समय; अरुणोदयभन्दा पहिलेको समय।

उषःपान–ना० [सं०] उषःकालमा नाकबाट खिँचेको पानी मुखबाट निकाल्ने हठ-योगको एक क्रिया।

उषसी–ना० [सं०] १. साँझ; सन्ध्या-काल। २. अस्ताउने वेलाका सूर्यको प्रकाश; सन्ध्या-कालको प्रकाश।

उषा–ना० [सं०] १. अरुणोदयको समय; झिसमिस उज्यालो हुने समय; प्रभात। २. अरुणोदयका समयको रक्तिमा; पूर्वी आकाशको प्रातःकालीन लालिमा। ३. बाणासुरकी कन्या।

उषा-काल–ना० [सं०] उषःकाल।

उष्ट्र–ना० [सं०] १. ऊँट। २. राँगो। ३. ठूलो जुरो भएको साँढे।

उष्ट्रकाण्डी–ना० [सं०] वन-सहचर।

उष्ण–वि० [सं०] १. ज्यादै तातो; अति गरम; तप्त। (ना०) २. गर्मी; घाम। ३. ग्रीष्म ऋतु।

उष्ण-कटिबन्ध–ना० [सं०] पृथ्वीको कर्कट र मकर-रेखाहरूको बीचमा पर्ने ज्यादै गर्मी हुने भाग।

उष्णता–ना० [सं०] गर्मी; ताप।

उष्णालु–वि० [सं०] गर्मी सहन नसक्ने; ताप-पीडित।

उष्णीष–ना० [सं०] १. पगरी; फेटा। २. मुकुट; श्रीपेज। ३. टोपी।

उष्म–ना० [सं०] १. गर्मीको समय; ग्रीष्म ऋतु। २. रिसाहा स्वभाव; जङ्गिने स्वभाव। ३. गर्मी; ताप।

उष्मज–ना० [सं०] गर्मीको समयमा पैदा हुने कीरा।

उस–सर्वना० [ऊ] विभक्ति लाग्दा हुने 'ऊ'-को रूप। (उदा०–उसलाई, उसको इत्या०।)

उसरी–क्रि० यो० [उस+अरी] उसै गरी; त्यसरी।

उसिन-पसिन–क्रि० यो० [उसिन्+पसीना] १. पसीना आउने गरी गर्मी हुने किसिम। २. सास फेर्न असजिलो हुने गरी गुम्सिने किसिम; उसिस-निसिस।

उसिन-पासिन–ना० [उसिन्+पस्क] पकाउनु, पस्कनु आदि भान्सा-सम्बन्धी काम।

उसिना–ना० [उसिन्+आ] १. उसिनेको धान। २. उसिनेका धानको चामल। (वि०) ३. उसिनेको।

उसिनाइ–ना० [उसिन्+आइ] उसिन्ने किसिम, क्रिया वा भाव।

उसिनाहा–वि० [उसिन्+आहा] उसिनेको; बफाएको; उसिना।

उसिनिनु–अ० क्रि० [उसिन्+इ+नु] १. हावा बन्द भएर पाक्नु; बाफिनु; गुम्सिनु। (स० क्रि०) २. उसिन्ने काम होइनु; बाफमा पकाइनु;. ('उसिन्नु'-को क० क्रि०)।

उसिन्नु–स० क्रि० [सं० उष्ण+नु] अनाज, फल आदिलाई केही पानी हालेर पकाउनु; उमाल्नु; बफाउनु।

उसिस-निसिस–क्रि० यो० [उसिन्+निःश्वास (सं०)] हावा बन्द हुँदा गर्मी भई सास फेर्न असजिलो हुने किसिम; निसासिने किसिम; उकुस-मुकुस।

उसै–क्रि० यो० [उसो+ऐ] १. उसो नै; त्यसै। २. विना-कामले।

उसो–वि० [उ+जस्तो] उजस्तो; त्यसो।

उस्ताद–ना० [अ०] १. गवैया। २. पहलमानी सिकाउने गुरु। ३. गुरु। (वि०) ४. काममा सिपालु; निपुण; पोख्त। ५. धूर्त।

उस्तै–वि० [उस्तो+नै] उस्तो नै; उजस्तै; त्यस्तै।

उस्तो–वि० [उ+जस्तो] १. उजस्तो; त्यस्तो। २. उत्तिको; त्यत्तिको।

उस्र–वि० [सं०] १. प्रातःकाल-सम्बन्धी; बिहानी-पखको। (ना०) २. किरण; रश्मि। ३. साँढे। ४. सूर्य।

उस्रा–ना० [सं०] १. प्रातःकाल। २. प्रकाश। ३. गाई। ४. पृथ्वी।

उस्रिक–ना० [सं०] १. बाछो। २. पुड्को गोरु।

CC-0. In Public Domain. Digitization by eGangotri

उह्–वि० बो [ने०] थकाइ, दुःख, हड़बड़ी आदिमा बोलिने शब्द; उः।

उहाँ–सर्वना० [ऊ] १. 'ऊ'-को सम्मान-सूचक शब्द; मान्य जनलाई सङ्केत गर्ने शब्द। (ना० यो०) २. उस ठाउँमा; त्यहाँ।

उहिले–क्रि० यो० [ने०] धेरै वर्षपहिले; प्राचीन कालमा; अघि नै।

उहिल्यै–क्रि० यो० [उहिले+नै] उहिले नै; पहिले नै।

उहीँ–अव्य० [उहाँ] उहाँ नै।

उही–सर्वना० [ऊ] उ नै; त्यही।

उहुँ–वि०बो०[अहँ]अस्वीकार वा निषेध बुझाउने शब्द; अहँ।

उहु–वि० बो० [ने०] उहू।

उहू–वि० बो० [ने०] असह्य पीडा वा दुःख हुँदा मुखबाट निस्कने शब्द।

ऊ

ऊ–देवनागरी वर्ण-मालाको छैटौँ स्वर-वर्ण; 'उ'-को दीर्घ रूप; यसको उच्चारण ओष्ठ-स्थानबाट हुन्छ।

ऊ–सर्वना० [ने०] १. प्रथम पुरुषको एक-वचन बुझाउने शब्द; त्यो। २. टाढ़ाको वस्तुलाई औँल्याएर वा तोकेर देखाउँदा भनिने शब्द; ती।

ऊँग–ना० [उँग] उँग।

ऊँघ–ना० [उँग] उँग।

ऊँच-नीच–ना० [सं० उच्च+नीच] ऊच-नीच।

ऊँचाइ–ना० [ऊँचो+आइ] ऊचाइ।

ऊँचो–वि० [सं० उच्च] ऊचो।

ऊँट–ना० [प्रा० उट्ट] लामो घाँटी, लामा-लामा खुट्टा हुने, खैरो रङ्गको, शाकाहारी पशुविशेष। (मरु-भूमिमा सवारी गर्न र भारी बोकाउने काममा प्रायशः यस पशुको उपयोग गरिन्छ।)

ऊकार–ना० [सं०] १. 'ऊ'-अक्षर। २. बर्धन्ने चिह्न; दीर्घ 'उ'-कार (ू)।

ऊखु–ना० [प्रा० उक्खु] उखु।

ऊच-नीच–ना० [सं०उच्च+नीच] १. तल-माथि परेको भूल; त्रुटि। २. दोष; कसूर।

ऊचाइ–ना० [ऊचो+आइ] ऊचोपना; अग्लाइ; उच्चता।

ऊचो–वि० [सं० उच्च] अग्लो; उच्च।

ऊढ–वि० [सं०] विवाह भएकी; विवाहिता।

ऊढा–ना० [सं०] १. बिहा भएकी स्त्री। २. आफ्ना पतिलाई छोड़ेर अर्को पुरुषसित प्रेम गर्ने स्त्री; परकीया नायिकाको एक भेद।

ऊद–ना० [सं० उद्र] न्याउरी-मूसाका आकारको, पानीमा पसी माछा पक्रने एक जन्तु; जल-बिडाल।

ऊध–ना० [सं०] कल्चौँड़ो।

ऊधुम–वि० [प्रा० उद्धुम] उधुम।

ऊन–ना० [प्रा० उन्न] भेड़ा, च्याङ्ग्रा आदि पशुहरूको रौँ।

ऊनी–वि० [ऊन+ई] ऊनबाट बनेको; ऊनको।

ऊपती–ना० [प्रा० उप्पति] १. आम्दानी; कमाइ; आय। २. आयस्ता।

ऊरु–ना० [सं०] तिघ्रा; जाँघ।

ऊरुज–वि० [सं०] १. जाँघबाट उत्पन्न भएको। (ना०) २. वैश्य जाति।

ऊरु-स्तम्भ–ना० [सं०] गोड़ा जकड़िने एक रोग; वात-रोगको एक भेद।

ऊर्ज–वि० [सं०] बलियो; शक्ति-शाली।

ऊर्जस्वल–वि० [सं०] बलवान्; शक्ति-शाली।

ऊर्जस्वित–वि० [सं०] ऊर्जस्वल।

ऊर्जस्वी–वि० [सं०] १. बलवान्; शक्ति-शाली। २. तेजस्वी; ओजस्वी। ३. प्रतापी। ४. रसाभास वा भावाभास स्थायी भावको अङ्ग हुने काव्यालङ्कार।

ऊर्जा–ना० [सं०] १. भोजन। २. बल; शक्ति। ३. सास; श्वास। ४. उत्साह।

ऊर्जित–वि० [सं०] बलियो; बलवान्।

ऊर्ण–ना० [सं०] ऊन।

ऊर्ण-नाभी–ना० [सं०] माकुरो।

ऊर्ध्व–वि० [सं०] माथिल्लो; माथिको।

ऊर्ध्व-केश–वि० [सं०] ठाड़ा-ठाड़ा कपाल हुने; जिङ्ग्रिङ्ग परेको कपाल हुने।

ऊर्ध्व-गामी–वि० [सं०] १. माथितिर जाने; चढ्ने। २. मुक्त; निर्वाण-प्राप्त।

ऊर्ध्व-देह–ना० [सं०] मरेपछि प्राप्त हुने शरीर।

ऊर्ध्व-पुण्ड्र–ना० [सं०] वैष्णव-सम्प्रदायका अनुयायीहरूले लाउने तिलक; ठाड़ो तिलक।

ऊर्ध्व-बाहु–ना० [सं०] एउटा हात सधैँ माथि उठाइराख्ने एक प्रकारको तपस्वी।

ऊर्ध्व-मूल–ना० [सं०] १. माथितिर जरा हुने। (वि०) २. संसार; जगत्।

ऊर्ध्व-रेखा–ना० [सं०] ऐश्वर्य वा सौभाग्य-सूचक, हात वा पैतालाको मध्य-भागमा हुने ठाड़ो रेखा; भाग्य-रेखा।

ऊर्ध्व-रेता–ना० [सं०] ब्रह्मचारी।

ऊर्ध्व-लिङ्गी–ना० [सं०] १. शिव; महादेव। २. ब्रह्मचारी।

ऊर्ध्व-लोक–ना० [सं०] स्वर्ग।

ऊर्ध्व-वायु–ना० [सं०] डकार।

ऊर्ध्व-विन्दु–ना० [सं०] शिर-विन्दु; अनुस्वार।

ऊर्ध्व-श्वास–ना० [सं०] बढ़ेको सास; मर्ने वेलामा बढ्ने श्वास।

ऊर्मि–ना० [सं०] १. लहर; तरङ्ग। २. दुःख; पीडा।

CC-0. In Public Domain. Digitization by eGangotri

ऊर्मिमाली–ना० [सं०] समुद्र।

ऊर्मिल–वि० [सं०] लहर उठेको; तरङ्गित।

ऊषर–ना० [सं०] १. नुनिलो माटो भएको जमीन। २. बोट-बिरुवाहरू नउम्रने जमीन।

ऊषल–ना० [सं०] मूसे-खरी क्षार।

ऊषा–ना० [सं०] उषा।

ऊषा-काल–ना० [सं०] उषःकाल।

ऊष्म–ना० [सं०] १. गर्मी; उष्णता। (वि०) २. गरम; तातो।

ऊष्म-वर्ण–ना० [सं०] श, ष, स तथा ह अक्षर।

ऊष्मा–ना० [सं०] १. ग्रीष्म ऋतु; गर्मीको याम। २. ताप; गर्मी। ३. भाप।

ऊसर–ना० [सं० ऊषर] बाँझो जग्गा; ऊषर।

ऊह–ना० [सं०] १. अनुमान; अन्दाज। २. तर्क; विचार।

ऊहापोह–ना० [सं०] तर्क-वितर्क।

ऋ

ऋ–देवनागरी वर्ण-मालाको सातौँ स्वर-वर्ण। यसको उच्चारण मूर्द्धा-स्थानबाट हुन्छ।

ऋक्–ना० [सं०] १. ऋचा; वेद-मन्त्र। २. ऋग्वेद।

ऋकार–ना० [सं०] १. 'ऋ'-अक्षर। २. व्यञ्जन-वर्णको खुट्टा फर्काउने चिह्न (ृ)।

ऋक्थ–ना० [सं०] १. धन; सम्पत्ति। २. सुन; सुवर्ण।

ऋक्ष–ना० [सं०] १. भालू। २. तारा; नक्षत्र।

ऋक्ष-पति–ना० [सं०] १. चन्द्रमा। २. रामका सेना-पति; जाम्बवान्।

ऋग्वेद–ना० [सं०] चार वेदमध्ये एक; पहिलो वेद।

ऋग्वेदी–वि० [सं०] १. ऋग्वेदको ज्ञाता; ऋग्वेद पाठ गर्ने। २. ऋग्वेदद्वारा संस्कार गरिने (ब्राह्मण)।

ऋचा–ना० [सं०] पद्यमा लेखिएको वेद-मन्त्र; कण्डिका।

ऋजु–वि० [सं०] १. सोझो; सीधा। २. सजिलो; सरल। ३. सीधा-साधा; सज्जन। ४. अनुकूल।

ऋजुता–ना० [सं०] १. सोझोपना; साधु स्वभाव। २. सरलता; सुगमता। ३. सौजन्य।

ऋण–ना० [सं०] पछि फिर्ता दिने गरी अरूसँग लिएको धन; सापट; कर्जा।

ऋण-कर्ता–वि० [सं०] ऋण लिने; असामी।

ऋण-ग्राही–वि० [सं०] ऋण लिने; असामी; ऋणी।

ऋण-दाता–वि० [सं०] ऋण दिने; सापट दिने।

ऋण-पत्र–ना० [सं०] ऋण लिने व्यक्तिले ऋण दिनेलाई प्रमाणका निम्ति लेखी दिने पत्र; तमसुक।

ऋण-मुक्त–वि० [सं०] ऋण तिरिसकेको; अऋणी।

ऋणी–वि० [सं०] १. ऋण लिने; असामी। २. कृतज्ञ; अनुगृहीत।

ऋत–वि० [सं०] १. ठीक; उचित। २. साँचो; सत्य। ३. पूजा गरिएको; सम्मानित। ४. चम्किलो; चहकिलो। (ना०) ५. सृष्टिको आदि तत्त्व। ६. ईश्वरीय नियम।

ऋतम्भरा–ना० [सं०] १. योग-शास्त्रानुसार सत्यको धारणालाई पुष्ट गर्ने चित्त-वृत्ति। २. सधैँ एकनास रहने बुद्धि।

ऋत-व्रत–वि० [सं०] साँचो बोल्ने; सत्यवादी।

ऋतु–ना० [सं०] १. प्राकृतिक अवस्थानुसार वर्षको दुइ-दुइ महीनाको छ विभाग (वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर)। २. स्त्रीले गर्भ धारण गर्ने समय; रजोदर्शनभन्दा पछिको समय। ३. नछुने हुनु; रजोदर्शन।

ऋतु-कुसुम–ना० [सं०] ऋतुअनुसार फुल्ने फूल; मौसमी फूल।

ऋतु-गामी–वि० [सं०] ऋतु-कालमा मात्र सम्भोग गर्ने।

ऋतु-चर्या–ना० [सं०] ऋतुअनुसार आहार-विहार गर्नु।

ऋतु-दान–ना० [सं०] सन्तानको इच्छा गरेर ऋतुमती स्त्रीका साथ गरिने सम्भोग; गर्भाधान।

ऋतु-प्राप्त–वि० [सं०] रजस्वला भइसकेकी (स्त्री); ऋतुमती।

ऋतुमती–वि० [सं०] नछुने भएकी; पर सरेकी; रजवती (स्त्री)।

ऋतु-राज–ना० [सं०] वसन्त ऋतु।

ऋतु-विपर्यय–ना० [सं०] ऋतुको विपरीत काम हुनु; गर्मी हुने ऋतुमा जाड़ो, जाड़ो हुने ऋतुमा गर्मी हुनु आदि।

ऋतु-सन्धि–ना० [सं०] दुइ ऋतुको मध्य-काल; दुइ ऋतुका बीचको समय।

ऋतु-स्नान–ना० [सं०] नछुने भएकी आइमाईले चौथो दिन गर्ने स्नान।

ऋत्विक्–ना० [सं०] यज्ञमा दीक्षित भएको ब्राह्मण; यज्ञ गर्ने ब्राह्मण।

ऋत्विज्–वि० [सं०] १. उचित समयमा वा प्रतिदिन यज्ञ गर्ने। (ना०) २. यज्ञ गर्ने व्यक्ति; यज्ञमा दीक्षित भएको व्यक्ति।

ऋद्ध–वि० [सं०] धनी; धनवान्; सम्पन्न।

ऋद्धि–ना० [सं०] १. वढ़िबढ़ाउ; समृद्धि; वृद्धि। २. साफल्य। ३. अलौकिक शक्ति। ४. गणेशका दुइ सेविकामध्ये एक। ५. कपासका गाँठाजस्ता टुप्पो; केही घुमेको कन्द र कन्दको टुप्पामा सेतो भुवा हुने एक लता। ६. त्यसैको कन्द। (आयुर्वेदमा यसको गुण त्रिदोष-नाशक, वल-कारक, शुक्र-वर्द्धक र मूर्च्छा-रोग नाश गर्ने वताइएको छ।)

ऋद्धि-सिद्धि–ना० [सं०] १. धन; सम्पत्ति। २. सफलता; साफल्य। ३. गणेशका दुइ सेविका।

ऋषभ–ना० [सं०] १. बयल; गोरु। २. सानु-तीते-पिँड़ालु। २. सङ्गीतको स्वर-सप्तकमध्ये एक स्वर। (यसलाई सङ्क्षेपमा 'रे' भनिन्छ। यसमा २७० नाद-लहरी हुन्छन्।)

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषभ-देव–ना० [सं०] १. विष्णुका चौवीस अवतारमध्ये एक। २. जैन धर्मका आदि तीर्थङ्कर।
ऋषभी–ना० [सं०] १. गाई। २. दाह्री, जुँगा आदि पुरुष-चिह्न भएकी स्त्री।
ऋषि–ना० [सं०] १. वेद-मन्त्र प्रकाश गर्ने व्यक्ति; मन्त्र-द्रष्टा। २. आध्यात्मिक र भौतिक तत्त्वलाई साक्षात्कार गर्ने व्यक्ति। ३. मुनि; तपस्वी।
ऋषि-ऋण–ना० [सं०] मानिसले ऋषिहरूका प्रति गर्नुपर्ने कर्तव्य; वेदको अध्ययन, अध्यापन आदि कर्तव्य।
ऋषि-कल्प–ना० [सं०] ऋषिसमान; ऋषितुल्य।
ऋषि-कुल–ना० [सं०] १. ऋषिको वंश। २. ऋषिहरूको आश्रम। ३. विद्यार्थीहरूलाई पढ़ाउने आश्रम; विद्यालय।
ऋषि-डोरो–ना० [सं० ऋषि+डोरो] जनै-पूर्णिमा र अरू यज्ञ-यागादिमा नाड़ीमा बाँध्ने संस्कारपूर्वकको डोरो; रक्षा-बन्धन।
ऋषि-तर्पणी–ना० [सं०] श्रावण शुक्ल पूर्णिमा; जनै-पूर्णिमा।
ऋषी-पञ्चमी–ना० [सं०] भाद्र शुक्ल पञ्चमी।
ऋष्टि–ना० [सं०] १. दुवैतिर धार भएको तरवार। २. हात-हतियार।
ऋष्य–ना० [सं०] नील-गाई।

ॠ

ॠ–देवनागरी वर्ण-मालाको आठौँ स्वर-वर्ण; 'ऋ'-को दीर्घ रूप। यसको उच्चारण मूर्द्धा-स्थानबाट हुन्छ।
ॠकार–ना० [सं०] 'ॠ'-अक्षर; 'ऋ'-को दीर्घ अक्षर।

ऌ

ऌ–देवनागरी वर्ण-मालाको नवौँ स्वर-वर्ण। यसको उच्चारण दन्त-स्थानबाट हुन्छ।
ऌकार–ना० [सं०] 'ऌ'-अक्षर।

ॡ

ॡ–देवनागरी वर्ण-मालाको दशौँ स्वर-वर्ण। यो 'ऌ'-को दीर्घ रूप हो। यसको उच्चारण दन्त-स्थानबाट हुन्छ।
ॡकार–ना० [सं०] 'ॡ'-अक्षर।

ए

ए–देवनागरी वर्ण-मालाको एघारौँ स्वर-वर्ण। यो कण्ठ-तालु-स्थानी दीर्घ वर्ण हो।
ए–अव्य० [सं०] १. अकस्मात् सम्झना, रीस, जोश, तिरस्कार आदि बुझाउने शब्द। (उदा०–ए, मैले सम्झेँ। ए, पर्खी। इत्या०)। २. कसैलाई बोलाउँदा एक्लै वा नाम-को अगाड़ि प्रयोग गरिने शब्द। (उदा०–ए, यहाँ आइज। ए, रामलाल यहाँ आऊ। इत्या०)।
एउटा–वि० [एक+वटा] एक ओटा; एकमात्र।
एक–ना० [सं०] १. पूर्ण राशिको अङ्क-क्रमको पहिलो अङ्क; १-को अङ्क। (वि०) २. एउटा; यौटा। ३. मुख्य; प्रमुख; अद्वितीय; सर्व-श्रेष्ठ।
एकक–वि० [सं०] एकलो; सिङ्गो।
एक-कण्ठ–वि० [सं०] साथ-साथै एक स्वरले उच्चारण गर्ने।
एक-कालिक–वि० [सं०] १. एक पटकको; एक चोटिमात्र हुने। २. उही समयको; समकालीन।
एक-कालीन–वि० [सं०] १. एक पटकको; एक चोटिमात्र हुने। २. एउटै समयको; समकालीन।
एक-कुण्डल–ना० [सं०] १. एकातिर कानमा मात्र कुण्डल लाउने व्यक्ति। २. कुवेर। ३. शेष-नाग। ४. बलराम।
एक-चक्र–वि० [सं०] १. एउटै राजाद्वारा शासित। २. चक्रवर्ती। ३. एकमात्र पाङ्ग्रा भएको (रथ)। (ना०) ४. सूर्य। ५. सूर्यको रथ।
एकचालिस–ना० [प्रा० एक्कचालीस] एकचालीस।
एकचालिसौँ–वि० [एकचालिस+औँ] एकचालीसौँ।
एकचालीस–ना० [प्रा० एक्कचालीस] १. चालीस र एकको योग-सङ्ख्या; ४१-को अङ्क। (वि०) २. चालीस र एकका योगको; एकचालीस सङ्ख्याको।
एकचालीसौँ–वि० [एकचालीस+औँ] गन्दै जाँदा एकचालीस सङ्ख्यामा परेको; एकचालीस सङ्ख्याको।
एक-चित्त–क्रि० यो० [सं०] चित्त अन्त नलगीकन; एकोहोरो मनले; एकाग्र भएर।
एक-छत्त–वि० [सं० एक+छत्त (प्रा०)] एकनास; समान;

CC-0. In Public Domain. Digitization by eGangotri

एकाम्य ।

एक-छत्र–वि० [सं०] १. अर्काको प्रभुता वा अधिकार नभएको; एकै जनाको मात्र शासनाधिकार रहेको (राज्य) । २. एकतन्त्र ।

एक-छाकी–वि० [एक+छाक+ई] १. एक छाकमात्र खाने; एक-छाके । (ना०) २. एक छाकमात्र खाने दिन; श्राद्धको अगिल्लो दिन ।

एक-छाके–वि० [एक+छाक+ए] १. एक छाकमात्र खाने । (ना०) २. एक छाकमात्र खाने दिन; श्राद्धको अगिल्लो दिन ।

एकजाइ–ना० [एक+रजाइँ] एकलौटी; एकाधिकार ।

एकजात–वि० [सं०] १. कत्ति पनि; अलिकति पनि; रत्तीभर पनि । २. एउटै आमा-बाबुबाट जन्मेको; सहोदर (दाजु-भाइ) । (ना०) ३. एउटै जात; समान जाति; अभिन्न जात ।

एक-जाति–वि० [सं०] एउटै जातको; एकै वंशको ।

एक-झमट–क्रि० यो० [एक+झमट] १. एक चोटि; एक पटक । (ना०) २. वेग; झोक्का । ३. ताक ।

एक-टक–क्रि० यो० [एक+टक] आँखा झिम्म नगरीकन; एकोहोरो लाएर; नियालेर (हेर्नु) ।

एकट्ठा–वि० [प्रा० एक्कट्ठो] जम्मा; भेला; एकत्र ।

एकड़–ना० [अं० एकर] चार हजार आठ सय चालीस वर्ग गज भूमिको नाप ।

एकतः–क्रि० यो० [सं०] एकातिरबाट; एकापट्टिबाट ।

एकतन्त्र–वि० [सं०] १. अरू कसैको प्रभुत्व वा अधिकार नभएको; एक-छत्र । (ना०) २. देशको शासनको सारा अधिकार केवल एउटै राजा वा अधिनायकको हातमा हुने शासन; एकाधिपत्य शासन; हुकुमी शासन ।

एकतन्त्रवाद–ना० [सं०] एकतन्त्रको सिद्धान्त ।

एकतन्त्रवादी–वि० [सं०] एकतन्त्रवादको अनुयायी ।

एक-तर्फी–वि० [एक+तर्फी] एक तर्फको; एक पक्षको; एकलौटी ।

एकतमास–ना० [एक+तमासा] १. अनौठोपन; अचम्म; विलक्षण । २. एकोहोरोपन ।

एकता–ना० [सं०] १. एक भएर मिल्ने भाव; ऐक्य । २. बराबरी; समानता ।

एकतान–वि० [सं०] १. एकचित्त भएको; तन्मय; तल्लीन । २. अक्षुण्ण ।

एकतारे–ना० [एक+तार+ए] छालाले मोहोरेको तुम्बामा बाँसको दण्ड लगाई एउटामात्र तार हालेको, नक्खीले बजाउने एक बाजा ।

एकतारै–क्रि० यो० [एक+तार+ऐ] लगातार; निरन्तर ।

एकतिस–ना० [प्रा० एक्कतीस] एकतीस ।

एकतिसौँ–वि० [एकतीस+औँ] एकतीसौँ ।

एकतीस–ना० [प्रा० एक्कतीस] १. तीस र एकको योग-सङ्ख्या; ३१-को अङ्क । (वि०) २. तीस र एकका योगको ।

एकतीसौँ–वि० [एकतीस+औँ] गन्दै जाँदा एकतीसको सङ्ख्यामा परेको; एकतीस सङ्ख्याको ।

एकत्र–ना० [सं०] जम्मा; भेला; एकट्ठा ।

एकत्रित–वि० [सं०] जम्मा गरिएको; एकै ठाउँमा राखिएको; एकत्र गरिएको ।

एकत्व–ना० [सं०] १. एक हुनाको भाव; एकता । २. एउटै किसिमको वा समान रूपको हुनु; समानता ।

एक-दन्त–ना० [सं०] गणेश ।

एक-दन्ता–ना० [सं०] एउटामात्र दन्त हुने (हात्ती) ।

एकदम–क्रि० यो० [एक+दम] १. झट्ट; तुरुन्तै । २. एक्कासि; अकस्मात् ।

एक-देशी–ना० [सं०] एक-देशीय ।

एक-देशीय–वि० [सं०] १. कुनै एउटा देश, स्थान, विभाग वा अङ्गसँग मात्र सम्बन्ध राख्ने । २. कुनै एकमात्र अवसर वा स्थलमा लागू हुने; सर्वत्र लागू नभएको । ३. एक देशको; एक देश-सम्बन्धी ।

एक-धर्मी–वि० [सं०] १. एउटै धर्मको अनुयायी । २. समान गुण भएको ।

एकनास–वि० [ने०] १. समान रूपको; एकै किसिमको; बराबरको । (क्रि० यो०) २. लगातार; निरन्तर ।

एक-निष्ठ–वि० [सं०] एउटै कुरामा मात्र श्रद्धा वा निष्ठा राख्ने ।

एक-निष्ठा–ना० [सं०] एक-निष्ठ हुनाको भाव ।

एकन्नी–ना० [एक+आना+ई] एक आनाको भारतीय सिक्का; चार-पैसे मुद्रा; एक-आने सिक्का ।

एक-पक्षीय–वि० [सं०] एक पक्षको; एक-तर्फी ।

एक-पत्नी–ना० [सं०] १. विवाहिता पत्नी; पति-व्रता स्त्री । २. सौता ।

एक-पत्नी-व्रत–ना० [सं०] एउटीबाहेक अर्की स्त्रीसित विवाह वा प्रेम-सम्बन्ध नराख्ने नियम ।

एक-पाठी–वि० [सं०] एक पटक पाठ गर्दा वा पढ्दा कण्ठ आउने; एक-श्रुत (व्यक्ति) ।

एक-भक्त–वि० [सं०] १. एक छाकमात्र खाने; एक-छाकी । २. एक छाकमात्र खाने; हविष्य भोजन गर्ने (दिन) ।

एक-भुक्त–वि० [सं०] दिनभरमा एक पटकमात्र भोजन गर्ने; एक पटकमात्र खाने ।

एक-मत–वि० [सं०] एउटै राय भएका; मत मिलेका ।

एक-मना–ना० [सं० एक+मन+आ] एउटै सिद्धान्त वा विचार भएको; एउटै वादको ।

एकमात्र–वि० [सं०] एउटैमात्र भएको; अद्वितीय ।

एक-मुख–वि० [सं०] एकै रायले बोल्ने; एउट कुरा बोल्ने; एकै सिद्धान्त वा विचार प्रकट गर्ने ।

एक-मुश्त–वि० [सं० एक+मुश्त (फा०)] एक-मुस्ट ।

एक-मुस्ट–क्रि० यो० [सं० एक+मुष्ठि] एकै पटकमा दिइएको;

CC-0. In Public Domain. Digitization by eGangotri

एकै चोटि दिइएको; डक्क।

एक-मेलो–ना० [एक+मेलो] एक जनाले गर्ने दिनभरिको काम; एक-लग।

एक-रङ्ग–वि० [सं०] १. बराबर; तुल्य; समान। २. सबै-तिरबाट एकैजस्तो भएको। ३. छल नभएको; निष्कपट।

एक-रङ्गी–वि० [सं०] एउटै रङ्गको; दुइ रङ्ग नभएको।

एक-रदन–ना० [सं०] गणेश।

एक-रस–वि० [सं०] १. एकै किसिमको; समानको। २. एकै भावको; समान भावको।

एक-राज-तन्त्र–ना० [सं०] मन्त्रीहरूको सहायताबाट राजाले राज्यको शासन स्वयं चलाउने प्रणाली।

एकरारनामा–ना० [अ०] कबूलियत; प्रतिज्ञा-पत्र।

एक-रूप–वि० [सं०] समान रूपको; एकै आकृतिको; एकै किसिमको।

एक-रूपता–ना० [सं०] एक-रूप हुनाको भाव; सादृश्य।

एकलकाँटे–वि० [एकलो+काँट+ए] कसैसँग नमिल्ने स्वभावको; एकोहोरो।

एक-लख–ना० [एक+लख] व्यञ्जन वर्णको माथि लाग्ने 'ए'-को चिह्न; एकार (े)।

एक-लग–ना० [एक+लग] १. एक जनाले गर्ने दिनभरिको काम; एउटाको मेलो। (वि०) २. तल्लीन।

एकलास–ना० [ने०] १. कोही नभएको ठाउँ; एकान्त स्थान; निर्जन स्थल। (क्रि० यो०) २. सूनसान; निछयाम।

एकले–वि० [एकलो+ए] एकलो।

एकलेबीर–ना० [सं० एकवीर] हाँगा-बिँगा केही नभई मुख्य डाँठबाटै धेरै लामा पातहरू निस्कने र पातका काप-कापमा र टुप्पामा कलेजी रङ्गका फूल फुल्ने एक झार।

एकलो–वि० [एक+लो] १. जहान-परिवार नभएको; साथीहरू नभएको; ठिङ्गो। २. जोड़ा नभएको; एकमात्र।

एकलौटी–वि० [एकलो+औटी] अरूको हक नभई एउटैले मात्र पाउने; भाग नलाग्ने; बाँड्न नपर्ने।

एक-वचन–ना० [सं०] १. एक शब्द; एक आवाज। २. व्याकरणमा एउटालाई मात्र बुझाउने शब्द।

एक-वर्ण–वि० [सं०] १. एकै रङ्गको। २. एकै अनुहारको। ३. एकै वर्णको; एक जातको।

एक-वस्त्रा–ना० [सं०] १. एउटामात्र वस्त्र लाएकी। २. नछुने भएकी; रजस्वला।

एक-वाक्यता–ना० [सं०] दुइ वा धेरै मानिसहरूको मत मिल्नु; ऐकमत्य।

एकवार–क्रि० यो० [एक+वारि] छेउ-छेउ; किनारा लागेर; तीरै-तीर।

एकवीर–ना० [सं०] एकलेबीर।

एक-वेणी–ना० [सं०] एउटैमात्र चुल्ठो बाटेकी स्त्री; पति परदेश गएकी स्त्री; वियोगिनी स्त्री।

एक-श्रुत–वि० [सं०] एक चोटि सुन्दा पाठ कण्ठ हुने (व्यक्ति)।

एकसट्ठि–ना० [प्रा० एक्कसट्ठी] एकसट्ठी।

एकसट्ठियौँ–वि० [एकसट्ठि+यौँ] गणनाको क्रमले एकसट्ठीमा परेको; एकसट्ठी सङ्ख्याको।

एकसट्ठी–ना० [प्रा० एक्कसट्ठि] १. साठी र एकको योग-सङ्ख्या; ६१-को अङ्क। (वि०) २. साठी र एकका योगको।

एक-सरो–वि० [एक+सरो] १. एक तहको; दोबरी नभएको; भित्री नभएको (लुगा)। २. एकजनाको व्यवहार चल्ने (माल-सामान); एक-एक ओटा।

एक-से-एक–क्रि० यो० [हिं०] एकभन्दा अर्को वढ़ी; अर्को-भन्दा झन् अर्को।

एकहत्तर–ना० [प्रा०एक्कहत्तरी] १. सत्तरी र एकको योग-सङ्ख्या; ७१-को अङ्क। (वि०) २. सत्तरी र एकका योगको।

एकहत्तरौँ–वि० [एकहत्तर+औँ] गन्दै जाँदा एकहत्तर सङ्ख्यामा परेको; एकहत्तर सङ्ख्याको।

एक-हाते–वि० [एक+हात+ए] १. कुनै एउटा मानिससित-मात्र रत्तिने (प्राणी)। २. एक हात नापेको। ३. एउटा-मात्र हात भएको।

एका–वि० [सं० एक] १. एक। (ना०) २. ऐक्य; एकता।

एकाई–ना० [एक+आई] समूह-अन्तर्गतको एक पूर्ण खण्ड; निकाय।

एकाउन्ट–ना० [अं०] हिसाब।

एकाउन्टेन्ट–ना० [अं०] कुनै संस्थामा हिसाबको काम गर्ने कर्मचारी।

एकाउन्न–ना० [प्रा० एक्कावन्न] १. पचास र एकको योग-सङ्ख्या; ५१-को अङ्क। (वि०) २. पचास र एकका योगको।

एकाउन्नौँ–वि० [एकाउन्न+औँ] गणनाको क्रमले एकाउन्न सङ्ख्यामा परेको; एकाउन्न सङ्ख्याको।

एकाएक–क्रि० यो० [एक+एक] एक्कासि; अचानक; अपर्झट।

एकाकार–वि० [सं०] एउटै आकारको; एक-रूप।

एकाकी–वि० [सं०] एकलो; अकेला।

एकाक्ष–वि० [सं०] १. एउटामात्र आँखा भएको; कानो। २. कौवा।

एकाक्षर–वि० [सं०] १. एक अक्षरमात्र भएको। (ना०) २. एक अक्षरमात्र भएको मन्त्र; एकाक्षरी मन्त्र।

एकाक्षरी–वि० [सं०] एक अक्षरमात्र भएको (मन्त्र, कोष आदि)।

एकाग्र–वि० [सं०] १. एक-चित्त भएको; स्थिर मन भएको। (क्रि० यो०) २. एक-चित्त भएर; दत्त-चित्त भएर।

एकाग्र-चित्त–वि० [सं०] एकै कुरा वा विचारमा मात्र ध्यान दिने; स्थिर चित्त।

एकाग्रता–ना० [सं०] एकाग्र हुनाको भाव; एक-चित्त हुनाको

CC-0. In Public Domain. Digitization by eGangotri

भाव।

एका-घर—ना० [एक+घर] अंश-बन्डा नभएको; एउटै परिवार; भिन्न नभएको जहान; सगोल परिवार।

एकाङ्की—ना० [सं०] १. दस रूपकमध्ये एक; साना-साना वाक्य, सरस भाषा, प्रसिद्ध नायकको चरित्र, चित्ताकर्षक कथानक र एक अङ्कमात्र हुने दृश्य-काव्य। २. एक अङ्कमात्र हुने नाटक।

एकाङ्गी—वि० [सं०] १. एक अङ्गमात्र भएको; विकलाङ्ग। २. एक पक्षको; एक-तर्फी। ३. हठी; जिद्दीवाल।

एकाच्—ना० [सं०] एउटामात्र स्वर भएको शब्द।

एकाण्ड—ना० [सं०] एउटामात्र अण्ड भएको; आँड़े।

एकात्म—वि० [सं०] एक भएको; अभिन्न।

एकात्मता—ना० [सं०] १. एकता; अभिन्नता। २. मिलेर एक हुने भाव। ३. रूप, गुण, प्रकृति आदिको विचारले फरक नदेखिने गरी समान हुनु।

एकात्मवाद—ना० [सं०] संसारका सबै प्राणी र वस्तुहरूमा एउटै आत्मा व्याप्त छ भन्ने सिद्धान्त; आत्मा र परमात्माको अभेद सम्बन्ध मान्ने सिद्धान्त; अद्वैतवाद।

एकात्मवादी—वि०[सं०]एकात्मवादको अनुयायी; अद्वैतवादी।

एकादशाह—ना० [सं०] १. मरेको एघारौँ दिन। २. मृतकका उद्देश्यले एघारौँ दिनमा गरिने क्रिया।

एकादशी—ना० [सं०] महीनाका शुक्ल र कृष्ण—दुवै पक्षको एघारौँ तिथि।

एका-देश—ना० [एक+देश] दन्त्य-कथा भन्दा निर्देश गरिने देश; कुनै देश।

एकाध—वि० [एक+आधा] १. एक-दुइ जना; कोही-कोही; कुनै-कुनै। २. एक वा आधा; केही-केही।

एकाधिक—वि० [सं०] एकभन्दा बढ्ता; कयौँ; कतिपय।

एकाधिकार—ना० [सं०] कुनै वस्तु, काम वा व्यापारमा कुनै व्यक्तिको हुने पूरापूर अधिकार; एकलौटी अधिकार; एकाधिपत्य।

एकाधिपति—ना० [सं०] सम्पूर्ण क्षेत्रमा एक-छत्र शासन चलाउने व्यक्ति।

एकाधिपत्य—ना० [सं०] १. कुनै काम, वस्तु वा देशमा कुनै व्यक्तिको हुने पूर्ण आधिपत्य; पूर्ण प्रभुत्व। २. एकाधिकार।

एकान—वि०[सं० एक] एक (दुनोट पढ्दा प्रयोग गरिने शब्द)।

एकान-दोकान-मैदान—ना० [एक+कान+दुइ+कान+मैदान] एक जनाले अर्कोलाई, अर्कोले अर्कोलाई भन्दै व्यापक रूपमा कुनै गुप्त कुरा फैलनु।

एकाने-दोकाने—क्रि० यो० [एक+कान+ए+दुइ+कान+ए] एकले अर्कोलाई, अर्कोले अर्कोलाई भनेर; कर्ण-परम्परा-बाट कुनै गुप्त कुरा व्यापक रूपमा फैलने किसिम।

एकान्त—वि० [सं०] १. कोही नभएको; एकलास; निर्जन (ठाउँ)। (क्रि० यो०) २. सूनसान; निछ्याम।

एकान्त-वास—ना० [सं०] कोही नभएका ठाउँमा बस्नु; एकलो बस्नु।

एकान्त-वासी—वि० [सं०] एकान्त-वास गर्ने; एकलै रहने।

एकान्तिक—वि० [सं०] अन्तिम; अन्तको।

एकान्ती—वि० [एक+कान] १. बीचमा एउटामात्र कान हुने, फित्ता, खीप आदि नभएको (एक किसिमको जुत्ता)। २. भित्री नभएको; एक-सरो (टोपी)।

एकान्नब्बे—ना० [प्रा० एक्काणउइ] १. नब्बे र एकको योग-सङ्ख्या; ९१-को अङ्क। २. नब्बे र एकका योगको।

एकान्नब्बेयौँ—वि० [एकान्नब्बे+यौँ] गन्दै जाँदा एकान्नब्बे सङ्ख्यामा परेको; एकान्नब्बे सङ्ख्याको।

एका-पार्वण—ना० [सं०] १. औँसी वा पितृ-पक्षमा मर्नेको श्राद्ध। २. एउटाको मात्र उद्देश्य गरी पर्वमा गरिने श्राद्ध।

एका-बिहान—ना० [एक+बिहान] मिरमिरे उज्यालो हुने बिहानको समय; झिसमिसे; सखार।

एकाम्य—वि० [सं० एक+मय] एकनास; एक-छत्त; एक-समान।

एकार—ना० [सं०] १. 'ए'-अक्षर। २. एक-लख; (`) चिह्न।

एकार्थक—वि० [सं०] १. एउटैमात्र अर्थ भएको; भिन्न अर्थ नभएको। २. समान अर्थ भएको; समानार्थक।

एकावली—ना० [सं०] १. कुनै वर्णनमा पहिले विशेषण भएर आएको शब्द पछि विशेष्य हुन जाने र अघिको विशेष्य स्वयं त्यसको विशेषण हुन जाने श्रृङ्खला भएको एक काव्यालङ्कार। २. एक लहरमात्र भएको मोतीको माला।

एकासियौँ—वि० [एकासी+यौँ] गणनाको क्रमले एकासी सङ्ख्यामा परेको; एकासी सङ्ख्याको।

एकासी—ना० [प्रा० एक्कासीइ] १. असी र एकको योग-सङ्ख्या; ८१-को अङ्क। (वि०) २. असी र एकका योगको।

एकाह—वि० [सं०] १. एक दिनमा पूरा गरिने; एकै दिनमा सम्पन्न हुने। २. एक दिनको पाठ।

एकाहिक—वि० [सं०] एक दिनको; एक-दिने।

एकीकरण—ना० [सं०] १. दुइ वा अधिक विषय वा वस्तुलाई मिलाएर एक तुल्याउनु। २. सबैलाई मिलाएर तिनीहरूमा एकता स्थापित गर्नु।

एकीकृत—वि० [सं०] एकीकरण गरिएको।

एकीभाव—ना० [सं०] १. एउटै हुनु; मिल्नु। २. जम्मा हुनु; एकत्र हुनु।

एकीभूत—वि० [सं०] १. एकै भएको; मिलेको; मिश्रित। २. जम्मा भएको; एकत्रित।

एकीय-न्यायाधिकरण—ना० [सं०] सिङ्गल-बेन्च।

एकुन्द्रो—वि० [ने०] १. एक दिन बिराएर आउने (ज्वर)। २. एक दिन बिराएर हुने (काम)।

एकुवा—ना० [?] ढिम्री सानो वा ठूलो पार्ने ज्याभल।

एकेउटा—क्रि० यो० [एक+एक+ओटा] एक-एक ओटा।

CC-0. In Public Domain. Digitization by eGangotri

एक-एक गरेर; एकोटा।

एकेक–वि० [एक+एक] एक-एक; प्रत्येक; हरेक।

एकेडेमी–ना० [अं०] १. यूनान देशमा ईसाको जन्मभन्दा पहिले एक देव-मन्दिरमा हुने विद्वान्हरूको विशेष किसिम-को गोष्ठी। २. राष्ट्रिय साहित्य, कला, विज्ञान आदिको उत्थानका निमित्त सङ्गठित राजकीय सम्मान-प्राप्त, विद्वान्हरूको मण्डल; विद्वत्-परिषद्। ३. विश्व-विद्या-लयभन्दा केही तल्लो अख्तियार भएको कुन विशेष किसिमको शिक्षा दिने विद्यालय।

एकेन्द्रिय–ना० [सं०] एउटैमात्र लिङ्ग हुने वा स्त्री-लिङ्ग र पुंलिङ्ग एउटैमा हुने प्राणी (गँड्यौला, जूका आदि)।

एकेश्वरवाद–ना० [सं०] एउटै ईश्वरको अस्तित्व मान्ने सिद्धान्त।

एकेश्वरवादी–वि० [सं०] एकेश्वरवादको अनुयायी।

एको–ना० [एक] डन्डी-बियोको खेलमा जमीन नाप्दा 'एक'-लाई भन्ने शब्द।

एकोटा–वि० [एक+ओटा] एक-एक ओटा; एकेउटा।

एकोतार–क्रि० यो० [एक+ताल] वार-वार; तारनतार; फेरि-फेरि।

एकोतारै–क्रि० यो० [एकोतार+ऐ] एकोतार।

एकोत्तर–वि० [सं०] एकभन्दा बढ़ी; एकाधिक।

एकोदक–वि० [सं०] एउटै पितृको उद्देश्यले तर्पण दिने।

एकोद्दिष्ट–ना० [सं०] आफ्ना बाबु-आमा अथवा पतिका मृत्यु-तिथिमा गरिने श्राद्ध; एउटाको मात्र उद्देश्यले गरिने श्राद्ध।

एकोहरिइनु–अ० क्रि० [एकोहरि+इ+नु] एकोहोरिइनु; ('एकोहरिनु'-को भा० क्रि०)।

एकोहरिनु–अ० क्रि० [एकोहरो+इ+नु] एकोहोरिनु।

एकोहरो–वि० [एकोहोरो] एकोहोरो।

एकोहऱ्याइँ–ना० [एकोहरि+आइ] एकोहरिने किसिम, क्रिया वा भाव; एकोहोऱ्याइँ।

एकोहऱ्याउनु–स० क्रि० [एकोहरि+याउ+नु] एकोहोऱ्याउनु।

एकोहऱ्याहट–ना० [एकोहरि+याहट] एकोहरिने काम वा भाव।

एकोहोरिइनु–अ० क्रि० [एकोहोरि+इ+नु] एकोहोरिने काम होइनु; एकोहोरो भइनु; ('एकोहोरिनु'-को भा० क्रि०)।

एकोहोरिनु–अ०क्रि०[एकोहोरो+इ+नु] १. एकोहोरो भएर कुनै काममा लाग्नु; एक-चित्त भएर काम गर्नु। २. एक पटकमा गरिने काम सिद्धिनु। ३. एकातिर लाग्नु; एकापट्टि लाग्नु। ४. अरूका कुरा नसुनी आफ्नै कुरामा मात्र जिद्दी गरिरहनु।

एकोहोरो–वि० [एक+सरो] १. एउटै विचारमा मात्र लाग्ने; एक सुरे। २. दुइ तह नभएको; एक-सरो। (क्रि० यो०) ३. एकै खेप; एकै पटक। ४. एक-चित्त भएर।

एकोहोऱ्याइँ–ना० [एकोहोरो+याइँ] एकोहोरो भएर कुनै काममा लाग्ने किसिम वा क्रिया।

एकोहोऱ्याइनु–स० क्रि० [एकोहोरि+याइ+नु] एकोहोरिन लाइनु; एकोहोरो तुल्याइनु; ('एकोहोऱ्याउनु'-को क० क्रि०)।

एकोहोऱ्याउनु–स० क्रि० [एकोहोरि+याउ+नु] १. कुनै काम एक पल्टमा गरिसकिने तुल्याउनु; एकोहोरो काम सक्नु। २. एकातिर लाउनु; एकापट्टि लाउनु। ३. आफ्नो मतमा ल्याउनु; आफ्नो पक्षमा तान्नु। ४. एकोहोरो पार्नु।

एकोहोऱ्याहट–ना० [एकोहोरि+याहट] एकोहोरिएर काम गर्ने किसिम वा क्रिया; एकोहोऱ्याइँ।

एकौटी–वि० [एक+औटी] १. आफ्नोमात्र हकको; एकलौटी। २. एक-एक ओटी; हरेक (स्त्री)।

एक्का–ना० [प्रा० एक्क] १. एक फुट्टीमात्र भएको तासको चक्की। २. एक घोड़ामात्र जोतिएको सवारीविशेष। (वि०) ३. सबभन्दा बढ़्ता मन परेको। ४. मुख्य; प्रधान।

एक्काइस–ना० [प्रा० एक्कवीस] एक्काईस।

एक्काइसौँ–वि० [एक्काइस+औँ] एक्काईसौँ।

एक्काईस–ना० [प्रा० एक्कवीस] १. बीस र एकको योग-सङ्ख्या; २१-को अङ्क। (वि०) २. बीस र एकका योगको।

एक्काईसौँ–वि० [एक्काईस+औँ] गणनाको क्रमले एक्काईस सङ्ख्यामा पुगेको; एक्काईस सङ्ख्याको।

एक्कावान–ना० [एक्का+वान] एक्का (सवारीविशेष) हाँक्ने व्यक्ति।

एक्कासि–क्रि० यो० [प्रा० एक्कासि] १. एकाएक; एकदम; सहसा; अकस्मात्। २. बिनासोच-विचार; बिनाकारण।

एक्सचेन्ज–ना० [अं०] १. नेपाल र अरू देशका बीचको टेली-फोन, डाँक, तार आदिको व्यवस्थामा विनिमयको काम गर्ने अड्डा। २. साट-फेर; सटही।

एक्स-रे–ना० [अं०] शरीरभित्र प्रवेश गरी त्यहाँका अवयवका आकृति दृष्टि-गोचर गराउने एक किसिमको अदृश्य विद्युत्-किरण।

एक्साइज-ड्यूटी–ना० [अं०] देशमा उत्पादन भएका मालमा त्यसै देशभित्र सरकारद्वारा लगाइने कर; उत्पादन-कर; अन्तःशुल्क।

एगार–ना० [प्रा० एगारस] एघार।

एघार–ना० [प्रा० एगारस] १. दश र एकको योग-सङ्ख्या; ११-को अङ्क। (वि०) २. दश र एकका योगको।

एघार-दुइ–ना० [एघार+दुइ] पासाको खेलमा पन्जा, छक्का र दुवा मिलेर हुने एक दाउ।

एजेन्ट–ना० [अं०] १. कुनै कारखाना वा संस्थाको माल एकलौटी खरीद-बिक्री गर्ने व्यापारी। २. अरूको प्रतिनिधिको रूपमा काम गर्ने व्यक्ति; वारिस।

एजेन्डा–ना० [अं०] कुनै सभामा विचार गर्नाका निमित्त

CC-0. In Public Domain. Digitization by eGangotri

तयार गरिएको कामका दफाहरू।

एजेन्सी–ना० [अं०] एजेन्ट रहने वा एजेन्टको काम हुने स्थान वा अवस्था।

एटर्नी–ना० [अं०] १. वकील। २. नियमानुसार अधिकार-प्राप्त प्रतिनिधि।

एडिटर–ना० [अं०] सम्पादक।

एडिशन–ना० [अं०] संस्करण; आवृत्ति।

एडिशनल–वि० [अं०] अधिक; अतिरिक्त।

एण–ना० [सं०] मृग; हरिण।

एतदर्थ–अव्य० [सं०] यस कारण; तदर्थ।

एतदवधि–अव्य० [सं०] अहिलेसम्म; अद्यावधि।

एतराज–ना० [अ० एतिराज़] विरोध; आपत्ति।

एतादृक्–वि० [सं०] यस्तो; यस किसिमको; यस प्रकारको।

एतादृशी–वि० [सं०] यस किसिमको; यस प्रकारको।

एतावत्–वि० [सं०] यत्ति।

एतावता–क्रि० यो० [सं०] १. निचोरमा; सारांशमा। २. यस निमित्त; यस कारण।

एत्तेरी–ना० [ए+तेरो+ई] आश्चर्य, उद्वेग आदिमा बोलिने शब्द; एरात्तै।

एधित–वि० [सं०] बढ़ेको; वर्द्धित।

एन–ना० [सं०] पाप; अपराध।

एनास–ना० [सं०] भइँ-कटहर।

एभरेस्ट–ना० [अं०] नेपालको पूर्वी प्रदेशमा रहेको, संसारको सबैभन्दा अग्लो पहाड़; सगरमाथा।

एम्बुलेन्स–ना० [अं०] बिरामी ओसार-पसार गर्ने मोटर।

एम्बेसी–ना० [अं०] दूतावास।

एम्बेसेडर–ना० [अं०] राज-दूत।

एयर-मेल–ना० [अं०] वायु-यानद्वारा जाने हुलाक।

एरङ्ग–ना० [सं०] नीलो घाँटी हुने एक जातको माछो।

एरण्ड–ना० [सं०] अँड़ीर।

एरात्तै–वि० बो० [ने०] आश्चर्य, जोश आदिमा बोलिने शब्द; एत्तेरी।

एरोड्रम–ना० [अं० एरोड्रोम] हवाई-जहाज रहने ठाउँ; हवाई-अड्डा।

ला–ना० [सं०] १. लामा-लामा ठूल्ठूला पात हुने, फेदमा हलेदाको जस्तो पहेँलो फूल र कलेजी रङ्गको फल फल्ने सिमसारमा उम्रने एक बोट। २. त्यसैको फल; अलैँची।

एलोपेथिक–वि० [अं०] एलोप्याथी-सम्बन्धी।

एलोपेथी–ना० [अं०] विषलाई विषले नै मार्दछ भन्ने मुख्य सिद्धान्त भएको एक प्रसिद्ध चिकित्सा-प्रणाली।

एव–अव्य० [सं०] शब्दको पछिल्तिर लागेर निश्चय बुझाउने शब्द; नै।

एवज–ना० [अ० एवज़] १. बदला; प्रतिफल; प्रतिकार। २. परिवर्तन।

एवम्–अव्य० [सं०] १. यसै किसिमले; यसै प्रकारले। २. र; अनि; तथा।

एवमस्तु–अव्य० [सं०] यस्तै होस्; तथास्तु (आशीर्वाद दिंदा प्रयोग गरिने शब्द)।

एशिया–ना० [अं०] पृथ्वीको सबैभन्दा ठूलो महाद्वीप; पूर्वी-गोलार्द्धको एक महाद्वीप।

एशियाली–वि० [एशिया+ली] एशियाको; एशिया-सम्बन्धी।

एषण–ना० [सं०] १. खोज; अन्वेषण। २. इच्छा; कामना। ३. फलामको बाण।

एषणा–ना० [सं०] इच्छा; अभिलाषा।

एषणिका–ना० [सं०] सुन, चाँदी आदि तौलने काँटा।

एषणीय–वि० [सं०] १. चाहना गर्न योग्य; इच्छा गर्न योग्य। २. खोज्न योग्य।

एसोसिएशन–ना० [अं०] १. सङ्घ। २. समागम; भेला।

एहसान–ना० [अ०] १. उपकार; भलाइ। २. कृतज्ञता।

एहे–वि० बो० [ने०] आश्चर्य, हर्ष, शोक, जोश आदिमा बोलिने शब्द। (उदा०–एहे, त्यस्तो अनौठो भएछ! एहे, उसलाई चिट्ठा परेछ!)

एहोइ–ना० [ने०] जङ्गलमा वस्तु-भाउ चराउने गोठालाहरूले हिंस्रक जनावरलाई धपाउनाका निमित्त परस्परमा कराउने शब्द।

ऐ

ऐ–देवनागरी वर्ण-मालाको बाह्रौं स्वर-वर्ण। यसको उच्चारण कण्ठ र तालुबाट हुन्छ।

ऐ–वि० बो० [सं०] १. कसैलाई बोलाउँदा एकलै वा नामको अगाड़ि प्रयोग गरिने शब्द; ए। (ना०) २. शिव।

ऐँच–ना० [सं० अञ्च्] १. काबू; वश; दबाउ। २. तान्नु; तानातानी गर्नु।

ऐँचनु–स० क्रि० [ऐँच+नु] १. काबूमा राख्नु; अधीनमा राख्नु। २. थिच्नु; दबाउनु। ३. दखल गर्नु; कब्जा गर्नु। ४. तान्नु; तानातानी गर्नु।

ऐँचाइ–ना० [ऐँच+आइ] ऐँचने किसिम, क्रिया वा भाव।

ऐँचाइनु–स० क्रि० [ऐँच+आइ+नु] ऐँचन लाइनु; काबू वा अधीनमा राख्न लाइनु; ('ऐँचाउनु'-को क० क्रि०)।

ऐँचाउनु–स० क्रि० [ऐँच+आउ+नु] ऐँचन लाउनु; काबू वा अधीनमा राख्न लाउनु; ('ऐँचनु'-को प्रे० क्रि०)।

ऐँचातानी–ना० [ऐँच+तान्] खिंचातानी; तानातानी।

ऐँचिनु–स० क्रि० [ऐँच+इ+नु] ऐँचने काम गरिनु; काबू वा ऐँचमा राखिनु; ('ऐँचनु'-को क० क्रि०)।

ऐँचो-पैँचो–ना० [ऐँच+ओ+पैँचो] पैँचो दिने र लिने

CC-0. In Public Domain. Digitization by eGangotri

काम; सर-सापट।

ऐँठन–ना० [ने०] १. सपनामा कुनै कारणवश स्वासको गति रोकिएर दुःस्वप्न आदिले कष्ट हुनु। २. थिचाइ; दबाउ।

ऐँठनु–स० क्रि० [ऐँठन] १. थिच्नु; दबाउनु। २. च्याप्नु; अँठ्याउनु। ३. आफ्नो अधीनमा राख्नु; वश-वर्ती पार्नु। ४. निमोठ्नु; बटार्नु।

ऐँठाइनु–स० क्रि० [ऐँठ+आइ+नु] ऐँठन लाइनु; थिच्न लाइनु; ('ऐँठनु'-को क० क्रि०)।

ऐँठाउनु–स० क्रि० [ऐँठ+आउ+नु] ऐठन लाउनु; थिच्न लाउनु; ('ऐँठनु'-को प्रे० क्रि०)।

ऐँठिइनु–स० क्रि० [ऐँठि+इ+नु] ऐँठिने काम होइनु; थिचिनु; ('ऐँठिनु'-को क० क्रि०)।

ऐँठिनु–स० क्रि० [सं० अवगुण्ठन+इ+नु] १. निमोठिनु; बटारिनु। २. सास रोकिनु; निसासिनु। ३. घमन्ड देखाउनु; फुइँ देखाउनु। ४. यौवनले मत्त हुनु।

ऐँठिनु–स० क्रि० [ऐँठ+इ+नु] थिचिनु; दबाइनु; ('ऐँठनु'-को क० क्रि०)।

ऐँठे–ना० [ने०] गहूँका पीठाको, घिउमा पकाई पागमा डुबाइएको एक किसिमको हलुवाई-रोटी।

ऐँठ्याइनु–स० क्रि० [ऐँठि+याइ+नु] ऐँठिन लाइनु; निमोठिइनु; ('ऐँठ्याउनु'-को क० क्रि०)।

ऐँठ्याउनु–स० क्रि० [ऐँठि+याउ+नु] १. ऐँठिन लाउनु; ऐँठिने पार्नु। २. निमोठाउनु; बटार्न लाउनु।

ऐँसेलु–ना० [ने०] काफलजत्रो, गुलियो स्वाद हुने, पहेँलो एक जातको नरम फल।

ऐकपत्य–ना० [सं०] पूर्ण प्रभुत्व भएको राज्य; सर्व-सत्ता-सम्पन्न राज्य; एकाधिपत्य।

ऐकमत्य–ना० [सं०] एक मत हुनु; राय मिल्नु।

ऐकागारिक–ना० [सं०] चोर; तस्कर।

ऐकाग्र–ना० [सं०] एकाग्रता।

ऐकात्म्य–ना० [सं०] एक-रूपता; एकात्मता; तादात्म्य।

ऐकाधिकरण्य–ना० [सं०] एउटै विषयमा सम्बन्ध हुने अवस्था; सम्बन्धको एकता।

ऐकान्तिक–वि० [सं०] १. सम्पूर्ण; पूरा। २. निर्द्वन्द्व।

ऐकार–ना० [सं०] १. 'ऐ'-अक्षर। २. व्यञ्जन-वर्णको माथि लाग्ने 'ऐ'-को चिह्न (ै); दो-लख।

ऐकाहिक–वि० [सं०] एक दिनको; एक-दिने।

ऐक्य–ना० [सं०] एकता; मेल; एकत्व।

ऐक्षव–ना० [सं०] १. सखर; चीनी। २. एक किसिमको रक्सी।

ऐच्छिक–वि० [सं०] १. इच्छामा रहेको; इच्छाधीन। २. आफ्नो इच्छामा निर्भर रहेको; वैकल्पिक।

ऐजन–अव्य० [अ० ऐज़न्] माथि लेखिएबमोजिम भन्ने बुझाउने शब्द; माथि लेखिएअनुसार।

ऐजेरु–ना० [ने०] १. अरू रूखमा उम्रने, लाम्चा पात हुने, रातो फूल फुल्ने, गुलिया साना-साना फल फल्ने बूटी; वन्दाक। २. शरीरमा फुकुन्डो उठ्ने रोगविशेष।

ऐज्रेरु–ना० [ऐजेरु] ऐजेरु।

ऐटन–ना० [अं० एड्जुटेन्ट] लप्टनभन्दा मनिको पल्टनिया अफिसर; लप्टनको सहायक अफिसर।

ऐतिहासिक–वि० [सं०] १. इतिहास-सम्बन्धी; इतिहासको। २. इतिहासमा उल्लिखित; इतिहासमा उल्लेख हुन लायक। ३. इतिहास जान्ने; इतिहासको ज्ञाता।

ऐतिहासिकता–ना० [सं०] १. इतिहास जान्नाको भाव। २. इतिहाससँग सम्बन्ध हुनाको भाव; ऐतिहासिक हुनाको भाव।

ऐतिह्य–ना० [सं०] परम्पराबाट सुनिएको प्रामाणिक कुरा; पौराणिक वृत्तान्त।

ऐन–वि० [अ०] ठीक; बिलकुल; पूरा-पूरा; उपयुक्त।

ऐन–ना० [अ० आईन] कुनै विषयमा निर्देशित सरकारी नियम; विधान।

ऐन-सवाल–ना० [ऐन+सवाल] अड्डाखानालाई भइरहेको सवाल र ऐन; ऐन र तत्सम्बन्धी नियम।

ऐना–ना० [फा० आईना] आफ्नो अनुहार वा शरीरको प्रतिबिम्ब हेर्ने, पछिल्तिर पारो लाएको काँचको साधन; दर्पण।

ऐन्द्र–वि० [सं०] इन्द्र-सम्बन्धी; इन्द्रको।

ऐन्द्र-जाल–ना० [सं०] इन्द्र-जालीको विद्या; चटकीको विद्या।

ऐन्द्र-जालिक–वि० [सं०] इन्द्र-जाल-विद्या जान्ने; चटकी।

ऐन्द्र-लुप्तिक–वि० [सं०] तालु खुइलिएको; खल्वाट।

ऐन्द्रिय–वि० [सं०] १. इन्द्रिय-सम्बन्धी। २. इन्द्रियद्वारा अनुभव गर्न सकिने।

ऐन्द्रियक–वि० [सं०] १. इन्द्रियसित सम्बन्ध भएको; विषयासक्त। २. इन्द्रियद्वारा अनुभव हुने; इन्द्रिय-गोचर।

ऐन्द्री–ना० [सं०] १. इन्द्रको शक्ति। २. इन्द्राणी। ३. पूर्व दिशा। ४. सुकुमेल। ५. एक जातको काँक्रो।

ऐब–ना० [अ०] दोष; खोट; कलङ्क।

ऐबी–वि० [ऐब+ई] दोष-युक्त; खोट भएको।

ऐभाँत–ना० [सं० अभिवादः] स्त्रीको सौभाग्य; सधवापन; स्त्री-सुलक्षण; अभिभाँत।

ऐभाँती–वि० [ऐभाँत+इ] सधवा; सौभाग्यवती।

ऐया–अव्य० [ने०] शरीरमा दुख्दा वा पीडा हुँदा भनिने शब्द।

ऐयार–ना० [अ०] १. चलाक; धूर्त; छली। २. रूप बदलेर काम गर्ने गुप्त-चर।

ऐयारी–ना० [अ०] १. चलाकी; धूर्तता। २. रूप बदलेर गरिने गुप्त-चरको काम।

ऐयाश–वि० [अ०] धेरै ऐश गर्ने; ऐयाशी गर्ने।

ऐयाशी–ना० [अ०] विषय-वासनामा ज्यादै लिप्त रहने भाव;

CC-0. In Public Domain. Digitization by eGangotri

विषयासक्ति।

ऐरावत–ना० [सं०] १. इन्द्रको हात्ती; पूर्व दिशाको दिग्गज। २. बिजुली चम्केको बादल। ३. इन्द्र-धनु। ४. कमला (फल)।

ऐरावती–ना० [सं०] १. ऐरावतकी ढोई। २. बिजुली (बादलको)।

ऐरे-गैरे–वि० [(फाँ०) ऐरे+गैर (अ०)+ए] चानचुने; जथाभाबी।

ऐरेलु–ना०[नं०] जङ्गली काँक्रो; एक जातको तीतो काँक्रो।

ऐरो–ना० [अहिरो] अहिरो।

ऐल–ना० [सं०] १. इलाको छोरो; पुरूरवा। २. मङ्गल-ग्रह।

ऐले–क्रि० यो० [अहिले] अहिले।

ऐश–ना० [अ०] १. आराम; चैन। २. भोग-विलास; विषय-सुख।

ऐश–वि० [सं०] १. शिवजीको; शिव-सम्बन्धी। २. राजकीय; राजोचित।

ऐश-आराम–ना० [अ० ऐश+आराम] आराम-चैन; भोग-विलास; मोज-मज्जा।

ऐशी–वि० [अ०] बढ्ता ऐश गर्नुपर्ने; विलासी; विषय-लम्पट।

ऐश्वर–वि० [सं०] १. राजाको; राजकीय। २. शक्ति-शाली। ३. ईश्वरीय। ४. शिव-सम्बन्धी।

ऐश्वर्य–ना० [सं०] १. धन; सम्पत्ति। २. प्रभुत्व; आधिपत्य। ३. शक्ति; बल। ४. अष्ट सिद्धि।

ऐश्वर्यवान्–वि०[सं०]ऐश्वर्य भएको; धनवान्; ऐश्वर्य-शाली।

ऐश्वर्य-शाली–वि० [सं०] ऐश्वर्य भएको; सम्पत्तिवान्।

ऐष्टक–वि० [सं०] ईँटले बनाइएको; ईँटको।

ऐहलौकिक–वि० [सं०] यस लोकसित सम्बन्ध भएको; यस लोकमा भएको; ऐहिक।

ऐहिक–वि० [सं०] यस लोकको यस लोकसित सम्बन्ध राख्ने; सांसारिक।

ओ

ओ–देवनागरी वर्ण-मालाको तेह्रौं स्वर-वर्ण। यसको उच्चारण कण्ठ र तालुबाट हुन्छ।

ओ–अव्य० [नं०] १. स्मरण, विस्मय आदिमा बोलिने शब्द। २. आफूभन्दा मनिका व्यक्तिलाई सम्बोधन गरी बोलाउने शब्द। (उदा०–ओ, हो मैले सम्झें! ओ, रामे यहाँ आइज।)

ओं–ना० [सं०] ॐ।

ओंकार–ना० [सं०] ॐ-कार।

ओइरनु–स० क्रि० [ओइरो+नु] १. पकाउनाका निमित्त दाल-चामल आदि भाँडामा हाल्नु। २. रीसले कसैलाई धेरै दिनु; ओइरो लाउनु।

ओइराइ–ना० [ओइर+आइ] ओइरने किसिम, क्रिया वा भाव।

ओइराइनु–स० क्रि० [ओइर+आइ+नु] ओइरन लाइनु; ओइरो लगाइनु; ('ओइराउनु'-को क० क्रि०)।

ओइराउनु–स० क्रि० [ओइर+आउ+नु] ओइरन लाउनु; ओइरो लगाउनु; ('ओइरनु'-को प्रे० क्रि०)।

ओइरान–ना० [ओइरो+आन] १. सम्म नभएको भिरालो पाखो जग्गा; पहिरो। २. प्रायः भत्किरहने पाखो।

ओइरालो–वि० [ओइरो+आलो] प्रशस्त; छेलो-खेलो; आफल-ताफल।

ओइरिइनु–अ० क्रि०[ओइरि+इ+नु] ओइरिने काम होइनु; ओइरो लगाइनु; ('ओइरिनु'-को भा० क्रि०)।

ओइरिनु–अ० क्रि० [ओइरो+इ+नु] १. धारो नछुट्टिईकन तल झर्नु; धारो लाग्नु; खनिनु। २. ठाडै खस्नु; ओरालो लाग्नु। ३. चारैतिरबाट मानिसहरू आइपर्नु; ओइरो लाग्नु।

ओइरो–ना० [ओर्ले] १. निरन्तर खसेको पानी, अन्न आदिको ठूलो धारो। २. लगातार आइरहेका धेरै मानिस-को ताँती।

ओइरो-पहिरो–वि० [ओइरो+पहिरो] छेलो-खेलो; आफल-ताफल; प्रशस्त।

ओइर्याइनु–स० क्रि० [ओइरि+याउ+नु] ओइरिन लाइनु; ओइरो लगाइनु; ('ओइर्याउनु'-को क० क्रि०)।

ओइर्याउनु–स० क्रि० [ओइरि+याउ+नु] १. खन्याउनु; ओइरो लाउनु। २. प्रशस्त दिनु; पर्याप्त दिनु; चाहिँदो-भन्दा पनि बढ्ता दिनु; ('ओइरिनु'-को प्रे० क्रि०)।

ओइलनु–अ० क्रि० [सं० म्लान+नु] ओइलिनु।

ओइलाइ–ना० [ओइल+आइ] ओइलाउने किसिम, क्रिया वा भाव।

ओइलाइनु–अ० क्रि० [ओइलाउ+इ+नु] ओइलाउने काम होइनु; ओइलिइनु; ('ओइलाउनु'-को भा० क्रि०)।

ओइलाउनु–अ० क्रि० [ओइल+आउ+नु] १. फूल, साग-पात आदिको ताजापन नष्ट भएर लुत्रुक्क पर्नु; मलिन हुनु; म्लान हुनु। (स० क्रि०) २. साग-पात आदि घाममा केही सुकाउनु; दरसुको पार्नु।

ओइलिइनु–अ० क्रि० [ओइलि+इ+नु] ओइलिने काम होइनु; ओइलाइनु; ('ओइलाउनु'-को भा० क्रि०)।

ओइलिनु–अ० क्रि० [सं० म्लान+इ+नु] ओइलनु; साग-पात आदिको ताजापन नष्ट हुनु।

ओइल्याइ–ना० [ओइलि+आइ] ओइलिने किसिम, क्रिया वा भाव।

ओइल्याइनु–स० क्रि०[ओइलि+याइ+नु] ओइलिन लाइनु; दरसुको पारिनु; ('ओइल्याउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

ओइल्याउनु–स० क्रि० [ओइलि+याउ+नु] साग-पात आदि घाममा राखेर केही सुकाउनु; दरसुको पार्नु; ओइलिएको पार्नु; ('ओइलाउनु'-को प्रे० क्रि०)।

ओक–ना० [सं०] १. घर; निवास-स्थान। २. आश्रय; ओत।

ओकटाइ–ना० [ओकट्+आइ] ओकट्ने किसिम, क्रिया वा भाव।

ओकटाइनु–स० क्रि० [ओकट्+आइ+नु] ओगटाइनु; ('ओकटाउनु'-को क० क्रि०)।

ओकटाउनु–स० क्रि० [ओकट्+आउ+नु] ओगटाउनु; ('ओकट्नु'-को प्रे० क्रि०)।

ओकटिनु–स० क्रि० [ओकट्+इ+नु] ओगटिनु; ('ओकट्नु'-को क० क्रि०)।

ओकट्नु–स० क्रि० [सं० ओक+नु] ओगट्नु।

ओकल-दोकल–ना० [ने०] केटा-केटीको एक खेल र त्यस खेलमा गाइने गीत।

ओकलाइ–ना० [ओकल्+आइ] ओकल्ने किसिम, क्रिया वा भाव; उकेलाइ।

ओकलिनु–स० क्रि० [ओकल्+इ+नु] उकेलिनु।

ओकल्नु–स० क्रि० [उकेल्+नु] उकेल्नु।

ओकार–ना० [सं०] १. 'ओ'-अक्षर। २. लख-कानोको चिह्न (ो)।

ओखती–ना० [सं० ओषधी] १. रोग निको पार्नाका निमित्त प्रयोग गरिने वस्तु। २. उपाय; उपचार।

ओखती-मूलो–ना० [ओखती+मूल] ओषधीमा प्रयोग हुने जड़ी-बूटी; ओषधिहरूको समुदाय।

ओखर–ना० [प्रा० अक्खोड] १. लाम्चा पात, आरुजस्तो फल र जमाने-मुन्द्राका जस्ता लामा-लामा मञ्जरी लाग्ने बलियो एक जातको रूख। २. त्यसैको फल। (यसका गोल बीयाँभित्र गुलियो खाद्य पदार्थ हुन्छ।)

ओखल–ना० [प्रा० ओक्खल] चिउरा, धान आदि कुट्ने खोपिल्टो परेको ढुङ्गा वा काठको साधन; उर्गल।

ओखलढुङ्गा–ना० [ने०] नेपालको पूर्व (३) तीन नम्बर इलाकाको एक प्रसिद्ध बस्ती।

ओखली–ना० [ओखल+ई] सानो ओखल।

ओगटाइ–ना० [ओगट्+आइ] ओगट्ने किसिम वा क्रिया।

ओगटाइनु–स० क्रि० [ओगट्+आइ+नु] ओगट्न लाइनु; ओकटाइनु; ('ओगटाउनु'-को क० क्रि०)।

ओगटाउनु–स० क्रि० [ओगट्+आउ+नु] ओगट्न लाउनु; ओकटाउनु; ('ओगट्नु'-को प्रे० क्रि०)।

ओगटिनु–स० क्रि० [ओगट्+इ+नु] ओगट्ने काम गरिनु; ओकटिनु; ('ओगट्नु'-को क० क्रि०)।

ओगट्नु–स० क्रि० [सं० ओक+नु] १. ठाउँ लिनु; छेक्नु; रोक्नु; ओकट्नु। २. अलमल्याएर अन्त जान वा अरूको हुन नदिनु।

ओघ–ना० [सं०] १. पानीको धार; बाढ़ी। २. समूह; समुदाय। ३. घनत्व।

ओछाइ–ना० [ओछाउ+आइ] ओछाउने किसिम, क्रिया वा भाव।

ओछाइनु–अ० क्रि० [ओछाउ+इ+नु] अल्छाउने काम होइनु; अल्छाइनु; ('ओछाउनु'-को भा० क्रि०)।

ओछाउनु–अ० क्रि० [ने०] कुनै काम-कुरामा जाँगर मार्नु; हतोत्साह हुनु; अल्छाउनु।

ओछिइनु–अ० क्रि० [ओछि+इ+नु] ओछिने काम होइनु; ('ओछिनु'-को भा० क्रि०)।

ओछिनु–अ० क्रि० [ओछ्याउ+इ+नु] १. शरण पर्नु; पाउ पर्नु। २. मुनितिर पर्नु। ३. बिछिनु; फिंजिनु; पसारिनु। ४. फैलाउसाथ छरिनु। ५. मैथुन गराउनु। ६. धमाधम मारिनु (युद्धमा)।

ओछ्याइ–ना० [ओछि+आइ] ओछिने किसिम, क्रिया वा भाव।

ओछ्याइ–ना० [ओछ्याउ+आइ] ओछ्याउने किसिम, क्रिया वा भाव।

ओछ्याइनु–स० क्रि० [ओछ्याउ+इ+नु] ओछ्याउने काम गरिनु; बिछ्याइनु; ('ओछ्याउनु'-को क० क्रि०)।

ओछ्याउनु–स० क्रि० [ओछ्यान+आउ+नु] १. ओछ्यान फिंजाउनु; बिछ्याउनु; पसार्नु। २. भोग गर्नु। ३. धेर मानिसलाई धमाधम मारेर छर्नु (युद्ध-भूमिमा)।

ओछ्याउने–ना० [ओछ्याउ+नु+ए] १. सुबिस्तासँग बस्न वा सुत्नका निमित्त बिछ्याउने वस्तु; ओछ्यान; बिछ्यौना। (वि०) २. बिछ्याउने।

ओछ्यान–ना० [सं० उत्+स्टज्] १. सुबिस्तासँग बस्न वा सुत्नको निम्ति बिछ्याइने वस्तु; ओछ्याउने; बिछ्यौना। २. अग्लो पारी बनाइएको ठाउँ।

ओज–ना० [सं०] १. प्रताप; तेज; स्फूर्ति। २. उज्यालो; प्रकाश। ३. शरीरभित्रका रसहरूको सार भाग। ४. श्रोता-गणको चित्तमा आवेश पैदा गर्ने काव्यको गुण।

ओजस्विता–ना० [सं०] १. तेज; कान्ति। २. ओजस्वी हुनाको भाव।

ओजस्वी–वि० [सं०] ओज भएको; प्रतापी; प्रभाव-शाली; तेजस्वी।

ओजस्वी-राजन्य–ना० [सं०] विदेशी राजा, राष्ट्र-पतिहरू र आफ्नो देशको वृद्धि हुने काम गर्ने विशिष्ट व्यक्तिहरूलाई प्रदान गरिने नेपालको एक राष्ट्रिय तक्मा।

ओझाइ–ना० [ओझाउ+आइ] ओझिने किसिम, क्रिया वा भाव।

ओझाइनु–स० क्रि० [ओझाउ+इ+नु] ओझाउने काम गरिनु; राप कम गरिनु; ('ओझाउनु'-को क० क्रि०)।

ओझाउनु–स० क्रि० [ओझि+आउ+नु] १. आगोको आँच

CC-0. In Public Domain. Digitization by eGangotri

कम गर्नु; राप घटाउनु। (अ० क्रि) २. आगोको आँच कम हुनु; ओझिनु।

ओझिइनु–अ० क्रि० [ओझि+इ+नु] ओझिने काम होइनु; राप घटिनु; ('ओझिनु'-को भा० क्रि०)।

ओझिनु–अ० क्रि० [नें०] आगोको आँच कम हुनु; राप घट्नु।

ओझेल–ना० [प्रा० ओरुज्झन] छाया; सियाँल; ओत।

ओझेली–ना० [ओझेल] ओझेल; सियाँल।

ओट–ना० [ओत] १. पक्ष; तरफदारी। २. आड़; ओत।

ओटा–ना० [नें०] गोटा; सङ्ख्या।

ओठ–ना० [प्रा० ओट्ठ] मुखको तल-माथिको ढकना; ओष्ठ।

ओठे–वि० [ओठ+ए] १. मोटो वा भद्दा ओठ हुने; नराम्रो ओठ भएको। २. बझुवा; मुखाले।

ओठे-जवाफ–ना० [ओठे+जवाफ] ठाड़ो जवाफ; ठाड़ठाड़ै दिइने जवाफ; हाजिर-जवाफ।

ओड़–ना० [ओट] १. ओट; आड़। २. पक्ष; तरफदारी।

ओडव–ना० [सं०] पाँच स्वरमात्र प्रयोगमा लिइने सङ्गीतका रागको एक भेद।

ओड़ा–ना० [ओड़] १. आफ्नो हैकमभित्रको इलाका; मातहत क्षेत्र; आफ्नो देख-रेखको ठाउँ। २. निर्वाचनमा एक जना प्रतिनिधि छानिने निश्चय गरिएको क्षेत्र।

ओड़ार–ना० [नें०] १. पहाड़को पाखामा खोपाजस्तो बनेको ठाउँ। २. भड्खारो; म्वाङ।

ओड़ालइ–ना० [ओड़ालि] ओड़ालिने किसिम, क्रिया वा भाव।

ओड़ालिइनु–अ० क्रि० [ओड़ालि+इ+नु] ओड़ालिने काम होइनु; पीर परिनु; ('ओड़ालिनु'-को भा० क्रि०)।

ओड़ालिनु–स० क्रि० [ओड़ाल्+इ+नु] ओड़ाल्ने काम गरिनु; हुँड़लिनु; ('ओड़ाल्नु'-को क० क्रि०)।

ओड़ालिनु–अ० क्रि० [नें०] मनमा चिन्ताका धेरै कुराहरू खेल्नु; मनमा धेरै पीर पर्नु।

ओड़ाल्नु–स० क्रि० [नें०] लेदो पदार्थ पकाउँदा पर्न्यूँ, दाबिलो आदिले बेसरी चलाउनु; हुँड़ल्नु; मस्काउनु (ढिँड़ो)।

ओड़ाल्याइ–ना० [ओड़ालि+आइ] ओड़ालिने किसिम, क्रिया वा भाव।

ओड्र–ना० [सं०] १. जवा-कुसुम। २. भारतको उड़ीसा प्रदेश।

ओढ़ाइ–ना० [ओढ़ाउ+आइ] ओढ्ने किसिम, क्रिया वा भाव।

ओढ़ाइनु–स० क्रि० [ओढ्+आइ+नु] १. ओढ्नेले ढाकिनु। २. ओढ्न लाइनु; ओढ्नेले छोप्न लाइनु; ('ओढ़ाउनु'-को क० क्रि०)।

ओढ़ाउनु–स० क्रि० [ओढ्+आउ+नु] १. ओढ्नेले ढाक्नु; ओढ्ने वस्तुले छोप्नु। २. ओढ्न लाउनु; ओढ्नेले ढाक्न लाउनु; ('ओढ्नु'-को क० क्रि०)।

ओढ़िनु–स० क्रि० [ओढ्+इ+नु] ओढ्ने काम गरिनु; ओढ्नेले ढाकिनु; ('ओढ्नु'-को क० क्रि०)।

ओढ़ो–ना० [ओढ्+ओ] पानी परेका वेलामा ओढ्ने वस्तु; छाता, घुम आदि।

ओढ्नु–स० क्रि० [सं० उपवेष्टन+नु] १. ओढ्नेले जीउ ढाक्नु; वस्त्रले शरीर वा कुनै अङ्ग छोप्नु। २. घाम-पानीबाट बच्न आफ्ना शिरमाथि छाता, घुम, आदि ओढ्नु।

ओत–ना० [नें०] १. घाम, पानी आदिबाट बच्ने ठाउँ; आड़। २. आड़-भरोसा; सहारा; आश्रय।

ओत–ना० [अं० अँटर] स्तन-पायी, भुवा हुने एक जल-जन्तु।

ओत–वि० [सं०] बुनेको।

ओत-प्रोत–वि० [सं०] १. खूब मिसिएको; छुट्टचाउन नसकिने गरी मुछिएको। २. बुनिएको; गाँसिएको। ३. सबैतिर फिँजिएको; विस्तृत। ४. अन्तर्व्याप्त।

ओतिइनु–अ० क्रि० [ओति+इ+नु] ओत लाग्ने काम होइनु; ओत लागिनु; ('ओतिनु'-को भा० क्रि०)।

ओतिनु–अ० क्रि० [ओत+इ+नु] ओत लाग्नु; घाम, पानी आदिबाट जोगिन छहारीमुनि बस्नु।

ओत्याइ–ना० [ओति+आइ] ओतिने किसिम, क्रिया वा भाव।

ओथाइ–ना० [ओथाउ+आइ] ओथाउने किसिम, क्रिया वा भाव।

ओथाइनु–स० क्रि० [ओथाउ+इ+नु] ओथाउने काम गरिनु; सेलाइनु; ('ओथाउनु'-को क० क्रि०)।

ओथाइ-पथाइ–ना० [ओथाइ+पथाइ (फाँ०)] ओथाउने र पस्कने किसिम वा क्रिया।

ओथाउनु–स० क्रि० [सं०अव+स्थ] चुल्होबाट झिकेर पाकेका पदार्थ केही बेर रहन दिनु; थरक मार्नु; सेलाउनु।

ओथारो–ना० [प्रा० अत्थरयो] ओथ्रा।

ओथिइनु–अ० क्रि० [ओथि+इ+नु] ओथिने काम होइनु; सेलाइनु; ('ओथिनु'-को भा० क्रि०)।

ओथिनु–अ० क्रि० [नें०] पाकेको खानेकुरो केही चिसो हुनु; सेलाउनु।

ओथ्नु–स० क्रि० [ओथ्रो+नु] पक्षीले आफ्नो फुल छोपेर बस्नु; ओथ्रा बस्नु; ओथ्राउनु।

ओथ्रा–ना० [ओथारो] फुल वा चल्लालाई पक्षी-जातिले छोपेर बस्नु; ओथारो।

ओथ्राइनु–स० क्रि० [ओथ्रा+इ+नु] ओथ्रा बसिनु; ओथ्रिनु; ('ओथ्राउनु'-को क० क्रि०)।

ओथ्राउनु–स० क्रि० [ओथ्र+आउ+नु] १. पक्षीले आफ्नो फुल छोपेर बस्नु; ओथ्रा बस्नु। २. ओथ्रन लाउनु; ओथ्रा बस्न लाउनु; ('ओथ्रनु'-को प्रे० क्रि०)।

ओथ्रिनु–स० क्रि० [ओथ्र+इ+नु] ओथ्रने काम गरिनु; ओथ्रा बसिनु; ('ओथ्रनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

ओथ्रो—ना० [सं० अवस्तर] गुँड़।

ओद—ना० [सं० उद्र] जलमा बस्ने बिरालो; पानी-बिरालो।

ओदन—ना० [सं०] १. भात। २. खीर। ३. खाद्यान्न।

ओदारिनु—स० क्रि० [ओदार्+इ+नु] ओदार्ने काम गरिनु; खोस्रिनु; ('ओदार्नु'-को क० क्रि०)।

ओदार्नु—स० क्रि० [ने०] १. खोस्रनु; खन्नु। २. भत्काउनु; भताभुङ्ग पार्नु।

ओधान—ना० [सं० ओदन] तीन खुट्टा भएको फलामको एक किसिमको चुल्हो।

ओपी—ना० [सं० अप्+पेय] कूवा; सानो जलाशय।

ओबटाइ—ना० [ओबट्+आइ] ओबट्ने किसिम वा क्रिया।

ओबटाइनु—स० क्रि० [ओबट्+आइ+नु] ओबट्न लाइनु; ('ओबटाउनु'-को क० क्रि०)।

ओबटाउनु—स० क्रि० [ओबट्+आउ+नु] ओबट्न लाउनु; ओबट्ने काम गराउनु; ('ओबट्नु'-को प्रे० क्रि०)।

ओबटिनु—स० क्रि० [ओबट्+इ+नु] बुकुवा आदि शरीरमा लगाइनु; ओबट्ने काम गरिनु; ('ओबट्नु'-को क० क्रि०)।

ओबट्नु—स० क्रि० [सं० उद्वर्त्तन+नु] शरीरमा बुकुवा आदि लाउनु।

ओबाइनु—स० क्रि० [ओबाउ+इ+नु] ओबानो पारिनु; सुकाइनु; ('ओबाउनु'-को क० क्रि०)।

ओबाउनु—स० क्रि० [ओबानो+आउ+नु] १. ओबानो पार्नु; सुकाउनु। (अ० क्रि०) २. चिसो भाग सुक्नु; पानी मर्नु।

ओबानू—ना० [ओबानो] ओबानो।

ओबानो—वि० [सं० उदक्य] ओबाएको; चिसोपन गएको।

ओभर-कोट—ना० [अं०] घुँड़ासम्म आउने एक किसिमको लामो कोट।

ओभर-सियर—ना० [अं०] घर, पुल, बाटो आदि बनाउने कामको निरीक्षक; इन्जिनीयरभन्दा तल्लो दर्जाको विशेषज्ञ।

ओभरहल—सं० क्रि० [ओभरहॉल] १. जाँच्नु; परीक्षा गर्नु। २. यन्त्र आदिको मरम्मत वा सफाइ।

ओर—ना० [वर] पक्ष; ओट; तरफ।

ओरपन—वि० [वर+पन] १ आफ्नो पक्षको; आत्मीय। २. नजीकको; वरको। (ना०) ३. वर हुनाको भाव।

ओरालिनु—स० क्रि० [ओराल्+इ+नु] ओह्रालिनु; ('ओराल्नु'-को क० क्रि०)।

ओराली—ना० [ओरालो] ओरालो।

ओरालो—ना० [सं० अवतरण] ओह्रालो।

ओराल्नु—स० क्रि० [ओरालो+नु] ओह्राल्नु।

ओर्कनु-फर्कनु—ना० [(फाँ०) ओर्कनु+फर्कनु] १. बराबर फर्कनु; ओर्की-फर्की गर्नु। २. ओल्टनु-पल्टनु।

ओर्काइ-फर्काइ—ना० [(फाँ०) ओर्काइ+फर्काइ] यता-उति फर्काउने किसिम वा क्रिया; ओल्टाइ-पल्टाइ।

ओर्की-फर्की—ना० [(फाँ०) ओर्की + फर्क+ई] वार-वार कोल्टो फर्कने काम; ओल्टनु-पल्टनु।

ओर्लनु—अ० क्रि० [ओर्ह्लं] ओर्ह्लनु।

ओर्लाइ—ना० [ओर्ह्ल+आइ] ओर्ह्लने किसिम वा क्रिया।

ओर्लिइनु—अ० क्रि० [ओर्लि+इ+नु] ओर्लिने काम होइनु; ओर्ह्लिइनु; ('ओर्लिनु'-को भा० क्रि०)।

ओर्लिनु—अ० क्रि० [ओर्ल+इ+नु] ओर्लने काम होइनु; ओर्ह्लिनु; ('ओर्लनु'-को भा० क्रि०)।

ओर्ह्लनु—अ० क्रि० [ओह्रालो+नु] १. ओरालो लाग्नु; तलतिर झर्नु; तल उत्रनु। २. अवनति हुनु।

ओर्ह्लाइ—ना० [ओर्ह्ल+आइ] ओर्ह्लने किसिम वा क्रिया।

ओर्ह्लिइनु—अ० क्रि० [ओर्ह्लि+इ+नु] ओर्ह्लिने काम होइनु; ओरालो लागिनु; ('ओर्ह्लिनु'-को भा० क्रि०)।

ओर्ह्लिनु—अ० क्रि० [ओर्ह्ल+इ+नु] १. ओर्ह्लने काम होइनु; ओरालो लागिनु; ('ओर्ह्लनु'-को भा०क्रि०)। २. ओर्ह्लनु।

ओल—ना० [सं०] १. एउटै भेट्नामा लामा-लामा धेरै पात हुने, बाँकाको जस्तो नीलो फूल फुल्ने, हरियो घोगामा राता, पहेँला फल फल्ने र ठूलो कन्द हुने सानो एक बोट। २. त्यसैको कन्द; ओलक; सूरण। (आयुर्वेदमा यसको गुण अलकाईलाई फायदा गर्ने, रुचि-कारक र कफ-वात-नाशक बताइएको छ।) (वि०) ३. भिजेको; चिसो।

ओलक—ना० [वलक] मोही, रैतीहरूले तल्सिङलाई ल्याउने कोसेली; वलक।

ओलक—ना० [सं०] ओल।

ओलन—ना० [ने०] बाछाको निम्ति थुनमै अड़कलेर छोड़िएको दूध; पछि खानाका निम्ति राखिएको दूध।

ओला—ना० [सं० उपल] १. चीनीको डल्लो; ठन्डा गुण भएको एक प्रकारको चीनीको लड्डू। २. असिना।

ओली—ना० [ने०] थरी; किसिम; प्रकार।

ओलेँसी—ना० [ने०] भोजन रुचिकर पार्नाका निम्ति साथमा खाइने वस्तु; सितन।

ओल्छिइनु—अ० क्रि० [ओल्छि+इ+नु] ओल्छिने होइनु; ('ओल्छिनु'-को क० क्रि०)।

ओल्छिनु—अ० क्रि० [ओइलि+नु] साग-पात आदि घिउ-तेलमा ओइरिएर अलि-अलि पाक्नु।

ओल्छयाइ—ना० [ओल्छि+आइ] ओल्छिने किसिम वा क्रिया।

ओल्छयाउनु—स० क्रि० [ओल्छि+आउ+नु] साग-पात आदि घिउ-तेलमा ओइरेर अलि-अलि पाक्ने पार्नु।

ओल्टनु-पल्टनु—ना० [(फाँ०) ओल्टनु+पल्ट] ओर्कनु-फर्कनु।

ओल्टाइ-पल्टाइ—ना० [(फाँ०) ओल्टाइ+पल्टाइ] धेरै पटक पल्टाउने किसिम वा क्रिया; ओर्काइ-फर्काइ।

ओल्टा-कोल्टा—क्रि० यो० [(फाँ०)ओल्टा+कोल्टो] यता-उता; अगल-बगल; वर-पर।

ओल्टी—ना० [ने०] १. ऋण लिएर वन्धक बसेको मानिस। २. बन्धक राख्नु; बाँधा राख्नु।

ओल्टचाङ-पल्टचाङ—ना० [ओल्टनु + पल्टनु] फेरि-फेरि

CC-0. In Public Domain. Digitization by eGangotri

पल्टनबाजी खानु; ओल्डयाङ्ग-बल्डयाङ्ग; ओल्टाइ-पल्टाइ।

ओल्डयाङ्ग-बल्डयाङ्ग—ना० [(फाँ०) ओल्डयाङ्ग+बल्डयाङ्ग] पल्टनबाजी; बल्डयाङ्ग; ओल्टयाङ्ग-पल्टयाङ्ग।

ओल्सिनु—अ० क्रि० [ओल्छिनु] ओल्छिनु।

ओल्स्याइ—ना० [ओल्सि+आइ] ओल्छयाइ।

ओल्स्याइनु—स० क्रि० [ओल्सि+आइ+नु] ओल्सिन लाइनु; ('ओल्स्याउनु'-को क० क्रि०)।

ओल्स्याउनु—स० क्रि० [ओल्सि+आउ+नु] ओल्छयाउनु।

ओषधि—ना० [सं०] १. ओषधीको काममा आउने जड़ी-बूटी; वनस्पति। २. फल पाकेपछि सुक्ने बोटविशेष।

ओषधि-घर—ना० [सं०] १. वैद्य; चिकित्सक। २. चन्द्रमा।

ओषधि-नाथ—ना० [सं०] चन्द्रमा।

ओषधी—ना० [सं०] औषधि।

ओष्ठ—ना० [सं०] ओठ।

ओष्ठ्य—वि० [सं०] ओठको; ओठ-सम्बन्धी।

ओष्ठ्य-स्थानी—वि० [सं०] ओठबाट उच्चारण हुने; ओष्ठ्य। (उ, ऊ, प, फ, ब, भ, म—यी वर्णको उच्चारण ओठबाट हुन्छ।)

ओस—ना [प्रा०] १. राती चिसो हावाबाट खस्ने जल-कण; शीत। २. सेप; सर्दी।

ओसरा—ना० [सं० आश्रय] दलान; पिंढ़ी।

ओसाइ—ना० [ओसाउ+आइ] ओसाउने किसिम, क्रिया वा भाव।

ओसाइनु—अ० क्रि० [ओसाउ+इ+नु] ओसाउने काम होइनु; ओसिलो होइनु; ढाड़िइनु; ('ओसाउनु'-को भा० क्रि०)।

ओसाउनु—अ० क्रि० [ओस+आउ+नु] १. ओसिलो हुनु; चिसो हुनु; ढाड़िनु। २. सेलाउनु; ओथाउनु।

ओसार-पसार—ना० [ओसार्-पसार्] यताको माल उता, उताको माल यता बराबर ल्याउने-लैजाने गर्नु।

ओसाराइ—ना० [ओसार्+आइ] ओसार्ने किसिम वा क्रिया।

ओसारिनु—अ० क्रि० [ओसार्+इ+नु] १. अरूको कर-कापमा परेर बाध्य भएर जानु। (प्रथम र मध्यम पुरुषको तुच्छार्थमा मात्र प्रयोग हुन्छ।) (स० क्रि०) २. ओसार्ने काम गरिनु; ('ओसार्नु'-को क० क्रि०)।

ओसारो-पसारो—ना० [ओसार-पसार] ओसार-पसार।

ओसार्नु—स० क्रि० [वर+सार्+नु] एक ठाउँबाट अर्को ठाउँमा कुनै वस्तु लैजानु; माल-सामानको खेप गर्नु।

ओसिइनु—अ० क्रि० [ओसि+इ+नु] ओसिलो होइनु; ओसाइनु; ('ओसिनु'-को भा० क्रि०)।

ओसिनु—अ० क्रि० [ओस+इ+नु] ओसिलो हुनु; ढाड़िनु।

ओसिलो—वि० [ओस+इलो] ओस वा सर्दी लाग्ने किसिमको; चिसमिरो; सेपिलो (ठाउँ)।

ओस्याइ—ना० [ओस+आइ] ओसिने किसिम, क्रिया वा भाव।

ओस्याइ—ना० [ओस्याउ+आइ] ओस्याउने किसिम वा क्रिया।

ओस्याइनु—स० क्रि० [ओसि+याइ+नु] ओसिलो पारिनु; ओसिन लाइनु; ('ओस्याउनु'-को क० क्रि०)।

ओस्याउनु—स० क्रि० [ओसि+याउ+नु] ओसिलो पार्नु; सुकेका वस्तुमा केही चिसो भाव ल्याउनु; ('ओसिनु'-को प्रे० क्रि०)।

ओस्याहट—ना० [ओसि+याहट] ओसिने किसिम, क्रिया वा भाव; ओस्याइ।

ओह—वि० बो० [सं० अहो] हर्ष, आश्चर्य, शोक, दुःख आदिमा भनिने शब्द; अहो।

ओहदा—ना० [अ० उहदः] १. पद; दर्जा। २. औकात; हैसियत।

ओहो—वि० बो० [सं० अहो] आश्चर्य, आनन्द, विस्मात आदि लाग्दा भनिने शब्द; अहो।

ओहोर-दोहोर—ना० [(फाँ०) ओहोर+दोहोरो] फेरि-फेरि आउनु-जानु; आवत-जावत।

ओहोरी-दोहोरी—ना० [(फाँ०) ओहोरी+दोहोरो+ई] ओहोर-दोहोर।

ओह्रालिनु—स० क्रि० [ओह्राल्+इ+नु] ओह्राल्ने काम गरिनु; झारिनु; ('ओह्राल्नु'-को क० क्रि०)।

ओह्रालो—ना० [सं० अवतरण] १. तल ढलेको स्थल; भिरालो ठाउँ। (वि०) २. ओर्लनुपर्ने; भिरालो (ठाउँ)।

ओह्राल्नु—स० क्रि० [ओह्रालो+नु] तलतिर ल्याउनु; झार्नु।

औ

औ—देवनागरी वर्ण-मालाको चौधौं स्वर-वर्ण। यसको उच्चारण कण्ठ र ओष्ठ-स्थानबाट हुन्छ।

औ—संयो० [सं० अपर] र; अरू; अनि।

औ—ना० [सं०] १. अनन्त; शेष। २. पृथ्वी।

औंटर्नु—ना० [ने०] १. अम्तर्नु। २. औंटरेर सिएको सिलाइ।

औंटारिनु—स० क्रि० [औंटार्+इ+नु] औंटार्ने काम गरिनु; ('औंटार्नु'-को क० क्रि०)।

औंटार्नु—स० क्रि० [ने०] १. बम्बू, सेप्टी आदि हातले सिउनु। २. फाटेका ठाउँमा टालो नहाली टिपेर सिउनु।

औंठा-छाप—ना० [औंठो+छाप] बूढ़ी-औंलाको छाप; औंठोको छाप; ल्याप्चे छाप।

औंठी—ना० [प्रा० अङ्गुट्ठि] हात-गोड़ाका औंलामा लाउने गहना; अङ्गुलीयक।

औंठी-छाप—ना० [औंठी+छाप] १. व्यक्तिको नाम र संवत् खोपेको, औंठीमा जड़िने सानो छाप। २. त्यसैले लाएको छाप।

CC-0. In Public Domain. Digitization by eGangotri

औंठो—ना० [प्रा० अङ्गुट्ठो] हात-गोड़ाको सबभन्दा मोटो औंलो; बूढ़ी-औंलो ।
औंरो—ना० [सं० उल्व] शिशु जन्मदा साथमा आउने साल-नाल; काँढ़ो ।
औंलो—ना० [सं० अङ्गुल] हात वा गोड़ाको अगिल्लो भागमा रहेका शाखा; कर-शाखा ।
औंल्याइ—ना० [औंल्याउ+आइ] औंलाले देखाउने किसिम, क्रिया वा भाव ।
औंल्याइनु—स० क्रि० [औंल्याउ+इ+नु] औंलाले देखाइनु; औंलाले निर्देश गरिनु; ('औंल्याउनु'-को क० क्रि०) ।
औंल्याउनु—स० क्रि० [औंला+याउ+नु] १. औंलाले देखाउनु; औंलाले तोकेर निर्देश गर्नु; अङ्गुली-निर्देश गर्नु । २. इशारा गर्नु; सङ्केत गर्नु ।
औंसा—ना० [ने०] सड़े-गलेको मासु र अरू त्यस्तै पदार्थहरूमा पैदा हुने साना-साना सेता कीरा ।
औंसी—ना० [सं० अमावास्या] कृष्ण-पक्षको अन्तिम तिथि; कृष्ण-पक्षको चतुर्दशीपछिको तिथि; अमावस्या ।
औंस्याहा—ना० [औंसी+याहा] औंसीमा जन्मेको; अमावस्यामा जन्मेको ।
औकात—ना० [अ० औक़ात] आम्दानी-खर्चको स्तर; सावगास; हैसियत ।
औचित्य—ना० [सं०] उचित हुनाको भाव; उपयुक्तता ।
औजस—ना० [अपयश] अपयश ।
औजसिक—वि० [सं०] बलवान्; शक्ति-शाली ।
औजस्य—ना० [सं०] जीवन-शक्ति ।
औजार—ना० [अ० औज़ार] कालिगड़ी गर्ने सर-सामान; ज्याभल; हतियार ।
औज्ज्वल्य—ना० [सं०] उज्ज्वलता; चमक; कान्ति ।
औटा—प्रत्य० [ओटा] सङ्ख्या-वाचक शब्दहरूको पछिल्तिर लागेर प्रयोग हुने शब्द । (उदा०—तिनौटा, सातौटा इत्या०।)
औडव—ना० [सं०] सङ्गीतमा कुनै दुइ स्वरलाई वर्जित गरी केवल पाँच स्वरको मात्र प्रयोग गरेर गाइने रागको एक जाति ।
औड़ाहा—ना० [सं० आधि] मानसिक व्यथा; मनको डाह; छटपटी ।
औडुपिक—वि० [सं०] जल-यात्री ।
औताइनु—अ० क्रि० [औताउ+इ+नु] औताउने काम होइनु; आत्तिइनु; ('औताउनु'-को भा० क्रि०) ।
औताउनु—अ० क्रि० [आत्ति] १. आत्तिनु; अत्यासमा पर्नु । २. 'इच्छा-पूर्ति हुँदैन कि' भन्ने चिन्ता लिनु । ३. चौचौ लाग्नु; उत्कण्ठित हुनु ।
औतार—ना० [सं० अवतार] १. रूप; आकृति । २. अवतार ।
औतारी—वि० [सं० अवतारी] अवतारी ।
औतारे—वि० [औतार+ए] अवतारी ।
औताली—ना० [अपुताली] अपुताली ।
औत्कण्ठ्य—ना० [सं०] उत्कट इच्छा; अभिलाषा ।
औत्कर्ष्य—ना० [सं०] सर्व-श्रेष्ठता; उत्कृष्टता ।
औत्तापिक—वि० [सं०] उत्ताप-सम्बन्धी; उत्ताप पैदा गर्ने ।
औत्पत्तिक—वि० [सं०] १. उत्पत्ति-सम्बन्धी । २. प्राकृतिक ।
औत्पातिक—वि० [सं०] उत्पात-सम्बन्धी; विपत्ति-कारक ।
औत्सर्गिक—वि० [सं०] १. उत्सर्ग-सम्बन्धी । २. छोड्न योग्य; त्याज्य । ३. प्राकृतिक; स्वाभाविक ।
औत्सुक्य—ना० [सं०] १. उत्सुकता; उत्कण्ठा । २. चिन्ता; व्याकुलता ।
औदनिक—ना० [सं०] भान्से; पाचक ।
औदरिक—वि० [सं०] धेरै खाने; खन्चुवा; घिच्चू ।
औदर्य—वि० [सं०] १. पेटको; उदर-सम्बन्धी । २. गर्भमा रहेको; गर्भमा बसेको ।
औदार्य—ना० [सं०] उदार हुनाको भाव; उदारता ।
औदासिन्य—ना० [सं०] उदासीनता; उपेक्षा ।
औदास्य—ना० [सं०] उदासीनता; उपेक्षा ।
औदुम्बर—ना० [सं०] डुम्री धेरै भएको ठाउँ; डुम्रीको वन ।
औद्धत्य—ना० [सं०] उद्धत हुनाको भाव; उद्दण्डता ।
औद्भिद—वि० [सं०] १. भइँ फोरेर निस्कने; भइँफुट्टा । (ना०) २. छहराको पानी । ३. सिधे-नून ।
औद्योगिक—वि० [सं०] चीज-बीज तयार गर्ने कामसित सम्बन्ध भएको; उद्योग-सम्बन्धी ।
औद्योगिकीकरण—ना० [सं०] कुनै देशको उद्योग-धन्धा बढ़ाउनु; कल-कारखानाको उन्नति गर्नु ।
औधी—वि० [सं० अधिक] ज्यादा; धेरै; बिछट्ट ।
औन्स—ना० [अं० आउन्स] अन्दाजी सवा दुइ तोलाको अङ्ग्रेजी तौल; सोह्र ड्रामको तौल ।
औपचारिक—वि० [सं०] १. उपचार-सम्बन्धी । २. केवल देखाउनमात्र गरिएको; बाहिरी शिष्टाचारको मात्र पालन गरिएको; अवास्तविक; गौण । ३. नियमपूर्वकको; रीति-पूर्वकको; दस्तूरबमोजिमको ।
औपदेशिक—वि० [सं०] १. उपदेश-सम्बन्धी । २. उपदेश वा शिक्षण-कार्यबाट जीविका गर्ने ।
औपधिक—वि० [सं०] छली; कपटी ।
औपनिवेशिक—वि० [सं०] १. उपनिवेशको; उपनिवेश-सम्बन्धी । २. उपनिवेशमा बस्ने; उपनिवेश-निवासी ।
औपनिषद—वि० [सं०] १. उपनिषद्मा भनिएको । (ना०) २. ब्रह्म; ईश्वर । ३. उपनिषद्का सिद्धान्तको अनुयायी ।
औपन्यासिक—वि० [सं०] १. उपन्यास-सम्बन्धी । २. उपन्यासका किसिमको । ३. अद्भुत; अनौठो ।
औपपत्तिक—वि० [सं०] १. उपपत्ति-युक्त; युक्ति-सङ्गत । २. तर्कबाट सिद्ध हुने ।
औपम्य—ना० [सं०] १. समता; सादृश्य; बराबरी । (वि०) २. उपमा दिन लायक ।
औपयोगिक—वि० [सं०] उपयोग-सम्बन्धी ।

CC-0. In Public Domain. Digitization by eGangotri

औपसर्गिक–वि० [सं०] १. उपसर्ग-सम्बन्धी। २. महामारी रोग-सम्बन्धी।

औपस्थिक–वि० [सं०] व्यभिचारबाट जीविका चलाउने।

औपहारिक–वि० [सं०] १. उपहार-सम्बन्धी। २. कोसेलीको काम लाग्ने।

औरस–ना० [सं०] विवाहिता स्त्रीबाट जन्मेको छोरो।

और्ध्वदेहिक–वि० [सं०] १. मरेका व्यक्तिको उद्देश्यले गरिने। (ना०) २. प्रेत-कर्म; अन्त्येष्टि-कर्म।

औल–ना० [ने०] १. प्रायः गर्मी र हावा-पानी खराब भएको ठाउँ; खोँच। २. खराब हावा-पानी वा लाम्खुट्टेबाट उत्पन्न हुने रोग; काम-जरो; मलेरिया।

औलाद–ना० [अ०] सन्तान; सन्तति; छोरा-छोरी।

औला-दौला–ना० [औलाद+दौलत] प्रशस्त सुख र सम्पत्ति; अलेख धन र आनन्द।

औलिया–वि० [औलो+इया] औल लागेको; औलको ज्वर बराबर आउने।

औलिया–ना० [अ०] १. मुसलमान सन्त। २. सिद्ध; महात्मा।

औलिया-बयर–ना० [औलिया+बयर] १. बाटुला साना पात, राता साना-साना गोल फल, मसिना खैरा फूल फुल्ने एक लता। २. त्यसैको फल; कोल।

औलूखल–वि० [सं०] १. ओखल-सम्बन्धी। २. ओखलमा कुटिएको (चामल, चिउरा आदि)।

औलो–ना० [औल] औल।

औषध–ना० [सं०] १. जड़ी-बूटी; औषधीको काममा आउने वनस्पति। २. ओखती।

औषधालय–ना० [सं०] औषधीहरू दिइने, गरिने वा बिक्री हुने ठाउँ।

औषधि–ना० [सं०] औषधी।

औषधी–ना० [सं०] १. रोग निको पार्ने वा शरीर तन्दुरुस्त पार्ने वस्तु; ओखती। २. उपाय; प्रयत्न।

औषधीय–वि० [सं०] १. औषधि-सम्बन्धी। २. जड़ी-बूटी-बाट तयार भएको।

औष्ट्र–वि० [सं०] ऊँटको; उष्ट्र-सम्बन्धी।

औठ–वि० [सं०] ओठको; ओष्ठ-सम्बन्धी।

औष्ठ्य–वि० [सं०] ओठसित सम्बन्ध भएको; ओठबाट उच्चारण हुने।

औष्ठ्य-वर्ण–ना० [सं०] ओठबाट उच्चारण हुने वर्ण; उ, ऊ, प, फ, ब, भ, म–यी वर्ण।

औष्म्य–वि० [सं०] १. ग्रीष्म ॠतु-सम्बन्धी। २. उष्मा-सम्बन्धी। (ना०) ३. गर्मी; उष्णता।

औसत–ना० [अ०] सरदर; साला-खाला।

औसर–ना० [सं० अवसर] १. अवसर; मौका। २. समय; वेला। ३. फुर्सद; अवकाश।

औसानी–ना० [सं० अग्रासन] भोजन गर्नुभन्दा पहिले देवता वा पितृको उद्देश्यले दिइने अन्न; वलि; अप्सानी।

क

क–देवनागरी वर्ण-मालाको पहिलो व्यञ्जन-वर्ण। यसको उच्चारण कण्ठ-स्थानबाट हुन्छ।

क–ना० [सं०] १. ब्रह्मा। २. विष्णु। ३. कामदेव। ४. पक्षी।

कँठिनी–वि० [काँठे+इनी] काँठमा बस्ने; काँठमा रहने (स्त्री)।

कँड़ाली–ना० [सं० करण्डी] उझिन्डो लागेको चोयाको भाँड़ो; पूजा-सामा, फल-फूल तरकारी आदि हाल्ने काममा उपयोग गरिने चोयाको भाँड़ो; करण्ड।

कँड़ेल–ना० [सं० करवीर] भिन्न-भिन्न रङ्गका फूल फुल्ने, एक अमल चौड़ाइ र एक बित्ता लामो पात हुने विशालु बोटविशेष; करवीर।

कँधेउली–ना० [काँध] दुवै छेउमा भारी झुन्ड्याएर काँधमा बोक्ने काठ, बाँस आदिको साधन; नोल।

कँधेरी–ना० [काँध+एरी] काँधमा लाउने वस्त्र; काँधे।

कँध्याहा–वि० [काँध+याहा] १. कुनै काम-कुरामा अरूलाई बहकाएर उसलाई सहायता गर्ने; उचाल्ने। २. काँधे; बोकाहा।

कँपाइ–ना० [काँप्+आइ] काँप्ने किसिम, क्रिया वा भाव; कमाइ।

कँपाइनु–स० क्रि० [काँप्+आइ+नु] काँप्न लगाइनु; काँप्ने पारिनु; ('कँपाउनु'-को क० क्रि०)।

कँपाउनु–स० क्रि० [काँप्+आउ+नु] थरथर काँप्ने पार्नु; कमाउनु; कम्प गराउनु; ('काँप्नु'-को प्रे० क्रि०)।

कंस–ना० [सं०] १. कृष्णको मामा। (वि०) २. दुष्ट; दुर्जन।

कई–वि० [प्रा० कइ] कति; अनेक; धेरै।

ककड़ी–ना० [सं० कर्कटी] घिरौँलाका आकारको, काँक्राका जातको, प्रायः गर्मीको समयमा बालुवा-प्रधान चिसमिरो भूमिमा फल्ने फलविशेष।

ककरी–ना० [सं० कर्कटी] ककड़ी।

ककस–सर्वना० [कस+कस] विभक्ति लागेरमात्र प्रयोग हुने 'को'-को द्विरुक्ति वा बहु-वचनको रूप; 'कस'-को द्विरुक्ति।

कका–ना० [नेवा०] चङ्गामा तल-माथि लाएको दोहोरो धागो।

ककार–ना० [सं०] १. 'क'-अक्षर; व्यञ्जन-वर्णको प्रथम अक्षर। २. ब्रह्मा।

ककुद–ना० [सं०] १. पहाड़को शिखर; टाकुरो। २. साँढ़ेको जुरो। ३. राज-चिह्न।

ककुद्मान्–वि० [सं०] १. टाकुरा भएको। २. जुरो भएको।

CC-0. In Public Domain. Digitization by eGangotri

ककुभ्–ना० [सं०] १. दिशा। २. कान्ति; प्रभा। ३. धर्म-शास्त्र। ४. पर्वतको शिखर।

ककुभ–ना० [सं०] १. वीणाको घुमेको दण्ड। २. अर्जुन वृक्ष; काउलो।

कक्कड़–ना० [प्रा० कक्कर] सानो चिलिममा भरेर धूवाँ तान्ने एक किसिमको तमाखु; तमाखु र सुर्ती कुटेर बनाएको धूलो।

कक्कु–ना० [नेवा०] घाँटी; गलो।

कक्रक्क–क्रि० यो० [ने०] १. जाड़ो, रोग आदिले अङ्ग-प्रत्यङ्ग नचल्ने किसिम; कक्रिने किसिम। २. चल्मलाउन नहुने गरी समाउने किसिम। ३. सुकेर दरो हुने किसिम; ठर्रो हुने किसिम।

कक्रनु–अ० क्रि० [कक्रक्क+नु] कक्रक्क पर्नु; गँगरिनु; कठचाङग्रिनु।

कक्राइनु–अ० क्रि० [कक्र+आइ+नु] कक्रन लाइनु; कक्रक्क पारिनु; ('कक्राउनु'-को क० क्रि०)।

कक्राउनु–स० क्रि० [कक्र+आउ+नु] कक्रन लाउनु; कक्रक्क पार्नु; ('कक्रनु'-को प्रे० क्रि०)।

कक्रिइनु–अ० क्रि० [कक्रि+इ+नु] कक्रने काम होइनु; कक्रक्क परिनु; ('कक्रिनु'-को० भा० क्रि०)।

कक्रिनु–अ० क्रि० [कक्र+इ+नु] १. कक्रने काम होइनु; कक्रक्क परिनु; ('कक्रनु'-को भा० क्रि०)। २. कक्रनु।

कक्रेजा–ना० [फा० काकरेज़] १. रातो र सेतो मिसिएको रङ्ग। (वि०) २. रातो र सेतो मिसिएको रङ्गको।

कक्ष–ना० [सं०] १. काखी। २. धोतीको काछ। ३. घरको कोठा। ४. देहात; कछाड़। ५. सुकेको घाँस। ६. अन्तःपुर। ७. दर्जा; श्रेणी। ८. पटुका; कमर-पेटी।

कक्षा–ना० [सं०] १. दर्जा; श्रेणी; स्तर। २. घेरा; परिधि। ३. ग्रहहरू घुम्ने मार्ग। ४. पर्खाल; गाह्रो। ५. काखी। ६. काखीको खटिरो; कखौतो। ७. कमर। ८. धोतीको छेउ।

कखहरा–ना० [कख+हार] क, ख आदि वर्णको पङक्ति; वर्ण-माला।

कखौतो–ना० [काखी+औतो] काखीमा आउने एक किसिमको खटिरो।

कङ्क–ना० [सं०] मांसाहारी ठूलो जातको चरोविशेष; सेतो चील। (यसको प्वाँख बाणको फेदमा लगाइन्थ्यो।)

कङ्कड़–ना० [प्रा० कक्कर) ढुङ्गाका साना-साना टुक्रा; गेगर।

कङ्कण–ना० [सं०] नारीमा लाउने सुन, चाँदी आदिको बाला; कनकन।

कङ्कतिका–ना० [सं०] काङ्गियो।

कङ्कला-शब्द–ना० [सं० कङ्काल+शब्द] ठूलो स्वरको रुवाइ; डाँको; चिच्च्याहट।

कङ्कला-सुर–ना० [सं० कङ्काल+स्वर] ठूलो स्वर; ठूलो स्वरले बोल्नु; डाँको छोड्नु।

१९

कङ्काल–ना० [सं०] शरीरका हाड़मात्रको आकार; अस्थि-पञ्जर।

कङ्काल-माली–वि० [सं०] १. हाड़को माला लाउने। (ना०) २. शिव। ३. भैरव।

कङ्कालिनी–ना० [सं०] १. दुर्गा। (वि०) २. प्रचण्ड स्वभावकी (स्त्री); कर्कशा।

कङ्कोल–ना० [सं०] १. कबाब-चीनी; शीतल-चीनी। २. फल-कपूर; बन-कपूर।

कङ्क्रीट–ना० [अं०] १. चून, बालुवा, ईँटका टुक्रा आदि वा सिमेन्ट, बालुवा, पत्थरका टुक्रा आदि मिसाएर बनाएको छत, कौसी आदि बनाउँदा हालिने मसला। २. ईँट-पत्थरका साना-साना टुक्रा।

कङ्गना–ना० [सं० कङ्कण] दुलहाको नारीमा बाँध्ने डोरो।

कङ्गाल–वि० [सं० कङ्काल] गरीब; निर्धन।

कङ्गाली–ना० [कङ्गाल+ई] दरिद्रता।

कङगु–ना० [सं०] कागुनु।

कङ्ग्रेस–ना० [अं०] १. सम्मेलन। २. सङ्घटन अथवा समुदायविशेषका प्रतिनिधिहरूको ठूलो बैठक; काङग्रेस।

कङल्याङ-कुङल्याङ–क्रि० यो० [ने०] धेरै जनाले बोलेको अस्पष्ट शब्द; खल्याङ-बल्याङ।

कच–ना० [फा० कज (?)] १. विशेष कुरा सूचित गर्नका निमित्त शब्द वा वाक्यको तलतिर दिइने धर्को। २. लेख वा प्यारा-को अन्तिम हरफमा अक्षर नभरिएको ठाउँमा तानिने रेखा।

कच–ना० [सं०] १. रौँ; कपाल। २. सुकेको घाउ। ३. बादल। ४. बृहस्पतिका छोरा।

कचकच–ना० [ने०] नचाहिँदो वा दिक्क-लाग्दो कुरा वार-वार गरिरहनु; करकर; फतफत; क्याउँ-क्याउँ।

कचकचाइनु–स० क्रि० [कचकचाउ+इ+नु] कचकच गरिनु; झिंज्याइनु; ('कचकचाउनु'-को क० क्रि०)।

कचकचाउनु–स० क्रि० [कचकच+आउ+नु] कचकच गर्नु; करकर गर्नु; झिंज्याउनु।

कचकचिया–ना० [कचकच+इया] १. रछ्यायो भावको टाउको, सिम्रिक रङ्गको पेट, आँखा र पुच्छर सेता भएको एक जातको चरो। २. फुस्रो खैरो भुत्ला, पहेँलो चुच्चो र पहेँलै खुट्टा हुने एक जातको चरो।

कचकचे–वि० [कचकच+ए] कचकच गर्ने; करकरे; फतफते।

कचपच–ना० [कचमच] कचमच।

कचमच–ना० [ने०] गड़बड़; खिचोला।

कचमचिइनु–अ० क्रि० [कचमचि+इ+नु] कचमचिने काम होइनु; गड़बड़िइनु।

कचमचिनु–अ० क्रि० [कचमच+इ+नु] बीचमा कुनै विघ्न-बाधाले अचकल्टो हुनु; गड़बड़िनु।

कचमच्याइ–ना० [कचमचि+आइ] कचमचिने किसिम, क्रिया वा भाव।

कचर-पचर–ना० [ने०] स्वास्थ्यलाई फायदा नगर्ने जथाभावी

CC-0. In Public Domain. Digitization by eGangotri

खानेकुरा; कच्याङ-कुचुङ।

कचरिया–ना० [काँचो] पहेँलो फूल फुल्ने र बाटुला पात हुने सानो लहरामा फल्ने ऐरेलुजस्तो सानो फल।

कचहरी–ना० [प्रा० किच्चहरिआ] १. अड्डा; दफ्तर। २. अदालत; न्यायालय। ३. सभा; गोष्ठी।

कचिँगल–ना० [कचिङ्गल] कचिङ्गल।

कचिङ्ल–ना० [कचिङ्गल] कचिङ्गल।

कचिङ्गल–ना० [ने०] १. आपस्तको झगड़ा; कलह। २. खिचोला; बाधा। ३. भाँजी; विघ्न।

कचिया–ना० [काँचो+इया] काँचो वा नसुकेको; हरियो (रूख)।

कचिया–ना० [ने०] करौँतीको जस्तो दाँत भएको हँसिया; आँसी।

कचूर–ना० [सं०] हलेदाको जस्तो पात र फूल हुने, कपूरको जस्तो वास्ना आउने कन्द हुने एक बोट।(आयुर्वेदमा यसको गुण कफ-वात-नाशक,रेचक र अग्नि-दीपक बताइएको छ।)

कचेटाइ–ना० [कचेट्+आइ] कचेट्ने किसिम, क्रिया वा भाव।

कचेटिनु–अ० क्रि० [कचेट्+इ+नु] १. अर्कालाई मन नपर्ने गरी धेरै बेरसम्म बसिरहनु; थच्चिनु। २. नहुँदा-नहुँदै पनि कर-बलले कुनै ठाउँमा बस्न बाध्य हुनु।(स० क्रि०) ३. कचेट्ने काम गरिनु; ('कचेट्नु'-को क० क्रि०)।

कचेट्नु–स० क्रि० [घचेट्+नु] १. मन नपरेको ठाउँमा कर-कापले बसाउनु। २. इच्छा नभएको ठाउँमा बल-जफ्ती गरीप ठाउनु।

कचेरा–ना० [अ० कसर] चिप्रा।

कचौड़ी–ना० [हिं०] भित्र मस्यौटो हालेर पकाइने एक किसिमको पूरी; कचौरी।

कचौरा–ना० [काँस+औरा] तिहुन, तर्कारी आदि हालेर खाने भाँडो।

कचौरी–ना० [कचौरा+ई] १. सानो कचौरा; खोला। २. जगमगको सानो टीका; झल्कने एक किसिमको टीका।

कचौरी–ना० [हिं० कचौड़ी] भित्रपट्टि मस्यौटो हालेर पकाएको एक किसिमको पूरी।

कच्चा–वि० [सं० कषाय] १. नपाकेको; अपरिपक्व; काँचो। २. चाँड़ै बिग्रने; निर्धो।

कच्चावारी–ना० [कच्चा+वारी] स्रेस्तामा प्रत्येक कलमको देहाय; फाँटवारी।

कच्चिइनु–अ० क्रि० [कच्चि+इ+नु] कच्चिने काम होइनु; थच्चिइनु; ('कच्चिनु'-को भा० क्रि०)।

कच्चिनु–अ० क्रि० [ने०] थुप्रिनु; थच्चिनु।

कच्ची–वि० [कच्चा+ई] १. कच्चा; कमसल। २. काँचो ईँटको गाह्रो र पराले छाना भएको (घर)। (ना०) ३. नकली वस्तु। ४. धुँदा उड्ने (रङ्ग)।

कच्चेट–ना० [ने०] १. कामको भीड़; धेरै काम। २. कुनै वस्तुको थुप्रो। ३. बाल्नाका निम्ति काटिराखेको दाउराको थुप्रो।

कच्चेटाइ–ना० [कच्चेट्+आइ] कच्चेट्ने किसिम, क्रिया वा भाव; कचेटाइ।

कच्चेटिनु–अ०क्रि० [कच्चेट्+इ+नु] कचेटिनु; ('कच्चेट्नु'-को भा० क्रि०)।

कच्चेट्नु–स० क्रि० [घचेट्+नु] कचेट्नु।

कच्चे-बाह्र–ना० [सं० कक्षा+बाह्र] पन्जा, छक्का र पोट मिलेर हुने पासाको एक दाउ।

कच्च्याइनु–स० क्रि० [कच्चि+याइ+नु] कच्चिन लाइनु; थच्च्याइनु; ('कच्च्याउनु'-को क० क्रि०)।

कच्च्याउनु–स० क्रि० [कच्चि+याउ+नु] कच्चिन लाउनु; थच्च्याउनु; ('कच्चिनु'-को प्रे० क्रि०)।

कच्छ–ना० [सं०] १. छेउ; किनारा। २. सीमा। ३. जल-प्राय देश। ४. धोतीको छेउ।

कच्छप–ना० [सं०] १. कछुवा; ठोटरी। २. विष्णुका दश अवतारमध्ये एक।

कच्छपावतार–ना० [सं०] विष्णुका चौबीस अवतारमध्ये दोस्रो अवतार।

कच्छपी–ना० [सं०] १. सरस्वतीको वीणा। २. पोथी कछुवा।

कच्याक-कुचुक–क्रि०यो० [(फाँ०) कच्याक+कुचि] १. धातु आदिका पातला भाँड़ा-कुँड़ाहरू धेरै नै कुचिने किसिम; कपड़ा, कागत आदि धेरै नै खुम्चिने किसिम; किचि-मिची। २. मुखाकृति ठीकसित नबन्नाको किसिम; अनु-हारको एक क़िसिमको विकृति। ३. आँखा पाकेर चिम्सो हुने किसिम।

कच्याङ-कुचुङ–ना० [ने०] धेरै थरीको चानचुने खानेकुरा; कचर-पचर।

कच्याङ-मच्याङ–ना० [अनु०] १. कुच्याङ-कुचुङ। २. जथाभाबी। ३. झगड़ा; कचिङ्गल।

कछाड़–ना०[सं० कच्छ] १. छोटो धोती; सानो किसिमको धोती; लँगौटी। २. समीपस्थ क्षेत्र (नदी, शहर आदिको)।

कछाड़िया–वि० [कछाड+इया] कछाड़को।

कछार–ना० [सं० कच्छ] कछाड़।

कछारिया–वि० [कछार+इया] कछाड़िया।

कछुवा–ना० [सं० कच्छप] हाड़को आवरणले सम्पूर्ण पिठ्यूँ ढाकिएको जल र थलमा हिँड्ने जन्तुविशेष; कच्छप; ठोटरी।

कजाइँ–ना० [काजी+आइँ] काजीको काम वा इज्जत।

कजाइ–ना०[कजाउ+आइ] कजाउने किसिम,क्रिया वा भाव।

कजाइनु–स० क्रि० [कजाउ+इ+नु] काममा जोतिनु; लदाइनु; ('कजाउनु'-को क० क्रि०)।

कजाउनु–स० क्रि० [काज+आउ+नु] १. काममा जोत्नु; लदाउनु। २. काबूमा ल्याउनु; आफ्नो हैकममा ल्याउनु।

कजिनी–ना० [काजी+नी] १. काजीकी स्त्री। २. क्षत्रिय स्त्रीको आदर-सूचक शब्द।

CC-0. In Public Domain. Digitization by eGangotri

कजिया–ना० [काज+इया] काम-काज गर्ने नोकर-चाकर।

कज्जल–ना० [सं०] १. गाजल; अञ्जन। २. सुर्मा। ३. मोसो।

कज्याइँ–ना० [काजी+याइँ] काजीको काम वा इज्जत; कजाइँ।

कज्याइनु–स० क्रि० [कज्याउ+इ+नु] कजाइनु; ('कज्याउनु'-को क० क्रि०)।

कज्याउनु–स० क्रि० [कजाउ+नु] कजाउनु।

कञ्चट–ना० [सं०] पानी-लुँड़े।

कञ्चन–ना० [सं०] १. सुन; सुवर्ण। (वि०) २. स्वच्छ; शुद्ध; निर्मल; सङ्लो।

कञ्चनजङ्घा–ना०[सं०] नेपालको उत्तर-पूर्वी सीमामा रहेको कुम्भकर्ण हिमालको सर्वोच्च शिखर।

कञ्चुक–ना० [सं०] १. शरीरको माथिल्लो भागमा लाउने एक किसिमको लुगा। २. कपड़ा; वस्त्र। ३. कवच। ४. सर्पको काँचुली।

कञ्चुकी–ना० [सं०] १. चोलो। २. अन्तःपुरका नोकर-चाकरहरूको नाइके; अन्तःपुर-रक्षक। ३. द्वार-पाल।

कञ्ज–ना० [सं०] १. कमल। २. ब्रह्मा। ३. कपाल; केश। ४. अमृत।

कट–ना० [नेवा० क] जाँड़ वा रक्सीको छोक्रा; जाँड़-रक्सी झिकिसकेको सिट्ठी।

कट–ना० [सं०] १. सुकुल; गुन्द्री। २. हात्तीको गण्ड-स्थल। ३. लाश; शव। ४. श्मशान।

कटक–ना० [सं०] १. सुनको बाला। २. सेना; फौज। ३. राज-शिविर। ४. पहाड़को मध्य भाग। ५. हात्तीको गण्ड-स्थल। ६. सुकुल; गुन्द्री।

कटकट–क्रि० यो० [अनु०] १. घिउ-तेल आदि तताउँदा छड्केर आवाज आउने किसिम। २. दाह्रा किट्ने किसिम। ३. मूसाले वा कुनै हतियारले काट्दा अवाज आउने किसिम। ४. कपड़ा आदिमा बाक्लो मैल बस्ने किसिम।

कटकटती–क्रि० यो० [कटकट+ती] कटकटी।

कटकटाइ–ना० [कटकटाउ+आइ] कटकटाउने किसिम, क्रिया वा भाव।

कटकटाइनु–अ० क्रि० [कटकटाउ+इ+नु] कटकटाउने काम होइनु; कटकटिइनु; ('कटकटाउनु'-को भा० क्रि०)।

कटकटाउनु–अ० क्रि० [कटकट+आउ+नु] १. घिउ-तेल आदि कटकट शब्द आउने गरी पाक्नु। २. रीसले वा निद्रामा दाह्रा किट्नु। ३. कटकटिनु।

कटकटिइनु–अ० क्रि० [कटकटि+इ+नु] कटकटिने काम होइनु; ('कटकटिनु'-को भा० क्रि०)।

कटकटिनु–अ० क्रि० [कटकट+इ+नु] लेसाइलो पदार्थ वा मैल आदि टाँसिएर सुक्नु।

कटकटी–क्रि० यो० [कटकट+ई] कटकट।

कटकट्याइ–ना० [कटकटि+आइ] कटकटिने किसिम, क्रिया वा भाव।

कटकट्याइनु–स० क्रि० [कटकटि+याइ+नु] कटकटिन लाइनु; कटकटिने पारिनु; ('कटकट्याउनु'-को क०क्रि०)।

कटकट्याउनु–स० क्रि० [कटकटि+याउ+नु] कटकटिने पार्नु; ('कटकटिनु'-को प्रे० क्रि०)।

कटक-बिजुली–ना० [कष्ट-बिजुली] हल्का करेन्ट लाग्ने एक किसिमको बिजुली; कठ-बिजुली। (प्रायः यसको प्रयोग अपराधीलाई साबित गराउनमा हुन्छ।)

कटकिना–ना० [ने०] ठेकदारसँग ठेक्कामा लिइने ठेक्का वा काम।

कटकिन्दार–वि० [कटकिना+दार] ठेकदारसँग ठेक्कामा काम लिने; कटकिना लिने।

कटकिन्दारी–ना० [कटकिन्दार+ई] ठेकदारसँग ठेक्कामा लिइने काम; कटकिनाको काम।

कटक्क–क्रि० यो० [अनु०] १. एकै चोटि छिनिने गरी काट्नु। २. टोक्ने किसिम। ३. चिसो पानी वा बरफ आदिले ठिहि्र्याउने किसिम।

कटनी–ना० [काट्+नी] १. काट्न; कटाइ। २. कट्टी गर्नु; कटाउनु।

कटनी-मटनी–ना० [कटनी+मटनी (फाँ०)] १. काट-कुट गर्नु। २. कट्टी-मट्टी; छिना-फाना।

कट-बाँस–ना० [सं० कण्टक-वंशम्] भित्र खोक्रो नभएको एक जातको बाँस। (यसको प्रायः डन्डा बनाइन्छ।)

कटभी–ना० [सं०] कराही वृक्ष।

कट-मट–क्रि० यो० [काट्+मट (फाँ०)] १. कसैसितको मानसिक द्वेष; भित्र-भित्रैको वैर-भाव। २. कट्टा गर्नु; कट्टी-मट्टी।

कटर–ना० [अं० कॅर्डेरॅय] एक जातको सूती कपड़ा।

कटहर–ना० [सं० कण्टकी-फल] काँढे खस्रो बोक्रा भएको, काँचोमा तरकारी खाइने, पाकेपछि गुलिया ठूला-ठूला फल हुने वरका जस्ता पात हुने एक जातको रूख। २. त्यसैको फल।

कटहर-चम्पा–ना० [कटहर+चम्पा] कटहरको जस्तो बास्ना आउने, लतामा फुल्ने, हरियो रङ्गको फूलविशेष।

कटाइ–ना० [काट्+आइ] काट्ने किसिम, क्रिया वा भाव।

कटाइनु–स० क्रि० [काट्+आइ+नु] काट्न लाइनु; काट्ने काम गराइनु; ('कटाउनु'-को क० क्रि०)।

कटाउनु–स० क्रि० [काट्+आउ+नु] काट्न लाउनु; काट्ने काम गराउनु; ('काट्नु'-को प्रे० क्रि०)।

कटाकट–क्रि० यो० [कटकट] धमाधम काट्ने किसिम; छटाछट; चटाचट।

कटाक्ष–ना० [सं०] १. आँखाको कुनाबाट भावपूर्ण ढङ्गले हेर्नु; प्रेमपूर्वक हेर्नु; कर्के आँखाको हेराइ। २. रीसले टेढ़ो दृष्टिले हेर्नु। ३. बाझाबाझ; काटो-छिनु; कटाच्छे।

कटाक्ष-पात–ना० [सं०] १. कसैको कुनै काममा ईर्ष्याको दृष्टि लाउनु। २. लाज, धक र प्रेम-युक्त दृष्टिले आँखाको

CC-0. In Public Domain. Digitization by eGangotri

कुनातिरबाट हेर्नु (युवतीले)।

कटाग्नि–ना० [सं०] सुकेका घाँस-परालको आगो।

कटाच्छे–ना० [सं० कटाक्ष] धूमधामको झगड़ा; कलह; काटो-छिनु।

कटार–ना० [कटारी] कटारी।

कटारी–ना० [सं० कट्टार] १. दुवैतिर धार भएको घोच्ने हतियार; एक किसिमको छुरा। २. कर्द; काट्ने सानो हतियार।

कटारो–ना० [कटार] कटार।

कटारो–ना० [ने०] १. कामको हड़बड़; चटारो। २. कसैलाई गाली गर्ने वा होच्याएर भन्ने शब्द।

कटाह–ना० [सं०] १. ठूलो कराही। २. कछुवाको पिठ्यूँको खप्पर। ३. भैंसीको पाड़ो।

कटाहा–वि० [काट्+आहा] १. छुच्चो। २. किरन्टोकी; कन्जुस।

कटि–ना० [सं०] १. कमर। २. चाकका फिला। ३. हात्तीको गण्ड-स्थल।

कटि-बद्ध–वि० [सं०] कमर कसेको; तम्सिएको; तत्पर।

कटि-बन्ध–ना० [सं०] १. पटुका; कमर-पेटी। २. सर्दी-गर्मीका विचारले गरिएका पृथ्वी का पाँच भागमध्ये एक।

कटि-मण्डन–ना० [सं०] १. कमरको गहना; कटि-सूत्र। २. कमर-पेटी।

कटि-सूत्र–ना० [सं०] १. मेखला; कटि-मण्डन। २. इँजार। ३. कन्धनी।

कटु–वि० [सं०] १. पिरो; छ रसमध्ये एक। २. रूखो; कर्कश। ३. मन नपर्दो; अप्रिय।

कटु-कन्द–ना० [सं०] अदुवा।

कटुका–ना० [सं०] १. कुटकी बूटी। २. खुर्सानी।

कटु-तुम्बी–ना० [सं०] तीते-तुम्बा।

कटुवा–वि० [काट्+उवा] काटिएको; कट्टी गरिएको।

कटुवाल–ना० [ने०] गाउँ-घरमा उर्दी-पुर्दी सुनाउने काम गर्ने सिपाहीसरहको सरकारी कर्मचारी।

कटुस–ना० [ने०] फलाँटका जस्ता पात र गेड़ा फल्ने बलियो जातको रूखविशेष।

कटूक्ति–ना० [सं०] मन नपरेको कुरा; अप्रिय वचन।

कटेरो–ना० [काठ+घेरो] १. गाई-वस्तु बाँध्ने ठाउँ; गोठ। २. छाप्रो; टहरो।

कटौरा–ना० [कचौरा] कचौरा; वटुको।

कटौरी–ना० [कचौरी] १. कचौरी; सानो वटुको। २. खोपिल्टो।

कट्कनु–अ० क्रि० [कट्क+नु] कटकट शब्द आउने गरी घिउ-तेलमा पाक्नु; कड्कनु; कटकटाउनु।

कट्काइ–ना० [कट्क+आइ] कट्कने किसिम, क्रिया वा भाव।

कट्काइनु–स० क्रि० [कट्क+आइ+नु] कटकट शब्द आउने गरी पकाइनु; कट्कने पारिनु; कड्काइनु; ('कट्काउनु'-को क० क्रि०)।

कट्काउनु–स० क्रि० [कट्क+आउ+नु] कटकट शब्द आउने गरी पकाउनु; कट्कने पार्नु; कड्काउनु; ('कट्कनु'-को प्रे० क्रि०)।

कट्किनु–अ० क्रि० [कट्क+इ+नु] कटकट शब्द आउने गरी पाकिनु; कटकटाइनु; कड्किनु; ('कट्कनु'-को भा० क्रि०)।

कट्कुरो–ना० [काठ+कुरो] दाउरा, पराल आदि राख्न घरको छेउमा बनाएको सानो कटेरो; दुइ घरका बीच घाँस, पराल आदि राख्न बनाइएको सानो ठाउँ।

कट्ट–क्रि० यो० [अनु०] एकै चोटि छिनिने गरी काट्ने किसिम; कटक्क।

कट्टर–वि० [हिं०] १. आफ्नो धर्म वा विश्वासमा दृढ रहने। २. परम्परागत रूढिवादी; अन्ध-विश्वासी। ३. हठी; दुराग्रही।

कट्टा–ना० [काट्] १. काट्नु; कट्टी। (वि०) २. काटिएको; कट्टू (अरू शब्दको पछिल्तिर लागेरमात्र प्रयोग हुने।) (उदा०–मुर्कट्टा, मासिक-कट्टा आदि)।

कट्टी–ना० [काट्+ई] १. काट्नु; कट्टा। २. चुक्ती; बेमाख; छिना-फाना।

कट्टी-मट्टी–ना० [कट्टी+मट्टी (फाँ०)] कट्टा-कट्टी; छिना-फाना; फछर्यौट।

कट्टु–ना० [काट्+उ] १. घुँड़ासम्म मात्र आउने, फराकिलो मुख भएको एक किसिमको सुरुवाल; जाँघे। (वि०) २. काटिएको।

कट्टू–वि० [काट्+ऊ] १. काटिएको; कट्टा। (ना०) २. जाँघे; कट्टु।

कट्टो–वि० [ने०] राम्ररी नपाकेको; अधकल्चो; कट्मिरो।

कट्ठा–ना० [हिं०] सोह्र सय बीस वर्ग हातको जमीनको नाप; एक बिघाको बीसौं भाग।

कट्मिरो–वि० [ने०] १. राम्ररी नपाकेको; अधकल्चो; कट्टो। २. अलि-अलि अमिलो; अमिलस्याहा।

कट्मेरो–वि० [कट्मिरो] कट्मिरो।

कट्याक-कुटुक–ना० [अनु०] भुटेका गेड़ा अन्न; मकै, भटमास, चिउरा आदि खानेकुरो; चमेना।

कट्याक्क–क्रि० यो० [अनु०] १. दह्रो वस्तु भाँचिदा आवाज आउने किसिम; पट्याक्क। २. साह्रो वस्तु टोक्दा शब्द आउने किसिम; कटक्क।

कट्याङ-कुटुङ–ना० [अनु०] कट्याक-कुटुक।

कट्वी–ना० [सं०] काल-जराको लहरो।

कठ–ना० [सं०] यजुर्वेदको एक शाखाका प्रवर्तक ऋषि।

कठ-घर–ना० [काठ+घर] काठको घर; कठ-महल।

कठ-ताल–ना० [काठ+ताल] मुजुराजस्ता धातुका पाताहरू बीच-बीचमा हालेको वा सादा, हातले बजाउने काठको बाजा; कर-ताल।

CC-0. In Public Domain. Digitization by eGangotri

कठ-पत्र–ना० [काठ+पत्र] प्रमाणका निमित्त अक्षर खोपिएको काठको फल्याक; काष्ठ-पत्र।

कठ-पाउ–ना० [काठ+पाउ] १. एक किसिमको काठको चट्टी; खराउ। २. मध्य भागले जमीन नछुने आकारको पैताला; खराउ-आकारको पैताला।

कठ-पुतली–ना० [काठ+पुतली] १. धागो, तार आदिद्वारा नचाइने काठ, कपड़ा आदिको पुतली। (वि०) २. कुनै एक व्यक्तिको कुरालाई पूरापूर मान्ने; अर्कोले जसो भन्यो उसै गर्ने।

कठ-बाँस–ना० [कट-बाँस] कट-बाँस।

कठ-बार–ना० [काठ+बार] काठका फल्याकले बनाएको बार; काठको छेकावार।

कठ-बिजुली–ना० [कटक–बिजुली] कटक-विजुली।

कठ-महल–ना० [काठ+महल] काठै-काठले बनेको घर; काठको घर; कठ-घर।

कठ-महाल–ना० [काठ+महल (अ०)] १. काठ-पात-सम्बन्धी काम-काज गर्ने अड्डा। २. तीन फुटभन्दा बढ़ी मोटाइ हुने काठको कित्ता वा तह।

कठाङ्ग्रिइनु–अ० क्रि० [कठाङ्ग्रि+इ+नु] कठाङ्ग्रिने काम होइनु; जाड़ोले हात-गोड़ा कक्रक्क परिनु; कठिङ्ग्रिइनु; ('कठाङ्ग्रिनु'-को भा० क्रि०)।

कठाङ्ग्रिनु–अ० क्रि० [ने०] जाड़ोले हात-गोड़ा कक्रक्क पर्नु; कक्रिनु; काठिनु; गँगरिनु।

कठालो–ना० [कण्ठ+आलो] घाँटीमा पर्ने कोट, कमीज, मयलपोश आदिको अवयव।

कठिङ्ग्रिइनु–अ० क्रि० [कठिङ्ग्रि+इ+नु] कठिङ्ग्रिने काम होइनु; कठाङ्ग्रिइनु; ('कठिङ्ग्रिनु'-को भा० क्रि०)।

कठिङ्ग्रिनु–अ० क्रि० [कठाङ्ग्रिनु] कठाङ्ग्रिनु।

कठिङ्ग्र्याइ–ना० [कठिङ्ग्रि+याइ] कठिङ्ग्रिने किसिम, क्रिया वा भाव।

कठिङ्ग्र्याइनु–स० क्रि० [कठिङ्ग्रि+याइ+नु] कठिङ्ग्रिन लाइनु; कक्र्याइनु; कठ्याङ्ग्र्याइनु; ('कठ्याङ्ग्र्याउनु'-को क० क्रि०)।

कठिङ्ग्र्याउनु–स० क्रि० [कठिङ्ग्रि+याउ+नु] जाड़ोले हात-गोड़ा कक्रक्क पार्नु; कक्र्याउनु; कठ्याङ्ग्र्याउनु; ('कठिङ्ग्रिनु'-को प्रे० क्रि०)।

कठिन–वि० [सं०] १. सजिलोसँग वा चाँड़ै गर्न नसकिने; गाह्रो। २. कड़ा; कठोर। ३. मुश्किल; दुःसाध्य।

कठिनता–ना० [सं०] कठिन हुनाको भाव; कठिनाइ।

कठिनाइ–ना० [कठिन+आइ] कठिन हुनाको भाव; कठिनता।

कठिनी–ना० [सं०] १. खरी। २. कलम।

कठुवा–ना० [काठ+उवा] पानी वा रक्सी राख्ने काठको ठूलो आह्लीजस्तो भाँड़ो।

कठै–वि० बो० [सं० कष्ट] दुःखी-दरिद्रका उपर दया प्रकट गर्दा प्रयोग गरिने शब्द।

कठैबरा–वि० बो० [कठै+बरा] कठै; कठैबरी।

कठैबरी–वि० बो० [कठैबरा+ई] कठै; कठैबरा।

कठोर–वि० [सं०] १. गाह्रो; कठिन। २. कड़ा; सख्त। ३. निर्दय; निष्ठुर।

कठोरता–ना० [सं०] १. कठोर हुनाको भाव। २. निष्ठुरता; निर्दयता।

कठौली–ना० [काठ+औती] काठको आह्ली।

कठौतो–ना० [काठ+औतो] पुस्तक राख्ने काठको चेपुवा खटिया; कापे।

कठ्याङ्ग्रिइनु–अ० क्रि० [कठ्याङ्ग्रि+इ+नु] कठाङ्ग्रिइनु।

कठ्याङ्ग्रिनु–अ० क्रि० [ने०] कठाङ्ग्रिनु।

कठ्याङ्ग्र्याइनु–स० क्रि० [कठ्याङ्ग्रि+याइ+नु] कठ्याङ्ग्रिन लाइनु; कक्रक्क पारिनु; ('कठ्याङ्ग्र्याउनु'-को क० क्रि०)।

कठ्याङ्ग्र्याउनु–स० क्रि० [कठ्याङ्ग्रि+याउ+नु] १. ठन्डामा राखेर घिउ आदि तरल पदार्थ जमाउनु। २. कठ्याङ्ग्रिने पार्नु; कक्रक्क पार्नु; ('कठ्याङ्ग्रिनु'-को प्रे० क्रि०)।

कड़कड़–क्रि यो० [अनु०] घिउ-तेल तताउँदा आवाज आउने किसिम; कटकट।

कड़ा–वि० [प्रा० कढोर] १. साह्रो; नरम नभएको। २. गाह्रो; कठिन; दुष्कर। ३. चर्को; उग्र। ४. कठोर; निर्दयी; प्रचण्ड।

कड़ा–ना० [सं० कटक] भाँड़ा-बर्तन आदिमा समाउनाका निमित्त जड़िएको मुन्द्रो; सानो उझिन्डो।

कड़ाइ–ना० [कड़ा+आइ] कड़ा हुने किसिम वा क्रिया।

कड़ाकड़ी–ना० [कड़ा+कड़ा+ई] कड़ा व्यवहार; कड़ाइ; कड़िकडाउ।

कड़ारा–ना० [ने०] कामी-सार्कीसरहको एक जात।

कड़िकड़ाउ–ना० [कड़ा+कड़ा+आउ] कठोर व्यवहार; कड़ाकड़ी; कड़ाइ।

कड़ी–ना० [कड़ा+ई] १. युक्ति; किल्ली; उपाय। २. कुनै चीजमा समाउनाका निम्ति जड़िएको मुन्द्रो; सानो कड़ा।

कड़ुवा–ना० [सं० कटु] १. तोरी वा सस्यूँको (तेल)। २. कटु; मधुर नभएको; तीव्र (स्वाद)।

कड़ोर–ना० [सं० कोटि] करोड़।

कड़ोरन्–वि० [कड़ोर+अन्] करोड़न्।

कड़ोर-पति–वि० [कड़ोर+पति (सं०)] करोड़-पति।

कड़ोरौं–वि० [कड़ोर+औं] करोड़ौं।

कड्कनु–अ० क्रि० [कड़कड़] १. कड़कड़ शब्द आउने गरी घिउ-तेल आदि पाक्नु; कट्कनु; कटकटाउनु। २. घमन्ड वा रीसले ठूलो स्वर गरी बोल्नु; बम्कनु; गड्कनु।

कड्काइ–ना० [कड्क+आइ] कड्कने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव ।

कड्काकड्की–ना० [कड्क+कड्क+ई] ठूल्ठूलो स्वरले कराएर झगड़ा गर्नु; बाझाबाझ; भनाभन ।

कड्किनु–अ० क्रि० [कड्क] कड्कने काम होइनु; ('कड्कनु'-को भा० क्रि०) ।

कढ़ाइनु–स० क्रि० [काढ्+आइ+नु] काढ्न लाइनु; बोट, बीउ आदि उखेल्न लाइनु; ('कढ़ाउनु'-को क० क्रि०) ।

कढ़ाउनु–स० क्रि० [काढ्+आउ+नु] काढ्न लाउनु; बोट, बीउ आदि उखेल्न लाउनु; ('काढ्नु'-को प्रे० क्रि०) ।

कढ़ी–ना० [ने०] दही वा महीमा पीठो, नून, मसला आदि हाली बनाएको व्यञ्जन ।

कण–ना० [सं०] १. दाना; गेड़ा । २. साह्रै सानो टुक्रा । ३. साह्रै सानो परिमाण ।

कणिका–ना० [सं०] १. अति सानो टुक्रा; कण; अणु । २. जलको सूक्ष्म बिन्दु । ३. अनाजको टुक्रा; कनिका ।

कणिश–ना० [सं०] गहूँ, जौ आदिको बाला ।

कणेल–ना० [सं०कणोर] करवीर ।

कण्टक–ना० [सं०] १. काँढ़ो । २. बाधा । ३. बाधा पुऱ्याउने व्यक्ति; दुर्जन । (वि०) ४. कन्जुस; कृपण ।

कण्टक-द्रुम–ना० [सं०] १. काँढ़ा भएको रूख । २. सिमलको बोट ।

कण्टक-फल–ना० [सं०] १. कटहर । २. गोखरू । ३. अँड़ीर । ४. धतूरो ।

कण्टकारी–ना० [सं०] १. पात र डाँठमा काँढ़ा हुने, साना-साना नीला वा सेता फूल फुल्ने, पहेँलो गोल फल फल्ने एक झार । २. त्यसैको फल । (आयुर्वेदमा यसलाई गरम र अग्नि-वर्द्धक मानिएको छ ।)

कण्टकित–वि० [सं०] १. काँढ़ा भएको; काँढ़ावाल । २. रोमाञ्च भएको; रोमाञ्चित ।

कण्ट-वृन्ताकी–ना० [सं०] काँढ़े-भण्टा ।

कण्ठ–ना० [सं०] १. घाँटी; गला । (वि०) २. मुखाग्र; कण्ठस्थ ।

कण्ठ-तालव्य–वि० [सं०] कण्ठ र तालुबाट उच्चारण हुने (वर्ण) । (उदा०–ए, ऐ ।)

कण्ठ-मणि–ना० [सं०] १. घाँटीमा लाउने मणि । २. घोड़ाको घाँटीमा हुने भुमरी ।

कण्ठ-माला–ना० [सं०] गण्ड-माला ।

कण्ठ-श्री–ना० [सं०] १. घाँटीमा लाउने सुनको एक प्रकारको गहना । २. अति प्यारो वस्तु वा व्यक्ति ।

कण्ठस्थ–वि० [सं०] १. कण्ठमा रहेको; घाँटीमा रहेको । २. मुखाग्र; कण्ठाग्र ।

कण्ठा–ना० [सं० कण्ठ+आ] १. सुनले मोहोरेको रुद्राक्ष आदिको माला । २. पशु-पक्षीको घाँटीमा हुने भिन्न रङ्गको रेखा; कण्ठी ।

कण्ठाग्र–वि० [सं०] कण्ठ भएको; कण्ठस्थ; मुखाग्र ।

कण्ठी–ना० [सं० कण्ठ+ई] १. सानो कण्ठा । २. तुलसी आदिको माला ।

कण्ठे–वि० [सं० कण्ठ+ए] १. घाँटीमा अर्ध-चन्द्राकार रेखा भएको (पशु-पक्षी) । (वि०) २. कण्ठ-सम्बन्धी; कण्ठको । ३. कण्ठा-सम्बन्धी । ४. कण्ठी-सम्बन्धी; कण्ठी भएको ।

कण्ठे-कौवा–ना० [कण्ठे+कौवा] घाँटी सेतो भएको कौवा; ग्राम्य कौवा ।

कण्ठौष्ठ्य–वि० [सं०] कण्ठ र ओठबाट उच्चारण हुने (वर्ण) । (उदा०–ओ, औ ।)

कण्ठ्य–वि० [सं०] १. कण्ठ-सम्बन्धी; घाँटीको । २. कण्ठ-स्थानबाट उच्चारण गरिने (वर्ण) ।

कण्डनी–ना० [सं०] १. ओखल । २. मुसल ।

कण्डारक–ना० [सं०] श्रावण सङ्क्रान्तिका दिन सामयिक सबै रोगहरू हटून् भन्नाका निमित्त बेलुका पूजा गरिने एक शक्ति; एक असुर ।

कण्डिका–ना० [सं०] १. वेदको ऋचा । २. ग्रन्थभित्रको कुनै वाक्य; प्रघट्टक; प्याराग्राफ ।

कण्डु–ना० [सं०] चिलाउनु; चिलाइ ।

कण्डोल–ना० [सं०] १. अनाज राख्ने चोयाले बनेको एक प्रकारको भाँड़ो । २. भण्डार ।

कतक–ना० [सं०] निर्मली वृक्ष वा फल ।

कतर्नु–ना० [सं० कर्तनी] एक प्रकारको खुकुलो कैँची ।

कता–क्रि० यो० [प्रा० कुत्त] कुन दिशातिर; कहाँ ।

कताइ–ना० [कात्+आइ] धागो आदि कात्ने किसिम, क्रिया वा भाव ।

कताइनु–स० क्रि० [कात्+आइ+नु] कात्न लाइनु; धागो बनाउन लाइनु; ('कताउनु'-को क० क्रि०) ।

कताउनु–स० क्रि० [कात्+आउ+नु] कात्न लाउनु; धागो बनाउन लाउनु; ('कात्नु'-को प्रे० क्रि०) ।

कतार–ना० [अ० क़तार] पङ्क्ति; श्रेणी; ताँती ।

कति–वि० [सं०] १. कुनै पदार्थ, समय, व्यक्ति आदिको परिमाण सोध्दा प्रयोग गरिने शब्द । २. धेरै; प्रशस्त ।

कतिपय–वि० [सं०] १. केही । २. कैयौँ; अनेक ।

कतुवा–ना० [कात्+उवा] धागो कात्ने सानो हाते साधन-विशेष ।

कतै–क्रि० यो० [कता+ऐ] कहीँ; कुनै ठाउँमा; कुनै दिशामा ।

कतै-कतै–ना० [ने०] केटा-केटीलाई स्नेहपूर्वक भनिने शब्द ।

कत्तर–ना० [अ० क़तार] बाँस, काठ आदिका घोचाले बारेको बार ।

कत्तल–ना० [अ० क़त्ल] काट्नु; वध; हत्या ।

कत्ति–क्रि० यो० [सं० कति] अलिकति पनि; रत्तीभर पनि; थोरै पनि ।

कत्तिको–वि० बो० [कत्ति+को] १. भनेको नमानी दुःख पाउँदा झ्ख्याएर भनिने शब्द; खुच्चिङ । २. कुन परिमाण-को; केजतिको ।

CC-0. In Public Domain. Digitization by eGangotri

हरकट्टा झार ।
कत्तृण–ना० [सं०] हरकट्टा झार ।
कत्थक–वि० [सं० कथक] १. भन्ने; सुनाउने; बताउने। २. कथ्ने; रच्ने। ३. गफी; गफास्टक। ४. नाच-गानको पेशा गर्ने एक जात।
कत्रनु–स० क्रि० [सं० कर्तन+नु] कैँचीले काट्नु।
कत्राइ–ना० [कत्र+आइ] कत्रने किसिम, क्रिया वा भाव।
कत्राइनु–स० क्रि० [कत्र+आइ+नु] कत्रन लाइनु; ('कत्राउनु'-को क० क्रि०)।
कत्राउनु–स० क्रि० [कत्र+आउ+नु] कत्रन लाउनु; ('कत्रनु'-को प्रे० क्रि०)।
कत्रिनु–स० क्रि० [कत्र+इ+नु] कत्रने काम गरिनु; ('कत्रनु'-को क० क्रि०)।
कत्रो–वि० [ने०] १. कति ठूलो; केजत्रो। २. ठूलो; बड़ेमाको।
कत्ला–ना० [ने०] १. कुनै-कुनै माछाको शरीरमा हुने नङजस्तो हाड़को आवरण। २. शरीरको छालामा हुने दागविशेष।
कत्ले–वि० [कत्ला+ए] कत्ला भएको (माछो)।
कत्लेआम–ना० [अ०] जन-साधारणको हत्या; सर्व-संहार।
कल्लो–ना० [कत्ला+ओ] मानिसको बाहिरी रूप-रङ्ग।
कथक–वि० [सं०] किस्सा-कहानी सुनाउने; कथा भन्ने; कत्थक।
कथङ्कदाचित्–क्रि० यो० [सं०] १. केही गरी; कुनै कारण-वश। २. कुनै समयमा मात्र।
कथञ्चित्–क्रि० यो० [सं०] केही गरी; केही कारणले; कदाचित्।
कथन–ना० [सं०] १. भन्नु; बताउनु। २. भनाइ; उक्ति। ३. बयान; वर्णन; विवरण।
कथनाश्रय–ना०[सं०] कुराकानी गर्दा बानी परेर अनायासै बीच-बीचमा बोलिने निरर्थक शब्द; थेगो।
कथनीय–वि० [सं०] १. भन्न योग्य; कहन योग्य। २. वर्णनीय।
कथम्–क्रि० यो० [सं०] कसरी; के गरेर।
कथमपि–क्रि० यो० [सं०] कुनै उपायले पनि; कुनै किसिमले पनि; कुनै युक्तिले पनि।
कथा–ना० [सं०] १. किस्सा; कहानी; गल्प। २. वृत्तान्त; वर्णन। ३. कुराकानी; बात-चीत।
कथाइ–ना० [कथ्+आइ] कथ्ने किसिम, क्रिया वा भाव।
कथा-कुथुङ्ग्री–ना० [कथा+कुथुङ्ग्री (फाँ०)] साना-तिना कथाहरूको समुदाय; किस्सा-कहानी।
कथानक–ना० [सं०] १. छोटो कथा; किस्सा। २. दृश्य वा श्रव्य काव्यमा रहेको कथा-तत्त्व वा घटना-क्रम; कथा-वस्तु।
कथा-नायक–ना० [सं०] दृश्य वा श्रव्य काव्यको कथानक गुम्फित हुने केन्द्रीय व्यक्तित्व; कथाको मूल पात्र; मुख्य नायक।
कथान्तर–ना० [सं०] लामो कथाको बीचमा आउने सानो कथा; उपकथा।
कथा-मुख–ना० [सं०] दृश्य वा श्रव्य काव्यको प्रस्तावना; कथाको प्रारम्भिक भाग।
कथा-वस्तु–ना० [सं० कथा+वस्तु] कथानक।
कथा-वार्ता–ना० [सं० कथा+वार्ता] १. अनेक प्रकारका कुराकानी; गफ। २. पौराणिक आख्यान।
कथिक–वि० [सं०] १. कथा भन्ने; कथा-वाचक। २. वर्णन गर्ने; बयान गर्ने।
कथित–वि० [सं०] भनिएको; बताइएको; उक्त।
कथिनु–स० क्रि० [कथ्+इ+नु] कथ्ने काम गरिनु; अजमाइनु; ('कथ्नु'-को क० क्रि०)।
कथोद्घात–ना० [सं०] १. कथाको आरम्भ; प्रस्तावना। २. नाटकमा सूत्र-धारको निर्देशबमोजिम पात्रले अभिनय शुरू गर्नु; रूपकका पाँच प्रस्तावनामध्ये एक।
कथोपकथन–ना० [सं०] कुराकानी; वार्तालाप; बात-चीत; संवाद।
कथ्नु–स० क्रि० [सं० कथन+नु] कुरा अजमाउनु; कल्पना गर्नु; रचना गर्नु।
कथ्य–वि० [सं०] भन्न योग्य; बताउन योग्य; कथनीय।
कद–ना० [अ०क़द] १. शरीरको उचाइ; अग्लोपन। २. शारीरिक बनोट; डील-डौल।
कदन–ना० [सं०] १. वध; हत्या। २ नाश; ध्वंस।
कदपत्य–ना० [सं०] खराब सन्तान; कपूत।
कदम–ना० [सं० कदम्ब] लामा-लामा पात र बाटुला पहेँला गेड़ामा सेता मसिना फूल हुने ठूलो जातको रूखविशेष; कदम्ब।
कदम–ना० [अ० क़दम] १. पाइलो; फट्को। २. घोड़ाको गतिविशेष।
कदम्ब–ना०[सं०] १. लामा-लामा पात हुने, बाटुला पहेँला गेड़ामा सेता मसिना फूल फुल्ने ठूलो जातको वृक्ष-विशेष; कदम। २. थुप्रो; राशि।
कदर–ना० [अ० क़द्र] १. आदर; सम्मान। २. तारीफ; प्रशंसा।
कदरदान–वि० [अ० क़द्र+दाँ (फा०)] कदर गर्ने; गुण-ग्राही।
कदर्थ–वि० [सं०] बेकम्मा; रद्दी; निरर्थक।
कदर्थन–ना० [सं०] १. दुःख दिनु; पीडा दिनु। २. निन्दा गर्नु; तिरस्कार गर्नु।
कदर्थना–ना० [सं०] १. दुर्दशा; दुर्गति। २. निन्दा; हेला।
कदर्थित–वि० [सं०] १. दुःख दिइएको; पीडित। २. हेला गरिएको; तिरस्कृत।
कदर्य–वि० [सं०] १. कन्जुस; कृपण। २. तुच्छ; नीच।
कदली–ना० [सं०] केरा।

CC-0. In Public Domain. Digitization by eGangotri

कदा–क्रि० यो० [सं०] कहिले; कुन बखत।

कदाकार–वि० [सं०] नराम्रो; कुरूप; भद्दा।

कदाचन–क्रि० यो० [सं०] कहिल्यै पनि; कुनै बखत पनि।

कदाचार–वि० [सं०] १. खराब चाल-चलन भएको; बानी-बेहोर असल नभएको; दुराचारी। (ना०) २. खराब चाल-चलन; दुराचार।

कदाचित्–क्रि० यो० [सं०] १. केही गरी; कुनै कारणले। २. कुनै बखत; कुनै समयमा।

कदापि–क्रि० यो० [सं०] १. कहिल्यै पनि; कुनै बखतमा पनि। २. केही गरे पनि; किमार्थ।

कदाहार–ना० [सं०] खराब खानेकुरा; खराब भोजन।

कदुष्ण–वि० [सं०] अलि-अलि तातो; मनतातो।

कद्दू–ना० [फा० कदू] १. फर्सीको कैंड़ो; फर्सी। २. कुनै वस्तुलाई निन्दा गरेर भनिने शब्द; रद्दी माल।

कन–अव्य० [ने०] १. द्वितीयाको अर्थ बुझाउने विभक्ति; लाई। २. 'गरेर', 'भएर' आदि अर्थ बुझाउने 'ई' प्रत्यय-सित जोरिएर आउने शब्द। (उदा०-खाईकन, गईकन, वसीकन।)

कन–ना० [सं० कण] गहूँको झूस।

कनक–ना० [सं०] १. सुन; सुवर्ण। २. धतूरो। ३. पलाश।

कनक-गिरि–ना० [सं०] सुमेरु पर्वत; स्वर्णाचल।

कनक-चम्पा–ना० [सं०] कड़ा बास्ना आउने, पहेँलो, सानो फूलविशेष; एक जातको चाँप; स्वर्ण-चम्पा।

कनकटुवा–वि० [कान+कटुवा] कान-कटुवा।

कनकन–ना० [सं० कङ्कण] १. हातमा लाउने सुन-चाँदीको बाला। २. पुरुष-जातिले लाउने पत्थर, प्लास्टिक आदिको बाला; कङ्कण।

कनकमुनि–ना० [सं०] एक मानव-बुद्ध।

कनकर्नु–ना० [कान+कोर्] कानेगुजी झिक्ने, टुप्पा कोप्रो परेको साधनविशेष।

कनक-स्थली–ना० [सं०] सुन-खानि।

कनकाचल–ना० [सं०] सुनको पर्वत; सुमेरु पर्वत।

कनखजूरो–ना० [कान+खजूरो] कनसुत्लो।

कनचिरा–वि० [कान+चिर्] १. कान चिरेको। (ना०) २. कनफट्टा जोगी।

कनचिर्नु–ना० [ने०] भीर र रूखहरूमा उम्रने ठूलठूला दुइ पातमात्र हुने बोट।

कनपट–ना० [सं०कार्ण+पट] कानको अगिल्तिरको अवयव; कनपारो।

कनपटी–ना० [सं० कर्ण-पट+ई] कनपट।

कनपारो–ना० [सं० कर्ण-पट] कनपट; कन्चट।

कनफट्टा–ना० [कान+फट्टा] १. गोरक्ष-मतानुयायी संन्यासी; कान चिरेको जोगी। २. कृतघ्न व्यक्ति।

कनसिरी–ना० [सं० कर्ण+शिर] कन्चटमास्तिरको अवयव; कानका नजीक रौं उम्रेको अवयव।

कनसुत्लो–ना० [कान+सुत्लो] १. धेरै खुट्टा हुने, लामो कीराविशेष; एक जातको खजुरो। २. लुकी-छिपी अर्काको गुप्त कुरा सुन्ने व्यक्ति।

कनाइ–ना० [कन्+आइ] कन्ने किसिम, क्रिया वा भाव।

कनात–ना० [तु०] १. कुनै ठाउँलाई चारैतिरबाट घेर्ने बाक्लो कपड़ा; भीत; सायर। २. पर्दा; छेकाबार।

कनिका–ना० [सं० कणिका] चामल भाँचिएको सानो टुक्रा; कणिका।

कनिके–वि० [कनिका+ए] १. कनिकाजस्तो। (ना०) २. कपड़ामा बिझ्ने एक किसिमको कुरो; ठूलो जातको कुरो; कनिके-कुरो।

कनिके-कुरो–ना० [कनिका+कुरो] १. खस्रा लाम्चा पात, नीलो फूल, कनिकाजस्तो गिर्खा फल्ने एक झार। २. त्यसैको बिझ्ने गिर्खा वा फल।

कनिनु–अ० क्रि० [कन्+इ+नु] कन्ने काम होइनु; ('कन्नु'-को भा० क्रि०)।

कनिष्ठ–वि० [सं०] १. सबभन्दा कम उमेरको; कान्छो। २. सबैभन्दा सानो; छोटो। ३. अल्प; तुच्छ।

कनिष्ठता–ना० [सं०] कनिष्ठ हुनाको भाव; तुच्छता; स्वल्पता।

कनिष्ठिका–ना० [सं०] कान्छी-औंलो।

कनी-कुथी–क्रि० यो० [कन्+कथ्+ई] सकी-नसकी; बल्ल-तल्ल।

कनीनिका–ना० [सं०] आँखाको नानी; आँखाको पुतली।

कनीयस–वि० [सं०] १. उमेरमा सानो; कान्छो। २. अल्प; तुच्छ।

कनुवा–ना० [सं० कण+उवा] एक पाउको चतुर्थांश; छटाक।

कनेक्शन–ना० [अं०] १. सम्बन्ध; सम्पर्क। २. जोर्ने वा गाँस्ने साधन।

कनेर–ना० [सं० कणेर] करवीर।

कनौजिया–वि० [कन्नौज (देश)+इया] कन्नौज-निवासी; कान्यकुब्ज।

कन्चट–ना० [सं० कर्ण+तट] कान र आँखाका बीचको अङ्ग।

कन्जरो–ना० [कम+जरो] नमोटाएको साह्रै झीनो मूला, सखर-खण्ड आदि; नमोटाएको सानो जरो।

कन्जुस–वि० [कण+चुस्] आवश्यक काममा पनि धन खर्च नगर्ने; किरन्टोकी; कृपण।

कन्जुसी–ना० [कन्जुस+ई] कन्जुस हुनाको भाव; कृपणता।

कन्जुस्याइँ–ना० [कन्जुस+याइँ] कन्जूस हुनाको भाव; कृपणता।

कन्जूस–वि० [कन्जुस] कन्जुस।

कन्जूसी–ना० [कन्जुसी] कन्जुसी।

कन्ट्रोल–ना० [अं०] सीमित माल-समानहरू अनुपातमा

CC-0. In Public Domain. Digitization by eGangotri

वितरण गर्नाको निमित्त गरिने सरकारी व्यवस्था; नियन्त्रण ।

कन्ट्रोलर–ना० [अं०] १. नियन्त्रक । २. परीक्षा-सम्बन्धी कामको रेख-देख गर्ने अधिकारी ।

कन्ठ्याइ–ना० [कन्ठ्याउ+आइ] कन्ठ्याउने किसिम, क्रिया वा भाव ।

कन्ठ्याइनु–स० क्रि० [कन्ठ्याउ+इ+नु] घाँटीसम्म आउने गरी खाइनु; ('कन्ठ्याउनु'-को क० क्रि०) ।

कन्ठ्याउनु–स० क्रि० [सं० कण्ठ+याउ+नु] घाँटीसम्म आउने गरी खानु ।

कन्डेउलो–ना० [कन्डो+उलो] १. चाकका फिला; नितम्ब । २. पिठ्यूँ ।

कन्डैसित–वि० बो० [कन्डो+ऐ+सित] वेवास्ता वा उपेक्षा गरेर भनिने शब्द; भुत्तैसित; यत्रैसित ।

कन्डो–ना० [नें०] १. चाक; पींध । २. पछिल्तिरको भाग; पिठ्यूं । ३. गुद-द्वार ।

कन्ड्याउलो–ना० [कन्डेउलो] कन्डेउलो ।

कन्तबिजोग–ना० [सं० कान्ति+वियोग] सर्व-नाश; सत्यानाश; चिल्ली-विल्ली; विल्लवाठ ।

कन्ती–ना० [सं० कान्त] १. कड़ा नलागेको कराही । २. फलामका कीटको कराही ।

कन्तुर–ना० [सं० कन्तु] रुपियाँ-पैसा आदि राख्ने भित्र खण्ड-खण्ड भएको सानो बाकस; सानो सन्दूस ।

कन्तो–ना० [कन्द] जरो; मूल ।

कन्था–ना० [सं०] १. थाङ्ना; चिथ्रा-चिथ्रा परेको लुगा । २. धेरै टुक्राहरू गाँसेर बनाइएको लुगा ।

कन्था-धारी–ना०[सं०] १. जोगी; भिक्षु ।(वि०) २. गरीब; निर्धन । ३. कन्थामात्र लाउने ।

कन्थारी–ना० [सं०] च्याप्टे-सिउँड़ी ।

कन्द–ना० [सं०] माटामुनि फल्ने फल; जराको रूपमा फल्ने फल वा मूल (मूला, तरुल, सकर-खन्ड आदि) ।

कन्दन–ना० [सं०] १. नाश; ध्वंस । २. गुफा ।

कन्दनी–ना० [सं० कटि+बन्धिनी] कन्धनी ।

कन्दने–वि० [कन्दनी+ए] कन्धने ।

कन्द-मूल–ना० [सं०] १. जराको रूपमा माटामनि फल्ने फलविशेष; कन्द । २. फल-फूल ।

कन्दरा–ना० [सं०] गुफा ।

कन्दर्प–ना० [सं०] कामदेव ।

कन्दर्प-ज्वर–ना० [सं०] काम-वासनाजन्य ज्वर ।

कन्दु–ना० [सं०] चुल्हो ।

कन्दुक–ना० [सं०] १. भकुन्डो । २. सानो तकिया ।

कन्धनी–ना० [सं० कटि+बन्धिनी] लँगौटी कस्नाका निम्ति कमरमा लाइने डोरी; कटि-सूत्र; मेखला ।

कन्धने–वि० [कन्धनी+ए] १. कन्धनी लाउने । २. सानो (बालक) ।

कन्धर–ना० [सं०] १. गर्दन; घाँटी । २. बादल ।

कन्नु–अ० क्रि० [नें०] १. कुनै रोग वा परिश्रमले कष्ट हुँदा मुखबाट अँ-अँ शब्द निकाल्नु । २. बल्ल-तल्ल पढ्नु; सकी-नसकी भन्नु ।

कन्फरेन्स–ना० [अं० कॅन्फरेन्स] कुनै विषयमा विचार-विमर्ष गर्न भएको सभा; सम्मेलन ।

कन्भोकेशन–ना० [अं०] विश्व-विद्यालयको उपाधि वितरणोत्सव; दीक्षान्त-समारोह ।

कन्यका–ना० [सं०] कन्या ।

कन्या–ना० [सं०] १. दश वर्षकी बालिका; विवाह नभएकी बालिका; कुमारी । २. विवाहका समयकी दुलही । ३. बाह्र राशिमध्ये एक । ४. घिउ-कुमारी ।

कन्याइ–ना० [कन्याउ+आइ] कन्याउने किसिम, क्रिया वा भाव ।

कन्याइनु–स० क्रि०[कन्याउ+इ+नु] कन्याउने काम गरिनु; चिलाइ मार्नाका निमित्त नङ आदिले कोरिनु; ('कन्याउनु'-को क० क्रि०) ।

कन्याउनु–स० क्रि० [सं० कण्डु+याउ+नु] चिलाइ मार्नाका निम्ति नङ आदिले कोर्नु ।

कन्या-कुमारी–ना० [सं०] १. दक्षिण भारतको एक प्रसिद्ध अन्तरीप । २. दुर्गा । ३. अविवाहिता; कुमारी ।

कन्या-केटी–ना० [सं० कन्या+केटी] विवाह नभएकी स्त्री; विवाह गर्ने वेलाकी बालिका; दश वर्षकी लड़की ।

कन्या-दान–ना० [सं०] जाति र धर्मअनुसार संस्कारपूर्वक विवाहका वेलामा वरलाई सङ्कल्पपूर्वक कन्या दिनु ।

कन्या-धन–ना० [सं०] छोरीको दाइजो ।

कन्यार्थी–ना० [सं०] कसैको विवाहका निमित्त कन्या माग्न जाने व्यक्ति; लमी ।

कन्सल–ना०[अं० कॅन्सल] राजकीय वाणिज्य-दूत ।

कन्सल-जनरल–ना० [अं० कॅन्सल-जनरल] वाणिज्य-सम्बन्धी काम गर्न एक देशबाट अर्को देशमा गएर बस्ने उच्च कक्षाको राज-प्रतिनिधि; विशिष्ट वाणिज्य-दूत ।

कन्सुलेट–ना० [अं०] वाणिज्य-दूत रहने ठाउँ; कन्सलको वास-स्थान ।

कँन्स्टेबुल–ना० [अं० कॅन्स्टेबुल] पुलीस ।

कप–ना० [अं०] १. चिया आदि पिउने एक विशेष किसिमको कचौरा; प्याला । २. चिया आदि पिउने कचौराभरिको परिमाण । ३. खेल-कूद आदिको प्रतियोगितामा विजयीलाई पुरस्कारस्वरूप दिइने विशेष प्रकारको पात्र ।

कप–क्रि० यो० [कप्प] १. सानो-तिनो लड्डू, फल आदि ओठमा नछुवाई मुखमा हाल्ने किसिम; कप्प । २. अर्काको धन-माल बेईमानी गरी लिने किसिम; चट; क्वाप्प ।

कपट–ना० [सं०] १. छल; धोखा । २. कैफत; दोष ।

कपटी–वि० [सं०] १. कपट गर्ने; धोखेबाज । २. मनमा गाभ लिने । ३. अर्कालाई मन-पेट नदिने । ४. कपट भएको;

CC-0. In Public Domain. Digitization by eGangotri

कसर भएको; मिसावट भएको।

कपड़छान–ना० [कपड़ा+छान्] कुनै तरल पदार्थ वा धूलो वस्तु कपड़ाद्वारा छान्नु।

कपड़मट्टी–ना० [सं० कपड़ा+मट्टी] आयुर्वेदीय औषधि पुट गर्ने आदिका काममा भाँड़ोको मुख टाल्ने माटोमा मुछिएको कपड़ा।

कपड़ा–ना० [प्रा० कप्पड] लुगा सिउनाका निम्ति धागो आदिले तयार पारेको वस्त्र।

कपनी–ना० [सं० कर्पर] माटाको सानो पाला।

कपरदार–ना० [?] राज-दरबारको एक कर्मचारी।

कपरदारी–ना० [कपरदार+ई] कपरदारको काम वा पद।

कपर्द–ना० [सं०] १. कौड़ी; कौड़ा। २. शिवजीको जटा-जूट।

कपर्दिका–ना० [सं०] कौड़ी।

कपर्दी–ना० [सं०] शिव; महादेव।

कपर्दी–ना० [ने०] क्रीडा-भूमिका बीचमा रहेका सीमा-रेखाको दुइतिर एक-एक दल बसी आलो-पालो गरी एकापट्टिका खेलाड़ीले अर्कोपट्टि एकै सासले कराउँदै गई विपक्षी खेलाड़ीलाई छोएर फर्कने खेल।

कपाइ–ना० [कप्+आइ] कप्ने किसिम, क्रिया वा भाव।

कपाइनु–स० क्रि० [कप्+आइ+नु] कप्न लाइनु; कप्ने काम गराइनु; ('कपाउनु'-को प्रे० क्रि०)।

कपाउनु–स० क्रि० [कप्+आउ+नु] कप्न लाउनु; कप्ने काम गराउनु; ('कप्नु'-को प्रे० क्रि०)।

कपाकप–क्रि० यो० [अनु०] धमाधम खाने किसिम; खपाखप।

कपाट–ना० [सं०] ढोका; द्वार।

कपाल–ना० [सं०] १. टाउको; खप्पर; मस्तक। २. भिक्षा-पात्र। ३. कचौरा; प्याला। ४. ढकना। ५. फुलको बोक्रा; खबटा। ६. घड़ाको तल्लो र माथिल्लो—दुवै अवयव। ७. शिरको रौँ; केश।

कपाल-क्रिया–ना० [सं०] शव-दाह गर्दा मुर्दाको टाउको फोर्ने क्रिया।

कपालिका–ना० [सं०] १. काली; चण्डी; दुर्गा। २. खप्पर।

कपाली–ना० [सं०] १. खप्परमा भीख माग्ने व्यक्ति; भिक्षुक। २. शिव; महादेव। ३. भैरव।

कपाली–ना० [सं० कपाल+ई+] १. विनाधितोको ऋण। २. धितो नराखी सापट लिएको ऋणको तमसुक।

कपास–ना० [प्रा० कप्पास] १. तीन-तीन कुना परेका पात हुने, पहेँलो फूल फुल्ने, भुवादार फल लाग्ने एक बोट। २. त्यसैका फलको भुवा; रुवा; रुई।

कपासी–ना० [ने०] छहारी वा शोभाको निम्ति लगाइने रूख।

कपासे–वि० [सं० कपास+ए] १. हलुका पहेँलो रङ्गको; कपासको रङ्गको। २. कपासको; कपास-सम्बन्धी।

कपि–ना० [सं०] १. बाँदर; माकल। २. हात्ती।

कपिकच्छु–ना० [सं०] काउछो।

कपिञ्जल–ना० [सं०] १. भँगेरो। २. भद्राई। ३. तित्रो। ४. चातक। ५. एक ऋषि।

कपित्थ–ना० [सं०] बेलको जस्तो रूख हुने, साह्रो फल फल्ने बोटविशेष; त्यसैको फल; कैथ।

कपिनु–अ० क्रि० [कप्+इ+नु] भित्र-भित्रै खनिनु; तलतिर खोपिनु; ('कप्नु'-को भा० क्रि०)।

कपिनु–स० क्रि० [कप्+इ+नु] कप्ने काम गरिनु; ताछेर बुट्टा, मूर्ति आदि बनाइनु; ('कप्नु'-को क० क्रि०)।

कपिल–ना० [सं०] १. सगर राजाका साठी हजार छोरा-हरूलाई शाप दिएर भस्म गर्ने ऋषि; साङ्ख्य दर्शनका प्रवर्तक मुनि; विष्णुका चौबीस अवतारमध्ये एक। २. अग्निको एक रूप। ३. शिलाजित्। ४. बदामी रङ्ग।

कपिल-शिंशपा–ना० [सं०] कैलो-सिसौ।

कपिला–ना० [सं०] १. सेतो वा कैलो रङ्गकी गाई। २. सूधी गाई।

कपिश–वि० [सं०] बदामी रङ्गको।

कपी–ना० [अं० कॅपी] १. प्रति। २. कापी। ३. नकल।

कपुरी–ना० [ने०] लाम्चा र ठूला पात हुने र अमिलो भावको स्वाद हुने एक जातको पान; अम्लवाटी।

कपूत–ना० [प्रा० कपुत्त] खराब आचरण भएको छोरो; बदमाश छोरो; कुपुत्र।

कपूर–ना० [सं० कर्पूर] १. साना-साना पात र हरिया साना फूल हुने एक वृक्ष। २. त्यसैको चोब जमेर बन्ने सेतो सुगन्धी द्रव्य; कर्पूर। (पूजामा बाल्ने र औषधिहरू बनाउनमा यसको उपयोग हुन्छ। आयुर्वेदमा यसको गुण शीतल, कृमि-नाशक र वायु-शोधक बताइएको छ।)

कपूर-नली–ना० [कपूर+नली (?)] एक जातको रूख।

कपूर-पत्ती–ना० [स० कर्पूर+पत्र+ई] १. सेता टीका-टीका परेका हरिया पात, तला-तला परेका सेता फूल, र डाँठका बीच-बीचमा काला आँख्ला हुने एक बूटी। २. कपूर बास्ना आउने त्यसैको पात। (आयुर्वेदमा यसको गुण कफ, खोकी, मूत्र-कृच्छ्र र पत्थरी नाश गर्ने बताइएको छ।)

कपूर-पाती–ना० [कपूर+पात+ई] कपूर-पत्ती।

कपूरी–ना० [कपूर+ई] १. एक जातको पान; कपूरी। (वि०) २. कपूरबाट बनेको।

कपोत–ना० [सं०] १. परेवा। २. पानीमा डुबेर माछा समाउने एक जातको पक्षी।

कपोत-पालिका–ना० [सं०] परेवाको गन्जक; विटङ्क।

कपोत-वृत्ति–ना० [सं०] जम्मा नगर्नु; सञ्चय नगर्नु।

कपोत-व्रत–ना० [सं०] अरूको अत्याचार सहने व्रत; सहन-शीलता।

कपोल–ना० [सं०] गाला।

कपोल-कल्पना–ना० [सं०] सर्वथा बनावटी कुरा; मन-गढ़न्त कुरा; कोरा कल्पना।

CC-0. In Public Domain. Digitization by eGangotri

कपोल-कल्पित—वि० [सं०] बनावटी; मन-गढ़न्त; कल्पित।

कप्टेरिइनु—अ० क्रि० [कप्टेरि+इ+नु] कप्टेरो परिनु; फल्याँटो परिनु; ('कप्टेरिनु'-को भा० क्रि०)।

कप्टेरिनु—अ० क्रि० [कप्टेरो+इ+नु] कप्टेरो पर्नु; फल्याँटो पर्नु।

कप्टेरो—ना० [कप्+एरो] दाउरा, बाँस आदिको चिरो; फल्याँटो।

कप्टेऱ्याइ—ना० [कप्टेरि+आइ] कप्टेरो पर्ने किसिम, क्रिया वा भाव।

कप्टेऱ्याइनु—स० क्रि० [कप्टेरि+याइ+नु] कप्टेरो पारिनु; फल्याँटो बनाइनु; ('कप्टेऱ्याउनु'-को क० क्रि०)।

कप्टेऱ्याउनु—स० क्रि० [कप्टेरि+याउ+नु] कप्टेरा-कप्टेरा पारेर चिर्नु; फल्याँटो पार्नु; ('कप्टेरिनु'-को प्रे० क्रि०)।

कप्तान—ना० [अं० कैप्टेन] १. लप्टनभन्दा माथिको जङ्गी दर्जा; पल्टनको एक अफिसर। २. पानी-जहाजको मुख्य अफिसर।

कप्नु—स० क्रि० [सं० कर्तन+नु] १. काठ, ढुङ्गा, ईँट, धातु आदि ताछेर, बुट्टा, मूर्ति आदि बनाउनु; भित्र-भित्रै खन्नु। २. खोपी खेल्दा घ्वाइँ हान्ने एक तरीका।

कप्प—क्रि० यो० [अनु०] खाद्य पदार्थलाई ओठमा नछुवाई मुखमा हाल्ने किसिम; ख्वाप्प; क्वाप्प।

कप्पू—ना० [कप्प] १. एक चोटि मुखमा हाल्ने खानेकुराको परिमाण; गाँस; गफ्फा; फाँको। २. कप्ने काम; कपाइ।

कप्याइ—ना० [कप्याउ+आइ] कप्याउने किसिम, क्रिया वा भाव।

कप्याइनु—स० क्रि० [कप्याउ+इ+नु] कप्प खाइनु; कपलक्क खाइनु; ('कप्याउनु'-को क० क्रि०)।

कप्याउनु—स० क्रि० [कप्याउ+नु] कप्प खानु; कप्लक्क खानु।

कप्लक्क—क्रि० यो० [अनु०] एकै चोटि मुखमा हाल्ने किसिम; कप्ल्याक्क; कप्प।

कप्ल्याइ—ना० [कप्ल्याउ+आइ] कप्ल्याउने किसिम, क्रिया वा भाव।

कप्ल्याइनु—स० क्रि० [कप्ल्याउ+इ+नु] कप्लक्क खाइनु; कप्याइनु; ('कप्ल्याउनु'-को क० क्रि०)।

कप्ल्याउनु—स० क्रि० [कप्ल्याक्क+याउ+नु] कप्लक्क खानु; कप्याउनु।

कप्ल्याक-कुप्लुक—क्रि०यो० [कप्प+कप्प] कप्ल्याक्क।

कप्ल्याक्क—क्रि० यो० [अनु०] कप्लक्क।

कफ—ना० [सं०] घाँटीभित्र जम्ने सिँगानजस्तो पदार्थ; खकार।

कफ—ना० [अं०] कमीजका बाउलाको छेउमा टाँक लाइने दोहरो तह भएको अवयव।

कफन—ना० [अं० कफ़न] कात्रो।

कफल्ल—वि० [कफ] १. बेस्वादको; खल्लो। २. बेकम्मा; रद्दी। ३. निर्धो; निर्बलियो। ४. कमसल।

कफल्ली—वि० [कफल्ल] कफल्ल।

कफी—ना० [अं० कॅफी] चियाजस्तै पिउने एक पेय पदार्थ।

कबच—ना० [अ० क़ब्ज़-उल्-वसूल] मुल्कीखानाबाट दिइने रसीद।

कबच—ना० [अं० काउच] कौच।

कबन्ध—ना० [सं०] १. टाउको नभएको शरीर; धड़। २. पेट। ३. बादल। ४. पुच्छ्रे-तारो। ५. दण्डकारण्यमा रामले मारेको एक प्रसिद्ध राक्षस।

कबल—ना० [कवल] कवल।

कबाई—ना० [सं० काकमाची] खुर्सानीका जस्ता फूल र पात हुने साना-साना काला गोल फल फल्ने बोटविशेष; काकमाची। (आयुर्वेदमा यसलाई शुक्र-वर्द्धक र शूल-नाशक मानिन्छ।)

कबाफ—ना० [फा० कबाब] कबाब।

कबाब—ना० [फा०] विशेष प्रकारले मर-मसला हाली पकाएको मासु; पक्कु।

कबाब-चीनी—ना० [फा०] १. लाम्चा पात, रातो फूल, घोगाका आकारको फल हुने एक बोट। २. त्यसैको घोगामा हुने मरीचजत्रा दाना; कङ्काल। (आयुर्वेदमा यसको गुण रुचि-कारक, अग्नि-वर्द्धक र कफ-नाशक बताइएको छ।)

कबीर—ना० [अ०] सम्प्रदाय-प्रवर्तक एक प्रसिद्ध महात्मा कवि।

कबीर-पन्थी—वि० [कबीर+पन्थी] कबीर-मतानुयायी; कबीर-सम्प्रदायको।

कबुलाइ—ना० [कबुल्+आइ] कबुल्ने किसिम, क्रिया वा भाव।

कबुलाइनु—स० क्रि० [कबुल्+आइ+नु] कबुल्न लाइनु; कबूल गराइनु; ('कबुलाउनु'-को क० क्रि०)।

कबुलाउनु—स० क्रि० [कबुल्+आउ+नु] कबुल्न लाउनु; कबूल गराउनु; ('कबुल्नु'-को प्रे० क्रि०)।

कबुलिनु—स० क्रि० [कबुल्+इ+नु] कबूल गरिनु; प्रतिज्ञा गरिनु; ('कबुल्नु'-को क० क्रि०)।

कबुल्नु—स० क्रि० [कबूल+नु] १. कबूल गर्नु; प्रतिज्ञा गर्नु। २. मन्जूर गर्नु; स्वीकार गर्नु।

कबूल—ना० [अ० क़बूल] प्रतिज्ञा; स्वीकृति; प्रण।

कबूलियत—ना० [अ० क़बूलियत] कबूल गरेको कुरा लेखिएको कागत; प्रतिज्ञा-पत्र; मन्जूरनामा।

कब्जा—ना० [अ० क़ब्ज़ः] १. काबू; वश; अधिकार। २. ढोका, सन्दूस आदिको बिर्को वा खापा खोल्न र लाउन हुने गरी त्यसमा जड़िएको धातुको साधनविशेष।

कब्जियत—ना [अ० क़ब्जियत] गोटा पर्नु; दिसा रोकिनु; कोष्ठ-बद्धता।

कब्र—ना० [अ० क़ब्र] १. मुसलमान र ईसाईहरूको मुर्दा गाड्ने खाड़ल; चिहान। २. चिहानमाथि बनाएको चौतारो।

कब्रिस्तान—ना० [अ० क़ब्रिस्तान] कब्रहरू भएको स्थान।

CC-0. In Public Domain. Digitization by eGangotri

कभर–ना० [अं०] पुस्तक आदिको आवरण; ढकना।

कम–वि० [फा०] थोर; अलिकति; कम्ती; न्यून।

कमजोर–वि० [फा० कमज़ोर] बल नभएको; दुर्बल; निर्बलियो।

कमजोरी–ना० [फा० कमज़ोरी] दुर्बलता; नाताकती।

कमठ–ना० [सं०] १. कछुवा। २. साधुको तुम्बा। ३. बाँस।

कमठी–ना० [सं०] कछुवा।

कमण्डलु–ना० [सं०] उझिन्डो र टुटी भएको वा नभएको पानीको भाँड़ो; पूजाका निमित्तको वा साधु-संन्यासीले लिएर हिँड्ने जल-पात्र; दरिया-नरिवलको खप्परको वा तुम्बा आदिको साधु-संन्यासीको जल-पात्र।

कमनीय–वि० [सं०] १. अति राम्रो; सुन्दर; मनोहर। २. कामना गर्न योग्य; इच्छा गर्न लायक।

कमनीयता–ना० [सं०] सुन्दरता; रमणीयता।

कमर–ना० [फा०] शरीरको मध्य भाग; कम्मर; कटि।

कमरख–ना० [सं० कर्मार] १. सिउँडीको डाँठजस्तो तीन-चार पाटा परेको पहेँलो अमिलो फल फल्ने, द्रोण-पुष्पजस्तो खैरो फूल फुल्ने एक रूख। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण वात-पित्त-नाशक र पुष्टि-कारक बताइएको छ।)

कमर-पेटी–ना० [फा० कमर+पेटी] १. कमरमा बाँध्ने फित्ता-जस्तो साधन; पेटी; कमर-बन्द। २. पटुका।

कमर-बन्द–ना० [फा०] कमर-पेटी।

कमर-बन्दी–ना० [फा० कमर+बन्द+ई] कमरमा बाँध्ने कपड़ा; पटुका; कमर-पेटी; कमर-बन्द।

कमल–ना० [सं०] १. पोखरीमा उम्रने, वाटुला ठूला पात हुने, लामो नालमा धेरै दल भएको रातो, सेतो, नीलो, पहेँलो आदि अनेक रङ्गको मधुर सुगन्धी फूल फुल्ने प्रसिद्ध बोट। २. त्यसैको फूल; पद्म। (साधारण कमल गुलाफी रङ्गको हुन्छ। गाढ़ा रातो र ठूलो जातको कमललाई कोकनद, नीलो कमललाई नील-कमल, सेतो कमललाई पुण्डरीक, खैरो कर्णिकार हुने सेतो कमललाई पद्मिनी, नीलो र सेतो मिसिएको सूर्य-मुखीको जस्तो पत्र हुने कमललाई उत्पल, सानो सेतो सूर्य-मुखीको जस्तो पत्र हुने कमललाई कुमुद, नीलो रङ्गको त्यस्तै पत्र हुने सानो कमललाई नीलोत्पल र कालो पात हुने गाढ़ा रातो सानो कमललाई उत्पलिनी भन्दछन्।)

कमल-गट्टा–ना० [सं० कमल+गट्टा] १. कमलको गेड़ा; कमलको वीज; पद्म-वीज। २. कमलको कर्णिकार।

कमल-नयन–वि० [सं०] १. कमलका दलजस्ता आँखा भएको; पद्म-पत्राक्ष। २. विष्णु।

कमल-नाभ–ना० [सं०] विष्णु।

कमल-नाल–ना० [सं०] कमलको डाँठ; कमलको नाल।

कमल-पित्त–ना० [सं०] पित्त-प्रकोप भएर रोगीका सबै अङ्ग-प्रत्यङ्ग पहेँला हुने रोगविशेष; कामला।

कमला–ना० [सं०] १. लक्ष्मी। २. धन; सम्पत्ति।

कमलाकर–ना० [सं०] १. कमलको समूह। २. कमल फुलेको तलाउ; कमल-पोखरी। ३. विष्णु। ४. ब्रह्मा।

कमलाक्ष–वि० [सं०] कमलका दलजस्ता आँखा भएको; कमल-नयन।

कमलाक्षी–वि० [सं०] कमल-पत्रजस्ता आँखा भएकी (स्त्री); कमल-नयनी।

कमलासन–ना० [सं०] १. ब्रह्मा। २. पद्मासन।

कमलिनी–ना० [सं०] १. कमलको बोट। २. कमल; नलिनी। ३. कमल फुलेको पोखरी; कमल-पोखरी।

कमलो–वि० [सं० कोमल] नरम; मुलायम; कोमल।

कमल्याइँ–ना० [कमलो+याइँ] कमलो हुनाको भाव; कोमलता।

कमसल–वि० [कम+असल] असल नभएको; कम्ती किसिमको; नअसल।

कमा–ना० [अं० कॅमा] अल्प-विराम; (,)।

कमाइ–ना० [कमाउ+आइ] १. कमाएको वस्तु; आम्दानी; आय। २. कमाउने किसिम, क्रिया वा भाव।

कमाइ–ना० [काम्+आइ] काम्ने किसिम, क्रिया वा भाव; कँपाइ।

कमाइनु–स० क्रि० [काम्+आइ+नु] कँपाइनु; काम्न लगाइनु; ('कमाउनु'-को प्रे० क्रि०)।

कमाइनु–स० क्रि० [कमाउ+इ+नु] आम्दानी गरिनु; आर्जन गरिनु; ('कमाउनु'को-क० क्रि०)।

कमाउनु–स० क्रि० [काम+आउ+नु] १. आम्दानी गर्नु; आर्जन गर्नु। २. जग्गा-जमीन खन-जोत गरी बाली-नाली लाउनु। ३. गहना-गुरिया बनाउनु।

कमाउनु–स० क्रि० [काम्] कँपाउनु; ('काम्नु'-को प्रे० क्रि०)।

कमान–ना० [अं० कमान्ड] १. हैकम; अख्तियार। २. जङ्गी आदेश।

कमान–ना० [फा०] धनु; धनुष।

कमानियर–ना० [अं० कमान्डर] जङ्गी अफिसर; कमान्डर।

कमानी–ना० [फा० कमान] १. दम दिएर चलाइने यन्त्रमा दम भर्ने इस्पातको घुँगुरिएको अवयव। २. कुनै यन्त्रलाई चलाउने लचिलो साधन; स्प्रिङ। ३. हर्निया रोग हुनेले कमरमा बाँध्ने छाला वा धातुको पेटी। ४. गजो; गज।

कमानीदार–वि० [कमानी+दार] कमानी भएको।

कमान्डर–ना० [अं०] सैनिकहरूलाई अनुशासनको आज्ञा दिने जङ्गी अफिसर।

कमान्डर-इन्-चीफ–ना० [अं०] कुनै राष्ट्रको स्थल-सेनाको सर्वोच्च सञ्चालक जङ्गी अफिसर; प्रधान सेना-पति।

कमारी–ना० [कमारो+ई] १. कमाराकी स्वास्नी। २. किनेर ल्याएकी नोकर्नी; दासी।

कमारो–ना० [प्रा० कम्मआरो] किनेको नोकर; दास; करिया।

कमार्तन–ना० [कमारो+अर्तन (सं०)] १. कमाराले सहनुपर्ने दुःख; कमाराले खप्नुपर्ने अनुशासन। २. दासता।

CC-0. In Public Domain. Digitization by eGangotri

कमाल–वि० [अ०] १. अनौठो; अद्भुत। २. कुशलता; निपुणता।

कमिटी–ना० [अं०] कुनै निश्चित काम गर्नाको निम्ति गठन भएको समिति; सानो सभा।

कमिना–ना० (कामी+इना] कमिनी।

कमिनी–ना० [कामी+नी] कामीकी स्वास्नी; कामी जातकी स्त्री।

कमिली-सलह–ना० [कमिलो+सलह] १. मानिसको ठूलो भीड़; ठूलो जन-समूह। (वि०) २. धेरै; प्रशस्त।

कमिलो–ना० [नें०]गुलियो पदार्थ रुचाउने, चिल्ने एक जातको सानो कीराविशेष।

कमिश्नर–ना० [अं०] जिल्लाहरूको समूहको प्रशासनको निमित्त वा कुनै विशेष कामको निमित्त सरकारद्वारा नियुक्त सर्वोच्च कर्मचारी; आयुक्त।

कमिसन–ना० [अं०]१. कुनै वस्तु किन-बेच गराउने व्यक्तिले बीचमा पाउने नाफा; दलाली; फोसा। २. कमिटी; समिति; आयोग।

कमी–ना० [फा० कम+ई] कम हुनु; न्यूनता; अल्पता।

कमीज–ना० [अ० कमीस] छातीमा टाँक लाउने, फेर गोल भएको, बाउलामा कफ र टाँक हुने खुकुलो पोशाक-विशेष।

कमेना–ना० [कामी+एना] कामी जातकी स्त्रीलाई आदर-पूर्वक भन्ने शब्द; कमिनी।

कमेरो–ना० [नें०] घर पोत्ने एक जातको सेतो माटो।

कमैं–ना० [नें०] ठूल्ठूला पात हुने एक जातको लहरो। (यसको पात घुम छाप्ने काममा लिइन्छ।)

कमोत–वि० [कमाउ+ओत] १. कमाएको; खेती गरेको; कमाइ गरेको। २. कामत।

कमोती–ना० [कमाउ+ती] कमाइ; आयस्ता; आर्जन।

कमौत–वि० [कमाउ+औत] कमोत।

कमौती–ना० [कमाउ+औती] कमोती।

कम्धासा–ना० [नेवा०] केराउ पिँधेर साँधी बनाएको अचार।

कम्ता–वि० [कम] कम; थोरै; घटी; न्यून; कम्ती।

कम्ती–वि० [कम+ती] कम; थोरै; घटी; न्यून; कम्ता।

कम्प–ना० [सं०] काँप्नु; कम्पन।

कम्पन–ना० [सं०] काँप्नु; हल्लनु; कम्प।

कम्पनी–ना० [अं०] १. संयुक्त धनबाट व्यापार वा व्यवसाय गर्नेहरूको समुदाय; व्यापारिक गठन। २. भारतीय रुपियाँ। ३. सेनाको एक विभाग।

कम्पाउन्ड–ना० [अं०] गिर्दा; क्याम्प।

कम्पाउन्डर–ना० [अं०] डाक्टरको निर्देशनअनुसार औषधीको मिश्रण तयार पार्ने कामदार।

कम्पाउन्डरी–ना० [कम्पाउन्डर+ई] कम्पाउन्डरको पेशा वा काम।

कम्पायमान–वि० [सं०] काँपेको; कामिरहेको; थरहरी भएको; कम्पित।

कम्पास–ना० [अं०] १. दिशा छुट्ट्याउने यन्त्र; दिग्दर्शक यन्त्र। २. गोल रेखा खिँच्ने यन्त्र; परकाल।

कम्पासे–ना० [अं० कम्पास+ए] कम्पासको काम गर्ने व्यक्ति; कम्पासद्वारा जमीनको नक्शा बनाउन सहायता गर्ने कामदार।

कम्पित–वि० [सं०] काँपेको; थरहरी; कम्पायमान।

कम्पु–ना० [अं० कम्पनी] १. सेनाको एक विभाग। २. सिपाही; सैनिक।

कम्पु-कोत–ना० [कम्पु+कोत] पल्टनको साज-बाज राख्ने ठाउँ; असबाबखाना।

कम्पोज–ना० [अं०] शब्द तथा वाक्यअनुसार छापाखानामा टाइप जोर्नु; छाप्ने अक्षरहरू मिलाउनु।

कम्पोजिटर–ना० [अं०] कम्पोज गर्ने कामदार।

कम्बल–ना० [सं०] १. ओढ्ने-ओछ्याउने कामका निम्तिको मोटो ऊनी कपड़ा; राड़ी-पाखी; काम्लो। २. गाईको गलामा झुन्डिएको छाला; माल; सासना। ३. पानी।

कम्बी–ना० [सं०] १. डाडु। २. चम्चा।

कम्बु–ना० [सं०] १. शङ्ख। २. हात्ती। ३. गर्दन।

कम्बुक–ना० [सं०] १. शङ्ख। २. शङ्खको चुरा। ३. घुँगी कीरो। ४. अधम मानिस।

कम्बु-ग्रीवा–ना० [सं०] शङ्खका आकारको घाँटी।

कम्मर–ना० [फा० कमर] कमर।

कम्मर-पेटी–ना [कम्मर+पेटी] कमर-पेटी।

कम्मर-बन्दी–ना० [फा० कमर-बन्द] कमर-पेटी।

कम्यूनिज्म–ना० [अं०] कार्ल मार्क्सद्वारा प्रतिपादित आर्थिक र राजनीतिक सिद्धान्त; साम्यवाद।

कम्यूनिस्ट–वि० [अं०] कम्यूनिज्मको अनुयायी; साम्यवादी।

कम्र–वि० [सं०] १. कामुक; कामासक्त। २. सुन्दर; रमणीय।

कम्लाइ–ना० [कम्लाउ+आइ] कम्लाउने किसिम वा क्रिया।

कम्लाइनु–स० क्रि० [कम्लाउ+इ+नु] पेट बोकाइनु; मैथुन गरिनु; ('कम्लाउनु'-को क० क्रि०)।

कम्लाउनु–स० क्रि० [सं० कम्र+आउ+नु] १. पेट बोकाउनु; मैथुन गर्नु; रति गर्नु। (अ० क्रि०) २. पेट बोक्नु; गर्भ धारण गर्नु।

कम्सा–ना० [नें०] सुमेरु र नलीमात्र हुने एक किसिमको सानो हुक्का।

कयथ–ना० [प्रा० कइत्थ] १. लाम्चा पात, रातो फूल र बेलजस्तो फल हुने एक काँढ़ावाल वृक्ष। २. त्यसैको फल; कैथ; कपित्थ। (आयुर्वेदमा यसको तेल मूसाको विष नाश गर्ने बताइएको छ।)

कर–ना० [सं०] १. सरकारलाई बुझाइने विभिन्न किसिमका रकम। २. माल-पोत; कूत। ३. सिर्तो। ४. ओलक। ५. कर-काप; प्रेरणा। ६. हात। ७. किरण। ८. हात्तीको

CC-0. In Public Domain. Digitization by eGangotri

सूँड़ । ९. (अरू शब्दको पछि लागेर दिने, गर्ने आदि अर्थ बुझाउने) शब्द। (उदा०–दिन-कर, हित-कर, सुख-कर इत्या०।)

करक–ना० [ने०] १. उम्कन नसकिने अप्ठेरो अवस्था। २. बलियो गरी समातेको अवस्था।

करकर–क्रि० यो० [ने०] कचकच; फतफत।

करकरे–वि० [करकर+ए] करकर गर्ने; कचकचे; फतफते।

करका–ना० [सं०] असिना।

करका-घन–ना० [सं०] असिना बर्साउने बादल।

कर-काप–ना० [कर+काप] बल-जफती; जबरजस्ती।

करक्क–क्रि० यो० [अनु०] दह्रो वस्तु भाँचिने किसिम; दह्रो वस्तु भाँच्दा आउने आवाज; कन्याक्क।

करगत–वि० [सं०] हातमा आएको; हस्तगत।

कर-ग्रहण–ना० [सं०] १. विवाह; पाणि-ग्रहण। २. कर उठाउनु; कर असूल गर्नु।

करङ–ना० [सं० करङ्ग] मेरु-दण्डबाट छातीमा जोड़िन आउने लामा-लामा हाड़।

करङे–वि० [करङ+ए] करङ्गे।

करङ्कशाली–ना० [सं०] १. सानो, पहेँलो डाँठ हुने एक थरी गँवरा-ऊखु। २. खप्पर; कपाल।

करङ्गे–ना० [करङ्ग+ए] १. टाउकोदेखि पुच्छरसम्म एकनास गोल परेको, करीब चार इन्च लामो एक जातको माछा। २. सानो बिछ्यौना; लम्पट।

करछुली–ना० [सं० कर+रक्षी] घिउ, तेल आदि सुमर्ने सानो डाडु।

करज–ना० [सं०] १. नङ। २. औँला।

कर-ज्योडि–ना० [सं०] हात-जोडी।

करञ्ज–ना० [सं०] भँगेराको फुलको आकारको, सेतो वा रातो रङ्गको अमिलो फलविशेष।

करट–ना० [सं०] १. काग; कौवा। २. हात्तीको कनपारो।

करण–ना० [सं०] १. काम गर्नु; काम गराइ। २. काम; कार्य। ३. इन्द्रिय। ४. काम गर्ने साधन; औजार। ५. व्याकरणमा कर्तालि क्रिया सिद्ध गर्ने कारक; तृतीय कारक। ६. ज्योतिष-शास्त्रअनुसार एक तिथिमा दुइ वटाका हिसाबले पर्ने जम्मा एघार विभाग (वव, बालव, कौलव, तैतिल, गर, वणिज, विष्टि, शकुनि, चतुष्पद, किंस्तुघ्न र नाग)।

करणिक–ना० [सं०] कामदार; कार्य-कर्ता।

करणी–ना० [सं०] १. नियम-विरुद्ध मैथुन; अगम्या-गमन। २. बलात्कारको मैथुन। ३. असारे फूल।

करणीय–वि० [सं०] गर्न योग्य; गर्नुपर्ने।

करण्ड–ना० [सं०] १. बाँसका चोयाले बुनेको भाँड़ो; डालो, खर्पन आदि। २. माहुरीको चाको।

कर-तल–ना० [सं०] हत्केलो।

कर-तल-ध्वनि–ना० [सं०] थपड़ी; ताली।

कर-ताल–ना० [सं०] कठ-ताल।

कर-ताली–ना० [सं०] १. कर-तल-ध्वनि; थपड़ी। २. भजन, कीर्तन आदिमा बजाइने काठको बाजा; कठ-ताल।

करतूत–ना० [सं० कर्तृत्व] काम; कर्म; करनी; कर्तव्य (खराब अर्थमा मात्र प्रयोग हुने)।

करद–वि० [सं०] कर तिर्ने; कर दिने।

करनाल–ना० [अ० करनाय] फुकेर बजाइने घुँगुरिएको एक किसिमको ठूलो बाजा।

करनी–ना० [सं० करण] १. काम; कर्तव्य। २. खराब काम; बिगार। ३. करणी।

करनी-सन्देह–ना० [सं० करण+सन्देह] मर्मसम्म धक्का पुग्ने बिगार।

कर-न्यास–ना० [सं०] जप, पूजा आदिमा मन्त्रपूर्वक हातका औँलाहरू स्पर्श गर्ने क्रिया।

कर-पत्र–ना० [सं०] करौँती; आरा।

कर-पल्लवी–ना० [सं०] औँलाको सङ्केतद्वारा शब्दको भाव प्रकट गर्नु।

करपात्री–वि० [सं०] हातैमा अन्न,जल आदि ग्रहण गर्ने (साधु)।

कर-पृष्ठ–ना० [सं०] हर्थुङ्गो।

करभ–ना० [सं०] १. नारीदेखि कान्छी-औँलासम्मको हत्केलाको तल्लो भाग। २. हात्तीको सूँड़। ३. हात्तीको बच्चा। ४. ऊँटको बच्चा।

करभक–ना० [सं०] ऊँट।

करभोरु–वि० [सं०] हात्तीका सूँड़जस्ता तिघ्रा भएकी (स्त्री)।

करम–ना० [सं० कलम्बी] पोखरीमा उम्रने, सखर-खण्डको जस्तो पात, खोक्रो डाँठ र सेतो फूल हुने एक साग। (आयुर्वेदमा यसको गुण दूध र शुक्र बढ़ाउने बताइएको छ।)

करमई–ना० [सं०] करौँदा।

करमर्द्दी–ना० [सं०] सानु-करौँदा।

करमा–ना० [सं० कदम्ब] कोइरालाका जस्ता पात हुने, कदम्बका जस्ता फूल र पहेँलो काठ हुने बलियो एक जातको वृक्ष; एक जातको कदम्ब।

कर-माला–ना० [सं०] जप गर्दा जप-मालाको काम लिइने औँलाका टोप्रा।

करमाली–ना० [सं०] सूर्य।

करवाल–ना० [सं०] खड्ग; तरवार।

करवीर–ना० [सं०] लामा-लामा पात, पहेँला, सेता, राता फूल फुल्ने एक बोट; कँड़ेल। (यसका पहेँला, राता, सेता आदि फूल फुल्ने अनेक भेद हुन्छन्। पहेँलो फूल फुल्नेको वाटुला किसिमका फल र रातो फूल फुल्नेको लामा-लामा कोसा हुन्छन्।)

करवीर–ना० [सं० कराल+वीर] काठमाड़ौँको एक प्रसिद्ध श्मशान।

कर-शाखा–ना० [सं०] हातका औँला।

कर-सम्पुट–ना० [सं०] अञ्जलि-मुद्रा; दुइ हात जोड़ेको मुद्रा।

CC-0. In Public Domain. Digitization by eGangotri

करात-ना० [ने०] बल; शक्ति।
करातिलो-वि० [करात+इलो] १. बलियो; शक्ति-शाली। २. दर्बिलो; दह्रो; मजबूत।
करासो-ना० [ने०] जगमा चिसो बचाउनाका निमित्त घरका वरि-परि टाँसेर बनाइने पेटी।
कराइ-ना० [कराउ+आइ] कराउने किसिम वा क्रिया।
कराइनु-अ० क्रि० [कराउ+इ+नु] ठूलो शब्द गरी बोलिनु; चिच्च्याइनु; ('कराउनु'-को भा० क्रि०)।
कराउनु-अ०क्रि० [सं० क्रंद] १. ठूलो स्वरले बोल्नु; चिच्च्याउनु। २. कचकच गर्नु; करकर गर्नु। ३. उजूर गर्नु; फिराद गर्नु।
करामत-ना० [अ०] अनौठो काम; चमत्कार।
करार-ना० [अ०] १. कबूल; प्रतिज्ञा। २. दृढता; स्थिरता।
कराल-वि० [सं०] डर-लाग्दो; भयानक; भयङ्कर।
करालो-ना० [सं० कराल] ठाड़ो परेको डर-लाग्दो भीर; भिरालो; ओरालो।
कराही-ना० [प्रा० कडाह] दुइतिर कड़ा लागेको, फराक मुख हुने पकाउने काममा उपयोग गरिने, फलाम, पीतल आदिको भाँड़ोविशेष।
कराही-ना० [सं० कटभी] १. साना-साना पात हुने एक वृक्ष। २. त्यसैको फल। (यसका सेता र काला—दुइ भेद छन्। आयुर्वेदमा यसका फलको गुण धातु र कफ-वर्द्धक मानिएको छ। वृक्षको निर्यास बल-वर्द्धक र वात-नाशक मानिएको छ।)
करि-ना० [सं०] हात्ती।
करिया-ना० [सं० क्री+इया] किनेको नोकर; कमारो; दास।
करि-वदन-ना० [सं०] गणेश।
करीब-क्रि० यो० [अ० क़रीब] १. लगभग; झन्डै। २. पुग-नपुग।
करीर-ना० [सं०] क्षार वा गेग्रिन जमीनमा हुने, पात नहुने, वसन्त ऋतुमा हरिया डाँठका टुप्पामा साना-साना गोल राता फूल फुल्ने र फूल झरेपछि गोल-काँक्रीजस्ता बाटुला फल फल्ने एक बोट। (यसका बोक्राको पाट बन्छ। आयुर्वेदमा यसको गुण कफ, वात, श्वास, र शूल रोग नाश गर्ने बताइएको छ।)
करीष-ना० [सं०] सुकेको गोबर; पकला; गुइँठा।
करु-ना० [ने०] लेकमा हुने जौजस्तो अन्नविशेष।
करुण-ना० [सं०] १. करुणा; दया। २. ईश्वर। ३. काव्यका नौ रसमध्ये एक। (वि०) ४. करुणा-युक्त; दयावान्।
करुणा-ना० [सं०] दया; माया।
करुणा-निधान-वि० [सं०] करुणा-युक्त; दयालु।
करुणा-निधि-वि० [सं०] करुणा भएको; दयालु।
करुणार्द्र-वि० [सं०] दयाले मन पग्लेको; करुणामय।
करुवा-ना० [सं० करक] टुटी भएको पानीको भाँड़ोविशेष।
करुवा-ना० [ने०] दुइ वा तीन खुट्टा भएको कीलाविशेष।
करेटाइ-ना० [करेट्+आइ] करेट्ने किसिम वा क्रिया।
करेटाइनु-स० क्रि० [करेट्+आइ+नु] करेट्न लाइनु; करेट्ने काम गराइनु; ('करेटाउनु'-को क० क्रि०)।
करेटाउनु-स० क्रि० [करेट्+आउ+नु] करेट्ने काम गराउनु; करेट्न लाउनु; ('करेट्नु'-को प्रे० क्रि०)।
करेटिनु-स० क्रि० [करेट्+इ+नु] करौंतीले झैं रेटिनु; करेट्ने काम गरिनु; ('करेट्नु'-को क० क्रि०)।
करेटो-वि० [करेट्+ओ] १. करेट्ने स्वभावको; अर्कालाई मर्का पार्ने। २. नमिल्दो; बेमेलको।
करेट्नु-स० क्रि० [करौंती+रेट्] १. करौंतीले रेटेझैं रेट्नु। २. अर्कालाई ज्यादै मर्का पार्नु।
करेणु-ना० [सं०] हात्ती।
करेत-ना० [सं० कर्कटी] एक जातको ठूलो विषालु सर्प।
करेन्ट-ना० [अं०] १. बिजुलीको प्रवाह; विद्युत्तरङ्ग। २. प्रवाह; धारा।
करेपाइ-ना० [करेप्+आइ] करेप्ने किसिम वा क्रिया।
करेपाइनु-स० क्रि० [करेप्+आइ+नु] करेप्न लाइनु; अँठ्याउन लाइनु; ('करेपाउनु'-को क० क्रि०)।
करेपाउनु-स० क्रि० [करेप्+आउ+नु] करेप्न लाउनु; अँठ्याउन लाउनु; ('करेप्नु'-को प्रे० क्रि०)।
करेपिनु-स० क्रि० [करेप्+इ+नु] करेप्ने काम गरिनु; अँठ्याउनु; ('करेप्नु'-को क० क्रि०)।
करेप्नु-स० क्रि० [कन्याप्प+नु] १. हल-चल गर्न नहुने गरी समाउनु; अँठ्याउनु। २. कर-काप गर्नु; न्याख-याख्ती पार्नु।
करेली-ना० [ने०] घोड़ाको टाउकोमा लाउने साज; मोहड़ा; लगाम।
करेलो-ना० [सं० कारवेल्ल] तीन-कुने पात हुने, लहरामा फल्ने, तरकारी वा अचार बनाएर खाइने, तीतो फलविशेष।
करेसो-ना० [करासो] करासो।
करोड-ना० [सं० कोटि] १. सय लाखको सङ्ख्या; १००००००० को अङ्क। (वि०) २. सय लाख सङ्ख्याको।
करोड़न्-वि० [करोड़+अन्] करोड़ौं; अनेक करोड़।
करोड़-पति-वि० [करोड़+पति (सं०)] करोड़ रुपियाँको मालिक; कोट्याधीश।
करोड़ौं-वि० [करोड़+औं] धेरै करोड़; करोड़न्; कोटि-कोटि।
करौंजी-ना० [सं० करञ्ज] १. कालो जीरा; मुङ्ग्रेलो। २. रातो-सेतो रङ्गको, अमिलो स्वादको फलविशेष; करौंदा।
करौंती-ना० [सं० कर्तनी] रेतेर काठ आदि चिर्ने एक किसिमको दाँतीदार औजार; सानो किसिमको आरा।
करौंते-ना० [करौंती] १. खस्रा र लामा पात र सेतो फूल हुने, दूबो-जातको लहरे भइँ-झार; पानी-दूबो। २. एक जातको बाँस।
करौंदा-ना० [सं० करमर्द] १. साना-साना पात, सेतो फूल, गोल, साना फल हुने एक काँढ़ावाल वृक्ष। २. त्यसैको फल; करमर्द। ३. रातो र सेतो मिसिएको अमिलो फल; करञ्ज।

CC-0. In Public Domain. Digitization by eGangotri

कर्कट–ना० [सं०] १. बाह्र राशिमध्ये एक। २. गँगटो। ३. तराजूको डाँठको दुवैतिरको घुँगुरिएको टुप्पा। ४. मुस्लिन्डी लहरो।

कर्कट-पाता–ना० [अं० करुगेटेड+पाता] घर छाउने, डाँड़ो र डोल्सी परेको टिनको पाता; जस्ता-पाता।

कर्कट-रेखा–ना० [सं०] विषुवत्-रेखाभन्दा साढ़े तेईस अंश उत्तर भएको र त्यसकै समानान्तरमा कल्पना गरिएको भौगोलिक रेखा।

कर्कट-शृङ्गी–ना० [सं०] १. लाम्चा पात र लामा खैरा फल हुने एक वृक्ष। २. त्यसैको फल।(आयुर्वेदमा यसको गुण हिक्का, वायु, अतिसार र रक्त-दोष नाश गर्ने बताइएको छ।)

कर्कनु–अ० क्रि० [कर्के+नु] १. कर्के हुनु; बाङ्गिनु; टेढ़िनु। २. कसैलाई देखेको नदेखैं गरेर अर्कातिर फर्कनु।

कर्क-रेखा–ना० [सं०] कर्कट-रेखा।

कर्कलो–ना० [ने०] ठूला-ठूला नरम पात हुने, पहेँलो घोगा-जस्तो फूल फुल्ने र धेरै सेला भएको कन्द हुने एक सानो बोट; पिँडालुको बोट। (यसको तरकारी खाइन्छ।)

कर्कश–वि० [सं०] १. कड़ा; कठोर। २. खस्रो। ३. तीव्र; प्रचण्ड।

कर्कशता–ना० [सं०] कर्कश हुनाको भाव।

कर्कशा–वि० [सं०] १. रूखो स्वभावकी; ठर्री। २. झगड़ालु; मुखाले (स्त्री)।

कर्काइ–ना० [कर्क+आइ] कर्कने किसिम वा क्रिया।

कर्काइनु–स० क्रि० [कर्क+आइ+नु] कर्कन लाइनु; बङ्ग्याइनु; टेढ़्याइनु; ('कर्काउनु'-को क० क्रि०)।

कर्काउनु–स० क्रि० [कर्क+आउ+नु] १. टेढ़ो पार्नु; बङ्ग्याउनु। २. आँखा सन्काउनु। ३. मर्काउनु; निमोठ्नु। ४. काँक्रो, फल आदि चपाउनु; ('कर्कनु'-को प्रे० क्रि०)।

कर्काउली–ना० [ने०] घिउ, तेल आदि झिक्ने सानो डाडु; करछुली।

कर्काटो–ना० [सं० कर्कट] वाटुलो रेखा खिँच्ने साधन-विशेष; परकाल।

कर्किइनु–अ० क्रि० [कर्कि+इ+नु] कर्के होइनु; बाङ्गिइनु; टेढ़िइनु; ('कर्किनु'-को भा० क्रि०)।

कर्किनु–अ० क्रि० [कर्के+इ+नु] कर्के होइनु; बाङ्गिइनु; टेढ़िइनु; ('कर्कनु'-को भा० क्रि०)।

कर्किनु–अ० क्रि० [कर्के+इ+नु] कर्कनु।

कर्के–वि० [सं० कर्कट] बाङ्गो; टेढ़ो; छड्के।

कर्कोटक–ना० [सं०] पुराण-प्रसिद्ध आठ नागमध्ये एक।

कर्क्याइ–ना० [कर्के+आइ] कर्किने किसिम, क्रिया वा भाव।

कर्क्याहट–ना० [कर्कि+आहट] कर्किने किसिम वा क्रिया; कर्क्याइ।

कर्क्यौली–ना० [कर्काउली] कर्काउली।

कर्खा–ना० [सं०कराल] कुनै वीरता वा वीरपुरुषका प्रशंसा वा सम्झनामा बनाइएर गाइने विशेष प्रकारको गीत।

कर्चूर–ना० [सं०] १. हरताल। २. सुन।

कर्जा–ना० [अ० कर्ज़] ऋण; सापट; पैँचो।

कर्ण–ना० [सं०] १. कान। २. नाउको पतवार। ३. त्रिभुजका सम-कोणका सामुन्नेको रेखा। ४. अविवाहिता अवस्थामा कुन्तीबाट जन्मेका महाभारत-प्रसिद्ध एक वीर। ५. महा दानी।

कर्ण-कटु–वि० [सं०] सुन्दा अप्रिय लाग्ने; श्रुति-कटु।

कर्ण-कटुता–ना० [सं०] कर्ण-कटु हुनाको भाव।

कर्णधार–ना० [सं०] १. माझी; मल्लाह। २. पतवार; पछवार। ३. कुनै संस्था वा कार्यको मुख्य अधिकारी।

कर्ण-परम्परा–ना० [सं०] एक कानबाट अर्को कान, अर्को कानबाट अर्को कान भई फैलिएको कुरा; श्रुति-परम्परा।

कर्ण-पिशाची–ना० [सं०] साधकलाई अदृश्य रूपमा आई कानमा परोक्ष ज्ञान दिने देव-योनिविशेष।

कर्ण-फूल–ना० [सं० कर्ण+फूल] कानका कोपिलामा लाउने फूलका आकारको गहना; कानको फूली।

कर्ण-मल–ना० [सं०] कानको मयल; काने-गुजी।

कर्ण-वेध–ना० [सं०] बालकको कान छेड्ने संस्कार।

कर्ण-शूल–ना० [सं०] १. कानका जर्बूटामा आउने एक किसिमको खटिरो। २. कान दुख्ने एक रोग; कानको शूल।

कर्णस्फोट–ना० [सं०] १. तीन-तीन कुना परेका पात, रातो गोल फल र नङ्ग्रा हुने एक लहरो। २. त्यसैको फल।(आयुर्वेदमा यसको गुण विष-नाशक बताइएको छ।)

कर्णिका–ना० [सं०] १. कमलको बीचमा रहने गाँठो। २. कर्ण-फूल। ३. माझी-औंलो।

कर्णिकार–ना० [सं०] १. कनक-चम्पा। २. कँड़ेलको फूल।

कर्णेजप–ना० [सं०] अर्काको चुक्ली लाएर हिँड्ने; छुल्याहा।

कर्णेल–ना० [अं० कर्नल] मेजरभन्दा माथिको एक पल्टनिया दर्जा।

कर्तव्य–ना० [सं०] १. गर्नुपर्ने वा गर्न योग्य काम। २. खराब काम; करतूत (टुना, मोहनी, विष-प्रयोग आदिको)।

कर्तव्य-परायण–वि० [सं०] गर्नुपर्ने काम गर्ने; कर्तव्य पूरा गर्ने; कार्य-निष्ठ।

कर्तव्य-पालन–ना० [सं०] कर्तव्य पूरा गर्नु; आफूले गर्नुपर्ने काम ठीकसँग पूरा गर्नु।

कर्तव्याकर्तव्य–ना० [सं०] गर्न योग्य र गर्न अयोग्य काम; उचित र अनुचित काम।

कर्ता–वि० [सं०] १. गर्ने। २. बनाउने; रचयिता। (ना०) ३. व्याकरणको प्रथम कारक; कर्तृ कारक। ४. ब्रह्मा। ५. ईश्वर।

कर्ता-धर्ता–वि० [सं० कर्ता+धर्ता] १. कुनै काममा सर्वाधिकार भएको। २. सर्वेसर्वा।

कर्तार–ना० [सं०कर्तृ] १. गर्ने; कर्ता। २. ईश्वर।

कर्तु–वि० [सं०] १. काम गर्ने; कर्ता। २. (ना०)ईश्वर।

CC-0. In Public Domain. Digitization by eGangotri

३ ब्रह्मा। ४. शिव। ५. विष्णु।

कर्तृक–वि० [सं०] १. गरिएको; सम्पादित। (ना०) २. कार्य-कर्ता वा कर्मचारीहरूको समूह।

कर्तृत्व–ना० [सं०] कर्ताको भाव वा धर्म।

कर्तृ-वर्ग–ना० [सं०] कर्मचारी वा कार्य-कर्ताहरूको समूह।

कर्तृ-वाचक–वि० [सं०] व्याकरणमा कर्तालाई बोध गराउने (क्रिया)।

कर्तृ-वाच्य–ना० [सं०] व्याकरणअनुसार प्रधान रूपमा कर्ताको बोध हुने क्रिया।

कर्तन–ना० [सं०] काट्नु; छाँट्नु।

कर्तनी–ना० [सं०] १. कैँची; कतर्नु। २. चक्कू। ३. छुरा।

कर्तरी–ना० [सं०] १. कैँची; कतर्नु। २. चक्कू। ३. छुरा।

कर्द–ना० [सं०कर्तनी] नदोब्रिने चक्कूजस्तो सानो हतियार; खुकुरीका आकारको सानो हतियार।

कर्दम–ना० [सं०] १. हिलो। २. मैल। ३. मासु। ४. स्वायम्भू मन्वन्तरका एक प्रसिद्ध प्रजा-पति।

कर्नाली–ना० [ने०] नेपालको पश्चिम भागमा बग्ने एक ठूलो नदी। (पहाड़ी क्षेत्र नाघेपछि यसलाई सरयू भन्दछन्।)

कर्नेल–ना० [अं० कॅर्नल] कर्णेल।

कर्पटी–वि० [सं०] माग्ने; मगन्ते; भिक्षुक।

कर्पन–ना० [सं०कर] न्यायालयमा तिरिने एक किसिमको दस्तूर।

कर्पर–ना० [सं०] १. कराही। २. खप्पर; कपाल। ३. कहतारो।

कर्पास–ना० [सं०] १. कपासको बोट। २. कपास; रुवा।

कर्पूर–ना० [सं०] कपूर।

कर्बुर–ना० [सं०] १. सुन; सुवर्ण। २. धतूरो। ३. पाप। ४. राक्षस। (वि०) ५. रङ्ग-बिरङ्गी; छिरबिरे।

कर्म–ना० [सं०] १. काम; कार्य। २. भाग्य; तकदीर; प्रारब्ध। ३. वैदिक संस्कार; व्रत-बन्ध आदि संस्कार। ४. व्याकरणअनुसार दोस्रो कारक।

कर्म-कर–ना० [सं०] कमारो; दास।

कर्म-काण्ड–ना० [सं०] १. गृहस्थीका नित्य, नैमित्तिक र वैदिक तथा लौकिक कर्म-समूह। २. कर्मको विवेचना गरिएको वेदको एक भाग।

कर्म-काण्डी–वि० [सं०] कर्म-काण्ड गर्ने वा गराउने।

कर्म-कार–ना० [सं०] १. फलाम, सुन आदिको काम गर्ने कालिगड़। २. दास; करिया।

कर्म-क्षेत्र–ना० [सं०] १. काम गर्ने ठाउँ; कार्य-क्षेत्र; कर्म-भूमि। २. संसार।

कर्म-चण्डाल–ना० [सं०] नीच काम गर्ने व्यक्ति; चण्डालले गर्ने काम गर्ने व्यक्ति।

कर्म-चाण्डाल–[सं०] कर्म-चण्डाल।

कर्मचारी–ना० [सं०] १. काम गर्ने व्यक्ति; कर्मिष्ठ। २. सरकारी सेवामा रहेका व्यक्ति; कामदार; कारिन्दा।

कर्मठ–वि० [सं०] १. दत्त-चित्त भएर काम गर्ने; दिलोज्यानले काम गर्ने। २. काममा निपुण; सिपालु; कार्य-कुशल। ३. धर्म-सम्बन्धी अनुष्ठान गर्ने; कर्म-निष्ठ।

कर्मणा–क्रि० यो० [सं०] कामअनुसार; कर्मले; कामले।

कर्मण्य–वि० [सं०] असल र खूब काम गर्ने; कर्म-निष्ठ।

कर्मण्यता–ना० [सं०] कर्मण्य हुनाको भाव; कर्म-शीलता।

कर्मधारय–ना० [सं०] विशेषण र विशेष्यको समान अधिकरण हुने एक समास। (उदा०–कालीमाटी, भलादमी, लाल-मोहर इत्या०।).

कर्म-निष्ठ–वि० [सं०] १. नियमानुसार धार्मिक कर्महरू गर्ने; क्रियावान्। २. राम्रो काम गर्ने; कर्मठ।

कर्म-पात्र–ना० [सं०] धार्मिक कर्महरू गर्दा मन्त्रपूर्वक तिल, जौ, कुश, जल आदि मिसाएर हालिने भाँड़ो; तिलानी।

कर्म-प्रधान–वि० [सं०] व्याकरणमा कर्ताको सट्टामा कर्म मुख्य भई क्रियाको लिङ्ग, वचन पनि कर्मकै अनुसार हुने (वाक्य); कर्म-वाच्य।

कर्म-फल–ना० [सं०] पूर्व जन्ममा गरिएका कर्महरूको फल; पहिले गरेका कामको परिणाम।

कर्म-भूमि–ना० [सं०] १. यज्ञ आदि कर्म गर्नाका निमित्त उचित भूमि; आर्यावर्त। २. काम गर्ने स्थान; कर्म-क्षेत्र। ३. संसार।

कर्म-भोग–ना० [सं०] १. कर्मको फल। २. कर्म-फलको अनुसार प्राप्त सुख-दुःख।

कर्म-योग–ना० [सं०] १. शास्त्र-विहित, चित्त-शुद्धि हुने कर्म। २. सफलता र विफलतामा समान भाव राखेर गरिने शुभ कर्तव्य।

कर्म-योगी–वि० [सं०] कर्म-योगको सिद्धान्तअनुसार कर्म गर्ने।

कर्म-रेखा–ना० [सं०] भाग्य-रेखा।

कर्म-वाच्य–ना० [सं०] व्याकरणमा कर्ताको सट्टा कर्म प्रधान हुने; कर्म-प्रधान (वाक्य)।

कर्मवाद–ना० [सं०] शुभ वा अशुभ कर्मको फल मानिसले अवश्य भोग्नपर्दछ भन्ने सिद्धान्त; प्रारब्धवाद।

कर्मवादी–वि० [सं०] कर्मवादको अनुयायी; प्रारब्धवादी।

कर्मवान्–वि० [सं०] कर्म गर्ने; कर्म-शील।

कर्म-विपाक–ना० [सं०] पूर्व जन्ममा गरिएको शुभ र अशुभ कर्मको असल र खराब फल।

कर्म-वीर–वि० [सं०] १. लोक-हितका निमित्त कर्म गर्ने; परोपकारी। २. विघ्न-बाधाको सामना गरी कर्तव्य-पालन गर्ने; पुरुषार्थी।

कर्म-शील–वि० [सं०] १. स्वभावतः कर्म गर्ने व्यक्ति; कर्मवान्; कर्म-निष्ठ। २. प्रयत्न गर्ने; उद्योगी।

कर्म-शीलता–ना० [सं०] कर्म-शील हुनाको भाव।

कर्म-हीन–वि० [सं०] १. काम नगर्ने; अकर्मण्य। २. भाग्य नभएको; अभागी।

कर्म-हीनता––ना० [सं०] कर्म-हीन हुनाको भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मिष्ठ–वि० [सं०] नित्य, नैमित्तिक र वैदिक, तान्त्रिक कर्महरू गर्ने; नियमानुसार धार्मिक कृत्यहरू गर्ने; कर्म-निष्ठ।

कर्मी–वि० [सं०] १. काम गर्ने; कर्म गर्ने। (ना०) २. कारीगरी काम गर्ने व्यक्ति; कालिगड़; कौ, सिकर्मी, डकर्मी आदि।

कर्मेन्द्रिय–ना० [सं०] हात, गोड़ा, जिभ्रो, गुद-द्वार र उपस्थ–यी पाँच कर्म गर्ने इन्द्रिय।

कऱ्याँसो–ना० [कराँसो] कराँसो।

कऱ्याक-कुरुक–क्रि० यो० [अनु०] १. कुनै दह्रो पदार्थ भाँचिदा आवाज आउने किसिम। २. झुरो वस्तु भाँचिने किसिम; मऱ्याक-मुरुक।

कऱ्याक्क–क्रि० यो० [अनु०] दह्रो वस्तु एकै चोटि भाँचिने वा भाँचिदा आवाज आउने किसिम; करक्क; मऱ्याक्क।

कऱ्याङ-कुरुङ–क्रि० यो० [अनु०] झुरिएको पदार्थ चपाउँदा वा माड्दा शब्द आउने किसिम।

कऱ्याङ्कुरुङ–ना० [सं० कलाङ्कुर] हाँसको जस्तो टाउको, चुच्चो तथा गर्धन हुने र बाँकी शरीर कुखुराको जस्तो हुने, घाँटी सेतो भई बाँकी शरीर कालो हुने जलाशयको नजीकमा रहने एक जातको पक्षी।

कऱ्याप्प–क्रि० यो० [अनु०] १. दह्रो वस्तु भाँचिदा शब्द आउने किसिम; कऱ्याक्क। २. उम्कन नसक्ने गरी समाउने किसिम; च्याप्प।

कऱ्याम-कुरुम–ना० [अनु०] झुरो वस्तु समाउँदा वा चपाउँदा भाँचिएर शब्द आउने किसिम; कऱ्याङ-कुरुङ।

कऱ्याम्म–क्रि० यो० [अनु०] १. दह्रो वस्तु भाँचिने वा भाँचिदा आवाज आउने किसिम; कऱ्याक्क। २. साह्रो वस्तु चपाउने किसिम; मऱ्याक्क।

कर्ष–ना० [सं०] १. तान्नु; घिच्च्याउनु। २. जोत्नु; खन्नु। ३. सोह्र मासाको तौल।

कर्षक–वि० [सं०] १. तान्ने; घिच्च्याउने।(ना०) २. खन-जोत गर्ने व्यक्ति; कृषक; किसान।

कर्षण–ना० [सं०] १. तान्नु; घिच्च्याउनु। २. खन-जोत गर्नु; कृषि-कर्म; बाली लाउनु। ३. खुर्कनु; ताछ्नु।

कर्ष-फल–ना० [सं०] बर्रो।

कर्षित–वि० [सं०] १. खनिएको; जोतिएको। २. तानिएको; घिच्च्याइएको।

कर्हिचित्–क्रि० यो० [सं०] कहिले-काहीँ; कुनै समय।

कल–ना० [सं० कला] धेरै पूर्जा जोरेर बनाइएको विभिन्न काम लिइने साधन; यन्त्र; मेशीन।(उदा०–लुगा सिउने कल, धान कुट्ने कल आदि।)

कल–ना० [सं० कलह] कलह; झगड़ा।

कल–ना० [ने०] मन; इच्छा।

कल–वि० [सं०] अर्थ नबुझिने मीठो र मन्द; सुरिलो (स्वर)।

कलक-कलक–क्रि० यो० [अनु०] ठाड़ो घाँटी लाएर पानी पिउँदा शब्द आउने किसिम; कलकल।

कल-कण्ठ–वि० [सं०] १. मीठो स्वर भएको; सुरिलो स्वरको।(ना०)२. कोइली; कोकिल। ३. हाँस। ४. परेवा।

कलकल–ना० [सं०] १. पानी बग्दा आउने मधुर शब्द। २. ठाड़ो घाँटी लाएर पानी पिउँदा आउने शब्द; घटघटी। ३. चरा-चुरुङ्गीको मधुर ध्वनि। ४. धेरै मानिस एकै चोटि बोल्दाको शब्द।

कलकलाइ–ना० [कलकल+आइ] १. कलकल शब्द आउने किसिम वा क्रिया। २. कलिलो हुनाको किसिम वा क्रिया।

कलकलाइनु–अ० क्रि० [कलकलाउ+इ+नु] कलकल शब्द गरी बगिनु; ('कलकलाउनु'-को भा० क्रि०)।

कलकलाउँदो–वि० [कलिलो+आउँदो] नछिप्पिएको; कलिलो; कोमल।

कलकलाउँदो–वि० [सं० कलकल+आउँदो] कलकल शब्द गर्ने।

कलकलाउनु–अ० क्रि० [कलकल+आउ+नु] कलकल शब्द गर्दै बग्नु; मधुर स्वर गर्दै पानी बग्नु।

कलकलाहट–ना० [कलकल+आहट] कलकल शब्द आउने किसिम वा क्रिया; कलकलाइ।

कलकले–ना० [ने०] सेतो घाँटी हुने एक जातको चरो।

कल-घर–ना० [कल+घर] १. कल राखिएको घर; यन्त्र-शाला। २. कल; यन्त्र; मेशीन।

कलङ्क–ना० [सं०] १. दाग; टाटो। २. दोष; कसूर। ३. दुष्कीर्ति; अपयश। ४. खिया; खुई।

कलङ्कित–वि० [सं०] कलङ्क लागेको।

कलङ्की–वि० [सं०] १. कलङ्क भएको; दोषी। (ना०) २. चन्द्रमा।

कलङ्की–ना० [सं० कल्कि] विष्णुका दश अवतारमध्ये एक; कल्कि अवतार।

कलचौँड़ो–वि० [कालो+चमड़ा] कालो वर्णको।

कलजिभ्रे–ना० [कालो+जिभ्रो+ए] १. कालो जिभ्रो भएको व्यक्ति; बोक्सो। २. दुर्वचन बोल्ने व्यक्ति; दुर्मुखा मानिस।

कलत्र–ना० [सं०] १. स्वास्नी; पत्नी। २. नितम्ब; कटि-पश्चात् भाग।

कल-धारा–ना० [कल+धारा] पाइपबाट पानी आई त्यसका मुखमा खोल्ने र बन्द गर्ने हुने धातुको टुटी जड़िएको पानी-को धारा।

कलधौत–ना० [सं०] १. सुन। २. चाँदी। ३. मधुर ध्वनि।

कल-ध्वनि–ना० [सं०] कोमल ध्वनि; मधुर शब्द।

कलन–ना० [सं०] १. उत्पन्न गर्नु; पैदा गर्नु। २. सजाउनु; सजावट। ३. लाउनु; धारण गर्नु।

कल-नाद–वि० [सं०] मन्द र मधुर स्वर भएको।

CC-0. In Public Domain. Digitization by eGangotri

कलप–ना० [सं० कल्प] १. फुलेका कपाल, जुँगा आदि कालो पार्ने औषधी; खिजाब; केश-कल्प । २. कपड़ा दरो पार्नाका निमित्त लाइने माड़ ।

कलबिख–ना० [कालो+बिख] १. कर्कलाको आकारको लाम्चो पात हुने, नीलो फूल फुल्ने, सलिफाजस्तो कालो फल फल्ने विषालु वनस्पतिविशेष । (वि०) २. ज्यादै तीतो; खाइनसक्नु तीतो ।

कलभ–ना० [सं०] १. हात्तीको बच्चो । २. ऊँटको बच्चो ।

कलम–ना० [सं०] १. लेख्ने साधन; लेखनी । २. एक जातको निगालो; सर । ३. आषाढमा रोपेर मङ्सीरमा काट्ने धान । ४. चित्र लेख्ने कूची ।

कलम–ना० [अ० क़लम] १. जमीनमा वा अर्को रूखमा सार्नाका निमित्त कुनै रूखको हाँगा काट्ने क्रिया; हाँगा-लाई बिरुवामा परिणत गर्ने विधि । २. कन्चटका रौँको कटाइ; खत ।

कलम–ना० [अं० क़लम] १. स्याहा-स्रेस्ताका रकमहरूको कित्ता वा खण्ड । २. पत्र-पत्रिका वा पुस्तकका पानाका हरफहरूको ठाड़ो लहर; स्तम्भ ।

कलम-दान–ना०[सं० कलम+दान (फा०)] सुरक्षाका निमित्त कलम घुसार्ने भाँड़ो; कलम-दाप ।

कलम-दाप–ना० [कलम+दाप] कलम-दान ।

कलमबाज–वि० [सं० कलम+बाज़(फा०)] १. लेख्ने पेशा भएको; बुद्धि-जीवी । २. वादी-प्रतिवादी लेख्न वा स्याहा-स्रेस्तामा पोख्त ।

कलम-शाली–ना० [सं०] माल-भोग धान ।

कलम-हड़ताल–ना० [कलम+हड़ताल] कर्मचारीहरूले अड्डामा हाजिर भएर पनि काम नगर्ने एक किसिमको हड़ताल; हाजिर भएर पनि विशेषतः लेख-पढ़को काम नगर्ने हठ ।

कलमी–वि० [कलम+ई] १. कलम गरिएको; कलम लाइएको । २. कलम काटिएको; कलम बनाइएको । ३. कलम गरी सारिएका वृक्षको (फल, फूल आदि) ।

कलमुखा–वि० [कालो+मुख] १. कालो अनुहार भएको । २. अँध्यार-मुखे; घोसे । ३. मुखाले; दुर्मुखा ।

कलम्बी–ना० [सं०] करमको साग ।

कलर–ना० [अं० कॅलर] १. कोट, कमीज आदिको फर्काउने कठालो । २. कुकुरको गलामा बाँध्ने पेटी ।

कलरव–ना० [सं०] कोमल र मधुर ध्वनि ।

कलल–ना० [सं०] गर्भाशयभित्र प्रविष्ट शुक्र र रजको सम्मिश्रित बुदबुदाकार पिण्ड; एक रात्रिको गर्भ ।

कलवार–ना० [प्रा० कल्लवाल] नेपालको तराई प्रदेशमा रहने एक जाति ।

कलविङ्क–ना० [सं०] १. भँगेरो । २. इन्द्र-जौ ।

कलश–ना० [सं०] १. घड़ा; जल-पात्र । २. मन्दिरको गजूर । ३. विवाहमा मङ्गलका निमित्त अगि लाएर हिँड़ाइने मन्दिरका आकारको पात्र ।

कलसौंदो–वि० [कलचौँडो] अलि-अलि कालो अनुहारको; कालो-कालो वर्णको ।

कलस्यौली–ना० [कलश+औली] विवाह वा मङ्गल-कार्यमा कलश बोक्ने स्त्री ।

कलहंस–ना० [सं०] १. हाँस; हंस । २. राज-हंस । ३. श्रेष्ठ राजा । ४. परमात्मा ।

कलह–ना० [सं०] झगड़ा; कल; भनावैरी ।

कलह-कारी–वि० [सं०] कल्याहा; झगड़ालु ।

कलह-प्रिय–वि० [सं०] झगड़ालु; कलह-कारी ।

कलहान्तरिता–ना० [सं०] पहिले पतिको अवहेलना गरेर पछिबाट पछुताउने नायिका; नायिकाका दश भेदमध्ये एक ।

कलही–वि० [सं०] झगड़ा गर्ने स्वभावकी; झगड़ालु (स्त्री) ।

कलाँट–ना० [अं० क्ल्यारिनेट] सनाईजस्तो एक प्रकारको बाजा ।

कला–ना० [सं०] १. कुनै काम राम्रोसित गर्ने कौशल; सीप । २. वास्तु, मूर्ति, चित्र, सङ्गीत, साहित्य आदिको विद्या । (काम-शास्त्रानुसार कला चौसट्ठी प्रकारका मानिएका छन् ।) ३. ढङ्ग; युक्ति । ४. विभूति; तेज । ५. शोभा; प्रभा । ६. अद्भुत काम; चमत्कार । ७. कौतुक; खेलबाड़ । ८. चन्द्र वा त्यसको प्रकाशको सोह्रौँ भाग । ९. सूर्य वा त्यसको प्रकाशको बाह्रौँ भाग । १०. अग्नि-मण्डलको दशौँ भाग । ११. छल; कपट । १२. राशिको तीसौँ भागको साठियौँ भाग । १३. ब्याज; सूद ।

कलाकार–ना० [सं०] कलापूर्ण काम गर्ने; कला-कुशल ।

कला-कुशल–वि० [सं०] कलामा निपुण; कलाकार ।

कला-कौशल–ना०[सं०] १. कलामा निपुणता; कला-विज्ञता । २. सीप; शिल्प ।

कलाङ्कुर–ना० [सं०] कन्याङ्कुरुङ ।

कला-जीवी–वि० [सं०] कलाद्वारा जीविका गर्ने; शिल्प-जीवी ।

कलाधर–ना० [सं०] १. चन्द्रमा । २. शिव । ३. कला-विशेषज्ञ; कला-विद् ।

कला-निधि–ना० [सं०] चन्द्रमा ।

कलाप–ना० [सं०] १. समूह; थुप्रो । २. मयूरको पुच्छर । ३. मूठो । ४. व्यापार ।

कलापिनी–ना० [सं०] रात; रात्रि ।

कलापी–ना० [सं०] १. मयूर । २. कोइली । (वि०) ३. बथानमा बस्ने । ४. कलाप-व्याकरण पढ्ने ।

कलाबत्तू–ना० [तु० कलाबतून] रेशमका डोरामा बेह्रिएको सुनौला, रुपौला तार ।

कला-मुख–ना० [सं०] चन्द्रमा ।

कलावन्त–वि० [सं० कलावान्] कलाको ज्ञाता; कलाकार ।

कलावान्–वि० [सं०] कलाकार; कलावन्त ।

कलि–ना० [सं०] १. सत्य आदि चार युगमध्ये एक; अन्तिम

CC-0. In Public Domain. Digitization by eGangotri

युग; वर्तमान युग। २. कलह; झगड़ा। ३. पाप। ४. क्लेश। ५. सङ्ग्राम; युद्ध।

कलि-कर्म–ना० [सं०] लड़ाइँ; झगड़ा; युद्ध।

कलिका–ना० [सं०] फूलको कोपिला।

कलि-काल–ना० [सं०] कलि-युग।

कलिङ्ग–वि० [सं०] १. चलाक; चतुर। (ना०) २. फुस्रो रङ्गको, लामो गर्धन र रातो टाउको हुने एक चरो। ३. तरबूजो। ४. भारतको गोदावरी र वैतरणी नदीको बीचमा रहेको एक प्राचीन राज्य; भारतको उड़ीसा प्रदेश।

कलित–वि० [सं०] १. जानिएको; ज्ञात। २. प्रसिद्ध; विख्यात। ३. भनिएको; उक्त। ४. सुन्दर; राम्रो।

कलिन्द–ना० [सं०] १. यमुना नदी निस्केको पर्वत। २. सूर्य। ३. वर्रो।

कलिन्दजा–ना० [सं०] यमुना नदी; कालिन्दी।

कलि-युग–ना० [सं०] चार युगमध्ये एक; चौथो वा अन्तिम युग; वर्तमान युग।

कलियो–ना०[ने०] वैवाहिक सम्बन्ध निश्चय गर्नाका निमित्त वर वा वधू पक्षबाट दिइने उपहार; कोसेली।

कलिलो–वि० [सं० कल+इलो] १. नरम; कमलो; कोमल। २. भरखरको; परिपक्व भइनसकेको।

कली–ना० [कलिका]कोपिलो; कुड्मल; कलिका।

कलुष–ना० [सं०] १. पाप। २. क्रोध; रीस। ३. मयल। ४. खराब भाव; दूषित भाव। (वि०) ५. फोहर; मैलो। ६. खराब।

कलुषित–वि० [सं०] १. खराब गरिएको; दूषित। २. पापी। ३. क्रुद्ध; रिसाएको।

कलुषी–वि० [सं०] १. अपवित्र; दूषित। २. रुष्ट; क्षुब्ध। ३. दुष्ट; कलुषित।

कलेज–ना० [अं० कॅलेज] उच्च शिक्षा दिइने विद्यालय; महाविद्यालय।

कलेजी–वि० [कलेजो+ई] १. कलेजाका रङ्गको; रातोमा केही कालो मिसिएको रङ्गको। (ना०) २. कलेजाको रङ्ग; रातोमा केही कालो मिसिएको रङ्ग। ३. कलेजो।

कलेजो–ना० [काल-खण्ड] पाकस्थलीको दाहिनेतर्फ, फोक्सोको मनि रहेको, शरीरको एक अवयव; यकृत्।

कलेरा–ना० [अं० कॅलरा] हैजा; विसूचिका।

कलेवर–ना० [सं०] १. शरीर; देह। २. देवताको प्रतिमा वा तस्वीर।

कलेवा–ना० [सं० कल्यवर्त] विहानको जल-पान; कल्यवर्त।

कल्क–ना० [सं०] १. तेलको थिग्रो; पिना। २. बुकुवा। ३. मयल।

कल्कले–ना० [ने०] सेतो घाँटी हुने एक जातको चरो।

कल्कि–ना० [सं०] विष्णुका दश अवतारमध्ये एक।

कल्की–ना० [तु० कलगी] १. राजा-महाराजाका श्रीपेजका चाँदमा घुसारिने चराको प्वाँख। २. एक जातको चरो। ३. चराको टाउकाको सिउर। ४. रातो रङ्गको कल्कीका आकारको फूलविशेष; कल्की-फूल।

कल्की-फूल–ना० [कल्की+फूल] लहराको आकारका हाँगामा लाम्चा खस्रा पात र टुप्पामा कल्कीका आकारको रातो फूल फुल्ने, फूलका भेट्नामा हरिया गेड़ा फल्ने एक रूख; त्यसैको फूल।

कल्चौँड़े–ना [ने०] १. पहरामा गुँड़ लाउने, चिबेजस्तो, कालो रङ्गको चरो। (वि०) २. ठूल्ठूला कल्चौँड़ा भएकी; भालू-थुने।

कल्चौँड़ो–ना० [ने०] पशुको दूध रहने अवयव; थुन झुन्डिने अवयव।

कल्छे–ना० [ने०] १. प्रायः नदीका तीरमा देखिने टाउकामा सिउर हुने एक जातको चरो। २. एक जातको तरुल; कल्छे-तरुल।

कल्छे-तरुल–ना० [ने०] प्याजी रङ्गका लामा गिठा र गुलाफी रङ्गका लामा कन्द हुने एक जातको तरुल।

कल्छो–ना० [कालो]अनुहारको कालो रङ्ग; केही कालो वर्ण।

कल्प–ना० [सं०] १. विधि; विधान। २. वेदका छ अङ्गमध्ये एक। ३. आयुर्वेदअनुसार शरीरका कुनै अङ्गलाई पुनः नयाँ बनाउने युक्ति। (उदा०–केश-कल्प, काय-कल्प, आदि।) ४. कालको एक विभाग (चौध मन्वन्तर वा चार अर्ब, बत्तीस करोड़ वर्षको समय); पुराणअनुसार ब्रह्माको एक दिन। (ब्रह्माका तीस दिन यी हुन्–श्वेत-वाराह, नीललोहित, वामदेव, रथन्तर, रौरव, प्राण, वृहत्कल्प, कन्दर्प, सत्य, ईशान, व्यान, सारस्वत, उदान, गारुड, कौर्म, नारसिंह, समान, आग्नेय, सोम, मानव, पुमान, वैकुण्ठ, लक्ष्मी, सावित्री, घोर, वाराह, वैराज, गौरी, माहेश्वर र पितृ।) ५. प्रलय। (वि०) ६. तुल्य; समान।

कल्पक–ना० [सं०] १. नाउ; हजाम। २. हरिताल। (वि०) ३. कल्पना गर्ने; रचना गर्ने।

कल्प-कार–ना० [सं०] कल्प-शास्त्र बनाउने व्यक्ति; गृह्य-सूत्र वा श्रौत-सूत्रका रचयिता।

कल्प-क्षय–ना० [सं०] संसारको नाश; प्रलय।

कल्प-तरु–ना० [सं०] कल्प-वृक्ष।

कल्प-द्रुम–ना० [सं०] कल्प-वृक्ष।

कल्पनक–वि० [सं० कल्पना] कल्पना-शक्ति धेरै भएको।

कल्पना–ना० [सं०] १. कहिल्यै नदेखेको, नसुनेको, नयाँ र अनौठो कुरा मनमा अजमाउनु; तर्कना। २. सुन्दर रचना। ३. सजावट। ४. अनुमान; अन्दाज।

कल्पनातीत–वि० [सं०] कल्पनादेखि बाहिरको; कल्पना गर्न नसकिने।

कल्पना-शक्ति–ना० [सं०] कल्पना गर्न सक्ने शक्ति; विचार-शक्ति; कुरा सोच्ने शक्ति।

कल्पनीय–वि० [सं०] कल्पना गर्न सकिने; कल्पना गर्न योग्य।

कल्पनु–अ० क्रि०[सं० कल्पन+नु] १. मन लोभिनु; ललचाउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

२. पछुताउनु; चुकचुकाउनु।

कल्प-लता–ना० [सं०] कल्प-वृक्ष।

कल्प-वास–ना० [सं०] संयमका साथ माघ महीनाभरि गङ्गाका र विशेष गरी गङ्गा-यमुनाका तटमा बसेर पुण्य-कर्म गर्नु।

कल्प-वृक्ष–ना० [सं०] स्वर्गको एक विशिष्ट रूख; चिताएको कुरा पूरा गरिदिने एक अलौकिक रूख; कल्प-तरु।

कल्पाइ–ना० [कल्प+आइ] कल्पने किसिम, क्रिया वा भाव।

कल्पाइनु–स० क्रि० [कल्प+आइ+नु] कल्पन लाइनु; लोभ्याइनु; ललचाइनु; ('कल्पाउनु'-को क० क्रि०)।

कल्पाउनु–स० क्रि० [कल्प+आउ+नु] कल्पन लाउनु; लोभ्याउनु; ललचाउनु; ('कल्पनु'-को प्रे० क्रि०)।

कल्पान्त–ना० [सं०] सारा सृष्टि नष्ट हुने अन्तिम समय; प्रलय।

कल्पित–वि० [सं०] १. कल्पना गरिएको। २. मनमा गढ़ेको; मन-गढ़न्त। ३. नकली; बनावटी।

कल्पिनु–अ० क्रि० [कल्प+इ+नु] लोभिइनु; ('कल्पनु'-को भा० क्रि०)।

कल्मष–ना० [सं० मय] १. पाप। २. मयल।

कल्य–ना० [सं०] प्रातः काल; उषा-काल।

कल्यवर्त–ना० [सं०] विहानको खानेकुरा; कलेवा।

कल्याङ-मल्याङ–क्रि० यो० [ने०] खल्याङ-बल्याङ।

कल्याण–ना० [सं०] १. असल; भलाइ; हित। २. सङ्गीतमा एक राग।

कल्याण-कारी–वि० [सं०] कल्याण गर्ने; मङ्गल गर्ने।

कल्याण-कारी-राज्य–ना० [सं०] समाजका प्रत्येक वर्गको तहअनुसार उन्नति गराउने राज्य-व्यवस्था।

कल्याण-धन–ना० [सं०] १. गाड़िराखेको बेवारिसी धन; गडुवा धन। २. बेवारिस मानिस मर्दा सरकार लागेको धन।

कल्याणी–वि० [सं०] १. कल्याण गर्ने; कल्याण-मयी। २. सुखी; भाग्य-शालिनी।

कल्याहा–वि० [कलह+याहा] १. झगड़ा गर्ने; कलह गर्ने; झगड़ालु; बझुवा। २. रुन्चे।

कल्लार–ना० [कल+दार] मुगल कालको पुरानो असर्फी।

कल्लिया–ना० [ने०] केटी माग्न जाने व्यक्ति; लमी।

कल्ली–ना० [सं० कटक] स्वास्नी-मानिसले गोड़ामा लाउने सुन-चाँदीको गहनाविशेष।

कल्ली–ना० [सं० कलाप] १. साना-साना पाँच-सात मूठा एकत्रित गरी बाँधेको परालको ठूलो मूठो। २. घाँसको मूठो; चाकी।

कल्ली–ना० [सं० कलिका] मयलपोशको फेरमा गाँसिने तीन-कुने टुक्रा।

कल्लोल–ना० [सं०] १. शब्द आउने ठूलो छाल; ठूलो तरङ्ग। २. आमोद-प्रमोद; क्रीडा।

कल्लोल-शालिनी–ना० [सं०] ठूलठूला तरङ्ग उठ्ने नदी।

कल्लोलिनी–ना० [सं०] तरङ्ग-युक्त नदी।

कल्साउँदो–वि० [कलचौँड़ो] कलसौँदो।

कल्सौँदो–वि० [कलचौँड़ो] कलसौँदो।

कल्हार–ना० [सं०] सेतो कमल।

कवच–ना० [सं०] १. योद्धाहरूले लड़ाइँमा लाउने फलामको भोटो; जङ्गी पोशाक। २. आवरण। ३. छाला; बोक्रा। ४. तन्त्र-शास्त्रानुसार शरीर-रक्षाका निम्ति पाठ गरिने मन्त्र।

कवच–ना० [अ० क़ब्ज़-उल्-वसूल] मुल्कीखाना अड्डाबाट दिइने रसीद; कबच।

कवची–वि० [सं०] कवच धारण गर्ने (योद्धा)।

कवयित्री–ना० [सं०] कविता गर्ने स्त्री; स्त्री-कवि।

कवर–ना० [सं०] चुल्ठो; केश-पाश।

कवरी–ना० [सं०] चुल्ठो; केश-पाश।

क-वर्ग–ना० [सं०] क, ख, ग, घ, ङ–यी पाँच अक्षर।

कवल–ना० [नेवा० कव] घर, पसल आदिमा दुइ थामका बीचको स्थान; कवल।

कवल–ना० [सं०] गाँस; ग्रास।

कवलित–वि० [सं०] निलिएको; गाँस हालिएको; खाइएको।

कवाज–ना० [अ० क़वायद] १. रीतिपूर्वक सामूहिक रूपमा हिँड्ने, घुम्ने आदिको अभ्यास गराउनु। २. फौजी तालीम; सैनिक शिक्षा।

कवायद–ना० [अ० क़वायद] कवाज।

कवि–ना० [सं०] १. कविता वा काव्य-रचना गर्ने व्यक्ति। २. शुक्राचार्य। ३. वाल्मीकि। ४. पण्डित; विद्वान्।

कवि-कर्म–ना० [सं०] कविता लेख्नु; काव्य-रचना।

कविका–ना० [सं०] १. घोड़ाको मुखभित्र रहने लगामको फलामे अवयव; नारी। २. लगाम।

कवि-केशरी–ना० [सं०] कविहरूलाई दिइने नेपालको एक राष्ट्रिय पदवी।

कविता–ना० [सं०] १. मनलाई प्रभावित पार्ने रमणीय पद्यमय वा गद्यमय वर्णन। २. पद्य-रचना; काव्य।

कवित्व–ना० [सं०] १. कविताको भाव वा गुण। २. कवि हुनाको भाव।

कविराज–ना० [सं०] १. विशिष्ट वैद्यको एक उपाधि। २. श्रेष्ठ कवि।

कविला–ना० [सं०] समुद्र-फीँज धान।

कवि-शिरोमणि–ना० [सं०] कविहरूलाई दिइने नेपालको एक राष्ट्रिय पदवी।

कवि-समय–ना० [सं०] प्रकृति वा शास्त्र-विरुद्ध भए तापनि कविहरूका परम्परामा प्रचलित केही मान्यताहरू। (उदा०–चातक मेघबाट बर्सेको पानी चुच्चोमा थापेरमात्र खान्छ। युवती स्त्रीको पाद-स्पर्शले मात्र अशोक फुल्दछ। इत्या०)

कवीन्द्र–ना० [सं०] श्रेष्ठ कवि; महाकवि।

कवै–क्रि० यो० [सं० कदापि] कहिल्यै पनि; कदापि।

CC-0. In Public Domain. Digitization by eGangotri

कवोष्ण–वि० [सं०] केही तातो; मनतातो।

कव्य–ना० [सं०] पितृ-देवताहरूको उद्देश्यले दिइने अन्न।

कशा–ना० [सं०] कोर्रा; चाबुक।

कशीदा–ना० [फ०] कपड़ामा सियो-धागोले बनाइएका बेल-बुट्टा आदि।

कशेरू–ना० [सं०] १. कसुर। २. मेरु-दण्डको हाड़।

कश्चित्–सर्वना० [सं०] कुनै; कोही।

कश्मल–ना० [सं०] १. पाप। २. मोह।

कश्मीर–ना० [सं०] भारतको उत्तरी भागमा रहेको प्रसिद्ध पर्वतीय राज्य।

कश्मीरा–ना० [अं० कैश्मीअर] एक विशेष जातिको च्याङ्ग्रो-को पश्मीनाले बनेको कपड़ा।

कश्मीरी-मुद्रा–ना० [सं०] गोरख-पन्थी साधुहरूले कानमा लाउने स्फटिकको कुण्डल।

कश्मेरी-केशर–ना० [कश्मीर+ई+केशर] काश्मीरी-केशर।

कश्यप–ना० [सं०] मन्त्र-द्रष्टा एक ऋषि; गोत्र-प्रवर्तक एक ऋषि; देवता तथा दानवहरूका जनक; काश्यप।

कष–ना० [सं०] १. कसी। २. सान लाउने चक्का। ३. जाँच; परीक्षा।

कषाय–वि० [सं०] १. टर्रो। २. सुगन्धित। ३. गेरू रङ्गको।

कषी–ना० [सं०] कसी।

कषेरुका–ना० [सं०] ढाड़को हाड़; मेरु-दण्डको हाड़।

कष्ट–ना० [सं०] १. पीडा; वेदना; दुःख। २. सङ्कट; कष्ट।

कष्ट-कल्पना–ना० [सं०] मुश्किलसँग निकालिएको युक्ति।

कष्ट-साध्य–वि० [सं०] मुश्किलले मात्र सफल पार्न सकिने; ठूलो परिश्रमबाट मात्र सिद्ध हुने।

कस–ना० [कसर] १. धातुका भाँड़ामा लाग्ने खिया; खई। २. धूवाँ आदिको कसर। ३. दाग।

कस–सर्वना० [को] विभक्ति लाग्दा बन्ने 'को'-को रूप। (उदा०–कसलाई, कसको आदि।)

कसकुट–ना० [काँस] तामा र जस्ता मिसाएको एक धातु; काँस।

कसनतमन–ना० [काँस+तामा] काँस, तामा आदिका भाँड़ा-वर्तन; धातुका भाँड़ा-कुँड़ा।

कसम–ना० [अ० क़सम] किरिया; शपथ।

कसर–ना० [अ०] १. कुनै पदार्थमा मिसिएर रहेको फाल्ने वस्तु; कसिङ्गर। २. थिग्रो। ३. कपट; पाप। ४. सुक्दा वा फोहोर वस्तु छुट्ट्याउँदा कुनै वस्तुमा हुने नोक्सानी। ५. कपट।

कसरत–ना० [अ०] शरीर पुष्ट र बलवान् पार्नाका निमित्त गरिने दण्ड-बैठक आदिको अभ्यास; व्यायाम।

कसरती–वि० [कसरत+ई] कसरत गर्ने; व्यायाम गर्ने।

कसरात–ना० [कसर] शेष; बचत।

कसरी–क्रि० यो० [कसो+गरी] कसो गरी; के गरी; कुन किसिमले।

कसाइ–ना० [कस्+आइ] कस्ने किसिम, क्रिया वा भाव।

कसाइनु–स० क्रि० [कसाउ+आइ+नु] कस्न लाइनु; मस्काउन लाइनु; ('कसाउनु'-को क० क्रि०)।

कसाई–ना० [अ० क़साई] १. मासुको व्यापार गर्ने एक जाति। (वि०) २. घातक; घाती। ३. निर्दयी; निष्ठुर।

कसाउनु–स० क्रि० [कस्+आउ+नु] कस्न लाउनु; मस्काउन लाउनु; ('कस्नु'-को प्रे० क्रि०)।

कसाकस–ना० [कस+कस] १. भाउ घटाउनु; घटाघट। २. धमाधम कस्ने काम। ३. परस्परमा कस्ने काम।

कसार–ना० [ने०] विवाह, व्रत-बन्ध आदि मङ्गल-कार्यमा खट्टेको पीठो र खुदोले बनाइएको लड्डू।

कसाहा–वि० [कस्+आहा] कस्ने स्वभावको; किरन्टोकी।

कसिकसाउ–ना० [कसि+कसाउ] १. सजिसजाउ; तम्तयार। २. कसाकस; घटाघट।

कसिङर–ना० [कसिङ्गर] कसिङ्गर।

कसिङ्गर–ना० [कसर+इङ्गर] १. धूलो-मूलो; पात-पतिङ्गर। २. फालिने फोहोर वस्तु; रद्दी पदार्थ। ३. मन नपरेको मानिस; अप्रिय व्यक्ति।

कसिनु–स० क्रि० [कस्+इ+नु] १. बाँधिनु; टुर्रिनु। २. तम्सिनु; आँट्नु। ३. ठाँट पार्नु; कसिकसाउ हुनु; ('कस्नु'-को क० क्रि०)।

कसिलो–वि० [कस्+इलो] कसिएको; गठिलो; साह्रो।

कसी–ना० [सं० निकष] सुन, चाँदी आदि धातु असल-कमसल छुट्ट्याउन घोटेर हेर्ने ढुङ्गा; कसौटी।

कसुर–ना० [सं० कसेरु] १. लामा-लामा पात, कोदाको बालाजस्तो खैरो फूल र रौंजस्ता जरा भएको गोल फल फल्ने एक बोट। २. त्यसैको फल; कसेरुक। (यसका साना र ठूला–दुइ भेद छन्। आयुर्वेदमा यसको गुण ठन्डा, शुक्र-वर्द्धक र तिर्खा नाश गर्ने बताइएको छ।)

कसूर–ना० [अ० क़ुसूर] १. दोष; अपराध। २. त्रुटि।

कसूर-बन्द–ना० [अ० क़ुसूर+बन्द (फा०)] कसूर वा अप-राधमा सावित भएको; दोषी।

कसूरवार–वि० [अ० क़ुसूर+वार (फा०)] दोषी; अपराधी।

कसेरु–ना० [सं०] कसुर।

कसेरुक–ना० [सं०] कसुर।

कसै–क्रि० यो० [कसो+ऐ] १. कुनै तरहले पनि; केही गरे पनि। (सर्वना०) २. कोही; कुनै (विभक्ति लाग्ने रूपमा)।

कसैलो–वि० [सं० कषाय] टर्रो।

कसो–वि० बो० [कस+ओ] १. प्रश्न, शङ्का आदि बुझाउने शब्द; क्या हो। (सर्वना०) २. कस्तो।

कसौंड़ी–ना० [काँस] पेट फुकेको, मुख केही सानो भएको, दाल, भात आदि पकाइने धातुको भाँड़ोविशेष।

कसौटी–ना० [कसी+औटी] कसी।

कस्कुट–ना० [कसकुट] तामा र जस्ताको मिश्रणबाट बन्ने सेतो धातुविशेष; चरेस।

CC-0. In Public Domain. Digitization by eGangotri

कस्तरी–क्रि० यो० [कस्तो+अरी] कस्तो गरी; कसरी ।

कस्तूरी–ना० [सं०] १. प्रायः ठन्डा प्रदेशमा पाइने, छोटो पुच्छर, झीना खुट्टा र नाभिनिर सुगन्धी बिना भएको, स्यालजत्रो, प्रसिद्ध, निर्जन-प्रिय एक जातको मृग ।(यसका नेपालमा हुने बदामी रङ्गको, कामरूप देशमा हुने कालो रङ्गको र कश्मीरमा पाइने पिङ्गल वर्णको—तीन जात मानिएका छन् ।) २. त्यसै मृगको नाभिनिर हुने सुगन्धी द्रव्य; बिना । (आयुर्वेदमा यसको गुण वात, पित्त र रगतलाई हित गर्ने तथा वमन र शीत-रोगलाई हटाउने बताइएको छ । वस्तुहरूलाई सुगन्धित पार्ने काममा पनि यसको प्रयोग गरिन्छ ।)

कस्तूरी-मल्लिका–ना० [सं०] बीयाँमा कस्तूरीको बास्ना आउने लताविशेष; लता-कस्तूरी ।

कस्तै–क्रि०यो०[कस्तो+ऐ] १. कस्तो नै; जस्तोसुकै । (वि०) २. कुन जस्तो ।

कस्तो–वि० [के+जस्तो] १. केजस्तो; कुन किसिमको । २. आश्चर्य, रीस आदिमा प्रयोग गरिने शब्द । (उदा०–कस्तो मूर्ख रहेछ !)

कस्नु–स० क्रि० [प्रा० कस्सण+नु] १. मस्काउनु; बेसरी बाँध्नु; टुर्न्याउनु । २. पेच, ढिम्री आदि घुमाएर टम्म पार्नु । ३. किनमेल गर्दा सकेसम्म मोल घटाउने प्रयत्न गर्नु; कसाकस गर्नु; घटाघट गर्नु । ४. किफायत गर्नु; खर्च घटाउनु । ५. कर-कापमा पारेर लिनु; पैसा-पैसाको हिसाब गरेर लिनु । ६. स्रेस्तामा आम्दानी-खर्च बाँध्नु ।

कस्य–वि० [सं०] १. को (पुरानो स्रेस्तामा प्रचलित); षष्ठी विभक्ति । २. त्यसको ।

कहतारो–ना० [सं० कर्पर] आह्लीका आकारको माटाको भाँडो ।

कहनु–स० क्रि० [प्रा० कहइ+नु] बताउनु; भन्नु ।

कहर–ना० [अ० कह्र] १. विपत्ति; आपत् । २. दुःख; हैरानी ।

कहलाइनु–अ० क्रि० [कहलाउ+इ+नु] प्रसिद्ध होइनु; कहलिइनु; ('कहलाउनु'-को भा० क्रि) ।

कहलाउनु–अ० क्रि० [कह+लाउ+नु] १. नाउँ चल्नु; नामी हुनु; प्रसिद्ध हुनु; कहलिनु ।(स० क्रि०) २. भनाउनु; भन्न लाउनु ।

कहलिइनु–अ० क्रि० [कहलि+इ+नु] प्रसिद्ध होइनु; नाउँ चलिनु; कहलाइनु; ('कहलिनु'-को भा० क्रि०) ।

कहलिनु–अ०क्रि०[कहलाउ+इ+नु] प्रसिद्ध हुनु; नाउँ चल्नु ।

कहलिया–ना० [कह+लाउ+इया] विवाहका निमित्त केटी माग्न जाने व्यक्ति; लमी; कन्यार्थी ।

कहल्याइ–ना० [कहलि+आइ] कहलाउने किसिम, क्रिया वा भाव ।

कहल्याइनु–स० क्रि० [कहल्याउ+इ+नु] कायल पारिनु; साबित गराइनु; ('कहल्याउनु'-को क० क्रि०) ।

कहल्याउनु–स० क्रि० [कहालि+याउ+नु] १. कायल पार्नु; साबित पार्नु । २. हप्काउनु; तर्साउनु ।

कहाँ–क्रि० यो० [सं० कुत्र] कुन ठाउँमा; कता ।

कहाइ–ना० [कह+आइ] कहने किसिम, क्रिया वा भाव ।

कहाइनु–स० क्रि० [कहाउ+इ+नु] कहन लाइनु; भनाइनु; ('कहाउनु'-को क० क्रि०) ।

कहाउनु–स० क्रि० [कह+आउ+नु] कहन लाउनु; भनाउनु; ('कहनु'-को० प्रे० क्रि०) ।

कहानी–ना० [सं० कथानक] १. कथा; किस्सा; आख्यायिका । २. स्वयंमा पूर्ण कुनै विचार, पात्र, घटना आदिको गद्यमा लेखिएको साहित्यिक छोटो रचना । ३. कथा-वस्तु; कथानक ।

कहार–ना० [सं० क+हार] भारी, डोली आदि बोकेर जीविका गर्ने एक जाति ।

कहालिइनु–अ० क्रि० [कहालि+इ+नु] कहालिने होइनु; कहाली लागिनु; आत्तिइनु; ('कहालिनु'-को भा० क्रि०) ।

कहालिनु–अ० क्रि० [कहाली+इ+नु] डर लाग्दा रिँगटा लाग्नु; कहाली लाग्नु; डराउनु; आत्तिनु; तर्सनु ।

कहाली–ना० [ने०] १. अग्लो ठाउँबाट तलतिर हेर्दा लाग्ने डर वा रिँगटा । २. डर-लाग्दो वस्तु देख्ता लाग्ने अत्यास ।

कहावत–ना० [कह+आवत] लोकमा प्रचलित कथन; लोकोक्ति ।

कहिनु–स० क्रि० [कह+इ+नु] भनिनु; बताइनु; ('कहनु'-को क० क्रि०) ।

कहिरन–ना० [कह] बयान; विवरण; हुलिया ।

कहिले–क्रि० यो० [सं० कदा] कुन समयमा; कुन वेला ।

कहिले-कहीँ–क्रि० यो० [कहिले+कहीँ] कहिले-काहीँ ।

कहिले-काहीँ–क्रि० यो०[कहिले+काहीँ] कुनै-कुनै समयमा; आकल-झुकल ।

कहिल्यै–क्रि० यो० [कहिले+ऐ] कहिले पनि ।

कहीँ–क्रि० यो० [कहाँ+इ] १. कुनै ठाउँमा; कतै । २. कुनै वेला; कुनै समयमा ।

का–ना० यो० [ने०] द्विरुक्ति नाम-शब्दका बीचमा आएर 'थप' बुझाउने शब्द । (उदा०-ताकिताका ताकिता, हूलका हूल आदि ।)

का–विभ० [को] बहु-वचन वा आदरार्थी बुझाउने षष्ठीको विभक्ति; 'को'-को आदरार्थी वा बहु-वचन बुझाउने रूप ।

काँक्री–ना० [काँक्रो+ई] सानो काँक्रो ।

काँक्री-बीयाँ–ना० [काँक्री+बीयाँ] काँक्राका बीयाँका आकारको बुट्टा ।

काँक्रो–ना० [सं० कर्कटी] प्रायः वर्षा-कालमा हुने, लाम्चो आकारको, लहरामा फल्ने, ठूलो जातको फलविशेष; कर्कटी ।

काँग्रेस–ना० [अं० कङ्ग्रेस] कङ्ग्रेस ।

काँच–ना० [सं० काच] बालुवा र सोड़ा आदिको मिश्रणबाट तयार हुने पार-दर्शक एक प्रसिद्ध द्रव्य; ऐना; शीशा ।

CC-0. In Public Domain. Digitization by eGangotri

काँचुली–ना० [सं० कञ्चुली] सर्प आदिको हर साल बदलिने बाहिरी पातलो छाला ।

काँचो–वि० [प्रा० कच्च] १. नपाकेको; कट्मिरो; अपक्व । २. बुद्धि नछिपिएको; अपरिपक्व ।

काँचो-पात–ना० [काँचो+पात] एक जातको सुर्ती ।

काँचो-लाहा–ना० [काँचो+लाहा] सफा नगरिएको लाहा ।

काँजो–ना० [ने०] खुकुरी, कर्द आदि हतियारका बीँड़का टाउकामा जड़िने धातुको वस्तु ।

काँट–ना० [ने०] १. छाँट; ढाँचा । २. औकात; हैसियत । ३. बराबरी; समानता ।

काँटा–ना० [सं० कण्टक] १. तौलने साधन; तराजू; तुलो । २. खाने वस्तु घोचेर उठाइने एक प्रकारको चम्चा । ३. स्त्रीहरूले कपाल अड़चाउनाका निमित्त लगाउने एक किसिमको आभूषण । ४. इनार वा गहीरो जलाशयमा खसेका भाँड़ाहरू झिक्ने अङ्कुशै-अङ्कुश भएको साधन-विशेष । ५. माछा आदि पक्रने, अङ्कुशका आकारको साधन । ६. कण्टक; काँढ़ो ।

काँटा–ना० [ने०] जिल्ला-अन्तर्गतको भू-भाग; तप्पा (पश्चिमी नेपालमा) ।

काँठ–ना० [सं० कच्छ] शहरदेखि बाहिर वा आस-पासको ठाउँ; देहात; कछाड़ ।

काँठे–वि० [काँठ+ए] काँठमा बस्ने; कछाड़िया ।

काँठो–ना० [काँठ+ओ] दाल, भात आदि पकाएको भाँड़ाको मुखमा टाँसिने फीँजको लेउ ।

काँठो–ना० [सं० कण्ठ] केटा-केटीको गलामा लाउने कपड़ामा सिएको जन्त्र; रक्ष-माला ।

काँठो-भोटो–ना० [काँठो+भोटो] न्वारनका दिन बालकलाई लाइदिने कपड़ामा सिएको जन्तर र भोटो ।

काँड़–ना० [सं० काण्ड] बाण; तीर ।

काँड़ा–ना० [सं० क्वाथ] १. औषधि वा अनुपानका निमित्त औषधि हाली पकाएको तरल पदार्थ । २. पानीमा मिस्री, मरीच, सुकुमेल, सूठो आदि हाली पकाएको पेय पदार्थ ।

काँड़ो–ना० [सं० कण्टक] १. नदी-नालामा बगेर आउने एक प्रकारको विषालु फीँज । २. काँढ़ो ।

काँढ़-पाते–ना० [काँढ़+पात+ए] पातमा काँढ़ै-काँढ़ा हुने सानो बोटविशेष ।

काँढ़े–वि० [काँढ़ा+ए] काँढ़ै-काँढ़ा भएको; काँढ़ावाल ।

काँढ़े-कुविराक्ष–ना० [काँढ़े+कुविराक्ष (सं०)] १. बोटभरि काँढ़ै-काँढ़ा हुने, चनाको जस्तो काँढ़ादार कोसामा हलका नीलो गेड़ा फल्ने, पहेँला फूल फुल्ने, अमिलीको जस्तो पात हुने एक लता । २. त्यसैको फल; कुवेराक्षी; लता-करञ्ज ।

काँढ़े-भण्टा–ना० [काँढ़ो+भण्टा] डाँठ, पात, भेट्ना आदिमा काँढ़ा हुने, ठूलो र नीलो फल फल्ने, एक जातको भण्टा; काँढ़े-भिँड़ा ।

काँढ़े-भिँड़ा–ना० [काँढ़ो+भिँड़ा] काँढ़े-भण्टा ।

काँढ़े-लुँड़े–ना० [काँढ़ो+लुँड़े] काँढ़ा हुने एक जातको लुँड़े ।

काँढ़ो–ना० [सं० कण्टक] १. तीखो टुप्पा भएको घोच्ने वस्तु । २. बाधा; अड्काउ । ३. साल-नाल ।

काँध–ना० [सं० स्कन्ध] कुम र गर्धनको बीचको अवयव; स्कन्ध ।

काँधिइनु–अ० क्रि० [काँधि+इ+नु] काम गर्न नतम्सिनु; सुस्ती गरिनु; ('काँधिनु'-को भा० क्रि०) ।

काँधिनु–अ० क्रि० [काँध+इ+नु] १. काम गर्न अघि नसर्नु; सुस्ती गर्नु । २. रीसले वा मन नपरेर काममा बेवास्ता गर्नु । ३. मोटाउनु ।

काँधी-काठ–ना० [काँध+काठ] १. मुर्दा बाँधेर लैजाने लामो काठ वा बाँस । २. मुर्दा बोकेर लाने काम ।

काँधे–वि० [काँध+ए] १. काँध थाप्ने; कँध्याहा; बोकाहा । (ना०) २. काँधमा लाउने वस्त्र; गल-बन्दी; कँधेरी ।

काँपिनु–अ० क्रि० [काँप्+इ+नु] काँप्ने होइनु; कामिनु; थरथर हल्लिनु; ('काँप्नु'-को भा० क्रि०) ।

काँप्नु–अ० क्रि० [सं० कम्प+नु] काम्नु; थरथर हल्लनु ।

काँश–ना० [सं० काश] सेतो फूल फुल्ने कुशको जातको झारविशेष; काश ।

काँस–ना० [सं० काश] काश ।

काँसो–ना० [सं० कांस्य] तामा र जस्ताको मिश्रणबाट बन्ने एक प्रकारको धातु ।

कांस्य–ना० [सं०] १. जस्ता र तामाको मिश्रणबाट बन्ने धातु; काँसो; चरेस । (वि०) २. काँसोको; काँसोले बनेको ।

कांस्य-ताल–ना० [सं०] मुजुरा; झ्याली ।

कांस्य-युग–ना० [सं०] पुरातत्त्व-विज्ञानअनुसार प्रस्तर-युग र लौह-युगका बीचको एक प्रागैतिहासिक काल ।

काइँ-कुइँ–क्रि० यो० [अनु०] नाइँ-नास्ति; आनेकाने; चुँक्क ।

काइँयो–ना० [सं० कङ्कतिका] काङ्ग्यिो ।

काइँली–ना० [काइँलो+ई] काहिँली ।

काइँलो–ना० [सं० कनीयान्] काहिँलो ।

काइते–ना० [सं० कायस्थ] विशेषतः लेखनदासको काम गर्ने एक जाति; कायस्थ ।

काइदा–ना० [अ० क़ायदः] कायदा ।

काइना–ना० [ने०] ठूला पात र धेरैजसो फूलहरू झरिसकेपछि बाँकी रहेका साना-तिना पात-फूलहरू ।

काई–ना० [सं० कावार] १. पानीमा हुने एक किसिमको मसिनु झयाउ । २. ढुङ्गा, माटो आदिमा लाग्ने चिप्लो पदार्थ; काउली; लेउ । ३. पीतल, तामा आदि धातुको भाँड़ामा जम्ने मैल; कस ।

काउँकाउँ–क्रि० यो० [अनु०] क्याउँ-क्याउँ ।

काउकुती–ना० [ने०] शरीरमा अनुभव हुने एक किसिमको सगसगी; कुतकुती ।

काउछे-सिमी–ना० [काउछो+सिमी] १. नीलो र सेतो पत्र हुने फूल फुल्ने, झुप्पा लागेर कोसा फल्ने एक जातको

CC-0. In Public Domain. Digitization by eGangotri

सिमीको लहरो। २. त्यसैको कोसा वा कोसाभित्र फल्ने गेड़ा।

काउछो–ना० [सं० कपिकच्छु] खैरो रङ्गको, टुप्पा घुमेको, सिमीको जस्तो कोसा फल्ने र सेतो भूवा हुने,नीलो फूल फुल्ने एक लता। (यसको भूवा शरीरमा लाग्दा चिलाउँछ।)

काउन्सिल–ना० [अं०] कुनै विशिष्ट विषयमा विचार गर्न खड़ा गरिने समिति वा सभा।

काउबुड़ी–ना० [ने०] बालकलाई काउकुती लाउँदा भनिने शब्द।

काउली–ना० [अं० कैलीफ्लावर] ठूल्ठूला पात र ठूलो फूल फुल्ने तरकारी विशेष; फूलकोबी; कोबी।

काउली–ना० [काई] ढुङ्गा, माटो आदिमा पानीको सम्पर्कले उब्जने चिप्लो मयल; लेउ; काई।

काउलो–ना० [सं० ककुभ] चिलाउनेका जस्ता पात हुने र गोल फल फल्ने ठूलो जातको फलविशेष।

काउसो–ना० [काउछो] काउछो।

काक–ना० [सं०] कौवा; काग।

काक-गोलक–ना० [सं०] कौवाका आँखाको नानी।(कौवाको आँखा दुइटा भए पनि नानी एउटैमात्र हुन्छ र त्यो कहिले दायाँ र कहिले बायाँ भएर दुवै आँखामा सर्छ भन्ने कल्पना गरिन्छ।)

काक-जङ्घा–ना० [सं०] ल्वाङ-फूलजस्तो फूल फुल्ने एक बोट; मसी।

काक-जम्बू–ना० [सं०] जलाशयको नजीकमा हुने अति सानो-जातको जामुनु।

काक-ताल–ना० [सं०] संयोगवशको घटना; अचानकको घटना।

काक-तालीय–वि० [सं०] संयोगवश हुने; अकस्मात् हुने।

काक-तालीय-न्याय–ना० [सं०] संयोगवश हुने कुनै घटना।

काक-दन्त–ना० [सं०] १. कागको दाँत। २. हुन नसक्ने कुरो; असम्भव कुरो।

काक-द्राक्षा–ना० [सं०] सानो अङ्गूर।

काक-नासा–ना० [सं०] काग-चुच्चे।

काक-पक्ष–ना० [सं०] दुवै कानका माथि झुप्पा-झुप्पा पारेर तलासिएको कपाल।

काक-पद–ना० [सं०] काक-पाद।

काक-पाद–ना० [सं०] लेख्दै जाँदा छुटेका अक्षर, पद आदि थपेको जनाउने चिह्न; काग-खुट्टे।

काक-पुष्ट–ना० [सं०] कोइली; कोकिल।

काक-बन्ध्या–ना० [सं०] एउटामात्र सन्तान पैदा गरेर फेरि गर्भ धारण नगर्ने स्त्री।

काक-बलि–ना० [सं०] कार्तिक कृष्ण त्रयोदशीका दिन कागको उद्देश्य गरेर दिइने बलि; कौवालाई दिइने बलि।

काकमाची–ना० [सं०] कबाई।

काकली–ना० [सं०] १. मधुर अस्फुट ध्वनि; मन्द, मधुर मीठो स्वर। २. कैंची।

काका–ना० [फा०] कान्छो-बाबु; बाबुको भाइ।

काकाकुल–ना० [ने०] कवि-परम्पराअनुसार मेघबाट वर्सेको पानीको मात्र इच्छा गर्ने एक जातको पक्षी; चातक।

काकाकौवा–ना० [मलाया (देश)-ककतुअ] कल्की भएको, रङ्ग-बिरङ्गी, सुगा-जातिको एक पक्षी।

काकिणी–ना० [सं०] कौड़ी।

काकी–ना० [काका+ई] काकाकी स्त्री।

काकु–ना० [सं०] १. भय, दुःख, रीस आदिको आवेशमा हुने स्वरको परिवर्तन। २. काव्यमा शब्दको अन्य अर्थ वा अनेकार्थदेखि विभिन्न अभिप्रायद्वारा ग्रहण गरिने उद्देश्य भएको वक्रोक्ति अलङ्कारको एक भेद।

काकुल–ना० [सं० काक-पक्ष] १. छाँटेर बनाएको कपाल। २. जुल्फी।

काकु-वक्रोक्ति–ना० [सं०] स्वर वा बोलीको ढङ्ग बदलेर वाक्यको भाव वा अर्थ बद्लँदा पर्ने एक काव्यालङ्कार।

काकोदर–ना० [सं०] सर्प।

काकोदुम्बरिका–ना० [सं०] खनायो वृक्ष।

काकोल–ना० [सं०] १. कालो कौवा; जङ्गली कौवा; ढोले। २. सर्प।

काकोली–ना० [सं०] मरुई लता।

काख–ना० [प्रा० कक्ख] पलेँटीको माथिल्लो भाग; अङ्क।

काखी–ना० [प्रा० कक्ख] कुममुनिको खोपिल्टो।

काखे–वि० [काख+ए] १. काखमा मात्र बसिरहन खोज्ने। २. काखलाई मात्र ठिक्क हुने। ३. काखमा बस्ने (सानो बालक)।

काग–ना० [सं० काक] कौवा; काक।

काग–ना० [अं० कॅर्क] शीशीहरूमा बिर्को लाउने नरम काठको ठेउको।

काग-खुट्टे–ना० [काग+खुट्टे] काक-पाद।

काग-चुच्चे–ना० [काग+चुच्चे] कागको टाउकाका आकारको फल फल्ने, नीलो फूल फुल्ने, करेलाका जस्ता पात हुने एक लता।

कागज–ना० [फा० काग़ज़] कागत।

कागजात–ना० [अ० काग़ज़ात] कागतहरूको समुदाय; कागत-पत्र।

कागजी–वि० [कागज+ई] १. कागज-सम्बन्धी कागतको। (वि०) २. कागजको जस्तो पातलो बोक्रो हुने (बदाम आदि फल)।

कागजी-पाट–ना० [कागजी+पाट] नेपाली कागज बनाउने पाट।

कागजी-बदाम–ना० [फा० काग़ज़ी-बादाम] १. लाम्चा पात, मसिना राता फूल र लाम्चो फल फल्ने एक रूख। २. त्यसैको फल वा बीयाँ। (आयुर्वेदमा यसको गुण पुष्टि-कारक, बल-वर्द्धक, शुक्र-वर्द्धक र कफ-पित्त बढ़ाउने बताइएको छ।)

कागत–ना० [सं० कायगत] १. रूखको पाट, रुवा, भूवा

CC-0. In Public Domain. Digitization by eGangotri

आदिबाट बनाइने, पुस्तकहरू लेखिने वा छापिने, कपड़ाजस्तो वस्तुविशेष; कागज। २. कुनै प्रामाणिक कुरा लेखिएको पत्र वा कागज।

कागत-पत्र–ना० [कागत+पत्र (सं०)] कागतहरूको समुदाय; कागजात।

काग-तिहार–ना० [काग+तिहार] कार्तिक कृष्ण त्रयोदशीका दिन कागलाई बलि दिएर मनाइने चाड़।

कागती–ना० [कागजी] पहेँलो, पातलो बोक्रा र भित्र केस्राहरू हुने, अमिलो, रसदार फलविशेष; (आयुर्वेदमा यसलाई अग्नि-वर्द्धक, रुचि-कारक र वात-पित्त-नाशक बताइएको छ।) निम्बूक।

काग-भलायो–ना० [काग+भलायो] एक जातको भलायो; नदी-भल्लातक।

कागुनु–ना० [सं० कङ्गु] १. जौकाजस्ता पात र बाला हुने एक बोट। २. त्यसैका बालामा फल्ने सेता, सस्यूँजस्ता दाना। (यसका पहेँला, सेता, राता, र काला भेद छन्। आयुर्वेदमा यसको गुण वायु-वर्द्धक र पुष्टि-कारक बताइएको छ।)

कागे–ना० [ने०] घर-पाला भेड़ाको एक जात; कागे-भेँड़ो।

कागे-ठेकी–ना० [कागत+ठेकी] विवाहमा दुलहापट्टिबाट दुलहीतिर पठाइने लग्न-पत्रिका र मङ्गलका निमित्तको दहि-ठेकी; साइपाटो।

कागे-भेड़ो–ना० [कागे+भेड़ो] सीङ नभएको एक जातको घर-पाला भेँड़ो।

काङ्क्षा–ना० [सं०] १. इच्छा; अभिलाषा। २. रुचि; झुकाउ।

काङ्क्षित–वि० [सं०] इच्छा गरिएको; अभिलषित।

काङ्क्षी–वि० [सं०] इच्छुक; अभिलाषी।

काङ्गियो–ना० [सं० कङ्कतिका] १. कपाल कोर्ने साधन; काइँयो। २. काङ्गियोजस्तो आकारको झुप्पामा हलुका पहेँलो रङ्गको फूल फुल्ने रूखविशेष। ३. अढ़ाइ-तीन अमल फराक र एक बित्ता लामा हरिया चिल्ला पात हुने रूख-विशेष। ४. कपड़ाको सूत मिलाउने तानको एक अवयव।

काङ्ग्रेस–ना० [कङ्ग्रेस] कङ्ग्रेस।

काछ–ना० [सं० कच्छ] १. तिघ्रा र भुँड़ीको जोर्नी; तिघ्राको फेद। २. छेउ; किनार।

काज–ना० [प्रा० कज्ज] १. काम; कार्य। २. एक अड्डाको कर्मचारीले केही समयका निमित्त अर्को अड्डामा वा अन्यत्र गई गरेको विशिष्ट काम।

काज–ना० [अं० कॅग] कमीज, कुर्ता आदिमा टाँक छिराई बन्द गर्नाका निमित्त बनाइएको प्वाल।

काज-किरिया–ना० [काज+किरिया] मरेका तेह्र दिनभित्र गरिने अन्त्येष्टि-क्रिया; क्रिया-कर्म।

काजी–ना० [अ० क़ाज़ी] १. निजामती तर्फको विशिष्ट दर्जाको कर्मचारी। २. क्षत्रिय जातिको सम्मानबोधक शब्द। ३. नेवार-जातिका केटा-केटीप्रति स्नेह वा आदर-पूर्वक भनिने शब्द।

काजू–ना० [सं० कङ्कोल] केही घुर्मुकिएको, भित्री भाग सेतो हुने, बदामजस्तो फलविशेष।

काजू–ना० [काज] काममा निपुण; कार्य-दक्ष।

काञ्चन–ना० [सं०] १. सुन; स्वर्ण। २. धन; सम्पत्ति। ३. धतुरो। ४. चाँपको फूल।

काञ्चन-पुरुष–ना० [सं०] एकादशाहका दिन महाब्राह्मण-लाई दान गरी दिइने सुवर्ण-पत्रमा लेखिएको पुरुषको मूर्ति।

काञ्चनार–ना० [सं०] रातो फूल फुल्ने कोइरालो।

काञ्चनी–ना० [सं०] १. हलेदो। २. गोरोचन।

काञ्चनीय–वि० [सं०] सुनको; सुवर्ण-सम्बन्धी।

काञ्ची–ना० [सं०] १. स्त्रीहरूले कमरमा लाउने सुन-चाँदीको गहना; मेखला। २. हिन्दूहरूका धार्मिक सात पुरीमध्ये दक्षिण भारतमा रहेको एक पुरी।

काञ्जिक–ना० [सं०] १. माड़ र रायोको लेदो सिर्कामा मिसाएर जीरा, नून आदि मसला हालेर बनाइने अमिलो स्वादको पेय पदार्थ। २. फाटेको दूध। ३. मही।

काट-कुट–ना० [काट्+टुक्रा] काटेर साना-साना टुक्रा पार्नु।

काट-मार–ना० [काट+मार] १. काट्ने र मार्ने काम। २. काटाकाट; काटो-छिनु।

काटाकाट–ना० [काट्+काट्] १. धमाधम काट्ने काम; परस्परमा काट्नु; मारामार। २. ठूलो शत्रुता।

काटिनु–स० क्रि० [काट्+इ+नु] काट्ने काम गरिनु; टुक्र्याइनु; ('काट्नु'-को क० क्रि०)।

काटी-कुटी–ना० [काट-कुट] दुरुस्त; हूबहू।

काटो-छिनु–ना० [काट्+छिन्] काटाकाट; काट-मार; ठूलो शत्रुता।

काट्टे–वि० [काट्टो+ए] काट्टो खाने।

काट्टो–ना० [ने०] १. मरेका एघारौँ दिनमा मृतकको उद्देश्यले खुवाइने अन्न र दिइने माल-मत्ता। २. बिरालाको विष्टा।

काट्नु–स० क्रि० [प्रा० कट्टन+नु] १. धारिलो हतियारले हानेर वा रेटेर कुनै वस्तुलाई छुट्ट्याउनु। २. टुक्रा पार्नु; टुक्र्याउनु। ३. अक्षर, पद, वाक्य आदिको माथि धर्को तानी बदर गर्नु; केर-मेट गर्नु; केर्नु। ४. रेल, हवाई-जहाज आदिको टिकट खरीद गर्नु। ५. बिल, चेक, पुर्जी आदि लेखी जारी गर्नु। ६. समय बिताउनु; गुजार्नु। ७. नाघ्नु। ८. अर्कोले बोलिरहेको कुरा नटुङ्गिँदै बीचमा बोल्नु। ९. आज्ञा, तर्क, कुरा आदिलाई रद्दी पार्नु वा तिनको खण्डन गर्नु।

काठ–ना० [प्रा० कट्ठ] १. रूख काटेको टुक्रा (थाम, दलिन, निदाल, लकड़ी आदि); काष्ठ। २. दाउरा।

काठ-गोदाम–ना० [काठ+गोदाम] काठहरू सङ्ग्रह गरी राख्ने र बिक्री गर्ने अड्डा।

काठ-पात–ना० [काठ+पात] १. काठहरूको समुदाय। २. काठ र पात। ३. दाउरा-झिँजा आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौँ–ना० [सं० काष्ठमण्डप] नेपालको राजधानी; काठमाण्डू; कान्तिपुर; कान्तिपुरी ।

काठमाण्डू–ना० [काठमाडौँ] काठमाडौँ।

काठिइनु–अ० क्रि० [काठि+इ+नु] कठाङ्ग्रिइनु; गँगरिइनु; ('काठिनु'-को भा० क्रि०) ।

काठिनु–अ० क्रि० [काठ+इ+नु] कठाङ्ग्रिनु; गँगरिनु ।

काठिन्य–ना० [सं०] कठिनाइ ।

काठिया–ना० [ने०] लाटोकोसेरोजस्तो एक जातको चरो ।

काठी–ना० [काठ] १. घोड़ाको पिठ्चूँमा कसिने विशेष गरी छालाको आसन । २. साइकिल, मोटर-साइकिल आदिमा जड़िएको त्यस्तै आसन ।

काठी–ना० [काठी] 'काठो'-को स्त्री-लिङ्ग ।

काठे–वि० [काठ+ए] १. काठको; काठ-सम्बन्धी । २. काठ वा छोक्रा धेरै भई रस कम भएको ।

काठे-अमला–ना० [काठे+अमला] साना-साना गेड़ा हुने एक जातको अमला ।

काठे-ऊखु–ना० [काठे+ऊखु] एक जातको साह्रो ऊखु ।

काठे-केरा–ना० [काठे+केरा] भित्र साह्रो नसा हुने एक जातको केरा ।

काठे-चाँप–ना० [काठे+चाँप] पहेँलो फूल फुल्ने, राता झुप्पा परेका गेड़ा फल्ने, सेतो काठ हुने एक जातको चाँप; वन-चाँप ।

काठे-च्याउ–ना० [काठे+च्याउ] रूखमा उम्रने, सेतो रङ्गको, डाँठ नहुने, बाटुलो, एक जातको च्याउ ।

काठे-ज्यामीर–ना० [काठे+ज्यामीर] पहेँलो बोक्रा हुने एक जातको ज्यामीर; नाइटे-ज्यामीर ।

काठे-न्याउरी–ना० [काठे+न्याउरी] एक जातको न्याउरी-मूसो ।

काठे-पाते–वि० [काठे+पात+ए] १. काठ-पात-सम्बन्धी; काठ-पातबाट बनेको । २. चानचुने; साधारण; तुच्छ ।

काठे-पीपल–ना० [काठ+पीपल] १. पीपलकै जस्तो पात, पहेँला ठूला फूल, गोल फल फल्ने एक रूख । २. त्यसैको फल; फलीश ।

काठे-फुसी–ना० [काठे+फुसी] जननेन्द्रियमा जम्ने मयल ।

काठो–ना० [प्रा० कट्ठी] १. कठ शाखा पढ्ने ब्राह्मण । २. क्षत्रिय आदिले ब्राह्मणलाई हियाएर बोलाउने शब्द ।

काठो–वि० [ने०] १. घर-घर डुली खाँदै हिँड्ने । (ना०) २. कुकुर ।

काढ़िनु–स० क्रि० [काढ्+इ+नु] बोट, बिरुवा आदि उखेलिनु; ('काढ्नु'-को क० क्रि०) ।

काढ्नु–स० क्रि० [सं० कर्ष] १. उखेल्नु (बीउ, बोट आदि) । २. थुत्नु; बलपूर्वक झिक्नु (छाला, कपड़ा, शस्त्र आदि) । ३. निकाल्नु (जिब्रो) । ४. निचोर्नु वा झिक्नु (मह, माड़ पानी आदि) । ५. चुहाउनु (राल आदि) । ६. हट्कनु (भात, माग्नु वा लिनु (ऋण, सापट आदि) । ७. कोरल्नु (फुल, बच्चा आदि) । ८. ९. उच्चारण गर्नु (नाम आदि) ।

काण–वि० [सं०] १. एउटा आँखा नभएको; कानो । (ना०) २. कौवा ।

काणेली–ना० [सं०] व्यभिचारिणी; वेश्या ।

काण्ड–ना० [सं०] १. प्रकरण; अध्याय । २. हाँगा; शाखा । ३. वाण; तीर । ४. उपद्रव; दुर्घटना । ५. हद; सीमा ।

कातन्त्र–ना० [सं०] सर्ववर्मालि बनाएको एक संस्कृत व्याकरण; कलाप-व्याकरण ।

कातर–वि० [सं०] १. डर-छेरुवा; डरपोक; कायर । २. व्याकुल; अधीर । ३. दुःखित; आर्त्त ।

कातरिइनु–अ० क्रि० [कातरि+इ+नु] कातर होइनु; डराइनु; ('कातरिनु'-को भा० क्रि०) ।

कातरिनु–अ० क्रि० [कातर+इ+नु] कातर बन्नु; डराउनु ।

कातर्य–ना० [सं०] कातरपना; भीरुता ।

कातिनु–स० क्रि० [कात्+इ+नु] बत्तीको धागो बनाइनु; बत्ती बनाइनु; ('कात्नु'-को क० क्रि०) ।

काती–ना० [ने०] १. तेलमा थिग्रिएर तल बस्ने पीनासमेतको धमिलो भाग; थिग्रेनी । २. बत्तीको डढ़ेको कालो सिट्ठी । (वि०) ३. ज्यादा मैलो; अत्यन्त मैलो ।

कात्तिक–ना० [प्रा०] कार्तिक महीना ।

कात्तिके–वि० [कार्त्तिक+ए] १. सम्भोगको ज्यादा इच्छा गर्ने; कामासक्त (कुकुर, मानिस आदि) । (ना०) २. कुकुर । ३. कात्तिक-सम्बन्धी; कात्तिकको; कात्तिकमा हुने (बली) ।

कात्तिके-बोड़ी–ना० [कात्तिके+बोड़ी] कार्तिक महीनामा फल्ने, गाढ़ा हरियो र छोटो कोसा फल्ने, टर्रो स्वाद हुने, एक जातको बोड़ी ।

कात्नु–स० क्रि० [प्रा० कत्तन+नु] रुवा, ऊन आदिबाट धागो बनाउनु; सूत निकाल्नु; बत्ती बनाउनु ।

कात्यायन–ना० [सं०] पाणिनीका सूत्रलाई पूर्ण गर्नाका निमित्त 'वार्त्तिक' रचना गर्ने प्रसिद्ध वैयाकरण ऋषि ।

कात्यायिनी–ना० [सं०] १. दुर्गा । २. कात्यायन ऋषिकी पत्नी । ३. काषाय वस्त्र-धारिणी अधबैँसे विधवा स्त्री ।

कात्रो–ना० [सं० कर्पट] मुर्दा ढाक्ने कपड़ा; शव-वस्त्र ।

काथर–वि० [सं० कातर] कातर ।

कादम्ब–ना० [सं०] १. ऊखु । २. कल-हंस । ३. बाण । ४. कदमको फूल वा रूख । ५. कदम्बको रक्सी ।

कादम्बरी–ना० [सं०] १. कदमका फूलको वा ऊखुको मदिरा । २. बाणभट्ट-रचित प्रसिद्ध गद्य-काव्य । ३. बाणभट्ट-कृत गद्य-काव्यकी नायिका । ४. सरस्वती ।

कादम्बिनी–ना० [सं०] बादलको लामो पङ्क्ति; मेघ-माला ।

काद्रवेय–ना० [सं०] कद्रुका सन्तान; सर्प-जाति ।

कान–ना० [प्रा० कण्ण] १. शब्द सुन्ने इन्द्रिय; कर्ण । २. डोरी अल्झाउने धुँगुरिएको, नाम्लाको अवयव । ३. भाँड़ा-वर्तनमा समात्नाका निमित्त लगाइएका कड़ा । ४. आकारको

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रा; (ा)।

कान-कटुवा–वि० [कान+कटुवा] कान काटिएको वा चिरिएको; कन-फट्टा।

कानन–ना० [सं०] १. वन; जङ्गल। २. बगैँचा। ३. घर।

कान-पाते–ना० [कान+पात+ए] सरताप्रे।

काना–ना० [कानो] १. तीन वटै पोट मिलेर हुने पासाको खेलको एक दाउ। (वि०) २. कानो।

काना-कौड़ी–ना० [कानो+कौड़ी] १. फुटेको वा खोटो कौड़ी। २. साह्रै थोर वा नाममात्रको धन; फुटेको पैसा (पनि नहुनु)।

कानीन–ना० [सं०] १. कन्याको सन्तान; कुमारीको छोरो। २. व्यास। ३. कर्ण।

कानू–वि० [कानो] कानो।

कानून–ना० [अ० क़ानून] राज्यमा व्यवस्था कायम गर्ने सरकारी नियमहरूको समष्टि रूप; ऐनहरूको समूह।

कानूनन–क्रि० यो० [अ० क़ानूनन] कानूनअनुसार।

कानूनी–वि० [कानून+ई] १. कानूनको; कानून-सम्बन्धी। २. कानूनमा बाँधिएको; कानूनभित्रको। ३. कानूनको ज्ञाता। ४. कानून छाँट्ने।

काने–ना० [कान+ए] १. लाम्चा किसिमका साना-साना पात हुने र चिप्लो रस निस्कने भइँ-झारविशेष। (यसको मुन्टाको तरकारी पनि खाइन्छ।) (वि०) २. कान भएको। ३. ठूला कान भएको।

काने-काने-पिच्च–ना० [ने०] डुम बन्नेले आँखामा पट्टी बाँधी अरूलाई छुन जाने खेलविशेष।

कानेकोर्सि–क्रि० यो० [ने०] चार रातपछि आउने दिन; पछि आउने पाँचौँ दिन।

काने-खुसी–ना० [कान+खुसखुस] अरूले नसुन्ने गरी कसैका काननिर मुख लगेर गरिएको कुरा; साउती।

काने-गुजी–ना० [कान+गुजी] कानभित्र जम्ने मयल; कर्ण-मल।

काने-च्याउ–ना० [कान+ए+च्याउ] कानका आकारको, पुरानो रूखमा उम्रने, पहेँलो, खान हुने एक जातको च्याउ।

काने-टोपी–ना० [कान+ए+टोपी] कानसमेत छोप्ने, चिउँडोमनि तुना बाँध्ने टोपीविशेष।

कानेपर्सि–ना० [ने०] कानेकोर्सि।

कानो–वि० [सं० काण] एउटा आँखाले नदेख्ने; एक-आँखे।

कान्छी–वि० [कान्छो+ई] १. सबैभन्दा पछि जन्मेकी; सब भन्दा कम उमेरकी; सबभन्दा पछिकी। २. पछि जन्मेकी; थोरै उमेरकी; पछिल्ली।

कान्छी-आमा–ना० [कान्छी+आमा] १. कान्छा-वाबुकी पत्नी। २. आमाकी सौता; सौतेनी आमा।

कान्छो–ना० [सं० कनियान्] सबैभन्दा पछि जन्मेको; कम उमेरको; सबभन्दा पछिल्लो।

कान्छो-वाबु–ना० [कान्छो+बाबु] बाबुको भाइ; काका।

कान्त–ना० [सं०] १. पति; पोइ; लोग्ने। २. चन्द्रमा। ३. एक प्रकारको असल फलाम। (वि०) ४. राम्रो; सुन्दर। ५. प्यारो; प्रिय।

कान्ता–ना० [सं०] १. राम्री आइमाई; सुन्दरी। २. स्वास्नी; पत्नी।

कान्तार–ना० [सं०] १. डर-लाग्दो वन; भयानक जङ्गल। २. जाइनसक्नु बाटो; दुर्गम पथ। ३. किराँती-ऊखु।

कान्ति–ना० [सं०] १. दीप्ति; प्रकाश; तेज। २. शोभा; सौन्दर्य। ३. चन्द्रमाका सोह्र कलामध्ये एक।

कान्ति-कर–ना० [सं०] शोभा बढ़ाउने; सौन्दर्य बढ़ाउने।

कान्तिपुर–ना० [सं०] नेपालको राजधानी; काठमाड़ौँ।

कान्तिपुरी–ना० [सं०] नेपालको राजधानी; काठमाड़ौँ।

कान्तिमान्–वि० [सं०] १. कान्ति भएको दीप्ति-युक्त। २. सुन्दर; मनोहर। (ना०) ३. चन्द्रमा।

कान्तिसार–ना० [सं०] एक प्रकारको असल फलाम; इस्पात।

कान्दविक–ना० [सं०] हलुवाई।

कान्दानी–ना० [ने०] वर्णको साथ जोड़िने आकारको मात्रा; कान; (ा)।

कान्दिशीक–वि० [सं०] १. डरले भागेको। २. डराएको; भयभीत।

कान्नानी–ना० [कान्दानी] कान्दानी।

कान्यकुब्ज–ना० [सं०] १. भारतको वर्तमान कन्नौज प्रदेश। २. त्यस देशका निवासी ब्राह्मण।

कान्लो–ना० [कान्ह्लो] कान्ह्लो।

कान्ह्लो–ना० [ने०] खेत, वारी आदिको अग्लो डील।

काप–ना० [ने०] १. रूखको हाँगा फाटेको ठाउँ; कापो। २. अन्तर।

कापालिक–ना० [सं०] १. मानिसको खप्पर लिएर हिँड्ने, मद्य, मांस आदि खाने शैव मतानुयायी तान्त्रिक साधु। (वि०) २. खप्पर-सम्बन्धी; कपाल-सम्बन्धी।

कापाली–वि० [सं०] १. कपालको माला लाउने; मुण्ड-माला-धारी। २. शिव। ३. भैरव।

कापी–ना० [अं० कॅपी] १. खाली कागतको लेख्ने पुस्तिका। २. पुस्तक-पुस्तिकाको प्रति वा सङ्ख्या। ३. प्रतिलिपि गर्नु; लेख सार्नु।

कापुरुष–वि० [सं०] १. कातर; कायर। २. नीच; अधम।

कापे–वि० [काप+ए] १. कापो परेको; कापो भएको। (ना०) २. पुस्तक राख्ने एक किसिमको चेपुवा खटिया।

कापो–ना० [काप] काप।

काफर–वि० [सं० कातर] कातर; कायर।

काफल–ना० [सं० कटफल] १. लाम्चा पात, मञ्जरीको रूपमा फुल्ने मसिना सेता फूल, भुइँ-ऐँसेलुजस्ता फल हुने एक वृक्ष। २. त्यसैको फल।

काफल-चरी–ना० [काफल+चरी] काफल पाक्ने मौसममा मात्र कराउने एक जातको चरो।

CC-0. In Public Domain. Digitization by eGangotri

काफी–ना० [अं० कॅफी] १. चिउलीका जस्ता ठूला-ठूला पात र खनायोका जस्ता झुप्पा-झुप्पा राता रङ्गका फल हुने बोट। २. त्यसैंको फल। ३. चियाको जस्तै उपयोग गरिने एक पेय पदार्थ।

काफी–वि० [अ०] चाहिएजति; पर्याप्त; यथेष्ट।

काबुज–ना० [तु० काबू] बट्टाईको पिंजरा।

काबुली-चना–ना० [काबुल (प्रदेश)+चना] सेतो र ठूलो एक जातको चना।

काबू–ना० [तु०] १. वश; अधिकार; हैकम। (वि०) २. कायल; साबित।

काभ्रे-चरो–ना० [ने०] फिस्टोभन्दा सानो, फुस्रो रङ्गको, एक जातको चरो।

काभ्रे-माछो–ना० [ने०] एक जातको माछो।

काभ्रो–ना० [ने०] १. लाम्चा पात, सेतो वा हरियो फूल, सेतो, गोल फल हुने एक वृक्ष। २. त्यसैंको कोसा। (यसका साना र ठूला—दुइ भेद छन्। आयुर्वेदमा यसको गुण ठन्डा, रगतको दोष नाश गर्ने र मूर्च्छा, रिङ्टा आदि हटाउने बताइएको छ। यसको कोसा अमिलो हुन्छ, र त्यसको तरकारी, अचार आदि बनाएर खाइन्छ।)

काम–ना० [प्रा० कम्म] १. गर्नुपर्ने कर्म; कार्य; व्यापार। २. इच्छा; मनोरथ। ३. मैथुनको इच्छा। ४. चार पुरुषार्थमध्ये एक। ५. घरायसी धन्धा।

काम–ना० [सं० कम्प] काँप; कम्प।

काम-काज–ना० [काम+काज] काम; रोजगार।

काम-काजी–वि० [काम-काज+ई] काम-काजमा लागेको; उद्यमी।

काम-कारवाई–ना० [काम+कारवाई] १. चाँजो-पाँजो; बर-बन्दोबस्त। २. कारवाई।

काम-केलि–ना० [सं०] रति-क्रीडा।

काम-चलाउ–वि० [काम+चलाउ] पूरा काम दिन नसक्ने; तात्कालिक कामसम्म जेनतेन चल्ने।

काम-चोर–वि० [काम+चोर] काम छली-छली हिंड्ने; काममा ठगी गर्ने।

कामज–वि० [सं०] वासनाबाट उत्पन्न भएको; कामबाट पैदा भएको।

काम-जरो–ना० [सं० कम्प-ज्वर] कम्प छुट्ने ज्वर; औलिया ज्वर।

कामजित्–वि० [सं०] १. काम-वासनालाई जित्ने; जितेन्द्रिय। (ना०) २. शिव। ३. बुद्ध।

काम-ज्वर–ना० [सं०] वैद्यक शास्त्रानुसार स्त्री र पुरुषको अखण्ड ब्रह्मचर्यबाट उत्पन्न हुने मानसिक रोग।

कामतः–क्रि० यो० [सं०] मनमा कुनै इच्छा लिएर; कामना गरेर।

कामत–ना० [कमोत] मौजाहरूको काम-कारवाई गर्ने ठाउँ वा अड्डा।

काम-तरु–ना० [सं०] कल्प-वृक्ष।

कामद–वि० [सं०] कामना पूरा गर्ने; मनोरथ पूर्ण गर्ने।

कामदार–ना० [काम+दार (फा०)] १. काम गर्ने व्यक्ति; कर्मचारी। (वि०) २. सूत, रेशम आदि धागाका बुट्टाहरू बनेको। ३. बुट्टा काटेको (भाँड़ा-वर्तन, गहना आदि)।

कामदारी–वि० [कामदार+ई] काम गर्ने; कामदार।

कामदेव–ना० [सं०] स्त्री-पुरुषलाई संयोगको प्रेरणा दिने पौराणिक देवता; मदन।

काम-धन्धा–ना० [काम+धन्धा] काम-काज।

कामधेनु–ना० [सं०] समुद्र-मन्थनबाट निस्केकी गाई; इच्छा-अनुसारको फल दिने स्वर्गीय गाई।

कामना–ना० [सं०] इच्छा; अभिलाषा; मनोरथ।

काम-बाण–ना० [सं०] मोहन, उन्मादन, सन्तपन, शोषण र निश्चेष्टीकरण—कामदेवका यी पाँच बाण।

काम-मोहित–वि० [सं०] कामको वशमा परेको; कामातुर।

कामयाब–वि० [फा०] १. मनोरथ पूरा भएको; इच्छा पूर्ण भएको। २. सफल।

कामयाबी–ना० [फा०] उद्देश्यको सिद्धि; सफलता।

कामरूप–वि० [सं०] १. इच्छाअनुसारको रूप धारण गर्न सक्ने। २. अति राम्रो; मनोहर। (ना०) ३. कामाक्षादेवी-को मन्दिर भएको आसाम-प्रदेशको एक क्षेत्र।

कामला–ना० [सं०] पित्त-प्रकोप भएर सर्वाङ्ग पहेँलो हुने एक रोग; कमल-पित्त।

कामवती–वि० [सं०] काम-वासनाको इच्छा गर्ने; भोगको इच्छा गर्ने (स्त्री)।

काम-वन–ना० [सं०] शिवजीले कामदेवलाई मारेको वन।

काम-शास्त्र–ना० [सं०] स्त्री-पुरुषको परस्पर समागम आदिको व्यवहार वर्णन गरिएको शास्त्र।

काम-सूत्र–ना० [सं०] वात्स्यायनले लेखेको काम-शास्त्र।

कामातुर–वि० [सं०] काम-वासनाको वेगले आकुल भएको; समागमको इच्छाले उद्विग्न।

कामान्ध–वि० [सं०] काम-वासनाको प्रबलताले कर्तव्या-कर्तव्यको ज्ञान हराएको; काम-वासनाले अन्धो भएको; कामातुर।

कामायुध–ना० [सं०] १. कामदेवको बाण। २. पुरुषेन्द्रिय। ३. आँप।

कामारि–ना० [सं०] शिव।

कामिता–ना० [सं०] १. कामुक हुनाको भाव। २. जीवहरूमा काम-वासना उत्पन्न हुने गुण।

कामिनी–ना० [सं०] १. कामवती स्त्री। २. सुन्दरी स्त्री। ३. मदिरा। ४. कुन्दजस्तो एक जातको फूल।

कामिनी-दह–ना० [कामिनी+दह] अमलेख-गन्जको दक्षिण-पट्टि रहेको एक दह।

कामी–वि० [सं०] १. कुनै कुराको कामना गर्ने; इच्छुक। २. कामुक; विषयी; विषय-लम्पट।

CC-0. In Public Domain. Digitization by eGangotri

कामी–ना० [सं० कारन्धमी] फलामको काम गर्ने एक जाति ।

कामुक–वि० [सं०] अधिक काम-वासना भएको; विलासी; विषयी ।

कामुकी–ना० [सं०] व्यभिचारिणी स्त्री; असती स्त्री ।

कामोद्दीपक–वि० [सं०] काम-वासनालाई बढ़ाउने; सहवासको इच्छा बढ़ाउने ।

कामोद्दीपन–ना० [सं०] काम-वासना बढ्नु; सहवासको इच्छाको उत्तेजना ।

कामोन्माद–ना० [सं०] काम-वासनाको इच्छा पूरा नहुँदा युवक-युवतीहरूलाई हुने एक रोग ।

काम्नु–अ० क्रि० [सं० कम्प+नु] काँप्नु; थरथर हल्लनु ।

काम्य–वि० [सं०] इच्छा गरिएको; अभिलषित ।

काम्य-कर्म–ना० [सं०] अभीष्ट फल वा कामना-प्राप्तिका निमित्त गरिने कर्म ।

काम्य-मरण–ना० [सं०] इच्छा-मरण ।

काम्येष्टि–ना० [सं०] कामना-सिद्धिका निम्ति गरिने यज्ञ ।

काम्रो–ना०[नें०] १. हात-गोड़ा आदि बाँधिएका ठाउँमा सोझो पारी बाँधिराख्नाका निमित्त हालिने बाँस, काठ आदिको कप्टेरो । २. पीङमा सुबिस्तासँग बस्न वा टेक्नका निमित्त राखिने साधन । ३. डोको, डालो आदिलाई दह्रो पार्नाका निमित्त बीच-बीचमा घुसारिने बाँस, काठ आदिको कप्टेरो ।

काम्ले–ना० [नें०] वाटुला र खस्रा पात हुने एक जातको भइँ-झार ।

काम्लो–ना० [सं० कम्बल] मोटो ऊनी ओढ्ने वा ओछयाउने कपड़ा ।

काय–ना० [सं०] आङ; जीउ; शरीर ।

काय-करणी–ना० [सं०] मैथुन ।

काय-कर्म–ना० [सं०] १. शरीरद्वारा गर्नुपर्ने शुभ कर्म । २. शरीर शुद्ध गर्नका निमित्त गरिने कर्म ।

काय-कल्प–ना० [सं०] वृद्ध वा रुग्ण शरीरलाई औषधिद्वारा फेरि तरुण वा सशक्त गर्ने क्रिया ।

काय-चिकित्सा–ना० [सं०] सर्वाङ्ग-व्यापी रोगको चिकित्सा वर्णन गरिएको आयुर्वेदको एक अङ्ग ।

कायदा–ना० [अ० क़ायदः] १. तरीका; ढङ्ग । २. नियम; विधि । ३. रीति; दस्तूर ।

कायम–वि० [अ० क़ायम] १. स्थिर; स्थायी । २. निश्चित; मुकर्रर । ३. सावित । ४. जस्ताको-तस्तो; पहिलेजस्तो ।

कायम-मुकायम–वि० [अ० क़ायम-मुक़ाम] स्थायी कर्मचारीको अनुपस्थितिमा काम चलाउका निमित्त काम गर्ने व्यक्ति; स्थानापन्न ।

कायल–वि० [अ० क़ायल] १. कुरा मन्जूर गर्ने; सावित । २. हैरान; लाचार ।

कायलनामा–ना० [अ० क़ायल+नामा (फा०)] अपराध स्वीकार गरी लेखिदिने कागत; कायल भएर लेखिदिने पत्र ।

कायस्थ–ना० [सं०] काइते जाति ।

काया-पलट–ना० [सं० काय+पल्ट] १. ठूलो परिवर्तन; भारी हेर-फेर । २. एक शरीर वा रूपलाई अर्को शरीर वा रूपमा बदल्नु; नयाँ रूप धारण गर्नु ।

कायिक–वि० [सं०] शरीर-सम्बन्धी; शारीरिक ।

कार–ना० [अं०] सुबिस्तासित बस्न हुने एक किसिमको मोटर; सवारीको मोटर ।

कार–वि० [सं०] १. नाम शब्दको पछिल्तिर लागेर 'बनाउने' वा 'रचयिता' अर्थ बुझाउने शब्द । (उदा०–ग्रन्थ-कार, कुम्भ-कार आदि ।) २. कुनै किसिमको काम गर्ने । ३. वर्णमालाका अक्षरको पछाड़ि लागेर तिनीहरूलाई स्वतन्त्र बोध गराउने शब्द । (उदा०–अकार, चकार, ककार आदि ।) ४. अनुकरण-ध्वनिका साथ लागेर नामजस्तो बोध गराउने शब्द । (उदा०–फूत्कार, झङ्कार, चीत्कार आदि ।)

कारक–ना० [सं०] १. क्रियाको साथ सम्बन्ध राख्ने शब्द । (वि०) २. काम गर्ने; कर्ता ।

कार-केर–ना० [(फाँ०) कार+केर] अपराधीलाई केर्नु; केर-कार ।

कारखाना–ना० [फा० कारख़ाना] बिक्रीका निमित्त मालहरू बनाउने ठाउँ; कार्यालय ।

कारचोब–ना० [फा०] १. धागो वा जरीद्वारा कपड़ामा बुट्टा भर्नु । २. धागो वा जरीको बुट्टा भर्नाका निमित्त कपड़ा तानेर राख्ने साधन ।

कारचोबी–वि० [फा०] कारचोब भरिएको ।

कारचोबी-टोपी–ना० [कारचोबी+टोपी] मखमलमा रेशमका धागाले कारचोब भरेको, बीचमा जालीदार गट्टा जड़िएको विशेष किसिमको नेपालमा बन्ने टोपी; बिर्के-टोपी ।

कारण–ना० [सं०] १. कार्य उत्पादन गर्ने मुख्य वस्तु; हेतु; निमित्त; प्रयोजन । २. साधन; सामग्री । ३. मूल; आदि । ४. जनक ।

कारण-माला–ना० [सं०] १. कुनै कारणबाट उत्पन्न कार्य कुनै अर्को कार्यको कारण हुने अर्थालङ्कार । २. कारणहरूको शृङ्खला ।

कारणिक–वि० [सं०] १. कारण-सम्बन्धी; कारणको । २. कारणको रूपमा हुने । (ना०) ३. विचारक; परीक्षक ।

कारणिकता–ना० [सं०] १. कारण वा कारणिक हुनाको भाव । २. कारण र कार्यका बीच रहने सम्बन्ध ।

कारणी–वि० [सं०] १. मुख्य; प्रधान । (ना०) २. कुनै काम गर्ने व्यक्तिहरूमध्ये प्रमुख व्यक्ति ।

कारण्डव–ना० [सं०] राज-हंस ।

कारतूस–ना० [पु० कारटूश] गोली, छर्रा र बारूद भरिएको लाम्चो नली; टोटा । (यो नली टोटावाल, बन्दूक, रिभल्भर आदिमा प्रयोग गरिन्छ ।)

कारन्धमी–ना० [सं०] १. खानि-विशेषज्ञ । २. तामा, पीतल आदि धातुको काम गर्ने व्यक्ति ।

कारबार–ना० [फा०] १. काम-काज; व्यापार । २. लेन-देन;

CC-0. In Public Domain. Digitization by eGangotri

ऐँचो-पैँचो। ३. पेशा; व्यवसाय।
कारबारी–वि० [फा०] कारबार गर्ने; काम-काज गर्ने।
कारयिता–वि० [सं०] १. रचना गर्ने; सृष्टि गर्ने। २. गराउने; गर्न लाउने।
काररवाई–ना० [फा०] १. काम; कार्य; कृत्य। २. व्यवहार; कारबार। ३. गुप्त प्रयत्न; चाल। ४. कार्य-तत्परता; कर्मण्यता।
कारवाई–ना० [फा० काररवाई] काम; कृत्य; काररवाई।
कारवेल्ल–ना० [सं०] करेलो।
कारा–ना० [सं०] १. बन्धन; कैद। २. झ्यालखाना; कारागार। ३. पीडा।
कारागार–ना० [सं०] झ्यालखाना; जेलखाना।
कारागृह–ना० [सं०] जेलखाना; कारागार।
कारा-दण्ड–ना० [सं०] जेलमा थुन्ने सजाय; झ्यालखानामा राख्ने सजाय।
कारा-बन्दी–वि० [सं०] थुनुवा; कैदी।
कारा-रुद्ध–वि० [सं०] जेलमा थुनिएको; थुनुवा; कैदी।
कारारोध–ना० [सं०] कैद गर्नु; झ्यालखानामा थुन्ने।
कारा-वास–ना० [सं०] जेलमा थुनिनु; कैदमा पर्नु।
कारिका–ना० [सं०] कुनै सूत्रको श्लोक-बद्ध व्याख्या।
कारिणी–वि० [सं०] गर्ने; कारी। (शब्दको पछिल्तिर लागेरमात्र प्रयोग हुने) (उदा०–कार्य-कारिणी, प्रबन्ध-कारिणी।)
कारित–वि० [सं०] गराइएको।
कारिता–ना० [सं०] ऋणीका राजी-खुशीले नियमभन्दा बढ्ता लिइने ब्याज।
कारिन्दा–ना० [फा० कारिन्दः] निजामतीतर्फको तल्लो दर्जाको कर्मचारी; लेखनदास।
कारी–वि० [सं०] गर्ने; बनाउने (शब्दको पछिल्तिर लागेर प्रयोग हुने)। (उदा०–कार्य-कारी, हित-कारी इत्या०।)
कारीगर–ना० [फा०] १. धातु, काठ, पत्थर आदिका सुन्दर मूर्ति बनाउने व्यक्ति; कलाकार; शिल्प-कार। २. कल-पुर्जाको काम गर्ने व्यक्ति; कालिगड़।
कारीगरी–ना० [फा०] कारीगरको काम; शिल्प-विद्या; कालिगड़ी।
कारु–ना० [सं०] कारीगर; शिल्पी।
कारुता–ना० [सं०] कालिगड़को काम; कारीगरी।
कारुणिक–वि० [सं०] करुणा भएको; दयालु; कृपालु।
कारुण्य–ना० [सं०] करुणाको भाव; दया; अनुकम्पा।
कार्चोप–ना० [फा० कारचोब] कारचोब।
कार्चोपी–वि० [फा० कारचोबी] कारचोबी।
कार्चोपी-टोपी–ना० [कार्चोपी+टोपी] कारचोबी-टोपी।
कार्टून–ना० [अं०] व्यङ्ग्य-चित्र।
कार्ड–ना० [अं०] निमन्त्रणा आदि लेखिने मोटो कागतको टुक्रा।
कार्तवीर्य–ना० [सं०] तन्त्र-शास्त्रका आचार्य; सहस्रार्जुन।
कार्तिक–ना० [सं०] आश्विन र मङ्सीरका बीचको महीना; सातौँ महीना; कात्तिक।
कार्तिके-बोड़ी–ना० [कार्तिक+ए+बोड़ी] कात्तिके-बोड़ी।
कार्तिकेय–ना० [सं०] कुमार; स्कन्द; स्वामी कार्तिक।
कार्तोस–ना० [पुर्त० कारटूश] कारतूस।
कार्नेस–ना० [अं० कॅर्निस्] १. घरका दुइ तलाका बीचमा बाहिर निकालेर बनाइने गाह्रोको पेटी। २. पानीको बाछिट्टा आदि भित्र आउन नदिनका लागि वा घरको भित्तालाई वर्षाबाट बचाउनका लागि घरका भित्ताका साथ गाँसी बाहिरपट्टि निकालेर बनाइएको पत्थर, कङ्क्रीट, धातु आदिको पातलो फल्याकजस्तो साधन; छत।
कार्पण्य–ना० [सं०] कृपणता; कन्जुसी।
कार्पास–वि० [सं०] १. कपासबाट बनेको; रुवाबाट तयार भएको। (ना०) २. कपासबाट बनेको वस्तु।
कार्पासिक–वि० [सं०] कपासबाट बनेको; रुवाबाट तयार भएको।
कार्पासी–ना० [सं०] १. कपासको बोट। २. कपासको फल; ज्यापु। ३. कपासबाट बनेको वस्तु।
कार्पेट–ना० [अं० कार्पिट्] बुट्टेदार लामो एक किसिमको गलैँचा।
कार्बङ्कल–ना० [अं०] १. रक्त-विकारबाट प्रायः पिठचूँमा आउने भयङ्कर खटिरो। २. सार्की-खटिरो।
कार्मण–ना० [सं०] मन्त्र-तन्त्र आदिबाट मारण, मोहन, वशीकरण आदि गर्नु।
कार्मण्य–ना० [सं०] कर्मण्यता; कर्मठता।
कार्मुक–ना० [सं०] १. धनु; धनुष। २. बाँस। ३. इन्द्र-धनु। ४. बाह्र राशिमध्ये एक; धन-राशि।
कार्य–ना० [सं०] १. काम; कृत्य; व्यापार। २. व्यवसाय; पेशा। ३. धार्मिक काम।
कार्य-कर्ता–ना० [सं०] काम गर्ने व्यक्ति; कामदार; कर्म-चारी।
कार्य-कारण–ना० [सं०] १. कामको कारण; हेतु। २. मौका; अवसर। ३. उत्पादन र त्यसको कारण।
कार्य-कारण-भाव–ना० [सं०] कार्य र कारणको सम्बन्ध।
कार्य-कारिणी–वि० [सं०] १. कुनै विशिष्ट काम वा व्यवस्था साधिकार गर्नको निम्ति बनेको। २. कार्य-व्यवस्था गर्ने। (ना०) ३. कार्य-समिति।
कार्य-कारी–ना० [सं०] १. विशेष रूपले कुनै काम गर्ने व्यक्ति; कार्य-कर्ता। २. कसैको अनुपस्थितिमा अनुपस्थित व्यक्तिको सम्पूर्ण अधिकारको उपभोग गरी काम गर्ने अर्को व्यक्ति। ३. कसैलाई कुनै विशिष्ट पद केवल सम्मानका निमित्त दिइएकोमा सामान्य अवस्थामा त्यस पदबाट गरिनुपर्ने काम-काज गर्ने अर्को कुनै व्यक्ति।
कार्य-कुशल–वि० [सं०] काम गर्नमा सिपालु; कार्य-दक्ष।

CC-0. In Public Domain. Digitization by eGangotri

कार्य-कुशलता—ना० [सं०] कार्य-कुशल हुनाको भाव; कार्य-दक्षता।

कार्य-क्रम—ना० [सं०] १. पछि हुने वा गरिने कामको क्रम। २. कामको क्रम-बद्ध सूची।

कार्य-चिन्तक—वि० [सं०] सोच-विचार गरेरमात्र काम गर्ने।

कार्यतः—अव्य० [सं०] कामविशेषले।

कार्य-दक्ष—वि० [सं०] काम गर्नमा सिपालु; कार्य-कुशल।

कार्य-दक्षता—ना० [सं०] काममा निपुण हुनाको भाव; कार्य-दक्ष हुनाको भाव।

कार्य-दूत—ना० [सं०] १. राज-दूतको अनुपस्थितिमा उसका बदलामा काम गर्ने अधिकारी; चार्ज-डि-एफेयर्स। २. राज-दूतको पदभन्दा तल्लो पद र अख्तियार भएको कुनै राष्ट्रको कूट-नीतिक दूत।

कार्य-निष्ठ—वि० [सं०] काममा संलग्न।

कार्य-पञ्चक—ना० [सं०] ईश्वरका पाँच वटा विशेष कार्य (अनुग्रह, तिरोभाव, आदान, स्थिति र उद्भव)।

कार्य-पद्धति—ना० [सं०] कुनै काम गर्ने सिलसिला वा विधि; कार्य-प्रणाली।

कार्य-प्रणाली—ना० [सं०] कार्य-पद्धति।

कार्य-भार—ना० [सं०] कुनै कामको बोझ वा अभिभारा; काम वा पदको जिम्मेदारी।

कार्य-भारी—वि० [सं०] कार्य-भार वहन गर्ने; कुनै काम वा पदको जिम्मा लिने।

कार्य-वश—क्रि० यो० [सं०] कामविशेषले; कुनै काम परेको हुनाले।

कार्य-वाहक—वि० [सं०] कार्य-वाही।

कार्य-वाही—वि० [सं०] १. कुनै कामको अभिभारा लिने; कार्यभार ग्रहण गर्ने। २. कार्य-कारी।

कार्य-विनायक—ना० [सं०] ललितपुर इलाकाको सँबु नामक स्थानमा रहेका एक प्रसिद्ध गणेश; नेपालका प्रसिद्ध चार विनायकमध्ये एक।

कार्य-विवरण—ना० [सं०] १. कुनै सभा, संस्था वा अड्डा-अदालतमा भएका कार्यहरूको विवरण। २. कामको फाँटवारी।

कार्य-समिति—ना० [सं०] कुनै विशेष कार्य-सम्पादन गर्नाका निमित्त बनेको समिति। २. कार्य-कारिणी समिति।

कार्याधिकारी—ना० [सं०] कुनै काम गर्ने अभिभारा लिएको व्यक्ति; विशेष कामको अधिकारी।

कार्याध्यक्ष—ना० [सं०] सर्वोच्च पदमा रहेर कुनै कामको सम्पादन वा सञ्चालन गर्ने व्यक्ति।

कार्यान्वित—वि० [सं०] कार्य-रूपमा परिणत भएको; काममा प्रयुक्त भएको।

कार्यार्थी—वि० [सं०] आफ्नो कार्य सिद्ध गर्न प्रयत्न गर्ने; कार्य-सिद्धिको इच्छा गर्ने।

कार्यालय—ना० [सं०] कुनै विशेष काम वा व्यवसाय गर्ने घर; कारखाना।

कार्यावली—ना० [सं०] कामको सूची; कुनै प्रसङ्गमा निर्णयार्थ उपस्थित भएको कामको सूची।

कार्रवाई—ना० [फा० काररवाई] काररवाई।

कार्वाई—ना० [फा० काररवाई] काररवाई।

कार्श्य—ना० [सं०] दुब्लो हुनाको भाव; दुब्लोपन।

कार्षापण—ना० [सं०] प्राचीन कालमा प्रचलित एक सिक्का।

कार्षिक—ना० [सं०] कार्षापण।

काल—ना० [सं०] १. समय; बखत; वेला। २. कुनै एक समयदेखि अर्को समयसम्मको अवधि। ३. मौसम; याम। ४. अवसर; मौका। ५. मृत्यु; मरण। ६. यमराज। ७. व्याकरणअनुसार भूत, भविष्यत् वा वर्तमान समय सूचित गर्ने क्रियाका रूप। (वि०) ८. कालो रङ्गको।

काल-कण्ठ—ना० [सं०] १. शिव; महादेव। २. मयूर। ३. नीलकण्ठ पक्षी।

काल-कला—ना० [सं०] कालको रहस्यमय काम; काल-गति।

काल-कूट—ना० [सं०] एक प्रकारको साह्रै कड़ा विष; हलाहल।

काल-कोठरी—ना० [काल+कोठरी] ठूलो अपराधीलाई राख्नाका निमित्त झ्यालखानाभित्र बनाइएको अँध्यारो र साङ्गुरो कोठा।

काल-क्रम—ना० [सं०] काल वा समयको गति; काल-गति।

काल-क्षेप—ना० [सं०] समय बिताउनु; दिन बियाँल्नु।

काल-क्षेपण—ना० [सं०] १. समय गुजार्ने काम; काल-क्षेप। २. जीविका; निर्वाह; गुजारा।

काल-खण्ड—ना० [सं०] १. कलेजो। २. परमेश्वर।

काल-गति—ना० [सं०] १. काल वा समयको गति; काल-क्रम। २. मृत्युको गति वा क्रम।

काल-चक्र—ना० [सं०] समयको परिवर्तन; समयको हेर-फेर।

काल-जरो—ना० [काल+जरो] लाम्चा पानका आकारका पात हुने र नङ्ग्रा हुने एक लहरो; कट्वी। (आयुर्वेदमा यसको गुण ठन्डा, दम र ज्वरमा फाइदा गर्ने र रुचि-कारक बताइएको छ।)

काल-जीरो—ना० [सं० काल+जीरो] १. छेउमा दाँत-दाँत परेका लाम्चा पात, प्याजी र सेतो रङ्ग मिश्रित फूल र त्यसैको फेदमा फल लाग्ने एक बूटी। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण गरम, जीर्ण ज्वर-नाशक र पेटको रोगलाई नाश गर्ने बताइएको छ।)

कालज्ञ—ना० [सं०] १. समयको गति वा परिवर्तनलाई बुझ्ने व्यक्ति; ज्योतिषी। २. कुखुरो।

काल-ज्ञान—ना० [सं०] १. स्थिति र अवस्थाको ज्ञान; समयको जानकारी। २. आफ्नो मृत्युको समय पहिले नै थाहा पाउने व्यक्ति।

काल-त्रय—ना० [सं०] भूत, भविष्यत् र वर्तमान काल।

काल-दण्ड—ना० [सं०] १. यमराजको दण्ड। २. मृत्यु; मरण।

CC-0. In Public Domain. Digitization by eGangotri

काल-धर्म–ना० [सं०] १. समयअनुसारको धर्म। २. मृत्यु; मरण।

काल-पाश–ना० [सं०] १. यमराजको पासो। २. समयको बन्धन वा नियम।

काल-पुरुष–ना० [सं०] १. ईश्वरको विराट् स्वरूप। २. काल।

काल-भैरव–ना० [सं०] १. काठमाडौंमा रहेका एक प्रसिद्ध भैरव। २. एकादश रुद्रमध्ये एक। ३. शिवका एक गण।

काल-मान–ना० [सं०] काल वा समयको नापो; समयको मान।

काल-यापन–ना० [सं०] १. समय बिताउनु; दिन काट्नु; काल-क्षेप। २. जिनतिन चलाइएको जीविका; गुजारा।

काल-योग–ना० [सं०] भाग्य; प्रारब्ध।

काल-रात्रि–ना० [सं०] काल-रात्री।

काल-रात्री–ना० [सं०] १. अँध्यारो र भयानक रात। २. आश्विन शुक्ल अष्टमीको रात। ३. त्यस रातमा गरिने दुर्गाको पूजा।

काल-विपाक–ना० [सं०] कुनै काम पूरा हुने अवधि; कुनै कार्यको नियत म्याद।

काल-वेला–ना० [सं०] १. ज्योतिष-शास्त्रअनुसार कुनै काम गर्न निषेध गरिएको समय; घातक मुहूर्त। २. वातावरण; परिस्थिति। ३. अवसर; मौका।

काल-शाक–ना० [सं०] १. नरिचो। २. करमको साग।

काल-समय–ना० [सं०] १. परिस्थिति; अवस्था। २. वेला-बखत।

काल-सर्प–ना० [सं०] १. अत्यन्त विषालु एक जातको कालो सर्प। २. कालरूपी सर्प।

काल-स्कन्द–ना० [सं०] तमाल वृक्ष।

कालागुरु–ना० [सं०] एक जातको कालो अगरु वृक्ष।

कालाग्नि–ना० [सं०] कालानल।

कालाजिन–ना० [सं०] कालो मृगको छाला।

कालाञ्जनी–ना० [सं०] कालो-कपास; वन-कपास।

कालातिक्रमण–ना० [सं०] अबेर हुनु; ढीलो हुनु; म्याद गुज्रनु।

कालातिपात–ना० [सं०] १. समयको नाश। २. अबेर हुनु; विलम्ब।

कालातीत–वि० [सं०] समय बितेको; म्याद नाघेको।

कालानल–ना० [सं०] १. प्रलय-कालको अग्नि; कालाग्नि। २. प्रलयाग्निका अधिष्ठाता देवता; रुद्र। ३. पाँच-मुखे रुद्राक्ष।

कालानुक्रम–ना० [सं०] काल-क्रम।

कालान्तर–ना० [सं०] १. अर्को समय; अन्य काल। २. धेरै पछिको समय। ३. बीचको समय।

कालान्तर-विष–ना० [सं०] टोकेको धेरै दिनपछि विष चढ्ने प्राणी; मूसा, कुकुर आदि।

काला-पानी–ना० [कालो+पानी] १. गहिरो भएर कालो देखिने समुद्रले घेरिएको द्वीप (अन्डमन र निकोबार)। २. देश-निकाला गरी त्यस्तो पानी हुने द्वीपमा पठाउने सजाय।

काला-बजार–ना० [कालो-बजार] कालो-बजार।

काला-बञ्जार–ना० [कालो+बञ्जार] कहिल्यै नफाँड़िएर रहेको पुरानो र घना जङ्गल।

कालास्त्र–ना० [सं०] प्रहार गरेपछि निश्चित रूपले शत्रुको प्राण-हरण गर्ने एक प्रकारको बाण; साङ्घातिक बाण।

कालिक–वि० [सं०] १. काल वा समयको; समय-सम्बन्धी। २. सामयिक; मौसमी।

कालिका–ना० [सं०] कालो वर्णकी एक देवी; चण्डिका; काली।

कालिका-पुराण–ना० [सं०] कालिका देवीको माहात्म्य वर्णन गरिएको एक उपपुराण।

कालिगड़–ना० [फा० कारीगर] कारीगर।

कालिगड़ी–ना० [फा० कारीगरी] कारीगरी।

कालिङ्गे-च्याउ–ना० [ने०] प्रायः पहेँलो माटोमा उम्रने, खान हुने, ठूलो, एक जातको च्याउ।

कालिज–ना० [ने०] कुखुराका जातको एक जङ्गली चरो।

कालिदास–ना० [सं०] रघुवंश, शाकुन्तल आदि संस्कृत ग्रन्थका रचयिता प्रसिद्ध एक प्राचीन महाकवि।

कालिन्दी–ना० [सं०] १. कलिन्द नामक पर्वतबाट निस्केकी नदी; यमुना। २. कृष्णका आठ महिषीहरूमध्ये एक।

कालिमा–ना० [सं०] १. कालो हुनाको भाव; कालोपन। २. दाग; कलङ्क; दोष।

काली–ना० [सं०] १. कालिका देवी; चण्डी। २. पार्वती। ३. दश महाविद्यामध्ये एक। ४. अग्निका सात जिह्वामध्ये एक। ५. हिमालय पर्वतबाट निस्केर नेपालको पश्चिमी भागमा बग्ने एक नदी; सप्त गण्डकीमध्ये एक। (यसै नदीमा शालिग्रामहरू पाइन्छन्।)

काली–वि० [कालो+ई] १. कालो अनुहार भएकी; कालो वर्णकी। (ना०) २. जुत्तामा लाउने कालो रोगन।

काली-आँप–ना० [कालो+आँप] गुलियो र असल एक जातको प्रसिद्ध आँप।

काली-ऐँसेल–ना० [काली+ऐँसेलु] राता टोप्रा हुने, लहरामा फल्ने एक जातको ऐँसेलु।

काली-काठ–ना० [कालो+काठ] १. चिल्ला बाक्ला पात हुने र सेता टीका-टीका परेको कालो बोक्रो हुने एक रूख। २. त्यसैको काठ।

काली-ज्यामीर–ना० [कालो+ज्यामीर] कीपको जस्तो रातो बोक्रा हुने एक जातको ज्यामीर।

काली-ढकायो–ना० [काली+ढकायो] १. डाँठको टुप्पामा प्रायः तीन वटा पात हुने, घोगाका रूपमा पहेँलो फूल फुल्ने र बाँकोजस्तो कन्द हुने एक बूटी। २. त्यसैको कन्द; नीलालु।

काली-तोप–ना० [सं० काली+तोप] प्राचीन कालको एक प्रसिद्ध तोप।

कालीन–वि० [सं०] काल-सम्बन्धी; समयको; कालिक।

CC-0. In Public Domain. Digitization by eGangotri

कालीन–ना० [अ० क़ालीन] विभिन्न बेल-बुट्टा भएको कार्पेट-जस्तो एक किसिमको बिछ्यौना।

काली-नाथ्रो–ना० [कालो+नाथ्रो] कालो नाथ्रो हुने र मङ्सीरमा पाक्ने एक जातको धान; पहेँलो-मार्सी।

काली-माटो–ना० [कालो+माटो] जमीनमनि रहेको कालो, नरम र मलिलो एक प्रकारको माटो।

कालुष्य–ना० [सं०] १. कलुष वा अपवित्र हुनाको भाव; अशुद्धता। २. मलिनता।

कालो–ना० [सं० काल] १. मोसो, गाजल, गोल आदिको जस्तो रङ्ग; कृष्ण रङ्ग। २. दोष; खोट; कलङ्क। ३. पाप; कल्मष। (वि०) ४. त्यस्तो रङ्गको; कल्साउँदो।

कालो-उखु–ना० [कालो+ऊखु] कालो-ऊखु।

कालो-ऊखु–ना० [कालो+ऊखु] कालो डाँठ हुने एक जातको ऊखु।

कालो-कपास–ना० [कालो+कमास] कालो भावको भूवा हुने एक जातको कपास।

कालो-काँठे–ना० [कालो+काँठ] खैरो बोक्रा र कालो नाथ्रो हुने एक जातको मार्सी धान; पहेँलो-मार्सी।

कालो-काल–ना० [कालो+काल (सं०)] कर्कलाको जस्तो बोटमा सलिफाजस्तो र केही लाम्चो घोगो फल्ने एक स्थावर विष।

कालो-कुत्तिम–वि० [कालो+काती] १. ज्यादा कालो; गाढ़ा कालो। २. अति मैलो।

कालो-कौवा–ना० [कालो+कौवा] सर्वाङ्ग शरीर निखुर कालो हुने, केही ठूलो एक जातको काग; ढोले कांग; डुम काग।

कालो-जरो–ना० [कालो+जरो] औलिया ज्वरको एक भेद।

कालो-धतूरो–ना० [कालो+धंतूरो] रछ्यायो भावका नीला फूल फुल्ने र कालो डाँठ हुने एक जातको धतूरो।

कालो-नून–ना० [कालो+नून] बिरेनून।

कालो-बजार–ना० [कालो+बजार] १. सरकारद्वारा नियन्त्रित माल-सामानहरू लुकी-छिपी अनुचित तरीकाले वढ़ी नाफा लिएर विक्री गर्ने काम। २. त्यस्तो खरीद-बिक्री गर्ने ठाउँ; चोर-बाजार; ब्लैक-मार्केट।

कालो-बजारिया–वि० [कालो+बजारिया] कालो-बजार गर्ने; अवैध व्यापार गर्ने; चोर-बजारिया।

कालो-बजारी–ना० [कालो+बजारी] अवैध तरीकाले खरीद-विक्री गर्ने काम; कालो-वजार।

कालो-बड़हरी–ना० [सं० काल+व्रीहि] १. कालो एक जातको धान। २. त्यसैको चामल।

कालो-बलु–ना० [कालो+बलु] १. पीपलका जस्ता पात, पहेँला फूल, हरिया चक्राकार फल फल्ने एक लहरो; अतिबला। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण पौष्टिक र शुक्र-वर्द्धक बताइएको छ।)

कालो भटमास–ना० [कालो+भटमास] कालो र साना गेड़ा हुने एक जातको भटमास।

कालो-मास–ना० [कालो+मास] कालो एक जातको मास (साधारण मास)।

कालो-मोहर–ना० [कालो+मोहर] तिब्बत देशको मोहर; भोटे मोहर।

कालो-शिरीष–ना० [कालो+शिरीष (सं०)] गाढ़ा नीलो फूल फुल्ने एक जातको शिरीष।

कालो-सर्प–ना० [कालो+सर्प (सं०)] १. अत्यन्त विषालु कालो एक जातको सर्प; काल-सर्प। २. अति दुष्ट स्वभावको मानिस।

कालो-सिसौ–ना० [कालो+सिसौ] कालो चुरो हुने एक जातको सिसौ; कृष्ण-शिंशपा।

कालो-हलेदो–ना० [कालो+हलेदो] कालो एक जातको हलेदो।

काल्चे–ना० [ने०] १. अप्ठेरो अवस्था; खुँगे। २. युक्ति; जुक्ति।

काल्तोरी–ना० [कालो+तोरी] रातो जरा हुने, तोरीका भन्दा केही ठूला पात हुने, तरकारी खाइने एक जातको तोरी।

काल्प–वि० [सं०] कल्प-सम्बन्धी।

काल्पनिक–वि० [सं०] १. अजमाइएको; कल्पना गरिएको; कल्पित। २. बनावटी; नकली।

काल्फी-मिस्री–ना० [?+मिस्री] एक जातको असल मिस्री।

काल्या–ना० [सं०] गर्भाधान योग्य गाई वा स्त्री।

कावा–ना० [फा०] १. वृत्ताकार मार्गमा हिंड्नु वा उड्नु; गोलाकार वृत्तमा हिंड्ने काम; चक्कर खानु। २. घोड़ालाई सधाउन वा रफत गराउन वृत्तमा दौड़ाउने काम।

काव्य–ना० [सं०] १. चित्तलाई आकर्षित पार्ने, रसहरूले युक्त वाक्य वा वाक्य-समूह। २. कविको कृति; कवितात्मक वाक्य। ३. त्यस्तो वाक्य वा कविताले युक्त ग्रन्थ। ४. शुक्राचार्य।

काव्यलिङ्ग–ना० [सं०] कुनै नयाँ अर्थलाई बोध गराउँदा पर्ने एक अर्थालङ्कार।

काश–ना० [सं०] १. काँस घाँस। २. खोकी।

काशिका–ना० [सं०] जयादित्य र वामनाचार्यले रचेको पाणिनीका व्याकरणको वृत्ति; व्याकरण-ग्रन्थ।

काशी–ना० [सं०] उत्तर भारतमा रहेको, अस्सी र वरुणा नदीका बीचमा गङ्गाका किनारमा रहेको, हिन्दूहरूको एक पवित्र तीर्थ; बनारस; वाराणसी; हिन्दूहरूका सात मोक्ष-पुरीमध्ये एक।

काशी-नाथ–ना० [सं०] काशीमा रहेको प्रसिद्ध शिव-लिङ्ग।

काशी-फल–ना० [सं० कोश+फल] कुभिन्डो फल।

काश्मीर–ना० [सं०] कश्मीर देश।

काश्मीरी–वि० [काश्मीर+ई] काश्मीर-सम्बन्धी; काश्मीरको।

काश्मीरी-केशर–ना० [काश्मीरी+केशर] १. मसिना लामा-लामा पात, रातो केशर भएको, सेता फूल हुने र लसुनका जस्ता पोटी हुने एक बूटी। २. त्यसैका फूलको सुगन्धी केशर; कुङ्कुम। (आयुर्वेदमा यसको गुण कफ, वात, शिर-रोग, नाश गर्ने, गरम र शरीरमा कान्ति वढ़ाउने बताइएको छ।)

CC-0. In Public Domain. Digitization by eGangotri

काश्य–ना० [सं०] रक्सी; मदिरा।

काश्यप–ना० [सं०] १. एक प्रसिद्ध ऋषि। (वि०) २. कश्यप गोत्रमा उत्पन्न। ३. मदिरा पिउने; मद्यप।

काश्यपि–ना० [सं०] १. गरुड पक्षी। २. अरुण।

काश्यपी–ना० [सं०] पृथ्वी; धरती।

काष–ना० [सं०] शान लाउने ढुङ्गो; शाण-चक्र।

काषाय–वि० [सं०] १. गेरुवा रङ्गको; गेरूले रँगाएको। (ना०) २. गेरुवा वस्त्र।

काषाय-वस्त्र–ना० [सं०] गेरुवा रङ्गको वस्त्र; साधु-संन्यासीहरूले धारण गर्ने वस्त्र।

काष्ठ–ना० [सं०] १. काठ। २. दाउरा; इन्धन।

काष्ठ-कदली–ना० [सं०] काठे-केरा।

काष्ठ-कीट–ना० [सं०] काठमा लाग्ने कीरो; धमिरो, घुन आदि।

काष्ठ-कुट्ट–ना० [सं०] लाहाँचे चरो।

काष्ठ-कूट–ना० [सं०] लाहाँचे चरो।

काष्ठ-तक्षक–ना० [सं०] सिकर्मी।

काष्ठ-धात्री-फल–ना० [सं०] काठे-अमला।

काष्ठ-पत्र–ना० [सं०] १. काठको फल्याक। २. कुनै प्रामाणिक लेख लेखिएको वा खोपिएको काठको फल्याक।

काष्ठ-पुत्तलिका–ना० [सं०] १. काठको पुतली; कठ-पुतली। २. घट्टको सोलीबाट दाना खसाल्नाका निमित्त सोलीको डूंड़मा बाँधिएको काठको ठेउको वा पुतली।

काष्ठ-मण्डप–ना० [सं०] काठमाड़ौं शहर; कान्तिपुर।

काष्ठा–ना० [सं०] १. अन्तिम सीमा; चरम सीमा। २. दिशा। ३. उच्चतम शिखर; चुचुरो। ४. अठार पलाको समय।

काष्ठागरु–ना० [सं०] पहेँलो-अगरु।

कास–ना० [सं०] १. खोकी। २. सजिवनको वृक्ष। ३. काँस तृण।

कासमर्द–ना० [सं०] ठूलो-तात्रे।

कासार–ना० [सं०] १. तलाउ; पोखरी। २. दह; झील।

कासीस–ना० [सं०] हीरा-कसी।

काहिँली–वि० [काहिँलो+ई] १. जन्म, साहिनु वा अन्य कुनै क्रमले चौथी; साहिँलीपछिकी। (ना०) २. काहिँलाकी स्त्री।

काहिँलो–वि० [सं० कनीयान] जन्मका क्रमले चौथो; साहिँलोपछिको।

कि–संयो० [सं० किम्] १. दुइ कुरामा एउटा रोजाउँदा बीचमा प्रयोग गरिने शब्द; वा; अथवा। (उदा०–जान्छौ कि बस्छौ?) २. कसैको भनाइ उल्लेख गर्दा दुइ वाक्य-खण्डका बीचमा प्रयोग हुने शब्द। (उदा०–विद्वान्हरूको भनाइ छ कि शिक्षा मानिसको आभूषण हो।) (ना०) ३. प्रश्न वा सन्देह बुझाउने वाक्यको पछिल्तिर प्रयोग गरिने शब्द। (उदा०–तिमी जान्छौ कि? त्यो कुरो साँचो हो कि?)

किंकर्तव्य-विमूढ–वि० [सं०] के गरूँ? कसो गरूँ?—भएको; बिलख-बन्दमा परेको; जिलिएको।

किंवदन्ती–ना० [सं०] १. परम्पराबाट वा पहिलेदेखि चलिआएको कुरा; जन-श्रुति। २. हल्ला; अफवाह।

किंवा–संयो० [सं०] वा; अथवा।

किंशारु–ना० [सं०] १. धान, गहूँ आदिका बालाको झूस; टुँड़ो। २. बाण; शर। ३. कङ्क पक्षी।

किंशुक–ना० [सं०] पलाशको वृक्ष वा फूल।

किक्क–क्रि० यो० [ने०] बाडुली लाग्दा वा घाँटीभित्र कुनै वस्तु अड्कँदा सासको झोक्का निस्कने किसिम; हिक्क।

किक्लिक-किक्लिक–क्रि० यो० [अनु०] १. पानी वा तरल पदार्थ ठाड़ो घाँटी लगाएर पिउँदा शब्द आउने किसिम; किलिक-किलिक। २. घाँटीभित्र कुनै वस्तु अड्कँदा वा घाँटी अँठचाउँदा ऊर्ध्व-वायुको झोक्का निस्कने किसिम।

किङ्कर–ना० [सं०] नोकर; सेवक।

किङ्कर्तव्य-विमूढ़–वि० [सं०] किंकर्तव्य-विमूढ।

किङ्किणी–ना० [सं०] १. चाँप; क्षुद्र-घण्टिका। २. कमर-पेटी।

किङ्किरात–ना० [सं०] पहेँलो-सहचर।

किचकन्नी–ना० [सं० किङ्करी] स्त्रीको रूपमा देखिने एक प्रेत-योनि; स्त्रीको प्रेतात्मा; किचकिन्नी।

किच-काच–ना० [किच्+काच (फाँ०)] किच्ने र थिच्ने काम; किच-मिच; थिच-थाच।

किचकिच–ना० [कचकच] दिक्क लाग्ने गरी गरेको कुनै कुरा; कचकच; गनगन।

किचकिन्नी–ना० [किचकन्नी] किचकन्नी।

किच-मिच–ना० [किच्+मिच्] किच्ने र मिच्ने काम; किच-काच; थिच-मिच।

किचाइ–ना० [किच्+आइ] किच्ने किसिम, क्रिया वा भाव।

किचाइनु–स० क्रि० [किच्+आइ+नु] किच्न लाइनु; थिचाइनु; ('किचाउनु'-को क० क्रि०)।

किचाउनु–स० क्रि० [किच्+आउ+नु] किच्न लाउनु; थिचाउन; ('किच्नु'-को क० क्रि०)।

किचाकिच–ना० [किच्+किच्] परस्परमा वा धमाधम किच्ने काम; थिचाथिच; मिचामिच।

किचाघान–ना० [किच्+घान] धेरै जना एकै ठाउँमा बेसरी किचिने काम; थिचो-मिचो।

किचिनु–स० क्रि० [किच्+इ+नु] थिचिनु; मिचिनु; ('किच्नु'-को क० क्रि०)।

किचि-पिचि–ना० [किच्+पिच्च] किचि-मिची।

किचि-मिची–ना० [किच-मिच] १. किच्ने र मिच्ने काम; किच-मिच। २. गीलो पदार्थ बेसरी माड्ने काम; गिजोल्ने काम। ३. घाउ-खटिरा आदि बेसरी पाकेर पीप आदि निस्की फोहोर हुने किसिम। ४. अस्पष्ट र फोहोर किसिमको लेखाइ।

किचिर-पिचिर–ना० [किचिर-मिचिर] किचिर-मिचिर।

CC-0. In Public Domain. Digitization by eGangotri

किचिर-मिचिर–ना० [किचि-मिची] किचि-मिची।

किच्च–क्रि० यो० [ने०] सानो-तिनो कारणले वा स्वभावैले हाँस्ने किसिम; मुस्कुराउने किसिम।

किच्चक–वि० [किच्च] काम-न-काजसित किच्च-किच्च हाँसिरहने।

किच्चिनु–स० क्रि० [किचिनु] किचिनु।

किच्च्याइ–ना० [किच्+आइ] किचिने किसिम, क्रिया या भाव।

किच्च्याइनु–स० क्रि० [किच्+आइ+नु] किचिन लाइनु; ('किचाउनु'-को क० क्रि०)।

किच्च्याउनु–स० क्रि० [किच्+आउ+नु] किच्न लाउनु; ('किच्नु'-को प्रे० क्रि०)।

किच्च्याहट–ना० [किच्+आहट] किच्ने किसिम, क्रिया वा भाव; किचाइ।

किच्नु–स० क्रि० [प्रा० किच्चन्त+नु] १. कुनै वस्तुलाई गह्रुँगो पदार्थले थिच्नु; मिच्नु; क्याच्च पार्नु। २. दमन गर्नु; जित्नु।

किजात–ना० [सं० कु+जात] किरिया हाल्ने शब्द।

किञ्चित्–वि० [सं०] १. थोरै; अलिकति; केही। (क्रि० यो०) २. केही पनि; थोरै महत्त्वको पनि।

किञ्चिन्मात्र–वि० [सं०] १. अति थोरै; ज्यादै कम। २. केही; कुनै।

किञ्जल्क–ना० [सं०] १. कमलको केसर; पद्म-केसर। २. नाग-केसर। (वि०) ३. केसरका रङ्गको पहेँलो।

किटाइ–ना० [किट्+आइ] किट्ने किसिम, क्रिया वा भाव; तोकाइ।

किटाइ–ना० [किट्+आइ] किट्ने किसिम, क्रिया वा भाव; दाह्रा किट्ने काम।

किटाइनु–स० क्रि० [किट्+आइ+नु] किट्न लाइनु; निधो गराइनु; ('किटाउनु'-को क० क्रि०)।

किटाइनु–स० क्रि० [किट्+आइ+नु] दाह्रा किट्न लाइनु; ('किटाउनु'-को क० क्रि०)।

किटाउनु–स० क्रि० [किट्+आउ+नु] किट्न लाउनु; निधो गराउनु; ('किट्नु'-को प्रे० क्रि०)।

किटाउनु–स० क्रि० [किट्+आउ+नु] दाह्रा किट्न लाउनु; ('किट्नु'-को प्रे० क्रि०)।

किटान–ना० [किट्+आन] किट्ने काम; तोक; निधो; निश्चय।

किटान–ना० [किट्+आन] किट्ने काम (दाह्रा)।

किटिनु–स० क्रि० [किट्+इ+नु] निधो गरिनु; तोकिनु ('किट्नु'-को क० क्रि०)।

किटिनु–स० क्रि० [किट्+इ+नु] दाह्रा किट्ने काम गरिनु; ('किट्नु'-को क० क्रि०)।

किट्ट–ना० [सं०] १. थेग्रिएर रहेको मैल; थिग्रेनी। २. फलाम आदि धातुको मैल; कीट। ३. मल; विष्टा।

किट्टक–ना० [सं०] किट्ट।

किट्नु–स० क्रि० [कटकट+नु] रीस, पीडा आदिको आवेगमा तल-माथिका दाँत रगेड्नु; बज्ने गरी दाँतहरू परस्परमा घोट्नु।

किट्नु–स० क्रि० [प्रा० किट्ट+नु] कुनै कुरो यसै हो भनी निधो गर्नु; तोक्नु; निश्चयपूर्वक भन्नु।

किण–ना० [सं०] १. कोदाली, घन आदि औजार चलाउँदा हातमा बस्ने ठेलो। २. घाउ-खटिराको खत।

किताप–ना० [अ० किताब] किताब।

कितापखाना–ना० [अ० किताब+ख़ानः (फा०)] किताब-खाना।

कितापी–वि० [अ० किताबी] किताबी।

किताब–ना० [अ०] पुस्तक; ग्रन्थ; किताप।

किताबखाना–ना० [अ० किताब+ख़ानः (फा०)] १. किताब-हरू राख्ने ठाउँ; पुस्तक-भण्डार। २. सरकारी कर्मचारी-हरूको नाम-नामासी दर्ता गर्ने एक अड्डा।

किताबी–वि० [अ०] किताबको; पुस्तक-सम्बन्धी।

कित्ता–ना० [अ० क़ितः] १. श्रेणी; स्तर। २. टुक्रा; खण्ड। ३. थान; गोटा। ४. किसिम; प्रकार।

किन–क्रि० यो० [सं० किम्] कुनै कामको हेतु सोद्धा प्रयोग गरिने शब्द; के कारणले; कुन हेतुले।

किनखाब–ना० [फा० कम-ख़्वाब] सुन-चाँदीका बत्तूले बुट्टाहरू बनाइएको बहुमूल्य रेशमी कपड़ा।

किन-बेच–ना० [किन्+बेच्] किन्ने र बेच्ने काम; खरीद-बिक्री।

किन-मेल–ना० [किन्+मेलो] माल-मत्ताहरू किन्ने काम; खरीद गर्ने काम।

किनाइ–ना० [किन्+आइ] किन्ने किसिम, क्रिया वा भाव।

किनाइनु–स० क्रि० [किन्+आइ+नु] किन्न लाइनु; खरीद गराइनु; ('किनाउनु'-को क० क्रि०)।

किनाउनु–स० क्रि० [किन्+आउ+नु] किन्न लाउनु; खरीद गराउनु; ('किन्नु'-को प्रे० क्रि०)।

किनार–ना० [फा०] १. कुनै वस्तुको लमाइ वा गजपट्टिको अन्तिम भाग; छेउ; किनारा। २. नदी, जलाशय आदिको तीर; तट। ३. अगल-बगल; पार्श्व।

किनारदार–वि० [फा०] किनार भएको; किनारावाल; किनारे।

किनारा–ना० [फा० किनारः] १. कुनै वस्तुको लमाइ वा गज-पट्टिको अन्तिम भाग; छेउ; किनार। २. नदी, जलाशय आदिको तीर; तट। ३. अगल-बगल; पार्श्व। ४. धोती, पछ्यौरा आदि कपड़ामा भिन्न किसिमले बुनेको वा रँगाइएको छेउ। ५. कपड़ाका छेउमा हुने विशेष प्रकारको बुट्टा; खिका। ६. टुङ्गो; निधो; निर्णय।

किनारावाल–वि० [किनारा+वाल] कपड़ाका छेउमा विशेष किसिमले रँगाएको वा बुनेको बुट्टा वा किनारा भएको; किनारा भएको; किनारे।

CC-0. In Public Domain. Digitization by eGangotri

किनारे—वि० [किनारा+ए] किनारा भएको; किनारावाल।

किनिनु—स० क्रि० [किन्+इ+नु] खरीद गरिनु; बेसाइनु; ('किन्नु'-को क० क्रि०)।

किनुवा—वि० [किन्+उवा] किनिएको; खरीद गरिएको।

किन्तु—संयो० [सं०] तर; परन्तु।

किन्नर—ना० [सं०] मानिसको जस्तो शरीर र घोड़ाको जस्तो टाउको हुने भनी पुराणहरूमा उल्लेख भएको गान-बजानमा निपुण एक देव-योनि; किम्पुरुष।

किन्नरी—ना० [सं०] १. किन्नर जातिकी स्त्री। २. एक प्रकारको वीणा।

किन्नु—स० क्रि० [सं० क्री] मोल दिएर कुनै वस्तु लिनु वा आफ्नो हकको पार्नु; खरीद गर्नु; बेसाउनु; खरिद्नु।

किपट—ना० [ने०] १. आफूखुशी रैती बसाली तिनीहरूबाट प्रचलित दस्तूर लिन पाउने गरी सरकारद्वारा दिइएको एक किसिमको बिर्ता। २. कम उब्जनी हुने रद्दी जग्गा।

किफायत—ना० [अ० किफ़ायत] १. खर्च कम गर्नु; फारो गर्नु; मितव्यय। २. बचत; थिग्रो।

किफायती—वि० [अ० किफ़ायती] १. किफायत गर्ने; खर्च कम गर्ने; मितव्ययी। २. सस्तो।

किम्—क्रि० यो० [सं०] १. किन; के कारणले। २. के।

किमपि—क्रि० यो० [सं०] १. केही; अलिकति मात्रामा। २. केही पनि; कुनै पनि। (वि०) ३. अलिकति; थोरै।

किमार्थ—क्रि० यो० [सं०] १. केही गरे पनि; कुनै हालतमा पनि। २. पक्का पनि; निश्चय नै।

किम्पुरुष—ना० [सं०] किन्नर।

किम्बु—ना० [ने०] १. लाम्चा खरीको जस्ता पात, मञ्जरीको रूपमा फुल्ने मसिना पहेँला फूल र पिप्लाका आकारको प्याजी वा हरिया रङ्गका फल हुने रूख। २. त्यसैको फल; तूत।

किम्भूत—वि० [सं०] १. कुन किसिमको; कस्तो। २. अनौठो; विलक्षण। ३. बेछाँटको; भद्दा।

किम्मत—ना० [अ० क़ीमत] १. कीमत। २. प्रशंसा योग्य काम। ३. आश्चर्यजनक काम।

किम्मती—वि० [किम्मत+ई] १. धेरै मोल पर्ने; कीमती; बहुमूल्य। २. प्रशंसनीय। ३. आश्चर्यजनक।

कियत्—वि० [सं०] १. कति; कुन परिमाणको। २. थोरै; अलिकति।

कियाह—ना० [सं०] रातो रङ्गको घोड़ा।

किरकिटी—ना० [सं० कृत्तिका] राती आकाशमा देखिने साना-साना ताराहरूको एक समुदाय; कृत्तिका।

किरकिर—क्रि० यो० [ने०] साना-साना ढुङ्गा वा आँखा, दाँत आदिमा बालुवा लाग्ने किसिम।

किरण—ना० [सं०] सूर्य, चन्द्र, बत्ती वा त्यस्तै चम्किला वस्तुहरूबाट चारैतिर फिंजिएको देखिने उज्यालो रेखा; ज्योतिको रेखा; कान्ति।

किरण-केतु—ना० [सं०] सूर्य।

किरण-चित्र—ना० [सं०] कुनै तेज-पुञ्जलाई धेरै बेरसम्म हेरिरहेर झट्ट अन्त हेर्दा आँखाअगिल्तिर देखिने राता-पहेँला किरणको दृश्य।

किरण-माली—ना० [सं०] सूर्य।

किरन्टोकी—वि० [सं० कृपण] १. कन्जुस; खिच्चू; कृपण। २. लोभी।

किराँत—ना० [सं० किरात] १. नेपालको पूर्वी भागमा पर्ने एक प्रदेश। २. विशेषतः त्यस प्रदेशमा रहने एक जाति।

किराँती—वि० [किराँत+ई] १. किराँत-सम्बन्धी; किराँत-प्रदेशको। (ना०) २. किराँत-प्रदेशमा रहने एक जाति।

किराँती-उखु—ना० [किराँती+उखु] किराँती-ऊखु।

किराँती-ऊखु—ना० [किराँती+ऊखु] पहेँलो एक जातको ऊखु।

किरात—ना० [सं०] १. किराँत-प्रदेश। २. त्यस प्रदेशमा रहने एक जाति; किराती। ३. शिव; महादेव।

किराना—ना० [सं० क्रयण] खानेकुरामा प्रयोग गरिने नून, बेसार आदि मसला।

किराया—ना० [अ० किरायः] अरूको कुनै माल उपयोग गरेको बदलामा माल-धनीलाई दिइने रकम; बहाल; भाड़ा।

किरायादार—ना० [अ० किरायः+दार (फा०)] किरायामा घर, पसल वा अरू माल-मत्ता लिने व्यक्ति; किरायेदार।

किरायेदार—ना० [किरायादार] किरायादार।

किरिक-किरिक—क्रि० यो० [अनु०] १. दाँतमा बालुवा, धूलो आदि लाग्ने किसिम; किरकिर। २. साना-तिना हाँगा-बिँगा भाँचिँदा शब्द आउने किसिम।

किरिकिरी—क्रि० यो० [किरकिर] किरकिर।

किरिङ-मिरिङ—क्रि० यो० [ने०] चाँड़ो-चाँड़ो वा मनपरीसँग नराम्रो अक्षर लेख्ने किसिम; किरिमिरी।

किरिच—ना० [सं० कृति] टुप्पोले घोचेर प्रहार गर्ने, एक किसिमको सोझो तरवारजस्तो शस्त्र।

किरिमिरी—क्रि० यो० [ने०] किरिङ-मिरिङ।

किरिया—ना० [सं० कर्द] कुनै काम ईमानदारीका साथ गर्छु भनी गरिने प्रतिज्ञा; शपथ; कसम।

किरिया—ना० [सं० क्रिया] मृतकका उद्देश्यले तेह्र दिनसम्म गरिने श्राद्ध आदि कर्म।

किरी—ना० [कीरो] कीरो; कुरी (बाल-बोलीमा)।

किरीट—ना० [सं०] मुकुटजस्तो एक शिरोभूषण; सानो किसिमको मुकुट।

किरीटी—वि० [सं०] १. किरीट लाउने; किरीट-धारी। (ना०) २. अर्जुन। ३. इन्द्र।

किर्कौंलो—ना० [किरकिर+औंलो] दानादार अन्नहरूमा हुने साधारण गेड़ाभन्दा सानो, कड़ा र नपाक्ने किसिमको दाना; चोर-गेड़ो।

किर्षी—ना० [सं० कृषि] १. खेती; किसानी; कृषि। २. उद्योग; उद्यम।

CC-0. In Public Domain. Digitization by eGangotri

किर्थो—ना० [कीरो] फट्याङ्ग्रोजस्तो एक प्रकारको कीरो।

किर्नु—ना० [कीरो+नु] गाई-वस्तुका शरीरमा लाग्ने एक प्रकारको कीरो।

किल—क्रि० यो० [सं०] १. निश्चय नै; पक्कै; अवश्य। २. वास्तवमा।

किलकिञ्चित्—ना० [सं०] नायिकाले एकसाथ अनेक प्रकारका भावहरू प्रकट गर्ने एक हाव; संयोग-श्रृङ्गारको एक हाव।

किलकिला—ना० [सं०] अति प्रसन्न भएर गरिने शब्द; हर्ष-ध्वनि।

किलकिले—ना० [सं० कृक] घाँटीभित्र हुने सानो लिङ्गाकार अवयव; लिगलिगे।

किला—ना० [अ० किलऽ] किल्ला; दुर्ग।

किलिक-किलिक—क्रि० यो० [अनु०] पानी वा तरल पदार्थ निल्दा शब्द आउने किसिम; किक्लिक-किक्लिक।

किलिप—ना० [अं० क्लिप] १.रौँ व्यवस्थित राख्न वा सौन्दर्यका निम्ति स्त्री-जातिले शिरमा लगाउने साधन। २. कागत-पत्रहरू च्याप्ने फलाम आदिको साधन।

किलो-वाट—ना० [अं०] एक हजार वाट बिजुलीको परिमाण वा शक्ति।

किल्ला—ना० [अ० किलऽ] १. लड़ाईँका समयमा सुरक्षाका निमित्त बनाइराखेको सुदृढ स्थल; गढ़ी; दुर्ग; कोट। २. साँध; सीमाना।

किल्ला-बन्दी—ना० [किल्ला+बन्दी] १. लड़ाईँका निमित्त किल्ला वा मोर्चा बनाउने काम; व्यूह-रचना। २. बुद्धि-चालको खेलमा बादशाहलाई किश्त नलाग्ने किसिमले राख्नु।

किल्ली—ना० [सं० कीलक] १. उपाय; युक्ति। २. चलाकी; वठ्याइँ। ३. दाउ; पेच।

किल्विष—ना० [सं०] १.पाप। २.दोष; अपराध। ३.रोग।

किल्विषी—वि० [सं०] १. पापी। २. दोषी; अपराधी। ३. रोगी।

किशमिश—ना० [फा०] १. अङ्गूरकै जस्तो पात, फूल, फल र वोट हुने सानो जातको दाख। २. सुकेको त्यही फल।

किशलय—ना० [सं०] भर्खर निस्केको नयाँ पात; पालुवा; पल्लव।

किशोर—ना० [सं०] १. एघार वर्षदेखि पन्ध्रवर्षभित्रका उमेरको केटो। २. छोरी; पुत्र। ३. घोड़ाको बच्चो; वछेड़ो। (वि०) ४.एघारदेखि पन्ध्रवर्षभित्रको (केटो)।

किशोरक—ना० [सं०] सानो बालक; बच्चो।

किशोरी—ना० [सं०] एघारदेखि पन्ध्र वर्षभित्रकी बालिका।

किश्त—ना० [फा०] बुद्धि-चालको खेलमा बादशाह कुनै विपक्षीका गोटीले मार्ने घरमा पर्नु।

किश्ती—ना० [फा०] १. कसैलाई उपहार दिने वस्तुहरू राखिने थालजस्तो खुला भाँड़ो। २. सोझोमात्र हिँड्ने बुद्धि-चालको एक गोटी। ३. नाउ; डुङ्गा।

किष्किन्ध—ना० [सं०] भारतको मैसूर प्रदेशको एक पर्वत।

किष्किन्धा—ना० [सं०] किष्किन्ध्य प्रदेशको राजधानी।

किष्किन्ध्य—ना० [सं०] किष्किन्ध।

किष्किन्ध्या—ना० [सं०] किष्किन्धा।

किसम—ना० [अ० क़िस्म] किसिम; प्रकार।

किसमिस—ना० [फा० किशमिश] किशमिश।

किसलय—ना० [सं०] पालुवा; किशलय।

किसान—ना० [सं० कृषाण] खेती गर्ने पेशा भएको व्यक्ति; खेतीवाल; कृषक।

किसान-गिरी—ना० [किसान+गिरी] किसानको काम वा पेशा; किसानी; कृषि।

किसानी—ना० [किसान+ई] किसानको काम वा पेशा; खेती; कृषि।

किसिम—ना० [अ० क़िस्म] १. प्रकार; भाँति; तरह। २. ढङ्ग; ढाँचा।

किस्त—ना० [अ० क़िस्त] १. ऋण वा दिनुपर्ने रकम नियत समयमा बुझाउने पटक; किस्ता। २. त्यसरी एक पटकमा बुझाइने अंश।

किस्त-बन्दी—ना० [अ० क़िस्त+बन्दी] पटक-पटक गरी ऋण वा रकम बुझाउने काम; किस्ता बुझाउने काम वा व्यवस्था।

किस्ता—ना० [अ० क़िस्त] १. महीनावारी; तलब। २. एक पटकमा बुझाइने रकमको अंश।

किस्ता-बन्दी—ना० [अ० क़िस्त+बन्दी (फा०)] किस्त-बन्दी।

किस्मत—ना० [अ० क़िस्मत] १.भाग्य; प्रारब्ध। २. मेहनत; परिश्रम। ३. युक्ति; चातुर्य।

किस्मती—वि० [किस्मत+ई] १. भाग्यमानी; भाग्य-शाली। २. परिश्रमी; मेहनती। ३. युक्ति जान्ने; सिपालु।

किस्सा—ना० [अ० क़िस्सः] १. कथा; कहानी। २. वृत्तान्त; समाचार। ३. झगड़ा।

कीकस—ना० [सं०] हाड़; हड्डी।

कीट—ना० [सं० किट्ट] फलाम आदि धातु पगाल्दा निस्कने कसर; धातुको मल; किट्ट।

कीट—ना० [सं०] कीरो।

कीट-पतङ्ग—ना० [सं०] साना-साना कीराहरूको समूह; कीरा-फट्याङ्ग्रा।

कीट-विज्ञान—ना० [सं०] कीराहरूको जीवन-चर्या, स्वभाव आदिको विवेचना गरिने विज्ञान।

कीटाणु—ना० [सं०] हावा, पानी, खानेकुरो, रक्त आदिमा हुने, रोग उत्पन्न गर्ने वा विभिन्न प्रकारले हित-कारी पनि हुने सूक्ष्म-दर्शक-यन्त्रद्वारा मात्र देख्न सकिने अति सूक्ष्म जीव।

कीप—ना० [ने०] काली-ज्यामीरजस्तो एक प्रकारको फल।

कीपट—ना० [किपट] किपट।

कीमत—ना० [अ० क़ीमत] १. दाम; मूल्य। २. महत्त्व।

CC-0. In Public Domain. Digitization by eGangotri

कीमती–वि० [अ० क़ीमती] धेरै मोल पर्ने; बहुमूल्य।

कीर–ना० [सं०] १. सुगा। २. शुकदेव।

कीरा-फट्याङ्ग्रा–ना० [कीरा+फट्याङ्ग्रा] घस्रेर हिँड्ने र उड्ने साना-साना जीवहरूको समूह; कीट-पतङ्ग।

कीरी–ना० [कीरो] कीरो; कुरी (बाल-बोलीमा)।

कीरो–ना०[प्रा० कीडो] १. कमिला, जुम्रा, भुसुना, झुसिल्कीरा आदि साना प्राणी; कीट; कृमि। २. बाघ; व्याघ्र।

कीर्ण–वि० [सं०] १. छरिएको; फिँजिएको। २. ढाकिएको।

कीर्तन–ना० [सं०] १. कसैको गुण वा यश-वर्णन; गुण-गान। २. ईश्वर वा देवताको भजन; हरि-कीर्तन।

कीर्ति–ना० [सं०] १. शौर्यबाट प्राप्त हुने प्रसिद्धि; ख्याति। २. नेक-नामी। ३. प्रशंसा। ४. मरेपछि पनि नाम रहने कसैले गरेको ठूलो वा असल काम। ५. पुण्य।

कीर्तित–वि० [सं०] १. बयान गरिएको; वर्णित। २. तारीफ गरिएको; प्रशंसित। ३. प्रसिद्ध; प्रख्यात।

कीर्तिमान्–वि० [सं०] १. कीर्ति भएको; कीर्ति-शाली। २. नाउँ चलेको; विख्यात।

कीर्ति-मान–ना० [सं०] प्रतियोगिताको कुनै काममा कसैले स्थापित गरेको सर्वोच्च सीमा।

कीर्ति-शाली–वि० [सं०] कीर्तिमान्।

कीर्ति-शेष–वि० [सं०] १. संसारमा कीर्तिमात्र बाँकी रहेको; मृत। (ना०) २. मृत्यु; मरण।

कीर्ति-स्तम्भ–ना० [सं०] १. कसैको कीर्तिको स्मरण गराउनाका निमित्त उभ्याइएको स्तम्भ। २. कसैको कीर्ति अमर गराउने काम।

कीर्ते–वि० [सं० कृत्य] १. बनावटी; नकली। २. जालसाजी (कागत-पत्र)।

कील–ना० [सं०] १. फलाम वा काठको कीलो। २. खम्बा; स्तम्भ। ३. बिग्रेर वा मरेर योनिमा अड्केको गर्भ।

कीलक–ना० [सं०] १. कीलो; कील। २. अरू मन्त्रको शक्तिलाई निष्क्रिय पार्ने मन्त्र।

कीलन–ना० [सं०] १. बन्धन; रोक। २. कुनै मन्त्रलाई स्तम्भन गर्ने काम।

कीलाल–ना० [सं०] १. पानी; जल। २. रगत; रक्त। ३. अमृत; सुधा। ४. मह; मधु। ५. पशु।

कीलित–वि० [सं०] १. कीला ठोकिएको। २. मन्त्रद्वारा स्तम्भन गरिएको।

कीलो–ना० [सं० कील] १. कहीँ गाड्न वा ठोक्नाका निमित्तको, एकातिर तीखो टुप्पो भएको फलाम, काठ आदिको लाम्चो काँटा। २. सुइरो। ३. जमीन, भित्ता आदिमा ठोकेर वा गाडेर पशुहरू बाँध्नाका निमित्तको काठ, फलाम आदिको लाम्चो टुक्रो।

कीश–ना०[सं०] १. बाँदर; वानर। २. सूर्य। (वि०) ३. नाङ्गो; नग्न।

कु–उप० [सं०] १. नाम शब्दको अगिल्तिर लागेर खराब, अनुचित, अयोग्य आदि बुझाउने शब्द। (उदा०–कुपुत्र, कुकार्य, कुरीति आदि।) (ना०) २. पृथ्वी।

कु–ना० [अनु०] बट्टाईलाई चनाखो तुल्याउनाका निमित्त उसका कानमा कराइने शब्द।

कुँजिइनु–अ० क्रि० [कुँजि+इ+नु] कुँजो होइनु; हात-गोडा खुम्चिइनु; ('कुँजिनु'-को भा० क्रि०)।

कुँजिनु–अ० क्रि० [कूँजो+इ+नु] रोगले वा धेरै दिनको बन्धनले गर्दा हात-गोडा खुम्चिनु वा जकड़िनु; कूँजो हुनु।

कुँज्याइ–ना० [कुँजि+आइ] कुँजिने किसिम, क्रिया वा भाव।

कुँज्याइ–ना० [कुँज्याउ+आइ] कुँज्याउने किसिम, क्रिया वा भाव।

कुँज्याइनु–स० क्रि० [कुँज्याउ+इ+नु] कूँजो पारिनु; ('कुँज्याउनु'-को क० क्रि०)।

कुँज्याउनु–स० क्रि० [कुँजि+आउ+नु] कूँजो पार्नु; हात-गोड़ा नचल्ने पार्नु; ('कुँजिनु'-को प्रे० क्रि०)।

कुँड़ाइ–ना० [कुँड्+आइ] कुँड्ने किसिम, क्रिया वा भाव।

कुँड़ाइनु–स० क्रि० [कुँड़ाउ+इ+नु] कुँड्याइनु; ('कुँड़ाउनु'-को क० क्रि०)।

कुँड़ाउनु–स० क्रि० [कुँड्+आउ+नु] कुँड्याउनु; ('कुँड्नु'-को प्रे० क्रि०)।

कुँड़ार–ना० [सं० कुण्डल] वरि-परि बारेर सुरक्षित पारिएको ठाउँ।

कुँड़िइनु–अ० क्रि० [कुँड़ि+इ+नु] अमिलोले दाँतको शक्ति कुण्ठित होइनु; मुढ़िइनु; ('कुँड़िनु'-को भा० क्रि०)।

कुँड़िनु–अ० क्रि० [कुँड्+इ+नु] कुँड़िइनु; ('कुँड्नु'-को भा० क्रि०)।

कुँड़िनु–अ० क्रि० [प्रा० कुण्ठ+इ+नु] १. अमिलोले दाँतको शक्ति कुण्ठित हुनु; मुढ़िनु। २. हतियारको धार झर्नु वा दोब्रिनु; मूढ़ो हुनु। ३. चित्त दुःख्नु; चिढ़िनु।

कुँडुलिइनु–अ० क्रि० [कुँडुलि+इ+नु] कुँडुलो पारिनु; गुँडुल्किइनु; ('कुँडुलिनु'-को भा० क्रि०)।

कुँडुलिनु–अ० क्रि० [कुँडुलो+इ+नु] कुँडुलो पर्नु; गुँडुल्किनु; घुँगुरिनु; कुँडुल्किनु।

कुँडुलो–ना० [सं० कुण्डल] गोलाकार परेको घेरा; कुँढ़र।

कुँडुल्किइनु–अ० क्रि० [कुँडुल्कि+इ+नु] कुँडुलिइनु; ('कुँडुल्किनु'-को भा० क्रि०)।

कुँडुल्किनु–अ० क्रि० [कुँडुलि] कुँडुलिनु।

कुँडुल्क्याइ–ना० [कुँडुल्कि+याइ] कुँडुल्किने किसिम, क्रिया वा भाव।

कुँडुल्क्याइनु–स० क्रि० [कुँडुल्क्याउ+नु] कुँडुल्याइनु; ('कुँडुल्याउनु'-को क० क्रि०)।

कुँडुल्क्याउनु–स० क्रि० [कुँडुल्कि+आउ+नु] कुँडुल्याउनु; ('कुँडुल्किनु'-को प्रे० क्रि०)।

कुँडुल्याइ–ना० [कुँडुलि+याइ] कुँडुलिने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

कुँडुल्याइ—ना० [कुँडुल्याउ+आइ] कुँडुल्याउने किसिम, क्रिया वा भाव।

कुँडुल्याइनु—स० क्रि० [कुँडुल्याउ+इ+नु] कुँडुलो पारिनु; कुँढ़र पारिनु; ('कुँडुल्याउनु'-को क० क्रि०)।

कुडुल्याउनु—स० क्रि० [कुँडुलि+आइ+नु] कुँडुलो पार्नु; कुँढ़र पार्नु; ('कुँडुलिनु'-को प्रे० क्रि०)।

कुँड़े—ना० [सं० कुण्ड] १. दूध तताउने भाँड़ो। २. कुँड़ो पकाउने वा खुवाउने भाँड़ो।

कुँड़ो—ना० [कुँड़े] गाई-वस्तुलाई खुवाउने खोले।

कुँड़्नु—अ० क्रि० [प्रा० कुण्ठ+नु] १. हतियारको धार झार्नु; दोब्र्याउनु; मूढ़ो पार्नु। २. चित्त दुख्नु; चिढ़िनु।

कुँड़्याइ—ना० [कुँड़ि+याइ] कुँड़िने किसिम, क्रिया वा भाव।

कुँड़्याइ—ना० [कुँड़्याउ+आइ] कुँड़्याउने किसिम, क्रिया वा भाव।

कुँड़्याइनु—स० क्रि० [कुँड़्याउ+इ+नु] कुँडुलो पारिनु; कुँढ़र पारिनु; ('कुँड़्याउनु'-को क० क्रि०)।

कुँड़्याउनु—स० क्रि० [कुँड़ि+आउ+नु] १. हतियारको धार झार्नु वा मूढ़ो तुल्याउनु; भुत्ते पार्नु। २. चित्त दुखाउनु; चिढ़्याउनु। ३. अमिलोले दाँत कुण्ठित पार्नु; ('कुँड़िनु'-को प्रे० क्रि०)।

कुँढ़र—ना० [सं० कुण्डल] कुँडुलो।

कुँढ़ाइनु—स० क्रि० [कुँढ़ाउ+इ+नु] कुँड़्याइनु; ('कुँढ़ाउनु'-को क० क्रि०)।

कुँढ़ाउनु—स० क्रि० [कुँढ्+आउ+नु] कुँड़्याउनु; ('कुँढ्नु'-को प्रे० क्रि०)।

कुँढ़िनु—अ० क्रि० [कुँढ्+इ+नु] कुँड़िनु; ('कुँढ्नु'-को भा० क्रि०)।

कुँढ़िनु—अ० क्रि० [कुँड़ि] कुँड़िनु।

कुँढ्नु—अ० क्रि० [कुँड्+नु] कुँड्नु।

कुँढ्याइ—ना० [कुँढ़ि+याइ] कुँढ़िने किसिम, क्रिया वा भाव।

कुँढ्याइ—ना० [कुँढ्याउ+आइ] कुँढ्याउने किसिम, क्रिया वा भाव।

कुँढ्याइनु—स० क्रि० [कुँढ्याउ+इ+नु] कुँड़्याइनु; ('कुँढ्याउनु'-को क० क्रि०)।

कुँढ्याउनु—स० क्रि० [कुँढ़ि+आउ+नु] कुँड़्याउनु; ('कुँढ़िनु'-को प्रे० क्रि०)।

कुँदाइ—ना० [कुँद्+आइ] कुँद्ने किसिम, क्रिया वा भाव।

कुँदाइनु—स० क्रि० [कुँदाउ+इ+नु] कुँद्न लाइनु; ('कुँदाउनु'-को क० क्रि०)।

कुँदाउनु—स० क्रि० [कुँद्+आउ+नु] बेल-बुट्टा, अक्षर, चित्र आदि काठ, धातु आदिमा बनाउन लगाउनु; कुँद्न लाउनु; ('कुँद्नु'-को प्रे० क्रि०)।

कुँदिनु—स० क्रि० [कुँद्+इ+नु] काठ, धातु आदिमा बेल-बुट्टा, अक्षर आदि बनाइनु; कुँद्ने काम गरिनु; ('कुँद्नु'-को क० क्रि०)।

कुँदुवा—वि० [कुँद्+उवा] कुँदेको; कुँदेर बुट्टा पारिएको।

कुँद्नु—स० क्रि० [सं० कुन्द+नु] १. काठ, धातु आदिमा बेल-बुट्टा, अक्षर, चित्र आदि काट्नु। २. ताछ्नु; छाँट्नु (रत्नहरू)।

कुँवर—ना० [सं० कुमार] १. राज-कुमार; शाहजादा। २. क्षत्रिय जातिको एक उपाधि।

कुइँ—क्रि० यो० [अनु०] कुकुरको छाउरो कराउने किसिम।

कुइगन्ध—ना० [कुहु+गन्ध] कुहिएको जस्तो नराम्रो गन्ध; उग्र दुर्गन्ध।

कुइनाइन—ना० [अं० क्विनिन] ज्वर नाश गर्ने एक प्रकारको डाक्टरी औषधि।

कुइरी-मण्डल—ना० [कुइरो+मण्डल (सं०)] कुइरोजस्तो भएर चारैतिर व्याप्त भएको धूँवा, बाफ, धूलो आदि।

कुइरे—वि० [कुइरो+ए] १. कैला आँखा हुने; कुहिरे। (ना०) २. कैला आँखा हुने यूरोप-निवासी व्यक्ति; अङ्ग्रेज।

कुइरो—ना० [सं० कुज्झटी] १. वायुमा मिलेर बाफको रूपमा देखिने सूक्ष्म जल-कणहरूको समुदाय; हुस्सु। (वि०) २. कैला आँखा हुने; कुइरे।

कुई—ना० [ने०] ढोका, झ्याल आदिका खापा बन्द गरेर भित्र-पट्टिबाट लगाइने अङ्कुशजस्तो साधन; अङ्कुसे।

कुकर्म—ना० [सं०] १. खराब काम; कुत्सित कार्य। २. व्यभिचार।

कुकर्मी—वि० [सं०] १. कुकर्म गर्ने; दुष्कर्मी। २. व्यभिचारी।

कुकाठ—ना० [कु+काठ] १. बोक्रा झिकेका नालुको डाँठ। २. सार वा चुरो नभएको काठ।

कुकुना—ना० [ने०] १. टुसो; मुनु; अङ्कुर। २. फलाम, पीतल आदि धातु-सम्बन्धी काम गर्ने कालिगड़हरूले आगो तह लगाउने, टुप्पो घुमेको, डन्डीजस्तो साधन; हन्बेर्नु।

कुकुर—ना० [सं०] १. स्याल, ब्वाँसो आदिका जातको, घरको रखवाली गर्नाका निमित्त पालिने, एक प्रसिद्ध घरेलु पशु; कुत्ता; श्वान। २. यदु-वंशी क्षत्रियहरूको एक वर्ग।

कुकुर-झीँगो—ना० [कुकुर+झीँगो] कुकुरका शरीरमा लाग्ने एक जातको खैरो झीँगो।

कुकुरडाइनु—ना० [ने०] १. ठूला-ठूला पानका आकारका पात, पहेँला फूल, झुप्पाको रूपमा राता गोल फल फल्ने एक काँढ़े लहरो। २. त्यसैको मुनु।

कुकुर-तिहार—ना० [कुकुर+तिहार] कार्तिक कृष्ण त्रयोदशीका दिन मनाइने उत्सव; पञ्चकको दोस्रो दिन मनाइने उत्सव। (यस दिन कुकुरको पूजा गरिन्छ।)

कुकुर-दाँत—ना० [कुकुर+दाँत] अगिल्ला चार दाँत र बङ्गाराका बीचमा हुने चुच्चो परेका चार दाँत।

कुकुर-बन्सो—ना० [कुकुर+बन्सो] एक जातको बन्सो झार।

कुकुर-मुत्ते—ना० [कुकुर+मूत] रूखमा उम्रने एक जातको च्याउ।

कुकुरे—ना० [सं० कुक्कुरद्रु] सेतो भुवादार पात र प्याजी

CC-0. In Public Domain. Digitization by eGangotri

रङ्गका साना-साना फूल हुने एक बूटी; कुक्कुरद्रु।

कुकुर्किइनु–अ० क्रि० [कुकुर्कि+इ+नु] कुर्चुकिइनु; ('कुकुर्किनु'-को भा० क्रि०)।

कुकुर्किनु–अ० क्रि० [कुक्रुक्क+इ+नु] कुक्रुक्क पर्नु; खुम्चिनु।

कुकुर्क्याइ–ना० [कुकुर्कि+याइ] कुकुर्किने किसिम, क्रिया वा भाव।

कुकुर्क्याइ–ना० [कुकुर्क्याउ+आइ] कुकुर्क्याउने किसिम, क्रिया वा भाव।

कुकुर्क्याइनु–स० क्रि० [कुकुर्क्याउ+इ+नु] कुचुर्क्याइनु; ('कुकुर्क्याउनु'-को क० क्रि०)।

कुकुर्क्याउनु–स० क्रि० [कुकुर्कि+आउ+नु] कुक्रुक्क पार्नु; खुम्च्याउनु; ('कुकुर्किनु'-को प्रे० क्रि०)।

कुकृत्य–ना० [सं०] खराब काम; दुष्कर्म; कुकर्म।

कुक्क–क्रि० यो० [अनु०] १. गला लागेर वा घाँटीमा कुनै वस्तु अड्केर वेगसित वायु निस्कँदा शब्द आउने किसिम। २. बाडुली वा हिक्का लाग्दा शब्द आउने किसिम; किक्क; कुक्लुक्क।

कुक्कु–ना० [सं० कुक्कुभ] एक जातको कोइली।

कुक्कुट–ना० [सं०] १. कुखुरो। २. लुइँचे। ३. फिलिङ्गो; आगाको झिल्को।

कुक्कुटोरण–ना० [सं०] ठूलो एक जातको सर्प।

कुक्कुभ–ना० [सं०] १. लुइँचे चरो। २. कुखुरो।

कुक्कुर–ना० [सं०] कुकुर; कुत्ता।

कुक्कुरद्रु–ना० [सं०] कुकुरे बूटी।

कुक्रुक्क–क्रि० यो० [ने०] जाड़ो वा बुढ़ाइँले खुम्चिएर बस्ने किसिम।

कुक्लुक्क–क्रि० यो० [अनु०] कुक्का।

कुक्ष–ना० [सं०] पेट; उदर।

कुक्षि–ना० [सं०] १. पेट; उदर। २. कोखो। ३. गर्भाशय।

कुखुरी–ना० [ने०] चर्खाको सुइरोबाट झिकेका धागाको लट्टी।

कुखुरी-काँ–क्रि० यो० [अनु०] कुखुरो बास्ने किसिम।

कुखुरे-आन्द्रो–ना० [कुखुरो+ए+आन्द्रो] लाम्चा पात, हरियो र सेता मिसिएका साना फूल र अपामार्गको जस्तो डाँठ हुने एक लहरो। (आयुर्वेदमा यसको गुण वीर्यलाई पुष्ट गर्ने बताइएको छ।)

कुखुरे-बिख–ना० [कुखुरो+ए+बिख] एउटामात्र डाँठ हुने र विषालु जरा हुने एक बर्खे बूटी।

कुखुरे-बैँस–ना० [कुखुरो+ए+बैँस] भर्खर चढ़ेको जवानी; उरन्ठेउलो नौजवानी।

कुखुरो–ना० [सं० कुक्कुट] टाउकामाथि छालाको सिउर हुने, बिहान सबेरै 'कुखुरी-काँ' शब्द गरी कराउने एक प्रसिद्ध घरेलु पक्षी; कुपङ्खी; कुक्कुट।

कुख्यात–वि० [सं०] १. खराब कुरामा प्रसिद्ध भएको; कुकर्ममा प्रसिद्धि पाएको। २. निन्दित।

कुख्याति–ना० [सं०] खराब कामबाट भएको प्रसिद्धि; बदनामी।

कुङ्कुम–ना० [सं०] काश्मीरी-केशर।

कुङ्कुम-पाती–ना० [सं० कुङ्कुम+पाती] पीपलका आकारको पात र रातो घण्टका आकारको फूल हुने, ढुङ्गाको कापमा उम्रने एक बूटी; तृण-कुङ्कुम। (आयुर्वेदमा यसको गुण कफ, वायु, सुज तथा छाला-सम्बन्धी रोग नाश गर्ने र गरम बताइएको छ।)

कुङ्कुम-शालि–ना० [सं०] चोभा धान।

कुच–ना० [सं०] स्त्री-जातिको छातीमा उठ्ने मांस-पिण्ड; दूध; स्तन।

कुचक्र–ना० [सं०] कसैलाई धोखा दिई विपत्तिमा पार्ने प्रपञ्च; षड्यन्त्र।

कुचक्री–वि० [सं०] कुचक्र रच्ने; षड्यन्त्री।

कुचाग्र–ना० [सं०] दूधको मुन्टो; चिबुक।

कुचाल–ना० [कु+चाल] खराब चाल; दुराचार।

कुचिन–ना० [चीनि० क्वीचिन] विभिन्न रङ्गका धागो वा जरीले बेल-बुट्टाहरू बनाएको मूल्यवान् रेशमी कपड़ा।

कुचिला–ना० [सं० कुपीलु] १. धर्का-धर्का परेका पात हुने, राता फल फल्ने, सेता साना-साना फूल फुल्ने एक वृक्ष। २. त्यसैको फल।

कुचुक्क–क्रि० यो० [ने०] साँगुरो हुने वा खुम्चिने किसिम; कच्याक-कुचुक।

कुचुर्किइनु–अ० क्रि० [कुचुर्कि+इ+नु] खुम्चिइनु; कुच्चिइनु; ('कुचुर्किनु'-को भा० क्रि०)।

कुचुर्किनु–अ० क्रि० [कुच्रुक्क+इ+नु] १. खुम्चिनु; कुच्चिनु। २. कुच्रुक्क पर्नु; कुकुर्किनु।

कुचुर्क्याइ–ना० [कुचुर्कि+याइ] कुचर्किने किसिम, क्रिया वा भाव।

कुचुर्क्याइ–ना० [कुचुर्कि+याइ] कुचुर्किने किसिम, क्रिया वा भाव।

कुचुर्क्याइनु–स० क्रि० [कुचुर्क्याउ+इ+नु] कुचुर्किने गरी राखिनु; कुच्रुक्क पारिनु; ('कुचुर्क्याउनु'-को क० क्रि०)।

कुचेलिका–ना० [सं०] सानो जातको बाटुल्पाते।

कुचेष्ट–वि० [सं०] खराब काम वा कुराको चेष्टा गर्ने; कुचेष्टा गर्ने।

कुचेष्टा–ना० [सं०] १. खराब काम-कुरोको चेष्टा। २. खराब वा नराम्रो बानी-बेहोर। ३. खराब नीयतको हाव-भाव।

कुचैल–ना० [सं०] १. मैलो वस्त्र। (वि०) २. त्यस्तो वस्त्र लाउने।

कुच्च–ना० [ने०] १. कुच्चिने किसिम; कुचुक्क। २. साना दुइ वस्तु बिस्तारै छोइने किसिम।

कुच्चिनु–स० क्रि० [किच्+इ+नु] किचिएर भाँड़ा-कुँड़ाको रूप विकृत हुनु; थिचिनु।

CC-0. In Public Domain. Digitization by eGangotri

कुच्च्याइ–ना० [कुच्च+आइ] कुच्चिने किसिम, क्रिया वा भाव।

कुच्च्याइनु–स० क्रि० [कुच्च+आइ+नु] कुच्चिने पार्न लाइनु; ('कुच्चिनु'-को क० क्रि०)।

कुच्च्याउनु–स० क्रि० [कुच्च+आ+नु] कुच्चिने पार्न लाउनु; ('कुच्चिनु'-को प्रे० क्रि०)।

कुच्च्याहट–ना० [कुच्चि+आहट] कुच्च्याइ।

कुच्रनु–अ० क्रि० [कुर्चा+नु] हल-चल गर्न नपाई एकै ठाउँमा बस्नु; कुर्चा खानु; कुच्रिनु।

कुच्राइ–ना० [कुच्र+आइ] कुच्रने किसिम, क्रिया वा भाव।

कुच्राइनु–स० क्रि० [कुच्राउ+इ+नु] कुच्रन लाइनु; कुर्चा खुवाइनु; ('कुच्राउनु'-को क० क्रि०)।

कुच्राउनु–स० क्रि० [कुच्र+आउ+नु] कुर्चा खुवाउनु; कुच्रन लाउनु; ('कुच्रनु'-को प्रे० क्रि०)।

कुच्रिनु–अ० क्रि० [कुच्च+नु] कुच्रनु।

कुच्रिइनु–अ० क्रि० [कुच्रि+इ+नु] कुर्चा खाइनु; ('कुच्रनु'-को भा० क्रि०)।

कुच्रिनु–अ० क्रि० [कुच्र+इ+नु] कुर्चा खाइनु; कुच्रिइनु; ('कुच्रनु'-को भा० क्रि०)।

कुच्रुक्क–क्रि० यो० [कुर्चा] १. हल-चल गर्न नपाई एकै ठाउँमा वसिरहने किसिम; कुर्चा खाएर बस्ने किसिम। २. खुम्चिने किसिम; कुच्च।

कुच्र्याइ–ना० [कुच्रि+याइ] कुच्रिने किसिम, क्रिया वा भाव।

कुच्र्याइनु–स० क्रि० [कुच्र्याउ+इ+नु] कुच्रिन लाइनु; कुर्चा खुवाइनु; ('कुच्र्याउनु'-को क० क्रि०)।

कुच्र्याउनु–स० क्रि० [कुच्रि+आउ+नु] कुच्रिन लाउनु; कुच्राउनु; ('कुच्रिनु'-को प्रे० क्रि०)।

कुज–वि० [सं०] १. पृथ्वीवाट पैदा भएको। (ना०) २. मङ्गल-ग्रह; भौम। ३. नरकासुर।

कुजात–ना० [सं० कु+जाति] कुजाति।

कुजाति–ना० [सं०] १. तल्लो जात; नीच जाति। २. सानो जातको मानिस। (वि०) ३. तल्लो जातको; निम्न जातिको। ४. अधम; दुष्ट। ५. जाति-पतित।

कुञ्चन–ना० [सं०] १. खुम्चिनु; चाउरी पर्नु। २. सोहोरिनु; सँगेटिनु।

कुञ्चिका–ना० [सं०] ताल्चा खोल्ने साँचो।

कुञ्चित–वि० [सं०] १. खुम्चेको; चाउरी परेको। २. सोहोरिएको। ३. घुँगुरिएको; घुमेको।

कुञ्ज–ना० [सं०] वृक्ष, लताहरूले ढाकिएर मण्डपजस्तो बनेको ठाउँ; लता-गृह।

कुञ्ज-कुटीर–ना० [सं०] लता-गृह।

कुञ्जर–ना० [सं०] १. हात्ती। २. नाम शब्दको पछिल्तिर लागेर श्रेष्ठ अर्थ बुझाउने शब्द। (उदा०–नर-कुञ्जर इत्या०।)

कुञ्जरारि–ना० [सं०] सिंह।

कुञ्जराशन–ना० [सं०] १. हात्तीको खानेकुरो। २. पीपलको रूख।

कुट–ना० [सं०] १. किल्ला; गढ़। २. घर; गृह। ३. गजूर।

कुट–ना० [सं० किट्ट] महको छोक्रा वा कसर; मैन।

कुट-काट–ना० [कुट्+काट्] कुट्ने र काट्ने काम; टुक्रा-टाक्री पार्ने काम।

कुटका–ना० [सं० कीट] एक जातको मौरी।

कुटकी–ना० [सं० कटुका] १. झुप्पा-झुप्पा भएर पात लाग्ने, नीलो फूल फुल्ने, कालो फल फल्ने एक भइँ-झार। २. त्यसैको डाँठ वा जरो; कटुका। (आयुर्वेदमा यसको गुण ठन्डा, ज्वर-नाशक, रुचि-कारक, विरेचक र रगतको दोष नाश गर्ने बताइएको छ।)

कुटज–ना० [सं०] ठूलो-कुरो।

कुटन-पिँधन–ना० [कुट्+पिँध्] कुट्ने र पिँध्ने काम; मसला, औषधि आदि धूलो पार्ने काम।

कुट-पिट–ना० [कुट्+पिट्] कुट्ने काम; कुटा-मारी।

कुटमिरो–ना० [ने०] बाटुला र चिल्ला किसिमका पात झुप्पा परेका साना-साना खैरा फूल र पीपलका गेड़ाजस्ता फल हुने एक वृक्ष।

कुटाइ–ना० [कुट्+आइ] कुट्ने किसिम, क्रिया वा भाव।

कुटाइनु–स० क्रि० [कुटाउ+इ+नु] कुट्न लाइनु; पिटाइनु; ठटाइनु; ('कुटाउनु'-को क० क्रि०)।

कुटाउनु–स० क्रि० [कुट्+आउ+नु] कुट्न लाउनु; पिटाउनु; ('कुट्नु'-को प्रे० क्रि०)।

कुटाकुट–ना० [कुट्+कुट्] परस्परमा कुट्ने काम; कुटा-मारी; पिटापिट।

कुटा-मारी–ना० [कुट्+मार] कुट्ने र ठोक्ने काम; पिटापिट; कुटाकुट।

कुटाहार–वि० [कुटुवा] कुटुवा।

कुटिघा–ना० [ने०] भएभरको श्री-सम्पत्ति; सर्वस्व।

कुटिनु–स० क्रि० [कुट्+इ+नु] प्रहार गरिनु; पिटिनु; ठटइनु; ('कुट्नु'-को क० क्रि०)।

कुटिल–वि० [सं०] १. बाङ्गो; टेढ़ो। २. कपटी; छली। ३. दुष्ट; दुर्जन।

कुटिलता–ना० [सं०] १. कुटिल हुनाको भाव; बाङ्गोपन। २. धुर्त्याइँ। ३. दुष्टता; दौर्जन्य।

कुटी–ना० [सं०] योगी, संन्यासीहरूको छाप्रो वा घर।

कुटी-घा–ना० [कुट्+घाउ] कुट-पिटवाट भएको घाउ।

कुटीर–ना० [सं०] छाप्रो; सानो कुटी।

कुटीर-उद्योग–ना० [सं०] मानिसले आफ्नै घरमा बसेर पनि गर्न सक्ने सानो-तिनो उद्योग-धन्धा।

कुटु–ना० [सं०] फापरको बोट वा अन्न।

कुट्‌कुट्‌–ना० [अनु०] १. अन्नका दानाहरू एक-एक गरी खाने वा फोर्ने किसिम। २. यस्ता अन्नहरू टोक्दा वा फोर्दा शब्द आउने किसिम।

CC-0. In Public Domain. Digitization by eGangotri

कुटुनी–ना० [सं० कुट्टनी] १. स्त्रीहरूलाई फकाई पर-पुरुषसित सम्बन्ध गराउने स्त्री; दूती। २. परस्परमा कुरा वा चुक्ली लगाएर झगड़ा गराउने स्त्री।

कुटुनी–ना० [ने०] १. दाम्लाको गाँठो; गलम-गाँठो। २. हात्ती बाँध्ने डोरी; अग्रन। ३. माटाभित्र बस्ने एक प्रकारको सानो कीरो।

कुटुम्ब–ना० [सं०] १. एकाघरका जहान; परिवार। २. बन्धु-वर्ग; नातादार।

कुटुम्बिनी–ना० [सं०] १. रातो भावको डाँठ हुने एक जातको दूधे झार। २. पत्नी; स्त्री।

कुटुम्बी–वि० [सं०] जहान-परिवार भएको; कौटुम्बिक।

कुटुरो–ना० [सं० कुट्मल] सानो-तिनो पोको; पन्तरो।

कुटुली-कोसा–ना० [(ने०) कुटुली+कोसा] आँकुरो झारमा फल्ने केराउको कोसाजस्तो साना कोसा।

कुटुवा–वि० [कुट्+उवा] १. ढिकीमा कुटेको; कुटेर बनाइएको। २. कुट्ने स्वभावको; कुटाहार।

कुटो–ना० [सं० कुट्टक] कोदालाका आकारको गोड़-मेल गर्ने सानो औजार। (यो धारिलो पातो भएको र सुइरे धार भएको–दुइ प्रकारको हुन्छ।)

कुट्का–ना० [सं० कुट्ट] काटेर पारिएको सानो टुक्रो; कुड्का।

कुट्किइनु–अ० क्रि० [कुट्कि+इ+नु] कुट्का परिनु; टुक्रिइनु; कुड्किइनु; ('कुट्किनु'-को भा० क्रि०)।

कुट्किनु–अ० क्रि० [कुट्को+इ+नु] कुट्का पर्नु; टुक्रिनु; कुड्किनु।

कुट्को–ना० [कुट्का] कुट्का।

कुट्क्याइ–ना० [कुट्क्याउ+आइ] कुट्क्याउने किसिम, क्रिया वा भाव।

कुट्क्याइ–ना० [कुट्कि+आइ] कुट्किने किसिम, क्रिया वा भाव; टुक्र्याइ।

कुट्क्याइनु–स० क्रि० [कुट्क्याउ+इ+नु] कुट्का पारिनु; टुक्र्याइनु; कुड्क्याइनु; ('कुट्क्याउनु'-को क० क्रि०)।

कुट्क्याउनु–स० क्रि० [कुट्कि+आउ+नु] कुट्का पार्नु; टुक्र्याउनु; ('कुट्किनु'-को प्रे० क्रि०)।

कुट्टमित–ना० [सं०] संयोगको समयमा नायिका वा स्त्रीले गर्ने देखावटी दुःख-चेष्टा।

कुट्नु–स० क्रि० [सं० कुट्ट+नु] १. हात, लट्ठी आदिले प्रहार गर्नु; ठोक्नु; पिट्नु; ठटाउनु। २. औषधि, मसला आदि टुक्रा वा धूलो पार्नु; पिँध्नु। ३. मूला, अदुवा आदि थिच्नु; छ्याकन पार्नु। ४. चामल, चिउरा आदि बनाउन भूस छुट्ट्याउनु; फल्नु।

कुठाउँ–ना० [कु+ठाउँ] १. खराब ठाउँ; नजाती ठाउँ। २. अनुचित ठाउँ वा अवसर। ३. मर्म पर्ने ठाउँ; मर्म-स्थल।

कुठार–ना० [सं०] बन्चरो।

कुठार-पाणि–वि० [सं०] १. हातमा बन्चरो लिने। (ना०) २. परशुराम।

कुठाराघात–ना० [सं०] १. बन्चराको आघात वा चोट। २. बिलकुल नष्ट हुने गरी भएको आघात।

कुडव–ना० [सं०] १. बाह्र मूठीको परिमाण। (वि०) २. कुरुवा; दुइ माना।

कुडुहुञ्ची–ना० [सं०] बन-करेलो।

कुड्का–ना० [कुट्का] कुट्का।

कुड्किइनु–अ० क्रि० [कुड्कि+इ+नु] कुट्किइनु; ('कुड्किनु'-को भा० क्रि०)।

कुड्किनु–अ० क्रि० [कुड्को+इ+नु] कुट्किनु।

कुड्को–ना० [कुड्का] कुड्का।

कुड्क्याइ–ना० [कुड्क्याउ+आइ] कुड्क्याउने किसिम, क्रिया वा भाव।

कुड्क्याइ–ना० [कुड्कि+आइ] कुड्किने किसिम, क्रिया वा भाव; टुक्र्याइ।

कुड्क्याइनु–स० क्रि० [कुड्क्याउ+इ+नु] कुट्क्याइनु; ('कुड्क्याउनु'-को क० क्रि०)।

कुड्क्याउनु–स० क्रि० [कुड्कि+आउ+नु] कुट्क्याउनु; ('कुड्किनु'-को प्रे० क्रि०)।

कुड्मल–ना० [सं०] कोपिलो; कली।

कुड्य–ना० [सं०] भित्तो; गाह्रो।

कुड्य-मत्सी–ना० [सं०] माउसुली।

कुणञ्जर–ना० [सं०] बन-बेथे।

कुणप–ना० [सं०] १. लाश; मृत शरीर। २. माला। ३. चिउली फल।

कुण्ठ–वि० [सं०] १. जुम्सो; सुस्त। २. कमजोर; दुर्बल। ३. भुत्ते; धारिलो नभएको।

कुण्ठा–ना० [सं०] १. अवरोध। २. तीक्ष्णता, वेग, विकास आदिमा पर्ने बाधा। ३. सङ्कोच; लज्जा। ४. द्विधा। ५. भय। ६. जडता।

कुण्ठित–वि० [सं०] १. धारिलो नभएको; भुत्ते। २. सुस्त; मन्द। ३. मूर्ख।

कुण्ड–ना० [सं०] १. सानो जलाशय; पोखरी। २. होम गर्ने वेदी वा गर्त। ३. जार-पुत्र।

कुण्डल–ना० [सं०] १. कानको लोतीमा झुन्डिने गरी लगाइने मण्डलाकार एक आभूषण; मुन्द्रो। २. गोरख-पन्थी साधुहरूले कानमा लगाउने स्फटिक, सीङ, काठ आदिको मुन्द्रो।

कुण्डलित–वि० [सं०] कुण्डलको आकार परेको; घुँगुरिएको; वृत्ताकार।

कुण्डलिनी–ना० [सं०] हठ-योगानुसार मूलाधारको नजीक रहने एक नाडी।

कुण्डली–ना० [सं०] १. ज्योतिष-शास्त्रानुसार जन्म-कालका ग्रहको स्थिति सूचित गर्ने बाह्र कोठा भएको चक्र; जन्म-कुण्डली। २. सर्प। (वि०) ३. कुण्डल लाएको। ४. कुण्डलाकार भएर बसेको।

CC-0. In Public Domain. Digitization by eGangotri

कुण्डाशी–ना० [सं०] जार-पुत्रको आम्दानी खाएर जीविका गर्ने पुरुष।

कुण्डी–ना० [सं०] १. सानो कुण्ड। २. टुटी-धारोको पानी राख्ने ढुङ्गाको भाँडो।

कुतः–अव्य० [सं०] कता; कहाँ।

कुतकुती–ना० [ने०] १. पैताला, पेट, काखी, घाँटी आदिमा छुँदा लाग्ने सगसगी; काउकुती। २. कुनै काम गरूँ-गरूँ लाग्नु; चौचौ; उत्कण्ठा।

कुतकुत्याइ–ना० [कुतकुत्याउ+आइ] कुतकुत्याउने किसिम वा क्रिया।

कुतकुत्याइनु–स० क्रि० [कुतकुत्याउ+इ+नु] काउकुती लाइनु; कुतकुती लगाइनु; ('कुतकुत्याउनु'-को क० क्रि०)।

कुतकुत्याउनु–स० क्रि० [कुतकुती] १. काउकुती लाउनु; कुतकुती लाउनु। २. जिस्क्याउनु। ३. उत्तेजित पार्नु; प्रेरणा दिनु।

कुतकुत्याहट–ना० [कुतकुत्याउ+आहट] कुतकुती लाग्नु; काउकुती लाग्नु।

कुतप–ना० [सं०] १. ब्राह्मण। २. अतिथि। ३. सूर्य। ४. अग्नि। ५. छोरीको छोरो। ६. दिनको आठौँ भाग। ७. कम्बल। ८. कुश।

कुतर्क–ना० [सं०] खराब तर्क; वितण्डा; अलमल्याउने तर्क।

कुतर्की–वि० [सं०] कुतर्क गर्ने; नचाहिँदो तर्क गर्ने; वितण्डावादी।

कुती–ना० [ने०] बालकको बोलीमा कुकुर।

कुतुक–ना० [सं०] १. उत्सुकता; कुतूहल। २. इच्छा; चाह।

कुतुप– ना० [सं०] १. तेल हाल्ने छालाको भाँडो; सिजिया। २. दिनको आठौँ भाग।

कुतूहल–ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिलाई हेर्ने इच्छा; उत्सुकता। २. क्रीडा; कौतुक। ३. आश्चर्य; अचम्म।

कुतूहली–वि० [सं०] १. कुतूहल-युक्त; उत्कण्ठित। २. अचम्म परेको; आश्चर्य-चकित।

कुत्ता–ना० [प्रा० कुत्त] कुकुर।

कुत्लुक्क–क्रि० यो० [अनु०] नरम पदार्थ निल्ने किसिम; सलक्क।

कुत्सा–ना० [सं०] निन्दा; हेला।

कुत्सित–वि० [सं०] १. खराब; नजाती। २. निन्दनीय; तिरस्कार गर्न योग्य। ३. नीच; अधम।

कुथ–ना० [सं०] हौदामाथि बिछ्याइने कार्चोप भरेको बहुमूल्य कपडा।

कुथुर्के–ना० [ने०] १. एक जातको सानो खालको निहुरो; जङ्गली तरकारी विशेष। २. रूखमा प्वाल पारेर गुँड बनाउने एक जातको जङ्गली चरो।

कुदरत–ना० [अ० क़ुदरत] १. शक्ति; प्रभुत्व। २. सीप; कारीगरी। ३. प्रकृति; माया।

कुदर्शन–ना० [सं०] नराम्रो; कुरुप।

कुदाइ–ना० [कुद्+आइ] कुद्ने किसिम वा क्रिया।

कुदाइनु–स० क्रि० [कुदाउ+इ+नु] कुद्न लगाइनु; दगुराइनु; ('कुदाउनु'-को क० क्रि०)।

कुदाउनु–स० क्रि० [कुद्+आउ+नु] १. दगुराउनु। २. भगाउनु। ३. चोर्नु; ('कुद्नु'-को प्रे० क्रि०)।

कुदान–ना० [सं०] १. लिन नहुने दान; अग्राह्य दान। २. कुपात्रमा परेको दान।

कुदार–ना० [कु+दार] खराब लत; नजाती बानी-बेहोर; कुव्यसन।

कुदिन–ना० [सं०] १. खराब दिन; दशा लागेको दिन। २. बादल लागेको दिन; दुर्दिन।

कुदिनु–अ० क्रि० [कुद्+इ+नु] दगुरिनु; दौड़िनु; ('कुद्नु'-को भा० क्रि०)।

कुदृष्टि–ना० [सं०] नराम्रो नीयतको हेराइ; खराब दृष्टि।

कुदेव–ना० [सं०] राक्षस।

कुद्रत–ना० [अ० क़दरत] १. बल; शक्ति। २. सीप; खूबी।

कुद्रती–वि० [अ० क़ुदरती] १. उद्योगी; उद्यमी। २. आँट भएको; आँटिलो।

कुद्नु–अ० क्रि० [सं० स्कुन्द्+नु] दगुर्नु; दौड़नु; वेगसित जानु।

कुन–सर्व ना० [सं० कः] धेरैमध्ये एकलाई निर्दिष्ट गराउनाका निम्ति प्रश्न गर्दा प्रयोग गरिने शब्द; को; के।

कुनखी–वि० [सं०] खराब नङ भएको; कटौरी परेको नङ भएको।

कुनताल–ना० [ने०] नेपालको पश्चिम भागमा रहेको जाजरकोट प्रदेशको एक ताल।

कुना–ना० [सं० कोण] कुनु।

कुनाउरो–ना० [ने०] मास, मस्याङ, भटमास आदिका गेड़ा चुटेर छुट्टयाइएका कोसा, पात आदि।

कुना-कानी–ना० [कुना+कानी (फा०)] कुना-काप्चा; अन्तर-कुन्तर।

कुना-काप्चा–ना० [कुना+कोप्चो] कुना-कानी; अन्तर-कुन्तर।

कुना-काप्ची–ना० [कुना-काप्चा+ई] कुना-काप्चा।

कुनाम–ना० [सं०] बदनामी; अपयश; अपकीर्ति।

कुनिउँ–ना० [ने०] पराल, मकै आदि थुपारेर बनाएको चाङ; खलियो।

कुनु–ना० [सं० कोण] १. दुइ दिशाको बीच। २. कोप्चो परेको ठाउँ; खोँच; कुना; कोण। ३. सुत्केरी कोठो।

कुनै–सर्वना० [कुन+ऐ] फलानो भनी नतोकिएको; कोही।

कुनौरो–ना० [ने०] कुनाउरो।

कुन्जा–ना० [फा० कुन्दः] १. सम्म्याउन वा पालिश उठाउनाका निमित्त कपड़ा ठोक्ने काठको ठूलो गोलाकार मुङ्ग्रो; कुन्दा। २. एक प्रकारको सानो मुङ्ग्रो; सानो घन।

कुन्जा–ना० [फा० कुन्दः] चलाउँदा काँधमा अड़्याइने बन्दूकको पछिल्लो भाग; बन्दूकको फेद; कुन्दा।

CC-0. In Public Domain. Digitization by eGangotri

कुन्जा–ना० [फा० क़ूज] मिस्रीको चक्का।
कुन्जी–ना० [कुन्दी] कुन्दी।
कुन्त–ना० [सं०] भाला; बर्छा।
कुन्तल–ना० [सं०] १. केश; कपाल। २. पानी खाने भाँड़ो।
कुन्तलवाही–ना० [सं०] राजाको सवारीमा भाला लिएर अगि-पछि लाग्ने अनुचर; रिसल्ला।
कुन्ती–ना० [सं०] युधिष्ठिर, अर्जुन र भीमसेनकी आमा; पृथा।
कुन्द–ना० [सं०] चमेलीजस्तो सेतो फूल फुल्ने बोट।
कुन्द-पुष्प–ना० [सं०] एक जातको सेतो रङ्गको सुगन्धी फूल।
कुन्दा–ना० [फा० कुन्दः] १. बन्दूकको फेदको काठको फराकिलो अवयव। २. धोबीले कपड़ा सम्म्याउन र त्यसमा पालिश उठाउन ठोक्ने काठको मुङ्ग्रो।
कुन्दी–ना० [कुन्दा+ई] कपड़ामा मुङ्ग्राले ठोकी सम्म्याउने काम; कुन्जी।
कुन्नि–अव्य० [कुन+नि] थाह छैन भन्ने बुझाउने शब्द; केहो, केहो।
कुन्यू–ना० [ने०] कुनिउँ।
कुपक्षी–ना० [सं०] कुखुरो; कुपङ्खी।
कुपङ्खी–ना० [सं० कुपक्षी] कुखुरो; कुपक्षी।
कुपथ–ना० [सं० कुपथ्य] स्वास्थ्यलाई खराब गर्ने खान-पान; कुफत; अपथ्य।
कुपथ–ना० [सं०] १. खराब बाटो; कुमार्ग। २. खराब आचरण; कुबानी।
कुपथ्य–ना० [सं०] स्वास्थ्यलाई खराब गर्ने खानेकुरा; अस्वास्थ्य-कर भोजन।
कुपाठ–ना० [सं०] नराम्रो बानी-बेहोर; कुलत; दुर्व्यसन।
कुपात्र–ना०[सं०] १. खराब व्यक्ति। २. शास्त्रमा दान दिन निषिद्ध गरिएको व्यक्ति। ३. खराब भाँड़ो; चुहुने भाँड़ो। (वि०) ४. अयोग्य; नालायक।
कुपित–वि० [सं०] १. रिसाएको; क्रुद्ध। २. खुशी नभएको; अप्रसन्न।
कुपिल–ना० [ने०] भाँड़ा-कुँड़ा आदिमा परेको सानो प्वाल।
कुपिलु–ना० [सं०] कुचिला।
कुपीलु–ना० [सं०] कुचिला।
कुपुकुपु–क्रि० यो० [ने०] धमाधम खाने किसिम; कपाकप।
कुपुक्क–क्रि० यो० [अनु०] डल्लो पदार्थ मुखमा हाल्ने किसिम; कप्लक्क।
कुपुत्र–ना० [सं०] खराब छोरो; कपूत।
कुप्प–क्रि० यो० [अनु०] सानो-तिनो वस्तु खाने वा निल्ने किसिम; कुप्लुक्क।
कुप्रथा–ना० [सं०] खराब प्रथा; नराम्रो चाल-चलन; कुरीति।
कुप्रनु–स० क्रि० [कुप्रो+इनु] कुप्रो हुनु; कुप्रिनु।
कुप्रबन्ध–ना० [सं०] खराब प्रबन्ध।
कुप्रयोग–ना० [सं०] अनुचित प्रयोग; दुरुपयोग।
कुप्रिइनु–स० क्रि० [कुप्रो+इ+नु] कुप्रो होइनु।
कुप्रिनु–स० क्रि० [कुप्रो+नु] कुप्रो हुनु; कुप्रनु।
कुप्रे–वि० [कुप्रो+ए] कुप्रिएको; कुप्रो।
कुप्रो–वि० [सं० कुब्ज] बुढ़्याइँ वा शारीरिक विकारले कमर झुकेर ठाड़ो हुन नसक्ने; कुप्रिएको; कुप्रे।
कुप्र्याइँ–ना० [कुप्रो+याइँ] कुप्रो हुनाको किसिम, क्रिया वा भाव।
कुप्र्याइनु–स० क्रि० [कुप्रो+याइ+नु] कुप्रो होइनु; ('कुप्र्याउनु'-को क० क्रि०)।
कुप्र्याउनु–स० क्रि० [कुप्रो+आउ+नु] कुप्रो पार्नु; ('कुप्रिनु'-को प्रे० क्रि०)।
कुप्लुक्क–क्रि० यो० [अनु०] डल्लो वस्तु मुखमा हाल्ने किसिम; कप्लक्क।
कुफत–ना० [कुपथ] कुपथ; कुपथ्य।
कुफल–ना० [सं०] गरेका काम-कुराबाट हुने खराब फल; दुष्परिणाम।
कुबाटो–ना० [कु+बाटो] १. खराब बाटो; कुपथ; कुमार्ग। २. कुलत; कुव्यसन।
कुबानी–ना० [कु+बानी] खराब बानी; कुलत।
कुबुद्धि–ना० [सं०] १. असल काममा लाग्न नसक्ने बुद्धि; खराब काममा लागेको बुद्धि; दुर्बुद्धि। २. मूर्खता; बेवकूफी। (वि०) ३. खराब बुद्धि भएको; दुर्बुद्धि।
कुबिर–ना० [सं० कुम्भीर] ग्राह; गोही।
कुबेर–ना० [सं०] १. धनका अधिष्ठाता देवता; उत्तर दिशाका मालिक देवता। (वि०) २. ज्यादै धनी; खूब धनी। ३. कुप्रो।
कुबेराक्ष–ना० [सं०] लता-करञ्ज।
कुब्ज–वि० [सं०] १. कुँजो। २. कुप्रो।
कुब्जक–वि० [सं०] १. कुप्रो। २. कुँजो। (ना०) ३. सेतो गुलाफको फूल।
कुब्जा–वि० [सं०] शारीरिक विकारबाट शरीरका अङ्ग-प्रत्यङ्ग बाङ्गो हुने (स्त्री); कुप्री।
कुब्जिका–ना० [सं०] १. योगिनी। २. आठ वर्षकी कन्या।
कुभलो–ना० [कु+भलो] अहित; अनिष्ट; खराबी।
कुभाव–ना० [सं०] खराब भाव; दुर्भाव।
कुभिन्डो–ना०[प्रा० कुंभंड] सेतो वा पहेँलो फूल हुने, लहरामा फल्ने, पाकेपछि बाहिर सेतो धूलोले ढाकिने, फर्सीजस्तो ठूलो फलविशेष। (यसको अचार, तरकारी, मुरब्बा आदि बनाइन्छ। आयुर्वेदमा यो मूत्राशय-सम्बन्धी रोग हटाउने र बल-वर्द्धक मानिएको छ।)
कुम–ना० [सं० स्कन्ध] काखीमाथि उठेको, हात र काँधको जोर्नीको माथिल्लो भाग; काँधको छेउ।
कुमति–ना० [सं०] १. खराब बुद्धि; दुर्बुद्धि। (वि०) २. बुद्धि बिग्रेको; दुर्मति।

CC-0. In Public Domain. Digitization by eGangotri

कुमन्त्र–ना० [सं०] १. अरूलाई अहित गर्ने मन्त्र। २. खराब सल्लाह।

कुमन्त्रित–वि० [सं०] खराब सल्लाह दिइएको।

कुमपा–ना० [कुम+पाटो] छानाको सुरमा रहने, चराका आकारको झिंगटी।

कुमाईं–ना० [कुमाउँ (प्रदेश)] कुमाउँको बासिन्दा वा कुमाउँबाट आई बसेको मानिस।

कुमान्छे–ना० [कु+मान्छे] १. घर-ज्वाइँ। (वि०) २. खराब मानिस।

कुमार–ना० [सं०] १. विवाह नभएको केटो; अविवाहित व्यक्ति। २. पाँच वर्षको बालक। ३. छोरो; पुत्र। ४. युवराज; राज-कुमार। ५. कार्तिकेय। (वि०) ६. विवाह नभएको; अविवाहित।

कुमार-केटो–ना० [कुमार+केटो] विवाह गर्ने वेला भएको केटो; कुमार।

कुमार-तन्त्र–ना० [सं०] केटा-केटीहरूको चिकित्सा गर्ने विधि लेखिएको शास्त्र।

कुमार-पाठी–ना० [कुमार+पाठी] बोकासँग नमिसिएकी पाठी।

कुमार-भृत्या–ना० [सं०] १. सुबिस्तासँग बालक जन्माउने विद्या। २. गर्भिणी र नवजात बालकका रोगको चिकित्सा। ३. गर्भिणीको वा नवजात शिशुको स्याहार गर्ने स्त्री; धाई।

कुमारसम्भव–ना० [सं०] कालिदासकृत एक प्रसिद्ध महाकाव्य।

कुमारामात्य–ना० [सं०] प्राचीन-कालको हिन्दू-शासन-पद्धतिमा अचेलको प्रायः सहायक-मन्त्री वा उपमन्त्रीसरहको पद।

कुमारिका–ना० [सं०] कुमारी।

कुमारी–ना० [सं०] १. विवाह नभएकी केटी; कन्या। २. बढीमा बाह्र वर्षसम्मकी केटी। ३. छोरी; पुत्री। ४. पार्वती। ५. घिउ-कुमारी। ६. भाद्र कृष्ण-पक्षमा यात्रा गरिने काठमाडौंकी एक देवी। (वि०) ७. विवाह नभएकी; अविवाहिता।

कुमारी-चोक–ना० [सं० कुमारी+चोक] १. कुमारीका मन्दिरको चोक। २. (अगि) काठमाडौंको त्यसै चोकमा रहेको वही बुझ्ने अड्डा; सरकारी अड्डाखानाको हिसाब बुझ्ने, अर्थ-मन्त्रालय-अन्तर्गतको एक अड्डा।

कुमार्ग–ना० [सं०] १. खराब बाटो; कुपथ। २. अधर्म।

कुमार्गी–वि० [सं०] १. कुमार्गमा लाग्ने; दुराचारी। २. अधर्मी; धर्म-हीन।

कुमुद–ना० [सं०] राती फुल्ने एक जातको कमल; चन्द्र-विकासी कमलको एक प्रकार।

कुमुदिनी–ना० [सं०] १. एक जातको सेतो कमल। २. एक जातको चन्द्र-विकासी सेतो कमल।

कुमेरु–ना० [सं०] दक्षिणी ध्रुव।

कुम्भ–ना० [सं०] १. घड़ा; घट। २. कलश; जल-पात्र। ३. हात्तीका शिरमा उठेका दुइ मांस-पिण्ड। ४. बाह्र राशिमध्ये एक। ५. प्रत्येक बाह्र वर्षमा पर्ने पुण्य-पर्व।

कुम्भक–ना० [सं०] प्राणायाम गर्दा मास्तिर तानिएको श्वास नाक र मुख बन्द गरेर रोक्ने एक क्रिया।

कुम्भकर्ण–ना० [सं०] १. छ महीनासम्म सुत्ने भनी प्रसिद्ध रावणको एक भाइ। २. धेरै सुत्ने; सुताहा। ३. नेपालमा पर्ने हिमालयको एक शृङ्खला।

कुम्भ-कार–ना० [सं०] कुह्माले।

कुम्भ-जन्मा–ना० [सं०] १. अगस्त्य मुनि। २. वसिष्ठ ऋषि। ३. द्रोणाचार्य।

कुम्भिका–ना० [सं०] अनदी धान।

कुम्भी–ना० [सं०] १. ठूला-ठूला पात, गुलाफ-जामुनाको जस्तो फूल र हरिया, लाम्चा फल हुने एक वृक्ष। २. त्यसैको फल। ३. हात्ती। ४. ग्राह।

कुम्भीपाक–ना० [सं०] १. प्राणी-वध गर्नेलाई यातना दिइने एक महानरक। २. ज्यादा गर्मी भएको ठाउँ।

कुम्भीर–ना० [सं०] शिउर भएको, बाख्राको जस्तो थुतुनु र लामो घाँटी हुने एक जल-जन्तु।

कुम्भील–ना० [सं०] १. सुरुङ खनेर घरभित्र पसी चोर्ने चोर; नकबजनी गर्ने चोर। २. ग्राह।

कुम्लो–ना० [कुम+लो] पोको; कुटुरो।

कुम्ल्याइ–ना० [कुम्ल्याउ+आइ] कुम्ल्याउने किसिम वा क्रिया।

कुम्ल्याइनु–स० क्रि० [कुम्ल्याउ+इ+नु] कुम्लो पारिनु; पोको बाँधिनु; ('कुम्ल्याउनु'-को क० क्रि०)।

कुम्ल्याउनु–स० क्रि० [कुम्लो+आउ+नु] १. कुम्लो पार्नु; पोको बाँध्नु। २. बोकेर लानु; लिएर जानु। ३. जम्मै हात-लागी गर्नु।

कुयश–ना० [सं०] अपयश; बदनामी।

कुयेँत्रो–ना० [ने०] कीला, काँढ़ा आदिमा लुगा अड्केर च्यातिएको ठाउँ।

कुर–ना० [ने०] १. माछाको गुँड़। २. थुप्रो; रास। ३. अंश; भाग।

कुरकुरे–ना० [ने०] पात नहुने, पहेँला फूल फुल्ने, डाँठ र हाँगामा धेरै आँख्ला हुने एक घाँस। (केटा-केटीहरू यसले आँखामा ताल्चा मारेर खेल्छन्।)

कुरकुरे-रोटी–ना० [ने०] घिउ, चीनीमा खस्रो पीठो मुछेर पकाइने एक किसिमको खजुरी।

कुरकुरे-हाड़–ना० [ने०] एक किसिमको नरम हाड़।

कुरङ्ग–ना० [सं०] १. कृष्णसारका आकार-प्रकारको खैरो रङ्गको मृगको एक जाति। २. हरिण; मृग। ३. तासको तुरुप खेलमा बोलेको रङ्ग (तुरुप)-बाहेक अरू तीन रङ्ग। ४. बदरङ्ग; बजरङ्ग। ५. पासा, पच्चीसका खेलमा रातो, सेतो वा पहेँलोबाहेक कालो, हरियो गोटी।

कुरञ्जन–ना० [सं० कुलञ्जन] १. पानका लहराको जरो; कुलञ्जन। २. कुलिञ्जन। (आयुर्वेदमा यसको गुण अग्नि-वर्द्धक, रुचि-कारक, कास-रोग-नाशक र गरम बताइएको छ।)

CC-0. In Public Domain. Digitization by eGangotri

कुरमुन्याइ–ना० [कुरमुन्याउ+आइ] कुरमुन्याउने किसिम, क्रिया वा भाव।

कुरमुन्याइनु–स० क्रि० [कुरमुन्याउ+इ+नु] कुम्ल्याइनु; गुटमुट्याइनु; ('कुरमुन्याउनु'-को क० क्रि०)।

कुरमुन्याउनु–स० क्रि० [ने०] भएभरको सबै लिएर जानु; कुम्ल्याउनु; गुटमुट्याउनु।

कुरर–ना० [सं०] १. न्याउली चरी; न्याउलो। २. कन्याङ-कुरुङ।

कुरवक–ना० [सं०] रातो-सहचर।

कुरा–ना० [ने०] १. कुनै विषयमा कसैलाई केही भन्नु; वात-चीत; कुराकानी। २. बोली; वचन; वार्ता। ३. भन्नाको तात्पर्य; भनाइ। ४. वस्तु; चीज। ५. विषय।

कुराइनु–स० क्रि० [कुराउ+इ+नु] कुर्न लाइनु; पर्खाइनु; ('कुराउनु'-को क० क्रि०)।

कुराउटे–वि० [कुरा+उटे] १. चाहिँदा-नचाहिँदा धेरै कुरा गर्ने स्वभावको; गफी। २. छुल्याइँ गर्ने; छुल्याहा; कुरौटे।

कुराउनी–ना० [ने०] १. दूध धेरै बेर तताई बाक्लो पारेर बनाइएको खाद्य पदार्थ; खुवा। २. दूध डढेर कुँडेमै जमेको पाप्रो।

कुराउनु–स० क्रि० [कुर्+आनु+नु] कुर्न लाउनु; पर्खाउनु। ('कुर्नु'-को प्रे० क्रि०)।

कुराकानी–ना० [कुरा+कहानी] वात-चीत; बोल-चाल।

कुरिकुरी–ना० [ने०] १. मनको सगसगी; तुलबुली। २. लज्जा (बाल-बोलीमा)।

कुरिन–ना० [ने०] हतियारमा सान लाउने एक जातको ढुङ्गो।

कुरिनु–स० क्रि० [कुर्+इ+नु] रखवाली गरिनु; रुङ्गिनु; ('कुर्नु'-को क० क्रि०)।

कुरिया–ना० [कुर्+इया] १. अर्काका जमीनमा घर-वास गरेर बस्ने रैती; मोही। (वि०) २. कुनै माल, जग्गा आदि कुर्ने; कुरुवा।

कुरिलो–ना० [ने०] रातो गोल फल फल्ने, सेतो सानो फूल फुल्ने, मसिना पात हुने एक लहरा; शतावरी। (यो ठूलो र सानो—दुइ प्रकारको हुन्छ। यसको टुसा पथ्य, पुष्टि-कारक, वीर्य-वर्द्धक र ठन्डा भएकोले यसको तरकारी बनाई विशेष गरेर बिरामीलाई खुवाइन्छ।)

कुरी–ना० [ने०] १. बाँसको चोयाले बनेको, हाँस हाल्ने कोक्रो। २. कीरा (बाल-बोलीमा); गुजी। ३. बाली कुर्ने छाप्रो।

कुरीज–ना० [फा० कुरीँज़] १. चराहरूको पुराना प्वाँखहरू झरी नयाँ प्वाँखहरू उम्रनु। २. कुर्चा।

कुरीति–ना० [सं०] १. खराब रीति; कुप्रथा। २. खराब चाल।

कुरुक्क–क्रि० यो० [अनु०] हल्का किसिमले भाँचिँदा वा साह्रो पदार्थ चपाउँदा शब्द आउने किसिम।

कुरु-क्षेत्र–ना० [सं०] १. भारतको दिल्ली-प्रदेशका नजीकको हिन्दूहरूको एक प्रसिद्ध तीर्थ; प्राचीन कालको कौरव र पाण्डवहरूका बीचको युद्ध-भूमि। २. ठूलो लड़ाइँ। (वि०) ३. प्रशस्त; धेरै; छेलोखेलो।

कुरुवा–ना० [सं० कुडव] १. दुइ मानाको नापो; बीस मूठीको नापो। २. दुइ माना भर्ने भाँडो। (वि०) ३. दुइ माना; बीस मूठी।

कुरुवा–वि० [कुर्+उवा] १. कुर्ने; पर्खने। २. हेर-विचार गर्ने; रखवारी गर्ने। ३. ढुक्ने।

कुरुविन्द–ना० [सं०] १. बिरेनून। २. ऐना। ३. रातो रत्न; माणिक्य।

कुरूप–वि० [सं०] १. अनुहार नपरेको; नराम्रो; विरूप। २. छाँट नमिलेको; बेढङ्गको।

कुरूपता–ना० [सं०] कुरूप हुनाको भाव।

कुरूवा–वि० [सं०] नराम्री; रूप नभएकी।

कुरेत–ना० [ने०] १. हातको बूढी-औँलो र चोर-औँलो फैलाएर नाप्ने नापो। (वि०) २. बूढी-औँलो र चोर-औँलोको नापोभरिको।

कुरो–ना० [सं० कुटज] लुगामा बिझ्ने एक जातको घाँसको फल वा फूल।

कुरो–ना० [ने०] कुरा।

कुरौटे–वि० [कुरा+औटे] कुराउटे।

कुरौनी–ना० [ने०] कुराउनी।

कुर्की–ना० [?] डन्डी आदिमा पेच काट्ने साधनविशेष।

कुर्की–ना० [तु० कुर्क़+ई] सरकारी आज्ञानुसार कसैको सम्पत्ति लिलाम गर्नु।

कुर्कुच्चो–ना० [ने०] पैतालाको पछिल्लो भाग; गोलीगाँठा-मनिको डल्लो अवयव।

कुर्चा–ना० [फा० कुरीज़] असजिलोसँग एकै ठाउँमा बसिरहनु; डल्लिएर एकै ठाउँमा बस्नु।

कुर्चिइनु–अ० क्रि० [कुर्चि+इ+नु] कुर्चा खाइनु; असजिलो-सँग बसिनु; ('कुर्चिनु'-को भा० क्रि०)।

कुर्चिनु–अ० क्रि० [कुर्चा+इ+नु] कुर्चा खानु; असजिलो-सँग बस्नु।

कुर्च्याइ–ना० [कुर्चि+आइ] कुर्चिने किसिम, क्रिया वा भाव।

कुर्च्याइनु–स० क्रि० [कुर्च्याउ+इ+नु] कुर्चा खुवाइनु; कुर्चिन लाइनु; ('कुर्च्याइनु'-को क० क्रि०)।

कुर्च्याउनु–स० क्रि० [कुर्चि+आउ+नु] कुर्चा खुवाउनु; कुर्चिन लाउनु; ('कुर्चिनु'-को प्रे० क्रि०)।

कुर्ता–ना० [तु० कुर्त्त] कठालो नभएको कुना परेको फेर हुने एक किसिमको कमीज।

कुर्था–ना० [तु० कुर्त्त] कुर्ता।

कुर्नी–ना० [ने०] लहराविशेष।

कुर्नु–स० क्रि० [ने०] १. रखवारी गर्नु; रुङ्नु। २. पर्खनु;

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतीक्षा गर्नु। ३. हेर-विचार गर्नु; देख-रेख गर्नु। ४. खान पाउने आशाले पर्खनु; ढुक्नु।

कुर्नेस–ना० [ने०] साइकलको हपमा दुवैतिरका गेड़ीहरू अड्याउने एक किसिमको ढिम्री।

कुर्नेस–ना० [फा० कोरनिश] कुर्नेस।

कुर्नेस–ना० [फा० कोरनिश] नुहेर गरिने सलाम; विनम्रता-पूर्वक गरिने नमस्कार।

कुर्लनु–अ० क्रि० [ने०] १. जोरसँग ठूलो स्वरले कराउनु; जोश झिकेर वा रीसले कराउनु। २. ढुकुर आदि चराले बोल्नु।

कुर्लाइ–ना० [कुर्ल+आइ] कुर्लने किसिम, क्रिया वा भाव।

कुर्लाइनु–स० क्रि० [कुर्लाउ+इ+नु] कुर्लन लाइनु; कराउन लाइनु; ('कुर्लाउनु'-को क० क्रि०)।

कुर्लाउनु–स० क्रि० [कुर्ल+आउ+नु] कुर्लन लाउनु; कराउन लाउनु; ('कुर्लनु'-को प्रे० क्रि०)।

कुर्लिनु–अ० क्रि० [कुर्ल+इ+नु] ठूलो स्वरले बोलिनु; कराइनु; ('कुर्लनु'-को भा० क्रि०)।

कुर्ले-ढुक्कुर–ना० [ने०] एक ज़ातको ढुकुर।

कुर्सियो–ना० [अं० क्रॉचेट] कपड़ामा बुट्टा बनाउने आरो-जस्तो टुप्पो मास्तिर फर्केको सुइरो।

कुर्सी–ना० [अ०] पछिल्तिर आड़ा भएको चार-खुट्टे अग्लो आसन; मेच।

कुल–ना० [सं०] १. वंश; पुर्खा। २. बिन्द्र। ३. जाति। ४. समूह; समुदाय।

कुल–वि० [अ०] सबै; समस्त; सम्पूर्ण।

कुलक–ना० [सं०] पाँच श्लोकदेखि पन्ध्र श्लोकसम्मको एउटै वाक्यमा अन्वय हुने श्लोकको समूह।

कुल-कलङ्क–ना० [सं०] कुलको मान-प्रतिष्ठा नाश गर्ने; कुलमा कलङ्क लाउने; कुलाङ्गार।

कुल-कुटुम्ब–ना० [सं०] नातादार; इष्ट-मित्र; बन्धु-वर्ग।

कुलक्षण–ना० [सं०] कुलच्छिन; अलच्छिन; अमङ्गल।

कुलक्षिणी–वि० [सं०] खराब लक्षण भएकी; अलच्छिनी।

कुल-गुरु–ना० [सं०] कुलका गुरु; वंशका गुरु।

कुल-घर–ना० [सं० कुल+घर] १. कुल-परम्परादेखि वसिआएको घर; वंशको मुख्य घर। २. कुलीनको घर।

कुल-घरान–ना० [सं० कुल+घरान] उच्च कुल; उत्तम खानदान; श्रेष्ठ घराना।

कुलङ्कषा–ना० [सं०] नदी।

कुलच्छिन–ना० [सं० कुलक्षण] अलच्छिन; अमङ्गल; अलक्षण।

कुलञ्जन–ना० [सं०] १. कुरन्जन। २. कुलिञ्जन।

कुलट–ना० [सं०] आफूले जन्माएका देखि अतिरिक्त छोरा; धर्म-पुत्र; पालित पुत्र।

कुलटा–ना० [सं०] वेश्या; रण्डी; व्यभिचारिणी स्त्री।

कुलत–ना० [कु+लत] खराब लत; कुव्यसन; खराब बानी।

कुल-तन्त्र–ना० [सं०] कुनै विशिष्ट कुलको नायकले नै राज्यको शासन चलाउने शासन-प्रणाली।

कुल-तिलक–ना० [सं०] वंशको इज्जत राख्ने व्यक्ति; कुल-दीपक।

कुलत्थ–ना० [सं०] गहत।

कुल-दीपक–ना० [सं०] कुललाई उज्ज्वल पार्ने व्यक्ति; कुल-तिलक; कुल-भूषण।

कुल-देव–ना० [सं०] कुल-देवता।

कुल-देवता–ना० [सं०] १. पुर्खादेखि मानिआएका देवता; कुलका देवता। २. देवालीमा पूजा गरिने देवता।

कुल-धर्म–ना० [सं०] पुर्खादेखि चलिआएको आचरण वा व्यवहार; कुलले मानिआएको धर्म।

कुल-पति–ना० [सं०] १. विद्यार्थीहरूलाई भरण-पोषणका साथ शिक्षा दिने अध्यापक। २. दश हजार विद्यार्थी-हरूलाई भोजन र शिक्षा दिने ऋषि। ३. विश्व-विद्यालयका सर्वोच्च अधिकारी। ४. घरको मालिक।

कुल-परम्परा–ना० [सं०] कुलको परम्परा; वंश-परम्परा।

कुल-पर्वत–ना० [सं०] प्रसिद्ध सात पर्वतहरूको समूह (महेन्द्र, मलय, सह्य, शक्तिमान्, ऋक्ष, विन्ध्य र पारियात्र)।

कुल-पुरुष–ना० [सं०] १. कुनै कुलका आदि पुरुष। २. वंशका प्रमुख पुरुष।

कुल-पुरोहित–ना० [सं०] कुलका पुरोहित; वंशका पुरोहित।

कुल-पूज्य–वि० [सं०] १. कुल-परम्परादेखि पूजा गरिआएको। २. कुलमा सबभन्दा मान्य।

कुलफा–ना० [फा० ख़ुर्फ़ा] साग खाइने एक किसिमको सानो झार।

कुल-राज्य–ना० [सं०] कुल-तन्त्र।

कुल-वधू–ना० [सं०] कुलीन स्त्री; असल कुलकी बुहारी।

कुलवन्त–वि० [सं०] कुलीन; खानदानी।

कुलवान्–वि० [सं०] कुलीन; खानदानी।

कुलाङ्गार–वि० [सं०] कुलको नाश गर्ने; कुलमा कलङ्क लाउने।

कुलाचार–ना० [सं०] कुलमा चलेको आचार-व्यवहार; कुल-धर्म।

कुलाय–ना० [सं०] १. शरीर। २. गूँद। ३. वास-स्थान।

कुलायन–ना० [सं०] १. कुल-देवता। २. कुल-परम्परा।

कुलायिका–ना० [सं०] १. पक्षी-शाला; चिड़ियाखाना। २. पिँजड़ा।

कुलाल–ना० [सं०] कुह्माले।

कुलाह–ना० [सं०] कालो खुट्टा हुने हल्का खैरो रङ्गको घोड़ा।

कुलिक–ना० [सं०] हरेउ सर्प।

कुलिङ्ग–ना० [सं०] भँगेरो।

कुलिञ्जन–ना० [सं०] अदुवाको जस्तो कन्द हुने एक बोट।

कुलिन–ना० [ने०] माटाको सानो भाँड़ो; गोल्फु।

कुलिश–ना० [सं०] १. वज्र; चट्याङ। २. हीरा।

CC-0. In Public Domain. Digitization by eGangotri

कुलिने–ना० [कुलिन+ए] कुलिन बोक्ने व्यक्ति; दूध बेच्ने पेशा भएको व्यक्ति।

कुलीन–वि० [सं०] असल कुलको; उच्च कुलको; घरानियाँ।

कुलुकुलु–क्रि० यो० [अनु०] कुल्ला गर्दा अवाज आउने किसिम।

कुलू–ना० [नेवा०] तबला, मृदङ्ग आदि बनाउने एक जाति।

कुलेलम–ना० [ने०] अरूलाई पत्तै नदिई भाग्नु; सुइँकुच्चा।

कुलेसो–ना० [कुलो+एसो] खोल्सो; सानो कुलो।

कुलो–ना० [सं० कुल्या] खेत-बारीमा पानी पटाउनाका निम्ति बनाएको खोल्सो; सानो नहर।

कुल्कुली–ना० [ने०] मनको सगसगी; तुलबुली।

कुल्चनु–स० क्रि० [ने०] १. गोड़ाले टेक्नु; पैतालाले थिच्नु। २. गह्रौं वस्तुले थिच्नु; किच्नु।

कुल्चाइ–ना० [कुल्च+आइ] कुल्चने किसिम वा क्रिया।

कुल्चाइनु–स० क्रि० [कुल्चाउ+इ+नु] कुल्चन लाइनु; गोड़ाले टेकाइनु; ('कुल्चाउनु'-को क० क्रि०)।

कुल्चाउनु–स० क्रि० [कुल्च+आउ+नु] कुल्चन लाउनु; कुनै वस्तुमाथि गोड़ाले टेकाउनु; ('कुल्चनु'-को प्रे० क्रि०)।

कुल्चिइनु–स० क्रि० [कुल्चि+इ+नु] गोड़ाले टेकिनु; पैतालाले थिचिनु; ('कुल्चिनु'-को क० क्रि०)।

कुल्चिनु–स० क्रि० [कुल्च+इ+नु] १. गोड़ाले टेकिनु; पैतालाले थिचिनु; ('कुल्चनु'-को क० क्रि०)। २. कुल्चनु।

कुल्ची-मिल्ची–क्रि० यो० [कुल्च+ई+मिल्ची (फाँ०)] बेसरी खुद्ने किसिम।

कुल्च्याइ–ना० [कुल्चि+याइ] कुल्चिने किसिम, क्रिया वा भाव; कुल्चाइ।

कुल्फी–ना० [अ० कुल्फ़ी] १. चुरोट हालेर खाइने धातु, ढुङ्गा आदिको सानो नली। २. हुक्काका नलीको टुप्पोमा जड़िने धातुको बाङ्गो ढुङ्ग्रो। ३. बरफ, दूध, मलाई आदि जमाउने धातुको ढुङ्ग्रो वा साँचो।

कुल्या–ना० [सं०] १. कुलो; नहर। २. सानो नदी।

कुल्ला–ना० [सं० कवल] मुख सफा पार्नाका निम्ति मुखमा पानी वा अन्य कुनै तरल पदार्थ हाली चलाएर थुक्नु।

कुल्ली–ना० [तु० क़ुली] भरिया; ढाक्रे; भारी बोक्ने ज्यामी; मजदूर।

कुवलय–ना० [सं०] १. नीलो कमल। २. भू-मण्डल।

कुवा–ना० [सं० कूप] कूवा।

कुवाच्य–ना० [सं०] १. अर्काको मनमा बिझ्ने वचन; दुर्वाच्य; दुर्वचन। २. हेलाको बोली। ३. गाली।

कुविचार–ना० [सं०] खराब विचार।

कुवेणी–ना० [सं०] फुर्लुङ।

कुवेर–ना० [सं०] कुबेर।

कुवेराक्षी–ना० [सं० कुवेराक्ष] लता-करञ्ज।

कुवेला–ना० [कु+वेला] १. असमय; खराब वेला। २. बेमौका; अनवसर।

कुव्यवहार–ना० [सं०] खराब व्यवहार; अनुचित व्यवहार।

कुश–ना० [सं०] देव-पितृ-कार्यमा प्रयोग गरिने, काँसजस्तो एक किसिमको घाँस; दर्भ।

कुश-कण्डिका–ना० [सं०] यज्ञ-वेदीमा अग्नि-स्थापना गर्ने क्रिया।

कुश-ग्रन्थी–ना० [सं०] १. कुशको ग्रन्थि। २. कुनै-कुनै कुशको जरामा विशेष प्रकारले पर्ने गाँठो।

कुश-बिर्ता–ना० [सं० कुश+बिर्ता] राजा-महाराजाहरूले तिल-कुशसहित सङ्कल्प गरी सबै रकम माफी गरी ब्राह्मणलाई दान दिएको जग्गा।

कुशल–वि० [सं०] १. सिपालु; निपुण; दक्ष। (ना०) २. सन्चो; आराम। ३. मङ्गल; शुभ।

कुशाग्र–वि० [सं०] कुशको टुप्पोजस्तो तीखो; तीक्ष्ण।

कुशाग्र-बुद्धि–वि० [सं०] तीक्ष्ण बुद्धि भएको; बुद्धिमान्।

कुशासन–ना० [सं०] १. पूजा, पाठ आदि शुभ कर्म गर्ने वेलामा बस्न बनाइएको कुशको आसन। २. खराब शासन; दुश्शासन।

कुशीलव–ना० [सं०] १. कवि। २. नट। ३. राजा-महाराजाहरूलाई प्रातःकाल जागा गराउनाका निम्ति प्रातःस्तुतिहरू गाउने व्यक्ति।

कुशे-औंसी–ना० [सं० कुश+ए+औंसी] भाद्र महीनाको अमावस्या।

कुशेशय–ना० [सं०] कमल।

कुशेश्वर–ना० [सं०] नेपालको पूर्व २ नम्बर इलाकाको दुम्जा बस्तीमा रहेको एक प्रसिद्ध शिव-लिङ्ग।

कुश्ती–ना० [फा०] एकले अर्कोलाई पछार्नाका निम्ति गरिने लड़न्त; मल्ल-युद्ध; पहल्मानी।

कुष्ठ–ना० [सं०] रक्त-विकारबाट हुने एक कड़ा रोग; महारोग; कोर।

कुष्ठी–वि० [सं०] कुष्ठ रोग लागेको; महारोगी; कोरी।

कुष्माण्ड–ना० [सं०] कुभिन्डो।

कुष्माण्ड-नवमी–ना० [सं०] युगादि-नवमी। (यस दिन कुभिन्डो दान गर्ने विशेष महत्त्व बताइएको छ।)

कुष्माण्डिका–ना० [सं०] सुगी-धान।

कुसङ्ग–ना० [सं०] खराब मानिससितको बस-उठ; खराब सङ्गत।

कुसङ्गति–ना० [सं०] खराब सङ्गति; खराब मानिसका साथको बसाउठी।

कुसमय–ना० [सं०] १. खराब समय। २. बेमौका; अनुकूल नभएको समय। ३. कुनै शुभ कार्यका निमित्त निषिद्ध गरिएको समय; कुसाइत।

कुसाइत–ना० [कु+साइत] खराब साइत; कुसमय।

कुसाउरो–ना० [ने०] मास, भटमास आदिका सुकेका कोसाको खोस्टा; कुनौरो।

कुसाकठी–ना० [नेवा० कुसा कथि] चिउरा कुट्ता लाउने बाँस, काठ आदिको दाबिलोजस्तो कप्टयारो।

CC-0. In Public Domain. Digitization by eGangotri

कुसाख–वि० [सं० कु+शाखा] साख नभएको; नजीकको नाता नपर्ने ।

कुसुन्डो–ना० [ने०] जङ्गलमा बस्ने घुमन्ता जातिविशेष ।

कुसुम–ना०[सं० कुसुम्भ] काँढ़ावाल पात हुने, सुन्तला-रङ्गको फूल फुल्ने र साना-साना दाना फल्ने एक वनस्पति; कुसुम्भ । (यसका दानाबाट तेल निस्कन्छ। आयुर्वेदमा यसको गुण क्रमि-नाशक र बल-वर्द्धक बताइएको छ ।)

कुसुम–ना० [सं०] १. फूल; पुष्प । २. स्त्रीको रज । ३. सानो-सानो वाक्यमा लेखिएको गद्य । ४. पहेँलो फूल फुल्ने र वीजबाट तेल निक्लने एक बोट ।

कुसुम-फल–ना० [सं०] १. लाम्चा पात, सेता साना-साना फूल, पहेँला गोल फल हुने एक बोट । २. त्यसैको फल; साराम्ल ।

कुसुम-बाण–ना० [सं०] कामदेव; कुसुम-शर ।

कुसुम-शर–ना० [सं०] कुसुम-बाण; कुसुमायुध; कामदेव ।

कुसुमाकर–ना० [सं०] १. वसन्त ऋतु । २. फूल-बारी; बगैँचा ।

कुसुमाञ्जलि–ना० [सं०] १. हातको अञ्जलिमा फूल राखेर देवतालाई चढ़ाउनु; पुष्पाञ्जलि । २. उदयनाचार्यले बनाएको न्याय-ग्रन्थ ।

कुसुमायुध–ना० [सं०] कामदेव ।

कुसुमित–वि० [सं०] फुलेको; विकसित ।

कुसुमे–वि० [सं० कुसुम+ए] हल्का रातो रङ्गको; कुसुम रङ्गको ।

कुसुम्भ–ना० [सं०] १. कुसुमको फूल । २. कुसुमको बोट । ३. केसर; कुङ्कुम ।

कुसुरो–ना० [ने०] टुसाका आकारको कुनै वस्तु ।

कुसेत्रो–ना० [नेवा० कुसा+एत्रो] १. सानो-तिनो वा पुरानो छाता; घुम । २. रद्दी; थोत्रो कपड़ा वा कुनै वस्तु ।

कुसौरो–ना० [कोशा+आउरो] कुसाउरो ।

कुस्त–वि० [अ० कसरत] प्रशस्त; भरमार; पूरापूर ।

कुस्तुर–वि० [फा० कुश्त] ज्यादा डराएको; भयभीत; त्रस्त ।

कुस्ले–ना० [सं० कुशल] लुगा सिउने र बाजा बजाउने पेशा भएको एक जाति ।

कुहक–ना० [सं०] १. माया; इन्द्र-जाल । २. धूर्तता; ठगी । ३. ठग; वञ्चक । ४. जादूगर; चटकी ।

कुहर–ना० [सं०] दुलो; प्वाल ।

कुहाइ–ना० [कुहु+आइ] कुहुने किसिम वा क्रिया ।

कुहाइनु–स० क्रि० [कुहाउ+इ+नु] कुहुन लाइनु; सड़ाइनु; ('कुहाउनु'-को क० क्रि०) ।

कुहाउनु–स० क्रि० [कुहु+आउ+नु] कुहुन लाउनु; सड़ाउनु; ('कुहुनु'-को प्रे० क्रि०) ।

कुहिनु–अ० क्रि० [कुहु+इ+नु] सड़िनु; कुहुने काम होइनु; ('कुहुनु'-को भा० क्रि०) ।

कुहिनेटो–ना० [कुनु] कुहुनेटो ।

कुहिरी-मण्डल–ना० [कुहिरो+ई+मण्डल(सं०)] १. व्यापक रूपमा लागेको कुहिरो । २. कुहिरो लागेझैँ गरी धूँवा वा धूलो आकाशमा रङ्मङ्गिनु ।

कुहिरे–वि०[कुहिरो+ए] १. कैला आँखा हुने; कुइरे । (ना०) २. अङ्ग्रेज । ३. यूरोप-निवासी जाति ।

कुहिरो–ना० [सं० कुहेडी] १. धूवाँजस्तो देखिने चिसो हावामा मिलेको जल-कण; कुइरो; हुस्सु । (वि०) २. कैलो (आँखा) ।

कुहुनु–अ० क्रि० [ने०] १. सड्नु; कुहिनु । २. बिग्रनु; बयेलिनु ।

कुहुनु–ना० [सं० कूर्पर] पाखुरा र नारीको जोर्नीको तल्लो भाग ।

कुहुनेटो–ना० [कुनु] कुनु परेको ठाउँ; कुनु ।

कुहू–ना० [सं०] १. मयूर वा कोइलीको कूजन । २. औँसीको रात ।

कुहेत्रो–ना०[कुहु+एत्रो] १. शरीरका अङ्गहरू कुहुने रोग । २. कुहेको वस्तु ।

कुहेलिका–ना० [सं०] कुहिरो ।

कुह्मालकोटी–ना० [कुम्हाले+कीट(सं०)] माटाको गोलाको गुँड़ बनाएर बस्ने बारुलोजस्तो एक जातको कीरो ।

कुह्माले–ना० [सं० कुम्भ-कार] माटाका भाँड़ा बनाउने एक जाति ।

कुह्लाइ–ना० [कुह्ल्+आइ]कुह्ल्ने किसिम, क्रिया वा भाव; कुराइ ।

कुह्लाइनु–स० क्रि० [कुह्लाउ+इ+नु] कुराइनु; ('कुह्लाउनु'-को क० क्रि०) ।

कुह्लाउनु–स० क्रि० [कुह्ल्+आउ+नु] कुराउनु; ('कुह्ल्नु'-को प्रे० क्रि०) ।

कुह्लिनु–स० क्रि० [कुह्ल्+इ+नु] कुरिनु; ('कुह्ल्नु'-को क० क्रि०) ।

कुह्लिया–ना० [कुह्ल्+इया] कुरिया ।

कुह्ल्वा–वि० [कुह्ल्+उवा] कुरुवा ।

कुह्लेत–ना० [ने०] कुरेत ।

कुह्ल्नु–स० क्रि० [ने०] कुर्नु ।

कूँच–ना० [तु० कूच] १. अनुशासनपूर्वक सेनाले हिँड्ने काम; पल्टनले मार्च गर्नु । २. छिटो हिँड्नु; दौड़नु । ३. भाग्नु ।

कूँजो–वि० [सं० कुब्ज] १. रोगले वा शारीरिक विकारले हात-गोड़ा आदि खुम्चिएको । २. हात-गोड़ा आदि नचल्ने ।

कूच–ना० [तु०] यात्रा आरम्भ गर्नु; प्रस्थान; कूच ।

कूची–ना० [सं० कूर्च] १. रङ्गले चित्र लेख्ने, रौँको टुप्पो भएको कलम; तूलिका । २. सानो कूचो ।

कूची–ना० [ने०] धान र सखरको डल्लोलाई परालले बेह्री बनाएको हात्तीको दाना ।

कूचो–ना० [प्रा० कुच्चो] धूलो, कसिङ्गर आदि बढ़ार्ने साधन ।

कूज–ना० [सं०] पक्षीहरूको मधुर बोली; कूजन ।

CC-0. In Public Domain. Digitization by eGangotri

कूजन–ना० [सं०] पक्षीहरू मधुर स्वरले बोल्नु; चरा-चुरुङ्गी कराउनु।

कूजित–वि० [सं०] १. बोलिएको वा भनिएको; ध्वनित। २. गुँजेको; ध्वनिपूर्ण। ३. पक्षीहरूको मधुर स्वरले युक्त। (ना०) ४. पक्षीहरूको बोली; कूज।

कूट–ना० [सं०] १. रहस्य लुकेको कविता वा रचना। २. पहेली; प्रहेलिका। ३. अप्ठेरो प्रश्न; उत्तर दिन गाह्रो हुने सवाल। ४. कपट; छल। ५. पर्वतको शिखर; टाकुरो। ६. थुप्रो; रास। ७. मन्दिर, दरबार आदिका शिखरमा राखिएका गजूर। (वि०) ८. झूटो बोल्ने; मिथ्यावादी।

कूट-नीति–ना० [सं०] १. व्यक्ति-व्यक्ति वा राष्ट्र-राष्ट्रका बीच पारस्परिक व्यवहारमा दाउ-पेच गर्ने नीति; रहस्य बुझ्न गाह्रो पर्ने नीति; गुप्त चाल। २. दुइ राष्ट्रका बीचको राजनीतिक सम्बन्ध।

कूट-नीतिक–वि० [सं०] १. कूट-नीति-सम्बन्धी। (ना०) २. कूट-नीति जान्ने; कूटनीतिज्ञ।

कूट-नीतिज्ञ–ना० [सं०] कूट-नीति जान्ने; कूट-नीतिको ज्ञाता; कूट-नीतिक।

कूट-पाश–ना० [सं०] चरा फसाउने पासो; जाल।

कूट-पीट–ना० [सं० कुट्ट+पिट्ट] कुटामारी; कुटाइ र पिटाइ; हात-हालाहाल।

कूट-प्रश्न–ना० [सं०] पहेली; प्रहेलिका।

कूट-मान–ना० [सं०] मनासिबदेखि घटी वा बढ़ीको मानु-पाथी वा ढक; खोटो मानु-पाथि वा ढक।

कूट-मुद्रा–ना० [सं०] खोटो टक; नचल्ने मुद्रा।

कूट-युद्ध–ना० [सं०] १. शत्रुलाई धोखा दिएर गरिने लड़ाइँ; छल-कपटपूर्वकको युद्ध। २. नकली लड़ाइँ; झूटो लड़ाइँ।

कूट-योजना–ना० [सं०] षड्यन्त्र।

कूट-शाल्मलि–ना० [सं०] कालो सिमल।

कूट-शासन–ना० [सं०] बनावटी प्रमाण-पत्र; नकली प्रमाण-पत्र।

कूट-साक्षी–ना० [सं०] झूटो साक्षी; झूटो गवाह।

कूटस्थ–वि० [सं०] १. सबैभन्दा माथिको; माथिल्लो। २. अटल; अचल। ३. नाश नहुने; अविनाशी। ४. लुकेको; गुप्त।

कूत–ना० [प्रा० कुत्त] मोहीले तल्सिङलाई बुझाउने तिरो; बाली।

कूप–ना० [सं०] १. कूवा; वापी। २. प्वाल; खाल्टो।

कूपन–ना० [अं०] कुनै वस्तु कसैलाई निर्धारित परिमाणमा दिनू भनी लेखिएको मुद्रित टिकट।

कूप-मण्डूक–ना० [सं०] कूवामा रहने भ्यागुतोजस्तो सीमित कुरामात्र देखे-बुझेको र बाहिरका कुरा थाहा नपाउने; कूवाको ब्याङ; सीमित वा अल्प ज्ञान भएको।

कूप-यन्त्र–ना० [सं०] इनारबाट पानी झिक्ने यन्त्र; अरघट्ट-घटी।

कूर्म–ना० [सं०] १. कछुवा। २. विष्णुका दश अवतारमध्ये एक।

कूर्म-पुराण–ना० [सं०] अठार महापुराणमध्ये एक।

कूल–ना० [सं०] नदी वा पोखरीको तीर; तट।

कूलङ्कष–ना० [सं०] १. नदीको धार वा बहाउ। २. सागर; समुद्र।

कूवा–ना० [सं० कूप] मानिसले बनाएको सानो जलाशय; पँधेरो; वापी; कुवा।

कूष्माण्ड–ना० [सं०] कुभिन्डो।

कृकलास–ना० [सं०] छेपारो जन्तु।

कृच्छ–ना० [सं०] १. कष्ट; दुःख; मुश्किल; । २. पञ्च-गव्य खाएर अर्को दिन उपवास बस्ने व्रत।

कृत–वि० [सं०] १. गरिएको; सम्पादित। २. बनाइएको; रचित। ३. गरिसकिएको; पूरा भएको। (ना०) ४. चार युगमध्ये एक; सत्य-युग।

कृतक–वि० [सं०] बनाइएको; बनावटी।

कृतक-पुत्र–ना० [सं०] धर्म-पुत्र।

कृत-कार्य–वि० [सं०] कार्य-सिद्ध भएको; सफल-मनोरथ; कृतार्थ; कृत-कृत्य।

कृत-कृत्य–वि० [सं०] १. अरूले गरेको उपकारबाट सन्तुष्ट भएको। २. मनोरथ सिद्ध भएको; कृतार्थ।

कृतघ्न–वि० [सं०] १. अर्कालि गरेको उपकार नसम्झने; बैंगुनी। २. आफ्नो उपकार गर्ने व्यक्तिको अपकार गर्ने।

कृतघ्नता–ना० [सं०] कृतघ्न हुनाको भाव; बैंगुनीपना।

कृतज्ञ–वि० [सं०] आफूलाई गरेको उपकार मान्ने; गुन मान्ने।

कृतज्ञता–ना० [सं०] कृतज्ञ हुनाको भाव।

कृत-धी–वि० [सं०] चित्त स्थिर भएको; ज्ञानी।

कृत-पूर्व–वि० [सं०] पहिले गरिसकिएको।

कृत-प्रतिज्ञ–वि० [सं०] प्रतिज्ञा गरिसकेको; अठोट गरिसकेको।

कृत-युग–ना० [सं०] सत्य-युग।

कृत-विद्य–वि० [सं०] राम्ररी विद्या हासिल गरेको; विद्वान्।

कृत-वीर्य–वि० [सं०] १. बलवान्; बलियो। (ना०) २. सहस्रार्जुनका बाबु।

कृत-संस्कार–वि० [सं०] संस्कार गरिसकिएको।

कृत-सङ्कल्प–वि० [सं०] सङ्कल्प गरिसकेको; निश्चय गरिसकेको।

कृत-सपत्निका–वि० [सं०] सौता हालिएकी।

कृत-हस्त–वि० [सं०] सिपालु; कुशल; सिद्ध-हस्त।

कृतान्त–ना० [सं०] १. यमराज। २. मृत्यु। ३. पाप।

कृतापराध–वि० [सं०] अपराध गर्ने; अपराधी।

कृताभिषेक–वि० [सं०] अभिषेक गरिएको; सिंहासनारूढ।

कृतार्थ–वि० [सं०] १. मनोरथ सिद्ध भएको। २. अर्कालि गरेको उपकारबाट सन्तुष्ट भएको; कृत-कृत्य।

कृति–ना० [सं०] १. गरिसकेको काम; पूरा गरेको कार्य। २.

CC-0. In Public Domain. Digitization by eGangotri

परोपकारको निम्ति बनाइएका सार्वजनिक उपभोगका वस्तु (पाटी, पौवा, मन्दिर आदि)। ३. कुनै असल वा ठूलो काम। ४. इन्द्र-जाल; जादू।

कृती–वि० [सं०] १. कुनै साह्रै असल वा ठूलो काम गर्ने; कृति बनाउने। २. कुशल; निपुण। ३. साधु। ४. पुण्यात्मा।

कृत्ति–ना० [सं०] १. छाला; चर्म। २. हरिणको छाला; मृग-चर्म।

कृत्तिका–ना० [सं०] १. सत्ताईस नक्षत्रमध्ये एक। २. आकाशमा देखिने अग्नि-शिखाकार छ ताराको समूह; किरकिटी।

कृत्तिवास–ना० [सं०] १. शिव; महादेव। २. बँगला भाषामा रामायणका एक प्रसिद्ध प्रणेता।

कृत्य–ना० [सं०] १. काम; कार्य; कर्म। २. धार्मिक दृष्टिले गरिने शास्त्र-विहित आवश्यक कर्म। ३. कुनै अधिकारीले आफ्नो पदअनुसार गर्नुपर्ने काम; कर्तव्य। (वि०) ४. गर्न योग्य; गर्नुपर्ने।

कृत्या–ना० [सं०] १. तन्त्र-शास्त्रानुसार आफ्नो कार्य सिद्ध गर्नाका निम्ति वा अरूको अनिष्ट गर्नाका निमित्त उत्पन्न गरिने एक राक्षसी। २. तन्त्र-मन्त्रद्वारा गरिने घातक काम। ३. दुष्टा स्त्री।

कृत्याकृत्य–वि० [सं०] गर्न हुने र नहुने काम; कर्तव्या-कर्तव्य।

कृत्रिम–वि० [सं०] १. नकली; बनावटी।(ना०) २. बाह्र प्रकारका धर्म-पुत्रमध्ये एक।

कृत्रिम भूमि–ना० [सं०] चिसो बचाउनाका निमित्त घरको चारैतिर बनाइने पेटी।

कृत्रिम मित्र–ना० [सं०] कुनै उपकारको नाताबाट बनेको मित्र।

कृदन्त–ना० [सं०] धातुमा कृत् प्रत्यय लागेर बन्ने शब्द।

कृपण–वि० [सं०] कन्जुस; रिकरन्टोकी।

कृपणता–ना० [सं०] कन्जुस हुनाको भाव; कन्जुस्याइँ।

कृपणी–वि० [सं०] १. कन्जुस; कृपण। २. दुःखी; दीन।

कृपया–क्रि० यो० [सं०] कृपा गरेर; दया गरेर; निगाह-साथ।

कृपा–ना० [सं०] निगाह; अनुग्रह; दया।

कृपाकर–वि० [सं०] कृपा गर्ने; कृपालु।

कृपाण–ना० [सं०] तरवार; खड्ग।

कृपाणिका–ना० [सं०] सानो तरवार।

कृपाणी–ना० [सं०] १. सानो तरवार। २. कैँची।

कृपा-पात्र–वि० [सं०] १. कृपा गर्न योग्य; दया-पात्र। २. कृपा पाएको; ममता गरिएको।

कृपालु–वि० [सं०] कृपा गर्ने; कृपा-युक्त; दयालु।

कृपालुता–ना० [सं०] कृपालु हुनाको भाव।

कृमि–ना० [सं०] १. साना-साना कीरा; कीट। २. पेटभित्र पर्ने जूका आदि कीरा।

कृमिक–ना० [सं०] साना कीरा; कीटाणु।

कृमि-कोश–ना० [सं०] रेशमका कीराको गुँड; कोयो।

कृमिण–वि० [सं०] कीर-कीरा भएको; कीटमय।

कृमि-रोग–ना० [सं०] आमाशय र पक्वाशयमा जूका आदि पर्ने रोग।

कृमि-विज्ञान–ना० [सं०] कीराहरूको जीवन-चर्या, दोष-गुण आदिको विचार गरिने विद्या; कीट-विज्ञान।

कृमि-शैल–ना० [सं०] धमिराको गोलो।

कृश–वि० [सं०] १. दुब्लो; पातलो। २. निर्धो; कमजोर। ३. थोरै; अल्प।

कृशता–ना० [सं०] कृश हुनाको भाव।

कृशर–ना० [सं०] मिश्रित पदार्थ; खिचड़ी।

कृशरान्न–ना० [सं०] खिचड़ी; खिचो।

कृशानु–ना० [सं०] अग्नि।

कृशित–वि० [सं०] दुब्लो; कृश।

कृशोदरी–वि० [सं०] झीनो कमर भएकी; पातलो कमर भएकी (स्त्री)।

कृश्चियन–वि० [अं०] ईसाका अनुयायी; क्रिस्तान; ईसाई।

कृषक–ना० [सं०] किसान; खेतीवाल।

कृषाण–ना० [सं०] १. किसान; कृषक। २. हलो जोत्ने व्यक्ति; हली।

कृषि–ना० [सं०] खन-जोत गर्ने काम; खेती; किसानी।

कृषिक–ना० [सं०] १. किसान; कृषक। २. हलो जोत्ने व्यक्ति; हली।

कृषि-कर्म–ना० [सं०] खेती; खन-जोत गर्ने काम।

कृषि-जीवी–वि० [सं०] खेती गरेर जीवन-निर्वाह गर्ने।

कृषित–वि० [सं०] खन-जोत गरेको; खेती गरिएको।

कृषीवल–ना० [सं०] किसान; खेतीवाल।

कृष्ट–वि० [सं०] १. खन-जोत गरिएको; आबाद गरिएको। २. तानिएको; घिच्च्याइएको।

कृष्ट-पच्य–वि० [सं०] खन-जोत गरिएको जमीनमा पाकेको (अन्न)।

कृष्टि–ना० [सं०] १. खन्नु; जोत्नु। २. खिँच्नु; तान्नु। ३. विद्वान् व्यक्ति।

कृष्ण–ना० [सं०] १. विष्णुका दश अवतारमध्ये एक। (वि०) २. महाभारत-प्रसिद्ध अर्जुनको एक नाम। ३. कालो वर्णको; कालो।

कृष्ण-कली–ना० [कृष्ण+कली] १. एउटै आँख्लामा दुवैतिर हाँगा हाल्ने, खुर्सानीका जस्ता पात हुने, तलतिर गुलाफी र टुप्पापट्टि सेता रङ्गका चार वटा बाहिरी पटल र भित्रपट्टि बैजनी रङ्गका दल हुने फूल फुल्ने एक जातको बोट। २. त्यसैको फूल। (यसका विभिन्न जात हुन्छन्।)

कृष्ण-कर्मा–वि० [सं०] पाप कर्म गर्ने; पापी।

कृष्णचन्द्र–ना० [सं०] कृष्ण।

कृष्ण-द्वैपायन–ना० [सं०] वेदव्यास।

CC-0. In Public Domain. Digitization by eGangotri

कृष्ण-पक्ष–ना० [सं०] चान्द्र मासको अँध्यारो पक्ष; प्रतिपदादेखि अमावस्यासम्मका पन्द्र दिनको समय।

कृष्ण-भट्ट–ना० [सं०] कालो-भटमास ।

कृष्ण-भोग–ना० [सं०] १. कालो, मसिनो र बास्ना आउने एक जातको धान। २. त्यसैको चामल। ३. एक जातको आँप।

कृष्ण-यजुर्वेद–ना० [सं०] यजुर्वेदका दुइ भेदमध्ये एक।

कृष्ण-लवण–ना० [सं०] बिरेनून।

कृष्ण-लोह–ना० [सं०] चुम्बक।

कृष्ण-शालि–ना० [सं०] कृष्ण-भोग धान।

कृष्ण-शिंशपा–ना० [सं०] कालो-सिसौ।

कृष्णसार–ना० [सं०] पिठ्यूँ कालो, पेट सेतो, लामो बटारिएका सीँग हुने एक जातको मृग; कालो हरिण।

कृष्णा–ना० [सं०] १. तुलसी। २. द्रौपदी। ३. यमुना नदी। ४. चिराइतो।

कृष्णाजिन–ना० [सं०] कालो मृगको छाला; कृष्णसार मृगको छाला।

कृष्णाभिसारिका–ना० [सं०] अँध्यारो रातमा काला लुगा लाएर नायकको सङ्केत-स्थानमा जाने नायिका।

कृष्णाष्टमी–ना० [सं०] भाद्र कृष्ण अष्टमी; कृष्ण-जयन्तीको दिन।

कृष्णेक्षु–ना० [सं०] कालो-ऊखु।

कृष्य–वि० [सं०] खेती गर्न योग्य; अबाद गर्न लायक।

के–सर्वना० [सं० किम्] प्रश्न गर्दा प्रयोग गरिने शब्द; कुन (वस्तु, काम, कुरो आदि)।

के–विभ० [ने०] सम्प्रदान कारकको चिह्न; लाई; लागि।

केक–ना० [अं०] मसला, नौनी आदि हालेर बनाइएको एक किसिमको बेलायती रोटी।

केकर–वि० [सं०] डेड़ो।

केका–ना० [सं०] मयूरको शब्द।

केकी–ना० [सं०] मयूर।

केचित्–सर्वना० [सं०] कोही-कोही; कुनै-कुनै।

केजो–ना० [ने०] अग्ला पहाड़हरूमा उम्रने मोटो डाँठ र हाँगाहरू हुने एक किसिमको बोट। (यसका हाँगाहरू कलिला छँदा गुलिया हुन्छन्, छिप्पिएपछि तीता हुन्छन् र अचार पारेर खाइन्छन्।)

केटा-केटी–ना० [केटा+केटी] १. छोरा-छोरी; बाल-बच्चा। २. बालक-बालिका ३. गैँड़ाका बच्चा। (वि०) ४. परिपक्व बुद्धि नभएको।

केटी–ना० [केटो+ई] १. ठिटी; बालिका; लड़की। २. विवाह गर्ने वेलाकी स्त्री; कन्या। ३. दासी; सुसारे।

केटो–ना० [प्रा० चेट] १. सानो ठिटो; लड़को। २. विवाह गर्ने वेलाको ठिटो; कुमार।

केटौली–ना० [केटो+औली] केटा-केटी अवस्था; ठिटौली।

केत–ना० [सं०] १. घर; भवन। २. जग्गा; स्थान।

केतक–ना० [सं०] केतकी।

केतकी–ना० [सं०] १. डाँठ र पातमा काँढ़ा हुने, डाँठवाट बरका जस्ता लहरा निस्की जरा बन्ने, कटहरको जस्तो फल फल्ने, घोगो परेको सुगन्धी सेतो फूल फुल्ने एक जातको झाँग; केत्तुके; केवड़ा। २. त्यसैको फूल।

केतन–ना० [सं०] १. घर; भवन। २. ठाउँ; स्थान। ३. ध्वज।

केतु–ना० [सं०] १. नव ग्रहमध्ये एक; गिँड़। २. ध्वज; झन्डा। ३. पुच्छ्रे-तारा; धूम-केतु।

केत्तुके–ना० [सं० केतकी] १. केतकी। २. काँढ़ादार पात हुने, पातको पाट बन्ने एक बोट। ३. सेतो फूल फुल्ने, लामा-लामा पात हुने एक जातको केतकी। ४. सय-पत्रीको नाभो फूल।

केदार–ना० [सं०] १. धानको खेत। २. हिमालयको एक शिखर। ३. प्रसिद्ध एक शिव-लिङ्ग।

केदार-नाथ–ना० [सं०] केदार पर्वतका प्रसिद्ध शिवजी; हिन्दूहरूको हिमालय-स्थित एक प्रसिद्ध तीर्थ।

केन–ना० [सं०] एघार उपनिषद्मध्ये एक।

केनिपात–ना० [सं०] डुङ्गा यता-उति घुमाउनाका निमित्त पछिल्तिर लगाइने पतवार।

केन्द्र–ना० [सं०] १. कुनै वृत्तको मध्य-वर्ती विन्दु; नाभि। २. बीच; मध्य। ३. विभिन्न कार्य-सञ्चालन हुने मुख्य स्थान; तैनात गर्ने विभाग। ४. फलित ज्योतिषअनुसार जन्म-कुण्डलीको पहिलो, चौथो, सातौँ र दशौँ स्थान। ५. सधैँ बस्ने ठाउँ।

केन्द्रित–वि० [सं०] केन्द्रमा जम्मा भएको; केन्द्रीभूत।

केन्द्री–वि० [सं०] केन्द्रमा रहेको; केन्द्र-स्थित।

केन्द्रीकरण–ना० [सं०] एकै ठाउँमा जम्मा गर्नु; केन्द्रित गर्नु; केन्द्रमा एकत्र पार्नु।

केन्द्रीभूत–वि० [सं०] केन्द्रमा रहेको; चारैतिरबाट सोहोरिएर एकै ठाउँमा जम्मा भएको; केन्द्रित।

केन्द्रीय–वि० [सं०] केन्द्र-सम्बन्धी; केन्द्रको।

केन्द्रीय-शासन–ना० [सं०] कुनै राष्ट्रको राजधानीमा रहेको मुख्य सरकारबाट हुने सारा देशको शासन-व्यवस्था।

केन्द्रीय-सरकार–ना० [सं०] कुनै राष्ट्रको राजधानीमा रहेर सारा देशको शासन-व्यवस्था गर्ने मुख्य सरकार।

केप–ना० [अं० केप] टोटामा जड़िने टोपीका आकारको धातुको साधन।

केबुक–ना० [सं०] केमाच झ्याउ।

केमाच–ना० [सं० केमुक] मसिना लामा-लामा पात, कसुर-जस्तो कन्द र सेतो जरा हुने, पानीभित्र उम्रने एक जातको झ्याउ; एक घाँस। (आयुर्वेदमा यसको गुण ठन्डा, रुचि-कारक, वीर्य-वर्द्धक र वात-नाशक मानिएको छ।)

केमुक–ना० [सं०] केमाच झ्याउ।

केयूर–ना० [सं०] पाखुरामा लाउने गहनाविशेष; बाजू।

CC-0. In Public Domain. Digitization by eGangotri

केर-कार–ना० [केर+कार (फाँ०)] १. अभियुक्तलाई सोध-पूछ गर्नु; कार-केर। २. लेखिएका अक्षर आदि माथि धर्को-हरू तानेर रद्दी पार्नु; केर-मेट।

केर-मेट–ना० [केर+मेट्] लेखिसकेका अक्षर आदि माथि धर्कोहरू तानी रद्दी गर्नु; मेट्नु; केर-कार।

केरा–ना० [सं० कदली] १. अति ठूला, लामा पात हुने, कलेजी रङ्गको कमलका आकारको फूल फुल्ने, पाकेपछि पहेँला, राता, हरिया रङ्गका लाम्चा गुलिया कोसा फल्ने एक जातको बोट। २. त्यसैको फल; कदली। (यसका मालभोग, झ्प्री, मुग्रे आदि अनेक भेद छन्। आयुर्वेदमा यसको गुण वीर्य-वर्द्धक, पत्थरी रोग-नाशक र अपच हुने बताइएको छ।)

केराइ–ना० [केर्+आइ] केर्ने किसिम, क्रिया वा भाव।

केराइ–ना० [केराउ+आइ] केराउने किसिम वा क्रिया।

केराइनु–स० क्रि० [केराउ+इ+नु] केर्न लाइनु; ('केराउनु'-को क० क्रि०)।

केराउ–ना० [सं० कलाय] १. डाँठमा एकसाथ दुइ-दुइ वटा बाटुला पात लाग्ने, नीला, सेता वा कलेजी रङ्गको फूल फुल्ने, लामा-लामा नङ्ग्रा हुने र लामा कोसा फल्ने एक लता। २. त्यसैका कोसामा फल्ने गेड़ा। (यो सानो र ठूलो—दुइ जातको हुन्छ। आयुर्वेदमा यसको गुण वायु-वर्द्धक, पुष्टि-कारक र ठन्डा बताइएको छ।)

केराउनु–स० क्रि० [केर्+आउ+नु] १. अभियुक्तसँग उसको अपराधबारे सोध-पूछ गर्नु; केर्नु। २. केर्न लाउन; ('केर्नु'-को प्रे० क्रि०)।

केरिनु–स० क्रि० [केर्+इ+नु] अक्षर आदिलाई धर्सो तानेर रद्दी गरिनु; मेटिनु; ('केर्नु'-को क० क्रि०)।

केरिनु–स० क्रि० [केर्+इ+नु] बापतीसँग अपराधको बारेमा सोध-पूछ गरिनु; खोहोऱ्याइनु; ('केर्नु'-को क० क्रि०)।

केरो–ना० [केरा] १. केराको तुच्छार्थ-बोधक शब्द। २. पुरुषको जननेन्द्रिय।

केर्नु–स० क्रि० [ने०] बापतीको अपराध खोतलेर सोध-पूछ गर्नु; खोहोऱ्याउनु।

केर्नु–स० क्रि० [कोर्+नु] लेखिएको अक्षर आदिलाई धर्सो तानेर रद्दी पार्नु; मेट्नु; केर-मेट गर्नु।

केलाइ–ना० [केलाउ+आइ] केलाउने किसिम, क्रिया वा भाव।

केलाइ-कुलाइ–ना० [केलाइ+कुलाइ (फाँ०)] केलाउने काम; छान-बीन।

केलाइनु–स० क्रि० [केलाउ+इ+नु] एक-एक गरेर छानिइनु; छान-बीन गरिनु; ('केलाउनु'-को क० क्रि०)।

केलाउनु–स०क्रि० [प्रा०केल्लाय+नु] १. एक-एक गरेर छान्नु; छासमिसे वस्तुको समूहबाट कुनै विशेष वस्तु छुट्ट्याएर अलग गर्नु। २. छान-बीन गर्नु।

केलि–ना० [सं०] १. खेल; क्रीडा। २. आमोद-प्रमोद। ३. दिल्लगी; हाँस-खेल। ४. मैथुन।

केलि-कला–ना० [सं०] १. काम-क्रीडा। २. मैथुन-सम्बन्धी कला।

केलि-गृह–ना० [सं०] रति-गृह; क्रीडा-गृह।

केलूट–ना० [सं०] आरारूट।

केवँरा–ना० [सं० केविका] १. लाम्चा ठूला-ठूला पात, बास्ना आउने पहेँला वा सेता फूल र गदको जस्तो कन्द हुने एक बोट। २. त्यसैको फूल। (सेतो फूल हुनेलाई दूध-केवँरा र पहेँलो फूल फुल्नेलाई सुन-केवँरा भन्दछन्। यसको ट्वाक बनाएर लाउँछन्।)

केवड़ा–ना० [सं० केविका] केतकी।

केवल–अव्य०[सं०] १. खालि; सिर्फ। २. एकमात्र; सिवाय। (वि०) ३. विशिष्ट; असाधारण। (ना०) ४. भ्रान्ति-रहित विशुद्ध ज्ञान।

केवल-ज्ञानी–ना० [सं०] विशुद्ध ज्ञान प्राप्त भएको साधु।

केश–ना० [सं०] १. रौँ; कपाल। २. रश्मि; किरण।

केश-कर्म–ना० [सं०] कपाल तलास्नु; कपाल कोर्नु।

केश-कलाप–ना० [सं०] केशको समूह; रौँको समुदाय।

केश-पाश–ना० [सं०] चुल्ठो।

केश-प्रसाधनी–ना० [सं०] काङ्गियो।

केश-मार्जन–ना० [सं०] १. कपाल नुहाउनु। २. कपाल कोर्नु; केश तलास्नु।

केशर–ना० [सं०] १. फूलका बीचमा हुने मकरन्द-युक्त मसिना कोमल छेस्का। २. प्रायः काश्मीरमा हुने सानो भइँ-झारमा फुल्ने हल्का प्याजी रङ्गको आभा भएको फूलमा हुने सुगन्धी पहेँलो केस्रा; केसर। ३. सिंह, घोड़ा आदिका गर्धनमा हुने लामा-लामा रौँ; याल; जगर। ४. बकुल; पुन्नाग। ५. कुङ्कुम।

केशरी–ना० [सं०] १. सिंह। २. घोड़ा। ३. हनुमान्‌को बाबु। ४. नागकेशर। ५. विशेष प्रकारको पहेँलो माटोबाट तयार हुने चन्दन। (वि०) ६. केशर भएको; याल भएको। ७. केसरी।

केशव–ना० [सं०] १. विष्णु। २. ब्रह्म; परमेश्वर।

केश-विन्यास–ना०[सं०] १. कपाल तलासेर चुल्ठो बाट्नु। २. केशको सजावट।

केस–ना० [अं०] १. मुद्दा; झगड़ा। २. रोग। ३. कुनै वस्तु टम्म भई अटाउने बाकस।

केसर–ना० [सं०] केशर।

केसरिया–वि० [केसर+इया] केशरका रङ्गको; रातो र पहेँलो मिसिएका रङ्गको।

केसरी–ना० [सं०] केशरी।

केसौर–ना० [सं० कसेरु] पातलो, चाम्रो, खैरो रङ्गको बोक्रा हुने, गुलियो, सेतो, नरम गुदी हुने, सखर-खण्डजस्तो डल्लो कन्द।

केस्रिइनु–अ० क्रि० [केस्रि+इ+नु] केस्रा छुट्टिइनु; ('केस्रिनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

केस्रिनु–अ० क्रि० [केस्रो+इ+नु] केस्रा छुट्टिनु ।

केस्रो–ना० [सं० केसर] १. सुन्तला, चाक्सी, भोगटे आदि फलको बोक्राभित्र रहेको खाद्य पदार्थको खण्ड वा तह । २. मांस-पेशीमा रहेको धागाका आकारको तह ।

केस्याइ–ना० [केस्रो+याइ] केस्याउने किसिम, क्रिया वा भाव ।

केस्याइनु–स० क्रि० [केस्याउ +इ+नु] केस्रा पारिनु; केस्रा छुट्ट्याइनु; ('केस्याउनु'-को क० क्रि०) ।

केस्याउनु–स० क्रि० [केस्रि+याउ+नु] फल-फूलको केस्रा छुट्ट्याउनु; केस्रा पार्नु; ('केस्रिनु'-को प्रे० क्रि०) ।

केही–वि० [सं० किञ्चित्] १. थोरै; अलिकति । २. कुनै; एक-न-एक ।

कैँची–ना० [तु० क़ैंची] १. तल्लो र माथिल्लो फलकका धारले च्यापेर कपड़ा, कागत आदि काट्ने औजारविशेष; कतर्नु; कर्तरी । २. छड्के परेका दुइ काठलाई करक पारी बाँधेर बनाएको साधन ।

कैँजल–ना० [ने०] अमिलो स्वादको, हर्राको जस्तो पात हुने एक जातको बोट । (यसको बोक्रा अतिसार रोगमा औषधी-को रूपमा प्रयोग गरिन्छ ।)

कैँड़ा–ना० [ने०] धेरै हिंड्दा तिघ्रा वा पिड़ौँलामा थकाइको पर्ने सुम्लो ।

कैँड़े–वि० [कैँड़ो] १. कैँड़ाको आकारको; कैँड़ोजस्तो । २. अण्ड-कोष ठूलो हुने; आँड़े ।

कैँड़ो–ना०[ने०] फर्सी, कुभिन्डो आदिको सानो फल ।

कैकेयी–ना० [सं०] दशरथकी रानी; भरतकी आमा ।

कैङ्कर्य–ना० [सं०] १. दासत्व; दासता । २. सेवा; भक्ति ।

कैटभ–ना० [सं०] पुराणअनुसार विष्णुले मारेको एक दैत्य ।

कैटे–ना० [सं० कट] काछमा हुने वात-सम्बन्धी खटिरो ।

कैडर्य–ना० [सं०] पाढ़ी-नीम ।

कैतव–ना० [सं०] १. धोखा; छल । २. जूवा । (वि०) ३. धोखा दिने; धोखेबाज । ४. धूर्त; छली । ५. जुवाड़े ।

कैतवापन्हुति–ना० [सं०] वास्तविक कुरालाई छलपूर्वक निषेध गरिने अपह्नुति अलङ्कारको एक भेद ।

कैथ–ना० [प्रा० कइत्थ] बाहिर खैरो अत्तर-छाला हुने, गुदी अमिलो हुने, बेलजस्तो फलविशेष; कपित्थ ।

कैद–ना० [अ० क़ैद] झ्यालखानामा राख्ने सजाय; बन्धन; कारा-वास ।

कैदखाना–ना० [फा० क़ैद-ख़ाना] झ्यालखाना; बन्दी-गृह ।

कैदी–वि० [अ० क़ैदी] कैदमा परेको; झ्यालखानिया; थुनुवा ।

कैदी-कूप–ना० [कैदी+कूप] झ्यालखाना; बन्दी-गृह ।

कैफत–ना० [सं० कुपथ्य] १. बिगार; खराबी । २. कपट; दोष ।

कैफत–ना० [अ० कैफ़ियत] कैफियत ।

कैफती–वि० [कैफत+ई] कैफत गर्ने; बिगार गर्ने; कपटी ।

कैफियत–ना० [अ० कैफ़ियत] विशेष विवरण; बेहोरा; कैफत ।

कैम्प–ना० [अं०] क्याम्प ।

कैयूँ–वि० [कैयौँ] कैयौँ ।

कैयौँ–वि० [कई+यौँ] धेरै; कैयन्; अनेक; अनगिन्ती ।

कैय्यन्–वि० [कई+अन्] कैयौँ; धेरै; अनगिन्ती; अनेक ।

कैरव–ना० [सं०] चन्द्र-विकासी कमल; कुमुद ।

कैरात–ना० [सं०] पहेँलो भावको एक जातको श्री-खण्ड ।

कैरुवा–ना० [ने०] चम्सुरका जस्ता मसिना पात, कलेजी रङ्गका मसिना फूल, मसिना दाना फल्ने रफ हेँलो जरा हुने एक साग; पर्पट । (आयुर्वेदमा यसको गुण ठन्डा, पित्त-कफ-ज्वर-नाशक र अरुचि नाश गर्ने बताइएको छ ।)

कैलास–ना०[सं०] मानसरोवरतिरको हिमालयको एक शिखर; शिवजीको वास-स्थान; कुबेरको राजधानी ।

कैलास-कूट-भवन–ना० [सं०] अंशुवर्माको प्रसिद्ध ऐतिहासिक दरबार ।

कैलास-पति–ना० [सं०] १. शिव । २. कुबेर ।

कैलास-वास–ना० [सं०] मृत्यु; मरण ।

कैली–वि० [कैलो+ई] कैला रौँ वा कैलो वर्ण भएकी (स्त्री) ।

कैले–क्रि० यो० [कहिले] कहिले ।

कैलो–वि० [प्रा० कइलो] १. खैरो रङ्गको; सुनौला रङ्गको । (ना०) २. खैरो रङ्ग; कपिल रङ्ग ।

कैलो-सिसौ–ना० [कैलो+सिसौ] कैलो चुरो हुने सिसौको एक जात; कपिल-शिशपा ।

कैवर्त–ना० [सं०] माझी; मल्लाह ।

कैवर्त्तिका–ना० [सं०] डेबर काँढ़ा ।

कैवल्य–ना० [सं०] १. एकत्व; एकान्तता । २. मोक्ष; मुक्ति । ३. मिश्रित नहुनु; शुद्धता ।

कैशिक–वि० [सं०] १. रौँ भएको; केश-युक्त । २. रौँजस्तो मसिनु वा झीनो ।

कैशिकी–ना० [सं०] चार नाटकीय वृत्तिमध्ये एक ।

कैशोर–ना० [सं०] किशोर अवस्था; एकदेखि पन्द्र वर्ष-सम्मको अवस्था ।

को–विभ० [सं० कस्य] नेपाली व्याकरणअनुसार षष्ठिको सामान्य एक वचनमा लाग्ने विभक्ति; अधीनस्थ वा सम्बन्ध बुझाउने विभक्ति ।

को–सर्वना० [सं० कः] अज्ञात व्यक्तिको परिचयका निमित्त सोद्धा प्रयोग हुने शब्द; कुनचाहिँ; कुन ।

कोचा-खिँ–ना० [नेवा०] तबलाका आकारको, पीँध खुला हुने, दाहिने हातले बजाइने एक प्रकारको ताल-बाजा ।

कोइरालो–ना० [सं० कोविदार] १. दुइ टुप्पा भएको पात हुने, लामा-लामा कोसा फल्ने, रातो वा सेतो फूल फल्ने एक वृक्ष । २. त्यसैको फूल । (आयुर्वेदमा यसको गुण रुचि-कर, कोष्ठ-वर्द्धक र ठन्डा बताइएको छ । यो तरकारी, अचार आदि बनाएर खाइन्छ ।)

कोइरालो–ना० [ने०] १. बिरालोलाई खाने एक जातको ठूलो

CC-0. In Public Domain. Digitization by eGangotri

चरो। २. रातो भावको खैरो रङ्गको, बिरालाको जातको एक सानो जङ्गली जन्तु।

कोइला–ना० [प्रा० कोइलो] १. कालो वा खैरो रङ्गको बल्ने खनिज पदार्थविशेष; पत्थर-कोइला। २. गोल; अँगार।

कोइली–ना० [प्रा० कोइल] वसन्त ऋतुमा कुहू-कुहू गरेर मीठो स्वरले बोल्ने एक जातको पक्षी; कोकिल।

कोइलो–ना० [सं० कुड्मल] मही पार्ने नेतीका टुप्पामा बाँधिने काठको टुक्रो।

कोइल्याँटो–ना० [कोइला+याँटो] देव-पितृ-कार्यमा धूप हाल्ने धातुको भाँडो; धुपौरो।

कोक–ना० [सं०] १. चखेवा; चक्रवाक। २. कोइली। ३. भ्यागुतो। ४. काम-शास्त्र बनाउने एक आचार्य।

कोकड–ना [सं०] मलसाँप्रो।

कोकनद–ना० [सं०] रातो कमल; सूर्य-विकासी कमल।

कोकले–ना० [ने०] नदी-किनारमा चारा खोज्ने, पहरामा गुँड लाउने, कागभन्दा ठूलो, कालो, मांसाहारी चरो।

कोक-शास्त्र–ना० [सं०] काम-शास्त्र; रति-शास्त्र; कोक (व्यक्ति)-ले बनाएको काम-शास्त्र।

कोका–ना० [नेवा०] तानको एक अवयव।

कोका–ना०[अं०] १. सुकेका पातहरू चियाजस्तै सेवन गरिने, प्रायः दक्षिण अमेरिकामा पाइने एक वृक्ष। २. त्यसैको संस्कार गरिएको पात।

कोकिटा–ना० [सं० कुक्कटी] कोगिटा।

कोकिल–ना० [सं०] कोइली।

कोकिला–ना० [सं० कोकिल] कोइली।

कोकिलाक्ष–ना० [सं०] ताल-मखाना।

कोकेन–ना० [अं०] कोका नामको वृक्षका पातबाट तयार गरिने, मादक, सेतो औषधि। (यो पानमा हालेर अमलको रूपमा खाइन्छ।)

कोको–ना० [अं०] १. अन्दाजी एक बित्ता लामा, गुराँसका पातका आकारका खस्रा र फुस्रा पात, काण्ड वा ठूला हाँगामा केही पाटा परेका खुर्सानीका आकारका राता फल हुने बोटविशेष। २. त्यसैको फल। (यसको रस चियाझैँ पकाएर पिइन्छ।)

कोकोहोलो–ना० [सं० कोलाहल] धेरै जनाले एकै पल्ट कराएको आवाज; कोलाहल; कोहोलो।

कोक्किइनु–अ० क्रि० [कोक्कि+इ+नु] मानसिक पीरले घुँक्क-घुँक्क होइनु; भक्कानो परिनु; ('कोक्किनु'-को भा० क्रि०)।

कोक्किनु–अ० क्रि०[ने०] मनमा ठूलो पीर परेर घुँक्क-घुँक्क हुनु; भक्कानो पर्नु।

कोक्याइ–ना० [कोक्कि+आइ] कोक्किने किसिम, क्रिया वा भाव।

कोक्याइ–ना० [कोक्क्याउ+आइ] कोक्याउने, किसिम, क्रिया वा भाव।

कोक्याइनु–अ० क्रि० [कोक्क्याउ+इ+नु] जिभ्रोको फेदमा सगसगाइनु; कोक्क्याउने होइनु; ('कोक्क्याउनु'-को क० क्रि०)।

कोक्याउनु–अ० क्रि० [ने०] पिँडालु, ओल आदिको चोब जिभ्राको फेदमा लागी सगसगाउनु।

कोक्रो–ना० [ने०] १. बालकहरूलाई सुताएर झुलाउने चोया-को भाँडो; झुलना। २. कैदी हालेर बोक्ने टोकरी। ३. चोयाको पिँजडा।

कोक्ल्याँटो–वि० [ने०] लट्ठक; नासमझ; अबूझ।

कोख–ना० [प्रा० कोक्ख] १. पाठे-घर; गर्भाशय; गर्भस्थली। २. कोखो।

कोखाको-घा–ना०[कोख+को+घाउ] छोरा-छोरी; सन्तान।

कोखे-चोइली–ना० [कोख+ए+चोइली] पकाएका भाँडाको कोखातिरबाट भात, ढिँडो आदि पनिउँले कोट्टयाएर झिक्ता आउने ठूलो चपरी; चोइलो।

कोखे-सारङ्गी–ना० [कोखो+सारङ्गी] चार वटा नहर लागेको एक प्रकारको सानो सारङ्गी।

कोखो–ना० [प्रा० कोक्ख] शरीरका दायाँ-बायाँको, काखी-मुनिको अवयव।

कोगिटा–ना० [सं० कुक्कटी] १. खैरो कपास फल्ने एक बोट। २. त्यस कपासबाट बुनेको कपडा। ३. एक विशेष प्रकारको खैरो रङ्ग; कोकिटा।

कोचकाच–ना० [कोच्+काच (फाँ०)] कोच्नु; खाँद्नु।

कोचलाइ–ना० [कोचल्+आइ] कोचल्ने किसिम, क्रिया वा भाव; कोचेलाइ।

कोचलिनु–स० क्रि० [कोचल्+इ+नु] कोचेलिनु; ('कोचल्नु'-को क० क्रि०)।

कोचल्नु–स० क्रि० [कोच्+नु] कोचेल्नु।

कोच-वान–ना० [अं० कोच-मैन] बग्गी हाँक्ने सवार।

कोचाइनु–स० क्रि० [कोचाउ+नु] जबरजस्तीसँग ज्यादा खुवाइनु; ('कोचाउनु'-को क० क्रि०)।

कोचाउनु–स०क्रि० [कोच्+आउ+नु] नपच्ने गरी खुवाउनु; घिचाउनु; जबरजस्ती ज्यादा खुवाउनु; ('कोच्नु'-को क० क्रि०)।

कोचाकोच–ना० [कोच्+कोच्] बेसरी हुल्नु; खाँदाखाँद।

कोचारिनु–स० क्रि० [कोचार्+इ+नु] कोचिनु; खाँदेर हालिनु; ('कोचार्नु'-को क० क्रि०)।

कोचार्नु–स० क्रि० [कोच्+नु] कोच्नु; खाँदेर हाल्नु।

कोचिनु–स० क्रि० [कोच्+इ+नु] खाँदेर हालिनु; खाँदिनु; कोचरिनु; ('कोच्नु'-को क० क्रि०)।

कोचेलाइ–ना० [कोचेल्+आइ] कोचेल्ने किसिम, क्रिया वा भाव।

कोचेलिनु–स० क्रि० [कोचेल्+इ+नु] पानी फोहोर हुने गरी हात हालिनु; कोचलिनु; ('कोचेल्नु'-को क० क्रि०)।

कोचेलो–ना० [सं० कुचोद्य] झगडा; कचिङ्गल; हुँडलो।

CC-0. In Public Domain. Digitization by eGangotri

कोचेल्नु—स० क्रि० [कोच्+नु] पानी फ़ोहोर हुने गरी हात हाल्नु; कोचल्नु।

कोच्चा—ना० [ने०] रुपियाँ-पैसाको तङ्गी; लक्कु।

कोच्नु—स० क्रि० [सं० कुच्+नु] खाँदी-खाँदी हाल्नु; अटाई-नअटाई हाल्नु; खाँद्नु; कोचर्नु।

कोजागर—ना० [सं०] आश्विन शुक्ल पूर्णिमाका दिन गरिने उत्सव; कोजाग्रत।

कोजाग्रत—ना० [सं० कोजागर] आश्विन पूर्णिमाका दिन मनाइने उत्सव।

कोट—ना० [अं०] लुगाको सबभन्दा बाहिर लाइने एक प्रसिद्ध पोशाक।

कोट—ना० [सं०] किल्ला; गढ़ी; दुर्ग।

कोट-पाल—ना० [सं०] किल्लाको रक्षा गर्ने व्यक्ति; दुर्ग-पाल।

कोटर—ना० [सं०] रूखको टोड्को।

कोटा—ना० [अं०] कसैलाई दिने वा कसैसित लिने कबूल गरिएको सम्पूर्ण भागको एक पटकमा दिइने वा लिइने अंश; कसैसित लिने वा कसैलाई दिने निश्चय गरिएको हिस्सा वा भाग।

कोटाल—ना० [नेवा०] १. झ्याल-ढोकाका चौकोसको प्रायः आधा भागमा दायाँ-बायाँ खोल्सा वनाई त्यसमा छिराई झ्याल बन्द गर्ने काठको फल्याक। २. झ्यालको तल्लो आधा भागमा हालिने डन्डी, रेलिङ्ग आदि।

कोटि—ना० [सं०] कोटी।

कोटिक—वि० [सं०] १. करोड़। २. असङ्ख्य; अनगिन्ती।

कोटि-क्रम—ना० [सं०] कुनै विषय वा वस्तुको महत्त्वअनुसार मिलाइएको क्रम।

कोटिशः—क्रि० यो० [सं०] १. अनेक प्रकारले; धेरै किसिम-बाट। (वि०) २. धेरै; असङ्ख्य।

कोटी—ना० [सं०] १. सय लाखको सङ्ख्या; करोड़; कोटि। २. धनुको टुप्पो। ३. हतियारको चुच्चो वा धार। ४. स्तर; श्रेणी; दर्जा। ५. कुनै विवादको पूर्व-पक्ष। (वि०) ६. सय लाख; करोड़।

कोटेरो—ना० [सं० कोटर] भँगेराका रङ्गको, फिस्टोभन्दा केही सानो, डल्लो बान्कीको, झाड़ीमा आरीका आकारको लाम्चो गुँड़ लाउने चरो।

कोटेशन—ना० [अं०] १. व्यापारी वा ठेकदारहरूले लेखेर दिने कुनै कामको लागत वा वस्तुको मोल। २. लेख वा वाक्यको उद्धृत अंश। ३. कम्पोज गर्दा खाली ठाउँ भर्नाका निम्ति राखिने सीसाका टुक्रा।

कोट्टचाइ—ना० [कोट्टचाउ+आइ] कोट्टचाउने किसिम, क्रिया वा भाव।

कोट्टचाइनु—स० क्रि० [कोट्टचाउ+इ+नु] अलि-अलि गरी खोदलिनु; उप्काइनु; ('कोट्टचाउनु'-को क० क्रि०)।

कोट्टचाउनु—स० क्रि० [ने०] १. अलि-अलि गरेर उप्काउनु; खोदल्नु। २. शुरू गर्नु; थाल्नु। ३. प्रसङ्ग चलाउनु; कुरा उठाउनु। ४. छोएर सङ्केत गर्नु।

कोटचाधीश—ना० [सं०] करोड़-पति।

कोठरी—ना० [कोठा] सानो कोठा; साङ्ग्रो कोठा।

कोठा-मचे—ना० [कोठा+मोचो] चोटा-कोठाको काम गर्ने नोकर।

कोठा-मोचे—ना० [कोठा+मोचो] कोठाको काम गर्ने नोकर।

कोठार—ना० [सं० कोष्ठ] १. पेटभित्रको भाग; गर्भाशय। २. पोशाकको आङ्मा पर्ने भाग। ३. अन्नको भँड़ार।

कोठारी—ना० [कोठार+ई] भण्डारको काम गर्ने व्यक्ति; भँड़ारे।

कोठी—ना० [ने०] शरीरमा निस्केको नमेटिने कालो वा रातो मसिनो दाग; तिल।

कोठी—ना० [कोठा+ई] १. लेन-देन वा व्यापार हुने घर; ठूलो पसल। २. रण्डीहरू बस्ने घर; वेश्यालय। ३. धनसार।

कोठीवाल—वि० [कोठी+वाल] १. कोठी भएको; ठूलो बेपारी। (ना०) २. महाजन।

कोठे—वि० [कोठा+ए] १. कोठै-कोठा भएको। २. कोठैमा बसिरहने।

कोठे-पद-पहेली—ना० [कोठे+पद+पहेली] कोठै-कोठा भएको आकारमा मिलाएर अक्षर भर्नु पर्ने पहेली।

कोठे-रानी—ना० [कोठे+रानी] प्रायः सिंगार-पटार गरी कोठैमा मात्र बसिरहने स्त्री।

कोठो—ना० [प्रा० कोट्ठो] १. घरभित्र बारेर बनाएका विभाग; खण्ड। २. बाकस, दराज आदिमा फल्याक आदि ठोकी बनाइएको खण्ड। ३. लुगा, कागज आदिमा धर्सा पारी बनाइएको खण्ड।

कोण—ना० [सं०] १. दुइ विभिन्न दिशाबाट आएर दुइ सरल रेखाहरू जोरिने ठाउँ; कुनु। २. दुइ दिशाका बीचको दिशा; उपदिशा।

कोत—ना० [सं० कोट्ट] पल्टनिया खर-खजाना राख्ने घर; कोट।

कोत-पर्व—ना० [कोत+पर्व] वि० सं० १९०३-मा भएको इतिहास-प्रसिद्ध नेपालको एक राजनीतक घटना। (यस घटनामा धेरै भारादारहरूको हत्या गरी जङ्गबहादुर प्रधान-मन्त्री भएका थिए।)

कोतरिनु—स० क्रि० [कोतर्+इ+नु] कोट्टचाइनु; कोतर्ने काम गरिनु; ('कोतर्नु'-को क० क्रि०)।

कोतर्नु—स० क्रि० [सं० कृष्] १. कोट्टचाउनु। २. ठुँग्नु। ३. कोपर्नु।

कोतवाल—ना० [सं० कोट्टपाल] स्थानीय सुरक्षाको निम्ति राखिएको पुलिस-अफिसर।

कोतवाली—ना० [कोतवाल+ई] पुलीस-सम्बन्धी काम-कारवाई गर्ने कोतवालको अड्डा।

कोते—ना० [कोत+ए] पल्टनको निशान, बन्दूक आदि राख्ने ठाउँको रेख-देख गर्ने सरकारी जागीरदार।

CC-0. In Public Domain. Digitization by eGangotri

कोते-धन्धा–ना० [कोते+धन्धा] १. कोतेले गर्ने धन्धा; घर-धन्धा। २. घरायसी झन्झटको काम; सुसे-धन्धा।

कोत्रनु–स० क्रि० [सं० कृष्] कोतर्नु।

कोत्रिइनु–अ०क्रि० [कोत्र+इ+नु] कोत्रिने काम होइनु; छ्याकटे भइनु; ('कोत्रिनु'-को भा० क्रि०)।

कोत्रिनु–अ० क्रि० [कोत्र+इ+नु] साना-साना खाल्टा परेर घाउ लाग्नु; छ्याकटे हुनु।

कोत्रे–वि० [कोत्र+ए] कोत्रिएको मुख वा अन्य अङ्ग छ्याका भएको; छ्याकटे; कोत्र्याहा।

कोत्र्याइ–ना० [कोत्रि+याइ] कोत्रिने किसिम, क्रिया वा भाव।

कोत्र्याहा–वि० [कोत्रि+याहा] कोत्रिएको; छ्याके; छ्याकटे।

कोथा–ना० [ने०] गाई-भैँसीका सीङको, मासुमा नजोरिएको टुप्पो।

कोथी–ना० [ने०] तरवारको म्यान वा खुकुरीको दापका टुप्पामा जड़िने धातुको बुट्टादार वा सादा वस्तु।

कोथो–ना० [प्रा० कोट्ठो] धान, गहूँ आदिको बाला निस्कने गर्भ।

कोदण्ड–ना० [सं०] धनु; धनुष।

कोदाली–ना० [सं० कुद्दाली] छोटो बीँड़ भएको दुइ हातले समाई खेत-बारी आदि खन्ने साधन।

कोदाले–वि० [कोदालो+ए] कोदालो खनेर जीविका गर्ने।

कोदालो–ना० [कोदाली] लामो काठको बीँड़ भएको खेत-बारी खन्ने फलामे साधन।

कोदे–वि० [कोदो+ए] १. प्रायः कोदो खाएर जीविका गर्ने। २. अशिष्ट; पाखे।

कोदो–ना० [सं० कोद्रव] १. सिरुका जस्ता लामा र तीखा पात हुने, डाँठका टुप्पामा झुप्पाकार बाला लाग्ने एक बोट। २. त्यसैको बालामा फल्ने तोरीका आकार र रङ्गका दाना वा अन्न। (यसका अनेक जात छन्। आयुर्वेदमा यसको गुण खटिरा नाश गर्ने बताइएको छ।)

कोद्रव–ना० [सं०] कोदो।

कोप–ना० [सं०] १. रीस; क्रोध। २. ईख; ईबी।

कोपन–ना० [सं०] कोप; क्रोध।

कोप-भवन–ना० [सं०] कुनै मानिस रीसको आवेगमा गएर बस्ने एकान्तको कोठा वा घर।

कोपरा–ना० [ने०] दिसा-पिसाब आदि गर्नाका निम्तिको भाँड़ो।

कोपराइ–ना० [कोपर्+आइ] कोपर्ने किसिम वा क्रिया।

कोपरिनु–स० क्रि० [कोपर्+इ+नु] चिथोरिनु; दाह्रिनु; ('कोपर्नु'-को क० क्रि०)।

कोपर्नु–स० क्रि० [कोतर्+नु] १. चिथोर्नु; दार्नु। २. कोतर्नु।

कोपिला–ना० [सं० कुड्मल] १. फुल्न आँटेको फूल; नफुलेको फूल। २. कनपारो र कानका बीचको सानो त्रिकोणाकार अवयव।

कोपी–ना० [गोभी] काउली; गोभी।

कोपी–वि० [सं०] १. कोप गर्ने; क्रोधी। (ना०) २. जल-परेवा।

कोप्चा-काप्चा–ना० [ने०] कुना-काप्चा; अन्तर-कुन्तर।

कोप्चा-काप्ची–ना० [ने०] कुना-काप्चा।

कोप्चिइनु–अ० क्रि० [कोप्चि+इ+नु] कोप्चो परिनु; कोप्रिइनु; ('कोप्चिनु'-को भा० क्रि०)।

कोप्चिनु–अ० क्रि० [कोप्चो+इ+नु] कोप्चो पर्नु; कोप्रिनु।

कोप्चे–वि० [कोप्चो+ए] आँखा, मुख आदि कोप्चो परेको; बान्की नपरेको अनुहार हुने।

कोप्चो–वि० [ने०] १. आँखा, मुखको बनोट नमिलेको; कोप्चे; चिम्से; च्याउँतो। २. साँघुरो; फराक नभएको।

कोप्च्याइ–ना० [कोप्च्याउ+आइ] कोप्च्याउने किसिम वा क्रिया।

कोप्च्याइनु–स० क्रि० [कोप्च्याउ+इ+नु] कोप्चो पारिनु; सानो वा साङ्गुरो पारिनु; ('कोप्च्याउनु'-को क० क्रि०)।

कोप्च्याउनु–स० क्रि० [कोप्चि+याउ+न] कोप्चो पार्नु; सानो वा साङ्गुरो पार्नु; ('कोप्चिनु'-को प्रे० क्रि०)।

कोप्रिइनु–अ० क्रि० [कोप्रि+इ+नु] कोप्रो परिनु; दोब्रिइनु; ('कोप्रिनु'-को भा० क्रि०)।

कोप्रिनु–अ० क्रि० [कोप्रो+इ+नु] कोप्रो पर्नु; दोब्रिनु; खुम्चिनु।

कोप्रो–वि० [कुप्रो] भित्रतिर बिट फर्केको।

कोप्र्याइ–ना० [कोप्र्याउ+याइ] कोप्रिने किसिम, क्रिया वा भाव।

कोप्र्याइनु–स० क्रि० [कोप्र्याउ+इ+नु] कोप्रो पारिनु; कोप्र्याउने काम गरिनु; ('कोप्र्याउनु'-को क० क्रि०)।

कोप्र्याउनु–स० क्रि० [कोप्रि+याउ+नु] कोप्रो पार्नु; ('कोप्रिनु'-को प्रे० क्रि०)।

कोप्ल्याइ–ना० [कोप्ल्याउ+आइ] कोप्ल्याउने किसिम, क्रिया वा भाव।

कोप्ल्याइनु–स० क्रि० [कोप्ल्याउ+इ+नु] ठूला-ठूला गाँस हालेर खाइनु; ('कोप्ल्याउनु'-को क० क्रि०)।

कोप्ल्याउनु–स० क्रि० [ने०] ठूलठला गाँस हालेर खानु; कोप्ल्याक्क-कोप्ल्याक खानु।

कोप्ल्याक्क–क्रि० यो० [ने०] गीलो पदार्थ एकै चोटि मुखमा हाल्ने किसिम।

कोबी–ना० [गोभी] कोपी; काउली।

कोमल–वि० [सं०] १. कमलो; नरम। २. कलकलाउँदो; कलिलो। ३. सुकुमार। ४. अपरिपक्व; कच्चा। ५. सुन्दर; मनोहर। ६. मन्द; मधुर (स्वर)।

कोमलता–ना० [सं०] कोमल हुनाको भाव।

कोमला-वृत्ति–ना० [सं०] साना-साना समास तथा य, र, ल, व, स, ह आदि कोमल अक्षरको प्रयोग गरिने एक साहित्यिक वृत्ति; साहित्यका तीन वर्ण-गत वृत्तिमध्ये एक।

कोयो–ना० [सं० कोष] १. आँप, इस्कुल आदि फलको बीयाँ। २. रेशमको कीराको गुँड़।

CC-0. In Public Domain. Digitization by eGangotri

कोर–ना० [सं० कुष्ठ] कोह्न।
कोरक–ना० [सं०] १. कोपिलो। २. कमलको डाँठ।
कोर-कार–ना० [कोर्+कार (फाँ०)] १. कोर्ने काम। २. ज्योतिषीले धुलौटोमा रेखा तानी जोखना हेर्ने काम। ३. सानो-तिनो लेखाइ (तुच्छार्थमा)।
कोरम–ना०[अं०] कुनै सभा चालू गर्नाका निम्ति नियमानुसार सदस्यहरूको आवश्यक सङ्ख्या; गण-पूर्ति।
कोरलिनु–स० क्रि० [कोरल्+इ नु] फुलबाट बच्चा निकालिनु; बच्चा काढ्नु; ('कोरल्नु'-को क० क्रि०)।
कोरली–वि० [कोरल्] साँढ़ेसँग नमिसिएकी तरुनी (गाई)।
कोरलो–वि० [कोरल्] भालेसित मिसिने वेला भएकी; तरुनी (गाई-वस्तु); कोरली।
कोरल्नु–स० क्रि० [कोर्+नु] फुलबाट बच्चा झिक्नु; बच्चा काढ्नु।
कोरा–ना० [सं० कर्बुर] १. सादा सेतो र नधोएको, वाक्लो जातको कपड़ा। (वि०) २. माल-सामान तयार गर्ने कच्चा (वस्तु)। ३. अनुभव नभएको; विषय नबुझेको; सिकारु। ४. अपरिष्कृत।
कोराइ–ना० [कोर्+आइ] कोर्ने किसिम, क्रिया वा भाव।
कोराकोर–ना० [कोर्+कोर्] परस्परमा वा धमाधम कोर्ने काम; चिथोराचिथोर।
कोरिनु–स० क्रि० [कोर्+इ+नु] तीखो वस्तुले चिथोरिनु; कोपरिनु; ('कोर्नु'-को क० क्रि०)।
कोरी–ना० [सं० कोटि] १. बीस वटा वस्तुको समुदाय; एक बीस। २. बीस ढेप कागतको ठेली।
कोरी–ना० [सं० कुष्ठ] कोह्नी।
कोरीखाना–ना० [कोरी+खाना (फा०)] कोह्नीखाना।
कोरैंसो–ना० [कोर्+एँसो] कोन्याँसो।
कोरो–ना० [नें०] क्रिया-पुत्रीले बारेर बस्ने ठाउँ।
कोर्काली–वि० [कोरा+आली] अशिष्ट; असभ्य; बेसौरी।
कोर्ट–ना० [अं०] अदालत; न्यायालय।
कोर्ट-फी–ना० [अं०] अदालतमा नालिश दिंदा बुझाउनुपर्ने दस्तूर; न्याय-शुल्क।
कोर्ट-मार्शल–ना० [अं०] १. सैनिकहरू वा सेना-सम्बन्धी मुद्दाको विचार गर्ने अदालत। २. त्यस्तो अदालतले दिएको दण्ड।
कोर्नु–स० क्रि० [सं० कृष्] १. तीखो वस्तुले हलुका घाउ लाग्ने गरी धर्को पार्नु; कोतर्नु। २. दरखऱ्याउनु; फहराउनु। ३. पाछ्नु; खोस्याउनु। ४. कपाल तलास्नु; रौं सम्म्याउनु।
कोर्ने–ना० [नें०] जमीन होचो-अग्लो भएको जाँच्ने यन्त्र।
कोन्याँसो–ना० [कोर्+याँसो] मूला, पिंड़ालु आदि कोरेर भुजुरा पार्ने धारिलो प्वालै-प्वाल भएको धातुको साधन।
कोन्याक-कोन्याक–क्रि० यो० [अनु०] काँक्रो, मूला आदि काँचै चपाउँदा अवाज आउने किसिम।
कोन्याक्क–क्रि० यो० [अनु०] काँक्रो, मूला आदि एकै चोटि टोक्ता आवाज आउने किसिम।
कोर्रा–ना० [सं० कबर] घोड़ा वा अपराधीलाई पिट्ने, समाउने ठाउँमा मूठ हुने छाला वा डोरीको साधन; चाबुक।
कोल–ना० [सं० कील] तिल, तोरी, ऊखु आदि पेल्ने यन्त्र; साल।
कोल–ना० [सं०] १. सुँगुर; बनेल। २. डुङ्गा; नाउ। ३. छाती। ४. औलिया ठाउँमा हुने एक जातको बयर; औलिया-बयर।
कोल-कन्द–ना० [सं०] कल्छे-तरुल।
कोलाँ–ना० [नेवा०] कोटालको माथि राख्ने तेर्सो काठ; डँड़ाली।
कोला-कोला–ना० [नें०] केटा-केटीलाई नुहाउँदा भनिने शब्द।
कोलाहल–ना० [सं०] कोकोहोलो; कोहोलो।
कोल्टे–वि० [कोल्टो+ए] कोल्टो परेको; कोल्टो।
कोल्टो–ना० [प्रा० करवट्ट] १. कोखाले टेकेर सुत्ने मुद्रा; पार्श्व-भाग भुइँमा पर्ने गरी पल्टने स्थिति। (वि०) २. पाही नपरेको; अपाही।
कोविद–वि० [सं०] १. विद्वान्; पण्डित। २. निपुण; पोख्त।
कोविदार–ना० [सं०] कोइरालाको वृक्ष।
कोश–ना० [सं०] १. ढुकुटी; भण्डार। २. तरवार, खुकुरी आदि हतियारको दाप। ३. शब्दहरू सङ्ग्रह गरी प्रत्येकको अर्थ लेखिएको ग्रन्थ; शब्द-कोश। ४. खोल (कुनै वस्तु वा जीवको –यी पाँच बताइएका छन्—अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय।) ५. कोपिला। ६. फुल। ७. अण्ड; अण्ड-कोश। ८. सम्पुट। ९. कोसो।
कोश-कार–ना०[सं०] १. तरवार, खुकुरी आदिको दाप बनाउने व्यक्ति। २. शब्दहरूको क्रमानुसार सङ्ग्रह गरी अर्थ लेख्ने व्यक्ति; शब्द-कोशको निर्माता। ३. रेशमको कीरो। ४. माकुरो। ५. कोसेर-ऊखु।
कोश-पाल–ना० [सं०] ढुकुटीको रक्षक; भण्डारे।
कोशलिक–ना० [सं०] १. घूस; उत्कोच। २. कोसेली।
कोश-वृद्धि–ना० [सं०] १. धन बढ्नु; सम्पत्तिको अभिवृद्धि। २. अण्ड-वृद्धिको रोग।
कोशागार–ना० [सं०] ढुकुटी; भण्डार।
कोशाध्यक्ष–ना० [सं०] संस्थाको सम्पत्ति जिम्मा लिने वा आय-व्ययको सञ्चालन गरी हिसाब राख्ने व्यक्ति; खजान्ची।
कोशाम्र–ना० [सं०] सिंदूरे-आँप।
कोशिश–ना० [फा०] प्रयत्न; प्रयास; चेष्टा।
कोष–ना० [सं०] कोश।
कोष-कार–ना० [सं०] कोश-कार।
कोषाध्यक्ष–ना० [सं०] कोशाध्यक्ष।
कोष्ठ–ना० [सं०] १. कोठी। २. पेटको भित्री भाग। ३. भण्डार; ढुकुटी।
कोष्ठक–ना० [सं०] १. खण्ड; खाना; कोठा। २. व्याख्या

CC-0. In Public Domain. Digitization by eGangotri

वा सूचना अथवा गणितमा गुणनको रूपमा रहने राशि वा अङ्कलाई अगाड़ि र पछाड़ि—दुवैतिर ढाक्ने चिन्ह; ( ), { } र [ ]—यी चिन्ह; ब्रेकेट।

कोष्ठ-बद्ध–ना० [सं०] पेटमा मल रोकिनु; गोटा पर्नु; कब्जियत।

कोष्ठ-बद्धता–ना० [सं०] दिसा बन्द हुनु; कब्जियत।

कोष्ठागार–ना० [सं०] भँड़ार; ढुकुटी।

कोस–ना० [सं० कोश] १. आँखाको कुनु। २. गाजलको शलाका।

कोस–ना० [प्रा०] अन्दाजी दुइ मीलको जमीनको नाप।

कोसल–ना० [सं०] कर्नाली नदीका तटको एक प्राचीन देश।

कोसी–ना० [ने०] काठको सानो आरी।

कोसी–ना० [सं० कौशिकी] नेपालको पूर्वी क्षेत्रमा बग्ने प्रसिद्ध सात नदी (तामाकोसी, लिखू, दूधकोसी, सुनकोसी, अरुण, तमोर र इन्द्रावती—यी सात नदी)।

कोसेर-उखु–ना० [सं० कोशकार+इक्षु] पहेलो र मोटो डाँठ हुने एक जातको ऊखु।

कोसेली–ना० [सं० कुशलि] उपहार; सौगात; नजराना।

कोसो–ना० [सं० कोष] केराउ, सिमी, बोड़ी आदिको गेड़ा रहने, दुइ फल्याँटा जोरिएको खोल।

कोही–सर्वना० [सं० कः] अनिश्चित वा अपरिचित व्यक्तिको निमित्त प्रयोग हुने शब्द; कुनै।

कोहेनूर–ना० [फा०] एक प्रसिद्ध अति मूल्यवान् हीरा।

कोहोलो–ना० [सं० कोलाहल] कोकोहोलो; कोलाहल।

कोह्ल–ना० [सं० कुष्ठ] महारोग; कोर; कुष्ठ।

कोह्ली–वि० [कोह्ल+ई] कुष्ठ रोग लागेको; कोरी; महारोगी।

कोह्लीखाना–ना० [कोह्ली+खाना (फा०)] कोह्लीहरूलाई औषधी गर्ने ठाउँ; कोरीखाना।

कौ–ना० [नेवा०] फलामको काम गर्ने एक जाति।

कौंटी–ना० [ने०] उड़िरहेको चङ्गालाई उल्टो फर्काई तलतिर झार्नु।

कौक्कुटिक–वि० [सं०] १. कुखुरा पाल्ने व्यक्ति। २. ढोंगी; वकुल्ला-भगत।

कौक्षेयक–ना० [सं०] तरवार।

कौच–ना० [अं० काउच] गद्दीदार विशेष प्रकारको मेच।

कौटकिक–ना० [सं०] चरा पक्रने वा मार्ने व्यक्ति; चराको शिकारी।

कौटिलीय–वि० [सं०] कौटिल्यले बनाएको।

कौटिल्य–ना० [सं०] १. ईसा-पूर्व तृतीय शताब्दीमा भएका अर्थ-शास्त्रका प्रणेता; कूट-नीतिका आचार्य; चाणक्य। २. कुटिल हुनाको भाव; कुटिलता।

कौटुम्ब–वि० [सं०] १. कुटुम्बलाई पालन-पोषण गर्न आवश्यक (वस्तु)। (ना०) २. कुटुम्ब; परिवार।

कौटुम्बिक–वि० [सं०] १. कुटुम्ब-सम्बन्धी; कुटुम्बको। २. कुटुम्ब भएको; कुटुम्बी। (ना०) ३. बाबु; घरको जेठो-बाठो।

कौड़ा–ना० [सं० कपर्द] समुद्रमा हुने घुँगीजस्तो कीराको सानो शङ्ख-जातको अस्थि-कोष।

कौड़ी–ना० [कौड़ा+ई] १. सानो खालको कौड़ा। २. निम्नतम मूल्य; ज्यादै कम मोल।

कौड़े–वि० [कौड़ा+ए] १. कौड़ा झुन्ड्याइएको; कौड़ीवाल। २. आँखामा फूलो परेको (पशु)। (ना०) ३. दास; कमारो।

कौड़ो–ना० [ने०] खुकुरीको काँजोनिर धारमा बनेको अर्ध-चन्द्राकार वृत्त।

कौणप–ना० [सं०] राक्षस।

कौतुक–ना० [सं०] १. अभिलाषा; इच्छा। २. कुतूहल; उत्कण्ठा। ३. आश्चर्य; अचम्म। ४. आनन्द; प्रसन्नता। ५. खेल-कूद; मनोरञ्जक तमाशा। ६. विवाहमा बाँध्ने लग्न-ग्रन्थि।

कौतुकागार–ना० [सं०] कौतुकालय।

कौतुकालय–ना० [सं०] १. विचित्र-शाला; म्यूजियम। २. विवाहका समयमा वधूलाई सिंगार्ने कोठा। ३. कन्या-दान गर्ने ठाउँ। ४. मनोरञ्जन गर्ने ठाउँ वा घर।

कौतुकी–वि० [सं०] १. कौतुक गर्ने; विनोद-शील। २. विवाहको सम्बन्ध स्थिर गर्ने। ३. खेल-तमाशा देखाउने।

कौतूहल–ना० [सं०] कुतूहल।

कौपीन–ना० [सं०] १. लँगौटी। २. योगीहरूले काँधमा हाल्ने कपड़ा।

कौबेरी–ना० [सं०] १. उत्तर दिशा। २. कुबेरकी शक्ति।

कौमार–ना० [सं०] १. कुमार हुनाको भाव वा अवस्था। २. जन्मदेखि सोह्र वर्षसम्मको अवस्था; कुमार।

कौमार-भृत्या–ना० [सं०] कुमार-भृत्या।

कौमार-व्रत–ना० [सं०] विवाह नगर्ने व्रत; ब्रह्मचर्य पालन गर्ने व्रत।

कौमार्य–ना० [सं०] कुमार हुनाको भाव; कौमार।

कौमुदी–ना० [सं०] १. जून; ज्योत्स्ना। २. कार्तिक पूर्णिमा। ३. संस्कृत भाषाको एक प्रसिद्ध व्याकरण-ग्रन्थ।

कौमोदकी–ना० [सं०] विष्णुको गदा।

कौल–ना० [सं०] १. वाम-मार्गी शाक्त। (वि०) २. कुलीन; खानदानी।

कौल–ना० [फा० क़बल] काठीको अगिल्लो भागको दायाँ-बायाँ रहने एक किसिमको ब्याग।

कौलटेय–ना० [सं०] कुलटाको छोरो; वेश्या-पुत्र।

कौलतड़–ना० [फा० क़बल+तंग] कौल कस्ने छालाको पेटी।

कौलासाइ–ना० [कौलास्+आइ] कौलास्ने किसिम वा क्रिया।

कौलास्नु–स० क्रि० [ने०] १. टाढ़ाबाट कसैलाई ठूलो स्वरले बोलाउनु; हपार्नु। (अ० क्रि०) २. चिच्च्याउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

कौवा–ना० [सं० काक] काग; काक।

कौवा-ठोरी–ना० [सं० काकतुण्डी] कौवाको चुच्चाका आकारका सेता, नीला रङ्गका फूल फुल्ने लताविशेष।

कौवा-फल–ना० [कौवा+फल] भुइँ-काफल।

कौश–वि० [सं०] १. रेशमबाट बनेको; रेशमी। २. कुशको; कुशले बनेको।

कौशल–ना० [सं०] १. सीप; कुशलता; निपुणता; चातुर्य। २. कोशल देशको।

कौशिक–ना० [सं०] १. कुशिक ऋषिको वंश। २. विश्वामित्र। ३. इन्द्र। ४. लाटोकोसेरो।

कौशिकी–ना० [सं०] नेपालका पूर्वी प्रदेशका नदीहरू; कोसी।

कौशेय–वि० [सं०] १. रेशमको; रेशमी। (ना०) २. रेशम।

कौसल–ना० [अं० काउन्सिल] १. कुनै विषयमा विशेष विचार गर्नाका निमित्त खड़ा गरिएको सभा। २. कुनै शासक वा राजालाई शासन-सम्बन्धी परामर्श दिने सभा।

कौसलेय–ना० [सं०] रामचन्द्र।

कौसल्या–ना० [सं०] राजा दशरथकी सबभन्दा जेठी रानी र रामचन्द्रकी माता।

कौसी–ना० [नेवा० कःसि] घरको माथिल्लो तलामा छाना नहाली बनाएको खुला ठाउँ; अटाली।

कौसीद–वि० [सं०] अरूलाई ऋण दिएर ब्याज लिने।

कौसुम्भ–वि० [सं०] १. कुसुमको; कुसुम-सम्बन्धी। २. कुसुम रङ्ले रँगाइएको।

कौसुम्भी–ना० [सं०] रातो-मन्सरा।

कौस्तुभ–ना० [सं०] विष्णुको वक्ष-स्थलमा लाउने एक रत्न।

क्या–वि० बो० [कति+को] १. विस्मय, हर्ष, शोक, झिँज्याहट, सम्भावना आदि बुझाउने शब्द। २. के। ३. कत्तिको; कस्तो। ४. खूब; अत्यन्त।

क्याँक-क्याँक–क्रि० यो० [अनु०] हाँस, सुगा आदि चरा कराउने शब्द।

क्याँकी–ना० [ने०] १. गलो; घोक्रो; घाँटी। २. एक जातको चरो।

क्याँक्नु–स० क्रि० [क्याँकी] घोक्रो समाउनु; घाँटीमा पक्रनु।

क्याँट–ना० [काँट] रुपियाँको लक्कु; रुपियाँ-पैसाको बिन्डी।

क्याउँ-क्याउँ–ना० [अनु०] १. नहुने कुरामा पनि झर्को लाग्ने गरी कराइरहनु; कचकच। २. ज्यादा खलबल।

क्याक्क–क्रि० यो० [अनु०] घाँटी अँठ्याउँदा सास रोकिने किसिम; किक्क।

क्याच्च–क्रि० यो० [अनु०] किचिने किसिम।

क्याजुयल-लीभ–ना० [अं०] सरकारी कर्मचारीहरूलाई घरायसी कामका निमित्त आवश्यक परेका वेलामा नियमानुसार दिइएको बिदा; भइपरिआउने बिदा; नैमित्तिक बिदा।

क्याटलग–ना० [अं० कैटलॅग] १. कुनै कम्पनी वा व्यापारीले आफूसँग भएका माल-सामानहरूको विवरण लेखी प्रकाशित गरेको सूची-पत्र। २. पञ्जिका।

क्यानरी–ना० [अं० कैनरी] भँगेरोजत्रो प्रायः पहेँलो रङ्गको मीठो बोली बोल्ने एक जातको चरो।

क्यान्सर–ना० [अं० कैन्सर] गाँठा; विद्रधि।

क्याप्प–क्रि० यो० [अनु०] समाउने वा टोक्ने किसिम; टचाप्प।

क्या-बात–वि० बो० [क्या+बात] कुनै बहादुरी वा असल काम गर्दा पिठचूँमा धाप मारेर वा त्यसै पनि प्रोत्साहन दिँदा भनिने शब्द; स्यावास।

क्याबिनेट–ना० [अं० कैबिनेट] १. मन्त्रि-मण्डल। २. मन्त्रि-मण्डलको बैठक; मन्त्रीहरूको सभा।

क्यामरा–ना० [अं० कैमरा] तसबीर खिँच्ने यन्त्रविशेष।

क्यामुनु–ना० [ने०] अन्दाजी तीन अमल फराक र एक कुरेत लामा चिल्ला पात हुने, पहेँला फूल फुल्ने रूखविशेष। (यसको बोक्रा नसको काममा प्रयोग गरिन्छ।)

क्याम्प–ना० [अं० कैम्प] १. फौजी छाउनी। २. कम्पाउन्ड; हाता; गिर्दा। ३. बास; थोरै समय बस्ने ठाउँ।

क्याम्प-कट–ना० [अं० कैम्प-कॅट] दोब्र्याएर यत्र-तत्र लैजान हुने एक किसिमको खाट।

क्याम्पा–ना० [अं० कैम्प] गिर्दा; हाता।

क्यारी–ना० [सं० केदार] बोट-बिरुवाको वरि-परि डीलले घेरी बनाएको जमीन।

क्यारे–अव्य० [क्या+अरे] वाक्यको पछिल्तिर लागेर भनिएको कुरामा संशय बुझाउने शब्द।

क्यालेन्डर–ना० [अं० कैलेन्डर] वर्ष, महीना, तारीख, वार आदि लेखिएको छोटकरी पात्रो।

क्यू-सेक–ना० [अं०] प्रतिसेकेन्ड एक घनफुट पानीको प्रवाह।

क्रकुच्छन्द–ना० [सं०] श्लेष्मान्तक वनमा तपस्या गर्ने एक प्राचीन मानव-बुद्ध।

क्रतु–ना० [सं०] १. यज्ञ। २. निश्चय; सङ्कल्प। ३. इच्छा।

क्रतु-ध्वंसी–ना० [सं०] दक्षको यज्ञ विध्वंस गर्ने देवता; शिव।

क्रन्दन–ना० [सं०] १. रुनु; रोदन; विलाप। २. युद्धका निमित्त गरिएको आह्वान; हाँक।

क्रन्दित–वि० [सं०] १. रोइएको; विलाप गरिएको। २. हाँक दिइएको; आहूत।

क्रम–ना० [सं०] १. सिलसिला; मेलो। २. नियम; रूल। ३. पाइलो हाल्नु; कदम।

क्रमशः–अव्य० [सं०] १. क्रमैसित; रोलैसित; पालैसँग। २. बिस्तार-बिस्तारै; अलि-अलि गरेर।

क्रम-सङ्ख्या–ना० [सं०] क्रमैसँग राखिएको सङ्ख्या; सिलसिलेवार नम्बर।

क्रमागत–वि० [सं०] १. क्रमैसँग आएको; पालैसित भएको। २. बाबु-बाजेदेखि भइआएको; परम्परागत।

क्रमाङ्क–ना० [सं०] क्रम-सङ्ख्या; सिलसिलेवार नम्बर।

क्रमानुसार–क्रि० यो० [सं०] क्रमबमोजिम; क्रमशः।

क्रमिक–वि० [सं०] १. क्रमैसित आएको; क्रमागत। २.

CC-0. In Public Domain. Digitization by eGangotri

बिस्तारो-बिस्तारो; शनैः-शनैः। ३. सिलसिला मिलेको; क्रम-युक्त।

क्रमुक–ना० [सं०] सुपारी।

क्रमेलक–ना० [सं०] ऊँट।

क्राउन–ना० [अं०] १. पन्ध्र इन्च फराक र बीस इन्च लामो कागतको नाप। २. राज-मुकुट; श्रीपेज। ३. राज-पद।

क्रय–ना० [सं०] किन्नु; खरीद।

क्रय-विक्रय–ना० [सं०] १. खरीद-बिक्री; किन-बेच। २. मर्का।

क्रय-शक्ति–ना० [सं०] जीवन-निर्वाहको निमित्त आवश्यक वस्तुहरू खरीद गर्न सक्ने कुनै मुद्रा, व्यक्ति, समाज वा राष्ट्रको आर्थिक बल।

क्रयी–वि० [सं०] किन्ने; खरीद गर्ने।

क्रय्य–वि० [सं०] १. बेच्न राखिएको। २. खरीद गर्न सकिने।

क्रव्य–ना० [सं०] मासु।

क्राइस्ट–ना० [अं०] ईसाई धर्मका प्रवर्तक एक महात्मा; ईसा।

क्रान्त–वि० [सं०] १. थिचिएको; कुल्चिएको। २. आक्रमण गरिएको। ३. आफ्नो सीमा वा मर्यादा नाघेको।

क्रान्ति–ना० [सं०] १. गति; चाल। २. स्थितिको ठूलो परिवर्तन; आमूल परिवर्तन। ३. शासनको उल्टा-पाल्टी।

क्रान्ति-कारी–वि० [सं०] क्रान्ति गर्ने; प्रचलित स्थितिमा ठूलो परिवर्तन ल्याउने।

क्रान्ति-मण्डल–ना० [सं०] पृथ्वीबाट देखिने सूर्यको गति-पथ; क्रान्ति-वृत्त।

क्रान्तिवाद–ना० [सं०] कायम स्थितिमा क्रान्ति वा आमूल परिवर्तन गर्ने सिद्धान्त।

क्रान्तिवादी–वि० [सं०] क्रान्तिवादको अनुयायी।

क्रान्ति-वृत्त–ना० [सं०] क्रान्ति-मण्डल।

क्रिकेट–ना० [अं०] दाबिलाका आकारको लट्ठीले सानो भकुन्डोलाई हानेर खेलिने एक खेल।

क्रियमाण–वि० [सं०] काम भइरहेको; गरिइरहेको।

क्रिया–ना० [सं०] १. काम; कर्म; कार्य। २. प्रयत्न; चेष्टा। ३. व्याकरणमा कुनै कार्य जनाउने शब्द। ४. मृतकको अन्त्येष्टि कर्म; किरिया। ५. नित्य-कर्म; दैनिक कर्म।

क्रिया-कर्म–ना० [सं०] मृतकको अन्त्येष्टि कर्म; काज-किरिया।

क्रिया-कलाप–ना० [सं०] कामहरूको समुदाय; आचरण।

क्रिया-चतुर–ना० [सं०] १. अनेक प्रकारका कौशल वा छल-बाट आफ्नो कार्य सिद्ध गर्ने नायक। (वि०) २. काममा सिपालु; कार्य-दक्ष।

क्रियात्मक–वि० [सं०] १. क्रियासहितको; क्रिया-युक्त। २. क्रियाको; क्रिया-सम्बन्धी। ३ कार्यरूपमा आएको; क्रियान्वित। ४. कार्यको रूपमा व्यवहार वा उपयोग हुन सक्ने; व्यावहारिक।

क्रियान्वयी–वि० [सं०] १. क्रियाको प्रकार बुझाउने वा क्रिया-सित सम्बन्धित। (ना०) २. क्रिया-योगीको एक भेद।

क्रिया-पद–ना० [सं०] व्याकरणअनुसार कुनै कार्य बुझाउने शब्द; क्रिया।

क्रिया-पुत्री–ना० [क्रिया+पुत्र+ई] मरेका मानिसका उद्देश्यले तेह्र दिनसम्मको और्ध्वदेहिक कार्य गर्ने व्यक्ति।

क्रिया-योगी–ना० [सं०] व्याकरणअनुसार क्रिया-पदको वा कृदन्तको क्रियासँग सम्बन्ध हुने अव्यय शब्द। (यसका क्रिया-विशेषण र क्रियान्वयी—दुइ भेद छन्।)

क्रिया-विशेषण–ना० [सं०] व्याकरणअनुसार क्रिया, विशेषण र क्रिया-योगीको विशेषता वा गुण बुझाउने शब्द।

क्रिश्चियन–ना० [अं०] ईसाई।

क्रिस्तान–वि० [अं० क्रिश्चियन] ईसाका अनुयायी; ईसाई।

क्रीडन–ना० [सं०] १. खेल; खेलबाड; क्रीडा। २. खेलौना।

क्रीडनक–ना० [सं०] खेलबाड़को सामान; खेलौना।

क्रीडनीय–वि० [सं०] १. खेल्न लायक; खेल्न योग्य। (ना०) २. खेलौना।

क्रीडा–ना० [सं०] १. खेल; खेलबाड़। २. आमोद-प्रमोद; मन-बहलाउ।

क्रीडा-कानन–ना० [सं०] खेलबाड़ गर्नेबगैंचा; प्रमोद-वन।

क्रीड़ा-गृह–ना० [सं०] केलि-गृह; रति-गृह।

क्रीडा-स्थल–ना० [सं०] खेलबाड़ गर्ने ठाउँ; रङ्ग-भूमि।

क्रीडित–वि० [सं०] खेलिएको।

क्रीत–वि० [सं०] किनिएको; खरीद गरिएको।

क्रीतक–ना० [सं०] १. किनेको नोकर; कमारो। २. किनेको छोरो; क्रीत पुत्र।

क्रुद्ध–वि० [सं०] रिसाएको; झोकिएको।

क्रुसीबल–ना० [अं० क्रुसिबुल] सुन, चाँदी आदि धातु गाल्ने भाँडो; घरिया; मूषा।

क्रूर–वि० [सं०] १. अर्कालाई दुःख दिएर सन्तुष्ट हुने; पर-पीडक। २. निष्ठुर; निर्दय। ३. रिसाहा; क्रोधी। ४. डर-लाग्दो; भयानक।

क्रूर-कर्मा–वि० [सं०] क्रूर काम गर्ने; निष्ठुर।

क्रूर-ग्रह–ना० [सं०] रवि, शनि, मङ्गल, राहु र केतु–यी पाँच ग्रह; पाप-ग्रह।

क्रूरता–ना० [सं०] क्रूर हुनाको भाव।

क्रूर-दृक्–ना० [सं०] १. शनि। २. मङ्गल-ग्रह। ३. दुष्ट व्यक्ति।

क्रूरात्मा–वि० [सं०] १. क्रूर स्वभाव भएको; कठोर स्वभावको। (ना०) २. शनि-ग्रह।

क्रेता–वि० [सं०] किन्ने; खरीद गर्ने।

क्रोड–ना० [सं०] १. आलिङ्गन गर्ने मुद्राका दुइ हातका बीचको भाग; भुजान्तर। २. छाती; वक्ष-स्थल। ३. काख। ४. बँदेल; सुँगुर।

क्रोड-पत्र–ना० [सं०] पत्र-पत्रिकाका साबिक कलेवरमा थपिएर आएको अतिरिक्त पत्र।

CC-0. In Public Domain. Digitization by eGangotri

क्रोध–ना० [सं०] १. कुनै अनुचित वा हानि-कारक काम-कुरो देख्दा उत्पन्न हुने मानसिक उग्र उद्वेग; कोप; रीस; रोष। २. साठी संवत्सरमध्ये एक।

क्रोधन–वि० [सं०] रिसाहा; क्रोधी।

क्रोधी–वि० [सं०] रिसाहा; झोकी; मापाको।

क्रोश–ना० [सं०] १. रुनु; कराउनु। २. कोस।

क्रौञ्च–ना० [सं०] १. कन्याङ्कुरुङ पक्षी। २. हिमालयको एक टाकुरो।

क्लब–ना० [अं०] १. कुनै विशेष उद्देश्य लिएर नियमित रूपले सदस्यहरू भेला हुने गोष्ठी। २. त्यस्तो गोष्ठी भेला हुने ठाउँ।

क्लम–ना० [सं०] थकाइ।

क्लर्क–ना० [अं० क्लार्क] कारिन्दा; अड्डाखानामा लेख्ने काम गर्ने कर्मचारी।

क्लान्त–वि० [सं०] १. थाकेको; थकित; श्रान्त। २. ओइलाएको।

क्लान्ति–ना० [सं०] थकाइ; थकावट।

क्लास–ना० [अं०] दर्जा; श्रेणी; वर्ग; कक्षा।

क्लिप–ना० [अं०] किलिप।

क्लिष्ट–वि० [सं०] १. क्लेश-युक्त; दुःखी; पीडित। २. परस्पर नमिल्ने; पूर्वापर-विरुद्ध। ३. कठिन; मुश्किल। ४. मुश्किलसित अर्थ लाग्ने।

क्लिष्टता–ना० [सं०] क्लिष्ट हुनाको भाव।

क्लिष्टत्व–ना० [सं०] १. क्लिष्ट हुनाको भाव; क्लिष्टता। २. अर्थ वा भाव राम्ररी नखुल्ने काव्यको दोष।

क्लीब–ना० [सं०] १. नपुंसक; सिँगारु। २. डर-छेरुवा; नामर्द; क्लीव।

क्लीबता–ना० [सं०] क्लीब हुनाको भाव; नपुंसकता; क्लीवता।

क्लीबत्व–ना० [सं०] नपुंसकत्व; क्लीबता।

क्लीव–ना० [सं०] क्लीब।

क्लीवता–ना० [सं०] क्लीबता।

क्लीवत्व–ना० [सं०] क्लीबत्व।

क्लेद–ना० [सं०] १. भिजेको हुनाको भाव; आर्द्रता। २. पसीना।

क्लेश–ना० [सं०] १. दुःख; पीडा; कष्ट। २. व्यथा; वेदना। ३. रोष; क्रोध।

क्लेशित–वि० [सं०] दुःखित; पीडित।

क्लैब्य–ना० [सं०] क्लीवता; नपुंसकत्व।

क्लोम–ना० [सं०] फोक्सो।

क्लोरोफर्म–ना० [अं० क्लोरोफॅर्म] सुँघ्दा बेहोश पार्ने औषधि-विशेष।

क्वचित्–क्रि० यो० [सं०] १. कहीँ; कतै। २. ज्यादै कम; बिरलै।

क्वण–ना० [सं०] वीणा, सितार, चाँप आदिको शब्द।

क्वणित–वि० [सं०] झङ्कारले बजेको; झङ्कृत शब्द निस्केको; गुञ्जित।

क्वथ–ना० [सं०] काँढ़ा; क्वाथ।

क्वथित–वि० [सं०] १. क्वाथ बनाइएको। २. उम्लेको; भकभकी पाकेको।

क्वाँ-क्वाँ–क्रि० यो० [अनु०] डाँको छोड़ेर रोएको शब्द; ठूलो स्वरले रुने किसिम।

क्वाँच–ना० [चौ० ?] पुरानो ढाँचाको लामो कोट।

क्वाँटी–ना० [सं० क्वाथ] केराउ, चना, मास, भटमास आदि दाल-जातिका सग्ला गेड़ा छासमिसे गरी पानीमा ढड्याई अङ्कुर निस्केको अन्न।

क्वाँथ–ना० [सं० क्वाथ] क्वाथ।

क्वाइँ-क्वाइँ–क्रि० यो० [अनु०] १. क्रन्दन-युक्त कुकुर कराउने किसिम। २. जगल्टा भुत्ल्याउने किसिम। ३. बेसरी कपाल कोर्ने किसिम।

क्वाक्वा–क्रि० यो० [अनु०] काग कराउने किसिम।

क्वाण–ना० [सं०] वीणा; सितार; चाँप आदिको शब्द।

क्वाथ–ना० [सं०] १. काष्ठादि ओषधि पानीमा उमालेर झिकेको रस; काँढ़ा। २. सुरुवा। ३. बेसरी पाकेर गलेको; क्वाँथ।

क्वान्डा–ना० [सं० कुण्ड] गाई-वस्तुलाई कुँड़ो, भुस्सा आदि खुवाउने डुङ्गाका आकारको काठको भाँड़ो; डूँड़।

क्वाप-क्वाप–क्रि० यो० [अनु०] डल्लो वस्तु धमाधम मुखमा हाल्ने किसिम; कपाकप।

क्वापक्वापती–क्रि० यो० [क्वाप-क्वाप+ती] क्वाप-क्वाप।

क्वाप्प–क्रि० यो० [अनु०] डल्लो वस्तु मुखमा हाल्ने किसिम; कप्प।

क्वारक्वारती–क्रि० यो० [अनु०] १. एकटक लाएर हेरिरहने किसिम। २. साह्रो वस्तु चपाउँदा अवाज आउने किसिम। ३. चाँड़ो-चाँड़ो कोर्ने किसिम।

क्वार्र–क्रि० यो० [अनु०] १. कोरिने किसिम। २. कीरा, फट्याङ्ग्रा आदि कराउने किसिम।

क्वाल्ल–क्रि० यो० [अनु०] १. पेट कराउने किसिम। २. पानी बग्ने किसिम।

क्ष–'क' र 'ष'-को संयुक्त रूप। देवनागरी वर्ण-मालामा यसको स्वतन्त्र रूप पनि मानिएको छ। यसको उच्चारण कण्ठ-मूर्धा-स्थानबाट हुन्छ।

क्षण–ना० [सं०] १. अल्पतम समय; छिन। २. अवसर; मौका।

क्षणदा–ना० [सं०] १. रात। २. हलेंदो।

क्षण-भङ्गुर–वि० [सं०] १. छिनभरमा नाश हुने; अल्प समयमै नष्ट हुने। २. अनित्य; अस्थिर।

क्षणमात्र–ना० [सं०] क्षणभर; एक छिन।

क्षणिक–वि० [सं०] १. क्षणभरमात्र रहने; क्षण-भङ्गुर। २. अनित्य; अस्थिर।

CC-0. In Public Domain. Digitization by eGangotri

क्षणिका–ना० [सं०] बादलमा चम्कने विजुली।
क्षणी–वि० [सं०] क्षणभरमात्र रहने; क्षणिक।
क्षत–वि० [सं०] १. घाउ लागेको; क्षति भएको; घायल। (ना०) २. घाउ; चोट।
क्षतज–वि० [सं०] १. घाउबाट निस्कने। (ना०) २. रगत। ३. पीप।
क्षत-योनि–वि० [सं०] पुरुषसित सम्पर्क भइसकेकी; योनि क्षत भएकी।
क्षत-विक्षत–वि० [सं०] बेसरी चोट-पटक लागेको; रक्त्योल।
क्षता–वि० [सं०] योनि क्षत भएकी; कौमार्य-व्रत भङ्ग भएकी।
क्षति–ना० [सं०] १. हानि; नोक्सानी। २. क्षय; नाश। ३. चोट; घाउ।
क्षति-पूर्ति–ना० [सं०] १. कसैको केही हानि भएको कुरा पूरा गरिदिनु; नोक्सान भराइदिनु। २. क्षति वा नोक्सान भएको पूर्ति गर्न दिइएको धन; हर्जाना।
क्षत्र–ना० [सं०] १. क्षत्रिय। २. राज्य; राष्ट्र। ३. शरीर। ४. धन।
क्षत्र-कर्म–ना० [सं०] क्षत्रियले गर्नुपर्ने काम (युद्धबाट नहट्नु, शत्रुलाई हटाउनु, दान दिनु आदि)।
क्षत्र-धर्म–ना० [सं०] क्षत्रियको धर्म; क्षत्रिय-जातिले गर्नुपर्ने धर्म (अध्ययन, दान, यज्ञ, प्रजा-पालन आदि)।
क्षत्र-पति–ना० [सं०] राजा।
क्षत्रिय–ना० [सं०] हिन्दूहरूका चार वर्णमध्ये द्वितीय वर्ण। (यस वर्णको मुख्य काम देशको सुशासन र सुरक्षा गर्नु बताइएको छ।)
क्षत्री–ना० [सं०] क्षत्रिय।
क्षन्तव्य–वि० [सं०] क्षमा गर्न योग्य; क्षम्य।
क्षन्ता–वि० [सं०] सहने; क्षमा-शील।
क्षपणक–वि० [सं०] १. लाज नमान्ने; निर्लज्ज। (ना०) २. नाङ्गो रहने जैन संन्यासी। ३. विक्रमादित्यका राज-सभाका नव रत्नमध्ये एक।
क्षपा–ना० [सं०] रात; रात्रि।
क्षपा-कर–ना० [सं०] चन्द्रमा।
क्षपित–वि० [सं०] १. फालिएको; मिल्काइएको। २. छ्यापिएको।
क्षम–वि० [सं०] १. कुनै काम गर्ने शक्ति वा योग्यता भएको; समर्थ; योग्य। (ना०) २. बल; शक्ति।
क्षमता–ना० [सं०] १. शक्ति; सामर्थ्य। २. कुनै काम गर्ने वा केही धारण गर्न सक्ने शक्ति; योग्यता।
क्षमा–ना० [सं०] १. अर्काले दिएका दुःखको बदला लिने विचार नगरीकन त्यसलाई सहने मानिसको मनोवृत्ति; क्षान्ति; माफी। २. सहन-शीलता; सहिष्णुता। ३. पृथ्वी। ४. दुर्गा।
क्षमापन–ना० [सं०] क्षमा गर्नु; माफी; क्षान्ति।
क्षमा-प्रार्थना–ना० [सं०] आफूले बिराएका कामको माफी माग्नु; क्षमा माग्नु; क्षमा-याचना।
क्षमा-याचना–ना० [सं०] क्षमा माग्नु; क्षमा-प्रार्थना।
क्षमावान्–वि० [सं०] माफी दिने; क्षमा गर्ने; क्षमा-शील।
क्षमा-शील–वि० [सं०] १. क्षमा गर्ने; क्षमावान्। २. शान्त प्रकृतिको; सीधा-साधा प्रकृतिको।
क्षमित–वि० [सं०] क्षमा गरिएको; माफ दिइएको।
क्षमिता–वि० [सं०] क्षमा गर्ने; क्षमा-शील।
क्षमी–वि० [सं०] १. क्षमा गर्ने; क्षमा-शील। २. समर्थ; शक्ति-शाली।
क्षम्य–वि० [सं०] क्षमा गर्न योग्य; माफ दिन योग्य।
क्षय–ना० [सं०] १. बिस्तारो-बिस्तारो घट्नु; ह्रास। २. नाश; विनाश। ३. प्रलय; कल्पान्त। ४. घर; गृह। ५. राज-यक्ष्मा; टी० बी० रोग।
क्षय-कर–वि० [सं०] क्षय गर्ने; नाश गर्ने।
क्षय-काल–ना० [सं०] प्रलय-काल।
क्षय-तिथि–ना० [सं०] लोप भएको तिथि; टुटेको तिथि।
क्षय-पक्ष–ना० [सं०] कृष्ण पक्ष।
क्षय-मास–ना० [सं०] ज्योतिष-शास्त्रानुसार एक सय चौध वर्षको अन्तरमा आउने एक महीनाभित्र दुइ सङ्क्रान्ति पर्ने चान्द्र-मास। (यसको तीन महीना पहिले र तीन महीना पछि एक-एक अधिमास पर्दछ।)
क्षय-रोग–ना० [सं०] फोक्सामा विशेष प्रकारका कीटाणुले गर्दा घाउ भएर बिस्तारै-बिस्तारै रोगी गल्दै जाने प्रसिद्ध रोग; राज-यक्ष्मा; टी० बी० रोग।
क्षयाह–ना० [सं०] टुटेको तिथि; क्षय-तिथि।
क्षयित्व–ना० [सं०] क्षय हुनाको भाव।
क्षयिष्णु–वि० [सं०] क्षय हुन लागेको; नाश हुन लागेको।
क्षयी–वि० [सं०] १. नाश हुने; क्षय हुने। २. क्षय-रोग लागेको। (ना०) ३. चन्द्रमा।
क्षर–वि० [सं०] १. नाश हुने; नाशवान्। २. चञ्चल। (ना०) ३. जल। ४. जीवात्मा। ५. शरीर।
क्षरण–ना० [सं०] चुहुनु; रसाउनु।
क्षान्ति–ना० [सं०] सहन-शीलता; धैर्य; क्षमता।
क्षात्र–वि० [सं०] क्षत्रिय-सम्बन्धी।
क्षाम–वि० [सं०] दुब्लो; पातलो; कृश।
क्षार–ना० [सं०] १. दाहक अथवा जारक औषधीहरू अथवा खनिज पदार्थहरूको भस्मबाट रासायनिक प्रक्रियाद्वारा तयार गरिएको नून। २. नून। ३. सज्जी-खार; सोडा। ४. सोहागा। ५. खरानी; भस्म।
क्षार-भूमि–ना० [सं०] क्षार-युक्त माटो भएको जमीन; ऊषर।
क्षार-समुद्र–ना० [सं०] नुनिलो पानीको समुद्र; क्षारोद।
क्षारोद–ना० [सं०] क्षार-समुद्र; नुनिलो पानीको समुद्र।
क्षालन–ना० [सं०] धुनु; सफा गर्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

क्षालित–वि० [सं०] धोइएको।

क्षिति–ना० [सं०] १. पृथ्वी। २. घर; वास-स्थान। ३. क्षय।

क्षितिज–ना० [सं०] १. रूख; वृक्ष। २. मङ्गल-ग्रह। ३. आँखाले भेटिएसम्म टाढ़ाको, पृथ्वी र आकाश जोरिएजस्तो देखिने गोलाकार वृत्त।

क्षिति-तल–ना० [सं०] धरा-तल; पृथ्वी।

क्षिति-पति–ना० [सं०] राजा।

क्षिति-मण्डल–ना० [सं०] भू-मण्डल; पृथ्वी।

क्षिप–ना० [सं०] फ्याँक्नु; मिल्काउनु।

क्षिपक–वि० [सं०] फ्याँक्ने; मिल्काउने।

क्षिप्त–वि० [सं०] फ्याँकिएको; मिल्काइएको; हुत्त्याइएको।

क्षिप्र–क्रि० यो० [सं०] तुरुन्त; चाँड़ै; तत्काल; शीघ्र।

क्षिप्र-कारी–वि० [सं०] चाँड़चाँड़ै काम गर्ने; छिटो।

क्षीण–वि० [सं०] १. दुब्लो; पातलो। २. घट्दै गएको; क्षय हुने।

क्षीणक–वि० [सं०] क्षीण गर्ने।

क्षीणता–ना० [सं०] क्षीण हुनाको भाव।

क्षीर–ना० [सं०] १. दूध। २. पानी; जल। ३. रूखको चोब। ४. खीर; पायस।

क्षीरधि–ना० [सं०] समुद्र।

क्षीर-पलाण्डु–ना० [सं०] सेतो प्याज।

क्षीर-सागर–ना० [सं०] पुराणअनुसार सात समुद्रमध्ये एक। (यसलाई दूधको समुद्र भनिएको छ।)

क्षीरिणी–ना० [सं०] खिर्नी।

क्षीव–वि० [सं०] बहुला; पागल।

क्षुण्ण–वि० [सं०] १. टुक्र्याइएको; टुक्रा पारिएको। २. टूट-फूट भएको; खण्डित। ३. अभ्यस्त।

क्षुत्–ना० [सं०] छिक्का।

क्षुद्र–वि० [सं०] १. तुच्छ; जाबो। २. नीच; अधम। ३. सानो; अल्प। ४. दरिद्र; निर्धन। ५. कन्जुस ; कृपण।

क्षुद्र-घण्टिका–ना० [सं०] साना-साना घण्टी; चाँप।

क्षुद्रता–ना० [सं०] क्षद्र हुनाको भाव; नीचता।

क्षुद्र-धान्य–ना० [सं०] कोदो; कुअन्न।

क्षुद्र-पाषाण-भेद–ना० [सं०] लाम्चा ठूला-ठूला पात, सेता साना-साना फूल र खैरो कन्द हुने एक जातको पाषाण-भेद।

क्षुद्र-वातङ्गिनी–ना० [सं०] लुर्के-भण्टा।

क्षुधा–ना० [सं०] १. भोजनको इच्छा; भोक; छुद्दे। २. तृष्णा; प्राप्तिको इच्छा।

क्षुधातुर–वि० [सं०] ज्यादै भोकाएको; भोकले आत्तिएको।

क्षुधालु–वि० [सं०] भोक लागिरहने स्वभावको।

क्षुधित–वि० [सं०] भोकाएको; भोको।

क्षुप–ना० [सं०] साना-साना हाँगा हुने बोट; बूटो।

क्षुपक–ना० [सं०] झाड़ी; बूटाहरूको समूह।

क्षुब्ध–वि० [सं०] १. क्षोभ भएको। २. चञ्चल; अधीर। ३. विह्वल; व्याकुल; दिक्दार। ४. रिसाएको; क्रुद्ध। (ना०) ५. मधानी।

क्षुभ–ना० [सं०] १. खोकी। २. छिक्का।

क्षुभित–वि० [सं०] क्षुब्ध।

क्षुर–ना० [सं०] १. छुरा। २. पशुको खुर।

क्षुरक–ना० [सं०] छुरा।

क्षुर-कर्म–ना० [सं०] कपाल खौरनु; क्षौर-कर्म।

क्षुरप्र–ना० [सं०] खुर्पा।

क्षुरिका–ना० [सं०] छुरी।

क्षुल्लक–वि० [सं०] १. सानो; क्षुद्र। २. अलिकति; थोरै। ३. बाङ्गो; कुटिल। ४. नीच; तुच्छ।

क्षेत्र–ना० [सं०] १. खेत; जग्गा; जमीन; भूमि। २. पुण्य-तीर्थ; धाम। ३. उत्पत्ति-स्थान। ४. कोख। ५. स्त्री; पत्नी। ६. शरीर। ७. राजनीतिक, साहित्यिक, धार्मिक आदि विषय वा समाज। ८. कुनै कामविशेषका निमित्त निर्धारित स्थल।

क्षेत्रज्ञ–ना० [सं०] १. जीवात्मा। २. परमात्मा। ३. किसान; खेतीवाल।

क्षेत्र-पति–ना० [सं०] जमीनको मालिक।

क्षेत्र-पाल–ना० [सं०] १. खेतमा लाएको बाली कुर्ने व्यक्ति। २. भैरव।

क्षेत्र-फल–ना० [सं०] कुनै धरातलको लमाइ र चौड़ाइका अङ्क गुणा गरेर निकालिने अङ्क; लमाइ र चौड़ाइको गुणन-फल।

क्षेत्र-मिति–ना० [सं०] रेखाहरूको लमाइ, धरातलको क्षेत्र-फल र ठोस पदार्थको घन-फल निकाल्ने नियमहरूको विवरण भएको गणितको एक शाखा।

क्षेत्र-संन्यास–ना० [सं०] कुनै क्षेत्रको सीमा नाघेर बाहिर नजाने व्रत।

क्षेत्रिक–वि० [सं०] १. खेतसित सम्बन्ध भएको; क्षेत्र-सम्बन्धी। (ना०) २. किसान; कृषक।

क्षेत्रिय–वि० [सं०] १. खेत-सम्बन्धी; खेतको। २. खेतमा उब्जेको। ३. खेत भएको; खेतीवाल। ४. असाध्य (रोग)। ५. स्थानीय।

क्षेप–ना० [सं०] १. फ्याँक्नु; मिल्काउनु। २. उल्झनु; हुत्त्याउनु। ३. डुङ्गा खियाउनु।

क्षेपक–वि० [सं०] १. फ्याँक्ने; मिल्काउने। २. उल्झने; हुत्त्याउने। ३. नाउ खियाउने; कर्ण-धार। (ना०) ४. पुस्तकका मूल रचयिताले लेखेदेखि अतिरिक्त अरूले पछि थपेको अंश।

क्षेपण–ना० [सं०] १. फ्याँक्नु; मिल्काउनु। २. उल्झनु; हुत्त्याउनु। ३. निन्दा; तिरस्कार।

क्षेपणी–ना० [सं०] १. डुङ्गा खियाउने डाँड़ा; बहना। २. माछा मार्ने जाल।

क्षेप्ता–वि० [सं०] मिल्काउने; फ्याँक्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेप्य–वि० [सं०] फ्याँक्न योग्य; मिल्काउन योग्य।

क्षेप्यास्त्र–ना० [सं०] टाढ़ैबाट हुत्त्याएर प्रयोग गरिने हतियार।

क्षेम–ना० [सं०] १. कुशल; मङ्गल। २. रक्षा; सुरक्षा। ३. सुख; आनन्द। ४. मुक्ति।

क्षेम-कर–वि० [सं०] मङ्गल गर्ने; हित-कर।

क्षेम-कुशल–ना० [सं०] आनन्द र मङ्गल; निकानन्द; भला-कुसारी।

क्षेमङ्कर–वि० [सं०] मङ्गल गर्ने; कल्याण-कारी।

क्षोणि–ना० [सं०] पृथ्वी।

क्षोणिप–ना० [सं०] राजा।

क्षोणिरुह्–ना० [सं०] रूख; वृक्ष।

क्षोद–ना० [सं०] धूलो; चूर्ण।

क्षोद-क्षम–वि० [सं०] जाँचमा अड्न सक्ने; परीक्षामा टिक्न सक्ने।

क्षोधित–वि० [सं०] पिंधिएको; धूलो तुल्याइएको।

क्षोभ–ना० [सं०] १. हल-चल; खलबली। २. व्याकुलता। ३. डर; भय। ४. शोक। ५. क्रोध।

क्षोभक–वि० [सं०] क्षोभ पैदा गराउने; क्षुब्ध पार्ने।

क्षोभी–वि० [सं०] १. क्षोभ भएको; क्षुब्ध। २. व्याकुल; विह्वल।

क्षौद्र–ना० [सं०] १. क्षुद्रता। २. माहुरीको मह।

क्षौद्र-पटल–ना० [सं०] महको चाका।

क्षौम–ना० [सं०] १. रेशमको कपड़ा; रेशमी कपड़ा। २. बुर्जा; अटालीको कोठा।

क्षौर–ना० [सं०] कपाल खौरनु; मुण्डन।

क्षौर-कर्म–ना० [सं०] कपाल खौरनु; मुण्डन गर्नु।

क्षौरिक–ना० [सं०] नाऊ।

क्ष्मा–ना० [सं०] पृथ्वी।

क्ष्मा-धर–ना० [सं०] पहाड़; पर्वत।

क्ष्मा-पति–ना० [सं०] राजा।

क्ष्वेडा–ना० [सं०] सिंह-नाद; युद्ध-घोष।

क्ष्वेद–ना० [सं०] अव्यक्त ध्वनि; नबुझिने शब्द।

क्ष्वेला–ना० [सं०] क्रीडा; खेल।

ख

ख–देवनागरी वर्ण-मालाका व्यञ्जन-वर्णको द्वितीय अक्षर। यसको उच्चारण कण्ठ-स्थानबाट हुन्छ।

ख–ना० [नेवा० खः] पक्का; निश्चय; निधो।

खँगार–ना० [कङ्गाल] खङ्गार।

खँगाराइ–ना० [खँगार+आइ] खँगार्ने किसिम, क्रिया वा भाव।

खँगारिनु–अ० क्रि० [खँगार्+इ+नु] घिउ, तेल आदि नहालीकन भुटिनु; ('खँगार्नु'-को भा० क्रि०)।

खँगारिनु–अ० क्रि० [खँगार्+इ+नु] ठाड़ै माथिबाट तलतिर झर्नु; खुरमुरिनु; ('खँगार्नु'-को भा० क्रि०)।

खँगार्नु–स० क्रि० [खरो] १. पानी, घिउ, तेल आदि नहाली खाली भुट्नु; बफाउनु। २. सम्पत्ति; सिद्ध्याउनु।

खँगार्नु–स० क्रि० [ने०] तल झार्नु; खसाल्नु; खुरमुर्याउनु।

खँगाले-हाड़–ना० [खगाले+हाड़] खगाले-हाड़।

खँचाइ–ना० [खाँच+आइ] खाँच्ने किसिम वा क्रिया।

खँजाहा–वि० [सं० खञ्ज] खोरन्डो; लङ्गड़ो; खुनी।

खँड़ियो–ना० [सं० खण्ड] चामलको मसिनो कनिका; मियाँ।

खँड़ेउली–ना० [सं० खण्ड+एउली] आधा टुक्रिएको चामल; कनिका।

खँड्गेली–ना० [ने०] ढोकाअगिल्तिरको जमीन; अलिन्द।

खँड्चौली–ना० [ने०] खँड़ेउली।

खँदाइ–ना० [खाँद्+आइ] खाँद्ने किसिम, क्रिया वा भाव।

खँदाराइ–ना० [खँदार्+आइ] खँदार्ने किसिम, क्रिया वा भाव।

खँदारिनु–स० क्रि० [खँदार्+इ+नु] तलतिर घिसारिनु; खँगारिनु; ('खँदार्नु'-को क० क्रि०)।

खँदार्नु–स० क्रि० [सं० स्कन्द+नु] माथिबाट तलतिर घिसार्नु; खँगार्नु।

खँदिलो–वि० [खाँद्+इलो] खूब खाँदिएको; ठोस; गहकिलो।

खँदुलो–वि० [खाँद्] खँदिलो।

खँदुवा–वि० [खाँद्+उवा] भित्र खोक्रो नभएको; खँदिलो; ठोस।

खं–ना० [सं०] १. शून्य स्थान। २. आकाश। ३. स्वर्ग।

खई–ना० [प्रा० खइ] फलाम, पीतल, दाँत आदिमा लाग्ने कस; खिया; खुई।

खकन–ना० [ने०] १. डोकाहरू बोक्नाका निम्ति काखी-मुनितिरबाट ल्याई काँधमा अड्याउने सानो नाम्लो वा डोरी। २. पैन्ट, घाँघर आदि अड्याउनका निम्ति काँधमा अड्काइने फित्ता।

खकार–ना० [सं०] १. 'ख'-अक्षर। २. घाँटीभित्रबाट आउने सिंगानजस्तो पदार्थ; कफ।

खकाराइ–ना० [खकार्+आइ] खकार्ने किसिम, क्रिया वा भाव।

खकारिनु–स० क्रि० [खकार्+इ+नु] कण्ठबाट शब्दका साथ खकार निकालिनु; खकार्ने काम गरिनु; ('खकार्नु'-को क० क्रि०)।

खकार्नु–स० क्रि० [खकार+नु] कण्ठबाट शब्दसाथ वायु बाहिर निकालेर कफ झिक्नु।

खकाल-खुकुल–क्रि०यो० [खकाल्+खुकुल (फाँ०)] भाँड़ा-कुँड़ा पखाल्ने काम।

खकालाइ–ना० [खकाल्+आइ] खकाल्ने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

खकालिनु–स० क्रि० [खकाल्+इ+नु] पखालिनु; धोइनु; ('खकाल्नु'-को क० क्रि०)।

खकाल्नु–स० क्रि० [सं० प्रक्षालन+नु] पानीले भाँड़ा धुनु; पखाल्नु।

खक्खस–ना० [सं०] अफीमको बोट।

खग–ना० [सं०] १. चरो; पक्षी। २. गन्धर्व। ३. वाण। ४. ग्रह, नक्षत्र आदि। ५. सूर्य। ६. चन्द्रमा।

खग-नाथ–ना० [सं०] १. सूर्य। २. गरुड।

खगर–ना०[नें०] वर्षमा नौ महीनासम्म हिउँले छोपिने र तीन महीनामात्र हिउँ पग्लेर खाली हुने स्थान; हिमाल र समतल भूमिको बीचको प्रदेश।

खगाम–ना० [सं० खण्ड] लमाइ र चौड़ाइ बराबर भएको कपड़ाको टुक्रा।

खगालिनु–स० क्रि० [खगाल्+इ+नु] खकालिनु; खगाल्ने काम गरिनु; ('खगाल्नु'-को क० क्रि०)।

खगाले-हाड़–ना० [खगालो+ए+हाड़] कुम र घाँटीका बीचमा, दायाँ-बायाँ रहेका मालाकार हाड़; खगाल्नु।

खगालो–ना० [खगाल्नु] फाटेर खगाल्नु देखिने भएको लुगा; थोत्रो लुगा।

खगाल्नु–ना० [नें०] काँधमुनिको तेर्सो हाड़; खगाले-हाड़।

खगाल्नु–स० क्रि० [सं० प्रक्षालन+नु] खकाल्नु।

खगेश–ना० [सं०] गरुड।

खगोल–ना० [सं०] आकाश-मण्डल।

खगोल-विद्या–ना० [सं०] आकाशका ग्रह-नक्षत्र आदिको गति-विधिको विवेचना गर्ने विद्या।

खगौतो–ना० [खाग+औतो] गैँड़ाका खागबाट बनाइएको, पितृहरूलाई तर्पण गरिने पात्र; खागको अर्घ।

खग्गड़–वि० [प्रा० खग्गूड] खूब बाठो; खपिस; खग्गू।

खग्गू–वि० [खग्गड़] खग्गड़।

खग्रास–ना० [सं०] सूर्य वा चन्द्रलाई पूर्णतया ढाक्ने ग्रहण।

खङ्गराइ–ना० [खङ्गर्+आइ] खङ्गर्ने किसिम, क्रिया वा भाव; खँगाराइ।

खङ्गरिनु–अ० क्रि० [खङ्गर्+इ+नु] घिउ, तेल आदि नहालीकन भुटिनु; खँगारिनु; ('खँगार्नु'-को भा० क्रि०)।

खङ्गरिनु–अ० क्रि० [खङ्गर्+इ+नु] तलतिर ठाड़ै झरिनु; खँगारिनु; ('खँगार्नु'-को भा० क्रि०)।

खङ्गार–ना०[कङ्गाल] १. सम्पत्तिको दुरुपयोग गरी सिद्ध्याएर भएको गरीबी; दरिद्रता; खँगार। २. रोगले कमजोर हुनाको भाव; क्षीणता।

खङ्गाराइ–ना० [खङ्गार्+आइ] खङ्गार्ने किसिम, क्रिया वा भाव।

खङ्गारिनु–अ० क्रि० [खङ्गार्+इ+नु] १. खङ्गार हुनु; टाट पल्टिनु। २. रोगले सारै कमजोर तुल्याइनु; ('खङ्गार्नु'-को क० क्रि०)।

खङ्गार्नु–स० क्रि० [खङ्गार्+नु] १. फजूल खर्च गरेर धन सिद्ध्याउनु। २. रोगले शरीर कमजोर पार्नु।

खङग्रङ्ग–क्रि० यो० [नें०] १. एकदम जम्मै सुक्ने किसिम। २. डर-लाग्दो वस्तु देखेर तर्सने किसिम; थरहरी; आत्तिने वा डराउने किसिम।

खङ्‌ङङ–क्रि० यो० [नें०] खङग्रङ्ग।

खङ्ग्याङ-खुङरुङ–क्रि० यो० [नें०] १. माथिबाट तलतिर एकै पटक खस्ने किसिम। २. होश-हवास उड्ने किसिम।

खचमच–ना० [नें०] नचाहिँदा कुराको खिचोला; गड़बड़; कचमच।

खचाखच–क्रि० यो० [सं० खचित] भरिभराउ; ठेलमठेल; टनाटन।

खचिखचाउ–क्रि० यो० [खचाखच] ठेलमठेल; खचाखच; भरिपूर्ण; टमाटम।

खचित–वि० [सं०] १. जड़िएको; जड़ान गरिएको। २. लिखित वा चित्रित। ३. थुप्याइएको; भरिएको।

खच्कनु–अ० क्रि० [नें०] १. हच्कनु; दच्कनु। २. हतोत्साह हुनु; नाउम्मेद हुनु।

खच्काइ–ना० [खच्क्+आइ] खच्कने किसिम, क्रिया वा भाव।

खच्काइनु–स० क्रि० [खच्काउ+इ+नु] खच्कन लाइनु; दच्काइनु; हच्काइनु; ('खच्कनु'-को क० क्रि०)।

खच्काउनु–स० क्रि० [खच्क+आउ+नु] खच्कन लाउनु; दच्काउनु; हच्काउनु; ('खच्कनु'-को क० क्रि०)।

खच्किनु–अ० क्रि० [खच्क+इ+नु] हच्किनु; दच्किनु; ('खच्कनु'-को भा० क्रि०)।

खच्चड़–वि० [खच्चर] ठिमाहा; ठिम्मल; खच्चर।

खच्चर–ना० [तु० खच्चर] १. गधा र घोड़ीबाट पैदा भएको पशु। (वि०) २. वर्णसङ्कर; ठिम्मल; ठिमाहा।

खच्याक-खुचुक–क्रि० यो० [अनु०] खजमजिने किसिम।

खच्याङ-खच्याङ–क्रि० यो० [अनु०] डोली, ताम्दान आदि बोक्नेहरू चाँड़चाँड़ो हिँड्दा आवाज आउने किसिम।

खच्याङ-खुचुङ–ना० [नें०] १. सानो-तिनो काम; खत्र्याक-खुत्रुक काम। २. अप्ठेरो ठाउँ वा बाटो।

खजमज–क्रि० यो० [नें०] बेथितिसित यता-उति हुनु; खज्याङ-मज्याङ।

खजित–वि० [सं० खचित] १. थुप्याइएको; चाङ लगाइएको। २. खचाखच भएको; भरिभराउ।

खजमजिइनु–अ० क्रि० [खजमजि+इ+नु] खजमज होइनु; यत्र-तत्र फिँजिनु; ('खजमजिनु'-को भा० क्रि०।)

खजमजिनु–अ० क्रि० [खजमज+इ+नु] उचित ठाउँमा नरही यत्र-तत्र फिँजिनु; खजमज हुनु।

खजमज्याइ–ना० [खजमजि+याइ] खजमजिने किसिम, क्रिया वा भाव।

खजमज्याइनु–स० क्रि० [खजमज्याउ+इ+नु] खजमज पारिनु; यत्र-तत्र फिँजाइनु; ('खजमज्याउनु'-को क० क्रि०)।

खजमज्याउनु–स० क्रि० [खजमजि+याउ+नु] खजमज पार्नु;

CC-0. In Public Domain. Digitization by eGangotri

उचित ठाउँबाट यत्र-तत्र पार्नु; ('खजमजिनु'-को प्रे० क्रि०)।

खजाना–ना० [अ० ख़ज़ानः] १. भण्डार; ढुकुटी। २. लड़ाइँका सर-सामान; हात-हतियार।

खजान्ची–ना० [फा०खज़ानची] १. कुनै व्यक्ति वा संस्थाको सम्पत्तिको जिम्मा लिने अधिकारी। २. कोषाध्यक्ष।

खजुरी–ना० [सं० खर्जूर] पीठो, घिउ र चीनी मुछेर पकाइने एक प्रकारको रोटी।

खजूर–ना० [सं०] १. स्तम्भजस्तो ठूलो काण्ड र टुप्पामा मात्र बाँसका किसिमका पात हुने, पहेंला फूल फुल्ने, छोहराका जस्ता फल फल्ने एक बोट। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण पुष्टि-कारक र शुक्र-वर्द्धक मानिएको छ। यसका दुइ भद छन्। पहाड़िया खजूरचाहिँको बोट होचो हुन्छ।)

खजूरो–ना० [सं० खर्जूर] धेरै खुट्टा हुने कन्सुत्लोजस्तो विषालु कीरो।

खज्याङ-मज्याङ–क्रि० यो० [अनु०] खजमजिने किसिम; खजमज।

खञ्ज–वि० [सं०] लङ्गड़ो; खोरन्डो।

खञ्जन–ना० [सं०] बाहुनी-चरी।

खट–ना० [सं० कट] १. देवता बोकेर हिँड़ाउने सिंहासन वा खटिया। २. मुर्दा लैजाने यान; शव-यान; अर्थी। ३. घर बनाउँदा डकर्मी, ज्यामी आदिले बसेर काम गर्न बनाएको बाँस, काठ आदिको टाँड़।

खटखट–क्रि० यो० [अनु०] १. काठ आदिमा ठोक्दा आवाज आउने किसिम। २. घिउ, तेल आदि छड्कने किसिम।

खटखटाइ–ना० [खटखटाउ+आइ] खटखटाउने किसिम वा क्रिया।

खटखटाइनु–अ० क्रि० [खटखटाउ+इ+नु] खटखट शब्द निस्कनु; ('खटखटाउनु'-को भा० क्रि०)।

खटखटाउनु–अ० क्रि० [खटखट+आउ+नु] १. झ्याल, ढोका आदिबाट खटखट शब्द निस्कनु। २. घिउ, तेल आदि कट्कनु।

खट-छप्पर–ना० [खट+छप्पर] पलङ वा खाटमाथिको झूल अड़चाउने साधन।

खटन–ना० [खटाउ] १. अह्राेट; आज्ञा। २. खटाएर दिनु; अड्कल।

खटन-पटन–ना० [खटन+पटन (फाँ०)] अह्राउ-पह्राउ; आज्ञा।

खटपट–ना० [ने०] मनोमालिन्य; ठाकठुक।

खटपटे–वि० [खटपट+ए] खटपट गर्ने स्वभावको; बेमेलको; असजिलो (मानिस)।

खट-प्वाल–ना० [खट+प्वाल] खट बाँध्नका निम्ति गाह्लोमा राखिने प्वाल।

खटाइ–ना० [खटाउ+आइ] खटाउने किसिम, क्रिया वा भाव।

खटाइनु–स० क्रि० [खटाउ+इ+नु] अह्राइनु; कुनै काम गर्न लाइनु; ('खटाउनु'-को क० क्रि०)।

खटाउनु–स० क्रि० [ने०] १. कुनै काम गर्नाका निम्ति कसैलाई आज्ञा दिनु; अह्राउनु। २. कुनै विशेष काम गर्न कतै पठाउनु। ३. अड़कलेर दिनु।

खटाखट–क्रि० यो० [ने०] फूर्तिसाथ काम गर्ने किसिम; सटासट; खराखर।

खटिका–ना० [सं०] खरी।

खटिया–ना० [खाट+इया] १. पुस्तक आदि राख्ने चौरस मिलेको सानो टेबिल। २. सानो खाट।

खटिरा-पटिरा–ना० [खटिरो+पटिरा (फाँ०)] घाउ-खटिरो।

खटिरो–ना० [ने०] शरीरमा कुनै विकार पैदा हुँदा निस्कने फोको; व्रण।

खटौली–ना० [खाट+औली] मानिसले बोक्ने खाटका आकारको सवारी।

खट्कनु–अ० क्रि० [खट्को+नु] खट्को लाग्नु; नमिलेको अनुभव हुनु।

खट्किनु–अ० क्रि० [खट्क+इ+नु] खट्को लागिनु; ('खट्कनु'-को भा० क्रि०)।

खट्को–ना० [ने०] आपत्तिको आशङ्का; खट्कनु।

खट्टा–ना० [ने०] खाँचो; हर्जा।

खट्टा–वि० [प्रा० खट्ट] १. अमिलो; अम्ल। (ना०) २. मनोमालिन्य; नरमाइलोपन।

खट्टे–ना० [ने०] १. चामल भुटेको खानेकुरो। (वि०) २. ठिम्मल; ठिमाहा।

खट्याक्क–क्रि० यो० [अनु०] १. झ्याल-ढोकामा ठक्कर लाग्दा आवाज आउने किसिम। २. खट्कने किसिम। ३. सहसा ठक्कर लाग्ने किसिम। ४. एकाएक रोकिने किसिम।

खड़–ना० [खड़ा] ठाड़ो भीर; पहिरो।

खड़खड़–ना० [अनु०] खटखट।

खड़खड़ाइ–ना० [खड़खड़ाउ+आइ] खड़खड़ाउने किसिम वा क्रिया।

खड़खड़ाइनु–अ० क्रि० [खड़खड़ाउ+इ+नु] खड़खड़ शब्द निस्किनु; खटखटाइनु; ('खड़खड़ाउनु'-को भा० क्रि०)।

खड़खड़ाउनु–अ० क्रि० [खड़खड़+आउ+नु] खड़खड़ शब्द आउनु; खटखटाउनु।

खड़बड़–ना० [गड़बड़] १. गड़बड़; गोलमाल। २. मनोमालिन्य।

खड़ा–वि० [सं० खडक] १. ठिङ्ग उभिएको; सोझो उभिएको। २. मौजूद; हाजिर। ३. सिर्जना गरिएको; निर्मित। ४. तयार; प्रस्तुत।

खड़ाउ–ना० [सं० काष्ठ+पादुका] चट्टीजस्तो काठको एक किसिमको जुत्ता; कठ-पाउ।

खड़ाखड़ी–ना० [खड़ा+खड़ा] १. खोपी, ओखर आदि बच्चेर खेल्ने खेलमा बच्चने मानिसले उभिएर बच्चने वा हान्ने चिह्न। (क्रि० यो०) २. उभिएकोउभियै; नबसीकनै। ३. तुरुन्तातुरुन्तै; उत्तिखेरै।

CC-0. In Public Domain. Digitization by eGangotri

खड़ारस–ना० [सं० षड्रस] अमिलो र गुलियो मिसिएको स्वाद ।

खड़ा-हाजिर–वि० [खड़ा+हाजिर] १. आफै हाजिर भएको; स्वयं उपस्थित । २. हमेशा तयारीका साथ हुने हाजिरी ।

खड़ेरी–ना० [ने०] पानी पर्ने समयमा पानी नपरी सूखा लागेको अवस्था; सुख्खा; अनावृष्टि ।

खड्कुँडो–ना० [ने०] खड्कुँलो ।

खड्कुँली–ना० [ने०] सानो खड्कौँलो ।

खड्कुँलो–ना० [ने०] तामा, पीतल आदि धातुको, दुइतिर कड़ा लागेको, फराक मुख भएको, पकाउने ठूलो भाँड़ो ।

खड्केली–ना० [ने०] खड्गेली ।

खड्कौँली–ना० [ने०] खड्कुँली ।

खड्कौँलो–ना० [ने०] खड्कुँलो ।

खड्ग–ना० [सं०] १. एक जातको सोझो तरवार । २. गैँड़ाको सीङ ।

खड्ग-निशाना–ना० [सं० खड्ग+निशाना] खड्गको चिह्न-सहितको श्री ३ महाराजको हस्ताक्षर ।

खड्ग-शिम्बी–ना० [सं०] तरवारे-सिमी ।

खड्गाष्टक–ना० [सं० षडष्टक] १. ठूलो झगड़ा । २. विवाह गर्न चिना मिलाउँदा वर-वधूको राशिबाट छ र आठ परेका अशुभ योग ।

खड्गी–ना० [सं०] १. गैँड़ा । (वि०) २. हातमा खड्ग लिने । ३. कसाई ।

खड्गेली–ना० [ने०] ठीक ढोकाको बाहिरको जमीन; अलिन्द ।

खड्गो–ना० [ने०] ग्रह-दशा बिग्रेर आइपर्ने ठूलो आपत्ति; मरणासन्न बिरामी हुने योग ।

खडयाङ-खुडुङ–ना० [ने०] १. झगड़ा-तगड़ा; ठाकठुक । २. खाल्टा-खुल्टी । (वि०) ३. खाल्टा-खुल्टी परेको । ४. ठाकठुक भएको ।

खण्ड–ना० [सं०] १. टुक्रा; भाग; अंश । २. तह । ३. तला । ४. खाना । ५. अवस्था । ६. संस्कृत व्याकरणअनुसार अकार वा आकार लोप भएका ठाउँमा दिइने 'ऽ'-जस्तो चिन्ह (ऽ) ।

खण्डक–वि० [सं०] १. काट्ने; टुक्र्याउने । २. अर्काको मत वा कुरा काट्ने ।

खण्ड-काव्य–ना० [सं०] कथानकबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य ।

खण्ड-खाद्य–ना० [सं० खण्ड+खाद्य (फाँ०)] बाधा; अड़काउ; रोकावट ।

खण्डन–ना० [सं०] १. अर्काको मत, सिद्धान्त वा कुरा काट्नु; विरुद्ध आलोचना गर्नु । २. टुक्र्याउनु; काट्नु ।

खण्डन-मण्डन–ना० [सं०] खण्डन र मण्डन; कुनै मत, सिद्धान्त वा कुराको विरोध र समर्थन ।

खण्डनीय–वि० [सं०] खण्डन गर्न योग्य ।

खण्ड-न्यायाधिकरण–ना० [सं०] डिभिजन-बेन्च ।

खण्ड-परशु–ना० [सं०] शिव; महादेव ।

खण्ड-पाल–ना० [सं०] १. हलुवाई । २. चीनी-मिस्री-सम्बन्धी काम गर्ने व्यक्ति । ३. छोटी अड्डाको हाकिम ।

खण्ड-प्रलय–ना० [सं०] चार युगको अन्तमा हुने प्रलय; आंशिक प्रलय ।

खण्ड-वर्षा–ना० [सं०] खण्ड-वृष्टि ।

खण्ड-वृष्टि–ना० [सं०] सानो भू-खण्डमा मात्र परेको पानी; व्यापक रूपमा नभएको वर्षा; खण्ड-वर्षा ।

खण्डशः–क्रि० यो० [सं०] खण्ड-खण्ड गरेर ।

खण्डाकार–ना० [सं०] दुइ अकारको सन्धि भएको ठाउँमा लेखिने आधा अकारको चिन्ह; लुप्ताकार (ऽ) ।

खण्डिका–ना० [सं०] खेसारी अन्न ।

खण्डी–ना० [सं० खण्ड] खाल्टा-खाल्टा परेको पञ्च-पाला-जस्तो थाल ।

खण्डे–वि० [खण्ड+ए] १. खण्ड-खण्ड परेको; खाना-खाना भएको । २. धेरै भागमध्ये एक भाग पाउने । ३. खण्ड-सम्बन्धी ।

खत–ना० [प्रा०] १. घाउ-खटिरा निको भइसकेपछि बसेको दाग । २. मुद्दाबाट ठहरिएको कसूर; दाग । ३. दाह्री खौरँदा वा कपाल काट्दा कनसिरीका रौँको कटाइ; कलम ।

खतखत–क्रि० यो० [अनु०] १. बाक्लो लेदो पदार्थ छड्कने किसिम; छटछट । २. दही आदि बाक्लो लेदो पदार्थ सानो मुख भएको भाँड़ोबाट खन्याउँदा आवाज आउने किसिम ।

खतड़ा–ना० [अ० ख़तरः] १. डर; भय; खतरा । २. आशङ्का; सन्देह ।

खतना-पतना–ना० [ने०] खाता-पाता ।

खतनी–ना० [ने०] खाता-पाता ।

खत-बात–ना० [खत+बात] अदालत-सम्बन्धबाट लागेको दोष; बापत ।

खतम–ना० [अ० ख़त्म] १. सिद्धिनु; समाप्ति । २. अन्त; आखिरी । ३. नाश । ४. मरण; मृत्यु ।

खतमी–वि० [खतम+ई] १. सिद्धिएको; समाप्त । २. उम्दा; उत्तम ।

खतरनाक–वि० [अ० ख़तरः+नाक (फा०)] १. भयानक; भयङ्कर । २. अनिष्ट-कर ।

खतरा–ना० [अ० खतरः] खतड़ा ।

खति–ना० [प्रा०] १. हानि; नोक्सानी । २. नचाहिँदो खर्च; अपव्यय । ३. नाश ।

खति-उपती–ना० [खति+उत्पत्ति] ऋण र धन; खति र उपती ।

खतुकी–वि० [खत] कसूरदार; बापती; अपराधी ।

खतेराइ–ना० [खतेर्+आइ] खतेर्ने किसिम वा क्रिया ।

CC-0. In Public Domain. Digitization by eGangotri

खतेरिइनु–अ० क्रि० [खतेरि+इ+नु] माथिबाट खसिनु; खुरमुरिइनु; ('खतेरिनु'-को भा० क्रि०)।

खतेरिनु–अ० क्रि० [खतेर्+इ+नु] १. खात लाग्नु; चाङ लाग्नु; ('खतेर्नु'-को क० क्रि०)। २. खस्नु; खुरमुरिनु।

खतेर्नु–स० क्रि० [खात] १. खात लाउनु; चाङ लाउनु। २. थुपार्नु; राश लाउनु। ३. सोहोर्नु; जम्मा गर्नु।

खतेर्याइ–ना० [खतेरि+याइ] खतेरिने किसिम, क्रिया वा भाव।

खतेर्याइनु–स० क्रि० [खतेर्याउ+इ+नु] माथिबाट खसालिनु; खुरमुर्याइनु; ('खतेर्याउनु'-को क० क्रि०)।

खतेर्याउनु–स० क्रि० [खतेरि+याउ+नु] माथिबाट खसाल्नु; खुरमुर्याउनु; ('खतेरिनु'-को प्रे० क्रि०)।

खतोखत–ना० [ने०] खतोखात।

खतोखात–ना० [ने०] पक्का-पक्की; निश्चय।

खत्कनु–अ० क्रि० [खतखत+नु] खतखत गरी पाक्नु; छड्कनु।

खत्काइ–ना० [खत्क+आइ] खत्कने किसिम वा क्रिया।

खत्काइनु–स० क्रि० [खत्काउ+इ+नु] खतखत शब्द आउने गरी पकाइनु; छड्काइनु; ('खत्काउनु'-को क० क्रि०)।

खत्काउनु–स० क्रि० [खत्क+आउ+नु] खतखत शब्द निस्कने गरी पकाउनु; छड्काउनु; ('खत्कनु'-को प्रे० क्रि०)।

खत्किनु–अ० क्रि० [खत्क+इ+नु] खतखत शब्द आउने गरी पाकिनु; छड्किनु; ('खत्कनु'-को भा० क्रि०)।

खत्तिइनु–अ० क्रि० [खत्ति+इ+नु] भएभरको सबै पोखिनु; खनिइनु; ('खत्तिनु'-को भा० क्रि०)।

खत्तिनु–अ० क्रि० [खात्त+इ+नु] १. एकै चोटि सबै पोखिनु; एकदम खनिनु। २. धेरै जना एकै पल्ट आइ-लाग्नु; वैरिनु।

खत्त्याइ–ना० [खत्ति+आइ] खत्तिने किसिम, क्रिया वा भाव।

खत्त्याइनु–स० क्रि० [खत्त्याउ+इ+नु] खन्याइनु; ('खत्त्या-उनु'-को क० क्रि०)।

खत्त्याउनु–स० क्रि० [खत्ति] १. खन्याउनु; पोख्नु; ('खत्तिनु'-को क० क्रि०)। २. धेरै दिनु; खन्याइदिनु।

खत्त्याहट–ना० [खत्त्याउ+आहट] खत्त्याउने किसिम, क्रिया वा भाव।

खत्रक्क–क्रि० यो० [अनु०] १. कुनै वस्तु खस्ने वा खस्दा आवाज आउने किसिम। २. लाचार, लज्जित, निराश आदि हुने किसिम।

खत्री–ना० [प्रा० खत्तिअ] १. दुइ भिन्न जातका आमा-बाबुबाट पैदा भएको सन्तान र तिनीहरूको वर्ग। २. वर्ण-सङ्कर।

खत्र्याक-खुत्रुक–क्रि० यो० [ने०] १. सानो-तिनो वस्तु चलाउँदा वा हल्लाउँदा अवाज आउने किसिम। (ना०) २. सानो-तिनो माल-मत्ता; जेतेमेते। ३. सानो-तिनो काम-काज।

खत्र्याङ-खुत्रुङ–ना० [ने०] खत्र्याक-खुत्रुक।

खदिर–ना० [सं०] खयर।

खद्दर–ना० [खादी] १. हातले काती, बुनी तयार पारेको मोटो सूतको एक जातको कपड़ा; खादी; खाँड़ी। २. हातले बुनेको मोटो कपड़ा।

खद्योत–ना० [सं०] जून-कीरी।

खनक–वि० [सं०] खन्ने; खन-जोत गर्ने।

खनखन–क्रि० यो० [अनु०] १. रुपियाँ गन्दा शब्द आउने किसिम। २. कचकच; फतफत।

खनखनी–क्रि० यो० [खनखन+ई] धमाधम रुपियाँ गन्ने किसिम।

खन-खाँचो–ना० [(फाँ०) खन+खाँचो] १. हर्जा; खाँचो। २. गाह्रो-साह्रो; असर्दो।

खन-जोत–ना० [खन्+जोत्] खेत-बारी खन्ने-जोत्ने काम; खनी-खोस्री।

खनाइ–ना० [खन्+आइ] खन्ने किसिम वा क्रिया।

खनाइनु–स० क्रि० [खनाउ+इ+नु] खन्न लाइनु; खोस्रन लाइनु; ('खनाउनु'-को क० क्रि०)।

खनाउनु–स० क्रि० [खन्+आउ+नु] खन्न लाउनु; खोस्रन लाउनु; ('खन्नु'-को प्रे० क्रि०)।

खनाखन–क्रि० यो० [खनखन] रुपियाँ गन्ने किसिम; खनखनती।

खनाति–ना० [ने०] पाँच पुस्तापछिको नाति; जनातिको छोरो।

खनाती–ना० [ने०] खनाति।

खनायो–ना० [ने०] १. वाटुला किसिमका ठूला र बाक्ला पात हुने, फेदमा झुप्पाकार गोल अमलाजत्रा फल फल्ने एक बोट; हात्ती-पाइले। २. त्यसैको फल; खन्यू।

खनिइनु–अ० क्रि० [खनि+इ+नु] पोखिइनु; खत्तिइनु; ('खनिनु'-को भा० क्रि०)।

खनिउँ–ना० [ने०] रूखका जरामा फल्ने, तिमिलोजस्तो एक जातको फल।

खनिचा–ना० [नेवा०] टुप्पो गोल हुने एक प्रकारको छिनु।

खनिज–वि० [सं०] खानिबाट निस्कने वा निकालिने; खानिमा पाइने।

खनिज-पदार्थ–ना० [सं०] खानिबाट निस्कने वस्तु; खानिमा रहने वस्तु।

खनिज-विज्ञान–ना० [सं०] खानि पत्ता लगाउने र खानिबाट निस्कने वस्तुको विवेचना गर्ने विद्या।

खनिनु–स० क्रि० [खन्+इ+नु] जमीन खोस्रिनु; ('खन्नु'-को क० क्रि०)।

खनिनु–अ० क्रि० [ने०] १. बेसरी पोखिनु। २. खाली हुनु; रित्तिनु। ३. आइलाग्नु; धुरिनु।

खनी-खोस्री–ना० [खन्+खोस्र] खेत-बारी खन्ने काम; खन-जोत।

खन्चुरो–वि० [खन्चुवा+उरो] १. चुभुर-चुभुर खाइरहने। २. धेरै खाने; खन्चुवा।

CC-0. In Public Domain. Digitization by eGangotri

खन्चुवा–वि० [खानु+उवा] धेरै खाने स्वभावको; खन्चुरो।

खन्जर–ना० [अ० ख़न्जर] छुरी; कटारी।

खन्डिइनु–अ० क्रि० [खन्डि+इ+नु] टुक्रा-टुक्रा होइनु; टुक्रिइनु; ('खन्डिनु'-को भा० क्रि०)।

खन्डिनु–अ० क्रि० [खण्ड+इ+नु] टुक्रा-टुक्रा हुनु; टुक्रिनु।

खन्ड्याइ–ना० [खन्डि+आइ] खन्डिने किसिम, क्रिया वा भाव; टुक्र्याइ।

खन्ड्याइ–ना० [खन्ड्याउ+याइ] खन्ड्याउने किसिम, क्रिया वा भाव।

खन्ड्याइनु–स०क्रि० [खन्ड्याउ+इ+नु] खण्ड-खण्ड पारिनु; टुक्र्याइनु; ('खन्ड्याउनु'-को क० क्रि०)।

खन्ड्याउनु–स० क्रि० [खन्डि+याउ+नु] १. खण्ड-खण्ड पार्नु; टुक्र्याउनु। २. खन्डिन लाउनु; ('खन्डिनु'-को प्रे० क्रि०)।

खन्तरे–वि० [ने०] जन्मका क्रमले नवौँ; जन्तरेपछिको।

खन्ती–ना० [सं० खनित्र] जमीनमा प्वाल पार्ने डन्डीजस्तो फलामे औजार; गल।

खन्नु–स० क्रि० [सं० खन्+नु] १. औजारद्वारा जमीन खोस्नु। २. बाली लाउनाका निम्ति खेत-वारीको माटो खुकुलो पार्नु। ३. गुप्त तवरबाट दुःख दिनु।

खन्याइनु–स० क्रि० [खन्याउ+इ+नु] बेसरी पोखिनु; खत्त्याइनु; ('खन्याउनु'-को क० क्रि०)।

खन्याउनु–स० क्रि० [खनि+याउ+नु] १. बेसरी पोख्नु; खत्त्याउनु। २. खाली पार्नु; रित्त्याउनु; ('खनिनु'-को प्रे० क्रि०)।

खन्यू–ना० [ने०] खनिउँ।

खपखप–क्रि० यो० [ने०] धमाधम खाने किसिम; कुपुकुपु।

खपटिइनु–अ० क्रि० [खपटि+इ+नु] खपटाजस्तै पातलो भएर सुकिनु; दुब्लाइनु; ('खपटिनु'-को भा० क्रि०)।

खपटिनु–अ० क्रि० [खपटो+इ+नु] खपटाजस्तो पातलो भएर सुक्नु; दुब्लाउनु।

खपटे–वि० [खपटो+ए] १. पातलो; दुब्लो; ख्याउटे। २. खपटाको; खपटा-सम्बन्धी।

खपटो–ना० [सं० खर्पर] १. माटोको भाँडो फुटेको टुक्रो। २. बाँस आदिको पातजस्तो बोक्रो। ३. पक्षीका फुलको बोक्रो। ४. नेपालको तराई-क्षेत्रमा बन्ने एक किसिमको झिंगटी।

खपट्याइ–ना० [खपटि+याइ] खपटिने किसिम, क्रिया वा भाव।

खपट्याइनु–स० क्रि० [खपट्याउ+इ+नु] खपटोजस्तो तुल्याइनु; खपटिन लाइनु; ('खपट्याउनु'-को क० क्रि०)।

खपट्याउनु–स० क्रि० [खपटि+याउ+नु] खपटोजस्तो तुल्याउनु; खपटिन लाउनु; ('खपटिनु'-को प्रे० क्रि०)।

खपत–ना० [खप्] १. बजारमा माल बिक्नु; बिक्री। २. खर्च; व्यय।

खपरा–ना० [सं० खर्परा] १. जोगी, संन्यासी आदिको भिक्षा-पात्र। २. नरिवल आदिको खप्पर।

खपाइ–ना० [खाप्+आइ] खाप्ने किसिम, क्रिया वा भाव।

खपाइ–ना० [खप्+आइ] खप्ने किसिम, क्रिया वा भाव।

खपाइनु–स० क्रि० [खपाउ+इ+नु] धेरै समयसम्म पुऱ्याइनु; टिकाइनु; ('खपाउनु'-को क० क्रि०)।

खपाउ–वि० [खप्+आउ] धेरै समयसम्म खप्ने; टिकाउ।

खपाउनु–स० क्रि० [खप्+आउ+नु] १. धेरै समयसम्म पुऱ्याउनु; टिकाउनु; ('खप्नु'-को प्रे० क्रि०)। २. बिक्री गर्नु; समाप्त गर्नु।

खपाखप–क्रि० यो० [अनु०] धमाधम खाने किसिम; कपाकप।

खपिनु–अ० क्रि० [खप्+इ+नु] दिगो होइनु; टिकिनु; ('खप्नु'-को भा० क्रि०)।

खपिस–वि० [अ० ख़बीस] १. अनुभवी; कार्य-कुशल। २. खग्गड़; खग्गू।

खपुवा–वि० [खप्+उवा] धेरै समयसम्म रहने; टिकाउ; चिर-स्थायी।

खप्कनु–स० क्रि० [ने०] खाँदेर भर्नु; खम्कनु।

खप्काइ–ना० [खप्क+आइ] खप्कने किसिम, क्रिया वा भाव।

खप्काइनु–स० क्रि० [खप्काउ+इ+नु] खाँदेर भर्न लाइनु; खम्काइनु; ('खप्काउनु'-को क० क्रि०)।

खप्काउनु–स० क्रि० [खप्क+आउ+नु] खाँदेर भर्न लाउनु; खप्कन लाउनु; खम्काउनु; ('खप्कनु'-को प्रे० क्रि०)।

खप्किनु–स० क्रि० [खप्क+इ+नु] खाँदेर भरिनु; खम्किनु; ('खप्कनु'-को क० क्रि०)।

खप्की–ना० [फा० ख़फ़गी] हप्की; धम्की; झँटाइ।

खप्टनु–स० क्रि० [खात+नु] १. एउटामाथि अर्को राख्नु; खात लाउनु। २. थप्नु; थप गर्नु।

खप्टाइ–ना० [खप्ट+आइ] खप्टने किसिम, क्रिया वा भाव।

खप्टाइनु–स० क्रि० [खप्टाउ+इ+नु] खप्ट्याइनु; ('खप्टाउनु'-को क० क्रि०)।

खप्टाउनु–स० क्रि० [खप्ट+आउ+नु] खप्ट्याउनु; ('खप्टनु'-को प्रे० क्रि०)।

खप्टिनु–स० क्रि० [खप्ट+इ+नु] एकमाथि अर्को राखिनु; खात लाइनु; ('खप्टनु'-को क० क्रि०)।

खप्ट्याइनु–स० क्रि० [खप्ट्याउ+इ+नु] एकमाथि अर्को राखिनु; खप्टिनु।

खप्ट्याउनु–स० क्रि० [खप्ट+याउ+नु] एकमाथि अर्को राख्नु; खप्टनु।

खप्तरी–ना० [खप्तर (प्रदेश)] १. नली बनाउने एक जातको निगालो। २. क्षत्रिय जातिको एक थर।

खप्नु–अ० क्रि० [ने०] १. दिगो हुनु; टिक्नु। २. फारो हुनु। (स० क्रि०) ३. सहनु; बेहोर्नु।

खप्पर–ना० [सं० खर्पर] १. टाउकोको सबभन्दा माथि रहेको हाड़; कपाल। २. भिक्षा-पात्र। ३. भाग्य; किस्मत। ४. नरिवल, बेल आदिको बाहिरी साह्रो बोक्रो।

खप्परे–वि० [खप्पर+ए] १. ठूलो वा अग्लो खप्पर भएको।

CC-0. In Public Domain. Digitization by eGangotri

२. खप्पर फुटेको; अभागी। ३. हातमा खप्पर लिएर हिंड्ने (जोगी)।

खप्पू–ना० [खप्ट] थपमाथिको थप; खप्टाइ।

खप्याइ–ना० [खप्प्याउ+आइ] खप्प्याउने किसिम, क्रिया वा भाव।

खप्याउनु–ना० [खप्लक्क] गीलो पदार्थ धमाधम खानु; गफल्क्याउनु।

खप्लक्क–क्रि० यो० [अनु०] एकै गाँस पारेर खाने किसिम; कप्लक्क।

खप्ल्याइ–ना० [खप्ल्याउ+याइ] खप्ल्याउने किसिम, क्रिया वा भाव।

खप्ल्याइनु–स० क्रि० [खप्ल्याउ+इ+नु] धमाधम खाइनु; गफल्क्याइनु; ('खप्ल्याउनु'-को क० क्रि०)।

खप्ल्याउनु–स०क्रि० [खप्ल्याक्क+याउ+नु] धमाधम खानु; गफल्क्याउनु।

खप्ल्याक्क–क्रि० यो० [अनु०] खप्लक्क; कप्लक्क।

खफा–वि० [अ० ख़फ़ा] अप्रसन्न; रिसाएको; क्रुद्ध।

खबटिइनु–अ०क्रि० [खबटि+इ+नु] खपटिइनु; ('खबटिनु'-को भा० क्रि०)।

खबटिनु–अ० क्रि० [खबटो+इ+नु] खपटिनु।

खबटे–वि० [खबटो+ए] खपटे।

खबटो–ना० [सं० खर्पर] खपटो।

खबट्याइ–ना० [खबटि+आइ] खबटिने किसिम, क्रिया वा भाव; खपट्याइ।

खबट्याइनु–स० क्रि० [खबट्याउ+इ+नु] खबटोजस्तो तुल्याइनु; खपट्याइनु; ('खबट्याउनु'-को क० क्रि०)।

खबट्याउनु–स० क्रि० [खबटि+याउ+नु] खपट्याउनु; ('खबटिनु'-को प्रे० क्रि०)।

खबर–ना० [अ० ख़बर] १. समाचार; वृत्तान्त; हाल। २. सूचना।

खबर-कागज–ना० [खबर+कागज] खबर-कागत।

खबर-कागत–ना० [खबर+कागत] समाचार-पत्र।

खबरदार–ना० [फा० ख़बरदार] कसैलाई चेतावनी दिंदा भनिने शब्द; सावधान; होशियार।

खबरदारी–ना० [फा० खबरदारी] सचेत गराउने काम; सावधानी।

ख-मण्डल–ना० [सं०] आकाश-मण्डल।

खमरन्डा–ना० [अ० खम+रन्दा (फा०)] एक किसिमको सानो रन्डा।

खमरन्दा–ना० [अ० खम+रन्दा (फा०)] खमरन्डा।

खमाइ–ना० [खाम्+आइ] खाम्ने किसिम, क्रिया वा भाव।

खमारी–ना० [खम्बा] हात्ती बाँध्ने खम्बा; आलान-स्तम्भ।

खमारी–ना० [सं० गम्भारी] १. पीपलका जस्ता पात, सेतो बोक्रो, पहेँला फूल र फल हुनें, दूध निस्कने एक जातको रूख। २. त्यसैको फल।

खमीर–ना० [अ० ख़मीर] सड़ाएर अमिल्याएको पीठो, खुदो आदि।

खमीरा–[अ० ख़मीरा] खमीर भएको; खमीर हालेको।

खम्कनु–स० क्रि० [खाम्+नु] खाँदेर भर्नु; खप्कनु।

खम्काइ–ना० [खम्क+आइ] खम्कने किसिम, क्रिया वा भाव।

खम्काइनु–स० क्रि० [खम्काउ+इ+नु] खम्कन लाइनु; खप्काइनु; ('खम्काउनु'-को क० क्रि०)।

खम्काउनु–स० क्रि० [खम्क+आउ+नु] १. खाँदेर भर्नु; खप्काउनु। २. खम्कन लाउनु; ('खम्कनु'-को प्रे०क्रि०)।

खम्किनु–स० क्रि० [खम्क+इ+नु] खाँदेर भरिनु; खप्किनु; ('खम्कनु'-को क० क्रि०)।

ख़म्बा–ना० [प्रा० खम्भ] १. खामो; थाम। २. मौलो।

खम्बु–ना० [ने०] गुप्त सल्लाह।

खम्भा–ना० [प्रा० खम्भ] खम्बा।

खम्सनु–स० क्रि० [ने०] १. स्त्री-प्रसङ्ग गर्नु; मैथुन गर्नु। २. खँगारिनु; झर्नु।

खम्साइ–ना० [खम्स+आइ] खम्सने किसिम, क्रिया वा भाव; खम्स्याइ।

खम्साखम्सी–ना० [खम्स+खम्स] धमाधम खम्सने काम।

खम्सिनु–अ० क्रि० [खम्स+इ+नु] १. खँगारिनु; झर्नु। २. मिसिनु; जोल्टिनु (भाले-पोथी); ('खम्सनु'-को भा० क्रि०)।

खम्स्याइ–ना० [खम्स्याउ+आइ] खम्स्याउने किसिम, क्रिया वा भाव।

खम्स्याइनु–स०क्रि० [खम्स्याउ+इ+नु] स्त्री-प्रसङ्ग गरिनु; खम्सिनु; ('खम्स्याउनु'-को क० क्रि०)।

खम्स्याउनु–स० क्रि० [खम्सि+याउ+नु] खम्सनु; स्त्री-प्रसङ्ग गर्नु।

खयर–ना० [प्रा० खइर] १. अमलाका जस्ता साना-साना पात, मञ्जरीको रूपमा सेता साना-साना फूल, खैरो लामो कोसा, खैरै काठ हुने काँढ़ादार बोट। २. त्यसैको काठ पकाएर झिकेको सार। (आयुर्वेदमा यसको गुण कफ, खटिरा र घाँटीका रोगलाई नाश गर्ने बताइएको छ।)

खयाल–ना० [अ० ख़याल] १. विचार; ध्यान। २. याद; स्मृति।

खर–ना० [सं० खड] बाबियोजस्तो एक किसिमको झार। (घर छाउने काममा यसको उपयोग गरिन्छ।)

खर–वि०[सं०] १. कड़ा स्वभावको; प्रचण्ड; जन्ड। (ना०) २. रामद्वारा मारिएको एक राक्षस। ३. गधा।

खरक–ना० [सं० खड्] गाई-वस्तु पाल्ने ठाउँ; गोठ राख्ने ठाउँ; खर्क।

खर-कमल–ना० [खर+कमल] खर-बारीमा उम्रने कमल-जस्तो एक जातको फूल।

खरकस–ना० [ने०] काठमा खोल झिक्न वा काठ ताछ्नाका

CC-0. In Public Domain. Digitization by eGangotri

निम्ति सोझो चिनु लाउने, बीचमा सानो कीलो गाड़ेको सिकर्मीको औजार।

खर-खजाना–ना० [(फाँ०) खर+खजाना] लड़ाईंको सर-सामान; खजाना।

खरखर–क्रि० यो० [अनु०] मूसा, खरायो आदिले खोस्रँदा शब्द आउने किसिम।

खरखर–क्रि०यो०[खुरुखुरु] धमाधम कुनै काम गर्ने किसिम; खुरु-खुरु।

खरखराइ–ना० [खरखराउ+आइ] खरखराउने किसिम वा क्रिया।

खरखराइनु–अ० क्रि० [खरखराउ+इ+नु] खरखर शब्द आइनु; ('खरखराउनुको'-भा० क्रि०)।

खरखराउनु–अ०क्रि०[खरखर+आउ+नु] १. मूसा, बिराला आदिले खोस्रेको वा कोरेको शब्द आउनु; खरखर शब्द आउनु। २. अन्न, पैसा आदि धमाधम झर्ने किसिम।

खरखरी–क्रि० यो० [खरखर+ई] खरखर; खुरुखुरु; धमाधम।

खरखरे–ना० [खरखर+ए] टेबुल, दराज आदिमा वाहिर तान्न र भित्र घुसार्न हुने, माल-सामान राख्ने खण्ड; घर्रा।

खर-खिचोला–ना० [(फाँ०) खर+खिचोला] खिचोला; विघ्न-बाधा।

खर-खुवाई–ना० [अ० ख़ैरख्वाही] शुभ-चिन्तन; भलो चिताउनु।

खरदार–ना० [खरीदार] खरिदार।

खरब–ना० [सं० खर्व] सय अरबको सङ्ख्या।

खरबूजो–ना० [फा० खर्बुज़ा] काँक्राको जस्ता बीयाँ हुने फर्सीजस्तो डल्लो आकारको बालुवा-प्रधान भूमिमा हुने, एक किसिमको फल।

खररा–ना० [ने०] गाई, घोड़ा आदिलाई मल्ने बुरुशजस्तो फलामको साधन।

खराइ–ना० [खराउ+आइ] खराउने किसिम वा क्रिया।

खराइनु–स० क्रि० [खराउ+इ+नु] खरो पारिनु; खूबसित सुकाइनु; ('खराउनु'-को क० क्रि०)।

खराउ–ना० [सं० काष्ठ+पादुका] खड़ाउ।

खराउ-खुट्टे–ना० [खराउ+खुट्टो+ए] बीचको भागले जमीन नछुने पैंतला हुने; कठ-पाउ परेको खुट्टा हुने।

खराउनु–स० क्रि० [खरो+आउ+नु] १. भुटेर वा घाममा सुकाएर खरो पार्नु। २. खूब तताउनु; ज्यादै सुकाउनु।

खराखर–क्रि० यो० [खरखर] धमाधम; खरखरी; खुरु-खुरु।

खराखरी–क्रि० यो० [खराखर+ई] खराखर; खरखरी।

खराज–ना० [फा० ख़ैराद] १. काठ, धातु आदिका वस्तुहरू सम्म्याउने वा सफा गर्ने औजारविशेष। २. काठ, धातु आदिका वस्तुहरू मेशीनमा चढ़ाई सफा गर्नु वा चिल्लो पार्नु।

खराद–ना० [फा० ख़ैराद] खराज।

खरानी–ना० [ने०] दाउरा आदि वस्तु बलिसकेपछि शेष रहने क्षार पदार्थ; भस्म; खाक।

खरानै–वि० [खरानी+ए] १. खरानी-सम्बन्धी। २. रद्दी; बेकम्मा।

खरानै–ना० [ने०] एक किसिमको झार।

खराब–वि० [अ० ख़राब] १. नअसल; नजाती; ननिको। २. दुष्ट; दुर्जन। ३. हानि-कारक; अहित-कर।

खराबी–ना० [अ० ख़राबी] १. हानि; नोक्सानी। २. बाधा; मर्का। ३. दोष; अवगुण।

खरायो–ना० [फा०खरगोश] शाकाहारी, मूसाका जातको बिरालोजत्रो एक जङ्गली प्राणी; चौघड़ा।

खरारि–ना० [सं०] १. रामचन्द्र। २. विष्णु। ३. कृष्ण।

खरिइनु–अ० क्रि० [खरि+इ+नु] खरो होइनु; डढ्ला-जस्तो गरी भुटिइनु; ('खरिनु'-को भा० क्रि०)।

खरिगाँठे–ना० [ने०] १. असभ्य; गँवार; पाखे। २. भुसतिघ्रे।

खरिदाइ–ना० [खरिद्+आइ] खरिद्ने किसिम वा क्रिया।

खरिदाइनु–स० क्रि० [खरिदाउ+इ+नु] खरीद गर्न लाइनु; किनाइनु; ('खरिदाउनु'-को क० क्रि०)।

खरिदाउनु–स० क्रि० [खरिद्+आउ+नु] खरीद गर्न लाउनु; किनाउनु; ('खरिद्नु'-को प्रे० क्रि०)।

खरिदार–ना० [अ० ख़राज+दार (फा०)] नायब-सुब्बा-भन्दा मनिको निजामती कर्मचारी वा दर्जा; खर्दार।

खरिदिनु–स० क्रि० [खरिद्+इ+नु] खरीद गरिनु; किनिनु; ('खरिद्नु'-को क० क्रि०)।

खरिद्नु–स० क्रि० [फा० ख़रीद+नु] किन्नु; खरीद गर्नु; बेसाउनु।

खरिनु–अ० क्रि० [खरो+इ+नु] १. आगो वा घामले खरो हुनु; डढ्लाजस्तो गरी भुटिनु। २. आकाङ्क्षा बढ्नु; उत्कण्ठित हुनु। ३. रुखिनु; भोक, प्यासले पीडित हुनु।

खरी–ना० [सं० खटिका] सिलेट, धुलौटो आदिमा लेख्ने नरम जातको सेतो पत्थर।

खरी–ना० [ने०] १. साना-साना खस्रा पात हुने, साना-साना सेता फूल फुल्ने, मरीचजत्रा दाना फल्ने र डाँठको बोक्रा सेतो हुने ठूलो एक रूख। २. निगाले-झाँप्राका जस्ता पात हुने एक जातको सानो झार; मूसे-खरी। ३. मृदङ्ग, तबला आदि बाजामा मढ़ेका छालामा लगाइने कालो मसला।

खरी-घसा–वि० [खरी-घस्] एक-एक दामको हिसाब गर्ने; साना-साना कुराको पनि हिसाब गर्ने।

खरी-घसाइ–ना० [खरी+घसाइ] एक-एक दामको हर-हिसाब; सानो-तिनो कुराको पनि हिसाब।

खरी-जूको–ना० [खरी+जूको] रूखमा रहने ठूलो एक जातको जूको।

खरीद–ना० [फा० ख़रीद] किन्नु; बेसाउनु; किन-मेल।

खरीददार–वि० [फा० ख़रीददार] किन्ने; खरीद गर्ने; ग्राहक।

खरीद-बिक्री–ना० [खरीद+बिक्री] किन्ने र बेच्ने काम;

CC-0. In Public Domain. Digitization by eGangotri

किन-बेच; क्रय-विक्रय।

खरीदी-बिर्ता–ना० [खरीद+ई+बिर्ता] विभिन्न प्रकारका बिर्ताहरू खरीद गरी लाल-मोहर गरिएको जग्गा।

खरी-मट्टी–ना०[खरी+मट्टी]एक जातको नरम ढुङ्गो; खरी।

खरी-साउँलो–वि० [खरी+साउँलो] गहूँ-गोरो र हृष्ट-पुष्ट (मानिस)।

खरुकी–ना० [ने०] घोड़ालाई खूब मन पर्ने निगाले-झाँप्रो-जस्तो एक जातको घाँस।

खरुको–ना०[खर] सानो र मसिनो एक जातको खर; खरी।

खरुवा–वि० [खार्+उवा] खारेको; शुद्ध-पारेको (घिउ)।

खरुवा–ना० [सं० क्षारक] एक किसिमको मोटो र खस्रो कपड़ा; रातो वा कलेजी रङ्गको खाँड़ी।

खरेटो–ना० [ने०] मसिना पात हुने, डाँठबाट कूचोको काम लिइने एक जातको बुटेन।

खरो–वि० [सं० खर] १. खूब भुटिएको वा सुकेको। २. रुखो; कड़ा स्वभावको। (ना०) ३. तृष्णा। ४. इच्छा। ५. भोक, प्यास, गर्मी आदिबाट हुने पीडा।

खरोष्ट्री–ना० [सं०] दाहिनेतिरबाट बायाँतिर लेख्दैजाने एक प्राचीन लिपि; गान्धार-लिपि; खरोष्ठी।

खरोष्ठी–ना० [सं०] खरोष्ट्री।

खरौंचा–ना० [ने०] १. उनिउँ-जातिको एक झार। २. त्यसैका डाँठको कूचो।

खर्क–ना० [खरक] गाई-वस्तुको गोठ राख्न र तिनीहरू चर्नाका निमित्त राखिएको रैकर जमीन।

खर्कनु–अ० क्रि० [खर्क+नु] एकै ठाउँमा जम्मा भएर बस्नु; बथान मिलेर बस्नु (पशुहरू)।

खर्काइ–ना०[खर्काउ+आइ]खर्काउने किसिम, क्रिया वा भाव।

खर्काइनु–स० क्रि० [खर्काउ + इ + नु] खर्कन लाइनु; ('खर्काउनु'-को क० क्रि०)।

खर्काउनु–स० क्रि० [खर्क+आउ+नु] खर्कन लाउनु; पशुहरू एकै ठाउँमा जम्मा पार्नु; ('खर्कनु'-को प्रे० क्रि०)।

खर्किनु–अ० क्रि० [खर्क+इ+नु] एकै ठाउँमा जम्मा भएर बसिनु; बथान मिलेर बसिनु; ('खर्कनु'-को भा० क्रि०)।

खर्च–ना० [फा० खर्च] १. कुनै कार्य वा वस्तुको निम्ति दिइने रुपियाँ-पैसा; व्यय। २. कुनै कार्यका निम्ति उपयोग गरिने माल-सामान आदि।

खर्चनु–स० क्रि० [खर्च+नु] खर्च गर्नु; मास्नु।

खर्च-बर्च–ना० [खर्च+बर्च (फाँ०) नगदी वा जिन्सी; सामल-तुमल।

खर्चरी–ना० [खरक] १. खर्क। २. गाई-वस्तु चराउँदा लागेको एक किसिमको दस्तूर वा तिरो।

खर्चाइ–ना० [खर्च+आइ] खर्च गर्ने किसिम, क्रिया वा भाव।

खर्चाइनु–स० क्रि० [खर्चाउ+इ+नु] खर्च गर्न लाइनु; खर्चन लाइनु; ('खर्चाउनु'-को क० क्रि०)।

खर्चाउनु–स० क्रि० [खर्च+आउ+नु] खर्च गराउनु; खर्चन लाउनु; ('खर्चनु'-को प्रे० क्रि०)।

खर्चालु–वि० [खर्च+आलु] धेरै खर्च गर्ने; खर्ची।

खर्चिनु–स० क्रि० [खर्च+इ+नु] खर्च गरिनु; मासिनु; ('खर्चनु'-को क० क्रि०)।

खर्चिलो–वि० [खर्च+इलो] १. धेरै खर्च गर्ने; खर्चालु। २. धेरै खर्च हुने।

खर्ची–वि० [खर्च+ई] धेरै खर्च गर्ने; खर्चालु।

खर्दार–ना० [खरिदार] खरिदार।

खर्पन–ना० [ने० खडम] १. नोलका दुवै छेउमा डालाका आकारका भाँड़ा झुन्ड्याई माल-सामानहरू बोक्ने साधन। २. त्यसैको दायाँ-बायाँ झुन्डिने डालाजस्ता भाँड़ा।

खर्पने–वि० [खर्पन+ए] खर्पन बोक्ने।

खऱ्याङ-खुरुङ–क्रि० यो० [अनु०] १. पकाएका भाँड़ामा टाँसिएको वस्तु खुर्कँदा आउने शब्द। २. टकटक्याएर भएभरको लैजाने किसिम।

खर्रा–ना० [ने०] खररा।

खऱ्याइँ–ना० [खरो+याइँ] खरो हुनाको भाव।

खऱ्याइ–ना० [खरि+याइ] खरिने किसिम, क्रिया वा भाव।

खल्याङ-खुट्टी–ना० [ने०] खल्याङ-खुट्टी।

खर्व–वि०[सं०] १. बाउन्ने; बाम-पुड्के। २. छोटो; लघु। ३. सय अरब। (ना०) ४. सय अरबको सङ्ख्या।

खल–वि० [सं०]१. मूर्ख; हुस्सू। २. बदमाश; दुष्ट; क्रोधी। (ना०) ३. औषधी, मसला आदि पिँध्ने ढुङ्गा वा फलामको साधन। ४. खलो; स्थान।

खल–ना० [ने०] १. बहस; छल-फल; वाद-विवाद। २. निश्चय।

खलक–ना० [अ० खल्क़] १. सन्तान; परिवार; वंश। २. बन्धु-वर्ग।

खलकी–ना० [खलक+ई] १. नोकर-चाकरहरूको समुदाय। (वि०) २. नोकर-चाकरहरूका निम्तिको खाना। ३. खलकको।

खलक्क–क्रि० यो० [अनु०] नरम पदार्थ नचपाईकन पेटमा पुऱ्याउने किसिम; निल्ने किसिम; सलक्क।

खलखल–क्रि० यो० [अनु०] १. पानी बग्ने किसिम; कल-कल। २. प्रशस्त पसीना आउने किसिम। ३. पानीले भाँड़ा-कुँड़ा पखाल्ने किसिम। ४. धमाधम खाने किसिम; खलखलती।

खलखलती–क्रि० यो० [खलखल+ती] १. धमाधम खाने किसिम। २. प्रशस्त पानी बग्ने किसिम। ३. नुहाउने किसिम; खलमल। ४. बेसरी पसीना आउने किसिम।

खलखली–क्रि० यो० [खलखल+ई] खलखल; खलखलती।

खलङ्गा–ना० [खलक] १. धेरै मानिस बस्ने डेरा; टहरो। २. नोकर-चाकर बस्ने घर।

खलड़ी–ना० [सं० खल्ल] लिङ्गका टुप्पाको छाला; लिङ्गको अग्र भाग छोप्ने छाला।

CC-0. In Public Domain. Digitization by eGangotri

खलबल–ना० [सं० खल+बल] झगड़ा गरेको आवाज; बाझाबाझ गरेको स्वर; खल्याङ-मल्याङ।

खलबलाइ–ना० [खलबलाउ+आइ] खलबलाउने किसिम, क्रिया वा भाव।

खलबलाइनु–अ० क्रि० [खलबलाउ+इ+नु] चित्त अस्थिर होइनु; तुलबुलाइनु; ('खलबलाउनु'-को भा० क्रि०)।

खलबलाउनु–अ० क्रि० [खलबल+आउ+नु] १. चित्त अस्थिर हुनु; तुलबुलाउनु। २. गड़बड़ हुनु; गोलमाल हुनु।

खलबलिइनु–अ० क्रि० [खलबलि+इ+नु] गड़बड़ होइनु; गड़बड़िइनु; ('खलबलिनु'-को भा० क्रि०)।

खलबलिनु–अ० क्रि० [खलबल+इ+नु] १. तह वा क्रम बिग्रनु; गड़बड़िनु। २. खलबल मच्चिनु।

खलबली–ना० [खलबल+ई] खलबल; खल्याङ-मल्याङ; खैलाबैला।

खलबले–वि० [खलबल+ए] खलबल गर्ने; हल्ला मचाउने; ठूलो स्वरले धेरै बोल्ने।

खलबल्याइ–ना० [खलबल्याउ+आइ] खलबल्याउने किसिम, क्रिया वा भाव।

खलबल्याइनु–स० क्रि० [खलबल्याउ+इ+नु] खलबल गरिनु; हल्ला मचाइनु; ('खलबल्याउनु'-को क० क्रि०)।

खलबल्याउनु–स० क्रि० [खलबल+याउ+नु] १. खलबल गर्नु; हल्ला मचाउनु। २. तल-माथि पार्नु; स्थिति वा तह बिगार्नु; गोलमाल पार्नु।

खलमल–क्रि० यो० [अनु०] प्रशस्त नुहाउने किसिम; खलखली; खल्लमल्ल।

खलल–ना० [अ० ख़लल] १. बाधा; अवरोध। २. विघ्न।

खलाँती–ना० [नें०] कौ, कामी आदिका आरनमा आगो फुक्ने छालाको यन्त्र।

खलाङसिङ–वि० [नें०] भित्रभित्रै सड़ेको; गुदी कुहेको।

खलास–वि० [अ० ख़लास] १. समाप्त; खतम। २. मरेको; मृत। ३. सफा; स्वच्छ।

खलासी–ना० [नें०] ठूल्ठूलो काठ चिर्ने रामोजस्तो ठूलो फलामे औजार।

खलासी–ना० [अ० ख़लास] पिपासरहको एक सरकारी कर्मचारी वा दर्जा।

खलिकपुर–वि० [नें०] भएभरका सबै; जम्मै; सम्पूर्ण (मानिस)।

खलिपा–वि० [अ० खलीफ़ः] १. खूब जान्ने; सिपालु; पोख्त। २. बाठो। ३ धूर्त।

खलियो–ना० [नें०] काठ, दाउरा आदि मिलाएर वा चाङ लाएर राखेको थुप्रो; कुनिउँ।

खली–ना० [खलियो] १. अगति परेका प्रेतात्माको उद्धारका निमित्त धामीले तन्त्र-मन्त्रद्वारा आगोमा फालहालेर गर्ने उद्धारक विधि। २. अनुभव; भुक्त-भोग।

खली–ना० [सं०] पीना।

खली-पीना–ना० [खली+पीना] तिल, तोरी आदिवाट तेल निकालिसकेपछि बाँकी रहने सिट्ठी; पीना।

खलीफा–वि० [अ० ख़लीफ़ः] १. सिपालु; पोख्त। २. छट्टू; धूर्त। (ना०) ३. मध्य-कालमा बगदादबाट इस्लाम-जगत्-लाई अनुशासित गर्ने धर्माधिकारी।

खली-मट्टी–ना० [खरी+मट्टी] खरी पत्थर।

खलु–क्रि० यो० [सं०] १. निश्चय नै; पक्का पनि। (ना०) २. मनाही; निषेध।

खलो–ना० [सं० खल] अन्नहरू काटी चुट्ने वा चुटेर सुकाउन बनाइएको ठाउँ।

खलो-खुलो–ना० [खलो+फूल] खलो-फुलो।

खलो-फुलो–ना० [खलो+फूल] देव-पितृ-कार्यमा पुरोहितले पाउने नगदी, जिन्सी मालहरूको समुदाय।

खल्काइ–ना० [खल्काउ+आइ] खल्काउने किसिम, क्रिया वा भाव।

खल्काइनु–स० क्रि० [खल्काउ+इ+नु] खल्काउने काम गरिनु; निलिनु; ('खल्काउनु'-को क० क्रि०)।

खल्काउनु–स० क्रि० [खलक्क+आउ+नु] नरम खानेकुरो नचपाईकन पेटमा पुऱ्याउनु; निल्नु।

खल्को–ना० [नें०] जूठो सुनेर गरिने स्नान; आशौच-स्नान।

खल्ती–ना० [फा० ख़लीता] जेब; बगली।

खल्पी–ना० [नें०] रायो, बेसार, नून आदिमा मुछेर अमिल्याई बनाएको काँक्राको अचार।

खल्मा–ना० [नेवा० खैमं] ताल्चा मार्नाका निम्ति ढोकामा जड़ेको मुन्द्रो।

खल्मा–ना० [नें०] पाखा-बाली राख्ने ठाउँ।

खल्याक-खुलुक्क–क्रि० यो० [अनु०] भित्र भएभरको मल सफा हुने किसिम; खल्यात-खुलुत्त।

खल्याङ-खुलुङ–क्रि० यो० [अनु०] १. भाँड़ा-बर्तनहरू पानीले धुने किसिम; खकाल-खुकुल। २. खल्याङ-मल्याङ; खलबल।

खल्याङ-बल्याङ–ना० [खलबल] धेरै मानिसहरूको अस्पष्ट कोलाहल; ठूलो हल्ली-खल्ली; कल्याङ-मल्याङ।

खल्याङ-मल्याङ–ना० [खलबल] १. धेरै मानिसको अस्पष्ट कोलाहल; खल्याङ-बल्याङ। (क्रि० यो०) २. प्रशस्त पानीले नुहाउने किसिम। (वि०) ३. खलबलिएको।

खल्याङ-खुट्टी–ना० [नें०] एउटा खुट्टा उचालेर अर्को एक खुट्टाले मात्र टेकी दौड़ने खेल; खल्याङ्-खुट्टी।

खल्यात-खुलुत्त–क्रि० यो० [अनु०] एकै पटक मल सफा हुने किसिम; खल्याक-खुलुक्क।

खल्ल–क्रि० यो० [अनु०] पानी खन्याउने किसिम।

खल्लड–ना० [खल्लो] खल्लर।

खल्लन–वि० [खल्लो] खल्लो; खल्लर।

खल्ल-बल्ल–ना० [खलबल] खलबल।

खल्ल-मल्ल–क्रि० यो० [अनु०] प्रशस्त पानीले नुहाउने किसिम।

CC-0. In Public Domain. Digitization by eGangotri

खल्लर–वि० [खल्लो] खल्लो; बेस्वादको; खल्लन ।

खल्लर–वि० [खाल] १. हाड़-छालामात्र बाँकी रहेको । २. बूढ़ो ।

खल्लो–वि० [प्रा० खल्ल] नून, चीनी आदि कम्ती भएको स्वादको; फीका स्वादको ।

खल्वाट–वि० [सं०] टाउकाका रौँ खुइलेको; खल्वाटे ।

खल्वाटे–वि० [सं० खल्वाट+ए] टाउकाका रौँ खुइलिएको; खल्वाट ।

खवाइ–ना० [खा] खाने किसिम वा क्रिया ।

खवास–ना० [अ० ख़वास] शारीरिक सेवा गर्ने नोकर ।

खवासे–ना० [अ० ख़वास+ए] मालिकको शारीरिक सेवा गर्ने नोकर; खवास ।

खवैया–वि० [खा+ऐया] १. धेरै खाने; खूब खाने । २. मीठो खाने ।

खश–ना० [सं०] एक प्राचीन जाति ।

खस–ना० [सं०] क्षत्रियको एक जाति ।

खस–ना० [फा० ख़स] उशीरका जरा ।

खसक्क–क्रि० यो० [अनु०] १. थाहा नदिई हिँड्ने किसिम; लुसुक्क । २. सर्ने किसिम; खस्कने किसिम ।

खसखस–ना० [फा० ख़स] १. एउटै डाँठमा धेरै, लामा-लामा पात हुने, कुशका जस्ता पहेँला फूल फुल्ने, वास्ना आउने जरा हुने एक जातको घाँस; उशीर । २. त्यसैका जरा ।

खसखस–क्रि० यो० [ने०] १. घाँटीमा कफ जमेर हुने असजिलोपन; सगसगी । २. मन लागेको कुरा भन्न वा गर्न नपाउँदा हुने मनको सगसगी ।

खसखसाइनु–अ०क्रि०[खसखसाउ+इ+नु]खसखस लागिनु; सगसगाइनु; ('खसखसाउनु'-को भा० क्रि०) ।

खसखसाउनु–अ० क्रि० [खसखस+आउ+नु] १. घाँटीमा कफ टाँसिएर वा कुनै विकारले असजिलो हुनु; सगसगाउनु । २. खसखस लाग्नु ।

खसखसिइनु–अ० क्रि० [खसखसि] खसखस लागिनु; खसखसाइनु ।

खसखसिनु–अ० क्रि० [खसखस+इ+नु] घाँटीमा खसखस लाग्नु; खसखसाउनु ।

खसखसी–ना० [खसखस] १. इच्छा; चाह । २. चिन्ता ।

खसखसे–वि० [खसखस+ए] नचाहिँदा कुराको चासो गर्ने; चाहिँदो-नचाहिँदो कुरामा चाख लिने ।

खसम–ना०[अ० ख़स्म]१. लोग्ने; पति । २. मालिक; स्वामी ।

खसमस–क्रि० यो० [खसखस] घाँटीमा खसखस लाग्ने किसिम; खसखस ।

खसमसाइनु–अ० क्रि० [खसमसाउ+इ+नु] खसखस लागिनु; खसखसाइनु ।

खसमसाउनु–अ० क्रि० [खसखस+आउ+नु] खसखसाउनु ।

खसमसिइनु–अ० क्रि० [खसमसि+इ+नु] खसमसाइनु; ('खसमसिनु'-को भा० क्रि०) ।

खसमसिनु–अ० क्रि० [खसमस] खसमसाउनु ।

खसर-मसर–ना० [ने०] क्रम वा स्थिति नमिल्नु; गड़बड़ ।

खसरात–ना० [खस+राज्य] खस-जाति बसेको नेपालको पश्चिमी प्रदेश; खस-प्रदेश ।

खसाइ–ना० [खस्+आइ] १. खस्ने किसिम वा क्रिया । २. खसाउने किसिम वा क्रिया ।

खसाइनु–स० क्रि० [खसाउ+इ+नु] खसालिनु; ('खसाउनु'-को क० क्रि०) ।

खसाउनु–स० क्रि० [खस्+आउ+नु] माथिबाट तल झार्नु; खसाल्नु । ('खस्नु'-को प्रे० क्रि०) ।

खसाखस–क्रि० यो० [खसोखास] १. एकजात नढाँटीकन; खसोखास । २. सरासर; खुरुखुरु ।

खसालाइ–ना० [खसाल्+आइ] खसाल्ने किसिम, क्रिया वा भाव ।

खसालिनु–स० क्रि० [खसाल्+इ+नु] झारिनु; गिराइनु; ('खसाल्नु'-को क० क्रि०) ।

खसाल्नु–स० क्रि० [खस्] १. तलतिर झार्नु; गिराउनु; ('खस्नु'-को प्रे० क्रि०) । २. अर्कालाई होच्याउनु; हेला गरेर बोल्नु ।

खसिनु–अ० क्रि० [खस्+इ+नु] झरिनु; गिरिनु; ('खस्नु'-को भा० क्रि०) ।

खसिपा–ना० [नेवा०] झ्याल, ढोका आदि बनाउने कामको तछुवा चार-पाटे काठका टुक्रा ।

खसी–ना० [अ० ख़सी] अण्ड-कोश बिगारेर नपुंसक तुल्याएको पशु ।

खसोखास–वि० [खास+खास] १. यथार्थ; सत्य । २. जस्ताको-तस्तो; ठीक उस्तै । ३. साफ-साफ; सफासफी ।

खस्कनु–अ० क्रि० [खस्+नु] १. खस्नु; पतित हुनु; रड्कनु । २. तलतिर लाग्नु; उँधो लाग्नु । ३. कमजोर हुनु; निस्तेज हुनु । ४. उमेर ढल्कनु ।

खस्काइ–ना० [खस्क+आइ] खस्कने किसिम, क्रिया वा भाव ।

खस्काइनु–स० क्रि० [खस्काउ+इ+नु] खसालिनु; खस्कन लाइनु; ('खस्काउनु'-को क० क्रि०) ।

खस्काउनु–स० क्रि० [खस्क+आउ+नु] खसाल्नु; खस्कन लाउनु; ('खस्कनु'-को प्रे० क्रि०) ।

खिस्कनु–अ० क्रि० [खस्क] खसिनु; पतित होइनु; ('खस्कनु'-को भा० क्रि०) ।

खस्क्याहट–ना० [खस्कि+आहट] खस्कने किसिम वा क्रिया ।

खस्ती-पर्ती–ना० [फा० ख़स्त+पर्ती] पहिले आबादी भई पछि कुनै कारणवश पर्ती रहेको जग्गा ।

खस्नु–अ० क्रि० [सं० स्खल्] १. तलतिर झर्नु; गिर्नु । २. मर्नु ।

खस्मिनी–ना० [खसम+नी] कमारा-कमारीले मालिकनीलाई सम्बोधन गर्ने शब्द ।

CC-0. In Public Domain. Digitization by eGangotri

खस्याक-खुसुक–क्रि० यो० [अनु०] काने-खुसी गर्ने किसिम; खासखुस।

खस्याङ-खुसुङ–ना० [ने०] खत्र्याक-खुत्रुक; जेतेमेते।

खस्याङ-मस्याङ–ना० [ने०] खस्याङ-खुसुङ; जेतेमेते।

खस्त्रक्क–क्रि० यो० [ने०] निराश वा दिक्दार हुने किसिम; खिस्त्रिक्क।

खस्त्राङ-खुस्त्रुङ–क्रि० यो० [अनु०] सुकेका पात-पतिङ्गर आदिलाई मूसा, चरा आदिले चलाउँदा आवाज आउने किसिम; छस्त्राङ-छुस्त्रुङ।

खस्त्रिइनु–अ० क्रि० [खस्त्रि+इ+नु] खस्रो होइनु; खस्त्रिने काम होइनु; ('खस्त्रिनु'-को भा० क्रि०)।

खस्त्रिनु–अ० क्रि० [खस्रो+इ+नु] १. खस्रो हुनु। २. छिप्पिनु; परिपक्व हुनु।

खस्रु–ना० [खस्रो] खरीका जस्ता पात र बोहरीका जस्ता फूल हुने एक जातको रूख।

खस्रे–वि० [खस्रो+ए] १. खस्रो। २. साह्रो; दरो। ३. एक जातको रूख। (यसको पात गाई-वस्तुलाई खुवाइन्छ।)

खस्रेतो–ना० [खस्रो] खस्रा ठूला-ठूला पात र उन्यूका जस्ता गेड़ा फल्ने बोटविशेष।

खस्रे-भ्यागुतो–ना० [खस्रे+भ्यागुतो] एक जातको भ्यागुतो।

खस्रो–वि० [सं० खर] १. दरफन्याउने; चिप्लो नभएको। २. कड़ा; साह्रो। ३. पेटमा कपट नभएको; खसोखास कुरा गर्ने।

खस्याइ–ना० [खस्त्रि+आइ] खस्त्रिने किसिम, क्रिया वा भाव।

खस्याक-खुस्त्रुक–क्रि० यो० [अनु०] सुकेका पात, कागत आदि हलुका किसिमले चलाउँदा शब्द निस्कने किसिम।

खस्याङ-खुस्त्रुङ–ना० [ने०] खत्र्याक-खुत्रुक।

खस्याङ-मस्याङ–क्रि० यो० [ने०] १. कागत-पत्र वा सुकेका पात-पतिङ्गर चलाउँदा शब्द आउने किसिम। (ना०) २. खत्र्याक-खुत्रुक।

खस्याहट–ना० [खस्त्रि+आहट] खस्त्रिने किसिम वा क्रिया।

ख-स्वस्तिक–ना० [सं०] शिरका ठीक माथि आकाशमा कल्पना गरिएको विन्दु; शीर्ष-विन्दु।

खहरिइनु–अ० क्रि० [खहरि+इ+नु] खरो होइनु; ('खहरिनु'-को भा० क्रि०)।

खहरिनु–अ० क्रि० [खरो+इ+नु] १. बोट-विरुवाहरू सुक्तै जानु। २. विफर, घाउ, खटिरा आदिका खाटा बस्न थाल्नु। ३. बिग्रँदै जानु; घरङ्गाट लाग्नु। ४. भुटेको वस्तु डढ्न थाल्नु।

खहरे–ना० [सं० खर] वर्षा भएका बखतमा मात्र भेल आउने सानो-तिनो खोल्सो।

खहरेतान–ना० [खहरे+तान्] घिच्च्याउँदै ल्याउने काम; घिसार्ने काम।

खहऱ्याइ–ना० [खहरि+याइ] खहरिने किसिम, क्रिया वा भाव।

खहऱ्याइ–ना० [खहऱ्याउ+आइ] खहऱ्याउने किसिम, क्रिया वा भाव।

खहऱ्याइनु–स० क्रि० [खहऱ्याउ+इ+नु] तलतिर झारिनु; खँगारिनु; ('खहऱ्याउनु'-को क० क्रि०)।

खहऱ्याइनु–स० क्रि० [खहऱ्याउ+इ+नु] खरो पारिनु; खूबसित सुकाइनु; ('खहऱ्याउनु'-को क० क्रि०)।

खहऱ्याउनु–स० क्रि० [खहरि+याउ+नु] १. भुटेका वा पाकेका वस्तुलाई आँच बढ्ता लगाई खरो पार्नु; सुकाउनु; खँगार्नु; ('खहरिनु'-को प्रे० क्रि०)। २. खुर-मुन्याउनु। ३. बिगार्नु; घरङ्गाट लाउनु; सिद्धचाउनु।

खहऱ्याउनु–स० क्रि० [खहरे+याउ+नु] माथिबाट तल झार्नु; तलतिर घिच्च्याउनु; खँगार्नु।

खा–ना० [सं० ज्या] साढ़े बाईस हात लामो र चार हात गज भएको, घर बनाउने जमीनको नापो।

खाँ-खाँ–ना० [खा] भोक लागेको वा खान नपाएको सूचित गर्नु; खाऊँ-खाऊँ भन्ने इच्छा प्रकट गर्नु।

खाँच–ना० [सं० खटिका] बट्टाईहरू हाली बोकेर लाने पिँजरा।

खाँच–ना० [सं० कर्षण] कपड़ा चुन्दा पर्ने बुट्टा; खाँच्ता हुने खोलसा परेका बुट्टा।

खाँचिनु–स० क्रि० [खाँच्+इ+नु] खुम्चिएको बुट्टा पारिनु; चुनिनु; ('खाँच्नु'-को क० क्रि०)।

खाँचो–ना० [ने०] हर्जा; आवश्यकता; जरूरत।

खाँच्नु–स० क्रि० [खाँच+नु] धोएर घोट, कलप गरेको कपड़ामा खुम्चिएका बुट्टा पार्नु; चुन्नु।

खाँड़–ना० [सं० खण्ड] सेतो सखर; संस्कार नपुगेको चीनी।

खाँड़सारी–ना० [सं० खण्ड+सार] सफा नपारिएको खैरो रङ्गको चीनी।

खाँड़ी–ना० [ने०] एक जातको मोटो कपड़ा; खादी; खद्दर; घर-बुना।

खाँड़ो–ना० [सं० खड्ग] १. खड्ग; तरवार। २. विवाह-मण्डपमा हातमा तरवार लिएर गाइने राज-स्तुति; विरुदावली; वीर-गाथा। ३. भाग्य।

खाँद–ना० [ने०] १. खेत-बारीमा जमेको अनावश्यक पानी फाल्नाका निम्ति बनाएको खोल्सो। २. गैह्रो परेको जमीन।

खाँदाखाँद–क्रि० यो० [खाँद्+खाँद्] १. धमाधम खाँद्ने किसिम; ठसाठस; ठेलमठेल। २. परस्परमा पिट्न किसिम; पिटापिट।

खाँदिनु–स० क्रि० [खाँद्+इ+नु] १. ठेलमठेल भएर बस्नु। २. थिचिनु। ३. गोदिनु; पिटिनु; ('खाँद्नु'-को क० क्रि०)।

खाँदो-पिँदो–वि० [खा+पि] १. इच्छामाफिक वा मीठो-मसिनो खाएको; हुँदो-खाँदो। २. धनी; धनाढ्य।

खाँद्नु–स० क्रि० [ने०] १. थिची-थिची हाल्नु; कोच्नु। २. थिच्नु; दबाउनु। ३. बेसरी पिट्नु; गोद्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

खाँभो–ना० [प्रा० खम्भो] कापे परेको थाम; खम्बा।
खाइखुइ–ना० [ने०] तल्लो हैसियतको; निम्न श्रेणीको।
खाइ-जीविका–ना० [खा+जीविका] जीवन-वृत्ति; निर्वाह।
खाइद्यौ–वि० [खा०] खाइबा।
खाइनु–स० क्रि० [खा+इ+नु] खाने काम गरिनु; भोजन गरिनु; ('खानु'-को क० क्रि०)।
खाइबा–वि० [खा०] काम-काज केही नगरी खाइमात्र रहने; खाइद्यौ।
खाइहाल्दो–वि० [खा+हाल्] १. घर-गृहस्थी राम्रो भएको; हुँदो-खाँदो। २. सुन्दर; हृष्ट-पुष्ट।
खाई–ना० [प्रा० खाअ] १. खाल्डो; खाड़ल। २. दुर्ग, नगर आदिको रक्षाका निमित्त वरि-परि खनिएको जलपूर्ण खाड़ल; खावा।
खाक–ना० [फा० ख़ाक] १. खरानी; भस्म। २. धूलो।
खाकर–वि० [ने०] खान नपाएर साह्रै दुब्लाएको।
खाका–ना० [फा० ख़ाकः] १. चित्र, नक्शा आदिको नमूना; रेखा-चित्र। २. रूप-रेखा।
खाकी–वि० [फा० ख़ाकी] माटाको रङ्गको खैरो।
खाक्सी–ना० [फा० ख़ाक+सी (नेवा०)] खाग्सी।
खांग–ना० [सं० खड्ग] गैँड़ाका नाकमाथिको सीङ।
खाग–वि० [खाक] १. खपिस; चतुर। (ना०) २. खरानी।
खागो–ना० [ने०] भीर-माहुरी।
खाग्सी–ना० [खाक्सी] १. खस्रा पात, झुप्पाकार मसिना सेता फूल र साना-साना हरिया फल हुने एक वृक्ष। २. त्यसको फल।
खाग्सी–ना० [खाक्सी] काठका वस्तुहरू चिप्लो पार्न र धातुका वस्तुहरूमा जमेको कस सफा गर्न कागज वा कपड़ामा काँचको धूलो टाँसी बनाइएको वस्तु।
खाङ्ग्रे–ना० [खाङ्ग्रो+ए] ठूलो किसमको डोको।
खाङ्ग्रो–ना० [ने०] ठूलो किसिमको डोको।
खाङ्ङ्रे–ना० [खाङ्ग्रो+ए] खाङ्ग्रे।
खाङ्ङ्रो–ना० [ने०] खाङ्ग्रो।
खाजा–ना० [खजमज] १. पोते उन्दा छिरलिएका दाना। २. विभिन्न छाप्ने टाइपहरू मिसिएको समूह।
खाजा–ना० [प्रा० खज्ज] १. दिउँसोको खाना; चमेना; अर्नी। २. विवाह भएको वर्षदिन भएपछि दुलहाले दुलहीका माइतमा सौगात पठाउने खानेकुरो।
खाट–ना० [सं० खट्वा] मानिस बस्ने वा सुत्ने ठूलो लामो खटिया; पलङ।
खाटतौली–ना० [ने०] आँगा र थापाचिनियाँ मिसिएको धान।
खाटा–ना० [खत] घाउ-खटिरा निको भएर बसेको पाप्रो; घाउ सुकेको पाप्रो।
खाड़ल–ना० [सं० खात] खाल्टो; भड्खारो।
खाड़ी–ना० [खाड़ल] १. दलदले जमीन; धाप। २. तीनतिर जमीनले घेरिएको समुद्रको सानो भाग; उपसागर।
खात–ना० [सं०] १. खनेर बनाइएको खाल्टो। २. पोखरी। ३. गुफा।
खात–ना० [ने०] १. चाङ; तह। २. ठेली। ३. रास; थुप्रो।
खाता–ना० [खात] १. हरएक ग्राहक, असामी आदिको अलग-अलग हिसाब लेखिराख्ने व्यापारीहरूको किताब; बही। २. जमीनको नाप, आम्दानी आदिको विवरण लेख्ने सरकारी बही।
खातापाता–ना० [खत+पाटो] दुवैतिर गालामा उम्रने दाह्री।
खाता-बही–ना० [ख़ाता+बही] असामीहरूको वा रकमहरूको हिसाब लेख्ने किताब; बही-खाता।
खातिर–ना० [अ० ख़ातिर] १. आदर; सम्मान। २. निम्ति; लागि।
खातिर-जमा–ना० [अ० ख़ातिरजमऽ] १. सन्तोष; सान्त्वना। २. विश्वास; भरोसा।
खातिरदारी–ना० [अ० ख़ातिर+दारी (फा०)] अतिथिहरूको सम्मान; आदर-भाव।
खातिरी–ना० [फा० ख़ातिर] खातिरदारी।
खात्तिइनु–अ० क्रि० [खात्ति+इ+नु] खात लागिनु; चाङ परिनु; ('खात्तिनु'-को भा० क्रि०)।
खात्तिनु–अ० क्रि० [खात+इ+नु] खात लाग्नु; चाङ पर्नु।
खाद–ना० [प्रा०] जमीनको उर्वरा-शक्ति बढ़ाउनाका लागि उपयोग गरिने पदार्थ; मल।
खादक–वि० [सं०] खाने; भक्षक।
खादन–ना० [सं०] खानु; भक्षण; भोजन।
खादित–वि० [सं०] खाइएको; भोजन गरिएको।
खादी–ना० [खाँड़ी] खाँड़ी; खद्दर।
खाद्य–वि० [सं०] १. खान योग्य; खान हुने। (ना०) २. खानेकुरो; भोज्य पदार्थ।
खाद्य-पदार्थ–ना० [सं०] खाइने वस्तु; खानेकुरो।
खाद्यान्न–ना० [सं०] खाइने अन्न; अनाज।
खाद्योज–ना० [सं०] खाद्य-पदार्थमा रहेको पौष्टिक तत्त्व; भिटामिन।
खान-खवास–ना० [फा० ख़ानाख़राब] १. जात-भात थाह नभएको व्यक्ति; सरकारद्वारा पालिएको जात-भात पत्ता नलागेको मानिस। २. घरबार, सम्पत्ति आदि नष्ट भएको; अभागी; भाग्य-हीन।
खानगी–ना० [फा० ख़ानगी] १. तलब; महीनावारी; वेतन। २. खानाका निम्ति ठेकिएको वस्तु। ३. खवाइ; खाना।
खान-तलासी–ना० [फा० ख़ाना-तलाशी] खाना-तलाशी।
खानदान–ना० [फा० ख़ान्दान] १. कुल; वंश; घराना। २. उत्तम कुल; उच्च घराना।
खानदान–ना० [खाना+दान] कटौरा-आकारका भाँड़ाहरू तह मिलाएर खानेकुरो हाली लिएर हिँड्ने भाँड़ो।

CC-0. In Public Domain. Digitization by eGangotri

खानदानी–वि० [फा० ख़ान्दानी] १. उच्च खानदानको; कुलीन; घरानियाँ। २. वंश-परम्परागत; पैतृक।

खान-पान–ना० [सं०] १. खानु र पिउनु; खुवाइ र पियाइ। २. खाने र पिउने वस्तु; अन्न-पानी। ३. साथमा रहेर खाने-पिउने व्यवहार। ४. खाने-पिउने आचार।

खानसा–ना० [फा० ख़ानसामाँ] तर्कारी, अचार आदि खानेकुरो बनाउने ठाउँ; अगेनु।

खानसामाँ–ना० [फा० ख़ानसामाँ] खानसाको काम गर्ने व्यक्ति; खान्से।

खाना–ना० [सं० खादन] १. खानेकुरो; खाद्य वस्तु। २. खानु; भोजन गर्नु।

खाना–ना०[फा० खानः] १. खण्ड; कोठा। २. घर। ३. कुनै विशेष वस्तु राखिने घर।

खाना-तलाशी–ना० [फा० खानः+तलाशी (तु०)] कुनै ठाउँमा कुनै अभियुक्त लुकेको वा अवैध माल लुकाइएको शङ्का लागी वा सर्वस्व लिनुपरेमा सरकारले गर्ने घरको तलाशी।

खानि–ना० [सं०] १. धातु, पत्थर, कोइला, तेल आदि प्रचुर मात्रामा प्राकृतिक रूपले पृथ्वीभित्र रहेको ठाउँ। २. कुनै वस्तु धेरै मात्रामा हुने ठाउँ।

खानी–ना० [सं० खानि] खानि।

खानु–स० क्रि० [सं० खाद्+नु] १. खानेकुरो मुखमा हाली निल्नु; भोजन गर्नु। २. गुतार्नु; हसुर्नु; घिच्नु (निन्दार्थमा)। ३. अर्काको माल लिएर फिर्ता नदिनु; पचाउनु। ४. बेहोर्नु,; भोग्नु।

खानेकुरो–ना० [खा+कुरो] १. खाइने वस्तु; खाद्य पदार्थ। २.चमेना।

खान्की–ना० [फा० खानगी] खानगी।

खान्सा–ना० [खानसा] खानसा।

खान्से–ना० [खान्सा+ए] खान्साको काम गर्ने व्यक्ति; अचार, तरकारी, चमेना आदि बनाउने व्यक्ति।

खाप–ना० [खप्ट] पत्र; तह।

खापा–ना० [खाप्] एक पटक भरेर नापेको अन्न-पात आदि फेरि पछि भर्दा हुने नपुगप रिमाण।

खापा–ना० [नेवा०] झ्याल-ढोका लाउने-खोल्ने फल्याँटो; कपाट।

खापाखाप–क्रि० यो० [खाप्+खाप्] एकमाथि अर्को भएर खप्टिने किसिम।

खापिनु–स० क्रि० [खाप्+इ+नु] एकमाथि अर्को राखिनु; खप्टिनु

खापी–ना० [ने०] पातलो नैनसूतजस्तो एक प्रकारको कपड़ा।

खाप्नु–स० क्रि० [खप्ट+नु] एकमाथि अर्को राख्नु; खप्टनु।

खाप्सियो–ना० [ने०] राड़ी, पाखी, धोक्रो आदि सिउने ठूलो सियो।

खाम–ना० [सं० स्कम्भ्] चिट्ठी-पत्र हाली बन्द गर्ने विशेषतः कागतको थैली; लिफाफा।

खामस–ना० [फा० ख़ामोश] खामोश।

खामिनु–अ० क्रि० [खाम्+इ+नु] १. अटाउनु; भित्र पस्नु; ('खाम्नु'-को भा० क्रि०)। २. पुग्नु; ठीक हुनु।

खामी–ना० [ने०] पोते, मोती, सिक्री आदि झुन्ड्याउनाका निम्ति स्त्री-जातिले कुममा लाउने सुन-चाँदीको बाट्लो गहना।

खामुख–ना० [फा० ख्वाहमख्वाह] निश्चय; पक्का।

खामो–ना० [खम्बा] कापे परेको थाम; खाँभो।

खामोश–ना० [फा० ख़ामोश] १. धैर्य; सहन-शीलता। २. चूप; मौन।

खामोशी–ना० [फा० ख़ामोशी] १. चूपचाप; मौन। २. धैर्य।

खाम्नु–स० क्रि० [खाम+नु] १. खामभित्र चिट्ठी-पत्र हालेर बन्द गर्नु। २. हुल्नु; पसाउनु। ३. थाम्नु; थेग्नु। (अ० क्रि०) ४. अटाउनु। ५. पुग्ने हुनु; ठीक हुनु

खायल–ना० [खलो] १. एक घरले चर्चेको जमीनको कित्ता; खण्ड। २. किसिम; प्रकार।

खायस–ना० [फा० ख्वाहिश] १. चाह; रुचि। २ वास्ता; प्रयोजन। ३. जरूरत।

खायो-जियो–ना० [खाउ+जिउ] खाइ-जीविका; गुजारा; निर्वाह।

खार–ना० [प्रा०] वनस्पति वा खनिज पदार्थहरूबाट प्राप्त हुने नून; क्षार।

खार–ना० [फा० ख़ार] १. डाह; जलन। २. घाँटी, नाक, आँखा आदिमा जलन पैदा गर्ने कड़ा किसिमको गन्ध।

खारखेर–ना० [खार्+केर्] अपराधीलाई केर्नु; कारकेर।

खारिनु–अ० क्रि० [खार्+इ+नु] १. कसर छट्टिएर सफा गरिनु। २. शिक्षा वा अनुभवबाट परिपक्व हुनु; ('खार्नु'-को भा० क्रि०)।

खारिनु–स० क्रि० [खार्+इ+नु] पकाएर कस झिकिनु; शुद्ध पारिनु; ('खार्नु'-को क० क्रि०)।

खारिनु–स० क्रि० [खार्+इ+नु] अग्लो जमीन खनेर सम्म्याइनु; सम्म पारिनु; ('खार्नु'-को क० क्रि०)।

खारिज–वि० [अ० ख़ारिज] निकालिएको; बरखास्त गरिएको; वहिष्कृत।

खारिजी–ना० [फा० ख़ारिजी] खारेज हुनु; बरखास्त हुनु; मुअत्तल हुनु।

खारिलो–वि० [खार+इलो] १. खार भएको। २. खारको-स्वादको; नुनिलो।

खारी–ना० [प्रा० खार] क्षार।

खारेज–वि० [अ० ख़ारिज] खारिज।

खार्नु–स० क्रि० [प्रा० खार+नु] १. खूब पकाएर कस झिक्नु। २. शुद्ध पार्नु; सोध्नु। ३. शिक्षाद्वारा बुद्धि परिपक्व पार्नु।

खार्नु–स० क्रि० [सं० खात+इ+नु] अग्लो जमीनलाई खनेर सम्म्याउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

खार्पा–ना० [ने०] भोटो, मयल-पोश आदिको काखीमनि गाँसिने तीन कुना परेको अंश ।

खाल–ना० [प्रा०] १. जूवा खेल्ने ठाउँ । २. श्रेणी; स्तर । ३. किसिम; प्रकार ।

खाल–ना० [सं० खल्ल] १. छाला; त्वचा; चर्म । २. बोक्रो ।

खाल-खेल–ना० [खलो+खेल] १. षड्यन्त्र । २. जाल-झेल । ३. अभिचारजन्य बाधा ।

खाला–ना० [खाल] १. छालाको बाहिरी तह; अत्तर-छाला । २. बोक्रो ।

खालि–क्रि० यो० [अ० ख़ाली] केवल; सिर्फ; मात्र ।

खालिसा–ना० [अ० खालिसः] सरकारकै अधिकारमा रहेको जमीन; कसैको मोहियानी हक र बिर्ता नभएको जमीन ।

खाली–वि० [अ० ख़ाली] भित्र केही नभएको; रित्तो; रिक्त ।

खाली-खण्ड–ना० [खाली+खण्ड] खारिजी; खा ली-खाल्सा ।

खाली-खाल्सा–ना० [खाली+खालिसा] खाली भएको स्थान, पद वा खान्गी; कसैको बहाली नभएको ठाउँ ।

खाले–ना० [खाल+ए] १. जूवा खेल्ने खाल थाप्ने व्यक्ति; खालको मालिक; द्यूताध्यक्ष । २. एक-एक दाउ लिएर जूवा-खालमा खेल्ने खेलाड़ी ।

खाल्टा-खुल्टी–ना० [खाल्टो+खाल्टो] साना-तिना खाल्टाहरू ।

खाल्टो–ना० [सं० खात] खाड़ल; खाल्डो; भ्वाँग; भड्-खारो; भङ्दालो ।

खाल्डो–ना० [सं० खात] खाल्टो ।

खावा–ना० [खुवा] दूध बाक्लो गरी तताएको खाद्य पदार्थ ।

खावा–ना० [ने०] भाका; म्याद ।

खावा–ना० [सं० खात] किल्ला, शहर आदिको सुरक्षाका निमित्त वरि-परि खनेर बनाइएको जलपूर्ण खाड़ल; खाई ।

खास–वि० [अ० ख़ास] १. जस्ताको-तस्तो । २. यथार्थ; सत्य; वास्तविक । ३. मुख्य; प्रधान ।

खासखुस–क्रि० यो० [अनु०] १. गुप्त किसिमले कुरा गर्ने किसिम; खुसखुस । (ना०) २. भित्र-भित्रै चलेको गुप्त कुराको हल्ला; गामगुम । ३. काने-खुसी; साउती ।

खासा–वि० [अ० ख़ासः] असल; बेस; उम्दा; उत्तम ।

खासी–ना० [नेवा०] तामा, पित्तल आदिको पकाउने ठूलो भाँड़ो; ठो ।

खासी–वि० [अ० ख़ास] १. मन परेको; प्रिय (व्यक्ति) । २. पत्यारको; भरपर्दो ।

खास्टे–वि० [खास्टो+ए] खाँड़ीको खास्टो ओढ्ने (सभ्यता नसिकेको) ।

खास्टो–ना० [ने०] दुइ वा तीन तहको बाक्लो सूती ओढ्ने; बाक्लो किसिमको सूती पछ्यौरा ।

खिँचाइ–ना० [खिँच्+आइ] खिँच्ने किसिम, क्रिया वा भाव ।

खिँचाइनु–स० क्रि० [खिँचाउ+इ+नु] खिँच्न लाइनु; खैँचाइनु; ('खिँचाउनु'-को क० क्रि०) ।

खिँचाउनु–स०क्रि० [खिँचाउ+इ+नु] खिँच्न लाइनु; खैँचाइनु; ('खिँचाउनु'-को क० क्रि०) ।

खिँचाउनु–स० क्रि० [खिँच्+आउ+नु] खिँच्न लाउनु; तान्न लाउनु; खैँचाउनु; ('खिँच्नु'-को प्रे० क्रि०) ।

खिँचातान–ना० [खिँच्+तान्] तानातान; खिँचातानी ।

खिँचातानी–ना० [खिँच्+तान्] १. परस्परमा तान्नु; तानातान । २. कुनै फल-प्राप्तिका निम्ति दुइ व्यक्तिको पारस्परिक विरोधी उद्योग ।

खिँचिनु–स० क्रि० [खिँच्+इ+नु] तानिनु; घिच्च्याइनु; खैँचिनु; ('खिँच्नु'-को क० क्रि०) ।

खिँचुवा–वि० [खिच्+उवा] १. खिँच्ने; तान्ने । २. खिँचिएको; उतारिएको (अर्क आदि) । ३. तानिएको; घिच्च्याइएको ।

खिँच्नु–स० क्रि० [सं० कर्षण+नु] १. तान्नु; घिच्च्याउनु; खैँचनु । २. फैलिएका वस्तुहरू एकै ठाउँमा ल्याउनु; केन्द्रीभूत गर्नु । ३. खर्च कम गर्नु; किफायत गर्नु । ४. सारांश झिक्नु; तेरीज निकाल्नु । ५. तस्वीर लिनु; चित्र उतार्नु ।

खिइनु–अ० क्रि० [प्रा० खय+नु] १. घोटिएर वा रगेड़िएर घट्तै जानु; कम हुँदै जानु । २. खिया लाग्नु; खै जम्नु । ३. दुब्लाउनु; ख्याउटिनु ।

खिका–ना० [नेवा०] धोती, पछ्यौरा आदिको छेउको किनार ।

खिङ्गली–वि० [ने०] १. कन्जुस; किरन्टोकी । २. नीच; निन्दनीय ।

खिच-खिच–क्रि० यो० [खिचोला] कुनै काम गर्दा खिचोला झिक्ने किसिम ।

खिचड़ी–ना० [सं० कृशर] १. दाल, चामल आदि मिसाएर पकाएको नरम खाद्य पदार्थ । २. विभिन्न वस्तुहरू एकै ठाउँमा छ्यासमिस हुनु । (वि०) ३. थरी-थरीका वस्तुहरू एकै ठाउँमा मिलेको; छ्यासमिसे ।

खिचड़ी-मिचड़ी–ना० [खिचड़ी+मिचड़ी(फाँ०)] १. जथाभावीसित मिसिएको धेरै वस्तुको समूह । २. जेतेमेते; खत्र्याक-खुत्रुक ।

खिचलो–ना० [खिचोला] खिचोला ।

खिचाखिच–ना० [खिँच्+खिँच्] परस्परमा तान्नु; तानातान; खिँचातानी ।

खिची-खिची–क्रि० यो० [खिचखिच] खिचखिच ।

खिचोला–ना० [ने०] १. झगड़ा गर्ने निहुँ; कचिङ्गल मचाउने कुरा । २. गड़बड़; गोलमाल; कचिङ्गल; झगड़ा ।

खिच्चुक–वि० [खिँच्] १. सानो चित्त भएको; कन्जुस; खिच्चू । २. छुच्चो; कृपण ।

खिच्च–वि० [खिच्चुक] खिच्चुक ।

खिच्रीमिच्री–ना० [ने०] खत्र्याक-खुत्रुक; जेतेमेते ।

खिच्रो–ना० [खिचड़ी] खिचड़ी ।

खिजाब–ना० [अ० ख़िज़ाब] फुलेका कपाल, जुँगा आदि कालो रँगाउने औषधी; केश-कल्प; कलप ।

CC-0. In Public Domain. Digitization by eGangotri

खिजिनु–स० क्रि० [प्रा० खिज्जइ+नु] रीस उठ्नु; दिक्दारी हुनु ।

खिज्याइ–ना० [खिज्याउ+याइ] खिज्याउने किसिम, क्रिया वा भाव ।

खिज्याइनु–स० क्रि० [खिज्याउ+इ+नु] १. खिसी गरिनु; हेला गरिनु । २. रीस उठाइनु; ('खिज्याउनु'-को क० क्रि०) ।

खिज्याउनु–स० क्रि० [प्रा० खिज्जइ+याउ+नु] १. खिसी गर्नु; हेला गर्नु । २. गिज्याउनु; जिस्क्याउनु ।

खिज्याहट–ना० [खिज्याउ+आहट] खिजिने वा खिज्याउने किसिम वा क्रिया ।

खितखित–क्रि० यो० [अनु०] मधुर स्वरले हाँस्ने किसिम

खिताब–ना० [अ० ख़िताब] पदवी; उपाधि ।

खितितिति–क्रि० यो० [अनु०] मधुर र लामो शब्द निकालेर हाँस्ने किसिम ।

खित्का–ना० [खित्त] बेसरी हाँस्दाको आवाज ।

खित्त–क्रि० यो० [अनु०] मधुर हाँसो फुट्ने किसिम ।

खिदमत–ना० [अ० खिदमत] निम्न कोटिको सेवा-टहल; चाकड़ी ।

खिन्न–वि० [सं०] दिक्दार; दिक्क मानेको; खेद-युक्त; उदास ।

खिन्नता–ना० [सं०] खिन्न हुनाको भाव; उदास हुनाको भाव ।

खिपाइ–ना० [खिप्+आइ] खिप्ने किसिम, क्रिया वा भाव ।

खिपाइनु–स० क्रि० [खिपाउ+इ+नु] खिप्न लाइनु; ('खिपाउनु'-को क० क्रि०) ।

खिपाउनु–स० क्रि० [खिप्+आउ+नु] खिप्न लाउनु; ('खिप्नु'-को प्रे० क्रि०) ।

खिपाडोरी–ना० [खिप्+डोरी] मसिनो डोरी ।

खिपाहा–वि० [खिप्+आहा] खिपेर पासा वा कौड़ा हान्ने ।

खिपिनु–स० क्रि० [खिप्+इ+नु] भनेजस्तो दाउ पार्न कौड़ा, पासा आदि मिलाइनु; ('खिप्नु'-को क० क्रि०) ।

खिपुवा–वि० [खिप्+उवा] खिपिएको; खिपेर बनाइएको ।

खिप्नु–स० क्रि० [नें०] १. इच्छा गरेको दाउ पर्ने गरी पासा वा कौड़ा हान्न मिलाउनु । २. कसेर बुन्नु । ३. मसिनो पारेर सिउनु ।

खिया–ना० [खई] धातुका भाँड़ामा लाग्ने हरियो वा रातो कस; खई ।

खियाइ–ना० [खिइ+याइ] खिइने किसिम, क्रिया वा भाव ।

खियाइ–ना० [खियाउ+आइ] खियाउने किसिम, क्रिया वा भाव ।

खियाइनु–स० क्रि० [खियाउ+इ+नु] खिइने पारिनु; ('खियाउनु'-को क० क्रि०) ।

खियाइनु–स० क्रि० [खियाउ+इ+नु] डुङ्गा चलाइनु; खियाउने काम गरिनु; ('खियाउनु'-को क० क्रि०) ।

खियाउनु–स० क्रि० [खिइ+याउ+नु] १. घोटेर वा रगेड़ेर पातलो पार्नु; घटाउनु । २. खिया लाग्ने पार्नु; ('खिइनु'-को प्रे० क्रि०) ।

खियाउनु–स० क्रि० [सं० क्षेप+याउ+नु] १. डुङ्गा चलाउनु; बहना चलाउनु । २. पौड़नु; पौड़ी खेल्नु । ३. बाटो हिंड्नु ।

खिरखिरे–ना० [अनु०] १. घट्टमा सोलीका पींधमा लाएको अन्न झर्ने डूंड थर्काउनाका निम्ति झुन्ड्याइएको वस्तु; पुतली । २. इनारबाट पानी झिक्न सजिलो पार्न र डोरी नखिइयोस् भन्नाका निम्ति इनारमाथि जड़िएको पाङ्ग्रो; घिर्नी ।

खिरिखिरि–ना० [नें०] चुरीफुरी; तुजुक ।

खिरिलो–वि० [नें०] मसिनो तर पुष्ट; दरो; दर्बिलो ।

खिरौंलो–ना० [नें०] १. लामा पात, राता, साना, फूल, लाम्चा, चिप्ला, साना फल र कालो गुदी एवं कन्द हुने एक बूटी । २. त्यसैको कन्द । (यसका कालो र सेतो—दुइ भेद छन् । आयुर्वेदमा यसको गुण रुचि-कारक र धातु बग्ने रोगलाई नाश गर्ने बताइएको छ ।)

खिर्नी–ना० [सं० क्षीरिणी] १. टुप्पा फाटेका जस्ता पात, सेता फूल, जुरे-काफलका जस्ता साना फल हुने एक वृक्ष । २. त्यसैको फल; राजादनी; क्षीरिणी ।

खिन्याइनु–अ० क्रि० [खिन्याउ+इ+नु] खिहिन्याउनु; ('खिन्याउनु'-को भा० क्रि०) ।

खिन्याउनु–अ० क्रि० [खिहिरो+याउ+नु] खिहिन्याउनु ।

खिर्रो–ना० [नें०] लाम्चा, मसिना पात र साना-साना गेड़ा हुने रूखविशेष ।

खिलाइनु–स० क्रि० [खिलाउ+इ+नु] खिल्न लाइनु; डसाइनु; ('खिलाउनु'-को क० क्रि०) ।

खिलाउनु–स० क्रि० [खिल्+आउ+नु] खील गाड्न लाउनु; ('खिल्नु'-को क० क्रि०) ।

खिलान–ना० [सं० स्खल] झ्याल-ढोकाको माथि पारिने अर्ध-वृत्ताकार बान्की; गुम्बज ।

खिलाफ–वि० [अ० ख़िलाफ़] विरुद्ध; विपरीत ।

खिलिनु–स० क्रि० [खिल्+इ+नु] खील गाड़िनु; डसिनु; ('खिल्नु'-को क० क्रि०) ।

खिलुवा–ना० [नें०] १. काँढ़ावाल साना-साना पात, सेता साना फूल र राता गोल फल हुने एक वृक्ष । २. त्यसैको फल ।

खिल्नु–स० क्रि० [खील+नु] १. माहुरी, बारुला, अरिङ्गाल आदि कीराले खील गाड्नु; डस्नु । २. गोभ्नु; रोप्नु । ३. उन्नु; गाँस्नु । ४. सिउनु ।

खिल्लत–ना० [अ० ख़िलअत] राजा-महाराजद्वारा पुरस्कारका रूपमा दिइने वस्त्र, आभूषण आदि ।

खिल्ली–ना० [खेल्] हँसी; दिल्लगी ।

खिल्ली–ना० [?] पानको बीड़ा ।

खिसिक्क–क्रि० यो० [नें०] १. निराश हुने किसिम; दिक्क;

CC-0. In Public Domain. Digitization by eGangotri

ङिच्च; खिस्रिक्क। २. बिस्तारै हाँस्ने किसिम।

खिसी–ना० [खिस्स] १. गिल्ला; हेला। २. हँसी; ठट्टा।

खिसी-टिउरी–ना० [खिसी+टिउरी (फाँ०)] खिसी-टिबुरी।

खिसी-टिबुरी–ना० [खिसी+टिबुरी (फाँ०)] १. हँसी-ठट्टा; दिल्लगी। २. गिल्ला; हेला।

खिस्याइ–ना० [खिस्याउ+आइ] खिस्याउने किसिम, क्रिया वा भाव।

खिस्रिक्क–क्रि० यो० [ने०] निराश वा दिक्क हुने किसिम; ङिच्च।

खिस्स–क्रि० यो० [अनु०] १. बिस्तारै र मधुर हाँसो हाँस्ने किसिम; मुसुक्क। २. जिल्लिने किसिम; निराश हुने किसिम।

खिस्सा–ना० [अ० कीसः] खुकुरीका दापभित्र घुसारेको सानो थैली।

खिस्स्याइनु–स० क्रि० [खिस्स्याउ+इ+नु] जिस्क्याइनु; गिज्याइनु; ('खिस्स्याउनु'-को क० क्रि०)।

खिस्स्याउनु–स० क्रि० [खिस्स+याउ+नु] १. जिस्क्याउनु। २. हिस्स पार्नु; हिस्स्याउनु। ३. गिज्याउनु।

खिहिरो–ना० [ने०] चिल्लो पदार्थ कुहुँदा हुने एक किसिमको नमीठो स्वाद; खिहि्याउँदो स्वाद।

खिहि्याइ–ना० [खिहि्याउ+आइ] खिहि्याउने किसिम, क्रिया वा भाव।

खिहि्याइनु–अ०क्रि० [खिहि्याउ+इ+नु] खिहिरो स्वादको होइनु; खिहि्याउने होइनु; ('खिहि्याउनु'-को भा० क्रि०)।

खिहि्याउनु–अ० क्रि० [खिहिरो+याउ+नु] चिल्लो पदार्थ कुहेर एक किसिमको नमीठो स्वाद आउनु; खिहिरो स्वादको हुनु।

खीज–ना० [प्रा० खिज्जइ] आक्रोश; दिक्दारी।

खीप–ना० [अं० क्लिप] पेटी आदि कसेर अल्झाउने धातुको साधन।

खीर–ना० [सं० क्षीर] दूधमा पकाएको भात; चामल, मसला आदि मिसाई दूधमा पकाएको खाद्य पदार्थ; पायस; तस्मै।

खीर-काँक्रो–ना० [खीर-काँक्रो] सेतो जातको काँक्रो।

खील–ना० [सं० कील] १. बारुलो, अरिङ्गाल आदिको विषालु काँढी। २. बिझेको काँढ़ा आदि ननिस्कनाले भित्र सड़ेर जमेको मासुको साह्लो डल्लो। ३. खटिरा पाकेर भित्र जम्ने पीपको डल्लो; तुस।

खुंगा–ना० [ने०] मुख फुकेको, तलतिर साँघुरो भएको, भित्र-पट्टि काँढ़ा फर्काइएको चोयाको माछा मार्ने साधन।

खुंगे–ना० [खुंगा] १. अप्ठेरो कुरा; असजिलो अवस्था। २. खुंगा।

खुँड़ा–ना० [सं० खड्ग] चन्द्राकार फराक टुप्पो भएको एक किसिमको ठूलो खड्ग।

खुँड़ाइ–ना० [खुँड्+आइ] खुँड्ने किसिम, क्रिया वा भाव।

खुँड़ाइनु–स० क्रि० [खुँड़ाइ+इ+नु] खुँड्न लाइनु; ('खुँड़ाउनु'-को क० क्रि०)।

खुँडाउनु–स० क्रि० [खुँड्+आउ+नु] तरकारी आदि डाडुले थिचेर टुक्र्याउन लाउनु; खुँड्न लाउनु; ('खुँड्नु'-को प्रे० क्रि०)।

खुँड़िनु–अ० क्रि० [खुँड्+इ+नु] १. धूलो हुनु। २. खुँड्ने काम गरिनु; धुल्याइनु; ('खुँड्नु'-को भा० क्रि०)।

खुँड़े–वि० [खुँड़ो] १. ओठको बीचमा काटिएको वा चिरिएको। २. मोहड़ामा भाँचिएको वा काटिएको; खुँड़ो।

खुँड़ो–वि० [प्रा० खुण्ण] खुँड़े।

खुँड्नु–स० क्रि० [प्रा० खुण्ण+नु] पूवा, तरकारी आदि डाडुले थिचेर टुक्र्याउनु; थिच्नु; धुल्याउनु।

खुँदाइ–ना० [खुँद्+आइ] खुँद्ने किसिम, क्रिया वा भाव।

खुँदाइनु–स० क्रि० [खुँदाउ+इ+नु] थिचो-मिचो गराइनु; खुँद्न लाइनु; ('खुँदाउनु'-को क० क्रि०)।

खुँदाउनु–स० क्रि० [खुँद्+आउ+नु] थिचो-मिचो गराउनु; खुँद्न लाउनु; कुल्ची-मिल्ची गराउनु; ('खुँद्नु'-को क० क्रि०)।

खुँदिनु–स० क्रि० [खुँद्+इ+नु] कुल्ची-मिल्ची गरिनु; थिचो-मिचो गरिनु; ('खुँद्नु'-को क० क्रि०)।

खुँद्नु–स० क्रि० [प्रा० खुण्ण+नु] कुल्ची-मिल्ची पार्नु; थिचो-मिचो गर्नु।

खुइय्य–ना० [अनु०] ज्यादै थकाइ लाग्दा मुखबाट निकालिने शब्द।

खुइरे–वि० [खुइलो+ए] खुइले।

खुइलिइनु–अ० क्रि० [खुइलि+इ+नु] रौँ झरिनु; खल्वाट होइनु; ('खुइलिनु'-को भा० क्रि०)।

खुइलिनु–अ० क्रि० [खुइलो+इ+नु] १. रौँ झर्नु; खल्वाट हुनु। २. रङ्ग उड्नु; रङ्ग फीका पर्नु। ३. छाला जान।

खुइले–वि० [खुइलो+ए] खुइलिएको।

खुइलो–ना० [ने०] खुइले।

खुइल्याइ–ना० [खुइल्याउ+आइ] खुइलिने किसिम, क्रिया वा भाव।

खुइल्याइनु–स० क्रि० [खुइल्याउ+इ+नु] खुइलिने पारिनु; भुल्याइनु; ('खुइल्याउनु'-को क० क्रि०)।

खुइल्याउनु–स० क्रि० [खुइलि+याउ+नु] १. काटेका खसी-बोकाहरूको रौँ तातो पानी हालेर उखेलनु; भुत्ल्याउनु। २. खुइलिने पार्नु; ('खुइलिनु'-को प्रे० क्रि०)।

खुई–ना० [ने०] १. सुकाएको विस्कुन थुप्र्याउने कोदालाका आकारको लामो बीँड भएको काठको साधन; फ्याउरी। २. ज्यादै थकाइ लागेका बखतमा सुस्केरा हाल्दै मुखबाट निकाल्ने शब्द।

खुई–ना० [काई] खई।

खुई–ना० [न०] ढुसी।

खुकुन्डी–ना० [ने०] १. काखी। २. काखीका पसिनाको गन्ध।

CC-0. In Public Domain. Digitization by eGangotri

खुकुन्डो–ना० [ने०] १. गाई-वस्तु बाँध्ने तल-माथि डोरी र बीचमा काठ हाली बनाएको दाम्लो। २. गाई-वस्तु नभागून् भनी घाँटीमा झुन्डाइदिएको कीलो।

खुकुरी–ना० [ने०] एक प्रसिद्ध नेपाली हतियार। (सिरु-पाते, तरवारे, भुँड़े आदि यसका विभिन्न भेद हुन्छन्।)

खुकुलो–वि० [खुस्क] १. नकसिएको; होलो; फस्को। २. फितलो प्रकृतिको।

खुच्चिङ–ना० [ने०] अपराधी वा असफल व्यक्तिको दुःखमा इख्याएर भनिने शब्द; 'कत्तिको खाइस् त!' भन्ने उद्‌गार।

खुट–ना० [ने०] १. (हराएका मालको) पत्तो; ठेगाना। २. निधो; निश्चय।

खुटाइ–ना० [खुट्+आइ] खुट्ने किसिम, क्रिया वा भाव।

खुटाइनु–स०क्रि०[खुटाउ+इ+नु] खुट्न लाइनु; ('खुटाउनु'-को क० क्रि०)।

खुटाउनु–स० क्रि०[खुट्+आउ+नु] खुट्न लाउनु; ('खुट्नु'-को प्रे० क्रि०)।

खुटिनु–स० क्रि० [खुट्+इ+नु] बलियो र मसिनु पारी सिइनु; खुट्ने काम गरिनु; ('खुट्नु'-को क० क्रि०)।

खुटी–ना० [प्रा० खोड] लुगाहरू झुन्ड्याउनाका निम्ति भित्तामा ठोकिने कीलो।

खुट्वा–वि० [खुट्+उवा] खुटेर बलियोसँग सिइएको।

खुट्किलो–ना० [खुट्टा+कीलो] भऱ्याङ्को तह; सिँढ़ी।

खुट्को–ना० [खुटी] १. मनमा गड़ेको कुरा; मर्ने वा छुट्टिने वेलामा कसैले आफन्तसँग गरेको मनमा गड्ने कुरा। २. एक चोटि खुटेर सिएको डोब; सुर्को।

खुट्टिइनु–अ० क्रि० [खुट्टि+इ+नु] निश्चय गरिनु; ठम्मिनु; ('खुट्टिनु'-को भा० क्रि०)।

खुट्टिनु–अ० क्रि० [खुद्+इ+नु] 'यही हो' भनी ठम्मिनु; निश्चय हुनु; ठहरिनु।

खुट्टी–ना० [खुट्टो] १. साना र डुब्ला खुट्टा। २. काटेका खसी, बोका आदिका खुट्टा।

खुट्टेँसो–ना० [खुट्टो+एसो] गाई-वस्तुका खुट्टामा बाँध्ने सानो दाम्लो।

खुट्टे–वि०. [खुट्टो+ए] १. गोड़ा सुनिएको; हात्ती-पाइले। २. खुट्टा भएको (खाट, पिर्का आदि)।

खुट्टो–ना० [प्रा० खुण्ट] गोड़ा; पयर; पाउ।

खुट्टयाँसो–ना० [खुट्टो+याँसो] खुट्टेँसो।

खुट्टयाइ–ना० [खुट्टि+याइ] खुट्टिने किसिम वा क्रिया।

खुट्टयाइनु–स० क्रि० [खुट्टयाउ+इ+नु] निश्चय गरिनु; ठह्याइनु; ('खुट्टयाउनु'-को क० क्रि०)।

खुट्टयाउनु–स० क्रि० [खुट्टि+याउ+नु] १. पत्ता लाउनु। २. तोक्नु; ठम्याउनु; निधो गर्नु; ('खुट्टिनु'-को प्रे० क्रि०)।

खुट्नु–स० क्रि० [प्रा० खुट्ट+नु] बलियो र मसिनो पारी सिउनु।

खुड्किलो–ना० [खुट्टा+कीलो] खुट्किलो।

खुड्को–ना० [खुट्] खुट्को।

खुतुतुतु–क्रि० यो० [अनु०] १. खित्का छोड़ी हाँस्ने किसिम; खितितिति। २. सानो मुख भएको भाँड़ोबाट बाक्लो तरल पदार्थ खन्याउँदा आवाज आउने किसिम; ख्वातातातो।

खुत्त–क्रि० यो० [अनु०] १. बाहिर निस्कने किसिम; फुत्त। २. छाला आदि उप्कने वा खुइलिने किसिम।

खुत्तिइनु–अ० क्रि० [खुत्ति+इ+नु] खुइलिइनु; ('खुत्तिनु'-को भा० क्रि०)।

खुत्तिनु–अ० क्रि० [खुइलि+नु] १. छाला जानु; खुइलिनु। २. काममा असफल हुनु (निन्दा वा हेला बुझाउने)। ३. नाश हुनु; नासिनु। ४. मर्नु। ५. सेवा, पद्द आदिबाट निकालिनु। ६. बिस्तारै निस्केर हिँड्नु; उम्कनु।

खुत्त्याइ–ना० [खुत्ति+याइ] खुत्तिने किसिम, क्रिया वा भाव।

खुत्त्याइनु–स० क्रि० [खुत्त्याउ+इ+नु] खुइल्याइनु; खुल्क्याइनु; ('खुत्त्याउनु'-को क० क्रि०)।

खुत्त्याउनु–स० क्रि० [खुत्ति+याउ+नु] १. खुइल्याउनु; खुल्क्याउनु। २. खोस्नु; जागीरबाट हटाउनु; ('खुत्तिनु'-को प्रे० क्रि०)।

खुत्रुक्क–क्रि० यो० [अनु०] १. सानो-तिनो माल खस्ने किसिम। २. अनायासमा मर्ने किसिम; भुतुक्क। ३. सजिलैसित आउने वा जाने किसिम।

खुद–वि० [फा० खुद] १. आफै; स्वयं। २. खास।

खुद-काश्त–ना० [फा० खुद-काश्त] आफैले खेती गरेको आफ्नो जमीन।

खुद-कुशी–ना० [फा० खुद-कुशी] आतम-हत्या।

खुदरा–ना० [प्रा० खुद्द] खुद्रा।

खुदा–ना० [फा० खुदा] ईश्वर; परमात्मा।

खुदो–ना० [सं० खण्ड] बाक्लो लस्सादार हुने गरी पकाएको उखुको रस।

खुद्रा–ना० [प्रा० खुद्द] १. सानो-तिनो वस्तु; साधारण माल-सामान। २. बिक्रीका निम्ति राखिएका थोरै-थोरै विभिन्न वस्तु। (वि०) ३. फुटकर; चानचुन।

खुन–ना० [फा० खून] १. दोष; खोट। २. दाग। ३. छुच्च्याइँ।

खुनी–वि० [खुन+ई] १. खुन भएको; दोषी। २. दागी। ३. छुच्चो; कृपण।

खुन्याहा–वि० [खुन+आहा] १. अङ्ग-भङ्ग भएको; खनी। २. छुच्चो; कन्जुस।

खुन्निइनु–अ० क्रि० [खुन्नि+इ+नु] खुम्निइनु; ('खुन्निनु'-को भा० क्रि०)।

खुन्निनु–अ० क्रि० [खुन्नो+इ+नु] बुढ़ाइँले सुकेर खुम्चिनु; खुम्निनु।

खुन्ने-कीरो–ना० [खुन्ने+कीरो] धान, मकै आदिका जरामा लाग्ने कालो रङ्गको कीरो; खुम्ने-कीरो।

CC-0. In Public Domain. Digitization by eGangotri

खुन्रो–ना० [ने०] काम लिंदा-लिंदा खिइएर बेकम्मा भएको (डाडु, पन्यूँ, कुटो, कोदालो आदि)।

खुन्सिइनु–अ० क्रि० [खुन्सि+इ+नु] रीसले ठुस्स परिनु; ठुस्सिइनु; ('खुन्सिनु'-को भा० क्रि०)।

खुन्सिनु–अ० क्रि० [सं० खिन्न+इ+नु] १. रीसले ठुस्स पर्नु; ठुस्सिनु। २. चित्त दुख्नु।

खुन्स्याइ–ना० [खुन्सि+आइ] खुन्सिने किसिम, क्रिया वा भाव।

खुन्स्याइनु–स० क्रि० [खुन्स्याउ+इ+नु] खुन्स्याउने काम गरिनु; ठुस्स्याइनु; ('खुन्स्याउनु'-को क० क्रि०)।

खुन्स्याउनु–स० क्रि० [खुन्सि+याउ+नु] रीसले ठुस्स पार्नु; ठुस्स्याउनु।

खुप–वि० [फा० ख़ूब] खूब।

खुपिया–ना० [ने०] कड़ा नलागेको खड्कौंलाका आकारको भात पकाउने भाँड़ो।

खुबी–ना० [फा० ख़ूबी] खूबी।

खुपुखुपु–क्रि० यो० [अनु०] धमाधम खाने किसिम; कुपुकुपु।

खुर्वेचा–ना० [सं० क्षुरप्र] जमीनमा उम्रेका घाँसहरू खुर्कने एक किसिमको साधन।

खुफ़िया-पुलीस–ना० [फा० ख़ुफ़िया+पुलीस (अं०)] गुप्ती पुलीस; गुप्त-चर; सी० आई० डी०।

खुफिया-विभाग–ना० [(फा०) ख़ुफ़िया-विभाग (सं०)] गुप्त-चर-विभाग; सी० आई० डी०-विभाग।

खुम्चा–ना० [खुम्च] १. मुजा। २. चाउरी।

खुम्चिइनु–अ० क्रि० [खुम्चि+इ+नु] साँधुरिइनु; सङ्कुचित होइनु; ('खुम्चिनु'-को भा० क्रि०)।

खुम्चिनु–अ० क्रि० [सं० सङ्कोच] १. साँघुरिनु; सङ्कुचित हुनु। २. चाउरिनु; चाउरी पर्नु। ३. लज्जित हुनु; लाचार हुनु।

खुम्च्याइ–ना० [खुम्चि+याइ] खुम्चिने किसिम, क्रिया वा भाव।

खुम्च्याइनु–स० क्रि० [खुम्च्याउ+इ+नु] सङ्कुचित पारिनु; साँघुऱ्याइनु; ('खुम्च्याउनु'-को क० क्रि०)।

खुम्च्याउनु–स० क्रि० [खुम्चि] १. साँघुऱ्याउनु; सङ्कुचित पार्नु; ('खुम्चिनु'-को प्रे० क्रि०)। २. अर्काको चित्त दुखाउनु।

खुम्च्याहट–ना० [खुम्च्याउ+आहट] खुम्च्याउने किसिम वा क्रिया।

खुम्रिइनु–अ० क्रि० [खुम्रि+इ+नु] खुन्रिइनु; ('खुम्रिनु'-को भा० क्रि०)।

खुम्रिनु–अ० क्रि० [खुम्रो+इ+नु] खुन्रिनु।

खुम्रे–वि० [खुम्रो+ए] खुन्रे।

खुम्रे-कीरो–ना० [खुम्रे+कीरो] खुन्रे-कीरो।

खुम्रो–वि० [खुन्रो] खुन्रो।

खुम्र्याइ–ना० [खुम्रि+याइ] खुम्रिने किसिम वा क्रिया; खुन्र्याइ।

खुम्ले-कीरो–ना० [खुन्रे-कीरो] खुन्रे-कीरो।

खुर–ना० [सं०] पशुको, दुइ भागमा विभक्त भएको, खुट्टाको टेक्ने साह्रो अवयव।

खुरन्धार–ना० [ने०] एकोहोरो लाग्नु; तल्लीन हुनु; ज्यादै मन दिनु।

खुरमुरिइनु–अ० क्रि० [खुरमुरि+इ+नु] ठाडै माथिबाट तलतिर झरिनु; ('खुरमुरिनु'-को भा० क्रि०)।

खुरमुरिनु–अ० क्रि० [सं० क्षर] ठाडै माथिबाट तलतिर झर्नु; खँगारिनु।

खुरमुऱ्याइ–ना० [खुरमुरि+आइ] खुरमुरिने किसिम, क्रिया वा भाव।

खुरमुऱ्याइनु–स० क्रि० [खुरमुऱ्याउ+इ+नु] ठाडै माथिबाट तलतिर काम झारिनु; ('खुरमुऱ्याउनु'-को क० क्रि०)।

खुरमुऱ्याउनु–स० क्रि० [खुरमुरि+याउ+नु] ठाडै माथिबाट तलतिर झार्ने काम गराउनु; ('खुरमुरिनु'-को प्रे० क्रि०)।

खुरा–ना० [सं० खुर] १. जुत्ताको कुर्कुच्चा। २. तल्लो वा माथिल्लो आरतीको प्वालमा पस्ने खापाको चुच्चो परेको अवयव।

खुराक–ना० [फा० ख़ुराक] ख़ूराक।

खुराकिलो–वि० [खुराक+इलो] ताकतिलो; पोषिलो।

खुराकी–ना० [फा० ख़ुराकी] ख़ूराकी।

खुराफात–ना० [अ० ख़ुराफात] उपद्रव; उटपट्याङ्ग काम।

खुरिइनु–अ० क्रि० [खुरि+इ+नु] ज्यादा सुकिनु; झुरिइनु; ('खुरिनु'-को भा० क्रि०)।

खुरिनु–अ० क्रि० [खरो] १. धान, गहूँ आदिको बाली ज्यादा पाकेर झर्ने हुनु। २. ज्यादा सुक्नु; झुरिनु।

खुरुक्क–क्रि० यो० [अनु०] सजिलोसित, निर्विरोध वा तुरुन्त कुनै काम गर्ने किसिम; सुरुक्क।

खुरुखुरु–क्रि० यो० [ने०] नरोकीकन काम गर्दै जाने किसिम; धमाधम।

खुरुङ्गो–वि० [ने०] पातलो र सानो; ज्यादै खिइसकेको (डाडु, पन्यूँ, हँसिया आदि)।

खुर्कनु–स० क्रि० [प्रा० खौर+नु] १. बोक्रा फाल्नु; ताछ्नु। २.सतहमा टाँसिएको वस्तु उप्कने गरी हतियारले वा अन्य कुनै साधनले कोर्नु; उप्काउनु।

खुर्काइनु–स० क्रि० [खुर्काउ+इ+नु] खुर्कन लाइनु; ताछ्न लाइनु; ('खुर्काउनु'-को क० क्रि०)।

खुर्काउनु–स० क्रि० [खुर्क+आउ+नु] खुर्कन लाउनु; ताछ्न लाउनु; ('खुर्कनु'-को प्रे० क्रि०)।

खुर्किनु–अ० क्रि० [खुर्क+इ+नु] बोक्रा फालिनु; ताछिनु ('खुर्कनु'-को भा० क्रि०)।

खुर्जी–ना० [फा० ख़ुर्जी] घोड़ा, बयल, हात्ती आदिलाई बोकाउने भारी हाल्ने थैलो।

खुर्पा–ना० [सं० क्षुरप्र] १. दाउरा, स्याउला आदि काट्ने

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो र मजबूत हँसियाजस्तो हतियार। २. जमीनबाट घाँस खुर्कने पर्न्यूँजस्तो फलामको साधन।

खुर्पानी–ना० [फा० ख़ूबानी] १. आरूका जस्ता पात र फूल तथा केही चिल्ला फल हुने एक वृक्ष। २. त्यसैको फल।

खुर्पी–ना० [खुर्पा+ई] सानो खुर्पा।

खुर्पे–वि० [खुर्पा+ए] खुर्पाका बान्कीको; खुर्पा-सम्बन्धी।

खुर्पे-चाँद–ना० [खुर्पे+चाँद] चन्द्राकार एक किसिमको चाँद।

खुर्पेटो–ना० [खुर्पा+एटो] खुर्पा हाल्ने काठको दाप; खुर्पे-ठ्याक।

खुर्पे-ठ्याक–ना० [खुर्पे+ठ्याक] १. खुर्पाले जङ्गल फाँड़ेर अवाद गरेको जमीन। २. खुर्पाको दाप; खुर्पेटो।

खुऱ्याइ–ना० [खुरि+आइ] खुरिने किसिम, क्रिया वा भाव।

खुऱ्याइनु–स० क्रि० [खुऱ्याउ+इ+नु] ज्यादा सुक्ने पारिनु; खूबसित सुकाइनु; ('खुऱ्याउनु'-को क० क्रि०)।

खुऱ्याउनु–स० क्रि० [खुरि+याउ+नु] ज्यादा सुक्ने पार्नु वा सुकाउनु; ('खुरिनु'-को प्रे० क्रि०)।

खुर्र–क्रि० यो० [अनु०] छिटो दगुर्ने किसिम।

खुर्रे–वि० [खुर्रो+ए] खुर्रो।

खुर्रो–वि० [सं० कृश] पातलो र सानो; ज्यादै खिइएको (ताप्के, कटौरा, डाडु आदि)।

खुर्लिङ्गो–वि० [ने०] बाङ्गो वक्र।

खुर्लुक्क–क्रि० यो० [ने०] खुलुक्क।

खुर्लुप्प–क्रि० यो० [अनु०] १. अर्काको भएभरको सम्पत्ति हड़प्ने किसिम। २. सजिलैसित सबै खाने किसिम। ३. सम्पूर्ण निल्ने किसिम।

खुर्सानी–ना० [ने०] लाम्चा, कोसाका आकारका प्रसिद्ध पिरा फल।

खुर्साने–ना० [खुर्सानी] लाम्चा पात, साना गुलाफी फूल र फूलभित्र बीज हुने एक बर्खे झार; चित्लाँगे; मूलखर्के। (आयुर्वेदमा यसको गुण सर्प, बिच्छी आदिको विष नाश गर्ने बताइएको छ।)

खुर्सिङ–ना० [ने०] मट्टीतेलका टीन वा अरू कुनै भारी हालेर पिठ्यूँमा बोक्ने काठ, बेत आदिको बारामात्र भएको साधन।

खुलखुल–क्रि० यो० [अनु०] थोरै पानी बग्ने किसिम।

खुलखुले–ना० [खुलखुल+ए] १. पातलो दिसा अलि-अलि भइरहने एक रोग; सुलसुले। २. उपर्तली; हैजा। (वि०) ३. खुलखुल पानी बग्ने।

खुलस्त–वि० [अ० ख़ुलासः] १. खुलासा; स्पष्ट; सफा। २. बाधा-अड्काउ केही नभएको।

खुला–वि० [सं० खुड्] १. उघारो; उदाङ्ग। २. रोक-टोक नभएको। ३. बन्द नभएको। ४. खुल्लम-खुल्ला; खुलस्त।

खुलाइ–ना० [खुल्+आइ] खुल्ने किसिम, क्रिया वा भाव।

खुलाइ–ना० [खुलाउ+आइ] खुलाउने किसिम, क्रिया वा भाव।

खुलाइनु–स० क्रि० [खुलाउ+इ+नु] खुला पारिनु; उघारो पारिनु; ('खुलाउनु'-को क० क्रि०)।

खुलाइनु–स० क्रि० [खुलाउ+इ+नु] खुला पारिनु; खुल्न लाइनु; ('खुलाउनु'-को क० क्रि०)।

खुलाउनु–स० क्रि० [खुला+आउ+नु] १. खुला पार्नु; उघारो पार्नु। २. खुलस्त पार्नु; स्पष्ट गर्नु। ३. बाधा-अड्काउ फुकाउनु। ४. बन्धनबाट छुटाउनु; मुक्त गर्नु। ५. सुहाउने पार्नु; ('खुल्नु'-को प्रे० क्रि०)।

खुलासा–वि० [अ० ख़ुलासः] १. साफ-साफ; स्पष्ट। २. खुला; खुलस्त।

खुलिनु–अ० क्रि० [खुल्+इ+नु] खुला होइनु; खोलिइनु; उघ्रिनु; ('खुल्नु'-को भा० क्रि०)।

खुलुक्क–क्रि० यो० [अनु०] निल्ने किसिम; सलक्क।

खुले-आम–क्रि० यो० [खुला+आम] सबैको अगाड़ि; खुल्लम-खुल्ला।

खुल्किइनु–अ० क्रि० [खुल्कि+इ+नु] रौं वा छाला खुइ-लिइनु; ('खुल्किनु'-को भा० क्रि०)।

खुल्किनु–अ० क्रि० [खाला+इ+नु] १. रौं वा छाला जानु; खुइलिनु। २. चम्किनु; मात्तिनु; निफुल्किनु।

खुल्के–वि० [खुल्कि+ए] खुइले; खल्वाट।

खुल्क्याइ–ना० [खुल्क्याउ+आइ] खुल्किने किसिम, क्रिया वा भाव।

खुल्क्याइनु–स०क्रि० [खुल्क्याउ+इ+नु] खुइल्याउनु; खुल्किन लाइनु; ('खुइल्याउनु'-को क० क्रि०)।

खुल्क्याउनु–स० क्रि० [खुल्कि+आउ+नु] १. तातो पानी लाएर रौं खुर्कनु; खुइल्याउनु; ('खुल्किनु'-को प्रे० क्रि०)। २. काम सफल पार्नु; (उल्टो वा व्यङ्ग्य अर्थमा)।

खुल्क्याहट–ना० [खुल्क्याउ+आहट] खुल्क्याउने किसिम वा क्रिया।

खुल्नु–अ० क्रि० [सं० खुड्+नु] १. खोलिनु; उघ्रनु; खुला हुनु। २. बन्धनबाट मुक्त हुनु; फुक्का हुनु। ३. नयाँ वस्तु निस्कनु; प्रकाशित हुनु। ४. सुहाउनु। ५. स्पष्ट हुनु; छर्लङ्ग हुनु।

खुल्लम-खुल्ला–क्रि० यो० [(फाँ०) खुल्लम+खुला] ढाक-छोप बिलकुल नगरीकन; खुलस्तसँग; खुले-आम।

खुवा–ना० [ने०] दूध पकाई जमाएको खाद्य पदार्थ; कुराउनी।

खुवा–ना० [खा] जीवन-वृत्तिका निम्ति दिइएको जग्गा; एक किसिमको बिर्ता।

खुवाइ–ना० [खुवाउ+आइ] खुवाउने किसिम, क्रिया वा भाव।

खुवाइनु–स० क्रि० [खुवाउ+इ+नु] खान लाइनु; भोजन गराइनु; ('खुवाउनु'-को क० क्रि०)।

खुवाउनु–स० क्रि० [खा+आउ+नु] खान दिनु; खान लाउनु; खुवाइदिनु; भोजन गराउनु; ('खानु'-को प्रे० क्रि०)।

खुश–वि० [फा० ख़ुश] १. प्रसन्न; हर्षित। (ना०) २. इच्छा।

CC-0. In Public Domain. Digitization by eGangotri

खुश-खबरी–ना० [खुश+खबर+ई] खुशीको समाचार।

खुशबू–ना० [फा० खुशबू] १. मीठो बास्ना; सुगन्ध। २. अत्तर। ३. सेन्ट।

खुश-मिजाज–वि० [खुश+मिज़ाज] हँस-मुख; प्रसन्न चित्त।

खुशहाल–वि० [फा० खुशहाल] १. प्रसन्न। २. सम्पन्न।

खुशहाली–ना० [फा० खुशहाली] १. प्रसन्नता। २. सम्पन्नता।

खुशामद–ना० [फा० खुशामद] आफ्नो स्वार्थ सिद्ध गर्नाका निम्ति अरूसँग गरिने विनम्र प्रार्थना; चाकड़ीपूर्वकको कोशिश।

खुशामदी–वि० [फा० खुशामदी] खुशामद गर्ने।

खुशी–ना० [फा० खुशी] १. हर्ष; प्रसन्नता; आनन्द। २. इच्छा।

खुशीयाली–ना० [फा० खुशहाली] हर्ष-बढ़ाइँ।

खुश्की–ना० [फा० खुश्की] १. स्थल-मार्ग। २. शुष्कता। ३. ठेकदार आफैंले खर्च गरी काठ, रूख काट्न दिने सरकारी व्यवस्था।

खुसखुस–क्रि० यो० [अनु०] काने-खुंसी गर्ने किसिम; साउती गर्ने किसिम।

खुसखुसे–वि० [खुसखुस+ए] १. साउती गर्ने; खुसखुस गर्ने २. अर्काको चुक्ली लाउने; छुल्याहा; घुसघुसे।

खुसबी–ना० [फा० खुशबू] खुशबू।

खुसुक्क–क्रि० यो० [अनु०] १. गुप्त तवरले कुरा लाउने किसिम। २. सुटुक्क; खुरुक्क।

खुसुखुसु–क्रि० यो० [अनु०] कसैलाई थाहा नदिई लैजाने किसिम; खुरुखुरु।

खुस्कनु–अ० क्रि० [खकुलो+नु] १. फुस्कनु; खुल्नु। २. छुट्नु; मुक्त हुनु। ३. उम्कनु; भाग्नु। ४. चुक्नु; भुल्नु। ५. नाश हुनु। ६. मर्नु। ७. गुज्रनु; बित्नु।

खुस्काइ–ना० [खुस्क+आइ] १. खुस्कने किसिम वा क्रिया। २. खुस्काउने किसिम वा क्रिया।

खुस्काइनु–स० क्रि० [खुस्काउ+इ+नु] खुस्कन लाइनु; फुकाइनु; खोलिनु; ('खुस्काउनु'-को क० क्रि०)।

खुस्काउनु–स० क्रि० [खुस्क+आउ+नु] १. फुकाउनु; खोल्नु; उम्काउनु; फुत्काउनु; ('खुस्कनु'-को प्रे० क्रि०)। २. लोलोपोतो गरी कसैसित कुनै वस्तु लिनु।

खुस्किनु–अ० क्रि० [खुस्क+इ+नु] बन्धन आदि खुलिनु; फुस्किनु; ('खुस्कनु'-को भा० क्रि०)।

खुस्रुक्क–क्रि० यो० [अनु०] १. थाहा नदिईकन लैजाने किसिम; खुसुक्क। २. हिम्मत हार्ने किसिम; खिसिक्क; ङिच्च। ३. घुस्रने किसिम। ४. कसैले पत्ता नपाईकन मर्ने किसिम; घुस्रुक्क।

खुस्स–क्रि० यो० [अनु०] गुप्त तवरले कानमा थोरै कुरा गर्ने किसिम; खुसुक्क।

खूट–ना० [सं० खण्ड] १. दिशा। २. लगा; हाता।

खूट–ना० [ने०] सालमीको तेल भर्ने भाँड़ो।

खून–ना० [फा० खून] १. हिंसा; हत्या; घात; काट-मार। २. रगत।

खून-खराबी–ना० [खून+खराबी] रक्त-पात; मार-काट।

खूनी–ना० [फा० खूनी] खून गर्ने; घातक; हत्यारो।

खूब–वि० [फा० खूब] १. धेरै; प्रशस्त; ज्यादा। २. राम्रो; उत्तम।

खूबी–ना० [फा० खूबी] १. कामको निपुणता; कौशल। २. योग्यता; विशेषता। ३. असल गुण।

खूराक–ना० [फा० खराक] १. तागतका निम्ति खाइने खाना; पौष्टिक पदार्थ। २. औषधीको मात्रा।

खूराकी–ना० [फा० खूराकी] १. खूराक खानलाई दिइएको रुपियाँ। (वि०) २. खूराक खाने।

खेचर–वि० [सं०] आकाशमा घुम्ने; गगन-विहारी (चरा, विमान, ग्रह, देवता, बादल आदि)।

खेचरी-गुटिका–ना० [सं०] तन्त्र-शास्त्रानुसार मुखमा हाल्दा आकाश-मार्गबाट जान सक्ने शक्ति हुने गुटिका।

खेचरी-मुद्रा–ना० [सं०] जिह्वा तालुमा लगी, दृष्टि भ्रू-मध्यमा केन्द्रित गर्ने, तन्त्र-शास्त्रमा उल्लिखित एक मुद्रा।

खेट–ना० [सं०] गाउँ; ग्राम।

खेत–ना० [प्रा० खेत्त] १. धान रोप्ने जग्गा; पाखोबाहेक धान रोप्ने जमीन। २. पच्चीस रोपनीको परिमाण।

खेतालो–ना० [खेत+आलो] ज्याला लिएर खेतमा काम गर्ने व्यक्ति; ज्यामी; मजदूर।

खेती–ना० [खेत+ई] १. खेतमा अन्न आदि पैदा गर्ने काम। २. कृषि; किसानी। ३. बाली।

खेती-पाती–ना० [खेती+पाती (फाँ०)] खेती; किसानी; कृषि।

खेतीवाल–ना० [खेती+वाल] खेतीको पेशा भएको व्यक्ति; किसान।

खेद–ना० [सं०] १. कुनै उचित, आवश्यक वा इच्छित कुरा पूरा नहुँदा मनमा हुने दुःख; अफसोस। २. दिक्दारी; खिन्नता।

खेदा–ना० [खेद्] १. हात्तीको शिकार; जङ्गली हात्ती पक्रनु। २. पशुहरूलाई लखेटेर वा धपाएर गरिने शिकार।

खेदाइ–ना० [खेद्+आइ] खेद्ने किसिम, क्रिया वा भाव।

खेदाइनु–स०क्रि० [खेदाउ+इ+नु] खेद्न लाइनु; लखेटाइनु; ('खेदाउनु'-को क० क्रि०)।

खेदाउनु–स०क्रि० [खेद्+आउ+नु] खेद्न लाउनु; लखेटाउनु; दपेटाउनु; ('खेद्नु'-को प्रे० क्रि०)।

खेदिनु–स० क्रि० [खेद्+इ+नु] लखेटिनु; दपेटिनु; ('खेद्नु'-को क० क्रि०)।

खेदुवा–वि० [खेद्+उवा] १. खेदिएको; धपाइएको। २. लघारिएको।

खेदो–ना० [खेद्] १. कसैको पीछा लागेर निन्दा वा अहित गर्नु; टोकसो। २. शिकार; अहिरो।

CC-0. In Public Domain. Digitization by eGangotri

खेद्नु–स० क्रि० [सं० आखेट+नु] १. लखेट्नु; दपेट्नु। २. धपाउनु। ३. टोकस्नु।

खेप–ना० [प्रा० खेप्प] १. एक पटकमा बोकेर लगिने वस्तु। २. ओसार-पसार गर्दाको पटक। ३. व्यापारको यात्रा। ४. पटक; बाजि; चोटि।

खेपाइ–ना० [खेप्+आइ] खेप्ने किसिम, क्रिया वा भाव।

खेपाइनु–स० क्रि० [खेपाउ+इ+नु] खेप्न लाइनु; ओसार्न लाइनु; खेप गराइनु; ('खेपाउनु'-को क० क्रि०)।

खेपाउनु–स० क्रि० [खेप्+आउ+नु] खेप्न लाउनु; ओसार्न लाउनु; खेप गराउनु; ('खेप्नु'-को प्रे० क्रि०)।

खेपिनु–स० क्रि० [खेप्+इ+नु] पटक-पटक गरी माल ओसारिनु; खेप गरिनु; ('खेप्नु'-को क० क्रि०)।

खेपुवा–वि० [खेप्+उवा] १. पटक-पटक गरी ओसारिएको; खेप गरिएको। २. खेप्ने स्वभावको।

खेप्नु–स० क्रि० [खेप्+नु] १. पटक-पटक गरी माल ओसार्नु; खेप गर्नु। २. निर्वाह गर्नु; धान्नु; थेग्नु।

खेमा–ना० [अ० खेमः] पाल।

खेर–क्रि० यो० [प्रा०] व्यर्थ; अकार्थ; बिनसित्ति।

खेर–ना० [प्रा० खण] १. समय; छिन। (उदा०–अलिखेर, उत्तिखेर इत्या०।) (क्रि० यो०) २. खेरि।

खेराइ–ना० [खेर्+आइ] खेर्ने किसिम, क्रिया वा भाव।

खेराइनु–स० क्रि० [खेराउ+इ+नु] खेर्न लाइनु; केराइनु; ('खेराउनु'-को क० क्रि०)।

खेराउनु–स० क्रि० [खेर्+आउ+नु] खेर्न लाउनु; केराउनु; ('खेर्नु'-को क० क्रि०)।

खेरि–क्रि० यो० [खेर] समयमा; बखतमा; खेर।

खेरिनु–स० क्रि० [खेर्+इ+नु] केर-कार गरिनु; केरिनु; ('खेर्नु'-को क० क्रि०)।

खेर्नु–स० क्रि० [केर्+नु] केर्नु; केर-कार गर्नु।

खेल–ना० [सं०] १. मन बहलाउनाका निमित्त वा व्यायामका निम्ति गरिने काम; मनोविनोद; क्रीडा। २ तमाशा। ३. लीला। ४. चालबाजी; पेच। ५. गुप्त जाल-झेल। ६. अति सजिलो काम।

खेल-कूद–ना० [खेल्+कुद्] खेल; क्रीडा।

खेलबाड़–ना० [खेल+बहार] खेलवाड़।

खेलबाड़ी–वि० [खेलबाड़+ई] खेलवाडी।

खेलवाड़–ना० [खेल+बहार] १. दिल बहलाउने काम; खेल। २. खेलाँची; ख्याल-ठट्टा।

खेलवाड़ी–वि० [खेलवाड़+ई] खेलवाड़ गर्ने; खेलाड़ी।

खेलाँची–ना० [खेल] ख्याल-ठट्टा; खेलवाड़।

खेला–ना० [सं०] क्रीड़ा; खेल।

खेलाइ–ना० [खेल्+आइ] १. खेल्ने किसिम, क्रिया वा भाव। २. खेलाउने किसिम, क्रिया वा भाव।

खेलाइनु–स० क्रि० [खेलाउ+इ+नु] खेल्न लाइनु; नचाइनु; ('खेलाउनु'-को क० क्रि०)।

खेलाउनु–स० क्रि० [खेल्+आउ+नु] १. नचाउनु; नाच्न लाउनु। २. व्यापारमा रुपियाँ लगाउनु। ३. खेल्न लाउनु; ('खेल्नु'-को प्रे० क्रि०)। ४. अलमल्याउनु।

खेलाड़ी–वि० [खेल+आड़ी] खेल्न सिपालु; खेलमा निपुण।

खेलाहा–वि० [खेल+आहा] धेरै खेल्ने; खूब खेल्ने।

खेलि–ना० [सं०] क्रीडा; खेल।

खेलुवा–वि० [खेल्+उवा] १. खुकुलो; फुको। २. खेल-वाड़ गर्ने।

खेलेमड्–वि० [खेल] खेलाँची।

खेलो–ना० [खेल] १. व्यापार, व्यवसाय आदिमा नगदी वा जिन्सीको ओल्टाइ-पल्टाइ गर्नु। २. प्रशस्त खर्च गर्नु।

खेलो-फर्को–ना० [खेलो+फुर्को (फाँ०)] खरीद-बिक्रीको पेशा; फौ-बन्जारी।

खेलौना–ना० [खेल+औना] १. पुतली आदि खेल्ने सामान। २. खेलवाड़को सामग्री।

खेल्नु–स० क्रि० [सं० खेल+नु] १. दिल बहलाउने काम गर्नु; खेल गर्नु; क्रीडा गर्नु। २. कसरत गर्नु। ३. बेपर्वाह-सँग काम गर्नु; खेलाँची गर्नु। ४. नाच-तमाशा गर्नु। ५. चेष्टा गर्नु। ६. हल-चल गर्नु; डुल-फिर गर्नु। ७. व्यापारमा रुपियाँ लगाउनु।

खेवा–ना० [प्रा० खेप] १. व्यापारका निम्तिको यात्रा; खेप। २. रोजगार; उद्योग।

खेवा–ना० [खुवा] एक किसिमको बिर्ता; खुवा।

खेवा–ना० [खेद्] १. जङ्गली जनावरको पद-चिह्न। २. अहिरो; खेदो।

खेवा–ना० [खियाउ] डुङ्गा तारेको महसूल; नाउबाट नदी तारेको ज्याला।

खेस–ना० [फा० खेश] मोटो सूतले मान्द्रे बुनाइ बुनेको एक जातको कपड़ा।

खेसरी–ना० [सं० खण्डिका] केराउको जस्तो बोट र त्यसकै जस्तो कोसामा फल्ने, दाल खाइने अन्न।

खेसारी–ना० [सं० खण्डिका] १. लामा-लामा पात, नीलो फूल, केराउको जस्तो कोसा र तीन पाटा परेको डाँठ हुने एक लहरो। २. त्यसैको कोसाभित्र फल्ने दाल खाइने अन्न; खण्डिका।

खेस्रा–ना० [खस्रो] मसौदा; प्रालेख।

खेस्रो–ना० [खेस्रा] सानो-तिनो कागत; महत्त्व नभएको कागजको टुक्रा।

खै–ना० [ने०] १. बदख्वाइ; बदनामी। २. सोध-पूछ; केर-कार।

खै–ना० [प्रा० खइ] खई।

खै–वि० बो० [खोइ] १. बेवास्ता, दिक्दारी, बिस्मात, प्रश्न आदि बुझाउने शब्द। २. खोइ।

खैँचनु–स० क्रि० [खिँच्+नु] १. खिँच्नु; तान्नु। २. खर्च कम गर्नु; किफायत गर्नु। ३. काबूमा राख्नु; ऐँचमा

CC-0. In Public Domain. Digitization by eGangotri

राख्नु ।

खैँचाइ–ना० [खैँच+आइ] खैँचने किसिम, क्रिया वा भाव।

खैँचाइनु–स० क्रि० [खैँचाउ+इ+नु] खैँचन लाइनु; तान्न लाइनु; ('खैँचाउनु'-को क० क्रि०)।

खैँचाउनु–स० क्रि० [खैँच+आउ+नु] खैँचन लाउनु; तान्न लाउनु; ('खैँचनु'-को प्रे० क्रि०)।

खैँचिनु–अ० क्रि० [खैँच+इ+नु] तानिनु; कसिनु; ('खैँचनु'-को भा० क्रि०)।

खैँजड़ी–ना० [सं० खञ्जरीट] बिटका ठाउँ-ठाउँमा मुजुरा जड़िएको वा नजड़िएको, छालाले मढ़ेको डम्फुजस्तो बाजा।

खैँजड़े–वि० [ने०] १. नडाकीकन आउने; निमन्त्रणा नपाईकन आउने। २. निमन्त्रित व्यक्तिका साथ पछि लागी आउने; पुच्छर लागेर आउने।

खैं-खबर–ना० [(फाँ०) खैं+खबर] १. खोज-खबर; हाल-खबर। २. अवस्थाविशेषको वृत्तान्त।

खैपी–ना० [खल्पी] खल्पी।

खैमल–ना० [नेवा० खैम] ढोकामा ताल्चा मार्नाका निम्ति जड़िने साधन; खलमा।

खैराँत–ना० [अ० खैरात] खैरात।

खैराँती–वि० [खैराँत+ई] रद्दी; बेकम्माको; खैराँते।

खैराँते–वि० [खैराँत+ए] १. साधारण; मामूली। २. निम्न श्रेणीको; तल्लो कक्षाको।। ३. असभ्य; अशिष्ट। ४. नसुहाउँदो।

खर–ना० [सं० खदिर] खयर।

खैर–ना० [फा० ख़ैर] १. कुशल; क्षेम। (अव्य) २. 'केही चिन्ता छैन' भन्ने उद्गार; अस्तु।

खैरखाह–वि० [फा० ख़ैरखाह] शुभ-चिन्तक; भलो चिताउने।

खैरखाही–ना० [फा० ख़ैरखाही] भलो चिताउनु; शुभ-कामना।

खैरा–ना० [खयर] १. खयरको ठेक्का लिने व्यक्ति। (वि०) २. खैरको (जङ्गल)।

खैरात–ना० [अ० ख़ैरात] गरीब-गुरुवालाई अन्न-वस्त्र आदि बाँड्नु; दीन-दुःखीलाई गरेको दान; खैराँत।

खैराती–वि० [अ० ख़ैराती] खैराँती।

खैरियत–ना० [फा० ख़ैरियत] कुशल-मङ्गल।

खैरो–वि० [खयर] १. खयरको जस्तो रङ्गको; फुस्रो। (ना०) २. फुस्रो रङ्ग।

खैला-बैला–ना० [खलबल] खलबल; हल्ला-खल्ला; कोको-होलो।

खोँच–ना० [खुम्चा] १. दुइ पहाड़का बीचको गहिरो र साङ्गुरो ठाउँ; साँघुरो ठाउँ; खोच्याप्रो ठाउँ। २. कुर्येत्रो।

खोइ–वि० बो० [ने०] विस्मय, बेवास्ता, दिक्दारी, प्रश्न आदि बुझाउने शब्द; खै।

खोइरे–वि० [खोइरो+ए] खोइरो लागेको; खुइले।

खोइरो–ना० [खुइलि] टाउकोका रौँ झर्ने रोग; रौँ खुइलिने रोग।

खोइरो–ना० [खोर्नो] १. पिँड़ालु आदि कन्दमा लाग्ने एक जातको कीरो। २. खेदो; अहिरो।

खोइलो–ना० [ने०] उखु पेली रस निकालिसकेको छोक्रो; टुखल।

खोकलाइ–ना० [खोकल्+आइ] खोकल्ने किसिम वा क्रिया।

खोकलिनु–स० क्रि० [खोकल्+इ+नु] कुल्ला गरिनु; खोकल्ने काम गरिनु; ('खोकल्नु'-को क० क्रि०)।

खोकल्नु–स० क्रि० [खकाल्+नु] १. मुखमा पानी हालेर कुलुकुलु गरी सफा गर्नु; कुल्ला गर्नु। २. खकाल्नु।

खोकाइ–ना० [खोक्+आइ] खोक्ने किसिम, क्रिया वा भाव।

खोकाइनु–स० क्रि० [खोकाउ+इ+नु] खोक्न लाइनु; ख्वाक-ख्वाक गराइनु; ('खोकाउनु'-को क० क्रि०)।

खोकाउनु–स० क्रि० [खोक्+आउ+नु] खोक्न लाउनु; ख्वाक-ख्वाक गराउनु; ('खोक्नु'-को क० क्रि०)।

खोकिनु–स० क्रि० [खोक्+इ+नु] खोक्ने काम गरिनु; ख्वाक-ख्वाक गरिनु; ('खोक्नु'-को क० क्रि०)।

खोकिम–ना० [ने०] राता डाँठ, खस्रा खैरा पात र खस्रै फूल हुने एक किसिमको बोट। (यसका डाँठको तरकारी, आचार खाइन्छ र यसका पहेँला जरा हाड़ भाँचिएका ठाउँमा औषधीका रूपमा लगाइन्छ।)

खोकिलो–ना० [कोख] छातीनिर दौराभित्र जीउमाथिको खाली ठाउँ; बायाँ कुम र काखीका तुनाका बीचको, घुमाउरो छेउदेखि शुरू भई छाती र कोखासम्मको दौराभित्रको खाली भाग।

खोकी–ना० [सं० कास] घाँटीमा सगसग लागी खोक्नुपर्ने रोग; खोक्ने रोग; कास।

खोक्नु–स० क्रि० [खोकी+नु] घाँटीको कफ निकाल्न वा सगसगी मेट्न ख्वाक-ख्वाक शब्दका साथ फोक्सोबाट झोक्कासाथ गलाद्वारा वायु निकाल्नु।

खोक्पा–ना० [ने०] जङ्गली जनावरले आधा खाई छोड़ेको शिकार।

खोक्रिइनु–अ० क्रि० [खोक्रि+इ+नु] खोक्रो होइनु; भित्र खाली होइनु; ('खोक्रिनु'-को भा० क्रि०)।

खोक्रिनु–अ० क्रि० [खोक्रो+इ+नु] १. खोक्रो हुनु; भित्र खाली हुनु। २. रित्तो हुनु; रित्तिनु।

खोक्र्याइ–ना० [खोक्रि+याइ] खोक्रिने किसिम, क्रिया वा भाव।

खोक्र्याइनु–स० क्रि० [खोक्र्याउ+इ+नु] खोक्रो पारिनु; खाली पारिनु; ('खोक्र्याउनु'-को क० क्रि०)।

खोक्र्याउनु–स० क्रि० [खोक्रि+याउ+नु] खोक्रो पार्नु; भित्र खाली पार्नु; रित्त्याउनु; ('खोक्रिनु'-को प्रे० क्रि०)।

खोक्रे–वि० [खोक्रो+ए] खोक्रो।

खोक्रे-सिमी–ना० [खोक्रो+सिमी] १. सेता फूल र लामा-लामा पुष्ट कोसा हुने एक जातको सिमीको लहरो। २. त्यसैका कोसा वा कोसाभित्र फल्ने दाना।

CC-0. In Public Domain. Digitization by eGangotri

खोक्रो–वि० [खुकुलो] भित्र केही नभएको; भित्र खाली भएको।
खोङ्गी–ना० [ने०] कुखुरा हाल्ने चोयाको कोक्रो।
खोचो–ना० [खोँच] एकसरो पातको ढुनु।
खोच्याइ–ना० [खोच्याउ+आइ] खोच्याउने किसिम वा क्रिया।
खोच्याइनु–स० क्रि० [खोच्याउ+इ+नु] लेच्याएर हिँड़िनु; लङ्गड़ाइनु; ('खोच्याउनु'-को क० क्रि०)।
खोच्याउनु–स० क्रि० [सं० खञ्ज+याउ+नु] गोड़ामा घाउ-चोट लागी वा गोड़ा लामो-छोटो भई लेच्याएर हिँड्नु।
खोच्याङ-खोच्याङ–क्रि० यो० [खोच्याउ] लङ्गड़ो मानिस हिँड्ने किसिम; खोच्याउने किसिम।
खोच्याङग्रो–वि० [खोच्याउ] खोच्याएर हिँड्ने; लङ्गड़ो।
खोच्याप्रो–वि० [खोँच] खोँच परेको (ठाउँ)।
खोज–ना० [खोज्] खोज्ने काम; खोजी; अन्वेषण।
खोज-खबर–ना० [खोज+खबर] १. पत्तो; खै-खबर; यहाँ-वहाँ भन्ने ठेगाना। २. खोज-तलाश। ३. खबर।
खोज-खाज–ना० [खोज+खाज (फाँ०)] खोज तलाश।
खोज-तलाश–ना० [खोज+तलाश] खोजी; खोज-खबर।
खोज-मेल–ना० [खोज+मेल (फाँ०)] खोज-खाज; खोजी।
खोजाइ–ना० [खोज्+आइ] खोज्ने किसिम, क्रिया वा भाव।
खोजाइनु–स० क्रि० [खोजाउ+इ+नु] खोज्न लाइनु; खोजी गराइनु; ('खोजाउनु'-को क० क्रि०)।
खोजाउनु–स० क्रि० [खोज्+आउ+नु] खोज्न लाउनु; खोजी गराउनु; ('खोज्नु'-को प्रे० क्रि०)।
खोजी-नीति–ना० [खोजी+नीति] कुनै कुराको बढ़्ता चासो लिएर गरिएको खोजी; कुनै विषयको यथार्थ सोध-पूछ।
खोजिनु–स० क्रि० [खोज्+इ+नु] खोजी गरिनु; तलाश गरिनु; ('खोज्नु'-को क० क्रि०)।
खोजी–ना० [खोज+ई] १. खोज। २. अन्वेषण गर्ने व्यक्ति।
खोज्नु–स० क्रि० [सं० खुज्+नु] १. हराएको वा पत्ता नलागेको माल पत्ता लगाउन कोशिश गर्नु; खोजी गर्नु; तलाश गर्नु। २. चेष्टा गर्नु; इच्छा गर्नु। ३. अन्वेषण गर्नु।
खोट–ना० [सं० खोड] १. खराबी भएको आरोप; दोष। २. अवगुण। ३. औजस।
खोटा-कीला–ना० [खुटी+कीला] पहिरो थाम्न वा नदीका किनारहरू बचाउनाका निम्ति ठोकिने काठ वा बाँसका कीला।
खोटिइनु–अ० क्रि० [खोटि+इ+नु] घटिनु; कम होइनु; ('खोटिनु'-को भा० क्रि०)।
खोटिनु–अ० क्रि० [प्रा० खत्ति+नु] १. घट्नु; कम हुनु। २. खति हुनु; नोक्सान हुनु। ३. खर्च हुनु; मासिनु।
खोटी–वि० [खोट+ई] १. खोट भएको; दोषी। २. कपटी; पेटाहा। ३. कन्जुस; कृपण।
खोटी–ना० [खोटो+ई] खोटोबाट बन्ने घाउमा लाउने औषधी।
खोटेत्रो–ना० [खोट+एत्रो] फलमा खोटोजस्तो पदार्थ जम्ने फलको रोग।
खोटे-सल्लो–ना० [खोटो+सल्लो] खोटो निस्कने एक जातको सल्लो।
खोटो–ना० [ने०] रूखबाट निस्कने एक किसिमको लस्सादार चोब।
खोटो–वि० [खोट] १. व्यवहारमा नचल्ने; दागी (रुपियाँ-पैसा)। २. खोट लागेको; दोषी। ३. खराब।
खोटचाइ–ना० [खोटचाउ+याइ] खोटिने किसिम वा क्रिया।
खोटचाइनु–स० क्रि० [खोटचाउ+इ+नु] घटाइनु; कम गरिनु; ('खोटचाउनु'-को क० क्रि०)।
खोटचाउनु–स० क्रि० [खोटि+याउ+नु] १. खर्च गर्नु; मास्नु। २. घटाउनु; कम गर्नु; खण्डित गर्नु; ('खोटिनु'-को प्रे० क्रि०)।
खोतर–ना० [खोतल्] कुनै वस्तु पकाउँदा डढ़ेर भाँड़ामा टाँसिएको पदार्थ।
खोतराइ–ना० [खोतर+आइ] खोतलाइ।
खोतराइनु–स० क्रि० [खोतराउ+आइ] खोतलाइनु; ('खोतर्नु'-को क० क्रि०)।
खोतराउनु–स० क्रि० [खोतर्+आउ+नु] खोतलाउनु; ('खोतर्नु'-को प्रे० क्रि०)।
खोतरिनु–स० क्रि० [खोतर्+इ+नु] खोतलिनु; ('खोतर्नु'-को क० क्रि)।
खोतर्नु–स० क्रि [खोतर्+नु] खोतल्नु।
खोतलाइनु–स० क्रि० [खोतलाउ+आइ+नु] खोतल्न लाइनु; ('खोतलाउनु'-को क० क्रि०)।
खोतलाउनु–स० कि० [खोतल्+आउ+नु] खोतल्न लाउनु; ('खोतल्नु'-को प्रे० क्रि०)।
खोतल-खातल–ना० [खोतल्+खातल (फाँ०)] खोदल-खादल।
खोतलाइ–ना० [खोतल्+आइ] खोतल्ने किसिम, क्रिया वा भाव; खोदलाइ।
खोतलिनु–स० क्रि० [खोतल्+इ+नु] खोदलिनु; ('खोतल्नु'-को क० क्रि०)।
खोतल्नु–स० क्रि० [खोद्+नु] खोदल्नु।
खोते–ना० [ने०] अड्को; खुँगे; बिंगठचाइँ।
खोत्तिइनु–अ० क्रि० [खोत्ति+इ+नु] खत्तिइनु; ('खोत्तिनु'-को भा० क्रि०।)
खोत्तिनु–अ० क्रि० [खत्ति+नु] खत्तिनु।
खोत्त्याइ–ना० [खोत्त्याउ+आइ] खोत्त्याउने किसिम, क्रिया वा भाव; खत्त्याइ।
खोत्त्याइनु–स० क्रि० [खोत्त्याउ+इ+नु] खत्त्याइनु; ('खोत्त्याउनु'-को क० क्रि०)।
खोत्त्याउनु–स० क्रि० [खोत्ति+याउ+नु] खत्त्याउनु; ('खोत्तिनु'-को प्रे० क्रि०)।
खोदल-खादल–ना० [खोदल्+खादल (फाँ०)] १. खनी-खोस्री गर्नु; खन्नु। २. खोज-खाज; खोज-तलाश।

CC-0. In Public Domain. Digitization by eGangotri

खोदलाइ–ना० [खोदल्+आइ] खोदल्ने किसिम वा क्रिया।

खोदलिनु–स० क्रि० [खोदल्+इ+नु] खोस्रिनु; खोतलिनु; ('खोदल्नु'-को क० क्रि०)।

खोदल्नु–स० क्रि० [खोद्+नु] १. खनी-खनीकन कुनै वस्तु झिक्नु; निकाल्नु; खोस्रनु। २. खन्नु; खोत्त्याउनु। ३. प्वाल पार्नु। ४. कुरा धुल्नु।

खोदाइ–ना० [खोद्+आइ] खोद्ने किसिम, क्रिया वा भाव।

खोदाइनु–स० क्रि० [खोदाउ+इ+नु] खोद्न लाइनु; खोस्राइनु; ('खोदाउनु'-को क० क्रि०)।

खोदाउनु–स० क्रि० [खोद्+आउ+नु] खोद्न लाउनु; खनाउनु; खोस्राउनु; ('खोद्नु'-को प्रे० क्रि०)।

खोदिनु–स० क्रि० [खोद्+इ+नु] खनिनु; खोस्रिनु; ('खोद्नु'-को क० क्रि०)।

खोद्नु–स० क्रि० [सं० खुड्+नु] १. खन्नु; खोस्रनु; कोट्ट्याउनु। २. कुँद्नु; खोप्नु।

खोप–ना० [प्रा० खुप्प] दुइ पहाड़का बीचको साङ्ग्रो ठाउँ; खोँच।

खोप–ना० [प्रा० खोभ] १. मानसिक ताप; क्षोभ। २. ठूलो शोक।

खोपड़ी–ना० [सं० खर्पर] १. खप्पर; कपाल। २. शिर।

खोपाइ–ना० [खोपाउ+आइ] खोप्ने किसिम, क्रिया वा भाव।

खोपाइनु–स० क्रि० [खोपाउ+इ+नु] खोप्न लाइनु; शीतला-वेध गराइनु; ('खोपाउनु'-को क० क्रि०)।

खोपाउनु–स० क्रि० [खोप्+आउ+नु] खोप्न लगाउनु; शीतला-वेध गराउनु; ('खोप्नु'-को प्रे० क्रि०)।

खोपिनु–स० क्रि० [खोप्+इ+नु] प्वाल पारिनु; खोप्ने काम गरिनु; ('खोप्नु'-को क० क्रि०)।

खोपिल्टो–ना० [खोपो] सानो खोपो; सानो प्वाल।

खोपी–ना० [खोपो] १. पैसा बच्चेर खेल्नाका निम्ति भईँमा पारिने सानो प्वाल। २. भईँमा सानो प्वाल पारी त्यसमा पैसा छिराई खेलिने खेल। ३. डन्डी-बियोको खेलमा बियो हुच्चन बनाइएको खोपिल्टो।

खोपी–ना० [अ० खुफ़िया] राज-महिषीहरू बस्ने भित्री कोठा वा घर; अन्तःपुर; जनाना महल।

खोपो–ना० [प्र० खुप्प] चीज-बीज राख्नाका निम्ति गाह्रोमा बनाइएको प्वाल।

खोप्नु–स० क्रि० [प्रा० खुप्पई+नु] १. प्वाल पार्नु; खोपिल्टो पार्नु। २. घट्ट, जाँतो आदिमा दाँत निकाल्नु। ३. शीतला-वेध गर्नु। ४. रोप्नु; गोब्नु।

खोप्री–ना० [खोप्रो+ई] सानो खोप्रो।

खोप्रे-बूढ़ी–ना० [खोप्रो+बूढ़ी] १. गर्दनका बीचमा परेको खोपिल्टो। २. खोप्रामा बस्ने बूढ़ी; बूढ़ी कमारी। (वि०) ३. ज्यादै बूढ़ी; खुम्रे बूढ़ी।

खोप्रो–ना० [छाप्रो] १. कमारा-कमारीको बस्ने सानो घर। २. छाप्रो; झोपड़ी।

खोप्लो–ना० [खोपिल्टो] खोपिल्टो; सानो खाल्टो।

खोयो–ना० [सं० कोष] १. मकैको घोगामा मकैका गेड़ाहरू रहने खोप्ला-खोप्ला परेको कोयो। २. फलभित्र रहने ठूलो बीज-कोश।

खोर–ना० [ने०] १. जीव-जन्तुहरू पाल्ने वा थुन्ने कोठो। २. जङ्गली पशुहरू फसाउनाका निम्ति थापिने पिँजड़ा। ३. अपराधको निर्णय नहुन्जेल अभियुक्तलाई थुन्ने ठाउँ।

खोरन्डो–वि० [प्रा० खोडो] खोच्याएर हिँड्ने; लङ्गड़ो।

खोरिया–ना० [ने०] १. बाली लाउनाका निमित्त रूखहरू फाँड़ी डढ़ेलो लगाएको ज़मीन; पाखा-भित्ताको बाँझो पाखो। २. आली, कान्ला आदि भत्केर बिग्रेको जमीन।

खोरी–ना० [फा० खूर] १. सानो एक किसिमको कचौरा। २. सानो दुनु।

खोरेँत–ना० [खुर] खोऱ्याँत।

खोरे–ना० [खुर] खोरो।

खोरो–ना० [फा० खूर] १. सानो पातलो रद्दी किसिमको भाँड़ो। २. सानो दुनु।

खोरो–ना० [खोरे] पैतला, कुर्कुच्चा आदि फुट्ने रोग; खोरे।

खोर्ना–ना० [खोरो] पैतालामा प्वालै-प्वालको दाग हुने एक किसिमको रोग।

खोऱ्याँत–ना० [खुर] गाई-वस्तुको खुर र मुखमा खटिरा आउने एक किसिमको रोग; खोरे।

खोऱ्याइनु–स० क्रि० [खोऱ्याउ+इ+नु] केरिनु; खेरिनु; ('खोऱ्याउनु'-को क० क्रि०)।

खोऱ्याउनु–स० क्रि० [खेर्] कुनै कुरा निश्चित रूपमा थाहा पाउनाका निम्ति वार-वार सोध्नु; केर्नु; खेर्नु।

खोर्सानी–ना० [ने०] खुर्सानी।

खोल–ना० [सं० खोलक] कुनै वस्तुको बचाउ गर्नाका निम्ति वा त्यसलाई छोपी राख्नाका निम्ति बनाइएको त्यसै आकारको कपड़ा, कागज आदिको थैलो।

खोल–ना० [खोल्सो] काठमा कपेर बनाइएको खोल्सो।

खोलक–ना० [सं०] १. खोल; ढकना। २. जोगीहरूले लाउने अलखाजस्तो खुकुलो वस्त्र।

खोल-खाल–ना० [खोल्+खाल (फाँ०)] खोल्ने काम; उघार्ने काम।

खोला–ना० [खोरो] सानो खालको एक किसिमको कटौरा।

खोलाइ–ना० [खोल्+आइ] खोल्ने किसिम, क्रिया वा भाव।

खोलाइनु–स० क्रि० [खोलाउ+इ+नु] खोल्न लाइनु; उघार्न लाइनु; ('खोलाउनु'-को क० क्रि०)।

खोलाउनु–स० क्रि० [खोल्+आउ+नु] खोल्न लाउनु; खुला पार्न लाउनु; ('खोल्नु'-को प्रे० क्रि०)।

खोला-नाला–ना० [खोलो+नाला] नदी-नाला; सानो नदी; नदी र नालाहरूको समूह।

खोलिनु–स० क्रि० [खोल्+इ+नु] खुला पारिनु; उघ्रिनु; ('खोल्नु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

खोली-बाँसुरी–ना० [खोल+बाँसुरी] भएभरका जम्मै कुरा।

खोलुवा–ना० [खोल्+उवा] १. चोरी भएका माल-मत्ताहरू-को विवरण खोली थानामा दिइने बयान; हानि-नोक्सान भएका मालहरूको खुला बयान। २. साक्षी-गवाहीहरूले गर्ने खुला बयान। (वि०) ३. प्रतिबन्ध हटाउने; फुक्का गर्ने; खोल्ने (पुर्जी, आदेश आदि)।

खोले–ना० [खोलो] १. गाई-वस्तुलाई खुवाउने पीठो पकाएको झोल; कुँडो। २. पीठो, साग आदि मिसाएर पकाएको लेदो पदार्थ। (वि०) ३. असभ्य; अशिष्ट; गँवार (व्यक्ति)।

खोले-फाँड़ो–ना० [खोले+फाँड़ो] निम्न कोटिको वा गरीब-को खानेकुरो; साग-सिस्नु।

खोलो–ना० [सं० कुल्या] १. सानो नदी। २. नदीका नजीकको गाउँ-घर।

खोल्नु–स० क्रि० [खुला+नु] १. खुला पार्नु; उघार्नु। २. नयाँ पसल, कारखाना, संस्था आदिको उद्घाटन गर्नु। ३. निकाल्नु; आविष्कार गर्नु। ४. बन्धन फुकाउनु। ५. बेसरी दौड़ाउनु; कुदाउनु। ६. स्पष्ट गर्नु; व्याख्या गर्नु।

खोल्मा–ना० [ने०] खल्मा।

खोल्सिइनु–अ० क्रि० [खोल्सि+इ+नु] खोल्सो परिनु; कुलेँसो परिनु; ('खोल्सिनु'-को भा० क्रि०)।

खोल्सिनु–अ० क्रि० [खोल्सो+इ+नु] खोल्सो पर्नु; कुलेँसो पर्नु।

खोल्सी–ना० [खोल्सो+ई] सानो खोल्सो।

खोल्सो–ना० [खोलो] १. सानो-तिनो खोलो; खहरे। २. खोँच; खाई। ३. कुलेँसो; कुलो।

खोल्स्याइनु–स० क्रि० [खोल्स्याउ+इ+नु] खोल्सो पारिनु; कुलेँसो पारिनु; ('खोल्स्याउनु'-को क० क्रि०)।

खोल्स्याउनु–स० क्रि० [खोल्सि+याउ+नु] खोल्सो पार्नु; कुलेँसो पार्नु; ('खोल्सिनु'-को प्रे० क्रि०)।

खोस-मोस–ना० [खोस्+मोस्] खोस्ने र मुख मोस्ने काम।

खोसल्टिइनु–अ० क्रि० [खोसल्टि+इ+नु] खोसेल्टिइनु; ('खोसल्टिनु'-को भा० क्रि०)।

खोसल्टिनु–अ० क्रि० [खोसल्टो+इ+नु] खोसेल्टिनु।

खोसल्टो–ना० [खोस्टो] खोसेल्टो।

खोसल्ट्याइ–ना० [खोसल्टि+आइ] खोसल्टिने किसिम, क्रिया वा भाव; खोसेल्ट्याइ।

खोसल्ट्याइनु–स० क्रि० [खोसल्ट्याउ+इ+नु] खोसेल्ट्याइनु; ('खोसल्ट्याउनु'-को क० क्रि०)।

खोसल्ट्याउनु–स० क्रि० [खोसल्टि+याउ+नु] खोसेल्ट्याउनु; ('खोसल्टिनु'-को प्रे० क्रि०)।

खोसाइ–ना० [खोस्+आइ] खोस्ने किसिम, क्रिया वा भाव।

खोसाखोस–ना० [खोस्+खोस्] परस्परमा खोस्नु; एकले अर्काको खोस्ने काम।

खोसिनु–स० क्रि० [खोस्+इ+नु] १. जागीरबाट बर्खास्त गरिनु। २. हरिनु; ('खोस्नु'-को क० क्रि०)।

खोसुवा–ना० [खोस्+उवा] १. खोस्ने किसिम वा क्रिया। (वि०) २. खोसिएको; खोस्ने।

खोसेलाइ–ना० [खोसेल्+आइ] खोसेल्ने किसिम, क्रिया वा भाव।

खोसेलिनु–स० क्रि० [खोसेल्+इ+नु] खज्याङ-मज्याङ पारिनु; खजमज्याइनु; ('खोसेल्नु'-को क० क्रि०)।

खोसेलो–ना० [खोसेल्] १. छिरलिएको घाँस, पराल, खोस्टा आदि; छिरलो। २. छिरलिएका रौँ, कागज, कपड़ा आदि।

खोसेल्टिइनु–अ० क्रि० [खोसेल्टि+इ+नु] सुकेर रद्दी होइनु; झुत्रिइनु; ('खोसेल्टिनु'-को भा० क्रि०)।

खोसेल्टिनु–अ० क्रि० [खोसेल्टो+इ+नु] सुकेर रद्दी हुनु; झुत्रिनु।

खोसेल्टो–ना० [खोस्टो] च्यातिएको पात, बोक्रो, कागज आदि।

खोसेल्ट्याइनु–स० क्रि० [खोसेल्ट्याउ+इ+नु] छिरलिनु; ('खोसेल्ट्याउनु'-को क० क्रि०)।

खोसेल्ट्याउनु–स० क्रि० [खोसेल्टि+याउ+नु] १. छिरल्नु (घाँस, पराल आदि)। २. गाँस्नु (दुना, टपरी आदि)। ३. खोसेल्टो तुल्याउनु; ('खोसेल्टिनु'-को प्रे० क्रि०)।

खोसेल्नु–स० क्रि० [खोस्न+नु] १. खज्याङ-मज्याङ पार्नु; खजमज्याउनु। २. यत्र-तत्र पार्नु; गोलमाल गर्नु।

खोस्टिइनु–अ० क्रि० [खोस्टि+इ+नु] खोस्टा छुट्टिइनु; खोस्टो होइनु खोसल्टिइनु; ('खोस्टिनु'-को भा० क्रि०)।

खोस्टिनु–अ० क्रि० [खोस्टे+इ+नु] १. खोस्टो छुट्टिनु। २. रद्दी हुनु; खोसल्टिनु।

खोस्टो–ना० [प्रा० सुक्ख] १. अन्न, फल आदिका गेड़ा वा गुदीको बाहिरपट्टि रहने साह्रो बोक्रो। २. मकैका घोगाको पात। ३. पात। ४. रुपियाँ-पैसा (तुच्छ अर्थमा)। ५. रद्दी कागज-पत्र।

खोस्ट्याइ–ना० [खोस्टि+आइ] खोस्टिने किसिम, क्रिया वा भाव।

खोस्ट्याइनु–स० क्रि० [खोस्ट्याउ+इ+नु] खोस्टो झिकिनु; खोस्टो पारिनु; सहन्याइनु; ('खोस्ट्याउनु'-को क० क्रि०)।

खोस्ट्याउनु–स० क्रि० [खोस्टि+याउ+नु] १. खोस्टा झिक्नु; सहन्याउनु (मकैका घोगाको)। २. गाँस्नु (दुना, टपरी आदि)। ३. रद्दी पारिनु।

खोस्नु–स० क्रि० [सं० कृष्] १. बल-जफती गरी लिनु; जबर-दस्ती लिनु; हर्नु। २. जागीरबाट झिक्नु; पद-च्युत गर्नु।

खोस्मेरो–ना० [खोस्टो] काम नलाग्ने थोत्रो सुकेका पात, कागत आदि।

खोस्याइ–ना० [खोस्याउ+आइ] खोस्याउने किसिम, क्रिया वा भाव।

खोस्याइनु–अ० क्रि० [खोस्याउ+इ+नु] छाला खुत्तिने गरी चोट लागिनु; अत्तर-छाला खुत्तिइनु; ('खोस्याउनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

खोस्याउनु–अ० क्रि० [खोस्र+याउ+नु] १. छालासमेत खुत्तिने गरी चोट लाग्नु; अत्तर-छाला खुत्तिनु। २. ठूलो कामको केही अंशमात्र सिद्धिनु; कोट्टिनु।

खोस्याक-खोस्याक–क्रि० यो० [अनु०] पात-पतिङ्गर, कागज आदि चलाउँदा आवाज आउने किसिम।

खोस्रनु–स० क्रि० [सं० कृष्] १. माथिल्लो तहको पाप्रा बसेको माटो खन्नु; गोड्नु। २. खुट्टाले कोतर्नु। ३. खनेर प्वाल पार्नु; खोदल्नु।

खोस्राइनु–स० क्रि० [खोस्राउ+इ+नु] खोस्रन लाइनु; गोड़ाइनु; ('खोस्राउनु'-को क० क्रि०)।

खोस्राउनु–स० क्रि० [खोस्र+आउ+नु] खोस्रन लाउनु; गोड़ाउनु; ('खोस्रनु'-को प्रे० क्रि०)।

खोस्रिनु–स० क्रि० [खोस्र+इ+नु] माथिल्लो तहको पाप्रा आदि खन्नु; गोड्नु; ('खोस्रनु'-को क० क्रि०)।

खोस्रो–ना० [खोस्टो] १. मरेका पशु-पक्षीको छालाभित्र घाँस, पराल भूवा आदि भरी जस्ताको-तस्तो आकृति बनाएको मूर्ति। २. हतियारको खोल, दाप, म्यान आदि। ३. ज्याभलहरू हाल्ने छालाको थैलो। ४. रिसल्लाको भालाको मोठ घुसार्ने, रिकाबमा जड़िएको छालाको ढङ्ग्रो। ५. खोस्टो।

खोस्याक-खोस्याक–क्रि० यो० [अनु०] खोस्रँदा आवाज आउने किसिम।

खोस्याङ-खोस्याङ–क्रि० यो० [अनु०] सुकेका पात-पतिङ्गर चलाउँदा शब्द आउने किसिम।

खौरनु–स० क्रि० [प्रा० खौर+नु] १. छुराले रौँ खुर्कनु; मुण्डन गर्नु। २. काम गर्न नसकेकोमा हँसी गरेर होच्याउनु।

खौराइ–ना० [खौर+आइ] खौरने किसिम, क्रिया वा भाव।

खौराइनु–स० क्रि० [खौराउ+इ+नु] खौरन लाइनु; मुण्डन गराइनु; ('खौराउनु'-को क० क्रि०)।

खौराउनु–स० क्रि० [खौर+आउ+नु] खौरन लाउनु; मुण्डन गराउनु; ('खौरनु'-को प्रे० क्रि०)।

खौरिनु–स० क्रि० [खौर+इ+नु] छुराले रौँ खुर्किनु; मुण्डन गरिनु; ('खौरनु'-को क० क्रि०)।

खौरे-मसिनो–ना० [खौर+मसिनो] काम तामेल गर्न नसक्ने व्यक्तिलाई होच्याएर भनिने शब्द।

खौर्‍याहट–ना० [खौर+आहट] खौरने किसिम वा क्रिया (हँसी वा व्यङ्ग्यमा मात्र)।

खौलिइनु–अ० क्रि० [खौलि+इ+नु] खौलामा परिनु; भड्खारामा परिनु; ('खौलिनु'-को भा० क्रि०)।

खौलिनु–अ० क्रि० [खौलो+इ+नु] खौलामा पर्नु; भड्खारामा पर्नु; गिर्नु।

खौलो–ना० [खाल्टो] खाल्टो; भड्खारो।

खौल्याइनु–स० क्रि० [खौल्याउ+इ+नु] खौलामा पारिनु; खाल्टोमा पारिनु; ('खौल्याउनु'-को क० क्रि०)।

खौल्याउनु–स० क्रि० [खौलि+याउ+नु] खौलामा पार्नु; खाल्टोमा पार्नु; ('खौलिनु'-को प्रे० क्रि०)।

खौवा–वि० [खा+औवा] १. धेरै खाने; खूब खाने। २. मीठो खाने; खवैया।

ख्याँचिनु–स० क्रि० [ख्याँच्+इ+नु] प्रतियोगितामा जितिनु; ('ख्याँच्नु'-को क० क्रि०)।

ख्याँच्नु–स० क्रि० [ने०] प्रतियोगितामा जित्नु; दँजाइमा उम्दा ठहर्नु; जित्नु।

ख्याइनु–स० क्रि० [ख्याउ+इ+नु] खिइने पारिनु; खियाइनु; ('ख्याउनु'-को क० क्रि०)।

ख्याइनु–स० क्रि० [सं० क्षेप्+याउ+नु] डुङ्गा चलाइनु; खियाइनु।

ख्याउटे–वि० [ख्याउटो+ए] दुब्लो; सिकटो; ख्याउटो।

ख्याउटो–वि० [ने०] दुब्लो; पातलो शरीरको; सिकटे।

ख्याउनु–स० क्रि० [खिइ+याउ+नु] खिइने पार्नु; खियाउनु; ('खिइनु'-को प्रे० क्रि०)।

ख्याउनु–स० क्रि० [सं० क्षेप्+याउ+नु] डुङ्गा चलाउनु; खियाउनु।

ख्याक–ना० [नेवा० ख्या] १. घरमा बस्ने र तर्साउने एक किसिमको भूत। २. साह्रै दुब्लो र बूढ़ो।

ख्याकख्याके–ना० [ने०] एक जातको स्याल।

ख्यात–वि० [सं०] प्रसिद्ध; नाउँ चलेको।

ख्यात-त्रिशक्ति-पट्ट–ना० [सं०] तेस्रा दर्जाको त्रिशक्ति-पट्ट तक्मा।

ख्याति–ना० [सं०] प्रसिद्धि; नाउँ चल्नु।

ख्याप्टो–वि० [ख्याउटो] ख्याउटो।

ख्याप्ल्याक्क–क्रि० यो० [ने०] साह्रै दुब्लो हुने किसिम।

ख्याम्सो–वि० [ने०] १. दह्रो नभएको; लुलो। २. पातलो।

ख्याल–ना० [खेल] १. ठट्टा; दिल्लगी। २. खेलबाड़; खलाँची। ३. अति विलम्बित लयमा गाइने एक प्रकारको गायन।

ख्याल–ना० [अ० खयाल] १. समझ; सम्झना। २. विचार; विवेक।

ख्याल-ख्याल–ना० [ख्याल+ख्याल] १. ठट्टा; ख्याल-ठट्टा। २. हेलचेक्र्याइँ।

ख्याल-ठट्टा–ना० [ख्याल+ठट्टा] ठट्टा; ख्याल-ख्याल; दिल्लगी।

ख्याली–वि० [ख्याल+ई] १. खूब ख्याल गर्ने स्वभावको; ठटेउलो। (ना०) २. एक प्रकारको लोक-गीतको लय।

ख्यास-ख्यास–क्रि० यो० [अनु०] १. छिटछिटो लेख्ने किसिम। २. घाँटी सगसगाउने किसिम। ३. रगड़िने किसिम।

ख्यास्स–क्रि० यो० [अनु०] १. कुनै नरम वस्तुमा तीखो साह्रो वस्तु घुसार्ने किसिम। २. रगड़िने किसिम।

ख्यास्सिइनु–अ० क्रि० [ख्यास्सि+इ+नु] तलतिर लागिनु; उँधो झरिनु; ('ख्यास्सिनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

ख्यास्सिनु–अ० क्रि० [ख्यास्स+इ+नु] तलतिर लाग्नु; उँधो झर्नु।

ख्यास्स्याइ–ना० [ख्यास्सि+याइ] ख्यास्सिने किसिम, क्रिया वा भाव।

ख्रिस्टीय–वि० [अं० क्राइस्ट] ईसा-सम्बन्धी; ईसवी।

ख्वाँट्टा–वि० [ने०] आलो-पालो गरी खेलिने खेलमा सबैभन्दा पछि पालो आउने; आखिरी पालो पर्ने।

ख्वाक-ख्वाक–क्रि० यो० [ख्वाक्क+ख्वाक्क] बार-बार खोक्ने किसिम।

ख्वाक्क–क्रि० यो० [अनु०] खोक्ने किसिम।

ख्वाट्ट–क्रि० यो० [ने०] अनायासमा कुनै काम हुने किसिम।

ख्वात-ख्वात–क्रि० यो० [अनु०] सानो मुख भएका भाँडाबाट लेदो पदार्थ खन्याउँदा आवाज आउने किसिम।

ख्वातातता–क्रि० यो० [अनु०] तेल आदि तरल पदार्थ सानो मुख भएका भाँडाबाट खन्याउने किसिम।

ख्वात्त–क्रि० यो० [अनु०] १. गीलो पदार्थ खस्ने किसिम। (वि०) २. सबै; जम्मै; भएभरको।

ख्वाप्प–क्रि० यो० [अनु०] १. डल्लो पदार्थ एकै चोटि मुखमा हाल्ने किसिम; क्वाप्प। २. रोपिने वा पस्ने किसिम।

ख्वामित–ना० [अ० ख़ाविन्द] मालिक; स्वामी।

ख्वाम्म–क्रि० यो० [अनु०] कुनै तीखो वस्तु नरम ठाउँमा एकै चोटि पस्ने किसिम; ग्वाम्म।

ख्वाम्ल्याङङ–क्रि० यो० [अनु०] सहसा खाल्टामा खस्ने किसिम।

ख्वार्र–क्रि० यो० [अनु०] १. दगुर्ने किसिम; खुर्र। २. गेड़ाहरू झर्ने वा पोखिने किसिम।

ख्वालख्वालती–क्रि० यो० [अनु०] धेरै पानी बग्ने किसिम; ह्वालह्वालती।

ख्वाले–वि० [खोले] असभ्य; अशिष्ट।

ख्वाल्टचाङ-ख्वाल्टचाङ–क्रि० यो० [ने०] खोच्याएर हिँड्ने किसिम; खोच्याङ-खोच्याङ।

ख्वाल्ल–क्रि० यो० [अनु०] पानी आदि पन्यालो पदार्थ पोखिने किसिम।

ख्वास्स–क्रि० यो० [अनु०] ख्वाम्म।

ग

ग–देवनागरी वर्ण-मालाको तेस्रो व्यञ्जन-वर्ण। यसको उच्चारण कण्ठ-स्थानबाट हुन्छ।

गँगटो–ना० [ने०] आठ खुट्टा र दुइटा च्याप्ने हात हुने, जलमा वा जलका समीपमा रहने एक प्राणी।

गँगरिइनु–अ० क्रि० [गँगरि+इ+नु] जाड़ोले कठ्याङ्ग्रिइनु; जकड़िइनु; गँर्गकिइनु; ('गँगरिनु'-को भा० क्रि०)।

गँगरिनु–अ० क्रि० [ने०] जाड़ोले कठ्याङ्ग्रिनु; जकड़िनु; अररिनु; गँर्गकिनु।

गँर्गकिइनु–अ० क्रि० [गँर्गकि+इ+नु] जाड़ोले कठ्याङ्ग्रिइनु; गँगरिइनु; ('गँर्गकिनु'-को भा० क्रि०)।

गँर्गकिनु–अ० क्रि० [ने०] जाड़ोले कठ्याङ्ग्रिनु; गँगरिनु।

गँगर्क्याइ–ना० [गँर्गकि+याइ] गँर्गकिने किसिम, क्रिया वा भाव।

गँगर्क्याइनु–स० क्रि० [गँगर्क्याउ+इ+नु] जाड़ोले कक्रक्क पारिनु; गङ्ङ्याइनु; ('गँगर्क्याउनु'-को क० क्रि०)।

गँगर्क्याउनु–स० क्रि० [गँर्गकि+याउ+नु] जाड़ोले कक्रक्क पार्नु; गङ्ङ्याउनु; ('गँर्गकिनु'-को प्रे० क्रि०)।

गँगऱ्याइ–ना० [गँगरि+आइ] गँगरिने किसिम, क्रिया वा भाव।

गँगऱ्याइनु–स० क्रि० [गँगऱ्याउ+इ+नु] जाड़ोले कक्रक्क पारिनु; गँगर्क्याइनु; ('गँगऱ्याउनु'-को क० क्रि०)।

गँगऱ्याउनु–स० क्रि० [गँगरि+याउ+नु] १. जाड़ोले कक्रक्क पार्नु; गँगर्क्याउनु। २. गँगरिन लाउनु।

गँजड़ी–वि० [गाँजा+अड़ी] गाँजाको अम्मली; गँज्याहा।

गँजाइ–ना० [गाँज्+आइ] गाँज्ने किसिम वा क्रिया।

गँजौटो–ना० [गाँज+औटो] एक हातका पञ्जामा अटाए-सम्मको परिमाण।

गँज्याहा–वि० [गाँजा+आहा] गाँजा खाने अम्मल भएको; गँजड़ी।

गँड़हा–वि० [गाँड़+आहा] गाँड़ भएको; गँडोहो; गँड़चाहा।

गँड़ेउलो–ना० [गँड़चौलो] गँड़चौलो।

गँड़ोहो–वि० [गँड़हा] गाँड़ भएको; गँड़हा।

गँड़चाहा–वि० [गाँड़+याहा] गाँड़ भएको; गँड़ाहा।

गँड़चौलो–ना० [ने०] वर्षा-कालमा निस्कने, माटो खनेर बस्ने, पेटको जूकोजस्तो, हाड़ नभएको करीब एक बित्ता लामो, तामा रङ्गको, राती टल्कने कीरो; बसयौंलो।

गँथाइ–ना० [गाँथ+आइ] गाँथ्ने किसिम वा क्रिया।

गँधे–ना० [सं० गन्ध] सखर-खण्डका जस्ता पात हुने, जराको अचार खाइने, उत्कट गन्ध हुने झारविशेष।

गँवार–वि० [गाउँ+वार] १. गाउँको निवासी; ग्रामीण। २. मूर्ख। ३. असभ्य; अशिष्ट।

गँवैया–वि० [गाउँ+ऐया] गाउँमा रहने; गँवार; ग्रामीण।

गँसाइ–ना० [गाँस्+आइ] गाँस्ने किसिम, क्रिया वा भाव।

गँसाइनु–स० क्रि० [गँसाउ+इ+नु] गाँस्न लाइनु; ('गँसाउनु'-को क० क्रि०)।

गँसाउनु–स० क्रि० [गाँस्+आउ+नु] गाँस्न लाउनु; ('गाँस्नु'-को प्रे० क्रि०)।

गँसुवा–वि० [गास+उवा] गाँसिएको; दुइटा जोरिएको।

गँसोट–ना० [गाँस+ओट] १. गाँसिएको वस्तु; गाँस। २. गाँसिएको ठाउँ। ३. गाँस्ने क्रिया।

CC-0. In Public Domain. Digitization by eGangotri

गइँनेनी–ना० [गाइने+नी] गाइने जातकी स्त्री; गाइनेकी स्त्री।

गइनु–अ० क्रि० [जा+इ+नु] जाइनु; ('जानु'-को भा० क्रि०)।

गउँत–ना० [सं० गो+मूत्र] गाईको मूत; गो-मूत्र।

गउँते–वि० [गउँत+ए] १. गउँतको जस्तो रङ्ग भएको। २. सड्न आँटेको।

गउँत्याइ–ना० [गउँत्याउ+याइ] गउँत्याउने किसिम, क्रिया वा भाव।

गउँत्याइनु–स० क्रि० [गउँत्याउ+इ+नु] गाईद्वारा मुतिनु; ('गउँत्याउनु'-को क० क्रि०)।

गउँत्याउनु–स० क्रि० [गउँत+याउ+नु] गाईले मुत्नु।

गउन–ना० [गौन] गौन।

गकार–ना० [सं०] 'ग'-अक्षर।

गगन–ना० [सं०] १. आकाश; अन्तरिक्ष। २. शून्य।

गगन-चर–ना० [सं०] १. देवता। २. ग्रह। ३. पक्षी। (वि०) ४. आकाश-मार्गले हिँड्ने; आकाश-चारी।

गगन-चारी–वि० [सं०] आकाश-चारी।

गगन-चुम्बी–ना० [सं०] आकाश छुने; ज्यादै अग्लो।

गगन-धूलि–ना० [सं०] केतकी फूलको पराग।

गगन-भेदी–वि० [सं०] आकाशलाई भेदन गर्ने; ठूलो (स्वर)।

गगन-वाटिका–ना० [सं०] १. आकाशको वगैंचा। २. असम्भव कुरो।

गगन-विहारी–वि० [सं०] आकाश-मार्गले हिँड्ने; गगन-चर।

गगनसद्–वि० [सं०] आकाशमा रहने (जीव)।

गगनसिंह–ना० [सं०] श्री ५ राजेन्द्र-वीर-विक्रम-शाहकी कान्छी वड़ा महारानी राज्य-लक्ष्मी देवीका अधिकार-कालका एक प्रसिद्ध भारादार। (यिनको हत्या गर्ने व्यक्तिको पत्ता लगाउने प्रयास गर्दा नेपालको इतिहास-प्रसिद्ध कोत-पर्व भएको थियो।)

गगन-सिन्धु–ना० [सं०] आकाश-गङ्गा।

गगन-स्पर्शी–वि० [सं०] आकाश छुने; गगन-चुम्बी।

गगनाङ्गना–ना० [सं०] अप्सरा।

गगनाम्बु–ना० [सं०] वर्षाको पानी; वृष्टिको जल।

गगल–ना० [अं० गँगल] आँखाको सुरक्षाका निम्ति लाइने रङ्गीन चश्मा।

गग्रेटो–ना० [गाग्रो+एटो] गाग्रो राख्ने नियत ठाउँ वा टाँड़।

गग्लेटो–ना० [गौलेतो] गौलेतो।

गङटो–ना० [गँगटो] गँगटो।

गङरिइनु–अ० क्रि० [गङरि+इ+नु] गँगरिइनु।

गङरिनु–अ० क्रि० [गँगरिनु] गँगरिनु।

गङर्किनु–अ० क्रि० [गँगर्किनु] गँगर्किनु।

गङर्क्याइ–ना० [गङर्कि+याइ] गङर्किने किसिम वा क्रिया; गँगर्क्याइ।

गङन्याइ–ना० [गँगन्याइ] गँगन्याइ।

गङन्याइनु–स० क्रि० [गँगन्याइनु] गँगन्याइनु।

गङन्याउनु–स० क्रि० [गँगन्याउनु] गँगन्याउनु।

गङ्गा–ना० [सं०] हिमालयबाट निस्की वङ्गोपसागरमा मिल्ने, भारतवर्षको एक प्रसिद्ध, अत्यन्त पवित्र मानिने नदी; भागीरथी।

गङ्गा-गति–ना० [सं०] गङ्गा-तटमा हुने मरण।

गङ्गा-जमुना–ना० [सं०] १. गङ्गा र जमुना नदी। २. जुम्ल्याहा दिदी-बहिनी।

गङ्गा-जमुनी–वि० [गङ्गा+जमुना] पूजा-आजामा प्रयोग गरिने, तामा, पीतल आदि धातुहरू गाँसी बनाएको (भाँड़ो)।

गङ्गा-जल–ना० [सं०] गङ्गा नदीको पानी। (पितृ-कार्य र मर्ने अवस्थामा यसको प्रयोग गरिन्छ। पवित्रता र निर्मलताको उदाहरणमा पनि यस शब्दको प्रयोग गरिन्छ।)

गङ्गा-द्वार–ना० [सं०] हरि-द्वार।

गङ्गा-धर–ना० [सं०] शिव।

गङ्गा-पुत्र–ना० [सं०] १. भीष्म। २. गङ्गाजीको तटमा बसेर दान लिने ब्राह्मण; पण्डा।

गङ्गा-यात्रा–ना० [सं०] १. मर्ने निश्चय देखिएपछि बिरामीलाई घाट लैजानु। २. मृत्यु; मरण।

गङ्गा-लाभ–ना० [सं०] गङ्गा-तटको मृत्यु।

गङ्गावतरण–ना० [सं०] स्वर्गबाट गङ्गा पृथ्वीमा आउनु।

गङ्गा-सागर–ना० [सं०] समुद्रका साथ गङ्गा मिसिएको ठाउँ; हिन्दूहरूको एक प्रसिद्ध तीर्थ।

गच्छ-गच्छ–ना० [सं०] १. आफ्नी-आफ्नो जानुपर्ने ठाउँमा जानु; आफ्नो-आफ्नो बाटो लाग्नु। २. विसर्जन; समाप्ति।

गच्छे–ना० [प्रा० गच्छ] १. औकात; हैसियत। २. पूँजी; सम्पत्ति। ३. हकदारलाई हक बुझाइदिनु।

गच्छयाइ–ना० [गच्छयाउ+आइ] गच्छयाउने किसिम, क्रिया वा भाव।

गच्छयाइनु–स० क्रि० [गच्छयाउ+इ+नु] गाँसिनु; जोरिनु; ('गच्छयाउनु'-को क० क्रि०)।

गच्छयाउनु–स० क्रि० [गुच्छा+याउ+नु] १. गाँस्नु; जोड्नु। २. गाभ्नु; अन्तर्भाव गर्नु। ३. जोल्टयाउनु; अल्झाउनु। ४. खाप्नु; खप्टनु। ५. अर्काको माल बुझाइदिनु।

गज–ना० [फा० गज़] १. दुइ हात वा तीन फुट लमाइको नापो। २. दुइ हात लामो नाप्ने डन्डी। ३. सारङ्गी, बेला आदि बजाउने साधन; कमानी; गजो। ४. घाउ-खटिरामा औषधि मिलाएर कोच्ने सुल्लो। ५. चौड़ाइ। (वि०) ६. दुइ हात लामो; तीन फुटको।

गज–ना० [सं०] १. हात्ती। २. आठको सङ्ख्या।

गजक–ना० [फा० गज़क] रक्सी खाएर मुखको स्वाद फेर्ने खाइने कुनै खानेकुरो।

गजक्क–क्रि० यो० [ने०] गम्कने किसिम; गमवक।

गजगिरी–ना० [ने०] लट्ठा, पुल आदिलाई जोड़ले तानि-

CC-0. In Public Domain. Digitization by eGangotri

राख्न तारको डोरीको एक छेउ जमीनमा गाड़ी ईंट, सिमन्टी आदिले जमाई मजबूत परिएको स्तम्भ।

गजघट्ट–क्रि० यो० [ने०] कुनै काम नगरी मजासित बसिमात्र रहने किसिम; ठसमस्स।

गजटो–ना० [ने०] हातभरि झिक्दा आउने परिमाण (अन्न, घाँस-पराल आदि)।

गजटचाइनु–स० क्रि० [गजटचाउ+इ+नु] हातभरि झिकिनु; पन्जामा आएसम्म झिकिनु; ('गजटचाउनु'-को क० क्रि०)।

गजटचाउनु–स० क्रि० [गजटो+याउ+नु] हातभरि झिक्नु; पन्जामा आएसम्म झिक्नु।

गज-दन्त–ना० [सं०] १. हात्तीको दाँत। २. गणेश।

गज-दान–ना० [सं०] १. हात्तीको मद। २. हात्तीको दान।

गजधम्म–क्रि० यो० [सं० गज+धुम्म (प्रा०)] १. ठूलो रास लाग्ने किसिम; थुप्रिने किसिम। २. धुमधुमती परेर बस्ने किसिम; गजधुम्म।

गजधम्मे–वि० [गजधम्म+ए] गजधुम्मे।

गजधुम्म–क्रि० यो० [सं० गज+धुम्म (प्रा०)] गजधम्म।

गजधुम्मे–वि० [गजधुम्म+ए] ठूलो; बड़ेमाको; ढब्बू।

गज-पति–ना० [सं०] १. धेरै हात्ती भएको व्यक्ति; हात्तीको मालिक। २. ठूलो हात्ती।

गज-पाल–ना० [सं०] माहुते।

गज-पिप्पली–ना० [सं०] ठूलो जातको पिप्ला।

गजब–वि० [अ० ग़ज़ब] १. अनौठो; विलक्षण; अद्‌भुत। २. खूब; धेरै। (ना०) ३. आश्चर्य।

गज-बन्धन–ना० [सं०] हात्ती बाँध्ने थाम; खमारी।

गज-बन्धिनी–ना० [सं०] हात्तीसार; हस्ति-शाला।

गजबार–ना० [सं० गज+वारण] ढोका बन्द गर्न गाह्रोमा जड़िराखेको एक किसिमको लामो आग्लो; बिरेआग्लो।

गज-मणि–ना० [सं०] कुनै-कुनै हात्तीको मस्तकभित्र भेटिने ठूलो मोतीजस्तो पदार्थ; गज-मुक्ता; गज-मोती।

गज-मुक्ता–ना० [सं०] गज-मणि।

गज-मुख–ना० [सं०] गणेश।

गज-मोती–ना० [सं०] गज-मणि।

गजर–ना० [सं० गर्ज] कुनै-कुनै घड़ी आदिमा समय-सूचक घण्ट बज्नुभन्दा अघि वा पछि बज्ने बाजा, घण्ट आदिको नाद।

गजरा–ना० [प्रा० गच्छ] फूलको मोटो माला; पुष्प-हार।

गज-राज–ना० [सं०] ठूलो हात्ती; श्रेष्ठ हात्ती; बथानको नाइके हात्ती।

गजल–ना० [फा० ग़ज़ल] १. प्राय: श्रृङ्गार रसका कविताहरू लेखिने एक किसिमको फारसी छन्द। २. त्यस छन्दमा लेखिएको कविता।

गज-शाला–ना० [सं०] हात्ती राख्ने ठाउँ; हात्तीसार।

गजानन–ना० [सं०] गणेश।

गजिलो–वि० [गज+इलो] ठूलो गज भएको; फराकिलो चौड़ाइ भएको।

गजुवा–वि० [ने०] कालो शरीर र खैरो टाउको भएको गोरु।

गजूर–ना० [नेवा० गजू] देवालय आदिका छानामाथि राखिने शिखर; कलश।

गजेट–ना० [अं०] सर्व-साधारण जनतालाई सूचित गर्न औपचारिक र साधिकार रूपमा प्रकाशित गरिने सरकारी पत्रिका।

गजेटेड–वि० [अं०] गजेटमा प्रकाशित (नाम, दर, पद, सूचना आदि)।

गजेन्द्र–ना० [सं०] १. ठूलो हात्ती; गज-राज। २. ऐरावत।

गजेन्द्र-मोक्ष–ना० [सं०] आफ्नो जीउ-ज्यानको परवाह नगरी अर्काको उपकार गर्नेलाई दिइने, नेपालको एक राष्ट्रिय पदक।

गजो–ना० [फा० गज] १. सारङ्गी, बेला आदि तारका बाजाहरू रेटेर बजाउने धनुषजस्तो साधन; गज। २. टचाम्को, दमाहा आदि बजाउने लट्ठीजस्तो साधन। ३. हनुमान-नाचमा नाच्नेहरूले परस्परमा जुधाउने लट्ठी।

गज्कनु–अ० क्रि० [गजक्क+नु] गम्कनु; गजक्क पर्नु; गमक्क पर्नु।

गज्काइ–ना० [गज्क+आइ] गज्कने किसिम, क्रिया वा भाव।

गज्काइनु–स० क्रि० [गज्काउ+इ+नु] गजक्क पारिनु; गज्कन लाइनु; ('गज्काउनु'-को क० क्रि०)।

गज्काउनु–स० क्रि० [गज्क+आउ+नु] गजक्क पार्नु; गम्काउनु; गज्कन लाउनु; ('गज्काउनु'-को क० क्रि०)।

गज्किनु–अ० क्रि० [गज्क+इ+नु] १. गजक्क परिनु; गम्किनु; ('गज्कनु'-को भा० क्रि०)। २. गज्कनु; गम्कनु।

गज्‌गज्–क्रि० यो० [ने०] १. गीलो पदार्थ मुछिने किसिम। २. फींज काढ्ने किसिम।

गज्‌मौरो–ना० [गुजमुज्ज] गुचमुच्च परेर बस्नु; एकै ठाउँमा ठेलमठेल गरेर बस्नु।

गज्याङ-गुजुङ–क्रि० यो० [ने०] विभिन्न प्रकारका माल-मत्ताहरू एकै ठाउँमा मिसिने किसिम; गज्याङ-मज्याङ।

गज्याङ-मज्याङ–क्रि० यो० [ने०] गज्याङ-गुजुङ।

गज्यौटो–ना० [गाजल+औटो] गाजल राख्ने भाँड़ो।

गञ्जन–ना० [सं०] १. अवज्ञा; तिरस्कार। २. पीडा; कष्ट।

गञ्जा–ना० [सं०] रक्सी बेच्ने पसल; भट्टी; शराबखाना।

गट्टा–ना० [प्रा० गण्ठ] १. गोल वस्तु; डल्लो चीज। २. गाँठो। ३. केटा-केटीले खेल्ने ढुङ्गाका टुक्रा। ४. कमलको केशर रहने ठाउँ; कर्णिकार। ५. कमलको फल वा बीज। ६. नरिवल, बेल आदिको फल।

गट्टी–ना० [गट्टा+ई] गुच्चाको खेलमा, शुरूमा हान्ने ठाउँमा

CC-0. In Public Domain. Digitization by eGangotri

राखिने ढुङ्गा वा अरू वस्तु ।

गट्टे–ना० [ने०] गेडा झारिसकेको तोरीको बोट ।

गट्टो–ना० [गट्टा] गट्टा ।

गट्ठा–ना० [प्रा० गण्ठ] १. बन्दूक, तोप आदिका गोली, बारूद आदि । २. ठूलो मूठो ।

गट्ठा–ना० [गठ] जम्मा; भेला; गठ ।

गठ–ना० [गाँठो] १. जम्मा; भेला । २. मतो; सल्लाह ।

गठन–ना० [सं० घटन] बनाउनु; रचना; सङ्घटन ।

गठनी–ना० [गाँठो] दाम्लाको गाँठो; गलमगाँठो ।

गठ-बन्धन–ना० [प्रा० गण्ठ+बन्धन (सं०)] घनिष्ट सम्बन्ध; नजीकको सम्बन्ध ।

गठरिइनु–अ० क्रि० [गठरि+इ+नु] गाँठो परिनु; ('गठरिनु'-को भा० क्रि०) ।

गठरिनु–अ० क्रि० [गठरो+इ+नु] १. गाँठा-गाँठा पर्नु । २. गठरी पर्नु । ३. ग्याँचे हुनु । ४. साह्रो हुनु । ५. जोल्टिनु; अल्झनु ।

गठरी–ना० [प्रा० गण्ठ] १. पोको-पन्तरो; सानो पोको । (वि०) २. डल्ली; गान्टी (स्त्री) ।

गठरो–वि० [प्रा० गण्ठ] १. गाँठा-गाँठा परेको; गठरिएको । २. गान्टे; पुड्के । ३. नबढ़ेको ।

गठ्याइ–ना० [गठरि+आइ] गठरिने किसिम, क्रिया वा भाव ।

गठ्याइनु–स० क्रि० [गठ्याउ+इ+नु] गाँठो पारिनु; ('गठ्याउनु'-को क० क्रि०) ।

गठ्याउनु–स० क्रि० [गठरि+याउ+नु] १. गाँठो पार्नु । २. जोल्ट्याउनु; अल्झाउनु । ३. कुम्ल्याउनु; पोको पार्नु ।

गठिउन–ना० [सं० ग्रन्थिपर्ण] डाँठ र हाँगाका प्रत्येक आँख्लाका दुवैपट्टिबाट पात निस्कने, नीला फूल फुल्ने एक बूटी । (आयुर्वेदमा यसको गुण कफ र वात-नाशक, अग्नि-वर्द्धक र रुचि-कारक बताइएको छ ।)

गठिया-वात–ना० [गाँठो+वात] शरीरका जोर्नीहरू सुनिएर दुख्ने एक प्रकारको वात रोग ।

गठिलो–वि० [गाँठो+इलो] पुष्ट र मजबूत; खँदिलो ।

गठे–ना० [नेवा० गथु] नेवार जातिको एक तान्त्रिक वर्ग ।

गठेचा–ना० [नेवा० गथुचा] चिप्लो लस्सादार एक किसिमको माटो ।

गठे-मङ्गल–ना० [नेवा० गथामुगः] १. श्रावण कृष्ण चतुर्दशीको दिन । २. त्यस दिन पूजा गरिने राक्षस; घण्टाकर्ण ।

गठचाङ-गुठुङ–ना० [ने०] राम्ररी बुझ्न वा थाहा पाउन नसकिएको काम-कुरो; गठचाङ-मठचाङ ।

गठचाङ-मठचाङ–ना० [ने०] गठचाङ-गुठुङ ।

गठचाङ्ग्रो–वि० [गाँठो] शरीरको कद नमिलेको; गठरो; ग्याँचे ।

गड–ना० [सं०] १. छेकाबार; पर्दा । २. इलाका; हाता । ३. खाल्टो; खोल्सो । ४. खोलो; नदी ।

गड़गड़–क्रि यो० [अनु०] मेघ गर्जेको जस्तो शब्द आउने किसिम ।

गड़गड़ाइ–ना० [गड़गड़ाउ+आइ] गड़गड़ाउने किसिम, क्रिया वा भाव ।

गड़गड़ाइनु–अ० क्रि० [गड़गड़ाउ+इ+नु] गड़गड़ शब्द निकालिनु; ठूलो स्वरले गर्जिनु; ('गड़गड़ाउनु'-को भा० क्रि०) ।

गड़गड़ाउनु–अ० क्रि० [गड़गड़+आउ+नु] १. गड़गड़ शब्द निकाल्नु; ठूलो स्वरले गर्जनु । २. फूर्तिसाथ आउनु वा जानु ।

गड़गड़ाहट–ना० [गड़गड़ाउ+आहट] गड़गड़ाउने किसिम वा क्रिया; गड़गड़ाइ ।

गड़गड़िइनु–अ० क्रि० [गड़गड़ि+इ+नु] अरूलाई मन नपर्ने कुरा गरिनु; बकबक गरिनु; ('गड़गड़िनु'-को भा० क्रि०) ।

गड़गड़िनु–अ० क्रि० [गड़गड़+इ+नु] अर्कालाई मन नपरेको कुरा गर्नु; बकबक गर्नु ।

गड़गड़्याइ–ना० [गड़गड़ि+आइ] गड़गड़िने किसिम, क्रिया वा भाव ।

गड़-तीर–ना० [सं० गाढ+तीर] खोलाका तीरको कुलो लाग्ने जमीन; बगर ।

गड़प–ना० [गड्] १. गड्नु; डुब्नु । २. अर्काको माल लिएर पचाउनु; हड़प ।

गड़बड़–ना० [गड्+बढ्] तल-माथि पर्नु; गोलमाल; अन्ड-बन्ड ।

गड़बड़ाइ–ना० [गड़बड़ाउ+आइ] गड़बड़ाउने किसिम, क्रिया वा भाव ।

गड़बड़ाइनु–अ० क्रि० [गड़बड़ाउ+इ+नु] गड़बड़ होइनु; गड़बड़िइनु; ('गड़बड़ाउनु'-को भा० क्रि०) ।

गड़बड़ाउनु–अ० क्रि० [गड़बड़+आउ+नु] गड़बड़ हुनु; गोलमाल हुनु; गड़बड़िनु ।

गड़बड़िइनु–अ० क्रि० [गड़बड़ि+इ+नु] गड़बड़ होइनु; गड़बड़ाइनु; ('गड़बड़िनु'-को भा० क्रि०) ।

गड़बड़िनु–अ० क्रि० [गड़बड़+इ+नु] १. गड़बड़ हुनु; गोलमाल हुनु । २. खिचोला पर्नु ।

गड़बड़्याइ–ना० [गड़बड़ि+याइ] गड़बड़िने किसिम, क्रिया वा भाव ।

गड़बड़्याइनु–स०क्रि० [गड़बड़्याउ+इ+नु] गड़बड़ पारिनु; गोलमाल गरिनु; ('गड़बड़्याउनु'-को क० क्रि०) ।

गड़बड़्याउनु–स० क्रि० [गड़बड़ि+याउ+नु] गड़बड़ पार्नु; गोलमाल गर्नु; क्रम वा नियम बिगार्नु; ('गड़बड़िनु'-को प्रे० क्रि०) ।

गड़्याङ-गुडुरुङ–क्रि० यो० [अनु०] मेघ गर्जने किसिम ।

गड़्याङ्ङ–क्रि० यो० [अनु०] चटचाङ पर्दा अवाज आउने किसिम ।

गड़ल–वि० [गड्] गड़ेको; गाड़िएको ।

CC-0. In Public Domain. Digitization by eGangotri

गड़ाइ—ना० [गाड्+आइ] गाड्ने किसिम, क्रिया वा भाव।
गड़ाइ—ना० [गड्+आइ] गड्ने किसिम, क्रिया वा भाव।
गड़ाइनु—स० क्रि० [गड़ाउ+इ+नु] गड्न लाइनु; भास्न लाइनु; ('गड़ाउनु'-को क० क्रि०)।
गड़ाउ—वि० [गड्+आउ] १. गाड़िएको; गड्वा। २. मुद्दा-मामिलामा बापती ठहरिँदै आएको।
गड़ाउनु—स० क्रि० [गड्+आउ+नु] गड्न लाउनु; भास्न लाउनु; ('गड्नु'-को प्रे० क्रि०)।
गड़ाउनु—स० क्रि० [गाड्+आउ+नु] गाड्न लाउनु; ('गाड्नु'-को प्रे० क्रि०)।
गड़िनु—अ० क्रि० [गड्+इ+नु] गाड़िइनु; भासिइनु; ('गड्नु'-को भा० क्रि०)।
गड्वा—ना० [करुवा] टुटी भएको पानीको भाँड़ो; करुवा।
गड्कनु—अ० क्रि० [गर्ज+नु] १. फूर्तिसाथ बोल्नु; कड्कनु; गर्जनु। २. रवाफ देखाउनु; फूर्ति देखाउनु।
गड्काइ—ना० [गड्क+आइ] गड्कने किसिम, क्रिया वा भाव।
गड्काइनु—स० क्रि० [गड्काउ+इ+नु] फूर्ति देखाइनु; रवाफ देखाइनु; ('गड्काउनु'-को क० क्रि०)।
गड्काउनु—स० क्रि० [गड्क+आउ+नु] फूर्ति देखाउनु; रवाफ देखाउनु; ('गड्कनु'-को प्रे० क्रि०)।
गड्किइनु—अ० क्रि० [गड्कि+इ+नु] फूर्तिसाथ बोलिनु; कड्किइनु; ('गड्किनु'-को भा० क्रि०)।
गड्किनु—अ० क्रि० [गड्क+इ+नु] १. गड्कनु। २. फूर्तिसाथ बोलिनु; कड्किनु; ('गड्किनु'-को भा० क्रि०)।
गड्नु—अ० क्रि० [प्रा० गड्ड+नु] १. गाड़िनु; भासिनु। २. रोपिनु; छेड़िनु। ३. ऋणमा डुब्नु। ४. विचार गर्नु; मनन गर्नु।
गड़्चाङ-गुडुङ—क्रि० यो० [अनु०] १. मेघ गर्जँदा आवाज आउने किसिम। (ना०) २. मेघ गर्जेको शब्द। ३. गड़बड़; गोलमाल।
गड़्चाङ-मड़्चाङ—क्रि० यो० [ने०] गड़बड़; अन्डबन्ड।
गड़्याङ्ङ—क्रि० यो० [अनु०] चटयाङ पर्दा आवाज आउने किसिम; वज्र पर्दा आवाज आउने किसिम।
गढ़—ना० [सं० गड] १. गढ़ी; किल्ला; दुर्ग। २. सुरक्षाको ठाउँ।
गढ़न्त—वि० [गढ़+अन्त] १. गढ़ेर विचार गर्ने; विचारवान्। २. अजमाएर गरिएको (कुरो)।
गढ़ाइ—ना० [गढ़+आइ] गढ्ने किसिम, क्रिया वा भाव।
गढ़ाइनु—स० क्रि० [गढ़ाउ+इ+नु] गढ्न लाइनु; गहिरिएर विचार गर्न लाइनु; ('गढ़ाउनु'-को क० क्रि०)।
गढ़ाउनु—स० क्रि० [गढ़+आउ+नु] गढ्न लाउनु; खूबसित विचार गर्न लाउनु; ('गढ्नु'-को प्रे० क्रि०)।
गढ़िनु—अ० क्रि० [गढ़+इ+नु] १. गहिरिएर विचार गरिनु; खूब सोचिनु। २. अजमाइनु; ('गढनु'-को भा० क्रि०)।
गढ़ी—ना० [गढ़+ई] सानो गढ़।

गढ्नु—अ० क्रि० [गड्+नु] १. गहिरिएर विचार गर्नु; खूब सोच्नु। २. तन्मय हुनु; एकाग्र हुनु। ३. बिझ्नु; गड्नु। ४. बनावटी कुरा गर्नु; अजमाएर कुरा गर्नु।
गण—ना० [सं०] १. जमात; समूह। २. कुनै एक विषयमा समानता भएका मानिसहरूको समुदाय; वर्ग। ३. दूत। ४. अनुचर; सेवक। ५. शिवका अनुचरहरूको दल। ६. छन्द-शास्त्रानुसार लघु-गुरुको विचारबाट तीन-तीन मात्राको आठ समूह। (उदा०—यगण, मगण, तगण, रगण, जगण, भगण, नगण र सगण।)
गणक—ना० [सं०] १. ज्योतिषी; दैवज्ञ। (वि०) २. गन्ने; गणना गर्ने।
गणकारी—ना० [सं०] सय-पत्री फूल।
गण-तन्त्र—ना० [सं०] जनताद्वारा निर्वाचित प्रतिनिधिहरू-बाट गरिने शासन-प्रणाली; जन-तन्त्र।
गण-तन्त्री—वि० [सं०] १. गण-तन्त्र-सम्बन्धी। २. गण-तन्त्रका सिद्धान्तअनुसारको। ३. गण-तन्त्रको पक्षपाती।
गण-तन्त्रीय—वि० [सं०] गण-तन्त्री।
गण-तान्त्रिक—वि० [सं०] गण-तन्त्री।
गण-देवता—ना० [सं०] समूहात्मक रूपमा रहने देवता (आदित्य, विश्वेदेवा, वसु, तुषित, अभास्वर, अनिल, महाराजिक, साध्य र रुद्र)।
गण-द्रव्य—ना० [सं०] संस्थामा जम्मा भएको धन; साजा सम्पत्ति।
गणन—ना० [सं०] गन्नु; गिन्ती; गणना।
गणना—ना० [सं०] १. गन्ती गर्नु; गन्नु। २. हिसाब; लेखा। ३. मान्नु; कायम गर्नु (श्रेणी वा स्तर)।
गण-नायक—ना० [सं०] १. गणेश; गण-पति। २. कुनै गणको नायक वा नेता।
गणनीय—वि० [सं०] गणना गर्न योग्य; गन्न लायक।
गण-पति—ना० [सं०] १. गणेश। २. कुनै गणको नायक वा नेता।
गण-पाठ—ना० [सं०] एउटै नियमभित्र आउने शब्द-समूह।
गण-पुङ्गव—ना० [सं०] गणको नायक; वर्गीय प्रमुख; थकाली।
गण-पूर्ति—ना० [सं०] सभा चालू गर्नाका निम्ति उपस्थित हुनुपर्ने सदस्यहरूको आवश्यक सङ्ख्या; कोरम।
गण-भोजन—ना० [सं०] धेरै मानिसहरूको एक साथको भोज; सह-भोज; भतेर।
गण-राज्य—ना० [सं०] गण-तन्त्री राज्य।
गणाधिपति—ना० [सं०] १. गणको नायक। २. गणेश। ३. सेना-नायक।
गणिका—ना० [सं०] वेश्या; रण्डी।
गणित—ना० [सं०] १. परिमाण र सङ्ख्याको शास्त्र; हिसाब। २. हिसाब सिकाउने विद्या। ३. गन्नु; गणना। (वि०) ४. गणना गरिएको; हिसाब गरिएको।
गणितज्ञ—वि० [सं०] १. गणितको ज्ञाता; गणित-शास्त्रको

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषज्ञ। २. ज्योतिषी।

गणेश–ना० [सं०] १. गणको मालिक। २. हात्तीको जस्तो टाउको र मानिसको जस्तो शरीर हुने एक देवता; गण-पति; विनायक। ३. सेना-पति।

गणेश-चतुर्थी–ना० [सं०] भाद्र शुक्ल र माघ कृष्ण चतुर्थी; गणेश-चौथी।

गणेश-चौथी–ना० [गणेश+चौथी] भाद्र शुक्ल र माघ कृष्ण चौथी; गणेश-चतुर्थी।

गणेश-पुराण–ना० [सं०] गणेशको माहात्म्य वर्णन गरिएको एक पुराण।

गणेसो–ना० [सं० गण्ड+असि] बन्चरोजस्तो एक किसिमको हतियार।

गण्ड–ना० [सं०] १. गाला। २. हात्तीको कनपट। ३. खटिरो। ४. गाँड़। ५. गैँड़ा। ६. गाँठो; आँख्लो।

गण्डक–ना० [सं०] गैँड़ा।

गण्डक–ना० [सं० गण्डकी] गण्डकी।

गण्डकी–ना० [सं०] नेपालको पश्चिम भागमा बग्ने एक प्रसिद्ध नदी।

गण्ड-दूर्वा–ना० [सं०] घोड़े-दूबो।

गण्ड-माला–ना० [सं०] घाँटीमा मालाका रूपमा आउने गिर्खा; कण्ठ-माला।

गण्ड-स्थल–ना० [सं०] गाला; कपोल।

गण्डा–ना० [सं० गण्डक] देवताका प्रसादको रूपमा घाँटीमा लाइने डोरो।

गण्य–वि० [सं०] १. गन्न योग्य; गणना गर्ने लायक। २. प्रतिष्ठित।

गण्य-मान्य–वि० [सं०] प्रतिष्ठित; सम्मानित।

गत–वि० [सं०] १. गएको; हिँड़ेको। २. बितेको; सिद्धिइसकेको। ३. मरेको; मृत।

गत–ना० [सं० गति] १. खराब हालत; दुर्गति। २. सङ्गीतमा विभिन्न राग-रागिनीका निर्धारित स्वरहरू बाजामा बजाउने काम।

गतागत–ना० [सं०] १. आवत-जावत। २. जन्म-मरण। (वि०) ३. आए-गएको; आवत-जावत गरेको।

गताङ्क–ना० [सं०] गएको अङ्क; अगिल्लो अङ्क (समाचार-पत्र-पत्रिका आदिको)।

गतानुगत–ना० [सं०] पुरानो प्रथाको अनुसरण।

गतानुगतिक–वि० [सं०] सोच-विचार केही नगरी अर्काको पछि लाग्ने; पुरानो रीति-रिवाजको अनुसरण गर्ने; अन्धानुयायी।

गति–ना० [सं०] १. एक ठाउँबाट अर्को ठाउँमा जानु; चाल; हिँड़ाइ; गमन। २. अवस्था; दशा। ३. प्रयत्नको हद; अन्तिम उपाय; शक्ति। ४. मरेपछि जीवात्मालाई प्राप्त हुने अवस्था। ५. मृतकको अन्त्येष्टि संस्कार; सद्गति। ६. मोक्ष; मुक्ति। ७. प्रवेश; पहुँच। ८. बाटो।

गति-छाड़ा–वि० [गति+छाड़ा] १. गति-पति नभएको। २. शक्ति-हीन। ३. निर्लज्ज।

गति-पति–ना० [सं० गति+पति (फाँ०)] हालत; अवस्था।

गति-मति–ना० [सं०] अवस्था र बुद्धि; बुद्धिअनुसारको स्थिति (प्रायः खराब अर्थमा मात्र प्रयोग हुने)।

गतिमान्–वि० [सं०] चलायमान्; गति-शील।

गतिलो–वि० [गति+इलो] असल; बेस; गहकिलो।

गति-विज्ञान–ना० [सं०] वस्तु वा पदार्थहरूको वेग-सम्बन्धी शास्त्र।

गति-विधि–ना० [सं०] १. कुनै व्यक्ति वा कुरोको अवस्था वा स्थिति; रङ्ग-ढङ्ग। २. चेष्टा।

गति-शील–वि० [सं०] १. चल्ने; चलायमान; हिँड़-डुल गर्ने। २. उन्नति-शील।

गति-हारा–वि० [गति+हारा] अल्सी; जाँगर-मरुवा।

गते–ना० [सं० गत] सूर्यको गतिबाट गणना गरिने महीनाको प्रत्येक दिन; सौर मासको प्रत्येक दिन।

गत्त–वि० [सं० गत] गए-गुज्रेको; गति-पति नभएको।

गत्तम–वि० [गत्त] रद्दी; गए-गुज्रेको; गति-मति नभएको।

गत्वर–वि० [सं०] १. हिँड़िरहेको; गइरहेको। २. नाशवान्; नश्वर।

गथासो–ना० [ने०] १. धेरै समयदेखि मनमा गढ़िरहेको कुरो। २. सुख-दुःखको कुरो; गन्थन।

गद–ना० [सं०] १. रोग; व्याधि। २. विष। ३. कृष्णका एक भाइ।

गद–ना० [सं० सुगन्धा] १. लामा र ठूला पात, घोगाका आकारका ठूला फूल र पहेँलो कन्द हुने एक बूटी। २. त्यसैको कन्द; मुरा।

गदर–ना० [अ० ग़द्र] १. विद्रोह; विप्लव। २. उपद्रव; खलबली।

गदरा–ना० [ने०] ठूलो फराकिलो डोरे सुकुल।

गदा–ना० [सं०] टुप्पो ठूलो डल्लो हुने फलामको प्राचीन कालको एक हतियार।

गदा-धर–ना० [सं०] विष्णु।

गद्गद–वि० [सं०] १. हर्षित; प्रसन्न। २. भकभकाएको (बोली)। (ना०) ३. हर्ष; आनन्द। ४. भकभकाएको स्वर।

गद्गद्–क्रि० यो० [अनु०] बाक्लो लेदो पदार्थ छड्कने किसिम।

गद्दर–ना० [ने०] १. हिलो; धाप। २. फोहर; मैल। (वि०) ३. फोहोरी।

गद्दर-पोश–ना० [गद्दर+पोश] पाउ पुछ्नाका निमित्त ढोकामा बिछाइने, नरिवलको जटा, तार आदिको सुकुलजस्तो खस्रो साधन।

गद्दा–ना० [गद्दी] बाक्लो नरम बिछ्याउना; गद्दी।

गद्दार–वि० [अ० ग़द्दार] १. हल-चल वा उपद्रव मच्चाउने; ठूलो विद्रोही। २. बेईमान; धोखेबाज़।

CC-0. In Public Domain. Digitization by eGangotri

गद्दी—ना० [ने०] १. राज-सिंहासन; गादी। २. हात्तीको हौदामा बिछ्याउने आसन। ३. बाक्लो नरम बिछ्याउना; गद्दा।

गद्दी-नरसिङ्ग—वि० [गद्दी-नशीन] गद्दी-नशीन।

गद्दी-नशीन—वि० [गद्दी+नशीन (फा०)] सिंहासनमा बसेको; गद्दीमा बसेको।

गद्दी-बैठक—ना० [गद्दी+बैठक] श्री ५ महाराजाधिराजको गद्दी रहेको हनुमान्-ढोकास्थित बैठक; गादी-बैठक।

गद्दु—ना० [ने०] १. भालूको बच्चो। (वि०) २. रद्दी; बेकम्मा।

गद्य—ना० [सं०] छन्दमा नबाँधिएको लेख; काव्यका दुइ भेदमध्ये एक।

गद्य-कविता—ना० [सं०] गद्यमा लेखिएको एक किसिमको कविता।

गद्य-काव्य—ना० [सं०] छन्दमा नबाँधिएको काव्य; गद्यमा लेखिएको काव्य।

गद्याक-गुद्रुक—क्रि० यो० [अनु०] १. मानिस वा पशुहरूको परस्परको सङ्घर्ष हुँदा शब्द आउने किसिम। (ना०) २. कमसल खाना; जेतेमेते खाना।

गद्याम्म—क्रि० यो० [अनु०] ठूलो आवाज आउने गरी कुनै वस्तु खस्ने किसिम।

गधा—ना० [प्रा० गद्दह] १. भारी बोकाइने घोड़ाका जातिको जन्तुविशेष। २. मूर्खता बुझाउने गालीको शब्द।

गधा-पच्चीसी—ना० [गधा+पच्चीस+ई] मानिसको सोह्र वर्षदेखि पच्चीस वर्षसम्मको अननुभव-हीनता र उच्छृङ्खलताको अवस्था।

गनगन—ना० [अनु०] झर्को लाग्ने गरी मन्द स्वरमा बारम्बार गरिरहेको कुरो; फतफत; कचकच।

गनगनाइ—ना० [गनगनाउ+आइ] गनगनाउने किसिम, क्रिया वा भाव।

गनगनाइनु—अ० क्रि० [गनगनाउ+इ+नु] गनगन गरिनु; गुनगुनाइनु; ('गनगनाउनु'-को भा० क्रि०)।

गनगनाउनु—अ० क्रि० [गनगन+आउ+नु] गुनगुनाउनु; गनगन गर्नु; फतफताउनु।

गनगनाहट—ना० [गनगनाउ+आहट] गनगनाउने किसिम वा क्रिया; गनगनाइ।

गनगने—वि० [गनगन+ए] गनगन गर्ने; गनगनाउने।

गनथन—ना० [सं० ग्रन्थनम्] १. काम-न-काजको लामो कुरा। २. दुःख-सुखको कुरो।

गनथनाइ—ना० [गनथनाउ+आइ] गनथनाउने किसिम, क्रिया वा भाव।

गनथनाइनु—स० क्रि० [गनथनाउ+इ+नु] सुख-दुःखका धेरै कुरा गरिनु; गनथन गरिनु; ('गनथनाउनु'-को क० क्रि०)।

गनथनाउनु—स० क्रि० [गनथन+आउ+नु] १. सुख-दुखका धेरै कुरा गर्नु; गनथन गर्नु। २. व्यर्थको लामो कुरो गर्नु।

गनथने—वि० [गनथन+ए] नचाहिँदो लामो कुरो गर्ने; गनथन गर्ने।

गनाइ—ना० [गन्+आइ] गन्ने किसिम, क्रिया वा भाव।

गनाइनु—स० क्रि० [गनाउ+इ+नु] १. गन्न लाइनु; गणना गराइनु; ('गनाउनु'-को क० क्रि०)। २. गण्य-मान्य हुनु।

गनाउनु—स० क्रि० [गन्+आउ+नु] गन्न लाउनु; गणना गराउनु; ('गन्नु'-को प्रे० क्रि०)।

गनिनु—स० क्रि० [गन्+इ+नु] १. गणना गरिनु; गन्ती गरिनु। २. प्रसिद्ध होइनु; गण्य-मान्य होइनु: ('गन्नु'-को क० क्रि०)।

गनीमत—ना० [अ० ग़नीमत] सन्तोषको कुरो।

गनोट—ना० [गन्+ओट] गन्ती; गणना।

गनौटो—वि० [गन्+औटो] १. गनिएको; गिन्ती गरिएको। (ना०) २. गन्ने साधन।

गन्ज—ना० [फा०] १. परेवा पाल्न बनाइएको खोपा-खोपा परेको बाकस। २. कलम, कर्द, खिस्सा आदि घुसारी राख्नाका निम्ति खुकुरीको दापमा जड़िएको थपुवा खण्ड। ३. शहर; नगर। ४. हाट; बजार।

गन्जागोल—ना० [फा० गन्ज+गोल] धेरै मालहरू छ्यासमिस भएर एकै ठाउँमा रहनु; भद्रगोल।

गन्जी—ना० [अं० गुएरनेसी (टापू)] धागोले बुनेको, टाउको छिराएर लाउने एक किसिमको सानो भोटो।

गन्जीफराँस—ना० [फा० गन्जीफ़ः] गन्जीफा।

गन्जीफा—ना० [फा० गन्जीफ़ः] १. एक रङ्गमा बाह्र पत्ती र आठ रङ्ग हुने बाटुला आकारको एक किसिमको तास। २. त्यसैको खेल।

गन्डा—ना० [सं० गणना] १. विशेषतः पैसा, तौल आदिको गणना वा परिमाण बुझाउँदा चारको समूह बुझाउने शब्द। २. आना।

गन्डी—वि० [गन्डा+ई] १. गन्डा-सम्बन्धी। २. चार तोलाको समूह वा वजनको।

गन्ती—ना० [गिनती] गिनती।

गन्दगी—ना० [फा०] फोहोर; मैला।

गन्दा—वि० [फा०] फोहोर; मैलो।

गन्ध—ना० [सं०] १. नाकद्वारा अनुभव गर्न सकिने, हावामा मिलेर फिँजिएको कुनै वस्तुको सूक्ष्म कणहरूको प्रसार; सुँघेर अनुभव गरिने पदार्थ; वास; महक; बास्ना। २. ज्यादै थोरै; लेश। ३. साह्रै सूक्ष्म रूपबाट वा लक्षणबाट भएको कुनै कुराको ज्ञान। ४. दुर्गन्ध।

गन्धक—ना० [सं०] औषधी, बारूद आदिका काममा प्रयोग हुने तीक्ष्ण गन्ध र पहेँलो रङ्गको एक खनिज पदार्थ; एक उपधातु।

गन्ध-तृण—ना० [सं०] बाबियाका जस्ता पात र फूल हुने एक सुगन्धी घाँस।

गन्ध-द्रव्य—ना० [सं०] १. मीठो बास्ना आउने पदार्थ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. आफूमा रहेको सुगन्धले अरू वस्तुलाई समेत सुगन्धित पार्ने वस्तु (कस्तूरी, श्रीखण्ड, केशर आदि)।

गन्ध-नाकुली–ना० [सं०] एउटै भेट्नामा धेरै लामा-लामा पातहरू लाग्ने र मञ्जरीका रूपमा खैरा फूलहरू फुल्ने एक बूटी। (आयुर्वेदमा यसका गुण गरम, त्रिदोष-नाशक, विष-नाशक र ज्वर-नाशक बताइएको छ।)

गन्ध-प्रियङ्गु–ना० [सं०] सेता दाना फल्ने दयाँलो।

गन्धमांसी–ना० [सं०] भूत-केश।

गन्ध-मार्जार–ना० [सं०] नेति-बिरालो।

गन्ध-मूषिका–ना० [सं०] छुचुन्द्रो।

गन्ध-राज–ना०[सं०] खुर्सानी-फूलको जस्तो लहरामा फुल्ने, हल्का राम-तिलक वा सेतो रङ्गको, बास्ना आउने एक जातको लाम्चो फूल।

गन्धर्व–ना० [सं०] १. गान-बजान गर्ने एक देव-योनि। २. घोड़ा।

गन्धर्व-नगर–ना० [सं०] १. वायुको उष्णताले आकाशमा प्रतिबिम्बित भई जल वा स्थलमा अनुबिम्बित भएको देखिने शहर, ग्राम, जङ्गल आदिको दृश्य। २. मिथ्या वा काल्पनिक नगर। ३. भ्रम। ४. चन्द्र-मण्डल। ५. महाभारतप्रसिद्ध एक नगर; गन्धर्वहरूको राजधानी।

गन्धर्व-विद्या–ना० [सं०] सङ्गीत-विद्या।

गन्धर्व-विवाह–ना० [सं०] आमा-बाबुको अनुमतिबिना, युवक-युवतीले पारस्परिक प्रेमद्वारा गर्ने विवाह; मनुस्मृति-अनुसार आठ प्रकारका विवाहमध्ये एक।

गन्धर्व-वेद–ना० [सं०] सङ्गीत-शास्त्र; चार उपवेदहरू-मध्ये एक।

गन्धवह–ना० [सं०] १. वायु। २. श्रीखण्ड। (वि०) ३. गन्ध लिएर जाने; बास्ना लैजाने। ४. सुगन्धित।

गन्ध-शाक–ना० [सं०] गन्धे।

गन्ध-शालि–ना० [सं०] बिरिमफूल धान।

गन्धाक्षत–ना० [सं०] १. चन्दन, अक्षता आदि पूजाका सर-सामान। २. त्यस्तै पूजा-सामानद्वारा ब्राह्मणलाई टीका लगाउनु।

गन्धालु–वि० [सं०] बास्ना आउने; गन्ध-युक्त।

गन्धिक–ना० [सं०] सुगन्धी पदार्थ बेच्ने व्यक्ति; अत्तर, तेल आदिको व्यवसाय गर्ने मानिस।

गन्धी–वि० [सं०] १. बास्ना आउने; गन्ध-युक्त। (ना०) २. बास्ना आउने वस्तुको व्यवसाय गर्ने व्यक्ति।

गन्धे–ना० [सं० गन्ध-शाक] पानका जस्ता ठूला पात, बीचमा पहेँला घोगाजस्ता कर्णिकारमा सेता फूल र घोगाकै आकारका फल हुने एक बूटी। (आयुर्वेदमा यसको गुण जरो, अरुचि, कफ तथा पित्त-नाशक र पथ्य बताइएको छ।)

गन्धे-झार–ना० [गन्ध+झार] १. साना-साना सेता वा नीला फूल फुल्ने एक किसिमको झार। २. गन्हाउने झार।

गन्नु–स० क्रि० [सं० गण्+नु] १. गन्ती गर्नु; गणना गर्नु; हिसाब गर्नु। २. कुनै स्तरमा मान्नु। ३. टेर्नु।

गप्फड़–वि० [गफ+अड़] गफी; गफाड़ी।

गप्फा–ना० [गाँस] ठूलो गाँस; गप्फू।

गप्फू–ना० [गप्फा] ठूलो गाँस; गप्फा।

गप्फू–वि० [गला+फुल्] ठूलो र मोटो घाँटी भएको; गर्धने।

गप्फ्याइ–ना० [गप्फ्याउ+आइ] गप्फ्याउने किसिम, क्रिया वा भाव।

गप्फ्याइनु–स० क्रि० [गप्फ्याउ+इ+नु] ठूल्ठूला गाँस हालेर खाइनु; गप्फा हालिनु; ('गप्फ्याउनु'-को क० क्रि०)।

गप्फ्याउनु–स० क्रि० [गप्फा+आउ+नु] ठूल्ठूला गाँस हालेर धमाधम खानु; गप्फा हाल्नु।

गफ–ना० [प्रा० गप्प] १. दिल-बहलाउका निमित्त गरिने कुरा; मनोरञ्जनका कुरा; गल्प। २. झूटो कुरो। ३. ठट्यौला कुरा।

गफड़ी–वि० [गफ+अड़ी] खूब गफ गर्ने स्वभावको; गप्फड़।

गफलत–ना० [अ० ग़फ़लत] १. गल्ती; भूल-चूक। २. असावधानी; बेपरवाही।

गफल्क्याइ–ना० [गफल्क्याउ+याइ] गफल्क्याउने किसिम, क्रिया वा भाव।

गफल्क्याइनु–स० क्रि० [गफल्क्याइ+नु] ठूल्ठूला गाँस हालेर खाइनु; गप्फ्याइनु; ('गफल्क्याउनु'-को क० क्रि०)।

गफल्क्याउनु–स० क्रि० [गप्फ्याउनु] ठूल्ठूला गाँस हालेर खानु; गप्फ्याउनु।

गफागफ–क्रि० यो० [गप्फा] धमाधम गप्फा हालेर खाने किसिम; कपाकप।

गफाड़ी–वि० [गफड़ी] गफड़ी।

गफास्टक–वि० [गफ] खूब गफ गर्ने स्वभावको; गफी; गफड़ी।

गफी–वि० [गफ+ई] १. गफ गर्ने; गफड़ी। २. भए-नभएका धेरै कुरा गर्ने; फटाहा।

गबड़ू–वि० [फा० ख़ूबरू] भर्खर ज़वानी चढ़ेको; पट्ठो।

गबुल्लो–वि० [ने०] हबुल्लो।

गबुवा–ना० [ने०] दूध दुहुने काठ, बाँस आदिको भाँड़ो; ढुङ्ग्रो।

गब्रुङ–ना० [फा० गम्ब्ररून] खाकी रङ्गको एक प्रकारको कपड़ा।

गब्रुवा–वि० [गब्रुङ] हल्का खैरो; फुस्रो खैरो।

गभर्नमेन्ट–ना० [अं०] सरकार; शासन-मण्डल।

गभर्नर–ना० [अं०] १. शासक; प्रशासक। २. राज्य-पाल।

गभर्नर-जनरल–ना० [अं०] १. एक देशबाट अर्को देशमा शासन गर्न पठाइने प्रमुख प्रतिनिधि शासक। २. प्रधान शासक।

गभस्ति–ना० [सं०] १. किरण। २. सूर्य। ३. हात।

गभस्तिमान्–वि० [सं०] १. चम्किलो; तेजिलो। (ना०) २. सूर्य।

CC-0. In Public Domain. Digitization by eGangotri

गभीर–वि० [सं०] गहिरो; गम्भीर ।

गभीरिका–ना० [सं०] दमाहा; नगरा ।

गम–ना० [सं० गम्य] १. धैर्यपूर्वकको विचार; गौर । २. भेउ । ३. गति; पहुँच ।

गम–ना० [सं०] १. हिँड्नु; गमन । २. प्रस्थान । ३. बाटो; मार्ग । ४. स्त्री-प्रसङ्ग ।

गम–ना० [अ० ग़म] १. दुःख; शोक । २. चिन्ता; फिक्री । ३. ध्यान; विचार । ४. सहिष्णुता; धैर्य ।

गमक–वि० [सं०] १. सूचना गर्ने; सङ्केत गर्ने । २. सम्झाउने; स्मरण गराउने । ३. तबला, मृदङ्ग आदिको गम्भीर ध्वनि-प्रसार । ४. सङ्गीतमा एक स्वरबाट अर्को स्वरमा जाने रीति ।

गमक–ना० [गम्म] वास्ना; महक; सुगन्ध ।

गमक्क–क्रि० यो० [ने०] गम्कने किसिम; गजक्क ।

गमड़ी–ना० [ने०] एक जातको धान ।

गमन–ना० [सं०] १. जानु; हिँड्नु । २. नजीक जानु । ३. आक्रमण; चढ़ाइ । ४. सम्भोग गर्नु ।

गमनागमन–ना० [सं०] जानु र आउनु; आवत-जावत ।

गमनीय–वि० [सं०] गमन गर्न योग्य ।

गमर्क्याइ–ना० [गमर्क्याउ+आइ] गमर्क्याउने किसिम, क्रिया वा भाव ।

गमर्क्याइनु–स० क्रि० [गमर्क्याउ+इ+नु] हातमा आएसम्म धेरै झिकिनु; ('गमर्क्याउनु'-को क० क्रि०) ।

गमर्क्याउनु–स० क्रि० [ने०] १. हातमा आएसम्म धेरै झिक्नु; मुट्ठीमा अटाई-नअटाई झिक्नु । २. मुख गाड़ेर धेरै खानु । ३. अँगालोले बेसरी च्याप्नु; अँठ्याउनु; गुमर्क्याउनु ।

गमला–ना० [?] फूलका साना-साना बिरुवाहरू लाउने खुला मुखको भाँड़ो ।

गमाइ–ना० [गम्+आइ] गम्ने किसिम, क्रिया वा भाव ।

गमागम–क्रि० यो० [गम्म+गम्म] भरिभराउ; टनाटन; गम्मागम्म ।

गमार–वि० [गँवार] १. गँवार । २. फोहोरी ।

गमिनु–स० क्रि० [गम्+इ+नु] गम गरिनु; विचार गरिनु; ('गम्नु'-को क० क्रि०) ।

गमिलो–वि० [गम+इलो] गमी; धैर्यपूर्वक विचार गर्ने ।

गमी–वि० [गम+ई] गम गर्ने; विचार-शील ।

गम्कनु–अ० क्रि० [गमक्क+नु] १. रूप, सीप, विद्या, धन आदिको मदले मत्त हुनु; गमक्क पर्नु । २. धूमधामसित बाजा बज्नु । ३. अर्काको कुरा नमान्नु; नटेर्नु । ४. खूब वास्ना आउनु ।

गम्काइ–ना० [गम्क+आइ] गम्कने किसिम, क्रिया वा भाव ।

गम्काइनु–स० क्रि० [गम्काउ+इ+नु] गम्कने पारिनु; गमक्क पारिनु; ('गम्काउनु'-को क० क्रि०) ।

गम्काउनु–स० क्रि० [गम्क+आउ+नु] १. कुनै काम सज-धजका साथ गर्नु; तड़क-भड़कसित कुनै काम गर्नु । २. गम्कने पार्नु; ('गम्कनु'-को प्रे० क्रि०) ।

गम्काहट–ना० [गम्क+आहट] गम्किने किसिम, क्रिया वा भाव; गम्क्याहट ।

गम्किइनु–अ० क्रि० [गम्कि+इ+नु] गमक्क परिनु; ('गम्किनु'-को भा० क्रि०) ।

गम्किनु–अ० क्रि० [गम्क+इ+नु] १. गमक्क परिनु; ('गम्कनु'-को भा० क्रि०) । २. गम्कनु ।

गम्क्याइ–ना० [गम्कि+याइ] गम्कने किसिम, क्रिया वा भाव ।

गम्क्याहट–ना० [गम्कि+आहट] गम्कने किसिम, क्रिया वा भाव; गम्काहट ।

गम्छा–ना० [अँगोछा] आँग पुछ्ने रूमाल; अँगोछा ।

गम्नु–स० क्रि० [गम] १. धैर्यपूर्वक विचार गर्नु; गम गर्नु । २. सम्झनु; घोरिनु ।

गम्भारिका–ना० [सं०] गम्भारी ।

गम्भारी–ना० [सं०] पीपलका जस्ता पात हुने, सेतो बोक्रा हुने, पहेँलो फूल फुल्ने, दूध निस्कने एक जातको रूख ।

गम्भीर–वि० [सं०] १. गहिरो । २. घना । ३. अर्थ लाउन कठिन हुने; गूढ; जटिल । ४. शान्त; धीर ।

गम्भीरता–ना० [सं०] गम्भीर हुनाको भाव ।

गम्म–क्रि० यो० [ने०] १. गम्कने किसिम; गमक्क । २. भरिभराउ हुने किसिम; टम्म । ३. न्यानो हुने किसिम । ४. आनन्दसँग बस्ने किसिम ।

गम्मागम्म–वि० [गमागम] १. भरिभराउ; टनाटन । २. बढ़िबढ़ाउ । ३. गम्म ।

गम्मागम्मी–वि० [गम्मागम्म+ई] १. भरिभराउ; गम्मागम्म । २. गम्म ।

गम्य–वि० [सं०] १. जान योग्य । २. सम्भोग गर्न योग्य । ३. बुझ्न योग्य; जान्न योग्य । ४. नजीक जान सकिने ।

गम्रङ्ग–क्रि० यो० [ने०] राम्ररी अँगालो हाल्ने किसिम; अङ्कमाल गर्ने किसिम ।

गम्रङङ–क्रि० यो० [गम्रङ्ग] गम्रङ्ग ।

गयब–वि० [ने०] १. रद्दी; बेकम्मा । २. खराब; नजाती ।

गयल–ना० [अ० ग़ैर] हाजिर नहुनु; अनुपस्थिति ।

गया–ना० [सं०] भारतको बिहार प्रदेशस्थित, हिन्दूहरूको पितृ-कार्य गरिने एक प्रसिद्ध तीर्थ; पितृ-तीर्थ ।

गर–ना० [सं०] विष; हलाहल ।

गरज–ना० [अ० ग़रज़] १. आवश्यकता; जरूरत । २. खाँचो; हर्जा ।

गरम–ना० [फा० गर्म] १. तातोपन; गर्मी । (वि०) २. तातो; उष्ण । ३. तीक्ष्ण; उग्र (स्वभाव वा मिजाज) ।

गरमागरम–वि० [गरम+गरम] १. खूब तातो; पाक्दा-पाक्दैको । २. ज़ोशिलो; उत्तेजित (बहस) ।

गरमागरमी–ना० [गरमागरम+ई] जोशसाथको भनाभन; उत्तेजना-युक्त कुराकानी ।

CC-0. In Public Domain. Digitization by eGangotri

गरमाहट–ना० [गरम+आहट] गरम हुनाको भाव; गर्मी; उष्णता।

गरमी–ना० [फा०] १. तातोपन; उष्णता। २. गरम हुने ऋतु; ग्रीष्म ऋतु। ३. रीस; क्रोध। ४. भिरिङ्गी।

गरल–ना० [सं०] विष; हलाहल।

गरली–वि० [सं०] विषालु।

गरहड्वा–ना० [सं० गवेधुका] समिधाको काममा लिइने एक वृक्ष; भिर्गौले; गवेधुका।

गराइ–ना० [गर्+आइ] गर्ने किसिम, क्रिया वा भाव।

गराइनु–स० क्रि० [गराउ+इ+नु] गर्न लाइनु; गर्ने प्रेरणा गरिनु; ('गराउनु'-को क० क्रि०)।

गराउनु–स० क्रि० [गर्+आउ+नु] गर्न लाउनु; गर्ने प्रेरणा दिनु; ('गर्नु'-को प्रे० क्रि०)।

गरारा–ना० [फा० ग़रारा] लड़कीहरूले लाउने, घुँडामनि कल्लीहरू गाँसिएको एक किसिमको सुरुवाल।

गरालो–ना० [ने०] १. पीङ्मा डोरी झुन्ड्याउनाका निमित्त लिङ्गोमाथि तेर्स्याइने लामो काठ। २. लामो ठूलो काठ।

गरिनु–स० क्रि० [गर्+इ+नु] कुनै काम तामेल पारिनु; ('गर्नु'-को क० क्रि०)।

गरिमा–ना० [सं०] १. गह्रौँपना; गुरुता। २. गौरव; महत्त्व। ३. अष्ट सिद्धिमध्ये एक।

गरियो–ना० [ने०] सोझो ढुङ्ग्रोजस्तो, मुख सानो हुने, तेल हाल्ने काठको भाँडो।

गरिष्ठ–वि० [सं०] १. सबभन्दा ठूलो। २. सबभन्दा सम्मानित। ३. पचाउन कठिन; दुष्पाच्य (भोजन)। ४. सबभन्दा खराब; निकृष्ट।

गरी–ना० [सं० गुलिका] नरिवलको सबभन्दाभित्र रहने नरम गुदी।

गरीब–वि० [अ० ग़रीब] १. निर्धन; दरिद्र; कङ्गाल। २. दीन-हीन; दुःखी।

गरीब-गुरुवा–ना० [अ० गरीब-गुरबा] गरीबहरूको समुदाय; गरीब जनता।

गरीब-परवर–वि० [अ० ग़रीब+परवर (फा०)] गरीब-गुरुवाहरूको पालन-पोषण गर्ने; दीन-दयालु।

गरीब-मारा–वि० [गरीब+मार्] गरीबहरूलाई सताउने; गरीब-गुरुवाप्रति अन्याय गर्ने।

गरीबी–ना० [अ० ग़रीब+ई] गरीब हुनाको भाव; दीनता; निर्धनता।

गरीयस्–ना० [सं०] १. गह्रौं; वजनदार। २. ठूलो; महान्।

गरुड–ना० [सं०] १. एक ठूलो जातको पक्षी। २. विष्णुको वाहन।

गरुड-ध्वज–ना० [सं०] विष्णु।

गरुड-पुराण–ना० [सं०] नरकको बयान, प्रेत-कर्मको विधान आदि वर्णन गरिएको महापुराण; अठार महापुराणमध्ये एक।

गरुड-सिंह–ना० [सं०] गरुडको जस्तो मुख र सिंहको जस्तो शरीर हुने कल्पना गरिएको एक जन्तु।

गरो–ना० [गहिरो] वरि-परि आली लगाई, पानी जमाएर धान रोपिने सम्म परेको खेत।

गर्खा–ना० [ने०] गाउँहरूको समदाय।

गर्खिइनु–अ० क्रि० [गर्खि+इ+नु] एकै ठाउँमा थुप्रिइनु; भेला होइनु; ('गर्खिनु'-को भा० क्रि०)।

गर्खिनु–अ० क्रि० [ने०] एकै ठाउँमा थुप्रिनु; भेला हुनु।

गर्ख्याइ–ना० [गर्खि+आइ] गर्ख्याउने किसिम, क्रिया वा भाव।

गर्ख्याइनु–स० क्रि० [गर्ख्याउ+इ+नु] एकै ठाउँमा थुप्याइनु; ('गर्ख्याउनु'-को क० क्रि०)।

गर्ख्याउनु–स० क्रि० [गर्खि+याउ+नु] एकै ठाउँमा थुप्याउनु; जम्मा गर्नु; ('गर्खिनु'-को प्रे० क्रि०)।

गर्ख्याहट–ना० [गर्खि+आहट] गर्खिने किसिम, क्रिया वा भाव।

गर्गर–ना० [सं०] १. भुमरी। २. दही मथ्ने भाँड़ो; ठेको। ३. मधानी; मन्थनी।

गर्गरी–ना० [सं०] १. मधानी; मन्थनी। २. दही मथ्ने भाँड़ो; ठेकी।

गर्चो–वि० [नेवा० ग्वाराचा] विशेष गरेर घाँटी छोटो भएको; पुड्को; ग्याँचे।

गर्ज–[अ० ग़रज़] खाँचो; आवश्यकता; प्रयोजन; गरज।

गर्जक–वि० [सं०] १. उच्च स्वरले बोल्ने; गर्जने। (ना०) २. एक जातको माछो।

गर्ज-गुमान–ना० [सं० गर्जन+गुमान (फा०)] अभिमान; शेखी।

गर्जन–ना० [सं०] १. ठूलो शब्दले कराउनु; गर्जनु। २. गर्जँदाको शब्द। ३. मेघको शब्द। ४. गम्भीर ध्वनि। ५. हप्की; भर्त्सना।

गर्जन-तर्जन–ना० [सं०] हप्की-दप्की; धम्की।

गर्जना–ना० [सं०] गर्जन।

गर्जनु–अ० क्रि० [सं० गर्ज+नु] १. घमन्ड वा रीसले ठूलो स्वरले बोल्नु; गर्जना गर्नु। २. गड्कनु। ३. मेघ कराउनु। ४. सिंह कराउनु।

गर्जर–ना० [सं०] एक जातको रातो मूला; गाजर।

गर्जाइ–ना० [गर्ज+आइ] गर्जने किसिम, क्रिया वा भाव।

गर्जित–वि० [सं०] गर्जेको; गर्जना गरिएको।

गर्जिनु–अ० क्रि० [गर्ज+इ+नु] गर्जना गरिनु; ('गर्जनु'-को भा० क्रि०)।

गर्त–ना० [सं०] १. खाल्टो; खाड़ल। २. धाँजो।

गर्ता–ना० [सं०] १. प्वाल। २. गुफा।

गर्दन–ना० [फा०] टाउको र शरीरलाई जोड्ने अवयव; घाँटीको पिठ्यूँतिरको भाग।

गर्दनी–ना० [फा० गर्दन+ई] गर्दनमा समातेर हुत्त्याउनु; गलहत्ती; घोक्र्याउनु।

गर्दने–वि० [फा० गर्दन+ए] ठूलो र मोटो गर्दन हुने।

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दन्याइ–ना० [गर्दन्याउ+आइ] गर्दन्याउने किसिम, क्रिया वा भाव।

गर्दन्याइनु–स० क्रि० [गर्दन्याउ+इ+नु] घोक्र्याइनु; गलहत्ती लगाइनु; ('गर्दन्याउनु'-को क० क्रि०)।

गर्दन्याउनु–स० क्रि० [फा० गर्दन+याउ+नु] गर्दनमा समातेर हुत्त्याउनु; घोक्र्याउनु; गलहत्ती लाउनु।

गर्दभ–ना० [सं०] १. गधा। २. बास्ना; गन्ध।

गर्दागर्दी–ना० [गुर्दी] ठूलो लड़न्त; गर्दी-घमासान।

गर्दी–ना० [फा० गुर्द+ई] १. ठूलो परिवर्तन; क्रान्ति। २. घम्साघम्सी; लड़ाइँ।

गर्दी-घमासान–ना० [गर्दी+घमासान] ठूलो लड़ाइँ; घोर युद्ध; घम्साघम्सी।

गर्धन–ना० [फा० गर्दन] गर्दन।

गर्धनी–ना० [गर्दनी] गर्दनी।

गर्धने–ना० [गर्दने] गर्दने।

गर्धन्याइ–ना० [गर्धन्याउ+आइ] गर्धन्याउने किसिम, क्रिया वा भाव।

गर्धन्याइनु–स० क्रि० [गर्धन्याउ+इ+नु] गर्दन्याइनु; ('गर्धन्याउनु'-को क० क्रि०)।

गर्धन्याउनु–स० क्रि० [गर्धन+याउ+नु] गर्दन्याउनु।

गर्नु–स० क्रि० [प्रा० कर+नु] १. कुनै काम तामेल पार्नु; कुनै काम वा कुरो थाल्नु; कुनै किसिमको प्रयास जारी राख्नु। २. स्त्री-समागम गर्नु।

गर्भ–ना० [सं०] १. पेटभित्र बच्चा बस्ने ठाउँ; कोख; पाठघर; गर्भाशय। २. पाठेघरमा रहेको बच्चो; कोखभित्रको बच्चो। ३. साल-नाल। ४. भित्री स्थान; मध्य भाग।

गर्भक–ना० [सं०] १. दुइ रात र त्यसबीचका दिनको समय। २. कपालका बीचमा लाइने फूल-माला।

गर्भ-कर–वि० [सं०] गर्भ धारण गराउने।

गर्भ-काल–ना० [सं०] गर्भाधान गर्ने समय; ऋतु-काल।

गर्भ-केसर–ना० [सं०] फलका गर्भ-नालको माथि रहने तन्तु।

गर्भ-कोश–ना० [सं०] पाठेघर; गर्भाशय।

गर्भ-क्लेश–ना० [सं०] प्रसव-वेदना।

गर्भ-गृह–ना० [सं०] १. घरका बीचको कोठा; घरको मुख्य कोठा। २. सुत्केरीको कोठा; प्रसूति-गृह। ३. मुख्य मूर्ति रहेको देवालयको प्रकोष्ठ।

गर्भ-घातिनी–ना० [सं०] १. गर्भ तुहाउने वनस्पतिविशेष; लाङ्गलिका। २. गर्भ तुहाउने (स्त्री)

गर्भ-घाती–वि० [सं०] गर्भ-पात गर्ने; पेटको बच्चा तुहाउने।

गर्भ-च्युति–ना० [सं०] पेटको बच्चा तुहुनु; गर्भ-पात।

गर्भज–वि० [सं०] गर्भबाट पैदा भएको।

गर्भद–वि० [सं०] गर्भ धारण गराउने।

गर्भ-दास–ना० [सं०] जन्मेदेखिकै कमारो।

गर्भ-द्रुहा–वि० [सं०] गर्भ धारण गर्ने इच्छा नभएकी (स्त्री); गर्भ-द्रोहिणी।

गर्भ-द्रोहिणी–वि० [सं०] गर्भ-द्रुहा।

गर्भ-धरा–वि० [सं०] गर्भवती।

गर्भ-धारण–ना० [सं०] पेट बोक्नु; गर्भवती हुनु।

गर्भ-नाडी–ना० [सं०] साल-नाल।

गर्भ-नाल–ना० [सं०] फूलको थुङ्गाभित्रको टाउकोमा केसर हुने नाल।

गर्भ-पत्र–ना० [सं०] फूलको भित्री पत्र।

गर्भ-पात–ना० [सं०] गर्भ तुहुनु; गर्भ-स्राव।

गर्भ-पातक–वि० [सं०] गर्भ-पात गराउने; गर्भ तुहाउने।

गर्भ-मण्डप–ना० [सं०] सुत्केरी-कोठा; गर्भ-गृह।

गर्भ-मास–ना० [सं०] गर्भ रहेको महीना; पेट बोकेको महीना।

गर्भ-मोक्ष–ना० [सं०] बच्चा जन्मनु; सुत्केरी हुनु।

गर्भवती–वि० [सं०] पेट बोकेकी; दोजाई; गर्भिणी।

गर्भ-वध–ना० [सं०] गर्भ-पात गर्नु; भ्रूण-हत्या।

गर्भ-वास–ना० [सं०] १. गर्भभित्र बच्चा रहनु। २. कोख; गर्भाशय।

गर्भ-विज्ञान–ना० [सं०] गर्भमा बच्चा रहने, बढ्ने र जीवित रहने आदि विषयको विवेचना गरिएको शास्त्र।

गर्भविष–ना० [सं०] धेरै कत्ला हुने, डोलो र कालो एक जातको माछो।

गर्भ-सन्धि–ना० [सं०] रूपकका पाँच सन्धिमध्ये एक।

गर्भस्थ–वि० [सं०] गर्भमा रहने वा रहेको।

गर्भस्थली–ना० [सं०] कोख; गर्भाशय।

गर्भ-स्राव–ना० [सं०] चार महीनासम्मको गर्भ तुहुनु; गर्भ-पात।

गर्भ-स्रावी–वि० [सं०] गर्भ-स्राव गर्ने; गर्भ-पात गर्ने।

गर्भ-हत्या–ना० [सं०] पेटमा रहेको बच्चा मार्नु; भ्रूण-हत्या।

गर्भागार–ना० [सं०] १. सुत्केरी-घर; गर्भ-गृह। २. पाठेघर; गर्भाशय। ३. घरको भित्री कोठा; शयनागार।

गर्भाङ्क–ना० [सं०] नाटकका अङ्कका बीचमा आउने सानो अङ्क।

गर्भाधान–ना० [सं०] पेट बोक्नु; गर्भ धारण गर्नु।

गर्भाशय–ना० [सं०] पाठेघर; गर्भ; कोख।

गर्भिणी–ना० [सं०] गर्भवती स्त्री।

गर्भित–वि० [सं०] १. गर्भ भएको; गर्भ-युक्त। २ भरिएको; भित्र रहेको; गाभिएको।

गर्भी–वि० [सं०] गर्भ भएको।

गर्भे–वि० [सं० गर्भ+ए] १. गर्भ-सम्बन्धी; गर्भको। २. गर्भमा रहेको।

गर्भे-टुहुरो–ना० [गर्भे+टुहुरो] गर्भमा छँदै बाबु मरेको बालक।

गर्माइ–ना० [गर्माउ+आइ] गर्माउने किसिम, क्रिया वा भाव।

गर्माइनु–स० क्रि० [गर्माउ+इ+नु] १. गरम पारिनु; तातो गराइनु; ('गर्माउनु'-को क० क्रि०)। २. तातिनु; तातो होइनु; ('गर्माउनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

गर्माउनु–स० क्रि० [गरम+आउ+नु] १. गरम पार्नु; तातो गराउनु; न्यानो तुल्याउनु। (अ० क्रि०) २. तात्नु। ३. रिसाउनु; क्रुद्ध हुनु।

गर्माहट–ना० [गर्मी+आहट] गर्मी; उष्णता।

गर्मी–ना० [फा०] गरमी।

गर्व–ना० [सं०] अभिमान; घमन्ड; शेखी।

गर्वित–वि० [सं०] गर्व गर्ने; शेखीवाल; घमन्डी।

गर्विता–वि० [सं०] आफ्नो रूप, गुण आदिको घमन्ड भएकी (स्त्री)।

गर्विष्ठ–वि० [सं०] घमन्डी; अभिमानी।

गर्वी–वि० [सं०] गर्व गर्ने; अभिमानी।

गर्हण–ना० [सं०] निन्दा; हेला।

गर्हणीय–वि० [सं०] निन्दा गर्न योग्य; निन्द्य।

गर्हा–ना० [सं०] निन्दा; अपमान।

गर्हित–वि० [सं०] निन्दा गरिएको; निन्दित।

गर्ह्य–वि० [सं०] निन्दा गर्न योग्य; निन्दनीय।

गल–वि० [सं० गर्त] अव्वल गहिरी (खेत)।

गल–ना० [सं०] घाँटी; गला; कण्ठ।

गल–ना० [ने०] गह्रुङ्गो वस्तु उप्काउने वा खन्ने फलामे डन्डा-जस्तो औजार।

गल-कट्टा–वि० [सं० गल+कट्टा] १. घाँटी रेट्ने। २. गरीब-मारा; चुसाहा। ३. घिड्घिडो।

गल-कट्नु–वि० [सं० गल+काट्] गल-कट्टा; गरीब-मारा।

गल-कट्नू–वि० [गल-कट्नु] गल-कट्नु।

गल-कट्नो–वि० [गल-कट्नु] गल-कट्नु।

गल-कम्बल–ना० [सं०] गाई-गोरुका घाँटीमा लर्किएको छाला; माल।

गलकोट–ना० [?+कोट] नेपालको पश्चिमी इलाकाको एक राज्य।

गलक्क–क्रि० यो० [गल्] पाकेर वा सड़ेर ज्यादै गल्ने किसिम; फतक्क।

गल-गण्ड–ना० [सं०] गाँड़।

गलगिज्ज–क्रि० यो० [सं० गल+गिज्ज] घाँटीसम्म आउने गरी खाने किसिम; अटेस-मटेस हुने गरी खाने किसिम।

गलगिद्ध–क्रि० यो० [गला+गिद्ध] गलगिज्ज।

गल-ग्रह–ना० [सं०] १. कफ बढ़ेर सास फेर्न नहुने घाँटीको एक रोग। २. गलहत्त्याउनु; ठ्याँक खुवाउनु। ३. ज्योतिष-शास्त्रानुसार कृष्ण-पक्षको चौथी, सप्तमी, अष्टमी, नवमी, त्रयोदशी, आमावस्या र प्रतिपदा तिथि। ४. मुश्किलसँग मात्र टार्न सकिने आपत्ति।

गल-घण्ट–ना० [सं०] १. पशुको गलामा झुन्ड्याइने घण्ट; घाँड़ो। २. गाँड़। ३. झन्झटको वस्तु; कर-बलले बेहोर्नुपरेको वस्तु।

गल-चेप–ना० [गला+च्याप्] १. कर-काप; जबरजस्ती। २. पक्रिएका प्राणीको गला च्याप्ने एक किसिमको पासो। ३. गला च्याप्ने काम।

गलत–वि० [अ० ग़लत] १. ठीक नभएको; अनुचित। २. भुलेको; चुकेको। ३. असत्य; मिथ्या। ४. अशुद्ध।

गलत-फहमी–ना० [अ० ग़लत-फ़हमी] भ्रम।

गलती–ना० [अ० ग़लती] १. भूल; चूक। २. अशुद्धि। ३. अनुचित काम।

गलथना–ना० [सं० गल+अयन] घोड़ाका चिउँड़ामा रहने छालाको साज।

गलन–ना० [सं०] १. चुहुनु। २. खस्नु; गिर्नु। ३. गल्नु।

गलन्ज्या–ना० [सं० गर्ह्यंज] घटी जातमा पोइल गएर धारण गरिएको गर्भ।

गलन्तिका–ना० [सं०] १. झारी; कमण्डलु। २. जलहरी।

गलन्ती–ना० [सं०] १. सानो झारी; कमण्डलु। २. जलहरी।

गल-पाशो–ना० [सं० गल+पाश] १. गलफन्दी। २. पशुहरूलाई पक्रन प्रयोग गरिने गलामा कसिने एक किसिमको पाश। ३. झन्झटको कनै काम वा कुरो।

गलफदी–ना० [गलबदी] गलबदी।

गल-फन्दी–ना० [गला+फन्दा] सजायका रूपमा अपराधीका गलामा हाल्ने फलामे बन्धन; गल-पाशो।

गल-फुले–ना० [गला+फुल्] चम्शूरका जस्ता पात हुने, बीचमा गाँठै-गाँठाको झाम्टो परेको एक जातको भईँ-झार। (यो खायो भने गाई-वस्तुको गला फुल्दछ।)

गल-फुलो–ना० [गला+फुल्] पशुहरूको घाँटीमा फुकुन्डो आउने रोग।

गलबदी–ना० [अ० ग़लबः] नचाहिँदा कुराको बहस; फजूलको वाद-विवाद।

गल-बन्द–ना० [सं० गल+बन्ध्] गल-बन्दी।

गल-बन्दी–ना० [गल-बन्द] गलामा लाउने वस्त्र; मफलर।

गलबा–ना० [अ० ग़लबः] हूल-हुज्जत; दङ्गा; विप्लव।

गलमगाँठो–ना० [गलाम+गाँठो] घाँटीमा सुर्काउनी नपरोस् भनी दाम्लामा पारेको गाँठो।

गल-मुद्रा–ना० [सं०] शिवजीलाई प्रसन्न गराउन पूजा गर्दा गाला बजाउनु।

गल-सेरा–वि० [गला+सेर्] गरीबलाई सताउने; गरीब-मारा।

गल-स्तन–ना० [सं०] बाखाका गलामा झुन्डिएका मासुका लुर्का।

गल-स्तनी–ना० [सं०] गलामा मासुका लुर्का झुन्डिएकी बाखी; चार-काने बाखी।

गलहत्ती–ना० [गला+हुत्त्याउ] गलामा समातेर हुत्त्याउनु; घोक्र्याउनु; गर्दनी।

गलहत्त्याइ–ना० [गलहत्त्याउ+आइ] गलहत्त्याउने किसिम, क्रिया वा भाव।

गलहत्त्याइनु–स० क्रि० [गलहत्त्याउ+इ+नु] गलहत्ती लाइनु; गर्दन्याइनु; ('गलहत्त्याउनु'-को क० क्रि०)।

गलहत्त्याउनु–स० क्रि० [गलहत्ती+याउ+नु] गलहत्ती लाउनु; घोक्र्याउनु; गर्दन्याउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

गलहस्त–ना० [सं०] घोक्र्याउने हातको मुद्रा; अर्ध-चन्द्र।

गलहस्ती–ना० [सं०] गलहत्ती।

गला–ना० [सं० गल] १. शिर र शरीर जोड्ने च्यूँडामनिको अवयव; घाँटी; कण्ठ। २. स्वर; आवाज।

गलाइ–ना० [गल्+आइ] गल्ने किसिम, क्रिया वा भाव।

गलाइनु–स० क्रि० [गलाउ+इ+नु] गल्ने पारिनु; पग्लाइनु; ('गलाउनु'-को क० क्रि०)।

गलाउनु–स० क्रि० [गल्+आउ+नु] गल्ने पार्नु; पग्लाउनु; ('गल्नु'-को प्रे० क्रि०)।

गलाम–ना० [गला] १. पशुको गला। २. पशु बाँध्ने दाम्लाको गलामा पर्ने भाग।

गलि–ना० [सं०] १. बाछो। २. हृष्ट-पुष्ट भएर पनि दाउन नसकिने बैल।

गलित–वि० [सं०] १. गलेको; गीलो भएको। २. चुहेको; खसेको। ३. सड़ेको; कुहेको।

गलित-कुष्ठ–ना० [सं०] हात-पाउका औंलाहरू गलेर झर्ने कुष्ठ रोग।

गलित-यौवना–ना० [सं०] जवानी गइसकेकी स्त्री।

गलिनु–अ० क्रि० [गल्+इ+नु] पग्लिनु; गीलो होइनु; ('गल्नु'-को भा० क्रि०)।

गलेगण्ड–ना० [सं० गल-गण्ड] गलामा छालाको थैलो भएको एक जातको चरो।

गलेनी–ना० [ने०] गोड़ाका औंलाका काप फुट्ने एक रोग।

गलेबन्द–ना० [गल-बन्द] गल-बन्दी।

गलैँचा–ना० [फा० ग़ालीचः] रङ्गी-चङ्गी बुट्टाभएको मोटो ऊनी विशेष प्रकारको बिछ्यौना।

गलैँची-फूल–ना० [गलैँचा+फूल] साना-साना बोटमा विभिन्न रङ्गमा फुल्ने एक जातको फूल।

गलो–ना० [गला] गला।

गलो-सेरा–वि० [गल-सेरा] गल-सेरा।

गल्कनु–अ० क्रि० [गलक्क+नु] खूबसित पाक्नु; गलक्क भएर पाक्नु; फतक्क हुनु; गल्नु।

गल्काइ–ना० [गल्क+आइ] गल्कने किसिम, क्रिया वा भाव।

गल्काइनु–स० क्रि० [गल्काउ+इ+नु] गल्कने गरी पकाइनु; ('गल्काउनु'-को क० क्रि०)।

गल्काउनु–स० क्रि० [गल्क+आउ+नु] गल्कने गरी पकाउनु; खूबसित पकाउनु; ('गल्कनु'-को प्रे० क्रि०)।

गल्किइनु–अ० क्रि० [गल्कि+इ+नु] खूबसित पाकिनु; ('गल्किनु'-को भा० क्रि०)।

गल्किनु–अ० क्रि० [गल्क+इ+नु] १. खूबसित पाकिनु; ('गल्कनु'-को भा० क्रि०)। २. गल्कनु।

गल्छेड़ो–ना० [गल्ली+छेड़ो] १. खोँच परेको ठाउँ; साँघुरो ठाउँ। २. साङ्घ्रो गल्ली।

गल्डयाङ्ग्रो–ना० [गल्ढयाङ्ग्रो] गल्ढयाङ्ग्रो।

गल्ढयाङ्ग्रो–वि० [ने०] १. राम्ररी बोल्न नजान्ने; लठेप्रो। २. सुधो; सीधा-साधा। ३. हुस्सू; लन्ठ।

गल्ती–ना० [अ० ग़लती] गलती।

गल्थो–ना० [ने०] १. मुजा पारेर लाएका फरियाको ठूलो मूठो। २. घाँसको ठूलो मूठो।

गल्थ्याइ–ना० [गल्थ्याउ+आइ] गल्थ्याउने किसिम, क्रिया वा भाव।

गल्थ्याइनु–स० क्रि० [गल्थ्याउ+इ+नु] गल्थो पारिनु; मूठो पारिनु; ('गल्थ्याउनु'-को क० क्रि०)।

गल्थ्याउनु–स० क्रि० [गल्थो+याउ+नु] गल्थो पार्नु; मूठो पार्नु।

गल्नु–अ० क्रि० [सं० गल्+नु] १. पग्लनु; गीलो हुनु। २. बढ्ता पाकेर नरम हुनु। ३. लाचार हुनु; विवश हुनु। ४. थाक्नु; थकित हुनु। ५. लत्रनु; कमजोर हुनु। ६. दुब्लाउनु; घट्नु। ७. गरीब हुनु; निर्धन हुनु।

गल्प–ना० [सं०] १. गफ। २. छोटो कथा।

गल्याक-गुलुक–क्रि० यो० [गल्] फल-फूल ज्यादै गल्ने किसिम; गलक्क; फतक्क।

गल्याङ-मल्याङ–क्रि० यो० [ने०] गड़बड़ वा खलबल हुने किसिम।

गल्ल–ना० [सं०] गाला।

गल्ल–क्रि० यो० [ने०] ठूलो स्वरले हाँस्ने किसिम।

गल्लक–ना० [सं०] रक्सी पिउने भाँड़ो; खोला।

गल्ला–ना० [अ० ग़ल्लः] १. विशेषतः विदेशी फौजमा भर्ना हुनलाई जम्मा गरिएका रङ्गरूट। २. विदेशमा बेच्न लगिने स्त्रीहरू। ३. स्वदेशी स्त्रीहरू विदेशमा लगी बिक्री गर्ने काम। ४. सेनामा भर्ना गर्न मानिस जम्मा गर्ने काम।

गल्लावाल–ना० [गल्ला+वाल] १. विशेषतः विदेशी फौजमा भर्ना गर्न रङ्गरूट जम्मा गर्ने व्यक्ति। २. स्त्री-विक्रेता।

गल्ली–ना० [सं० गल] घरहरूका पङ्क्तिका बीचको साङ्घ्रो बाटो।

गल्वर्क–ना० [सं०] स्फटिक।

गवय–ना० [सं०] जङ्गली गाई; नील-गाई।

गवल–ना० [सं०] जङ्गली भैँसी; अर्ना।

गवाइ–ना० [गाउ+आइ] गाउने किसिम, क्रिया वा भाव।

गवाइनु–स० क्रि० [गवाइ+नु] गाउन लाइनु; ('गवाउनु'-को क० क्रि०)।

गवाउनु–स० क्रि० [गाउ+आउ+नु] गाउन लाउनु; ('गाउनु'-को प्रे० क्रि०)।

गवाक्ष–ना० [सं०] आँखी-झ्याल।

गवाह–ना० [फा०] १. कुनै घटना देख्ने वा जान्ने व्यक्ति। २. कुनै विवादको विषयमा आफूले जानेका कुरा बताउने व्यक्ति; साक्षी।

गवाही–ना० [फा०] देखे-जानेका घटनाको दिइने बयान।

गवेधु–ना० [सं०] गाई-भैँसीको खानेकुरो (घाँस, पराल आदि)।

CC-0. In Public Domain. Digitization by eGangotri

गवेधुका–ना० [सं०] गरहड्वा वृक्ष; भिर्गौंले।

गवेषण–ना० [सं०] खोज; खोजी; अनुसन्धान; गवेषणा।

गवेषणा–ना० [सं०] गवेषण।

गवेषित–वि० [सं०] खोजी गरिएको; अन्वेषण गरिएको।

गवेषी–वि० [सं०] खोजी गर्ने; अन्वेषण गर्ने।

गवैया–ना० [गाउनु+ऐया] गाउने व्यक्ति; गायक; उस्ताद।

गव्य–वि० [सं०] १. गाईबाट प्राप्त हुने (दूध, दही, घिउ, गोबर, गउँत आदि)। २. गाई-भैंसीका निमित्तको (कुँड़ो, घाँस, भुस्सा आदि)।

गव्यूति–ना० [सं०] दुइ कोसको लमाइ; चार मीलको नाप।

गश्त–ना० [फा० गश्त] १. भ्रमण; घुम-फिर। २. पहरा दिनाका निमित्त घुम्नु।

गश्ती–वि० [फा० गश्ती] १. घम-फिर गर्ने; भ्रमण गर्ने। २. पहरा दिनाका निमित्त घुम्ने (पुलीस)।

गह–ना० [सं० गाह] आँखाको गेड़ी रहने खोपिल्टो।

गह–ना० [नें०] अक्सर टोपी सिइने एक जातको कालो खुट्वा कपड़ा।

गहकिलो–वि० [गह्लुको] १. गह्लुँगो; वजनदार। २ खँदिलो। ३. सार भएको; सत्व भएको।

गहत–ना० [नें०] १. साना-साना पात, पहेँला फूल र लामा-लामा कोसा हुने एक जातको लहरो। २. त्यसैका कोसाभित्र फल्ने थेप्चा गेड़ा वा अन्न। (सेतो, रातो र कालो—यसका तीन जात छन्। आयुर्वेदमा यसको गुण गरम, रक्त-पित्त-नाशक र शुक्रबाट बनेको पत्थरी नाश गर्ने बताइएको छ।)

गहते–वि० [गहत+ए] १. गहत रङ्गको; गहतजस्तो वर्ण भएको। २. पाखे; असभ्य।

गहन–वि० [सं०] १. गहिरो; गम्भीर। २. बाक्लो; घना। ३. पुग्न नसकिने; दुर्गम; अगम्य। ४. मुश्किल-संगमात्र बुझिने; क्लिष्ट; दुर्बोध्य। ५. रहस्यमय। (ना०) ६. गहिराइ। ७. गुफा।

गहनता–ना० [सं०] १. गहन हुनाको भाव; गहिराइ; गम्भीरता। २. दुर्गमता।

गहना–ना० [सं० ग्रहण] शोभा वा गौरवका निमित्त लगाइने सुन, चाँदी आदिको वस्तु; आभूषण; अलङ्कार।

गहना-गुरिया–ना० [गहना+गुरिया (फाँ०)] गहनाहरूको समुदाय; गहना-पात।

गहना-पात–ना० [गहना+पात (फाँ०)] गहना-गुरिया।

गहिराइ–ना० [गहिरो+आइ] गहिरोपन; गम्भीरता।

गहिरिइनु–अ० क्रि० [गहिरि+इ+नु] गहिरो होइनु; ('गहिरिनु'-को भा० क्रि०)।

गहिरिनु–अ० क्रि० [गहिरो+इ+नु] गहिरो हुनु।

गहिरी–ना० [गहिरो] गहिरो जमीन; गल खेत।

गहिरो–वि० [प्रा०] १. धेरै तलसम्म खाली भएको; गभीर। २. गम्भीर।

गहिऱ्याइ–ना० [गहिऱ्याउ+याइ] गहिऱ्याउने किसिम, क्रिया वा भाव।

गहिऱ्याइनु–स० क्रि० [गहिऱ्याउ+इ+नु] गहिरो पारिनु; ('गहिऱ्याउनु'-को क० क्रि०)।

गहिऱ्याउनु–स० क्रि० [गहिरि+याउ+नु] गहिरो पार्नु; ('गहिरिनु'-को प्रे० क्रि०)।

गहुँ–ना० [गहूँ] गहूँ।

गहुँ-गोरो–वि० [गहूँ-गोरो] गहूँ-गोरो।

गहूँ–ना० [प्रा० गोहूम] बीचमा चिरा परेका, सुनौला रङ्गका गेड़ा हुने एक प्रसिद्ध अन्न।

गहूँ-गोरो–वि० [गहूँ+गोरो] गहूँको जस्तो वर्ण भएको; केही खरो भाव लिएको गोरो वर्णको (मानिस)।

गह्लाइ–ना० [गह्लाउ+आइ] गह्लाउनाको किसिम, क्रिया वा भाव।

गह्लाइनु–अ० क्रि० [गह्लाउ+इ+नु] दुर्गन्ध आइनु; ('गह्लाउनु'-को भा० क्रि०)।

गह्लाउनु–अ० क्रि० [सं० गन्ध+आउ+नु] १. दुर्गन्ध आउनु; खराब गन्ध आउनु। २. बदनामी हुनु।

गह्लुँगो–वि० [गह्लुङ्गो] गह्लुङ्गो।

गह्लुको–वि० [गह्लुङ्गो] गह्लुङ्गो।

गह्लुङो–वि० [गह्लुङ्गो] गह्लुङ्गो।

गह्लुङ्गो–वि० [गह्रौं] १. धेरै तौल भएको; बढ़ी वजनको। २. उचाल्न मुश्किल पर्ने।

गह्रो–ना० [गरो] गरो।

गह्रौं–वि० [सं० गुरु] गह्लुँगो।

गह्वर–वि० [सं०] १. गहिरो। २. जान नसकिने; दुर्गम। (ना०) ३. गुफा; सुरुङ। ४. प्वाल; दुलो। ५. कुञ्ज; लता-गृह। ६. अँध्यारो ठाउ।

गह्वरी–ना० [सं०] गुफा; कन्दरा।

गाँज–ना० [सं० ग्रास] १. धान, घाँस आदिको झाँग; झाँगिएको बूटो। २. मुट्ठी वा अँगालोभरिको परिमाण।

गाँजा–ना० [सं० गन्जा] एउटै भेट्नुमा लामा-लामा चार-पाँच वटा पात लाग्ने, मसिना खैरा रङ्गका झुप्पाकार फूल र सिलामका जस्तो दाना हुने एक झार; भाङ; शिव-बूटी। (यसको पात पिँधेर नशाका निमित्त विभिन्न किसिमले खाइन्छ। यसको मञ्जरीलाई गाँजा भन्दछन् र यो कक्कड़जस्तै चिलिममा भरेर नशाका निमित्त पिइन्छ। यसको चोबलाई चरेस भन्दछन् र यो पनि सुर्तीमा मिलाई चिलिममा भरेर नशाका लागि पिइन्छ।)

गाँजिइनु–अ०क्रि० [गाँजि+इ+नु] गाँज हाल्नु; झाँगिइनु; ('गाँजिनु'-को भा० क्रि०)।

गाँजिनु–स० क्रि० [गाँज्+इ+नु] छोपिनु; कब्जामा पारिनु; ('गाँज्नु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

गाँजिनु–अ० क्रि० [गाँज+इ+नु] १. गाँज हाल्नु; झाङ्गिनु; झाम्टिनु; मौलाउनु। २. हाँगा-बिँगा हाल्नु; फैलिनु। ३. धन-धान्यले परिपूर्ण हुनु; सम्पन्न हुनु।

गाँज्नु–स० क्रि० [सं० ग्रस्] १. छोप्नु; आफ्नो कब्जामा पार्नु। २. झम्टनु; हमला गर्नु। ३. प्रभाव देखाउनु।

गाँठ–ना० [गाँठो] १. धागो, कपड़ा आदिको राम्ररी बाँधेको एक भारी। २. पूँजी; मूल-धन। २. पुड्को; गान्टे।

गाँठ-गोभी–ना० [गाँठ+गोभी] जरामा सलगमजस्तो गाँठो हुने, तरकारी खाइने, एक जातको वनस्पति; ग्याँठ-गोभी।

गाँठा–ना० [गाँठो] उत्तरोत्तर घाउ बढ्दै जाने, शरीरभित्र आउने एक किसिमको असाध्य खटिरो वा रोग; क्यान्सर; विद्रधि।

गाँठी–ना० [प्रा० गण्ठि] १. जुक्ति; किल्ली। २. अभिप्राय; मतलब। ३. पूँजी। ४. शरीरको बनोट; कद।

गाँठे–वि० बो० [ने०] आश्चर्य, उत्सुकता आदि बुझाउने शब्द।

गाँठे–वि० [गाँठो+ए] १. गाँठै-गाँठा परेको २. पुड्को; गान्टे।

गाँठे-काल्तोरी–ना० [गाँठे+काल्तोरी] बाटुलो मूलाजस्तो जरो हुने एक जातको सलगम; गान्टे-मूला।

गाँठे-मूला–ना० [गाँठे+मूला] सलगमका आकारको एक जातको मूला; डल्ले मूला; लेकाली मूला; गान्टे-मूला।

गाँठो–ना० [प्रा० गण्ठो] १. धागो, डोरी आदिको जेलिएको डल्लो; ग्रन्थि। २. डल्लो; गानु। ३. आँख्लो। ४. कूट; रहस्य।

गाँड़–ना० [सं० गण्ड] १. रोगवश घाँटीमा निस्केको मासुको ठूलो डल्लो; गल-गण्ड। २. यो डल्लो बढ्ने रोग। ३. रूखका कापमा गुचमुच्च परेर फलेका फलको समुदाय। ४. एकै ठाउँमा झुम्मिएर रहेका चरा, कीरा आदिको समूह।

गाँड़ी–ना० [सं० गण्ड] स्त्री-जातिको जननेन्द्रिय।

गाँडू–ना० [ने०] १. गधाको बच्चो। (वि०) २. बेमेलको; रद्दी।

गाँड़े–वि० [गाँड़+ए] १. गाँड़ भएको; गँड़ोहो। २. अस्वाभाविक; अननुकूल। ३. नसुहाउँदो; अशोभनीय।

गाँड़े-माला–ना० [ने०] जुनेलो।

गाँड़ो–वि० [गाँड़+ओ] १. गाँड़ भएको; गँड़ोहो। २. मिलनसार नभएको; गाँडू। ३. लट्ठक; हलम्बू।

गाँती–ना० [सं० गण्ड] कान, कपाल र घाँटी छोप्न तीन कुना पारी लपेटिने कपड़ा।

गाँथिनु–स० क्रि० [गाँथ्+इ+नु] माला गाँसिनु; उनिनु; ('गाँथ्नु'-को क० क्रि०)।

गाँथ्नु–स० क्रि० [सं० ग्रथ्+नु] १. माला गाँस्नु; उन्नु। २. झुन्ड्याउनु; झुत्त्याउनु। ३. गाँस्नु; जोर्नु।

गाँवल–ना० [गाउँ] गामल; गाउँ-घर।

गाँस–ना० [प्रा०] एक चोटि मुखमा हालिने खानेकुरोको परिमाण; गप्फा; ग्रास।

गाँस–ना० [गाँस्] १. गाँसेको टुक्रा; गँसोट। २. गाँसिएको ठाउँ; जोर्नी।

गाँस-बास–ना० [गाँस+बास] खाने र बस्ने व्यवस्था।

गाँसिनु–अ० क्रि० [गाँस्] दुइ भिन्न वस्तु जोरिनु; ('गाँस्नु'-को भा० क्रि०)।

गाँस्नु–स० क्रि० [सं० ग्रथ्+नु] १. एउटामा अर्को जोर्नु। २. सिउनु। ३. गाँथ्नु। ४. गच्छ्याउनु।

गाइ-काने-बराँठ–ना० [गाई+कान+बराँठ] गाईका जस्ता कान हुने एक प्रकारको बराँठ मृग।

गाइ-खुरे–वि० [गाई+खुर] १. गाईको खुरझैँ परस्पर नजोरिएको; बेमेलको; मिलनसार नभएको। २. गाईका खुरमा हुने एक रोग; एक प्रकारको खोऱ्याँत।

गाइ-जात्रा–ना० [गाई+जात्रा] भाद्र कृष्ण प्रतिपदाका दिन हुने दैशिक यात्रा; गो-यात्रा।

गाइ-जात्रे–वि० [गाइ-जात्रा+ए] अव्यवस्थाको; रद्दी; रङ्ग-ढङ्ग नमिलेको।

गाइ-जिभ्रे–ना० [गाई+जिभ्रो] १. पछाड़िपट्टि सेता टीका-टीका परेका लामा र ठूला, दूध आउने पात हुने, मूलाजस्तो जरो वा कन्द हुने एक भईँ-झार। (आयुर्वेदमा यसको गुण कफ, पित्त, दाँतको विष तथा खटिरालाई नाश गर्ने र ठन्डा बताइएको छ।) २. गाईका जिभ्राजस्ता खस्रा पात र खस्रा फूल हुने एक जातको रूख; खाग्सी।

गाइतिवारे–ना० [ने०] लाम्चा, मसिना पात हुने, सेतो र खैरो मिसिएका फूल फुल्ने एक बर्खे झार; चित्लाङे; रास्ना। (यसका अनेक भेद छन्। आयुर्वेदमा यसको गुण वात-रोग नाश गर्ने बताइएको छ।)

गाइ-तिहार–ना० [गाई+तिहार] कार्तिक कृष्ण औंसीका दिन गाईको पूजा गरेर मनाइने उत्सव; लक्ष्मी-पूजा।

गाइ-तिहारे–ना० [गाई+तिहार+ए] पहेँलो फूल फुल्ने, एक-डेढ़ हात अग्लो हुने एक जातको झार।

गाइनु–स० क्रि० [गाउ+इ+नु] गाना गरिनु; लयका साथ गीत भनिनु; ('गाउनु'-को क० क्रि०)।

गाइने–ना० [गाउने] सारङ्गी बजाएर गीत गाउँदै घुमी-घुमी मागेर जीविका गर्ने एक जाति।

गाइने-कीरो–ना० [ने०] सलहजस्तो एक जातको कीरो।

गाई–ना० [प्रा० गाअ] काँधमा जुरो र घाँटीमनि माल हुने, शाकाहारी, घर-पाला प्रसिद्ध पशु; गो।

गाई-वस्तु–ना० [गाई+वस्तु] गाई-भैँसी आदिको समुदाय।

गाउँ–ना० [प्रा० गाम] प्रायः कृषकहरूको बसोबास भएको सानो बस्ती; नगरबाहिरको बस्ती; ग्राम।

गाउँ-घर–ना० [गाउँ+घर] १. गाउँ; ग्राम। २. छिमेक। ३. घरसार।

गाउँले–वि० [गाउँ] १. गाउँमा बस्ने; ग्रामीण। २. एकै गाउँमा बस्ने; छिमेकी।

CC-0. In Public Domain. Digitization by eGangotri

गाउजो–ना० [नें०] पानका जस्ता पात हुने एक जातको लहरे घाँस।

गाउन–ना० [अं०] विश्व-विद्यालयले स्नातकहरूलाई दिने विशेष प्रकारको पोशाक।

गाउनु–स० क्रि० [सं० गै+नु] गाना गर्नु; मधुर स्वरमा लय, सुर आदिका साथ गीत भन्नु; ताना छोड्नु।

गागन–ना० [नें०] अगिल्लो भाग तीखो भई हाँसको जस्तो चुच्चो हुने, घाँटी केही लामो हुने एक जातको हाँस। (प्रायः यो कोशी-प्रदेशमा पाइन्छ।)

गागा–ना० [नें०] चिउरा वा गेड़ा-गेड़ी खानेकुरो (बाल-भाषामा)।

गाग्री–ना० [प्रा० गग्गरी] पानी हाल्ने धातुको भाँड़ो; सानो गाग्रो।

गाग्रो–ना० [प्रा० गग्गरो] गाग्रीभन्दा ठूलो र त्यसै आकार-प्रकारको पानी हाल्ने भाँड़ो।

गाङ्ग–वि० [सं०] गङ्गा-सम्बन्धी; गङ्गाको।

गाङ्गेय–वि० [सं०] १. गङ्गाबाट उत्पन्न भएको; गङ्गा-सम्बन्धी। (ना०) २. भीष्म। ३. कार्तिकेय। ४. सुन।

गाछ–ना० [सं० गच्छ] गाछी।

गाछी–ना० [सं० गच्छ] बोट; रूख।

गाज–ना० [गिज्ज] फींज।

गाजर–ना० [सं० गृञ्जन] सूँपका जस्ता पात हुने रातो, पहेँलो रङ्गको एक जातको मूला।

गाजल–ना० [सं० कज्जल] मोसो र तेल मिसाई बनाएको आँखामा लाउने कालो पदार्थ।

गाजली–ना० [गाजल+ई] १. गाजल लगाएकी स्त्री। २. आँखाका चारैतिर कालो भएकी गाई।

गाजलु–ना० [गाजल] गाजल (लोक-गीतमा प्रयोग हुने)।

गाजले–वि० [गाजल+ए] १. गाजल लाएको (मानिस)। २. गाजल लाएको जस्तो आँखाका वरि-परि कालो हुने (पशु)। ३. कालो नाभ्रो हुने (अनाज)।

गाड़ा–ना० [प्रा० गड्डीआ] एक ठाउँबाट अर्को ठाउँमा माल-मत्ता वा मानिस ओसार्ने, गोरुले तान्ने सवारी।

गाड़ाबान–वि० [गाड़ा+बान (फा०)] गाड़ा हाँक्ने व्यक्ति।

गाड़िनु–स० क्रि० [गाड्+इ+नु] भित्र पसिनु; गड़िनु; ('गाड्नु'-को क० क्रि०)।

गाड़ी–ना० [प्रा० गड्डीआ] एक ठाउँबाट अर्को ठाउँमा माल-मत्ता वा मानिस ओसार्ने यान; सवारी (रथ, मोटर, रेल, बग्गी आदि)।

गाड़ीबान–ना० [गाड़ी+बान (फा०)] गाड़ी हाँक्ने व्यक्ति।

गाड्नु–स० क्रि० [प्रा० गड्ड] १. जमीनभित्र घुसार्नु; रोप्नु। २. थिच्नु। ३. पुर्नु। ४. धोखामा पार्नु। ५. अवनति गराउनु।

गाढ–वि० [सं०] १. गाढ़ा। २. धेरै; खूब। ३. बलियो; मजबूत। ४. बाक्लो; घना। ५. पानीको प्रवाह; बाढ़ी।

गाढ़ा–वि० [सं० गाढ] १. धेरै; खूब; अतिशय। २. चहकिलो; चर्को (रङ्ग)। ३. बाक्लो (पन्यालो पदार्थ)। ४. घनिष्ठ (प्रेम)।

गाढ़े–वि० [सं० गाढ] सधैँ रिसाएको वा अप्रसन्न रहने; घोसे।

गाणपत–वि० [सं०] १. गण-पति-सम्बन्धी। २. गण-पतिको उपासना गर्ने।

गाणपत्य–ना० [सं०] १. गणेशको उपासक। २. गणेशको पूजा वा आराधना।

गाण्डीव–ना० [सं०] अर्जुनको धनुष।

गाता–ना० [सं०] गवैया; गायक।

गाता–ना० [प्रा० गात्त] पत्रदार पुस्तकको रक्षाका निम्ति तल र माथि राखिने पत्राकार काठको फल्याक वा दह्रो कागत।

गात्र–ना० [सं०] देह; शरीर।

गात्रक–ना० [सं०] शरीर।

गात्रावरण–ना० [सं०] १. कवच। २. लुगा; वस्त्र। ३. ढाल।

गाथ–ना० [सं० गात्र] मान्य जनको शरीर; जीउ।

गाथ-गादी–ना० [गाथ+गादी] राजाको शरीर र राज-सिंहासन।

गाथा–ना० [सं०] १. स्तुति; स्तोत्र। २. गाना; गीत। ३. कथा; वृत्तान्त।

गादी–ना० [गद्दी] राज-सिंहासन; गद्दी।

गादी–ना० [सं० गर्त] सार्कीले माड़ वा बोसो हाल्ने सीङ।

गादी-बैठक–ना० [गादी+बैठक] गद्दी-बैठक।

गादी-मुमारख–ना० [गादी+मुबारक (अ०)] १. राज्याभिषेक हुँदा पहिलो पटक राज-गद्दीमा बसी राजाले सर्व-साधारणलाई दर्शन दिँदा प्रजा-जनले राजालाई चढ़ाउनुपर्ने उपहार (नगदी वा जिन्सी)। २. त्यस किसिमको राज-कर।

गादो–ना० [सं० गात्र] दोहोरो छड्के पारेर शरीरमा लाउने कपड़ा।

गाध–वि० [सं०] १. पीँध थाहा पाउन सकिने। (ना०) २. पार गर्न सकिने नदी; जँघार।

गान–ना० [सं०] १. गीत; गाना। २. बयान। ३. प्रशंसा।

गान-बजान–ना० [गान+बजाउ] गाउने र बजाउने काम।

गान-विद्या–ना० [सं०] सङ्गीत-विद्या।

गाना–ना० [सं० गान] गान; गीत।

गाना-बजाना–ना० [गान-बजान] गान-बजान।

गानिइनु–अ० क्रि० [गानि+इ+नु] दूध भरिएर कल्चौंड़ो चर्कनु; ('गानिनु'-को भा० क्रि०)।

गानिनु–अ० क्रि० [गानु+इ+नु] १. कल्चौंड़ोमा दूध भरिएर चर्कनु। २. गानुजस्तो साह्रो हुनु। ३. पीप भरिएर खटिरो आदि टन्कनु।

गानु–ना० [सं० ग्रन्थि] १. डल्लो। २. पिँड़ालु, गुन्दर-गानु आदिको कन्द। ३. वात-गुल्म रोग।

गानो–ना० [गानु] गानु।

CC-0. In Public Domain. Digitization by eGangotri

गान्टे–वि० [गान्टो+ए] १. गान्टो भएको; गाँठो भएको। २. पुड्के; गाँठे।

गान्टे-काल्तोरी–ना० [गान्टे+काल्तोरी] गाँठे-काल्तोरी।

गान्टे-मूला–ना० [गान्टे+मूला] सलगमजस्तो बाटुलो आकारको मूला; डल्ले मूला; लेकाली मूला।

गान्टो–वि० [गाँठो] १. नबढ़ेको; पुड्को; डल्ले। (ना०) २. फूलका केसर रहने गाँठो; कर्णिकार।

गान्धर्व–वि० [सं०] गन्धर्व-सम्बन्धी; गन्धर्वको।

गान्धर्वक–ना० [सं०] गवैया; उस्ताद।

गान्धर्व-विवाह–ना० [सं०] वर-वधूद्वारा स्वेच्छापूर्वक गरिने विवाहको एक प्रथा।

गान्धर्व-वेद–ना० [सं०] १. सामवेदको उपवेद। २. सङ्गीत-शास्त्र।

गान्धार–ना० [सं०] १. सङ्गीतका सात स्वरमध्ये एक। (यसलाई सङ्क्षेपमा 'ग' भनिन्छ। यसमा ३०० नाद-लहरी हुन्छन्।) २. सिन्धु नदीको पश्चिमी तटमा स्थित एक प्राचीन देश।

गान्धिक–ना० [सं०] गन्ध-सम्बन्धी व्यापार गर्ने व्यक्ति; अत्तर, तेल आदिको व्यापारी।

गान्धी–ना० [सं० गान्धिक] बीसौं शताब्दीमा भारतमा सत्य र अहिंसाका आधारमा राजनीतिक स्वतन्त्रताको आन्दोलन चलाउने एक प्रसिद्ध महापुरुष। (उनको पूरा नाम मोहनदास कर्मचन्द गान्धी थियो।)

गान्धीवाद–ना० [गान्धी+वाद] महात्मा गान्धीले चलाएको सिद्धान्त।

गान्धीवादी–वि० [गान्धीवाद+ई] गान्धीवादको अनुयायी; गान्धीवाद-सम्बन्धी।

गाप–ना० [सं० गर्भ] घरको जगमा हालिने ढुङ्गो; जगको ढुङ्गो।

गाफिल–ना० [अ० ग़ाफिल] १. अबगाल; ओौजस। २. भूल-चूक; गलती। (वि०) ३. बेहोशी; असावधानी। ४. बेखबर।

गाबो–ना० [गाभो] गाभो।

गाभ–ना० [सं० गर्भ] १. गर्भ। २. सेप (पशुको)। ३. गुप्त छल; कपट।

गाभा–ना० [सं० गर्भ] १. कर्कलाको भित्री पालुवा। २. चिप्ला र लाम्चा पात हुने, सेतो, नीलो फूल फुल्ने, अर्को रूखमा उम्रने लता। ३. त्यसैको फूल।

गाभिन–ना० [गाभिनी] गाभिनी।

गाभिनी–ना० [सं० गर्भिणी] गर्भिणी; दोजाई; गर्भवती।

गाभिनु–अ० क्रि० [गाभ्+इ+नु] १. एक अर्कोसँग जोरिनु; मिसिनु। २. एक अर्कोभित्र खामिनु; ('गाभ्नु'-को भा० क्रि०)।

गाभो–ना० [प्रा० गब्भ] १. कर्कलाको भित्री पात; टुसो; पिपिरो। २. धानको बीउको बोट। ३. जमानेमान्द्राका जस्ता फूल फुल्ने, अरू रूखमा उम्रने फूल। ४. गाभा।

गाभ्नु–स० क्रि० [सं० गर्भ] १. एउटाभित्र अर्को खाम्नु। २. गाँस्नु; गच्छ्याउनु; थप्नु; जोर्नु।

गामगुम–ना० [ने०] १. भित्र-भित्रै चलेको हल्ला; खासखुस। २. कुरा लुकाउने उद्देश्यले सहसा चूप लाग्नु।

गामगुम्म–क्रि० यो० [गम्म] १. कुनै कुरो लुकाउने उद्देश्यले सहसा मौन हुने किसिम। २. झ्याल-ढोका आदि थुनेर र धेरै लुगाहरू लाएर वा ओढ़ेर गर्मी गर्ने किसिम।

गामल–ना० [गाउँ] गाउँ-घर; छर-छिमेक; गाँवल।

गामी–वि० [सं०] १. हिंड्ने; जाने। २. सम्भोग गर्ने।

गाम्भीर्य–ना० [सं०] गम्भीर हुनाको भाव; गम्भीरता।

गायक–ना० [सं०] गवैया; उस्ताद।

गायकी–ना० [गायक+ई] गाउने प्रवीणता।

गायत्री–ना० [सं०] १. आफ्नो रक्षाका निम्ति र पुण्यका निम्ति जप गरिने एक प्रसिद्ध वैदिक मन्त्र। २. आराध्य देवी। ३. प्रत्येक चरणमा आठ अक्षर हुने तीन चरणको एक छन्द।

गायन–ना० [सं०] १. गीत; गाना। २. गवैया; गायक।

गायनी–ना० [सं०] जीविकाका निमित्त गाना-बजाना गर्ने स्त्री।

गायब–वि० [अ० ग़ायब] बेपत्ता; लुप्त; अलप।

गायिका–ना० [सं०] गाउने स्त्री।

गारत–ना० [अं० गार्ड] १. पल्टनको पहरा। २. अङ्ग-रक्षक दल। ३. थुप्रो; खात।

गारद–ना० [अं० गार्ड] गारत।

गारुड़–वि० [सं०] १. गरुडको; गरुड-सम्बन्धी। (ना०) २. सर्पले टोकेको विष झार्ने गरुडको मन्त्र।

गारुडिक–वि० [सं०] गारुडी।

गारुडी–ना० [सं०] १. सर्पले टोकेको विष झार्ने व्यक्ति; विष-वैद्य। २. (वि०) गरुड़को; गरुड-सम्बन्धी।

गारुत्मत्–वि० [सं०] गरुड-सम्बन्धी।

गारो–वि० [गाह्रो] गाह्रो।

गारो–ना० [प्रा०] घर, पर्खाल आदिको ईंट, ढुङ्गा आदि-द्वारा बनाइएको भित्तो; आट।

गार्ड–ना० [अं०] १. पहरादार; रक्षक। २. रेख-देख गर्ने व्यक्ति। ३. रेल-गाड़ी चलाउन र रोक्न लगाउने तथा त्यसको अन्य आवश्यक हेर-विचार गर्ने एक अधिकारी।

गार्ड-अफ-अनर–ना० [अं० गार्ड-अॅफ-अॅनर] सम्मान-गारद।

गार्हपत्य–ना० [सं०] अग्नि-होत्रीको आगो; तीन प्रकारका अग्निमध्ये एक।

गार्हस्थ्य–ना० [सं०] १. गृहस्थाश्रम। २. गृहस्थीको मुख्य काम।

गाल–ना० [सं० गालि] अबगाल; ओौजस; गाफिल।

गाल–ना० [सं० गाढ] १. खोल्सो; ढल। २. खाल्टो।

गालन–ना० [सं०] गाल्नु; पगाल्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

गाल-पारा–वि० [गाल+पार्] गाल पार्ने; अबगाल ल्याउने।
गाला–ना० [सं० गल्ल] मुखका दाहिने-देब्रेका पाखा; कपोल।
गालि–ना० [सं०] १. अपशब्द; दुर्वाच्य; गाली। २. हप्की; धम्की। ३. कटु वचनद्वारा दिइने शिक्षा।
गालि-गोफ्ता–ना० [सं० गाली+गुफ्त (फा०)] परस्परमा गरिने गाली; परस्परको गाली।
गालित–वि० [सं०] १. छानिएको। २. गालिएको।
गालिनु–स० क्रि० [गाल्+इ+नु] पगालिनु; ('गाल्नु'-को क० क्रि०)।
गाली–ना० [सं० गालि] गालि।
गाल्नु–स० क्रि० [सं० गल्+नु] १. गलाउनु; पगाल्नु। २. कमजोर तुल्याउनु। ३. थकाउनु; थकित पार्नु। ४. हैरान गराउनु; विवश तुल्याउनु।
गाह–ना० [सं०] डुबुल्की; गोता; स्नान।
गाहक–वि० [सं० ग्राहक] किन्न आउने; गाहकी; ग्राहक।
गाहक–ना० [सं०] नुहाउने व्यक्ति; स्नान गर्ने मानिस; डुबुल्की मार्ने व्यक्ति।
गाहकी–वि० [गाहक+ई] गाहक; ग्राहक।
गाहन–ना० [सं०] डुबुल्की लाउनु; गोता लाउनु; स्नान गर्नु।
गाहित–वि० [सं०] १. डुबुल्की लाएको; गोता लाएको। २. भित्र पसेको; घुसेको।
गाह्रो–ना० [प्रा० गारो] गारो।
गाह्रो–वि० [सं० गाढ] १. मुश्किलसित मात्र सिद्ध हुने; कठिन; विकट। २. असजिलो; अप्ठ्यारो।
गाह्रो-साँगुरो–वि० [गाह्रो+साँगुरो] गाह्रो-साङ्ग्रो।
गाह्रो-साँघुरो–वि० [गाह्रो+साँघुरो] गाह्रो-साङ्ग्रो।
गाह्रो-साङ्ग्रो–वि० [गाह्रो+साङ्ग्रो] अप्ठेरो; असजिलो; कठिन।
गाह्रो-साह्रो–वि० [गाह्रो+साह्रो] खन-खाँचो; गाह्रो-साङ्ग्रो।
गिँड़–ना० [प्रा० गण्ड] १. टाउको नभएको शरीर; धड़। २. रूख; उखु आदिको टुक्रो; गिँडुल्को।
गिँड़ाइ–ना० [गिँड्+आइ] गिँड्ने किसिम, क्रिया वा भाव।
गिँड़िनु–स० क्रि० [गिँड्+इ+नु] गिँड़ पारिनु; टुक्र्याइनु; ('गिँड्नु'-को क० क्रि०)।
गिँडुल्को–ना० [गिँड़] रूख, उखु आदिको टुक्रो; गिँड़; गिँड़ो।
गिँड़ो–ना० [गिँड़] चन्दन घोट्ने, श्रीखण्ड, रक्त-चन्दन आदिको गिँड़।
गिँड्नु–स० क्रि० [गिँड़+नु] गिँड़ पार्नु; टुक्र्याउनु; ठुन्क्याउनु।
गिजलाइ–ना० [गिजल्+आइ] गिजल्ने किसिम, क्रिया वा।
गिजलाइनु–स० क्रि० [गिजलाउ+इ+नु] गिजोलाइनु; ('गिजलाउनु'-को क० क्रि०)।
गिजलाउनु–स० क्रि० [गिजल्+आउ+नु] गिजोलाउनु; ('गिजल्नु'-को प्रे० क्रि०)।
गिजलिनु–स० क्रि० [गिजल्+इ+नु] गिजोलिनु; ('गिजल्नु'-को क० क्रि०)।
गिजल्नु–स० क्रि० [गिज्ज] गीलो वस्तु हातले बेसरी मुछ्नु; फोहोरी किसिमले माड्नु।
गिजा–ना० [ने०] दाँत रहने, मुखको अवयव।
गिजिइनु–अ० क्रि० [गिजि+इ+नु] इतरिइनु; छिहिलिइनु; ('गिजिनु'-को भा० क्रि०)।
गिजिङ-गिजिङ–क्रि० यो० [ने०] मन नपरी-नपरी खाने किसिम।
गिजिङ-मिजिङ–क्रि० यो० [ने०] गिजी-मिजी।
गिजिनु–अ० क्रि० [प्रा० गिज्झ+इ+नु] १. निर्लज्ज भएर कुरा गर्नु; इतरिनु; छिहिलिनु। २. मस्करी गर्नु; ख्याल-ठट्टा गर्नु। ३. जिस्किनु।
गिजी-मिजी–क्रि० यो० [ने०] ढङ्ग नपुर्‍याई काम गर्ने किसिम; गज्याङ-गुजुङ।
गिजोलाइ–ना० [गिजोल्+आइ] गिजोल्ने किसिम, क्रिया वा भाव; गिजलाइ।
गिजोलाइनु–स० क्रि० [गिजोलाउ+इ+नु] गिजोल्न लाइनु; ('गिजोल्नु'-को क० क्रि०)।
गजोलाउनु–स० क्रि० [गिजोल्+आउ+नु] गिजोल्न लाउनु; ('गिजोल्नु'-को प्रे० क्रि०)।
गिजोलिनु–स० क्रि० [गिजोल्+इ+नु] गीलो वस्तु हातले बेसरी मुछिनु; ('गिजोल्नु'-को क० क्रि०)।
गिजोल्नु–स० क्रि० [गिजल्+नु] गिजल्नु।
गिज्ज–क्रि० यो० [अनु०] फीँज काढ्ने किसिम।
गिज्जिइनु–अ० क्रि० [गिज्जि+इ+नु] गिजिइनु; ('गिज्जिनु'-को भा० क्रि०)।
गिज्जिनु–अ० क्रि० [प्रा० गिज्झ+इ+नु] गिजिनु।
गिज्याइ–ना० [गिज्जि+आइ] गिज्जिने किसिम, क्रिया वा भाव; गिज्याइ।
गिज्याइ–ना० [गिजि+आइ] गिजिने किसिम, क्रिया वा भाव।
गिज्याइ–ना० [गिज्याउ+आइ] गिज्याउने किसिम, क्रिया वा भाव।
गिज्याइनु–स० क्रि० [गिज्याउ+इ+नु] जिस्क्याइनु; गिज्याउने काम गरिनु; ('गिज्याउनु'-को क० क्रि०)।
गिज्याउनु–स० क्रि० [गिजि+याउ+नु] १. नाक, मुख आदि बङ्ग्याएर कसैलाई जिस्क्याउनु। २. अर्कालाई लज्जित पार्ने कुरा भन्नु; हँसी उड़ाउनु। ३. ठट्टा-मस्करी गर्नु; ख्याल गर्नु। ४. उत्तेजित पार्नु।
गिटकारी–ना० [अनु०] गायनमा ताना छोड्दा घाँटीभित्र एक विशेष किसिमको स्वर-कम्पन उत्पन्न गर्नु।
गिठो–ना० [ने०] तरुलको लहरामा फल्ने फल।
गिड़गिड़–क्रि० यो० [अनु०] ज्यादै लत्रेर अनुनय-विनयसाथ

CC-0. In Public Domain. Digitization by eGangotri

प्रार्थना गर्ने किसिम; अरूको मन नपर्ने गरी कराइरहने किसिम; घिड़घिड़।

गिड़गिड़ाइ–ना० [गिड़गिड़ाउ+आइ] गिड़गिड़ाउने किसिम, क्रिया वा भाव।

गिड़गिड़ाइनु–अ० क्रि० [गिड़गिड़ाउ+इ+नु] बिन्ती-भाउ गरिनु; अनुनय-विनय गरिनु; ('गिड़गिड़ाउनु'-को भा० क्रि०)।

गिड़गिड़ाउनु–अ० क्रि० [गिड़गिड़+आउ+नु] १. ज्यादै लत्रेर अनुनय-विनय गर्नु; बिन्ती-भाउ गर्नु; घिड़घिड़ाउनु। २. हाँस आदि पक्षी कराउनु।

गिताङ्गे–ना० [सं० गीत] गायक; गाना-बजाना गर्ने व्यक्ति।

गितार–ना० [अं० गिटार] ६ वटा तार लागेको, सारङ्गीका आकारको, सितारजस्तै बजाइने एक बाजा।

गिदाङ्गे–ना० [गिताङ्गे] गिताङ्गे।

गिदी–ना० [गुदी] १. टाउकोको खप्परभित्र रहने मासीजस्तो पदार्थ; मथिङ्गल; मस्तिष्क; दिमाग। २. सोच-विचार गर्ने शक्ति; बुद्धि।

गिद्ध–ना० [प्रा०] १. मरेका प्राणीको मासु खाने एक जातको ठूलो पक्षी। (वि०) २. मासु खानामा ज्यादै लोभ गर्ने।

गिद्धे–वि० [गिद्ध+ए] मासु खानमा ज्यादै लोभ गर्ने।

गिद्रो–ना० [गुदी] काँक्रा, फर्सी, बाँस, निगाला आदिको भित्री भाग।

गिनती–ना० [सं० गणना] गणना; गन्नु; गन्ती।

गिनीफोर–ना० [अं० गिनी-फाउल] नीलो मिसिएको कालो रङ्गका पखेटामा सेतो टीका हुने एक जातको चरो; लौकाट।

गिनेरी–ना० [सं० गणिकारिका] सेतो फूल, खयर-रङ्गका पखेटामा गोल साना-साना फल हुने एक वृक्ष। (यसका साना र ठूला—दुइ भेद छन्। सानोचाहिँका पात लाम्चा, र ठूलोचाहिँका पात नीमका पातजस्ता हुन्छन्।)

गिन्ती–ना० [गिनती] गिनती।

गिन्दुक–ना० [सं०] भकुन्डो।

गिन्नी–ना० [अं० गिनी] सुनको एक प्रकारको सिक्का; सुनको मुद्राविशेष।

गिर्–ना० [सं० गि०] वाणी; शब्द।

गिर–ना० [गिँड़] गिर्रा।

गिरफ्तार–वि० [फा० गिरफ़्तार] कुनै अभियोगमा पक्राउ गरिएको; समातिएको।

गिरफ्तारी–ना० [फा० गिरफ़्तार] गिरफ्तार हुनाको भाव वा क्रिया।

गिरह–ना० [फा०] एक गजको सोह्रौँ भाग; सवा दुइ इन्चीको नाप।

गिरा–ना० [सं०] वाणी; भाषा।

गिराइ–ना० [गिर्+आइ] गिर्ने किसिम, क्रिया वा भाव।

गिराइनु–स० क्रि० [गिराउ+इ+नु] गिर्न लाइनु; खसालिनु; ('गिराउनु'-को क० क्रि०)।

गिराउनु–स० क्रि० [गिर्+आउ+नु] गिर्न लाउनु; खसाल्नु; ('गिर्नु'-को क० क्रि०)।

गिरान–ना० [गिर्+आन] १. गिर्नु; पतन; गिराइ। २. टुट्टा; नोक्सान; हानि।

गिरानी–ना० [फा०] १. हानि; नोक्सानी। २. गिराइ।

गिरि–ना० [सं०] १. पहाड़; पर्वत। २. संन्यासीहरूका दश प्रकारका उपाधिमध्ये एक।

गिरिकर्णिका–ना० [सं०] सेतो फूल फुल्ने अपराजिता।

गिरिजा–ना० [सं०] १. पार्वती। २. गङ्गा।

गिरिजा-पति–ना० [सं०] शिव।

गिरि-धर–ना० [सं०] कृष्ण।

गिरि-धारी–ना० [सं०] कृष्ण।

गिरि-नाथ–ना० [सं०] १. हिमालय पर्वत। २. शिव।

गिरि-निर्झरिणी–ना० [सं०] पर्वतीय नदीको छहरा।

गिरिनु–अ० क्रि० [गिर्+इ+नु] खसिनु; झरिनु; ('गिर्नु'-को भा० क्रि०)।

गिरि-पथ–ना० [सं०] दुइ पर्वतका बीचको साङ्गुरो बाटो; डोरेँटो।

गिरि-राज–ना० [सं०] १. ठूलो पर्वत। २. हिमालय पर्वत। ३. गोवर्द्धन पर्वत। ४. सुमेरु पर्वत।

गिरि-प्रस्थ–ना० [सं०] पहाड़माथिको समतल भूमि; अधित्यका।

गिरि-सङ्कट–ना० [सं०] दुइ पहाड़का बीचको साँघुरो बाटो; डोरेँटो।

गिरि-सुत–ना० [सं०] मैनाक पर्वत।

गिरि-सुता–ना० [सं०] पार्वती।

गिरि-स्रवा–ना० [सं०] पहाड़ी नदी।

गिरी–ना० [फा० गीर] काम, पेशा; इलम (अरू शब्दको पछाड़ि लागेरमात्र प्रयोग हुने)। (उदा०—कारिन्दागिरी, किसानगिरी, मोजगिरी।)

गिरी–ना० [सं० गिरि] १. संन्यासीहरूको सम्मान-सूचक पदवी। २. संन्यासीहरूको एक थर।

गिरीन्द्र–ना० [सं०] १. ठूलो पहाड़; हिमालय। २. शिव।

गिरीश–ना० [सं०] १. शिव। २. हिमालय पर्वत। ३. सुमेरु पर्वत। ४. कैलास पर्वत। ५. गोवर्द्धन पर्वत। ६. ठूलो पहाड़।

गिर्खो–ना० [गेड़ो] १. सानो फोको; सानो खटिरो। २. सानो आँख्लो। ३. सानो-तिनो फुकुन्डो। ४. ढुङ्गा, माटा आदिको मसिनो टुक्रो।

गिर्जाघर–ना० [पुर्त० इग्रिजिया] ईसाईहरूले प्रार्थना गर्ने घर।

गिर्दा–ना० [फा० गिर्द] १. छर-छिमेकको ठाउँ; हाता। २. चारैतिर लगाइएको घेरा; कुँडुलो; क्याम्प।

गिर्नु–अ० क्रि० [सं० गल्+नु] १. खस्नु; झर्नु; तलतिर जानु। २. लोट्नु; लड्नु। ३. निम्न स्तरमा पुग्नु; खस्कनु; पतन हुनु।

CC-0. In Public Domain. Digitization by eGangotri

गिर्रा–ना० [गिर] भकुन्डो खेल्ने, टाउको भएको लट्ठी ।
गिल–वि० [सं०] निल्ने; खाने ।
गिलगिल्याइ–ना० [गिलगिल्याउ+आइ] गिलगिल्याउने किसिम, क्रिया वा भाव ।
गिलगिल्याइनु–स० क्रि० [गिलगिल्याउ+इ+नु] थिचेर चलाई गीलो पारिनु; गिल्याइनु; ('गिलगिल्याउनु'-को क० क्रि०)
गिलगिल्याउनु–स० क्रि० [गीलो+याउ+नु] थिचेर चलाई गीलो पार्नु; गिल्याउनु ।
गिलगिल्याहट–ना० [गिलगिल्याउ+आहट] गिलगिल्याउने किसिम, क्रिया वा भाव; गिलगिल्याइ ।
गिलन–ना० [सं०] निल्नु ।
गिला–ना० [फा० गिलः] गिल्ला; हँस्सी ।
गिलाफ–ना० [अ० ग़िलाफ] पिँजड़ाको खोल ।
गिलास–ना० [अं० ग्लास] पींध केही सानो र मुख फुकेको ठाड़ो, लाम्चो, पानी खाने एक किसिमको भाँड़ो ।
गिलिक्क–क्रि० यो० [गलक्क] गलक्क ।
गिलित–वि० [सं०] निलिएको; खाइएको ।
गिलित्त–क्रि० यो० [गीलो] पाकेर वा सड़ेर गीलो हुनु; गलक्क ।
गिलिलिलि–क्रि० यो० [अनु०] खित्का छोड़ी हाँस्ने किसिम; खितितिति ।
गिल्टी–ना० [अं० गिल्ड] १. धातुका भाँड़ामा मुलम्मा लगाइने एक किसिमको सेतो धातु; निकल । २. सेतो, हल्का एक किसिमको धातु; अलमोनियम ।
गिल्टी–ना० [सं० ग्रन्थि] सर्दी लागेर अथवा नशा खुम्चिएर अथवा कुनै अङ्गमा तोड़ परेर अथवा प्लेग आदिले शरीरका जोर्नीमा निस्कने गाँठो; फुकुन्डो ।
गिल्याइ–ना० [गिल्याउ+आइ] गिल्याउने किसिम, क्रिया वा भाव ।
गिल्याइनु–स० क्रि० [गिल्याउ+इ+नु] गीलो पारिनु; ('गिल्याउनु'-को क० क्रि०) ।
गिल्याउनु–स० क्रि० [गीलो+याउ+नु] गीलो पार्नु ।
गिल्ल–क्रि० यो० [अनु०] खित्का छोड़ी हाँस्ने किसिम; ठूलो स्वरले हाँस्ने किसिम ।
गिल्ला–ना० [फा० गिलः] १. ठट्टा; हँस्सी । २. हेला; निन्दा । ३. आक्षेप ।
गिल्लिइनु–अ० क्रि० [गिल्लि+इ+नु] छिहिलिइनु; इतरिइनु; ('गिल्लिनु'-को भा० क्रि०) ।
गिल्लिनु–अ० क्रि० [गिल्ला+नु] छिहिलिनु; इतरिनु; गिज्जिनु ।
गिल्ली–ना० [गिल्ला] हँस्सी; ठट्टा ।
गिल्ल्याइ–ना० [गिल्लि+आइ] गिल्लिने किसिम, क्रिया वा भाव ।
गिल्ल्याइ–ना० [गिल्ल्या+आइ] गिल्ल्याउने वा गिज्याउने किसिम, क्रिया वा भाव ।
गिल्ल्याइनु–स० क्रि० [गिल्ल्याउ+इ+नु] गिल्ला गरिनु; गिज्याइनु; ('गिल्ल्याउनु'-को क० क्रि०) ।
गिल्ल्याउनु–स० क्रि० [गिल्ला+याउ+नु] गिल्ला गर्नु; गिज्याउनु ।
गिलिसन–ना० [अं० गिलस्सरिन्] मिस्रीको चास्नीजस्तो, गुलियो, लेसाइलो एक औषधी । (शरीरमा छाला फुटेका ठाउँमा र चिप्लो पार्ने काममा यसको प्रयोग गरिन्छ ।)
गीःपति–ना० [सं०] बृहस्पति ।
गीत–ना० [सं०] १. लय हालेर गाइने छन्द वा वाक्य । २. गाना; गान ।
गीतक–ना० [सं०] १. गाना । २. स्तोत्र ।
गीत-कार–वि० [सं०] गीत बनाउने; गाना बनाउने ।
गीत-शास्त्र–ना० [सं०] सङ्गीत-शास्त्र ।
गीता–ना० [सं०] १. महाभारतमा भगवान् कृष्णचन्द्रले अर्जुनलाई दिनुभएको उपदेश । २. त्यो उपदेश लेखिएको हिन्दूहरूको प्रसिद्ध एक धर्म-ग्रन्थ; भगवद्गीता । ३. ठूलठूला महापुरुषबाट प्राप्त हुने ज्ञानमय उपदेश (राम-गीता, शिव-गीता, भगवद्गीता आदि) । ४. वृत्तान्त; कथा ।
गीति–ना० [सं०] १. गाना; गीत । २. आर्या छन्दको एक भेद ।
गीतिका–ना० [सं०] १. सानो गीत; गाना । २. छोटो भजन ।
गीति-काव्य–ना० [सं०] गीतका रूपमा लेखिएको काव्य; गीतै-गीत लेखिएको काव्य; गेय छन्दहरूमा लेखिएको काव्य ।
गीति-नाट्य–ना० [सं०] गीत-प्रधान भएको अभिनय-काव्य; गीति-रूपक ।
गीति-रूपक–ना० [सं०] गीति-नाट्य ।
गीती–वि० [सं०] गानाको लयमा पढ़िने; गाएर पाठ गरिने ।
गीथा–ना० [सं०] १. गीत । २. वाणी ।
गीद–ना० [सं० गीत] गीत ।
गीर्वाण–ना० [सं०] देवता; सुर ।
गीर्वाणी–ना० [सं०] देव-भाषा; संस्कृत ।
गीलो–वि० [प्रा० गलिअ] १. पानीको सम्पर्कबाट नरम भएको । २. साह्रो वा ठर्रो नभएको; कोमल । ३. बढ़्ता पाकेको; पाकेर नरम भएको (फल-फूल) ।
गु–ना० [प्रा० गूह] गुहु ।
गुँगो–[गूँगो] गूँगो ।
गुँजाइ–ना० [गुँज्+आइ] गुँज्ने किसिम, क्रिया वा भाव ।
गुँजाइनु–स० क्रि० [गुँजाउ+इ+नु] प्रतिध्वनित पार्नु; ('गुँजाउनु'-को क० क्रि०) ।
गुँजाउनु–स० क्रि० [गुँज्+आइ+नु] गुँज्ने पार्नु; गुञ्जायमान गर्नु; ('गुँज्नु'-को प्रे० क्रि०) ।
गुँजिनु–अ० क्रि० [गुँज्+इ+नु] भुनभुनाइनु; ('गुँज्नु'-को भा० क्रि०) ।
गुँज्नु–अ० क्रि० [सं० गुञ्जन+नु] १. भुँवरा आदिले शब्द निकाल्नु; भुनभुनाउनु । २. प्रतिध्वनित हुनु; गुञ्जायमान हुनु ।

CC-0. In Public Domain. Digitization by eGangotri

गुँड़–ना० [ने०] चराको बस्ने ठाउँ वा घर ।
गुँडुलिइनु–अ० क्रि० [गुँडुलि+इ+नु] गुँडुलो परिनु; गुँडुल्किइनु; ('गुँडुलिनु'-को भा० क्रि०) ।
गुँडुलिनु–अ० क्रि० [गुँडुलो+इ+नु] सेलजस्तो बाटुलो हुनु; गुँडुलो पर्नु; गुँडुल्किनु; घुँगुरिनु ।
गुँडुलो–वि० [कुँडुलो] घुँगुरिएर बाटुलो परेको; गुँडुल्किएको; गुँडुल्को ।
गुँडुल्किइनु–अ० क्रि० [गुँडुल्कि+इ+नु] गुँडुलिइनु; ('गुँडुल्किनु'-को भा० क्रि०) ।
गुँडुल्किनु–अ०क्रि० [गुँडुल्को+इ+नु] गुँडुलिनु ।
गुँडुल्को–ना० [कुँडुलो] गुँडुलो ।
गुँडुल्क्याइ–ना० [गुँडुल्कि+आइ] गुँडुल्किने किसिम, क्रिया वा भाव ।
गुँडुल्क्याइनु–स० क्रि० [गुँडुल्क्याउ+इ+नु] गुँडुल्को पारिनु; ('गुँडुल्क्याउनु'-को क० क्रि०) ।
गुँडुल्क्याउनु–स० क्रि० [गुँडुल्कि+याउ+नु] १. गुँडुल्को पार्नु; गुँडुल्याउनु । २. गुँडुल्किन लाउनु; ('गुँडुल्किनु'-को प्रे० क्रि०) ।
गुँडुल्याइनु–स० क्रि० [गुँडुल्याउ+इ+नु] गुँडुलो पारिनु; ('गुँडुल्याउनु'-को क० क्रि०) ।
गुँडुल्याउनु–स० क्रि० [गुँडुलि+याउ+नु] १. गुँडुलो पार्नु; बाटुलो पार्नु । २.गुँडुलिन लाउनु; ('गुँडुलिनु'-को प्रे०क्रि०)।
गुंद–ना० [सं० गुग्गुल] रूखको एक किसिमको चोब; खोटो । (यो भिजाएर टाँस्ने काममा र औषधिमा उपयोग गरिन्छ।)
गुंद–ना० [सं० गुन्द्रा] १. चार पाटा परेका लामा डाँठका टुप्पामा कोदाका जस्ता झुप्पाकार फूल र लामा-लामा पात हुने एक झार; ठूलो एक जातको मोथे । २. त्यसैको जरो; भद्र-मुस्ता ।
गुंदरी–ना० [सं० गुन्द्रा] गुन्द्री ।
गुंला–ना० [नेवा०] दुवैतिर छालाले मढ़ेको, बायाँतिर लट्ठीले र दायाँतिर हातले बजाउने एक प्रकारको बाजा ।
गुइँचे–वि० [ने०] ग्याँचे; पुड्के ।
गुइँठे–वि० [गुइँठो+ए] डल्ले; ढ्याब्रे; ग्याँचे ।
गुइँठो–ना० [सं० गोविष्ठा] चाकूजस्तो बाटुलो वा थ्याप्चो पारी सुकाएको गोबरको पाप्रो; गोबर सुकाएको इन्धन ।
गुइयाँ–ना० [प्रा० गोत्तिअ] १. भित्री सल्लाह; मतो । २. घनिष्ठ मित्रता । ३. खेलमा आफ्नो पक्षको व्यक्ति ।
गुइयाँ–ना० [ने०] कुनै कुरोको प्रचार; हल्ला ।
गुगुती–ना० [घुघुती] घुघुती ।
गुगुल–ना० [सं०] १. सुगन्धी खोटो निस्कने एक जातको वृक्ष । २. त्यसैका चोबको धूप; गोकुल-धूप ।
गुघुती–ना० [घुगुती] घुगुती ।
गुचमुच्च–क्रि० यो० [ने०] गुजमुज्ज ।
गुच्चा–ना० [गुज्जा] गुड़ाएर खेल्ने सानो गोली; मटचाङ्ग्रा-जस्तो गोली; गुज्जा ।

गुच्छ–ना० [सं०] फूलहरूको झुप्पो; गुच्छा ।
गुच्छक–ना० [सं०] फूलहरूको झुप्पा; गुच्छ ।
गुच्छ-करञ्ज–ना० [सं०] राम-रिट्ठो ।
गुच्छादार–वि० [गुच्छा+दार (फा०)] गुच्छै-गुच्छा परेको; गुच्छा भएको ।
गुच्छो–ना० [सं० गुच्छ] १. फूलहरूको झुप्पो; फूलहरूको मूठो । २. पोते, धागो आदि वस्तुको झुप्पो ।
गुजमुजिनु–अ० क्रि० [गुजमुज्ज+इ+नु] मुजा-मुजा पर्नु; खुम्चिनु; गुजमुज्ज पर्नु ।
गुजमुजे–वि० [गुजमुज्ज+ए] गुजमुजिएको; गुजमुज्ज परेको।
गुजमुज्ज–क्रि० यो० [ने०] १. खुम्चिने किसिम; गुजमुजिने किसिम । २. एकै ठाउँमा थुप्रिने किसिम; गज्मौरो हुने किसिम । ३. धागो, डोरी आदि अल्झेर डल्लो पर्ने किसिम ।
गुजमुज्याइ–ना०[गुजमुज्याउ+याइ] गुजमुजिने वा गुजमुज्याउने किसिम, क्रिया वा भाव ।
गुजमुज्याउनु–स० क्रि०[गुजमुजि+आउ+नु] गुजमुज्ज पार्नु; खुम्च्याउनु ।
गुजमुज्याहट–ना० [गुजमुजि+आहट] गुजमुजिने वा गुजमुज्याउने किसिम वा क्रिया ।
गुजरा–ना० [गुजारा] गुजारा ।
गुजरान–ना० [फा०गुज़र] निर्वाह; जीविका; काल-क्षेप ।
गुजारा–ना० [फा० गुज़ारः] १. जीवन-निर्वाहका निम्ति दिइएको वृत्ति; जीविका । २. गुजरान; निर्वाह; गुजेस्ता ।
गुजारिनु–स० क्रि० [गुजार्+इ+नु] समय बिताइनु; ('गुजार्नु'-को क० क्रि०) ।
गुजारी–ना० [फा० गुज़ारः+ई] दस्तूर; रकम; महसूल ।
गुजार्नु–स० क्रि० [फा० गुज़ारः+नु] १. समय बिताउनु; निर्वाह गर्नु । २. नघाउनु (म्याद) ।
गुजी–ना० [ने०] १. डर-लाग्दो कुरा (बाल-बोलीमा); गुज्यू; हाउ । २. कीरो; बुजी ।
गुजु–ना० [ने०] गुजी ।
गुजुक्क–क्रि० यो० [ने०] सानो ठाउँमा सङ्कोचसित बस्ने किसिम; गुचमुच्च; गुजमुज्ज ।
गुजुमुजु–क्रि० यो० [ने०] खुम्चिने वा मुजा पर्ने किसिम ।
गुजुल्टो–ना० [ने०] १. घाँस, पराल वा रौँको गुजमुजिएको डल्लो । २. एक हातले समाउन सकिनेसम्मको घाँस, पराल आदिको परिमाण ।
गुजेस्ता–ना० [फा० गुज़ारः] निर्वाह; गुजरान; गुजारा ।
गुज्जा–ना० [सं० गुड्] १. गुड़ाएर खेल्ने ढुङ्गा, काँच आदि-को गोली; गुच्चा । २. धागो, रौँ आदि अलमलिएर पर्ने गुजुल्टो ।
गुज्यू–ना० [गुजी] गुजी ।
गुज्रनु–अ० क्रि० [फा० गुज़र+नु] १. समय बित्नु; वेला टर्नु । २. म्याद नाघ्नु; अवधि नाघ्नु । ३. नपाइने हुनु । ४. नाश हुनु । ५. मर्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

गुत्र्याइ–ना० [गुत्र+आइ] गुत्रने किसिम, क्रिया वा भाव।

गुत्रिइनु–अ० क्रि० [गुत्रि+इ+नु] समय बितिनु; ('गुत्रिनु'-को भा० क्रि०)।

गत्रिनु–अ० क्रि० [गुत्र+इ+नु] १. समय बितिनु; ('गुत्रनु'-को भा० क्रि०)। २. गुत्रनु।

गुञ्ज–ना० [सं० गुञ्जन] १. भँवराको शब्द; भुनभुनाहट; गुञ्जन। २. मधुर ध्वनि; मीठो स्वर; कलरव। ३. शब्दको तरङ्ग।

गुञ्जन–ना० [सं०] १. भँवराको शब्द; भुनभुनाहट; गुञ्ज। २. मधुर ध्वनि; कलरव। ३. शब्दको तरङ्ग।

गुञ्जा–ना० [सं०] राती-गेड़ी; लाल।

गुञ्जाइश–ना० [फा०] अटाउने वा रहने ठाउँ; अवकाश।

गुञ्जायमान–वि० [सं०] मधुर ध्वनि आइरहेको; गुँजिरहेको।

गुञ्जित–वि० [सं०] मीठो ध्वनि आइरहेको; गुँजिरहेको; गुञ्जायमान।

गुट–ना० [गठ] कुनै सङ्घटनभित्र रहेका मानिसहरूमध्येका केही व्यक्तिको कुनै आधारमा मतो मिलेर त्यसै सङ्घटनका अन्तर्गत हुनगएको गठन; सानो सङ्घटन।

गुट-बन्दी–ना० [गुट+बन्दी] गुट बनाउनु; दल-बन्दी।

गुटमुटिइनु–अ० क्रि० [गुटमुटि+इ+नु] गुटुमुटु भएर छोपिइनु; ('गुटमुटिनु'-को भा० क्रि०)।

गुटमुटिनु–अ० क्रि० [गुटुमुटु+इ+नु] १. गुटुमुटु भएर छोपिनु। २. सहसा लड्नु; लड़ीबुड़ी हुनु; घुसमुन्टिनु। ३. एकै पल्ट सबै माल-मत्ता हात-लागी हुनु।

गुटमुट्याइ–ना० [गुटमुटि+आइ] गुटमुटिने किसिम, क्रिया वा भाव।

गुटमुट्याइ–ना० [गुटमुट्याउ+आइ] गुटमुट्याउने किसिम, क्रिया वा भाव।

गुटमुट्याइनु–स० क्रि० [गुटमुट्याउ+इ+नु] गुटुमुटु पारेर बेरिनु; ('गुटमुट्याउनु'-को क० क्रि०)।

गुटमुट्याउनु–स० क्रि० [गुटमुटि+याउ+नु] १. गुटुमुटु पारेर बेर्नु; कपड़ा, कागत आदिले छोप्नु। २. भएभरको सबै माल-मत्ता बोकेर हिँड्नु; जम्मै लैजानु। ३. गुटमुटिन लाउनु; ('गुटमुटिनु'-को प्रे० क्रि०)।

गुटिका–ना० [सं०] १. गोली; बटी। २. मुखमा हालेपछि अदृश्य होइने मन्त्र-सिद्ध गोली। ३. सानो आकारको पुस्तक।

गुटी–ना० [सं०] गुटिका।

गुटुमुटिइनु–अ० क्रि० [गुटुमुटि+इ+नु] गुटुमुटु भएर छोपिइनु; ('गुटुमुटिनु'-को भा० क्रि०)।

गुटुमुटु–क्रि० यो० [ने०] १. कपड़ा आदि ओढ़ेर राम्ररी छोपिने किसिम। २. कागज, कपड़ा आदिले चारैतिर बेर्ने किसिम।

गुठियार–ना० [गूठीयार] गूठीयार।

गुठिल–वि० [ने०] लुकेको; प्रच्छन्न; छिपेको; गुप्त।

गुठिल–ना० [गाँठो] १. सम्पत्तिको पोको। २. सम्पत्ति; दौलत।

गुठुरिइनु–अ० क्रि० [गुठुरि+इ+नु] गुठुरो परिनु; पोको परिनु; ('गुठुरिनु'-को भा० क्रि०)।

गुठुरिनु–अ० क्रि० [गुठुरो+इ+नु] गुठुरो पर्नु; पोको पर्नु।

गुठुरो–वि० [गठरो] १. गठरो; ग्याँचे। (ना०) २. कुटुरो; सानो पोको।

गुठुऱ्याइ–ना० [गुठुरि+याइ] गुठुरिने किसिम, क्रिया वा भाव।

गुठुऱ्याइ–ना० [गठुऱ्याउ+आइ] गुठुऱ्याउने किसिम, क्रिया वा भाव।

गुठुऱ्याइनु–स० क्रि० [गुठुऱ्याउ+इ+नु] गुठुरो पारिनु; ('गुठुऱ्याउनु'-को क० क्रि०)।

गुठुऱ्याउनु–स० क्रि० [गुठुरि+याउ+नु] १. पोको पार्नु; गुठुरो पार्नु। २. गुठुरिन लाउनु; ('गुठुरिनु'-को प्रे० क्रि०)।

गुड–ना० [सं०] उखुको रस पकाएर बनाएको गुलियो पदार्थ; सखर।

गुड़गुच्चे–ना० [गुड्+गुच्चा] गुड़ेर जाने काम; गुड्ने क्रिया।

गुड़गुड़–क्रि० यो० [अनु०] १. बाटुलो वस्तु गुड्दा आवाज आउने किसिम। २. वायुको विकारले पेटमा आवाज आउने किसिम; पेट कराउने किसिम। ३. तमाखु खाँदा हुक्काबाट आवाज आउने किसिम।

गुड़गुड़ाइ–ना० [गुड़गुड़+आइ] गुड़गुड़ाउने किसिम, क्रिया वा भाव।

गुड़गुड़ाइनु–स० क्रि० [गुड़गुड़ाउ+इ+नु] बाटुलो वस्तु गुड्ने गरी पठाइनु; गुड़ाइनु; ('गुड़गुड़ाउनु'-को क० क्रि०)।

गुड़गुड़ाउनु–स० क्रि० [गुड़गुड़+आउ+नु] १. बाटुलो वस्तु गुड्ने गरी पठाउनु; गुड़ाउनु। २. पेट कराउनु; पेटमा गुड़गुड़ शब्द हुनु। ३. गुड़गुड़ आवाज आउने गरी तमाखु खानु।

गुड़गुड़ाहट–ना० [गुड़गुड़ाउ+आहट] गुड़गुड़ाउने किसिम, क्रिया वा भाव; गुड़गुड़ाइ।

गुड़गुड़े–ना० [सं० गुड] १. सेतो नाथ्रो र खैरो भावको कालो बोक्रो हुने गेड़ा फल्ने एक जातको मार्सी धान। २. त्यसैको चामल।

गुड़गुड़े–वि० [गुड़गुड़+ए] १. गुड़गुड़ शब्द गर्ने। (ना०) २. गुड़गुड़ आवाज गर्ने ढलौटे हुक्का।

गुड-दारु–ना० [सं०] उखु।

गुड-पाक–ना० [सं०] गुडको चास्नीमा बनाइएको पौष्टिक पदार्थ वा औषधि।

गुड-शर्करा–ना० [सं०] सखर।

गुडा–ना० [सं०] १. कपासको बोट। २. गोली; गुटिका।

गुड़ाइ–ना० [गुड्+आइ] गुड्ने किसिम, क्रिया वा भाव।

गुड़ाइनु–स० क्रि० [गुड़ाउ+इ+नु] बाटुलो वस्तु लड़ाउँदै पठाइनु; ('गुड़ाउनु'-को क० क्रि०)।

गुड़ाउनु–स० क्रि० [गुड्+आउ+नु] बाटुलो वस्तु लड़ाउँदै

CC-0. In Public Domain. Digitization by eGangotri

पठाउनु; गुड़गुड़ पार्दै घचेट्नु; गुर्याउनु; ('गुड्नु'-को प्रे० क्रि०)।

गुडाकेश—ना० [सं०] १. निद्रालाई जितेको व्यक्ति। २. शिव। ३. अर्जुन।

गुड़िनु—अ० क्रि० [गुड्+इ+नु] गुरिइनु; ('गुड्नु'-को भा० क्रि०)।

गुडूची—ना० [सं०] गुर्जो।

गुड्डी—ना० [ने०] नचाहिँदो धाक; व्यर्थको फूर्ति।

गुड्नु—अ० क्रि० [सं० गुड्+नु] बाटुलो वा गोल वस्तु भइँमा लड्दै जानु; गुर्रिनु।

गुण—ना० [सं०] १. कुनै वस्तुलाई अरू वस्तुदेखि भिन्न बुझाउने तत्त्व; विशेषता; धर्म। २. कुनै मानिसमा रहेको असल स्वभाव; सद्गुण। ३. कुनै कामको सीप; निपुणता। ४. प्रभाव; असर। ५. लाभ; फायदा। ६. प्रशंसनीय कुरा। ७. प्राकृतिक धर्म (सत्त्व, रज र तम)। ८. श्लेष, समाधि, उदारता, ओज, प्रसाद, माधुर्य, अर्थ-व्यक्ति, कान्ति, सुकुमारता र समता—यी दश रसका उत्कर्ष-कारक काव्यका धर्म। ९. व्याकरण-शास्त्रानुसार अ, ए, ओ—यी तीन अक्षर। १०. धागो; डोरी। ११. धनुको ताँदो; प्रत्यञ्चा। १२. गुणा (गणितमा)।

गुणक—ना० [सं०] कुनै अङ्कलाई गुणा गर्ने अङ्क; गुन्ने अङ्क।

गुण-कथन—ना० [सं०] १. गुण गाउनु; गुण-गान। २. विप्रलम्भ श्रृङ्गार रसमा हुने नायकका दश दशामध्ये एक।

गुण-कर—वि० [सं०] फायदा दिने; लाभ-दायक; हित-कर।

गुणकामदेव—ना० [सं०] काठमाडौँ शहर बसाल्ने र स्वयम्भूको स्तूप वनाउने भनी वंशावलीहरूमा प्रसिद्ध एक प्राचीन राजा।

गुण-कार—ना० [सं०] लाभ-दायक; गुण-कर।

गुण-कारक—वि० [सं०] फायदा गर्ने; लाभ-दायक।

गुण-कारी—वि० [सं०] लाभ-दायक; गुण-कर।

गुण-कीर्तन—ना० [सं०] गुण-गान; गुणको वर्णन।

गुण-गान—ना० [सं०] गुण गाउनु; गुणको बयान गर्नु; धूमधाम प्रशंसा गर्नु।

गुण-ग्रहण—ना० [सं०] १. अरूले गरेको गुण सम्झनु; कृतज्ञ हुनु। २. अर्कामा रहेका सद्गुणको अनुकरण गर्नु; अरूमा भएको असल बानी सिक्नु।

गुण-ग्राम—ना० [सं०] गुणहरूको समूह।

गुण-ग्राहक—वि० [सं०] गुण सम्झने; गुणको वा गुणीको आदर गर्ने; गुण-ग्राही।

गुण-ग्राही—वि० [सं०] गुण-ग्राहक।

गुण-घाती—वि० [सं०] अरूमा भएको असल गुण देखेर रीस गर्ने; द्वेषी।

गुणज्ञ—वि० [सं०] असल कुरो वा गुणको कदर गर्ने; गुण जान्ने।

गुणज्ञता—ना० [सं०] गुणज्ञ हुनाको भाव।

गुण-त्रय—ना० [सं०] प्रकृतिका तीन प्रमुख गुण (सत्त्व, रज र तम)।

गुण-धर्म—ना० [सं०] कुनै गुणमा रहने विशेषता।

गुणन—ना० [सं०] एउटा अङ्कले अर्को अङ्कलाई गुन्नु; गुणा गर्नु।

गुणन-फल—ना० [सं०] एउटा अङ्कले अर्को अङ्कलाई गुनेर निस्केको अङ्क; गुणन गरेर आएको उत्तर वा परिणाम।

गुण-निधान—वि० [सं०] धेरै असल-असल गुण भएको; गुण-निधि; गुणी।

गुण-निधि—ना० [सं०] धेरै गुण हुने; गुणी; गुणवान्।

गुण-भोक्ता—वि० [सं०] गुणको अनुभव गर्ने; गुणबाट फायदा लिने।

गुण-लक्षण—ना० [सं०] आन्तरिक गुणको परिचायक चिह्न।

गुण-वाचक—ना० [सं०] १. गुणको बोध गराउने शब्द; विशेषण। (वि०) २.गुणको बोध गराउने।

गुणवान्—वि० [सं०] गुण भएको; गुणी।

गुण-सागर—वि० [सं०] अनेक असल गुण हुने; गुण-निधि।

गुण-हीन—वि० [सं०] गुण नभएको; निर्गुणी; गुण-रहित।

गुणा—वि० [सं० गुणन] १. गुनिएको; गुणन गरिएको (दोबर, तेबर आदि)। (ना०) २. गणितमा कुनै सङ्ख्याले अर्को सङ्ख्यालाई गुन्ने क्रिया वा विधि; गुणन।

गुणाकर—ना० [सं०] धेरै गुण भएको; गुण-निधि।

गुणाढ्य—वि० [सं०] १. धेरै असल-असल गुणहरू भएको; सद्गुणी। (ना०) २. पैशाची भाषामा 'बड्ड कहा' (वृहद् कथा-मञ्जरी) नामक ग्रन्थ लेख्ने एक प्रसिद्ध कवि।

गुणातीत—वि० [सं०] १. प्राकृतिक गुणहरूदेखि भिन्न रहेको। (ना०) २. परमेश्वर।

गुणानुवाद—ना० [सं०] गुण-गान; गुण-कथन; प्रशंसा।

गुणान्वित—वि० [सं०] असल गुणहरू भएको।

गुणित—वि० [सं०] १. गुणा गरिएको; गुणन गरिएको। २. गणना गरिएको; गनिएको।

गुणी—वि० [सं०] १. गुण भएको; गुणवान्। २. झार-फक गर्ने व्यक्ति; धामी; झाँक्री।

गुणीभूत—वि० [सं०] मुख्य नभएको; अप्रधान; गौण।

गुणीभूत-व्यङ्ग्य—ना० [सं०] वाच्यार्थका साथ गौण रूपमा आएको अप्रधान व्यङ्ग्य; मध्यम काव्य।

गुणेश्वर—ना० [सं०] तीनै गुण (सत्त्व, रज र तम)-लाई जितेको व्यक्ति; परमेश्वर।

गुण्ठन—ना० [सं०] १. ढाक्नु; छोप्नु। २. ढकना; बिर्को। ३. पछ्यौरा।

गुण्ठित—वि० [सं०] १. ढाकिएको; छोपिएको। २. घेरिएको।

गुण्ड—ना० [सं०] मोथे झार।

गुण्डक—ना० [सं०] १. धूलो; चूर्ण। २. तेलको भाँड़ो। ३. मधुर र मन्द स्वर।

गुण्डिक—ना० [सं०] १. पीठो। २. धूलो।

CC-0. In Public Domain. Digitization by eGangotri

गुण्डित—वि० [सं०] १. पिँधिएको; चूर्ण पारिएको। २. शरीरभरि धूलो घसेको; धूलोले ढाकेको।

गुण्य—वि० [सं०] गुणा गरिने अङ्क; गुनिने अङ्क।

गुताइ—ना० [गुत्+आइ] गुत्ने किसिम, क्रिया वा भाव; गुथाइ।

गुताइनु—स० क्रि० [गुताउ+इ+नु] गुथाइनु; ('गुताउनु'-को क० क्रि०)।

गुताउनु—स०क्रि० [गुत्+आउ+नु] गुथाउ; ('गुत्नु'-को प्रे० क्रि०)।

गुताराइ—ना० [गुतार्+आइ] गुतार्ने किसिम, क्रिया वा भाव।

गुतारिनु—स० क्रि० [गुतार्+इ+नु] सित्तैँ पाए धेरै खाइनु; ('गुतार्नु'-को क० क्रि०)।

गुतार्नु—स० क्रि० [ने०] सित्तैँ पाएको वस्तु धेरै खानु; खूब खानु; बेसरी खानु।

गुतिनु—स० क्रि० [गुत्+इ+नु] गुथिनु; ('गुत्नु'-को क० क्रि०)।

गुत्थिइनु—अ० क्रि० [गुत्थि+इ+नु] रीसले धुम्मिइनु; ठुस्सिइनु; ('गुत्थिनु'-को भा० क्रि०)।

गुत्थिनु—अ० क्रि०[ने०] रीसले धुम्मिनु; ठुस्सिनु।

गुत्थो—ना० [प्रा०] १. फूलको झुप्पो। २. मोती, पोते आदिका धेरै लुङ्को समूह।

गुत्थ्याइ—ना० [गुत्थि+याइ] गुत्थिने किसिम, क्रिया वा भाव।

गुत्थ्याहट—ना० [गुत्थि+आहट] गुत्थिने किसिम, क्रिया वा भाव।

गुत्नु—स० क्रि० [सं० गुण्ठन+नु] गुथ्नु।

गुथाइ—ना० [गुथ्+आइ] गुथ्ने किसिम, क्रिया वा भाव।

गुथाइनु—स० क्रि० [गुथाउ+इ+नु] गुथ्न लाइनु; ('गुथाउनु'-को क० क्रि०)।

गुथाउनु—स० क्रि० [गुथ्+आउ+नु] गुथ्न लाउनु; लपेटाउनु; ('गुथ्नु'-को प्रे० क्रि०)।

गुथिनु—स० क्रि० [सं० गुण्ठन+नु] पगरी, फेटा आदि पहिरिनु; ('गुथ्नु'-को क० क्रि०)।

गुथ्नु—स० क्रि० [सं० गुण्ठन] पगरी, फेटा आदि पहिरनु; लपेट्नु; बाँध्नु।

गुद—ना० [सं०] मल-द्वार; गुदा।

गुद-द्वार—ना० [सं०] मल-द्वार; गुदा; चाकको प्वाल।

गुदा—ना० [सं०] गुद-द्वार।

गुदी—ना० [सं० गूढ] १. भित्र रहेको सार तत्त्व; भित्री सत्त्व। २. फलका बोक्राभित्रको नरम खाद्य-पदार्थ। ३. खूबी; विशेषता; भित्री शक्ति।

गुदुगुदु—क्रि० यो० [अनु०] हल्का किसिमले छड्कने किसिम।

गुदो—ना० [गुदी] १. गुदी। २. गुप्त धन। ३. साँचिएको वस्तु।

गुन—ना० [सं० गुण] १. गुण। २. हित; उपकार; भलाइ।

गुन-केसरी—ना० [ने०] १. लसुनको जस्तो पात र पोटी हुने, पहेँलो केशर हुने सेतो फूल फूल्ने एक बोट। २. त्यसैको फूल।

गुनगुन—क्रि० यो० [अनु०] अर्कालें स्पष्टसँग नसुन्ने वा नबुझ्ने गरी एक्लै वा साथीसँग बिस्तारै बोल्ने वा गीत गाउने किसिम; गुनगुनाउने किसिम; गुनगुनाहट।

गुनगुनाइ—ना० [गुनगुनाउ+आइ] गुनगुनाउने किसिम, क्रिया वा भाव।

गुनगुनाइनु—अ० क्रि० [गुनगुनाउ+इ+नु] गुनगुन गरिनु; ('गुनगुनाउनु'-को भा० क्रि०)।

गुनगुनाउनु—अ० क्रि० [गुनगुन+आउ+नु] अरूले राम्ररी नसुन्ने वा नबुझ्ने गरी बोल्नु वा गाउनु; गुनगुन गर्नु।

गुनगुनाहट—ना० [गुनगुन+आहट] गुनगुनाउने किसिम वा क्रिया।

गुनहगार—वि० [फा०] अपराधी; पापी।

गुना—ना० [ने०] पेच काटिएको रेखा।

गुना—वि० [गुणा] गुणा।

गुनाइ—ना० [गुन्+आइ] गुन्ने किसिम, क्रिया वा भाव।

गुनाइनु—स० क्रि० [गुनाउ+इ+नु] गुन्न लाइनु; ('गुनाउनु'-को क० क्रि०)।

गुनाउनु—स० क्रि० [गुन्+आउ+नु] गुन्न लाउनु; ('गुन्नु'-को क० क्रि०)।

गुनासो—ना० [गुनगुन+आसो] १. आत्मीय व्यक्तिसँग मनको दुःख पोख्नु। २. शोक। ३. पछुतो।

गुनाह—ना० [फा०] १. पाप। २. दोष; कसूर; अपराध।

गुनिउँ—ना० [गुन्यू] गुन्यू।

गुनिउँ-चोलो—ना० [गुन्यू-चोलो] गुन्यू-चोलो।

गुनिनु—स० क्रि० [गुन्+इ+नु] विचार गरिनु; सोचिनु; ('गुन्नु'-को क० क्रि०)।

गुनिया—ना० [गुन्यू] गुन्यू।

गुनिया-चोलो—ना० [गुनिया+चोलो] गुन्यू-चोलो।

गुनिलो—वि० [गुना+इलो] १. अरूले गरेको गुण मान्ने; गुण सम्झने; कृतज्ञ। २. गुण भएको; गुणी।

गुनी—वि० [सं० गुणी] गुणी।

गुनुगुनु—क्रि० यो० [अनु०] स्पष्टसँग नसुनिने गरी बिस्तारै कुरा गर्नु वा गाउनु; गुनगुन।

गुनेर-गानु—ना० [गुन्दर-गानु] गुन्दर-गानु।

गुन्टिइनु—अ० क्रि०[गुन्टि+इ+नु] गुन्टाजस्तो भई बेह्लिइनु; ('गुन्टिनु'-को भा० क्रि०)।

गुन्टिनु—अ० क्रि० [गुन्टा+इ+नु] १. गुन्टाजस्तो भई बेह्लिनु। २. असफल हुनु; गुल्टिनु। ३. नाश हुनु। ४. ग्याँचे हुनु; पुड्को हुनु।

गुन्टे—वि० [गुन्टा+ए] १. गुन्टाजस्तो डल्लो परेको; ग्याँचे; पुड्को। (ना०) २. खैरा र बाटुला किसिमका गेडा हुने एक जातको मार्सी धान।

CC-0. In Public Domain. Digitization by eGangotri

गुन्टे-मार्सी—ना० [ने०] १. खैरा र बाटुला किसिमका दाना हुने एक जातको धान। २. त्यसैको चामल।

गुन्टो—ना० [प्रा० गुण्ठो] बिछ्याउनाहरू बेह्रेर डोरीले बाँधेको पोको।

गुन्ट्याइ—ना० [गुन्टि+आइ] गुन्टिने किसिम, क्रिया वा भाव।

गुन्डो—वि० [सं० गुण्डक] १. ठाँटी; ठाँटिलो; ठाँट-बाँट गरेको; कसिकसाउ भएर सजिएको। २. रण्डीबाज। ३. बदमाश।

गुन्डयाइँ—ना० [गुन्डो+याइँ] गुन्डो हुने किसिम वा भाव।

गुन्थ—ना० [सं०] ठूलो-गुँद।

गुन्दर-गानु—ना० [सं० गुडूची+गानु] बाटुला पात, पहेँला साना-साना फूल र साना-साना राता गोल फल हुने, लहराका जरामा फल्ने भ्याकुरजस्तो कन्द; गुनेर-गानु। (आयुर्वेदमा यसको गुण विष-नाशक र सन्निपात-ज्वर नाश गर्ने बताइएको छ।)

गुन्द्रासिनी—ना० [सं०] देशी गुँद।

गुन्द्री—ना० [गुंदरी] तानका डोरीमा गुँद, पराल आदिले बुनेको सुकुल।

गुन्द्रुक—ना० [ने०] साग-पात आदि भाँडासा वा खाल्टामा खाँदी अमिल्याएर बनाइएको खाद्य वस्तु। (यसको तर्कारी, अचार आदि बनाइन्छ।)

गुन्द्रुके—वि० [गुन्द्रुक+ए] १. गुन्द्रुक-सम्बन्धी। २. गुन्द्रुक-जस्तो; गुन्द्रुकसमानको। ३. तुच्छ; रद्दी; बेकम्मा (व्यक्ति)।

गुन्नर-गानु—ना० [गुन्दर+गानु] गुन्दर-गानु।

गुन्नु—स० क्रि० [सं० गुणन+नु] १. विचार गर्नु; गौर गर्नु; सोच्नु। २. गुणा गर्नु; गुणन गर्नु।

गुन्यू—ना० [ने०] १. सानो फरिया। २. पेटीकोटजस्तो दुइ छेउ गाँसेर इँजार हाली लाउने एक किसिमको फरिया।

गुन्यू-चोलो—ना० [गुन्यू+चोलो] १. कन्या पाँच वर्षकी हुँदा विधिपूर्वक दिइने विशेष धोती र चोलो। २. गुन्यू र चोलो।

गुपचूप—ना० [सं० गुप्त+चूप] १. कुनै कुरो दबाउनु; चूपचाप; ढाक-छोप। २. खुवा र पीठो मिसाएर डल्लो पारी घिउमा पकाएर पागमा डुबाएको, भित्र खोक्रो हुने एक किसिमको मिठाई; भित्र मसला हाली बनाइने एक किसिमको गुलाफ-जामुन।

गुप्त—वि० [सं०] १. लुकेको; छिपेको; प्रकट नभएको। २. नदेखिएको; अदृश्य। ३. बचाइएको; रक्षित। ४. मुश्किलले मात्र जानिने; गूढ। (ना०) ५. एक प्राचीन राज-वंश।

गुप्त-चर—ना० [सं०] गुप्त रूपमा विशेष कुराको भेद पत्ता लगाउने दूत; जासूस; गुप्ती-पुलीस; सी० आई० डी०।

गुप्त-दान—ना० [सं०] दातालाई मात्र थाहा पाएर दिइने दान; अरूलाई थाहा नदिई दिइएको दान; दाताको नाम नजनाई दिइएको दान।

गुप्त-वेश—वि० [सं०] वेश बदलेको; छद्म-वेश।

गुप्ति—ना० [सं०] १. लुकाउनु; छिपाउनु; गोपन। २. रक्षा; रक्षण।

गुप्ती—ना० [सं० गुप्त] १. भित्रपट्टि तरवार वा किरीच लुकाई राख्ने गरी बनाइएको लट्ठी। २. गुप्ती-पुलीस। ३. भू-गृह; ताइखाना। (वि०) ४. गुप्त; ढाकिएको।

गुप्ती-गुन्डो—ना० [गुप्ती+गुन्डो] बाहिर सीधासाधा देखिने र गुप्त तवरले व्यभिचार गर्ने व्यक्ति।

गुप्ती-पुलीस—ना० [गुप्ती+पुलीस] गुप्त रूपले अपराध वा अपराधीको पत्ता लगाउने पुलीस; गुप्त-चर; सी० आई० डी०।

गुप्ती-मारा—वि० [गुप्ती +मारा] भित्र-भित्रै अर्काको बिगार गर्ने; कपटी।

गुफा—ना० [सं० गुहा] १. पहाड़मा वा जमीनमा बनेको प्राकृतिक सुरुङ; ओड़ार। २. जोगी-जङ्गम बस्ने कुटी। ३. सिंह, बाघ बस्ने ओड़ार।

गुब्बारा—ना० [अ० गुबार] भित्र हावा भरेर उड़ाइने रङ्गी-चङ्गी रबरको थैलो।

गुभो—ना० [सं० गर्भ] १. कर्कलो, मकै आदिको भित्री पात। २. मुनु; पिपिरो।

गुम—ना० [फा०] १. बेपत्ता; गायब; अलप। (वि०) २. छिपेको; गुप्त।

गुमज—ना० [फा० गुम्बद] झ्याल, ढोका वा छतमा बनाइने अर्ध-वृत्ताकार बान्की; बिखुम।

गुम-नाम—वि० [फा० गुम+नाम (सं०)] कसैको नाम नलेखिएको; बेनामी (चिट्ठी, लेख आदि)।

गुम-पाती—ना० [ने०] भीमसेन-पातीको जस्तो पात हुने, तर बास्ना भने नआउने एक जातको झार।

गुमक्र्याइ—ना० [गुमक्र्याउ+आइ] गुमक्र्याउने किसिम, क्रिया वा भाव।

गुमक्र्याइनु—स० क्रि० [गुमक्र्याउ+इ+नु] अटाई-नअटाई पन्जाले झिकिनु; ('गुमक्र्याउनु'-को क० क्रि०)।

गुमक्र्याउनु—स० क्रि० [ने०] १. अटाई-नअटाई पन्जाले झिक्नु। २. मुख गाड़ेर प्रशस्त खानु। ३. अँगालोले बेसरी च्याप्नु; अँठ्याउनु।

गुमस्ता—ना० [फा. गुमाश्तः] १. भित्री सल्लाह; गुप्त वार्ता। २. कामविशेषमा नियुक्त तलबदार वा हिस्सादार व्यक्ति; गुमाश्ता।

गुमाइ—ना० [गुम्+आइ] गुम्ने किसिम, क्रिया वा भाव।

गुमाइनु—स० क्रि० [गुमाउ+इ+नु] पाउने वस्तु असावधानी-वश नपाइनु; ('गुमाउनु'-को क० क्रि०)।

गुमाउनु—स० क्रि० [गुम्+आउ+नु] १. पाउनुपर्ने वस्तु कुनै कारणले नपाउनु; हराउनु; चुक्नु। २. गुम्ने पार्नु; ('गुम्नु'-को प्रे० क्रि०)।

गुमान—ना० [फा०] १. अभिमान; घमन्ड। २. अनुमान; अन्दाज।

CC-0. In Public Domain. Digitization by eGangotri

गुमाश्ता—ना० [फा० गुमाश्तः] ठूला-बड़ा व्यापारीका तर्फबाट खरीद-बिक्री गर्नका निम्ति नियुक्त प्रतिनिधि; गुमस्ता।

गुमिनु—अ० क्रि० [गुम्+इ+नु] नपाइने होइनु; हिस्सिइनु; ('गुम्नु'-को भा० क्रि०)।

गुमोज—ना० [फा० गुम्वद] गुमज।

गुम्नु—अ० क्रि० [फा० गुम+नु] १. नपाइने हुनु; हराइनु। २. भुस्सिनु; हिस्सिनु। ३. बित्नु; समय नाघ्नु।

गुम्फ—ना० [सं०] १. उन्नु; गाँस्नु। २. क्रम मिलाउनु; क्रम-वद्ध गर्नु।

गुम्फन—ना० [सं०] १. गाँस्नु; उन्नु। २. सजाउनु; सजावट। ३. क्रम-बद्ध गर्नु।

गुम्फित—वि० [सं०] १. उनिएको; गाँसिएको। २. सजाइएको। ३. मिलाइएको; संयुक्त गरिएको।

गुम्बज—ना० [गुमज] गुमज।

गुम्वा—ना० [नें०] १. बौद्ध धर्मावलम्बी भोटेहरूको देव-मन्दिर।

गुम्बा—ना० [सं० कुम्भ] द्रोण-पुष्प।

गुम्म—क्रि० यो० [नें०] १. हावा बन्द भई गुम्सिने किसिम। २. घमन्डले वा रीसले नबोलेर बस्ने किसिम।

गुम्सनु—अ० क्रि० [गुम्म+नु] गुम्सिनु।

गुम्साइ—ना० [गुम्स+आइ] गुम्सने किसिम, क्रिया वा भाव।

गुम्साइनु—स० क्रि० [गुम्साउ+इ+नु] गुम्स्याइनु; ('गुम्साउनु'-को क० क्रि०)।

गुम्साउनु—स० क्रि० [गुम्स+आउ+नु] १. गुम्स्याउनु। २. गुम्सन लाउनु; ('गुम्सनु'-को प्रे० क्रि०)।

गुम्सिनु—अ० क्रि० [गुम्स+इ+नु] १. हावा खेल्न नपाउने गरी थुनिनु; ढाक-छोप भएर तातो हुनु; बाफिनु; उसिनिनु। २. गुम्सने होइनु; गुम्म परिनु; ('गुम्सनु'-को भा० क्रि०)।

गुम्स्याइ—ना० [गुम्स्याउ+याइ] गुम्स्याउने किसिम, क्रिया वा भाव।

गुम्स्याइनु—स० क्रि० [गुम्स्याउ+इ+नु] गुम्म पारिनु; ('गुम्स्याउनु'-को क० क्रि०)।

गुम्स्याउनु—स० क्रि० [गुम्स+याउ+नु] १. हावा खेल्न नपाउने गरी बन्द गर्नु; गर्माउने गरी ढाक-छोप गर्नु; गुम्म पार्नु। २. गुम्सिन लाउनु; ('गुम्सिनु'-को प्रे० क्रि०)।

गुम्स्याहट—ना० [गुम्स्याउ+आहट] गुंम्सिने वा गुम्स्याउने किसिम, क्रिया वा भाव।

गुरगुर—क्रि० यो० [अनु०] १. आगो बल्ने किसिम; हुरहुर। २. धेरै मानिसहरू एकैसाथ आउने वा जाने किसिम।

गुरगुरती—क्रि० यो० [गुरगुर+ती] गुरगुर।

गुरगुरी—क्रि० यो० [गुरगुर+ई] गुरगुर।

गुराँस—ना० [नें०] १. लाम्चा पात र दारिमका जस्ता राता वा सेता झुप्पाकार फूल हुने एक वृक्ष। २. त्यसैको फूल। (यो रातो र सेतो फूल हुने—दुइ जातको हुन्छ।) ३. दाल खाइने मस्याङजस्तो एक अन्न।

गुराउ—ना० [सं० गुरु] मन्त्र-तन्त्रद्वारा बाघको रूप लिन सक्ने भनी प्रसिद्ध व्यक्ति।

गुरिल्ला-युद्ध—ना० [अं० गुरिल्ला+युद्ध (सं०)] साना-साना दलमा बाँड़िएर मौका छोपी दुश्मनमाथि गरिने आक्रमण।

गुरु—ना० [सं०] १. विद्या वा शिक्षा दिने व्यक्ति; शिक्षक। २. मन्त्र सुनाउने व्यक्ति; आचार्य। ३. नव-ग्रहमध्ये एक; बृहस्पति। ४. दुइ मात्राको अक्षर; दीर्घ अक्षर। ५. पूज्य व्यक्ति; मान्य जन। (वि०) ६. गह्रुङ्गो; वजनदार। ७. ठूलो; बड़ेमाको। ८. नपच्ने; दुष्पाच्य।

गुरु-कापी—ना० [गुरु+कापी] १. प्रेसमा कम्पोज गर्न वा छाप्न दिएको पाण्डुलिपि। २. मूल पत्र; शकल।

गुरु-कुल—ना० [सं०] १. प्रशस्त विद्यार्थीहरूलाई पठन-पाठन गराउने गुरुको आश्रम; विद्याश्रम। २. गुरुको वंश; गुरु-घराना।

गुरु-गृह—ना० [सं०] १. गुरु-कुल। २. गुरुको घर।

गुरु-घराना—ना० [गुरु-घराना] १. राज-खानदानका गुरु-खलक। २. गुरु-परम्परा।

गुरुङ—ना० [नें०] मुख्यतया नेपालको मध्य-पश्चिमी पहाड़ी प्रदेशमा बस्ने एक जाति।

गुरुङसेनी—ना० [गुरुङ+नी] गुरुङ जातिकी स्त्री।

गुरु-जन—ना० [सं०] पूज्य व्यक्तिहरू; मान्य वर्ग (माता, पिता, दाजु, दिदी, गुरु आदि)।

गुरुज्यू—ना० [गुरु+ज्यू] १. राज-परिवारलाई मन्त्र-दान गर्ने गुरु। २. गुरुको आदर बुझाउने शब्द।

गुरु-तल्प—ना० [सं०] १. गुरुको बिछ्यौना। २. गुरुकी पत्नी।

गुरु-तल्पग—ना० [सं०] गुरु-पत्नी वा विमातासँग व्यभिचार गर्ने व्यक्ति।

गुरुता—ना० [सं०] १. गुरुको भाव; गुरुत्व। २. बोझ; भार। ३. गुरुको पद वा अधिकार।

गुरुत्व—ना० [सं०] गुरुता।

गुरुत्व-केन्द्र—ना० [सं०] कुनै पदार्थको सम्पूर्ण भार केन्द्रित हुने मध्य-विन्दु।

गुरुत्वाकर्षण—ना० [सं०] सबै वस्तुहरूलाई आफूतिर खिँच्ने पृथ्वीको शक्ति।

गुरु-दक्षिणा—ना० [सं०] पढ़ाए वा मन्त्र-दान दिएबापत गुरुलाई दिइने दक्षिणा।

गुरु-पुष्य—ना० [सं०] गुरु-वारका दिन पुष्य नक्षत्र पर्दा हुने योग।

गुरु-पूर्णिमा—ना० [सं०] गुरुको विशेष रूपमा पूजा गरिने पूर्णिमा; आषाढ शुक्ल पूर्णिमा।

गुरु-मन्त्र—ना० [सं०] १. गुरुले सुनाएको मन्त्र; गुरुबाट प्राप्त मन्त्र। २. कसैबाट प्राप्त आफ्नो चित्त बुझ्दो उपदेश।

CC-0. In Public Domain. Digitization by eGangotri

३. कुनै काम गर्न कसैबाट प्राप्त गुप्त मन्त्रणा (विशेषतः खराब अभिप्रायको व्यङ्ग्यार्थमा प्रयोग हुने)।

गुरुमा–ना० [गुरु+आमा] १. गुरुकी पत्नी। २. मन्त्र-दान दिने स्त्री। ३. पढ़ाउने स्त्री; आचार्या।

गुरुमापा–ना० [नेवा०] नेपालको प्राचीन इतिहास-प्रसिद्ध एक राक्षस। (फाल्गुन शुक्ल पूर्णिमाको राती काठमाड़ौंको टुँड़िखेलमा यसलाई भोजन दिइन्छ।)

गुरु-मुख–ना० [गुरु+मुख] गुरुको मुख (गुरुद्वारा पढ्नु वा मन्त्र सुन्नु)।

गुरु-वार–ना० [सं०] बृहस्पति-वार।

गुरु-वासर–ना० [सं०] गुरु-वार; बृहस्पति-वार।

गुरुवासी–ना० [सं०] गुरुको घरमा बसेर विद्याध्ययन गर्ने छात्र।

गुर्काइ–ना० [गुर्काउ+आइ] गुर्काउने किसिम, क्रिया वा भाव।

गुर्काइनु–स० क्रि० [गुर्काउ+इ+नु] साहसपूर्वक कुनै काम गरिनु; ('गुर्काउनु'-को क० क्रि०)।

गुर्काउनु–स० क्रि० [ने०] १. साहसपूर्वक कुनै काम गर्नु। २. फूर्तिसाथ खानु। ३. मैथुन गर्नु।

गुर्किइनु–अ० क्रि० [गुर्कि+इ+नु] मरिनु; मृत्यु होइनु; ('गुर्किनु'-को भा० क्रि०)।

गुर्किनु–अ० क्रि० [ने०] मर्नु; मृत्यु हुनु।

गुर्क्याइ–ना० [गुर्कि+याइ] गुर्किने किसिम, क्रिया वा भाव।

गुर्जा–ना० [फा० गुर्ज़] सुन-चाँदीको विशेष प्रकारको डन्डा वा गदा।

गुर्जो–ना० [सं० गुडूची] पीपलका जस्ता र थोरै पात हुने, राता गोल फल फल्ने, पहेँलो फूल फुल्ने र ठूलो डाँठ हुने एक लहरो; गुडूची। (आयुर्वेदमा यसको गुण ज्वर-नाशक, वीर्य-वर्द्धक, पुष्टि-कारक र हृदय-सम्बन्धी रोगमा फायदा गर्ने बताइएको छ।)

गुर्बो–ना० [ने०] १. बाहिरपट्टि हरियोमा सेता टीका-टीका परेका अनेक पात हुने र तिनका बीचमा शङ्खको बान्की परेर घुस्रेको एउटा ठूलो रातो रङ्गको पात हुने, र त्यसका बीचमा घोगो र घोगामाथि पहेँलो कोपिलो हुने, सेतो भ्याकुरजस्तो कन्द हुने एक बोट। २. त्यसैको कन्द; सेतो जातको ओल। (आयुर्वेदमा यसको गुण शूल रोग र अलकाईलाई नाश गर्ने बताइएको छ।)

गुर्भे–ना० [ने०] एक जातको विषालु सर्प।

गुर्र–क्रि० यो० [अनु०] १. गोल वस्तु गुड्दा आवाज आउने किसिम। २. पेट कराउने किसिम। ३. बाघ, सिंह आदि गर्जने किसिम।

गुर्रिइनु–अ० क्रि० [गुर्रि+इ+नु] गुड्रिनु; ('गुर्रिनु'-को भा० क्रि०)।

गुर्रिनु–अ० क्रि० [गुर्र+इ+नु] १. गुड्नु। २. गुड़ेको आवाज आउनु। ३. वायुको विकारले पेट कराउनु।

गुर्र्याइ–ना० [गुर्रि+याइ] गुर्रिने वा गुर्र्याउने किसिम, क्रिया वा भाव।

गुर्र्याइनु–स० क्रि० [गुर्र्याउ+इ+नु] गुड़ाइनु; ('गुर्र्याउनु'-को क० क्रि०)।

गुर्र्याउनु–स० क्रि० [गुर्रि+याउ+नु] १. गोल वस्तु गुर्र लड़ाउनु; गुड़ाउनु। २. गुर्रिन लाउनु; ('गुर्रिनु'-को प्रे० क्रि०)।

गुर्विणी–ना० [सं०] १. गर्भवती स्त्री। (वि०) २. दोजाई; गर्भवती।

गुलकन्द–ना० [फा० गुलक़न्द] अत्तर-गुलाबको फूल सखरमा माड़ी भाँड़ामा कोचेर बनाएको एक किसिमको मुरब्बा।

गुलजार–वि० [फा० गुलज़ार] १. खेती-पाती वा बस्ती राम्रो भएको; हरिलो-भरिलो। २. आनन्द-दायक र शोभा-युक्त।

गुलदस्ता–ना० [फा०] फूल र पातहरू सजाएर बाँधी बनाइएको सुन्दर गुच्छा।

गुल-बकावली–ना० [फा० गुल+बकावली (सं०)] बकावलीको फूल।

गुला–ना० [प्रा० गुलिआ] अण्ड-कोष; मुष्क।

गुलाफ–ना० [फा० गुलाब] गुलाब।

गुलाफ-जल–ना० [गुलाब-जल] गुलाब-जल।

गुलाफ-जामुनु–ना० [गुलाब-जामुनु] गुलाब-जामुनु।

गुलाफी–वि० [फा० गुलाबी] गुलाबी।

गुलाब–ना० [फा०] १. साना-साना पात, सुगन्ध-युक्त राता, पहेँला, सेता आदि अनेक रङ्गका फूल फुल्ने एक काँढ़ादार बोट। २. त्यसैको फूल। (साना, ठूला, राता, पहेँला, सेता आदि अनेक रङ्गका फूल फुल्ने यसका अनेक जात छन्। यसका फूलबाट अत्तर, सुगन्धी जल आदि बनाइन्छ।)

गुलाब-जल–ना० [गुलाब+जल] गुलाबका फूलको अरक।

गुलाब-जामुनु–ना० [गुलाब+जामुनु] १. खुवा र पीठाको डल्लो पारी घिउमा पकाई पागमा डुबाएको खाद्य पदार्थ; लाल-मोहन। २. भित्रपट्टि दुइ फग्ल्याँटे खैरो बीयाँ हुने, अम्बा-रङ्गको, गुलियो फल।

गुलाब-तकिया–ना० [गुलाब+तकिया] गाँजा काट्ने प्रेम-कटारीको अचानु।

गुलाब-पाश–ना० [फा०] गुलाब-जल हालेर छर्कने एक किसिमको सुरहीजस्तो सानो भाँड़ो।

गुलाबी–वि० [फा०] १. गुलाबको रङ्गको; हल्का रातो रङ्गको; गुलाफी। २. गुलाब-सम्बन्धी; गुलाबको। ३. हल्का; नजानिँदो किसिमको (घोच-पेच, पीडा, नशा आदि)।

गुलाम–ना० [अ० गुलाम] १. कमारो; दास। २. अधीनस्थ व्यक्ति; वश-वर्ती मानिस। ३. दहर र मीमका बीचको तासको एक पत्ती।

गुलाम-चोर–ना० [गुलाम+चोर] तासको एक खेल।

गुलामी–ना० [अ० गुलामी] गुलाम हुनाको भाव; दासत्व।

गुलियो–ना० [सं० गुल्य] १. मिस्री, चीनी, मह आदिको

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाद । (वि०) २. चीनी, मिस्री आदिका स्वादको; मीठो; मधुर ।

गुलियो-गोल-काँक्री–ना०[गुलियो+गोल-काँक्री] १. तीन-तीन कुना परेका पात हुने, लामा-लामा नङ्ग्रा निस्कने, राता फल फल्ने, पहेँलो फूल फुल्ने एक लता । २. त्यसैको फल ।

गुलुच्छ-कन्द–ना० [सं०] सानो जातको सालिम-मिस्री ।

गुलुब–ना० [अं० ग्लोब] बिजुलीको चीम; बल्ब ।

गुलेली–ना० [फा० गिलूलः] १. मटचाङ्ग्राले हानेर चराचुरुङ्गीको शिकार गरिने धनुष । २. चोके परेका दुइ हाँगामा रबरका फित्ता लगाई त्यसद्वारा मटचाङ्ग्रा हुत्याएर चराको शिकार गरिने शस्त्र ।

गुल्जार–वि० [फा० गुलज़ार] गुलजार ।

गुल्जारी–ना० [फा० गुलज़मीँ] निशानाको केन्द्र; तारो ।

गुल्टनु–अ० क्रि० [ने०] गुल्टिनु ।

गुल्टाइ–ना० [गुल्टाउ+आइ] गुल्टिने वा गुल्टाउने किसिम, क्रिया वा भाव ।

गल्टाइनु–स० क्रि० [गुल्टाउ+इ+नु] गुल्ट्याइनु; ('गुल्टाउनु'-को क० क्रि०) ।

गुल्टाउनु–स० क्रि० [गुल्टि+आउ+नु] गुल्ट्याउनु; ('गुल्टिनु'-को प्रे० क्रि०) ।

गुल्टिइनु–अ० क्रि० [गुल्टि+इ+नु] अचानक लड़िनु; पछारिनु; ('गुल्टिनु'-को भा० क्रि०) ।

गुल्टिनु–अ० क्रि० [ने०] १. अचानक लड्नु; पछारिनु । २. उभिन्डिनु; मुन्टाको भर पर्नु । ३. असफल हुनु; फेल हुनु । ४. हार्नु । ५. मर्नु । ६. बिग्रनु; नष्ट हुनु; ('गुल्टनु'-को भा० क्रि०) ।

गुल्ट्याइ–ना०[गुल्टि+आइ]गुल्टिने किसिम, क्रिया वा भाव ।

गुल्ट्याइनु–स० क्रि० [गुल्ट्याउ+इ+नु] पछारिनु; लड़ाइनु; ('गुल्ट्याउनु'-को क० क्रि०) ।

गुल्ट्याउनु–स० क्रि० [गुल्टि+याउ+नु] १. पछार्नु; लड़ाउनु । २. मुन्ट्याउनु; उभिन्ड्याउनु । ३. हराउनु; पराजित गर्नु; ('गुल्टिनु'-को प्रे० क्रि०) ।

गुल्ट्याहट–ना० [गुल्टि+आहट] गुल्टिने किसिम वा क्रिया ।

गुल्फ–ना० [सं०] गोली-गाँठो ।

गुल्म–ना० [सं०] १. एउटै जराबाट धेरै शाखाहरू निस्कने बोट (उखु, बाँस, धान आदि) । २. नौ हात्ती, नौ रथ, सत्ताईस घोड़ा र पैँतालीस पैदल सिपाही हुने प्राचीन कालका सेनाको एक विभाग । ३. पेटभित्र वायुको गोलाजस्तो जम्ने एक रोग; वायु-गोला ।

गुल्मी–ना० [ने०] नेपालको पश्चिमी पहाड़ी क्षेत्रमा रहेको एक जिल्ला ।

गल्य–ना० [सं०] गुलियो स्वाद; गुलियोपन ।

गुह–ना० [सं०] १. कुमार; कार्तिकेय । २. घोड़ा । ३. विष्णु । ४. रामका निषाद जातिका एक मित्र ।

गुहा–ना० [फा० गवाह] गवाह; साक्षी ।

गुहा–ना० [सं०] गुफा; कन्दरा ।

गुहाई–ना० [फा० गवाही] गवाही ।

गुहार–ना० [सं० गो+हार] १. मद्दत; सहायता । २. अकस्मात् कुनै दुर्घटना वा विपद् आइपर्दा मदतका निम्ति कराइने शब्द; दुहाई ।

गुहाराइ–ना० [गुहार्+आइ] गुहार्ने किसिम, क्रिया वा भाव ।

गुहारिनु–स० क्रि० [गुहार्+इ+नु] गुहार मागिनु; मद्दतको निम्ति पुकार गरिनु; ('गुहार्नु'-को क० क्रि०) ।

गुहारे–वि० [गुहार+ए] गुहार दिने; सहायक; मद्दतगार ।

गुहार्नु–स० क्रि० [गुहार+नु] गुहार माग्नु; मद्दतको निम्ति पुकार गर्नु ।

गुहु–ना० [प्रा० गूह] मल; विष्ठा; गू; दिसा ।

गुहु-धाई–ना० [गुहु+धाई] बालकको स्याहार-सुसार गर्ने स्त्री ।

गुहे–वि० [गुहु+ए] १. गुहुजस्तो फोहर; घीन-लाग्दो । २. गुहुको; गुहु-सम्बन्धी ।

गुहे-कीरो–ना० [गुहे+कीरो] गुहुमा पैदा भई त्यसैमा दुलो बनाएर बस्ने भमराजस्तो कालो कीरो; गँड़े-कीरो ।

गुहे-चाँचर–ना० [गुहे+चाँचर] खोला-नालाका तीरमा बस्ने एक जातको चाँचर ।

गुहे-चील–ना० [गुहे+चील] सिनु खाने, चुच्चो पहेँलो र शरीर प्रायः सेतो हुने एक जातको चील; हुचील ।

गुहे-धन्धा–ना० [गुहे+धन्धा] मन नपर्दो सानो-तिनो काम; झन्झटको काम ।

गुहेली–ना० [ने०] साना-साना पात र मसिना पहेँला, गुलिया फल फल्ने एक जातको वृक्ष ।

गुह्य–वि० [सं०] १. छिपाउन योग्य; गोप्य । २. मुश्किलले मात्र बुझ्न सकिने; गूढ । ३. छिपेको; गुप्त ।

गुह्यक–ना० [सं०] कुबेरको खजानाका रक्षक यक्षहरू ।

गुह्यकाली–ना० [सं०] गुह्येश्वरी ।

गुह्य-द्वार–ना० [सं०] १. गुद-द्वार; मल-द्वार । २. गुप्ती ढोका ।

गुह्य-पति–ना० [सं०] कुबेर ।

गुह्येश्वरी–ना० [सं०] काठमाड़ौँ-इलाकाको पूर्वी भागमा रहेको एक प्रसिद्ध पीठ; गुह्यकाली ।

गू–ना० [सं०] गुहु; विष्ठा ।

गूँगो–वि० [फा० गुँग] बोल्न नसक्ने; लाटो ।

गूठ–ना० [गूठी] गूठी ।

गूठी–ना० [प्रा० गुट्ठी] १. धार्मिक वा परोपकारी कार्य स्थायी रूपले चलाउनाका निम्ति खड़ा गरिएको संस्था । २. त्यो संस्था चलाउनाका निमित्त राखिएको सम्पत्ति ।

गूठी-गाना–ना० [गूठी+गानः (फा०)] गूठीहरूको समुदाय ।

गूठीयार–ना० [गूठी+यार] १. गूठीमा सम्मिलित व्यक्तिहरू । २. परिवार ।

गूठे–ना० [गूठ+ए] आलो-पालोसँग मिलेर काम गर्नाका निम्ति गरिने सङ्गठन; पर्म ।

CC-0. In Public Domain. Digitization by eGangotri

गूढ–वि०[सं०] १. लुकेको; गुप्त। २. ढाकिएको; छोपिएको। ३. विशेष अभिप्राय लुकेको; वास्तविक अर्थ छिपेको।

गूढता–ना० [सं०] गूढ हुनाको भाव; गूढत्व।

गूढत्व–ना० [सं०] गूढ हुनाको भाव; गूढता।

गूढ-पुरुष–ना० [सं०] गुप्त-चर; जासूस; गुप्ती-पुलीस।

गूढ-मार्ग–ना० [सं०] १. गुप्त बाटो। २. सुरुङ्ग।

गूढाशय–वि० [सं०] १. गम्भीर अभिप्राय भएको; बुझ्न कठिन भएको। (ना०) २. भित्री अर्थ।

गृञ्जन–ना० [सं०] १. गाजर; रातो मूला। २. सलगम। ३. विषाक्त बाणद्वारा मारिएको पशुको मासु।

गृध्नु–वि० [सं०] १. लोभी; लालची। २. उत्सुक; अभिलाषी।

गृध्र–वि० [सं०] १. लोभी; लोलुप। (ना०) २. गिद्ध।

गृध्र-पति–ना० [सं०] जटायु।

गृध्र-राज–ना० [सं०] जटायु; गृध्र-पति।

गृष्टि–ना० [सं०] एक पटकमात्र बियाएकी गाई; पहिला बेते गाई।

गृह–ना० [सं०] १. घर; वास-स्थान। २. स्वास्नी; पत्नी। ३. स्वदेश।

गृह-उद्योग–ना० [सं०] घरैमा बसेर गरिने वा गर्न सकिने उद्योग; घरेलु उद्योग।

गृह-कर्म–ना० [सं०] १. गृहस्थीले गर्नुपर्ने कर्म; गृह-कार्य। २. घरेलु धन्धा।

गृह-कलह–ना० [सं०] घर-झगड़ा; परिवार, समाज वा राष्ट्रभित्र उठेको कलह।

गृह-कार्य–ना० [सं०] घरायसी काम-काज; गृह-कर्म।

गृह-गोधिका–ना० [सं०] माउसुली।

गृहच्छिद्र–ना० [सं०] घर-गृहस्थीभित्रको झगड़ा; गृह-कलह।

गृहज–वि० [सं०] १. घरैमा जन्मेको; घरमा पैदा भएको। (ना०) २. घरैमा जन्मेको नोकर वा कमारो।

गृह-जन–ना० [सं०] घरको परिवार; कुल-कुटुम्ब।

गृह-त्याग–ना० [सं०] घर छोड्नु; गृहस्थाश्रम त्याग्नु।

गृह-देवता–ना० [सं०] १. घरमा नित्य पूजा गरेर राखिएका देवता। २. कुल-देवता।

गृह-पति–ना० [सं०] १. घरको मालिक; घरपट्टी। २. गृहस्थ व्यक्ति।

गृह-पाल–ना० [सं०] १. घरको मालिक; गृह-पति। २. घरमा पालिएको कुकुर।

गृह-प्रवेश–ना० [सं०] शास्त्रोक्त मङ्गलाचारपूर्वक नयाँ घरमा प्रवेश गर्नु।

गृह-मन्त्री–ना० [सं०] राज्यभित्रको व्यवस्था मिलाउने मन्त्री; गृह-विभागको मन्त्री।

गृह-मेध–ना० [सं०] गृहस्थीले नित्यप्रति गर्नुपर्ने पञ्च-महायज्ञ।

गृह-युद्ध–ना० [सं०] १. घरका परिवारहरूका बीचको झगड़ा; गृह-कलह। २. कुनै देशभित्रका बासिन्दाहरूका बीचको लड़ाइँ; आपसी झगड़ा।

गृह-लक्ष्मी–ना० [सं०] १. घरकी लक्ष्मी। २. सुशीला गृहिणी।

गृह-वाटिका–ना० [सं०] घरवरि-परिको बगैँचा; घरसँगैको बारी।

गृह-वासी–वि० [सं०] घरैमा बस्ने; घर-गौँड़े।

गृह-संन्यास–ना० [सं०] घरैमा बसेर सबै कर्म गर्ने व्यक्ति; घरबाट बाहिर ननिस्कने प्रतिज्ञा वा व्रत लिएको व्यक्ति।

गृह-सचिव–ना० [सं०] गृह-विभागको मुख्य सचिव।

गृहस्थ–वि० [सं०] १. घर-बार गरेर बस्ने; गृहस्थाश्रममा रहेको। (ना०) २. किसान।

गृहस्थाश्रम–ना० [सं०] चार आश्रममध्ये दोस्रो आश्रम; घर-गृहस्थी गरेर बस्ने आश्रम।

गृहस्थी–ना० [सं०] १. घर-बार गरेर बस्ने व्यक्ति; गृहस्थ; गृहस्थाश्रममा रहेको व्यक्ति। २. घरको व्यवस्था; गृहस्थको काम-काज। ३. परिवार।

गृहिणी–ना० [सं०] १. घरकी मालिकनी; गृह-स्वामिनी। २. भार्या; पत्नी।

गृही–ना० [सं०] गृहस्थ; गृहस्थाश्रमा रहेको व्यक्ति।

गृहीत–वि० [सं०] ग्रहण गरिएको; लिइएको; स्वीकृत; पक्रिएको; पाएको; प्राप्त; उपलब्ध।

गृहीतार्थ–वि० [सं०] अर्थ बुझेको; मतलब सम्झेको; जानेको; ज्ञात।

गृहोद्यान–ना० [सं०] घरको बगैँचा; गृह-वाटिका।

गृहोद्योग–ना० [सं०] घर-सम्बन्धी काम; घर-धन्धा।

गृहोपकरण–ना० [सं०] गृहस्थीमा चाहिने माल-सामान।

गृह्य–वि० [सं०] १. गृह-सम्बन्धी; घरको। २. घरमा गरिने। ३. घरमा पालिएको; आश्रित। ४. लिन योग्य; ग्राह्य।

गृह्य-कर्म–ना० [सं०] १. गृहस्थले गर्नुपर्ने कर्म। २. घरको काम।

गृह्य-सूत्र–ना० [सं०] गृहस्थका कर्म र संस्कार आदिको निर्णय गरिएको एक वैदिक ग्रन्थ।

गेँवरा-उखु–ना० [गेवँरा+ऊखु] गेँवरा-ऊखु।

गेँवरा-ऊखु–ना० [गेवँरा+उखु] हरियो रङ्गको खूब रस आउने मोटो एक प्रकारको ऊखु। (यसका सेतो ठूलो डाँठ हुने र पहेँलो सानो डाँठ हुने—दुइ जात छन्।)

गेगर–ना० [स० कर्कर] ढुङ्गाका साना-तिना टुक्रा; मसिना ढुङ्गा।

गेग्रान–वि० [गेगर] ढुङ्गै-ढुङ्गा भएको; ढुङ्गे (जमीन)।

गेड़ी–ना० [गेड़ा+ई] १. सानो गेड़ो। २. दाना; गेड़ो (बाल-बोलीमा)। ३. शरीरका हाड़हरूको एक किसिमको जोर्नी।

गेड़ो–ना० [सं० गुडा] १. दाना; अन्नहरूको बीज। २. फल।

गेय–ना० [अ० ग्रीज] रीस; इबी।

CC-0. In Public Domain. Digitization by eGangotri

गेय–वि० [सं०] गाउन लायक; गाउन योग्य; गाउन सकिने।

गेरुवा–वि० [गेरू+उवा] गेरू रङ्गको; गेरूले रँगाएको।

गेरू–ना० [सं० गवेरुकः] फुस्रो, रातो रङ्गको एक उपधातु।

गेँवँरा–ना० [?] १. सेतो, मोटो एक असल जातको ऊखु। २. अढुवाका जस्ता पात र सेता, पहेँला फूल हुने एक जातको बर्खे बोट। ३. त्यसैको फूल।

गेह–ना० [सं०] घर; बस्ने ठाउँ।

गेहिनी–ना [सं०] गृहिणी; पत्नी।

गेहेशूर–ना० [सं०] घरभित्रको मात्र बलियो; भीरू; डर-छेरूवा।

गैँडा–ना० [सं० गण्डक] नाकमा सीङ हुने शाकाहारी एक भद्दा जङ्गली जनावर; खड्गी।

गैँडे-कीरो–ना० [गैँडा+कीरो] गोबरमा पैदा हुने भमरा-जस्तो कालो कीरो; गोब्रे-कीरो; गुहे-कीरो।

गैडु–ना० [सं० गोष्ठ] गाई-वस्तुको रक्षाका निम्ति गोठमा पूजा गरिने देवता। (मङ्सीर शुक्ल पूर्णिमाका दिन यिनको पूजा हुन्छ।)

गैर–ना० [अ० ग़ैर] १. गयल; अनुपस्थिति। २. विरुद्ध वा निषेव बुझाउने शब्द। (उदा०-गैरसरकारी, गैरकानूनी।)

गैरिक–ना० [सं०] १. गेरू। २. सुन। (वि०) ३. गेरू रङ्गको; गेरुवा।

गैवार–वि० [ने०] १. रद्दी; बेकम्मा। २. फोहोरी; घिनाहा। ३. गँवार; असभ्य। ४. कहिल्यै पानी नसुक्ने गल (खेत); खाड़ी।

गैह्र–वि० [ने०] सबै; समस्त; जम्मै।

गैह्रो–वि० [गहिरो] गहिरो।

गो–ना० [सं०] १. गाई; गौ। २. पृथिवी। ३. वाणी। ४. सरस्वती। ५. आमा। ६. दिशा। ७. जल; पानी। ८. नेत्र; आँखा। ९. साँढे; गोरु। १०. रौँ; लोम। ११. इन्द्रिय। १२. वृष राशि। १३. सूर्य। १४. चन्द्र। १५. घोड़ा। १६. नौको सङ्ख्या। १७. विजुली। १८. भैँसी, बाखो आदि दूध दिने पशु। १९. जिह्वा। २०. बाण।

गोँज–ना० [सं० गोधा] १. ग्राह। (वि०) २. गोज्याङ्ग्रो; लठेप्रो।

गोकर्ण–ना० [सं०] १. काठमाडौँको उत्तरी भागमा रहेको एक प्रसिद्ध शैव तीर्थ। २. त्यस तीर्थमा स्थापित शिव-लिङ्ग। ३. भागवत-प्रसिद्ध धुंन्धुकारीका भाइ। ४. गाईको जस्तो कान हुने एक मृग; गाइकाने-बराँठ। (वि०) ५. गाईका जस्ता कान हुने।

गोकुल–ना० [सं०] १. गाईको वथान; गो-समूह। २. गोशाला। ३. यमुना-तटमा रहेको हिन्दूहरूको एक प्रसिद्ध तीर्थ। ४. कानका लोतीमा लाउने एक प्रकारको सुनको गहना।

गोकुल-धूप–ना० [सं० गुग्गुलु+धूप] १. साना-साना पात, खैरा साना-साना फूल र लाम्बा ठूला हरिया फल हुने एक वृक्ष। २. त्यसैबाट निस्कने खोटोजस्तो पदार्थ।

गोकुले–ना० [गुग्गुल] सेतो बोक्रा हुने गोकुल-धूपको एक जात।

गो-कुशी–ना० [फा०] गो-बध।

गोक्षुरक–ना० [सं०] गोखुर।

गोखरू–ना० [गोखुर] गोखुर।

गोखुर–ना० [सं० गोक्षुरक] १. साना-साना पात, सेता फूल र काँढावाल फल हुने एक बूटी। २. त्यसैको फल; गोक्षुरक; गोखरू। (यसका साना र ठूला—दुइ भेद छन्। आयुर्वेदमा यसको गुण ठन्डा, पुष्टि-कारक र शुक्र-सम्बन्धी रोगमा फायदा गर्ने बताइएको छ।)

गोगन–ना० [ने०] ठूल्ठूला पात हुने एक जातको रूख। (यसको पात खोचो, दुनो आदि बनाउने काममा प्रयोग गरिन्छ।)

गोगन-पाते–वि० [गोगन+पात+ए] गोगन वृक्षका पातको (खोचो, दुनो आदि)।

गो-ग्रास–ना० [सं०] भोजन गर्ने बखतमा गाईलाई छुट्ट्याइने अन्न।

गो-घात–ना० [सं०] गो-हत्या; गो-वध।

गो-घाती–वि० [सं०] गो-वध गर्ने; गोघ्न।

गोघ्न–वि० [सं०] गाई मार्ने; गाईको हत्या गर्ने।

गोचर–वि० [सं०] १. इन्द्रियद्वारा जानिने; इन्द्रिय-ग्राह्य। (ना०) २. इन्द्रियको विषय; इन्द्रिय-ग्राह्य वस्तु (रूप, रस, गन्ध, स्पर्श, शब्द आदि)। ३. गाईलाई चर्नका लागि छोड़िएको जमीन; गौचर। ४. ज्योतिष शास्त्रअनुसार मनुष्यका नामका आधारमा गणना गरिएको ग्रह।

गोचर-भूमि–ना० [सं०] बसाहा वा त्रिशूल स्थापना गरी गाई-वस्तुलाई चर्नाका निमित्त छोड़िएको चौर; गौचर।

गो-चर्म–ना० [सं०] १. गाईको छाला। २. चर्सा। ३. जमीन नाप्ने प्राचीन कालको एक नाप।

गो-चारक–ना० [सं०] गाई चराउने मानिस; गोठालो।

गो-चारण–ना० [सं०] गाई चराउनु; गोठाला लाग्नु।

गो-जल–ना० [सं०] गउँत; गो-मूत्र।

गोजिह्वा–ना० [सं०] गाइ-जिभ्रे झार।

गोजिह्विका–ना० [सं०] गाइ-जिभ्रे; बन-गोभी; जङ्गली काउली।

गोजी–ना० [सं० गुह्यक] १. भित्रपट्टि मसला हाली बनाइने खुवाको रोटी। २. बगली; खल्ती; जेब।

गोजेरो–ना० [सं० गोजी] १. सिँघान। (वि०) २. गोज्याङ्ग्रो; सिँघाने।

गोज्याङ्ग्रो–वि० [गोँज] राम्ररी बोल्न नजान्ने; लठेप्रो; ग्वाँजे; सिँघाने।

गोटा–ना० [ने०] ओटा; थान।

गोटा–ना० [सं० गुटिका] कब्जियत भएको दिसा; साह्रो डल्लो दिसा; गेड़ाका आकारमा पेटभित्र जमेको मल।

गोटा–ना० [सं० गुण्ठ] वस्त्रको छेउमा शोभाका निम्ति लगाइने सुनौला-रुपौला तारले बनेको फित्ता।

CC-0. In Public Domain. Digitization by eGangotri

गोटी–ना० [सं० गुटिका] १. बुद्धिचाल, पासा, पच्चीस आदिका खेलमा चालिने गट्टा; सारी। २. माछा पक्रने जालका छेउमा झुन्ड्याइने सीसा, फलाम आदिका गोली। ३. पशुको घाँटीमा हुने एक किसिमको खटिरा वा रोग।

गोठ–ना० [प्रा० गोट्ठ] गाई-वस्तु राख्ने घर; ठूलो कटेरो; गो-शाला।

गोठाले–वि० [गोठालो+ए] गोठालाको जस्तो; गोठाला-सम्बन्धी।

गोठाले-काँक्रो–ना० [गोठाले+काँक्रो] गोल-काँक्रीका आकारको हरियो फल फल्ने एक जातको फल।

गोठाले-चरो–ना० [गोठाले+चरो] कोइलीजस्तो एक जातको चरो।

गोठाले-साग–ना० [गोठाले+साग] दूध निस्कने लामा-लामा पात, सेता वा पहेँला फूल र सेतो मूला हुने एक झार; दुग्ध-फेनी।

गोठालो–ना० [प्रा० गोट्ठालो] १. गाई-वस्तुहरूको संरक्षण गर्ने व्यक्ति; गाई-वस्तु चराउने व्यक्ति। २. पछि-पछि हिँडेर हेर-विचार गर्ने व्यवित; संरक्षक।

गोठ-गाई–ना० [गोठ+गाई] गोठभरिको नाइके गाई; बथानको अगुवा गाई।

गोठे-च्याउ–ना० [गोठ+च्याउ] गोब्रे-च्याउ।

गोड़–ना० [गोड्] वरि-परिको घाँस उखेली बोट-बिरुवा-हरूमा उकेरा दिनु; गोड्ने काम; गोड़-मेल।

गोड़धुवा–ना० [गोड़ा+धुवा] विवाहमा दुलहा-दुलहीका गोड़ा धुँदा दुलही-पक्षबाट दिइने उपहार

गोड़-मेल–ना० [गोड़+मेल (फा०)] १. बोट-बिरुवाहरूमा उकेरा दिनु; गोड्नु; गोड़। २. आफ्नो काम फत्ते गर्नाका निम्ति अरूलाई फकाई-फुल्याई गर्नु।

गोड़ा–ना० [प्रा० गोड़] खुट्टा; पाउ; पयर।

गोड़ाइ–ना० [गोड़+आइ] गोड्ने किसिम, क्रिया वा भाव।

गोड़ाइनु–स० क्रि० [गोड़ाउ+इ+नु] गोड्न लाइनु; गोड़-मेल गराइनु; ('गोड़ाउनु'-को क० क्रि०)।

गोड़ाउनु–स० क्रि० [गोड्+आउ+नु] गोड्न लाउनु; गोड़-मेल गराउनु; ('गोड्नु'-को प्रे० क्रि०)।

गोड़ायत–ना० [फा० गोइन्दः] गाउँको चौकीदार।

गोड़िनु–स० क्रि० [गोड्+इ+नु] गोड़-मेल गरिनु; ('गोड्नु'-को क० क्रि०)।

गोड़ी–ना० [गोड़ा+ई] गोड़ा (बाल-बोलीमा।)

गोड़म्बा–ना० [सं०] तरबूजो।

गोड़ैत–ना० [गोड़ायत] गोड़ायत।

गोड़ो–ना० [गोड़ा] गोड़ा।

गोड्नु–स० क्रि० [प्रा० गोड्ड] वरि-परिका घाँसहरू उखेली बोट-बिरुवाहरूका नजीकको माटो खनेर खुकुलो पार्नु; गोड-मेल गर्नु।

गोणी–ना० [सं०] बोरा; टाटको धोक्रो।

गोत–ना० [प्रा० गोत्त] १. गोत्र; पुर्ख्यौंली। २. कुल; वंश; गोती।

गोता–ना० [अ० ग़ोतः] १. डुब्नु; डुबुल्की। २. हैरानी; शासना। ३. गोत।

गोतिया–वि० [गोत+इया] एकै गोत्रको; सगोत्री।

गोती–वि० [प्रा० गोत्तीअ] एकै गोत्रको; सगोत्री।

गो-तीर्थ–ना० [सं०] गोठ; गो-शाला।

गोत्र–ना० [सं०] १. वंश-प्रवर्तक ऋषि-मुनिहरूबाट चलि-आएको उपनाम। २. वंश; कुल; पुर्ख्यौंली। ३. जाति। ४. वर्ग। ५. सन्तान। ६. नाम; संज्ञा। ७. दल; समूह। ८. छाता; छत्र। ९. बाटो; मार्ग। १०. पर्वत; पहाड़। ११. गाईलाई रक्षा गर्ने व्यक्ति। १२. पृथिवी।

गोत्र-पट–ना० [सं०] वंशावली।

गोत्र-प्रवर्तक–वि० [सं०] गोत्र चलाउने।

गोत्रभिद्–ना० [सं०] १. पहाड़ फोर्ने व्यक्ति। २. इन्द्र।

गोत्री–वि० [सं०] एउटै गोत्रको; गोत्रीय; गोती।

गोत्रीय–वि० [सं०] एकै गोत्रमा जन्मेको; एउटै गोत्रको।

गोदना–ना० [गोभ्] छाला पाछेर नीर वा कोइला हालेको पानीमा डुबाइएको सीयोले खोपेर शरीरमा श्रृङ्गारका निमित्त बनाइने बुट्टा।

गोदाइ–ना० [गोद्+आइ] गोद्ने किसिम, क्रिया वा भाव।

गोदाइनु–स० क्रि० [गोदाउ+इ+नु] गोद्न लाइनु; ठोकाइनु; ('गोदाउनु'-को क० क्रि०)।

गोदाउनु–स० क्रि० [गोद्+आउ+नु] गोद्न लाउनु; ठोकाउनु; ('गोद्नु'-को प्रे० क्रि०)।

गोदागोद–ना० [गोद्+गोद्] परस्परको गोदाइ; खाँदाखाँद।

गो-दान–ना० [सं०] १. गाई-दान। २. ब्राह्मणका षोडश संस्कारमध्ये एक; क्षौर-कर्म; कपाल खौरनु।

गोदाम–ना० [अं० गोडाउन] जिन्सी माल-मत्ता प्रशस्त मात्रामा राख्ने ठाउँ वा घर।

गोदारण–ना० [सं०] १. हलो। २. कोदाली।

गोदावरी–ना० [सं०] १. दक्षिण भारतमा बग्ने एक प्रसिद्ध नदी; हिन्दूहरूका पवित्र सात नदीमध्ये एक। २. ललितपुर शहरको आग्नेय कोणमा रहेको एक प्रसिद्ध तीर्थ। (सिंह राशिमा बृहस्पति जाँदा अथवा प्रत्येक बाह्र वर्षमा यहाँ मेला लाग्दछ।)

गोदावरी–ना० [फा० गुलदाउदी] १. कुना-कुना परेका भूवा-दार नरम पात हुने; अनेक रङ्गका केस्रा-केस्रा परेका ठूला-साना फूल फुल्ने एक शारदीय बोट। २. त्यसैको फूल।

गोदिनु–स० क्रि० [गोद्+इ+नु] लात खाँदिनु; ठोकिनु; पिटिनु; ('गोद्नु'-को क० क्रि०)।

गोदोहनी–ना० [सं०] गाई दुहुने भाँड़ो; गबुवा।

गोद्नु–स० क्रि० [गोड़ा+दि+नु] लात खाँद्नु; ठोक्नु; पिट्नु।

गो-धन–ना० [सं०] गाई, भैंसी आदि धन।

CC-0. In Public Domain. Digitization by eGangotri

गोधाइ–ना० [गोध्+आइ] गोध्ने किसिम, क्रिया वा भाव; गोदाइ ।

गोधाइनु–स० क्रि० [गोधाउ+इ+नु] गोदाइनु; ('गोधाउनु'-को क० क्रि०) ।

गोधाउनु–स० क्रि० [गोध्+आउ+नु] गोदाउनु; ('गोध्नु'-को प्रे० क्रि०) ।

गोधागोध–ना० [गोदागोद] गोदागोद ।

गोधिका–ना० [सं०] १. गोही । २. माउसुली ।

गोधिनु–स० क्रि० [गोध्+इ+नु] गोदिनु; ('गोध्नु'-को क० क्रि०) ।

गोधूम–ना० [सं०] गहूँ ।

गो-धूलि–ना० [सं०] चरेर फर्केकाका गाईहरूका खुरले धूलो उड़ाएको बेलुकाको समय; प्रसिद्ध एक मुहूर्त ।

गोध्नु–स० क्रि० [गोद्नु] गोद्नु ।

गोप–ना० [सं०] १. गाई पाल्ने; गो-रक्षक । २. गो-शालाको मालिक । ३. संरक्षक । ४. नायक । ५. राजा ।

गो-पति–ना० [सं०] १. गाईको धनी; गाईको मालिक । २. साँढ़े । ३. शिव । ४. विष्णु । ५. श्रीकृष्ण । ६. सूर्य । ७. चन्द्रमा । ८. राजा । ९. वरुण ।

गोपन–ना० [सं०] १. लुकाउनु; छिपाउनु । २. पाल्नु; रक्षा गर्नु ।

गोपनीय–वि० [सं०] १. लुकाउन योग्य; छिपाउन हुने । २. पाल्न योग्य; रक्षणीय ।

गोपा–ना० [सं०] १. गोपकी स्त्री । २. गाई पाल्ने स्त्री । ३. गौतम बुद्धकी पत्नी; यशोधरा ।

गोपानसी–ना० [सं०] घरका छानाको बलो ।

गोपाल–ना० [सं०] १. गाई पाल्ने व्यक्ति; २. श्री-कृष्ण ।

गोपाल-कर्कटी–ना० [सं०] गोठाले-काँक्रो ।

गोपाष्टमी–ना० [सं०] कार्तिक शुक्ल अष्टमी ।

गोपिका–ना० [सं०] १. गोपिनी; गोप-स्त्री । (वि०) २. पालन-पोषण गर्ने; संरक्षक (स्त्री); धाई ।

गोपिनी–ना० [सं० गोपी] गोप-स्त्री; गोपी; गोपिका ।

गोपी–ना० [सं०] गोपिका ।

गोपी-चन्दन–ना० [सं०] द्वारकामा पाइने, वैष्णवहरूले तिलक धारण गर्ने पहेँलो भावको माटो ।

गोपी-बाँस–ना० [गोपी+बाँस] गोपे-बाँस ।

गोपुर–ना० [सं०] १. शहरको ढोका; मुख्य ढोका । २. राज-दरबार वा मन्दिर आदिको मूल ढोका ।

गो-पुरीष–ना० [सं०] गोबर ।

गोपे-बाँस–ना० [सं० गोप+बाँस] सानो एक जातको बाँस । (यसको बाँसुरी बनाइन्छ ।)

गोप्ता–वि० [सं०] १. पाल्ने; पालक । २. रक्षा गर्ने; रक्षक । ३. लुकाउने; गोपन गर्ने ।

गोप्य–वि० [सं०] १. लुकाउन लायक; गोपनीय । २. रक्षा गर्न लायक; रक्षणीय ।

गोफ्ले–वि० [ने०] भद्दा किसिमको; ख्वाँचे; नराम्रो किसिमको मोटो ।

गोबर–ना० [सं० गोमय] गाईको मल; गो-पुरीष ।

गोबर-गणेश–वि० [गोबर+गणेश] केही नजान्ने; लट्ठक; बुद्धि नभएको; बुद्धू; शुद्ध-बुद्ध ।

गोब्रे–वि० [गोबर+ए] १. बुद्धू; गोबर-गणेश । २. भद्दा किसिमको मोटो; गोफ्ले । ३. गोबर-सम्बन्धी; गोबरको ।

गोब्रे-कीरो–ना० [गोब्रे+कीरो] गोबरमा पैदा हुने एक किसिमको कीरो ।

गोब्रे-चाँप–ना० [गोब्रे+चाँप] पहेँलो फूल फुल्ने एक जातको चाँप ।

गोब्रे-च्याउ–ना० [गोब्रे+च्याउ] गोबरमा उम्रने, खैरो रङ्गको, छत्राकार, खान नहुने एक जातको च्याउ ।

गोब्रे-झार–ना० [गोब्रे+झार] ठूल्ठूला खस्रा पात र गोल-भँड़ाजस्ता फल हुने, वर्षा-कालमा हुने बोटविशेष ।

गोब्रे-मल–ना० [गोब्रे+मल] गाई-वस्तुको गोबरको मल ।

गोब्रे-मसी–ना० [गोब्रे+मसी] गोबर र मोसोबाट तयार हुने कालो मसी ।

गोब्रे-सल्लो–ना० [गोब्रे+सल्लो] गोबरको थासोजस्तो फल फल्ने एक जातको सल्लो ।

गोब्याइ–ना० [गोब्याउ+याइ] गोब्याउने किसिम, क्रिया वा भाव ।

गोब्याइनु–स० क्रि० [गोब्याउ+इ+नु] गाईद्वारा बिष्टचा-इनु; ('गोब्याउनु'-को क० क्रि०) ।

गोब्याउनु–स० क्रि० [गोबर+याउ+नु] गाई-भैँसीले बिष्टचाउनु; गाई-भैँसीले हग्नु ।

गोभाइ–ना० [गोभ्+आइ] गोभ्ने किसिम, क्रिया वा भाव ।

गोभाइनु–स० क्रि० [गोभाउ+इ+नु] गोभ्न लाइनु; घोपाइनु; ('गोभाउनु'-को क० क्रि०) ।

गोभाउनु–स० क्रि० [गोभ्+आउ+नु] गोभ्न लाउनु; घोपाउनु; ('गोभ्नु'-को प्रे० क्रि०) ।

गोभिनु–स० क्रि० [गोभ्+इ+नु] घोपिनु; घोचिनु; ('गोभ्नु'-को क० क्रि०) ।

गोभी–ना० [सं० गो+जिह्वा] काउली; कोबी; फूल-गोभी ।

गोभ्नु–स० क्रि० [सं० गुम्फ्+नु] १. घोप्नु; घोच्नु । २. खोप्नु । ३. छेड्नु ।

गोमन–ना० [सं० गोनस] ज्यादै विपालु, रिसाउँदा फणा फिँजाउने एक जातको कालो वा गहूँ-रङ्गको सर्प ।

गोमय–ना० [सं०] गोबर ।

गोमायु–ना० [सं०] स्याल; शृगाल ।

गो-मुख–ना० [सं०] १. एक किसिमको बाजा; नरसिङ्गा । २. जप-माला हाल्ने, गाईका मुखका आकारको थैलो; गो-मुखी ।

गो-मुखी–ना० [सं०] १. भण्टाका जस्ता पात र फूल हुने, चुच्चो घुमेको लाम्चो फल फल्ने एक बूटी । २. त्यसैको फल ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. जप-माला हाल्ने, गाईका मुखका आकारको थैलो; गो-मुख।

गो-मूत्र–ना० [सं०] गउँत।

गोमूत्रिका–ना० [सं०] १. कुकुर-बन्सो। २. एक किसिमको चित्र-काव्य।

गोमेद–ना० [सं०] रातो भावको पहेँलो रङ्ग हुने एक प्रसिद्ध रत्न।

गो-मेध–ना० [सं०] गाई काटेर होम गरिने एक वैदिक यज्ञ।

गोयम–ना० [नें०] अचार, मुरब्बा आदि हाल्ने चीनियाँ माटोको भाँडो।

गो-यात्रा–ना० [सं०] भाद्र कृष्ण प्रतिपदाका दिन हुने दैशिक यात्रा; गाइ-जात्रा।

गो-यान–ना० [सं०] बयल-गाड़ा।

गो-रक्ष–ना० [सं०] १. गाई पाल्ने व्यक्ति; गोपाल। २. सुन्तला। ३. गोरखनाथ।

गो-रक्षक–ना० [सं०] गाईको रक्षा गर्ने; गाई पाल्ने; गोप।

गोरक्षपा–ना० [सं० गोरक्ष+पाद] गोरखनाथ।

गोरख–ना० [गोरखनाथ] गोरखनाथ।

गोरख-तुम्बा–ना० [सं० गोरक्ष-तुम्बी] लौकाका जस्ता पात र सेता फूल हुने, लहरामा फल्ने, तरकारी खाइने, मोटो, लौकाजस्तो एक जातको फल।

गोरख-धन्धा–ना० [गोरख+धन्धा] १. तारका धेरै मुन्द्रा वा काठका टुक्राहरू युक्तिपूर्वक जोड्ने र छुट्ट्याउने खेल। २. गोरखनाथले रचेको चित्त एकाग्र गराउने धन्धा। ३. झन्झटको काम; कोते-धन्धा।

गोरखनाथ–ना० [सं० गोरक्षनाथ] ईसवी नवौँ शताब्दीमा भएका एक प्रसिद्ध प्राचीन हठयोगी अवधूत; कनफट्टा मत चलाउने शैव सम्प्रदायका एक प्रसिद्ध साधु; चौरासी-सिद्धमध्ये एक; गोरक्षपा।

गोरख-पन्थ–ना० [गोरख+पन्थ] महात्मा गोरखनाथले चलाएको एक साधु-सम्प्रदाय।

गोरख-पन्थी–ना० [गोरख+पन्थ+ई] गोरख-मतानुयायी साधु; कनफट्टा जोगी।

गोरखमुण्डी–ना० [सं० गोरक्षमुण्डी] रातो केसर हुने छँचूके-झारका जस्ता साना-साना फूल र मसिना पात हुने एक झार। (यसको ठूलो जातको बोटलाई महामुण्डी र सानो जातकोलाई मुण्डी भन्दछन्। यसको स्वाद तीतो हुन्छ। आयुर्वेदमा यसको गुण धातु-वर्द्धक र गरम बताइएको छ।)

गोरखा–ना० [गोरख] नेपालको पश्चिमी क्षेत्रको एक जिल्ला।

गोरखा-दक्षिण-बाहु–ना० [सं०] बीचमा जोड़ा खुकुरीको चिह्न भएको, पाँच-कुने ताराका आकारको, एक नेपाली राष्ट्रिय तक्मा। [यसका दुइ विशेष श्रेणी र अरू पाँच श्रेणी छन्। अति-प्रबल-गोरखा-दक्षिण-बाहु (महाधिपति र अधिपतिले धारण गर्ने), सुप्रसिद्ध-प्रबल-गोरखा-दक्षिण-बाहु (पहिलो दर्जा), प्रसिद्ध-प्रबल-गोरखा-दक्षिण-बाहु (दोस्रो दर्जा), प्रबल-गोरखा-दक्षिण-बाहु (तेस्रो दर्जा), गोरखा-दक्षिण-बाहु (चौथो दर्जा) र गोरखा-दक्षिण-बाहु (मेडल)।]

गोरखाली–वि० [गोरखा+आली] १. गोरखामा रहने; गोरखाको। २. गोरखा जिस्लाका निवसी। ३. विदेशीहरूले नेपालीहरूलाई भन्ने शब्द।

गोरखे-लहुरी–ना० [गोरखा+लहुरो] काँधमा र घुँड़ा-मनि गरालो हालेर डोरीले बाँधी अपराधीलाई दिइने सजाय।

गो-रज–ना० [सं०] गाईका खुरबाट उड़ेको धूलो; गो-धूलि।

गोरम–ना० [सं० गुड+आम्र] काँचो आँपका चाना नून, मसला हाली पागमा पकाएको खाद्य पदार्थ।

गो-रस–ना० [सं०] गाईका दूधका सम्बन्धबाट बन्ने पदार्थ (दूध, दही, मही, घिउ आदि)।

गोरा–ना० [गोरो] यूरोप, अमेरिका आदि देशका गौर वर्ण जातिहरू।

गोराइ–ना० [गोरो+आइ] गोरो हुनाको भाव; गोरोपन।

गोरिल्ला–ना० [अं०] अफ्रिकाका जङ्गलमा पाइने बन-मान्छे; धेरै अंशमा मानिससित आकारमा मिल्ने ठूलो एक जातको वानर।

गोरु–ना० [सं० गो] १. गाईको सुमरेको भाले पशु; बयल। (वि०) २. अबूझ; मूर्ख।

गोरु-मुते–ना० [गोरु+मूत] १. एक किसिमको झार। (वि०) २. बेकम्मा; रद्दी। ३. अबूझ; नासमझ। ४. बाङ्गा-टिङ्गा वा नराम्रा (अक्षर)।

गोरेटो–ना० [गो+एटो] मानिस वा पशुहरू ओहर-दोहर गर्दा स्वयमेव बनेको झीनो बाटो; डोरेटो।

गोरो–वि० [सं० गौर] श्वेत वर्णको।

गोरोचन–ना० [सं०] १. गाईका पित्ताशयबाट निस्कने रौँ भएको नरम वस्तु; गोलोचन। २. पहेँलो र सुगन्धी डाँठ हुने एक बूटी। (यो घोटेर चन्दन बनाइन्छ।)

गोरोचना–ना० [सं०] गोरोचन।

गोर्‍याँटो–ना० [गो+याँटो] गोरेटो; डोरेटो।

गोल–ना० [अं०] १. भकुन्डो आदिका खेलमा भकुन्डो पुग्दा जितिन निश्चित ठाउँ। २. त्यस ठाउँमा भकुन्डो पुऱ्याउनु। ३. लक्ष्य; उद्देश्य।

गोल–वि० [सं०] १. भकुन्डाका आकारको। २. बाटुलो; वृत्ताकारको। (ना०) ३. भकुन्डाको जस्तो आकार। ४. वृत्ताकार। ५. विधवाद्वारा व्यभिचारबाट जन्मेको छोरो। ६. समूह; जमात; मण्डल।

गोल–ना० [नें०] निभेको अँगार; कोइला।

गोलक–ना० [सं०] १. बाटुलो पदार्थ; पिण्डाकार वस्तु। २. विधवा स्त्रीले पर-पुरुषबाट पैदा गरेको छोरो। ३. बिर्कोमा रुपियाँ-पैसा छिराउने प्वाल भएको कन्तुर।

गोल-काँक्री–ना० [गोल+काँक्री] १. घिरौँलाका जस्ता ठूला-ठूला पात, पहेँला फूल र केराको बुङ्गाका आकारको रातो फल, र नङ्ग्रा हुने, हिमालयमा पाइने एक लहरो।

CC-0. In Public Domain. Digitization by eGangotri

२. त्यसैको फल; आखुपर्णी। (आयुर्वेदमा यसको गुण वायु र मल खुला गर्ने बताइएको छ।)

गोल-घर–ना० [गोल+घर] काठमाडौंको सदर जेलभित्र वृत्ताकार घेरामा बनाइएको कैदखाना।

गोल-टिन–ना० [गोल+टिन] चुरोट हाल्ने, टीनको गोलाकार बट्टा।

गोलन्दाज–ना० [फा० गोलन्दाज] तोप हान्ने व्यक्ति।

गोलफकी–ना० [नेवा० गोफुकी] खूब फूल उठेको चिनियाँ धानको खट्टे; सिरौँलाको खट्टे।

गोल-बोली–ना० [गोल+बोली] कुनै कुरो निश्चय नहुने गरी वा अनेक अर्थ लाग्न सक्ने गरी भनिएको वा लेखिएको कुरो।

गोलभिंड़ा–ना० [गोल+भण्टा] आलुका जस्ता बोटमा फल्ने, अचार खाइने, रातो, एक जातको फल।

गोलभेँड़ा–ना० [गोलभिंड़ा] गोलभिंड़ा।

गोलमटोल–वि० [फा० गो-म-गो] अर्थ स्पष्ट नभएको।

गोलमाल–ना० [सं० गोल+माल (फा०)] १. गड़बड़; अव्यवस्था। २. छ्यासमिस; भद्रगोल। (क्रि० यो०) ३. तल-माथि; जथाभावी।

गोल-योग–ना० [सं०] ज्योतिष-शास्त्रानुसार छ वा सात वटा ग्रह एकै ठाउँमा बस्ता हुने अशुभ योग।

गोलसजन–ना० [फा० गुल+?] १. बैजनी रङ्ग। २. बैजनी रङ्गको एक जातको फूल। (वि०) ३. बैजनी रङ्गको।

गोलसजनी–वि० [गोलसजन+ई] गोलसजन फूलको जस्तो रङ्ग भएको; बैजनी रङ्गको।

गोलसिमल–ना० [ने०] एक जातको चरो।

गोला–वि० [सं०] १. वाटुलो; वृत्ताकारको। २. गोल वस्तु; पिण्ड। ३. तोपमा भरेर शत्रुमाथि फ्याँकिने फलाम आदि धातुको पिण्ड। ४. वायु-सम्वन्धी पेटको रोग। ५. अन्नको वजार। ६. कुनै प्रश्नको टुङ्गो लाउन वा भाग-बन्डा आदि मिलाउनाका निम्ति 'हुन्छ' वा 'हुँदैन' भन्ने कुराका चिह्न आदि लेखी चिट्ठाका रीतिले रोज्ने कागज आदिका टुक्रा वा त्यसका डल्ला।

गोलाइ–ना० [गोल+आइ] गोल परेको किसिम; गोलाकार; वाटुलोपन।

गोलाकार–वि० [सं०] गोल आकारको; बाटुलो।

गोलाङ्गूल–ना० [सं०] एक जातको बाँदर।

गोला-बारूद–ना० [गोला+बारूद] १. गोला र वारूद। २. लड़ाईँका सर-सामान।

गोलार्द्ध–ना० [सं०] १. एक ध्रुववाट अर्को ध्रुवसम्म रेखा तारी पृथ्वीको मान-चित्रलाई वीचमा काट्ता वा विषुवत्-रेखाद्वारा छुट्ट्याउँदा हुने भू-गोलको आधा भाग। २. अर्द्ध-वृत्त।

गोली–ना० [सं० गोल+ई] १. सानो गोला; वरी। २. बन्दूक, पिस्तौल आदिमा भरेर हानिने डल्लो वा लाम्चो सीसाको साधन।

गोली-गट्ठा–ना० [गोली+गट्ठा] लड़ाईँका सर-सामान; (गोली, बारूद आदि)।

गोली-गाँठो–ना० [गोली+गाँठो] कुर्कुच्चाभन्दा केही माथि, उठेको, दायाँ-बायाँको गोलाकार हाड़; गुल्फ।

गोली-धागो–ना० [गोली+धागो] गोल पारी बेरेको लुगा आदि सिउने धागो।

गोलेँसो–ना० [गोल+ऐँसो] रूमालका चारै कुना बाँधी पारिएको पोको।

गोलेँस्याइ–ना० [गोलेँस्याउ+आइ] गोलेँस्याउने किसिम, क्रिया वा भाव।

गोलेँस्याउनु–स० क्रि० [गोलेँसो] १. रूमालका चारै कुना बाँधी पोको पार्नु; गोलेँसो पार्नु। २. गोलेँसो बोक्नु।

गोले–वि० [गोल+ए] १. गोल परेको; गोलाकार भएको। २. गोल बेच्ने; कोइला बेच्ने।

गोलैँची–ना० [ने०] चुवाको फूल।

गोलो–ना० [सं० गोल] १. धमिरा, कमिला, अरिङ्गाल आदि कीराको गुँड़। (वि०) २. डोलो; गोल; बाटुलो।

गो-लोक–ना० [सं०] वैकुण्ठ धाम; कृष्ण-लोक।

गोलोचन–ना० [सं० गोरोचन] गोरोचन।

गोलोमिका–ना० [सं०] बाँदर-पुच्छ्रे बूटी।

गोलोमी–ना० [सं०] १. सेतो दूबो। २. बोझो। ३. वेश्या; रण्डी।

गोल्की–ना० [अं० गोल्-कीपर] भकुन्डोको खेलमा गोल हुने ठाउँमा भकुन्डो रोक्न रहने खेलाड़ी।

गोल्फु–ना० [ने०] माटाको सानो घँटो।

गोल्याइ–ना० [गोल्याउ+आइ] गोल्याउने किसिम, क्रिया वा भाव।

गोल्याइनु–स० क्रि० [गोल्याउ+इ+नु] गोलाकार पारिनु; बाटुलो बनाइनु; ('गोल्याउनु'-को क० क्रि०)।

गोल्याउनु–स० क्रि० [गोल+याउ+नु] १. गोलाकार पार्नु; बाटुलो बनाउनु। २. आगो ननिभोस् भनी बोर्सीमा गोल, खरानी आदिलाई गोलाकार पारी थिच्नु।

गो-वध–ना० [सं०] गो-घात।

गोवर्द्धन–ना० [सं०] पुराणअनुसार व्रज-वासीहरूको रक्षाका निमित्त श्री-कृष्ण चन्द्रले औँलामा उठाएको वृन्दावनको एक प्रसिद्ध पर्वत।

गोविन्द–ना० [सं०] श्री-कृष्ण।

गो-विसर्ग–ना० [सं०] चर्नका निमित्त गाई फुकाउने प्रातःकालको समय।

गो-वैद्य–ना० [सं०] १. पशु चिकित्सक; पशु-वैद्य। २. मूर्ख वैद्य।

गो-व्रज–ना० [सं०] १. गाईको हूल। २. गोठ; गो-शाला।

गो-शकृत्–ना० [सं०] गोबर; गो-पुरीष।

गो-शाला–ना० [सं०] प्रशस्त गाईहरू राख्ने ठाउँ; गोठ।

गोष्ठ–ना० [सं०] गोठ; गो-शाला।

CC-0. In Public Domain. Digitization by eGangotri

गोष्ठी–ना० [सं०] १. थोरै मानिसहरूको सभा; सानो बैठक। २. वार्तालाप; परामर्श। ३. नौ-दश पुरुष पात्र र पाँच वा सात स्त्री पात्र हुने रूपकको एक भेद।

गोसाइँ–ना० [सं० गोस्वामी] १. गोस्वामी। २. योगी। ३. महन्त। ४. ईश्वर।

गोसाइँ-कुण्ड–ना० [गोसाइँ+कुण्ड] नेपालको पश्चिम-एक (१) नम्बर जिल्लामा रहेको एक प्रसिद्ध तीर्थ। (जनै-पूर्णिमाका दिन यस कुण्डमा मेला लाग्दछ।)

गोसाइँ-थान–ना० [गोसाइँ+स्थान] गोसाइँ-कुण्ड।

गो-स्तनाकार–ना० [सं०] छोहोरा।

गोस्तनी–ना० [सं०] दाख; अङ्गूर।

गोस्तनी-द्राक्षा–ना० [सं०] झीनो लाम्चो जातको अङ्गूर।

गोस्नौटी–ना० [गोस्नौटो+ई] १. दास-दासीले मालिकको छोरीलाई भन्ने शब्द। २. विवाहमा लोकन्तीले दुलहीलाई भन्ने शब्द।

गोस्नौटो–ना० [ने०] १. कमारा-कमारीले आफ्ना मालिकका छोरा-छोरीसित लाउने साइनो। २. दुलहा-दुलहीका साथ जाने लोकन्ती-लोकन्तोले दुलहा-दुलहीलाई भन्ने शब्द।

गो-हत्या–ना० [सं०] गो-धात; गो-वध।

गोस्वामी–ना० [सं०] १. गाईको मालिक; गाई पाल्ने व्यक्ति। २. जितेन्द्रिय; वैष्णव-सम्प्रदायका आचार्यको पदवी। ३. माध्व, वल्लभ र निम्बार्क-मतका वैष्णवहरूका महन्तको पदवी।

गोस्वारा–वि० [फा० गोश-वारा] १. सगोल; साजा। (ना०) २. जिल्लाका बड़ा-हाकिमको अड्डा।

गोहार–ना० [गुहार] गुहार।

गोही–ना० [प्रा० गोहिआ] माउसुलीका आकारको शरीर र लामो थुतुनो हुने ठूलो एक जल-जन्तु; ग्राह।

गोहोरो–ना० [सं० गोधा] करौंतीका आकारको पुच्छर हुने छेपाराका जातको एक जङ्गली जन्तु।

गौ–ना० [सं०] गाई।

गौंड़ा–ना० [गढ़] १. अक्करको ठाउँ; असजिलो ठाउँ। २. गढ़ी बनाएको ठाउँ। ३. जिल्लाभरको काम गर्ने गोस्वारासरहको जङ्गी अफिसर बस्ने पहाड़ी अड्डा। ४. त्यस अड्डाका मातहतको इलाका। ५. कसैको हैकम चल्ने ठाउँ।

गौंड़े–वि० [गौंड़ो+ए] १. गौंड़ा-सम्बन्धी। २. गौंड़ा ढुकेर बस्ने; गौंड़ामा बस्ने (चोर)।

गौंड़ो–ना० [प्रा० गड्डो] १. बाघको पासो वा खोर थाप्ने ठाउँ। २. अन्तबाट जान नभई त्यसै ठाउँबाट मात्र आवत-जावत गर्नुपर्ने ठाउँ। ३. घरबाट मूल बाटोमा निस्कने सानो बाटो।

गौंत–ना० [गउँत] गउँत।

गौंत्याइ–ना० [गौंत्याउ+आइ] गौंत्याउने किसिम, क्रिया वा भाव; गउँत्याइ।

गौंत्याइनु–स० क्रि० [गौंत्याउ+इ+नु] गउँत्याइनु; (गौंत्याउनु'-को क० क्रि०)।

गौंत्याउनु–स० क्रि० [गौंत+याउ+नु] गउँत्याउनु।

गौंथली–वि० [ने०] वसन्त ऋतुमा देखा परेर वर्षाको आखिरीमा हराउने, टाउको, पखेटा र पुच्छर कालो र पेट सेतो हुने धोबी चरोजत्रो एक जातको चरो। (भीर-गौंथली भीरमा र घर-गौंथली घरमा माटाको गुँड़ बनाएर बस्छ।)

गौंथली-फूल–ना० [गौंथली+फूल] लहरामा फुल्ने एक जातको फूल।

गौ-गोटी–ना० [गौ+गोटी] गाई-वस्तुका घाँटीमा आउने एक किसिमको खटिरो।

गौ-चर–ना० [गौ+चर्] गाई-वस्तुहरू चराउनाका निमित्त वसाहा वा त्रिशूल राखी छोड़िएको बाँझो जमीन; चउर; गोचर।

गौचरन–ना० [सं० गो-चर] गौ-चर।

गौड–ना० [सं०] १. भारतको पूर्वी बङ्गाल प्रदेशको पूर्वी भागको प्राचीन नाम। २. विन्ध्य पर्वतको उत्तरपट्टि बस्ने ब्राह्मण-जातिको एक वर्ग। (सारस्वत, कान्यकुब्ज, गौड, मैथिल र उत्कल–यी पाँचलाई गौड भनिन्छ।)

गौड़–ना० [अ० ग़ौर] गौर।

गौडी–ना० [सं०] १. काव्य रचना गर्ने तीन रीतिमध्ये एक। २. सखरको रक्सी।

गौण–वि० [सं०] १. मुख्य नभएको; अप्रधान; साधारण। २. गुण-सम्बन्धी। ३. गुण जाहेर गर्ने; गुण-वाचक।

गौतम–ना० [सं०] १. न्याय-शास्त्र बनाउने प्रसिद्ध एक ऋषि। २. सप्तर्षिमध्ये एक। ३. बुद्ध।

गौतमी–ना० [सं०] १. गौतमकी पत्नी। २. गोदावरी नदी। ३. दुर्गा।

गौ-दान–ना० [सं०] गो-दान।

गौधेरक–ना० [सं०] छेपाराका आकारको समरो र चिप्लो शरीर हुने, टाउकोदेखि पुच्छरसम्म सेता र काला ठाड़ा धर्सा हुने, गुलाबी रङ्गको ठुटो पुच्छर हुने, करीब एक बित्ता लामो जन्तु। (यसको उत्पत्ति भाले कृष्ण सर्प र पोथी गोहोरोबाट भएको बताइएको छ र यसले टोकेको मानिस तत्काल मर्दछ भन्ने बताइएको छ।)

गौन–ना० [अं० गाउन] रङ्गी-चङ्गी बुट्टा भएको प्रायः स्त्रीहरूले फरिया लाउने एक जातको कपड़ा।

गौ-मुखी–ना० [गौ+मुखी] गो-मुखी।

गौ-मुखे–ना० [गौ+मुख] १. बिहींका जस्ता पात हुने, चुच्चो घुंगुरिएर बीचमा खाल्टो परेका फल फल्ने एक जातको बोट। २. त्यसैको फल।

गौर–वि० [सं०] १. सेतो; स्वेत; गोरो। २. चम्किलो; उज्ज्वल। (ना०) ३. रातो रङ्ग। ४. पहेँलो रङ्ग। ५. चन्द्रमा। ६. धयँराको रूख। ७. सुन। ८. केशर। ९. नफाटेका खुर हुने मृग।

गौर–ना० [ने०] नेपालको दक्षिणी जिल्ला रौतहटको मुख्य

CC-0. In Public Domain. Digitization by eGangotri

बस्ती ।

गौर–ना० [अ० ग़ौर] सोच-विचार; मनन; चिन्तन ।

गौर-चणक–ना० [सं०] काबुली-चना ।

गौरव–ना० [सं०] १. महत्त्व; बड़प्पन । २. आदर; सम्मान । ३. प्रतिष्ठा; इज्जत । ४. गह्रुँगोपन; गुरुता ।

गौरव-शाली–वि० [सं०] गौरव-युक्त; सम्मानित ।

गौरवान्वित–वि० [सं०] गौरव-युक्त; सम्मानित ।

गौरवित–वि० [सं०] गौरव भएको; ग़ौरव-युवत ।

गौर-व्रीहि–ना० [सं०] सेतो-ठाड़े धान ।

गौर-सुवर्ण–ना० [सं०] गन्धे बूटी ।

गौरा–ना० [सं० गौरी] पार्वती; गौरी ।

गौराङ्ग–ना० [सं०] १. विष्णु । २. शिव । ३. चैतन्य महाप्रभु । (वि०) ४. गोरा; अङ्ग्रेज ।

गौरा-पार्वती–ना० [गौरी+पार्वती] नेपालको पूर्वी प्रदेशमा रहेको एक प्रसिद्ध हिम-शिखर; गौरी-शङ्कर ।

गौरासित-व्रीहि–ना० [सं०] भँगेरे धान ।

गौरिया–ना० [हिं०] माटाको सानो हुक्का ।

गौरी–ना० [सं०] १. गोरी स्त्री । २. पार्वती । ३. आठ वर्षकी कन्या ।

गौरी-गाई–ना० [गौरी+गाई] एक जातको जङ्गली गाई । (यसका सीङको जलहरी बनाएर शिव-लिङ्गमा अभिषेक गरिन्छ ।)

गौरी-बेत–ना० [गौरी+बेत] एक जातको बेत ।

गौरी-शङ्कर–ना० [सं०] १. शिव र पार्वती । २. नेपालको पूर्वी प्रदेशमा रहेको एक प्रसिद्ध हिम-शिखर । ३. दुइ मुख हुने रुद्राक्ष ।

गौरीश्वर–ना० [सं०] १. शिव-पार्वतीको संयुक्त रूप; अर्ध-नारीश्वर । २. शिव; महादेव ।

गौरुङ–ना० [ने०] पहाड़को मुखियाभन्दा तलको एक पद; गाउँमा हैकम भएको व्यक्ति वा ठालु ।

गौरुङ-पाती–ना० [ने०] एक जातको रूख ।

गौलेतो–ना० [ने०] मसिनो पात हुने एक किसिमको भइँ-झार ।

गौलोचन–ना० [गोलोचन] गोलोचन ।

गौ-शाला–ना० [सं०] गो-शाला ।

ग्याँचे–वि० [ने०] १. गठरो; गर्चो; ग्वाँचे; पुड्को । २. गर्धन छोटो भएको ।

ग्याँटिस–ना० [अं० गार्टर] मोजा तल झर्न नदिनका निम्ति पिडौँलामाथि बाँध्ने फित्ता ।

ग्याँठ–ना० [ग्याँटिस] रबर र धागाले बुनेको तानिने र खुम्चिने फित्ता ।

ग्याँठ-गोभी–ना० [गाँठो+गोभी] गान्टे-मूलाजस्तो एक जातको गोभी ।

ग्याँस–ना० [अं० गैस] साधारण तापमानमा तरल वा ठोस रूपमा परिणत नहुने वायु-तत्त्व; विशेष गुण-युक्त वायु ।

ग्याइँ-ग्याइँ–क्रि० यो० [अनु०] १. धेरै मानिसहरू एकै साथ बोल्दा अस्पष्ट शब्द आउने किसिम । (ना०) २. धेरै मानिसहरूको अस्पष्ट शब्द; खलबल ।

ग्यान्तका–ना० [ने०] विभिन्न रङ्गमा फुल्ने एक किसिमको फूल; गोदावरी फूलको एक जात ।

ग्यारन्टी–ना० [अं० गारन्टी] १. मालको स्थायित्व र असली-पनको उत्तरदायित्व बहन गर्नु । २. विश्वास ।

ग्यारेज–ना० [अं० गैरेज] मोटरहरू राख्ने कोठा वा घर ।

ग्यालन–[अं० गैलन] कुनै तरल पदार्थको मानाजतिको परिमाण ।

ग्रथन–ना० [सं०] १. उन्नु; गाँस्नु । २. रचना गर्नु; बनाउनु ।

ग्रथित–वि० [सं०] १. उनिएको; गाँसिएको । २. बनाइएको; रचित । ३. सिलसिला मिलाई राखिएको; क्रम-बद्ध गरि-एको । ४. जमाइएको; गाढ़ा तुल्याइएको ।

ग्रन्थ–ना० [सं०] १. पुस्तक; किताब । २. गाँठो पार्नु; अल्झाउनु ।

ग्रन्थ-कर्ता–ना० [सं०] ग्रन्थ लेख्ने व्यक्ति; ग्रन्थ-कार ।

ग्रन्थ-कार–ना० [सं०] ग्रन्थको रचना गर्ने व्यक्ति; पुस्तकको लेखक; ग्रन्थ-कर्ता ।

ग्रन्थन–ना० [सं०] १. गाँस्नु; उन्नु । २. जोड्नु; जोल्टचाउनु ।

ग्रन्थि–ना० [सं०] १. गाँठो । २. बन्धन । ३. उखु, बाँस आदिको आँख्लो । ४. दुइ अङ्गको जोर्नी । ५. डल्लो परेको वस्तु ।

ग्रन्थिच्छेदक–ना० [सं०] बगली-मारा ।

ग्रन्थित–वि० [सं०] गाँठो पारिएको; ग्रथित ।

ग्रन्थिपर्ण–ना० [सं०] गठिउन बूटी ।

ग्रन्थि-बन्धन–ना० [सं०] विवाहमा वर-वधूको लगन-गाँठो बाँध्नु ।

ग्रन्थि-मूल–ना० [सं०] लसुन, प्याज, सलगम आदि जरामा गाँठा भई फल्ने तरकारी आदि वनस्पति ।

ग्रन्थिल–वि० [सं०] १. गाँठो भएको; गाँठे । (ना०) २. बाँस । ३. अदुवा ।

ग्रन्थी–वि० [सं०] १. धेरै ग्रन्थ पढ़ेको । (ना०) २. ग्रन्थ-कार ।

ग्रसन–ना० [सं०] १. खानु; निल्नु । २. पक्रनु; समाउनु । ३. गाँस ।

ग्रसित–वि० [सं०] १. खाइएको; निलिएको । २. गाँस हालिएको; कवलित । ३. समातिएको; पक्रिएको ।

ग्रस्त–वि० [सं०] १. समातिएको; पक्रिएको । २. पीडित; दु:खित । ३. खाइएको; निलिएको । ४. गाँस हालिएको; ग्रसित ।

ग्रस्तास्त–ना० [सं०] ग्रहण लागीकनै सूर्य वा चन्द्रमा अस्ताउनु ।

ग्रस्तोदय–ना० [सं०] ग्रहण लागीकनै सूर्य वा चन्द्रमा उदाउनु ।

ग्रह–ना० [सं०] १. सूर्यको परिक्रमा गर्ने तारा । २. सूर्य, चन्द्र, मङ्गल, बुध, गुरु, शुक्र, शनि, राहु र केतु–यी नौ । ३. लिनु; ग्रहण ।

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रह-गति–ना० [सं०] १. ग्रहको गति। २. दिन-दशा।

ग्रह-ग्रस्त–वि० [सं०] ग्रहको दशा लागेको; दिन-दशा बिग्रेको।

ग्रहण–ना० [सं०] १. लिनु; प्राप्त गर्नु। २. समात्नु; पक्रनु। ३. स्वीकार गर्नु; प्राप्ति। ४. सम्झनु; बुझ्नु। ५. अरू ग्रहहरूले छेकिँदा सूर्य, चन्द्र आदि ग्रहहरूमा देखिने कालो छाया; उपराग।

ग्रहणी–ना० [सं०] खाएको पदार्थ नपची दिसा लाग्ने रोग; एक किसिमको अतिसार।

ग्रहणीय–वि० [सं०] ग्रहण गर्न योग्य; लिन लायक।

ग्रह-तिलक–ना० [सं०] विवाहमा पुरोहितले मन्त्रपूर्वक दुलहा-दुलहीलाई पालैसित लाइदिने टीको।

ग्रह-दशा–ना० [सं०] १. ग्रहको स्थितिअनुसार मानिसलाई हुने शुभ वा अशुभ परिणाम। २. खराब दिन; विपत्-काल।

ग्रह-दोष–ना० [सं०] सूर्य, चन्द्र आदि ग्रहको स्थितिअनुसार हुने दुष्परिणाम; ग्रह-गतिको दोष।

ग्रह-नायक–ना० [सं०] १. सूर्य। २. शनिश्चर।

ग्रह-मैत्री–ना० [सं०] विवाहका निमित्त मिलाइने वर-वधूका ग्रहको अनुकूलता।

ग्रह-यज्ञ–ना० [सं०] ग्रहको दोष छुटाउनाका निम्ति गरिने यज्ञ।

ग्रह-युद्ध–ना० [सं०] ग्रहहरूका बीचको पारस्परिक सङ्घर्ष वा विरोध।

ग्रह-योग–ना० [सं०] एकै राशिको एकै अंशमा एकभन्दा बढ़ी ग्रहको प्रवेश हुनु।

ग्रह-राज–ना० [सं०] १. सूर्य। २. बृहस्पति। ३. चन्द्रमा।

ग्रह-शान्ति–ना० [सं०] ग्रहहरूको दोष हटाउनाका निम्ति गरिने अनुष्ठान।

ग्रह-स्वर–ना० [सं०] राग-रागिनी गाउँदा प्रारम्भमा प्रयोग गरिने स्वर।

ग्रहीतव्य–वि० [सं०] लिन लायक; ग्रहण गर्न योग्य।

ग्रहीता–ना० [सं०] लिने; ग्रहण गर्ने।

ग्रहोपराग–ना० [सं०] ग्रहमा लाग्ने ग्रहण।

ग्राम–ना० [सं०] १. सानो-तिनो बस्ती; गाउँ। २. समूह; समुदाय। ३. सङ्गीतमा प्रधान सात स्वरहरूको समूह; सप्तक। (यसका तीन खण्ड छन्–षडज, मध्यम र गान्धार। यिनलाई क्रमशः मन्द्र, मध्य र तीव्र अथवा नन्द्यावर्त, जीमूत र सुभद्र पनि भन्दछन्।)

ग्राम–ना० [अं०] १५·४३२ ग्रेन अथवा ०·०९ तोलाको।

ग्राम-कण्टक–ना० [सं०] गाउँमा झगड़ा उठाउने व्यक्ति; गाउँको जाली-फटाहा।

ग्राम-कुक्कुट–ना० [सं०] घर-पाला कुखुरो।

ग्राम-कूट–ना० [सं०] १. गाउँको मुखिया। २. शूद्र।

ग्रामणी–ना० [सं०] १. गाउँको मुखिया। २. अगुवा; नेता। ३. विष्णु। ४. नाऊ। ५. कामुक व्यक्ति; स्त्री-लम्पट।

ग्राम-देवता–ना० [सं०] गाउँमा पूजा गरिने देवता; गाउँका अधिष्ठाता देवता।

ग्रामाधिप–ना० [सं०] गाउँको मुखिया।

ग्रामिक–वि० [सं०] १. गाउँमा बस्ने; गाउँले। २. असभ्य; गँवार। (ना०) ३. गाउँको रक्षाका निमित्त निर्वाचित अधिकारी; मुखिया।

ग्रामी–वि० [सं०] १. गाउँको; गाउँ-सम्बन्धी। २. गँवार; मूर्ख। ३. गाउँले; ग्राम-वासी।

ग्रामीण–वि० [सं०] १. गाउँको; ग्राम-सम्बन्धी। २. गँवार; असभ्य। ३. गाउँले; ग्राम-निवासी।

ग्रामेय–वि० [सं०] १. गाउँमा जन्मेको। २. गँवार; असभ्य। ३. ग्राम-वासी।

ग्रामोफोन–ना० [अं०] विशेष साधनमा ध्वनि भरेर पछि चाहेका वेलामा प्रायः उसै स्वरमा बजाउन हुने यन्त्र; फोनोग्राफ।

ग्राम्य–वि० [सं०] १. गाउँको; ग्राम-सम्बन्धी। २. गाउँले; ग्रामीण। ३. गँवार; असभ्य। ४. फोहर; अश्लील (शब्द)। ५. घर-पाला (पशु)। ६. अशिष्ट शब्द प्रयोग गर्दा हुने काव्यको एक दोष।

ग्राम्य-कर्म–ना० [सं०] १. ग्राम-वासीको पेशा। २. स्त्री-प्रसङ्ग।

ग्राम्य-दोष–ना० [सं०] अशिष्ट शब्द प्रयोग गर्दा हुने काव्यको एक दोष।

ग्राम्य-धर्म–ना० [सं०] १. मैथुन। २. गाउँको स्थानीय धर्म वा प्रथा। ३. खेती; किसानी।

ग्राम्य-पशु–ना० [सं०] मानिसका आश्रयमा रहने कुकुर, सुँगुर आदि पशु।

ग्राम्य-बुद्धि–ना० [सं०] गँवार; असभ्य; गोठाले मिजास।

ग्राम्य-मद्गुरिका–ना० [सं०] सिङ्गे-माछो।

ग्राम्य-सुख–ना० [सं०] स्त्री-प्रसङ्ग।

ग्राव–ना० [सं०] १. ढुङ्गो; पत्थर। २. पहाड़। ३. असिना।

ग्रास–ना० [सं०] १. एक पटकमा मुखभित्र हालिने खानेकुरो; गाँस; कवल। २. निल्नु। ३. समाउनु; पक्रनु। ४. ग्रहण; उपराग।

ग्राह–ना० [सं०] १. गोही। २. पक्रनु; समाउनु। ३. चन्द्र र सूर्यमा लाग्ने ग्रहण। ४. धारणा; समझ।

ग्राहक–वि० [सं०] १. लिने; समाउने। (ना०) २. किन्ने व्यक्ति; गाहकी।

ग्राही–वि० [सं०] १. लिने; ग्रहण गर्ने। २. समात्ने; पक्रने। ३. गोटा पार्ने; मल-रोधक।

ग्राह्य–वि० [सं०] १. लिन योग्य; ग्रहण गर्न लायक। २. अनुभव गर्न सकिने; बुझ्न सकिने।

ग्रीज–ना० [अं० ग्रीज़] भ्यास्लिनजस्तो मेशिनमा हाल्ने एक प्रकारको चिल्लो लेप।

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रीवा–ना० [सं०] गर्दन; गला।
ग्रीवालिका–ना० [सं०] घाँटी; गर्दन।
ग्रीवी–वि० [सं०] १. लामो र सुन्दर घाँटी हुने। (ना०) २. ऊँट।
ग्रीष्म–ना० [सं०] ज्यादै गर्मी हुने ऋतु; गर्मीको मौसम (ज्येष्ठ र आषाढ़ महीना)।
ग्रीष्मजा–ना० [सं०] नेवारी फूल; नवमल्लिका।
ग्रीष्मावकाश–ना० [सं०] गरम देशमा कर्मचारी, विद्यार्थी आदिलाई ग्रीष्म ऋतुमा दिइने बिदा; गर्मीको छुट्टी।
ग्रीष्मोद्भवा–ना० [सं०] नेवारी फूल; नवमल्लिका।
ग्रूस–ना० [अं० ग्रॅस] बाह्र दर्जनको समुदाय; एक सय चवालीस वटा गोटा-गन्तीको समुदाय।
ग्रेन–ना० [अं०] करीब आधा रत्तीको अङ्ग्रेजी तौल।
ग्रैवेयक–वि० [सं०] १. गलाको; घाँटी-सम्बन्धी। (ना०) २. घाँटीमा लाउने गहना; हार। ३. हात्तीका घाँटीमा लाइने साङ्लो।
ग्रैष्म–वि० [सं०] ग्रीष्मको; ग्रीष्म ऋतु-सम्बन्धी।
ग्रैष्मक–वि० [सं०] १. ग्रीष्म ऋतुमा रोपिने। २. ग्रीष्म ऋतुमा पाक्ने।
ग्रैष्मिक–वि० [सं०] ग्रीष्म-सम्बन्धी; ग्रीष्म ऋतुको।
ग्याजुएट–ना० [अं०] कुनै विश्व-विद्यालय वा महाविद्यालय-बाट उपाधि-प्राप्त व्यक्ति; स्नातक वा सोसरहको परीक्षा उत्तीर्ण भएको व्यक्ति; स्नातक।
ग्लपन–ना० [सं०] १. वैलाउनु; सुक्नु। २. समाप्ति; पर्यवसान।
ग्लपित–वि० [सं०] १. थाकेको; थकित; क्लान्त। २. ग्लानि भएको। ३. शिथिल।
ग्लह–ना० [सं०] १. जूवा; द्यूत। २. बाजी। ३. जुवारी।
ग्लान–वि० [सं०] थाकेको; थकित।
ग्लानि–ना० [सं०] १. शारीरिक वा मानसिक शिथिलता; थकावट; थकाइ। २. कुनै कामबाट भएको पछुतो; पश्चात्ताप। ३. अनुत्साह; हतोत्साह।
ग्लास–ना० [अं०] १. गिलास। २. काँच; शीशा।
ग्लौ–ना० [सं०] चन्द्रमा।
ग्वाँक–ना० [नेवा० ग्वा] चङ्गाको दुइ पखेटाको वजन मिलाउन एकापट्टि घुसारिने कागतको टुक्रा।
ग्वाँगो–ना० [ने०] लठेप्रो; ग्वाङ्ग्रो।
ग्वाँचे–वि० [ने०] पुड्को कदको; ग्याँचे।
ग्वाँजे–वि० [ने०] लठेप्रो; ग्वाँगो।
ग्वाक–ना० [ने०] खेतमा कान्लामुनिको पोतेला।
ग्वाके–ना० [ने०] धानका बोटमा लाग्ने एक जातको कीरो।
ग्वाक्क–क्रि० यो० [ने०] धेरै वा जम्मै एकै चोटि पाउने किसिम; डक्क; ग्वाम्म।
ग्वाङ्ग्रे–वि० [ग्वाङ्ग्रो+ए] राम्ररी बोल्न नसक्ने; लठेप्रो।
ग्वाङ्ग्रो–वि० [ने०] राम्ररी बोल्न नसक्ने; लठेप्रो।
ग्वाच्च–क्रि० यो० [ने०] १. जूवामा धेरै रुपियाँ-पैसा थाप्ने किसिम। २. निस्फिक्रीसँग एक-मुस्ट पैसा दिने वा हाल्ने किसिम; ग्वाम्म। ३. खाड़ल, हिलो आदिमा सहसा गाड़िने किसिम।
ग्वाम्म–क्रि० यो० [ने०] १. एक-मुस्ट धेरै दिने वा लिने किसिम; ग्वाच्च। २. हात हालेर प्रशस्त झिक्ने किसिम। ३. हिलो, खाल्टो आदिमा सहसा गाड़िने किसिम।
ग्वारग्वारती–क्रि० यो० [अनु०] धेरै मानिसहरू आउने वा जाने किसिम।
ग्वार्र–क्रि० यो० [अनु०] १. आलु, ओखर आदि डल्ला पदार्थ भाँड़ोबाट खन्याउँदा शब्द आउने किसिम। २. धेरै मानिस दगुर्ने किसिम।
ग्वाला–ना० [सं० गोपाल] गाई-वस्तु पालेर जीविका गर्ने एक जाति; अहीर।
ग्वालो–ना० [ग्वाला] ग्वाला।
ग्वाल्ल–क्रि० यो० [अनु०] १. बग्ने वा गुड्ने किसिम। २. पेट कराउने किसिम।
ग्वाहा–ना० [गवाह] गवाह।
ग्वाही–ना० [गवाही] गवाही।

घ

घ–देवनागरी वर्ण-मालाको चौथो व्यञ्जन-वर्ण। यसको उच्चारण कण्ठ-स्थानबाट हुन्छ।
घँगारु–ना० [सं० प्रघर्षण] १. साना-साना पात, पहेँलो केशर हुने सेता साना फूल, राता, गोल फल फल्ने र ठूला-ठूला काँढ़ा हुने एक बोट। २. त्यसैको फल।
घकार–ना० [सं०] 'घ'-अक्षर; क-वर्गको चौथो वर्ण।
घङारु–ना० [घँगारु] घँगारु।
घचघच–क्रि० यो० [अनु०] झ्याल, ढोका आदि हल्लँदा शब्द आउने किसिम।
घचघच्याइ–ना० [घचघच्याउ+आइ] घचघच्याउने किसिम, क्रिया वा भाव।
घचघच्याइनु–स० क्रि० [घचघच्याउ+इ+नु] वार-वार घचेटिनु; ('घचघच्याउनु'-को क० क्रि०)।
घचघच्याउनु–स० क्रि० [घच्चा+याउ+नु] १. वार-वार घचेट्नु; फेरि-फेरि ठेल्नु। २. सचेत पार्नाका निम्ति वार-वार शरीरमा धक्का दिनु। ३. खोल्नाका निम्ति झ्याल-ढोका हल्लाउनु।
घचघच्याहट–ना० [घचघच्याउ+आहट] घचघच्याउने किसिम, क्रिया वा भाव।
घचमच–ना० [घचेट्+मिच्] घचारो; घुइँचो; घन्चमन्च;

CC-0. In Public Domain. Digitization by eGangotri

ठेलमठेल ।

घचारो–ना० [घचेट्+आरो] घुइँचो; ठेलमठेल; घचमच ।

घचेटाइ–ना० [घचेट्+आइ] १. घचेट्ने किसिम, क्रिया वा भाव । २. घचेटिने किसिम, क्रिया वा भाव ।

घचेटाइनु–स० क्रि० [घचेटाउ+इ+नु] घचेट्न लाइनु; ('घचेटाउनु'-को क० क्रि०) ।

घचेटाउनु–स० क्रि० [घचेट्+आउ+नु] घचेट्न लाउनु; ठेलाउनु; ('घचेट्नु'-को प्रे० क्रि०) ।

घचेटाघचेट–ना० [घचेट्+घचेट्] परस्परमा घचेट्नु; परस्परको घचेटो ।

घचेटिनु–स० क्रि० [घचेट्+इ+नु] ठेलिनु; घच्च्याइनु; ('घचेट्नु'-को क० क्रि०) ।

घचेटो–ना० [घचेट्] घचेटाइ; ठेलाइ; धक्का ।

घचेट्नु–स० क्रि० [घच्चा+नु] १. ठेल्नु; घच्च्याउनु । २. धकेल्नु; धक्क्याउनु । ३. बलपूर्वक ठेलेर कतैतिर सार्नु; हटाउनु ।

घच्का–ना० [घोच्] छेड़छाड़का कुरा; छनक; घोच-पेच ।

घच्चा–ना० [प्रा० घस्स] १. भीड़; घचारो । २. धक्का ।

घच्च्याइ–ना० [घच्च्याउ+आइ] घच्च्याउने किसिम, क्रिया वा भाव ।

घच्च्याइनु–स० क्रि० [घच्च्याउ+इ+नु] घच्चा दिइनु; धकेलिनु; ('घच्च्याउनु'-को क० क्रि०) ।

घच्च्याउनु–स० क्रि० [घच्चा+याउ+नु] घच्चा दिनु; धकेल्नु; धक्क्याउनु ।

घच्याटिनु–स० क्रि० [घच्याट्+इ+नु] घचेटिनु; ('घच्याट्नु'-को क० क्रि०) ।

घच्याट्नु–स० क्रि० [घचेट्+नु] घचेट्नु ।

घट–ना० [सं०] १. गाग्रो; घड़ा । २. हात्तीको गण्ड-स्थल । ३. मन; हृदय । ४. कुम्भ राशि ।

घटक–वि० [सं०] १. बीचमा रहने; मध्यस्थ । (ना०) २. विवाह आदि सम्बन्ध मिलाउने व्यक्ति; लमी । ३. चलाकीसाथ आफ्नो काम सिद्ध गर्ने व्यक्ति; धूर्त व्यक्ति ।

घट-कर्पर–ना० [सं०] विक्रमादित्यका सभाका नवरत्न-मध्ये एक; एक प्रसिद्ध महाकवि ।

घट-कार–ना० [सं०] कुह्माले ।

घटघट–क्रि० यो० [अनु०] घट्घटी ।

घटन–ना० [सं०] १. प्रयास; प्रयत्न । २. संयोग; मेल । ३. बनाउनु; रचना । ४. घटना ।

घटना–ना० [सं०] १. अचानक भएको कुनै कुरो; काण्ड; पर्व । २. मार-पीट; वारदात ।

घटना-क्रम–ना० [सं०] घटनाको सिलसिला ।

घटना-चक्र–ना० [सं०] १. घटनाहरूको तारतम्य; घटना-परम्परा । २. घटनाहरूको समूह ।

घटनावली–ना० [सं०] घटनाहरूको समूह; घटना-चक्र ।

घटना-स्थल–ना० [सं०] घटना घटेको ठाउँ ।

घट-बढ़–ना० [घट्+बढ्] घटी-बढ़ी; न्यूनाधिक्य ।

घट-वादन–ना० [सं०] तबला बजाएझैँ माटाको गाग्रो बजाउनु ।

घट-वारे–ना० [घाट+वार] १. घाटमा बस्ने व्यक्ति; घाटे । २. खोलामा डुङ्गा तार्ने व्यक्ति; माझी; मलाहा । ३. घाटको ठेक्का उठाउने व्यक्ति । ४. वन-जाँचका चौकीमा बस्ने कर्मचारी ।

घट-स्थापना–ना० [सं०] १. नौ दिनसम्म दुर्गाको पूजा गर्नाका निम्ति आश्विन शुक्ल प्रतिपदाका दिन दुर्गाको प्रतिमा-स्वरूप कलश स्थापना गर्ने काम । २. कुनै पूजाको आयोजनमा विधिपूर्वक जलपूर्ण घड़ाको स्थापना गर्नु ।

घटा–ना० [सं०] १. प्रयत्न; उद्योग । २. समूह । ३. मेघको समूह; मेघ-माला ।

घटाइ–ना० [घट्+आइ] घट्ने किसिम, क्रिया वा भाव ।

घटाइ–ना० [घट्+आइ] घटाउने किसिम, क्रिया वा भाव ।

घटाइनु–स० क्रि० [घटाउ+इ+नु] उपमा दिइनु; दृष्टान्त दिइनु; ('घटाउनु'-को क० क्रि०) ।

घटाइनु–स० क्रि० [घटाउ+इ+नु] कम गरिनु; घटी पारिनु; ('घटाउनु'-को क० क्रि०) ।

घटाउ–ना० [घट्+आउ] १. कम हुनाको भाव; कमी । २. घटाउने क्रिया । ३. गणितमा कुनै सङ्ख्याबाट अर्को सङ्ख्या झिक्ने वा कम गर्ने क्रिया ।

घटाउनु–स० क्रि० [घट्+आउ+नु] १. कम गर्नु; घटी गर्नु । २. ठूलो अङ्कबाट सानो अङ्क झिक्नु; कुनै राशिबाट अर्को राशि कटाउनु; घटाउने हिसाब गर्नु । ३. छोट्याउनु; ('घट्नु'-को प्रे० क्रि०) ।

घटाउनु–स० क्रि० [सं० घट्+आउ+नु] १. उपमा दिनु; दृष्टान्त दिनु । २. दाँज्नु; तुलना गर्नु ।

घटाकाश–ना० [सं०] तर्क-शास्त्रानुसार घड़ाभित्रको आकाश; घड़ाभित्रको खाली स्थान ।

घटाघट–ना० [घट्+घट्] १. एकले अरूको दाँजोमा कम गर्नु; परस्परमा घटाउनु । २. सिकिस्त बिरामी हुनु; घिटी-घिटी । ३. आखिरी अवस्था; अन्त्यावस्था ।

घटाघटी–ना० [घटाघट] १. एकले अरूको दाँजोमा कम गर्नु; घटाघट । २. आखिरी अवस्था; अन्त्यावस्था ।

घटाटोप–ना० [सं०] १. मेघ-माला; मेघाडम्बर । २. ताम्दान वा म्यानाको ढाक्ने पर्दा ।

घटिक–ना० [सं०] धर्म-शाला, पौवा आदिमा पानी खुवाउने व्यक्ति ।

घटिका–ना० [सं०] १. चौबीस मिनेटको समय; घड़ी । २. सानो घड़ा ।

घटित–वि० [सं०] १. घटेको; भएको (घटना) । २. बनाइएको; रचित । ३. मिलाइएको (लक्ष्यमा लक्षण) । ४. अर्थ ठीक भएको ।

CC-0. In Public Domain. Digitization by eGangotri

घटिनु–अ० क्रि० [घट्+इ+नु] कम होइनु; घटी होइनु; ('घट्नु'-को भा० क्रि०)।

घटिनु–अ० क्रि० [घट्+इ+नु] संयोगवश कुनै काम होइनु; घटना होइनु; ('घट्नु'-को भा० क्रि०)।

घटिया–वि० [घट्+इया] १. कमसल; कम्ती खालको। २. खराब; नजाती।

घटी–ना० [सं०] १. चौबीस मिनेटको समय; घड़ी। २. घण्टा, मिनेट आदि सूचित गर्ने यन्त्र; घड़ी। ३. सानो घड़ा।

घटी–वि० [घट्] कम; थोरै; न्यून।

घटी-बढ़ी–ना० [घटी+बढ़ी] सानो-ठूलो; घट-बढ़; न्यूनाधिक्य।

घटी-यन्त्र–ना० [सं०] समय जनाउने यन्त्र; घड़ी।

घटुवा–वि० [घट्+उवा] घट्ने किसिमको; कम हुने।

घटु-वारे–ना० [घट-वारे] घट-वारे।

घटेरो–ना० [घट्ट+एरो] घट्टको धनी; घट्ट राख्ने व्यक्ति; घट्टमा काम गर्ने व्यक्ति।

घट्काइ–ना० [घट्काउ+आइ] घट्काउने किसिम, क्रिया वा भाव।

घट्काइनु–स० क्रि० [घट्काउ+इ+नु] घुट्क्याइनु; ('घट्काउनु'-को क० क्रि०)।

घट्काउनु–स० क्रि० [घुट्को+आउ+नु] दूध, पानी आदि पन्यालो पदार्थ निल्नु; घटघट निल्नु; घुट्क्याउनु।

घट्घट–क्रि० यो० [घुटको] तरल पदार्थ धमाधम पिउने किसिम; घट्घटी।

घट्घटी–क्रि० यो० [घट्घट+ई] ठाड़ो घाँटी लाएर तरल पदार्थ पिउने किसिम वा पिउँदा आवाज आउने किसिम; घट्घट।

घट्ट–ना० [प्रा०] पीठो पिँध्ने यन्त्र; ठूलो किसिमको जाँतो।

घट्ट–ना० [सं०] नदीको तीर; घाट।

घट्ट-कर–ना० [सं०] नदी पार गरेको महसूल; घाट तरेको कर।

घट्ट-कुटी–ना० [सं०] घाटको महसूल उठाउने चौकी वा अड्डा।

घट्ट-जीवी–ना० [सं०] घाटको महसूलबाट जीविका गर्ने व्यक्ति।

घट्टन–ना० [सं०] हल्लनु।

घट्ट-पुरोहित–ना० [सं०] घाटमा बसेर दान लिने ब्राह्मण; घाटे; पण्डा।

घट्टित–वि० [सं०] १. हल्लाइएको; चलाइएको। २. थिचिएको; दवाइएको। ३. बनाइएको; निर्मित।

घट्टे–वि० [घट्ट+ए] घट्टको काम गर्ने; घट्ट थाप्ने; घट्ट भएको; घट्ट-सम्बन्धी।

घट्ती–ना० [घट्+ती] कमी; न्यूनता।

घट्नु–अ० क्रि० [सं० घट+नु] १. घटना हुनु; घटित हुनु; संयोगवश केही काम हुनु। २. जँच्नु; सुहाउनु; मिल्नु। ३. लागू हुनु।

घट्नु–अ० क्रि० [प्रा० घट्टई+नु] १. कम हुनु; घटी हुनु। २. मासिनु; खर्च हुनु। ३. छोटिनु।

घड़घड़–क्रि० यो० [अनु०] खस्रो जमीनमा कुनै ठूलो पदार्थ घिच्च्याउँदा शब्द आउने किसिम।

घड़घड़ाइ–ना० [घड़घड़ाउ+आइ] घड़घड़ाउने किसिम, क्रिया वा भाव।

घड़घड़ाइनु–अ० क्रि० [घड़घड़ाउ+इ+नु] घड़घड़ शब्द निस्कनु; ('घड़घड़ाउनु'-को भा० क्रि०)।

घड़घड़ाउनु–अ० क्रि० [घड़घड़+आउ+नु] खस्रो जमीनमा कुनै ठूलो पदार्थ घिच्च्याउँदा घड़घड़ शब्द निस्कनु।

घड़घड़ाहट–ना० [घड़घड़+आहट] घड़घड़ आवाज आउने किसिम, क्रिया वा भाव।

घड़घड़े–वि० [घड़घड़ो+ए] आफ्नो काम पूरा गराउनाका निम्ति हठ गरिरहने; हठी।

घड़घड़ो–वि० [ने०] आफ्नो काम पूरा गराउनाका निम्ति लिँड़े-ढिपी गरिरहने; घड़घड़े।

घड़घड़्याइ–ना० [घड़घड़ो+आइ] घड़घड़ो हुनाको किसिम, क्रिया वा भाव।

घड़घड़्याहट–ना० [घड़घड़ो+आहट] घड़घड़ो हुनाको किसिम, क्रिया वा भाव।

घड़ा–ना० [सं० घट] १. पानीको भाँड़ो; गाग्रो। २. पूजा वा साइतका निम्ति सिँगारेर राखिने जल-पात्र; कलश।

घड़ी–ना० [सं० घटी] १. चौबीस मिनेटको समय; दिन-रातको साठियौँ भाग। २. अवसर; समय। ३. समय बताउने यन्त्र; मिनेट, घण्टा आदि सूचक यन्त्र।

घड़ी-घड़ी–क्रि० यो० [घड़ी+घड़ी] वार-वार; फेरि-फेरि; छिन-छिनमा।

घड़ी-चरो–ना० [घड़ी+चरो] रातको प्रहर-प्रहरमा बासेर समयको सूचना गर्ने चरो; कुखुरो; कुपक्षी।

घड़ी-फूल–ना० [घड़ी +फूल] घड़ीको डायलजस्तो देखिने गरी रङ्गी -विरङ्गी खण्ड-खण्ड परेको वृत्ताकार, लहरामा फुल्ने एक जातको फूल।

घड़ी-साज–ना० [घड़ी+साज़ (फा०)] घड़ी मरम्मत गर्ने व्यक्ति; बिग्रेको घड़ी बनाउने वा सफा गर्ने मानिस।

घड़ी-साजी–ना० [घड़ी+साज़ी (फा०)] घड़ी बनाउने वा मरम्मत गर्ने पेशा; घड़ी-साजको काम।

घड़ेरी–ना० [घर] घर बनेको ठाउँ; घरले चर्चेको जग्गा; घर बनाउने ठाउँ।

घण्ट–ना० [सं० घण्टा] पूजामा बजाइने एक किसिमको बाजा; घण्टा।

घण्टा–ना० [सं०] १. अढ़ाइ घड़ीको समय; साठी मिनेटको समय; दिन-रातको चौबीसौँ भाग। २. हल्लाएर बजाइने एक प्रकारको बाजा; घण्ट।

CC-0. In Public Domain. Digitization by eGangotri

घण्टाकर्ण–ना० [सं०] श्रावण कृष्ण चतुर्दशीका दिन पूजा गरिने एक राक्षस; गठे-मङ्गल ।

घण्टाकर्ण-चतुर्दशी–ना० [सं०] श्रावण कृष्ण चतुर्दशी ।

घण्टा-घर–ना० [घण्टा+घर] सर्व-साधारणलाई समय विदित गराउनाका निम्ति ठूलो घड़ी जड़िएको धरहरा-जस्तो अग्लो घर ।

घण्टिक–ना० [सं०] झीनु र लामो थुतुनु हुने, ग्राहका जातको एक जल-जन्तु ।

घण्टिका–ना० [सं०] १. सानो घण्ट । २. चाँप ।

घण्टी–ना० [घण्ट+ई] १. सानो घण्ट । २. घण्टजस्तो बज्ने सानो यन्त्र ।

घत–ना० [सं० घात] १. छुक; लक्षण । २. जोखना; आखत । ३. विचार । ४. प्रभाव; असर (मनमा पर्ने) ।

घद्न्याक-घुद्रुक–क्रि० यो० [अनु०] लड़न्त गर्दा शब्द आउने किसिम ।

घन–ना० [सं०] १. बादल; मेघ । २. फलामको मुङ्ग्रो । ३. ठोसपन; खँदिलोपन । ४. उही-उही अङ्क तीन पटक गुणन गर्दा आएको उत्तर; कुनै ठोस पदार्थको लम्बाइ, चौड़ाइ र उँचाइको गुणन गर्दाको परिणाम । ५. वेद-मन्त्र पाठ गर्ने एक विशेष विधि । ६. विस्तार; फैलावट । ७. समूह; समुदाय । ८. कड़ापन; दृढता । ९. घण्टा । १०. शरीर; देह । ११. फलाम ।

घन-कफ–ना० [सं०] असिना ।

घन-काल–ना० [सं०] वर्षा ऋतु ।

घन-कोदण्ड–ना० [सं०] इन्द्र-धनु; इन्द्रेनी ।

घनक्क–क्रि० यो० [अनु०] घन्कने किसिम; प्रतिध्वनित हुने गरी बाजा आदि बज्ने किसिम ।

घन-क्षेत्र–ना० [सं०] कुनै ठोस पदार्थको लम्बाइ, चौड़ाइ र गहिराइ वा मोटाइको विस्तार ।

घन-गर्जित–ना० [सं०] मेघको गर्जन ।

घन-घटा–ना० [सं०] बादलको समूह; मेघ-माला ।

घनघन–ना० [ने०] १. एक किसिमको ठूलो डम्फु । २. बाजाहरू घन्केर बज्ने किसिम ।

घन-घोर–वि० [सं०] १. ज्यादै घनो; खूब बाक्लो । २. भीषण; डर-लाग्दो । (ना०) ३. बादलको गर्जन; मेघको गर्जना । ४. भयङ्कर आवाज ।

घन-चक्कर–ना० [सं० घन+चक्र] १. ठूलो भ्रम । २. झमेला; टन्टा । ३. छुकछुके मानिस; चञ्चल बुद्धिको व्यक्ति । (वि०) ४. मूर्ख; बेवकूफ ।

घन-ज्वाला–ना० [सं०] बिजुली; मेघ-ज्योति ।

घन-टाउके–वि० [घन+टाउके] ठूलो टाउको हुने; टाउके; घन्टाउके ।

घनता–ना० [सं०] घना हुनाको भाव; खँदिलोपन; घनत्व ।

घनत्व–ना० [सं०] खँदिलो हुनाको भाव; ठोसपन; घनता ।

घननन–क्रि० यो० [अनु०] घन्कने किसिम; ठूलो आवाज घन्केर आउने किसिम ।

घन-नाद–ना० [सं०] मेघ-नाद; मेघको गर्जन ।

घन-फल–ना० [सं०] १. लम्बाइ, चौड़ाइ र गहिराइ वा मोटाइको गुणन-फल । २. कुनै अङ्कलाई उसै अङ्कले क्रमशः दुइ पटक गुणन गर्दा निस्कने गुणन-फल ।

घन-मूल–ना० [सं०] कुनै घन राशिको मूल अङ्क ।

घन-रव–ना० [सं०] मेघ-गर्जन ।

घन-रस–ना० [सं०] १. पानी; जल । २. अर्क; रक्सी । ३. कपूर ।

घन-वल्लिका–ना० [सं०] बिजुली; विद्युत् ।

घन-वास–ना० [सं०] कुभिन्डो ।

घन-श्याम–वि० [सं०] १. पानी भएको बादलजस्तो कालो । (ना०) २. कालो बादल । ३. राम । ४. कृष्ण ।

घन-श्रेणी–ना० [सं०] मेघ-माला ।

घन-सार–ना० [सं०] १. पानी; जल । २. कपूर ।

घन-स्वन–ना० [सं०] मेघ-गर्जन ।

घना–वि० [सं०] १. झ्याम्म परेको; नजीक-नजीक जोरिएको; बाक्लो । २. खाँदिएको; सघन । ३. धेरै; प्रशस्त ।

घनान्धकार–ना० [सं०] घोर अन्धकार; गाढ अन्धकार ।

घनिष्ठ–वि० [सं०] १. ज्यादै नजीकको; निकटको । २. खूब घना; बाक्लो ।

घनिष्ठता–ना० [सं०] घनिष्ठ हुनाको भाव; सामीप्य ।

घनी-भाव–ना० [सं०] १. गाढ़ा हुनाको भाव; घनत्व । २. केन्द्रीभूत हुनु ।

घनीभूत–वि० [सं०] १. घना भएको; ठोस; जमेको । २. केन्द्रीभूत । ३. गाढ़ा; बाक्लो ।

घनू–वि० [घना] घना ।

घनेरा–ना० [घना] धेरै; ज्यादा; प्रशस्त ।

घनो–वि० [घना] घना ।

घन्कनु–अ० क्रि० [घनक्क+नु] १. धेरै जनाले एकसाथ पाठ गर्दा ठूलो आवाज आउनु; धेरै बाजा एकैसाथ बजाउँदा ठूलो आवाज आउनु; घननन आवाज आउनु । २. प्रतिध्वनि निस्कनु; ध्वनित हुनु ।

घन्काइ–ना० [घन्क+आइ] घन्कने किसिम, क्रिया वा भाव ।

घन्काइ–ना० [घन्काउ+आइ] घन्काउने किसिम, क्रिया वा भाव ।

घन्काइनु–स० क्रि० [घन्काउ+इ+नु] घन्कन लाइनु; ('घन्काउनु'-को क० क्रि०) ।

घन्काउनु–स० क्रि० [घन्क+आउ+नु] घन्कन लाउनु; घननन आवाज निकाल्नु; ('घन्कनु'-को प्रे० क्रि०) ।

घन्किनु–अ० क्रि० [घन्क+इ+नु] १. घननन आवाज निस्किनु; ('घन्कनु'-को भा० क्रि०) । २. घन्कनु ।

CC-0. In Public Domain. Digitization by eGangotri

घन्क्याइ–ना० [घन्कि+आइ] घन्किने किसिम, क्रिया वा भाव।

घन्क्याहट–ना० [घन्कि+आहट] घन्किने किसिम, क्रिया वा भाव; घन्क्याइ।

घन्चमन्च–ना० [घचमच] १. घचमच; ठेलमठेल। २. घचारो; घुइँचो।

घन्टाउके–वि० [घन+टाउके] शरीरको अनुपातमा ठूलो टाउको हुने; घन-टाउके।

घपना–ना० [घोप्टो] घोप्टो पारी छोप्ने बिर्को; ढकना।

घपनी–ना० [घपना] घपना।

घपु–ना० [ने०] १. जूवामा नगनी धेरै रुपियाँ-पैसा थाप्नु। २. थप; थप्पु।

घबड़ाइनु–अ० क्रि० [प्रा० घुण्डई] घबराउनु।

घबड़ाहट–ना० [घबड़ाउ+आहट] घबराहट।

घबराइनु–अ० क्रि० [घबराउ+इ+नु] हड़बड़ाइनु; ('घबड़ाउनु'-को भा० क्रि०)।

घबराउनु–अ० क्रि० [घबड़ाउनु] १. भय वा दुःखबाट मन विचलित हुनु; व्याकुल हुनु; हड़बड़ाउनु। २. आत्तिनु; अत्यासमा पर्नु।

घबराहट–ना० [घबराउ+आहट] घबराउने किसिम, क्रिया वा भाव; अत्याहट; आतुरता; अत्यास।

घमन्ड–ना० [?] अभिमान; शेखी; तुजुक; अहङ्कार।

घमन्डी–वि० [घमन्ड+ई] घमन्ड भएको; अभिमानी; शेखीवाल।

घमाइलो–वि० [घाम+इलो] घाम लाग्ने वा लागेको; पाहारिलो (ठाउँ)।

घमासान–ना० [सं० सङ्घर्ष] ठूलो झगड़ा वा लड़ाइँ; घम्साघम्सी।

घमौरा–ना० [घाम+औरा] पसिनाबाट उछ्रने साना-साना बिमिरा; गर्मीबाट छालामा आउने मसिना खटिरा।

घम्साघम्सी–ना० [घमासान] परस्परको सङ्घर्ष; मुठभेड़; ठूलो लड़ाइँ।

घर–ना० [प्रा०] १. गाह्रो लगाई, छाना हाली बनाएको, मानिस बस्ने ठाउँ; गृह; आलय। २. खाना; कोठो (पच्चीसको थर्की, बुद्धि-चाल आदिको)। ३. जन्म-कुण्डलीमा ग्रहविशेषको स्थान। ४. गृहस्थीको व्यवस्था; गृहस्थी। ५. पति-गृह (स्त्रीको)।

घर-केटो–ना० [घर+केटो] छोरी विवाह गरिदिनलाई हेरिने केटो र उसको गृहस्थी।

घर-खेत–ना० [घर+खेत] १. घर र खेत; घर-जग्गा; घर-बार; गाँस-बास। २. सर्वस्व।

घर-गाँउले–ना० [घर+गाउँले] १. विवाहमा दुलहीका गाउँलेहरूलाई भनिने शब्द; दुलहीका दाजु-भाइ। २. घरनिरका गाउँले।

घर-गृहस्थ–वि० [घर+गृहस्थ] घर-गृहस्थी भएको; घर-जम गरेर बसेको; गृहस्थ।

घर-गृहस्थी–ना० [घर+गृहस्थी (सं०)] १. घरजम। २. घर र घरका सबै सर-सामान।

घर-गौँथली–ना० [घर+गौँथली] घरमा गुँड़ लाएर बस्ने एक जातको गौँथली।

घर-घड़ेरी–ना० [घर+घड़ेरी] घर र त्यसले चर्चेको जमीन।

घरघर–क्रि० यो० [अनु०] गाड़ी आदि चल्दा शब्द आउने किसिम; खस्रो र कड़ा जमीनमा गह्रौँ वस्तु रगेड़िँदा आउने शब्दको किसिम।

घरघराइ–ना० [घरघराउ+आइ] घरघराउने किसिम, क्रिया वा भाव।

घरघराइनु–अ० क्रि० [घरघराउ+इ+नु] घरघर शब्द आइनु; ('घरघराउनु'-को भा० क्रि०)।

घरघराउनु–अ० क्रि० [घरघर+आउ+नु] खस्रो जमीनमा गाड़ी आदि दगुर्दाको जस्तो शब्द आउनु; घरघर शब्द आउनु।

घर-घराना–ना० [घर+घराना] १. घर र जेथा; घर र घरका सामग्री। २. घरसार; घरायस; घै-घराना।

घरघराहट–ना० [घरघराउ+आहट] घरघराउने किसिम, क्रिया वा भाव।

घरङ्घाट–ना० [प्रा० घर+न+घाट] १. घर-गृहस्थी बिग्रँद जानु; घकँदै जानु; ओरालो लाग्नु; अवनति। २. सत्या-नाश; सर्वनाश।

घर-जग्गा–ना० [घर+जग्गा] घर-खेत।

घरजम–ना० [घर+जमाउ] घर-बार र परिवारको समेत बन्दोबस्त गरेर बस्नु; घर-गृहस्थी; गृहस्थाश्रम।

घर-जुवाइँ–ना० [घर+जुवाइँ] ससुरालीमा बसी जीविका गर्ने जुवाइँ; कुमान्छे।

घर-ज्वाइँ–ना० [घर-जुवाइँ] घर-जुवाइँ।

घर-झगड़ा–ना० [घर+झगड़ा] गृह-कलह।

घर-तरुल–ना० [घर+तरुल] १. पानका आकारका पात, मञ्जरीका आकारका फूल, खैरा फल (गिट्टा) र लामा विभिन्न रङ्गका कन्द हुने एक लहरो। २. त्यसैको कन्द।

घर-द्वार–ना० [घर+द्वार] घर-बार; घर-वास।

घर-धनी–ना० [घर+धनी] घरको मालिक; गृह-पति।

घर-धन्धा–ना० [घर+धन्धा] घरायसी काम-काज; घरेलु धन्धा; कोते-धन्धा।

घर-पटी–ना० [घर-पट्टी] घर-पट्टी।

घर-पट्टी–ना० [घर+पति (सं०)] घरको मालिक; घर-धनी; गृह-पति।

घर-पाला–वि० [घर+पाल्] घरमा पालेको; घरेलु (पशु, पक्षी आदि)।

घर-पैँचो–ना० [प्रा० घर-पवेसो] नयाँ घरको प्रतिष्ठा; घरको वास्तु-कर्म।

CC-0. In Public Domain. Digitization by eGangotri

घर-बार–ना० [घर+बारी] १. घर-जम; घर-गृहस्थी। २. विवाह।

घर-बारी–वि० [प्रा० घर+बाल (सं०)] बाल-बच्चा भएको; गृहस्थाश्रममा रहेको।

घर-बारी–ना० [घर+बारी] घर र खेती-पाती; गृहस्थी।

घर-बारी-संन्यासी–ना० [घर-बारी+संन्यासी] १. जोगी-जोगिनीबाट जन्मेको व्यक्ति; जन्म-संन्यासी। २. घर-बार गरी बसेको संन्यासी।

घर-बास–ना० [घर+वास] घर-वास।

घर-बुना–ना० [घर+बुन्] घरैमा तयार गरिने एक जातको मोटो कपड़ा; खाँड़ी; खादी।

घर-वास–ना० [घर+वास] आफू बस्ने घर; वास; घर-बार।

घर-सङ्घा–ना० [घर+सन्धान (सं०)] घर बनाउने साधन (काठ आदि)।

घर-सङ्घी–ना० [घर+सन्धान (सं०)] घर-सङ्घा।

घरसार–ना० [घर+सार (फाँ०)] १. घर-धन्धा; घरायसी काम। २. घर-गृहस्थी; घरजम। ३. घरायस।

घरान–ना० [घराना] वंश; कुल; खानदान।

घरान–ना० [ने०] कपड़ा आदिको लम्बाइ-चौड़ाइको नाप।

घराना–ना० [घर+आना] १. उच्च कुल; प्रसिद्ध खानदान। २. वंश; कुल।

घरानियाँ–वि० [घर+आनियाँ] १. उच्च घरानको; खानदानी; कुलीन। २. कुलको; वंशको।

घरायस–ना० [घर] गाउँ-घर; घर-सार।

घरायसी–वि० [घरायस+ई] घरसारको; घरेलु।

घरिया–ना० [सं० घटिका] सुन-चाँदी गाल्ने माटाको भाँड़ो; क्रेसीबल।

घरियाल–ना० [सं० कुम्भीर] एक जातको ग्राह।

घरी–ना० [घारी] केराको सिङ्गो झुप्पो; डाँठसहितका केराका काइँयाहरूको समूह।

घरी–ना० [घड़ी] घड़ी; अल्प समय।

घरी-घरी–क्रि० यो० [घड़ी-घड़ी] १. छिन-छिन; थोरै-थोरै समय। २. बारम्बार; बराबर; घड़ी-घड़ी।

घरुवा–ना० [घेर्+उवा] वरि-परि डील लगाई बीचको पानी उल्झेर माछा पक्रन वा मार्न बनाइएको ठाउँ।

घरेलु–वि० [घर+एलु] १. घरको; घर-सम्बन्धी; घरायसी। २. घर-पाला; घरमा पालेको।

घरेलु-इलम–ना० [घरेलु+इलम] आफ्नै घरमा बसी गर्न सकिने उद्योग वा शिल्प।

घर्कनु–अ० क्रि० [घट्+नु] १. घट्दै जानु; सिद्धिँदै जानु; घहरिनु। २. खस्कनु; अवनति हुनु। ३. ढल्कनु; बित्दै जानु (समय, दिन, उमेर आदि)। ४. खहरिनु।

घर्काइ–ना० [घर्क+आइ] घर्कने किसिम, क्रिया वा भाव।

घर्काइनु–स० क्रि० [घर्काउ+इ+नु] घर्कन लाइनु; ('घर्काउनु'-को क० क्रि०)।

घर्काउनु–स० क्रि० [घर्क+आउ+नु] क्रमशः घटाउनु; घर्कन लाउनु; ('घर्कनु'-को प्रे० क्रि०)।

घर्किनु–स० क्रि० [घर्क+इ+नु] १. घर्कनु। २. घट्तै गइनु; घहरिइनु; ('घर्कनु'-को क० क्रि०)।

घर्क्याइ–ना० [घर्कि+आइ] घर्किने किसिम, क्रिया वा भाव।

घर्घर–ना० [सं०] १. गाड़ा, बग्गी आदिको आवाज। २. घुर्दाको शब्द।

घर्घरिका–ना० [सं०] १. मही पार्ने ठेको। २. एक किसिमको प्राचीन बाजा।

घर्ती–ना० [ने०] १. दासत्वबाट मुक्त भएको एक वर्ग। २. क्षत्रियको एक थर।

घर्तेना–ना० [घर्ती+एना] घर्ती-वर्गकी स्त्रीको आदरार्थी शब्द।

घर्म–ना० [सं०] १. घाम। २. गर्मी। ३. ग्रीष्म ऋतु।

घर्माम्बु–ना० [सं०] पसीना।

घर्र–क्रि० यो० [अनु०] गह्रौं वस्तु घिच्च्याउँदा आवाज आउने किसिम।

घर्रा–ना० [घर्र] दराज, टेबिल आदिमा माल-सामान राख्ने, तानेर खोलिने खण्ड।

घर्ष–ना० [सं०] १. रगेड्नु; घर्षण। २. पिँध्नु।

घर्षक–वि० [सं०] १. रगेड्ने; घोट्ने। २. पिँध्ने।

घर्षण–ना० [सं०] १. घोट्नु; रगेड्नु। २. पिँध्नु।

घर्षित–वि० [सं०] १. घोटिएको; रगेड़िएको। २. पिँधिएको।

घलेक–ना० [ने०] गुरुङसेनीहरूले पिठिउँमा गादोजस्तै बाँध्ने कपड़ा।

घल्चा–ना० [सं० घट+चा (नेवा०)] तामा, पीतल आदि धातुको सानो गाग्री।

घसक्क–क्रि० यो० [अनु०] घस्कने किसिम।

घसर-पसर–ना० [घाँस-पात] १. कसिङ्गर; निकृष्ट वस्तु। २. नचाहिँदो काम-काज; झन्झटको काम। (क्रि० यो०) ३. खजमजिने किसिम; घस्याङ-घुसुङ।

घसर-मसर–वि० [ने०] प्रबन्ध नमिलेको; अव्यवस्थित।

घसाइ–ना० [घस्+आइ] घस्ने किसिम, क्रिया वा भाव।

घसाइनु–स० क्रि० [घसाउ+इ+नु] घस्न लाइनु; ('घसाउनु'-को क० क्रि०)।

घसाउनु–स० क्रि० [घस्+आउ+नु] घस्न लाउनु; दलाउनु; ('घस्नु'-को प्रे० क्रि०)।

घसारिनु–स० क्रि० [घसार्+इ+नु] घिसारिनु; ('घसार्नु'-को क० क्रि०)।

घसार्नु–स० क्रि० [सं० घृष्+नु] १. भइँमा घस्रने गरी तान्नु; घिसार्नु। २. लिप्नु; पोत्नु। ३. मालिश गर्नु; घस्नु। ४. घस्टचाउनु।

घसिनु–अ० क्रि० [घस्+इ+नु] दलिनु; रगेड़िनु; ('घस्नु'-को भा० क्रि०)।

घसौट–ना० [घसेट्] डिको नदिई छिटो-छिटो लेखेको लेख;

CC-0. In Public Domain. Digitization by eGangotri

खेस्रा।

घसेउटो–वि० [घस्यौटो] घस्यौटो।

घसेटाइ–ना० [घसेट्+आइ] घसेट्ने किसिम, क्रिया वा भाव।

घसेटाइनु–स० क्रि० [घसेटाउ+इ+नु] घसेट्न लाइनु; ('घसेटाउनु'-को क० क्रि०)।

घसेटाउनु–स० क्रि० [घसेट्+आउ+नु] घसेट्न लाउनु; चाँड़ो-चाँड़ो लेखाउनु; ('घसेट्नु'-को प्रे० क्रि०)।

घसेटिनु–स० क्रि० [घसेट्+इ+नु] चाँड़ो-चाँड़ो लेखिनु; ('घसेट्नु'-को क० क्रि०)।

घसेटो–ना० [घस्+एटो] तेल घस्दा लाउने धोती।

घसेट्नु–स० क्रि० [सं० घृष्ट] १. चाँड्चाँड़ो लेख्नु; घसीट लेख्नु। २. घसार्नु; घिसार्नु।

घस्कनु–अ० क्रि० [घस्स] मन नपर्दो मानिस जानु; अन्भरिनु।

घस्काइ–ना० [घस्क+आइ] घस्कने किसिम, क्रिया वा भाव।

घस्किइनु–अ० क्रि० [घस्क+इ+नु] मन नपर्दो मानिस जाइनु; ('घस्किनु'-को भा० क्रि०)।

घस्किनु–अ० क्रि० [घस्क+इ+नु] १. घस्कनु। २. मन नपर्दो मानिस जानु; ('घस्कनु'-को भा० क्रि०)।

घस्क्याइ–ना० [घस्कि+याइ] घस्किने किसिम, क्रिया वा भाव।

घस्क्याहट–ना० [घस्कि+आहट] घस्किने किसिम, क्रिया वा भाव।

घस्ट्याइ–ना० [घस्टयाउ+आइ] घस्टयाउने किसिम, क्रिया वा भाव।

घस्ट्याइनु–स० क्रि० [घस्टयाउ+इ+नु] जथाभाबीसँग उपयोग गरी पुरानोजस्तो पारिनु; ('घस्टयाउनु'-को क० क्रि०)।

घस्ट्याउनु–स० क्रि० [सं० घृष्ट+याउ+नु] १. जथाभाबीसँग उपयोग गरी पुरानोजस्तो पार्नु। २. मैल्याउनु। ३. थोत्र्याउनु।

घस्नु–स० क्रि० [सं० घर्ष्+नु] १. दल्नु; रगड्नु। २. मालिश गर्नु; तेल लाउनु। ३. लिप्नु।

घस्मर–वि० [सं०] १. धेरै खाने; खन्चुवा; घिचुवा। २. खाने; भक्षक। ३. नाशक।

घस्याङ-घुसुङ–ना० [ने०] १. बेकम्मा चीज; रद्दी माल। (क्रि० यो०) २. घसर-पसर।

घस्यौटो–वि० [घाँस+औटो] रद्दी; बेकम्मा; निकम्मा।

घस्र–वि० [सं०] १. हानि गर्ने; हानि-कारक। (ना०) २. दिन। ३. सूर्य।

घस्रनु–अ० क्रि० [सं० घृष्+नु] भइँमा रगेड़िने गरी हिँड्नु; घिस्रनु।

घस्राइ–ना० [घस्र+आइ] घस्रने किसिम, क्रिया वा भाव।

घस्राइनु–स० क्रि० [घस्रि+आइ+नु] घस्रन लाइनु; रगेड्न लाइनु; ('घस्राउनु'-को क० क्रि०)।

घस्राउनु–स० क्रि० [घस्रि+आउ+नु] १. घस्रन लाउनु; रगेड्न लाउनु; ('घस्रनु'-को प्रे० क्रि०)।

घस्रिइनु–अ० क्रि० [घस्रि+इ+नु] घस्रिने होइनु; घिस्रिइनु; ('घस्रिनु'-को भा० क्रि०)।

घस्रिनु–अ० क्रि० [घस्र+इ+नु] १. घस्रनु। २. घिस्रिनु; ('घस्रनु'-को भा० क्रि०)।

घस्री-पस्री–क्रि० यो० [घस्र+पस्र] सकी-नसकी आउने वा जाने किसिम।

घस्र्याइ–ना० [घस्रि+आइ] घस्रिने किसिम, क्रिया वा भाव।

घस्र्याहट–ना० [घस्रि+आहट] घस्रिने किसिम, क्रिया वा भाव।

घस्स–क्रि० यो० [अनु०] गह्रुँगो वस्तु जमीनमा घस्रने गरी तान्दा आवाज आउने किसिम; घ्वास्स।

घहराइनु–स० क्रि० [घहराउ+इ+नु] घहरिन लाइनु; घर्काइनु; ('घहराउनु'-को क० क्रि०)।

घहराउनु–स० क्रि० [घहरि+आउ+नु] घर्काउनु; घहरिन लाउनु; ('घहरिनु'-को प्रे० क्रि०)।

घहरिइनु–अ० क्रि० [घहरि+इ+नु] घट्तै गइनु; घर्किनु; ('घहरिनु'-को भा० क्रि०)।

घहरिनु–अ० क्रि० [ने०] १. घट्तै जानु; घर्कनु। २. पतन हुँदै जानु; ओरालो लाग्नु।

घहऱ्याइ–ना० [घहरि+आइ] घहरिने किसिम, क्रिया वा भाव।

घहऱ्याइ–ना० [घहऱ्याउ+आइ] घहऱ्याउने किसिम, क्रिया वा भाव।

घहऱ्याउनु–स० क्रि० [घहरि+आउ+नु] घहरिने पार्नु; घहरिन लाउनु; ('घहरिनु'-को प्रे० क्रि०)।

घा–ना० [सं० घट्टन] सन्धि; सम्झौता।

घा–ना० [सं० घात] घाउ; चोट।

घाँगर–ना० [सं० घर्घर] बालिकाहरूले कमरमा लाउने घुँड़ामनिसम्म आउने पोशाक; जामा; घाँघर।

घाँघर–ना० [घाँगर] घाँगर।

घाँच–ना० [ने०] १. जङ्गलको छेउ-छाउ; जङ्गलवरिपरिको जग्गा। २. पहाडको फेदी।

घाँटी–ना० [सं० घाटा] १. गर्दन; घिचो; गलो; कण्ठ। २. दुइ पहाड़का बीचको जमीन वा बाटो; छेड़ो; घाटी।

घाँटो–ना० [घाँटी] केराका काइँया लाग्ने ठूलो डाँठ।

घाँड़ो–ना० [घण्ट] १. कुकुर, गाईआदिका गलामा झुन्ड्याइने घण्ट। २. गाईका गलामा झुन्ड्याइने काठको ठेउको वा मुग्रो। ३. झन्झटको काम वा वस्तु।

घाँस–ना० [सं० घास] झार; तृण; घास।

घाँस-पात–ना० [घाँस+पात] १. पात-पतिङ्गर; घाँस-फूस। २. महत्त्व-हीनको वस्तु; रद्दी चीज।

घाँस-फूस–ना० [घाँस+फूस] १. घाँस-पात; पात-पतिङ्गर। २. रद्दी माल; बेकम्मा वस्तु।

घाँसी–ना० [घाँस+ई] घाँस काट्ने पेशा भएको व्यक्ति;

CC-0. In Public Domain. Digitization by eGangotri

घाँस बेचेर जीविका गर्ने व्यक्ति ।

घाँसे–वि० [घाँस+ए] १. घाँस काटेर बेच्ने पेशा भएको । २. घाँस-सम्बन्धी; घाँसको ।

घाँसे-गीत–ना० [घाँसे+गीत] घाँसीहरूले गाउने गीत; घाँस काट्ता गाइने लोक-गीतको एक प्रकार ।

घाइते–वि० [घायल] १. चोट-पटक लागेको; घायल । २. जूवामा पैसा मारिएको (च्याँखे) ।

घाउ–ना० [प्रा० घाय] १. हतियार आदिबाट रगत आउने गरी लागेको चोट । २. फुटेको वा चिरिएको खटिरो ।

घागड़ान–वि० [हिं० घाघ] १. खूब चलाक; चतुर । २. पोख्त; निपुण ।

घाघड़ान–वि० [घागड़ान] घागड़ान ।

घाङर–ना० [घाँगर] घाँगर ।

घाट–ना० [सं०] १. घाँटीको पछिल्लो भाग; गर्दन । २. नाउ, जहाज आदिमा चढ्ने वा तिनीहरूबाट उत्रने ठाउँ; जलाशयको जलसम्म पुग्न सकिने सुगम स्थल । ३. नदी वा जलाशयको तट ।

घाट–ना० [सं० घट्ट] १. नदीको किनार; तीर्थ । २. जलाशयको जलसम्म पुग्न सकिने सुगम स्थल; जहाज, डुङ्गा आदिबाट ओर्ल्हने वा तिनीहरूमा चढ्ने ठाउँ । ३. बन-जाँचको चौकी । ४. गाहकीहरूको भीड़ । ५. आवागमनको निमित्त सुगम स्थल ।

घाट-गड्डी–ना० [घाट+गढ़ी] जङ्गलबाट काठ काटी नदीमा बगाएर वा अरू कुनै किसिमले ढुवानी गरी ल्याई एकत्रित पारी राख्ने ठाउँ ।

घाटा–ना० [सं०] १. गर्दनको पछिल्लो भाग । २. घाटी ।

घाटा–ना० [घट्] हानि; नोक्सानी; टुट्टा ।

घाटी–ना० [सं० घाटा] दुइ पहाड़का बीचको जमीन वा बाटो ।

घाटु–ना० [ने०] मन्त्रपूर्वक गीत गाएर अङ्ग-विन्यासका साथ गरिने, गुरुङ जातिको एक नृत्य ।

घाटे–ना० [घाट+ए] १. घाटमा बस्ने व्यक्ति; पण्डा । २. मुर्दा पोलेर जीविका गर्ने व्यक्ति ।

घाटे-वैद्य–ना० [घाटे+वैद्य] घाटमा ल्याइएका बिरामीहरूको उपचार गर्ने वैद्य ।

घात–ना० [सं०] १. चोट; प्रहार; आघात । २. धक्का; ठक्कर । ३. वध; हत्या । ४. खराबी; अहित । ५. गुणनफल । ६. हत्ते हाल्नु; जीउ छोड्नु ।

घातक–वि० [सं०] १. घात गर्ने; प्रहार गर्ने । २. वध गर्ने; हत्यारो । ३. हानि-कारक; बिगार गर्ने ।

घातकी–वि० [घात+ई] घातक; हत्यारो ।

घातन–ना० [सं०] हत्या गर्नु; घात गर्नु; हनन ।

घाती–वि० [सं०] १. प्रहार गर्ने; हान्ने । २. हत्या गर्ने; वधिक । ३. नाश गर्ने; बिगार्ने ।

घातुक–वि० [सं०] १. हिंसा गर्ने; हिंस्रक । २. क्रूर; निष्ठुर । ३. घातक; घाती । ४. हानि-कारक ।

घातुकी–ना० [सं०] घातुक; घातक ।

घात्य–वि० [सं०] घात गर्न योग्य; वध्य ।

घान–ना० [सं० घन] १. एक पटकमा भुटिने, कुटिने, पोलिने वा सुकाइने अन्नको परिमाण । २. एक पटकमा पठाइने मानिस वा वस्तुको समूह । ३. हूल-मूल परेर भएको पक्राउ वा सजाय ।

घाम–ना० [प्रा० घम्म] सूर्यको प्रकाश; सूर्यको राप ।

घामड़–वि० [घमन्ड] १. घमन्डी; अभिमानी । २. हत्तेरो । ३. असजिलो; अप्ठेरो । ४. मूर्ख; अबूझ ।

घाम-पानी–ना० [घाम+पानी] १. घाम लागी-लागी परेको पानी । २. घाम र पानी ।

घायल–वि० [घाउ] चोट लागेको; घाउ लागेको; घाइते; आहत ।

घार–ना० [सं०] १. सेचन गर्नु; पानी छर्कनु । २. चिसो पार्नु; भिजाउनु ।

घार–ना० [घर] माउरीको छातो; माउरीको गुँड़; पोलो ।

घारघार-घुरघुर–क्रि० यो० [अनु०] कुकुर, ब्वाँसा आदि हिंस्रक पशुहरूले आपसमा झगड़ा गर्दा कराउने किसिम ।

घारघुर–क्रि० यो० [ने०] १. मही पार्दा शब्द निस्कने किसिम । २. नेती तानेझैँ कुनै वस्तु तान्ने किसिम । ३. जसरी-तसरी काम गर्ने किसिम । ४. झगड़ा; कलह । ५. गोलमाल; गड़बड़ी । ६. पाङ्ग्रा भएका सवारीहरू चल्दा शब्द आउने किसिम ।

घारी–ना० [ने०] १. बाक्लो जङ्गल । २. लेकको फेदी; बेँसी । ३. फेदीको जमीन; घाँचको जमीन । ४. बाँस, केरा, निगाला आदिको झाँग ।

घारेघुरे–ना० [ने०] एक जातको तिमिलो ।

घारो–ना० [ने०] लामो डोलो काठ; लाठो ।

घालघुल–क्रि० यो० [अनु०] दुइ तरल पदार्थ मिलाउन हल्लाउने किसिम; घोल्ने किसिम; हुँड़ल्ने किसिम ।

घास–ना० [सं०] १. खानेकुरो; खाद्य पदार्थ । २. चउर वा मैदानमा उम्रने पशुको चारा; तृण; घाँस ।

घिउ–ना० [प्रा० घिअ] दूध, दही मथेर निकालिने सार पदार्थ; खारेको नौनी; घृत ।

घिउ-कुमारी–ना० [सं० घृत-कुमारी] भित्रपट्टि न्यालजस्तो लस्सादार पदार्थ भएका केत्तुकेका जस्ता पात हुने, बीचको डाँठमा साना-साना पहेँला फूल फुल्ने एक बोट । (आयुर्वेदमा यसको गुण ठन्डा र आगाले पोलेकोमा र विषालु खटिरामा फायदा गर्ने बताइएको छ ।)

घिचाइ–ना० [घिच्+आइ] घिच्ने किसिम, क्रिया वा भाव ।

घिचाइनु–स० क्रि० [घिचाउ+इ+नु] घिच्न लाइनु; हसुराइनु; ('घिचाउनु'-को क० क्रि) ।

घिचाउनु–स० क्रि० [घिच्+आउ+नु] आफूलाई मन नपर्ने गरी करबलले खुवाउनु; अपमानसँग खान दिनु;

CC-0. In Public Domain. Digitization by eGangotri

('घिच्नु'-को प्रे० क्रि०)।

घिचास–वि० [घिच्+आस] १. नराम्रो किसिमसँग खाने; घिच्ने। २. धेरै खाने; अपच हुने गरी खाने; घिंचाहा।

घिचाहा–वि० [घिच्+आहा] घिच्ने; घिचास; घिचुवा।

घिचिनु–स० क्रि० [घिच्+इ+नु] नराम्रो किसिमले खाइनु; हसुरिनु; ('घिच्नु'-को क० क्रि०)।

घिचुवा–वि० [घिच्+उवा] घिच्ने; घिचास।

घिच्चिइनु–अ० क्रि० [घिच्चि+इ+नु] तानिइनु; घिस्सिइनु; ('घिच्चिनु'-को भा० क्रि०)।

घिच्चिनु–अ० क्रि० [सं० घृष्+इ+नु] १. तानिनु; खिँचिनु; घिस्सिनु। २. सकी-नसकी हिँड्नु। ३. कर-बलले जानु।

घिच्चू–वि० [घिच्] घिचाहा; घिचुवा।

घिच्च्याइ–ना० [घिच्च्याउ+आइ] घिच्च्याउने किसिम, क्रिया वा भाव।

घिच्च्याइनु–स० क्रि० [घिच्च्याउ+इ+नु] तानिनु; घिसारिनु; ('घिच्च्याउनु'-को क० क्रि०)।

घिच्च्याइ-मुन्टयाइ–ना० [घिच्च्याइ+मुन्टयाइ] घिच्च्याउने र मुन्टयाउने काम; घिच्च्याइ र मुन्टयाइ; लछार-पछार।

घिच्च्याउनु–स० क्रि० [घिच्चि+याउ+नु] १. तान्नु; खिँच्नु; घिसार्नु। २. जबर्जस्तीसँग लानु; घिस्स्याउनु।

घिच्नु–स० क्रि० [ने०] १. नराम्रो किसिमले खानु; हसुर्नु। २. अर्कालाई मन नपर्ने गरी खानु; अन्याय वा अपमान हुने गरी खानु; चिह्निनु।

घिन्त्रो–ना० [ने०] घोक्रो (तुच्छार्थमा)।

घिड़घिड़–ना० [ने०] १. आफ्नो कार्य-सिद्धिका निम्ति दिक्क लाग्ने गरी प्रार्थना गर्नु। २. आन्तरिक इच्छा; धोको।

घिटीघिटी–क्रि० यो० [घट-घट] मरणका अवस्थामा सास रोकिई थूक निलिने किसिम।

घिड़घिड़ाइ–ना० [घिड़घिड़ाउ+आइ] घिड़घिड़ाउने किसिम, क्रिया वा भाव।

घिड़घिड़ाइनु–स० क्रि० [घिड़घिड़ाउ+इ+नु] घिड़घिड़ गरिनु; ('घिड़घिड़ाउनु'-को क० क्रि०)।

घिड़घिड़ाउनु–स० क्रि० [घिड़घिड़+आउ+नु] आफ्नो कार्य-सिद्धिका निम्ति अर्कालाई दिक्क लाग्ने गरी प्रार्थना गरिरहनु; घिड़घिड़ गर्नु।

घिड़घिड़े–वि० [घिड़घिड़+ए] आफ्नो कार्य-सिद्धिका निम्ति दिक्क लाग्ने गरी प्रार्थना गरिरहने; घिड़घिड़ गर्ने; घड़घड़े।

घिड़घिड़ो–वि० [घिड़घिड़] १. छोड्न पनि नसकिने, अङ्गीकार पनि नहुने। २. सम्झाए-बुझाएको नमान्ने; एकोहोरो। ३. मर्न लागेको; अधमरो। (ना०) ४. आँटेको काम गर्न नपाउँदा हुने मनको अधैर्य। ५. धोको; अन्तिम इच्छा।

घिनाइ–ना० [घिनाउ+आइ] घिनाउने किसिम, क्रिया वा भाव।

घिनाइनु–अ० क्रि० [घिनाउ+इ+नु] घीन मानिनु; दिगमिगाइनु; ('घिनाउनु'-को भा० क्रि०)।

घिनाउनु–अ० क्रि० [घीन+आउ+नु] १. घीन मान्नु; दिगमिगाउनु। (स० क्रि०) २. घृणा गर्नु; छिः-छिः-दूर-दूर गर्नु।

घिनाहा–वि० [घीन+आहा] १. घिन-लाग्दो; फोहोरी। २. दुष्ट।

घिन्ताङ-घिन्ताङ–क्रि० यो० [अनु०] मादल आदि बाजाको शब्द आउने किसिम।

घिन्तामुनी–ना० [ने०] १. मादल बजाएर नाच्ने एक प्रकारको नाच। २. त्यो नाच नाच्ने व्यक्ति।

घिरिङ–ना० [घिर्र] १. घस्रेर वा चिप्लेर खेलिने एक खेल; चिप्लेँटी। २. असफलता; विफलता। ३. घिर्नी।

घिरौँलो–ना० [घिउ+औलो] १. खस्रा कुना-कुना परेका पात, पहेँला फूल र लामा-लामा चिचिण्डाजस्ता फल फल्ने, नङ्ग्रा हुने एक जातको लहरो। २. त्यसैको फल; तोरियाँ।

घिकौँलो–ना० [ने०] १. निगाले-उखुका जस्ता पात र डाँठ हुने, नीला फूल फुल्ने, झुप्पा-झुप्पा परेर विभिन्न रङ्गका चिल्ला फल फल्ने एक बोट। २. त्यसैको फल।

घिर्नी–ना० [घिर्र] रगड़िने र घिस्रिने ठाउँमा जड़िने पाङ्ग्रा-जस्तो साधन; घिर्रो।

घिर्र–क्रि० यो० [अनु०] पाङ्ग्रा लागेको वस्तु घिच्च्याउँदा आवाज आउने किसिम।

घिर्रा–ना० [ने०] कुनै वस्तुमा जड़िएको सानो पाङ्ग्रो।

घिर्रो–ना० [ने०] घुमाएर खेल्ने एक किसिमको चक्राकार खेलौना।

घिर्याइ–ना० [घिर्याउ+आइ] घिर्याउने किसिम, क्रिया वा भाव।

घिर्याइनु–स० क्रि० [घिर्याउ+इ+नु] घिर्र आवाज आउने गरी तानिनु; ('घिर्याउनु'-को क० क्रि०)।

घिर्याउनु–स० क्रि० [घिर्र+याउ+नु] घिर्र आवाज आउने गरी तान्नु; घिस्स्याउनु।

घिसारिनु–स० क्रि० [घिसार+इ+नु] घिच्च्याइनु; तानिनु; ('घिसार्नु'-को क० क्रि०)।

घिसार्नु–स० क्रि० [सं० घृष्+नु] घिच्च्याउनु; तान्नु; घिस्स्याउनु; घिर्याउनु।

घिस्रनु–अ० क्रि० [घस्र+नु] घस्रनु।

घिस्राइ–ना० [घिस्र+आइ] घिस्रने किसिम, क्रिया वा भाव।

घिस्रिइनु–अ० क्रि० [घिस्रि+इ+नु] घिस्रिने होइनु; ('घिस्रिनु'-को भा० क्रि०)।

घिस्रिनु–अ० क्रि० [घिस्र+नु] १. घस्रेर जानु; घिस्रनु। २. घिस्रने होइनु; ('घिस्रनु'-को भा० क्रि०)।

घिस्याइ–ना० [घिस्रि+याइ] घिस्रिने किसिम, क्रिया वा भाव।

घिस्याहट–ना० [घिस्रि+आहट] घिस्रिने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव ।

घिस्सा–ना० [घिस्स्याउ] बग्गीमा लाउने घोड़ा सधाउनाका निम्ति बग्गीको सट्टा तान्न लाउने यान ।

घिस्सिइनु–अ० क्रि० [घिस्सि+इ+नु] घिच्चिइनु; ('घिस्सिनु'-को भा० क्रि०) ।

घिस्सिनु–अ०क्रि०[सं० घृष्+इ+नु] १. घिच्चिनु; तानिनु । २. अरूको कर-बलमा परी जानु । ३. घोटिएर थोत्रो हुनु; धेरै उपयोगले गर्दा पुरानो हुनु ।

घिस्स्याइ–ना० [घिस्सि+आइ] घिस्सिने किसिम, क्रिया वा भाव ।

घिस्स्याइ–ना० [घिस्स्याउ+आइ] घिस्स्याउने किसिम, क्रिया वा भाव ।

घिस्स्याइनु–स० क्रि० [घिस्स्याउ+इ+नु] घिसारिनु; घिच्च्याइनु; ('घिस्स्याउनु'-को क० क्रि०) ।

घिस्स्याउनु–स० क्रि० [घिस्सि+याउ+नु] १. घिसार्नु; घिच्च्याउनु । २. तान्नु; खिँच्नु । ३. उपयोग गरेर थोत्रो पार्नु ।

घिस्स्याहट–ना० [घिस्स्याउ+आहट] घिस्स्याउनेकि सिम, क्रिया वा भाव ।

घीउ–ना० [घिउ] घिउ ।

घीउ-कुमारी–ना० [घिउ-कुमारी] घिउ-कुमारी ।

घीन–ना० [प्रा० घिणा] घृणा; दिगमिगी ।

घुँक्कघुँक्क–क्रि० यो० [अनु०] साह्रै चित्त दुखाएर रुने किसिम; मुटुमा भक्कानो पर्ने गरी रुने किसिम ।

घुँगी–ना० [ने०] १. निगाले चितुवा । २. शङ्खका आकारको गुँड़मा बस्ने एक जातको कीरो । ३. त्यसैको शङ्खका आकारको गुँड़ । ४. एकोहोरो स्वभावको व्यक्ति ।

घुँगुरा–ना० [ने०] १. हल्लाउँदा छमछम आवाज आउने साना-साना घण्टीजस्तो गहना; चाँप । २. लहराको नङ्ग्रा; कपाल आदिमा पर्ने मुन्द्रा; गोलाकार ।

घुँगुरिइनु–अ० क्रि० [घुँगुरि+इ+नु] घुँगुरो परिनु; घुम्रि-इनु; ('घुगुरिनु'-को भा० क्रि०) ।

घुँगुरिनु–अ० क्रि० [घुँगुरो+इ+नु] घुँगुरो पर्नु; बाटुलो पर्नु; घुम्रिनु; गुँडुल्किनु ।

घुँगुरो–वि० [घुम्] बाटुलो परेको; घुमेको; वृत्ताकार परेको ।

घुँगुर्किनु–अ० क्रि० [घुँगुरो] घुँगुरो पर्नु; मुन्द्रा पर्नु ।

घुँगुर्क्याइ–ना० [घुँगुर्कि+आइ] घुँगुर्किने किसिम, क्रिया वा भाव ।

घुँगुर्क्याइ–ना० [घुँगुर्क्याउ+आइ] घुँगुर्क्याउने किसिम, क्रिया वा भाव ।

घुँगुर्क्याउनु–स० क्रि० [घुँगुर्कि+याउ+नु] घुँगुरा पार्नु; मुन्द्रा-मुन्द्रा पार्नु; ('घुँगुर्किनु'-को प्रे० क्रि०) ।

घुँगुऱ्याइ–ना० [घुँगुरि+आइ] घुंगुरिने किसिम, क्रिया वा भाव ।

घुँगुऱ्याइनु–स० क्रि० [घुंगुऱ्याउ+इ+नु] घुँगुरो पारिनु; ('घुंगुऱ्याउनु'-को क० क्रि०) ।

घुंगुऱ्याउनु–स० क्रि० [घुंगुरि+याउ+नु] घुँगुरो पार्नु; बाटुलो पार्नु ।

घुंगुऱ्याहट–ना० [घुंगुरि+याहट] घुँगुरिने किसिम, क्रिया वा भाव ।

घुँग्रुक्के–वि० [घुँग्रुक्क+ए] घुँग्रुक्क परेको; घुँगुर्किएको ।

घुँग्रुक्क–क्रि० यो० [घुगुरा] घुँगुरा पर्ने किसिम; मुन्द्रा पर्ने किसिम ।

घुँड़ा–ना० [सं० घुटिका] तिघ्रा र पिड़ौँलाका बीच डल्लो परी उठेको अवयव ।

घुँड़ी–ना० [सं०घुटिका] १. तुना वा टाँकको सट्टा पस्यौटोमा घुसार्ने गरी बनाइएको धातु वा कपड़ा आदिको डल्लो; एक किसिमको टाँक । २. दाम्लाका टुप्पाको गाँठो ।

घुँड़ी-खोप्रो–ना० [घुँडो+खोप्रो] घुँड़ामुनिको खोपिल्टो ।

घुँड़ी-घर–ना० [घुँड़ी+घर] घुँड़ी पसाउन दोब्र्याइएको तुनु; पस्यौटो ।

घुँड़े–वि० [घुँड़ा+ए] ठूलो घुँड़ा हुने ।

घुँड़ो–ना० [घुँड़ा] घुँड़ा ।

घुइँकिइनु–अ० क्रि० [घुइँकि+इ+नु] वेगसित गइनु; हुत्तिइनु; ('घुइँकिनु'-को भा० क्रि०) ।

घुइँकिनु–अ० क्रि० [घुयँत्रो+इ+नु] १. वेगसित जानु; हुत्तिनु । २. हानिनु । ३. बित्नु; नासिनु । ४. मर्नु । ५. सजिलैसित कुनै काम तामेल हुनु ।

घुइँक्याइ–ना० [घुइँकि+याइ] घुइँक्याउने किसिम, क्रिया वा भाव ।

घुइँक्याइनु–स०क्रि० [घुइँक्याउ+इ+नु] वेगसित फ्याँकिनु; ('घुइँक्याउनु'-को क० क्रि०) ।

घुइँक्याउनु–स०क्रि० [घुइँकि+याउ+नु] १. कुनै वस्तु वेगले फ्याँक्नु; हान्नु; ('घुइँकिनु'-को क०क्रि०) । २. हुत्त्याउनु । ३. कुनै काम सजिलैसित सिद्ध्याउनु । ४. पराजित गर्नु; जित्नु ।

घुइँचो–ना० [ने०] धेरै मानिसको भीड़; घचारो; ठेलमठेल ।

घुइरो-घुइरो–ना० [ने०] भित्र-भित्रै चलेको हल्ला; खास-खुस ।

घुकाइ–ना० [घुक्+आइ] घुक्ने किसिम, क्रिया वा भाव ।

घुकाइनु–स०क्रि० [घुकाउ+इ+नु] घुक्न लाइनु; भुकाइनु; ('घुकाउनु'-को क० क्रि०) ।

घुकाउनु–स० क्रि० [घुक्+आउ+नु] घुक्न लाउनु; भुका-उनु; ('घुक्नु'-को प्रे० क्रि०) ।

घुकिनु–स० क्रि० [घुक्+इ+नु] कुकुर कराइनु; भुकिनु; ('घुक्नु'-को क० क्रि०) ।

घुक्नु–स० क्रि० [ने०] कुकुर कराउनु, भुक्नु ।

घुगुती–ना० [ने०] १. केटा-केटीलाई गोड़ामा राखी उफारेर खेलाउने क्रिया; गुघुती । २. ढुकुर ।

CC-0. In Public Domain. Digitization by eGangotri

घुङ्रा–ना० [घुँगुरा] घुँगुरा ।

घुङ्रिइनु–अ० क्रि० [घुङ्रि+इ+नु] घुङ्रो परिनु; घुँगुरिनु; ('घुङ्रिनु'-को भा० क्रि०) ।

घुङ्रिनु–अ० क्रि० [घुङ्रो+इ+नु] घुँगुरिनु ।

घुङ्रो–वि० [घुँगुरो] घुँगुरो ।

घुङ्र्याइ–ना० [घुङ्रि+आइ] घुङ्रिने किसिम, क्रिया वा भाव ।

घुङ्र्याइनु–स० क्रि० [घुङ्र्याउ+इ+नु] घुँगुऱ्याइनु; ('घुङ्र्याउनु'-को क० क्रि०) ।

घुङ्र्याउनु–स० क्रि० [घुङ्रि+याउ+नु] घुँगुऱ्याउनु; ('घुङ्रिनु'-को प्रे० क्रि०) ।

घुङ्र्याहट–ना० [घुँगुऱ्याहट] घुँगुऱ्याहट ।

घुङरिङ–ना० [ने०] घिकौँलाका जस्तो गेडा फल्ने उखुजस्तो एक जातको बोट ।

घुङ्ग्रुके–वि० [घुँग्रुके] घुँग्रुके ।

घुङ्ग्रुक्क–क्रि० यो० [घुँग्रुक्क] घुँग्रुक्क ।

घुचेटाइ–ना० [घुचेट्+आइ] घुचेट्ने किसिम, क्रिया वा भाव ।

घुचेटाइनु–स० क्रि० [घुचेटाउ+इ+नु] घचेटाइनु; ('घुचेटाउनु'-को क० क्रि०) ।

घुचेटाउनु–स० क्रि० [घुचेट्+आउ+नु] घचेटाउनु; ('घुचेट्नु'-को प्रे० क्रि०) ।

घुचेटिनु–स० क्रि० [घुचेट्+इ+नु] घचेटिनु ('घुचेट्नु'-को क० क्रि०) ।

घुचेट्नु–स० क्रि० [घचेट्+नु] घचेट्नु ।

घुच्च–क्रि० यो० [अनु०] घुच्चा दिने किसिम; घुच्ची लाउने किसिम ।

घुच्चा–ना० [ने०] १. ठाडो मुड्कीले कोखामा हान्ने क्रिया; घुस्सा । २. कुहुना वा कुमको हनाइ ।

घुच्ची–ना० [घुच्चा] घुच्चा ।

घुच्चुक–ना० [ने०] गलाको पछिल्लो अवयव; घाँटीको पछिल्लो भाग; गर्दन ।

घुच्च्याइ–ना० [घुच्च्याउ+ आइ] घुच्च्याउने किसिम, क्रिया वा भाव ।

घुच्च्याइनु–स० क्रि० [घुच्च्याउ+इ+नु] घुच्चा हानिनु; ('घुच्च्याउनु'-को क० क्रि०) ।

घुच्च्याउनु–स० क्रि० [घुच्चा+याउ+नु] १. घुच्चा हान्नु; घुच्ची दिनु । २. घचेट्नु; ठेल्नु ।

घुच्च्याहट–ना० [घुच्च्याउ+आहट] घुच्च्याउने किसिम, क्रिया वा भाव ।

घुटुक्क–क्रि० यो० [अनु०] दूध, पानी, औषधी आदि पन्यालो पदार्थ एकै घुट्कोमा निल्ने किसिम; घुट्ट ।

घुटुघुटु–क्रि० यो० [अनु०] १. पन्यालो पदार्थ अलि-अलि गरेर निल्ने किसिम । २. अरूले खाएको देखी लोभिएर धमाधम थूक निल्ने किसिम ।

घुट्को–ना० [घुटुक्क] एक पटकमा निलिने तरल पदार्थको परिमाण ।

घुट्क्याइ–ना० [घुट्क्याउ+आइ] घुट्क्याउने किसिम, क्रिया वा भाव ।

घुट्क्याइनु–स० क्रि० [घुट्क्याउ+इ+नु] घुटुक्क निलिनु; ('घुट्क्याउनु'-को क० क्रि०) ।

घुट्क्याउनु–स० क्रि० [घुटुक्क+याउ+नु] पन्यालो पदार्थ निल्नु; घुटुक्क निल्नु ।

घुट्क्याहट–ना० [घुट्क्याउ+आहट] घुट्क्याउँदाको किसिम, क्रिया वा भाव ।

घुट्ट–क्रि० यो० [अनु०] एकै घुट्कोमा पन्यालो पदार्थ निल्ने किसिम; घुटुक्क ।

घुण–ना० [सं०] काठ, अन्न आदिमा लाग्ने एक जातको सानो कीरो; घुन ।

घुणाक्षर-न्याय–ना० [सं०] घुनले काठ खाँदै जाँदा संयोगवश कुनै अक्षरको आकृति पर्न गएजस्तै विनाप्रयत्न कुनै काम संयोगवश हुनु ।

घुणारिका–ना० [सं०] भानेमुङ्ग्रो जन्तु ।

घुत्रुक्क–क्रि० यो० [अनु०] १. एकातिर गएर घुस्रँदाको किसिम; घुस्रुक्क; घुप्लुक्क । २. मर्दाको किसिम; खुत्रुक्क ।

घुन–ना० [प्रा०] अन्नमा लाग्ने, भटमास-रङ्गको पखेटा हुने एक जातको सानो कीरो; घुण ।

घुनघुन–क्रि० यो० [अनु०] भमरा, माहुरी आदि उड्दा शब्द आउने किसिम; भुनभुन ।

घुनघुनाइ–ना० [घुनघुनाउ+आइ] घुनघुनाउने किसिम, क्रिया वा भाव ।

घुनघुनाइनु–अ० क्रि० [घुनघुनाउ+इ+नु] भुनभुनाइनु; ('घुनघुनाउनु'-को भा० क्रि०) ।

घुनघुनाउनु–अ० क्रि० [घुनघुन+आउ+नु] भमरा, माहुरी आदि उड्दा शब्द आउनु; घुनघुन आवाज निस्कनु; भुनभुनाउनु ।

घुनघुनाहट–ना० [घुनघुनाउ+आहट] घुनघुनाउने किसिम, क्रिया वा भाव ।

घुनुनु–क्रि० यो० [अनु०] १. भमरा, माहुरी आदि उड्दा शब्द निक्लने किसिम; गुँज्ने किसिम । २. विमान उड्दा शब्द आउने किसिम ।

घुन्डी–ना० [सं० ग्रन्थि] १. दम दिने र सुई मिलाउने घडीको डल्लो अवयव । २. घुँडी ।

घुप्लुक्क–क्रि० यो० [अनु०] १. भाँडो घोप्टिने किसिम । २. मानिस असमर्थ भई घोप्टो पर्ने किसिम ।

घुम–ना० [ने०] चोया र पातले बनेको एक किसिमको चार-कुने छाता; ओढ़ो ।

घुमक्कड़–वि० [घुम्+अक्कड़] डुल-फिर गर्ने बानी भएको; घुम्ने स्वभावको; डुलुवा ।

घुम-फिर–ना० [घुम्+फिर्] यता-उति घुम्नु; डुल-फिर; हिँड-डुल ।

CC-0. In Public Domain. Digitization by eGangotri

घुमाइ–ना० [घुम्+आइ] घुम्ने किसिम, क्रिया वा भाव ।

घुमाइनु–स० क्रि० [घुमाउ+इ+नु] चक्कर लगाइनु; रिँगाइनु; ('घुमाउनु'-को क० क्रि०) ।

घुमाउनु–स० क्रि० [घुम्+आउ+नु] १. चक्कर लगाउनु; चक्कराउनु; रिँगाउनु । २. परिक्रमा गराउनु; प्रदक्षिणा गराउनु । ३. यता-उति डुलाउनु; ('घुम्नु'-को प्रे० क्रि०) ।

घुमाउरो–वि० [घुम्+आउरो] घुमेको; बाङ्गो-टिङ्गो; फेरो परेको; सोझो नभएको (बाटो) ।

घुमिनु–अ० क्रि० [घुम्+इ+नु] चक्कर खाइनु; रिँगिनु; ('घुम्नु'-को भा० क्रि०) ।

घुमुवा–वि० [घुम्+उवा] घुम-फिर गर्ने स्वभावको; डुलुवा; घुमक्कड़ ।

घुमौटो–ना० [घुम्+औटो] १. घुम्टो । (वि०) २. घुमाउरो; घुमुवा ।

घुमौरो– वि० [घुमाउरो] घुमाउरो ।

घुम्टी–ना० [घुम्टो] विवाहमा दुलहीको टाउको छोप्ने सितारा, बादरा आदि जड़िएको मूल्यवान् पछ्यौरा ।

घुम्टो–ना० [सं० गुण्ठ] १. स्त्रीहरूले कपाल छोप्ने पछेउरा । २. आमा, बाबु आदि पूज्य जन मर्दा पर्ने आशौच ।

घुम्ती–वि० [घुम्+ती] १. यता-उति घुम्ने; डुल-फिर गर्ने; घुमुवा । २. घुमाउरो; घुमेको । (ना०) ३. घुमाउरो परेको ठाउँ; मोड़ ।

घुम्नु–अ० क्रि० [सं० घूर्ण+नु] १. चक्कर खानु; रिङ्नु; चक्कराउनु । २. परिक्रमा गर्नु; प्रदक्षिणा गर्नु । ३. टहल्नु; यता-उति डुल्नु । ४. लरखराउनु; अल्लारिनु ।

घुम्र्याइ–ना० [घुम्रि+आइ] घुँगुऱ्याइ ।

घुम्र्याइनु–स० क्रि० [घुम्रि+आइ+नु] घुँगुऱ्याइनु ।

घुम्र्याउनु–स० क्रि० [घुम्रि+आउ+नु] घुँगुऱ्याउनु ।

घुम्रिनु–अ० क्रि० [घुम्+नु] घुँगुरिनु ।

घुमेँत्रो–ना० [घुम्+एत्रो] डोरीमा ढुङ्गा राखी घुमाएर हान्ने एक किसिमको शस्त्र ।

घुर–ना० [ने०] परेवा, माछा आदिको गुँड़ ।

घुरघुराइ–ना० [घुरघुराउ+आइ] घुरघुराउने किसिम, क्रिया वा भाव ।

घुरघुराइनु–स० क्रि० [घुरघुराउ+इ+नु] निद्रामा घाँटीबाट घुर्रघुर्र शब्द निकालिनु; ('घुरघुराउनु'-को क० क्रि०) ।

घुरघुराउनु–स० क्रि० [घुर्रघुर्र+आउ+नु] १. निद्रामा घाँटीबाट शब्द निकाल्नु; घुर्रघुर्र गर्नु । २. परेवा कराउनु; घुर्नु ।

घुरघुराहट–ना० [घुरघुराउ+आहट] घुरघुराउने किसिम, क्रिया वा भाव ।

घुरण–ना० [सं०] सुँगुर कराउने शब्द ।

घुराइनु–स० क्रि० [घुराउ+इ+नु] घुर्न लाइनु; ('घुराउनु'-को क० क्रि०) ।

घुराउनु–स० क्रि० [घुर्+आउ+नु] घुर्न लाउनु; ('घुर्नु'-को प्रे० क्रि०) ।

घुरान–ना० [घूर] १. धूलो-मूलो, कसिङ्गर आदिको थुप्रो । २. मलको थुप्रो ।

घुरिनु–अ० क्रि० [घुर्+इ+नु] निदाएका वेलामा घाँटीबाट घुर्रघुर्र शब्द निस्किनु; ('घुर्नु'-को भा० क्रि०) ।

घुर्की–ना० [सं० हुङ्कृति] १. देखौवा रीस । २. उल्टो धम्की ।

घुर्क्याइ–ना० [घुर्क्याउ+आइ] घुर्क्याउने किसिम, क्रिया वा भाव ।

घुर्क्याइनु–स० क्रि० [घुर्क्याउ+इ+नु] घुर्की लाइनु; ('घुर्क्याउनु'-को क० क्रि०) ।

घुर्क्याउनु–स० क्रि० [घुर्की+याउ+नु] घुर्की लाउनु; नचाहिँदो रीस देखाउनु; दहऱ्याउनु ।

घुर्क्याहट–ना० [घुर्क्याउ+आहट] घुर्क्याउने किसिम, क्रिया वा भाव ।

घुर्घुँर–ना० [सं०] सुँगुर, बँदेल आदिका गलाबाट निस्कने शब्द ।

घुर्चो–ना० [ने०] घिच्रो; घुच्चुक ।

घुर्नु–अ० क्रि० [घुर्रघुर्र+नु] १. निदाएका वेलामा घाँटीबाट घुर्रघुर्र शब्द निस्कनु । २. घुर्रघुर्र शब्द निस्कने गरी परेवा आदि कराउनु ।

घुर्बिसो–ना० [ने०] फूलमा गुलियो रस हुने एक जातको रूख ।

घुर्बँसो–ना० [ने०] एक जातका बँसको रूख ।

घुर्मिलो–ना० [ने०] साना-साना मसिना पात हुने, खान हुने फल फल्ने एक जातको लहरो ।

घुर्र–क्रि० यो० [अनु०] गह्रुंगो वस्तु घिच्च्याउँदा शब्द आउने किसिम; घर्र ।

घुर्रघुर्र–क्रि० यो० [अनु०] १. निदाउँदा घाँटीबाट शब्द निस्कने किसिम; घुर्दा आवाज आउने किसिम । २. परेवा आदि कराउने किसिम ।

घुर्रा–ना० [घुर्रो] घुर्रो ।

घुर्रो–ना० [ने०] बीचमा प्वाल पारी धागो छिराएर फनफनी घुमाएर खेलिने एक प्रकारको पाङ्ग्रो ।

घुसघुस–क्रि० यो० [ने०] भित्र-भित्रै कुरा लाउने किसिम; चुक्ली लाउने किसिम ।

घुसघुसे–वि० [घुसघुस+ए] भित्र-भित्रै कुरा लाउने; घुसघुस चुक्ली लाउने; मुसमुन्द्रो ।

घुसमुन्टिइनु–अ० क्रि० [घुसमुन्टि+इ+नु] घुसमुन्टो पर्ने गरी लड़िनु; ('घुसमुन्टिनु'-को भा० क्रि०) ।

घुसमुन्टिनु–अ० क्रि० [घुसमुन्टो+इ+नु] १. भुइँमा मुख जोतिने गरी पछारिनु; घुसमुन्टो पर्ने गरी लड्नु । २. उभिन्डिनु; घोप्टिनु ।

घुसमुन्टे–वि० [घुसमुन्टो+ए] १. घुसमुन्टो परेको; मुख तलतिर फर्केको । २. घोसे; अँध्यारखाउड़े ।

घुसमुन्टो–ना० [घोसो+मुन्टो] १. तलतिर मुख फर्केको;

CC-0. In Public Domain. Digitization by eGangotri

भइँतिर मुख फर्केको । २. घोप्टो; उभिन्डो ।

घुसमुन्टचाइ–ना० [घुसमुन्टचाउ+आइ] घुसमुन्टचाउने किसिम, क्रिया वा भाव ।

घुसमुन्टचाइ–ना० [घुसमुन्टि+आइ] घुसमुन्टिने किसिम, क्रिया वा भाव ।

घुसमुन्टचाइनु–स० क्रि० [घुसमुन्टचाउ+इ+नु] भइँमा मुख जोतिने गरी पछारिनु; ('घुसमुन्टचाउनु'-को क० क्रि०)।

घुसमुन्टचाउनु–स० क्रि० [घुसमुन्टि+याउ+नु] १. भइँमा मुख जोतिने गरी पछार्नु । २. उभिन्डचाउनु; घोप्टचाउनु; ('घुसमुन्टिनु'-को प्रे० क्रि०) ।

घुसर-पन्जा–ना० [घुस्सा+पन्जा] १. घुस्सा; घुच्चा । २. भुइँमा घसारेर कौड़ा हान्ने एक तरीका ।

घुसाइ–ना० [घुस्+आइ] घुस्ने किसिम, क्रिया वा भाव ।

घुसाइ–ना० [घुसाउ+आइ] घुसाउने किसिम, क्रिया वा भाव ।

घुसाइनु–स०क्रि० [घुसाउ+इ+नु] घुस्न लाइनु; ('घुसाउनु'-को क० क्रि०) ।

घुसाउनु–स० क्रि० [घुस्+आउ+नु] पसाउनु; छिराउनु; घुसार्नु; ('घुस्नु'-को प्रे० क्रि०) ।

घुसाराइ–ना० [घुसार्+आइ] घुसार्ने किसिम, क्रिया वा भाव ।

घुसारिनु–स० क्रि० [घुसार्+इ+नु] घुसाइनु; पसाइनु; ('घुसार्नु'-को क० क्रि०) ।

घुसार्नु–स०क्रि० [घुस्+नु] १. घुसाउनु; पसाउनु; छिराउनु। २. सिउरनु ।

घुसिनु–स० क्रि० [घुस्+इ+नु] पसिनु; प्रवेश गरिनु; ('घुस्नु'-को क० क्रि०) ।

घुसृण–ना० [सं०] केशर ।

घुसौटी–ना० [घुसाउ+औटी] पेट; भुँड़ी ।

घुस्नु–स०क्रि० [सं० कुश्+नु] १. पस्नु; प्रवेश गर्नु; छिर्नु । २. बीचमा पस्नु; घुस्रनु ।

घुस्याहा–वि० [घूस+आहा] घूस खाने; रिश्वत लिने ।

घुस्रनु–स० क्रि० [घुस्+नु] १. पस्नु; घुस्नु । २. शरण पर्नु; पीछा पर्नु । ३. ओत लाग्नु; आश्रय लिनु ।

घुस्राइ–ना० [घुस्र+आइ] घुस्रने किसिम, क्रिया वा भाव ।

घुस्रिइनु–अ० क्रि० [घुस्रि+इ+नु] पसिनु; घुसिनु; ('घुस्रिनु'-को भा० क्रि०) ।

घुस्रिनु–अ० क्रि० [घुस्र+इ+नु] १. घुस्रनु । २. पसिनु; घुसिनु; ('घुस्रनु'-को भा० क्रि०) ।

घुस्रुक्क–क्रि० यो० [घुस्र] १. घुस्रँने किसिम । २. मर्ने किसिम; खुत्रुक्क ।

घुस्र्याइ–ना० [घुस्रि+आइ] घुस्रिने किसिम, क्रिया वा भाव ।

घुस्र्याहट–ना० [घुस्रि+याहट] घुस्रिने किसिम, क्रिया वा भाव ।

घुस्स–क्रि० यो० [अनु०] १. घुस्सा हान्ने किसिम; घुच्च । २. रिसाएर नबोली बस्ने किसिम; ठुस्स । ३. गह्रौं र नरम वस्तु भइँमा रगड़िने गरी घिसार्दा शब्द आउने किसिम; घस्स ।

घुस्सा–ना० [घुस्स] खूब कसिएको मुक्का; घुच्चा ।

घुस्सिइनु–अ० क्रि० [घुस्सि+इ+नु] ठुस्सिइनु; ('घुस्सिनु'-को भा० क्रि०) ।

घुस्सिनु–अ० क्रि० [घुस्स+इ+नु] रीसले घुस्स परेर बस्नु; ठुस्सिनु; खुन्सिनु ।

घुस्सी–ना० [घुस्सा+ई] घुस्सा ।

घुस्स्याइ–ना० [घुस्सि+आइ] घुस्सिने किसिम, क्रिया वा भाव ।

घुस्स्याइ–ना० [घुस्स्याउ+आइ] घुस्स्याउने किसिम, क्रिया वा भाव ।

घुस्स्याइनु–स० क्रि० [घुस्स्याउ+इ+नु] घुस्साले हानिनु; घुस्सा दिइनु; ('घुस्स्याउनु'-को क० क्रि०) ।

घुस्स्याउनु–स० क्रि० [घुस्सा+याउ+नु] घुस्साले हान्नु; घुस्सी दिनु; घुच्च्याउनु ।

घुस्स्याहट–ना० [घुस्सि+याहट] घुस्सिने किसिम, क्रिया वा भाव ।

घूक–ना० [सं०] लाटोकोसेरो; भुल्का ।

घूकारि–ना० [सं०] कौवा ।

घूर–ना० [सं० कूट] घुरान ।

घूर–ना० [प्रा० घूरा] १. जाँघ; जङ्घा । २. काख । ३. ओछ्यान; शयन-स्थान ।

घूर्णन–ना० [सं०] १. यता-उति घुम्नु; डुल-फिर गर्नु । २. चक्कर खानु ।

घूर्णित–वि० [सं०] १. चक्कर खाएको वा खुवाइएको; रिंगेको वा रिंगाइएको । २. घुमेको; डुल-फिर गरेको । ३. घुमाइएको ।

घूस–ना० [?] आफ्नो काम सिद्ध गर्नाका निमित्त अवैध किसिमले कर्मचारीलाई दिइने धन-माल; रिश्वत; उत्कोच ।

घूस-खोर–ना० [घूस+खूर (फा०)] घूस खाने; घुस्याहा ।

घूस-खोरी–ना० [घूस-खोर+ई] घूस खानु; रिश्वत लिने काम ।

घृणा–ना० [सं०] १. घीन; दिगमिगी । २. हेला; अपमान ।

घृणास्पद–वि० [सं०] घृणा गर्न योग्य; निन्दनीय ।

घृणि–ना० [सं०] १. किरण; रश्मि । २. सूर्य । ३. तरङ्ग ।

घृणित–वि० [सं०] घृणा गर्न योग्य; निन्दित; निन्दनीय ।

घृण्य–वि० [सं०] घृणा गर्न योग्य; घृणित ।

घृत–ना० [सं०] १. घिउ । २. पानी ।

घृत-करञ्ज–ना० [सं०] बल्ड्याङ्ग्रो ।

घृत-कुमारी–ना० [सं०] घिउ-कुमारी ।

घृतपूर–ना० [सं०] घेवर ।

CC-0. In Public Domain. Digitization by eGangotri

घृतवर–ना० [सं०] घेवर ।
घृताची–ना० [सं०] १. रात । २. सरस्वती । ३. एक अप्सरा ।
घृष्ट–वि० [सं०] १. घोटिएको; रगडिएको । २. घिसारिएको; घिच्च्याइएको ।
घृष्टि–ना० [सं०] १. घोट्नु; घर्षण । २. स्पर्धा; दाँजो । ३. सुँगुर ।
घेरा–ना० [घेर्] १. चारैतिरबाट लाएको छेको; वरि-परिको बार । २. कुँडुलो; फेरो ।
घेराइ–ना० [घेर्+आइ] घेर्ने किसिम, क्रिया वा भाव ।
घेराइनु–स० क्रि० [घेराउ+इ+नु] घेर्न लाइनु; ('घेराउनु'-को क० क्रि०) ।
घेराउनु–स० क्रि० [घेर्+आउ+नु] घेर्न लाउनु; ('घेर्नु'-को प्रे० क्रि०) ।
घेरिनु–स० क्रि० [घेर्+इ+नु] घेरा दिइनु; ('घेर्नु'-को क० क्रि०) ।
घेरो–ना० [घेरा] घेरा ।
घेर्नु–स० क्रि० [प्रा० घे+नु] चारैतिरबाट छेक्नु; घेरा दिनु; घेरामा पार्नु ।
घेवर–ना० [प्रा०] चामलको मसिनो पीठो वा मैदामा नौनी वा घिउ फेटेर घिउमा पकाइने एक प्रकारको रोटी ।
घेवा–ना० [ने०] भोटे-जातिको अन्त्येष्टि क्रिया ।
घेवारे–ना० [घिउ+वारे] घिउको बेपारी ।
घैँटी–ना० [घैँटो+ई] सानो घैँटो ।
घैँटे–वि० [घैँटो+ए] नबढ्ेको; पुड्को; डल्ले (व्यक्ति) ।
घैँटो–ना० [सं० घट] माटाको सानो घडा; गोल्फु ।
घैं-घराना–ना० [(फाँ०) घैं+घराना] घरायस; घरसार; घर-घराना ।
घैंमल–ना० [नेवा० घाय्-मो] १. धूलो-मूलो; कसिङ्गर; धुरान । २. बेकम्मा; रद्दी ।
घैया–ना० [ने०] पाखा बारीमा रोपिने एक किसिमको धान ।
घैला–ना० [घडा] घडा; गाग्रो ।
घैले–वि० [घैला+ए] ठूला-ठूला कल्चौँडा हुने (गाई-वस्तु) ।
घोकना–ना० [घोक्] उही कुरा वार-वार भन्नु; घोकाइ ।
घोकन्ता–वि० [घोक्] घोकन्ते; घोकुवा ।
घोकन्ती–वि० [घोक्] घोकिएको; रफत गरेको ।
घोकन्ते–वि० [घोक्] खूब घोकेर पढ्ने; केवल घोकेरमात्र पढ्ने; घोकुवा ।
घोकाइ–ना० [घोक्+आइ] घोक्ने किसिम, क्रिया वा भाव ।
घोकाइनु–स० क्रि० [घोकाउनु+इ+नु] घोक्न लाइनु; रटाइनु; ('घोकाउनु'-को क० क्रि०) ।
घोकाउनु–स० क्रि० [घोक्+आउ+नु] घोक्न लाउनु; रटाउनु; ('घोक्नु'-को प्रे० क्रि०) ।
घोकिनु–स० क्रि० [घोक्+इ+नु] रटिनु; आवृत्ति गरिनु; ('घोक्नु'-को क० क्रि०) ।
घोकुवा–वि० [घोक्+उवा] खूब घोक्ने; घोकन्ते ।
घोक्नु–स० क्रि० [सं० घोष+नु] वार-वार भन्नु; आवृत्ति गर्नु; रट्नु; रफत गर्नु ।
घोक्रिइनु–अ० क्रि० [घोक्रि+इ+नु] छिप्पिइनु; ('घोक्रिनु'-को भा० क्रि०) ।
घोक्रिनु–अ० क्रि० [ने०] छिप्पिनु; जालो पस्नु (घिरौँलो, पाटे-तोरियाँ आदिमा) ।
घोक्रेसुत्ती–ना० [घोक्रो+हुत्त] घोक्रोमा समाती हुत्त्याउने क्रिया; गलहत्ती; ठचाँक ।
घोक्रो–ना० [ने०] घिच्रो; घाँटी ।
घोक्र्याइ–ना० [घोक्र्याउ+आइ] घोक्र्याउने किसिम, क्रिया वा भाव ।
घोक्र्याइनु–स० क्रि० [घोक्र्याउ+इ+नु] गलहत्त्याइनु; ('घोक्र्याउनु'-को क० क्रि०) ।
घोक्र्याउनु–स० क्रि० [घोक्रो+याउ+नु] घोक्रोमा समाती हुत्त्याउनु; गलहत्त्याउनु; गर्दन्याउनु ।
घोक्र्याउने–वि० [घोक्र्याउ] छाना अड्याउने ठाडो ठूलो काठ; भ्याल्सी ।
घोगे–ना० [घोगो+ए] १. घोगाका रूपमा ज्वानाका जस्ता दाना फल्ने एक जातको झार । (यसको ढकीहरू बुनिन्छ ।) (वि०) २. घोगो भएको; घोगो लागेको ।
घोगे-चाँप–ना० [घोगे+चाँप] सेता ठूला-ठूला दलका बीचमा घोगोजस्तो कर्णिकार भएका फूल फुल्ने एक जातको चाँप; राज-चम्पक ।
घोगो–ना० [ने०] १. खोयासहितको मकैको फल । २. त्यसै आकारको फल वा फूल ।
घोच-पेच–ना० [घोच्+पेच] मर्म पर्ने कुरो; बिझ्ने कुरो; चित्त दुख्ने कुरो; छेड-छाड ।
घोचाइ–ना० [घोच्+आइ] घोच्ने किसिम, क्रिया वा भाव ।
घोचाइनु–स० क्रि० [घोचाउ+इ+नु] घोच्न लाइनु; घोपाइनु; ('घोचाउनु'-को क० क्रि०) ।
घोचाउनु–स० क्रि० [घोच्+आउ+नु] घोच्न लाउनु; घोपाउनु; ('घोच्नु'-को प्रे० क्रि०) ।
घोचिनु–स० क्रि० [घोच्+इ+नु] घोपिनु; रोपिनु; ('घोच्नु'-को क० क्रि०) ।
घोचो–ना० [घोच्] तीखो पारेको सानो काठ; वाल ।
घोच्नु–स० क्रि० [ने०] १. तीखो वा धारिलो वस्तु कुनै वस्तुभित्र पसाल्नु; घोप्नु; रोप्नु । २. ठोस्नु । ३. मर्म पर्ने गरी भन्नु; घोच-पेच गर्नु । ४. बारम्बार सम्झाउनु; अर्ती दिनु; प्रेरित गर्नु ।
घोच्याहट–ना० [घोच्+आहट] घोच्ने किसिम, क्रिया वा भाव ।
घोट–ना० [घोट्] घोट्ने काम; घोटाइ ।
घोटक–ना० [सं०] घोडा ।
घोटा–ना० [घोट्टा] एक प्रकारको लागू सरबत; घोट्टा ।
घोटाइ–ना० [घोट्+आइ] घोट्ने किसिम, क्रिया वा भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

घोटाइनु–स० क्रि० [घोटाउ+इ+नु] घोट्न लाइनु; रगेड़ाइनु; ('घोटाउनु'-को क० क्रि०)।

घोटाउनु–स० क्रि० [घोट्+आउ+नु] घोट्न लाउनु; रगेड़ाउनु; ('घोट्नु'-को प्रे० क्रि०)।

घोटिनु–स० क्रि० [घोट्+इ+नु] १. रगेड़िनु; घसिनु। २. पिँधिनु। ३. काममा जोतिनु; ('घोट्नु'-को क० क्रि०)।

घोटी–ना० [घोट्] दूधे बालकहरूलाई खुवाउने एक औषधि।

घोटी–ना० [सं०] हाड़े-बयर।

घोट्टा–ना० [घोट्] १. भिजाएर पिँधेको भाङ। २. रगेड़ाइ; घोटाइ। ३. रफत; मिहिनेत।

घोट्नु–स० क्रि० [सं० घृष्+नु] १. रगेड्नु; घिस्स्याउनु। २. पिँध्नु; खल गर्नु। ३. काममा खूबसित लगाउनु; जोत्नु।

घोड़-चढ़ी–वि० [घोड़ा+चढ्] घोड़ा चढ्ने; घोड़-सवार।

घोड़ताप्रे–ना० [घोड़ा+टाप] तिच्छरो स्वादका पात हुने, घोड़ाका टापका आकारका राता फूल हुने, आँखला-हरूबाट जरा निस्कने लहरे भईं-झार; माण्डूक-ब्राह्मी। (आयुर्वेदमा यो स्मृति र मेधा बढ़ाउने मानिएको छ।)

घोड़-दौड़–ना० [घोड़ा+दौड़] बाजी राखेर घोड़ा दौड़ाउने खेल।

घोड़-सवार–ना० [घोड़ा+सवार] घोड़-चढ़ी।

घोड़ा–ना० [प्रा० घोड़] १. सवारीको काममा आउने एक प्रसिद्ध जनावर; अश्व; तुरङ्ग। २. गोली चलाउँदा खिँचिने बन्दूकको पुर्जा। ३. बुद्धि-चाल-खेलको एक गोटी।

घोड़ा-खरी–ना० [घोड़ा+खरी] सुक्खा जग्गामा उम्रने, निगालाका आकारका साना-साना पात हुने एक जातको घाँस; एक प्रकारको खर।

घोड़ा-गाड़ी–ना० [घोड़ा+गाड़ी] घोड़ाले तान्ने गाड़ी।

घोड़े-जात्रा–ना० [घोड़ा+जात्रा] चैत्र कृष्ण चतुर्दशीका दिन काठमाड़ौँको टुँडिखेलमा हुने, घोड़ा दौड़ाइने प्रसिद्ध एक जात्रा।

घोड़े-दूबो–ना० [घोड़ा+दूबो] कुशका जस्ता फूल फुल्ने, ठूलो र साह्रो एक जातको दूबो।

घोड़े-साबुन–ना० [घोड़ा+साबुन] लुगा धुने एक किसिमको साबुन।

घोड़ो–ना० [प्रा० घोड+ओ] घोड़ा।

घोणा–ना० [सं०] १. नाक। २. सुँगुरको थुतुनो।

घोणाल–ना० [सं०] कालो र ठूलो एक जातको सर्प।

घोणी–ना० [सं०] सुँगुर।

घोण्टा–ना० [सं०] एक जातको सुपारी।

घोत्लिइनु–अ० क्रि० [घोत्लि+इ+नु] घुप्लुक्क परिनु; घोत्लिने होइनु; ('घोत्लिनु'-को भा० क्रि०)।

घोत्लिनु–अ० क्रि० [घोप्टि] १. पीर परेर अधोमुख गरी बस्नु; घुप्लुक्क पर्नु। २. घोरिनु; विचार गर्नु।

घोत्ल्याइ–ना० [घोत्लि+आइ] घोत्लिने किसिम, क्रिया वा भाव।

घोत्ल्याहट–ना० [घोत्लि+आहट] घोत्लिने किसिम, क्रिया वा भाव।

घोप–ना० [घोप्] घोपेको डोब; घोचेको घाउ।

घोपाइ–ना० [घोप्+आइ] घोप्ने वा घोपिने किसिम, क्रिया वा भाव।

घोपाइ–ना० [घोपाउ+आइ] घोपाउने किसिम, क्रिया वा भाव।

घोपाइनु–स० क्रि० [घोपाउ+इ+नु] घोप्न लाइनु; घोचाइनु; ('घोपाउनु'-को क० क्रि०)।

घोपाउनु–स० क्रि० [घोप्+आउ+नु] घोप्न लाउनु; घोचाउनु; ('घोप्नु'-को प्रे० क्रि०)।

घोपिनु–स० क्रि० [घोप्+इ+नु] घोचिनु; ('घोप्नु'-को क० क्रि०)।

घोप्टिइनु–अ० क्रि० [घोप्टि+इ+नु] घोप्टो परिनु; ('घोप्टिनु'-को भा० क्रि०)।

घोप्टिनु–अ० क्रि० [घोप्टो+इ+नु] १. घोप्टो पर्नु; जमीन-तिर मुख फर्काएर पस्रनु। २. उभिन्डो पर्नु; उभिन्डिनु।

घोप्टे–ना० [घोप्टो+ए] १. भन्याङको मुखमा घोप्टो पारेर लगाइने खापा; भन्याङमाथिको द्वार। (वि०) २. घोप्टो परेको। ३. उभिन्डिएको।

घोप्टो–वि० [ने०] तलतिर मुख फर्केको; उभिन्डो।

घोप्ट्याइ–ना० [घोप्टि+आइ] घोप्टिने किसिम, क्रिया वा भाव।

घोप्ट्याइनु–स० क्रि० [घोप्ट्याउ+इ+नु] घोप्टो पारिनु; ('घोप्ट्याउनु'-को क० क्रि०)।

घोप्ट्याउनु–स० क्रि० [घोप्टि+याउ+नु] १. घोप्टो पार्नु। २. उभिन्डो पार्नु; उभिन्ड्याउनु।

घोप्नु–स० क्रि० [प्रा० गुम्ह] १. घोच्नु; खोप्नु। २. खिल्नु; छेड्नु।

घोर–वि० [सं०] १. डर-लाग्दो; भयङ्कर। २. प्रचण्ड; उग्र। ३. गहिरो; गम्भीर। ४. कठिन; कठोर। ५. बाक्लो; घना। ६. धेरै; ज्यादा।

घोर-घमासान–ना० [घोर+घमासान] ठूलो लड़ाइँ; भयङ्कर युद्ध।

घोरतर–वि० [सं०] १. ज्यादै डर-लाग्दो। (ना०) २. शिव।

घोर-दर्शन–वि० [सं०] देख्दैमा डर-लाग्दो; विकराल।

घोर-मुखा–वि० [घोर+मुख] नराम्रो अनुहारको; मन-नपर्दो अनुहारको।

घोर-रूप–ना० [सं०] शिव।

घोरल–ना० [ने०] एक जातको मृग।

घोरा–ना० [सं०] रात।

घोराही–ना० [ने०] नेपालको भित्री मधेसको दाङ-देउखुरी जिल्लाको सदर मुकाम।

CC-0. In Public Domain. Digitization by eGangotri

घोरिइनु–अ० क्रि० [घोरि+इ+नु] गौर गरिनु; गमिनु; ('घोरिनु'-को भा० क्रि०)।

घोरिनु–अ० क्रि० [अ० गौर+नु] १. गौर गर्नु; विचार गर्नु; गम्नु। २. घोत्लिनु। ३. सम्झने चेष्टा गर्नु।

घोरी–ना० [नेवा० घोरि] १. रक्त-विकारबाट साना-साना खटिरा उठ्ने एक चर्म-रोग; छालाबाट छारो उड्ने चर्म-रोग। (वि०) २. त्यो रोग लागेको; घोऱ्याहा।

घोऱ्याइ–ना० [घोरि+आइ] घोरिने किसिम, क्रिया वा भाव।

घोऱ्याहा–वि० [घोरी+आहा] घोरीको रोग लागेको; घोरी।

घोर्ले–वि० [सं० घोर] ठूलो; डँड़ाक; जखमले (बाखो, खसी आदि)।

घोल–ना० [सं०] १. पीठो, औषधी आदि मिलाई घोलेको तरल पदार्थ। २. मही; मट्ठा।

घोलाइ–ना० [घोल्+आइ] घोल्ने किसिम, क्रिया वा भाव।

घोलाइनु–स० क्रि० [घोलाउ+इ+नु] घोल्न लाइनु; हुँड़लाइनु; ('घोलाउनु'-को क० क्रि०)।

घोलाउनु–स० क्रि० [घोल्+आउ+नु] घोल्न लाउनु; हुँड़लाउनु; ('घोल्नु'-को प्रे० क्रि०)।

घोलिनु–स०क्रि० [घोल्+इ+नु] घालघुल पारिनु; हुँड़लिनु; ('घोल्नु'-को क० क्रि०)।

घोली–ना० [सं०] नून-ढिकी झार।

घोलुवा–वि० [घोल्+उवा] घोलेको; घोलेर बनाइएको।

घोल्नु–स० क्रि० [घोल+नु] १. पन्यालो पदार्थ डाडु-पन्यूँ आदिले चलाउनु; हुँड़ल्नु; घालघुल पार्नु। २. मथ्नु। ३. रयाल्नु।

घोष–ना० [सं०] १. आवाज; शब्द; ध्वनि। २. घोषणा; ढुन्डी। ३. हल्ला; अफवाह। ४. गोठालाको गाउँ। ५. काँसो धातु।

घोषक–वि० [सं०] घोषणा गर्ने।

घोषण–ना० [सं०] ठूलो स्वरले सुनाउनु; घोषणा।

घोषणा–ना० [सं०] १. ठूलो स्वरले सुनाउनु; निश्चयपूर्वक भन्नु। २. राजाज्ञा; राजाको हुकुम।

घोषयित्नु–ना० [सं०] १. ठूलो स्वरले सूचना दिने व्यक्ति; घोषणा गर्ने व्यक्ति। २. कोइली।

घोसिउँ–वि० [घोसो] निहुरेको; कुप्रो परेको (कोदालो, कोदाली आदि)।

घोसे–वि० [घोसो] १. अँध्यारो मुख भएको; अँध्यार-मुखे; अध्यारखाउड़े। २. कुप्रिएको; कुप्रे (कोदालो, कोदाली आदि)।

घोसो–ना० [घुस्स] अँध्यारो मुख; निन्याउरो मुख।

घोस्स्याइ–ना० [घोस्सि+आइ] घोस्सिने किसिम, क्रिया वा भाव।

घोस्स्याइनु–स० क्रि० [घोस्स्याउ+इ+नु] घोस्सिन लाइनु; ठुस्स पारिनु; ('घोस्स्याउनु'-को क० क्रि०)।

घोस्स्याउनु–स० क्रि० [घोस्सि+याउ+नु] घोस्सिन लाउनु; ठुस्स पार्नु; ('घोस्सिनु'-को प्रे० क्रि०)।

घोस्स्याहट–ना० [घोस्सि+आहट] घोस्सिने किसिम, क्रिया वा भाव।

घोस्सिइनु–अ० क्रि० [घोस्सि+इ+नु] ठुस्स परिनु; ('घोस्सिनु'-को भा० क्रि०)।

घोस्सिनु–अ० क्रि० [घोसो+इ+नु] रीस देखाएर घोसे मुन्टो लाउनु; ठुस्स पर्नु; घोसे हुनु।

घोस्यूँ–वि० [घोसिउँ] घोसिउँ।

घौर–ना० [घारी] तार-वृक्षका पात र फूलहरूको गुच्छा।

घ्न–वि० [सं०] मार्ने; हत्यारो।

घ्यँकाइ–ना० [घ्याँक्+आइ] घ्याँक्ने किसिम, क्रिया वा भाव।

घ्यँकाइनु–स० क्रि० [घ्यँकाउ+इ+नु] घ्याँक्न लाइनु; ङ्यकाइनु; ('घ्यँकाउनु'-को क० क्रि०)।

घ्यँकाउनु–स० क्रि० [घ्याँक्+आउ+नु] घ्याँक्न लाउनु; ङ्यकाउनु; ('घ्याँक्नु'-को क० क्रि०)।

घ्या–ना० [घेवा] आर्घो; घेवा।

घ्याँकिनु–स० क्रि० [घ्याँक्+इ+नु] घ्याँक्ने काम गरिनु; ङ्याकिनु; ('घ्याँक्नु'-को क० क्रि०)।

घ्याँक्नु–स० क्रि० [ने०] १. गर्दनमा समातेर गाड्नु; ङ्याक्नु। २. आक्रमण गर्नु; झम्टनु। ३. गाँज्नु; अँठ्याउनु। ४. सिकिस्त पार्नु; ग्रस्त पार्नु। ५. दबाउनु; थिचो-मिचो गर्नु।

घ्याइँ-घ्याइँ–क्रि० यो० [अनु०] १. धेरै मानिसहरू ठूलो स्वरले कराउँदा वा धेरै बाजाहरू बज्दा शब्द आउने किसिम; ग्याइँ-ग्याइँ। २. कान कराउने किसिम।

घ्याच-घ्याच–क्रि० यो० [अनु०] घचघच्याएझैं हल्लने वा ठक्कर लाग्ने किसिम।

घ्याच्च–क्रि० यो० [अनु०] हिँड्दा-हिँड्दै टक्क रोकिने किसिम; हिँड्दा-हिँड्दै खाल्डामा परी अड़िने किसिम।

घ्याम्पी–ना० [घ्याम्पो+ई] सानो घ्याम्पो।

घ्याम्पे–वि० [घ्याम्पो+ए] १. घ्याम्पोजस्तो पेट भएको; भुँड़ीवाल। २. ठूलो; बड़ेमाको।

घ्याम्पे-ऐँसेलु–ना० [घ्याम्पे+ऐँसेलु] ठूल्ठूला टोप्रा हुने एक जातको ऐँसेलु।

घ्याम्पे-केरा–ना० [घ्याम्पे+केरा] अरू जातको केराको बोट-भन्दा विशेष मोटो र थुम्क्याइलो बोट हुने, पातको विशेष काम लिइने एक जातको केरा।

घ्याम्पो–ना० [ने०] अन्न राख्ने माटा, तामा, पीतल आदिको ठूलो किसिमको गाग्राको आकारको भाँड़ो।

घ्यार-घ्यार–क्रि० यो० [अनु०] घाँटीमा कफ जमी सास फेर्दा शब्द आउने किसिम।

घ्यार्र–क्रि० यो० [अनु०] गह्रौं वस्तु घिच्च्याउँदा शब्द आउने किसिम; इन्जिनहरू चल्दा शब्द आउने किसिम।

घ्यू–ना० [घिउ] घिउ।

CC-0. In Public Domain. Digitization by eGangotri

घ्यू-कुमारी–ना० [घिउ-कुमारी] घिउ-कुमारी ।

घ्राण–ना० [सं०] १. गन्ध; बास्ना । २. नाक । ३. सुँघ्ने शक्ति ।

घ्राण-तर्पण–ना० [सं०] सुगन्ध-युक्त; सुगन्धी ।

घ्राणेन्द्रिय–ना० [सं०] नाक ।

घ्रात–वि० [सं०] सुँघिएको; बास्ना लिइएको ।

घ्रातव्य–वि० [सं०] सुँघ्न लायक; बास्ना लिन योग्य ।

घ्राता–वि० [सं०] सुँघ्ने; बास्ना लिने ।

घ्राति–ना० [सं०] सुँघ्नु; घ्राण ।

घ्रेय–वि० [सं०] सुँघ्न योग्य; बास्ना लिन योग्य ।

घ्वाँक–वि० [ने०] ठूलो; बड़ेमाको ।

घ्वाँक-घ्वाँक–क्रि० यो० [अनु०] मोटरको हर्न बजेजस्तो आवाज आउने किसिम ।

घ्वाइँ–ना० [नेवा०] १. खेलमा लक्ष्य-वेध गर्ने खेलौनाका समूहमा सबभन्दा ठूलो खेलौना । (वि०) २. ठूलो; ढब्बू ।

घ्वाइँ-घ्वाइँ–क्रि० यो० [अनु०] जाँतो, घट्ट आदि घुमाउँदा शब्द आउने किसिम ।

घ्वाङ-घ्वाङ–क्रि० यो० [अनु०] १. वर्षा-कालमा बढ़ेको खोला बग्दा शब्द आउने किसिम । २. ठूलो स्वरले कुकुरले भुक्दा शब्द आउने किसिम ।

घ्वाच्च–क्रि० यो० [अनु०] एकै ठाउँमा सबै पर्ने किसिम; घ्वाप्प ।

घ्वाततत–क्रि० यो० [अनु०] पन्यालो पदार्थ पोखिँदा वा खन्याउँदाको किसिम ।

घ्वात्त–क्रि० यो० [अनु०] बाक्लो पन्यालो पदार्थ एकै चोटि खन्याउँदाको किसिम ।

घ्वाप्प–क्रि० यो० [अनु०] १. सियो आदि तीखो वस्तुले घोप्ने किसिम । २. भाँड़ा-बर्तन घोप्टिने किसिम ।

घ्वार-घ्वार–क्रि० यो० [अनु०] घाँटीमा कफ जम्दा शब्द आउने किसिम ।

घ्वार्र–क्रि० यो० [अनु०] गह्रौं वस्तु घिच्च्याउँदा शब्द आउने किसिम; घ्यार्र ।

घ्वालल–क्रि० यो० [अनु०] १. पन्यालो वस्तु खन्याउँदा वा पोखिँदाको किसिम । २. वायुको विकारले पेटबाट शब्द आउने किसिम; पेट कराउने किसिम ।

घ्वास्स–क्रि० यो० [अनु०] १. गह्रुँगो वस्तु भइँमा घस्रने गरी तान्दा शब्द आउने किसिम । २. घोसे मुन्टो लाएर बस्ने किसिम; घुस्स ।

ङ

ङ–देवनागरी वर्ण-मालामा व्यञ्जन-वर्णको पाँचौं अक्षर । यसको उच्चारण नासिका-स्थानबाट हुन्छ ।

ङ–ना० [सं०] १. इन्द्रियको विषय । २. इच्छा; अभिलाषा । ३. शिव ।

ङकार–ना० [सं०] 'ङ'-अक्षर; क-वर्गको अन्तिम अक्षर ।

ङर्र–क्रि० यो० [अनु०] बाघ, बिरालो आदि रिसाउँदा कराउने किसिम ।

ङारङुर–क्रि० यो० [अनु०] १. कुकुर, बिरालो आदिले झगड़ा गर्दा कराउने किसिम । २. झगड़ा ।

ङार्र-ङुर्र–क्रि० यो० [अनु०] बिरालो, कुकुर आदिले झगड़ा गर्दा कराउने किसिम; ङार-ङुर ।

ङिच्च–क्रि० यो० [ने०] १. जिल्ल; वाल्ल; हिस्स । २. दाँत देखाएर हाँस्ने किसिम; ङिस्स । (वि०) ३. निराश भएको; जिल्लाराम परेको ।

ङिच्चिइनु–अ० क्रि० [ङिच्चि+इ+नु] ङिच्च परिनु; हिस्सिइनु; ('ङिच्चिनु'-को भा० क्रि०) ।

ङिच्चिनु–अ० क्रि० [ङिच्च+इ+नु] ङिच्च पर्नु; हिस्सिनु; ङिस्सिनु ।

ङिच्चे–वि० [ङिच्च+ए] ङिच्च दाँत देखाएर हाँस्ने वा बोल्ने ।

ङिच्च्याइ–ना० [ङिच्चि+आइ] ङिच्चिने किसिम, क्रिया वा भाव ।

ङिच्च्याइनु–स० क्रि० [ङिच्च्याउ+इ+नु] ङिच्च पारिनु; हिस्स्याइनु; ('ङिच्च्याउनु'-को क० क्रि०) ।

ङिच्च्याउनु–स० क्रि० [ङिच्चि+याउ+नु] ङिच्च पार्नु; हिस्स पार्नु; हिस्स्याउनु; ('ङिच्चिनु'-को प्रे० क्रि०) ।

ङिच्च्याहट–ना० [ङिच्चि+आहट] ङिच्चिने किसिम, क्रिया वा भाव ।

ङिच्रिक्क–क्रि० यो० [ने०] हतोत्साह वा निराश हुने किसिम; ङिच्च; ङिस्स ।

ङिस्स–क्रि० यो० [अनु०] १. दाँत देखाएर मुख उज्यालो पारी हाँस्ने किसिम; खिस्स । (वि०) २. हतोत्साह भएको; ङिच्च परेको ।

ङिस्सिइनु–अ० क्रि० [ङिस्सि+इ+नु] ङिस्स परिनु; हिस्सिइनु; ('ङिस्सिनु' को भा० क्रि०) ।

ङिस्सिनु–अ० क्रि० [ङिस्स+इ+नु] ङिस्स पर्नु; हिस्सिनु; जिलिलनु ।

ङिस्स्याइ–ना० [ङिस्सि+आइ] ङिस्सिने किसिम, क्रिया वा भाव ।

ङिस्स्याइनु–स० क्रि० [ङिस्स्याउ+इ+नु] ङिस्स पारिनु; हिस्स्याइनु; ('ङिस्स्याउनु'-को क० क्रि०) ।

ङिस्स्याउनु–स० क्रि० [ङिस्सि+याउ+नु] ङिस्स पार्नु; हिस्स्याउनु; जिल्ल्याउनु ।

ङिस्स्याहट–ना० [ङिस्सि+आहट] ङिस्सिने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव ।

ङुर्र–क्रि० यो० [अनु०] ङ्यार्र; ङुर्र ।

ङ्यकाइ–ना०[ङ्याक्+आइ] १. ङ्याक्ने किसिम, क्रिया वा भाव । २. ङ्याकिने किसिम, क्रिया वा भाव ।

ङ्यकाइनु–स० क्रि० [ङ्यकाउ+इ+नु] ङ्याक्न लाइनु; ('ङ्यकाउनु'-को क० क्रि०) ।

ङ्यकाउनु–स० क्रि० [ङ्याक्+आउ+नु] ङ्याक्न लाउनु; घ्यँकाउनु; ('ङ्याँक्नु'-को प्रे० क्रि०) ।

ङ्याउँ–क्रि० यो० [अनु०] १. बिरालो कराउने किसिम; म्याउँ । (ना०) २. बिरालो (बाल-बोलीमा) ।

ङ्याउरो–ना० [ङ्याउँ] बिरालाको बच्चो; न्याउरो ।

ङ्याउली-चरी–ना० [न्याउली-चरी] न्याउली-चरी ।

ङ्याउली-बाजा–ना० [न्याउली+बाजा] खलाँतीजस्तो थैलामा फुकेर हावा भरी बजाइने एक किसिमको बाजा ।

ङ्याउलो–ना० [न्याउलो] न्याउलो ।

ङ्याक-ङ्याक–क्रि० यो० [ने०] १. गर्दनमा समातेर गाड्ने किसिम; घ्याँक्ने किसिम । २. कुकुर आदि जन्तुले फेरि-फेरि टोक्ने किसिम ।

ङ्याक-ङ्याक-ङुकङुक–ना० [ने०] खाने-पिउने कुरामा अनिच्छा देखाइरहने काम; न्याक-न्याक-नुकनुक ।

ङ्याकाइ–ना० [ङ्याक्+आइ] ङ्याक्ने किसिम, क्रिया वा भाव ।

ङ्याकिनु–स० क्रि० [ङ्याक्+इ+नु] गर्दनमा समातेर गाड़िनु; ('ङ्याक्नु'-को क० क्रि०) ।

ङ्याक्क–क्रि० यो० [ने०] कुकुर आदि हिंस्रक जन्तुले सहसा टोक्ने किसिम ।

ङ्याक्नु–स० क्रि० [ङ्याक्क] गर्दनमा समातेर गाड्नु; ङ्याच-ङ्याच पार्नु; घ्याँक्नु ।

ङ्याङ–क्रि० यो० [अनु०] टोक्ने किसिम; ङ्याक्क ।

ङ्याङ–क्रि० यो० [अनु०] ङ्याङ; ङ्याक्क ।

ङ्याङ-ङ्याङ–क्रि० यो० [अनु०] १. बीच-बीचमा अड़िई नबुझिने गरी कुरा गर्ने वा पाठ गर्ने किसिम । (ना०) २. नाके स्वर (बोल्दा) ।

ङ्याङ-ङ्याङ-ङुङङुङ–क्रि० यो० [ने०] नाके स्वरले ङअस्पष्टसँग बोल्ने किसिम ।

ङ्याङ-ङ्याङे–वि० [ने०] १.नाके स्वरले बोल्ने । २.ङ्याङ-ङ्याङ गरी अस्पष्ट बोल्ने ।

ङ्याच-ङ्याच–क्रि० यो० [अनु०] गर्दनमा समातेर फेरि-फेरि गाड्ने किसिम; घ्याँक्ने किसिम ।

ङ्याचाङ-ङुचुङ–क्रि०यो० [अनु०] मन नपरी-नपरी खाने किसिम ।

ङ्याचिनु–स० क्रि० [ङ्याच्+इ+नु] घ्याँकिनु; ('ङ्याच्नु'-को क० क्रि०) ।

ङ्याच्च–क्रि० यो० [अनु०] १.गर्दन समातेर गाड्ने किसिम । २. गर्दन छोटो र पुड्को हुने किसिम ।

ङ्याच्चे–वि० [ङ्याच्च+ए] गर्दन छोटो भएको; ङ्याच्च परेको ।

ङ्याच्नु–स० क्रि० [ङ्याच्च+नु] गर्दनमा समातेर गाड्नु; ङ्याच-ङ्याच पार्नु; घ्याँक्नु ।

ङ्यार-ङ्यार-ङुरङुर–क्रि० यो० [अनु०] ङ्यार्र-ङुर्र ।

ङ्यार्र–क्रि० यो० [अनु०] बिरालो, कुकुर आदिले रीस देखाएर कराउने किसिम; ङुर्र ।

ङ्यार्र-ङुर्र–क्रि० यो० [अनु०] कुकुर-बिराला आदि हिंस्रक जन्तुले झगड़ा गर्दा शब्द निकाल्ने किसिम; ङार्र-ङुर्र ।

ङ्यास-ङ्यास-ङुसङुस–क्रि० यो० [ने०] चित्त नबुझेको कुरा दुःखपूर्वक प्रकट गर्ने किसिम ।

ङ्यास्स–क्रि० यो० [अनु०] दिक्क हुने किसिम; पीर मानेर बस्ने किसिम ।

ङ्वाङङ–क्रि० यो० [ङ्याङङ] ङ्याङ ।

ङ्वार-ङ्वार-ङुरङुर–क्रि० यो० [ङ्यार-ङ्यार-ङुरङुर] ङ्यार-ङ्यार-ङुरङुर ।

ङ्वार्र–क्रि० यो० [ङ्यार्र] ङ्यार्र ।

ङ्वार्र-ङुर्र–क्रि० यो० [ङ्यार्र-ङुर्र] ङ्यार्र-ङुर्र ।

ङ्वास्स–क्रि० यो० [ने०] दिक्दारीका साथ अँध्यारो मुख लाएर बस्ने किसिम ।

च

च–देवनागरी वर्ण-मालाको व्यञ्जन-वर्णको छैटौँ अक्षर । यसको उच्चारण तालु-स्थानबाट हुन्छ ।

चँगेरी–ना० [सं० चङ्गेरिक] बाँसका चोयाले बनेको कँड़ालीका आकारको फल-फूल हाल्ने भाँड़ो; चङ्गेरी ।

चँदुवा–ना० [सं० चन्द्रा] देवता, राज-सिंहासन, यज्ञ-मण्डप आदिका माथि टाँगिने कपड़ा, सुन-चाँदी आदिको झल्लरदार चार-कुने वस्तु; चाँदनी ।

चँवर–ना० [सं० चमर] चमर ।

चउ–ना० [नेवा०] बिट नउठेको एक प्रकारको खुला खर्पन ।

चउर–ना० [प्रा० चउरय] घाँस उम्रेको बाँझो मैदान; गौ-चर ।

चक–ना० [अं० चॅक] पाटीमा लेख्ने सेतो माटोको पेन्सिल-जस्तो वस्तु; खरी-मट्टी ।

चकचक–ना० [फा० चख] छुकछुक; छुलबुल; चञ्चलता ।

चकचकाइ–ना० [चकचकाउ+आइ] चकचकाउने किसिम, क्रिया वा भाव ।

चकचकाइनु–अ० क्रि० [चकचकाउ+इ+नु] चकचके होइनु; ('चकचकाउनु'-को भा० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

चकचकाउनु–अ० क्रि० [चकचक+आउ+नु] चकचके हुनु; चञ्चले हुनु।

चकचकी–ना० [चकचक+ई] चकचक; चाञ्चल्य।

चकचकी–ना० [सं० चाकचक्य] १. धाक; रवाफ। २. बढ़ि-बढाउ; उन्नति।

चकचके–वि० [चकचक+ए] चकचक गर्ने स्वभावको; छुक-छुके; चञ्चले।

चकटी–ना० [प्रा० चक्कल] एक जनामात्र बस्न हुने सानो लम्पट वा बिछ्यौना।

चकड़ी–ना० [चकरी] चकरी।

चकना–ना० [चाको] १. सान्साना चक्का; टुक्रा-टाक्री। २. चाना।

चकनाचूर–वि० [चाको+चूर्ण] साना-साना टुक्रा हुने गरी फुटेको; चूर्ण-चूर्ण भएको; धूलो-पीठो।

चकनु–ना० [चकानु] चकानु।

चकमक–ना० [तु० चक़्माक़] १. फलामले घोट्ता आगो निस्कने साह्रो एक किसिमको पत्थर; दर्शन-ढुङ्गो। २. दर्शन-ढुङ्गामा घोटी आगो निकाल्ने कर्दका आकारको फलामे साधन।

चकमन्द–वि० [चकचक+मन्द] सूनसान; चनखमन्द; निःशब्द।

चकमन्न–वि० [चकमन्द] चकमन्द।

चकरी–ना० [सं० चक्र] पाङ्ग्राजस्ता दुइ बाटुला फग्ल्याँटाका बीचमा धागो बेरेर घुमाई तान्दै-छोड्दै गरी खेलिने एक किसिमको खेलौना।

चकला–ना० [प्रा० चक्कल] १. रोटी पथार्ने बाटुलो सानो पिरुका। २. जमीनको ठूलो एउटै हिस्सा। ३. सिमा-नामा मिल्ने जमीनको सानो टुक्रा।

चकलेट–ना० [अ० चॅकलेट] कोको-जातिको एक फलबाट तयार गरिएको एक किसिमको चूर्ण वा लेदो खाद्य पदार्थ।

चकाचक–वि० [चकचकी] १. चहकिलो; उज्यालो। (क्रि० यो०) २. प्रशस्त; भरपूर (खानु)।

चकानु–ना० [सं० चक्र] चक्का परेको टुक्रा; चानु।

चकार–ना० [सं०] 'च'-अक्षर।

चकार–ना० [नें०] चोरको माल चोर्ने चोर; चोरमाथिको चोर।

चकाराइ–ना० [चकार+आइ] चकार्ने किसिम, क्रिया वा भाव।

चकारिनु–स० क्रि० [चकार्+इ+नु] चकार्ने काम गरिनु; ('चकार्नु'-को क० क्रि०)।

चकार्नु–स० क्रि० [चकार] 'च'-अक्षरबाट शुरू हुने मैथुन-बोधक शब्द बोल्नु।

चकासित–वि० [सं०] प्रकाश भएको; दीप्ति-युक्त।

चकित–वि० [सं०] १. विस्मित; आश्चर्यान्वित। २. हैरान। ३. दङ्ग; छक्क। ४. डराएको; त्रसित। ५. शङ्कित।

चकुई–ना० [सं० चक्रवाकी ?] जारीको ऐनअनुसार साधुले जारलाई काट्दा अलपत्र पर्ने स्त्री; वियोगिनी।

चकोर–ना० [सं०] च्याखुरो।

चक्क–क्रि० यो० [चकाचक] प्रशस्त; मनग्य; खूब (खानु)।

चक्कर–ना० [सं० चक्र] १. बाटुलो आकारमा घुम्नु; फेरो; फन्को; परिक्रमा। २. घेरो; मण्डल। ३. रिङ्टा; फनफने। ४. हैरानी।

चक्कल–वि० [प्रा०] बाटुलो; गोल।

चक्का–ना० [प्रा० चक्कल] १. बाटुलो वस्तु; ठूलो चक्की; चाको। २. पाङ्ग्रो।

चक्की–ना० [चक्का+ई] १. सानो चक्का। २. ताश, गन्जीफा आदिको पत्ती।

चक्कू–ना० [फा०] प्रायशः दोब्र्याएर बीँडमा घुसार्न हुने कर्दजस्तो एक किसिमको सानो हतियार।

चक्र–ना० [सं०] १. पाङ्ग्रो; चक्का। २. चाको; बाटुलो वस्तु। ३. विष्णुको एक हतियार। ४. चक्कर; फन्को। ५. वृत्त; बाटुलो घेरो; मण्डल। ६. शरीरमा पर्ने रौँ वा रेखाको वृत्ताकार चिह्न। ७. हठ-योगानुसार शरीरका काल्पनिक छ वा अधिक स्थान। ८. राज्य। ९. भाँड़ा बनाउने कुह्मालेको पाङ्ग्रोजस्तो साधन।

चक्र-चाल–ना० [चक्र+चाल] चालबाजी; षड्यन्त्र।

चक्र-धर–ना० [सं०] १. विष्णु। २. कृष्ण।

चक्र-पाणि–ना० [सं०] १. विष्णु। २. कृष्ण।

चक्र-पाल–ना० [सं०] बड़ा-हाकिम; जिलाधीश।

चक्र-पूजा–ना० [सं०] एक प्रकारको तान्त्रिक पूजा।

चक्रमर्द–ना० [सं०] ताप्रे।

चक्र-मुद्रा–ना० [सं०] १. वैष्णवहरूले आफ्ना शरीरमा लगाउने चक्राकार मुद्रा। २. तान्त्रिकहरूका पूजामा प्रयोग गरिने एक मुद्रा।

चक्रवर्ती–ना० [सं०] १. चारैतिर टाढ़ा-टाढ़ासम्म राज्य फैलिएको राजा; एक समुद्रदेखि अर्को समुद्रसम्म फैलि-एको भू-भागमा शासन गर्ने राजा; सम्राट्। २. समूहको नायक; दल-पति। ३. बेथेको साग।

चक्रवाक–ना० [सं०] चखेवा।

चक्र-वात–ना० [सं०] हावाको भुमरी; घुमी-घुमी बहेको हावा।

चक्र-वृद्धि–ना० [सं०] ब्याजको ब्याज; ब्याजमाथि पनि ब्याज लागी बढ़ेको (धन)।

चक्र-व्यूह–ना० [सं०] युद्धमा रचना गरिने प्राचीन कालको एक चक्राकार सैनिक मोर्चा-बन्दी।

चक्राङ्क–ना० [सं०] वैष्णवहरूले पाखुरा र छातीमा लगाउने चक्राकार तप्त मुद्राङ्कित चिह्न।

चक्राङ्कित–वि० [सं०] १. चक्रको चिह्न डामिएको; चक्राङ्क डामिएको। (ना०) २. वैष्णवहरूको एक सम्प्रदाय।

चक्राट–ना० [सं०] १. सर्प नचाउने व्यक्ति; सपेरो।

CC-0. In Public Domain. Digitization by eGangotri

२. सर्पको विष झार्ने वैद्य; विष-वैद्य । ३. धूर्त; धोखेबाज । ४. अशरफी ।

चक्रान्त–ना० [सं०] कसैको अनिष्टका निमित्त केही मानिस मिली गरेको गुप्त मन्त्रणा; षड्यन्त्र ।

चक्रायुध–ना० [सं०] १. विष्णु । २. कृष्ण ।

चक्राह्व–ना० [सं०] चखेवा; चक्रवाक ।

चक्री–वि० [सं०] १. चक्र-युक्त; चक्र-धारी । (ना०) २. विष्णु । ३. चखेवा । ४. चक्रवर्ती राजा । ५. षड्यन्त्र गर्ने व्यक्ति । ६. कुह्माले । ७. सर्प ।

चक्रेश्वर–ना० [सं०] १. चक्रवर्ती । २. विष्णु ।

चक्षु–ना० [सं०] १. आँखा; नेत्र । २. हेर्ने शक्ति; दृष्टि । ३. तेज; कान्ति । ४. गुरु; शिक्षक ।

चक्षु-गोचर–ना० [सं०] दृष्टि-गोचर ।

चक्षु-दान–ना० [सं०] १. प्राण-प्रतिष्ठा गर्ने समयमा मूर्तिका आँखामा रङ्ग भर्नु । २. नेत्र-रोगको चिकित्सा ।

चक्षु-बन्ध–ना० [सं०] आँखाका गेडामाथिको छाला; पलक ।

चक्षु-मल–ना० [सं०] आँखाको मल; चिप्रा ।

चक्षुरिन्द्रिय–ना० [सं०] देख्ने इन्द्रिय; आँखा ।

चक्षु-विषय–ना० [सं०] १. दृष्टि-गोचर; दृष्टि-पथ । २. दृष्टिको विषय ।

चक्षु-श्रवा–ना० [सं०] सर्प ।

चक्षुष्मान्–वि० [सं०] १. आँखा भएको । २. राम्रा आँखा भएको; सुन्दर नेत्र भएको ।

चक्षुष्य–वि० [सं०] १. आँखालाई हित गर्ने । २. राम्रो; सुन्दर । (ना०) ३. गाजल ।

चख–ना० [चाख] आश्चर्य; गजब; उदेक ।

चखन्ची–ना० [नेवा० चकँछि] १. एक चौथाइ भर्ने भाँड़ो । (वि०) २. मानाको चार खण्डको एक खण्ड परिमाण; चौथाइ ।

चखलो–वि० [सं० चञ्चल] १. उत्ताउलो; भड्किलो । २. लाज नभएको; निर्लज्ज ।

चखाइ–ना० [चाख्+आइ] चाख्ने किसिम, क्रिया वा भाव ।

चखाइनु–स० क्रि० [चखाउ+इ+नु] चाख्न लाइनु; ('चखाउनु'-को क० क्रि०) ।

चखाउनु–स० क्रि० [चाख्+आउ+नु] चाख्न लाउनु; ('चाख्नु'-को प्रे० क्रि०) ।

चखुवा–वि० [चाख्+उवा] चाख्ने स्वभावको ; चाखेर हिँड्ने ।

चखेत्रो–ना० [सं० चुक्र] १. पहेँला, भोगटेका आकारका ठूला-ठूला फल, सेता, बास्ना आउने फूल हुने एक वृक्ष । २. त्यसैको फल; अम्ल-वेतस । (आयुर्वेदमा यसको गुण मासु र हाड़लाई गाल्ने र वायु तथा कफ नाश गर्ने बताइएको छ ।)

चखेल–ना० [ने०] झूसे-करेलो; बन-करेलो ।

चखेवा–ना० [सं० चक्रवाक] नदी-किनारामा रहने, राती आफ्नो जोड़ासित वियोग हुने भनी प्रसिद्ध एक जातको पक्षी ।

चङेरी–ना० [चँगेरी] चँगेरी ।

चङ्कुर–ना० [सं०] १. पाङ्ग्रा लागेको सवारी (बग्गी, गाड़ा आदि) । २. रूख ।

चङ्क्रमण–ना० [सं०] १. टहल्नु; यता-उति डुल्नु । २. घुम्नु; चक्कर खानु । ३. दगुर्नु; दौड़नु ।

चङ्क्रमा–ना० [सं०] १. यता-उति डुल्नु; टहल्नु । २. घुम्नु; चक्कर खानु ।

चङ्क्रमित–वि० [सं०] घुमेको; चक्कर खाएको ।

चङ्ख–वि० [सं० चङ्ग] १. बाठो; चलाक; चतुरो । २. होशियार; सावधान । ३. चनाखो; सचेत ।

चङ्खू–ना० [ने०] सुर्काउने तुनु भएको, रुपियाँ हाल्ने छाला, कपड़ा आदिको थैलो ।

चङ्खे–वि० [चङ्ख+ए] चङ्ख; चतुरो ।

चङ्खे-चरो–ना० [चङ्खे+चरो] फिस्टोजस्तो एक जातको सानो चरो ।

चङ्ख्याइँ–ना० [चङ्ख+याइँ] १. चङ्ख हुनाको भाव; चतुरता । २. सजगता; सावधानी ।

चङ्ग–वि० [सं०] १. राम्रो; सुन्दर । २. स्वस्थ; तन्दुरुस्त । ३. चलाक; चतुर ।

चङ्गा–वि० [सं० चङ्ग] १. स्वस्थ; तन्दुरुस्त । २. आनन्दित; प्रसन्न । ३. निर्मल; स्वच्छ ।

चङ्गा–ना० [फा० चङ्ग] प्रायः चार-कुने कागतलाई बाँसका छेस्काले दह्रो पारी धागोमा अल्झाई आकाशमा उड़ाउने खेलौना; पतङ्ग ।

चचह–ना० [ने०] १. पीङ खेल्नु । २. झुन्डिनु; पासो लाएर भुल्नु । (वि० बो०) ३. पीङ वा रूखका हाँगा आदिमा झुल्दा आनन्दसाथ भनिने शब्द ।

चञ्चरी–ना० [सं०] भमरो; भ्रमर; चञ्चरीक ।

चञ्चरीक–ना० [सं०] भमरो; भ्रमर; चञ्चरी ।

चञ्चल–वि० [सं०] १. चुलबुले; चपल । २. काँपिरहेको; कम्पित । ३. एकै स्थितिमा नरहेको; अस्थिर । ४. कामुक; लम्पट । (ना०) ५. वायु । ६. कामुक व्यक्ति ।

चञ्चलता–ना० [सं०] चञ्चल हुनाको भाव; अस्थिरता ।

चञ्चला–ना० [सं०] १. लक्ष्मी । २. बिजुली; विद्युत् । ३. पिप्ला ।

चञ्चले–वि० [सं० चञ्चल+ए] छुकछुके; चञ्चल ।

चञ्चा–ना० [सं०] १. बाली लागेका खेतमा पशु-पक्षीलाई तर्साउन राखिने घाँस-पराल आदिको मनुष्याकार पुतला । २. बेतले बनाएको वस्तु ।

चञ्चा-पुरुष–ना० [सं०] पशु-पक्षीलाई तर्साउन बाली भएका खेतमा बनाई राखिने घाँस-पराल आदिको मनुष्यका आकारको पुतला ।

चञ्चु–ना० [सं०] १. चुच्चो; ठुँड़ो; चञ्चू । २. हरिण;

CC-0. In Public Domain. Digitization by eGangotri

मृग । ३. अँडोर । (वि०) ४. चलाक; चङ्ख ।

चञ्चुका—ना० [सं०] चुच्चो; चञ्चु ।

चञ्चु-पुट—ना० [सं०] पक्षीको चुच्चो; ठुँडो ।

चञ्चु-प्रवेश—ना० [सं०] कुनै विषयको अलि-अलि ज्ञान; कुनै विषयमा भएको अल्प प्रवेश ।

चञ्चु-प्रहार—ना० [सं०] ठुँगाइ; चुच्चाको प्रहार ।

चञ्चुमान—ना० [सं०] चरो; पक्षी ।

चञ्चुर—वि० [सं०] चतुर; दक्ष ।

चञ्चू—ना० [सं०] चुच्चो; ठुँडो ।

चट—ना० [सं० चट्] १. खतम; नाश । २. हर्जा; आखिर । ३. सबै खानु । ४. अरूको धन-माल पचाउनु । (क्रि० यो०) ५. तुरुन्त; झट्ट ।

चटक—ना० [चट] दर्शकका आँखा छलेर गरिने हात-सफाइको खेल; इन्द्र-जाल ।

चटक—ना० [सं०] भँगेरो ।

चटकन—ना० [चट्को] चड्कन ।

चटका—वि० [सं० चटुल] १. कड़ा; चर्को । २. खूब तेजिलो ।

चटकिलो—वि० [चर्को+इलो] १. कड़ा रङ्गको; उज्जर; चहकिलो । २. चर्को स्वादको

चटकी—ना० [चटक+ई] चटक गर्ने व्यक्ति; इन्द्र-जाली ।

चटक्क—क्रि० यो० [अनु०] एकदम छुट्टिने, काटिने, छिनिने वा छोड्ने किसिम ।

चटचट—क्रि० यो० [अनु०] १. चुँड्ने किसिम; छिनिने किसिम । २. टाँसिने किसिम । ३. चर्कने किसिम । ४. चट-कन लाउँदा आवाज आउने किसिम ।

चटचटी—क्रि० यो० [चटचट+ई] चटचट गरेर ।

चटनी—ना० [चाट्] १. चाट्ने वस्तु; लेदो; अवलेह । २. खाना रुचाउनाका निम्ति खाइने एक प्रकारको अचार ।

चटपट—ना० [सं० चटुल] १. हतपत; चटारो । २. शीघ्रता । ३. झटपट ।

चटपटाइ—ना० [चटपट+आइ] चटपटाउने किसिम, क्रिया वा भाव ।

चटपटाइनु—अ० क्रि० [चटपटाउ+इ+नु] चाँड़ो गर्न खोज्नु; ('चटपटाउनु'-को भा० क्रि०) ।

चटपटाउनु—अ० क्रि० [चटपट+आउ+नु] १. चाँड़ो गर्न खोज्नु; हड़बड़ाउनु । २. कुनै काम गर्न उत्सुक हुनु । ३. छटपटाउनु । ४. अस्पटाउनु ।

चटपटिइनु—अ० क्रि० [चटपटि+इ+नु] चटपट लागिनु; ('चटपटिनु'-को भा० क्रि०) ।

चटपटिनु—अ० क्रि० [चटपट+इ+नु] १. चटपट लाग्नु; हड़बड़ाउनु । २. कुनै काम चाँड़ो गर्न खोज्नु । ३. छटपटिनु; छटपट लाग्नु । ४. अस्पटाउनु ।

चटपटी—ना० [चटपट+ई] चटपट ।

चटपटे—वि० [चटपट+ए] १. छुकछुके; चञ्चले । २. हड़बड़ गरेर काम गर्ने स्वभावको; हड़बड़े ।

चटाइ—ना० [चटाउ+आइ] चटाउने किसिम, क्रिया वा भाव ।

चटाइनु—स० क्रि० [चटाउ+इ+नु] चाट्न लाइनु; ('चटाउनु'-को क० क्रि०) ।

चटाई—ना० [सं० चट्] गुन्द्री; सुकुल ।

चटाउनु—स० क्रि० [चाट्+आउ+नु] चाट्न लाउनु; ('चाट्नु'-को प्रे० क्रि०) ।

चटाक—क्रि० यो० [चटक्क] १. चाँड़ो; छिटो । (वि०) २. चाँड्चाँड़ो काम गर्ने; हतपते । ३. चलाक; चतुर ।

चटाकी—वि० [चटाक+ई] छिट्छिटो काम गर्ने; चाँड्चाँड़ो काम गर्ने ।

चटाचट—क्रि० यो० [चट+चट] १. चाँड्चाँड़ो; छिट्छिटो । २. धमाधम । ३. फूर्तिसाथ काम गर्ने किसिम; झटाझट ।

चटामरी—ना० [नेवा० चतामरी] चामलको पीठो रयालेर पकाएको एक किसिमको रोटी; एक प्रकारको बाबर ।

चटारिइनु—अ० क्रि० [चटारि+इ+नु] चटारो परिनु; हतारिइनु; ('चटारिनु'-को भा० क्रि०) ।

चटारिनु—अ० क्रि० [चटारो+इ+नु] १. चटारो पर्नु; हतारिनु; हड़बड़ाउनु । २. च्याँट्टिनु; झोक्किनु ।

चटारो—ना० [चटपट] १. ज्यादै हतारो; हड़बड़ी । २. कामको भीड़ ।

चटिका—ना० [सं०] रोहोटे-कमिलो ।

चटु—ना० [सं० चट] १. फुस्ल्याउने कुरो; चापलूसीका कुरा । २. पेट ।

चटुल—वि० [सं०] १. चञ्चल; अस्थिर । २. सुन्दर; मनोहर ।

चटुलित—वि० [सं०] हल्लिएको; कम्पित ।

चटुलोल—वि० [सं०] १. चञ्चल; अस्थिर । २. सुन्दर; मनोहर । ३. मीठो बोल्ने; मधुर-भाषी ।

चट्को—ना० [चटचाङ] चड्को ।

चट्ट—क्रि० यो० [ने०] १. झट्ट; झटपट; चाँड़ो । २. तुरुन्त; तत्काल । ३. छाँट पर्ने किसिम; चिटिक्क । ४. ठिक्क । ५. एकै चोटिमा छिनिने किसिम ।

चट्टा—ना० [ने०] बीस फुट लामो, पाँच फुट चौड़ा, पाँच फुट अग्लो दाउराको चाङ ।

चट्टान—ना० [सं० चट्] सम्म परेको ठूलो पत्थर; ठूलो शिला ।

चट्टी—ना० [सं० चर्पट] १. कुर्कुच्चा खुला भएको जुत्ता; फयाटफयाटे जुत्ता; चप्पल । २. वास; मुकाम ।

चट्टू—वि० [सं० चटु] १. चलाक; छट्टू; चतुर । २. धूर्त; ठग ।

चटचाङ—ना० [ने०] चड्को; वज्र; चट्को ।

चटचाङ-चुटुङ—क्रि० यो० [ने०] मेघस्थित विजुलीको आवाज आउने किसिम ।

चटचाङ्ङ—क्रि० यो० [ने०] १. गालामा लपेटाले हान्दा शब्द आउने किसिम; ठचाम्म । २. चड्को पर्दा शब्द आउने किसिम; चटचाङङ ।

चटचाङङ—क्रि० यो० [ने०] चटचाङ्ङ ।

CC-0. In Public Domain. Digitization by eGangotri

चठेल–ना० [ने०] एक जातको तीतो झूसे-करेलो ।
चड़कन–ना० [चड्को] लपेटाले गाला वा कन्चटमा गरिएको प्रहार; चपेटा ।
चड़कन-चिउरा–ना० [चड़कन+चिउरा] गालामा चपेटाले बेसरी हान्ने काम ।
चड़का–ना० [चटका] चटका ।
चड्कनु–अ० क्रि० [चड्को+इ+नु] १. वज्र-पात हुनु; चड्को पर्नु । २. रीसले ठूलो स्वर गरी कराउनु; गड्कनु ।
चड्काइ–ना० [चड्क+आइ] चड्कने किसिम, क्रिया वा भाव ।
चड्काइनु–स० क्रि० [चड्काउ+इ+नु] १. चड्कन दिइनु । २. चड्कन लाउनु; ('चड्काउनु'-को क० क्रि०) ।
चड्काउनु–स० क्रि० [चड्कन+आउ+नु] १. चड्कन दिनु; लपेटाले गालामा हान्नु । २. पिट्नु; चुट्नु । ३. अरूको माल-मत्ता पचाउनु; हड़प्नु ।
चड्काचड्की–ना० [चड्को+चड्को] बाझाबाझ; रीसारीस ।
चड्किन–अ० क्रि० [चड्क+इ+नु] १. चड्कनु ।२. चड्को परिनु; ('चड्कनु'-को भा० क्रि०) ।
चड्के–वि० [चड्को+ए] चाँड़ै रिसाउने स्वभावको; झड़झ्याहा ।
चड्को–ना० [चटचाङ] १. वज्र-पात; चटचाङ । २. बेमेल; फाटो ।
चड्क्याइ–ना० [चड्कि+आइ] चड्कने किसिम, क्रिया वा भाव ।
चड्क्याहट–ना० [चड्कि+आहट] चड्कने किसिम वा क्रिया ।
चढ़ाइ–ना० [चढ्+आइ] १. चढ्ने किसिम, क्रिया वा भाव । २. आक्रमण; हमला ।
चढ़ाइ–ना० [चढ़ाउ+आइ] चढ़ाउने किसिम, क्रिया वा भाव ।
चढ़ाइनु–स० क्रि० [चढ़ाउ+इ+नु] उँभो लगाइनु; ('चढ़ाउनु'-को क० क्रि०) ।
चढ़ाइनु–स० क्रि० [चढ्+आइ+नु] समर्पित होइनु; ('चढ़ाउनु'-को० क० क्रि) ।
चढ़ाउ–ना० [चढ्+आउ] १. उकालो । २. बढ्ती; उन्नति; बढ़िबढ़ाउ ।
चढ़ाउनु–स० क्रि० [चढ्] १. उँभो लगाउनु; उकाल्नु । २. मत्याउनु; सुन्याउनु; उत्तेजित पार्नु; उचाल्नु; बढ़ाउनु । ३. मान्य जन वा देवतालाई अर्पण गर्नु; समर्पण गर्नु; ('चढ्नु'-को प्रे० क्रि०) ।
चढ़िनु–अ० क्रि० [चढ्+इ+नु] अर्पित हुनु; समर्पित हुनु, ('चढ्नु'-को भा० क्रि०) ।
चढ्नु–स० क्रि० [प्रा० चडई+नु] १. मास्तिर जानु; उक्लनु । (अ० क्रि०) २. सप्रनु; उँभो लाग्नु । ३. मात्तिनु; पात्तिनु ।४. औकात नाघ्नु; बढ्नु; घमन्ड गर्नु ।५. अर्पित हुनु; समर्पण गरिनु ।

चणक–ना० [सं०] चना ।
चणिका–ना० [सं०] आँकुरी ।
चण्ड–ना० [सं०] १. तीखो; तीक्ष्ण । २. उग्र; प्रखर । ३. डर-लाग्दो; भयङ्कर । ४. बलवान्; दुर्दमनीय । ५. कड़ा स्वभावको; कठोर; कठिन । ६. क्रोधी; रिसाहा । ७. उद्धत; उद्दण्ड । (ना०) ८. ज्यादै तातोपन; ताप ।
चण्ड-कर–ना० [सं०] सूर्य ।
चण्डता–ना० [सं०] १. उग्रता; प्रचण्डता । २. तीक्ष्णता; प्रखरता ।
चण्ड-रश्मि–ना० [सं०] सूर्य; रवि ।
चण्डवती–ना० [सं०] दुर्गा ।
चण्ड-विक्रम–वि० [सं०] ठूलो पराक्रम भएको; प्रतापी ।
चण्ड-वृत्ति–वि० [सं०] १. हठ गर्ने; हठी । २. विद्रोही; क्रान्ति-कारी (व्यक्ति) ।
चण्ड-शक्ति–वि० [सं०] प्रचण्ड शक्ति भएको; अति शक्ति-शाली ।
चण्डांशु–ना० [सं०] सूर्य; रवि ।
चण्डात–ना० [सं०] कँड़ेल; करवीर ।
चण्डातक–ना० [सं०] १. स्त्रीहरूको बाँकटे चोलो । २. चरना; जाँघे । ३. छोटो पेटीकोट ।
चण्डाल–ना० [सं०] चाण्डाल ।
चण्डाल-कन्द–ना० [सं०] रानी-ढकायो ।
चण्डाल-वल्लकी–ना० [सं०] एक प्रकारको सारङ्गी ।
चण्डालिका–ना० [सं०] १. दुर्गा । २. एकप्रकारको सारङ्गी ।
चण्डालिनी–ना० [सं० चाण्डालिनी] दुष्ट स्वभावकी स्त्री; चाण्डालिनी ।
चण्डाल्नी–ना० [चण्डाल+नी] १. दुष्ट स्वभावकी स्त्री; कर्कशा स्त्री । २. उग्र स्वभावकी स्त्री ।
चण्डिक–वि० [सं०] १. ठूलो स्वरले बोल्ने; साह्रो बोल्ने । २. सुन्नत गरिएको; लिङ्गका अगाड़िको छाला काटिएको ।
चण्डिका–ना० [सं०] दुर्गा; चण्डी ।
चण्डिमा–ना० [सं०] १. रीसको आवेग; रोष । २. निष्ठुरता; निर्दयता । ३. ताप; उष्णता । ४. जोश ।
चण्डिल–ना० [सं०] १. हजाम; नाऊ । २. रुद्र । ३. बेथेको साग ।
चण्डी–ना० [सं०] १. दुर्गा । २. दुर्गा देवीको सप्त-शती स्तोत्र । ३. रिसाही आइमाई; क्रोधी स्त्री; कर्कशा स्त्री ।
चण्डी-कुसुम–ना० [सं०] रातो कँड़ेल; रातो करवीर ।
चण्डी-पति–ना० [सं०] शिव ।
चण्डीश–ना० [सं०] शिव; महादेव ।
चण्डु–ना० [सं०] १. मूसो । २. एक जातको सानो बाँदर ।
चण्डू–ना० [सं० चण्ड] धूवाँको रूपमा नसा पिउनाका निमित्त एक किसिमसित बनाइएको अफीम ।
चण्डेश्वर–ना० [सं०] शिवको एक रक्त-वर्ण रूप ।
चतुर्–वि० [सं०] १. चार । २. चारको सङ्ख्या ।

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर–वि० [सं०] १. चलाक; बाठो । २. चङ्ख; होशियार । ३. निपुण; दक्ष ।

चतुरङ्गिणी–ना० [सं०] हात्ती चढ्ने, घोड़-चढ़ी, रथी र पैदल हिंड्ने–यी चारै प्रकारका सेनाले युक्त फौज ।

चतुरश्र–वि० [सं०] १. चार कुना परेको; चार-कुने । २. सुन्दर; मनोहर ।

चतुराइ–ना० [चतुरो+आइ] बठयाइँ; चातुर्य ।

चतुरात्मा–ना० [सं०] १. परमेश्वर । २. विष्णु ।

चतुरानन–ना० [सं०] ब्रह्मा ।

चतुराश्रम–ना०[सं०]ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र संन्यास–यी चार आश्रम ।

चतुरो–वि० [सं० चतुर+ओ] चलाक; चतुर ।

चतुर्गुण–वि० [सं०] चार गुना; चार दोबर ।

चतुर्थ–वि० [सं०] चौथो ।

चतुर्थ-काल–ना० [सं०] दिन वा रातको चौथो प्रहर ।

चतुर्थांश–ना० [सं०] चार खण्डको एक खण्ड; एक चौथाइ ।

चतुर्थाश्रम–ना० [सं०] चौथो आश्रम; संन्यास आश्रम ।

चतुर्थी–ना०[सं०] १. चान्द्र-मानका हिसाबले शुक्ल वा कृष्ण-पक्षको चौथो दिन; चौथो तिथि । २. पुण्य-कर्महरूको उद्यापन; एक किसिमको साङ्गे । ३. चौथो (विभक्ति) ।

चतुर्थी-कर्म–ना० [सं०] विवाह आदि शुभ कर्मको चौथो दिनमा गरिने उत्सव ।

चतुर्दंष्ट्र–वि० [सं०] चार वटा दाह्रा हुने ।

चतुर्दन्त–वि० [सं०] १. चार वटा दाँत हुने । (ना०) २. ऐरावत हात्ती ।

चतुर्दश–वि० [सं०] १. चौध । (ना०) २. चौधको सङ्ख्या ।

चतुर्दश-भुवन–ना० [सं०] चौध भुवन (भू, भुव, स्व, मह, जन, तप र सत्य–यी सात माथिका र अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पाताल–यी तलका सात भुवन) ।

चतुर्दश-विद्या–ना० [सं०] चौध प्रकारका विद्या (चार वेद, छ वेदाङ्ग, धर्म-शास्त्र, पुराण, मीमांसा र तर्क) ।

चतुर्दशी–ना० [सं०] चान्द्र-मानको हिसाबले शुक्ल वा कृष्ण-पक्षको चौधौं दिन ।

चतुर्दिक्–ना० [सं०] १. चार दिशा (पूर्व, पश्चिम, दक्षिण र उत्तर) । (क्रि० यो०) २. चारैतिर; चौतर्फ ।

चतुर्दिश–ना० [सं०] पूर्व, पश्चिम, दक्षिण र उत्तर–यी चार दिशाको समूह ।

चतुर्द्वार–वि० [सं०] चारैतिर ढोका भएको; चार-ढोके (घर, मन्दिर आदि) ।

चतुर्धा–क्रि० यो० [सं०] चार प्रकारले; चार किसिमसित ।

चतुर्धाम–ना० [सं०] हिन्दूहरूका चार धाम (जगन्नाथ, रामेश्वर, द्वारका र बदरिकाश्रम) ।

चतुर्बाहु–वि० [सं०] १. चार हात भएको; चतुर्भुज । (ना०) २. नारायण; विष्णु ।

चतुर्भद्र–ना० [सं०] धर्म, अर्थ, काम र मोक्ष–यी चार पुरुषार्थ ।

चतुर्भुज–ना० [सं०] १. विष्णु । २. चार-कुने क्षेत्र; चतुष्कोण क्षेत्र ।

चतुर्मास–ना० [सं०] १. आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्मका बीचको अवधि । २. चार महीना ।

चतुर्मुख–वि० [सं०] १. चार वटा मुख हुने । (ना०) २. ब्रह्मा ।

चतुर्मूर्ति–ना० [सं०] १. ब्रह्मा । २. विष्णु ।

चतुर्युग–ना० [सं०] सत्य, त्रेता, द्वापर र कलि–यी चार युग ।

चतुर्युगी–ना० [सं०] सत्य, त्रेता, द्वापर र कलि–यी चार युगको समय; चौकड़ी ।

चतुर्‍याइँ–ना० [चतुरो+आइँ] चलाक हुनाको भाव; चातुर्य; बठयाइँ ।

चतुर्वर्ग–ना० [सं०] धर्म, अर्थ, काम, र मोक्ष–यी चार पुरुषार्थ ।

चतुर्वर्ण–ना० [सं०] ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र–यी चार वर्ण ।

चतुर्विद्या–ना० [सं०] चार वेद ।

चतुर्वेद–ना० [सं०] ऋक्, यजु, साम र अथर्व–यी चार वेद ।

चतुर्वेदी–ना० [सं०] १. चतुर्वेदको ज्ञाता । २. ब्राह्मणको एक थर ।

चतुर्व्यूह–ना० [सं०] चार पुरुष वा पदार्थको समुदाय; चार स्वतन्त्र रूप वा भाव भएको कुनै व्यक्ति वा पदार्थ । (उदा०–वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध; रोग, निदान, आरोग्य र भैषज इत्या० ।)

चतुश्शाला–ना० [सं०] चौघरा ।

चतुष्क–ना० [सं०] १. चारको समूह । २. चार-दोबाटो; चौबाटो । ३. चार कुना परेको वस्तु; चार-कुने वस्तु । ४. चार वटा खम्बामा अड़ेको वस्तु ।

चतुष्की–ना० [सं०] १. चार कुना परेको ठूलो तलाउ । २. चौकी ।

चतुष्कोण–वि० [सं०] १. चार कुना परेको; चार-कुने; चार-पाटे । (ना०) २. चार वटा कुना वा भुजा भएको कुनै क्षेत्र ।

चतुष्टय–ना० [सं०] १. चारको सङ्ख्या । २. चार वस्तु वा व्यक्तिको समूह ।

चतुष्टोम–ना० [सं०] चार स्तोमको यज्ञ; अश्वमेध यज्ञको एक अङ्ग ।

चतुष्पथ–ना० [सं०] चार-दोबाटो; चौबाटो ।

चतुष्पद–वि० [सं०] चार-खुट्टे; चौपाया ।

चतुष्पदी–वि० [सं०] चार पाउ भएको (छन्द) ।

चतुष्पाद–ना० [सं०] चतुष्पद ।

CC-0. In Public Domain. Digitization by eGangotri

चतुस्तनी–वि० [सं०] चार थुन हुने; चार वटा स्तन हुने।

चतुस्सीमा–ना० [सं०] चारै दिशाको सिमाना; चौतर्फको साँध; चौहद्दी।

चतुस्सूत्री–वि० [सं०] १. चार सूत्र भएको। (ना०) २. व्यास-कृत ब्रह्म-सूत्रका प्रथम चार सूत्र।

चत्वर–ना० [सं०] १. चार कुना परेको ठाउँ; चार-कुने स्थान। २. चार-दोबाटो; चौबाटो। ३. आँगन; चोक। ४. यज्ञ-भूमि।

चत्वर-तरु–ना० [सं०] चार-दोबाटाका बीचको रूख।

चद्दर–ना० [फा० चादर] १. पछ्यौरा; ओढ्ने वस्त्र; चादर। २. धातुको फराकिलो पत्र।

चनक–ना० [सं० चित्रक] सानो एक जातको बट्टाईं।

चनकमन्द–वि० [चनखमन्द] चनखमन्द।

चनखमन्द–वि० [चकमन्न] सूनसान; चकमन्न; सन्नाटा।

चनखमन्न–वि० [चनखमन्द] चनकमन्द।

चनमते–वि० [सं० चञ्चल+मति] चकचके; चञ्चले; छुकछुके।

चना–ना० [सं० चणक] १. मसिना पात, नीला फूल, साना-साना भूवादार कोसा हुने एक जातको बोट। २. त्यसैको कोसाभित्र फल्ने अन्न।

चनाखो–वि० [चक्षु] चतुरो; होशियार।

चनारो–ना० [ने०] काठका भाँडा-बर्तन बनाउने एक जाति।

चनौटो–ना० [चन्दन+औटो] चन्दन घोट्ने ढुङ्गाको वाटुलो चकला।

चन्जा–ना० [ने०] १. चाँजो; प्रबन्ध। २. खटन; अह्राेट।

चन्जा-पन्जा–ना० [चाँजो-पाँजो] १. चाँजो-पाँजो; बर-बन्दोवस्त; तह-बह। २. खटन-पटन; अह्राउ-पह्राउ। ३. बाँड-फाँट।

चन्द–ना० [सं०] १. चन्द्रमा। २. कपूर।

चन्दन–ना० [सं०] १. चुरो खूब बास्ना आउने एक जातको वृक्ष। २. त्यसको चुरो; श्रीखण्ड। ३. त्यो चुरो घोटेर बनाइएको, टीका लाउने वा लेपन गर्ने पदार्थ। ४. पानीमा घोटेर लगाइने तिलक।

चन्दन-खोरी–ना० [सं० चन्दन+खोरी (फा०)] घोटेको चन्दन हाल्ने एक किसिमको भाँडो।

चन्दन-गिरि–ना० [सं०] मलय पर्वत।

चन्दनी–वि० [सं०] १. चन्दन लेपिएको। २. चन्दनको बास्ना आउने। ३. चन्दनले बनाइएको; चन्दनको। (ना०) ४. चन्दन हाल्ने भाँडो; चन्दन-खोरी।

चन्दने–वि० [चन्दन+ए] १. चन्दनको टीका लाउने; बेसरी चन्दन लाउने। (ना०) २. चन्दनको प्रसाद बाँडी जीविका गर्ने व्यक्ति।

चन्दा–ना० [फा० चन्दः] १. कुनै विशेष कामको निम्ति धेरै मानिसहरूसँग सहायतार्थ उठाइएको धन। २. पत्र-पत्रिकाको वार्षिक, मासिक आदि मूल्य। ३. संस्था चलाउनाका निम्ति सदस्यहरूबाट सहायता-स्वरूप लिइने धन।

चन्द्र–ना० [सं०] १. चन्द्रमा; जून; इन्दु। २. मयूरका पुच्छरमा रहेको चन्द्राकार चिह्न। ३. कपूर। ४. जल। ५. सुन; सुवर्ण। ६. अक्षरको शिरमा लगाइने चन्द्राकार चिह्न (ँ)। ७. अनुनासिक चिह्न; चन्द्र-बिन्दु।

चन्द्रक–ना० [सं०] १. चन्द्रमा। २. चन्द्रमाको किरण; जून। ३. मयूरका प्वाँखको चन्द्राकार चिह्न। ४. पानीमा तेल पर्दा देखिने चन्द्राकार चिह्न। ५. नाङ्ले माछो

चन्द्र-कर–ना० [सं०] चन्द्रमाको किरण; जून।

चन्द्र-कला–ना० [सं०] १. चन्द्रमाको ज्योति; चन्द्रमाको प्रकाश; जून। २. चन्द्र-मण्डलको सोह्रौं भाग। ३. शिरमा लाउने चन्द्राकार गहना।

चन्द्र-कान्त–ना० [सं०] चन्द्रमाको किरण पर्दा पसीना निस्कने एक प्रकारको मणि।

चन्द्र-कान्ता–ना० [सं०] १. रात; रात्रि। २. चन्द्रमाको किरण; जून।

चन्द्र-गन्ज–ना० [चन्द्र+गन्ज] नेपालका सप्तरी जिल्लाको एक मुख्य बस्ती।

चन्द्र-गिरि–ना० [सं०] काठमाडौं-उपत्यकाको दक्षिणपट्टिको एक प्रसिद्ध अग्लो पर्वत।

चन्द्रगुप्त–ना० [सं०] १. ईसाभन्दा करीब ३२० वर्षपहिले मगध (भारत)-को राज-सिंहासनमा बस्ने एक प्रसिद्ध सम्राट्। २. सन् ३२०-मा राज-गद्दीमा बस्ने प्रसिद्ध गुप्त सम्राट्। ३. ३८० ईसवी संवत्‌मा मगधको राज-सिंहासनमा बस्ने 'विक्रमादित्य' उपाधि-धारी गुप्त सम्राट्।

चन्द्र-ग्रहण–ना० [सं०] पृथ्वीको छाया परी चन्द्रमामा देखिने कालो टाटो; चन्द्रमामा लाग्ने ग्रहण।

चन्द्र-घण्टा–ना० [सं०] नवरात्रका तेस्रा दिनमा पूजा गरिने दुर्गा; नव-दुर्गामध्ये एक।

चन्द्र-चूड–ना० [सं०] शिव; महादेव।

चन्द्र-धर–ना० [सं०] शिव; महादेव।

चन्द्र-धनु–ना० [सं०] चन्द्रमाको प्रकाशमा देखिने इन्द्र-धनु; राती देखिने इन्द्रेनी।

चन्द्र-पाषाण–ना० [सं०] चन्द्र-कान्त मणि।

चन्द्र-प्रभा–ना० [सं०] चन्द्रमाको किरण; जून।

चन्द्र-प्रासाद–ना० [सं०] छतको कोठो; बुर्जा।

चन्द्र-बाण–ना० [सं०] टुप्पो चन्द्राकार परेको बाण।

चन्द्र-बिन्दु–ना० [सं०] अक्षरको माथि लगाइने चन्द्राकार र त्यसमाथिको बिन्दु-चिह्न; अनुनासिक-चिह्न (ँ)।

चन्द्र-बिम्ब–ना० [सं०] चन्द्रमाको प्रकाशमय वर्तुलाकार रूप; चन्द्रमाको बिम्ब।

चन्द्र-भाल–ना० [सं०] शिव; महादेव।

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्र-मणि–ना० [सं०] चन्द्र-कान्त मणि ।

चन्द्र-मण्डल–ना० [सं०] १. चन्द्रमाका वरि-परि कहिले-काहीँ देखा पर्ने गोलाकार परिधि; चन्द्र-सभा । २. चन्द्र-बिम्ब ।

चन्द्र-मल्लिका–ना० [सं०] चन्द्रमाको प्रकाशमा फुल्ने, बास्ना आउने एक जातको चमेली ।

चन्द्रमा–ना० [सं०] सूर्यको प्रकाश पाई चम्किलो भएर राती पृथ्वीलाई उज्यालो दिने एक उपग्रह; चन्द्र; शशी; इन्दु; रजनी-कर ।

चन्द्र-मुख–वि० [सं०] चन्द्रमाजस्तो उज्ज्वल मुख भएको; अति राम्रो मुख भएको ।

चन्द्र-मुखी–वि० [सं०] चन्द्रमाजस्तो उज्ज्वल मुख भएकी; अत्यन्त राम्री; अत्यन्त सुन्दरी ।

चन्द्र-रत्न–ना० [सं०] मोती ।

चन्द्र-रेखा–ना० [सं०] चन्द्रमाको किरण; चन्द्र-कला ।

चन्द्र-रेणु–ना० [सं०] अर्काले लेखेका ग्रन्थ वा काव्यको भाव वा श्लोक चोरेर लेख्ने लेखक ।

चन्द्र-लेखा–ना० [सं०] चन्द्रमाको किरण; चन्द्र-कला ।

चन्द्र-वंश–ना० [सं०] राजा पुरुरवादेखि आरम्भ भएको क्षत्रियहरूको एक प्रसिद्ध वंश ।

चन्द्र-वदन–वि० [सं०] चन्द्रमाजस्तो मुख भएको; सुन्दर ।

चन्द्र-वदनी–ना० [सं०] चन्द्र-मुखी ।

चन्द्र-वल्लरी–ना०]सं०] सोम-लता ।

चन्द्र-वल्ली–ना० [सं०] सोम-लता ।

चन्द्र-वार–ना० [सं०] सोम-वार ।

चन्द्र-विनायक–ना० [सं०] काठमाड़ौँको उत्तर भागमा रहेका एक प्रसिद्ध गणेश; नेपालका प्रसिद्ध चार गणेश-मध्ये एक ।

चन्द्र-विन्दु–ना० [चन्द्र-बिन्दु] चन्द्र-बिन्दु ।

चन्द्र-व्रत–ना० [सं०] १. चान्द्रायण व्रत । २. चन्द्रमाको व्रत ।

चन्द्रशमशेर–ना० [चन्द्र+शमशेर] संवत् १९५८-देखि १९८६-सम्म नेपालमा शासन गर्ने प्रधान-मन्त्री । (यिनैका पालामा नेपालमा पूर्णतः दासत्व-मोचन भएको थियो ।)

चन्द्र-शाला–ना० [सं०] छतको कोठो; बुर्जा ।

चन्द्र-शिला–ना० [सं०] चन्द्र-कान्त मणि ।

चन्द्र-शूर–ना० [सं०] तर्कारी खाइने एक प्रसिद्ध साग; चम्सुर ।

चन्द्र-शेखर–ना० [सं०] शिव; महादेव ।

चन्द्र-सम्भव–ना० [सं०] बुध ग्रह ।

चन्द्र-सम्भवा–ना० [सं०] सुकुमेल ।

चन्द्र-सिक्री–ना० [चन्द्र+सिक्री] गलामा लाउने एक प्रकारको गहना; चन्द्र-हार ।

चन्द्र-हार–ना० [सं०] गलामा लाउने, चन्द्रमाका आकारको अवयव गाँसिएको एक प्रकारको गहना ।

चन्द्र-हास–ना० [सं०] १. तलवार; खड्ग । २. रावणको तरवार ।

चन्द्रांशु–ना० [सं०] चन्द्रमाको किरण; चन्द्रमाको रश्मि ।

चन्द्रा–ना० [सं०] १. चँदुवा । २. खुला दलान ।

चन्द्रागिरि–ना० [चन्द्र-गिरि] चन्द्र-गिरि ।

चन्द्रालोक–ना० [सं०] एक प्रसिद्ध संस्कृत ग्रन्थ ।

चन्द्रिका–ना० [सं०] १. चन्द्रमाको किरण; जून । २. मयूरका पुच्छरको चन्द्राकार चिह्न । ३. एला; अलैँची ।

चन्द्रिकोत्सव–ना० [सं०] शरत् ऋतुको पूर्णिमामा मनाइने एक उत्सव ।

चन्द्रोदय–ना० [सं०] १. चन्द्रमाको उदय । २. चँदुवा । ३. पारो र सुन भस्म गरेर बनाइने आयुर्वेदीय एक उत्तेजक औषधि ।

चन्द्रोपराग–ना० [सं०] चन्द्र-ग्रहण ।

चन्द्रोपल–ना० [सं०] चन्द्र-कान्त मणि ।

चप–ना० [अं० चॅप] भित्र मसला वा मासु हाली बनाएको बेसन, पीठो, आलु आदिको एक प्रकारको रोटी ।

चप–ना० [पच] १. खानु । २. धन-माल पचाउनु; हड़प गर्नु ।

चपचप–क्रि० यो० [अनु०] १. टाँसिने किसिम; च्याट-च्याट । २. गर्मी वा परिश्रमले मुख सुक्ने किसिम । ३. सतहमात्र भिज्ने गरी अलि-अलि पानी हुने किसिम ।

चपट–ना० [ने०] कुनै नियत स्थानमा बसी पुलीस वा सैनिक जवानले गर्ने रेख-देख; पहरा ।

चपटे–वि० [चपट+ए] चपटमा बस्ने व्यक्ति; पहरेदार ।

चपड़ा–ना० [चपरा] चपरा ।

चपरा–ना० [च्याप्टो] शुद्ध पारी पातलो बनाइएको लाहा ।

चपरास–ना० [फा० चप+रास्त] अर्दली-तहका कर्मचारी-हरूले पेटीमा लाउने, अड्डाको नाम र नम्बर लेखिएको धातुको पातो; चपरासीको पेटीमा लाइने ब्याज ।

चपरासी–ना० [चपरास+ई] पालो-पहरा गर्ने एक थरीको सिपाही; चपरास लाउने सिपाही; समर-जङ्ग कम्पनीको सिपाही ।

चपरी–ना० [प्रा० चक्कल] प्रायः भारमात्र हुने माटाको चाक्लो ढेलो; चोइली; चाको ।

चपरो–ना० [चपरी+ओ] ठूलो चपरी ।

चपर्चन्ड–वि० [सं० चपल+चण्ड] १. कड़ा स्वभावको; उद्दण्ड; प्रचण्ड । २. मापाको; रिसाहा । ३. फूर्तिलो । ४. छुकछुके; चञ्चल ।

चपल–वि० [सं०] १. चञ्चल; अस्थिर । २. हल्लने; डगमगाउने । ३. क्षणिक । ४. उत्ताउलो । ५. हड़बड़े । (ना०) ६. पारो । ७. माछो ।

चपलक–वि० [सं०] १. चञ्चल; अस्थिर । २. अविचारी ।

चपलता–ना० [सं०] १. चपल हुनाको भाव; चञ्चलता ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. छिटोपन; शीघ्रता।
चपला–वि० [सं०] १. चञ्चल; चपल (स्त्री)। (ना०) २. लक्ष्मी। ३. बिजूली (मेघको)। ४. आर्या छन्दको एक भेद। ५. वेश्या।
चपाइ–ना० [चाप् +आइ] चाप्ने किसिम, क्रिया वा भाव।
चपाइ–ना० [चपाउ+आइ] चपाउने किसिम, क्रिया वा भाव।
चपाइनु–स० क्रि० [चपाउ+इ+नु] चपाउने काम गरिनु; ('चपाउनु'-को क० क्रि०)।
चपाउनु–स० क्रि० [प्रा० चब्बई] मुखमा हाली दाँतले पिस्नु; मुखभित्र हाली बार-बार टोक्नु।
चपेट–ना० [सं०] हत्केलाले दिएको थप्पड़; चपेटा।
चपेटा–ना० [सं०] खुला हातले दिएको थप्पड़; चड़कन।
चपेटा–ना० [चाप्] १. कुनै काम चाँड़ो गराउनाका निम्तिको प्रेरणा; ताकिता। २. कामको भीड़; चटारो; चाप।
चपेटिका–ना० [सं०] चपेटा; थप्पड़।
चपोरा–ना० [सं० चर्पट] एक प्रकारको चट्टी।
चप्काइ–ना० [चप्काउ+आइ] चप्काउने किसिम, क्रिया वा भाव।
चप्काइनु–स० क्रि० [चप्काउ+इ+नु] टाँसिनु; ('चप्काउनु'-को क० क्रि०)।
चप्काइनु–स० क्रि० [चप्काउ+इ+नु] पचाइनु; हड़प गरिनु; ('चप्काउनु'-को क० क्रि०)।
चप्काउनु–स० क्रि० [च्याप्-च्याप्+आउ+नु] कुनै दुइ वस्तुलाई लस्सादार पदार्थले जोर्नु; टाँस्नु।
चप्काउनु–स० क्रि० [पचाउ+नु] १. अर्काको धन-माल लिएर नदिनु; पचाउनु; हड़प गर्नु। २. चोर्नु; टप्काउनु।
चप्पन–ना० [चपाउ] अर्काको धन-माल लिएर फिर्ता नदिनु; पचाउनु; हड़प्नु।
चप्पल–ना० [सं० चर्पट] कुर्कुच्चा खुला हुने एक प्रकारको जुत्ता; चट्टी।
चप्पा–ना० [चपरी] चपरी; चाको।
चप्पू–ना० [चप्पन] चप्पन।
चप्पू–ना० [चपेटा] चपेटा; चड़कन।
चप्रास–ना० [चपरास] चपरास।
चप्रासी–ना० [चपरासी] चपरासी।
चप्लेटी–वि० [चापट] च्याप्टो र फराकिलो।
चबाइ–ना० [चाब्+आइ] चाब्ने किसिम, क्रिया वा भाव।
चमक–ना० [चम्क] १. उज्यालो; प्रकाश। २. कान्ति; आभा। ३. टलक। ४. उत्तेजना; आवेश।
चमक-दमक–ना० [चमक+दमक (फाँ०)] १. रोब्र-रवाफ; चहक-महक। २. शानदार सजावट। ३. सौन्दर्य।
चमकदार–वि० [चमक+दार (फा०)] चमक भएको; चम्कने; उज्यालो; कान्ति-युक्त।
चमकन–अ० क्रि० [चमक+नु] चम्कनु।
चमकली–वि० [ने०] चनमते (स्त्री)।
चमकाइ–ना० [चमक+आइ] चमकने किसिम, क्रिया वा भाव।
चमकाउनु–स० क्रि० [चमक+आउ+नु] चम्काउनु।
चमकिनु–अ० क्रि० [चमक+इ+नु] चम्किनु।
चमकिलो–वि० [चमक+इलो] १. चमक भएको; चहकिलो। २. टलकने; झल्कने।
चमक्क–क्रि० यो० [चमक] चम्कने किसिम; झल्कने किसिम; टलक्क।
चमक्याइ–ना० [चमकि+आइ] चमकिने किसिम, क्रिया वा भाव।
चमक्याहट–ना० [चमकि+आहट] चमकिने किसिम, क्रिया वा भाव।
चमचम–ना० [बङ्गला] छेनाको लाम्चो आकार बनाई पागमा पकाई चीनी छरेको मिठाई।
चमचम–क्रि० यो० [चमक] चम्किरहने किसिम; झल्कने किसिम।
चमचमाइ–ना० [चमचमाउ+आइ] चमचमाउने किसिम, क्रिया वा भाव; चमचमाहट।
चमचमाइनु–अ० क्रि० [चमचमाउ+इ+नु] चमचम चम्किनु; ('चमचमाउनु'-को भा० क्रि०)।
चमचमाउनु–अ० क्रि० [चमचम+आउ+नु] चमचम चम्कनु; झलझलाउनु; चम्कनु।
चमचमाहट–ना० [चमचमाउ+आहट] चमचमाउने किसिम, क्रिया वा भाव; झलझलाहट।
चमचा–ना० [सं० चमस] खानेकुरो खाइने धातुको डाडु-जस्तो भाँड़ो।
चमजुम्रो–ना० [चर्म+जुम्रो] कालो किर्नुजस्तो जुम्रो; मानिसका शरीरका रौंमा पर्ने, किर्नुजस्तो, पातलो, धेरै खुट्टा हुने जुम्रो।
चमड़ा–ना० [सं० चर्म] १. छाला; चर्म। २. बोक्रो।
चमत्करण–ना० [सं०] अनौठो काम गर्नु; चमत्कार देखाउनु।
चमत्कार–ना० [सं०] १. आश्चर्यको काम; विलक्षण काम। २. तमाशा; अनौठो खेल।
चमत्कारक–वि० [सं०] १. चमत्कार देखाउने; चमत्कारी। २. विलक्षण; अनौठो।
चमत्कारिक–वि० [सं०] चमत्कार गरिएको; विस्मित।
चमत्कारी–वि० [सं०] १. अनौठो काम गर्ने; आश्चर्य-लाग्दो काम गर्ने। २. चमत्कार-युक्त; अनौठो।
चमत्कृत–वि० [सं०] अचम्ममा परेको; विस्मित।
चमत्कृति–ना० [सं०] आश्चर्य-लाग्दो काम; चमत्कार।
चमन–ना० [सं०] १. खानु। २. पिउनु।
चमन–ना० [फा०] १. फूल-बारी। २. हरियो क्यारी।
चमर–ना० [सं०] १. जङ्गली गाई; चौंरी गाई। २. देवता वा राजा-महाराजाहरूलाई हम्कने, चौंरी गाईका पुच्छरको झुप्पा; चँवर।

CC-0. In Public Domain. Digitization by eGangotri

चमरी–ना० [सं०] पुच्छरमा रौंको ठूलो झुप्पा हुने जङ्गली गाई; चौंरी गाई ।

चमस–ना० [सं०] यज्ञमा हवन गर्ने वा सोम-रस पान गर्ने चमचाका आकारको काठको यज्ञ-पात्र; एक किसिमको सुरो ।

चमाचम–ना० [ने०] भकाभक; कपाकप; धमाधम ।

चमाचम–क्रि० यो० [चमचम] खूब टल्कने किसिम, खूब सफा हुने किसिम ।

चमार–ना० [सं० चर्मार] छालाको काम गर्ने एक जाति; सार्की ।

चमू–ना० [सं०] १. सेना; फौज । २. ७२९ हात्ती, ७२९ रथ, २१८७ घोड़-चढ़ी र ३६४५ पैदल सेना हुने सैन्यको एक विभाग ।

चमेना–ना० [ने०] सानो-तिनो खाना; अर्नी; खाजा ।

चमेरो–ना० [सं० चर्मचटक] १. विनाप्वाँखका छालाका पखेटा भएको र पशुको जस्तो थुतुनो र दाँत हुने, रूखमा वस्दा उल्टो झुन्डिएर बस्ने, राती उड्ने प्राणी । (वि०) २. दुब्लो; पातलो; सिकुटे । ३. दुइ विरोधी पक्षका बीचमा रही मौकाअनुसार दुवै पक्षमा मिल्न खोज्ने; अवसरवादी ।

चमेली–ना० [सं० चम्पकवल्ली] लहरामा फुल्ने, बास्ना आउने, सेतो वा पहेँलो एक प्रकारको फूल ।

चमोट–ना० [सं० चर्म] विशिष्ट वर्गका व्यक्तिहरूलाई हालिने छालाको नेल ।

चम्कनु–अ० क्रि० [चमक+नु] १. चम्किलो हुनु; झल्कनु । २. टलक आउनु; टल्कनु । ३. धन, मान आदिको रवाफले मात्तिनु; बढ़े-चढ़ेको हुनु ।

चम्कनु–ना० [ने०] जुम्राको बच्चो; सानो जुम्रो ।

चम्काइ–ना० [चम्क+आइ] चम्कने किसिम, क्रिया वा भाव ।

चम्काइनु–स० क्रि० [चम्काउ+इ+नु] चम्किलो पारिनु; झल्काइनु; ('चम्काउनु'-को क० क्रि०) ।

चम्काउनु–स० क्रि० [चम्क+आउ+नु] १. चमकिलो पार्नु; झल्काउनु । २. टलक आउने पार्नु; टल्काउनु । ३. पुल-पुल्याउनु ।

चम्किइनु–अ० क्रि० [चम्किइ+नु] चम्किलो होइनु; ('चम्किनु'-को भा० क्रि०) ।

चम्किनु–अ० क्रि० [चम्क+इ+नु] १. चम्कनु । २. चम्किलो होइनु; ('चम्कनु'-को भा० क्रि०) ।

चम्के–वि० [चम्को+ए] १. चम्को भएको; चम्कावाल । (ना०) २. तीन वा बढ़ी आत्मीय मानिसहरू मिली एककी छोरी अर्कोलाई, अर्काकी अर्कोलाई दिई परस्परमा विवाह गर्ने एक प्रथा ।

चम्को–ना० [ने०] चुह्लामाथि पकाउने ठाउँमा भाँड़ो बसाल्नाका लागि बनाइने थुम्को ।

चम्क्याइ–ना० [चम्कि+आइ] चम्किने किसिम, क्रिया वा भाव ।

चम्क्याहट–ना० [चम्कि+आहट] चम्किने किसिम, क्रिया वा भाव ।

चम्प–ना० [सं०] १. चाँपको फूल; चम्पा । २. कोइरालो ।

चम्पक–ना० [सं०] १. सुगन्धी पहेँलो फूल फुल्ने एक जातको वृक्ष । २. त्यस वृक्षको फूल । ३. एक प्रकारको सुगन्धी द्रव्य । ४. एक जातको केरा ।

चम्पक-माला–ना० [सं०] १. प्रत्येक पाउमा भगण, मगण, सगण र एक गुरु हुने एक वर्ण-वृत्त । २. चाँपका फूलको माला ।

चम्पत–ना० [सं० चञ्चल] १. कुलेलम ठोक्नु; सुइँकुच्चा ठोक्नु; भाग्नु । २. बेपत्ता; गायब ।

चम्पा–ना० [सं० चम्प] चाँपको फूल ।

चम्पू–ना० [सं०] गद्यका बीच-बीचमा पद्य पनि भएको काव्य; गद्य-पद्य-मय काव्य ।

चम्बू–ना० [सं० चमू] पेट ठूलो, घाँटी सानो, मुख फुकेको हुने एक किसिमको जल-पात्र ।

चम्मू–ना० [चम्बू] चम्बू ।

चम्लायो–ना० [ने०] एक जातको रूख । (यसको स्याउला गाई-वस्तुलाई खुवाइन्छ ।)

चम्शूर–ना० [चम्सुर] चम्सुर ।

चम्सुर–ना० [सं० चन्द्र-शूर] काँचो खाँदा पीरो स्वाद हुने एक जातको साग ।

चय–ना० [सं०] १. समूह; राशि । २. गढ़; किल्ला । ३. शहर वा किल्लाको रक्षाका निम्ति चारैतिर लगाइने पर्खाल । ४. घर, पर्खाल आदिको जग । ५. चौतारो ।

चयक–वि० [सं०] १. जम्मा गर्ने; सङ्ग्रह गर्ने; थुप्र्याउने । २. खोज्ने ।

चयन–ना० [सं०] १. जम्मा गर्नु; सङ्ग्रह गर्नु; सञ्चय गर्नु । २. खोजी गर्नु । ३. क्रममा राख्नु । ४. फूल आदि टिप्नु । ५. रोज्नु; छान्नु ।

चयन-शील–वि० [सं०] सङ्ग्रह गर्ने ; सङ्ग्रही ।

चयनिका–ना० [सं०] छानिएका कविता, कहानी आदिको सङ्ग्रह ।

चयनीय–वि० [सं०] जम्मा गर्न योग्य; सङ्ग्रह गर्न लायक ।

चर–ना० [सं०] १. गुप्त रूपले आफ्नो राष्ट्र वा पर-राष्ट्रको गुप्त रहस्य पत्ता लगाउने सरकारी कर्मचारी; गुप्त-चर । २. कुनै विशेष कामका निम्ति कहीँ पठाइएको मानिस; दूत । (वि०) ३. चल; जङ्गम । ४. एकै ठाउँमा नरहने; अस्थिर । ५. जीव-धारी; सजीव । ६. हिँड्ने; डुल्ने ।

चर–ना० [चर्च] घरको जग ।

चरक–ना० [सं०] १. शेष-नागका अवतार मानिएका, अनुमानतः ईसवी प्रथम शताब्दीमा भएका, आयुर्वेदका एक प्रधान आचार्य । २. गुप्त-चर; जासूस; दूत । ३. बटुवा;

CC-0. In Public Domain. Digitization by eGangotri

पथिक। ४. भीखमङ्गा; भिक्षुक।

चरक-संहिता–ना० [सं०] चरक मुनिले बनाएको चिकित्सा-सम्बन्धी प्रसिद्ध ग्रन्थ।

चरक्क–क्रि० यो० [अनु०] १. चिरिने वा धाँजो फाट्ने किसिम। २. घाम चर्कने किसिम।

चरचर–क्रि० यो० [ने०] १. धमाधम चिरिने वा फाट्ने किसिम। २. चहऱ्याउने वा दुख्ने किसिम।

चरचरी–क्रि० यो० [चरचर+ई] १. धमाधम चिरिने वा फाट्ने किसिम; चरचर। २. चहऱ्याउने वा दुख्ने किसिम। ३. धमाधम घाँस आदि उखेल्ने किसिम।

चरण–ना० [सं०] १. पाउ; पाद; पयर; गोडा। २. पद्य वा श्लोकको एक पाउ। ३. सूर्य वा चन्द्रको किरण। ४. चौथाइ; चतुर्थांश।

चरण-कमल–ना० [सं०] कमलजस्ता कोमल पाउ; पाद-पद्म; चरणारविन्द (माननीय व्यक्ति वा देवता आदिका निमित्त आदर-भक्तिपूर्वक भनिने)।

चरण-गत–वि० [सं०] १. पाउमा परेको; चरणमा परेको। २. शरणमा परेको।

चरण-चिह्न–ना० [सं०] १. पैतालाको चिह्न; पद-चिह्न। २. मान्य जनका अनुकरणीय आचरण।

चरण-तल–ना० [सं०] १. पैंतालो; पाद-तल। २. ठूला-बड़ाको आश्रय (विनम्रता-सूचक प्रयोगमा)।

चरण-न्यास–ना० [सं०] १. पाइलो; कदम। २. पाइलाको चिह्न; पद-चिह्न।

चरण-पादुका–ना० [सं०] १. खराउ। २. पत्थर आदिमा बनाइएको पाउको चिह्न।

चरण-युग–ना० [सं०] दुइ पाउ; दुइ पद।

चरण-युगल–ना० [सं०] दुइ पाउ; चरण-युग।

चरण-सेवा–ना० [सं०] १. ठूला-बड़ाको सेवा; मान्य जनको सेवा। २. पाउ दाब्नु।

चरण-सेवी–ना० [सं०] पाउ दाब्ने व्यक्ति; नोकर।

चरणामृत–ना० [सं०] १. देव-प्रतिमालाई स्नान गराएको पञ्चामृत-युक्त जल। २. देवता वा पूज्य जनको पाउ धोएको जल; चरणोदक।

चरणारविन्द–ना० [सं०] चरण-कमल।

चरणायुध–ना० [सं०] कुखुरो।

चरणार्द्ध–ना० [सं०] १. श्लोकका चरणको आधा भाग। २. आधा चौथाइ; आठौँ भाग।

चरणोदक–ना० [सं०] चरणामृत।

चरणोदक–ना० [सं०] देवता वा पूज्य जनका पाउ-धोएको जल।

चरणोपधान–ना० [सं०] राजा-महाराजा वा देवताको सिंहासनमुनि पाउ राख्ने गद्दी; पाउ-दान; पाद-पीठ।

चर-द्रव्य–ना० [सं०] चल सम्पत्ति।

चरन–ना० [चर्] गाई-वस्तुहरू चर्ने ठाउँ; गोचर; चउर।

चरना–ना० [सं० चरण] भित्रपट्टि लाउने एक किसिमको सानो सुरुवाल; एक किसिमको लामो जाँघिया; चर्ना।

चरम–वि० [सं०] १. अन्तिम; आखिरी। २. सबै-भन्दा पछिको। (ना०) ३. पश्चिम। ४. अन्त; आखिर।

चरम-काल–ना० [सं०] अन्त्य-काल; मृत्युको समय।

चरम-गिरि–ना० [सं०] अस्ताचल; पश्चिमाचल।

चरम-वय–वि० [सं०] साह्रै बूढ़ो; अति वृद्ध।

चराइ–ना० [चर्+आइ] चर्ने किसिम, क्रिया वा भाव।

चराइ–ना० [चराउ+आइ] चराउने किसिम, क्रिया वा भाव।

चराइनु–स० क्रि० [चराउ+इ+नु] चराउने काम गरिनु; ('चराउनु'-को क० क्रि०)।

चराउनु–स० क्रि० [चर+आउ+नु] गाई-वस्तुलाई चउर वा बाँझो जमीनमा डुलाई-फिराई त्यहाँको घाँस खुवाउनु; चर्न लगाउनु; ('चर्नु'-को प्रे० क्रि०)।

चराचर–वि० [सं०] १. चर र अचर; जड र चेतन; स्थावर र जङ्गम। (ना०) २. जगत्; संसार।

चराचर-गुरु–ना० [सं०] १. ब्रह्मा। २. परमेश्वर।

चरा-चुरुङ्गी–ना० [चरो+चुरुङ्गी (फाँ०)] चराहरूको समुदाय।

चरि–ना० [सं०] पशु; जन्तु।

चरि-अमिलो–ना० [सं० चाङ्गेरी+अम्ल] एक भेट्नामा तीन-तीन वटा अमिला पात हुने, पहेँला फूल फुल्ने र तोरीका जस्ता दूध आउने कोसा फल्ने एक जातको झार।

चरित–ना० [सं०] १. आचरण; चरित्र। २. बानी-बेहोर; शील-स्वभाव। ३. काम; कर्म। ४. कसैका जीवनको विशेष घटना वा कार्यको वर्णन; जीवनी।

चरित-कार–ना० [सं०] जीवन-चरित्रको लेखक।

चरित-नायक–ना० [सं०] कुनै कथाको प्रधान पात्र।

चरितवान्–वि० [सं०] राम्रो चरित्र भएको; सच्चरित्र।

चरितव्य–वि० [सं०] देखासिकी गर्न लायक; अनुकरणीय।

चरितार्थ–वि० [सं०] १. उद्देश्य वा अभिप्राय पूरा भएको; कृतार्थ। २. सन्तुष्ट। ३. यथार्थ रूपमा सिद्ध भएको। ४. लागू भएको; घटेको।

चरितार्थता–ना० [सं०] १. चरितार्थ हुनु; कृतार्थ हुनु। २. यथार्थता।

चरितार्थी–वि० [सं०] १. सफलताको आकाङ्क्षा गर्ने। २. चरितार्थ गर्ने। ३. चरितार्थ हुने।

चरितावली–ना० [सं०] धेरै विशिष्ट व्यक्तिहरूको चरित वर्णन गरिएको ग्रन्थ।

चरित्र–ना० [सं०] १. बानी-बेहोर; चाल-चलन। २. कसैले जीवनमा गरेका कामहरू; जीवनी।

चरित्र-चित्रण–ना० [सं०] काव्यमा पात्रको विचार, आचरण आदिका विशेषताको गरिने वर्णन।

चरित्र-नायक–ना० [सं०] चरित-नायक।

CC-0. In Public Domain. Digitization by eGangotri

चरित्र-बन्धक–ना० [सं०] मैत्रीपूर्ण प्रतिज्ञा ।

चरित्रवान्–वि० [सं०] असल चरित्र भएको; सच्चरित्र ।

चरित्र-हीन–वि० [सं०] खराब चरित्र भएको; दुश्चरित्र ।

चरिनङ्ग्रे–वि० [चरो+नङ्ग्रा+ए] चराका नङ्ग्राका आकार-को; फेद बाङ्गो भएको (बोट, बिरुवा) ।

चरिनु–अ० क्रि० [चर्+इ+नु] चर्ने काम गरिनु; ('चर्नु'-को भा० क्रि०) ।

चरिपन्जा–ना० [चार+पन्जा] एउटा पासामा पन्जा र अरू दुइ पासामा दुवा, दुवा पर्ने पासाको खेलको एक दाउ ।

चरिपाईं–ना० [ने०] छारे-रोग; मृगी; अपस्मार ।

चरिष्णु–वि० [सं०] हिँड्-डुल गर्ने; जङ्गम ।

चरी–ना० [चर्+ई] घाँस ।

चरी–ना० [चरो+ई] १. सानो चरो । २. चराको बच्चो । ३. पोथी चरो । ४. चरो (बाल-बोलीमा) ।

चरी-अमिलो–ना० [चरि-अमिलो] चरि-अमिलो ।

चरी-नाङ्गो–वि० [चरी+नाङ्गो] प्वाँख नभएको चराजस्तो नाङ्गो; बिलकुल नग्न ।

चरी-बाघ–ना० [चरि+बाघ] शरीरमा टाटा-पाटा हुने, बिरालोजत्रो एक जातको चितुवा; निगाले-चितुवा ।

चरु–ना० [सं०] जौ, तिल, घिउ आदि मुछेर बनाइएको हवन गर्ने वस्तु; हव्य ।

चरु–ना० [ने०] ठाडो बिट भएको धातुको एक प्रकारको पकाउने भाँडो; सानो ठो ।

चरुवा–ना० [चर्+उवा] १. गाई-वस्तु चराउने व्यक्ति; गोठालो । (वि०) २. सधैँ चराउने गरेको (गाई-वस्तु) ।

चरेस–ना० [ने०] १. काँसो र जस्ता बराबर गरी मिलाई तयार हुने एक धातु । २. एक किसिमको मिहीन पातलो कपड़ा; एक किसिमको मलमल ।

चरेस–ना० [सं० चर्म] गाँजाको चोब; तमाखुझैँ पिइने एक प्रकारको लागू पदार्थ ।

चरो–ना० [सं० चटक] पखेटा र चुच्चो भएको दोपाया प्राणी; पक्षी; पङ्खी; पखेरु ।

चर्कनु–अ० क्रि० [चर्को+नु] १. कड़ा हुनु; ज्यादा रापिलो हुनु (घाम) । २. घाउहरू चस्केर दुख्नु; घाउ-खटिरा टन्कनु; सोला हान्नु । ३. ठूलो स्वरले बोल्नु । ४. चर्को हुनु; बढ्दै जानु ।

चर्कनु–अ० क्रि० [चिरो+नु] चिरो पर्नु; चिरिनु; धाँजो फाट्नु ।

चर्काइ–ना० [चर्क+आइ] चर्कने किसिम, क्रिया वा भाव ।

चर्काइनु–स० क्रि० [चर्काउ+इ+नु] झगड़ा बढ़ाइनु; ('चर्काउनु'-को क० क्रि०) ।

चर्काइनु–स० क्रि० [चर्काउ+इ+नु] चिरो पारिनु; ('चर्का-उनु'-को क० क्रि०) ।

चर्काउनु–स० क्रि० [चर्क+आउ+नु] १. झगड़ा बढ़ाउनु; झगड़ा चर्को पार्नु । २. क्रोध उत्तेजित पार्नु; ('चर्कनु'-को प्रे० क्रि०) ।

चर्काउनु–स० क्रि० [चर्क+आउ+नु] चिरा पार्नु; फटाउनु; धाँजो पार्नु; ('चर्कनु'-को क० क्रि०) ।

चर्काचर्की–ना० [चर्को+चर्को] ठूलठूलो स्वरले झगड़ा गर्नु; बाझाबाझ ।

चर्किइनु–अ० क्रि० [चर्कि+इ+नु] चिरा परिनु; ('चर्किनु'-को भा० क्रि०) ।

चर्किइनु–अ० क्रि० [चर्कि+इ+नु] ज्यादा रापिलो होइनु; ('चर्किनु'-को भा० क्रि०) ।

चर्किनु–अ० क्रि० [चर्क+इ+नु] १. घाम ज्यादा रापिलो हुनु; चर्कनु । २. ज्यादा रापिलो होइनु; ('चर्कनु'-को भा० क्रि०) ।

चर्किनु–अ० क्रि० [चर्क+इ+नु] १. चिरा परिनु; ('चर्कनु'-को भा० क्रि०) । २. धाँजो फाट्नु; चर्कनु ।

चर्कुले–वि० [चर्कुलो+ए] चर्कुलो ।

चर्कुलो–वि० [चर्को] १. चर्को वा तीखो स्वर भएको; चरचर गरेर बोल्ने । २. चनमते; चञ्चले ।

चर्को–वि० [सं० चरम] १. साह्रो; कड़ा (स्वर, रोग, दुःख, स्वभाव आदि) । २. बढ्ता; ज्यादा (नून, अमिलो, मूल्य, पीरो, घाम आदि) ।

चर्क्याइ–ना० [चर्कि+आइ] चर्किने किसिम, क्रिया वा भाव ।

चर्क्याहट–ना० [चर्कि+आहट] चर्किने किसिम, क्रिया वा भाव ।

चर्खा–ना० [सं० चक्र] धागो काल्ने यन्त्र ।

चर्च–ना० [सं०] विचार गर्नु; मनन गर्नु ।

चर्च–ना० [अं०] ईसाईहरूको उपासना-मन्दिर; गिर्जा-घर ।

चर्चक–वि० [सं०] १. चर्चा गर्ने । २. आवृत्ति गर्ने ।

चर्चन–ना० [सं०] १. चर्चा । २. अध्ययन । ३. आवृत्ति । ४. लेपन ।

चर्चनु–स० क्रि० [सं० चर्+नु] १. जग्गा-जमीन भोग गर्नु; चलन गर्नु । २. सुमर्नु; तह लाउनु ।

चर्चराइ–ना० [चर्चराउ+आइ] चर्चराउने किसिम, क्रिया वा भाव ।

चर्चराइनु–अ० क्रि० [चर्चराउ+इ+नु] चरचर शब्द गरेर बलिनु; ('चर्चराउनु'-को भा० क्रि०) ।

चर्चराउनु–अ० क्रि० [चरचर+आउ+नु] १. चरचर शब्द गरेर बल्नु; अन्न, पानी आदि आगामा हाल्दा पड्कनु । २. चरचर गरेर दुख्नु; चर्चरिनु ।

चर्चरिइनु–अ० क्रि० [चर्चरि+इ+नु] चरचर गरी दुख्नु; चहर्‍याइनु; ('चर्चरिनु'-को भा० क्रि०) ।

चर्चरिका–ना० [सं०] १. नाटकमा एक प्रकरण समाप्त भएर पर्दा गिराउँदा र अर्को प्रकरण आरम्भ गर्न पर्दा उठाउँदा गाइने गीत । २. दुइ नटले आलो-पालोसँग गाउने गीत ।

चर्चरिनु–अ० क्रि० [चरचर+इ+नु] चरचर गरी दुख्नु; चहर्‍याउनु; चर्कनु ।

CC-0. In Public Domain. Digitization by eGangotri

चर्चरी–ना० [सं०] १. वसन्त ऋतुमा गाइने एक किसिमको गीत। २. हातको ताली; करतल-ध्वनि। ३. आमोद-प्रमोद। ४. नाच-गान।

चर्चरे-वि० [ने०] १. बाझ्ने स्वभावको; झगड़ालु। २. चरचर आवाज आउने गरी बल्ने। (ना०) ३. पानका आकारका ठूला पात, साना, राता फूल, काला, गोल फल, लामा नङ्ग्रा र खैरो बाटुलो ठूलो कन्द हुने एक लहरो। (आयुर्वेदमा यसको गुण फियो र शूलको रोगलाई नाश गर्ने बताइएको छ।)

चर्चरे-चरो–ना० [चर्चरे+चरो] सारौँ चरो।

चर्चऱ्याइ–ना० [चर्चरि+आइ] १. चर्चरिने किसिम, क्रिया वा भाव। २. चर्चऱ्याउने किसिम, क्रिया वा भाव।

चर्चऱ्याइनु–अ० क्रि० [चर्चऱ्याउ+इ+नु] चहऱ्याइनु; ('चर्चऱ्याउनु'-को भा० क्रि०)।

चर्चऱ्याउनु–अ० क्रि० [चर्चरि+याउ+नु] घाउ-खटिरा आदि चर्कनु; चहऱ्याउनु; चरचर गरी दुख्नु; भबाउनु।

चर्चऱ्याहट–ना० [चर्चरि+आहट] चर्चरिने किसिम, क्रिया वा भाव।

चर्चा–ना० [सं०] १. कुनै विषयमा चलेको कुराकानी; वार्तालाप; बात-चीत। २. बयान; विवरण। ३. प्रकरण; प्रसङ्ग। ४. पाठ; आवृत्ति। ५. वार-वार सोध्नु; जिक्री गर्नु। ६. कथन; उल्लेख। ७. लिप-पोत। ८. दुर्गा। ९. कुबेरका नव निधिमध्ये एक।

चर्चाइ–ना० [चर्च+आइ] चर्चने किसिम, क्रिया वा भाव।

चर्चाइनु–स० क्रि० [चर्चाउ+इ+नु] चर्चन लाइनु; ('चर्चाउनु'-को क० क्रि०)।

चर्चाउनु–स० क्रि० [चर्च+आउ+नु] चर्चन लाउनु; ('चर्चनु'-को प्रे० क्रि०)।

चर्चि–ना० [सं०] १. दोहोऱ्याउनु; आवृत्ति। २. विचार गर्नु; मनन गर्नु।

चर्चिका–ना० [सं०] १. पाठ; आवृत्ति। २. वाद-विवाद; छलफल। ३. मनन; चिन्तन। ४. लेपन।

चर्चित–वि० [सं०] १. चर्चा गरिएको। २. विचार गरिएको; मनन गरिएको। ३. लेपित।

चर्चिनु–स० क्रि० [चर्च+इ+नु] जग्गा-जमीन भोग गरिनु; ('चर्चनु'-को क० क्रि०)।

चर्च्याइ–ना० [चर्चि+आइ] चर्चिने किसिम, क्रिया वा भाव।

चर्च्याहट–ना० [चर्चि+आहट] चर्चिने किसिम वा क्रिया।

चर्तिकला–ना० [सं० चरित्र+कला] १. लुकी-छिपी गरेको चलाकी; गुप्त चर्या। २. रोब-रवाफ; चकचकी। ३. ढाँचा।

चर्ना–ना० [चरना] चरना।

चर्नु–अ० क्रि० [सं० चर्+नु] १. गाई-वस्तुले चौरमा वा बाँझो जमीनमा गई डुली-फिरी घाँस खानु। (स० क्रि०) २. पशुहरूले मुखले चुँडेर घाँस खानु।

चर्पट–ना० [चटपट] चटपट।

चर्पट–ना० [सं०] १. औँलाहरू फिँजाएको हत्केला। २. चपेटा; थप्पड़।

चर्पटाइ–ना० [चर्पटाउ+आइ] चर्पटाउने किसिम, क्रिया वा भाव।

चर्पटाइनु–स० क्रि० [चर्पटाउ+इ+नु] हड़बड़ाइनु; ('चर्पटाउनु'-को क० क्रि०)।

चर्पटाउनु–स० क्रि० [चर्पट+आउ+नु] १. हड़बड़ाउनु; चटपटाउनु। २. छटपटाउनु; अस्पटाउनु।

चर्पटी–ना० [चर्पट+ई] चटपटी।

चर्पटी-ना० [सं०] घिउ नहालेको फुको रोटी; फुल्का।

चर्पटे–वि० [चर्पट+ए] चर्पट गर्ने; चटपटे।

चर्पी–ना० [नेवा० चऽबि] दिसा बस्ने ठाउँ वा कोठो; पाइखाना।

चर्भट–ना० [सं०] चर्भटी काँक्रो।

चर्भटी–ना० [सं०] १. आनन्दले उफ्रनु वा कराउनु; हर्षयुक्त क्रीडा। २. चर्चा। ३. घिरौँलाका आकारको एक जातको काँक्रो।

चर्म–ना० [सं०] १. छाला; चमड़ा। २. ढाल।

चर्म-कार–ना० [सं०] छालाको काम गर्ने व्यक्ति; चमार; सार्की।

चर्म-कारिणी–ना० [सं०] मासिक-धर्म भएको दोस्रो दिनकी स्त्री।

चर्म-कारी–ना० [सं०] चमार; सार्की; चर्म-कार।

चर्म-कील–ना० [सं०] अलकाई; बवासीर।

चर्म-कूप–ना० [सं०] घिउ-तेल हाल्ने छालाको भाँड़ो; सिजिया।

चर्म-चक्षु–ना० [सं०] बाहिरी आँखा; स्थूल दृष्टि।

चर्म-चटक–ना० [सं०] चमेरो।

चर्म-चित्रक–ना० [सं०] श्वेत-कुष्ठ; पाण्डु-रोग; दुभी।

चर्म-चेल–ना० [सं०] छालाको वस्त्र।

चर्म-तरङ्ग–ना० [सं०] चाउरी।

चर्म-तिल–वि० [सं०] १. साना-साना खटिरा निस्केको; ऐँजेरु आएको (शरीर वा छाला)। (ना०) २. कोठी। ३. मख्याहा।

चर्म-दण्ड–ना० [सं०] छालाको कोर्रा।

चर्म-दूषिका–ना० [सं०] शरीरमा टाटो परी चिलाउने चर्म-रोग; दाद।

चर्म-द्रुम–ना० [सं०] भोज-पत्रको रूख।

चर्म-नालिका–ना० [सं०] छालाको कोर्रा।

चर्म-पट्टिका–ना० [सं०] छालाको फित्ता।

चर्म-पत्र–ना० [सं०] कुनै प्रामाणिक कुरा लेखिएको छालाको पत्र (तामा-पत्र, शिला-पत्र आदिजस्तो छालाको पत्र)।

चर्म-पत्रा–ना० [सं०] सानो जातको चमेरो।

चर्म-पुट–ना० [सं०] पानी हाल्ने छालाको थैलो; मस्सक।

चर्म-प्रभेदिका–ना० [सं०] छाला काट्ने हतियार; बाँको; आरो।

CC-0. In Public Domain. Digitization by eGangotri

चर्म-प्रसेवक–ना० [सं०] खलाँती।
चर्म-बन्ध–ना० [सं०] १. छालाको पेटी। २. छालाको कोर्रा वा चाबुक।
चर्म-मसूरिका–ना० [सं०] १. छालामा मसिना खटिरा निस्कने एक प्रकारको रोग। २. कोठी। ३. मख्याहा।
चर्म-मुण्डा–ना० [सं०] दुर्गा।
चर्म-यष्टि–ना० [सं०] छालाको कोर्रा वा चाबुक।
चर्मरु–ना० [सं०] सार्की; चमार।
चर्म-वृक्ष–ना० [सं०] भोज-पत्रको रूख।
चर्म-सार–ना० [सं०] खाएको वस्तुबाट उत्पन्न हुने, शरीरको छालाभित्र रहने रस।
चर्मार–ना० [सं०] सार्की; चमार।
चर्मिक–वि० [सं०] ढाल भिरेको; ढाल लिएको।
चर्मी–वि० [सं०] १. ढाल भिरेको; चर्मिक। २. छालाले बनेको; छालाको। (ना०) ३. भोज-पत्रको रूख। ४. केरा।
चर्य–वि० [सं०] १. जानयोग्य; पुग्नयोग्य (स्थान आदि)। २. गर्न योग्य; आचरण गर्न लायक।
चर्या–ना० [सं०] १. काम; कार्य। २. आचरण; बानी-बेहोर। ३. प्रतिदिनको कार्य-क्रम। ४. जीविका; वृत्ति। ५. सेवा; टहल। ६. हिँड-डुल गर्नु; भ्रमण।
चर्वण–ना० [सं०] १. कुनै वस्तु मुखमा हालेर दाँतले पिँध्नु; चपाउनु। २. चपाएर खाइने वस्तु। ३. रसास्वादन।
चर्वित–वि० [सं०] चपाइएको; चर्वण गरिएको।
चर्वित-चर्वण–ना० [सं०] १. चपाइसकेको खानेकुरो फेरि चपाउनु; उग्राउनु। २. भनिसकिएको कुरा फेरि भन्नु; दोहोर्‍याएर भन्नु।
चर्वित-पात्र–ना० [सं०] फिकदानी।
चर्व्य–वि० [सं०] १. चपाउन योग्य। (ना०) २. चपाएर खाइने वस्तु।
चर्षणि–ना० [सं०] १. मानिस; मनुष्य। २. कुलटा; वेश्या।
चर्सा–ना० [फा० चर्ज़ः] १. छाला; चर्म। २. छालाको ठेकेदारी रकम।
चल–वि० [सं०] १. हल्लिएको; चलेको; कम्पित। २. अस्थिर; चञ्चल। ३. हिँड-डुल गर्ने; जङ्गम। ४. क्षणिक; क्षण-भङ्गुर। ५. एक ठाउँबाट अर्को ठाउँमा लिएर जान हुने (सम्पत्ति)। (ना०) ६. पारो। ७. शिव। ८. विष्णु। ९. काँप्ने क्रिया; कम्प। १०. भूल; दोष।
चल-कर्ण–ना० [सं०] पृथ्वी र अरू ग्रहका बीचको अन्तर।
चल-चित्त–वि० [सं०] चञ्चल चित्त भएको; अस्थिर चित्त भएको।
चल-चित्र–ना० [सं०] सिनेमा; बाइस्कोप।
चलता-पुर्जा–वि० [हिं०] १. फूर्तिसाथ काम गर्ने; जाँगरिलो। २. व्यवहार-कुशल। ३. चलाक। ४. धूर्त।
चलती–ना० [चल्+ती] १. आवत-जावत। २. चलन; व्यवहार। ३. प्रचार। ४. मान-मर्यादा; प्रतिष्ठा।
चलती-फिर्ती–ना० [चलती+फिर्ती] १. आवत-जावत; आवागमन। २. नयाँ वा ताजा मालहरू झिकाउने र बिक्री गर्ने काम।
चल-दल–ना० [सं०] पीपलको बोट।
चलन–ना० [सं०] १. चल्नु; हल्लनु। २. व्यवहार; रिवाज। ३. प्रथा; रीति।
चलन-चलती–ना० [चलन+चलती] व्यवहार; उपयोग; चलन।
चलनिका–ना० [सं०] १. घाँगर। २. रेशमी झल्लर।
चलनी–ना० [सं० चालनी] सानो चाल्नु।
चल-बल–ना० [चल्+बल (फाँ०)] चञ्चलता; छुक-छुकेपन।
चलबलाइ–ना० [चलबलाउ+आइ] चलबलाउने किसिम, क्रिया वा भाव।
चलबलाइनु–स० क्रि० [चलबलाउ+इ+नु] चलमलाइनु; ('चलबलाउनु'-को क० क्रि०)।
चलबलाउनु–स० क्रि० [चलबल+आउ+नु] चलमलाउनु।
चलबलिनु–अ० क्रि० [चलबल+इ+नु] चलमलिनु।
चलबले–वि० [चलबल+ए] चलबल गर्ने; चञ्चले; छुकछुके।
चलमल–ना० [चल्] चल्ने क्रिया; हल-चल।
चलमलाइ–ना० [चलमलाउ+आइ] चलमलाउने किसिम, क्रिया वा भाव।
चलमलाइनु–स० क्रि० [चलमलाउ+इ+नु] चलमल गराइनु; ('चलमलाउनु'-को क० क्रि०)।
चलमलाउनु–स० क्रि० [चलमल+आउ+नु] चलमल गर्नु; चल्नु; हल्लनु; हल-चल गर्नु।
चलमलिनु–अ० क्रि० [चलमल+इ+नु] चलमल गरिनु।
चला–ना० [सं०] १. मेघको बिजुली। २. पृथ्वी। ३. लक्ष्मी।
चलाइ–ना० [चल्+आइ] चल्ने किसिम, क्रिया वा भाव; हिँड्ने किसिम, क्रिया वा भाव; चाल।
चलाइनु–स० क्रि० [चलाउ+इ+नु] हल्लाइनु; चल्न लाइनु; ('चलाउनु'-को क० क्रि०)।
चलाउनु–स० क्रि० [चल्+आउ+नु] १. हल्लाउनु। २. चलान गर्नु; पठाउनु। ३. चलन-चलतीमा ल्याउनु; प्रयोग गर्नु; उपयोग गर्नु। ४. जिस्क्याउनु; उत्तेजित पार्नु। ५. शुरू गर्नु; आरम्भ गर्नु। ६. हिँड़ाउनु; गति-शील तुल्याउनु। ७. टिक्नु; खप्नु। ८. सञ्चालित गर्नु; ('चल्नु'-को प्रे० क्रि०)।
चलाक–वि० [फा० चालाक] १. बाठो; चतुरो; चङ्ख। २. व्यवहार-कुशल। ३. छिटो।
चलाकी–ना० [फा० चालाकी] १. चलाक हुनाको भाव; चातुर्य। २. चलाक व्यक्तिको काम; चतुर्‍याइँ।
चलाक्याइँ–ना० [चलाक+याइँ] चलाक हुनाको किसिम वा क्रिया; चातुर्य।

CC-0. In Public Domain. Digitization by eGangotri

चलाख–वि० [चलाक] चलाक ।

चलाखी–ना० [चलाकी] चलाकी ।

चलाचल–वि० [सं०] चल र अचल; स्थावर र जङ्गम; चराचर ।

चलान–ना० [चल्+आन] १. माल-सामान, व्यवित आदिलाई एक ठाउँबाट अर्को ठाउँमा पठाउने काम; चलाउनु । २. अभियुक्तलाई न्यायका निमित्त अड्डा-अदालतमा पठाउने काम ।

चलानी–ना० [चलान+ई] १. एक ठाउँबाट अर्को ठाउँमा माल-सामान पठाउँदा तिनीहरूको लगत लेखी साथमा पठाइने पुर्जी; माल-मत्ता चलान गर्दा साथमा पठाइने पुर्जी । २. एक ठाउँबाट अर्को ठाउँमा माल-मत्ता वा मानिस चलाउने काम; चलान ।

चलायमान–वि० [सं०] १. चलिरहेको; हल्लिरहेको । २. अस्थिर; चञ्चल ।

चलि–ना० [सं०] छोप्ने वस्तु; आवरण ।

चलि-चलाउ–वि० [चल्+चलाउ] हिँड्नै लागेको; प्रस्थान गर्न तयार ।

चलित–वि० [सं०] १. चलेको; हल्लिएको । २. अस्थिर; चञ्चल । ३. गएको; प्रस्थान गरेको । ४ जानेको; थाहा पाइएको । (ना०) ५. हल्लने क्रिया; चलाइ । ६. जानु; गमन । ७. चिउँड़ाको चलाइबाट क्रोध वा क्षोभ व्यक्त गर्ने नृत्यको एक भङ्गिमा ।

चलिनु–अ० क्रि० [चल्+इ+नु] हल्लिनु; ('चल्नु'-को क० क्रि०) ।

चलु–ना० [सं०] मुखभरिको पानी ।

चलु–ना० [नेवा०] पानी-बलोभन्दा मुनितिरको मुसी अड्याउने तेर्सो काठ ।

चलुक–ना० [सं०] १. एक पसर पानी । (वि०) २. मुखभरिको (पानी) ।

चलुवा–वि० [चल्+उवा] चलिरहने स्वभावको; छुकछुके ।

चल्ती–ना० [चलती] चलती ।

चल्नु–अ० क्रि० [सं० चल्+नु] १. हल्लनु; चलमलाउनु । २. चलान हुनु; जानु । ३. लागिपर्नु; तल्लीन हुनु । ४. चलन-चलतीमा आउनु; व्यवहारमा आउनु । ५. जिस्किनु; छिहिलिनु । ६. शुरू हुनु; आरम्भ हुनु । ७. हिँड्नु; गतिशील हुनु । ८. खप्नु; टिक्नु ।

चवन्न–वि० [प्रा० चउअन्न] १. पचास र चारका योग-सङ्ख्याको । (ना०) २. पचास र चारको योग-सङ्ख्या; ५४-अङ्क ।

चवन्नी–ना० [चार+आना+ई] पुरानो भारतीय रुपियाँको चार आनाको सिक्का ।

चवन्नौँ–वि० [चवन्न+औँ] गणनाका क्रमले चवन्न सङ्ख्यामा परेको; चवन्न सङ्ख्याको ।

चवालीस–वि० [प्रा० चउआलीस] १. चालीस र चारका योग-सङ्ख्याको । (ना०) २. चालीस र चारको योग-सङ्ख्या; ४४-को अङ्क ।

चवालीसौँ–वि० [चवालीस+औँ] गणनाका क्रमले चवालीस सङ्ख्यामा परेको; चवालीस सङ्ख्याको ।

चविक–ना० [सं०] एक जातको मरीचको बोट ।

चव्य–ना० [सं०] चाभो ।

चश्मा–ना० [फा० चश्मः] आँखाले राम्ररी देख्नाको निम्ति वा नेत्र-सम्बन्धी विशेष रोगले गर्दा वा आँखाको सुरक्षाको निम्ति आँखामा लगाइने फ्रेममा जड़िएको ऐना वा पारदर्शी पत्थर ।

चषक–ना० [सं०] १. मदिरा पिउने भाँड़ो; मद्य-पात्र । २. मदिरा । ३. मह ।

चषण–ना० [सं०] १. भोजन गर्नु; भक्षण । २. मार्नु; वध ।

चषाल–ना० [सं०] मौलामा पशु बाँध्ने बन्धन ।

चसक्क–क्रि० यो० [नें०] १. वायुको विकारले शरीरभित्र अनायास घोचेजस्तो गरी दुख्ने किसिम; चस्कने किसिम । २. सियो, काँढ़ो आदि बिझ्ने किसिम; चस्स । ३. अप्रिय कुरो सुन्दा मनमा दुःख हुने किसिम ।

चसाइ–ना० [चास्+आइ] चास्ने किसिम, क्रिया वा भाव ।

चस्कनु–अ० क्रि० [चसक्क+नु] १. शरीरभित्र घोचेजस्तो गरी अचानक दुख्नु; चसक्क हुनु । २. बिझाउनु । ३. मनमा कुरो बिझ्नु; चित्त दुख्नु ।

चस्काइ–ना० [चस्क+आइ] चस्कने किसिम, क्रिया वा भाव ।

चस्काइनु–स० क्रि० [चस्काउ+इ+नु] चसक्क दुखाइनु; ('चस्काउनु'-को क० क्रि०) ।

चस्काउनु–स० क्रि० [चस्क+आउ+नु] चस्कन लाउनु; चसक्क दुखाउनु; ('चस्कनु'-को प्रे० क्रि०) ।

चस्किइनु–अ० क्रि० [चस्कि+इ+नु] चसक्क दुखिनु; ('चस्किनु'-को भा० क्रि०) ।

चस्किनु–अ० क्रि० [चस्क+इ+नु] १. चस्कन । २. चसक्क दुखिनु; ('चस्कनु'-को भा० क्रि०) ।

चस्को–ना० [चस्क+ओ] चसक्क दुख्नु; चस्कने क्रिया; चस्काइ ।

चस्क्याइ–ना० [चस्कि+आइ] चस्किने किसिम, क्रिया वा भाव ।

चस्क्याहट–ना० [चस्कि+आहट] चस्किने किसिम, क्रिया वा भाव ।

चस्स–क्रि० यो० [ने०] १. मसिनो काँढ़ो बिझ्ने किसिम; चुस्स । २. अप्रिय कुरा सुन्दा मनमा दुःख हुने किसिम ।

चहक–ना० [सं० चाकचक्य] १. चमक; टलक । २. कान्ति; तेज ।

चहकदार–वि० [चहक+दार (फा०)] १. चहक भएको; चहकिलो; चमकिलो । २. उज्जर; उज्यालो (कपड़ा आदिको रङ्ग वा बुट्टा) ।

CC-0. In Public Domain. Digitization by eGangotri

चहकनु–अ० क्रि० [चहक+नु] १. चहक आउनु; झल्कनु; टल्कनु; जगमगाउनु। २. प्रफुल्ल भएर बोल्नु वा हिँड्नु।

चहक-महक–ना० [चहक+महक] चमक-दमक।

चहकाइ–ना० [चहक+आइ] चहकने किसिम, क्रिया वा भाव।

चहकाइनु–स० क्रि० [चहकाउ+इ+नु] चहकन लाइनु; ('चहकाउनु'-को क० क्रि०)।

चहकाउनु–स० क्रि० [चहक+आउ+नु] चहकन लाउनु; ('चहकनु'-को क० क्रि०)।

चहकिइनु–अ० क्रि० [चहकि+इ+नु] झलिकइनु; प्रफुल्ल होइनु; ('चहकिनु'-को भा० क्रि०)।

चहकिनु–अ० क्रि० [चहक+इ+नु] १. चहकनु। २. चहक आइनु; झलिकनु; ('चहकनु'-को भा० क्रि०)।

चहकिलो–वि० [चहक+इलो] चहक भएको; चहकदार।

चहक्याइ–ना० [चहकि+आइ] चहकिने किसिम, क्रिया वा भाव।

चहक्याहट–ना० [चहकि+आहट] चहकिने किसिम, क्रिया वा भाव।

चहरिंदो–वि० [चर्को] नून, अमिलो आदि बढ्ता भई चर्को स्वादको भएको।

चहऱ्याइ–ना० [चहऱ्याउ+आइ] चहऱ्याउने किसिम, क्रिया वा भाव।

चहऱ्याइनु–अ० क्रि० [चहऱ्याउ+इ+नु] टट्टाइनु; ('चहऱ्याउनु'-को भा० क्रि०)।

चहऱ्याउनु–अ० क्रि० [चहरिंदो+याउ+नु] १. क्षार वा कड़ा औषधीहरू पर्दा घाउ-खटिरा आदि चर्को किसिमले दुख्नु; टट्टाउनु; भवाउनु। २. चर्चऱ्याउनु।

चहऱ्याहट–ना० [चहऱ्याउ+आहट] चहऱ्याउने किसिम, क्रिया वा भाव।

चहल-पहल–ना० [?] खुशीयालीको काम-काज; आमोद-प्रमोदको चटारो; रमणीयता।

चहल-महल–ना० [चहल-पहल] चहल-पहल।

चहला–वि० [सं० चिकिल] निथ्रुक्क भिजेको; खूब भिजेको।

चहार–वि० [फा०] १. चार; चारको सङ्ख्या। २. चौथो। ३. सबभन्दा कम्ती दर्जाको; निम्न श्रेणीको; चुत्थो।

चहाराइ–ना० [चाहर्+आइ] चहार्ने किसिम, क्रिया वा भाव।

चहारिनु–स० क्रि० [चहार्+इ+नु] ठाउँ-ठाउँमा डुलिनु; ('चहार्नु'-को क० क्रि०)।

चहार्नु–स० क्रि० [सं० चर्+नु] १. ठाउँ-ठाउँमा डुल्नु; घर-घर डुल्नु। २. यता-उति डुल्नु; निरुद्देश्य घुम-फिर गर्नु।

चा–ना० [ची० छा] चिया।

चाँगु-नारायण–ना० [सं० चम्पक+नारायण] भक्तपुर-इलाका भित्र रहेका प्रसिद्ध एक नारायण; चार-नारायण-मध्ये एक।

चाँगे–ना० [सं० चुञ्चु] १. तीखा टुप्पा हुने लाम्चा पात, राता, पहेँला वा कलेजी रङ्गका फूल हुने र फूलमा सिरु-वारेका जस्ता मसिना काला गेड़ा फल्ने एक बोट। २. त्यसैको फूल। (यसका साना, ठूला र मझौला फूल फुल्ने—तीन भेद छन्।)

चाँचर–ना० [सं० चञ्चुर] कालो चुच्चो, शिरमा कल्की र फुस्रो शरीरमा सेता धर्सा हुने बट्टाईजत्रो एक जातको चरो; चुच्चे-चरो।

चाँचर–ना० [ने०] नदी फिँजिई गहिरो नभएको ठाउँ; जँघार।

चाँचर–ना० [सं० चर्चरी] लोक-गीतको एक लय।

चाँचरी–ना० [चाँचर] चाँचर।

चाँचल–ना० [चाँचर] चाँचर।

चाँजो–ना० [चन्जा] १. बन्दोवस्त; व्यवस्था। २. क्रम; परिपाटी।

चाँजो-पाँजो–ना० [चन्जा-पन्जा] बर-बन्दोबस्त; चन्जा-पन्जा।

चाँड़ो–क्रि० यो० [प्रा० चण्ड] १. छिटो; तुरुन्त; झट्ट। (वि०) २. छिटो काम गर्ने; चलाक।

चाँद–ना० [सं० चन्द्र] १. चन्द्रमा। २. सरकारी कर्मचारीको दर्जा सूचित गर्न पगरीमा लाउने सुन वा चाँदीको, मूर्ति भएको ब्याज। ३. अभ्यासको निम्ति निशाना बनाइएको कालो दाग; तारो।

चाँदनी–ना० [चाँद] १. चन्द्रमाको प्रकाश; जून। २. चँदुवा।

चाँदमरुवा–ना० [ने०] पहाड़को औलिया र सिभसार ठाउँमा उम्रने, पहिले रातो र पछि सेतो रङ्गमा परिणत हुने साना-साना फूल फुल्ने, खुर्सानीका जस्ता पात र बोट हुने र तीतो स्वादको सानो सखर-खण्डको जस्तो कन्द हुने एक बूटी; सर्प-गन्धा। (यो उच्च रक्त-चापको प्रसिद्ध ओषधि मानिएको छ।)

चाँदमारी–ना० [चाँद+मार्+ई] तारो हान्ने अभ्यास; निशानामा गोली हान्ने रफत।

चाँदी–ना० [सं० चन्द्र] एक प्रसिद्ध मूल्यवान् सेतो धातु। (यसको सिक्का, गहना, भाँड़ा-वर्तन आदि बन्दछ।)

चाँदे–ना० [चाँद+ए] १. ठूलो पातो हुने एक किसिमको कोदालो। (वि०) २. निधारमा वा चाँदामा सेतो टाटो हुने (पशु)।

चाँदे-माछो–ना० [चाँद+माछो] टाउकामा सेता कत्ला हुने एक जातको माछो।

चाँदो–ना० [चाँद] १. निधार; पुर्पुरो। २. कोदाली आदिको पातो।

चाँप–ना० [ने०] गोड़ामा लाउने, छमछम बज्ने साना-साना घुँगुरा; पाउजेबका घुँगुरा।

चाँप–ना० [सं० चम्पक] लाम्चा पात, पहेँला वा सेता फूल, झुप्पा परेका फल हुने एक जातको रूख। (यसका तीन भेद

CC-0. In Public Domain. Digitization by eGangotri

छन्–सुन-चाँप, घोगे-चाँप र काठे-चाँप ।)

चाँपो–ना० [सं० चम्पक] चाँप वृक्ष ।

चाँवल–ना० [चामल] चामल ।

चाँवो–ना० [सं० चर्व्य] पानको जस्तो पात हुने एक जातको लहरो ।

चाइँचुइँ–क्रि० यो० [अनु०] १. हिचकिचाएर नामन्जूरी प्रकट गर्ने किसिम; काइँ-कुइँ । २. सेल आदि रोटीहरू पकाउँदा शब्द आउने किसिम ।

चाउरिइनु–अ० क्रि० [चाउरि+इ+नु] चाउरी परिनु; ('चाउरिनु'-को भा० क्रि०) ।

चाउरिनु–अ० क्रि० [चाउरी+नु] १. चाउरी पर्नु; वुढ़्याइँले वा दुब्लाएर छाला खुम्चिनु । २. दोब्रिनु; खुम्चिनु । ३. लाचार हुनु; विवश हुनु । ४. अशक्त हुनु ।

चाउरी–ना० [ने०] १. वुढ़्याइँले वा दुब्लाएर परेको छालाको खुम्चा; छालाको खुम्चाइ; मुजा । २. गीलो वा चिसो पदार्थ सुक्ता पर्ने खुम्चा ।

चाउरे–वि० [चाउरी+ए] १. चाउरी परेको । २. दुब्लो; पातलो; सिकुटे; च्याँसे ।

चाक–ना० [प्रा० चक्क] १. दुइ तिघ्राको माथि, कमरदेखि मुनि, दुइ फलकमा विभक्त भएको शरीरको पछिल्लो अवयव; शरीरको बस्ने अवयव; कन्डो; कन्डेउलो; नितम्ब । २. गुद-द्वार; मुजी । ३. पींध । ४. कुनै वस्तुको जमीनमा अड्ने वा बस्ने अवयव ।

चाकचक्य–ना० [सं०] १. उज्यालोपन; उज्ज्वलता । २. चमक-दमक; चहक-महक । ३. शोभा; सौन्दर्य ।

चाकड़ी–ना० [फा० चाकरी] चाकरी ।

चाकड़ीबाज–वि० [फा० चाकरी+बाज] चाकरी-बाज ।

चाकर–ना० [फा०] १. दास; कमारो । २. नोकर; सेवक ।

चाकरी–ना० [फा०] १. चाकरको काम; सेवा-टहल । २. कसैलाई खुशी पार्न उसकहाँ वार-वार गइरहने वा देखा-परिरहने काम ।

चाकरी-बाज–वि० [चाकरी+बाज] खूब चाकरी गर्ने ।

चाकलमाड़ी–ना० [चाक+माड्] काम-काज नगरी कुरामात्र गरेर बसिरहनु ।

चाकलमाड़े–वि० [चाकलमाड़ी+ए] काम-काज नगरी कुरा-मात्र गरेर बसिरहने; अल्सी ।

चाको–ना० [ने०] घाँस आदिको सान्सानो मूठो; कल्ली ।

चाकी–ना० [प्रा० चक्क] मूठो ।

चाकू–ना० [नेवा०] संस्कार गरेका सखरको डल्लो; सखर संस्कार गरी डल्लो पारिएको एक किसिमको खाद्य पदार्थ ।

चाके–वि० [चाक+ए] १. ठूलो चाक हुने; नितम्बी । २. भारी बोक्नेले सजिलोको निमित्त पिठ्यूँमनि लगाउने घाँस, पराल आदिको मूठो ।

चाको–ना० [चक्का] १. चपरी; ढेलो; चक्का । २. माहुरीको मह वा बच्चा रहने गँड़; छातो ।

चाक्र–वि० [सं०] १. चक्र-सम्बन्धी । २. चक्राकार ।

चाक्रेय–वि० [सं०] चक्र-सम्बन्धी ।

चाक्लो–वि० [प्रा० चक्कल] फराकिलो; चापट; विस्तृत ।

चाक्षुष–वि० [सं०] १. आँखाको; चक्षु-सम्बन्धी । २. आँखाले देखिने; चक्षु-ग्राह्य । (ना०) ३. आँखाले देखेर प्राप्त हुने ज्ञान । ४. न्याय-शास्त्रानुसार प्रत्यक्ष प्रमाणको एक भेद । ५. पुराणअनुसार छैटौँ मनु ।

चाक्सी–ना० [नेवा० चाकुसि] मोसमजस्तो, हल्का गुलियो, पाकेपछि बोक्रो पहेँलो हुने एक जातको फल ।

चाख–ना० [प्रा० चक्ख] १. रुचि; इच्छा; अभिरुचि । २. चाह; चाहना ।

चाखिनु–स० क्रि० [चाख्+इ+नु] स्वादको अनुभव गरिनु; ('चाख्नु'-को क० क्रि०) ।

चाखुरा–ना० [च्याखुरा] च्याखुरा ।

चाख्नु–स० क्रि० [प्रा० चक्खई+नु] १. मीठो छ कि छैन–भनी अलिकति खाइहेर्नु; स्वादको अनुभव गर्नु । २. रसास्वादन गर्नु; अजमाउनु; अलिकतिमात्र उपभोग गर्नु ।

चाङ–ना० [ने०] खात; तह; तङ्गी ।

चाङ्ग–ना० [सं०] दाँतको शोभा वा सेतोपन ।

चाङ्गेरी–ना० [सं०] चरि-अमिलो ।

चाचा–ना० [ने०] खेलौना वा गहना (बाल-बोलीमा) ।

चाञ्चल्य–ना० [सं०] चञ्चल हुनाको भाव; चञ्चलता ।

चाट–ना० [सं०] विश्वास पारेर धोखा दिने व्यक्ति; ठग मानिस ।

चाट–ना० [चाट्] १. चाट्ने क्रिया; चटाइ । २. इच्छा; अभिलाषा । ३. रुचि ।

चाटकैर–ना० [सं०] भँगेराको बच्चो ।

चाट-चुट–क्रि० यो० [चाट्+चुट (फाँ०)] जम्मै चाटेर खाने किसिम ; चाटी-चुटी ।

चाटचुट–क्रि० यो० [चटपट] झटपट; तुरुन्त ।

चाट-पुट–क्रि० यो० [चाट्+पुट् (फाँ०)] चाटी-पुटी खाने किसिम; चाट-चुट ।

चाटिनु–स० क्रि० [चाट्+इ+नु] जिब्राले झिकेर खाइनु; ('चाट्नु'-को क० क्रि०) ।

चाटी-चुटी–क्रि० यो० [चाट-चुट+ई] चाट-चुट पारी खाने किसिम; पुछी-पाछी खाने किसिम ।

चाटी-पुटी–क्रि० यो० [चाट्+पुटी (फाँ०)] चाटी-चुटी ।

चाटु–ना० [सं०] १. मीठो बोली; प्रिय वचन । २. मिथ्या प्रशंसा । ३. खुशामद ।

चाटुक–ना० [सं०] अरूलाई मन पर्ने बोली; प्रिय वचन ।

चाटु-कार–वि० [सं०] १. मीठो बोली बोल्ने । २. झूटो प्रशंसा गर्ने । ३. खुशामदी ।

चाटु-कारी–ना० [चाटु-कार+ई] चाटु-कारको काम; बठ्याइँ; चापलसी ।

चाटु-पटु–ना० [सं०] १. भाँड़; बहु-रूपी । (वि०) २. मिथ्या

CC-0. In Public Domain. Digitization by eGangotri

प्रशंसा गर्न सिपालु; चापलूस।

चाटूक्ति–ना० [सं०] १. मीठो वचन; प्रिय वचन। २. झूटो प्रशंसा; फुस्ल्याहट।

चाट्नु–स० क्रि० [प्रा० चट्टई+नु] १. जिभ्रो निकाली त्यसैले लेदो पदार्थ खानु; जिभ्राले झिकेर खानु। २. स्वाद लिनु। ३. अर्काको धन-माल पचाउनु।

चाठे–ना० [चार-दाम-ठेकी] चार-दाम-ठेकी।

चाड़–ना० [ने०] उत्सव; पर्व।

चाड़-कल्याण–ना० [चाड़+कल्याण] उत्सव; पर्व; चाड़-बाड़।

चाड़-पर्व–ना० [चाड़+पर्व] चाड़-बाड़; चाड़-कल्याण।

चाड़-बाड़–ना० [चाड़+बाड़ (फाँ०)] विशेष दिनमा मनाइने उत्सव; पर्व; चाड़-पर्व।

चाणक्य–ना० [सं०] भारतका प्राचीन सम्राट् चन्द्रगुप्त (मौर्य)-का प्रधान-मन्त्री; अर्थ-शास्त्रका रचयिता विष्णु-गुप्त; कौटिल्य।

चाणक्य-नीति–ना० [सं०] १. चाणक्यले रचेको एक प्रसिद्ध नीति-ग्रन्थ। २. कूट-नीति।

चाण्ड–ना० [सं०] प्रचण्डता; उग्रता।

चाण्डाल–ना० [सं०] १. एक हीन जाति; अत्यन्त नीच जाति; श्व-पच। २. दुष्ट; नीच।

चाण्डालिका–ना० [सं०] १. एक प्रकारको सारङ्गी। २. दुर्गा।

चाण्डाली–ना० [सं०] चाण्डाल जातिकी स्त्री; चाण्डालकी स्त्री।

चातक–ना० [सं०] वर्षेको पानीमात्र खाने भनी प्रसिद्ध एक जातिको पक्षी; काकाकुल।

चातकानन्दन–ना० [सं०] १. बादल; मेघ। २. वर्षा-काल।

चातुर–वि० [सं०] १. चार सङ्ख्याको; चार अङ्क-सम्बन्धी। २. चलाक; चतुर। ३. मीठो बोल्ने। ४. चार पाङ्ग्रा भएको (बग्गी, रथ आदि)। ५. शासन गर्ने। ६. दृश्य।

चातुरक–वि० [सं०] १. फुस्ल्याउने; चापलूस। २. दृश्य; गोचर। ३. शासन गर्ने। (ना०) ४. सानो, गोल तकिया।

चातुरक्ष–ना० [सं०] १. पासाको खेलमा चार फुट्टी पर्ने दाउ; …स्टा। २. सानो, गोल तकिया।

चातुरिक–ना० [सं०] सारथि; गाड़ावान।

चातुरी–ना० [सं०] चतुर हुनाको भाव; चातुर्य; चलाकी।

चातुर्थिक–वि० [सं०] प्रत्येक चार दिनमा हुने वा आउन।

चातुर्मास–वि० [सं०] चार महीनामा हुने।

चातुर्मासिक–वि० [सं०] चार महीनामा समाप्त हुने (यज्ञ, कर्म आदि)।

चातुर्मास्य–ना० [सं०] आषाढ पूर्णिमा वा आषाढ शुक्ल द्वादशीदेखि शुरू गरी कार्तिक पूर्णिमा वा कार्तिक शुक्ल द्वादशीसम्ममा समाप्त गरिने व्रत वा अन्य धार्मिक कार्य।

चातुर्य–ना० [सं०] चतुरता; चलाकी।

चातुर्वर्ण्य–ना० [सं०] ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र–यी चार वर्णको समूह।

चातुर्विद्य–ना० [सं०] १. चारै वेदको ज्ञाता। २. चार वेदको समुदाय।

चातुर्होत्र–ना० [सं०] चार जना होताहरूले हवन गरिने यज्ञ।

चादर–ना० [फा०] १. ओढ्ने वस्त्र; पछ्यौरा; चद्दर। २. धातुको फराकिलो पत्र।

चानचुन–वि० [चाना+चूर्ण (सं०)] १. नियत परिमाणमा नपुगेको; खुद्रा। २. अलि-अलि; थोरै; चानचुने।

चानचुने–वि० [चानचुन+ए] १. सानो-तिनो; चानचुनमा गनिने। २. निम्न कक्षाको; तल्लो श्रेणीको।

चानस–ना० [अं० चान्स] १. मौका; अवसर। २. संयोग।

चाना–ना० [चानु] चानु।

चानु–ना० [ने०] १. मूला, फर्सी आदि पातलो पारी काटेको टुक्रा; चाना। २. पातलो टुक्रा।

चानुमानु–वि० [ने०] १. सूनसान; चकमन्द। (ना०) २. चूपचाप; निःशब्द।

चानेचुने–वि० [चानचुन+ए] चानचुन।

चान्द्र–वि० [सं०] चन्द्रमा-सम्बन्धी; चन्द्रमाको।

चान्द्र-मास–ना० [सं०] चन्द्रमाको गतिअनुसार मानिने महीना; प्रतिपदादेखि पूर्णिमासम्मको महीना।

चान्द्र-वत्सर–ना० [सं०] चन्द्रमाको गतिअनुसार मानिने वर्ष

चान्द्र-व्रतिक–वि० [सं०] चान्द्रायण व्रत बस्ने।

चान्द्रायण–ना० [सं०] महीना दिनसम्म बसिने एक व्रत। (यो व्रत बस्ने व्यक्तिले औंसीका दिन निराहार गरेर शुक्ल प्रतिपदाका दिन त्रिकाल स्नान गरी एक गाँसमात्र खानुपर्दछ। भोलिपल्टदेखि प्रतिदिन एक-एक गाँस बढ़ाउँदै पूर्णिमाका दिन पन्ध्र गाँस खानुपर्दछ। फेरि कृष्ण प्रतिपदाका दिनदेखि प्रतिदिन एक-एक गाँस घटाउँदै अमावस्याका दिन निराहार बस्नुपर्दछ।)

चान्सलर–ना० [अं०] विश्व-विद्यालय र एकेडेमीका सर्वोच्च अधिकारी।

चाप–ना० [सं०] १. धन। २. वृत्तका परिधिको एक अंश। ३. इन्द्र-धनु।

चाप–ना० [च्याप्] १. थिचाइ; किचाइ। २. तेल निचोर्ने यन्त्र; साल। ३. अपराधीलाई कायल पार्न प्रायः औंला च्याप्न बाँस, काठ आदिको साधन।

चापचुप–क्रि० यो० [ने०] १. झटपट खाने किसिम। २. चूप-चापसित पक्रने किसिम; अपर्झटमा पक्रने किसिम।

चापचूप–ना० [चाप+चूप] चूपचाप; गुपचूप।

चापट–वि० [सं० चतुष्पट] १. फैलिएको; फराक; विस्तृत। २. मैदान परेको; सम्म परेको (जग्गा)।

चापल–ना० [सं०] चपलता; चाञ्चल्य।

चापलूस–वि० [फा०] खुशामदी; चाटु-कार।

चापलूसी–ना० [फा०] खुशामद; झूटो प्रशंसा।

CC-0. In Public Domain. Digitization by eGangotri

चापल्य–ना० [सं०] चपलता; चञ्चलता।
चापिनु–स० क्रि० [चाप्+इ+नु] थिचो-मिचो गरिनु; ('चाप्नु'-को क० क्रि०)।
चाप्नु–स० क्रि० [सं० चप्+नु] १. थिचो-मिचो गर्नु; दबाउनु। २. खप्टनु; मिलाउनु। ३. ज्यादा बाधा गर्नु; धड्नु; विवश पार्नु।
चाबिनु–स० क्रि० [चाब्+इ+नु] चाब्ने काम गरिनु; ('चाब्नु'-को क० क्रि०)।
चाबी–ना० [चाप] ताल्चाको साँचो।
चाबुक–ना० [फा०] कोर्रा।
चाबो–ना० [सं० चव्य] चाभो लता।
चाब्नु–स० क्रि० [सं० चर्वण+नु] पान आदि मुखमा हाली बिस्तारै थिच्नु; दाँतले बिस्तारै च्याप्नु।
चाभो–ना० [सं० चव्य] लाम्चा पात हुने, पहेँला फूल फुल्ने, डल्लो पिप्लाका आकारको फल फल्ने एक जातको लता।
चाम–ना० [सं० चर्म] १. जुत्ताको माथिल्लो अवयव; सामा। २. छाला; चर्म।
चामचुम–वि० [ने०] १. चूपचाप; मौन। (क्रि० यो०) २. झटपट खाने किसिम।
चाममुठी–ना० [च्यामुठी] च्यामुठी।
चामर–ना० [सं०] चौंरी गाईको पुच्छर; चँवर।
चामर-ग्राही–ना० [सं०] चँवर हाँक्ने सेवक।
चामल–ना० [सामल] १. धानको बोक्रो वा भूस फालेपछि निस्कने अन्न; धानभित्रको अन्न; चाँवल। २. मकै खस्रो गरी पिँधेको खाद्य पदार्थ; च्याँख्ला।
चामीकर–ना० [सं०] १. सुन। २. धतूरो।
चामुण्डा–ना० [सं०] दुर्गा देवीको एक भयानक रूप।
चाम्रिइनु–अ० क्रि० [चाम्रि+इ+नु] चाम्रो होइनु; ('चाम्रिनु'-को भा० क्रि०)।
चाम्रिनु–अ० क्रि० [चाम्रो+इ+नु] १. चाम्रो हुनु; चुँड्न वा भाँच्न कठिन पर्ने हुनु। २. मसाङ्ग्रिनु; कम हुनु। ३. जाँगर मर्नु। ४. उत्साह-हीन हुनु; निस्तेज हुनु; स्फूर्ति हराउनु।
चाम्रे–वि० [चाम्रो+ए] पानीमा चामल ढड्चाई घिउमा मात्र मुकुऱ्याएर पकाएको चाम्रो खाद्य पदार्थ; ढकन; लट्टे।
चाम्रे-च्याउ–ना० [चाम्रो+ए+च्याउ] सड़ेका काठमा उम्रने, सेतो भुइँमा खैरा, मसिना टीका-टीका परेको रूप हुने वाटुलो एक जातको च्याउ।
चाम्रो–वि० [सं० चर्म] १. भाँच्न, चुँड्न, चपाउन कठिन पर्ने लचिलो किसिमको साह्रो। २. सार भएको। ३. बलियो; दर्बिलो।
चाम्र्याइ–ना० [चाम्रि+आइ] चाम्रिने किसिम वा क्रिया।
चाया–ना० [ने०] १. शिरमा साना-साना सेता पाप्रा पैदा हुने एक रोग; यो रोग लाग्दा झर्ने पाप्रो। २. आँखाको वरि-परि वा गालामा बस्ने कालो पोतो

चार–वि० [सं० चतुर] १. दुइ र दुइको योग-फल; तीन र एकको जोड़। २. सबभन्दा कम्ती दर्जाको; चुत्थो; चौथो दर्जाको (जग्गा)। ३. तीनपछिको सङ्ख्या; ४. को अङ्क।
चारक–ना० [सं०] १. गुप्त-चर; जासूस। २. गोठालो। ३. सारथि; चालक। ४. झ्यालखान।
चार-काने–वि० [चार+कान+ए] घाँटीमा कानजस्ता दुइटा लुर्का झुन्डिएको (भेड़ो, बाखो)।
चार-कुने–वि० [चार+कुना+ए] १. चार कुना परेको; चार-पाटे। (ना०) २. चार कुना पारेर गाँसिएको सानो टपरी।
चार-खाना–ना० [चार+खाना] चार कुना परेका बुट्टा भएको कपड़ा; चार-खाने कपड़ा।
चार-खाने–वि० [चार-खाना+ए] चार कुना भएका बुट्टा पारेर बुनिएको; चार-खाना भएको।
चार-खुट्टे–वि० [चार+खुट्टा+ए] १. चार वटा खुट्टा हुने; चौपाया। (ना०) २. पशु; जनावर।
चार-गणेश–ना० [चार+गणेश] चार-विनायक।
चार-चक्षु–ना० [सं०] राजा।
चारण–ना० [सं०] १. भ्रमण-कारी; यात्री। २. वंशको कीर्ति-गाथा गाउने व्यक्ति। ३. पुराण भन्ने व्यक्ति; पौराणिक। ४. गुप्त-चर; जासूस।
चार-दाम-ठेकी–ना० [चार+दाम+ठेक्] नयाँ जग्गा कमाउँदा वा कमाइरहेका जग्गा थमौती गर्नलाई मोहीले जग्गा-धनीलाई चार दामको एक पैसा र ठेकीको चार पैसाका दरले दिने दस्तूर।
चार-दोबाटो–ना० [चार+दो+बाटो] चारतिर जाने बाटो-हरू जोरिएको स्थल वा केन्द्र; चौबाटो।
चार-धाम–ना० [चार+धाम] भारतका चार दिशामा रहेका हिन्दूहरूका प्रसिद्ध चार तीर्थ; पुरी, वदरिकाश्रम, द्वारका र रामेश्वर–यी चार धाम।
चार-नारायण–ना० [चार+नारायण] काठमाड़ौँ-उपत्यका-भित्रका प्रसिद्ध चार नारायण; चाँगु-नारायण, विशङ्कु-नारायण, शिखर-नारायण र इचङ्गु-नारायण–यी चार नारायण।
चार-पदार्थ–ना० [सं०] धर्म, अर्थ, काम र मोक्ष–यी चार पदार्थ।
चार-पाटे–वि० [चार+पाटा+ए] १. चार पाटा परेको; चार-कुने। (ना०) २. भित्रपट्टी धुस्नु वा नरिवलका जटा हाली बनाइएको भाँग्राको मोटो बिछ्यौना। ३. कानमा लाउने चार पाटा परेको ढुङ्ग्री।
चार-भञ्ज्याङ–ना० [चार+भञ्ज्याङ] काठमाड़ौँ-उपत्यकाका चारतिर रहेका चार वटा भञ्ज्याङ। (साँगा-भञ्ज्याङ, पाँच-माने भञ्याङ, पाटी-भञ्ज्याङ र खरी-भञ्ज्याङ।)
चार-वर्ण–ना० [चार+वर्ण] ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र–यी चार वर्ण।
चार-वाराही–ना० [चार+वाराही] काठमाड़ौँ-उपत्यका-

CC-0. In Public Domain. Digitization by eGangotri

भित्र रहेका प्रसिद्ध चार वाराही; वज्र-वाराही, धूम-वाराही, धनतले-वाराही (श्वेत-वाराही) र नील-वाराही–यी प्रसिद्ध चार वाराही।

चार-विनायक–ना० [चार-विनायक] काठमाड़ौं-उपत्यकाभित्र रहेका प्रसिद्ध चार गणेश; सूर्य-विनायक (भवतपुरमा), जल-विनायक (चोभारमा), अशोक-विनायक (काठमाड़ौंमा) र चन्द्र-विनायक (चाबहिलमा)—यी चार विनायक।

चारा–ना० [चर्] चराहरूको खानेकुरो।

चारा–ना० [फा०] उपाय।

चारिका–ना० [सं०] दासी; परिचारिका।

चारितार्थ्य–ना० [सं०] चरितार्थ हुनाको भाव; सफलता।

चारित्र–ना० [सं०] १. चरित्र; चाल-चलन। २. कुल-क्रमागत आचार; सदाचार। ३. सुकीर्ति; ख्याति।

चारित्रिक–वि० [सं०] चरित्रको; चरित्र-सम्बन्धी।

चारित्र्य–ना० [सं०] चारित्र।

चारी–वि० [सं०] कुनै शब्दको पछिल्तिर लागेर हिँड्ने, भ्रमण गर्ने, नियममा रहने आदि अर्थ बुझाउने शब्द। (उदा०–पादचारी, ब्रह्मचारी।)

चारु–वि० [सं०] १. मन परेको; प्यारो; प्रिय। २. राम्रो; मनोहर। (ना०) ३. बृहस्पति। ४. केसर।

चारु-हासिनी–ना० [सं०] राम्रो, हल्का हाँसो हाँस्ने; मन-मोहक हाँसो हाँस्ने।

चारौँ–वि० [चार+औँ] गणनाका क्रमले चारमा परेको; चौथो।

चार्ज-डि-एफेयर्स–ना० [फ्रे० शार्+ज़े-दे-फेर्] कार्य-दूत।

चार्म–वि० [सं०] १. चर्म-सम्बन्धी; छालाको। २. छालाले बनेको।

चार्वाक–ना० [सं०] नास्तिक मतका प्रवर्तक एक आचार्य।

चार्वाक-दर्शन–ना० [सं०] ईश्वर, वेद, पुनर्जन्म, पर-लोक आदि नमान्ने एक दर्शन; चार्वाकले बनाएको नास्तिक दर्शन।

चार्वी–ना० [सं०] १. सुन्दरी स्त्री; रमणी। २. प्रतिभा। ३. जून; चन्द्र-किरण।

चाल–ना० [सं०] १. छानु; छत। २. हिँड़-डुल गर्ने जीव-धारी; जङ्गम। ३. ठेउवा; नील-कण्ठ।

चाल–ना० [चल्] १. गति; चलाइ। २. चेष्टा; छाँट। ३. होश; थाह। ४. चलन; प्रथा।

चालक–वि० [सं०] चलाउने; ड्राइभर; सञ्चालक।

चाल-चलन–ना० [चाल+चलन] १. रीति-स्थिति; रीति-रिवाज। २. बानी-व्होर; चरित्र; स्वभाव।

चाल-ढाल–ना० [चाल+ढाल्] काम गराइको ढाँचा; चाला-माला।

चालन–ना० [सं०] १. चलाउनु; सञ्चालन। २. हल्लाउनु; डोलाउनु। ३. चलनीमा हालेर चाल्नु; चलनीले छान्नु।

चालनी–ना० [सं०] चाल्नी; चाल्नु।

चालनीय–वि० [सं०] चलनीद्वारा चाल्न योग्य; छान्नुपर्ने।

चालबाज–वि० [चाल+बाज] धूर्त; छली; कपटी।

चालबाजी–ना० [चाल+बाजी] छल; धूर्तता; धोखा।

चाला–ना० [चाल] १. व्यवहार; चाल-चलन; रीति-स्थिति। २. चरित्र; छाड़न। ३. चेष्टा।

चालाक–वि० [फा०] चलाक; बाठो; चतुरो।

चालाकी–ना० [फा०] चलाक हुनाको भाव; बठ्याइँ; चतुऱ्याइँ।

चाला-माला–ना० [चाला+माला (फाँ०)] १. स्थिति; अवस्था। २. रीति-स्थिति; चाल-चलन। ३. चरित्र; छाड़न।

चालिनु–स० क्रि० [चाल्+इ+नु] चाल्ने काम गरिनु; ('चाल्नु'-को क० क्रि०)।

चालीस–वि० [सं० चत्वारिंशत्] १. दुइ बीसको योग-फल; तीस र दशको योग-फल। (ना०) २. उनन्चालीसपछिको सङ्ख्या; ४०-को अङ्क।

चालीसौँ–वि० [चालीस+औँ] गणनाको क्रमले चालीसमा परेको; चालीसको।

चालो–ना० [ने०] शरीरमा एकै ठाउँमा गुचमुच्च परेर उठ्ने एक प्रकारका साना-साना खटिराहरूको समूह।

चाल्नी–ना० [सं० चालनी] चाल्नु; चालनी।

चाल्नु–स०क्रि० [चल्+नु] १. गोटी, कदम आदि यताको उता, उताको यता पारी सार्नु; चलाउनु। २. चलनीबाट चुहाउनु; छान्नु।

चाल्नु–ना० [सं० चालनी] पीठो वा अनाजहरू चाल्ने साधन; चाल्नी।

चाल्ने-खटिरा–ना० [सं० चल्+खटिरा] जीउमा यता-उति सरी-सरी आउने सान्साना एक किसिमका खटिरा।

चाल्ने-सिस्नु–ना० [ने०] ठूलठूला पात हुने र नपोल्ने एक जातको सिस्नु।

चाल्य–वि० [सं०] चलनीद्वारा छान्न योग्य; चालनीय।

चाशनी–ना० [चासनी] चासनी।

चाष–ना० [सं०] १. ठेउवा; नील-कण्ठ। २. उखु।

चास–ना० [चासो] जग्गा-जमीनमा खन-जोत र मल-जल पुऱ्याउने काम; चास्ने काम।

चास–ना० [सं०] उड़का; चाहा।

चासचुस–क्रि० यो० [चस्स+चस्स] १. रोटी पकाउँदा थोरै घिउ लाउने किसिम। २. यता-उति घोच्ने, पोल्न वा वचन लाउने किसिम। (ना०) ३. धेरै प्रकारका अमिला पिरा अचारहरू।

चासनी–ना० [सं० चास] चीनी वा मिस्री पानीमा पकाएको लेदो।

चासनी–ना० [ने०] गहना तयार भइसकेपछि त्यसको सुन-चाँदी जाँच्नाका निम्ति पहिले नै नमूनाका रूपमा राखिने सुन-चाँदीको सानो टुक्रो।

CC-0. In Public Domain. Digitization by eGangotri

चासिनु–स० क्रि० [चास्+इ+नु] चास्ने काम गरिनु; ('चास्नु'-को क० क्रि०)।

चासो–ना० [ने०] १. वास्ता; प्रयोजन। २. आवश्यकता।

चास्नु–स० क्रि० [चास+नु] जमीनमा खन-जोत र मल-जल पुऱ्याउनु; चास पुऱ्याउनु।

चास्स-चुस्स–क्रि० यो० [ने०] १. अलि-अलि खाने किसिम। २. छुने, पोल्ने किसिम। ३. बिझ्ने वा घोच्ने किसिम। ४. वचनद्वारा घोच-पेच गर्ने किसिम; छनक हान्ने किसिम।

चाह–ना० [प्रा०] १. इच्छा; वाञ्छा; अभिलाषा। २. रुचि।

चाहना–ना० [चाह] चाह; इच्छा; अभिरुचि।

चाहनु–स० क्रि० [चाह+नु] १. चाह गर्नु; चाहना गर्नु; इच्छा गर्नु। २. रुचि लिनु; रुचाउनु।

चाहा–ना० [चाह] चाह।

चाहा–ना० [सं० चास] उड्का चरो।

चाहारिनु–अ० क्रि० [चाहार्+इ+नु] चहारिनु; ('चाहार्नु'-को भा० क्रि०)।

चाहार्नु–स० क्रि० [चहार्+नु] चहार्नु।

चाहिँ–अव्य० [चाहना] १. धेरैमा एउटालाई रोज्दा प्रयोग हुने शब्द। २. खेरि; समयमा; अवसरमा।

चाहिँदो–वि० [चाह+दो] १. चाहिएजति; आवश्यक परेजति। २. आवश्यक; जरूरी। ३. उचित; प्रयोजनीय; ठीक।

चाहिनु–स० क्रि० [चाह+इ+नु] चाह गरिनु; ('चाहनु'-को क० क्रि०)।

चाहे–संयो० [चाह] १. कुनै काम अरूले गरे पनि नगरे पनि आफूलाई कुनै प्रयोजन छैन भन्ने भाव बुझाउने शब्द। (उदा०–चाहे आऊ, चाहे नआऊ, मलाई प्रयोजन छैन।) (क्रि० यो०) २. इच्छा भयो भने; चाह छ भने।

चिँगना–ना० [ने०] ढुङ्ग्री प्वाँख नउम्रेका कुखुराका साना-साना बच्चा; चल्ला।

चिँगो–ना० [ने०] १. पानीमा हुने सानो एक जातको टोक्ने कीरो। २. लाम्चा पात हुने, सेता जरा हुने, धानका खेतमा उम्रने एक जातको भईँ-झार।

चिउँ–ना० [ने०] निद्रा (बाल-बोलीमा)।

चिउँटी–ना० [चिम्टा] १. बूढी-औंलो र चोर-औंलोले मात्र कुनै वस्तु समात्ने मुद्रा। (वि०) २. बूढी-औंलो र चोर-औंलोले समाती आउनेजति परिमाणको। ३. थोरै; अति अल्प।

चिउँडो–ना० [सं० चिबुक] मुखमुनितिरको उठेको अवयव; चिबुक।

चिउरा–ना० [प्रा० चिविड] धान भिजाई वा उसिनेर ढड्चाई भुटर उर्गलमा कुटेको एक प्रसिद्ध खाद्य पदार्थ।

चिउरी–ना० [ने०] सनजस्तो टल्कने पाट निस्कने एक जातको बोट।

चिउला–ना० [ने०] मुनो; टुसो; अङ्कुर।

चिउली–ना० [चिउला] चिउला।

चिउली–ना० [ने०] १. ठूला-ठूला पात हुने, साना-साना सेता फूल फुल्ने, दूध निस्कने गुलिया, अमारोका आकारका फल फल्ने एक जातको रूख। २. त्यसैको फल। (यसको बीयाँबाट एक प्रकारको घिउ बनाइन्छ।)

चिकाइ–ना० [चिक्+आइ] स्त्री-समागम गर्ने किसिम वा क्रिया।

चिकाइनु–स० क्रि० [चिकाउ+इ+नु] मैथुन गराइनु; ('चिकाउनु'-को क० क्रि०)।

चिकाउनु–स० क्रि० [चिक्+आउ+नु] मैथुन गराउनु; ('चिक्नु'-को प्रे० क्रि०)।

चिकारु–वि० [चिक्+आरु] ज्यादा स्त्री-प्रसङ्ग गर्ने; अति मैथुन गर्ने।

चिकित्सक–ना० [सं०] चिकित्सा गर्ने व्यक्ति; वैद्य; कविराज।

चिकित्सन–ना० [सं०] औषधी गर्नु; चिकित्सा गर्नु।

चिकित्सा–ना० [सं०] रोग निको पार्ने प्रयत्न; उपचार।

चिकित्सालय–ना० [सं०] रोगीहरूलाई औषधी गर्नाका निम्ति राखिने घर; अस्पताल।

चिकित्सित–वि० [सं०] चिकित्सा गरिएको; उपचार गरिएको।

चिकित्सु–वि० [सं०] चिकित्सा गर्ने; उपचार गर्ने।

चिकित्स्य–वि० [सं०] १. चिकित्सा गर्न योग्य। २. चिकित्सा गरेर निको पार्न सकिने; चिकित्सा-साध्य।

चिकिनु–स० क्रि० [चिक्+इ+नु] स्त्री-समागम गरिनु; ('चिक्नु'-को क० क्रि०)।

चिकीर्षा–ना० [सं०] गर्ने इच्छा; अभिलाषा।

चिकुर–ना० [सं०] १. केश; रौँ; कपाल। २. घस्रेर हिँड्ने प्राणी। ३. पर्वत।

चिकुर-कलाप–ना० [सं०] केशको समूह; चुल्ठो।

चिकुवा–वि० [चिक्+उवा] बढ्ता स्त्री-प्रसङ्ग गर्ने स्वभावको; अति मैथुन गर्ने।

चिक्कण–वि० [सं०] १. चिप्लो। २. चिल्लो। (ना०) ३. सुपारीको बोट। ४. सुपारी।

चिक्कस–ना० [सं०] जौको पीठो।

चिक्का–ना० [सं०] सुपारी।

चिक्नु–स० क्रि० [ने०] स्त्री-समागम गर्नु; मैथुन गर्नु।

चिक्लिद–ना० [सं०] १. नरमपना। २. चिल्लोपन। ३. ताजापन।

चिच्रनु–अ० क्रि० [सं० चीत्कार+नु] १. च्याँठिनु; झर्कनु। २. उर्तासिनु। ३. केटा-केटी च्याँठिएर रुनु; च्याँ-च्याँ गरेर रुनु। ४. हात्ती कराउनु।

चिच्राइ–ना० [चिच्र+आइ] चिच्रने किसिम, क्रिया वा भाव।

चिच्रिइनु–अ० क्रि० [चिच्रिन+इ+नु] च्याँठिइनु; ('चिच्रिनु'-

CC-0. In Public Domain. Digitization by eGangotri

को भा० क्रि०)।

चिघ्रिनु–अ० क्रि० [चिघ्र+इ+नु] १. चिघ्रनु। २. च्याँठिइनु; ('चिघ्रनु'-को भा० क्रि०)।

चिघ्न्याइ–ना० [चिघ्रि+आइ] चिघ्रिने किसिम, क्रिया वा भाव।

चिघ्न्याहट–ना० [चिघ्रि+आहट] चिघ्रिने किसिम, क्रिया वा भाव।

चिङ्ना–ना० [चिँगना] चिँगना।

चिचिण्ड–ना० [सं०] चीचिण्डो।

चिचिण्डो–ना० [सं० चिञ्चिण्ड] चीचिण्डो।

चिचिमोटे–वि० [ने०] चञ्चले; छुकछुके (केटा-केटी)।

चिचिलो–ना० [ने०] १. भर्खर फलेको सानो कलिलो फल; फूलसाथैको सानो फल। २. कलिलो सानो बालक; बच्चो।

चिची–ना० [ने०] मासु (बाल-बोलीमा)।

चिची-भुँड़ी–ना० [चीँचीँ+भुँड़ी] १. नसप्लाएका साना बालक; ख्याउटे रुन्चे बालक। २. साना-साना बाल-बच्चा।

चिञ्चिड–ना० [सं०] चिचिण्डो।

चिञ्चिण्ड–ना० [सं०] चीञ्चिण्डो फल।

चिञ्चो–वि० [ने०] कन्जुस; कृपण।

चिच्च्याइ–ना० [चिच्च्याउ+आइ] चिच्च्याउने किसिम, क्रिया वा भाव।

चिच्च्याइनु–अ० क्रि० [चिच्च्याउ+इ+नु] चिल्लाइनु; ('चिच्च्याउनु'-को भा० क्रि०)।

चिच्च्याउनु–स० क्रि० [सं० चीतकार+याउ+नु] ठूलो स्वरले कराउनु; चिल्लाउनु; चिघ्रनु।

चिच्च्याहट–ना० [चिच्च्याउ+आहट] १. चिच्च्याउने किसिम, क्रिया वा भाव। २. उराठ; नरमाइलोपन।

चिच्छक्ति–ना० [सं०] चैतन्य; चेतना-शक्ति।

चिञ्चा–ना० [सं०] १. अमिली; तित्री। २. राती-गेड़ी; आँखी-गेड़ी।

चिट–ना० [सं० चीर] सानो-तिनो छोटो कुरा लेख्ने सानो कागतको टुक्रो।

चिट–ना० [सं० चित] पुल अड़्याउनाका निम्ति नदीको वारि-पारि घाटमा बनेको लट्ठा।

चिटचिट–क्रि० यो० [ने०] मानसिक वा शारीरिक कष्टबाट पसीना आउने किसिम।

चिटिक्क–क्रि० यो० [ने०] सानो भएर राम्रो र छाँट मिल्ने किसिम; चट्ट; चिट्ट।

चिट्ट–क्रि० यो० [ने०] सानो, राम्रो र छाँट मिलेको हुने किसिम; चिटिक्क।

चिट्टा–ना० [ने०] अक्षता स्त्रीको जननेन्द्रियको आवरण; योनि-यन्त्रको पर्दा।

चिट्टे–वि० [चिट्ट+ए] १. दुब्लो; सिकुटे। २. सानो, राम्रो कदको।

चिट्ठा–ना० [चिट] १. सर्व-साधारण जनतामा टिकट बिक्री गरी एकत्र गराई भाग्यअनुसार पुरस्कारको रूपमा वितरण गरिने धन। २. त्यस्तो टिकट। ३. अकस्मात् हात परेको सम्पत्ति।

चिट्ठी–ना० [चिट] टाढ़ा रहेका मानिसलाई आफ्नो भन्नु पर्ने कुरो लेखेर पठाइने कागत; पत्र।

चिट्ठी-पत्र–ना० [चिठी+पत्र] चिठीहरूको समुदाय।

चिट्ठी-पुर्जी–ना० [चिठी+पुर्जी] चिठीहरूको समुदाय; चिठी-पत्र।

चिठी–ना० [चिट्ठी] चिट्ठी; चीठी।

चिठी-पत्र–ना० [चिठी+पत्र] चिट्ठी-पत्र।

चिठी-पुर्जी–ना० [चिठी+पुर्जी] चिट्ठी-पुर्जी।

चिड़िया–ना० [सं० चटक] चरो; पक्षी।

चिड़ियाखाना–ना० [चिड़िया+खाना] विभिन्न प्रकारका पशु-पक्षीहरू सङ्ग्रह गरेर पाली राख्ने ठाउँ; चिड़िया-घर; पशु-पक्षी-सङ्ग्रहालय।

चिड़िया-घर–ना० [चिड़िया+घर] चिड़ियाखाना।

चिढ़ाइ–ना० [चिढ़ाउ+आइ] चिढ़ाउने किसिम वा क्रिया।

चिढ़ाइनु–स० क्रि० [चिढ़ाउ+इ+नु] चित्त कुँड़्याइनु; ('चिढ़ाउनु'-को क० क्रि०)।

चिढ़ाउनु–स० क्रि० [चिढ्+आउ+नु] १. चित्त कुँड़्याउनु; रीस उठाउनु; चिढ़्याउनु। २. जिस्क्याउनु; ('चिढ्नु'-को प्रे० क्रि०)।

चिढ़िइनु–अ० क्रि० [चिढ़ि+इ+नु] रिसाइनु; ('चिढ़िनु'-को भा० क्रि०)।

चिढ़िनु–अ० क्रि० [चिढ्+इ+नु] १. रिसाउनु; क्रुद्ध हुनु; अप्रसन्न हुनु। २. फाटो हुनु; मेल नहुनु। ३. रिसाइनु; ('चिढ्नु'-को भा० क्रि०)।

चिढ्नु–अ० क्रि० [चिर्+नु] चिढ़िनु।

चिढ़्याइ–ना० [चिढ़ि+आइ] चिढ़्याउने किसिम वा क्रिया।

चिढ़्याइनु–स० क्रि० [चिढ़्याउ+इ+नु] चिढ़ाइनु; ('चिढ़्याउनु'-को क० क्रि०)।

चिढ़्याउनु–स० क्रि० [चिढ़ि+याउ+नु] चिढ़ाउनु; ('चिढ़िनु'-को प्रे० क्रि०)।

चिण्डे–ना० [सं० हण्डिका] १. एउटै भेट्नामा छ-सात वटा लामा-लामा नरम पात हुने एक जातको वृक्ष। २. त्यसैको पात। (यसका पालुवाको तरकारी, अचार आदि बनाएर खाइन्छ।)

चिण्डो–ना० [चीचिण्डो] १. लामो घाँटी हुने एक जातको तुम्बा। २. काठ वा माटाको थोत्रो भाँड़ो।

चित्–ना० [सं०] १. चेतना; चैतन्य। २. ज्ञान। ३. आत्मा। ४. ब्रह्म। ५. चित्त; मन।

चित–ना० [सं०] १. उत्तानो परेर पछारिनु। २. हरेस; हतोत्साह। (क्रि० यो०) ३. जिल्लाराम; चकित।

CC-0. In Public Domain. Digitization by eGangotri

चिता–ना० [सं०] १. मसानमा मुर्दा पोल्नाका निम्ति लाएको दाउराको चाङ; मुर्दा पोल्ने खलियो। २. मसान; श्मशान; च्याहान। ३. मुर्दा पोल्ने चौको।

चिताइ–ना० [चित्त+आइ] १. खेती-पातीमा विशेष ध्यान दिनु; हेर-चाह गर्नु। २. पालो-पहरा; रखवारी।

चिताइ–ना० [चिताउ+आइ] चिताउने किसिम वा क्रिया।

चिताइदार–वि० [चिताइ+दार] १. खेती-पातीमा विशेष ध्यान दिने; खेतीवाल। २. रखवाला; पहरेदार।

चिताइनु–स० क्रि० [चिताउ+इ+नु] कामना गरिनु; ('चिताउनु'-को क० क्रि०)।

चिताउनु–स० क्रि० [चित्त+आउ+नु] १. कामना गर्नु; मनले चाहनु। २. चिन्तना गर्नु; सम्झनु। ३. कल्पना गर्नु।

चिता-पिण्ड–ना० [सं०] मृतकका उद्देश्यले चितामा दिइने पिण्ड।

चिता-भूमि–ना० [सं०] मसान; श्मशान।

चितारोहण–ना० [सं०] सती जानाका निम्ति विधवा स्त्रीले पतिको चितामा प्रवेश गर्नु; सती जानु।

चिता-साधन–ना० [सं०] श्मशानमा बसेर सिद्धिका निम्ति गरिने मन्त्रको अनुष्ठान।

चिति–ना० [सं०] १. चिता। २. समूह; थुप्रो। ३. चेतना। ४. इँटले बनाएको चौको।

चितिका–ना० [सं०] १. थुप्रो; राशि। २. चिता।

चितु–ना० [सं० चित्रक] बाक्लो, लस्सा निस्कने पात र चमेलीजस्तो सेतो वा कालो फूल फुल्ने एक जातको झार; चित्रक। (आयुर्वेदमा यसको गुण शरीर मोटो पार्ने, रुचि-कारक र पारोको स्तम्भन गर्ने बताइएको छ।)

चितुवा–ना० [प्रा० चित्तअ] जीउमा टाटा-पाङ्ग्रा हुने सानो जातको बाघ; घुँगी।

चित्त–ना० [सं०] १. मन; दिल; अन्तःकरण। २. विचार। ३. इच्छा; अभिलाषा। ४. हृदय। ५. विचार-शक्ति; प्रतिभा।

चित्त-कलित–वि० [सं०] आशा गरिएको; चिताइएको।

चित्तचारी–वि० [सं०] अर्काको इच्छानुसार काम गर्ने।

चित्त-चौर–ना० [सं०] प्रेमी।

चित्तज–ना० [सं०] कामदेव; अनङ्ग।

चित्तज्ञ–वि० [सं०] १. अर्काको मनको कुरो जान्ने। २. मनोवैज्ञानिक।

चित्त-नाथ–ना० [सं०] १. ईश्वर; परमात्मा। २. प्रेमी।

चित्त-निवृत्ति–ना० [सं०] सन्तोष; सुख।

चित्त-प्रमाथी–वि० [सं०] १. चित्तमा उद्वेग पैदा गर्ने। (ना०) २. मन्मथ; कामदेव।

चित्त-प्रशम–ना० [सं०] मानसिक शान्ति।

चित्त-भू–ना० [सं०] १. प्रेम; अनुराग। २. कामदेव।

चित्त-योनि–ना० [सं०] कामदेव।

चित्तल–ना० [सं० चित्रक] शरीरमा टाटा-पाटा परेका बुट्टा हुने एक जातको मृग।

चित्त-विक्षेप–ना० [सं०] चित्तको चञ्चलता; मनको अस्थिरता।

चित्त-विप्लव–ना० [सं०] बहुलट्ठीपन; उन्माद।

चित्त-विभ्रंश–ना० [सं०] चित्त-विभ्रम।

चित्त-विभ्रम–ना० [सं०] १. उन्माद; पागलपन। २. भ्रान्ति; भ्रम।

चित्त-विश्लेष–ना० [सं०] मैत्री भङ्ग हुनु; फाटो।

चित्त-वृत्ति–ना० [सं०] १. मनको झुकाउ; प्रवृत्ति। २. आन्तरिक अभिप्राय। ३. चित्तको अवस्था; मनको स्थिति।

चित्त-वृत्ति-निरोध–ना० [सं०] बाह्य विषयहरूबाट चित्तलाई रोकेर अन्तर्मुख गर्नु; योग।

चित्त-शुद्धि–ना० [सं०] दुर्वासनाबाट चित्तलाई अलग पार्नु; चित्त निर्मल पार्नु।

चित्तहारी–वि० [सं०] १. मनलाई आकर्षित पार्ने; मनोहर। २. प्यारो; प्रिय।

चित्ता–ना० [चित] १. चित पर्नु; उत्तानो पर्नु। २. पराजय; हार।

चित्ताकर्षक–वि० [सं०] मनलाई आकर्षित गर्ने; मन लोभ्याउने।

चित्तापहारक–वि० [सं०] १. मनलाई हरण गर्ने; चित्ताकर्षक। २. सुन्दर; मनोहर।

चित्ताभोग–ना० [सं०] कुनै विषयमा मनको आसक्ति।

चित्तासङ्ग–ना० [सं०] अनुराग; प्रेम।

चित्ति–ना० [सं०] १. विचार; मनन। २. बुद्धि; प्रज्ञा। ३. ध्यान; चिन्तन। ४. प्रयोजन।

चित्तोद्रेक–ना० [सं०] अभिमान; घमन्ड; अहङ्कार।

चित्पर–ना० [सं०] ईश्वर; परमात्मा।

चित्य–ना० [सं०] श्मशान।

चित्या–ना० [सं०] चिता।

चित्र–ना० [सं०] १. तस्वीर; फोटो। २. आकृति; आकार। ३. विलक्षण वस्तु देखिनु; आश्चर्य। ४. एक किसिमको कुष्ठ रोग; दुभी। ५. एक जातको चितुवा। ६. चम्किलो चीज; तेजिलो वस्तु।

चित्रक–ना० [सं०] १. चितुवा; घुँगी। २. चितु।

चित्र-कण्ठ–ना० [सं०] परेवा।

चित्र-कम्बल–ना० [सं०] १. हात्तीको झूल। २. रङ्गी-विरङ्गी गलैँचा।

चित्र-कर–ना० [सं०] १. चित्र-कार। २. अभिनेता।

चित्र-कर्म–ना० [सं०] १. अनौठो काम। २. सजावट; शृङ्गार। ३. तस्वीर। ४. जादू।

चित्र-कला–ना० [सं०] चित्र बनाउने विद्या; तस्वीर लेख्ने कला।

चित्र-काय–ना० [सं०] १. चितुवा। २. बाघ।

CC-0. In Public Domain. Digitization by eGangotri

चित्र-कार–ना० [सं०] चित्र लेख्ने व्यक्ति; तस्वीर बनाउने व्यक्ति।

चित्र-कारी–ना० [सं०] १. चित्र लेख्ने काम; चित्र-कारको काम। २. चित्र; तस्वीर। ३. चित्र-कार।

चित्र-काव्य–ना० [सं०] विशेष क्रमले अक्षर मिलाएर लेख्ता कुनै चित्र बन्ने काव्य।

चित्रगुप्त–ना० [सं०] प्राणीहरूले गरेका पाप-पुण्यको लेखा राख्ने एक देवता; चौध यममध्ये एक।

चित्र-जल्प–ना० [सं०] नायक-नायिकाले रुष्ट भएर परस्परमा भन्ने भावपूर्ण वाक्य।

चित्र-पट–ना० [सं०] तस्वीर; चित्र।

चित्रमय–वि० [सं०] चित्रै-चित्रले भरिएको; तस्वीरहरूले सुसज्जित; चित्र-युक्त।

चित्र-लिपि–ना० [सं०] साङ्केतिक लिपि; अक्षरका बदलामा रेखा, बिन्दु वा वस्तुका आकृति आदिबाट शब्द वा भावको सङ्केत गर्ने लिपि।

चित्र-लेखक–ना० [सं०] चित्र-कार।

चित्र-लेखनिका–ना० [सं०] तस्वीर लेख्ने बुरुश; कूची।

चित्रवत्–वि० [सं०] १. चित्रजस्तो। २. निश्चल; गति-रहित; स्थिर।

चित्र-विचित्र–वि० [चित्र+विचित्र] १. रङ्ग-बिरङ्गको; अनेक रङ्गको। २. अनेक प्रकारको; किसिम-किसिमको। ३. अनौठो।

चित्र-विद्या–ना० [सं०] चित्र लेख्ने विद्या; चित्र-कला।

चित्र-शाला–ना० [सं०] १. चित्रले सजाइएको घर; तस्वीरले सुसज्जित भवन। २. चित्र-कलाको प्रदर्शन गरिने घर। ३. तस्वीर खिंच्ने ठाउँ।

चित्र-शिल्पी–ना० [सं०] चित्र-कार।

चित्रा–ना० [सं०] १. सत्ताईस नक्षत्रमध्ये एक। २. काँक्रो।

चित्राक्षी–ना० [सं०] मैना; सारिका।

चित्रालय–ना० [सं०] चित्र-शाला; चित्रहरूको सङ्ग्रहालय।

चित्रिणी–ना० [सं०] मधुर-भाषिणी, सुन्दरी एक प्रकारकी स्त्री; नायिका-भेदअनुसार चार प्रकारका स्त्रीमध्ये एक (पद्मिनी, चित्रिणी, शङ्खिनी र हस्तिनी)।

चित्रित–वि० [सं०] १. चित्र खिंचिएको; तस्वीर उतारिएको। २. चित्र-युक्त।

चित्रे–वि० [चित्रो+ए] १. चित्रोजस्तो पातलो (राड़ी, पाखी आदि)। (ना०) २. राड़ी, पाखी आदिको एक प्रकारको पातलो बुनोट।

चित्रो–ना० [ने०] बाँस, निगाला आदिका चोयाले बनेको पातलो किसिमको भकारी।

चित्रोक्ति–ना० [सं०] १. अद्भुत वाणी; विलक्षण बोली। २. ओजस्वी भाषण।

चित्रोत्तर–ना० [सं०] प्रश्नका शब्दहरूमै लुकाएर उत्तर रहेको वा धेरै प्रश्नको एउटै उत्तर भएको एक काव्यालङ्कार।

चित्र्य–वि० [सं०] पूज्य; मान्य।

चितलाँगे–ना० [ने०] गाइतिवारे।

चितलाङ्गे–ना० [चितलाँगे] चितलाँगे।

चित्स्वरूप–ना० [सं०] परमात्मा; ईश्वर।

चिथड़ो–ना० [चिल्थो] पुरानो भुत्रो कपड़ा; थाङ्नो; चिल्थो; चिथ्रो।

चिथराइ–ना० [चिथर्+आइ] चिथर्ने किसिम वा क्रिया।

चिथराइनु–स० क्रि० [चिथराउ+इ+नु] चिथोराइनु; ('चिथराउनु'-को क० क्रि०)।

चिथराउनु–स० क्रि० [चिथर्+आउ+नु] चिथोराउनु; ('चिथर्नु'-को प्रे० क्रि०)।

चिथरिनु–स० क्रि० [चिथर्+इ+नु] चिथोरिनु; ('चिथर्नु'-को क० क्रि०)।

चिथर्नु–स० क्रि० [चिथोर्+नु] चिथोर्नु।

चिथोराइ–ना० [चिथोर्+आइ] चिथोर्ने किसिम वा क्रिया।

चिथोराइनु–स० क्रि० [चिथोराउ+इ+नु] चिथोर्न लाइनु; ('चिथोर्नु'-को क० क्रि०)।

चिथोराउनु–स० क्रि० [चिथोर्+आउ+नु] चिथोर्न लाउनु; ('चिथोर्नु'-को प्रे० क्रि०)।

चिथोराचिथोर–ना० [चिथोर्+चिथोर्] परस्परमा एकले अर्कोलाई चिथोर्नु।

चिथोरिनु–स० क्रि० [चिथोर्+इ+नु] चिथोर्ने काम गरिनु; ('चिथोर्नु'-को क० क्रि०)।

चिथोर्नु–स० क्रि० [चिर्+नु] दाँत, नङ आदि गाड़ेर तान्नु; कोपर्नु वा फहराउनु।

चिथ्रो–ना० [चिल्थो] चिथड़ो।

चिदाकाश–ना० [सं०] शुद्ध ज्ञानस्वरूप ब्रह्म।

चिदाभास–ना० [सं०] महतत्व वा अन्तःकरणमा पर्ने चैतन्य-स्वरूप पर-ब्रह्मको आभास वा प्रतिबिम्ब।

चिद्रूप–ना० [सं०] शुद्ध चैतन्य-रूप; चिन्मय।

चिद्विलास–ना० [सं०] चैतन्य-रूप ब्रह्मको माया।

चिनकट्ठी–ना० [चिना-काठी] गाह्रोको चौड़ाइ नाप्ने काठ, बाँस आदिको साधन; चिना-काठी।

चिन-जान–ना० [चिन्+जान्] कुनै मानिससँगको सामान्य परिचय; चिना-जानी; जान-पहिचान।

चिना–ना० [सं० चिह्न] फलित ज्योतिष-शास्त्रानुसार कसैको जन्म-समयका ग्रहहरूको स्थिति, दशा, अन्तर्दशा आदि लेखिएको पत्र; जन्म-पत्रिका।

चिनाइ–ना० [चिन्+आइ] चिन्ने किसिम, क्रिया वा भाव।

चिनाइनु–स० क्रि० [चिनाउ+इ+नु] चिह्नाइनु; ('चिनाउनु'-को क० क्रि०)।

चिनाउनु–स० क्रि० [चिन्+आउ+नु] परिचय गराउनु; चिह्नाउनु; ('चिन्नु'-को प्रे० क्रि०)।

चिना-काठी–ना० [चिन्+काठ] गाह्रो लाउँदा डकर्मीले गाह्रोको चौड़ाइ नाप्ने नापो।

CC-0. In Public Domain. Digitization by eGangotri

चिना-जान–ना० [चिन-जान] चिन-जान।

चिना-जानी–ना० [चिन-जान] चिन-जान; चिना-पर्ची; जान-पहिचान।

चिना-पर्ची–ना० [चिन्+परिचय] जान-पहिचान; चिना-जानी।

चिनारी–ना० [चिह्नारी] चिह्नारी।

चिनारु–वि० [चिन्+आरु] चिनेको; चिना-पर्ची भएको; परिचित; चिह्नारु।

चिनिनु–स० क्रि० [चिन्+इ+नु] परिचय पाइनु; ('चिन्नु'-को क० क्रि०)।

चिनिनु–स० क्रि० [चिन्+इ+न्] चाङ लाइनु; ('चिन्नु'-को क० क्रि०)।

चिनियाँ–वि० [चीनियाँ] चीनियाँ।

चिनियाँ-गुराँस–ना० [चिनियाँ+गुराँस] एक जातको गुराँसको फूल।

चिनियाँ-चम्पा–ना० [चिनियाँ+चम्पा] डल्लो आकारको, सेतो रङ्गको, मधुर बास्ना आउने एक जातको फूल।

चिनियाँ-च्यान्टा–ना० [चिनियाँ+च्यान्टा] एक जातको च्यान्टा घोड़ा।

चिनियाँ-ताप्के–ना० [चिनियाँ+ताप्के] ठाड़ो बिट, र बीँड़ हुने, भित्रपट्टि सेतो चिनियाँ-माटोको पालिश लाएको एक प्रकारको ताप्के।

चिनियाँ-धान–ना० [चिनियाँ+धान] अनदी।

चिनियाँ-माटो–ना० [चिनियाँ+माटो] भाँड़ा-बर्तन बनाउने एक जातको सेतो माटो।

चिनु–ना० [सं० चिह्न] १. चिह्न; लक्षण; निशाना। २. सम्झौटो; यादगार।

चिन्तक–वि० [सं०] चिन्तन गर्ने; विचार गर्ने।

चिन्तन–ना० [सं०] १. कुनै वस्तु वा व्यक्तिलाई वार-वार सम्झनु; ध्यान। २. विचार; गौर; मनन।

चिन्तना–ना० [सं०] १. चिन्तन; स्मरण। २. विचार; मनन।

चिन्तनीय–वि० [सं०] १. चिन्तन गर्ने योग्य; ध्यान दिन योग्य। २. विचारणीय; शोचनीय।

चिन्ता–ना० [सं०] १. ध्याउन्न; चिन्तन। २. फिक्री; परवाह। ३. सुर्ता; पीर। ४. विचार; मनन। ५. धामीले ढयाङ्ग्रो ठटाएर रोग वा दोष छुट्टयाउनाका निम्ति विचार गर्नु।

चिन्ताकुल–वि० [सं०] चिन्ताले आकुल; चिन्तामा डुबेको।

चिन्तातुर–वि० [सं०] चिन्ता-ग्रस्त; चिन्ताकुल।

चिन्तापर–वि० [सं०] चिन्तामा परेको; चिन्ता-मग्न।

चिन्तामणि–ना० [सं०] १. मनले चिताएको वस्तु पूरा गरिदिने एक कल्पित रत्न। २. ब्रह्मा। ३. परमेश्वर। ४. सरस्वतीको एक मन्त्र। ५. यात्राको एक योग।

चिन्ता-मग्न–ना० [सं०] चिन्तामा डुबेको; चिन्ता-ग्रस्त।

चिन्ता-शील–वि० [सं०] १. सोच-विचार गरिरहने स्वभावको। २. मनन-शील।

चिन्तित–वि० [सं०] चिन्ता भएको; चिन्ता-युक्त; फिक्री लागेको।

चिन्तिति–ना० [सं०] चिन्ता; शोच; विचार।

चिन्तिया–ना० [सं०] चिन्ता।

चिन्त्य–वि० [सं०] चिन्ता गर्ने योग्य; चिन्तनीय।

चिन्न–स० क्रि० [सं० चिह्न] १. परिचय पाउनु; पहिचान्नु। २. कुनै मानिसको स्वभाव वा बानी-बेहोर थाहा पाउनु; आनी-बानी बुझ्नु।

चिन्नु–स० क्रि० [सं० चि] १. खात मिलाएर राख्नु; चाङ लाएर राख्नु। २. ग्राह्रो बनाउनु; पर्खाल लाउनु।

चिन्मय–वि० [सं०] १. शुद्ध ज्ञानमय; चैतन्य-युक्त। (ना०) २. परमेश्वर; पर-ब्रह्म।

चिन्मात्र–ना० [सं०] १. शुद्ध चैतन्य। (वि०) २. शुद्ध ज्ञानस्वरूप।

चिन्रिङ-चिन्रिङ–क्रि० यो० [अनु०] धातुका पातला र साना-साना वस्तुहरू आपसमा ठक्कर खाँदा शब्द आउने किसिम।

चिन्रिङङ–क्रि० यो० [अनु०] पातलो धातुको वस्तु भइँमा खस्दा शब्द आउने किसिम।

चिपट–वि० [सं०] चेप्टो नाक भएको; नेप्टो।

चिपिट–वि० [सं०] चेप्टो; च्याप्टो परेको; थेप्चो।

चिपिटक–ना० [सं०] चिउरा।

चिपिचल्लो–वि० [चिप्लो+चिल्लो] १. प्रशस्त तेल लाएको; चिल्लो। (ना०) २. कोइली।

चिपुट–ना० [सं०] चिउरा।

चिपुल्लो-चापुल्लो–वि० [चिप्लो-चाप्लो] चिप्लो-चाप्लो।

चिप्प–ना० [सं०] औंलाका नङको कुनो दुख्ने वा पाक्ने एक रोग।

चिप्रा–ना० [ने०] आँखाको मल; कचेरा।

चिप्रे–वि० [चिप्रा+ए] आँखामा चिप्रा जमिरहने; चिम्रे।

चिप्लनु–अ० क्रि० [चिप्लो+नु] चिप्लोमा परेर घस्रिनु; चिप्लोमा परेर टेके वा समातेका ठाउँबाट सर्नु; चिप्लिनु।

चिप्लिइनु–अ० क्रि० [चिप्लि+इ+नु] चिप्लोमा परेर घस्रिइनु; ('चिप्लिनु'-को भा० क्रि०)।

चिप्लिनु–अ० क्रि० [चिप्ल+इ+नु] १. चिप्लनु। २. चिप्लोमा परेर घिस्रिनु; ('चिप्लनु'-को भा० क्रि०)।

चिप्ले–वि० [चिप्लो+ए] लोलोपोतो गरेर कुरा गर्ने; फकाइ-फुल्याइ गर्ने; बेसारे।

चिप्ले-कीरो–ना० [चिप्लो+कीरो] घस्रदै जाँदा भइँमा न्याल-जस्तो पदार्थ छोड्दै जाने, हाड़ नभएको, विशेष गरी वर्षा-कालमा देखिने एक प्रसिद्ध कीरो।

चिप्लेटी–ना० [चिप्लो+एटी] १. चिप्लो र भिरालो ठाउँमा चिप्लिएर खेल्ने खेल। २. त्यो खेल खेल्ने ठाउँ वा साधना।

CC-0. In Public Domain. Digitization by eGangotri

चिप्लो–वि० [सं० चिक्कण] १. खस्रो नभएको; सम्म परेको; चिप्लिने किसिमको। २. चिल्लो।

चिप्लो-चाप्लो–वि० [चिप्लो+चाप्लो (फाँ०)] घिउ-तेल आदि परेको; चिल्लो; चिपुल्लो-चापुल्लो।

चिप्ल्याइ–ना० [चिप्लि+आइ] चिप्लिने किसिम वा क्रिया।

चिप्ल्याइनु–स० क्रि० [चिप्ल्याउ+इ+नु] १. चिप्लो पारिनु। २. भिरालो वा चिप्लो ठाउँमा घस्र्याइनु; ('चिप्ल्याउनु'-को क० क्रि०)।

चिप्ल्याउनु–स० क्रि० [चिप्लि+याउ+नु] १. चिप्लो पार्नु। २. चिप्लिने पार्नु; ('चिप्लनु'-को प्रे० क्रि०)।

चिप्ल्याहट–ना० [चिप्लि+आहट] चिप्लिने किसिम वा क्रिया।

चिबहाल–ना० [सं० चैत्य+विहार] चैत्य; सानो किसिमको बौद्ध स्तूप।

चिबिर्चे–ना० [ने०] सानो एक जातको चरो।

चिबिल्ले–वि० [ने०] १. पत्यार नपर्ने कुरा गर्ने; गफी। २. दन्त्य-कथा भन्ने; कल्पित कथाहरू रच्ने। ३. चञ्चल; छुकछुके।

चिबुक–ना० [सं०] चिउँडो।

चिबे–ना० [चिभे] चिभे।

चिभे–ना० [ने०] सर्वाङ्ग कालो हुने एक जातको प्रसिद्ध चरो; झ्याँपी-चरो।

चिभे-नकटो–ना० [चिभे+नकटो] १. धेरै स्वास्नी-मानिसहरूका बीचमा एकमात्र लोग्ने-मानिस हुँदा उसलाई गिज्याएर भनिने शब्द। (वि०) २. निर्लज्ज; नकचरो।

चिम–ना० [अं० चिमनी] १. लालटिन, लम्फा आदिमा हालिने काँचको एक विशेष साधन। २. बिजुलीको बल्ब।

चिमचिम–क्रि० यो० [चिम्म] रोग वा कुनै शारीरिक दोषले आँखा वार-वार झिमझिम गरिरहने किसिम; आँखा झिम्क्याइरहने किसिम।

चिमचिमे–वि० [चिमचिम+ए] आँखा चिमचिम गरिरहने; चिम्रो।

चिमटाइ–ना० [चिमट्+आइ] चिमट्ने किसिम वा क्रिया।

चिमटाइनु–स० क्रि० [चिमटाउ+इ+नु] चिमट्न लाइनु; ('चिमटाउनु'-को क० क्रि०)।

चिमटाउनु–स० क्रि० [चिमट्+आउ+नु] चिमट्न लाउनु; ('चिमट्नु'-को प्रे० क्रि०)।

चिमटिनु–स० क्रि० [चिमट्+इ+नु] चिमोटिनु; ('चिमट्नु'-को क० क्रि०)।

चिमट्नु–स० क्रि० [चिमोट्+नु] चिमोट्नु।

चिमनी–ना० [अं०] चिम्नी।

चिमोटाइ–ना० [चिमोट्+आइ] चिमोट्ने किसिम वा क्रिया।

चिमोटाइनु–स० क्रि० [चिमोटाउ+इ+नु] चिमोट्न लाइनु; ('चिमोटाउनु'-को क० क्रि०)।

चिमोटाउनु–स० क्रि० [चिमोट्+आउ+नु] चिमोट्न लाउनु; ('चिमोट्नु'-को प्रे० क्रि०)।

चिमोटिनु–स० क्रि० [चिमोट्+इ+नु] चिमोट्ने काम गरिनु; ('चिमोट्नु'-को क० क्रि०)।

चिमोट्नु–स० क्रि० [चिम्टा+नु] बूढी-औँलो र चोर-औँलोले वा नङ्ले च्याप्नु; चिम्टाले समातेझैँ औँलाले समाउनु।

चिम्टा–ना० [सं० चप] दुइटा लामा-लामा पाता भएको धातुको च्याप्ने साधन।

चिम्टी–ना० [चिउँटी] चिउँटी।

चिम्टी–ना० [चिम्टा+ई] सानो चिम्टा।

चिम्टे–वि० [चिम्टा+ए] १. चिम्टाजस्तो; चिम्टाले जस्तै समात्ने। २. लोभी; लालची। ३. चिम्टा लिएर हिँड्ने। ४. जोगी।

चिम्ट्याहा–ना० [चिप्लो] चिप्लो र लसा भएको एक प्रकारको माटो; गठेचा।

चिमनी–ना० [अं० चिमनी] १. इञ्जिन, चुल्हो आदिको धूवाँ बाहिर निकाल्न लगाइएको ढुङ्ग्रो; धूवाँकश। २. हावा रोक्नाका निम्ति लालटिन, लम्फा, बिजुली बत्ती आदिमा लगाइने काँचको ढुङ्ग्रोजस्तो साधन; चिम।

चिम्पान्जी–ना० [अं०] मानिसको आकार-प्रकारसँग मिल्ने, अफ्रिकाका जङ्गलमा हुने एक प्रकारको वानर।

चिम्पु–ना० [चिह्नारी+पुर्जी] माल चलान गर्ने अड्डाले माल बुझ्ने अड्डालाई मालको विवरण लेखेर दिने पुर्जी।

चिम्म–क्रि० यो० [प्रा० झम्प] आँखा बन्द गर्ने किसिम।

चिम्माचुट–ना० [ ] हाड़-नाता।

चिम्रे–वि० [चिम्रो+ए] १. चिम्रो। २. चिप्रे।

चिम्रो–वि० [चिम्सो] चिम्सो; चिमचिमे।

चिम्लनु–स० क्रि० [चिम्म+नु] (आँखा शब्दका साथमा मात्र प्रयोग हुने) १. आँखा बन्द गर्नु; पलक मार्नु। २. वेवास्ता गर्नु; थाहा हुँदा-हुँदै पनि थाहा नभएझैँ गर्नु। ३. मर्नु।

चिम्लाइ–ना० [चिम्ल+आइ] चिम्लने किसिम वा क्रिया।

चिम्लाइनु–स० क्रि० [चिम्लाउ+इ+नु] चिम्लन लाइनु; ('चिम्लाउनु'-को क० क्रि०)।

चिम्लाउनु–स० क्रि० [चिम्ल+आउ+नु] चिम्लन लाउनु; ('चिम्लनु'-को प्रे० क्रि०)।

चिम्लिनु–अ० क्रि० [चिम्ल] (आँखा शब्दका साथमा मात्र प्रयोग हुने) १. आँखा बन्द हुनु; चिम्लनु। २. थाहा नपाएझैँ गरिनु; वास्ता नगरिनु। ३. मरिनु। ४. आँखा बन्द गरिनु; ('चिम्लनु'-को क० क्रि०)।

चिम्ल्याइ–ना० [चिम्लि+आइ] चिम्लिने किसिम, क्रिया वा भाव।

चिम्ल्याहट–ना० [चिम्लि+आहट] चिम्लिने किसिम, क्रिया वा भाव।

चिम्से–वि० [चिम्सो+ए] आँखा साना हुने र झिमझिम गरिरहने; चिम्सो; चिमचिमे।

CC-0. In Public Domain. Digitization by eGangotri

चिम्सो–वि० [चिमचिम] आँखा साना हुने र चिमचिम गरिरहने।

चिया–ना० [चीं० छा] १. सेता फूल, राता फल, र लाम्चा पात हुने एक जातको बोट। २. संस्कार गरी बनाइएको त्यसै बोटका पालुवा वा त्यसका टुक्रा। ३. त्यसैका धूलाको रसको तातो पानीमा उतारी दूध, चीनी आदि हाली वा अन्य प्रकारले बनाइएको पेय पदार्थ। ४. कुनै वनस्पतिको पात पानीमा उमाली तयार गरिएको पेय पदार्थ।

चियाइ–ना० [चियाउ+आइ] चियाउने किसिम वा क्रिया।

चियाइनु–स० क्रि० [चियाउ+इ+नु] चियाउने काम गरिनु; ('चियाउनु'-को क० क्रि०)।

चियाउनु–स० क्रि० [चेवा+याउ+नु] अरूले आफूलाई नदेख्ने गरी हेर्नु; लुकेर हेर्नु।

चियो–ना० [चेवा] चेवा; सुराख; जासूसी।

चियो-चर्चो–ना० [चियो+चर्चा+ओ] चेवा-चर्चा।

चिर–वि० [सं०] १. धेरै दिनको; पुरानो; दीर्घ-कालीन। २. धेरै दिनसम्म रहने; दीर्घ काल-स्थायी। (क्रि० यो०) ३. धेरै दिनसम्म। (ना०) ४. दीर्घ काल।

चिर-काङ्क्षित–वि० [सं०] धेरै दिनदेखि आकाङ्क्षा गरिएको; धेरै कालदेखि चाहेको।

चिर-काङ्क्षी–वि० [सं०] धेरै कालदेखि आकाङ्क्षा गर्ने।

चिर-कार–वि० [सं०] काममा सुस्ती गर्ने; विलम्वसित काम गर्ने; दीर्घ-सूत्री।

चिर-कारी–वि० [सं०] ढीलो काम गर्ने; जुम्सो; चिर-कार।

चिर-काल–ना० [सं०] लामो समय; दीर्घ काल।

चिर-कालिक–वि० [सं०] धेरै दिनको; पुरानो; प्राचीन।

चिर-कालीन–वि० [सं०] पुरानो; प्राचीन; चिर-कालिक।

चिर-कुमार–वि० [सं०] आजीवन कौमार्य व्रत धारण गर्ने; जीवनभर ब्रह्मचर्यमा रहने।

चिर-क्रिय–वि० [सं०] धेरै समय लाएर काम गर्ने; दीर्घ-सूत्री।

चिरगोजा–ना० [सं० चिलगोजक] १. तारा-मण्डलका जस्ता फल फल्ने, सल्लाका जातको वृक्ष। २. त्यसैको फल; सिम्टा।

चिरचिर–क्रि० यो० [अनु०] १. साना-साना चराहरू कराउने किसिम; चिरबिर। २. पुरानो वा मकिएको कपड़ा च्यातिने किसिम। ३. चर्कने किसिम। ४. चहर्‍याउने किसिम।

चिर-जीवक–वि० [सं०] चिरञ्जीवी।

चिर-जीवी–वि० [सं०] १. धेरै समय बाँच्ने; दीर्घायु। (ना०) २. आठ चिर-जीवी (मार्कण्डेय, बलि, व्यास, हनुमान्, विभीषण, कृपाचार्य, अश्वत्थामा र परशुराम)।

चिरञ्जीव–ना० [सं०] १. धेरै वर्ष बाँचोस् भनी आशीर्वाद दिने शब्द; दीर्घायु होस् भन्ने आशिस्। २. कामदेव।

चिरञ्जीवी–वि० [सं०] १. धेरै कालसम्म बाँच्ने; दीर्घ-जीवी; चिर-जीवी। २. काग।

चिरण्टी–ना० [सं०] तरुणी भइसकेपछि पनि बाबुकै घरमा रहने स्त्री।

चिर-तुषार-रेखा–ना० [सं०] बाह्रै महीना हिउँ जमिरहने स्थानको सीमा; हिम-रेखा।

चिर-नवीन–वि० [सं०] सधैँ नयाँ भइरहने; चिर-नूतन।

चिर-निद्रा–ना० [सं०] महानिद्रा; मृत्यु।

चिर-नूतन–वि० [सं०] सधैँ नयाँ रहने; कहिल्यै पुरानो नहुने।

चिरन्तन–वि० [सं०] धेरै दिनको; पुरातन; सदाको।

चिर-परिचित–वि० [सं०] धेरै दिनदेखि चिन-जान भएको।

चिर-पाकी–वि० [सं०] धेरै बेरमा पाक्ने।

चिर-प्रतीक्षित–वि० [सं०] धेरै दिनदेखि प्रतीक्षा गरिइरहेको; धेरै कालदेखि पर्खिरहिएको।

चिर-फार–ना० [चिर्+फार्] चिर्ने र फार्ने काम; रोग-निवारण गर्नाका निम्ति शरीरका अङ्गमा हतियारद्वारा चिर्ने, काट्ने आदि काम; अपरेशन; शल्य-चिकित्सा।

चिरबिर–क्रि० यो० [अनु०] चरा-चुरुङ्गी कराउने किसिम।

चिरबिरे–वि० [चिरबिर+ए] १. तीखो र मसिनो स्वरले कराउने; चिरबिर गर्ने (चरा-चुरुङ्गी)। २. चकचके; चञ्चले।

चिर-बिल्व–ना० [सं०] करौंदा।

चिरम्भ–ना० [सं०] चील।

चिरम्भण–ना० [सं०] चील।

चिर-लब्ध–वि० [सं०] धेरै दिन प्रतीक्षा गरेर पाइएको।

चिरस्थ–वि० [सं०] धैरै दिन टिक्न; चिर-स्थायी।

चिर-स्थायी–वि० [सं०] धेरै दिनसम्म टिक्ने; टिकाउ; चिरस्थ।

चिर-स्मरणीय–वि० [सं०] धेरै दिनसम्म सम्झन योग्य।

चिराइ–ना० [चिर्+आइ] चिर्ने किसिम, क्रिया वा भाव।

चिराइतो–ना० [प्रा० चिलातो] मलेरियाको जरोमा काँढ़ा पकाएर खाइने एक प्रकारको जङ्गली बूटी।

चिराइनु–स० क्रि० [चिराउ+इ+नु] चिर्न लाइनु; ('चिराउनु'-को क० क्रि०)।

चिराउनु–स० क्रि० [चिर्+आउ+नु] चिर्न लाउनु; ('चिर्नु'-को प्रे० क्रि०)।

चिराक–ना० [फा० चिराग़] लट्ठीमा झुत्रो बेह्री बनाइएको, तेल हालेर बालिने बत्ती; मशाल।

चिराख–ना० [चिराक] चिराक।

चिरानी–ना० [चिर्+आनी] चिर्ने काम; चिरा पार्नु; चिराइ।

चिरा-फारा–ना० [चिर्+फार्] १. चिरा-चिरा पार्ने काम; चिर-फार। २. देवतालाई वस्त्र, ध्वजा आदि चढ़ाउनाका निम्ति च्यातेर बनाइएका कपड़ाका धरा।

चिरायु–वि० [सं०] धेरै दिन बाँच्ने; चिर-जीवी; दीर्घायु।

CC-0. In Public Domain. Digitization by eGangotri

चिरिइनु–अ० क्रि० [चिरि+इ+नु] चिरा परिनु; ('चिरिनु'-को भा० क्रि०)।

चिरिक्क–क्रि० यो० [अनु०] १. मसिनो ढङ्गले चिरिने किसिम; चर्कने किसिम। २. कमिला आदि साना कीराले टोक्ता दुःख्ने किसिम। ३. चह्र्याउने किसिम।

चिरिङ्गी-झार–ना० [ने०] एक जातको झार।

चिरिच्याट्ट–क्रि० यो० [ने०] सानो र राम्रा हुने किसिम; चिटिक्क; छरिछट्ट।

चिरिङ्याउँ–ना० [ने०] सानो सिउर हुने एक जातको सानो चरो।

चिरिनु–अ० क्रि० [चिर्+इ+नु] १. चिरा पर्नु; धाँजो पर्नु; फाट्नु; ('चिर्नु'-को क० क्रि०)। (स० क्रि०) २. नराम्रोसँग वा अर्काको मन नपर्ने गरी खानु; घिच्नु।

चिरिबिरी–क्रि० यो० [अनु०] गौंथली, भँगेरा आदि साना-साना चराहरू कराउने किसिम।

चिरिबिरे–वि० [चिरिबिर+ए] चिरबिर गर्ने; चिर-चिर शब्द निकाली कराउने (चरा)।

चिरुवा–वि० [चिर्+उवा] चिरा पारेको; चिरेको।

चिरुवादार–ना० [सं० चमर-धर ?] घोड़ाको सेवा-टहल गर्ने नोकर; सईस।

चिरो–ना० [सं० चिर] १. चिरिएको; ठाउँ वा लाम्चो प्वाल; धाँजो। २. चिरेर पारेको टुक्रा।

चिरौंजी–ना० [चार+वीज] रहरका दानाका आकारको, वदामका स्वादको एक प्रकारको खाने मसला।

चिर्कटो–ना० [चिर्+काट्] काठ, बाँस आदिका टुक्रा टाक्री।

चिर्को–ना० [चर्को] १. वज्र-पात; चटयाङ। २. आपत्ति-जनक घटना। ३. ठूलो झगड़ा।

चिर्घट–ना० [ने०] कात्रो।

चिर्नु–स० क्रि० [चिरो+नु] १. चिरा पार्नु; दुइ फ्याँकमा छुट्टिने गरी फार्नु; करौंती, बन्चरो आदि हतियारले काठ दाउरा आदि फल्याँटा पारी काट्नु। २. घाउ-खटिरा आदि औषधी गर्नका निम्ति काट्नु; अपरेशन गर्नु।

चिर्पट–ना० [चिरो+पाटा] दलिनमाथि बिछ्याइने काठको फल्याक।

चिर्भटी–ना० [सं०] घिरौंलाजस्तो एक जातको काँक्रो; ककरी।

चिऱ्याइ–ना० [चिरि+याइ] चिरिने किसिम वा क्रिया।

चिऱ्याइ–ना० [चिरि+आइ] चिऱ्याउने किसिम वा क्रिया; घिचाउने किसिम वा क्रिया।

चिऱ्याइनु–स० क्रि० [चिऱ्याउ+इ+नु] घिचाइनु; ('चिऱ्या-उनु'-को क० क्रि०)।

चिऱ्याउनु–स० क्रि० [चिरि+याउ+नु] मन नपरीकन खुवाउनु; घिचाउनु; ('चिरिनु'-को प्रे० क्रि०)।

चिऱ्याहट–ना० [चिरि+आहट] चिऱ्याउने किसिम वा क्रिया।

चिर्र–क्रि० यो० [अनु०] १. गौंथली, धोबी चरो आदि साना-साना चराहरू कराउने किसिम। २. मसिनु कपड़ा, कागत आदि च्यात्दा शब्द आउने किसिम।

चिर्सिइनु–अ० क्रि० [चिर्सि+इ+नु] चीत्कार गरिनु; ('चिर्सिनु'-को भा० क्रि०)।

चिर्सिनु–अ० क्रि० [सं० चीत्कार+नु] डरले आत्तिएर कराउनु; चीत्कार गर्नु।

चिर्स्याई–ना० [चिर्सि+आइ] चिर्सिने किसिम, क्रिया वा भाव।

चिर्स्याहट–ना० [चिर्सि+याहट] चिर्सिने किसिम, क्रिया वा भाव।

चिलगोजा–ना० [सं० चिलगोजक] चिरगोजा; सिम्टा।

चिलचिलाइ–ना० [चिलचिलाउ+आइ] चिलचिलाउने किसिम वा क्रिया।

चिलचिलाइनु–स० क्रि० [चिलचिलाउ+इ+नु] सगसगाइनु; ('चिलचिलाउनु'-को क० क्रि०)।

चिलचिलाउनु–अ० क्रि० [चिलाउ+नु] हल्का किसिमले चिलाउनु; सगसगाउनु।

चिलचिलाहट–ना० [चिलचिलाउ+आहट] चिलचिलाउने किसिम, क्रिया वा भाव।

चिलबिल–ना० [ने०] १. चिल्ली-बिल्ली; बिचल्ली। २. आपत्; विपत्ति।

चिललिमे–ना० [ने०] चिलिमे चरो।

चिलाइ–ना० [चिल्+आइ] चिल्ने किसिम वा क्रिया।

चिलाइ–ना० [चिलाउ+आइ] चिलाउने किसिम वा क्रिया।

चिलाइनु–अ० क्रि० [चिलाउ+इ+नु] चिलाउने होइनु; ('चिलाउनु'-को भा० क्रि०)।

चिलाउनु–अ० क्रि० [चिल्+आउ+नु] १. जीउमा जुम्रा, कीरा आदिले टोकेजस्तो वा लूतो आउँदाजस्तो गरी सगसगाउनु; चिलचिलाउनु। २. खर्च गरूँ-गरूँजस्तो लाग्नु; खर्च गर्ने इच्छा हुनु।

चिलाउने–ना० [चिलाउ] लाम्चा पात, पहेँला केशर हुने सेता फूल, तीन-चार केस्रा परेका गोल फल फल्ने र अति बलियो काठ हुने एक जातको रूख। (यसको झूस शरीरमा लाग्दा चिलाउँछ।)

चिलिचीम–ना० [सं०] हिले-माछो।

चिलिनु–स० क्रि० [चिल्+इ+नु] चिल्ने काम गरिनु; ('चिल्नु'-को क० क्रि०)।

चिलिम–ना० [फा० चिलम] तमाखु, कवकड़ आदि हाली आगोले सल्काएर धूम्र-पान गरिने, पिँधमा लामो भेट्नु-जस्तो भएको कटौराका आकारको माटाको साधन।

चिलिमे–ना० [ने०] तामे-ढुकुरजस्तो हिम-प्रदेशमा हुने एक जातको चरो।

चिलेसो–ना० [प्रा० चिल्लिरि] अन्नमा लाग्ने सेतो लाम्चो एक जातको कीरो; सिलेसो।

CC-0. In Public Domain. Digitization by eGangotri

चिल्थो–वि० [चिरो] १. झुत्रो; थोत्रो। (ना०) २. झुत्रो कपड़ा, कागत आदि।

चिल्नु–स० क्रि० [ने०] बारुलो, कमिलो, अरिङ्गाल आदि कीराले डस्नु।

चिल्ल–ना० [सं०] चील।

चिल्लर–ना० [हिं०] जुम्रो।

चिल्लाइ–ना० [चिल्लाउ+आइ] चिल्लाउने किसिम वा क्रिया।

चिल्लाइनु–स० क्रि० [चिल्लाउ+इ+नु] चिच्च्याइनु; ('चिल्लाउनु'-को क० क्रि०)।

चिल्लाउनु–अ० क्रि० [सं० चीत्कार+आउ+नु] आत्तिएर ठूलो स्वरले कराउनु; चिच्च्याउनु; चिहिरिनु।

चिल्लाभ–ना० [सं०] १. सानो-तिनो माल चोरी गर्ने चोर; टापटिपे चोर। २. बगली-मारा।

चिल्लाहट–ना० [चिल्लाउ+आहट] चिल्लाउने किसिम, क्रिया वा भाव।

चिल्ली-बिल्ली–ना० [ने०] निस्सहाय अवस्थामा परेको बरबादी; बिल्लबाठ; बिचल्ली।

चिल्ली-राँड़–ना० [चिल्लो+राँड़] छोरो भएकी विधवा स्त्री।

चिल्लो–ना० [सं० चिक्कण] १. घिउ, तेल आदि स्निग्ध पदार्थ। २. स्निग्धता। (वि०) ३. चिप्लो। ४. टलकदार। ५. तेल, घिउ आदि स्निग्ध पदार्थ भएको; स्निग्ध।

चिल्लो-चापुल्लो–ना० [चिल्लो+चापुल्लो (फाँ०)] १. चिल्लोपन; स्निग्धता। २. घिउ, तेल आदि स्निग्ध पदार्थ।

चिल्ल्याइ–ना० [चिल्ल्याउ+आइ] चिल्ल्याउने किसिम वा क्रिया।

चिल्ल्याइनु–स० क्रि० [चिल्ल्याउ+इ+नु] चिल्लो पारिनु; ('चिल्ल्याउनु'-को क० क्रि०)।

चिल्ल्याउनु–स० क्रि० [चिल्ल्याउ+नु] १. घिउ, तेल आदि घस्नु; चिल्लो पार्नु। २. टलकदार बनाउनु। ३. चिप्लो पार्नु।

चिल्ल्याहट–ना० [चिल्ल्याउ+याहट] चिल्ल्याउने किसिम वा क्रिया।

चिवुक–ना० [सं०] चिउँड़ो।

चिसमिरो–वि० [चिसो] अलि-अलि चिसो; चिसो भावको।

चिसापानी-गढ़ी–ना० [चिसो+पानी+गढ़ी] १. नेपालको मकवानपुर जिल्लाको मुख्य बस्ती। २. नेपाल र भारतका बीच आवत-जावत गर्ने मुख्य पैदल बाटामा रहेको मकवानपुर जिल्ला-स्थित प्रसिद्ध गढ़ी।

चिसिइनु–अ०क्रि०[चिसि+इ+नु] चिसो होइनु; ('चिसिनु'-को भा० क्रि०)।

चिसिनु–अ० क्रि० [चिसो+इ+नु] १. चिसो हुनु; ठन्डा हुनु; सेलाउनु। २. शङ्का उत्पन्न हुनु।

चिसो–वि० [सं० शीत] १. ठन्डा; शीतल; शीत; चिसिएको। (ना०) २. ठन्डापन; सर्दी। ३. शङ्का; सन्देह। ४. आशङ्का; त्रास।

चिस्याइ–ना० [चिसि+आइ] चिसिने किसिम वा क्रिया।

चिस्याइ–ना० [चिस्याउ+आइ] चिस्याउने किसिम वा क्रिया।

चिस्याइनु–स० क्रि० [चिस्याउ+इ+नु] चिसो पारिनु; ('चिस्याउनु'-को क० क्रि०)।

चिस्याउनु–स० क्रि० [चिसि+याउ+नु] १. चिसो पार्नु; ठन्डा पार्नु; सेलाउनु; ('चिसिनु'-को प्रे० क्रि०)। २. आशङ्का पैदा गराउनु; त्रास उत्पन्न गराउनु।

चिस्याहट–ना० [चिस्याउ+आहट] चिस्याउने किसिम वा क्रिया।

चिहान–ना० [ने०] मुर्दा गाड्ने वा पोल्ने ठाउँ; मसान; श्मशान।

चिहाने–वि० [चिहान+ए] १. चिहानको; मसाने। (ना०) २. चिहान-सम्बन्धी काम गर्ने व्यक्ति।

चिहिरिइनु–अ० क्रि० [चिहिरि+इ+नु] चिच्च्याइनु; ('चिहिरिनु'-को भा० क्रि०)।

चिहिरिनु–अ० क्रि० [सं० चीत्कार+इ+नु] आत्तिएर तीखो स्वरले कराउनु; चिच्च्याउनु।

चिहि्याइ–ना०[चिहिरि+आइ]चिहिरिने किसिम वा क्रिया।

चिहि्याहट–ना० [चिहिरि+आहट] चिहि्याउने किसिम वा क्रिया।

चिह्न–ना० [सं०] १. कुनै वस्तु चिनिने लक्षण; चिनु; निशाना। २. ध्वजा; झन्डा। ३. दाग; कलङ्क।

चिह्न-कठी–ना० [सं० चिह्न+काष्ठ] घर, जग्गा नाप्ने चौबीस अमल वा एक हातको नापो।

चिह्न-कारी–वि० [सं०] १. चिह्न लगाउने। २. घाउ-चोट लगाउने।

चिह्न-धर–वि० [सं०] कुनै किसिमको चिह्न धारण गर्ने; चिह्न-धारी।

चिह्न-धारी–वि० [सं०] चिह्न धारण गर्ने।

चिह्ना–ना० [सं० चिह्न] चिना; जन्म-पत्रिका।

चिह्नाइ–ना० [चिह्न+आइ] चिह्निने किसिम वा क्रिया।

चिह्नाइनु–स० क्रि० [चिह्नाउ+इ+नु] परिचय गराइनु; ('चिह्नाउनु'-को क० क्रि०)।

चिह्नाउनु–स० क्रि० [चिह्न+आउ+नु] परिचय गराउनु; जान-पहिचान गराउनु।

चिह्ना-जानी–ना० [चिना-जानी] चिना-जानी।

चिह्ना-पर्ची–ना० [चिना-पर्ची] चिना-पर्ची।

चिह्नारी–ना० [चिह्न+आरी] चिना-पर्ची; चिना-जानी; जान-पहिचान।

चिह्नारु–वि० [चिह्न+आरु] चिन-जान भएको; चिना-पर्ची भएको; परिचित।

चिह्नित–वि० [सं०] चिह्न लगाइएको; चिह्न-युक्त।

चिह्निनु–स० क्रि० [चिह्न्+इ+नु] परिचय पाइनु; ('चिह्नु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

चिह्नु-ना० [सं०] चिनु।

चिह्नुनु-स० क्रि० [सं० चिह्न+नु] परिचय पाउनु; चिन्नु।

चिह्लाइनु-स० क्रि० [चिह्लाउ+आइ+नु] पेट चर्कुन्जेल खान लाइनु; घिचाइनु; ('चिह्लाउनु'-को क० क्रि०)।

चिह्लाउनु-स० क्रि० [चिह्लि+आउ+नु] पेट चर्कुन्जेल खुवाउनु; घिचाउनु; ('चिह्लिनु'-को प्रे० क्रि०)।

चिह्लिनु-स० क्रि० [चिर्+इ+नु] पेट चर्कुन्जेल खानु।

चिह्लचाइ-ना० [चिह्ल+आइ] पेट चर्कुन्जेल खाने किसिम, क्रिया वा भाव।

ची-वि० [तु०] कुनै नाम शब्दको पछिल्तिर लागेर त्यसको प्रयोग गर्ने अर्थ बुझाउने शब्द। (उदा०-तबलची, अफीमची इत्या०।)

चींचीं-क्रि० यो० [अनु०] १. दूधे बालकहरू रुने किसिम। २. चराका साना-साना बच्चाहरू कराउने किसिम।

चीचिण्डो-ना० [सं० चिच्चिण्ड] १. घिरौँलाका जस्ता पात, सेता फूल, सेता वा काला धर्का भएका घिरौँलाकै आकारका लामा फल हुने र नङग्रा हुने एक जातको लहरो। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण सुकुवा रोग नाश गर्ने, बल-वर्द्धक र पथ्य बताइएको छ।)

चीज-ना० [फा० चीज़] १. वस्तु; पदार्थ; द्रव्य। २. महत्त्वको कुरो; उत्तम वस्तु।

चीज-बीज-ना० [चीज+बीज (फाँ०)] वस्तुहरूको समूह; माल-ताल; सर-सामान।

चीठी-ना० [चिट्ठी] चिट्ठी।

चीठी-पत्र-ना० [चीठी+पत्र] चिट्ठी-पत्र।

चीठी-पुर्जी-ना० [चीठी+पुर्जी] चिट्ठी-पुर्जी।

चीड़-ना० [सं० चीडा] चीडा।

चीडा-ना० [सं०] गोब्रे-सल्लो।

चीत्कार-ना० [सं०] आत्तिएर ठूलो स्वरले कराएको आवाज।

चीन-ना० [सं०] १. एशियाको एक प्रसिद्ध महादेश। २. चीनमा बनेको एक प्रकारको रेशमी कपड़ा। ३. झन्डा।

चीनांशुक-ना० [सं०] चीन देशमा बन्ने एक किसिमको रेशमी कपड़ा।

चीना-ना० [सं० चीनाक] १. दूबोका जस्ता लामा पात र बन्सोका जस्ता झुप्पाकार फूल हुने एक सानो झार। २. त्यसैको दाना वा फल; एक जातको कागुनु।

चीनाक-ना० [सं०] चीना झार।

चीनियाँ-वि० [चीन+इयाँ] चीन देशको; चीनी।

चीनी-ना० [चीन+ई] १. ऊखुको रसबाट बन्ने सेतो, गुलियो, मसिनु खाद्य पदार्थ; शोधिएको सखर। (वि०) २. चीन देशको; चीनियाँ।

चीफ-वि० [अं०] १. मुख्य; प्रधान। (ना०) २. मुख्तियार।

चीफ-सेक्रेटरी-ना० [अं०] मुख्य-सचिव।

चीर-ना० [सं०] १. कपड़ाको धरो; वस्त्रको धर्को। २. कपड़ा; वस्त्र। ३. बौद्ध भिक्षुले लाउने कपड़ा; काषाय वस्त्र। ४. फाल्गुन शुक्ल अष्टमीका दिन फागु आरम्भ गर्दा उम्याइने छत्राकार ध्वज; होलिका।

चीर-ना० [सं० चीडा] गोब्रे-सल्लाका आकारका, कालो रङ्गका बुट्टा हुने खेल्ने तासको एक रङ्गका चक्की।

चीर-हरण-ना० [सं०] गोपिनीहरूको वस्त्र हरण गर्ने कृष्णको एक लीला।

चील-ना० [सं० चिल्ल] कावा खाएर उड्ने ठूलो हिंस्रक पक्षी।

चीवर-ना० [सं०] १. लुगा; वस्त्र। २. साधु-संन्यासीहरूले लाउने लुगा। ३. बौद्ध संन्यासीहरूले माथिल्लो अङ्गमा लाउने कपड़ा।

चीवरी-ना० [सं०] भिक्षु; संन्यासी।

चुँ-क्रि० यो० [ने०] १. डर वा सङ्कोचले बिस्तारै बोल्ने किसिम; चुँक्क। २. मूसा कराउने किसिम।

चुँक्क-क्रि० यो० [अनु०] डर वा सङ्कोचले बिस्तारै बोल्ने किसिम; चुँ।

चुंगी-ना० [सं० शुल्क] बाहिरबाट शहरभित्र ल्याइने मालमा लाग्ने महसूल; स्थानीय कर; चुङ्गी।

चुंगो-ना० [?] १. पानी वा त्यस्तै तरल पदार्थ हाल्ने बाँसको भाँड़ो। २. रद्दी किसिमको, धातुको सानो-तिनो पातलो भाँड़ो।

चुँड़ाइ-ना० [चुँड्+आइ] चुँड्ने किसिम वा क्रिया।

चुँड़ालाइ-ना० [चुँड़ाल्+आइ] चुँड़ाल्ने किसिम वा क्रिया।

चुँड़ालिनु-स० क्रि० [चुँड़ाल्+इ+नु] छिनालिनु; ('चुँड़ाल्नु'-को क० क्रि०)।

चुँड़ाल्नु-स० क्रि० [चुँड्+नु] चुँड्नु; छिनाल्नु।

चुँड़िइनु-स० क्रि० [चुँड़ि+इ+नु] चुँड़िने होइनु; ('चुँड़िनु'-को क० क्रि०)।

चुँड़िनु-स० क्रि० [चुँड्] १. डोरी, धागो आदि टुक्रिनु; छिन्नु। २. भेट्नु वा बीँड़बाट छुट्टिनु। ३. चुँड्ने होइनु; ('चुँड्नु'-को क० क्रि०)।

चुँड्नु-स० क्रि० [सं० चुण्ड्] १. डोरी, धागो आदि टुक्र्याउनु; चुँड़ाल्नु। २. फूल, पात आदि भेट्नाबाट छुट्ट्याउनु; टिप्नु।

चुँड़चाइ-ना० [चुँड़ि+आइ] चुँड़िने किसिम वा क्रिया।

चुँदरी-ना० [चुन्] चुनेर रँगाएको रङ्गी-चङ्गी कपड़ा।

चुइँ-क्रि० यो० [ने०] चुँक्क; चुँ।

चुइँकनु-अ० क्रि० [चुइँक्क+नु] चुइँकिनु।

चुइँकिइनु-अ० क्रि० [चुइँकि+इ+नु] विवश पारिनु; ('चुइँकिनु'-को भा० क्रि०)।

चुइँकिनु-अ० क्रि० [चुइँक्क] १. विवश हुनु। २. काममा जोतिनु। ३. चुइँ-चुइँ शब्द निकाल्नु; मूसा कराउनु। ४. छालाका जुत्ताबाट हिँड्दा छालाका जोर्नी घोटिँदा शब्द आउनु।

चुइँकी-ना० [ने०] सरकारी उर्दी; घोषणा।

चुइँक्क-क्रि० यो० [ने०] १. मूसा कराउने किसिम; चुँक्क। २. विवश भएर लुत्रुक्क पर्ने किसिम; चुइँकिने किसिम।

चुइँक्याइनु-स० क्रि० [चुइँक्याउ+इ+नु] विवश पारिनु; ('चइँक्याउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

चुइँक्याउनु—स० क्रि० [चुइँकि+याउ+नु] विवश पार्नु; ('चुइँकिनु'-को क० क्रि०)।

चुइँया—वि० [चुस्] १. कन्जुस; किरन्टोकी; कृपण। (ना०) २. कालो धूप-छायाँ रङ्गको, झीनो र लामो चुच्चो हुने, साह्रै सानो, फूलको रस चुस्ने एक जातको चरो।

चुइँ-चुइँ—क्रि० यो० [अनु०] १. पीडा हुँदा मूसा कराउने किसिम। २. छालाको जुत्ताबाट शब्द आउने किसिम। ३. काठ, डोरी आदिको घर्षण हुँदा शब्द निस्कने किसिम।

चुक—ना० [चूक] चूक।

चुक—ना० [चूक] चूक।

चुकचुक—क्रि० यो० [अनु०] भूल हुँदा वा पछुतो हुँदा मुखबाट यसै किसिमको शब्द निकाल्ने किसिम; चुकचुकाउने किसिम; च्च-च्च।

चुकचुकाइ—ना० [चुकचुकाउ+आइ] चुकचुकाउने किसिम, क्रिया वा भाव।

चुकचुकाइनु—स० क्रि० [चुकचुकाउ+इ+नु] चुकचुक लागिनु; ('चुकचुकाउनु'-को क० क्रि०)।

चुकचुकाउँदो—वि० [चुकचुक+आउँदो] १. कलिलो; नछिप्पिएको (अन्न)। २. माया-लाग्दो। ३. रहर-लाग्दो।

चुकचकाउनु—स० क्रि० [चुकचुकाउ+इ+नु] चुकचुकी लागिनु; ('चुकचुकाउनु'-को क० क्रि०)।

चुकचुकाउनु—अ० क्रि० [चुकचुकी+आउ+नु] १. चुकचुकी लाग्नु; पछुताउनु; पश्चात्ताप गर्नु; थकथकाउनु। २. झुराउनु; प्रशंसा गर्नु।

चुकचुकी—ना० [चुकचुक+ई] पछुतो; पश्चात्ताप।

चुकन्दर—ना० [फा० चुक़न्दर] गाजर वा शलगमजस्तो, रातो रङ्गको, तरकारी खाइने एक जातको मूला।

चुकाइ—ना० [चुक्+आइ] चुक्ने किसिम वा क्रिया।

चुकाइ—ना० [चुकाउ+आइ] चुकाउने किसिम वा क्रिया।

चुकाइनु—स० क्रि० [चुकाउ+इ+नु] तिरिनु; चुक्ता पारिनु; ('चुकाउनु'-को क० क्रि०)।

चुकाइनु—स० क्रि० [चुकाउ+इ+नु] चुक्न लाइनु; ('चुकाउनु'-को क० क्रि०)।

चुकाउनु—स० क्रि० [चुक्+आउ+नु] भूलमा पार्नु; झुक्क्याउनु; ('चुक्नु'-को प्रे० क्रि०)।

चुकाउनु—स० क्रि० [चुक्ति+आउ+नु] १. तिर्नु; चुक्ता पार्नु। २. सिद्धयाउनु; समाप्त गर्नु।

चुकानी—ना० [चूक+आनी] बारा, फुरौला आदिमा अमिलो दही, मही, मसला आदि हालेर पकाएको खाद्य पदार्थ।

चुकिनु—स० क्रि० [चुक्+इ+नु] भूल गरिनु; ('चुक्नु'-को क० क्रि०)।

चुकिलो—वि० [चूकिलो] चूकिलो।

चुकुल—ना० [नेवा० चुकू] १. नहल्लने र बलियो पार्नाका निम्ति ढोका, दलिन आदिमा प्वाल पारी ठोक्ने कीलो। २. बाहिरबाट खोल्न नहुने गरी झ्याल, ढोका आदि बन्द गर्ने काठको चेप्टो पुतली।

चुक्किइनु—अ० क्रि० [चुक्कि+इ+नु] चिरिइनु; ('चुक्किनु'-को भा० क्रि०)।

चुक्किनु—अ० क्रि० [चुक्+इ+नु] चिरिनु; चर्कनु; फुट्नु।

चुक्कचाइ—ना० [चुक्कि+आइ] चुक्किने किसिम वा क्रिया।

चुक्ताइनु—स० क्रि० [चुक्ताउ+इ+नु] चुक्ता गरिनु; ('चुक्ताउनु'-को क० क्रि०)।

चुक्ताउनु—स० क्रि० [चुक्ति+आउ+नु] चुक्ती पार्नु; चुक्त्याउनु; ('चुक्तिनु'-को प्रे० क्रि०)।

चुक्तिइनु—अ० क्रि० [चुक्ति+इ+नु] फच्छे होइनु; ('चुक्तिनु'-को भा० क्रि०)।

चुक्तिनु—अ० क्रि० [चुक्ती+नु] चुक्ती हुनु; फर्सिनु; फच्छे हुनु।

चुक्ती—ना० [प्रा० चुक्की] १. ऋण चुकाउनु; फछर्यौट; फच्छे। २. खतम गर्नु; समाप्ति।

चुक्त्याइ—ना० [चुक्त्याउ+आइ] चुक्त्याउने किसिम, क्रिया वा भाव।

चुक्त्याइनु—स० क्रि० [चुक्त्याउ+इ+नु] चुक्ती पारिनु; ('चुक्त्याउनु'-को क० क्रि०)।

चुक्त्याउनु—स० क्रि० [चुक्ति+याउ+नु] १. चुक्ती पार्नु; फछर्याउनु। २. सिद्धयाउनु; समाप्त गर्नु; ('चुक्तिनु'-को प्रे० क्रि०)।

चुक्नु—स० क्रि० [चूक+नु] १. भूल गर्नु; गलती गर्नु। २. मौका गुमाउनु; खुस्कनु। ३. अपराध गर्नु।

चुक्र—ना० [सं०] १. चूक। २. अमिलोपन। ३. अमिलो-पालुङ्गो।

चुक्राम्ल—ना० [सं०] १. चूक। २. चुक्र।

चुक्रिमा—ना० [सं०] अमिलोपन।

चुक्ली—ना० [फा० चुग़ली] कसैसित परोक्षमा लाएको अर्काको नराम्रो कुरो; छुस्केरो; छुल्याइँ।

चुक्ली-खोर—वि० [चुल्की+खोर] चुक्ली लाउने; छुल्याहा।

चुङ्गा—ना० [तु० चुग़ा] गोली-गाँठासम्म आउने खुकुलो एक प्रकारको लुगा; चोँगा।

चुङ्गी—ना० [सं० शुल्क] चुँगी।

चुचुक—ना० [सं०] दूधको मुन्टा; स्तनको अग्र-भाग।

चुचुरो—ना० [सं० चूचुक] पहाड़को शिखर; टाकुरो।

चुच्चिइनु—अ० क्रि० [चुच्चि+इ+नु] चुच्चो परिनु; ('चुच्चिनु'-को भा० क्रि०)।

चुच्चिनु—अ० क्रि० [चुच्चो+इ+नु] चुच्चो पर्नु; चोसे पर्नु।

चुच्चे—वि० [चुच्चो+ए] १. चुच्चो परेको; तीखो। २. चुस्स परेको मुख हुने।

चुच्चे-करेलो—ना० [चुच्चे+करेलो] परवरका आकारको, भित्र काला बीयाँ र बाहिर काँढ़ा हुने एक जातको करेलो; बरेलो।

चुच्चे-चरो—ना० [चुच्चे+चरो] चाँचर।

CC-0. In Public Domain. Digitization by eGangotri

चुच्चे-बाम—ना० [चुच्चे+बाम] चुच्चो परेको टाउको हुने एक जातको बाम माछो ।

चुच्चो—ना० [सं० चञ्चु] १. चरा-चुरुङ्गीको मुख; ठुँडो। २. तीखो र लाम्चो आकार; चोसो।

चुच्च्याइ—ना० [चुच्चि+आइ] चुच्चिने किसिम वा क्रिया।

चुच्च्याइनु—स० क्रि० [चुच्च्याउ+इ+नु] चुच्चो पारिनु; ('चुच्च्याउनु'-को क० क्रि०) ।

चुच्च्याउनु—स० क्रि० [चुच्चि+याउ+नु] चुच्चो पार्नु; चोसो पार्नु; चोस्याउनु; ('चुच्चिनु'-को प्रे० क्रि०)।

चुञ्चु—वि० [सं०] १. प्रसिद्ध; प्रख्यात। २. सिपालु; निपुण। (ना०) ३. चाँगे फूल।

चुटकिलो—वि० [चट्ट] १. छोटो र घत-लाग्दो; संक्षिप्त र प्रभाव-शाली। (ना०) २. छोटो र चमत्कारपूर्ण कथा।

चुटकी—ना० [नें०] १. बूढ़ी-औंलो र माझी-औंलो रगेड़ी माझी-औंलोलाई हर्थुङ्गोमा ठक्कर खुवाउँदा निस्कने शब्द। २. थोरै समय; छिन।

चुटाइ—ना० [चुट्+आइ] चुट्ने किसिम, क्रिया वा भाव।

चुटाइनु—स० क्रि० [चुटाउ+इ+नु] चुट्न लाइनु; ('चुटाउनु'-को क० क्रि०)।

चुटाउनु—स० क्रि० [चुट्+आउ+नु] चुट्न लाउनु; ('चुट्नु'-को प्रे० क्रि०)।

चुटिनु—स० क्रि० [चुट्+इ+नु] खूबसित पिटिनु; ('चुट्नु'-को क० क्रि०)।

चुट्नु—स० क्रि० [सं० चुट्+नु] १. खूबसित पिट्नु; गोघ्नु; ठटाउनु। २. झाँट्नु; झार्नु (धान, गहूँ आदि)।

चुठाइ—ना० [चुठ्+आइ] चुठ्ने किसिम, क्रिया वा भाव।

चुठाइनु—स० क्रि० [चुठाउ+इ+नु] चुठ्न लाइनु; ('चुठाउनु'-को क० क्रि०)।

चुठाउनु—स० क्रि० [चुठ्+आउ+नु] चुठ्न लाउनु; ('चुठ्नु'-को प्रे० क्रि०)।

चुठिनु—स० क्रि० [चुठ्+इ+नु] मुख, हात आदिबाट जूठो पखालिनु; ('चुठ्नु'-को क० क्रि०)।

चुठुवा—ना० [चुठ्+उवा] चुठ्ने भाँड़ो; कोपरा।

चुठ्नु—स० क्रि० [जूठो+नु] खाइसकेपछि हात, मुख आदि धुनु; हात, मुख आदिको जूठो पखाल्नु; कुल्ला गर्नु।

चुड़का—ना० [नें०] छिटो-छिटो गाइने एक प्रकारको लोक-गीत वा त्यसको लय।

चुड़किलो—वि० [चुटकिलो] चुटकिलो।

चुड़की—ना० [चुटकी] चुटकी।

चुड़ारो—ना० [नें०] ढुङ्गाको काम गर्ने कर्मी; लोह-कर्मी।

चुत—ना० [सं०] गुद-द्वार।

चुतिया—वि० [सं० चुत+इया] चुत्थो; तुच्छ; नीच।

चुत्के—वि० [नें०] कन्जुस; चुइँया; कृपण।

चुत्थिइनु—अ० क्रि० [चुत्थि+इ+नु] चुत्थो होइनु; ('चुत्थिनु'-को भा० क्रि०)।

चुत्थिनु—अ० क्रि० [चुत्थो+नु] १. चुत्थो हुनु; सबैभन्दा पछि वा कम्ती हुनु। २. होचिनु; अपमानित हुनु।

चुत्थो—वि० [प्रा० चउत्थो] १. प्रतिस्पर्धामा पछि परेको वा कम्ती भएको। २. रद्दी; बेकम्मा।

चुत्थ्याइँ—ना० [चुत्थि+आइँ] चुत्थिने किसिम वा क्रिया।

चुत्थ्याइ—ना० [चुत्थ्याउ+आइ] चुत्थ्याउने किसिम, क्रिया वा भाव।

चुत्थ्याइनु—स० क्रि० [चुत्थ्याउ+इ+नु] चुत्थो पारिनु; ('चुत्थ्याउनु'-को क० क्रि०)।

चुत्थ्याउनु—स० क्रि० [चुत्थि+याउ+नु] चुत्थो पार्नु; ('चुत्थिनु'-को प्रे० क्रि०)।

चुत्रो—ना० [नें०] १. काँढ़ादार पात, पहेँला फूल र प्याजी रङ्गका गुलिया फल हुने एक जातको काँढ़ादार बोट। २. त्यसैको फल।

चुथ्रो—ना० [नें०] मसिना पात हुने, राती-गेड़ीका जस्ता साना-साना गेड़ा फल्ने, लेकमा हुने एक जातको भइँ-झार।

चुनरी—ना० [चुँदरी] चुँदरी।

चुनाइ—ना० [चुन्+आइ] चुन्ने किसिम वा क्रिया।

चुनाइनु—स० क्रि० [चुनाउ+इ+नु] चुन्न लाइनु; ('चुनाउनु'-को क० क्रि०)।

चुनाउ—ना० [चुन्+आउ] १. कपड़ाहरू चुन्ने काम; खाँच्नु। २. कुनै स्थान वा पदका निम्ति योग्य व्यक्ति छान्ने काम; निर्वाचन।

चुनाउनु—स० क्रि० [चुन्+आउ+नु] चुन्न लाउनु; ('चुन्नु'-को प्रे० क्रि०)।

चुनाव—ना० [चुन्] १. कुनै काम गर्न वा पदमा नियुक्त गर्न कुनै व्यक्तिलाई मत-दानद्वारा छान्नु; निर्वाचन। २. छान्नु; रोज्नु। ३. कुनै वस्तुबाट केही टिपेर झिक्नु वा लिनु।

चुनिउखु—ना० [?+उखु] हरियो डाँठ हुने एक जातको ऊखु।

चुनिनु—स० क्रि० [चुन्+इ+नु] चुन्ने काम गरिनु; ('चुन्नु'-को क० क्रि०)।

चुनी-चुनाउ—वि० [चुन्+चुन्] घोट, कलप लगाई चुनोट गरेको; चुनेर तयार पारिएको।

चुनोट—ना० [चून+ओट] घरमा चून लगाउनु; चूनले पोत्नु।

चुनोट—ना० [चुन्+ओट] कपड़ा आदिको चुनाइ; खँचाइ।

चुनौती—ना० [हिं०] युद्ध, शास्त्रार्थ आदिको निम्ति दिइने उत्तेजक आह्वान; हाँक; ललकार।

चुन्नु—स० क्रि० [सं० चयन] १. घोट, कलप गरेको कपड़ालाई कुनै साधनद्वारा खुम्चा पार्नु; मुजा पार्नु; खाँच्नु। २. केलाउनु; बिन्नु। ३. रोज्नु; छान्नु। ४. टिप्नु।

चुन्याइ—ना० [चुन्याउ+आइ] चुन्याउने किसिम वा क्रिया।

चुन्याइनु—स० क्रि० [चुन्याउ+इ+नु] मुज्याइनु; ('चुन्याउनु'-को क० क्रि०)।

चुन्याउनु—स० क्रि० [चुन्+याउ+नु] धोतीहरू मुजा-मुजा पर्ने गरी समेट्नु वा तह लाउनु; मुज्याउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

चुपर–ना० [च्याप-च्याप] १. तालु आदि ठाउँमा तेल हालेर हत्केलाले ठोक्नु। २. तेल आदि घस्नु; तेल लाउनु।

चुपारिनु–स० क्रि० [चुपार्+इ+नु] चुपार्ने काम गरिनु; ('चुपार्नु'-को क० क्रि०)।

चुपार्नु–स० क्रि० [चुपर+नु] १. तालुमा तेल हालेर ठोक्नु। २. तेल आदि घस्नु।

चुपी–ना० [नेवा०] १. दाउरा आदि काट्ने एक प्रकारको हतियार। २. ढुङ्गा, ईंट आदि काट्ने, चुच्चो माथितिर घुमेको, डकर्मीको हतियार।

चुबुर-चुबुर–क्रि० यो० [चुभुर-चुभुर] चुभुर-चुभुर।

चुबुर्के-चरो–ना० [न०] पेटमा अकासी रङ्गको भूवा हुने एक जातको सानो चरो।

चुबुर्को–ना० [चुभुर्को] चुभुर्को।

चुभाइ–ना० [चुभ्+आइ] चुभ्ने किसिम, क्रिया वा भाव।

चुभाइनु–स० क्रि० [चुभ्+आइ+नु] गड़ाइनु; ('चुभ्नु'-को क० क्रि०)।

चुभाउनु–स० क्रि० [चुभ्+आउ+नु] गड़ाउनु; ('चुभ्नु'-को प्रे० क्रि०)।

चुभिनु–अ० क्रि० [चुभ्+इ+नु] गड़िनु; रोपिनु; ('चुभ्नु'-को भा० क्रि०)।

चुभुर-चुभुर–क्रि० यो० [ने०] अलि-अलि गरेर कुनै काम गर्ने किसिम; फेरि-फेरि गर्ने किसिम।

चुभुर्को–ना० [ने०] १. थोरै अनाज। २. अनाजको बचत; शेष अन्न। ३. चानचुने वस्तु।

चुभुर्क्याइ–ना० [चुभुर्क्याउ+आइ] चुभुर्क्याउने किसिम, क्रिया वा भाव।

चुभुर्क्याइनु–स० क्रि० [चुभुर्क्याउ+इ+नु] चुभुर्को पारिनु; ('चुभुर्क्याउनु'-को क० क्रि०)।

चुभुर्क्याउनु–स० क्रि० [चुभुर-चुभुर+याउ+नु] १. थोरै-थोरै अन्नहरू विभिन्न भाँड़ामा राख्नु; चुभुर्को पार्नु। २. अलि-अलि गरी वार-वार दिनु; चुभुर-चुभुर दिनु। ३. वार-वार कुनै ठाउँमा आइरहनु; मुल्क्याउनु; झुल्क्याउनु।

चुभ्नु–स० क्रि० [चोभ्+नु] गड्नु; रोपिनु; बिझ्नु।

चुमाइ–ना० [चुम्+आइ] चुम्ने किसिम, क्रिया वा भाव।

चुमाइनु–स० क्रि० [चुमाउ+इ+नु] चुम्न लाइनु; ('चुमाउनु'-को क० क्रि०)।

चुमाउनु–स० क्रि० [चुम्+आउ+नु] चुम्न लाउनु; ('चुम्नु'-को प्रे० क्रि०)।

चुमावन–ना० [चुवान] चुवान।

चुमिनु–स० क्रि० [चुम्+इ+नु] चुम्बन गरिनु; ('चुम्नु'-को क० क्रि०)।

चुमुक्क–क्रि० यो० [ने०] १. हतोत्साह हुने किसिम; ङिच्च; किच्च। २. खुम्चिने किसिम।

चुमुर्किइनु–अ० क्रि० [चुमुर्कि+इ+नु] लुत्रुक्क परिनु; ('चुमुर्किनु'-को भा० क्रि०)।

चुमुर्किनु–अ० क्रि० [न०] लुत्रुक्क पर्नु; विवश हुनु।

चुमुर्क्याइ–ना० [चुमुर्कि+आइ] चुमुर्किने किसिम वा क्रिया।

चुमुर्क्याइ–ना० [चुमुर्क्याउ+आइ] चुमुर्क्याउने किसिम वा क्रिया।

चुमुर्क्याइनु–स० क्रि० [चुमुर्क्याउ+इ+नु] बेसरी कसेर बाँधिनु; ('चुमुर्क्याउनु'-को क० क्रि०)।

चुमुर्क्याउनु–स० क्रि० [ने०] १. बेसरी कसेर बाँध्नु। २. उम्कन नसक्ने गरी समाउनु। ३. सकी-नसकी बोक्नु। ४. कुर्मुन्याउनु।

चुम्किइनु–अ० क्रि० [चुम्कि+इ+नु] हतोत्साह होइनु; ('चुम्किनु'-को भा० क्रि०)।

चुम्किनु–अ० क्रि० [चुमुक्क+इ+नु] हतोत्साह हुनु; चुमुक्क पर्नु; ङिच्च पर्नु।

चुम्क्याइ–ना० [चुम्कि+आइ] चुम्किने किसिम वा क्रिया।

चुम्क्याइनु–स० क्रि० [चुम्क्याउ+इ+नु] उत्साह भङ्ग गरिनु; ('चुम्क्याउनु'-को क० क्रि०)।

चुम्क्याउनु–स० क्रि० [चुम्कि+याउ+नु] उत्साह भङ्ग गर्नु; चुमुक्क पार्नु; जिल्ल्याउनु; ('चुम्किनु'-को प्रे० क्रि०)।

चुम्क्याहट–ना० [चुम्कि+आहट] चुम्किने किसिम वा क्रिया।

चुम्नु–स० क्रि० [सं० चुम्बन+नु] १. चुम्बन गर्नु; म्वाइँ खानु। २. छुनु; स्पर्श गर्नु।

चुम्ब–ना० [सं०] म्वाइँ; चुम्बन।

चुम्बक–ना० [सं०] १. म्वाइँ खाने; चुम्बन गर्ने। २. कामुक। ३. पल्लव-ग्राही पण्डित। ४. फलामलाई आफूतिर तान्ने एक प्रकारको पत्थर वा त्यस्तो शक्ति भएको कुनै पदार्थ।

चुम्बकीय–वि० [सं०] चुम्बक भएको वा चुम्बकको गुण भएको।

चुम्बन–ना० [सं०] १. म्वाइँ खानु; चुम्बन गर्नु। २. म्वाइँ ३. छुवाइ; स्पर्श।

चुम्बा–ना० [सं०] म्वाइँ; चुम्बन।

चुम्बित–वि० [सं०] १. म्वाइँ खाइएको; चुम्बन गरिएको। २. छोइएको; स्पर्श गरिएको।

चुम्बी–वि० [सं०] १. म्वाइँ खाने; चुम्बन गर्ने। २. छुने; स्पर्श गर्ने।

चुमा–ना० [सं० चुम्बा] चुम्बा।

चुम्याँ–वि० [चुइयाँ] चुइयाँ।

चुरचुराइ–ना० [चुरचुराउ+आइ] चुरचुराउने किसिम, क्रिया वा भाव।

चुरचुराइनु–अ० क्रि० [चुरचुराउ+इ+नु] चुलबुलाइनु; ('चुरचुराउनु'-को भा० क्रि०)।

चुरचुराउनु–अ० क्रि० [ने०] केटा-केटीहरू बराबर चलिरहनु; चुलबुलाउनु।

चुरचुरिइनु–अ० क्रि० [चुरचुरि+इ+नु] चुरचुराइनु; ('चुरचुरिनु'-को क० क्रि०)।

चुरचुरिनु–अ० क्रि० [चुरचुराउ] चुरचुराउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

चुरचुऱ्याइ–ना० [चुरचुरि+याइ] चुरचुरिने किसिम, क्रिया वा भाव; चुरचुराइ।

चुरमुऱ्याइ–ना० [चुरमुऱ्याउ+आइ] चुरचुऱ्याउने किसिम, क्रिया वा भाव।

चुरमुऱ्याइनु–स० क्रि० [चुरमुऱ्याउ+इ+नु] कुरमुऱ्याइनु; ('चुरमुऱ्याउनु'-को क० क्रि०)।

चुरमुऱ्याउनु–स० क्रि० [ने०] १. उम्कन नसक्ने गरी समाउनु वा कसेर बाँध्नु। २. कुरमुऱ्याउनु। ३. सुकेको वा झुरो वस्तु समातेर धुल्याउनु।

चुरा–ना० [सं० चूडा] १. प्रायः सधवा स्त्रीहरूले नारीमा लाउने काँचको वृत्ताकार गहना; बाइँ। २. बीचमा खाली भएको वृत्ताकार धातु आदिको वस्तु। ३. कनकन; बाला; चुरी (सुन, चाँदीको)।

चुराउटे–ना० [चुरा+उटे] चुरौटे।

चुरिइनु–अ० क्रि० [चुरि+इ+नु] लागू पदार्थ, थकाइ, रीस-आदिले चूर होइनु; ('चुरिनु'-को भा० क्रि०)।

चुरिनु–अ० क्रि० [चूर+इ+नु] थकाइ, नशा, रीस आदिले चूर हुनु।

चुरी–ना० [चुरा+ई] १. सानो चुरा। २. सुन-चाँदीका चुरा।

चुरीफुरी–ना० [ने०] बिनसित्तिको देखावटी फूर्ति; धाक-रवाफ; टाइँफाइँ।

चुरुक्क–क्रि० यो० [अनु०] १. पन्यालो पदार्थ थोरै चुहुने किसिम; तुरुक्क। २. मसिनु कपड़ा, माटाका भाँड़ा आदि पदार्थ अलिकति च्यातिने वा फुट्ने किसिम।

चुरुम्फा–ना० [ने०] एक प्रकारको जङ्गली अलैंची। (यसको मुन्टाको तर्कारी खाइन्छ।)

चुरो–ना० [ने०] १. काठ आदिको भित्री सार भाग। २. बल; ताकत। ३. राम्ररी नपाकेका भातको भित्री काँचो भाग।

चुरो–ना० [चुरा] चुरा।

चुरोट–ना० [अं० शेरूट] धूवाँ पिइने, सुर्तीको धूलो कागतमा बेह्री बनाएको लाम्चो वस्तु; सिगरेट।

चुरौटे–ना० [चुरो+औटे] १. चुरा बेचेर जीविका गर्ने व्यक्ति; चुराको व्यापारी। २. नेपालको एक मुसलमान जाति।

चुर्के–वि० [चुरि] १. झगड़ा गर्न निहुँ खोज्ने; झगड़ालु। २. चकचके; चञ्चले।

चुर्क्याइँ–ना० [चुर्के+आइँ] चुर्के हुनाको भाव।

चुर्क्याहट–ना० [चुर्के+आहट] चुर्के हुनाको भाव।

चुर्ना–ना० [सं० चूर्ण] १. पेटमा पर्ने सेता, मसिना एक जातका कीरा। २. साना-साना केटा-केटी।

चुर्रिइनु–अ० क्रि० [चुर्रि+इ+नु] थकाइ, नशा, रीस आदिले चूर होइनु; ('चुर्रिनु'-को भा० क्रि०)।

चुर्रिनु–अ० क्रि० [चूर+इ+नु] १. रीसले चूर हुनु; मुर-मुरिनु; चुरिनु। २. रीसले चूर भई जाइलाग्नु; मुरमुरिएर जाइलाग्नु।

चुर्ऱ्याइ–ना० [चुर्रि+आइ] चुर्रिने किसिम वा क्रिया।

चुर्ऱ्याहट–ना० [चुर्रि+आहट] चुर्रिने किसिम वा क्रिया।

चुलबुल–ना० [ने०] छुकछुक; चकचक; चञ्चलता।

चुलबुलाइ–ना० [चुलबुलाउ+आइ] चुलबुलाउने किसिम, क्रिया वा भाव।

चुलबुलाइनु–अ० क्रि० [चुलबुलाउ+इ+नु] चुलबुल गरिनु; ('चुलबुलाउनु'-को भा० क्रि०)।

चुलबुलाउनु–अ० क्रि० [चुलबुल+आउ+नु] चुलबुल गर्नु; चञ्चल हुनु; छुकछुके हुनु।

चुलबुलाहट–ना० [चुलबुलाउ+आहट] चुलबुलाउने किसिम, क्रिया वा भाव।

चुलबुली–ना० [चुलबुल+ई] चलबुल; छुकछुकी।

चुलबुले–वि० [चुलबुल+ए] चुलबुल गर्ने स्वभावको; छुकछुके; चकचके।

चुलिइनु–अ० क्रि० [चुलि+इ+नु] चुलीजस्तो भई थुप्रिइनु; ('चुलिनु'-को भा० क्रि०)।

चुलिनु–अ० क्रि० [चुली+नु] १. चुलीजस्तो भएर थुप्रिनु। २. माना-पाथी आदिमा झुसी भएर भरिनु; झुसिन। ३. खूब धनी हुनु; सम्पन्न हुनु।

चुली–ना० [सं० चूल] १. पर्वतको शिखर; टाकुरो। २. थुप्रो; रास।

चुलुक–ना० [सं०] १. गहिरो हिलो; धाप। २. पानी खान हुने गरी बनाइएको हत्केलाको खाल्टो। ३. मासको गेड़ा डुब्नेभरिको पानी।

चुलेँसी–ना० [चूलो+असि] चराका आकार पारी बनाएको तरकारी काट्ने हतियार।

चुलेत्रो–ना० [चुह्लेत्रो] चुह्लेत्रो।

चुल्ठी–ना० [चुल्ठो+ई] १. तीन वा बढ़ी आँठा पारेर बनाइएको च्याप्टो डोरी वा केश; चुल्ठाका आकारको (डोरी वा केश)। २. सानो चुल्ठो।

चुल्ठे–वि० [चुल्ठो+ए] १. चुल्ठो भएको; चुल्ठो पारेको; चुल्ठो बाटेको। २. ठूलो चुल्ठो भएको वा भएकी।

चुल्ठो–ना० [सं० चूल] तीन वा बढ़ी आँठा पारी बाटिएको केश; बाटेको कपाल।

चुल्लि–ना० [सं०] चुह्लो; चूलो।

चुल्ली–ना० [सं०] चुह्लो; चूली।

चुल्याइ–ना० [चुल्याउ+आइ] चुल्याउने किसिम वा क्रिया।

चुल्याइनु–स० क्रि० [चुल्याउ+इ+नु] थुप्याइनु; ('चुल्याउनु'-को क० क्रि०)।

चुल्याउनु–स० क्रि० [चुलि+याउ+नु] १. थुप्याउनु; राश लाउनु। २. चुलीजस्तो पार्नु; झुस्याउनु; ('चुलिनु'-को प्रे० क्रि०)।

चुवा–ना० [ने०] १. खस्रा लाम्चा पात हुने, चाँपका आकारका, कलेजी टोटा परेका वा सेता रङ्गका बास्ना आउने फूल फुल्ने, डाँठबाट दूध निस्कने एक जातको बोट। २. त्यसैको फूल।

CC-0. In Public Domain. Digitization by eGangotri

चुवान–ना० [चुम्+आन] श्री ५ महाराजाधिराजका व्रतबन्धमा लाग्ने प्राचीन कालको एक दस्तूर। (राजा महाराजाप्रति विशेष अवसरमा प्रजा-जनले दर्शन गर्दा उपहार चढ़ाई गोड़ा वा अरू अङ्ग चुमी भक्ति दर्साउने चलन थियो।)

चुसाइ–ना० [चुस्+आइ] चुस्ने किसिम, क्रिया वा भाव।

चुसाइनु–स० क्रि० [चुसाउ+इ+नु] चुस्न लाइनु; ('चुसाउनु'-को क० क्रि०)।

चुसाउनु–स० क्रि० [चुस्+आउ+नु] चुस्न लाउनु; सोसाउनु; ('चुस्नु'-को क० क्रि०)।

चुसाहा–वि० [चुस्+आहा] चुस्ने; चुसुवा।

चुसिनु–स० क्रि० [चुस्+इ+नु] चुस्ने काम गरिनु; ('चुस्नु'-को क० क्रि०)।

चुसुक्क–क्रि० यो० [चुस्स] १. चुच्चो पर्ने किसिम; चुस्स। २. बिस्तारै छुने किसिम; छुस्स। ३. हल्का किसिमले घोच्ने किसिम; चस्स।

चुसुवा–वि० [चुस्+उवा] चुस्ने; चुसाहा।

चुस्त–ना० [सं०] भुटेका मासुको बाहिरी भाग; पोलेका मासुमा डढ़ेको बाहिरी तह।

चुस्त–वि० [फा०] १. कसिएको; साँगुरो। २. फूर्तिलो; जाँगरिलो। ३. कन्जुस। ४. खुकुलो वा ढीलो नभएको; कड़िकड़ाउको (काम गराइ)।

चुस्ता–ना० [फा० चुस्त] घुँड़ामनि कसिएको र माथितिर फुकेको एक किसिमको सुरुवाल।

चुस्ती–ना० [फा०] १. स्फूर्ति; जाँगर। २. कसिकसाउ; मजबूती।

चुस्नु–स० क्रि० [सं० चूष्+नु] १. कुनै वस्तु मुखले च्यापेर रस थुत्नु; सोस्नु। २. अनुचित किसिमले कसैको सम्पत्ति बिस्तारै-बिस्तारै लिनु; शोषण गर्नु।

चुस्स–क्रि० यो० [चोसो] १. चोसो पर्ने किसिम; चुच्चो पर्ने किसिम। २. बिस्तारै छुने किसिम; छुस्स। ३. हल्का तवरले घोच्ने किसिम; चुसुक्क। ४. फेरि-फेरि देखा पर्ने किसिम।

चुहाइ–ना० [चुहु+आइ] चुहुने किसिम, क्रिया वा भाव।

चुहाइनु–स० क्रि० [चुहाउ+इ+नु] चुहुन लाइनु; ('चुहाउनु'-को क० क्रि०)।

चुहाउनी–ना० [चुहाउ+नी] १. चुहेको वस्तु; तप्केनी। (वि०) २. चुहेको; रसाएको।

चुहाउनु–स० क्रि० [चुहु+आउ+नु] चुहुन लाउनु; धारो लगाउनु; ('चुहुनु'-को प्रे० क्रि०)।

चुहान–ना० [चुहु+आन] १. चुहुने ठाउँ; धारो लाग्ने ठाउँ। २. पानी निस्कने ठाउँ; निकास। ३. चुहुने क्रिया। ४. समुद्र वा अर्को नदीमा मिसिने नदीको मुख; नदी-मुख।

चुहिनु–अ० क्रि० [चुहु+नु] चुहुनु।

चुहुनु–अ० क्रि० [सं० चुत्+नु] १. भाँड़ाका प्वालबाट तरल पदार्थ वा मसिना कणहरू खस्नु; धारो लाग्नु। २. थोपा-थोपा खस्नु; रसाउनु।

चुहेत्रो–वि० [चुहु+एत्रो] चुहुने; चुहिने।

चुल्ही–ना० [चुल्ही+ए] सानो चुल्हो; चूली।

चुल्हेत्रो–ना० [नें०] फेदमा काँढ़ा हुने, बाटुला पात हुने पहेँला फूल फुल्ने बोट। (यसको स्याउलो हिउँदमा गाईवस्तुलाई घाँस खुवाइन्छ।)

चुल्हेत्रो–ना० [चुल्हो+एत्रो] चुल्हो पोत्ने पोतारीको लुँड़ो।

चुल्हे-निम्तो–ना० [चुल्हो+निम्तो] एक भान्सामा खाने परिवारका सबै जनालाई बोलाइने निम्तो, सपरिवार निमन्त्रणा।

चुल्हो–ना० [सं० चुल्ली] कुनै कुरो पकाउनका निम्ति आगो बाल्न बनाइएको वस्तु; चूलो।

चूँ–क्रि० यो० [चुँ] चुँ।

चूँ-चूँ–क्रि० यो० [अनु०] मूसा वा साना-साना चराहरू कराउने किसिम।

चूक–ना० [सं० चुक्र] अमिला फलहरूको रस पकाएर बनाइएको कालो, अमिलो लेदो पदार्थ।

चूक–ना० [सं० च्यूत्] १. भूल; गलती। २. अपराध; कसूर; बिराम।

चूकिलो–वि० [चूक+इलो] चूकजस्तो अमिलो; साह्रै अमिलो; ट्वाँक।

चूचुक–ना० [सं०] स्तनको अग्र-भाग; दूधको मुन्टो।

चूट-पीट–ना० [सं० चुट्ट-पिट्ट] कूट-पीट; मार-पीट।

चूडा–ना० [सं०] १. शिखर; टाकुरो। २. टुपी। ३. सिउर; कल्की। ४. टाउको।

चूडा-करण–ना० [सं०] चूडा-कर्म।

चूडा-कर्म–ना० [सं०] कुमारको पहिलो पटक केश काट्ने संस्कार; चौल-कर्म।

चूडा-मणि–ना० [सं०] १. शिरमा लाउने एक प्रकारको गहना। (वि०) २. सर्व-श्रेष्ठ; अग्र-गण्य।

चूडाम्ल–ना० [सं०] अमिली; तित्री।

चूत–ना० [सं०] १. आँपको रूख। २. भग; योनि।

चूतक–ना० [सं०] १. आँपको बोट। २. सानो कूवा।

चूतिया–वि० [सं० चूत+इया] चुतिया।

चून–ना० [सं० चूर्ण] सिपी, ढुङ्गा आदि पोलेर बनाइएको सेतो धूलो।

चूप–ना० [सं० चुप्] बिलकुल नबोल्नु; अवाक्; मौन।

चूपचाप–ना० [चूप+चाप (फा०)] चूप; मौन।

चूर–वि० [सं० चुद्] १. रीसले मुर्मुरिएको; क्रोधले उत्तेजित। २. नशादार वस्तु खाएर लट्ठ भएको; लठिएको। ३. थकाइले ज्यादै शिथिल। ४. निद्रा वा आलस्यले ग्रस्त।

चूर–वि० [सं० चूर्ण] धूलो; चूर्ण।

चूर-चूर–वि० [चूर+चर] धूलो-पीठो।

चूर्ण–ना० [सं०] १. धूलो; पीठो; मसिनो पदार्थ। २. चून।

CC-0. In Public Domain. Digitization by eGangotri

चूर्णक–ना० [सं०] १. सातू; सतुवा। २. सुगन्धित चूर्ण। ३. समास र श्रुति-कटु शब्द नभएको, साना-साना शब्दले बनेको गद्य-काव्य।

चूर्ण-कुन्तल–ना० [सं०] घुँगुरिएर झुन्डिएको कपाल; अलक; जुल्फी।

चूर्णन–ना० [सं०] चूर्ण गर्नु; धूलो पार्नु।

चूर्णित–वि० [सं०] १. पिँधिएको; धूलो पारिएको। २. नष्ट; ध्वस्त।

चूल–ना० [सं०] १. टुपी; शिखा। २. कपाल; केश। ३. यन्त्रको कुनै घुम्ने चक्काको धुराको तल्लो र माथिल्लो तीखो टुप्पो।

चूलिका–ना० [सं०] एक जातको गोहोरो।

चूली–ना० [चुह्ली] चुह्ली।

चूले-निम्तो–ना० [चुह्ले-निम्तो] चुह्ले-निम्तो।

चूलो–ना० [चूह्लो] चूह्लो।

चूषण–ना० [सं०] चुस्नु; सोस्नु।

चूष्य–वि० [सं०] चुस्न हुने; चुसेर खान हुने; चोष्य।

चेइ-चेइ–ना० [ने०] १. कुकुरलाई बोलाउने शब्द। २. कुकुर (बाल-बोलीमा)।

चेक–ना० [अं०] १. कुनै व्यक्ति वा संस्थाले आफ्नो खाताबाट फलाना व्यक्तिलाई यति रुपियाँ दिनू भनी बैङ्कका नाममा लेखी दिइने विशेष प्रकारको पत्र। २. कुनै काम ठीकसित भएको छ-छैन भनी गरिने जाँच; निरीक्षण।

चेक-बुक–ना० [अं०] बैङ्कमा रुपियाँ जम्मा गर्ने व्यक्तिलाई बरोबर रुपियाँ झिक्नाका निम्ति बैङ्कले दिइराख्ने चेक-हरूको पुस्तिका।

चेट–ना० [सं०] दास; कमारो।

चेटिका–ना० [सं०] दासी; कमारी।

चेटी–ना० [सं०] कमारी; दासी।

चेत्–संयो० [सं०] १. यदि। २. कदाचित्।

चेत–ना० [सं०] १. चेतना; चैतन्य; होश। २. ज्ञान; बोध। ३. धैर्य। ४. सावधानी। ५. याद; स्मरण। ६. मन; चित्त।

चेतक–वि० [सं०] सचेत गराउने; सचेतक।

चेतन–ना० [सं०] १. जीव; आत्मा। २. प्राणी। ३. जीवात्मा। ४. मन। ५. ईश्वर; परमात्मा। ६. बुझ्न वा अनुभव गर्न सक्न शक्ति। (वि०) ७. जिउँदो; सजीव।

चेतना–ना० [सं०] १. चैतन्य; चेतन। २. बुद्धि; विवेक। ३. होश। ४. ज्यान; प्राण। ५. जीवन-शक्ति।

चेत-नाम–ना० [चेत्+नाम] चेत-बाबा; हायल-कायल।

चेत-बाबा–ना० [चेत्+बाबा] कुनै कामको खराब नतीजाबाट चेतेर फेरि त्यो काम नगर्ने प्रतिज्ञा गर्दा भनिने शब्द; हायल-कायल; चेत-नाम।

चेताइ–ना० [चेत्+आइ] चेत्ने वा चेताउने किसिम, क्रिया वा भाव।

चेताइनु–स० क्रि० [चेताउ+इ+नु] चेत्न लाइनु; ('चेताउनु'-को क० क्रि०)।

चेताउनी–ना० [सं० चेतना] सचेत वा सावधान गर्नाका निम्ति दिइने जनाउ; चेतावनी।

चेताउनु–स० क्रि० [चेत्+आउ+नु] चेत्न लाउनु; ('चेत्नु'-को क० क्रि०)।

चेतावनी–ना० [सं० चेतना] कसैलाई होशियार पार्नाका निम्ति दिइने सूचना; चेताउनी; जनाउ।

चेतिनु–अ० क्रि० [चेत्+इ+नु] चेत्ने होइनु; ('चेत्नु'-को भा० क्रि०)।

चेत्नु–अ० क्रि० [सं० चेत्+नु] १. कुनै काम, कुरोको खराब परिणामबाट फेरि त्यस्तो काम, कुरो नगर्ने चेतना पाउनु। २. तोबा हुनु; दूर-दुहाई हुनु।

चेन–ना० [अं०] जन्जीर; सिक्री।

चेन्ज-फेन्ज–ना० [अं० चेन्ज+फेन्ज (फाँ०)] अदली-बदली; हेर-फेर; परिवर्तन।

चेप–ना० [च्याप्] कुनै दुइ वस्तु च्यापिने ठाउँ; चेपुवा।

चेपाइ–ना० [चेप्+आइ] चेप्ने किसिम, क्रिया वा भाव।

चेपाइ–ना० [चेपाउ+आइ] चेपाउने किसिम, क्रिया वा भाव।

चेपाइनु–स० क्रि० [चेप्+आइ+नु] चेप्न लाइनु; च्यपाइनु; ('चेप्नु'-को क० क्रि०)।

चेपाउनु–स० क्रि० [चेप्+आउ+नु] चेप्न लाउनु; च्यपाउनु; ('चेप्नु'-को प्रे० क्रि०)।

चेपागाँड़ा–ना० [ने०] भ्यागुताका बच्चा।

चेपाङ–ना० [ने०] १. नेपालको पर्वतीय प्रदेशमा बस्ने एक जाति। २. पुच्छर भएको, कालो रङ्गको, भ्यागुतोजस्तो, घस्रेर हिँड्ने सानो प्राणी।

चेपारे–वि० [चेपारो+ए] चेपारो पार्ने; लोलो-पोतो गर्ने; बेसारे।

चेपारे–ना० [ने०] धोक्रे-चरो।

चेपारो–ना० [ने०] लोलो-पोतो; फुस्ल्याहट; चेप्प्याइँ।

चेपिइनु–अ० क्रि० [चेप+इ+नु] करेपमा परिनु; ('चेप्नु'-को भा० क्रि०)।

चेपिनु–स० क्रि० [चेप्+इ+नु] चेप्ने काम होइनु; च्यापिनु।

चेपुवा–ना० [चेप्टो] करीब तीन इन्च लामो, चेप्टो, सेतो, सानो टाउको हुने एक जातको माछो।

चेपुवा–वि० [च्याप्+उवा] १. च्याप्ने; दुइतिरबाट अँठ्याउने। (ना०) २. च्यापिने ठाउँ; चेप। ३. जङ्गली जनावरलाई च्यापेर मार्ने वा पक्रने काठको साधन।

चेप्टिइनु–अ० क्रि० [चेप्टि+इ+नु] चेप्टो परिनु; ('चेप्टिनु'-को भा० क्रि०)।

चेप्टिनु–अ० क्रि० [चेप्टो+इ+नु] चेप्टो पर्नु; थेच्चिनु।

चेप्टे–वि० [चेप्टो+ए] चेप्टो परेको; थेप्चे।

CC-0. In Public Domain. Digitization by eGangotri

चेप्टो–वि० [सं० चिपट] १. चेप्टिएको; चेप्टो; थेप्चो। २. फैलिएको; चापट।

चेप्टचाइ–ना० [चेप्टि+आइ] चेप्टिने किसिम वा क्रिया।

चेटचाइ–ना० [चेटचाउ+आइ] चेप्च्याउने किसिम, क्रिया वा भाव।

चेप्टचाइनु–स० क्रि० [चेप्टचाउ+इ+नु] चेप्टो पारिनु; ('चेप्टचाउनु'-को क० क्रि०)।

चेप्टचाउनु–स० क्रि० [चेप्टि+याउ+नु] चेप्टो पार्नु; थेप्च्याउनु; ('चेप्टिनु'-को प्रे० क्रि०)।

चेप्टचाहट–ना० [चेप्टि+आहट] चेप्टिने किसिम वा क्रिया।

चेप्नु–स० क्रि० [चेप+नु] १. बेसरी थिच्नु; करेपमा पार्नु। २. दिसा, पिसाब, रोग आदिले जोड़ गर्नु; च्याप्नु।

चेप्रे–वि० [चेपारे] चेपारे।

चेप्र्याइँ–ना० [चेप्रे+आइँ] चेपारो।

चेप्र्याइ–ना० [चेप्र्याउ+आइ] चेप्र्याउने किसिम, क्रिया वा भाव।

चेप्र्याइनु–स० क्रि० [चेप्र्याउ+इ+नु] चेप्र्याउने काम गरिनु; ('चेप्र्याउनु'-को क० क्रि०)।

चेप्र्याउनु–स० क्रि० [चेपारो+याउ+नु] १. कसैलाई होच्याएको वा गिज्याएको सङ्केत गरी आफ्नो मुखाकृति बिगार्नु; ओठ लेप्र्याउनु। २. चेपारो पार्नु।

चेप्र्याहट–ना० [चेप्र्याउ+आहट] चेप्र्याउने किसिम, क्रिया वा भाव।

चेमेलिका–ना० [सं०] चमेरो।

चेयर-मैन–ना० [अं०] लोक-सेवा आयोग, नगरपालिका आदिका सभापति; अध्यक्ष।

चेल–ना० [सं०] कपड़ा; वस्त्र; चैल।

चेला–ना० [चेलो] चेलो।

चेला-चपेटा–ना० [चेला+चपेटा (फाँ०)] चेला-चाटी; शिष्य-वर्ग।

चेला-चाटी–ना० [चेला+चाटी (फाँ०)] चेला-चेलीहरूको समुदाय; शिष्य-वर्ग; चेला-चपेटा।

चेली–ना० [चेलो+ई] १. स्त्री-शिष्य; शिष्या। २. छोरी।

चेली-बेटी–ना० [चेली+बेटी] छोरीहरूको समुदाय; छोरी-बेटी।

चेलो–ना० [सं० चेटक] १. विद्यार्थी। २. गायत्री, दीक्षा आदि मन्त्र सुनेको शिष्य। ३. अनुयायी।

चेवा–ना० [सं० चक्षु] १. गुप्त तवरले लिइने खबर; चियो; गुप्त निरीक्षण। २. चियो गर्ने व्यक्ति; गुप्त-चर; जासूस।

चेवा-चर्चा–ना० [चेवा+चर्चा] १. चेवा; चियो; जासूसी। २. अनावश्यक कुरोको खोजी-नीति; नचाहिँदा कुराको चर्चा।

चेष्टक–वि० [सं०] चेष्टा गर्ने; प्रयत्न गर्ने।

चेष्टा–ना० [सं०] १. मनको भाव वा विचार प्रकट गर्ने अङ्गको गति वा अवस्था; भाव-भङ्गी; अङ्ग-भङ्गिमा। २. प्रयत्न; कोशिश। ३. इच्छा; कामना। ४. हिँड़ाइ-डुलाइ; छाड़न।

चेष्टा-नाश–ना० [सं०] प्रलय।

चेष्टा-निरूपण–ना० [सं०] कुनै व्यक्तिको गति-विधि विचार गर्नु; भाव-भङ्गी हेर्नु।

चेष्टित–वि० [सं०] १. चेष्टा भएको; चेष्टा-युक्त। (ना०) २. चेष्टा।

चेहड़ा–ना० [फा० चेहरा] चेहरा।

चेहरा–ना० [फा०] मुख-मण्डल; वदन; अनुहार।

चैँसो–ना० [ने०] दालको धूलो वा च्याँख्ला।

चैत–ना० [प्रा० चइत्त] चित्रा नक्षत्र-युक्त पूर्णिमा पर्ने महीना; फाल्गुनपछिको महीना; चैत्र।

चैतन्य–ना० [सं०] १. चेतना; ज्ञान। २. आत्मा। ३. चित्स्वरूप परमात्मा। ४. प्रकृति। (वि०) ५. चेतना-युक्त; सचेत। ६. होशियार; सावधान।

चैते–वि० [चैत+ए] १. चैत महीनाको; चैत्र-सम्बन्धी। (ना०) २. घोड़े-जात्राका पर्वमा गाइने एक विशेष प्रकारको लोक-गीत वा त्यसको लय।

चैतेती–ना० [चैते+ती] १. विशेषतः दमाइँ, कामी आदि कामदारलाई साउनेतीसम्मका लागि गरिने थमौती। २. त्यस्तो थमौती गर्दा दिइने दस्तूर।

चैते-दसैँ–ना० [चैते+दसैँ] चैत्र शुक्ल प्रतिपददेखि दशमीसम्म मनाइने चाड़; चैतमा पर्ने दसैँ।

चैते-पानी–ना० [चैते+पानी] शास्त्रानुसार कन्याको विवाह भएका वर्ष दिनभित्र परेका चैत्र महीनामा बाबु र उक्त विवाहिता छोरीले बार्नुपर्ने एक घाटको पानी।

चैते-फूल–ना० [चैते+फूल] चैतमा फुल्ने एक जातको फूल; कोइरालो।

चैते-बाँदर–वि० [चैते+बाँदर] चैतको (खान नपाएको) बाँदरजस्तो (दुब्लो); साह्रै दुब्लो।

चैत्य–ना० [सं०] १. घर; गृह। २. देवालय; मन्दिर। ३. यज्ञ-शाला। ४. गाउँका नजीकको वृक्ष-समूह। ५. स्तूप; चिबहाल। (वि०) ६. चिता-सम्बन्धी।

चैत्य-तरु–ना० [सं०] गाउँका नजीकको पीपलको रूख।

चैत्र–ना० [सं०] १. चित्रा नक्षत्रले युक्त पूर्णिमा पर्ने महीना; वसन्त ऋतुमा पर्ने फाल्गुनपछिको महीना; चैत। २. देवालय; मन्दिर। ३. यज्ञ-भूमि। ४. बौद्ध भिक्षु।

चैत्रक–ना० [सं०] चैत महीना; चैत्र।

चैत्ररथ–ना० [सं०] कुबेरको बगैँचा।

चैत्री–ना० [सं०] चैत्र शुक्ल पूर्णिमा।

चैन–ना० [सं० शयन] १. आनन्द; सुख। २. मोज-मज्जा; भोग-विलास।

चैल–ना० [सं०] १. कपड़ा; वस्त्र। २. लुगा; चेल।

चोँगा–ना० [तु० चुग़ा] शेरवानीजस्तो एक प्रकारको लामो कोट; चुङ्गा।

CC-0. In Public Domain. Digitization by eGangotri

चोइटा–ना० [चोइटो] चोइटो।

चोइटा-चोइटी–ना० [चोइटा+चोइटा+ई] टुक्रा-टाक्री।

चोइटिइनु–अ० क्रि० [चोइटि+इ+नु] चोइटा परिनु; ('चोइटिनु'-को भा० क्रि०)।

चोइटिनु–अ० क्रि० [चोइटो+इ+नु] चोइटो पर्नु; ठूलो वस्तुबाट सानो टुक्रो छुट्टिनु।

चोइटो–ना० [सं० चिपिट] कुनै कड़ा वस्तुलाई ताछ्ता, काट्ता वा फोर्दा निस्कने सानो टुक्रो।

चोइट्याइ–ना० [चोइटि+आइ] चोइटिने किसिम, क्रिया वा भाव।

चोइट्याइ–ना० [चोइट्याउ+ई] चोइट्याउने किसिम, क्रिया वा भाव।

चोइट्याइनु–स० क्रि० [चोइट्याउ+इ+नु] चोइटो छुट्ट्याइनु; ('चोइट्याउनु'-को क० क्रि०)।

चोइट्याउनु–स० क्रि० [चोइटि+याउ+नु] चोइटो छुट्ट्याउनु; ठूलो वस्तुबाट सानो टुक्रो निकाल्नु; ('चोइटिनु'-को प्रे० क्रि०)।

चोइलिइनु–अ० क्रि० [चोइलि+इ+नु] चोइलो परिनु; ('चोइलिनु'-को भा० क्रि०)।

चोइलिनु–अ० क्रि० [चोइलो+इ+नु] पकाएको भात, ढिँड़ो आदि सेलाउँदा जमेर ढेलो पर्नु; चोइलो पर्नु; चाको पर्नु।

चोइली–ना० [चोइलो+ई] भात, ढिँड़ो आदिको सानो चपरो; सानो चोइलो।

चोइलो–ना० [चोइटो] १. भात, ढिँड़ो आदिको चेप्टो डल्लो; चेप्टो। २. ठूलो चपरो; ढेलो।

चोइल्याइनु–स० क्रि० [चोइल्याउ+इ+नु] चोइल्याउने काम गरिनु; ('चोइल्याउनु'-को क० क्रि०)।

चोइल्याउनु–स० क्रि० [चोइलि+याउ+नु] भात, ढिँड़ो आदि चोइलो पारेर पन्यूँले झिक्नु; चपरो पारेर कोट्ट्याउनु; ('चोइलिनु'-को प्रे० क्रि०)।

चोक–ना० [प्रा० चउक्क] १. चारैतिर घरले घेरिएको, बीचमा पक्का गरी बनाइएको जमीनको सानो अंश; घरले घेरिएको आँगन। २. चौबाटोको बजार।

चोकर–ना० [सं० शल्क] गहूँ, मकै आदि अनाज पिँधा निस्कने भूस वा खस्रो भाग।

चोके–ना० [ने०] १. दुइ हाँगा छुट्टिएर परेको वा दुइ काठ बाँधी बनाइएको काँध; कापो; खामो। २. असजिलो अवस्था; खूँगे।

चोके-ब्याज–ना० [चोके+ब्याज] असजिलो अवस्थामा परेका व्यक्तिसित अनुचित रूपमा लिइने ब्याज।

चोक्टा–ना० [प्रा० चक्क] १. काटेका साना-साना टुक्रा; चौटा। २. पकाएका दाल, तर्कारी आदिको झोलबाहेकको भाग।

चोक्टा-चोक्टी–ना० [चोक्टा+चोक्टा+ई] साना-ठूला चोक्टा-हरू; टुक्रा-टुक्री।

चोक्टा-लाम्टा–ना० [चोक्टा+लाम्टा] काटेका मासुका टुक्रा-टाक्री; चोक्टाहरूको समुदाय।

चोक्टो–ना० [चोक्टा] चोक्टा।

चोक्रा–ना० [चोक्टा] १. दाल, तरकारी आदिको झोल छुट्टिएको बाक्लो भाग वा चौटा; छोक्रा। २. चोकर।

चोक्रिइनु–अ० क्रि० [चोक्रि+इ+नु] चोक्रा परिनु; ('चोक्रिनु'-को भा० क्रि०)।

चोक्रिनु–अ० क्रि० [चोक्रा+इ+नु] चोक्रा पर्नु; चोक्रा भएक्रो हुनु।

चोक्रे–वि० [चोक्रा] थोरै दूध दिने (गाई-वस्तु)।

चोक्र्याइ–ना० [चोक्रि+आइ] चोक्रिने किसिम वा क्रिया।

चोखा–ना० [सं०] एउटाले मीठो-चोखो खाएको देख्दा अर्काले लोभिएर लाएको कुदृष्टि; नजर; चोखे।

चोखिइनु–अ० क्रि० [चोखि+इ+नु] चोखो होइनु; ('चोखिनु'-को भा० क्रि०)।

चोखिनु–अ० क्रि० [चोखो+इ+नु] १. चोखो हुनु; शुद्ध हुनु। २. जूठो लागेका भाँड़ा-बर्तन माझी, पखाली शुद्ध हुनु। ३. आशौचहरूबाट शुद्ध हुनु।

चोखी-नीति–ना० [चोखो+नीति] नियमानुसार नित्यप्रति गर्नुपर्ने पवित्रता; चोखो बन्नाका निम्ति गरिने निष्ठा-कर्म।

चोखी-माटी–ना० [चोखो+माटो] विवाह, व्रत्त-बन्ध आदि शुभ कर्महरूमा यज्ञ-वेदी बनाउनाका निम्ति कन्याहरूद्वारा ल्याइने शुद्ध माटो।

चोखे–ना० [चोखा] चोखा।

चोखेन–ना० [चोखो] १. भोजन शुद्ध पार्नाका निम्ति हालिने घिउ, तेल; चोखो पार्ने वस्तु। २. स्त्रीहरूले रजस्वला भएका चौथो दिनमा नुहाएका कपालमा हालिने तेल।

चोखो–वि० [सं० चोक्ष] १. शुद्ध; पवित्र। २. जूठो नभएको; बिटुलो नभएको। ३. मिस्कट नभएको; कसर नभएको। ४. निर्दोष; निरपराध।

चोख्याइ–ना० [चोख्याउ+आइ] चोख्याउने किसिम वा क्रिया।

चोख्याइ–ना० [चोखि+आइ] चोखिने किसिम वा क्रिया।

चोख्याइनु–स० क्रि० [चोख्याउ+इ+नु] चोखो पारिनु; ('चोख्याउनु'-को क० क्रि०)।

चोख्याउनु–स० क्रि० [चोखि+याउ+नु] १. चोखो पार्नु; शुद्ध पार्नु। २. जूठो, सुत्केरो आदि शुद्ध पार्नु; ('चोखिनु'-को प्रे० क्रि०)।

चोख्यान–ना० [चोखो] चोखेन।

चोच–ना० [सं०] १. छाला; चमड़ा। २. बोक्रो। ३. फल-फूलको नखाइने भाग।

चोचोमोचो–ना० [चुच्चो+मुख] १. अर्काका कुरासित मिलाएर गरिएको कुरो; 'हो' मा 'हो' मिलाएको कुरा; सहमति। २. कुरा-वार्ता। ३. कुराकानीको घनिष्ठता।

चोट–ना० [चुट्] १. घाउ; चोट-पटक। २. प्रहार; आघात। ३. खराब नतीजा; दुष्परिणाम।

CC-0. In Public Domain. Digitization by eGangotri

चोट-पटक–ना० [चोट+पटक (फाँ०)] घाउ; चोट; घाउ-खत।

चोटि–क्रि० यो० [चोट] पल्ट; पटक; बाजि; ताल; फेरा।

चोटी–ना० [सं०] लहँगा; पेटीकोट।

चोटो–ना० [नेवा० चोत] घरका छिँड़ीदेखि माथिको कुनै तला।

चोट्टा–ना० [सं० चोर] १. ठग; धूर्त। २. चोर। ३. चलाक।

चोड–ना० [सं०] पछ्यौरा; ओढ्ने वस्त्र।

चोडक–ना० [सं०] चोलो।

चोथाले–वि० [चोथो] मुखाले; बझुवा; दुर्मुखा।

चोथालो–ना० [चोथो] छुच्चो कुरा गर्ने मुख; चोथो; दुर्मुख।

चोथिनु–स० क्रि० [चोथ्+इ+नु] लछारिनु; ('चोथ्नु'-को क० क्रि०)।

चोथो–ना० [चुच्चो] दुर्वचन बोल्ने मुख; थुतुनो; चोथालो।

चोथ्नु–स० क्रि० [चुंड्] बोक्रो उप्काउनु; लछार्नु; लाछ्नु।

चोदक–ना० [सं०] प्रेरणा गर्ने; उत्तेजक।

चोदना–ना० [सं०] १. कुनै काम गर्ने विधान; शास्त्रादेश; विधि-वाक्य। २. प्रेरणा।

चोदित–वि० [सं०] १. प्रेरणा गरिएको; प्रेरित। २. पठाइएको। ३. प्रेषित।

चोप–ना० [चोब] चोब।

चोपलाइ–ना० [चोपल्+आइ] चोपल्ने किसिम, क्रिया वा भाव; चोबलाइ; चोपल्याइ।

चोपलाइ–ना० [चोपलि+आइ] चोपलिने किसिम, क्रिया वा भाव।

चोपलिनु–अ० क्रि० [चोपल+इ+नु] पन्यालो पदार्थमा डुबाइनु; चोपिनु; ('चोपल्नु'-को भा० क्रि०)।

चोपल्नु–स० क्रि० [चोप्+नु] तरल पदार्थमा डुबाउनु; चोप्नु।

चोपल्याइ–ना० [चोपल्+आइ] चोपलिने किसिम, क्रिया वा भाव।

चोपल्याहट–ना० [चोपलि+आहट] चोपलिने किसिम, क्रिया वा भाव।

चोपाइ–ना० [चोप्+आइ] चोप्ने वा चोपिने किसिम, क्रिया वा भाव।

चोपाइनु–स० क्रि० [चोपाउ+इ+नु] चोप्न लाइनु; ('चोपाउनु'-को क० क्रि०)।

चोपाउनु–स० क्रि० [चोप्+आउ+नु] चोप्न लाउनु; ('चोप्नु'-को क० क्रि०)।

चोपिनु–अ० क्रि० [चोप्+इ+नु] पन्यालो पदार्थमा डुबिनु; चोभलिनु; ('चोप्नु'-को भा० क्रि०)।

चोप्नु–स० क्रि० [ने०] पन्यालो पदार्थमा डुबाउनु; चोपल्नु।

चोब–ना० [सं० च्युत] रूखहरूबाट निस्कने लस्सादार रस; खोटो।

चोब–ना० [फा०] राजा-महाराजाहरूका सवारीमा चोबदारले लिएर हिँड्ने सुन-चाँदीले मोहोरिएको दण्डा; आसा-गुर्जा।

चोब-चीनी–ना० [फा०] एक प्रकारका लहराको जराबाट बन्ने काष्ठौषध।

चोबदार–ना० [फा०] चोब लिने व्यक्ति; आसा-गुर्जा बोक्ने मानिस।

चोबलाइ–ना० [चोबल्+आइ] चोबल्ने किसिम, क्रिया वा भाव।

चोबलाइ–ना० [चोबलि+आइ] चोबलिने किसिम, क्रिया वा भाव।

चोबलिनु–अ० क्रि० [चोबल्+इ+नु] चोपलिनु; ('चोबल्नु'-को भा० क्रि०)।

चोबल्नु–स० क्रि० [चोपल्+नु] चोपल्नु।

चोबल्याइ–ना० [चोबलि+आइ] चोबलिने किसिम, क्रिया वा भाव।

चोबल्याहट–ना० [चोबलि+आहट] चोबलिने किसिम वा क्रिया।

चोबा–ना० [फा० चोबः] पाल टाँग्ने बाँस काठ आदिको खम्बा।

चोबा–ना० [चोयो] खुदो पकाउँदा निस्केको कसर छान्ने चोयाले बनेको डाडुका आकारको भाँड़ो।

चोबाइ–ना० [चोब्+आइ] चोब्ने किसिम वा क्रिया।

चोबाइ–ना० [चोबि+आइ] चोबिने किसिम, क्रिया वा भाव।

चोबाइनु–स० क्रि० [चोबाउ+इ+नु] चोपाइनु; ('चोबाउनु'-को क० क्रि०)।

चोबाउनु–स० क्रि० [चोब्+आउ+नु] चोपाउनु; ('चोब्नु'-को क० क्रि०)।

चोबिनु–अ० क्रि० [चोब्+इ+नु] चोपिनु; ('चोब्नु'-को भा० क्रि०)।

चोब्नु–स० क्रि० [चोप्+नु] चोप्नु।

चोभलाइ–ना० [चोभल्+आइ] चोभल्ने किसिम वा क्रिया।

चोभलाइ–ना० [चोभलि+आइ] चोभलिने किसिम, क्रिया वा भाव।

चोभलिनु–अ० क्रि० [चोभल्+इ+नु] चोपलिनु; ('चोभल्नु'-को भा० क्रि०)।

चोभल्नु–स० क्रि० [चोपल्+नु] चोपल्नु।

चोभल्याइ–ना० [चोभलि+आइ] चोभलिने किसिम वा क्रिया।

चोभल्याहट–ना० [चोभलि+आहट] चोभलिने किसिम क्रिया वा भाव।

चोभा–ना० [ने०] १. रातो भावको र लाम्चो एक जातको धान। २. त्यसैको चामल।

चोभाइ–ना० [चोभ्+आइ] चोभ्ने किसिम वा क्रिया।

चोभाइ–ना० [चोभि+आइ] चोभिने किसिम, क्रिया वा भाव।

चोभाइनु–स० क्रि० [चोभाउ+इ+नु] चोपाइनु; ('चोभा-

CC-0. In Public Domain. Digitization by eGangotri

उनु'-को क० क्रि०)।

चोभाउनु–स० क्रि० [चोभ्+आउ+नु] चोपाउनु; ('चोभ्नु'-को प्रे० क्रि०)।

चोभिनु–अ० क्रि० [चोभ्+इ+नु] चोपिनु ('चोभ्नु'-को भा० क्रि०)।

चोभ्नु–स० क्रि० [चोप्+नु] चोप्नु।

चोयो–ना० [प्रा० चोय] बाँस, निगाला आदिको पातलो गरी ताछेको चौड़ा कप्टेरो।

चोर–ना० [सं०] १. लुकी-छिपी अर्काको धन-माल हरण गर्ने मानिस; चोरी गर्ने व्यक्ति; तस्कर। २. बेईमान। ३. छट्टू; धूर्त। (वि०) ४. गुप्त; लुकेको; अस्पष्ट।

चोर-आँखा–ना० [चोर+आँखा] १. बाता बनाउनाका निम्ति चिरेका बाँसका बीचमा पर्ने आँख्लो; भालू-आँखो। २. लुकी-छिपी हेर्ने आँखा; कर्के आँखा।

चोर-औँलो–ना० [चोर+औँलो] बूढ़ी-औँलो र माझी-औँलाको बीचका औँलो; तर्जनी।

चोरक–ना० [सं०] बन-सिलाम।

चोर-कर्म–ना० [सं०] चोरको काम; चोरी।

चोर-खर–ना० [चोर+खर] खरको पुरानो छानोका बीच-बीचमा नयाँ खर घुसारी मरम्मत गर्नु; पुरानो खरको छानोको मरम्मत।

चोर-गेड़े–ना० [चोर+गेड़ो] अनाजको नभिज्ने र नपाक्ने सानो गेड़ो; किर्कौलो।

चोर-चकार–ना० [चोर+चकार (फा०)] चोर; चोट्टा।

चोर-जूवा–ना० [चोर+जूवा] बाह्र-मासे (जूवा)।

चोर-पुष्पी–ना० [सं०] रातो डाँठ र भूवादार पात हुने, अस्मानी रङ्गको फूल फुल्ने एक जातको बोट। (यो फूल आँखाका रोगमा औषधी लाग्दछ।)

चोर-बजार–ना० [चोर+बजार] १. चोरीका माल खरीद-बिक्री गर्ने बजार। २. नियम-विरुद्ध हुने व्यवसाय; कालो बजार।

चोर-बजारिया–वि० [चोर+बजारिया] कालो-बजारिया।

चोर-बजारी–ना० [चोर-बजार+ई] नियम-विरुद्ध खरीद-बिक्री गर्नु; कालो-बजारी।

चोर-बाटो–ना० [चोर+बाटो] १. लुकी-छिपी हिंड्ने बाटो; लुकुवा बाटो; गुप्त बाटो; चोर हिंड्ने बाटो। २. बेचल्ती वा कम चल्तीको बाटो।

चोराइ–ना० [चोर्+आइ] चोर्ने किसिम, क्रिया वा भाव।

चोराइ–ना० [चोराउ+आइ] चोराउने किसिम, क्रिया वा भाव।

चोराइनु–स० क्रि० [चोराउ+इ+नु] चोर्न लाइनु; ('चोराउनु'-को क० क्रि०)।

चोराउनु–स० क्रि० [चोर्+आउ+नु] चोर्न लाउनु; ('चोर्नु'-को प्रे० क्रि०)।

चोरित–वि० [सं०] चोरिएको; चोरी गरिएको।

चोरितक–ना० [सं०] सानो-तिनो मालको चोरी; टापटिप।

चोरिनु–स० क्रि० [चोर्+इ+नु] चोरी गरिनु; ('चोर्नु'-को क० क्रि०)।

चोरी–ना० [चोर+ई] चोर्ने काम; चोरको काम।

चोरी-जूवा–ना० [चोरी+जूवा] अवैधानिक तवरले खेलिएको जूवा; लुकी-छिपी खेलिएको जूवा; बाह्र-मासे।

चोर्नु–स० क्रि० [सं० चुर्+नु] थाहा नपाउन गरी अर्काको सम्पत्ति लिनु; चोरी गर्नु; लामो हात गर्नु।

चोर्रिइनु–अ० क्रि० [चोर्रि+इ+नु] पात्तिइनु; मात्तिइनु; ('चोर्रिनु'-को भा० क्रि०)।

चोर्रिनु–अ० क्रि० [ने०] १. पात्तिनु; मात्तिनु; छिहिलिनु। २. ठर्रिनु; ठर्रो हुनु।

चोल–ना० [सं० चोल] चोलो।

चोलक–ना० [सं०] १. सानो किसिमको चोलो। २. कवच। ३. छाला।

चोलकी–ना० [सं०] १. कवच धारी सैनिक। २. सुन्तलाको बोट। ३. हातको नारी।

चोला–ना० [सं० चोल] १. शरीर; जीउ। २. जुनी; जन्म।

चोली–ना० [सं०] १. स्तनमात्र बाँध्ने एक प्रकारको सानो चोलो। २. चोलासरहको कपड़ाको अवयव।

चोले–वि० [चोलो+ए] चोलोको; चोलाका आकारको।

चोलो–ना० [सं० चोल] स्त्री-जातिले लाउने भोटोजस्तो पोशाक।

चोषक–वि० [सं०] चुस्ने; चुसाहा।

चोषण–ना० [सं०] चुस्नु; चुसाइ।

चोष्या–वि० [सं०] चुस्न योग्य; चुसेर खान योग्य।

चोसिइनु–अ० क्रि० [चोसि+इ+नु] चोसो परिनु; ('चोसिनु'-को भा० क्रि०)।

चोसिनु–अ० क्रि० [चोसो+इ+नु] चोसे आकारको हुनु; चुच्चो पर्नु; चुस्स पर्नु।

चोसे–वि० [चोसो+ए] १. चोसो परेको; चुस्स परेको; चुच्चे। २. चोसो परेको मुख हुने।

चोसो–ना० [चुस्स] १. चुस्स परेको मुख; चोसे मुख। २. कुनु; कोण।

चोस्क–ना० [सं०] उत्तम घोड़ा।

चोस्याइ–ना० [चोस्याउ+आइ] चोस्याउने किसिम, क्रिया वा भाव।

चोस्याइ–ना० [चोसि+आइ] चोसिने किसिम वा क्रिया।

चोस्याइनु–स० क्रि० [चोस्याउ+इ+नु] चोसो पारिनु; ('चोस्याउनु'-को क० क्रि०)।

चोस्याउनु–स० क्रि० [चोसि+याउ+नु] चोसो पार्नु; चुच्च्याउनु; ('चोसिनु'-को प्रे० क्रि०)।

चोस्याहट–ना० [चोसि+आहट] चोसिने किसिम वा क्रिया।

CC-0. In Public Domain. Digitization by eGangotri

चौ–ना० [चउ] चउ।
चौँठी–ना० [चौँठो+इ] तेल हाल्ने ठेकी।
चौँठो–ना० [नें०] तेल हाल्ने ठेकी।
चौँड़िलो–ना० [चार+डील] चार पाटा परेको सानो चौर वा ढिस्को।
चौँतीस–वि० [चौतीस] चौतीस।
चौँतीसौँ–वि० [चौतीसौँ] चौतीसौँ।
चौँरी–ना० [सं० चमरी] पुच्छरका टुप्पामा रौँको ठूलो झुप्पा हुने, हिम-प्रदेशमा हुने एक जातको जङ्गली गाई; चमरी। (यसका पुच्छरको चँवर बन्दछ।)
चौँरे–वि० [चँवर+ए] १. चँवर भएको। २.चँवरजस्तो रौँ आदिको झुप्पो भएको। ३. असभ्य; पाखे।
चौँरे-कोदो–ना० [चौँरे+कोदो] झुप्पा-झुप्पा भएर फल्ने एक जातको कोदो।
चौकड़ी–ना० [सं० चतुष्कला] १. चार युगको समूह; चतुर्युगी। २.चारको समूह। ३. एकै साथ चार खुट्टा फालेर दौड़ने जनावरको दौड़ाइ।
चौकस–ना० [चौकोस] चौकोस।
चौका–ना० [प्रा० चउक्क] १. जूवाका खेलमा कौड़ाहरूको एक दाउ। २. चार फुट्टी भएको ताशको पत्ती। ३. चौको।
चौका–ना० [सं० चारुष्क] छोटा सीङ हुने खैरो वर्णको एक जातको मृग।
चौका-चँदुवा–ना० [चौको+चँदुवा] विवाह, व्रत-बन्ध आदि उत्सवमा बनाइने यज्ञको वेदी र बाँसका लिङ्गामा टाँगेको चँदुवा।
चौकी–ना० [चौको+ई] १. सानो चौको; सानो वेदी। २. पुलीसहरू पालो बस्ने अखड़ा। ३. छोटी अड्डा। ४. काठको सानो खाट; खटिया।
चौकीदार–ना० [चौकी+दार] चौकीमा बसेर पालो-पहरा गर्ने व्यक्ति; चिताइदार; पाले।
चौकुना–वि० [चार+कुना] चार कुना परेको; चार-कुने।
चौकुने–वि० [चार+कुने] चार कुना परेको; चार-कुने; चतुष्कोण।
चौके–वि० [चार] चार दोबर; चौको (दुनोट पढ्दा प्रयोग गरिने शब्द)।
चौको–वि० [चार] चार दोबर; चौके (दुनोटमा प्रयोग गरिने शब्द)।
चौको–ना० [प्रा० चउक्क] भान्सा, पूजा, यज्ञ आदिमा बनाइने वेदी।
चौकोस–ना० [प्रा० चउक्क] खापा, द्वार आदि जड्ने झ्याल, ढोका आदिको चार कुना परेको काठको फ्रेम।
चौकोसी–ना० [चार+कोस] चार कोसको गिर्दा।
चौखण्ड–ना० [चार+खण्ड] चार गुना; चार दोब्बर; चौबर।
चौखुँड़ा–वि० [चार+खूट] चार कुना परेको; चार-पाटे।
चौखुँड़ा–वि० [चौखुँड़ा+ए] चार कुना परेको; चार-पाटे; चौखुँड़ा।
चौखुट्टे–वि० [चार+खुट्टा+ए] चार खुट्टा हुने; चौपाया।
चौखुरी–ना० [चार+खुर] पशुका खुट्टाका खुरनेरको अवयव।
चौखुन्याइनु–स० क्रि० [चौखुन्याउ+इ+नु] चार हात-खुट्टा एकै ठाउँमा हुने गरी बाँध्नु; ('चौखुन्याउनु'-को क० क्रि०)।
चौखुन्याउनु–स० क्रि० [चार+खुर+याउ+नु] १. चार हात-खुट्टा एकै ठाउँमा गरी बाँध्नु। २. पाता कस्नु; डल्ल्याउनु।
चौगड़ा–ना० [चार+गोड़ा] चौघड़ा।
चौगड़ी–ना० [चौगेड़ी] चौगेड़ी।
चौगिर्द–ना० [चार+गिर्द (फा०)] १. चारैतिर लागेको पर्खाल; चौतर्फको गिर्दा; चारैतिरको घेरा। २. चौतर्फको साँध; चौहद्दी।
चौगिर्दा–ना० [चौगिर्द] चौगिर्द।
चौगुना–वि० [चार+गुना] चार गुना; चार दोब्बर; चौखण्ड।
चौगेड़ी–ना० [चार+गेड़ी] कानमा लाउने मोती, पन्ना आदि उनिएको ठूलो मुन्द्राकार गहना।
चौघड़ा–ना० [चौगड़ा] खरायो; शशक; चौगड़ा।
चौघड़ी–वि० [चार+घोड़ा+ई] चार वटा घोड़ा जोतिएको (बग्गी)।
चौघरा–ना० [चार+घेरा] माझमा चोक भई चारैतिर घेरिएको घर; चतुश्शाला।
चौचो–ना० [सं० चञ्चल] १. उत्सुकता; उत्कण्ठा; सगसगी; प्रबल इच्छा। (वि०) २. उत्सुक; उत्कण्ठित; इच्छुक।
चौटो–ना० [चोक्टो] चोक्टो; चोइटो; टुक्रो।
चौट्याइ–ना० [चौट्याउ+आइ] चौट्याउने किसिम, क्रिया भाव।
चौट्याइनु–स० क्रि० [चौट्याउ+इ+नु] चौटा-चौटा पारिनु; ('चौट्याउनु'-को क० क्रि०)।
चौट्याउनु–स० क्रि० [चौटो] चौटा-चौटा पार्नु; टुक्र्याउनु; चोक्टा बनाउनु।
चौड़ा–वि० [प्रा० चउवड] १. फराक; चापट; फराकिलो। (ना०) २. गज; चौड़ाइ।
चौड़ाइ–ना० [चौड़ा+आइ] लाम्चो चार कुना परेका वस्तुको गजपट्टिको नापो।
चौतरिया–ना० [चौतारा+इया] श्री ५ महाराजाधिराजका बन्धु-वर्ग; राज-खलक।
चौतर्फ–क्रि० यो० [चार+तर्फ] चारैतिर; चारैतर्फ।
चौतर्फी–वि० [चौतर्फ+ई] चारैतिरको; चौतर्फको।
चौतारा–ना० [नें०] नेपालको पूर्व-एक (१)-नम्बर जिल्लाको मुख्य बस्ती; सिन्धु-पाल्चोक इलाकाको सदर मुकाम।
चौतारा–ना० [चौतारो] १. चौतारो। २. प्राचीन कालको

CC-0. In Public Domain. Digitization by eGangotri

राज-सिंहासन राखिने मञ्च। ३. त्यसमा बस्न पाउने दर्जाका सम्मानित व्यक्ति।

चौतारे–वि० [ने०] एक किसिमको नराम्रो अनुहार र स्वभाव भएको।

चौतारो–ना० [सं० चत्वर] मानिसहरू बस्नाका निम्ति प्रायः रूखको फेदमा ढुङ्गा, ईंट आदिले अग्लो पारी बनाइएको ठाउँ।

चौताल–ना० [चार+ताल] तबलाको एक ताल।

चौताले–वि० [सं० चतुर] अति बाठो; बित्पाते।

चौतीस–वि० [प्रा० चोत्तीस] १. तीस र चारको योग-सङ्ख्याको। (ना०) २. तीस र चारको योग-सङ्ख्या; ३४-को अङ्क।

चौतीसौँ–वि० [चौतीस+औँ] गणनाका क्रमले चौतीसमा परेको; तेत्तीसौँपछिको।

चौथाइ–ना० [प्रा० चउत्थाइ] १. चार खण्डको एक खण्ड; चतुर्थांश। २. एक मानाका चार खण्डको एक खण्ड भर्ने भाँडो। (वि०) ३. मानाको एक चतुर्थांश-परिणामको; चखन्ची।

चौथी–ना० [प्रा० चउत्थी] १. प्रत्येक पक्षको चौथो तिथि; तृतीयापछिको तिथि। (वि०) २. चार सङ्ख्याकी (स्त्री)।

चौथी–ना० [सं० बाल-चतुर्भद्रिका] दूधे बालकहरूलाई घोटीका साथ मिसाएर खुवाइने, मोथे, पिप्ला, मजीटो र कर्कटशृङ्गी चूर्ण गरी बनाइने एक आयुर्वेदीय औषधि।

चौथो–वि० [प्रा० चउत्थो] तेस्रोपछिको; चतुर्थ।

चौद्ध–वि० [प्रा० चउद्दह] १. दश र चारका योग-सङ्ख्याको। (ना०) २. दश र चारको योग-सङ्ख्या; १४-को अङ्क।

चौद्धौँ–वि० [चौद्ध+औँ] गन्दै लैजाँदा चौद्धका सङ्ख्यामा परेको; चौद्ध सङ्ख्याको।

चौध–वि० [चौद्ध] चौद्ध।

चौधरी–ना० [चार+धारी(सं०)] १. गाउँको वा समाजको प्रधान; मुखिया। २. सरकारी जमीन वा अरू कामको ठेक्का लिने व्यक्ति। ३. तराई-क्षेत्रका विशिष्ट व्यक्तिलाई सरकारबाट दिइने एक मान।

चौधुन्द–क्रि० यो० [ने०] चौपट्ट; बिछट्ट; अति।

चौधुन्न–क्रि० यो० [चौधुन्द] चौधुन्द।

चौधौँ–वि० [चौद्धौँ] चौद्धौँ।

चौपट–ना० [चार+पट] १. चारैतिर खुला भएको जमीन। २. नाश; सर्वनाश।

चौपट–ना० [सं० चतुष्पट] पासाको खेल।

चौपट्ट–क्रि० यो० [चौपट] १. बिछट्ट; अत्यन्त। (वि०) २. खूब; अति; ज्यादा।

चौपाई–ना० [चार+पाद+ई] १. चार वटा खुट्टा हुने काठ आदिको आसन; खाट। २. सोह्र मात्राको पाउ हुने एक छन्द।

चौपाया–वि० [सं० चतुष्पद] १. चार खुट्टा हुने; चौखुट्टे। (ना०) २. जनावर; पशु।

चौपाला–ना० [सं० चतुष्पाद] १. हौदामाथि जड़िने चँदुवा। २. म्यानाजस्तो एक प्रकारको सवारी।

चौपाला–ना० [चार+पाला] चार वटा खण्ड भएको पूजा-सामा हाल्ने भाँड़ो; चार-खण्डे छाप्री।

चौबन्दी–ना० [चार+बन्दी] चार ठाउँमा तुना बाँध्ने लुगा (भोटो, मयल-पोश आदि)।

चौबर–वि० [चार+दोबर] चार दोबर; चार गुना; चौखण्ड।

चौबाटो–ना० [चार+बाटो] चार वटा बाटो मिसिने ठाउँ; चार-दोबाटो।

चौबीस–वि० [प्रा० चउबीस] १. बीस र चारका योग-सङ्ख्याको। (ना०) २. बीस र चारको योग-सङ्ख्या; २४-को अङ्क।

चौबीसे-राज्य–ना० [चौबीस+राज्य] पृथ्वी-नारायण-शाहको उदयभन्दा पहिले नेपालका गण्डकी-क्षेत्रमा रहेका पुग-नपुग चौबीस वटा रजौटाहरूको समूह।

चौबीसौँ–वि० [प्रा० चउवीस] गन्दै लैजाँदा चौबीसको सङ्ख्यामा परेको; चौबीस अङ्कको।

चौमास–ना० [चौमासा] चौमासा।

चौमासा–ना० [सं० चतुर्मास] चतुर्मास।

चौर–ना० [सं०] १. चोर। २. संस्कृत भाषाका एक प्राचीन कवि।

चौर–ना० [चउर] चउर।

चौरक–ना० [सं०] बन-चम्सूर।

चौर-कर्म–ना० [सं०] चोर्ने क्रिया; चोरी।

चौरस–वि० [सं०चतुरश्र] १. चार कुना परेको; चार-कुने। २. फराकिलो; विस्तृत। ३. सम्म परेको।

चौरानब्बे–वि० [चौरान्नब्बे] चौरान्नब्बे।

चौरानब्बेयौँ–वि० [चौबरान्नब्बेयौँ] चौरान्नब्बेयौँ।

चौरान्नब्बे–वि० [प्रा० चउरणब्बइ] १. नब्बे र चारका योग-सङ्ख्याको। (ना०) २. नब्बे र चारको योग-सङ्ख्या; ९४-को अङ्क।

चौरान्नब्बेयौँ–वि० [चौरान्नब्बे+यौँ] गन्दै लैजाँदा चौरान्नब्बे सङ्ख्यामा परेको; चौरान्नब्बे सङ्ख्याको।

चौरासी–वि० [प्रा० चउरासीइ] १. असी र चारका योग-सङ्ख्याको। (ना०) २. असी र चारको योग-सङ्ख्या; ८४-को अङ्क।

चौरासी-आसन–ना० [चौरासी+आसन] १. योग-साधना गर्दा बस्ने विभिन्न किसिमका बसाइ। २. रति-क्रीडाका विभिन्न आसन। (सम्भवतः चौरासी-सिद्धका सङ्ख्यामा मिल्ने गरेर आसनका सङ्ख्या पनि चौरासी नै बताइएको हो।)

चौरासी-सिद्ध–ना० [चौरासी+सिद्ध] ईसवी आठौँ शताब्दीको मध्यदेखि ईसवी बाह्रौँ शताब्दीका बीच हुने वाम-मार्गका

CC-0. In Public Domain. Digitization by eGangotri

प्रधान चौरासी सिद्ध र योगिनीहरू (लूइपा, लीलापा, विरूपा, डोम्बिपा, शबरपा, सरहपा, कङ्कालीपा, मीनपा, गोरक्षपा, चोरङ्गिपा, वीणापा, शान्तिपा (रत्नाकर शान्ति), तन्तिपा, चमारिपा, खड्गपा, नागार्जुन, कण्हपा (चर्पपा), कर्णरिपा (आर्यदेव), थगनपा, नारोपा, शलिपा (शीलपा), तिलोपा (तिल्लोपा), छत्रपा, भद्रपा, दोखन्धिपा (द्विखण्डिपा), अजोगिपा, कालपा, धोम्भिपा, कङ्कणपा, कमरिपा (कम्बलपा), डेङ्गिपा, भदेपा, तन्धेपा (तन्तेपा), कुकुरिपा, कुचिपा (कुसूलिपा), धर्मपा, महीपा (महिलपा), अचिन्तिपा, भलहपा (भवपा), नलिनपा, भुसुकुपा, इन्द्रभूति, मेकोपा, कुठालिपा (कुद्दालिपा), कर्मारपा (कम्परिपा), जालन्धरपा (जालधारक), राहुलपा, धर्वरिपा (धर्भरिपा), धोकरिपा, मेदनीपा, पङ्कजपा, घण्टापा (वज्रपा), जोगीपा (अजोगिपा), चेलुकपा, गुण्डरिपा (गोरुरपा), लुचिकपा, निर्गुणपा, जयानन्त, चर्पटीपा (पचरिपा), चम्पकपा, भिखनपा, भलिपा, कुमरिपा, चवरिपा (जवरि=अजपालिपा), मणिभद्रा (योगिनी), मेखलापा (योगिनी), कनखलापा (योगिनी), कलकलपा, कन्तालीपा (कन्थालीपा), धहुलिपा (धहुरिपा), उधलिपा (उधरिपा), कपालपा (कमलपा), किलपा, सागरपा, सर्वभक्षपा, नागबोधिपा, दारिकपा, पुतुलिपा, पनहपा (उपानहपा), कोकालिपा, अनङ्गपा, लक्ष्मीकरा (योगिनी), समुदपा र भलिपा (व्यालिपा)।

चौर्य–ना० [सं०] चोरको काम; चोरी।

चौर्यक–ना० [सं०] चोरी; चौर-कर्म।

चौर्य-रत–ना० [सं०] गुप्त मैथुन।

चौर्य-वृत्ति–ना० [सं०] चोरीबाट गरिने जीविका; चोरको व्यवसाय।

चौल–ना० [सं०] द्वि-जातिको षोडश कर्ममध्ये एक; चूडा-कर्म; मुण्डन; गोदान।

चौल-कर्म–ना० [सं०] चूडा-कर्म; मुण्डन।

चौलानी–ना० [चामल+पानी] चामल पखालेको पानी।

चौलाने–ना० [ने०] लुँड़ेको साग।

चौवन्न–वि० [चवन्न] चवन्न।

चौवन्नौँ–वि० [चवन्नौँ] चवन्नौँ।

चौवालीस–वि० [चवालीस] चवालीस।

चौवालीसौँ–वि० [चवालीसौँ] चौवालीसौँ।

चौशाला–ना० [सं० चतुश्शाल] बीचमा चोक भई चारैतिर घेरिएको घर; चौघरा।

चौसट्ठियौँ–वि० [चौसट्ठि+यौँ] गन्दै लैजाँदा चौसट्ठीको सङ्ख्यामा परेको; चौसट्ठी सङ्ख्याको।

चौसट्ठी–वि० [प्रा० चउसट्ठि] १. साठी र चारका योग-सङ्ख्याको। (ना०) २. साठी र चारको योग-सङ्ख्या; ६४-को अङ्क।

चौसल्ला–ना० [चार+शाल] १. चार फर्दा भएको शाल। २. राजा-महाराजाहरूबाट विशेष उत्सवमा विशेष कार्य-कर्ताहरूलाई चार फर्दा भएको शाल ओढ़ाएर गरिने सम्मान।

चौसाला–वि० [चार+साल] चार वर्षको; चार-वर्षे।

चौहट्टी–ना० [चौहद्दी] चारैतिरको साँध; चार किल्ला; चौहद्दी।

चौहत्तर–वि० [प्रा० चौहत्तरि] १. सत्तरी र चारका योग-सङ्ख्या। २. (ना०) सत्तरी र चारको संयुक्त सङ्ख्या; ७४-को अङ्क।

चौहत्तरौँ–वि० [चौहत्तर+औँ] गन्दै लैजाँदा चौहत्तरको सङ्ख्यामा पुगेको; चौहत्तर सङ्ख्याको।

चौहत्ता–वि० [सं० चतुर+हस्त] चार हात लामो; चार-हाते।

चौहद्दी–ना० [चार+हद] चौतर्फको सिमाना; चार किल्ला।

च्च-च्च–अव्य० [अनु०] १. चुकचुकाउँदा जिभ्राको टुप्पो तालुमा जोरी कण्ठबाट निकालिने शब्द। (क्रि० यो०) २. चुकचुकाउँदा जिभ्राका टुप्पाले माथिल्ला दाँतको फेदमा स्पर्श गरी कण्ठबाट च-च शब्द गर्ने किसिम; चुकचुकाउने किसिम।

च्यपाइ–ना० [च्याप्+आइ] च्याप्ने किसिम वा क्रिया।

च्यपाइ–ना० [च्यपाउ+आइ] च्यपाउने किसिम, क्रिया वा भाव।

च्यपाइनु–स० क्रि० [च्वाप्+आइ+नु] च्याप्न लाइनु; ('च्याप्नु'-को क० क्रि०)।

च्यपाउनु–स० क्रि० [च्याप्+आउ+नु] च्याप्न लाउनु; ('च्याप्नु'-को प्रे० क्रि०)।

च्यप्टचाइ–ना० [च्यप्टचाउ+आइ] च्यप्टचाउने किसिम, क्रिया वा भाव।

च्यप्टचाइ–स० [चेप्टि+याइ] चेप्टिने किसिम, क्रिया वा भाव।

च्यप्टचाइनु–स० क्रि० [च्यप्टचाउ+इ+नु] चेप्टो पारिनु; ('च्यप्टचाउनु'-को क० क्रि०)।

च्यप्टचाउनु–स० क्रि० [चेप्टि+याउ+नु] चेप्टो पार्नु; चेप्टयाउनु; ('चेप्टिनु'-को प्रे० क्रि०)।

च्यप्टचाहट–ना० [च्याप्टि+आहट] च्याप्टिने किसिम वा क्रिया।

च्यवन–ना० [सं०] १. चुहुनु; टप्कनु; क्षरण। २. अश्विनी-कुमारले औषधि गरेर बूढ़ोबाट जवान तुल्याइएका ऋषि।

च्यवनप्राश–ना० [सं०] श्वास, कास-नाशक र बल-वर्द्धक एक प्रसिद्ध आयुर्वेदीय औषधि।

च्याँख–ना० [च्याँखु] च्याँखु।

च्याँख–ना० [ने०] काठ चिर्दा करौँती नच्यापियोस् भनी चिरिसकेका ठाउँमा घुसार्ने कीलो; चिरामा घुसारिने चुकुल।

च्याँखु–ना० [ने०] हिमालयमा हुने भनी प्रसिद्ध सेतो भावको सिंह; च्याँख।

CC-0. In Public Domain. Digitization by eGangotri

च्याँखे–ना० [ने०] १. जूवामा दाउ बस्ने खेलाडीहरूबाहेक अरूले थापेको पैसा। २. त्यस्तो पैसा थाप्ने व्यक्ति।

च्याँखे-धर्ना–ना० [च्याँखे+धर्ना] च्याँखले जस्तो धर्ना कस्नु; डेग नचली धर्ना कस्नु।

च्याँख्ला–ना० [ने०] १. पिँढ्दा वा कुट्दा मसिनो नभई खस्रो भएको अन्नको कण। २. छ्याकन। ३. छोक्रो।

च्याँ-च्याँ–क्रि० यो० [अनु०] १. साना बालकहरू रुने किसिम। २. चराका बच्चाहरू कराउने किसिम; च्याउँ-च्याउँ।

च्याँट्ठिइनु–अ० क्रि० [च्याँट्ठि+इ+नु] च्याँठिइनु; ('च्याँट्ठिनु'-को भा० क्रि०)।

च्याँट्ठिनु–अ० क्रि० [ने०] च्याँठिनु।

च्याँठिइनु–अ० क्रि० [च्याँठि+इ+नु] एक्कासि रिसाएर बोलिनु; ('च्याँठिनु'-को भा० क्रि०)।

च्याँठिनु–अ० क्रि० [ने०] एक्कासि रिसाएर बोल्नु; झर्कनु।

च्याँसे–वि० [ने०] दुब्लो; चाउरे; सुकुटे।

च्याइनु–स० क्रि० [च्याउ+इ+नु] चियाइनु; ('च्याउनु'-को क० क्रि०)।

च्याइँ–क्रि० यो० [अनु०] १. तातेका धातुका भाँड़ा-बर्तनमा चिसो वस्तु वा पानी पर्दा शब्द आउने किसिम। २. तातेका घिउ-तेलमा तरकारी आदि ओइरँदा हुने शब्द।

च्याउँ-च्याउँ–क्रि० यो० [अनु०] १. धेरै कराउने किसिम। २. दिक्क लाग्ने गरी करकर गरिरहने किसिम; कचकच गर्ने किसिम।

च्याउँतो–वि० [ने०] उराठ-लाग्दो; विरक्त-लाग्दो; नरमाइलो।

च्याउ–ना० [प्रा० छत्ताअ] वर्षा ऋतुमा भईं, काठ, ढुङ्गा, बाँस, गोबर आदिमा उम्रने विभिन्न रङ्गका छत्राकार एक जातको नरम वनस्पति। (यसका खान हुने र नहुने अनेक जात छन्।)

च्याउनु–स० क्रि० [चियाउ+नु] चियाउनु।

च्याकुलच्याइँ–क्रि० यो० [ने०] दुइ जनाले दुइतिर समाती झुन्डाएर लाने वा ल्याउने किसिम; झ्याइँकुटी; च्याकुल-झ्याइँ।

च्याकुलझ्याइँ–क्रि० यो० [च्याकुलच्याइँ] च्याकुलझ्याइँ।

च्याखुरो–ना० [चाखुरो] चाखुरो।

च्याङ-च्याङ–क्रि० यो० [अनु०] विशेष गरी बूढ़ा-बूढ़ीहरूको कचकच; फतफत।

च्याङच्याङे–वि० [च्याङ-च्याङ+ए] कचकचे; च्याङ-च्याङ गर्ने।

च्याङ्ग्रे–ना० [च्याङ्ग्रा+ए] १. च्याङ्ग्रा बेच्न ल्याउने व्यक्ति। (वि०) २. च्याँसे; सिकुटे।

च्याङ्ग्रो–ना० [ने०] १. हिम-प्रदेशमा हुने जीउभरि लामा-लामा झ्यापुल्ले रौँ हुने एक जातको बाखो। (वि०) २. च्याङ्ग्रे; च्याँसे।

च्याट-च्याट–क्रि०यो०[अनु०] लस्सादार वस्तु टाँसिने किसिम।

च्याट्ट–क्रि० यो० [चिटिक्क] चिटिक्क; चिट्ट। २. ठिक्क मिल्ने किसिम। ३. लस्सादार वस्तु टाँसिने किसिम।

च्यात-चुत–क्रि० यो० [च्यात्+चुत (फाँ०)] लुगा-फाटो, कागत-पत्र आदि उपेक्षापूर्वक च्यात्ने किसिम।

च्याताइ–ना० [च्यात्+आइ] च्यात्ने किसिम वा क्रिया।

च्याताच्यात–ना० [च्यात्+च्यात्] १. परस्परमा एकले अर्काको वस्तु धमाधम च्यात्ने काम। २. धमाधम च्यात्ने काम।

च्यातिनु–स० क्रि० [च्यात्+इ+नु] १. कपड़ा, कागत आदि टुक्रिनु; फाट्नु; चिथड़ा हुनु। २. चिरिनु; ('च्यात्नु'-को क० क्रि०)।

च्यात्नु–स० क्रि० [सं० चुट्+नु] १. कपड़ा, कागत आदि टुक्र्याउनु; फार्नु; चिथड़ा पार्नु। २. फट्टाउनु; चिर्नु।

च्यान्टा–वि० [चट्ट] सानो कदको; चिटिक्क परेको।

च्याप-च्याप–क्रि० यो० [अनु०] १. लस्सादार पदार्थ टाँसिने किसिम; च्याट-च्याट। २. गर्मी, परिश्रम वा धकले मुख सुक्ने किसिम। ३. नरम पदार्थ चपाउँदा शब्द आउने किसिम।

च्यापिइनु–स० क्रि० [चाप्+इ+नु] करेपमा परिनु; च्याप्ने काम होइनु; ('चेप्नु'-को भा० क्रि०)।

च्यापिनु–स० क्रि० [च्याप्+इ+नु] अँठ्याइनु; च्याप्ने काम गरिनु; ('च्याप्नु'-को क० क्रि०)।

च्यापु–ना० [सं० चिबुक] १. तलतिरका दाँत रहने मुखको अवयव; तलतिरका गिजा। २. मुखभित्रको तालु। ३. चिउँड़ो।

च्यापु–ना० [ने०] एक जातको च्याङ्ग्रो; सानो जातको च्याङ्ग्रो।

च्यापुजु–ना० [च्याप्ज्यू] च्याप्ज्यू।

च्यापुज्यू–ना० [च्याप्ज्यू] च्याप्ज्यू।

च्याप्जु–ना० [च्याप्ज्यू] च्याप्ज्यू।

च्याप्ज्यू–ना० [चिर+पूज्य] धेरै पुस्तामाथिका बाजे-बराज्यू।

च्याप्टिइनु–अ० क्रि० [च्याप्टि+इ+नु] चेप्टो परिनु; ('च्याप्टिनु'-को भा० क्रि०)।

च्याप्टिनु–अ० क्रि० [चेप्टि] चेप्टो पर्नु; चेप्टिनु।

च्याप्टी-काँटा–ना० [च्याप्+काँटा] स्त्री-जातिले कपाल च्यापेर अड्याउन शिरमा घुसार्ने एक किसिमको काँटा; कपाल च्याप्ने काँटा।

च्याप्टे–वि० [च्याप्टो+ए] च्याप्टो।

च्याप्टे-सिउँड़ी–ना० [च्याप्टे+सिउँड़ी] पहेँलो फूल फुल्ने, पहेँलै फल फल्ने, लामा-लामा काँढ़ै-काढ़ा भएको बाक्लो पातका आकारको एक जातको सिउँड़ी; मदिसे-काँढ़ो; कन्थारी।

च्याप्टो–वि० [चेप्टो] चेप्टो; थेप्चो।

च्याप्नु–स० क्रि० [प्रा० चप्प+नु] १. दुइतिरबाट थिच्नु; अँठ्याउनु; दबाउनु। २. चल्न नदिनु; कब्जामा लिनु।

CC-0. In Public Domain. Digitization by eGangotri

३. आश्रय लिनु; संरक्षणमा राख्नु। ४. दिसा, पिसाब रोग आदिले बेसरी ग्रस्त गर्नु।

च्याप्प–क्रि० यो० [च्याप्] १. लस्सादार पदार्थ टाँसिने किसिम। २. गर्मी वा श्रमले मुख सुक्ने किसिम। ३. उम्कन नसक्ने गरी समाउने किसिम; अँठ्याउने किसिम।

च्याप्सो–ना० [च्याप्] १. च्याप्ने औजार। २. एउटै फल्याक चिरी, बीचमा कब्जाजस्तो तुल्याई, पट्याउनु र खोल्न हुने गरी बनाइएको पुस्तक राख्ने सानो खटिया; कापे।

च्याप्सो–ना० [च्याप्टो] १. घुमेको तीखो टुप्पो हुने एक किसिमको छुरी। (वि०) २. दुब्लो; पातलो; च्याँसे।

च्याब्रुङ–ना० [ने०] नेपालका पूर्वी प्रदेशमा रहने लिम्बू-जातिको ढोलजस्तो एक प्रकारको बाजा।

च्यामा–ना० [च्यामे] च्यामे।

च्यामुठी–ना० [च्याम्म+मुठी] मूठी बाँध्दै फुकाउँदै गरेर देखाउने साना-साना बालकहरूको खेल।

च्यामे–ना० [नेवा० च्यामखलऽ] सर-सफाइको काम गर्ने एक जाति।

च्याम्पटी–ना० [नेवा० च्याम्पती] लप्सीको बीयाँ।

च्याम्म–क्रि० यो० [च्याप्प] बेसरी च्याप्ने, समाउने वा अँठ्याउने किसिम।

च्यार्र–क्रि० यो० [अनु०] कपड़ा, कागज आदि च्यातिँदा शब्द आउने किसिम।

च्यावन–ना० [सं०] चुहाउनु; टप्काउनु; क्षरण।

च्यास्स–क्रि० यो० [ने०] हल्कासित छुने वा बिझ्ने किसिम; च्वास्स।

च्याहाँ-च्याहाँ–क्रि० यो० [अनु०] साह्रै साना बालक रुने किसिम; च्याँ-च्याँ।

च्याहान–ना० [चिहान] चिहान; मृतकलाई पोल्ने वा गाड्ने स्थान।

च्याहाने–वि० [च्याहान+ए] १. च्याहानको; मसान-सम्बन्धी। (ना०) २. च्याहान-सम्बन्धी काम गर्ने व्यक्ति; मसाने।

च्युत–वि० [सं०] १. चुहेको; झरेको। २. पतित; भ्रष्ट। ३. आफ्नो स्थान वा पदबाट खसेको; स्थान-भ्रष्ट।

च्युत-संस्कृति–ना० [सं०] व्याकरण-विरुद्ध पदको प्रयोग गर्दा हुने काव्यको एक दोष।

च्युति–ना० [सं०] १. च्युत हुनु; चुहुनु; खस्नु। २. आफ्नो स्थान वा पदबाट भ्रष्ट हुनु। ३. गुद-द्वार। ४. योनि।

च्यूँ–ना० [चिउँ] चिउँ।

च्यूँटी–ना० [चिउँटी] चिउँटी।

च्यूँड़ो–ना० [चिउँड़ो] चिउँड़ो।

च्यूत–ना० [सं०] आँपको रूख।

च्यूरा–ना० [चिउरा] चिउरा।

च्यूला–ना० [चिउला] चिउला।

च्यूली–ना० [चिउली] चिउली।

च्यै-च्यै–ना० [चेइ-चेइ] चेइ-चेइ।

च्वाँचे–ना० [च्वाँ-च्वाँ] सुँगुर; बँदेल।

च्वाँ-च्वाँ–क्रि० यो० [अनु०] १. ठूलो स्वरले मूसा कराउने किसिम। २. सुँगुर, बँदेल आदि कराउने किसिम।

च्वाँठ–ना० [चूक] ज्यादै अमिलो स्वाद; अति अमिलो स्वाद।

च्वाँठ–वि० [चौँठो] ज्यादै कालो; चिल्लो कालो।

च्वाँठे–वि० [च्वाँठ+ए] ज्यादै अमिलो; अत्यन्त अमिलो।

च्वाँठे–वि० [च्वाँठ+ए] अति कालो; च्वाँठ।

च्वाइँ–क्रि० यो० [अनु०] १. तातेका धातु, पत्थर आदिमा पानी पर्दा शब्द आउने किसिम। २. तातेका तेल, घिउ आदिमा तरकारी ओइरँदा शब्द आउने किसिम; झ्वाइँ।

च्वाइँय्यँ–क्रि० यो० [अनु०] तातेका घिउ, तेल आदिमा चिसो पदार्थ पर्दा शब्द आउने किसिम।

च्वाक्क–क्रि० यो० [अनु०] शब्द आउने गरी म्वाइँ खाने किसिम।

च्वाट्ट–क्रि० यो० [ने०] १. धागो, डोरी आदि चुँड़िने किसिम; चटक्क। २. कुनै काम तुरुन्त गर्ने किसिम; सट्ट। ३. तुरुन्त; चाँड़ो।

च्वाप्प–क्रि० यो० [अनु०] १. कुनै रसिलो वस्तु मुखमा हाली एकै चोटि चपाउने किसिम। २. म्वाइँ खाने किसिम; चुम्बन गर्ने किसिम।

च्वाफी–ना० [नेवा०] बाँसका सिन्काको एक प्रकारको कूचो।

च्वाम-च्वाम–क्रि० यो० [अनु०] १. चाम्रो पदार्थ चपाउँदा शब्द आउने किसिम। २. धमाधम म्वाइँ खाने किसिम।

च्वाम्म–क्रि० यो० [अनु०] रसिलो पदार्थ चपाउँदा शब्द आउने किसिम।

च्वाम्ल्याङङ–क्रि० यो० [अनु०] पानीमा चोबिने किसिम; झ्वाम्ल्याङङ।

च्वार्र–क्रि० यो० [अनु०] १. कपड़ा, कागत आदि च्यात्दा आवाज आउने किसिम; च्यार्र। २. घिउ, तेलले पानी भएका वस्तु झान्दा शब्द आउने किसिम; झ्वार्र।

च्वास्स–क्रि० यो० [ने०] १. सानो-तिनो काँढ़ो बिझ्ने किसिम। २. आगोले हल्कासँग पोल्ने किसिम। ३. कटु वचन बिझ्ने किसिम।

छ

छ–देवनागरी वर्ण-मालाका व्यञ्जन-वर्णको सातौँ अक्षर। यसको उच्चारण तालु-स्थानबाट हुन्छ। च-वर्गको द्वितीय वर्ण।

छ–ना० [प्रा० छट्टि] १. तीन र तीनको योग-सङ्ख्या; पाँचपछिको सङ्ख्या। (वि०) २. त्यति सङ्ख्याको।

छ–अ० क्रि० [सं० अस्ति] 'हुनु' क्रियाको प्रथम-पुरुष, एक-

CC-0. In Public Domain. Digitization by eGangotri

वचन, वर्तमान-कालिक अस्तित्व बुझाउने शब्द।

छँटाइ–ना० [छाँट्+आइ] छाँट्ने किसिम, क्रिया वा भाव; छाँट-काँट पार्ने किसिम।

छँटाइनु–अ० क्रि० [छँटाउ+इ+नु] बहुलाइनु; ('छँटाउनु'-को भा० क्रि०)।

छँटाइनु–स० क्रि० [छँटाउ+आउ+नु] छाँट्न लाइनु; छाँट पारेर कटाउनु; ('छँटाउनु'-को प्रे० क्रि०)।

छँटाउनु–अ० क्रि० [छाँटा+आउ+नु] छाँटा चढ्नु; सन्कनु; बहुलाउनु।

छँटाउनु–स० क्रि० [छाँट्+आउ+नु] छाँट्न लाउनु; काट-छाँट पार्न लाउनु; ('छाँट्नु'-को प्रे० क्रि०।)

छँटाहा–वि० [छाँटा+आहा] बहुलाहा; सन्काहा; पागल।

छँट्वा–वि० [छाँट्+उवा] १. छाँटिएको; ताछिएको। २. छानिएको; छनुवा।

छँडुली–वि० [छाँट] १. छाले; उत्ताउली (स्त्री)। २. मर्यादामा नबसेकी; छाड़ा (स्त्री)।

छँडुलो–वि० [छाड़ा] रण्डीबाज; व्यभिचारी।

छँडुल्याइँ–ना० [छँडुली+याइँ] १. छँडुली हुनाको भाव; छालेपन। २. छाड़ा हुनाको भाव; अनुशासन-हीनता।

छँदाइ–ना० [छाँद्+आइ] छाँद्ने किसिम, क्रिया वा भाव।

छँदाइ–ना० [छँदाउ+आइ] छँदाउने किसिम, क्रिया वा भाव।

छँदाइनु–स० क्रि० [छँदाउ+इ+नु] छाँद्न लाइनु; ('छँदाउनु'-को क० क्रि०)।

छँदाउनु–स० क्रि० [छाँद्+आउ+नु] छाँद हाल्न लाउनु; ('छाँद्नु'-को प्रे० क्रि०)।

छँदुवा–वि० [छाँद्+उवा] खुट्टामा बाँधिएको; छाँदिएको।

छइ–ना० [नें०] हात्तीलाई पछि हटाउन माहुतेले सङ्केत गर्ने शब्द।

छक–ना० [छक्क] छक्क पर्नु; चकित हुनु; आश्चर्य; अचम्म।

छकड़ा–ना० [छक्का] १. तीनै पासामा दुइ-दुइ फुट्टी पर्ने दाउ; छ फुट्टीमात्रको पासाको एक दाउ। २. तीनै पासामा दुवा-दुवा पर्दा हुने पासाका खेलको एक दाउ। ३. छक्कै-छक्का पर्दामात्र जुग चालेर खेलिने पासाको एक खेल।

छकड़ा–ना० [सं० शकट] प्रायः मानिसले ठेलेर, लगिने माल-मत्ता ओसार्ने गाड़ी।

छकल्ली–वि० [छ+कल्ली] १. छ वटा कल्ली जोरेर बनाइएको (ना०) २. एक विशेष प्रकारको नेपाली टोपी।

छकल्ली–वि० [छक्क] १. नकल पार्ने; नकली। २. छुकछुके; चञ्चले।

छकाइ–ना० [छकाउ+आइ] छकाउने किसिम वा क्रिया; झुक्कयाइ।

छकाइ–ना० [छक्क+आइ] छकिने किसिम, क्रिया वा भाव।

छकाइनु–स० क्रि० [छकाउ+इ+नु] झुक्क्याइनु; ('छकाउनु'-को क० क्रि०)।

छकाउनु–स० क्रि० [छक्क+आउ+नु] १. झुक्क्याउनु; छक्क्याउनु। २. छक्क पार्नु; जिल्ल्याउनु। ३. छल्नु। ४. ढाँट्नु; फट्याइँ गर्नु।

छकाटूट–ना० [नें०] केही पनि नहुनु; नितान्त अभाव हुनु; शून्यता।

छकार–ना० [सं०] 'छ'-अक्षर; च-वर्गको दोस्रो अक्षर।

छकाल–ना० [नें०] १. मध्याह्न काल। २. सूनसान अवस्था; सन्नाटा; निछयाम।

छकावट–ना० [छक्क+आवट] छकाउने वा छकिने किसिम, क्रिया वा भाव; छकाइ; झुक्कचान।

छकिइनु–अ० क्रि० [छकि+इ+नु] छलमा परिनु; ('छकिनु'-को भा० क्रि०)।

छकिनु–अ० क्रि० [छक्क+इ+नु] १. छलमा पर्नु; झुक्किनु। २. छलिनु। ३. बिरिनु; भुल्नु। ४. जिल्लिनु; छक्क पर्नु। ५. ठगिनु; ठगीमा पर्नु; धोखामा पर्नु।

छकु-बन्जार–ना० [नेवा० छकु+वाणिज्य (सं०)] आफ्ना जीउले बोकेर माल-मत्ता बजारमा लगी बेच्ने व्यापारी।

छकु-बन्जारी–ना० [छकु-बन्जार+ई] छकु-बन्जारको काम वा पेशा।

छक्क–क्रि० यो० [सं० चकित] १. आश्चर्यमा पर्ने किसिम; चकित हुने किसिम। २. पक्क; जिल्ल। ३. दङ्ग।

छक्का–वि० [छ] छ-दोबर; छक्के (दुनोट पढ्दाको शब्द)।

छक्का–ना० [प्रा० छक्क] १. सोह्र वा आठ कौड़ीले खेलिने जूवाको एक दाउ। २. ताशको छ फुट्टीवाला पत्ती। ३. तीनै पासामा दुइ-दुइ हुँदा पर्ने पासाको एक दाउ।

छक्का-पन्जा–ना० [छक्का+पन्जा] १. चलाकी; छटेलपन। २. अनावश्यक सम्बन्ध वा वास्ता।

छक्काल–ना० [छकाल] छकाल।

छक्किइनु–अ० क्रि० [छक्कि+इ+नु] छकिइनु; ('छक्किनु'-को भा० क्रि०)।

छक्किनु–अ० क्रि० [छकिनु] छकिनु।

छक्के–वि० [छक्का] छक्का; छ-दोबर (दुनोट पढ्दाको शब्द)।

छक्क्याइ–ना० [छकि+याइ] छकिने किसिम वा क्रिया। झुक्कयाइ।

छक्क्याइ–ना० [छक्क्याउ+आइ] छक्क्याउने किसिम, क्रिया वा भाव।

छक्क्याइनु–स० क्रि० [छक्कि+याइ+नु] छकाइनु।

छक्क्याउनु–स० क्रि० [छक्क+याउ+नु] छकाउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

छक्क्याहट–ना० [छक्कि+याहट] छकिने किसिम वा क्रिया; छक्क्याइ।

छचल्किइनु–अ० क्रि० [छचल्कि+इ+नु] तरल पदार्थ चलिनु; ('छचल्किनु'-को भा० क्रि०)।

छचल्किनु–अ० क्रि० [छाल+चल्+इ+नु] पानी आदि पन्यालो पदार्थ ठक्कर खाएर हल्लनु; तरल पदार्थ चल्नु।

छचल्क्याइ–ना० [छचल्क्याउ+आइ] छचल्क्याउने किसिम, क्रिया वा भाव।

छचल्क्याइ–ना० [छचल्कि+याइ] छचल्किने किसिम, क्रिया वा भाव; छचल्क्याहट।

छचल्क्याइनु–स० क्रि० [छचल्क्याउ+इ+नु] पन्यालो पदार्थ हल्लाइनु; ('छचल्क्याउनु'-को क० क्रि०)।

छचल्क्याउनु–स० क्रि० [छचल्कि+याउ+नु] पानी आदि पन्यालो पदार्थ हल्लाउनु; ('छचल्किनु'-को प्रे० क्रि०)।

छचल्क्याहट–ना० [छचल्कि+आहट] छचल्किने किसिम, क्रिया वा भाव; छचल्क्याइ।

छ-चार–ना०[छ+चार] दुइ पासामा दुवा-दुवा र एक पासामा छक्का पर्ने पासाको दाउ; दशको दाउ।

छटक्क–क्रि० यो० [छट्क] १. एकै पटकमा काटेर छिन्ने किसिम; चटक्क। २. छट्केर पन्छने किसिम।

छटछट–क्रि० यो० [अनु०] १. छड्कँदा शब्द आउने किसिम; छड्छड्। २. धमाधम काटिने वा छिनिने किसिम।

छटछटती–क्रि० यो० [छटछट+ती] १. एकपछि अर्को काट्ने किसिम; छपछपी; छपछपती। २. छड्कने किसिम; छटछटी।

छटछटी–क्रि० यो० [छटछट+ई] १. धमाधम काट्ने किसिम; छटाछट; छपछपी। २. छड्कने किसिम।

छटनी–ना० [छाँट्+नी] १. छाँट्ने काम; कुनै पदार्थमा मिसिएको कुनै वस्तुलाई छुट्ट्याउने काम। २. कुनै सङ्घटनबाट अनावश्यक मानिसहरूलाई निकाल्ने काम।

छटपट–क्रि० यो० [नें०] १. शारीरिक वा मानसिक पीडाबाट अधैर्य हुने किसिम। (ना०) २. बेचैनी; छटपटी।

छटपटाइ–ना० [छटपटाउ+आइ] छटपटाउने किसिम, क्रिया वा भाव; छटपटी।

छटपटाइनु–अ० क्रि० [छटपटाउ+इ+नु] छटपटी लागिनु; ('छटपटाउनु'-को भा० क्रि०)।

छटपटाउनु–अ० क्रि० [छटपट+आउ+नु] १. शारीरिक वा मानसिक वेदनाले अधैर्य हुनु; छटपटी लाग्नु। २. तुलबुलाउनु; हड्बड़ाउनु। ३. अस्पटाउनु।

छटपटिइनु–अ० क्रि० [छटपटि+इ+नु] छटपटाइनु; ('छटपटिनु'-को भा० क्रि०)।

छटपटिनु–अ० क्रि० [छटपट+इ+नु] १. छटपटाउनु; छटपटी गर्नु। २. अस्पटाउनु। ३. हड्बड़ाउनु; तुलबुलाउनु।

छटपटी–ना० [छटपट+ई] १. शारीरिक वा मानसिक वेदनाबाट भएको अधैर्य वा चञ्चलता। २. बेचैनी; घबराहट। ३. हड्बड़ी; तुलबुली।

छटपटे–वि० [छटपट+ए] १. छटपट भएको; छटपटिएको; छटपट गर्ने। २. चटपटे; हड्बड़े।

छटपटचाइ–ना० [छटपटि+याइ] छटपटिने किसिम, क्रिया वा भाव; छटपटचाहट; छटपटी।

छटपटचाहट–ना० [छटपटि+याहट] छटपटिने किसिम, क्रिया वा भाव; छटपटी; छटपटचाइ।

छटा–ना० [सं०] १. प्रकाशका किरणहरूको समूह; कान्ति; दीप्ति। २. शोभा; सौन्दर्य। ३. समूह; समुदाय।

छटाक–ना० [सं० षोडशांश] १. एक पाउको चतुर्थांश; सेरको सोह्रौँ भाग। (वि०) २. त्यति परिमाणको।

छटाछट–क्रि० यो० [छटछट] धमाधम काट्ने वा छिन्ने किसिम; छटछटी।

छटाछटी–क्रि० यो० [छटाछट+ई] धमाधम कुनै काम गर्ने किसिम; झटाझट।

छटेल–वि० [सं० छट्टू] चलाक; धूर्त; छट्ठू; चतुरो।

छट्कनु–अ० क्रि० [छट्को] छटछट शब्द आउने गरी पाक्नु; छड्कनु।

छट्कनु–अ० क्रि० [उच्छिट्टि+नु] पन्छनु; उम्कनु; पृथक् हुनु।

छट्का–ना० [छाँद] हात्तीका पछाड़िका खुट्टा बाँध्ने डोरी।

छट्काइ–ना० [छट्काउ+आइ] छट्काउने किसिम वा क्रिया; छड्कने गरी पकाउने किसिम वा क्रिया।

छट्काइ–ना० [छट्क+आइ] छट्कने गरी पाक्ने किसिम, क्रिया वा भाव; छड्काइ।

छट्काइ–ना० [छट्काउ+आइ] छट्काउने वा उछिट्ट्याउने किसिम, क्रिया वा भाव।

छट्काइ–ना० [छट्क+आइ] छट्कने वा उम्कने किसिम वा क्रिया।

छट्काइनु–स० क्रि० [छट्काउ+इ+नु] छटछट शब्द आउने गरी पकाइनु; छड्काइनु; ('छट्काउनु'-को क० क्रि०)।

छट्काइनु–स०क्रि०[छड्काउ+इ+नु] १. छप्काइनु; काटिनु; छड्काइनु; ('छट्काउनु'-को क० क्रि०)। २. उम्काउनु उछिट्ट्याउनु।

छट्काउनु–स० क्रि० [छट्क+आउ+नु] छटछट शब्द आउने गरी पकाउनु; ('छट्कनु'-को प्रे० क्रि०)।

छट्काउनु–स० क्रि० [छटक्क+आउ+नु] १. छटाछट काट्नु। २. उम्काउनु; उछिट्ट्याउनु; ('छट्कनु'-को प्रे० क्रि०)।

छट्किइनु–अ० क्रि० [छट्कि+इ+नु] उम्कने वा जोगिने होइनु; छड्किनु; ('छट्किनु'-को भा० क्रि०)।

छट्किइनु–अ० क्रि० [छड्कि+इ+नु] छटछट शब्द आउने गरी पाकिनु; ('छट्किनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

छट्किनु–अ० क्रि० [छट्क+इ+नु] १. छट्कनु। २. छट्कने होइनु; ('छट्कनु'-को भा० क्रि०)।

छट्के–वि० [छड्के] छड्के।

छट्को–ना० [छड्को] छड्कने क्रिया; छड्को।

छट्क्याहट–ना० [छट्क+याहट] छट्कने किसिम वा क्रिया; छड्काइ।

छट्ट–क्रि० यो० [अनु०] १. एकै चोटि छिन्ने किसिम; चटक्क। २. झट्ट; तुरुन्त।

छट्टू–वि० [छटेल] खूब बाठो; छटेल।

छट्ट्याइँ–ना० [छट्टू+याइँ] छट्टू हुनाको किसिम, क्रिया वा भाव।

छड़ी–ना० [सं० शर] लट्ठी।

छड्कनु–अ० क्रि० [छड्को+नु] १. छड़छड़ शब्द आउने गरी पाक्नु; छट्केर पाक्नु। २. उछिट्टिनु; फुत्कनु। ३. उछिनेर चाँड़ो हिंड्नु।

छड्काइ–ना० [छड्काउ+आइ] छड्काउने किसिम वा क्रिया; छप्काइ।

छड्काइ–ना० [छड्क+आइ] छड़छड़ शब्द आउने गरी पाक्ने किसिम वा क्रिया।

छड्काइ–ना० [छड्काउ+आइ] छड्काउने किसिम वा क्रिया; छटछट शब्द आउने गरी पकाउने किसिम।

छड्काइनु–स० क्रि० [छड्काउ+इ+नु] छटछट शब्द आउने गरी पकाइनु; ('छड्काउनु'-को क० क्रि०)।

छड्काइनु–स० क्रि० [छड्काउ+इ+नु] छप्काइनु; काटिनु; ('छड्काउनु'-को क० क्रि०)।

छड्काउनु–स० क्रि० [छड्क+आउ+नु] १. छड्कने गरी उमाल्नु; छटछट शब्द आउने गरी पकाउनु। २. उछिट्ट्याउनु; भगाउनु; उड़ाउनु।

छडकाउनु–स० क्रि० [छटक्क+आउ+नु] छप्काउनु; काट्नु।

छड्किइनु–अ० क्रि० [छड्कि+इ+नु] छड़छड़ शब्द आउने गरी पाकिनु; ('छड्किनु'-को भा० क्रि०)।

छड्किनु–अ० क्रि० [छड्क+इ+नु] १. छड्कनु। २. छड़छड़ शब्द आउने गरी पाकिनु। ३. उम्किनु; फुटिकनु; ('छड्कनु'-को भा० क्रि०)।

छड्के–वि० [छटक्क] १. टेढ़ो; तेर्सो। (ना०) २. बीच-बीचको (जाँच); चेक। ३. छेकारो।

छड्को–ना० [छड़छड़] अन्न आदि पकाउँदाको उमाल; छड्काइ; छटछट भएर उम्लनु।

छड्क्याहट–ना० [छड्कि+याहट] छड्किने किसिम वा क्रिया; छड्काइ।

छड़छड़–क्रि० यो० [अनु०] छटछट।

छत–ना० [प्रा० छत्त] १. छानु; पाली। २. कबूतरबाजहरूले परेवा बसाल्नाका निम्ति उभ्याउने छत्राकार टाँड़; परेवा बसाल्ने आड़।

छताछुल्ल–क्रि० यो० [ने०] पन्यालो पदार्थ जतातत्तै पोखिने किसिम; छ्यालब्याल।

छतिपति–ना० [(फाँ०) छति+पति] १. इज्जत-आबरू; लाज-शरम। २. मर्यादा।

छतिवन–ना० [सं० सप्तपर्ण] प्रत्येक भेट्नामा प्रायः सात-सात वटा पात हुने, लामा लामा कोसा फल्ने, साना-साना सेता फूल फुल्ने, दूध निकस्ने एक जातको रूख; सप्तपर्ण। (यसको दूध, बोक्रो आदि औषधीमा प्रयोग हुन्छ।)

छ-तीन–ना० [छ+तीन] एक पासामा पोट, एक पासामा दुवा र एक पासामा छक्का पर्दा हुने दाउ; पासाका खेलमा नौको एक दाउ।

छतौरो–ना० [ने०] भेड़ा, बाख्रा आदिको पाठो।

छत्ता–ना० [प्रा० छत्त] छाता; छत्र।

छत्तीस–वि० [प्रा० छत्तीसा] १. तीस र छ-का योग-सङ्ख्याको। (ना०) २. तीस र छ-को योग-सङ्ख्या; ३६-को सङ्ख्या।

छत्तीस-जात–ना० [छत्तीस+जात] नेपाल-उपत्यकाका वर्णाश्रममा नपरेका समाजलाई स्थितिमल्लले कामका आधारमा विभाजन गरेका छत्तीस जातहरू [ज्यापू, बनी, मू (मुल्मी), दङ्ग (डङ्गोल), काहाभुजा, कुह्माले, दली, बलहजी (बुल), नली, युङ्गवार, गौको (गौँ), चित्रकार (पुँ), भाट (भार), छिपा, नकर्मी (कौ), नाउ, सर्मी (साल्मी), खौसा (खुसः), तिप्पा (तेपे), कल्थार, पुलपुल, कूना (कोना), गथु (गाथा), तत्ती, बल्ला, लमू, पिही, गौवा (ग्वाला), नन्दगौवा, बह्लमी, चेउ, आवा, पुःमां (भुस्याहा), सुवा, कोयेनासो र सुधाङ्ग (रजक)]।

छत्तीसा–वि० [छत्तीस] १. छत्तीस वा अनेक किसिमका दाउ-पेच जान्ने। २. धूर्त; छट्टू; खूब बाठो; चलाक। ३. नखर-माउली।

छत्तीसे–वि० [छत्तीसा] छत्तीसा।

छत्तीसौँ–वि० [छत्तीस+औँ] गन्दै जाँदा छत्तीसका सङ्ख्यामा परेको; छत्तीस सङ्ख्याको।

छत्र–ना० [सं०] १. छाता। २. सुनको दण्ड भएको, रत्न-जटित, मोतीको झालर लागेको छाता; एक राज-चिह्न।

छत्रक–ना० [सं०] १. च्याउ। २. माहुरीको छातो। ३. शिव-मन्दिर।

छत्र-चक्र–ना० [सं०] शुभ-अशुभ फल बताउने ज्योतिषको एक चक्र।

छत्र-छाया–ना० [सं०] आश्रय; आड़-भरोसा।

छत्र-धर–ना० [सं०] छत्र-धारी; राजा।

छत्र-धार–ना० [सं०] १. छत्र-धारी; राजा। २. राजालाई छत्र ओढ़ाउने सेवक; छाते।

छत्र-धारी–वि० [सं०] १. छाता ओढ्ने। २. छाता लिएर हिंड्ने। (ना०) ३. छाते। ४. राजा।

छत्र-पति–ना० [सं०] अधिपति; राजा।

CC-0. In Public Domain. Digitization by eGangotri

छत्र-पत्र–ना० [सं०] १. स्थल-कमल। २. भोज-पत्रको रूख। ३. छतिवन।

छत्र-भङ्ग–ना० [सं०] १. राज्यको नाश। २. राष्ट्रको स्वतन्त्रताको नाश। ३. ज्योतिषको एक योग।

छत्रा–ना० [सं०] च्याउ।

छत्राक–ना० [सं०] च्याउ।

छत्रिइनु–अ० क्रि० [छत्रि+इ+नु] छकिइनु; झुक्किइनु; ('छत्रिनु'-को भा० क्रि०)।

छत्रिक–ना० [सं०] छाता ओढ्ने व्यक्ति; छत्र-धारी।

छत्रिनु–अ० क्रि० [सं० छत्र+नु] १. छकिनु; झुक्किनु। २. जिल्लिनु; हिस्सिनु। ३. ठगिनु।

छत्री–ना० [सं० छत्र] १. कार्तिक शुक्ल एकादशीका दिन तुलसीको उत्सवका निमित्त मठमा बनाइने फूल-मालाको मण्डप। २. चोयाका चित्रामा पात छापी बनाइएको बर्खे ओढ़ो; एक प्रकारको घुम। (वि०) ३. छाता ओढ्ने; छत्र-धारी।

छत्र्याइ–ना० [छत्रि+आइ] छत्रिने किसिम, क्रिया वा भाव; छकाइ; छकावट।

छत्र्याइ–ना० [छत्र्याउ+आइ] छत्राउने किसिम, क्रिया वा भाव।

छत्र्याइनु–स० क्रि० [छत्र्याउ+इ+नु] छकाइनु; ('छत्र्याउनु'-को क० क्रि०)।

छत्र्याउनु–स० क्रि० [छत्रि+याउ+नु] छकाउनु; जिल्ल्याउनु; ठग्नु; ('छत्रिनु'-को प्रे० क्रि०)।

छत्र्याहट–ना० [छत्रि+याहट] छत्रिने किसिम, क्रिया वा भाव; छकाइ; झुक्कचान।

छत्वर–ना० [सं०] १. घर; गृह। २. कुन्ज।

छद–ना० [सं०] १. ढाक्ने वस्तु; आवरण। २. छाला। ३. पखेटा। ४. पात।

छदन–ना० [सं०] १. ढाक्ने वस्तु; आवरण। २. छाला। ३. पखेटा। ४. पात।

छद-पत्र–ना० [सं०] भोज-पत्र।

छदाइ–ना० [छाद्+आइ] छाद्ने किसिम, क्रिया वा भाव; वमन गराइ।

छदाइ–ना० [छदाउ+आइ] छदाउने किसिम, क्रिया वा भाव।

छदाइनु–स० क्रि० [छदाउ+इ+नु] छाद्न लाइनु; ('छदाउनु'-को क० क्रि०)।

छदाउनु–स० क्रि० [छाद्+आउ+नु] छाद्न लाउनु; बान्ता गराउनु; ('छाद्नु'-को प्रे० क्रि०)।

छदि–ना० [सं०] १. छानु; पाली। २. बग्गीको छत।

छ-दुइ–ना० [छ+दुइ] दुइ पासामा पोट-पोट र एक पासामा छक्का हुँदा पर्ने दाउ; पासाका खेलको आठको एक दाउ।

छद्म–ना० [सं०] १. बदलेको (भेष); नकली (रूप)। २. छल; कपट। ३. छानो; छत। ४. बहाना; निहुँ।

छद्म-तापस–ना० [सं०] नकली तपस्वी; ढोंगी; पाखण्डी।

छद्म-वेश–ना० [सं०] बनावटी भेष; नकली वेश।

छद्म-वेशी–वि० [सं०] नकली रूप धारण गर्ने; भेष बदलेको।

छद्मिका–ना० [सं०] गुर्जो।

छद्मी–वि० [सं०] १. छद्म-वेश धारण गर्ने; भेष बदल्ने। २. कपटी; धोखेबाज।

छन्–अ० क्रि० [छ] १. 'हुनु' क्रियाको प्रथम पुरुष, बहु-वचनको, वर्तमान-कालिक रूप; 'छ'-को बहु-वचनमा प्रयोग हुने शब्द। २. 'छ'-को आदरार्थी रूप।

छनक–ना० [सं० छन्न] एक जनालाई भनेझैँ गरी अर्कोलाई गरिने छेड़; घोच-पेच; व्यङ्ग्योक्ति।

छनछन–क्रि० यो० [अनु०] १. रुपियाँ-पैसा आदि गन्दा शब्द आउने किसिम; खनखन। २. तातो धातुमा पानीका छिटा पर्दा शब्द आउने किसिम।

छनछनाइ–ना० [छनछनाउ+आइ] छनछनाउने किसिम, भाव वा क्रिया; छनछनाहट।

छनछनाइनु–अ० क्रि० [छनछनाउ+आइ+नु] छनछन आवाज निस्किनु; ('छनछनाउनु'-को भा० क्रि०)।

छनछनाउनु–अ० क्रि० [छनछन+आउ+नु] रुपियाँ, पैसा आदिको शब्द आउनु; छनछन आवाज निस्कनु।

छनछनाहट–ना० [छनछनाउ+आहट] छनछनाउने किसिम, क्रिया वा भाव; छनछनाइ।

छनछनी–क्रि० यो० [छनछन+ई] छनछन; खनखनी।

छनाइ–ना० [छान्+आइ] छान्ने किसिम, क्रिया वा भाव।

छनाछन–क्रि० यो० [छनछन] रुपियाँ, पैसा आदि गन्दा शब्द आउने किसिम; खनखन; छनछन।

छनुवा–ना० [छाँद] हात्तीका अगाड़िका दुइ खुट्टा जोल्टयाई बाँध्ने साङलो।

छनुवा–वि० [छान्+उवा] १. छानिएको; छानेर झिकिएको। २. छान्ने स्वभावको।

छनोट–ना० [छान्+ओट] छान्ने काम; केलाउने काम; रोज्ने काम।

छनौटो–वि० [छान्+औटो] १. असलजति छानेर लिई बाँकी रहेको। (ना०) २. छान्ने भाँड़ो।

छन्द–ना० [सं०] १. इच्छा; अभिलाषा। २. छाँट; ढङ्ग। ३. चाल-चलन; बानी-बेहोर। ४. वर्ण, मात्रा आदिको गणनाअनुसार विराम आदिको नियम हुने वाक्य; वृत्त; पद्य।

छन्दक–ना० [सं०] १. रक्षक। २. वासुदेव। ३. गौतम बुद्धको सारथि।

छन्दन–ना० [सं०] रिझाउनु; खुशी पार्नु; प्रसन्न गर्नु।

छन्द-प्रबन्ध–ना० [सं०] छन्द बनाउनु; छन्दको रचना गर्नु।

छन्द-बन्द–ना० [छन्द+बन्ध] छाँट-काँट; ढाँचा-काँचा; रूप-रङ्ग।

छन्द-शास्त्र–ना० [सं०] छन्दको रचना गर्ने नियम र सिद्धान्त-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको विवेचना गरिएको शास्त्र; पिङ्गल-शास्त्र ।

छन्दानुवृत्ति–ना० [सं०] रिझाउनु; खुशी पार्नु; प्रसन्न पार्नु ।

छन्दित–वि० [सं०] १. प्रसन्न । २. सन्तुष्ट ।

छन्दोग–ना० [सं०] साम-वेद गाउने व्यक्ति; साम-वेदी ।

छन्दोदोष–ना० [सं०] छन्दमा मात्रा, वर्ण, यति आदि नमिल्दा हुने दोष; छन्दोभङ्ग ।

छन्दोबद्ध–वि० [सं०] छन्दमा लेखिएको; पद्य-रूपमा रचिएको (काव्य) ।

छन्दोभङ्ग–ना० [सं०] छन्दमा वर्ण, मात्रा, यति आदिको नियम बिग्रनु; छन्दोदोष ।

छन्न–वि० [सं०] १. ढाकिएको; आच्छादित । २. लुप्त; अन्तर्धान भएको ।

छपक्क–क्रि० यो० [अनु०] हतियारले सहसा हिर्काएर काट्ने किसिम ।

छपछप–क्रि० यो० [अनु०] १. खुकुरी, तरवार आदिले धमाधम काट्ने किसिम; छप्काउने किसिम । २. हल्का तवरले भिजेका लुगा पछार्दा शब्द आउने किसिम; छुपछुप ।

छपछपती–क्रि० यो० [छपछप+ती] छपछपी ।

छपछपी–क्रि० यो० [छपछप+ई] १. छप्काउने किसिम । २. लुगा धुने किसिम; छपछप ।

छपनी–ना० [ने०] चोयाले बनेको सोलीका आकारको जाँड छान्ने चाल्नी ।

छपन्न–वि० [प्रा० छप्पण] १. पचास र छका योग-सङ्ख्याको । (ना०) २. पचास र छको जम्मा सङ्ख्या; ५६-को अङ्क ।

छपन्नौँ–वि० [छपन्न+औँ] गन्दै जाँदा छपन्न सङ्ख्यामा परेको; छपन्न सङ्ख्याको ।

छपाइ–ना० [छपाउ+आइ] छपाउने किसिम, क्रिया वा भाव; छिपाइ ।

छपाइ–ना० [छाप्+आइ] छाप्ने किसिम वा क्रिया; ब्लक, टाइप आदिबाट चित्र वा अक्षर निकाल्ने किसिम वा क्रिया; मुद्रण ।

छपाइ–ना० [छपाउ+आइ] १. छपाउने वा मुद्रण गराउने किसिम, क्रिया वा भाव । २. मुद्रण गराएका बदलामा दिइएको मूल्य ।

छपाइनु–स० क्रि० [छपाउ+इ+नु] छिपाइनु; ('छपाउनु'-को क० क्रि०) ।

छपाइनु–स० क्रि० [छपाउ+इ+नु] छाप्न लाइनु; ('छपाउनु'-को क० क्रि) ।

छपाउनु–स० क्रि० [छाप्+आउनु+नु] छाप्न लाउनु; मुद्रण गर्न लाउनु (पुस्तक, पुस्तिका आदि); ('छाप्नु'-को प्रे० क्रि०) ।

छपाउनु–स० क्रि० [छिपाउ+नु] लुकाउनु; छिपाउनु ।

छपाछप–क्रि० यो० [छपछप] १. एकपछि अर्को लगातार काट्ने किसिम; छपछपी । २. धान रोप्ने किसिम; छुपुछुपु । ३. भिजेका लुगाहरू पछार्ने किसिम ।

छप्काइ–ना० [छप्काउ+आइ] छप्काउने किसिम वा क्रिया; खुकुरी आदिको हिर्काइ; कटाइ ।

छप्काइनु–स० क्रि० [छप्काउ+इ+नु] खुकुरी, तरवार आदिले हानिनु; ('छप्काउनु'-को क० क्रि०) ।

छप्काउनु–स० क्रि० [छपक्क+आउ+नु] १. खुकुरी, तरवार आदिले हान्नु; काट्नु । २. छड्के पारेर काट्नु ।

छप्को–ना० [छप्काउ] छप्काउँदाको पटक; काट्दाको पटक ।

छप्को–ना० [ने०] १. अवसर; मौका । २. खेतमा धान रोप्ने काम; रोपाइ । ३. धारिलो हतियारले छप्काउने काम; छप्काइ ।

छप्पड़–ना० [छोप्] झुपड़ी; छाप्रो; छप्पर ।

छप्पन्न–ना० [प्रा० छप्पण] छपन्न ।

छप्पन्नौँ–वि० [छप्पन्न+औँ] छपन्नौँ ।

छप्पर–ना० [छप्पड़] छप्पड़ ।

छब्बिस–वि० [छब्बीस] छब्बीस ।

छब्बिसौँ–वि० [छब्बीसौँ] छब्बीसौँ।

छब्बीस–वि० [प्रा० छब्बीस] १. बीस र छको योग-सङ्ख्याको । (ना०) २. बीस र छको जम्मा सङ्ख्या; २६-को अङ्क ।

छब्बीसौँ–वि० [छब्बीस+औँ] गन्दै जाँदा छब्बीस सङ्ख्यामा परेको; छब्बीस सङ्ख्याको ।

छमछम–क्रि० यो० [अनु०] १. चाँप, घुँगुरा आदि बज्ने किसिम । २. स्याउला छिँवल्दा शब्द आउने किसिम ।

छमछमाइ–ना० [छमछमाउ+आइ] छमछमाउने किसिम, क्रिया वा भाव ।

छमछमाइनु–अ० क्रि० [छमछमाउ+इ+नु] छमछम शब्द निस्किनु; ('छमछमाउनु'-को भा० क्रि०) ।

छमछमाउनु–अ० क्रि० [छमछम+आउ+नु] पाउजेब, घुँगुरा आदि बज्नु; छमछम शब्द निस्कनु ।

छमछमाहट–ना० [छमछमाउ+आहट] छमछमाउने किसिम, क्रिया वा भाव; छमछमाइ ।

छमछमी–क्रि० यो० [छमछम+ई] १. पाउजेब आदि बज्ने किसिम; छमछम । २. स्याउला आदि छिँवल्दा शब्द आउने किसिम ।

छम्कट्ट–वि० [ने०] १. ठिक्कको; सुहाउँदो । २. छरितो ।

छम्कनु–स० क्रि० [सं० सिञ्चन+नु] पानी आदि पन्यालो पदार्थ छर्कनु; सेचन गर्नु ।

छम्काइ–ना० [छम्क+आइ] छम्कने किसिम वा क्रिया; सेचन ।

छम्काइनु–स० क्रि० [छम्काउ+इ+नु] छम्कन लाइनु; ('छम्काउनु'-को क० क्रि०) ।

छम्काउनु–स० क्रि० [छम्क+आउ+नु] छम्कन लाउनु; ('छम्कनु'-को प्रे० क्रि०) ।

छम्किनु–स० क्रि० [छम्क+इ+नु] सेचन गरिनु; ('छम्कनु'-को क० क्रि०) ।

छम्को–ना० [छम्क] पानीले छ्याप्ने काम; छम्कने क्रिया; सेचन; सिञ्चन ।

CC-0. In Public Domain. Digitization by eGangotri

छयल्ल–वि० [छाले] छाले; बयल्ल; बित्पाते।
छयसट्ठि–ना० [छयसट्ठी] छयसट्ठी।
छयसट्ठिऔँ–वि० [छयसट्ठि+औँ] गन्दै जाँदा छयसट्ठीको सङ्ख्यामा पुगेको; छयसट्ठी सङ्ख्याको।
छयसट्ठी–ना० [प्रा० छछट्ठीं] १. साठी र छको जम्मा सङ्ख्या; ६६-को अङ्क। (वि०) २. त्यति सङ्ख्याको।
छयहत्तर–ना० [प्रा० छहत्तरी] १. सत्तरी र छको जम्मा सङ्ख्या; ७६-अङ्क। (वि०) २. त्यति सङ्ख्याको।
छयहत्तरौँ–वि० [छयहत्तर+औँ] गणनाको क्रमले छयहत्तर सङ्ख्यामा पुगेको; छयहत्तर सङ्ख्याको।
छयान्नब्बे–ना० [प्रा० छनवइ] १. नब्बे र छको जम्मा सङ्ख्या; ९६-अङ्क। (वि०) २. त्यति सङ्ख्याको।
छयान्नब्बेयौँ–वि० [छयान्नब्बे+औँ] गन्दै लैजाँदा छयान्नब्बे सङ्ख्यामा पुगेको; छयान्नब्बे सङ्ख्याको।
छयालिस–ना० [छयालीस] छयालीस।
छयालिसौँ–वि० [छयालीसौँ] छयालीसौँ।
छयालीस–ना० [सं० षट्चत्वारिंशत्] १. चालीस र छको जम्मा सङ्ख्या; ४६-को अङ्क।(वि०) २. त्यति सङ्ख्याको।
छयालीसौँ–वि० [छयालीस+औँ] गन्दै जाँदा छयालीस सङ्ख्यामा पुगेको; छयालीस सङ्ख्याको।
छयासियौँ–वि० [छयासी+यौँ] गणनाको क्रमले छयासी सङ्ख्यामा पुगेको; छयासी सङ्ख्याको।
छयासी–ना० [प्रा० छासीइ] १. असी र छको जम्मा सङ्ख्या; ८६-अङ्क। (वि०) २. त्यति सङ्ख्याको।
छर-छिमेक–ना० [(फाँ०) छर+छिमेक] गाउँ-घरको आस-पास; आफ्ना घरवर-परको ठाउँ; छिमेक।
छर-छिमेकी–वि० [छर-छिमेक+ई] वल्लो-पल्लो घरको; आफ्ना घरका नजीकै घर हुने; छिमेकी।
छराइ–ना० [छर्+आइ] छर्ने किसिम, क्रिया वा भाव।
छराइनु–स० क्रि० [छराउ+इ+नु] छर्न लाइनु; ('छराउनु'-को क० क्रि०)।
छराउनु–स० क्रि० [छर्+आउ+नु] छर्न लाउनु; ('छर्नु'-को प्रे० क्रि०)।
छरिछट्ट–क्रि० यो० [ने०] सानो र राम्रो हुने किसिम; चिटिक्क; चिरिच्याट्ट।
छरितो–वि० [ने०] १. सानो, राम्रो र छाँट परेको; चिटिक्क परेको; छम्कट्ट। २. हल्का। ३. फूर्तिलो।
छरित्याइँ–ना० [छरितो+याइँ] छरितो हुनाको किसिम, क्रिया वा भाव।
छरिनु–अ० क्रि० [छर्+इ+नु] १. फिंजिएर रहनु; बेथिति-सँग यत्र-तत्र फैलिनु। (स० क्रि०) २. छिरलो परिनु; छर्किनु; ('छर्नु'-को क० क्रि०)।
छरी–ना० [ने०] १. निधारमाथिको कपाल मिलाई काट्ने एक तरीका। २. कन्चटनिर छुराले दाह्री र कपाल छुट्टिने गरी काट्ने काम। ३. त्यसरी काटेको कपाल। ४. खेतको छेउ र भित्तो सोझो पारी छाँट्ने काम।
छरुवा–वि० [छर्+उवा] १. छरेको। २. छर्ने। (ना०) ३. कौड़ा छरेर हान्ने एक खेल।
छर्कनु–स० क्रि० [छर्+नु] छम्कनु; छिट्नु; छर्नु।
छर्काइ–ना० [छर्क+आइ] छर्कने किसिम वा क्रिया; छम्काइ।
छर्काइनु–स० क्रि० [छर्काउ+इ+नु] छर्कन लाइनु; ('छर्का-उनु'-को क० क्रि०)।
छर्काउनु–स० क्रि० [छर्क+आउ+नु] छर्कन लाउनु; छराउनु; ('छर्कनु'-को प्रे० क्रि०)।
छर्किनु–स० क्रि० [छर्क+इ+नु] छम्किनु; ('छर्कनु'-को क० क्रि०)।
छर्को–ना० [छर्] १. छर्ने काम; छर्कने क्रिया। २. छर्ने पटक; छर्कने चोटि।
छर्छर–क्रि० यो० [अनु०] पानी वा मसिना गेड़ाहरू अग्लो ठाउँबाट खस्दा शब्द आउने किसिम।
छर्छराउँदो–वि० [छर्छर+आउँदो] राम्ररी नपाकेको; जर्रो (अन्न)।
छर्छरी–क्रि० यो० [छर्छर+ई] १. शरीर कोरिएर वा फुटेर रगत निस्कने किसिम। २. छर्ने वा छरिने किसिम। ३. पातलो दिसा हुने किसिम।
छर्छरे–ना० [छर्छर+ए] छहरो; झरना; निर्झर।
छर्छार–ना० [छर्+छार (फाँ०)] १. बारीमा मकै आदि बीउहरू छर्ने काम; छराइ। २. छर्ने अन्न; अन्नका बीउहरू।
छर्द–ना० [सं०] वमन; छाद।
छर्दन–ना० [सं०] १. बान्ता; वमन। २. बिसन्चो; अस्वस्थता।
छर्दि–ना० [सं०] वमन; छाद।
छर्दिका–ना० [सं०] १. वमन; छाद। २. विष्णु-क्रान्ता लता।
छर्नु–स० क्रि० [प्रा० छड्डइ+नु] १. यत्र-तत्र पार्नु; फिंजाउनु; छिरल्नु; छिरलो पार्नु। २. खेतमा बीउहरू हाल्नु;। ३. छम्कनु; छर्कनु।
छर्रा–ना० [छर्] १. बन्दूकबाट छुट्दा छरिएर जाने, टोटामा भरिएका साना-साना सीसाका गोली। २. केराउका गेड़ा साँधेर बनाएको एक प्रकारको अचार।
छर्रावाल–वि० [छर्रा+वाल] १. छर्रा हालेर हान्ने (बन्दूक)। २. छर्रा भएको।
छर्लङ्ग–क्रि० यो० [ने०] स्पष्टसँग देखिने किसिम; विना-बाधा-अड्काउ राम्ररी देखिने किसिम।
छर्लङ्गे-धान–ना० [ने०] एक जातको मसिनु धान।
छर्लङ्ङ–क्रि० यो० [छर्लङ्ग] छर्लङ्ग।
छल–ना० [सं०] १. झुक्क्याउने काम; धोखा। २. ठगी; बेईमानी। ३. बहाना; निहुँ। ४. दुष्टयाइँ; दुष्टता।
छल-कपट–ना० [छल+कपट] छल्ने वा धोखा दिने काम; छल-छाम।
छल-कार–ना० [सं०] निहुँ; बहाना।
छल-कारी–वि० [छल-कार+ई] छल गर्ने; छल-कार गर्ने;

CC-0. In Public Domain. Digitization by eGangotri

छली।

छलक्क–क्रि० यो० [ने०] छचल्किने किसिम; छल्कने किसिम।

छल-छन्द–ना० [सं०] छल-कपट; छल-छाम।

छल-छन्दी–वि० [सं०] छल-छाम गर्ने; छल-कपट गर्ने।

छलछल–क्रि० यो० [अनु०] १. गाई, भैँसीले मुत्ने किसिम; गौँत्याउने किसिम; छ्वाल-छ्वाल। २. डराएर मुत्ने किसिम; छुलछुल।

छलछली–क्रि० यो० [छलछल+ई] १. गाई, भैँसी आदिले मुत्ने किसिम; छ्वाल-छ्वाल। २. डरले मुत्ने किसिम; छुलछुली।

छल-छाम–ना० [छल+छद्म] १. जाल-झेल; छल-कपट। २. आल-टाल।

छल-छिद्र–ना० [सं०] छल-छाम; छल-कपट; धोखेबाजी।

छलन–ना० [सं०] छल गर्नु; धोखा दिनु।

छलफल–ना० [ने०] परस्परमा गरिने विचार-विमर्श; आपस्तको ऊहापोह; बहस।

छल-बल–ना० [सं०] कुनै काम सिद्ध गर्नाका निम्ति गरिएको कपटपूर्ण व्यवहार; छलपूर्वकको बल।

छलाइ–ना० [छल्+आइ] छल्ने किसिम, क्रिया वा भाव; झुक्क्याइ।

छलाइ–ना०[छलि+आइ] छलिने किसिम, क्रिया वा भाव।

छलाइनु–स० क्रि०[छलाउ+इ+नु]छल्न लाइनु; ('छलाउनु'-को क० क्रि०)।

छलाउनु–स० क्रि० [छल्+आउ+नु] छल्न लाउनु; ('छल्नु'-को प्रे० क्रि०)।

छलिइनु–स० क्रि० [छलि+इ+नु] हूलबाट अलमलिएर छुट्टिइनु; ('छलिनु'-को भा० क्रि०)।

छलिक–ना० [सं०] रूपकको एक भेद।

छलित–वि० [सं०] छलिएको; धोखा दिइएको।

छलिनु–अ० क्रि० [छल्+इ+नु] १. हूल वा समूहबाट अलमलिएर छुट्टिनु; एकलो पर्नु। २. लक्ष्यमा प्रहार नलाग्नु; चुक्नु। ३. छलमा पर्नु; धोखामा पर्नु। (स० क्रि०) ४. छल्ने होइनु; ('छल्नु'-को क० क्रि०)।

छली–वि० [सं०] छल गर्ने; कपटी; धोखेबाज।

छल्कनु–अ० क्रि० [छाल+नु] छाल उठ्नु; छचल्किनु।

छल्काइ–ना० [छल्क+आइ] छल्कने किसिम, क्रिया वा भाव; छचल्क्याइ।

छल्काइ–ना० [छल्काउ+आइ] छल्काउने किसिम, क्रिया वा भाव।

छल्काइनु–स० क्रि० [छल्काउ+इ+नु] छाल उठाइनु; ('छल्काउनु'-को क० क्रि०)।

छल्काउनु–स० क्रि [छल्कि+आउ+नु] छल्किने पार्नु; ('छल्किनु'-को प्रे० क्रि)।

छल्किनु–अ० क्रि० [छल्क+इ+नु] १. छाल उठिनु; ('छल्कनु'-को भा० क्रि०)। २. छल्कनु।

छल्क्याइ–ना० [छल्कि+याइ] छल्किने किसिम, क्रिया वा भाव; छल्काइ; छचल्काइ।

छल्क्याहट–ना० [छल्कि+याहट] छल्किने किसिम वा क्रिया; छचल्क्याहट।

छल्नु–स० क्रि० [छल+नु]। १. झुक्क्याउनु; छकाउनु; जिल्ल्याउनु। २. एकलो पारेर हिँड्नु। ३. कुनै विघ्न-बाधाबाट बच्ने उपाय गर्नु। ४. बोक्सीले दुःख दिनु।

छल्ली–ना० [सं०] १. बोक्रो; छाला। २. एक जातको लहरो। ३. सन्तान; सन्तति।

छवाइ–ना० [छाउ+आइ] छाउने किसिम वा क्रिया; छाना लाउने काम वा क्रिया।

छवि–ना० [सं०] १. शोभा; सौन्दर्य। २. कान्ति; प्रभा। ३. चमक; चहक। ४. छाला; चर्म।

छसाइ–ना० [छस्+आइ] छास्ने किसिम वा क्रिया; झँटाइ।

छस्राङ्ग-छुस्रुङ्ग–ना० [अनु०] सुकेका पात आदि कुल्चँदा आवाज आउने किसिम; खस्राङ्ग-खुस्रुङ्ग।

छहरो–ना० [सं० झर] अग्लो ठाउँबाट लगातार खसि-रहेको पानीको प्रवाह; छाँगो; झरना।

छहारी–ना०[छाया+आरी] रूख आदिको छाया; सियाल; छाया।

छाँगो–ना० [छहरो] छहरो; झरना।

छाँट–ना० [सं० छेदन] १. बनोटको ढङ्ग; ढाँचा। २. छाँटा; चेष्टा; छाड़न।

छाँट-काँट–ना० [छाँट+काँट] १. आकार-प्रकार। २. रङ्ग-ढङ्ग; चाल-चलन; बानी-बेहोर।

छाँट-छुँट–ना० [छाँट्+छुँट (फाँ०)] छाँटेर ठीक पार्ने काम; काट-कुट।

छाँटा–ना० [छाँट] १. चेष्टा; छाँट। २. स्वाङ; ढाँचा। ३. ढङ्ग; चाला। ४. सनक; बहुलट्टी।

छाँटा–ना० [छाँट्] बोक्रा छुट्ट्याएको दाल।

छाँटिइनु–अ० क्रि० [छाँटि+इ+नु] उछिनेर अगि लागिनु; ('छाँटिनु'-को भा० क्रि०)।

छाँटिइनु–अ० क्रि० [छाँटि+इ+नु] छाँट-काँट पारिनु; ('छाँटिनु'-को भा० क्रि०)।

छाँटिनु–अ० क्रि० [छाँट्+इ+नु] १. छरितो चालसँग अरूलाई उछिनेर अगि लागी हिँड्नु। २. हलवक बढ़ेर पातलो शरीरको हुनु। ३. बोट, भूस आदिबाट हाँगा, पात अन्नहरू छुट्टिनु।

छाँटिनु–स० क्रि० [छाँट+इ+नु] १. छाँट-काँट पार्नु; ढाँचा पारिनु। २. अलि-अलि काटिनु; छिमलिनु; ('छाँट्नु'-को क० क्रि०)।

छाँट्नु–स० क्रि० [छाँट+न] १. मिल्ने गरी काट्नु; छाँट पारेर काट्नु। २. हाँगा-बिँगा काट्नु; छिमल्नु। ३. कसिँगर, ढुटो आदि छुट्ट्याउनु। ४. कमसल वा रद्दी अंश

CC-0. In Public Domain. Digitization by eGangotri

निकाली असल वा आवश्यक अंशजति मात्र राख्नु; छान-बीन गर्नु। ५. खूब कुरा गर्नु; बेसरी तर्क गर्नु।

छाँद–ना० [सं० छन्द] १. खुट्टामा हाल्ने बन्धन। २. अर्काको पाउ पर्नु; शरणमा पर्नु।

छाँदिनु–स० क्रि० [छाद्+इ+नु] पशुलाई खुट्टामा छाँद हालिनु; ('छाँद्नु'-को क० क्रि०)।

छाँदो–ना० [छाँद] छाँद।

छाँद्नु–स० क्रि० [छाँद+नु] १. पशुलाई खुट्टामा बाँध्नु; छाँद हाल्नु। २. पाउ पर्नु; शरण पर्नु।

छाइँछुइँ–क्रि० यो० [ने०] १. अनुचित किसिमले सम्पत्ति सिद्ध्याउने किसिम; अपव्यय गरेर धन उड़ाउने किसिम; झाइँ-झुइँ। २. तातो धातुमा पानी पर्दा शब्द आउने किसिम।

छाइछुई–ना० [छात-छुत] छात-छुत; छुवाछूत; संसर्ग।

छाइनु–स० क्रि० [छाउ+इ+नु] छाना बनाइनु; ('छाउनु'-को क० क्रि०)।

छाई–ना० [छोक्रो] पत्थर-कोइला बलेर बाँकी रहेका साना-साना टुक्रा।

छाउनी–ना० [सं० छादन] सेना राख्ने वा रहने ठाउँ; शिविर; ब्यारेक।

छाउनु–स० क्रि० [सं० छद्+नु] १. छाना बनाउनु; छानु हाल्नु। २. ढाक्नु; छोप्नु। ३. फिँज्नु; फैलाउनु।

छाउरो–ना० [सं० शावक] कुकुर, स्याल आदि जनावरको बच्चो।

छाक–ना० [सं० चक्] १. तृप्त हुने गरी एक पटक खान पुग्ने आहार; एक चोटि खाइने भोजन। २. भोजनको पटक।

छाक-खल्को–ना० [छाक+खल्को] आशौचका निमित्त खल्को हालेर छोड़िने छाक; एक-दिने जूठो।

छाको–ना० [छाक] १. बियाएका गाई-वस्तुलाई खान दिइने नून। २. गाई-वस्तु चरेर फर्कँदा गोठमा खान दिइने खानेकुरो।

छाग–ना० [सं०] १. बोको। २. बाख्रीको दूध।

छागिका–ना० [सं०] बाख्री।

छाड़न–ना० [छाँट] १. छाँट। २. लक्षण। ३. आदत; बानी।

छाड़ा–वि० [छाड्] कसैको बन्धन वा मर्यादामा नरहेको; आफू-खुशी; स्वच्छन्द।

छाड़िइनु–स० क्रि० [छाड्+इ+नु] छाड़िने काम होइनु; ('छाड्नु'-को भा० क्रि०)।

छाड़िनु–स० क्रि० [छाड्+इ+नु] त्याग गरिनु; छोड़िनु; ('छाड्नु'-को क० क्रि०)।

छाड्नु–स० क्रि० [प्रा० छड्डइ+नु] १. त्याग गर्नु; छोड्नु। २. बन्धनबाट मुक्त गर्नु; स्वच्छन्द गर्नु। ३. कुनै खाने वा पिउने वस्तु नखाने वा नपिउने गर्नु; बार्नु। ४. छुट्टी दिनु; बिदा दिनु।

छात–वि० [सं०] १. काटेको; छुट्ट्याइएको। २. निर्बल; दुर्बल।

छात-छूत–ना० [(फाँ०) छात+छूत] अस्पृश्यसँगको स्पर्श; लसपस; छुवाछूत।

छाता–ना० [प्रा० छत्त] घाम-पानीबाट बच्नाका निमित्त ओढ़िने ओढ़ो; छत्र।

छाता-धारी–वि० [छाता+धारी] १. छाता ओढ्ने (व्यक्ति)। २. उड़िरहेको वायु-यानबाट फाल-हाल्न छाताका किसिमको विशेष साधन लिएको (सैनिक)।

छाती–ना० [सं० छादी] १. वस्तिदेखि माथि गलासम्मको शरीरको अगाड़िपट्टिको अवयव; वक्ष-स्थल। २. साहस; आँट। ३. दिल; हृदय।

छातीदार–वि० [छाती+दार] १. उदार; दिलदार। २. आँटिलो; साहसी।

छाते–वि० [छाता+ए] १. छाता ओढ्ने; छातावाल। (ना०) २. राजा-महाराजाहरूलाई छाता ओढ़ाउने व्यक्ति; छाता ओढ़ाउने नोकर। ३. राजा-महाराजाहरूलाई पिठचूँमा बोकी यता-उति लैजाने नोकर।

छातो–ना० [छाता] गाग्री, झारी आदि भाँड़ा-बर्तनको मुखमा फैलिएको अंश; फिँजिएको बिट।

छात्र–ना० [सं०] १. विद्यार्थी; शिष्य; चेलो। २. एक जातको माहुरी।

छात्रक–ना० [सं०] १. छात्र; विद्यार्थी। २. एक जातका माहुरीको मह।

छात्र-गण्ड–ना० [सं०] तीक्ष्ण बुद्धि नभएको छात्र; मन्द बुद्धि भएको छात्र।

छात्र-दर्शन–ना० [सं०] एक-राते बासी दूधबाट झिकेको नौनी।

छात्र-वृत्ति–ना० [सं०] विद्यार्थीहरूलाई विद्याध्ययन गर्नाका निम्ति दिइने जीविकाको साधन।

छात्र-व्यंसक–ना० [सं०] मन्द बुद्धिको छात्र; घोकन्ते विद्यार्थी।

छात्रा–ना० [सं०] विद्याध्ययनमा लागेकी स्त्री; स्त्री-विद्यार्थी; शिष्या।

छात्रालय–ना० [सं०] छात्रावास।

छात्रावास–ना० [सं०] सामूहिक रुपमा विद्यार्थीहरू बस्ने घर।

छाद–ना० [सं० छर्द] १. बान्ता; वमन। २. बान्ता गरेको वस्तु।

छाद–ना० [सं०] छाना; छत।

छादक–वि० [सं०] १. छाना छाउने (व्यक्ति)। २. ढाक्ने; छोप्ने।

छादन–ना० [सं०] १. छाना; छत। २. ढाक्नु; छोप्नु। ३. पर्दा।

छादित–वि० [सं०] छोपिएको; ढाकिएको।

छादिनी–ना० [सं०] छाला; चर्म।

CC-0. In Public Domain. Digitization by eGangotri

छादिनु–स० क्रि० [छाद्+इ+नु] बान्ता गरिनु; ('छाद्नु'-को क० क्रि०)।

छादी–वि० [सं०] ढाक्ने; छोप्ने।

छाद्नु–स० क्रि० [सं० छर्द+नु] १. बान्ता गर्नु; वमन गर्नु। २. कसैलाई केही कुरो दिउँला वा गरुँला भनी वचन दिनु। ३. प्रकट गर्न नहुने कुरो भन्नु।

छाद्मिक–वि० [सं०] भेष बदलेको; कपट-वेश लिएको; छद्म-वेश-धारी।

छान-छिन–ना० [(फाँ०) छान+छिन्] छिना-फाना।

छान-बीन–ना० [छान्+बिन्] १. छान्ने र बिन्ने काम; केलाइ; चुनाइ। २. खोज-तलाश।

छाना–ना० [छानु] छानु; छत।

छानिनु–स० क्रि० [छान्+इ+नु] छान्ने काम गरिनु; ('छान्नु'-को क० क्रि०)।

छानिनु–स० क्रि० [छान्+इ+नु] केलाइनु; ('छान्नु'-को क० क्रि०)।

छानु–ना० [सं० छादन] घाम, पानी छेक्नाका निम्ति घरको सबभन्दा माथि लगाइने झिंगटी, टिन, खर, पराल आदिको ढकना; छत; छादन।

छानो–ना० [छानु] छानु।

छान्दस–वि० [सं०] १. छन्द-सम्बन्धी। २. वेद-सम्बन्धी। ३. वेद जान्ने; वेद-पाठी।

छान्दसीय–वि० [सं०] १. छन्द-शास्त्रको ज्ञाता। २. वैदिक; वेदज्ञ।

छान्दोग्य–ना० [सं०] १. साम-वेदको एक ब्राह्मण भाग। २. दश उपनिषद्मध्ये एक।

छान्नु–स० क्रि० [सं० क्षरण+नु] कपड़ा, जाली आदिद्वारा चालेर खसाल्नु; चालनीद्वारा छुट्टयाउनु।

छान्नु–स० क्रि० [सं० चयन] १. चाहिँदो वा असल वस्तु छुट्टयाउनु; बिन्नु; केलाउनु। २. रोज्नु; मन परेको वस्तु छुट्टयाई लिनु। ३. खोज्नु।

छाप–ना० [सं० क्षेप] १. अक्षर वा चित्र कुँदिएको छाप्ने साधन; मोहर। २. त्यसैबाट लाएको अक्षर वा चित्र; छापा। ३. साँचोमा ढालेर बनाएको चन्दनको टीको। ४. गहिरो प्रभाव; असर।

छापछापती–क्रि० यो० [छोप्] १. कुनै कुराको खोजीमा धेरै मानिसहरू जताततै फैलिने किसिम; छयापछयापती। २. सर्वत्र फैलिने किसिम; फिंजिने किसिम।

छापदानी–ना० [छाप+दानी] छापमा लगाउने मसी हाल्ने भाँड़ो; छाप-मसीको भाँड़ो।

छाप-मसी–ना० [छाप+मसी] छापमा लाउने मसी; छापको मसी।

छापा–ना० [छाप्] १. छापिएका अक्षर वा चित्र; तसवीर। २. अखबार; पत्र-पत्रिका। ३. कपड़ा, कागत आदिमा बुट्टा छाप्ने साँचो। ४. नबिर्सिने उपकार वा अपकारको गहिरो प्रभाव। ५ आकस्मिक छोटो हमला।

छापाखाना–ना० [छापा+खाना] पुस्तक, पत्र-पत्रिका, पर्चा आदि छाप्ने ठाउँ; प्रेस; मुद्रणालय।

छापामार–वि० [छापा+मार्] छापा मार्ने; अचानक आक्रमण गर्ने (सैनिक)।

छापिनु–स० क्रि० [छाप्+इ+नु] छाप्ने काम गरिनु; ('छाप्नु'-को क० क्रि०)।

छापिनु–स० क्रि० [छोप्+इ+नु] ढुङ्गा, ईँट आदिले जमीन ढाकिनु; ('छाप्नु'-को क० क्रि०)।

छापे–वि० [छाप+ए] छाप लागेको; छाप भएको।

छापे-मानु–ना० [छापे+मानु] सरकारी छाप लागेको, तामाको पुरानो मानु।

छाप्नु–स० क्रि० [छाप+नु] १. ब्लक, टाइप आदिबाट चित्र वा अक्षर निकाल्नु। २. पुस्तक, पुस्तिका आदिको मुद्रण गर्नु। ३. छाप लाउनु; मोहर लाउनु। ४. छिप्नु (कपड़ा, कागत आदिमा)।

छाप्नु–स० क्रि० [छोप्+नु] १. ईँट, ढुङ्गा, फल्याक आदिले जमीन ढाक्नु। २. एक किसिमको कपड़ालाई अर्को किसिमको कपड़ाले छोप्नु; खोल हाल्नु। ३. छोप्नु; ढाक्नु।

छाप्री–ना० [ने०] पूजाका सामग्रीहरू हाल्ने एक किसिमको थालजस्तो भाँड़ो।

छाप्रो–ना० [छाप्] काठ, बाँस पराल आदिले बनाइएको सानो घर; झुप्रो; झुपड़ी।

छामछाम-छुमछुम–क्रि० यो० [छामछुम] आँखाले नहेरी यता-उति छोएर खोज्ने किसिम; छाम्ने किसिम; छाम-छुम।

छाम-छुम–ना० [छाम्+छुम (फाँ०)] छाम्ने काम; आँखाले नहेरी यता-उति छुन काम।

छामिनु–स० क्रि० [छाम्+इ+नु] छाम्ने काम गरिनु; आँखाले नहेरी यता-उति छोइनु; ('छाम्नु'-को क० क्रि०)।

छाम्नु–स० क्रि० [छु+नु] १. आँखाले नदेखेर वा आँखा छोपेर यता-उति हातले छुनु; स्पर्शद्वारा वस्तुको अनुभव गर्नु। २. छुनु; स्पर्श गर्नु।

छायाँ–ना० [छाया] छाया।

छाया–ना० [सं०] १. प्रकाशलाई छेवता पर्ने साधारण अन्धकार। २. प्रकाशलाई छेक्ने वस्तुको तदाकार प्रतिबिम्ब। ३. घाम छेकिने वा नलाग्ने ठाउँ; छहारी। ४. ऐना, पानी आदिमा देखिने प्रतिबिम्ब। ५. प्रायः कसैका साथ वा पछि लागिरहने व्यक्ति वा पदार्थ। ६. कुनै वस्तुको अनुकरण गरी बनेको वस्तु। ७. कुनै वस्तुसित मिल्दोजुल्दो अर्को वस्तु; अनुकृति। ८. सादृश्य; तुल्यता। ९. अन्धकार; तम। १०. आश्रय; सहारा। ११. चित्र वा तस्वीरमा अरू ठाउँमा भन्दा कम उज्जर भएको ठाउँ। १२. सूर्यकी पत्नी।

छाया-कर–ना० [सं०] १. छाता ओढ़ाउने; छाते। २. छाया पार्ने; छायादार।

छाया-गणित–ना० [सं०] छायाका सहायताले ग्रहहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

गति थाहा पाउने गणितको एक सिद्धान्त।

छाया-ग्रह–ना० [सं०] ऐना।

छायाङ्क–ना० [सं०] चन्द्रमा।

छाया-चित्र–ना० [सं०] १. विशेष प्रकारको प्लास्टिक, काँच आदिका फलकमा कुनै वस्तुको छाया वा प्रतिबिम्ब पर्दा त्यसको आकृति उत्री त्यस फलकद्वारा छापिने तस्वीर; यन्त्र द्वारा खिँचिने तस्वीर; फोटो। २. बाइस्कोप आदि-बाट देखिने चित्र।

छाया-चित्रण–ना० [सं०] छाया-चित्र उतार्ने काम; फोटो खिँच्ने काम।

छाया-तरु–ना० [सं०] १. छायाको निमित्त बाटा-घाटामा लाइएको वृक्ष। २. टाढ़ा-टाढ़ासम्म छाया फैलिने रूख। ३. छतिवन।

छाया-देह–ना० [सं०] शरीरको छाया; देहको प्रतिबिम्ब।

छाया-द्रुम–ना० [सं०] छाया-तरु।

छाया-पथ–ना० [सं०] आकाश-गङ्गा; नीहारिका।

छाया-पुरुष–ना० [सं०] १. धेरै बेरसम्म घाममा आफ्नो छाया हेरी आकाशमा हेर्दा देखिने पुरुषाकृति। २. अदृश्य वा अपरिचित रूपमा कसैका पछि लाग्ने गुप्त-चर।

छायामय–वि० [सं०] छाया भएको; छाया-युक्त।

छायामान–ना० [सं०] चन्द्रमा।

छाया-यन्त्र–ना० [सं०] छायाद्वारा समय थाहा पाइने यन्त्र; धूप-घड़ी।

छाया-लोक–ना० [सं०] अदृश्य जगत्; स्वप्न-जगत्।

छायावाद–ना० [सं०] भौतिक जगत्लाई आलम्बन बनाई महत्सत्ताको अस्तित्वको अनुभव गराउने एक काव्य-शैली; रहस्यवाद।

छायावादी–वि० [सं०] छायावादका सिद्धान्तमा चल्ने; छायावादको अनुयायी।

छाया-सुत–ना० [सं०] शनैश्चर।

छारकाप्रो–ना० [छारो+कपड़ा] १. धामी-झाँक्रीहरूले डाइनी-बोक्सीको भेद हटाउनाका निमित्त अगुल्टाको ज्वालामा शाल-धूपको धूलोले हानी रोगीका शरीरमा ज्वाला पुऱ्याएर गरिने उपचार। २. गोड़ा आदिमा दम्को परेको वा त्यस्तै अरू पीडा निको पार्नाका निम्ति सेक्न तताई कपड़ाले बेह्लेको लोहोरो, ईँट, खरानी आदि। ३. त्यसैले सेक्ने काम। ४. आँखामा छारो हाल्ने काम।

छारतोस–ना० [?] वेगसित दौड़ने वा भाग्ने काम; सुइँकुच्चा।

छारपन–ना० [?] हात्तीको एक पाखापट्टि कड़ी लगाई हीँदा कस्ने डोरी।

छारस्ट–क्रि० यो० [ने०] १. खूबसित हप्काउने वा झाँट्ने किसिम। २. बरबाद हुने किसिम।

छारे-रोग–ना० [मूर्च्छा+रोग] धेरै मानिस, पानी, रातो, पहेँलो रङ्ग, बाजा आदि देख्ता-सुन्दा मूर्च्छा पर्ने रोग; चरिपाइँ; मृगी; अपस्मार।

छारो–ना० [प्रा० छार] धूलो; मसिनु कसिँगर।

छाल–ना० [सं०] १. नदी, तलाउ, समुद्र आदि जलाशयमा पानी छचल्किएर उठेको पानीको लहर; लहरी; तरङ्ग। २. बोक्रो। ३. एक प्रकारको चिप्लो टल्कने लुगा।

छाला–ना० [सं० छाल] १. शरीरलाई ढाकेर रहेको चाम्रो पातलो मासु; चर्म; चमड़ा; खाला। २. बोक्रो।

छाली–ना० [छाला] दूध, दही आदिको तर।

छाले–वि० [सं० छल] १. अजमाएर नभएको कुरो गर्ने। २. उत्ताउली; नखरमाली।

छाल्टिन–ना० [सं० शाट] सन वा पाटबाट बनेको चिप्लो एक प्रकारको कपड़ा।

छाल्याइँ–ना० [छाले+याइँ] छाले हुनाको भाव; उत्ताउलो-पन।

छावा–ना० [प्रा० छाव] १. हात्तीको बच्चो। २. एक किसिम-को डस्ने कीरो।

छासछुस–क्रि० यो० [ने०] १. अलि-अलि यता-उति छरिने छर्ने वा छुट्ने किसिम। २. कुरा लाउने किसिम; चुक्ली हाल्ने किसिम।

छासछुसे–वि० [छासछुस+ए] १. कुरा लाउने; छुल्याहा। २. अलि-अलि बाँड़िने वा छुट्ने (अन्न आदि)।

छास-मिस–क्रि० यो० [(फाँ०) छास+मिस्] थरी-थरीका वस्तुहरू एकसाथ मिसिने किसिम; छ्यास-मिस।

छासमिसे–वि० [छासमिस+ए] मिसिएको; छास-मिस भएको; छ्यासमिसे।

छासिनु–स० क्रि० [छास्+इ+नु] बेसरी हप्काइनु; ('छास्नु'-को क० क्रि०)।

छास्नु–स० क्रि० [ने०] बेसरी हप्काउनु; छारस्ट पार्नु; झपार्नु; झाँट्नु।

छास्स-छुस्स–क्रि० यो० [ने०] १. हल्का तवरले यत्र-तत्र छुने किसिम; चास्स-चुस्स। २. चित्त दुख्ने कुरो भन्ने किसिम।

छिँक–ना० [छिँक्का] छिँक्का; छिउँ।

छिँकाइ–ना० [छिँक्+आइ] छिँक्ने किसिम वा क्रिया; छिउँ गराइ।

छिँकाइनु–स० क्रि० [छिँकाउ+इ+नु] छिउँ गराइनु; ('छिँकाउनु'-को क० क्रि०)।

छिँकाउनु–स० क्रि० [छिँक्+आउ+नु] छिउँ गराउनु; छिँक्न लाउनु; ('छिक्नु'-को प्रे० क्रि०)।

छिँकिनु–स० क्रि० [छिँक्+इ+नु] छिउँ गरिनु; ('छिँक्नु'-को क० क्रि०)।

छिँकुवा–वि० [छिँक्+उवा] छिँक गर्ने; छिँक्ने।

छिँक्क–क्रि० यो० [छिँक] छिँक्ने किसिम; छिउँ गर्ने किसिम।

छिँक्का–ना० [सं० छिक्का] कुनै वस्तु नाकभित्र पर्दा वा रुघा लाग्दा नाकभित्र सगसगाएर वेगसित वायु निस्कनु; छिउँ; छिँक।

CC-0. In Public Domain. Digitization by eGangotri

छिँक्नु–स० क्रि० [छिँक्का] छिउँ गर्नु; छिँक्का गर्नु।

छिँड़–ना० [सं० छेद] भाँड़ा-बर्तन आदिमा परेको सानो प्वाल; कुपिल।

छिँड़ी–ना० [नेवा० छेँलि] घरको सबभन्दा तल्लो तलो; भइँ-तलो।

छिँवल–ना० [सं० क्षण] १. निश्चित समय; ताक। २. वाहान; पटक।

छिँवलाइ–ना० [छिँवल्+आइ] छिँवल्ने किसिम, क्रिया वा भाव; हाँगा-बिँगा छाँट्ने किसिम वा क्रिया।

छिँवलाइ–ना० [छिँवलाउ+आइ] छिँवलाउने किसिम, क्रिया वा भाव।

छिँवलाइनु–स० क्रि० [छिँवलाउ+नु] छिँवल्न लाइनु; ('छिँवलाउनु'-को क० क्रि०)।

छिँवलाउनु–स० क्रि० [छिँवल्+आउ+नु] छिँवल्न लाउनु; ('छिँवल्नु'-को प्रे० क्रि०)।

छिँवलिनु–स० क्रि० [छिवल्+इ+नु] हाँगा-बिँगाहरू छाँटिनु; ('छिँवल्नु'-को क० क्रि०)।

छिँवल्नु–स० क्रि० [सं० छेदन] १. हाँगा-बिँगाहरू छाँट्नु। २. बाधा-अड्काउहरू हटाउनु; झमेला पन्छाउनु। ३. काम-काज आदि घटाउँदै जानु।

छिः–वि० बो० [सं०] १. घीन बुझाउने शब्द; घीन लाग्दा भनिने शब्द। २. अरुचि वा निन्दा बुझाउने शब्द।

छिः-छिः-दूर-दूर–ना० [छिः+छिः+दूर+दूर] घृणा र हेला गर्नु; तिरस्कार गर्नु।

छिउँ–ना० [सं० छिक्का] छिँक; छिँक्का।

छिउँका–ना० [छिँक] छिँक; छिँक्का।

छिकछिके–ना० [ने०] छिनछिने।

छिक्का–ना० [सं०] छिँक; छिउँ।

छिचरो–वि० [सं० छिद्र] पङ्क्ति नमिलेको; बीच-बीचमा प्वाल परेको (दाँत)।

छिचरो–वि० [सं० क्षुद्र] १. सत्य कुरा धक नमानीकन बोल्ने; निस्फिक्रीसँग बोल्ने; स्पष्ट वक्ता। २. निर्लज्ज भएर बोल्ने; ग्राम्य शब्द बोल्ने।

छिचऱ्याइँ–ना० [छिचरो+याइँ] छिचरो हुनाको भाव।

छिचलाइ–ना० [छिचल्+आइ] छिचल्ने किसिम, क्रिया वा भाव; छिचोलाइ।

छिचलाइनु–स० क्रि० [छिचलाउ+इ+नु] छिचोलाइनु; ('छिचलाउनु'-को क० क्रि०)।

छिचलाउनु–स० क्रि० [छिचल्+आउ+नु] छिचोलाउनु; ('छिचल्नु'-को प्रे० क्रि०)।

छिचलिनु–स० क्रि० [छिचल्+इ+नु] छिचोलिनु; ('छिचल्नु'-को क० क्रि०)।

छिचल्नु–स० क्रि० [छिचोल्+नु] छिचोल्नु।

छिचिन्कोटे–ना० [ने०] एक जातको चरो।

छिचिमिरो–ना० [ने०] खड़ेरी परेका वेलामा जमीनबाट निस्कने, पखेटा हुने, रातो रङ्गको, एक जातको कमिलो।

छिचोलाइ–ना० [छिचोल्+आइ] छिचोल्ने किसिम वा क्रिया; कठिन काम सिद्ध्याउने किसिम वा क्रिया।

छिचोलाइनु–स० क्रि० [छिचोलाउ+इ+नु] छिचोल्न लाइनु; ('छिचोलाउनु'-को क० क्रि०)।

छिचोलाउनु–स० क्रि० [छिचोल्+आउ+नु] छिचोल्न लाउनु; ('छिचोल्नु'-को प्रे० क्रि०)।

छिचोलिनु–स० क्रि० [छिचोल्+इ+नु] लामो बाटो वा जङ्गल पार गरिनु; ('छिचोल्नु'-को क० क्रि०)।

छिचोल्नु–स० क्रि० [सं० छिद्+नु] १. लामो बाटो वा जङ्गल पार गर्नु। २. वार-पार हुने गरी घोच्नु; छेड्नु। ३. कठिन काम सिद्ध्याउनु; टुङ्ग्याउनु। (अ० क्रि०) ४. पस्नु; छिर्नु।

छिछिमटे–वि० [ने०] १. छुकछुके; चकचके। २. छरितो र हलको शरीरको; फूर्तिलो।

छिछिमटयाइँ–ना० [छिछिमटे+याइँ] छिछिमटे हुनाको भाव; छुकछुकेपन।

छिटाइ–ना० [छिट्+आइ] छिट्ने किसिम वा क्रिया; छम्काइ; छर्काइ।

छिटाइनु–स० क्रि० [छिटाउ+इ+नु] छिट्न लाइनु; छम्काइनु; ('छिटाउनु'-को क० क्रि०)।

छिटाउनु–स० क्रि० [छिट्+आउ+नु] छिट्न लाउनु; छम्काउनु; ('छिट्नु'-को क० क्रि०)।

छिटिनु–स० क्रि० [छिट्+इ+नु] छर्किनु; छम्किनु; ('छिट्नु'-को क० क्रि०)।

छिटो–ना० [छिट्] १. उछिट्टिएर गएको पानी; बूँद; जल-विन्दु। २. अस्पृश्य मानिसलाई छुँदा शुद्ध हुनाका निम्ति छर्किने जल।

छिटो–क्रि० यो० [सं० शीघ्र] १. चाँड़ो; तुरुन्त; शीघ्र। (वि०) २. चाँड़ो काम गर्ने; चलाक।

छिटो-छरितो–वि० [छिटो+छरितो] कुशलतापूर्वक चाँड़ो काम गर्ने; छिटो र छरितोसँग काम गर्ने।

छिट्कनु–स० क्रि० [छिट्+नु] १. छिट्नु; छम्कनु; सेचन गर्नु। २. छर्नु।

छिट्काइ–ना० [छिट्क+आइ] छिट्कने किसिम वा क्रिया; छिटाइ; छम्काइ।

छिट्काइ–ना० [छिटकाउ+आइ] छिट्काउने किसिम वा क्रिया।

छिट्काइनु–स० क्रि० [छिट्काउ+इ+नु] छिट्कन लाइनु; ('छिट्काउनु'-को क० क्रि०)।

छिट्काउनु–स० क्रि० [छिट्क+आउ+नु] छिट्कन लाउनु; ('छिट्कनु'-को क० क्रि०)।

छिट्किनु–स० क्रि० [छिट्क+इ+नु] छिटिनु; छम्किनु; ('छिट्कनु'-को क० क्रि०)।

छिट्नु–स० क्रि० [प्रा० छित्त+नु] १. पानी आदि पन्यालो

CC-0. In Public Domain. Digitization by eGangotri

पदार्थ छर्कनु; छम्कनु; सेचन गर्नु । २. गेड़ा आदि छर्नु ।

छिट्याइ–ना० [छिट्याउ+आइ] छिट्याउने किसिम वा क्रिया; सिमसिमे पानी पर्ने किसिम वा क्रिया ।

छिट्याइनु–अ० क्रि० [छिट्याउ+इ+नु] छिटा-छिटा पारेर झरिनु; ('छिट्याउनु'-को भा० क्रि०) ।

छिट्याउनु–अ० क्रि० [छिट्+याउ+नु] छिटा-छिटा परेर झर्नु; बूँद झर्नु; मन्द वृष्टि हुनु ।

छितर-बितर–क्रि० यो० [छिरल्] यता-उति छरिने किसिम; छिरलिने किसिम; छ्यान्न-ब्यान्न ।

छितरिइनु–अ० क्रि० [छितरि+इ+नु] इतरिइनु; पात्तिइनु; ('छितरिनु'-को भा० क्रि०) ।

छितरिनु–अ० क्रि० [छिचरो+इ+नु] इतरिनु; पात्तिनु; छिहिलिनु ।

छितऱ्याइ–ना० [छितरि+याइ] छितरिने किसिम वा क्रिया ।

छितऱ्याहट–ना० [छितरि+याहट] छितरिने किसिम वा क्रिया; छिहिल्याइ ।

छिताहारी–ना० [छिटो+आरी] पानी नचल्ने स्त्री-सङ्ग्रह गर्ने पुरुष ।

छित्वर–वि० [सं०] १. काट्न योग्य; काट्न सकिने । २. धोखे-बाज; धूर्त । ३. शत्रु ।

छिदक–ना० [सं०] १. चटचाङ; वज्र । २. हीरा ।

छिदि–ना० [सं०] १. बन्चरो । २. चटचाङ; वज्र । ३. काट्नु ।

छिदिर–ना० [सं०] १. बन्चरो । २. चटचाङ; वज्र । ३. तरवार । ४. डोरी ।

छिद्र–ना० [सं०] १. प्वाल; दुलो । २. अन्तर; धाँजो । ३. दोष; त्रुटि । ४. कमजोर पक्ष ।

छिद्र-कर्ण–वि० [सं०] कान चिरिएको; कनफट्टा ।

छिद्र-दर्शी–वि० [सं०] अर्काको दोष खोजी हिँड्ने; छिद्रान्वेषी ।

छिद्रात्मा–वि० [सं०] १. आफ्नो दोष प्रकट गर्ने । २. दुष्ट स्वभावको; कपटी ।

छिद्रानुजीवी–वि० [सं०] अर्काको दोष खोजेर हिँड्ने; छिद्रान्वेषी ।

छिद्रानुसन्धानी–वि० [सं०] अर्काको दोष खोजी हिँड्ने; छिद्रान्वेषी ।

छिद्रानुसारी–वि० [सं०] अर्काको दोष खोजी हिँड्ने; छिद्रान्वेषी ।

छिद्रान्तर–ना० [सं०] बाँस, नर्कट आदि खोक्रो वनस्पति ।

छिद्रान्वेषण–ना० [सं०] अर्काको दोष निकाल्नु; अरूको दोष खोज्नु ।

छिद्रान्वेषी–वि० [सं०] अर्काको दोष खोजी हिँड्ने; छिद्रान्वेषण गर्ने ।

छिद्राफल–ना० [सं०] माजू-फल ।

छिद्रित–वि० [सं०] प्वाल परेको; छिद्र पारिएको ।

छिद्रोदर–ना० [सं०] पेटको एक रोग; क्षतोदर ।

छिन–ना० [प्रा० क्षण] ज्यादै थोरै समय; क्षण; निमेष ।

छिन-छान–ना० [छिन्+छान (फाँ०)] छिन्ने काम; छिना-फाना; फछर्योट ।

छिनछिन–क्रि० यो० [अनु०] सुकेका कोसाहरू वा साना-साना मुजुराहरू बज्ने किसिम ।

छिनछिने–ना० [छिनछिन+ए] पहेँलो फूल फुल्ने, केराउका जस्ता कोसा फल्ने एक जातको बोट । (यसबाट पाट निस्कन्छ ।)

छिनाइ–ना० [छिन्+आइ] छिन्ने किसिम वा क्रिया ।

छिना-फाना–ना० [छिन्+फाना (फाँ०)] १. लेन-देनको चुक्ती; फछर्योट; छिन-छान । २. काम-कारवाईको फछर्योट ।

छिनार–ना० [सं० छिन्ना] १. रण्डी; वेश्या । (वि०) २. छिहिलिएकी; पात्तिएकी । ३. व्यभिचारी ।

छिनालिनु–स० क्रि० [छिनाल्+इ+नु] चुँड़ालिनु; ('छिनाल्नु'-को क० क्रि०) ।

छिनाल्नु–स० क्रि० [छिन्+नु] तानेर वा काटेर टुक्र्याउनु; चुँडाल्नु; छिन्नु ।

छिनासिम–ना० [ने०] नेपालका जुम्ला जिल्लाको सदर मुकाम ।

छिनिक–ना० [ने०] अचार खान हुने सान्साना बीयाँहरू फल्ने एक जातको झाड़ी ।

छिनिनु–अ० क्रि० [छिन्+इ+नु] १. चुँड़िनु; टुटिनु; टुक्रिनु । २. मुद्दा-मामिला आदि काम-काज टुङ्गिनु वा टुङ्ग्याउनु; ('छिन्नु'-को भा० क्रि०) ।

छिनु–ना० [सं० छिद्] ढुङ्गा कुँद्ने वा धातुहरूमा बुट्टा काट्ने रामोजस्तो तीखो औजार ।

छिन्कनु–स० क्रि० [सं० छिद्+नु] मोटो र मसिनो वस्तुहरू छुट्टिने गरी नाङ्लो चलाउनु; एक किसिमसँग निफन्नु ।

छिन्काइ–ना० [छिन्क+आइ] छिन्कने किसिम वा क्रिया; निफन्ने किसिम वा क्रिया ।

छिन्काइनु–स० क्रि० [छिन्काउ+इ+नु] छिन्कन लाइनु; ('छिन्काउनु'-को क० क्रि०) ।

छिन्काउनु–स० क्रि० [छिन्क+आउ+नु] छिन्कन लाउनु; ('छिन्कनु'-को क० क्रि०) ।

छिन्किनु–स० क्रि० [छिन्क+इ+नु] छिन्कने काम गरिनु; ('छिन्कनु'-को क० क्रि०) ।

छिन्न–वि० [सं०] १. काटिएको; खण्डित । २. बिगारिएको; बिग्रेको; विनष्ट । ३. थाकेको; थकित ।

छिन्न-कर्ण–वि० [सं०] कान चिरिएको; कनफट्टा ।

छिन्न-केश–वि० [सं०] कपाल खौरेको; मुड़िएको; मुण्डित ।

छिन्न-द्वैध–वि० [सं०] सन्देह नभएको; द्विविधा नभएको ।

छिन्न-नास–वि० [सं०] नाक काटिएको; नकटो ।

छिन्न-नासिक–वि० [सं०] नाक काटिएको; नकटो ।

छिन्न-भिन्न–वि० [सं०] १. काट-कुट गरिएको; टुक्र्याइएको;

CC-0. In Public Domain. Digitization by eGangotri

खण्डित । २. बेथितिसँग यता-उति रहेको; छयान्न-ब्यान्न । ३. नष्ट-भ्रष्ट ।

छिन्न-मस्तक–वि० [सं०] टाउको काटिएको; मुर्कट्टा ।

छिन्न-मस्ता–ना० [सं०] आफ्नो काटिएको शिर आफ्नै हातमा राखी घोक्राबाट निस्केको रगत पिइरहेको दिगम्बर मूर्ति भएकी एक देवी; दश महाविद्या-अन्तर्गतकी एक देवी ।

छिन्न-मूल–वि० [सं०] जरैदेखि काटिएको; निर्मूल गरिएको ।

छिन्न-संशय–वि० [सं०] संशय नभएको; सन्देह-हीन ।

छिन्ना–ना० [सं०] १. गुर्जो; गुडूची । २. वेश्या; रण्डी ।

छिन्नु–अ० क्रि० [सं० छिन्न+नु] १. चुँड्नु; टुट्नु; टुक्रिनु । (स० क्रि०) २. टुक्रयाउनु; छिनाल्नु । ३. टुङ्गो लाउनु; सिद्धयाउनु । ४. तिर्नु; फछर्याउनु ।

छिपछिप–क्रि० यो० [ने०] अलि-अलि पानी हुने किसिम; जमीनको सतहमात्र छोपिने गरी पानी हुने किसिम ।

छिपछिपे–वि० [छिपछिप+ए] १. छिपछिप पानी भएको; अलि-अलि पानी भएको । २. थोर-बहुत झोल भएको; रसिलो (तरकारी आदि) ।

छिपा–ना० [छिप्] कपड़ा छिप्ने र रँगाउने एक जाति ।

छिपाइ–ना० [छिपाउ+आइ] छिपाउने किसिम वा क्रिया; लुकाइ; दबाइ ।

छिपाइ–ना० [छिपाउ+आइ] छिपाउने किसिम वा क्रिया; कपड़ाहरू छिप्न लाउने किसिम वा क्रिया ।

छिपाइ–ना० [छिप्+आइ] छिप्ने किसिम वा क्रिया; कपड़ामा रङ्गीन बुट्टाहरू छाप्ने किसिम वा क्रिया ।

छिपाइ–ना० [छिप्+आइ] छिप्ने किसिम वा क्रिया; लुकाइ ।

छिपाइनु–स० क्रि० [छिप्+आइ+नु] लुकाइनु; दबाइनु; ('छिप्नु'-को क० क्रि०) ।

छिपाइनु–स० क्रि० [छिप्+आइ+नु] कपड़ाहरू छिप्न लाइनु; ('छिप्नु'-को क० क्रि०) ।

छिपाउनु–स० क्रि० [छिप्+आउ+नु] लुकाउनु; दबाउनु; नदेखिने ठाउँमा राख्नु; ('छिप्नु'-को प्रे० क्रि०) ।

छिपाउनु–स० क्रि० [छिप्+आउ+नु] कपड़ाहरू छिप्न लाउनु; ('छिप्नु'-को प्रे० क्रि०) ।

छिपिनु–स० क्रि० [छिप्+इ+नु] कपड़ामा बुट्टाहरू छापिनु; ('छिप्नु'-को क० क्रि०) ।

छिपिनु–अ० क्रि० [छिप्+इ+नु] लुकिनु; ('छिप्नु'-को भा० क्रि०) ।

छिपी–ना० [छिपा] छिपा ।

छिपुवा–वि० [छिप्+उवा] रङ्गी-चङ्गी बुट्टा छापिएको; छिपेको (कपड़ा) ।

छिप्नु–स० क्रि० [छाप्+नु] कपड़ामा बुट्टाहरू छाप्नु ।

छिप्नु–अ० क्रि० [सं० क्षिप्+नु] लुक्नु; दब्नु; नदेखिने गरी रहनु ।

छिप्पिइन–अ० क्रि० [छिप्पि+इ+नु] कलिलो अवस्थाबाट परिपक्व होइनु; ('छिप्पिनु'-को भा० क्रि०) ।

छिप्पिनु–अ० क्रि० [ने०] १. फल-फूल आदि कमलो अवस्थाबाट परिपक्व अवस्थामा पुग्नु । २. कलिलो अवस्थाबाट प्रौढ हुनु; उमेरदार हुनु । ३. खस्रिनु । ४. धेरै दिनको हुनु; पुरानो हुनु (रोग आदि) ।

छिप्प्याइ–ना० [छिप्पि+याइ] छिप्पिने किसिम वा क्रिया ।

छिप्प्याइनु–स० क्रि० [छिप्प्याउ+इ+नु] परिपक्व पारिनु; ('छिप्प्याउनु'-को क० क्रि०) ।

छिप्प्याउनु–स० क्रि० [छिप्पि+याउ+नु] फल-फूल आदि बोटमै राखी परिपक्व पार्नु; ('छिप्पिनु'-को प्रे० क्रि०) ।

छिप्प्याहट–ना० [छिप्पि+याहट] छिप्पिने किसिम वा क्रिया; छिप्प्याइ ।

छिमल–ना० [छिंवल] छिंवल ।

छिमलाइ–ना० [छिमल्+आइ] छिमल्ने किसिम वा क्रिया; छिंवलाइ ।

छिमलाइ–ना० [छिमलाउ+आइ] छिमलाउने किसिम वा क्रिया ।

छिमलाइनु–स० क्रि० [छिमलाउ+इ+नु] छिंवलाइनु; ('छिमलाउनु'-को क० क्रि०) ।

छिमलाउनु–स० क्रि० [छिमल्+आउ+नु] छिमल्न लाउनु; छिंवलाउनु; ('छिमल्नु'-को प्रे० क्रि०) ।

छिमलिनु–स० क्रि० [छिमल्+इ+नु] छिंवलिनु; ('छिमल्नु'-को क० क्रि०) ।

छिमल्नु–स० क्रि० [छिंवल्] छिंवल्नु ।

छिमाल–ना० [ने०] रूखमा उम्रने एक जातको घाँस ।

छिमेक–ना० [सं० समीप] आफ्नो घरनजीकको ठाउँ; घरको आस-पासको ठाउँ; छर-छिमेक ।

छिमेकी–वि० [छिमेक+ई] छिमेकमा रहेको; आफ्नो घर-वर-पर घर हुने; छर-छिमेकी ।

छिम्कनु–स० क्रि० [ने०] हर्थुङ्गामा रहेको गट्टा उफारेर हत्केलाले समाउनु; एक किसिमसँग गट्टा खेल्नु ।

छिम्काइ–ना० [छिम्क+आइ] छिम्कने किसिम वा क्रिया ।

छिम्काइनु–स० क्रि० [छिम्काउ+इ+नु] छिम्कन लाइनु; ('छिम्काउनु'-को क० क्रि०) ।

छिम्काउनु–स० क्रि० [छिम्क+आउ+नु] छिम्कन लाउनु; ('छिम्कनु'-को प्रे० क्रि०) ।

छिम्किनु–स० क्रि० [छिम्क+इ+नु] छिम्कने काम गरिनु; ('छिम्कनु'-को क० क्रि०) ।

छिम्के–ना० [छिम्क+ए] छिम्केर खेल्ने गट्टाको एक खेल ।

छिम्के-झार–ना० [छिँक्का+झार] साना-साना पात र सेतो भावका मसिना दानाजस्ता फूल फुल्ने एक जातको भइँझार । (यसको नस हाल्दा खूब छिँक्का आउँछ । पिनासका रोगमा यो झार औषधि लाग्छ ।)

छिम्क्याहट–ना० [छिम्क+याहट] छिम्कने किसिम वा क्रिया; छिम्काइ ।

CC-0. In Public Domain. Digitization by eGangotri

छिया-छिया—वि० [सं० छेदन] धेरै ठाउँमा काटिएर वा प्वाल परेर झुत्रो भएको; टुक्रा-टुक्रा परेको वा प्वालै-प्वाल परेको।

छिरबिर—क्रि० यो० [सं० चित्र-विचित्र] थरी-थरीका रङ्गहरूका साना-साना बुट्टाहरू एकै वस्तुमा रहने किसिम।

छिरबिरे—वि० [छिरबिर+ए] धेरै थरीका साना-साना रङ्गहरू भएको; छिरबिर रङ्गको।

छिरलाइ—ना० [छिरल्+आइ] छिरल्ने किसिम वा क्रिया।

छिरलाइ—ना० [छिरलाउ+आइ] छिरलाउने किसिम वा क्रिया।

छिरलाउनु—स० क्रि० [छिरल्+आउ+नु] छिरल्न लाउनु; ('छिरल्नु'-को प्रे० क्रि०)।

छिरलिइनु—अ० क्रि० [छिरलि+इ+नु] छिरलो होइनु; ('छिरलिनु'-को भा० क्रि०)।

छिरलिनु—स० क्रि० [छिरलि+इ+नु] यता-उति छरिनु; छयान्न-ब्यान्न हुनु; छिरलो हुनु; ('छिरल्नु'-को क०क्रि०)।

छिरलो—ना० [छरि] यता-उति छरिनु; छयान्न-ब्यान्न हुनु; छिरलिनु।

छिरल्नु—स० क्रि० [छिरलो+नु] छिरलो पार्नु; यता-उति छर्नु; छयान्न-ब्यान्न पार्नु।

छिरल्याइ—ना० [छिरल्+याइ] छिरलिने वा छिरल्ने किसिम वा क्रिया।

छिराइ—ना० [छिराउ+आइ] छिराउने किसिम, क्रिया वा भाव; पसाइ।

छिराइ—ना० [छिर्+आइ] छिर्ने किसिम, त्रिया वा भाव।

छिराइनु—स० क्रि० [छिराउ+इ+नु] पसाइनु; ('छिराउनु'-को क० क्रि०)।

छिराउनु—स० क्रि० [छिर्+आउ+नु] पसाउनु; घुसार्नु; पसाल्नु; ('छिर्नु'-को प्रे० क्रि०)

छिरिनु—अ० क्रि० [छिर्+इ+नु] पसिनु; ('छिर्नु'-को भा० क्रि०)।

छिर्का-छार्की—ना० [छिर्को+छार्की (फाँ०)] यत्र-तत्र परेका सान्साना छिर्काहरू; छिटा-छाटी।

छिर्के-दाउ—ना० [छड्के+दाउ] कुश्ती खेल्दा प्रतिद्वन्द्वीका पछिल्तिर आफ्नो खुट्टा लगाई घचेटी लड़ाउने दाउ।

छिर्को—ना० [छिटो] छिटो; थोपो।

छिर्नु—अ० क्रि० [छेड्+नु] १. पस्नु; भित्र जानु। २. अटाउनु।

छिलाइ—ना० [छिल्+आइ] छिल्ने किसिम वा क्रिया।

छिलाइ—ना० [छिलाउ+आइ] छिलाउने किसिम, क्रिया वा भाव।

छिलाइनु—स० क्रि० [छिलाउ+आइ+नु] छिल्न लाइनु; ('छिलाउनु'-को क० क्रि०)।

छिलाउनु—स० क्रि० [छिल्+आउ+नु] छिल्न लाउनु; ('छिल्नु'-को प्रे० क्रि०)।

छिलिनु—स० क्रि० [छिल्+इ+नु] छिल्किनु; ('छिल्नु'-को क० क्रि०)।

छिल्कनु—स० क्रि० [छिल्+नु] १. बोक्रो छोड़ाउनु; छिल्नु; खोस्टा फ्याँक्नु। २. ताछ्नु; खुर्कनु।

छिल्काइनु—स० क्रि० [छिल्काउ+इ+नु] बोक्रा छुट्टयाउन लाइनु; ('छिल्काउनु'-को क० क्रि०)।

छिल्काउनु—स० क्रि० [छिल्क+आउ+नु] बोक्रो छुट्टयाउन लाउनु; ('छिल्कनु'-को प्रे० क्रि०)।

छिल्किनु—स० क्रि० [छिल्क+इ+नु] बोक्रो छोड़ाइनु; ('छिल्कनु'-को क० क्रि०)।

छिल्को—ना० [सं० छल्लि] बोक्रो; खोस्टो।

छिल्नु—स० क्रि० [सं० छल्लि+नु] १. बोक्रा छोड़ाउनु; छिल्कनु। २. ताछ्नु; खुर्कनु।

छिल्लिइनु—अ० क्रि० [छिल्लि+इ+नु] छिहिलिइनु; ('छिल्लिनु'-को भा० क्रि०)।

छिल्लिनु—अ० क्रि० [छिहिलि+नु] छिहिलिनु; इतरिनु; पात्तिनु।

छिल्ल्याइ—ना० [छिल्लि+याइ] छिल्लिने किसिम, क्रिया वा भाव; छिहिल्याइ।

छिस्किनी—ना० [छेस्किनी] छेस्किनी।

छिहिलिइनु—अ० क्रि० [छिहिलि+इ+नु] पात्तिइनु; इतरिइनु; ('छिहिलिनु'-को भा० क्रि०)।

छिहिलिनु—अ० क्रि० [सं० हेला+नु] निर्लज्जभ एर कुरा गर्नु; पात्तिनु; इतरिनु; छयाङ्गिनु।

छिहिल्याइ—ना० [छिहिलि+याइ] छिहिलिने किसिम वा क्रिया; इतरिने किसिम वा क्रिया।

छिहिल्याइनु—स० क्रि० [छिहिल्याउ+इ+नु] छिहिलिन लाइनु; ('छिहिल्याउनु'-को क० क्रि०)।

छिहिल्याउनु—स० क्रि० [छिहिलि+याउ+नु] छिहिलिन लाउनु; ('छिहिलिनु'-को प्रे० क्रि०)।

छी—वि० बो० [सं० छि] घीन वा हेला प्रकट गरी बोलिने शब्द; छिः।

छी-छी—वि० बो० [छी+छी] १. बेवास्ता वा घमन्ड प्रकट गरी बोलिने शब्द। २. घृणा प्रकट गर्दा भनिने शब्द।

छीट—ना० [प्रा० छित्त] रङ्गी-बिरङ्गी बेल-बुट्टा पारी छिपेको एक प्रकारको कपड़ा।

छु—अ० क्रि० [हु] 'हुनु' क्रियाको उत्तम-पुरुष, एक-वचनको रूप।

छुइ—ना० [छु] छुनु; स्पर्श (बाल-बोलीमा)।

छुक—ना० [ने०] १. मङ्गल; शुभ शकुन। २. छूत।

छुकछुक—क्रि० यो० [ने०] चलिरहने किसिम; चकचक।

छुकछुकी—क्रि० यो० [छुकछुक+ई] छुकछुक; चकचक।

छुकछुके—वि० [छुकछुक+ए] छुकछुक गर्ने; चन्चले;

CC-0. In Public Domain. Digitization by eGangotri

चकचके ।

छुकी–वि० [छुक+ई] छुक भएको; लच्छिनी ।

छुकुनी–ना० [ने०] १. कर्कलाका डाँठ सुकाएर बनाइएका मसिना टुक्रा । २. बुरबुरे धूलो अचार ।

छुची–ना० [ने०] १. बन्दूकका टोटाको केपका केन्द्रमा जड़िएको, घोड़ाले ठक्कर लाग्दा भित्ररहेको बारूदलाई सल्काउने, कीलोजस्तो अवयव । २. भरुवा बन्दूकमा हालिने त्यस्तै किसिमको अवयव । ३. तेल, मट्टी-तेल आदि हाल्ने सोली । ४. दुइ नदीका बीचको सोतो परेको जमीन; नजीकैं-नजीकैं बग्ने दुइ नदीका बीचको जमीन ।

छुचुन्द्रे–ना० [छुचुन्द्रो+ए] केटा-केटीको एक खेल ।

छुचुन्द्रो–ना० [सं० छुछुन्दर] लामो थुतुनो र साना-साना आँखा हुने एक जातको गह्लाउने मूसोजस्तो प्राणी ।

छुच्चो–वि० [सं० क्षुद्र] १. सानो-तिनो कुराको पनि जिक्री गर्ने; छोटो मिजासको । २. छुल्याहा; छुस्कर । ३. लोभी; किरन्टोकी ।

छुच्च्याइँ–ना० [छुच्चो+याइँ] छुच्चो हुनाको भाव ।

छुछुन्दर–ना० [सं०] छुचुन्द्रो ।

छुट–ना० [सं०] १. छुट्ने क्रिया; टूट; भूलबाट छुट्नु । (वि०) २. छुटेको; छोड़िएको; भुलेको ।

छुटकारा–ना० [छुट्] १. छुट्टी; मुक्ति । २. फुर्सद; अवकाश ।

छुट-छाट–ना० [छुट्+छाट (फाँ०)]छुटेर बाँकी रहेको वस्तु ।

छुटफुट–ना० [छुट्+फुट्] १. छोड़िने क्रिया; छुट; टट । (वि०) २. छोड़िएको; छुटेको; छुट भएको ।

छुटाइ–ना० [छुट्+आइ] छुट्ने किसिम वा क्रिया ।

छुटाइ–ना० [छुटाउ+आइ] छुटाउने किसिम वा क्रिया; मुक्त गराउने किसिम वा क्रिया ।

छुटाइनु–स० क्रि० [छुटाउ+इ+नु] बन्धनबाट मुक्त गराइनु; ('छुटाउनु'-को क० क्रि०) ।

छुटाउनु–स० क्रि० [छुट्+आउ+नु] १. बन्धनबाट मुक्त गराउनु; स्वतन्त्र गराउनु । २. अलग गराउनु । ३. बिराउनु; भूल गर्नु; ('छुट्नु'-को प्रे० क्रि०) ।

छुटिनु–अ० क्रि० [छुट्+इ+नु] छुट होइनु; ('छुट्नु'-को भा० क्रि०) ।

छुट्ट–वि० [छुट] १. अलग; भिन्न । २. फुट्टा; छुट्टा ।

छुट्टा–वि० [छुट्] १. अलग; भिन्न । २. फुट्टा; छुट्टो ।

छुट्टाछुट्टै–क्रि० यो० [छुट्टा+छुट्टा+ऐ] भिन्नाभिन्नै; बेग्ला-बेग्लै ।

छुट्टिइनु–अ० क्रि० [छुट्टि+इ+नु] छुट्टा होइनु; ('छुट्टिनु'-को भा० क्रि०) ।

छुट्टिनु–अ० क्रि० [छुट्टा+इ+नु] छुट्टा हुनु; भिन्न रहनु; अलग हुनु ।

छुट्टिनु–ना० [छुट्टि] छुट्टिने वा भिन्न हुने क्रिया; बिछोड़; वियोग ।

छुट्टी–ना० [छुट] १. बिदा; अवकाश । २. छुटकारा; मुक्ति । ३. नाश; बरबादी ।

छुट्टी-छाट्टी–ना० [छुट्टी+छाट्टी (फाँ०)] बिलकुल नाश; बिगार; सत्यानाश; बरबादी ।

छुट्टो–वि० [छुट्टा] एकलो; फुट्टो ।

छुट्ट्याइ–ना० [छुट्ट्याउ+याइ] छुट्ट्याउने किसिम वा क्रिया; अलग पार्ने किसिम वा क्रिया ।

छुट्ट्याइ–ना० [छुट+आइ] छुट्टिने किसिम, क्रिया वा भाव ।

छुट्ट्याइनु–स० क्रि० [छुट्ट्याउ+इ+नु] अलग पारिनु; ('छुट्ट्याउनु'-को क० क्रि०) ।

छुट्ट्याउनु–स० क्रि० [छुट्टि+याउ+नु] अलग्ग पार्नु; भिन्न पार्नु; रोग वा दोष खुट्ट्याउनु; ('छुट्टिनु'-को प्रे० क्रि०) ।

छुट्नु–अ० क्रि० [छुट्+नु] १. छुट हुनु; छोड़िनु । २. टुट्नु; चुँड़िनु; सम्बन्ध-विच्छेद हुनु । ३. बिरिनु; भुल्नु । ४. बन्धनबाट मुक्त हुनु; छाड़ा हुनु ।

छुत्ती–ना०[प्रा० छुत्ति] १. परस्परमा छोएर खेलिने एक खेल । २. यता-उताको दौड़ ।

छुद्दे–ना० [सं० क्षुधा] खाने इच्छा; रुचि ।

छुनु–स० क्रि० [प्रा० छुव+नु] १. स्पर्श गर्नु; संसर्ग गर्नु । २. साँघी लाग्नु ।

छुनुमुनु–ना० [ने०] १. मुन्टो हल्लाएर खेलिने केटा-केटीको एक खेल । (क्रि० यो०) २. मुन्टो हल्लाउने किसिम ।

छुनुमुने–वि० [छुनुमुनु+ए] १. छुनमुनु गर्ने । २. छुकछुके; चञ्चले (बालक) ।

छुप–ना० [सं०] १. झाड़ी; झाड़ । २. छुनु; स्पर्श । ३. युद्ध; लड़ाइँ । ४. वायु ।

छुपछुप–क्रि० यो० [अनु०] लुगा धुँदा बिस्तारै-बिस्तारै लुगा पछार्ने किसिम; छपाप-छपाप ।

छुपुछुपु–क्रि० यो० [अनु०] १. धमाधम धान रोप्ने किसिम । २. लगातार काट्ने किसिम; छपाछप । ३. लुगा धुँदा पछार्ने किसिम ।

छुरछुरे–वि० [ने०] चञ्चले; छुकछुके ।

छुरण–ना० [सं०] बुकुवा ।

छुरबुर–वि० [ने०] १. लगभग; पुग-नपुग । (क्रि० यो०) २. माना, पाथी आदिमा खुकुलोसँग भर्ने किसिम । ३. गेड़ा-हरू जथाभावी छर्ने किसिम ।

छुरबुरे–वि० [छुरबुर+ए] १. लगभग; पुग-नपुग; छुरबुर । २. खुकुलो पारी भरेको; छुरबुर पारी भरेको ।

छुरा–ना० [सं० छुरी] १. चक्कूजस्तो कपाल खौरने एक किसिमको लाग्ने हतियार । २. टुप्पो तीखो भएको घोचेर प्रहार गरिने एक किसिमको सानु हतियार; छुरी ।

छुरा–ना० [सं०] चून ।

CC-0. In Public Domain. Digitization by eGangotri

छुरिका–ना० [सं०] छुरी।

छुरी–ना० [सं०] टुप्पो तीखो हुने घोचेर प्रहार गरिने एक प्रकारको सानु हतियार; सानो किसिमको छुरा।

छुरो–वि० [सं० स्वच्छ] अरू थोक नमिसिएको; निर्मल; स्वच्छ (रगत, बालुवा आदि)।

छुर्पी–ना० [ने०] दूध वा महीको छोक्रा।

छुर्र–क्रि० यो० [अनु०] अन्नहरू वा साना-साना गेड़ा-गेड़ीहरू खस्ता शब्द आउने किसिम।

छुलछुल–क्रि० यो० [ने०] १. पिसाब फेर्ने किसिम। २. चञ्चल भएर चल्ने किसिम; चकचक।

छुलछुलाइ–ना० [छुलछुलाउ+आइ] छुलछुलाउने किसिम वा क्रिया।

छुलछुलाइनु–अ० क्रि० [छुलछुलाउ+इ+नु] चञ्चल होइनु; तुलबुलाइनु; ('छुलछुलाउनु'-को भा० क्रि०)।

छुलछुलाउनु–अ० क्रि० [छुलछुल+आउ+नु] चञ्चल हुनु; छुकछुके हुनु; तुलबुलाउनु।

छुलछुली–क्रि० यो० [छुलछुल+ई] धमाधम पिसाब फेर्ने किसिम।

छुलछुले–वि० [छुलछुल+ए] १. छुलछुल पिसाब फेर्ने; थोरै-थोरै पिसाब फेर्ने। २. चकचके; छुकछुके; चञ्चले।

छुलछुल्याइ–ना० [छुलछुल्याउ+आइ] छुलछुल्याउने किसिम वा क्रिया; छुलछुली पिसाब गर्ने किसिम वा क्रिया।

छुलछुल्याइनु–स० क्रि० [छुलछुल्याउ+इ+नु] छुलछुली पिसाब गरिनु; ('छुलछुल्याउनु'-को क० क्रि०)।

छुलछुल्याउनु–स० क्रि० [छुलछुली+याउ+नु] थोर-थोरै पिसाब गर्नु; छुलछुली पिसाब फेर्नु; छुल्क्याउनु।

छुलछुल्याहट–ना० [छुलछुलि+आहट] छुलछुलिने किसिम वा क्रिया; छुलछुलाइ।

छुलबुल–क्रि० यो० [चुलबुल] चुलबुल।

छुलबुलाइ–ना० [छुलबुलाउ+आइ] छुलबुलाउने किसिम, क्रिया वा भाव।

छुलबुलाउनु–अ० क्रि० [छुलबुल+आउ+नु] चुलबुलाउनु।

छुलबुलाहट–ना० [छुलबुलाउ+आहट] छुलबुलाउने किसिम, क्रिया वा भाव; चुलबुलाहट।

छुलबुले–वि० [छुलबुल+ए] चुलबुले।

छुलमा–ना० [ने०] धेरै काँढ़ा हुने र काँढ़ाका टुप्पामा बाटुला फल लाग्ने एक प्रकारको बूटी।

छुलुक–क्रि० यो० [ने०] थोरै पिसाब फेर्ने किसिम; तुरुक्क।

छुल्के–वि० [छुलछुल+ए] छुलबुले; चञ्चले; छुकछुके।

छुल्क्याइ–ना० [छुल्क्याउ+आइ] छुल्क्याउने किसिम वा क्रिया; छुलछुल्याइ।

छुल्क्याइनु–स० क्रि० [छुल्क्याउ+इ+नु] छुलछुली पिसाब गरिनु; ('छुल्क्याउनु'-को क० क्रि०)।

छुल्क्याउनु–स० क्रि० [छुलछुल+याउ+नु] छुलछुली पिसाब फेर्नु; छुलछुल्याउनु।

छुल्क्याहट–ना० [छुल्क्याउ+आहट] छुल्क्याउने किसिम वा क्रिया; छुलछुल्याहट।

छुल्याइँ–ना० [छुल्याहा] चुल्की; छुस्केरो; छुस्क्याइ।

छुल्याहा–वि० [सं० क्षुद्र+आहा] छुल्याइँ लाउने; चुक्ली लाउने; छुस्कर; पोलाहा।

छुवाइ–ना० [छु+आइ] छुने किसिम वा क्रिया; स्पर्श गराइ।

छुवाइनु–स० क्रि० [छुवाउ+इ+नु] छुन लाइनु; छोवाइनु; ('छुवाउनु'-को क० क्रि०)।

छुवाउनु–स० क्रि० [छु+वाउ+नु] छुन लाउनु; छोवाउनु; ('छुनु'-को प्रे० क्रि०)।

छुवाछूत–ना० [छु] अपृश्यसितको लसपस; छूतछात; छात-छूत।

छुसी–ना० [ने०] १. गहूँको झूस; टुँड़ो। २. गोड़ाका औँला-माथि उम्रने रौँ। (वि०) ३. जावो; तुच्छ।

छुस्कर–वि० [सं० क्षुद्र] छुल्याहा; चुक्ली लाउने; पोलाहा।

छुस्के–वि० [छुकछुक] छुकछुक गर्ने; चञ्चले; छुकछुके।

छुस्के–वि० [छुस्कर] छुस्केरो लाउने; छुस्कर; छुल्याहा।

छुस्केरो–ना० [छुस्कर] १. छुस्करको काम; छुल्याइँ; चुक्ली। (वि०) २. छुस्कर; छुल्याहा।

छुस्क्याइँ–ना० [छुस्के+आइँ] छुल्याइँ; छुस्केरो; चुक्ली।

छुस्क्याहा–वि० [छुस्के+आहा] छुल्याहा; छुस्कर; पोलाहा।

छुस्स–क्रि० यो० [ने०] १. हल्का तवरले छुने किसिम; चुस्स। २. चुक्ली लाउने किसिम; छुल्याइँ गर्ने किसिम। ३. अलिकति रौँ आदि उम्रने वा देखिने किसिम। ४. थोरै वस्तु दिने वा राख्ने किसिम।

छूट–ना० [छुट] छुटेको वा छोड़िएको कुनै काम वा कुरो।

छूत–ना० [प्रा० छुत्त] १. अस्पृश्य वस्तु छुँदा लाग्ने दोष; संसर्गबाट लाग्ने दोष। २. छुन हुने; संसर्ग गर्न हुने।

छूतछात–ना० [छूत+छात (फाँ०)] छात-छूत; लसपस; छुवाछूत।

छूतहा–वि० [छूत+आहा] छोएर हुने वा सर्ने (रोग)।

छूती–वि० [छूत+ई] छुन हुने; स्पृश्य।

छूरी–ना० [सं०] छुरी।

छेउ–ना० [प्रा० छेअ] १. कुनै वस्तुको आखिरी भाग; किनारा। २. टुप्पो।

छेउ–ना० यो० [ने०] १. समीप; नजीक। २. सित्त; सँग।

छेउ-छाउ–ना० यो० [छेउ+छाउ (फाँ०)] १. नजीक; आस-पास; अगल-बगल; वर-पर। (ना०) २. कुना-काप्चा; अन्तर-कुन्तर।

छेक–वि० [सं०] १. पालेको; पलुवा; घर-पाला। २. शहरिया; नागरिक। ३. धूर्त; छटेल। (ना०) ४. माहुरी।

CC-0. In Public Domain. Digitization by eGangotri

छेक-छाक–ना० [छेक्+छाक (फाँ०)] छेक-थुन; बार-बेर।

छेक-थुन–ना० [छेक्+थुन्] अड्को; प्रतिबन्ध; रोकावट।

छेकन–ना० [छेक्] छेका-बार।

छेक-बार–ना० [छेक+बार] छेक्ने बार; छेका-बार।

छेकाइ–ना० [छेक्+आइ] छेक्ने किसिम वा क्रिया; रोकाइ।

छेकाइ–ना० [छेक्+आइ] छेक्ने किसिम वा क्रिया; नापो लिने किसिम वा क्रिया; नपाइ (लाउने लुगाको)।

छेकाइनु–स० क्रि० [छेकाउ+इ+नु] छेक्न वा नापो लिन लाइनु; ('छेकाउनु'-को क० क्रि०)।

छेकाइनु–स० क्रि० [छेकाउ+इ+नु] छेक्न लाइनु; रोक्न वा बार्न लाइनु; ('छेकाउनु'-को क० क्रि०)।

छेकाउनु–स० क्रि० [छेक्+आउ+नु] छेक्न वा नापो लिन लाउनु; ('छेक्नु'-को प्रे० क्रि०)।

छेकाउनु–स० क्रि० [छेक्+आउ+नु] छेक्न लाउनु; रोकाउनु; बार्न लाउनु; ('छेक्नु'-को प्रे० क्रि०)।

छेकानुप्रास–ना० [सं०] एउटै चरणमा दुइ वा दुइ पटकभन्दा बढ्ता वर्णहरूको आवृत्ति हुने एक शब्दालङ्कार।

छेकापह्नुति–ना० [सं०] अर्काको उक्तिलाई अयथार्थ उक्तिद्वारा खण्डन गर्दा हुने एक काव्यालङ्कार।

छेका-बार–ना० [छेको+बार] छेक्ने बार; छेका; पर्दा; छेक-बार।

छेकारो–ना० [छेको] १. छोटो र सोझो बाटोबाट गई घुमाउरो बाटोबाट जानेलाई भेट्टाउने काम; छड्के। २. छड्के बाटो। ३. छेको; बाधा; अड्काउ।

छेकिनु–स० क्रि० [छेक्+इ+नु] वेग रोकिनु; गति-अवरोध गरिनु; ('छेक्नु'-को क० क्रि०)।

छेकिनु–स० क्रि० [छेक्+इ+नु] लुगा काट्न वा सिउन नापो लिइनु; ('छेक्नु'-को क० क्रि०)।

छेकुवा–वि० [छेक्+उवा] छेक्ने; रोक्ने।

छेको–ना० [छेक] १. अरूले नदेखुन् वा अरू नआउन् भन्नाका निम्ति लगाइने बार वा पर्दा। २. रोकावट; प्रतिबन्ध। ३. बाधा; अड्को।

छेकोक्ति–ना० [सं०] वाच्यार्थदेखि अतिरिक्त व्यङ्ग्यार्थ ध्वनित हुने लोकोक्ति; अर्थान्तिर-गर्भित लोकोक्ति।

छेक्नु–स० क्रि० [सं० छद्+नु] १. वेग रोक्नु; थाम्नु; गतिको अवरोध गर्नु। २. ढाक्नु; छोप्नु। ३. ठाउँ लिनु; ओगट्नु। ४. घेर्नु; थुन्नु। ५. हड्कनु। ६. पर्दा हाल्नु।

छेक्नु–स० क्रि० [प्रा० छेअ+नु] १. लुगा काट्न वा सिउन नापो लिनु। २. नापो लिनु; नाप्नु।

छेड़–ना० [छेड्] १. छनक; व्यङ्ग्योक्ति। २. प्वाल; छेड़िएको डोब।

छेड़खान–ना० [छेड्] १. निधो; निश्चय; निर्णय। २. निकासा। ३. व्यङ्ग्योक्तिसहित जिस्किने काम; छेड़-पेच।

छेड़-छाड़–ना० [छेड़+छाड़ (फाँ०)] १. छेड़-पेच; घोच-पेच; छनक। २. प्वालहरू पार्ने काम।

छेड़-पेच–ना० [छेड़+पेच] घोच-पेच; छेड़-छाड़; छनक।

छेड़ाइ–ना० [छेड्+आइ] छेड्ने किसिम, क्रिया वा भाव।

छेड़ाइनु–स० क्रि० [छेड़ाउ+इ+नु] छेड्न वा प्वाल पार्न लाइनु; ('छेड़ाउनु'-को क० क्रि०)।

छेड़ाउनु–स० क्रि० [छेड्+आउ+नु] प्वाल पार्न लाउनु; ('छेड्नु'-को प्रे० क्रि०)।

छेड़िनु–स० क्रि० [छेड्+इ+नु] पछिल्तिर छिचोल्ने गरी प्वाल पारिनु; ('छेड्नु'-को क० क्रि०)।

छेड़ो–ना० [छेड्] सानो बाटो; साङ्गुरो बाटो; गल्छेँड़ो।

छेड्नु–स० क्रि० [छेद्] १. पछिल्तिर छिचोल्ने गरी प्वाल पार्नु; वार-पार हुने गरी प्वाल पार्नु। २. व्यङ्ग्य, उपहास आदिद्वारा अर्कालाई मर्म पर्ने कुरा गर्नु; छनक हान्नु; घच्का हान्नु। ३. प्रसङ्ग उठाउनु।

छेत्री–ना० [सं० क्षत्रिय] हिन्दूका चार वर्णमध्ये एक; द्वितीय वर्ण; क्षत्रिय।

छेद–ना० [सं०] १. काट्नु; छेदन। २. भाँच्नु; तोड्नु। ३. छिनाल्नु; चुँड़ाल्नु। ४. काटेको घाउ; चोट। ५. असफलता। ६. टुक्रा। ७. प्वाल; छिद्र।

छेद–ना० [सं० क्षुद्र] १. पिशाच; प्रेत। (वि०) २. नीच; अधम; क्षुद्र। ३. डाइनी; बोक्सी।

छेदक–वि० [सं०] १. काट्ने; टुक्र्याउने। २. चुँड़ाल्ने; छिनाल्ने। ३. नाश गर्ने।

छेदन–ना० [सं०] १. काट्ने काम; टुक्र्याउने काम। २. चिर्नु; घोच्नु। ३. नाश; विनाश। ४. अंश; भाग।

छेदनीय–वि० [सं०] काट्न योग्य; टुक्र्याउन लायक।

छेदाइ–ना० [छेद्+आइ] छेद्ने किसिम वा क्रिया; छेड़ाइ।

छेदाइनु–स० क्रि० [छेदाउ+इ+नु] छेद्न लाइनु; छेड़ाइनु; ('छेदाउनु'-को क० क्रि०)।

छेदाउनु–स० क्रि० [छेद्+आउ+नु] छेद्न लाउनु; छेड़ाउनु; ('छेद्नु'-को प्रे० क्रि०)।

छेदित–वि० [सं०] १. काटिएको; टुक्र्याइएको। २. छेड़िएको।

छेदिनु–स० क्रि० [छेद्+इ+नु] छिचोलिने गरी प्वाल पारिनु; छेड़िनु; ('छेद्नु'-को क० क्रि०)।

छेदी–वि० [सं०] १. काट्ने; टुक्र्याउने। २. नाश गर्ने; विध्वंसक।

छेद्नु–स० क्रि० [सं० छिद्+नु] १. छिचोल्ने गरी प्वाल पार्नु; छेड्नु। २. छिचोल्नु। ३. काट्नु। ४. छिनाल्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

[continuing] काट्न लायक; छेदनीय।

छेद्य–वि० [सं०] काट्न लायक; छेदनीय।
छेना–ना० [सं० छेदन] फाटेका दूधको छोक्रो।
छेपन–ना० [सं० क्षेपण] जसरी-तसरी काल बिताउनु; समय बिँयाल्नु।
छेपारी–ना० [नें०] कुर्कुच्चा र गोली-गाँठाका बीचको अवयव।
छेपारी-हाड़–ना० [छेपारी+हाड़] दुइ गोली-गाँठाका बीचमा कुर्कुच्चोभन्दा माथि उठेको ठाड़ो हाड़ वा कड़ा नसा।
छेपारो–ना० [नें०] घाँटीमा माल र टाउकोमा सिउर हुने, बराबर रङ्ग परिवर्तन हुने, माउसुलीका आकारको एक जातको जन्तु।
छेभड़ेल–ना० [नेवा०] सरकारी घर-सत्तलहरू बनाउने काम गर्ने अड्डा।
छेम–ना० [सं० क्षेम] १. सुख; आनन्द। २. भलो; मङ्गल।
छेम-कुशल–ना० [सं० क्षेम+कुशल] सुख-आनन्द; निकानन्द; क्षेम-कुशल।
छेमण्ड–ना० [सं०] आमा-बाबु नभएको बालक; टुहुरो बालक।
छेर–ना० [छेर्] पातलो दिसा; पखाला।
छेरपटी–ना० [सं० क्षरण+आपत्ति] पातलो दिसा धेरै हुने रोग; हैजा; कलेरा।
छेरा–वि० [छेर] छेरेको जस्तो; फोहर; घीन-लाग्दो।
छेरा–ना० [नें०] चमरीका पुच्छरको लम्पट; चमरको राड़ी।
छेराइ–ना० [छेर्+आइ] छेर्ने किसिम वा क्रिया।
छेराइ–ना० [छेराउ+आइ] छेराउने किसिम वा क्रिया।
छेराइनु–स० क्रि० [छेराउ+इ+नु] छेर्न लाइनु; ('छेराउनु'-को क० क्रि०)।
छेराउटी–ना० [छेर+आउटी] छेर्ने रोग ; छेरपटी; हैजा।
छेराउनु–स० क्रि० [छेर्+आउ+नु] १. पातलो दिसा गराउनु; छेर्न लाउनु। २. कुनै वस्तु बाध्य गराएर फिर्ता गराउनु; तिराउनु। ३. त्रस्त पार्नु; भयभीत पार्नु। ४. अदबमा राख्नु। ५. नाजवाफ पार्नु; ('छेर्नु'-को प्रे० क्रि०)।
छेरिनु–स० क्रि० [छेर्+इ+नु] पातलो दिसा गरिनु; ('छेर्नु'-को क० क्रि०)।
छेरुवा–वि० [छेर्+उवा] १. छेर्ने रोग लागेको; छेरपटी लागेको। २. कातर; डर-छेरुवा।
छेरौटी–ना० [छेराउटी] छेराउटी।
छेर्नु–स० क्रि० [सं० क्षरण+नु] १. अपच भएर पातलो दिसा गर्नु; पखाला लाग्नु। २. डराउनु; भयभीत हुनु। ३. कसैसित लिएको धन-माल बाध्य भएर फिर्ता गर्नु। ४. विवश हुनु; लाचार हुनु।

छेलक–ना० [सं०] बाखो।
छेलो–ना० [सं० क्षेपण] गह्रौं ढुङ्गो सकेसम्म टाढ़ा फ्याँकी खेलिने एक खेल।
छेलोखेलो–वि० [छेलो+खेल्] १. प्रशस्त; यथेष्ट। (क्रि० यो०) २. आवश्यकभन्दा बढ़ी हुने किसिम; जताலाख; फालाफाल।
छेवर–ना० [सं० क्षौर] द्वि-जातिका षोडश-संस्कारमध्ये एक; क्षौर-कर्म; चूडा-कर्म।
छेस्किइनु–अ० क्रि० [छेस्कि+इ+नु] छेस्को निस्किनु; चोइटिइनु; ('छेस्किनु'-को भा० क्रि०)।
छस्किनी–ना० [छेस्को] झ्याल, ढोका आदि बन्द गरी अड्याउने धातु, काठ आदिको साधन।
छेस्किनु–अ० क्रि० [छेस्को+इ+नु] छेस्को निस्कनु; चोइटिनु।
छेस्के–वि० [छेस्को+ए] १. बाधा दिने; प्रतिबन्धक। २. छेस्को लाग्ने; छिपिएको (साग-पात)।
छेस्को–ना० [नें०] काठ, बाँस आदिको मसिनु लामो टुक्रो; सिन्को; सानो चोइटो।
छेस्क्याइ–ना० [छेस्क्याउ+आइ] छेस्क्याउने किसिम वा क्रिया।
छेस्क्याइ–ना० [छेस्कि+याइ] छेस्किने किसिम वा क्रिया।
छेस्क्याइनु–स० क्रि० [छेस्क्याउ+इ+नु] छेस्को पारिनु; ('छेस्क्याउनु'-को क० क्रि०)।
छेस्क्याउनु–स० क्रि० [छेस्कि+याउ+नु] छेस्को पार्नु; सिन्को बनाउनु; ('छेस्किनु'-को प्रे० क्रि०)।
छैँटी–ना० [छैटी] छैटी।
छैटी–ना० [प्रा० छट्ठि] बालक जन्मेका छैटौं दिन गरिने उत्सव वा कर्म; द्वि-जातिका षोडश-संस्कारमध्ये एक।
छैटौं–वि० [प्रा० छट्ठ+औं] गन्दै जाँदा छ सङ्ख्यामा परेको; छ सङ्ख्याको।
छैदिक–ना० [सं०] बेत।
छैन–अ० क्रि० [सं० नास्ति] 'हुनु' क्रियाको प्रथम-पुरुष, एक-वचनको, वर्तमान कालिक अनस्तित्व बुझाउने रूप; 'छ'-को अकर्ण रूप।
छैनन्–अ० क्रि० [छैन] 'हुनु' क्रियाको प्रथम-पुरुष, बहु-वचन, वर्तमान कालिक, अनस्तित्व बुझाउने रूप; 'छैन'-को बहु-वचनको रूप; 'छन्'-को अकर्ण रूप।
छैनस्–अ० क्रि० [छैन] 'हुनु' क्रियाको मध्यम-पुरुष, एक-वचन, वर्तमान कालको, अनस्तित्व बुझाउने रूप; 'छस्'-को अकर्ण रूप।
छैमलो–ना० [छ] दण्डी-बियोको खेलमा 'भाँचो'-पछि भनिने सङ्ख्या; त्यसैमा 'छ'-को गिन्ती।
छोइछिटो–ना० [छु+छिटो] अछूतीलाई छुंदा हुने अशुद्धि

CC-0. In Public Domain. Digitization by eGangotri

हटाउनाका निम्ति आफ्नू शरीरमा पानी छर्कनु।

छोइनु–स० क्रि० [छु+इ+नु] छुने काम गरिनु; स्पर्श गरिनु; ('छुनु'-को क० क्रि०)।

छोएफोए–ना० [छ्वायफ्वाय] घटी-बढ़ी, असल-कमसल आदि असमानतालाई समानतामा ल्याउने काम; बराबर पार्ने काम; सापो-नापो; छ्वायफ्वाय।

छोक्रा–ना० [ने०] १. चपाउँदा वा पिँढ्दा मसिनु नभई खस्रो रहेको अंश; मिहीन नभई मोटो रहेको भाग; चोकर। २. उखु वा फलहरूको रस निचोरी बाँकी रहेको खान नहुने भाग; सिट्ठी।

छोक्रिइनु–अ० क्रि० [छोक्रि+इ+नु] झोल र चोक्टा छुट्टिइनु; छोक्रा परिनु; ('छोक्रिनु'-को भा० क्रि०)।

छोक्रिनु–अ० क्रि० [छोक्रो+इ+नु] १. झोल र चोक्टा छुट्टिनु; छोक्रा पर्नु। २. फाट्नु (दूध)। ३. पिँधेको वा घोटेको वस्तु मिहीन नभई खस्रो हुनु।

छोक्रिलो–वि० [छोक्रा+इलो] छोक्रा भएको; छोक्रा छुट्टिएको।

छोक्रैलो–वि० [छोक्रा+एलो] छोक्रा-छोक्रा परेको; छोक्रिलो।

छोक्रो–ना० [छोक्रा] छोक्रा।

छोक्र्याइ–ना० [छोक्रि+याइ] छोक्रिने किसिम वा क्रिया।

छोक्र्याइ–ना० [छोक्र्याउ+आइ] छोक्र्याउने किसिम वा क्रिया।

छोक्र्याइनु–स० क्रि० [छोक्र्याउ+इ+नु] झोल र चोक्टा छुट्टाइनु; ('छोक्र्याउनु'-को क० क्रि०)।

छोक्र्याइलो–वि० [छोक्रो+इलो] झोल-चोक्टा छुट्टिएको; छोक्रै-छोक्रा परेको; छोक्रिलो।

छोक्र्याउनु–स० क्रि० [छोक्रि+याउ+नु] १. झोल र चोक्टा छुट्ट्याउनु; छोक्रिने पार्नु। २. राम्रोसित नपिँधी वा नघोटी खस्रो पार्नु; छोक्रिलो पार्नु; ('छोक्रिनु'-को प्रे० क्रि०)।

छोटकरी–वि० [प्रा० छोट्टकई] छोटो पारिएको; सङ्क्षेपमा गरिएको; सङ्क्षिप्त। (ना०) २. छोटकरी किसिमले गरिने काम।

छोटिइनु–अ० क्रि० [छोटि+इ+नु] छोटो होइनु; ('छोटिनु'-को भा० क्रि०)।

छोटिका–ना० [सं०] चुड़की।

छोटिनु–अ० क्रि० [छोटो+इ+नु] छोटो हुनु; सङ्क्षिप्त हुनु।

छोटी–ना० [सं०] माझी; मलाहा।

छोटी–ना० [छोटो+ई] जिल्लामा रहेका केन्द्रीय अड्डाको शाखा अड्डा।

छोटे-मार्सी–ना० [छोटो+मार्सी] अरू धानको अपेक्षा बोट छोटो र गेड़ा ठूल्ला किसिमका हुने एक जातको मार्सी धान।

छोटो–वि० [प्रा० छोट्टो] १. लामो नभएको; लघु। २. छोटकरी; सङ्क्षिप्त। ३. सानो। ४. नीच; हीन।

छोटो-मीठो–वि० [छोटो+मीठो] १. छोटो र राम्रो (काम)। (ना०) २. छोटकरी किसिमले गरिने काम।

छोट्याइ–ना० [छोटि+याइ] १. राम्ररी छोटिने किसिम वा क्रिया। २. छोटो हुने किसिम, क्रिया वा भाव।

छोट्याइ–ना० [छोट्याउ+आइ] छोट्याउने किसिम, क्रिया वा भाव; सङ्क्षेप गराइ।

छोट्याइनु–स० क्रि० [छोट्याउ+इ+नु] छोटो पारिनु; ('छोट्याउनु'-को क० क्रि०)।

छोट्याउनु–स० क्रि० [छोटि+याउ+नु] छोटो पार्नु; सङ्क्षिप्त पार्नु; ('छोटिनु'-को प्रे० क्रि०)।

छोट्याहट–ना० [छोटि+याहट] छोटिने किसिम वा क्रिया; छोट्याइ।

छोड़-पत्र–ना० [छोड्+पत्र] कुनै वस्तु वा सम्पत्तिमा भएको आफ्नो हक छोड़ेर लेखिदिने कागत।

छोड़ाइ–ना० [छोड़+आइ] छोड्ने किसिम वा क्रिया।

छोड़ाइ–ना० [छोड़ाउ+आइ] छोड़ाउने किसिम, क्रिया वा भाव।

छोड़ाइनु–स० क्रि० [छोड़ाउ+इ+नु] छोड्न लाइनु; ('छोड़ाउनु'-को क० क्रि०)।

छोड़ाउनु–स० क्रि० [छोड़+आउ+नु] १. बोक्रो छुट्ट्याउनु; खोस्टा झिक्नु; खोस्ट्याउनु। २. छोड्न लाउनु; त्याग्न लाउनु; ('छोड्नु'-को प्रे० क्रि०)।

छोड़िनु–स० क्रि० [छोड्+इ+नु] त्याग गरिनु; छाड़िनु; ('छोड्नु'-को क० क्रि०)।

छोड्नु–स० क्रि० [प्रा० छोडिअ+नु] १. त्याग गर्नु; छाड्नु। २. बन्धनबाट मुक्त गर्नु; स्वतन्त्र गर्नु। ३. छुट्टी दिनु; बिदा दिनु। ४. कुनै वस्तु नखाने वा नपिउने प्रतिज्ञा गर्नु। ५. बसेको ठाउँ परिवर्तन गर्नु; बसाइँ सर्नु। ६. चिट्ठी-पत्र हुलाकद्वारा चलाउनु। ७. बन्दूक, तोप आदि साधनद्वारा गोला आदि कुनै वस्तु फ्याँक्नु।

छोप–ना० [छोप्] नदेखिने ठाउँ; ओड़।

छोप–ना० [सं० सूप] तिल आदिको बुरबुरे धूलो वा लेदो अचार; चटनी।

छोप-छाप–ना० [छोप्+छाप्] १. छोप्ने काम; ढाक्ने काम; ढाक-छोप। २. लुकाउनु; गुप्त राख्नु।

छोप-ढाक–ना० [छोप्+ढाक्] १. ढाक्ने र छोप्ने काम; ढाक-छोप; छोप-छाप। २. लुकाउनु; छिपाउनु।

छोपाइ–ना० [छोप्+आइ] छोप्ने किसिम, क्रिया वा भाव; ढकाइ।

छोपाइ–ना० [छोपाउ+आइ] छोपाउने किसिम, क्रिया वा भाव।

छोपाउनु–स० क्रि० [छोप्+आउ+नु] छोप्न लाउनु; ढाक्न लाउनु; ('छोप्नु'-को क० क्रि०)।

छोपाछोप–ना० [छोप्+छोप्] परस्परमा वा धमाधम छोप्ने वा लुकाउने काम।

छोपिनु–स० क्रि० [छोप्+इ+नु] ढाकिनु; ('छोप्नु'-को

CC-0. In Public Domain. Digitization by eGangotri

क० क्रि०)।

छोपी–ना० [छोप्] बाँसका चित्रामा पात छापेर बनाएको घुमजस्तो छाता; स्याखु।

छोपो–ना० [छोप्] मरेका मानिसको मुख छोप्ने कपड़ा।

छोप्नु–स० क्रि० [सं० क्षिप्+नु] १. कुनै वस्तुलाई अर्को वस्तुले छेक्नु; ढाक्नु। २. लुकाउनु; दबाउनु। ३. झम्टनु; आक्रमण गर्नु। ४. घेर्नु; बार्नु। ५. ग्रस्त गर्नु। ६. भूत, प्रेत, डाइनी, बोक्सी, रोग आदि लाग्नु। ७. लोक-गीतमा मूल चरणहरू भट्ट्याइसकेपछि सहयोगी गायकहरूले त्यसै पदको एक चरण सामूहिक रूपले दोहोऱ्याएर गाउनु।

छोरण–ना० [सं०] छोड्नु; परित्याग।

छोरा-छोरी–ना० [छोरा+छोरी] छोरा र छोरी; बाल-बच्चा; सन्तान।

छोरी–ना० [छोरो+ई] आफूबाट जन्मेकी स्त्री; पुत्री; कन्या।

छोरी-ज्वाइँ–ना० [छोरी+ज्वाइँ] छोरीको पति।

छोरी-बेटी–ना० [छोरी+बेटी] छोरी र छोरीसमानका स्त्रीहरूको समुदाय; पुत्रीहरू; चेली-बेटी।

छोरे–ना० [ने०] कुना नमिलेका जमीनमा सोझो पारी झिकिएको छोटो डोरो, ड्याङ आदि।

छोरो–ना० [प्रा० छोयर] आफूबाट जन्मेको पुरुष; पुत्र; आत्मज।

छोलङ्ग–ना० [सं०] निबुवा।

छोलाइ–ना० [छोल्+आइ] छोल्ने किसिम वा क्रिया।

छोलाइ–ना० [छोलाउ+आइ] छोलाउने किसिम, क्रिया वा भाव।

छोलाइनु–स० क्रि० [छोलाउ+इ+नु] छोल्न लाइनु; ('छोलाउनु'-को क० क्रि०)।

छोलाउनु–स० क्रि० [छोल्+आउ+नु] छोल्न लाउनु; ('छोल्नु'-को प्रे० क्रि०)।

छोलिनु–स० क्रि० [छोल्+इ+नु] हस्त-मैथुन आदिबाट वीर्य-पात गरिनु; ('छोल्नु'-को क० क्रि०)।

छोलुवा–वि० [छोल्+उवा] हस्त-मैथुन आदिबाट वीर्य-पात गर्ने; छोल्ने।

छोल्नु–स० क्रि० [सं० क्षर्+नु] हस्त-मैथुन आदिबाट वीर्य-पात गर्नु।

छोवाइनु–स० क्रि० [छोवाउ+इ+नु] छुन लाइनु; छुवाइनु; ('छोवाउनु'-को क० क्रि०)।

छोवाउनु–स० क्रि० [छु+आउ+नु] छुन लाउनु; छुवाउनु; ('छुनु'-को प्रे० क्रि०)।

छोसाइ–ना० [छोस्+आइ] छोस्ने किसिम वा क्रिया।

छोसाइ–ना० [छोसाउ+आइ] छोसाउने किसिम, क्रिया वा भाव।

छोसाइनु–स० क्रि० [छोसाउ+इ+नु] छोस्न लाइनु; ('छोस्नु'-को क० क्रि०)।

छोसाउनु–स० क्रि० [छोस्+आउ+नु] छोस्न लाउनु; ('छोस्नु'-को प्रे० क्रि०)।

छोसिनु–स० क्रि० [छोस्+इ+नु] झोसिनु; ठोसिनु; ('छोस्नु'-को क० क्रि०)।

छोस्नु–स० क्रि० [छु+नु] १. झोस्नु; ठोस्नु; घोच्नु। २. चुक्ली लाउनु; छुल्याइँ गर्नु।

छोहोरा–ना० [सं० क्षुत+हर] १. स्तम्भजस्तो लामो काण्डका टुप्पामा बीच-बीचमा छुट्टिएका केराका जत्रा पात हुने एक जातको बोट; एक जातको खजूर। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण तृप्ति-कारक, पुष्टि-कारक, शुक्र-वर्द्धक, बल-वर्द्धक र हृदयलाई हित गर्ने बताइको छ।)

छौ–अ० क्रि० [छ] 'हुनु' क्रियाको मध्यम-पुरुष, बहु-वचन, (मध्यम आदरार्थीमा एक-वचनमा पनि प्रयोग हुन्छ।) र्तमान कालिक रूप।

छौँ–अ० क्रि० [छु] 'हुनु' क्रियाको उत्तम-पुरुष, बहु-वचन, वर्तमान कालिक रूप; 'छु' शब्दको बहु-वचनमा प्रयोग हुने शब्द।

छौँड़ा-छौँड़ी–ना० [छौँड़ा+छौँड़ा+ई] १. कमारा-कमारीक छोरा-छोरी। २. केटा-केटी; ठिटा-ठिटी (तुच्छार्थमा)।

छौँड़ो–ना० [ने०] १. बोक्सीको वाहन। २. बिरालो।

छौँड़ो–ना० [छोरो] १. कमारा-कमारीको छोरो; दास पुत्र। २. केटो; ठिटो।

छौँड़्याहा–वि० [छौँड़ो+आहा] १. छौँड़ा पाल्ने; छौँड़ा प्रयोग गर्ने। (ना०) २. बोक्सो; टुन्याहा।

छ्यपाइ–ना० [छ्याप्+आइ] छ्याप्ने किसिम वा क्रिया।

छ्या–वि० बो० [सं० छिः] १. घीन लाग्दा बोलिने शब्द; छिः। २. फ्याँक्नु; फाल्नु (बाल-बोलीमा)।

छ्याइँ-छ्याइँ–क्रि० यो० [अनु०] १. रुपियाँ-पैसा गन्ने किसिम; छनछन; खनखन। २. बाजा बज्ने किसिम; झ्याइँ-झ्याइँ।

छ्याक–ना० [नेवा०] १. बिफरको खत। (वि०) २. मुखमा बिफरका धेरै खतहरू हुने; छ्याके; छ्याकटे।

छ्याक-छ्याक–क्रि० यो० [ने०] १. हतियारले वार-वार प्रहार गरी काट्ने किसिम। २. खस्रो हुने किसिम; दर-फराउँदो हुने किसिम।

छ्याकछ्याकती–क्रि० यो० [छ्याक-छ्याक+ती] छ्याक-छ्याक।

छ्याकछ्याकी–क्रि० यो० [छ्याक-छ्याक+ई] छ्याक-छ्याक; छ्याकछ्याकती।

छ्याकटे–वि० [छ्याक+ए] मुखमा बिफरका खतहरू धेरै हुने; छ्याके; कोत्र्याहा।

छ्याकन–ना० [नेवा०] १. काठ काट्दा वा ताछ्दा निस्केका टुक्रा-टाक्री; चोइटा-चोइटी। २. मसिनो हुन नसकेको खस्रो भाग; छोक्रा।

छ्याका–ना० [छ्याक] बिफरको खत; छ्याक।

छ्याके–वि० [छ्याक+ए] मुखमा बिफरका खतहरू धेरै हुने;

CC-0. In Public Domain. Digitization by eGangotri

छ्याकटे; कोत्र्याहा ।

छ्याक्क–क्रि० यो० [अनु०] १. खुकुरी आदि हतियारले काट्ने किसिम; छ्यक्क । २. छिन्ने गरी काट्ने किसिम; छटक्क ।

छ्याङछ्याङती–क्रि० यो० [ने०] १. पारदर्शी पदार्थ, वा, जाली आदिबाट स्पष्टसँग देखिने किसिम; छर्लङ्ग हुने किसिम । २. चारैतिर बादल हटेर आकाश खुल्ने वा उज्यालो हुने किसिम ।

छ्याङ्ग–क्रि० यो० [छर्लङ्ग] १. पर्दा, बार आदि हटेर स्पष्टसँग देखिने किसिम; छर्लङ्ग । २. बादल हटी आकाश स्वच्छ हुने किसिम; आकाश खुला हुने किसिम । ३. चारैतिर उज्यालो हुने किसिम ।

छ्याङ्गिइनु–अ० क्रि० [छ्याङ्गि+इ+नु] छिहिलिइनु; ('छ्याङ्गिनु'-को भा० क्रि०) ।

छ्याङ्गिनु–अ० क्रि० [छ्याङ्ग+इ+नु] १. छिहिलिनु; इतरिनु; पातिनु । २. छ्याङ्ग हुनु ।

छ्याङ्ङ–क्रि० यो० [छ्याङ्ग] छ्याङ्ग ।

छ्याङ्ङिइनु–अ० क्रि० [छ्याङिङ+इ+नु] छ्याङ्गिइनु; ('छ्याङिङनु'-को भा० क्रि०) ।

छ्याङिङनु–अ० क्रि० [छ्याङ्ग+इ+नु] छ्याङ्गिनु ।

छ्यान-विचार–ना० [छान्+विचार] असल-कमसल छुट्ट्याउने बुद्धि; विवेक-विचार ।

छ्यान्न-ब्यान्न–क्रि० यो० [ने०] बेथितिसँग यता-उति छरिने किसिम; छ्याल्ल-ब्याल्ल ।

छ्याप-छ्याप–क्रि० यो० [अनु०] १. पानी छ्याप्ता आवाज आउने किसिम; पन्यालो पदार्थ छ्याप्ता शब्द आउने किसिम । २. हल्कासित लुगा पछार्दा शब्द आउने किसिम; छुपछुप ।

छ्यापछ्यापती–क्रि० यो० [छ्याप-छ्याप+ती] १. चारैतिर मानिस छरिएर फिँजिने किसिम । २. छ्याप-छ्याप ।

छ्यापछ्यापी–क्रि० यो० [छ्याप-छ्याप+ई] छ्याप-छ्याप ।

छ्यापाछ्याप–ना० [छ्याप्+छ्याप्] परस्परमा छ्याप्ने काम ।

छ्यापिनु–स० क्रि० [छ्याप्+इ+नु] पन्यालो पदार्थले हानिनु; ('छ्याप्नु'-को क० क्रि०) ।

छ्यापी–ना० [नेवा० छाऽ] प्रायः एक पोटीमात्र हुने लसुनजातको कन्द र प्याजको जस्तो पात र गन्ध हुन एक प्रकारको साग ।

छ्याप्नु–स० क्रि० [सं० क्षिप्+नु] पानी आदि पन्यालो पदार्थले हान्नु ।

छ्याप्प–क्रि० यो० [अनु०] १. पानी आदि पन्यालो पदार्थले हान्ने किसिम; छ्याप्ने किसिम । २. खुकुरी आदि हतियारले काट्ने किसिम; छ्याक्क ।

छ्याप्ल्याङ-छ्याप्ल्याङ–क्रि० यो० [अनु०] पानीमा हिँड्दा वा चल्दा शब्द आउने किसिम; छ्वाप्ल्याङ-छ्वाप्ल्याङ ।

छ्याम-छ्याम–क्रि० यो० [ने०] १. खुकुरी-तरवार आदि धारिलो हतियारले काट्ने किसिम; छ्यामछ्यामती; छपा-छप । २. भिजेका कपड़ा पछार्ने किसिम ।

छ्यामछ्यामती–क्रि० यो० [छ्याम-छ्याम+ती] छ्याम-छ्याम ।

छ्यामछ्यामी–क्रि० यो० [छ्याम-छ्याम+ई] छ्याम-छ्याम ।

छ्यामा–ना० [कान्छी+आमा] १. बूढ़ी स्त्रीलाई सम्बोधन गर्ने मान-बोधक शब्द । २. सानीमा ।

छ्याम्म–क्रि० यो० [अनु०] एकै पटकमा छिनिने गरी काट्ने किसिम; मार हान्ने किसिम ।

छ्यार्र–क्रि० यो० [अनु०] १. पातलो दिसा हुने किसिम; छेर्ने किसिम । २. साना-तिना गेड़ाहरू छरिने किसिम ।

छ्यार्र-छुर्र–क्रि० यो० [अनु०] अन्न वा साना-साना गेड़ाहरू छरिने किसिम ।

छ्यालब्याल–क्रि० यो० [ने०] १. पानी, रगत आदि तरल पदार्थ यता-उति पोखिने किसिम । २. अनाजहरू यता-उति पोखिने वा छरिने किसिम; छ्यान्न-ब्यान्न ।

छ्याली–ना० [नेवा० छलि] सोझो बीँड़ हुने एक प्रकारको सनासो; तातो फलाम समाउने कौ, कामीहरूको एक प्रकारको औजार ।

छ्याल्ल-ब्याल्ल–क्रि० यो० [ने०] १. तरल पदार्थ प्रशस्त मात्रामा पोखिने किसिम । २. माल-मत्ताहरू यत्र-तत्र फैलिने किसिम; छ्यान्न-ब्यान्न ।

छ्यासछुस–क्रि० यो० [छासछुस] छासछुस ।

छ्यास-छ्यास–क्रि० यो० [ने०] १. घाँस, पराल आदि चुट्ने वा टकटक्याउने किसिम । २. चाँड़ो-चाँड़ो निफन्ने किसिम; छ्वास-छ्वास । ३. मसिना काँढ़ा आदिले अलि-अलि घोच्ने किसिम ।

छ्यासछ्यासती–क्रि० यो० [ने०] कुनै वस्तु जता-ततै प्रशस्त मात्रामा हुने किसिम; लदाबदी; छेलोखेलो ।

छ्यासछ्यासी–क्रि० यो० [छ्यास-छ्यास+ई] छ्यास-छ्यास ।

छ्यासमिस–क्रि० यो० [ने०] धेरै जातका वस्तु एकसाथ मिसिने किसिम; सरोबर भएर मिसिने किसिम ।

छ्यासमिसे–वि० [छ्यासमिस+ए] थरी-थरीका वस्तुहरू मिलेको; छ्यासमिस भएको; छासमिसे ।

छ्यास्स–क्रि० यो० [अनु०] १. हल्का पदार्थ थोरै दिने किसिम; छ्वास्स । २. सुरतसँग छुने किसिम; छुस्स । ३ गुप्त कुरा गर्ने किसिम; चुक्ली हाल्ने किसिम ।

छ्युँनु–स० क्रि० [छ्यूँ+नु] छिँदका गर्नु; छ्यूँ गर्नु; छिँवनु

छ्यूँ–ना० [अनु०] छिँवका; छिँक; छिउँ ।

छ्यूँका–ना० [छिउँका] छिउँका ।

छ्यूँके-झार–ना० [छिँक+झार] छिम्के-झार ।

छ्वाँके–वि० [नेवा० छवाऽ] उछिट्टिएका ठलठला दाँत हुने ।

CC-0. In Public Domain. Digitization by eGangotri

छ्वाङ्ग–क्रि० यो० [अनु०] १. गहिरो पानीमा गह्रौँ वस्तु फाल्दा शब्द आउने किसिम; छ्वाम्म । २. काँसो, काँच आदिका भाँड़ा ढुङ्गामा वा साह्रो जमीनमा बजारिँदा शब्द आउने किसिम । ३. पातलो कपड़ा आदिबाट स्पष्ट देखिने किसिम । ४. आकाश सफा भई खुल्ने किसिम; छ्याङ्ग ।

छ्वाङग्राङ्ग–क्रि० यो० [अनु०] धातु, काँच आदिका भाँड़ा-बर्तन भइँमा खस्दा आवाज आउने किसिम ।

छ्वाङ्ङ–क्रि० यो० [छ्वाङ्ग] छ्वाङ्ग

छ्वाङराङ्ग–क्रि० यो० [छ्वाङग्राङ्ग] छ्वाङग्राङ्ग ।

छ्वाङ्राङ्ङ–क्रि० यो [अनु०] छ्वाङराङ्ग ।

छ्वाट्ट–क्रि० यो० [अनु०] झ्वाट्ट; झट्ट ।

छ्वातातात्त–क्रि० यो० [अनु०] तरल वा लेदो पदार्थ खत्तिने वा खत्तिँदा शब्द आउने किसिम ।

छ्वात्त–क्रि० यो० [ने०] थोरै पानी वा तरल पदार्थ मिल्काउने किसिम ।

छ्वात्लाङ-छ्वात्लाङ–क्रि० यो० [अनु०] पानी छचल्किँदा शब्द आउने किसिम ।

छ्वाप्ल्याङ-छ्वाप्ल्याङ–क्रि० यो० [अनु०] पानीमा हिँड्दा वा चल्दा शब्द आउने किसिम ।

छ्वाम्म–क्रि० यो० [अनु०] पानीमा फालहाल्ने किसिम; छ्वाम्ल्याङ्ग ।

छ्वाम्ल्याङ्ग–क्रि० यो० [अनु०] धेरै पानीमा गह्रौँ वस्तु खस्ता शब्द आउने किसिम ।

छ्वाम्ल्याङ्ङ–क्रि० यो० [अनु०] छ्वाम्ल्याङ्ग ।

छ्वाय–ना० [नेवा०] तिरेर वा खर्च गरेर बाँकी रहेको कसरात; बचत; शेष ।

छ्वायपवाय–ना० [नेवा० छ्याय-फ्वाय] घटी-बढ़ी, असल-कमसल आदि असमानतालाई समानतामा मिलाउने काम; बराबर पार्ने काम; छोएफोए; सापो-नापो ।

छ्वारारारा–क्रि० यो० [अनु०] धेरै अन्न वा साना-साना गेड़ाहरू पोखिँदा शब्द आउने किसिम ।

छ्वार्लाङ-छ्वार्लाङ–क्रि० यो० [अनु०] पोको पारेका रुपियाँ-पैसा, घुँगुरा आदि हल्लँदा शब्द आउने किसिम ।

छ्वार्लाङ्ग–क्रि० यो० [अनु०] पोकामा रहेका धेरै रुपियाँ-पैसा भइँमा पोखिँदा शब्द आउने किसिम ।

छ्वार्लाङ्ङ–क्रि० यो० [अनु०[छ्वार्लाङ्ग ।

छ्वार्लाम्म–क्रि० यो० [अनु०] धातु, काँच आदिका भाँड़ा-बर्तनहरू भुइँमा खस्दा शब्द आउने किसिम ।

छ्वार्र–क्रि० यो० [अनु०] दानादार वस्तु खस्ता वा पोखिँदा शब्द आउने किसिम ।

छ्वाल-छ्वाल–क्रि० यो० [अनु०] १. पन्यालो पदार्थ निस्फिक्रीसँग पोखिने किसिम । २. गाई, भैँसी आदिले मुत्ता शब्द आउने किसिम ।

छ्वालछ्वालती–क्रि० यो० [अनु०] छ्वाल-छ्वाल ।

छ्वालालाला–क्रि० यो० [अनु०] धेरै पानी वा पन्यालो पदार्थ पोखिँदा शब्द आउने किसिम ।

छ्वाली–ना० [नेवा०] गहूँ, जौ आदिको बोट ।

छ्वाल्ल–क्रि० यो० [अनु०] पानी आदि पन्यालो पदार्थ पोखिँदा शब्द आउने किसिम ।

छ्वास-छ्वास–क्रि० यो० [अनु०] १. अबीर आदि धूलो पदार्थ छरिने किसिम । २. हलौँ वस्तु नाङलाले निफन्ने किसिम । ३. मसिना छेस्का बराबर बिझ्ने किसिम ।

छ्वासछ्वासती–क्रि० यो० [अनु०] छ्वास-छ्वास ।

छ्वास्स–क्रि० यो० [अनु०] १. अबीर आदि धूलो पदार्थ छर्ने किसिम । २. सुस्तसँग छुने किसिम । ३. छुस्वयाइँ लाउने किसिम; छुस्स । ४. मसिना छेस्का बिझ्ने किसिम ।

ज

ज–देवनागरी वर्ण-मालाको आठौँ व्यञ्जन-वर्ण । च-वर्गको तृतीय वर्ण । यसको उच्चारण तालु-स्थानबाट हुन्छ ।

ज–ना० [सं०] अरू शब्दका पछाड़ि प्रयोग भएर त्यसबाट जन्मेको वा पैदा भएको भन्ने अर्थ बुझाउने शब्द । (उदा०–पङ्कज, आत्मज, अण्डज आदि ।)

जँगारी–ना० [फा० ज़ङ्गारी] १. हल्का र उज्जर हरियो रङ्ग । (यो विषालु हुन्छ ।) (वि०) २. त्यस रङ्गको ।

जँघार–ना० [सं० जङ्घाल] १. जाँघसम्म पानी आउने नदी वा तर्ने घाट ।

जँचाइ–ना० [जाँच्+आइ] जाँच्ने किसिम, क्रिया वा भाव ।

जँचाइ–ना० [जँचाउ+आइ] जँचाउने किसिम, क्रिया वा भाव ।

जँचाइनु–स० क्रि० [जँचाउ+इ+नु] जाँच्न लाइनु; ('जँचाउनु'-को क० क्रि०) ।

जँचाउनु–स० क्रि० [जाँच+आउ+नु] जाँच गराउनु; पारख गराउनु; ('जाँच्नु'-को क० क्रि०) ।

जँचिनु–अ० क्रि० [जँच्+इ+नु] जाँच होइनु; जाँचिइनु; ('जँच्नु'-को भा० क्रि०) ।

जँचुवा–वि० [जाँच्+उवा] १. जाँच्ने; जाँच गर्ने; पारखी । २. जाँचेको; पारख गरेको ।

जँच्नु–अ० क्रि० [जाँच+नु] १. जाँच हुनु; जाँचिनु; पारख हुनु । २. ठहरिनु । ३. राम्रो लाग्नु; मन पर्नु ।

जँड़ेल–वि० [जाँड़] जाँड़को अम्मली; जँड़्याहा ।

जँड़्याहा–वि० [जाँड़+आहा] जाँड़को अम्मली; धरै जाँड़ खाने आदत बसेको; जँड़ेल ।

जई–ना० [प्रा० जव] जौको जस्तो बोट हुने एक प्रकारको अन्न; एक जातको जौ ।

जकड़-बन्द–ना० [जकड्+बन्द] १. बेसरी कसिएको बन्धन;

CC-0. In Public Domain. Digitization by eGangotri

नफुक्ने गरी बांधिएको बन्धन । २. विलकुल बन्द; एकदम बन्द ।

जकड़-बन्दी–ना० [जकड़-बन्द+ई] जकड़-बन्दमा राख्ने काम; कड़ा बन्धनमा राख्ने काम ।

जकड़ाइ–ना० [जकड्+आइ] जकड़िने किसिम वा क्रिया; जक्ड़ाइ ।

जकड़ाइ–ना० [जकड़ाउ+आइ] जकड़ाउने किसिम वा क्रिया ।

जकड़ाउनु–स० क्रि० [जकड्+आउ+नु] जकड्न लाउनु; ('जकड़िनु'-को प्रे० क्रि०) ।

जकड़िइनु–अ० क्रि० [जकड़ि+इ+नु] जकड़िने होइनु; ('जकड़िनु'-को भा० क्रि०) ।

जकड़िनु–अ० क्रि० [जकड्+इ+नु] १. रोग, जाड़ो, बन्धन आदिवाट हल-चल गर्न नसक्नु । २. बाँधिनु; बन्धनमा पर्नु । (स० क्रि०) ३. रोकिनु । ४. ग्रस्त गरिनु; धड़िनु; । ('जकड्नु'-को क० क्रि०) ।

जकड्नु–स० क्रि० [सं० युक्त+करण] १. कसेर बाँध्नु; वेसरी बाँध्नु । २. अँठयाउनु; पक्रनु । ३. ग्रस्त पार्नु; धड्नु । ४. रोक्नु ।

जकड़्याइ–ना० [जकड़ि+याइ] जकड़िने किसिम वा क्रिया; जकड़्याहट ।

जकड़्याइ–ना० [जकड़्याउ+आइ] जकड़्याउने किसिम वा क्रिया; जकड़ाइ।

जकड्याइनु–स० क्रि० [जकड़्याउ+इ+नु] बेसरी समातिनु वा बाँधिनु; ('जकड़्याउनु'-को क० क्रि०) ।

जकड़्याउनु–स० क्रि० [जकड़ि+याउ+नु] १.बेसरी समात्नु वा बाँध्नु; कड़ा वन्धनमा राख्नु; अँठयाउनु । २. कठयाङ्ग्रयाउनु; कक्र्याउनु । ३. धड्नु; ग्रस्त पार्नु ।

जकड़्याहट–ना० [जकड़ि+याहट] जकड्ने वा जकड़िने किसिम वा क्रिया; जकड़्याइ ।

जकाइ–ना० [जाक्+आइ] जाक्ने किसिम वा क्रिया।

जकाइ–ना० [जाकि+आइ] जाकिने किसिम वा क्रिया ।

जक्खिइनु–अ० क्रि० [जक्खि+इ+नु] कड़ा बन्धनमा परिनु; ('जक्खिनु'-को भा० क्रि०) ।

जक्खिनु–अ० क्रि० [जाक्कि+नु] १. कड़ा बन्धनमा पर्नु; थुनिनु । २. जाकिनु; डल्लिनु । ३. कोचिनु; खाँदिनु ।

जक्खु–वि० [प्रा० जक्ख] साह्रै ठूलो; जखमले ।

जक्खे–वि० [प्रा० जक्ख] ज्यादै ठूलो; जक्खु ।

जक्ख्याइ–ना० [जक्ख्याउ+आइ] जक्ख्याउने किसिम, क्रिया वा भाव ।

जक्ख्याइ–ना० [जक्खि+आइ] जक्खिने किसिम, क्रिया वा भाव ।

जक्ख्याइनु–स० क्रि० [जक्ख्याउ+इ+नु] जकड़-बन्दमा राखिनु; ('जक्ख्याउनु'-को क० क्रि०) ।

जक्ख्याउनु–स० क्रि० [जक्खि+याउ+नु] १. जकड़-बन्दमा राख्नु कड़ा; बन्धनमा राख्नु; थुन्नु । २. जाक्नु । ३. कोची-कोचीकन हाल्नु; खाँद्नु; कोच्नु ; ('जक्खिनु'-को प्रे० क्रि०) ।

जक्ख्याहट–ना० [जक्खि+याहट] जक्खिने किसिम, क्रिया वा भाव; जक्ख्याइ ।

जक्ढ्नु–स० क्रि० [जकड्+नु] जकड्नु ।

जक्ड़ाइ–ना० [जक्ड़ाउ+आइ] जक्ड़ाउने किसिम, क्रिया वा भाव; जकड़ाइ ।

जक्ड़िनु–स० क्रि० [जक्ड़+इ+नु] जकड़िनु; ('जक्ड्नु'-को भा० क्रि०) ।

जक्ड़्याइ–ना० [जक्ड़ि+याइ] जक्ड़िने किसिम, क्रिया वा भाव; जकड़्याइ ।

जक्ड़्याइ–ना० [जक्ड़्याउ+आइ] जक्ड़्याउने किसिम, क्रिया वा भाव; जकड़्याइ ।

जक्ड़्याइनु–स० क्रि० [जक्ड़्याउ+इ+नु] जकड़्याइनु; ('जक्ड़्याउनु'-को क० क्रि०) ।

जक्ड़्याउनु–स० क्रि० [जक्ड़ि+याउ+नु] जकड़्याउनु; ('जक्ड़िनु'-को प्रे० क्रि०) ।

जक्ड़्याहट–ना० [जक्ड़ि+याहट] जक्ड़िने किसिम, क्रिया वा भाव; जकड़्याहट ।

जक्षण–ना० [सं०] खानु; भक्षण ।

जखड़-बन्द–ना० [जकड़-बन्द] जकड़-बन्द ।

जखड़-बन्दी–ना० [जकड़-बन्दी] जकड़-बन्दी ।

जखम–ना० [फा० ज़ख़्म] अङ्ग-भङ्ग; घाउ; चोट-पटक ।

जखमले–वि० [जक्खु] १. ज्यादै ठूलो; जक्खु; घ्वाँक । २. छिपिएको ।

जखमी–वि० [फा० ज़ख़्मी] १. घाइते; घायल; आहत । २. जखम हुने किसिमको; जोखिम ।

जग–ना० [अं० जैक] गह्रुँगो वस्तु तलतिरबाट उचाल्ने यन्त्र ।

जग–ना० [जग्गा] १. घर वा परखालको गाह्रो लाउने ठाउँ । २. घर वा परखालको जमीनमनिको गाह्रो । ३. कामको उठान ; कार्यारम्भ ।

जग–ना० [प्रा०] जगत्; दुनियाँ ।

जगच्चक्षु–ना० [सं०] सूर्य ।

जगजगी–ना० [सं० जागर्ति] १. आपत्तिको आशङ्काबाट हुने त्रास । २. चहल-पहल; चकचकी ।

जगजगे–वि० [जगजगी+ए] कुनै काम पनि निश्चित रूपले गर्न नसक्ने; हरेक कुरामा शङ्का लिने ।

जगज्जननी–ना० [सं०] जगत्की आमा; जगदम्बा।

जगज्जयी–वि० [सं०] जगत्लाई जित्ने; विश्व-विजयी ।

जगज्ज्योतिर्मल्ल–ना० [सं० जगज्ज्योतिमल्ल] बिस्केटको जात्रा चलाउने भनी प्रसिद्ध, विद्या-प्रेमी, भक्तपुरका एक मध्य-कालीन राजा ।

जगटे–वि० [जगटा+ए] जगटा भएको; जगटे ।

CC-0. In Public Domain. Digitization by eGangotri

जगटो–ना० [सं० जटा] नतलासिएको वा खजमजिएको कपाल; जगल्टो ।

जगटचाइ–ना० [जगटचाउ+आइ] जगटचाउने किसिम, क्रिया वा भाव ।

जगटचाइनु–स० क्रि० [जगटचाउ+इ+नु] जगल्टचाइनु; ('जगटचाउनु'-को क० क्रि०) ।

जगटचाउनु–स० क्रि० [जगटो+याउ+नु] जगटो समातेर तान्नु; जगल्टचाउनु ।

जगड्वाल–ना० [सं० जगत्+डोलन] १. व्यापक हल-चल; सर्वैतिर भएको हल्ला । २. दिग्विजय ।

जगण–ना० [सं०] आदि र अन्त्यमा लघु र बीचमा गुरु वर्ण हुने एक गण (।ऽ।); पिङ्गल-सूत्रानुसार आठ गणमध्ये एक ।

जगत्–ना० [सं०] १. संसार; विश्व । २. लोक; दुनियाँ ।

जगत्-सेठ–ना० [जगत्+सेठ] देशको सबैभन्दा ठूलो महाजन; जगर्सेठ ।

जगती–ना० [सं०] १. पृथ्वी; धरती । २. दुनियाँ; जगत् । ३. मानव-जाति । ४. प्रत्येक चरणमा बाह्र अक्षर हुने एक वैदिक छन्द ।

जगती-तल–ना० [सं०] पृथ्वी; धरती ।

जगत्कर्ता–ना० [सं०] १. परमेश्वर । २. ब्रह्मा ।

जगत्पति–ना० [सं०] परमेश्वर ।

जगत्परायण–ना० [सं०] विष्णु ।

जगत्पिता–ना० [सं०] परमेश्वर ।

जगत्प्रभु–ना० [सं०] १. ब्रह्मा । २. विष्णु । ३. शिव ।

जगत्प्रसिद्ध–वि० [सं०] संसारमा सबैतिर नाउँ चलेको; विश्व-विख्यात ।

जगत्प्राण–ना० [सं०] वायु; समीर ।

जगत्-साक्षी–ना० [सं०] १. परमात्मा; ईश्वर । २. सूर्य ।

जगत्-स्रष्टा–ना० [सं०] १. जगत्को सृष्टि गर्ने व्यक्ति; ब्रह्मा । २. परमेश्वर ।

जगदन्तक–ना० [सं०] १. काल । २. यमराज । ३. रुद्र ।

जगदम्बा–ना० [सं०] दुर्गा; जगज्जननी ।

जगदम्बिका–ना० [सं०] दुर्गा; जगदम्बा ।

जगदात्मा–ना० [सं०] १. परमेश्वर । २. वायु ।

जगदीश–ना० [सं०] जगत्का मालिक; परमेश्वर ।

जगदीश्वर–ना० [सं०] १. जगत्का मालिक; जगत्पति । २. ईश्वर । ३. इन्द्र । ४. राजा ।

जगद्गुरु–ना० [सं०] १. परमेश्वर । २. शङ्कराचार्य वा त्यस्तै पूज्य व्यक्ति ।

जगद्वन्द्य–वि० [सं०] सबैले नमस्कार गर्न योग्य; सबैका निमित्त आदरणीय ।

जगद्विख्यात–वि० [सं०] संसारभर नाम चलेको; विश्व-विख्यात ।

जगद्विनाश–ना० [सं०] संसारको नाश; प्रलय ।

जगन्नाथ–ना० [सं०] १. संसारका मालिक; परमेश्वर । २. भारतको उड़ीसा प्रदेश-अन्तर्गत पुरी नामक स्थानमा स्थापित प्रसिद्ध मूर्ति; हिन्दूहरूका प्रसिद्ध चार-धाममध्ये एक ।

जगन्नियन्ता–ना० [सं०] जगत्को नियमन गर्ने ईश्वर; परमेश्वर ।

जगन्निवास–ना० [सं०] १. परमेश्वर । २. विष्णु ।

जगन्मय–ना० [सं०] विष्णु ।

जगन्मयी–ना० [सं०] लक्ष्मी ।

जगन्माता–ना० [सं०] १. दुर्गा । २. लक्ष्मी ।

जगन्मोहिनी–ना० [सं०] १. दुर्गा । २. महामाया ।

जगमग–क्रि० यो० [जग्] १. चम्कने वा उज्यालो हुने किसिम; झलमल । (ना०) २. चहक; चमक । ३. विभिन्न रङ्गको, खूब टलकदार, धातुको कागतजस्तो पातलो पत्र; तपक ।

जगमगाइ–ना० [जगमगाउ+आइ] जगमगाउने किसिम, क्रिया वा भाव; जगमगाहट ।

जगमगाइनु–अ० क्रि० [जगमगाउ+इ+नु] जगमग होइनु; ('जगमगाउनु'-को भा० क्रि०) ।

जगमगाउनु–अ० क्रि० [जगमग+आउ+नु] झल्कनु; जगमग हुनु; जगमगिनु ।

जगमगाहट–ना० [जगमगि+आहट] जगमगाउने किसिम, क्रिया वा भाव; जगमगाइ ।

जगमगिइनु–अ० क्रि० [जगमगि+इ+नु] जगमगाइनु; ('जगमगिनु'-को भा० क्रि०) ।

जगमगिनु–अ० क्रि० [जगमग+इ+नु] झल्कनु; चम्कनु; जगमग हुनु; जगमगाउनु ।

जगर–ना० [जगल्टो] घोड़ा, सिंह आदिका गर्दनमा हुने लामा-लामा रौँ; याल; केशर ।

जगर–ना० [ने०] नरिवलको जस्तो एक जातको बोट ।

जगर–ना० [सं०] कवच ।

जगर्सेठ–वि० [जगत्+सेठ] १. ठूलो सेठ; ठूलो महाजन । २. कुनै समूह वा समाजको नाइके; ठालु । ३. मापाको; जन्ड ।

जगल–वि० [सं०] १. चलाक; धूर्त । (ना०) २. गोबर । ३. कवच । ४. कट; जाँड़को छोक्रा ।

जगल्टा–ना० [जगल्टो] जगल्टो ।

जगल्टे–वि० [जगल्टो+ए] १. लामा-लामा कपाल हुने; जगल्टा हुने; जटे । २. खजमजिएको कपाल हुने; जगल्टा फिँजिएको ।

जगल्टो–ना० [सं० जटा] १. लामो पारी पालेको कपाल; जुल्फी । २. जोगी, तपस्वी आदिको लामो कपाल; जटा । ३. कपालको तुच्छार्थ बुझाउने शब्द । ४. घाँसको बुच्को ।

जगल्टचाइ–ना० [जगल्टचाउ+आइ] जगल्टचाउने किसिम, क्रिया वा भाव; भुत्ल्याइ ।

जगल्टचाइनु–स० क्रि० [जगल्टचाउ+इ+नु] जगल्टा समातेर तानिनु; ('जगल्टचाउनु'-को क० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

जगल्टयाउनु–स० क्रि० [जगल्टो+याउ+नु] जगल्टामा समातेर तान्नु; कपालमा समातेर लछार्नु; भुत्ल्याउनु।

जगाइ–ना० [जग्+आइ] जाग्ने किसिम, क्रिया वा भाव।

जगाइ–ना० [जगाउ+आइ] जगाउने किसिम, क्रिया वा भाव।

जगाइनु–स० क्रि० [जगाउ+इ+नु] बिउँझाइनु; जागा गराइनु; ('जगाउनु'-को क० क्रि०)।

जगाउनु–स० क्रि० [जाग्+आउ+नु] १. बिउँझाउनु; जागा गराउनु। २. सल्काउनु; बाल्नु। ३. मन्त्र सिद्ध गर्नु। ४. भूत, प्रेत आदि बोलाउनु। ५. बिउँताउनु; बौराउनु। ६. जाग्न लाउनु; रीस उठाउनु; ('जाग्नु'-को प्रे० क्रि०)।

जगात–ना० [अ० ज़कात] १. कर; महसूल। २. गठे-मङ्गलका दिन भूत-प्रेतको बाधा शान्त गर्नाका निम्ति उठाइने चन्दा।

जगाते–वि० [जगात+ए] जगात उठाउने (अड्डा वा व्यक्ति)।

जगेड़ा–वि० [जगेरा] जगेरा।

जगेरा–वि० [अ० ज़ख़ीरः] १. खर्च नभई वा नगरी बाँकी रहेको; बचे-खुचेको; उभार। (ना०) २. पछि खर्च गर्नाका निम्ति बाँकी राखिएको वस्तु; साँचिएको माल। ३. पछि उपयोगमा ल्याउनाका निम्ति राखिछोड्नु। ४. सञ्चय; बचत, बचाउ।

जगेरा–ना० [जगर] जगर वृक्ष।

जगेर्ना–ना० [जगेरा] जगेर्नु; जगेरा।

जगेर्नु–ना० [जगेरा+नु] १. जोगाएर राख्ने काम; जगेरा। २. सुरक्षा; हिफायजत। ३. हेर-चाहा; देख-रेख।

जग्गा–ना० [फा० जायगाह] १. खेत-बारी; जमीन। २. खाली ठाउँ; स्थान; स्थल।

जग्गा-जमीन–ना० [जग्गा+जमीन] खेत-बारीको समुदाय।

जग्गे–ना० [प्रा०] यज्ञ; होम।

जग्ध–वि० [सं०] १. खाइएको; भुक्त। (ना०) २. भोजन।

जग्धि–ना० [सं०] १. भोजन; आहार। २. सह-भोजन।

जग्नु–अ० क्रि० [जाग्+नु] बल्नु; दन्कनु।

जग्मि–वि० [सं०] १. चलेको; जङ्गम। (ना०) २. हावा; पवन।

जघन–ना० [सं०] १. स्त्रीका नाभिदेखि मुनितिरको भाग; पेट। २. फिलो; नितम्ब।

जघन-कूप–ना० [सं०] मोटो मानिसका दुवैपट्टि फिलामा पर्ने खाल्टो।

जघन-गौरव–ना० [सं०] नितम्ब-भार।

जघन-चपला–ना० [सं०] १. वेश्या; कुलटा। २. फूर्तिका साथ नाच्ने स्त्री। ३. आर्या छन्दको एक भेद।

जघनी–वि० [सं०] ठूलो नितम्ब हुने (स्त्री)।

जघने–वि० [सं० जघन्य] निकम्मा; रद्दी; काम नलाग्ने।

जघन्य–वि० [सं०] १. सबैभन्दा पछि जन्मेको; कान्छो। २. सबभन्दा खराब; रद्दी। ३. निकृष्ट; नीच। ४. शूद्र।

जघ्नु–वि० [सं०] हत्यारो; घातक।

जङ–ना० [फा० जङ्ग] रीस; झोँक; क्रोध।

जङ्क्शन–ना० [अं०] १. दुइ सड़क वा बाटो मिलेको ठाउँ; दोबाटो। २. अनेक तर्फबाट रेलहरू आई मिसिने ठाउँ।

जङ्को–ना [नेवा०] वृद्धावस्थामा गरिने जयन्ती; जम्को।

जङ्ग–ना० [फा०] लड़ाइँ; युद्ध।

जङ्गबहादुर–ना० [जङ्ग+बहादुर] १. ईसवी उन्नाइसौँ शताब्दीमा भएका नेपालका प्रथम राणा प्रधान-मन्त्री। २. निरङ्कुश शासक।

जङ्गम–वि० [सं०] १. हिँड़-डुल गर्ने; गति-शील। २. एक ठाउँबाट अर्को ठाउँमा सार्न वा लैजान हुने। (ना०) ३. चलायमान वस्तु।

जङ्गम-कुटी–ना० [सं०] १. छाता। २. रानी-महारानीहरूले नुहाउँदा वा बाहिर निस्कँदा हाल्ने अन्तःपुर।

जङ्गम-गुल्म–ना० [सं०] पैदल सिपाहीहरूको फौज; पैदल सेना।

जङ्गम-विष–ना० [सं०] सर्प, बिच्छी, बहुलाहा कुकुर आदि प्राणीहरूले टोक्ता लाग्ने विष।

जङ्गल–ना० [सं०] १. बस्ती वा आबादी नभएको, प्रशस्त रूखहरू भएको ठाउँ; वन; झाड़ी; अरण्य। २. उजाड़ जमीन; बन्जर; मरु-भूमि। ३. एकान्त स्थान; निर्जन ठाउँ। ४. आलो मासु; मांस।

जङ्गली–वि० [जङ्गल+ई] १. जङ्गलको; बनैया; बनुवा। २. असभ्य; गँवार। ३. रिसाहा; क्रोधी।

जङ्गाल–ना० [सं०] पानी रोक्नाका निम्ति बनाइएको डील; बाँध।

जङ्गिइनु–अ० क्रि० [जङ्गि+इ+नु] रिसाइनु; झोक्किइनु; ('जङ्गिनु'-को भा० क्रि०)।

जङ्गिनु–अ० क्रि० [जङ्ग+इ+नु] झोक्किनु; जाग्नु; रिसाउनु; च्याँठिनु।

जङ्गी–वि० [अ०] १. लड़ाइँको; युद्ध-सम्बन्धी। २. पल्टनिया; सेना-सम्बन्धी। ३. बड़ेमाको; ठूलो। ४. रिसाहा; क्रोधी।

जङ्गी-परेट–ना० [जङ्गी-परेठ] जङ्गी-परेठ।

जङ्गी-परेठ–ना० [जङ्गी+परेठ] १. फौजी तालीम; सैनिक शिक्षा; कवाज। २. फौजी तालीमको प्रदर्शन।

जङ्गी-पोशाक–ना० [जङ्गी+पोशाक] फौजी जवानहरूले लाउने पोशाक; पल्टनिया पोशाक।

जङ्गी-लाठ–ना० [फा० जङ्गी+लॅर्ड (अं०)] प्रधान सेना-पति।

जङ्गी-सेल–ना० [जङ्गी+सेल] एक किसिमको ठूलो सेल।

जङ्गी-हर्रो–ना० [जङ्गी+हर्रो] कालो र सानो दाना हुनेएक जातको हर्रो।

जङ्गुल–ना० [सं०] विष।

जङ्ग्याइ–ना० [जङ्गि+आइ] जङ्गिने किसिम, क्रिया वा भाव।

जङ्ग्याइनु–स० क्रि० [जङ्ग्याउ+इ+नु] जङ्गिन वा रिसाउन लाइनु; ('जङ्ग्याउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

जङ्ग्याउनु–स० क्रि० [जङ्गि+याउ+नु] जङ्गिन वा रिसाउन लाउनु; ('जङ्गिनु'-को प्रे० क्रि०)।

जङ्ग्याहट–ना० [जङ्गि+आहट] जङ्गिने किसिम, क्रिया वा भाव।

जङ्ग्याहा–वि० [जङ्गी+याहा] जङ्गी; रिसाहा; क्रोधी।

जङ्घा–ना० [सं०] १. गोली-गाँठादेखि घुँडासम्मको खुट्टाको अवयव; पिडौँलो। २. जाँघ; तिघ्रा; उरु। ३. कैँचीको काट्ने अवयव।

जङ्घाकरिक–ना० [सं०] हलकारो; अहल्कार।

जङ्घाकार–ना० [सं०] हलकारो; अहल्कार।

जङ्घाल–वि० [सं०] १. छिटो दगुर्ने; चाँड़ो हिँड्ने। (ना०) २. हलकारो; अहल्कार। ३. मृग; हरिण।

जङ्घिल–वि० [सं०] १. वेगले दगुर्न सक्ने; छिटो दगुर्न सक्ने। २. फूर्तिलो।

जज–ना० [अं०] १. न्यायाधीश। २. निर्णायक।

जजमान–ना० [प्रा०] दक्षिणा, भोजन आदि दिएर ब्राह्मण-द्वारा यज्ञ, पूजा आदि धार्मिक कृत्य गराउने उपासक; यजमान; यष्टा।

जजमानी–ना० [जजमान+ई] जजमानकहाँ पूजा गर्ने पेशा; पुरोहित्याइँ; पौरोहित्य।

जजिया–ना० [अ० जज़ियः] मुगल-राज्य-कालमा भारतको मुसलमानी राज्यमा बस्ने अन्य धर्मावलम्बीहरूमाथि लगाइएको एक विशेष कर।

जञ्जपूक–ना० [सं०] मन्द स्वरले जप गर्ने भक्त।

जञ्जाल–ना० [सं० जञ्ज+जाल] १. गृहस्थीको झञ्झट; विषय-प्रपञ्च। २. परिवार; जहान। ३. बन्धन।

जञ्जाली–वि० [जञ्जाल+ई] जञ्जालमा फँसेको; प्रपञ्ची।

जटा–ना० [सं०] १. साधु-संन्यासीहरूले पालेको लामो र लट्टा परेको कपाल; लट्टा। २. नरिवल आदिको पाट। ३. रूखको जरो।

जटा-जूट–ना० [सं०] १. लामा-लामा कपालहरूको समूह; जटाको समूह। २. शिवजीको जटा।

जटा-धर–वि० [सं०] जटा पाल्ने; जटा-धारी।

जटा-धारी–वि० [सं०] जटा पाल्ने; जटे।

जटा-नरिवल–ना० [जटा+नरिवल] बाहिरी बोक्रासहितको नरिवल।

जटामसी–ना० [सं० जटामांसी] १. बीचमा सेता धर्का भएका लामा-लामा पात, नीला फूल र फेदमा खैरो भुत्ला हुने, हिमालयमा पाइने एक सुगन्धी बूटी। २. त्यसैको फेद वा जरो। (आयुर्वेदमा यसको गुण कफ, पित्त, खटिरा-नाशक र ठन्डा बताइएको छ। यसका ज्यादा बास्ना आउने, साना, ठूला आदि अनेक भेद छन्। यिनीहरूका पात, फूल आदिमा धेरै अन्तर हुन्छ।)

जटामांसी–ना० [सं०] जटामसी।

जटायु–ना० [सं०] रामायणमा वर्णित एक प्रसिद्ध गिद्ध। (सीतालाई छुटाउन यो रावणसित युद्ध गरेर मरेको थियो।)

जटाल–वि० [सं०] १. जटा-धारी। २. बर। ३. डुम्री।

जटि–ना० [सं०] १. जटा। २. समूह। ३. बरको रूख। ४. जटामसी।

जटित–वि० [सं०] जड़िएको; जड़ान गरिएको।

जटिल–वि० [सं०] १. जटा भएको; जटा-धारी। २. अत्यन्त कठिन; दुरूह। ३. क्रूर; कठोर। ४. बुझ्न गाह्रो पर्ने; दुर्बोध। (ना०) ५. सिंह। ६. ब्रह्मचारी। ७. शिव।

जटिलता–ना० [सं०] जटिल हुनाको भाव।

जटी–वि० [सं०] १. जटा-धारी। २. शिव।

जटे–वि० [जटा+ए] जटा पाल्ने; जटा-धारी; जगल्टे।

जठर–वि० [सं०] १. कठिन; कड़ा। २. बूढ़ो; वृद्ध। (ना०) ३. पेट। ४. गर्भाशय। ५. कुनै वस्तुको भित्री भाग।

जठर-ज्वाला–ना० [सं०] १. भोकको दुःख; उदर-ज्वाला। २. शूल रोग।

जठर-यातना–ना० [सं०] गर्भ-वासको कष्ट।

जठराग्नि–ना० [सं०] १. खाएको वस्तु पचाउने पेटमा रहेको अग्नि। २. खाएको वस्तु पचाउने, पाकस्थलीमा हुने रस।

जठरानल–ना० [सं०] जठराग्नि।

जठरामय–ना० [सं०] पेट-सम्बन्धी एक रोग; जलोदर।

जड–वि० [सं०] १. चिसो; ठन्डा। २. चेतना नभएको; निर्जीव। ३. चेष्टा-हीन; स्तब्ध। ४. मूर्ख; मूढ। ५. कठाङ्ग्रिएको; कक्रक्क परेको।

जड़–ना० [जरो] १. जरो; मूल। (वि०) २. मुख्य; प्रधान।

जड-क्रिय–वि० [सं०] ढीलो; दीर्घ-सूत्री।

जड-जगत्–ना० [सं०] १. पाँच भौतिक पदार्थहरूको समूह। २. स्थूल जगत्।

जडता–ना० [सं०] १. जड हुनाको भाव; अचेतनता। २. अज्ञान; मूर्खता।

जडत्व–ना० [सं०] १. जडता; अचेतनता। २. मूर्खता।

जड-प्रकृति–ना० [सं०] पाँच भौतिक पदार्थहरूको समष्टि; जड-जगत्।

जड-भरत–ना० [सं०] पुराण-प्रसिद्ध एक योगी।

जडवाद–ना० [सं०] चेतन आत्माको अस्तित्व नमान्ने एक दार्शनिक मत।

जडवादी–वि० [जडवाद+ई] जडवादको अनुयायी।

जड-विज्ञान–ना० [सं०] आत्मा, ईश्वर आदि नमानी भौतिक पदार्थलाई नै सबै कुरो मान्ने सिद्धान्त; पदार्थ-विज्ञान।

जड़हन–ना० [सं० जड+धान्य] १. जाड़ो मौसिममा पाक्ने अन्न; हिउँदे बाली। २. जाड़े-मार्सी।

जड़ाइ–ना० [जड्+आइ] जड्ने किसिम वा क्रिया।

जड़ाइनु–स० क्रि० [जड़ाउ+इ+नु] जड्न लाइनु; ('जड़ाउनु'-को क० क्रि०)।

जड़ाउ–वि० [जड्+आउ] जड़ान गरेको; जड़ेको; जटित।

CC-0. In Public Domain. Digitization by eGangotri

जड़ाउनु–स० क्रि० [जड्+आउ+नु] जड्न लाउनु; जड़ान गराउनु; ('जड्नु'-को प्रे० क्रि०)।

जड़ाउरी–वि० [नें०] एक जनाले उपभोग गरी अर्धानों भइसकेपछि विनामूल्य अरूलाई दिइएको (लुगा-फाटो आदि)।

जड़ान–ना० [जड्+आन] जड्ने काम; जड़ाइ।

जड़िनी–ना० [जाड़ो+इनी] भोटिनी; भोटे जातकी स्त्री।

जड़िनु–स० क्रि० [जड्+इ+नु] जड़ान गरिनु; ('जड्नु'-को क० क्रि०)।

जडिमा–ना० [सं०] १. जडता; अचेतनता। २. मूर्खता।

जड़ी–ना० [जड़+ई] १. औषधीमा प्रयोग हुने वनस्पतिको जरो; बूटीको जरो। (वि०) २. मुख्य; मूल।

जड़ी-बूटी–ना० [जड़ी+बूटी] १. औषधीमा प्रयोग हुने वनस्पति र त्यसको जरो; काठे-पाते औषधी। २. कन्द-मूल।

जडीभूत–वि० [सं०] जडजस्तो भएको; निश्चल; निःस्पन्द।

जड़ेनी–ना० [जड़िनी] जड़िनी।

जड़ेलो–ना० [नें०] एक जातका जङ्गली अङ्गूर।

जड्नु–स० क्रि० [प्रा० जडइ+नु] १. एउटा वस्तुलाई अर्को वस्तुमा जोर्नु; कुनै वस्तुलाई कुनै स्थानमा जड़ान गर्नु। २. सुन, चाँदी आदिको गहना-गुरियामा रत्न जड़ान गर्नु। ३. ठोक्नु; गाँस्नु।

जतन–ना० [सं० यत्न] हिफाजत; बचाउ; यत्न।

जता–क्रि० यो० [सं० यत्र] जुन दिशातिर; जुन ठाउँतिर; जहाँ।

जता-ततै–क्रि० यो० [सं० यत्र-तत्र] जहाँ-कहीँ; सबै ठाउँमा; सर्वत्र।

जतालाख–वि० [सं० यथा+लक्ष] यथेष्ट; चिताएजति। २. छेलोखेलो।

जतासुकै–क्रि० यो० [जता+सुकै] जता पनि; जुन दिशातिर पनि; जहाँसुकै; सर्वत्र।

जति–वि० [सं० यः] जुन मात्राको; जुन परिमाणको; जतिसुकै।

जतिसुकै–वि० [जति+सुकै] जति धेरै; जुन परिमाणको; जुन मात्राको; जत्ति।

जतु–ना० [सं०] १. लाहा। २. शिलाजित्। ३. गुँद।

जतुका–ना० [सं०] १. लाहा; लाक्षा। २. चमेरो।

जत्ति–वि० [जति] जति धेरै; जतिसुकै; जत्तिसुकै।

जत्तिसुकै–वि० [जत्ति+सुकै] जतिसुकै।

जत्था–ना० [सं० यूथ] समूह; जमात; दल।

जत्र-तत्र–क्रि० यो० [सं० यत्र-तत्र] जहाँ-कहीँ; जता-ततै; सर्वत्र।

जत्रु–ना० [सं०] कुम र घाँटीका बीचको हाड़।

जत्रो–वि० [सं० यः] जुन परिमाणको; जति ठूलो।

जथवा-तथवा–वि० [सं० यथा+तथा] जथाभावी; मनपरी।

जथाभावी–क्रि० यो० [सं० यथा-भाव] जस्तो मन लाग्यो उस्तै; मनपरी।

जदि–संयो० [सं० यदि] यदि।

जदौ–ना० [सं० जय देव] दमाईँ, कामी आदिले बाहुन, क्षत्रिय आदिलाई नमस्कार गर्दा भन्ने शब्द।

जन–ना० [सं०] १. मानिस; मनुष्य। २. दुनियाँ; प्रजा। ३. जाति। ४. जहान; परिवार। ५. ज्यामी; मजदूर।

जन-आन्दोलन–ना० [सं०] कुनै उद्देश्य-सिद्धिका निम्ति जनता-द्वारा चलाइएको आन्दोलन; जन-सङ्घर्ष।

जनक–वि० [सं०] १. जन्माउने; जन्म दिने। (ना०) २. बाबु; पिता। ३. रामायण-प्रसिद्ध मिथिलाका राजा; सीताका पिता।

जनक-तनया–ना० [सं०] जनककी छोरी; सीता।

जनक-नन्दिनी–ना० [सं०] राजा जनककी छोरी; जानकी; सीता।

जनकपुर–ना० [सं०] नेपाल अधिराज्यको महोत्तरी जिल्लाको मुख्य बस्ती। (हिन्दूहरूको एक प्रसिद्ध तीर्थ। यहाँ चैत्र शुक्ल नवमीका दिन राम-जानकीको दर्शनका लागि ठूलो मेला लाग्दछ।)

जनकात्मजा–ना० [सं०] जनककी छोरी; जानकी; सीता।

जन-गणना–ना० [सं०] राष्ट्रका सबै मानिसहरूको गणना; जन-सङ्ख्या।

जनङ्गम–ना० [सं०] चाण्डाल।

जनङ्गे–क्रि० यो० [सं० जन+अङ्ग] मानिसपिच्छे; जनही; प्रतिव्यक्ति।

जन-जागरण–ना० [सं०] देशका जनतामा आफ्ना अधिकार र हिताहितको ज्ञान हुनु; जन-जाग्रति।

जन-जाग्रति–ना० [सं०] जन-जागरण।

जन-तन्त्र–ना० [सं०] प्रजा-तन्त्र; लोक-तन्त्र।

जनता–ना० [सं०] सर्व-साधारण मानिसहरूको समष्टि; जन-समूह; लोक।

जनता-जनार्दन–ना० [सं०] जनतारूपी ईश्वर; चेतना र सङ्गठनले उत्पन्न ठूलो शक्ति र अधिकार-युक्त जनता।

जन-देव–ना० [सं०] १. राजा। २. जनता-जनार्दन।

जनन–ना० [सं०] १. बाबु। २. परमेश्वर। ३. उत्पत्ति; जन्म। ४. सृष्टि; प्रादुर्भाव। ५. वंश; कुल। (वि०) ६. जन्माउने; उत्पादक।

जननाशौच–ना० [सं०] सुत्केरो; प्रसवको आशौच।

जननि–ना० [सं०] १. आमा। २. जन्म।

जननी–ना० [सं०] १. आमा; माता। २. दया; कृपा।

जननेन्द्रिय–ना० [सं०] सन्तान जन्माउने इन्द्रिय; उपस्थ; योनि।

जन-पद–ना० [सं०] १. देश; राज्य। २. गाउँ; ग्राम। ३. प्रजा; दुनियाँ।

जन-पद-धर्म–ना० [सं०] लोकाचार; सामाजिक धर्म।

CC-0. In Public Domain. Digitization by eGangotri

जन-पदी—ना० [सं०] कुनै देश वा समाजको शासन गर्ने व्यक्ति; शासक ।

जन-पाल—ना० [सं०] मानिसहरू वा नोकर-चाकरको पालन गर्ने व्यक्ति ।

जन-प्रवाद—ना० [सं०] १. अफवाह; जन-श्रुति । २. लोकापवाद ।

जन-प्रिय—वि० [सं०] १. सबैलाई मन परेको; लोक-प्रिय । (ना०) २. शिव । ३. धनियाँ ।

जनम—ना० [सं० जन्म] १. जन्म; उत्पत्ति । २. जुनी; जीवन ।

जन-मत—ना० [सं०] जन-साधारणको राय; लोक-मत ।

जन-मरक—ना० [सं०] महामारी; रूढ़ी ।

जनयिता—वि० [सं०] १. जन्म दिने; उत्पादक । (ना०) २. पिता ।

जनयित्री—ना० [सं०] १. माता; जननी । (वि०) २. जन्माउने (स्त्री) ।

जन-रञ्जन—ना० [सं०] लोकको सुख; जनताको आनन्द ।

जनरल—ना० [अं०] सेनाको एक ठूलो अफिसर; कर्णेल-भन्दा माथिको एक पल्टनिया अफिसर ।

जनरल-सेक्रेटरी—ना० [अं०] महामन्त्री ।

जन-रव—ना० [सं०] १. अफवाह; जन-श्रुति । २. लोकापवाद; लोक-निन्दा ।

जन-लोक—ना० [सं०] भू-लोक आदि माथिका सात लोकमध्ये पाचौं लोक; महर्लोकभन्दा माथि तपोलोकभन्दा तलको लोक ।

जनवरी—ना० [सं०] पौष-माघमा पर्ने, ईसवी वर्षको पहिलो महीना ।

जनवाद—ना० [सं०] १. अफवाह; जन-श्रुति । २. लोकापवाद । ३. राज्यको सर्वोच्च शक्ति जनतामै निहित हुन्छ भन्ने राजनीतिको एक सिद्धान्त; प्रजा-तन्त्रवाद ।

जनवादी—वि० [जनवाद+ई] जनवादको अनुयायी; जन-वादको सिद्धान्तको अनुसरण गर्ने ।

जन-श्रुत—वि० [सं०] लोक-प्रसिद्ध; प्रख्यात; विख्यात ।

जन-श्रुति—ना० [सं०] अफवाह; हल्ला; किंवदन्ती ।

जन-सङ्ख्या—ना० [सं०] राष्ट्रमा भएका यावत् व्यक्तिको गणना ।

जन-सङ्ग्राम—ना० [सं०] सर्व-साधारण जनताले सामेल भई गरेको सङ्घर्ष वा युद्ध; जन-आन्दोलन ।

जन-सङ्घर्ष—ना० [सं०] जन-आन्दोलन ।

जन-समाज—ना० [सं०] १. मनुष्य-समाज; मानव-समाज । २. जन-साधारण; जनता ।

जन-समुदाय—ना० [सं०] भीड़; हूल ।

जन-सम्बाध—वि० [सं०] बाक्लो; घना (बस्ती) ।

जन-साधारण—ना० [सं०] सामान्य जनता; जन-समाज ।

जन-स्थान—ना० [सं०] दण्डकारण्यको एक भाग ।

जन-हित—ना० [सं०] जनतालाई असल हुने काम; लोक-हित ।

जनही—क्रि० यो० [जन+हिसाब] मानिसपिच्छे; जनञ्जे; प्रतिव्यक्ति ।

जना—ना० [जन] १. मानिसको गणना गर्ने शब्द; वटा (व्यक्ति) । २. मानिस; जन; व्यक्ति ।

जनाइ—ना० [जनाउ+आइ] जनाउने किसिम वा क्रिया ।

जनाइनु—स० क्रि० [जनाउ+इ+नु] जनाउ दिइनु; ('जना-उनु'-को क० क्रि०) ।

जनाउ—ना० [जनाउ] सूचना; विज्ञप्ति ।

जनाउनु—स० क्रि० [जान्+आउ+नु] १. जनाउ दिनु; सूचित गर्नु । २. बोध गराउनु; ज्ञात गराउनु । ३. सङ्केत गर्नु । ४. उल्लेख गर्नु; विशेष बोली वा लबज पार्नु (कागत-पत्रका बेहोरामा) ।

जनाति—ना० [ने०] चार पुस्तापछिको नाति; पनातिको छोरो ।

जनाधिप—ना० [सं०] १. राजा । २. विष्णु ।

जनानखाना—ना० [फा० ज़नान-ख़ाना] स्त्रीहरू रहने घरको भाग; अन्तःपुर; खोपी ।

जनाना—ना० [फा० ज़नानः] १. स्वास्नी-मानिस; आइमाई; महिला । (वि०) २. स्वास्नी-मानिसको; स्त्री-सम्बन्धी ।

जनान्तिक—ना० [सं०] अरूले नसुन्ने गरी दुइ मानिसका बीच गरिने साङ्केतिक कुराकानी ।

जनार्दन—ना० [सं०] १. जन-साधारणको रक्षा गर्ने व्यक्ति । २. विष्णु । ३. कृष्ण । (वि०) ४. दैत्यलाई मार्ने ।

जनावर—ना० [फा० जानवर] जन्तु; पशु ।

जनाश्रम—ना० [सं०] धर्म-शाला; अतिथि-निवास ।

जनाश्रय—ना० [सं०] १. धर्म-शाला । २. घर । ३. मण्डप ।

जनि—ना० [सं०] १. जन्म; उत्पत्ति । २. आमा । ३. पत्नी । ४. बुहारी ।

जनिक—वि० [सं०] जन्म दिने; जन्माउने ।

जनित—वि० [सं०] १. जन्माइएको; पैदा गरिएको । २. जन्मेको; उत्पन्न ।

जनिता—ना० [सं०] जन्म दिने; पिता ।

जनित्र—ना० [सं०] १. जन्म-स्थान । २. स्रोत; उद्गम-स्थल ।

जनित्री—ना० [सं०] जन्माउने स्त्री; आमा ।

जनिमा—ना० [सं०] १. जन्म । २. सन्तान ।

जनी—ना० [ने०] १. कुनै काम कसैबाट गराउनाका निम्ति प्रार्थना गरी भनिने शब्द । २. निगाह; अनुग्रह ।

जनी—ना० [सं०] १. कन्या । २. माया; प्रेम ।

जनु—ना० [सं०] जन्म; उत्पत्ति ।

जनेन्द्र—ना० [सं०] राजा ।

जनेश—ना० [सं०] राजा ।

जनेष्ट—वि० [सं०] सबैलाई मन पर्ने; लोक-प्रिय ।

जनै—ना० [सं० यज्ञ] ब्राह्मण, क्षत्रिय र वैश्य जातिलेसंस्कार-

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वक धारण गर्ने सूत्र; तागा; यज्ञोपवीत ब्रह्म-सूत्र।

जनै-खटिरो–ना० [जनै+खटिरो] शरीरमा जनै रहने ठाउँमा जनै लाएझैँ गरी आउने एक जातको खटिरो; बाघे-खटिरो।

जनै-पूर्णिमा–ना० [जनै+पूर्णिमा] श्रावण शुक्ल पूर्णिमा। (यस दिन जनै लाउने जातिले यज्ञोपवीतको पूजा गरेर नयाँ जनै लाउँदछन् र रक्षा-बन्धन बाँध्दछन्।)

जनोट–ना० [जनाउ+ओट] जनाउने काम; जनाउ।

जनोपयोगी–वि० [सं०] जन-साधारणको निम्ति हित-कर हुने; लोकोपयोगी।

जनौघ–ना० [सं०] मानिसहरूको समूह; जमात।

जन्जीर–ना० [फा०] साङ्लो; सिक्री।

जन्ड–वि० [सं० उद्दण्ड] १. कड़ा स्वभावको; प्रचण्ड। २. रिसाहा; क्रोधी। ३. तीक्ष्ण बुद्धिको।

जन्त–ना० [प्रा० जण्णयत्ता] विवाहमा धेरै इष्ट-मित्रका साथ दुलही लिन जाने यात्रा; जन्तीको यात्रा; वर-यात्रा।

जन्तर–ना० [सं० यन्त्र] तन्त्र-शास्त्रानुसार विशिष्ट प्रकारका कोष्ठक, देव-मूर्ति, मन्त्र आदि लेखिएको, शरीर-रक्षाका निमित्त धारण गरिने यन्त्र।

जन्तर-मन्तर–ना० [जन्तर+मन्तर] शरीर-रक्षाका निम्ति उपयोग गरिने जन्तर, मन्तर आदि; झार-फूक गर्ने र बूटी बाँध्ने काम।

जन्तरे–वि० [ने०] जन्मका क्रमले आठौँ; अन्तरेपछिको (भाइ)।

जन्ती–ना० [जन्त+ई] विवाहमा दुलही लिन जाँदा दुलहाका साथ शोभा वा मदतका निमित्त लगिने इष्ट-मित्रहरूको लश्कर; बरियाँत।

जन्तु–ना० [सं०] १. प्राणी; जीव। २. पशु; जनावर। ३. जीवात्मा।

जन्तु-कम्बु– ना० [सं०] शङ्खको कीरो; घुँगी।

जन्तुघ्न–ना० [सं०] साना-साना कीराहरू मर्ने औषधी (वायु-विडङ्ग, हिङ, कागती आदि)।

जन्तु-फल–ना० [सं०] डुम्री; उदुम्बर।

जन्तुमती–ना० [सं०] पृथ्वी।

जन्तु-शाला–ना० [सं०] चिड़िया-घर।

जन्ते–वि० [जन्त+ए] १. जन्त-सम्बन्धी; जन्तको। २. जन्तीको; बरियाँत-सम्बन्धी।

जन्ते-बाखो–ना० [जन्ती+बाखो] दुलही ल्याउने दिन जन्तीलाई खुवाउने भोज।

जन्ते-ठट्टा–ना० [जन्ते-ठट्टा] अशिष्टतापूर्वकको ठट्टा; जन्ती जानेहरूले गर्ने अभद्र किसिमको ठट्टा।

जन्ते-श्लोक–ना० [जन्ते+श्लोक] विवाहमा घर-गाउँले र जन्तीहरूले प्रतिस्पर्धापूर्वक परस्परमा भन्ने श्लोक।

जन्त्र–ना० [सं० यन्त्र] जन्तर।

जन्म–ना० [सं०] १. गर्भबाट निस्केर जीवन धारण गर्नु; जुनी; उत्पत्ति। २. अस्तित्व पाउनु; आविर्भाव। ३. जीवन; जिन्दगी। ४. जीवन-काल; आयु।

जन्म-कुण्डली–ना० [सं०] ज्योतिष-शास्त्रानुसार जन्मका समयमा भएका ग्रहहरूको स्थिति थाहा पाउनाको निम्ति बनाइने चक्र।

जन्मकृत्–ना० [सं०] बाबु; पिता।

जन्म-क्षेत्र–ना० [सं०] जन्म-स्थान; जन्म-भूमि।

जन्म-ग्रहण–ना० [सं०] जन्म लिने काम; जन्मनु।

जन्म-जयन्ती–ना० [सं०] जन्म भएका दिनमा मनाइने उत्सव।

जन्म-जात–वि० [सं०] जन्मँदैखेरि लिएर आएको; सँगसँगै जन्मेको।

जन्मतः–क्रि० यो० [सं०] जन्मना।

जन्म-तिथि–ना० [सं०] जन्मेको तिथि; जन्म-दिवस।

जन्म-थलो–ना० [जन्म+थलो] १. पुर्खादेखि बसिआएको ठाउँ; पुर्ख्यौली थलो; जन्म-थात। २. जन्मेको ठाउँ; जन्म-भूमि।

जन्म-थात–ना० [जन्म+थात] जन्म-थलो; जन्म-स्थल।

जन्मद–वि० [सं०] १. जन्म दिने। (ना०) २. पिता।

जन्म-दाता–वि० [सं०] १. जन्म दिने; जन्माउने। (ना०) २. पिता; जनक।

जन्म-दात्री–ना० [सं०] आमा; माता।

जन्म-दिन–ना० [सं०] जन्मेको दिन।

जन्म-दिवस–ना० [सं०] जन्म-दिन; जन्म-तिथि।

जन्म-नक्षत्र–ना० [सं०] कुनै व्यक्ति जन्मदाखेरि भएको नक्षत्र।

जन्मना–क्रि० यो० [सं०] जन्मले; जन्मदेखि; जन्मतः।

जन्म-नाम–ना० [सं०] जन्मेका एघार दिनका दिन नक्षत्रको विचार गरी बाबुले राख्ने बालकको नाम।

जन्मनु–अ० क्रि० [सं० जन्म+नु] जन्म हुनु; उत्पत्ति हुनु; पैदा हुनु; जुनी लिनु।

जन्म-पति–ना० [सं०] जन्म-लग्न वा जन्म-राशिको स्वामी।

जन्म-पत्र–ना० [सं०] चिह्ना; जन्म-पत्रिका।

जन्म-पत्रिका–ना० [सं०] चिह्ना; टिप्पन।

जन्म-पादप–ना० [सं०] वंश-वृक्ष।

जन्म-प्रतिष्ठा–ना० [सं०] १. जन्म-स्थान; जन्म-थलो। २. आमा।

जन्म-भाषा–ना० [सं०] मातृ-भाषा।

जन्म-भूमि–ना० [सं०] आफू जन्मेको देश वा स्थान; जन्म-स्थल; जन्म-थलो।

जन्म-योग–ना० [सं०] चिह्ना; जन्म-पत्रिका।

जन्म-राशि–ना० [सं०] कुनै व्यक्तिको जन्मदाखेरिको राशि।

जन्म-रोगी–वि० [सं०] जन्मैदेखिको रोगी।

जन्म-लग्न–ना० [सं०] जन्म-राशि; जन्मेका समयको लग्न।

जन्म-वर्त्म–ना० [सं०] जन्म गराउने मार्ग वा अङ्ग; योनि।

जन्म-वार–ना० [सं०] जन्मेको वार; उत्पन्न भएको वार।

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म-वृत्तान्त–ना० [सं०] जीवन-चरित्र; जीवन-वृत्तान्त।

जन्म-सिद्ध–वि० [सं०] जन्मेदेखि नै भएको; जन्मका साथ-साथै भएको।

जन्म-स्थान–ना० [सं०] १. जन्मेको ठाउँ; जन्म-थलो; जन्म-भूमि। २. गर्भाशय; कोख।

जन्महारा–वि० [जन्म+हारा] दुःख भोग्न जन्मेको; सधैँको दुःखी; जन्मेदेखिकै दुःखी।

जन्माइ–ना० [जन्माउ+आइ] जन्माउने किसिम, क्रिया वा भाव।

जन्माइ–ना० [जन्म+आइ] जन्मने किसिम, क्रिया वा भाव।

जन्माइनु–स० क्रि० [जन्माउ+इ+नु] जन्म गराइनु; पैदा गराइनु; ('जन्माउनु'-को क० क्रि०)।

जन्माउनु–स० क्रि० [जन्म+आउ+नु] जन्म दिनु; पैदा गर्नु; जुनी दिनु; ('जन्मनु'-को प्रे० क्रि०)।

जन्मान्तर–ना० [सं०] १. अर्को जन्म; पछि हुने जन्म। २. अघि बितेको जन्म; अगिल्लो जन्म। ३. पर-लोक।

जन्मान्तरवाद–ना० [सं०] अर्को जन्म हुन्छ भन्ने सिद्धान्त; पुनर्जन्मवाद।

जन्मान्तरवादी–वि० [सं०] अर्को जन्म हुन्छ भन्ने सिद्धान्त मान्ने; पुनर्जन्मवादी।

जन्मान्ध–वि० [सं०] जन्मेदेखिकै अन्धो; जन्मेदेखि दुवै आँखा नदेख्ने।

जन्माधिप–ना० [सं०] १. जन्म-राशिको स्वामी (ग्रह)। २. शिव।

जन्माष्टमी–ना० [सं०] भाद्र कृष्ण अष्टमी; कृष्णाष्टमी। (यस दिन हिन्दूहरू कृष्णको पूजा र उत्सव गर्दछन्।)

जन्मास्पद–ना० [सं०] जन्म-थात; जन्म-भूमि।

जन्मिनु–अ० क्रि० [जन्म+इ+नु] जन्म होइनु; ('जन्मनु'-को भा० क्रि०)।

जन्मी–वि० [सं०] १. जन्मने; उत्पन्न हुने। (ना०) २. प्राणी; जीव।

जन्मेश–ना० [सं०] जन्म-राशिको स्वामी (ग्रह); जन्माधिप।

जन्मोत्सव–ना० [सं०] जन्म-दिनमा गरिने उत्सव। (यस दिन नव-ग्रह, अष्ट चिरञ्जीवी आदिको पूजा गरिन्छ।)

जन्मौती–ना० [सं० जन्म+औती] चिना; टिप्पन; जन्म-पात्र।

जन्य–वि० [सं०] १. जन्म लिने; जन्मने। २. जन्मेको; उत्पन्न। (ना०) ३. पिता; जनक। ४. जन-समूह। ५. युद्ध।

जन्या–ना० [सं०] १. आमाकी साथी। २. दुलहीकी साथी। ३. प्रीति।

जन्यु–ना० [सं०] १. जन्म। २. प्राणी; जीव। ३. ब्रह्मा। ४. अग्नि।

जप–ना० [सं०] १. कुनै मन्त्र, वाक्य वा नामको मन-मनै गणनापूर्वक पाठ गर्नु; मन्त्रको आवृत्ति गर्नु। २. जपना।

जप-तप–ना० [सं०] पूजा-पाठ।

जपन–ना० [सं०] जप्ने काम; जप गर्नु।

जपना–ना० [सं० जप] कसैलाई सम्झेर वार-वार उसको नाम लिइरहनु; ध्याउन्न।

जपनीय–वि० [सं०] जप गर्न योग्य; जप्य।

जप-माला–ना० [सं०]जप गरेका मन्त्रको गणना गर्ने माला।

जप-यज्ञ–ना० [सं०] जपरूपी यज्ञ; पुरश्चरण।

जपा–ना० [सं०] जवा-कुसुम; जपा-पुष्प।

जपाइ–ना० [जप्+आइ] जप्ने किसिम, क्रिया वा भाव।

जपाइ–ना० [जपाउ+आइ] जप गराउने किसिम वा क्रिया।

जपाइनु–स० क्रि० [जपाउ+इ+नु] जप गराइनु; ('जपाउनु'-को क० क्रि०)।

जपाउनु–स० क्रि० [जप्+आउ+नु] जप गराउनु; ('जप्नु'-को प्रे० क्रि०)।

जपा-कुसुम–ना० [सं०] जवा-कुसुम; जपा-पुष्प।

जपा-पुष्प–ना० [सं०] १. पारिजातका जस्ता खस्रा पात र लामो एउटामात्र केसर निस्कने राता, कलेजी आदि रङ्गका ठूला-ठूला फूल हुने एक जातको बोट। २. त्यसैको फूल; जवा-कुसुम। (आयुर्वेदमा यसको गुण रौँलाई हित गर्ने बताइएको छ।)

जपिनु–स० क्रि० [जप्+इ+नु] जप गरिनु; ('जप्नु'-को क० क्रि०)।

जपी–वि० [सं०] जप गर्ने; जप्ने।

जप्तव्य–वि० [सं०] जप्न योग्य; जप्य; जपनीय।

जप्नु–स० क्रि० [सं०] १. मन-मनै कुनै मन्त्र वार-वार पाठ गर्नु; जप गर्नु। २. कुनै वस्तु वा व्यक्तिलाई वार-वार सम्झी उसको नाम लिइरहनु।

जप्य–वि० [सं०] जप्न लायक; जप गर्न योग्य; जपनीय।

जफत–ना० [अ० ज़ब्त] १. सरकार वा अधिकारीले दण्डस्वरूप कुनै अपराधीको सम्पत्ति हरण गर्नु। २. आफ्नो हातमा परेको अर्काको वस्तु फिर्ता नदिनु।

जफती–वि० [फा० ज़ब्ती] १. अर्काको माल जबरजस्ती गरी लिने; जफत गर्ने। (ना०) २. जफत गरिएको माल।

जब–क्रि० यो० [प्रा० जाव] जुन वेला; जत्तिखेर।

जबर–वि० [अ० ज़बर] १. मजबूत; दृढ। २. बलियो; बलवान्।

जबरजस्त–वि० [जबरदस्त] जबरदस्त।

जबरजस्ती–ना० [जबरदस्ती] जबरदस्ती।

जबरदस्त–वि० [अ० जब्र+दस्त (फा०)] १. बलियो; मजबूत; दृढ। २. शक्ति-शाली; बलवान्। ३. आफ्नो सिद्धान्तमा दृढ रहने; टेकी।

जबरदस्ती–ना० [अ० ज़बर+दस्ती+(फा०)] १. बलको प्रयोग; बल-जफत। २. अन्याय; अत्याचार।

जब्बर–वि० [जबर] अति बलियो; जबर।

CC-0. In Public Domain. Digitization by eGangotri

जभ्रेटो—ना० [जिभ्रो] गाइ-जिभ्रे; गो-जिह्वा।

जमघट—ना० [जम्+घट (सं०)] भेला; एकत्र हुनु।

जमजमाइ—ना० [जमजमाउ+आइ] जमजमाउने किसिम, क्रिया वा भाव; तम्साइ; जमजमाहट।

जमजमाइनु—अ० क्रि० [जमजमाउ+इ+नु] तम्सिनु; ('जमजमाउनु'-को भा० क्रि०)।

जमजमाउनु—अ० क्रि० [प्रा० जम+जम+आउ+नु] १. उत्साहका साथ काममा अगि सर्नु; तम्सनु। २. झम्टन खोज्नु; हमला गर्न आँट्नु। ३ः उत्सुक हुनु; चौचौ मान्नु।

जमजमाहट—ना० [जमजमाउ+आहट] जमजमाउने किसिम, क्रिया वा भाव; जमजमाइ।

जमठ—वि० [जम्] १. खूबसित जमेको; ठोस। (ना०) २. कसिएर जमेको वस्तु; ठोस वस्तु। ३. जमाएर बनाइने एक जातको बाक्लो ऊनी कपड़ा।

जमदग्नि—ना० [सं०] प्रसिद्ध सप्तर्षिमध्ये एक ऋषि; परशुरामका पिता।

जमदार—ना० [अ० जमअ+दार (फा०)] जमादार।

जमन—ना० [सं०] भोजन; आहार।

जमरा—ना० [सं० यवाङ्कुर] विजयाको पूजा गर्नाका निम्ति नव-रात्रिमा उमारिने जौका कलिला बोट।

जमलकाठो—ना० [ने०] एक जातको चील।

जमा—वि० [जम्मा] जम्मा।

जमाइ—ना० [जमाउ+आइ] जमाउने किसिम, क्रिया वा भाव।

जमाइ—ना० [जम्+आइ] जम्ने किसिम, क्रिया वा भाव।

जमाइनु—स० क्रि० [जमाउ+इ+नु] जम्न लाइनु; ('जमाउनु'-को क० क्रि०)।

जमाउनु—स० क्रि० [जम्+आउ+नु] १. तरल पदार्थ गाढ़ा वा ढिको पार्नु; बाक्लो वा डल्लो पार्नु; जम्ने पार्नु। २. मर्म पर्ने गरी भन्नु। ३. कुनै काम वा कुरो खूब राम्रो तवरले वा सफलतापूर्वक गर्नु। ४. स्थिर पार्नु; दृढ तुल्याउनु; ('जम्नु'-को प्रे० क्रि०)।

जमा-खर्च—ना० [जम्मा-खर्च] जम्मा-खर्च।

जमात—ना० [अ० जमाअत] १. कुनै सिद्धान्त वा पक्षका मानिसहरूको समूह; दल; समाज। २. हूल; भीड़।

जमादार—ना० [अ० जमअ+दार (फा०)] हवल्दारभन्दा माथि, सुवेदारभन्दा मनिको पल्टनिया दर्जा।

जमान—ना० [फा० ज़बान] १. बोलेको कुरो; वचन; बोली; वाचा। २. कबूल; प्रतिज्ञा; प्रण।

जमान-कमान—ना० [जमान+कमान (फा०)] १. कबूल; प्रतिज्ञा। २. वचन; बोली।

जमानत—ना० [अ० ज़मानत] १. कुनै व्यक्ति अथवा सम्पत्तिलाई कुनै व्यक्ति, संस्था, अड्डा, अदालत आदिले चाहेका बखतमा उपस्थित गराउने उत्तरदायित्व। २. धितो; धरोट।

जमान-बन्दी—ना० [फा० ज़बानबन्दी] १. अपराधीले आफ्नो अपराध स्वीकार गरी लेखिदिने कागत। २. प्रतिज्ञा; कबूल।

जमाना—ना० [अ० ज़माना] १. समय; काल; बखत। २. परिस्थिति; अवस्था।

जमानी—ना० [अ० ज़ामिन] कुनै व्यक्तिले गर्नुपर्ने काम नगरेमा वा गर्न नसकेमा आफूले उसको काम गर्न कबूल गर्ने व्यक्ति; जमानत बस्ने व्यक्ति।

जमानी-पत्र—ना० [जमानी+पत्र (सं०)] जमानी बस्नेले लेखिदिने कागत।

जमानेसान्द्रो—ना० [ने०] १. पातमा काँढ़ा हुने, मञ्जरीका आकारका पहेँला फूल फुल्ने, पहेँलो काठ हुने, चुत्रोजस्तो फल फल्ने एक जातको बोट। २. त्यसैको फूल।

जमामर्द—वि० [फा० जवाँ-मर्द] १. पौरख भएको; पुरुषार्थी। (ना०) २. शूर-वीर; साहसी व्यक्ति।

जमामर्दी—ना० [फा० जवाँ-मर्दी] जमामर्द हुनाको भाव; बहादुरी; वीरता।

जमा-मारा—वि० [जम्मा-मारा] जम्मा-मारा।

जमालगोटा—ना० [सं० जयपाल+गुटी] तेल निस्कने सेतो गुदी हुने सुकुमेलजत्रो फल फल्ने, प्रायः पर्ती जमीनमा उम्रने एक जातको बोट; जयपाल। (यसको फल ज्यादै रेचक हुन्छ। यसको तेल शरीरमा लाग्यो भने फोको उठ्छ। यो औषधीमा प्रयोग हुन्छ।)

जमावट—ना० [जम्+आवट] जम्ने क्रिया वा भाव।

जमिनु—अ० क्रि० [जम्+इ+नु] तरल पदार्थ बाक्लो वा कड़ा होइनु; ('जम्नु'-को भा० क्रि०)।

जमीकन्द—ना० [जमीन+कन्द] ओल।

जमीन—ना० [फा० ज़मीन] १. जग्गा; खेत-बारी। २. ठाउँ; स्थान। ३. भूमि; धरती।

जमीनदार—ना० [जमीन+दार] किसानहरूलाई खेती गर्न दिई त्यसको माल-पोत उठाई सरकारमा बुझाउने अधिकारी; जिमीदार।

जमीनदारी—ना० [जमीनदार+ई] १. जमीनदारको काम वा पेशा। २. जमीनदारका मातहतमा रहेको भू-खण्ड; मौजा।

जमुना—ना० [सं० यमुना] भारतको उत्तरप्रदेशमा बग्ने एक प्रसिद्ध नदी; यमुना।

जमोट—ना० [जम्] इनारको जगमा राखिने काठ, फलाम आदिको फराकिलो, बीचमा खाली भएको चक्का।

जमोठ—ना० [जमठ] १. जमाएर बनाएको एक प्रकारको बाक्लो ऊनी कपड़ा। (वि०) २. खूबसँग जमेको; जमठ।

जम्कनु—अ० क्रि० [जगमग+नु] जगमगाउनु; झल्कनु; खूब राम्रो हुनु।

जम्काइ—ना० [जम्काउ+आइ] जम्काउने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव ।

जम्काइ–ना० [जम्क+आइ] जम्कने किसिम, क्रिया वा भाव ।

जम्काइनु–स० क्रि० [जम्काउ+इ+नु] जम्कन लाइनु; झल्काइनु; ('जम्काउनु'-को क० क्रि०) ।

जम्काउनु–स० क्रि० [जम्क+आउ+नु] लुगा, गहना आदि लाएर ठाँट पार्नु; जगमग पार्नु; झकिझकाउ पार्नु; झम्काउनु; ('जम्कनु'-को प्रे० क्रि०) ।

जम्का-भेट–ना० [जम्को+भेट] १. आमने-सामनेबाट आइरहेका दुइ जना अचानक भिड़िनु; ठक्कर लाग्ने गरी अकस्मात् भेट हुनु । २. संयोगवश भएको देखादेख ।

जम्किनु–अ० क्रि० [जम्क+इ+नु] १. जम्कनु । २. जम्कने होइनु; झल्किनु; ('जम्कनु'-को भा० क्रि०) ।

जम्को–ना० [नेo] मौका; अवसर; दाउ ।

जम्को–ना० [नेवा० जङ्को]सतहत्तर वर्ष र सतहत्तर दिनको आयु पुगेका वृद्धको गरिने जयन्ती ।

जम्क्याइ–ना० [जम्कि+याइ] जम्किने किसिम, क्रिया वा भाव; जम्काइ; जम्क्याहट ।

जम्क्याहट–ना० [जम्कि+याहट] जम्किने किसिम, क्रिया वा भाव; जम्क्याइ ।

जम्नु–अ० क्रि० [प्रा० जम+नु] १. पानी वा पन्यालो पदार्थ लेदो वा डल्लो पर्नु; तरल पदार्थ बाक्लो वा कड़ा हुनु । २. तरल पदार्थ बग्न नपाई एकै ठाउँमा रहिरहनु । ३. ठाँटिलो हुनु; ठाँटिनु । ४. धाक-रवाफ देखाउनु । ५. मस्त हुनु; मक्ख पर्नु । ६. सम्पन्न हुनु ।

जम्ब–ना० [सं०] हिलो; पङ्क ।

जम्बाल–ना० [सं०] १. हिलो; पङ्क । २. काई । ३. लेउ ।

जम्बालिनी–ना० [सं०] नदी; खोलो ।

जम्बीर–ना० [सं०] ज्यामीर ।

जम्बु–ना० [सं०] जामुनु; फँड़ीर ।

जम्बुक–ना० [सं०] १. जामुनु; फँड़ीर । २. स्याल; श्रृगाल । ३. केतकी फूल । ४. नीच मनुष्य; क्षुद्र मानिस । ५. धूर्त व्यक्ति ।

जम्बु-खण्ड–ना० [सं०] जम्बु-द्वीप ।

जम्बु-द्वीप–ना० [सं०] पुराणअनुसार सात द्वीपमध्ये एक । (यस द्वीपका नौ खण्डमध्ये एक खण्डमा नेपाल र भारत पर्दछन् ।)

जम्बु-नदी–ना० [सं०] पुराणअनुसार ब्रह्म-लोकबाट निस्केका सात नदीमध्ये एक ।

जम्बुमान्–ना० [सं०] पहाड़; पर्वत ।

जम्बुल–ना० [सं०] १. जामुनु । २. केतकी फूल ।

जम्बू–ना० [सं०] जम्बु ।

जम्बूक–ना० [सं०] जम्बुक ।

जम्बू-मन्त्री–ना० [सं०] १. स्याल; श्रृगाल । (वि०) २. खूब चलाक; धूर्त । ३. विचारवान् ।

जम्भ–ना० [सं०] १. गिजा । २. चिउँड़ो । ३. चपाउनु; टोक्नु । ४. दाँत । ५. हाई; जृम्भ ।

जम्भक–वि० [सं०] १. हाई गर्ने । २. खाने; भक्षक ।

जम्भका–ना० [सं०] हाई ।

जम्भन–ना० [सं०] १. हाई गर्नु । २. खानु; भक्षण । ३. मैथुन ।

जम्भा–ना० [सं०] हाई ।

जम्भारि–ना० [सं०] १. इन्द्र । २. वज्र; चटचाङ । ३. अग्नि ।

जम्भिका–ना० [सं०] हाई ।

जम्भीर–ना० [सं०] ज्यामीर ।

जम्मा–वि० [अ० जमऽ] १. एकै ठाउँमा सङ्ग्रह गरिएको; एकत्रित । (ना०) २. सङ्ग्रह गर्ने काम; एकत्र पार्ने काम । ३. हिसाबको एक क्रिया; जोड़ । ४. सम्पूर्ण सङ्ख्या; टोटल ।

जम्मा-खर्च–ना० [जम्मा+खर्च] आम्दानी खर्चको फाँटवारी ।

जम्माजम्मी–ना० [जम्मा+जम्मा+ई] सम्पूर्ण अङ्कको योगफल; टोटल ।

जम्मा-जाल–ना० [जम्मा+जाल] १. जहानका सबै जना; सम्पूर्ण परिवार । २. पारिवारिक जञ्जाल ।

जम्मा-मारा–वि० [जम्मा+मारा] १. अर्काको सम्पत्ति अनुचित तरीकाले खाइदिने; अर्काको धन-माल हड़प गर्ने । २. साउँसमेत पच गर्ने; मूल-धन खाइदिने ।

जम्रो–ना० [जुम्रो] जुम्रो ।

जम्ल्याहा–वि० [सं० यमल+आहा] एउटै कोखबाट एकै साथ जन्मेका (बालक); जुम्ल्याहा ।

जय–ना० [सं०] १. जीत; विजय । २. भलो; कल्याण । ३. संयम; इन्द्रिय-निग्रह । ४. साठी संवत्सरमध्ये एक । ५. अर्जुन । ६. विष्णुका आठ पार्षद्मध्ये एक । ७. काठमाड़ौँ उपत्यकाका मल्ल राजाहरूले आफ्ना नामका अगाड़ि जोड़्ने एक उपाधि । ८. महाभारत ग्रन्थ ।

जयक–वि० [सं०] जित्ने; विजयी ।

जयकार–ना० [सं०] 'जय होस्' भन्नु; जय-घोष ।

जय-घोष–ना० [सं०] 'जय होस्' भनी आशीर्वाद दिनु; जयकार; जय-ध्वनि ।

जय-जयकार–ना० [सं०] कुनै ठूला वा उपकारी व्यक्तिको कल्याण-कामना गरी सहर्ष 'जय-जय' भन्नु ।

जयतु–अव्य० [सं०] जय होस् (कसैको जयको कामना गरी आशीर्वाद दिने शब्द) ।

जय-दुन्दुभी–ना० [सं०] जितबाजीका उपलक्ष्यमा बजाइने दुन्दुभी; विजय-दुन्दुभी ।

जयदेव–ना० [सं०] १. ईसवी आठौँ शताब्दीमा भएका संस्कृतका विद्वान्, धर्मात्मा र उत्साही नेपाली राजा । २. 'गीत-गोविन्द' काव्यका निर्माता एक कवि । ३. 'चन्द्रालोक'-का निर्माता एक आचार्य ।

जयद्रथ–ना० [सं०] सिन्धु देशका, महाभारतमा प्रसिद्ध

CC-0. In Public Domain. Digitization by eGangotri

एक राजा।

जय-ध्वज—ना० [सं०] विजय-पताका।

जय-ध्वनि—ना० [सं०] जय-जयकार; जय-घोष।

जयन—ना० [सं०] १. जित्नु; विजय प्राप्त गर्नु। २. घोड़सवारले बाँध्ने कवच।

जयन्त—ना० [सं०] १. इन्द्रको छोरो। २. विष्णु। ३. शिव। (वि०) ४. विजयी।

जयन्तिका—ना० [सं०] जयन्ती।

जयन्ती—ना० [सं०] १. कुनै व्यक्ति जन्मेका दिन मनाइने उत्सव; जन्मोत्सव। २. जम्को। ३. लक्ष्मी-स्वाँ। ४. वज्र-दन्ती वृक्ष।

जय-पत्र—ना० [सं०] १. आफ्नो पराजय स्वीकार गरी पराजित राजाले लेखिदिने पत्र। २. झगड़ियाको जितापत्र; जित्तबाजीको फैसला। ३. अश्व-मेधका घोड़ाका टाउकामा राखिने पत्र; विजय-पत्र।

जयपत्री—ना० [सं०] जाइपत्री।

जय-पराजय—ना० [सं०] जय र पराजय; हार-जीत।

जयपाल—ना० [सं०] जमालगोटा; अजयपाल।

जयप्रकाशमल्ल—ना० [सं०] संवत् १७९१-देखि १८२५-सम्म काठमाड़ौँमा शासन गर्ने, पृथ्वीनारायण-शाहका सम-कालीन एक राजा।

जय-माला—ना० [सं०] १. विजय प्राप्त गर्ने व्यक्तिलाई लाइदिने माला। २. स्वयंवरका समयमा आफूले रोजेका पुरुषलाई कन्याले लाइदिने माला; वर-माला।

जय-माल्य—ना० [सं०] जय-माला।

जय-यज्ञ—ना० [सं०] अश्व-मेध यज्ञ।

जय-लक्ष्मी—ना० [सं०] १. विजयकी अधिष्ठात्री देवी; जय-श्री। २. विजय; जय।

जय-लेख—ना० [सं०] हार्ने राजाले जित्ने राजालाई आफ्नो हार स्वीकार गरी लेखिदिने पत्र; जय-पत्र।

जय-श्री—ना० [सं०] १. विजयकी अधिष्ठात्री देवी; विजय-लक्ष्मी। २. जय; विजय।

जय-शृङ्ग—ना० [सं०] जय-घोष गरी बजाइने करनाल।

जय-स्तम्भ—ना० [सं०] कुनै देशमा विजय प्राप्त गरेको स्मारक-स्वरूप स्थापना गरिने स्तम्भ; विजय-स्तम्भ।

जया—ना० [सं०] १. दुर्गा। २. पार्वती। ३. हरियो दूबो। ४. ध्वज; पताका। ५. वज्र-दन्ती वृक्ष। (वि०) ६. विजय गराउने।

जयावह—वि० [सं०] जय गराउने; विजय प्राप्त गराउने।

जयिष्णु—वि० [सं०] सधैँ जित्तबाजी गर्ने।

जयी—वि० [सं०] जित्ने; विजय प्राप्त गर्ने; विजयी।

जयोल्लास—ना० [सं०] १. विजय प्राप्त गरेका उपलक्ष्यमा मनाइने खुशीयाली। २. जय-जयकार; जय-घोष।

जय्य—वि० [सं०] जित्न योग्य; विजय प्राप्त गर्न लायक।

जर—वि० [सं०] १. बूढ़ो; वृद्ध। २. जीर्ण; पुरानो। (ना०) ३. बुढ़्याइँ। ४. नाश।

जरक-मरक—क्रि० यो० [सं० जर+मरक] शरीरथ कित हुने गरी काम गर्ने किसिम; परिश्रम पर्ने गरी उठ-बस वा हिँड़-डुल गर्ने किसिम; जरङ-मरङ।

जरक्क—क्रि० यो० [अ० जर्र] १. जरैसमेत उखेल्ने किसिम; जर्काउने किसिम। २. उठाउने किसिम; जुरुक्क। ३. रीसले उफ्रने किसिम; झर्कने किसिम।

जरङ-मरङ—ना० [ने०] जरक-मरक।

जरठ—वि० [सं०] १. साह्रै कड़ा; अति साह्रो। २. बूढ़ो; वृद्ध। ३. जीर्ण; थोत्रो। ४. ज्यादै अग्लो।

जरडी—ना० [सं०] करौँते झार।

जरण—ना० [सं०] १. बुढ़्याइँ। २. जीरा। ३. हिङ। ४. बिरेनून। (वि०) ५. थोत्रो; जीर्ण। ६. पुरानो।

जरण्ड—वि० [सं०] क्षीण भइसकेको बूढ़ो; अति वृद्ध।

जरत्—वि० [सं०] १. बूढ़ो; वृद्ध। २. जीर्ण; थोत्रो। (ना०) ३. बूढ़ो मानिस।

जरतिका—ना० [सं०] बूढ़ी आइमाई; वृद्धा स्त्री।

जरती—ना० [सं०] बूढ़ी स्त्री।

जरदा—ना० [फा० ज़रदा] पानका साथ खान विशेष क्रिया-द्वारा बनाइएको, सुगन्धित सुर्ती।

जरदुश्त—ना० [फा०] पारसी धर्मका प्रवर्तक एक आचार्य।

जरद्गव—ना० [सं०] १. इन्द्रिय शिथिल भइसकेको वृद्ध। २. बूढ़ो वैल।

जरन्त—ना० [सं०] १. बूढ़ो मानिस; वृद्ध मनुष्य। २. राँगो।

जरह—ना० [अ० जर्ह] भित्रैदेखि उठेको रीस; क्रोध।

जरा—ना० [सं०] १. बुढ़्याइँ। २. बुढ़्याइँले भएको कमजोरी।

जरा-ग्रस्त—वि० [सं०] बुढ़्याइँले जकड़िएको।

जरा-जीर्ण—वि० [सं०] बुढ़्याइँले इन्द्रियहरू शिथिल भएको; जर्जर।

जरायु—ना० [सं०] १. बालक जन्मदा बेह्रिएर निस्कने पातलो छाला; उल्व। २. गर्भाशय; कोख। ३. काँचुली।

जरायुज—वि० [सं०] जरायुमा वा गर्भाशयमा जन्म हुने प्राणी; पिण्डज।

जरायो—ना० [ने०] हाँगा फाटेका सीङ हुने एक जातको ठूलो मृग; बाह्रसिङ्गा।

जरावस्था—ना० [सं०] वृद्धावस्था; बुढ़ेस-काल।

जरासन्ध—ना० [सं०] महाभारत र भागवत्-प्रसिद्ध, भीमसेनले दुइ टाङ फट्टाएर चीरी मारेका, मगध देशका एक प्रसिद्ध राजा।

जरिङ्गो—ना० [ने०] रायोका जस्ता ठूल्ठूला नरम पात हुने एक जातको जङ्गली साग।

जरिणी—वि० [सं०] बूढ़ी; वृद्धा।

जरित—वि० [सं०] बूढ़ो; वृद्ध।

जरिया—ना० [अ० ज़रीयः] १. कारण; हेतु। २. सम्बन्ध।

CC-0. In Public Domain. Digitization by eGangotri

जरी–ना० [फा०] सुनौला, रुपौला आदि मसिना र पातला तार। (कार्चोप भर्दा यसको उपयोग गरिन्छ।)

जरी–वि० [सं०] बूढ़ो।

जरीगाँछ–ना० [जरी+गाँस] जरीले बुनेको बहुमूल्य कपड़ा (तास, किनखाब आदि)।

जरी-बूटी–ना० [जरो+बूटी] जड़ी-बूटी।

जरीमाना–ना० [फा० जुर्मानः] १. नगद रुपियाँ असूल गरिने गरी अपराधीलाई दिइएको दण्ड; अर्थ-दण्ड। २. दण्ड-स्वरूप तिर्नुपर्ने रुपियाँ।

जरीवाना–ना० [फा० जुर्मानः] जरीमाना।

जरुवा–ना० [जरो+उवा] १. अलि-अलि पानी उम्रने ठाउँ; मूल। २. रसाएर आएको पानी; रसायन।

जरूथ–ना० [सं०] १. मासु; मांस। (वि०) २. रूखो शब्द बोल्ने; कटु-भाषी।

जरूर–क्रि० यो० [अ० जुरूर] अवश्य; निश्चय पनि; निस्सन्देह।

जरूरत–ना० [अ० जुरूरत] १. आवश्यकता; प्रयोजन; दरकार। २. गर्ज; खाँचो; हर्जा।

जरूरी–वि० [जरूर+ई] १. जरूरत परेको; आवश्यक। २. चाँड़ो कारवाई गर्नुपर्ने। ३. हर्जा भएको; खाँचो परेको।

जरो–ना० [सं० ज्वर] वात्त, पित्त, कफ आदि कुपित हुँदा जीउ तातो र भारी हुने, अरुचि हुने, आङ-अठिङ्गर दुख्ने एक प्रसिद्ध रोग; ज्वर।

जरो–ना० [सं० जड] बोट-बिरुवाको माटामुनि रहने अवयव; मूल; जड।

जर्कट–वि० [सं० जरठ] १. अटेर; जर्कटो। २. नपाक्ने; जर्रो। ३. अशिष्ट; गँवार।

जर्कटिइनु–अ० क्रि० [जर्कटि+इ+नु] छिप्पिइनु; जर्कटो होइनु; ('जर्कटिनु'-को भा० क्रि०)।

जर्कटिनु–अ० क्रि० [जर्कटो+इ+नु] १. छिप्पिनु; जर्कटो हुनु; जर्खरिनु। २. बैँसले मत्त हुनु। ३. अटेर हुनु।

जर्कटे–वि० [जर्कटो+ए] जर्कटो।

जर्कटो–वि० [सं० जरठ] १. छिप्पिएको; ठर्रो। २. चाँड़ो नपाक्ने; जर्रो। ३. जरक्क परेको; रिसाहा। ४. भनेको नटेर्ने; अटेर। ५. अशिष्ट; गँवार।

जर्कट्याइ–ना० [जर्कटि+आइ] जर्कटिने किसिम, क्रिया वा भाव; जर्कट्याहट; छिप्प्याइ।

जर्कट्याइ–ना० [जर्कट्याउ+आइ] जर्कट्याउने किसिम वा क्रिया।

जर्कट्याइनु–स० क्रि० [जर्कट्याउ+इ+नु] जर्कटो पारिनु; ('जर्कट्याउनु'-को क० क्रि०)।

जर्कट्याउनु–स० क्रि० [जर्कटि+याउ+नु] जर्कटो पार्नु; जर्कटिने तुल्याउनु; ('जर्कटिनु'-को क० क्रि०)।

जर्कनु–अ० क्रि० [जरक्क+नु] झोकिनु; रिसाउनु; झर्कनु; जरक्क पर्नु।

जर्काइ–ना० [जर्काउ+आइ] जर्काउने किसिम, क्रिया वा भाव।

जर्काइ–ना० [जर्क+आइ] जर्कने किसिम, क्रिया वा भाव; जर्क्याइ।

जर्काइनु–स० क्रि० [जर्काउ+इ+नु] जर्कन लाइनु; ('जर्काउनु'-को क० क्रि०)।

जर्काउनु–स० क्रि० [जर्क+आउ+नु] १. जुरुक्क उठाउनु; उचाल्नु। २. जरैसमेत उखेल्नु। ३. जगल्टयाउनु। ४. कान निमोठ्नु। ५. जर्कने पार्नु; ('जर्कनु'-को प्रे० क्रि०)।

जर्काजर्की–ना० [जर्क+जर्क] राय नमिल्दा परस्परमा जर्कनु; भनाभन।

जर्किनु–अ० क्रि० [जर्क+इ+नु] रिसाइनु; झोक्किइनु; ('जर्कनु'-को भा० क्रि०)।

जर्क्याइ–ना० [जर्कि+आइ] जर्किने किसिम, क्रिया वा भाव।

जर्क्याइ–ना० [जर्क्याउ+आइ] जर्क्याउने किसिम, क्रिया वा भाव।

जर्क्याइनु–स० क्रि० [जर्कि+आइ+नु] जर्कन लाइनु; जर्काइनु; ('जर्क्याउनु'-को क० क्रि०)।

जर्क्याउनु–स० क्रि० [जर्कि+आउ+नु] झोक्क्याउनु; ('जर्किनु'-को प्रे० क्रि०)।

जर्क्याहट–ना० [जर्कि+याहट] जर्किने किसिम, क्रिया वा भाव; जर्क्याइ।

जर्खरिइनु–अ० क्रि० [जर्खरि+इ+नु] जर्रो होइनु; ठर्रिइनु; ('जर्खरिनु'-को भा० क्रि०)।

जर्खरिनु–अ० क्रि० [जर्खरो+इ+नु] १. जर्रो हुनु; ठर्रिनु। २. खूब छिप्पिनु। ३. बैँस चढ़ेर मत्त हुनु।

जर्खरो–वि० [जर्रो] १. जर्खरिएको; जर्रो। २. खूब छिप्पिएको।

जर्खर्याइ–ना० [जर्खर्याउ+आइ] जर्खर्याउने किसिम, क्रिया वा भाव।

जर्खर्याइ–ना० [जर्खरि+आइ] जर्खरिने किसिम, क्रिया वा भाव।

जर्खर्याइनु–स० क्रि० [जर्खर्याउ+इ+नु] जगल्टयाइनु; ('जर्खर्याउनु'-को क० क्रि०)।

जर्खर्याउनु–स० क्रि० [जर्खरि+याउ+नु] १. जगल्टयाउनु; जर्कट्याउनु। २. छिप्प्याउनु; ('जर्खरिनु'-को प्रे०क्रि०)।

जर्खर्याहट–ना० [जर्खरि+आहट] जर्खरिने किसिम, क्रिया वा भाव; जर्खर्याइ।

जर्जर–वि० [सं०] १. बूढ़ो; वृद्ध। २. थोत्रो; जीर्ण। ३. टुटे-फुटेको; खण्डित।

जर्जरित–वि० [सं०] १. जीर्ण भएको; जर्जर भएको। २. थोत्र्याइएको; पुरानो।

जर्जरीक–वि० [सं०] १. ज्यादै थोत्रो; जीर्ण। २. पुरानो। ३. प्वालै-प्वाल परेको वा धरै ठाउँमा फाटेको।

CC-0. In Public Domain. Digitization by eGangotri

जर्ण–वि० [सं०] १. थोत्रो; जीर्ण। २. क्षीण। (ना०) ३. धोत्रो पसेको बूढ़ो रूख।

जर्ता–ना० [जर्ती] जर्ती।

जर्तिल–ना० [सं०] जङ्गली तिल; सिसितिल।

जर्ती–ना० [जल्] काम-काज गर्दा कुनै वस्तु खिइएर, सुकेर, घटेर वा अरू कुनै कारणबाट भएको नोक्सानी; जर्ता।

जर्तु–ना० [सं०] १. हस्ती। २. स्त्री-चिह्न; योनि।

जर्दा–ना० [फा० ज़रदा] जरदा।

जर्नेल–ना० [जनरल] जनरल।

जर्फराइ–ना० [जर्फराउ+आइ] जर्फराउने किसिम, क्रिया वा भाव।

जर्फराइनु–अ० क्रि० [जर्फराउ+इ+नु] जुर्मुराइनु; ('जर्फ-राउनु'-को भा० क्रि०)।

जर्फराउनु–अ० क्रि० [ने०] १. जमजमाएर उठ्न खोज्नु; जुर्मुराउनु। २. चलमलाउनु।

जर्बूटो–ना० [जरो+बूटो] १. कानको फेद। २. जरी-बूटी; जरैसमेतको बूटो।

जर्मन–वि० [अं०] जर्मनी देश-सम्बन्धी; जर्मनीको।

जर्मन-सिलेभर–ना० [जर्मन-सिल्वर] जर्मन-सिल्वर।

जर्मन-सिल्वर–ना०[अं०] जस्ता, तामा र निकलको सम्मिश्रण-बाट बन्ने सेतो रङ्गको एक प्रसिद्ध धातु। (यसका भाँड़ा-बर्तनहरू बन्दछन्।)

जर्मनी–ना० [अं०] मध्य यूरोपको एक प्रसिद्ध देश।

जर्मनी-फूल–ना० [अं० जरेनियम+फूल] बाटुला किसिमका छरिएका पात र राता, नीला अनेक रङ्गका फूल हुने, गमलामा लाइने एक जातको फूल।

जर्मराइ–ना० [जर्मराउ+आइ] जर्मराउने किसिम, क्रिया वा भाव।

जर्मराइनु–अ० क्रि० [जर्मराउ+इ+नु] हतपतसँग उठ्ने चेष्टा गरिनु; ('जर्मराउनु'-को भा० क्रि०)।

जर्मराउनु–अ० क्रि० [जरक-मरक+आउ+नु] १. हतपतसँग उठ्ने चेष्टा गर्नु; जर्फराउनु; जुर्मुराउनु। २. चलमलाउनु; चलबलाउनु। ३. रोमाञ्चित हुनु।

जर्याक-जुरुक–क्रि० यो० [(फाँ०) जर्याक+जरूक्क] सबै जना एक साथ उठ्ने किसिम।

जर्याङ-जुरुङ–ना० [ने०] जरो आउँदा शरीरमा एक किसिम-सित पीडा हुने किसिम; जुरुङ्ङ-जुरुङ्ङ।

जर्याङ-मर्याङ–ना० [ने०] साधारण परिश्रम; हलुका मिहिनेत।

जर्रिइनु–अ० क्रि० [जर्रि+इ+नु] जर्रो होइनु; ('जर्रिनु'-को भा० क्रि०)।

जर्रिनु–अ० क्रि० [जर्रो+इ+नु] १. जर्रो हुनु; साह्रो हुनु; ठर्रिनु। २. जर्खरिनु। ३. जरक्क पर्नु; जर्किनु।

जर्रो–वि० [सं० जर] १. छिप्पिएको; जर्खरो। २. कड़ा; ठर्रो। ३. अटेर; जिराहा।

जर्र्याइ–ना० [जर्रि+आइ] जर्रिने किसिम, क्रिया वा भाव।

जर्र्याइ–ना० [जर्र्याउ+आइ] जर्र्याउनें किसिम, क्रिया वा भाव।

जर्र्याइनु–स० क्रि० [जर्र्याउ+इ+नु] जर्रो पारिनु; ('जर्र्याउनु'-को क० क्रि०)।

जर्र्याउनु–अ० क्रि० [जर्रि+याउ+नु] जर्रो पार्नु; ('जर्रिनु'-को प्रे० क्रि०)।

जल्–सर्वना० [जो] प्रथमा, तृतीया वा चतुर्थीका विभक्ति जोड़िँदा हुने 'जो' शब्दको रूप; जस। (उदा०--जल्ले, जल्लाई आदि।)

जल–ना० [सं०] १. पानी। २. देव-देवीलाई स्नान गराएको वा पूज्य व्यक्तिका पाउ धोएको पानी; चरणोदक। ३. विशिष्ट व्यक्तिले पिउनाका निम्तिको पानी। ४. चोखो पानी; पवित्र पानी।

जलक–ना० [सं०] १. शङ्ख। २. कौड़ो।

जल-कण्टक–ना० [सं०] सिंगड़ा; पानी-फल।

जल-कपूर–ना० [सं० जल-कर्पूर] करीब छ इन्च लामो हुने, एक जातको चेप्टो माछो।

जल-कपोत–ना० [सं०] नदीका किनारमा रहने एक जातको पक्षी; जल-पारावत।

जल-कर–ना० [सं०] पानीको उपयोग गर्दा तिर्नुपर्ने कर।

जल-करङ्क–ना० [सं०] १. नरिवल। २. कमल। ३. शङ्ख।

जल-कल्क–ना० [सं०] १. हिलो। २. पानीमाथि जम्ने रेसादार काई; सिंवाली।

जल-कल्मष–ना० [सं०] समुद्र-मन्थनबाट निस्केको विष; कालकूट।

जल-कारवल्ली–ना० [सं०] पानी-करेलो।

जल-किराट–ना० [सं०] १. ग्राह। २. सोँस। ३. एक जातको माछो।

जल-कुक्कुट–ना० [सं०] जल-कुखुरो।

जल-कुक्कुभ–ना० [सं०] सिम-कुखुरो; जल-कुखुरो।

जल-कुखुरो–ना० [जल+कुखुरो] सिमसारमा बस्ने एक जातको कुखुरो; सिम-कुखुरो।

जल-कुन्तल–ना० [सं०] पानीमाथि जम्ने रेशादार लेउ; काई।

जल-कूपी–ना० [सं०] १. तलाउ; पोखरी। २. पानीको भुमरी।

जल-केलि–ना० [सं०] पानीमा गरिने क्रीडा; जल-क्रीडा।

जल-केश–ना० [सं०] सिंवाली।

जल-क्रिया–ना० [सं०] पितृहरूलाई दिइने तर्पण; जलाञ्जलि।

जल-क्रीडा–ना० [सं०] १. नदी, तलाउ आदिमा युवती स्त्री-हरूको वा नायक-नायिकाको परस्परमा पानी छ्यापा-छ्याप गरेर खेलिने खेल; जल-विहार; जल-केलि। २. पानीमा खेल्नु वा पौड्नु।

जल-गुल्म–ना० [सं०] १. पानीको भुमरी। २. कछुवा। ३.

CC-0. In Public Domain. Digitization by eGangotri

चार कुना परेको तलाउ ।

जल-गैँड़ा–ना० [जल+गैँड़ा] समुद्रमा हुने एक जातको गैँड़ा; पानीमा बस्ने गैँड़ाजस्तो एक प्राणी ।

जलग्रह–ना० [सं०] जलोदर ।

जल-चर–ना० [सं०] पानीमा रहने प्राणी; जल-जन्तु ।

जलज–वि० [सं०] १. पानीमा उम्रने; जलमा उत्पन्न हुने । (ना०) २. कमल । ३. शङ्ख । ४. मोती । ५. माछो । ६. चन्द्रमा । ७. सिँवाली ।

जल-जन्तु–ना० [सं०] पानीमा रहने जीव; जलीय प्राणी; जल-चर ।

जल-जन्तुका–ना० [सं०] १. पानीमा हुने जूको । २. बलु ।

जल-जन्म–वि० [सं०] १. जलबाट उत्पन्न हुने । (ना०) २. कमल ।

जल-जम्बुका–ना० [सं०] पानीमा हुने जामुनु ।

जलजलाउँदो–वि० [जल+जल+आउँदो] पोलेर वा अरू कारणले शरीरमा फोका उठी पानी भरिएको ।

जलजले–वि० [जल+जल+ए] १. पूरा पानी चढ़ेको; पानी भरिएको (फोको) । २. थलथले; दलदले (धाप) ।

जल-जात–वि० [सं०] १. पानीमा हुने; जलमा उत्पन्न हुने । (ना०) २. कमल । ३. जल-जन्तु ।

जल-जिह्व–ना० [सं०] ग्राह ।

जल-जीवी–ना० [सं०] माझी ।

जल-डमरूमध्य–ना० [सं०] दुइटा समुद्रहरू वा खाड़ीहरूलाई जोड्ने साँगुरो जल-भाग ।

जल-तरङ्ग–ना० [सं०] १. सोह्र वा एघार वटा सङ्ग-मर्मर वा चिनियाँ-माटाका कचौराहरूमा पानी हाली वा त्यसै लट्ठीले हानेर बजाइने एक बाजा । २. पानीको तरङ्ग; छाल ।

जल-त्रास–ना० [सं०] १. पानी देख्दा तर्सने एक रोग । २. बहुलाहा कुकुरले टोक्ता सर्ने बहुलाहापन । ३. जलद्वारा हुने भय ।

जलद–ना० [सं०] १. बादल; मेघ । २. कपूर । ३. मोथे । ४. छोरो । (वि०) ५. पानी दिने ।

जलद-काल–ना० [सं०] वर्षा-काल ।

जल-दाता–वि० [सं०] १. पानी दिने; जलद । (ना०) २. छोरो ।

जल-दान–ना० [सं०] पितृहरूलाई दिइने तिलाञ्जलि; तर्पण ।

जल-दुर्ग–ना० [सं०] नदी आदिले घेरिएको किल्ला; पानीले घेरिएको सुरक्षा-स्थल ।

जल-देवता–ना० [सं०] वरुण देवता ।

जल-देवी–ना० [सं०] १. जलकी अधिष्ठात्री देवी । २. नाग-कन्या ।

जल-द्रव्य–ना० [सं०] पानीमा पैँदा हुने वस्तु (मोती, मूगा, शङ्ख आदि) ।

जल-द्रोणी–ना० [सं०] १. इनार, कूवा आदिबाट पानी झिक्ने भाँड़ो । २. पुराना जमानाको पानी जम्मा गर्ने टङ्कीजस्तो भाँड़ो; टुटी-धाराको टङ्की ।

जल-धर–ना० [सं०] १. बादल; मेघ । २. समुद्र ।

जल-धारा–ना० [सं०] पानीको धारा; जल-प्रवाह ।

जलधि–ना० [सं०] १. समुद्र । २. चारकोस सङ्ख्या ।

जल-धेनु–ना० [सं०] दान गर्नाका निमित्त पानीका घड़ामा कल्पना गरिने गाई ।

जलन–ना० [सं० ज्वलन] १. पोल्नु; डह्नु; टट्टाउनु । २. डाह; ईर्ष्या ।

जल-नकुल–ना० [सं०] स्थल र जलमा रहन सक्ने, ठूलो न्याउरी-मूसोजस्तो, माछा खाने एक जातको जन्तु; ओद ।

जलन-शील–वि० [सं०] बल्ने गुण भएको ।

जल-नाडी–ना० [सं०] नाली; डूँड़; जल-नाली ।

जल-नाली–ना० [सं०] नाली; डूँड़; जल-नाडी ।

जल-निगम–ना० [सं०] पानीको निकास; जल-पथ ।

जल-निधि–ना० [सं०] १. समुद्र । २. चारको सङ्ख्या ।

जल-नीली–ना० [सं०] सिँवाली ।

जलप–ना० [सं० ज्वल्] १. एक धातुमा लाएको अर्को धातुको पातलो तह; मोलम्बा । २. खूब पातलो धातु ।

जल-पक्षी–ना० [सं०] जलाशयका किनारामा रहने, माछा आदि जलीय प्राणी खाने पक्षी ।

जल-पटल–ना० [सं०] बादल; मेघ ।

जल-पति–ना० [सं०] १. समुद्र । २. वरुण । ३. पूर्वाषाढा नक्षत्र ।

जल-पथ–ना० [सं०] १. पानीको निकास; जल-मार्ग । २. नहर; कुलो । ३. जहाज, नाउ हिँड्ने बाटो ।

जल-पद्धति–ना० [सं०] नाली; डूँड़ ।

जल-पात्र–ना० [सं०] पानी हाल्ने भाँड़ो; पानीको भाँड़ो ।

जल-पान–ना० [सं०] भोजन गर्नुभन्दा पहिले खाइने हल्का खानेकुरो; चमेना ।

जल-पारावत–ना० [सं०] जलेवा पक्षी ।

जल-पित्त–ना० [सं०] आगो; अग्नि ।

जल-पिप्पली–ना० [सं०] जल-पिप्ला ।

जल-पिप्ला–ना० [जल+पिप्ला] १. सिमसार जमीनमा उम्रने, काँढ़ावाल लाम्चा पात र पिप्लाका जस्तै फल हुने एक जातको लहरो । २. त्यसैको फल; जल-पिप्पली । (आयुर्वेदमा यसको गुण रुचि-कारक, अग्नि-वर्द्धक र हृदय, आँखा एवं रगतलाई हित गर्ने बताइएको छ ।)

जल-पिशाच–ना० [सं०] जल-प्रेत ।

जल-पुष्प–ना० [सं०] पानीमा उम्रने फूल (कमल, कुवलय आदि) ।

जल-प्रदान–ना० [सं०] पितृहरूलाई दिइने जल-दान; तर्पण ।

जल-प्रपा–ना० [सं०] बटुवाहरूलाई पानी खुवाइने ठाउँ; पौ-शाला ।

CC-0. In Public Domain. Digitization by eGangotri

जल-प्रपात–ना० [सं०] १. झरना; छहरो। २. कुनै नदी-नालाको प्रवाह पहाड़ वा अग्लो ठाउँबाट खसेको रूप।

जल-प्रलय–ना० [सं०] सम्पूर्ण पृथ्वी जल-मग्न हुनु; संसार जलमय हुनु।

जल-प्रवाह–ना० [सं०] १. पानीको बहाइ; बग्ने पानीको धारा। २. पानीको धारा। ३. मुर्दालाई पानीमा बगाउनु। ४. कुनै वस्तुलाई पानीमा बगाउनु।

जल-प्रान्त–ना० [सं०] नदी, ताल आदिका नजीकको जमीन; तीर-भूमि।

जल-प्राय–ना० [सं०] १. पानी धेरै हुने देश; अनूप देश। (वि०) २. पानी धेरै भएको; जल-बहुल (स्थान)।

जल-प्रिय–ना० [सं०] १. काकाकुल; चातक। २. माछो।

जल-प्रेत–ना० [सं०] पानीमा डुबी मर्नेलाई प्राप्त हुने प्रेत-योनि; जल-पिशाच।

जल-प्लव–ना० [सं०] ओद; जल-नकुल।

जल-प्लावन–ना० [सं०] १. जल-प्रलय। २. बाढ़ी।

जल-फल–ना० [सं०] पानी-फल; सिंगड़ा।

जल-बन्ध–ना० [सं०] पानी छेक्ने बाँध; तट-बन्ध।

जल-बन्धक–ना० [सं०] बाँध; तट-बन्ध।

जल-बिडाल–ना० [सं०] ऊद; जल-नकुल।

जल-बिम्ब–ना० [सं०] पानीको फोको।

जलबिर–ना० [सं० जम्बीर] ज्यामीर।

जल-बिल्व–ना० [सं०] १. तलाउ; पोखरी। २. गँगटो।

जल-बुद्‌बुद–ना० [सं०] पानीको फोको।

जल-ब्राह्मी–ना० [सं०] हुहुंरे बूटी।

जल-भाजन–ना० [सं०] पानीको भाँड़ो; जल-पात्र।

जल-मग्न–वि० [सं०] पानीमा डुबेको; जलाम्मे भएको।

जलमय–वि० [सं०] सर्वत्र पानीले ढाकिएको; जलाम्मे; जलाताल।

जल-मल–ना० [सं०] फीँज।

जल-महुवा–ना० [जल+महुवा] नदीका किनारमा हुने एक जातको महुवा।

जल-मातङ्ग–ना० [सं०] दक्षिणी महासागरमा पाइने कालो रङ्गको सील-जातिको एक जल-जन्तु।

जल-मानुष–ना० [सं०] माथिल्लो आधा शरीर मानिसको र तल्लो आधा शरीर माछोको जस्तो हुने एक जलीय प्राणी।

जल-मार्ग–ना० [सं०] १. नाली; डूँड़। २. नहर; कुलो। ३. जहाज, नाउ आदि हिँड्‌ने पानीको बाटो; समुद्री मार्ग; जल-पथ।

जल-मार्जार–ना० [सं०] ऊद; जल-बिडाल।

जल-मूर्तिका–ना० [सं०] असिना।

जल-यन्त्र–ना० [सं०] १. इनारबाट पानी झिक्ने यन्त्र। २. पानी-घड़ी।

जल-यात्रा–ना० [सं०] डुङ्गा, जहाज आदिमा चढ़ी जल-मार्गबाट गरिने यात्रा।

जल-यान–ना० [सं०] पानीमा हिंड्‌ने सवारी (पानी-जहाज, डुङ्गा आदि)।

जल-युद्ध–ना० [सं०] पानी वा समुद्रमा गरिने लड़ाइँ; जहाजी युद्ध।

जल-योग–ना० [सं०] मर्न लागेका मानिसलाई नाभिसम्म पानीमा डुबाउने काम; अर्ध-जल।

जल-रङ्क–ना० [सं०] बकुल्लो।

जल-रस–ना० [सं०] नून।

जल-राक्षसी–ना० [सं०] लवण-समुद्रमा रहने, रामायण-प्रसिद्ध एक राक्षसी।

जल-राशि–ना० [सं०] १. समुद्र; सागर। २. सरोवर; तलाउ। ३. जलको समूह।

जल-रुह–ना० [सं०] कमल; पद्म।

जल-लता–ना० [सं०] पानीको लहर; तरङ्ग।

जल-वायु–ना० [सं०] हावा-पानी; आब-हवा।

जल-वाष्प–ना० [सं०] पानी-लट्टे; सिम-लट्टे।

जल-विडाल–ना० [सं०] ओद जन्तु।

जल-विनायक–ना० [सं०] काठमाड़ौंका दक्षिणपट्टि चोभारमा रहेका गणेश; चार-विनायकमध्ये एक।

जल-विहार–ना० [सं०] नदी, तलाउ वा समुद्रमा डुङ्गा, जहाज आदिमा वसी सैर गर्नु।

जल-वेत–ना० [सं०] सिमसारमा हुने एक प्रकारको बेत।

जल-व्याघ्र–ना० [सं०] सीलका जातको एक हिंस्रक जल-जन्तु।

जल-व्याल–ना० [सं०] पानीमा रहने एक जातको सर्प।

जल-शर्करा–ना० [सं०] असिना; ओला।

जल-शायी–ना० [सं०] विष्णु।

जल-शुक्ति–ना० [सं०] घुंगी।

जल-शूकर–ना० [सं०] ग्राह।

जल-संस्कार–ना० [सं०] १. नुहाउने काम; स्नान। २. मुर्दालाई पानीमा बगाउने संस्कार; शवको जल-प्रवाह।

जल-समाधि–ना० [सं०] १. पानीमा डुबेर मर्नु; पानीमा डुबेर गरिने प्राण-त्याग। २. पानीमा कुनै वस्तु डुब्नु वा डुबाइनु।

जल-समुद्र–ना० [सं०] पुराणअनुसार सात समुद्रमध्ये एक; शुद्ध पानीको समुद्र।

जल-सर्पिणी–ना० [सं०] जूको।

जलसा–ना० [अ० जल्सः] १. गाना-बजानाका साथ आनन्द मनाइने समारोह। २. सभा; समिति। ३. अधिवेशन।

जल-सिंह–ना० [सं०] गर्दनमा सिंहका जस्ता जगल्टा हुने एक जातको हिंसक जल-जन्तु; एक जातको सील जन्तु।

जल-सूर्य–ना० [सं०] पानीमा देखिने सूर्यको प्रतिबिम्ब।

जल-सेक–ना० [सं०] १. पानी छर्कनु। २. भिजाउनु; पानी लाउनु (खेत आदिमा)।

CC-0. In Public Domain. Digitization by eGangotri

जल-सेना–ना० [सं०] समुद्रमा लड्ने सेना; जङ्गी जहाजमा बसी समुद्रमा युद्ध गर्ने सेना; सामुद्रिक सेना।

जल-सेना-पति–ना० [सं०] जल-सेनाका सबभन्दा ठूला अफिसर; नौ-सेनाका अध्यक्ष।

जल-स्तम्भ–ना० [सं०] १. मन्त्र-बलले पानीको गतिलाई रोक्ने क्रिया; जल-स्तम्भन। २. बगिरहेका पानीको गति रोक्ने मन्त्र। ३. समुद्र, झील आदिमा खम्बाजस्तो भई झुकेको बादल।

जल-स्तम्भन–ना० [सं०] मन्त्रका बलले बगिरहेको पानी-लाई रोक्ने क्रिया।

जल-स्थान–ना० [सं०] जलाशय; तलाउ, पोखरी आदि।

जल-स्थाय–ना० [सं०] जलाशय; पोखरी।

जल-स्राव–ना० [सं०] आँसु बगिरहने आँखाको एक रोग।

जल-स्रोत–ना० [सं०] पानीको स्रोत; जल-प्रवाह।

जलहरी–ना० [सं० जलहारिणी] १. शिव-लिङ्गमा माथि-बाट निरन्तर जल चुहाउनाका निमित्त झुन्ड्याइने, बीचमा साना-साना छिद्र भएको भाँड़ो। २. शिव-लिङ्ग स्थापना गरिने अर्घाकार यन्त्र।

जल-हस्ती–ना० [सं०] जल-मातङ्ग।

जल-हात्ती–ना० [सं० जल+हात्ती] जल-मातङ्ग।

जल-हारिणी–ना० [सं०] पानी ल्याउने स्त्री; पनेर्नी।

जल-हास–ना० [सं०] पानीको फीँज।

जलाइ–ना० [जल्+आइ] जल्ने किसिम, क्रिया वा भाव; सल्काइ।

जलाइ–ना० [जलाउ+आइ] जलाउने किसिम, क्रिया वा भाव; सल्काइ।

जलाइनु–स० क्रि० [जलाउ+इ+नु] सल्काइनु; ('जलाउनु'-को क० क्रि०)।

जलाउनु–स० क्रि० [जल्+आउ+नु] सल्काउनु; पोल्नु; डढ़ाउनु; ('जल्नु'-को प्रे० क्रि०)।

जलाकर–ना० [सं०] १. झरना; छहरो। २. फोहोरा। ३. समुद्र।

जलाका–ना० [सं०] जूको।

जलाकाङ्क्षी–ना० [सं०] १. हात्ती। (वि०) २. जलको आकाङ्क्षा गर्ने।

जलाजु–वि० [ने०] कुनै काम गरूँ वा नगरूँ भनी निश्चय गर्न नसक्ने; आँट नभएको।

जलाञ्चल–ना० [सं०] १. पानीको धार; जल-प्रवाह। २. सिँवाली।

जलाञ्जलि–ना० [सं०] १. पितृहरूको तृप्तिका निम्ति चढ़ाइने जल; तर्पण। २. अँजुलीभरको पानी; एक अँजुली जल।

जलाण्टक–ना० [सं०] शार्क माछो।

जलातङ्क–ना० [सं०] बहुलाहा कुकुर, स्याल आदिले टोक्ता पानी देखेर तर्सने एक किसिमको उन्माद।

जलाताल–ना० [जल+ताल] पानीले सर्वत्र ढाकिएको; जलाम्मे; जलमय।

जलाधार–ना० [सं०] तलाउ; जलाशय।

जलाधिदवत–ना० [सं०] १. वरुण देवता। २. पूर्वाषाढा नक्षत्र।

जलाधिप–ना० [सं०] १. वरुण देवता। २. संवत्सरका वचिारले जलको स्वामी ग्रह।

जलाम्मे–वि० [सं० जलमय] जलाताल; जलमय।

जलार्णव–ना० [सं०] १. वर्षा-ऋतु; वर्षा-काल। २. पुराण-प्रसिद्ध सात समुद्रमध्ये शुद्ध पानी हुने एक समुद्र।

जलार्द्र–वि० [सं०] पानीले भिजेको।

जलाल–ना० [सं०] जलुको।

जलालुका–ना० [सं०] जूको।

जलावतार–ना० [सं०] नदीमा ओर्लने घाट; जहाज, डुङ्गा आदिबाट ओर्लने ठाउँ।

जलावर्त–ना० [सं०] पानीको भुमरी।

जलाशय–ना० [सं०] १. पोखरी; तलाउ। २. समुद्र। ३. इनार; कूवा। ४. माछो। (वि०) ५. पानीमा बस्ने।

जलाशयोत्सर्ग–ना० [सं०] नयाँ कूवा, इनार, तलाउ आदि बनाएर गरिने प्रतिष्ठा।

जलाश्रय–ना० [सं०] पोखरी; जलाशय।

जलाह्वय–ना० [सं०] कमल; पद्म।

जलिनु–अ० क्रि० [जल्+इ+नु] बलिनु; सल्किनु; ('जल्नु'-को भा० क्रि०)।

जलीय–वि० [सं०] जलको; जल-सम्बन्धी।

जलुको–ना० [सं० जलालु] १. कर्कलाका जस्ता पात र गानु हुन, डाँठका टुप्पामा लामो पहेँलो फूल फुल्ने सिम-सारमा हुने एक जातको साग। २. त्यसैको गानु।

जलेज–ना० [सं०] कमल; पद्म।

जलेन्द्र–ना० [सं०] १. वरुण। २. शिव। ३. समुद्र।

जलेन्धन–ना० [सं०] १. समुद्रभित्र रहने अग्नि; बडवा-नल। २. सूर्य।

जलेवा–ना० [जल+वास] पानीमा बस्ने हाँसजस्तो एक जातको पक्षी।

जलेश–ना० [सं०] १. वरुण। २. समुद्र।

जलेशय–ना० [सं०] जलशायी; विष्णु।

जलेश्वर–ना० [सं०] १. नेपालका महोत्तरी जिल्लाको सदर मुकाम। (यहाँ जलेश्वर महादेवको मेला लाग्दछ।) २. वरुण। ३. समुद्र।

जलोका–ना० [सं०] जूको।

जलोच्छ्वास–ना० [सं०] १. जलाशयमा उठ्ने लहरी; तरङ्ग; छाल। २. कुनै जलाशयको बढ्ता पानी झिक्ने वा नपुग पानी भर्ने कुलो।

जलोदर–ना० [सं०] पेटमा पानी जम्ने एक रोग; जलग्रह।

जलौका–ना० [सं०] जूको।

CC-0. In Public Domain. Digitization by eGangotri

जल्दाजल्दी–क्रि० यो० [अ० जल्द+जल्दी] चाँड्चाँड़ो; तुरन्तातुरुन्तै; छिट्छिटो।

जल्दी–क्रि० यो० [अ०] चाँड़ो; तुरुन्त; झट्ट; शीघ्र।

जल्दीबाजी–ना० [जल्दी+बाजी] हड़बड़ी; शीघ्रता।

जल्नु–अ० क्रि० [सं० ज्वल्+नु] १. बल्नु; सल्कनु। २. पोलिनु; डढ्नु। ३. अर्काको उन्नति देखेर दुःख हुनु; डाह हुनु। ४. घाउ, खटिरा आदि एक किसिमले दुख्नु; जलन पैदा हुनु।

जल्प–ना० [सं०] १. कथन। २. बकवाद। ३. तर्क।

जल्पक–वि० [सं०] खूब बोल्न सक्ने; बोलक्कड़; वाचाल; गफी।

जल्पन–ना० [सं०] १. भन्नु; कथन। २. फजूलको धेरै कुरा; बकवाद।

जल्पाक–वि० [सं०] खूब बोल्न सक्ने; बोलक्कड़; बकवादी।

जल्पित–वि० [सं०] १. भनिएको; कथित। २. गफ हाँकिएको; धाक जमाइएको।

जव–ना० [सं०] १. वेग; छिटोपन। (वि०) २. छिटो हिँड्ने; वेगवान्।

जवन–वि० [सं०] १. वेग-शील; छिटो हिँड्ने। (ना०) २. छिटो दगुर्ने घोड़ा। ३. वेग; छिटो गति।

जवनिका–ना० [सं०] १. पर्दा। २. नाटकको पर्दा। ३. पालका वरि-परि लाइने पर्दा; कनात; शायर।

जवनी–ना० [सं०] १. पर्दा। २. नाटकको पर्दा; जवनिका। ३. कनात; शायर।

जवा–ना० [सं० यः] १. रोपनीको एक चौथाइ अंश; चार आना; एक मुरी (माटो)। २. घर बनाउने जग्गाका नापीमा गजत्तिर एक हात्त वा चौबीस अङ्गुलको नापो। (वि०) ३. त्यति परिमाणको (खेत)।

जवा–ना० [?] तारका बाजाहरू बजाउने हस्ति-हाड़ वा धातुको साधन।

जवाइ–ना० [जा+आइ] जाने किसिम, क्रिया वा भाव; हिँड़ाई।

जवा-कुसुम–ना० [सं० जपा-कुसुम] जपा-कुसुम।

जवाखार–ना० [सं० यव-क्षार] जौका क्षारबाट बन्ने एक प्रकारको नून; यव-क्षार। (आयुर्वेदीय औषधीमा यसको प्रयोग हुन्छ।)

जवान–वि० [फा०] १. तरुनो; पट्ठो; युवक। २. जना; वटा (व्यक्ति)। ३. व्यक्ति। ४. बहादुर; वीर।

जवानी–ना० [फा०] बैंस; तारुण्य; यौवन।

जवाफ–ना० [अ० जवाब] जवाब।

जवाफदेह–वि० [जवाबदेह] जवाबदेह।

जवाफदेही–ना० [अ० जवाब+देही (फा०)] १. जिम्मेदारी; उत्तरदायित्व। (वि०) २. जिम्मेदार; उत्तरदायी; जवाबदेही।

जवाफ-सवाल–ना० [अ० जवाब+सवाल] सवाल-जवाब; प्रश्नोत्तर।

जवाफी–वि० [अ० जवाबी] १. जवाबी; जवाफ-सम्बन्धी। २. जवाफसमेतको; जवाफमा दिइएको, पठाइएको वा गरिएको।

जवाब–ना० [अ०] १. कुनै प्रश्न वा कुरोको समाधानका निमित्त गरिने कुरा; जवाफ; उत्तर। २. कुनै कामका बदलामा गरिएको काम; प्रतिवाद। ३. मुकाबिला वा बराबरीको वस्तु; जोड़ा।

जवाबदेह–वि० [अ० जवाब+देह (फा०)] उत्तरदायी; जिम्मेदार।

जवाबदेही–ना० [अ० जवाब+देही (फा०)] १. कुनै काम वा कुराको पूरापूर जिम्मा लिने काम; उत्तरदायित्व; जिम्मेदारी।

जवाब-सवाल–ना० [अ०] जवाफ-सवाल; सवाल-जवाफ; प्रश्नोत्तर।

जवाबी–वि० [अ०] जवाबको; उत्तर-सम्बन्धी; जवाफी।

जवाहिरात–ना० [अ०] जुहारात; रत्न; मणि।

जस–ना० [प्रा०] कुनै काम सफलतापूर्वक गरेकोमा पाइने स्याबासी; यश; प्रशंसा।

जस–सर्वना० [जो] प्रथमादेखि अतिरिक्त अरू विभक्ति लाग्दा हुने 'जो' शब्दको रूप। (उदा०–जसलाई, जसको आदि।)

जस-कसै–सर्वना० [जो-कोही] विभक्ति लाग्दा हुने 'जो-कोही'-को रूप; जस-तस। (उदा०–आफ्ना गुप्त कुराहरू जस-कसैलाई भन्नु हुँदैन।)

जस-तस–सर्वना० [जस+त्यस] जस-कसै।

जसरी–क्रि० यो० [जसो+गरी] जुन तरीकाले; जुन किसिमले; जसो गरी।

जसरी-तसरी–क्रि० यो० [जसरी+त्यसरी] कुनै प्रकारले; जसो-तसो गरेर; जेनतेन।

जसिलो–वि० [जस+इलो] जस आउने; जस हुने।

जसु–ना० [ने०] पिनासका कथामा वर्णन गरिएको एक व्यक्ति।

जसै–क्रि० यो० [जसो+ऐ] जब; जुन वेला।

जसो–वि० [जस्तो] जे; जस्तो; जुन किसिमको।

जसो-तसो–क्रि० यो० [जसो+त्यसो] कुनै किसिमले; जसरी-तसरी; येनकेन; जेनतेन।

जस्केलो–ना० [ने०] घरको मूल ढोकाका अतिरिक्त बनाइएको अर्को ढोका; पार्श्व-द्वार।

जस्ता–ना० [सं० जसद] १. केही कालो भाव लिएको सेतो रङ्गको एक प्रकारको खनिज धातु। २. जस्ता-पाता; कर्कट-पाता।

जस्ताको-तस्तो–वि० [जस्तो+को+त्यस्तो] पहिले जस्तो थियो, उस्तै; ज्यौंका-त्यौं।

जस्ता-पाता–ना० [जस्ता+पातो] विशेष गरी घर छाउने काममा प्रयोग गरिने, डूँड़ै-डूँड़ परेको, जस्ताको पातो; कर्कट-पाता।

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तै–क्रि० यो० [जस्तो+ऐ] १. जस्तो नै; जस्तोसुकै; जतिसुकै। (ना०) २. उदाहरण दिँदा प्रयोग गरिने शब्द।

जस्तो–वि० [प्रा० जाइस्स] १. जुन किसिमको; जुन प्रकारको। (ना०) २. उदाहरण दिँदा प्रयोग हुने शब्द; जस्तै।

जस्तोसुकै–वि० [जस्तो+सुकै] १. जस्तो नै; जस्तै; जुन किसिमकै। (क्रि० यो०) २. जतिसुकै; जस्तो नै।

जहड़ी–वि० [जहर+ई] १. हैकम भएको; प्रभाव-शाली। २. असर पार्ने; अचूक (औषधी)। ३. मुख्य; प्रधान।

जहत्स्वार्था–ना० [सं०] पद वा वाक्यको वाच्यार्थलाई छोड़ेर अभिप्रेत अर्थलाई प्रकट गर्ने एक लक्षणा।

जहदजहल्लक्षणा–ना० [सं०] केही अर्थ र विषयलाई छोड़ेर कुनै एक अर्थ वा विषयलाई मात्र ग्रहण गर्ने लक्षणा।

जहन्नुम–ना० [अ०] नरक।

जहर–ना० [फा० ज़ह्र] विष; हलाहल।

जहरबात–ना० [फा० ज़ह्र-बाद] एक प्रकारको विषावत खटिरो।

जहरवात–ना० [सं० जड+वात] अण्ड-कोश ठूलो हुने रोग; अण्ड-वृद्धिको रोग।

जहरिलो–वि० [जहर+इलो] विषालु; विष-युक्त।

जहल्लक्षणा–ना० [सं०] वाच्यार्थलाई छोड़ेर भिन्नार्थ व्यक्त गर्ने लक्षणा; जहत्स्वार्था।

जहाँ–क्रि० यो० [प्रा० जह] १. जुन ठाउँमा; जुन स्थानमा। २. जुन बखत; जब।

जहाँ-कहीँ–क्रि० यो० [जहाँ+कहीँ] जतासुकै; सबै ठाउँमा; सर्वत्र।

जहाँ-तहाँ–क्रि० यो० [जहाँ+तहाँ] १. जुन ठाउँमा पायो त्यसै ठाउँमा; मन लागेका ठाउँमा; जहाँ-कहीँ। (ना० यो०) २. जताततै; सर्वत्र।

जहाँ-तहीँ–क्रि० यो० [जहाँ+त्यहीँ] जहाँ-तहाँ नै; जताततै; जत्रतत्र; सर्वत्र।

जहाँसुकै–क्रि० यो० [जहाँ+सुकै] जुनसुकै ठाउँमा; जतासुकै; सर्वत्र।

जहाज–ना० [अ० जहाज़] समुद्र वा ठूल्ठूला नदीमा चल्ने सवारी; ठूलो डुङ्गा; पोत।

जहाजी–वि० [अ० जहाज़ी] १. जहाज-सम्बन्धी; जहाजको। (ना०) २. जहाज चलाउने व्यक्ति; नाविक।

जहाजी-सुपारी–ना० [जहाजी+सुपारी] प्रायः सिङ्गापुर प्रदेशबाट बआउ ठूलो एक जातको सुपारी।

जहान–ना० [फा०] १. एकाघरका मानिसहरू; परिवार। २. स्वास्नी; पत्नी।

जहानियाँ–वि० [जहान+इयाँ] १. धेरै जनाको जहान भएको; ठूलो परिवारको। २. जहान-सम्बन्धी; खलकको।

जहिले–क्रि० यो० [प्रा० जह] जुन बखत; जुन समयमा; जुन वेला।

जहिलेसुकै–क्रि० यो० [जहिले+सुकै] जुन वेला पनि; जहिले पनि; जुनसुकै समयमा पनि।

जह्नु–ना० [सं०] १. विष्णु। २. गङ्गाजीलाई पिएर कानबाट छोड़िदिने एक राजर्षि।

जाँगर–ना० [सं० जागर] काम गर्ने उत्साह; मिहिनेत गर्ने उत्साह वा स्फूर्ति।

जाँगर-मरुवा–वि० [जाँगर+मरुवा] जाँगर नभएको; अल्सी; निरुद्योगी।

जाँगरिया–वि० [जाँगर+इया] जाँगर भएको; जाँगरिलो; उत्साही।

जाँगरिलो–वि० [जाँगर+इलो] जाँगर भएको; उत्साही; उद्यमी।

जाँघ–ना० [सं० जङ्घा] १. तिघ्रो; जङ्घा; उरु। २. सुरुवालका दुइ बाहुलाका बीचको अंश।

जाँघवाल–वि० [जाँघ+वाल] ठूलो जाँघ भएको; जाँघ हुने।

जाँघवाल-सुरुवाल–ना० [जाँघवाल+सुरुवाल] स्त्री-जातिले लाउने ठूलो जाँघ हुने एक प्रकारको पुरानो छाँटको सुरुवाल।

जाँघिया–ना० [जाँघ+इया] जाँघे।

जाँघे–ना० [जाँघ+ए] १. कमरदेखि घुँड़ासम्म मात्र पुग्ने एक किसिमको सुरुवाल; जाँघिया; कट्टु। (वि) २. ठूला-ठूला जाँघ हुने; भुस-तिघ्रे।

जाँच–ना० [सं० याचना] १. विद्यार्थीहरूले निश्चित अवधिभित्र पढ़ेका वा पढ्नुपर्ने पाठहरू पूरा गरेको छ वा छैन भन्ने कुराको निर्णय गर्नु; जाँच्ने काम; परीक्षा। २. योग्या-योग्यको निर्णय। ३. ठीक-बेठीक वा असल-कमसल जाँच्ने काम; पारख।

जाँचक–वि० [सं० याचक] जाँच गर्ने; परीक्षक; जाँचकी।

जाँचकी–वि० [जाँचक+ई] जाँच गर्ने; जाँच्ने; परीक्षक।

जाँच-पड़ताल–ना० [जाँच+परितोलन (सं०)] कुनै कुरो पत्ता लगाउनाका निम्ति गरिने खोजी; जाँच-बुझ।

जाँच-बुझ–ना० [जाँच्+बुझ्] कुनै कुरो पत्ता लगाउन गरिने खोजी; खोजी-नीति; अनुसन्धान।

जाँचिनु–स० क्रि० [जाँच्+इ+नु] जाँच गरिनु; ('जाँच्नु'-को क० क्रि०)।

जाँच्नु–स० क्रि० [जाँच+नु] १. जाँच गर्नु; परीक्षा गर्नु। २. असल-कमसल थाहा पाउनाका निम्ति हेर्नु; पारख गर्नु। ३. चेक गर्नु।

जाँठा–ना० [सं० जटा] १. जननेन्द्रियवरि-परि उम्रने रौँ; झाँट; शष्प। २. होच्याएर गाली गर्ने शब्द।

जाँठी–ना० [जाँठा+ई] स्त्रीलाई होच्याएर गाली गर्ने शब्द।

जाँठो–ना० [जाँठा] जाँठा।

जाँड़–ना० [ने०] उसिनेको अन्न कुहाएर झिकेको नशा लाग्ने रस; अन्न कुहाई बनाइने मद्य।

जाँते–वि० [जाँतो+ए] जाँतोजस्तो चक्राकार वा घुमुवा

CC-0. In Public Domain. Digitization by eGangotri

(वस्तु)।

जाँते-तरुल–ना० [जाँते+तरुल] १. पानका आकारका ठूला-ठूला पात, हरिया, डल्ला फूल, खैरा, लाम्चा फल (गिट्ठा) र ठूलो बाटुलो कन्द हुने एक जातको लहरो। २. त्यसैको कन्द वा तरुल।

जाँते-दाँत–ना० [जाँते+दाँत] जाँते-बङ्गारो।

जाँते-पीङ–ना० [जाँते+पीङ] चार वा चारभन्दा बढ़ी मानिस एक साथ वसी जाँतोझैँ घुमाइने एक किसिमको पीङ।

जाँते-फर्सी–ना० [जाँते+फर्सी] जाँताका आकारमा फल्ने एक जातको थेप्चो फर्सी।

जाँते-बङ्गारो–ना० [जाँते+बङ्गारो] खाएका वस्तु चपाउने दाँत; बङ्गारो।

जाँतो–ना० [प्रा० जन्तो] अनाजहरू पिँध्ने, ढुङ्गाका वाटुला दुइ फलकको यन्त्र; घट्टजस्तो सानो यन्त्र।

जाइनु–अ० क्रि० [जा+इ+नु] एक ठाउँबाट अर्को ठाउँमा हिँडिनु; गइनु; ('जानु'-को भा० क्रि०)।

जाइपत्री–ना० [प्रा० जाइ+पत्री (सं०)] जाइफलको फूल वा बोक्रो। (आयुर्वेदमा यसको गुण कफ, अरुचि, खोकी, वमन, दमका व्यथालाई नाश गर्ने र गरम बताइएको छ।)

जाइफल–ना० [प्रा०] १. लाम्चा पात, राता फूल (जाइ-पत्री)-का बीचमा सुपारीका आकारका फल हुने एक वृक्ष। २. त्यसैको सुगन्धी फल। (आयुर्वेदमा यसको गुण कफ, वात, अतिसार तथा तृष्णा नाश गर्ने, रुचि-कारक र अग्नि-वर्द्धक बताइएको छ। यसका तेलको गुण जीर्ण अतिसार, शूल र सूजलाई नाश गर्ने बताइएको छ। मस-लामा पनि यसको प्रयोग गरिन्छ।)

जाई–ना० [प्रा० जाइ] सेतो वा पहेँलो रङ्गको, लहरामा फूल्ने एक जातको सुगन्धी फूल।

जाउले-गँगटो–ना० [?+गँगटो] एक जातको गँगटो।

जाउलो–ना० [प्रा० जवाउ] पानी धेरै हाली पकाएको गीलो भात।

जाओ–ना० [सं० यव] लेकमा हुने एक जातको जौ; जई।

जाकड़–ना० [जगेरा] १. मन नपरेमा फिर्ता गर्ने गरी माल ल्याउने काम। २. त्यस शर्तमा लिएर आएको माल। ३. जगेरा। ४. धरोट।

जाकिनु–स० क्रि० [जाक्+इ+नु] १. खाँदिनु; कोचिनु; हुलिनु; खस्नु। २. कैद हुनु; थुनिनु। ३. ङ्याकिनु; ('जाक्नु'-को क० क्रि०)।

जाक्नु–स० क्रि० [अ० ज़ख़ीरः] १. कोचेर हाल्नु; खाँद्नु। २. कैद गर्नु; थुन्नु।

जागर–ना० [सं०] १. जाग्रत हुनु; जागरण। २. कवच।

जागरक–वि० [सं०] १. नसुतेको; जागा रहेको। २. होशि-यार; चैतन्य।

जागरण–ना० [सं०] १. जागा रहनु; ननिदाउनु। २. भजन-कीर्तन गरेर रातभर जागा रहनु; जाग्राम। ३. सतर्कता; सावधानी; जाग्रति।

जागरा–ना० [सं०] जाग्रति; जागरण।

जागरान–ना० [सं० जागरण] रातभर ननिदाई जागै रहने काम; जाग्राम; जागरण।

जागराम–ना० [जागरान] जागरान; जाग्राम।

जागरित–वि० [सं०] १. जागा रहेको; बिउँझेको। २. सचेत; सावधान।

जागरूक–वि० [सं०] १. जागा रहेको; बिउँझेको। २. सावधान; सतर्क।

जागरूकता–ना० [सं०] जागरूक हुनाको भाव; जागरण।

जागर्ति–ना० [सं०] जाग्रति; जागरण।

जागा–वि० [जाग्] १. बिउँझेको; निद्रा छुटेको। २. होशियार; सावधान।

जागिनु–अ० क्रि० [जाग्+इ+नु] बिउँझिनु; ('जाग्नु'-को भा० क्रि०)।

जागीर–ना० [फा०] १. तलब पाउने गरी अड्डाखाना, पल्टनमा वा कुनै व्यक्तिकहाँ काम गर्ने पेशा; सरकारी नोकरी। २ खान्गी; तलब; महीनावारी।

जागीरदार–वि० [फा०] १. जागीर भएको; नोकरी पाएको; जागीरे। (ना०) २. सरकारी नोकर; कर्मचारी।

जागीरे–वि० [फा० जागीर+ए] जागीरदार; जागीर भएको।

जागृत–वि० [सं० जाग्रत्] जाग्रत्।

जागृति–ना० [सं० जागर्ति] जागर्ति; जाग्रति; जागरण।

जागो–वि० [जागा+ओ] जागा।

जाग्नु–अ० क्रि० [सं० जागृ] १. बिउँझनु; निद्रा छुट्नु। २. बौरनु। ३. भूत, प्रेत, मसान आदि प्रत्यक्ष हुनु वा सक्रिय हुनु। ४. झोक्किनु; जङ्गिनु। ५. सप्रनु; उँभो लाग्नु। ६. पह्लाउनु।

जाग्रत्–वि० [सं०] १. जागा रहेको; बिउँझेको। २. सजग; सावधान। (ना०) ३. पूर्ण चेतना भएको अवस्था।

जाग्रति–ना० [सं०] जागरण।

जाग्रत्-स्वप्न–ना० [सं०] विपनाका अवस्थाको स्वप्न; कल्पनाको सृष्टि।

जाग्राम–ना० [जागरान] जागरान।

जाङ्गल–वि० [सं०] जङ्गल-सम्बन्धी; जङ्गली; बनैया।

जाङ्गलि–ना० [सं०] सपेरो।

जाङ्गलिक–ना० [सं०] सपेरो।

जाङ्गुल–ना० [सं०] १. विष; जहर। २. तोरियाँ; घिरौंलो।

जाङ्गुलि–ना० [सं०] सपेरो।

जाङ्गुलिक–ना० [सं०] १. सपेरो; सर्प समाउने व्यक्ति। २. विष-वैद्य।

जाङ्गुली–ना० [सं०] सर्पको विष झार्ने विद्या; विष-विद्या।

जाङ्घिक–ना० [सं०] १. हलकारो; हुलाकी। २. ऊँट।

CC-0. In Public Domain. Digitization by eGangotri

जाजरकोट–ना० [सं०] नेपालको सल्यान जिल्लामा पर्ने एक सामन्त-राज्य।

जाजुल्ले–वि० [सं० जाज्वल्य] १. प्रचण्ड; उग्र; उपट्ट। २. जल्दो-बल्दो; जाज्वल्य।

जाज्वल्य–वि० [सं०] १. खूब उज्यालो; प्रज्वलित; प्रकाशमान। २. जल्दो-बल्दो; प्रभाव-शाली।

जाज्वल्यमान–वि० [सं०] १. खूब उज्यालो भएको; प्रज्वलित; दीप्तिमान्। २. तेजस्वी; तेजवान्। ३. जल्दो-बल्दो; प्रभाव-शाली।

जाठराग्नि–ना० [सं०] खाएको वस्तु पचाउने पेटको अग्नि; जठराग्नि।

जाड़े–ना० [जाड़ो+ए] १. भोटे। (वि०) २. जाड़ोको; जाड़ो-सम्बन्धी।

जाड़े-मार्सी–ना० [जाड़े+मार्सी] जाड़ो लागेपछि मात्र पाक्ने एक जातको रातो मार्सी धान।

जाड़ो–ना० [सं० जाड्य] १. चिसोको अनुभव; ठन्डीको अनुभव; शीत। २. ठन्डा मौसम; शीत-काल।

जाड्य–ना० [सं०] १. जड हुनाको भाव; जडता। २. जाड़ोपन; ठन्डी।

जात–वि० [सं०] १. जन्मेको; जन्म लिएको; उत्पन्न। २. व्यक्त; उल्लिखित। (ना०) ३. वंश-परम्परा, धर्म, गुण, आकृति, वास-स्थान आदिबाट छुट्ट्याइने मनुष्य-समाजको विभाग; जाति; वर्ग। ४. त्यस्ता कुनै विभागका मनिसमा हुने विशिष्ट धर्म वा गुण। ५. आकार, प्रकार, गुण, स्थान-भेद आदिबाट छुट्टिने प्राणीहरूको विभाग; वर्ग। ६. खाल; श्रेणी। ७. किसिम; प्रकार। ८. जन्म। ९. छोरो। १०. सरकारले कानूनका नियन्त्रणमा राखेका सत्र किसिमका वृक्ष र तिनका काठ (तराईतर्फ हुने साखु, सिसौ, करमा, सति-शाल, विजय-शाल सिमल, टुनी, कुसुम, जामुनु, बोट-धयँरो, आसन, पाजन र खयर, एवं पहाडतर्फ हुने साल, सल्लो, चाँपो र ओखर)।

जातक–ना० [सं०] १. भर्खर जन्मेको बालक; नवजात शिशु। २. नवजात बालकको एक संस्कार; जात-कर्म। ३. नवजात शिशुको शुभाशुभ फल बताउने, फलित-ज्योतिषको एक अङ्ग। ४. बुद्धका पूर्वजन्मका कथाहरू लेखिएको प्रसिद्ध ग्रन्थ।

जात-कर्म–ना० [सं०] बालक जन्मदा गरिने एक संस्कार; हिन्दूहरूका सोह्र संस्कारमध्ये एक।

जातकाम–वि० [सं०] मनमा काम-वासना उत्पन्न भएको; कामुक।

जात-क्रिया–ना० [सं०] जात-कर्म।

जातदन्त–वि० [सं०] दाँत उम्रेको; दाँत निस्किसकेको (बालक)।

जातपक्ष–वि० [सं०] प्वाँख उम्रेको; प्वाँख पलाइसकेको (चराको बच्चो)।

जात-पतित–वि० [सं०] जातबाट खसेको; जाति-च्युत।

जातपुत्रा–ना० [सं०] छोरा-छोरी जन्माइसकेकी स्त्री।

जात-भात–ना० [जात+भात] १. जात र भातमा मानिने भेद वा एकता। २. भात-भान्सा।

जातमन्मथ–वि० [सं०] मनमा काम-वासना उत्पन्न भइसकेको; जातकाम।

जातमात्र–वि० [सं०] भर्खर जन्मेको; नवजात।

जातमृत–वि० [सं०] जन्मनेबित्तिकै मरेको।

जातरूप–वि० [सं०] १. राम्रो; सुन्दर। (ना०) २. सुन। ३. धतुरो।

जातवेदा–ना० [सं०] १. अग्नि। २. परमेश्वर। ३. चितु।

जातवेश्म–ना० [सं०] सुत्केरी बस्ने कोठो वा घर; प्रसूति-गृह।

जाति–ना० [सं०] १. जन्म; उत्पत्ति। २. वंश-परम्परा, धर्म, वास-स्थान आदिबाट छुट्टिएको मनुष्य-समाजको विभाग; जात; वर्ग। ३. आकार, प्रकार, गुण र स्थान-भेदले छुट्टिने स्थावर, जङ्गम आदिको विभाग; वर्ग।

जाति-च्युत–वि० [सं०] जातबाट च्युत भएको; जात गएको।

जाति-तत्त्व–ना० [सं०] मानव-जातिका मूल विभागहरू र तिनीहरूको पारस्परिक सम्बन्धको विवेचना गरिएको शास्त्र।

जातित्व–ना० [सं०] कुनै जातिको विशेष गुण वा धर्म; जातीय गुण।

जाति-धर्म–ना० [सं०] जातिको विशेष गुण वा धर्म; जातीय धर्म; आचार।

जाति-पत्री–ना० [सं०] जाइफलका फलको बोक्रो; जाइपत्री।

जाति-पाती–ना० [सं० जाति+पङ्क्ति] ब्राह्मण, क्षत्रिय आदि विभिन्न जातिको विभाग; जातीय विभाग।

जाति-फल–ना० [सं०] जाइफल।

जाति-भ्रंश–ना० [सं०] जातबाट च्युत हुनु; जाति-भ्रष्ट हुनु।

जाति-भ्रंश-कर–ना० [सं०] मनुस्मृतिअनुसार ब्राह्मणलाई कष्ट दिनु, मदिरा पान गर्नु, मित्रलाई धोखा दिनु, पुरुष-मैथुन गर्नु आदि कुनै पाप। (यी पाप गर्ने व्यक्ति जातबाट च्युत ठानिन्थे।)

जाति-भ्रष्ट–वि० [सं०] जात गएको; जाति-च्युत।

जातिमान्–वि० [सं०] उच्च कुलमा जन्मेको; कुलीन।

जाति-वाचक–वि० [सं०] जाति बताउने; जात छुट्ट्याउने (व्याकरणमा नामको एक भेद)।

जाति-विद्वेष–ना० [सं०] १. जातिगत द्वेष। २. कुनै जातिका प्रति गरिने शत्रुता।

जाति-वैर–ना० [सं०] स्वाभाविक वैर-भाव; सहज शत्रुता।

जाति-व्यवसाय–ना० [सं०] जातिविशेषको पेशा; जात-अनुसारको इलम।

CC-0. In Public Domain. Digitization by eGangotri

जाति-सङ्कर—ना० [सं०] दुइ भिन्न जातका स्त्री-पुरुषबाट उत्पन्न भएको सन्तान; वर्ण-सङ्कर; खच्चर।

जातिस्मर—वि०[सं०]आफ्ना पूर्व-जन्मका कुरा सम्झन सक्ने।

जाति-स्वभाव—ना० [सं०] जातिबाटै आउने स्वभाव; जातीय स्वभाव।

जाति-हीन—वि० [सं०] १. नीच जातिको; हीन जात्तिको। २. जाति-च्युत।

जाती—ना० [सं०] १. चमेलीजस्तो एक जातको फूल; जाई। २. मालती फूल। ३. जाइफल।

जाती—वि० [जात+ई] असल; बेस; उत्तम।

जातीपत्री—ना० [सं०] जाइपत्री।

जातीफल—ना० [सं०] जाइफल।

जातीय—वि० [सं०] जातको; जाति-सम्बन्धी।

जातीयता—ना० [सं०] १. जातिको भाव; जात्तित्व। २. आफ्नो जातको ममता; जातीय गौरव। ३. आफ्ना जाति वा राष्ट्रको उन्नतिको प्रबल कामनाको भाव।

जातु—अव्य० [सं०] १. शायद; सम्भवतः; कदाचित्। २. कहिले-काहीँ।

जात्य—वि० [सं०] १. उच्च कुलमा जन्मेको; कुलीन। २. सुन्दर; मनोहर। ३. श्रेष्ठ। ४. एकै कुलमा जन्मेको।

जात्यन्ध—वि० [सं०] १. जन्मेदेखिको अन्धो; जन्मान्ध। २. जातीय पक्षपातको भावनाले विवेक-हीन भएको।

जात्रा—ना० [सं० यात्रा] १. देव-देवीहरूको पूजा गरेर नियत दिनमा मनाइने उत्सव; यात्रा। २. दुर्दशा। ३. हन्डर; दुःख। ४. बेइज्जती।

जात्रा-मात्रा—ना० [जात्रा+मात्रा (फाँ०)] साना-ठूला जात्रा-हरूको समुदाय।

जात्रू—वि० [जात्रा+ऊ] जात्रामा भेला हुने; यात्रामा सम्मिलित हुने; यात्री।

जात्रे—वि० [जात्रा+ए] १. जात्रामा जाने; जात्रू। २. इज्जत नभएको। ३. बेढङ्गको; गाइ-जात्रे।

जादू—ना० [फा०] १. अलौकिक र अमानवीय काम देखिने आश्चर्य-जनक खेल; इन्द्र-जाल; चटक। २. मन्त्र-बलले अरूको चित्त-वृत्ति बदलेर आफ्नो अनुकूल पार्नु; टुना।

जादूगर—ना० [फा०] जादू गर्ने व्यक्ति; चटकी।

जादूगरी—ना० [फा०] जादूगरको काम; जादूगरको विद्या; चटक; इन्द्र-जाल।

जानकार—वि० [सं० ज्ञान+कार] १. जान्ने; थाहा पाउने; जानिफकार। २. सिपालु; पोख्त; प्रवीण।

जानकारी—ना० [सं० ज्ञान+कारी] १. ज्ञान; बोध। २. चिह्ला-जानी; परिचय।

जानकी—ना० [सं०] जनककी छोरी; सीता।

जानपद—ना० [सं०] १. जन-पदवासी; ग्रामवासी। २. जन; लोक। (वि०) ३. जन-पद-सम्बन्धी।

जान-पहिचान—ना०[जान्+पहिचान्]चिन-जान; चिना-पर्ची; चिह्ला-जानी।

जान-पहिचानी—ना० [जान-पहिचान+ई] जान-पहिचान।

जानवर—ना० [फा०] १. चौपाया प्राणी; जन्तु; पशु। २. प्राणी; जीव।

जानाजान—क्रि० यो० [जान्+जान्] थाहा पाउँदा-पाउँदै; जानी-बुझी।

जानिनु—स० क्रि० [जान्+इ+नु] थाहा पाइनु; ज्ञान गरिनु; ('जान्नु'-को क० क्रि०)।

जानिफकार—वि० [जानकार] विशेष जान्ने; बुझक्कड़; जानकार।

जानिफकारी—ना० [जानिफकार+ई] जानिफकार हुनाको भाव; जानकारी।

जानु—अ० क्रि० [प्रा० जान+नु] १. एक ठाउँबाट अर्को ठाउँमा पुग्नाको निम्ति हिँड्नु; गमन गर्नु; यात्रा गर्नु। २. बित्नु; टर्नु; गुज्रनु। ३. मर्नु। ४. नाश हुनु। ५. अरू क्रियाहरूका साथ लागेर यस शब्दले कुनै क्रियाबाट बुझिने कामलाई सहसा वा स्वयमेव हुने बुझाउँछ। (उदा०—हुनजानु, पर्नजानु इत्या०।)

जानु—ना० [सं०] घुँड़ो।

जानुदघ्न—वि० [सं०] घुँड़ासम्मको अग्लो वा गहिरो।

जान्नु—स० क्रि० [प्रा० जान+नु] १. थाहा पाउनु; ज्ञान गर्नु। २. बुझ्नु; बोध हुनु। ३. चाल पाउनु; होश पाउनु। ४. भेउ पाउनु।

जान्ने—वि० [जान्+ए] १. सिपालु; पोख्त; प्रवीण। २. ज्ञानी; गुणी। ३. झार-फुक गर्ने कामको विशेषज्ञ (धामी, झाँक्री, वैद्य, ज्योतिषी आदि)।

जापक—ना० [सं०] यज्ञ-मण्डपमा वा कर्मविशेषहरूमा जप गर्ने ऋत्विक्।

जापान—ना० [अं० जपान] एशियाको सुदूर पूर्वमा रहेको एक प्रसिद्ध देश।

जापानी—वि० [जापान+ई] जापान देश-सम्बन्धी; जापानको।

जापानी-बाजा—ना० [जापानी+बाजा] टाइप-राइटरका जस्ता तेईस वटा पर्दा हुने चारदेखि दश वटासम्म तार हुने र जवाले बजाइने एक बाजा; टेशोकोटो।

जाप्य—वि० [सं०] जप गर्न योग्य; जप्न लायक।

जाफत—ना० [अ० जियाफ़त] साथी-भाइहरू मिलेर गरिने रमाइलो भोज; फर्माइशी भोज; प्रीति-भोज।

जाफ्ता—ना० [अ० जाबितः] १. नियम; कानून। २. व्यवस्था।

जाबी—ना० [सं० जाल] काखीमनि लर्कने गरी कुममा भिर्ने जालीको झोली।

जाबे-खटिरो—ना० [जाबी+खटिरो] जाबीझैँ भई शरीरभरि आउने एक जातको चिलाउने खटिरो।

जाबे-च्याउ—ना० [जाबी+च्याउ] जमीनमा उम्रने, खैरो रङ्गको, जाबीजस्तै बुट्टा परेको, घोप्टचाएका सोलीका

CC-0. In Public Domain. Digitization by eGangotri

आकारको, गह्लाउने र खान नहुने एक जातको च्याउ। (यो च्याउ खायो भने उछ्रन्छ।)

जाबो–वि० [ने०] १. सानो; तुच्छ; कम महत्त्वको। २. बिचरो; निर्दो। ३. साधारण; सामान्य।

जाम–ना०[अं० जैम] १. कुनै कुरा ठसाठस अथवा ठेलमठेल भएर चल्न नसक्ने हुनु। २. कसर; खिया।

जामदग्न्य–ना० [सं०] जमदग्निका पुत्र; परशुराम।

जामा–ना० [अ० जामऽ] कमरदेखि गोली-गाँठोसम्म आउने, लहँगा; मुजै-मुजा परेको एक किसिमको प्राचीन पोशाक।

जामा–ना० [सं०] १. छोरी। २. बुहारी; पुत्र-वधू।

जामाता–ना० [सं०] ज्वाइँ।

जामातृक–ना० [सं०] ज्वाइँ।

जामा-पगरी–ना० [जामा+पगरी] १. विवाहमा बाजा बजाउने दमाईँलाई दिइने दस्तूर। २. जामा र पगरी।

जामि–ना० [सं०] १. बहिनी। २. छोरी; पुत्री।

जामुनु–ना० [सं० जम्वु] १. केसरै-केसरजस्ता सेता फूल फुल्ने, गाढ़ा प्याजी रङ्गका गुलिया फल फल्ने एक जातको रूख। २. त्यसैको फल।

जामुनो–ना० [जामुनु] जामुनु।

जाम्बवती–ना० [सं०] १. छेउमा दाँती परेका पात, नीला फूल र राता फल हुने एक लहरे भइँ-झार। (आयुर्वेदमा यसको गुण त्रिदोष-नाशक र पेट-सम्बन्धी रोगलाई नाश गर्ने बताइएको छ।) २. जाम्बवान्‌की छोरी; कृष्णकी एक रानी।

जाम्बवान्–ना० [सं०] लङ्का-विजय गर्ने रामचन्द्रलाई सहायता गर्ने सुग्रीवको एक मन्त्री।

जाम्बवासव–ना० [सं०] जामुनुको रस, धयैँराको फूल, मह र चाकू मिलाएर तयार गरिने एक प्रकारको आसव।

जाम्बूनद–ना० [सं०] १. सुन; स्वर्ण। २. धतूरो।

जायज–वि० [अ०] उचित; मुनासिब; न्याय-सङ्गत।

जायजन्म–ना० [सं० जाया+जन्म] छोरा-छोरीको जन्म; सन्तानको उत्पत्ति।

जायजात–ना० [फा० जायदाद] १. जेथा-जमीन; चल र अचल धन; श्री-सम्पत्ति। २. दण्डस्वरूप सरकारद्वारा कसैको भएभरको सम्पत्ति लिने काम; सर्वस्व गर्ने काम।

जाय-जेथा–ना० [फा० जाय+जेथा] श्री-सम्पत्ति; जायजात; सर्वस्व।

जाया–ना० [सं०] स्वास्नी; पत्नी।

जाया-जीव–वि० [सं०] १. पत्नीको कमाइ खाने; जायानुजीवी। (ना०) २. नट; नटुवा। ३. वेश्या-पति।

जायानुजीवी–वि० [सं०] १. स्वास्नीको कमाइ खाने; जाया-जीव। (ना०) २. नट; नटुवा। ३. वेश्या-पति।

जाया-पति–ना० [सं०] लोग्ने-स्वास्नी; पति-पत्नी; दम्पती।

जायी–वि० [सं०] जित्ने; जित गर्ने; जय-शील।

जायु–ना० [सं०] १. औषधी। २. वैद्य। (वि०) ३. जय-शील; जित्ने।

जार–ना० [सं०] १. अर्काकी विवाहिता पत्नीसँग सम्भोग गर्ने व्यक्ति; नाठो। २. विवाहिता स्त्री अरूले लाँदा विवाहिता पतिले स्वास्नी लानेलाई भन्ने शब्द।

जारक–वि० [सं०] १. क्षय गर्ने। २. पाचन-शक्ति बढ़ाउने। ३. भस्म पार्ने; खरानी पार्ने।

जार-कर्म–ना० [सं०] जारको काम; व्यभिचार।

जारज–वि० [सं०] १. जारबाट उत्पन्न भएको। (ना०) २. जारबाट उत्पन्न भएको छोरो।

जार-जन्मा–वि० [सं०] १. जारबाट पैदा भएको। (ना०) २. जारबाट उत्पन्न भएको छोरो; जारज।

जारज-योग–ना० [सं०] फलित-ज्योतिषको एक योग। (यस योगमा जन्मेका बालकलाई जारज भनेर सन्देह गर्दछन्।)

जारभरा–ना० [सं०] जारसँग प्रेम गर्ने स्त्री; कुलटा।

जारिणी–ना० [सं०] जारसित प्रेम गर्ने स्त्री; कुलटा।

जारिनु–स०क्रि० [जार्+इ+नु] बेसरी ह्प्काइनु; ('जार्नु'-को क० क्रि०)।

जारी–ना० [सं० जार+ई] १. अर्काकी स्त्री हरण गर्नु; पर-स्त्री ल्याउने काम।

जारी–वि० [अ०] चलेको; प्रचलित; व्यवहारमा आएको।

जारी-खत–ना० [जारी+खत] १. जारसँग साधुले भराइ-पाउने बिहे-खर्च। २. जारलाई हुने सजाय।

जारो–ना० [ने०] रामाको बीँड़।

जार्नु–स० क्रि० [झार्+नु] बेसरी ह्प्काउनु; छास्नु; झाँट्नु।

जाल–ना० [सं०] १. प्वालै-प्वाल पर्ने गरी धागो, तार आदिले बुनेको वस्तु; जाली। २. चरा, माछा आदि फँसाउने पासो। ३. माकुराको गुँड़; जालो। ४. आँखाको नानीमा लाग्ने सेतो पर्दा। ५. चटक; जादू।

जाल–ना० [अ० जअल] १. धोखा दिने काम; कपट-प्रबन्ध। २. झेल-बखेड़ा; कपट।

जालक–ना० [सं०] १. जाल। २. आँखी-झ्याल। ३. कोपिलो। ४. चराको गुँड़। ५. केरा।

जाल-कर्म–ना० [सं०] माछा मार्ने पेशा।

जाल-कारक–वि० [सं०] १. जाल बनाउने। (ना०) २. माकुरो।

जाल-ग्रथित–वि० [सं०] जालमा फँसेको; जालमा परेको।

जाल-जीवी–वि० [सं०] माछा मार्ने पेशा भएको व्यक्ति।

जाल-झेल–ना० [जाल+झेल] जाली व्यक्तिको काम; झेल-बखेड़ा; जालसाजी।

जालन्धर–ना० [सं०] पुराण-प्रसिद्ध एक दैत्य।

जालन्धर-विद्या–ना० [सं०] जादू; इन्द्र-जाल।

जाल-पाद–ना० [सं०] १. पन्जाका बीचमा पातलो छाला हुने प्राणी। २. हाँस।

जाल-रन्ध–ना० [सं०] १. आँखी-झ्याल। २. जालको प्वाल।

CC-0. In Public Domain. Digitization by eGangotri

जाल-साज–वि० [अ० जअल+साज (फा०)] अर्कालाई दुःख दिनाका निम्ति झूटो कारवाई गर्ने; जाल गर्ने; जाली।

जालसाजी–ना० [अ० जअल+साज़ी (फा०)] जाल-साज मानिसको काम; जाल-झेल; झेल-बखेड़ा।

जालहारी–ना० [जाल+आहारी] जालद्वारा पशु-पक्षी समात्ने पेशा भएको व्यक्ति; जाल हाल्ने व्यक्ति।

जालाक्ष–ना० [सं०] आँखी-झ्याल।

जालिक–ना० [सं०] १. माछा मारी जीविका गर्ने व्यक्ति। २. माकुरो। ३. जादूगर।

जालिका–ना० [सं०] १. जाल। २. घुम्टी; घुम्टो। ३. जूको।

जालिनी–ना० [सं०] १. चित्र बनाउने ठाउँ; चित्र-शाला। २. घिरौंलो; तोरियाँ।

जाली–ना० [सं० जाल] १. प्वालै-प्वाल पर्ने गरी धागो, तार आदिले बुनेको वस्तु; जाल। २. आँखाका नानीमा पर्ने सेतो पर्दा। ३. चटकी; इन्द्र-जाली।

जाली–वि० [अ० जअली] १. झूटो कारवाई गर्ने; जाल रच्ने; फटयाइँ गर्ने; कपटी। २. नकली; झूटो (कागत-पत्र, नोट आदि)।

जालीदार–वि० [जाली+दार] १. प्वालै-प्वाल परेको। २. जाली भएको; जाली पारेर बनाइएको।

जाले-च्याउ–ना० [जाल+ए+च्याउ] जालीले छोपेका जस्ता बुट्टा हुने, गह्नाउने एक जातको विषालु च्याउ।

जाले-माले–वि० [जाल+माले (फाँ०)] १. जाल-झेलको; जालसाजीको; जाली। (क्रि० यो०) २. आले-टाले। ३. यता-उत्ति; गोलमाल। ४. जाल-झेल; झेल-बखेड़ा।

जालो–ना० [जाल+ओ] १. माकुराको जालीदार गुँड़। २. छिप्पिएका घिरौंलाभित्र हुने जाली। ३. आँखाको नानीमा पर्ने सेतो पर्दा। ४. पातलो छाला। ५. मरणासन्न बिरामीको मुखमा लाग्ने पोतो।

जाल्म–वि० [सं०] १. निष्ठुर; कठोर। २. जाली; फटाहा।

जाल्मक–वि० [सं०] १. घृणित; निन्दित। २. जाली; फटाहा।

जावत-आवत–ना० [जाउ+आउ] आवत-जावत; आवा-गमन।

जासूस–ना० [फा०] गुप्त तवरले अपराधहरू वा विशेष तथ्यहरू पत्ता लगाउने अधिकारी; गुप्त-चर; गुप्ती-पुलीस।

जासूसी–ना० [अ०] १. गुप्त तवरले कुनै अपराध वा तथ्य कुरो पत्ता लगाउने काम; जासूसको काम। (वि०) २. जासूस-सम्बन्वी; जासूसको।

जाहक–ना० [सं०] लोखर्के जन्तु।

जाहिर–वि० [अ० ज़ाहिर] थाहा दिइएको वा भएको; ज्ञात; प्रकट।

जाहिरी–वि० [अ० ज़ाहिरी] १. प्रकट; ज्ञात; विदित। (ना०) २. जाहेरी।

जाहेर–वि० [अ० ज़ाहिर] १. जाहिर। (ना०) २. तालुक-वालाका समक्ष मातहतका अड्डाले कुनै विषयको रिपोट अथवा कुनै विषय पेश गर्नु।

जाहेरवाला–वि० [जाहेर+वाला] जाहेर गर्ने; उजूरवाला।

जाहेरी–ना० [अ० ज़ाहिरी] १. जाहेर गर्ने काम; थाहा दिने काम। २. उजूर गर्ने काम; उजूरी। ३. फाँटवाला कर्म-चारीले मुख्य अधिकारीकहाँ निकासा लिनुपर्ने विषय लेखी पठाउने कागत। ४. सूचना। (वि०) ५. जाहिरी।

जाह्नवी–ना० [सं०] जह्नु राजाकी कन्या; गङ्गा; भागीरथी।

जिइनु–अ० क्रि० [जि+इ+नु] बाँचिनु; ('जिउनु'-को भा० क्रि०)।

जिउँदो–वि० [जिउ+दो] १. नमरेको; सजीव; जीवित। २. जल्दो-बल्दो; प्रभाव-शाली। ३. बहादुर; वीर।

जिउती–ना० [जन्ती] विवाहमा मातृका-पूजा गरेका ठाउँमा टाँगिने जन्ती लेखिएको चित्र।

जिउती-कोठो–ना० [जिउती+कोठो] मातृका-पूजा, पूर्वाङ्ग आदि गरी जिउती टाँसेको कोठो।

जिउनु–अ० क्रि० [सं० जीव+नु] १. बाँच्नु; जीवित रहनु। २. जीवन-निर्वाह गर्नु; गुजारा गर्नु।

जिउरी–ना० [जिब्रो+ई] जिब्री।

जिकिर–ना० [अ० ज़िक्र] १. प्रसङ्ग; चर्चा। २. बहस; वाद-विवाद।

जिक्री–ना० [अ० ज़िक्र] जिकिर।

जिगमिषा–ना० [सं०] जाने इच्छा।

जिगीषा–ना० [सं०] जित्ने इच्छा; विजयको अभिलाषा।

जिगीषु–वि० [सं०] विजयको इच्छा गर्ने।

जिघत्सु–वि० [सं०] भोजनको इच्छा गर्ने; भोको।

जिघांसा–ना० [सं०] मार्ने इच्छा; हत्या गर्ने इच्छा।

जिघ्र–वि० [सं०] १. सुँघ्ने। २. सन्देह गर्ने।

जिङ्गिनी–ना० [सं०] झिंगनी।

जिङ्ग्रिङ्ग–क्रि० यो० [ने०] १. नतलास्दा कपाल ठाड़ा-ठाड़ा हुने किसिम; खजमजिने किसिम। २. साग-पात आदि छिप्पिएर ठर्रो हुने किसिम।

जिङ्ङिङ–क्रि० यो० [जिङ्ग्रिङ्ग] जिङ्ग्रिङ्ग।

जिजीविषा–ना० [सं०] बाँच्ने इच्छा; जिउने अभिलाषा।

जिजु–ना० [जिज्यू] जिज्यू।

जिजु-आमा–ना० [जिज्यू-आमा] जिज्यू-आमा।

जिजु-बजै–ना० [जिज्यू-बज्यै] जिज्यू-बज्यै।

जिजु-बराज–ना० [जिज्यू-बराज्यू] जिज्यू-बराज्यू।

जिजु-बाजे–ना० [जिज्यू-बाजे] जिज्यू-बाजे।

जिजु-बुबा–ना० [जिज्यू-बुबा] जिज्यू-बुबा।

जिजु-मुमा–ना० [जिज्यू-मुमा] जिज्यू-मुमा।

जिज्ञासा–ना० [सं०] १. जान्ने इच्छा; थाहा पाउने अभिलाषा। २. ज्ञान प्राप्तिको निम्ति गरिएको सोध-पुछ।

जिज्ञासित–वि० [सं०] जिज्ञासा राखिएको; जान्ने इच्छा

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको ।

जिज्ञासु–वि० [सं०] १. जान्न इच्छुक; ज्ञानको अभिलाषी । २. खोजी गर्ने; अनुसन्धान गर्ने ।

जिज्यू–ना० [ने०] जिज्यू-बाजे ।

जिज्यू-आमा–ना० [जिज्यू+आमा] बाबु वा आमाकी बज्यै; बाजेकी आमा; जिजु-आमा ।

जिज्यू-बज्यै–ना० [जिज्यू+बज्यै] बाजेकी आमा; बाबुकी बज्यै; प्रपितामही वा प्रमातामही ।

जिज्यू-बराज्यू–ना० [जिज्यू+बराज्यू] आफ्ना कुलका पूर्व-पुरुषहरू; बाजे-बराज्यू ।

जिज्यू-बाजे–ना० [जिज्यू+बाजे] बाजेका बाबु; तीन पुस्ता-माथिका बाजे; बराज्यू; प्रपितामह वा प्रमातामह ।

जिज्यू-बुवा–ना० [जिज्यू+बुवा] बाबु वा आमाका बाजे; बाजेका बाबु ।

जिज्यू-मुमा–ना० [जिज्यू+मुमा] जिज्यू-बज्यै; जिज्यू-आमा ।

जित्–ना० [सं०] अरू नाम-शब्दका पछाड़ि जोड़िएर 'जित्ने' अर्थ बुझाउने शब्द । (उदा०–कामजित्, लोकजित् आदि)

जित–वि० [सं०] १. जितिएको; पराजित । २. पाएको; प्राप्त गरेको । (ना०) ३. विजय; जितवाजी ।

जित-क्रोध–वि० [सं०] क्रोधलाई जितेको; रीसलाई वश गरेको ।

जितगढ़ी–ना० [सं० जित्+गढ़ी] नेपालका पाल्पा जिल्लाको एक प्रसिद्ध ठाउँ ।

जितवाजी–ना० [जित+बाजी] जीत; विजय ।

जित-श्रम–वि० [सं०] नथाक्ने; थकित नहुने ।

जिताइ–ना० [जित्+आइ] जित्ने किसिम, क्रिया वा भाव ।

जिताउरी–ना० [जित+आउरी] १. जीत भएका खुशीयालीमा बाँड़िने पैसा । २. मुद्दा जित्नेले अड्डामा बुझाउनुपर्ने दस्तूर ।

जिताक्षम–ना० [सं०] इन्द्रियलाई जितेको; जितेन्द्रिय ।

जिताक्षर–वि० [सं०] राम्रोसँग लेख-पढ़ गर्ने ।

जितात्मा–वि० [सं०] मन र इन्द्रियहरूलाई आफ्ना वशमा राख्ने ।

जितापत्र–ना० [जीत-पत्र] मुद्दा जित्नेलाई जितेका प्रमाण-स्वरूप लेखिदिने फैसला; विजय-पत्र ।

जितारि–वि० [सं०] काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य—यी छ शत्रुलाई वशमा राख्ने वा जित्ने ।

जितारिमल्ल–ना० [सं०] ईसवी चौधौँ शताब्दीमा जुम्लामा शासन गर्ने एक मल्ल-वंशीय राजा ।

जिति–ना० [सं०] जीत; जय; विजय ।

जितिनु–स० क्रि० [जित्+इ+नु] जित गरिनु; ('जित्नु'-को क० क्रि०) ।

जितेन्द्रिय–वि० [सं०] इन्द्रियहरूलाई आफ्ना वशमा राखेको; इन्द्रियलाई जितेको ।

जित्नु–स० क्रि० [जित+नु] आफ्नो जीत गर्नु; विजय गर्नु; हराउनु; परास्त गर्नु ।

जित्वर–वि० [सं०] जित्ने; विजयी ।

जिद्दी–ना० [अ० ज़िद्दी] १. हठ; ढिपी; दुराग्रह । २. हठ गर्ने; दुराग्रही ।

जिद्दीवाल–वि० [जिद्दी+वाल] जिद्दी गर्ने; हठी; दुराग्रही ।

जिन–ना० [सं०] १. बुद्ध । २. जैन धर्मका तीर्थङ्कर । ३. अति वृद्ध व्यक्ति । ४. विष्णु ।

जिनतिन–क्रि० यो० [जेनतेन] १. जेनतेन; येनतेन; जसरी-तसरी । २. बल्लतल्ल; मुश्किलसँग ।

जिनिस–ना० [अ० जिन्स] १. माल-ताल; सामान; वस्तु । २. जिन्सी; नगददेखि भिन्न वस्तु । ३. अन्न; अनाज ।

जिनेन्द्र–ना० [सं०] १. जैन धर्मका तीर्थङ्कर । २. बुद्ध ।

जिन्डाजिन्डी–ना० [जिन्डो+जिन्डो] नवढ़ेका साना-साना केटा-केटी; ग्याँचे केटा-केटी ।

जिन्डो–वि० [चिन्डो] १. नवढ़ेको; ग्याँचे । (ना०) २. नवढ़ेको केटो; ग्याँचे ठिटो ।

जिन्दगानी–ना० [फा० ज़िन्दगानी] जिन्दगी; जीवन ।

जिन्दगी–ना० [फा० ज़िन्दगी] १. बाँचुन्जेलको समय; जीवन । २. जीवन-काल; आयु ।

जिन्दाबाद–ना० [फा० ज़िन्दः+बाद] कुनै व्यक्ति, संस्था, प्रथा आदि चिर-कालसम्म रहिरहोस् भनी नारा लाउने शब्द; 'अमर होस्'—भन्ने अर्थ बुझाउने शब्द ।

जिन्सी–ना० [अ० जिन्स] १. नगददेखि भिन्न वस्तु; जिनिस । २. अन्न; अनाज । ३. माल-मत्ता ।

जिप्टिइनु–अ० क्रि० [जिप्टि+इ+नु] फेल खाइनु; ('जिप्टिनु'-को भा० क्रि०) ।

जिप्टिनु–अ० क्रि० [ने०] १. फेल खानु; असफल हुनु । २. छकिनु; झुक्किनु । ३. ठगिनु ।

जिप्टयाइ–ना० [जिप्टि+याइ] जिप्टिने किसिम, क्रिया वा भाव ।

जिप्टयाइ–ना० [जिप्टयाउ+आइ] जिप्टयाउने किसिम, क्रिया वा भाव ।

जिप्टयाइनु–स० क्रि० [जिप्टयाउ+नु] छकाउनु; ('जिप्टया-उनु'-को क० क्रि०) ।

जिप्टयाइनु–स० क्रि० [जिप्टि+आइ+नु] छकाइनु; ('जिप्टि-नु'-को क० क्रि०) ।

जिप्टयाउनु–स० क्रि० [जिप्टि+याउ+नु] १. छकाउनु; झुक्क्याउनु; ('जिप्टिनु'-को प्रे० क्रि०) । २. ठग्नु ।

जिप्टयाहट–ना० [जिप्टि+आहट] जिप्टिने किसिम, क्रिया वा भाव; जिप्टयाइ ।

जिबुल्ले–वि० [जिब्रो] १. मीठो-मीठो खान खोज्ने । २. पिरो, अमिलो आदि कड़ा स्वादका वस्तुहरू रुचाउने ।

जिब्री–ना० [जिभ्री] जिभ्री ।

जिब्रो–ना० [जिभ्रो] जिभ्रो ।

जिभ्री–ना० [जिभ्रो+ई] १. जिभ्रो सफा गर्ने काठ, धातु आदिको साधन; जीबी । २. कल, मेशिन आदिको जिभ्रो-

CC-0. In Public Domain. Digitization by eGangotri

जस्तो पुर्जा ।

जिभ्रो–ना० [सं० जिह्वा] खाएका वस्तुको स्वाद लिने; मुखभित्र रहेको मासुको पातलो अवयव; रसनेन्द्रिय ।

जिमाहा–वि० [ने०] सधैँ चिसो भइरहने; चिसमिरो; सेपिलो (जमीन) ।

जिमी–ना० [फा० ज़मीन] जमीन; जग्गा ।

जिमीदार–ना० [जमीनदार] जमीनदार ।

जिमीदारी–ना० [जमीनदारी] जमीनदारी ।

जिम्बु–ना० [ने०] लामा-लामा मसिना पात, गन्धे-झारका जस्ता थुँगा परेका प्याजी रङ्गका फूल हुने एक सुगन्धी बूटी । (आयुर्वेदमा यसको गुण कफ तथा वायु समन गर्ने र हृदयलाई हित गर्ने बताइएको छ । यो प्रायः दाल, तरकारी आदिमा घिउ, तेलमा फुराएर झानिन्छ ।)

जिम्मा–ना० [अ० ज़िम्मः] १. बिग्रे-नासिएमा त्यसको दोष-भार वहन गर्ने कबूल गरी कुनै काम वा वस्तु स्वीकार गर्नु; अभिभारा; जवाबदेही । २. बुझाउने काम ।

जिम्मा-जमानी–ना० [जिम्मा+जमानी] कुनै व्यक्तिविशेषको उत्तरदायित्व अरू कुनै व्यक्तिले वहन गर्नु; व्यक्तिविशेषको व्यक्तिगत रूपमा लिइने जवाबदेही; जीउ-जमानी ।

जिम्मावार–वि० [फा० ज़िम्मेवार] जिम्मा लिने; जिम्मेवार ।

जिम्मावारी–ना० [अ० ज़िम्मेवारी] जिम्मेवारी ।

जिम्मावाल–वि० [जिम्मा+वाल] १. जिम्मा लिने; अभिभारा लिने; जिम्मेवार । (ना०) २. पहाड़ी क्षेत्रका जमीनको माल-पोत असूल गरी सरकारमा बुझाउने मुखिया-जस्तो सरकारी कामदार ।

जिम्मु–ना० [जिम्बु] जिम्बु ।

जिम्मेदार–वि० [अ० ज़िम्मः+दार (फा०)] जिम्मेवार; जवाबदेह ।

जिम्मेदारी–ना० [अ० ज़िम्मः+दारी (फा०)] जिम्मेवारी; जवाबदेही; उत्तरदायित्व ।

जिम्मेवार–वि० [अ० ज़िम्मेवार] जिम्मा लिने; जवाबदेह; उत्तरदायी ।

जिम्मेवारी–ना० [अ० ज़िम्मेवारी] १. जिम्मेवारको काम; उत्तरदायित्व; जवाबदेही । २. स्रेस्तामा अघिल्लो सालको हर-हिसाब बाँकी रही पछिल्लो सालको स्याहामा सारिने आम्दानी-खर्च; अर्को अड्डाबाट आएको वा अर्को अड्डामा गएको रकमको आम्दानी-खर्च । ३. जिम्मा लिएको वा दिएको कुनै धन ।

जिय–ना० [सं० जीव] जीउ; शरीर; देह ।

जियाइनु–स० क्रि० [जियाउ+इ+नु] मर्न लागेकालाई बचाइनु; ('जियाउनु'-को क० क्रि०) ।

जियाउनु–स० क्रि० [जिउ+याउ+नु] मर्न लागेकालाई बचाउनु; ज्यान जोगाइदिनु ।

जिरण–ना० [सं०] जीरा ।

जिरह–ना० [फा० ज़िरह] १. सत्य कुरो पत्ता लाउनाका निम्ति वार-वार सोध्नु; वार-वार प्रश्न गर्नु; कार-केर । २. जिकिर; जिकी ।

जिरा–ना० [जीरो] जीरो ।

जिराफ–ना० [अ० ज़ुर्राफ़ा] पछिल्तिरका खुट्टा छोटा हुने, अगिल्तिरका खुट्टा र गर्दन ऊँटका जस्ता र गाईको जस्तो पुच्छर हुने, शरीरमा टाटा-पाङ्ग्रा हुने अफ्रिकाको मरुभूमिमा पाइने एक जातको जनावर ।

जिरायत–ना० [अ० ज़िराअत] १. जिमीदारका खान्कीमा ठेकिएको जमीन; सीर-जमीन । २. खेती; कृषि ।

जिराहा–वि० [जर्रो] भनेको नमान्ने; अटेर; जर्कटो ।

जिरिङ्ग–क्रि० यो० [ने०] डर, जाड़ो, उत्तेजना आदिबाट शरीरका रौँहरू ठाड़ा-ठाड़ा हुने किसिम; रोमाञ्च हुने किमिम; जुरुङ्ग ।

जिरिङङ–क्रि० यो० [जिरिङ्ग] जिरिङ्ग ।

जिरिख्यिट्टे–वि० [जीरा+ख्याउटे] दुब्लो र पुड्को; पातलो र ख्याउटे; बुर्चो ।

जिरी–ना० [जीरा] बन्द-गोभीका जस्ता पात हुने तीतो भावको एक जातको साग ।

जिरो–ना० [जीरो] जीरो ।

जिल–क्रि० यो० [जिल्ल] जिल्ल; छवक ।

जिला–ना० [अ० ज़िला] जिल्ला ।

जिलाइ–ना० [जिलाउ+आइ] ठोसो वा जिली छुट्ट्याउने किसिम, क्रिया वा भाव; जिलाउने किसिम, क्रिया वा भाव ।

जिलाइनु–स० क्रि० [जिलाउ+इ+नु] सर्वस्व लगिनु; ('जिलाउनु'-को क० क्रि०) ।

जिलाइनु–स० क्रि० [जिलाउ+इ+नु] कसिँगर छुट्ट्याइनु; ('जिलाउनु'-को क० क्रि०) ।

जिलाइनु–स० क्रि० [जिलाउ+इ+नु] जियाइनु; ('जिलाउनु'-को क० क्रि०) ।

जिलाउनु–स० क्रि० [जिलो+आउ+नु] भएभरको सम्पत्ति लिएर जानु; सर्वस्व लैजानु ।

जिलाउनु–स० क्रि० [जिली] मकै, कोदो, गहूँ आदिका ठोसा केलाउनु; कसिँगर छुट्ट्याउनु ।

जिलाउनु–स० क्रि० [जिउ+लाउ+नु] जियाउनु; बचाउनु; ज्यान जोगाउनु; ('जिउनु'-को क० क्रि०) ।

जिलाधीश–ना० [फा० जिला+अधीश (सं०)] मजिस्ट्रेट; बड़ा-हाकिम ।

जिली–ना० [जिलो] मूल जरो; बीज-तत्त्व भएको कन्द; सार-तत्त्व ।

जिली-गाँठो–ना० [जिली+गाँठो] १. जरादेखि टुप्पोसम्मको वस्तु, बोट-बिरुवाका फल, कन्द, प्रकाण्ड आदि । २. आदि-देखि अन्त्यसम्मका कुरा । ३. सर्वस्व ।

जिलेबी–ना० [सं० जालक] खमीर मिसाएर बाटुलो पारी घिउमा पकाई पागमा डुबाइने एक किसिमको मिठाई ।

जिलो–ना० [जिलाउ] १. सानो पूँजी । २. पूँजीको अवशेष ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. कन्दको मूल बीज; जिली । ४. जीवन-निर्वाह ।

जिलो-मिलो–ना० [जिलो+मिलो (फाँ०)] श्री-सम्पत्ति; धन-सम्पत्ति; सिरी-खुरी ।

जिलौटो–ना० [जिली+औटो] कोदो, मकै आदिका बोटको, जरो; ठोसो ।

जिलौटचाइ–ना० [जिलौटचाउ+आइ] जिलौटचाउने किसिम, क्रिया वा भाव ।

जिलौटचाइनु–स० क्रि० [जिलौटचाउ+इ+नु] जिलौटा केलाउनु; ('जिलौटचाउनु'-को क० क्रि०) ।

जिलौटचाउनु–स० क्रि० [जिलौटो+याउ+नु] जिलौटा केलाउनु; कोदो, मकै आदिका जरा छुट्टचाउनु ।

जिल्द–ना० [अ०] पुस्तकको बाहिरपट्टि रक्षाका निम्ति लगाइने बाक्लो कागत, कपड़ा आदिको पत्र; जिल्ला; गाता ।

जिल्ददार–वि० [अ० जिल्द+दार (फा०)] जिल्द भएको; जिल्ला बाँधिएको ।

जिल्द-बन्दी–ना० [फा०] पुस्तकको जिल्द बाँध्ने काम; जिल्ला हाल्नु ।

जिल्द-साज–वि० [अ० जिल्द+साज़ (फा०)] जिल्द बाँध्ने; जिल्ला बनाउने ।

जिल्फी–ना० [जिलेबी] जिलेबी ।

जिल्ल–क्रि० यो० [ने०] १. अचम्ममा पर्ने किसिम; छक्क; पक्क; वाल्ल । २. यो गरूँ कि त्यो गरूँ हुने किसिम; अलमल्ल ।

जिल्ला–ना० [अ० ज़िला] प्रगन्नाभन्दा ठूलो एक प्रशासकीय क्षेत्र; जिला ।

जिल्ला–ना० [अ० जिल्द] जिल्द; गाता ।

जिल्लाराम–क्रि० यो० [जिल्ल+राम (फाँ०)] १. छक्क; जिल्ल । (वि०) २. जिल्ल परेको; जिल्लिएको; आश्चर्य-चकित । ३. निराश ।

जिल्ला-सरकार–ना० [जिल्ला+सरकार] जिल्लाको शासन-व्यवस्था मिलाउने सरकार ।

जिल्लिइनु–अ० क्रि० [जिल्ल+इ+नु] १. जिल्ल परिनु; छक्क परिनु; ('जिल्लिनु'-को-भा० क्रि०) ।

जिल्लिनु–अ० क्रि० [जिल्ल+इ+नु] १. जिल्ल पर्नु; छक्क पर्नु । २. हिस्सिनु; निराशामा पर्नु ।

जिल्ल्याइ–ना० [जिल्लि+याइ] जिल्लिने किसिम, क्रिया वा भाव; जिल्ल्याहट ।

जिल्ल्याइ–ना० [जिल्ल्याउ+आइ] जिल्ल्याउने किसिम, क्रिया वा भाव ।

जिल्ल्याइ–ना० [जिल्लि+आइ] जिल्लिने किसिम, क्रिया वा भाव ।

जिल्ल्याइनु–स० क्रि० [जिल्ल्याउ+इ+नु] जिल्ल पारिनु, ('जिल्ल्याउनु'-को क० क्रि०) ।

जिल्ल्याउनु–स० क्रि० [जिल्लि+याउ+नु] १. जिल्ल पार्नु; छक्क पार्नु; छकाउनु । २. हिस्स्याउनु; निराश पार्नु; ('जिल्लिनु'-को प्रे० क्रि०) ।

जिल्ल्याहट–ना० [जिल्लि+आहट] जिल्लिने किसिम, क्रिया वा भाव; जिल्ल्याइ ।

जिवाजिव–ना० [सं०] च्याखुरो; चकोर ।

जिष्णु–वि० [सं०] १. जित्ने; जय-शील । (ना०) २. अर्जुन । ३. विष्णु ।

जिस्कनु–अ० क्रि० [ने०] जिस्किनु ।

जिस्काइ–ना० [जिस्क+आइ] जिस्कने किसिम, क्रिया वा भाव; जिस्क्याइ ।

जिस्किइनु–अ० क्रि० [जिस्कि+इ+नु] अर्कालाई रीस उठ्ने गरी चलिनु वा बोलिनु; ('जिस्किनु'-को भा० क्रि०) ।

जिस्किनु–अ० क्रि० [ने०] १. अर्कालाई रीस उठ्ने गरी चल्नु वा बोल्नु; गिजिनु । २. छिहिलिनु; इतरिनु । ३. अर्काले जिस्क्याउँदा वा ठट्टा गर्दा त्यसैमा लाग्नु ।

जिस्क्याइ–ना० [जिस्क्याउ+आइ] जिस्क्याउने किसिम, क्रिया वा भाव ।

जिस्क्याइ–ना० [जिस्कि+याइ] जिस्किने किसिम, क्रिया वा भाव; जिस्क्याहट ।

जिस्क्याइनु–स० क्रि० [जिस्क्याउ+इ+नु] अर्कालाई रीस उठ्ने गरी बोलिनु वा काम गरिनु; ('जिस्क्याउनु'-को क० क्रि०) ।

जिस्क्याउनु–स० क्रि० [जिस्कि+आउ+नु] १. अर्कालाई रीस उठ्ने काम गर्नु; जङ्ग्याउनु । २. गिज्याउनु; दिल्लगी गर्नु । ३. चलाउनु; ('जिस्किनु'-को प्रे० क्रि०) ।

जिस्क्याहट–ना० [जिस्कि+आहट] जिस्किने किसिम, क्रिया वा भाव; जिस्क्याइ ।

जिस्ता–ना० [फा० दस्तः] चौबीस ताउ कागतको ढेप ।

जिह्म–वि० [सं०] १. टेढ़ो; कुटिल । २. दुष्ट; कपटी ।

जिह्म-प्रेक्षी–वि० [सं०] आँखा टेढ़ो भएको; बाङ्गो आँखाले हेर्ने; डेड़ो ।

जिह्म-योधी–वि० [सं०] कपटपूर्वक युद्ध गर्ने ।

जिह्माक्ष–वि० [सं०] बाँङ्गो आँखो भएको; डेड़ो ।

जिह्व–ना० [सं०] जिभ्रो; जिह्वा ।

जिह्वा–ना० [सं०] १. जिभ्रो; जिह्व । २. आगाको लप्को ।

जिह्वा-मूल–ना० [सं०] जिभ्राको फेद ।

जिह्वा-मूलीय–वि० [सं०] जिह्वा-मूलबाट उच्चारण हुने (वर्ण) ।

जिह्वा-लोलुप–वि० [सं०] तिहुन-चखुवा ।

जी–ना० [ज्यू] १. कसैका नामका पछाड़ि लाग्ने सम्मान-सूचक शब्द; ज्यू ।(उदा०– रामजी, पिताजी, गुरुजी आदि ।) (अव्य०) २. अरूले गरेका कुरामा सही थाप्ने वा सहमत्ति प्रकट गर्ने शब्द; ज्यू । ३. अरूले बोलाउँदा शिष्टतापूर्वक दिइने उत्तर; ज्यू; हजूर ।

जीआमा–ना० [जिजु-आमा] आमाकी वा बाबुकी आमा; बज्यै; मातामही वा पितामही ।

जीउ–ना० [सं० जीव] १. शरीर; देह; गाथ । २. प्रा;ण

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यान।(अव्य०) ३. अरूले बोलाउँदा शिष्टतापूर्वक उत्तर दिने शब्द; जी; हजूर। ४. अरूले गरेका कुरा वा प्रश्नमा सही थापेर भन्ने शब्द । ५. अर्काले गरेका पत्यार हुन नसक्ने कुरामा झिँज्याहट वा नामन्जूरी प्रकट गरेर भनिने शब्द। ६. ढोग (बाल-बोलीमा)।

जीउ-जमानी–ना० [जीउ+जमानी] जिम्मा-जमानी ।

जीउ-छाड़ा–ना० [जीउ+छाड़ा] आफूलाई भएको दुःखभन्दा बढ़ता दुःख देखाउने; हत्ते हाल्ने; हत्ते-हाला ।

जीउ-जूको–ना० [जीउ+जूको] प्राणीका पेटभित्र हुने भनी प्रसिद्ध जूको जस्तो कीरो। (यो निस्क्यो वा मर्‍यो भने प्राणी मर्छ भन्ने कथन छ।)

जीउता–ना० [सं० जीवन] जीवन; जिन्दगी ।

जीउनी–ना० [सं० जीवनी] बाँचुन्जेल उपभोग गर्न दिइने सम्पत्ति; जीउताभर भोग-चलन गर्न पाउने सम्पत्ति ।

जीउ-पाला–वि०[जीउ+पाला] जहान-बच्चाको वास्ता नगरी आफ्नोमात्र जीउ पालेर हिँड्ने।

जीउ-मारा–वि० [जीउ+मारा] स्वास्थ्यको परवाह नगरी धेरै काम गर्ने; जीउलाई दुःख दिने ।

जीउ-साँचा–ना० [जीउ+साँच्] शरीरलाई परिश्रम पर्ला भनी सक्तो काम पनि नगर्ने; कामको ठग ।

जीजे–ना० [जिज्यू] कमारा, कमारीले आफूभन्दा जेठा मालिककी पत्नीलाई सम्बोधन गर्ने शब्द ।

जीत–ना० [सं० जिति] जय; विजय; जिति।

जीत-पत्र–ना० [जीत+पत्र] जितापत्र।

जीन–वि० [सं०] १. बूढो; वृद्ध । २. घोटिएको; खिइएको। (ना०) ३. छालाको थैलो ।

जीन–ना० [फा० ज़ीन] एक जातको मोटो र बलियो सूती कपड़ा ।

जीन-पोश–ना० [फा० ज़ीन+पोश] घोड़ाका काठीमनि बिछ्याउने बाक्लो ऊनी कपड़ा ।

जीप–ना० [अं०] खराब बाटोमा पनि जान सक्ने एक प्रकारको मोटर ।

जीबा–ना० [जिजु+बा] बाबुका वा आमाका बाबु; बाजे ।

जीबाबु–ना० [जिजु+बाबु] जीबा; बाजे ।

जीबी–ना० [जिब्री] जिभ्री ।

जीर–ना० [सं०] जीरा ।

जीरक–ना० [सं०] जीरा ।

जीरा–ना० [सं० जीर] तिहुन-तरकारीमा हालिने, मसिना र लाम्चा दाना हुने, सुगन्धी, प्रसिद्ध एक मसला ।

जीरे–वि० [जीरो+ए] १. साह्रै सानो; नसप्लाएको। २. जीरोजस्तो; जीराका आकारको।

जीरे-खुर्सानी–ना० [जीरे+खुर्सानी] सानो र पीरो एक जातको खुर्सानी ।

जीरो–ना० [जीरा] जीरा।

जीर्ण–वि० [सं०] १. धेरै दिनको; पुरानो। २. थोत्रो। ३. बूढो; वृद्ध ।

जीर्णदार–ना० [सं०] एक जातको सानो बाटुल्पाते ।

जीर्ण-पर्ण–ना० [सं०] १. कदमको रूख। २. पुरानो पात।

जीर्ण-वाटिका–ना० [सं०] भत्केको घर।

जीर्णोद्धार–ना० [सं०] भत्के-बिग्रेकालाई बनाउने काम; मरम्मत ।

जीर्न–वि० [सं० जीर्ण] जीर्ण।

जीव–ना० [सं०] १. प्राणीको चेतन-तत्त्व; आत्मा; जीवात्मा। २. प्राण; ज्यान। ३. प्राणी; जीवात; जन्तु।

जीवक–ना० [सं०] साना-साना पात हुने, लसुनको पोटी-जस्तो कन्द हुने, हिमालयमा पाइने एक जातको बूटी।

जीवक–ना० [सं०] १. प्राण धारण गर्ने । २. भिक्षु । ३. सपेरो। ४. अष्ट-वर्गका औषधीमध्ये एक। ५. तीते-पिँड़ालु ।

जीव-कोष–ना० [सं०] आफैमा परिपूर्ण सूक्ष्म जीवाणु।

जीव-गृह–ना० [सं०] शरीर।

जीव-जगत्–ना० [सं०] प्राणीहरूको समुदाय ।

जीव-जन्तु–ना० [सं०] १. प्राणी; जीवात। २. साना-साना प्राणी; कीरा-फटचाङग्रा।

जीवञ्जीव–ना० [सं०] च्याखुरो; चकोर।

जीव-तन्तु–ना० [सं०] शरीर वा त्यसका अवयव बन्नुभन्दा अगाड़िका त्यसका साधनभूत तत्त्व।

जीवत्तोका–ना० [सं०] छोरो जिउँदै भएकी स्त्री; जीव-त्पुत्रिका ।

जीवत्पतिका–ना० [सं०] पति जिउँदै भएकी स्त्री; सधवा स्त्री।

जीव-धारी–ना० [सं०] प्राणी।

जीवपत्नी–ना० [सं०] स्वास्नी जिउँदै भएको पुरुष।

जीवत्पितृक–ना० [सं०] बाबु जिउँदै भएको पुरुष।

जीवत्पुत्रिका–ना० [सं०] छोरो जीवित भएकी स्त्री।

जीवद–वि० [सं०] १. जीवन दिने। (ना०) २. वैद्य। ३. शत्रु।

जीव-दान–ना० [सं०] कुनै कारणले मर्न लागेकालाई बचाउनु; अभय-दान; प्राण-दान।

जीव-धन–ना० [सं०] पशु-धन; गो-धन ।

जीव-धारी–ना० [सं०] प्राणी; जीवात; जन्तु।

जीवन–ना० [सं०] १. जन्मेदेखि नमरुन्जेलका बीचको समय; जिउँदो रहेको समय; जीवित अवस्था; जिन्दगी। २. प्राणी; जीव। ३. जीविका; पेशा। ४. जुनी; योनि। ५. प्राण-वायु। ६. पानी।

जीवनक–ना० [सं०] आहारा; खानेकुरो।

जीवन-चरित–ना० [सं०] १. जीवनभरमा गरेका यावत् प्रमुख कामहरूको विवरण; जीवन-वृत्तान्त; जीवन-चरित्र। २. कसैको जीवनी लेखिएको पुस्तक।

जीवन-चरित्र–ना० [सं०] जीवन-चरित।

CC-0. In Public Domain. Digitization by eGangotri

जीवन-चर्या–ना० [सं०] जीवनमा गरिने प्रतिदिनको कार्य-क्रम; रहन-सहन; आचरण।

जीवनद–वि० [सं०] जीवन दिने; जीवन-दाता।

जीवन-धन–वि० [सं०] जीवनमा सबभन्दा प्रिय वस्तु वा व्यक्ति; जीवनको सर्वस्व; प्राणाधार।

जीवन-मुक्ति–ना० [सं०] जीवित अवस्थामै माया-जालबाट मुक्त हुनु; जीवन-मुक्त हुनु।

जीवन-मृत–वि० [सं०] मुर्दासमान भई बाँचेको; मरेतुल्य भएर बाँचेको।

जीवन-मृत्यु–ना० [सं०] १. बाँच्नु र मर्नु; जन्मनु र मर्नु। (वि०) २. जिउँदै मरेतुल्य भएको।

जीवन-वृत्तान्त–ना० [सं०] जीवनी; जीवन-चरित।

जीवन-वृत्ति–ना० [सं०] बाँचुन्जेल खाने प्रबन्ध; जीउनी; जीविका।

जीवन-सङ्ग्राम–ना० [सं०] आफ्नो अस्तित्व कायम गर्न जीवनमा परिआएका विकट परिस्थिति वा प्रबल शक्ति-हरूसित सङ्घर्ष गर्नु; जीवन-सङ्घर्ष।

जीवन-सङ्घर्ष–ना० [सं०] जीवन-सङ्ग्राम।

जीवन-हेतु–ना० [सं०] प्राण-रक्षा गर्ने साधन; जीविका।

जीवनान्त–ना० [सं०] मृत्यु; मरण।

जीवनी–ना० [सं०] कुनै मानिसको जीवनभरमा घटेका प्रमुख घटना वा उसले गरेका मुख्य कामहरूको विवरण; जीवन-चरित।

जीवनीय–वि० [सं०] १. प्राण बचाउने। २. जीविका तुल्याउन योग्य। (ना०) ३. पानी।

जीवनोपाय–ना० [सं०] जीविका; जीवन-वृत्ति।

जीवनौषध–ना० [सं०] १. मरेकालाई बचाउने औषधी; मृत-सञ्जीवनी। २. अमृत।

जीवन्त–वि० [सं०] १. जिउँदो; जीवित। २. धेरै वर्ष बाँचेको; दीर्घायु। (ना०) ३. प्राण।

जीवन्तिका–ना० [सं०] १. रूखको एक रोग; ऐँजेरू। २. गुर्जो।

जीवन्ती–वि० [सं०] १. जिउँदो; जीवित। (ना०) २. दूध निस्कने, गुच्छाकार फल फल्ने एक लता। (यसको पात औषधीको काममा प्रयोग हुन्छ।) ३. पहेँलो एक जातको हर्रो। ४. ऐँजेरू। ५. गुर्जो।

जीवन्मुक्त–वि० [सं०] आत्म-ज्ञान प्राप्त गरेर जीवित अवस्थामै सांसारिक माया-जालबाट मुक्त भएको।

जीव-न्यास–ना० [सं०] देव-मूर्तिहरूमा मन्त्रद्वारा गरिने प्राण-प्रतिष्ठा।

जीव-मन्दिर–ना० [सं०] शरीर; देह।

जीव-योनि–ना० [सं०] जीव-धारीहरूको योनि; जङ्गम-योनि।

जीव-रक्त–ना० [सं०] स्त्रीको मासिक धर्मको रज; स्त्री-रज।

जीव-लोक–ना० [सं०] १. मर्त्य-लोक; भू-लोक; संसार। २. मानव-जाति।

जीव-विज्ञान–ना० [सं०] जीव-जन्तुको उत्पत्ति, स्वरूप, विकास, बानी-बेहोर आदिको विवेचना गरिने विज्ञान।

जीव-विज्ञानी–ना० [सं०] जीव-विज्ञानको ज्ञाता; जीव-विज्ञानको पण्डित।

जीव-वृत्ति–ना० [सं०] गाई-वस्तु पाल्ने पेशा; गोठ राख्ने काम; पशु-पालन।

जीव-शेष–वि० [सं०] प्राणमात्र बाँकी रहेको; सासमात्र बाँकी रहेको।

जीव-शोणित–ना० [सं०] स्वस्थ रक्त।

जीव-सङ्क्रमण–ना० [सं०] एक शरीर छोड़ेर अर्को शरीरमा जीव सर्ने काम; परकाय-प्रवेश।

जीव-साधन–ना० [सं०] अनाज; धान्य।

जीवसू–ना० [सं०] सन्तान बाँचेकी स्त्री; जीवत्पुत्रिका।

जीव-स्थान–ना० [सं०] १. मर्म-स्थान; आघात पर्दा मर्ने ठाउँ। २. हृदय।

जीव-हत्या–ना० [सं०] प्राणीको हत्या; जीव-हिंसा।

जीव-हिंसा–ना० [सं०] प्राणीको हत्या; प्राणीको वध।

जीवा–ना० [सं०] १. धनुको डोरी; ताँदो। २. चापका दुइ टुप्पालाई जोड्ने सरल रेखा। ३. जीवन्ती लता। ४. बोझो।

जीवाणु–ना० [सं०] १. पछि बढ़ेर जीवको रूप धारण गर्ने अति सूक्ष्म सजीव अणु। २. अनेक प्रकारका रोग उत्पन्न गर्ने सजीव कीटाणु। ३. अत्यन्त सूक्ष्म जीवन-युक्त अणु।

जीवात–ना० [सं० जीवात्मा] जीव; प्राणी; जन्तु।

जीवात्मा–ना० [सं०] प्राणीहरूको चेतना वा जीवनको मूल कारण भएको तत्त्व; जीव; आत्मा।

जीवादान–ना० [सं०] मूर्च्छा; बेहोशी।

जीवान्तक–वि० [सं०] १. जीव अथवा जीव-धारीलाई नष्ट गर्ने। (ना०) २. यमराज।

जीविका–ना० [सं०] जीवन-यात्राको साधन; भरण-पोषणको साधन; जीवन-वृत्ति; पेशा।

जीवित–वि० [सं०] जिउँदो; सजीव; नमरेको।

जीवितव्य–वि० [सं०] १. बचाइराख्न योग्य; जीवित राख्न योग्य। (ना०) २. जीवित रहने सम्भावना।

जीवितेश–ना० [सं०] १. प्यारो व्यक्ति; प्रिय-पात्र। २. यमराज। ३. इन्द्र। ४. सूर्य।

जीवी–वि० [सं०] बाँच्ने; प्राण-धारण गर्ने। (यो शब्द अरू शब्दका पछाड़ि लागेरमात्र प्रयोग हुन्छ। उदा०–श्रम-जीवी, चिर-जीवी आदि।)

जीवेश–ना० [सं०] १. परमेश्वर; परमात्मा। २. प्यारो व्यक्ति; प्रियतम।

जीवोपाधि–ना० [सं०] जाग्रत्, स्वप्न र सुषुप्ति-अवस्थाका जीवको उपाधि।

CC-0. In Public Domain. Digitization by eGangotri.

जुँगा–ना० [सं० जुङ्ग] १. उमेरदार भएपछि माथिल्लो ओठ र नाकका बीचका स्थानमा उम्रने रौँको समूह। २. धान, गहूँ, मकै आदिमा हुने रौँजस्तो लामो वस्तु।

जुँगा-मुठे–वि० [जुँगा+मूठो] १. उमेरदार; जुँगा उम्रेको। २. जमामर्द; मर्द; समर्थवान्।

जुँगे–वि० [जुँगा+ए] लामा र मोटा जुँगा भएको।

जुँगे-धान–ना० [जुँगे+धान] जुँगे-मार्सी।

जुँगे-मार्सी–ना० [जुँगे+मार्सी] बूढ़ी-मार्सी।

जुँघा–ना० [जुँगा] जुँगा।

जुँघा-मुठे–वि० [जुँगा-मुठे] जुँगा-मुठे।

जुँघे–वि० [जुँगे] जुँगे।

जुँघे-धान–ना० [जुँगे-धान] जुँगे-धान।

जुँघे-मार्सी–ना० [जुँगे-मार्सी] जुँगे-मार्सी।

जुइनु–ना० [ने०] पराल, धुस्तु आदिको भारी बाँध्नाका लागि परालको एक पयोमात्र बटारी बनाइएको डोरी।

जुइन्याइ–ना० [जुइनु+याइ] जुइन्याउने किसिम, क्रिया वा भाव।

जुइन्याइनु–स० क्रि० [जुइन्याउ+इ+नु] जुइनु बाटिनु; ('जुइन्याउनु'-को क० क्रि०)।

जुइन्याउनु–स० क्रि० [जुइनु+याउ+नु] १. जुइनु बाट्नु; एक पयोमात्रको डोरी बनाउनु। २. जुइनाले बाँध्नु।

जुक्तनु–अ० क्रि० [सं० युक्त+नु] आवश्यक वस्तुहरू आइ-पुग्नु; जुट्नु; जम्मा हुनु।

जुक्ताइ–ना० [जुक्त+आइ] जुक्तने किसिम, क्रिया वा भाव; जुक्त्याइ।

जुक्ताइ–ना० [जुक्ताउ+आइ] जुक्ताउने किसिम, क्रिया वा भाव।

जुक्ताइनु–स० क्रि० [जुक्ताउ+इ+नु] जुटाइनु; ('जुक्ता-उनु'-को क० क्रि०)।

जुक्ताउनु–स० क्रि० [जुक्त+आउ+नु] आवश्यक माल-समानहरू जोर्नु; जुटाउनु; जम्मा गर्नु।

जुक्ति–ना० [सं० युक्ति] १. उपाय; युक्ति। २. किल्ली; रहस्य।

जुक्तिनु–अ० क्रि० [जुक्त+इ+नु] जुटिनु; ('जुक्तनु'-को भा० क्रि०)।

जुक्त्याइ–ना० [जुक्ति+याइ] जुक्तिने किसिम, क्रिया वा भाव; जुक्ताइ।

जुक्त्याइ–ना० [जुक्त्याउ+आइ] जुक्त्याउने किसिम, क्रिया वा भाव।

जुक्त्याइनु–स० क्रि० [जुक्त्याउ+इ+नु] जुटाइनु; ('जुक्त्या-उनु'-को क० क्रि०)।

जुक्त्याउनु–स० क्रि० [जुक्ति+आउ+नु] आवश्यक माल-सामानहरू जोर्नु; जम्मा गर्नु।

जुग–ना० [सं० युग] १. युग। २. कुनै विशेष परिस्थितिको समय; जमाना; काल। ३. धेरै वर्षको समय; लामो समय। ४. दुइ वस्तुको समुदाय; युगल। ५. पासाका खेलको एक दाउ।

जुगादि–वि० [सं० युगादि] १. युगका प्रारम्भको। २. ज्यादै पुरानो; प्राचीन।

जुगादि-नवमी–ना० [जुगादि+नवमी (सं०)] कार्तिक शुक्ल नवमी; कुष्माण्ड-नवमी।

जुगान-जुग–ना० [सं० युगानुयुग] १. धेरै जुग; युगान-युग। २. धेरै वर्षको समय; लामो समय।

जुगुप्सक–वि० [सं०] निन्दा गर्ने; निन्दक।

जुगुप्सा–ना० [सं०] १. निन्दा। २. घृणा।

जुगुप्सित–वि० [सं०] १. निन्दा गरिएको; निन्दित। २. घृणित।

जुगुप्सु–वि० [सं०] १. निन्दा गर्ने; निन्दक। २. घृणा गर्ने।

जुङ्गा–ना० [जुँगा] जुँगा।

जुङ्गे–वि० [जुँगे] जुँगे।

जुङ्गे-धान–ना० [जुँगे-धान] जुँगे-धान।

जुङ्गे-मार्सी–ना० [जुँगे-मार्सी] जुँगे-मार्सी।

जुज-बन्दी–ना० [अ० जुज़+बन्दी (फा०)]पुस्तक-पुस्तिकाको प्रत्येक फर्मा अलग-अलग सिई गाँस्ने एक तरीका।

जुजु-धौ–ना० [नेवा०] राम्रोसित जमाएको असल खालको दही; राजसी दही।

जुट–ना० [जुट्] १. जमात; दल। २. ताशको फराँस आदि खेलमा दुइटा उही पत्ती एक साथ आउँदा पर्ने एक दाउ।

जुटाइ–ना० [जुट्+आइ] जुट्ने किसिम, क्रिया वा भाव।

जुटाइ–ना० [जुटाउ+आइ] जुटाउने किसिम, क्रिया वा भाव।

जुटाइनु–स० क्रि० [जुटाउ+इ+नु] जुक्ताइनु; ('जुटाउनु'-को क० क्रि०)।

जुटाउनु–स० क्रि० [जुट्+आउ+नु] १. आवश्यक माल-सामानहरू एकत्रित पार्नु; जुक्ताउनु। २. भेला गर्नु। ३. मिलाउनु; भेट गराउनु; ('जुट्नु'-को प्रे० क्रि०)।

जुटिका–ना० [सं०] शिखा; टुपी।

जुटिनु–अ० क्रि० [जुट्+इ+नु] आवश्यक मालहरू जुरिनु; ('जुट्नु'-को भा० क्रि०)।

जुट्नु–अ० क्रि० [सं० जुड्] १. आवश्यक माल-तालहरू जुर्नु; जुक्तनु; जम्मा हुनु। २. भेला हुनु; एकत्रित हुनु। ३. भेट हुनु; भेटिनु। ४. संयुक्त हुनु; जोड़िनु। ५. प्राप्त हुनु; पाउनु।

जुठेन–ना० [जूठो] जूठो फाल्ने गरेको ठाउँ; रछान।

जुठ्याइनु–स० क्रि० [जुठ्याउ+इ+नु] जूठो पारिनु; बिटोलिनु; ('जुठ्याउनु'-को क० क्रि)।

जुठ्याउनु–स० क्रि० [जूठो+याउ+नु] १. जूठो पार्नु; बिटोल्नु। २. मुख बिटोल्नु। ३. साह्रै कम खानु।

जुठ्यान–ना० [जुठेन] जुठेन।

CC-0. In Public Domain. Digitization by eGangotri

जुड़ो–वि० [सं० जड] १. जुम्सो; जुम्ली; लोसो। २. झिंज्या-हट-लाग्दो; दिक्क-लाग्दो।

जुड़्याइँ–ना० [जुड़ो+याइँ] जुड़ोपन; जुम्स्याइ; सुस्ती।

जुत्ता–ना० [प्रा० जुत्त] सुरक्षाका निमित्त पाउमा लाउने छाला, कपड़ा आदिको वस्तु; पाउ-पोश; उपानह।

जुत्ती–ना० [जुत्ता+ई] १. सानो जुत्ता। २. जुत्ताको प्रहार।

जुत्तो–ना० [ने०] भेड़ा-बाख्राहरूको विष्ठा र मूत्रको मल।

जुत्तो–ना० [जुत्ता] जुत्ता।

जुत्याइ–ना० [जुत्याउ+आइ] जुत्याउने किसिम, क्रिया वा भाव।

जुत्याइनु–स० क्रि० [जुत्याउ+इ+नु] जुताले हानिनु; ('जुत्याउनु'-को क० क्रि०)।

जुत्याउनु–स० क्रि० [जुत्तो+याउ+नु] जुत्ताले हान्नु; जुत्ताले प्रहार गर्नु।

जुदा–वि० [फा०] भिन्न; फरक; अलग; छुट्टा।

जुद्ध–ना० [सं० युद्ध] युद्ध; लड़ाइँ।

जुधाइ–ना० [जुध्+आइ] जुध्ने किसिम वा क्रिया।

जुधाइ–ना० [जुधाउ+आइ] जुधाउने किसिम वा क्रिया।

जुधाइनु–स० क्रि० [जुधाउ+इ+नु] जुध्न लाइनु, ('जुधाउनु'-को क० क्रि०)।

जुधाउनु–स० क्रि० [जुध्+आउ+नु] जुध्न लाउनु; युद्ध गराउनु; ('जुध्नु'-को प्रे० क्रि०)।

जुधान–ना० [जुध्+आन] जुध्ने काम; जुधाइनु; लड़न्त।

जुधिनु–स० क्रि० [जुध्+इ+नु] युद्ध गरिनु; भिड़िनु; ('जुध्नु'-को क० क्रि०)।

जुध्नु–स० क्रि० [प्रा० युद्ध+नु] १. युद्ध गर्नु; लड़ाइँ गर्नु; भिड़नु; लठारिनु। (अ० क्रि०) २. परस्परमा ठक्कर खानु; भिड़िनु।

जुन-सर्वना० [सं० यत्] जे; जो।

जुन-कुनै–वि० [जुन+कुनै] १. सामान्य; सर्व-साधारण; जो-कोही। २. जुनसुकै; जुन।

जुनसुकै–सर्वना० [जुन+सुकै[१. जेसुकै; जुन-कुनै। २ जस्तोसुकै।

जुनाफ–ना० यो० [अ० जानिब] १. छेउ। २. समीप। ३. उच्च अधिकारीकहाँ।

जुनाबी–वि० [अ० जनाबीर] उत्तम श्रेणिको; उत्कृष्ट; जुनार्वी।

जुनार–ना० [?] सुन्तलाजस्तो एक जातको गुलियो फल।

जुनार्बी–वि० [जुनाबी] जुनाबी।

जुनियर-क्लर्क–ना० [अं० जूनियर-क्लार्क] सबभन्दा तल्लो दर्जाको कारिन्दा; दोस्रो-दर्जाको-कारिन्दा।

जुनी–ना० [प्रा० जोणि] १. जन्म; चोला; योनि। २. शरीर; देह।

जुनेली–वि० [जन+एली] टहटह जून लागेको; चन्द्रमाको रश्मिले उज्यालो (रात)।

जुनेलो–ना० [सं० यवनाल] मुरली मकैका जस्ता बोटमा झुप्पा परेर दाना लाग्ने एक थरीको अन्न।

जुबली–ना० [अं० ज्यबिली] कुनै महत्त्वपूर्ण घटनालाई स्मरण गराउने हर्षोत्सव; जयन्ती (विशेषतः पच्चीसौँ, पचासौँ र साठियौँ वर्षमा मनाइने जन्म-जयन्ती)।

जुब्लिली–ना० [जुबली] जुवली।

जुम्रा–ना० [जुम्रो] जुम्रो।

जुम्रो–ना० [प्रा० जूम्रा] पसीनाबाट पैदा हुने, शरीरको रगत चुसेर बाँच्ने एक जातको सानो कीरो; जम्रो।

जुम्ला–वि० [प्रा० जुगल] दुइ वटा जोरिएको (हात आदि)।

जुम्ला–ना० [ने०] नेपालको उत्तर-पश्चिमका पर्वतीय प्रदेशमा रहेको एक जिल्ला।

जुम्ली–वि० [जुम्सो] जुम्सो; जुड़ो; सुस्त; दीर्घ-सूत्री।

जुम्ली–वि० [जुम्ला+ई] १. जुम्लामा बस्ने; जुम्लाको निवासी। २. जुम्ला-सम्बन्धी; जुम्लाको।

जुम्ल्याहा–वि० [प्रा० जुगल] १. एकै पटक एउटै गर्भबाट जन्मेका; जम्ल्याहा (बालक)। २. दुइ वा दुइभन्दा बढ़ी टाँसिएर फलेको (फल)।

जुम्सो–वि० [ने०] काम गर्नमा ढीलो; लोसो; सुस्त; जुम्ली; दीर्घ-सूत्री।

जुम्स्याइ–ना० [जुम्सो+याइ] जुम्सो हुनाको भाव; सुस्ती; जुड़्याइ।

जुम्स्याहा–वि० [जुम्सो+याहा] जुम्सो; जुड़ो; जुम्ली।

जुरजुरी–क्रि० यो० [अ० जर्र] १. धमाधम उठ्ने किसिम; जन्याक-जुरुक। २. धमाधम वा वार-वार उचाल्ने किसिम।

जुरमुराउनु–अ० क्रि० [अ० जर्र] १. उत्तेजनापूर्वक उठ्नु। २. तम्सिनु; तत्पर हुनु।

जुरमुरिनु–अ० क्रि० [जुरमुराउ+इ+नु] जुरमुराउनु।

जुरमुर्याइ–ना० [जरमुरि+याइ] जुरमुरिने किसिम, क्रिया वा भाव।

जुरमुर्याइनु–स० क्रि० [जुरमुराउ+इ+नु] जुरमुराउने पारिनु; ('जुरमुराउनु'-को क० क्रि०)।

जुरमुर्याउनु–स० क्रि० [जुरमुरि+याउ+नु] जुरमुरिने पार्नु; ('जुरमुरिनु'-को प्रे० क्रि०)।

जुरमुर्याहट–ना० [जुरमुरि+याहट] जुरमुर्याइ।

जुराइ–ना० [जुर्+आइ] जुर्ने किसिम, क्रिया वा भाव; जुक्ताइ।

जुराइ–ना० [जुराउ+आइ] जुराउने किसिम, क्रिया वा भाव।

जुराइनु–स० क्रि० [जुराउ+इ+नु] जुटाइनु; ('जुराउनु'-को क० क्रि०)।

जुराउनु–स० क्रि० [जुर्+आउ+नु] १. आवश्यक सबै सर-सामानहरू जोर्नु; जुटाउनु; जुक्ताउनु; ('जुर्नु'-को प्रे० क्रि०)। २. ज्योतिष-शास्त्रानुसार नाम, नक्षत्र,

CC-0. In Public Domain. Digitization by eGangotri

साइत आदि मिलाउनु; फाप्ने वा भविष्यमा पनि मङ्गल हुने पार्नु ।

जुराफ–ना० [अ० जुरूफ़] बट्टाई पाल्ने पिंजराको खोल ।

जुराब–ना० [तु० जुर्राब] एक किसिमको लामो मोजा ।

जुरिनु–अ० क्रि० [जुर्+इ+नु] जुटिनु; ('जुर्नु'-को भा० क्रि०) ।

जुरुक-मुरुक–क्रि० यो० [जुरुक्क+मुरुक्क(फाँ०)] जन्याक-जुरुक; जुरजुरी ।

जुरुक्क–क्रि० यो० [अ०जर्र] बसेका ठाउँबाट एक्कासि उठ्ने किसिम; झट्ट उठ्ने किसिम ।

जुरुङ्ग–क्रि० यो० [ने०] भय, जोश, जाड़ो आदिबाट शरीरमा उत्तेजना पैदा हुने किसिम; रोमाञ्च हुने किसिम; सिरिङ्ग; जिरिङ्ग ।

जुरुङङ–क्रि० यो० [जुरुङ्ग] जुरुङ्ग ।

जुरे–वि० [जुरो+ए] जुरो भएको; जुरो बाँधेको ।

जुरे-काफल–ना० [जुरे+काफल] १. लाम्चा पात हुने, दूध आउने गुलिया पहेँला लाम्चा फल फल्ने एक जातको बोट । २. त्यसैको फल ।

जुरे-चील–ना० [जुरे+चील] जुरो हुने एक जातको चील ।

जुरेतङ–ना० [जुरे+तङ] कौल अड्याउने काठीको जुरो ।

जुरेली–ना० [जुरो+एली] जुरो हुने, पुच्छरको तल रातो हुने, कालो रङ्गको, भँगेरोभन्दा केही ठूलो एक जातको चरो ।

जुरेलो–ना० [जुरो+एलो] झुन्ड्याउनाका निम्ति घुमका पीठमा लाएको उझिन्डो ।

जुरे-सुगा–ना० [जुरे+सुगा] जुरो हुने एक जातको सुगा ।

जुरो–ना० [सं० जूट] १. समेटेर गुजुल्टो पारेको कपाल । २. गुजुल्टो पारेको, कुनिउँहरूको गजूर । ३. जुरेली, लाम्पुच्छ्रे आदि पक्षीका शिरमा उठेको प्वाँख । ४. शिखर; चुचुरो । ५. साँढ़ेका काँधमाथिको मांस-पिण्ड ।

जुर्नु–अ० क्रि० [जुट्+नु] १. अकस्मात् आइपर्नु; जुवतनु; जुट्नु । २. विवाह गर्नका निमित्त वर र वधूका ग्रह-नक्षत्र ज्योतिष-शास्त्रानुसार मिल्नु । ३. साइत मिल्नु ।

जुर्रा–ना० [फा० जुर्रः] भाले बाज ।

जुलाई–ना० [अं०] ईसवी वर्षको सातौँ महीना; जूनपछिको महीना; जेठ-असारमा पर्ने ईसवी महीना ।

जुलाफ–ना० [जुलाब] जुलाब ।

जुलाब–ना० [अ० जुल्लाब] १. दिसा खलास गरेर पेटको कसर सफा गर्ने क्रिया; रेचन । २. दिसा खलास गर्ने औषधी ।

जुलाहा–ना० [फा० जौलाह] कपड़ा बुन्ने एक जाति; तन्तु-कार ।

जुलुम–ना० [अ० जुल्म] १. अत्याचार; अन्याय । २. जबरदस्ती; जोर-जुलुम । (क्रि० यो०) ३. साह्रै ढीलो; अति विलम्ब । ४. अति; अत्यन्त ।

जुलुमी–वि० [जुलुम+ई] १. जुलम गर्ने; अत्याचारी । २. वेस; उत्तम; उम्दा ।

जुलूस–ना० [अ०] १. धेरै मानिसहरूको एक साथको यात्रा; उत्सव वा समारोहमा एकत्रित मानिसहरूको यात्रा । २. कुनै सामूहिक उद्देश्य पूरा गर्न अधिकारीहरूमाथि प्रभाव पार्ने हेतुले हिँड़ेका मानिसहरूको भीड़ ।

जुल्फी–ना० [फा० जुल्फ़] छाँट-काँट गरी तहलाएर गाला-सम्म वा काँधसम्म आउने गरी पालेको कपाल ।

जुल्फे–वि० [जुल्फी+ए] जुल्फी पालेको; लामो जुल्फी हुने ।

जुवा–ना० [प्रा० जुग] १. गोरुका काँधमा रहने हलाको अवयव । २. विशेष गरेर तराई-खण्डमा हलो जोत्ता वा दाइँ गर्दा गाइने एक प्रकारको लोक-गीत ।

जुवा–ना० [जूवा] जूवा ।

जुवाइँ–ना० [प्रा० जामाउय] छोरी वा बहिनीको पति; जामाता; ज्वाइँ ।

जुवाड़ी–वि० [जूवा+आड़ी] ज्यादा जूवा खेल्ने; जूवा खेल्ने लत बसेको; जुवाड़े ।

जुवाड़े–वि० [जुवाड़ी] जूवा खेल्ने आदत बसेको; जुवाड़ी ।

जुवारी–ना० [प्रा० जुअल+आरी] स्त्री र पुरुषले परस्परमा लयका साथ गर्ने शृङ्गार-भाव-प्रधान सवाल-जवाफ; एक प्रकारको लोक-गीत ।

जुहार–ना० [अ० जौहर] रत्न; मणि; जवाहिरात ।

जुहारात–ना० [अ० जवाहिरात] जुहार; रत्न; मणि ।

जुहारी–ना० [अ० जौहरी] रत्नको व्यापारी वा पारखी; जौहरी ।

जूका–ना० [सं० जलौका] १. सिमसारमा हुने; प्राणीको रगत चुस्ने, टाउको र पुच्छरले टेकी हिँड्ने एक जातको लामो आकारको कीरो । २. पेटमा पर्ने गँड़ेउलाजस्तो कीरो ।

जूके–वि० [जूको+ए] १. जूका-सम्बन्धी; जूकाको । २. जूका परेको; जूका भएको ।

जूको–ना० [जूका] जूका ।

जूट–ना० [सं०] कपालको गुजुल्टो; जुरो ।

जूट–ना० [अं०] सन-पाट ।

जूठपिण्डी–ना० [जूठो+पिण्ड] १. जूठो बार्नुपर्ने र पिण्ड दिनुपर्ने सम्बन्ध; जूठो-सूतक बार्नुपर्ने नाता । २. जूठो र सूतक ।

जूठो–ना० [प्रा० जुट्ठ] १. कसैले खाएर बाँकी रहेको खानेकुरो; पुरा; उच्छिष्ट । २. अरूले मुख हाल्दा वा खाँदा हुने अशुद्धता; उच्छिष्टता । ३. आमा, बाबु, ज्ञाति-भाइहरू मर्दा लाग्ने आशौच; मर्दा लाग्ने सूतक । (वि०) ४. त्यस्तो अशुद्ध भएको ।

जून–ना० [सं० ज्यौत्स्न] १. चन्द्रमाको किरण; चन्द्र-रश्मि । २. चन्द्रमा ।

जून–ना० [अं०] ईसवी वर्षको सातौँ महीना; वैशाख-जेठमा पर्ने ईसवी महीना ।

CC-0. In Public Domain. Digitization by eGangotri

जून-कीरी–ना० [जून+कीरी] शरीरको पछिल्लो भाग आगोजस्तो झिलिक्क-झिलिक्क देखिने गरी वर्षा-ऋतुको रातमा उड्ने एक जातको कीरो ।

जूनियर-क्लर्क–ना० [अं० जूनियर क्लार्क] जुनियर-क्लर्क ।

जूरी–ना० [अं०] न्यायाधीशका साथ बसेरदो षादोषको निर्णय गर्ने व्यक्तिहरूको समूह; अभिनिर्णायक ।

जूवा–ना० [प्रा० जूव] धन-सम्पत्ति आदि हार-जीत हुने गरी बाजी राखेर खेलिने खेल; द्यूत ।

जूष–ना० [सं०] कुनै खाद्य पदार्थ पकाएको पानी; झोल; रस ।

जूस–ना० [सं० जूष] १. पकाएको दाल, मासु आदिको पानी; झोल; रस । २. फल आदिको रस ।

जूही–ना० [सं० यूथी] १. साना-साना पात हुने, वर्षा-कालमा लाम्चा रङ्गका साना-साना फूल फुल्ने एक जातको लहरो। २. त्यसैको फूल ।(यो सेतो, पहेँलो, रातो र कालो रङ्गका फूल फुल्ने–चार जातको हुन्छ ।)

जृम्भ–ना० [सं०] उङ, आलस्य, उराठ आदि लाग्दा पूरा मुख बाएर जोरले सास तानी विस्तारै छोड़िने शारीरिक सहज क्रिया; हाई ।

जृम्भक–वि० [सं०] हाई गर्ने ।

जृम्भा–ना० [सं०] हाई; जृम्भ ।

जृम्भी–वि० [सं०] हाई गर्ने ।

जे-सर्वना० [प्रा०] अनिश्चित निर्जीव पदार्थका सट्टामा आउने शब्द; जुन ।

जेट-विमान–ना० [अं० जेट+विमान (सं०)] एक विशेष प्रकारको इन्जिन-युक्त तीव्र-गामी वायु-यान ।

जेठ–ना० [प्रा० जेट्ठ] ज्येष्ठा नक्षत्र-युक्त पूर्णिमा पर्ने महीना; जेष्ठ महीना ।

जेठ-बूढ़ो–ना० [जेठो+बूढ़ो] द्वारेजस्तो गाउँ-घरमा सरकारी रकम उठती-पुठती गर्ने, मुखियाभन्दा तल्लो कक्षाको सरकारी कर्मचारी ।

जेठ-रैती–ना० [जेठो+रैती] गाउँ-घरमा मुखियासरह मानिएको व्यक्ति; बड़घर ।

जेठा-कान्छी–ना० [जेठो+कान्छो] उमेरको घटी-बढ़ी; जन्म-कालको अन्तर ।

जेठाजु–ना० [जेठाज्यू] जेठाज्यू ।

जेठाज्यू–ना० [जेठा+ज्यू] पोइको दाज्यू ।

जेठान–ना० [जेठो] स्वास्नीको दाज्यू ।

जेठानी–ना० [जेठो+नी] जेठाज्यूकी स्वास्नी; पोइकी भाउज्यू ।

जेठान-दिदी–ना० [जेठानी+दिदी] जेठानकी स्वास्नी; स्वास्नीकी भाउज्यू ।

जेठा-बाबु–ना० [जेठो-बाबु] जेठो-बाबू ।

जेठिमधु–ना० [सं० यष्टिमधु] १. ठूला पात, साना-साना हरिया फल र मोटो गुलियो जरा हुने एक लहरो; यष्टिमधु । २. त्यसैको फूल वा जरा ।(आयुर्वेदमा यसका जराको गुण आँखालाई हित गर्ने, पित्त-नाशक, रुचि-कारक, कास-नाशक र बल-वर्द्धक बताइएको छ । यसको फलको गुण जुलाफ हुने बताइएको छ ।)

जेठी–वि० [जेठो+ई] १. बढ़ी उमेरकी; पहिले जन्मेकी । (ना०) २. जेठाकी स्त्री ।

जेठी-आमा–ना० [जेठी+आमा] १. जेठा-बाबुकी स्वास्नी; बाबूकी भाउज्यू । २. आफ्नी आमाभन्दा पहिले बाबुले विवाह गरेकी सौताने आमा ।

जेठीमधु–ना० [सं० यष्टिमधु] जेठिमधु ।

जेठी-सासू–ना० [जेठी+सासू] १. स्वास्नीकी दिदी । २. ससुराकी जेठी भाउज्यू; सासूकी जेठानी ।

जेठेक–ना० [जेठो] सबै भाइलाई समान भाग लागिसके-पछि जेठालाई सम्मानका निमित्त दिइने अतिरिक्त केही सम्पत्ति; जेठ्याक ।

जेठो–वि० [प्रा० जेट्ठो] बढ़ी उमेरको; दाजु-भाइमा पहिले जन्मेको; जेष्ठ ।

जेठो-बाठो–ना० [जेठो+बाठो] जेठो र अनुभवी; बूढ़ो-पाको र जान्ने-सुन्ने ।

जेठो-बाबु–ना० [जेठो+बाबु] बाबूको दाजु; जेठा-बाबु ।

जेठो-बूढ़ो–वि० [जेठो+बूढ़ो] गाउँ-छिमेकमा सबभन्दा बूढ़ो, अनुभवी र जानिफकार ।

जेठ्याक–ना० [जेठेक] जेठेक ।

जेतव्य–वि० [सं०] जित्न योग्य; विजय गर्न योग्य ।

जेता–वि० [सं०] जित्ने; विजयी ।

जेतेमेते–ना० [नें०] १. कम महत्त्वका माल-मत्ताहरू; चान-चुने माल; खत्र्याक-खुत्रुक । (क्रि० यो०) २. उपेक्षा-पूर्वक काम गर्ने किसिम; खस्याङ-खुसुङ ।

जेथा–ना० [प्रा० जेत्तिअ] चल र अचल सबै सम्पत्ति; श्री-सम्पत्ति ।

जेथा-जमीन–ना० [जेथा+जमीन] चल-अचल सबै सम्पत्ति ।

जेनतेन–क्रि० यो० [सं० येनतेन] जिनतिन; जसरी-तसरी; येनतेन ।

जेब–ना० [अ० जेब] खल्ती; बगली ।

जेब-खर्च–ना० [फा० जेब+खर्च] चुरोट, सुपारी, पान आदिका निमित्तको फर्माइशी खर्च; पाकेट-खर्च ।

जेब-घड़ी–ना० [फा० जेब+घड़ी] जेबमा राख्ने घड़ी; जेबी-घड़ी ।

जेबी–वि० [अ० जेब+ई] १. बगलीमा अटाउने; जेबमा राख्न हुने । २. जेब-सम्बन्धी; खल्तीको ।

जेबी-घड़ी–ना० [फा० जेबी+घड़ी] जेब-घड़ी ।

जेबी-रूमाल–ना० [फा० ज़ेबी+रूमाल] हात, मुख पुछ्न वा शोभाका निमित्त जेबमा राखिने रूमाल ।

जेब्रे–ना० [नें०] सेल रोटी ।

जेभ्रे–ना० [नें०] सेल रोटी ।

CC-0. In Public Domain. Digitization by eGangotri

जेय–वि० [सं०] जित्न योग्य; जेतव्य।

जेरबन्द–ना० [फा० ज़ेरबन्द] घोड़ाका पेटमा बाँध्ने काठीको साज।

जेल–ना० [अं०] १. झ्यालखाना; खोर। २. कैद; थुना।

जेलखाना–ना० [अं० जेल+खाना (फा०)] सरकारले अपराधीहरूलाई नियत समयसम्म थुन्ने ठाउँ वा घर; झ्यालखान; खोर।

जेलाइ–ना० [जेल्+आइ] जेल्ने किसिम, क्रिया वा भाव।

जेलाइनु–स० क्रि० [जेलाउ+इ+नु] जेल्न लाइनु; ('जेलाउनु'-को क० क्रि०)।

जेलाउनु–स० क्रि० [जेल्+आउ+नु] जेल्न लाउनु; ('जेल्नु'-को प्रे० क्रि०)।

जेलिनु–स० क्रि० [जेल्+इ+नु] १. चारैतिरबाट बाँधिनु; बेह्रिनु; ('जेल्नु'-को क० क्रि०)। (अ० क्रि०) २. अलमलमा पर्नु; अलमलिनु। ३. परस्परमा अल्झनु; गाँठो पर्नु।

जेल्नु–स० क्रि० [जाल+नु] १. चारैतिरबाट बाँध्नु; बेर्नु। २. अलमल्याउनु।

जेवर–ना० [फा० ज़ेवर] गहना-गुरिया; आभषण।

जेसुकै–सर्वना० [जे+सुकै] जुनसुकै; जे पनि।

जेहन–ना० [अ० ज़ेहन] १. समझ; बुझ्ने शक्ति। २. दिमाग; मगज।

जेहनदार–वि० [अ० ज़ेहन+दार (फा०)] जेहन भएको; समझदार; बुद्धिमान्।

जेहेरी–ना० [जलेवी] ठूलो पारी पकाएको जिलेवी; एक प्रकारको जिलेवी।

जै–ना० [जई] जई अन्न।

जैतून–ना० [अ०] गोल-काँक्रीका आकारका नीला फल फल्ने, नर्कटका जस्ता, सान्साना पात हुने एक जातको वृक्ष। (अरब र पश्चिम यूरोपका प्राचीन जातिहरू यसलाई पवित्र मान्दछन्।)

जैत्र–वि० [सं०] जित्ने; जय-शील; विजयी।

जैन–ना० [सं०] १. महावीर वर्धमानले चलाएको एक अहिंसा-मलक धर्म। २. त्यस धर्मका अनुयायी; जैनी। ३. बुद्ध।

जैनी–ना० [सं० जैन+ई] जैन-मतावलम्वी; जैन।

जैरे–ना० [ने०] १. काखीको रौँ; काखीमा उम्रने रौँ। (वि०) २. तुच्छ; नीच; क्षुद्र।

जैले–क्रि० यो० [जहिले] जहिले; यदा।

जैलेसुकै–क्रि० यो० [जैले+सुकै] जुनसुकै वेला; जहिलेसुकै।

जैव–वि० [सं०] जीव-सम्बन्धी; जीवको।

जैवातृक–वि० [सं०] १. धेरै वर्ष बाँच्ने; चिर-जीवी। (ना०) २. चन्द्रमा। ३. छोरो।

जैसिनी-मार्सी–ना० [ने०] गाढ़ा कलेजी रङ्गको एक जातको मार्सी धान।

जैसी–ना० [ने०] बाहुनी बाहुनसितै पोइल गएर वा उसले अवैध तरीकाले विवाह गरेर जन्मेको सन्तान; एक वर्णसङ्कर बाहुन जाति।

जैसी–ना० [सं० ज्योतिषी] ज्योतिषी।

जैसी-कोठा–ना० [?] परराष्ट्र-विभाग-मातहतको एक अड्डा। (चीन र भोट-सम्बन्धी पुराना कागज-पत्र यहीँ राखिएका छन्।)

जो–सर्वना० [प्रा०] १. कुनै व्यक्ति; जुन-कुनै। २. जे; जुन। (संयो०) ३. पहिले उल्लेख गरिएका नाम वा सर्वनाम शब्दका वर्णनमा अर्को कुराको वर्णन गर्न सम्बन्ध जोड्ने शब्द; र त्यो। (उदा०—त्यो व्यक्ति जो परोपकारी छ, नेता हुन लायक छ।)

जोइटिङ्गरे–वि० [जोई+इङ्गर] स्वास्नीका वशमा रहने; स्वास्नीका इच्छाअनुसार चल्ने।

जोइल–ना० [जोई] आफ्नो कमाइ र घर-द्वार गरी बसेकी स्त्रीलाई स्वास्नी राखेर पुरुष त्यहीँ बस्न जाने काम; जोईको घर; घर-ज्वाइँ बस्न जाने काम।

जोई–ना० [सं० जाया] स्वास्नी; पत्नी।

जोकर–ना० [अं०] १. ताशमा बाउन्न चक्कीदेखि अतिरिक्त, विलक्षण चित्र भएको चक्की। २. विदूषक; लवार-पाँड़े। ३. ठटचौलो व्यक्ति।

जो-कोही–सर्वना० [जो+कोही] कुनै; जुनसुकै; कोही।

जोख-तौल–ना० [जोख्+तौल] जोख्ने काम; तौलने काम।

जोखना–ना० [सं० ज्योतिष] १. ग्रह, नक्षत्र आदिबाट हुने शुभाशुभको विचार; भूत, प्रेत आदिको दोष-विचार। २. कुनै तात्कालिक घटनाको परिणाम जान्नाका लागि कुण्डलीमा चामल खसालेर वा त्यस्तै अरू कुनै तरीकाले शुभाशुभ फल विचार गर्ने काम। ३. गढ़ेर विचार गर्ने काम; मनन।

जोखाइ–ना० [जोख्+आइ] जोख्ने किसिम, क्रिया वा भाव; तौलाइ।

जोखाइनु–स० क्रि० [जोखाउ+इ+नु] जोख्न लाइनु; ('जोखाउनु'-को क० क्रि०)।

जोखाउनु–स० क्रि० [जोख्+आउ+नु] जोख्न लाउनु; जोख-तौल गराउनु; ('जोख्नु'-को क० क्रि०)।

जोखिनु–स० क्रि० [जोख्+इ+नु] जोख-तौल गरिनु; ('जोख्नु'-को क० क्रि०)।

जोखिम–ना० [सं० जोषण] नोक्सान हुने सम्भावना; अनिष्ट वा विपत्तिको आशङ्का।

जोखिम–ना० [फा० ज़ख्म] शरीरको कुनै अवयवमा चोट-पटक लागी हुने क्षति।

जोखिमी–वि० [जोखिम+ई] नोक्सान हुने सम्भावना भएको; जोखिम भएको।

जोख्नु–स० क्रि० [सं० जुष्+नु] तौलनु; जोख-तौल गर्नु।

जोग–ना० [प्रा०] योग।

CC-0. In Public Domain. Digitization by eGangotri

जोगाइ–ना० [जोगाउ+आइ] जोगाउने किसिम, क्रिया वा भाव।

जोगाइ–ना० [जोगि+आइ] जोगिने किसिम, क्रिया वा भाव।

जोगाइनु–स० क्रि० [जोगाउ+इ+नु] बचाइनु; ('जोगाउनु'-को क० क्रि०)।

जोगाउनु–स० क्रि० [जोगि+आउ+नु] १. बचाउनु; बिग्रनु-बाट रक्षा गर्नु। २. उभार्नु; बचत गर्नु।

जोगामेसो–ना० [प्रा० जोग्+मेसो] संयोग; मौका; चानस।

जोगिइनु–अ० क्रि० [जोगि+इ+नु] बचिनु; उम्किनु; ('जोगिनु'-को भा० क्रि०)।

जोगिनी–ना० [सं० योगिनी] १. संन्यास लिएकी स्त्री; संन्यासिनी। २. सिद्ध भएकी स्त्री। ३. जोगीकी स्त्री। ४. योगिनी देवी। ५. ज्योतिषको एक दशा।

जोगिनु–अ० क्रि० [प्रा० जोग+इ+नु] १. बच्नु; उम्कनु। २. बाँकी रहनु; शेष बच्नु; उभ्रनु। ३. नबिग्रनु।

जोगी–ना० [प्रा०] योगी; संन्यासी।

जोगी-चरो–ना० [जोगी+चरो] एक जातको चरो।

जोगी-जङ्गम–ना० [जोगी+जङ्गम] जोगी, संन्यासी आदि।

जोगे-काठ–ना० [प्रा० जोग+काठ] कापे परेको काठ; खामो।

जोड्ङट–ना० [सं०] गर्भिणीको इच्छा; दोहद।

जोड़–ना० [सं० योग] १. गणितमा एकभन्दा बढ़ी सङ्ख्या-राशि जोड्ने क्रिया; जम्मा; योग। २. एकभन्दा बढ़ी सङ्ख्या-राशि जम्मा गरेर निस्केको उत्तर; योग-फल; टोटल। ३. दुइ वस्तु मिलेको वा जोरिएको ठाउँ; जोर्नी; सन्धि-स्थान।

जोड़–ना० [फा० ज़ोर] जोर; बल।

जोड़-का-तोड़–ना० [जोड़+तोड़] १. दुइ जनाको प्रतिस्पर्धामा बराबरी हुनु; बलाबल; समानता। (वि०) २. समान बल वा योग्यता भएको।

जोड़-तोड़–ना० [जोड़+तोड़] भएभरको बलको प्रयोग; बलाबल।

जोड़दार–वि० [फा० ज़ोरदार] जोरदार।

जोड़ा–ना० [प्रा० जोडिअ] १. भाले-पोथी; जोई-पोइ; स्त्री-पुरुष। २. मिल्दो दुइ वस्तु; समान दुइ वस्तु। ३. एउटाको बराबरीमा आउने उस्तै अर्को वस्तु। ४. साथी।

जोड़ाइ–ना० [जोड्+आइ] जोड्ने किसिम, क्रिया वा भाव; जोराइ।

जोड़ाइनु–स० क्रि० [जोड़ाउ+इ+नु] जोड्न लाइनु; ('जोड़ाउनु'-को क० क्रि०)।

जोड़ाउनु–स० क्रि० [जोड्+आउ+नु] जोड्न लाउनु; ('जोड्नु'-को प्रे० क्रि०)।

जोड़िनु–स० क्रि० [जोड्+इ+नु] १. मिलाइनु; संयुक्त गरिनु; ('जोड्नु'-को क० क्रि०)। २. मिल्नु; संयुक्त हुनु।

जोड़ी–ना० [जोड़ा+ई] १. प्रतिद्वन्द्वी; प्रतिस्पर्धी। २. भाले-पोथी; जोड़ा। ३. मिल्दा-जुल्दा दुइ वस्तु। ४. समानता।

जोड्नु–स० क्रि० [प्रा० जोड+नु] १. मिलाउनु; संयुक्त गर्नु। २. जम्मा गर्नु; जोड़ गर्नु। ३. एकत्रित गर्नु; जोर्नु।

जोत–ना० [प्रा० जोत्त] १. हलाले खेत-बारी खोस्रने काम; जोताइ। २. धनुसित परिन्जोलाई जोड़ेर बाँध्ने डोरी।

जोत-जिरायत–ना० [जोत+जिरायत] जिमीदारले आफै खन-जोत गराएको जमीन; जिरायत जग्गा।

जोताइ–ना० [जोत्+आइ] जोत्ने किसिम, क्रिया वा भाव।

जोताइनु–स० क्रि० [जोताउ+इ+नु] जोत्न लाइनु; ('जोताउनु'-को क० क्रि०)।

जोताउनु–स० क्रि० [जोत्+आउ+नु] जोत्न लाउनु; ('जोत्नु'-को प्रे० क्रि०)।

जोतारो–ना० [जोत्+आरो] जुवाका सोइलामा बाँधेर गोरुका गलामा बाँध्ने दाम्लो।

जोताहा–ना० [जोत्+आहा] हलो जोत्ने व्यक्ति; हली।

जोताहार–ना० [जोताहा] खूब जोतिने जातको गोरु।

जोतिनु–स० क्रि० [जोत्+इ+नु] जोत्ने काम गरिनु; ('जोत्नु'-को क० क्रि०)।

जोत्नु–स० क्रि० [जोत+नु] १. हलाले खेत-बारीहरू खोस्रनु; हलाको उपयोग गर्नु। २. गोरुका काँधमा जुवा राखेर जोताराले बाँध्नु। ३. बग्गीमा घोड़ालाई कस्नु। ४. काममा बेसरी लगाउनु; लदाउनु। ५. ठेल्नु; घचेट्नु।

जोधा–वि० [सं० योद्धा] १. खूब लड्ने; लड़ाका; जोधाहा। २. जोरी खोजेर हिंड्ने। ३. बलियो। ४. हृष्ट-पुष्ट।

जोधाहा–वि० [जुध्+आहा] १. खूब जुध्ने; जोधा; योद्धा। २. जोरी खोज्ने। ३. बलियो। ४. हृष्ट-पुष्ट।

जोन–ना० [अं०] कुनै काम गर्नाका निमित्त निर्धारित क्षेत्र।

जोनल–वि० [अं०] जोनको; जोन-सम्बन्धी।

जोबन–ना० [सं० यौवन] १. यौवन; जवानी। २. कुच; स्तन।

जोबनदार–वि० [जोबन+दार (फा०)] जोबन भएको; जवान।

जोर–ना० [प्रा० जुग्ग] एकसाथ उपयोगमा आउने दुइ वस्तु; जोड़ी।

जोर–ना० [फा० ज़ोर] १. बल; शक्ति; ताकत। २. वेग; शीघ्र गति। ३. जबरदस्ती; बल-प्रयोग। ४. मेहनत; श्रम।

जोरजाम–ना० [जोर्+जम्मा] आवश्यक सर-सामान जुटा-उने काम; जोर्ने काम।

जोर-जुलुम–ना० [फा० ज़ोर+जुल्म (अ०)] १. बल-जफत; जबरदस्ती। २. अन्याय; अत्याचार।

जोर-जुलम–ना० [फा० ज़ोर-जुल्म] जोर-जुलुम।

जोरदार–वि० [फा० ज़ोरदार] जोर भएको; प्रबल; शक्ति-शाली।

CC-0. In Public Domain. Digitization by eGangotri

जोरन–ना० [जोर्] १. संयोग; मौका। २. दहीको बीउ।
जोर-फोर–ना० [जोर्+फोर्] चित्त नबुझ्दो कुरा भन्ने, सुन्ने र सुनाउने सबै जम्मा पारी त्यस कुराको सत्यासत्य पत्ता लाउन काम।
जोर-शोर–ना० [फा० ज़ोर-शोर] १. ठूलो जोर; प्रबलता; प्रचण्डता। २. जोश।
जोरही–ना० [ने०] हात्तीको पोथी बच्चो।
जोराइनु–स० क्रि० [जोराउ+इ+नु] जोर्न लाइनु; ('जोराउनु'-को क क्रि०)।
जोराउनु–स० क्रि० [जोर्+आउ+नु] जोर्न लाउनु; ('जोर्नु'-को प्रे० क्रि०)।
जोरिनु–स० क्रि० [जोर्+इ+नु] एउटामा अर्को गाँसिनु; ('जोर्नु'-को क० क्रि०)।
जोरी–ना० [जोड़ी] जोड़ी; प्रतिद्वन्द्वी।
जोरी-खोजाहा–वि० [जोरी+खोज्+आहा] ज़ोरी खोज्ने; झगड़ा गर्न खोज्ने; निहुँ-खोजाहा।
जोरी-पारी–ना० [जोरी+पारी (फाँ०)] आफूसमानका व्यक्ति; जोरी।
जोर्नी–ना० [जोर्] १. दुइ वस्तु जोरिने ठाउँ; सन्धि। २. गाँसिएको ठाउँ; गाँस।
जोर्नु–स० क्रि० [जोड्+नु] १. एउटामा अर्को गाँस्नु; जोल्टचाउनु। २. जड्नु; जड़ान गर्नु। ३. जम्मा गर्नु; जुटाउनु। ४. जोड्नु; मिलाउनु।
जोल्टिइनु–अ० क्रि० [जोल्टि+इ+नु] परस्परमा अल्झिनु; ('जोल्टिनु'-को भा० क्रि०)।
जोल्टिनु–अ० क्रि० [जोरि+नु] १. दुइ वा दुइभन्दा बढ्ता वस्तुहरू परस्परमा अल्झिनु; लठारिनु। २. खप्टिनु। ३. मिल्नु; जोड़िनु।
जोल्टचाइ–ना० [जोल्टचाउ+आइ] जोल्टचाउने किसिम, क्रिया वा भाव; अल्झाइ।
जोल्टचाइ–ना० [जोल्टि+याइ] जोल्टिने किसिम, क्रिया वा भाव; अल्झाइ।
जोल्टचाइनु–स० क्रि० [जोल्टचाउ+इ+नु] परस्परमा अल्झाइनु; ('जोल्टचाउनु'-को क० क्रि०)।
जोल्टचाउनु–स० क्रि० [जोल्टि+याउ+नु] १. परस्परमा अल्झाउनु; अड्काउनु। २. बाँध्नु। ३. मिलाउनु; जोर्नु।
जोश–ना० [फा०] १. मनको तीव्र वृत्ति; आवेग; मनोवेग। २. फूर्ति।
जोशिलो–वि० [फा० जोश+इलो] १. जोश भएको। २. फूर्तिलो; तेजिलो। ३. जोश उठ्ने; रन्ज उठ्ने।
जोसुकै–सर्वना० [जो+सुकै] जुनसुकै; जो-कोही; जो।
जोह–ना० [प्रा० जोहा] १. बन्दोबस्त; इन्तिजाम; जोहो। २. आवश्यक माल-मत्ता जोर्ने काम; जोरजाम; सङ्ग्रह। ३. खोजी।
जोहो–ना० [जोह] जोह।
जौ–ना० [प्रा० जव] कार्तिक-मङ्सीरमा रोपेर वैशाख-जेठमा काटिने, गहूँका जस्ता बोट हुन, टुँड़ा हुन एक जातको प्रसिद्ध अन्न; यव।
जौ-जहान–ना० [(फाँ०) जौ+जहान] सम्पूर्ण परिवार; सब जहान।
जौहरी–ना० [अ०] जुहारातको व्यापारी वा पारखी।
ज्ञ–'ज्' र 'ञ'-को संयुक्त रूप। देवनागरी वर्ण मालामा यसको स्वतन्त्र रूप पनि मानिएको छ। यसको उच्चारण तालु-स्थानवाट हुन्छ।
ज्ञ–वि० [सं०] १. नाम-शब्दका पछिल्तिर लागेर 'जान्ने' भन्ने अर्थ बुझाउने शब्द; ज्ञाता। (उदा०–विशेषज्ञ, गुणज्ञ, कृतज्ञ आदि।) (ना०) २. वुध ग्रह।
ज्ञपित–वि० [सं०] जनाइएको; ज्ञापित।
ज्ञप्त–वि० [सं०] १. जानेको; बुझेको। २. बुझाइएको।
ज्ञप्ति–ना० [सं०] १. ज्ञान; विचार। २. बुद्धि। ३. जनाइने वा बोध गराइने विषय।
ज्ञात–वि० [सं०] जानिएको; थाहा पाइएको; विदित।
ज्ञात-यौवना–ना० [सं०] आफ्नो यौवनको ज्ञान भएकी नायिका; मुग्धा नायिकाको एक भेद।
ज्ञातव्य–वि० [सं०] जान्न योग्य; थाहा पाउन लायक; ज्ञेय।
ज्ञाता–वि० [सं०] जान्ने; थाहा पाउने; जानिफकार।
ज्ञाति–ना० [सं०] एकै गोत्र वा एकै वंशका मनुष्य; गोत्रीय व्यक्ति।
ज्ञाति-कर्म–ना० [सं०] भाइ-बन्धुको कर्तव्य।
ज्ञान–ना० [सं०] १. मन वा आत्मालाई हुने कुनै विषयको बोध; थाह; जानकारी। २. शास्त्रहरूको अनुशीलनबाट हुने आत्म-तत्त्वको बोध; तत्त्व-ज्ञान; आत्म-साक्षात्कार। ३. पर-ब्रह्म।
ज्ञान-कृत–वि० [सं०] जानी-बुझीकन गरिएको।
ज्ञान-गम्य–वि० [सं०] ज्ञानद्वारा थाहा पाउन सकिने; बुद्धिले ठम्याउन सकिने।
ज्ञान-गर्भ–वि० [सं०] ज्ञान भएको; ज्ञानी।
ज्ञान-गोचर–वि० [सं०] ज्ञानेन्द्रियद्वारा जान्न सकिने; ज्ञान-गम्य।
ज्ञान-चक्षु–ना० [सं०] १. ज्ञानका आँखा; अन्तर्दृष्टि। (वि०) २. ज्ञान-दृष्टि भएको; विद्वान्।
ज्ञानतः–अव्य० [सं०] जानी-बुझीकन; ज्ञानपूर्वक।
ज्ञानद–ना० [सं०] गुरु।
ज्ञानदा–ना० [सं०] ज्ञानकी अधिष्ठात्री देवी; सरस्वती।
ज्ञान-दाता–वि० [सं०] १. ज्ञान दिने। (ना०) २. गुरु।
ज्ञान-दुर्बल–वि० [सं०] अज्ञानी; मूर्ख।
ज्ञान-निष्ठ–वि० [सं०] सत्य अथवा आध्यात्मिक ज्ञान-सम्पादनमा तत्पर।
ज्ञान-पिपासा–ना० [सं०] ज्ञान प्राप्त गर्ने प्रवल इच्छा।

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान-पिपासु–वि० [सं०] ज्ञानको इच्छा गर्ने; ज्ञानार्थी; जिज्ञासु।

ज्ञानमय–वि० [सं०] १. ज्ञानले भरिएको। २. ज्ञानस्वरूप। ३. चिन्मय। ४. पर-ब्रह्म।

ज्ञान-मुद्रा–ना० [सं०] तन्त्र-शास्त्रानुसार चोर-औंलो र बूढी औंठोका टुप्पा जोरेर देखाइने एक मुद्रा।

ज्ञान-योग–ना० [सं०] ज्ञान-प्राप्तिद्वारा गरिने मोक्षको साधना।

ज्ञानवान्–वि० [सं०] ज्ञान भएको; ज्ञानी।

ज्ञान-वृद्ध–वि० [सं०] ज्ञान र पाण्डित्यद्वारा आदरणीय र मान्य भएको।

ज्ञान-साधन–ना० [सं०] १. ज्ञान हासिल गर्नु; ज्ञान-प्राप्तिको प्रयत्न गर्नु। २. इन्द्रिय।

ज्ञानी–वि० [सं०] आत्म-ज्ञान वा ब्रह्म-ज्ञान प्राप्त गरेको; ज्ञानवान्।

ज्ञानेन्द्र-वीर-विक्रम-शाह-देव–ना० [सं०] २००७ सालमा नेपालको राज-सिंहासनमा राखिएका, वर्तमान महाराजाधिराज श्री ५ महेन्द्र-वीर-विक्रम-शाह-देवका माहिलापुत्र।

ज्ञानेन्द्रिय–ना० [सं०] भौतिक विषयको ज्ञान गराउने इन्द्रियहरू (आँखा, कान, नाक, जिब्रो र छाला)।

ज्ञापक–वि० [सं०] थाहा दिने; सूचक।

ज्ञापन–ना० [सं०] थाहा दिनु; बताउनु; सूचना दिनु।

ज्ञापयिता–वि० [सं०] सूचना दिने; ज्ञापक।

ज्ञापित–वि० [सं०] १. बताइएको; सूचित। २. प्रकट गरिएको; प्रकाशित।

ज्ञाप्य–वि० [सं०] बताउन योग्य; थाहा दिन लायक।

ज्ञेय–वि० [सं०] १. जान्न योग्य; थाहा पाउन लायक; ज्ञातव्य। २. जान्न सकिने; बुझ्न सकिने।

ज्या–ना० [सं०] १. धनुषको डोरी; ताँदो। २. अर्धवृत्ताकार रेखाको एक टुप्पोदेखि अर्को टुप्पोसम्म सोझो तानिएको रेखा।

ज्या–वि० वो० [ने०] १. विस्मृति, पश्चात्ताप, भूल आदि हुँदा बोलिने शब्द। (ना०) २. नाश।

ज्यादा–वि० [अ० जियादः] १. धेरै; बहुत; अधिक। (क्रि० यो०) २. खूब; अचाक्ली।

ज्यादा-से-ज्यादा–क्रि० यो० [ज्यादा+से (हिं०)+ज्यादा] बढ़ीमा बढ़ी; हद-से-हद।

ज्यान–ना० [सं० जीवन] शरीरलाई जीवित राख्ने वायु; प्राण; जीवन; जीवात्मा।

ज्यान-मारा–वि० [ज्यान+मार्] १. अर्काको प्राण लिने; हत्यारो; घातक; मान्छे मार्ने। २. ज्यादा पिरो हुने डल्लो आकारको एक जातको खुर्सानी।

ज्यान-सजाय–ना० [ज्यान+सजाय] ज्यान लिने सजाय; प्राण-दण्ड।

ज्यापु–ना० [ने०] कपासको बीयाँ।

ज्यापू–ना० [नेवा०] खेतीको काम गर्ने एक नेवार-जाति।

ज्याभल–ना० [नेवा० ज्याभऽ] ज्यावल; औजार।

ज्यामा–ना० [जीआमा] जीआमा।

ज्यामिति–ना० [सं०] रेखा-गणित; क्षेत्र-गणित।

ज्यामिर–ना० [सं० जम्भीर] १. मोसमका जस्ता पात हुने, सेता फूल फुल्ने, मोसमकै आकारका अमिला फल फल्ने एक जातको बोट। २. त्यसैको फल; जम्भीर।

ज्यामी–ना० [नेवा०] ज्याला लिएर काम गर्ने व्यक्ति; ज्यालादार व्यक्ति; खेतालो।

ज्यामीर–ना० [ज्यामिर] ज्यामिर।

ज्याम्तो–वि० [ने०] सधैँ रोगीजस्तो देखिने; दुब्लो-पातलो; मरन्च्याँसे।

ज्याला–ना० [नेवा०] काम गरेबापत दिइने पैसा, अन्न आदि; बनी; पारिश्रमिक; मजदूरी।

ज्यालादार–वि० [नेवा० ज्याला+दार (फा०)] १. ज्याला लिएर काम गर्ने (व्यक्ति)। (ना०) २. ज्यालामी; मजदूर।

ज्यालादारी–ना० [ज्यालादार+ई] १. ज्यालादारको काम; मजदूरी। (वि०) २. ज्यालादार।

ज्यालामी–ना० [नेवा०] ज्याला लिएर काम गर्ने व्यक्ति; ज्यालादार।

ज्यावल–ना० [नेवा० ज्याभऽ] कालिगड़को काम गर्ने हात-हतियार; औजार; ज्याभल।

ज्यासल–ना० [नेवा० ज्यासऽ] बाँड़ा, कौ, कामी आदि कालिगड़को काम गर्ने ठाउँ; आरन।

ज्यास्ता–वि० [ज्यादा] १. ज्यादा; धेरै बढ़्ता। (क्रि० यो०) २. निकै; खूब।

ज्यास्ती–वि० [ज्यास्ता+ई] ज्यास्ता।

ज्युनार–ना० [सं० जेमन] १. भोजन; खाना। २. खाने क्रिया; भोजन गर्ने काम (आदरार्थमा)।

ज्यू–ना० [सं० जीव] १. कसैका नामपछाड़ि लाग्ने सम्मान-सूचक शब्द। २. ढोग्ने काम; जीऊ। (अव्य०) ३. अरूले गरेका कुरामा सही थाप्ने, उत्तर दिने वा सहमति प्रकट गर्ने शब्द।

ज्यू–ना० [जिउ] शरीर; जीउ।

ज्यूँका-त्यूँ–वि० [ज्यौँका-त्यौँ] ज्यौँका-त्यौँ।

ज्यूँ-त्यूँ–क्रि० यो० [जेनतेन] जेनतेन; जसरी-तसरी; येनकेन।

ज्यूँदो–वि० [जिउँदो] जिउँदो।

ज्यू-छाड़ा–ना० [ज्यू+छाड़ा] जीउ-छाड़ा।

ज्यू-जूको–ना० [ज्यू+जूको] जीउ-जूको।

ज्यूनी–ना० [जीउनी] जीउनी।

ज्यूनु–अ० क्रि० [जिउ+नु] जिउनु।

ज्येष्ठ–वि० [सं०] १. दाज्यू-भाइमध्ये बढ़ी उमेरको; पहिले जन्मेको; जेठो। २. आफूभन्दा पहिले जन्मेको। (ना०) ३. जेठ महीना। ४. परमेश्वर।

CC-0. In Public Domain. Digitization by eGangotri

ज्येष्ठता–ना० [सं०] ज्येष्ठ हुनाको भाव।

ज्येष्ठ-वर्ण–ना० [सं०] बाहुन।

ज्येष्ठा–वि० [सं०] १. दिदी-बहिनीमध्ये बढ़ी उमेरकी; जेठी। (ना०) २. आफूभन्दा पहिले जन्मेकी। ३. सत्ताईस नक्षत्रमध्ये एक। ४. अलक्ष्मी।

ज्येष्ठाश्रम–ना० [सं०] गृहस्थाश्रम।

ज्येष्ठाश्रमी–वि० [सं०] गृहस्थ।

ज्योति–ना० [सं०] १. उज्यालो; प्रकाश। २. आगाको लप्को; अग्नि-शिखा। ३. अग्नि। ४. सूर्य। ५. नक्षत्र।

ज्योतिमान्–वि० [सं०] प्रकाशमान; ज्योतिर्मय।

ज्योतिरिङ्गण–ना० [सं०] जूनकीरी।

ज्योतिर्गण–ना० [सं०] नक्षत्र-मण्डल; तारा-गण।

ज्योतिर्मण्डल–ना० [सं०] ग्रह-नक्षत्र-मण्डल; ज्योतिर्गण।

ज्योतिर्मय–वि० [सं०] ज्योतिले भरिएको; प्रकाशमय; ज्योतिस्वरूप।

ज्योतिर्लिङ्ग–ना० [सं०] १. शिव; महादेव। २. शिवजीका बाह्र ज्योतिरूप लिङ्ग (सोमनाथ, मल्लिकार्जुन, महाकाल, ॐकारेश्वर, केदारेश्वर, भीमशङ्कर, विश्वेश्वर, त्र्यम्बक, वैद्यनाथ, नागेश्वर, रामेश्वर र घृष्णेश्वर)।

ज्योतिर्विद्–वि० [सं०] ज्योतिष-शास्त्रको ज्ञाता; ज्योतिषी।

ज्योतिर्विद्या–ना० [सं०] ज्योतिष-शास्त्र।

ज्योतिष–ना० [सं०] १. ग्रह-नक्षत्रहरूका गति, स्थिति आदिको विवेचना गरिएको शास्त्र। २. ग्रह, नक्षत्र आदिका शुभाशुभ फल बताउने शास्त्र।

ज्योतिष-शास्त्र–[सं०] ग्रह, नक्षत्र आदिको गति निश्चय गर्ने विद्या; ज्योतिर्विद्या; ज्योतिषी।

ज्योतिषिक–ना० [सं०] १. ज्योतिष जान्ने व्यक्ति; ज्योतिषी। (वि०) २. ज्योतिष-सम्बन्धी।

ज्योतिषी–वि० [सं०] १. ज्योतिष-शास्त्रको ज्ञाता; दैवज्ञ। (ना०) २. ज्योतिष-शास्त्रमा निपुण व्यक्ति।

ज्योतिष्टोम–ना० [सं०] अग्निष्टोमको पूर्तिका निमित्त गरिने एक यज्ञ।

ज्योतिष्पथ–ना० [सं०] आकाश; अन्तरिक्ष।

ज्योतिष्मती–वि० [सं०] १. ज्योतिर्मयी। (ना०) २. रात्रि।

ज्योतिष्मान्–वि० [सं०] १. ज्योति-युक्त; प्रकाशमान। (ना०) २. सूर्य। ३. चन्द्र। ४. अग्नि।

ज्योत्स्ना–ना० [सं०] १. जून; चन्द्र-रश्मि। २. जुनेली रात।

ज्योत्स्नी–ना० [सं०] जुनेली रात।

ज्यौंका-त्यौं–वि० [हिं० ज्योंका-त्यों] पहिले जस्तो थियो, उस्तै; जस्ताको-तस्तो; यथास्थित।

ज्यौंती–ना० [जिउती] जिउती।

ज्यौंती-कोठो–ना० [ज्यौंती+कोठो] जिउती-कोठो।

ज्यौतिष–वि० [सं०] ज्योतिष-सम्बन्धी; ज्योतिषको।

ज्यौतिषिक–ना० [सं०] ज्योतिषी; दैवज्ञ।

ज्यौत्स्न–वि० [सं०] जुनेली; चन्द्रिका-युक्त।

ज्यौत्स्नी–ना० [सं०] पूर्णिमाको रात।

ज्वर–ना० [सं०] १. शरीरको अस्वस्थता-सूचक ताप; जरो। २. मानसिक कष्ट।

ज्वर-कुटुम्ब–ना० [सं०] ज्वर बढ़ेर हुने उपद्रवहरू (स्वास, कास, पिपासा, छटपटी आदि)।

ज्वरातिसार–ना० [सं०] ज्वर-युक्त अतिसार रोग।

ज्वरापहा–ना० [सं०] बेल-पत्र; बिल्वपत्र।

ज्वरी–वि० [सं०] जरो आएको; ज्वर-युक्त।

ज्वरो–ना० [सं० ज्वर] ज्वर; जरो।

ज्वल–ना० [सं०] १. ज्वाला। २. प्रकाश। (वि०) ३. बलेको; ज्वलित।

ज्वलका–ना० [सं०] आगोको ठूलो लप्को; ठूलो ज्वाला।

ज्वलन–ना० [सं०] १. बल्नु। २. चम्कनु। ३. अग्नि। ४. ज्वाला। (वि०) ५. बलेको।

ज्वलन–ना० [सं०] आगाको झिल्को।

ज्वलन्त–वि० [सं० ज्वलन] १. प्रकाशमान; दीप्ति-युक्त; देदीप्यमान। २. अत्यन्त स्पष्ट; प्रकाशित।

ज्वलित–वि० [सं०] १. बलेको। २. प्रकाश-युक्त; देदीप्यमान।

ज्वाइँ–ना० [जुवाइँ] जुवाइँ।

ज्वान–वि० [फा० जवान] १. तरुण; जवान। २. हट्टा-कट्टा; हृष्ट-पुष्ट। ३. बहादुर; वीर।

ज्वानु–ना० [सं० यवानी] १. सूँपका पातजस्ता पात हुने, सेतो फूल फुल्ने, सुगन्धी मसिना गेड़ा फल्ने एक जातको सानो बोट। २. त्यसैको दाना; यवानी। (आयुर्वेदमा यसको गुण गरम, कफ-वायु-नाशक र रुचि-कारक बताइएको छ। यो मसलाका काममा पनि प्रयोग गरिन्छ।)

ज्वाने-झार–ना० [ज्वानु+झार] ज्वानाका जस्ता पात हुने एक जातको भुइँ-झार।

ज्वार–ना० [सं० यवनाल] जुनेलो।

ज्वार–ना० [सं० जल+उत्ताल] समुद्रको पानी चन्द्रमाका प्रभावले लहरी छुटेर माथि उठ्नु; तरङ्ग उठ्नु।

ज्वार-भाटा–ना० [हिं०] चन्द्रमाको आकर्षणले समुद्रका पानीको लहर उठ्ने र घट्ने क्रिया; समुद्री लहरको घट-बढ़।

ज्वाल-माली–ना० [सं०] सूर्य।

ज्वाला–ना० [सं०] १. आगाको लप्को; अग्नि-शिखा। २. ताप; ज्वलन।

ज्वाला-मुखी–ना० [सं०] १. भौगोलिक प्रक्रियाद्वारा धूवाँ, खरानी, आगो, बल्दो ग्याँस आदि समय-समयमा निस्किरहने पहाड़। २. खरानी, आगो आदि निस्कने पर्वत। ३. ज्वालास्वरूप एक देवी।

ज्वाला-वक्त्र–ना० [सं०] शिव।

ज्वाली–वि० [सं०] ज्वाला भएको; ज्वाला-युक्त।

CC-0. In Public Domain. Digitization by eGangotri

झ

झ–देवनागरी वर्ण-मालाका व्यञ्जन-वर्णको नवौँ अक्षर। च-वर्गको चौथो वर्ण। यसको उच्चारण तालु-स्थानबाट हुन्छ।

झँकाइ–ना० [झाँक्+आइ] झाँक्ने किसिम, क्रिया वा भाव।

झँक्रिनी–ना० [झाँक्री+नी] १. झाँक्रीकी स्त्री; झँक्रेनी। २. झाँक्री-विद्या जान्ने स्त्री; धामी-स्त्री।

झँक्रेनी–ना० [झाँक्री+एनी] झाँक्रिनी।

झँटाइ–ना० [झाँट्+आइ] झाँट्ने किसिम, क्रिया वा भाव।

झँटाइनु–स० क्रि० [झँटाउ+इ+नु] झाँट्न लाइनु; ('झँटाउनु'-को क० क्रि०)।

झँटाउनु–स० क्रि० [झाँट्+आउ+नु] झाँट्न लाउनु; ('झाँट्नु'-को प्रे० क्रि०)।

झक–ना० [झोक] मनको एकोहोरो वेग; धुन; सनक।

झकझक–ना० [ने०] १. खराब कुरो हुने आशङ्का। २. कचकच; ख्याउँ-ख्याउँ। (क्रि० यो०) ३. रेल, इन्जिन आदि चल्दा शब्द आउने किसिम।

झकझकाइ–ना० [झकझक+आइ] झकझकाइने किसिम, क्रिया वा भाव।

झकझकाइ–ना० [झकझकाउ+आइ] झकझकाउने किसिम, क्रिया वा भाव; झलझलाइ।

झकझकाइनु–स० क्रि० [झकझकाउ+इ+नु] झकाझक होइनु; झलमलाइनु; ('झकझकाउनु'-को क० क्रि०)।

झकझकाइनु–स० क्रि० [झकझकाउ+इ+नु] घचघच्याइनु; ('झकझकाउनु'-को क० क्रि०)।

झकझकाउँदो–वि० [झकझकाउ+आउँदो] झलझलाउँदो; चहकिलो।

झकझकाउनु–अ० क्रि० [झकाझक+आउ+नु] झकाझक हुनु; झलझलाउनु।

झकझकाउनु–स० क्रि० [झकझक+आउ+नु] १. घचघच्याउनु। २. कचकच गर्नु; झिँज्याउनु।

झकमक्क–क्रि० यो० [ने०] झकिझकाउ हुने किसिम; सजिसजाउ।

झकले–वि० [झुकलो+ए] झुत्रा लुगा लाउने; थाङ्ने।

झकलो–वि० [ने०] १. थोत्रो; झुत्रो; थाङ्नो। (ना०) २. थोत्रो लुगा।

झकाइ–ना० [झकाउ+आइ] झकाउने किसिम, क्रिया वा भाव।

झकाइनु–अ० क्रि० [झकाउ+इ+नु] निद्राले झुलिनु; उङ्गिनु; ('झकाउनु'-को भा० क्रि०)।

झकाउनु–अ० क्रि० [झक+आउ+नु] बसेको बस्यै निद्राले झुल्नु; उङ्नु।

झकाझक–वि० [झकमक्क] झकमक्क भएको; झकिझकाउ; सजिसजाउ।

झकार–ना० [सं०] 'झ'-अक्षर; च-वर्गको चौथो अक्षर।

झकिझकाउ–ना० [झकमक्क] झकमक्क भएको; सजिसजाउ; झकाझक।

झक्कड़–वि० [झक+अड़] १. झोकी; रिसाहा; मापाको। २. आँटी; साहसी। ३. जन्ड; प्रचण्ड; झक्की।

झक्कड़े–वि० [झक्कड़+ए] झक्कड़ स्वभावको; झक्की।

झक्कलो–वि० [ने०] ठाँटिलो; ठाँट-बाँट गरेको।

झक्की–वि० [झोक] १. झोकी; झक्कड़। २. आँटी; साहसी। ३. जन्ड; प्रचण्ड।

झगड़ा–ना० [प्रा० झगड़] १. कलह; कचिङ्गल; राड़ो; भनावैरी। २. मुद्दा; मामिला।

झगड़ा-तगड़ा–ना० [झगड़ा+तगड़ा (फाँ०)] कलह; झैझगड़ा; राड़ो; कचिङ्गल।

झगड़ालु–वि० [झगड़ा+आलु] झगड़ा गर्ने स्वभावको; बझुवा; झगड़िया।

झगड़िया–वि० [झगड़ा+इया] १. झगड़ा गर्ने स्वभावको; झगड़ालु। (ना०) २. अदालतमा मुद्दा परेको व्यक्ति; वादी वा प्रतिवादी।

झगड़े–वि० [झगड़ा+ए] झगड़ा गर्ने स्वभावको; झगड़ालु।

झगड़्याहा–वि० [झगड़ा+याहा] झगड़ालु; झगड़िया।

झङ्कार–ना० [सं०] १. माहुरी, भमरो आदिको शब्द; भुनभुनाहट। २. वीणा, तानपूरा आदि तारका बाजा बजाउँदा निस्कने शब्द; झन्झनाहट। ३. पाउजेब आदिको शब्द। ४. धातुका पात्रहरूमा ठक्कर लाग्दा आउने शब्द-तरङ्ग।

झङ्कारित–वि० [सं०] झङ्कार गरिएको; झङ्कृत।

झङ्कारी–वि० [सं०] झङ्कार गर्ने; गुँज्ने।

झङ्कृत–वि० [सं०] झङ्कार गरिएको; झङ्कारित; गुञ्जित।

झङ्कृति–[ना०] झङ्कार; गुञ्जन।

झझल्को–ना० [झलक] १. मनले सम्झिरहेको मानिस वा वस्तु देखेजस्तो हुनु; भान; भ्रम। २. हल्का सम्झना; झल्को।

झञ्झन–ना० [सं०] १. सुन-चाँदीका गहनाहरू परस्परमा ठक्कर खाई बज्ने किसिम; झङ्कार। २. धातुका पात्रहरूमा ठक्कर लाग्दा आउने शब्द।

झञ्झा–ना० [सं०] वर्षासहितको आँधी-बेहरी।

झञ्झानिल–ना० [सं०] पानी पर्नाका साथ-साथै चलेको आँधी; झञ्झावात।

झञ्झावात–ना० [सं०] वृष्टिसहितको आँधी-बेहरी।

झट–क्रि० यो० [झट्ट] झट्ट; तुरुन्त।

झटक–ना० [ने०] १. कुनै शब्द कानले सुनेको जस्तो हुने सम्झना। २. अस्पष्ट मन्द शब्द।

CC-0. In Public Domain. Digitization by eGangotri

झटक–ना० [झट्को] झट्कार्ने काम; झोक्का; झट्को।

झटनी–ना० [झाँट्] एक पटकमा झाँटिने धानका बोटको मूठो।

झटपट–क्रि० यो० [झट+पट्ट] चाँड़ो; झट्ट; तुरुन्त।

झटपटी–क्रि० यो० [झटपट+ई] झटपट; तुरुन्तातुरुन्ती।

झटारो–ना० [झट्को] १. टाढ़ाबाट वेगले हानेर पठाइने ढुङ्गो, लट्ठी आदि; झट्टी। २. मन नपरीकन दिएको वा पाएको निम्तो, पत्र आदि।

झटिंगर–ना० [झाँट+इङ्गर] १. गुद-द्वारको रौँ। २. झरेको शस्प।

झटि–ना० [सं०] झाड़ी; झाङ।

झटिङर–ना० [झटिंगर] झटिंगर।

झटिङ्गर–ना० [झटिंगर] झटिंगर।

झटिति–क्रि० यो० [सं०] तुरुन्त; चाँड़ो; झटपट।

झटौरो–ना० [ने०] धान चुट्दा झटनी बाँध्ने डोरी।

झट्कनु–अ० क्रि० [झट्को+नु] १. झट्को पर्नु; झट्किनु; झट्कारिनु। २. टकटकिनु।

झट्काइ–ना० [झट्क+आइ] झट्कने किसिम , क्रिया वा भाव; झट्क्याइ।

झट्कार–ना० [झट्को] झट्को; टकटक्याइ; फट्कार।

झट्काराइ–ना० [झट्कार+आइ] झट्कार्ने किसिम, क्रिया वा भाव।

झट्कारिनु–स० क्रि० [झट्कार्+इ+नु] झट्को पारिनु; ('झट्कार्नु'-को क० क्रि०)।

झट्कार्नु–स० क्रि० [झट्कार+नु] १. झट्को पार्नु; टकटक्याउनु; फट्कार्नु। २. धान चुट्नु; झाँट्नु।

झट्किनु–अ० क्रि० [झट्को+इ+नु] १. झट्कनु; झट्को पार्नु; झट्कारिनु। २. झट्को परिनु; ('झट्कनु'-को भा० क्रि०)।

झट्केली–ना० [झट्केलो+ई] १. स्वास्नीले पहिलेका पतिपट्टिबाट पाएकी (छोरी)। २. सौतेनी; सौताकी (छोरी)।

झट्केलो–वि० [ने०] १. स्वास्नीले अगिल्ला पतिबाट जन्माएको (छोरो)। २. सौतापट्टिबाट जन्मेको; सौतेने; सौतेलो (छोरो)।

झट्को–ना० [झट्ट] १. झट्कार्ने काम; झाँट्ने काम; झट्कार।

झट्क्याइ–ना० [झट्कि+याइ] झट्किने किसिम, क्रिया वा भाव; झट्काइ।

झट्क्याहट–ना० [झट्कि+याहट] झट्किने किसिम, क्रिया वा भाव; झट्क्याइ।

झट्ट–क्रि० यो० [सं० झटिति] चाँड़ै; तुरुन्त; झटपट।

झट्ट-पट्ट–क्रि० यो० [झट्ट+पट्ट (फाँ०)] झटपट; तुरुन्त।

झट्टी–ना० [झटारो] टाढ़ाबाट हानिएको लट्ठी वा ढुङ्गो; झटारो।

झड़ङ्ग–क्रि० यो० [ने०] झट्टै वा सहसा रिसाउने किसिम; तुरुन्तै जङ्गिने किसिम।

झड़ङ्गी–वि० [झड़ङ्ग+ई] झड़ङ्ग रिसाउने; झड़ङ्ग्याहा।

झड़ङ्ग्याहा–वि० [झड़ङ्ग+याहा] एकाएक रिसाउने स्वभावको; झड़ङ्ग रिसाउने; झड़ङ्गी।

झड़ङ्ङ–क्रि० यो० [झड़ङ्ग] झड़ङ्ग।

झड्कनु–अ० क्रि० [झट्को+नु] झट्कनु।

झड्काइ–ना० [झड्क+आइ] झड्कने किसिम, क्रिया वा भाव।

झड्कार–ना० [झट्कार] झट्कार।

झड्काराइ–ना० [झड्कार+आइ] झड्कार्ने किसिम, क्रिया वा भाव।

झड्कारिनु–स० क्रि० [झड्कार+इ+नु] झट्कारिनु; ('झड्कार्नु'-को क० क्रि०)।

झड्कार्नु–स० क्रि० [झड्को+नु] झट्कार्नु।

झड्किनु–अ० क्रि० [झड्क+इ+नु] १. झड्को परिनु; ('झड्कनु'-को भा० क्रि०)। २. झट्कनु।

झड्को–ना० [झट्को] झट्को।

झड्क्याइ–ना० [झट्क्याइ] झट्क्याइ।

झड्क्याहट–ना० [झट्क्याहट] झट्क्याहट।

झणत्कार–ना० [सं०] नूपुर, किङ्किणी आदिको शब्द; झङ्कार।

झण्डू–ना० [सं०] मखमली फूल।

झन्–क्रि० यो० [ने०] अझ बढ़ी; फेरि बढ्ता; अधिकतर।

झनक्क–क्रि० यो० [ने०] १. तुरुन्तै रिसाउने किसिम; भनक्क; रनक्क। २. सहसा झङ्कार निस्कने किसिम।

झनझन–क्रि० यो० [सं० झञ्झन] १. धातुका गहना, भाँड़ा-बर्तन वा बाजाहरू बज्ने किसिम; झङ्कार आउने किसिम। २. करेन्टले समात्दा वा कुहुना आदिमा ठक्कर लाग्दा एक-तमाससित दुख्ने किसिम।

झनझनाइ–ना० [झनझनाउ+आइ] झनझनाउने किसिम, क्रिया वा भाव; झनझनाहट।

झनझनाइनु–अ० क्रि० [झनझनाउ+इ+नु] झनझन शब्द निस्किनु; ('झनझनाउनु'-को भा० क्रि०)।

झनझनाउनु–अ० क्रि० [झनझन+आउ+नु] १. सितार, तानपूरा आदि तारका बाजाहरूबाट शब्द निस्कनु; झनझन शब्द गर्नु; झङ्कारको शब्द निस्कनु; झन्कनु। २. रोगवश वा ठक्कर लाग्दा शरीरको कुनै अङ्ग झमझमाउनु।

झनझनाहट–ना० [झनझनाउ+आहट] झनझनाउने किसिम, क्रिया वा भाव; झनझनाइ।

झनाइ–ना० [झान्+आइ] झान्ने किसिम, क्रिया वा भाव।

झनाइनु–स० क्रि० [झनाउ+आइ+नु] झान्न लाइनु; ('झनाउनु'-को क० क्रि०)।

झनाउनु–स० क्रि० [झान्+आउ+नु] झान्न लाउनु; ('झान्नु'-को प्रे० क्रि०)

झन्-अस्ति–क्रि० यो० [झन्+अस्ति] तीन दिन पहिले; अस्तिको अगिल्लो दिन।

CC-0. In Public Domain. Digitization by eGangotri

झन्कनु–अ० क्रि० [झनक्क+नु] झनक्क रीस उठ्नु; रन्कनु; झन्किनु।

झन्कनु–अ० क्रि० [झनझन+इ+नु] १. सितार, तानपूरा आदि बाजा बज्नु; झङ्कारको शब्द निस्कनु। २. कुहुनु घुँडा आदि ठोकिँदा झमझमाउनु; झनझनाउनु। ३. एकाएक रिसाउनु; रन्कनु।

झन्काइ–ना० [झन्क+आइ] १. रीसको आवेग; रन्को। २. झनक्क रीस उठ्ने किसिम, क्रिया वा भाव; रन्काइ। ३. झङ्कारको शब्द निस्कने किसिम वा क्रिया।

झन्काइ–ना० [झन्काउ+आइ] झङ्कारको शब्द निकाल्ने किसिम वा क्रिया।

झन्काइनु–स० क्रि० [झन्काउ+इ+नु] झङ्कारको शब्द निकालिनु; ('झन्काउनु'-को क० क्रि०)।

झन्काइनु–स० क्रि० [झन्काउ+इ+नु] झनक्क रीस उठाइनु; ('झन्काउनु'-को क० क्रि०)।

झन्काउनु–स० क्रि० [झन्क+आउ+नु] झनक्क रीस उठाउनु; ('झन्कनु'-को प्रे० क्रि०)।

झन्काउनु–स० क्रि० [झन्क+आउ+नु] झङ्कारको शब्द निकाल्नु; ('झन्कनु'-को प्रे० क्रि०)।

झन्काराइ–ना० [झन्कार्+आइ] झन्कार्ने किसिम, क्रिया वा भाव।

झन्कारिनु–स० क्रि० [झन्कार+इ+नु] झङ्कारको शब्द निकालिनु; ('झन्कार्नु'-को क० क्रि०)।

झन्कार्नु–स० क्रि० [सं० झङ्कार+नु] १. सितार, तानपूरा आदि तारका बाजाबाट शब्द निकाल्नु; झङ्कारको शब्द निकाल्नु; झन्न हुने शब्द निकाल्नु। २. पाउजेब, नूपुर, काँसका भाँड़ाहरूबाट शब्द निकाल्नु।

झन्किनु–अ० क्रि० [झन्क+इ+नु] १. झनक्क रिसाउनु; झन्कनु। २. झनक्क रीस उठिनु; रन्किनु; ('झन्कनु'-को भा० क्रि०)।

झन्किनु–अ० क्रि० [झन्क] झङ्कारको शब्द निस्किनु; ('झन्कनु'-को भा० क्रि०)।

झन्के–वि० [झन्क+ए] झनक्क रिसाउने स्वभावको; रिसाहा।

झन्को–ना० [झन्क] रीसको आवेग; रन्को।

झन्क्याइ–ना० [झन्कि+आइ] १. झनक्क रिसाउने किसिम, क्रिया वा भाव; झन्काइ; झन्क्याहट। २. झङ्कार निस्कने किसिम वा क्रिया; झन्काइ।

झन्क्याइ–ना०[झन्काउ+याइ] झन्काउने किसिम, क्रिया वा भाव; झङ्कार शब्द निकाल्ने किसिम, क्रिया वा भाव।

झन्क्याहट–ना० [झन्कि+आहट] झनक्क रिसाउने किसिम, क्रिया वा भाव; रन्काइ।

झन्क्याहट–ना० [झन्कि+याहट] झन्कने किसिम, क्रिया वा भाव; झङ्कार शब्द निस्कने किसिम, क्रिया वा भाव।

झन्झट–ना० [प्रा० झंझ] फजूलको; मन नलाग्दो काम; झमेला; टन्टा; झ्याउलो।

झन्झटी–वि० [झन्झट+ई] १. झन्झटको; अल्झो लाग्ने। २. कलह गर्ने; झगड़ालु।

झन्झटे–वि० [झन्झट+ए] झन्झटी।

झन्झनाइ–ना० [झन्झनाउ+आइ] झन्झनाउने किसिम, क्रिया वा भाव; झनझनाइ।

झन्झनाइनु–अ० क्रि० [झन्झनाउ+इ+नु] झनझनाइनु; ('झन्झनाउनु'-को भा० क्रि०)।

झन्झनाउनु–अ० क्रि० [झनझन+आउ+नु] झनझनाउनु।

झन्झनाहट–ना० [झन्झनाउ+आहट] झनझनाहट।

झन्टयाङ-झुन्टुङ–क्रि० यो० [ने०] झन्डयाङ-झुन्डुङ।

झन्टयाङ-मन्टयाङ–क्रि० यो० [ने०] झन्डयाङ-झुन्डुङ।

झन्डा–ना० [प्रा० झय] कुनै देश, संस्था, देव-देवी, पदाधिकारी आदिको चिह्नस्वरूप कुनै किसिमको चिह्न अङ्कित भएको, कपड़ा, कागज, धातु आदिको टुक्रो; ध्वजा; पताका।

झन्डी–ना० [झन्डा+ई] सानो झन्डा।

झन्डै–क्रि० यो० [ने०] करीब-करीब; लगभग; पुग-नपुग।

झन्डयाङ-झुन्डुङ–क्रि० यो० [ने०] १. झुन्डयाएर हल्लाउने वा हल्लने किसिम; हल्लने गरी झुन्डिने किसिम; झन्टयाङ-मन्टयाङ। (ना०) २. माल-मत्ता; झिटीमिटी।

झन्न–क्रि० यो० [झनझन] १. झमझम गरी दुख्ने किसिम; झमझमाउने किसिम। २. सहसा रिसाउने वा रीस उठ्ने किसिम।

झन्न–क्रि० यो० [अनु०] १. तारका बाजाबाट शब्द आउने किसिम; झङ्कारको शब्द निस्कने किसिम; रन्न। २. धातुका भाँड़ा-बर्तनमा ठक्कर लाग्दा रन्कने किसिम।

झपक्क–क्रि० यो० [प्रा० झम्प] १. बिलकुल छोप्ने किसिम; ढपक्क। २. निद्रा लाग्ने किसिम; निद्राले छोप्ने किसिम। ३. धेरै फल वा फूलहरू झुप्पिएर फल्ने वा फुल्ने किसिम; ढकमक्क।

झपझप–क्रि० यो० [झपक्क] १. बार-बार निद्रा लाग्ने किसिम; उङ लाग्ने किसिम। २. बार-बार बत्ती निभ्ने किसिम; झप्प-झप्प। ३. बार-बार छोप्ने किसिम।

झपझपी–क्रि० यो० [झपझप+ई] झपझप; झप्प-झप्प।

झपना–ना० [ने०] छोप्ने वस्तु; ढकना।

झपरी–ना० [ने०] एक जातको धान।

झपार–ना० [झापट] झपार्ने काम; हप्की; खप्की; झपेटो।

झपाराइ–ना० [झपार+आइ] झपार्ने किसिम, क्रिया वा भाव; झँटाइ।

झपारिनु–स० क्रि० [झपार+इ+नु] बेसरी हप्काइनु; ('झपार्नु'-को क० क्रि०)।

झपार्नु–स० क्रि० [झपार+नु] १. बेसरी हप्काउनु; छास्नु; झाँट्नु। २. धम्की लाउनु; धम्काउनु।

झपेटो–ना० [झापट] झापट; हप्की; खप्की।

CC-0. In Public Domain. Digitization by eGangotri

झपेत्रो–ना० [झप्प] १. क्रिया-पुत्रीले टाउकामा बाँध्ने रूमाल। २. कपाल छोप्ने कपड़ा।

झप्प–क्रि० यो० [प्रा० झम्प] १. एक झोक्का निद्रा लाग्ने किसिम; झपक्क। २. बत्ती निभ्ने किसिम; झ्याप्प। ३ कपड़ा आदिले छोप्ने किसिम। ४. भूत, प्रेत आदि लाग्ने किसिम। ५. लागू पदार्थको नशा लाग्ने किसिम।

झप्पा–ना० [झुप्पा] १. पगरीमा दायाँ-बायाँ झुन्डचाइने फूल, रत्न, सल्मा, बजू, धागो आदिको माला; झुप्पा। २. अफिसरहरूका जङ्गी-पोशाकका काँधमा लगाइने जरी आदिका झुप्पा।

झप्पू–ना० [नें०] १. ताशमा सुरथको एक्का। (वि०) २. ठूलो; बड़ेमाको।

झप्पू–ना० [झापट] १. झापट; थप्पड़। २. हप्की; झँटाइ।

झप्री–ना० [झुप्पा] बाक्लो बोक्रा हुने, तीन पाटा परेको छोटो र मोटो एक जातको केरा।

झबरी–ना० [झपरी] झपरी।

झब्री–ना० [झप्री] झप्री।

झमक–क्रि० यो० [प्रा० झम्पा] पटक; चोटि; पल्ट; फेरा।

झमक्क–क्रि० यो० [नें०] सूर्य अस्ताएर अँध्यारो हुने किसिम; साँझ पर्ने किसिम।

झमझम–क्रि० यो० [नें०] १. धेरै बेरसम्म बाक्लो पानी पर्ने किसिम। २. वायु वा रक्तका विकारले शरीरमा एकतमाससँग दुख्ने किसिम; झमझमाउने किसिम।

झमझमाइ–ना० [झमझमाउ+आइ] झमझमाउने किसिम, क्रिया वा भाव।

झमझमाउनु–अ० क्रि० [झमझम+आउ+नु] १. मन्द चालले बाक्लो पानी पर्नु; झमझम वर्षा हुनु। २. वायु वा रक्तका विकारले शरीरमा हलुका किसिमले पीडा हुनु; झमझम गरी दुख्नु; झनझनाउनु।

झमझमाहट–ना० [झमझमाउ+आहट] झमझमाउने किसिम, क्रिया वा भाव; झमझमाइ।

झमट–ना० [नें०] १. पटक; चोटि; झमक। २. झोक्का; वेग। ३. ताक; समय।

झमेला–ना० [प्रा० झमाल] झन्झट; झोँज; झम्मार।

झम्कनु–अ० क्रि० [झल्क+नु] लुगा, गहना आदिले सुसज्जित हुनु; झल्लर, माला आदि झुन्डिएर सजिनु।

झम्कनु–अ० क्रि० [झमझम+नु] १. एकनाससँग ठूलो पानी पर्नु; झमझम पानी पर्नु; झम्किनु। २. मन्द र मधुर शब्दले बाजा बज्नु।

झम्काइ–ना० [झम्क+आइ] लुगा, गहना आदि झम्कने किसिम, क्रिया वा भाव।

झम्काइ–ना० [झम्काउ+आइ] लुगा, गहना आदि झम्काउने किसिम, क्रिया वा भाव।

झम्काइ–ना० [झम्काउ+आइ] बाजाहरूको स्वर झम्काउने किसिम, क्रिया वा भाव; घन्काइ।

झम्काइ–ना० [झम्क+आइ] बाजाहरूको स्वर झम्कने किसिम, क्रिया वा भाव।

झम्काइनु–स० क्रि० [झम्काउ+इ+नु] लुगा-गहना, आदिले सजिसजाउ पारिनु; ('झम्काउनु'-को क० क्रि०)।

झम्काइनु–स० क्रि० [झम्काउ+इ+नु] बाजा घन्काइनु; ('झम्काउनु'-को क० क्रि०)।

झम्काउनु–स० क्रि० [झम्क+आउ+नु] लुगा, गहना आदिले सजिसजाउ पार्नु; झल्लर, माला आदिले सजाउनु; ('झम्कनु'-को प्रे० क्रि०)।

झम्काउनु–स० क्रि० [झम्क+आउ+नु] एकनाससित बाजाहरू बजाउनु; घन्काउनु; ('झम्कनु'-को प्रे० क्रि०)।

झम्किनु–अ० क्रि० [झम्क+इ+नु] १. झम्कनु; सजिसजाउ हुनु। २. सजिसजाउ होइनु; ('झम्कनु'-को भा० क्रि०)।

झम्किनु–अ० क्रि० [झम्क+इ+नु] १. झमझम पानी पर्नु; झम्कनु। २. एकनाससित मधुर शब्दले बाजा बज्नु। ३. झमझम पानी परिनु; ('झम्कनु'-को भा० क्रि०)।

झम्के–वि० [झम्को+ए] झम्को भएको; झुम्को हालेको; झुम्के।

झम्के-रायो–ना० [झम्के+रायो] फेदैदेखि गुचमुच्च परेका पात लाग्ने एक जातको रायोको साग।

झम्को–ना० [सं० झम्प] झुन्डिएका साना-साना वस्तुहरूको समूह; झुम्को; गुच्छो।

झम्क्याइ–ना० [झम्कि+याइ] लुगा, गहनाहरू झम्किने किसिम, क्रिया वा भाव।

झम्क्याइ–ना० [झम्कि+याइ] बाजाहरूको स्वर झम्किने किसिम, क्रिया वा भाव; झम्काइ।

झम्टनु–स० क्रि० [सं० झम्प+नु] १. उफ्रेर जाइलाग्नु; एक्कासि आक्रमण गर्नु; वेगले गई हमला गर्नु; झम्टिनु। २. सहसा जाग्नु; जङ्गिनु।

झम्टा–ना० [प्रा० झम्प] १. बाघ, सिंह, बाज, चील आदिका पन्जाको हनाइ; झापट। २. हप्की; खप्की। ३. लखेटाइ; दपेटाइ।

झम्टाइ–ना० [झम्ट+आइ] झम्टने किसिम, क्रिया वा भाव।

झम्टाइनु–स० क्रि० [झम्टा+इ+नु] झम्टन लाइनु; ('झम्टाउनु'-को क० क्रि०)।

झम्टाउनु–स० क्रि० [झम्ट+आउ+नु] झम्टन लाउनु; ('झम्टनु'-को क० क्रि०)।

झम्टिनु–स० क्रि० [झम्ट+इ+नु] १. झम्टनु; वेगसित गई आक्रमण गर्नु। २. झम्टने काम गरिनु; ('झम्टनु'-को क० क्रि०)।

झम्प–ना० [सं०] फड्कनु; नाघ्नु।

झम्पन–ना० [सं०] १. ढाक्नु; छोप्नु। २. झम्टनु; आक्रमण गर्नु। ३. हामफाल्नु।

झम्पाक–ना० [सं०] एक जातको बाँदर।

CC-0. In Public Domain. Digitization by eGangotri

झम्पाट–ना० [झम्मार] झम्मार; झमेला; झन्झट।

झम्पाल–ना० [प्रा० झम्प] म्यानाजस्तो, मानिसले बोक्ने एक किसिमको सवारी।

झम्म–क्रि० यो० [प्रा० झम्प] १. छोप्ने किसिम; झप्प; झपक्क। २. लागू पदार्थको नशा लाग्ने किसिम।

झम्मार–ना० [झन्झट] झन्झट; झम्पाट; झमेला।

झर–ना० [ने०] चामलको पीठो नौनीमा मुछेर कपड़ामा बेली पकाइने, गुलियो नहालेको एक प्रकारको रोटी।

झर–ना० [सं०] पानी पर्ने पटक; झमट; झमक।

झर–ना० [सं०] १. झरना; छहरो। २. पानीको स्रोत; प्रवाह।

झरक–ना० [ने०] न्याङ-ठ्याङ; मतो।

झरझर–ना० [सं०] झरी वा झरनाको शब्द; पानी बर्सेको शब्द।

झरझराइ–ना० [झरझराउ+आइ] झरझराउने किसिम, क्रिया वा भाव; झरझराहट।

झरझराइनु–अ० क्रि० [झरझराउ+इ+नु] झरिलो होइनु; ('झरझराउनु'-को भा० क्रि०)।

झरझराउँदो–वि० [झरझराउ+उँदो] १. चमकिलो; चहकदार। २. नओइलाएको; झरिलो (साग-पात आदि)।

झरझराउनु–अ० क्रि० [झरिलो+आउ+नु] झरिलो हुनु; चम्कनु; चहकिलो हुनु।

झरझराहट–ना० [झरझराउ+आहट] झरझराउने किसिम, क्रिया वा भाव; झरझराइ।

झर-झिटी–ना० [(फाँ०) झर+झिटी] झिटीमिटी; माल-मत्ता।

झरना–ना० [सं० झर] अग्लो ठाउँबाट झरेको पानीको छाँगो; छहरो।

झरल–वि० [झर्] झरेको; खसेको।

झरल-परल–ना० [झर्+पर्] बचे-खुचेको; अवशेष।

झराइ–ना० [झर्+आइ] झर्ने किसिम, क्रिया वा भाव।

झराइ–ना० [झार्+नु] झार्ने किसिम, क्रिया वा भाव।

झराइनु–स० क्रि० [झराउ+इ+नु] झार्न लाइनु; ('झराउनु'-को क० क्रि०)।

झराइनु–स० क्रि० [झराउ+इ+नु] झर्न लाइनु; ('झराउनु'-को प्रे० क्रि०)।

झराउनु–स० क्रि० [झार्+आउ+नु] झार्न लाउनु; ('झार्नु'-को प्रे० क्रि०)।

झराउनु–स० क्रि० [झर्+आउ+नु] झर्न लाउनु; खसाल्नु; ('झर्नु'-को भा० क्रि०)।

झरिझुट्ट–क्रि० यो० [ने०] पर्याप्त गहना-गुरियाले सुशोभित हुने किसिम; झकिझकाउ हुने किसिम; झकमक्क।

झरिनु–अ० क्रि० [झर्+इ+नु] खसिनु; गिरिनु; ('झर्नु'-को भा० क्रि०)।

झरिलो–वि० [सं० झल्लिका] १. चहकिलो; चमकदार; झरझराउँदो; उज्ज्वल। २. नओइलाएको; आलो (साग-पात, फल, फूल आदि)।

झरी–ना० [सं०] १. मेघबाट बर्सेको पानी; वृष्टि; वर्षा। २. झरना; छहरो; जल-प्रपात।

झरी–ना० [नेवा०] १. थाम, निदाल आदिका छेउमा झिकिने सोझो खोल्सो; नागल। २. त्यो पार्ने सानो रन्दा। ३. काठ आदिका मेच, टेबिल आदि सुकेर जोर्नीमा परेको धाँजो।

झरी-च्याउ–ना० [झरी+च्याउ] जमीनमा उम्रने, सेतो रङ्गको, छत्राकार, खान हुने एक जातको च्याउ।

झरुवा–वि० [झर्+उवा] झरेको; खसेको।

झर्कनु–अ० क्रि० [झर्को+नु] झर्को मानेर बोल्नु; च्याँठिनु; जर्कनु।

झर्काइ–ना० [झर्क+आइ] झर्कने किसिम, क्रिया वा भाव; झर्क्याइ।

झर्काइनु–स० क्रि० [झर्काउ+इ+नु] झर्कन लाइनु; ('झर्काउनु'-को क० क्रि०)।

झर्काउनु–स० क्रि० [झर्क+आउ+नु] झर्कन लाउनु; जर्काउनु; ('झर्कनु'-को प्रे० क्रि०)।

झर्किनु–अ० क्रि० [झर्क+इ+नु] झर्को मानेर बोलिनु; ('झर्कनु'-को भा० क्रि०)।

झर्को–ना० [सं० झर्झ्] १. दिक्क लाग्नु; झमेला; झन्झट। २. दिक्क; झिंज्याहट।

झर्को-फर्को–ना० [झर्को+फर्क+ओ] झर्कने काम; झर्को मान्ने काम; ततर्को-भतर्को।

झर्क्याइ–ना० [झर्कि+याइ] झर्किने किसिम, क्रिया वा भाव; झर्काइ।

झर्क्याहट–ना० [झर्कि+याहट] झर्किने किसिम, क्रिया वा भाव; झर्क्याइ।

झर्झर–ना० [सं०] १. एक किसिमको ढोल। २. झ्याम्टो। ३. झाँझर। ४. कलि-युग।

झर्झरा–ना० [सं०] वेश्या।

झर्झरी–ना० [सं०] १. झ्याम्टा; झ्याली। २. शिव।

झर्झरीक–ना० [सं०] १. शरीर; देह। २. देश। ३. चित्र; तस्वीर।

झर्नु–अ० क्रि० [प्रा० झर+नु] १. खस्नु; गिर्नु। २. खस्कनु; ओरालो लाग्नु। ३. च्युत हुनु; पतित हुनु।

झर्र–ना० [अनु०] १. पानी पर्ने किसिम। २. तातेका घिउ-तेलमा पानी पर्दा शब्द आउने किसिम; झ्वार्र।

झर्रो–वि० [झरिलो] १. शुद्ध; चोखो। २. आमा-बाबुजस्तो; बाबु-आमाका गुण भएको। ३. तीन पुस्तासम्म क्षत्रियकी कन्या क्षत्रियले नै विवाह गरी पैदा भएको (क्षत्रिय)। ४. ब्राह्मणले क्षत्रियकी कन्या विवाह गरेर वा जारी गरेर लिएर आएकी कुनै क्षत्रियाबाट जन्मेको (सन्तान)। ५. ब्राह्मणले क्षत्रियभन्दा तल पानी चल्नेसम्म जातिकी कन्या विवाह गरेर वा त्यसै ल्याएकी कुनै स्त्रीबाट जन्मेका

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तान तीन पुस्ता क्षत्रिय जातिमै विवाह भई जन्मेको (सन्तान)।

झर्रोवाद–ना० [झर्रो+वाद] भाषामा सकेसम्म देशज र तद्भव शब्दमात्र प्रयोग गर्ने एक मत।

झर्रोवादी–वि० [झर्रोवाद+ई] झर्रोवादको अनुयायी।

झलक–ना० [सं० झल्लिक] १. चमक; आभा। २. आकृतिको आभास; झझल्को। ३. सम्झना; स्मरण। ४. झलक्क देखिनु।

झलकदार–वि० [झलक+दार] झलक भएको; चमक भएको।

झलक्क–क्रि० यो० [झलक] १. थोरै वेरमात्र एकै चोटि देखिने किसिम; झुलुक्क। २. झल्कने किसिम; टल्कने किसिम।

झलझल–क्रि० यो० [झलक+झलक] १. वार-वार झल्कने किसिम; झलक्क-झलक्क। २. वार-वार सम्झने वा मनले देख्ने किसिम; झझल्को लाग्ने किसिम; झलझली।

झलझलाइ–ना० [झलझलाउ+आइ] झलझलाउने किसिम, क्रिया वा भाव; झलझलाहट।

झलझलाइनु–अ० क्रि० [झलझलाउ+इ+नु] झलझल झल्किनु; ('झलझलाउनु'-को भा० क्रि०)।

झलझलाउनु–अ० क्रि० [झलझल+आउ+नु] झलझल गरी झल्कनु; टल्कनु।

झलझलाहट–ना० [झलझलाउ+आहट] झलझलाउने किसिम, क्रिया वा भाव; झलझलाइ।

झलझली–क्रि० यो० [झलझल+ई] १. झलझल; झलक्क-झलक्क। २. वार-वार सम्झने किसिम।

झलमल–क्रि० यो० [ने०] १. झल्कने किसिम; टलकने किसिम। (ना०) २. रम-रमिता; रमाइलो।

झलमल्ल–क्रि० यो० [ने०] घाम लागेर वा बत्ती बलेर खूब उज्यालो हुने किसिम; झल्ल।

झल्कनु–अ० क्रि० [झलक+इ+नु] १. झल्ल हुनु; टल्कनु; चम्कनु। २. आकृतिको आभास आउनु; अवभासित हुनु। ३. सम्झनु; स्मरण हुनु। ४. भान पर्नु; मिथ्याभास हुनु।

झल्काइ–ना० [झल्क+आइ] झल्कने किसिम, क्रिया वा भाव; झल्काइ।

झल्काइ–ना० [झल्काउ+आइ] झल्काउने किसिम, क्रिया वा भाव।

झल्काइनु–स० क्रि० [झल्काउ+इ+नु] झल्कन लाइनु; ('झल्काउनु'-को क० क्रि०)।

झल्काउनु–स० क्रि० [झल्क+आउ+नु] झल्कन लाउनु; झल्कने पार्नु; ('झल्कनु'-को प्रे० क्रि०)।

झल्किनु–अ० क्रि० [झल्क+इ+नु] १. झल्ल होइनु; टल्किनु; ('झल्कनु'-को भा० क्रि०)। २. झल्कनु; टल्कनु।

झल्को–ना० [झलक] १. झझल्को; सम्झना। २. झलक; आभास। ३. मिथ्याभास; भान। ४. टलक; चमक।

झल्क्याइ–ना० [झल्कि+याइ] १. झल्किने किसिम, क्रिया वा भाव; झल्काइ। २. झल्काउने किसिम, क्रिया वा भाव।

झल्क्याहट–ना० [झल्कि+याहट] १. झल्किने किसिम, क्रिया वा भाव; झल्क्याइ। २. झल्काउने किसिम, क्रिया वा भाव।

झल्टचाङ-झुल्टुङ–क्रि० यो० [झल्डचाङ-झुल्डुङ] झल्डचाङ-झुल्डुङ।

झल्डचाङ-झुल्डुङ–क्रि० यो० [ने०] १. झुन्डचाएर हल्लाउने किसिम; झुन्डचाएर हल्लाउँदै लैजाने वा ल्याउने किसिम; झाङ्गल-झुङ्गल; झन्डचाङ-झुन्डुङ। (ना०) २. माल-मत्ता; झिटीमिटी।

झल्याँस्स–क्रि० यो० [झलक्क] १. एकाएक विउँझने किसिम; होशमा आउने किसिम। २. अतीतका कुराहरू अकस्मात् सम्झने किसिम; पुराना कुराहरू मनमा फुर्ने सिकिम; झलक्क।

झल्याक-झुलुक–क्रि० यो० [झलक्क+झुलुक्क] झरिलो वस्तु वा प्रकाश कहिले-कहीँ देखिने किसिम; कुनै व्यक्ति वा वस्तु आकल-झुकल देखिन किसिम।

झल्ल–क्रि० यो० [सं०] १. चमकदार वस्तु टल्कने किसिम; झल्कने किसिम। २. खूब उज्यालो हुने किसिम; झलमल्ल।

झल्लक–ना० [सं०] १. कर-ताल। २. झ्याम्टा।

झल्लर–ना० [सं० झल्लरी] चँदुवा, छाता आदि वा देव-मन्दिरका छानाका छेउमा शोभाका निमित्त मुजा-मुजा पारेर झुन्डचाइने कपड़ा।

झल्लरी–वि० [सं०] १. झल्लर भएको; झल्लरदार। (ना०) २. जुल्फी। ३. एक किसिमको ढोल। ४. झ्याली बाजा; झ्याम्टा।

झल्लरी-छाता–ना० [झल्लरी+छाता] देवता, राजा, वर-वधू आदिलाई ओढ़ाइने झल्लर लागेको ठूलो किसिमको छाता।

झल्लरी-मल्लरी–वि० [झल्लरी+मल्लरी (फाँ०)] चिल्था-चिल्था परी लर्केको; च्यातिएर चिरा-चिरा परी लत्रेको (कपड़ा)।

झल्लिका–ना० [सं०] १. पाउडर, अत्तर, रङ आदि लगाउने नरम कपड़ा वा रुवाको लुँडो। २. चमक; द्युति। ३. झ्याउँ-कीरी।

झल्ली–ना० [सं०] झ्याम्टा; झ्याली।

झल्लो–वि० [सं० झल्ल] १. पतित; च्युत। २. बेकम्मा; लम्फू।

झष–ना० [सं०] १. माछो। २. ग्राह। ३. मीन राशि। ४. गर्मी।

झष-केतु–ना० [सं०] कामदेव।

झसक–ना० [झस्क] वायुका विकारले शरीरमा हुने पीडा; चस्कने वेदना; झस्को; हुप।

झसक्क–क्रि० यो० [झस्को] १. झस्कने किसिम; तर्सने किसिम; झसङ्ग। २. झसक पस्ने किसिम; चसक्क।

झसङ्ग–क्रि० यो० [ने०] झस्कने किसिम; एकाएक तर्सने किसिम।

CC-0. In Public Domain. Digitization by eGangotri

झसङङ–क्रि० यो० [भसङ्ग] झसङ्ग।

झस्कनु–अ० क्रि० [झस्को] १. एकाएक डराउनु; झसङ्ग हुनु; तर्सनु। २. झस्को पर्नु; हुप पर्नु।

झस्काइ–ना० [झस्क+आइ] झस्कने किसिम, क्रिया वा भाव।

झस्काइ–ना० [झस्काउ+आइ] झस्काउने किसिम, क्रिया वा भाव।

झस्काइनु–स० क्रि० [झस्काउ+इ+नु] झस्कन लाइनु; ('झस्काउनु'-को क० क्रि०)।

झस्काउनु–स० क्रि० [झस्क+आउ+नु] एकाएक तर्साउनु; ('झस्कनु'-को प्रे० क्रि०)।

झस्किनु–अ० क्रि० [झस्क+इ+नु] १. झस्कनु। २. एकाएक डराइनु; ('झस्कनु'-को भा० क्रि०)।

झस्को–ना० [प्रा० झसिअ] १. झसक; हुप। २. भय; त्रास। ३. सम्झना; झल्को।

झस्याइ–ना०[झस्कि+याइ] १. झस्किने किसिम, क्रिया वा भाव; झस्काइ। २. झस्काउने किसिम, क्रिया वा भाव।

झस्याहट–ना० [झस्कि+याहट] १. झस्किने किसिम, क्रिया वा भाव; झस्काइ। २. झस्काउने किसिम, क्रिया वा भाव।

झाँक–ना० [सं० झण्ट] भाले जरायो।

झाँकिनु–स० क्रि० [झाँक्+इ+नु] चिताइनु; ('झाँक्नु'-को क० क्रि०)।

झाँकी–ना० [झाँक्] १. झाँक्ने क्रिया; हेराइ; अल्प समयको दर्शन। २. छाया। ३. विभिन्न दृश्य, लीला, घटना आदि प्रदर्शित गरिएको खट, रथ आदि।

झाँक्नु–स० क्रि० [सं० अध्यक्ष] लुकेर हेर्नु; चियाउनु।

झाँक्री–ना० [नें०] मन्त्र-तन्त्रद्वारा आफ्ना शरीरमा देवता वा प्रेतको आवेश प्रकट गरेर रोगीको उपचार गर्ने वैद्य; धामी।

झाँक्री–वि० [झाँक्रो+ई] १. झाँक्रो फिंजेको; झाँक्रे; जगल्टे। (ना०) २. एक बनैया जाति।

झाँक्री-काउलो–ना० [झाँक्री+काउलो] एक जातको काउलो। (यसका स्याउला धमेल गर्ने धामी-झाँक्री हातमा लिई उफ्रन्छन्।)

झाँक्रे–वि० [झाँक्रो+ए] झाँक्रो फिंजेको; झाँक्री।

झाँक्रो–ना० [सं० झुण्ट] नतलासेको र फिंजिएको लामो कपाल; जगल्टा।

झाँग–ना०[सं० झाम्टो] १. एकै ठाउँमा जम्मा भएका लहरा-बूटाहरूको समूह। २. झाँगिएको बोट; झ्याम्म परेको बिरुवा।

झाँगल-झुँगल–क्रि० यो० [नें०] १. हल्लाउने किसिम; झिंजोल्ने काम। २. लछार-पछार गर्ने किसिम; घिच्च्याइ-मुन्टचाइ गर्ने किसिम।

झाँगिइनु–अ० क्रि० [झाँगि+इ+नु] चारैतिर हाँगा-बिंगा फैलिनु; ('झाँगिनु'-को भा० क्रि०)।

झाँगिनु–अ० क्रि० [झाँग+इ+नु] चारैतिर हाँगा-बिंगा फैलनु; झाँग लाग्नु।

झाँज–ना० [सं० झल्ली] झ्याली; झ्याम्टा।

झाँजर–ना० [सं० जर्जर] १. घिउ-तेलमा पकाएका रोटीहरू झिक्ने प्वालै-प्वाल परेको पनिउँ। (वि०) २. धेरै प्वाल भएको; छिद्रै-छिद्र परेको। ३. थोत्रो; जीर्ण।

झाँट–ना० [सं० झाट] उपस्थको रौं; शस्प।

झाँट-झुँट–ना० [झाँट्+झुँट (फाँ०)] झाँट्ने काम; टक-टक्याउनु।

झाँटिनु–स० क्रि० [झाँट्+इ+नु] झटनी पछारिनु; ('झाँट्नु'-को क० क्रि०)।

झाँट्नु–स० क्रि० [प्रा० झण्टइ+नु] १. अन्न झार्न झटनी पछार्नु; पछारेर बोटबाट धान झार्नु। २. छास्नु; झपार्नु। ३. लखतरान पार्नु; थकित पार्नु।

झाइँ-झुइँ–क्रि० यो० [अनु०] १. तातो तेल-घिउमा तरकारी ओइरँदा वा तातो तेल-घिउले दाल, तरकारी झान्दा शब्द आउने किसिम; झ्वाइँ। २. जम्मै सिद्धिने किसिम; रित्तिने किसिम। (ना०) ३. झान्ने काम; झानझुन।

झाकझुक–क्रि० यो० [नें०] १. कहिले-कहीं कुनै काम वा कुरा हुने किसिम; आकल-झुकल। २. अलि-अलि निद्रा लाग्ने किसिम; उङ लाग्ने किसिम।

झाङ–ना० [झाँग] झाँग।

झाङल-झुङल–क्रि० यो० [झाँगल-झुँगल] झाँगल-झुँगल।

झाङिइनु–अ० क्रि० [झाङि+इ+नु] झाँगिइनु; ('झाङिनु'-को भा० क्रि०)।

झाङिनु–अ० क्रि० [झाङ+इ+नु] झाँगिनु।

झाङ्कृत–ना० [सं०] १. पाउमा लाउने गहना; पाउजेब। २. पानी खस्दा आउने शब्द।

झाङ्गल-झुङ्गल–क्रि० यो० [नें०] झुन्डयाएर हल्लाउने किसिम; झल्डयाङ-झुल्डुङ।

झाट–ना० [सं०] १. प्रातःकाल उज्यालो हुने बखतको गाढ अन्धकार। २. लहराहरूले ढाकिएको स्थान; कुन्ज। ३. झाड़ी।

झाटझुट–क्रि० यो० [झट्ट+झट्ट] झट्ट-पट्ट; छिट्छिटो; चाँड्चाँडो।

झाटा–ना० [सं०] १. जाईका जस्ता साना-साना पात हुने लहरामा फुल्ने एक जातको सुगन्धी सेतो फूल। २. भइँ-अमला।

झाड़–ना० [सं० झाट] १. धेरै वटा बत्ती बालिने, शोभाका निमित्त बैठकमा झुन्डयाइने काँचको साधन; बत्तीदान। २. सान्साना बोट-बिरुवाहरूको समुदाय; झाङ।

झाड़-बढार–ना० [झार्+बढ़ार्] धूलो, कसिंगर आदि झार्ने र बढ़ार्ने काम; बढ़ार-कुँढ़ार।

झाड़ा–ना० [सं० क्षरण] १. पातलो दिसा; पखाला। २. दिसा; विष्ठा।

झाड़ा-बान्ता–ना० [झाड़ा+बान्ता] झाड़ा-बान्त।

झाड़ा-वान्त–ना० [झाड़ा+वान्त (सं०)] धेरै पटक झाड़ा र

CC-0. In Public Domain. Digitization by eGangotri

बान्ता हुने रोग; हैजा; छेरौटी।

झाड़ी–ना० [झाड़+ई] ठूलो र बाक्लो वन; घना जङ्गल।

झाड़ू–ना० [प्रा० झाडन] कूचो; बढार्ने साधन।

झाड़ू-बढ़ारू–ना० [झाड़-बढ़ार] झाड़-बढ़ार; बढ़ार-कुँढ़ार।

झान-झुन–ना० [झान्+झुन (फाँ०)] झान्ने काम; झाइँ-झुइँ।

झानिनु–स० क्रि० [झान्+इ+नु] झान्ने काम गरिनु; ('झान्नु'-को क० क्रि०)।

झान्नु–स० क्रि० [झ्वाइँय+नु] घिउ-तेल आदिमा सुगन्धी मसला फुराएर दाल, अचार आदिमा हाल्नु; झान-झुन गर्नु।

झापझुप–क्रि० यो० [प्रा० झम्पिअ] १. आगो, बत्ती आदि झटपट निभाउने किसिम। २. कुनै वस्तुलाई ढाक-छोप गर्ने किसिम। ३. कुनै काम झटपट सिद्धयाउने किसिम।

झापट–ना० [सं० चपट] १. पाँचै औंला र हत्केलाका समुदायले जोरसित पिट्ने काम; लपेटाको हनाइ; थप्पड़। २. झँटाइ; धम्की।

झापन–ना० [सं० झम्पन] डोली छोप्ने कपड़ा; डोलीको पर्दा।

झापा–ना० [ने०] नेपालको मोरङ जिल्ला-अन्तर्गतको एक इलाका।

झामक–ना० [सं० झमक] डढ़को ईंट; ईंटको कीट।

झामझुम–क्रि० यो० [सं० झम्पन] १. धेरै जना मिलेर कुनै काम झटपट सिद्धयाउने किसिम। २. आगो, बत्ती आदि बिलकुल निभाउने किसिम; झापझुप।

झाम-झुम्म–क्रि० यो० [झामझुम] १. चारैतिरबाट एकै चोटि छोप्ने वा छोपिने किसिम। २. अँध्यारो हुने किसिम। ३. धेरै जना मानिस एकै काममा झुम्मिने किसिम।

झाम्टिइनु–अ० क्रि० [झाम्टो+इ+नु] गाँजिइनु; झाँगिइनु; ('झाम्टिनु'-को भा क्रि०)।

झाम्टिनु–अ० क्रि० [झाम्टो+नु] गाँजिनु; झाँगिनु।

झाम्टो–ना० [सं० झुण्ट] १. झ्याम्म परेका हाँगा-बिंगा भएको बिरुवा; झाँग। २. सप्लाएका साग-पातको बोट। ३. रौं, धागो आदिको गुजुल्टो।

झाम्टो–ना० [झ्याम्टो] झ्याम्टो; झ्याली।

झार–ना० [प्रा० झाड़] घाँस; तृण।

झार-झुर–ना० [झार्+झुर(फाँ०)] झार्ने काम; टकटक्याउने काम; झारपोथर।

झार-पात–ना० [झार+पात] घाँस-पात; लता-पत्र।

झारपोथर–ना० [झार्+पुछ्] १. धूलो, कसिंगर आदि झार्ने काम; झार-झुर। २. जो भएको सबै सिद्धयाउने काम; पाछ-पुछ।

झार-फूक–ना० [झार्+फुक] तन्त्र-शास्त्रानुसार मन्त्र पढ़ेर कुश, कूचो, खरानी, जल आदिले रोगीको उपचार गर्ने काम; झार्ने र फुक्ने काम; फाकफूक।

झारफूके–वि० [झार-फूक+ए] झार-फूकद्वारा रोगीको उपचार गर्ने व्यक्ति; फाकफूके।

झारमौरो–ना० [फा० जहरमोहरा] सर्प, बिच्छी आदिले टोकेर शरीरमा फिँजिएको विष खिँच्ने वा मार्ने हरियो रङ्गको एक किसिमको पत्थर।

झारल–ना० [ने०] जरायोजस्तो एक जातको ठूलो मृग।

झारा–ना० [झर्] गन्जीफाका खेलमा नियमानुसार रङ्गको सबभन्दा ठूलो अन्तिम चक्की नराखी खानेजति जम्मै चक्कीहरू एकसाथ लाम लगाई खेल्ने एक दाउ।

झारा–ना० [ने०] १. कुनै सरकारी वा सार्वजनिक काममा सरकार, जमीनदार, बिर्तावार आदिले रैती-दुनियाँसँग पारिश्रमिक नदिई लिने श्रमको सहायता। २. मन नलगाई-कन गरिने काम; कर-बलको काम।

झारातिरा–वि० [झारा+तिर्] १. झाराको काम गर्ने; झाराली (व्यक्ति)। २. मन नपरीकन कुन काम गर्ने; कर-बलले काम गर्ने।

झाराली–ना० [झारा+ली] झाराको काम गर्न आउने व्यक्ति; गुहारे खेतालो।

झारिनु–स० क्रि० [झार्+इ+नु] खसालिनु; ('झार्नु'-को क० क्रि०)।

झारी–ना० [सं० झरी] ठूलो पेट, सानो घाँटी, फुकेको मुख र टुटी भएको एक किसिमको जल-पात्र।

झारो–ना० [चार] डन्डी-बियाका खेलमा प्रयोग गरिने चारको गणना।

झार्नु–स० क्रि० [झर्+नु] १. तलतिर ओराल्नु; खसाल्नु; गिराउनु। २. लागू-भागू हटाउनाका लागि तन्त्र-मन्त्र-द्वारा उपचार गर्नु; झार-फूक गर्नु।

झाल–ना० [सं० झाट] लहरा-बेहराको झाङ; लताहरूको समूह।

झालर–ना० [झल्लर] झल्लर; झल्लिका।

झाले–वि० [सं० झल्लिका] टाटे-पाङ्ग्रे; रङ्ग-बिरङ्गी; छिरेबिरे।

झालेमाले–वि० [झाले] धेरै किसिमका रङ्ग भएको; छिरे-बिरे; टाटे-पाङ्ग्रे।

झास–ना० [झार] सुकेका झार-पातहरूको समूह; झ्यास-झूस।

झास-झुस–क्रि० यो० [झास+झूस] १. तुरुन्तै बल्ने किसिम; ह्वार। २. तुरुन्तै सिद्धिने किसिम।

झास-झूस–ना० [झास+झूस] सुकेकाझार-पात हरूको समूह; झ्यास-झूस।

झिंगटी–ना० [ने०] ईंटझैं पोलेको, दुइतिर छेउमा खोल्सा परेको, पातलो, घरको छाना छाउने साधन।

झिंगनी–ना० [सं०झिङ्गिनी] लाम्चा पात, सेता साना-साना फूल र हरिया साना-साना फल हुने एक वृक्ष; झिंगानु।

झिंगनी-तोरियाँ–ना० [झिंगनी+तोरियाँ] पाटे-तोरियाँ।

झिंगल्टो–ना० [झिंजो] गहत, भटमास, बदाम आदिको जगल्टा; झिंजो।

झिंगानु–ना० [सं० झिङ्गिनी] झिंगनी।

झिंजिनु–अ० क्रि० [झिंजो+इ+नु] झिंजो मान्नु; झर्को मान्न

CC-0. In Public Domain. Digitization by eGangotri

झिँजिइनु–अ० क्रि० [झिँजि+इ+नु] झिँजो मानिनु; ('झिँजिनु'-को भा० क्रि०)।

झिँजिनु–अ० क्रि० [झिँजो+नु] झिँजो मान्नु।

झिँजो–ना० [ने०] मसिनु दाउरो; झिक्रो।

झिँजो–ना० [झोँज] १. फाइदा नहुने र मन नपरेको काम; झन्झटको काम। २. झर्को; झन्झट। ३. कचकच।

झिँजोलिनु–स० क्रि० [झिँजोल्+इ+नु] हल्लाइनु; ('झिँजोल्नु'-को क० क्रि०)।

झिँजोल्नु–स० क्रि० [ने०] हल्लाउनु; घचघच्याउनु।

झिँज्याइ–ना० [झिँज्याउ+आइ] झिँज्याउने किसिम, क्रिया वा भाव।

झिँज्याइ–ना० [झिँजि+आइ] झिँजिने किसिम, क्रिया वा भाव; झिँज्याहट।

झिँज्याइनु–स० क्रि० [झिँज्याउ+इ+नु] झिँजो लाइनु; ('झिँज्याउनु'-को क० क्रि०)।

झिँज्याउनु–स० क्रि० [झिँजि+याउ+नु] १. झिँजो लाउनु; झन्झटको काम लाउनु। २. पिरोल्नु। ३. दिक्क लाउनु; ('झिँजिनु'-को प्रे० क्रि०)।

झिँज्याहट–ना० [झिँजि+याहट] झिँजिने किसिम, क्रिया वा भाव; झिँज्याइ।

झिकाइ–ना० [झिकाउ+आइ] झिकाउने किसिम, क्रिया वा भाव।

झिकाइ–ना० [झिकि+आइ] झिकिने किसिम, क्रिया वा भाव।

झिकाइनु–स० क्रि० [झिकाउ+इ+नु] पैठारी गरिनु; ('झिकाउनु'-को क० क्रि०)।

झिकाउनु–स० क्रि० [झिक्+आउ+नु] १. कुनै टाढ़ाका ठाउँबाट माल-तालहरू पैठारी गर्नु; अन्यत्रबाट चीज-बीज मगाउनु। २. कुनै व्यक्तिलाई चिट्ठी, मानिस आदिद्वारा डाक्नु। ३. झिक्न लाउनु; ('झिक्नु'-को प्रे० क्रि०)।

झिकिनु–स० क्रि० [झिक्+इ+नु] राखेका ठाउँबाट लिइनु; ('झिक्नु'-को क० क्रि०)।

झिकुवा–वि० [झिक्+उवा] झिकिएको; खारिज गरिएको।

झिक्नु–स० क्रि० [ने०] १. राखेका ठाउँबाट लिनु; रहेका ठाउँबाट निकाल्नु; उभाउनु। २. उतार्नु; निकास्नु। ३. खारिज गर्नु; निकाल्नु। ४. कटाउनु; घटाउनु।

झिक्रो–ना० [झिँजो] साना-साना हाँगा-बिँगासहितको हाँगो; झिँजो।

झिङटी–ना० [झिँगटी] झिँगटी।

झिङनी–ना० [झिँगनी] झिँगनी।

झिङनी-तोरियाँ–ना० [झिङनी+तोरियाँ] पाटे-तोरियाँ।

झिङल्टो–ना० [झिँगल्टो] झिँगल्टो।

झिङानु–ना० [झिँगानु] झिँगानु।

झिङ्गिनी–ना० [सं०] झिँगनी।

झिजिइनु–अ० क्रि० [झिजि+इ+नु] झिजिइनु; ('झिजिनु'-को भा० क्रि०)।

झिजिनु–अ० क्रि० [झिँजो+इ+नु] झिँजिनु।

झिजो–ना० [झिँजो] झिँझो।

झिज्याइ–ना० [झिँज्याइ] झिँज्याइ।

झिज्याइनु–स० क्रि० [झिज्याउ+इ+नु] झिँज्याइनु; ('झिज्याउनु'-को क० क्रि०)।

झिज्याउनु–स० क्रि० [झिजि+याउ+नु] झिँज्याउनु; ('झिजिनु'-को प्रे० क्रि०)।

झिज्याहट–ना० [झिजि+याहट] झिँज्याहट।

झिञ्झिम–ना० [सं०] डढ़ेलो लागेको जङ्गल।

झिञ्झिरीटा–ना० [सं०] लपेटुवा बोट।

झिञ्झी–ना० [सं०] झ्याउँकीरी।

झिटी–ना० [ने०] माल-मत्ता; झिटीमिटी; झर-झिटी।

झिटीमिटी–ना० [ने०] गृहस्थीका सर-सामान; माल-मत्ता; झर-झिटी।

झिनुवा–ना० [ने०] १. सेतो भावका पात हुने, खैरो मिसिएको डल्लो किसिमको एक जातको धान। २. त्यसैको चामल।

झिम–क्रि० यो० [ने०] झिम्म।

झिमझिम–क्रि० यो० [ने०] १. वार-वार आँखा झिम्क्याउने किसिम; चिमचिम। २. मसिनु पानी परिरहने किसिम; सिमसिम।

झिमझिमे–वि० [झिमझिम+ए] १. आँखा झिमझिम गरिरहने; चिमचिमे। २. झिमझिम गरेर बर्सिरहने; सिमसिमे (पानी)।

झिमिक्क–क्रि० यो० [ने०] १. आँखा सहसा चिम्लने किसिम। २. आँखा झिम्क्याउने किसिम।

झिम्के–वि० [झिम्को+ए] आँखा झिम्क्याएर इशारा गर्ने; आँखा सन्काउने।

झिम्को–ना० [झिमिक्क] पलक मार्नु; आँखा झिम्क्याउनु।

झिम्क्याइ–ना० [झिम्क्याउ+आइ] आँखा झिम्क्याउने किसिम, क्रिया वा भाव; झिम्क्याहट।

झिम्क्याइनु–स० क्रि० [झिम्क्याउ+इ+नु] पलक मारिनु; ('झिम्क्याउनु'-को क० क्रि०)।

झिम्क्याउनु–स० क्रि० [झिम्को+याउ+नु] पलक मार्नु; आँखा झिमिक्क गर्नु; झिम्को लाउनु।

झिम्क्याहट–ना० [झिम्क्याउ+याहट] झिम्क्याउने किसिम, क्रिया वा भाव; झिम्क्याइ।

झिम्म–क्रि० यो० [ने०] आँखा बन्द गर्ने किसिम; झिम।

झिरलो–ना० [झिँजो] झिँजो; झोँज; पिरलो।

झिर्नू–वि० [झिर्नो] झिर्नो।

झिर्नो–वि० [सं० जीर्ण] १. थोत्रो; जीर्ण। २. मानसिक दु:खले गलेको; पीरले दुब्लाएको।

झिलझिल–क्रि० यो० [सं० झिल्लिका] साना-साना चम्किला वस्तु हल्लँदा झल्कने किसिम; झिलिक्क-झिलिक्क।

झिलिक-झिलिक–क्रि० यो० [झिलिक्क+झिलिक्क] चम्किला

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तु बार-बार देखिने किसिम; फेरि-फेरि झल्कने किसिम।

झिलिक-मिलिक—क्रि॰ यो॰ [झिलिक्क+मिलिक्क] चम्किला वस्तु वा टलक छिन-छिनमा देखिने किसिम; झिलिक-झिलिक।

झिलिक्क—क्रि॰ यो॰ [सं॰ झिल्ली] १. चम्किलो पदार्थ छिन-भर देखिएर हराउने किसिम; झलक्क; चमक्क। २. आगो, बत्ती आदि एकाएक बल्ने किसिम। ३. कुनै वस्तु वा व्यक्ति एक्कासि देखापर्ने किसिम।

झिलिमिली—क्रि॰ यो॰ [झिलिक्क] १. झल्कने वा रङ्ग-बिरङ्गी विभिन्न वस्तुहरूले राम्रो हुने किसिम; झलमल्ल; झकि-झकाउ। (ना॰) २. रमाइलो; रमिता; रमझम।

झिलियाँ—ना॰ [नें॰] चामलको पीठो पकाई झाँजरबाट चुहाएर स्याउजस्तो पारी सुकाएको खानेकुरो; झिलैँया।

झिलिलिलि—क्रि॰ यो॰ [झिलिक्क] झल्कने किसिम; टल्कने किसिम।

झिलैँया—ना॰ [नें॰] झिलियाँ।

झिल्के—वि॰ [झिल्को+ए] १. झिल्को भएको। २. ठाँटिलो; गुन्डो। ३. आँखा नचाएर कुरा गर्ने।

झिल्को—ना॰ [सं॰ झिल्ली] आगाको सानो कण।

झिल्टुङ्—वि॰ [झीनो] १. ज्यादै दुब्लो; ज्यादै पातलो। २. ज्यादै जीर्ण।

झिल्ल—क्रि॰ यो॰ [झल्ल] बिजुली चम्कने किसिम; आगो, बत्ती वा कुनै अन्य तेजिलो वस्तु चम्कने किसिम।

झिल्लि—ना॰ [सं॰] १. झ्याम्टो; झ्याली। २. झ्याउँकीरी।

झिल्लिका—ना॰ [सं॰] १. झ्याउँकीरी। २. झङ्कार। ३. प्रकाश; दीप्ति। ४. झ्याम्टा।

झिल्सिँदो—वि॰ [झिल्सि+इँदो] झिल्स्याइँदो।

झिल्ली—ना॰ [सं॰] १. छालामाथिको पातलो तह; अत्तर-छाला। २. अत्तर-छालाजस्तै पातलो कुनै पत्र। ३. सूर्यको किरण; तेज। ४. झ्याम्टा; झ्याली। ५. गफ हाँक्नु; नचाहिँदा कुरा गर्नु।

झिल्सिइनु—अ॰ क्रि॰ [झिल्सि+इ+नु] पिल्सिइनु; ('झिल्सिनु'-को भा॰ क्रि॰)।

झिल्सिनु—अ॰ क्रि॰ [सं॰ ज्वलन+इ+नु] अनाजहरू भुट्ता वा रोटी पकाउँदा भित्र काँचै रही बाहिरमात्र डढ्नु; पिल्सिनु।

झिल्स्याइँदो—वि॰ [झिल्सि+याइँ+उँदो] १. केहीमात्र जलेको। २. केहीमात्र पचेको (पेटभित्र रहेको खानेकुरो)।

झिल्स्याउँदो—वि॰ [झिल्सि+आउँदो] झिल्स्याइँदो।

झिल्स्याइ—ना॰ [झिल्सि+याइ] झिल्सिने किसिम, क्रिया वा भाव।

झिल्स्याइ—ना॰ [झिल्स्याउ+आइ] झिल्स्याउने किसिम, क्रिया वा भाव।

झिल्स्याइनु—स॰ क्रि॰ [झिल्स्याउ+इ+नु] झिल्सिने पारिनु; ('झिल्स्याउनु'-को क॰ क्रि॰)।

झिल्स्याउनु—स॰ क्रि॰ [झिल्सि+याउ+नु] भित्र नपाक्ने र बाहिर डढ्ने गरी अनाजहरू भुट्नु वा रोटी पकाउनु; पिल्स्याउनु; ('झिल्सिनु'-को प्रे॰ क्रि॰)।

झिल्स्याहट—ना॰ [झिल्सि+याहट] झिल्सिने किसिम, क्रिया वा भाव; झिल्स्याइ।

झिसमिस—क्रि॰ यो॰ [नें॰] १. बिहानी-पख अलि-अलि उज्यालो हुने किसिम; मिरमिर। (ना॰) २. त्यस्तो उज्यालो भएको समय; झिसमिसे।

झिसमिसे—वि॰ [झिसमिस+ए] १. झिसमिस उज्यालो भएको; अलि-अलि उज्यालो भएको (समय)। (ना॰) २. त्यस्तो उज्यालो भएको समय; रिमरिमे; मिरमिरे।

झिसिलो—वि॰ [झिलिस+लो] झिल्सिँदो।

झी—ना॰ [नें॰] घाउ-खटिरा वा रोग (बाल-बोलीमा)।

झीँगाउरो—ना॰ [झीँगो+आउरो] घिरौँलाका जालीजस्ता, लाम्चा गुँड़ लाउने, माहुरी-जातको विशालु कीरो।

झीँगे—वि॰ [झीँगो+ए] झीँगो-सम्बन्धी; झीँगोको; झीँगो-जस्तो।

झीँगे-दाउ—ना॰ [झीँगे+दाउ] आफ्ना-आफ्ना पैसा भइँमा राखेर जसका पैसामा पहिला झीँगो बस्यो उसैले जित्ने एक खेल।

झीँगे-माछो—ना॰ [झीँगे+माछो] मुखका अगाड़ि गँगटाका जस्ता दुइटा हात र आठ वटा खुट्टा हुने, पार-दर्शी, करङजस्ता कत्ला हुने र शरीरभित्र करङ नहुने एक जातको माछो।

झीँगो—ना॰ [प्रा॰ झिल्लिरिआ] प्रायः सबै ठाउँमा पाइने छ खुट्टा र दुइ वटा पखेटा भएको एक प्रसिद्ध कीरो; माखो; मक्षिका।

झीङ्गाउरो—ना॰ [झीँगाउरो] झीँगाउरो।

झीनो—वि॰ [प्रा॰ झीणो] १. मसिनु; कृश; क्षीण। २. दुब्लो।

झीनू—वि॰ [झीनो] झीनो।

झीर—ना॰ [नें॰] १. हुक्काको सुमेरु खोल्ने, बटारिएको फलामे सुइरो। २. मासु सेकाउने फलामे सुइरो।

झील—ना॰ [सं॰ क्षीर] प्राकृतिक ठूलो पोखरी; ताल; दह।

झुँगी—ना॰ [नें॰] हिँड्दा-हिँड्दै बुद्धि-विभ्रमले बाटो अल-मलिनु; विभ्रम हुनु।

झुँड़ी—वि॰ [नें॰] रिसाहा; क्रोधी; झड़ङ्गे।

झुँज—ना॰ [झोँज] १. कलह; झगड़ा। २. झोँज।

झुँज्याहा—वि॰ [झुँज+आहा] १. झगड़ा गर्ने स्वभावको। २. झोँज लाउने।

झुकाइ—ना॰ [झुक्+आइ] झुक्ने किसिम, क्रिया वा भाव।

झुकाइ—ना॰ [झुकाउ+आइ] झुकाउने किसिम, क्रिया वा भाव।

झुकाइनु—स॰ क्रि॰ [झुकाउ+इ+नु] झुक्न लाइनु; ('झुका-उनु'-को क॰ क्रि॰)।

CC-0. In Public Domain. Digitization by eGangotri

झुकाउ–ना० [झुक्+आउ] १. झुक्ने काम; निहुराइ। २. पक्षपात; झुकान; ढल्काइ। ३. रुचि; चाख। ४. प्रवृत्ति।

झुकाउनु–स० क्रि० [झुक्+आउ+नु] १. निहुराउनु; नुहाउनु; लच्काउनु; ढल्काउनु; ('झुक्नु'-को प्रे० क्रि०)। २. घमन्ड तोड्नु; शेखी झार्नु।

झुकान–ना० [झुक्+आन] १. झुक्ने काम; झुकाउ। २. पक्ष; तरफदारी।

झुकान–ना० [झुक्क्यान] झुक्क्यान।

झुक्किइनु–अ० क्रि० [झुक्कि+इ+नु] झुक्क्यानमा परिनु; ('झुक्किनु'-को भा० क्रि०)।

झुक्किनु–अ० क्रि० [प्रा० झक्किअ+इ+नु] १. झुक्क्यानमा पर्नु; भूल हुनु। २. छकिनु; छलिनु।

झुक्किल–ना० [ने०] चीभेजस्तो एक जातको चरो।

झुक्क्याइ–ना० [झुक्कि+याइ] झुक्किने किसिम, क्रिया वा भाव।

झुक्क्याउनु–स० क्रि० [झुक्कि+आउ+नु] छल्नु; छलमा पार्नु।

झुक्क्यान–ना० [झुक्कि+यान] झुक्किनु; भूल हुनु; झुक्क्याइ।

झुक्नु–स० क्रि० [सं० युज+नु] १. निहुरनु। २. बाङ्गिनु। ३. कुप्रिनु। ४. पक्ष लिनु; ढल्कनु। ५. नम्र हुनु; विनीत हुनु। ६. विवश भएर नतमस्तक हुनु।

झुट्टो–वि० [प्रा० झुट्ठ] झूटो।

झुण्ट–ना० [सं०] १. जरैदेखि हाँगा हाल्ने एक जातको रूख। २. झाड़ी; जङ्गल।

झुण्ड–ना० [सं० झुण्ट] जमात; समूह; दल।

झुत–ना० [झुत्तो] समूह; जमात।

झुत्तिइनु–अ० क्रि० [झुत्ति+इ+नु] झुत्तो परिनु; ('झुत्तिनु'-को भा० क्रि०)।

झुत्तिनु–अ० क्रि० [झुत्तो+इ+नु] १. झुत्तो पर्नु; झुत्ता लाग्नु। २. झुम्मिनु; जम्मा हुनु। ३. हाँगासमेत लच्कने गरी प्रशस्त फलहरू लाग्नु।

झुत्ती–ना० [झुत्ति] कुनै कुराको आशा गरी कसैकहाँ वार-वार धाउनु; चाकड़ीमा जानु।

झुत्तो–ना० [सं० यूथ] एकै जातका धेरै वस्तुहरू एकै सूत्रमा झुन्डिएको समूह; झुप्पो; गुच्छो।

झुत्याइ–ना० [झुत्याउ+आइ] झुत्याउने किसिम, क्रिया वा भाव।

झुत्याइ–ना० [झुत्ति+याइ] झुत्तिने किसिम, क्रिया वा भाव।

झुत्याइनु–स० क्रि० [झुत्याउ+इ+नु] झुत्तो लगाइनु; ('झुत्याउनु'-को क० क्रि०)।

झुत्याउनु–स० क्रि० [झुत्ति+याउ+नु] झुत्तो लगाउनु; झुप्पो पार्नु; ('झुत्तिनु'-को प्रे० क्रि०)।

झुत्रिइनु–अ० क्रि० [झुत्रि+इ+नु] झुत्रो होइनु; ('झुत्रिनु'-को० भा० क्रि०)।

झुत्रिनु–अ० क्रि० [झुत्रो+इ+नु] झुत्रो हुनु; थोत्रिनु; फाट्नु; जीर्ण हुनु।

झुत्रे–वि० [झुत्रो+ए] १. झुत्रो लुगा लाउने; थाङ्ने। २. गरीब; निर्धन। ३. तुच्छ; नीच।

झुत्रे-झाम्रे–वि० [झुत्रे+झुम्रे] १. झुत्रा लुगा लाउने; थाङ्ने; झुम्रे-झाम्रे। २. गरीब; कङ्गाल।

झुत्रो–वि० [प्रा० जज्जर] १. चिल्यो; थोत्रो; चिथरो; थाङ्नो। २. तुच्छ; नीच। (ना०) ३. चिल्था परेको कपड़ा। ४. कसैलाई हियाएर बोल्ने शब्द।

झुत्रो-मुत्रो–वि० [झुत्रो+मुत्रो (फाँ०)] झुत्रो; जीर्ण-शीर्ण (कपड़ा, आदि)।

झुत्र्याइ–ना० [झुत्रि+याइ] झुत्रिने किसिम, क्रिया वा भाव।

झुत्र्याइ–ना० [झुत्र्याउ+याइ] झुत्र्याउने किसिम, क्रिया वा भाव।

झुत्र्याइनु–स० क्रि० [झुत्र्याउ+इ+नु] झुत्रो पारिनु; ('झुत्र्याउनु'-को क० क्रि०)।

झुत्र्याउनु–स० क्रि० [झुत्रि+याउ+नु] झुत्रो पार्नु; थोत्र्याउनु; फटाउनु; ('झुत्रिनु'-को प्रे० क्रि०)।

झुन्डिइनु–अ० क्रि० [झुन्डि+इ+नु] लट्किनु; ('झुन्डिनु'-को भा० क्रि०)।

झुन्डिनु–अ० क्रि० [प्रा० झुल्ल+इ+नु] १. भुइँ नछुने गरी मास्तिरका आधारमा अड़िनु; लट्कनु। २. झोलिनु; लच्कनु। ३. घाँटीमा डोरीको पाँसो लाएर मर्नु। ४. आशामा कुरेर बस्नु। ५. स्थगित रहनु (कुनै काम)।

झुन्ड्याइ–ना० [झुन्डि+याइ] झुन्डिने किसिम, क्रिया वा भाव।

झुन्ड्याइ–ना० [झुन्ड्याउ+आइ] झुन्ड्याउने किसिम, क्रिया वा भाव।

झुन्ड्याइनु–स० क्रि० [झुन्ड्याउ+इ+नु] लट्काइनु; ('झुन्ड्याउनु'-को क० क्रि०)।

झुन्ड्याउनु–स० क्रि० [झुन्डि+याउ+नु] १. झुन्डिने पार्नु; लट्काउनु। २. घाँटीमा पासो लगाएर मार्नु। ३. कसैलाई कुनै किसिमको आशामा अल्झाएर राख्नु। ४. कुनै काम गर्नमा विलम्ब गर्नु।

झुपड़ी–ना० [प्रा० झुम्पडा] झुप्रो; छाप्रो।

झुपुक्क–क्रि० यो० [झपक्क] कपड़ा, कागत आदिले छोप्ने किसिम।

झुप्प–क्रि० यो० [झुप्पो] धेरै फल-फूल वा प्राणीहरू एकै ठाउँमा जम्मा भएर रहने किसिम; गुचमुच्च।

झुप्पिइनु–अ० क्रि० [झुप्पि+इ+नु] झुप्पा-झुप्पा परिनु; ('झुप्पिनु'-को भा० क्रि०)।

झुप्पिनु–अ० क्रि० [झुप्पो+इ+नु] झुप्पा-झुप्पा पर्नु; लटरम्म हुनु (फल, फूल आदि)।

झुप्पो–ना० [झुत्तो] फल वा फूलहरूको गुच्छो; झप्पो; झुत्तो।

झुप्प्याइ–ना० [झुप्पि+याइ] झुप्पिने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

झुप्प्याइनु–स० क्रि० [झुप्प्याउ+इ+नु] झुप्पा-झुप्पा पारिनु; ('झुप्प्याउनु'-को क० क्रि०)।

झुप्प्याउनु–स० क्रि० [झुप्पि+याउ+नु] झुप्पा-झुप्पा पार्नु; ('झुप्पिनु'-को प्रे० क्रि०)।

झुप्री–ना० [झुप्रो+ई] सानो झुप्रो; सानो छाप्रो।

झुप्रो–ना० [झुपड़ी] झुपड़ी; छाप्रो।

झुमाइ–ना० [झुम्+आइ] झुम्ने किसिम, क्रिया वा भाव।

झुमाइनु–स० क्रि० [झुमाउ+इ+नु] झुम्न लाइनु; ('झुमाउनु'-को क० क्रि०)।

झुमाउनु–स० क्रि० [झुम्+आउ+नु] झुम्न लाउनु; ('झुम्नु'-को प्रे० क्रि०)।

झुमिनु–अ० क्रि० [झुम्+इ+नु] लट्ठ परिनु; ('झुम्नु'-को भा० क्रि०)।

झुम्की–ना० [सं० झम्प] हुलाकीले छमछम बजाउँदै लिएर हिँड्ने भालासहितको घुँगुराको झुप्पो।

झुम्को–ना० [झम्को] झम्को।

झुम्नु–अ० क्रि० [झुम्म] १. मादक पदार्थ लागेर लट्ठ पर्नु; झुल्नु। २. सङ्गीत, साहित्य आदिका रसमा मत्त हुनु। ३. उङ्नु।

झुम्म–क्रि० यो० [सं० झम्प] १. मादक पदार्थ लागेर लट्ठ पर्ने किसिम; लट्ठिने किसिम। २. उङ लाग्ने किसिम; निद्राले छोप्ने किसिम। ३. एकै ठाउँमा गुचमुच्च परेर बस्ने किसिम; झुम्मिने किसिम।

झुम्मिइनु–अ० क्रि० [झुम्मि+इ+नु] एकै ठाउँमा गुचमुच्च परिनु; ('झुम्मिनु'-को भा० क्रि०)।

झुम्मिनु–अ० क्रि० [झुम्म+इ+नु] १. धेरै जना एकै ठाउँमा गुचमुच्च पर्नु; झुत्तिनु। २. भीड़ लाग्नु। ३. एकत्रित हुनु; जम्मा हुनु।

झुम्म्याइ–ना० [झुम्मि+याइ] झुम्मिने किसिम, क्रिया वा भाव।

झुम्म्याइनु–स० क्रि० [झुम्म्याउ+इ+नु] गुचमुच्च पारिनु; ('झुम्म्याउनु'-को क० क्रि०)।

झुम्म्याउनु–स० क्रि० [झुम्मि+याउ+नु] झुम्मिने पार्नु; ('झुम्मिनु'-को प्रे० क्रि०)।

झुम्रिइनु–अ० क्रि० [झुम्रि+इ+नु] झुम्रो होइनु; ('झुम्रिनु'-को भा० क्रि०)।

झुम्रिनु–अ० क्रि० [झुम्रो+इ+नु] १. झुम्रो हुनु; जीर्ण हुनु। २. जुम्सो हुनु; जुम्सिनु।

झुम्रे–वि० [झुम्रो+ए] झुत्रे।

झुम्रे-झाम्रे–वि० [झुम्रे+झुम्रे] झुत्र-झाम्रे।

झुम्रो–ना० [नें०] १. कपड़ाको सानो-तिनो टुक्रो; झुत्रो कपड़ा; चिल्यो। (वि०) २. जुम्सो; जुस्याहा।

झुम्र्याइ–ना० [झुम्रि+याइ] झुम्रिने किसिम, क्रिया वा भाव।

झुम्र्याइ–ना० [झुम्र्याउ+आइ] झुम्र्याउने किसिम, क्रिया वा भाव।

झुम्र्याइनु–स० क्रि० [झुम्र्याउ+इ+नु] झुम्रो पारिनु; ('झुम्र्याउनु'-को क० क्रि०)।

झुम्र्याउनु–स० क्रि० [झुम्रि+याउ+नु] झुम्रो पार्नु; ('झुम्रिनु'-को प्रे० क्रि०)।

झुरा–ना० [प्रा० झूर] जिलेबी, सेल आदि पकाउँदा चुहेर बनेका साना-तिना टुक्रा-टाक्री।

झुराइ–ना० [झुराउ+आइ] झुराउने किसिम, क्रिया वा भाव।

झुराइनु–स० क्रि० [झुराउ+इ+नु] चाहना गरिनु; ('झुराउनु'-को क० क्रि०)।

झुराउनु–स० क्रि० [नें०] १. खूब चाहना गर्नु; रुचाउनु। २. प्रशंसा गर्नु; गुण गाउनु; सह्राउनु।

झुरा-झुरी–ना० [झुरा+झुरी (फाँ०)] साना-ठूला झुराहरूको समूह; झुरा-मुरा।

झुरा-मुरा–ना० [झुरा+मुरा (फाँ०)] १. काठका साना-तिना टुक्रा-टाक्री। २. रोटी पकाउँदा निस्केका साना टुक्रा-टाक्री। ३. झुरा-झुरी।

झुरिइनु–अ० क्रि० [झुरि+इ+नु] ज्यादा सुकिनु; ('झुरिनु'-को भा० क्रि०)।

झुरिनु–अ० क्रि० [झुरो+इ+नु] १. ज्यादा सुक्नु; खरिनु। २. हल्का छुवाइले पनि धूलो हुने हुनु; झुरुम-झुरुम फुट्ने हुनु।

झुरुम-झुरुम–क्रि० यो० [अनु०] ज्यादै सुकेको वस्तु माड्दा वा खरिएको वस्तु खाँदा शब्द आउने किसिम; झुरिने किसिम।

झुरुमुरु–क्रि० यो० [अनु०] खूब सुक्ने किसिम; खरिने किसिम।

झुरुम्म–क्रि० यो० [नें०] ज्यादा सुक्ने किसिम; खरिने किसिम; खङ्ग्रङ्ग।

झुरो–वि० [झुरा] खूब सुकेको; खरो भएको; झुरिएको।

झुरो-मुरो–ना० [झुरो+मुरो (फाँ०)] खूब सुकेको वस्तु; झ्यास-झुस।

झुर्को–ना० [झुरा] सानो-तिनो टुक्रो; टुक्रा-टाक्री; झुरो।

झुऱ्याइ–ना० [झुऱ्याउ+आइ] झुऱ्याउने किसिम, क्रिया वा भाव।

झुऱ्याइ–ना० [झुरि+आइ] झुरिने किसिम, क्रिया वा भाव।

झुऱ्याइनु–स० क्रि० [झुऱ्याउ+इ+नु] झुरिने गरी सुकाइनु; ('झुऱ्याउनु'-को० क० क्रि०)।

झुऱ्याउनु–स० क्रि० [झुरि+याउ+नु] झुरिने गरी सुकाउनु; खऱ्याउनु; ('झुरिनु'-को प्रे० क्रि०)।

झुर्र–क्रि० यो० [अनु०] १. ज्यादा खरिएको वस्तु धुल्याउँदा शब्द आउने किसिम; झुरुम्म। २. ज्यादा सुकेका पात-पतिङ्गर, बारूद आदिमा आगो लाग्दा शब्द आउने किसिम।

झुलना–ना० [प्रा० झुल्लण] १. वैष्णवहरूले आफ्ना देवतालाई झुलाउने सिंहासन; झुल्ने पलङ। २. पीङ। ३. कोक्रो।

झुलाइ–ना० [झुल्+आइ] झुल्ने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

झुलाइ–ना० [झुलाउ+आइ] झुलाउने किसिम, क्रिया वा भाव।

झुलाइनु–स० क्रि० [झुलाउ+इ+नु] कसैलाई आशामा वार-वार आउने पारिनु; ('झुलाउनु'-को क० क्रि०)।

झुलाउनु–स० क्रि० [झुल्+आउ+नु] १. कुनै आशामा कसैलाई वार-वार आउने पार्नु। २. झुलना हल्लाउनु; पीङ खेलाउनु; ('झुल्नु'-को प्रे० क्रि०)।

झुलिनु–अ० क्रि० [झुल्+इ+नु] लट्किनु; ('झुल्नु'-को भा० क्रि०)।

झुलुक्क–क्रि० यो० [ने०] १. झलकने वा बल्ने किसिम; झिलिक्क। २. एकै पल्टमात्र देखिने किसिम; झलक्क।

झुलुवा–वि० [झुल्+उवा] झुलिरहने स्वभावको; झुल्ने वानी परेको।

झुले–वि० [झुल्+ए] झुलिरहने स्वभावको; झुम्ने।

झुले–वि० [झाले] झालेमाले; टाटे-पाङ्ग्रे (पशु)।

झुलो–ना० [झुरो] चकमक र दर्शन-ढुङ्गा घोटेर सल्काउने केराका सुप्लाको भूवा, नेपाली कागत आदि।

झुल्कनु–अ० क्रि० [झुलुक्क+इ+नु] १. सूर्य उदाउनु; घाम लाग्नु। २. उज्यालो हुनु; प्रकाश आउनु। ३. बल्नु; सल्कनु। ४. अचानक देखापर्नु; झुलुक्क देखिनु।

झुल्काइ–ना० [झुल्क+आइ] झुल्कने किसिम, क्रिया वा भाव।

झुल्काइ–ना० [झुल्काउ+आइ] झुल्काउने किसिम वा क्रिया; झुल्क्याइ।

झुल्काइनु–स० क्रि० [झुल्काउ+इ+नु] झुल्कन लाइनु; ('झुल्काउनु'-को क० क्रि०)।

झुल्काउनु–स० क्रि० [झुल्क+आउ+नु] १. आगो वा बत्ती बाल्नु; सल्काउनु; झुल्क्याउनु। २. देखापर्नु; ('झुल्कनु'-को प्रे० क्रि०)।

झुल्किइनु–अ० क्रि० [झुल्कि+इ+नु] देखापरिनु; उदाइनु; ('झुल्किनु'-को भा० क्रि०)।

झुल्किनु–अ० क्रि० [झुल्क+इ+नु] देखापर्नु; ('झुल्कनु'-को भा० क्रि०)।

झुल्के–वि० [झुल्क+ए] भर्खर उदाएको; झुल्केको (घाम)।

झुल्क्याइ ना० [झुल्कि+याइ] झुल्कने किसिम, क्रिया वा भाव।

झुल्क्याइ–ना० [झुल्क्याउ+आइ] झुल्क्याउने किसिम, क्रिया वा भाव।

झुल्क्याइनु–स० क्रि० [झुल्क्याउ+इ+नु] झुल्काउनु; ('झुल्क्याउनु'-को क० क्रि०)।

झुल्क्याउनु–स० क्रि० [झुल्कि+याउ+नु] १. आगो वा बत्ती बाल्नु; सल्काउनु; झुल्काउनु। २. देखापर्नु; झुलुक्क मुख देखाउनु।

झुल्नु–अ० क्रि० [प्रा० झुल्ल+नु] १. लट्कनु; झुन्डिनु। २. झुन्डिएर हल्लनु। ३. आफ्नो काम बन्ने आशाले कसैकहाँ वार-वार गइरहनु। ४. बेकाममा यता-उति हिँड्नु; लरखराउनु। ५. उङ्नु; निद्राले झप्प-झप्प हुनु। ६. नशाले लट्ठिनु; झुम्नु। ७. साहित्य, सङ्गीत आदिका रसमा मग्न हुनु।

झुसिइनु–अ० क्रि० [झुसि+इ+नु] बढ़ेर वा फुलेर झुसी होइनु; ('झुसिनु'-को भा० क्रि०)।

झुसिनु–अ० क्रि० [झुसी+इ+नु] बढ़ेर वा फुलेर झुसी हुनु; भाँड़ोभित्र हालेका वस्तुहरू बढ़ेर बिटभन्दा माथि उक्सनु।

झुसिलो–वि० [झूस+इलो] झूस भएको; भूवादार।

झुसिलो–वि० [झिसिलो] बढ्ता खाएर अपच हुँदा आउने दुर्गन्धी (डकार); झिसिलो।

झुसिल्कीरो–ना० [झुसिलो+कीरो] शरद्-कालमा हुने, जीउभरि झूसै-झूस हुने एक जातको लाम्चो कीरो।

झुसी–ना० [झूस] मानु, पाथी वा अन्य कुनै भाँड़ोको बिटभन्दा माथि अड़ेसम्मको भराइ; बिटभन्दा माथिको अग्लो भराइ।

झुस्याइ–ना० [झुस्याउ+याइ] झुस्याउने किसिम, क्रिया वा भाव।

झुस्याइ–ना० [झुसि+आइ] झुसिने किसिम, क्रिया वा भाव।

झुस्याइनु–स० क्रि० [झुस्याउ+इ+नु] झुसी पारिनु; ('झुस्याउनु'-को क० क्रि०)।

झुस्याउनु–स० क्रि० [झुसि+याउ+नु] झुसी पार्नु; अनाज-हरू भर्दा मानु, पाथी वा भाँड़ाका बिटभन्दा अग्लो पार्नु; ('झुसिनु'-को क० क्रि०)।

झुस्याहा–वि० [झूस+याहा] १. धेरै झूस भएको; झुसिलो। २. तुच्छ; नीच।

झुस्स–क्रि० यो० [ने०] १. ठाड़ा-ठाड़ा भएर रौँ उम्रने किसिम। २. खाता-पाता बढ़ेर दुब्लो देखिने किसिम।

झूट–वि० [प्रा० झुट्ठ] १. झूटो; असत्य; मिथ्या। (ना०) २. असत्यता।

झूट-मूट–वि० [झूट+मूट (फाँ०)] १. झूटो; मिथ्या; असत्य। (क्रि० यो०) २. विनाकारण; विनसित्ति; व्यर्थमा।

झूटो–वि० [प्रा० झुट्ठ] झुट्टो; मिथ्या; असत्य।

झूटचाइँ–ना० [झूटो+याइँ] झूटो काम गर्ने किसिम, क्रिया वा भाव; फटचाइँ।

झूठो–वि० [झूटो] झूटो।

झूणि–ना० [सं०] १. एक जातको सुपारी। २. अमङ्गल-सूचक आकाश-वाणी।

झूल–ना० [झुल्] १. लाम्खुट्टेबाट बच्नाका निम्ति बिछ्या-उनामाथिबाट टाँगिने, सिएको खोलजस्तो पर्दा। २. शोभाका निमित्त हात्तीका पिठ्यूँमाथि हालिने, तलसम्म लत्रने सुन्दर कपड़ा।

झूल-पटार–ना० [झूल+पटार] घोड़ाको काठी छोप्ने बाघका छाला आदिको छादन।

झूस–ना० [सं० तुष] १. गहूँ, जौ, धान आदिका टुप्पामा हुने मसिना काँढ़ा; जुँगा। २. बिझ्ने, रौँजस्तो मसिनु

CC-0. In Public Domain. Digitization by eGangotri

भूवा। ३. ढुसीको भूवा। ४. मसिनु रौं। (वि०) ५. तुच्छ; नीच। ।

झूसे–वि० [झूस+ए] झूस भएको; झुसिलो; झुस्याहा।

झूसे-करेलो–ना० [झूसे+करेलो] बोक्रामा नरम झूस हुने, तरकारी खाइने करेलाका जातको फल।

झूसे-तिल–ना० [झूसे+तिल] पहेँलो फूल फुल्ने, तेल निस्कने एक जातको झुसिलो तिल।

झेल–ना० [प्रा० झमाल] नभएका कुरा सिद्ध गर्न खोज्नु; बखेड़ा; जाल।

झेल-खेल–ना० [झेल+खेल] झेल-बखेड़ा; जाल-झेल।

झेल-बखेड़ा–ना० [झेल+बखेड़ा] जाल-झेल।

झेलम–ना० [सं० झम्पन] लड़ाईंमा जाँदा लगाइने फलामे जालीको लुगा।

झेलाइ–ना० [झेल्+आइ] सहने किसिम, क्रिया वा भाव; दुःख झेल्ने किसिम, क्रिया वा भाव।

झेलाइनु–स० क्रि० [झेलाउ+इ+नु] झेल्न लाइनु; ('झेलाउनु'-को क० क्रि०)।

झेलाउनु–स० क्रि० [झेल्+आउ+नु] दुःख, सङ्कट आदि झेल्न लाउनु; ('झेल्नु'-को क० क्रि०)।

झेलाहा–वि० [झेल+आहा] झेल गर्ने; बखेड़ा गर्ने; झेली।

झेलिइनु–अ० क्रि० [झेलि+इ+नु] जेलिइनु; जोल्टिइनु; ('झेलिनु'-को भा० क्रि०)।

झेलिनु–अ० क्रि० [जेलि+नु] १. जेलिनु; जोल्टिनु। २. अनेक किसिमका झन्झट लाग्नु; लन्ठा लाग्नु।

झेलिनु–अ० क्रि० [झेल्+इ+नु] दुःख, सङ्कट आदि बेहोरिनु; ('झेल्नु'-को भा० क्रि०)।

झेलिनु–स० क्रि० [झेल्+इ+नु] झेल गरिनु; ('झेल्नु'-को क० क्रि०)।

झेली–वि० [झेल+ई] झेल गर्ने; झेलाहा।

झेल्नु–अ० क्रि० [सं० क्ष्वेल्+इ+नु] १. दुःख, सङ्कट आदि बेहोर्नु; सहनु। २. दुःख-जिलो गर्नु; दुःखसँग निर्वाह गर्नु।

झेल्नु–स० क्रि० [झेल+नु] १. झेल गर्नु; बखेड़ा गर्नु। २. फिसोल्नु; झुलाउनु।

झैं–वि० [ने०] जस्तो; सदृश; तुल्य।

झैं-झगड़ा–ना० [(फाँ०) झैं+झगड़ा] १. झगड़ा; कलह; झगड़ा-तगड़ा। २. मुद्दा-मामिला।

झोंक–ना० [झोक्का] १. रीसको वेग; आवेग; उद्वेग। २. झोक्का; वेग।

झोंकी–वि० [झोंक+ई] रिसाहा; क्रोधी।

झोंज–ना० [प्रा० झंझ] १. आफूलाई फाइदा नहुने र दिक्क-लाग्दो काम; झम्मार। २. सम्हालिनसक्नु लन्ठा। ३. नचाहिंदो झगड़ा।

झोक–ना० [झोंक] झोंक।

झोक–ना० [ने०] लुगा-फाटो झुन्डचाउन टाँगिएको डोरी।

झोकिइनु–अ० क्रि० [झोकि+इ+नु] रिसाइनु; जङ्गिइनु; ('झोकिनु'-को भा० क्रि०)।

झोकिनु–अ० क्रि० [झोक+इ+नु] १. रिसाउनु; जङ्गिनु; जाग्नु। २. रिसाएर कराउनु; च्याँठिनु।

झोकी–वि० [झोंकी] झोंकी।

झोक्का–ना० [प्रा० झुज्झ] १. वेगसित आएको कुनै वस्तुले लाग्ने आघात; धक्का। २. वेग।

झोक्याइनु–स० क्रि० [झोक्याउ+इ+नु] झोकिने पारिनु; ('झोक्याउनु'-को क० क्रि०)।

झोक्याउनु–स० क्रि० [झोकि+याउ+नु] झोकिन लाउनु; जङ्ग्याउनु; ('झोकिनु'-को प्रे० क्रि०)।

झोक्राइ–ना० [झोक्रि+आइ] झोक्रिने किसिम, क्रिया वा भाव।

झोक्राइनु–अ० क्रि० [झोक्राउ+इ+नु] झोक्रिइनु; ('झोक्राउनु'-को भा० क्रि०)।

झोक्राउनु–अ० क्रि० [झोक्रि+आउ+नु] मनमा चिन्ता परेर शिर निहुराइरहनु; झोक्रिनु; घोत्लिनु।

झोक्रिइनु–अ० क्रि० [झोक्रि+इ+नु] घोत्लिइनु; ('झोक्रिनु'-को भा० क्रि०)।

झोक्रिनु–अ० क्रि० [झुक्] १. मनमा दुःख पर्दा वा रोगले ग्रस्त पर्दा शिर निहुराइरहनु; घोत्लिनु; झोक्राउनु। २. निन्याउरो मुख लाउनु; झ्याउरिनु।

झोक्र्याइ–ना० [झोक्रि+याइ] झोक्रिने किसिम, क्रिया वा भाव।

झोड–ना० [सं०] सुपारीको रूख।

झोपड़ी–ना० [झुपड़ी] झुपड़ी।

झोप्पिइनु–अ० क्रि० [झोप्पि+इ+नु] झुम्मिइनु; ('झोप्पिनु'-को भा० क्रि०)।

झोप्पिनु–स० क्रि० [झुप्प+इ+नु] १. चारैतिरबाट झुम्मिनु। (अ० क्रि०) २. एकत्रित हुनु; थुप्रिनु। ३. झुप्पो परेर फल-फूल आदि लाग्नु।

झोप्प्याइ–ना० [झोप्पि+याइ] झोप्पिने किसिम, क्रिया वा भाव।

झोप्प्याइनु–स० क्रि० [झोप्प्याउ+इ+नु] झुम्म पारिनु; एकत्रित्त पारिनु; ('झोप्प्याउनु'-को क० क्रि०)।

झोप्प्याउनु–स० क्रि० [झोप्पि+याउ+नु] एकत्रित पार्नु; ('झोप्पिनु'-को प्रे० क्रि०)।

झोर–ना० [ने०] जङ्गलका बीचको, औलो लाग्ने खोँच जग्गा।

झोर–ना० [ने०] चामलको मसिनु पीठो दूधमा पकाई स्याउजस्तो बनाएको रोटी।

झोरा–ना० [भार्] १. शिकारका निमित्त जङ्गली जन्तुहरूको खेदो। २. औल लाग्ने जङ्गल; झोर।

झोराइ–ना० [झोर्+आइ] झोर्ने किसिम, क्रिया वा भाव।

झोराइनु–स० क्रि० [झोराउ+इ+नु] एकै ठाउँमा जम्मा पारिनु; ('झोराउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

झोराउनु–स० क्रि० [झोर्+आउ+नु] एकै ठाउँमा जम्मा पार्नु; ('झोर्नु'-को प्रे० क्रि०)।

झोरिनु–स० क्रि० [झोर्+इ+नु] झोर्ने काम गरिनु; ('झोर्नु'-को क० क्रि०)।

झोर्नु–स० क्रि० [भोरा+नु] चारैतिरबाट घेरेर ल्याई एकै ठाउँमा जम्मा गर्नु।

झोल–ना० [सं० घोल] १. तिहुन-तरकारीको रस। २. पन्यालो वस्तु; तरल पदार्थ।

झोला–ना० [झोली] उझिन्डो लागेको कपड़ा आदिको थैलो।

झोलिइनु–अ० क्रि० [झोलि+इ+नु] लच्किनु; ('झोलिनु'-को भा० क्रि०)।

झोलिनी–ना० [भुल्+इनी] १. मन नपर्दा पानीलाई हेलाका साथ भनिने शब्द। २. मन नपर्दो झरी।

झोलिनु–अ० क्रि० [झोल्+इ+नु] १. लच्कनु; तुहिनु। २. झुन्डिनु; लट्कनु।

झोली–ना० [सं० झोलिक] उभिन्डो लागेको कपड़ा आदिको थैलो; सानो झोला।

झोलुङ्गे–ना० [झोलुङ्गो] १. लच्कने; हल्लने। २. भोलुङ्गो-जस्तो; भोलुङ्गो-सम्बन्धी।

झोलुङ्गो–ना० [झुल्] १. लच्कने वा हल्लने कुनै वस्तु (पुल आदि)। २. केटा-केटीलाई सुताउने एक किसिमको कोक्रो।

झोले–वि० [झोल+ए] झोल भएको; रसदार।

झोल्याइ–ना० [झोल्याउ+आइ] झोल्याउने किसिम, क्रिया भाव।

झोल्याइ–ना० [झोलि+आइ] झोलिने किसिम, क्रिया वा भाव।

झोल्याइनु–स० क्रि० [झोल्याउ+इ+नु] झोलिने पारिनु; ('झोल्याउनु'-को क० क्रि०)।

झोल्याउनु–स० क्रि० [झोलि+याउ+नु] झोलिने पार्नु; लच्कने गरी खुकुलो पार्नु; झोलुङ्गोजस्तो तुल्याउनु; ('झोलिनु'-को प्रे० क्रि०)।

झोस–वि० [ने०] मन्द बुद्धिको; जुम्सो।

झोसाइ–ना० [झोस्+आइ] झोस्ने किसिम, क्रिया वा भाव।

झोसाइनु–स० क्रि० [झोसाउ+इ+नु] झोस्न लाइनु; ('झोसाउनु'-को क० क्रि०)।

झोसाउनु–स० क्रि० [झोस्+आउ+नु] झोस्न लाउनु; ('झोस्नु'-को प्रे० क्रि०)।

झोसाहा–वि० [झोस्+आहा] १. पोलाहा। २. सल्कने पदार्थमा आगो, बत्ती आदि लगाउने; झोस्ने।

झोसिनु–अ० क्रि० [झोस्+इ+नु] १. वरि-परिबाट झुम्मिनु; झुत्तिनु। २. पोलिनु। ३. छोइनु; ('झोस्नु'-को भा० क्रि०)।

झोस्नु–स० क्रि० [प्रा० क्षुज्झ+नु] १. बल्ने पदार्थमा आगो, बत्ती आदि छुवाउनु; सल्काउनु। २. पोल गर्नु; उजूर गर्नु। ३. झगड़ा, युद्ध, मुद्दा आदिमा प्रविष्ट गराउनु।

झोस्याइ–ना० [झोसि+याइ] १. झोसिने किसिम, क्रिया वा भाव। २. झोसाउने किसिम, क्रिया वा भाव।

झौवा–ना० [सं० हवुषा] १. मसिना पात र सल्लाका जस्ता फल हुने एक जातको वृक्ष। २. त्यसैको फल। (यसका साना र ठूला–दुइ जात छन्।)

झ्यँकाइ–ना० [झ्याँक्+आइ] झ्याँक्ने किसिम, क्रिया वा भाव।

झ्यँकाइ–ना० [झ्यँकाउ+आइ] झ्यँकाउने किसिम, क्रिया वा भाव।

झ्यँकाइनु–स० क्रि० [झ्यँकाउ+इ+नु] झ्याँक्न लाइनु; ('झ्यँकाउनु'-को क० क्रि०)।

झ्यँकाउनु–स० क्रि० [झ्याँक्+आउ+नु] झ्याँक्न लाउनु; ('झ्याँक्नु'-को क० क्रि०)।

झ्याँकिनु–स० क्रि० [झ्याँक्+इ+नु] अँगालो हालिनु; गाँजिनु; ('झ्याँक्नु'-को क० क्रि०)।

झ्याँक्नु–स० क्रि० [सं० झम्पन+नु] १. गम्रङ्ग अँगालो हाल्नु; गाँज्नु। २. बल-जफती गर्नु; जोर-जुलुम गर्नु। ३. धड़-पकड़ गर्नु। ४. दबाउनु।

झ्याँक्ने–वि० [झ्याँक्+ए] १. अँगालो हाल्ने; गाँज्ने। (ना०) २. गाली गर्ने शब्द।

झ्याँगा–ना० [ने०] सानो जातको ठोजस्तो पकाउने भाँड़ो; कड़ा नलागेको ढिँड़ो ओड़ाल्ने भाँड़ो।

झ्याँपी–ना० [ने०] चिभे।

झ्याइँकुटी–क्रि० यो० [ने०] १. दुइ जनाले दुइतिर समाती उचालेर लैजाने किसिम। २. परस्परमा आलो-पालो गरी पाखुरामा समाती झुन्ड्याएर खेलिने केटा-केटीको एक खेल।

झ्याइँ-झ्याइँ–क्रि० यो० [अनु०] १. झ्याम्टा बज्ने किसिम। २. ठूलो स्वरले धेरै बाजा एक साथ बज्ने किसिम।

झ्याइँयँ–ना० [अनु०] तातो घिउ-तेलमा तरकारी भ्टाइरँदा शब्द आउने किसिम; झ्वाइँयँ।

झ्याइँ–ना० [ने०] १. अपूर्व घटना; आकस्मिक प्रसङ्ग। २. अप्ठेरो अवस्था।

झ्याउँकीरी–ना० [झ्याउँ-झ्याउँ+कीरी] बेलुकीपख जङ्गलमा झ्याउँ-झ्याउँ शब्द गरी कराउने एक जातको कीरो; झिल्ली।

झ्याउँ-झ्याउँ–क्रि० यो० [अनु०] १. झ्याउँकीरी बास्ने किसिम। २. दिक्क लाग्ने गरी धेरै जना कराउने किसिम; क्याउँ-क्याउँ। (ना०) ३. धेरै मानिसले गरेको कर-कर। ४. असामीलाई साहूहरूले गर्ने धड़-पकड़।

झ्याउ–ना० [सं० झावुक] १. काठ, ढुङ्गा आदिमा उम्रने लहरे घाँस। २. पानीका सतहमा जम्ने रौंजस्तो काइ; लेउ। ३. पानीभित्र उम्रने एक जातको घाँस। ४. धूपीका जस्ता पात हुने र बगरमा उम्रने एक किसिमको बोट। ५. बिनसित्तिको लन्ठा; झ्याउलो।

झ्याउरिइनु–अ० क्रि० [झ्याउरि+इ+नु] झ्याउरो होइन; ('झ्याउरिनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

झ्याउरिनु–अ० क्रि० [झ्याउरो+इ+नु] १. झ्याउरो हुनु; निन्याउरो हुनु। २. झोक्रिनु; घोत्लिनु।

झ्याउरे–ना० [ने०] नेपाली लोक-गीतको एक लय वा छन्द।

झ्याउरे–वि० [झ्याउरो+ए] झ्याउरो; निन्याउरो; लूते-लाम्रे।

झ्याउरो–वि० [ने०] १. निन्याउरो; मलिन अनुहारको। २. दुब्लो; पातलो।

झ्याउलो–ना० [झ्याउ] बिनसित्तिको काम; झम्मार; झन्झट।

झ्याक-झ्याक–ना० [ने०] करकर; झ्याउँ-झ्याउँ।

झ्याक-झ्याक–क्रि० यो० [अनु०] इन्जिनहरू चल्दा शब्द आउने किसिम।

झ्याक्क–क्रि० यो० [ने०] दाह्री-जुँगा वा कपाल बढ़ेर दुब्लो देखिने किसिम; झुस्स।

झ्याक्क-झ्याक्क–क्रि० यो० [ने०] बखत-बखतमा; छिन-छिनमा; घरी-घरी।

झ्याङ–ना० [झाँग] झाँग।

झ्याङ-प्वाल–ना० [झ्याङ+प्वाल] १. प्वालै-प्वाल परेको पुरानो चिल्यो कपड़ा। २. अति पातलो कपड़ा।

झ्याङ्गा–ना० [झ्याँगा] झ्याँगा।

झ्याप-झ्याप–क्रि० यो० [सं० झम्प] १. लामा-लामा भएर रौँ बढ्ने किसिम; धरै रौँ हुने किसिम। २. वार-वार बत्ती निभ्ने किसिम। ३. निद्रा लाग्ने किसिम।

झ्यापझ्यापी–क्रि० यो० [झ्याप-झ्याप+ई] बाक्ला र लामा-लामा रौँ हुने किसिम; झ्यापझ्याप्ती।

झ्यापझ्याप्ती–क्रि० यो० [झ्याप-झ्याप+ती] झ्यापझ्यापी; झ्याप-झ्याप।

झ्यापुल्ले–वि० [झ्यापुल्लो+ए] झ्यापझ्याप्ती रौँ भएको; झ्याप्ले।

झ्यापुल्लो–ना० [ने०] झ्यापझ्याप्ती भएको रौँ; झ्याप्ले।

झ्याप्प–क्रि० यो० [सं० झम्पन] १. बत्ती वा आगो सहसा निभ्ने किसिम। २. छोप्ने किसिम; ढाक्ने किसिम। ३. निद्राले छोप्ने किसिम; झ्याम्म।

झ्याप्ले–वि० [झ्याप्लो+ए] झ्याप्लो भएको; झ्यापुल्ले।

झ्याप्लो–ना० [झ्याप्प] लर्केका रौँको झुप्पो।

झ्याप्ल्याङ-झ्याप्ल्याङ–क्रि० यो० [ने०] झ्याप्लो हल्लने किसिम।

झ्याम्टो–ना० [झाम्टो] रौँ, साग, धागो आदिको गुजुल्टो; झाम्टो।

झ्याम्टो–ना० [सं० झल्ली] थालजस्ता काँसका दुइ फलक जुधाएर बजाइने बाजा; झ्याली।

झ्याम्प्वाल–ना० [ने०] फलामे गल।

झ्याम्म–क्रि० यो० [सं० झम्पन] १. हाँगा-बिँगा वा फल-फूल धेरै लागी घनो हुने किसिम। २. छोप्ने किसिम; झ्याप्प। ३. निद्राले छोप्ने किसिम; झ्वाप्प। ४. झम्टने किसिम; एकाएक आक्रमण गर्ने किसिम। ५. अँगालो हाल्ने किसिम; ग्वाम्म।

झ्याम्मिइनु–अ० क्रि० [झ्याम्मि+इ+नु] झुम्मिइनु; ('झ्याम्मिनु'-को भा० क्रि०)।

झ्याम्मिनु–अ० क्रि० [झ्याम्म+इ+नु] १. झुम्मिनु; झुप्पिनु। २. हाँगा-बिँगाहरू फैलिएर घनो हुनु; झाँगिनु; झ्याम्म पर्नु।

झ्यार-झ्यार–क्रि० यो० [अनु०] १. वार-वार पानी परि-रहने किसिम। २. पानीले भिजेको बत्ती सल्कँदा शब्द आउने किसिम।

झ्यार्झ्यारे–ना० [ने०] रातो चुच्चो हुने एक जातको चरो।

झ्यार्र–क्रि०यो० [अनु०] १. पानी पर्दा शब्द आउने किसिम; झ्वार्र। २. सुकेका पराल, छ्वाली, स्याउला आदि बल्दा शब्द आउने किसिम।

झ्याल–ना० [नेवा०] हावाको आवत-जावत र प्रकाशका निम्ति घरका गाह्रामा बनाइने द्वार।

झ्यालखान–ना० [जेलखाना] जेलखाना; कैदखाना; बन्दी-गृह।

झ्यालखाना–ना० [जेलखाना] झ्यालखान।

झ्यालखानियाँ–वि० [झ्यालखान+इयाँ] झ्यालखानमा परेको; कैद परेको; झ्यालखाने।

झ्यालखाने–वि० [झ्यालखान+ए] १. झ्यालखानमा परेको; झ्यालखानियाँ। २. झ्यालखाना-सम्बन्धी।

झ्याली–ना० [सं० झल्ली] १. काँसका थालजस्ता दुइ फलक जुधाएर बजाइने एक किसिमको बाजा; झ्याम्टो। २. त्यो बाजा बजाएर सुनाइने सरकारी उर्दी।

झ्याल्डुङच्याइँ–ना० [ने०] दुइ-तीन जनाले कसैलाई घिच्च्याएर ल्याउने किसिम; झ्याइँकुटी।

झ्यास–ना० [ने०] झास।

झ्यास-झूस–ना० [झास-झूस] झास-झूस।

झ्यास-झ्यास–क्रि० यो० [झ्यास्स] १. कुनै ठाउँमा सोध-पूछ केही नगरी त्यसै पस्ने किसिम। २. जथाभावी रौँ, झूस, घाँस आदि उम्रने किसिम।

झ्यासझ्यासती–क्रि० यो० [झ्यास-झ्यास+ती] झ्यास-झ्यास।

झ्यास्स–क्रि० यो० [ने०] १. दाह्री, जुँगा वा कपाल बढ़ेर नराम्रो हुने किसिम; झुस्स। २. सुकेका घाँस, पराल आदिमा आगो लाग्ने किसिम; झ्वास्स। ३. एकाएक भेट हुने किसिम; झ्वाट्ट।

झ्वाइँ–क्रि० यो० [अनु०] १. तताएका घिउ-तेलमा तरकारी ओइरँदा शब्द आउने किसिम; खूब तातो वस्तुमा पानी हाल्दा शब्द आउने किसिम। (ना०) २. सर्वस्व सिद्धिनु; समाप्ति। ३. नाश; विनाश।

झ्वाइँ-पानी–ना० [झ्वाइँ+पानी] ज्वानु, सिँधे-नून, टिमुर आदि भित्र हाली पोलेका राता माटाका डल्लाले झानेको तातो पानी। (यो पानी रुघा-खोकी लागेकालाई खुवाइन्छ।)

CC-0. In Public Domain. Digitization by eGangotri

झ्वाइँयँ–क्रि० यो० [अनु०] खूब तातो वस्तुमा चिसो तरल पदार्थ पर्दा शब्द आउने किसिम; तातेको तेल-घिउमा तरकारी ओइरँदा शब्द आउन किसिम; झ्वाइँ।

झ्वाट्ट–क्रि० यो० [ने०] १. कुनै काम एकाएक हुने किसिम; अचानक कुनै घटना हुन किसिम। २. तुरुन्त; झट्ट; उत्तिखेरै।

झ्वाप्प–क्रि० यो० [अनु०] १. सहसा छोप्ने किसिम; एकाएक ढाक्ने किसिम। २. बत्ती, आगो आदि निभाउने किसिम।

झ्वाम्म–क्रि० यो० [सं० झम्प] १. पानी वा आगामा हामफाल्ने किसिम; झ्वाम्ल्याङ्ङ। २. आइलाग्ने वा जाइलाग्ने किसिम; आक्रमण गर्ने किसिम।

झ्वाम्ल्याङ्ङ–क्रि० यो० [झ्वाम्म] पानीमा हामफाल्ने किसिम; झ्वाम्म।

झ्वार्र–क्रि० यो० [अनु०] सुकेका घाँस, पराल आदिमा आगो लाग्दा शब्द आउने किसिम; झ्यार्र।

झ्वाला–ना० [सं० ज्वाला] जीउभित्र हुने एक किसिमको पीडा; सोला; ज्वाला।

झ्वास्स–क्रि० यो० [अनु०] १. झोस्ने किसिम; झ्यास्स। २. छुने किसिम; छ्वास्स।

ञ

ञ–देवनागरी वर्ण-मालाको दशौं व्यञ्जन-वर्ण; च-वर्गको अन्तिम वर्ण। यसको उच्चारण नासिका-स्थानबाट हुन्छ।

ञकार–ना० [सं०] 'ञ'-अक्षर; तालु-स्थानी अनुनासिक वर्ण।

ट

ट–देवनागरी वर्ण-मालाको एघारौं व्यञ्जन-वर्ण। ट-वर्गको प्रथम वर्ण। यसको उच्चारण मूर्द्धा-स्थानबाट हुन्छ।

टँकाइ–ना० [टाँक्+आइ] टाँक्ने किसिम, क्रिया वा भाव।

टँकाइनु–स० क्रि० [टँकाउ+आइ+नु] टाँक्न लाइनु; ('टँकाउनु'-को क० क्रि०)।

टँकाउनु–स० क्रि० [टाँक्+आउ+नु] टाँक्न लाउनु; ('टाँक्नु'-को प्रे० क्रि०)।

टँगारो–वि० [ने०] १. पातलो र अग्लो; टङ्ग्रङ्ङ परेको; टङ्गने। (ना०) २. पातलो झोल; सङ्लो झोल।

टँगाइ–ना० [टाँग्+आइ] टाँग्ने किसिम, क्रिया वा भाव, टँकाइ।

टँगाइ–ना० [टाँग्+आइ] टाँग्ने किसिम, क्रिया वा भाव।

टँगाइनु–स० क्रि० [टँगाउ+आइ+नु] टाँगिने काम गराइनु; ('टँगाउनु'-को० क० क्रि०)।

टँगाइनु–स० क्रि० [टँगाउ+आइ+नु] झुन्ड्याउन लाइनु; ('टँगाउनु'-को क० क्रि०)।

टँगाउनु–स० क्रि० [टाँग+आउ+नु] टाँक्ने काम गराउनु; ('टाँग्नु'-को प्रे० क्रि०)।

टँगाउनु–स० क्रि० [टाँग+आउ+नु] झुन्ड्याउनु लगाउनु; ('टाँग्नु'-को प्रे० क्रि०)।

टँसाइ–ना० [टाँस्+आइ] टाँस्ने किसिम, क्रिया वा भाव।

टँसाइनु–स० क्रि० [टँसाउ+इ+नु] टाँस्न लाइनु; ('टँसाउनु'-को क० क्रि०)।

टँसाउनु–स० क्रि० [टाँस्+आउ+नु] टाँस्न लाउनु; ('टाँस्नु'-को प्रे० क्रि०)।

टक–ना० [टलक] १. सूर्य वा बत्तीको प्रकाश पानी, ऐना वा अरू टलकदार वस्तुमा परेर फर्की अन्यत्र परेको उज्यालो; प्रतिबिम्ब। २. आँखा झिम्म नगरीकनको हेराइ; स्थिर दृष्टि।

टक–ना० [सं० टङ्क] १. रुपियाँ-पैसामा लगाइएको सरकारी छाप; मुद्रामा लगाइएको सरकारी चिह्न। २. मुद्रा; सिक्का।

टकटका–वि० [टकटकि] धन-सम्पत्ति र जहान-परिवार केही नभएको; एक्लो; टकटके।

टकटकापुर–वि० [टक] बिलकुल सेतो; स्वच्छ; सफा।

टकटकापुर–ना० [टकटकि] बिलकुल नहुनु; केही पनि नहुनु; अभाव; शून्यता।

टकटका-राँड़–ना० [टकटका+राँड़] छोरा-छोरी नभएकी; निःसन्तान विधवा।

टकटकिइनु–अ० क्रि० [टकटकि+इ+नु] बिलकुल सिद्धिइनु; ('टकटकिनु'-को भा० क्रि०)।

टकटकिनु–अ० क्रि० [ने०] १. बिलकुल सिद्धिनु; कत्ति पनि बाँकी नरही सकिनु। २. टाट उल्टिनु। ३. धूलो, कसिङ्गर वा पानी झर्नु; झार-झुर हुनु। ४. पन्छिनु; फटफटिनु।

टकटकी–क्रि० यो० [टक+टक] एक टक लाएर हेर्ने किसिम; स्थिर दृष्टिले हेर्ने किसिम।

टकटके–वि० [टकटकि+ए] १. आफ्नो उत्तरदायित्व वहन नगर्ने; टकटकिने। २. टकटका।

टकटके-राँड़–ना० [टकटके+राँड़] टकटका-राँड़।

टकटक्याइ–ना० [टकटकि+याइ] टकटकिने किसिम, क्रिया वा भाव; टकटक्याहट।

टकटक्याइ–ना० [टकटक्याउ+आइ] टकटक्याउने किसिम, क्रिया वा भाव।

टकटक्याइनु–स० क्रि० [टकटक्याउ+इ+नु] भएभरको

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्ध्याइनु; ('टकटक्याउनु'-को क० क्रि०)।

टकटक्याउनु–स० क्रि० [टकटकि+याउ+नु] १. धूलो, कसिंगर वा पानी फट्कारेर झार्नु; झट्कार्नु। २. भएभरको सम्पत्ति सिद्ध्याउनु; सिरी-खुरी पार्नु; ('टकटकिनु'-को प्रे० क्रि०)।

टकटक्याहट–ना० [टकटकि+याहट] टकटकिने किसिम, क्रिया वा भाव; टकटक्याइ।

टकमरी–ना० [टक+मार्] टक मार्ने काम; मुद्रा बनाउने काम।

टकराइ–ना० [टकराउ+आइ] टकराउने किसिम, क्रिया वा भाव।

टकराइनु–अ० क्रि० [टकराउ+इ+नु] परस्परमा ठक्कर खाइनु; ('टकराउनु'-को भा० क्रि०)।

टकराउनु–अ० क्रि० [प्रा० टक्कर+आउ+नु] परस्पर जुध्नु; ठक्कर खानु; ठोकिनु।

टकसार–ना० [सं० टङ्कक-शाला] रुपियाँ-पैसाहरू बनाउने अड्डा; मुद्रा तयार गर्ने कारखाना; टङ्कक-शाला।

टका–ना० [टक] १. रुपियाँ-पैसा; सिक्का; मुद्रा। २. दुइ पैसाको समूह।

टकाटक–ना० [टकटकि] खाँचो; गर्ज; हर्जा।

टकार–ना० [सं०] 'ट'-अक्षर; 'ट'-वर्णको प्रथम अक्षर।

टकेर्नु–ना० [ने०] थाक्ने वेला भएको गाई-वस्तु; बकेर्नु हुनु-भन्दा पछिल्लो अवस्थाको पशु।

टक्क–क्रि० यो० [ने०] एक्कासि अड्ने किसिम; एकाएक रोकिने किसिम; ठप्प।

टक्कर–ना० [टक] रत्नहरूको जड़ान गर्दा तिनको आभा बढ़ाउनाका निमित्त तलतिर राखिने टलकदार धातुको पातलो पत्र।

टक्कर–ना० [सं० तगर] १. नरम सेता सुगन्धी फूल फुल्ने, दूध निस्कने एक जातको वोट। २. त्यसैको फूल।

टक्कर–ना० [ने०] गहूँको मैदा रगेड़र बनाइएको लेसाइलो पदार्थ। (टीका, छाप आदि लाउँदा यसको प्रयोग गरिन्छ।)

टक्कर–ना० [प्रा०] १. ठक्कर; धक्का। २. दाँजो; प्रतिद्वन्द्विता; प्रतिस्पर्धा।

टक्का–ना० [टका] टका।

टक्रक्क–क्रि० यो० [ने०] १. ठाड़ो भएर अड्ने किसिम; टुक्रुक्क। २. यता-उति नछुने गरी राख्ने वा रहने किसिम।

टक्रिइनु–अ० क्रि० [टक्रि+इ+नु] टक्रक्क परेर रहिनु; ('टक्रिनु'-को भा० क्रि०)।

टक्रिनु–अ० क्रि० [टक्रक्क+इ+नु] टक्रक्क परेर रहनु; छुट्टै रहनु।

टक्र्याइ–ना० [टक्र्याउ+आइ] टक्र्याउने किसिम, क्रिया वा भाव।

टक्र्याइनु–स० क्रि० [टक्र्याउ+इ+नु] सम्मानपूर्वक दिइनु; ('टक्र्याउनु'-को क० क्रि०)।

टक्र्याउनु–स० क्रि० [टक्रि+याउ+नु] १. सम्मानपूर्वक दिनु; चढ़ाउनु; समर्पण गर्नु। २. टक्रक्क पारेर राख्नु; ('टक्रिनु'-को प्रे० क्रि०)।

टगर–ना० [सं० तगर] टक्कर वोट।

टङ्क–ना० [सं०] १. ढुङ्गा काट्ने छिनु। २. बन्चरो। ३. तलवार। ४. चार मासाको तौल। ५. स्वाग। ६. सिक्का।

टङ्कक–ना० [सं०] १. चाँदीको सिक्का; मुद्रा। २. छिनु।

टङ्कक-शाला–ना० [सं०] टकसार।

टङ्कण–ना० [सं०] १. स्वाग। २. रसायन लाउनु। ३. धातुका पातामा नाउँ वा बुट्टाहरू खोप्ने काम।

टङ्कण-क्षार–ना० [सं०] स्वाग।

टङ्कन–ना० [सं०] टङ्कण।

टङ्कार–ना० [ने०] १. एकनास; एकै किसिम। २. धाक; रवाफ।

टङ्कार–ना० [सं०] १. धनुको ताँदो खिँचेर छोड्दा आउने शब्द। २. धातुमा ठक्कर लाग्दा आउने शब्द। ३. प्रसिद्धि। ४. टक्कर; दाँजो; बराबरी।

टङ्कारी–ना० [सं०] १. बड़विहीँ वृक्ष। (वि०) २. टङ्कार गर्ने।

टङ्किका–ना० [सं०] ढुङ्गा आदि काट्ने छिनु।

टङ्की–ना० [अं० टैङ्क] पानी, तेल आदि राख्ने बाकसका आकारको फलामे भाँड़ो।

टङ्ग–ना० [सं०] १. टाँग; खुट्टा। २. स्वाग। ३. बन्चरो। ४. चार मासाको तौल; टङ्क।

टङ्गण–ना० [सं०] स्वाग।

टङ्गरो–वि० [टँगरो] टँगरो।

टङ्गने–वि० [ने०] पातलो, सङ्लो (झोल)।

टङग्रङ्ङ–क्रि० यो० [ने०] १. दुब्लो र अग्लो हुने किसिम। २. पातलो र सङ्लो हुने किसिम (झोल)।

टटरो–वि० [टँगरो] १. दुब्लो र अग्लो; टँगरो। २. टर्रो मिजासको; ठर्रो।

टटलो–ना० [सं० टुण्टुक] तरवारका आकारका कोसा र घण्टका आकारको फूल फुल्ने बोट। (यसको फूल सुकाएर औलिया ज्वर आएकालाई खुवाइन्छ।)

टट्कारो–ना० [टक] खुलस्त; स्पष्ट।

टट्टनी–ना० [सं०] माउसुली।

टट्टरी–ना० [सं०] १. ठट्टा; दिल्लगी। २. झटो कुरा। ३. एक किसिमको ढोल।

टट्टाइ–ना० [टट्टाउ+आइ] टट्टाउने किसिम, क्रिया वा भाव।

टट्टाइनु–अ० क्रि० [टट्टाउ+इ+नु] चहन्याइनु; ('टट्टाउनु'-को भा० क्रि०)।

टट्टाउनु–अ० क्रि० [ने०] १. घाउ-खटिराहरूमा कड़ा वस्तु पर्दा चर्को किसिमले दुख्नु; चहन्याउनु; भबाउनु। २. उराठ लाग्नु; वस्न वा रहन मन नहुनु। ३. भोक, प्यास, गर्मी आदिले पीडित हुनु; टट्टिनु।

CC-0. In Public Domain. Digitization by eGangotri

टट्टिइनु–अ० क्रि० [टट्टि+इ+नु] भोक, प्यास, गर्मी आदिले पीडित होइनु; ('टट्टिनु'-को भा० क्रि०)।

टट्टिनु–अ० क्रि० [टट्टाउ+इ+नु] भोक, प्यास गर्मी आदिले पीडित हुनु; टट्टाउनु।

टट्टी–ना० [सं० तटी] १. बाँस, नर्कट आदिले बनाइएको पर्दा; वार। २. पाइखाना; चर्पी।

टट्टी–वि० [टाट] साह्रै दुब्लो; हाड़-छालामात्र बाँकी रहेको; हल्लन-टाट।

टट्टू–ना० [सं० टङ्कक्] सानो कदको घोड़ा; टाँगन घोड़ा।

टट्टू–वि० [टट्टी] साह्रै दुब्लो; टट्टी।

टट्याइ–ना० [टट्टि+याइ] टट्ट्याउने किसिम, क्रिया वा भाव।

टट्याइ–ना० [टट्ट्याउ+आइ] टट्ट्याउने किसिम, क्रिया वा भाव; टट्टाइ।

टट्ट्याइनु–स० क्रि० [टट्ट्याउ+इ+नु] भोक, प्यास, गर्मी आदिले सताइनु; ('टट्ट्याउनु'-को क० क्रि०)।

टट्ट्याउनु–स० क्रि० [टट्टि+याउ+नु] भोक, प्यास, गर्मी आदिले सताउनु; ('टट्टिनु'-को प्रे० क्रि०)।

टठ–ना० [सं० धृष] १. शेखी; घमन्ड; अभिमान। २. झगड़ा।

टठमराइ–ना० [टठमराउ+आइ] टठमराउने किसिम, क्रिया वा भाव।

टठमराइनु–अ० क्रि० [टठमराउ+इ+नु] टाठो होइनु; ('टठमराउनु'-को भा० क्रि०)।

टठमराउनु–अ० क्रि० [टाठो+आउ+नु] १. काम-कुरोमा अगि सर्नु; टाठो हुनु; तम्सिनु। २. तरखराउनु; तयार हुनु।

टठिलो–वि० [टाठो+इलो] १. मोटो-घाटो; हृष्ट-पुष्ट। २. चलाक; चतुर; टाठो।

टठी–वि० [टठ+ई] टठ गर्ने; शेखीवाल।

टठ्याइँ–ना० [टाठो+याइँ] टाठो हुने किसिम वा भाव।

टड्कारो–ना० [टट्कारो] टट्कारो।

टन–ना० [अं०] करीब अट्ठाईस मनको तौल।

टन–वि० [ने०] १. नशाले लट्ठिएको; नशाले चूर भएको; लागू लागेको। २. भरिभराउ; टन्न।

टनक-टनक–क्रि० यो० [ने०] घाउ-खटिरामा पीप भरिँदा वा अरू कुनै कारणले दुख्ने किसिम; टनक्क-टनक्क।

टनक्क–क्रि० यो० [ने०] १. घाउ-खटिराहरूमा पीप भरिएर दुख्ने किसिम; टन्कने किसिम। २. वायुका विकारले शरीर-भित्र दुख्ने किसिम। ३. डोरीले कसेर बाँध्ने किसिम।

टनटन–क्रि० यो० [अनु०] घण्टहरू बज्ने किसिम; टयाङ-टयाङ।

टनटन–ना० [टन्टा] व्यर्थको धम्की; विनसित्तिको कचकच।

टनटन–क्रि० यो० [ने०] १. घाउ-खटिराहरू टन्केर दुख्ने किसिम। २. फूर्तिसाथ हिँड्ने किसिम; टमटम। ३. कसेर बाँध्ने किसिम।

टनटनती–क्रि० यो० [टनटन+ती] १. घाउ-खटिराहरू दुख्ने किसिम; बलक-बलक। २. कसैलाई टेर-पुच्छर नलाई हिँड्ने किसिम; पटापट। ३. बलियो गरी बाँध्ने किसिम; टनटनी।

टनटनी–क्रि० यो० [टनटन+ई] १. घाउ-खटिरामा पीप भरिँदा नराम्रोसँग दुख्ने किसिम; बलक-बलक। २. कसेर बाँध्ने किसिम; टनटनती। ३. कसैलाई टेर-पुच्छर नलाई हिँड्ने किसिम; टनटन।

टनाटन–क्रि० यो० [टन्न+टन्न] खाँदिएर भरिने किसिम; अटाई-नअटाई रहने किसिम; टमाटम।

टनेल–ना० [अं०] सुरुङ्; पहाड़भित्र-भित्रै बनाइएको बाटो।

टन्कनु–अ० क्रि० [टनटन] १. घाउ-खटिराहरू खूबसित दुख्नु; बल्कनु; भबाउनु। २. कसिनु; बेसरी तानिनु।

टन्काइ–ना० [टन्काउ+आइ] टन्काउने किसिम, क्रिया वा भाव।

टन्काइ–ना० [टन्क+आइ] टन्कने किसिम, क्रिया वा भाव।

टन्काइनु–स० क्रि० [टन्काउ+इ+नु] कसेर बाँधिनु; ('टन्काउनु'-को क० क्रि०)।

टन्काउनु–स० क्रि० [टन्क+आउ+नु] कसेर बाँध्नु; मस्काउनु; ('टन्कनु'-को प्रे० क्रि०)।

टन्किइनु–अ० क्रि० [टन्कि+इ+नु] भबाउनु; ('टन्किनु'-को भा० क्रि०)।

टन्किनु–अ० क्रि० [टन्क+इ+नु] १. टन्कनु। २. खूबसित दुख्नु; भबाउनु; ('टन्कनु'-को भा० क्रि०)।

टन्ट-कपाले–वि० [टन्टा+कपाल] नचाहिँदो टन्टा बोकेर हिँड्ने; अर्काको दुःख आफ्ना कपालमा थापेर हिँड्ने।

टन्टलापुर–ना० [टनटन+पुर्पुरो] ज्यादा चर्को; प्रचण्ड (घाम)।

टन्टा–ना० [सं० ट्वल] १. झोँज; झमेला। २. नचाहिँदो कामको बोझ।

टन्न–क्रि० यो० [ने०] १. भरिभराउ हुने किसिम; टनाटन हुने किसिम। २. अघाउने किसिम; गलगिज्ज। ३. घण्टा आदिमा आघात लागेर बज्ने किसिम। ४. रक्सी आदि मादक पदार्थले चूर हुने किसिम।

टप–ना० [अं० टॅप] कानका लोतीमा लाउने एक किसिमको सानो गहना।

टप–ना० [अं० टाप] बग्गी, तामदान आदिको ढाल्न, उठाउन हुने छत।

टप–ना० [अं० टॅप] साइकल, सन-साइकल, बग्गी आदिका पाङ्ग्रामाथि जड़िने ढकनी।

टपक्क–क्रि० यो० [ने०] १. झट्ट टिप्ने किसिम; टप्काउने किसिम। २. थोपो चुहुने किसिम; टप्प। ३. टाँसिने किसिम।

टपटप–क्रि० यो० [ने०] १. थोपा-थोपा गरी चुहुने किसिम; तपतप। २. धमाधम टिप्ने किसिम।

टपटपी–क्रि० यो० [टपटप+ई] १. धमाधम टिप्ने किसिम; टपटप। २. थोपा-थोपा गरी चुहुने किसिम; तपतपी।

CC-0. In Public Domain. Digitization by eGangotri

टपटप्ती–क्रि० यो० [टपटप+ती] टपटपी; टपाटप।

टपरी–ना० [ने०] सिन्काले गाँसेर बनाएको पातको थाल-जस्तो भाँडो; ठहर।

टपरे–वि० [टपरी+ए] टपरी सह्यार्ने; पुरोहित्याइँ गर्ने; टपरीमा हालेका सीधाबाट मात्र जीविका गर्ने।

टपरो–ना० [टपरी] टपरी।

टपर्टुय्याँ–ना० [ने०] अध्ययन वा ज्ञान नभए तापनि बठयाइँ-बाट आफूमा पाण्डित्य देखाउन खोज्ने; लाल-बुझक्कड़।

टपाइ–ना० [टप्+आइ] टप्ने किसिम, क्रिया वा भाव।

टपाइनु–स० क्रि० [टपाउ+इ+नु] टप्न वा उछिन्न लाइनु; ('टपाउनु'-को क० क्रि०)।

टपाउनु–स० क्रि० [टप्+आउ+नु] टप्न लाउनु; उछिन्न लाउनु; ('टप्नु'-को क० क्रि०)।

टपाटप–क्रि० यो० [टपटप] धमाधम टिप्ने किसिम; टपटप्ती।

टपिनु–स० क्रि० [टप्+इ+नु] अरूलाई उछिनेर अगाड़ि पुगिनु; ('टप्नु'-को क० क्रि०)।

टप्कनु–अ० क्रि० [टपटप+नु] १. थोपा-थोपा गरी चुहुनु; बूँद-बूँद गिर्नु। २. उछिन्नु; टप्नु। ३. नाघ्नु; फड्कनु।

टप्काइ–ना० [टप्क+आइ] टप्कने किसिम, क्रिया वा भाव।

टप्काइ–ना० [टप्काउ+आइ] टप्काउने किसिम, क्रिया वा भाव।

टप्काइनु–स० क्रि० [टप्काउ+इ+नु] टपक्क टिपेर लगिनु; ('टप्काउनु'-को क० क्रि०)।

टप्काउनु–स० क्रि० [टपक्क+आउ+नु] १. टपक्क टिपेर लानु; हात-लागी गर्नु; उड़ाउनु। २. चोर्नु; हरण गर्नु। ३. थोपा गिराउनु; बूँद चुहाउनु।

टप्किनु–अ० क्रि० [टप्क+इ+नु] १. टप्कनु। २. थोपा-थोपा गरी चुहिनु; ('टप्कनु'-को भा० क्रि०)।

टप्क्याइ–ना० [टप्कि+याइ] टप्किने किसिम, क्रिया वा भाव; टप्काइ।

टप्नु–स० क्रि० [सं० टिप्+नु] १. अरूलाई उछिनेर अगाड़ि पुग्नु। २. नाघ्नु; फड्कनु। ३. अरूलाई नटेर्नु; नगन्नु।

टप्प–क्रि० यो० [ने०] १. थोपो चुहुने किसिम; टपक्क। २. टिप्ने किसिम। ३. टप्काउने किसिम। ४. टाँस्ने किसिम। ५. एक्कासि थामिने किसिम। ६. फल आदि झर्ने किसिम। ७. अकस्मात् आइपुग्ने किसिम।

टप्पा–ना० [अ० तवक:] १. प्रगन्नाको एक हिस्सा; सानो भू-भाग। २. दुइ गाउँका बीचको मैदान। ३. ढिस्को; डाँड़ो।

टप्फा–ना० [ने०] अर्काको अनुहार, चाल-चलन, छाँट-काँट आदिवाट मतलब बुझ्ने चतुऱ्याइँ।

टप्फू–ना० [टप्फा] टप्फा।

टब–ना० [अं०] पानी हाल्ने खुला मुख हुने एक किसिमको ठूलो भाँड़ो।

टमक्क–क्रि० यो० [टम्म] टम्म मिल्ने वा कसिने किसिम; टिमिक्क।

टमटम–ना० [अं० टैन्डम] अग्ला-अग्ला दुइ पाङ्ग्रा र एउटा-मात्र घोड़ा लाग्ने एक किसिमको हल्का बग्गी।

टमटम–क्रि० यो० [ने०] फूर्तिसाथ हिँड्ने किसिम।

टमाटम–क्रि० यो० [टम्म] भरिभराउ हुने किसिम; टनाटन।

टमाटर–ना० [अं० टोमैटो] गोलभेँड़ा।

टमोटे– ना० [तमौटे] तमौटे।

टम्म–क्रि० यो० [ने०] १. ठिक्क मिल्ने किसिम। २. टाँसिने किसिम। ३. बन्द हुने किसिम। ४. भरिने किसिम; भरि-भराउ हुने किसिम; टन्न।

टम्माटम्मी–क्रि० यो० [टम्म+टम्म] भरिभराउ हुने किसिम; टनाटन।

टराइ–ना० [टर्+आइ] टर्ने किसिम, क्रिया वा भाव।

टराइ–ना० [टार+आइ] टार्ने किसिम, क्रिया वा भाव।

टराइनु–स० क्रि० [टराउ+इ+नु] टार्न लाइनु; ('टराउनु'-को क० क्रि०)।

टराउनु–स० क्रि० [टार्+आउ+नु] टार्न लाउनु; ('टार्नु'-को प्रे० क्रि०)।

टरिनु–अ० क्रि० [टर्+इ+नु] बितेर गइनु; ('टर्नु'-को भा० क्रि०)।

टर्की–ना० [अं०] गिनीफोर।

टर्च–ना० [अं० टॅर्च] ब्याटरीद्वारा बल्ने हाते बत्ती; ब्याटरी।

टर्नु–अ० क्रि० [टल्+नु] १. समय बितेर जानु; गुज्रनु; टल्नु। २. काम चल्नु; निर्वाह हुनु।

टर्रटर्र–क्रि० यो० [अनु०] १. भ्यागुत्तो कराउने किसिम। २. तमाखु तान्दा हुक्काबाट शब्द आउने किसिम; ट्वार्र-ट्वार्र।

टर्रिइनु–अ० क्रि० [टर्रि+इ+नु] टर्रो होइनु; ('टर्रिनु'-को भा० क्रि०)।

टर्रिनु–अ० क्रि० [टर्रो+इ+नु] १. टर्रो स्वादको हुनु। २. अरूका रायमा नमिल्नु; टेढ़िनु।

टर्रो–ना० [ने०] १. काँचो हलुवावेद, हर्रो आदिको जस्तो स्वाद; छ रसमध्ये एक; कषाय। (वि०) २. त्यस्तो स्वादको। ३. अर्काको रायमा नमिल्ने; रूखो वा ठर्रो मिजासको।

टर्‍याइ–ना० [टर्रि+याइ] टर्रिने किसिम, क्रिया वा भाव।

टर्‍याइनु–स० क्रि० [टर्‍याउ+इ+नु] टर्रो पारिनु; ('टर्‍याउनु'-को क० क्रि०)।

टर्‍याउनु–स० क्रि० [टर्रि+याउ+नु] टर्रो पार्नु; ('टर्रिनु'-को प्रे० क्रि०)।

टर्‍याहट–ना० [टर्रि+याहट] टर्रिने किसिम, क्रिया वा भाव; टर्‍याइ।

टलक–ना० [टक] १. चमक; चहक; झलक। २. सूर्य, बत्ती आदिको प्रकाश पानी, काँच आदिमा परी फर्केर आएको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिबिम्ब वा तेज।

टलक-टलक–क्रि॰ यो॰ [टलक+टलक] वार-वार टल्किरहने किसिम; झलक्क-झलक्क।

टलक्क–क्रि॰ यो॰ [टलक] टल्कने किसिम; टिलिक्क; झलक्क।

टलटल–क्रि॰ यो॰ [न॰] १. सूर्य, बत्ती आदिको प्रकाश पानी, ऐना आदिमा पर्दा टल्कने किसिम; टलक्क-टलक्क। २. एकनाससित भाव-हीन भई हेर्ने किसिम; क्वारक्वारती।

टलटलती–क्रि॰ यो॰ [टलटल+ती] टलटली।

टलटली–क्रि॰ यो॰ [टलटल+ई] टल्किरहने किसिम; टलटल।

टलपल–क्रि॰ यो॰ [ने॰] १. हल्का तरङ्ग उठी पानी हल्लने किसिम। २. त्यसरी हल्लिएको पानीमा उत्रेका डुङ्गा आदि हल्लने किसिम; ढलपल। ३. गहभरि आँसु हुने किसिम।

टलपलाइ–ना॰ [टलपलाउ+आइ] टलपलाउने किसिम, क्रिया वा भाव।

टलपलाइनु–अ॰ क्रि॰ [टलपलाउ+इ+नु] टलपल होइनु; ('टलपलाउनु'-को भा॰ क्रि॰)।

टलपलाउनु–अ॰ क्रि॰ [टलपल+आउ+नु] १. हल्का तरङ्ग उठी पानी हल्लनु; टलपल हुनु। २. त्यसरी हल्लिएको पानीमाथि उत्रेका डुङ्गा आदि हल्लनु; ढलपलाउनु। ३. गहभरि आँसु भएर चल्नु।

टलपलिइनु–अ॰ क्रि॰ [टलपलि+इ+नु] टलपल होइनु; ('टलपलिनु'-को भा॰ क्रि॰)।

टलपलिनु–अ॰ क्रि॰ [टलपल+इ+नु] टलपलाउनु।

टलपल्याइ–ना॰ [टलपलि+याइ] टलपलिने किसिम, क्रिया वा भाव।

टलाइ–ना॰ [टाल्+आइ] फाटेका वस्तुहरू टाल्ने किसिम, क्रिया वा भाव।

टलाइ–ना॰ [टाल्+आइ] पन्छाउने वा टाल्ने किसिम, क्रिया वा भाव।

टलाइनु–स॰ क्रि॰ [टलाउ+इ+नु] टराइनु; ('टलाउनु'-को क॰ क्रि॰)।

टलाइनु–स॰ क्रि॰ [टलाउ+इ+नु] फाटेका ठाउँहरू टाल्न लाइनु; ('टलाउनु'-को क॰ क्रि॰)।

टलाउनु–स॰ क्रि॰ [टाल्+आउ+नु] फाटेका वस्तु टाल्न लाउनु; ('टाल्नु'-को प्रे॰ क्रि॰)।

टलाउनु–स॰ क्रि॰ [टल्+आउ+नु] टराउनु; ('टल्नु'-को प्रे॰ क्रि॰)।

टलिनु–अ॰ क्रि॰ [टल्+इ+नु] टरिनु; ('टल्नु'-को भा॰ क्रि॰)।

टल्कनु–अ॰ क्रि॰ [टलक] १. टलक निस्कनु; झल्कनु; चम्कनु। २. चिल्लो हुनु; चिप्लो हुनु; खस्रोपन हट्नु।

टल्काइ–ना॰ [टल्क+आइ] टल्कने किसिम, क्रिया वा भाव; झल्काइ।

टल्काइ–ना॰ [टल्काउ+आइ] टल्काउने किसिम, क्रिया वा भाव।

टल्काइनु–स॰ क्रि॰ [टल्काउ+इ+नु] टलक निकालिनु; झल्काइनु; ('टल्काउनु'-को क॰ क्रि॰)।

टल्काउनु–स॰ क्रि॰ [टल्क+आउ+नु] टलक निकाल्नु; टिलिक्क पार्नु; झल्काउनु।

टल्किनु–अ॰ क्रि॰ [टल्क+इ+नु] १. टल्कनु। २. टलक निस्किनु; झल्किनु; ('टल्कन'-को भा॰ क्रि॰)।

टल्क्याइ–ना॰ [टल्कि+याइ] टल्कने किसिम, क्रिया वा भाव।

टल्नु–अ॰ क्रि॰ [सं॰ टल्+नु] टर्नु; पन्छनु; हट्नु।

ट-वर्ग–ना॰ [सं॰] ट, ठ, ड, ढ तथा ण–यी पाँच वर्णको समूह।

टसक–ना॰ [टसक्क] टस्को।

टसक्क–क्रि॰ यो॰ [ने॰] १. भुँमा चाक टेकाएर बस्ने किसिम; टक्रक्क। २. मन नपरीकन कर-बलले ढोग्ने किसिम; टस्क्याउने किसिम; टस्स। ३. मन नपरीकन कुनै वस्तु अगिल्तिर राखिदिने किसिम।

टसर–ना॰ [प्रा॰] बाक्लो र दह्रो एक प्रकारको सूती कपड़ा; तसर।

टस्को–ना॰ [टसक्क] मन नपरीकन गरेको ढोग; कर-बलले गरेको ढोग।

टस्क्याइ–ना॰ [टस्क्याउ+आइ] टस्क्याउने किसिम, क्रिया वा भाव; टस्स्याइ।

टस्क्याइनु–स॰ क्रि॰ [टस्क्याउ+इ+नु] मन नपरीकन राखिनु वा दिइनु; ('टस्क्याउनु'-को क॰ क्रि॰)।

टस्क्याउनु–स॰ क्रि॰ [टस्को+याउ+नु] १. मन नपरीकन राख्नु वा दिनु। २. मन नपरीकन ढोग्नु; टस्स्याउनु।

टस्स–क्रि॰ यो॰ [ने॰] १. कर-बलले ढोग्ने किसिम; टसक्क। २. जमीनमा चाक टेकाएर बस्ने किसिम; टुसुक्क।

टस्स्याइ–ना॰ [टस्स्याउ+आइ] टस्स्याउने किसिम, क्रिया वा भाव; टस्क्याइ।

टस्स्याइनु–स॰ क्रि॰ [टस्स्याउ+इ+नु] मन नपरीकन टीको लगाइनु; ('टस्स्याउनु'-को क॰ क्रि॰)।

टस्स्याउनु–स॰ क्रि॰ [टस्स+याउ+नु] १. मन नपरी-नपरी टीको लाइदिनु। २. हतपतसँग टीको लाउनु वा टाँस्नु। ३. रीसले वा हेला गरी दिनु। ४. मन नपरीकन ढोग्नु; टस्क्याउनु।

टहकिइनु–अ॰ क्रि॰ [टहकि+इ+न] थिग्रिइनु; ('टहकिनु'-को भा॰ क्रि॰)।

टहकिनु–अ॰ क्रि॰ [प्रा॰ तर+इ+नु] पानी, घिउ, तेल आदि तरल पदार्थ राखिछोड्दा कसर तल बसी सङलिनु; सफा हुनु; तहरिनु; थिग्रिनु।

टहक्याइ–ना॰ [टहकि+याइ] टहकिने किसिम, क्रिया वा भाव; तहऱ्याइ।

टहक्याइ–ना॰ [टहक्याउ+आइ] टहक्याउने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव; तहऱ्याइ।

टहक्याइनु–स० क्रि० [टहक्याउ+इ+नु] टहकिने पारिनु; ('टहक्याउनु'-को क० क्रि०)।

टहक्याउनु–स० क्रि० [टहकि+याउ+नु] टहकिने पार्नु; तहऱ्याउनु; थिग्र्याउनु; ('टहकिनु'-को प्रे० क्रि०)।

टहटह–क्रि० यो० [ने०]स्वच्छ जून लाग्ने किसिम; झलमल्ल।

टहरो–ना०[सं० टङ्क] तलो नभएको लामो छाप्रो; धेरै जना बस्न हुने लामो कटेरो।

टहल–ना० [?] सेवा-शुश्रूषा; सुसार; चाकरी।

टहलाइ–ना० [टहल्+आइ] टहल्ने किसिम, क्रिया वा भाव।

टहलाइ–ना० [टहलाउ+आइ] टहलाउने किसिम, क्रिया वा भाव।

टहलाइनु–स० क्रि० [टहलाउ+इ+नु] घुम-फिर गराइनु; ('टहलाउनु'-को क० क्रि०)।

टहलाउनु–स० क्रि० [टहल+आउ+नु] घुम-फिर गराउनु; डुलाउनु; ('टहल्नु'-को प्रे० क्रि०)।

टहलिनु–अ० क्रि० [टहल्+इ+नु] १. टहल्नु। २. घुम-फिर गरिनु; ('टहल्नु'-को भा० क्रि०)।

टहलु–वि० [टहलुवा] टहल गर्ने; टहलुवा।

टहलुवा–वि० [टहल+उवा]१. टहल गर्ने; सेवा गर्ने। (ना०) २. टहल गर्ने व्यक्ति; सेवक। ३. निम्नतम कक्षाको एक सरकारी दर्जा; अर्दली।

टहल्नु–अ० क्रि० [सं० टल्+नु] मन बहलाउनका निम्ति यता-उति बिस्तारै-बिस्तारै घुम्नु; घुम-फिर गर्नु; डुल्नु।

टा–वि० [वटा] सङ्ख्या-वाचक शब्दको पछि लागेर थान-गिन्ती बुझाउने शब्द; 'वटा'-को संक्षिप्त रूप।

टाँक–ना० [सं० टङ्क] कोट, कमीज आदिको खुला अंश बन्द गर्ने धातु, सीपी, काठ प्लास्टिक आदिको विभिन्न आकारको सानो साधन; बटन।

टाँका–ना० [सं० टङ्क]१. सिउँदाको फड्को। २. धातुका टुक्राहरू जोड्ने रसायन। ३. कलम, निब आदिको चुच्चो परेको अवयव।

टाँकिनु–स० क्रि० [टाँक्+इ+नु] टाँका लाइनु; ('टाँक्नु'-को क० क्रि०)।

टाँकी–ना० [सं० कुताला] १. टुप्पामा दुइ भाग लागेजस्ता पात हुने, प्याजी रङ्गका ठूला-ठूला फूल र लामा-लामा कोसा हुने एक जातको वृक्ष। २. त्यसैको कोसा।

टाँक्नु–स० क्रि० [टाँका+नु] १. टाँका लाउनु; ठूल्ठूला फड्का गरेर सिउनु। २. दर्ता गर्नु; दर्नु। ३. नाउँहरू टिप्नु; नामाङ्कित गर्नु। ४. पत्थर, धातु आदिमा नाम, बुट्टा आदि खोप्नु।

टाँग–ना० [सं० टङ्ग] खुट्टो; गोडो।

टाँग-टुँग–ना० [टाँग्+टुँग् (फा०)] यता-उति टाँग्ने काम।

टाँगन–ना०[सं० तुरङ्गम] एक जातको होत्रो कदको घोडा; पहाडी टट्टू।

टाँगन–वि० [टाँग] अग्लो र पातलो; सुइँखुट्टे।

टाँगा–ना० [टमटम] दुइ पाङ्ग्रामा गुड्ने; एउटा घोडाले तानेर दगुराउने एक किसिमको सानो बग्गी; टमटम।

टाँगिनु–स० क्रि० [टाँग्+इ+नु] झुन्ड्याइनु; ('टाँग्नु'-को क० क्रि०)।

टाँगिनु–स० क्रि० [टाँग्+इ+नु] टाँकिनु; ('टाँग्नु'-को क० क्रि०)।

टाँगो–ना० [प्रा० टङ्गो] १. जग्गा-जमीन आदि नाप्ने लामो लट्ठी। २. लामो घोचो; घारो। ३. बल्छी झुन्ड्याउने लामो लट्ठी।

टाँगो–ना० [सं० टङ्क] फलाम आदि धातुका पातामा ठोकेर प्वाल पार्दा तलतिर राखिने,बीचमा प्वाल भएको फलाम-को साधन।

टाँग्नु–स० क्रि० [प्रा० टङ्किअ+नु] १. फिँजाएर झुन्ड्याउनु; लट्काउनु। २. आल-टाल गर्नु; सुस्ती गर्नु। ३. छाला काढ्नु।

टाँग्नु–स० क्रि० [टाँक+नु] टाँक्नु।

टाँचा–ना० [सं० टङ्कण] काट्ने निश्चय भएका रूखमा लगाइने सरकारिया छाप वा चिह्न।

टाँड–ना० [सं० स्थाणु] १. चार वटा खामा गाडेर वा भित्तामा कपेर माथि फल्याक वा बाँसका कप्टेराहरू बिछ्याई माल-सामान राख्न वा मानिस सुत्नका लागि बनाइएको एक किसिमको मचान। २. मुर्दा हालेर लैजाने खट; शव-यान; अर्थी। ३. वस्तुहरू राख्दा राम्ररी तह नमिली परेको छिद्र।

टाँडे–वि० [टाँड+ए] १. टाँड-सम्बन्धी; टाँडको। २. टाँड परेको।

टाँडे-जात्रा–ना० [टाँडे+जात्रा] दाह-संस्कारका निम्ति मुर्दालाई मसानमा लैजाने यात्रा; शव-यात्रा; मलाम।

टाँपो–ना० [नेवा० ताँफ] गाग्राका आकारको, पेट र घाँटी सानो हुने, टुटीदार, करुवाजत्रो, पानी पिउने भाँडो; एक किसिमको करुवा।

टाँस–ना० [टाँस्] व्यक्तिविशेषलाई वा सर्व-साधारण जनता-लाई कुनै कुरो सूचित गर्नाका निम्ति सरकारद्वारा लेखोट टाँस्ने काम; टाँस-पुर्जी गर्नु।

टाँस-पुर्जी–ना० [टाँस+पुर्जी] सरकारका तर्फबाट व्यक्ति-विशेषलाई वा सर्व-साधारण जनतालाई कुनै कुरो सूचित गर्नाका निम्ति टाँसिने पुर्जी; टाँस गरेको पुर्जी।

टाँसिनु–अ० क्रि० [टाँस्+इ+नु] १. दुइ भिन्न वस्तु जोरिनु; ढेस्सिनु। २. लस्सादार पदार्थले दुइ भिन्न वस्तु एकसाथ मिसिनु। ३. गाँसिनु। ४. इच्छा वा मन नपर्दो वस्तु वा व्यक्ति आइपर्नु। (स० क्रि०) ५. लस्सादार पदार्थले दुइ वा धेरै वस्तुहरू जोडिनु; ('टाँस्नु'-को क० क्रि०)।

टाँसो–ना० [टाँस्] मन नपरेको वस्तु वा व्यक्ति कर-कापसँग आइलाग्नु; अनिच्छित रूपमा ग्रहण गर्नुपरेको कुनै वस्तु वा व्यक्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

टाँस्नु–स० क्रि० [सं० तंस+नु] १. लस्सादार पदार्थले दुइ भिन्न वस्तुलाई जोर्नु; नछुट्टिने गरी मिलाउनु। २. सँगै राख्नु; जोर्नु। ३. गाँस्नु। ४. आफूमाथि आइपरेको झ्याउलो अरूतिर पन्छाउनु; टाँसो लगाउनु।

टाइँटुइँ–क्रि० यो० [अनु०] अपान-वायु निस्कँदा शब्द आउने किसिम।

टाइँटुइँ–ना० [नें०] अलि-अलि ज्ञान; थोर-बहुत विद्वत्ता; पल्लव-ग्राही पाण्डित्य।

टाइँफाइँ–ना० [नें०] फाइँफुट्टी; चुरीफुरी।

टाइँफुइँ–ना० [टाइँफाइँ] टाइँफाइँ।

टाइटिल–ना० [अं०] १. पदवी; उपाधि। २. पुस्तक वा लेखको नाम; शीषक। ३. जिल्दा; मुख-पृष्ठ।

टाइप–ना० [अं०] १. छाप्नका निमित्तका सीसाको ढलुवा अक्षर; अक्षर छाप्ने सीसा वा पीतलको छाप। २. टाइप-राइटरद्वारा छाप्ने काम।

टाइप-राइटर–ना० [अं०] एक-एक गरी अक्षरहरू छाप्ने एक प्रसिद्ध यन्त्र।

टाइपिस्ट–ना० [अं०] टाइप-राइटर चलाउने व्यक्ति।

टाइफाइड–ना० [अं० टाइफॅयड] म्यादी ज्वर।

टाइम–ना० [अं०] १. समय; बखत। २. मौका; याम।

टाइम-टेबुल–ना० [अं०] विभिन्न काम गर्ने समय निर्धारित गरी लेखिएको पन्जिका।

टाइम-पीस–ना०[अं०] टेबिलमा राख्ने एक किसिमको घड़ी।

टाइल–ना० [अं०] छाना छाउने एक प्रकारको विदेशी छाँटको ठूलो झिंगटी।

टाई–ना० [अं० नेक-टाई] यूरोपीय ढङ्गका पोशाकमा घाँटीमा सुर्काउनी पारी झुन्ड्याएर लगाइने एक किसिमको फित्ता।

टाउके–वि० [टाउको+ए] १. ठूलो टाउको हुने; घन-टाउके। २. ठूलो पदवीमा रहेको; प्रतिष्ठित। ३. प्रमुख; मुख्य।

टाउको–ना० [सं० तालुक] शरीरका घाँटीमाथिको मुख्य अवयव; शिर; माथ।

टाउन-हल–ना० [अं० टाउन-हॅल] सभा, बैठक आदि गर्नाका निम्ति शहरमा बनाइएको सार्वजनिक भवन; मजलिस-घर।

टाकटुक–क्रि० यो० [नें०] १. जसो-तसो; यसो-उसो; हा-हु। २. ठीक-ठाक; टाकन-टुकन। ३. दुइ वस्तु परस्परमा ठक्कर खाँदा शब्द आउने किसिम। ४. ठाड़ा र तेर्सा दुइ-दुइ धर्का तानी बीच-बीचमा आफ्ना-आफ्ना चिह्न राखेर दुइ जनाले खेल्ने एक खेल।

टाकन-टुकन–क्रि० यो० [नें०] १. टाकटुक। २. गाई-जात्रामा केटा-केटीहरूले लट्ठी जुधाई खेल्ने खेल; हनुमान्-नाच। ३. सानो-तिनो माल-मत्ता। ४. थोर-बहुत खानेकुरो। ५. सानो-तिनो काम-कुरो।

टाकुचे–ना० [नेवा० ताकुचा] खेत रोप्नाका निमित्त ड्याङ फाँड्ने र हिल्याउने काम।

टाकुरी–ना० [टाकुरो+ई] सानो टाकुरो।

टाकुरो–ना० [टाउको] १. पर्वतको टुप्पो; शिखर; चुचुरो। २. गजूर; धुरी।

टाक्सिइनु–अ० क्रि०[टाक्सि+इ+नु] दुब्लाइनु; ('टाक्सिनु'-को भा० क्रि०)।

टाक्सिनु–अ० क्रि० [नें०] १. पीरले दुब्लाउनु; ख्याउटिनु। २. विकसित हुन नसक्नु।

टाक्से–वि० [टाक्सि+ए] टाक्सिएको; पीरले दुब्लाएको; ख्याउटे भएको।

टाक्स्याइ–ना० [टाक्सि+याइ] टाक्सिने किसिम, क्रिया वा भाव।

टाक्स्याइ–ना० [टाक्साउ+आइ] टाक्स्याउने किसिम, क्रिया वा भाव।

टाक्स्याउनु–स० क्रि० [टाक्सि+याउ+नु] टाक्सिने पार्नु; ('टाक्सिनु'-को प्रे० क्रि०)।

टाङ–ना० [टाँग] टाँग।

टाङ्टुङ–क्रि० यो० [टाँगटुङ] टाँगटुँग।

टाङ्टुङ–क्रि० यो० [अनु०] घण्टहरू बज्दा शब्द आउने किसिम।

टाङ्न–ना० [टाँगन] टाँगन।

टाङिनु–स० क्रि० [टाङ+इ+नु] टाँगिनु; ('टाङ्नु'-को क० क्रि०)।

टाङ्कुर–ना० [सं०] कामुक व्यक्ति।

टाङ्नु–स० क्रि० [टाँग्+नु] टाँग्नु।

टाट–ना० [सं० तन्तु] १. सन वा पाटका धागाले बनाइएको एक किसिमको खस्रो र बाक्लो कपड़ा। २. बैठकमा बिछ्याउनाका निमित्तको विभिन्न किसिमका बुट्टा भएको पालिशदार मोटो एक प्रकारको कपड़ा। ३. पसलमा साहू बस्ने बिछ्याउना वा ठाउँ; पसलेको आसन। (वि०) ४. गरीब भएको; तन्नम भएको। ५. दुब्लो; पातलो।

टाटी–ना० [टाट] १. बाँसका कप्टेराले बनेको पर्दा; फरिको। २. छिनभरको विश्राम।

टाटे–वि० [टाटो+ए] १. टाटो भएको; टाटे-पाटे। २. दाग भएको; दागी।

टाटे-पाङ्ग्रे–वि० [टाटे+पाङ्ग्रे] टाटो र पाङ्ग्रो भएको; टाटे-पाटे; झाले-माले।

टाटे-पाटे–ना० [टाटे+पाटे] टाटा र पाटा भएको; लस्स्याइलो र बाटुला किसिमका बुट्टा परेको; टाटे-पाङ्ग्रे।

टाटे-सिमी–ना० [टाटो+सिमी] १. बाटुला किसिमका पात हुने, थेप्चा कोसा फल्ने, एक जातका सिमीको लहरो। २. त्यसैको कोसा वा कोसाभित्र फल्ने दाना।

टाटो–ना० [नें०] चेप्टो कोसो (टटेलो, तरवारे-सिमी, टाँकी आदिको कोसो)।

टाटो–ना० [प्रा० टिप्पी] १. दाग; कलङ्क। २. घाउ-खटिरा निको भइसकेपछि बसेको दाग; खत। ३. चिह्न। ४. रोटी वा जमीनको तुच्छार्थ-बोधक शब्द।

CC-0. In Public Domain. Digitization by eGangotri

टाट्नु–ना० [टाट्नो] टाट्नो ।

टाट्नू–ना० [टाट्नो] टाट्नो ।

टाट्ने–वि० [टाट+ने] टाट उल्टेको; बिग्रेको (व्यापारी वा साहू) ।

टाट्नो–ना० [टाटी] गाई-वस्तुलाई खुवाउनाका निमित्त घाँस-पराल हालिदिने ठाउँ ।

टाठो–वि० [सं० तत्पर] १. बाठो; टठिलो; चलाक । २. फूर्तिलो । ३. चर्को (नून) ।

टाडरी–ना० [सं० पाटली] १. छेउमा काँढ़ा हुने लामा र ठूला पात, सेतो र रातो मिसिएका फूल र राता गोल फल हुने एक जातको वृक्ष । २. त्यसैको फल । (यसका राता, सेता र काला फल फल्ने–तीन भेद छन् ।)

टाढ़ा–क्रि० यो० [नें०] १. दुइ स्थान, काल, सम्बन्ध आदिका विचारले हुने ठूलो अन्तर; धेरै पर; दूर । (ना०) २. असामीप्य ।(वि०) ३. धेरै परको; नजीक नभएको ।

टाप–ना० [सं० स्थापन] घोड़ाका गोड़ाको टेक्ने अवयव; घोड़ाको खुर ।

टाप-टिप–ना० [(फाँ०)टाप+टिप्] १. धेरै-थोरै टिप्ने काम । २. सानो-तिनो चोरी ।

टापटिपे–वि० [टाप-टिप+ए] १. टाप-टिप चोरी गर्ने; सानो-तिनो वस्तु चोर्ने । २. धेरै-थोरै टिप्ने ।

टापुरो–ना० [टाकुरो] १. पर्वतको चुचुरो; शिखर । २. सानो टापू; द्वीप ।

टापू–ना० [सं० ट] चारैतिर पानीले घेरिएको भू-भाग; द्वीप ।

टापो–ना० [टट्टी] कुखुरा, बट्टाई आदि चराहरू हाल्ने कोक्रो ।

टामटुम–क्रि० यो० [नें०] १. किफायतसाथ काम चलाउने किसिम; टाकटुक । २. कसिकसाउ वा तम्तयार हुने किसिम; ठीक-ठाक ।

टायम–ना० [टाइम] टाइम ।

टायर–ने० [अं०] मोटर, साइकल आदिका पाङ्ग्रामा लाग्ने रबरको खोलजस्तो साधनविशेष ।

टायल–ना० [टाइल] टाइल ।

टार–ना० [सं० ट] १. वर्षेको पानीवाट मात्र खेती लाग्ने जमीन; कुलो नलाग्ने ऊँचो ठाउँको जग्गा । २. समथर जग्गा; मदान ।

टार–ना० [सं] १. घोड़ा । २. कुटुनी ।

टारिनु–स० क्रि० [टार्+इ+नु] जसरी-तसरी काम चलाइनु; ('टार्नु'-को क० क्रि०) ।

टारी–वि० [टार+ई] वर्षेका पानीको भरले मात्र खेती हुने; टारको (जग्गा) ।

टार्नु–स० क्रि० [टर्+नु] १. जसरी-तसरी काम चलाउनु; निर्वाह गर्नु । २. आल-टाल गरेर फिसोल्नु । ३. कुनै युक्तिद्वारा कसैलाई नआउने पार्नु; पन्छाउनु । ४. व्यतीत गर्नु ; गुजार्नु ।

टाल–ना० [सं० अष्टीला] थुप्रो; रास ।

टालटिन–ना० [टालो] पातलो र मसिनु एक जातको कपड़ा ।

टाल-टुल–ना० [टाल्+टुल (फाँ०)] १. फाटे-टुटेका ठाउँमा टालो हाली मरम्मत गर्नु; टालो हाल्नु । २. ढुलो, धाँजो आदि टाली मरम्मत गर्नु; जीर्णोद्धार गर्नु ।

टाल-टुल–ना० [टाल्+टुल (फाँ०)] आल-टाल गर्नु; फिसोल्ने काम ।

टाला-टुली–ना० [टालो+टुली (फाँ०)] साना-तिना टालाहरूको समुदाय ।

टालिनु–स० क्रि० [टाल्+इ+नु] टालो लाइनु; ('टाल्नु'-को क० क्रि०) ।

टालिनु–स० क्रि० [टाल्+इ+नु] टारिनु; ('टाल्नु'-को क० क्रि०)।

टालो–ना० [नें०] १. लुगाका फाटेका वा प्वाल परेका ठाउँमा छोपेर सिउने कपड़ाको टुक्रो । २. कपड़ाको सानो टुक्रो ।

टाल्नु–स० क्रि० [टालो+नु] फाटेको वा प्वाल परेको ठाउँ छोप्नु; टालो लाउनु; पौलो मार्नु ।

टाल्नु–स० क्रि० [टल्+नु] टार्नु; पन्छाउनु; हटाउनु ।

टिउरी–ना० [टिप्री] टिप्री ।

टिक–ना० [नें०] ठूल्ठूला पात, र मसिना फल लाग्ने एक जातको रूख । (यसको काठ विशेषतः डुङ्गा वनाउनमा प्रयोग हुन्छ ।)

टिकट–ना० [अं० टिकिट] कुनै विशेष काम गर्न वा कहीँ जान-आउनका निमित्त प्रमाण-पत्रस्वरूप दिइने कागतको टुक्रो (हुलाकको टिकट, खेल-तमाशा हेर्ने टिकट, दान-दक्षिणा पाउनेहरूलाई दिइने टिकट, रेलको टिकट आदि) ।

टिकट-दस्तूर–ना० [टिकट+दस्तूर] १. दश रुपियाँभन्दा बढ़ी रकम सरकारमा बुझाउँदा लाग्ने दस्तूर (चार पैसा) । २. सरकारमा बुझाइने निवेदन-पत्र आदिमा दस्तूरबमोजिम टाँस्ने टिकट अथवा त्यसको मूल्य ।

टिकटिक–क्रि० यो० [अनु०] १. घड़ी चल्दा शब्द आउने किसिम । २. सानो कुनै वस्तुले ठोक्ता शब्द आउने किसिम ।

टिकटिके–ना० [टिकटिक+ए] १. टिकटिक शब्द निकालेर बोल्ने फिस्टो-जातको सानो चरो । (वि०) २. टिकटिक शब्द निकाल्ने ।

टिकटिके-कीरो–ना० [टिकटिके+कीरो] उत्तानो पारी जमीनमा राखिदिँदा टिक्क आवाज गरी उफ्रने कालो रङ्गको एक जातको सानो कीरो ।

टिकटिके-छेपारो–ना० [टिकटिके+छेपारो] टिकटिक आवाज निकालेर पुच्छर हल्लाउने एक जातको छेपारो ।

टिकटिके-भ्यागुतो–ना० [टिकटिके+भ्यागुतो] टिकटिक शब्द निकाली कराउने सानो एक जातको भ्यागुतो ।

टिकन-बजी–ना० [नेवा० तिकँ-बजी] एक जातको असल पातलो चिउरा ।

टिकाइ–ना० [टिक्+आइ] टिक्ने किसिम, क्रिया वा भाव ।

टिकाइनु–स० क्रि० [टिकाउ+इ+नु] बसाइनु; ('टिका-

CC-0. In Public Domain. Digitization by eGangotri

उनु'-को क० क्रि०)।

टिकाउ–ना० [टिक्+आउ] धेरै दिन टिक्ने; खपुवा; टिकुवा; स्थायी।

टिकाउनु–स० क्रि० [टिक्+आउ+नु] बसाउनु; टिक्न लाउनु; ('टिक्नु'-को प्रे० क्रि०)।

टिकिनु–अ० क्रि० [टिक्+इ+नु] बसिनु; रहिनु; ('टिक्नु'-को भा० क्रि०)।

टिकिया–ना० [टीको+इया] औषधि आदिको सानु वाटुलो चक्की।

टिकुवा–वि० [टिक्+उवा] टिकाउ।

टिक्की–ना० [टिक्] १. टिक्ने ठाउँ। २. जीविका; वृत्ति।

टिक्नु–अ० क्रि० [सं० स्थित+नु] १. बस्नु; रहनु। २. अड्नु; ठहर्नु। ३. दिगो हुनु; स्थायी हुनु।

टिङ्गर–वि० [टँगरो] टँगरो।

टिङ्गरे–वि० [टँगरो] टँगरो।

टिङ्गरो–वि० [टँगरो] १. एकलो; ठिङ्गो। २. दुब्लो र अग्लो; टँगरो।

टिङ्ग्रङ्ग–क्रि० यो० [ने०] दुब्लो र अग्लो हुने किसिम।

टिट्टिभ–ना० [सं०] हुटिटचाउँ चरो।

टिठिइनु–अ० क्रि० [टिठि+इ+नु] टीठ-लाग्दो होइनु; माया-लाग्दो होइनु; ('टिठिनु'-को भा० क्रि०)।

टिठिनु–अ० क्रि० [टीठ+इ+नु] १. टीठ-लाग्दो हुन; माया-लाग्दो हुनु। २. लोभिनु।

टिठ्याइ–ना० [टिठ्याउ+आइ] टिठ्याउने किसिम, क्रिया वा भाव।

टिठ्याइ–ना० [टिठि+याइ] टिठिने किसिम, क्रिया वा भाव।

टिठ्याइनु–स० क्रि० [टिठ्याउ+इ+नु] लोभ्याइनु; ('टिठ्याउनु'-को क० क्रि०)।

टिठ्याउनु–स० क्रि० [टिठि+याउ+नु] लोभ्याउनु; लोभ-लाग्दो पार्नु; ('टिठिनु'-को प्रे० क्रि०)।

टिन–ना० [अं०] १. राँगले मोलम्बा गरेको फलामको पातलो पातो। २. त्यसैको ढ्वाङ वा बट्टा।

टिनटिन–क्रि० यो० [अनु०] घण्टीहरू बज्ने किसिम।

टिनटिन–क्रि० यो० [टिमिक्क] टिम्किएर हिँड्ने किसिम।

टिनिक्क–क्रि० यो० [ने०] कसिने किसिम; टिमिक्क।

टिनु–ना० [ने०] हूल; भीड़; समूह।

टिन्चर–ना० [अं० टिङ्क्चर] घाउ, खटिरा वा सुनिएकोमा लाउने एक प्रसिद्ध तरल डाक्टरी औषधी।

टिन्चर-आइडिन–ना० [अं० टिङ्क्चर+आयोडिन] चोट-पटक वा सुनिएका ठाउँमा लाउने एक प्रसिद्ध डाक्टरी औषधी।

टिन्न–क्रि० यो० [अनु०] १. घण्टी बज्ने किसिम। २. कसिने किसिम; टिम्म।

टिप–ना० [टिप्] १. नाम-नामेसी लेखिएको कागत; टिपोट। २. पोतामा लाग्ने एक किसिमको दस्तुर। ३. जन्मेको गते, वार आदि छोटकरीमा लेखिएको कागत; टिप्पणी। ४. गन्जीफाका खेलमा दुइ चक्कीले एक चक्कीलाई जित्ने एक दाउ।

टिप-टाप–ना० [टिप्+टाप (फाँ०)] १. साना-तिना वस्तुहरू टिप्ने काम; टाप-टिप। २. थोर-वहुत वस्तुहरू टिप्ने काम।

टिपटिप–क्रि० यो० [अनु०] १. मसिना थोपा-थोपा पानी पर्दा वा झर्दा शब्द आउने किसिम। २. त्यस्तै कुनै शब्द हुने किसिम।

टिपटिपे–वि० [टिपटिप+ए] १. टिपटिप आवाज गर्ने। (ना०) २. भाले-पोथी (टाँक)।

टिपाइ–ना० [टिप्+आइ] टिप्ने किसिम, क्रिया वा भाव।

टिपाइनु–स० क्रि० [टिपाउ+इ+नु] टिप्न लाइनु; ('टिपाउनु'-को क० क्रि०)।

टिपाउनु–स० क्रि० [टिप्+आउ+नु] टिप्न लाउनु; ('टिप्नु'-को प्रे० क्रि०)।

टिपिनु–स० क्रि० [टिप्+इ+नु] एक-एक गरी झिकिनु; ('टिप्नु'-को क० क्रि०)।

टिपुवा–वि० [टिप्+उवा] १. टिपेको; टिपोट गरिएको। २. टिपेर सिएको। ३. एक-एक गरी लिइएको। ४. तेल-घिउमा भुटेको (तरकारी)।

टिपैटा–ना० [ने०] सरकारले नै खर्च लगाई रूख कटानी गरी विक्री गरिने व्यवस्था।

टिपोट–ना० [टिप्+ओट] १. छोटकरीमा टिपिएको लेख; टिप्पन। २. सङ्क्षेपमा लेख्ने काम; टिपाइ। ३. कलम-कलम छुट्ट्याई लेखेको स्रेस्ता। ४. एक किसिमको सिलाइ।

टिप्नु–स० क्रि० [सं० त्रुट्+नु] १. कुनै वस्तु रहेका ठाउँबाट एक-एक गरी लिनु; एकपछि अर्को झिक्नु। २. फूल वा फलहरू रूखबाट चुँड्नु। ३. एक-एक गरी रौंहरू उखेल्नु। ४. टप्काउनु; उड़ाउनु। ५. सवारको अनुशासन छोड़ेर वेगले घोड़ा दौड़नु। ६. अर्काले गरेका कुरालाई उछिनेर बोल्नु। ७. एक किसिमसँग सिउनु। ८. व्यक्ति वा वस्तुहरूको नाम लेख्नु; टाँक्नु।

टिप्पणी–ना० [सं०] १. गूढ अर्थको व्याख्या; टीका। २. सम्झना-का निम्ति लेखिने छोटकरी लेख। ३. कुनै व्यक्ति वा कार्यका विषयमा प्रकट गरिने सङ्क्षिप्त विचार। ४. सानो-तिनो घटनाका विषयमा पत्र-पत्रिकाका सम्पादकले आफ्नो विचार व्यक्त गरेको लेख। ५. सानो जन्म-पत्रिका; टिप्पन।

टिप्पन–ना० [सं० टिप्पणी] १. छोटकरी चिह्ना; टिप्पणी। २. कुनै कार्यको सङ्क्षिप्त विवरण। ३. एक किसिमको सानो रसीद। ४. स्रेस्ताको टिपोट।

टिप्पा–ना० [टुप्पो] १. ऊँचो ठाउँ; टुप्पो। २. शिखर; चुचुरो।

टिप्पा–ना० [ट्रिप्] तर-ताकिता; अति प्रेरणा।

टिप्री–ना० [टिप्री] पहाड़को टाकुरो; शिखर।

CC-0. In Public Domain. Digitization by eGangotri

टिफिन–ना० [अं०] चमेना; जल-पान।

टिमटाम–क्रि० यो० [टिमिक्क] १. छाँट-काँट मिल्ने किसिम; चिटिक्क। २. टामटुम। ३. कसिकसाउ; ठाँट-बाँट। ४. तड़क-भड़क।

टिमिक्क–क्रि० यो० [टम्म] १. कसिकसाउ हुने किसिम; ठाँटिलो हुने किसिम। २. कसिने किसिम; टम्म। ३. मात्तिने किसिम; गमक्क।

टिमिलो–ना० [तिमिलो] तिमिलो।

टिमुर–ना० [सं० टिम्बरुअ] १. मरीचजस्तो, परपऱ्याउने सुगन्धी दाना फल्न, लामा-लामा पात हुने, काँढ़ावाल एक जातको वृक्ष। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण अग्नि-वर्द्धक र पेटको शूल र वायु-गोलालाई नाश गर्ने बताइएको छ।)

टिमुरिइनु–अ० क्रि० [टिमुरि+इ+नु] टर्रो मिजासको होइनु; ('टिमुरिनु'-को भा० क्रि०)।

टिमुरिनु–अ० क्रि० [टिमुर+इ+नु] टर्रो मिजासको हुनु; चम्किनु; टिम्किनु।

टिमुऱ्याइ–ना० [टिमुरि+याइ] टिमुरिने किसिम, क्रिया वा भाव।

टिमुऱ्याइनु–स० क्रि० [टिमुऱ्याउ+इ+नु] टर्रो मिजासको पारिनु; ('टिमुऱ्याउनु'-को क० क्रि०)।

टिमुऱ्याउनु–स० क्रि० [टिमुरि+याउ+नु] टर्रो मिजासको पार्नु; ('टिमुरिनु'-को प्रे० क्रि०)।

टिमुऱ्याहट–ना० [टिमुरि+याहट] टिमुरिने किसिम, क्रिया वा भाव; टिमुऱ्याइ।

टिम्कनु–अ० क्रि० [टिमिक्क+नु] १. टिमिक्क पर्नु; निफुलिकनु; गम्कनु। २. टर्रो मिजासको हुनु; टिमुरिनु।

टिम्काइ–ना० [टिम्क+आइ] टिम्कने किसिम, क्रिया वा भाव; टिम्क्याइ।

टिम्काइनु–स० क्रि० [टिम्काउ+इ+नु] टिम्कन लाइनु; ('टिम्काउनु'-को क० क्रि०)।

टिम्काउनु–स० क्रि० [टिम्क+आउ+नु] टिमिक्क पार्नु; गम्काउनु; ('टिम्कनु'-को क० क्रि०)।

टिम्किनु–अ० क्रि० [टिम्क+इ+नु] १. टिम्कनु। २. टिमिक्क परिनु; ('टिम्कनु'-को भा० क्रि०)।

टिम्के–वि० [टिम्क+ए] बढ़े-चढ़ेको; टिम्किएको; निफुल्केको।

टिम्क्याइ–ना० [टिम्कि+याइ] टिम्किने किसिम, क्रिया वा भाव; टिम्क्याहट।

टिम्क्याहट–ना० [टिम्कि+याहट] टिम्किने किसिम, क्रिया वा भाव; टिम्क्याइ।

टिम्बा–ना० [अं० टिम्बर] निदाल, दलिन आदि हाल्न हुने चार पाटा पारी ताछेको ठूलो काठ।

टिम्म–क्रि० यो० [टम्म] कसिने किसिम; टम्म।

टिम्म-टाम्म–क्रि० यो० [ने०] कसिकसाउ हुने किसिम; टिमिक्क।

टिम्मा–ना० [टिम्बा] टिम्बा।

टिम्मुर–ना० [टिमुर] टिमुर।

टिम्मुरिइनु–अ० क्रि० [टिम्मुरि+इ+नु] टिमुरिइनु; ('टिम्मुरिनु'-को भा० क्रि०)।

टिम्मुरिनु–अ० क्रि० [टिम्मुर+इ+नु] टिमुरिनु।

टिम्मुऱ्याइ–ना० [टिमुऱ्याइ] टिमुऱ्याइ।

टिम्मुऱ्याइनु–स० क्रि० [टिम्मुऱ्याउ+इ+नु] टिमुऱ्याइनु; ('टिम्मुऱ्याउनु'-को क० क्रि०)।

टिम्मुऱ्याउनु–स० क्रि० [टिम्मरि+याउ+नु] टिमुऱ्याउनु; ('टिम्मुरिनु'-को क० क्रि०)।

टियर-ग्याँस–ना० [अं० टियर-गैस] आँखा पिरो भई आँसु निस्कने एक किसिमको ग्याँस।

टिर्टिरे–ना० [टिर्र+टिर्र+ए] १. पातलो दिसा लाग्ने रोग; टिर्री। (वि०) २. त्यो रोग लागेको; छेरुवा।

टिर्र–क्रि० यो० [अनु०] १. छेर्ने किसिम; टिर्री लाग्ने किसिम। २. साना-साना कीराहरू कराउने किसिम।

टिर्री–ना० [टिर्र] पातलो दिसा; पखाला।

टिर्री–ना० [टर्रो] टेक; अभिमान; शेखी।

टिर्रीवाल–वि० [टिर्री+वाल] टेकी; घमन्डी; अभिमानी।

टिर्‍याइ–ना० [टिर्‍याउ+आइ] टिर्‍याउने वा पातलो दिसा गर्ने किसिम, क्रिया वा भाव।

टिर्‍याइनु–स० क्रि० [टिर्‍याउ+इ+नु] पातलो दिसा गरिनु; ('टिर्‍याउनु'-को क० क्रि०)।

टिर्‍याउनु–स० क्रि० [टिर्री+याउ+नु] छेर्नु; पातलो दिसा गर्नु।

टिलपिल–क्रि० यो० [टलक] १. मधुरो बत्ती बलिरहने किसिम। २. टाढ़ाबाट सानो वस्तु बल्ल-तल्ल देखिने किसिम। ३. टलपल।

टिलिक्क–क्रि० यो० [टलक] १. टल्कने किसिम; झल्कने किसिम। २. राम्रो हुने किसिम; झिलिक्क।

टिल्ल–क्रि० यो० [ने०] बेसरी खाँदा भुँड़ी उक्सने किसिम; टन्न।

टिल्लिइनु–अ० क्रि० [टिल्लि+इ+नु] बेसरी खाएर पेट टुन्न होइनु; ('टिल्लिनु'-को भा० क्रि०)।

टिल्लिनु–अ० क्रि० [टिल्ल+इ+नु] १. बेसरी खाएर पेट टुन्न हुनु; डेलिनु; टुन्निनु। २. फुल्नु; सुनिनु।

टिल्ल्याइनु–स० क्रि० [टिल्ल्याउ+इ+नु] पेट टुन्न पारिनु; ('टिल्ल्याउनु'-को क० क्रि०)।

टिल्ल्याउनु–स० क्रि० [टिल्लि+याउ+नु] पेट टुन्न पार्नु; ('टिल्लिनु'-को प्रे० क्रि०)।

टिसी–ना० [टुसो] स्त्री-योनिको मांस-पेशी; भग-नासिका।

टीक–ना० [सं० तिलक] छेउमा रत्नहरू लट्कने गरी जड़ेर बीचमा अनेक बुट्टाहरू झिकी बनाइएको घाँटीमा लाइने एक किसिमको चन्द्राकार गहना।

टीका–ना० [सं०] १. कुनै वाक्य, पद वा ग्रन्थको अर्थ

CC-0. In Public Domain. Digitization by eGangotri

स्पष्ट गरी लेखेको वाक्य; व्याख्या। २. टीको; तिलक। ३. थोप्लो। ४. दाग।

टीकाकार–ना० [सं०] कुनै ग्रन्थको व्याख्या लेख्ने व्यक्ति; व्याख्याकार।

टीका-टिप्पणी–ना० [सं०] १. प्रसङ्गवश आएका विषयको दोष-गुण छुट्ट्याउने काम; आलोचना। २. चर्चा। ३. कुनै ग्रन्थको टीकामाथि गरिएको टीका।

टीकी–ना० [टीको+ई] १. सानो टीको। २. टीको (बाल-बोलीमा)।

टीको–ना० [सं० तिलक] १. देवताको प्रसादस्वरूप वा शोभाका निम्ति निधारमा लगाइने चन्दन, सिन्दूर, अबीर आदिको चिह्न; तिलक। २. आश्विन शुक्ल दशमीको दिन; विजया-दशमी।

टीको-टालो–ना० [टीको+टालो (फाँ०)] टीको लाउने काम।

टीठ–ना० [धीत] धीत; सन्तोष।

टीठ–ना० [सं० त्रस्त] १. दया; करुणा। २. लोभ; लालच।

टीठो–वि० [टीठ+ओ] टीठ-लाग्दो; माया-लाग्दो।

टीपकार–ना० [सं० टेपन+कार्य] गाह्राका ईँटहरूका जोर्नी-जोर्नीमा वज्र, सिमन्टी आदि लगाउने काम।

टीपकारी–ना० [टीपकारी] टीपकार।

टी०बी०–ना० [अं० ट्यूबर्कल-बैसिलस] क्षय-रोग; राजयक्ष्मा।

टीलो–ना० [नें०] मरेका दिनदेखि दश दिनसम्म मृतकका उद्देश्यले ढिकुरामा गरिने श्राद्धमा चढ़ाइने फलासको दक्षिणा-भेटी।

टुँडाल–ना० [सं० तुण्ड] गाह्रामा टेकाई छड्के पारी राखिने पानी-बलो अड्याउने काठ।

टुँड़िखेल–ना० [नेवा० तुनि+ख्य] कवाज खेल्ने मैदान।

टुँड़े–ना० [टुँड़ो+ए] बाली नखाओस् भनी पशुका मुखमा लाइने पेरुङ्गो।

टुँड़े–वि० [टुँड़ो+ए] १. लामा-लामा टुँड़ा हुने; झूसे। २. मुखाले।

टुँडो–ना० [सं० तुण्ड] १. जौ, गहूँ, धान आदिमा हुने झूस। २. मुखालेको मुख; चोथो। ३. चुच्चो।

टुइँकिइनु–अ० क्रि० [टुइँकि+इ+नु] फटाफट हिँड़िनु; ('टुइँकिनु'-को भा० क्रि०)।

टुइँकिनु–अ० क्रि० [टुइँटुइँ+इ+नु] १. फटाफट हिँड्नु; टुइँटुइँती हिँड्नु। २. मर्नु।

टुइँक्याइ–ना० [टुइँकि+याइ] टुइँकिने किसिम, क्रिया वा भाव।

टुइँक्याइ–ना० [टुइँक्याउ+आइ] टुइँक्याउने किसिम, क्रिया वा भाव।

टुइँक्याइनु–स० क्रि० [टुइँक्याउ+इ+नु] खूबसित कसेर बाँधिनु; ('टुइँक्याउनु'-को क० क्रि०)।

टुइँक्याउनु–स० क्रि० [टुइँटुइँ+याउ+नु] १. खूबसित कसेर बाँध्नु; टुर्र्याउनु। २. दाह-संस्कारका निमित्त मृतकलाई मसानमा लानु। ३. अपान-वायु छोड्नु। ४. कसेर लिनु; धड़्याउनु।

टुइँक्याहट–ना० [टुइँकि+याहट] टुइँकिने किसिम, क्रिया वा भाव; टुइँक्याइ।

टुइँटुइँ–क्रि० यो० [नें०] १.फूर्तिसाथ लम्केर हिँड्ने किसिम; फटाफट। २. कसेर बाँध्ने किसिम। ३. अपान-वायु छुट्दा शब्द आउने किसिम। ४. लाम्खुट्टे आदि साना कीरा कराउने किसिम।

टुइँटुइँती–क्रि० यो० [टुइँटुइँ+ती] १. कसेर बेसरी बाँध्ने किसिम। २. फटाफट।

टुइल–ना० [अं० ट्विल] खेस-बुनोटले बुनेको बाक्लो नरम एक जातको सूती कपड़ा।

टुकटुक–क्रि० यो० [नें०] १. भर्खर हिँड्न लागेको बालक हिँड्ने किसिम। २. दुइ साना-साना वस्तु जुद्धा शब्द आउने किसिम।

टुकड़ा–ना० [टुक्रो] टुक्रो।

टुकड़ी–ना० [टुकड़ा+ई] सैनिकहरूको एक सानो विभाग; सानो दल।

टुकी–ना० [ट्वाक] मट्टी-तेलको बत्ती बाल्ने सानो भाँड़ो; बत्तीको डिबिया।

टुकी–ना० [नेवा० तुकी] नेवार-जातका स्त्रीहरूले कानमा लहरै लाउने सुनको एक प्रकारको गहना।

टुकुँचा–ना० [नेवा० तुकुँचा] दुइ छानाका जोर्नीमा उत्तानो पारी राखिने डूँड़जस्तो एक प्रकारको झिँगटी।

टुकुचा–ना० [नेवा० तुकुचा] काठमाड़ौँ शहरका बीचमा बग्ने एक सानो नदी; इक्षुमती।

टुकुटुकु–क्रि० यो० [नें०] सानो बालक हिँड्ने किसिम; टुकटुक।

टुकुनी–ना० [टूक] १. पाउभरिको तौल। २. आधा मानो भर्ने भाँड़ो। ३. जोख-तौलमा त्यतिको परिणाम; टूक। (वि०) ४. पाउभरिको। ५. आधा मानो।

टुक्का–ना० [टुक्रो] १. कुनै पद्य वा गीतको एक अंश। २. पद्य वा गीतको अन्तिम चरण। ३. पद्य वा गीतका अन्तिम दुइ चरणको समानता; अन्त्यानुप्रास। ४. व्यङ्ग्यार्थ-युक्त चमत्कारपूर्ण वाक्य। (उदा०–काम गर्ने कालू, मकै खाने भालू; आए आँप, गए झटारो इत्या०।)

टुक्रा-टाक्री–ना० [टुक्रो+टुक्रो+ई] साना-साना टुक्राहरूको समुदाय।

टुक्रिइनु–अ० क्रि० [टुक्रि+इ+नु] टुक्रा-टुक्रा होइनु; ('टुक्रिनु'-को भा० क्रि०)।

टुक्रिनु–अ० क्रि० [टुक्रो+इ+नु] टुक्रा-टुक्रा हुनु; साना-साना भागमा छुट्टिनु।

टुक्रुक्क–क्रि० यो० [नें०] १. दुइ पैताला र चाकले मात्र

CC-0. In Public Domain. Digitization by eGangotri

टेकी बस्ने किसिम; उड्केला मारेर बस्ने किसिम। २. ठाड़ो भएर रहने किसिम; टक्क्क।

टुक्रो–ना० [सं० स्तोक] १. कुनै वस्तुबाट छुट्टिएको अंश; टुकड़ा। (वि०) २. टुक्रिएको; खण्डित।

टुक्याइ–ना० [टुक्रि+याइ] टुक्रिने किसिम, क्रिया वा भाव।

टुक्याइ–ना० [टुक्याउ+आइ] टुक्याउने किसिम, क्रिया वा भाव।

टुक्याइनु–स० क्रि० [टुक्याउ+इ+नु] टुक्रा-टुक्रा पारिनु; ('टुक्याउनु'-को क० क्रि०)।

टुक्याउनु–स० क्रि० [टुक्रि+याउ+नु] टुक्रा-टुक्रा पार्नु; खण्डित पार्नु; ('टुक्रिनु'-को प्रे० क्रि०)।

टुखल–ना० [नेवा० तुखल] उखु पेलेर रस निकालेको छोक्रा; खोइलो।

टुङ्गिइनु–अ० क्रि० [टुङ्गि+इ+नु] टुङ्गो लागिनु; ('टुङ्गिनु'-को भा० क्रि०)।

टुङ्गिनु–अ० क्रि० [टुङ्गो+इ+नु] १. टुङ्गो लाग्नु; निधो हुनु। २. सिद्धिनु; समाप्त हुनु।

टुङ्गो–ना० [सं० तुङ्ग] १. काम वा कुरोको निधो; निर्णय। २. सीमा; हद। ३. म्याद; अवधि।

टुङ्ग्याइ–ना० [टुङ्ग्याउ+आइ] टुङ्ग्याउने किसिम, क्रिया वा भाव।

टुङ्ग्याइ–ना० [टुङ्गि+याइ] टुङ्गिने किसिम, क्रिया वा भाव।

टुङ्ग्याइनु–स० क्रि० [टुङ्ग्याउ+इ+नु] टुङ्गो लगाइनु; ('टुङ्ग्याउनु'-को क० क्रि०)।

टुङ्ग्याउनु–स० क्रि० [टुङ्गि+याउ+नु] १. टुङ्गो लाउनु; निधो गर्नु। २. सिद्ध्याउनु; समाप्त गर्नु; ('टुङ्गिनु'-को प्रे० क्रि०)।

टुङ्ना–ना० [ने०] सारङ्गीका आकारको, चार वटा रेशमका तार लागेको, म्यागुताका छालाले मोहोरेको र जवाले बजाउने विशेष गरी लामाहरूमा प्रचलित एक लोक-बाजा।

टुटाइ–ना० [टुट्+आइ] टुट्ने किसिम, क्रिया वा भाव।

टुटाइ–ना० [टुटाउ+आइ] टुटाउने किसिम, क्रिया वा भाव।

टुटाइनु–स० क्रि० [टुटाउ+इ+नु] छुटाइनु; ('टुटाउनु'-को क० क्रि०)।

टुटाउनु–स० क्रि० [टुट्+आउ+नु] १. छोड्नु; छुटाउनु। २. चुँड़ालनु। ३. भाँच्नु। ४. सिलसिला भङ्ग गर्नु; क्रम बिगार्नु; ('टुट्नु'-को प्रे० क्रि०)।

टुटिनु–अ० क्रि० [टुट्+इ+नु] टूट होइनु; छुटिनु; ('टुट्नु'-को भा० क्रि०)।

टुटिलो–ना० [टुटिल्को] टुटिल्को।

टुटिल्को–ना० [सं० टुण्टुक] शरीरमा ठक्कर लाग्दा सुनिएर उठ्ने फोको; फुँडुल्को; टुटुल्को।

टुटी–ना० [टुटो+ई] सानो टुटो; करुवा, कमण्डलु आदिको टुटो।

टुटी-धारो–ना० [टुटी+धारो] बटुवाहरूलाई पानी खुवाउनाका निम्ति पानी भरेर राखिने टुटीवाल पुरानो किसिमको धारो।

टुटुल्को–ना० [टुटिल्को] टुटिल्को।

टुटे–वि० [टुटी+ए] टुटी भएको; टुटीवाल।

टुटो–ना० [सं० त्रोटि] १. करुवा, टाँपो आदिमा जड़िएको पानी चुहाउने नली। २. कल-धाराको पानी खोल्ने र बन्द गर्नेसमेतको पानी चुहने अवयव।

टुट्टा–ना० [टुट्] व्यापारमा हुने नोक्सानी; घाटा; ड्याक्; हानि।

टुट्नु–अ० क्रि० [टूट+नु] १. टूट हुनु; छुट्नु। २. छुट्टिनु; अलग हुनु। ३. रोकिनु; बन्द हुनु।

टुना–ना० [सं० तन्त्र] कुनै व्यक्तिलाई आफ्नो वश-वर्ती पार्न गरिएको मन्त्र-तन्त्रको प्रयोग; मोहनी; अभिचार कर्म।

टुना-मुना–ना० [टुना+मोहनी] टुना, मोहनी आदिको समुदाय; अभिचार-सम्बन्धी कर्म।

टुनी–ना० [सं० तुणि] १. साना-साना पात, सेता झुप्पाकार फूल, हर्रोका आकारका फल हुने एक जातको वृक्ष। २. त्यसैको फल; तुणि।

टुन्न–क्रि० यो० [ने०] १. बेसरी खाँदा पेट फुल्ने किसिम; डेलिने किसिम; टन्न; टिल्ल। २. खूबसित ढाड़िने किसिम।

टुन्निइनु–अ० क्रि० [टुन्नि+इ+नु] टिल्लिइनु; ('टुन्निनु'-को भा० क्रि०)।

टुन्निनु–अ० क्रि० [टुन्न+इ+नु] १. धेरै खाँदा पेट उक्सनु; टिल्लिनु; डेलिनु। २. ढाड़िने वा फुल्ने किसिम।

टुन्याइ–ना० [टुन्नि+याइ] टुन्निने किसिम, क्रिया वा भाव; टिल्ल्याइ।

टुन्याइनु–स० क्रि० [टुन्याउ+इ+नु] टुन्न पारिनु; ('टुन्याउनु'-को क० क्रि०)।

टुन्याउनु–स० क्रि० [टुन्नि+याउ+नु] पेट टुन्न पार्नु; टिल्ल्याउनु; ('टुन्निनु'-को प्रे० क्रि०)।

टुन्याहा–वि० [टुना+याहा] टुना गर्ने; मोहनी लाउने।

टुपी–ना० [टुप्पो] हिन्दू-धर्मानुसार शिरका बीचमा नखौरी वा नकाटीकन राखिने रौँ; शिखा; चूडा।

टुपी-कट्टा–वि० [टुपी+कट्टा] १. टुपी काटेको; टुपी नभएको। (ना०) २. टुपी काटेर संन्यास लिएको व्यक्ति (जोगी, संन्यासी आदि)।

टुपुक्क–क्रि० यो० [ने०] १. हल्कासित राख्ने किसिम; टक्क्क। २. कुनै वस्तु हातले उठाउने किसिम; टिप्ने किसिम; टपक्क। ३. अकस्मात् आइपुग्ने किसिम; टुप्लुक्क।

टुपुटुपु–क्रि० यो० [ने०] १. फल, फूल आदि धमाधम टिप्ने किसिम। २. थोपा-थोपा गरी चुहने किसिम; टपटप; तुपुतुपु।

CC-0. In Public Domain. Digitization by eGangotri

टुप्पा-टुप्पी–ना० [टुप्पो+टुप्पी] साना-तिना हाँगा, टुप्पा आदिको समूह।

टुप्पिइनु–अ० क्रि० [टुप्पि+इ+नु] टुप्पामा पुगिनु; ('टुप्पिनु'-को भा० क्रि०)।

टुप्पिनु–अ० क्रि० [टुप्पो+इ+नु] १. टुप्पामा पुग्नु। २. बढ़ेर हदसम्म पुग्नु। ३. धन, मान आदिका मदले मात्तिनु; बढ़े-चढ़ेको हुनु।

टुप्पी–ना० [टुपी] टुपी।

टुप्पो–ना० [सं० तुण्ड] १. कुनै वस्तुको माथिल्लो भाग; अग्र भाग। २. पहाड़को चुली; शिखर। (वि०) ३. बढ़े-चढ़ेको; टुप्पिएको।

टुप्प्याइ–ना० [टुप्प्याउ+आइ] टुप्प्याउने किसिम, क्रिया वा भाव।

टुप्प्याइ–ना० [टुप्पि+याइ] टुप्पिने किसिम, क्रिया वा भाव; टुप्प्याहट।

टुप्प्याइनु–स० क्रि० [टुप्प्याउ+इ+नु] टुप्पामा पुऱ्याइनु; ('टुप्प्याउनु'-को क० क्रि०)।

टुप्प्याउनु–स० क्रि० [टुप्पो] १. टुप्पामा पुऱ्याउनु; माथि चढ़ाउनु। २. मद चढ़ाउनु; मत्त्याउनु; ('टुप्पिनु'-को प्रे० क्रि०)।

टुप्प्याहट–ना० [टुप्पि+याहट] टुप्पिने किसिम, क्रिया वा भाव; टुप्प्याइ।

टुप्लुक्क–क्रि० यो० [ने०] १. अनायास देखापर्ने किसिम; अचानक आइपुग्ने किसिम। २. अकस्मात् भेट हुने किसिम; जम्का-भेट हुने किसिम।

टुमुक्क–क्रि० यो० [ने०] १. टम्म मिल्ने किसिम; टिमिक्क। २. छरितो हुने वा छाँट मिल्ने किसिम; चिटिक्क।

टुमौटे–ना० [तमौटे] तमौटे।

टुमौटे–वि० [ने०] सानो चित्तको; छोटकरीसँग व्यवहार गर्ने; किफायती।

टुम्म–क्रि० यो० [टम्म] टम्म।

टुर्र–क्रि० यो० [अनु०] १. हुक्का घुराउने किसिम; ट्वार्र। २. छेर्ने किसिम; टिर्र।

टुर्रिनु–अ० क्रि० [टुर्रि+नु] बेसरी बाँधिनु; कसिनु।

टुर्रे–वि० [टुर्रो+ए] पन्यालो; तरल।

टुर्रे-हुक्का–ना० [टुर्र+ए+हुक्का] सानो हुक्का।

टुर्रो–ना० [तुर्र] पातलो झोल; बेस्वादको पानीजस्तो रस।

टुर्रो–ना० [टुर्र] सानो हुक्का।

टुर्र्याइ–ना० [टुर्र्याउ+आइ] मस्काउने किसिम, क्रिया वा भाव; टुर्र्याउने किसिम, क्रिया वा भाव।

टुर्र्याइ–ना० [टुर्र्याउ+आइ] सानो हुक्का गुड़गुड़ाउने किसिम, क्रिया वा भाव; टुर्र्याउने किसिम, क्रिया वा भाव।

टुर्र्याइनु–स० क्रि० [टुर्र्याउ+इ+नु] कसेर बाँधिनु; ('टुर्र्याउनु'-को क० क्रि०)।

टुर्र्याइनु–स० क्रि० [टुर्र्याउ+इ+नु] टुर्र आवाज आउने गरी हुक्का घुराइनु; ('टुर्र्याउनु'-को क० क्रि०)।

टुर्र्याउनु–स० क्रि० [ने०] बेसरी कसेर बाँध्नु; मस्काउनु।

टुर्र्याउनु–स० क्रि० [टुर्र+याउ+नु] टुर्र आवाज आउने गरी हुक्का घुराउनु।

टुलुक्क–क्रि० यो० [ने०] एक पल्टमात्र हेर्ने किसिम; पुलुक्क।

टुलुटुलु–क्रि० यो० [ने०] एक-टक लाएर हेरिरहने किसिम; क्वारक्वारती; आशा, लाचारी आदिका साथ एक-टक हेरिरहने किसिम।

टुसाइ–ना० [टुसाउ+आइ] टुसाउने किसिम, क्रिया वा भाव।

टुसाइनु–स० क्रि० [टुसाउ+इ+नु] टुसा हालिनु; ('टुसाउनु'-को क० क्रि०)।

टुसाउनु–अ० क्रि० [टुसो+आउ+न] टुसो हाल्नु; अङ्कुर निस्कनु।

टुसाल–ना० [नेवा० तुसाल] उखु पेल्ने यन्त्र वा ठाउँ।

टुसुक्क–क्रि० यो० [ने०] १. टुक्रुक्क। २. अङ्कुर निस्कने किसिम; टुसाउने किसिम।

टुसो–ना० [ने०] १. बोट, बिरुवा, अन्न आदिको भर्खर उम्रेको कलिलो मुनु; अङ्कुर; पिपिरो। २. निगाला, बाँस आदिको भर्खर उम्रेको तरकारी खाइने अङ्कुर।

टुहुरो–वि० [ने०] १. आमा-बाबु मरेको। २. अनाथ; विचरो; निस्सहाय।

टूक–ना० [सं० स्तोक] टुक्रो।

टूक–ना० [सं० तुङ्ग] जोख-तौल वा भराइको ठीक परिमाण; टकुनी।

टूट–वि० [सं० त्रुट्] १. छुटेको; टुटेको। (ना०) २. टुट्टा; घाटा।

टूट-फूट–वि० [टूट+फूट] टुटे-फुटेको; भत्के-बिग्रेको; नोक्सान।

टूटल-फूटल–वि० [टूट+फूट] टूट-फूट।

टूपिन–ना० [अं० टू-पिन] बिजुलीको तरङ्गलाई जोर्ने वा छुट्ट्याउने, दुइ कीलाजस्ता अवयव जड़िएको साधन।

टेक–ना० [टेक्] १. हठ; आग्रह। २. अभिमान; घमन्ड। ३. प्रत्येक छन्दपछि भनिने गीतको चरण; गीतको स्थायी पद।

टेकन–ना० [टेक्] १. टेको; टेवा। २. बिसौना।

टेकर–ना० [अं०] कुर्की।

टेकाइ–ना० [टेक्+आइ] टेक्ने किसिम, क्रिया वा भाव।

टेकाइनु–स० क्रि० [टेकाउ+इ+नु] टेक्न लाइनु; ('टेकाउनु'-को क० क्रि०)।

टेकाउनु–स० क्रि० [टेक्+आउ+नु] टेक्न लाउनु; ('टेक्नु'-को प्रे० क्रि०)।

टेकिनु–स० क्रि० [टेक्+इ+नु] खुट्टो हालिनु; ('टेक्नु'-को क० क्रि०)।

टेकी–वि० [टेक+ई] १. टेक गर्ने; हठी। २. घमन्डी;

CC-0. In Public Domain. Digitization by eGangotri

अभिमानी।

टेको–ना० [टेक्+ओ] १. कुनै गह्रौं वस्तुलाई अड्याउने काठ, बाँस आदि; टेवा। २. बिसौना।

टेक्नु–स० क्रि० [सं० स्था+नु] १. खुट्टा हाल्नु; कुल्चनु; पाउ राख्नु। २. कुनै काम, कुरो वा प्रमाणका आड्मा रहनु। ३. आधार लिनु।

टेठो–ना० [नें०] कीलाहरू ठोक्ने काठको ठूलो मुङ्ग्रो।

टेढ़िइनु–अ० क्रि० [टेढ़ि+इ+नु] टेढ़ो होइनु; ('टेढ़िनु'-को भा० क्रि०)।

टेढ़िनु–अ० क्रि० [टेढ़ो+इ+नु] १. टेढ़ो हुनु; बाङ्गिनु; वक्र हुनु। २. चिढ़िनु; रिसाउनु।

टेढ़ो–वि० [सं० टेर] १. बाङ्गो; डेउढ़ो; वक्र। २. कुटिल स्वभावको; मिलनसार नभएको।

टेढ़ो-मेढ़ो–वि० [टेढ़ो+मेढ़ो (फाँ०)] बाङ्गो-टिङ्गो।

टेढ़याइ–ना० [टेढ़ि+याइ] टेढ़िने किसिम, क्रिया वा भाव।

टेढ़्याइ–ना० [टेढ़्याउ+आइ] टेढ़्याउने किसिम, क्रिया वा भाव।

टेढ़्याइनु–स० क्रि० [टेढ़्याउ+इ+नु] टेढ़ो पारिनु; ('टेढ़्याउनु'-को क० क्रि०)।

टेढ़्याउनु–स० क्रि० [टेढ़ि+आउ+नु] १. टेढ़ो पार्नु; वङ्ग्याउनु। २. चिढ़ाउनु; रीस उठाउनु।

टेनिस–ना० [अं०] रवरको भकुन्डोलाई जालीदार डन्डाले हानेर खेलिने एक यूरोपीय खेल।

टेन्डर–ना० [अं०] ठेक्कामा कुनै काम गर्न वा तोकिएको माल-सामान दिन ठेकदारले लेखिदिने आफ्नो दर-रेट।

टेपो–ना० [टेप्रो] टेप्रो।

टेप्रो–ना० [टोप्रो] पुरुषका लिङ्गको अग्र भाग।

टेबिल–ना० [अं० टेबुल] मेचमा वसेर लेख-पढ़ आदि गर्नका निम्ति वनाइएको चौकीजस्तो साधन।

टेबिल-पोश–ना० [अं० टेबुल+पोश (फा०)] टेबिलमाथि शोभा वा संरक्षणका निम्ति विछ्याइने कपड़ा; टेबिल-माथि हालिने तन्ना।

टेबुल–ना० [अं०] टेबिल।

टेबुल-पोश–ना० [टेबिल-पोश] टेबिल-पोश।

टेमा–ना० [नें०] एक किसिमको डल्लो चाकु।

टेमा-छुवा–ना० [टेमा+क्षोद (सं०)] चीनी झिकी बाँकी रहेको खुदो।

टेर–वि० [सं०] आँखो टेढ़ो भएको; डेड़ो।

टेर–ना० [टेर्] १. टेर्ने काम; आज्ञा-पालन। २. वास्ता; परवाह। ३. अदव; अनुशासन।

टेर-पुच्छर–ना० [टेर+पुच्छर] १. वास्ता; परवाह। २. मान-मर्यादा; आदर-सत्कार।

टेराइ–ना० [टेर्+आइ] टेर्ने किसिम, क्रिया वा भाव।

टेराइनु–स० क्रि० [टेराउ+इ+नु] टेर्न लाइनु; ('टेराउनु'-को क० क्रि०)।

टेराउनु–स० क्रि० [टेर्+आउ+नु] टेर्न वा भनेको कुरो मान्न लाउनु; ('टेर्नु'-को प्रे० क्रि०)।

टेरिनु–स० क्रि० [टेर्+इ+नु] भनेको कुरो मानिनु; ('टेर्नु'-को क० क्रि०)।

टेर्नु–स० क्रि० [नें०] १. भनेको मान्नु; आज्ञा पालन गर्नु। २. अदब राख्नु; अनुशासन पालन गर्नु। ३. वास्ता राख्नु; परवाह गर्नु।

टेलिग्राफ–ना० [अं०] एक ठाउँबाट अर्को ठाउँमा बिजुलीका सहायताले तारद्वारा खबर पठाउने साधन; तार।

टेलिग्राम–ना० [अं०] तारद्वारा पठाइएको खबर; टेलिग्राफको खबर।

टेलिफोन–ना० [अं०] टाढ़ा-टाढ़ाका ठाउँहरूबाट बोलेका कुराकानी तारका सम्बन्धबाट ओहोर-दोहोर गराउने यन्त्र।

टेलीप्रिन्टर–ना० [अं०] तारद्वारा आएको खबर स्वयं छाप्ने यन्त्र।

टेलीविजन–ना० [अं०] बोल्ने मानिसको रूपसमेत देखिने रेडियोजस्तो यन्त्र।

टेवा–ना० [टेक्] टेको।

टैशोकोटो–ना० [?] जापानी-बाजा।

टोक–ना० [टोक्] हप्की-दप्की।

टोक–ना० [सं० स्तोक] एकनाससित भइरहेको कुनै काममा बाधा पर्ने गरी बोल्नु।

टोकरी–ना० [हिं०] बाँसका चोयाले बनेको ढकीका आकारको भाँड़ो।

टोकसाइ–ना० [टोकस्+आइ] टोकस्ने किसिम, क्रिया वा भाव।

टोकसाइनु–स० क्रि० [टोकसाउ+इ+नु] टोकसो गराइनु; ('टोकसाउनु'-को क० क्रि०)।

टोकसाउनु–स० क्रि० [टोकस्+आउ+नु] टोकस्न लाउनु; ('टोकस्नु'-को प्रे० क्रि०)।

टोकसिनु–स० क्रि० [टोकस्+इ+नु] टोकसो गरिनु; ('टोकस्नु'-को क० क्रि०)।

टोकसो–ना० [टोक्] मन नपरेका मानिसलाई विना-कसूरमा वार-वार गरेको गाली; ट्वाक-ट्वाक; कर-कर; कचकच।

टोकस्नु–स० क्रि० [टोकसो] टोकसो गर्नु; विनाकारण गाली गर्नु।

टोका–ना० [नें०] हात्तीलाई पिट्ने लट्ठी।

टोकाइ–ना० [टोक्+आइ] टोक्ने किसिम, क्रिया वा भाव।

टोकाइनु–स० क्रि० [टोकाउ+इ+नु] टोक्न लाइनु; ('टोकाउनु'-को क० क्रि०)।

टोकाउनु–स० क्रि० [टोक्+आउ+नु] टोक्न लाउनु; ('टोक्नु'-को प्रे० क्रि०)।

टोकाहा–वि० [टोक्+आहा] १. टोक्ने स्वभावको। २. ग्रह-गतिअनुसार अरूलाई पिर्ने; पिराहा।

CC-0. In Public Domain. Digitization by eGangotri

टोकिनु–स० क्रि० [टोक्+इ+नु] दाँतले च्यापिनु; ('टोक्नु'-को क० क्रि०)।

टोकुवा–वि० [टोक्+उवा] टोकाहा।

टोक्नु–स० क्रि० [सं० त्रुट्+नु] १. कुनै खानेकुरो खानका निमित्त दाँतले टुक्र्याउनु; दाँतले च्यापेर लिनु। २. अरूलाई दुखाउन दाँतले च्याप्नु; दाह्नु; दाँतले चिथर्नु। ३. डस्नु; डङ्क मार्नु। ४. टोकस्नु; कचकच गर्नु। ५. ग्रह-गतिअनुसार आफ्ना नजीकका सम्बन्धीलाई पिर्नु।

टोक्रे–वि० [टोक्रो+ए] टोक्रो भएको; हापा भएको।

टोक्रे-बाँस–ना० [टोक्रे+बाँस] प्याङ, पाथी आदि बनाउने एक जातको बाँस।

टोक्रे-बेत–ना० [टोक्रे+बेत] एक जातको बेत।

टोक्रो–ना० [ने०] कलिलो बाँसको बोक्रो; खबटो; हापा।

टोटल–ना० [अं०] सबैको जम्मा; जम्माजम्मी; कुल सङ्ख्या।

टोटा–ना० [सं० तुण्ड] बन्दूकमा भरेर पड्काइने बारूद, छर्रा वा गोली हालेको सानो नली; कारतूस।

टोटावाल–वि० [टोटा+वाल] टोटा हालेर हान्ने (बन्दूक)।

टोड्को–ना० [सं० कोटर] रूखमा परेको प्वाल; बूढो रूखमा परेको खोप्लो।

टोप–ना० [टोपी] यूरोपीय ढाँचाको ठूलो टोपी।

टोपल-टापल–ना० [टोपल्+टापल (फाँ०)] कुनै काम गरेजस्तो गर्नु; गरी टोपल्नु।

टोपलाइ–ना० [टोपल्+आइ] टोपल्ने किसिम, क्रिया वा भाव।

टोपलिनु–स० क्रि० [टोपल्+इ+नु] कुनै प्रयत्न गरेझैँ मात्र गरिनु; ('टोपल्नु'-को क० क्रि०)।

टोपल्नु–स० क्रि० [ने०] कुनै प्रयत्न गरेझैँ मात्र गर्नु; देखावटी रूपमा मात्र कुनै काम वा कुरो गर्नु; आडम्बर गर्नु।

टोपी–ना० [प्रा० टोपिआ] शिर छोप्नाका निम्ति विशेष प्रकारले सिइएको वस्त्र; शिरस्त्राण।

टोप्रो–ना० [टोपी] १. ऐँसेलुको फल रहने गट्टो। २. औँलाको टुप्पो।

टोल–ना० [सं० प्रतोली] शहरको कुनै विभाग; शहरको एक खण्ड।

टोला–ना० [टोल] टोल।

टोलाइ–ना० [टोलाउ+आइ] टोलाउने किसिम, क्रिया वा भाव।

टोलाइनु–अ० क्रि० [टोलाउ+इ+नु] वाल्ल परिनु; ('टोलाउनु'-को भा० क्रि०)।

टोलाउनु–अ० क्रि० [ट्वाल्ल+आउ+नु] १. वाल्ल परेर हेर्नु; एकोहोरो हेरिरहनु। २. टोलो हुनु; बिलख-बन्दमा पर्नु; जिल्ल पर्नु।

टोलिइनु–अ० क्रि० [टोलि+इ+नु] वाल्ल परिनु; टोलाइनु; ('टोलिनु'-को भा० क्रि०)।

टोलिनु–अ० क्रि० [टोलाउ+नु] टोलाउनु।

टोली–ना० [सं० स्तोक] डफ्फा; जमात; दल।

टोले–वि० [टोल+ए] एकै टोलको; उही टोलको।

टोलो–वि० [टोलाउ+ओ] १. टोलाइरहने स्वभावको; एकोहोरो हेरिरहने। २. जिल्ल परेको; वाल्ल परेको।

टोल्याइ–ना० [टोलि+याइ] टोलिने किसिम, क्रिया वा भाव; टोलाइ।

टोस्ट–ना० [अं०] १. पाउरोटीका चाना आगामा सेकाएको खाद्य पदार्थ। २. कसैको सुस्वास्थ्य वा शुभ-कामनाका साथ पिइने सुरा, शरवत आदि; स्नेह-पान। ३. त्यस किसिमले शुभ-कामना गरिने व्यक्ति वा विषय।

टोहो–ना० [ने०] अड्को; खोते।

टौनु–ना० [ने०] बहिरो।

टौवा–ना० [ने०] १. गाह्रो नलाई थाममात्र हालेर बनाइएको अग्लो मचान; ठाँटी। (वि०) २. खूब अग्लो; टङ्गरो।

टचाउँ-टचाउँ–क्रि० यो० [अनु०] १. बोलिरहने किसिम; कुरा गरिरहने किसिम। २. कचकच गरिरहने किसिम।

टचाक–ना० [सं० टङ्क] सुन-चाँदीको वाक्लो चक्की।

टचाक-टचाक–क्रि० यो० [अनु०] १. कुनै दुइ साना, साह्रा वस्तुहरू बरावर जुद्धा शब्द आउने किसिम। २. भनेको कुरो वा गरेको काम ठीक-ठीकसित मिल्दै जाने किसिम।

टचाक्क–क्रि० यो० [ने०] १. ठीकसँग मिल्ने किसिम; ठिक्क हुने किसिम; ठचाक्क। २. दुइ साह्रा वस्तुहरू जुद्धा शब्द आउने किसिम।

टचाक्स–ना० [अं० टैक्स] कर; महसूल।

टचाक्सी–वि० [अं० टैक्सी] भाडामा राखिएको; भाडावाल (मोटर, रिक्सा आदि सवारी)।

टचाङ-टचाङ–क्रि० यो० [अनु०] घण्टा, तख्ता-घडी आदि बज्ने किसिम; ट्वाङ-ट्वाङ।

टचाङ-प्वाल–ना० [सं० टङ्क+प्वाल] फोर्नाका निम्ति बारूद भरेर पड्काउन ठूलठूला ढुङ्गामा पारेको प्वाल।

टचाङ्क–ना० [अं० टङ्क] अग्लो-होचो खराब बाटामा पनि जान सक्ने मेशीन-गन वा तोपले सुसज्जित एक किसिमको युद्ध-यान।

टचाङ्क–ना० [अं० ट्रङ्क] फलामे सन्दूस; ट्रङ्क।

टचाप्प–क्रि० यो० [ने०] १. टाँसिने किसिम; लस्सादार पदार्थद्वारा दुइ वस्तु मिल्ने किसिम; टचाम्म। २. जोरिने किसिम; ठीकसित मिल्ने किसिम। ३. रोकिने किसिम; थुनिने किसिम।

टचाम-टचाम–क्रि० यो० [अनु०] टचाम्को वा त्यस्तै सानासाना बाजाहरू बज्ने किसिम।

टचाम्के–वि० [टचाम्को+ए] १. टचाम्को बजाउने वा भिर्ने। २. पुड्को र भुँडे।

टचाम्को–ना० [टचाम-टचाम] दमाहाका आकारको, दुइ लट्ठीले बजाइने एक किसिमको सानो बाजा।

टचाम्म–क्रि० यो० [ने०] १. जोड्निने किसिम; टम्म। २. ठीक

CC-0. In Public Domain. Digitization by eGangotri

सित मिल्ने किसिम; ठ्याम्म। ३. थुनिने किसिम; बुजिने किसिम।

ट्याम्मटर–ना० [अं० टोमाटो] भण्टाको जस्तो भेट्नु र गोलभैँडाको जस्तो स्वाद हुने, बोटमा फल्ने एक जातको अण्डाकार फल।

ट्यास्स–क्रि० यो० [नं०] १. मन नपरीकन ढोग्ने किसिम; कर-वलले ढोग्ने किसिम। २. रीसले राख्ने किसिम; ठ्यास्स। ३. टाँसिने किसिम; ट्याप्प। ४. बस्ने किसिम; टुसुक्क। ५. अनिच्छापूर्वक टीको लाइदिने किसिम।

ट्यूब–ना० [अं०] १. साइकल, मोटर आदिका पाङ्ग्रामा टाएरभित्र लगाइएर हावा भरिने साधन। २. काँच आदिको लामो, सम्म परेको खोक्रो ढुङ्ग्रो।

ट्रक–ना० [अं०] ठूलठूला र गह्रुँगा मालहरू ओसार्ने एक किसिमको ठूलो मोटर।

ट्रङ्क–ना० [अं०] फलामका पाताको सन्दूस।

ट्रान्सफरमर–ना० [अं० ट्रान्सफॉर्मर] विजुलीको पावर वढ़ाउने एक यन्त्र।

ट्रिब्यूनल–ना० [अं०] १. न्यायाधीशको आसन; न्यायाधिकरण। २. निर्धारित अख्तियार लिएर कुनै विशेष मामलाको निर्णय दिन नियुक्त व्यक्तिहरूको इजलास।

ट्रेड-मार्क–ना० [अं०] व्यापारीले आफ्ना मालमा लगाउने विशेष चिह्न; व्यापार-चिह्न।

ट्रेडिल–ना० [अं०] एक जनाले मात्र चलाउन हुने एक किसिमको छाप्ने सानो यन्त्र।

ट्रेन–ना० [अं०] रेल।

ट्रेनिङ्ग–ना० [अं०] तालीम।

ट्वाँक–वि० [नं०] ज्यादा अमिलो; कड़ा अमिलो; चूक।

ट्वाँटी–ना० [नेवा० त्वाति] जमीनमुनि बसेर लगातार कराउने एक जातको बर्खे कीरो।

ट्वाक–ना० [प्रा० टोक्कण] काठ, टिन आदिको अन्न आदि भर्ने सानो भाँड़ो।

ट्वाक-ट्वाक–क्रि० यो० [अनु०] १. कचकच गरिरहने किसिम; करकर। २. ठोक्ता वा काठहरू खोप्ता शब्द आउने किसिम।

ट्वाकल–ना० [नेवा० त्वाकऽ] १. कुनै गह्रुँगो वस्तु उठाउनाका निम्ति त्यसको तल हालिने ठेउको। २. अचानु।

ट्वाक्क–क्रि० यो० [नं०] १. ठिक्कसँग मिल्ने किसिम; ट्याक्क। २. अचानक भेट हुने किसिम। ३. अमिलो, पिरो आदि पुगेर मीठो हुने किसिम। ४. अचार, तरकारीहरू खाएर जिब्रो फट्कार्दा शब्द आउने किसिम। ५. ठुङ्ने किसिम। ६. सानो-तिनो ढुङ्गो वा त्यस्तै अरू वस्तुले हान्दा शब्द आउने किसिम।

ट्वाङ-ट्वाङ–क्रि० यो० [अनु०] ट्याङ-ट्याङ।

ट्वार-ट्वार–क्रि० यो० [अनु०] १. हुक्का घुराउँदा शब्द आउने किसिम। २. भ्यागुतो आदि कराउने किसिम; ट्वार्र-ट्वार्र।

ट्वारट्वारती–क्रि० यो० [ट्वार-ट्वार+ती] चाँड्चाँड़ो हुक्का घुराउँदा शब्द आउने किसिम; ट्वार-ट्वार।

ट्वार्र–क्रि० यो० [अनु०] १. हुक्का घुराउँदा शब्द आउने किसिम। २. भ्यागुतो आदि कराउने किसिम।

ट्वार्र-ट्वार्र–क्रि० यो० [अनु०] ट्वार-ट्वार।

ट्वाल्ल–क्रि० यो० [नं०] १. एकोहोरिएर हेरिरहने किसिम; टोलाइरहने किसिम। २. वाल्ल; जिल्ल।

ठ

ठ–देवनागरी वर्ण-मालाको बाह्रौँ व्यञ्जन-वर्ण। ट-वर्गको दोस्रो अक्षर। यसको उच्चारण मूर्द्धा-स्थानवाट हुन्छ।

ठँटाइ–ना० [ठाँट्+आइ] ठाँट्ने वा ठाँट पार्ने किसिम, क्रिया वा भाव।

ठकठक–क्रि० यो० [अनु०] १. हल्का किसिमले काठ आदिमा ठोक्ता शब्द आउने किसिम; ट्वाक-ट्वाक। २. जाड़ाले काम्ने किसिम; लुगलुग।

ठकठकाइ–ना० [ठकठकाउ+आइ] ठकठकाउने किसिम, क्रिया वा भाव।

ठकठकाइनु–अ० क्रि० [ठकठकाउ+इ+नु] ठकठक काँपिनु; ('ठकठकाउनु'-को भा० क्रि०)।

ठकठकाउनु–अ० क्रि० [ठकठक+आउ+नु] १. जाड़ाले ठकठक काम्नु; लुगलुग काम्नु। (स० क्रि०) २. ठकठक शब्द आउने गरी ठोक्नु।

ठकठकिइनु–अ० क्रि० [ठकठक+इ+नु] ठकठक काँपिनु; ('ठकठकिनु'-को भा० क्रि०)।

ठकठकिनु–अ० क्रि० [ठकठक+इ+नु] ठकठक काँप्नु।

ठकठकी–क्रि० यो० [ठकठक+ई] जाड़ाले काम्ने किसिम; लुगलुग।

ठकठक्याइ–ना० [ठकठकि+याइ] ठकठकिने किसिम, क्रिया वा भाव।

ठकार–ना० [सं०] 'ठ'-अक्षर; ट-वर्गको दोस्रो अक्षर।

ठकुरी–ना० [सं० ठक्कुर] उच्च कक्षाका क्षत्रिय-जातिको एक वर्ग; क्षत्रिय-जातिको एक थर।

ठक्क–क्रि० यो० [नं०] टक्क।

ठक्कर–ना० [प्रा० टक्कर] १. दुइ वस्तुको जुधाइ; ठोकर; धक्का। २. मनमा परेको चोट; मानसिक आघात। ३. गोता; हन्डर।

ठक्कुर–ना० [सं०] देव-मूर्ति; प्रतिमा।

ठग–वि० [प्रा०] १. धोखा दिएर वा छल गरेर अर्काको धनमाल लिने; ठग्ने। २. अनेक वहाना गरी काम-काज आदि नगर्ने वा छल्ने; ठगाहा।

CC-0. In Public Domain. Digitization by eGangotri

ठग-विद्या–ना० [प्रा० ठग+विद्या (सं०)] ठग्ने अकिल; ठगी गर्ने उपाय।

ठगाइ–ना० [ठग्+आइ]ठग्ने वा ठगिन किसिम,क्रिया वा भाव।

ठगाइनु–स० क्रि० [ठगाउ+इ+नु] ठग्न लाइनु; ('ठगाउनु'-को क० क्रि०)।

ठगाउनु–स० क्रि० [ठग्+आउ+नु] ठग्न लाउनु; ठगी गराउनु; ('ठग्नु'-को प्रे० क्रि०)।

ठगाहा–वि० [ठग+आहा] ठग्ने स्वभावको; ठग।

ठगाहार–वि० [ठग+आहार] ठगी गरेर खाने; ठग; ठगाहा।

ठगाहारी–ना० [ठगाहार+ई] ठगी।

ठगिनु–स० क्रि० [ठग्+इ+नु] ठगी गरिनु; ('ठग्नु'-को क० क्रि०)।

ठगी–ना० [ठग+ई] ठगको काम वा कौशल।

ठग्नु–स० क्रि० [ठग+नु] १. ठगी गर्नु; झूटो कुरो वा काम गरी अरूको धन-माल लिनु। २. छकाउनु; धोखा दिनु। ३. फकाई-फुल्याई अरूको धन वा माल लिनु; धुत्नु। ४. उचितभन्दा बढ्ता नाफा खानु। ५. अनेक बहाना गरी काम छल्नु।

ठङ्कार–ना० [सं० टङ्कार] ठूलो स्वर; डाँको।

ठङ्काराइ–ना० [ठङ्कार्+आइ] ठङ्कार्ने किसिम, क्रिया वा भाव।

ठङ्कारिनु–स० क्रि० [ठङ्कार+इ+नु] ठङ्कार गरिनु; ('ठङ्कार्नु'-को क० क्रि०)।

ठङ्कार्नु–स० क्रि० [ठङ्कार+नु] ठङ्कार गर्नु; ठूलो स्वरले बोल्नु; हप्काउनु।

ठङग्रङ्ङ–क्रि० यो० [ने०] १. एक्लो उभिने किसिम; ठिङ्ङ। २. धातुका भाँडाहरू खस्ता शब्द आउने किसिम।

ठङग्रङङ–क्रि० यो० [ठङ्ग्रङ्ङ] ठङग्रङ्ङ।

ठटाइ–ना० [ठटाउ+आइ] ठटाउने किसिम,क्रिया वा भाव।

ठटाइनु–स० क्रि० [ठटाउ+इ+नु] खूबसित पिटिनु; ('ठटाउनु'-को क० क्रि०)।

ठटाउनु–स० क्रि० [ठोक्+आउ+नु] १. जोरसित पिट्नु; गोद्नु; ठोक्नु। २. धान, मकै आदि चुट्नु।

ठटेउली–ना० [ठट्टा] १. ठट्टा; ख्याल। (वि०) २. ठट्टा गर्ने स्वभावकी।

ठटेउले–वि० [ठटेउलो+ए] ठट्टा गर्ने स्वभावको; ठटचौलो।

ठटेउलो–वि० [ठट्टा+एउलो] ठट्टा गर्ने स्वभावको; ठटचौलो; ख्याली।

ठटेउल्याइँ–ना० [ठटेउलो+याइँ] ठटेउलो हुनाको भाव।

ठट्टा–ना० [सं० टट्टरी] १. दिल-बहलाउनाका निमित्त जिस्किने वा जिस्क्याउने काम; दिल्लगी; ख्याल। २. खिसी; हँस्सी; उपहास।

ठट्टाबाजी–ना० [ठट्टा+बाजी] हँस्सी-दिल्लगी; ख्याल-ठट्टा।

ठटचाक-ठुट्क–ना० [ठाकठुक] हल्का किसिमको झगड़ा; ठाकठुक।

ठटचौली–ना० [ठटेउली] ठटेउली।

ठटचौले–वि० [ठटेउले] ठटेउले।

ठटचौलो–वि० [ठट्टा+औलो] ठटेउलो।

ठटचौल्याइँ–ना० [ठटेउल्याइँ] ठटेउल्याइँ।

ठड़िइनु–अ० क्रि० [ठड़ि+इ+नु] ठाड़ो होइनु; ('ठड़िनु'-को भा० क्रि०)।

ठड़िनु–अ० क्रि० [ठाड़ो+इ+नु] ठाड़ो हुनु; उभिनु; खड़ा हुनु।

ठडुल्लो–वि० [ठाड़ो+उल्लो] १. उभिने स्वभावको; नबस्ने; ठाड़े। (ना०) २. ठड़ेउरो।

ठड़ेउरो–ना० [ठाड़ो+एउरो] जमीनमा गाड़ेर उभ्याई बत्ती बाल्ने पुरानो छाँटको पानस; ठडुल्लो।

ठडेश्वर–वि० [ठाड़ो+ईश्वर] १. रूखो स्वभावको; ठाड़ो मिजासको। २. उभिरहने स्वभावको; ठडुल्लो।

ठड़्याइ–ना० [ठड़ि+याइ] ठड़िने किसिम, क्रिया वा भाव; उभ्याइ।

ठड़्याइ–ना० [ठड़्याउ+आइ] ठड़्याउने किसिम, क्रिया वा भाव; उभ्याइ।

ठड़्याइनु–स० क्रि० [ठड़्याउ+इ+नु] ठाड़ो पारिनु; ('ठड़्याउनु'-को क० क्रि०)।

ठड़्याउनु–स० क्रि०[ठड़ि+याउ+नु] ठाड़ो पार्नु; उभ्याउनु; खड़ा गर्नु; ('ठड़िनु'-को प्रे० क्रि०)।

ठड़्यौरो–ना० [ठाड़ो+यौरो] ठड़ेउरो।

ठनक्क–क्रि० यो० [ने०] १. लट्ठी, डन्डी आदि साह्रो वस्तु भाँचिने किसिम; पटक्क। २. स्तम्भित हुने किसिम।

ठनाठन–क्रि० यो० [अनु०] १. लट्ठी, डन्डी आदि धमाधम भाँच्ने किसिम। २. धमाधम रुपियाँ आदि पछारेर बजाउने किसिम।

ठन्कनु–अ० क्रि० [ठनक्क+नु] १. ठाड़ो हुनु; स्तम्भित हुनु; ठड़िनु। २. रिसाएर हिँड्नु; फन्कनु। ३. ठनक्क भाँचिनु।

ठन्काइ–ना० [ठन्क+आइ] ठन्कने किसिम, क्रिया वा भाव; ठन्क्याइ।

ठन्काइ–ना० [ठन्काउ+आइ] ठन्काउने किसिम, क्रिया वा भाव; ठन्क्याइ।

ठन्काइनु–स० क्रि० [ठन्काउ+इ+नु] ठाड़ो पारिनु; ('ठन्काउनु'-को क० क्रि०)।

ठन्काउनु–स० क्रि० [ठन्क+आउ+नु] १. ठाड़ो पार्नु; ठड़्याउनु; स्तम्भित पार्नु। २. भाँच्नु; ठनक्क पार्नु; ('ठन्कनु'-को प्रे० क्रि०)।

ठन्किइनु–अ० क्रि० [ठन्कि+इ+नु] ठाड़ो होइनु; ('ठन्किनु'-को भा० क्रि०)।

ठन्किनु–अ० क्रि० [ठन्क+इ+नु] १. ठन्कनु। २. ठाड़ो हुनु; ('ठन्कनु'-को भा० क्रि०)।

ठन्क्याइ–ना० [ठन्क्याउ+आइ] ठन्क्याउने किसिम, क्रिया वा भाव; ठन्काइ।

CC-0. In Public Domain. Digitization by eGangotri

ठन्क्याइ–ना० [ठन्कि+याइ] ठन्किने किसिम, क्रिया वा भाव; ठन्काइ; ठन्क्याहट ।

ठन्क्याइनु–स० क्रि० [ठन्क्याउ+इ+नु] ठन्काइनु; ('ठन्किनु'-को क० क्रि०) ।

ठन्क्याउनु–स०क्रि० [ठन्कि+याउ+नु] ठन्काउनु; ('ठन्किनु'-को प्रे० क्रि०) ।

ठन्क्याहट–ना० [ठन्कि+याहट] ठन्किने किसिम, क्रिया वा भाव; ठन्क्याइ ।

ठन्डा–वि० [प्रा० ठड्ढ] १. चिसो; तातो नभएको; शीतल । (ना०) २. जाड़ो; सर्दी; चिसोपन । ३. गर्मी हटेर भएको आनन्द; शीतलता ।

ठन्डा-राम–ना० [ठन्डा+राम] मृत्यु वा नाश बुझाउने शब्द; खतम ।

ठन्डी–ना० [ठन्डा+ई] १. चिसोपन; सर्दी; जाड़ो । २. ओस ।

ठप–ना० [ठप्प] चलिरहेको काम-कुरो बिलकुल बन्द हुनु; ठप्प रोकिनु ।

ठप्प–क्रि० यो० [ने०]बिलकुल बन्द हुने वा रोकिने किसिम; ठप हुने किसिम ।

ठमठम–क्रि० यो० [ने०] फूर्तिसाथ हिँड्ने किसिम; कसिएर हिँड्ने किसिम; टमटम ।

ठमठमाइ–ना० [ठमठमाउ+आइ] ठमठमाउने किसिम, क्रिया वा भाव; ठमठमाहट ।

ठमठमाइ–ना० [ठमठम+आइ] ठमठमिने किसिम, क्रिया वा भाव ।

ठमठमाइनु–अ० क्रि० [ठमठमाउ+इ+नु] हट्टाकट्टा होइनु; ('ठमठमाउनु'-को भा० क्रि०) ।

ठमठमाउँदो–वि० [ठमठमाउ+आउँदो] ठमठमाएको; मोटो-घाटो र गठिलो; तन्दुरुस्त ।

ठमठमाउनु–अ० क्रि० [ठमठम+आउ+नु] १. मोटो-घाटो र गठिलो हुनु; हट्टाकट्टा हुनु; तन्दुरुस्त हुनु । २. फूर्तिसाथ हिँड्नु ।

ठमठमाहट–ना० [ठमठमाउ+आहट] ठमठमाउने किसिम, क्रिया वा भाव; ठमठमाइ ।

ठमाइ–ना० [ठमाउ+आइ] ठम्याइ ।

ठमाइनु–स० क्रि० [ठमाउ+इ+नु] ठम्याइनु; ('ठमाउनु'-को क० क्रि०) ।

ठमाउनु–स० क्रि० [ठम्याउ+नु] ठम्याउनु ।

ठम्याइ–ना० [ठम्याउ+आइ] ठम्याउने किसिम, क्रिया वा भाव ।

ठम्याइनु–स० क्रि० [ठम्याउ+इ+नु] निधो गरिनु; ('ठम्याउनु'-को क० क्रि०) ।

ठम्याउनु–स० क्रि० [ने०] १. निधो गर्नु; निश्चय गर्नु । २. चिन्नु; पहिचान्नु । ३. ठीकसित विचार गर्नु; ठमाउनु ।

ठर्रिइनु–अ० क्रि०[ठर्रि+इ+नु] ठर्रो होइनु; ('ठर्रिनु'-को भा० क्रि०) ।

ठर्रिनु–अ० क्रि० [ठर्रो+इ+नु] ठर्रो हुनु; दह्रिनु; जर्रिनु ।

ठर्रो–वि० [ठाड़ो] १. दह्रो; जर्रो । २. रूखो स्वभावको; ननुहेको; जर्खरिएको ।

ठर्‍याइ–ना० [ठर्रि+याइ] ठर्रिने किसिम, क्रिया वा भाव ।

ठर्‍याइ–ना० [ठर्‍याउ+आइ] ठर्‍याउने किसिम, क्रिया वा भाव ।

ठर्‍याइनु–स० क्रि० [ठर्‍याउ+इ+नु] ठर्रो पारिनु; ('ठर्‍याउनु'-को क० क्रि०) ।

ठर्‍याउनु–स० क्रि० [ठर्रि+याउ+नु] ठर्रो पार्नु; दह्रो पार्नु; ('ठर्रिनु'-को प्रे० क्रि०) ।

ठसक्क–क्रि० यो० [ने०] ठस्कने किसिम; ठस्स; ठुस्स ।

ठसठस–क्रि० यो० [ने०] १. गह्लाउने किसिम; डुङडुङ । २. कन्ने किसिम । ३. टोकस्ने वा घोच-पेच गर्ने किसिम । ४. ठुस्सिने किसिम ।

ठसठसी–क्रि० यो० [ठसठस+ई] १. दुर्गन्ध आउने किसिम; ठसठस; डुङडुङती । २. इच्छा-पूर्ति नहुँदा टोकस्ने किसिम । ३. कन्ने किसिम ।

ठसठसती–क्रि० यो० [ठसठस+ती] ठसठसी ।

ठसठसे–वि० [ठसठस+ए] ठसठस गर्ने स्वभावको ।

ठसमस्स–क्रि० यो० [ने०] पलेँटी मारेर आनन्दसाथ बस्ने किसिम; ढसमस्स ।

ठसाइ–ना० [ठास्+आइ] ठास्ने किसिम, क्रिया वा भाव ।

ठसाउनु–स० क्रि०[ठास्+आउनु] ठास्न लाउनु; ('ठास्नु'-को प्रे० क्रि०) ।

ठसाठस्–क्रि० यो० [ठोस्] अटाई-नअटाई भरिने वा भर्ने किसिम; अटेस-मटेस; टनाटन ।

ठस्कनु–अ० क्रि० [ठस्स+नु] १. रीसको भाव देखाउनु; ठस्को-मस्को गर्नु; ठुस्स पर्नु । २. झर्कनु; झर्को मानेर बोल्नु ।

ठस्काइ–ना० [ठस्क+आइ] ठस्कने किसिम, क्रिया वा भाव; ठस्क्याइ ।

ठस्काइ-ना० [ठस्काउ+आइ] ठस्काउने किसिम वा क्रिया ।

ठस्काइनु–स० क्रि० [ठस्काउ+इ+नु] अप्रसन्न पारिनु; ('ठस्काउनु'-को क० क्रि०) ।

ठस्काउनु–स० क्रि० [ठस्क+आउ+नु] १. अप्रसन्न पार्नु; ठुस्स पार्नु; ('ठस्कनु'-को प्रे० क्रि०) । २. अपान-वायु छोड्नु ।

ठस्किइनु–अ० क्रि० [ठस्कि+इ+नु] ठुस्स परिनु; ('ठस्किनु'-को भा० क्रि०) ।

ठस्किनु–अ० क्रि० [ठस्क+इ+नु] १.ठस्कनु । २.ठुस्स परिनु; ('ठस्कनु'-को भा० क्रि०) ।

ठस्के–वि० [ठस्क+ए] ठस्कने स्वभावको ।

ठस्को–ना० [ठस्क] रिसाएको भाव; बेखुशी ।

ठस्को-मस्को–ना० [ठस्को+मस्को (फाँ०)] रिसाएको हाव-

CC-0. In Public Domain. Digitization by eGangotri

भाव; झर्को-फर्को; ठस्याक-ठुसुक।

ठस्क्याइ–ना० [ठस्कि+याइ] ठस्किने किसिम, क्रिया वा भाव; ठस्क्याहट।

ठस्क्याइ–ना० [ठस्क्याउ+आइ] ठस्क्याउने किसिम, क्रिया वा भाव।

ठस्क्याइनु–स० क्रि० [ठस्क्याउ+इ+नु] ठस्स्याइनु; ('ठस्क्याउनु'-को क० क्रि०)।

ठस्क्याउनु–स० क्रि० [ठस्कि+याउ+नु] ठस्स्याउनु; ('ठस्किनु'-को प्रे० क्रि०)।

ठस्क्याहट–ना० [ठस्कि+याहट] ठस्किने किसिम, क्रिया वा भाव; ठस्क्याइ।

ठस्याक-ठुसुक–क्रि० यो० [ठस्स+ठुस्स] रीस उठेका मानिससित आफ्ना मनको रीस दबाएर केही उपेक्षापूर्वक बोलचाल गर्ने किसिम; मन नपरीकन कसैसित बोल्ने किसिम।

ठस्स–क्रि० यो० [ने०] ठस्कने किसिम; ठुस्स।

ठस्सा–ना० [प्रा० ठरिअ] १. ठाँट-बाँट; शान। २. धाक; रवाफ। ३. शेखी; घमन्ड।

ठस्सिइनु–अ० क्रि० [ठस्सि+इ+नु] ठस्किनु; ('ठस्सिनु'-को भा० क्रि०)।

ठस्सिनु–अ० क्रि० [ठस्स+इ+नु] ठस्स पर्नु; ठस्किनु; ठुस्सिनु।

ठस्स्याइ–ना० [ठस्सि+याइ] ठस्सिने किसिम, क्रिया वा भाव; ठस्क्याइ।

ठस्स्याइ–ना० [ठस्स्याउ+आइ] ठस्स्याउने किसिम; क्रिया वा भाव।

ठस्स्याइनु–स० क्रि० [ठस्स्याउ+इ+नु] ठस्स पारिनु; ('ठस्स्याउनु'-को क० क्रि०)।

ठस्स्याउनु–स० क्रि० [ठस्सि+याउ+नु] १. ठस्स पार्नु; चिढ्याउनु। २. मन नपरीकन दिनु वा राख्नु; ठस्क्याउनु। ३. शब्द नआउने गरी अपान-वायु छोड्नु।

ठस्स्याहट–ना० [ठस्सि+याहट] ठस्सिने किसिम, क्रिया वा भाव।

ठस्स्याहट–ना० [ठस्स्याउ+आहट] ठस्स्याउने किसिम, क्रिया वा भाव।

ठहर–ना० [ठहर्] १. निधो; निश्चय; निर्णय। २. ठाउँ; स्थान।

ठहर–ना० [ने०] टपरी।

ठहराइ–ना० [ठहर्+आइ] ठहर्ने किसिम, क्रिया वा भाव; ठहऱ्याइ।

ठहराइ–ना० [ठहराउ+आइ] ठहराउने किसिम, क्रिया वा भाव; ठहऱ्याइ।

ठहराइनु–स० क्रि० [ठहराउ+इ+नु] ठहऱ्याइनु; ('ठहराउनु'-को क० क्रि०)।

ठहराउनु–स० क्रि० [ठहर+आउ+नु] ठहऱ्याउनु; ('ठहर्नु'-को प्रे० क्रि०)।

ठहरिनु–अ० क्रि० [ठहर्] १. ठहर्नु। २. ठहर होइनु; ('ठहर्नु'-को भा० क्रि०)।

ठहरै–क्रि० यो० [सं० स्थल] ठाउँका ठाउँमै तुरुन्तै मर्ने किसिम; खुत्रुक्कै; भुतुक्कै।

ठहर्नु–अ० क्रि० [सं० स्था+नु] १. कुनै ठाउँमा रहनु; स्थिर भएर बस्नु। २. विश्राम गर्नु; अड्नु; रोकिनु। ३. ठहर हुनु; निश्चय हुनु। ४. साबित हुनु।

ठहऱ्याइ–ना० [ठहर+याइ] ठहर्ने किसिम, क्रिया वा भाव।

ठहऱ्याइ–ना० [ठहऱ्याउ+याइ] ठहऱ्याउने किसिम, क्रिया वा भाव; ठहराइ।

ठहऱ्याइनु–स० क्रि० [ठहऱ्याउ+इ+नु] ठहर गरिनु; ('ठहऱ्याउनु'-को क० क्रि०)।

ठहऱ्याउनु–स० क्रि० [ठहरि+याउ+नु] १. ठहर गर्नु; निधो गर्नु; ठहराउनु। २. पक्का गर्नु; अठोट गर्नु। ३. विचार गरेर टुङ्गो लाउनु।

ठाँगे–ना० [ने०] वार-वार हाई आइरहने रोग।

ठाँट–ना० [सं० तष्ट] १. ढाँचा-काँचा; शृङ्गार; सजावट। २. रोब; रवाफ; शान।

ठाँट-ठुँट–ना० [ठाँट+ठुँट (फाँ०)] ठाँट-बाँट।

ठाँट-बाँट–ना० [ठाँट+बाँट (फाँ०)] कसिकसाउ; सजधज।

ठाँटिइनु–अ० क्रि० [ठाँटि+इ+नु] ठाँट गरिनु; ('ठाँटिनु'-को भा० क्रि०)।

ठाँटिनु–स० क्रि० [ठाँट+इ+नु] १. ठाँट गर्नु; ठाँटिलो हुनु; गुन्ड्याइँ पार्नु। २. ठाँटिलो पारिनु; ('ठाँट्नु'-को क० क्रि०)।

ठाँटिलो–वि० [ठाँट+इलो] ठाँटिएको; ठाँट-बाँट गरेको; ठाँटी।

ठाँटी–वि० [ठाँट+ई] १. ठाँट-बाँट गरेको; ठाँटिलो। २. सुन्दर; राम्रो।

ठाँटी–ना० [सं० स्थान] १. बाटा-घाटामा विश्रामका निम्ति बनाइएको पाटी; पौवा। २. माल-मत्ता राख्न वा पाहुनाहरूलाई वास दिन गाउँ-घरमा बनाइने साधारण घर।

ठाँटो–ना० [ने०] पानीका सतहमा जमेको तुषारो।

ठाँट्नु–स० क्रि० [ठाँट+नु] सज-धज पार्नु; ठाँटिलो पार्नु।

ठाँड़ो–ना० [ने०] भाँड़ो वा हतियारलाई रीसले निन्दा गरेर भनिने शब्द।

ठाइँली–वि० [ठाहिँली] ठाहिँली।

ठाइँलो–वि० [ठाहिँलो] ठाहिँलो।

ठाउँ–ना० [प्रा० ठाण] १. जग्गा; स्थान। २. अवसर; मौका।

ठाकठिक्क–ना० [ठाक-ठीक] तम्तयारी; ठीक-ठाक।

ठाक-ठीक–ना० [(फाँ०) ठाक+ठीक] ठीक-ठाक।

ठाकठुक–ना० [ने०] १. सानो-तिनो झगड़ा; भनाभन। (क्रि० यो०) २. साधारण बाझाबाझ हुने किसिम। ३. हल्का तवरले यता-उति ठक्कर लाग्ने किसिम। ४. ठीकसित

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्ने किसिम।

ठाकुर–ना० [सं० ठक्कुर] १. ईश्वर। २. मालिक ; स्वामी। ३. पोइ; पति।

ठाकुर-पुरी–ना० [ठाकुर+पुरी] जगन्नाथ धाम।

ठाड़िइनु–अ० क्रि० [ठाड़ि+इ+नु] ठड़िइनु; ('ठाड़िनु'-को भा० क्रि०)।

ठाड़िनु–अ० क्रि० [ठाड़ि+इ+नु] ठड़िनु।

ठाड़ी-नाच–ना० [ठाड़ो+नाच] १. एक किसिमको लोक-नृत्य। २. बिल्कुल फुर्सत नहुनु; दौड़ादौड़ी पर्नु।

ठाड़ी-बह–ना० [ठाड़ो+वह] मुखबाट पानी आउने एक रोग; बह।

ठाड़ी-सियार–ना० [नें०] नयाँ गोरुलाई सधाउनका लागि तान्न लाउने साधन; घिस्सा।

ठाड़े–वि० [ठाड़ो+ए] १. रूखो स्वभावको; ठर्रो। २. असभ्य; गँवार। ३. सोझै माथि उठेको; ठाड़ो।

ठाड़ो–वि० [प्रा० ठड्ढ] १. उभिएको; खड़ा। २. उत्तानो; चित। ३. ठर्रो; रूखो। ४. ननुहेको; अविनीत। ५. नियम-पूर्वक नभई सोझै भएको (कारवाई, आदेश आदि)।

ठान–ना० [सं० स्थान] बाँसको झाँग; बाँस-घारी।

ठाना–ना० [थाना] थाना।

ठानिनु–स० क्रि० [ठान्+इ+नु] अनुमान गरिनु; ('ठान्नु'-को क० क्रि०)।

ठानेदार–ना० [थानेदार] थानेदार।

ठान्नु–स० क्रि० [प्रा० ठा] १. अनुमान गर्नु; सम्झनु। २. निश्चय गर्नु; ठहराउनु। ३. चिताउनु; कामना गर्नु।

ठाम–ना० [ठाउँ] ठाउँ।

ठालु–वि० [ठूलो] १. गाउँ-घरमा प्रमुख; प्रतिष्ठित (व्यक्ति)। २. हैकम भएको; प्रभाव-शाली। ३. मुख्य; प्रधान। ४. महाजन; सेठ। (ना०) ५. धनी-मानी व्यक्ति; हैकम भएको मानिस।

ठासठुस–क्रि० यो० [नें०] ठस्याक-ठुसुक।

ठासिनु–स० क्रि० [ठास्+इ+नु] अटाई-नअटाई हालिनु; ('ठास्नु'-को क० क्रि०)।

ठास्नु–स० क्रि० [सं० स्था+नु] १. अटाई-नअटाई हाल्नु; खाँद्नु; कोच्नु। २. मैथुन गर्नु।

ठाहिँली–वि० [ठाहिँलो+ई] १. जन्मका क्रमले पाँचौँ; काहिँलीपछिकी (बहिनी)। (ना०) २. ठाहिँलाकी पत्नी।

ठाहिँलो–वि० [नें०] जन्मका क्रमले पाँचौँ; काहिँलोपछि जन्मेको (भाइ)।

ठिँगुराइ–ना० [ठिँगुरो+आइ] ठिँगुराउने वा ठिँगुरने किसिम, क्रिया वा भाव।

ठिँगुराइनु–अ० क्रि० [ठिँगुराउ+इ+नु] ठिँगुरिन लाइनु; ('ठिँगुराउनु'-को भा० क्रि०)।

ठिँगुराउनु–अ० क्रि० [ठिँगुरो+आउ+नु] ठिँगुरिनु।

ठिँगुरिइनु–अ० क्रि० [ठिँगुरि+इ+नु] बोट-बिरुवाहरू सप्लाउन नसकिनु; ('ठिँगुरिनु'-को भा० क्रि०)।

ठिँगुरिनु–अ० क्रि० [ठिँगुरो+इ+नु] १. मल, जलको अभावले वा शीतले बोट-बिरुवाहरू टुप्पादेखि सुक्तै आउनु; सप्लाउन नसक्नु; खिइनु। २. जाड़ोले कक्रिनु; कठचाङ्ग्रिनु।

ठिँगुरी–ना० [नें०] कठमहलको रकम; काठका टुक्रा-टाक्री।

ठिँगुरी-माल–ना० [ठिँगुरी+महल (अ०)] डेढ़ फुटदेखि तीन फुटसम्मका काठको मोटाइको तह वा कित्ता।

ठिँगुरो–ना० [ठेउको] अपराधीका गोड़ा छिराई कैद गर्ने काठका दुइ फलकको साधन; तुरुङ।

ठिँगुरो–ना० [नें०] १. सिन्ध र बलूचिस्तानका बीच रहेको हिङ्गलाज प्रदेशमा हुने काँढ़ावाल जङ्गली वृक्षको फल। २. त्यसैको साह्रो बीयाँ।

ठिँगुरो–वि० [ठिङ्ग] एक्लो ठाड़ो; ठिङ्गो (रूख)।

ठिँगुऱ्याइ–ना० [ठिँगुरि+याइ] ठिँगुरिने किसिम, क्रिया वा भाव।

ठिँगुऱ्याइ–ना० [ठिँगुऱ्याउ+आइ] ठिँगुऱ्याउने किसिम, क्रिया वा भाव।

ठिँगुऱ्याइनु–स० क्रि० [ठिँगुऱ्याउ+इ+नु] ठिँगुरामा हालिनु; ('ठिँगुऱ्याउनु'-को क० क्रि०)।

ठिँगुऱ्याइनु–स० क्रि० [ठिँगुऱ्याउ+इ+नु] ठिँगुरिने वा सप्लाउन नसक्ने पारिनु; ('ठिँगुऱ्याउनु'-को क० क्रि०)।

ठिँगुऱ्याउनु–स० क्रि० [ठिँगुरि+याउ+नु] ठिँगुरिने वा सप्लाउन नसक्ने पार्नु; ('ठिँगुरिनु'-को क० क्रि०)।

ठिँगुऱ्याउनु–स० क्रि० [ठिँगुरो+याउ+नु] ठिँगुरामा हाल्नु; तुरुङमा हाल्नु।

ठिकठिक–क्रि० यो० [नें०] नचाहिँदा कुरामा पनि शङ्का गर्ने किसिम; नाटीकुटी गर्ने किसिम।

ठिकठिके–वि० [ठिकठिक+ए] ठिकठिक गर्ने स्वभावको; कसैद्वारा चित्त बुझाउन नसकिने स्वभावको; नाटीकुटी गर्ने।

ठिक्क–वि० [ठीक] ठीक।

ठिक्काठिक्क–वि० [ठीकाठीक] ठीकाठीक।

ठिक्कै–वि० [ठिक्क] मझौला दर्जाको; उत्तम नभएको; मध्यम श्रेणीको।

ठिङुराइ–ना० [ठिँगुराइ] ठिँगुराइ।

ठिङुराइनु–अ० क्रि० [ठिँगुराइनु] ठिँगुराइनु।

ठिङुराउनु–अ० क्रि० [ठिँगुराउनु] ठिँगुराउनु।

ठिङुरिइनु–अ० क्रि० [ठिँगुरिइनु] ठिँगुरिइनु।

ठिङुरिनु–अ० क्रि० [ठिँगुरिनु] ठिँगुरिनु।

ठिङुरी–ना० [ठिँगुरी] ठिँगुरी।

ठिङुरो–वि० [ठिँगुरो] ठिँगुरो।

ठिङुऱ्याइ–ना० [ठिँगुऱ्याइ] ठिँगुऱ्याइ।

ठिङुऱ्याइ–ना० [ठिँगुऱ्याइ] ठिँगुऱ्याइ।

ठिङ्ग्याइनु–स० क्रि० [ठिँगुऱ्याइनु] ठिँगुऱ्याइनु।

ठिङुऱ्याइनु–स० क्रि० [ठिँगुऱ्याइनु] ठिँगुऱ्याइनु।

CC-0. In Public Domain. Digitization by eGangotri

ठिङ्ग्याउनु–स० वि० [ठिँगुन्याउनु] ठिँगुन्याउनु।
ठिङ्ग–क्रि० यो० [प्रा० ठिअ] १. ठाडो उभिने किसिम; खड़ा रहने किसिम; ठङ्गरङ्ग। २. एक्लो हुने किसिम; ठिङ्गो हुने किसिम।
ठिङ्गा–ना० [प्रा० ठिअअ] लट्ठी; लाठो।
ठिङ्गिइनु–अ० क्रि० [ठिङ्गि+इ+नु] ठिङ्ग उभिइनु; ('ठिङ्गिनु'-को भा० क्रि०)।
ठिङ्गिनु–अ० क्रि० [ठिङ्गो+इ+नु] १. ठिङ्ग उभिनु; एक्लो ठाड़ो भएर रहनु। २. नम्र नहुनु; ननुहुनु। ३. एक्लो हुनु; ठिङ्गो हुनु।
ठिङ्गे–वि० [ठिङ्गो+ए] ठिङ्गो।
ठिङ्गो–वि० [ठिङ्ग] १. स्वास्नी, छोरा, छोरी कोही नभएको; एक्लो। २. सोझो उभिएको; ठाड़ो। ३. उभिइरहने स्वभावको; ठडुल्लो।
ठिङ्ग्याइ–ना० [ठिङ्गि+याइ] ठिङ्गिने किसिम, क्रिया वा भाव।
ठिङ्ग्याइ–ना० [ठिङ्ग्याउ+याइ] ठिङ्ग्याउने किसिम, क्रिया वा भाव।
ठिङ्ग्याइनु–स० क्रि० [ठिङ्ग्याउ+इ+नु] ठिङ्ग उभ्याइनु; ('ठिङ्ग्याउनु'-को क० क्रि०)।
ठिङ्ग्याउनु–स० क्रि० [ठिङ्गि+याउ+नु] ठिङ्ग उभ्याउनु; ('ठिङ्गिनु'-को प्रे० क्रि०)।
ठिङङ–क्रि० यो० [ठिङ्ग] ठिङ्ग।
ठिङिङनु–अ० क्रि० [ठिङ्गिनु] ठिङ्गिनु।
ठिङङे–वि० [ठिङ्गे] ठिङ्गे।
ठिङङो–वि० [ठिङ्गो] ठिङ्गो।
ठिङङ्याइ–ना० [ठिङ्ग्याइ] ठिङ्ग्याइ।
ठिङङ्याइनु–स० क्रि० [ठिङङ्याउ+इ+नु] ठिङ्ग्याइनु; ('ठिङङ्याउनु'-को क० क्रि०)।
ठिङङ्याउनु–स० क्रि० [ठिङिङ+याउ+नु] ठिङ्ग्याउनु; ('ठिङिङनु'-को प्रे० क्रि०)।
ठिटा-ठिटी–ना० [ठिटो+ठिटी] १. केटा-केटी; लड़का-लड़की। २. पट्ठा-पट्ठी; युवा-युवती।
ठिटी–ना० [ठिटो+ई] १. युवावस्थामा नपुगेकी केटी; किशोरी। २. नवयुवती; तरुणी।
ठिटो–ना० [ने०] भर्खरको तरुनो केटो; नवयुवक।
ठिटौली–ना० [ठिटो+औली] १. ठिटोपन; युवावस्था; जवानी। (वि०) २. ठिटोको; ठिटौले; किशोर-सम्बन्धी।
ठिटौले–वि० [ठिटो+औले] ठिटौली स्वभावको; जवान अवस्थाको।
ठिटौलो–ना० [ठिटौली] ठिटौली।
ठिड्के–वि० [ठिड्को+ए] छोटा र बलिया हात-गोड़ा हुने।
ठिड्को–वि० [ने०] १. छोटा र बलिया हात-गोड़ा हुने। (ना०) २. सजाय गर्नाका निमित्त बाँध्ने काठको ठचौको।
ठिनामिना–ना० [न०] १. साना-साना केटा-केटी; भुरा-भुरी। २. साना-तिना वस्तु।
ठिनी–ना० [ने०] जूवाका खेलमा खालेहरूले आफ्ना-आफ्ना दाउमा थाप्ने नियत रुपियाँ-पैसा।
ठिन्को–ना० [प्रा० ठुण्ठ] बाणको अगिल्लो तीखो भाग; बाणको टुप्पो।
ठिमाहा–वि० [ठिम्मल+आहा] १. दुइ भिन्न जातका स्त्री-पुरुषबाट जन्मेको; ठिम्मल; वर्ण-सङ्कर। २. वेग्ला-बेग्लै अन्नका बीजबाट पैदा भएको (अन्न); नाभो।
ठिम्मल–वि० [ने०] ठिमाहा।
ठिम्मू–वि० [ठिम्मल] ठिमाहा।
ठिहिरिइनु–अ० क्रि० [ठिहिरि+इ+नु] ठिहिन्याइनु; ('ठिहिरिनु'-को भा० क्रि०)।
ठिहिरिनु–अ० क्रि० [ठिहिरो+इ+नु] ठिहिन्याउनु।
ठिहिरिँदो–वि० [ठिहिरि+इँदो] ठिहिन्याउने; अति चिसो।
ठिहिरो–ना० [प्रा०ठिर] १. जाड़ो; ठन्डी। २. तुषारो; शीत।
ठिहिन्याइ–ना० [ठिहिन्याउ+आइ] ठिहिन्याउने किसिम, क्रिया वा भाव।
ठिहिन्याइ–ना० [ठिहिरि+याइ] ठिहिरिने किसिम, क्रिया वा भाव।
ठिहिन्याइनु–अ० क्रि० [ठिहिन्याउ+इ+नु] ठिहिरो लागिनु; ठिहिरिइनु; ('ठिहिन्याउनु'-को भा० क्रि०)।
ठिहिन्याउनु–अ० क्रि० [ठिहिरि+याउ+नु] जाड़ाले हात-गोड़ा झमझमाउनु; ठिहिरो लाग्नु; ठिहिरिनु।
ठिहिन्याहट–ना० [ठिहिरि+याहट] ठिहिन्याउने किसिम, क्रिया वा भाव; ठिहिन्याइ।
ठीँ–क्रि० यो० [अनु०] सिँगान पुछ्ता नाकबाट शब्द आउने किसिम; सीँ।
ठीँठीँ–क्रि० यो० [ठीँ+ठीँ] १. गाई, गोरु आदि पशुहरू जुध्ने वेलामा शेखी गरी नाक बजाउने किसिम। २. छिँक्दा शब्द आउने किसिम। ३. शेखी गर्ने किसिम; फुइँ गर्ने किसिम।
ठीक–वि० [सं० स्थित] १. जस्तो हुनुपर्छ उस्तो; भने-जस्तो। २. उचित; मुनासिब। ३. मिल्दो; सुहाउँदो। ४. शुद्ध। ५. दुरुस्त। ६. तह लागेको; स्थिति लागेको। ७. पक्का; निश्चित।
ठीक-ठाक–ना० [ठीक+ठाक (फा०)] १. बर-बन्दोबस्त; आयोजन। २. पक्कापक्की; निश्चय। (वि०) ३. तम्तयार। ४. तन्दुरुस्त।
ठुँगाइ–ना० [ठुँग्+आइ] ठुँग्ने किसिम, क्रिया वा भाव।
ठुँगाइनु–स० क्रि० [ठुँगाउ+इ+नु] ठुँग्न लाइनु; ('ठुँगा-उनु'-को क० क्रि०)।
ठुँगाउनु–स० क्रि० [ठुँग्+आउ+नु] ठुँग्न लाउनु; ('ठुँग्नु'-को प्रे० क्रि०)।
ठुँगिनु–स० क्रि० [ठुँग्+इ+नु] चुच्चाले हानिनु; चरा-

CC-0. In Public Domain. Digitization by eGangotri

द्वारा टोकिनु; ('ठुँग्नु'-को क० क्रि०)।
ठुँग्नु–स० क्रि० [सं० तुण्डम+नु] १. चुच्चाका टुप्पाले हान्नु; चराले टोक्नु। २. चित्त दुख्ने गरी वार-वार भन्नु; घोच-पेच गर्नु; टोकस्नु।
ठुँडुल्को–ना० [ठुँड़ो] काठको ठूलो गिँड़; ठुँड़ो; गिँडुल्को।
ठुँड़े–वि० [ठुँड़ो+ए] १. दुर्वचन बोल्ने; दुर्मुखा। २. लामो चुच्चो भएको।
ठुँड़ो–ना० [सं० तुण्ड] १. चुच्चो; टुँड़ो; तुण्ड। २. चोथाले मुख; दुर्वचन बोल्ने मुख। ३. मुखलाई हेला गरेर भनिने शब्द।
ठुँड़ो–ना० [ठुटो] रूख काटी जमीनमा बाँकी रहेको ठुटो; ठुँडुल्को।
ठुक्नु–अ० क्रि० [ठोकर+नु] १. रिसाएर ठूलो स्वरले बोल्नु; डुक्नु। (स० क्रि०) २. हकार्नु; हप्काउनु।
ठुकाइ–ना० [ठुक+आइ] ठुक्ने किसिम, क्रिया वा भाव; ठुक्याइ।
ठुकाइनु–स० क्रि० [ठुकाउ+इ+नु] ठुक्न लाइनु; ('ठुकाउनु'-को क० क्रि०)।
ठुकाउनु–स० क्रि० [ठुक+आउ+नु] ठुक्न लाउनु; डुकाउनु; ('ठुक्नु'-को प्रे० क्रि०)।
ठुकिइनु–अ० क्रि० [ठुकि+इ+नु] रिसाएर ठूलो स्वरले बोलिनु; डुकिनु; ('ठुकिनु'-को भा० क्रि०)।
ठुकिनु–अ० क्रि० [ठुक+इ+नु] १. ठुक्नु। २. ठूलो स्वरले बोलिनु; डुकिनु; ('ठुक्नु'-को भा० क्रि०)।
ठुक्याइ–ना० [ठुकि+याइ] ठुकिने किसिम, क्रिया वा भाव; ठुकाइ।
ठुङाइ–ना० [ठुँगाइ] ठुँगाइ।
ठुङ्नु–स० क्रि० [ठुँग्नु] ठुँग्नु।
ठुटी–ना० [ठुटो+ई] १. विधवा स्त्री; राँड़। २. स्त्री-जातिलाई गाली गर्दा भनिने शब्द।
ठुटे–वि० [ठुटो+ए] १. केही अंश काटिएको लामो वस्तु। (ना०) २. कट्टू; जाँघे।
ठुटो–ना० [प्रा० ठुण्ठ] १. काटिएर वा भाँचिएर बाँकी रहेको रूखको अंश। २. काठको सानो गिँडुल्को। ३. भाँचिएर बाँकी रहेको लामो वस्तुको अंश। ४. डुँड़ो; लिँड़ो। (वि०) ५. ठुटे।
ठुन्कनु–अ० क्रि० [ठुन्को+इ+नु] ठुन्किनु।
ठुन्काइ–ना० [ठुन्क+आइ] ठुन्कने किसिम, क्रिया वा भाव।
ठुन्किइनु–अ० क्रि० [ठुन्कि+इ+नु] टुक्रिइनु; ('ठुन्किनु'-को भा० क्रि०)।
ठुन्किनु–अ० क्रि० [ठुन्को+इ+नु] १. टुक्रिनु; भाँचिनु। २. छिनिनु; गिँड़िनु।
ठुन्को–ना० [प्रा० ठुण्ठ] सानो र मोटो टुक्रो; कुड्को।
ठुन्क्याइ–ना० [ठुन्कि+याइ] ठुन्किने किसिम, क्रिया वा भाव।
ठुन्क्याइ–ना० [ठुन्क्याउ+आइ] ठुन्क्याउने किसिम, क्रिया वा भाव।
ठुन्क्याइनु–स० क्रि० [ठुन्क्याउ+इ+नु] टुक्र्याइनु; ('ठुन्क्याउनु'-को क० क्रि०)।
ठुन्क्याउनु–स० क्रि० [ठुन्कि+याउ+नु] टुक्रा-टुक्रा पार्नु; टुक्र्याउनु; गिँड्नु; ('ठुन्किनु'-को प्रे० क्रि०)।
ठुमरी–ना० [हिं०] एक स्थायी र एक अन्तरामात्र हुने एक किसिमको गीत।
ठुमुक्क–क्रि० यो० [न०] चिटिक्क; टुमुक्क।
ठुर्री–ना० [ठुटो] छाप नलागेको डल्ले पैसा।
ठुसठुस–क्रि० यो० [ने०] १. चित्त नबुझ्दा अलि-अलि रुने किसिम। २. अपानवायु छोड्ने किसिम। ३. गह्लाउने किसिम।
ठुसठुसती–क्रि० यो० [ठुसठुस+ती] १. चित्त नबुझ्दा अलि-अलि रुने किसिम। २. वार-वार अपान-वायु छोड्ने किसिम; ठुसठुसी। ३. गह्लाउने किसिम।
ठुसठुसी–क्रि० यो० [ठुसठुस+ई] ठुसठुसती।
ठुस्स–क्रि० यो० [ने०] १. रीसले धुमधुमती परेर बस्ने किसिम; ठस्स; ठसक्क। २. विस्तारै अपान-वायु छोड्ने किसिम। ३. गह्लाउने किसिम; डुङ्ग।
ठुस्सिइनु–अ० क्रि० [ठुस्सि+इ+नु] ठुस्स परिनु; ठस्किनु; ('ठुस्सिनु'-को भा० क्रि०)।
ठुस्सिनु–अ० क्रि० [ठुस्स+इ+नु] रीसले केही नबोली धुमधुमती बसिरहनु; ठुस्स पर्नु; ठस्कनु।
ठुस्स्याइ–ना० [ठुस्सि+याइ] ठुस्सिने किसिम, क्रिया वा भाव।
ठुस्स्याइ–ना० [ठुस्स्याउ+आइ] ठुस्स्याउने किसिम, क्रिया वा भाव।
ठुस्स्याइनु–स० क्रि० [ठुस्स्याउ+इ+नु] क्रुद्ध पारिनु; ('ठुस्स्याउनु'-को क० क्रि०)।
ठुस्स्याउनु–स० क्रि० [ठुस्सि+याउ+नु] १. क्रुद्ध पार्नु; रीस उठाउनु; जङ्ग्याउनु; ('ठुस्सिनु'-को प्रे० क्रि०)। २. अपान-वायु छोड्नु।
ठुस्स्याहट–ना० [ठुस्सि+याहट] ठुस्सिने किसिम, क्रिया वा भाव; ठुस्स्याइ।
ठूँग–ना० [ठुँग्] चिलाइ मार्नाका निमित्त दुइ हातका बूढ़ी औँठाका नङ्ले जुम्रो मारेझैँ गरी थिच्ने काम।
ठूली–वि० [ठूलो+ई] १. पहिले जन्मेकी; जेठी। २. ठूलाकी स्वास्नी। ३. इज्जत, कद आदिले बढ़ी।
ठूली-आमा–ना० [ठूली+आमा] १. आमाकी दिदी। २. ठूला-बाबुकी स्त्री।
ठूली-मा–ना० [ठूली+आमा] ठूली-आमा।
ठूलो–वि० [सं० स्थूल] १. बड़ेमाको; ढब्बू; अजङ्गको। २. लमाइ, चौड़ाइ, उँचाइ वा आकारका हिसाबले बढ़ी भएको। ३. पहिले जन्मेको; जेठो। ४. औकात, इज्जत,

CC-0. In Public Domain. Digitization by eGangotri

शक्ति आदिमा बढ्ता भएको। ५. बढ़ी महत्त्वको।

ठूलो-ओखती–ना० [ठूलो+ओखती] एक जातको प्रसिद्ध बूटी।

ठूलो-कागुनु–ना० [ठूलो+कागुनु] बोट र गेड़ा ठूला हुने एक जातको कागुनु।

ठूलो-कुरो–ना० [ठूलो+कुरो] १. लाम्चा पात, लामा-लामा कोसा, सेता फूल हुने एक जातको वृक्ष; कुटज। २. त्यसैको फल। (यसका दुइ भेद छन्। यसभित्रको बीज वा गेड़ालाई इन्द्र-जौ भन्दछन्। आयुर्वेदमा यसको गुण ठन्डा, ज्वर-नाशक र अतिसारका रोगमा फायदा गर्ने बताइएको छ।)

ठूलो-केराउ–ना० [ठूलो+केराउ] सेता र ठूला गेड़ा हुने एक जातको केराउ; मटर।

ठूलो-गूँद–ना० [ठूलो+गूँद] ठूलो एक जातको गूँद (झार)।

ठूलो-ताप्रे–ना० [ठूलो+ताप्रे] १. पहेँला फूल र मकै-बोड़ीका जस्ता कोसा फल्ने एक जातको बोट। २. त्यसैको कोसो; ठूलो जातको छिनछिने; कासमर्द।

ठूलो-तीते-पिँड़ालु–ना०[ठलो+तीतो+पिँड़ालु] एउटै काण्डमा लाम्चा पातहरू हुने, टुप्पामा हरियो र खैरो मिसिएका फूल फुल्ने, जरामा छ्यापीजस्तो पोटी र त्यसमाथि कसुर-जस्तो दाना हुने, हिमालयमा हुने एक बूटी; जीवक। (आयुर्वेदमा यसको गुण पुष्टि-कारक, शुक्र-वर्द्धक, ज्वर-नाशक र ठन्डा बताइएको छ।)

ठूलो-बयर–ना० [ठूलो+बयर] १. लाम्चा पात, पहेँला फूल र लाम्चा, हरिया फल हुने एक काँढ़ावाल लता। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण पौष्टिक, शुक्र-वर्द्धक र ठन्डा बताइएको छ।)

ठूलो-बाबु–ना० [ठूलो+बाबु] १. आमाका भिनाज्यू; ठूली-आमाका पति। २. बाबूका दाज्यू; जेठो-बाबु। ३. जेठो छोरो।

ठूलो-भण्टा–ना० [ठूलो+भण्टा] बोट र पातमा काँढ़ा नहुने ठूलो हरियो एक जातको भण्टा।

ठूलो-भिँड़ा–ना० [ठूलो+भिँड़ा] ठूलो-भण्टा।

ठूलो-सिरु–ना० [ठूलो+सिरु] ठूलो एक जातको सिरु; इक्षु-दर्भा।

ठूल्थुङ्गे–ना० [ठूलो+थुङ्गो] ठूलो एक जातको सय-पत्री।

ठूल्याइँ–ना० [ठूलो+याइँ] ठूलो हुनाको भाव; बड़प्पन।

ठेउको–ना० [ठुटो] काठको टुक्रो; गिँडुल्को।

ठेउला–ना० [ने०] जरो आई छालामा चिलाउने ठूल्ठूला फोका उठ्ने सङ्क्रामक रोग; एक प्रकारको दादुरा; शीतला रोगको एक भेद।

ठेउलिइनु–अ० क्रि० [ठेउलि+इ+नु] वाद-विवादमा हारिनु; ('ठेउलिनु'-को भा० क्रि०)।

ठेउलिनु–अ० क्रि० [ने०] १. वाद-विवदमा हार्नु; नाजवाफ हुनु। २. ठक्कर खाएर पछि हट्नु।

ठेउल्याइ–ना० [ठेउलि+याइ] ठेउलिने किसिम, क्रिया वा भाव।

ठेउल्याइ–ना० [ठेउल्याउ+आइ] ठेउल्याउने किसिम, क्रिया वा भाव।

ठेउल्याइनु–स० क्रि० [ठेउल्याउ+इ+नु] वाद-विवादमा हराइनु; ('ठेउल्याउनु'-को क० क्रि०)।

ठेउल्याउनु–स० क्रि० [ठेउलि+याउ+नु] वाद-विवादमा हराउनु; नाजवाफ पार्नु; ('ठेउलिनु'-को प्रे० क्रि०)।

ठेउवा–ना० [ने०] चुच्चो, डँड़ालु र पुच्छरको मध्य भाग खैरो, कण्ठ गुलाफी र बाँकी शरीर नीलो हुने एक जातको पक्षी।

ठेक–ना० [ठेक्का] ठेक्का।

ठेकदार–ना० [ठेक+दार] ठेक लिने व्यक्ति; ठेक्कामा काम गर्ने व्यक्ति।

ठेकदारी–ना० [ठेकदार+ई] ठेकदारको काम वा पेशा।

ठेकन–ना० [ठेउको] १. गाँजा, कक्कड़ आदि खाने चिलिमका प्वालमा राखिने ढुङ्गो, माटो आदिको टुक्रो; ठेड़ी। २. टेवा, टेको आदिका मुनितिर ठोकिने चुकुल।

ठेकाइ–ना० [ठेक्+आइ] ठेक्ने किसिम, क्रिया वा भाव।

ठेकाइनु–स० क्रि० [ठेकाउ+इ+नु] ठेक्न लाइनु; ('ठेकाउनु'-को क० क्रि०)।

ठेकाउनु–स० क्रि० [ठेक्+आउ+नु] ठेक्न लाउनु; ठेक गराउनु; ('ठेक्नु'-को प्रे० क्रि०)।

ठेकाना–ना० [ठेगाना] ठेगाना।

ठेकिनु–स० क्रि० [ठेक्+इ+नु] ठेक गरिदिइनु; ('ठेक्नु'-को क० क्रि०)।

ठेकी–ना० [ने०] घ्यू, तेल, दही, मही आदि सुमर्ने काठको भाँड़ो।

ठेकी–ना० [ठेक+ई] १. ठेक्काको रकम। २. दै-दस्तूर।

ठेकी-फल–ना० [ठेकी+फल] १. खान हुने फल फल्ने एक जातको बोट। २. त्यसैको फल।

ठेकी-भेटी–ना० [ठेक+भेटी] १. कुनै ठेक निश्चय गर्दा ठेक पाउनेले दिने दस्तूर। २. पहाड़-पर्वतमा तालुकदारले रैती-लाई कुनै जगाको बहाली दिँदा लिने दस्तूर।

ठेकुवा–ना० [ने०] खजुरीजस्तो एक प्रकारको मिठाई।

ठेकुवा–वि० [ठेक्+उवा] १. ठेकिएको। २. ठेक्ने।

ठेको–ना० [ठेकी+ओ] काठको ठूलो ठेकी।

ठेक्का–ना० [ठीक] १. नियत दर वा समयमा कुनै काम पूरा गर्ने कबूल; ठेक; इजहारा। २. प्रतिवर्ष नियत दै-दस्तूर वा तिरो बुझाउने जिम्मा। ३. त्यस किसिमले बुझाउने जिम्मा लिएको दस्तूर वा रकम।

ठेक्नु–स० क्रि० [ठेक+नु] कुनै कामका निम्ति म्याद, मानिस, रुपियाँ आदि नियत गर्नु; ठेक गरिदिनु; तोक्नु।

ठेगान–ना० [ठेगाना] ठेगाना।

ठेगाना–ना० [सं० स्थान] १. घर वा डेरा गरी बसेको ठाउँ; थात-थलो; पत्ता। २. टुङ्गो; निश्चय; निधो। ३. थिति; थान्को। ४. बन्दोबस्त; प्रबन्ध।

CC-0. In Public Domain. Digitization by eGangotri

ठेट–वि० [हिं०] १. अरू कुनै भाषासित सम्पर्क नभएको; चोखो; शुद्ध (शब्द)। २. नमिसिएको; मिसोट नभएको।

ठेटना-मेटना–ना० [ठेट्नो+मेटना (फाँ०)] केटा-केटी।

ठेटनु–ना० [ठेटनो] ठेटनो।

ठेटनू–ना० [ठेटनो] ठेटनो।

ठेटनो–ना० [नें०] १. मकै, जुनेलो, धान आदि भुट्दा फूल नउठेको दाना; अरेट्नु; अटेर्नु। २. भनेको नमान्ने अधबेस्रो ठिटो।

ठेटर–ना० [अं० थिएटर] रङ्गमञ्चमा खेलाइने नाच; नाटक; थिएटर।

ठेड़–ना० [नें०] १. ठालु; नाइके। (वि०) २. जिराहा; जोधाहा।

ठेड़ी–ना० [ठेकन] १. सानो बिर्को। २. बुजो। ३. गाँजा, कक्कड़ आदिका चिलिमका प्वालमा हालिने ढुङ्गो, माटो आदिको टुक्रो; ठेकन।

ठेल-पेल–ना० [ठेल्+पेल्] १. ठेल्ने र पेल्ने काम। २. ठूलो प्रयत्न; बल-तल। ३. हठ; लिँड़े-ढिपी।

ठेलमठेल–ना० [ठेल्+ठेल्] १. परस्परमा ठेल्ने काम; ठेलाठेल। २. घुइँचो; भीड़।

ठेलमठेला–ना० [ठेलमठेल] ठेलमठेल।

ठेला–ना० [ठेलो] ठेलो।

ठेला–ना० [ठेल्] ठेलागाड़ी।

ठेलाइ–ना० [ठेल्+आइ] ठेल्ने किसिम, क्रिया वा भाव; पेलाइ।

ठेलाइनु–स० क्रि० [ठेलाउ+इ+नु] ठेल्न लाइनु; ('ठेलाउनु'-को क० क्रि०)।

ठेलाउनु–स० क्रि० [ठेल्+आउ+नु] ठेल्न लाउनु; घचेटाउनु; ('ठेल्नु'-को प्रे० क्रि०)।

ठेलागाड़ी–ना० [ठेला+गाड़ी] मानिसले ठेलेर चलाउने गाड़ी; लीगमा ठेलेर चलाउने सानो गाड़ी।

ठेलिनु–स० क्रि० [ठेल्+इ+नु] घचेटिनु; पेलिनु; ('ठेल्नु'-को क० क्रि०)।

ठेली–ना० [सं० स्थूल] १. पुस्तकका पत्रहरूको खात; कागजपत्रको चाङ। २. ठूलो पुस्तक।

ठेलो–ना० [ठेल्] औजार, हतियार आदि ज्यादा चलाउँदा हात-गोड़ामा उठ्ने साह्रो छालाको डल्लो।

ठेलो–ना० [सं० स्थल] ढोकाका चौकोसको तलको र माथिको तेर्सो काठ।

ठलो–ना० [नें०] भलायोको बीयाँ।

ठेल्नु–स० क्रि० [सं० टल्+नु] १. घचेट्नु; पेल्नु; धकेल्नु। २. खाँद्नु; कोच्नु। ३. अँचेट्नु; थिच्नु।

ठेस–ना० [ठ्यास्स] हिँड्दा गोड़ामा लाग्ने ठक्कर।

ठेसन–ना० [नें०] भारीमा दुइतिरको तौल बराबर पार्नाका निम्ति एकतिर थपिने ओजन।

ठेसमठेस–क्रि० यो० [ठेस्+ठेस्] खाँदाखाँद भएर रहने किसिम; ठेलमठेल; अटेस-मटेस।

ठेसाइ–ना० [ठेस्+आइ] ठेस्ने किसिम, क्रिया वा भाव; कोचाइ।

ठेसाइनु–स० क्रि० [ठेसाउ+इ+नु] कोचाइनु; ('ठेसाउनु'-को क० क्रि०)।

ठेसाउनु–स० क्रि० [ठेस्+आउ+नु] ठेस्न लाउनु; कोचाउनु; ('ठेस्नु'-को प्रे० क्रि०)।

ठेसिनु–स० क्रि० [ठेस्+इ+नु] कोचिनु; खाँदिनु; ('ठेस्नु'-को क० क्रि०)।

ठेस्नु–स० क्रि० [ठोस्+नु] अटेस-मटेस गरी हाल्नु; कोच्नु; खाँद्नु; जाक्नु।

ठेस्सिइनु–अ० क्रि० [ठेस्सि+इ+नु] धक्का लागिनु; ('ठेस्सिनु'-को भा० क्रि०)।

ठेस्सिनु–अ० क्रि० [ठेस्+इ+नु] १. धक्का लाग्नु; घचेटिनु। २. कोचिनु; खाँदिनु। ३. मन नपर्ने गरी बस्नु। ४. रीसले राखिनु।

ठेस्याइ–ना० [ठेस्सि+याइ] ठेस्सिने किसिम, क्रिया वा भाव।

ठेस्स्याइ–ना० [ठेस्स्याउ+आइ] ठेस्स्याउने किसिम, क्रिया वा भाव।

ठेस्स्याइनु–स० क्रि० [ठेस्स्याउ+इ+नु] धक्का लगाइनु; ('ठेस्स्याउनु'-को क० क्रि०)।

ठेस्स्याउनु–स० क्रि० [ठेस्सि+याउ+नु] १. धक्का लगाउनु; धकेल्नु; घचेट्नु। २. रीसले राख्नु।

ठो–ना० [नें०] खड्कौँलोजस्तो, कड़ा लागेको, ठाड़ो, ठूलो, भाँड़ो; खासी।

ठोक-ठाक–ना० [ठोक+ठाक (फाँ०)] ठोक्ने काम; पीट-पाट।

ठोकर–ना० [ठक्कर] १. ठक्कर; धक्का। २. धोखा; हन्डर।

ठोकाइ–ना० [ठोक्+आइ] ठोक्ने किसिम, क्रिया वा भाव।

ठोकाइनु–स० क्रि० [ठोकाउ+इ+नु] ठोक्न लाइनु; ('ठोकाउनु'-को क० क्रि०)।

ठोकाउनु–स० क्रि० [ठोक्+आउ+नु] ठोक्न लाउनु; ('ठोक्नु'-को क० क्रि०)।

ठोकाठोक–ना० [ठोक्+ठोक्] परस्परको ठोकाइ; पिटापिट।

ठोकाबाजी–ना० [ठोक्+बाजी] १. परस्परको हान-थाप; होड़बाजी। २. भनाभन; भनाबैरी।

ठोकिनु–अ० क्रि० [ठोक्+इ+नु] १. ठक्कर लाग्नु; ठोकर खानु। (स० क्रि०) २. पिटिनु; कुटिनु। ३. कायम गरिनु; ('ठोक्नु'-को क० क्रि०)।

ठोकुवा–वि० [ठोक्+उवा] १. ठोकेको; ठोकिएको। २. निधो गरिएको; निश्चित। (ना०) ३. निर्णय; निधो।

ठोक्नु–स० क्रि० [ठोकर+नु] १. जोड़सित हान्नु; कुट्नु। २. धातुका पाता, भाँड़ा आदिमा फलामको घनले हान्नु; पिट्नु। ३. ठक्कर दिनु। ४. ढ्याङ्ग्रो, नगरा आदि बाजा बजाउनु। ५. जित्नु; परास्त गर्नु। ६. निधो गर्नु; निर्णय गर्नु। ७. कायम गर्नु; साबित गर्नु।

ठोक्रो–ना० [नें०] धातुका भाँड़ा-बर्तन बेच्ने एक जाति।

CC-0. In Public Domain. Digitization by eGangotri

बाण हालेर पिठ्यूँमा भिर्ने भाँडो।
ठोक्रो–ना० [नें०] बाण हालेर पिठ्यूँमा भिर्ने भाँडो।
ठोटरी–ना० [सं० स्थल+ढुली] एक जातको कछुवा।
ठोट्ने–ना० [नें०] १. लाम्चा पात, सेता मसिना फूल, राता साना फल र अमिलो डाँठ हुने एक जातको बोट; अम्बष्ठा। २. त्यसैको डाँठ। (यसको डाँठ अचार, तरकारी बनाएर खाइन्छ।)
ठोरी–ना० [नें०] नेपालको दक्षिणी भागको भित्री मधेसमा रहेको एक प्रसिद्ध जङ्गली इलाका।
ठोस–ना० [सं० स्थास्नु] १. मुख-तोड़ जवाफ; ठक्कर। (वि०) २. भित्र खाली नभएको; खँदिलो।
ठोसठास–ना० [ठोस्+ठास्] ठोस्ने काम; खाँद्ने काम।
ठोसाइ–ना० [ठोस्+आइ] ठोस्ने किसिम, क्रिया वा भाव।
ठोसाइनु–स० क्रि० [ठोसाउ+इ+नु] ठोस्न लाइनु; ('ठोसाउनु'-को क० क्रि०)।
ठोसाउनु–स० क्रि० [ठोस्+आउ+नु] ठोस्न लाउनु; ('ठोस्नु'-को प्रे० क्रि०)।
ठोसिनु–स० क्रि० [ठोस्+इ+नु] ठोस्ने काम गरिनु; ('ठोस्नु'-को क० क्रि०)।
ठोसे–ना० [नें०] घाँटीमा लाउने एक प्रकारको गहना।
ठोसे-तरुनी–ना० [ठोस+तरुनी] पूर्ण यौवनकी स्त्री; युवती; अङ्ग-प्रत्यङ्ग पुष्ट भएकी तरुनी।
ठोसो–ना० [ठुटो] १. धान, मकै, कोदो आदिको बोट काटी बाँकी रहेको फेद। २. छेस्को।
ठोस्नु–स० क्रि० [ठास्+नु] १. अगुल्टाको बलिसकेको अंश झार्नाका निम्ति घोच्नु। २. कोच्नु; खाँद्नु। ३. एउटै कुरो वार-वार भन्नु; घच्का हान्नु। ४. मुख-तोड़ जवाफ दिनु; ठोस लाउनु।
ठ्याँक–ना० [ठक्कर] १. गलहत्ती; घोक्र्याइ; मुन्ट्याइ। २. ठक्कर; धक्का। ३. हार; पराजय। ४. बियालाई डन्डीले ठ्याक्ने काम (डन्डी-बियाका खेलमा)।
ठ्याँकिनु–स० क्रि० [ठ्याँक्+इ+नु] ठ्याँक खुवाइनु; ('ठ्याँक्नु'-को क० क्रि०)।
ठ्याँक्नु–स० क्रि० [ठ्याँक+नु] १. ठ्याँक खुवाउनु; गलहत्ती दिनु। २. ठक्कर दिएर जित्नु; परास्त गर्नु। ३. डन्डी-बियाका खेलमा बियालाई उफारेर डन्डीले हान्नु; ठ्याँक लाउनु।
ठ्याइनु–स० क्रि० [ठ्याउ+नु] ठम्याइनु; ('ठ्याउनु'-को क० क्रि०)।
ठ्याउनु–स० क्रि० [ठम्याउ+नु] ठम्याउनु।
ठ्याक–ना० [ठ्याक्क] मतो; राय।
ठ्याक–ना० [ठेउको] १. खुर्पाको दाप। २. खुर्पा घुसारेर भिरिने काठको साधन।
ठ्याकप्वा–ना० [नेवा०] गाह्रोको सूर मिलाउने घण्टीका आकारको साधन; साहुल।
ठ्याक्क–क्रि० यो० [ठीक] १. ठीकसित मिल्ने किसिम; ठ्वाक्क। २. ठक्कर लाग्ने वा ठक्कर लाग्दा शब्द आउने किसिम।
ठ्याङ-ठ्याङ–क्रि० यो० [अनु०] १. धातुका भाँड़ा-बर्तन ठोकिँदा शब्द आउने किसिम। २. रूख, बाँस आदि काट्दा शब्द आउने किसिम। ३. वार-वार ठक्कर लाग्ने किसिम।
ठ्याङ्ङ–क्रि० यो० [नें०] १. ठोकिने वा ठक्कर लाग्ने किसिम। २. धातुका भाँड़ा-बर्तन खस्दा वा ठोकिँदा शब्द आउने किसिम।
ठ्याङ्ङ–क्रि० यो० [ठ्याङ्ग] ठ्याङ्ग।
ठ्याप्प–क्रि० यो० [नें०] १. जोड़िने किसिम; मिल्ने किसिम। २. ठीकसित मिल्ने किसिम; ठ्याक्क। ३. थुनिने किसिम; बन्द हुने किसिम।
ठ्याम-ठ्याम–क्रि० यो० [अनु०] १. गालामा लपेटाले धमाधम हान्ने किसिम; ठ्याम्म-ठ्याम्म। २. राम्ररी र धमाधम मिल्ने किसिम।
ठ्याम्म–क्रि० यो० [नें०] १. गालामा चड्काउने किसिम; चटयाङ्ग। २. ठीकसित मिल्ने किसिम; ठ्याक्क। ३. कत्ति पनि नहुने किसिम; बिलकुल सिद्धिने किसिम।
ठ्यासफू–ना० [नेवा० थ्यासफू] पत्रहरू परस्परमा जोड़िएको एक प्रकारको पुरानो ढङ्गको पुस्तक; फरफरे।
ठ्यासिनु–स० क्रि० [ठ्यास्+इ+नु] ठेसिनु; ('ठ्यास्नु'-को क० क्रि०)।
ठ्यास्नु–स० क्रि० [ठेस्] ठेस्नु।
ठ्यास्स–क्रि० यो० [नें०] १. हल्कासँग ठक्कर लाग्ने किसिम; ठ्याक्क; ठ्वास्स। २. बस्ने किसिम। ३. कुनै कुरो झट्ट भन्ने किसिम; प्वाक्क।
ठ्यौको–ना० [ठेउको] ठेउको।
ठ्यौला–ना० [ठेउला] ठेउला।
ठ्यौलिइनु–अ० क्रि० [ठ्यौलि+इ+नु] ठेउलिइनु; ('ठ्यौलिनु'-को भा० क्रि०)।
ठ्यौलिनु–अ० क्रि० [ठेउलि+नु] ठेउलिनु।
ठ्यौल्याइ–ना० [ठ्यौल्याउ+आइ] ठेउल्याइ।
ठ्यौल्याइ–ना० [ठ्यौलि+याइ] ठेउल्याइ।
ठ्यौल्याइनु–स० क्रि० [ठ्यौल्याउ+इ+नु] ठेउल्याइनु; ('ठ्यौल्याउनु'-को क० क्रि०)।
ठ्यौल्याउनु–स० क्रि० [ठेउल्याउ+नु] ठेउल्याउनु।
ठ्यौवा–ना० [ठेउवा] ठेउवा।
ठ्वाक्क–क्रि० यो० [नें०] ठ्याक्क।
ठ्वास-ठ्वास–क्रि० यो० [नें०] १. पटापट ओठे जवाफ दिने किसिम। २. उचित-अनुचित विचार नगरी भन्ने किसिम। ३. ठोस्ने किसिम।
ठ्वासठ्वासती–क्रि० यो० [ठ्वास-ठ्वास+ती] ठ्वास-ठ्वास।
ठ्वास्स–क्रि० यो० [नें०] १. ठ्यास्स। २. ओठे जवाफ दिने किसिम। ३. मन नपरीकन राख्ने किसिम। ४. उचित-अनुचित विचार नगरी भन्ने किसिम; प्याच्च।

CC-0. In Public Domain. Digitization by eGangotri

ड

ड–देवनागरी वर्ण-मालाको तेह्रौं व्यञ्जन-वर्ण। ट-वर्गको तेस्रो अक्षर। यसको उच्चारण मूर्द्धा-स्थानबाट हुन्छ।

डँकाइ–ना० [डाँक्+आइ] डाँक्ने किसिम, क्रिया वा भाव; फट्काइ।

डँकाइनु–स० क्रि० [डँकाउ+आइ+नु] डाँक्न लाइनु; ('डँकाउनु'-को क० क्रि०)।

डँकाउनु–स० क्रि० [डाँक्+आउ+नु] डाँक्न लाउनु; ('डाँक्नु'-को प्रे० क्रि०)।

डँकाहा–वि० [डाँक्+आहा] फड्कने; नाच्ने।

डँटाइ–ना० [टाँट्+आइ] डाँट्ने किसिम, क्रिया वा भाव।

डँटाइनु–स० क्रि० [डँटाउ+आइ+नु] डाँट्न लाइनु; ('डँटाउनु'-को क० क्रि०)।

डँटाउनु–स० क्रि० [डाँट्+आउ+नु] डाँट्न लाउनु; ('डाँट्नु'-को प्रे० क्रि०)।

डँड़ाइ–ना० [डाँड्+आइ] डाँड्ने किसिम, क्रिया वा भाव।

डँड़ाइनु–स० क्रि० [डँड़ाउ+आइ+नु] डाँट्न लाइनु; ('डँड़ाउनु'-को क० क्रि)।

डँड़ाउनु–स० क्रि० [डाँड्+आउ+नु] डाँड्न लाउनु; ('डाँड्नु'-को प्रे० क्रि०)।

डँड़ाक–वि० [डँड़ालु] १. ठूलो; ढड्डू; घ्वाँक। २. अग्लो; घिरी।

डँड़ाली–ना० [डन्डी] झ्यालको कोटालदेखि मास्तिर हालिने तेर्सो डन्डी।

डँड़ाल्नी–ना० [डँड़ाली] डँड़ाली।

डँडाल्नु–ना० [ने०] खस्रो भूस।

डँड़ाल्नु–ना० [सं० दण्ड] शरीरको पछिल्लो भाग; पिठिउँ; ढाड़।

डँड़ाल्नू–ना० [डँड़ाल्नु] डँड़ाल्नु।

डँड़ाल्नो–ना० [डँड़ाल्नु] डँड़ाल्नु।

डँड़ेल–ना० [डाँड़ी] डोली, पालकी, तामदान आदि बोक्ने व्यक्ति; डोले।

डँड़ेलधुरा–ना० [ने०] नेपालको पश्चिमी सिमानामा रहेको एक जिल्ला।

डँड़ेल-धुरा–ना० [डँड़ेल+धुरा] डोली, पालकी आदिको तेर्सो काठ।

डँड़ेलो–ना० [डाँड़ा] १. परालेघरका छानाको मुसी; डाँड़ा। २. चालेर बाँकी रहेको खस्रो भूस; डँड़ाल्नु।

डँड़्याइ–ना० [डँड़्याउ+आइ] डँड़्याउने किसिम, क्रिया वा भाव।

डँड़्याइनु–स० क्रि० [डँड़्याउ+इ+नु] छानामा डाँड़ा हालिनु; ('डँड़्याउनु'-को क० क्रि०)।

डँड़्याउनु–स० क्रि० [डाँड़ा+याउ+नु] छानामा डाँड़ा हाल्नु; छानाका डाँड़ा बाँध्नु।

डँसाइ–ना० [डाँस्+आइ] डाँस्ने किसिम, क्रिया वा भाव।

डँसाइनु–स० क्रि० [डँसाउ+आइ+नु] डाँस्न लाइनु; ('डँसाउनु'-को क० क्रि०)।

डँसाउनु–स० क्रि० [डाँस्+आउ+नु] डाँस्न लाउनु; ('डाँस्नु'-को प्रे० क्रि०)।

डकर्मी–ना० [नेवा० दँकऽमि] गाह्रो लाउने कर्मी; घर बनाउने कालिगड़।

डकाइ–ना० [डक्+आइ] डक्ने किसिम, क्रिया वा भाव; दबाउने किसिम, क्रिया वा भाव।

डकाइ–ना० [डाक्+आइ] डाक्ने किसिम, क्रिया वा भाव।

डकाइनु–स० क्रि० [डकाउ+इ+नु] डक्न वा दमन गर्न लाइनु; ('डकाउनु'-को क० क्रि०)।

डकाउनु–स० क्रि० [डक्+आउ+नु] दमन गराउनु; ('डक्नु'-को प्रे० क्रि०)।

डकार–ना० [सं०] 'ड'-अक्षर; ट-वर्गको तेस्रो अक्षर।

डकार–ना० [अनु०] पेटको वायुलाई घाँटीबाट निकाल्ने शारीरिक क्रिया; ऊर्ध्व-वायु।

डकाराइ–ना० [डकार+आइ] डकार्ने किसिम, क्रिया वा भाव।

डकारिनु–अ० क्रि० [डकार्+इ+नु] डकार निकालिनु; ('डकार्नु'-को भा० क्रि०)।

डकार्नु–स० क्रि० [डकार+नु] १. पेटको वायु शब्दका साथ घाँटीबाट निकाल्नु; डकार निकाल्नु। २. पेटभरि खानु; अघाउन्जेल खानु।

डकिनु–स० क्रि० [डक्+इ+नु] दमन गरिनु; दबाइनु; ('डक्नु'-को क० क्रि०)।

डकुल्ल्याइ–ना० [डकुल्ल्याउ+आइ] डकुल्ल्याउने किसिम, क्रिया वा भाव।

डकुल्ल्याइनु–स० क्रि० [डकुल्ल्याउ+इ+नु] धेरै खाइनु; ('डकुल्ल्याउनु'-को क० क्रि०)।

डकुल्ल्याउनु–स० क्रि० [डकार+याउ+नु] १. अघाउन्जेल खानु; धेरै खानु। २. अर्काको धन-माल पचाउनु।

डकैती–ना० [डाँका+ती] १. डाँका मार्ने काम; डाँकाको काम। २. अर्काको धन-माल अनुचित तरीकाले बलपूर्वक लिनु।

डक्क–वि० [ने०] १. ग्वाम्म; एकमुस्ट। २. प्रशस्त; धेरै।

डक्कारी–ना० [सं०] चाण्डालको बाजा; एक किसिमको सारङ्गी।

डक्नु–स० क्रि० [सं० दमन+नु] कसैलाई दमन गर्नु; दबाउनु।

डगडग–क्रि० यो० [ने०] १. हल्लने किसिम; डगमगाउने किसिम; डगमग। २. काँप्ने किसिम।

CC-0. In Public Domain. Digitization by eGangotri

डगडगाइ–ना० [डगडगाउ+आइ] डगडगाउने किसिम, क्रिया वा भाव; डगमगाइ।

डगडगाइनु–अ० क्रि० [डगडगाउ+इ+नु] डगडग गरिनु; ('डगडगाउनु'-को भा० क्रि०)।

डगडगाउनु–अ० क्रि० [डगडग+आउ+नु] १. डगडग गर्नु; हल्लनु; डगमगाउनु। २.भुङ्ग्रो बनेर बेसरी आगो बल्नु।

डगडगिइनु–अ० क्रि० [डगडगि+इ+नु] डगडगाइनु; ('डगडगिनु'-को भा० क्रि०)।

डगडगिनु–अ० क्रि० [डगडग+इ+नु] डगडगाउनु।

डगडग्याइ–ना० [डगडगि+याइ] डगडगिने किसिम, क्रिया वा भाव; डगडग्याहट।

डगडग्याहट–ना० [डगडगि+याहट] डगडगिने किसिम, क्रिया वा भाव; डगडगाइ।

डगमग–क्रि० यो० [प्रा०] हल्लने किसिम; डगडग; ढलपल।

डगमगाइ–ना० [डगमगाउ+आइ] डगमगाउने किसिम, क्रिया वा भाव।

डगमगाइनु–अ० क्रि० [डगमगाउ+इ+नु] डगमग गरिनु; ('डगमगाउनु'-को भा० क्रि०)।

डगमगाउनु–अ० क्रि० [डगमग+आउ+नु] १. डगमग गर्नु; डगडगाउनु; हल्लनु। २. काँप्नु। ३. आफ्ना ठाउँबाट खुस्कन खोज्नु; ढलमलाउनु।

डगमगिइनु–अ० क्रि० [डगमगि+इ+नु] डगमगाइनु; ('डगमगिनु'-को भा० क्रि०)।

डगमगिनु–अ० क्रि० [डगमग+इ+नु] डगमगाउनु।

डगमग्याइ–ना० [डगमगि+याइ] डगमगिने किसिम, क्रिया वा भाव; डगमगाइ।

डगमग्याइनु–स० क्रि० [डगमग्याउ+इ+नु] डगमग पारिनु; ('डगमग्याउनु'-को भा० क्रि०)।

डगमग्याउनु–स० क्रि०[डगमग्याइ+आउ+नु]डगमग पारिनु; ('डगमग्याइनु'-को प्रे० क्रि०)।

डगमग्याहट–ना० [डगमगि+याहट] डगमगिने किसिम, क्रिया वा भाव; डगमग्याइ।

डगर–ना० [डहर] डहर।

डगाइ–ना० [डग्+आइ] डग्ने किसिम, क्रिया वा भाव।

डगाइ–ना० [डगाउ+आइ] डगाउने किसिम, क्रिया वा भाव।

डगाइनु–स० क्रि० [डगाउ+इ+नु] डग्न वा हल्लन लाइनु; ('डगाउनु'-को क० क्रि०)।

डगाउनु–स० क्रि० [डग्+आउ+नु] १. हल्लाउनु; कँपाउनु। २. आफ्नो ठाउँ, निश्चय, मत आदिबाट च्युत गराउनु; ('डग्नु'-को प्रे० क्रि०)।

डगिनु–अ० क्रि० [डग्+इ+नु] हल्लिनु; डगमगाइनु; ('डग्नु'-को भा० क्रि०)।

डग्नु–अ० क्रि० [प्रा० डगमग+नु] १. हल्लनु; डगमगाउनु। २. ठाउँ छोड्नु; नअड्नु। ३. खुस्कनु; चुक्नु।

डङ्क–ना० [प्रा०] बिच्छी, अरिङ्गाल आदिका पुच्छरका टुप्पा वा चाकमा हुने विषालु काँढ़ा; खील।

डङ्का–ना० [प्रा० डुण्डुक्का] एक किसिमको दमाहा।

डङ्किनी–ना० [सं० डाकिनी] १. स्त्री-जातिलाई गाली गर्दा भनिने शब्द; पिशाचिनी। २. बोक्सी; टुन्याही। ३. डाकिनी।

डङ्गरी–ना० [सं०] डल्ले-लौका।

डङ्गुर–ना० [प्रा० डुंगर] डुङ्गुर।

डङ्गोल–ना० [नेवा०] १. जग्गा, घर आदि नापी गर्ने व्यक्ति। २. नेवार-जातिको एक वर्ग।

डङ्ङुर–ना० [डङ्गुर] डङ्गुर।

डटाइ–ना० [डट्+आइ] डट्ने किसिम, क्रिया वा भाव।

डटाइनु–स० क्रि० [डटाउ+इ+नु] डट्न लाइनु; ('डटाउनु'-को क० क्रि०)।

डटाउनु–स० क्रि० [डट्+आउ+नु] डट्न वा अड्न लाउनु; ('डट्नु'-को प्रे० क्रि०)।

डटिडटाउ–वि० [डट्+डट्+आउ] १. गहना, लुगा आदिले सुसज्जित; कसिकसाउ; सजिसजाउ। २. डटेर बसेको; ठाँटसित बसेको; रवाफसाथ बसेको।

डटिनु–अ० क्रि० [डट्+इ+नु] आफ्ना स्थान वा मतमा दृढ़तापूर्वक रहिनु; ('डट्नु'-को भा० क्रि०)।

डट्टा–ना० [डाँठ+गट्टा] हुक्काका सुमेरुको गट्टा।

डट्नु–अ० क्रि० [प्रा० डड्ढ+नु] १. आफ्ना स्थान वा मतमा दृढतापूर्वक रहनु; अड्नु। २. फूर्तिसाथ कुनै काम गर्नु। ३. फूर्तिसाथ बोल्नु; गड्कनु। ४. कसिकसाउ हुनु; ठाँटिनु।

डढ़ाइ–ना० [डढ़ाउ+आइ] डढ़ाउने किसिम, क्रिया वा भाव।

डढ़ाइ–ना० [डढ्+आइ] डढ्ने किसिम, क्रिया वा भाव।

डढ़ाइनु–स० क्रि० [डढ़ाउ+इ+नु] आगाले पोलिनु; ('डढ़ाउनु'-को क० क्रि०)।

डढ़ाउनु–स० क्रि० [डढ्+आउ+नु] १. आगाले पोल्नु; खाक गर्नु; खरानी पार्नु। २. भुटेका वा पकाएका वस्तुलाई धेरै आँच लाएर कालो पार्नु; खह्र्याउनु; ('डढ्नु'-को प्रे० क्रि०)। ३. चित्त दुखाउनु; चिढ़्याउनु।

डढ़िनु–अ० क्रि० [डढ्+इ+नु] आगोले खाक होइनु; ('डढ्नु'-को भा० क्रि०)।

डढुल्लो–वि० [डढ्+ल्लो] डढेको; डढुवा।

डढुवा–वि० [डढ्+उवा] डढेको; बढ्ता पोलिएको।

डढ़ेलो–ना० [डढ्+एलो] जङ्गल, खर आदिमा लागेको वा लगाइएको आगो।

डढ्नु–अ० क्रि० [प्रा० डड्ढ+नु] १. आगाले पोलिनु; खरानी हुनु; खाक हुनु। २. पकाएको वा भुटेको वस्तु आँच धेरै भएर खहरिनु। ३. चित्त दुख्नु।

डढ़चौली–ना० [डढ्+चौली] रोटी पकाइसकेपछि कराहीमा बाँकी रहेको तेल-घिउ; डढुल्लो तेल-घिउ।

CC-0. In Public Domain. Digitization by eGangotri

डन्ठी–ना० [डाँठ] साग-पात आदिको नरम डाँठ।

डन्ड-ताल–ना० [दण्ड+ताल] धातुका चिम्टामा मुजुरा वा मुन्द्रा लागेको एक किसिमको बाजा।

डन्डा–ना० [सं० दण्ड] ठूलो लट्ठी; लाठो।

डन्डिफोर–ना० [?+स्फोट (सं०)] जवानीका अवस्थामा विशेष गरी मुखमा आउने साना-साना बिमिरा।

डन्डी–ना० [डन्डा+ई] धातु, काठ आदिको लट्ठीका आकारको वस्तु; सानो डन्डा।

डन्डी-बियो–ना० [डन्डी+बियो] लट्ठीले बियालाई ठ्याक लाएर खेलिने एक किसिमको खेल।

डफ्फा–ना० [अ० दअफऽ] टोली; जमात; दल; समूह।

डबको–ना० [नें०] बैठक नहुने एक किसिमको ठूलो कटौरा; बटुको।

डबल–वि० [अं०] १. दुगुना; दोबर। (ना०) २. सय पैसा वा एक रुपियाँको नेपाली सिक्का।

डबलिइनु–अ० क्रि० [डबलि+इ+नु] दोबर होइनु; ('डबलिनु'-को भा० क्रि०)।

डबलिनु–अ० क्रि० [डबल+इ+नु] दोबर हुनु; डबल हुनु; दोहोरिनु; एकको दुइ हुनु।

डबली–ना० [नेवा० दबू] १. देव-देवीको पुरानो नाच नचाउन जमीनदेखि उठाई बनाइएको ठूलो चौतारो; रङ्ग-मञ्च। २. शहरका बीचको धेरै बाटाहरू जोरिने खुला ठाउँ।

डबल्याइ–ना० [डबलि+याइ] डबलिने किसिम, क्रिया वा भाव।

डबल्याइ–ना० [डबल्याउ+आइ] डबल्याउने किसिम, क्रिया वा भाव।

डबल्याइनु–स० क्रि० [डबल्याउ+इ+नु] डबल पारिनु; ('डबल्याउनु'-को क० क्रि०)।

डबल्याउनु–स० क्रि० [डबलि+याउ+नु] डबल पार्नु; एकको दुइ पार्नु; दोहोऱ्याउनु; ('डबलिनु'-को प्रे० क्रि०)।

डब्बल–वि० [अं० डबल] दोबर; दुगुना; डबल।

डब्बा–ना० [सं० डिम्ब] १. बिर्को लाउन हुने सानो भाँड़ो; बट्टा। २. रेलगाड़ीको एउटा गाड़ी; डिब्बा।

डब्बू–ना० [डाडु] ठूलो डाडु।

डम–ना० [सं०] डूम।

डमर–ना० [सं०] १. शत्रुलाई हप्की-दप्की लाएर तर्साउनु। २. डराएर भाग्नु। ३. विप्लव; आन्दोलन।

डमरु–ना० [सं०] बीचमा झीनो भई दुइतिरका फराकिला मुखमा छालाले मढ़ेको, दुइ तुनामा झुन्डिएका गेड़ाले बजाइने एक किसिमको बाजा; डिबडिबे।

डमरु–ना० [सं० डमर] सिंह वा बाघको बच्चो।

डमरु-मध्य–ना० [सं०] दुइ ठूला-ठूला भू-खण्ड वा समुद्रलाई मिलाउने स्थल वा जलको साँगुरो भाग।

डमरु-यन्त्र–ना० [सं०] डमरुका आकारको अर्क झिक्ने एक यन्त्र।

डम्कनु–अ० क्रि० [डम्म+नु] डम्किनु।

डम्काइ–ना० [डम्क+आइ] डम्कने किसिम, क्रिया वा भाव।

डम्किइनु–अ० क्रि० [डम्कि+इ+नु] टम्म होइनु; भरि-भराउ होइनु; ('डम्किनु'-को भा० क्रि०)।

डम्किनु–अ० क्रि० [डम्म+इ+नु] १. टम्म भरिनु; भरि-भराउ हुनु; डम्कनु। २. पेट बोक्नु; गर्भ धारण गर्नु।

डम्क्याइ–ना० [डम्कि+याइ] डम्किने किसिम, क्रिया वा भाव।

डम्क्याइ–ना० [डम्क्याउ+आइ] डम्क्याउने किसिम, क्रिया वा भाव।

डम्क्याइनु–स० क्रि० [डम्क्याउ+इ+नु] भरिभराउ पारिनु; ('डम्क्याउनु'-को क० क्रि०)।

डम्क्याउनु–स० क्रि० [डम्कि+याउ+नु] भरिभराउ पार्नु; टनाटन भर्नु।

डम्फु–ना० [नें०] खैँजड़ीजस्तो एक प्रकारको ठूलो बाजा।

डम्बर–वि० [सं०] १. प्रसिद्ध; विख्यात। (ना०) २. आडम्बर; ढाँचा। ३. विस्तार। ४. राशि।

डम्बरकुमारी–ना० [नें०] रङ्गी-चङ्गी बुट्टा छिपेको एक प्रकारको कपड़ा; नकली ढाका (जङ्गबहादुरकी छोरीका नामबाट)।

डम्बरे–ना० [नें०] १. लाम्चा, साना पात हुने, पहेँला फूल फुल्ने, हरिया, लाम्चा फल फल्ने, फेदैदेखि दुइ-तीन अमलका काँढ़ा हुने एक जातको बोट। २. त्यसैको फल। (यो अचार बनाएर खाने काममा लिइन्छ।)

डम्म–क्रि० यो० [नें०] १. भरिने किसिम; टम्म। २. डकार्ने किसिम। ३. मुड्कीले वा लाठाले हान्ने किसिम। ४. पछारिएर लड्ने किसिम; ड्याम्म।

डयन–ना० [सं०] उड्नु; उड़ाइ; उड़ान।

डर–ना० [सं० दर] अनिष्टको आशङ्काबाट मनमा उत्पन्न हुने भाव; भय; त्रास।

डर-छेरुवा–वि० [डर+छेर्+उवा] डराउने स्वभावको; कातर; भीरु।

डरपोक–वि० [डर+पोको] डर-छेरुवा।

डर-भर–ना० [डर+भय] भय; त्रास।

डर-लाग्दो–वि० [डर+लाग्दो] डर उत्पन्न गर्ने; भयङ्कर; भयानक।

डराइ–ना० [डराउ+आइ] डराउने किसिम, क्रिया वा भाव।

डराइनु–अ० क्रि० [डराउ+इ+नु] डरको अनुभव गरिनु; ('डराउनु'-को भा० क्रि०)।

डराउनु–अ० क्रि० [डर+आउ+नु] डरको अनुभव गर्नु; भय-भीत हुनु; त्रस्त हुनु।

डलक–ना० [सं०] डालो।

डलर–ना० [अं० डॅलर] करीब साढ़े सात रुपियाँ मूल्यको अमेरिकी सिक्का।

CC-0. In Public Domain. Digitization by eGangotri

डल्लक–ना० [सं०] डालो।

डल्लिइनु–अ० क्रि० [डल्लि+इ+नु] डल्लो परिनु; ('डल्लिनु'-को भा० क्रि०)।

डल्लिनु–अ० क्रि० [डल्ल+इ+नु] १. डल्लो पर्नु। २. कूँजो हुनु; खुम्चिनु। ३. लाचार हुनु; विवश हुनु। ४. थच्चिनु।

डल्लैँठो–ना० [डल्लो+एँठो] बीचमा प्वाल पारी लामो बीँड़ हालेको, डल्ला फोर्ने काठको साधन।

डल्ले–वि० [डल्लो+ए] १. मोटो र होचो कदको; पुड्को। २. डल्लो परेको।

डल्ले-खजूर–ना० [डल्ले+खजूर] डल्लो जातको खजूर। (यसका साना र ठूला—दुइ भेद छन्।)

डल्ले-लौका–ना० [डल्ले+लौका] कुभिन्डाका आकारको फल हुने एक जातको लौका।

डल्लो–ना० [प्रा० डल] १. माटो आदिको टुक्रो; ढिको। (वि०) २. गोलाकारको; बाटुलो।

डल्यांठो–ना० [डल्लैँठो] डल्लैँठो।

डल्याइ–ना० [डल्ल+याइ] डल्लिने किसिम, क्रिया वा भाव।

डल्याइ–ना० [डल्याउ+आइ] डल्याउने किसिम, क्रिया वा भाव।

डल्याइनु–स० क्रि० [डल्याउ+इ+नु] डल्लो पारिनु; ('डल्याउनु'-को क० क्रि०)।

डल्याउनु–स० क्रि० [डल्लि+याउ+नु] १. डल्लो पार्नु; बाटुलो पार्नु। २. विवश गराउनु; लाचार पार्नु। ३. थच्च्याउनु। ४. कूँजो पार्नु।

डल्याहट–ना० [डल्लि+याहट] डल्लिने किसिम, क्रिया वा भाव; डल्याइ।

डवल–ना० [डौल] ढाँचा; छाँट; डौल।

डवित्थ–ना० [सं०] काठका हात्ती, घोड़ा आदि खेलौना।

डसना–ना० [नें०] भित्र रुवो वा भूवा भरेको बाक्लो-चाक्लो बिछ्यौना।

डसाइ–ना० [डस्+आइ] डस्ने किसिम, क्रिया वा भाव।

डसाइनु–स० क्रि० [डसाउ+इ+नु] डस्न लाइनु; ('डसाउनु'-को क० क्रि०)।

डसाउनु–स० क्रि० [डस्+आउ+नु] डस्न लाउनु; ('डस्नु'-को प्रे० क्रि०)।

डसिनु–स० क्रि० [डस्+इ+नु] सर्पले टोकिनु; ('डस्नु'-को क० क्रि०)।

डस्टर–ना० [अं०] १. बोर्डमा चकले लेखेको अक्षर मेट्ने साधन। २. धूलो झार्ने साधन।

डस्नु–स० क्रि० [सं० दंश्+नु] १. सर्पले टोक्नु। २. बिच्छी आदिले डङ्क मार्नु। ३. डाँस्नु। ४. टोकस्नु।

डस्स्याइनु–स० क्रि० [डस्स्याउ+इ+नु] ओछ्याइनु; ('डस्स्याउनु'-को क० क्रि०)।

डस्स्याउनु–स० क्रि० [डसना+याउ+नु] ओछ्याउनु; बिछ्याउनु।

डहना–ना० [सं० दशन] लगाम झुन्ड्याइने, घोड़ाका मुखभित्र रहने, फलामे काँढ़ादार डन्डी।

डहनु–अ० क्रि० [प्रा० डह+नु] १. डाह हुनु; भतभती पोल्नु; भबाउनु। २. पीरले मानसिक कष्ट हुनु।

डहर–ना० [डोब] साङ्गुरो बाटो; गोरेटो।

डहाइ–ना० [डह+आइ] डहने किसिम, क्रिया वा भाव।

डहाइ–ना० [डहाउ+आइ] डहाउने किसिम, क्रिया वा भाव।

डहाइनु–स० क्रि० [डहाउ+आइ+नु] डाह गराउनु; ('डहाउनु'-को क० क्रि०)।

डहाउनु–स० क्रि० [डह+आउ+नु] डाह गराउनु; ('डहनु'-को प्रे० क्रि०)।

डहिनु–अ० क्रि० [डह+इ+नु] डाह होइनु; ('डहनु'-को भा० क्रि०)।

डाँक–ना० [डाँक्] १. चिट्ठी-पत्रहरू आवत-जावत गर्ने सरकारी प्रबन्ध; हुलाक-व्यवस्था। २. लामो यात्रामा चाँड़ो पुग्नाका निमित्त थाकेका वाहनहरूलाई छोड़ी अर्को वाहन फेर्नु। ३. ठाउँ-ठाउँमा वासको प्रबन्ध गर्नाका निमित्त सवारीभन्दा पहिले जाने डफ्फा; पेशगी सवारी।

डाँक–ना० [डाक्] लीलाम, घटिघटाउ, बढ़िबढ़ाउ आदिमा मोल राख्ने वचन।

डाँकखाना–ना० [डाँक+खाना] हुलाक अड्डा।

डाँक-गाड़ी–ना० [डाँक+गाड़ी] १. हुलाक-सम्बन्धी चिट्ठी-पत्र ओसार्ने मोटर, रेल आदि सवारी। २. जङ्क्शनहरूमा मात्र रोकिने शीघ्र-गामी मोटर, रेल आदि सवारी।

डाँक-घर–ना० [डाँक+घर] डाँकखाना।

डाँका–ना० [सं० दस्यु] १. धन-माल लुट्नका निम्ति गरिने आक्रमण; डकैती। २. अरूको धन-माल लुट्ने व्यक्ति; डाँकू।

डाँकिनु–स० क्रि० [डाँक्+इ+नु] उफ्रेर नाघिनु; ('डाक्नु'-को क० क्रि०)।

डाँकू–ना० [सं० दस्यू] डाँका।

डाँके–वि० [डाँको+ए] ठूलो स्वरले बोल्ने; डाँको भएको।

डाँको–ना० [सं० डाङ्क] १. ठूलो स्वर; ठूलो आवाज। २. रुवाइको ठूलो स्वर। ३. कुखुरो बास्नु।

डाँक्नु–स० क्रि० [सं० ढौक्+नु] १. उफ्रेर नाघ्नु; फट्कनु। २. पार गर्नु; तर्नु। ३. धेरै हिँड्नु।

डाँख्ले–वि० [डाँख्लो+ए] ठूल्ठूला डाँठ भएको; डाँठे।

डाँख्लो–ना० [डाँठ] उखु, साग आदिको डाँठ।

डाँगो–ना० [सं० डिङ्गर] १. भाले कुकुर। (वि०) २. जवान र धिरी।

डाँट–ना० [डाँट] १. हप्की; खप्की। २. डाँट्ने किसिम वा क्रिया; डँटाइ।

डाँटिनु–स० क्रि० [डाँट्+इ+नु] धम्काइनु; ('डाँट्नु'-को क० क्रि०)।

डाँट्नु–स० क्रि० [सं० डाङ्क+नु] १. अरूलाई तर्साउन ठूलो

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरले गाली गर्नु; धम्काउनु। २. डुक्रनु; टोकस्नु। ३. निन्दा गर्नु; छास्नु।

डाँठ–ना० [सं० दण्ड] बोट-विरुवा वा साग-पातको प्रकाण्ड; डाँख्लो।

डाँठे–वि० [डाँठ+ए] ठूलठूला डाँठ भएको; डाँठे।

डाँड्–ना० [सं० दण्ड] १. जरीवाना। २. व्यर्थको खर्च।

डाँड़ा-काँड़ा–ना० [डाँड़ो+काण्ड (सं०)] पहाड़-पर्वत; डाँड़ाहरूको समूह वा शृङ्खला।

डाँड़िनु–स० क्रि० [डाँड्+इ+नु] दण्ड गरिनु; ('डाँड्नु'-को क० क्रि०)।

डाँड़ी–ना० [डाँड़ो+ई] डोलीको दरवार झुन्ड्याउने तेर्सो काठ।

डाँड़ो–ना० [सं० डण्ड] १. पराल वा खरका छानाको मुसी। २. छाताको मसिनो फलामे डन्डी।

डाँड़ो–ना० [प्रा० डुङ्गर] १. पर्वत; पहाड़। २. अग्लो र ठूलो डील।

डाँड्नु–स० क्रि० [सं० दण्ड] १. डन्ड गर्नु; जरीवाना गर्नु। २. बिनसित्तिमा खर्च गराउनु।

डाँफ–ना० [ने०] टाढ़ा-टाढ़ा डोब गरी फट्केर सिउने क्रिया।

डाँफे–ना० [ने०] १. मोनाल चरो। २. भाले कुखुरो।

डाँवाडोल–वि० [डगमग+डोल्] १. यता-उति डगमगाएको; अस्थिर; चञ्चल। २. जलाम्मे; जलमय।

डाँस–ना० [सं० दंशी] गाई-वस्तुलाई लाग्ने एक जातको ठूलो झीँगो; जङ्गली झीँगो।

डाँसिनु–अ० क्रि० [डाँस्+इ+नु] अर्कालाई फकाई-फुल्याई लिइनु; ('डाँस्नु'-को भा० क्रि०)।

डाँस्नु–स० क्रि० [डस्नु] १. अर्कालाई फकाई-फुल्याई लिनु; डस्नु। २. धुत्नु; ठग्नु।

डाइनी–ना० [सं० डाकिनी] डङ्किनी; बोक्सी।

डाइनु–ना० [न०] ठेट्नु; अटेर्नु।

डाइनोमो–ना० [अं० डाइनेमो] बिजुली पैदा गर्ने एक प्रकारको सानो यन्त्र।

डाइभर–ना० [अं० ड्राइवर] १. मोटर, रेल आदि सवारी हाँक्ने व्यक्ति। २ खच्चर-गाड़ी हाँस्ने व्यक्ति।

डाइरेक्टर–ना० [अं०] १. कुनै कामको प्रमुख सञ्चालक। २. कुनै सरकारी विभागको एक मुख्य अधिकारी; निर्देशक।

डाक–ना० [सं०] १. निम्न कोटिको देव-योनि। २. साधक पुरुष। ३. साधनाका शक्तिले बताइएको कुनै कुरो।

डाक–ना० [डाक्] डाक्ने क्रिया; बोलावट।

डाक-बोलाउ–ना० [डाक्+बोलाउ] १. निम्तो; बोलावट। २. डाक्ने र बोलाउने काम।

डाकिनी–ना० [सं०] १. कालीकी एक स्त्री-गण। २. एक पिशाचिनी। ३. बोक्सी; डाइनी।

डाकिनु–स० क्रि० [डाक्+इ+नु] बोलाइनु; ('डाक्नु'-को क० क्रि०)।

डाक्टर–ना० [अं० डॅक्टर] १. पाश्चात्य पद्धतिअनुसार चिकित्सा गर्ने चिकित्सक। २. कुनै विषयका विशिष्ट विद्वान्लाई विश्व-विद्यालयले दिने उपाधि।

डाक्टरी–ना० [अं० डॅक्टर+ई] पाश्चात्य आयुर्वेद; यूरोपीय चिकित्सा-शास्त्र।

डाक्नु–स० क्रि० [डाँको] १. 'आऊ' भन्नु; बोलाउनु; पुकार्नु। २. निम्तो गर्नु।

डाङ्कृति–ना० [सं०] घण्ट, झ्याली आदिको शब्द।

डाङ्ग्रे–ना० [ढ्याङ्ग्रो] १. धामी-झाँक्रीको विद्या सिक्ने व्यक्ति; धामी वा झाँक्रीको चेलो। (वि०) २. ठूलो; डँड़ाक; डाङ्ग्रो।

डाङ्ग्रे-बेत–ना० [डाङ्ग्रे+बेत] एक जातको बेत।

डाङ्ग्रे-सारौं–ना० [ने०] एक जातको सारौं; रूपी; सारिका।

डाङ्ग्रो–ना० [ने०] १. कामीलाई हेलापूर्वक भनिने शब्द; कामीलाई गाली गर्ने शब्द। २. दुच्छर गाई-वस्तु। (वि०) ३. ठूलो; डँड़ाक।

डाड़नी–ना० [फा० दादन] बाली नकाट्दै त्यसको अन्दाज गरी कृषकलाई पेशगीका रूपमा दिइने मूल्य।

डाडु–ना० [सं० दर्वी] तिहुन, तरकारी आदि उभाउने वा चलाउने साधनविशेष।

डाढ़–ना० [सं० दाह] अरूको उन्नति वा सुख-सम्पत्ति देखेर हुने ईर्ष्या; डाह।

डाढ़िनु–स० क्रि० [डाढ्+इ+नु] डाँसिनु; ('डाढ्नु'-को क० क्रि०)।

डाढ़े–वि० [डाढ़+ए] १. डाढ़ गर्ने; आह्रिसे; ईर्ष्यालु। २. असन्तोषी।

डाढ्नु–स० क्रि० [डाढ़+नु] फकाई-फुल्याई लिनु; डाँस्नु; धुत्नु।

डाबर–ना० [दाग] १. खटिरो उठ्ने बखतमा शरीरमा देखिने रक्त-विकारको दाग। २. कुनै विषालु वस्तु लाग्दा वा बिज्दा शरीरमा उच्छिने दाग।

डाम–ना० [डाम्] १. घाउ-खटिराको दाग; खत। २. चोट-पटकको चिह्न। ३. पाइलाको चिह्न; डोब। ४. कुनै वस्तुले कोमल स्थलमा थिच्दा पर्ने त्यसैका आकारको चिह्न।

डामर–ना० [सं०] १. शिवजीद्वारा उपदेश दिइएको एक तन्त्र। २. हो-हल्ला। ३. विप्लव।

डामल–ना० [डाम्] १. डाम्ने काम; धातुका तताइएका मुद्रा आदिले शरीरमा डामेर चिह्न लगाउने काम।

डामिनु–स० क्रि० [डाम्+इ+नु] डामल गरिनु; ('डाम्नु'-को क० क्रि०)।

डाम्नु–स० क्रि० [सं० दाह+नु] १. शरीरमा तातेका फलामले कुनै किसिमको चिह्न लाउनु। २. डामल गर्नु। ३. साँढ़े छोड्नाका निम्ति त्यसका फिलामा तातेका फलामले चक्र र त्रिशूलको चिह्न लाउनु।

डाम्नो–ना० [डाम्] १. डामिएको साँढ़े। २. गाई-वस्तुलाई

CC-0. In Public Domain. Digitization by eGangotri

हेला गरी भनिने शब्द ।

डाम्रो–वि० [नें०] भित्र गुदी वा गेड़ो नभएको; फोस्रो (कोसो, दाना आदि) ।

डायर–ना० [दायर] दायर ।

डायरी–ना० [अं०] दिनभर गरेका कामको सङ्क्षेपमा विवरण लेखिने पुस्तिका ।

डायल–ना० [अं०] अङ्क लेखिएको, माथिबाट सूई घुम्ने घड़ीको मुखको चक्का ।

डारिनु–स० क्रि० [डार्+इ+नु] हालिनु; ('डार्नु'-को क० क्रि०) ।

डार्नु–स० क्रि० [सं० दर्वी+नु] १. हाल्नु । २. झान्नु; फुराउनु ।

डाल–ना० [डौल] १. डौल । २. काम-काज नगरी ढाँचा-काँचा पार्नु । ३. आदत; बानी ।

डालिइनु–अ० क्रि० [डालि+इ+नु] अल्लारिइनु; ('डालिनु'-को भा० क्रि०) ।

डालिनु–अ० क्रि० [डाल+इ+नु] काम नगरी यता-उति लरखरिनु; अल्लारिनु ।

डाली–ना० [डालो+ई] सानो डालो ।

डाले–ना० [डालो+ए] १. प्रेत-क्रियाका निमित्त चाहिने सामान हालेको डालो बोकेर ढिकुरोमा लैजाने व्यक्ति । (वि०) २. डालोको । ३. डालो बोक्ने ।

डाले–वि० [डाल+ए] १. डाल देखाउने; ढाँचा-काँचा देखाउने । २. ठूलो शरीर भएको ।

डालो–ना० [सं० डल्लक] बाँस, निगाला आदिका चोयाले बुनेको, फराकिलो मुख हुने एक प्रकारको गहिरो भाँड़ो ।

डाह–ना० [प्रा०] १. मानसिक पीडा; चिन्ता; दाह । २. अर्काको उन्नति देख्न नसकेर भएको दुःख; डाढ़ ।

डाहा–ना० [डाह] डाह ।

डाहिल्ले–वि० [डाहिल्लो+ए] डाहिल्लो ।

डाहिल्लो–वि० [डाहा+इल्लो] डाही; ईर्ष्यालु ।

डाही–वि० [डाहा+ई] डाहा गर्ने स्वभावको; ईर्ष्यालु ।

डाहुक–ना० [सं०] हुटिटचाउँका आकारको, जलाशयका नजीक रहने एक जातको चरो ।

डिंगनु–ना० [नें०] गाई-वस्तु धपाउने लट्ठी; गोठालाले हातमा लिने लौरो ।

डिंगरी–ना० [सं० डिङ्गर] हल्ला ।

डिंगो–ना० [नें०] १. जवान अवस्थाको गोरु । २. पशु; जन्तु । (वि०) ३. मूर्ख; लन्ठ ।

डिक–ना० [नें०] बन्धकी; धितो; हँड़िक ।

डिको–ना० [नें०] १. देवनागरी अक्षरका शिरमा तानिने धर्को । २. तेर्सो धर्सो; तेर्सो रेखा ।

डिग–ना० [सं० दिक्] तोप, बन्दूक आदिको निशाना; लक्ष्य ।

डिग्री–ना० [अं० डिक्री] देवानी अड्डाबाट प्राप्त हुने जिता-पत्र ।

डिग्री–ना० [अं०] १. विश्व-विद्यालयको स्नातक वा त्यसभन्दा माथिका परीक्षामा उत्तीर्ण हुनेले पाउने पदवी । २. ताप-मान नाप्ने यन्त्र । ३. कोणको अंश ।

डिङ्गर–ना० [सं०] १. चाकर; नोकर । २. धूर्त मानिस; धोखेबाज व्यक्ति । ३. मोटो-घाटो व्यक्ति ।

डिङ्गना–ना० [नें०] लाठो; लट्ठी ।

डिजाइन–ना० [अं०] बनोट; छाँट; ढाँचा ।

डिट्ठो–ना० [सं० डित्थ] १. मुखियाभन्दा माथि, नायब-सुब्बाभन्दा तलको एक निजामती दर्जा; खरीदारसरहको दर्जा । २. नाइके; नायक ।

डिठ–ना० [दीठ] दीठ ।

डिण्डिभ–ना० [सं०] पानीमा बस्ने सर्प ।

डिण्डिम–ना० [सं०] १. एक प्रकारको ढोल । २. डिबडिबे ।

डिण्डिर–ना० [सं०] समुद्रको फीँज ।

डित्थ–ना० [सं०] १. काठको हात्ती । २. श्याम वर्णको, सुन्दर र विद्वान् युवक ।

डिपो–ना० [अं०] १. भण्डार; गोदाम । २. नयाँ सैनिकहरू भर्ना गर्ने र तालीम दिने स्थान ।

डिप्लोमा–ना० [अं०] दक्षताको प्रमाण-पत्र ।

डिबडिबे–ना० [अनु०] डमरु ।

डिबिया–ना० [डिब्बा+इया] १. बट्टा; डिब्बा । २. बत्ती बाल्ने सानो, बाटुलो किसिमको भाँड़ो; टुकी ।

डिब्बा–ना० [सं० डिम्ब] १. बिर्को भएको सानो भाँड़ो; बट्टा । २. रेलको डब्बा ।

डिभिजन-बेन्च–ना० [अं०] सिङ्गल-बेन्चले गरेका फैसला-माथि पुनर्विचार गर्ने अख्तियार भएको र फुल-बेन्चभन्दा कम अख्तियार भएको दुइ जना न्यायाधीशहरूको सभा; खण्ड-न्यायाधिकरण ।

डिमाई–ना० [अं०] अठार इन्च चौड़ाइ र बाईस इन्च लमाइ भएका कागतको नाप ।

डिम्किइनु–अ० क्रि० [डिम्कि+इ+नु]डम्किइनु; ('डिम्किनु'-को भा० क्रि०) ।

डिम्किनु–अ० क्रि० [डम्कि+नु] डम्किनु ।

डिम्को–ना० [सं० डिम्] मुड्कीको हनाइ; मुक्का ।

डिम्क्याइ–ना० [डिम्कि+याइ] डिम्किने किसिम, क्रिया वा भाव ।

डिम्क्याइ–ना० [डिम्क्याउ+आइ] डिम्क्याउने किसिम, क्रिया वा भाव; मुक्क्याइ ।

डिम्क्याइनु–स० क्रि० [डिम्क्याउ+इ+नु] डिम्को दिइनु; ('डिम्क्याउनु'-को क० क्रि०) ।

डिम्क्याउनु–स० क्रि० [डिम्को+याउ+नु] डिम्को दिनु; मुक्क्याउनु; डिम्म्याउनु; मुड्कीले हान्नु ।

डिम्क्याहट–ना० [डिम्क्याउ+याहट] डिम्क्याउने किसिम, क्रिया वा भाव; डिम्क्याइ ।

डिम्ब–ना० [सं०] १. डरले कराएको शब्द; चिच्च्याहट ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. झगड़ा; कलह। ३. अण्डा; फुल। ४. बच्चो; बालक।
डिम्बा–ना० [सं० डिम्ब] चराको फुल; अण्डा।
डिम्बा–ना० [डिम्म] डिम्मा।
डिम्बाहव–ना० [सं०] सामान्य युद्ध।
डिम्बिका–ना० [सं०] १. कामुक स्त्री; वेश्या। २. पानीको फोको।
डिम्भ–ना० [सं०] सानो बच्चो; बालक।
डिम्भक–ना० [सं०] सानो बच्चो; बालक।
डिम्म–क्रि० यो० [सं० डिम्] मुक्काले हिर्काउने किसिम; ड्याम्म।
डिम्मा–ना० [डिम्म] १. मुड्कीको हनाइ; मुक्का। २. कुटाइ; पिटाइ।
डिम्म्याइ–ना० [डिम्म्याउ+आइ] डिम्म्याउने किसिम, क्रिया वा भाव।
डिम्म्याइनु–स० क्रि० [डिम्म्याउ+इ+नु] डिम्क्याइनु; ('डिम्म्याउनु'-को क० क्रि०)।
डिम्म्याउनु–स० क्रि० [डिम्क्याउ+नु] डिम्क्याउनु।
डिल–ना० [ने०] डील।
डिल्ली–ना० [दिल्ली] दिल्ली।
डिसमिस–ना० [अं०] खारिजी; बर्खासी।
डिसेम्बर–ना० [अं०] ईसवी वर्षको अन्तिम महीना; मङ्सीर र पौष महीनाका बीचमा पर्ने ईसवी महीना।
डिस्पेन्सरी–ना० [अं०] औषधालय।
डिही–ना० [ने०] १. कसैको खान्गी, खुवा वा माना-चामलमा दरिएको पाखो जग्गा। २. एक जनाका अधिकारमा रहेको पाखो जमीन। ३. अग्लो समथर जमीन; डाँड़ो।
डीङ–ना० [सं० डिङ्गर] धाक; फाइँफुट्टी।
डीन–ना० [सं०] उड्ने काम; उड़ाइ।
डील–ना० [ने०] १. पानी, पहिरो आदि रोक्न र साँध-सिमाना छुट्टयाउन बनाइने ठूलो आली; कान्लो। २. कद; शरीरको बनोट।
डील-डौल–ना० [डील+डौल] छाँट-काँट; आकार-प्रकार; कद।
डुँड़ाइ–ना० [डुँड़ाउ+आइ] डुँड़ाउने किसिम, क्रिया वा भाव।
डुँड़ाइनु–अ० क्रि० [डुँड़ाउ+इ+नु] डुँड़ाउने होइनु; ('डुँड़ाउनु'-को भा० क्रि०)।
डुँड़ाउनु–अ० क्रि० [सं० डाङ्क+आउ+नु] १. पोथीले भाले खोजेर वा भालेले पोथी खोजेर हिँड्नु; सम्भोगको इच्छाले यता-उति हिँड्नु। २. कराउँदै हिँड्नु।
डुँडुलो–ना० [डुँड़ो] हर्युङ्गो; हत्केलो (निन्दार्थमा)।
डुँड़े–वि० [डुँड़ो+ए] डुँड़ो।
डुँड़ो–वि० [ने०] १. औंला नभएको (हात वा गोड़ो)। २. हर्युङ्गो वा हात नभएको। ३. छोटो हात भएको।
डुइँया–ना० [डुहिँया] डुहिँया।
डुकु–ना० [ने०] रायो, मूला आदिको फूलसहितको नरम डाँठ।
डुकू–वि० [डुलुवा] काम नगरी यता-उति डुलिरहने; बेइलमी; निरुद्योगी।
डुकू-लन्ठ–वि० [डुकू+लन्ठ] बेकारमा यता-उति हल्लिरहने; बेइलमी।
डुक्नु–अ० क्रि० [डाँको+नु] १. साँढ़े, बाघ आदि कराउनु; गर्जनु। २. गर्वका साथ ठूलो स्वरले बोल्नु; ठूलो डाँको गरी बोल्नु।
डुक्राइ–ना० [डुक्र+आइ] डुक्रने किसिम, क्रिया वा भाव; डुक्र्याइ।
डुक्राइनु–स० क्रि० [डुक्राउ+इ+नु] डुक्रन लाइनु; ('डुक्राउनु'-को क० क्रि०)।
डुक्राउनु–स० क्रि० [डुक्र+आउ+नु] डुक्रन लाउनु; ('डुक्रनु'-को प्रे० क्रि०)।
डुक्रिइनु–अ० क्रि० [डुक्रि+इ+नु] गर्जिनु; ('डुक्रिनु'-को भा० क्रि०)।
डुक्रिनु–अ० क्रि० [डुक्र+इ+नु] १. डुक्रनु। २. गर्जिनु; ('डुक्रनु'-को भा० क्रि०)।
डुक्र्याइ–ना० [डुक्रि+याइ] डुक्रिने किसिम, क्रिया वा भाव; डुक्राइ।
डुक्र्याइनु–स० क्रि० [डुक्र्याउ+इ+नु] डुक्राइनु; ('डुक्र्याइनु'-को क० क्रि०)।
डुक्र्याउनु–स० क्रि० [डुक्र+याउ+नु] डुक्राउनु; ('डुक्रनु'-को प्रे० क्रि०)।
डुगडुग–क्रि० यो० [अनु०] डमरु, सानो दमाहा, टयाम्को आदि बजाउँदा शब्द आउने किसिम।
डुगडुगी–ना० [डुगडुग] छालाले मढ़ेको दमाहाजस्तो एक किसिमको सानो बाजा; टयाम्को।
डुङडुङ–क्रि० यो० [ने०] सड़े-गलेका वस्तुहरू नराम्रो किसिमले गह्नाउने किसिम; ठसठस।
डुङडुङी–क्रि० यो० [डुङडुङ+ई] डुङडुङती; ठसठसी।
डुङडुङती–क्रि० यो० [डुङडुङ+ती] डुङडुङ; ठसठसी।
डुङ्गा–ना० [सं० द्रोण] नौका; नाउ।
डुङ्गुर–ना० [प्रा० डुंगर] १. ठूलो थुप्रो; रास; डङ्गुर। (वि०) २. धेरै; प्रशस्त।
डुठो–ना० [ने०] ईँट, ढुङ्गा आदिको टुक्रो।
डुण्डुक–ना० [सं०] बन-डुन्डु।
डुण्डुभ–ना० [सं०] १. पानीमा रहने एक जातको निर्विष सर्प। २. डुम-सर्प।
डुण्डुल–ना० [सं०] एक जातको सानो लाटोकोसेरो।
डुन्डी–ना० [सं० डिमडिम] छाला मढ़ेको ठोकेर बजाइने एक किसिमको बाजा। २. त्यो बाजा बजाएर सर्व-साधारणका जानकारीका लागि कुनै कुरो सूचित गर्ने काम।
डुन्डु–ना० [सं० डुण्डुक] लशुनका पोटीमा गहूँ घुसारेर

CC-0. In Public Domain. Digitization by eGangotri

उमारिने, गहूँको बोटजस्तो एक जातको साग; साँखुले ।

डुबाइ–ना० [डुब्+आइ] डुब्ने किसिम, क्रिया वा भाव ।

डुबाइ–ना० [डुबाउ+आइ] डुबाउन किसिम, क्रिया वा भाव ।

डुबाइनु–स० क्रि० [डुबाउ+इ+नु] डुब्न लाइनु; ('डुबाउनु'-को क० क्रि०) ।

डुबाउनु–स० क्रि० [डुब्+आउ+नु] १. पानी वा तरल पदार्थ-भित्र पसाउनु; बुड़ाउनु । २. नाश गर्नु । ३. हद खराब अवस्थासम्म पुऱ्याउनु; ('डुब्नु'-को प्रे० क्रि०) ।

डुबिनु–अ० क्रि० [डुब्+इ+नु] बुड़िनु; ('डुब्नु'-को भा० क्रि०) ।

डुबुल्की–ना० [डुब्] पानीमा डुब्ने काम; गोता; डुब्की ।

डुब्की–ना० [डुब्] डुबुल्की ।

डुब्नु–अ० क्रि० [सं० ब्रुड्+नु] १. पानी वा तरल पदार्थभित्र पस्नु; बुड्नु । २. कुनै कार्यमा गड़ेर विचार गर्नु । ३. कुनै काम वा कुरोमा तल्लीन हुनु । ४. अन्तिम अवस्थामा पुग्नु । ५. पूरापूर नष्ट हुनु ।

डुम–ना० [प्रा० डुंब] १. चाण्डाल; डोम । २. दमाईं, जातिलाई हेलापूर्वक भनिने शब्द । ३. केटा-केटीका कुनै-कुनै खेलमा अछूत बनेको व्यक्ति ।

डुम-काग–ना० [सं० द्रोण-काक] ढोले काग ।

डुम-सर्प–ना० [सं० डुण्डुभ+सर्प] शरीरमा ठाड़ा धर्काहरू हुने एक जातको सर्प ।

डुमे–ना० [डुम+ए] दमाईंलाई हेला गरी भनिने शब्द; डुम ।

डुम्म–क्रि० यो० [ने०] १. धेरै खाएर वा वायु बढ़ेर पेट फुल्ने किसिम; टुन्न । २. डिम्क्याउँदा शब्द आउने किसिम; डिम्म ।

डुम्री–ना० [सं० उदुम्बर] १. फूल नफुलीकनै अञ्जीर-जस्ता फल फल्ने, लाम्चा पात हुने, बरका जातको रूख । २. त्यसैको फल । (नदीका किनारमा हुने जातको डुम्रीको फल गोल हुन्छ ।)

डुलन्ता–वि० [डुलन्ते] डुलन्ते ।

डुलन्ते–वि० [डुल्+अन्ते] डुलिरहने स्वभावको; डुलुवा ।

डुल-फिर–ना० [डुल्+फिर्] यता-उति डुल्ने काम; घुम-फिर ।

डुलाइ–ना० [डुल्+आइ] डुल्ने किसिम, क्रिया वा भाव ।

डुलाइ–ना० [डुलाउ+आइ] डुलाउने किसिम, क्रिया वा भाव ।

डुलाइनु–स० क्रि० [डुलाउ+इ+नु] डुल्न लाइनु; ('डुला-उनु'-को क० क्रि०) ।

डुलाउनु–स० क्रि० [डुल्+आउ+नु] डुल्न लाउनु; ('डुल्नु'-को प्रे० क्रि०) ।

डुलि–ना० [सं०] पोथी कछुवा ।

डुलिनु–अ० क्रि० [डुल्+इ+नु] यता-उति घुमिनु; ('डुल्नु'-को भा० क्रि०) ।

डुलुवा–वि० [डुल्+उवा] डुलन्ते ।

डुलुवा-भूत–ना० [डुलुवा+भूत] १. हिँड़िरहेका मानिस-माथि अकस्मात् लाग्ने एक किसिमको भूत । २. गुन्डो; रण्डीबाज ।

डुल्की–ना० [सं० डोलन] केही उफ्रँदै चारै ओटा खुट्टा छुट्टा-छुट्टै उठाएर दगुर्ने घोड़ाको एक चाल ।

डुल्नु–अ० क्रि० [प्रा० डुंडुल्ल+नु] १. यता-उति घुम्नु; घुम-फिर गर्नु । २. मन बहलाउनाका निम्ति यता-उति हिँड्नु; टहल्नु ।

डुहिँया–ना० [नेवा० दुइँ] नेवार-जातिको एक वर्ग; पुतुवार ।

डुहुरे–वि० [डुहुरो+ए] सानो गाँठीको; लुरे; डुहुरो ।

डुहुरे-मूसो–ना० [डुहुरे+मूसो] सानो जातको मूसो ।

डुहुरो–वि० [सं० दुर्वल] सानो कदको; डुहुरे; लुरे ।

डूँड–ना० [सं० द्रोण] १. पानी ल्याउन वा पठाउन हालिने कुलेसो वा ढुङ्ग्रोजस्तो माटो, टिन आदिको वस्तु । २. नालको पानी निस्कने प्वाल; पनालो । ३. तोरीको खोस्टो । ४. गाई-भैँसीलाई भुस्सा, कुँड़ो आदि खुवाउने काठ वा धातुको भाँड़ो; क्वाण्डा ।

डूम–ना० [डुम] डुम ।

डूमे–ना० [डुमे] डुमे ।

डूस–ना० [अं० डूश] तरल औषधी गुद-द्वारबाट नलीद्वारा हाली दिसा खुलाउने एक उपचार ।

डेउढ़ा–वि० [डेड़ो] १. छड्के; टेढ़ो । २. बाङ्गो । ३. दोठचाङ परेको ।

डेउढ़ी–ना० [सं० देहली] १. ढोका; द्वार । २. ढोकाअगाड़िको ठाउँ; खड्गेली । ३. सड़क घुमेको ठाउँ; मोड़ ।

डेउढ़ो–वि० [डेउढ़ा] १. मिलनसार नभएको; अड़भङ्ग्याहा । २. डेउढ़ा (बाटो) ।

डेक्ची–ना० [फा० देगचः] देक्ची ।

डेग–ना० [डग्] पाइलो; कदम ।

डेड़े–वि० [डेड़ो+ए] डेड़ो ।

डेड़ो–वि० [प्रा० डेर] १. टेढ़ो; कर्के; बाङ्गो (आँखा) । २. आँखा टेढ़ो हुने; टेढ़ो गरी हेर्ने ।

डेढ़–वि० [सं० अध्यर्ध] एक र आधा; साढ़े एक ।

डेढ़-अक्कल–ना० [डेढ़+अक्कल] नचाहिँदो बढ़्ता अक्कल; लाल-बुझक्कड़को बुद्धि ।

डेढ़-अक्कली–वि० [डेढ़-अक्कल+ई] डेढ़-अक्कल लाउने ।

डेढ़ी–वि० [डेढ़+ई] एक र आधा; डेढ़ ।

डेपुटी–ना० [अं०] नायब (सचिव, कमिश्नर आदि) ।

डेप्पा–वि० [नेवा० देपा] दाहिने हातभन्दा बायाँ हात बढ़्ता चलाउने; देब्रे; बाउँटे ।

डेबर-काँढ़ो–ना० [?+काँढ़ो] चाँगेका जस्ता पात, पहेँला गोल फूल, ठूला-ठूला काँढ़ा हुने र सुन्तला-रङ्गको जरा हुने एक जातको लहरो ।

डेब्रिइनु–अ० क्रि० [डेब्रि+इ+नु] डेब्रो होइनु; ('डेब्रिनु'-को भा० क्रि०) ।

डेब्रिनु–अ० क्रि० [डेब्रो+नु] १. डेब्रो हुनु; बाउँटिनु ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. टेढ़ो स्वभावको हुनु; टेढ़िनु।

डेब्र्याइ–ना० [डेब्रि+आइ] डेब्रिने किसिम, क्रिया वा भाव।

डेब्र्याइनु–स० क्रि० [डेब्र्याउ+इ+नु] डेब्रो पारिनु; ('डेब्र्याउनु'-को क० क्रि०)।

डेब्र्याउनु–स० क्रि० [डेब्रि+याउ+नु] डेब्रो पार्नु; ('डेब्रिनु'-को प्रे० क्रि०)।

डेब्र्याहट–ना० [डेब्रि+याहट] डेब्रिने किसिम, क्रिया वा भाव; डेब्र्याइ।

डेब्रो–वि० [ने०] १. भनेको कुरो नबुझ्ने; एक थोक भन्दा अर्को थोक गर्ने; अधवेसो। २. अटेर; बाउँटो।

डेम–ना० [सं०] डोम; डुम।

डेरा–ना० [प्रा० डायाल] केही दिन बसिने अरूको घर; अस्थायी वास-स्थान; भाड़ाको घर वा कोठो।

डेरी–ना० [अं० डेयरी] गाई, भैंसी आदि पाल्ने र दूध, नौनी आदि बेच्ने ठाउँ।

डेलिइनु–स० क्रि० [डेलि+इ+नु] पेट टुन्न हुने गरी खाइनु; ('डेलिनु'-को क० क्रि०)।

डेलिनु–स० क्रि० [डेली+नु] १. पेट टुन्न हुने गरी धेरै खानु; डकुल्याउनु। २. अघाउनु; तृप्त हुनु।

डेली–ना० [सं० डल्लक] बाँसका चोया, बेत, छाला आदिको पेटारो।

डेल्याइ–ना० [डेलि+याइ] डेलिने किसिम, क्रिया वा भाव।

डेस्क–ना० [अं०] लेख-पढ़ गर्नाका निमित्तको एक किसिमको सानो टेबिल।

डोके–ना० [डोको+ए] डोको बोक्ने; डोको बोकेर जीविका गर्ने।

डोकेसो–ना० [डोको+एसो] १. अड़िन्चे लागेका वा पिराहा केटा-केटीलाई डोकाले छोपी पानी खन्याएर गरिने सजाय वा उपचार। २. चरा-चरुङ्गी पक्रने डोकाको पासो।

डोको–ना० [सं० डल्लक] १. माल-ताल हालेर नाम्लो वा खकन लगाई पिठिउँमा बोकिने बाँस, निगाला आदिका चोयाले बुनेको, ठूलठूला आँखा (प्वाल) परेको, सोलीका आकारको भाँड़ो। २. सरकारी हुलाक बोक्ने एक प्रकारको रकम। (यस्तो श्रम गर्नेलाई सरकारले अघि खेती गरी खान खानगीका रूपमा केही जग्गा दिन्थ्यो।)

डोको-पानी–ना० [डोको+पानी] डोकेसो।

डोटी–ना० [ने०] नेपालको पश्चिमी भागमा रहेको एक जिल्ला।

डोटेल–वि० [डोटी+एल] १. डोटी जिल्लामा रहने; डोटी-निवासी। २. डोटी जिल्लाको; डोटी-सम्बन्धी।

डोठचाङ–ना० [दोठचाङ] दोठचाङ।

डोब–ना० [सं० डिम्] १. सियो, बन्चरो, हलो आदि हतियार लागेको चिह्न; हतियारको चोट; डाम; खत। २. चास (खेत)।

डोबटी–ना० [ने०] एक जातको दुम्जाली खाँड़ी।

डोबाइ–ना० [डोब्+आइ] डोब्ने किसिम, क्रिया वा भाव।

डोबिनु–स० क्रि० [डोब्+इ+नु] डोब लाइनु; ('डोब्नु'-को क० क्रि०)।

डोबिल्को–ना० [डुबुल्की] सानो जलाशय; कूवा।

डोब्नु–स० क्रि० [डोब+नु] १. ठूलठूला टाँका गरेर सिउनु; डोब लाउनु। २. घोच्नु; खिल्नु। ३. डुबाउनु; चोपल्नु। ४. चोट लाउनु; घाउ लाउनु। ५. चिह्न लाउनु।

डोभ–ना० [डोब] डोब।

डोम–ना० [सं० डेम] डूम; चाण्डाल।

डोर–ना० [सं०] १. कुनै विशेष कामका निम्ति अड्डाबाट केही दिनका लागि खटाएर पठाइने कर्मचारीहरूको दल। २. त्यस दलको काम। ३. धागो; सूत। ४. तीर्थ-यात्राको प्रसङ्ग।

डोरिनु–स० क्रि० [डोरो+इ+नु] समातेर हिँड़िनु।

डोरी–ना० [सं० डोर] बाबियो, पाट, धागो आदि बाटेर दुइ-तीन पयो लगाएको मोटो डोरो; लखाकी।

डोरेँटो–ना० [डोरो+बाटो] सानो बाटो; गोरेटो।

डोरे–वि० [डोरो+ए] १. डोरो भएको; डोरो-सम्बन्धी। २. धर्का-धर्की भएको।

डोरो–ना० [सं० डोर] १. धर्को; रेखा। २. धागो; सूत। ३. रक्षा-बन्धन। ४. बाटो।

डोऱ्याँटो–ना० [डोरेँटो] डोरेँटो।

डोऱ्याइ–ना० [डोऱ्याउ+आइ] डोऱ्याउने किसिम, क्रिया वा भाव।

डोऱ्याइ–ना० [डोरि+याइ] डोरिने किसिम, क्रिया वा भाव।

डोऱ्याइनु–स० क्रि० [डोऱ्याउ+इ+नु] समातेर हिँडाइनु; ('डोऱ्याउनु'-को क० क्रि०)।

डोऱ्याउनु–स० क्रि० [डोरि+याउ+नु] १. राम्ररी हिँड्न नसक्नेलाई हात समातेर हिँडाउनु। २. कसैलाई आफ्ना पछि लाएर हिँडाउनु। ३. पशुलाई डोरीले बाँधी घिच्च्याउनु।

डोल–ना० [डोली] दुइ डाँड़ाका बीचको लामो, सोतो जमीन।

डोल–ना० [प्रा०] इनारबाट पानी झिक्ने डल्लो किसिमको भाँड़ो।

डोला–ना० [दुलही] विवाह गर्नाका निमित्त घरमा ल्याएर राखेकी कन्या।

डोला–ना० [प्रा०] मानिसले बोक्ने एक किसिमको सवारी; डोली।

डोलाइ–ना० [डोलाउ+आइ] डोलाउने किसिम, क्रिया वा भाव।

डोलाइनु–स० क्रि० [डोलाउ+इ+नु] झुलाइनु; ('डोलाउनु'-को क० क्रि०)।

डोलाउनु–स० क्रि० [सं० डोलन+आउ+नु] १. बिस्तारै-बिस्तारै हल्लाउनु; झुलाउनु। २. चमर, पङ्खा आदि हम्कनु। ३. कसिङ्गर वा मिश्रित वस्तुहरू छुट्ट्याउन अनाजहरू नाङ्लामा हाली बिस्तारै हल्लाउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

डोलाजी–ना० [दुलहा+जी] विवाह गर्नाका निमित्त घरमा ल्याएर राखिने वर वा वधू।

डोलामी–ना० [डोलो] डोलो किसिमको लामो, सलक्क परेको चुल्ठो।

डोलिइनु–अ० क्रि० [डोलि+इ+नु] डोलिने होइनु, ('डोलिनु'-को भा० क्रि०)।

डोलिनु–अ० क्रि० [डोल्+इ+नु] हल्लिनु; ('डोल्नु'-को भा० क्रि०)।

डोली–ना० [डोला+ई] मानिसद्वारा बोकिने एक किसिमको सवारी; डोला।

डोले–ना० [डोली+ए] १. डोली बोक्ने व्यक्ति; डोली बोक्ने पेशा भएको मानिस। २. भान्सामा खानेकुरो ओसार्ने वा भाँड़ा माझ्ने नोकर।

डोलो–वि० [नें०] लामो र गोल; समरो (लट्ठी, स्तम्भ आदि)।

डोलो-गुँद–ना० [डोलो+गुँद] डोलो पात हुने एक जातको गुँद झार।

डोल्नु–अ० क्रि० [सं० डोलन] हल्लनु; यता-उति झुल्नु।

डोल्याइ–ना० [डोल्याउ+आइ] डोल्याउने किसिम, क्रिया वा भाव।

डोल्याइनु–स० क्रि० [डोल्याउ+इ+नु] डोलो पारिनु; ('डोल्याउनु'-को क० क्रि०)।

डोल्याउनु–स० क्रि० [डोलो+याउ+नु] डोलो पार्नु; लाम्चो र गोल पार्नु।

डोल्सी–ना० [डालो] माझमा गहिरो भई दुइ किनार उठेको खाल्डो; त्यस्तै लामो रेखा।

डोहो–ना० [सं० दुर्लभ] १. खाँचो; हर्जा। २. कमी; न्यूनता।

डोहो–ना० [सं० द्रोह] रीस; डाढ़; ईर्ष्या।

डौंठे–वि० [डाँठ] १. काम गर्ने सीप नभएको; ढङ्ग नभएको। २. ठाड़े।

डौंठे-निहुरो–ना० [डौंठे+निहुरो] ठूल्ठूला डाँठ हुने एक जातको निहुरो।

डौंड़ारिइनु–अ० क्रि० [डौंड़ारि+इ+नु] काम-काज नगरी यता-उति डुलिनु; ('डौंड़ारिनु'-को भा० क्रि०)।

डौंड़ारिनु–अ० क्रि० [नें०] १. काम-काज नगरी यता-उति डुल्नु; ढौंटारिनु। २. फटफटाउँदै यता-उति घुम्नु।

डौंड़ारे–वि० [डौंड़ारि+ए] १. काम गर्ने ढङ्ग नभएको; सीप नभएको। २. घुमुवा; डुलुवा। ३. अनुचित किसिमले खर्च गर्ने; जथाभावी खर्च गर्ने।

डौंड़ारो–ना० [नें०] ठूलो प्वाल; भड्खारो; भ्वाङ।

डौंड़ान्याइ–ना० [डौंड़ान्याउ+आइ] डौंड़ान्याउने किसिम, क्रिया वा भाव।

डौंड़ान्याइन–स० क्रि० [डौंड़ान्याउ+इ+नु] यता-उति डुलाइनु; ('डौंड़ान्याउनु'-को क० क्रि०)।

डौंड़ान्याउनु–स० क्रि०[डौंड़ारि+याउ+नु] काम-न-काजसित यता-उति डुलाउनु; ('डौंड़ारिनु'-को प्रे० क्रि०)।

डौल–ना० [सं० देह] कुनै रचनाको बनोट; आकार-प्रकार; डबल।

ड्याक–ना० [नेवा० द्यायेगु] व्यापारमा भएको हानि; नोक्सान; घाटा।

ड्याङ–ना० [नें०] १. खेती लाउनाका निमित्त दुइतिर कुलेँसो पारी बीचमा उठाइएको माटाको डील। (वि०) २. लट्ठक; निर्बुद्धि।

ड्याङ-पाता–ना० [ड्याङ+पात] रूख, पात आदिमा गुँड़ बनाएर बस्ने, रातो भावको, ठूलो एक जातको कमिलो।

ड्याम्म–क्रि० यो० [अनु०] १. पछारिने किसिम; ड्वाङ-ङ्ङाङङ। २. मुक्काले हिर्काउने किसिम; ढ्याम्म। ३. व्यापक रूपले ढाकिने किसिम; टम्म।

ड्याम-ड्याम–ना० [अनु०] १. धमाधम मुक्कयाउने किसिम; ढ्याम-ढ्याम। २. एकपछि अर्को पछारिने किसिम।

ड्यामड्यामती–क्रि० यो० [ड्याम-ड्याम+ती] ड्याम-ड्याम।

ड्यास–ना० [अं० डॅश] हाइफेनजस्तो एक प्रकारको विराम-चिह्न; (—) यो चिह्न।

ड्यौढ़ा–वि० [डेउढ़ा] डेउढ़ा।

ड्यौढ़ी–ना० [डेउढ़ी] डेउढ़ी।

ड्यौढ़ो–वि० [डेउढ़ो] डेउढ़ो।

ड्राइङ्ग–ना० [अं० ड्राइङ] रेखा-चित्र बनाउने कला।

ड्राप–ना० [अं० ड्रॅप-सीन] नाटच-मञ्चको सबभन्दा अगाड़िको पर्दा; प्रत्येक अङ्क समाप्त भएपछि खसालिने नाटच-मञ्चको पर्दा।

ड्राम–ना० [अं०] पानी आदि तरल पदार्थको साठी थोपाको परिमाण; आउन्सको आठौं भाग।

ड्रामा–ना० [अं०] नाटक।

ड्वाँ-ड्वाँ–क्रि० यो० [अनु०] १. गाई-वस्तु कराउने किसिम। २. ठूलो स्वरले कराएर हिंड्ने किसिम; ठूलो डाँको छोड़ेर रुने किसिम।

ड्वाङ्ग–क्रि० यो० [अनु०] १. पछारिने किसिम; ड्याम्म। २. झ्याल, ढोका आदि खुला हुने किसिम; उदाङ्ग।

ड्वाङग्राङ्ग–क्रि० यो० [अनु०] ड्वाङङ्गाङ।

ड्वाङ्ङ–क्रि० यो० [ड्वाङ्ग] ड्वाङ्ग।

ड्वाङड्वाङती–क्रि० यो० [उदाङ्ग] झ्याल, ढोका आदि बिलकुल खुला रहने किसिम।

ड्वाङ्ङाङङ–क्रि० यो० [अनु०] जोड़सित पछारिने किसिम; ढ्याङ्ग।

ड्वाम्म–क्रि० यो० [अनु०] ड्याम्म।

CC-0. In Public Domain. Digitization by eGangotri

ढ

ढ–देवनागरी वर्ण-मालाको चौथौं व्यञ्जन-वर्ण। ट-वर्गको चौथो अक्षर। यसको उच्चारण मूर्द्धा-स्थानबाट हुन्छ।

ढँटाइ–ना० [ढाँट्+आइ] ढाँट्ने किसिम, क्रिया वा भाव।

ढँटुवा–वि० [ढाँट्+उवा] ढाँट्ने स्वभावको; ढाँट; फटाहा।

ढक–ना० [सं० आढक] धार्नी, पाउ, मन आदि तौलने सरकारी छाप लागेको साधन।

ढकढक–क्रि० यो० [अनु०] काठ, टिन आदिमा ठोक्दा शब्द आउने किसिम।

ढकढक्याइ–ना० [ढकढक्याउ+आइ] ढकढक्याउने किसिम, क्रिया वा भाव।

ढकढक्याइनु–स० क्रि० [ढकढक्याउ+इ+नु] ढकढक्याउने काम गरिनु; ('ढकढक्याउनु'-को क० क्रि०)।

ढकढक्याउनु–स० क्रि० [ढकढक+याउ+नु] भाँडामा अन्न-पात आदि धेरै अटाउनाका निम्ति ढकढक आवाज आउने गरी हल्लाउनु।

ढकना–ना० [ढाक्+ना] ढाक्ने साधन; छपनी; बिर्को।

ढकनी–ना० [ढकना+ई] सानो ढकना।

ढकनी–ना० [प्रा० ढङ्कन] ढड्याएको चामल घिउमा भुटी, दूधमा फरफराउँदो गरी पकाएको खाद्य पदार्थ; चाम्रे।

ढकने–ना० [ढकनी] ढकनी।

ढकमक्क–क्रि० यो० [ने०] १. प्रशस्त फूलहरू फुल्ने किसिम। २. राम्ररी ढाक्ने किसिम।

ढकाइ–ना० [ढाक्+आइ] ढाक्ने वा ढाकिने किसिम, क्रिया वा भाव।

ढकाइनु–स० क्रि० [ढकाउ+आइ+नु] ढाक्न लाइनु; ('ढकाउनु'-को क० क्रि०)।

ढकाउनु–स० क्रि० [ढाक्+आउ+नु] ढाक्न लाउनु; छोपाउनु; ('ढाक्नु'-को प्रे० क्रि०)।

ढकायो–ना० [ने०] डाँठका टुप्पामा प्रायः तीन वटा पात हुने, घोगाका रूपमा पहेँला फूल फुल्ने एक जातको बूटी।

ढकिया–ना० [ढकी+इया] ढकी।

ढकी–ना० [नेवा० धकि] फल, फूल आदि हाल्ने, चोया आदिले बुनेको खुला मुखको भाँडो; ढक्की।

ढक्क–क्रि० यो० [ने०] भय वा अत्याहटले जीउ फुल्ने किसिम; मुटु बन्द हुन खोज्ने किसिम।

ढक्क–ना० [सं०] ठूलो भवन; दरबार।

ढक्कन–ना० [सं०] बन्द गर्नु; लाउनु (झ्याल, ढोका आदि)।

ढक्का–ना० [सं०] ठूलो ढोल; नगरा; दमाहा।

ढक्कारी–ना० [सं०] दुर्गाको एक रूप; तारा।

ढक्की–ना० [ढकी] ढकी।

ढङ्ग–ना० [ढाँचा] १. स्वभाव; बानी-बेहोर। २. सीप; निपुणता। ३. छाँट; ढाँचा। ४. किसिम; प्रकार। ५. काम गर्ने पद्धति; शैली।

ढड़िया–ना० [ने०] माछा पक्रन नदी-नालामा थापिने, बाँसका चोयाको, सोलीका आकारको पासो; एक किसिमको खुँगा।

ढड़ेन–ना० [ढड्डी] १. धेरै ढुङ्गा भएको जग्गा; ढुङ्गेन। २. खर, काँस आदि घाँस उम्रेको पर्ती जग्गा।

ढड्डा–ना० [ढब्बू] ठूलो बही-खाता।

ढड्डी–ना० [प्रा० डब्भ] काँसका जस्ता लामा-लामा पात र रातो कल्कीजस्तो फूल हुने एक जातको घाँस; ठूलो एक जातको काँस।

ढड्डू–वि० [ढाड़] खूब अग्लो र मोटो; ढाड़ी।

ढड़्याइ–ना० [ढड़्याउ+आइ] ढड़्याउने किसिम, क्रिया वा भाव।

ढड़्याइ–ना० [ढड़्याउ+आइ] ढड़्याउने किसिम, क्रिया वा भाव।

ढड़्याइ–ना० [ढाड़ि+याइ] ढाड़िने किसिम, क्रिया वा भाव।

ढड़्याइनु–स० क्रि० [ढड़्याउ+इ+नु] धड़-पकड़ गरिनु; ('ढड़्याउनु'-को क० क्रि०)।

ढड़्याइनु–स० क्रि० [ढड़्याउ+इ+नु] ढाड़िने गराइनु; ('ढड़्याउनु'-को क० क्रि०)।

ढड़्याउनु–स० क्रि० [सं० धर्+याउ+नु] धड़-पकड़ गर्नु; हड़्याउनु।

ढड़्याउनु–स० क्रि० [ढाड़ि+याउ+नु] १. पानीमा राखेर फुलाउनु; भिजाउनु; ढाड़िने गराउनु। २. मन नपरीकन खुवाउनु। ३. पेट बोकाउनु; गर्भ-धारण गराउनु; ('ढाड़िनु'-को प्रे० क्रि०)।

ढड़्यान–ना० [ढड्डी] पानी नअड्ने जमीन; उब्जा नहुने जमीन।

ढड़्यान–ना० [ढड़ेन] ढड़ेन।

ढपाइ–ना० [ढाप्+आइ] ढाप्ने किसिम, क्रिया वा भाव; ढकाइ।

ढपाइनु–स० क्रि० [ढपाउ+आइ+नु] ढाप्न वा छोप्न लाइनु; ('ढपाउनु'-को क० क्रि०)।

ढपाउनु–स० क्रि० [ढाप्+आउ+नु] ढाप्न लाउनु; छोपाउनु; ('ढाप्नु'-को प्रे० क्रि०)।

ढपोट–ना० [अ० दफ़आत] १. विभिन्न रकमका आम्दानी-खर्च, नगदी-जिन्सी सबै फाँट खोली बही बुझाउने ठाउँमा रकमीले बुझाउने ठूलो बही। २. एक किसिमको बासिल-बाँकी।

ढब–ना० [ढङ्ग] १. छाँट; ढाँचा। २. बानी-बेहोर; चाल-चलन। ३. काम गर्ने प्रणाली; ढङ्ग।

ढब्बू–वि० [ने०] ज्यादै ठूलो; भद्दा किसिमको; बड़ेमाको।

CC-0. In Public Domain. Digitization by eGangotri

ढमढम–क्रि० यो० [अनु०] १. रीसले वा आवेगमा खुट्टा बजारी हिँड्दा शब्द आउने किसिम। २. ढोल, नगरा आदि बजाउँदा शब्द आउने किसिम।

ढम्म–क्रि० यो० [ने०] पछारिने वा लड्ने किसिम; ढचाम्म।

ढरररढम–क्रि० यो० [अनु०] ढर्र-ढम।

ढर्र–क्रि० यो० [अनु०] १. दमाहा आदि बाजा बजाउँदा शब्द आउने किसिम। २. एकैसाथ धेरै तोप, बन्दूकहरू पड्काउँदा शब्द आउने किसिम। ३. ठूलो शब्दले अपान-वायु छोड्ने किसिम।

ढर्र-ढम–क्रि० यो० [अनु०] दमाहा आदि बाजा बज्ने किसिम।

ढर्रा–ना० [सं० धारा] जमात; समूह; हूल; पर्रा।

ढल–ना० [प्रा०] १. फोहर पानी बग्ने पनालो। २. कुलो; नहर।

ढलक्क–क्रि० यो० [ढल्] ढल्कने किसिम।

ढलपल–क्रि० यो० [ढलमल] टलपल।

ढलपलाइ–ना० [ढलपलाउ+आइ] ढलपलाउने किसिम, क्रिया वा भाव; टलपलाइ।

ढलपलाइनु–अ० क्रि० [ढलपलाउ+इ+नु] टलपलाइनु; ('ढलपलाउनु'-को भा० क्रि०)।

ढलपलाउनु–अ० क्रि० [ढलपल+आउ+नु] टलपलाउनु।

ढलमल–क्रि० यो० [प्रा० ढण्डल्लिअ] लड्न खोज्ने किसिम; ढलपल।

ढलमलाइ–ना० [ढलमलाउ+आइ] ढलमलाउने किसिम, क्रिया वा भाव।

ढलमलाइनु–अ० क्रि० [ढलमलाउ+इ+नु] ढलमल गरिनु; ('ढलमलाउनु'-को भा० क्रि०)।

ढलमलाउनु–अ० क्रि० [ढलमल+आउ+नु] ढलमल गर्नु; लड्न खोज्नु; डगमगाउनु।

ढलमलिइनु–अ० क्रि० [ढलमलि+इ+नु] ढलमलाइनु; ('ढलमलिनु'-को भा० क्रि०)।

ढलमलिनु–अ० क्रि० [ढलमल+इ+नु] ढलमलाउनु।

ढलाइ–ना० [ढल्+आइ] ढल्ने किसिम, क्रिया वा भाव।

ढलाइ–ना० [ढलाउ+आइ] १. ढलाउने किसिम, क्रिया वा भाव। २. ढाल्ने किसिम, क्रिया वा भाव।

ढलाइनु–स० क्रि० [ढलाउ+इ+नु] ढल्न वा ढाल्न लाइनु; ('ढलाउनु'-को क० क्रि०)।

ढलाउनु–स० क्रि० [ढल्+आउ+नु] ढल्न लाउनु; ढाल्नु; ('ढल्नु'-को प्रे० क्रि०)।

ढलाउनु–स० क्रि० [ढाल्+आउ+नु] १. ढाल्नु। २. ढाल्न लाउनु; ('ढाल्नु'-को प्रे० क्रि०)।

ढलान–ना० [ढाल्+आन] धातु, सिमन्टी आदि ढाल्ने काम; साँचामा जमाउने काम।

ढलिनु–अ० क्रि० [ढल्+इ+नु] ठाडो भएर रहेको वस्तु लड्नु; ('ढल्नु'-को भा० क्रि०)।

ढलीमली–क्रि० यो० [ढलमल] १. निस्फिक्रीसँग उपभोग गर्ने किसिम; मनमाफिक काम लिने किसिम। २. मनपरी; जथाभावी। ३. लड़ी-बुड़ी गर्ने किसिम।

ढलुवा–वि० [ढाल्+उवा] १. ढालेको; साँचोमा हालेर जमाएको; ढलौटे। २. ओरालो; भिरालो।

ढलौट–ना० [ढाल्+औट] १. तामा र राँग मिलेर बन्ने एक प्रसिद्ध धातु। २. ढालेर बनाइएको वस्तु।

ढलौटे–वि० [ढाल्+औटे] १. ढालेर बनाइएको; ढलुवा। २. ढलौट (धातुको)।

ढल्कनु–अ० क्रि० [प्रा० ढल+नु] १. ठाडो वस्तु केही निहुरनु; केही ढल्नु। २. नुहुनु; झुक्नु। ३. टेढ़िनु। ४. पक्ष लिनु। ५. समय बित्नु; गुज्रनु। ६. लहसिनु; आसक्त हुनु।

ढल्काइ–ना० [ढल्क+आइ] ढल्कने किसिम, क्रिया वा भाव।

ढल्काइ–ना० [ढल्काउ+आइ] ढल्काउने किसिम, क्रिया वा भाव।

ढल्काइनु–स० क्रि० [ढल्काउ+इ+नु] ढल्कन लाउनु; झुकाइनु; ('ढल्कनु'-को प्रे० क्रि०)।

ढल्काउनु–स० क्रि० [ढल्क+आउ+नु] १. निहुराउनु; झुकाउनु। २. ढलुवा पार्नु; ओरालो पार्नु। ३. आफ्ना मत वा सिद्धान्तमा ल्याउनु।

ढल्किइनु–अ० क्रि० [ढल्कि+इ+नु] केही ढलिनु; ('ढल्किनु'-को भा० क्रि०)।

ढल्किनु–अ० क्रि० [ढल्क+इ+नु] १. ढल्कनु। २. केही ढलिनु; ('ढल्कनु'-को भा० क्रि०)।

ढल्की-मल्की–क्रि० यो० [ढल्क+मल्की (फाँ०)] १. आफ्ना सुरमा ढीलोसँग काम गर्नु; उपेक्षापूर्वक काम गर्नु। २. आनन्दसाथ हल्ली-हल्ली बिस्तारै हिँड्नु।

ढल्क्याइ–ना० [ढल्कि+याइ] ढल्किने वा ढल्काउने किसिम, क्रिया वा भाव; ढल्काइ।

ढल्क्याहट–ना० [ढल्कि+याहट] ढल्किने किसिम, क्रिया वा भाव; ढल्क्याइ।

ढल्नु–अ० क्रि० [प्रा० ढल+नु] १. ठाड़ो भएर रहेको वस्तु लड्नु; पछारिनु। २. पल्टनु; सुत्नु; ढल्कनु। ३. हार्नु; पराजित हुनु। ४. समय बित्नु। ५. पानी तलतिर बग्नु। ६. पग्लेका धातु साँचोअनुसार विभिन्न आकारमा जम्नु। ७. मर्नु।

ढसमस्स–क्रि० यो० [ने०] निस्फिक्रीसँग बस्ने किसिम; राम्ररी आसन जमाएर बस्ने किसिम।

ढसरो–वि० [ढेसरो] ढेसरो।

ढाँचा–ना० [सं० स्थाता] १. छाँट; बनोट। २. ठाँट; ३. नमूना। ४. किसिम; प्रकार। ५. आडम्बर; ढोँग।

ढाँचा-काँचा–ना० [ढाँचा+काँचा (फाँ०)] १. ठाँट-बाँट; सजावट। २. चाल-चलन; चाला-माला। ३. आकार-प्रकार; छाँट।

ढाँचावाल–वि० [ढाँचा+वाल] ढाँचा पार्ने; ठाँठिलो; ढाँची।

CC-0. In Public Domain. Digitization by eGangotri

ढाँची–वि० [ढाँचा+ई] ढाँचावाल ।

ढाँट–वि० [सं० धूर्त] १. झूटो बोल्ने; ढँटुवा; फटाहा । २. झूटो; मिथ्या ।

ढाँट-ढूँट–ना० [ढाँट+ढूँट (फाँ०)] ढाँट्ने काम; छल-छाम ।

ढाँटिनु–स० क्रि० [ढाँट्+इ+नु] झूटो बोलिनु; ('ढाँट्नु'-को क० क्रि०) ।

ढाँट्नु–स० क्रि० [ढाँट+नु] १. झूटो बोल्नु; मिथ्या बोल्नु । २. झूटो काम-कारवाई गर्नु । ३. छकाउनु; छत्र्याउनु ।

ढाँड़–ना० [ढड़्चान] १. पानी नअड्ने र बाली नहुने जमीन; ढड़्चान । २. ढुङ्गा धेरै भएको जमीन; ढुङ्गेन ।

ढाक–ना० [ढाक्] लेखमा आएका महत्त्वपूर्ण व्यक्तिको नाउँ वा वाक्यको तलतिर आकर्षक पार्नाका निम्ति तानिने धर्को ।

ढाक-छोप–ना० [ढाक्+छोप्] १. ढाक्ने र छोप्ने काम; २. नराम्रो कुरो वा कामलाई राम्रो कुरो वा कामले छोप्ने काम; छोप-छाप ।

ढाकढाक-ढुकढुक–क्रि० यो० [अनु०] केही गह्रुँगो वस्तु खस्ता वा मानिसहरू उफ्रँदा शब्द आउने किसिम; ढाकढुक ।

ढाकढुक–क्रि० यो० [अनु०] गह्रुँगो वस्तु खस्दा वा घरमा मानिस हिँड्दा शब्द आउने किसिम; ढाकढाक-ढुकढुक ।

ढाकर–ना० [ने०] १. रुवो, सुर्ती आदिको बोरा-बन्दी ठूलो भारी; गाँठ । २. एक प्रकारको थेप्चो डोको । ३. कुखुरा, च्याखुरा आदि चरा बोकेर लाने चोयाको पिँजरा ।

ढाका–ना० [सं० ढक्क] पहिले-पहिले ढाका प्रदेशमा बन्ने मूल्यवान् कपड़ा; कार्चोपी भरेको जस्तो रङ्ग-बिरङ्गी बुट्टा हुने एक प्रकारको मिहीन कपड़ा ।

ढाकिनु–स० क्रि० [ढाक्+इ+नु] छोपिनु; ('ढाक्नु'-को क० क्रि०) ।

ढाक्नु–स० क्रि० [सं० ढक्कन] १. छोप्नु । २. व्याप्त गर्नु; फैलिनु । ३. ठाउँ लिनु; ओगट्नु । ४. बन्द गर्नु । ५. लुकाउनु । ६. म्याउनु ।

ढाक्रे–ना० [ढाकर] १. ढाकर बोक्ने व्यक्ति; भरिया; भरौटे व्यक्ति । (वि०) २. जागीर नभएको ।

ढाठर–ना० [ने०] गाई-वस्तु थुन्ने टहरो ।

ढाड़–ना० [धड़] कम्मरपछाड़िको शरीरको अवयव; पिठिउँ; कटि-पृष्ठ; मेरु-दण्ड ।

ढाड़स–ना० [सं० दृढ] १. धैर्य । २. आश्वासन; सान्त्वना । ३. भरोसा; सहारा; आड़ ।

ढाड़िइनु–अ० क्रि० [ढाड़ि+इ+नु] भिजिनु; ('ढाड़िनु'-को भा० क्रि०) ।

ढाड़िनु–अ० क्रि० [प्रा० ढढरिअ+नु] १. पानी वा ओसमा परेर फुल्नु; भिज्नु । २. खान-पान वा वायुका विकारले पेट फुल्नु; ढुस्सिनु । ३. गलगिज्ज हुने गरी खानु ।

ढाड़ी–वि० [ढाड़+ई] १. ठूलो ढाड़ भएको; ढड्डू । २. मोटो; हृष्ट-पुष्ट । ३. धनी; सम्पन्न । ४. ठालु । ५. ठूलो (जुम्रो आदि जन्तु) ।

ढाड़े–वि० [ढाड़+ए] १. ठूलो ढाड़ भएको; ढड्डू । (ना०) २. भाले बिरालो; ठूलो बिरालो ।

ढाड़स–ना० [सं० दृढ] ढाड़स ।

ढापिनु–स० क्रि० [ढाप्+इ+नु] ढाकिनु; ('ढाप्नु'-को क० क्रि०) ।

ढाप्नु–स० क्रि० [ढाक्+नु] ढाक्नु; ओगट्नु ।

ढामरा–ना० [सं०] पोथी हाँस ।

ढाल–ना० [सं०] हतियारहरूको आघात रोक्ने, गैँड़ाका छाला वा फलामको नाङ्लाका आकारको साधन ।

ढालिनु–स० क्रि० [ढाल्+इ+नु] १. लड़ाइनु । २. ढाल्न लाइनु; ('ढाल्नु'-को क० क्रि०) ।

ढाली–ना० [सं०] ढाल लाउने योद्धा; ढाल धारण गर्ने सैनिक ।

ढाले-कटुस–ना० [ने०] एक जातको कटुस । (यसको फल भाइ-टीकाका दिन मसलाका रूपमा खाइन्छ ।)

ढाल्नु–स० क्रि० [ढल्+आउ+नु] १. ठड़िएको वस्तु लड़ाउनु; ढलाउनु । २. पल्टाउनु; गुल्ट्याउनु । ३. हराउनु; परास्त गर्नु । ४. धातु, सिमन्टी आदि पगालेर वा मुछेर साँचामा हाली विभिन्न प्रकारका वस्तु बनाउनु । ५. कुनै सिद्धान्त वा विचारमा परिणत गर्नु ।

ढाल्पा–ना० [ढल+पाले] पानीका ढलको रक्षा गर्ने कर्मचारी ।

ढिँग–ना० [ढीक] टिसी; योनि-गुटिका ।

ढिँड़–ना० [सं० धृष्ट] १. हठ; जिद्दी । (वि०) २. हठी; जिद्दीवाल; ढीठो ।

ढिँड़ी–ना० [ने०] सिङ्गो खुर्सानी; खुर्सानीको कोसो ।

ढिँड़े–वि० [ढिँड़ो+ए] १. ढिँड़ो खाएर जीविका गर्ने । २. मूर्ख; निर्बुद्धि । ३. असभ्य; गँवार ।

ढिँड़ो–ना० [ने०] पानी उमाली पीठो हाली ओड़ालेर पकाएको खानेकुरो ।

ढिँड़्याहा–वि० [ढिँड़+याहा] आफ्नै हठमा एकोहोरो लागिरहने; झुँज्याहा ।

ढिक–ना० [सं० ढिक्क] १. ढिस्कुरो; ढिस्को; थुम्को । २. ठूलो ठेलो ।(वि०) ३. साह्रै ठूलो र बेकम्माको (साँढ़े) ।

ढिकानु–सर्वना० [ढिस्कानो] ढिस्कानो ।

ढिकानू–सर्वना० [ढिस्कानो] ढिस्कानो ।

ढिकानो–सर्वना० [ढिस्कानो] ढिस्कानो ।

ढिकी–ना० [प्रा० ढेंका] मानिसले उभिएर गोड़ाले थिच्तै, छोड्दै गरी सञ्चालित गरेर धान कुट्ने काठको एक किसिमको यन्त्र ।

ढिकी-च्याउँ–क्रि० यो० [अनु०] १. धान कुट्दा ढिकीबाट आवाज आउने किसिम । (ना०) २. लामा-लामा खुट्टा हुने माकुराजस्तो एक जातको कीरो । (वि०) ३. ढीलो र लग्याङ्ग-बग्याङ्ग चालले काम गर्ने (व्यक्ति) ।

ढिकुरो–ना० [ढिको] १. माटाको ढिस्को; ढिस्कुरो । २. प्रेत-क्रियामा दश दिनसम्म पिण्ड दिइने वेदी; स्थण्डिल ।

CC-0. In Public Domain. Digitization by eGangotri

ढिकुवा–ना० [ढिकी] कोलको एक अवयव।
ढिको–ना० [सं० ढिक्क] ठूलो डल्लो; ढेलो।
ढिङ–ना० [ढिँग] ढिँग।
ढिठ्याइँ–ना० [ढीठ+याइँ] ढीठो हुने क्रिया वा भाव; धृष्टता।
ढिपी–ना० [सं० धृष्ट] जिद्दी; हठ; धृष्टता।
ढिपीवाल–वि० [ढिपी+वाल] ढिपी गर्ने; जिद्दीवाल; हठी।
ढिम्री–ना० [ढकनी] पेचवाल डन्डीमा कस्ने, बीचको प्वालभित्र पेच भएको चार वा छ-पाटे साधन।
ढिलाइ–ना० [ढिलाउ+आइ] ढिलाउने किसिम, क्रिया वा भाव।
ढिलाइनु–स० क्रि० [ढिलाउ+इ+नु] ढीलो होइनु; ('ढिलाउनु'-को क० क्रि०)।
ढिलाउनु–अ० क्रि० [ढीलो+आउ+नु] १. ढीलो हुनु; विलम्ब हुनु। २. सुस्त हुनु; जुम्सो हुनु।
ढिल्याइ–ना० [ढिल्याउ+आइ] ढिल्याउने किसिम, क्रिया वा भाव।
ढिल्याइनु–स० क्रि० [ढिल्याउ+इ+नु] ढीलो गरिनु; ('ढिल्याउनु'-को क० क्रि०)।
ढिल्याउनु–स० क्रि० [ढिलो+याउ+नु] ढीलो गर्नु; विलम्ब गर्नु; ढीलो पार्नु।
ढिस्कानु–सर्वना० [ढिस्कानो] ढिस्कानो।
ढिस्कानू–सर्वना० [ढिस्कानो] ढिस्कानो।
ढिस्कानो–सर्वना० [ने०] फलानो; अमुक; ढिकानो।
ढिस्कुरो–ना० [ढिक+उरो] माटा, ढुङ्गा आदिको थुप्रो; ढिस्को।
ढिस्को–ना० [ढिस्कुरो] ढिस्कुरो।
ढीक–ना० [सं० ढक्कन] झ्याल वा ढोकामा जड़िएको कपाट।
ढीठो–वि० [सं० धृष्ट] १. पुक्खलो; धृष्ट। २. बोल्नमा सिपालु; बाठो। ३. धक, सङ्कोच, लाज आदि नमान्ने।
ढील–ना० [ढिक] जुम्रा आदिको माउ; ठूलो जुम्रो।
ढील–वि० [प्रा० ढिल्ल] १. नकसिएको; खुकुलो। २. जुम्सो; ढीलो काम गर्ने।
ढीलो–वि० [प्रा० ढिल्ल] १. विलम्बसित काम गर्ने; जुम्सो। (क्रि० यो०) २. अबेर; बियाँलो।
ढुँड़ाइ–ना० [ढुँड्+आइ] ढुँड्ने किसिम, क्रिया वा भाव।
ढुँड़ाइनु–स० क्रि० [ढुँड़ाउ+आइ+नु] ढुँड्न लाइनु; ('ढुँड़ाउनु'-को क० क्रि०)।
ढुँड़ाउनु–स० क्रि० [ढुँड्+आउ+नु] ढुँड्न लाउनु; खोजी गराउनु; ('ढुँड्नु'-को प्रे०क्रि०)।
ढुँड़िनु–स०क्रि० [ढुँड्+इ+नु] खोजी गरिनु; ('ढुँड्नु'-को क० क्रि०)।
ढुँड़ी–ना० [ढुसी] ढुसी।
ढुँड्नु–स० क्रि० [सं० ढुण्डन+नु] खोजी गर्नु; खोज्नु।
ढुकढुक–क्रि० यो० [अनु०] १. डर, उत्कण्ठा आदिले मुटु धड्कने किसिम। २. कुट्ता शब्द आउने किसिम।
ढुकढुक्याइ–ना० [ढुकढुक्याउ+आइ] ढुकढुक्याउने किसिम, क्रिया वा भाव।
ढुकढुक्याइनु–स० क्रि० [ढुकढुक्याउ+इ+नु] डिम्क्याइनु; ('ढुकढुक्याउनु'-को क० क्रि०)।
ढुकढुक्याउनु–स० क्रि० [ढुकढुक+याउ+नु] ढुकढुक शब्द आउने गरी मुड्कीले हान्नु; ढुक्कचाउनु; डिम्क्याउनु।
ढुकना–ना० [ढुक्+ना] आसले ढुक्ने काम; धर्ना; प्रतीक्षा।
ढुकन्ते–वि० [ढुक्+अन्ते] अर्काको आस गरेर ढुकिरहने; ढुकुवा।
ढुकाइ–ना० [ढुक्+आइ] ढुक्ने किसिम, क्रिया वा भाव।
ढुकाइनु–स० क्रि० [ढुकाउ+इ+नु] ढुक्न लाइनु; ('ढुकाउनु'-को क० क्रि०)।
ढुकाउनु–स० क्रि० [ढुक्+आउ+नु] ढुक्न लाउनु; ('ढुक्नु'-को प्रे० क्रि०)।
ढुकिनु–स० क्रि० [ढुक्+इ+नु] पर्खेर बसिनु; ('ढुक्नु'-को क० क्रि०)।
ढुकुटी–ना० [ने०] १. रुपियाँ-पैसा, सुन-चाँदी आदि नगद वस्तु राख्ने कोठा; तहबील; भण्डार। २. अन्न राख्नाका निम्ति कठवार ठोकेर बनाएको खण्ड वा कोठा।
ढुकुर–ना० [ने०] ढुकुर-ढुकुर शब्द गरेर कुर्लने एक जातको चरो।
ढुकुवा–वि० [ढुक्+उवा] ढुकन्ते।
ढुक्क–क्रि० यो० [अनु०] १. मुड्कीले हान्दा शब्द आउने किसिम। २. निर्धक्क हुने किसिम। ३. भय, त्रास आदिले मुटु धड्कने किसिम। ४. डकार आउने किसिम (बाल-बोलीमा)।
ढुक्क्याइ–ना० [ढुक्क्याउ+आइ] ढुक्क्याउने वा मुड्कीले हान्ने किसिम, क्रिया वा भाव।
ढुक्क्याइनु–स० क्रि० [ढुक्क्याउ+इ+नु] ढुकढुक्याइनु; ('ढुक्क्याउनु'-को क० क्रि०)।
ढुक्क्याउनु–स० क्रि० [ढुक्क+याउ+नु] ढुक्क शब्द आउने गरी मुड्कीले हान्नु; ढुकढुक्याउनु; मुक्क्याउनु।
ढुक्नु–स० क्रि० [प्रा० ढुक्कइ+नु] १. पर्खेर बस्नु; प्रतीक्षा गर्नु; बाटो हेर्नु। २. कुर्नु; धर्ना कस्नु। ३. आशामा बस्नु।
ढुङ्गा-फोर–ना० [ढुङ्गो+फोर्] काला पखेटा, सेतो घाँटी, लामो चुच्चो, लामा-लामा खुट्टा हुने, जलाशयवा नजीकमा रहने एक जातको चरो; एक जातको सारस; भुँड़ी-फोर।
ढुङ्गे–वि० [ढुङ्गो+ए] ढुङ्गाले बनेको; ढुङ्गाको।
ढुङ्गे-च्याउ–ना० [ढुङ्गो+च्याउ] ढुङ्गामा उम्रने, कालो रङ्गको लामो डाँठ हुने, फुस्रो पृष्ठ-भूमिमा सेता टीका हुने टुसाका आकारको एक जातको च्याउ।
ढुङ्गे-धारो–ना० [ढुङ्गे+धारो] मूलबाट उम्रेको पानी खसाल्ने डूँड़का आकारको ढुङ्गाको धारो।
ढुङ्गेन–वि० [ढुङ्गो+एन] ढङ्गै-ढुङ्गा भएको; धेरै ढुङ्गा

CC-0. In Public Domain. Digitization by eGangotri

भएको (जमीन)।

ढुङ्गो–ना० [ने०] १. पत्थर; शिला; पाषाण। २. दुइ देशको सिमाना छुट्याउनाका निमित्त गाड़िने वा बनाइने पाषाण आदिको चिह्न; लौंकिल।

ढुङ्ग्यान–ना० [ढङ्गेन] ढुङ्गेन।

ढुङ्ग्री–ना० [ने०] कानका बीचमा लाइने बुट्टादार एक प्रकारको गहना।

ढुङ्ग्री–ना० [ढुङ्गो+ई] १. सानो ढुङ्ग्रो। २. आगो फुक्ने ढुङ्ग्रो; लोहोरी।

ढुङ्ग्री-प्वाँख–ना० [ढुङ्ग्रो+प्वाँख] चराका बचेराहरूको नयाँ उम्रेका प्वाँख।

ढुङ्ग्रो–ना० [ने०] बाँस, पाता आदिको, भित्र खोक्रो भएको, नलीजस्तो वस्तु।

ढुटी-माटी–ना० [ढुटो+माटो] भएभरका धन-मालको नाश; सर्वस्वको नाश; सिरी-खुरी।

ढुटेन–वि० [ढुटो+एन] धेर ढुटो भएको।

ढुटो–ना० [धूलो] मसिनो भूस; मिहिन भूस।

ढुट्यान–वि० [ढुटेन] ढुटेन।

ढुण्ढन–ना० [सं०] खोज्ने काम; खोजी; अन्वेषण।

ढुनमुनाइ–ना० [ढुनमुनि+याइ] ढुनमुनिने किसिम, क्रिया वा भाव।

ढुनमुनाउनु–अ० क्रि० [ढुनमुनि+आउ+नु] ढुनमुनिनु।

ढुनमुनिइनु–अ० क्रि० [ढुनमुनि+इ+नु] धरमराइनु; ('ढुनमुनिनु'-को भा० क्रि०)।

ढुनमुनिनु–अ० क्रि० [प्रा० ढण्ढल्लिआ+इ+नु] १. रिंगटा लागेर वा अरू कुनै कारणवश दिमाग खलबलिई लड्न खोज्नु; धरमराउनु। २. धरमराएर लड्नु; बेहोश भएर पछारिनु।

ढुनमुन–क्रि० यो० [प्रा० ढण्ढल्ल] १. बालक रमाउँदै वरि-परि घुमेर खेल्ने किसिम। २. ढुनमुनिने किसिम।

ढुनमुन्याइ–ना० [ढुनमुन्याउ+याइ] ढुनमुन्याउने किसिम, क्रिया वा भाव।

ढुनमुन्याइनु–स० क्रि० [ढुनमुन्याउ+इ+नु] ढुनमुनिने पारिनु; ('ढनमुन्याउनु'-को क० क्रि०)।

ढुनमुन्याउनु–स० क्रि० [ढुनमुनि+याउ+नु] १. ढुनमुनिने पार्नु; पिटेर वा लागू पदार्थ खुवाएर कसैलाई धरमर पार्नु। २. बेहोश पार्नु; मूर्च्छित पार्नु; ('ढुनमुनिनु'-को प्रे०क्रि०)।

ढुनमुन्याहट–ना० [ढुनमुनि+याहट] ढुनमुनिने किसिम, क्रिया वा भाव; ढुनमुनाइ।

ढुन्यासो–ना० [ढोड़-नसो] ढोड़-नसो।

ढुर्र–क्रि० यो० [अनु०] अपान-वायु छोड्ने किसिम; ढर्र।

ढुवाइ–ना० [ढुवाउ+आइ] १. ढुवाउने किसिम, क्रिया वा भाव। २. त्यसको ज्याला।

ढुवाइनु–स० क्रि० [ढुवाउ+इ+नु] ओसारिनु; ('ढुवाउनु'-को क० क्रि०)।

ढुवाउनु–स० क्रि० [प्रा० ढोइअ+नु] माल-मत्ताहरू एक ठाउँबाट अर्को ठाउँमा बोकाएर लानु; ओसार्नु।

ढुवानी–ना० [ढुवाउ] १. ढुवाउने काम; माल-मत्ताहरू ओसार्ने काम। २. ढुवाउँदा लाग्ने ज्याला; धुलदाम।

ढुसी–ना० [ने०]ओस लाग्ने ठाउँमा कुनै वस्तु सड्दा उम्रने सेतो भूवा; ढुँड़ी।

ढुसी-कीरो–ना० [ढुसी+कीरो] ढुसी परेका ठाउँमा पैदा हुने एक किसिमको निर्धो, सेतो कीरो।

ढुस्स–क्रि० यो० [ने०] १. फुलने वा सुनिने किसिम। २. मुड्कीले हान्दा शब्द आउने किसिम; घुस्स।

ढुस्सा–ना० [ढुस्स] मुक्काको हनाइ; मुड्की; घुस्सा।

ढुस्सिइनु–अ० क्रि० [ढुस्सि+इ+नु] ढुस्स परेर फुलिनु; ('ढुस्सिनु'-को भा० क्रि०)।

ढस्सिनु–अ० क्रि० [ढुस्स+इ+नु] १. ढुस्स परेर पेट फुल्नु; पेट ढाड़िनु। २. पेट बोक्नु; गर्भ धारण गर्नु।

ढुस्स्याइ–ना० [ढुस्सिने+आइ] ढुस्सिने किसिम, क्रिया वा भाव; पेट ढाड़िने किसिम, क्रिया वा भाव।

ढुस्स्याइ–ना० [ढुस्स्याउ+आइ] ढुस्स्याउने किसिम, क्रिया वा भाव; पेट बोकाउने किसिम, क्रिया वा भाव।

ढुस्स्याइनु–स० क्रि० [ढुस्स्याउ+इ+नु] ढुस्सा दिइनु; ('ढुस्स्याउनु'-को क० क्रि०)।

ढुस्स्याउनु–स०क्रि० [ढुस्सि+याउ+नु] १. पेट बोकाउनु; गर्भ धारण गराउनु। (अ० क्रि०) २. पेट बोक्नु; ढुस्सिनु। ३. ढुस्सा दिनु; मुक्क्याउनु; डिम्क्याउनु।

ढेढु–ना० [ने०] १. हात, गोड़ा, मुख र पुच्छर कालो हुने एक जातको बानर; लङ्गूर। २. ठूलो बानर। ३. भाले बानर।

ढेडुवा–ना० [ढेढु+उवा] ढेढु।

ढेप–ना० [ने०] दश ताउ नेपाली कागतको ठेली।

ढेपाइ–ना० [ढेप्+आइ] ढेप्ने किसिम, क्रिया वा भाव।

ढेपाइनु–स० क्रि० [ढेपाउ+इ+नु] ढेप्न वा मिच्न लाइनु; ('ढेपाउनु'-को क० क्रि०)।

ढेपाउनु–स० क्रि० [ढेप्+आउ+नु] ढेप्न वा मिच्न लाउनु; ('ढेप्नु'-को प्रे० क्रि०)।

ढेपिनु–अ० क्रि० [ढेप्+इ+नु] १. टाँसिएर बस्नु; ढेस्सिनु। २. नजीक आउनु। (स० क्रि०) ३. थिचिनु; मिचिनु; ('ढेप्नु'-को क० क्रि०)।

ढेप्नु–स० क्रि० [ने०] १. साँध-सिमाना मिच्नु। २. ठेल्नु; घचेट्नु; ढेपिनु।

ढेबु–ना० [ने०] गँगटाको च्याप्ने हात।

ढेर–ना०[धेरै] १. थुप्रो; रास। २. चाङ; खात।

ढेरी–ना० [ढेर] ढेर।

ढेलो–ना० [ढिको] १. ठूलो डल्लो। २. चपरो; चोइलो।

ढेसरो–वि० [ढब्बू] १. ढब्बू; भद्दा। २. बाक्लो; गाढ़ा।

ढेस्सा–ना० [ढ्यास्स] १. ढेस्सिने काम; घचेटेर बस्ने काम।

CC-0. In Public Domain. Digitization by eGangotri

२. मन नपरेको वस्तु टाँसो लाग्नु; हिल्ला लाग्नु ।
ढेस्सिइनु–अ० क्रि० [ढेस्सि+इ+नु] ढेस्सा लागिनु; ('ढेस्सिनु'-को भा० क्रि०) ।
ढेस्सिनु–अ० क्रि० [ढेस्सा+इ+नु] ढेस्सा लाग्नु; टाँसिएर वस्नु; ढेपिनु ।
ढेस्स्याइ–ना० [ढेस्सि+याइ] ढेस्सिने किसिम, क्रिया वा वा भाव ।
ढेस्स्याइनु–स० क्रि० [ढेस्स्याउ+इ+नु] ढेस्सा लगाइनु; ('ढेस्स्याउनु'-को क० क्रि०) ।
ढेस्स्याउनु–स० क्रि० [ढेस्सि+याउ+नु] ढेस्सा लगाउनु; ('ढेस्सिनु'-को प्रे० क्रि०) ।
ढेस्स्याहट–ना० [ढेस्सि+याहट] ढेस्सिने किसिम, क्रिया वा भाव; ढेस्स्याइ ।
ढोँग–ना० [ढङ्ग] स्वाँग; आडम्बर; देखावटी काम वा कुरो ।
ढोँगी–वि० [ढोँग+ई] ढोँग गर्ने; आडम्बरी ।
ढोई–ना० [नें०] १. पोथी हात्ती; हस्तिनी । २. मोटी स्त्री ।
ढोउनु–सं० क्रि० [प्रा० ढोइअ+नु] माल-मत्ताहरू एक ठाउँबाट अर्को ठाउँमा लैजानु; ओसार्नु ।
ढोक–ना० [ढोग] ढोग ।
ढोक-भेट–ना० [ढोग-भेट] ढोग-भेट ।
ढोकाइ–ना० [ढोक्+आइ] ढोगाइ ।
ढोकाइनु–स० क्रि० [ढोकाउ+इ+नु] ढोक्न लाइनु; ढोगाइनु; ('ढोकाउनु'-को क० क्रि०) ।
ढोकाउनु–स० क्रि० [ढोक्+आउ+नु] ढोक्न लाउनु; ढोगाउनु; ('ढोक्नु'-को प्रे० क्रि०) ।
ढोकिनु–स० क्रि० [ढोक्+इ+नु] ढोगिनु; ('ढोक्नु'-को क० क्रि०) ।
ढोके–ना० [ढोको+ए] १. ढोकामा पालो वस्ने व्यक्ति; द्वार-पाल । २. ढोकाको; ढोका-सम्बन्धी ।
ढोको–ना० [प्रा० ढङ्कण] १. घरमा भित्र-बाहिर गर्ने द्वार; दहिलो । २. दरबार वा महलको द्वार । ३. विशेष व्यक्ति-हरूको स्वागत गर्नाका निम्ति वा उत्सवमा सजिसजाउ गरेर वनाइने तोरण-द्वार । ४. शहरमा पस्ने र निस्कने ठाउँमा वनाएको द्वार; गोपुर ।
ढोक्नु–स० क्रि० [ढोग्+नु] ढोग्नु ।
ढोक्से–ना० [नें०] घ्याम्पाका आकारको चोयाको ठूलो भाँडो ।
ढोग–ना० [ढोग्] १. ढोग्ने काम; दण्डवत् । २. नमस्कार; प्रणाम । ३. देवता वा पूज्य मानिसलाई ढोग-भेट गर्दा चढाइने भेटी वा उपहार ।
ढोग-भेट–ना० [ढोग्+भेट्] भेट्ने र ढोग्ने काम ।
ढोगाइ–ना० [ढोग्+आइ] ढोग्ने किसिम, क्रिया वा भाव ।
ढोगाइनु–स० क्रि० [ढोगाउ+इ+नु] ढोग्न लाइनु; ('ढोगाउनु'-को क० क्रि०) ।
ढोगाउनु–स० क्रि० [ढोग्+आउ+नु] ढोग्न लाउनु; ('ढोग्नु'-को प्रे० क्रि०) ।
ढोगिनु–स० क्रि० [ढोग्+इ+नु] दण्डवत् गरिनु; ('ढोग्नु'-को क० क्रि०) ।
ढोग्नु–स० क्रि० [सं० ढौकन+नु] १. देवता वा मान्य जनका पाउमा शिर राख्नु; दण्डवत् गर्नु । २. नमस्कार गर्नु; प्रणाम गर्नु ।
ढोङ–ना० [ढोँग] ढोँग ।
ढोङी–वि० [ढोँगी] ढोँगी ।
ढोड़–ना० [सं० दण्ड] मकै, जुनेलो आदिको बोट ।
ढोड़-नसो–ना० [ढोड़+नसो] कुर्कुच्चाको माथि देखिने मोटो नसो ।
ढोड़े–ना० [ढोड़+ए] ढोड़-सम्बन्धी; ढोड़जस्तो ।
ढोड़े-उखु–ना० [ढोड़े+उखु] ढोड़े-ऊखु ।
ढोड़े-उनिउ–ना० [ढोड़े+उनिउ] ठूल्ठूला डाँठ हुने एक जातको उनिउ । (यसका डाँठको कलम वनाइन्छ ।)
ढोड़े-उन्यू–ना० [ढोड़े-उनिउ] ढोड़े-उनिउ ।
ढोड़े-ऊखु–ना० [ढोड़े+ऊखु] आँख्ला मोटो हुने र रस कम हुने एक जातको ऊखु ।
ढोड़े-बन्सो–ना० [ढोड़े+बन्सो] ठूल्ठूला डाँठ हुने एक जातको बन्सो; घोड़े-दूबो ।
ढोया–ना० [नें०] बन्धक ।
ढोल–ना० [सं०] दुवैतिर छालाले मोहोरेको मृदङ्गजस्तो एक किसिमको ठूलो बाजा ।
ढोलक–ना० [सं०] ढोल ।
ढोलकी–ना० [सं० ढोलक+ई] ढोल ।
ढोलाइ–ना० [ढोल्+आइ] ढोल्ने किसिम, क्रिया वा भाव ।
ढोलाइनु–स० क्रि० [ढोलाउ+इ+नु] पोखाइनु; ('ढोलाउनु'-को क० क्रि०) ।
ढोलाउनु–स० क्रि० [ढोल्+आउ+नु] पोखाउनु; खत्त्याउनु; ('ढोल्नु'-को प्रे० क्रि०) ।
ढोलिनु–अ० क्रि० [ढोल्+इ+नु] पोखिनु; खत्तिनु; ('ढोल्नु'-को भा० क्रि०) ।
ढोली–ना० [प्रा० ढोल्ल] दुइ सय वटा पानका पातको मूठो ।
ढोले–ना० [नें०] एक जातको कालो जङ्गली कौवा ।
ढोल्नु–स० क्रि० [ढाल्+नु] पानी, अनाज आदि प्रशस्त पोख्नु; खत्त्याउनु ।
ढोसे–वि० [ढोसो+ए] ढोसो ।
ढोसो–वि० [ढेसरो] मोटो र चाक्लो; ढ्याब्रो; ढोसे ।
ढौँटारिइनु–अ० क्रि० [ढौँटारि+इ+नु] भौँतारिइनु; ('ढौँटारिनु'-को भा० क्रि०) ।
ढौँटारिनु–अ० क्रि० [प्रा० ढोङ्घर+इ+नु] विनाकाम यता-उति डुल्नु; भौँतारिनु ।
ढौँटारो–ना० [ढौँटारि] बिनसित्ति यता-उति डुल्नु; ढौँटा-रिने काम ।
ढौकन–ना० [सं०] १. कोसेली; उपहार । २. घूस ।
ढौकित–वि० [सं०] नजीक ल्याइएको; समीपमा ल्याइएको ।

CC-0. In Public Domain. Digitization by eGangotri

ढ्याक–ना० [ढिको] दुइ वा दुइभन्दा बढ़ी पैसाका मूल्यको सिक्का (चार-पैसे ढ्याक, पाँच-पैसे ढ्याक आदि)।

ढ्याके–वि० [ढ्याक+ए] १. दुइ पैसा मोल पर्ने; एक ढ्याक मूल्यको; दुइ-पैसे। २. ठूलो; ढब्बू।

ढ्याक्क–क्रि० यो० [अनु०] ठूलो र गह्रुँगो वस्तु ठक्कर खाँदा शब्द आउने किसिम; ढ्वाक्क।

ढ्याङ-ढ्याङ–क्रि० यो० [अनु०] ढ्याङ्ग्रो, जस्ता, कठ-बार आदिमा ठोक्ता शब्द आउने किसिम।

ढ्याङ-ढ्याङ-ढुङढुङ–क्रि० यो० [अनु०] जस्ता, टिन, काठ आदि ठोक्ता शब्द आउने किसिम।

ढ्याङढ्याङती–क्रि० यो० [ढ्याङढ्याङ+ती] ढ्याङ-ढ्याङ।

ढ्याङ्ग–क्रि० यो० [अनु०] १. तोप, बन्दूकहरू पड्कँदा शब्द आउने किसिम; ढ्वाङ्ग। २. गह्रुँगो र ठूलो वस्तु बजारिंदा शब्द आउने किसिम; ढ्याक्क। ३. जोड़सित पछारिने किसिम; ड्वाङ्ग्राङ्ग।

ढ्याङ्ग्रे–वि० [ढ्याङ्ग्रो+ए] १. ढ्याङ्ग्रो बजाउने। (ना०) २. धामी; झाँक्री।

ढ्याङ्ग्रो–ना० [सं० ढक्का] १. बीँड़ भएको, ठूलो डम्फूका आकारको मुख, घुँगुरिएका गजाले बजाइने एक किसिमको बाजा; धामी-झाँक्रीको विशेष बाजा। (वि०) २. ज्यादै ठूलो र ह्वाङङ परेको (घर)।

ढ्याङङ–क्रि० यो० [ढ्याङ्ग] ढ्याङ्ग।

ढ्याप्प–क्रि० यो० [अनु०] १. झ्याल-ढोकाहरू बन्द गर्ने किसिम। २. विर्को, ढकना आदि लाउने किसिम। ३. छोप्ने किसिम; झ्याप्प। ३. सहसा ढेपिने किसिम।

ढ्यान्रे–वि० [ढ्यान्रो+ए] ढ्यान्रो।

ढ्यान्रो–वि० [ढब्बू] भद्दा किसिमको ठूलो; बड़ेमाको; ढ्यान्रे; ढब्बू।

ढ्यामढुम–क्रि० यो० [अनु०] १. झ्याल-ढोकाहरू थुन्ने किसिम। २. तोप, बन्दूक आदि पड्काउँदा शब्द आउने किसिम।

ढ्यामढुम्म–क्रि० यो० [अनु०] झ्याल-ढोकाहरू बन्दा-बन्दी गर्ने किसिम; ढ्यामढुम।

ढ्याम-ढ्याम–क्रि० यो० [अनु०] १. ड्याम-ड्याम। २. बन्दूक, तोप आदि पड्काउँदा शब्द आउने किसिम।

ढ्यामढ्यामती–क्रि० यो० [ढ्याम-ढ्याम+ती] ढ्याम-ढ्याम।

ढ्याम्म–क्रि० यो० [अनु०] १. झ्याल-ढोकाहरू लाउने किसिम; ढ्याप्प। २. तोप-बन्दूकहरू पड्काउँदा शब्द आउने किसिम; ढ्याङ्ग। ३. पछारिने किसिम; ड्याम्म। ४. पिठिउँमा मुड्कीले हान्दा शब्द आउने किसिम।

ढ्यान्रो–वि० [ढ्यान्रो] १. मोटो-घाटो र निर्बुद्धि; मन्द-बुद्धि; लट्ठक; ढ्यान्रो। २. भद्दा; बेछाँटको।

ढ्यास्स–क्रि० यो० [अनु०] १. गह्रुँगो र ठूलो वस्तुको ठक्कर लाग्ने किसिम। २. ढेस्सिने किसिम; ढेपिने किसिम।

ढ्वाँक–वि० [ढब्बू] ज्यादै ठूलो; ढब्बू; डँड़ाक।

ढ्वाँके–वि० [ढ्वाँक+ए] ढ्वाँक।

ढ्वाँसे–वि० [ढ्वाँक] ढ्वाँक; ढ्वाँके।

ढ्वाइँ-ढ्वाइँ–क्रि० यो० [अनु०] डकार आउँदा वा अपान-वायु छुट्दा शब्द आउने किसिम।

ढ्वाइँय–क्रि० यो० [अनु०] अपान-वायु छोड्दा शब्द आउने किसिम।

ढ्वाक्क–क्रि० यो० [अनु०] गह्रुँगो वस्तु बिसाउँदा वा त्यसको ठक्कर लाग्दा शब्द आउने किसिम।

ढ्वाङ–ना० [नें०] १. तेल, मट्टी-तेल आदि हाल्ने टिनको बाकस; टिन। २. पानीको ठूलो पाइप। ३. धतूराका फूलका आकारको टिनको शब्द-प्रसारक यन्त्र। (वि०) ४. ज्यादै ठूलो; ढड्डू।

ढ्वाङ-ढ्वाङ–क्रि० यो० [अनु०] १. ढ्याङ-ढ्याङ। २. ड्वाङ-ड्वाङ।

ढ्वाङ-ढ्वाङ-ढुङढुङ–क्रि० यो० [अनु०] ढ्याङ-ढ्याङ-ढुङ्ढुङ।

ढ्वाङढ्वाङती–क्रि० यो० [ढ्वाङ-ढ्वाङ+ती] ढ्वाङ-ढ्वाङ।

ढ्वाङ-फूल–ना० [ढ्वाङ+फूल] तरवारका आकारका पात हुने, विभिन्न रङ्गका धतुराका आकारका फूल फुल्ने, एक जातको सुगन्धराज।

ढ्वाङ्ग–क्रि० यो० [अनु०] ढ्याङ्ग।

ढ्वाङङ–क्रि० यो० [ढ्वाङ्ग] ढ्वाङ्ग।

ढ्वाम्म–क्रि० यो० [अनु०] ढ्याम्म।

ढ्वार्र–क्रि० यो० [अनु०] ठूलो शब्द निस्कने गरी अपान-वायु छोड्ने किसिम; ढर्र।

ढ्वास्स–क्रि० यो० [अनु०] ढ्यास्स।

ण

ण–देवनागरी वर्ण-मालाको पन्ध्रौं व्यञ्जन-वर्ण। ट-वर्गको अन्तिम अक्षर। यसको उच्चारण नासिका-स्थानबाट हुन्छ।

णकार–ना० [सं०] 'ण'-अक्षर; ट-वर्गको अन्तिम अक्षर।

CC-0. In Public Domain. Digitization by eGangotri

त

त–देवनागरी वर्ण-मालाको सोह्रौँ व्यञ्जन-वर्ण। त-वर्गको प्रथम अक्षर। यसको उच्चारण दन्त्य-स्थानबाट हुन्छ।

त–ना० [सं० तु] १. कुनै शब्द वा वाक्यलाई जोड़ दिनाका निम्ति प्रयोग हुने शब्द; ता; चाहिँ। (उदा०–त्यो काम त ठीक हो। फिर्ता आउँछ भने सापट दिनु त ठीक हो।) २. अरूले गरेका कुरामा सही थापेर भनिने शब्द। (उदा०–त्यही त भनेको हुँ।)

तँ–सर्वना० [सं० त्वम्] मध्यम-पुरुष, एक-वचनमा प्रयोग हुने सर्वनाम शब्द; आफूभन्दा सानो मानिसका नामका सट्टामा प्रयोग गर्ने शब्द।

तँछाड़-मछाड़–ना० [तँ+छोड्+म+छोड्] प्रतिस्पर्धा-पूर्वक कुनै काम गर्नु; उछिन-पाछिन गर्ने काम; छोपाछोप बुझाउने शब्द।

तः–प्रत्य० [सं०] शब्दका पछिलागेर त्यस क्रममा, त्यसो गरी, त्यस रूपमा, त्यसअनुसार आदि अर्थ बुझाउने एक प्रत्यय। (उदा०–फलतः, स्वभावतः, पूर्णतः, परिणामतः, प्रथमतः इत्या०।)

तक–ना० यो० [सं० अन्त] कुनै वस्तु वा कामको सीमा वा अवधि सूचित गर्ने शब्द; सम्म; तलक; पर्यन्त।

तकदीर–ना० [अ० तक़दीर] भाग्य; प्रारब्ध।

तकरार–ना० [अ०] बाझाबाझ; भनावैरी; झगड़ा।

तकलीफ–ना० [अ० तकलीफ़] १. कष्ट; दुःख; क्लेश। २. हैरानी।

तकसीर–ना० [अ० तक़सीर] १. दोष; अपराध। २. भूल; त्रुटि।

तकाइ–ना० [तक्+आइ] तग हालेर सिउने किसिम, क्रिया वा भाव; तगाइ।

तकाइ–ना० [ताक्+आइ] ताक्ने किसिम, क्रिया वा भाव।

तकाइनु–स० क्रि० [तकाउ+इ+नु] तगाइनु; ('तकाउनु'-को क० क्रि०)।

तकाइनु–स० क्रि० [ताक्+आइ+नु] ताक्न लाइनु; ('ताक्नु'-को क० क्रि०)।

तकाउनु–स० क्रि० [तक्+आउ+नु] तगाउनु; ('तक्नु'-को प्रे० क्रि०)।

तकाउनु–स० क्रि० [ताक्+आउ+नु] ताक्न लाउनु; ('ताक्नु'-को प्रे० क्रि०)।

तकार–ना० [सं०] 'त'-अक्षर; त-वर्गको प्रथम अक्षर।

तकिनु–स० क्रि० [तक्+इ+नु] तगिनु; ('तक्नु'-को क० क्रि०)।

तकिया–ना० [फा० तकियः] शिरान हाल्नाका निम्ति कपड़ाका थैलामा रुवो, भूवा आदि भरी बनाइएको साधन; सिह्रानी।

तकिल–वि० [सं०] छली; कपटी।

तकुवा–वि० [तक्+उवा] तगुवा।

तक्नु–स० क्रि० [तग्+नु] तग हालेर सिउनु; तग्नु।

तक्मा–ना० [तु० तम्ग़ः] विशेष प्रशंसनीय काम गर्ने व्यक्ति-लाई सरकार वा संस्थाबाट दिइने कुनै किसिमको चिह्न भएको मुद्राजस्तो वस्तु; पदक।

तक्र–ना० [सं०] दही मथी नौनी झिकेर बाँकी रहेको पदार्थ; मही; मट्ठा।

तक्र-कूर्चिका–ना० [सं०] दूध फटाएर छोका छुट्ट्याएको पानी।

तक्र-पिण्ड–ना० [सं०] दूध फटाएर निकालेको छोका; छेना।

तक्र-सार–ना० [सं०] मक्खन; नौनी।

तक्राट–ना० [सं०] मदानी।

तक्सीर–ना० [अ० तक़सीर] १. दोष; अपराध। २. भूल; त्रुटि; तकसीर।

तक्षक–ना० [सं०] १. आठ नागमध्ये एक। २. सिकर्मी।

तक्षण–ना० [सं०] ताछ्नु; खुर्कनु।

तक्षणी–ना० [सं०] काठ ताछ्ने ज्याभल; बसिला।

तक्षा–ना० [सं०] सिकर्मी।

तखत–ना० [फा० तख़्तः] राज-गद्दी; राज-सिंहासन।

तखत–ना० [ने०] अनुकूल; पाही।

तखता–ना० [फा० तख़्तः] १. माल-सामान राख्नाका निम्ति भित्तामा ठोकेर राखेको फल्याक; भित्तामा फल्याक ठोकी बनाइएको एक किसिमको दराज; फल्याक। २. फूल रोपेको ड्याङ।

तख्ता–ना० [तखता] तखता।

तग–ना० [तग्+अ] दुइ तह कपड़ाका बीचमा रुवो वा अस्तर हाली कोठा-कोठा पारेर सिइने एक किसिमको सिलाइ (भादगाउँले टोपी, सिरक, दोलाईं आदिको सिलाइ)।

तगड़ा–वि० [तागत] १. प्रशस्त तागत भएको; बलवान्; मजबूत। २. तन्दुरुस्त; आरोग्य-युक्त।

तगण–ना० [सं०] दुइ गुरु र एक लघु हुने एक मात्रिक गण (ऽऽ।)।

तगदीर–ना० [अ० तक़दीर] तकदीर।

तगर–ना० [सं०] १. हल्का बास्ना आउने सेतो फूल फुल्ने, अम्बाका जस्ता साना-साना पात हुने, लामा-लामा फल फल्ने एक जातको वृक्ष। २. त्यसैको फूल।

तगर–ना० [सं०] टक्कर।

तगाइ–ना० [तग्+आइ] तग्ने किसिम, क्रिया वा भाव; एक किसिमको सिलाइ।

तगाइ–ना० [तग्+आइ] तग्ने किसिम, क्रिया वा भाव; टिकाइ।

तगाइनु–स० क्रि० [तगाउ+इ नु] टिकाइनु; ('तगाउनु'–को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

तगाइनु–स० क्रि० [तगाउ+इ+नु] तग्न वा तग हालेर सिउन लाइनु; ('तगाउनु'-को क० क्रि०)।

तगाउनु–स० क्रि० [तग्+आउ+नु] टिकाउनु; ('तग्नु'-को प्रे० क्रि०)।

तगाउनु–स० क्रि० [तग्+आउ+नु] तग्न वा तग हालेर सिउन लाउनु; ('तग्नु'-को प्रे० क्रि०)।

तगारो–ना० [नें०] १. पशुहरूलाई आउन नदिनाका निम्ति गौँड़ा वा आवत-जावत गर्ने ठाउँमा भित्तो वा काठमा प्वाल पारी छिराएको तेर्सो बार। २. गौँड़ो।

तगिनु–स० क्रि० [तग्+इ+नु] तग हालेर सिइनु; ('तग्नु'-को क० क्रि०)।

तगिनु–अ० क्रि० [तग्+इ+नु] टिकिनु; ('तग्नु'-को भा० क्रि०)।

तगुवा–वि० [तग्+उवा] तग हालेर सिइएको; तगेर सिइएको।

तग्नु–स० क्रि० [सं० टङ्क+नु] दुइ तह कपड़ाका बीचमा रुवो वा अस्तर हाली एक किसिमसित सिउनु; तग हालेर सिउनु।

तग्नु–अ० क्रि० [टिक्+नु] १. टिक्नु; अड्नु। २. खप्नु; सहनु।

तङ–ना० [तङ्ग] चाङ; खात।

तङ–वि० [फा०] तङ्ग; हैरान।

तङ्क–ना० [सं०] १. दुःखी जीवन; कष्टमय जीवन। २. प्रियसँगको वियोगबाट हुने दुःख। ३. भय; त्रास। ४. छिनु। ५. लाउने लुगा; दस्त्र।

तङ्कन–ना० [सं०] कष्टमय जीवन; दुःखी जीवन।

तङ्ग–वि० [फा०] १. दुःखित; हैरान; दिक्क। २. साँघुरो; सङ्कुचित। (ना०) ३. घोड़ाको जीन कस्ने पटार वा पेटी।

तङ्ग–ना० [तह] चाङ; खात।

तङ्गिन–ना० [तङ्गी] तङ्गी; चङ।

तङ्गिन–वि० [फा० तंगी] कङ्गाल; तन्नम; साह्रै गरीब।

तङ्गी–ना० [तङ्ग] तङ्ग; खात।

तङग्रनु–अ० क्रि० [तरान+नु] १. बिरामी निको हुनु; रोगले छोड्नु; सन्चो हुनु। २. तगड़ा हुनु; तन्दुरुस्त हुनु।

तङग्रिइनु–अ० क्रि० [ताङ्ग्रि+इ+नु] १. बिरामी निको होइनु; ('तङग्रिनु'-को भा० क्रि०)। २. तङग्रिनु।

तङ्ग्रिनु–अ० क्रि० [तङग्र+इ+नु] तङग्रनु।

तङङ्गिन–ना० [तङ्गिन] तङ्गिन; चाङ।

तङङ्गिन–वि० [तङ्गिन] कङ्गाल; तन्नम; तङ्गिन।

तङङ्नु–अ० क्रि० [तङग्र+नु] तङग्रनु।

तङङ्ग्रिनु–अ० क्रि० [तङ्ङ+इ+नु] तङ्ग्रिनु; ('तङ्ङनु'-को भा० क्रि०)।

तछाइ–ना० [ताछ्+आइ] ताछ्ने किसिम, क्रिया वा भाव।

तछाइनु–स० क्रि० [तछाउ+इ+नु] ताछ्न लाइनु; ('तछाउनु'-को क० क्रि०)।

तछाउनु–स० क्रि० [ताछ्+आउ+नु] ताछ्न लाउनु; ('ताछ्नु'-को प्रे० क्रि०)।

तछारिनु–स० क्रि० [तछार्+इ+नु] ताछिनु; ('तछार्नु'-को क० क्रि०)।

तछार्नु–स० क्रि० [ताछ्+नु] १. ताछ्नु; तिखार्नु। २. लछार-पाटो लाउनु; खुत्त्याउनु।

तछुवा–वि० [ताछ्+उवा] १. ताछिएको। (ना०) २. खसिपा।

तजवीज–ना० [अ० तजवीज़] १. बन्दोबस्त; प्रबन्ध। २. फैसला; निर्णय। ३. सम्मति; राय।

तट–ना० [सं०] नदीको किनारा; छेउ।

तट-बन्ध–ना० [सं०] नदीको चौड़ाइ सीमित पार्न त्यसका किनारामा उठाइएको पर्खाल; जल-बन्ध।

तटस्थ–वि० [सं०] १. तटमा रहेको; किनारामा रहेको। २. नजीकमा रहेको; निकट-वर्ती। ३. कसैको पक्ष नलिने; निष्पक्ष; निरपेक्ष।

तटाक–ना० [सं०] तलाउ।

तटिनी–ना० [सं०] नदी।

तटी–ना० [सं०] तट; किनारा।

तड़क-भड़क–ना० [तड्क+भड़क] ठाँट-बाँट; रोब-रवाफ़।

तडाग–ना० [सं०] १. तलाउ; सरोवर। २. जङ्गली पशु फसाउने पाशो।

तड़ातड़–क्रि० यो० [तड्क] फूर्तिसाथ हिँड्ने किसिम; फटाफट।

तडित्–ना० [सं०] १. बिजुली; विद्युत्। २. हिंसा।

तडिद्गर्भ–ना० [सं०] बादल; मेघ।

तडिल्लता–ना० [सं०] अनेक शाखा भएर चम्कने बिजुली।

तड़ी-तुम्बड़ी–ना० [(फाँ०) तड़ी+तुम्बो] सर्वस्व; सिरी-खुरी; श्री-सम्पत्ति; झिटीमिटी।

तडीपिञ्जर–ना० [सं० ताडन+पिञ्जर] साह्रै दुब्लो; लौरी-पिंजर।

तड्कनु–अ० क्रि० [प्रा० तडतडा+नु] १. फूर्तिसाथ हिँड्नु; फटाफट हिँड्नु; लम्कनु; तड्किनु। २. साह्रो किसिमले बोल्नु; गर्जेर बोल्नु।

तड्का–वि० [तड्क] १. साह्रो; चर्को; स्पष्ट (बोली)। २. चर्को; तीक्ष्ण (स्वाद)।

तड्काइ–ना० [तड्क+आइ] तड्कने किसिम, क्रिया वा भाव।

तड्काइनु–स० क्रि० [तड्काउ+इ+नु] फूर्तिका साथ हिँड़ाउनु; ('तड्काउनु'-को क० क्रि०)।

तड्काउनु–स० क्रि० [तड्क+आउ+नु] फूर्तिका साथ हिँड़ाइनु; ('तड्कनु'-को प्रे० क्रि०)।

तड्कातडकी–ना० [तड्का+तड्का+ई] १. भनाभन; चर्काचर्की; बाझाबाझ। २. फूर्तिसाथको हिँड़ाइ; तड्केर हिँड्ने काम।

तड्काबाजी–ना० [तड्का+बाजी] तड्कातड्की; तकरार; बाझाबाझ।

तड्कारो–वि० [तड्का] १. साह्रो; चर्को; तड्का (स्वर)। २. स्पष्ट; खुलस्त।

तड्किइनु–अ० क्रि० [तड्कि+इ+नु] फूर्तिसाथ हिँडिनु;

CC-0. In Public Domain. Digitization by eGangotri

('तड्किनु'-को भा० क्रि०)।

तड्किनु–अ० क्रि० [तड्क+इ+नु] १. फूर्तिसाथ हिँड्नु; ('तड्कनु'-को भा० क्रि०)। २. तड्कनु।

तड्के–वि० [तड्क+ए] १. एकलै फटाफट हिँड्ने स्वभावको; तड्कने। २. अरूका रायमा नमिल्ने; एकोहोरो।

तड्कोरे–क्रि० यो० [सं० तत्काल] एका-बिहानै; सबैरै; सखारै।

तड्क्याइ–ना० [तड्कि+याइ] तड्किने किसिम, क्रिया वा भाव; तड्काइ।

तड्क्याहट–ना० [तड्कि+याहट] तड्किने किसिम, क्रिया वा भाव; तड्क्याइ।

तड्पनु–अ० क्रि० [प्रा० तडफड+नु] १. शारीरिक वा मानसिक वेदनाले दुःखित हुनु; व्याकुल हुनु। २. अर्काले खाए-लाएको देखेर छटपटिनु। ३. चुकचुकाउनु; पछुताउ गर्नु।

तड्पाइ–ना० [तड्प+आइ] तड्पने किसिम, क्रिया वा भाव।

तड्पाइनु–स० क्रि० [तड्पाउ+इ+नु] तड्पन लाइनु; व्याकुल पारिनु; ('तड्पाउनु'-को क० क्रि०)।

तड्पाउनु–स० क्रि० [तड्प+आउ+नु] व्याकुल पार्नु; तड्पन लाउनु; ('तड्पनु'-को प्रे० क्रि०)।

तड्पिइनु–अ० क्रि० [तड्पि+इ+नु] व्याकुल होइनु; ('तड्पिनु'-को भा० क्रि०)।

तड्पिनु–अ० क्रि० [तड्प+इ+नु] १. तड्पनु। २. वेदनाले दुःखित होइनु; ('तड्पनु'-को भा० क्रि०)।

तण्डुरीण–ना० [सं०] १. चौलानी। २. कीरो; कीट। ३. क्रूरता; बर्बरता।

तण्डुल–ना० [सं०] चामल।

तण्डुलीक–ना० [सं०] लुँडेको साग; चौलाने।

तण्डुलीय–ना० [सं०] १. वायु-विडङ्ग। २. लुँडेको साग।

तत्–ना० [सं०] १. ब्रह्म। २. वायु। (सर्वना०) ३. त्यो; ऊ।

तत–वि० [सं०] १. फैलिएको; विस्तृत। २. ढाकिएको; आच्छादित। (ना०) ३. तारद्वारा बज्ने बाजा।

ततर्को–ना० [ने०] फतफत; झर्को-फर्को।

ततर्को-फतर्को–ना० [ने०] ततर्को-भतर्को।

ततर्को-भतर्को–ना० [ने०] झर्को मानेर फतफताउने काम; झर्को-फर्को।

तताइ–ना० [तताउ+आइ] तताउने किसिम, क्रिया वा भाव।

तताइ–ना० [तात्+आइ] तात्ने किसिम, क्रिया वा भाव।

तताइनु–स० क्रि० [तताउ+इ+नु] तातो पारिनु; ('तताउनु'-को क० क्रि०)।

तताउनु–स० क्रि० [तात्+आउ+नु] १. तातो पार्नु; गरम गर्नु। २. सेकाउनु; पिल्स्याउनु। ३. उत्तेजित पार्नु; प्रोत्साहन दिनु। ४. रीस उठाउनु; जङ्ग्याउनु; ('तात्नु'-को प्रे० क्रि०)।

तति–ना० [सं०] १. श्रेणी; पङ्क्ति; ताँती। २. समूह।

ततिम्बा–ना० [ततिम्मा] ततिम्मा।

ततिम्मा–ना० [अ० ततिम्मः] दोहोऱ्याई-तेहोऱ्याई लिइएको बयान; दोहोरो-तेहोरो सोध-पूछ।

तत्काल–क्रि० यो० [सं०] उसै वेला; त्यसै समयमा; तुरुन्त; झट्ट।

तत्कालीन–वि० [सं०] त्यस समयको; उही वेलाको; तात्कालिक।

तत्क्षण–क्रि० यो० [सं०] उही वेला; तत्काल।

तत्तत्–सर्वना० [सं० तत्+तत्] उही-उही।

तत्त्व–ना० [सं०] १. वास्तविक स्थिति; यथार्थता। २. जगत्को मूल कारण। ३. सार वस्तु; सारांश। ४. परमात्मा; पर-ब्रह्म। ५. पञ्च-महाभूत।

तत्त्वज्ञ–वि० [सं०] १. तत्त्व वा यथार्थताको ज्ञाता; तत्त्व-ज्ञानी। २. ब्रह्म-ज्ञानी। ३. दार्शनिक।

तत्त्व-ज्ञान–ना० [सं०] ब्रह्म, आत्मा र सृष्टि आदिका सम्बन्धको यथार्थ ज्ञान; ब्रह्म-ज्ञान; मोक्ष-प्राप्त हुने ज्ञान।

तत्त्व-ज्ञानी–ना० [सं०] तत्त्व-ज्ञान भएको व्यक्ति; ब्रह्म-ज्ञानी।

तत्त्वतः–क्रि० यो० [सं०] यथार्थमा; वास्तवमा।

तत्त्व-दर्शी–वि० [सं०] तत्त्व-ज्ञानी।

तत्त्व-दृष्टि–ना० [सं०] तत्त्व-ज्ञान प्राप्त गर्ने दृष्टि।

तत्त्व-निष्ठ–वि० [सं०] आफ्नो सिद्धान्तमा दृढ रहने।

तत्त्व-भावी–वि० [सं०] सत्यवादी; यथार्थ-वक्ता।

तत्त्ववाद–ना० [सं०] दर्शन-शास्त्र-सम्बन्धी विचार; ब्रह्मवाद।

तत्त्व-विद्–वि० [सं०] तत्त्वज्ञ।

तत्त्व-विद्या–ना० [सं०] दर्शन-शास्त्र; अध्यात्म-विद्या।

तत्त्व-वेत्ता–वि० [सं०] १. तत्त्वज्ञ। २. दार्शनिक।

तत्त्व-शास्त्र–ना० [सं०] दर्शन-शास्त्र।

तत्त्वावधान–ना० [सं०] देख-रेख; निरीक्षण।

तत्त्वावधानक–ना० [सं०] देख-रेख गर्ने व्यक्ति; निरीक्षक।

तत्पदार्थ–ना० [सं०] जगत्को कारणभूत परमात्मा।

तत्पर–वि० [सं०] १. कुनै काम गर्न तयार भएको; तम्तयार; उद्यत। २. दक्ष; निपुण।

तत्परता–ना० [सं०] तत्पर हुनाको भाव; मुस्तैदी।

तत्परायण–वि० [सं०] एउटै कुरामा मन लगाउने; तल्लीन।

तत्पश्चात्–क्रि० यो० [सं०] त्यसपछि; तदुपरान्त।

तत्पुरुष–ना० [सं०] १. ईश्वर। २. व्याकरणअनुसार पछिल्लो पद प्रधान हुने एक समास। (उदा०–आधा-रात, भीख-मङ्गा, डर-छेरुवा, काम-लायक, घर-फुट्टा, घर-धन्दा, रतौँधी, घोड़-चढ़ी, नकाम आदि।)

तत्याक-तुतुक–क्रि० यो० [अनु०] केटा-केटीले तोते-बोली बोल्ने किसिम।

तत्र–ना० यो० [सं०] त्यहाँ; वहाँ।

तत्रत्य–वि० [सं०] त्यहाँको; त्यहाँ रहेको।

तत्र-भवान्–संबो० [सं०] श्रीमान्; महोदय।

तत्सदृश–वि० [सं०] त्योजस्तो; त्यससमान; तत्सम।

CC-0. In Public Domain. Digitization by eGangotri

तत्सम–वि० [सं०] १. त्योजस्तो; तत्सदृश। २. कुनै एक भाषाबाट जस्ताको-तस्तो रूपले अरू भाषामा आई चलेको (शब्द।)

तथा–ना० [सं० तत्थ्य] निश्चय; निधो।

तथा–वि० [सं०] १. त्योजस्तो; उस्तो। (संयो०) २. र; अनि।

तथा-कथित–वि० [सं०] नाममात्रको; भनाउँदो।

तथागत–ना० [सं०] बुद्धको एक नाम।

तथापि–संयो० [सं०] त्यसो भए तापनि; तैपनि; तापनि।

तथा-विध–वि० [सं०] त्यस किसिमको; त्यस प्रकारको।

तथास्तु–ना० [सं०] कसैले केही कुरो माग्दा वा गर्दा 'त्यस्तै होस्' भनी आशीर्वाद दिने शब्द।

तथैव–क्रि० यो० [सं०] उस्तै किसिमले; त्यसै गरी।

तथोक्त–वि० [सं०] तथा-कथित।

तथ्य–वि० [सं०] १. साँचो; सत्य। (ना०) २. सत्य; वास्तविकता।

तथ्य-भाषी–वि० [सं०] तथ्य कुरो गर्ने; सत्य-वक्ता।

तथ्यवादी–वि० [सं०] सत्यवादी; तथ्य-भाषी।

तदनन्तर–क्रि० यो० [सं०] त्यसपछि; उसपछि।

तदनुरूप–वि० [सं०] उस्तो; त्यस्तो; त्यहीजस्तो; त्यसै-जस्तो; उसैजस्तो।

तदनुसार–वि० [सं०] उसैका अनुसार; उसै गरी।

तदपि–क्रि० यो० [सं०] १. त्यो पनि; ऊसहित। (संयो०) २. तापनि; तथापि।

तदर्थ–क्रि० यो० [सं०] त्यसनिमित्त; त्यस कारण।

तदा–क्रि० यो० [सं०] त्यस समय; उस वेला।

तदारुक–ना० [अ०] १. अपराध, अपराधी वा दुर्घटनाका सम्बन्धमा गरिने विशेष खोजी। २. तत्परता।

तदारुख–ना० [अ० तदारुक] तदारुक।

तदीय–वि० [सं०] त्यसको; उसको।

तदुपरान्त–क्रि० यो० [सं०] त्यसपछि; तदनन्तर।

तदुपरि–क्रि० यो० [सं०] त्यसमाथि; उसभन्दा माथि।

तद्गुण–ना० [सं०] आफ्नो गुणलाई छोड़ेर अर्काको उत्तम गुण ग्रहण गरेको वर्णन गरिने एक अर्थालङ्कार।

तद्देशीय–वि० [सं०] १. त्यस देशको; त्यो देश-सम्बन्धी। २. स्थानीय; क्षेत्रिय।

तद्धन–वि० [सं०] कन्जुस; मक्खी-चूस।

तद्धित–ना० [सं०] १. नाम शब्दमा लाग्ने एक किसिमको प्रत्यय। (वि०) २. त्यसको निम्ति उपयुक्त।

तद्भव–वि० [सं०] १. उसबाट पैदा भएको; त्यसबाट उत्पन्न। (ना०) २. एक भाषाबाट केही रूप विकृत भएर अर्को भाषामा आएको शब्द।

तद्-रूप–वि० [सं०] उस्तै प्रकारको; त्यस्तै।

तद्-रूपता–ना० [सं०] सादृश्य; समानता।

तद्वत्–वि० [सं०] त्यस्तै; उस्तै; सदृश।

तन–ना० [सं० तनु] जीउ; शरीर; देह।

तनक्क–क्रि० यो० [तन्न] तानिने किसिम; तन्न।

तनखा–ना० [तनखाह] तनखाह।

तनखाह–ना० [फा० तनख़्वाह] मासिक वेतन; तलब; किस्ता।

तनतन–क्रि० यो० [ने०] धेरै पानी वा अरू पदार्थ पिउने किसिम; सनसन।

तनतनती–क्रि० यो० [तनतन+ती] तनतन; तनतनी।

तनतनी–क्रि० यो० [तनतन+ई] तनतन; तनतनती।

तन-मन–ना० [तन+मन] १. शरीर र मन। २. जाँगर र उत्साह; शारीरिक र मानसिक शक्ति।

तनय–ना० [सं०] छोरो; पुत्र।

तनया–ना० [सं०] छोरी; पुत्री।

तनहा–वि० [फा०] १. भएभरको सम्पति सिद्धिएको; तन्नम। २. एक्लो।

तना–ना० [सं० तन्तु] १. दौरा, भोटो आदि पोशाक ठीक ठाउँमा कस्ने कपड़ाको फित्ता; तुनु; तना। २. वर आदि रूखका हाँगा लट्की भइँतिर आएको जरा।

तनाइ–ना० [तान्+आइ] तान्ने किसिम, क्रिया वा भाव।

तनाइनु–स० क्रि० [तनाउ+आइ+नु] तान्न लाइनु; ('तनाउनु'-को क० क्रि०)।

तनाउनु–स० क्रि० [तान्+आउ+नु] तान्न लाउनु; ('तान्नु'-को प्रे० क्रि०)।

तनु–ना० [सं०] १. जीउ; शरीर; काय। २. रूप; आकार। ३. स्वभाव; प्रकृति। ४. छाला। (वि०) ५. दुब्लो; झीनो; पातलो। ६. अलिकति; थोरै।

तनुक–वि० [सं०] साह्रै मसिनु; ज्यादै झीनो।

तनुखा–ना० [ने०] खोजी-नीति; चासो।

तनुच्छद–ना० [सं०] १. कवच। २. वस्त्र।

तनुज–ना० [सं०] छोरो; पुत्र।

तनुजा–ना० [सं०] छोरी; पुत्री।

तनु-धारी–वि० [सं०] देह-धारी।

तनु-भृत्–वि० [सं०] शरीर-धारी।

तनु-मध्य–वि० [सं०] झीनो कमर भएको।

तनु-रुह–ना० [सं०] रौँ; रोम।

तनु-लता–ना० [सं०] कोमल शरीर; सुकुमार देह; देह-लता।

तनु-व्रण–ना० [सं०] शरीरमा आउने साना-तिना खटिरा।

तने–वि० [तना+ए] १. तना भएको; तुनुवाल; तुने। २. तुनुजस्तो।

तने-बोड़ी–ना० [तने+बोड़ी] लामा नरम कोसा हुने एक जातको बोड़ी; तुने-बोड़ी।

तन्कनु–अ० क्रि० [तनक्क] १. बेसरी तानिनु; खिँचिनु। २. रिसाएर हिँड्नु; रीसले फटाफट हिँड्नु। ३. मर्नु।

तन्काइ–ना० [तन्क+आइ] तन्कने किसिम, क्रिया वा भाव; तन्क्याइ।

CC-0. In Public Domain. Digitization by eGangotri

तन्काइ–ना० [तन्काउ+आइ] तन्काउने किसिम, क्रिया वा भाव ।

तन्काइनु–स० क्रि० [तन्काउ+इ+नु] तन्कन लाइनु; ('तन्कनु'-को क० क्रि०) ।

तन्काउनु–स० क्रि० [तन्क+आउ+नु] तन्कन लाउनु; ('तन्कनु'-को प्रे० क्रि०) ।

तन्किनु–अ० क्रि० [तन्क+इ+नु] १. तन्कनु । २. तनक्क तानिइनु; ('तन्कनु'-को भा० क्रि०) ।

तन्क्याइ–ना० [तन्कि+याइ] तन्किने किसिम, क्रिया वा भाव; तन्काइ ।

तन्क्याहट–ना० [तन्कि+याहट] तन्किने किसिम, क्रिया वा भाव; तन्क्याइ ।

तन्जेब–ना०[फा० तन्ज़ेब] एक प्रकारको मिहीन सूती कपड़ा; उत्तम जातको मलमल ।

तन्तर-मन्तर–ना० [सं० तन्त्र+मन्त्र] तन्त्र-मन्त्र ।

तन्ति–ना० [सं०] १. रेखा; डोरो । २. गाई । ३. गाई बाँध्ने दाम्लो । ४. पङ्क्ति; ताँती ।

तन्तु–ना० [सं०] १. धागो; डोरो; सूत्र । २. माकुराको जालो । ३. सन्तान; सन्तति । ४. ताँती; पङ्क्ति ।

तन्तु-कार–ना० [सं०] १. लुगा बुन्ने व्यक्ति; जुलाहा । २. माकुरो ।

तन्तु-वाद्य–ना० [सं०] सितार, वीणा आदि तारद्वारा बज्ने बाजा ।

तन्तु-वाय–ना० [सं०] १. लुगा बुन्ने व्यक्ति; जुलाहा । २. माकुरो ।

तन्त्र–ना० [सं०] १. देव-देवीहरूको उपासना गर्ने एक रहस्यात्मक शास्त्र । २. झार-फूक गर्ने मन्त्र । ३. शासन गर्ने कुनै प्रणाली; शासन-पद्धति । ४. धागो; सूत्र । ५. परिवारको पालन-पोषण गर्ने काम ।

तन्त्रक–ना० [सं०] नयाँ कपड़ा ।

तन्त्र-मन्त्र–ना० [सं०] १. तन्त्र र मन्त्र । २. जादू; टुना । ३. झार-फूक ।

तन्त्रि–ना० [सं०] १. ताँती । २. वीणा । ३. विचित्र गुण भएकी स्त्री ।

तन्त्री–ना० [सं०] १. सितार; वीणा । २. वीणाको तार । ३. शरीरको नशा ।

तन्दुर–वि० [तन्नम] तनहा ।

तन्दुरुस्त–वि० [फा०] १. कुनै किसिमको रोग नभएको; नीरोग; स्वस्थ । २. तयार; तम्तयार; उद्यत ।

तन्दुरुस्ती–ना० [फा०] आरोग्य; स्वास्थ्य; नीरोगीपन ।

तन्देह–वि० [फा० तनदेह] परिश्रमसाथ काम गर्ने ।

तन्देही–ना० [फा० तनदिही] १. मेहनत; परिश्रम । २. प्रयत्न; कोशिश ।

तन्द्र–वि० [सं० तन्त्र] १. थाकेको; थकित । (ना०) २. ताँती; पङ्क्ति ।

तन्द्रा–ना० [सं०] १. निद्राको पहिलो अवस्था; झकाइ; ऊँघ । २. चिन्ता, भय, शोक, रोग आदिबाट हुने हल्का बेहोशीजस्तो अवस्था ।

तन्द्रालु–वि० [सं०] १. थाकेको; क्लान्त । २. ऊँघ लागेको; तन्द्रा-युक्त ।

तन्द्रिल–वि० [सं०] ऊँघ लागेको; तन्द्रा-युक्त ।

तन्द्री–वि० [सं०] थाकेको; क्लान्त ।

तन्दूक–ना० [अ० तनूर] विशेष प्रकारले पकाएको मासु आदिको परिकार ।

तन्न–क्रि० यो० [तान्] तान्ने वा तानिने किसिम; तनक्क ।

तन्नम–वि० [अ० तनहा] तनहा; कङ्गाल; तन्दुर ।

तन्नम-भवति–वि० [तन्नम+भवति (सं०)] भएभरको सबै सम्पत्ति सिद्धिएको; तनहा ।

तन्ना–ना० [तान्] बिछ्याउनामाथि बिछ्याइने एक-सरो कपड़ा; टेबिल, पलङ आदि माथि बिछ्याइने कपड़ा ।

तन्नेरी–वि० [सं० तरुण] जवान; तरुनो; युवक ।

तन्नेरो–ना० [तन्नेरी] तरुण युवक ।

तन्मनस्क–वि० [सं०] तन्मय; तल्लीन ।

तन्मय–वि० [सं०] दत्त-चित्त; तल्लीन ।

तन्मात्रा–ना० [सं०] पञ्च-महाभूतको मूल सूक्ष्म रूप ।

तन्वङ्गी–ना० [सं०] दुब्लो, पातलो शरीर भएकी स्त्री ।

तन्वी–वि० [सं०] १. दुब्ली; पातली । २. कोमल शरीर भएकी ।

तपःकर–वि० [सं०] तप गर्ने; तपस्वी ।

तपःप्रभाव–ना० [सं०] तपस्याबाट प्राप्त अलौकिक शक्ति; तपको प्रभाव ।

तपःसाध्य–वि० [सं०] तपस्याबाट सिद्ध हुने ।

तपःस्थल–ना० [सं०] तप गर्ने ठाउँ; तपोभूमि ।

तप–ना० [सं०] १. विषय-वासनाबाट अलग गरी चित्तलाई शुद्ध गर्ने कष्ट-कर धार्मिक नियम; तपस्या । २. शरीर वा इन्द्रियलाई आफ्ना वशमा राख्ने धर्म । ३. माघ महीना । ४. पृथ्वीभन्दा माथिका सात लोकमध्ये एक । ५. ताप; गर्मी । ६. ग्रीष्म ऋतु । ७. ज्वर ।

तपतप–क्रि० यो० [ने०] एक-एक थोपा गरी चुहुने किसिम; एकपछि अर्को बूँद गिर्ने किसिम; टपटप ।

तपतपती–क्रि० यो० [तपतप+ती] तपतप; तपतपी ।

तपतपाइ–ना० [तपतपाउ+आइ] तपतपाउने किसिम, क्रिया वा भाव; तप्काइ ।

तपतपाइनु–अ० क्रि० [तपतपाउ+इ+नु] एक-एक थोपा गरी चुहाइनु; ('तपतपाउनु'-को भा० क्रि०) ।

तपतपाउनु–अ० क्रि० [सं० पत्+आउ+नु] एक-एक थोपा गरी चुहुनु; तप्कनु; तपतपिनु ।

तपतपिइनु–अ० क्रि० [तपतपि+इ+नु] तपतपाइनु; ('तपतपिनु'-को भा० क्रि०) ।

तपतपिनु–अ० क्रि० [तपतप+इ+नु] तपतप गरी थोपा

CC-0. In Public Domain. Digitization by eGangotri

गिर्नु; तप्कनु; तपतपाउनु।

तपतपी–क्रि० यो० [तपतप+ई] तपतप; तपतपती।

तपतप्याइ–ना० [तपतपि+आइ] तपतपिने किसिम, क्रिया वा भाव; तपतपाइ।

तपन–ना० [सं०] १. गर्मी; ताप। २. सूर्य। ३. नायक-नायिकाले वियोगावस्थामा अनुभव गर्ने दुःख; ताप। ४. ग्रीष्म ऋतु। ५. घाम। ६. मानसिक दुःख वा पीडा।

तपनांशु–ना० [सं०] सूर्य।

तपनी–ना० [सं० तपन] १. राप; हल्का ताप। २. मन्द ज्वर। ३. मानसिक दुःख वा पीडा; ताप।

तपश्चरण–ना० [सं०] तपस्या।

तपश्चर्या–ना० [सं०] तपस्या।

तपस–ना० [सं० तप] तप; तपस्या।

तपस–ना० [सं०] १. सूर्य। २. चन्द्रमा। ३. चरो।

तपसील–ना० [अ० तफ़सील] १. स्रेस्तामा तल लेखिएको विवरण; निम्न-लिखित फाँटवारी। २. विवरण; विस्तृत वर्णन।

तपस्य–ना० [सं०] १. फागुन महीना। २. तपश्चर्या। ३. अर्जुन।

तपस्या–ना० [सं०] १. तप। २. कुनै इच्छा-पूर्तिका निमित्त गरिने कष्टपूर्वकको प्रयत्न।

तपस्विनी–ना० [सं०] तपस्या गर्ने स्त्री।

तपस्वी–वि० [सं०] १. तपस्या गर्ने; तप गर्ने। २. दीन; दुःखी। ३. बिचरो। (ना०) ४. नारद मुनि। ५. संन्यासी।

तपाइ–ना० [ताप्+आइ] ताप्ने किसिम, क्रिया वा भाव।

तपाइ–ना० [तप्+आइ] तप्ने किसिम, क्रिया वा भाव।

तपाइ–ना० [तपाउ+आइ] तपाउने किसिम, क्रिया वा भाव।

तपाइनु–स० क्रि० [तपाउ+इ+नु] तताइनु; ('तपाउनु'-को क० क्रि०)।

तपाइनु–स० क्रि० [तपाउ+इ+नु] ताप्न लाइनु; ('तपाउनु'-को क० क्रि०)।

तपाउनु–स० क्रि० [तप्+आउ+नु] तताउनु; तप्त पार्नु; ('तप्नु'-को प्रे० क्रि०)।

तपाउनु–स० क्रि० [ताप्+आउ+नु] ताप्न लाउनु; उष्णता अनुभव गराउनु; ('ताप्नु'-को प्रे० क्रि०)।

तपाईं–सर्वना० [सं० त्वम्] आफूभन्दा श्रेष्ठ व्यक्तिलाई प्रयोग गरिने मध्यम-पुरुष एक-वचनको सर्वनाम शब्द; 'तिमी'-को आदरार्थी शब्द।

तपिइनु–अ० क्रि० [तपि+इ+नु] तातिइनु; ('तपिनु'-को भा० क्रि०)।

तपित–वि० [सं०] तातेको; तप्त।

तपिनु–अ० क्रि० [तप्+इ+नु] गर्मीले तातिनु; ('तप्नु'-को भा० क्रि०)।

तपिनु–स० क्रि० [तप्+इ+नु] तपस्या गरिनु; ('तप्नु'-को क० क्रि०)।

तपी–वि० [सं० तप+ई] तप गर्ने; तपस्वी।

तपेस–ना० [फा० तपिश] खुला ठूलो मुख हुने एक किसिमको पाकउने भाँडो।

तपोधन–वि० [सं०] तपस्या नै धन भएको; तपस्वी।

तपोनिष्ठ–वि० [सं०] तपमा निष्ठा भएको।

तपोबल–ना० [सं०] तपस्याबाट प्राप्त हुने शक्ति।

तपोभङ्ग–ना० [सं०] विघ्न-बाधाले तपस्या भङ्ग हुनु।

तपोभूमि–ना० [सं०] तप गर्ने ठाउँ; तपोवन।

तपोमय–वि० [सं०] १. तपस्या गर्ने; तपस्वी। (ना०) २. परमेश्वर।

तपोमूर्ति–ना० [सं०] १. परमेश्वर। २. तपस्वी।

तपोलोक–ना० [सं०] पृथ्वीभन्दा माथिका सात लोकमध्ये एक।

तपोवन–ना० [सं०] तपस्या गर्ने जङ्गल; तपोभूमि।

तपोवृद्ध–वि० [सं०] तपस्वीहरूमा मुख्य; तपस्याले श्रेष्ठ भएको।

तपोव्रत–ना० [सं०] तपस्या-सम्बन्धी व्रत।

तप्कनु–अ० क्रि० [तपक्क] थोपाहरू खस्नु; तपतप चुहुनु; तपतपाउनु।

तप्काइ–ना० [तप्क+आइ] तप्कने किसिम, क्रिया वा भाव; तपतपाइ।

तप्काइनु–स० क्रि० [तप्काउ+इ+नु] तप्कन लाइनु; ('तप्काउनु'-को क० क्रि०)।

तप्काउनु–स० क्रि० [तप्क+आउ+नु] थोपाहरू खसाल्नु; ('तप्कनु'-को प्रे० क्रि०)।

तप्किइनु–अ० क्रि० [तप्कि+इ+नु] थोपाहरू खसिनु; ('तप्किनु'-को भा० क्रि०)।

तप्किनु–अ० क्रि० [तप्क+इ+नु] १. तप्कनु। २. तपतप चुहिनु; ('तप्कनु'-को भा० क्रि०)।

तप्केनी–ना० [तप्क+नी] तप्केको थोपो; तपतप चुहेको बूँद।

तप्क्याइ–ना० [तप्कि+याइ] तप्किने किसिम, क्रिया वा भाव; तप्काइ।

तप्क्याहट–ना० [तप्कि+याहट] तप्किने किसिम, क्रिया वा भाव; तप्क्याइ।

तप्त–वि० [सं०] १. तातेको; तातो। २. दुःखित; पीडित। ३. क्रुद्ध; कुपित। ४. तपस्या गरेको।

तप्त-कूप–ना० [सं०] एक्काईस महानरकमध्ये एक।

तप्त-कृच्छ्र–ना० [सं०] प्रायश्चित्तका निमित्त बाह्र दिनसम्म गरिने एक व्रत।

तप्त-माष–ना० [सं०] तातो घिउ-तेलमा अभियुक्तको औँलो चोभेर गरिने सत्यासत्यको परीक्षा।

तप्त-मुद्रा–ना० [सं०] १. शङ्ख, चक्र आदिको चिह्न भएका धातुका ताता साँचाले शरीरमा डामिने शङ्ख, चक्र आदिको चिह्न। (वैष्णव-सम्प्रदायका मानिसहरूले यस किसिमको चिह्न धारण गर्दछन्।) २. साँढ़ेका पातामा डाम्ने मुद्रा।

CC-0. In Public Domain. Digitization by eGangotri

तप्नु–स० क्रि० [सं० तप+नु] तप गर्नु; तपस्या गर्नु।

तप्नु–अ० क्रि० [सं० तप्त+नु] १. गर्मीले तात्नु; तप्त हुनु। २. मानसिक पीडा हुनु।

तप्पा–ना० [अ० तफ़रीक़] जिल्लाको सानो अंश।

तप्सिल–ना० [तपसील] तपसील।

तफात–ना० [तफावत] तफावत।

तफावत–ना० [अ० तफ़ावुत] अन्तर; फरक; तोफात।

तब–क्रि० यो० [सं० तदा] १. त्यस वेला; उस बखत। २. त्यस कारण। ३. त्यसपछि; अनि। (संयो०) ४. 'जब'-को पछि लागेर आउने संयोजक शब्द। (उदा०–जब कुनै देशका नागरिकहरूले आफ्ना राष्ट्रप्रति आफ्नो जिम्मेदारी वहन गर्दछन्, 'तब' तिनीहरू अधिकारका भागी हुन्छन्।) ५. अरूले गरेका कुरामा सही थापेर भनिने शब्द; त।

तबक–ना० [अ० तबक़] सुन, चाँदी आदि धातुको पातलो पत्ती; धातुको कागतजस्तो पातलो पत्र।

तबल–ना० [अ० तबलः] तबला।

तबलची–ना० [तबल+ची] तबला बजाउन निपुण व्यक्ति; तबला-वादक।

तबला–ना० [अ० तबलः] दुइ वटा एक साथ बजाइने, ताल दिने एक प्रसिद्ध वाजा। (यसमा दाहिने हातले बजाउनेलाई 'तबला' र बायाँ हातले बजाउनेलाई 'बायाँ' भनिन्छ।)

तबाह–वि० [फा०] १. बिलकुल नाश भएको; विनष्ट। २. तनाहा; तन्नम।

तबाही–ना० [फा०] नाश; बरवादी; सत्यानाश।

तबीयत–ना० [अ०] १. मन; चित्त। २. स्वास्थ्य।

तबेला–ना० [अ० तवेल] घोड़ा बाँध्ने ठाउँ; अस्तबल; अश्व-शाला।

तबै–क्रि० यो० [तब+ऐ] त्यसै वेला; तब नै।

तबैतारे–ना० [ने०] अरूले गरेका कुरामा सही थापी भनिने शब्द।

तम–ना० [सं०] १. अन्धकार; अँध्यारो। २. तीन प्राकृतिक गुणमध्ये एक। ३. अज्ञान। ४. पाप। ५. क्रोध। ६. मोह। ७. राहु। ८. विशेषण शब्दका पछि लागेर दुइभन्दा बढ़ी वस्तुका परिमाण वा गुणका तुलनामा सबभन्दा बढ़ी बुझाउने शब्द। (उदा०–सुन्दरतम, अधिकतम इत्या०।)

तमक–ना० [सं० तम] १. जोश; आवेग। २. अभिमान; घमन्ड। ३. रीस; क्रोध।

तमतमाइ–ना० [तमतमाउ+आइ] तमतमाउने किसिम, क्रिया वा भाव; उग्लाइ।

तमतमाइ–ना० [तमतमाउ+आइ] तमतमाउने किसिम, क्रिया वा भाव; तिरमिराइ।

तमतमाइनु–अ० क्रि० [तमतमाउ+इ+नु] उग्लिनु; ('तमतमाउनु'-को भा० क्रि०)।

तमतमाइनु–अ० क्रि० [तमतमाउ+इ+नु] गर्मी, क्रोध आदिले मुखमा लाली चढ्नु; ('तमतमाउनु'-को भा० क्रि०)।

तमतमाउँदो–वि० [तमतमाउ+उँदो] तमतमिँदो।

तमतमाउनु–अ० क्रि० [तमन+आउ+नु] १. उगाल आएर नमीठो स्वादको हुनु; उग्लनु; तमतमिँदो स्वादको हुनु। २. मुख नमीठो हुनु; पचपचाउँदो हुनु।

तमतमाउनु–अ० क्रि० [सं० तम+आउ+नु] गर्मी, क्रोध आदिले मुखमा लाली चढ्नु।

तमतमाहट–ना० [तमतमाउ+आहट] तमतमाउने किसिम, क्रिया वा भाव; तमतमाइ, क्रोध, गर्मी आदिले मुख रातो हुने भाव।

तमतमाहट–ना० [तमतमाउ+आहट] तमतमाउने किसिन, क्रिया वा भाव; उग्लाइ।

तमतमिँदो–वि० [तमतमाउ+उँदो] उगाल आएर स्वाद बिग्रेको; उग्लेको; तमतमाउँदो।

तमन–ना० [तामा] ताँमाका भाँड़ा-वर्तन।

तमन्चा–ना० [तु० तमन्चः] पिस्तौल; रिभल्भर।

तमर–ना० [सं०] १. टिन। २. राँग।

तमस–ना० [सं०] १. अन्धकार; अँध्यारो। २. कूवा; इनार।

तमसुक–ना० [अ० तमस्सुक] ऋण लिनेले सापटी लिएको प्रमाणस्वरूप ऋण दिनेलाई लेखिदिने कागत; साहू र असामीको लेन-देनको प्रमाण-पत्र।

तमस्विनी–ना० [सं०] १. रात; रजनी। २. हलेदो।

तमाखु–ना० [पुर्त० टोबैको] मसिनो पारी काटेको सुर्ती खुदोमा पकाई वनाइएको वस्तु। (यसलाई चिलिममा भरी, हुक्कामा जड़ी यसको धूवाँ अम्मलका रूपमा सेवन गरिन्छ।)

तमाखू–ना० [तमाखु] तमाखु।

तमाखे–वि० [तमाखु+ए] तमाखुको अम्मली; धेरै तमाखु खाने।

तमादी–ना० [अ०] हद-म्याद गुज्रेको (तमसुक आदि)।

तमाम–वि० [अ०] १. सबै; सम्पूर्ण। २. समाप्त; खतम।

तमामी–ना० [अ० तमाम+ई] समाप्त हुनाको भाव; समाप्ति।

तमाल–ना० [सं०] १. रातो फूल, झुप्पा-झुप्पा परी फल्ने फल, कालोपन लिएको सुर्तीका जस्ता ठूल्ठूला पात हुने एक जातको बोट। २. सति-शाल।

तमाली–ना० [सं०] सिप्लीकान; ताम्रवल्ली।

तमाशा–ना० [अ० तमाशः] १. दिल बहलाउने दृश्य; मनोरञ्जक दृश्य। २. अनौठो खेल; अद्भुत क्रीडा। ३. रमिता; जात्रा।

तमाशे–वि० [तमासे] तमासे।

तमास–ना० [तमाशा] १. आश्चर्य; उदेक। २. किसिम; प्रकार।

तमासे–वि० [तमाशा+ए] १. तमाशा हेर्ने; तमाशाका दर्शक; जात्रे। २. कुनै घटनामा आफू नफसी तमाशा हेरेर बस्ने। ३. तमाशा देखाउने।

CC-0. In Public Domain. Digitization by eGangotri

तमि–ना० [सं०] १. रात; रात्रि। २. मोह; मूर्च्छा।

तमिस्र–ना० [सं०] १. अन्धकार; तम। २. अज्ञान। ३. क्रोध।

तमिस्र-पक्ष–ना० [सं०] कृष्ण-पक्ष।

तमिस्रा–ना० [सं०] कृष्ण-पक्षको रात।

तमीश–ना० [सं०] चन्द्रमा।

तमेरो–ना० [तामा+एरो] तामाका भाँड़ा-बर्तन बनाउने जाति; तमौटे।

तमोगुण–ना० [सं०] क्रोध, भ्रम, आलस्य आदिको कारण-भूत एक प्राकृतिक गुण; तीन प्राकृतिक गुणमध्ये एक।

तमोगुणी–वि० [सं०] तमोगुण प्रधान भएको; तामसी।

तमोघ्न–वि० [सं०] १. अन्धकार वा अज्ञानको नाश गर्ने। (ना०) २. अग्नि। ३. सूर्य। ४. चन्द्र। ५. विष्णु।

तमोमय–वि० [सं०] १. तमोगुणी; तामसी। २. अज्ञानी। ३. अन्धकारपूर्ण।

तमोर–ना० [नें०] कुम्भकर्ण हिमालबाट निस्केर अरुण नदीसित मिल्ने एक नदी; सप्त-कोसीमध्ये एक।

तमोली–ना० [सं० ताम्बूल] पान बेच्ने व्यक्ति वा जाति; बरही।

तमौटे–ना० [तामा+औटे] तामा-सम्बन्धी काम गर्ने एक जाति; ढलौटे भाँड़ा-बर्तन बनाउने जाति।

तम्तयार–वि० [(फाँ०) तम्+तयार] १. तयार; उद्यत। २. ठीक-ठाक; दुरुस्त।

तम्तयारी–ना० [तम्तयार+ई] तम्तयार हुने काम; तयारी।

तम्बा–ना० [सं०] गाई।

तम्बू–ना० [तान्] पाल; शामियाना।

तम्सनु–अ० क्रि० [सं० तत्पर+नु] १. कुनै काम गर्न अगि सर्नु; तत्पर हुनु। २. साहस गर्नु; आँट्नु; सहटिनु।

तम्साइ–ना० [तम्स+आइ] तम्सने किसिम, क्रिया वा भाव; तम्स्याइ।

तम्साइनु–स० क्रि० [तम्साउ+इ+नु] तम्सन लाइनु; ('तम्साउनु'-को क० क्रि०)।

तम्साउनु–स० क्रि० [तम्स+आउ+नु] तम्सन लाउनु; तत्पर गराउनु; ('तम्सनु'-को प्रे० क्रि०)।

तम्सिइनु–अ० क्रि० [तम्सि+इ+नु] कुनै काममा अगि सरिनु; ('तम्सिनु'-को भा० क्रि०)।

तम्सिनु–अ० क्रि० [तम्स+इ+नु] १. तम्सनु। २. कुनै काम गर्न अगि सरिनु; ('तम्सनु'-को भा० क्रि०)।

तम्स्याइ–ना० [तम्सि+याइ] तम्सिन किसिम, क्रिया वा भाव; तम्साइ।

तम्स्याइ–ना० [तम्साउ+याइ] तम्साउने किसिम, क्रिया वा भाव।

तम्स्याहट–ना० [तम्सि+याहट] तम्सिने किसिम, क्रिया वा भाव; तम्स्याइ।

तयँगा–ना० [नेवा०] ऊन मिसाएर बनाएको ओढ्ने वस्त्र; मलेदा।

तय–वि० [अ०] १. सिद्धिएको; समाप्त। २. निधो भएको; निश्चित।

तयर-पान–ना० [सं० तैलङ्ग+पान] तैलङ्ग देशमा हुने एक जातको पान।

तया–प्रत्य० [सं०] शब्दका पछि लागेर त्यस क्रममा, त्यसो गरी, त्यसअनुसार, त्यस रूपमा आदि अर्थ बुझाउने एक प्रत्यय। (उदा०–फलतया, स्वभावतया, पूर्णतया इत्या०।)

तयार–वि० [अ०] १. बनेर ठीक भएको; बनिबनाउ। २. ठीक; दुरुस्त। ३. तम्तयार; उद्यत।

तयारी–ना० [तयार+ई] तयार हुने क्रिया वा भाव; दुरुस्ती; तत्परता।

तर–ना० [तर्] १. उमालेको दूध सेलाउँदा सतहमा जम्ने बाक्लो पत्र ; दूध-दहीमा माथि जम्ने सार पदार्थ; मलाई। २. पानी आदि तरल पदार्थका सतहमा उत्रिरहेको वस्तु। ३. तह; थान्को; थिति।

तर–ना० [सं०] १. पार गर्ने काम; तराइ। २. बाटो। ३. हिँड़ाइ। ४. विशेषण शब्दका पछाड़ि लाग्दा आधिक्य बुझाउने एक प्रत्यय। (उदा०–लघुतर, गुरुतर, बृहत्तर आदि।)

तर–संयो० [सं० तर्हि] त्यसो भए तापनि; किन्तु; परन्तु।

तर–वि० [फा०] निथ्रुक्क भिजेको; आर्द्र।

तरक–ना० [फा० तर्कशर] धनु।

तरकस–ना० [फा० तर्कश] वाण हालेर पिठिउँमा भिर्ने ठोक्रो।

तरकारी–ना० [फा०] १. पकाएर खाइने फल, फूल, डाँठ, पात, कन्द आदि; साग-पात। २. नून, मसला, घिउ-तेल आदि हाली पकाएको साग-पात आदि।

तरकीब–ना० [अ० तर्कीब] १. उपाय; युक्ति। २. सीप। ३. ढङ्ग; ढब।

तरक्क–क्रि० यो० [नें०] १. आँसु चुहुने किसिम; तरल पदार्थ तहरिने किसिम। २. कर्के आँखाले हेर्ने किसिम; आँखा तर्ने किसिम।

तरक्की–ना० [अ० तरक़्क़ी] वृद्धि; उन्नति।

तरक्षु–ना० [सं०] चरी-बाघ।

तरखर–ना० [सं० तत्पर] १. तत्परता; तयारी। २. कामको शुरू; कार्यारम्भ।

तरखराइ–ना० [तरखराउ+आइ] तरखराउने किसिम, क्रिया वा भाव; तम्साइ।

तरखराइनु–अ० क्रि० [तरखराउ+इ+नु] तरखर गरिनु; ('तरखराउनु'-को भा० क्रि०)।

तरखराउनु–अ० क्रि० [तरखर+आउ+नु] तरखर गर्नु; तत्पर हुनु; तम्सिनु।

तरखराहट–ना० [तरखराउ+आहट] तरखराउने किसिम, क्रिया वा भाव; तरखराइ।

तरखरिइनु–अ० क्रि० [तरखरि+इ+नु] तरखराइनु; ('तरखरिनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

[तरखरा+इ+नु] तरखराउनु।

तरखरिनु–अ० क्रि० [तरखरा+इ+नु] तरखराउनु।

तरखऱ्याइ–ना० [तरखरि+याइ] तरखरिने किसिम, क्रिया वा भाव; तरखराइ।

तरङ्ग–ना० [सं०] १. लहर; छाल। २. उत्साह वा आनन्द-को अवस्थामा उठ्ने विचार; उमङ्ग। ३. उफ्राइ; फट्-काइ। ४. यता-उति हल्लिनु। ५. छाँटा; बहुलट्ठी।

तरङ्ग-माली–ना० [सं०] समुद्र।

तरङ्गायित–वि० [सं०] तरङ्ग-युक्त।

तरङ्गिणी–ना० [सं०] नदी।

तरङ्गित–वि० [सं०] लहर उठेको; छाल उठेको।

तरङ्गी–वि० [सं०] १. छाल उठेको; तरङ्ग-युक्त। २. छँटाहा; बहुलाहा।

तरङ्ग्याहा–वि० [तरङ्गी+आहा] सनकी; तरङ्गी।

तरज–ना० [फा० तर्ज़] गानाको लय वा शैली।

तरटी–ना० [सं०] कुकुरडाइनु।

तरण–ना० [सं०] १. नदी तर्ने काम; तर्नु। २. डुङ्गा; नाउ। ३. निस्तार; उद्धार। ४. स्वर्ग।

तरणि–ना० [सं०] १. सूर्य। २. किरण। ३. आँक।

तरणी–ना० [सं०] १. डुङ्गा; नाउ। २. घिउ-कुमारी। ३. थल-कमल।

तरण्ड–ना० [सं०] १. बल्छीका डोरीमा बाँधिने लट्ठी। २. बहना; पतवार। ३. डुङ्गा।

तर-ताकिता–ना० [(फाँ०) तर+ताकिता] ताकिता; प्रेरणा।

तरतीब–ना० [अ०] १. माल-सामानहरू ठीक-ठीक ठाउँमा राख्ने काम; क्रम मिलाई राख्नु। २. उपाय; युक्ति।

तरन-तारन–ना० [तर्+तार्] तर्ने र तार्ने काम; उद्धार; निस्तार।

तरनपेट–ना० [अं० ट्रम्पेट] कवाज आदिमा सलामी दिने बाजा; बिगुल।

तरपू–ना० [ने०] एक जातको घिरौँलो।

तरफ–ना० यो० [अ० तरफ़] तिर; तर्फ; पट्टि।

तरफदार–वि० [अ० तरफ+दार (फा०)] पक्ष लिने; सहायक।

तरफदारी–ना० [तरफ़दार+ई] कसैको पक्ष लिने काम; पक्ष-पात।

तरबर–ना० [तरखर] चञ्चलता; तुलबुलेपन।

तरबराइ–ना० [तरबराउ+आइ] तरबराउने किसिम, क्रिया वा भाव; तरबराहट।

तरबराइनु–अ० क्रि० [तरबराउ+इ+नु] तरबर गरिनु; ('तरबराउनु'-को भा० क्रि०)।

तरबराउनु–अ० क्रि० [तरबर+आउ+नु] तरबर गर्नु; चञ्चल हुनु; सगसगाउनु; तरबरिनु।

तरबराहट–ना० [तरबराउ+आहट] तरबराउने किसिम, क्रिया वा भाव; तरबराइ।

तरबरिइनु–अ० क्रि० [तरबरि+इ+नु] तरबराइनु; ('तरबरिनु'-को भा० क्रि०)।

तरबरिनु–अ० क्रि० [तरबर+इ+नु] तरबराउनु।

तरबरे–वि० [तरबर+ए] तरबर गर्ने; चञ्चल; सगसगे।

तरबर्र–क्रि० यो० [अनु०] जमीनमा रोपेका बीजहरू एक-साथ सबै उम्रने किसिम।

तरबऱ्याइ–ना० [तरबरि+याइ] तरबरिने किसिम, क्रिया वा भाव; तरबराइ।

तरबार–ना० [सं० तरवारि] तरवार; खड्ग।

तरबूजो–ना० [फा० तरबूज़] बलौटे जमीनमा हुने, फर्सीका जस्ता लहरामा फल्ने, फर्सीजस्तै ठूला-ठूला, भित्र सेतो, गुलाबी, पहेँलो वा रातो र गुलियो गुदी हुने एक जातको फल।

तररर–क्रि० यो० [अनु०] पानी, आँसु, पसीना आदि तरल पदार्थ चुहुने किसिम; तर्र।

तरर्र–क्रि० यो० [अनु०] तररर।

तरल–वि० [सं०] १. पन्यालो; द्रव। २. चञ्चल; अस्थिर। (ना०) ३. हारका बीचको मणि।

तरल-नयना–ना० [सं०] चपल नेत्र भएकी स्त्री।

तरला–ना० [सं०] १. जौको माड़। २. मदिरा। ३. माहुरी।

तरवार–ना० [सं० तरवारि] धारिलो, लामो, पातलो, फलामको काट्ने हतियार; तलवार; खड्ग; असि।

तरवारि–ना० [सं०] तरवार।

तरवारे–वि० [तरवार+ए] १. तरवार-सम्बन्धी; तरवारको। २. तरवारका आकारको; तरवारजस्तो।

तरवारे-फूल–ना० [तरवारे+फूल] तरवारका आकारका पात हुने बोटमा फुल्ने नीलो वा रातो एक जातको फूल।

तरवारे-सिमी–ना० [तरवारे+सिमी] १. प्रत्येक भेट्नुमा तीन-तीन वटा पात हुने, राता फूल फुल्ने तरवारका आकारका कोसा फल्ने एक जातको लहरो। २. त्यसैको कोसो; खड्ग-शिम्बी।

तरस्वान्–वि० [सं०] १. वेगवान्। २. शूर।

तरस्वी–वि० [सं०] १. वेगवान्। २. बलियो; बलवान्। ३. साहसी। (ना०) ४. हल्कारो। ५. वीर। ६. वायु।

तरह–ना० [अ०] १. प्रकार; किसिम; भाँति। २. ढङ्ग; ढब। ३. अवस्था; हाल।

तराइ–ना० [तर्+आइ] छाला तर्ने किसिम, क्रिया वा भाव।

तराइ–ना० [तर्+आइ] नदी आदि तर्ने किसिम, क्रिया वा भाव।

तराइ–ना० [तर्+आइ] आँखा तर्ने किसिम, क्रिया वा भाव; कर्काइ।

तराइ–ना० [तार्+आइ] घिउ-तेलमा तरकारी तार्ने किसिम, क्रिया वा भाव।

तराइ–ना० [तार्+आ] नदी-नाला आदि तार्ने किसिम, क्रिया वा भाव।

तराइनु–स० क्रि० [तराउ+इ+नु] तर्न वा छाला काढ्न

CC-0. In Public Domain. Digitization by eGangotri

लाइनु; ('तराउनु'-को क० क्रि०)।

तराइनु–स० क्रि० [तराउ+इ+नु] तर्न वा पार गर्न लाइनु; ('तराउनु'-को क० क्रि०)।

तराइनु–स० क्रि० [तराउ+इ+नु] तर्न वा कर्के आँखाले हेर्न लाइनु; ('तराउनु'-को क० क्रि०)।

तराइनु–स० क्रि० [तराउ+इ+नु] घिउ-तेलमा भुट्न लाइनु; ('तराउनु'-को क० क्रि०)।

तराइनु–स० क्रि० [तराउ+इ+नु] तार्न वा पारगर्न लाइनु; ('तराउनु'-को क० क्रि०)।

तराई–ना० [तल] पहाड़का फेदीको, ठूलो समतल भूमि।

तराउनु–स० क्रि० [तर्+आउ+नु] तर्न वा छाला काढ्न लाउनु; ('तर्नु'-को प्रे० क्रि०)।

तराउनु–स० क्रि० [तर्+आउ+नु] तर्न वा पारग र्न लाउनु; ('तर्नु'-को प्रे० क्रि०)।

तराउनु–स० क्रि० [तर्+आउ+नु] आँखा तर्न लाउनु; ('तर्नु'-को० प्रे० क्रि०)।

तराउनु–स० क्रि० [तार्+आउ+नु] घिउ-तेलमा भुट्न लाउनु; ('तार्नु'-को प्रे० क्रि०)।

तराउनु–स० क्रि० [तार+आउ+नु] तार्न वा पार गर्न लाउनु; ('तार्नु'-को प्रे० क्रि०)।

तराजू–ना० [फा०] तौलने यन्त्र; तुलो; काँटा।

तरान–ना० [सं० त्राण] बिरामी निको भइसकेपछि बिस्तारै वढ़ेर आउने तागत।

तराना–ना० [तान] १. सङ्गीतमा गीतका शब्दावलीको उच्चारण गर्नुभन्दा अघि स्वरको साधना गर्नाका निमित्त 'तुम तानानाना' आदि शब्दको गायन। २. मनको एकोहोरोपना। ३. धुन।

तरावट–ना० [तर+आवट] १. आर्द्र हुनाको भाव; आर्द्रता। २. गीलोपन। ३. शीतलता। ४. पौष्टिक खाद्य पदार्थ।

तरावटी–ना० [तरावट+ई] १. ताकतदार वस्तु; पौष्टिक पदार्थ। २. मिठास; सरसता।

तरास–ना० [सं० त्रास] १. भय; त्रास। २. झस्को। ३. कहाली।

तरि–ना० [सं०] १. नौका; डुङ्गा। २. लुगा-फाटो राख्ने सन्दूस। ३. कपड़ाको छेउ।

तरिक–ना० [सं०] १. डुङ्गा। २. डुङ्गामा तारेको महसूल लिने व्यक्ति; माझी।

तरि-तन्नम–वि० [(फाँ०) तरि+तन्नम] तन्नम; तनाहा।

तरिता–ना० [सं०] चोर-औंलो; तर्जनी औंलो।

तरिनु–स० क्रि० [तर्+इ+नु] छाला काढ़िनु; ('तर्नु'-को क० क्रि०)।

तरिनु–स० क्रि० [तर्+इ+नु] खोला, नाला आदि पार गरिनु; ('तर्नु'-को क० क्रि०)।

तरिनु–स० क्रि० [तर्+इ+नु] कर्के आँखाले हेरिनु; ('तर्नु'-को क० क्रि०)।

तरी–ना० [ने०] १. उखु, बाँस आदिका दुइ आँखाका बीचको भाग। २. आँख्लाले छुट्ट्याइएको औंलाको अंश। ३. पाटा; तह; खण्ड।

तरीका–ना० [अ० तरीक़ः] १. विधि; रीति। २. चाल; व्यवहार। ३. उपाय; युक्ति। ४. किसिम; प्रकार।

तरु–ना० [सं०] रूख; बोट।

तरु-कोटर–ना० [सं०] रूखको टोड्को।

तरु-खण्ड–ना० [सं०] रूखहरूको समूह।

तरु-जीवन–ना० [सं०] रूखको जरा।

तरुण–वि० [सं०] १. तरुनो; जवान; युवक। २. नयाँ; नवीन। (ना०) ३. युवा पुरुष।

तरुण-ज्वर–ना० [सं०] एक हप्ताभन्दा कम नआउने ज्वर।

तरुणिमा–ना० [सं०] जवानी; तारुण्य।

तरुणी–ना० [सं०] १. नवयुवती; तरुनी। २. घिउकुमारी। ३. वज्र-दन्ती।

तरुनी–वि० [सं० तरुणी] तरुणी।

तरुनो–वि० [सं० तरुण] तरुण; जवान।

तरुन्याइँ–ना० [तरुनो+याइँ] तरुनो हुनाको भाव; तारुण्य।

तरु-मृग–ना० [सं०] बाँदर।

तरु-राज–ना० [सं०] १. पारिजात। २. कल्प-वृक्ष। ३. तालको वृक्ष।

तरुल–ना० [ने०] पानका जस्ता पात हुने, आलुजस्ता गिठा फल्ने एक किसिमका लहराको कन्द।

तरेली–ना० [तह] १. पत्र; तह। २. सिलसिला; क्रम।

तर्क–ना० [सं०] १. कुनै वस्तुका विषयमा अज्ञात तत्त्वका कारण वा आपत्तिद्वारा निश्चय गर्ने युक्ति वा विचार; हेतुपूर्ण विवेचना। २. चमत्कारपूर्ण युक्ति।

तर्कक–वि० [सं०] १. तर्क गर्ने; तर्क-शास्त्री। २. सोधपूछ गर्ने।

तर्कण–ना० [सं०] तर्क गर्ने काम।

तर्कणा–ना० [सं०] तर्क गर्ने काम; विवेचना; तर्कना।

तर्कना–ना० [सं० तर्कणा] १. तर्क; सोच-विचार। २. उपाय; युक्ति।

तर्कनु–अ० क्रि० [तर] १. कसैलाई देखेको नदेखेझैँ गरी हिँड्नु। २. छेउ लागेर हिँड्नु। ३. टेढ़िनु; रिसाएर हिँड्नु।

तर्कनु–अ० क्रि० [तान्] तानिनु; खिँचिनु (नसा आदि)।

तर्कनु–अ० क्रि० [सं० तरल] पानी आदि तरल पदार्थ चुहुनु; निथ्रनु; तहरिनु।

तर्क-वितर्क–ना० [सं०] १. अनेक किसिमका तर्क। २ वादविवाद।

तर्क-विद्या–ना० [सं०] न्याय-शास्त्र।

तर्क-शास्त्र–ना० [सं०] तर्कका नियम, सिद्धान्त आदिको निरूपण गरिएको शास्त्र।

CC-0. In Public Domain. Digitization by eGangotri

तर्काइ–ना० [तर्क+आइ] तर्कने किसिम, क्रिया वा भाव; तनाइ; खिँचाइ (नसा आदिको)।

तर्काइ–ना० [तर्क+आइ] पानी आदि तर्कने किसिम, क्रिया वा भाव।

तर्काइ–ना० [तर्क+आइ] तर्कने किसिम, क्रिया वा भाव; रिसाएर हिँड्ने क्रिया।

तर्काइ–ना० [तर्काउ+आइ] पानी आदि तर्काउने किसिम, क्रिया वा भाव।

तर्काइनु–स० क्रि० [तर्काउ+इ+नु] तर्कन वा तान्न लाइनु; ('तर्काउनु'-को क० क्रि०)।

तर्काइनु–स० क्रि० [तर्काउ+इ+नु] निथारिनु; ('तर्कनु'-को क० क्रि०)।

तर्काइनु–स० क्रि० [तर्काउ+इ+नु] नदेखेझैँ गरी हिँड़ाइनु; ('तर्काउनु'-को क० क्रि०)।

तर्काउनु–स० क्रि० [तर्क+आउ+नु] तर्कन वा तान्न लाउनु; ('तर्कनु'-को प्रे० क्रि०)।

तर्काउनु–स० क्रि० [तर्क+आउ+नु] निथार्नु; तह्‍याउनु; ('तर्कनु'-को प्रे० क्रि०)।

तर्काउनु–स० क्रि० [तर्क+आउ+नु] नदेखेझैँ गरी हिँड़ाउनु; ('तर्कनु'-को प्रे० क्रि०)।

तर्कातर्की–ना० [तर्क+तर्क] परस्परमा रीसले आँखा तर्ने काम।

तर्कारी–ना० [तरकारी] तरकारी।

तर्कित–वि० [सं०] १. तर्क गरिएको। २. अनुमान गरिएको; अनुमित; अड़कल गरिएको।

तर्किनु–अ० क्रि० [तर्क+इ+नु] तर्कने वा तानिने होइनु; ('तर्कनु'-को भा० क्रि०)।

तर्किनु–अ० क्रि० [तर्क+इ+नु] निथ्रिनु; ('तर्कनु'-को भा० क्रि०।)

तर्किनु–अ० क्रि० [तर्क+इ+नु] नदेखेझैँ गरी हिँड्नु; ('तर्कनु'-को भा० क्रि०)।

तर्की–वि० [सं०] १. तर्क गर्ने। २. मीमांसा गर्ने।

तर्कु–ना० [सं०] १. कतुवा। २. चर्खाको सुइरो।

तर्कुल्ले–ना० [ने०] उकारको चिह्न; (—) यो चिह्न।

तर्को–ना० [ततर्को] १. झर्को; ततर्को। २. भुतभुताउनु; करकर।

तर्क्य–वि० [सं०] तर्क गर्न योग्य; विवेचनीय।

तर्क्याइ–ना० [तर्कि+याइ] तर्किने किसिम, क्रिया वा भाव।

तर्क्याहट–ना० [तर्कि+याहट] तर्किने किसिम, क्रिया वा भाव; तर्काइ।

तर्जन–ना० [सं०] १. धम्काउनु; डर देखाउनु। २. हप्काउनु; झपार्नु; डाँट्नु।

तर्जना–ना० [सं०] तर्जन।

तर्जनी–ना० [सं०] चोर-औंलो।

तर्जित–वि० [सं०] हप्काइएको; धम्काइएको।

तर्जुमा–ना० [अ० तर्जुमः] १. बन्दोबस्त; प्रवन्ध। २. मसौदा। ३. अनुवाद; उल्था।

तर्णक–ना० [सं०] बाछो।

तर्नु–स० क्रि० [उतार्+नु] छाला काढ्नु; छाला तान्नु।

तर्नु–स० क्रि० [सं० तॄ+नु] १. खोला, नाला आदि पार गर्नु। २. दुःख वा सङ्कटको अवस्था नाघ्नु। ३. पितृहरू स्वर्ग जानु; मुक्त हुनु।

तर्नु–स० क्रि० [तेर्सो+नु] रीसले टेढ़ो आँखाले हेर्नु; कर्के आँखाले हेर्नु।

तर्पण–ना० [सं०] १. देवता, ऋषि र पितृहरूलाई तिल, कुशसहित जल दिने काम; तिलाञ्जलि। २. तृप्त गर्ने काम।

तर्पनु–स० क्रि० [सं० तर्पण+नु] दान गर्नु; दिनु।

तर्पाइ–ना० [तर्प+आइ] तर्पने किसिम, क्रिया वा भाव।

तर्पाइनु–स० क्रि० [तर्पाउ+इ+नु] तर्पन लाइनु; ('तर्पाउनु'-को क० क्रि०)।

तर्पाउनु–स० क्रि० [तर्प+आउ+नु] तर्पन लाउनु; ('तर्पनु'-को क० क्रि०)।

तर्पित–वि० [सं०] १. तृप्त गरिएको। २. तर्पण दिइएको।

तर्पिनु–स० क्रि० [तर्प+इ+नु] दान गरिनु; ('तर्पनु'-को क० क्रि०)।

तर्पी–वि० [सं०] १. तृप्त गर्ने। २. तर्पण दिने।

तर्फ–ना० यो० [अ० तरफ़] तरफ।

तर्‍याक-तुरुक–क्रि० यो० [ने०] थोरै दूध दिने पशु दुहुँदाको किसिम; सानो-तिनो धारो वा सिर्को झर्ने किसिम।

तर्र–क्रि० यो० [अनु०] पानी, रस, आँसु आदि तरल पदार्थ झीनो धारा गरी चुहुने किसिम।

तर्लङ्ग–क्रि० यो० [ने०] १. झुन्डिने किसिम; तुर्लुङ्ग। २. पातलो झोल हुने किसिम; टङ्ग्रङ्ग।

तर्लङङ–क्रि० यो० [तर्लङ्ग] तर्लङ्ग।

तर्सनु–अ० क्रि० [सं० त्रस्+नु] १. त्रस्त हुनु; त्रास लिनु; डराउनु। २. झस्कनु; झसङ्ग हुनु। ३. कहालिनु; आत्तिनु।

तर्साइ–ना० [तर्स+आइ] तर्सने किसिम, क्रिया वा भाव; तर्स्याइ।

तर्साइ–ना० [तर्साउ+आइ] तर्साउने किसिम, क्रिया वा भाव।

तर्साइनु–स० क्रि० [तर्साउ+इ+नु] त्रस्त पारिनु; ('तर्साउनु'-को क० क्रि०)।

तर्साउनु–स० क्रि० [तर्स+आउ+नु] १. त्रस्त पार्नु; भय-भीत पार्नु; डराउनु। २. झसङ्ग पार्नु; झस्काउनु; ('तर्सनु'-को प्रे० क्रि०)।

तर्साउने–ना० [तर्स+आउ+नु+ए] भयप्रद काल्पनिक प्रेतयोनि; हाउ।

तर्साहा–वि० [तर्स+आहा] तर्सने किसिमको; दच्काहा।

CC-0. In Public Domain. Digitization by eGangotri

तर्सिनु–अ० क्रि० [तर्स+इ+नु] १. त्रस्त होइनु; ('तर्सनु'-को भा० क्रि०)। २. तर्सनु।

तर्सुवा–वि० [तर्स+उवा] तर्सने स्वभावको; दच्कुवा; तर्साहा।

तर्स्याइ–ना० [तर्सि+याइ] तर्सिने किसिम, क्रिया वा भाव।

तर्स्याहट–ना० [तर्सि+याहट] तर्सिने किसिम, क्रिया वा भाव; तर्स्याइ।

तल–ना० [सं०] १. तल्लो भाग; पिँध। २. जलाशयको भूइँ। ३. पैतालो। ४. हत्केलो। ५. कुनै वस्तुको सतह। ६. तलका सात लोकमध्ये एक। (ना० यो०) ७. मनि; उँधो।

तलक–ना० यो० [तक] तक; सम्म; पर्यन्त।

तलतल–ना० [तलबल] अम्मलीलाई लाग्ने अम्मलको तिर्सना; अम्मल सेवन गर्ने इच्छा; तृष्णा।

तलब–ना० [अ०] १. तनखा; महीनावारी; वेतन। २. बोलावट। ३. आवश्यकता; माग।

तलबदार–वि० [अ० तलब+दार (फा०)] १. तलबमा काम गर्ने; जागीरदार। २. बोलाउने; डाक्ने।

तलबल–ना० [अ० तलब] १. भोक, प्यास आदिबाट भएको व्याकुलता; छटपटी। २. तरखर; चञ्चलता।

तलबलाइ–ना० [तलबलाउ+आइ] तलबलाउने किसिम, क्रिया वा भाव।

तलबलाइनु–अ० क्रि० [तलबलाउ+इ+नु] तलबल लागिनु; ('तलबलाउनु'-को भा० क्रि०)।

तलबलाउनु–अ० क्रि० [तलबल+आउ+नु] १. भोक, प्यास आदिले व्याकुल हुनु; तलबल लाग्नु; छटपटाउनु। २. हड्बड़ाउनु; चञ्चल हुनु।

तलबलाहट–ना० [तलबलाउ+आहट] तलबलाउने किसिम, क्रिया वा भाव; तलबलाइ।

तलबलिइनु–अ० क्रि० [तलबलि+इ+नु] तलबलाइनु; ('तलबलिनु'-को भा० क्रि०)।

तलबलिनु–अ० क्रि० [तलबल+इ+नु] तलबलाउनु।

तलबल्याइ–ना० [तलबलि+याइ] तलबलिने किसिम, क्रिया वा भाव; तलबलाइ।

तलबाना–वि० [फा० तलबानः] १. तलबको; तलब-सम्बन्धी। (ना०) २. अदालतमा गवाहहरूलाई डाक्न लाउनाका निमित्त लाग्ने रकम।

तलबी–वि० [तलब+ई] १. तलबको; वेतन-सम्बन्धी। २. तलब पाउने। ३. डाकिएको; माग गरिएको।

तल-माथि–ना० [तल+माथि] तल-वितल।

तलवार–ना० [तरवार] तरवार।

तल-वितल–ना० [सं०] १. तल-माथि; ऊँच-नीच। २. भूल; गल्ती। ३. घटी-बढ़ी।

तला–ना० [सं० तल] घर, मन्दिर आदिमा तल-माथिका विचारले छुट्टिएका खण्डहरू; छिँडी, मटान, चोटा बुइगल आदि खण्ड।

तलाउ–ना० [सं० तल्ल] पोखरी; जलाशय।

तलातल–ना० [सं०] तलका सात लोकमध्ये एक।

तलाश–ना० [तु०] खोज; अन्वेषण; अनुसन्धान।

तलाशी–ना० [तलाश+ई] लुकाइराखेको वस्तु सन्देह भएका ठाउँमा खोज्ने काम; खोजी।

तलास–ना० [फा० तराश] १. कपाल कोरी सम्याउने काम; तलास्ने काम। २. श्रृङ्गार; सजावट।

तलासाइ–ना० [तलास्+आइ] तलास्ने किसिम, क्रिया वा भाव।

तलासिनु–स०क्रि० [तलास्+इ+नु] तलास गरिनु; ('तलास्नु'-को क० क्रि०)।

तलास्नु–स० क्रि० [तलास+नु] १. कपाल कोरी सम्म्याउनु; तलास गर्नु। २. सजिसजाउ गर्नु; सिँगार्नु।

तलुवा–ना० [तल+उवा] जुत्ताको पैतालाको अवयव; जुत्ताको टेकिने अवयव।

तले–वि० [तला+ए] तला भएको; चोटो भएको।

तलेज्यू–ना० [सं० तुलजा+ज्यू] नेपालकी एक प्रसिद्ध देवी; तुलजा; राज्य-लक्ष्मी।

तलेत्रो–ना० [तल+एत्रो] डसना वा बिछ्याउनामनि बिछ्याइने सुकुल, सतरञ्जा आदि।

तले-सल्लो–ना० [तले+सल्लो] तलै-तला परेर हाँगा निस्कने र मसिना पात हुने एक जातको सल्लो।

तल्प–ना० [सं०] १. पलङ्ग; खाट; शय्या। २. पत्नी; भार्या।

तल्लिका–ना० [सं०] ताल्चाको साँचो; ताल।

तल्लीन–वि० [सं०] कुनै काममा एकाग्र भएर लाग्ने; निमग्न।

तल्लो–वि० [तल+लो] तलको; तलतिर रहेको; मनिको; निम्न।

तलिसङ–ना० [अ० तहसील] ठेकिएको कूत लिने गरी मोहीलाई जग्गा कमाउन दिने व्यक्ति; जग्गा-धनी।

तव–सर्वना० [सं०] तिम्रो।

तवर–ना० [अ० तौर] १. किसिम; भाँति; तरह। २. उपाय; युक्ति। ३. चाल-चलन; बानी-बेहोर।

तष्ट–वि० [सं०] ताछिएको; तिखारिएको।

तस–सर्वना० [त्यस] त्यस।

तसर–ना० [टसर] टसर।

तसबीर–ना० [अ० तस्वीर] तस्वीर।

तसर्थ–क्रि० यो० [त्यस+अर्थ] त्यस कारण; यस उसले; तस्मात्।

तसला–ना० [फा० तश्त] पिँध फराकिलो भई कोखा परेको, खुला मुख हुने, पीतल, तामा आदिको पकाउने भाँडो।

तसल्ल–ना० [अ० तहसील] १. तहसील। २. बन्दोबस्त; प्रबन्ध। ३. सर-सल्लाह।

तसवीर–ना० [अ० तस्वीर] तस्वीर।

CC-0. In Public Domain. Digitization by eGangotri

तसै–क्रि० यो० [त्यसो+ऐ] त्यसो नै; त्यसै।

तस्कर–ना० [सं०] चोर।

तस्बीर–ना० [अ० तस्वीर] तस्वीर।

तस्मात्–क्रि० यो० [सं०] त्यस कारण; त्यसनिमित्त; तसर्थ।

तस्मै–ना० [ने०] खीर; पायस।

तस्वीर–ना० [अ०] १. कागज, कपड़ा आदिमा रङ्ग भरेर बनाइने कुनै वस्तु वा मानिसको आकृति; चित्र। २. क्यामराद्वारा खिंचिएको चित्र; फोटो।

तह–ना० [फा०] १. खात; चाङ। २. पत्ती; पत्र। ३. उचित स्थान; स्थिति। ४. व्यवस्था; प्रवन्ध।

तहकीकात–ना० [अ० तहक़ीक़] निश्चय; पक्कापक्की; तय।

तहखाना–ना० [फा० तहखानः] जमीनमुनि बनाइएको कोठा वा घर; ताइखाना।

तह-बह–ना० [फा० तह+बह (फाँ०)] तह लगाउने काम; थिति-बिती; बन्दोबस्त।

तहबील–ना० [अ० तहवील] तहवील।

तहबीलदार–ना० [तहवीलदार] तहवीलदार।

तहबीलदारी–ना० [तहवीलदारी] तहवीलदारी।

तहरिइनु–अ० क्रि० [तहरि+इ+नु] पानी चुहिनु; तर्किनु; ('तहरिनु'-को भा० क्रि०)।

तहरिनु–अ० क्रि० [तर्क+इ+नु] भिजेका वस्तुबाट पानी एकोहोरिएर चुहुनु; तर्कनु।

तहरीर–ना० [अ०] हाकिममनिको मुख्य कारिन्दा; निजामती कर्मचारीको एक दर्जा।

तहऱ्याइ–ना० [तहऱ्याउ+आइ] तहऱ्याउने किसिम, क्रिया वा भाव; तर्काइ।

तहऱ्याइ–ना० [तहरि+याइ] तहरिने किसिम, क्रिया वा भाव; तर्काइ।

तहऱ्याइनु–स० क्रि० [तहऱ्याउ+नु] पानी निथारिनु; ('तहऱ्याउनु'-को क० क्रि०)।

तहऱ्याउनु–स० क्रि० [तहरि+याउ+नु] पानी निथार्नु; तर्काउनु; ('तहरिनु'-को प्रे० क्रि०)।

तहवील–ना० [अ०] १. अड्डा-अदालतको धन राख्ने ढुकुटी। २. कुनै कामका निमित्त कसैका जिम्मामा रहेको रुपियाँ।

तहवीलदार–ना० [अ० तहवील+दार (फा०) तहवीलको जिम्मा लिने कर्मचारी; तहवील-सम्बन्धी काम गर्ने निजामती कर्मचारीको एक दर्जा।

तहवीलदारी–ना० [तहवीलदार+ई] तहवीलदारको काम वा पद।

तहसील–ना० [अ०] १. उठती-पुठती गर्ने काम; असूल गर्ने काम। २. त्यस्तो काम गर्ने अड्डा।

तहसीलदार–ना० [अ०] तहसील गर्ने व्यक्ति वा दर्जा; उठती-पुठती गर्ने कर्मचारी।

तहसीलदारी–ना० [अ०] तहसीलदारको काम वा दर्जा।

तहाँ–ना० यो० [त्यहाँ] त्यहाँ।

तहिले–क्रि० यो० [सं० तदा] त्यस वेला; त्यस समय।

ता–ना० [त] त; चाहिँ।

ता–प्रत्य० [सं०] विशेषण शब्दका पछिल्तिर जोरिने एक भाव-वाचक प्रत्यय। (उदा०–मानवता, उष्णता, पशुता आदि।)

ताँगा–ना० [टाँगा] टाँगा; टमटम।

ताँत–ना० [सं० तन्तु] पशुका आन्द्रा, नसा आदि बाटेर बनाइएको डोरी वा धागो।

ताँती–ना० [सं० तति] पङ्क्ति; लहर; लाम।

ताँदो–ना० [सं० तन्तु] धनुको डोरी; परिन्जो; प्रत्यञ्चा।

ताँदो–ना० [ने०] १. चाँजो; बन्दोबस्त; सुर-सार। २. सम्बन्ध जोड्ने काम; नश्तर लाउनु।

ताँबो–ना० [तामा] तामा।

ताइखाना–ना० [तहखाना] तहखाना।

ताइ-ताप्के–ना० [ताइ+ताप्के] ताई।

ताइँ–ना० [फा० ताब] १. ताकत; शक्ति। २. पाइँ; फूर्ति।

ताई–ना० [प्रा०] सेल, जिलेबी आदि पकाउने, पिँध सम्म परेको, सोझो बिट उठेको फलामे भाँड़ो।

ताउ–ना० [प्रा० ताव] रोटी पकाउने, बाटुलो फलामे पातो; तावा।

ताउ–ना० [फा० ताब] १. शेखी; घमन्ड। २. घमन्ड वा फूर्तिसाथ जुँगा मुसार्ने काम। ३. आँच; ताप। ४. तताएर लुगा सम्म्याउने फलामे साधन; एक किसिमको इस्त्री।

ताउ–ना० [फा० ता] कागतको सिङ्गो पत्र।

ताउर-माउर–ना० [ने०] तरखर; सुर-तार।

ताउली–ना० [ताउलो+ई] सानो ताउलो।

ताउलो–ना० [प्रा० ताव] भात पकाउने कसौंड़ीजस्तो भाँड़ो।

ताक–ना० [ताक्] १. मौका; अवसर। २. समय; वेला। ३. उद्देश्य; लक्ष्य। ४. दृष्टि; हेराइ।

ताक–ना० [अ० ताक़] तखता।

ताकत–ना० [अ० ताक़त] बल; शक्ति; सामर्थ्य।

ताक-तरह–ना० [ताक+तरह] कामको प्रारम्भ; सुर-सार; तरखर।

ताकतदार–वि० [अ० ताक़त+दार(फा०)] १. बलियो; भएको। २. ताकत दिने; तागतिलो; पौष्टिक।

ताकतिलो–वि० [ताकत+इलो] १. ताकत भएको; शक्ति-शाली; बलियो। २. ताकत दिने; पौष्टिक।

ताकाताक–ना० [ताक्+ताक्] परस्परमा ताक्ने काम; मौका छोपाछोप।

ताकिता–ना० [अ० ताकीद] कुनै काम चाँड़ो गराउनाका निम्ति दिइने प्रेरणा।

ताकिती–ना० [अ० ताकीदी] ताकिता।

CC-0. In Public Domain. Digitization by eGangotri

ताकिनु–स० क्रि० [ताक्+इ+नु] लक्ष्य गरिनु; ('ताक्नु'-को क० क्रि०)।

ताक्नु–स० क्रि० [सं० तर्कण+नु] १. लक्ष्य गर्नु; निशाना सोझ्याउनु। २. एक-टक लाएर हेर्नु; नियाल्नु। ३. मौका पर्खिरहनु।

ताक्मारु–ना० [ने०] चाँडै पाक्ने एक जातको धान।

तागत–ना० [ताकत] ताकत।

तागतदार–वि० [ताकतदार] ताकतदार।

तागतिलो–वि० [तागत+इलो] ताकतिलो।

तागा–ना० [प्रा० तग्ग] १. जनै; यज्ञोपवीत। २. धागो; सूत्र।

तागाधारी–ना० [तागा+धारी] १. जनै लाउने जाति; द्विजाति। (वि०) २. जनै लाउने।

तागो-तगारो–ना० [(फाँ०) तागो+तगारो] घर, जग्गाको साँध-सीमाना; गौँड़ो।

ताछ-तुछ–ना० [ताछ्+तुछ (फाँ०)] ताछ्ने र खुर्कने काम; ताछी-तुछी।

ताछिनु–स० क्रि० [ताछ्+इ+नु] कुनै वस्तुको बाहिरी भाग खुर्किनु; ('ताछ्नु'-को क० क्रि०)।

ताछी-तुछी–ना० [ताछ-तुछ] ताछ-तुछ।

ताछ्नु–स० क्रि० [सं० तक्ष+नु] १. हतियारद्वारा कुनै वस्तुको बाहिरी भाग खुर्कनु; तछार्नु। २. बोक्रो फाल्नु; छोड़ाउनु। ३. खुत्त्याउनु; काढ्नु।

ताज–ना० [फा०] १. राज-मुकुट; शिर-पेच। २. गन्जीफाको एक रङ्ग। (वि०) ३. असल; उम्दा।

ताजा–वि० [फा० ताज़ा] १. भर्खर तयार भएको; साजी (खानकुरो)। २. तत्काल टिपेको; नओइलाएको (फल-फूल)। ३. नयाँ। ४. बासी नभएको; आलो।

ताजी–ना० [फा० ताज़ी] १. अरब देशमा हुने एक जातको घोड़ा। २. एक जातको कुकुर।

ताजूप–ना० [ताजूब] ताजूब।

ताजूब–ना० [फा० तअज्जुब] १. आश्चर्य; अचम्म। (वि०) २. अनौठो; विलक्षण।

ताटङ्क–ना० [सं०] कानका लोतीमा लाउने एक किसिमको गहना।

ताड़–ना० [सं० ताल] हाँगा-बिँगा नहुने टुप्पामा मात्र ठूल्-ठूला पात हुने एक जातको रूख।

ताड–ना० [सं०] १. कुटाइ; प्रहार। २. पहाड़।

ताडका–ना० [सं०] रामायण-प्रसिद्ध एक राक्षसी।

ताडन–ना० [सं०] ताडना।

ताडना–ना० [सं०] १. पिट्ने काम; कुटाइ; प्रहार। २. चोट; आघात। ३. हप्की; धम्की। ४. दण्ड; सजाय। ५. कष्ट दिनु; यातना दिनु। ६. अनुशासनमा राख्नु।

ताडनी–ना० [सं०] कोर्रा।

ताडनीय–वि० [सं०] ताडना दिन योग्य; दण्डनीय।

ताड-पत्र–ना० [ताड़+पत्र] १. ताड़को पात। २. कानका लोतीमा झुन्डिने गरी लाइने एक किसिमको गहना।

ताडित–वि० [सं०] ताडना गरिएको; दण्ड दिइएको।

ताड़िनु–स० क्रि० [ताड्+इ+नु] ताड़ना दिइनु; ('ताड्नु'-को क० क्रि०)।

ताड़िनु–स० क्रि० [ताड्+इ+नु] गुप्त कुरो पत्ता लगाइनु; ('ताड्नु'-को क० क्रि०)।

ताडी–ना० [सं०] १. ताड़को रूख। २. त्यसबाट निकालिने एक किसिमको मदिरा। ३. कानका लोतीमा लाइने एक प्रकारको गहना।

ताड्नु–स० क्रि० [सं० ताड+नु] कष्ट दिनु; सताउनु; ताडना दिनु।

ताड्नु–स० क्रि० [सं० तर्कण+नु] १. गुप्त कुरो पत्ता लाउनु। २. पारख गर्नु; जाँच्नु। ३. लख गर्नु; अड़कल्नु।

ताण्डव–ना० [सं०] १. पुरुषको नाच। २. शिवको नृत्य। ३. उद्धत नृत्य।

तात–ना० [सं०] १. बाबु; पिता। २. आदरणीय व्यक्ति; पूज्य जन। ३. आफूभन्दा सानो व्यक्तिलाई सम्बोधन गर्ने शब्द। ४. छोरो।

ताति–ना० [सं०] १. छोरो; पुत्र। २. वंश-परम्परा।

तातिनु–अ० क्रि० [तात्+इ+नु] तातो होइनु; ('तात्नु'-को भा० क्रि०)।

ताती–ना० [ने०] हिँड्ने क्रिया; हिँडाइ (बाल-बोलीमा)।

तातील–ना० [अ०] बिदा; छुट्टी।

तातो–वि० [प्रा० तत्त] १. गरम; उष्ण; तप्त। २. न्यानो। (ना०) ३. गर्मी; उष्णता। ४. कामको हड़बड़ी; चटारो।

तात्कालिक–वि० [सं०] तत्कालको; उही बखतको।

तात्तातो–वि० [तातो+तातो] १. अलि-अलि तातो; तातो-तातो। (क्रि० यो०) २. तत्काल; तुरुन्तै।

तात्त्विक–वि० [सं०] १. तत्त्व-सम्बन्धी। २. तत्त्व-ज्ञानले युक्त। ३. यथार्थ; वास्तविक। ४. कुनै महत्त्वपूर्ण गुण वा तत्त्वले युक्त।

तात्नु–अ० क्रि० [तातो+नु] १. तातो हुनु; गर्माउनु। २. रिसाउनु; झोकिनु। ३. तरखराउनु; तत्पर हुनु।

तात्पर्य–ना० [सं०] आशय; अभिप्राय; मतलब।

तात्पर्यार्थ–ना० [सं०] वाच्यार्थदेखि भिन्न अर्थ; व्यङ्ग्यार्थ।

तादात्म्य–ना० [सं०] एक वस्तु अर्को वस्तुसित मिलेर एक हुनु; अभेद-सम्बन्ध।

तादि–क्रि० यो० [सं० तद्दिन] १. धेरै अघि; पहिले नै। (ना०) २. बितेको समय।

तादृश–वि० [सं०] उस्तै; उही समानको।

तान–ना० [सं०] १. धागो; सूत्र। २. कपड़ा बुन्ने यन्त्र। ३. फैलाउनु; विस्तार। ४. मनको एकाग्रता; धुन। ५. तान्ने काम वा साधन। ६. सङ्गीतमा केही स्वरलाई एक-साथ गाउनु वा बजाउनु; आलाप; ताना। (यसमा एक-

CC-0. In Public Domain. Digitization by eGangotri

स्वरको मात्र प्रयोगलाई आर्चिक, दुइको प्रयोगलाई गाथिक, तीनको प्रयोगलाई सामिक, चारकोलाई स्वरान्त, पाँचकोलाई औडव, छकोलाई षाडव र सातकोलाई सम्पूर्ण भन्दछन्।)

तानतान-तुनतुन–ना० [तान-तुन] १. घरायसी साना-तिना कामहरूमा दत्त-चित्त भएर लाग्नु; कोते-धन्दामा लाग्नु। २. तान-तुन।

तान-तुन–ना० [तान्+तुन (फाँ०)] १. तान्ने काम; खिंच्ने काम। २. बल्ल-तल्ल पुऱ्याउने काम; जेनतेन गरी पुऱ्याउनु।

तानपूरा–ना० [सं० तान+पूरा] गाउँदा स्वर दिने चार वटा तार लागको, पर्दा नभएको सितारजस्तो एक बाजा।

तानसेन–ना० [नें०] नेपालको पश्चिमी क्षेत्रमा रहेको पाल्पा जिल्लाको सदर मुकाम।

ताना–ना० [सं०] १. लयको विस्तार; आलाप; तान। २. मनको लहड; धुन; एकाग्रता। ३. तन्द्रा।

ताना–ना०[अ० तअनः] आक्षेप-युक्त बोलाइ; व्यङ्ग्य; छनक।

तानातान–ना० [तान्+तान्] परस्परमा एकले अर्कालाई तान्ने काम; खिंचातानी।

तानातानी–ना० [तानातान+ई] तानातान।

तानाबाना–ना० [सं० तन्तु+वयन] १. कपडाको तान र बुनोट; लम्बाइ र चौडाइका सूतहरू। २. विशेषतः जङ्गी अधिकारीका फित्ता, पेटी आदि र वरदी।

तानामाना–ना० [तानाबाना] जङ्गी वा निजामती जागीरदारको पगरी, पेटी, पोशाक आदि।

तानाशाह–ना० [फा०] निरङ्कुश शासक।

तानाशाही–वि० [फा०] राज्यको सारा अधिकार एउटै व्यक्तिमा रहने एक राज्य-व्यवस्था; अधिनायकवाद।

तानिनु–स० क्रि० [तान्+इ+नु] खिंचिनु; घिच्च्याइनु; ('तान्नु'-को क० क्रि०)।

तानेमाने–ना० [नें०] १. सानो-तिनो काम-धन्धा। २. अल्याङ-मल्याङ काम।

तान्त्रिक–ना० [सं०] १. तन्त्र-मन्त्र जान्ने व्यक्ति; तन्त्रशास्त्रको ज्ञाता। २. तन्त्र-शास्त्रको प्रयोग गर्ने व्यक्ति। (वि०) ३. तन्त्र-सम्बन्धी; तन्त्र-शास्त्रको।

तान्द्रो–ना० [सं० तन्तु] १. पराल, घाँस, साग-पात आदिको एक पात वा बोट; त्यान्द्रो। २. कपड़ा, कागत आदिको धरो।

तान्नु–स० क्रि० [सं० तन्+नु] १. खिंच्नु; घिच्च्याउनु; आकर्षित गर्नु। २. तन्काउनु। ३. आफ्ना पक्ष वा मतमा ल्याउनु। ४. थुत्नु।

ताप–ना० [सं०] १. तातोपन; गर्मी; उष्णता। २. मानसिक दुःख; पीर। ३. दुःख; पीडा। ४. ज्वर।

तापक–वि० [सं०] उष्णता उत्पन्न गर्ने; गर्मी चढ़ाउने।

ताप-क्रम–ना० [सं०] उष्णताको घटी-बढ़ी हुने क्रम।

ताप-त्रय–ना० [सं०] आध्यात्मिक, आधिदैविक र आधिभौतिक–यी तीन दुःख।

तापन–ना० [सं०] १. अग्नि। २. सूर्य। ३. कामदेवका पाँच बाणमध्ये एक।

तापनि–संयो० [ता+पनि] त्यसो भए पनि; तैपनि; तथापि।

ताप-मान–ना० [सं०] शरीर वा वायु-मण्डलको तापको मात्रा।

ताप-मान-यन्त्र–ना० [सं०] डिग्री; थर्मामीटर।

तापस–ना० [सं०] १. तप गर्ने व्यक्ति; तपस्वी। २. बकुल्लो। ३. तेज-पात। (वि०) ४. तप-सम्बन्धी; तपस्याको।

तापसेक्षु–ना० [सं०] गेँवरा-ऊखु।

तापित–वि० [सं०] तताइएको; तातो पारिएको।

तापिनु–स० क्रि० [ताप्+इ+नु] शरीरमा तातो लगाइनु; ('ताप्नु'-को क० क्रि०)।

तापी–वि० [सं०] १. ताप दिने; तताउने। २. दुःख दिने; पीडा दिने।

ताप्के–ना० [सं० तापक] तिहुन, तरकारी आदि पकाउने बीँड़ भएको फलामे भाँड़ो।

ताप्नु–स० क्रि० [सं० ताप+नु] १. घाम, आगो आदिबाट हुने उष्णता शरीरमा थाप्नु; शरीरमा तातो लाउनु। २. हावा वा शीतलताको सेवन गर्नु।

ताप्रे–ना० [नें०] मेथीका आकारका पात, पहेँला फूल, तनेबोड़ीजस्ता कोसा हुने एक जातको सानो बोट।

ताबे–वि० [अ० ताबऽ] वशीभूत; अधीनस्थ।

ताबेदार–वि० [अ० ताबे+दार (फा०)] १. आज्ञाकारी। (ना०) २. सेवक; नोकर।

ताबेदारी–ना० [अ० ताबे+दारी (फा०)] १. आज्ञापालन गर्नु। २. सेवा; नोकरी।

ताम–ना० [सं०] १. डर-लाग्दो वस्तु। २. दोष; त्रुटि। ३. चिन्ता; व्याकुलता। (वि०) ४. डर-लाग्दो; भयङ्कर।

तामचीन–ना० [अ० ताम+चीन (फा०)] १. फलामका भाँड़ा-बर्तनमा लगाइने चीनियाँ इनामेल; चीनियाँ रोगन। २. त्यो रोगन लगाइएका भाँड़ा-बर्तन।

तामदान–ना० [अ० ताम+दान (फा०)] मानिसले बोक्ने एक किसिमको सवारी; उलिन्काट।

तामरस–ना० [सं०] १. कमल। २. सुन। ३. तामा। ४. धतूरो।

तामस–ना० [सं०] १. सर्प। २. दुष्ट मानिस। ३. रीस। ४. एक मनु। ५. अन्धकार; घमन्ड; अभिमान। (वि०) ६. तमोगुण अधिक मात्रामा भएको; तमोगुणी।

तामसिक–वि० [सं०] तमोगुण-सम्बन्धी।

तामसी–वि० [सं०] तमोगुणी; अभिमानी।

तामा–ना० [सं० ताम्र] रातो रङ्गको एक प्रसिद्ध खनिज धातु; ताँबा; ताम्र।

तामा–ना० [नें०] १. बाँस, निगाला आदिको नरम टुसो।

CC-0. In Public Domain. Digitization by eGangotri

२. त्यो सिन्कीझैँ खाँदी अमिल्याएर बनाइएको खाद्य पदार्थ; मेसु ।

तामा-कोसी–ना० [तामा+कोसी] भोटमा मूल भई नेपालको पूर्वी क्षेत्रमा बग्ने एक नदी; सप्त-कोसीमध्ये एक ।

तामाङ–ना० [ने०] विशेष गरेर नेपालको उत्तर-पूर्वी पहाड़-प्रदेशमा रहने एक जाति ।

तामाङ-सेलो–ना० [तामाङ+सेलो] तामाङ-जातिले गाउने एक विशेष प्रकारको गीतको लय ।

तामा-पत्र–ना० [सं० ताम्र-पत्र] दान-पत्र आदि लेखेर दिइने तामाको पातो; ताम्र-पत्र ।

तामील–ना० [अ० तअमील] १. आज्ञा-पालन । २. कामको समाप्ति । ३. तयारी ।

तामीली–ना० [तामील+ई] तामील गर्ने किसिम, क्रिया वा भाव ।

तामे–वि० [तामा+ए] तामा-धातुको; ताम्र-सम्बन्धी; तामाका रङ्गको; तामाजस्तो ।

तामे-ढुकुर–ना० [तामे+ढुकुर] ठूलो एक जातको ढुकुर ।

तामेल–ना० [अ० अतमील] तामील ।

तामेली–ना० [तामेल+ई] तामेल गर्ने किसिम, क्रिया वा भाव ।

तामेस–ना० [?] पन्ध्र वटा तार लागेको, तल्लो भाग मुजूरका पुच्छरझैँ उठेको गजाले रेटेर बजाइने इसराजजस्तो एक किसिमको बाजा ।

तामो–ना० [तामा] तामा (धातु) ।

ताम्बूल–ना० [सं०] १. पानको पात । २. खयर, चून, सुपारी, मसला आदि हाली बनाइएको पानको बीड़ा ।

ताम्बूल-वल्ली–ना० [सं०] पानको लहरो ।

ताम्बूल-वीटिका–ना० [सं०] पानको बीड़ा ।

ताम्बूलिक–ना० [सं०] पान बेच्ने व्यक्ति; बरही ।

ताम्बूली–ना० [सं०] पानको लहरो ।

ताम्र–ना० [सं०] १. एक प्रकारको रातो खनिज धातु; तामा । २. एक प्रकारको कुष्ठ रोग । (वि०) ३. तामाले बनेको । ४. तामा-रङ्गको ।

ताम्रक–ना० [सं०] तामा; ताम्र ।

ताम्रकार–ना० [सं०] तामा, पीतल आदिका भाँड़ा-बर्तन बनाएर जीविका गर्ने व्यक्ति वा जाति; तमौटे ।

ताम्र-पत्र–ना० [सं०] तामा-पत्र ।

ताम्र-युग–ना० [सं०] मानिसहरूले तामाका औजार, भाँड़ा-कुँड़ा आदि उपयोगमा ल्याउन प्रारम्भ गरेको इतिहासको प्राचीन समय ।

ताम्र-वल्ली–ना० [सं०] रल्लाउलो झार ।

ताम्रार्द्ध–ना० [सं०] काँसो; चरेस ।

ताम्रिङ–ना० [अं० टैम्बूरिन] खँजड़ीजस्तो, मुजुरा लागेको, एक बाजा ।

तायदात–ना० [अ० तअदाद] १. सङ्ख्या; गिनती । २. जायजात; सर्वस्व ।

तायदाती–वि० [तायदात+ई] तायदात-सम्बन्धी; तायदातको ।

तायदाती-फारम–ना० [तायदाती+फारम] मुद्दा-सम्बन्धी प्रयोजनीय कागत-पत्रहरूको पञ्जिका ।

तार–ना० [सं०] १. धातुको मसिनु सूत । २. त्यस्तो सूतद्वारा बिजुलीका सहायताले साङ्केतिक आघातद्वारा एक ठाउँबाट अर्को ठाउँमा पठाइने समाचार; टेलिग्राम । ३. धागो; सूत्र । ४. अखण्ड परम्परा; क्रम । ५. कार्य-सिद्धिको योग । ६. सङ्गीतको उच्च स्वर; सप्तक । (वि०) ७. निर्मल; स्वच्छ ।

तार–ना० [सं० ताड] हाँगा-बिँगा केही नहुने, खम्बाजस्तो सोझो र लामो काण्डका टुप्पामा ठूलठूला पात हुने, घोगाको आकार परेर पहेँलो भावका फूल फुल्ने एक जातको रूख; ताड़ । (आयुर्वेदमा यसको गुण ठन्डा र बल-वर्द्धक बताइएको छ । यसको रसको गुण मादक र वीर्य-वर्द्धक मानिएको छ ।)

तारक–ना० [सं०] १. नक्षत्र; तारा । २. आँखाको नानी । ३. तारो; निशाना । ४. महादेव । ५. कार्तिकेयले मारेको एक प्रसिद्ध राक्षस । ६. रामको षडक्षर मन्त्र (ॐरामाय नमः) । ७. माझी; नाविक । (वि०) ८. पार लगाउने; तार्ने ।

तारका–ना० [सं०] १. नक्षत्र; तारा । २. उल्का । ३. आँखाको नानी ।

तारकासुर–ना० [सं०] कार्तिकेयले मारेको एक प्रसिद्ध असुर ।

तारकिणी–ना० [सं०] ताराहरू चम्केको रात ।

तारकेश–ना० [सं०] चन्द्रमा ।

तारकेश्वर–ना० [सं०] शिव ।

तारण–ना० [सं०] १. पार लगाउने काम; तार्ने काम । २. उद्धार; निस्तार ।

तारतम्य–ना० [सं०] १. घटी-बढ़ीको अन्तर; न्यूनाधिक्य । २. परिमाण, गुण आदिको पारस्परिक मिलान । ३. फरक; भिन्नता । ४. संयोग; चानस । ५. क्रम; सिलसिला ।

तारनतार–क्रि० यो० [तार+तार] फेरि-फेरि; बार-बार; लगातार; निरन्तर ।

तारपीन–ना० [अं० टरपेन्टाइन] सल्लाका खोटाको तेल; दियाल-तेल ।

तारल्य–ना० [सं०] १. पन्यालो हुनाको भाव; तरलता । २. चञ्चलता; चपलता । ३. कामुकता ।

तार-सप्तक–ना० [सं०] सङ्गीतमा स्वरहरूको सबभन्दा तीव्र उच्चारण हुने अवस्था ।

तार-सुर–ना० [सं० ताल+सुर] १. सुर-तार; तरखर; पूर्व-रङ्ग । २. व्यवस्था; प्रबन्ध ।

तारा–ना० [सं०] १. राती आकाशमा झल्कने प्रकाश-पिण्ड; नक्षत्र । २. सितारा । ३. आँखाको नानी; पुतली । ४. दश महाविद्यामध्ये एक; एक देवी । ५. बृहस्पतिकी पत्नी । ६. बालिकी स्त्री ।

CC-0. In Public Domain. Digitization by eGangotri

तारा-गण—ना० [सं०] ताराहरूको समूह; तारा-मण्डल ।
तारा-पति—ना० [सं०] १. चन्द्रमा । २. बृहस्पति । ३. बालि ।
ताराबाजी—ना० [नें०] थपड़ी बजाएर खेलिने केटा-केटीको एक खेल ।
तारामे—ना० [नें०] केटा-केटीको एक किसिमको खेल ।
तारा-मण्डल—ना० [सं०] १. ताराहरूको समूह; नक्षत्र-मण्डल । २. पहेँलो रङ्गको एक जातको ठूलो छत्राकार फूल ।
तारित—वि० [सं०] १. पार लगाइएको; तारिएको । २. उद्धार गरिएको ।
तारिनु—स० क्रि० [तार्+इ+नु] पार लाइनु; ('तार्नु'-को क० क्रि०) ।
तारिनु—स० क्रि० [तार्+इ+नु] घिउ-तेलमा भुटिनु; ('तार्नु'-को क० क्रि०) ।
तारीख—ना० [फा० तारीख़] १. महीनाको प्रत्येक दिन; गते; मिति । २. ईसवी महीनाको गते । ३. अड्डा-अदालतबाट झगड़ियालाई हाजिर हुनू भनी तोकिदिएको मिति ।
तारीखवाला—ना० [तारीख+वाला] अड्डा-अदालतबाट तारीख तोकिएको झगड़िया ।
तारीफ—ना० [अ० तअरीफ़] १. प्रशंसा; असल गुणहरूको बयान; सह्नी । २. विवरण; वर्णन ।
तारु—ना० [नें०] एक जातको चिल्लो र बलियो बाँस ।
तारुण—वि० [सं०] तरुनो; जवान; युवा ।
तारुण्य—वि० [सं०] जवानी; यौवन; युवावस्था ।
तारे—वि० [तारा+ए] १. निधारमा सेतो टाटो भएको; चाँदे (पशु) । २. तारा भएको; तारा-युक्त । ३. ताराजस्तो ।
तारे—वि० [तार+ए] तार भएको; तार लागेको ।
तारे-भीर—ना० [तारो+भीर] ज्यादै अग्लो ठाड़ो भीर ।
तारै-तार—क्रि० यो०[तार+तार] तारनतार ।
तारो—ना० [सं० तारा] बाण, गोली आदि अस्त्रको निशाना; लक्ष्य ।
तार्किक—वि० [सं०] तर्क-शास्त्रको ज्ञाता; दार्शनिक; नैयायिक ।
तार्के-जुरेली—ना० [नें०] एक जातको जुरेली ।
तार्नु—स० क्रि० [सं० तारण] १. पार लाउनु; नदी, नालाहरूमा कुनै वस्तु वारि-पारि गराउनु । २. दुःख, सङ्कट-बाट उद्धार गर्नु । ३. पितृहरूलाई मुक्त पार्नु ।
तार्नु—स० क्रि० [सं० तारण] पानी नहाली घिउ-तेल आदिमा तरकारी पकाउनु; घिउ-तेलमा भुट्नु ।
ताल—ना० [सं०] १. दुइ हत्केला जुधाएर निकालिने शब्द; थपड़ीको शब्द; ताली । २. हत्केलो । ३. तिघ्रा वा पाखुरा ठोकेर निकालिने शब्द (पहलमानले) । ४. चराहरूले पखेटा फटफटाउँदा निस्कने आवाज । ५. सङ्गीतमा नियत मात्रामा बजाइने ताली; सङ्गीतको यति; लोली । ६. ढोकाको आग्लो खोल्ने वा बन्द गर्ने फलामे साधन । ७. झ्याल-ढोकाको चौकोस कस्नाका निम्ति गाह्रोमा तेर्स्याएर राखिने लामो काठ । ८. झ्याम्टा; झ्याली । ९. ढङ्ग; ढब; छाँट । १०. चोटि; पटक । ११. मौका; अवसर । १२. ताड़को रूख ।
ताल—ना० [सं० तल्ल] प्राकृतिक पोखरी; झील; दह ।
तालक—ना० [सं०] १. हरिताल । २. ताड़को रूख । ३. ताल्चा ।
ताल-गाँठी—ना० [ताल+गाँठी] १. काम-काजको प्रवन्ध; बर-बन्दोबस्त । २. भित्री अभिप्राय; रहस्य ।
ताल-द्वार—ना० [ताल+द्वार] झ्याल-ढोकाहरूका द्वार र तिनीहरूलाई बन्द गर्ने साधन; साँचो-मुचो; ताला-कुञ्जी ।
ताल-पत्र—ना० [सं०] ताड़को पात; ताड़-पत्र । (प्राचीन कालमा यसैमा ग्रन्थहरू लेखिन्थे ।)
तालपर्णी—ना० [सं०] जङ्गलमा हुने एक जातको सूँप; निर्जरा ।
ताल-मखाना—ना० [ताल+मखाना] १. लामा-लामा पात हुने, डाँठ र हाँगाका बीच-बीचमा काँढ़ादार गाँठा फल्ने, सेता वा नीला जूहीका आकारका फूल फुल्ने एक जातको बूटी । २. त्यसैको फल; कोकिलाक्ष । (आयुर्वेदमा यसको गुण बल एवं वीर्य-वर्द्धक र ठन्डा बताइएको छ ।)
ताल-मान—ना० [सं० तल+मान] चित्र, मूर्ति आदि बनाउँदा आकृतिको ठीक-ठीक अनुपात मिलाउन बनाइने त्रिकोण, वृत्त आदि ।
तालव्य—वि० [सं०] १. तालु-सम्बन्धी । (ना०) २. तालु-स्थानबाट उच्चारण हुने (वर्ण) ; इ, ई, च, छ, ज, झ, ञ, य, एवम् श—यी नौ वर्ण ।
ताल-सुर—ना० [सं० ताल+स्वर] १. ताल र सुर । २. सुर-सार; कार्यारम्भ । ३. कामको रूप-रङ्ग; चाल-ढाल । ४. चाँजो-पाँचो; व्यवस्था ।
ताला—ना० [सं० तालक] ताल्चा ।
ताला-कुञ्जी—ना० [ताला+कुञ्जीका (सं०)] १. ताल्चा र साँचो । २. झ्याल-ढोकाहरू बन्द गरी ताल्चा मार्ने काम; ताल-द्वार; साँचो-मुचो ।
तालाबाला—ना० [नें०] अत्यास ।
तालिका—ना० [सं०] १. सूची; फेहरिस्त; लिस्ट । २. नामावली । ३. ताल्चाको साँचो । ४. करतल-ध्वनि; ताल ।
तालिवर—वि० [अ० तालअ+वर (फा०)] १. धनाढ्य । २. धनी; भाग्यशाली ।
ताली—ना० [सं०] १. थपड़ीको शब्द; ताल; कर-तल-ध्वनि । २. ताल्चा खोल्ने साँचो । ३. ताड़को रक्सी । ४. ताड़को रूख । ५. आँखाको लट्ठचाइ ।
तालीम—ना० [अ० तअलीम] अभ्यासका निमित्तको उपदेश; शिक्षा ।
तालीमखाना—ना० [तालीम+खाना] तालीम गर्ने ठाउँ ।
तालीमी—वि० [तालीम+ई] १ तालीम पाएको; शिक्षा पाएको । २. तालीम-सम्बन्धी ।
तालीमे—ना० [तालीम+ए] १. गाना-बजानामा तालीम

CC-0. In Public Domain. Digitization by eGangotri

पाएकी दरबारिया सुसारे। (वि०) २. तालीम पाएको; तालीमी।

तालीस-पत्र–ना० [सं०] सुनपाती।

तालु–ना० [सं०] १. मुखभित्रको माथिल्लो अवयव। २. निधारदेखि टुपीसम्मको टाउकाको अवयव।

तालुक–ना० [अ० तअल्लुक़] १. इलाका। २. सरोकार; वास्ता; प्रयोजन। ३. तैनात।

तालुकदार–ना० [तालुक+दार] १. तैनातवाला; तालुक-वाला। २. गाउँको मुखिया; जिम्मावाल।

तालुकदारी–ना० [तालुकदार+ई] १. तालुकदारको प्रथा, काम वा दर्जा। २. तालुकदारको अधिकार-क्षेत्र।

ताल्चा–ना० [सं० तालक] ढोका, सन्दूक आदि बन्द गर्नाका निम्ति अन्तरापमा लगाइने फलाम, पीतल आदिको साँचाले खोल्ने र लाउने यन्त्र।

ताल्चे–क्रि० यो० [तारो] गुच्चा आदिका खेलमा नगुड़ाईकन ठाउँ हान्ने किसिम।

ताल्चे-झार–ना० [ताल्चा+झार] डाँठका आँख्ला-आँख्ला फुकालेर परेलामा फेरि आँख्ला पसाली बालकहरूले ताल्चा मारेजस्तै गरी खेल्ने एक झार।

तावत्–क्रि० यो० [सं०] १. तवसम्म; त्यस समयसम्म। २. त्यत्ति पर; त्यहाँसम्म।

तावा–ना० [प्रा० ताव] ताउ।

ताश–ना० [अ० तास] तास।

तास–ना० [अ०] १. चाँदीका तारले बुनेको एक प्रकारको बहु-मूल्य कपड़ा। २. पान, चीर, ईँट, सुरथका बुट्टा र बाद-शाह, बजीर आदिका चित्र भएको, बाउन्न पत्तीले खेलिने मोटो कागतका पत्ती।

तासा–ना० [ने०] १. किन-मेल गरिसकेपछि किन्नेले पसलेसँग माग्ने सानो-तिनो वस्तु; फोसा। (वि०) २. साह्रै दुब्लो; पातलो।

तासा–ना० [अ० तासः] ट्याम्कोजस्तो, घाँटीमा भिरेर दुवै हातले गजाले हानेर बजाइने एक किसिमको बाजा।

तासीर–ना० [अ०] असर; प्रभाव।

तासी-लामा–ना० [तिब्बती] पन्चेन-लामा।

तिंदु–ना० [सं० तिन्दु] तिन्दु।

तिउरी–ना० [तिउरे+ई] तिउरे।

तिउरे–ना० [ने०] खुर्सानीका जस्ता लाम्चा पात हुने, विभिन्न रङ्गका फूल फुल्ने, भाङ्का जस्ता गेड़ा फल्ने एक जातको बोट; तिउरी; एक जातको मेहदी। (यसलाई कुटी अरू मसला मिलाई नङ, हात, गोड़ा आदि रातो पार्नाका निम्ति लगाउँछन्।)

तिक्खर–वि० [प्रा० तिक्खण] चर्को; कड़ा (स्वाद)।

तिक्खरो–वि० [तिक्खर] तिक्खर।

तिक्त–वि० [सं०] १. नीम, चिराइतो आदिका स्वादको; तीतो। (ना०) २. तीतो स्वाद; छ रसमध्ये एक।

तिक्तता–ना० [सं०] तीतो हुनाको भाव; तीतोपन।

तिक्त-बिम्बी–ना० [सं०] तीते-गोल-काँक्री।

तिखाराइ–ना० [तिखार्+आइ] तिखार्ने किसिम, क्रिया वा भाव।

तिखारिनु–स० क्रि० [तिखार्+इ+नु] तीखो पारिनु; ('तिखार्नु'-को क० क्रि०)।

तिखार्नु–स० क्रि० [तीखो+नु] १. तीखो पार्नु; चुच्चे तुल्याउनु। २. अरूलाई होच्याउनु; ह्याउनु। ३. तयार पार्नु; सन्नद्ध पार्नु। ४. उत्तेजित पार्नु।

तिख्याइ–ना० [तिख्याउ+आइ] तिख्याउने किसिम, क्रिया वा भाव।

तिख्याइनु–स० क्रि० [तिख्याउ+इ+नु] तीखो पारिनु; ('तिख्याउनु'-को क० क्रि०)।

तिख्याउनु–स० क्रि० [तीखो+याउ+नु] १. तीखो पार्नु; तिखार्नु। २. अवहेलनापूर्वक उत्तेजित पार्नु; चम्काउनु।

तिगुना–वि० [तीन+गुना] तीन गुना; तेबर।

तिग्म–वि० [सं०] १. तीव्र; तीक्ष्ण। २. प्रचण्ड; प्रखर। ३. जल्दो-बल्दो। ४. पिरो। ५. रिसाहा। (ना०) ६. ताप; राप। ७. पिरोपन।

तिघ्रे–वि० [तिघ्रो+ए] ठूलठूला र मोटा तिघ्रा हुने; भुस-तिघ्रे।

तिघ्रो–ना० [ने०] घुँडादेखि माथिको खुट्टाको अवयव; जाँघ; जङ्घा।

तिच्छर–वि० [तिक्खर] अलि-अलि तीतो; तीतो-तीतो; नमीठो (स्वाद)।

तिच्छरो–वि० [तिच्छर] तिच्छर।

तितर-बितर–क्रि० यो० [सं० इतस्ततः] यत्र-तत्र छरिने किसिम; छयान्न-ब्यान्न; छितर-बितर।

तितिक्षा–ना० [सं०] १. सर्दी-गर्मी, सुख-दुःख आदि सहने शक्ति; सहिष्णुता। २. क्षमा; क्षान्ति।

तितिक्षु–वि० [सं०] सहन-शील; सहने शक्ति भएको; क्षमा-शील।

तितीर्षा–ना० [सं०] तर्ने इच्छा; पार हुने इच्छा।

तितीर्षु–वि० [सं०] तर्ने इच्छा गर्ने; पार लाग्ने इच्छा भएको।

तितौरा–ना० [ने०] १. भिजाएको मुगी, चना आदि पिँधी फाएर साना-साना डल्ला पारी सुकाएको तरकारी। २. आँप, लप्सी, अमला आदिको लेदोमा नून, मसला वा चीनी हाली साना-साना डल्ला पारी सुकाएको एक किसिमको माड़ा।

तित्तिरि–ना० [सं०] १. तित्रो। २. यजुर्वेदको एक शाखा। ३. नृत्यमा पाउ राख्ने एक ढङ्ग।

तित्री–ना० [सं० तिन्तिडी] अमिली।

तित्रो–ना० [सं० तित्तिरि] घाँटी रातो र अरू सम्पूर्ण शरीर बट्टाईका रङ्गको हुने च्याखुरोजत्रो एक जातको पक्षी।

तिथि–ना० [सं०] १. चन्द्रमाका कलाको घट्ने-बढ्ने क्रम-

CC-0. In Public Domain. Digitization by eGangotri

४७१ गणना गरिने महीनाका दिन; चान्द्र-मासका भिन्न-भिन्न अनुसार दिन (परेवा, द्वितीया आदि)। २. मिति; दिन। ३. पात्रो; पञ्चाङ्ग।

तिथि-पत्र–ना० [सं०] पात्रो; पञ्चाङ्ग।

तिन–सर्वना० [ती] विभक्ति लाग्दा हुने 'ती' शब्दको रूप।

तिना-धान–ना० [सं० तृणान्न+धान्य] १. जलाशयमा उम्रने, लामा-लामा जुँगा हुने एक जातको जङ्गली धान। २. त्यसैको फल।

तिनिश–ना० [सं०] साधन वृक्ष।

तिनी–सर्वना०[त्यो] 'त्यो' शब्दको बहु-वचन वा आदरार्थीमा प्रयोग गरिने रूप।

तिन्तिणी–ना० [सं०] अमीली; तित्री।

तिन्दु–ना० [सं०] १. लाम्चा, तीखा र खस्रा पात हुने, कालो बोक्रो हुने, सेता, साना फूल फुल्ने, पहेँला, गुलिया फल फल्ने एक जातको रूख। २. त्यसैको फल।

तिन्दुक–ना० [सं०] तिन्दु।

तिप–ना० [नें०] माछा मार्ने चोयाको साधन; खुँगा।

तिब्बत–ना० [मङ्गोल-टोबेट] नेपालको उत्तरी सिमानामा रहेको चीनको एक प्रदेश।

तिब्बती–वि० [तिब्बत+ई] १. तिब्बत-सम्बन्धी; तिब्बतको। २. तिब्बत-निवासी।

तिमि–ना० [सं०] १. साह्रै ठूलो आकारको एक जातको समुद्री माछो। २. समुद्र।

तिमिङ्गिल–ना० [सं०] समुद्रमा रहने माछाका आकारको ठूलो, स्तन-पायी एक जातको जन्तु; तिमि नाम गरेको ठूलो माछोलाई पनि निल्न सक्ने जन्तु; ह्वेल।

तिमिङ्गिल-गिल–ना० [सं०] तिमिङ्गिललाई पनि निल्ने एक जातको समुद्री स्तन-पायी जन्तु।

तिमिर–ना० [सं०] १. अन्धकार; अँध्यारो; तम। २. फलाममा लागेको खिया। ३. रतौंधी।

तिमिरमय–वि० [सं०] १. अन्धकारले छाएको; अँध्यारो। (ना०) २. ग्रहण। ३. राहु।

तिमिलो–ना० [नें०] १. ठूलठूला, खस्रा पात हुने, सेतो बोक्रो हुने, काँधबाट निस्केका लहरामा खनिउँका जस्ता फल फल्ने एक जातको रूख। २. त्यसैको फल।

तिमी–सर्वना० [सं० त्वम्] मध्यम-पुरुष, एक-वचनमा प्रयोग हुने सर्वनाम शब्द; 'तँ'-भन्दा एक तहमाथिको आदरार्थी शब्द।

तिम्रो–सर्वना० [तिमी+रो] 'तिमी'-को षष्ठी-विभक्तिको रूप; 'तेरो'-को आदरार्थी रूप।

तियाँ–वि० [तीन] तेबर; तीन गुना (हिसाबको दुनोट पढ्दा-मात्र प्रयोग हुने शब्द)।

तिया–ना० [तीन] सोह्र कौडामा तीन, सात, एघार वा पन्ध्र कौडा ठाड़ा हुँदा पर्ने जूवाको एक दाउ।

तियाली–क्रि० यो० [तीन+पाली] तीन पटक; तीन चोटि।

तियो–ना० [तीन] १. तीन (दण्डी-वियो खेलको गणना)। २. तीन पर्दा बियो हान्ने तरीका।

तिर–ना० यो० [सं० तीर] तफ; पट्टि; पक्ष।

तिरताल–ना० [तिर्+ताल] हरताल।

तिरन-तारन–ना० [तिरान+तारन (फाँ०)] सापटी लिएको धन-माल तिर्ने काम; तिरो-भरो; तिरो-तारो।

तिरमिर–क्रि० यो० [सं० तिमिर] १. कमजोरी वा अरू रोगबाट आँखाले स्पष्टसित नदेख्ने किसिम; तिरमिराउने किसिम; तिरिमिरी। २. ज्यादा चम्किलो वस्तु हेर्दा आँखाले ठम्याउन नसकिने किसिम। ३. झिसमिस; मिरमिर।

तिरमिराइ–ना० [तिरमिराउ+आइ] तिरमिराउने किसिम, क्रिया वा भाव; तिरमिऱ्याइ।

तिरमिराइनु–अ० क्रि० [तिरमिराउ+इ+नु] आँखा तिरमिर गरिनु; ('तिरमिराउनु'-को भा० क्रि०)।

तिरमिराउनु–अ० क्रि० [तिरमिर+आउ+नु] १. नाताकत वा रोगवश आँखाले राम्ररी नदेख्नु; तिरमिर गर्नु; तिरमिरिनु। २. प्रकाशको तीव्रताले आँखाले ठम्याउन नसक्नु।

तिरमिरिइनु–अ० क्रि० [तिरमिरि+इ+नु] तिरमिराइनु; ('तिरमिरिनु'-को भा० क्रि०)।

तिरमिरिनु–अ० क्रि० [तिरमिर+इ+नु] तिरमिराउनु।

तिरमिरे–वि० [तिमिर+ए] तिरमिर गर्ने; तिरमिर गरी टल्कने।

तिरमिऱ्याइ–ना० [तिरमिरि+याइ] तिरमिरिने किसिम, क्रिया वा भाव; तिरमिऱ्याहट।

तिरमिऱ्याहट–ना० [तिरमिरि+याहट] तिरमिरिने किसिम, क्रिया वा भाव; तिरमिराइ।

तिरस्करणी–ना० [सं०] १. पर्दा; जवनिका। २. अदृश्य हुने विद्या।

तिरस्कार–ना० [सं०] १. अपमान; अनादर। २. अवज्ञा। ३. उपेक्षा; बेवास्ता।

तिरस्कृत–वि० [सं०] १. तिरस्कार गरिएको; अपमानित। २. ढाकिएको; आच्छादित। ३. उपेक्षित।

तिराइ–ना० [तिर्+आइ] तिर्ने किसिम, क्रिया वा भाव; चुकाइ।

तिराइनु–स० क्रि० [तिराउ+इ+नु] तिर्न लाइनु; ('तिराउनु'-को क० क्रि०)।

तिराउनु–स०क्रि० [तिर्+आउ+नु] तिर्न लाउनु; ('तिर्नु'-को प्रे० क्रि०)।

तिरान–ना० [तिर्+आन] १. तिरो; कूत। २. तिर्ने काम; तिरो-भरो।

तिरिनु–स० क्र० [तिर्+इ+नु] पैँचो फिर्ता दिइनु; ('तिर्नु'-को क० क्रि०)।

तिरिमिरी–क्रि० यो० [तिरमिर] तिरमिर।

तिरुवा–वि० [तिर्+उवा] १. तिर्ने; तिरो दिने। २. तिरो लागेको।

तिरुवा-बिर्ता–ना० [तिरुवा+बिर्ता] पोता-बिर्ता।

CC-0. In Public Domain. Digitization by eGangotri

तिरो–ना० [तिर्+ओ] पोत; कूत; बाली ।

तिरो-तारो–ना० [तिरो+तारो (फाँ०)] तिरो-भरो; तिरन-तारन ।

तिरोधान–ना० [सं०] लुप्त हुनु; अन्तर्धान; लोप ।

तिरो-भरो–ना० [तिर्+भर्] मोहीले तल्सिङ्लाई बाली तिर्ने काम; तिरो-तारो; तिरन-तारन ।

तिरोहित–वि० [सं०] १. ढाकिएको; छोपिएको । २. लुप्त ।

तिर्की–ना० [सं० त्रि] १. तासको तीन फुट्टी भएको चक्की; तीन फुट्टीवाला पत्ती । २. पच्चीसका खेलको एक दाउ ।

तिर्खा–ना० [सं० तृषा] पानी पिउने इच्छा; प्यास; पिपासा ।

तिर्खाइ–ना० [तिर्खाउ+आइ] तिर्खाउने क्रिया वा भाव ।

तिर्खाइनु–अ० क्रि० [तिर्खाउ+इ+नु] तिर्खा लागिनु; ('तिर्खाउनु'-को भा० क्रि०) ।

तिर्खाउनु–अ० क्रि० [तिर्खा+आउ+नु] तिर्खा लाग्नु; प्यास लाग्नु ।

तिर्जा–ना० [तिरो] १. बाली उठाउने रसीद; मोहीसित तिरो उठाई दिइने निस्सा । २. पश्चिमी तराई क्षेत्रमा जगा-जमीनको नम्बरी-प्रथा लागू गर्दा त्यसलाई दिइएको नाम; नम्बरी-प्रथा ।

तिर्नु–स० क्रि० [सं० तृ+नु] १. सापटी लिएको वस्तु वा धन फिर्ता गर्नु; पैँचो फिर्ता दिनु; रिन चुक्ती गर्नु । २. दण्ड वा जिताउरी बुझाउनु । ३. हर्जाना दिनु; भर्ना दिनु । ४. अर्कोले आफूलाई गरेको असल वा खराब कामको बदला दिनु वा लिनु; प्रत्युपकार वा प्रतिशोध गर्नु ।

तिर्यक्–वि० [सं०] १. तेर्सो; टेढ़ो । (ना०) २. पशु । ३. पक्षी ।

तिर्यग्गति–ना० [सं०] १. तेर्सो हिँड़ाइ; टेढ़ो गति । २. पशु-योनिमा जन्म लिनु ।

तिर्यग्योनि–ना० [सं०] पशु-पक्षीको योनि ।

तिर्सना–ना० [सं० तृष्णा] १. खाने वा पिउने इच्छा; तृष्णा । २. धोको; अभिलाषा ।

तिल–ना० [सं०] १. लाम्चा पात, साना-साना, सेता वा नीला फूल, तीन पाटा परेका कोसा हुने एक जातको सानो बोट । २. त्यसैका कोसाभित्र फल्ने मसिना, थेप्चा गेड़ा । (यी काला, सेता र खैरा—तीन रङ्गका हुन्छन् । यसबाट तेल निकालिन्छ । देव-पितृ-कार्यमा यसका दाना चढ़ाइन्छन् । आयुर्वेदमा यसको गुण वल, वीर्य, अग्नि, पित्त र दूध वढ़ाउने वताइएको छ । कालो तिल सेतो र खैरोभन्दा विशेष गुण-कारी वताइएको छ ।)

तिलक–ना० [सं०] १. चन्दन, केसर आदिको निधार, छाती र पाखुरामा लगाइने चिह्न; टीको । २. चन्दन । ३. राज्याभिषेक । ४. राज्याभिषेकमा युवराजलाई लगाइने टीको । ५. विवाहमा दुलही-पक्षकाले दुलहालाई टीका लगाई दिने द्रव्य । ६. शरीरमा हुने दाग; कोठी । ७. चुवा वृक्ष । ८. होम गरेर डढ़ेका चरुका खरानीको टीको । (वि०) ९. उत्तम; श्रेष्ठ । १०. शोभा, कीर्ति आदि बढ़ाउने । (उदा०–रघुकुल-तिलक ।)

तिलकन्द–ना० [सं०] एउटैमात्र कन्द हुने एक जातको फुस्रो रङ्गको ओल ।

तिलक-मुद्रा–ना० [सं०] भक्तहरूले आफ्ना शरीरमा चन्दनले लगाउने शङ्ख, चक्र आदिको चिह्न; टीको ।

तिलकाने–ना० [तीन+काने] एक जातको झार ।

तिलके–वि० [तिल्के] तिल्के ।

तिल-चाँवले–वि० [तिल+चाँवल+ए] १. आधा फुलेर सेतो भएको र आधा नफुलेको छ्यासमिसे रौँको समूह । २. तिल र चामल मिसिँदा देखिने रङ्गको ।

तिल-चामले–वि० [तिल-चाँवले] तिल-चाँवले ।

तिल-पर्णी–ना० [सं०] मोरङ्गे-तिल ।

तिल-वासिनी–ना० [सं०] राज-भोग धान ।

तिलस्मी–वि० [अ० तिलिस्म+ई] जादू-सम्वन्धी ।

तिलहरी–ना० [ने०] गलामा लाउने पोतेको बीचमा सुनको लामो गट्टा उनिएको गहना ।

तिलाञ्जलि–ना० [सं०] मरेका मानिसका उद्देश्यले दिइने तिल-कुशसहितको जलाञ्जलि; तिलोदक ।

तिलानी–ना० [तिल+पानी] कर्म-पात्र ।

तिलिङ्गो–ना० [सं० तैलङ्ग] पल्टनिया सिपाही; कम्पु ।

तिलोत्तमा–ना० [सं०] पुराण-प्रसिद्ध एक सुन्दरी अप्सरा ।

तिलोदक–ना० [सं०] तिलाञ्जलि ।

तिलौरा–वि० [ने०] कालो र सेतो मिसिएका रङ्गको घोड़ा ।

तिलौरी–ना० [तिल+औरी] सखर पकाएर लट्ठीको आकार पारी वा टुक्रा-टुक्रा पारी तिल टाँसेको खानेकुरो ।

तिल्काने–वि० [तिलक+नान+ए] कानमा सेतो धर्का हुने (पशु) ।

तिल्के–वि० [सं० तिलक+ए] १. निधारमा सेतो टाटो भएको (पशु) । २. झिल्के; चनमतें ।

तिल्के–ना० [ने०] एक जातको झार ।

तिल्को–ना० [सं० तिलक+ओ] वसन्त ऋतुमा छत्राकार फूल फुल्ने एक जातको रूख; एक जातको पुन्नाग ।

तिष्य–ना० [सं०] १. सत्ताईस नक्षत्रमध्ये एक; पुण्य नक्षत्र । २. पौष महीना । ३ कलि-युग ।

तिष्यक–ना० [सं०] पौष महीना ।

तिसी–ना० [सं० अतसी] १. लाम्चा पात, नीला फूल र तिल-जस्ता दाना हुने एक जातको बोट । २. त्यसैको दाना; आलस । (यसबाट तेल निकालिन्छ ।)

तिस्किलो–ना० [तीखो+कीलो] खोस्रने, काठ, बाँस आदिको सानो कीलो ।

तिहार–ना० [सं० तिथि+वार] १. कार्तिक कृष्ण त्रयोदशी-देखि शुक्ल द्वितीयासम्म मनाइने चाड़ वा उत्सव; यम-पञ्चक । २. त्यो चाड़ मनाइने दिन ।

तिहुन–ना० [सं० तेमन] भातसित मुछेर खाइने दाल वा

CC-0. In Public Domain. Digitization by eGangotri

रसदार तरकारी।

तिहुन-चखुवा–वि० [तिहुन+चखुवा] १. कहिले कतैं, कहिले कतैं खाने; तिहुन चाख्ने। २. कहिले कुनै काम, कहिले कुनै काम गर्ने। ३. स्थिर भएर एक ठाउँमा कुनै काम नगर्ने।

तिहुने–वि० [तिहुन+ए] १. धेरै तिहुन खाने। २. तिहुन पकाउने (भाँडो)।

ती–सर्वना० [त्यो] १. प्रथम-पुरुष, बहु-वचनमा प्रयोग हुने सर्वनाम शब्द; 'त्यो'-को बहु-वचनको रूप। २. 'त्यो'-को आदरार्थी रूप।

तीखो–वि० [प्रा० तिक्खो] टुप्पो मसिनु भएको; चुच्चो परेको; तीक्ष्ण।

तीक्ष्ण–वि० [सं०] १. तीखो; धारिलो। २. प्रखर; तीव्र। ३. उग्र; प्रचण्ड। ४. तिक्खर स्वादको। ५. कर्कश; कटु। ६. सहिनसक्नु; असह्य।

तीक्ष्ण-कन्द–ना० [सं०] प्याज।

तीक्ष्णता–ना० [सं०] तीक्ष्ण हुनाको भाव; तीव्रता।

तीक्ष्ण-दृष्टि–वि० [सं०] १. सूक्ष्म कुरामा पनि विचार पुऱ्याउन सक्ने; सूक्ष्म-दृष्टि। २. प्रबल दृष्टि-शक्ति भएको।

तीक्ष्ण-फल–ना० [सं०] सिल्टिमुर।

तीक्ष्ण-बुद्धि–ना० [सं०] प्रखर बुद्धि भएको; बुद्धिमान्।

तीक्ष्ण-रस–ना० [सं०] जवाखार; यवक्षार।

तीज–ना० [सं० तृतीया] १. भाद्र शुक्ल तृतीया; हरितालिका। २. त्यस दिन स्त्रीहरूले गाउने लोक-गीतको लय।

तीजरो–ना० [तीन+जरो] तीन-तीन दिन बिराएर आउने काम-जरो।

तीते–ना० [तीतो+ए] फापरका जस्ता गेड़ा फल्ने, भटमासका जस्ता पात हुने, दूध आउने एक जातको झार।

तीते-करेलो–ना० [तीते+करेलो] तीतो स्वाद हुने करेलो।

तीते-गोल-काँक्री–ना० [तीते+गोल-काँक्री] तीतो स्वाद हुने एक जातको गोल-काँक्री; तिक्त-बिम्बी।

तीते-चिराइतो–ना० [तीते+चिराइतो] लाम्चा, ठूला-ठूला पात, तुलसीको जस्तो फूल र रातो डाँठ हुने एक जातको चिराइतो; भूनिम्ब। (आयुर्वेदमा यसको गुण ज्वर-नाशक, कृमि-नाशक र चर्म-रोगलाई फायदा गर्ने बताइएको छ।)

तीते-तुम्बा–ना० [तीते+तुम्बा] तीतो स्वाद हुने एक जातको ठूलो तुम्बा; कटु-तुम्बी।

तीते-पाती–ना० [तीते+पाती] गोदावरीका जस्ता पात र मञ्जरीका रूपमा फूल हुने, उत्कट गन्ध आउने, तीतो स्वादको एक जातको झार। (आयुर्वेदमा यसको गुण गरम, कफ-वात-नाशक बताइएको छ।)

तीते-माछो–ना० [तीतो+माछो] भेलमा बगेर आउने, तीतो स्वाद हुने एक जातको माछो।

तीतो–वि० [प्रा० तित्तो] १. नीम, चिराइतो आदिका स्वादको; तिक्त। (ना०) २. तिक्त स्वाद; छ रस-मध्ये एक।

तीन–ना० [सं० त्रीणि] १. दुइ र एकको योग-सङ्ख्या; दुइपछिको सङ्ख्या (वि०) २. दुइ र एकको योग-फल।

तीन-अन्नी–ना० [तीन+अन्नी] तीनन्नी।

तीन-आँख्ले–ना० [तीन+आँख्लो+ए] तीन-तारे।

तीन-काना–ना० [तीन+कानो (?)] तीन पोट पर्ने पासाको एक दाउ।

तीन-तारे–ना० [तीन+तारा+ए] १. आकाशमा लहरै तीन वटा देखिने मृगशिरा नक्षत्र मानिएका तारा; तीन-आँख्ले। (वि०) २. तीन वटा तारा भएको (बाजा)।

तीन-तोले–ना० [तीन+तोला+ए] विवाहमा दुलहीका शिरमा हाल्ने तीन तोला सिन्दूर।

तीन-त्रिलोक–ना० [तीन+त्रिलोक] १. स्वर्ग, मर्त्य र पाताल–यी तीन लोक। २. सारा संसार; तमाम जगत्।

तीनन्नी–ना० [तीन+आना+ई] तीन आना मूल्यको सिक्का।

तीन-पत्रे–ना० [तीन+पत्रे] १. ज्यामीरका जस्ता तीन-तीन पात हुने, ज्यामीरजस्तै अमीलो फल फल्ने एक जातको रूख। २. त्यसको फल; थ्याप्चे।

तीन-पाते–ना० [तीन+पात+ए] १. तीन वटामात्र पात गाँसेर बनाइने टपरी। २. तीन वटा पातमात्र हुने एक जातको झार; चरि-अमिलो। (वि०) ३. अति बाठो; बित्पाते।

तीन-फटाका–ना० [तीन+फाट्] वैष्णव-मतानुयायीहरूले लाउने ठाडो तीन-धर्के टीको।

तीन-शहर–ना० [तीन+शहर] नेपालका चार-भञ्ज्याङ-भित्र रहेका प्रसिद्ध तीन शहर—कान्तिपुर, ललितपुर र भक्तपुर।

तीन-सरकार–ना० [तीन+सरकार] दुइ हजार सात साल-भन्दा पहिले भएका नेपालका राणा प्रधान-मन्त्रीहरूको एक उपाधि।

तीर–ना० [सं०] १. नदीको किनारा; तट। २. छेउ; किनार।

तीर–ना० [फा०] बाण; काँड़।

तीरन्दाज–ना० [फा० तीरन्दाज़] बाण हान्ने व्यक्ति; धनुर्धारी।

तीरन्दाजी–ना० [फा० तीरन्दाजी] बाण हान्ने क्रिया वा विद्या; धनुर्विद्या।

तीर-भूमि–ना० [तीर+भूमि] नदीको बगर; अववाहिका।

तीर-वर्ती–वि० [सं०] तीरमा रहेको; तटमा रहेको; किनारको।

तीर्थ–ना० [सं०] १. भक्तहरू पूजा, दर्शन, स्नान आदि गर्न जाने पुण्य-स्थान। २. कुनै मन्दिर वा पुण्य-स्थान। ३. शास्त्र। ४. बङ्गालमा हुने संस्कृतका परीक्षाको एक

CC-0. In Public Domain. Digitization by eGangotri

उपाधि। ५. संन्यासीहरूको एक भेद।

तीर्थ-काक–ना० [सं०] १. तीर्थमा दान लिएर जीविका गर्ने व्यक्ति। २. लोभी मानिस। ३. तीर्थको कौवा।

तीर्थङ्कर–ना०[सं०] १. जैनहरूका प्रधान उपास्य धर्माचार्य; जिन। २. विष्णु।

तीर्थ-पुरोहित–ना० [सं०] तीर्थमा पौरोहित्य गर्ने ब्राह्मण; पण्डा।

तीर्थ-यात्रा–ना० [सं०] धार्मिक फल-प्राप्तिका निम्ति तीर्थमा जानु; तीर्थाटन।

तीर्थ-राज–ना० [सं०] प्रयाग।

तीर्थ-वासी–वि० [सं०] तीर्थमा गएर बस्ने; तीर्थ-सेवी।

तीर्थ-सेवी–वि० [सं०] धार्मिक भावनाले तीर्थमा गएर बस्ने; तीर्थ-वासी।

तीर्थ-स्थान–ना० [सं०] तीर्थ; पुण्य-स्थान।

तीर्थाटन–ना० [सं०] तीर्थ-यात्रा।

तीर्थे–वि० [तीथ+ए] तीर्थ-सम्बन्धी; तीर्थ-स्थानको।

तीर्थे-भाइ–ना० [तीर्थ+भाइ] तीर्थ जान साथी; तीर्थमा साथै जाने साथी।

तीर्थे-भोज–ना० [तीर्थे+भोज] तीर्थाटन गरेर घर फर्केर आएका यात्रीले खुवाउने भोज।

तीव्र–वि० [सं०] १. ज्यादै छिटो; चाँड़ो; शीघ्र। २. तीखो; तीक्ष्ण। ३. सहिनसक्नु; असह्य। ४. तीखो; कड़ा (स्वर)। ५. तिक्खर; चर्को (स्वाद)।

तीव्र-गति–वि० [सं०] १. छिटो हिंड्ने; वेग-शील। (ना०) २. छिटो हिंड़ाइ; शीघ्र गति। ३. हावा।

तीव्रता–ना० [सं०] तीव्र हुनाको भाव; प्रखरता।

तीस–ना० [प्रा०] १. बीस र दशको योग-सङ्ख्या; ३०-को अङ्क। (वि०) २. बीस र दशका योग सङ्ख्याको।

तीसौं–वि० [तीस+औं] गणनाका क्रमले तीस सङ्ख्यामा परेको; तीस अङ्कको।

तुइँक्याइ–ना० [तुइँक्याउ+आइ] तुइँक्याउने किसिम, क्रिया व भाव।

तुइँक्याइनु–स० क्रि० [तुइँक्याउ+इ+नु] धमाधम पिइनु; ('तुइँक्याइनु'-को क० क्रि०)।

तुइँक्याउनु–स० क्र० [तुइँतुइँ+याउ+नु] धमाधम पिउनु; तुइँतुइँती पिउनु।

तुइँतुइँ–क्रि० यो० [अनु०] धमाधम पिउने किसिम; सनसन।

तुइँतुइँती–क्रि० यो० [तुइँतुइँ+ती] तुइँतुइँ; सनसनी।

तुइन–ना० [ने०] खोलाका वार-पार ठूलो लखाकी टाँगी त्यसमा घुर्रो लगाएर झुन्डिएका डोरीमा वसी खोलो तर्ने साधन।

तुक–ना० [टुक्का] श्लोकका पाउको अन्तिम पद वा अक्षरको एकता; अन्त्यानुप्रास।

तुक-बन्दी–ना० [तुक+बन्धन] ध्वनि, गुण आदिको प्रयोजन नराखी केवल तुक मिलाई कविता रच्नु; अन्त्यानुप्रास मिलाउनु; टुक्का जोर्नु।

तुक्का–ना० [टुक्का] टुक्का।

तुङ्ग–वि० [सं०] १. ऊँचो; अग्लो; उन्नत। २. उग्र; प्रचण्ड। ३. प्रधान; मुख्य। (ना०) ४. पर्वत; डाँड़ो।

तुङ्गक–ना० [सं०] १. नागकेशर। २. पुन्नाग वृक्ष।

तुङ्गिमा–ना० [सं०] ऊँचाइ; अग्लाइ।

तुङ्गी–वि० [सं०] १. अग्लो; ऊँचो। (ना०) २. हलेदो। ३. रात। ४. वन-तुलसी। ५. बाबरी।

तुच्छ–वि० [सं०] १. हीन; क्षुद्र। २. नीच; छोटो; अधम। ३. अलिकति; थोरै। ४. सार-रहित; निःसत्त्व।

तुच्छिइनु–अ० क्रि० [तुच्छि+इ+नु] तुच्छ बनिनु; ('तुच्छिनु'-को भा० क्रि०)।

तुच्छिनु–अ० क्रि० [तुच्छ+इ+नु] १. तुच्छ बन्नु; नीच हुनु। २. हेला गरिनु; अपमानित हुनु।

तुच्छयाइ–ना० [तुच्छि+याइ] तुच्छिने किसिम, क्रिया वा भाव।

तुच्छयाइ–ना० [तुच्छयाउ+आइ] तुच्छयाउने किसिम, क्रिया वा भाव।

तुच्छयाइनु–स० क्रि० [तुच्छयाउ+इ+नु] तुच्छ पारिनु; ('तुच्छयाउनु'-को क० क्रि०)।

तुच्छयाउनु–स० क्रि० [तुच्छि+याउ+नु] तुच्छ पार्नु; हेला गर्नु; अपमान गर्नु; ('तुच्छिनु'-को प्रे० क्रि०)।

तुजुक–ना० [अ० तुजुक़] शान; घमन्ड।

तुणि–ना० [सं०] टुनी।

तुण्ड–ना० [सं०] १. खाने मुख। २. थुतुनु। ३. चुच्चो। ४. हात्तीको सूँड़। ५. औजारको अगिल्लो भाग।

तुण्डि–ना० [सं०] १. खाने मुख। २. चुच्चो। ३. थुतुनु। ४. नाभि। ५. गोल-काँक्री। ६. पीना।

तुण्डिभ–वि० [सं०] नाइटो बाहिर निस्केको।

तुण्डिल–वि० [सं०] १. धेरै बोल्ने; बतुरो। २. नाइटो बाहिर निस्केको। ३. भुँड़ीवाल।

तुण्डी–वि० [सं०] १. खाने मुख भएको। २. चुच्चे। ३. थुतुनु भएको। ४. सूँड़ भएको। (ना०) ५. गणेश।

तुतुरो–ना० [अनु०] पुरुषेन्द्रिय; तुन्तुरो (बाल-बोलीमा)।

तुत्थ–ना० [सं०] १. नीलो-तूथो। २. अग्नि।

तुन-तान–ना० [तुन्+तान (फा०)] फाटेका पुराना लुगाहरू सिउने वा टाल्ने काम; टाल-टुल।

तुनाइ–ना० [तुन्+आइ] तुन्ने किसिम, क्रिया वा भाव।

तुनिनु–स० क्रि० [तुन्+इ+नु] टाल-टुल गरिनु; ('तुन्नु'-को क० क्रि०)।

तुनु–ना० [तना] तनु।

तुने–वि० [तुनु+ए] तुना भएको; तुनावाल।

तुने-बोड़ी–ना० [तुनु+बोडी] तने-बोड़ी।

तुन्तुरी–ना० [तुन्तुरो+ई] तुतुरो।

CC-0. In Public Domain. Digitization by eGangotri

तुन्तुरो–ना० [तुतुरो] तुतुरो ।
तुन्द–ना० [सं०] १. नाइटो; नाभि । २. पेट; उदर ।
तुन्दि–ना० [सं०] १. नाइटो; नाभि । २. पेट; उदर ।
तुन्दिक–वि० [सं०] ठलो पेट भएको; भुँड़ीवाल ।
तुन्दिल–वि० [सं०] १. भुँड़ीवाल; भुँड़े । (ना०) २. गणेश ।
तुन्दी–ना० [सं०] १. नाभि । (वि०) २. भुँड़ीवाल ।
तुन्नु–स० क्रि० [सं० तुन्नन+नु] फाटेका पुराना लुगा जोड़ेर वा टालेर सिउनु; टाल-टुल गर्नु ।
तुमड़ी–ना० [तुम्बा] भिक्षा माग्ने भाँड़ो; भिक्षा-पात्र ।
तुमुल–ना० [सं०] १. युद्धको कोलाहल-ध्वनि । २. भयङ्कर युद्ध ।
तुम्ब–ना० [सं०] एक जातको लौका; तुम्वा ।
तुम्बा–ना० [सं०] घाँटी सानो भएर पेट फुकेको एक जातको लौका । (जोगी-जङ्गम आदिले यसको जल-पात्र वनाउँछन् ।)
तुम्बिका–ना० [सं०] तुम्वा ।
तुम्बी–ना० [सं०] १. सानो तुम्वा । २. तुम्वा वा त्यसैका आकारको धातुको भाँड़ो । ३. पेट वा शरीरका अरू अङ्गमा भएको वात-विकार हटाउनाका निमित्त त्यस अङ्गमाथि बत्ती बाली छोप्ने भाँड़ो ।
तुम्बुरु–ना० [सं०] १. विष्णुका नजीक रहने एक प्रसिद्ध गायक गन्धर्व । २. धनियाँ । ३. टिमुर ।
तुम्बो–ना० [तुम्बा+ओ] १. सुकेका तुम्वाको भाँड़ो । २. भुँड़ी; पेट ।
तुम्लेट–ना० [अं० टम्ब्लर्] सैनिकहरूले भिर्ने पानीको भाँड़ो ।
तुर–क्रि० यो० [सं०] १. चाँड़ो; शीघ्र । (वि०) २. छिटो हिँड्ने; वेगवान् ।
तुरग–ना० [सं०] घोड़ा ।
तुरग-ब्रह्मचर्य–ना० [सं०] केवल स्त्री नपाउनाले लिइएको ब्रह्मचर्य ।
तुरग-ब्रह्मचारी–ना० [सं०] स्त्री नपाएर ब्रह्मचर्यमा रहेको व्यक्ति ।
तुरङ्ग–ना० [सं०] १. घोड़ा । २. मन; चित्त ।
तुरन्त–क्रि० यो० [तुरुन्त] तुरुन्त ।
तुरन्तातुरन्ती–क्रि० यो० [तुरन्त+तुरन्त+ई] तुरुन्तातुरुन्ती ।
तुरही–ना० [सं० तूर] फुकेर बजाउने एक किसिमको लामो बाजा; नरसिङ्घा ।
तुराइ–ना० [तुर्+आइ] तुर्ने किसिम, क्रिया वा भाव ।
तुराइनु–स० क्रि० [तुराउ+आइ+नु] तुर्न लाइनु; ('तुराउनु'-को क० क्रि०) ।
तुराउनु–स० क्रि० [तुर्+आउ+नु] तुर्न लाउनु; ('तुर्नु'-को प्रे० क्रि०) ।
तुरिनु–स० क्रि० [तुर्+इ+नु] सिद्धयाइनु; ('तुर्नु'-को क० क्रि०) ।
तुरी–ना० [ने०] १ मूत; मूत्र । २. मूत्रेन्द्रिय (बालबोलीमा) ।
तुरी–ना० [सं०] थुरी ।
तुरीय–वि० [सं०] १. चौथो; चतुर्थ । (ना०) २. प्राणीका चार अवस्थामध्ये अन्तिम अवस्था; भेद-ज्ञानको समाप्ति भई आत्मा ब्रह्म-चैतन्य हुने योगको अवस्था; मोक्ष । ३. मुखबाट उच्चारण हुँदाको वाणीको अवस्था; वैखरी ।
तुरुक्क–ना० [न०] आँसु वा अरू तरल पदार्थको सानो धारो एकै पटक खस्ने किसिम ।
तुरुङ–ना० [ने०] ठिँगुरो ।
तुरुतुरु–क्रि० यो० [अनु०] आँसु, पानी आदि तरल पदाथ वार-वार चुहुने किसिम; तुरुक्क-तुरुक्क ।
तुरुन्त–क्रि० यो० [सं० त्वरा] १. चाँड़ै; झट्ट; झटपट । २. तत्काल; उसै समय ।
तुरुन्तातुरुन्ती–क्रि० यो० [तुरुन्त+तुरुन्त+ई] जल्दाजल्दी; तत्काल ।
तुरुप–ना० [अं० ट्रम्प] कुनै एक रङ्गलाई प्रधान मानेर खेलिने तासको एक खेल । (प्रधान मानिएका रङ्गको सबभन्दा सानो चक्कीले पनि अरू रङ्गका ठूला-ठूला पत्तीलाई जित्तछ ।)
तुरुरुरु–क्रि० यो० [अनु०] पानी आदि पन्यालो पदार्थको झीनो धारो खस्ने किसिम ।
तुरुरुर्र–क्रि० यो० [अनु०] तुरुरुरु ।
तुर्की–वि० [तु०] १. तुर्किस्तान (देश)-सम्बन्धी । (ना०) २. तुर्किस्तान देशको भाषा ।
तुर्के–ना० [तुर्को+ए] जाँड़ ।
तुर्को–ना० [तुरुक्क] १. पानी, दूध आदि तरल पदार्थको सानो धारो । २. थोरै; अलिकति (तरल पदार्थ) ।
तुर्क्याइ–ना० [तुर्क्याउ+आइ] तुर्क्याउने किसिम, क्रिया वा भाव ।
तुर्क्याइनु–स० क्रि० [तुर्क्याउ+आइ+नु] पानी आदि तरल पदार्थ अलिकति चुहाइनु; ('तुर्क्याउनु'-को क० क्रि०) ।
तुर्क्याउनु–स० क्रि० [तुर्को+याउ+नु] १. अलिकति तरल पदार्थ चुहाउनु; तुर्को झार्नु । २. पिसाब फेर्नु ।
तुर्नु–स० क्रि० [सं० तुरीय+नु] १. सिद्धयाउनु; समाप्त गर्नु; सक्नु । २. कुनै काम पूरा गर्नु; तामील गर्नु । ३. भरिनु; टम्म हुनु ।
तुर्य–वि० [सं०] चौथो; चतुर्थ ।
तुर्याश्रम–ना० [सं०] चतुर्थाश्रम; संन्यासाश्रम ।
तुर्र–क्रि० यो० [अनु०] तरल पदार्थको झीनो धारो झर्ने किसिम ।
तुर्लुङ्ग–क्रि० यो० [ने०] १. झुन्डिने किसिम; लट्किने किसिम । २. तिहुन-तर्कारी आदिको झोल पातलो हुने किसिम ।
तुर्लुङङ–क्रि० यो० [तुर्लुङ्ग] तुर्लुङ्ग ।
तुलजा–ना० [सं०] तलेज्यू ।
तुलन–ना० [सं०] तौलनु; जोख्नु; वजन मिलाउनु ।

CC-0. In Public Domain. Digitization by eGangotri

तुलना–ना० [सं०] १. गुण, मान, आकार आदिको हिसाबले एक वस्तुलाई अर्को वस्तुसित दाँज्ने काम; दाँजो; समानता। २. तौलने काम; जोखाइ।

तुलनात्मक–वि० [सं०] कुनै अर्को वस्तुसित तुलना गरिएको; दाँजिएको।

तुलबुल–ना० [ने०] १. मनको तर्क-वितर्क; चञ्चलता; तुलबुली। २. चिन्ता; फिक्री। ३. हड़बड़ी; हतपत।

तुलबुलाइ–ना० [तुलबुलाउ+आइ] तुलबुलाउने किसिम, क्रिया वा भाव; तुलबुल्याइ।

तुलबुलाउनु–अ० क्रि० [तुलबुल+आउ+नु] १. तुलबुल लाग्नु; तुलबुलिनु। २. चिन्तित हुनु। ३. हड़बड़ाउनु; आत्तिनु।

तुलबुलाहट–ना० [तुलबुलाउ+आहट] तुलबुलाउने किसिम, क्रिया वा भाव; तुलबुलाइ।

तुलबुलिनु–अ० क्रि० [तुलबुल इ+नु] तुलबुली लाग्नु; तुलबुलाउनु।

तुलबुली–ना० [तुलबुल+ई] तुलबुल।

तुलबुल्याइ–ना० [तुलबुलि+याइ] तुलबुलिने किसिम, क्रिया वा भाव; तुलबुलाइ।

तुलबुल्याहट–ना० [तुलबुलि+याहट] तुलबुलिने किसिम, क्रिया वा भाव; तुलबुलाइ।

तुलसी–ना० [सं०] १. मञ्जरीमा सेता वा कलेजी रङ्गका साना-साना फूल फुल्ने सुगन्धी र पवित्र मानिएको एक जातको झार। (यो सेता र कलेजी रङ्गका फूल फुल्ने–दुइ जातको हुन्छ। चतुर्मासमा गमला, मठ आदिमा उमारी यसको पूजा गर्छन्।) २. पुराण-प्रसिद्ध एक देवी।

तुला–ना० [सं०] १. तराजू; काँटा। २. तुलना; दाँजो। ३. तौलमा समानता; बराबरी। ४. बाह्र राशिमध्ये एक।

तुला-दान–ना० [सं०] दानीले आफ्नो शरीरका तौलको बराबर सुन, चाँदी, अन्न आदि तौलेर गर्ने दान।

तुला-धर–ना० [सं०] १. व्यापारी; बनियाँ। २. नेवार-जातिको एक वर्ग।

तुला-परीक्षा–ना० [सं०] तराजूमा एकातिर माटो र अर्कोतिर अभियुक्तलाई राखी एक पटक तौलेर अर्को पटक तौलँदा त्यो व्यक्ति घटी देखिएमा अपराधी ठहराइने प्राचीन कालको एक परीक्षा-विधि।

तुलित–वि० [सं०] १. तौलिएको। २. समान; सदृश।

तुले-गाँड़ो–ना० [ने०] १. एउटा बास्ता हूलै मिलेर बास्न थाल्ने एक जातको चरो। (वि०) २. नमिल्दो वा नसुहाउँदो गरी लुगा, गहनाहरू लाउने। ३. बेमेलको; अमिल्दो; डेब्रो।

तुलो–ना० [सं० तुला] तराजू; काँटा; तुला।

तुल्य–वि० [सं०] १. बराबर; समान। २. अभिन्न; सदृश।

तुल्य-कक्ष–वि० [सं०] समान दर्जाको; बराबर कक्षाको।

तुल्य-कालीय–वि० [सं०] १. सम-कालीन; सम-सामयिक। २. एकै उमेरको; बराबर उमेरको।

तुल्यता–ना० [सं०] बराबरी; समानता।

तुल्य-योगिता–ना० [सं०] उपमान र उपमेयको एकै धर्म वर्णन गरिने एक प्रसिद्ध काव्यालङ्कार।

तुल्याइ–ना० [तुल्याउ+आइ] तुल्याउने किसिम, क्रिया वा भाव।

तुल्याइनु–स० क्रि० [तुल्याउ + आइ + नु] बनाइनु; ('तुल्याउनु'-को क० क्रि०)।

तुल्याउनु–स० क्रि० [सं० तुल्य+याउ+नु] १. कुनै वस्तु वा व्यक्तिलाई असल वा खराब पार्नु; बनाउनु। २. तयार पार्नु; जोर-जाम गर्नु।

तुवरक–ना० [सं०] समुद्र-फल।

तुवर-यावनाल–ना० [सं०] बाजुरो।

तुवरी–ना० [सं०] तोरी।

तुवाँलो–ना० [सं० तमाल] गर्मीका मौसममा कुइरोजस्तो भई आकाशमा उड़िरहने धूलि-मण्डल।

तुष–ना० [सं०] १. भूस। २. फुलको खबटो। ३. बर्रो।

तुषानल–ना० [सं०] १. भूसको आगो। २. भूस वा घाँस-परालका आगामा डढ़ेर मर्ने प्राचीन कालको एक प्रायश्चित्त।

तुषार–ना० [सं०] १. तुसारो; हिउँ। २. चीनियाँ कपूर।

तुषारो–ना० [सं० तुषार] जाड़ाका मौसममा बिहान जमीनमा सेतै देखिने गरी जमेको शीत; हिउँ; ठाँटो।

तुष्ट–वि० [सं०] १. अघाएको; तृप्त। २. प्रसन्न; खुश।

तुष्टि–ना० [सं०] १. तृप्ति; सन्तोष। २. प्रसन्नता; खुशी।

तुस–ना० [सं० तुष] १. अवशेष। २. कसर। ३. मनको नमेटिने वैर-भाव; इबी।

तुसारो–ना० [तुषारो] तुषारो।

तुहाइ–ना० [तुहु+आइ] तुहुने किसिम, क्रिया वा भाव।

तुहाइ–ना० [तुहाउ+आइ] तुहाउने किसिम, क्रिया वा भाव।

तुहाइनु–स० क्रि० [तुहाउ+इ+नु] गर्भ-पात गराइनु; ('तुहाउनु'-को क० क्रि०)।

तुहाउनु–स० क्रि० [तुहु] असमयमै गर्भ गिराउनु; गर्भ-पात गराउनु।

तुहिन–ना० [तुइन] तुइन।

तुहिन–ना० [सं०] १. तुषारो; हिउँ। २. जून; चन्द्र-किरण।

तुहिनांशु–ना० [सं०] १. चन्द्रमा। २. कपूर।

तुहिनाचल–ना० [सं०] हिमालय पर्वत।

तुहिनु–अ० क्रि० [तुहु] तुहुनु।

तुहुनु–अ० क्रि० [सं० तुह्+नु] १. समय नपुगीकनै बच्चा जन्मनु; गर्भ-पात हुनु; अधिग्रो जानु। २. साबिकभन्दा खर्च घटाई कुनै काम-काज गर्नु। ३. तुच्छ हुनु; तुच्छिनु।

CC-0. In Public Domain. Digitization by eGangotri

४. डोरीहरू तानिएर लामो हुनु; लच्कनु।

तुहेत्रो–ना० [तुहु+एत्रो] १. तुहेको बच्चो; अधिग्रो। २. बच्चा तुहेको गाई-वस्तु।

तूखल–ना० [नेवा० तुखऽ] टुखल; रस निचोरिसकेको ऊखुको छोक्रो; खोस्टो।

तूण–ना० [सं०] बाण हाल्ने भाँड़ो; ठोक्रो।

तूणी–ना० [सं०] ठोक्रो।

तूणीर–ना० [सं०] ठोक्रो।

तूत–ना० [सं०] किम्बु।

तूथो–ना० [सं० तुत्थ] नीलो-तूथो।

तूफान–ना० [अ० तूफ़ान] १. आँधी-बेहरी। २. ठूलो बाढ़ी; भेल। ३. ठूलो आपत्ति।

तूबर–ना० [सं०] १. सीङ नभएको साँढ़े। २. जुँगा नभएको पुरुष। ३. नपुंसक; सिँगारू।

तूर–ना० [सं०] तुरही।

तूर्ण–वि० [सं०] १. छिटो; चाँड़ो। (क्रि० यो०) २. चाँड़ै; झट्ट।

तूर्य–ना० [सं०] तुरही।

तूल–ना० [सं०] १. कपास; रूवो। २. रातो रङ्गको एक जातको कपड़ा। ३. स्त्री-जातिले कपालमा लाउने धागो।

तूलिका–ना० [सं०] १. चित्र-कारको कूची; रङ्ग भर्ने बुरुश। २. तकिया। ३. वर्मा (औजार)।

तूष्णीक–वि० [सं०] चूपचाप लागेर बस्ने; मौनी।

तूष्णीम्–क्रि० यो० [सं०] चूपचाप; नबोलीकन।

तृण–ना० [सं०] बोक्रो र गुदी नछुट्टिने उद्भिद्; घाँस (दूबो, कुश, ढड्डी, मोथे, बाँस, आदि)।

तृण-कुङ्कुम–ना० [सं०] कुङ्कुम-पाती।

तृण-कुटीर–ना० [सं०] घाँस-पातले बनेको छाप्रो; झुपड़ी।

तृण-जलौका–ना० [सं०] घाँसमा हुने, जूको हिंड़ेझैँ हिंड्ने, हरियो, एक जातको छ-खुट्टे कीरो।

तृणमय–वि० [सं०] घाँसले बनेको; तृण-निर्मित।

तृण-राज–ना० [सं०] १. ताड़। २. नरिवलको बोट। ३. खजूरको बोट।

तृणवत्–वि० [सं०] १. घाँसबराबर; तृणसमान। २. अत्यन्त तुच्छ; क्षुद्र।

तृतीय–वि० [सं०] तेस्रो।

तृतीयक–ना० [सं०] तीन-तीन दिनमा आउने ज्वर।

तृतीय-प्रकृति–ना० [सं०] नपुंसक; हिजड़ा।

तृतीयांश–ना० [सं०] तीन खण्डको एक खण्ड; तीन भागको एक भाग।

तृतीया–ना० [सं०] १. चान्द्र-मासका प्रत्येक पक्षको तेस्रो तिथि; तृतीय तिथि। २. व्याकरणमा करण कारण।

तृतीया-तत्पुरुष–ना० [सं०] पूर्व पदमा करण कारकको विभक्ति लाग्ने तत्पुरुष समाजको एक भेद।

तृतीयाश्रम–ना० [सं०] तेस्रो आश्रम; वानप्रस्थाश्रम।

तृप्त–वि० [सं०] १. अघाएको; सन्तुष्ट। २. प्रसन्न; खुशी।

तृप्ति–ना० [सं०] १. तृप्त हुनु; सन्तुष्टि। २. प्रसन्नता; खुशी।

तृषा–न० [सं०] १. तिर्खा; प्यास। २. ठूलो इच्छा; अभिलाषा। ३. लोभ; लालच।

तृषालु–वि० [सं०] तिर्खाएको; प्यासो; तृषित।

तृषित–वि० [सं०] तिर्खा लागेको; प्यासो; तृषालु।

तृष्णा–ना० [सं०] १. कुनै वस्तु प्राप्त गर्ने तीव्र इच्छा; तिर्सना। २. प्यास; तिर्खा। ३. लोभ।

तृष्णालु–वि० [सं०] १. तृष्णाले युक्त; तिर्सना भएको। २. प्यासो; तृषित। ३. लोभी।

तेइस–ना० [तेईस] तेईस।

तेइसौँ–वि० [तेईसौँ] तेईसौँ।

तेईस–ना० [प्रा० तेवीस] १. बीस र तीनको योग-सङ्ख्या; २३-अङ्क। (वि०) २. बीस र तीनका योग-सङ्ख्याको।

तेईसौँ–वि० [तेईस+अ¦] गन्दै जाँदा तेईस सङ्ख्यामा परेको; तेईस सङ्ख्याको।

तेज–वि० [फा० तेज़] १. छिटो हिँड्ने; शीघ्र-गामी। २. तीक्ष्ण बुद्धिको। ३. फूर्तिलो; छिटो-छरितो।

तेज–ना० [सं०] १. प्रकाश; कान्ति; दीप्ति। २. पराक्रम; बल। ३. वीर्य। ४. सार; तत्त्व। ५. ताप; गर्मी। ६. प्रताप। ७. पञ्च-महाभूतमध्ये एक; अग्नि। ८. वेग।

तेज-पत्र–ना० [सं०] तेज-पात।

तेज-पात–ना० [सं०] दालचीनीका जातको एक प्रकारको रूखको पात। (यो पात औषधीमा र तरकारीहरूलाई सुवासित गर्नमा प्रयोग गरिन्छ।)

तेज-फल–ना० [सं०] सिल्टिमुर।

तेजमूल–ना० [सं०] लामा काण्डका टुप्पामा मात्र हाँगा-बिँगा र लामा-लामा पात हुने एक जातको वृक्ष; तेजोवती।

तेजवती–ना० [सं०] तेजमूल; तेजोवती।

तेजवान्–वि० [सं०] १. तेज-युक्त; तेजिलो; तेजस्वी। २. बलवान्; वीर्यवान्।

तेजस्वान्–वि० [सं०] तेज-युक्त; तेजस्वी।

तेजस्विता–ना० [सं०] तेजस्वी हुनाको भाव।

तेजस्विनी–ना० [सं०] १. तेज भएकी स्त्री; तेज-युक्त स्त्री। २. माल-कागुनु। (वि०) ३. तेज भएकी; तेजिली (स्त्री)।

तेजस्वी–वि० [सं०] १. तेज भएको; तेजवान्। २. बलवान्; शक्ति-शाली। ३. प्रतापी। ४. प्रभाव-शाली।

तेजाब–ना० [फा० तेज़ाब] धातुहरू गलाउने शक्ति भएको तरल क्षार पदार्थ।

तेजाबी–वि० [फा० तेज़ाबी] १. तेजाब-सम्बन्धी। २. तेजाबबाट तयार पारिएको।

तेजाबी-सुन–ना० [तेजाबी+सुन] तेजाबले शुद्ध तुल्याइएको सुन।

तेजारत–ना० [अ० तिजारत] १. रुपियाँ-पैसा, सुन-चाँदी

CC-0. In Public Domain. Digitization by eGangotri

आदिको नगद व्यापार। २. ब्याज, घिउखानी आदि लिने गरी रुपियाँ-पैसा लेन-देन गर्ने काम। ३. त्यस्तो काम गर्ने सरकारी अड्डा।

तेजिलो–वि० [फा० तेज़+इलो] छिटो; तेज।

तेजिलो–वि० [सं० तेज+इलो] तेज भएको; चहकिलो; तेजस्वी।

तेजी–वि० [तेज+ई] तेज भएको; तेजिलो।

तेजोभङ्ग–ना० [सं०] अपमान; बेइज्जती।

तेजोमय–वि० [सं०] १. तेज-युक्त; तेजस्वी। २. ज्योतिर्मय; कान्तिमान्।

तेजोमूर्ति–ना० [सं०] १. सूर्य। (वि०) २. तेजस्वी; तेजवान्।

तेजोरूप–ना० [सं०] १. चैतन्य-रूप ब्रह्म। (वि०) २. तेजवान्; तेजस्वी।

तेजोवती–ना० [सं०] तेजमूल।

तेजोवध–ना० [सं०] तेजको नाश; शानको विनाश।

तेजोवान्–वि० [सं०] तेजिलो; तेज-युक्त; तेजस्वी।

तेजोहत–वि० [सं०] तेज नष्ट भएको; फूर्ति हराएको।

तेते–ना० [तेल] तेल (बाल-बोलीमा)।

तेत्तीस–ना० [सं० त्रयस्त्रिंशत्] १. तीस र तीनको योग-सङ्ख्या; ३३-अङ्क। (वि०) २. तीस र तीनका योग-सङ्ख्याको; एघारको तीन गुना।

तेत्तीसौँ–वि० [तेत्तीस+औँ] गणनाका क्रमले तेत्तीस सङ्ख्यामा परेको; तेत्तीस सङ्ख्याको।

तेबर–वि० [तीन+दोबर] तीन दोबर; तीन गुना; तिगुना।

तेब्रिनु–अ० क्रि० [तेबर+इ+नु] १. तेबर हुनु; तीन गुना हुनु। २. तीन पटक कुनै काम हुनु; तेहेरिनु।

तेब्र्याइ–ना० [तेब्र्याउ+आइ] तेब्र्याउने क्रिया वा भाव।

तेब्र्याइ–ना० [तेब्रि+याइ] तेब्रिने किसिम, क्रिया वा भाव।

तेब्र्याइनु–स० क्रि० [तेब्र्याउ+इ+नु] तेबर पारिनु; ('तेब्र्याउनु'-को क० क्रि०)।

तेब्र्याउनु–स० क्रि० [तेबरि+याउ+नु] १. तिगुना पार्नु; तेबर तुल्याउनु। २. तेहर्‍याउनु।

तेमन–ना० [सं०] तिहुन; दाल।

तेर–ना० [प्रा०] १. दश र तीनको योग-सङ्ख्या; १३-अङ्क; तेह्र। (वि०) २. दश र तीनका योग-सङ्ख्याको।

तेरीज–ना० [अ० तह्रीर] १. मजबून; सारांश। २. जम्माजम्मी; टोटल।

तेरो–सर्वना० [तँ+रो] 'तँ'-को षष्ठी-विभक्तिको रूप।

तेरो-मेरो–ना० [तेरो+मेरो] स्वत्व वा अधिकार-सम्बन्धी विवाद।

तेरौँ–वि० [तेर+औँ] गणनाका क्रमले तेह्र सङ्ख्यामा परेको; तेह्र सङ्ख्याको; तेह्रौँ।

तेर्पाईँ–वि० [तेर्पे] अलि-अलि ओरालो परेको; ढलुवा; थोर-बहुत भिरालो; दमस्याइलो।

तेर्पे–वि० [तेर्सो] तेर्पाईँ।

तेर्सिनु–अ० क्रि० [तेर्सो+इ+नु] १. तेर्सो पर्नु; पसारिनु। २. तेर्सो हिँड्नु। ३. तेर्सो बढ्नु। ४. मोटाउनु; मन नपरेको मानिस आउनु। ५. मर्नु।

तेर्सो–वि० [प्रा० तिरिच्छी] १. पसारिएको; लम्पसार परेको; तेर्सिएको। २. उकालो-ओरालो नभएको; सम्म परेको।

तेर्स्याइ–ना० [तेर्स्याउ+आइ] तेर्स्याउने किसिम, क्रिया वा भाव।

तेर्स्याइ–ना० [तेर्सि+याइ] तेर्सिने किसिम, क्रिया वा भाव।

तेर्स्याइनु–स० क्रि० [तेर्स्याउ+इ+नु] तेर्सो पारिनु; ('तेर्स्याउनु'-को क० क्रि०)।

तेर्स्याउनु–स० क्रि० [तेर्सो+याउ+नु] १. तेर्सो पारेर राख्नु; सुताउनु; पसार्नु। २. मन नपरीकन आउनु वा जानु।

तेल–ना० [सं० तैल] १. तिल, तोरी, अँडीर, बदाम आदि पेलेर निकालिने चिल्लो तरल पदार्थ। २. मट्टी-तेल, पेट्रोल आदि खानिबाट निस्कने तरल पदार्थ।

तेलकासा–ना० [नेवा०] केटा-केटीको एक प्रकारको खेल।

तेलहन–ना० [सं० तैल+धान्य] तेल निस्कने अन्न (तिल, तोरी आदि)।

तेलारी–ना० [तेल+आरी] १. तेल लाउने काम; तेलको मालिश; तैल मर्दन। (वि०) २. तेल-सम्बन्धी।

तेलिया–वि० [तेल+इया] १. तेल-सम्बधी; तेलको। २. तेलजस्तो; तेलका रङ्गको।

तेलिया-ईँट–ना० [तेलिया+ईँट] तेलका सम्पर्कबाट बनाइने एक प्रकारको बलियो चिल्लो ईँट।

तेलिया-झार–ना० [तेलिया+झार] फल, फूल केही नलाग्ने, साना-साना, लाम्चा, चिल्ला पात हुने, पानी-खेतमा उम्रने एक जातको झार।

तेलिया-मास–ना० [तेलिया+मास] चिल्लो टल्कने एक जातको मास।

तेलिया-साँप–ना० [तेलिया+साँप] कालो, ज्यादा चिल्लो एक जातको विषालु सर्प।

तेलिया-हीरा–ना० [तेलिया+हीरा] रङ्ग-बिरङ्गी आभा दिने पातलो काँटको हीरा।

तेली–ना० [सं० तैली] तेल पेल्ने र बिक्री गर्ने पेशा भएको एक जाति।

तेस्रो–वि० [सं० त्रिस्र] गणनाका क्रमले तीनमा परेको; दोस्रोपछिको।

तेहरिनु–अ० क्रि० [तेहरो+नु] तेहेरिनु।

तेहरो–वि० [तेहेरो] तेहेरो।

तेहर्‍याइ–ना० [तेहर्‍याउ+आइ] तेहर्‍याउने किसिम, क्रिया वा भाव।

तेहर्‍याइ–ना० [तेहरि+याइ] तेहरिने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

तेहऱ्याइनु–स० क्रि० [तेहऱ्याउ+इ+नु] तेहेऱ्याइनु; ('तेहऱ्याउनु'-को क० क्रि०)।

तेहऱ्याउनु–स० क्रि० [तेहेऱ्याउ+नु] तेहेऱ्याउनु ।

तेहेरिनु–अ० क्रि० [तेहेरो+इ+नु] १. तीन पटक कुनै काम हुनु; तीन चोटि दोहोरिनु। २. तीन-दोबर हुनु; तेब्रिनु। ३. तीन-सरो हुनु ।

तेहेरो–वि० [तीन+सरो] १. तीन तह भएको; तीन-सरो। २. तेबर; तिगुना। (क्रि० यो०) ३. तीन पटक; तीन फेर ।

तेहेऱ्याइ–ना० [तेहेऱ्याउ+आइ] तेहेऱ्याउने किसिम, क्रिया वा भाव ।

तेहेऱ्याइ–ना० [तेहेरि+याइ] तेहेरिने किसिम, क्रिया वा भाव ।

तेहेऱ्याइनु–स० क्रि० [तेहेऱ्याउ+इ+नु] तेहेरो पारिनु; ('तेहेऱ्याउनु' को क०क्रि०) ।

तेहेऱ्याउनु–स० क्रि० [तेहेरि+याउ+नु] १. तीन पटक कुनै काम गर्नु; तीन चोटि पूरा गर्नु। २. तीन-सरो पार्नु; तेब्र्याउनु ।

तेह्ल–ना० [प्रा० तेर] तेर।

तेह्लौँ–वि० [प्रा० तेर+औँ] तेरौँ।

तेह्लौँते–वि० [सं० तीरभुक्ति] तिरहुत-प्रदेशको निवासी।

तैँ–संयो० [तब] १. तैँपनि; तथापि। २. तब ।

तैँकात–ना० [तहकीकात] १. निश्चय; तहकीकात। २. खोज; अन्वेषण ।

तैँक्ष्ण्य–ना० [सं०] १. तीक्ष्ण हुनाको भाव; तीक्ष्णता। २. तिक्खर हुनाको भाव ।

तैँजस–वि० [सं०] १. चम्किलो; तेजिलो। २. तेज-सम्बन्धी। ३. साहसी। (ना०) ४. चम्किलो पदार्थ। ५. घिउ। ६. पराक्रम।

तैँतिल–ना० [सं०] ज्योतिष-शास्त्रानुसार एघार कर्णमध्ये एक ।

तैँ-तैँ–संयो० [तैँ+तैँ] केही काम गर्ने भइसकेपछि वा गरिसकेपछि अरू बढ़ी काम गर्न आँट्दा निश्चय गरी भनिने शब्द। (उदा०–आधा काम गरिसकियो, तैँ-तैँ सिध्याइहालौँ।)

तैत्तिरीय–ना० [सं०] १. कृष्ण-यजुर्वेदको एक शाखा। २. तित्रो-सम्बन्धी ।

तैनात–ना० [अ० तअय्युनात] १. तालुक; हैकम। २. नियुक्ति।

तैनातवाला–वि० [तैनात+वाला (फा०)] तैनात लिएको व्यक्ति; तालुकवाला।

तैँपनि–संयो० [सं० तथापि] तर पनि; तापनि; तैँ; तथापि।

तैमिर–ना० [सं०] १. सूर्य अस्ताएपछि आँखा नदेख्ने एक रोग; रतौँधी। (वि०) २. तिमिर-सम्बन्धी ।

तैमिरिक–वि० [सं०] १. राती आँखा नदेख्ने; रतौँधी लागेको। २. तिमिर-सम्बन्धी ।

तैयार–वि० [अ०] तयार।

तैयारी–ना० [अ० तैयार+ई] तयारी।

तैरिणी–ना० [सं०] मेहदी।

तैर्थिक–वि० [सं०] १. तीर्थ-सम्बन्धी। २. तीर्थ-यात्री। (ना०) ३. शास्त्र-कार। ४. तीर्थमा दान लिने व्यक्ति।

तैल–ना० [सं०] १. तिलको तेल। २. कुनै प्रकारको तेल।

तैल-कन्द–ना० [सं०] मलुको।

तैलकार–ना० [सं०] तेली।

तैल-चित्र–ना० [सं०] तैल-मिश्रित रङ्गबाट तयार गरिएको चित्र ।

तैल-द्रोणी–ना० [सं०] मानिसजति लामो तेल हाल्ने एक प्रकारको प्राचीन कालको भाँड़ो।(यसमा उपचारका निम्ति रोगी वा सड्न नदिनाका निम्ति मृत-देह राखिन्थ्यो।)

तैल-धान्य–ना० [सं०] तेल निस्कने अन्न; तेलहन (तिल, तोरी, सर्सिउँ आदि)।

तैल-फल–ना० [सं०] चिउली।

तैल-यन्त्र–ना० [सं०] तेल पेल्ने यन्त्र; साल; कोल ।

तैल-शाला–ना० [सं०] तेल पेल्ने ठाउँ; साल ।

तैलाक्त–वि० [सं०] तेलमा मुछिएको; तेलमा डुबेको।

तैलाभ्यङ्ग–ना० [सं०] शरीरमा तेल घस्ने काम; मालिश।

तैलिक–ना० [सं०] १. तेली। (वि०) २. तेल-सम्बन्धी।

तैलिनी–ना० [सं०] बत्ती।

तैली–ना० [सं०] १. तेली। (वि०) २. तेलको; तैल-सम्बन्धी ।

तैल्वन–ना० [न०] एक जातको सुपारी।

तैष–ना० [सं०] पौष महीना।

तोक–ना० [सं०] १. छोरा-छोरी; सन्तान। २. सानो बच्चो; बालक ।

तोक–ना० [अ० तौक़ीअ] १. अनिश्चित वा सन्देहास्पद कुनै विषयमा अधिकारपूर्वक गरिने निश्चय; निर्णय। २. रिपोर्ट, बिन्ति-पत्र आदिमा अधिकारीले लेखिदिने निर्णय; आदेश ।

तोकक–न० [सं०] चातक; चखेवा ।

तोकाइ–ना० [तोक्+आइ] तोक्ने किसिम, क्रिया वा भाव।

तोकाइनु–स० क्रि० [तोकाउ+इ+नु] तोक्न लाइनु; ('तोकाउनु'-को क० क्रि०)

तोकाउनु–स० क्रि० [तोक्+आउ+नु] तोक्न लाउनु; ('तोक्नु'-को प्रे० क्रि०)।

तोकिनु–स० क्रि० [तोक्+इ+नु] किटिनु; ('तोक्नु'-को क० क्रि०)।

तोकुवा–वि० [तोक्+उवा] १. किटान गरिएको; तोकिएको। २. निश्चित रूपमा अह्लाइएको।

तोक्नु–स० क्रि० [तोक+नु] १. किटानका साथ भन्नु; किट्नु। २. निश्चय गर्नु; निधो गर्नु। ३. नियुक्त गर्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

तोक्म–ना० [सं०] १. जौ, गहूँ आदिको अङ्कुर। २. गहूँ, जौ आदिको हरियो बालो।

तोक्मा–ना० [ने०] भरियाले भारी अड्याउने, तेर्सो हातो भएको लट्ठी; आड़ा।

तोक्य–ना० [सं०] हरियो-जई।

तोटक–ना० [सं०] प्रत्येक पाउमा चार सगण (।।ऽ) हुने एक वर्ण-वृत्त।

तोड़–ना० [तोड्+अ] १. परस्परको बलाबल; जोड़। २. मानसिक चोट। ३. कागत तोड़ी बनाएको डोब। ४. फाटो; तोड़िम। ५. फोर्ने वा भत्काउने काम। ६. वेग।

तोडन–ना० [सं०] १. चिर्नु; फार्नु। २. चोट लगाउनु।

तोड़-फोड़–ना० [तोड्+फोर्] १. कुनै काम-कुरोको निश्चय; निधो; छिना-फाना। २. जोर-फोर। ३. बिगार्ने-भत्काउने काम।

तोड़-मोड़–ना० [तोड़+मोड्] १. तोड्ने र बङ्ग्याउने काम। २. कागत, कपड़ा आदि कच्याक-कुचुक पार्ने काम।

तोडा–ना० [?] १. जागीरदारका पगरीका वरि-परि किनारामा जड़िने सुन वा चाँदीको सिक्री। २. रुपियाँ हाल्ने थैली। ३. मोफसलका अड्डाहरूले मुलुकीखाना चलान गरी पठाउने रुपियाँ।

तोड़ाइ–ना० [तोड्+आइ] तोड्ने किसिम, क्रिया वा भाव।

तोड़ाइनु–स० क्रि० [तोड़ाउ+इ+नु] तोड़न लाइनु; ('तोड़ाउनु'-को क० क्रि०)।

तोड़ाउनु–स० क्रि० [तोड्+आउ+नु] तोड्न वा भाँच्न लाउनु; ('तोड्नु'-को प्रे० क्रि०)।

तोड़िनु–स० क्रि० [तोड्+इ+नु] भाँचिनु; ('तोड्नु'-को क० क्रि०)।

तोड़िम–ना० [तोड्] प्रेम, मित्रता आदिमा पर्ने फाटो; मनो-मालिन्य; तोयो-मोयो।

तोड्नु–स० क्रि० [सं० तोडन+नु] १. भाँच्नु; टुक्र्याउनु। २. छिनाल्नु; चुँडाल्नु। ३. कागत पट्याएर डोब बसाल्नु। ४. लेन-देनको छिना-फाना गर्नु। ५. टुङ्ग्याउनु। ६. कसैलाई रीस उठाउनु; चिढ़्याउनु।

तोड़्याम–ना० [तोड़िम] तोड़िम।

तोते–वि० [सं० त्रुट्] स्पष्ट नभएको; अस्पष्ट (बोली)।

तोते-बोली–ना० [तोते+बोली] भर्खर बोल्न लागेका केटा-केटीको अस्पष्ट बोली।

तोत्त्र–ना० [सं०] पशुहरू धपाउने लट्ठी; चाबुक।

तोदन–ना० [सं०] १. पीडा; दुःख। २. अङ्कुश।

तोप–ना० [तु०] दुइ ठूल्ठूला पाङ्ग्राका बीचमा ठूलो नाल लागेको, गोला हान्ने युद्धको अस्त्र।

तोपखाना–ना० [तु० तोप+खाना (फा०)] तोपहरू राख्ने ठाउँ।

तोप-चरो–ना० [तोप+चरो] रूखमा तलतिर फर्केको थैलो-जस्तो गुँड़ बनाउने, भँगेरोजत्रो एक जातको चरो; सुजेरो।

तोप-तिग्रे–वि० [तोप+तिग्रे] तोप-तिघ्रे।

तोप-तिघ्रे–वि० [तोप+तिघ्रे] ठूल्ठूला तिघ्रा भएको; भुस-तिघ्रे।

तोफात–ना० [तफावत] तफावत।

तोबा–ना० [फा० तौबः] १. भविष्यमा कुनै अनुचित काम नगर्ने प्रतिज्ञा। २. कायल; हैरानी। ३. कामको झोँज; दिक्कत।

तोमर–ना० [सं०] भालाजस्तो एक प्रकारको अस्त्र।

तोय–ना० [सं०] १. पानी; जल। २. पूर्वाषाढा नक्षत्र।

तोय-कृच्छ्र–ना० [सं०] महीना दिनसम्म पानीमात्र पिएर रहने एक कठिन व्रत।

तोय-धर–ना० [सं०] १. बादल; मेघ। २. तलाउ।

तोयधि–ना० [सं०] सागर; समुद्र।

तोयो-मोय–ना० [सं० त्वया+मया] तेरो-मेरोको विवाद।

तोय-मोयो–ना० [तोय+मोय] तोय-मोय।

तोरण–ना० [सं०] १. उत्सवमा शोभाका निमित्त खम्बा, पर्खाल आदिमा सजाइने ध्वजा-पताका, माला आदि। २. विवाह, व्रत-बन्ध आदिका मण्डपमा बेरिने, आँप, चाँप, पीपल आदिका पात, फूल र चित्रहरू उनेको माला। ३. दरबारको बाहिरी ढोका। ४. कुनै उत्सवमा सजिसजाउका साथ बनाइने अस्थायी ढोका। ५. देव-मन्दिरका ढोका-माथि राखिने विभिन्न मूर्ति भएको सुन, चाँदी आदि धातु वा काठको अर्ध-वृत्ताकार फलक। ६. देव-देवीका प्रसाद-स्वरूप गलामा धारण गरिने सूत्र।

तोरण-द्वार–ना० [सं०] मूल ढोका।

तोरियाँ–ना० [ने०] तरकारी खाइने, लामो, हरियो एक जातको प्रसिद्ध फल; घिरौँलो।

तोरी–ना० [सं० तुवरी] १. सर्सिउँका जस्ता पात, पहेँला फूल, लामा, मसिना कोसा फल्ने एक साग। २. त्यसैका कोसाभित्र फल्ने रायाका जस्ता दाना। (यसका अनेक जात छन्। आयुर्वेदमा यसको गुण गरम, अग्नि-वर्द्धक र कफ-नाशक बताइएको छ। यसका दानाबाट तेल निकालिन्छ।)

तोरी-गाँड़–ना० [तले+गाँड़] ठूलो गाँड़माथि सानो पिड्को उठको गाँड़।

तोरी-गाँड़ो–वि० [तोरी-गाँड़+ई] १. तोरी गाँड़ हुने; गँड़हा। (ना०) २. कालो र सेतो मिसिएका रङ्गको एक जातको चरो।

तोरी-चरो–ना० [तोरी+चरो] असौजे-चरो।

तोल–ना० [सं०] १. तराजू; तुला। २. एक तोलाको तौल। ३. तौल; वजन।

तोलक–ना० [सं०] एक तोलाको तौल।

तोला–ना० [सं० तोलक] सय वा छयान्नब्बे लालको परिमाण; एक पाउको बीसौँ भाग।

तोशक–ना० [तु०] डसना; लम्पट।

तोशदान–ना० [फा० तोशः+दान] १. यात्री वा सैनिकहरूले

CC-0. In Public Domain. Digitization by eGangotri

बाटाको सामल हाल्ने थैलो। २. सैनिकहरूले कारतूस हालेर बाँध्ने छालाको पेटी।

तोशाखाना–ना० [तु० तोशा+खानः (फा०)] सरकारी जङ्गी-पोशाक आदि राख्ने भँडार-घर।

तोष–ना० [सं०] १. अघाउने वा इच्छा-पूर्ति हुने भाव; तुष्टि; सन्तोष; तृप्ति। २. प्रसन्नता; आनन्द।

तोषक–वि० [सं०] सन्तुष्ट गर्ने; तृप्त पार्ने।

तोषण–ना० [सं०] तृप्ति; सन्तोष।

तोषित–वि० [सं०] तृप्त गरिएको।

तोस–ना० [अ० तूस] एक प्रकारको मिहीन ऊनी कपड़ा।

तोसाखाना–ना० [तोशाखाना] तोशाखाना।

तोल्हो–ना० [ने०] दाम्लो, डोरी आदिको लुँड़ी बाट्ने बाँस, काठ आदिको साधन।

तौर–ना० [अ०] तवर; तरीका; प्रकार; ढङ्ग।

तौर्य–ना० [सं०] १. ढोल, मृदङ्ग आदि बाजा। २. तिनीहरू बजेको शब्द।

तौर्यत्रिक–ना० [सं०] नाच-गानसहित बाजा बजाउनु।

तौल–ना० [सं०] १. तुलो; तराजू। २. कुनै पदार्थको वजन; परिमाण।

तौलनु–स० क्रि० [तौल+नु] १. तौल गर्नु; जोख्नु। २. तुलना गर्नु; दाँज्नु। ३. मानिसको आनी-बानी थाहा पाउनु; पहिचान्नु। ४. मानिसको बुद्धि, हैसियत आदि थाहा पाउनु; ताड्नु।

तौलाइ–ना० [तौल+आइ] तौलने किसिम, क्रिया वा भाव।

तौलाइनु–स० क्रि० [तौलाउ+इ+नु] तौलन लाइनु; ('तौलाउनु'-को क० क्रि०)।

तौलाउनु–स० क्रि० [तौल+आउ+नु] तौलन लाउनु; ('तौलनु'-को प्रे० क्रि०)।

तौलिनु–स० क्रि० [तौल+इ+नु] तौल गरिनु; ('तौलनु'-को क० क्रि०)।

तौलिया–ना० [अं० टॅवेल] १. विशेष प्रकारका बुनोटको, आङ पुछ्ने, खस्रो रूमाल। २. त्यस्तै कपड़ाको ओढ्ने वस्त्र।

तौली–ना० [ने०] मझौला खालको एक जातको धान।

तौलीहवा–ना० [ने०] नेपालको दक्षिणी क्षेत्रमा रहेको खजहनी र स्यूराज जिल्लाको सदर मुकाम।

त्यक्त–वि० [सं०] त्याग गरिएको; छोड़िएको।

त्यक्त-प्राण–वि० [सं०] जीवनको आशा छोड़िसकेको; मुमूर्षु।

त्यक्तव्य–वि० [सं०] त्याग गर्न लायक; छोड्न योग्य।

त्यक्ता–वि० [सं०] छोड्ने; त्याग गर्ने।

त्यक्ताग्नि–ना० [सं०] १. आगोद्वारा पकाइएको वस्तु नखाने। २. अग्नि-होत्र त्याग गरेको (ब्राह्मण)।

त्यक्तात्मा–वि० [सं०] निराश; हताश।

त्यजन–ना० [सं०] छोड्ने काम; त्याग।

त्यजनीय–वि० [सं०] छोड्न योग्य; त्याग गर्न योग्य।

त्यजित–वि० [सं०] छोड़िएको; त्यागिएको।

त्यज्यमान–वि० [सं०] छोड़िएको; त्यागिएको।

त्यता–ना० यो० [सं० तत्र] त्यहाँ; उता; त्यसपट्टि।

त्यति–वि० [त्यो+जति] १. त्योजति; उति। २. थोरै; अलिकति।

त्यतिको–वि० [त्यति+को] १. त्यति धेरै; त्यत्तिको। २. त्योजति; उत्तिको।

त्यत्ति–वि० [त्यो+जति] १. त्योजति; ठीक त्यति। २. थोरै; अलिकति।

त्यत्तिको–वि० [त्यत्ति+को] १. त्योजतिको; उत्तिको। २. त्यति धेरै; त्यो बिघ्न।

त्यत्रो–वि० [त्यो+जत्रो] त्योजत्रो; उत्रो; उति ठूलो।

त्यस–सर्वना० [त्यो०] विभक्ति लाग्दा हुने 'त्यो'-को रूप।

त्यसरी–क्रि० यो० [त्यसो+अरी] त्यस किसिमले; त्यसो गरी।

त्यसै–क्रि० यो० [त्यसो+नै] १. त्यसो नै; उसै। २. विनाकामले; विनाकारण।

त्यसो–वि० [त्यो+जस्तो] त्योजस्तो; उस्तो; त्यस किसिमको।

त्यस्तरी–क्रि० यो० [त्यसो+तरी] त्यसरी; त्यस किसिमले।

त्यस्तो–वि० [त्यो+जस्तो] त्योजस्तो; उस्तो; त्यस किसिमको।

त्यहाँ–ना० यो० [सं० तत्र] त्यता; वहाँ; उता।

त्यहीँ–क्रि० यो० [त्यहाँ+नै] १. त्यहाँ नै; त्यसै ठाउँमा। २. त्यसै समयमा; त्यसै बखतमा।

त्यही–सर्वना० [त्यो+नै] त्यो नै; उही नै; त्यै।

त्याग–ना० [सं०] १. कुनै वस्तुमा भएको आफ्नो स्वत्त्व छोड्ने काम; उत्सर्ग। २. सांसारिक विषय-वासनाहरूदेखि विरक्त रहने काम। ३. अर्काको हित-साधनका निम्ति आफ्नो सुख वा स्वार्थ छोड्ने काम। ४. कुनै पद वा स्थानलाई छोड्नु।

त्याग-पत्र–ना० [सं०] कुनै पद वा स्थान छोड्न लेखिएको कागत; राजीनामा; इस्तीफा।

त्यागलुङ–ना० [ने०] तरकारी खाइने एक जातको कन्द; बन-तरुल।

त्याग-शील–वि० [सं०] त्यागी।

त्यागिनु–स० क्रि० [त्याग्+इ+नु] त्याग गरिनु; ('त्याग्नु'-को क० क्रि०)।

त्यागी–वि० [सं०] स्वार्थ, सांसारिक सुख, वैभव आदि छोड्ने; त्याग गर्ने।

त्याग्नु–स० क्रि० [सं० त्याग+नु] १. त्याग गर्नु; हक छोड्नु; लागनास्ति गर्नु। २. फाल्नु; मिल्काउनु।

त्याजित–वि० [सं०] छोड़िइएको; परित्याग गराइएको।

त्याज्य–वि० [सं०] छोड्न योग्य; त्याग गर्न लायक।

त्यान्द्रो–ना० [सं० तन्तु] १. घाँस, पराल आदिको बोट; तृण; तान्द्रो। २. धागो।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यार्र–क्रि० यो० [अनु०] कपड़ा, कागज आदि च्यातिंदा शब्द आउने किसिम; ध्यार्र; च्यार्र।

त्यूरी–ना० [तिउरी] तिउरी।

त्यूरे–ना० [तिउरे] तिउरे।

त्यै–सर्वना० [त्यही] त्यही; त्यो नै।

त्यो–सर्वना० [सं० तत्] १. प्रथम-पुरुष, एक-वचनमा प्रयोग हुने सर्वनाम शब्द; ऊ। २. सामुन्नेको वस्तुलाई औंल्या-उँदा प्रयोग गरिने शब्द।

त्र–'त्' र 'र'-को संयुक्त रूप। देवनागरी वर्ण-मालामा यसको स्वतन्त्र रूप पनि मानिएको छ। यसको उच्चारण दन्त-मूर्द्धा–स्थानबाट हुन्छ।

त्रपा–ना० [सं०] १. लाज; लज्जा। २. कुलटा; व्यभि-चारिणी स्त्री। ३. कीर्ति; यश।

त्रपित–वि० [सं०] १. लज्जित; लाज मानेको। २. नम्र; विनयी।

त्रपु–ना० [सं०] सीसा; राँग।

त्रय–वि० [सं०] तीन।

त्रयी–ना० [सं०] १. तीनको समुदाय। २. ऋक्, यजु र साम—यी तीन वेदको समूह। ३. ब्रह्मा, विष्णु र महेश्वर—यी तीन देवताको समूह।

त्रयोदश–वि० [सं०] तेह्र; दश र तीनको संयोग।

त्रयोदशी–ना० [सं०] कुनै पक्षको तेह्रौँ तिथि; द्वादशी-पछिको तिथि।

त्रसन–ना० [सं०] १. भय; डर; त्रास। २. चिन्ता; व्याकुलता।

त्रस-रेणु–ना० [सं०] छिद्रबाट भित्र पसेका घाममा देखिने उड़िरहेका सूक्ष्म कण।

त्रसित–वि० [सं०] डराइएको; भय-भीत।

त्रस्त–वि० [सं०] १. डराएको; भय-भीत; त्रसित। २. कष्टमा परेको; पीडित। ३. घबड़ाएको; आत्तिएको।

त्राटक–ना० [सं०] योगका छ कर्ममध्ये एक; कुनै बिन्दुमा अनिमेष दृष्टि दिने काम।

त्राण–ना० [सं०] १. भयका कारणको निवारण; रक्षा; बचाउ। २ आश्रय; सहारा।

त्राणक–वि० [सं०] १. रक्षा गर्ने; रक्षक। २. आश्रय दिने।

त्रात–वि० [सं०] बचाइएको; रक्षित।

त्रातव्य–वि० [सं०] रक्षा गर्न योग्य; रक्षणीय।

त्राता–वि० [सं०] बचाउने; रक्षक।

त्रायमाणा–ना० [सं०] मुड़िलो फल।

त्रास–ना० [सं०] १. डर; भय। २. कष्ट; तकलीफ।

त्रासक–वि० [सं०] तर्साउने; भय-भीत पार्ने।

त्रासन–ना० [सं०] तर्साउने वा त्रस्त पार्ने काम।

त्रासित–वि० [सं०] तर्साइएको; डर देखाइएको।

त्रासी–वि० [सं०] भय दिने; त्रास दिने।

त्राहि–वि० बो० [सं०] आफ्ना रक्षाका निम्ति कसैसित प्रार्थना गर्ने क्रिया; गुहार; दुहाइ।

त्राहि-त्राहि–ना० [सं०] ज्यादै डराउने काम; थरहरी।

त्राहि-माम्–ना० [सं०] १. आफ्नो बचाउका निमित गुहार्ने शब्द; गुहार; दुहाइ। २. थरहरी; त्रस्त।

त्रि–वि० [सं०] तीन। (यो शब्द अरू शब्दका अगाड़ि जोड़िएर प्रयोग हुन्छ। उदा०—त्रिकाल, त्रिलोक, त्रिदेव आदि)।

त्रिंश–वि० [सं०] तीसौँ।

त्रिंशत्–वि० [सं०] तीस।

त्रिक–ना० [सं०] १. तीन वस्तुको समुह। २. मेरु-दण्डको तल्लो भाग। ३. तीन दोबाटो। ४. त्रिफला। ५. त्रिमधु। ६. त्रिकटु। (वि०) ७. तेहोरो। ८. तीन प्रतिशत।

त्रिकटु–ना० [सं०] सूठो, मरीच र पिप्ला—यी तीन वस्तुको समुदाय।

त्रिकर्मा–वि० [सं०] १. दान, यज्ञ र अध्ययन—यी तीन कर्म गर्ने। (ना०) २. द्विज।

त्रिकाण्डी–वि० [सं०] १. तीन वटा काण्ड भएको। (ना०) २. कर्म, उपासना र ज्ञान—यी तीन कुराको वर्णन गरिएको ग्रन्थ; वेद।

त्रिकाल–ना० [सं०] १. भूत, भविष्यत् र वर्तमान—यी तीन काल। २. प्रातः, मध्याह्न र सायं—यी तीन समय।

त्रिकालज्ञ–वि० [सं०] भूत, भविष्यत् र वर्तमान—यी तीनै कालका कुरा जान्ने; त्रिकाल जान्ने।

त्रिकाल-दर्शक–वि० [सं०] भूत, भविष्यत् र वर्तमान—यी तीनै कालका कुरा जान्ने; त्रिकालज्ञ।

त्रिकाल-दर्शी–वि० [सं०] त्रिकालज्ञ।

त्रिकूटी–ना० [सं० त्रि+कूट+ई] १. शङ्ख, अर्घ, धारा-पात्र आदि राख्ने, तीन खुट्टा भएको पूजाको भाँड़ो; त्रिखुटी। २. दुइ आँखी-भुइँका बीचभन्दा केही माथिको स्थान।

त्रिकोण–ना० [सं०] १. तीन कुना परेको क्षेत्र; त्रिभुज। २. योनि; भग। ३. जन्म-कुण्डलीमा लग्न-स्थानदेखि पाँचौँ र नवौँ स्थान। (वि०) ४. तीन कुना परेको; तीन-कुने।

त्रिकोण-मिति–ना० [सं०] विशेषतः त्रिकोणका रेखा र कोणहरू-सम्बन्धी गणित-शास्त्रको एक अङ्ग।

त्रिक्षार–ना० [सं०] जवाखार, सज्जी-खार र स्वाग—यी तीन वस्तुको समुदाय।

त्रिखुटी–ना० [त्रिकूटी] त्रिकूटी।

त्रिगण–ना० [सं०] धर्म, अर्थ र काम—यी तीन कुराको समुदाय।

त्रिगुण–ना० [सं०] १. सत्त्व, रज र तम–यी तीन गुणको समुदाय। (वि०) २. सत्त्व, रज र तम—यी तीनै गुणले युक्त। ३. तीन गुना; तेवर।

त्रिगुणातीत–वि० [सं०] सत्त्व, रज र तम—यी तीनै गुण-हरूले रहित भएको; निर्गुण।

त्रिगुणित–वि० [सं०] १. तीन सङ्ख्याले गुणन गरिएको। २. तीन दोबर पारिएको।

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिचालिस–ना० [त्रिचालीस] त्रिचालीस ।

त्रिचालिसौँ–वि० [त्रिचालीसौँ] त्रिचालीसौँ।

त्रिचालीस–ना० [सं० त्रिचत्वारिंशत्] १. चालीस र तीनको योग-सङ्ख्या; ४३-अङ्क ।(वि०) २. चालीस र तीनका योग-सङ्ख्याको ।

त्रिचालीसौँ–वि० [त्रिचालीस+औँ] गणनाका क्रमले त्रिचालीसमा परेको; त्रिचालीस सङ्ख्याको ।

त्रिज्या–ना० [सं०] वृत्तका परिधिदेखि केन्द्रसम्मका सोझो रेखा; व्यासार्द्ध ।

त्रिताल–ना० [सं०] गानाको एक ताल ।

त्रितालिस–ना० [त्रितालीस] त्रितालीस ।

त्रितालिसौँ–वि० [त्रितालीसौँ] त्रितालीसौँ।

त्रितालीस–ना० [त्रिचालीस] त्रिचालीस ।

त्रितालीसौँ–वि० [त्रिचालीसौँ] त्रिचालीसौँ।

त्रिदण्ड–ना० [सं०] १. संन्यासीहरूले लिने बाँसको एक प्रकारको दण्ड; संन्यासाश्रमको चिह्न । २. मन, वचन र शरीर—यी तीनको संयमन ।

त्रिदण्डी–ना० [सं०] १. वचन, मन र शरीरलाई वशमा राख्ने व्यक्ति; संन्यासी । २. जनै; यज्ञोपवीत ।

त्रिदश–ना० [सं०] देवता ।

त्रिदशालय–ना० [सं०] १. सुमेरु पर्वत । २. स्वर्ग ।

त्रिदेव–ना० [सं०] ब्रह्मा, विष्णु र महेश्वर—यी तीन देवताको समूह ।

त्रिदोष–ना० [सं०] १. वात, पित्त र कफ—यी तीन दोष । २. यी तीनैका प्रकोपबाट हुने रोग; सन्निपात ।

त्रिधा–क्रि० यो० [सं०] तीन प्रकारले; तीन किसिमसँग ।

त्रिधार–ना० [सं०] तीन पाटा परेका डाँठ हुने, डाँठका टुप्पामा ठूलठूला सेता फूल फुल्ने एक जातको सिउँडी ।

त्रिनगर–ना० [सं०] नेपालको दक्षिण-पश्चिम सिमानामा रहेका कैलाली-कञ्चनपुर जिल्लाको सदर मुकाम ।

त्रिनेत्र–ना० [सं०] शिव ।

त्रिपट–ना० [सं०] कुनै वनिबनाउ काठ घाम-पानी आदिले वाङ्गिनु; पसाङ्गिनु ।

त्रिपथ–ना० [सं०] १. ज्ञान, कर्म र उपासना—यी तीन मार्ग । २. आकाश, पृथ्वी र पाताल—यी तीन स्थान । ३. तीन दोबाटो ।

त्रिपथगा–ना० [सं०] गङ्गा ।

त्रिपद–ना० [सं०] १. त्रिपाई । २. तीन वटा पद वा शब्दको समूह । (वि०) ३. तीन खुट्टा वा पद भएको ।

त्रिपदा–ना० [सं०] गायत्री ।

त्रिपन्न–ना० [प्रा० तिवन्न] १. पचास र तीनको योग-सङ्ख्या; ५३-अङ्क ।(वि०) २. पचास र तीनका योग-सङ्ख्याको ।

त्रिपन्नौँ–वि० [त्रिपन्न+औँ] गन्दै जाँदा त्रिपन्न सङ्ख्यामा परेको; त्रिपन्न सङ्ख्याको ।

त्रिपाई–ना० [सं० त्रिपाद] प्रायः तीन वटा खुट्टा हुने, एक जनामात्र बस्ने मेच; अड़ेसा नभएको एक प्रकारको मेच; स्टूल ।

त्रिपासा–ना० [त्रि+पासा] १. क्रमशः एक, दुइ, पाँच र छ बिन्दु भएका, चार पाटा परेका हस्ति-हाड़का टुक्रा । २. त्यसद्वारा खेलिने खेल ।

त्रिपिटक–ना० [सं०] विनय, अभिधम्म र सुत्त पिटकमा विभक्त भएको बौद्धहरूको मूल धर्म-ग्रन्थ ।

त्रिपिब–ना० [सं०] पानी पिउन लाग्दा दुवै कान पानीमा चोबलिने एक जातको बाख्रो ।

त्रिपिष्टप–ना० [सं०] १. स्वर्ग । २. आकाश ।

त्रिपुण्ड्र–ना० [सं०] शैवहरूले निधारमा लगाउने भस्मका तीन रेखा ।

त्रिपुर-सुन्दरी–ना० [सं०] दुर्गा ।

त्रिपुरारि–ना०[सं०] महादेव ।

त्रिपुरुष–ना० [सं०] पिता, पितामह र प्रपितामह—यी तीन पुरुषको समूह ।

त्रिफला–ना० [सं०]हर्रो, वर्रो र अमला—यी तीन फलहरूको समूह ।

त्रिबली–ना० [सं०] पेटमा पर्ने सौन्दर्य-सूचक तीन रेखा ।

त्रिभुज–ना० [सं०] तीन वटा सरल रेखाले घेरिएको क्षेत्र; त्रिकोण ।

त्रिभुवन–ना० [सं०] स्वर्ग, मर्त्य र पाताल—यी तीन भुवनको समुदाय ।

त्रिभुवन-पुरस्कार–ना० [सं०] आजीवन साहित्य, कला वा विज्ञानका क्षेत्रमा प्रेरणा-दायक साधना गर्ने व्यक्ति वा संस्थालाई नेपाल एकेडेमीले दिने सर्वोच्च पुरस्कार। (श्री५ महाराजाधिराज त्रिभुवन-वीर-विक्रम-शाह-देवका पुण्य स्मृतिमा यो दस हजार रुपियाँको पुरस्कार प्रमाण-पट्टका साथ नेपाल एकेडमीको वार्षिक समारोहका अवसरमा श्री ५ महाराजधिराज (चान्सलर, नेपाल एकेडेमी)-का बाहुलीबाट प्रदान गरिन्छ ।)

त्रिभुवन-वीर-विक्रम-शाह-देव–ना० [सं० त्रिभुवन+वीर+विक्रम+साह+देव (सं०)] सं० १९६८-देखि २०११-सम्म नेपालको राज-गद्दीमा विराजमान हुने र नेपालमा प्रजातन्त्रको प्रवर्तन गर्ने महाराजाधिराज ।

त्रिमधु–ना० [सं०] घिउ, चीनी र मह—यी तीन पदार्थको समूह ।

त्रिमात्रिक–वि० [सं०] तीन मात्रा भएको; प्लुत (ध्वनि)।

त्रिमूर्ति–ना० [सं०] १. ब्रह्मा, विष्णु र महेश्वर—यी तीन देवता । २. सूर्य ।

त्रियान–ना० [सं०] बौद्ध धर्म-अन्तर्गतका महायान, हीनयान र मध्यमयान—यी तीन यानको समूह ।

त्रियान्नब्बे–ना० [सं० त्रिनवति] १. नब्बे र तीनको योग-सङ्ख्या; ९३-अङ्क । (वि०) २. नब्बे र तीनका योग-सङ्ख्याको ।

CC-0. In Public Domain. Digitization by eGangotri

त्रियान्नब्बेयौँ–वि० [त्रियान्नब्बे+यौँ] गणनाका क्रमले त्रियान्नब्बेको सङ्ख्यामा परेको; त्रियान्नब्बे सङ्ख्याको ।

त्रियामा–ना० [सं०] १. रात्रि । २. हलेदो । ३. यमुना ।

त्रियासियौँ–वि० [त्रियासी+यौँ] गणनाका क्रमले त्रियासी सङ्ख्यामा परेको; त्रियासी सङ्ख्याको ।

त्रियासी–ना० [सं०त्र्यशीति] १. असी र तीनको योग-सङ्ख्या; ८३-अङ्क । (वि०) २. असी र तीनका योग-सङ्ख्याको ।

त्रियुग–ना० [सं०] १. सत्य, त्रेता र द्वापर—यी तीन युगको समूह । २. वसन्त, वर्षा र शरद्—यी तीन ऋतु । ३. तीन पुस्ता ।

त्रिरत्न–ना० [सं०] बुद्ध, धर्म र सङ्घ—यी तीनको समूह ।

त्रिरात्र–ना० [सं०] तीन रात, तीन दिनको समय ।

त्रिलघु–ना० [सं०] तीनै मात्रा लघु भएको एक गण; नगण ।

त्रिलवण–ना० [सं०] सिंधे, सावरी र बिरेनूनको समूह ।

त्रिलोक–ना० [सं०] स्वर्ग, मर्त्य र पाताल—यी तीन लोक ।

त्रिलोक-नाथ–ना० [सं०] १. तीनै लोकका मालिक; परमेश्वर । २. सूर्य ।

त्रिलोकेश–ना० [सं०] १. स्वर्ग, मर्त्य र पातालका मालिक; परमेश्वर । २. सूर्य ।

त्रिलोचन–ना० [सं०] शिव ।

त्रिलोह–ना० [सं०] सुन, चाँदी र तामा—यी तीन धातुको समूह ।

त्रिविध–वि० [सं०] १. तीन प्रकारको । २. तीन प्रकारले ।

त्रिविष्टप–ना० [सं०] स्वर्ग ।

त्रिवृत्त–ना० [सं०] निसोथ लता ।

त्रिवेणी–ना० [सं०] १. तीन नदीको सङ्गम-स्थान । २. प्रयाग तीर्थ (गङ्गा, यमुना र सरस्वतीको सङ्गम) । ३. नेपालको पाल्ही जिल्लामा पर्ने काली, त्रिशूली र मर्स्याङ्दीको सङ्गम-स्थल ।

त्रिशक्ति–ना० [सं०] १. इच्छा, ज्ञान र क्रिया—यी तीन ईश्वरीय शक्ति । २. तान्त्रिक मतानुसार काली, तारा र त्रिपुरा—यी तीन देवीको समूह । ३. गायत्री ।

त्रिशक्ति-पट्ट– ना०[सं०] आठ वटा कला वा कुना परेको, बीचमा खुकुरीको चिह्न भएको, सुन वा चाँदीको नेपालको एक राष्ट्रिय तक्मा । [यसका विशेष प्रकारका दुइ र पहिलोदेखि चौथोसम्म जम्मा यी छ श्रेणी हुन्छन्—अतुल-ज्योतिर्मय-त्रिशक्ति-पट्ट (महाधिपति र अधिपतिले धारण गर्ने), सुविख्यात-त्रिशक्ति-पट्ट (पहिलो दर्जा), विख्यात-त्रिशक्ति-पट्ट (दोस्रो दर्जा), ख्यात-त्रिशक्ति-पट्ट (तेस्रो दर्जा), र त्रिशक्ति-पट्ट (चौथो दर्जा) ।]

त्रिशूल–ना०[सं०]तीन चुच्चा परेको, शिवजीको प्रधान शस्त्र ।

त्रिशूली–ना० [सं०] १. शिव । २. साँढ़े । ३. नेपालको मध्य भागमा बग्ने र गोसाईं-कुण्डबाट निस्की त्रिवेणीमा काली गण्डकीमा मिल्ने, एक प्रसिद्ध नदी ।

त्रिषष्ठि–ना० [सं०] त्रिसट्ठी ।

त्रिसट्ठि–ना० [त्रिसट्ठी] त्रिसट्ठी ।

त्रिसट्ठियौँ–वि० [त्रिसट्ठि+यौँ] गन्दै जाँदा त्रिसट्ठी सङ्ख्यामा पुगेको; त्रिसट्ठी सङ्ख्याको ।

त्रिसट्ठी–ना० [सं० त्रिषष्ठि] १. साठी र तीनको योग-सङ्ख्या; ६३-अङ्क । (वि०) २. साठी र तीनका योग-सङ्ख्याको ।

त्रिसन्धि–ना० [सं०] जवाकुसुमजस्तो एक जातको फूल ।

त्रिसन्ध्य–ना०[सं०]प्रातः, मध्याह्न र सायं—यी तीन काल ।

त्रिसप्तति–ना० [सं०] त्रिहत्तर ।

त्रिसाला–ना० [सं० त्रि+साल (फा०)] तीन वर्षको हद राखेर गरिएको काम-कारवाई ।

त्रिस्थली–ना० [सं०] काशी, गया र प्रयाग—यी तीन पुण्य-स्थान ।

त्रिहत्तर–ना० [सं० त्रिसप्तति] १. सत्तरी र तीनको योग-सङ्ख्या; ७३-अङ्क । (वि०) २. सत्तरी र तीनका योग-सङ्ख्याको ।

त्रिहत्तरौँ–वि० [त्रिहत्तर+औँ] गणनाका क्रमले त्रिहत्तर सङ्ख्यामा परेको; त्रिहत्तर सङ्ख्याको ।

त्रिहत्ती–ना० [सं० त्रि+हस्त] १. तीन हात लामो गज वा चौड़ाइ भएको कपड़ा । (वि०) २. तीन हात लामो ।

त्रुटि–ना० [सं०] १. भूल; चूक । २. कमी; न्यूनता । ३. समयको सूक्ष्म विभाग; दुइ क्षणको समय ।

त्रुटित–वि० [सं०] १. भाँचिएको; खण्डित । २. चुँड़िएको । ३. छूट भएको; छुटेको । ४. भूल भएको; त्रुटि भएको ।

त्रेता-युग–ना० [सं०] चार युगमध्ये दोस्रो युग । (यस युगको अवधि १२,९६,००० वर्ष मानिएको छ ।)

त्रेताग्नि–ना० [सं०] दक्षिण, गार्हपत्य र आहवनीय—यी तीन अग्निको समूह ।

त्रैकालिक–वि० [सं०] त्रिकाल-सम्बन्धी ।

त्रैमासिक–वि० [सं०] १. तीन महीनाको । २. तीन-तीन महीनामा हुने ।

त्रैराशिक–ना० [सं०] तीन ज्ञात राशिका सहायताबाट चौथो अज्ञात राशिको पत्तो लगाइने गणितको एक क्रिया ।

त्रैलोक्य–ना० [सं०] त्रिलोक ।

त्रोटक–ना० [सं०] शृङ्गार-रस-प्रधान भई देवता र मनुष्य—दुवै किसिमका पात्र हुने र प्रत्येक अङ्कमा विदूषक हुने पाँच, सात, आठ वा नौ अङ्कको एक उपरूपक ।

त्र्यम्बक–ना० [सं०] तीन नेत्र भएका देवता; शिव ।

त्र्यशीति–ना० [सं०] त्रियासी ।

त्र्याहिक–ना० [सं०] तीन-तीन दिनमा आउने जरो ।

त्व–अव्य० [सं०] शब्दका पछाड़ि लागेर त्यसको भाव वा गुण बुझाउने एक शब्द । (उदा०–स्वत्व, निजत्व, पितृत्व, मनुष्यत्व इत्या० ।)

त्वक्–ना० [सं०] १. छाला; चर्म । २. बोक्रो । ३. पाँच ज्ञानेन्द्रियमध्ये एक । ४. दालचीनी ।

CC-0. In Public Domain. Digitization by eGangotri

त्वक्-क्षीरी–ना० [सं०] वंश-लोचन ।
त्वक्-सार–ना० [सं०] बाँस ।
त्वगिन्द्रिय–ना० [सं०] स्पर्शेन्द्रिय; छाला ।
त्वङ्मय–वि० [सं०] छालाले बनेको ।
त्वच्–ना० [सं०] १. छाला; चर्म । २. वोक्रो । ३. पाँच ज्ञानेन्द्रियमध्ये एक । ४. दालचीनी ।
त्वच–ना० [सं०] त्वच् ।
त्वचा–ना० [सं०] छाला; चर्म ।
त्वदीय–वि० [सं०] तिम्रो ।
त्वम्–सर्वना० [सं०] तिमी ।
त्वरा–क्रि० यो० [सं०] चाँड़ो; छिटो ।
त्वरित–वि० [सं०] १. तीव्र गतिले हिँड्ने; वेगवान् । (क्रि० यो०) २. छिटो चालले; शीघ्रतापूर्वक ।
त्वष्टा–ना० [सं०] १. देवताका कारीगर; विश्व-कर्मा । २. अष्ट प्रजा-पतिमध्ये एक ।
त्वारारारा–क्रि० यो० [अनु०] पानी वा पन्यालो पदार्थको धारो खस्ता शब्द आउने किसिम ।
त्वार्र–क्रि० यो० [अनु०] पानी आदि पन्यालो पदार्थको धारो खस्ता शब्द आउने किसिम ।
त्विट्–ना० [सं०] १. प्रभा; आभा । २. कान्ति; द्युति ।
त्सरु–ना० [सं०] तलवारको मोठ; खड्ग-मुष्टि ।

थ

थ–देवनागरी वर्ण-मालाको सत्रौँ व्यञ्जन-वर्ण । त-वर्गको दोस्रो अक्षर । यसको उच्चारण दन्त्य-स्थानबाट हुन्छ ।
थँ-चुकु–ना० [नेवा०] अड़ेसो ।
थइँ–ना० यो० [ने०] १. सित; सँग; साथ । २. नजीक; निकट; समीप (पुरानो प्रयोग) ।
थकथक–ना० [ने०] पछुताउ; चुकचुकी; पश्चात्ताप ।
थकथकाइ–ना० [थकथकाउ+आइ] थकथकाउने किसिम, क्रिया वा भाव ।
थकथकाइनु–अ० क्रि० [थकथकाउ+इ+नु] थकथक गरिनु; ('थकथकाउनु'-को क क्रि०) ।
थकथकाउनु–अ० क्रि० [थकथक+आउ+नु] थकथक गर्नु; पछुताउनु; चुकचुकाउनु ।
थकथकी–ना० [थकथक+ई] थकथक ।
थकथके–वि० [थकथक+ए] थकथक गर्ने; पछुताउने ।
थकाइ–ना० [थकाउ+आइ] थकाउने किसिम, क्रिया वा भाव ।
थकाइ–ना० [थाक्+आइ] १. थाक्ने किसिम, क्रिया वा वा भाव । २. ग्लानि; थकावट ।
थकाइनु–स० क्रि० [थकाउ+इ+नु] थकित पार्नु; ('थकाउनु'-को क० क्रि०) ।
थकाउनु–स० क्रि० [थाक्+आउ+नु] थकित पार्नु; लस्त तुल्याउनु; ('थाक्नु'-को प्रे० क्रि०) ।
थकार–ना० [सं०] 'थ'-अक्षर; त-वर्गको द्वितीय वर्ण ।
थकाली–ना० [थाक (एक क्षेत्र)] १. नेपालका उत्तर-पश्चिमी इलाकामा पर्ने थाक क्षेत्रको निवासी । २. (वि०) थाक (प्रदेश)-को; थाक-सम्बन्धी ।
थकाली–ना० [नेवा०] कुलमा सबभन्दा बूढ़ो; कुलको अगुवा व्यक्ति ।
थकावट–ना० [थाक्+आवट] थकाइ; ग्लानि ।
थकित–वि० [थाक्] थाकेको; थकाइ लागेको; लस्त ।
थकुल्लो–ना० [थाङ्नो] थाङ्नो बिछ्याउना; थाङ्नै-थाङ्नाले बनाएको लस्पट ।
थकुल्लो–ना० [ने०] १. जुम्ला जिल्लाका केटी माइतीका घरमा छँदा पानी चल्नेसम्मका जातसित करणीमा बिग्रेकी जानी-जानी विवाह गरी ल्याएकी स्वास्नीबाट जन्मेका सन्तान । २. रजपूत जातका विधवा वा कन्याले पानीसम्म चल्ने जातसित करणीमा बिग्रेर वा दश-नामी संन्यासी र मतवाली जातका विधवा र अर्कासित बिग्रेका बाहुनीलाई रजपूतले राखी उनीहरूबाट जन्मेका सन्तान । (वि०) ३. रद्दी; बेकम्मा ।
थकुवा–वि० [थाक्+उवा] दूध दिन छाड़ेको; थाकेको (गाई-भैँसी) ।
थकौटो–वि० [थाक्+औटो] थाक्न आँटेको; थाक्ने वेला भएको (गाई-भैँसी); बकेर्नु ।
थकौली–ना० [ने०] नाङ्लाले झैँ दुवै हातले समाती माछा पक्रने एक प्रकारको जाल ।
थक्क-थक्क–क्रि० यो० [थकथक] १. पछुताउने किसिम; पश्चात्ताप गर्ने किसिम । (ना०) २. पछताउ; पश्चात्ताप ।
थक्रनु–स० क्रि० [थाँक्रो+नु] १. लट्टा परेको कपाल थाँक्राले कोर्नु; लट्टा फोर्नु । २. तानको धागो थाँक्राले सम्म्याउनु ।
थक्राइ–ना० [थक्र+आइ] थक्रने किसिम, क्रिया वा भाव ।
थक्सिनी–ना० [थाक्से+नी] थाक्से-जातकी स्त्री; थक्सेनी ।
थक्सेनी–ना० [थाक्से+नी] थक्सिनी ।
थङ्थिलो–वि० [थिलथिलो] थिलथिलो ।
थङ्नन–ना० [थाङ्नो] थाङ्नो ।
थङ्निनु–अ० क्रि० [थाङ्ने+इ+नु] १. बिरामी हुनु; थाङ्नामा पर्नु; थला पर्नु । २. ढीलो हुनु; विलम्ब हुनु ।
थङ्न्याइ–ना० [थङ्नि+याइ] थङ्निने किसिम, क्रिया वा भाव ।
थङ्न्याइ–ना० [थङ्न्याउ+आइ] थङ्न्याउने किसिम, क्रिया वा भाव ।
थङ्न्याइनु–स० क्रि० [थङ्न्याउ+इ+नु] थङ्न्याउने काम गरिनु; ('थङ्न्याउनु'-को क० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

थङ्न्याउनु–स० क्रि० [थन्क्याउ+नु] १. थाङ्नामा सुताउनु। २. थाङ्नोजस्तो पार्नु; थोत्र्याउनु। ३. झुवक्याउनु; छका-उनु। ४. आल-टाल गर्नु; सुस्ती गर्नु।

थङ्न्याहट–ना० [थङ्नि+याहट] थङ्निने किसिम, क्रिया वा भाव।

थचक्क–क्रि० यो० [ने०] चाक टेकाएर बस्ने किसिम; थ्याच्च।

थचन्याहट–ना० [थचार्+आहट] थचारिने किसिम, क्रिया वा भाव; थचाराइ।

थचाराइ–ना०[थचार्+आइ] १. थचार्ने किसिम, क्रिया वा भाव; थच्च्याइ। २. थचारिने किसिम, क्रिया वा भाव।

थचारिनु–अ० क्रि० [थचार्+इ+नु] चिप्लिएर वा ठक्कर खाएर थचक्क बसिनु; थच्चिनु; ('थचार्नु'-को भा० क्रि०)।

थचार्नु–स० क्रि० [सं० स्थापन+नु] जबर्दस्तीसित बसाउनु; थच्च्याउनु; थचक्क बसाल्नु।

थच्चिइनु–अ० क्रि० [थच्चि+इ+नु] थ्याच्च बसिनु; ('थच्चिनु'-को भा० क्रि०)।

थच्चिनु–अ० क्रि० [सं० स्थापन+इ+नु] १. थ्याच्च बस्नु; नराम्रोसँग बस्नु। २. थचारिनु। ३. बस्नुको निन्दार्थक शब्द।

थच्च्याइ–ना० [थच्चि+याइ] थच्चिने किसिम, क्रिया वा भाव।

थच्च्याइ–ना० [थच्च्याउ+आइ] थच्च्याउने किसिम, क्रिया वा भाव।

थच्च्याइनु–स० क्रि० [थच्च्याउ+इ+नु] थचारिनु; ('थच्च्याउनु'-को क० क्रि०)।

थच्च्याउनु–स० क्रि० [थच्चि+याउ+नु] १. बल-जफत गरी बसाल्नु; थचार्नु। २. अपमानपूर्वक बसाल्नु; ('थच्चिनु'-को प्रे० क्रि०)।

थनरो–ना० [ने०] आगो चलाउने, टुप्पो घुमेको डन्डीजस्तो कोको औजार।

थनौरो–ना० [थुन+औरो] कल्चौँडो; थुनौरो।

थन्किनु–अ० क्रि० [थान्को+इ+नु] १. उचित ठाउँमा सुरक्षित रहनु; थान्को लाग्नु। २. उपेक्षित भएर रहनु।

थन्क्याइ–ना० [थन्कि+याइ] थन्किने किसिम, क्रिया वा भाव।

थन्क्याइ–ना० [थन्क्याउ+आइ] थन्क्याउने किसिम, क्रिया वा भाव।

थन्क्याइनु–स० क्रि० [थन्क्याउ+इ+नु] थान्को लगाइनु; ('थन्क्याउनु'-को क० क्रि०)।

थन्क्याउनु–स० क्रि० [थन्कि+याउ+नु] १. ठीक ठाउँमा सुरक्षित राख्नु; थान्को लगाउनु; थिति लाउनु। २. काम नलिई राखिछोड्नु।

थप–ना० [सं० स्थापन] १. थपेको वस्तु; बढ़ाएको परिमाण वा वस्तु। २. थप्ने काम; बढ़ाउने काम। (वि०) ३. थपिएको; थपुवा।

थपक्क–क्रि० यो० [सं० स्थापन] १. बिस्तारै वा सुरक्षापूर्वक राख्ने किसिम। २. बस्ने किसिम; थुपुक्क। ३. यता-उति नलागी कुनै काम गर्ने किसिम; खुरुक्क। ४. आनेकाने नगरी आउने वा जाने किसिम।

थप-घट–ना० [थप+घट] थप्ने र घटाउने काम; कम-बेसी।

थपड़ी–ना०[थप्पड़] १. शब्द आउने गरी दुइ हत्केला जुधानेउ काम। २. त्यसको शब्द; ताली।

थपड़्याइ–ना०[थप्पड़+याइ] थपड़्याउने किसिम, क्रिया वा भाव।

थपड़्याइनु–स० क्रि० [थपड़्याउ+इ+नु] थप्प्याइनु।

थपड़्याउनु–स० क्रि० [थप्पड़+आउ+नु] थप्प्याउनु।

थपथप–क्रि० यो० [सं० स्थापन] धमाधम राख्ने वा बसाउने किसिम; थपथपी; थपाथप।

थपथपती–क्रि० यो० [थपथप+ती] थपथपी; थपाथप।

थपथपी–क्रि० यो० [थपथप+ई] थपथपती; थपाथप।

थपथाप–ना० [थप+थप] थोर-बहुत थप्ने काम; धेर-थोर थप।

थपन-थापन–ना० [थप्+थप्] थप्ने काम; थपथाप।

थपना–ना० [सं० स्थापना] १. देव-देवीको प्रतिमा प्रतिष्ठा-पूर्वक कुनै स्थानमा राख्नु; स्थापना। २. काम-कुरो केही गर्न नजान्ने वा नसक्ने, अधिकारमात्र लिएको व्यक्ति।

थपनी–ना० [थप+नी] १. थप्ने काम; थपाइ। २. थप्ने वस्तु; थप।

थपस–ना० [ने०] खोट; दोष।

थपाइ–ना० [थप्+आइ] थप्ने किसिम, क्रिया वा भाव।

थपाइ–ना० [थपाउ+आइ] थपाउने किसिम, क्रिया वा भाव।

थपाइनु–स० क्रि० [थपाउ+इ+नु] थप्न लगाइनु; ('थपा-उनु'-को क० क्रि०)

थपाउनु–स० क्रि० [थप्+आउ+नु] थप्न लाउनु; थप गराउनु; ('थप्नु'-को प्रे० क्रि०)।

थपाथप–ना० [थप+थप] १. धमाधम थप्ने काम; फेरि-फेरि थप्ने काम। (क्रि० यो०) २. धमाधम राख्ने वा बस्ने काम; थपथपी।

थपिनु–स० क्रि० [थप्+इ+नु] थप गरिनु; ('थप्नु'-को क० क्रि०)।

थपुवा–वि० [थप+उवा] थपेको; थप गरिको; थप।

थप्नु–स० क्रि० [थप+नु] १. थप गर्नु; अरू बढ़ाउनु; मात्रा वा परिमाण बढ़ाउनु। २. जोड्नु।

थप्पड़–ना० [थ्याप्प] लपेटाको प्रहार; चड्कन; थप्पा।

थप्पा–ना० [थप्पड़] थप्पड़।

थप्प्याइ–ना० [थप्प्याउ+आइ] थप्प्याउने किसिम, क्रिया वा भाव।

थप्प्याइनु–स० क्रि० [थप्प्याउ+आइ+नु] थप्पा दिइनु;

CC-0. In Public Domain. Digitization by eGangotri

('थप्प्याउनु'-को क० क्रि०) ।
थप्प्याउनु–स०क्रि० [थप्पा+याउ+नु] थप्पा दिनु; थप्पड़ले हान्नु ।
थमाइ–ना० [थाम्+आइ] थाम्ने किसिम, क्रिया वा भाव ।
थमाइनु–स० क्रि० [थमाउ+आइ+नु] थमाउन लाइनु; ('थमाउनु'-को क० क्रि०) ।
थमाउनु–स० क्रि० [थाम्+आउ+नु] थाम्न लाउनु; ('थाम्नु'-को प्रे० क्रि०) ।
थमौती–ना० [थाम्+औती] १. काम गरिरहेका मानिसलाई साविकबमोजिम काम गर्न दिनु; साविकमा गरिआएको कामको म्याद थाम्नु । २. थामिने काम ।
थम्बा–ना० [सं० स्तम्भ] १. केराको खम्बा; केराको स्तम्भ । २. थाम; स्तम्भ ।
थर–ना० [सं० स्थल] १. कुल-परम्पराबाट आएको नाम; वंश-परम्परागत नाम; उपनाम । २. किसिम; प्रकार । ३. कुनै थरीका मातहतको आबादी ।
थरक–ना० [सं० स्थगन] १. सुस्ताउने वा थकाइ मार्ने काम । २. ओथाउने काम; सेलाउने काम ।
थर-घर–ना० [थर+घर] १. थर र घर । २. डङ्गोलको नाइके । ३. जग्गा नापी गर्ने कारिन्दा । ४. एकै थर भएका मानिसहरूको गठ वा त्यसको प्रतिनिधि । ५. पुर्खाहरूको निवास-स्थान; कुल-घर ।
थरथर–क्रि० यो० [प्रा०] १. डर, जाड़ो वा रोगले काम्ने किसिम; थुरथुर । २. हल्लने किसिम ।
थरथरती–क्रि० यो० [थरथर+ती] थरथर; थरथरी ।
थरथराइ–ना० [थरथराउ+आइ] थरथराउने किसिम, क्रिया वा भाव ।
थरथराइनु–स० क्रि० [थरथराउ+इ+नु] थरथर काँपिनु; ('थरथराउनु'-को क० क्रि०) ।
थरथराउनु–अ० क्रि० [थरथर+आउ+नु] १. थरथरी काम्नु; हल्लनु । २. डराउनु; थर्कमान हुनु ।
थरथराहट–ना० [थरथराउ+आहट] थरथराउने किसिम, क्रिया वा भाव; थरथराइ ।
थरथरी–क्रि० यो० [थरथर+ई] थरथर; थुरथुर ।
थरहरी–वि० [प्रा० थरहरिअ] १. डरले कामेको; त्रासले कामेको । (ना०) २. आपत्तिको आशङ्काबाट भएको डर ।
थरी–ना० [थर+ई] किसिम; प्रकार ।
थरी–ना०[ने०]गाउँका मुखियामनिको सरकारी कर्मचारी ।
थरुनी–ना० [थारू+नी] थारू-जातकी स्त्री ।
थर्कनु–अ० क्रि० [प्रा० थरथर+नु] १. काम्नु; हल्लनु; थर्किनु । २. डराउनु; थरहरी हुनु ।
थर्कमान–वि० [प्रा० थरथराअमाण] डरले थरथर कामेको; थरहरी; त्रस्त ।
थर्काइ–ना०[थर्क+आइ] थर्कने किसिम, क्रिया वा भाव ।
थर्काइ–ना० [थर्काउ+आइ] थर्काउने किसिम, क्रिया वा भाव ।
थर्काइनु–स० क्रि० [थर्काउ+आइ+नु] तर्साइनु; हल्लाइनु; ('थर्काउनु'-को क० क्रि०) ।
थर्काउनु–स० क्रि० [थर्क+आउ+नु] १. कमाउनु; हल्लाउनु । २. डर देखाउनु; तर्साउनु ।
थर्किनु–अ० क्रि० [थर्क+इ+नु] काँपिनु; ('थर्कनु'-को भा० क्रि०) ।
थर्की–ना० [ने०] पासा, पच्चीस आदि खेल्दा गोटी राखेर चाल्ने, विभिन्न रङ्गका चार-चार कुने खण्ड परेको कपड़ाको साधन ।
थर्को–ना० [थर्क+ओ] थर्कने काम; कँपाइ; कम्पन ।
थर्क्याइ–ना० [थर्कि+याइ] थर्किने किसिम, क्रिया वा भाव; थर्काइ ।
थर्क्याहट–ना० [थर्कि+याहट] थर्किने किसिम, क्रिया वा भाव; थर्क्याइ ।
थर्ड–वि० [अं०] तेस्रो; तृतीय ।
थर्ड-क्लास–ना० [अं०] १. तेस्रो दर्जा; तृतीय कक्षा । (वि०) २. बेकम्मा; रद्दी ।
थर्थरे–वि० [थरथर+ए] शरीर काम्ने रोग लागेको; थरथर काम्ने ।
थर्पु–ना० [ने०] बाटा-घाटामा बनाइएको अस्थायी हिउँदे छाप्रो ।
थर्मस–ना०[अं०] भित्र हालेका वस्तुको तातोपन वा चिसोपन धेरै समयसम्म अड़िरहने एक किसिमको भाँड़ो ।
थर्मामीटर–ना० [अं०] ज्वर वा गर्मीको तापमान नाप्ने यन्त्र; डिग्री ।
थर्र–क्रि० यो० [थरथर] थर्कने किसिम; काम्ने किसिम ।
थल–ना० [सं० स्थल] जमीन; स्थल-भूमि ।
थल-कमल–ना० [सं० स्थल-कमल] १. कटहरका जस्ता पात हुने, सेतो कमलका जस्ता ठूलठूला सुगन्धी फूल फुल्ने एक जातको रूख । २. त्यसैको फूल ।
थलथल–क्रि० यो० [दलदल] १. ज्यादै हिलो वा गीलो हुने किसिम; दलदल । २. शरीरका लुँदा वा त्यस्तै अरू वस्तु हल्लने किसिम ।
थलथले–वि० [थलथल+ए] १. थलथल परेको; गीलो; दलदल (जमीन) । (ना०) २. ज्यादा मोटाउँदा हल्लने शरीरको मासु । ३. बेसरी पकाएको छालासमेतका मासुको एक परिकार ।
थलहरा–ना० [ने०] नेपालको पश्चिमी भागमा रहेको एक सामन्त-राज्य ।
थला–ना० [सं० स्थल] १. बिरामीको ओछ्यान; रोग-शय्या; पथारा । २. अघिदेखि बसिआएको ठाउँ; साविक बसेको थलो ।
थलाइ–ना० [थाल्+आइ] थाल्ने किसिम, क्रिया वा भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

थलिनु–अ० क्रि० [थला+इ+नु] थला पर्नु; हिँड्-डुल गर्न नसक्ने विरामी हुनु ।

थलिया–ना० [थाल+इया] थाल; थाली ।

थली–ना० [सं० स्थली] ऊँचो ठाउँको समथर भूमि; बस्ती बस्न लायक जमीन ।

थलो–ना० [सं० स्थल] १. ठाउँ; थात । २. पहिलेदेखि बसेको ठाउँ; थला । ३. ढिकुरो ।

थल्याइ–ना० [थलि+याइ] थलिने किसिम, क्रिया वा भाव ।

थल्याउनु–स० क्रि० [थलि+याउ+नु] थला पार्नु; रोगले उठ्न नसक्ने पार्नु ।

थसुल्लो–वि० [थासो+ल्लो] १. ठूला-ठूला नितम्ब भएको; चाके । (ना०) २. फिलो; चाक; नितम्ब ।

थस्स्याइ–न० [थस्स्याउ+आइ] थस्स्याउने किसिम, क्रिया वा भाव ।

थस्स्याउनु–स० क्रि० [थासो+याउ+नु] १. मन नपरीकन धेरै थुप्र्याइदिनु । २. दिसा गर्नु (निन्दार्थमा) ।

थाँक्रे-घाँस–ना० [थाँक्रो+घाँस] पातको नसाबाट थाँक्रो बन्ने एक प्रकारको घाँस ।

थाँक्रे-बेत–ना० [थाँक्रो+बेत] एक जातको बेत ।

थाँक्रे-सल्लो–ना० [थाँक्रो+सल्लो] एक जातको सल्लो ।

थाँक्रो–ना० [ने०] १. काँक्रा, घिरौँला आदिका लहरा चढ़ाउन उभ्याउने झिक्रो भएको बाँस, काठ आदि । २. कपालका लामा-लामा रौँमा परेका लट्टा फोर्न उपयोग गरिने सिन्काको कूचोजस्तो साधन । ३. कपड़ा बुन्दा तानका धागा सम्म्याउने साधन ।

थाँवल–ना० [थाउलो] पानी अड़्याउन बोट-बिरुवाको वरि-परि लगाइन डील; आली ।

थाइसिस–ना० [अं०] क्षय-रोग ।

थाउलो–ना० [सं० स्थल] १. जमीनको सानो टुक्रो; थोरै जमीन । २. लिप-पोत गर्दा छुटेको सूखा जमीन; राँटो ।

थाकल–ना० [ने०] फेदैदेखि निस्केका ठूला र लामा काँढ़ा-वाल पात हुने, भूवादार फूल फुल्ने र हरिया लाम्चा काँढ़ादार फल फल्ने एक जातको झार; ब्रह्मदण्डी । (यसका राता, पहेँला, नीला आदि रङ्गका फूल फुल्ने अनेक जात छन् ।)

थाकिनु–अ० क्रि० [थाक्+इ+नु] थकित होइनु; ('थाक्नु'-को भा० क्रि०) ।

थाक्नु–अ० क्रि० [प्रा० थक्क+नु] १. थकित हुनु; परिश्रमले लस्त हुनु । २. गाई-वस्तुले दूध दिन छोड्नु ।

थाक्रो–ना० [ने०] थाँक्रो ।

थाक्से–ना० [थाक (प्रदेश)] थाक-प्रदेशको बासिन्दा; थकाली ।

थाङ्ग्रो–ना० [थाम] काठहरू उभ्याई बीचमा बाँधेका आग्लामा हालेको मकैको कुनिउँ ।

थाङ्ननिनु–अ०क्रि०[थाङ्नो+इ+नु] १. थाङ्नो हुनु; जीर्ण हुनु । २. ज्वर बिग्रनु; कचमचिनु (घाउ, जरो आदि) । ३. विङ्ङन्याहा हुनु ।

थाङ्ने–वि० [थाङ्नो+ए] १. थाङ्ना लाउने; फाटे-टुटेका लुगा लाउने । २. थाङ्नामा बस्ने वा सुत्ने (रोगी, बालक आदि) । ३. थेचरो । ४. जुम्सो; ढीलो । ५. रद्दी; बेकम्मा ।

थाङ्नो–ना० [ने०] १. थोत्रो कपड़ा; जीर्ण वस्त्र; कन्था । २. केटा-केटीको बिछ्याउना । ३. बिछ्याउना; शय्या । (वि०) ४. थेचरो; थाङ्ने ।

थाट–ना० [?] राग-रागिनीलाई व्यक्त गर्ने स्वरहरूको योग; मेल । (थाट छत्तीस वा बहत्तर प्रकारका मानिएका छन् । किन्तु, हाल बिलावल, कल्याण, खमाज, भैरव, पूर्वी, मारवा, काफी, आसावरी, भैरवी र टोडी—यी दश थाट-मात्र अर्यावर्तमा प्रचलित छन् ।)

थात–ना० [सं० स्थान] रहने ठाउँ; स्थायी रूपमा बस्ने ठाउँ; थलो; वास-स्थान ।

थात-थलो–ना० [थात+थलो] १. कुल-परम्परादेखि बसि-आएको ठाउँ; स्थायी वास-स्थान । २. घर-द्वार; थात-वास ।

थात-वास–ना० [थात+वास] स्थायी वास-स्थान; थात थलो ।

थाती–ना० [सं० स्थित] १. धरौटी; जमानत । २. नासो । ३. जगरा ।

थाती-थुनुवा–ना० [थाती+थुनुवा] विवाद-ग्रस्त जग्गा-जमीनमा, सरकारद्वारा गरिने बालीको रोक्का; थारो गाड्ने काम ।

थान–ना० [सं० स्थान] १. देव-देवीहरूको मन्दिर; देवल । २. ठाउँ; स्थान । ३. बाँसको झाङ्ग ।

थान–ना० [हिं०] १. कुनै निश्चित लम्बाइको कपड़ाको टुक्रो; कपड़ाको सिङ्गो फर्दा । २. गोटा; अदद ।

थाना–ना० [सं० स्थान] पुलीस-चौकी; पुलीस-अड्डा; ठाना ।

थाना-पति–ना० [सं० स्थान-पति] कुनै स्थानका प्रमुख देवता; क्षेत्र-पाल ।

थानेदार–आ० [थाना+दार] थानाको अफिसर; ठानेदार ।

थान्को–ना० [सं० स्थान] १. ठीक ठाउँमा सुरक्षित राख्ने काम; थन्क्याउने काम । २. थन्किने काम; पड़िरहने काम ।

थान्को-मान्को–ना० [थन्को+मान्को (फाँ०)] थन्क्याउने वा हिफाजतसाथ राख्ने काम ।

थापना–ना० [सं० स्थापना] १. देवताहरूको प्रतिमा थाप्ने क्रिया; थपना; स्थापना । (वि०) २. थापेको; स्थापित ।

थापाचिनियाँ–ना० [ने०] १. रोपेका तीन महीनामा पाक्ने एक जातको पहेँलो धान । २. त्यसैको चामल ।

थापाथाप–ना० [थाप्+थाप्] १. तँछाड़-मछाड़ गरी थाप्ने काम । २. परस्परमा थाप्ने काम ।

थापिनु–स० क्रि० [थाप्+इ+नु] स्थापना गरिनु; ('थाप्नु'-को क० क्रि०) ।

थाप्नु–स० क्रि० [सं० स्थापन+नु] १. देव-प्रतिमा प्रतिष्ठा-

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वक नियत स्थानमा राख्नु; थापना गर्नु। २. कसैले केही चीज दिन लाग्दा हात, पोल्टो, थैलो आदि फैलाउनु; लिनाका निम्ति हात, भाँडो आदि पसार्नु । ३. जूवा आदिका खेलमा रुपियाँ-पैसा दाउमा राख्नु ।

थाप्रो–ना० [थुप्रो] गोबर, विष्ठा आदिको थुप्रो; थासो।

थाप्ले–वि० [थाप्लो+ए] १. थाप्लामा बोक्ने; थाप्लामा लाउने। २. ठूलो थाप्लो हुने ३. भाग्य-शाली; भाग्यमानी ।

थाप्लो–ना० [ने०] १. टाउको; शिर; माथ । २. खप्पर। ३. टुप्पो; शिखर; चुचुरो। ४. भाग्य; पुर्पुरो; प्रारब्ध ।

थाम–ना० [सं० स्तम्भ] खम्बा; खामो; स्तम्भ।

थाम-खुट्टे–वि० [थाम+खुट्टे] रोगले सुनिएर थामजस्तो ठूलो खुट्टो हुने; हात्ती-पाइले ।

थाम-थुम–ना० [थाम्+थुम (फाँ०)] कुनै युक्तिले रोकिराख्ने काम; थामिराख्ने काम; थाम-पुर।

थाम-पुर–ना० [थाम्+पुर्] थाम-थुम ।

थामिनु–अ० क्रि० [थाम्+इ+नु] १. रोकिनु; अड़िनु । (स०क्रि०) २. थाम्ने काम गरिनु; ('थाम्नु'-को क०क्रि०)।

थामी–ना० [ने०] नेपालको पर्वतीय प्रदेशमा रहने एक जाति ।

थाम्नु–स० क्रि० [सं० स्तम्भ्+नु] १. रोक-थाम गर्नु; रोक्नु; छेक्नु; अड़याउनु। २. कायम गर्नु। ३. थमौती गर्नु।

थाम्मर-थुम्मर–ना० [ने०] मोटो-घाटो; हृष्ट-पुष्ट ।

थार–ना० [थारल] थारल ।

थारखरी–ना० [ने०] ढड्डी ।

थारल–ना० [ने०] भैँसीजस्तो एक जातको जङ्गली मृग ।

थारी–वि० [सं० स्तरी] छोरा-छोरी नपाउने; बैला; बाँझी ।

थारू–ना० [सं० थेर] नेपाल तराई र भित्री मधेशमा बस्ने एक जाति ।

थारो–ना० [थाती] १. सरकारद्वारा रोक्का गरिएको कुनै ठाउँमा खामो गाड़ी वा रूखका हाँगामा झुन्ड्याइएको ढुङ्गाको चिह्न; सरकारी रोक्काको चिह्न। २. बाली कुर्ने मानिस बस्न खेतमा बनाइएको सानो छाप्रो ।

थारो–ना० [थारी] बाँझो ।

थाल–ना० [सं० स्थाली] छोटो बिट भएको, बाटुलो, खुला, खाना खाने भाँड़ो; थलिया ।

थालनी–ना० [थाल्+नी] थाल्नी ।

थाला–ना० [सं० स्थल] आलवाल ।

थालिनु–स० क्रि० [थाल्+इ+नु] शुरू गरिनु; ('थाल्नु'-को क० क्रि०) ।

थालिम–वि० [सं० स्थल] होचो-अग्लो नभएको; सम्म परेको; समथर; करालो नभएको।

थाली–ना० [थाल+ई] १. सानो थाल। २. पूजाको काममा प्रयोग गरिने प्रायः तामाको सानो थाल ।

थाल्नी–ना० [थाल्+नी] शुरू; आरम्भ ।

थाल्नु–स० क्रि० [ने०] कुनै काम शुरू गर्नु; आरम्भ गर्नु ।

थासे–वि० [थासो+ए] मोटो र भद्दा शरीर भएकी; ठूलो नितम्ब भएकी ।

थासो–ना० [थाप्रो] १. गोबर, गीलो माटो, विष्ठा आदिको ठूलो थुप्रो; थाप्रो; थुस्सो २. ठूलो नितम्ब ।

थाह–ना० [प्रा०] १. ज्ञान; जानकारी। २. पत्तो; खबर।

थाह-सुद्धी–ना० [थाह+सुद्धी] जानकारी; ज्ञान।

थाहा–ना० [प्रा० थाह] थाह ।

थाहा-सुद्धी–ना० [थाह+सुद्धी] थाह-सुद्धी ।

थिउँ-थिउँ–क्रि० यो० [ने०] बिस्तारो-बिस्तारो; थकत्याएर; आस्ते-आस्ते ।

थिएटर–ना० [अं०] नाटक; ठेटर ।

थिग्रनु–अ० क्रि० [सं० स्थिर] थिग्रिनु ।

थिग्रिनु–अ० क्रि० [थिग्र+इ+नु] थिग्रने काम होइनु; थिग्रिइनु; ('थिग्रनु'-को भा० क्रि०)।

थिग्राइ–ना० [थिग्र+आइ] थिग्रने किसिम, क्रिया वा भाव।

थिग्राइनु–स० क्रि० [थिग्र+आइ+नु] थिग्रन लाइनु; थिग्याइनु; ('थिग्राउनु'-को क० क्रि०) ।

थिग्राउनु–स० क्रि० [थिग्र+आउ+नु] थिग्रन लाउनु; थिग्याउनु; ('थिग्रनु'-को प्रे० क्रि०)।

थिग्रिनु–अ० क्रि० [सं० स्थिर+इ+नु] पानी, तेल आदि तरल पदार्थमा मिसिएका कसर वा छोक्राहरू पिंधमा गएर बस्नु; थिग्रेनी बस्नु ।

थिग्रेनी–ना० [थिग्रि+एनी] थिग्रिएको वस्तु; थिग्रो ।

थिग्रो–ना० [थिग्रि+ओ] १. पानी, तेल आदि तरल पदार्थको पिंधमा जमेको कसर वा छोक्रा; थिग्रिएको वस्तु; थिग्रेनी । २. बचे-खुचेको वस्तु। ३. बाँकी रहेको सम्पत्ति; अवशिष्ट पूँजी ।

थिग्याइ–ना० [थिग्रि+याइ] थिग्रिने क्रिसिम, क्रिया वा भाव ।

थिग्याइ–ना० [थिग्याउ+आइ] थिग्याउने किसिम, क्रिया वा भाव ।

थिग्याइनु–स० क्रि० [थिग्याउ+आइ+नु] थिग्रिने पार्नु; ('थिग्याउनु'-को क० क्रि ।)

थिग्याउनु–स० क्रि० [थिग्रि+याउ+नु] थिग्रो बसाउनु; थिग्रेनी छुट्ट्याउनु ।

थिच-थाच–ना० [थिच्+थाच (फाँ०)] थिच्ने काम; किचाइ ।

थिचाइ–ना० [थिच्+आइ] थिच्ने किसम, क्रिया वा भाव ।

थिचाइनु–स० क्रि० [थिचाउ+इ+नु] थिच्न लाइनु; ('थिचाउनु'-को क० क्रि०) ।

थिचाउनु–स० क्रि० [थिच्+आउ+नु] थिच्न लाउनु; किचाउनु; ('थिच्नु'-को प्रे० क्रि०) ।

थिचाथिच–ना० [थिच्+थिच्] १. परस्परमा एकले अकालाई थिच्ने काम; किचाकिच। २. धमाधम थिच्ने काम।

थिचान–ना० [थिच्+आन] थिच्ने काम; थिचाइ; थिचो।

CC-0. In Public Domain. Digitization by eGangotri

थिचाहा–वि० [थिच्+आहा] थिचो-मिचो गर्ने ।
थिचिनु–स० क्रि० [थिच्+इ+नु] किचिनु; थिच्ने काम गरिनु; ('थिच्नु'-को क० क्रि०) ।
थिची-मिची–ना० [थिच्+मिच्] बेसरी थिच्ने वा थिचिने काम; खूबसित किच्ने वा किचिने काम ।
थिचो–ना० [थिच्+ओ] थिचान ।
थिचो-मिचो–ना० [थिच्+मिच्] १. अरूको अधिकार मिच्ने काम; अन्याय । २. बल-जफत; जोर-जुलुम ।
थिच्नु–स० क्रि० [सं० स्थिरा+नु] १. किच्नु; अँचेट्नु; पेल्नु । २. चेप्टो हुने गरी कुट्नु । ३. थिचो-मिचो गर्नु; मिच्नु; दबाउनु ।
थिति–ना० [सं० स्थिति] १. स्थिति; रीति । २. नियम; रूल । ३. व्यवस्था; प्रबन्ध । ४. थान्को ।
थिति-बिती–ना० [थिति+विती (फाँ०)] थिति-रीति; रीति-स्थिति ।
थिति-रीति–ना० [सं० स्थिति+रीति] परम्परागत रीति-रिवाज; रीति-स्थिति; थिति-बिती ।
थिर–वि० [सं० स्थिर] स्थिर ।
थिरिनु–अ० क्रि० [थिरी+नु] १. उभिनु; खड़ा हुनु । २. टिक्नु; अड्नु ।
थिरी–ना० [सं० स्थिर] उभिने काम; उभ्याइ (बाल-बोलीमा) ।
थिऱ्याइ–ना० [थिरि+आइ] थिरिने किसिम, क्रिया वा भाव ।
थिलथिलिनु–अ० क्रि० [थिलथिलो+इ+नु] थिलथिलो हुनु; शिथिल हुनु ।
थिलथिलो–वि० [ने०] थिची-मिची, श्रम वा कुट-पिटबाट शिथिल भएको; ग्लानि भएको; लस्त; थङथिलो (शरीर)।
थिलथिल्याइ–ना०[थिलथिलि+याइ] थिलथिलिने किसिम, क्रिया वा भाव।
थिलथिल्याइ–ना० [थिलथिल्याउ+आइ] थिलथिल्याउने किसिम, क्रिया वा भाव ।
थिलथिल्याइनु–स० क्रि० [थिलथिल्याउ+इ+नु] थिलथिलो पारिनु; ('थिलथिल्याउनु'-को क० क्रि०) ।
थिलथिल्याउनु–स० क्रि० [थिलथिलि+याउ+नु] थिलथिलो पार्नु; शिथिल पार्नु ।
थिहिरिनु–अ० क्रि० [सं० स्थिर] थिग्रिनु ।
थिहिऱ्याइ–ना० [थिहिरि+याइ] थिहिरिने किसिम, क्रिया वा भाव; थिग्र्याइ ।
थिहिऱ्याइ–ना० [थिहिऱ्याउ+आइ] थिहिऱ्याउने किसिम, क्रिया वा भाव।
थिहिऱ्याउनु–स० क्रि० [थिहिरि+याउ+नु] थिग्र्याउनु ।
थुँगनी–ना० [थुँग्+नी] मासु आदि पदार्थ थुँग्ने काठको ठचीको; अचानु ।
थुँगाइ–ना० [थुङाइ] थुङाइ ।
थुँगुवा–वि० [थुङ्वा] थुङ्वा ।
थुँगे–वि० [थुँगो+ए] थुँगा-थुँगा परेको; ठूलठूला थुँगा हुने ।
थुँगो–ना० [प्रा० थवय] १. फूलको गुच्छो; फूलको मूठो । २. सिङ्गो फूल ।
थुँग्नु–स० क्रि० [थुङ+नु] थुङनु ।
थुइक्क–क्रि० यो० [थुक्क] थुक्क; थुइय्य ।
थुइय्य–ना० [थुइक्क] थुक्ने किसिम; थुइक्क; थुक्क ।
थुकथुकी–ना० [थुक्+थुक्] मुखमा थूक, कफ आदि आएर थुक्ने इच्छा हुनु ।
थुकाइ–ना० [थुक्+आइ] थुक्ने किसिम, क्रिया वा भाव ।
थुकाइनु–स० क्रि० [थुकाउ+इ+नु] थुक्न लाइनु; ('थुकाउनु'-को क० क्रि०) ।
थुकाउनु–स० क्रि० [थुक्+आउ+नु] थुक्न लाउनु; ('थुक्नु'-को क० क्रि०) ।
थुकाथुक–ना० [थुक्+थुक्] परस्परमा एकले अर्कोलाई थुक्ने काम; परस्परको थुकाइ ।
थुकिनु–स० क्रि० [थुक्+इ+नु] थूक फालिनु; ('थुक्नु'-को क० क्रि०) ।
थुक्क–ना० [प्रा०] १. थुक्ने किसिम; थुक्दा शब्द आउने किसिम। २. निन्दा वा धिक्कार गर्दा भनिने शब्द; थुइय्य।
थुक्नु–स० क्रि० [प्रा० थुइक्क+नु] १. कफ, राल आदि मुखबाट फाल्नु; थूक फाल्नु । २. मुखमा रहेको वस्तु बाहिर निकाल्नु । ३. घृणा गर्नु; धिक्कार्नु ।
थुकुवा–वि० [थुक्+उवा] थुकिरहने स्वभावको; थुक्ने ।
थुङथुङ्याइ–ना०[थुङथुङ्याउ+आइ] थुङथुङ्याउने किसिम, क्रिया वा भाव; थुङाइ ।
थुङथुङ्याइनु–स० क्रि० [थुङथुङ्याउ+इ+नु] थुङिनु; ('थुङथुङ्याउनु'-को क० क्रि०) ।
थुङथुङ्याउनु–स० क्रि० [थुङ्+थुङाउ+नु] १. बेसरी थुङ्नु; अचानुमा हालेर मासुका चोक्टाहरू मसिनु गरी काट्नु । २. टोक्रनु ।
थुङनी–ना० [थुँगनी] थुँगनी ।
थुङाइ–ना० [थुङ+आइ] थुङने किसिम, क्रिया वा भाव ।
थुङाइनु–स० क्रि०[थुङाउ+इ+नु]थुङन लाइनु; ('थुङाउनु'-को क० क्रि०) ।
थुङाउनु–स० क्रि० [थुङ्+आउ+नु] थुङ्न लाउनु; ('थुङ्नु'-को प्र० क्रि०) ।
थुङिनु–स० क्रि० [थुङ+इ+नु] थुङ्ने काम गरिनु; ('थुङनु'-को क० क्रि०) ।
थुङ्वा–वि० [थुङ्+उवा] थुङेको; थुङनीमा राखेर मसिनु पारी काटेको ।
थुङनु–स० क्रि० [ठुँग्+नु] १. मासु आदि पदार्थलाई अचानुमा हालेर खुकुरी आदि हतियारले मसिनु हुने गरी काट्नु ; थुङ्थुङ्याउनु । २. नचाहिँदो कुरामा गाली

CC-0. In Public Domain. Digitization by eGangotri

गरिरहनु; वचनलें घोच्नु; ठुँग्नु; टोकस्नु।
थुचुक्क–क्रि० यो० [थचक्क] थचक्क; थ्याच्च।
थुचुक्क–क्रि० यो० [ने०] थुचुक्क।
थुच्च–क्रि० यो० [ने०] थुचुक्क।
थुडन–ना० [सं०] १. ढकना; बिर्को। २. झपेत्रो; वेष्टन।
थुताइ–ना० [थुत्+आइ] थुत्ने किसिम, क्रिया वा भाव।
थुताइनु–स० क्रि० [थुताउ+इ+नु] थुत्न लाइनु; ('थुताउनु'-को क० क्रि०)।
थुताउनु–स० क्रि० [थुत्+आउ+नु] थुत्न लाउनु; ('थुत्नु'-को प्रे० क्रि०)।
थुतिनु–स० क्रि० [थुत्+इ+नु] झिकिनु; निकालिनु; ('थुत्नु'-को क० क्रि०)।
थुतुनु–ना० [सं० तुण्ड] १. पशु-जातिको मुख। २. मानिसको मुख; चोथो (निन्दार्थमा)।
थुतुने–वि० [थुतुनो+ए] १. चोथाले; मुखाले। २. थुतुनु भएको।
थुतुनो–ना० [थुतुनु] थुतुनु।
थुत्कार–ना० [सं०] १. थुक्ने काम; थुकाइ। २. थुक्दा आउने शब्द; थुक्क।
थुत्त–क्रि० यो० [ने०] थुत्ने किसिम; झट्ट झिक्ने वा तान्ने किसिम; फुत्त।
थुत्नु–स० क्रि० [थुत्त+नु] १. रहेका ठाउँबाट वेगले झिक्नु; झट्ट निकाल्नु। २. कुनै व्यक्तिबाट गुप्त कुराहरू निकाल्नु। ३. तान्नु; खिँच्नु।
थुन–ना० [सं० स्तन] कल्चौँड़ामा झुन्डिएको दूध निस्कने लुर्कन; दूधको मुन्टो; स्तन।
थुना–ना० [थुन्] १. थुन्ने वा थुनिने काम; कैद। २. बन्दी-गृह।
थुनाइ–ना० [थुन्+आइ] थुन्ने किसिम, क्रिया वा भाव।
थुनाइनु–स० क्रि० [थुनाउ+इ+नु] थुन्न लाइनु; ('थुनाउनु'-को क० क्रि०)।
थुनाउनु–स० क्रि० [थुन्+आउ+नु] थुन्न लाउनु; ('थुन्नु'-को प्र० क्रि०)।
थुनिनु–अ० क्रि० [थुन्+इ+नु] १. थुनामा पर्नु; बन्देजमा पर्नु। (स० क्रि०) २. रोकिनु; छेकिनु; ('थुन्नु'-को क० क्रि०)। ३. बग्न नपाउनु; अवरुद्ध हुनु; बुजिनु।
थुनिलो–ना० [थुन+इलो] दूध जमेर थुन पाक्ने एक रोग।
थुनुवा–वि० [थुन्+उवा] १. थुनिएको; थुनामा परेको। (ना०) २. रोक्का; रोकावट।
थुनौरो–ना० [थुन+औरो] कल्चौँड़ो; थनौरो।
थुन्चे–ना० [थुन्से] थुन्से।
थुन्नु–स० क्रि० [सं० थुड्+नु] १. थुनामा राख्नु; कैद गर्नु। २. बन्द गर्नु; टाल्नु। ३. पानी बग्न नदिनु; रोक्नु।
थुन्से–ना० [ने०] बाँस, निगाला आदिका चोयाको, आँखा वा प्वाल नभएको, डोकोजस्तो भाँड़ो।
थुपड़ी–ना० [थुप्रो] थुप्रो।
थुपराइ–ना० [थुपार्+आइ] थुपार्ने किसिम, क्रिया वा भाव; थुप्याइ।
थुपारिनु–स० क्रि० [थुपार्+आइ+नु] कसैद्वारा थुप्रिने गराइनु; थुप्रो पारिनु; ('थुपार्नु'-को क० क्रि०)।
थुपार्नु–स० क्रि० [थुप्रो+नु] थुप्याउनु।
थुपार्‍याइ–ना० [थुपारि+याइ] थुपारिने किसिम, क्रिया वा भाव; थुप्याइ।
थुपुक्क–क्रि० यो० [थपक्क] १. बिस्तारै बस्ने किसिम। २. बिस्तारै राख्ने किसिम; थपक्क। ३. आनाकानी नगरीकन कुनै काम गर्ने किसिम; खुरुक्क।
थुप्रनु–अ० क्रि० [थुप्रि+नु] थुप्रिनु।
थुप्राइ–ना० [थुप्र+आइ] थुप्रने किसिम, क्रिया वा भाव; थुप्याइ।
थुप्रिनु–अ० क्रि० [थुप्रो+इ+नु] १. थुप्रो लाग्नु; रास लाग्नु; थुप्रनु। २. एकत्रित हुनु; जमघट हुनु।
थुप्रो–ना० [सं० स्तूप] १. वस्तुहरुको समूह; रास; डङ्गुर। (वि) २. धेरै।
थुप्याइ–ना० [थुप्याउ+आइ] थुप्याउने किसिम, क्रिया वा भाव; थुपार्‍याइ।
थुप्याइ–ना० [थुप्रि+याइ] थुप्रिने किसिम, क्रिया वा भाव; थुप्राइ।
थुप्याउनु–स० क्रि० [थुप्रि+आउ+नु] १. थुप्रो लाउनु; रास लाउनु; रस्याउनु; थुपार्नु। २. सङ्ग्रह गर्नु; जम्मा गर्नु। ३. दिसा गर्नु।
थुम–ना० [थूम] थूम।
थुमथुम्याइ–ना० [थुमथुम्याउ+आइ] थुमथुम्याउने किसिम, क्रिया वा भाव।
थुमथुम्याइनु–स० क्रि० [थुमथुम्याउ+आइ+नु] थुमथुम्याउने काम गरिनु; ('थुमथुम्याउनु'-को क० कि०।)
थुमथुम्याउनु–स० क्रि० [ने०] १. केटा-केटीलाई फुल्याउन वा सुताउन जीउमा बिस्तारै-बिस्तारै धाप दिनु। २. थाम-थुम लाउनु; येनकेन चित्त बुझाएर अलमल्याउनु।
थुमथुम्याहट–ना० [थुमथुम्याउ+आहट] थुमथुम्याउने किसिम, क्रिया वा भाव; थुमथुम्याइ।
थुमल–ना० [थूम+अमल] १. थूम। २. थूमले चर्चेको इलाका।
थुमा–ना० [फा० दुम्बः] भाले भेड़ो।
थुमाली–वि० [थुम+आली] थुम वा पर्वतको शिखरमा बस्ने; लेकाली।
थुम्काथुम्की–ना० [थुम्को+थुम्को+ई] साना-ठूला थुम्काहरूको समुदाय।
थुम्किलो–वि० [थुम्को+इलो] थुम्को परेको; साना-साना चुचुराहरू भएको; थुम्क्याइलो; थुम्क्यैलो।
थुम्के–वि० [थुम्को+ए] थुम्क्यैलो।
थुम्को–ना० [थुप्रो] १. सानो-तिनो डाँड़ो; ढिस्कुरो। २.

CC-0. In Public Domain. Digitization by eGangotri

चुली; शिखर।
थुम्क्याइलो–वि० [थुम्को+इलो] थुम्किलो।
थुम्क्यैलो–वि० [थुम्को+इलो] थुम्कै-थुम्का परेको; धेरै थुम्का भएको; थुम्के।
थुय्य–क्रि० यो० [थुक्क] कसैलाई निन्दा गरेर थुक्ने किसिम; थुइय्य; थुक्क।
थुर–ना० [प्रा० थुड] रूखको सुकेको हाँगो।
थुरथुर–क्रि० यो० [थरथर] थरथर।
थुरथुरती–क्रि० यो० [थुरथुर+ती] थुरथुर।
थुरथुराइनु–अ० क्रि० [थुरथुराउ+इ+नु] थुरथुर काँपिनु; थरथर कामिनु; ('थुरथुराउनु'-को भा० क्रि०)।
थुरथुराउनु–अ० क्रि० [थुरथुर+आउ+नु] थुरथुर काँप्नु; थरथर काम्नु।
थुरथुरी–क्रि० यो० [थुरथुर+ई] थुरथुर।
थुराइ–ना० [थुर्+आइ] थुर्ने किसिम, क्रिया वा भाव।
थुरी–ना० [सं० तुरी] तानसा लुगा बुन्दा धागो छिराउने दुवैतिर चुच्चा परेको लाम्चो साधन।
थुर्नु–स० क्रि० [सं० थूर्व्+नु] बेसरी गाली गर्नु; टोकस्नु; थुङ्नु।
थुर्पी–ना० [खुर्पी] सानो खुर्पा; खुर्पी।
थुर्पी–ना० [ने०] घिउ-तेल चलाउन सानो डाडु; थुर्मी।
थुर्मी–ना० [थुर्पी] घिउ-तेल चलाउने सानो डाडु; थुर्पी।
थुस्सो–ना० [थासो] गोबर, विष्ठा आदिको थुप्रो; थासो।
थुस्स्याइ–ना० [थुस्स्याउ+आइ] थुस्स्याउने किसिम, क्रिया वा भाव।
थुस्स्याइनु–स० कि० [थुस्स्याउ+आइ+नु] थुस्सो लाइनु! ('थुस्स्याउनु'-को क० कि०)।
थुस्स्याउनु–स० क्रि० [थुस्स्याउ+नु] थुस्सो लाउनु; थस्स्याउनु।
थू–क्रि० यो० [थुक्क] थुक्ने किसिम; थुक्क।
थूक–ना० [प्रा० थुक्क] १. मुखभित्र उम्रने बाक्लो पानी। २. राल।
थूकदानी–ना० [थूक+दानी] थुक्ने भाँडो; पीकदानी।
थूत्कृत–ना० [सं०] १. थुक्ने काम; थुत्कार। २. थुक्दा निकस्ने शब्द; थुक्क।
थून–ना० [थुन] थुन; स्तन।
थूम–ना० [थुम्को] १. पहाड़ी जिल्ला-अन्तर्गतको एक सानो इलाका। २. थुम्को; ढिस्कुरो।
थेगाइ–ना० [थेग्+आइ] थेग्ने किसिम, क्रिया वा भाव।
थेगो–ना० [सं० स्थगन] कुनै-कुनै मानिसले कुरा गर्दा वीच-वीचमा दोहोऱ्याइने निरर्थक शब्द।
थेग्नु–स० क्रि० [प्रा० थेअ+नु] १. पुग्ने गर्नु; धान्नु। (अ० क्रि०) २. खप्नु; टिक्नु। ३. जिनतिन आखिरी अवस्था-सम्म अड़िरहनु।
थेचरिनु–अ० क्रि० [थेचरो+इ+नु] थेचरो हुनु; अटेर हुनु।
थेचरो–वि० [थेग्] गाली वा धम्की जति दिए पनि परवाह नगर्ने; अटेर; थेच्चर।
थेचऱ्याइ–ना० [थेचरि+याइ] थेचरिने किसिम, क्रिया वा भाव।
थेच्चर–वि० [थेचरो] थेचरो।
थेत्तर–वि० [थेच्चर] थेच्चर।
थेपे–ना० [थेबे] थेबे।
थेप्चिनु–अ० क्रि० [थिचि+नु] थेप्चो पर्नु; चेप्टिनु।
थेप्चे–वि० [थेप्चो+ए] १. थेप्चो; थ्याच्च परेको। २. नाक थेप्चो भएको; नेपे। (ना०) ३. ज्यामीरका जातको चेप्टो अमिलो फल; तीन-पत्रे।
थेप्चो–वि० [थ्याच्च] चेप्टिएको; चेप्टो परेको; थ्याच्च परेको।
थेप्च्याइ–ना० [थेप्चि+याइ] थेप्चिने किसिम, क्रिया वा भाव।
थेप्च्याइ–ना० [थेप्च्याउ+आइ] थेप्च्याउने किसिम, क्रिया वा भाव; चेप्टचाइ।
थेच्याइनु–स० क्रि० [थेच्याउ+आइ+नु] थेप्चो पारिनु; ('थेच्याउनु'-को क० क्रि०)।
थेप्च्याउनु–स० क्रि० [थेप्चि+आउ+नु] थेप्चो पार्नु; चेप्टचाउनु; ('थेप्चिनु'-को प्रे० क्रि०।)
थेबे–ना० [ने०] आँप, तिल आदि कुटेर बनाएको दबदबे अचार; एक किसिमको चटनी।
थैथै–ना० [ने०] बालखहरूलाई हातमा उचाली खेलाउँदा भन्ने शब्द; थैया-थैया।
थैया-थैया–ना० [थैथै] १. थैथै। २. नाचमा ताल दिंदा उच्चारण गरिने शब्द।
थैली–ना० [थैलो+ई] १. सानो थैलो। २. साहूको धन; पूँजी। ३. ऋण; कर्जा। ४. लागत रुपियाँ; मूल-धन।
थैलो–ना० [प्रा० थइआ] रुपियाँ-पैसा वा माल-मत्ता हाल्ने, कपड़ा आदि सिएर बनाइएको खुला मुखको भाँड़ो; झोला।
थैल्याइ–ना० [थैल्याउ+आइ] थैल्याउने किसिम, क्रिया वा भाव।
थैल्याइनु–स० क्रि० [थैल्याउ+आइ+नु] थैलो भरिनु; ('थल्याउनु'-को क० क्रि०)।
थैल्याउनु–स० क्रि० [थैला+याउ+नु] १. थैलो भर्नु; थैला-भरि हाल्नु। २. गर्भ-धारण गराउनु।
थोक–ना० [प्रा० थोक्क] १. प्रकार; थरी; किसिम। २. एकै थरीमा रहने मानिसको बस्ती। ३. चीज; वस्तु।
थोक–ना० [सं० स्तोमक] बेच्नाका निम्तिको डक्क माल; एकै-मुस्ट बेच्ने चीज।
थोक-व्यापारी–ना० [थोक+व्यापारी] धेरधेरै माल बिक्री गर्ने व्यापारी; डक्कडक्कै माल बेच्ने व्यापारी।
थोते–वि० [थोतो+ए] थोतो।
थोतो–वि० [सं० त्रुट्] १. दाँत नभएको। २. बीच-बीचमा

CC-0. In Public Domain. Digitization by eGangotri

दाना नभएको; थोत्रो (मकै)।

थोत्रिइनु–अ०क्रि० [थोत्रि+इ+नु] थोत्रो होइनु; ('थोत्रिनु'-को भा० क्रि०)।

थोत्रिनु–अ० क्रि० [थोत्रो+इ+नु] १. थोत्रो हुनु; झुत्रिनु; जीर्ण हुनु। २. बेकम्मा हुनु; रद्दी हुनु। ३. बूढ़ो हुनु।

थोत्रो–वि० [सं० त्रुट्] १. पुरानो; जीर्ण। २. फाटेको; झुत्रो। ३. बेकम्मा; रद्दी। ४. बीज नभएको; थोतो (फल)।

थोत्रो-मोत्रो–वि० [थोत्रो+मोत्रो (फाँ०)] १. भत्के-बिग्रेको; फाटे-टुटेको। २. झुत्रो-मुत्रो।

थोत्र्याइ–ना० [थोत्र्याउ+आइ] थोत्र्याउने किसिम, क्रिया वा भाव।

थोत्र्याइ–ना० [थोत्रि+याइ] थोत्रिने किसिम, क्रिया वा भाव।

थोत्र्याइनु–स० क्रि० [थोत्र्याउ+इ+नु] थोत्रो पारिनु; ('थोत्र्याउनु'-को क० क्रि०)।

थोत्र्याउनु–स० क्रि० [थोत्रि+याउ+नु] थोत्रो पार्नु; जीर्ण तुल्याउनु; झुत्र्याउनु; ('थोत्रिनु'-को प्रे० क्रि०)।

थोपर-थापर–ना० [थोपर्+थापर (फाँ०)] लेदो पदार्थ बाक्लो गरी लगाउने काम; थोपर्ने काम।

थोपराइ–ना० [थोपर्+आइ] थोपर्ने किसिम, क्रिया वा भाव।

थोपर्नु–स० क्रि० [थुप्रो+नु] १. औषधि, लेप आदि बाक्लो पारेर लाउनु। २. गोबर, माटो आदि हिलो टाँस्नु। ३. एकमाथि अर्को लुगा आदि लाउनु वा राख्नु।

थोपाराइ–ना० [थोपार्+आइ] थोपान क्रिया वा भाव।

थोपार्नु–स० क्रि० [थोपर्+नु] थोपर्नु।

थोपो–ना० [सं० पत्] १. एक पटकमा टप्कने पानी आदि तरल पदार्थको अंश; थोप्लो; बूँद; बिन्दु। २. थोरै; अलिकति (पन्यालो पदार्थ)।

थोप्ला-थाप्ली–ना० [थोप्लो+थोप्ली] साना र ठूला थोप्लाहरूको समूह।

थोप्ली–ना० [थोप्लो+ई] सानो थोप्लो; थोपो।

थोप्ले–वि० [थोप्लो+ए] थोप्ला-थोप्ला परेको।

थोप्लो–ना० [थोपो] १. तरल पदार्थको ठूलो थोपो; ठूलो बूँद। २. शिर-बिन्दु; अनुस्वार।

थोर–वि० [प्रा० थोअ] थोरै; अलिकति; अल्प।

थोर-बहुत–वि० [थोर+बहुत] धेर-थोर; अलिकति; केही।

थोरे–ना० [ने०] दूध खान छोड़देखि नबियाउन्जेलसम्मका अवस्थाको भैँसीकी पाड़ी।

थोरै–वि० [थोर+ऐ] थोर।

थ्याच्च–क्रि० यो० [ने०] १. चाकले टेकेर बस्ने किसिम; थचक्क। २. चेप्टिने किसिम; थेप्चो हुने किसिम। ३. थिच्ने वा थिचिने किसिम।

थ्याप्चो–वि० [थेप्चो] थेप्चो।

थ्याप्प–क्रि० यो० [सं० स्था] गीलो पदार्थ टाँस्ने किसिम; थोपर्ने किसिम।

थ्याप्सो–वि० [ने०] अमङ्गल; अशुभ।

थ्यार्र–क्रि० यो० [अनु०] १. फुटेका वा चिरिएका बाँस, काठ आदि ठक्कर लाग्दा शब्द आउने किसिम। २. थर्कने किसिम।

थ्वात्त–क्रि० यो० [ने०] थुत्ने किसिम; थुत्त।

थ्वाप्प–क्रि० यो० [ने०] १. थोपो झर्ने किसिम; टप्कने किसिम। २. गीलो पदार्थ टाँसिने किसिम।

थ्वास्स–क्रि० यो० [ने०] थुस्रो लाउने किसिम; थुस्स्याउने किसिम।

द

द–देवनागरी वर्ण-मालाको अठारौँ व्यञ्जन वर्ण। त-वर्गको तेस्रो अक्षर। यसको उच्चारण दन्त्य-स्थानबाट हुन्छ।

द–वि० [सं०] अरू नाम शब्दका पछि लागेर 'दिने' अर्थ बुझाउने शब्द। (उदा०–जलद, सुखद, पुत्रद इत्या०।)

दँगाली–वि० [दाङ+आली] १. दाङ-सम्बन्धी; दाङको। (ना०) २. दाङ जिल्लाको निवासी।

दँजाइ–ना० [दाँज्+आइ] दाँज्ने किसिम, क्रिया वा भाव।

दँजाइनु–स० क्रि० [दँजाउ+इ+नु] दाँज्न लाइनु; ('दँजाउनु'-को क० क्रि०)।

दँजाउनु–स० क्रि० [दाँज्+आउ+नु] दाँज्न लाउनु; ('दाँज्नु'-को प्रे० क्रि०)।

दँतार–ना० [दाँत+आर] १. लामा र ठूला दाह्रा भएको हात्ती। (वि०) २. ठूला र लामा दाँत हुने; दाह्रे। ३. धुतार; धुताहा।

दँतुली–ना० [दाँत+उली] १. दाँत तलतिर फर्केकी ढोई; लकुना। (वि०) २. ओठदेखि बाहिर दाँत निस्केकी; छ्वाँके।

दँतुलो–वि० [सं० दन्तुर] १. ओठभन्दा बाहिर दाँत निस्केको; छ्वाँके। (ना०) २. दँतार हात्ती।

दँहेरो–ना० [दाइँ+एरो] दाइ गर्ने खतालो; दाइँको ज्यामी।

दंश–ना० [सं०] १. दाँतले टोकेको घाउ; दन्त-क्षत। २. दाँतले टोक्नु; डस्ने काम। ३. डाँस। ४. दाँत। ५. बिच्छी आदिको डङ्क।

दंशक–वि० [सं०] १. टोक्ने। २. डस्ने।

दंशन–ना० [सं०] १. टोक्ने काम; टोकाइ। २. डस्ने काम; डसाइ।

दंशित–वि० [सं०] १. टोकिएको। २. डसिएको।

दंशी–वि० [सं०] १. टोक्ने। २. डस्ने।

दंशूक–वि० [सं०] १. टोक्ने स्वभाव भएको। २. डस्ने प्रवृत्तिको।

CC-0. In Public Domain. Digitization by eGangotri

दंष्ट्रा–ना० [सं०] ठूलो वा मोटो दाँत; दाह्रो।

दंष्ट्राल–वि० [सं०] दाह्रा भएको; दाह्रे।

दंष्ट्रिक–वि० [सं०] दाह्रा हुने; दाह्रे।

दंष्ट्री–वि० [सं०] १. दाह्रा हुने; दाह्रे। (ना०) २. सुँगुर; बँदेल। ३. एक जातको सर्प।

दंसो–ना० [प्रा०] १. न्यूनतम परिमाण; लेश। २. गाई-वस्तुलाई लाग्ने एक जातको झींगो; डाँस।

दकार–ना० [सं०] 'द'-अक्षर; त-वर्गको तेस्रो अक्षर।

दक्खिन–ना० [सं० दक्षिण] उत्तरका सामुन्नेको दिशा; दक्षिण।

दक्ष–वि० [सं०] १. कुनै काम सरलतापूर्वक र छिटो गर्ने शक्ति भएको; निपुण; कुशल। २. दाहिने; दायाँ। (ना०) ३. आठ प्रजा-पतिमध्ये एक।

दक्ष-कन्या–ना० [सं०] शिवजीकी प्रथम पत्नी; सती देवी।

दक्षिण–ना० [सं०] १. उदाउन लागेका सूर्यतिर मुख फर्काएर उभिंदा दाहिनेतिर पर्ने दिशा; दक्खिन दिशा। (वि०) २. दाहिन; दायाँ; अपसव्य। ३. कुनै काम सिद्ध गर्नमा सहायक; अनुकूल। ४. निपुण; दक्ष। ५. चतुर। ६. घरै पत्नीहरूमा समान अनुराग राख्ने काव्योक्त नायक। ७. प्रदक्षिणा।

दक्षिण-कालिका–ना० [सं०] १. काठमाडौं शहरदेखि दक्षिण दिशामा रहेकी एक प्रसिद्ध काली। २. शिवजीका छातीमा दाहिने पाउले टेकेकी काली। ३. तान्त्रिकहरूले उपासना गर्ने एक देवी।

दक्षिण-काली–ना० [सं०] दक्षिण-कालिका।

दक्षिण-पन्थ–ना० [सं०] १. उग्रवादी वा क्रान्ति-कारी मतका विरुद्ध क्रमिक, वैधानिक र सरलत रीकाले विकास गर्ने राजनीतिको पक्ष वा सिद्धान्त। २. दक्षिण-मार्ग।

दक्षिण-पन्थी–वि० [सं०] १. दक्षिण-पन्थको; दक्षिण-पन्थ-सम्बन्धी। २. दक्षिण-पन्थको अनुयायी।

दक्षिण-मार्ग–ना० [सं०] १. वेद-विहित धर्म मान्ने सम्प्रदाय। २. दक्षिण-पन्थ।

दक्षिण-मार्गी–वि० [सं०] १. दक्षिण-मार्गमा विश्वास गर्ने; दक्षिण-मार्गको अनुयायी। २. दक्षिण-मार्ग-सम्बन्धी; दक्षिण-मार्गको।

दक्षिणा–ना० [सं०] १. यज्ञ-याज्ञादि गरिसकेपछि ब्राह्मणलाई दिइने द्रव्य। २. अरू स्त्रीका साथ सम्बन्ध राख्ने नायक-लाई पनि हार्दिक प्रेम गर्ने नायिका। ३. यज्ञकी पत्नी।

दक्षिणाग्नि–ना० [सं०] गार्हपत्य अग्निका दक्षिणपट्टि राखिने अग्नि; गृहस्थीका तीन अग्निमध्ये एक।

दक्षिणाचार–ना० [सं०] वैदिक पद्धतिअनुसार पञ्चामृत-द्वारा देवी वा शक्तिको पूजा गर्ने सम्प्रदाय; शाक्त सम्प्रदायको एक भेद।

दक्षिणाचारी–वि० [सं०] दक्षिणाचार सम्प्रदायको अनुयायी।

दक्षिणायन–ना० [सं०] १. कर्क-रेखादेखि दक्षिण मकर-रेखासम्मको सूर्यको गति। २. सूर्य कर्क-रेखाबाट दक्षिण-तिर लाग्ने छ महीनाको समय; श्रावण सङ्क्रान्तिदेखि पौष मसान्तसम्मको समय। (वि०) ३. दक्षिणपट्टिको।

दक्षिणावर्त–वि० [सं०] १. दाहिनेतिर फर्केको; दाहिनेतिर घुमेको। २. दक्षिण दिशामा रहेको। (ना०) ३. दाहिने-शङ्ख।

दक्षिणी–वि० [सं०] १. दक्षिण दिशाको; दक्षिण दिशा-सम्बन्धी। २. दक्षिण देशको; दक्षिण देश-सम्बन्धी। ३. दक्षिणका देशको निवासी; दाक्षिणात्य। ४. मराठा-जाति।

दखल–ना० [अ० दख़्ल] १. कब्जा; अधिकार। २. हस्त-क्षेप; हात हाल्ने काम। ३. निपुणता; कौशल।

दखल–ना० [प्रा० दक्ख] पहुँच; प्रवेश; ज्ञान।

दगल-फसल–ना० [दङ्गा-फसाद] दङ्गा-फसाद।

दगल्चिइनु–अ० क्रि० [दगल्चि+इ+नु] दगल्चो होइनु; ('दगल्चिनु'-को भा० क्रि०)।

दगल्चिनु–अ० क्रि० [दगल्चो+इ+नु] १. दगल्चो हुनु; अधकल्चो हुनु। २. अलि-अलि दलिनु; कुड्किनु।

दगल्चो–वि० [अधकल्चो] १. अपूरो; अधकल्चो। २. राम्ररी नदलिएको; अलि-अलि दलिएको।

दगल्च्याइ–ना० [दगल्च्याउ+आइ] दगल्च्याउने किसिम, क्रिया वा भाव।

दगल्च्याइ–ना० [दगल्चि+याइ] दगल्चिने किसिम, क्रिया वा भाव।

दगल्च्याइनु–स० क्रि० [दगल्च्याउ+इ+नु] दगल्चो पारिनु; ('दगल्च्याउनु'-को क० क्रि०)।

दगल्च्याउनु–स० क्रि० [दगल्चि+याउ+नु] १. दगल्चो पार्नु; अधकल्चो पार्नु। २. अलि-अलि दल्नु; मकमक्याउनु; ('दगल्चिनु'-को प्रे० क्रि०)।

दगा–ना० [अ० दग़ा] १. छल; कपट; धोखा। २. ईबी; रीस; दागा।

दगाइ–ना० [दाग्+आइ] दाग्ने किसिम, क्रिया वा भाव।

दगाइनु–स० क्रि० [दगाउ+इ+नु] तोप, बन्दूक आदि पड्-काइनु; ('दगाउनु'-को क० क्रि०)।

दगाउनु–स० क्रि० [दाग्+आउ+नु] तोप, बन्दूक आदि पड्काउनु; ('दाग्नु'-को क० क्रि०)।

दगाबाज–वि० [फा० दग़ाबाज] दगा गर्ने; धोखेबाज; कपटी।

दगाबाजी–ना० [फा०] दगा गर्ने काम; धोखाबाजी; कपट।

दगुराइ–ना० [दगुराउ+आइ] दगुराउने किसिम, क्रिया वा भाव; दुगुराइ।

दगुराइ–ना० [दगुर्+आइ] दगुर्ने किसिम, क्रिया वा भाव।

दगुराउनु–स० क्रि० [दगुर्+आउ+नु] १. दगुर्न लाउनु; दौड़ाउनु; ('दगुर्नु'-को प्रे० क्रि०)। २. चोर्नु; चोरी गर्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

दगुरादगुर–ना० [दगुर्+दगुर्] १. यता-उति दगुर्ने काम; दौडादौड। २. हतपत; चटारो।

दगुरिनु–अ० क्रि० [दगुर्+इ+नु] द्गुरिनु; ('दगुर्नु'-को भा० क्रि०)।

दगुर्नु–अ० क्रि० [द्गुर्+नु] दुगुर्नु।

दग्ध–वि० [सं०] १. डढेको; जलेको। २. दुःख पाएको; दुःखित।

दग्धा–ना० [सं०] खास्सी वृक्ष।

दग्धाक्षर–ना० [सं०] पिङ्गलअनुसार छन्दका प्रारम्भमा राख्न निषिद्ध गरिएका अक्षर (झ, ह, र, भ तथा ष)।

दग्नु–अ० क्रि० [प्रा० दग्ध+नु] तोप, बन्दूक आदि पड्कनु।

दङ–ना० [फा० दंग] दङ्ग।

दङदङ–क्रि० यो० [अनु०] १. खुट्टा बजारेर हिँड्दा शब्द आउने किसिम। २. मोटो र नरम वस्तुमा लट्ठीले वा मुड्कीले हान्दा शब्द आउने किसिम। ३. लगातार तोप, बन्दूक आदि पड्कने किसिम। ४. धमाधम पछारिने किसिम।

दङदङती–क्रि० यो० [दङदङ+ती] दङदङ।

दङदङी–क्रि० यो० [दङदङ+ई] दङदङती।

दङ-दास–वि० [दङ्ग-दास] दङ्ग-दास।

दङाली–वि० [दँगाली] दँगाली।

दङ्ग–ना० [सं० मृदङ्ग] दुवैतिर छालाले मढेको, एकापट्टिको छालामा मुछेको पीठो टाँसेर बजाइने एक किसिमको ढोल-जस्तो बाजा।

दङ्ग–वि० [फा०] १. छक्क; चकित; विस्मित। २. खुश; प्रसन्न।

दङ्ग–क्रि० यो० [अनु०] १. तोप, बन्दूक आदि पड्कँदा शब्द आउने किसिम; ढ्याङ्ग। २. पछारिने किसिम; ड्याम्म।

दङ्ग-दास–वि० [फा० दंग+दास (फाँ०)] १. खूब खुशी भएको; दङ्ग परेको। २. छक्क परेको; आश्चर्य-चकित।

दङ्गल–ना० [फा०] १. मानिसहरूको भीड; हूल; जन-समूह। २. दङ्गा भएको ठाउँ; झगडा भएको ठाउँ। ३. कठिन परिस्थितिको अनुभव।

दङ्गा–ना० [फा० दङ्गल] १. झगडा; कलह; बाझाबाझ। २. उपद्रव; उत्पात।

दङ्गादङ्गी–वि० [दङ्ग+दङ्ग+ई] १. अति खुशी भएको; दङ्ग-दास भएको। (ना०) २. प्रसन्नता; हर्षोल्लास।

दङ्गा-फसाद–ना० [दङ्गा+फसाद] १. उपद्रव; उत्पात। २. बाझाबाझ; कलह। ३. मार-पीट; कुटा-मारी।

दङ्गे–वि० [दङ्गा+ए] दङ्गा गर्ने स्वभावको; झगडालु।

दङ्ग्याइ–ना० [दङ्ग] दङ्ग्याउने किसिम, क्रिया वा भाव।

दङ्ग्याइनु–स० क्रि० [दङ्ग्याउ+इ+नु] दङ्ग्याउने काम गरिनु; दङ्गामा पारिनु; ('दङ्ग्याउनु'-को क० क्रि०)।

दङ्ग्याउनु–स० क्रि० [दङ्गा+याउ+नु] १. हूल-दङ्गामा पार्नु। २. दङ्गलमा पार्नु; झमेला वा झगडामा पार्नु।

दङ्ग्याउनु–स० क्रि० [दङ्ग्याउ+नु] खूब खुशी पार्नु; दङ्ग पार्नु; रिझाउनु।

दङ्ग्याहा–वि० [दङ्गा+याहा] दङ्गा गर्ने स्वभावको; दङ्गे; झगडालु।

दच्कनु–अ०क्रि०[दब्+नु] १. तर्सनु; झस्कनु। २.आत्तिनु। ३. भड्कनु।

दच्काइ–ना० [दच्क+आइ] दच्कने किसिम, क्रिया वा भाव।

दच्काइ–ना० [दच्काउ+आइ] दच्काउने किसिम, क्रिया वा भाव।

दच्काइनु–स०क्रि०[दच्काउ+इ+नु]झस्काइनु; ('दच्काउनु'-को क० क्रि०)।

दच्काउनु–स०क्रि०[दच्क+आउ+नु]१.तर्साउनु; झस्काउनु। २. अत्त्याउनु। ३. भड्काउनु।

दच्काहा–वि० [दच्क+आहा] दच्कने स्वभावको; तर्सने स्वभावको।

दच्किनु–अ० क्रि० [दच्क+इ+नु] १. दच्कनु। २. तर्सिनु; ('दच्कनु'-को भा० क्रि०)।

दच्किलो–वि० [दच्क+इलो] दच्कने स्वभावको; दच्काहा।

दच्क्याइ–ना० [दच्कि+याइ] दच्किने किसिम, क्रिया वा भाव; दच्काइ।

दच्क्याहट–ना० [दच्कि+याहट] दच्किने किसिम, क्रिया वा भाव; दच्क्याइ।

दण्ड–ना० [सं०] १. लट्ठी; लाठो। २. डाँठ। ३. अपराधी-लाई गरिने शारीरिक वा आर्थिक सजाय। ४. हर्जाना; क्षति-पूर्ति। ५. कुनै वस्तुमा लागेको बीँड। ६. चौबीस मिनेट वा सात पलको समय। ७. चार हात-खुट्टाले टेकी वार-वार छातीले भुइँ छोई गरिने कसरत।

दण्डक–ना० [सं०] १. लट्ठी; दण्ड। २. हरिस। ३. छब्बीस अक्षरभन्दा बढी अक्षर हुने छन्दको एक भेद। ४. दण्डकारण्य।

दण्डकारण्य–ना० [सं०] रामचन्द्र वन-वास गर्न जाँदा बसेको एक प्रसिद्ध वन; विन्ध्य-पर्वतदेखि गोदावरीसम्मको जङ्गल।

दण्ड-कुण्ड–ना० [सं० दण्ड+कुण्ड (फाँ०)] दण्ड; सजाय; जरीवाना।

दण्ड-ग्रहण–ना० [सं०] संन्यास लिने काम; संन्यास-ग्रहण।

दण्ड-धर–ना० [सं०] १. यमराज। २. शासन-कर्ता; शासक। ३. संन्यासी; दण्डी। ४. चोबदार। (वि०) ५. हातमा लट्ठी लिने।

दण्ड-नायक–ना०[सं०]१.अपराधीलाई दण्ड दिने अधिकारी; न्यायाधीश। २. सेना-पति।

दण्ड-नीति–ना० [सं०] १. दण्डद्वारा आफ्ना अधीनमा राख्ने नीति; शत्रुलाई वश गर्ने चार नीतिमध्ये एक। २. दण्ड-शास्त्र।

CC-0. In Public Domain. Digitization by eGangotri

दण्डनीय–वि० [सं०] दण्ड दिन योग्य; सजाय दिन लायक।

दण्ड-पाणि–ना० [सं०] १. हातमा लट्ठी लिने व्यक्ति। २. यमराज। ३. चोबदार। ४. भैरवको एक रूप।

दण्ड-बैठक–ना० [दण्ड+बस्] कसरतका लागि दण्ड पेल्ने र धमाधम उठ्तै-बस्तै गर्ने क्रिया।

दण्ड-मत्स्य–ना० [सं०] लामो र झीनो एक जातको माछो।

दण्डवत्–ना० [सं०] पृथ्वीमा लम्पसार परेर गरिने नमस्कार; साष्टाङ्ग-प्रणाम।

दण्ड-विधान–ना० [सं०] १. अपराधीहरूलाई दण्ड दिने विवरण लेखिएको नियम वा विधान; दण्ड-विधि। २. फौजदारी कानून; दण्ड-संहिता।

दण्ड-विधि–ना० [सं०] दण्ड-विधान।

दण्ड-शास्त्र–ना० [सं०] दण्ड-नीति; न्याय-नीति।

दण्ड-संहिता–ना० [सं०] फौजदारी कानून; दण्ड-विधान।

दण्डादण्डी–ना० [दण्ड+दण्ड+ई] परस्परमा दण्ड प्रहार गर्ने काम; मार-पीट; पिटापीट।

दण्डापूप-न्याय–ना० [सं०] एउटा कुराको दृष्टान्तबाट अर्को कुरो सिद्ध गर्ने तर्क-प्रणाली।

दण्डा–वि० [सं०] दण्ड पाउन योग्य।

दण्डालय–ना० [सं०] न्यायालय।

दण्डिक–ना० [सं०] १. लट्ठी लिने; दण्ड-ग्रहण गर्ने। २. पुलीस-कर्मचारी। ३. पहरेदार।

दण्डित–वि० [सं०] दण्ड गरिएको; सजाय दिइएको; दण्ड पाएको।

दण्डी–वि० [सं०] १. लट्ठी लिने; दण्ड धारण गर्ने। (ना०) २. फलाम, काठ आदिको सानो लट्ठी; डाँड़ी। ३. हातमा बाँसको विशेष प्रकारको दण्ड लिने संन्यासीको एक सम्प्रदाय।

दण्डी-बियो–ना० [सं० दण्डी+बियो] दण्डी र बियोद्वारा खेलिने, केटा-केटीको एक खेल।

दण्ड्य–वि० [सं०] दण्ड दिन योग्य; दण्डनीय।

दतार–ना० [दँतार] दँतार।

दतिवन–ना० [प्रा० दतवण] १. दाँत सफा गर्ने काठको टुक्रो। २. अपामार्ग।

दत्त–वि० [सं०] १. दिइएको; प्रदान गरिको। (ना०) २. सङ्कल्प गरेर दिइएको दान। ३. दत्तात्रेय। ४. धर्म-पुत्र।

दत्तक–ना० [सं०] सन्तान नहुनेलेँ शास्त्रानुसार ग्रहण गरेको छोरो; धर्म-पुत्र।

दत्तक-ग्रहण–ना० [सं०] छोरा-छोरी नहुनेले अर्काको छोरो-वा छोरी लिएर आफ्नो तुल्याउने काम वा विधि; धर्म-पुत्र वा धर्म-पुत्री पाल्ने काम।

दत्तक-ग्राही–वि० [सं०] दत्तक पाल्ने; धर्म-पुत्र ग्रहण गर्ने।

दत्त-चित्त–वि० [सं० दत्त+चित्त] कुनै कार्यमा तल्लीन भएको; एकाग्र; एक-चित्त।

दत्त-दृष्टि–वि० [सं०] कुनै वस्तुमा दृष्टि लगाउने।

दत्तात्रेय–ना० [सं०] पुराण-प्रसिद्ध एक महात्मा; विष्णुका चौबीस अवतारमध्ये एक।

ददा–ना० [तु० ददह] केटा-केटीहरूको हेर-विचार गर्न राखिएको नोकर; धरालो।

दद्रु–ना० [सं०] दाद रोग।

दधि–ना० [सं०] १. दही। २. वस्त्र।

दधि-पुष्पी–ना० [सं०] काउछे-सिमी।

दधीच–ना० [सं०] पुराण-प्रसिद्ध एक ऋषि; दधीचि।

दधीचि–ना० [सं०] दधीच।

दनक–ना० [ने०] लट्ठी, मुक्का आदिको चोट; प्रहार।

दनदन–क्रि० यो० [ने०] १. खूबसित आगो बल्ने किसिम; दन्कने किसिम; दनदनी। २. तोप, बन्दूक आदिका गोला-गोलीहरू छुट्ने किसिम।

दनदनती–क्रि० यो० [दनदन+ती] दनदन; दनदनी।

दनदनाइ–ना० [दनदनाउ+आइ] दनदनाउने किसिम, क्रिया वा भाव; दनदनाहट।

दनदनाइनु–अ० क्रि० [दनदनाउ+इ+नु] दनदन आगो बलिनु; ('दनदनाउनु'-को भा० क्रि०)।

दनदनाउनु–अ० क्रि० [दनदन+आउ+नु] १. दनदन आगो बल्नु; दन्कनु। २. बने-सप्रेको हुनु; अभ्युदय भएको हुनु। ३. खूब तेजस्वी र राम्रो हुनु।

दनदनाहट–ना० [दनदनाउ+आहट] दनदनाउने किसिम, क्रिया वा भाव; दनदनाइ।

दनदनी–क्रि० यो० [दनदन+ई] दनदन; दनदनती।

दनवार–ना० [दनुवार] दनुवार।

दनादन–क्रि० यो० [अनु०] १. फूर्तिसाथ कुनै काम धमाधम गर्ने किसिम; धड़ाधड़। २. धमाधम पिट्ने किसिम। ३. धमाधम तोप, बन्दूक आदिका गोला-गोली छोड्ने किसिम।

दनासो–ना० [दाँत+आसो] दाँत रहने मुखभित्रको अवयव; गिजा।

दनुज–ना० [सं०] दानव; असुर।

दनुवार–ना० [ने०] नेपालको पहाड़ी प्रदेशमा बस्ने एक जाति।

दनेउरो–ना० [सं० दण्ड+उरो] सोझो आकारको एक प्रकारको सेल।

दन्कनु–अ० क्रि० [दनदन+नु] खूबसित आगो बल्नु; दन-दनती आगो बल्नु; दनदनाउनु।

दन्काइ–ना० [दन्क+आइ] दन्कने किसिम, क्रिया वा भाव।

दन्काइ–ना० [दन्काउ+आइ] दन्काउने किसिम, क्रिया वा भाव।

दन्काइनु–स० क्रि० [दन्काउ+इ+नु] दन्काउने काम गरिनु; पिटिनु; ('दन्काउनु'-को क० क्रि०)।

दन्काइनु–स० क्रि० [दन्काउ+इ+नु] दनदन आगो बालिनु; ('दन्काउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

दन्काउनु–स० क्रि० [दनक+आउ+नु] लट्ठी, मुक्का आदिले पिट्नु; दनक दिनु।

दन्काउनु–स० क्रि० [दन्क+आउ+नु] १. दनदनी आगो बाल्नु; ह्वारह्वारती आगो बाल्नु। २. बेसरी खानु। ३. तोप आदि पड्काउनु। ४. कुनै काम फूर्तिसाथ गर्नु।

दन्किनु–अ० क्रि० [दन्क+इ+नु] १. दन्कनु। २. बलिनु; ('दन्कनु'-को भा० क्रि०)।

दन्को–ना० [दन्क+ओ] दन्केको आगो; आगोको ज्वाला।

दन्कोट–ना० [दन्क+ओट] दनदनी आगो बाल्ने काम; दन्काइ।

दन्क्याइ–ना० [दन्कि+याइ] दन्किने किसिम, क्रिया वा भाव; दन्काइ।

दन्त–ना० [सं०] १. दाँत। २. हात्तीको दाह्रा। ३. बत्तीसको सङ्ख्या।

दन्त-काष्ठ–ना० [सं०] दतिवन।

दन्त-क्षत–ना० [सं०] काम-केलिमा गरिएको दाँतको चोट; दाँतले टोकेको चिह्न।

दन्त-घर्ष–ना० [सं०] दाह्रा किट्नु।

दन्त-घात–ना० [सं०] दाँतले टोक्नु।

दन्त-च्छद–ना० [सं०] ओठ; ओष्ठ।

दन्त-द्वार–ना० [सं०] दुइ दाँतका बीचको प्वाल।

दन्त-द्वारी–ना० [सं०] दुइ दाँतका बीचको छिद्र।

दन्त-द्वारे–वि० [सं० दन्त-द्वार+ए] दन्त-द्वार भएको; दाँतहरूका बीच-बीचमा प्वाल भएको।

दन्त-धावन–ना० [सं०] १. दाँत माझ्ने काम। २. दतिवन।

दन्त-पत्र–ना० [सं०] कानमा लाउने एक प्रकारको गहना।

दन्त-फल–ना० [सं०] निर्मली फल।

दन्त-बजान–ना० [सं० दन्त+बजाउ+आन] दाह्रा किटेर झगड़ा गर्ने काम।

दन्त-बझान–ना० [सं० दन्त+वाझ्] दाह्रा किटी-किटी गरेको झगड़ा; ठूलो वाझाबाझ।

दन्त-बीज–ना० [सं०] अनार; दारिम।

दन्त-शूल–ना० [सं०] दाँत दुख्ने रोग।

दन्त-हर्ष–ना० [सं०] दाँतमा चिसो वा तातो वस्तु पर्दा सिरिङ्ग हुने रोग।

दन्ताघात–ना० [सं०] दाँतले टोक्नु; दाँतको आघात।

दन्तादन्ति–ना० [सं०] लड़ाइँ वा झगड़ामा एकले अर्कोलाई दाँतले टोक्नु।

दन्तायुध–ना० [सं०] दाँत नै हतियार भएको हिंस्रक प्राणी (हात्ती, सुँगुर आदि)।

दन्तावल–ना० [सं०] हात्ती।

दन्तावली–ना० [सं०] दाँतको पङ्क्ति।

दन्ती–वि० [सं०] १. दाँत भएको; दन्त हुने। (ना०) २. हात्ती। ३. गणेश। ४. अँड़ीरको बोट। ५. जमालगोटा; जयपाल।

दन्तीस–ना० [अं० डेन्टिस्ट] दाँतको औषधी गर्ने डाक्टर वा चिकित्सक।

दन्तुर–वि० [सं०] १. ओठभन्दा बाहिर दाँत निस्केको; छ्वाँके। २. लामा-लामा दाँत हुने; दाह्रे।

दन्ते–वि० [सं० दन्त्य] १. दाँतको; दन्त-सम्बन्धी। २. दन्त-स्थानबाट उच्चारण हुने; दन्त-स्थानी।

दन्ते-कथा–ना० [दन्ते+कथा] दन्त्य-कथा।

दन्तोलूखलिक–ना० [सं०] खाने अन्नहरू ढिकी वा जाँतोमा कुटन-पिँधन नगरी दाँतैले चपाएर खाने व्रत लिएको साधु।

दन्तोष्ठ्य–वि० [सं०] दन्त-स्थान र ओष्ठ-स्थान-सम्बन्धी। (उच्चारण हुने वर्ण, 'व'-अक्षर।)

दन्त्य–वि० [सं०] १.दन्त-स्थानबाट उच्चारण हुने (त, थ, द, ध, न, ल, एवम् स)। २. दाँतको; दाँत-सम्बन्धी।

दन्त्य-कथा–ना० [सं०] काल्पनिक कथा; कपोल-कल्पित कथा; सुन्ने कथा।

दन्न–क्रि० यो० [ने०] १. आगो दन्केर बल्ने किसिम। २. तोप, बन्दूक आदि पड्कँदा शब्द आउने किसिम।

दन्यौरो–ना० [दनेउरो] दनेउरो।

दपाइ–ना० [दाप्+आइ] दाप्ने किसिम, क्रिया वा भाव।

दपेटा–ना० [दपेट्+आ] १. दपेट्ने वा दपेटिने काम; डाँट; धम्की। २. लखेट्ने वा लखेटिने काम; लघार्नु।

दपेटाइ–ना० [दपेट्+आइ] दपेट्ने किसिम, क्रिया वा भाव।

दपेटाइनु–स० क्रि० [दपेटाउ+आइ+नु] दपेट्न लाइनु; ('दपेटाउनु'-को क० क्रि०।)

दपेटाउनु–स० क्रि० [दपेट्+आउ+नु] दपेट्न लाउनु; ('दपेट्नु'-को प्र० क्रि०)।

दपेटिनु–स० क्रि० [दपेट्+इ+नु] डाँटिनु; छासिनु; ('दपेट्नु'-को क० क्रि०)।

दपेट्नु–स० क्रि० [दबाउ+नु] १. डाँट्नु; छास्नु। २. लखेट्नु; लघार्नु; पीछा गर्नु।

दपोट–ना० [दपेट्] १. सरकारिया जग्गाको तिरो नतिरी लुकाई-छिपाई खाने काम। २. अर्काको धन-माल दबाएर आफ्ना अधीनमा गर्ने काम।

दप्कनु–अ० क्रि० [दब्+नु] १. लुकेझैं गर्नु; लुक्न खोज्नु। २. दब्नु; लुक्नु। ३. हच्कनु; दच्कनु; पछि हट्नु।

दप्काइ–ना० [दप्क+आइ] १. दप्कने किसिम, क्रिया वा भाव; दबाइ। २. दप्कने किसिम, क्रिया वा भाव; हप्काइ; दपेटाइ।

दप्काइ–ना० [दप्काउ+आइ] दप्काउने किसिम, क्रिया वा भाव।

दप्काइनु–स० क्रि० [दप्काउ+इ+नु] १. लुकाइनु। २. दप्की लाइनु; ('दप्काउनु-'को क० क्रि०)।

दप्काउनु–स० क्रि० [दप्क+आउ+नु] १.लुकाउनु; छिपाउनु। २. ढाक्नु; छोप्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

दप्काउनु–स० क्रि० [दप्की+आउ+नु] १. दप्की लाउनु; हप्काउनु; धम्काउनु। २. लखेट्नु; दपेट्नु। ३. दच्काउनु; हच्काउनु।

दप्किनु–अ० क्रि० [दप्क+इ+नु] १. दप्कनु। २. लुक्न खोजिनु; ('दप्कनु'-को भा० क्रि०)।

दप्की–ना० [दपेट्+ई] १. दपेट्ने काम; डाँट; हप्की। २. लखेट्ने काम; दपेटा।

दप्क्याइ–ना० [दप्कि+याइ] दप्किने किसिम, क्रिया वा भाव।

दफा–ना० [अ० दफअ:] १. लेख वा उक्तिको एक अंश। २. ऐनको एक अंश; धारा। ३. पटक; चोटि।

दफ्तर–ना० [फा० दफ़्तर] कुनै किसिमको सङ्घटनको काम-काज-सम्बन्धी लेखा-पढ़ी गर्ने ठाउँ; अड्डा; अफिस; कार्यालय।

दफ्तरी–ना० [फा० दफ़्तरी] १. किताबको जिल्दा-सम्बन्धी काम गर्ने व्यक्ति। २. दफ्तरका कागज-पत्रमा रूल तान्ने वा यस्तै अरू काम गर्ने तल्लो दर्जाको कर्मचारी।

दबदब–क्रि० यो० [ने०] ज्यादा लेसाइलो वा हिलो भएर हल्लने किसिम; थलथल; दलदल।

दबदबा–ना० [अ० दबदब:] १. चकचकी; बढ़िवढ़ाउ। २. रोब-रवाफ; शान; हैकम।

दबदबाइ–ना० [दबदबाउ+आइ] दबदबाउने किसिम, क्रिया वा भाव।

दबदबाउँदो–वि० [दबदब+आउँदो] झोल-चोक्टा नछुट्टिएको; दबदब परेको; लदबदो।

दबदबाउनु–अ० क्रि०[दबदब+आउ+नु] दबदब हिलो हुनु; दलदल हुनु।

दबदबिनु–अ० क्रि० [दबदबाउ+इ+नु] दबदब हिलो होइनु; ('दबदबाउनु'-को भा० क्रि०)।

दबदबे–वि० [दबदब+ए] दबदब परेको; थलथले; दबदबाउँदो (हिलो वा लेदो)।

दबदबे–ना० [ने०] १. सिमालीका जस्ता पात, धनियाँका जस्ता फूल, हरिया ठूला फल हुने एक जातको वृक्ष। २. त्यसैको फल।

दबाइ–ना० [दब्+आइ] दब्ने किसिम, क्रिया वा भाव।

दबाइ–ना० [दबाउ+आइ] दबाउने किसिम, क्रिया वा भाव।

दबाइ–ना० [दाब्+आइ] दाब्ने किसिम, क्रिया वा भाव।

दबाइनु–स० क्रि० [दबाउ+इ+नु] लुकाइनु; ('दबाउनु'-को क० क्रि०)।

दबाइनु–स० क्रि० [दबाउ+आइ+नु] थिचाइनु; मिचाइनु; ('दबाउनु'-को क० क्रि०)।

दबाउ–ना० [दब्+आउ] १. दबाउने काम; दमन; ऐँच। २. थिचाइ; भार। ३. च्याप्ने काम; चेप।

दबाउनु–स० क्रि०[दब+आउ+नु] लुकाउनु; छिपाउनु; ('दब्नु'-को प्रे० क्रि०)।

दबाउनु–स० क्रि० [दाब्+आउ+नु] १. थिच्नु; मिच्नु। २. हेप्नु। ३. गाड्नु। ४. थिच्न लाउनु; मिच्न लाउनु; ('दाब्नु'-को प्रे० क्रि०)।

दबाव–ना० [दबाउ] दबाउ।

दबासबिन्दु–ना० [सं० द्वि+बिन्दु] शब्दका पछिल्तिर लगाइने दुइ बिन्दु; विसर्ग।

दबिनु–अ० क्रि० [दब्+इ+नु] लुकिनु; छिपिनु; ('दब्नु'-को भा० क्रि०)।

दब्नु–अ० क्रि० [सं० दमन+नु] १. लुक्नु; छिप्नु; बेपत्ता हुनु। २. थिचिनु; किचिनु। ३. मान-मर्यादा आदिमा घटी हुनु। ४. डुब्नु। ५. लत्रनु; निहुरनु।

दम–ना० [फा०] १. रोगले वा श्रमले छिटो-छिटो चलेको सास। २. श्वास-प्रश्वास; प्राण-वायु। ३. धम्कीको रोग; स्वाँ-स्वाँ आउने रोग। ४. घड़ी आदि यन्त्रको कमानी कस्नु। ५. शक्ति; ताकत।

दम–ना० [सं०] १. दण्ड; सजाय। २. वाह्य इन्द्रियहरूलाई वशमा राख्नु; इन्द्रिय-निग्रह। ३. कुकर्महरूदेखि मनलाई अलग राख्नु।

दमक–ना० [सं० दामिनी] चमक; चहक; चमचमाहट।

दमक–ना० [दम्को] हिँड्दा आउने पैतालाको शब्द; दम्को।

दमकन्ने–ना० [ने०] पहिरो, भित्तो, कान्लो आदि सूखा ठाउँमा उम्रने, कलेजी रङ्गको मसिनु डाँठ र पछिल्तिर सेतो धूलो हुने, टुप्पा घुमेका लाम्चा पात हुने एक जातको भइँ-झार। (आयुर्वेदमा यसको गुण आन्द्रा-सम्बन्धी रोगलाई नाश गर्ने बताइएको छ।)

दम-कल–ना० [दम+कल] आग-लागी हुँदा आगो निभाउने यन्त्र; वारुण-यन्त्र।

दम-कमानी–ना० [दम+कमानी] घड़ी, फोनोग्राफ आदि यन्त्र चलाउन शक्ति-सञ्चय गर्ने कमानी।

दमकाने–ना० [दमकन्ने] दमकन्ने।

दम-चुह्ली–ना० [दम-चूली] दम-चूली।

दम-चुह्लो–ना० [दम+चुह्लो] गोल, कोइला, भूस आदि बाल्ने चुह्लो।

दम-चूली–ना० [दम-चूलो] दम-चूलो।

दम-चूलो–ना० [दम-चुह्लो] दम-चुह्लो।

दमड़ी–ना० [सं० द्रविण] एक पैसाको चौथाइ मोलको एक प्राचीन सिक्का; चुनदाम।

दमन–ना० [सं०] १. थिचो-मिचो गर्ने काम; दबाउ। २. थिच्ने काम; पेलाइ। ३. दण्ड; सजाय। ४. इन्द्रिय निग्रह; दम। ५. दमना फूल। ६. कुण्ड।

दमनगरा–ना० [दमाहा+नगरा] ज्यादा ठूलो नगरा।

दमन-शील–वि० [सं०] १. दमन गर्ने स्वभावको। २. दमन हुने वा दब्ने स्वभावको। ३. लचिलो; लचकदार।

दमना–ना० [सं० दमन] १. गोदावरीका जस्ता मसिना पात हुने, मसिना पहेँला फूल फुल्ने एक जातको बोट।

CC-0. In Public Domain. Digitization by eGangotri

२. त्यसैको फूल; दमन।

दमनीय–वि० [सं०] १. दमन गर्न योग्य; वश-वर्ती तुल्याउन योग्य। २. दमन गर्न सकिने; दब्ने किसिमको।

दम-पच–ना० [दबाउ+पच्] १. कसैको माल लिएर नदिनु; पचाउने काम। २. भाग्नु; पलायन।

दमयन्ती–ना० [सं०] विदर्भ देशका राजा भीमसेनकी कन्या; राजा नलकी रानी।

दमस्याइलो–वि० [नें०] अलि-अलि ओरालो परेको; तेर्पे।

दमाइ-गेड़ो–ना० [दमाहा+गेड़ो] १. हिउँदमा राता गेड़ाहरू फल्ने एक जातको काँढ़ावाल बोट। २. त्यसैको फल वा गेड़ो।

दमाईँ–ना० [दमाहा] विवाह, व्रत-बन्ध आदिमा बाजा बजाउने र लुगा सिउने पेशा भएको एक जाति; नगर्ची।

दमार–ना० [नें०] जङ्गलका बीचको औलिया ठाउँ; खोँच।

दमाहा–ना० [फा० दमामा] पिँध तीखो भएको भिउँटजस्तो तामाको भाँड़ोमा छालाले मोहोरेको, गजाले बजाइने एक किसिमको बाजा; सानो नगरा।

दमाहा–ना० [सं० दमन] १. दमनाका जस्ता फूल फुल्ने, पहाड़ी प्रदेशमा हुने एक जातको बोट। २. त्यसैको फल; दमौरो।

दमिनी–ना० [दमाईँ+नी] १. दमाईँ-जातकी स्त्री। २. दमाईँकी स्वास्नी; दमेना।

दमेना–ना० [दमाईँ+एना] दमिनी।

दमौरो–ना०[सं० दमन] पाकेपछि कालो हुने, पहाड़ी प्रदेशमा फल्ने एक जातको गुलियो फल।

दम्कनु–अ० क्रि० [दप्क+नु] दप्कनु।

दम्कन्ने–ना० [नें०] मसिनो कालो डाँठ, उनिउका जस्ता पात र पातका पछिल्तिर सेतो धूलो हुने एक जातको झार; एक जातको उनिउ।

दम्काइ–ना० [दम्क+आइ] दम्कने किसिम, क्रिया वा भाव; दम्क्याइ।

दम्काइ–ना० [दम्काउ+आइ] दम्काउने किसिम, क्रिया वा भाव।

दम्काइनु–स० क्रि० [दम्काउ+आइ+नु] दप्काइनु; लुकाइनु; दबाइनु; ('दम्काउनु'-को क० क्रि०)।

दम्काउनु–स० क्रि० [दम्क+आउ+नु] दप्काउनु; लुकाउनु; दबाउनु; ('दम्कनु'-को प्रे० क्रि०)।

दम्किनु–अ० क्रि० [दम्क+इ+नु] दप्किनु; ('दम्कनु'-को भा० क्रि०)।

दम्को–ना० [नें०] १. हिँड्दा आउने पैतालाको शब्द; दमक। २. कुर्कुच्चो बजाँदा भित्र दुख्ने एक रोग। ३. झस्को; हुप।

दम्क्याइ–ना० [दम्कि+याइ] दम्किने किसिम, क्रिया वा भाव।

दम्पती–ना० [सं०] लोग्ने र स्वास्नीको जोड़ी; जोई-पोइ; पति-पत्नी।

दम्भ–ना० [सं०] १. झूटो अभिमान; घमन्ड। २. आडम्बर; देखावट। ३. कपट; छल। ४. इन्द्रको वज्र।

दम्भक–वि० [सं०] दम्भ गर्ने; दम्भी।

दम्भन–ना० [सं०] अभिमान गर्नु; शेखी गर्नु।

दम्भी–वि० [सं०] दम्भ गर्ने; मिथ्या अभिमानी।

दम्भोलि–ना० [सं०] १. इन्द्रको वज्र। २. हीरा।

दम्य–वि० [सं०] १. दमन गर्न सकिने; दमनीय। २. दमन गर्न योग्य।

दयनीय–वि० [सं०] १. दया गर्न योग्य। २. दुःखी; दीन-हीन।

दयाँलो–ना० [नें०] १. छेउमा दाँती परेका पात हुने, झुप्पाका रूपमा साना-साना गेड़ा फल्ने एक जातको बोट। २. त्यसैको फल। (यसका काला गेड़ा हुने र सेता गेड़ा हुने–दुइ भेद छन्। आयुर्वेदमा यसको गुण ज्वर, पित्त, दाह, मुखको गन्ध र वात-नाशक बताइएको छ।)

दया–ना० [सं०] अर्काको दुःख देखेर दुःखी हुने वा त्यसको उद्धार गर्ने मनोभाव; माया; करुणा; सहानुभूति।

दया-दान–ना० [सं०] १. भीख; भिक्षा। २. दया; कृपा।

दया-दृष्टि–ना० [सं०] दयापूर्ण दृष्टि; कृपा-दृष्टि।

दया-धर्म–ना० [सं०] १. दयापूर्वकको धर्म। २. दया र धर्म। ३. धर्म-कर्म; धार्मिक कृत्य।

दया-निधान–ना० [सं०] दया-निधि।

दया-निधि–ना० [सं०] १. अत्यन्त दयालु व्यक्ति; दया-निधान। २. ईश्वर।

दया-पात्र–ना० [सं०] १. दया गरिने व्यक्ति; दयाको पात्र। (वि०) २. दया गर्न योग्य; दयनीय।

दयामय–वि० [सं०] १. दयाले भरिपूर्ण; दयालु; दयावान्। (ना०) २. ईश्वर।

दयार्द्र–वि० [सं०] दयापूर्ण; दयालु; दयावान्।

दयालु–वि० [सं०] दया भएको; दयावान्; दया-शील।

दयावन्त–वि० [सं०] दयालु; कृपालु।

दयावान्–वि० [सं०] मनमा दया भएको; दयालु।

दया-वीर–ना० [सं०] १. अति दया-शील व्यक्ति; दयालु पुरुष। २. साहित्यमा वीर-रसका चार भेदमध्ये एक।

दया-शील–वि० [सं०] दयावान्; दयालु।

दया-सागर–ना० [सं०] दयालु व्यक्ति; दयावान् पुरुष।

दयित–ना० [सं०] १. मन परेको मानिस; प्रिय व्यक्ति। २. पति; प्रियतम।

दयिता–ना० [सं०] १. मन परेकी स्त्री; प्रेयसी; प्रियतमा। २. पत्नी।

दर–ना० [फा०] १. कुनै वस्तुको निश्चित परिमाण वा एक प्रतिको मूल्य; भाउ; रेट। २. मोल; मूल्य।

दर–ना० [नें०] १. तीजको अगिल्लो दिन बेलुका स्त्रीहरूले खाने विशेष भोजन। २. आड़।

CC-0. In Public Domain. Digitization by eGangotri

दर–ना० [सं०] १. डर; भय। २. चिर्नु; चिराइ। ३. प्वाल; दुलो। (वि०) ४. थोरै; अल्प।

दर–ना० [फा०] ढोका; द्वार।

दरकस–ना० [दर+कस्] १. दर-भाउ; दर-रेट। २. मोल-तोल गरी दर निर्धारण गर्नु; मूल्य-निर्धारण।

दरकार–वि० [फा०] १. आवश्यक; जरूरी। (ना०) २. आवश्यकता।

दरखरिइनु–अ० क्रि० [दरखरि+इ+नु] दरखरिने काम होइनु; कोरिइनु; ('दरखरिनु'-को भा० क्रि०)।

दरखरिनु–अ० क्रि० [दरफरि+नु] १. कोरिनु; कोपरिनु। २. पाछिनु।

दरखऱ्याइ–ना० [दरखऱ्याउ+आइ] दरखऱ्याउने किसिम, क्रिया वा भाव; दरफऱ्याइ।

दरखऱ्याइ–ना० [दरखरि+याइ] दरखरिने किसिम, क्रिया वा भाव।

दरखऱ्याइनु–स० क्रि० [दरखऱ्याउ+इ+नु] कोरिनु; कोपरिनु; ('दरखऱ्याउनु'-को क० क्रि०)।

दरखऱ्याउनु–स० क्रि० [दरखरि+याउ+नु] १. कोर्नु; फहराउनु; कोपर्नु। २. दहऱ्याउनु; पाछ्नु; दरफऱ्याउनु। ३. खस्रो पारेर पिँध्नु; मोटा टुक्रा हुने गरी दल्नु।

दरखास्त–ना० [फा० दरख़्वास्त] कुनै काम-कुरोको माग गरी लेखेर दिइने पत्र; निवेदन-पत्र; प्रार्थना-पत्र।

दरगाह–ना० [फा०] १. ईश्वरको ढोका वा दरबार। २. ईश्वरीय न्यायालय।

दरजा–ना० [दर्जा] दर्जा।

दरजी–ना० [फा० दर्ज़ी] दर्जी।

दर-दाम–ना० [दर+दाम] १. दर-भाउ; मोल-तोल। २. खर्च भएका कलमको फाँट।

दरपीठ–ना० [फा० दर+पीठ (सं०)] कुनै अड्डा-सम्बन्धी कागत-पत्रका पीठमा पदाधिकारीले लेखेको मत वा तोक।

दरफरिइनु–अ० क्रि० [दरफरि+इ+नु] दरफरिने काम होइनु; कोपरिइनु; ('दरफरिनु'-को भा० क्रि०)।

दरफरिनु–अ० क्रि० [सं० दार+स्फालन] १. कोरिनु; कोपरिनु। २. पाछिनु; दरखरिनु।

दरफऱ्याइ–ना० [दरफरि+याइ] दरफरिने किसिम, क्रिया वा भाव।

दरफऱ्याइ–ना० [दरफऱ्याउ+आइ] दरफऱ्याउने किसिम, क्रिया वा भाव; दरखऱ्याइ।

दरफऱ्याइनु–स० क्रि० [दरफऱ्याउ+इ+नु] दर्खऱ्याइनु; ('दरफऱ्याउनु'-को क० क्रि०)।

दरफऱ्याउनु–स० क्रि० [दरफरि+आउ+नु] दर्खऱ्याउनु।

दरबन्दी–ना० [फा०] १. कुनै पदका निमित्त ठेकिएको तलब; खानगी। २. कुनै कामका निमित्त नियमित रूपले ठेकिएको नगद, जिन्सी आदि।

दरबान–ना० [फा०] ढोके; द्वार-पाल; दर्वट।

दरबानी–ना० [फा०] दरबानको पेशा वा काम।

दरबार–ना० [दर्बर] दर्बर।

दरबार–ना० [फा०] १. राजाको महल; राज-दरबार; राज-प्रासाद। २. भवन; महल। ३. राजा तथा भारादारहरू-सहितको ठूलो सभा; राज-सभा।

दरबारिया–वि० [दरबार+इया] १. दरबार-सम्बन्धी; दरबारी। २. दरबारमा काम गर्ने; दरबारमा नोकरी गर्ने। ३. दरबारको जस्तो।

दरबारी–वि० [फा०] दरबार-सम्बन्धी; दरबारिया।

दर-भाउ–ना० [दर+भाउ] दर; भाउ; दर-रेट।

दरमाहा–ना० [फा०] महीनावारी; मासिक वेतन; तलब।

दर-रेट–ना० [दर+रेट] दर-भाउ।

दरवाजा–ना० [फा० दरवाजः] ढोका; द्वार।

दर-साबिक–ना० [दर+साबिक] पहिले-पहिलेको नियम; पुरानो रीति-थिति।

दरसुको–वि० [सं०. दर+शुष्क] अलि-अलि सुकेको; अखिएको।

दरा–ना० [सं० दर] गाउँहरूको समूह; जिल्लाको एक सानो विभाग।

दराइ–ना० [दर्+आइ] दर्ने किसिम, क्रिया वा भाव।

दराइनु–स० क्रि० [दराउ+इ+नु] दर्ता गराइनु; ('दराउनु'-को क० क्रि०)।

दराउनु–स० क्रि० [दर्+आउ+नु] दर्न लाउनु; दर्ता गराउनु; ('दर्नु'-को प्रे० क्रि०)।

दराज–ना० [फा० दराज़] दुइटा द्वार लागेको, भित्रपट्टि माल-सामानहरू राख्ने तखताहरू भएको, ठाडो सन्दूक-जस्तो वस्तु; आलमारी।

दरार–ना० [सं० दर] जमीन, भित्तो, काठ आदि फुटेर परेको लामो प्वाल; चिरो।

दराल–ना० [ने०] एक जातको कपड़ा।

दरिद्र–वि० [सं०] निर्धन; गरीब; कङ्गाल।

दरिद्रता–ना० [सं०] दरिद्र हुनाको भाव; निर्धनता; गरीबी।

दरिद्र-नारायण–ना० [सं०] १. दरिद्रका रूपमा रहने वा मानिने नारायण। २. निर्धन; दरिद्र।

दरिद्रा–ना० [सं०] लक्ष्मीकी दिदी; निऋति।

दरिद्री–वि० [दरिद्र+ई] दरिद्र।

दरिद्र्याइँ–ना० [दरिद्री+याइँ] दरिद्र हुनाको भाव; दारिद्र्य।

दरिनु–स० क्रि० [दर्+इ+नु] दर्ता गरिनु; ('दर्नु'-को क० क्रि०)।

दरिनु–अ० क्रि० [दह्रि+नु] दह्रिनु।

दरिया–ना० [फा०] १. नदी; खोलो। २. समुद्र। ३. समुद्रका किनारमा हुने एक जातको साह्रो र ठूलो नरिवल; दरिवल। (जोगी-संन्यासीहरू यसका खप्परको भिक्षा-पात्र बनाउँछन्।)

CC-0. In Public Domain. Digitization by eGangotri

दरिवल–ना० [दरिया] दरिया।

दरी–ना० [सं० स्तर] मोटो धागोले बुनेको रङ्गी-चङ्गी बिछ्याउना; शतरञ्जा।

दरी–ना० [सं०] गुफा; कन्दरा।

दरेस–ना० [फा० दरेज़] गौनजस्तो एक प्रकारको मसिनु कपड़ा।

दरेस–ना० [सं० दर] भित्तो, जमीन आदि फाटेर परेको चिरो; दरार।

दरो–वि० [दह्रो] दह्रो।

दर्कनु–अ० क्रि० [दर्र] मुसल-धारे पानी पर्नु; ठूलो पानी पर्नु; धारा झर्नु।

दर्काइ–ना० [दर्क+आइ] दर्कने किसिम, क्रिया वा भाव।

दर्काइ–ना० [दर्क+आइ] दर्काउने किसिम, क्रिया वा भाव।

दर्काइनु–स० क्रि० [दर्काउ+इ+नु] दर्कन लाइनु; ('दर्काउनु'-को क० क्रि०)।

दर्काउनु–स० क्रि० [दर्क+आउ+नु] बेसरी पानी पार्नु; मुसल-धारे पानी बर्साउनु; ('दर्कनु'-को प्रे० क्रि०)।

दर्कार–ना० [दरकार] दरकार।

दर्किनु–अ० क्रि० [दर्क+इ+नु] १. मुसल-धारे पानी परिनु; ('दर्कनु'-को भा० क्रि०)। २. दर्कनु।

दर्के–वि० [दर्को+ए] बेसरी वर्सेको; दर्केको; मुसल-धारे (पानी)।

दर्को–ना० [दर्क] १. बेसरी परेको पानी; दर्केको पानी; मुसल-धारे वर्षा। २. वृष्टिको ठूलो वेग।

दर्क्याइ–ना० [दर्कि+याइ] दर्किने किसिम, क्रिया वा भाव।

दर्क्याहट–ना० [दर्कि+याहट] दर्किने किसिम, क्रिया वा भाव; दर्क्याइ।

दर्खन्याइ–ना० [दर्खन्याउ+आइ] दरखन्याइ।

दर्खन्याइनु–स० क्रि० [दरखन्याइनु] दरखन्याइनु।

दर्खन्याउनु–स० क्रि० [दरखन्याउनु] दरखन्याउनु।

दर्खास्त–ना० [दरखास्त] दरखास्त।

दर्जन–ना० [अं० डजन] बाह्र वटा वस्तुको समूह।

दर्जन–ना० [नें०] बाघ हिंड्ने बाटामा बाघ मार्नाका निमित्त दायाँ-बायाँ सोझ्याएर राखिने भरेका बन्दूकहरू।

दर्जा–ना० [अ० दर्जः] १. श्रेणी; कक्षा; स्तर। २. सरकारी वा संस्थाका कर्मचारीहरूको पद; ओहदा। ३. मान; पदवी।

दर्जावाल–वि० [दर्जा+वाल] उच्च दर्जा पाएको; मान पाएको।

दर्जी–ना० [फा० दर्ज़ी] लुगा सिउने पेशा भएको व्यक्ति; सूचीकार।

दर्ता–ना० [दर्] दर्ने काम; दराइ।

दर्तावाल–वि० [दर्ता+वाल] जग्गा-जमीन आफ्ना नाउँमा दर्ता भएको; जग्गाको धनी; जग्गामा स्वामित्व भएको।

दर्द–ना० [फा०] १. पीडा; वेदना; व्यथा। २. दुःख; कष्ट; तकलीफ। ३. सहानुभूति। ४. खेपेको दुःख-शान्तिका निमित्त दिइने कुनै किसिमको धन।

दर्द-दर्माहा–ना० [फा० दर्द+दरमाह] खेपेको दुःख-शान्तिका निमित्त दिइने मासिक धन।

दर्दुर–ना० [सं०] भ्यागुतो।

दर्नु–स० क्रि० [फा० दर्ज+नु] १. दर्ता गर्नु; स्रेस्तामा चढ़ाउनु। २. नम्बर चढ़ाउनु; टाँक्नु। ३. नियुक्ति गर्नु; ठेक्नु।

दर्प–ना० [सं०] १. घमन्ड; अभिमान; गर्व। २. अहङ्कार-युक्त क्रोध। ३. उच्छृङ्खलता; उद्दण्डता।

दर्पण–ना० [सं०] ऐना; आरसी।

दर्पित–वि० [सं०] दर्प-युक्त; अहङ्कारी; दर्पी।

दर्पी–वि० [सं०] दर्प गर्ने; शेखीवाल; अभिमानी।

दर्फन्याइ–ना० [दरफन्याइ] दरफन्याइ।

दर्फन्याउनु–स० क्रि० [दरफन्याउनु] दरफन्याउनु।

दर्बर–ना० [सं० दरण] मानिसलाई सुताएर लैजानाका निमित्त डाँड़ीका काठमा झोलुङ्गोजस्तो पारी झुन्डाइने कपड़ा; दरबार।

दर्बारिया–वि० [दरबारिया] दरबारिया।

दर्बिलो–वि० [दह्रो] १. दह्रो; ठर्रो। २. बलियो; मजबूत।

दर्भ–ना० [सं०] कुश।

दर्भ-संस्तर–ना० [सं०] कुशको आसनी; कुशासन।

दऱ्याइ–ना० [दऱ्याउ+आइ] दऱ्याउने किसिम, क्रिया वा भाव; दह्र्याइ।

दऱ्याइ–ना० [दरि+याइ] दरिने किसिम, क्रिया वा भाव; दह्र्याइ।

दऱ्याउनु–स० क्रि० [दह्र्याउनु] दह्र्याउनु।

दर्रा–ना० [सं० दर] १. जिल्लाको एक सानो विभाग। २. दुइ पहाड़का बीचको साङ्गुरो बाटो।

दर्वट–ना० [सं०] १. गाउँका चौकीमा बस्ने पुलीस। २. ढोके; दरबान।

दर्विका–ना० [सं०] डाड़ु।

दर्वी–ना० [सं०] १. डाड़ु। २. चमचा। ३. सर्पको फणा।

दर्वी-कर–ना० [सं०] सर्प।

दर्श–ना० [सं०] १. दर्शन; अवलोकन। २. दृश्य। ३. औंसी; अमावस्या। ४. अमावास्याका दिन गरिने यज्ञ।

दर्शक–वि० [सं०] १. देख्ने; हेर्ने; दर्शन गर्ने। २. निरीक्षक; द्रष्टा। ३. देखाउने; दर्शाउने। ४. कुनै खेल-तमाशाहरू हेर्ने; तमासे।

दर्शन–ना० [सं०] १. देख्ने काम; हेराइ; अवलोकन। २. कुनै देवता, देव-मूर्ति अथवा मान्य जनसित हुने साक्षात्कार; भक्ति वा नम्रतापूर्वकको भेट। ३. देखापर्ने आकार वा स्वरूप। ४. प्रकृति, आत्मा, परमात्मा, जीवनको लक्ष्य आदिको विवेचना गरिएको शास्त्र; दर्शन-शास्त्र। ५. पदार्थको धर्म, कार्य-कारण-सम्बन्ध आदिको बोध हुने

CC-0. In Public Domain. Digitization by eGangotri

विद्या। ६. बुद्धि।

दर्शन-ढुङ्गो—ना० [सं० दर्शन (?)+ढुङ्गो] साह्रो र प्रायः सेतो रङ्गको एक जातको ढुङ्गो।

दर्शन-भेटी—ना० [दर्शन+भेटी] दर्शन गर्न राखिने भेटी; दर्शनी।

दर्शन-शास्त्र—ना० [सं०] प्रकृति, आत्मा, परमात्मा र जीवनको अन्तिम लक्ष्य आदि विषयको विवेचना गरिएको शास्त्र; तत्त्व-ज्ञान गराउने शास्त्र।

दर्शनी—ना०[दर्शन+ई] दर्शन गर्न राखिने भेटी; दर्शन-भेटी।

दर्शनीय—वि० [सं०] १. हेर्न योग्य; दर्शन गर्न योग्य। २. सुन्दर; मनोहर।

दर्शयिता—ना० [सं०] देखाउने; दर्शन गराउने।

दर्श-श्राद्ध—ना० [सं०] अमावास्याका दिन गरिने श्राद्ध।

दर्शाइ—ना० [दर्शाउ+आइ] दर्शाउने किसिम, क्रिया वा भाव; देखाइ।

दर्शाइनु—स० क्रि० [दर्शाउ+इ+नु] देखाइनु; ('दर्शाउनु'-को क० क्रि०)।

दर्शाउनु—स० क्रि० [सं० दर्शन+आउ+नु] देखाउनु; प्रदर्शन गर्नु।

दर्शित—वि० [सं०] १. देखाइएको। २. प्रकट गरिएको; प्रदर्शित।

दर्शी—वि० [सं०] १. देख्ने; हेर्ने। २. देखाउने।

दर्सनी—ना० [सं० सुदर्शना] पानका पातका आकारका खूब ठूला-ठूला चिल्ला पात हुने एक बूटी; सुदर्शना। (आयुर्वेदमा यसको गुण गरम र कफ, वात, सुज नाश गर्ने बताइएको छ।)

दल—ना० [सं०] १. अन्नका गेड़ामा जोड़िएर रहेका दुइ समान फग्ल्याँटा; दाल। २. फूलको पत्ती। ३. पात; पत्र। ४. समूह; जमात। ५. मण्डली; गुट; पार्टी। ६. सेनाको एक विभाग। ७. म्यान; दाप।

दलदल—ना० [सं० दलाढच] १. गहिरो हिलो; धाप; थलथले ठाउँ। २. हिलो; पङ्क।

दलदले—वि० [दलदल+ए] दलदल भएको; थलथले; धापिलो।

दलन—ना० [सं०] १. पिँध्नु; दल्नु। २. घोट्नु; रगेड्नु। ३. नाश; संहार।

दल-पति—ना० [सं०] कुनै दल वा गठको मुख्य नायक।

दल-बन्दी—ना० [सं० दल+बन्धन] आफ्नो-आफ्नो सिद्धान्त-अनुसारको भिन्न-भिन्न दल बाँध्नु; गुट खड़ा गर्नु।

दल-बल—ना० [सं०] १. लावा-लश्कर; फौज। २. साथी, नोकर, अनुयायी आदिको समूह।

दलहन—ना० [सं० दल+धान्य] दाल-जातिको अन्न (मास, मुगी, केराउ आदि)।

दला—ना० [सं० दल] दाप; म्यान।

दलाइ—ना० [दल्+आइ] दल्ने किसिम क्रिया वा भाव।

दलाइनु—स० क्रि० [दलाउ+इ+नु] दल्न लाइनु; ('दलाउनु'-को क० क्रि०)।

दलाई-लामा—ना० [मङ्गोल] पहिलेको व्यवस्थाअनुसार तिब्बत देशका धर्म-गुरु र मुख्य शासक। (ईसवी सोह्रौँ शताब्दीदेखि चीनका मङ्गोल शासकहरूले यो उपाधि दिएका थिए।)

दलाउनु—स० क्रि० [दल्+आउ+नु] दल्न लाउनु; ('दल्नु'-को प्रे० क्रि०)।

दलाढच—ना० [सं०] नदीका किनारको हिलो; दलदल; धाप।

दलान—ना० [फा० दालान] गाह्राको सट्टा थामहरू हाली खुला गरी बनाइएको छिँड़ी।

दलाल—ना० [अ० दल्लाल] खरीद-बिक्रीमा किन्ने र बेच्ने-हरूका कुरा मिलाई बीचमा नाफा खाने व्यक्ति।

दलाली—ना० [अ० दल्लाली] १. दलालको काम वा पेशा। २. दलालले लिने नाफा।

दलित—वि० [सं०] १. फग्ल्याँटो पारिएको; दलिएको। २. थिचिएको; कुल्चिएको। ३. नष्ट गरिएको।

दलित-वर्ग—ना० [सं०] अरू जातिहरूसरह अधिकार प्राप्त नभएको निम्न जाति; सामाजिक दृष्टिले पिछड़िएको जाति।

दलिन—ना० [सं० धरण] घरको चोटो अड्याउने निदाल वा सत्तरीमाथि अड्याइने लामो तेर्सो काठ।

दलिनु—स० क्रि० [दल्+इ+नु] दाल पारिनु; ('दल्नु'-को क० क्रि०)।

दली—वि० [सं०] १. दल-युक्त; पत्र भएको। २. दल-बल भएको; दल-पति।

दलील—ना० [अ०] १. तर्क; युक्ति। २. सोच; विचार। ३. वाद-विवाद; बहस।

दलेल—ना० [अं० ड्रिल] नयाँ भर्ना भएका सिपाहीहरूको तालीम; कवाजको अभ्यास।

दलेली—ना० [दलेल+ई] १. तालीम; शिक्षा। २. रफत; अभ्यास।

दल्नु—स० क्रि० [सं० दल्+नु] १. मास, केराउ, मुगी आदि अन्न फग्ल्याँटा पर्ने गरी जाँतामा पिँध्नु; दाल पार्नु। २. रगेड्नु; माड्नु। ३. घस्नु; पोत्नु। ४. काममा जोत्नु; लदाउनु।

दव—ना० [सं०] १. वन; जङ्गल। २. जङ्गलमा आफ-से-आफ लागेको आगो; डढ़ेलो; दावानल।

दवथु—ना० [सं०] १. दाह; जलन। २. सन्ताप; डाह।

दवाग्नि—ना० [सं०] डढ़ेलो; दावानल।

दश—ना० [सं०] १. आठ र दुइको योग-सङ्ख्या; नौपछिको सङ्ख्या। (वि०) २. नौ र एकका योग-सङ्ख्याको।

दशक—ना० [सं०] १. दश वटा वस्तुको समूह। २. दश वर्षको समूह।

CC-0. In Public Domain. Digitization by eGangotri

दश-कन्धर—ना० [सं०] रावण ।

दश-कर्म—ना० [सं०] १. गर्भाधानदेखि विवाहसम्मका, द्विजातिका संस्कार (गर्भाधान, पुंसवन, सिमन्तोन्नयन, जात-कर्म, निष्क्रमण, नाम-करण, अन्न-प्राशन, चूडा, उपनयन र विवाह) । २. खन-जोतदेखि लिएर बाली काट्न्जेलसम्म गर्नुपर्ने खेतीको क्रिया-कलाप ।

दश-गात्र—ना० [सं०] १. मरेका दिनदेखि दश दिनसम्म गरिने मृतकको कर्म । २. मृतकका उद्देश्यले दिइएका पिण्डद्वारा बन्ने शिर, आँखा, कान आदि शरीरका दश अवयव ।

दश-ग्रीव—ना० [सं०] रावण ।

दशति—ना० [सं०] सय; शत ।

दश-दान—ना० [सं०] प्रायः मर्न लागेका समयमा गर्ने दश वस्तुहरूको दान (गाई, तिल, सुन, भूमि, घिउ, कपड़ा, चाँदी, नून, सखर र फलाम)।

दश-दिक्पाल—ना० [सं०] दश दिशाका अधिष्ठाता देवता [इन्द्र (पूर्व), अग्नि (अग्नि-कोण), यम (दक्षिण), निर्ऋति (नैर्ऋत्य-कोण), वरुण (पश्चिम), मरुत् (वायु-कोण), उत्तर (कुबेर), ईश (ईशान-कोण), ब्रह्मा (ऊर्ध्व-दिशा) र अन्तन्त (अधो-दिशा)] ।

दश-दिने—वि० [दश+दिने] १. दश रात सूतक लाग्ने (बन्धु)। २. दश दिनको; दश दिन-सम्बन्धी ।

दश-दुइ—ना० [दश+दुइ] दुइ पासामा पन्जा-पन्जा र एउटामा दुवा पर्दा हुने पासाको एक दाउ ।

दशधा—क्रि० यो० [सं०] १. दश प्रकारले; दश किसिमले । २. दश भागमा ।

दशन—ना० [सं०] १. दाँत; दन्त । २. दाँतले टोक्नु; डस्नु । ३. कवच ।

दश-नाम—ना० [सं०] संन्यासीहरूका दश भेद (तीर्थ, आश्रम, बन, अरण्य, गिरि, पर्वत, सागर, सरस्वती, भारती र पुरी) ।

दश-नामी—ना० [सं०] १. संन्यासीको एक सम्प्रदाय । (वि०) २. दश-नाम-सम्बन्धी; दश-नाममध्येको ।

दशनावरण—ना० [सं०] ओठ; ओष्ठ।

दशनावली—ना० [सं०] दाँतको पङ्क्ति; दाँतको लहर।

दश-पोट—ना० [दश+पोट] दुइ पासामा पाँच-पाँच र एक पासामा पोटमात्र पर्दा हुने पासाको एक दाउ ।

दशम—वि० [सं०] दशौँ ।

दशमलव—ना० [सं०] गणितमा पूर्णाङ्कभन्दा न्यून राशिलाई दश वा दशौँदका क्रमअनुसार राख्ने एक पद्धति; दश वा दशले विभाजित हुने हर भएको भिन्न ।

दश-महाविद्या—ना० [सं०] तन्त्रोक्त दश देवी (काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्न-मस्ता, धूमावती, बगलामुखी, मातङ्गी र कमलात्मिका ।)

दशमांश—ना० [सं०] दश खण्डको एक खण्ड ।

दशमिक—वि० [सं०] १. दश सङ्ख्या-सम्बन्धी । २. दशका क्रममा विभाजित हुने ।

दशमी—ना० [सं०] १. चान्द्र-मासका दुवै पक्षको दशौँ तिथि। २. नब्बे वर्षभन्दा बढ़ी उमेर; मरणावस्था।

दशरथ—ना० [सं०] सूर्य-वंशी एक प्रसिद्ध राजा; रामचन्द्रका पिता ।

दश-रूपक—ना० [सं०] १. दश प्रकारका रूपक (नाट्य)-हरूको वर्णन गरिएको धनञ्जय-कृत ग्रन्थ । २. नाटक, प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहामृग, अङ्क, वीथी र प्रहसन—रूपकका यी दश भेद ।

दशहरा—ना० [सं०] ज्येष्ठ शुक्ल दशमी ।

दशा—ना० [सं०] १. अवस्था; हालत; स्थिति । २. मानिसको जीवित अवस्था । ३. ज्योतिष-शास्त्रानुसार ग्रहहरूको भिन्न-भिन्न भोग-काल । ४. खराब दिन; विपत्तिको अवस्था । ५. पूर्व-रागका दश दशा (अभिलाषा, चिन्ता, स्मरण, गुण-कथन, उद्वेग, प्रलाप, उन्माद, व्याधि, जडता र मरण)। ६. विप्रलम्भ शृङ्गारका दश काम-दशा (असौष्ठव, ताप, पाण्डुता, दुर्बलता, अरुचि, धैर्यको अभाव, अनालम्बनता, तन्मयता, उन्माद र मूर्च्छा) ।

दशाङ—वि० [सं० दश] दश दोबर; दश गुना (दुनोटमा) ।

दशाङ्ग—ना० [सं०] मह, ठूलो मोथे, घिउ, चन्दन, गोकुल-धूप, अगरु, शिलाजित्, शालधूप, सखर र पहेँलो सर्सिउँ—यी दश पदार्थ मिलाएर बनाइने धूप ।

दशानन—ना० [सं०] रावण ।

दशावतार—ना० [सं०] विष्णुका मुख्य दश अवतार (मत्स्य, कच्छप, वराह, नृसिंह, वामन, परशुराम, राम, कृष्ण, बुद्ध र कल्कि) ।

दशाह—ना० [सं०] १. दश दिनको समय । २. मृत-सूतकको दशौँ दिन ।

दशाहा—ना० [सं० दशाह] मरेका दश दिनसम्म जूठो लाग्ने नातादार; दश-दिने बन्धु-वर्ग ।

दशैँ—ना० [दसैँ] दसैँ ।

दशौँ—वि० [दश+औँ] गन्दै जाँदा दशका सङ्ख्यामा परेको; दश सङ्ख्याको ।

दशौँद—ना० [दसौँद] दसौँद ।

दशौँदी—वि० [दसौँदी] दसौँदी ।

दस—ना० [सं० दश] दश ।

दसखत—ना० [फा० दस्तखत] दस्तखत ।

दसाङ—वि० [दशाङ] दशाङ ।

दसाहा—ना० [दशाहा] दशाहा ।

दसी—ना० [सं० दर्शित] १. प्रमाणस्वरूप चोरबाट बरामद भएको चोरीको माल । २. सबूत; प्रमाण । ३. गवाह; साक्षी ।

दसैँ—ना० [सं० दशमी] १. आश्विन शुक्ल दशमी; विजया-दशमी । २. आश्विन शुक्ल सप्तमीदेखि दशमीका दिन-

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म मनाइने एक ठूलो चाड़ । ३. चैत्र शुक्ल अष्टमी । ४. त्यस दिन मनाइने चाड़ ।

दसौँ–वि० [दस+औँ] दशौँ ।

दसौँ द–ना० [सं० दशांश] दश खण्डको एक खण्ड; सयकड़ा दश; दशांश (ब्याज, कमिसन आदि) ।

दसौँदी–वि० [दसौँद+ई] दश भागको एक भागको; दसौँद दरको (ब्याज, कमिसन आदि) ।

दस्कत–ना० [फा० दस्तख़त] दस्तखत ।

दस्त–ना० [फा०] १. पातलो दिसा; पखाला । २. हात; हस्त ।

दस्तकारी–ना० [फा०] हातले बनाएको कलापूर्ण वस्तु; हातको कालिगड़ी ।

दस्तखत–ना० [फा० दस्तख़त] आफ्नो हातले लेखेको आफ्नो नाम; सही; हस्ताक्षर ।

दस्तूर–ना० [फा०] १. रीति; चलन; प्रथा । २. नियम; विधि । ३. कायदा; तरीका । ४. दस्तूरी ।

दस्तूरी–ना० [फा०] दस्तूरबमोजिम दिने वा लिने द्रव्य ।

दस्यु–ना० [सं०] १. लुटेरा; डाँकू; चोर । २. राक्षस; असुर । ३. अनार्य; म्लेच्छ । ४. कमारो; दास ।

दह–ना० [सं० ह्रद] १. नदीमा प्रशस्त गहिरो भई पानी जमेको ठाउँ । २. पोखरी; कुण्ड ।

दहन–ना० [सं०] १. पोल्ने काम; जलन; दाह । २. आगो; अग्नि ।

दहनीय–वि० [सं०] पोल्न योग्य; जलाउन योग्य; जलाउन सकिने; जलन-शील ।

दहनोपल–ना० [सं०] सूर्य-कान्त मणि ।

दहर–ना० [फा० दह] ताश, गन्जीफा आदिको दश फुट्टी भएको चक्की ।

दहरिनु–अ० क्रि० [दरफरिनु] दरफरिनु ।

दहऱ्याइ–ना० [दहरि+याइ] दहरिने किसिम, क्रिया वा भाव ।

दहऱ्याइ–ना० [दहऱ्याउ+आइ] दहऱ्याउने किसिम, क्रिया वा भाव ।

दहऱ्याइनु–स० क्रि० [दहऱ्याउ+इ+नु] छाला खुइलिने गरी कोरिनु; ('दहऱ्याउनु'-को क० क्रि०) ।

दहऱ्याइनु–स० क्रि० [दहऱ्याउ+इ+नु] घुर्की लाइनु; ('दहऱ्याउनु'-को क० क्रि०) ।

दहऱ्याउनु–स० क्रि० [दरखऱ्याउ+नु] खस्रो वस्तुले छाला खुइलिने गरी कोर्नु; पाछ्नु; दरफऱ्याउनु ।

दहऱ्याउनु–स० क्रि० [दह्ल्याउ] घुर्की लाउनु; घुर्क्याउनु ।

दहशत–ना० [फा० दहशत] १. शङ्का; सन्देह । २. डर; भय ।

दहि–ना० [प्रा०] दूध जमाएर बनाइएको खाद्य पदार्थ; दधि ।

दहि-चिउरे–वि० [दहि+चिउरा+ए] सानो-तिनो कुराको लाभमा जे पनि गर्न तयार हुने; छोटो ।

दहि-ठेको–ना० [दहि+ठेको] विवाहमा दही हालेर जन्तमा लाने ठेको; कागे-ठेकी ।

दहिले-ठेलो–ना० [दहिलो+ठेलो] दहिलाका मुनितिर रहन तेर्सो मोटो काठ; सँघार-ठेलो ।

दहिलो–ना० [सं० देहली] ढोका; द्वार ।

दही–ना० [प्रा० दहि] दहि ।

दह्य–वि० [सं०] १. पोल्न योग्य । २. बल्न योग्य ।

दह्लिनु–अ० क्रि० [दह्लो+इ+नु] १. दह्लो हुनु; ठर्रो हुनु । २. अटेर हुनु; नटेर्नु । ३. छिप्पिनु; जरखरिनु ।

दह्लिलो–वि० [दह्लो+इलो] दह्लो; दर्बिलो ।

दह्लो–वि० [सं० दृढ] १. बलियो; मजबूत । २. ठर्रो; दर्बिलो । ३. बलियो आँट भएको । ४. आफ्नो सिद्धान्तबाट विचलित नहुने ।

दह्ल्याइ–ना० [दह्ल्याउ+आइ] दह्ल्याउने किसिम, क्रिया वा भाव ।

दह्ल्याइ–ना० [दह्लि+याइ] दह्लिने किसिम, क्रिया वा भाव ।

दह्ल्याइनु–स० क्रि० [दह्ल्याउ+अ.इ+नु] दह्लो पारिनु; ('दह्ल्याउनु'-को क० क्रि०) ।

दह्ल्याउनु–स० क्रि० [दह्लि+याउ+नु] १. दह्लो पार्नु; दर्बिलो तुल्याउनु । २. बलियो पार्नु; मजबूत पार्नु ।

दा–वि० [सं०] शब्दको पछाड़ि लागेर 'दिने' अर्थ बुझाउने शब्द । (उदा०–प्राणदा, पुत्रदा ।)

दाँज–ना० [दाँज्] तुलना; बराबरी; दाँजो ।

दाँजिनु–स० क्रि० [दाँज्+इ+नु] दाँजो गरिनु; ('दाँज्नु'-को क० क्रि०) ।

दाँजो–ना० [दाँज+ओ] दाँज्ने काम; तुलना; दाँज ।

दाँज्नु–स० क्रि० [ने०] १. तुलना गर्नु; दाँजो गर्नु । २. उपमा दिनु; दृष्टान्त दिनु ।

दाँत–ना० [सं० दन्त] १. खाने वस्तु चपाउने, मुखभित्रको पङ्क्ति-बद्ध हाड़का अवयव; दन्त । २. अन्न पिँध्नका निम्ति घट्ट, जाँतो आदिका ढुङ्गामा मसिनु पारेर काटिएको भाग ।

दाँती–ना० [दाँत+ई] १. करौँती, कल-पुर्जा आदिका छेउमा हुने दाँतजस्तो पङ्क्ति । २. छानोको छेउ; छानाबाट पानी चुहुने किनारा । ३. खोपी खेल्ने प्वालको छेउ ।

दाँते–वि० [दाँत+ए] १. लामा-लामा दाँत भएको; दाह्रे । २. दाँत-सम्बन्धी; दाँतको ।

दाँते-ओखर–ना० [दाँत+ओखर] पातलो बोक्रो र धेरै गुदी हुने एक असल जातको ओखर ।

दाँते-गुहु–ना० [दाँते+गुह] दाँतमा जम्ने मैल; दन्त-मल ।

दाँदे–ना० [दाँते] १. धानका बीउको माटो पन्छाउने काँटै-काँटा लागेको डल्ल्याँठोजस्तो साधन । २. रोपाइँमा खेत हिल्याउने र माटो सम्म्याउने हलाको काँटादार अवयव ।

दाँवल–ना० [दाँजो] बराबर उमेरका व्यक्ति; दौँतर;

CC-0. In Public Domain. Digitization by eGangotri

जोड़ा ।

दाँवली–ना०[सं०दाम] चरा फसाउने डोरीको एक किसिमको पासो ।

दाइँ–ना० [दाउ] १. गोरुद्वारा अनाजका बोटहरू कुल्चाई अनाज झार्ने काम । २. कुल्ची-मिल्ची; माड़-मुड़ । ३. बेअदबीसित गरेको काम-कारवाई । ४. मनपरी काम; ढलीमली गर्ने काम ।

दाइ–ना० [दाज्यू] दाज्यू-भाइमा आफूभन्दा जेठो व्यक्ति; दाज्यू ।

दाइजो–ना० [प्रा० दायाज्जो] विवाहमा दुलहीका बाबुले दुलहीलाई दिएर पठाउने धन-माल ।

दाइजो-बिर्ता–ना० [दाइजो+बिर्ता] राजाले छोरी-बेटीलाई दाइजो दिएको बिर्ता

दाइनु–स० क्रि० [दाउ+इ+नु] नारिनु; हलो जोतिनु; ('दाउनु'-को क० क्रि०) ।

दाउ–ना० [सं० दाय] १.कौड़ाका खेलमा पर्ने तिया, चौका आदि। २. पासाका खेलमा हुने पोट-बाह्र, कच्चे-बाह्र, चरी-पन्जा, सत्र आदि। ३. कुनै काम सजिलोसित गर्ने मौका; अवसर। ४. पहल्मानी खेलमा एकले अर्कोलाई पछार्ने युक्ति; पेच ।

दाउन–ना० [नें०] सेल, पन्जाबी, फीनी आदि पकाउँदा राम्ररी उक्साउनाका निमित्त फाएर पीठामा मिलाइने घिउ; साठो ।

दाउनी–ना० [दाइँ] दाइँ ।

दाउनु–स० क्रि० [सं० दमन+नु] १. गोरुलाई हलो तान्न लाउनु; हलो जोताउनु; नार्नु । २. खसी पार्नु; सुमर्नु ।

दाउ-पेच–ना०[दाउ+पेच] १. अरूलाई हराउने युक्ति। २. जाल-झेल; छल-छाम ।

दाउरा–ना० [सं० दारु] बाल्नाका निम्तिको काठ; समिधा; इन्धन ।

दाउरे–ना० [दाउरा+ए] १. दाउरा बेचेर जीविका गर्ने व्यक्ति। (वि०) २. दाउरा बेच्ने; दाउरा खेप्ने। ३. पातलो र अग्लो; सिकटे।

दाउरो–ना०[दाउरा] १. दाउरा। (वि०) २. सिकटे; सिट्ठो ।

दाक्षायणी–ना० [सं०] १. दक्ष प्रजा-पतिकी पुत्री; सती। २. दुर्गा ।

दाक्षिणात्य–वि० [सं०] १. दक्षिण दिशाको; दक्षिणपट्टिको। २. विन्ध्याचल पर्वतदेखि दक्षिण दिशाको ।

दाक्षिण्य–ना० [सं०] १. कौशल; दक्षता। २. अनुकूलता। ३. उदारता; दिने वृत्ति। ४. सरलता। (वि०) ५. दक्षिण-सम्बन्धी ।

दाख–ना० [सं० द्राक्षा] १. लहरोमा झुप्पा-झुप्पा भएर फल्ने एक जातको गुलियो फल; अङ्गूर। २. मुनक्का। ३. किशमिश।

दाखिल–वि० [फा० दाख़िल] १. आइपुगेको; उपस्थित; हाजिर; प्राप्त। २. दिइएको; बुझाइएको ।

दाखिल-खारिज–ना० [फा० दाख़िल+ख़ारिज] सरकारी स्रेस्तामा एउटाका नाममा दरिएको जग्गा-जमीन आदिको हक अर्काका नाममा दर्ने काम; नाउँसारी ।

दाखिला–ना० [अ० दाख़िलः] १. दाखिल हुने काम; उपस्थिति। २. दाखिल भएको नगद, जिन्सी आदि ।

दाग–ना० [सं० दग्ध] पोल्ने काम; जलाउने काम ।

दाग–ना० [फा० दाग़] १. टाटो; कलङ्क; धब्बा। २. दोष; अभियोग। ३. जाँच्नाका निम्ति कसीमा सुन घोटेर लगाइएको रेखा। ४. पोलेको चिह्न ।

दाग-बत्ती–ना० [दाग+बत्ती] दाह-संस्कारका निम्ति छोरा वा नजीकका नातादारले शवका मुखमा राख्ने बत्ती।

दागा–ना० [दगा] ईर्ष्या; रीस; ईबी; दगा ।

दागिनु–स० क्रि० [दाग्+इ+नु] दाग्ने काम होइनु; आगो लगाइनु; ('दाग्नु'-को क० क्रि०)।

दागी–वि० [दाग+ई] १. दाग भएको; दाग लागेको। २. एक किसिमको खोटो (मोहर)। ३. दोषी; अभियुक्त; कलङ्कित ।

दाग्नु–स०क्रि०[दाग+नु]१. आगो लाउनु;आगो सल्काउनु। २. बन्दूक, तोप आदि पड्काउनु ।

दाग्नु–स० क्रि० [ताक्+नु] १. ताकेर हेर्नु; ठम्याएर हेर्नु। २. निशाना लाउनु; लक्ष्य गर्नु। ३. इच्छा गर्नु; आँखा गाड्नु ।

दाघ–ना० [सं०] गर्मी; ताप ।

दाजी–ना० [दाइ+जी] दाज्यू ।

दाजु–ना० [दाज्यू] दाज्यू ।

दाजु-भाइ–ना० [दाजु+भाइ] दाज्यू-भाइ ।

दाज्यू–ना० [सं० दायाद+ज्यू] भाइ-भाइमा आफूभन्दा पहिले जन्मेको व्यक्ति; दाइ; दाजु ।

दाज्यू-भाइ–ना० [दाज्यू+भाइ] १.एउटै आमाका छोराहरू; सहोदर दाज्यू र भाइ। २. बन्धु-वर्ग; फुकी ।

दाज्यै–ना० [दाज्यू+ऐ] दाज्यूको आदर बुझाउने शब्द; दाज्यैज्यू ।

दाज्यैज्यू–ना० [दाज्यै+ज्यू] दाज्यूको आदर-सूचक शब्द ।

दाडिम–ना० [सं०] दारिम ।

दाडिम्ब–ना० [सं०] अनारको बोट ।

दाढा–ना० [सं०] १. दाह्रा; दंष्ट्रा। २. समूह ।

दाढिका–ना० [सं०] १. दाह्री; दाढ़ी। २. दाँत; दन्त ।

दाढ़ी–ना० [सं० दाढिका] दाह्री ।

दाढ़ीवाल–वि० [दाढ़ी+वाल] दाह्रीवाल ।

दातव्य–वि० [सं०] १. दिन योग्य। २. दान-सम्बन्धी ।

दाता–वि० [सं०] १. दिने। २. दान गर्ने; दानी। ३. उदार।

दाति–ना० [सं०] १. दिने काम। २. वितरण; बाँड्नु ।

दातृता–ना० [सं०] दाता हुनाको भाव; दातृत्व ।

CC-0. In Public Domain. Digitization by eGangotri

दातृत्व—ना० [सं०] दाता हुनाको भाव; दान-शीलता; दातृता।
दात्यूह—ना० [सं०] १. काकाकुल; चातक। २. पानी-कौवा। ३. बादल; मेघ।
दात्र—ना० [सं०] हँसिया।
दात्री—वि० [सं०] १. दिने; दाता। २. दान गर्ने; दानी। ३. हँसिया।
दाद—ना० [सं० दद्रु] छालामा खस्रो र चिलाउने चक्का परेर हुने एक सांसर्गिक रोग।
दादरा—ना० [?] एक प्रकारको गीतको लय।
दादा—ना० [दाइ] १. दाइ; दाज्यू (वाल-बोलीमा)। २. कमारोको आदर-सूचक शब्द।
दादुरा—ना० [सं० दद्रु] साना-साना बिमिरा उठ्ने एक किसिमको चर्म-रोग; शीतलाको एक भेद।
दादै—क्रि० यो०[फा० दादनः+ऐ]भर्पाई लेख्दा शुरूमा लेखिने शब्द; भर्पाई जनाउने शब्द।
दान—ना०[सं०]१. आफ्नो हकको धन-माल अर्काका हकमा गरिदिनु। २. दिने काम। ३. धार्मिक भावनाले गरीब-गुरुवालाई अन्न, वस्त्र, द्रव्य आदि दिनु। ४. कुश-तिल-जलसहित सङ्कल्प गरेर ब्राह्मणलाई धन-माल दिने काम। ५. चन्दा। ६. खैरात।
दान—प्रत्य० [फा०] नाम शब्दका पछाड़ि लागेर त्यो वस्तु राखिने पात्रको अर्थ बुझाउने शब्द। (उदा०—फूलदान।)
दानक—ना० [सं०] तुच्छ दान; कुत्सित दान।
दान-दातव्य—वि० [सं०] सङ्कल्प गरेर वा त्यसै दिइएको (धन-माल)।
दान-धर्म—ना० [सं०] १. दान र अरू पुण्य-कर्म। २. दान दिएर हुने धर्म; दान-पुण्य।
दान-पति—ना० [सं०] अति दानी व्यक्ति।
दान-पत्र—ना० [सं०] कसैलाई कुनै सम्पत्ति दान गरी दिएको प्रमाणस्वरूप लेखेर दिइने कागत आदिको लेख।
दान-पात्र—ना० [सं०] दान दिन योग्य व्यक्ति।
दान-प्रतिष्ठा—ना०[सं०]दान गरिसकेपछि त्यसको न्यूनताको पूर्ति गर्नाका निमित्त दिइने दक्षिणा।
दान-यज्ञ—ना० [सं०] दान दिएर गरिने धर्म।
दानव—ना० [सं०] कश्यपकी दनु नाम गरेकी पत्नीबाट पैदा भएका सन्तान; राक्षस; असुर।
दानव-गुरु—ना० [सं०] दानवका गुरु; शुक्राचार्य।
दानवारि—ना० [सं०] १. देवता। २. विष्णु। ३. हात्तीको मद।
दानवी—वि० [सं०] १. दानव-सम्बन्धी; दानवको; आसुरी। (ना०) २. राक्षस-जातिकी स्त्री; राकस्नी।
दान-वीर—ना० [सं०] १. अत्यन्त दानी व्यक्ति; दान-पति। २. साहित्यमा वीर-रसको एक भेदको प्रधान नायक।
दान-शील—वि० [सं०] अत्यन्त दानी; खूब दान दिने।
दान-शूर—वि० [सं०] अति दानी; दान-शील।
दान-शौण्ड—वि० [सं०] अत्यन्त दानी; उदार।
दाना—ना० [फा० दानः] १. अनाजको बीज; बीयाँ। २. पशु-पक्षिहरूको खुराक। ३. अन्न; अनाज। ४. गेड़ो।
दानादार—वि० [फा०] दानेदार।
दाना-पानी—ना० [दाना+पानी] १. खान-पान; अन्न-जल। २. भरण-पोषणको बन्दोबस्त; जीविका। ३. बसोबासको संयोग। ४. आयु; जिन्दगी।
दानी—वि० [सं०] १. दान गर्ने; दिने; दाता। २. उदार; फुक्का दिल भएको।
दानी—प्रत्य० [फा०] नाम शब्दका पछाड़ि लागेर त्यो वस्तु राख्ने पात्रको अर्थ बुझाउने शब्द। (उदा०—दीपदानी, थूकदानी।)
दानीय—वि० [सं०] १. दान गर्न योग्य। २. दान दिन योग्य।
दाने—वि० [दान+ए] १. दान गरिने; दान गर्न लायक। २. दान गरेको; दिइएको (धन-माल)। ३. दान लिने; दान-पात्र। ४. रद्दी; बेकम्मा।
दानेदार—वि० [फा०] १. दाना भएको; दाना-दाना परेको। २. पौरख भएको; खूबी भएको।
दान्त—वि० [सं०] १. दाँत-सम्बन्धी। २. बाह्य इन्द्रिय-हरूलाई वशमा राखेको; संयमी। ३. शान्त; धीर। ४. उदार; दाता।
दान्ति—ना० [सं०] १. आत्म-संयम; इन्द्रिय-दमन। २. विनय-शीलता।
दान्तिक—वि०[सं०] १. हात्तीका दाँतले बनेको; हात्तीका दाँतको। २. दाँतले बनेको; दाँतको। ३. दाँत-सम्बन्धी।
दाप—ना० [सं० दा] खुकुरी, तरवार आदिको खोल; म्यान; कोश।
दापा—ना० [नेवा०] दुवैतिर छालाले मढ़ेको र खरी लागेको ढोलकजस्तो एक प्रकारको बाजा।
दापिनु—स० क्रि० [दाप्+इ+नु] सताइनु; ('दाप्नु'-को क० क्रि०)।
दाप्चा—ना० [ने०] फोसा; तासा।
दाप्नु—स० क्रि० [दाब्] १. दुःख दिनु; सताउनु; ग्रस्त गर्नु; धड्नु। २. मिच्नु; दाब्नु (गोड़ा)।
दाबिनु—स० क्रि० [दाब्+इ+नु] मिचिनु; मलिनु; ('दाब्नु'-को क० क्रि०)।
दाबिलो—ना० [ने०] कुसाकठीका आकारको धातु वा काठको एक किसिमको पन्यूँ।
दाबी—ना० [अ० दावा] कुनै वस्तुमा आफ्नो हकको जिकिर गर्नु; दावा।
दाब्नु—स० क्रि० [सं० दमन] १. मिच्नु; मल्नु; मर्दन गर्नु (गोड़ा, जीउ आदि)। २. थिच्नु; दबाउनु। ३. च्याप्नु; दाप्नु; अँठ्याउनु। ४. दुःख दिनु।
दाम—ना० [सं० द्रम] १. रुपियाँ-पैसा; द्रव्य। २. एक

CC-0. In Public Domain. Digitization by eGangotri

पैसाको चौथो भाग; फुका-दाम । ३. मोल; मूल्य ।

दाम–ना० [सं०] दाम्लो ।

दाम-काम–ना०[दाम+काम] १. रुपियाँ-पैसाको काम । २. मोल-तोल ।

दाम-कामे–ना० [दाम-काम+ए] १. रुपियाँ-पैसाको काम गर्ने व्यक्ति । (वि०) २. मोल-तोल गर्ने; दाम-काम गर्ने ।

दामपाते–ना० [ने०] अविजालाको जस्तो बाटुलो पात हुने एक किसिमको लहरे घाँस ।

दामल–ना० [अ० दायम-उल-हब्स] ठूल्ठूला अपराधीलाई खोप्नु, मुड्नु गरी जन्म-कैदसमेत गर्ने सजाय ।

दामल–ना० [दाँवल] दाँवल ।

दामली–ना० [दाम्लो] पक्रिने प्राणीलाई बाँधी राख्ने एक किसिमको पासो ।

दामासाही–ना० [दाम+साजा] कुनै सामूहिक रकम त्यसका हकदारहरूले बराबर गरी बाँड़ी लिने वा दिने व्यवस्था; भाग-शान्ति ।

दामिनी–ना० [सं०] १. बिजुली; विद्युत् । २. शिरमा लाउने स्त्रीहरूको एक किसिमको गहना ।

दामी–वि० [दाम+ई] धेरै मोल पर्ने; मूल्यवान्; बहु मूल्य ।

दामोदर–ना० [सं०] १. कृष्ण । २. नारायण ।

दामोदर-पाँड़े–ना० [सं० दामोदर+पाण्डेय] ईसवी १८०१ संवत्मा नेपालका प्रथम प्रधान-मन्त्री हुने एक प्रसिद्ध व्यक्ति ।

दाम्पत्य–ना०[सं०] १. पति-पत्नीको सम्बन्ध । २. दम्पती-सम्बन्धी कृत्य । (वि०) ३. दम्पतीको; पति-पत्नी-सम्बन्धी ।

दाम्भिक–वि० [सं०] दम्भ गर्ने; ढोंगी; आडम्बर गर्ने ।

दाम्रो–वि० [डाम्रो] डाम्रो ।

दाम्लो–ना० [सं० दाम] पशुलाई बाँध्ने डोरी ।

दाय–ना० [सं०] १. अरूलाई दिइने धन; दातव्य धन । २. अंशियारहरूमा बाँड़िने पैतृक सम्पत्ति । ३. दान, दाइजो, बकस आदि दिइने सम्पत्ति ।

दायक–वि० [सं०] १. दिने; दाता । २. उत्तराधिकारी; दायाद ।

दाय-बन्धु–ना० [सं०] अंशियार दाजु-भाइ ।

दाय-भाग–ना० [सं०] उत्तराधिकारीहरूमा बाँड़िने पैतृक सम्पत्तिको अंश ।

दायर–वि० [अ०] १. चलिरहेको; जारी (मुद्दा-मामिला आदि) । (ना०) २. मुद्दा-मामिला अदालतमा पेश गर्नु ।

दायाँ–वि० [सं० दक्षिण] १. दाहिने; अपसव्य; दक्षिण । २. अनुकूल; सहयोगी ।

दायाँ-बायाँ–ना० यो० [दायाँ+बायाँ] १. दायाँ र बायाँ । २. यता-उति; अगल-बगल ।

दायाद–ना० [सं०] १. कुनै व्यक्तिको मृत्युपछि त्यसको सम्पत्तिको अधिकारी हुने व्यक्ति; उत्तराधिकारी । २. छोरो; पुत्र । ३. भाइ-बन्धु ।

दायादा–ना० [सं०] १. कुनै व्यक्तिको मृत्युपछि त्यसको सम्पत्ति पाउने स्त्री; उत्तराधिकारिणी । २. छोरी; पुत्री ।

दायित्व–ना० [सं०] कुनै काम-कुरोमा उत्तरदायी हुनाको भाव; जिम्मेदारी ।

दायी–वि० [सं०] १. दिने; दायक । २. उत्तरदायी; जिम्मेवार ।

दार–प्रत्य० [फा०] अरू शब्दका पछाड़ि लागेर 'भएको' वा 'युक्त' अर्थ बुझाउने शब्द । (उदा०–ईमानदार, वफादार इत्या० ।)

दार–ना० [प्रा० दढ] ठेकी, आरी आदि बनाइने रातो रङ्गको एक जातको बलियो काठ ।

दार–ना० [ने०] १. कद; डील-डौल; आकार-प्रकार । २. बानी; लत; आदत ।

दार–ना० [सं०] १. चिर्नु; फार्नु । २. चिरो; धाँजो ।

दारक–ना० [सं०] १. बालक; बच्चो । २. छोरो; पुत्र । (वि०) ३. चिर्ने; फार्ने ।

दार-कर्म–ना० [सं०] विवाह ।

दार-ग्रहण–ना० [सं०] विवाह ।

दारण–ना० [सं०] १. चिर्ने काम; चिरो पार्नु । २. चिर-फार गर्ने औजार । ३. निर्मली फल ।

दार-परिग्रह–ना० [सं०] विवाह; पाणि-ग्रहण ।

दारा–ना० [सं०] पत्नी; भार्या ।

दाराइ–ना०[सं० दार+आइ] दार्ने किसिम, क्रिया वा भाव दाह्राइ ।

दाराइनु–स० क्रि० [दाराउ+आइ+नु] दार्न लाइनु; ('दाराउनु'-को क० क्रि०) ।

दाराउनु–स० क्रि० [दार्+आउ+नु] दार्न लाउनु; ('दार्नु'-को प्रे० क्रि०) ।

दारिका–ना० [सं०] छोरी; पुत्री ।

दारित–वि० [सं०] चिरिएको; चिरा परेको ।

दारिद्र्य–ना० [सं०] दरिद्र हुनाको भाव; दरिद्रता; गरीबी ।

दारिनु–स० क्रि० [दार्+इ+नु] दाह्रिनु; ('दार्नु'-को क० क्रि०) ।

दारिम–ना० [सं० दाडिम] भित्र रसदार गेड़ाहरू धेरै हुने एक प्रकारको फल; अनार; दाडिम ।

दारिह्नु–स० क्रि० [दार्+इ+नु] दाह्रिनु; ('दाह्र्नु'-को क० क्रि०) ।

दारी–प्रत्य० [फा० दार+ई] अरू शब्दका पछाड़ि लागेर 'हुनाको भाव' वा 'युक्तता' अर्थ बुझाउने शब्द ।(उदा०–ईमानदारी, वफादारी इत्या० ।)

दारी–ना० [सं०] १. चिरो; धाँजो । २. पैताला फुट्ने एक रोग; हरिनास ।

दारु–ना० [सं०] १. काठ; काष्ठ । २. देवदारु । ३. सिकर्मी । ४. उदार व्यक्ति । (वि०) ५. दानी; दाता । ६. तत्काल

CC-0. In Public Domain. Digitization by eGangotri

चिरिने वा फुट्ने ।

दारुक–ना० [सं०] १. देवदारु वृक्ष; सल्लो । २. कृष्णका सारथी ।

दारुका–ना० [सं०] कठ-पुतली ।

दारुण–वि० [सं०] १. कड़ा; कठोर । २. निर्दय; निष्ठुर । ३. भयानक; भयङ्कर । ४. उग्र; घोर । ५. तीव्र । ६. कँपाउने ।

दारुण्य–ना० [सं०] दारुण हुनाको भाव; कठोरता ।

दारु-पुत्री–ना० [सं०] काठको पुतली; कठ-पुतली ।

दारु-यन्त्र–ना० [सं०] १. काठको यन्त्र । २. कठ-पुतली ।

दारु-योषा–ना० [सं०] कठ-पुतली ।

दारुहरिद्रा–ना० [सं०] जमानेमान्द्रो ।

दारु-हस्त–ना० [सं०] काठको चमचा वा डाडु ।

दारोगा–ना० [फा० दारोग़ः] प्रवन्धक; व्यवस्थापक (हात्ती-सार, अस्तवल आदिको) ।

दार्ढ्र्य–ना० [सं०] दृढ हुनाको भाव; दृढता ।

दार्दुर–ना० [सं०] १. दाहिने-शङ्ख । २. पानी । (वि०) ३. भ्यागुतो-सम्बन्धी ।

दार्नु–स० क्रि० [दाह्र+नु] दाह्रनु ।

दार्वाघाट–ना० [सं०] लाहाँचे ।

दार्शनिक–ना० [सं०] १. दर्शन-शास्त्रको ज्ञाता; तत्त्व-वेत्ता । (वि०) २. दर्शन-शास्त्र-सम्बन्धी ।

दार्ष्टान्त–वि० [सं०] १. दृष्टान्त भएको; उदाहरणले युक्त । २. दृष्टान्त-सम्बन्धी । ३. दृष्टान्त दिएर बुझाइएको ।

दार्ह्नु–स० क्रि० [दाह्र+नु] दाह्रनु ।

दार्ह्राइ–ना० [दार्ह्र+आइ] दाह्रने किसिम, क्रिया वा भाव; दाह्राइ ।

दार्ह्राइनु–स० क्रि० [दार्ह्राउ+आइ+नु] दाह्रन लाइनु; ('दार्ह्राउनु'-को क० क्रि०) ।

दार्ह्राउनु–स० क्रि० [दार्ह्र+आउ+नु] दार्ह्रन लाइनु; ('दार्ह्नु'-को प्रे० क्रि०) ।

दाल–ना० [सं० दल] १. मास, रहर, चना आदि अनाजको फल्याँटो । २. त्यो पकाएको खानेकुरो; तिहुन ।

दाल-केराउ–ना० [दाल+केराउ] केराउका जातको एक किसिमको दाल; खेसरी ।

दालचीनी–ना० [सं० दारु+चीन (देश)] १. बास्ना आउने पात र गुच्छाकार फूल फुल्ने एक जातको सुगन्धी वृक्ष । २. मसला, औषधी आदिमा प्रयोग हुने त्यसैको गुलियो, पिरो र सुगन्धी बोक्रो ।

दालुके-निहुरो–ना० [ने०] एक जातको निहुरो ।

दाव–ना० [सं०] १. वन; जङ्गल । २. डढ़ेलो; वनमा लागेको आगो । ३. पीडा; क्लेश ।

दावा–ना० [सं० दाव] रोगले वा खान नपाएर पेट सुक्नु ।

दावा–ना० [अ०] कुनै वस्तुमाथि आफ्नो अधिकारको जिकिर गर्नु; हक देखाउनु; दावी ।

दावाग्नि–ना० [सं०] डढ़ेलो; दावानल ।

दावादार–वि० [अ० दाव+दार (फा०)] दावेदार ।

दावानल–ना० [सं०] जङ्गलमा लागेको आगो; डढ़ेलो ।

दावित–वि० [सं०] १. दुःखित; पीडित । २. थिचो-मिचोमा परेको ।

दावेदार–वि० [दावा+ए+दार] दावा गर्ने; दावादार ।

दाश–ना० [सं०] १. माझी; धीवर । २. नोकर; दास ।

दाशरथि–ना० [सं०] दशरथका छोरा (रामचन्द्र, भरत आदि) ।

दास–ना० [सं०] १. किनेको नोकर; कमारो । २. नोकर; चाकर । ३. माझी; धीवर ।

दासक–ना० [सं०] दास ।

दास-ग्राम–ना० [सं०] माझीहरूको गाउँ ।

दासता–ना० [सं०] दास हुनाको भाव; दासत्व; गुलामी ।

दासत्व–ना० [सं०] कमारो हुनाको भाव; दासता ।

दासानुदास–ना० [सं०] १. दासको पनि दास । २. अत्यन्त क्षुद्र नोकर । ३. विनम्र सेवक; विनीत नोकर ।

दासी–ना० [सं०] १. किनेकी नोकर्नी; कमारी । २. चाकर्नी; नोकर्नी ।

दासेय–ना० [सं०] दासीको छोरो; दास-वंशमा उत्पन्न ।

दासेरक–ना० [सं०] १. दासीको छोरो; दासी-पुत्र । २. ऊँट । ३. माझी; धीवर ।

दास्ती–ना० [सं० दासता] १. मिहिनेत; परिश्रम । २. दासत्व; दासता ।

दास्य–ना० [सं०] १. भक्तिका नौ भेदमध्ये एक । २. दासता ।

दाह–ना० [सं०] १. पोल्नु; जलाउनु । २. मुर्दा जलाउने काम; शव-संस्कार । ३. जलन; ताप । ४. अत्यन्त दुःख; सन्ताप । ५. डाहा; ईर्ष्या ।

दाहक–वि० [सं०] १. पोल्ने; जलाउने । २. टट्टाउने; भबाउने । ३. दाग-वत्ती दिने । (ना०) ४. अग्नि । ५. चितु ।

दाह-कर्म–ना० [सं०] मुर्दा पोल्ने काम; दाह-संस्कार ।

दाह-काष्ठ–ना० [सं०] मुर्दा जलाउने दाउरा (श्रीखण्ड अगरु आदि) ।

दाह-क्रिया–ना० [सं०] दाह-संस्कार ।

दाह-ज्वर–ना० [सं०] शरीर ज्यादै तातेर आउने एक प्रकारको जरो; भुङ्ग्रे-जरो ।

दाहन–ना० [सं०] १. पोल्ने काम; दाह गर्ने काम । २. अत्यन्त दुःख दिनु; पीडा दिनु ।

दाह-संस्कार–ना० [सं०] मुर्दा जलाउने काम; दाह-कर्म ।

दाह-स्थल–ना० [सं०] मसान; श्मशान ।

दाह-हर–ना० [सं०] उशीर ।

दाहिनू–वि० [दाहिनो] दाहिनो ।

दाहिने–वि० [दाहिनो+ए] १. दाहिनेतिरको; दायाँ; दक्षिण । २. ईकार (ी) । ३. अनुकूल; सर्दो; सव्य ।

CC-0. In Public Domain. Digitization by eGangotri

दाहिने-हात–ना० [दाहिने+हात] १. कुनै व्यक्तिको विशेष काम गर्ने व्यक्ति; हितैषी। २. दायाँ हात।

दाहिने-वर्त–वि० [सं० दक्षिणावर्त] १. दाहिनेतिर घुमेको; दक्षिणावर्त। (ना०) २. दाहिने-शङ्ख।

दाहिने-शङ्ख–ना० [दाहिने+शङ्ख] दाहिनेतिरबाट रेखाहरू घुमेको शङ्ख; दक्षिणावर्त शङ्ख।

दाहिनो–वि० [प्रा० दाहिणो] १. दायाँ; दाहिने; दक्षिण। (ना०) २. दीर्घ ईकार (ी)।

दाही–वि० [सं० दाहिका] १. दाह गर्ने; जलाउने। २. कष्ट दिने; पीडा गर्ने।

दाह्य–वि० [सं०] जलाउन योग्य; पोल्न योग्य।

दाह्रनु–स० क्रि० [दाह्रो+नु] दाह्राले एक किसिमसँग टोक्नु; दाँतले चिथोर्नु।

दाह्राइ–ना० [दाह्र+आइ] दाह्रने किसिम, क्रिया वा भाव।

दाह्राइनु–स० क्रि० [दाह्राउ+आइ+नु] दाह्रन लाइनु; ('दाह्रनु'-को क० क्रि०)।

दाह्राउनु–स० क्रि० [दाह्र+आउ+नु] दाह्रन लाइनु; ('दाह्रनु'-को प्रे० क्रि०।)

दाह्रिइनु–स० क्रि० [दाह्रि+इ+नु] दाह्रिने काम होइनु; ('दाह्रिनु'-को क० क्रि०।)

दाह्रिनु–स० क्रि० [दाह्र+इ+नु] दाह्राले टोकिनु; ('दाह्रनु'-को क० क्रि०)।

दाह्री–ना० [दाढ़ी] गालादेखि चिउँड़ोसम्म उम्रने रौँ; दाढ़ी।

दाह्रीवाल–वि० [दाह्री+वाल] लामा-लामा दाह्री हुने; लामो पारी दाह्री पालेको।

दाह्रे–वि० [दाह्रो+ए] १. लामा र ठूला दाँत हुने; दाह्रा हुने। २. उछिट्टिएको दाँत हुने; छवाँके।

दाह्रे-हात–ना० [सं० दार+ए+हात] अरूलाई शाप दिंदा काटेको जस्तो अभिनय गर्ने हातको मुद्रा।

दाह्रो–ना० [सं० दंष्ट्रा] १. लामो र ठूलो दाँत; दंष्ट्रा। २. हात्ती, बँदेल आदिका मुखबाहिर निस्केको लामो दाँत। ३. हिंस्रक प्राणीका मुखका दायाँ-बायाँ हुने ठूला र लामा दाँत। ४. उछिट्टिएको दाँत।

दिइनु–स० क्रि० [दि+इ+नु] आफूसँग भएको वस्तु अरूलाई बुझाइनु; ('दिनु'-को क० क्रि०)।

दिउँसो–ना० [दिउसो] दिउसो।

दिउरी–ना० [दिउरो+ई] सानो खालको ताप्के; दिउरे।

दिउरे–ना० [दिउरो+ए] दिउरी; दिउरो।

दिउरो–ना० [ने०] एक प्रकारको सानो ताप्के; दिउरी।

दिउल–ना०[सं० द्वि+दल]मास, रहर, केराउ, चना आदिको फल्याँटो; दाल।

दिउसो–ना० [सं० दिवस] १. बिहान र बेलुकाका बीच दिनको समय; दुइ साँझका बीचको समय। (क्रि० यो०) २. त्यस समयमा; दिनमा।

दिक्–ना० [सं०] दिशा।

दिक–वि० [अ० दिक़] १. दिक्क; हैरान; दिक्दार। २. पीर परेको; चिन्तित; विह्वल। (ना०) ३. चिन्ता; पीर; सुर्ता।

दिक्क–ना० [अ० दिक़] दिक।

दिक्कत–ना० [अ० दिक़्क़त] १. दिक हुनाको भाव; हैरानी; परेशानी। २. कठिनाइ; मुश्किल।

दिक्करी–ना० [सं०] दिग्गज।

दिक्चक्र–ना० [सं०] १. दिशाहरूको समुदाय; दिङमण्डल। २. क्षितिज।

दिक्दार–वि० [अ० दिक़+दार(फा०)] १. दिक्क; खिन्न। २. पीर परेको; चिन्तित।

दिक्दारी–ना० [दिक+दारी] दिक्दार हुनाको भाव; मनको ताप; शोक; खिन्नता।

दिक्पति–ना० [सं०] दिक्पाल।

दिक्पाल–ना० [सं०] पुराणअनुसार दश दिशाका रक्षक देवताहरू (पूर्व दिशाका इन्द्र, आग्नेय दिशाका अग्नि, दक्षिण दिशाका यम, नैर्ऋत्य दिशाका नैर्ऋत, पश्चिम दिशाका वरुण, वायव्य दिशाका मरुत्, उत्तर दिशाका कुबेर, ईशान दिशाका ईश, आकाशका ब्रह्मा र पातालका अनन्त)।

दिक्प्रेक्षण–ना० [सं०] चारैतिर हेर्नु।

दिक्शूल–ना० [सं०] कुनै विशेष दिशातिर जान निषेध गरिएको दिन। (शुक्र र शनि-वारका दिन पश्चिम, मङ्गल र बुध-वारका दिन उत्तर, शनि र सोम-वारका दिन पूर्व तथा बृहस्पति-वारका दिन दक्षिण दिशातिर फलित-ज्योतिष शास्त्रानुसार दिक्शूल मानिएको छ।)

दिक्साधन–ना० [सं०] दिशा थाहा पाउने साधन; कम्पास।

दिगन्त–ना० [सं०] १. दिशाको छेउ; दिशाको अन्त। २. आकाशको छेउ; क्षितिज। ३. चारै दिशा। ४. दशै दिशा।

दिगन्तर–ना० [सं०] १. दुइ दिशाका बीचको ठाउँ; दुइ दिशाको मध्य। २. उपदिशा।

दिगमिग–ना० [ने०] खानेकुरोमा कुनै किसिमको दोष देखिँदा घीन लाग्ने किसिम; दिगमिगाउने किसिम।

दिगमिगाइ–ना० [दिगमिगाउ+आइ] दिगमिगाउने किसिम, क्रिया वा भाव।

दिगमिगाइनु–अ० क्रि० [दिगमिगाउ+इ+नु] दिगमिग लागिनु; ('दिगमिगाउनु'-को भा० क्रि०)।

दिगमिगाउनु–अ० क्रि० [दिगमिग+आउ+नु] खानेकुरोमा दोष देखेर वा शङ्का लागेर घीन उत्पन्न हुनु; दिगमिग लाग्नु; घिनाउनु।

दिगमिगाहट–ना० [दिगमिगाउ+आहट] दिगमिगाउने किसिम, क्रिया वा भाव।

दिगमिगिइनु–अ० क्रि० [दिगमिगि+इ+नु] दिगमिग

CC-0. In Public Domain. Digitization by eGangotri

लागिनु; ('दिगमिगिनु'-को भा० क्रि०)।

दिगमिगिनु–अ० क्रि० [दिगमिगी+इ+नु] दिगमिग लाग्नु; दिगमिगाउनु।

दिगमिगी–ना० [दिगमिग] दिगमिग; घीन।

दिगमिग्याइ–ना० [दिगमिगि+याइ] दिगमिगिने किसिम, क्रिया वा भाव; दिगमिग्याहट।

दिगमिग्याहट–ना० [दिगमिगि+याहट] दिगमिगिने किसिम, क्रिया वा भाव; दिगमिग्याइ।

दिगम्बर–वि० [सं०] १. नाङ्गो; नग्न। २. ठूलो। ३. मोटो-घाटो। (ना०) ४. शिव। ५. जैन मतानुयायी-हरूको एक सम्प्रदाय। ६. नागो; लुगा नलाउने एक थरी जोगी। ७. अँध्यारो; अन्धकार।

दिगम्बरी–ना० [सं०] दुर्गा; काली।

दिगाधिप–ना० [सं०] दिक्पाल।

दिगो–वि० [सं० दीर्घ] १. धेरै दिनसम्म रहने; चिर-स्थायी; खपुवा। (ना०) २. स्थिर।

दिग्गज–ना० [सं०] १. पुराणअनुसार आठ दिशामा रही पृथ्वीलाई थामिराख्ने हात्तीहरू (ऐरावत, पुण्डरीक, वामन, कुमुद, अञ्जन, पुष्पदन्त, सार्वभौम र सुप्रतीक)। (वि०) २. अति ठूलो; साह्रै ठूलो; महान्।

दिग्दर्शक–वि० [सं०] १. दिशा देखाउने; दिशा जनाउने। २. सामान्य परिचय वा ज्ञान गराउने। ३. उदाहरण देखाउने; नमूना देखाउने; दिग्दर्शन गराउने।

दिग्दर्शक-यन्त्र–ना० [सं०] दिशाको ज्ञान गराउने यन्त्र; कम्पास।

दिग्दर्शन–ना० [सं०] १. सामान्य परिचय; सामान्य ज्ञान। २. उदाहरणस्वरूप देखाइएको वस्तु; नमूना। ३. दिशा देखाउने काम।

दिग्दाह–ना० [सं०] सन्ध्याका समयमा दिशाहरूमा आगो लागेजस्तो गरी रातो देखिने एक प्राकृतिक घटना; सगर डढ्ने काम वा दृश्य।

दिग्देवता–ना० [सं०] दिक्पाल।

दिग्ध–वि० [सं०] १. लिपिएको; लिप्त। २. विष लगाएको; विपाक्त।

दिग्भ्रम–ना० [सं०] दिशा भुल्नु; दिशा छुट्ट्याउन नसक्ने हुनु।

दिग्वस्त्र–ना० [सं०] दिगम्बर।

दिग्विजय–ना०[सं०] १. राजाहरूले आफ्नो प्रतिष्ठा स्थापित गर्न देश-देशान्तरमा गई युद्ध गरी जित्ने काम। २. विद्वान्ले देश-देशान्तर घुमी शास्त्रार्थमा जित्ने काम।

दिग्विजयी–वि० [सं०] दिग्विजय गर्ने।

दिङ्क–ना० [सं०] जुम्रा आदि साना कीराको फुल; लीखो।

दिङ्मण्डल–ना० [सं०] दिक्चक्र।

दिज्यू–ना० [दिदी+ज्यू] दिदीलाई सम्मानपूर्वक भनिने शब्द।

दिति–ना० [सं०] १. कश्यप प्रजा-पतिकी पत्नी; दैत्यहरूकी आमा। २. कुनै वस्तुको दुइ वा दुइभन्दा बढ़ी टुक्रा गर्ने काम। ३. दिने व्यक्ति; दाता।

दित्सा–ना० [सं०] दिने इच्छा; दान गर्ने इच्छा।

दित्सु–वि० [सं०] दिन इच्छा गर्ने; दान गर्न इच्छुक।

दिदी–ना० [सं० दायादी] १. आफूभन्दा पहिले जन्मेकी स्त्री; जेठी भगिनी। २. जेठी सौता। ३. जेठानी। ४. जेठानकी स्वास्नी। (वि०) ५. पहिले जन्मेकी।

दिदृक्षा–ना० [सं०] हेर्ने इच्छा।

दिदृक्षु–वि० [सं०] हेर्न इच्छा गर्ने; दर्शनको अभिलाषी।

दिधिषु–ना० [सं०] एक जनासित विवाह भइसकेकी स्त्रीसित विवाह गर्ने पुरुष; पुनर्भू-पति।

दिधिषू–ना० [सं०] १. दोस्रो विवाह भएकी स्त्री; द्विरूढा; पुनर्भू। २. दिदीको विवाह नहुँदै विवाह भएकी स्त्री।

दिधिषू-पति–ना० [सं०] भाउज्यू राख्ने पुरुष; भाउज्यू-लाई स्वास्नी तुल्याउने पुरुष।

दिन–ना० [सं०] १. सूर्य उदाएदेखि अस्ताउन्जेलसम्मको समय; दिउँसो; दिवस। २. एक सूर्योदयदेखि अर्को सूर्योदय नहुन्जेलसम्मको समय; चौबीस घण्टा वा आठ प्रहरको समय; रोज; मिति। ३. समय; काल; वखत। ४. नियत समय; उपयुक्त काल। ५. निर्धारित विशेष समय; निश्चित अवधि। ६. दिन-दशा।

दिन-कटनी–ना० [दिन+काट्] दिन बियाँल्ने कम; वसी-बियाँलो; दिन काट्ने काम।

दिनकर–ना० [सं०] १. सूर्य। २. आँक।

दिन-गन्ती–ना० [दिन+गन्ती] दिनको गणना; प्रतिदिनको हिसाब।

दिन-चर्या–ना० [सं०] १. दिनभरमा गरिने काम; नित्य-कर्म। २. दिनभरको कार्य-क्रम।

दिनचारी–ना० [सं०] सूर्य।

दिन-दशा–ना० [सं० दिन+दशा] ज्योतिष-शास्त्रानुसार ग्रह-नक्षत्रको स्थितिबाट मानिसलाई हुने दैनिक शुभाशुभ फल; ग्रह-गतिको प्रभावले मानिसलाई लाग्ने दैनिक दशा।

दिन-नाथ–ना० [सं०] सूर्य।

दिन-मणि–ना० [सं०] सूर्य।

दिन-मल–ना० [सं०] महीना; मास।

दिन-मान–ना० [सं०] सूर्योदयदेखि सूर्यास्तसम्मको समय।

दिन-मुख–ना० [सं०] बिहानको समय; प्रातःकाल।

दिन-यौवन–ना० [सं०] मध्याह्नको समय।

दिन-रात–क्रि० यो०[दिन+रात] १. रात र दिन; अहोरात्र। २. हरवखत; सधैँ; निरन्तर।

दिन-शेष–ना० [सं०] साँझ; सायङ्काल।

दिनहुँ–ना० [सं० दिन+अहन्] दिन-दिन; प्रतिदिन।

दिनाई–ना० [हिं०] दाद।

दिनाङ्क–ना० [सं०] मिति; तारीख।

CC-0. In Public Domain. Digitization by eGangotri

दिनात्यय–ना० [सं०] सूर्यास्त।
दिनाधीश–ना० [सं०] सूर्य।
दिनान्त–ना० [सं०] साँझ; सायङ्काल।
दिनान्तक–ना० [सं०] अन्धकार।
दिनान्ध–वि० [सं०] १. दिउँसो आँखा नदेख्ने; दिवान्ध। (ना०) २. लाटोकोसेरो।
दिनिका–ना० [सं०] एक दिनको ज्याला; दिनभरको मजदूरी।
दिनु–स०क्रि०[सं०दा+नु] १. आफूसँग भएको वस्तु अरूलाई-बुझाउनु; सुम्पनु। २. दान गर्नु; अर्पण गर्नु। ३. टक्र्या-उनु; चढ़ाउनु। ४. कुनै क्रियाका साथ लागी अनुमति, अधिकार, उपेक्षा आदि बुझाउने एक क्रिया। (यो जोड़िँदा ईकारान्त शब्द इकारान्त हुन्छ। (उदा०-खाइदिनु, गरि-दिनु, भनिदिनु, आदि।)
दिने–वि० [दिन+ए] दिनको; दिन-सम्बन्धी।
दिनेश–ना० [सं०] सूर्य।
दिनौंधी–ना० [दिन+आँधो+ई] दिउँसो आँखा नदेख्ने एक रोग; दिवान्ध हुने रोग।
दिपाङ-ताल–ना० [ने०] नेपालको पोखरा जिल्लामा रहेको एक ताल।
दिमाग–ना० [अ० दिमाग] १. गिदी; मस्तिष्क; मगज। २. मानसिक शक्ति; बुद्धि। ३. अभिमान; घमन्ड; शेखी।
दिमागदार–वि० [अ० दिमाग़+दार (फा०)] १. दिमाग भएको; समझदार। २. घमन्डी; दिमागी।
दिमागी–वि० [अ० दिमाग़ी] १. दिमाग-सम्बन्धी; मस्तिष्कको। २. अभिमानी; घमन्डी। ३. दिमाग भएको; समझदार।
दियाल-तेल–ना० [दियालो+तेल] दियालाको खोटोबाट बन्ने तेल; तारपीन तेल।
दियाले–वि० [दियालो+ए] दियालो-सम्बन्धी; दियालाको।
दियाले-काठ–ना० [दियाले+काठ] एक जातको सल्लो, खोटे-सल्लो।
दियाले-चरो–ना० [दियाले+चरो] एक जातको चरो।
दियाले-च्याउ–ना० [दियालो+च्याउ] जमीनमा उम्रने, पहेँलो रङ्गको छोटो डाँठ हुने डल्लाकार एक जातको खान हुने च्याउ।
दियालो–ना० [सं० दीप+आलोक] खोटे-सल्लाको चुरो। (यो बालेर बत्तीको काम लिइन्छ।)
दिया-सलाई–ना० [सं० दीप+शलाका] सलाई।
दियो–ना० [सं० दीप] १. तिल, तोरी आदिको तेल हाली बत्ती बाल्ने धातु वा माटाको भाँड़ो; दीप-दानी। २. बत्ती; दीपक।
दिल–ना० [फा०] १. मन; चित्त; अन्तःकरण। २. हृदय; मुटु।
दिल-खुश–वि० [फा०] मनलाई प्रसन्न पार्ने; दिललाई आनन्द दिने।
दिलचस्प–वि० [फा०] मनपर्दो; मनोरञ्जक; मनोहर; चित्ताकर्षक।
दिलचस्पी–ना० [फा०] १. अभिरुचि; इच्छा; रुचि। २. मनलाई आकृष्ट गर्ने कुनै वस्तुमा भएको गुण; चित्ता-कर्षक गुण वा भाव।
दिलदार–वि० [फा०] १. उदार; दाता; मनस्वी। २. रसिक; गुण-ग्राही। ३. प्रेमी।
दिल-बहलाउ–ना० [दिल+बहलाउ] १. दिल बहलाउने काम; मनोरञ्जन। २. लहड़बाजी; आमोद-प्रमोद।
दिल-बहार–ना० [फा०] १. दिल-बहलाउ; आमोद-प्रमोद। २. मनोहर चीज। ३. एक किसिमको रङ्ग। (वि०) ४. मनोरञ्जक; चित्ताकर्षक।
दिलरुबा–ना० [फा०] १. सितारजस्तो, रेटेर बजाउने र सोह्र तार हुने एक प्रकारको बाजा। २. प्रेमिका।
दिलाइ–ना० [दिलाउ+आइ] दिलाउने किसिम, क्रिया वा भाव।
दिलाइनु–स० क्रि० [दिलाउ+इ+नु] दिन लाइनु; ('दिलाउनु'-को क० क्रि०)।
दिलाउनु–स० क्रि० [दि+लाउ+नु] दिन लाउनु; प्राप्त गराउनु; ('दिनु'-को प्रे० क्रि०)।
दिलाप–ना० [नेवा०] बेतालले छुट्टयाइने खापाका बीचको खण्ड।
दिलासा–ना० [फा० दिल+आशा (सं०)] १. आश्वासन; ढाड़स। २. आड़-भरोसा; भरोसा। ३. सान्त्वना।
दिलोज्यान–ना० [दिल+ज्यान] सकेसम्मको प्रयत्न; हर सम्भव कोशिश; तन-मन।
दिल्लगी–ना० [फा०] मन बहलाउने वा हँसाउने कुरो; ख्याल-ठट्टा।
दिल्लगीबाज–ना० [दिल्लगी+बाज़ (फा०)] हँसी-दिल्लगी गर्ने व्यक्ति; ठटचौलो मानिस।
दिल्लगीबाजी–ना० [दिल्लगी+बाज़ (फा०)+ई] हाँस-खेल; दिल्लगी; ख्याल-ठट्टा।
दिल्ली–ना० [प्रा० ढिल्ली] भारत देशको राजधानी।
दिव–ना० [सं०] १. स्वर्ग। २. आकाश। ३. दिन। ४. जङ्गल।
दिवङ्गत–वि० [सं०] १. स्वर्ग-वास भएको; स्वर्गारोहण गरेको। २. मृत; मृत्यु भएको।
दिवङ्गम–वि० [सं०] स्वर्ग जाने; स्वर्ग-गामी।
दिवस–ना० [सं०] दिन; दिउँसोको समय; वासर।
दिवा–ना० [सं०] दिन; दिवस।
दिवाइ–ना० [दि+आइ] दिने किसिम, क्रिया वा भाव; देवाइ; सुम्पाइ।
दिवाकर–ना० [सं०] सूर्य।
दिवा-कीर्ति–ना० [सं०] १. चाण्डाल। २. नाऊ। ३. लाटो-

CC-0. In Public Domain. Digitization by eGangotri

कोसेरो।

दिवान्ध–वि० [सं०] १. दिउँसो आँखाले नदेख्ने; दिनौँधी भएको।(ना०) २. लाटोकोसेरो। ३. दिनौँधीको रोग।

दिवाभिसारिका–ना० [सं०] प्रेमीसित दिउँसै भेट गर्न सङ्केत-स्थानमा जाने नायिका।

दिवालगीर–ना० [फा० दीवारगीर] बत्ती वा अरू वस्तुहरू राख्नाका निमित्त भित्तामा जड़िएको तख्ता।

दिवाला–ना० [हिं०] ऋण तिर्न नसक्ने गरी गिरेको आर्थिक अवस्था; टाट उल्टेको अवस्था।

दिवालिया–वि० [हिं०] दिवाला पल्टेको; टाट उल्टेको।

दिवाशय–वि० [सं०] दिउँसो सुत्ने।

दिवा-स्वप्न–ना० [सं०] १. दिउँसो जाग्रत अवस्थामै मनमा उठ्ने स्वप्नजस्ता अनेक असम्भव कल्पना। २. दिउँसो सुत्नु। ३. दिउँसै स्वप्न देख्नु।

दिव्य–वि०[सं०]१.स्वर्ग-सम्बन्धी;स्वर्गीय। २. आकाशको; आकाश-सम्बन्धी। ३. अलौकिक। ४. दैवी; देवोचित। ५. चहकिलो; प्रकाशमान। ६. अति सुन्दर; भव्य। ७. असल; उत्तम। (ना०) ८. तीन प्रकारका नायक-मध्ये एक (इन्द्र, राम, कृष्ण आदि)। ९. मानिसलाई दोषी वा निर्दोष छुट्टयाउन अग्नि, जल, विष आदिद्वारा गरिने एक प्राचीन परीक्षा। १०. किरिया; शपथ। ११. आकाशमा हुने एक उत्पात।

दिव्य-चक्षु–ना० [सं०] १. गुप्त वा अदृश्य वस्तु देख्न सक्ने अलौकिक दृष्टि; दिव्य-दृष्टि; ज्ञान-दृष्टि। (वि०) २. राम्रा आँखा हुने। ३. अन्धो; प्रज्ञा-चक्षु।

दिव्य-दृष्टि–ना० [सं०] दिव्य-चक्षु।

दिव्य-नारी–ना० [सं०] स्वर्गीय स्त्री; अप्सरा।

दिव्य-पञ्चामृत–ना० [सं०] दूध, दही, घिउ, मह र चीनी–यी पाँच पदार्थबाट तयार हुने अमृत।

दिव्य-परीक्षा–ना० [सं०] प्राचीन कालमा अभियुक्तको दोष छ वा छैन भनी जाँच्नाका निमित्त उसलाई आगो वा पानीमा हाली अथवा उसमा विष-प्रयोग गरी अथवा हिंस्रक जन्तुका अगाड़ि राखी बाँचेमा निर्दोष र मरे वा मारिएमा दोषी ठहराइने भाग्यवादी परीक्षा।

दिव्य-पुरुष–ना० [सं०] अलौकिक पुरुष; स्वर्गीय पुरुष (देवता, यक्ष, गन्धर्व आदि)।

दिव्य-रत्न–ना० [सं०] मनले चिताएको कुरा पुऱ्याउने कल्पित मणि; चिन्तामणि।

दिव्य-रथ–ना० [सं०] देवताहरूको विमान।

दिव्य-रस–ना० [सं०] पारो।

दिव्य-वस्त्र–ना० [सं०] १. सूर्यको प्रकाश। २. तारा-मण्डल फूल। (वि०) ३. राम्रो लुगा लाउने।

दिव्य-वाक्य–ना० [सं०] आकाश-वाणी।

दिव्य-सरित्–ना० [सं०] आकाश-गङ्गा।

दिव्य-स्त्री–ना० [सं०] १. अप्सरा। २. देवाङ्गना।

दिव्यांशु–ना० [सं०] सूर्य।

दिव्या–ना० [सं०] १. लोकोत्तर गुणले युक्त नायिका; नायिकाका तीन भेदमध्ये एक। २. अमला।

दिव्याङ्गना–ना० [सं०] १. स्वर्गीय स्त्री; अप्सरा। २. देवताका स्त्री; देव-वधू।

दिव्यादिव्य–ना० [सं०] १. तीन प्रकारका नायकमध्ये एक। २. देवताका गुणले युक्त मनुष्य। (उदा०–अर्जुन, नल, अभिमन्यु आदि।)

दिव्यास्त्र–ना० [सं०] १. देवताले प्रयोग गर्ने अस्त्र। २. मन्त्र-बलले चलाइने हतियार। (उदा०–आग्नेय, ब्रह्म, वायव्य आदि।)

दिव्यौषधि–ना० [सं०] मनःशिला।

दिश्–ना० [सं०] दिशा।

दिशा–ना० [सं०] १. तिर; तर्फ। २. क्षितिज-मण्डलका कल्पित चार विभाग (पूर्व, पश्चिम, दक्षिण र उत्तर)। ३. दश-दिशा।

दिशावकाश–ना० [सं०] १. दुइ दिशाका बीचको भाग। २. उपदिशा।

दिश्य–वि० [सं०] दिशा-सम्बन्धी; दिशाको।

दिष्ट–ना० [सं०] १. भाग्य; प्रारब्ध। २. आदेश; आज्ञा। ३. उद्देश्य। ४. समय। (वि०) ५. नियत; निश्चित।

दिसा–ना० [ने०] झाड़ा; विष्ठा; गुहु।

दीक्षक–ना० [सं०] दीक्षा दिने व्यक्ति; दीक्षा-गुरु; मन्त्र सुनाउने गुरु।

दीक्षण–ना० [सं०] दीक्षा दिने काम।

दीक्षा–ना०[सं०]१. सङ्कल्पपूर्वक गरिने कुनै यज्ञको अनुष्ठान; यजन। २. गुरु वा आचार्यबाट दिइने मन्त्रोपदेश। ३. तन्त्रोक्त विधिले कुनै देवताको मन्त्र-ग्रहण गर्ने काम। ४. उपनयन संस्कार।

दीक्षा-गुरु–ना० [सं०] दीक्षा-मन्त्र सुनाउने गुरु।

दीक्षान्त–ना० [सं०] १. गरेका यज्ञको त्रुटिको शान्ति गर्नाका निम्ति गरिने अवभृथ स्नान; यज्ञान्त-स्नान। २. कुनै विश्व-विद्यालयको अध्ययन-अवधिको समाप्ति; अध्ययनको समाप्ति।

दीक्षान्त-भाषण–ना० [सं०] कुनै विश्व-विद्यालयस्नाले तक-हरूलाई उपाधि वा प्रमाण-पत्र वितरण गर्ने समयमा प्रमुख व्यक्तिद्वारा दिइने भाषण।

दीक्षान्त-समारोह–ना० [सं०] कुनै विश्व-विद्यालयले आफ्ना स्नातकहरूलाई उपाधि वा प्रमाण-पत्र वितरण गर्ने अवसरको महोत्सव; समावर्तन।

दीक्षित–वि० [सं०] १. दीक्षा लिएको; दीक्षा प्राप्त गरेको। २. सङ्कल्पपूर्वक यज्ञ आरम्भ गर्ने।

दीठ–ना० [प्रा० डिट्ठि] १. दृष्टि; हेराइ। २. आँखा; नजर।

दीधिति–ना० [सं०] १. किरण; रश्मि। २. औंलो।

CC-0. In Public Domain. Digitization by eGangotri

दीन–वि० [सं०] १. निर्धन; दरिद्र। २. दुःखी। ३. सन्तप्त। ४. नम्र; विनीत। ५. दयनीय।
दीनता–ना० [सं०] दीन हुनाको भाव; दरिद्रता; दैन्य।
दीन-दयालु–वि० [सं०] १. दीन-दुःखीहरूउपर दया गर्ने। (ना०) २. परमेश्वर।
दीन-नाथ–ना० [सं०] दुःखीहरूका रक्षक; ईश्वर।
दीन-बन्धु–वि० [सं०] १. दीन-दुःखीहरूको सहायता गर्ने। (ना०) २. परमेश्वर।
दीन-वत्सल–वि० [सं०] दीन-दयालु।
दीनानाथ–वि० [दीन-नाथ] दीन-नाथ।
दीनार–ना० [सं०] १. सुनको सिक्का; असर्फी। २. सुनको गहना।
दीप–ना० [सं०] १. बत्ती; दीपक। २. चिराक; मशाल। ३. कुनै कुल वा वर्गको श्रेष्ठ पुरुष।
दीपक–ना० [सं०] १. बत्ती; दीप। २. प्रस्तुत र अप्रस्तुत वस्तुको एउटै धर्म वर्णन गरिने एक काव्यालङ्कार। ३. मध्यम तीव्र गरेर निषाद वर्जित गरी बाँकी स्वरहरूलाई शुद्ध रूपमा ल्याई शास्त्रानुसार रात्रिको प्रथम प्रहर र वसन्त ऋतुमा हर समयमा गाइने षाडव जातिको एक राग। (वि०) ४. उज्ज्वल पार्ने; तेजिलो पार्ने।
दीप-किट्ट–ना० [सं०] मोसो।
दीप-कूपी–ना० [सं०] बत्ती बाल्ने भाँड़ो; टुकी।
दीपङ्कर–ना० [सं०] मध्य-कालमा भारतबाट नेपाल हुँदै भोटमा गई जीवन विताउने तन्त्रवादी बौद्धाचार्य।
दीप-दान–ना० [सं०] आराध्य देवताका अगिल्तिर बत्ती बाल्नु; आरती गर्नु।
दीप-दानी–ना० [सं० दीप+दानी] बत्ती बाल्ने भाँड़ो; पानस।
दीपन–ना० [सं०] १. उज्यालो पार्ने काम; प्रकाशमान पार्ने काम। २. पेटको अग्नि प्रदीप्त गर्ने काम; पाचन-शक्ति बढ़ाउने काम। ३. उत्तेजित गर्नु।
दीपनीय–वि० [सं०] १. उज्यालो पार्न योग्य; प्रकाशमान तुल्याउन लायक। २. उत्तेजित्त गर्न योग्य; तेजिलो पार्न योग्य।
दीप-माला–ना० [सं०] बत्तीको पङ्क्ति वा श्रेणि; दीपावली।
दीप-मालिका–ना० [सं०] १. दीप-माला। २. दीपावली।
दीप-शिखा–ना० [सं०] बत्तीको ज्वाला।
दीप-स्तम्भ–ना० [सं०] १. पानस; दीपाधार। २. फेददेखि टुप्पोसम्म चारैतिर अनेक बत्ती बाल्नाका निमित्त बनाएको दीपाकार स्तूप। ३. जहाजको मार्ग-निर्देशन गर्न वा खतराबाट जोगाउनाका निमित्त बत्ती बालिने अग्लो स्तम्भ; प्रकाश-स्तम्भ।
दीपाङ्कुर–ना० [सं०] बत्तीको ज्वाला; दीप-शिखा।
दीपाधार–ना० [सं०] पानस; दीप-स्तम्भ।
दीपावलि–ना० [सं०] दीपावली।
दीपावली–ना० [सं०] १. बत्तीको पङ्क्ति; दीप-माला। २. कार्तिक कृष्ण औंसीका दिन घर-घरमा बत्ती बालेर मनाइने उत्सव। ३. खुशीयालीका अवसरमा धेरै बत्तीहरू बालेर मनाइने उत्सव।
दीपिका–ना० [सं०] सानो बत्ती।
दीपित–वि० [सं०] १. दीप्त; प्रज्ज्वलित। २. उत्तेजित।
दीपी–वि० [सं०] १. जल्दो; बलेको। २. उज्ज्वल।
दीपोत्सव–ना० [सं०] दीपावली।
दीप्त–वि० [सं०] १. बलेको; प्रदीप्त। २. चह्किलो; चम्किलो। (ना०) ३. सुन। ४. अग्नि।
दीप्तिमान्–वि० [सं०] १. दीप्ति-युक्त; प्रकाशमान। २. कान्ति-युक्त; तेजस्वी।
दीप्ति–ना० [सं०] १. प्रभा; द्युति; चमक। २. कान्ति; तेज। ३. शोभा; छवि।
दीप्तोपल–ना० [सं०] सूर्य-कान्त मणि।
दीप्यमान्–वि० [सं०] प्रकाशमान; उज्ज्वल।
दीप्र–वि० [सं०] १. चम्किलो; प्रकाशमान। (ना०) २. अग्नि।
दीयत–ना० [अ०] ज्यान-मारासित मारिनेका परिवारले लिने दण्डस्वरूप धन; ज्यानको हर्जाना रकम।
दीर्घ–वि० [सं०] १. लामो; लम्बा; विस्तृत। २. ठूलो; विशाल।
दीर्घ-काय–वि० [सं०] ज्यादै ठूलो; बड़ेमाको; विशाल।
दीर्घ-जीवी–वि० [सं०] धेरैदिनसम्म बाँच्ने; चिरञ्जीवी; दीर्घायु।
दीर्घ-तपा–वि० [सं०] धेरै कालसम्म तपस्या गरेको।
दीर्घ-निःश्वास–ना० [सं०] शोक वा दुःखको कारणले निस्कने लामो श्वास; सुस्केरो।
दीर्घ-निद्रा–ना० [सं०] चिर-निद्रा; महानिद्रा; मृत्यु।
दीर्घ-बाहु–वि० [सं०] घुँडासम्म पुग्ने लामा-लामा हात हुने; आजानु-बाहु।
दीर्घ-रोहिषक–ना० [सं०] रानी-बाबियो।
दीर्घ-शङ्का–ना० [सं०] दिसा गर्ने काम; विष्ठा-त्याग।
दीर्घ-सत्र–ना० [सं०] १. धेरै दिनसम्म भइरहने यज्ञ। २. जीवनभर गरिने अग्नि-होत्र। (वि०) ३. हरेक काम ढीलोसँग गर्ने; जुम्सो; दीर्घ-सूत्री।
दीर्घ-सूत्रता–ना० [सं०] दीर्घ-सूत्री हुनाको भाव; जुम्स्याइ; ढीलोपन।
दीर्घ-सूत्री–वि० [सं०] जुनसुकै काम पनि ज्यादै ढीलोसित गर्ने; जुम्सो।
दीर्घ-सेवा-पट्ट–ना० [सं०] नियत अवधिसम्म अविच्छिन्न रूपले सेवा गर्ने सरकारी कर्मचारीलाई दिइने नेपालको एक राष्ट्रिय तक्मा। (यो तक्मा जङ्गी कर्मचारीले पच्चीस वर्ष र निजामती कर्मचारीले छत्तीस वर्ष निरवच्छिन्न सेवामा रहेपछि पाउँछन्।)
दीर्घ-स्वर–ना० [सं०] दुइ मात्रा भएको स्वर (आ, ई, ऊ,

CC-0. In Public Domain. Digitization by eGangotri

ऋ, ऌ, ए, ऐ, ओ, औ, अं तथा अः)।

दीर्घाकार–वि० [सं०] बड़ेमाको; ठूलो आकारको।

दीर्घायु–वि० [सं०] लामो आयु भएको; धेरै दिनसम्म बाँच्ने; चिर-जीवी।

दीर्घायुष्य–वि० [सं०] दीर्घायु।

दीर्घिका–ना० [सं०] १. सानो तलाउ; जलाशय। २. कूवा; पनेरो।

दीर्ण–वि० [सं०] १. फाटेको; च्यातिएको। २. टुटेको; फुटेको।

दीवानी–ना० [फा०] १. धन-माल-सम्बन्धी मुद्दा-मामिला हेर्ने अड्डा; देवानी। २. धन-माल-सम्बन्धी मुद्दा।

दुः–अव्य० [सं०] नाम शब्दका अगाड़ि लागेर खराब, निन्दित आदि अर्थ बुझाउने एक उपसर्ग। (उदा०–दुःस्वप्न, दुःशासन इत्या०।)

दुःख–ना० [सं०] १. कष्ट; क्लेश। २. पीडा; वेदना।

दुःख-कर–वि० [सं०] दुःख दिने; दुःख-दायक।

दुःख-त्रय–ना० [सं०] आधिभौतिक, आधिदैविक र आध्यात्मिक–यी तीन प्रकारका दुःख।

दुःखद–वि० [सं०] दुःख दिने; दुःख-दायी।

दुःख-दायक–वि० [सं०] दुःख दिने; दुःख-कर।

दुःखदायी–वि० [सं०] दुःख-दायक; दुःख-कर।

दुःखपूर्ण–वि० [सं०] दुःखले परिपूर्ण; दुःखमय।

दुःख-प्रद–वि० [सं०] दुःखद।

दुःख-प्राय–वि० [सं०] अधिक मात्रामा दुःख भएको; दुःख-पूर्ण।

दुःख-बहुल–वि० [सं०] धेरै दुःख पाएको; दुःख-प्राय; दुःख-पूर्ण।

दुःखमय–वि० [सं०] दुःखै-दुःखले भरेको; दुःखपूर्ण।

दुःख-लभ्य–वि० [सं०] मुश्किलले मात्र पाउन सकिने; दुर्लभ; दुष्प्राप्य।

दुःख-लोक–ना० [सं०] संसार; जगत्।

दुःख-शान्ति–क्रि० यो० [सं०] १. दुःख गरेअनुसार; मिहिनेत-अनुसार। (ना०) २. पारिश्रमिक; ज्याला।

दुःख-शील–वि० [सं०] धेरै दुःख भोगेको; दुःखको धेरै अनुभव गरिसकेको।

दुःख-सागर–ना० [सं०] १. दुःखको समुद्र। २. संसार।

दुःख-साध्य–वि० [सं०] कठिनसित मात्र सिद्ध गर्न सकिने; दुःसाध्य।

दुःखातीत–वि० [सं०] दुःखबाट मुक्त भएको; सदा सुखी।

दुःखान्त–वि० [सं०] १. दुःखपूर्ण अन्त भएको; दुःखमय परिणाम भएको। २. अन्तिम घटना दुःख-पूर्ण वा करुण रस-युक्त भएको (नाटक, कहानी आदि)। (ना०) ३. दुःखको अन्त; दुःखको समाप्ति।

दुःखान्वित–वि० [सं०] दुःखमा परेको; दुःखार्त।

दुःखायतन–ना० [सं०] संसार; जगत्।

दुःखार्त–वि० [सं०] कष्टमा परेको; दुःखी।

दुःखित–वि० [सं०] दुःख पाएको; दुःखी; पीडित; हैरान।

दुःखिनी–वि० [सं०] दुःखमा परेकी; दुःखी (स्त्री)।

दुःखी–वि० [सं०] कष्ट पाएको; दुःखित।

दुःखी-दरिद्र–ना० [सं०] दीन-हीन; गरीब-गुरुवा।

दुःखी-दरिद्री–वि० [दुःखी-दरिद्र] दुःखी-दरिद्र।

दुःशकुन–ना० [सं०] खराब शकुन; अनिष्ट-सूचक लक्षण।

दुःशासन–वि० [सं०] १. मुश्किलसित मात्र वशमा आउने। (ना०) २. खराब शासन। ३. दुर्योधनको एक भाइ।

दुःशील–वि० [सं०] १. खराब बानी-बेहोरको; खराब स्वभावको। २. उद्धत। ३. पापी; दुराचारी।

दुःश्रव–वि० [सं०] १. सुन्दा अप्रिय लाग्ने; कर्ण-कटु। (ना०) २. सुन्दा कानमा कटु वा अप्रिय लाग्ने काव्यको एक दोष।

दुष्कर–वि० [सं०] कठिनसित गर्न सकिनेः दुःसाध्य।

दुःसङ्ग–ना० [सं०] खराब सङ्गत; कुसङ्गति।

दुःसह–वि० [सं०] सहिनसक्नु; असह्य; सहन कठिन।

दुःसाध–वि० [सं०] दुःसाध्य।

दुःसाध्य–वि० [सं०] १. मुश्किलसित मात्र सिद्ध गर्न सकिने; दुष्कर। २. असाध्य।

दुःसाहस–ना० [सं०] १. असम्भव वा दुष्कर काम गर्न देखाइएको साहस। २. व्यर्थको साहस। ३. गर्न नहुने कुरोमा गरिएको आँट; अनुचित साहस। ४. धृष्टता।

दुःसाहसिक–वि० [सं०] १. साहस गर्न नहुने (काम)। २. अनैतिक वा अधार्मिक काम-कुरोमा साहस गर्ने। (ना०) ३. डाँकू। ४. चोर। ५. दुश्चरित्र व्यक्ति; पर-स्त्री-गामी।

दुःसाहसी–वि० [सं०] दुःसाहस गर्ने; व्यर्थको काममा आँट देखाउने।

दुःस्थ–वि० [सं०] १. अवस्था खराब भएको; दुर्दशामा परेको। २. गरीब; निर्धन। ३. मूर्ख।

दुःस्पर्श–वि० [सं०] १. छुन नहुने; अछूत; छुन अयोग्य। २. छुन नसकिने। (ना०) ३. काउछो। ४. थाकल।

दुःस्पर्शा–ना० [सं०] १. काउछो। २. सिस्नु। ३. थाकल।

दुःस्वप्न–ना० [सं०] १. खराब स्वप्न; खराब फल दिने सपना। २. गर्न नसक्ने वा हुन नसक्ने काम-कुरोको कामना।

दुःस्वभाव–वि० [सं०] १. खराब स्वभावको; दुःशील; दुष्ट। (ना०) २. खराब स्वभाव; दुष्ट-प्रकृति।

दुइ–ना० [प्रा०] १. एक र एकको योग-सङ्ख्या; २-को अङ्क। (वि०) २. एक र एकका जम्मा सङ्ख्याको।

दुइ-चम्के–ना० [दुइ+चम्को+ए] सट्टा-पट्टा गरेर गरिने विवाह; छोरी-बेटी साटेर गरिने विवाह।

दुइ-छापे–वि० [दुइ+छाप+ए] श्री ३ महाराज र कमान्डर-इन्-चीफका छाप लागेको (सनद)।

दुइ-जिब्रे–वि० [दुइ+जिब्रो+ए] १. कुरो वा बोलीको ठेगान नभएको; जमान बदल्ने। २. दुइटा जिब्रा हुने। (ना०) ३. सर्प

CC-0. In Public Domain. Digitization by eGangotri

दुइ वटा। दुइ वटा।

दुइटा–वि० [दुइ+वटा] दुइ वटा।

दुइ-मुखे–वि० [दुइ+मुख+ए] १. दुइटा मुख हुने (सर्प, रुद्राक्ष आदि)। २. बोलीको ठेगान नभएको; दुइ-जिभ्रे।

दुइ-मुरे–वि० [दुइ+मुर+ए] १. दो-मन गर्ने; चित्त स्थिर नभएको। २. कुनै कुरा पनि निश्चय गर्न नसक्ने।

दुई–ना० [दुइ] दुइ।

दुकान–ना० [फा०] पसल।

दुकानदार–ना० [फा०] पसले।

दुकानदारी–ना० [फा०] १. दुकानदारको पेशा वा काम। (वि०) २. दुकानदार-सम्बन्धी।

दुकूल–ना० [सं०] १. पछ्यौरा। २. कपड़ा। ३. रेशमी वस्त्र।

दुख–ना० [सं० दुःख] दुःख।

दुख-जिलो–ना० [सं० दुःख+जीवन] दुःखसँग जीविका गर्ने काम; जसो-तसो निर्वाह गर्ने काम।

दुखाइ–ना० [दुखाउ+आइ] दुख्ने किसिम, क्रिया वा भाव।

दुखाइ–ना० [दुख्+आइ] दुखाउने किसिम, क्रिया वा भाव।

दुखाइनु–स० क्रि० [दुखाउ+इ+नु] दुख्ने गराइनु; यातना दिइनु; ('दुखाउनु'-को क० क्रि०)।

दुखाउनु–स० क्रि० [दुख्+आउ+नु] दुख्ने गराउनु; पीडा दिनु; यातना दिनु; ('दुख्नु'-को प्रे० क्रि०)।

दुखिनु–अ० क्रि० [दुख्+इ+नु] दुःख होइनु; पीडा होइनु; ('दुख्नु'-को भा० क्रि०)।

दुखी–वि० [सं० दुःखी] दुःखी।

दुखेसो–ना० [दुःख+एसो] १. मानसिक दुःख। २. दुःखका कुराहरू। ३. दुख-जिलो; दुःखी जीवन।

दुख्नु–अ० क्रि० [दुःख+नु] १. मानसिक वा शारीरिक कष्ट हुनु; पीडा हुनु; दुःख हुनु। २. बिरामी हुनु।

दुख्याहा–वि० [दुःख+याहा] १. दुःख-जिलो गरेर जीवन-निर्वाह गर्ने; दुःखी जीवन बिताउने। २. अभागी; भाग्य-हीन।

दुगुना–वि० [दुइ+गुना] दुइ गुना; दोबर।

दुगुराइ–ना० [दुगुर+आइ] दुगुर्ने किसिम, क्रिया वा भाव; दौड़ाइ।

दुगुराइ–ना० [दुगुराउ+आइ] दुगुराउने किसिम, क्रिया वा भाव; दौड़ाइ।

दुगुराइनु–स० क्रि० [दुगुराउ+आइ+नु] दौड़ाइनु; कुदाइनु; ('दुगुराउनु'-को क० क्रि०)।

दुगुराउनु–स० क्रि० [दुगुर्+आउ+नु] १. दौड़ाउनु; कुदाउनु। २. भगाउनु।

दुगुरादुगर–ना० [दुगुर्+दुगुर्] दगुरादगुर; दौड़ादौड़।

दुगुरिनु–अ० क्रि० [दुगुर+इ+नु] दौड़िनु; कुदिनु; ('दुगुर्नु'-को भा० क्रि०)।

दुगुर्नु–अ० क्रि० [सं० द्रुत+गति] द्रुत गतिले हिँड्नु; दौड़नु; कुद्नु।

दुग्ध–ना० [सं०] १. दूध। (वि०) २. दुहेको।

दुग्ध-फेनी–ना० [सं०] गोठाले-साग।

दुग्ध-समुद्र–ना० [सं०] पुराण-प्रसिद्ध सात समुद्रमध्ये एक; क्षीर-सागर।

दुग्धिका–ना० [सं०] दूधे-झार।

दुग्धी–वि० [सं०] १. दूध भएको; दुग्ध-युक्त। (ना०) २. दूधे-घाँस।

दुङदुङ–क्रि० यो० [अनु०] १. लट्ठीले वा मुड्की बेसरी हान्ने वा ठटाउने किसिम। २. त्यसरी हान्दा शब्द आउने किसिम। ३. शब्द आउने गरी धमाधम हिँड्ने किसिम। ४. तोप, बन्दूक आदि धमाधम पड्कने किसिम। ५. धमाधम लड्ने वा पछारिने किसिम।

दुङदुङती–क्रि० यो० [दुङदुङ+ती] दुङदुङ।

दुङदुङी–क्रि० यो० [दुङदुङ+ई] दुङदुङ।

दुच्छर–वि० [सं० दुश्चर] १. मुखाले; दुर्मुखा। २. दुष्ट स्वभावको।

दुण्डुक–वि० [सं०] १. बेईमान; दुष्ट। २. छली; कपटी।

दुण्डुभ–ना० [सं०] प्रायः जलमा बस्ने एक जातको निर्विष सर्प; डुण्डुभ।

दुदु–ना० [सं० दुग्ध] दूध (बाल-बोलीमा)।

दुद्रुम–ना० [सं०] प्याजको हरियो बोट।

दुधालु–वि० [सं० दुग्धालु] १. धेरै दूध आउने; दुधिलो। २. प्रशस्त दूध दिने।

दुधिलो–वि० [दूध+इलो] १. दूध आउने; दूध भएको। (ना०) २. नपाकेको अन्न; काँचो वा हरियो अनाज। ३. दूध निस्कने एक प्रकारको झार; दूधे। ४. पातबाट दूध निस्कने एक प्रकारको रूख।

दुना–वि० [दुगुना] दुगुना; दोबर।

दुनाइ–ना० [दुना] दुनोट।

दुनिइनु–अ० क्रि० [दुनि+इ+नु] पसाङ्गिइनु; ('दुनिनु'-को भा० क्रि०)।

दुनिनु–अ० क्रि० [दुना+इ+नु] १. पसाङ्गिनु; बाङ्गिनु। २. दोब्रिनु; दोहोरो हुनु।

दुनियाँ–ना० [अ० दुनिया] १. सर्व-साधारण जनता; प्रजा; रैती। २. जगत्; संसार।

दुनियाँदार–ना० [अ० दुनियादार] प्रजा-गण; रैती।

दुनियाँदारी–ना० [अ० दुनियादारी] १. दुनियाँदार हुनाको भाव। २. सांसारिक व्यवहार।

दुनिया–ना० [अ०] दुनियाँ।

दुनियादार–ना० [अ०] दुनियाँदार।

दुनियादारी–ना० [अ०] दुनियाँदारी।

दुनु–ना० [सं० द्रोण] १. पातले बनाइएको कचौराजस्तो पात्र; पातको कटौरा। २. खोचो। ३. दुइ पात जोड़ी दुइ छेउमा मात्र खुटेर बनाएको कचौराजस्तो पात्र।

दुनोट–ना० [दुना+ओट] कुनै सङ्ख्यालाई एक, दुइ, तीन

CC-0. In Public Domain. Digitization by eGangotri

आदिका क्रमले गुणन गरेका राशिहरूको सिलसिला वा माला; दुनाइ; पहाडा।

दुन्दुभ–ना० [सं०] दुन्दुभि।

दुन्दुभि–ना० [सं०] १. ठूलो दमाहा; नगरा। २. रामायण-प्रसिद्ध एक राक्षस।

दुन्याइ–ना० [दुन्याउ+आइ] दुन्याउने किसिम, क्रिया वा भाव।

दुन्याइ–ना० [दुनि+आइ] दुनिने किसिम, क्रिया वा भाव।

दुन्याइनु–स० क्रि० [दुन्याउ+इ+नु] बङ्ग्याइनु; ('दुनिनु'-को क० क्रि०)।

दुन्याउनु–स० क्रि० [दुनि+याउ+नु] १. बङ्ग्याउनु; निहुराउनु। २. दोब्र्याउनु; पट्याउनु; ('दुनिनु'-को प्रे० क्रि०)।

दुपट्टा–ना० [सं० द्वि+पट्ट] १. दोपट्टा; पछ्यौरा। (वि०) २. दुइ पत्र भएको; दुइ फर्दा भएको (ओढ्ने वस्त्र)।

दुबिधा–ना० [सं० द्विविध] दोधार; दोठ्याङ; द्विविधा।

दुब्लाइ–ना० [दुब्लाउ+आइ] दुब्लाउने किसिम, क्रिया वा भाव।

दुब्लाइनु–अ० क्रि० [दुब्लाउ+आइ+नु] दुब्लो होइनु; ('दुब्लाउनु'-को भा० क्रि०)।

दुब्लाउनु–अ० क्रि० [दुब्लो+याउ+नु] १. शरीरको मासु घट्नु; दुब्लो हुनु। २. कमजोर हुनु; निर्धो हुनु।

दुब्लो–वि० [प्रा० दुब्बलो] १. शरीरमा मासु कम भएको; सिकटे; ख्याउटे। २. निर्धो; निर्बल; कमजोर।

दुभी–ना० [ने०] छालामा सेता टाटा हुने एक किसिमको श्वेत-कुष्ठ; पाण्डु-रोग।

दुम–ना० [फा०] पुच्छर।

दुमो–ना० [दुम+ओ] १. कसैलाई केही वस्तु दिँदा घरको सह नजाओस् भन्ने हेतुले झिकेर राखिने केही अंश। २. जगेडा; अवशेष। ३. ज्याद थोरै अंश।

दुम्ची–ना० [फा० दुमची] घोडाको पुच्छरमा अड्काइने, काठीको अवयव।

दुम्जा–ना० [ने०] नेपालका पूर्व-दुइ (२)-नम्बर इलाकाको, रोसी खोला र सुनकोसीका दोभानमा रहेको एक बस्ती।

दुम्जाली–वि०[दुम्जा+आली] १. दुम्जा-सम्बन्धी; दुम्जाको। २. दुम्जामा बनेको (खाँड़ी)। ३. दुम्जा प्रदेशको निवासी।

दुम्बा–ना० [फा० दुंबः] जाँताको फल्याँटोजस्तो पुच्छर हुने एक जातको भेंड़ो।

दुम्सी–ना० [सं० दंश्] जीउभरि टाटा-पाटा परेका काँढ़ै-काँढ़ा हुने एक जातको जङ्गली जन्तु।

दुम्स्यैलो–वि० [दमस्याइलो] दमस्याइलो।

दुर्–उप० [सं०] नाम शब्द र क्रियाका अगिल्तिर लाग्ने एक उपसर्ग। (यसले दोष, खराबी, कठोरता, निन्दा, निषेध, दुःख आदि बुझाउँछ। उदा०–दुर्बुद्धि, दुश्चरित्र, दुर्लभ, दुस्तर इत्या०।)

दुरतिक्रमण–वि० [सं०] १. नाघ्न वा अतिक्रमण गर्न मुश्किल पर्ने। २. नाघ्न नसकिने; दुर्लङ्घ्य।

दुरत्यय–वि० [सं०] तरिनसक्नु; दुस्तर।

दुर-दुर–ना० [सं० दूर+दूर]मन नपरेर टाढ़ा हटाउने शब्द; तिरस्कार बुझाउने शब्द।

दुरदृष्ट–ना० [सं०] १. दुर्भाग्य; अभाग। २. पाप।

दुरधिगम–वि० [सं०] १. कठिनसित मात्र पाउन सकिने; दुष्प्राप्य। २. मुश्किलले मात्र बुझिने; दुर्ज्ञेय।

दुरन्त–वि० [सं०] १. खराब परिणाम भएको; अन्त्यमा खराब हुने; अशुभ। २. अपार; अनन्त। ३. ठूलो; बड़ेमाको। ४. दुर्गम; दुस्तर। ५. घोर; भीषण। ६. अति गम्भीर; दुर्ज्ञेय। ७. दुष्ट; खल।

दुरन्वय–वि० [सं०] १. कठिनसित मात्र बुझिने; दुर्ज्ञेय; दुर्बोध। २. पछि लाग्न नसकिने वा मुश्किल पर्ने।

दुरभिसन्धि–ना० [सं०] खराब उद्देश्य लिएर गरिएको गुप्त सल्लाह; कुचक्र; षड्यन्त्र।

दुरवग्रह–वि० [सं०] १. रोक्न वा काबूमा ल्याउन कठिन पर्ने; नियन्त्रण गर्न मुश्किल पर्ने। (ना०) २. हठ; जिद्दी।

दुरवस्थ–वि० [सं०] खराब अवस्थामा रहेको।

दुरवस्था–ना० [सं०] १. खराब हालत; दुर्दशा; हीनावस्था। २. दुर्गति।

दुराक्रन्द–वि० [सं०] डाँको छोड़ेर रुने; ठूलो स्वरले रुने।

दुराक्रम–वि० [सं०] मुश्किलले जित्न सकिने; दुर्जय।

दुराक्रमण–ना० [सं०] १. कपटपूर्ण आक्रमण। २. जान नसकिने ठाउँ।

दुरागम–ना० [सं०] अनुचित किसिमले प्राप्त हुनु।

दुराग्रह–ना० [सं०] अनुचित तरीकाले कुनै कुरोमा हठ लिनु; जिद्दी।

दुराग्रही–वि० [सं०] दुराग्रह गर्ने; हठी; जिद्दीवाल।

दुराचरण–ना० [सं०] खराब चाल-चलन; दुराचार।

दुराचार–ना० [सं०] १. खराब आचरण; निन्दनीय आचार। (वि०) २. खराब आचार भएको; दुराचारी।

दुराचारी–वि० [सं०] खराब चाल-चलन भएको; दुराचार गर्ने; कुकर्मी।

दुरात्मा–वि० [सं०] मनमा कालो भएको; नीच प्रकृतिको; खराब स्वभावको।

दुराधर्ष–वि० [सं०] १. कठिनसित दमन गर्न वा वशमा ल्याउन सकिने। २. विकट; प्रचण्ड; उग्र। (ना०) ३. पहेँलो सर्सिउँ। ४. विष्णु।

दुराप–वि० [सं०] मुश्किलले पाउन सकिने; दुष्प्राप्य।

दुराराध्य–वि० [सं०] खुशी तुल्याउन मुश्किल पर्ने; आराधना गर्न कठिन पर्ने।

दुरारोह–वि० [सं०] १. चढ्न कठिन पर्ने; मुश्किलसित उक्लन सकिने। (ना०) २. ताड़को रूख।

दुरालभ–वि० [सं०] दुरालम्भ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुरालभा–ना० [सं०] दुरालम्भा ।
दुरालम्भ–वि० [सं०] पाउन कठिन; दुष्प्राप्य ।
दुरालम्भा–ना० [सं०] मसिना पात, साना कलेजी रङ्गका फूल, लामा-लामा काँढ़ा हुने, हिमालयमा पाइने एक जातको बूटी ।
दुरालाप–ना० [सं०] १. खराब कुरो; नचाहिँदो कुरो । २. गाली; दुर्वचन ।
दुरालोक–वि० [सं०] १. कठिनसित मात्र देख्न वा चिन्न सकिने । (ना०) २. आँखा तिरमिराउने चहक; प्रचण्ड तेज ।
दुराशय–ना० [सं०] १. खराब आशय; कुत्सित अभिप्राय । २. खराब आशय भएको मानिस; दुरात्मा । (वि०) ३. मनमा कालो भएको; नीयत्त खराब भएको; कपटी ।
दुराशा–ना० [सं०] १. पूरा नहुने आशा; असम्भव कुरोको आशा । २. खराब कुरोको इच्छा ।
दुरित–ना० [सं०] १. पाप; पातक । २. सङ्कट । (वि०) ३. कठिन । ४. पापी ।
दुरिष्ट–ना० [सं०] १. अर्काको हानि वा अनिष्ट चिताएर गरिने यज्ञ; अभिचार-सम्बन्धी कर्म । २. अभिशाप; शाप ।
दुरिष्टि–ना० [सं०] शास्त्रले निषिद्ध गरेको यज्ञ; दुरिष्ट ।
दुरुत्तर–ना० [सं०] १. खराब जवाब । (वि०) २. सजिलैसित उत्तर दिन नसकिने ।
दुरुक्ति–ना० [सं०] दुर्वचन ।
दुरुपयोग–ना० [सं०] १. अनुचित उपयोग; खराब काममा भएको उपयोग । २. नचाहिँदा कुरामा गरिएको खर्च ।
दुरुस्त–वि० [फा०] १. उस्तै; सदृश । २. ठीक-ठाक; तम्तयार; ठीक । ३. टूट-फूट नभएको; जस्ताको-तस्तो । ४. उचित; मुनासिब ।
दुरुस्ती–ना० [फा०] दुरुस्त गर्ने काम वा भाव; तम्तयारी ।
दुरूह–वि० [सं०] कठिनसित मात्र बुझिने; दुर्ज्ञेय ।
दुरोदर–ना० [सं०] १. जूवा; द्यूत । २. जुवाड़े; द्यूत-कार ।
दुर्ग–ना० [सं०] १. किल्ला; गढ़ी; कोट । २. कठिन मार्ग; दुर्गम बाटो । (वि०) ३. दुर्बोध । ४. दुर्गम ।
दुर्गत–वि० [सं०] १. दुर्गतिमा परेको; खराब अवस्थाको । २. दीन; दुःखी ।
दुर्गति–ना० [सं०] १. खराब गति; अपगति; दुर्दशा । २. दुःख; कष्ट ।
दुर्गन्ध–ना० [सं०] नमिठो गन्ध; खराब गन्ध ।
दुर्गन्धी–वि० [सं०] अप्रिय हरक आउने; गह्नाउने; दुर्गन्ध भएको ।
दुर्ग-पति–ना० [सं०] दुर्गको अध्यक्ष; गढ़ीको प्रधान अधिकारी ।
दुर्ग-पाल–ना० [सं०] किल्लाको रक्षा गर्ने व्यक्ति ।
दुर्गम–वि० [सं०] १. कठिनसित मात्र जान सकिने; पुग्न कठिन (ठाउँ) । २. जान्न गाह्रो; दुर्ज्ञेय । ३. कठिन; विकट ।
दुर्गमनीय–वि० [सं०] जान कठिन पर्ने; दुर्गम ।
दुर्गा–ना० [सं०] १. आदि शक्ति; देवी । २. अनेक असुर-हरूको नाश गर्ने प्रसिद्ध एक देवी । ३. नौ वर्षकी कन्या ।
दुर्गाध्यक्ष–ना० [सं०] दुर्ग-पति ।
दुर्गुण–ना० [सं०] खराब गुण; दोष ।
दुर्गुणी–वि० [सं०] खराब गुण भएको; दुर्गुण-युक्त; दोषी ।
दुर्गोत्सव–ना० [सं०] शारदीय नव-रात्रमा मनाइने दुर्गाको उत्सव; बड़ा-दसैँ ।
दुर्ग्रह–वि० [सं०] १. कठिनसित समाउन सकिने । २. मुश्किलले पाउन सकिने; दुष्प्राप्य । ३. झट्ट जान्न नसकिने; दुर्ज्ञेय ।
दुर्घट–वि० [सं०] सजिलैसित हुन नसक्ने; कठिन; दुःसाध्य ।
दुर्घटना–ना० [सं०] शोकपूर्ण र कष्टपूर्ण आकस्मिक घटना; अशुभ घटना ।
दुर्घात–ना० [सं०] नराम्रो किसिमसित लागेको ठक्कर; आघात ।
दुर्छे–वि० [दुच्छर] १. दुष्ट; दुर्जन । २. दुर्वचन बोल्ने; मुखाले । ३. लात्तीले हान्ने; लताहा (पशु) ।
दुर्छयाइँ–ना० [दुर्छे+याइँ] दुर्छे हुनाको भाव; दुष्टयाइँ ।
दुर्जन–वि० [सं०] १. दुष्ट स्वभावको; अरूलाई दुःख दिने स्वभावको; बदमाश । (ना०) २. दुष्ट मानिस; खल ।
दुर्जय–वि० [सं०] जित्न कठिन पर्ने ।
दुर्ज्ञेय–वि० [सं०] झट्ट वा सजिलोसँग बुझ्न नसकिने; दुर्बोध ।
दुर्दम–वि० [सं०] सजिलैसित दमन गर्न वा वशमा ल्याउन नसकिन; दुदमनीय ।
दुर्दमन–ना० [सं०] दुर्दमनीय ।
दुर्दमनीय–वि० [सं०] सुगमतापूर्वक दमन गर्न नसकिने; अदम्य; दुदम ।
दुर्दम्य–वि० [सं०] दुर्दमनीय ।
दुर्दशा–ना० [सं०] खराब अवस्था; विपत्को अवस्था; दुर्गति ।
दुर्दान्त–वि० [सं०] दुर्दमनीय ।
दुर्दिन–ना० [सं०] १. खराब दिन; अनिष्ट-कारक दिन । २. बदलीको दिन; बादल लागेको दिन । ३. वृष्टि; वर्षा । ४. विपत्काल ।
दुर्दिवस–ना० [सं०] दुर्दिन ।
दुर्दैव–ना० [सं०] अभाग; दुर्भाग्य ।
दुर्धर–वि० [सं०] १. सजिलैसित समाउन नसकिने । (ना०) २. पारो ।
दुर्धर्ष–वि० [सं०] १. सुगमतापूर्वक जित्न नसकिने; दुर्जय । २. प्रबल; उग्र ।
दुर्नय–ना० [सं०] १. खराब नीति; कुनीति । २. अविनय ।
दुर्नाम–ना० [सं०] कुख्याति; बदनामी; अपवाद ।
दुर्नामी–वि० [दुर्नाम+ई] दुर्नाम भएको; बदनाम; कुख्यात ।
दुर्निग्रह–वि० [सं०] सजिलैसित वशमा ल्याउन नसकिने; अदम्य ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्निमित्त–ना० [सं०] खराब शकुन; अपशकुन; अलच्छिन ।
दुर्निवार–वि०[सं०] १. निवारण गर्न मुश्किल पर्ने; सजलैसित हटाउन नसकिने । २. अवश्य हुने; नभइनरहने ।
दुर्निवार्य–वि० [सं०] दुर्निवार ।
दुर्नीति–ना० [सं०] खराब आचरण; कुनीति; अनाचार ।
दुर्बच्चा–ना० [ने०] एक प्रकारको गहना ।
दुर्बल–वि० [सं०] १. बल नभएको; निर्धो; शक्ति-हीन । २. दुब्लो; कृश । ३. शिथिल ।
दुर्बुद्धि–वि० [सं०] १. खराब बुद्धि भएको; बुद्धि बिग्रेको । २. बुद्धि नभएको; बुद्धि-हीन ।
दुर्बोध–वि० [सं०] १. बुझाउन नसकिने; अबूझ । २. सजिलैसित बुझ्न नसकिने; दुर्ज्ञेय; दुरूह ।
दुर्भग–वि० [सं०] अभागी; हत-भाग्य ।
दुर्भगा–वि० [सं०] १. अभागिनी । (ना०) २. पतिको मन नपरेकी स्त्री । ३. दुष्ट स्वभावकी स्त्री ।
दुर्भर–वि०[सं०]१. सजिलैसित बोक्न नसकिने । २. सुगमतापूर्वक भरण-पोषण गर्न नसकिने । ३. गह्रौं ।
दुर्भाग्य–ना० [सं०] १. दुःखी कर्म; प्रतिकूल भाग्य । (वि०) २. भाग्य नभएको; प्रारब्ध-हीन ।
दुर्भाव–ना०[सं०]१. खराब भाव; कुभाव । २. तुच्छ विचार ।
दुर्भावना–ना० [सं०] खराब भावना; दुर्भाव; कुविचार ।
दुर्भाव्य–वि० [सं०] मनले सहसा कल्पना गर्न नसकिने ।
दुर्भिक्ष–ना० [सं०]अन्न दुर्लभ हुने समय; अकाल; अनिकाल ।
दुर्भिद–वि० [सं०] १. छेड्न मुश्किल पर्ने; दुर्भेद । २. सजिलैसित पार गर्न नसकिने; तर्न नसकिने ।
दुर्भेद–वि० [सं०] मुश्किलसित भेदन गर्न सकिने; छिचोल्न गाह्रो; दुर्भिद; दुर्भेद्य ।
दुर्भेद्य–वि० [सं०] १. सुगमतापूर्वक छिचोल्न नसकिने; भेदन गर्न मुश्किल पर्ने; दुर्भेद । २. सहजै पार गर्न नसकिने । ३. दृढ़; मजबूत । ४. सहसा फोर्न नसकिने ।
दुर्मति–वि० [सं०] १. दुष्ट; दुर्जन । २. मूर्ख; मन्द-बुद्धि । (ना०) ३.खराब मति; कुबुद्धि । ४. एक संवत्सरको नाम ।
दुर्मद–वि० [सं०] घमन्डी; मदान्ध ।
दुर्मना–वि० [सं०] १. मनमा कालो भएको; दुष्ट स्वभावको; कपटी । २. उदास; खिन्न; दिक्दार ।
दुर्मनुष्य–ना० [सं०] दुष्ट मानिस; खल ।
दुर्मन्त्रणा–ना० [सं०] खराब सल्लाह; खराब राय ।
दुर्मरण–ना० [सं०] खराब मरण; अकाल-मृत्यु ।
दुर्मर्याद–वि० [सं०] मर्यादा नभएको; दुश्शील ।
दुर्मर्ष–वि० [सं०] सहन नसकिने वा कठिन पर्ने; दुःसह ।
दुर्मल्लिका–ना० [सं०] हास्य-रस-प्रधान, चार अङ्क हुने एक उपरूपक ।
दुर्मल्ली–ना० [सं०] दुर्मल्लिका ।
दुर्मित्र–ना० [सं०] १. खराब मित्र । २. शत्रु; वैरी ।
दुर्मिल–वि० [सं०] मेल नभएको; बेमेलको ।
दुर्मुख–वि० [सं०] १. नराम्रो अनुहारको; कुरूप । २. मुखाले; चोथाले । (ना०) ३. घोड़ा । ४. साठी संवत्सरमध्ये एक ।
दुर्मुखा–वि० [सं०] १. दुर्वचन बोल्ने । २. बझुवा; मुखाले; झगड़ालु । ३. नराम्रो अनुहारको; कुरूप ।
दुर्मुहूर्त–ना० [सं०] खराब मुहूर्त; कुसाइत ।
दुर्मेधा–वि० [सं०] मूर्ख; मन्द-बुद्धि ।
दुर्यश–ना० [सं०] कुख्याति; अपयश; बदनामी ।
दुर्योग–ना० [सं०] खराब योग; कुसाइत ।
दुर्योधन–ना० [सं०] १. धृतराष्ट्रको जेठो छोरो । (वि०) २. ठूलठूला युद्धमा पनि धैर्यपूर्वक युद्ध गर्ने । ३. अजेय ।
दुर्योनि–वि० [सं०] नीच जातिको; नीच कुलको ।
दुर्लक्ष्य–वि० [सं०] १. मुश्किलले मात्र देखिन; प्रायः अदृश्य । (ना०) २. खराब उद्देश्य; कुनियत ।
दुर्लङ्घ्य–वि० [सं०] सजिलैसित नाघ्न नसकिने; लङ्घन गर्न कठिन; मुश्किलले मात्र उल्लङ्घन वा अतिक्रमण गर्न सकिने ।
दुर्लभ–वि० [सं०] सितिमिति नपाइने; मुश्किलले मात्र पाइने; दुष्प्राप्य ।
दुर्लेख्य–वि० [सं०] सितिमिति बुझ्न नसकिने लेख भएको; सजिलैसित पढ्न नसकिने अक्षर भएको (कागज-पत्र) ।
दुर्वच–ना० [सं०] १. रूखो बोली; कटु वचन । २. गाली । (वि०) ३. कठिनसित मात्र भन्न सकिने; बोल्न मुश्किल पर्ने ।
दुर्वचन–ना० [सं०] १. नराम्रो बोली; बिझ्ने वचन; कटु वचन । २. गाली; सराप ।
दुर्वर्ण–ना० [सं०] १. चाँदी; रजत । २. खराब अक्षर । (वि०) ३. खराब रङ्गको । ४. श्वेत कुष्ठ भएको ।
दुर्वह–वि० [सं०] १. बोक्न कठिन पर्ने । २. दुःसह; असह्य ।
दुर्वाक्–ना० [सं०] १. दुर्वचन; कटु वचन । (वि०) २. कटु-भाषी ।
दुर्वाच्य–वि० [सं०] १. बोल्न नहुने; कुवाच्य । २. कठोर; निष्ठुर । (ना०) ३. गाली । ४. दुर्वचन ।
दुर्वासना–ना० [सं०] १. खराब वासना; मनको कुप्रवृत्ति; कुवासना । २. पूरा हुन नसक्ने इच्छा । ३. चित्तमा गड़ेका विषयको कुसंस्कार ।
दुर्वासा–ना० [सं०] १. पुराण-प्रसिद्ध एक ऋषि । २. अति क्रोधी मानिस ।
दुर्विदग्ध–वि० [सं०] मूर्खतावश अभिमानले मात्तिएको; वृथाभिमानी ।
दुर्विनय–ना० [सं०] विनयको अभाव; अविनय; औद्धत्य ।
दुर्विनीत–वि० [सं०] १. विनय नभएको; अविनीत । २. हठी ।
दुर्विपाक–ना० [सं०] कुपरिणाम; दुष्परिणाम ।
दुर्वृत्त–वि० [सं०] १. खराब आचरण भएको; दुराचारी । (ना०) २. खराब चाल-चलन; निन्दित आचरण ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुर्वृत्ति–ना० [सं०] १. खराब वृत्ति; नराम्रो पेशा। २. दुराचरण। ३. छल; धोखा।

दुर्वृष्टि–ना० [सं०] सूखा; अनावृष्टि; अकाल।

दुर्व्यवस्था–ना० [सं०] खराब व्यवस्था; कुप्रबन्ध।

दुर्व्यवहार–ना० [सं०] खराब व्यवहार; अनुचित व्यवहार।

दुर्व्यसन–ना० [सं०] १. कुलत; खराब आदत। २. कुनै खराब वस्तु सेवन गर्ने बानी।

दुर्व्यसनी–वि० [सं०] दुर्व्यसनमा लागेको; कुलतमा लागेको।

दुर्व्रत–वि० [सं०] नियम वा आज्ञाको पालन नगर्ने; अनुशासन-हीन।

दुर्हृद्–ना० [सं०] १. शत्रु; वैरी। (वि०) २. कुटिल हृदय भएको; दुष्टात्मा।

दुर्हृदय–वि० [सं०] दुष्ट हृदय भएको; दुरात्मा; कुटिल।

दुलहाजी–ना० [दुलहो+जी] १. धनी-मानीहरूले आफ्नी छोरी दिनाका निमित्त झिकाएको वर; डोलाजी। २. घर-ज्वाइँ।

दुलही–ना० [सं० दुहिता] १. विवाहकी कन्या। २. स्वास्नी; पत्नी। ३. बुहारी; वधू।

दुलहो–ना० [दुलही+ओ] १. विवाह गर्ने व्यक्ति; वर। २. पोइ; पति।

दुलान–ना० [दुलही+आन] नयाँ दुलही। (यो शब्द विवाहमा मात्र प्रयोग गरिन्छ। उदा०–दुलान फर्काउनु।)

दुलाल-घाट–ना० [ने०] इन्द्रावती र सुनकोसीको सङ्गम।

दुलो–ना० [ने०] १. प्वाल। २. सुरुङ; गुफा। ३. डाँड़ारो; भड्खारो।

दुवन्नी–ना० [दुइ+आना+ई] भारतीय दुइ आनाको सिक्का; आठ-पैसे भारतीय मुद्रा।

दुवा–ना० [दुइ+उवा] १. तास, गन्जीफा आदिको दुइ फुट्टी भएको पत्ती। २. पासा, पच्चीस आदि खेलमा दुइ पोटको दाउ।

दुवाल–ना० [ने०] तेल हाल्ने काठको ठूलो भाँड़ो।

दुवाली–ना० [दुवालो+ई] खोलो एकोहोर्‍याएर माछा मार्न थाप्ने पासो; एक किसिमको ढड़िया; द्वाली।

दुवै–क्रि० यो० [दुइ+ऐ] दुइ वटा नै; दुइटै।

दुवो–ना० [प्रा० दुइ] दण्डी-बियोका खेलमा 'दुइ'-लाई भन्ने शब्द।

दुश्चर–वि० [सं०] कठिनसित मात्र गर्न सकिने; कष्ट-साध्य; दुष्कर।

दुश्चरित–वि० [सं०] १. खराब आचरण भएको; दुश्चरित्र; चरित्र-हीन। (ना०) २. खराब आचरण; दुराचार। ३. पाप; दुष्कृत।

दुश्चरित्र–वि० [सं०] १. खराब चरित्र भएको; चरित्र-हीन। (ना०) २. खराब चरित्र।

दुश्चिकित्स्य–वि० [सं०] चिकित्सा गर्न सजिलो नभएको; दुःसाध्य (रोग)।

दुश्चेष्टा–ना० [सं०] खराब चेष्टा; कुचेष्टा।

दुश्चेष्टित–ना० [सं०] खराब काम; निन्द्य कर्म; कुकर्म।

दुश्मन–ना० [फा०] शत्रु; वैरी।

दुश्मनी–ना० [फा०] शत्रुता; वैर-भाव; मनोमालिन्य।

दुश्शील–वि० [सं०] खराब स्वभावको; दुर्मर्याद।

दुष्कर–ना० [सं०] १. कठिन कार्य; मुश्किलको काम। (वि०) २. कठिन; कष्ट-साध्य।

दुष्कर्म–ना० [सं०] १. खराब काम; कुत्सित कर्म; कुकर्म। २. पाप; अपराध।

दुष्कर्मा–वि० [सं०] १. दुष्कर्म गर्ने; कुकर्मी। २. पापी; अपराधी।

दुष्कर्मी–वि० [सं० दुष्कर्म+ई] १. दुष्कर्म गर्ने; कुकर्मी। २. पापी; अपराधी।

दुष्काल–ना० [सं०] १. खराब समय; कुसमय। २. अनिकाल; दुर्भिक्ष। ३. प्रलय।

दुष्कीर्ति–ना० [सं०] कुख्याति; अपयश; बदनामी।

दुष्कुल–ना० [सं०] १. नीच घराना; तुच्छ कुल। (वि०) २. नीच कुलको; तल्लो घरानाको।

दुष्कुलीन–वि० [सं०] नीच कुलमा उत्पन्न भएको; निम्न कुलको।

दुष्कुलेय–वि० [सं०] दुष्कुलीन।

दुष्कृत–ना० [सं०] १. खराब काम; दुष्कृत्य; कुकर्म। २. पाप; अपराध।

दुष्कृति–ना० [सं०] १. पाप। (वि०) २. कुकर्मी; दुष्कर्मा। ३. पापी।

दुष्कृती–वि० [सं०] १. कुकर्मी। २. पापी।

दुष्कृत्य–ना० [सं०] १. खराब काम; कुकर्म। २. पाप; अपराध।

दुष्ट–वि० [सं०] १. अर्कालाई दुःख दिने स्वभावको; दुर्जन; दुराचारी। २. दोषी; अपराधी। ३. दोष-युक्त; दूषित; बिटुलो। ४. छुच्चो।

दुष्ट-चेता–वि० [सं०] दुष्ट स्वभावको; दुर्जन।

दुष्टता–ना० [सं०] दुष्ट हुनाको भाव; दुष्टचाइँ; क्षुद्रता।

दुष्ट-बुद्धि–वि० [सं०] दुष्टचाइँ गर्ने बुद्धि भएको; दुष्ट स्वभावको।

दुष्टा–वि० [सं०] १. दुष्ट स्वभावकी। (ना०) २. असती; वेश्या; कुलटा।

दुष्टाचार–ना० [सं०] खराब आचरण; दुराचार।

दुष्टाचारी–वि० [सं०] दुष्ट आचार भएको; दुराचारी।

दुष्टात्मा–वि० [सं०] दुरात्मा; दुष्ट स्वभावको।

दुष्टचाइँ–ना० [दुष्ट+याइँ] दुष्ट हुनाको भाव; दुष्टता।

दुष्परिग्रह–वि० [सं०] १. कठिनसित मात्र पक्रन सकिने। २. खराब पत्नी भएको।

दुष्पर्श–वि० [सं०] छुन नसकिने; छुन मुश्किल पर्ने।

दुष्पर्शा–ना० [सं०] १. सिस्नु। २. काउछो। ३. बिहीँ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुष्पार–वि० [सं०] १. पार गर्न मुश्किल पर्ने। २. दुष्कर। ३. दुःसाध्य।

दुष्प्रकृति–ना० [सं०] १. खराब प्रकृति; दुष्ट स्वभाव। (वि०) २. खराब स्वभावको; नीच प्रकृतिको।

दुष्प्रवृत्ति–ना० [सं०] १. खराब स्वभाव; दुष्प्रकृति। (वि०) २. दुष्ट स्वभावको; खराब प्रवृत्तिको।

दुष्प्राप्य–वि० [सं०] पाउन कठिन पर्ने; मुश्किलसित पाइने।

दुष्प्रेक्ष्य–वि० [सं०] १. सजिलैसित हेर्न नसकिने; स्थिर दृष्टि लाउन नसकिने। २. हेर्न सहसा आँट गर्न नसकिने। ३. भयङ्कर; भीषण।

दुष्यन्त–ना० [सं०] पुरु-वंशका एक प्रसिद्ध राजा; शकुन्तलाका पति।

दुसाध–वि० [सं० दुष्ट] दुष्ट; दुर्जन।

दुसाध–ना० [ने०] नेपालको तराई-क्षेत्रमा बस्ने एक जाति।

दुस्तर–वि० [सं०] पार गर्न नसकिने; तर्न मुश्किल पर्ने।

दुस्त्यज–वि० [सं०] सितिमिति छोड्न नसकिने; त्याग्न गाह्रो पर्ने।

दुस्थिति–ना० [सं०] खराब स्थिति; दुरवस्था।

दुस्सह–वि० [सं०] दुःसह।

दुहाइ–ना० [दुहु+आइ] दुहुने किसिम, क्रिया वा भाव।

दुहाइनु–स० क्रि० [दुराउ+इ+नु] दुहुन लाइनु; ('दुहाउनु'-को क० क्रि०)।

दुहाई–वि० बो० [सं० द्वि+आह्वान] आफ्नो रक्षाका निम्ति ठूलो स्वरले अरूलाई बोलाउने शब्द; गुहार।

दुहाउनु–स० क्रि० [दुहु+आउ+नु] दुहुन लाउनु; ('दुहुनु'-को प्रे० क्रि०)।

दुहिता–ना० [सं०] १. छोरी; पुत्री। २. विवाहमा दुलहा र दुलहीका शिरमाथि राखेर लाजा भुटिने कपड़ा।

दुहितृ-पति–ना० [सं०] छोरी-ज्वाइँ; जामाता।

दुहिनु–स० क्रि० [दुहु+इ+नु] थुनबाट दूध निकालिनु; ('दुहुनु'-को क० क्रि०)।

दुहुनी–वि० [दु+नी] दूध दिने; बियाएको; नथाकेको (गाई-वस्तु)।

दुहुनु–स० क्रि० [सं० दुह्+नु] १. गाई-वस्तुको थुन निचोरेर दूध निकाल्नु। २. कुरो धुत्नु। ३. बाटिएको धागो फुकाउन हातले सेप्नु।

दुहुनू–वि० [सं० दोहन] दुहुनी।

दूत–ना० [सं०] १. खबरहरू ओहोर-दोहोर गर्ने व्यक्ति; समाचार-वाहक; चर। (दूत तीन प्रकारका हुन्छन्–विमृष्यार्थ, मितार्थ र शासन-हारक।) २. राजनीतिक कार्यका निमित्त एक राष्ट्रबाट अर्को राष्ट्रमा गएर बस्ने राज-प्रतिनिधि; राज-दूत। ३. प्रेमी-प्रेमिकाको सन्देश ओहोर-दोहोर गर्ने व्यक्ति। ४. यताको कुरा उता लगेर परस्पर झगड़ा गराउने व्यक्ति; छुल्याहा।

दूतत्व–ना० [सं०] १. दूतको काम। २. दूत हुनाको काम, धर्म वा भाव।

दूतावास–ना० [सं०] राज-दूत, वाणिज्य-दूत आदि राज-प्रतिनिधि रहने ठाउँ।

दूतिका–ना० [सं०] दूती।

दूती–ना० [सं०] प्रेमी र प्रेमिकाका सन्देशहरू ओसार-पसार गर्ने स्त्री; कुटुनी।

दूध–ना० [सं० दुग्ध] १. स्तन-पायी प्राणीका स्त्री-जातिका स्तनबाट बच्चालाई खुवाउन निस्कने सेतो तरल पदार्थ; दुग्ध। २. स्त्री-जातिका छातीमा हुने दुइ मांस-पिण्ड; स्तन। ३. पुरुष-जातिका त्यस्तै अवयव। ४. फल, रूख, घाँस आदिबाट निस्कने सेतो चोब।

दूध-कटुवा–वि० [दूध+कटुवा] कुनै कारणवश पूरा समय-सम्म आमाको दूध खान नपाएको (बालक)।

दूध-केँवरा–ना० [दूध+केँवरा] सेतो फूल फुल्ने एक जातको केँवरा।

दूध-कोसी–ना० [दूध+कोसी] महालङ्गूर हिमालबाट निस्की दुलाल-घाटमा सुनकोसीसँग मिसिने एक नदी; सप्त-कोसीमध्ये एक।

दूध-गाभो–ना० [दूध+गाभो] शुद्ध सेतो रङ्गको एक जातको गाभो (फूल)।

दूध-मुखे–वि० [दूध+मुख+ए] आमाको दूध खान छोड़ि-नसकेको; दूधे (बालक)।

दूध-राज–ना० [दूध+राज] १. तीन महीनामा पाक्ने, खूब सेतो चामल हुने एक जातको धान। २. सेतो शरीर, कालो टाउको, लामो कल्कीजस्तो पुच्छर हुने सानो एक जातको चरो।

दूधे–वि० [दूध+ए] १. दूध-सबन्धी; दूधको। २. दूध खाने (बालक)। (ना०) ३. सेल पकाउँदा राम्ररी उक्सा-उनका निमित्त पीठोमा रस मिसाइने एक जातको बोट। ४. फापरका जस्ता गेड़ा हुने, बाटुला पात हुने, दूध निस्कने एक जातको झार; तीते; दुधिलो।

दूधे-खरी–ना० [दूधे+खरी] सेतो रङ्गको एक जातको खरी।

दूधे-घाँस–ना० [दूधे+घाँस] दुग्धी।

दूधे-च्याउ–ना० [दूधे+च्याउ] रूखमा उम्रने, फुस्रो पहेँलो रङ्गको, खान हुने एक जातको च्याउ।

दूधे-झार–ना० [दूधे+झार] १. चारैतिर करौँतीका धार-जस्ता किनार भएका खस्रा पात हुने, सेता गुच्छाकार फूल फुल्ने, हरिया साना-साना फल फल्ने र डाँठ, पात आदि चुँड़्यो भने दूध निस्कने एक जातको सानो झार। (आयुर्वेदमा यसको गुण शुक्र-वर्द्धक, गर्भ स्थिर गराउने र गरम बताइएको छ।) २. पीपलका जस्ता मसिना पात, चिल्लो डाँठ, राता-सेता फूल, नालुका जस्ता दाना हुने र डाँठ, पातबाट दूध निस्कने एक बर्खे-झार; तीते झार।

दूधे-बिराली–ना० [दूधे+बिराली] १. विदारी-कन्दका जातको दूध निस्कने एक लता। २. त्यसैको कन्द।

CC-0. In Public Domain. Digitization by eGangotri

दूधे-भाइ—ना० [दूधे+भाइ] धाई-आमाको छोरो; बुबको छोरो।

दूधे-मरुई—ना० [सं० दुग्ध+मोरट] १. लाम्चा ठूला-ठूला पात, सेता फूल, प्रशस्त दूध निस्कने लाम्चा फल हुने एक जातको लहरो। २. त्यसैको फल; मोरट।

दूधे-लहरो—ना० [दूधे+लहरो] १. लाम्चा पात र फल हुने एक जातको लहरो। २. त्यसैको फल। (यसका कालो र सेतो—दुइ भेद छन्। आयुर्वेदमा यिनीहरूको गुण कुष्ठ, जरो र प्रदर रोग नाश गर्ने बताइएको छ।)

दून—ना० [दुनु] दुइ पहाड़का बीचको समतल जमीन; खाँच; खाल्टो।

दूबो—ना० [सं० दूर्वा] लामा, मसिना पात हुने, चार केस्रामा मसिना, सेता फूल फुल्ने र आँख्लैपिच्छे हाँगा हाल्ने एक जातको लहरे भइँ-झार। (यसका अनेक प्रकार छन्। यसलाई फूल-जातको जस्तै र पवित्र मानिएको छ। यो विशेष गरेर गणेशलाई चढ़ाइन्छ।)

दूर—क्रि० यो० [सं०] देश, स्थान, काल, सम्वन्ध आदिका विचारले धेरै अन्तरमा; टाढ़ा।

दूर-गामी—वि० [सं०] टाढ़ा जाने; धेरै पर पुग्ने।

दूर-दर्शक—ना० [सं०] १. पण्डित; विद्वान्। (वि०) २. टाढ़ासम्म देख्ने; दूरसम्म देख्न सक्ने। ३. पछिका कुराको विचार गर्ने।

दूर-दर्शक-यन्त्र—ना० [सं०] दूरबीन।

दूर-दर्शिता—ना० [सं०] १. धेरै पछिका कुराको विचार गर्ने गुण वा शक्ति। २. दूर-दर्शी हुनाको भाव।

दूर-दर्शी—वि० [सं०] १. धेरै पछि हुने कुराको विचार गर्ने; भविष्य-चिन्तक। (ना०) २. गिद्ध। ३. पण्डित।

दूर-दुहाई—ना० [दूर+दुहाई] १. डराएर पर भाग्ने काम। २. कुनै काम फेरि नगर्ने प्रतिज्ञा गर्ने काम; चेत्ने काम; कायल। (वि०) ३. त्रस्त; भय-भीत।

दूर-दृष्टि—ना० [सं०] भविष्यका कुराको विचार गर्ने गुण वा शक्ति; दूर-दर्शिता।

दूर-निरीक्षक—ना० [सं०] दूरबीन।

दूरबीन—ना० [फा०] टाढ़ाको वस्तु नजीक, स्पष्ट र ठूलो देखाउने यन्त्र; दूर-वीक्षण यन्त्र।

दूर-वर्ती—वि० [सं०] धेरै पर रहेको; दूर-स्थित; दूरस्थ।

दूर-वीक्षण—ना० [सं०] १. दूरबीन। २. टाढ़ा हेर्ने काम।

दूरस्थ—वि० [सं०] टाढ़ा रहेको; दूर-वर्ती।

दूर-स्थित—वि० [सं०] दूर रहेको; दूर-वर्ती।

दूरागत—वि० [सं०] टाढ़ाबाट आएको; दूरदेखि आइपुगेको।

दूरान्तरित—वि० [सं०] टाढ़ा रहेको; दूरस्थ।

दूरान्वय—ना० [सं०] १. कर्ता र क्रिया, विशेष्य र विशेषण आदि एक-अर्कोबाट धेरै टाढ़ा रहनु। २. साहित्यिक रचनाको एक दोष।

दूरी—ना० [दूर+ई] दुइ वस्तुका बीचको स्थान; अन्तर।

दूर्वा—ना० [सं०] दूबो।

दूषक—वि० [सं०] १. अर्कामाथि दोषारोप गर्ने; दोष लाउने। २. निन्दा गर्ने। (ना०) ३. दोषारोप गर्ने व्यक्ति; दोष लाउने मानिस। ४. दुष्ट व्यक्ति।

दूषण—ना० [सं०] १. दोष; अवगुण; दुर्गुण। २. दोष लाउने क्रिया वा भाव; दोषारोपण। ३. रावणको एक भाइ।

दूषणीय—वि० [सं०] दोष लाउन सकिने; दोषारोपण गर्न योग्य।

दूषिका—ना० [सं०] आँखाको मल; चिप्रा।

दूषित—वि० [सं०] १. दोष भएको; दोष-युक्त; दोषी। २. खराब; कुत्सित। ३. भ्रष्ट; नष्ट।

दूषी—ना० [सं०] चिप्रा।

दूष्य—वि० [सं०] १. दोष लगाउन योग्य; दोषारोपण गर्न लायक। २. तिरस्कार गर्न योग्य; निन्दनीय। ३. तुच्छ; नीच। (ना०) ४. कपड़ा; वस्त्र। ५. पाल।

दृक्—ना० [सं०] १. आँखा; नजर; नेत्र। २. हेर्ने काम; दृष्टि। ३. ज्ञान।

दृक—ना० [सं०] प्वाल; छिद्र।

दृक्-कर्ण—ना० [सं०] सर्प।

दृक्-क्षेप—ना० [सं०] आँखा लाउनु; अवलोकन।

दृक्-पथ—ना० [सं०] आँखाले देखिने ठाउँ; दृष्टि-पथ।

दृक्-पात—ना० [सं०] दृष्टि-क्षेप।

दृक्-शक्ति—ना० [सं०] १. प्रकाश-रूप चैतन्य। २. आत्मा।

दृगञ्चल—ना० [सं०] १. आँखाको ढकनी; पलक। २. कटाक्ष।

दृग्गोचर—वि० [सं०] आँखाअगिल्तिरको; सामुन्नेको।

दृढ—वि० [सं०] १. अचल; मजबूत; अडिग। २. बलियो; बलिष्ठ। ३. पुष्ट; मोटो। ४. कड़ा; कठोर। ५. टिकाउ; स्थायी। ६. पक्का; निश्चित। ७. आफ्नो वचन वा सिद्धान्तमा स्थिर रहने।

दृढ-कर्मा—वि० [सं०] दृढतापूर्वक आफ्नो काममा लाग्ने; आफ्नो लक्ष्यबाट विचलित नहुने।

दृढ-कारी—वि० [सं०] दृढ निश्चय गर्ने; आफ्नो सिद्धान्तमा पक्का।

दृढ-चेता—वि० [सं०] कड़ा दिलको; स्थिर विचारको।

दृढता—ना० [सं०] दृढ हुनाको भाव; मजबूती।

दृढत्व—ना० [सं०] दृढ हुनाको भाव; दृढता।

दृढ-निश्चय—ना० [सं०] १. पक्कापक्की; स्थिर निश्चय। (वि०) २. आफ्नो विचार वा सङ्कल्पमा स्थिर; स्थिर-प्रतिज्ञ।

दृढ-प्रतिज्ञ—वि० [सं०] आफ्नो प्रतिज्ञामा अटल रहने; स्थिर-प्रतिज्ञ।

दृढ-व्रत—वि० [सं०] आफ्नो सङ्कल्पमा दृढ रहने; दृढ-प्रतिज्ञ; दृढ-निश्चय।

CC-0. In Public Domain. Digitization by eGangotri

दृढसन्ध–वि० [सं०] आफ्नो सङ्कल्पमा पक्का रहेको; दृढ-प्रतिज्ञ; सत्य-सन्ध।

दृढ-सन्धि–वि० [सं०] जोरिएर वा मिलेर एक जीउ भएको; जोर्नी मजबूत भएको।

दृढाङ्ग–वि० [सं०] १. शरीर बलियो भएको; मजबूत जीउ भएको। (ना०) २. हीरा।

दृत–वि० [सं०] आदर गरिएको; सम्मानित।

दृता–ना० [सं०] जीरा।

दृति–ना० [सं०] १. छाला; चर्म। २. छालाको भाँड़ो; सिजिया। ३. गाई-गोरु आदिका गलामा झुन्डिएको छाला; माल।

दृप्त–वि० [सं०] १. उग्र; प्रचण्ड। २. तेजिलो; उज्ज्वल। ३. घमन्डी; शेखीवाल। ४. हर्षित्त।

दृप्र–वि० [सं०] १. घमन्डी; शेखीवाल। २. बलियो; बलवान्।

दृश्–ना० [सं०] १. आँखा; नजर। २. देख्ने शक्ति; दृष्टि। ३. बोध; ज्ञान।

दृश्य–वि० [सं०] १. हेर्न योग्य; दर्शनीय। २. सुन्दर; रमणीय। ३. जान्न योग्य; ज्ञात्तव्य। (ना०) ४. हेर्न योग्य प्राकृतिक वा कृत्रिम स्थल, घटना, वस्तु आदि। ५. अभिनय-काव्य; नाटक। ६. नाटकका रङ्ग-मन्चमा एक पर्दा लागेदेखि अर्को पर्दा नबदलिएसम्मको अभिनय।

दृश्य-काव्य–ना० [सं०] अभिनय गर्न सकिने काव्य; रूपक।

दृश्यमान–वि० [सं०] १. देखिएको; दृष्टि-गोचर भएको। २. चहकिलो; उज्ज्वल।

दृषद्–ना० [सं०] ढुङ्गो; पत्थर; शिला।

दृष्ट–वि० [सं०] १. देखिएको; दृष्टि-गोचर भएको। २. जानिएको; ज्ञात। ३. प्रत्यक्ष। (ना०) ४. अनुभव; अनुभूति। ५. दर्शन; अवलोकन। ६. साक्षात्कार।

दृष्ट-रजा–ना० [सं०] रजस्वला भएकी कन्या।

दृष्टान्त–ना० [सं०] १. उदाहरण। २. उपमान र उपमेयका साधारण धर्मको वर्णन गरिने एक अर्थालङ्कार।

दृष्टार्थ–वि० [सं०] १. अर्थ स्पष्ट भएको; माने लाग्ने। २. व्यावहारिक।

दृष्टि–ना० [सं०] १. हेर्ने काम; अवलोकन। २. आँखा; नेत्र; नजर; नयन। ३. देख्ने शक्ति। ४. विचार; राय। ५. उद्देश्य। ६. कुनै वस्तु पाउने आशाले हेर्नु। ७. बोक्सी, डाइनी आदिको हेराइ; कुदृष्टि।

दृष्टि-कोण–ना० [सं०] १. कुनै कुरोमा विचार गर्ने तरीका; सोच्ने ढङ्ग। २. कुनै विषयमा प्रतिपादन गरिएको कसैको मत; कसैले आफ्नै किसिमले मनन गरी निश्चय गरेको राय। ३. हेर्ने वा देख्ने ढङ्ग।

दृष्टि-क्षेप–ना० [सं०] हेर्ने काम; अवलोकन; दृष्टि-पात।

दृष्टिगत–वि० [सं०] १. देखिएको; देखा परेको। २. आँखा-अगिल्तिरको; प्रत्यक्ष।

दृष्टि-गोचर–वि० [सं०] १. आँखाद्वारा देखिएको; दृष्टिगत्त। २. सामुन्नेको; प्रत्यक्ष।

दृष्टि-दोष–ना० [सं०] हेर्दा भएको भूल; दृष्टिको भूल।

दृष्टि-निपात–ना० [सं०] दृष्टि-पात।

दृष्टि-पथ–ना० [सं०] आँखाले देखिने ठाउँ; आँखाअगिल्तिरको क्षेत्र।

दृष्टि-पात–ना० [सं०] हेर्ने काम; नजर लाउनु; अवलोकन; दृष्टि-क्षेप।

दृष्टि-पूत–वि० [सं०] १. हेर्दा शुद्ध देखिने; आँखाले ठीक ठहराएको। २. हेर्दामात्र पनि आँखा पवित्र हुने।

दृष्टि-बन्धक–ना० [सं०] ब्याज नबुझाएमा धितो चलन गर्ने गरी राखिएको बन्धकी।

दृष्टि-विक्षेप–ना० [सं०] १. टेढ़ो आँखाले हेर्नु; कटाक्षले हेर्नु। २. दृष्टि-पात्त।

दृष्टि-विभ्रम–ना० [सं०] प्रेमपूर्ण हेराइ।

देउ–ना० [सं० देव] देव; देउता।

देउता–ना० [सं० देवत्ता] देवता।

देउ-तीर्थ–ना० [देउ+तीर्थ] देउत्ताको मन्दिर भएको ठाउँ वा तीर्थ; पुण्य-स्थान; धाम।

देउडुरा–ना० [ने०] नेपालको पश्चिमी पहाड़ी क्षेत्रमा प्रचलित लोक-गीतको एक लय।

देउनिगालो–ना० [सं० देवनाल] लेकमा हुने ठूलो एक जातको निगालो। (यसका साना र ठूला—दुइ जात्त छन्।)

देउरानी–ना० [देवरानी] देवरानी।

देउराली–ना० [सं० देवराली] १. वन-देवी। २. पहाड़को उकालो सकिने ठाउँ; भञ्ज्याङ।

देउसी–ना० [सं० देव+आशिस्] १. कार्त्तिक शुक्ल प्रतिपदाका दिन बेलुकी गाइने गाथा। २. त्यो गाथा गाएर माग्ने काम।

देउसे–ना० [देउसी+ए] देउसीको गाथा गाउने वा देउसी माग्ने व्यक्ति।

देक्ची–ना० [फा० देगच:] अलिकति बिट फर्केको, ठाड़ो, फराकिलो, पकाउने भाँड़ो।

देख-रेख–ना० [देख्+रक्षा (सं०)] हेर-विचार; रेख-देख; निगरानी; व्यवस्था।

देखा–क्रि० यो० [देख्+आ] १. सामुन्ने; सम्मुख। २. देखेर; अनुकरण गरेर। (ना०) ३. देखिने ठाउँ; सामुन्नेको ठाउँ।

देखाइ–ना० [देखाउ+आइ] देखाउने किसिम, क्रिया वा भाव।

देखाइ–ना० [देख्+आइ] देख्ने किसिम, क्रिया वा भाव।

देखाइनु–स० क्रि० [देखाउ+इ+नु] देख्ने पारिनु; ('देखाउनु'-को क० क्रि०)।

देखाउनु–स० क्रि० [देख्+आउ+नु] १. देख्ने पार्नु; आँखा-अगिल्तिर पार्नु; नजर गराउनु; ('देख्नु'-को प्रे० क्रि०)। २. बुझाउनु; सम्झाउनु; विदित्त गराउनु; सूचित गर्नु;

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञात गराउनु। ३. निर्देश गर्नु। ४. वैद्य, ज्योतिषी, धामी-हरूलाई नाड़ी, चिना आदिको विचार गर्न लाउनु।

देखादेख–ना० [देख्+देख्] १. परस्परमा देख्ने काम; हेरा-हेर। (क्रि० यो०) २. देख्तादेख्तै; हेर्दाहेर्दै।

देखादेखी–क्रि० यो० [देखादेख+ई] देख्तादेख्तै; हेर्दाहेर्दै।

देखान–ना० [देख्+आन] अर्काको दुःख खुशी भएर हेर्नु; अर्कालाई भएको कष्टको तमाशा हेर्नु।

देखावट–ना० [देखाउ+आवट] १. देखाउनाको भाव। २. बाहिरी रोब-रवाफ; आडम्बर।

देखावटी–वि० [देखावट+ई] देखावटको; देखौवा; आड-म्बरपूर्ण; बनावटी; नकली।

देखासिकी–ना० [देखासिको+ई] देखासिको।

देखासिको–ना० [देखा+सिको] अर्काले गरेको देखेर आफूले पनि त्यसै गर्न सिक्ने काम; सिको; अनुकरण; नकल।

देखि–विभ० [ने०] १. पञ्चमी विभक्तिको रूप; बाट; देखिन्; द्वारा। २. सित; सँग।

देखिन्–विभ० [देखि] बाट; देखि।

देखिनु–स० क्रि० [देख्+इ+नु] देख्ने काम गरिनु; हेरिनु; ('देख्नु'-को क० क्रि०)।

देखौवा–वि० [देख्+औवा] देखावटी; आडम्बरपूर्ण; बनावटी।

देख्नु–स० क्रि० [सं० दृश्+नु] १. आँखाद्वारा कुनै व्यक्ति वा वस्तुको रूप-रङ्ग, आकार-प्रकार आदिको ज्ञान प्राप्त गर्नु; हेर्नु; अवलोकन गर्नु। २. ठान्नु; विचार गर्नु।

देदीप्यमान–वि० [सं०] खूब चम्किलो; जाज्वल्यमान।

देन–ना० [दि] १. दिनाको क्रिया वा भाव। २. दिइएको वस्तु।

देब्रे–वि० [ने०] १. बायाँ; बाउँ; सव्य। २. प्रतिकूल; विरुद्ध।

देय–वि० [सं०] दिन योग्य; दातव्य।

देव–ना० [सं०] १. देउता; देवता। २. पूज्य व्यक्ति। ३. मान्य जनलाई आदरपूर्वक सम्बोधन गर्ने शब्द। ४. राजा-लाई आदरपूर्वक गरिने सम्बोधन। ५. ब्राह्मणको एक उपाधि।

देव-ऋण–ना० [सं०] देवताले मनुष्यलाई गरेका उपकारको ऋण। (यसबाट मुक्त हुन यज्ञ, व्रत आदि गरिन्छ।)

देव-कन्या–ना० [सं०] १. देवताकी पुत्री; देवी। २. अत्यन्त सुन्दरी स्त्री।

देव-कर्म–ना० [सं०] देवताहरूलाई प्रसन्न पार्नाका निम्ति गरिने यज्ञ, पूजा आदि; देव-कार्य।

देव-कल्प–वि०[सं०] देवताका कोटिमा पुगेको; देवतातुल्य।

देव-काण्ड–ना० [सं०] देव-कर्म।

देव-कार्य–ना० [सं०] देव-कर्म।

देव-काष्ठ–ना० [सं०] देवदारु।

देवकी–ना० [सं०] वसुदेवकी पत्नी र कृष्णकी आमा।

देवकीय–वि० [सं०] देवताको; देवता-सम्बन्धी।

देव-कुल–ना० [सं०] १. मन्दिर; देवालय। २. देवताहरूको समुदाय। ३. देव-जाति।

देव-गण–ना० [सं०] १. देवताहरूको समूह; देव-वर्ग। २. देवताका अनुचर; देवताका गण। ३. अश्विनी आदि नक्षत्रहरूको समूह।

देव-गणिका–ना० [सं०] अप्सरा।

देव-गति–ना० [सं०] मृत्युपछि देव-योनि प्राप्त हुने सद्गति; स्वर्ग-लाभ।

देव-गायक–ना० [सं०] गन्धर्व।

देव-गुरु–ना० [सं०] १. कश्यप प्रजा-पति। २. बृहस्पति।

देव-गृह–ना० [सं०] मन्दिर; देवालय।

देव-चर्या–ना० [सं०] देवताको पूजा-आजा।

देव-चिकित्सक–ना० [सं०] अश्विनी-कुमार।

देव-जाति–ना० [सं०] देव-योनि। (विद्याधर, अप्सरा, यक्ष, राक्षस, गन्धर्व, किन्नर, पिशाच, गुह्यक, सिद्ध र भूत—यी दश देव-जातिमा गनिन्छन्।)

देव-तरु–ना० [सं०] मन्दार, पारिजात, सन्तान, कल्प-वृक्ष र हरि-चन्दन—यी पाँच वृक्ष; सुर-तरु।

देव-तर्पण–ना० [सं०] देवताहरूको उद्देश्यले गरिने तर्पण।

देवता–ना० [सं०] १. स्वर्गमा रहने अमर प्राणी; देउता; देव; सुर। २. देउताको मूर्ति; देव-प्रतिमा। ३. बाहुन; ब्राह्मण। ४. राजा। ५. सज्जन; साधु; सोझो मानिस।

देव-तीर्थ–ना० [सं०] १. देव-देवीको पूजा गर्ने उपयुक्त समय। २. माझी-औँलाको टुप्पो। ३. औँलाहरूका टुप्पा। ४. देउ-तीर्थ।

देव-त्रयी–ना० [सं०] ब्रह्मा, विष्णु र महेश्वर—यी तीन देवताको समूह।

देवत्व–ना० [सं०] देवता हुनाको भाव; देवतामा हुने गुण।

देव-दत्त–वि० [सं०] १. देवतालाई चढ़ाइएको वा समर्पण गरिएको। २. देवताले दिएको; देवताबाट पाइएको।

देवदारु–ना० [सं०] सल्लो; दियालाको बोट; देवार।

देवदाली–ना० [सं०] बन-तोरियाँ।

देव-दूत–ना० [सं०] देवता वा ईश्वरका दूत।

देव-दूती–ना० [सं०] बन-बिमिरो।

देव-द्रुम–ना० [सं०] देव-तरु।

देव-देवता–ना० [सं०] देवताहरूको समुदाय।

देव-द्रोणी–ना० [सं०] दुइ डल्ला खप्टिएका फूल फुल्ने, फिक्का हरियो द्रोण-पुष्प; ठूलो जातको द्रोण-पुष्प।

देव-धाम–ना० [सं०] तीर्थ-स्थान; देव-स्थल।

देव-धेनु–ना० [सं०] कामधेनु।

देव-नदी–ना० [सं०] गङ्गा।

देवनागरी–ना० [सं०] अचेल सामान्यतया संस्कृत, नेपाली, हिन्दी, मराठी आदि भाषा लेखिने लिपि; नपालको राष्ट्र-लिपि।

CC-0. In Public Domain. Digitization by eGangotri

देवनाल–ना० [सं०] देउनिगालो ।
देव-निन्दक–वि० [सं०] देवताहरूको निन्दा गर्ने; नास्तिक ।
देव-निर्मित–वि० [सं०] १. देवताले बनाएको; देवताद्वारा रचिएको । २. प्राकृतिक ।
देव-पथ–ना० [सं०] १. देवताका मन्दिरमा जाने बाटो । २. आकाश-मार्ग । ३. आकाश ।
देव-पर–वि० [सं०] दुःख वा निरुत्साहमा भएर देवताका भरोसामा परेको व्यक्ति ।
देव-पशु–ना० [सं०] देवताका नाममा छोड़िएको पशु ।
देव-पात्र–ना० [सं०] अग्नि ।
देव-पाद–ना० [सं०] राजालाई आदरपूर्वक सम्बोधन गर्ने शब्द ।
देव-पालित–वि० [सं०] देवताद्वारा रक्षा गरिएको ।
देव-पुर–ना० [सं०] इन्द्रको नगर; अमरावती ।
देव-पुरी–ना० [सं०] देव-पुर ।
देव-प्रतिकृति–ना० [सं०] देव-प्रतिमा ।
देव-प्रतिमा– ना० [सं०] देवताको मूर्ति ।
देव-बधू–ना० [सं०] १. देवताकी स्त्री; देवी । २. अप्सरा ।
देव-ब्राह्मण–ना० [सं०] देवताको पूजा गरेर जीविका चलाउने ब्राह्मण; पूजाहारी ।
देव-भवन–ना० [सं०] १. देव-मन्दिर । २. पीपल । ३. स्वर्ग ।
देव-भाषा–ना० [सं०] देवताको भाषा; संस्कृत ।
देव-भूमि–ना० [सं०] स्वर्ग ।
देव-मणि–ना० [सं०] १. सूर्य । २. कौस्तुभ मणि । ३. घोड़ाका गर्दनमा हुने रौंको भुमरी ।
देव-मन्दिर–ना० [सं०] देवताको मूर्ति रहेको स्थान; देवल; देवालय ।
देव-माता–ना० [सं०] देवताहरूकी आमा; अदिति ।
देव-मातृक–वि० [सं०] वर्षाको पानीले मात्र खेती लाग्ने; टारी (जमीन) ।
देव-माया–ना० [सं०] देवताहरूको माया; जीवहरूलाई बन्धनमा पार्ने अविद्या-रूप ईश्वरीय मोह ।
देव-मुनि–ना० [सं०] नारद ।
देव-मूर्ति–ना० [सं०] १. देवताको मूर्ति; देव-प्रतिमा । २. देवतातुल्य व्यक्ति ।
देव-यज्ञ–ना० [सं०] गृहस्थहरूले नित्यप्रति गर्ने पञ्च-यज्ञ-मध्ये एक ।
देव-यात्रा–ना० [सं०] देवताको सवारी चलाइएको यात्रा; देवताको जात्रा ।
देव-यान–ना० [सं०] १. शरीरबाट निस्केर जीवात्माले ब्रह्म-लोक जाने मार्ग । २. विमान ।
देवयानी–ना० [सं०] शुक्राचार्यकी छोरी; ययातिकी जेठी रानी ।
देव-युग–ना० [सं०] सत्य-युग ।
देव-योनि–ना० [सं०] १. स्वर्ग, अन्तरिक्ष आदिमा रहने, देवताका कोटिमा गनिने जीव (अप्सरा, यक्ष, गन्धर्व, किन्नर आदि) । २. देव-जाति ।
देवर–ना० [सं०] पोइको भाइ ।
देव-राज–ना० [सं०] इन्द्र ।
देवरानी–ना० [देवर+नी] देवरकी पत्नी; देउरानी ।
देवर्षि–ना० [सं०] देवताहरूमा ऋषि; देव-कल्प ऋषि (नारद, अत्रि, मरिचि, भरद्वाज, पुलस्त्य, पुलह, ऋतु र भृगु) ।
देवल–ना० [सं० देवालय] देवताको मूर्ति रहेको मन्दिर; देवालय ।
देवल–ना० [सं०] १. देवताको पूजा गरेर जीविका गर्ने व्यक्ति; पूजाहारी; पण्डा । २. धार्मिक व्यक्ति । ३. नारद मुनि । ४. एक प्रसिद्ध ऋषि ।
देवलक–ना० [सं०] पूजा-कोठे; पूजारी ।
देव-लोक–ना० [सं०] देवताहरू रहने लोक; स्वर्ग ।
देव-वधू–ना० [सं०] १. देवी । २. अप्सरा ।
देव-वर्त्म–ना० [सं०] आकाश ।
देव-वाणी–ना० [सं०] १. संस्कृत भाषा । २. आकाश-वाणी ।
देव-शिल्पी–ना० [सं०] देवताका कालिगड़; विश्व-कर्मा ।
देव-शुनी–ना० [सं०] देवताकी कुकुर्नी; सरमा ।
देव-सभा–ना० [सं०] १. देवताहरूको सभा; सुधर्मा । २. राज-सभा ।
देव-सायुज्य–ना० [सं०] देवतामा लीन हुनु; देवत्वमा मिल्नु ।
देव-स्थल–ना० [सं०] देवता रहेको स्थान; पुण्य-स्थान ।
देव-स्थान–ना० [सं०] १. स्वर्ग । २. मन्दिर; देवालय ।
देवस्व–ना० [सं०] देवतालाई चढ़ाइएको सम्पत्ति ।
देवांश–ना० [सं०] १. देवताको भाग । २. देवताको अंश लिएर जन्मेको व्यक्ति; देवताको अंशावतार ।
देवाइ–ना० [दि+आइ] दिने किसिम, क्रिया वा भाव ।
देवागार–ना० [सं०] देवल; मन्दिर; देवालय ।
देवाङ्गना–ना० [सं०] १. देवताकी स्त्री । २. अप्सरा ।
देवातिदेव–ना० [सं०] १. विष्णु । २. शिव ।
देवात्मा–ना० [सं०] १. देवस्वरूप; देवतातुल्य । २. पीपल ।
देवाधिदेव–ना० [सं०] १. विष्णु । २. शिव ।
देवाधिप–ना० [सं०] १. परमेश्वर । २. इन्द्र ।
देवान–ना० [अ० दीवान] राजाका सल्लाहकार; मन्त्री; सचिव; अमात्य ।
देवानाम्प्रिय–ना० [सं०] १. देवताहरूको प्रिय वस्तु । २. बोको । ३. मूर्ख व्यक्ति ।
देवानी–वि० [फा० दीवानी] १. धन-माल-सम्बन्धी मुद्दा-मामिलाको विचार गर्ने (अदालत), फौजदारी मुद्दाबाहेक अरू मुद्दा हेर्ने (अदालत) । २. धन-माल-सम्बन्धी; फौजदारी विषयबाहेकको अरू (मुद्दा-मामिला) ।
देवानुचर–ना० [सं०] १. देवताहरूका पछि लाग्ने विद्याधर, यक्ष आदि देव-योनि । २. देवताका सेवक ।

CC-0. In Public Domain. Digitization by eGangotri

देवानुयायी–ना० [सं०] देवानुचर।

देवान्न–ना० [सं०] १. अमृत। २. चरु।

देवायुध–ना० [सं०] १. देवताको अस्त्र; दिव्यास्त्र। २. इन्द्र-धनु।

देवार–ना० [सं० देवदारु] झुप्पा-झुप्पा परेका पात हुने खोटो निस्कने एक जातको वृक्ष; एक जातको सल्लो; देवदारु। (यो चिल्लो र खस्रो–दुइ प्रकारको हुन्छ। खस्रो देवादारमा ठूलो खस्रो फल फल्छ।)

देवाराधना–ना० [सं०] देवतालाई प्रसन्न गर्नाका निम्ति गरिने पूजा, पाठ, यज्ञ आदि।

देवारि–ना० [सं०] १. देवताको शत्रु। २. असुर; दैत्य।

देवार्चन–ना० [सं०] देवताको पूजा; देवार्चना।

देवार्चना–ना० [सं०] देवताको पूजा; देवार्चन।

देवार्पण–ना० [सं०] देवतालाई कुनै वस्तु चढ़ाउने काम; देवतालाई अर्पण गर्ने काम।

देवालय–ना० [सं०] १. देव-मन्दिर; देवल। २. स्वर्ग।

देवाली–ना० [सं०] कुल-परम्परादेखि मानिआएका देवतालाई नियत समयमा गरिने पूजा।

देवी–ना० [सं०] १. देवताकी स्त्री; देवाङ्गना। २. राज्याभिषेकका अवसरमा राजाकासाथ सिंहासनमा बसेकी रानी; पट्टरानी। ३. सुशीला र सदाचारिणी स्त्री; श्रीमती। ४. स्त्रीका नामका पछि लाग्ने एक सामान्य उपनाम।

देवी-घाट–ना० [देवी+घाट] नेपालको एक प्रसिद्ध तीर्थ-स्थान।

देवी-पुराण–ना० [सं०] दुर्गा देवीको माहात्म्य आदि वर्णन गरिएको एक पुराण।

देवी-भागवत–ना० [सं०] भगवती दुर्गाको माहात्म्य वर्णन गरिएको भागवत।

देवेन्द्र–ना० [सं०] देवताका अधिपति; इन्द्र।

देश–ना० [सं०] १. अनेक प्रान्त, शहर र गाउँहरूसहितको विशिष्ट भू-भाग; मुलुक। २. एक शासक वा शासनका अन्तर्गतको भू-भाग; राष्ट्र। ३. ठाउँ; स्थान।

देशज–वि० [सं०] १. देशमा उत्पन्न भएको। २. बोल-चालका भाषामा स्वतः उत्पन्न भएको (शब्द)।

देश-देशावर–ना० [देश+देशावर] अनेक देश र विदेशहरूको समुदाय; देशान्तर; देशावर।

देश-धर्म–ना० [सं०] १. कुनै देशमा प्रचलित आचार-विचार; देशाचर। २. देशअनुसारको धर्म।

देशना–ना० [सं०] उपदेश; शिक्षा।

देश-निकाला–ना० [देश+निकाला] विशिष्ट अपराधमा अपराधीलाई देशबाट निकाला गर्ने सजाय; निर्वासन-दण्ड।

देश-विदेश–ना० [सं०] १. देश र विदेश; देशान्तर। २. देशावर।

देशाचार–ना० [सं०] कुनै देशमा प्रचलित विशेष रीति-रिवाज; आचार-व्यवहार; देश-धर्म।

देशाटन–ना० [सं०] विभिन्न देशहरूमा भ्रमण गर्नु; देश-देशावर घुम्नु।

देशान–ना० [देश+आन] अरू देशहरूबाट सरुवा भएर आएको रोग; महामारी; रूढ़ी।

देशान्तर–ना० [सं०] १. अर्को देश; पर-देश; विदेश। २. पृथ्वीका मान-चित्रमा उत्तर-दक्षिण तानिएको शून्य-सङ्ख्या अङ्कित सर्व-मान्य रेखादेखि पूर्व र पश्चिमको अन्तर।

देशान्तरी–वि० [सं०] देशान्तरको; पर-देशी; विदेशी।

देशावर–ना० [सं० देश+वर(फा०)] अरूको देश; विदेश; पर-देश; देशान्तर।

देशी–वि० [सं० देशीय] १. देशको; मुलुकको; देशीय। २. अरू देशको; विदेशी।

देशी-गुँद–ना० [देशी+गुँद] कालो भावको एक जातको गुँद। (यसका डाँठको गुन्द्री बनाइन्छ।)

देशीय–वि० [सं०] देशको; देश-सम्बन्धी।

देसाँद–ना० [देशान] महामारी; देसान।

देसान–ना० [देशान] देशान।

देसिल्ला–ना० [सं० देशीय] ठूला-ठूला पात हुने एक जातको पान; ह्वेसणीया।

देह–ना० [सं०] १. जीउ; शरीर। २. जीवन; जिन्दगी।

देहज–ना० [सं०] १. छोरो। २. कामदेव।

देह-त्याग–ना० [सं०] मृत्यु; मरण।

देह-धारी–ना० [सं०] शरीर धारण गर्ने जीव; शरीरी; प्राणी।

देह-पात–ना० [सं०] देहान्त; मृत्यु।

देहम्भर–वि० [सं०] केवल आफ्नो पेट भर्नेमात्र प्रयत्न गर्ने; उदरम्भर।

देह-यात्रा–ना० [सं०] १. मरण; मृत्यु। २. भरण-पोषण; जीविका। ३. भोजन।

देहरा–ना० [सं० देह] जीवन; जिन्दगी।

देहलि–ना० [सं०] देहली।

देहली–ना० [सं०] १. ढोका; दहिलो। २. सँघार-ठेलो।

देहली-दीप–ना० [सं०] १. भित्र र बाहिर—दुवैतिर उज्यालो पार्नाका निम्ति ढोकामा राखिएको बत्ती। २. एउटै शब्दको दुइतिर अर्थ लाग्ने एक अर्थालङ्कार।

देहली-दीपक-न्याय–ना० [सं०] भित्र र बाहिर उज्यालो पार्न ढोकामा राखिएको बत्तीजस्तै दुवैतर्फ लाग्ने शब्द, कुरो वा तर्क।

देहा–ना० [देहाय] देहाय।

देहात–ना० [फा०] १. गाउँ; ग्राम। २. तराई; कछाड़।

देहाती–वि० [देहात+ई] १. देहात-सम्बन्धी। २. देहातमा वस्ने; गाउँले। ३. कछाड़िया; काँठे।

देहान्त–ना० [सं०] मृत्यु; देहावसान।

देहाय–ना० [अं० दफ़आत] तपसीलवारका प्रत्येक रकम-कलमको ठाउँ; तपसील।

CC-0. In Public Domain. Digitization by eGangotri

देहावरण–ना० [सं०] १. कवच। २. लुगा; वस्त्र।
देहावसान–ना० [सं०] मृत्यु; मरण।
देही–वि० [सं०] १. शरीर भएको; शरीर-धारी। (ना०) २. प्राणी; जीव। ३. आत्मा।
देहेश्वर–ना० [सं०] देहको मालिक; आत्मा।
दैतेय–ना० [सं०] १. दितिका सन्तान; दैत्य। २. असुर।
दैत्य–ना० [सं०] १. दितिका सन्तान; असुर। २. ठूलो जीउको र बलवान् मनुष्य। ३. दुराचारी; दुष्ट व्यक्ति।
दैत्य-गुरु–ना० [सं०] शुक्राचार्य।
दैत्य-पति–ना० [सं०] हिरण्य-कशिपु।
दैत्यारि–ना० [सं०] १. दैत्यका शत्रु। २. विष्णु। ३. देवता।
दै-दस्तूर–ना० [(फाँ०) दै+दस्तूर] १. पहिलेदेखि चलिआएको रीति-रिवाज; परम्परागत दस्तूर। २. रीति-रिवाजअनुसार लिइने वा दिइने वस्तु वा नगद।
दैन–ना० [सं०] १. दीन हुनाको भाव; दीनता; गरीबी। (वि०) २. दिन-सम्बन्धी; दिनको।
दैनन्दिन–वि० [सं०] १. प्रतिदिनको; दिनहुँको। (क्रि०यो०) २. प्रतिदिन; दिनहुँ।
दैनन्दिनी–वि० [सं०] १. प्रतिदिनको; दिनहुँको। (ना०) २. प्रतिदिनका घटना वा विशेष कुरा लेखिने पुस्तिका; डायरी।
दैनिक–वि० [सं०] १. प्रतिदिनको; हरेक दिनको। २. प्रतिदिन वा नित्यप्रति हुने; दैनिकी।
दैनिकी–वि० [सं०] प्रतिदिनको; दैनिक।
दैन्य–ना० [सं०] १. दीनता; दरिद्रता। २. कायरता।
दैया–ना० [सं० दायाद] हक; अधिकार।
दैयादार–वि० [दैया+दार] हकदार; अधिकारवाला; हकवाला।
दैर्घ्य–ना० [सं०] दीर्घ हुनाको भाव; लम्बाइ।
दैलेख–ना० [ने०] १. नेपालका पश्चिमी क्षेत्रमा रहेको एक जिल्ला। २. दुल्लु, दैलेख र सुर्खेत—यी तीनै जिल्लाको मुख्य वस्ती।
दैले-ठेलो–ना० [दहिले-ठेलो] दहिले-ठेलो।
दैलो–ना० [दहिलो] दहिलो।
दैव–वि० [सं०] १. देवता-सम्बन्धी। २. देवता वा ईश्वरबाट भएको। (ना०) ३. भाग्य; प्रारब्ध। ४. ईश्वर। ५. आकाश।
दैव-कृत्–वि० [सं०] १. ईश्वरले गरेको; दैवी। २. भाग्यले भएको; प्रारब्धबाट भएको।
दैव-कोविद–ना० [सं०] ज्योतिषी।
दैव-गति–ना० [सं०] १. ईश्वरीय प्रेरणा। २. भाग्य; प्रारब्ध।
दैवज्ञ–ना० [सं०] ज्योतिषी; गणक।
दैवत–ना० [सं०] १. देवता। २. देवताहरूको समूह। (वि०) ३. देवता-सम्बन्धी।
दैव-तन्त्र–वि० [सं०] भाग्यले भएको; प्रारब्धले पाएको।
दैव-दुर्विपाक–ना० [सं०] भाग्य-हीनता; दुर्भाग्य।
दैव-दोष–ना० [सं०] भाग्य-हीनता।
दैवपर–वि० [सं०] भाग्यका भरमा रहेको; भाग्यवादी।
दैव-वश–क्रि० यो० [सं०] संयोगले; अकस्मात्; अचानक।
दैव-वशात्–क्रि० यो० [सं०] संयोग-वश; अकस्मात्; दैव-वश; भाग्य-वश।
दैव-वाणी–ना० [सं०] आकाश-वाणी।
दैववादी–वि० [सं०] १. भाग्यका भरोसामा रहने; दैवपर; भाग्यवादी। २. अल्सी; निरुद्योगी।
दैव-विद्–ना० [सं०] ज्योतिषी।
दैव-विवाह–ना० [सं०] ज्योतिष्टोम आदि यज्ञमा ऋत्विज् पुरोहितलाई अलङ्कृता कन्या विवाह गरेर दिनु; आठ प्रकारका विवाहमध्ये एक।
दैव-श्राद्ध–ना० [सं०] देवताहरूका उद्देश्यले गरिने श्राद्ध।
दैव-हीन–वि० [सं०] अभागी; भाग्य-हीन।
दैवागत–वि० [सं०] अकस्मात् भएको; आकस्मिक।
दैवात्–क्रि० यो० [सं०] १. अकस्मात्; अचानक; अपझ्झट। २. भाग्यले; दैव-वश।
दैवात्यय–ना० [सं०] दैवी उत्पात; आकस्मिक अनर्थ।
दैवाधीन–वि० [सं०] भाग्यले हुने; भाग्यका अधीन रहेको।
दैवायत्त–वि० [सं०] भाग्य-वश हुने; दैवाधीन।
दैविक–वि० [सं०] १. देवता-सम्बन्धी; दैवी। २. देवताका निमित्त गरिएको। ३. देवताले गरेको। ४. भाग्यले गरेको।
दैवी–वि० [सं०] १. देवता-सम्बन्धी; देवताको। २. देवताहरूद्वारा भएको। ३. आकस्मिक; अचानकको। ४. भाग्यले भएको। (ना०) ५. दैव-विवाहद्वारा विवाह गरिएकी स्त्री। ६. ज्योतिषी।
दैवोपहत–वि० [सं०] भाग्यले ठगिएको; अभागी।
दैहिक–वि० [सं०] १. देह-सम्बन्धी; शारीरिक। २. देहबाट उत्पन्न भएको; देह-जनित।
दैह्य–वि० [सं०] १. शारीरिक। (ना०) २. आत्मा।
दोः–ना० [सं०] हात; बाहु।
दो–ना० [सं० द्वि] दुइ।
दोकड़ा–ना० [ने०] एकातिर मात्र कड़ा लागेको ठोजस्तो सानो एक किसिमको ताउलो।
दोकड़ा–ना० [दुइ+जोडा] १. एकसाथ भएका दुइ वस्तु; जोड़ा। २. एक पैसाको चतुर्थांश; एक दाम।
दोकला–ना० [दुइ+कला] दुइ जना; जोई-पोइ; दम्पती।
दोकान–ना० [फा० दुकान] दुकान; पसल।
दोकानदार–ना० [फा० दुकानदार] पसले; दुकानदार।
दोख–ना० [सं० दोष] ज्वर बिग्रेर हुने एक किसिमको रोग; एक प्रकारको सन्निपात।
दोखी–वि० [सं० दोषी] अभागी; प्रारब्ध-हीन।

CC-0. In Public Domain. Digitization by eGangotri

दोचन्दा–वि० [फा० दोचन्द] दोहोरो; डबल (तिरो, जरीवाना आदि)।

दोचा–ना० [नें०] भोटेहरूले लाउने घुँडासम्म आउने एक किसिमको ऊनी जुत्ता।

दोछायाँ–ना० [दो+छाया] दुइतिरबाट आउने प्रकाशका कारणबाट स्पष्ट नदेखिने गरी परेको छाया।

दोजाई–वि० [दो+जीउ] दोजिया; गर्भवती।

दोजिया–वि० [दो+जीउ+आ] गर्भिणी; गर्भवती; दोजाई।

दोटा–वि० [दुइटा] दुइटा।

दोठचाङ–ना० [दो+ठेगान] १. असजिलो अवस्था; कठिन स्थिति। २. यो गरुँ कि त्यो गरुँ हुनु; दोधार।

दोदन्त–ना० [दो+दन्त] जूवाका खेलमा सोह्र कौड़ीमध्ये दुइ कौड़ीमात्र उत्ताना पर्दा हुने एक दाउ।

दोधक–ना० [सं०] तीन भगण र अन्तमा दुइ गुरु हुने एक वार्णिक छन्द।

दोधार–ना० [दो+धार] १. यसो गरुँ कि त्यसो गरुँ हुनु; दोठचाङ। २. सन्देह; संशय। ३. बीच; मध्य।

दोधारे–वि० [दोधार+ए] १. दुइतिर ढल्केको; दोधारमा परेको। २. निश्चय नभएको। ३. बीचको; मध्य-वर्ती। ४. दुइतिर धार भएको (खड्ग, तलवार आदि)।

दोपट्टा–ना० [दुपट्टा] दुपट्टा।

दोपहर–ना० [दो+प्रहर] दोस्रो प्रहर; मध्याह्न; दिनको मध्य-भाग।

दोपहरिया–ना० [दोपहर+इया] १. दिनको दोस्रो प्रहरमा मात्र फुल्ने एक जातको फूल। (वि०) २. दोपहर-सम्बन्धी।

दोपहरे-फूल–ना० [दोपहर+ए+फूल] बकाइनाका जस्ता पात हुने, सानो बोटमा फुल्ने एक जातको सानो फूल। (यो रातो, पहेँलो, सेतो र नीलो—चार थरीको हुन्छ।)

दोपाया–वि० [दो+पाउ] दुइटा खुट्टाले हिँड्ने; दुइ-खुट्टे द्विपद।

दोबर–वि० [दो+वार (सं०)] दुइ गुना; डबल; दुगुना।

दोबरिइनु–अ० क्रि० [दोबरि+इ+नु] दोबर होइनु; ('दोबरिनु'-को भा० क्रि०)।

दोबरिनु–अ० क्रि० [दोबर+इ+नु] १. दोबर हुनु; डबिलनु। २. दोबरी हुनु।

दोबरी–वि० [दोबर+ई] दुइ तह भएको; दुइ-सरो; भित्री र बाहिरी—दुइटै भएको।

दोबऱ्याइ–ना० [दोबऱ्याउ+आइ] दोबऱ्याउने किसिम, क्रिया वा भाव।

दोबऱ्याइनु–स० क्रि० [दोबऱ्याउ+आइ+नु] दोबर पारिनु; ('दोबऱ्याउनु'-को क० क्रि०)।

दोबऱ्याउनु–स० क्रि० [दोबरि+याउ+नु] दोबर पार्नु; ('दोबरिनु'-को प्रे० क्रि०)।

दोबऱ्याइ–ना० [दोबरि+याइ] दोबरिने किसिम, क्रिया वा भाव।

दोबाच–ना० [नें०] दण्डी-बियोका खेलको एक दाउ।

दोबाटे–वि० [दो बाटो+ए] १. दोबाटामा बस्ने। २. दोबाटाको। ३. हाट, बजार, गाउँ आदिमा पसल थाप्ने।

दोबाटो–ना० [दो+बाटो] दुइटा बाटो जोरिएको ठाउँ; दुइ वा दुइभन्दा बढ़ी बाटाहरू फाटेको वा जोरिएको ठाउँ।

दोब्रिइनु–अ० क्रि० [दोब्रि+इ+नु] दुइ-सरो होइनु; ('दोब्रिनु'-को भा० क्रि०)।

दोब्रिनु–अ० क्रि० [दोबर+इ+नु] १. दुइ-सरो हुनु; दोबरी हुनु। २. दोबर हुनु; डबिलनु।

दोब्ऱ्याइ–ना० [दोब्ऱ्याउ+आइ] दोब्ऱ्याउने किसिम, क्रिया वा भाव।

दोब्ऱ्याइ–ना० [दोब्रि+याइ] दोब्रिने किसिम, क्रिया वा भाव।

दोब्ऱ्याइनु–स० क्रि० [दोब्ऱ्याउ+आइ+नु] दोबर पारिनु; डबल्याइनु; ('दोब्ऱ्याउनु'-को क० क्रि०)।

दोब्ऱ्याउनु–स० क्रि० [दोब्रि+याउ+नु] १. दोबर पार्नु; डबल्याउनु। २. दुइ सरो बनाउनु; दोबरी पार्नु; ('दोब्रिनु'-को प्रे० क्रि०)। ३. सताउनु; दुःख दिनु (खान नदिएर)।

दोभान–ना० [दो+मुहान] दुइ नदी मिसिएको ठाउँ; दुइ नदीको सङ्गम-स्थल।

दो-भासे–वि० [दो+भाषा+ए] १. दुइ भाषा जान्ने; दुइ भाषाको ज्ञाता। (ना०) २. दुइ भिन्न भाषा-भाषी व्यक्तिहरूका बीच एउटाले बोलेको कुरो अर्कोलाई अनुवाद गरी बुझाउने व्यक्ति; दोमासे।

दो-मन–ना० [दो+मन] १. यसो गरुँ कि उसो गरुँ हुनु; दोधार; द्विविधा। २. सन्देह; संशय।

दो-मने–वि० [दो-मन+ए] दो-मन भएको; दोधारे।

दोमासे–वि० [सं० द्वि+मिश्रण] १. दुइ जातिका मिश्रणबाट जन्मेको; सङ्कर। २. दुइ किसिमका पदार्थ वा तत्त्व मिसिएको।

दो-मासे–वि० [दो+भासे] १. दुइ भाषा जान्ने। २. यता पनि उता पनि सम्बन्ध राख्ने; दुइतिर सम्पर्क जोड्ने। (ना०) ३. दुइ भिन्न भाषा-भाषीहरूका बीच एकले बोलेको कुरो अनुवाद गरी अर्कोलाई सम्झाउने व्यक्ति; दो-भासे।

दोयम–वि० [फा०] दोस्रो श्रेणीको; मध्यम कक्षाको।

दोरङ्गा–वि० [दो+रङ्ग+आ] दुइ रङ्ग भएको; दुइ-रङ्गी।

दोरङ्गा–ना० [फा० दारोगः] दारोगा।

दो-लख–ना० [दो+लख] वर्णका शिरमाथि लगाइने दुइ लख; ऐकार (ै)।

दो-लख-कन्ना–ना० [दो-लख+कान्दानी] वर्णका साथ लाग्ने औकार; दुइ लख र कान्दानी (ौ)।

दोलखा–ना० [नें०] नेपालको पूर्व-दुइ (२)-नम्बर इलाकाको मुख्य बस्ती।

दोलन–ना० [सं०] झुल्नु; हल्लनु।

दोला–ना० [सं०] १. डोली। २. पीङ।

दोलाइँ–ना० [दो+रुई] दुइ तह कपड़ाका बीचमा रुवा हाली

CC-0. In Public Domain. Digitization by eGangotri

तगेर बनाइएको को एक किसिमको ओढ्ने; पातलो सिरकजस्तो ओढ्ने।

दोलाजी–ना० [दुलहा+जी] डोलाजी।

दोलायमान–वि० [सं०] १. झुलेको; हल्लिएको। २. अस्थिर। ३. दो-मन; दो-धार।

दोलायित–वि० [सं०] हल्लाइएको; झुलाइएको।

दोलिका–ना० [सं०] १. डोली। २. पीङ।

दोलित–वि० [सं०] हल्लिएको; दोलायमान।

दोली–ना० [सं०] डोली।

दोष–ना० [सं०] १. कुनै व्यक्ति वा वस्तुमा भएको खराब कुरो; ऐब; अवगुण। २. खोट; अत्तो। ३. दाग; कलङ्क। ४. कसर; मिसावट। ५. अपराध; कसूर। ६. अभियोग; लाञ्छना। ७. भूल; त्रुटि; अशुद्धि। ८. पाप; पातक। ९. आयुर्वेदानुसार शरीरमा रहने वात, पित्त र कफको प्रकोप। १०. गुणको वा रसको अपकृष्ट गर्ने काव्यको त्रुटि।

दोष-ग्राही–वि० [सं०] दुष्ट; दुर्जन।

दोषज्ञ–वि० [सं०] १. विद्वान्; मनीषी। (ना०) २. पण्डित।

दोष-त्रय–ना० [सं०] वात, पित्त र कफ–यी तीनको दोष।

दोष-दृष्टि–वि० [सं०] अर्काको दोषमात्र खोज्ने; छिद्रान्वेषी।

दोषण–ना० [सं०] दोष लगाउनु; दोषारोप।

दोषल–वि० [सं०] दोष भएको; दोष-युक्त।

दोषा–ना० [सं०] १. रात; रात्रि। २. साँझ। ३. हात।

दोषाकर–ना० [सं०] १. चन्द्रमा। २. दोषको खानि।

दोषारोप–ना० [सं०] दोष लगाउने काम; अभियोग लगाउने काम।

दोषारोपण–ना० [सं०] दोष लगाउने काम; दोषारोप।

दोषी–वि० [सं०] १. दोष भएको; कलङ्की। २. दोष लागेको; दागी; खोटो।

दोसल्ला–ना० [सं० द्विशाट] दुइ फर्दा भएको, किनारामा कारचोबी बुट्टा भएको, एक प्रकारको ऊनी मूल्यवान् ओढ्ने।

दोसाँध–ना० [दो+साँध] १. दुइ राज्यको भू-भाग छुट्ट्याउने साँध; सिमाना। २. दुइ थरी जग्गा छुट्ट्याउने साँध; सीमा। ३. द्विविधा; दोधार। ४. दुइ भिन्न थरीका अधिकार, अवस्था, स्थिति आदिको बीच।

दोसाँधे–वि० [दोसाँध+ए] १. दोसाँधमा रहेको। २. दोसाँध-सम्बन्धी; दोसाँधको।

दोसामिसी–वि० [ने०] परस्परमा अर्कोले गरोस् भनी कुनै काममा सुस्ती देखाउनु।

दोस्त–ना० [फा०] साथी; मित्र।

दोस्ताना–ना० [फा० दोस्तानः] मित्रता; दोस्ती।

दोस्ती–ना० [फा०] १. दोस्ताना; मित्रता। २. मित्र; साथी; मीत।

दोस्रा-दर्जाका-कारिन्दा–ना० [ने०] नेपाल सरकारको निम्नतम दर्जाको कारिन्दा; जूनियर-क्लर्क।

दोस्रो–वि० [सं० द्वितीय] १. पहिलोभन्दा पछिको; एक-पछिको। २. अर्को; अरू।

दोहटिया–वि० [दुइ+हद+इया] दुइ भिन्न देशहरूमा घर-बार भएको; दोहट्या।

दोहट्या–वि० [दोहटिया] दोहटिया।

दोहद–ना० [सं०] १. गर्भवती स्त्रीको इच्छा। २. गर्भ।

दोहदवती–ना० [सं०] कुनै वस्तुको इच्छा गर्ने गर्भवती स्त्री।

दोहदी–वि० [सं०] दोहद भएकी; दोहदवती।

दोहन–ना० [सं०] १. दूध दुहुने काम। २. गबुवा। ३. बौद्धिक, आर्थिक आदि दृष्टिले कसैको शोषण गर्ने काम।

दोहनी–ना० [सं०] १. दूध दुहुने भाँडो; गबुवा। २. दुहुने काम।

दोहरिइनु–अ० क्रि० [दोहरि+इ+नु] दोहोरो होइनु; ('दोहरिनु'-को भा० क्रि०)।

दोहरिनु–अ० क्रि० [दोहोरो+इ+नु] दोहोरिनु।

दोहरो–वि० [दोहोरो] दोहोरो।

दोहऱ्याइ–ना० [दोहरि+याइ] दोहरिने किसिम, क्रिया वा भाव; दोहोऱ्याइ।

दोहऱ्याइ–ना० [दोहऱ्याउ+आइ] दोहऱ्याउने किसिम, क्रिया वा भाव; दोहोऱ्याइ।

दोहऱ्याइनु–स० क्रि० [दोहऱ्याउ+इ+नु] दोहोऱ्याइनु; ('दोहऱ्याउनु'-को क० क्रि०)।

दोहऱ्याउनु–स० क्रि० [दोहरि+याउ+नु] दोहोऱ्याउनु; ('दोहरिनु'-को प्रे० क्रि०)।

दोहल–ना० [सं०] १. इच्छा; कामना। २. गर्भिणीको इच्छा; दोहद।

दोहलवती–ना० [सं०] दोहदवती।

दोहा–ना० [हिं०] तेह्र र एघारका क्रमले एक पङ्क्तिमा जम्मा चौबीस मात्रा हुने दुइ पङ्क्तिको एक छन्द।

दोहित–वि० [सं०] दुहिएको; दोहन गरिएको।

दोहोरिइनु–अ० क्रि० [दोहोरि+इ+नु] दोहोरो होइनु; ('दोहोरिनु'-को भा० क्रि०)।

दोहोरिनु–अ० क्रि० [दोहोरो+इ+नु] १. दोहोरो हुनु; अर्को पटक हुनु। २. डबल पर्नु; डबलिनु। ३. दोब्रिनु; दुइ सरो हुनु।

दोहोरी–वि० [दोहोरो] १. विवाहमा जन्तीहरूलाई बेलुका र बिहान दुलहीका तर्फबाट खुवाइने (भोजन)। २. दुलहा वा दुलही—कुनै एक तर्फबाट उभय पक्षमा लगाइने (खर्च)। ३. दुवैतिरको; दुवैतिरबाट।

दोहोरे–ना० [दोहोरो] दुइ जना परस्पर सम्मुख पर्ने गरी उभिएर दुवैले आलो-पालोसँग मचाएर खेलिने पीङको खेल।

दोहोरो–वि० [दोबर+ओ] १. दुइ पटकको; डबल; दुगुना।

CC-0. In Public Domain. Digitization by eGangotri

२. दुइ सरो; दोबरी।

दोहोऱ्याइ–ना० [दोहोरि+याइ] दोहोरिने किसिम, क्रिया वा भाव।

दोहोऱ्याइ–ना० [दोहोऱ्याउ+आइ] दोहोऱ्याउने किसिम, क्रिया वा भाव।

दोहोऱ्याइनु–स० क्रि० [दोहोऱ्याउ+इ+नु] दोहोरो गरिनु; ('दोहोऱ्याउनु'-को क० क्रि०)।

दोहोऱ्याउनु–स० क्रि० [दोहोरि+याउ+नु] १. दुइ पटक गर्नु; दोहोरो गर्नु। २. डबल्याउनु; दोहोरो पार्नु।

दोहोलो–ना० [दुहाई] १. कुनै काम फेरि गर्ने हिम्मत नआउने गरी चेत्ने काम; तोबा। २. आच्छु-आछु; हायल-कायल।

दोह्य–वि० [सं०] १. दुहुन योग्य। (ना०) २. दूध।

दौशील्य–ना० [सं०] दुःशील हुनाको भाव; दुःशीलता।

दौंतर–ना० [सं० दम्य+वत्सर] समान उमेर; सम-वयस्क व्यक्ति।

दौंतरी–ना० [दौंतर+ई] १. बराबर उमेरको साथी; उमेर-मिल्दो दोस्त। (वि०) २. एकै उमेरका; सम-वयस्क। ३. एकै दाँवलका।

दौड़–ना० [सं० धावन] १. दौड़ने काम; कुदाइ। २. मनको ताक; तर्क।

दौड़-धूप–ना० [दौड़+धपेड़ी] १. कुनै काम फत्ते गर्नाका निमित्त यता-उति गई प्रयत्न गर्ने काम। २. भौंतारिने काम; भ्रमण।

दौड़नु–अ० क्रि० [दौड़+नु] १. वेगसाथ जानु; कुद्नु; दगुर्नु। २. भाग्नु; सुइँकुच्चा ठोक्नु।

दौड़ाइ–ना० [दौड़+आइ] दौड़ने किसिम, क्रिया वा भाव; कुदाइ।

दौड़ाइ–ना० [दौड़ाउ+आइ] दौड़ाउने किसिम, क्रिया वा भाव।

दौड़ाइनु–स० क्रि० [दौड़ाउ+इ+नु] छिटो हिँड़ाइनु; कुदाइनु; ('दौड़ाउनु'-को क० क्रि०)।

दौड़ाउनु–स० क्रि० [दौड़+आउ+नु] १. छिटो गतिले हिँड़ाउनु; कुदाउनु। २. भगाउनु; सुइँकुच्चा ठोकाउनु; ('दौड़नु'-को प्रे० क्रि०)। ३. चोर्नु। ४. बेकाममा हिँडाउनु; झुलाउनु।

दौड़ादौड़–ना० [दौड़+दौड़] १. यता-उति दगुर्ने काम; दौड़-धूप; दगुरादगुर। २. हड़बड़; हतपत।

दौड़ादौड़ी–ना० [दौड़ादौड़+ई] दौड़ादौड़; दगुरादगुर।

दौड़ाहा–ना० [अ० दौर+आहा] १. आफ्ना मातहतका इलाकाहरूको देख-रेख गर्नाका निमित्त अधिकारीहरू घुम्न जाने काम; दौरा। २. हैजा; कलेरा। (वि०) ३. दौड़ने स्वभावको।

दौड़िनु–अ० क्रि० [दौड़+इ+नु] वेगसाथ गइनु; ('दौड़नु'-को भा० क्रि०)।

दौत्य–ना० [सं०] १. दूतको काम वा भाव; दूतत्व। २. सन्देश।

दौरा–ना० [दोबर] लबेदा; मयल-पोश।

दौरा–ना० [अ० दौर] १. यता-उति घुम्ने काम; भ्रमण। २. जाँच-पड़ताल वा निरीक्षणका निमित्त अधिकारी-वर्ग आफ्नो इलाकामा घुम्नु; दौड़ाहा।

दौरात्म्य–ना० [सं०] दुरात्मा हुनाको भाव; दुर्जनता; दौर्जन्य।

दौर्गत्य–ना० [सं०] १. दरिद्रता; निर्धनता। २. दुःख; कष्ट। ३. अभाग्य। ४. दुर्गति हुनाको भाव।

दौर्गन्ध्य–ना० [सं०] दुर्गन्धको भाव।

दौर्जन्य–ना० [सं०] दुर्जन हुनाको भाव; दुर्जनता; दुष्टता।

दौर्जीवित्य–ना० [सं०] दुःखी जीवन; कष्टमय जीवन।

दौर्बल्य–ना० [सं०] दुर्बल हुनाको भाव; दुर्बलता; कमजोरी।

दौर्भाग्य–ना० [सं०] अभागी हुनाको भाव; दुर्भाग्य।

दौर्मनस्य–ना० [सं०] १. मानसिक कष्ट। २. दुष्टता; दुर्जनता।

दौर्वृत्त–ना० [सं०] दुराचारी हुनाको भाव।

दौर्हार्द–ना० [सं०] १. दुष्ट हृदय हुनाको भाव; दुष्टचाइँ। २. शत्रुता; वैर-भाव।

दौर्हृद–ना० [सं०] १. दुष्टतापूर्ण हृद् हुनाको भाव; कुटिलता। २. शत्रुता। ३. गर्भ। ४. गर्भवती स्त्रीको इच्छा; दोहद।

दौर्हृदय–ना० [सं०] १. मनको खराब भावना। २. शत्रुता।

दौलत–ना० [अ०] धन; द्रव्य।

दौलथ–ना० [अ० दौलत] १. बुद्धि वा योग्यता; हबिगत; पुरुषार्थ; बुद्धि-बर्कत। २. दौलत।

दौवारिक–ना० [सं०] ढोके; द्वार-पाल।

दौवारिकी–ना० [सं०] स्त्री द्वार-पाल।

दौश्चर्य–ना० [सं०] १. दुश्चरित्र हुनाको भाव; दुराचरण। २. दुष्कर्म। ३. दुष्टता।

दौष्कुल–वि० [सं०] दुष्कुलमा जन्म भएको; नीच कुलमा जन्मेको।

दौष्ट्य–ना० [सं०] दुष्ट हुनाको भाव; दुष्टता।

दौहित्र–ना० [सं०] १. छोरीको छोरो; छोरीपट्टिको नाति। २. गाईको घिउ। ३. तिल। ४. तलवार।

दौहित्रायण–ना० [सं०] दौहित्रको छोरो; छोरीतिरको पनाति।

दौहित्री–ना० [सं०] छोरीकी छोरी; छोरीपट्टिकी नातिनी।

द्यु–ना० [सं०] १. दिन; दिवस। २. स्वर्ग। ३. आकाश। ४. अग्नि।

द्युति–ना० [सं०] १. शोभा; छवि। २. दीप्ति; कान्ति; ३. लावण्य। ४. रश्मि; किरण।

द्युतिमा–ना० [सं०] कान्ति; प्रभा।

द्युतिमान्–वि० [सं०] द्युति भएको; प्रकाशमान।

द्यु-मणि–ना० [सं०] सूर्य।

द्युमान्–वि० [सं०] कान्ति-युक्त; प्रकाशमान।

द्युम्न–ना० [सं०] १. धन; सम्पत्ति। २. कान्ति; प्रभा।

CC-0. In Public Domain. Digitization by eGangotri

३. प्रेरणा।

द्यूत–ना० [सं०] रुपियाँ-पैसा बाजी थापेर खेलिने खेल; जूवा।

द्यूत-कर–ना० [सं०] जुवाड़ी।

द्यूत-कार–ना० [सं०] जूवा खेलाउने व्यक्ति; खाले।

द्यूत-क्रीडा–ना० [सं०] जूवाको खेल।

द्यूत-पूर्णिमा–ना० [सं०] आश्विन शुक्ल पूर्णिमा।

द्यूत-प्रतिपदा–ना० [सं०] कार्तिक शुक्ल प्रतिपदा।

द्यूत-फलक–ना० [सं०] पासा, पच्चीस, बुद्धि-चाल आदि दाउ थापेर खेलिने खेलको थर्की आदि साधन।

द्यूत-वृत्ति–ना० [सं०] जूवामात्र खेलेर गरिने जीविका।

द्यो–ना० [सं०] १. स्वर्ग। २. आकाश।

द्योत–ना० [सं०] १. प्रकाश। २. घाम। ३. ताप।

द्योतक–वि० [सं०] १. प्रकाश गर्ने; प्रकाशक। २. जनाउने; सूचक।

द्योतन–ना० [सं०] १. प्रकाश; कान्ति। २. प्रकाश गर्नु; प्रकाशन। ३. सूचना दिने काम। ४. बत्ती; दीप।

द्योतमान्–वि० [सं०] प्रकाशमान।

द्योतित–वि० [सं०] प्रकाशित।

द्यौ–ना० [सं०] १. स्वर्ग। २. आकाश। ३. दिन। ४. प्रकाश। ५. अग्नि।

द्यौता–ना० [देउता] देउता।

द्यौ-तीर्थ–ना० [देउ-तीर्थ] देउ-तीर्थ।

द्यौघाट–ना० [देवी-घाट] देवी-घाट; गण्डकी नदीको एक प्रसिद्ध घाट।

द्यौनिगालो–ना० [देउनिगालो] देउनिगालो।

द्यौरानी–ना० [देवरानी] देवरानी।

द्यौराली–ना० [देउराली] देउराली।

द्यौसी–ना० [देउसी] देउसी।

द्यौसे–ना० [देउसे] देउसे।

द्रव–ना० [सं०] १. पन्यालो हुनु; पग्लनु। २. पन्यालो वस्तु; तरल पदार्थ। ३. चुहुनु। ४. बग्नु। ५. भाग्नु; पलायन। (वि०) ६. पन्यालो; तरल।

द्रवण–ना० [सं०] १. पग्लनु; तरल हुनु। २. बग्नु। ३. चुहुनु। ४. दया लाग्नु।

द्रव-शील–वि० [सं०] १. पग्लने। २. बग्ने।

द्रविड–ना० [सं०] १. दक्षिण-भारतको एक क्षेत्र। २. त्यस प्रदेशका निवासी। ३. आन्ध्र, कर्णाट, गुर्जर, द्रविड र महाराष्ट्र—यी पाँच ब्राह्मण-वर्ग।

द्रविड-प्राणायाम–ना० [सं०] कुनै काम सजिलो र सोझो तरीकाले नगरी गाह्रो र घुमाउरो तरीकाले गर्नु।

द्रविण–ना० [सं०] १. धन; सम्पत्ति। २. सुन। ३. बल; पराक्रम। ४. वस्तु; पदार्थ।

द्रवीभूत–वि० [सं०] १. पग्लेको; पन्यालो भएको; गलेको। २. दयालु; दयार्द्र।

द्रव्य–ना० [सं०] १. वस्तु; पदार्थ। २. अरू माल तयार गर्ने सामग्री; उपकरण। ३. क्रिया र गुण अथवा केवल गुणमात्रको आश्रय भएको पदार्थ। (वैशेषिक दर्शन-अनुसार पृथ्वी, जल, तेज, वायु, आकाश, काल, दिक्, आत्मा र मन—यी नौ वस्तु।) ४. धन; सम्पत्ति। ५. औषधी। ६. गुँद। ७. लाहा। ८. मदिरा। ९. धातु।

द्रव्य-पिचास–वि० [सं० द्रव्य-पिशाच] द्रव्य-पिशाच।

द्रव्य-पिशाच–वि० [सं०] प्रशस्त पैसा भएर पनि खर्च नगर्ने; किरन्टोकी; अति कन्जुस।

द्रव्यवान्–वि० [सं०] धनवान्; धनी।

द्रव्य-शाह–ना० [सं०] गोरखामा १५५९-मा शाह-वंशको शासन कायम गरी १५७० ईसवीसम्म राज्य गर्ने, वर्तमान श्री ५ महाराजाधिराजका पूर्वज।

द्रव्यार्जन–ना० [सं०] धन कमाउनु; धनोपार्जन।

द्रष्टव्य–वि० [सं०] १. देख्न योग्य; हेर्न लायक; दर्शनीय। २. देखाउन लायक। ३. हेर्दा राम्रो लाग्ने।

द्रष्टा–वि० [सं०] देख्ने; हेर्ने; दर्शक।

द्रह–ना० [सं०] साह्रै गहिरो प्राकृतिक पोखरी; दह।

द्राक्षा–ना० [सं०] दाख; अङ्गूर।

द्राव–ना० [सं०] १. द्रव हुनाको भाव; पन्यालोपन। २. बग्नु। ३. जानु; गमन।

द्रावक–वि० [सं०] १. पगाल्ने; पन्यालो पार्ने। २. बगाउने। ३. दया गर्ने।

द्रावण–ना० [सं०] १. द्रव हुने क्रिया वा भाव; गाल्ने वा गल्ने काम; पग्लने वा पगाल्ने काम। २. भगाउनु; पलायन गराउनु।

द्राविका–ना० [सं०] राल; थूक।

द्रावित–वि० [सं०] १. पगालिएको; गालेको। २. भगाएको।

द्रु–ना० [सं०] १. रूख; वृक्ष। २. हाँगो; शाखा।

द्रुत–वि० [सं०] १. चाँड़ो; छिटो; शीघ्र। २. छिटो हिंड्ने; शीघ्र-गामी। ३. दौड़ेको; भागेको। ४. पग्लेको; द्रवीभूत।

द्रुत-गति–वि० [सं०] १. चाँड़ो हिंड्ने; शीघ्र-गामी। (ना०) २. छिटो गति; तीव्र गति।

द्रुत-गामी–वि० [सं०] छिटो हिंड्ने; शीघ्र-गामी।

द्रुत-विलम्बित–ना० [सं०] प्रत्येक चरणमा क्रमशः नगण, भगण, भगण र रगण—यी चार गण भएका चार चरण हुने एक वार्णिक छन्द।

द्रुम–ना० [सं०] १. रूख; वृक्ष। २. पारिजात। ३. कुबेर।

द्रोण–ना० [सं०] १. काठको भाँड़ो। २. दुनु। ३. बत्तीस सेरको एक प्राचीन तौल। ४. द्रोणाचार्य। ५. द्रोणाचल। ६. डुङ्गा; नौका।

द्रोण-काक–ना० [सं०] सर्वाङ्ग कालो हुने एक जातको ठूलो काग; डुम-काग; ढोले काग।

द्रोण-पुष्प–ना० [सं०] प्रत्येक हाँगाका टुप्पामा डल्लो पुष्प-कोश हुने र त्यसका बीचमा दुइ पात र सेता साना-साना

CC-0. In Public Domain. Digitization by eGangotri

फूल हुने, पाखामा उम्रने एक जातको बूटी; गुम्बा। (एउटा पुष्प-कोशमाथि अर्को पुष्प-कोश लाग्नेलाई देव-द्रोणी र एकोहोरोमात्र पुष्प-कोश हुनेलाई द्रोण-पुष्पी भन्दछन् । आयुर्वेदमा यसको गुण स्मृति-कारक र पित्त-नाशक बताइएको छ ।)

द्रोण-पुष्पी—ना० [सं०] एक जातको द्रोण-पुष्प ।

द्रोणाचल—ना० [सं०] रामायण-प्रसिद्ध एक पर्वत ।

द्रोणाचार्य—ना० [सं०] महाभारत-प्रसिद्ध पाण्डव र कौरव-हरूका गुरु, विद्वान् एवं वीर ब्राह्मण ।

द्रोणी—ना० [सं०] १. डुङ्गा; नौका । २. दुनु । ३. काठको एक प्रकारको भाँडो ।

द्रोह—ना० [सं०] १. अर्काको अनिष्ट चिताउनु; द्वेष । २. प्रतिहिंसाको भावना । ३. वैर-भाव; शत्रुता ।

द्रोही—वि० [सं०] १. द्रोह गर्ने; अरूको अहित चिताउने । (ना०) २. द्रोह गर्ने व्यक्ति । ३. विद्रोही ।

द्रौपदी—ना० [सं०] महाभारत-प्रसिद्ध राजा द्रुपदकी छोरी; पञ्च-पाण्डवकी रानी ।

द्वन्द—ना० [सं०] १. युगल; मिथुन । २. जोड़ा; प्रतिद्वन्द्वी । ३. दुइ जनाको लड़न्त; झगड़ा ।

द्वन्द्व—ना० [सं०] १. जोड़ा; युगल; युग्म । २. लोग्ने-स्वास्नी; दम्पती । ३. दुइ परस्पर विरोधी तत्त्वको जोड़ा । (उदा०—सुख-दुःख, शीत-उष्ण, पाप-पुण्य आदि ।) ४. दुइ जनाको युद्ध । ५. कलह; झगड़ा; सङ्घर्ष । ६. रहस्य; गुप्त कुरो । ७. व्याकरण-प्रसिद्ध एक समास । (उदा०—सीता-राम, ढुटी-माटी इत्या० ।)

द्वन्द्व-चर—वि० [सं०] १. जोड़ा मिलेर हिंड्ने; युग्म-चारी । (ना०) २. चखेवा ।

द्वन्द्व-चारी—वि० [सं०] द्वन्द्व-चर ।

द्वन्द्व-युद्ध—ना० [सं०] दुइ जनाको पारस्परिक युद्ध ।

द्वन्द्वी—वि० [सं०] १. जोड़ा पार्ने; युग्म बनाउने । २. परस्पर विरोधी । (उदा०—सुख र दुःख, पाप र पुण्य आदि ।) ३. झगड़ालु ।

द्वय—वि० [सं०] १. दुइ; दुइटा । (ना०) २. जोड़ा; युग्म ।

द्वयर्थक—ना० [सं०] १. दुइ अर्थ लाग्ने । २. दुवैतिर अर्थ लाग्ने; उभयार्थी ।

द्वाःस्थ—ना० [सं०] ढोके; द्वार-पाल ।

द्वादश—वि० [सं०] बाह्र ।

द्वादशाक्षर—ना० [सं०] विष्णुको बाह्र अक्षर भएको एक मन्त्र (ॐनमो भगवते वासुदेवाय) ।

द्वादशाक्षरी—वि० [सं०] बाह्र अक्षर भएको (मन्त्र) ।

द्वादशात्मा—ना० [सं०] १. सूर्य । २. आँक ।

द्वादशाह—ना० [सं०] १. बाह्र दिनको समुदाय । २. बाह्र दिनसम्म गरिने एक यज्ञ । ३. मरेको बाह्र दिनका दिन गरिने श्राद्ध; बार्हौं; सपिण्डी ।

द्वादशी—ना० [सं०] शुक्ल वा कृष्ण-पक्षको बार्हौं तिथि; एकादशीका भोलिपल्टको तिथि; पूर्णातिथि ।

द्वापर—ना० [सं०] १. सत्य आदि चार युगमध्ये तेस्रो युग । २. सन्देह; संशय ।

द्वार—ना० [सं०] १. ढोका; दहिलो । २. ढोका बन्द गर्ने र खोल्ने फल्याँटो; खापा । ३. शरीरका इन्द्रियहरूको छिद्र । ४. मुहान; निर्गम-स्थान । ५. कुनै काम गर्ने नियत वा सजिलो उपाय; युक्ति । ६. वन-विभागको क्षेत्रीय अड्डा ।

द्वारका—ना० [सं०] द्वारिका ।

द्वार-पाल—ना० [सं०] ढोके; द्वार-रक्षक ।

द्वार-पालक—ना० [सं०] द्वार-पाल ।

द्वार-यन्त्र—ना० [सं०] १. ताल्चा । २. छेस्किनी ।

द्वार-रक्षक—ना० [सं०] ढोके; द्वार-पाल ।

द्वारा—विभ० [सं० द्वार] तर्फबाट; मार्फत; बाट ।

द्वारिका—ना० [सं०] श्री-कृष्णले बसालेको, भारतको काठिया-वाड़ प्रदेशमा रहेको एक प्राचीन नगरी; हिन्दूहरूका सात पुरीमध्ये एक; चार-धाममध्ये एक ।

द्वारे—ना० [सं० द्वार+ए] १. अन्तःपुरका केटी-सुसारेहरूकी नाइकिनी । २. गाउँको एक किसिमको मुखिया । ३. ढोके; द्वार-पाल ।

द्वाल—ना० [दुवाल] दुवाल ।

द्वाली—ना० [दुवाली] दुवाली ।

द्विः—क्रि० यो० [सं०] दुइ पटक; दुइ चोटि ।

द्वि—वि० [सं०] दुइ; एक र एकको जम्मा ।

द्विगु—ना० [सं०] १. पहिलो पद सङ्ख्या-वाचक हुने कर्मधारय-समास । (उदा०—पचन्नी, त्रिशूल, पञ्चमाङ्गी इत्या० ।) (वि०) २. दुइटा गाईको धनी ।

द्वि-गुण—वि० [सं०] दुगुना; दोबर ।

द्वि-गुणित—वि० [सं०] दुगुना गरिएको; दोब्याइएको ।

द्वि-चरण—ना० [सं०] द्वि-पद-प्राणी; दुइटा गोड़ा हुने जीव ।

द्विज—ना० [सं०] १. दुइ पटक जन्मेको प्राणी । २. फुलबाट पैदा हुने प्राणी; अण्डज (पक्षी, सर्प आदि) । ३. यज्ञोपवीत-संस्कार गरिने हिन्दूहरूको वर्ग (ब्राह्मण, क्षत्रिय, वैश्य) । ४ ब्राह्मण । ५. चन्द्रमा । ६. दाँत । ७. धनियाँ ।

द्वि-जन्मा—वि० [सं०] दुइ पटक जन्म लिने (ब्राह्मण, क्षत्रिय, वैश्य, दाँत, पक्षी; चन्द्र आदि) ।

द्विज-पति—ना० [सं०] १. ब्राह्मण । २. चन्द्रमा । ३. गरुड । ४. शेष-नाग ।

द्विज-बन्धु—ना० [सं०] कर्म-हीन द्विज ।

द्विज-राज—ना० [सं०] १. ब्राह्मण । २. चन्द्रमा । ३. गरुड ।

द्वि-जाति—ना० [सं०] द्विज ।

द्वि-जानि—ना० [सं०] दुइटा स्वास्नी हुने पुरुष ।

द्वि-जिह्व—ना० [सं०] १. सर्प । २. छुल्याहा; छुस्कर । ३. मूर्ख; खल ।

द्विजोत्तम—ना० [सं०] ब्राह्मण ।

द्विट्—ना० [सं०] शत्रु; दुश्मन ।

CC-0. In Public Domain. Digitization by eGangotri

द्वितीय–वि० [सं०] १. दोस्रो। २. अर्को।

द्वितीयक–वि० [सं०] दोस्रो।

द्वितीया–ना० [सं०] १. कृष्ण वा शुक्ल-पक्षको दोस्रो तिथि; प्रतिपदापछिको तिथि। २. स्वास्नी; पत्नी।

द्वितीयाश्रम–ना० [सं०] गृहस्थाश्रम; चार आश्रममध्ये दोस्रो आश्रम।

द्वित्व–ना० [सं०] १. दुइटा हुनाको भाव; दोहोरो हुनाको भाव। २. युग्म; जोड़ा। ३. दुइको सङ्ख्या।

द्वि-दल–ना० [सं०] दुइ पत्र भएर उम्रने; दुइ दल हुने (केराउ, चना आदि)।

द्विध–वि० [सं०] दुइ खण्डमा विभाजित; दुइ भागमा विभक्त।

द्विधा–क्रि० यो० [सं०] १. दुइ प्रकारले; दुइ किसिमले। २. दुइ भागमा; दुइ खण्डमा।

द्विप–ना० [सं०] १. हात्ती। २. नागकेसर।

द्वि-पथ–ना० [सं०] दुइ बाटो मिलेको ठाउँ; दोबाटो।

द्वि-पद–वि० [सं०] १. दुइटा खुट्टा हुने। (ना०) २. दुइटा खुट्टा हुने प्राणी।

द्वि-पदा–ना० [सं०] दुइ चरणमात्र हुने एक प्रकारको छन्द; ऋचा।

द्वि-पदी–ना० [सं०] १. दुइ चरणमात्र हुने एक प्रकारको गीति छन्द। २. एक प्रकारको मात्रिक वृत्त।

द्वि-पाद–ना० [सं०] द्वि-पद।

द्वि-पायी–ना० [सं०] हात्ती।

द्वि-भाषी–ना० [सं०] दो-मासे; दो-भासे।

द्वि-बिन्दु–ना० [सं०] विसर्ग; दवासबिन्दु; (:)।

द्वि-भुज–वि० [सं०] १. दुइटा हात हुने; दुइ भुजा भएको। (ना०) २. कुना; कोण।

द्वि-भूम–वि० [सं०] दुइ-तले।

द्वि-मात्र–वि० [सं०] दुइ मात्रा हुने; दीर्घ (वर्ण)।

द्वि-मुख–वि० [सं०] १. दुइटा मुख हुने। (ना०) २. एक जातको सर्प।

द्वि-मुखा–ना० [सं०] जूको।

द्वि-मुखी–ना० [सं०] १. बाछाको दुइ खुट्टा र मुखमात्र बाहिर निस्केर बियाउन लागेकी गाई। (वि०) २. दुवैपट्टि मुख भएको।

द्वि-रद–वि० [सं०] १. दुइटा दाँत हुने। (ना०) २. हात्ती।

द्वि-रसन–ना० [सं०] १. सर्प। (वि०) २. दुइटा जिभ्रा हुने; दुइ-जिभ्रे।

द्विरागमन–ना० [सं०] १. विवाह भएपछि दोस्रो पटक वधूले आफ्नो घरमा आउनु। २. दोस्रो पटक आउनु; पुनरागमन।

द्विरुक्त–वि० [सं०] १. दुइ पटक भनिएको; दोहोऱ्याएर भनिएको। २. दुइ किसिमले उल्लेख गरिएको।

द्विरुक्ति–ना० [सं०] १. पहिले भनिसकिएको कुरो फेरि भन्नु; दोहोऱ्याएर भन्नु; पुनरुक्ति। २. काव्यको एक दोष।

द्विरूढा–ना० [सं०] प्रथम विवाहित पुरुष मरेर वा उसलाई छोड़ेर द्वितीय विवाह गर्ने स्त्री।

द्वि-रेफ–ना० [सं०] भ्रमर।

द्वि-वचन–ना० [सं०] व्याकरणमा दुइटालाई बुझाउने वचन।

द्वि-विध–वि० [सं०] दुइ प्रकारको; दुइ किसिमले।

द्विविधा–ना० [सं० द्वि-विध] दोधार; दोठचाङ; सन्देह।

द्वि-शीर्ष–वि० [सं०] १. दुइटा शिर हुने; दुइ-टाउके। (ना०) २. अग्नि।

द्वि-हृदया–ना० [सं०] दोजाई; गर्भवती स्त्री।

द्वीप–ना० [सं०] १. चारैतिर पानीले घेरिएको भू-भाग; टापू। २. पुराणअनुसार पृथ्वीका सात विभाग (जम्बू, प्लक्ष, कुश, शाल्मली, क्रौञ्च, शाक र पुष्कर)।

द्वीपान्तर-वचा–ना० [सं०] १. कुकुरडाइनुका जस्ता पात, ठूलो खैरो कन्द, र नङ्ग्रा हुने एक जातको काँढ़ादार लहरो। २. त्यसैको कन्द।

द्वीपी–ना० [सं०] १. बाघ। २. चितुवा।

द्वेष–ना० [सं०] १. मन नपरेको व्यक्ति वा वस्तुको अहित गर्ने मानसिक प्रवृत्ति; डाह; ईर्ष्या। २. दुश्मनी; शत्रुता।

द्वेषण–ना० [सं०] १. द्वेष गर्ने काम; घृणा। २. शत्रु; दुश्मन।

द्वेषी–वि० [सं०] १. द्वेष गर्ने। (ना०) २. शत्रु; वैरी।

द्वेष्टा–वि० [सं०] १. द्वेष गर्ने; द्वेषी। (ना०) २. वैरी; शत्रु।

द्वेष्य–वि० [सं०] १. द्वेष गर्न योग्य। (ना०) २. द्वेषको पात्र; शत्रु।

द्वैगुणिक–वि० [सं०] १. दुगुना ब्याज लिने; डबल ब्याज लिने। (ना०) २. सयकड़ा सय नै ब्याज लिने साहू।

द्वैत–ना० [सं०] १. दुइटा हुनाको भाव। २. जोड़ा; युगल। ३. आफ्नो र अर्काको भिन्नताको भाव; भेद-भाव।

द्वैतवाद–ना० [सं०] आत्मा र परमात्मा अथवा जीव र ईश्वरलाई भिन्न-भिन्न तत्त्व मान्ने एक दार्शनिक सिद्धान्त; वेदान्तको एक शाखा।

द्वैतवादी–वि० [सं०] द्वैतवादको अनुयायी।

द्वैध–ना० [सं०] १. दुइ प्रकारको हुनाको भाव। २. अन्तर; भिन्नता। ३. परस्परमा विरोध हुनाको भाव। ४. सन्देह; शङ्का। ५. राजनीतिमा अर्को राष्ट्रसँग व्यवहार गर्दा मुख्य उद्देश्यलाई गुप्त राखेर गौण उद्देश्यलाई प्रकट गर्नु।

द्वैध-शासन–ना० [सं०] १. दुइ भिन्न वर्गमा सत्ता विभक्त भएको शासन-प्रणाली। २. दुइटा राजा वा अधिकारीले एकै समयमा एकै देश वा क्षेत्रमा शासन गर्नु।

द्वैधीकरण–ना० [सं०] दुइ भागमा विभक्त गर्नु; दुइ खण्डमा छुट्टिनु वा छुट्टयाउनु।

द्वैधी-भाव–ना० [सं०] १. दुइ प्रकारको हुनाको भाव; द्वैध। २. भित्र एक विचार र बाहिर अर्को विचार हुनु। ३.

CC-0. In Public Domain. Digitization by eGangotri

द्विविधा; दोधार ।

द्वैप—वि० [सं०] १. द्वीप-सम्बन्धी; टापूको । (ना०) २. बाघको छाला ।

द्वैपायन—ना० [सं०] महाभारत, पुराण आदि ग्रन्थहरूका रचयिता वेद-व्यास ।

द्वैमातुर—ना० [सं०] १. गणेश । २. जरासन्ध । (वि०) ३. दुइटा आमा हुने ।

द्वैविध्य—ना० [सं०] १. दुइ किसिमको हुनाको भाव । २. भिन्नता; फरक ।

द्वैहायन—ना० [सं०] दुइ वर्षको समय ।

द्व्यर्थ—वि० [सं०] दुइटा अर्थ भएको; दुइ अर्थ लाग्ने ।

द्व्यर्थक—वि० [सं०] दुइटा अर्थ लाग्ने; द्व्यर्थ ।

ध

ध—देवनागरी वर्ण-मालाको उन्नाइसौँ व्यञ्जन-वर्ण । त-वर्गको चौथो अक्षर । यसको उच्चारण दन्त्य-स्थानबाट हुन्छ ।

धक—ना० [धाक] डर, सङ्कोच, लाज, अदब आदिबाट मनमा उत्पन्न हुने कातरपन ।

धकधक—क्रि० यो० [अनु०] मुटु हल्लने किसिम वा मुटु हल्लँदा शब्द आउने किसिम; धुकधुक ।

धकाइ—ना० [धकाउ+आइ] धकाउने किसिम, क्रिया वा भाव; धक मान्नाको भाव ।

धकाइ—ना० [धकाउ+आइ] धकाउने किसिम, क्रिया वा भाव; लामो सास फेर्नाको भाव ।

धकाइनु—अ० क्रि० [धकाउ+इ+नु] धक लागिनु; ('धकाउनु'-को भा० क्रि०) ।

धकाइनु—अ० क्रि० [धकाउ+इ+नु] दम बढ़िनु; स्वाँ-स्वाँ गरिनु; ('धकाउनु'-को भा० क्रि०) ।

धकाइनु—स० क्रि० [धकाउ+इ+नु] धक्न लाइनु; ('धकाउनु'-को भा० क्रि०) ।

धकाउनु—अ० क्रि० [धक+आउ+नु] धक लाग्नु; अदब मान्नु; सङ्कोच मान्नु ।

धकाउनु—अ० क्रि० [धक्+आउ+नु] परिश्रम, गर्मी, रोग आदिले लामा-लामा सास फेर्नु; स्वाँ-स्वाँ गर्नु; दम बढ्नु ।

धकार—ना० [सं०] 'ध'-अक्षर; दन्त्य-स्थानबाट उच्चारण हुने त-वर्गको चौथो अक्षर ।

धकिनु—अ० क्रि० [धक+इ+नु] धक मानिनु ।

धकुवा—वि० [धक्+उवा] दम बढ़ेको; धकाउने; धम्कीको रोग भएको ।

धकेरा—ना० [धक्] गर्मी वा परिश्रमबाट बढ़ेको श्वास-प्रश्वास; दम; स्वाँ-स्वाँ ।

धकेला—ना० [धकेल्+आ] धक्का; धकेल्ने काम ।

धकेलाइ—ना० [धकेल्+आइ] धकेल्ने किसिम, क्रिया वा भाव; धक्क्याइ ।

धकेलाइनु—स० क्रि० [धकेलाउ+इ+नु] धकेल्न लाइनु; ('धकेलाउनु'-को क० क्रि०) ।

धकेलाउनु—स० क्रि० [धकेल्+आउ+नु] धकेल्न लाउनु; ('धकेल्नु'-को प्रे० क्रि०) ।

धकेलाधकेल—ना० [धकेल्+धकेल्] परस्परमा धकेल्ने काम; घचेटाघचेट; पेलापेल ।

धकेलिनु—स० क्रि० [धकेल्+इ+नु] धक्का दिइनु; घचेटिनु; ('धकेल्नु'-को क० क्रि०) ।

धकेल्नु—स० क्रि० [धक्का+नु] धक्का दिनु; घचेट्नु; धक्क्याउनु ।

धक्कमधक्का—ना० [धक्का+धक्का] धक्काधक्की; धकेलाधकेल ।

धक्का—ना० [सं० धक्क्] १. एक वस्तु अर्को वस्तुसँग जोड़सित जुध्नु; ठक्कर । २. धकेल्ने काम; धक्क्याइ । ३. दुःख, शोक, हानि आदिबाट भएको मानसिक आघात ।

धक्काधक्की—ना० [धक्का+धक्का+ई] परस्परमा धक्का लाउने काम; धक्कमधक्का; धकेलाधकेल ।

धक्काधार—ना० [धक] धक ।

धक्कु—ना० [धाक] फोस्रो धाक; बोक्रे फूर्ति ।

धक्क्याइ—ना० [धक्क्याउ+आइ] धक्क्याउने किसिम, क्रिया वा भाव; धकेलाइ ।

धक्क्याइनु—स० क्रि० [धक्क्याउ+इ+नु] धक्का दिइनु; ('धक्क्याउनु'-को क० क्रि०) ।

धक्क्याउनु—स० क्रि० [धक्का+याउ+नु] १. धक्का दिनु; धकेल्नु । २. सिद्ध्याउनु । ३. पन्छाउनु ।

धक्नु—अ० क्रि० [धकधक] परिश्रम वा गर्मीले दम बढ्नु; स्वाँ-स्वाँ हुनु ।

धज—ना० [सं० ध्वज] १. शेखी; तुजुक; घमन्ड । २. ठाँट-बाँट; तड़क-भड़क ।

धजिलो—वि० [धज+इलो] १. शेखीवाल; घमन्डी । २. ठाँटिलो; भड्किलो ।

धजो—ना० [सं० ध्वज] १. ध्वजा; झन्डा । २. पताका । ३. धरो; धुर्को ।

धड़—ना० [प्रा० धड] टाउको, हात र खुट्टाबाहेकको शरीर ।

धड़कन—ना० [धड्क] मुटुको कम्प; धड्काइ ।

धड़-पकड़—ना० [धड्+पकड्] धड्ने र पक्रने काम; कड़ाइका साथ ताकिता गर्ने वा समाउने काम; सिकिस्ती ।

धड़ाइ—ना० [धड्+आइ] धड्ने किसिम, क्रिया वा भाव ।

धड़ाइनु—स० क्रि० [धड़ाउ+आइ+नु] धड्न लाइनु; ('धड़ाउनु'-को क० क्रि०) ।

धड़ाउनु—स० क्रि० [धड्+आउ+नु] धड्न लाउनु; ('धड्नु'-को प्रे० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

धड़ाधड़–क्रि० यो० [अनु०] धमाधम; खराखर; नरोकिईकन ।

धड़िइनु–अ० क्रि० [धड़ि+इ+नु] धड़िने काम होइनु; ('धड़िनु'-को भा० क्रि०) ।

धड़िनु–अ० क्रि० [धड्+इ+नु] ग्रस्त गर्नु; ('धड्नु'-को क० क्रि०) ।

धड्कनु–अ० क्रि० [धकधक+नु] डर वा परिश्रमले मुटु छिटो-छिटो चल्नु; मुटु ढुकढुक गर्नु; मुटु हान्नु ।

धड्काइ–ना० [धड्काउ+आइ] धड्काउने किसिम वा क्रिया ।

धड्काइ–ना० [धड्क+आइ] धड्कने किसिम वा क्रिया ।

धड्काइनु–स० क्रि० [धड्क+आइ+नु] १. धड्कने काम गरिनु । २. धड्काउने काम गरिनु ।

धड्काउनु–स० क्रि० [धड्क+आउ+नु] धड्कने तुल्याउनु ('धड्कनु'-को प्रे० क्रि०) ।

धड्काउनु–स०क्रि० [धड़ाधड़] १. कुनै काम उत्साहपूर्वक गर्नु । २. समाप्त गर्नु; सिद्ध्याउनु ।

धड्किनु–अ० क्रि० [धड्क+इ+नु] १. धड्कनु । २. धड्कने होइनु; ('धड्कनु'-को भा० क्रि०) ।

धड्क्याइ–ना० [धड्कि+याइ] धड्किने किसिम, क्रिया वा भाव ।

धड्नु–स० क्रि० [सं०धर+नु] १. रोगले ग्रस्त गर्नु; सिकिस्त पार्नु । २. आक्रमण गर्नु । ३. धड़-पकड़ गर्नु; कड़ाइका साथ पक्रनु ।

धड़्याइ–ना० [धड़ि+याइ] धड़िने किसिम, क्रिया वा भाव ।

धड़्याम्म–क्रि० यो० [अनु०] १. ठूलो र गह्रुंगो वस्तु माथिबाट खसेर बजारिंदा शब्द आउने किसिम । २. पछारिंदा वा लड्दा शब्द आउने किसिम; ढचाम्म । ३. तोप, बन्दूक आदि पड्कँदा शब्द आउने किसिम ।

धत्–ना० [सं० धूत] १. तिरस्कारपूर्वक पर हटाउँदा भनिने शब्द । २. खराब काम गर्ने वा भन्ने व्यक्तिलाई भनिने शब्द; धुत् ।

धताइ–ना० [धताउ+आइ] धताउने किसिम, क्रिया वा भाव; धतुराइ ।

धताइनु–अ० क्रि० [धताउ+आइ+नु] धतुराइनु; ('धताउनु'-को क० क्रि०) ।

धताउनु–अ० क्रि० [धतुराउ] धतुराउनु ।

धतुङ्गो–वि० [धतुराउ] १. अर्ध-सिल्ली; अर्ध-विक्षिप्त । २. उटपटाङ; उटुङ्ग्याहा ।

धतुराइ–ना० [धतुराउ+आइ] धतुराउने किसिम, क्रिया वा भाव ।

धतुराइनु–स० क्रि० [धतुराउ+इ+नु] जथाभावी बोलिनु; ('धतुराउनु'-को क० क्रि०) ।

धतुराउनु–अ० क्रि० [धतूरो+आउ+नु] मादक वस्तु खाएर जथाभावी बोल्नु; बहुलाएर बकबकाउनु ।

धतूरो–ना० [सं० धत्तूर] नरम किसिमको काँढ़ै-काँढ़ा भएका डल्ला फल फल्ने, कुना-कुना परेका ठूल्ठूला पात हुने एक जातको बोट; धत्तूर । (यो सेतो, पहेँलो, रातो, नीलो र कालो फूल फूल्ने–पाँच प्रकारको हुन्छ । यी सबैका गुण प्रायः समान छन् । आयुर्वेदमा यिनीहरूको गुण मादक, गरम र विषालु बताइएको छ । कालोचाहिँ विशेष गुणकारक हुन्छ ।)

धत्तेरी–ना० [धत्+तेरो+ई] १. नचाहिँदो वा खराब काम गर्नेलाई हप्काउने शब्द; धत् । २. पश्चात्ताप वा दिक्क मानेर भनिने शब्द ।

धन–ना० [सं०] १. भौतिक सुख दिने साधन-भूत द्रव्य; वित्त । २. रुपियाँ-पैसा, सुन, चाँदी आदि; दौलत । ३. चल-अचल सम्पत्ति; श्री-सम्पत्ति । ४. एकै किसिमका उपयुक्त र मूल्यवान् वस्तुहरूको समुदाय (गो-धन, विद्या-धन आदि) । ५. कुनै वस्तुसित विनिमय गर्न सकिने पदार्थ । ६. प्रिय व्यक्ति । ७. गणितमा जोड्ने चिह्न (+) । ८. मूल पूंजी ।

धनकुटा–ना० [नें०] नेपालको पूर्वी पहाड़ी क्षेत्रमा रहेको एक प्रसिद्ध जिल्ला वा त्यस प्रदेशको सदर मुकाम ।

धन-कुबेर–वि० [सं०] अति धनी ।

धन-जमानी–ना० [धन+जमानी] १. असामीले बुझाउनुपर्ने रकम वा पूरा गर्नुपर्ने काम नगरेमा आफूले सो रकम बुझाउँला भनी गर्ने कबूल । २. त्यस्तो कबूल गर्ने व्यक्ति । ३. जमानत राखिएको रकम ।

धनञ्जय–ना० [सं०] १. प्राणीका शरीरको पोषक वायु । २. अर्जुन । ३. अग्नि ।

धनतले-वाराही–ना० [?+सं०] ललितपुर शहरका इलाकामा रहेकी एक वाराही; चार-वाराहीमध्ये एक ।

धनद–वि० [सं०] १. धन दिने; सम्पत्ति दिने । २. उदार; दाता । (ना०) ३. कुबेर ।

धन-धान्य–ना० [सं०] धन, अन्न आदि; श्री-सम्पत्ति ।

धन-पति–ना० [सं०] १. कुबेर । २. खजान्ची । ३. धनी व्यक्ति ।

धन-पिशाच–ना० [सं०] द्रव्य-पिशाच ।

धन-मत्त–वि० [सं० धन+मत्त] धनले मात्तिएको; सम्पत्तिको घमन्ड भएको ।

धन-राशि–ना० [सं०] १. धनको समूह; धनको थुप्रो । २. बाह्र राशिमध्ये एक ।

धनवान्–वि० [सं०] धनी; धनाढ्य; अमीर ।

धन-शाली–वि० [सं०] धनी; धनवान् ।

धन-सम्पत्ति–ना० [सं०] धन; सम्पत्ति; श्री-सम्पत्ति ।

धनसार–ना० [सं० धान्य+शाला] अनाज राख्ने ढुकुटी; रसद-गोदाम ।

धनाइ–ना० [धान्+आइ] धान्ने किसिम, क्रिया वा भाव ।

धनाइनु–स० क्रि० [धनाउ+आइ+नु] धान्न लाइनु; ('धनाउनु'-को क० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

धनाउनु–स० क्रि० [धान्+आउ+नु] धान्न लाउनु; धान्ने तुल्याउनु; ('धान्नु'-को प्रे० क्रि०)।

धनाढ्य–वि० [सं०] खूब धनी; धन-कुबेर; तालिवर।

धनाधिप–ना० [सं०] कुबेर।

धनाध्यक्ष–ना० [सं०] १. कुबेर। २. खजान्ची।

धनार्थी–वि० [सं०] धनको कामना गर्ने; सम्पत्तिको इच्छा गर्ने; धनेच्छु।

धनाश्री–ना० [सं०] १. दिनका समयमा गाइने वीर-रस-प्रधान एक रागिनी। २. रुद्राक्षका आकारको, साना-साना दानाको माला लाइने एक जातको फल।

धनिक–वि० [सं०] १. धनी; धनवान्। (ना०) २. धनी व्यक्ति। ३. ऋण दिने व्यक्ति; साहू। ४. स्वामी; पति।

धनियाँ–ना० [सं० धन्या] १. साना-साना पात हुने, दुइ फलकमा छुट्टिने दाना फल्ने, अचार पारेर खाइने एक जातको सुगन्धी साग। २. मसलामा प्रयोग हुने त्यसैको गेड़ा वा फल।

धनिष्ठा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक।

धनी–वि० [सं०] १. धेरै धन हुने; धनवान्। २. अरूलाई रुपियाँ-पैसा सापटी दिने; साहू। ३. मालिक; स्वामी। (ना०) ४. धनवान् व्यक्ति। ५. युवती स्त्री।

धनी-बोटी–ना० [धनी] मोहीबाट जग्गा-धनीले पाउने अन्न-भाग; तलसिङले पाउने जग्गाका उब्जनीको भाग।

धनी-मानी–वि० [सं०] धन र प्रतिष्ठा भएको; धनी र प्रतिष्ठित।

धनु–ना० [सं०] १. बाँस वा फलामका कप्टेरालाई केही नुहाएर दुइ टुप्पामा परिन्जो बाँधी बनाइएको बाण हान्ने शस्त्र। २. धनुस्‌का आकारको एक प्रकारको गुलेली। ३. बाह्र राशिमध्ये एक। ४. धनुस्‌का आकारको कपास फड्कने साधन।

धनु-बाँस–ना० [धनु+बाँस] मोटो र लामो एक जातको बाँस। (प्राचीन कालमा यसको धनु बनाइन्थ्यो।)

धनुर्गुण–ना० [सं०] धनुको ताँदो; प्रत्यञ्चा; परिन्जो।

धनुर्धर–ना० [सं०] १. धनु लिने व्यक्ति; धनुर्धारी। २. धनु चलाउनमा निपुण व्यक्ति।

धनुर्धारी–वि० [सं०] १. धनु धारण गर्ने; धनु लिने। २. धनु चलाउनमा निपुण। (ना०) ३. धनु लिने व्यक्ति; धनुर्धर।

धनुर्वात–ना० [सं०] शरीर कुप्रिने एक प्रकारको रोग; धनुष्टङ्कार।

धनुर्विद्या–ना० [सं०] धनु चलाउने कला सिकाउने विद्या; धनु-सम्बन्धी विद्या।

धनुर्वेद–ना० [सं०] धनु र अरू अस्त्र-शस्त्र चलाउने विधिको वर्णन गरिएको, यजुर्वेदको एक उपवेद।

धनुष्कार–ना० [सं०] धनु बनाउने व्यक्ति।

धनुष्टङ्कार–ना० [सं०] १. धनु चलाउँदा आउने शब्द। २. घाउ-खटिरा विषाक्त हुनाले गर्दन, पिठिउँ आदि कुप्रिएर शरीर धनुजस्तो बन्ने एक रोग; धनुर्वात।

धनुष्मान्–ना० [सं०] धनु धारण गर्ने व्यक्ति; धनुर्धर।

धनुस्–ना० [सं०] धनु।

धनेश–ना० [सं०] धनेश्वर।

धनेश्वर–ना० [सं०] १. कुबेर। २. खजान्ची।

धनेस–ना० [ने०] चुच्चो र गर्धन लामो हुने एक जातको चरो। (यसको तेल वात-रोगमा प्रयोग गरिन्छ।)

धन्दा–ना० [धन्धा] १. कुनै काम बिग्रला कि भनेर लिएको चिन्ता; पीर; फिक्री। २. शोक; सुर्ता। ३. काम; धन्धा। ४. घरेलु काम-काज।

धन्धा–ना० [सं० धनदा] १. जीविकाको निम्ति गरिने काम; रोजगार; पेशा। २. उद्योग; उद्यम। ३. काम; कार्य।

धन्य–वि० [सं०] १. प्रशंसा गर्न योग्य; प्रशंसनीय; सुकृति। (वि० बो०) २. असल वा बहादुरीको काम गर्ने व्यक्तिलाई प्रशंसापूर्वक भनिने शब्द। (ना०) ३. धनियाँ।

धन्यम्मन्य–वि० [सं०] आफूलाई धन्य र भाग्यवान् ठान्ने।

धन्यवाद–ना० [सं०] १. उपकार, अनुग्रह आदि गरेका सट्टामा कृतज्ञता प्रगट गरेर भनिने शब्द। २. साधुवाद; प्रशंसा।

धन्या–ना० [सं०] १. धाई; धाई-आमा; उपमाता। २. अमला। ३. धनियाँ। (वि०) ४. प्रशंसा गर्न योग्य; पुण्यवती (स्त्री)।

धन्व–ना० [सं०] १. मरु-भूमि। २. आकाश।

धन्वन–ना० [सं०] दबदबे वृक्ष।

धन्वन्तरि–ना० [सं०] १. आयुर्वेद-शास्त्रका प्रवर्तक आचार्य; देवताका वैद्य। २. भगवान् विष्णुका चौबीस अवतार-मध्ये एक। ३. समुद्र-मन्थन गर्दा निस्केका चौध रत्नमध्ये एक। ४. राजा विक्रमादित्यका सभामा रहेका नव-रत्न (विद्वान्)-मध्ये एक।

धन्वी–वि० [सं०] १. धनुस् धारण गर्ने; धनुर्धारी। (ना०) २. धनुर्धर। ३. अर्जुन। ४. राम।

धपक्क–क्रि० यो० [ने०] १. बत्ती, आगो आदि एकदम बल्ने वा निभ्ने किसिम; धप्प। २. लुगा, गहना आदिले झकिझकाउ हुने किसिम।

धपाइ–ना० [धपाउ+आइ] धपाउने किसिम, क्रिया वा भाव।

धपाइनु–स० क्रि० [धपाउ+इ+नु] लगारिनु; लखेटिनु; ('धपाउनु'-को क० क्रि०)।

धपाउनु–स० क्रि० [सं० धावन+आउ+नु] १. कुनै ठाउँबाट कसैलाई हटाउनु; लगार्नु; लखेट्नु। २. देश-निकाला गर्नु; निर्वासित गर्नु।

धपेड़िनु–अ० क्रि० [धपेड़ी+इ+नु] हिँड़ाइ वा कुनै कामबाट ज्यादा थाक्नु; धपेड़ी पर्नु।

धपेड़ी–ना० [धपेरी] धपेरी।

धपेरिनु–अ० क्रि० [धपेरी+नु] धपेड़िनु।

CC-0. In Public Domain. Digitization by eGangotri

धपेरी—ना० [धाउ] धेरै हिँड़ाइ वा बढ्ता कामबाट भएको अत्यधिक परिश्रम; धावा; धामा।

धपोट—ना० [अ० दफ़आत] ढपोट।

धप्प—क्रि० यो० [ने०] १. एकाएक आगो, बत्ती आदि बल्ने वा निभ्ने किसिम; भक्क; धपक्क। २. लुगा, गहना आदिले झकिझकाउ हुँदा सौन्दर्य वृद्धि हुने किसिम।

धब्बा—ना० [हिं०] १. दाग; टाटो। २. दोष; कलङ्क।

धमन—ना० [सं०] १. आगो फुक्ने काम। २. खलाँती चलाउने व्यक्ति।

धमनी—ना० [सं०] १. हृदयबाट विभिन्न अङ्गमा रगत जाने नाड़ी; शिरा। २. गर्दन; गला। ३. नरकट।

धमाधम—क्रि० यो० [ने०] कुनै काम नटुटाईकन गर्ने किसिम; धड़ाधड़; लगातार; निरन्तर।

धमिनी—ना० [धामी+नी] १. धामीको काम गर्ने स्त्री। २. धामीकी स्त्री।

धमिरो—ना० [ने०] काठ, कागज वा माटो आदिमा लाग्ने खैरो कमिलाजस्तो एक जातको कीरो।

धमिलिइनु—अ० क्रि० [धमिलि+इ+नु] धमिलो होइनु; ('धमिलिनु'-को भा० क्रि०)।

धमिलिनु—अ० क्रि० [धमिलो+इ+नु] १. पानी आदि तरल पदार्थ मैलिनु; धमिलो हुनु। २. राम्ररी नदेखिने हुनु; नठमिनु। ३. उज्यालो, चमक आदि कम हुनु। ४. मनमा शङ्का उत्पन्न हुनु। ५. स्नेह, प्रेम आदि कम हुनु।

धमिलो—वि० [सं० धूमल] १. धूलो, कसिङ्गर आदि परेर मैलो भएको; धमिलिएको (पानी आदि तरल पदार्थ)। २. राम्ररी नदेखिने; अस्पष्ट। ३. ध्वाँसे रङ्गको; भूरो। ४. उज्जर नभएको; फुस्रो। ५. स्वच्छ नभएको; सङ्लो नभएको।

धमिल्याइ—ना० [धमिलि+आइ] धमिलिने किसिम, क्रिया वा भाव।

धमिल्याइ—ना० [धमिल्याउ+आइ] धमिल्याउने किसिम, क्रिया वा भाव।

धमिल्याइनु—स० क्रि० [धमिल्याउ+इ+नु] धमिलो पारिनु; ('धमिल्याउनु'-को क० क्रि०)।

धमिल्याउनु—स० क्रि० [धमिलि+याउ+नु] १. पानी आदि तरल पदार्थ मैल्याउनु; धमिलो पार्नु; ('धमिलिनु'-को प्रे० क्रि०)। २. राम्ररी नदेखिने पार्नु। ३. मनमा शङ्का उत्पन्न गराउनु। ४. स्वच्छ वस्तु, परिस्थिति आदि दूषित पार्नु।

धमेल—ना० [धामी] धामीको काम वा पेशा।

धमेली—ना० [धमेल+ई] कुनै काममा एकाग्र भएर लाग्नु; दत्त-चित्त हुनु।

धमेलो—ना० [धमेली] धमेली।

धम्काइ—ना० [धम्काउ+आइ] धम्काउने किसिम, क्रिया वा भाव।

धम्काइनु—स० क्रि० [धम्काउ+इ+नु] धम्की दिइनु; ('धम्काउनु'-को क० क्रि)।

धम्काउनु—स० क्रि० [धम्की+आउ+नु] धम्की दिनु; हप्काउनु; हकार्नु; डाँट्नु।

धम्किइनु—अ० क्रि० [धम्कि+इ+नु] धम्कीको डर होइनु; ('धम्किनु'-को भा० क्रि०)।

धम्किनु—अ० क्रि० [धम्की+इ+नु] धम्कीको डर हुनु; दम्कनु; हच्कनु।

धम्की—ना० [सं० धम्] १. दण्ड दिने वा अनिष्ट गर्ने डर देखाउनु; दप्की। २. डाँट; खप्की।

धम्की—ना० [सं० धमन] स्वाँ-स्वाँ आउने रोग; दमको व्यथा।

धम्क्याइ—ना० [धम्कि+याइ] धम्किने किसिम, क्रिया वा भाव।

धम्क्याहट—ना० [धम्कि+याहट] १. धम्किने किसिम, क्रिया वा भाव। २. धम्की; हप्की।

धम्मरधूस—वि० [ने०] मोटो-घाटो र अग्लो; ठूलो जीउ-डालको; भुस-तिघ्रे।

धम्मिलल—ना० [सं०] १. चुल्ठो; केश-कलाप। २. फूल, गहना आदिले सजाइएको कपाल।

धयँरो—ना० [सं० धातकी] १. साना-साना पात र राता फूल हुने एक जातको बोट। २. त्यसैको फूल। (आयुर्वेदमा यसको गुण अतिसार र विष-नाशक बताइएको छ।)

धर—ना० [सं० धृ] १. बाध्य भएर गर्नुपर्ने कुनै काम गरिसकेपछि हुने शान्ति; सुख। २. छुटकारा; मुक्ति। ३. धैर्य। ४. शरम।

धर—ना० [प्रा०] कपड़ा, कागत आदिको लामो टुक्रो; धुरो; धरो।

धर—वि० [सं०] १. धारण गर्ने; लिने; ग्रहण गर्ने। (ना०) २. पर्वत। ३. कच्छप-रूप-धारी विष्णु।

धर-छाड़ा—वि० [धर+छाड़ा] १. धैर्य टुटेको; हताश भएको। २. शरम-छाड़ा।

धरण—वि० [सं०] १. धारण गर्ने। २. पालन-पोषण गर्ने। ३. बोक्ने; वहन गर्ने।

धरणि—ना० [सं०] धरणी।

धरणी—ना० [सं०] १. पृथ्वी। २. नसा; नाड़ी।

धरणी-कन्द—ना० [सं०] बन-तरुल।

धरणी-धर—ना० [सं०] १. शेष-नाग। २. महाकच्छप। ३. पर्वत। ४. विष्णु। ५. दिग्गज।

धरणी-पति—ना० [सं०] राजा।

धरणीश्वर—ना० [सं०] १. राजा; भू-पति। २. शिव।

धरती—ना० [सं० धरित्री] पृथ्वी; धरित्री।

धरती-पुत्र—ना० [धरती+पुत्र] १. मानिस; मनुष्य। २. मृत्तिकापुत्र। ३. जीव; प्राणी।

धरना—ना० [प्रा० धरणा] धर्ना।

धर-पकड़—ना० [धर्+पकड़] १. धड़-पकड़। २. धमाधम पक्रने काम (अभियुक्तहरूलाई)।

CC-0. In Public Domain. Digitization by eGangotri

धरमर–क्रि० यो० [नें०] १. कमजोरीले वा रिंगटा लागेर लड्‌न खोज्ने किसिम। (ना०) २. दोधार।

धरमराइ–ना० [धरमराउ+आइ] धरमराउने किसिम, क्रिया वा भाव; धरमराहट।

धरमराइनु–अ० क्रि० [धरमराउ+इ+नु] धरमर होइनु; ('धरमराउनु'-को भा० क्रि०)।

धरमराउनु–अ० क्रि० [धरमर+आउ+नु] १. धरमर हुनु; लकपकाउनु; ढुनमुनिनु। २. आफ्नो सिद्धान्त वा विचारमा अड्‌न नसक्नु। ३. दोधारमा पर्नु।

धरमराहट–ना० [धरमराउ+आहट] धरमराउने किसिम, क्रिया वा भाव; धरमराइ।

धरमरिइनु–अ० क्रि० [धरमरि+इ+नु] धरमराइनु; ('धरमरिनु'-को भा० क्रि०)।

धरमरिनु–अ० क्रि० [धरमर+इ+नु] धरमराउनु।

धरमर्‍याइ–ना० [धरमरि+याइ] धरमरिने किसिम, क्रिया वा भाव; धरमर्‍याहट।

धरमर्‍याहट–ना० [धरमरि+याहट] धरमिरिने किसिम, क्रिया वा भाव; धमर्‍याइ।

धरहरा–ना० [प्रा० धरहरो] भित्रपट्टि सिँढ़ी भएको, ज्यादा अग्लो, स्तम्भजस्तो इमारत; मीनार।

धरा–ना० [सं०] १. पृथ्वी; धरती। २. दुनियाँ; संसार। ३. नसा; नाडी। ४. गर्भाशय।

धराइ–ना० [धर्+आइ] धर्ने किसिम, क्रिया वा भाव।

धराइनु–स० क्रि० [धर्+आइ+नु] धर्न लाइनु; ('धर्नु'-को क० क्रि०।)

धराउनु–स० क्रि० [धर्+आउ+नु] धर्न लाउनु; ('धर्नु'-को प्रे० क्रि०।)

धरा-तल–ना० [सं०] १. सतह; तल। २. पृथ्वी। ३. क्षेत्र-फल।

धरात्मज–ना० [सं०] १. पृथ्वी-पुत्र; मङ्गल-ग्रह। २. नरकासुर।

धरात्मजा–ना० [सं०] सीता।

धराधर–ना० [सं०] १. शेष-नाग। २. महाकच्छप। ३. पहाड़। ४. विष्णु।

धराधिप–ना० [सं०] राजा।

धराधीश–ना० [सं०] राजा।

धरान–ना० [नें०] नेपालको पूर्वी तराई-क्षेत्रमा रहेको एक बस्ती।

धराप–ना० [सं० धर] १. प्राणीहरूलाई पक्रनाका निमित्त थापिने खाड़ल, डोरी, पासो, खोर आदि साधन। २. जोखिमी वस्तु।

धरापिलो–वि० [धराप+इलो] धरापजस्तो डर-लाग्दो; खतरनाक।

धरालो–वि० [सं० धारण] १. केटा-केटीको हेर-विचार गर्ने व्यक्ति; बालकको संरक्षक। २. ददा; धाई।

धराशायी–वि० [सं०] १. जमीनमा पछारिएको; लड़ेको। २. मरेको।

धरित्री–ना० [सं०] पृथ्वी; धरती।

धरिनु–स० क्रि० [धर्+इ+नु] धारण गरिनु; ('धर्नु'-को क० क्रि०)।

धरो–ना० [प्रा० धर+ओ] धर; धुरो; धुर्को; धजो।

धरोट–ना० [धर्+ओट] १. चाहिएका वेलामा फिर्ता लिने गरी कसैलाई विश्वासपूर्वक राख्न दिइएको वस्तु; नासो। २. सापट लिएका रुपियाँको जमानतका रूपमा राखिएको वस्तु; धितो; धरौटी।

धरोटी–ना० [धरोट] धरोट।

धरोधर्म–ना० [सं० धर्म+धरण] कुनै काम-कुरोमा अरूलाई विश्वास दिलाउनाका निमित्त धर्मलाई साक्षी राखेर गरिने शपथ; धर्म भाक्ने काम।

धरौट–ना० [धरोट] धरोट।

धरौटी–ना० [धरोटी] धरोटी।

धर्कनु–अ० क्रि० [धरो+नु] धरो पर्नु; च्यातिनु।

धर्काइ–ना० [धर्क+आइ] १ धर्कने किसिम, क्रिया वा भाव। २. धर्को पार्ने किसिम, क्रिया वा भाव।

धर्काइनु–स० क्रि० [धर्काउ+इ+नु] धरो पारेर च्यातिनु; ('धर्काउनु'-को क० क्रि०)।

धर्काउनु–स० क्रि० [धर्क+आउ+नु] लामो टुक्रो हुने गरी च्यात्नु; धरो पारेर च्यात्नु।

धर्का-धर्की–ना० [धर्को+धर्को+ई] धेरै धर्का; धर्काहरूका समूह।

धर्किनु–अ० क्रि० [धर्क+इ+नु] १. धरो परिनु; ('धर्कनु'-को भा० क्रि०)। २. धर्कनु।

धर्के–वि० [धर्को+ए] धर्का-धर्की परेको; डोरे।

धर्के-मृग–ना० [धर्के+मृग] खैरो शरीरमा सेत्ता धर्का हुने, भेड़ाका जस्ता घुमेका लामा सीङ हुने एक जातको मृग।

धर्को–ना० [प्रा० धर] रेखा; डोरो; धर्सो।

धर्ता–ना० [सं०] धारण गर्ने व्यवित; भार वहन गर्ने व्यक्ति।

धर्ती–ना० [धरती] धरती।

धर्तूर–ना० [सं०] धतूरो।

धर्त्र–ना० [सं०] १. घर; गृह। २. टेको; अड़ेसो। ३. यज्ञ।

धर्ना–ना० [प्रा० धरणा] १. कुनै काम सिद्ध गर्नाका निम्ति नछोड़ीकन गर्ने काम; प्यादा। २. आशाले ढुक्ने काम। ३. बाटो हेर्ने काम; प्रतीक्षा। ४. हात्ती बाँध्ने साँङलो।

धर्नु–स० क्रि० [सं० धृ+नु] १. धारण गर्नु; लिनु। २. राख्नु। ३. थेग्नु; थाम्नु।

धर्म–ना० [सं०] १. कुनै व्यक्ति वा वस्तुमा सधैँ रहने मूल वृत्ति; स्वभाव; प्रकृति। २. गुण; वृत्ति। ३. स्वर्गादि शुभ फल दिने पुण्य-कर्म। ४. कुनै जाति, वर्ग, पद आदिको निम्ति निर्धारित कार्य वा व्यवहार; कर्तव्य। ५. सदाचार। ६. पुण्य; सत्कर्म। ७. ईश्वर वा सद्‌गति-प्राप्तिका निमित्त

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै महापुरुषले चलाएको मत; सम्प्रदाय।

धर्म-कर्म—ना० [सं०] कुनै धर्म-ग्रन्थमा वर्णन गरिएको आवश्यक कर्म; पुण्य-कर्म; धर्म-कार्य।

धर्म-काम—वि० [सं०] कर्तव्य-बुद्धिबाट धार्मिक कार्य गर्ने।

धर्म-कार्य—ना० [सं०] धार्मिक कृति; पुण्य-कर्म।

धर्म-कील—ना० [सं०] राज-शासन।

धर्म-कृच्छ्र—ना० [सं०] धर्मका दृष्टिले कुनै काम गर्नु उचित वा अनुचित लाग्दा उत्पन्न हुने द्विविधा; धर्म-सङ्कट।

धर्म-कोश—ना० [सं०] १. धर्म-शास्त्रहरूको समूह। २. कर्तव्य वा नियमहरूको समुदाय।

धर्म-क्षेत्र—ना० [सं०] कुरु-क्षेत्र।

धर्म-ग्रन्थ—ना० [सं०] १. कुनै जातीय वा सामाजिक आचार, व्यवहार, उपासना आदिका नियमहरू लेखिएको ग्रन्थ; धर्मविशेषको आधारभूत ग्रन्थ; धर्म-शास्त्र। २. धार्मिक श्रद्धा-युक्त कुनै ग्रन्थ; पुराण आदि।

धर्म-चक्र—ना० [सं०] १. धर्मको समुदाय। २. चारैतिर गरिएको धर्मको प्रचार।

धर्म-चर्या—ना० [सं०] धर्मको आचरण; धर्म-पालन।

धर्मचारी—ना० [सं०] १. तपस्वी। २. संन्यासी। (वि०) ३. धर्म-शास्त्रानुसार आचरण गर्ने।

धर्म-चिन्तन—ना० [सं०] धर्म-सम्बन्धी विषयहरूको मनन; धार्मिक कुराहरूको विचार।

धर्म-चिन्ता—ना० [सं०] धर्म-चिन्तन।

धर्म-च्युत—वि० [सं०] आफ्ना धर्मबाट च्युत भएको; धर्मबाट पतित भएको।

धर्मज्ञ—वि० [सं०] धर्म जान्ने; धर्म-विद्।

धर्मतः—क्रि० यो० [सं०] धर्मानुसार; धर्मका दृष्टिले; धर्म-पूर्वक।

धर्म-त्याग—ना० [सं०] धर्म छोड्नु; धर्मबाट विश्वास हटाउनु।

धर्म-त्राता—ना० [सं०] धर्मको रक्षा गर्ने व्यक्ति; धर्म-रक्षक।

धर्मद—वि० [सं०] १. आफूले कमाएको धर्म अरूलाई दिने; धर्म-दाता। २. पुण्य प्राप्त गराउने।

धर्म-दान—ना० [सं०] निष्काम गरिने दान; सात्त्विक भावनाले गरिएको दान।

धर्म-दारा—ना० [सं०] धर्म-पत्नी।

धर्म-द्रोही—वि० [सं०] १. धर्ममा अनास्था गर्ने; नास्तिक। (ना०) २. राक्षस; असुर।

धर्म-ध्वज—ना० [सं०] देखावटी धर्म गर्ने व्यक्ति; धर्मको आडम्बर गर्ने व्यक्ति; ढोंगी; पाखण्डी।

धर्म-ध्वजी—ना० [सं०] धर्म-ध्वज।

धर्म-निष्ठ—वि० [सं०] धर्ममा आस्था भएको; धर्म-परायण; धार्मिक।

धर्म-पट्ट—ना० [सं०] १. राजा वा धर्माधिकारले दिएको धर्म-सम्बन्धी व्यवस्था-पत्र। २. धर्म वा देवी-देवतालाई साक्षी राखीकन कुनै विषयमा गरिएको सम्झौता-पत्र; धर्म-पत्र।

धर्म-पत्नी—ना० [सं०] धर्म-शास्त्रानुसार विवाह गरिएकी स्त्री; विवाहिता स्त्री।

धर्म-पत्र—ना० [सं०] १. धर्म वा देवी-देवतालाई साक्षी राखीकन परस्परको विश्वासका निमित्त लेखिएको कागत-पत्र। २. धर्म-सम्बन्धी व्यवस्था लेखिएको कागत; धर्म-पट्ट। ३. डुम्री वृक्ष।

धर्म-पथ—ना० [सं०] धर्म-ग्रन्थहरूद्वारा अनुमोदित अथवा ज्ञिनीहरूले देखाएको आचरण।

धर्मपर—वि० [सं०] धार्मिक आचरण गर्ने; धर्म-परायण।

धर्म-परायण—वि० [सं०] १. धर्ममा श्रद्धा भएको; धर्म-निष्ठ। २. धार्मिक आचरण गर्ने; धर्ममा लागेको।

धर्म-परिणाम—ना० [सं०] १. योग-शास्त्रानुसार पञ्च-महाभूत र इन्द्रियहरूको एउटा रूप वा स्थितिबाट अर्को रूप वा स्थितिमा परिणत हुने वृत्ति; एक धर्मबाट निवृत्त भएपछि अर्को धर्मको प्राप्ति। २. धर्म-परिवर्तन। ३. धर्मको पालनाबाट हुने असल परिणाम।

धर्म-पाल—वि० [सं०] धर्मको रक्षा गर्ने; धर्म-रक्षक।

धर्म-पुत्र—ना० [सं०] १. छोरो नहुनेले आफ्नो छोरोसमान गरी पालेको अर्काको छोरो; धर्म-शास्त्रानुसार तुल्याइएको दत्तकका रूपमा ल्याइएको छोरो। २. युधिष्ठिर।

धर्म-पुत्री—ना० [सं०] १. धर्म-शास्त्रानुसार आफ्नी छोरी तुल्याई पालिएकी अर्काकी छोरी; दत्तक-पुत्री। २. धर्म-पुत्र।

धर्म-पुरी—ना० [सं०] १. यम-पुरी। २. न्यायालय।

धर्म-पुस्तक—ना० [सं०] धर्म-ग्रन्थ।

धर्म-प्राण—वि० [सं०] धर्मलाई प्राणसमान प्यारो मान्ने; धर्मात्मा।

धर्म-बुद्धि—ना० [सं०] १. धर्ममा लागेको बुद्धि; धार्मिक बुद्धि। २. धर्म र अधर्मको विवेक गर्ने बुद्धि; पाप-पुण्यको विचार।

धर्म-भकारी—ना० [धर्म+भकारी] १. गाउँ-घरमा आपत्-विपत् परेकावेलामा खर्च गर्ने गरी जम्मा गरी राखिएको नगदी वा जिन्सी सामूहिक सम्पत्ति। २. अनिकाल परेका वेलामा खर्च गर्नाका निम्ति राखिएको सरकारी धनसार।

धर्म-भीरु—वि० [सं०] धर्म छुट्छ कि भनी डराउने; अधर्मदेखि डराउने।

धर्म-भ्रष्ट—वि० [सं०] धर्मबाट नष्ट भएको; पतित।

धर्म-युग—ना० [सं०] सत्य-युग।

धर्म-युद्ध—ना० [सं०] १. छल-कपट नगरीकन युद्ध-सम्बन्धी नियम-कानूनअनुसार गरिने युद्ध; न्यायपूर्ण युद्ध। २. धर्मको रक्षाका निमित्त गरिने युद्ध।

धर्म-रक्षक—वि० [सं०] धर्मको रक्षा गर्ने; धर्म-त्राता।

धर्म-रत—वि० [सं०] १. धर्ममा लागेको; धर्ममा तल्लीन; धर्म-परायण। २. न्याय-परायण।

धर्म-रति—वि० [सं०] धर्म-रत।

धर्मराज—ना० [सं०] १. युधिष्ठिर। २. यमराज। ३.

CC-0. In Public Domain. Digitization by eGangotri

राजा। ४. बुद्ध देव।

धर्म-रोधी—वि० [सं०] धर्म-विरुद्ध; अन्यायपूर्ण।

धर्मलुप्तोपमा—ना० [सं०] साधारण धर्मको उपादान नगरिएको उपमालङ्कारको एक भेद।

धर्म-वत्सल—वि० [सं०] धर्म प्यारो भएको; धर्मिष्ठ।

धर्म-वर्ती—वि० [सं०] धर्मको पालन गर्ने; धर्मानुकूल आचरण गर्ने।

धर्मवान्—वि० [सं०] धर्मात्मा; धर्मिष्ठ।

धर्म-विद्—वि० [सं०] धर्मको ज्ञाता; धर्मज्ञ।

धर्म-वीर—ना० [सं०] १. धर्म-सम्बन्धी अत्यन्त कठिन कार्य गर्नमा पनि पछि नहट्ने व्यक्ति (हरिश्चन्द्र, शिवि आदि)। २. साहित्यमा वीर-रसका चार भेदमध्ये एक।

धर्म-वृद्ध—वि० [सं०] १. धर्माचरणका दृष्टिले श्रेष्ठ। २. धेरै धर्म-कार्य गरेको।

धर्म-शाला—ना० [सं०] बटुवा, यात्री वा गरीबहरूलाई बस्नाका निम्ति बाटा-घाटा वा तीर्थ-स्थानमा बनाइने घर; पाटी-पौवा।

धर्म-शास्त्र—ना० [सं०] कुनै समाजको व्यवस्थाका निमित्त नीति र सदाचार-सम्बन्धी नियमहरू लेखिएको ग्रन्थ।

धर्म-शास्त्री—ना० [सं०] धर्म-शास्त्रका विद्वान्; धर्म-शास्त्रका ज्ञाता।

धर्म-शील—वि० [सं०] धर्म गर्ने प्रवृत्तिको; धार्मिक स्वभावको।

धर्म-संहिता—ना० [सं०] धार्मिक वा सामाजिक नियमहरूको वर्गीकरण गरिएको ग्रन्थ।

धर्म-सङ्कट—ना० [सं०] १. एक दृष्टिले धर्म र अर्को दृष्टिले पाप हुने कुनै काम गर्नुपरेको अवस्था; धर्म-कृच्छ्र। २. धर्म-पालन गर्न वा धर्म बचाउन मुश्किल परेको अवस्था।

धर्म-सभा—ना० [सं०] १. न्यायालय। २. धार्मिक विषय-हरूमा छलफल गर्न बस्ने सभा।

धर्माचरण—ना० [सं०] १. धार्मिक वा पुण्य-कार्य गर्नु। २. धर्म-शास्त्रानुसार आचरण गर्नु।

धर्माचार्य—ना० [सं०] १. धर्मको शिक्षा दिने गुरु। २. कुनै धार्मिक सम्प्रदायका प्रणेता वा आचार्य।

धर्मात्मा—वि० [सं०] धर्म गर्ने; धर्म-शील; धार्मिक।

धर्माधिकरण—ना० [सं०] १. न्यायालय। २. न्यायाधीश।

धर्माधिकरणिक—ना० [सं०] १. धर्माधिकारी। २. न्यायाधीश।

धर्माधिकरणी—ना० [सं०] न्यायाधीश।

धर्माधिकार—ना० [सं०] १. धर्म र अधर्मको निर्णय गर्ने सरकारी अधिकारी। २. न्यायाधीश। ३. दानको प्रबन्ध गर्नाका निम्ति नियुक्त राज-कर्मचारी; दानाध्यक्ष।

धर्माधिकारी—ना० [सं०] धर्माधिकार।

धर्माधिष्ठान—ना० [सं०] धर्माधिकारीको कार्यालय।

धर्माध्यक्ष—ना० [सं०] १. न्यायाधीश। २. धर्माधिकारी। ३. विष्णु।

धर्मान्तर—ना० [सं०] आफ्नो पुर्खौंली धर्मदेखि अतिरिक्त धर्म; अर्को धर्म।

धर्मान्ध—वि० [सं०] आफ्नो धर्ममा अन्ध श्रद्धा राखेर अर्काको धर्मप्रति तिरस्कार वा द्वेषको भाव राख्ने।

धर्मारण्य—ना० [सं०] तपोवन; तपोभूमि।

धर्मार्थ—क्रि० यो० [सं०] धर्मको निमित्त; धर्मका लागि।

धर्मावतार—ना० [सं०] १. साक्षात् धर्मको रूप; परम धर्म-शील व्यक्ति; अत्यन्त धर्मात्मा। २. एक आदर-सूचक सम्बोधन। ३. युधिष्ठिर।

धर्मासन—ना० [सं०] धर्म र अधर्मको निर्णय गर्न बस्ने आसन; न्यायाधीशको आसन।

धर्मिणी—ना० [सं०] १. पत्नी; स्वास्नी। (वि०) २. धर्म गर्ने (स्त्री)।

धर्मिष्ठ—वि० [सं०] धर्मात्मा।

धर्मी—वि० [सं०] १. धर्म गर्ने; पुण्यात्मा। २. कुनै विशिष्ट धर्म वा वृत्ति भएको। ३. कुनै मत वा धर्मको अनुयायी। (ना०) ४. कुनै धर्म वा वृत्ति भएको वस्तु। ५. धार्मिक व्यक्ति।

धर्मोन्मत्त—वि० [सं०] धर्मान्ध।

धर्मोन्माद—ना० [सं०] १. धर्म-सम्बन्धी काम वा विचारमा उन्मत्त रहनु। २. आफ्नो धर्मलाई सम्पन्न तुल्याउन अरू धर्मको विनाश गर्ने उन्माद।

धर्मोपाध्याय—ना० [सं०] पुरोहित।

धर्म्य—वि० [सं०] धर्मको अनुकूल; धर्म वा न्याय-युक्त।

धर्षण—ना० [सं०] १. अपमान; मान-हानि। २. आक्रमण; धावा। ३. दमन गर्नु; दबाउनु।

धर्षणी—ना० [सं०] वेश्या; कुलटा।

धर्षित—वि० [सं०] १. अनादर गरिएको; अपमानित। २. दमन गरिएको; दबाइएको।

धर्सो—ना० [धर्को] १. धर्को; रेखा। २. पात, डाँठ आदिको नसो वा पातलो चाम्रो बोक्रो।

धव—ना० [सं०] १. बड़धयैंरो। २. लोग्ने; पति। ३. स्वामी; मालिक।

धवल—वि० [सं०] १. सेतो; श्वेत। २. स्वच्छ; निर्मल। ३. सुन्दर; मनोहर।

धवल-पाण्डु—ना० [सं०] सेतो-ढुकुर।

धवलागिरि—ना० [सं०] नेपालको बाग्लुङ जिल्लामा रहेको २६७९५ फूट अग्लो एक प्रसिद्ध पहाड़।

धवलिमा—ना० [सं०] सेतोपन सेतो हुनाको भाव।

धसाइ—ना० [धस्+आइ] धस्ने किसिम, क्रिया वा भाव।

धसाइनु—स० क्रि० [धसाउ+इ+नु] धस्न लाइनु; ('धसाउनु'-को क० क्रि०)।

धसाउनु—स० क्रि० [धस्+आउ+नु] धस्न लाउनु; ('धस्नु'-को प्रे० क्रि०)।

धसान—ना० [धस्+आन] १. धस्ने काम; धसाइ। २. भासिने जमीन; भास। ३. धाप; दलदल।

CC-0. In Public Domain. Digitization by eGangotri

घसिँगर–वि० [घसिङ्गर] घसिङ्गर।
घसिँगरे–वि० [घसिँगर+ए] घसिङ्गरे।
घसिँगरे–ना० [ने०] १. साना-साना खस्रा पात हुने, चुत्राका जस्ता तर दुर्गन्धी काला गेडा फल्ने एक जातको बोट। २. त्यसैको फल।
घसिङ्गर–वि० [सं० धूसर+इङ्गर] कालो र मोटो-घाटो; धुस्रो-फुस्रो; घसिङ्गरे।
घसिङ्गरे–वि० [घसिङ्गर+ए] कालो र मोटो-घाटो; फुस्रो कालो; घसिङ्गर।
घसिङ्गरे–ना० [ने०] १. घसिँगरे बोट। २. त्यसैको फल।
घसिनु–स० क्रि० [घस्+इ+नु] रगोड़िनु; ('घस्नु'-को क० क्रि०)।
घस्कनु–अ० क्रि० [घस्+नु] घसिएर फाट्न आँट्नु; खिइनु; जीर्ण हुनु (लुगा-फाटो आदि)।
घस्काइ–ना० [घस्क+आइ] घस्काउने किसिम, क्रिया वा भाव।
घस्काइनु–स० क्रि० [घस्काउ+आइ+नु] घस्कन लाइनु; खियाइनु; ('घस्काउनु'-को० क० क्रि०)।
घस्काउनु–स० क्रि० [घस्क+आउ+नु] १. घस्कन लाउनु; खियाउनु; ('घस्कनु'-को प्रे० क्रि०)। २. फूर्तिसाथ लेख्नु। ३. फूर्तिसाथ माझ्नु (भाँडा-बर्तन आदि)।
घस्किनु–स० क्रि० [घस्क+इ+नु] १. घस्कनु। २. घोटिनु; ('घस्कनु'-को क० क्रि०)।
घस्क्याइ–ना० [घस्कि+आइ] घस्किने किसिम, क्रिया वा भाव।
घस्नु–स० क्रि० [सं० घृष्+नु] १. रगड्नु; घोट्नु। २. थिच्नु; ठेल्नु (घुँडा आदिले)। ३. रोप्नु; घोच्नु (छुरा आदिले)। ४. खूबसित काम जोताउनु; सुमर्नु। ५. उपभोग गर्नु; ६. गाड़िनु, भासिनु।
घस्याइ–ना० [घसि+याइ] घसिने किसिम, क्रिया वा भाव।
घस्रा–ना० [अ० दहशत] १. शङ्का; सन्देह। २. डर; भय।
घस्रो–ना० [घर्सो] साग-पातहरूमा हुने पातलो बोक्रो वा नसो; घर्सो।
घा–प्रत्य० [सं०] सङ्ख्या-वाचक शब्दका पछिल्तिर जोड़िएर प्रकार, खण्ड, चोटि आदि बुझाउने प्रत्यय। (उदा०–बहुधा, शतधा आदि।)
घाँगर–ना० [ने०] १. तराई-प्रदेशमा बस्ने एक जाति। (वि०) २. ठूलो जीउ-डालको; ढड्डू; धिरी।
घाँजो–ना० [धर्सो] जमीन, भित्तो आदिमा परेको चिरो; घाँदो।
घाँदो–ना० [घाँजो] घाँजो।
धाइनु–स० क्रि० [धाउ+इ+नु] धाउने काम गरिनु; ('धाउनु'-को क० क्रि०)।
धाइरो–ना० [सं० धातकी] धयैंरो; धांतकी।
धाइलरी–ना० [ने०] गट्टा खेल्दा भनिने एक बोली।
धाई–ना० [प्रा०] बालकलाई दूध खुवाउने र स्याहार-सुसार गर्ने स्त्री; उपमाता।
धाई-आमा–ना० [धाई+आमा] धाई।
धाउ–ना० [सं० धातु] खानीबाट निस्केको कोरा धातु।
धाउनु–स० क्रि० [सं० धाव्+आउ+नु] कुनै काम सिद्ध गर्न बार-बार जानु; टाढ़ादेखि धेरै पटक जानु वा आउनु।
धाउनी–ना० [धाउ+नी] बार-बार कुनै ठाउँमा जाने काम; धाउने काम।
धाक–ना० [सं०] १. बोक्रे रवाफ; आडम्बर। २. प्रसिद्धि। ३. प्रभाव; हैकम। ४. खम्बा। ५. साँढ़े।
धाक-धुक–ना० [धाक+धुक (फाँ०)] धाक-पाक; फाइँ-फुट्टी।
धाक-पाक–ना० [धाक+पाक (फाँ०)] धाक-रवाफ; रोब-रवाफ।
धाक-रवाफ–ना० [धाक+रवाफ] रोब-रवाफ।
धाकी–वि० [धाक+ई] धाक लाउने; बोक्रे आडम्बर देखाउने।
धागो–ना० [तागा] १. सूत; डोरो; सूत्र। २. स्त्री-जातिले चुल्ठामा लाउने जरी-बत्तू आदि लागेको सूतहरूको गुच्छो।
धाङर–ना० [धाँगर] धाँगर।
धातकी–ना० [सं०] धयैंरो।
धात-धुत–ना० [(फाँ०) धात+धुत्] धुत्ने काम; धुत-धात।
धातविक–वि० [सं०] १. धातु-सम्बन्धी; धातुको। २. धातुले बनेको।
धाता–ना० [सं०] १. ब्रह्मा। २. विष्णु। ३. शिव। ४. सूर्यका बाह्र रूपमध्ये एक। ५. रक्षक। (वि०) ६. पालन गर्ने; पालक। ७. रक्षा गर्ने; संरक्षक। ८. धारण गर्ने।
धातु–ना० [सं०] १. सुन, चाँदी, फलाम, तामा आदि अपारदर्शक, चहकिलो खनिज पदार्थ। २. रस, रक्त, मांस, मेद, अस्थि, मज्जा र शुक्र–शरीरमा भएका यी सात तत्त्व। ३. शुक्र; वीर्य। ४. भूत-तत्त्व (पञ्च-महाभूत, पञ्च-तन्मात्रा)। ५. क्रियाको मूल स्वरूप। (उदा०–खा, जा, गर् आदि।) ६. परमात्मा।
धातु-क्षय–ना० [सं०] शरीरको वीर्य नष्ट हुने प्रमेह-सम्बन्धी रोग।
धातु-मल–ना० [सं०] १. शरीरमा रहेका धातुहरूको मलका रूपमा रहेका नङ, कपाल, सिँगान, काने-गुजी, चिप्रा आदि तत्त्व। २. फलाम, तामा आदिको कीट।
धातुवाद–ना० [सं०] रासायनिक प्रक्रियाबाट सुन, चाँदी आदि बनाउने विद्या।
धात्री–ना० [सं०] १. धाई; उपमाता। २. पृथ्वी। ३. अमला। ४. गायत्री देवी। ५. गङ्गा।
धात्रीपत्र–ना० [सं०] भैरुम्पाती।
धात्री-विद्या–ना० [सं०] स्त्रीलाई प्रसव गराउने र बालकको पालन-पोषण गर्ने विद्या।

CC-0. In Public Domain. Digitization by eGangotri

धात्वर्थ–ना० [सं०] कुनै शब्दको धातुबाट निस्कने मूल अर्थ ।

धान–ना० [सं०धान्य] १. लामा-लामा पात हुने, सेता मसिना फूल फुल्ने, नलका टुप्पामा धेरै दाना भएको बाला लाग्ने, प्रायः असार महीनामा खेतमा रोपिने एक प्रसिद्ध अन्नको बोट । २. त्यसै बोटमा फल्ने अन्न; धान्य । (यसका अनेक जात हुन्छन् ।)

धानक–ना० [सं०] धनियाँ ।

धान-गोदाम–ना० [धान+गोदाम] धान आदि अन्न राख्ने सरकारी गोदाम; धनसार ।

धान-चमरा–ना० [धान+चमर+आ] मकैको बोटमा घोगा लाग्नुभन्दा पहिले निस्कने चमरजस्तो फूल ।

धान-चरी–ना० [धान+चरी] मूसो ।

धान-नाच–ना० [धान+नाच] धानको बाली काट्ने वेलामा नाचिने रोदीजस्तो एक किसिमको लोक-नाच ।

धानिनु–स० क्रि० [धान्+इ+नु] अड्चाइनु; ('धान्नु'-को क० क्रि०) ।

धानी–ना० [धान+ई] १. धानको बोटजस्तो हरियो रङ । (वि०) २. त्यस्तो रङ्गको ।

धानुष्क–ना० [सं०] १. धनुर्धारी व्यक्ति; धनुर्धर । २. धनु चलाउने व्यक्ति ।

धाने-ब्याज–ना० [धान+ब्याज] ब्याजका रूपमा लिइने धान; जिन्सी ब्याज ।

धान्नु–स० क्रि० [सं० धारण+नु] १. थाम्नु; अड्चाउनु । २. थेग्नु; पुग्नु । ३. टिक्नु; खप्नु । ४. निर्वाह गर्नु । ५. भ्याउनु ।

धान्य–ना० [सं०] १. धान । २. अन्न; अनाज । ३. धनियाँ ।

धान्य-कल्क–ना० [सं०] धानका गेड़ाको बोक्रो; भूस ।

धान्य-कूट–ना० [सं०] १. धानको थुप्रो । २. धनसार ।

धान्य-पञ्चक–ना० [सं०] १. शालि, व्रीहि, शूक, शिंबी र क्षुद्र–यी पाँच प्रकारका धान । २. वैद्यक शास्त्रानुसार आमातिसार तथा उदर-शूलमा प्रयोग गरिने एक औषधि ।

धान्याम्ल–ना० [सं०] चामलका पीठामा कोदो आदि हाली बनाइने एक प्रकारको काञ्जिक मद्य ।

धाप–ना० [सं० धार] गहिरो हिलो; दलदल ।

धाप–ना० [सं० धावन] १. खोपी, डन्डी-बियो आदिका खेलमा हान्दा हालिने फड्को । २. स्यावासी, धन्यवाद आदि दिँदा वा पशुहरूलाई शान्त गर्नाका निम्ति पिठिउँमा दिइने चपेटाको हल्का प्रहार ।

धापिइनु–अ० क्रि० [धापि+इ+नु] ज्यादा थाकिनु; ('धापिनु'-को भा० क्रि०) ।

धापिनु–अ० क्रि० [धाप्+इ+नु] ज्यादा हिँड़ाइ वा कड़ा कामबाट ज्यादा थाक्नु; क्लान्त हुनु; धपेड़िनु ।

धापिनु–अ० क्रि० [धाप्+इ+नु] धाप लिइनु; ('धाप्नु'-को क० क्रि०) ।

धाप्नु–स० क्रि० [धाप+नु] १. खोपी, दण्डी-बियो आदिका खेलमा हान्न फड्कनु; धाप लिनु । २. कुनै असल काम गरेबापत स्यावासी दिँदै पिठिउँमा लपेटाले हल्का-सँग हान्नु; धाप दिनु । ३. पशुहरूलाई शान्त गराउनका निम्ति लपेटाले पिठिउँमा हान्नु ।

धाम–ना० [सं०] १. घर; गृह । २. वास-स्थान; अधिष्ठान । ३. शरीर; जीउ । ४. शोभा । ५. किरण; तेज । ६. देवता रहेको ठाउँ; देव-स्थल । ७. पुण्य-स्थान; तीर्थ । ८. जगन्नाथ पुरी, रामेश्वर, द्वारका र बदरिकाश्रम–हिन्दूहरूका प्रसिद्ध यी चार तीर्थ ।

धामन–ना० [सं० धामिणी] पुच्छरमा अत्यन्त भयानक विष हुने एक जातको अत्यन्त विशालु सर्प ।

धामा–ना० [सं० धावन] १. कड़ा परिश्रम; मिहिनेत । २. कठिनाइ; मुश्किल ।

धामिणी–ना० [सं०] धामन सर्प ।

धामी–ना० [प्रा० धम्मि] मन्त्र-तन्त्रद्वारा आफ्ना शरीरमा कुनै देवता वा भूत, प्रेत आदिको आवेश गराएर भूत, प्रेत, बोक्सी आदिको बाधा हटाउने व्यक्ति; झाँक्री ।

धार–ना० [सं०] १. जम्मा गरिराखेको वर्षा-कालको पानी । २. पानी आदिको बगाइ; प्रवाह । ३. अचानक परेको मुसल-धारे पानी । ४. असिना । ५. ऋण । ६. सीमा । ७. हतियारको काट्ने तीखो अवयव; किनारा । ८. रेखा; डोरो । ९. बीच; मध्य; अन्तर ।

धारक–वि० [सं०] १. धारण गर्ने । २. छेक्ने; रोक्ने । ३. ऋण लिने; ऋणी । ४. कलश । ५. सन्दूक ।

धारण–ना० [सं०] १. कुनै वस्तु ग्रहण गर्नु; बोक्नु । २. शरीरमा लाउनु; पहिरनु । ३. उधारो वा ऋण लिनु । ४. सुरक्षित राख्नु । ५. सम्झनु; स्मरण गर्नु ।

धारणा–ना० [सं०] १. धारण गर्ने क्रिया वा भाव । २. मनमा लिनु; स्मरण गर्नु । ३. बुद्धि; सम्झना । ४. कुनै विषय-प्रतिको विचार; निश्चित मत । ५. योगका आठ अङ्ग-मध्ये एक ।

धारणीय–वि० [सं०] धारण गर्न योग्य ।

धारधुर–ना० [अनु०] तातो तरल पदार्थहरू सेलाउनाका निमित्त वा दुइ तरल पदार्थ मिलाउनाका निमित्त एक भाँडोबाट क्रमशः अर्को भाँडोमा धारो लाई खन्याउने क्रिया ।

धारयिता–वि० [सं०] धारण गर्ने; धारक ।

धारयित्री–वि० [सं०] १. धारण गर्ने (स्त्री) । (ना०) २. पृथ्वी ।

धारा–ना० [सं०] १. पन्यालो पदार्थको निरन्तर बहाइ; प्रवाह; धार । २. बराबर चलिरहेको कुनै कुरोको क्रम । ३. अति वृष्टि । ४. घोड़ाको गति । ५. छहरो; छाँगो; झरना । ६. खुकुरी, तलवार आदि हतियारको काट्ने अवयव; धार । ७. दफा; खण्ड (ऐन-कानूनको) । ८. पानी खस्ने पाइप, डूँड़ आदि; धारो ।

CC-0. In Public Domain. Digitization by eGangotri

धारा-कोशातकी–ना० [सं०] पाटे-तोरियाँ ।

धारा-गृह–ना० [सं०] फोहरा भएको घर ।

धारा-प्रवाह–ना० [सं०] १. धाराजस्तै अविच्छिन्न गतिले खसिरहने वा चलिरहने । (क्रि० यो०) २. अविराम गतिले; नरोकिईकन ।

धारा-वर्षण–ना० [सं०] अविरल वृष्टि; महावृष्टि ।

धारावाहिक–वि० [सं०] १. अविरल गतिको; अविच्छिन्न रूपमा चलेको । २. एकपछि अर्कोको क्रममा; क्रमशः (लेख आदिको प्रकाशन) ।

धारावाही–वि० [सं०] धारावाहिक ।

धारा-सम्पात–ना० [सं०] अविरल वर्षा; महावृष्टि ।

धारिणी–ना० [सं०] १. पृथ्वी । (वि०) २. धारण गर्ने (स्त्री) ।

धारित–वि० [सं०] १. धारण गरिएको । २. सम्झिएको; स्मरण गरिएको । ३. पहिरिएको; लाइएको ।

धारिलो–वि० [धार+इलो] तीखो धार भएको; खूब लाग्ने ।

धारी–वि० [सं०] १. अरू शब्दको पछि लागेर 'धारण गर्ने' अर्थमा प्रयोग हुने शब्द । (उदा०–जीव-धारी, जटा-धारी आदि) । २. पढ़ेका कुरा सम्झिराख्ने शक्ति भएको; धारण-शक्ति भएको । ३. ऋणी; असामी ।

धारे–वि० [धार+ए] धार भएको; धारजस्तो; धारको; धार-सम्बन्धी ।

धारो–ना० [सं० धारा] १. डूँड़, टुटी आदिबाट निरन्तर खसेको पानीको प्रवाह । २. पानी खस्ने टुटी, डूँड़, पाइप आदि; धारा । ३. लगातारको आवत-जावत; धुइरो ।

धारोष्ण–वि० [सं०] दुहेर चिसो नभइसकेको; थुनको तातो नसेलाएको (दूध) ।

धार्तराष्ट्र–ना० [सं०] १. चुच्चो र खुट्टा काला हुने एक जातको हाँस । २. धृतराष्ट्रका वंशज ।

धार्नी–ना० [सं० धारणी] १. बाह्र पाउ वा तीन सेरको तौल वा ढक । (वि०) २. त्यति तौलको ।

धार्मिक–वि० [सं०] १. धर्म-सम्बन्धी; धर्म-विषयक । २. धर्म गर्ने; धर्मात्मा; धर्म-शील ।

धार्य–वि० [सं०] १. धारण गर्न योग्य; धारणीय । २. सम्झन योग्य; स्मरणीय । (ना०) ३. पोशाक; वस्त्र ।

धार्ष्ट्य–ना० [सं०] धृष्ट हुनाको भाव; अटेरपन; धृष्टता ।

धावक–ना० [सं०] १. धोबी । २. हल्कारो; दूत । ३. संस्कृत भाषाका एक प्रसिद्ध कवि । (वि०) ४. धुने (लुगा आदि) । ५. दौड़ने ।

धावन–ना० [सं०] १. दौड़ने काम । २. हल्कारो; दूत । ३. धुनु । ४. कुनै वस्तु सफा गर्ने वा धुने चीज ।

धावनी–ना० [सं०] १. चाल्ने-सिस्नु; पृश्निपर्णी । २. कण्टकारी । ३. धयेँराको फूल ।

धावन्ती–वि० [सं० धावन] धाएर वा परिश्रम गरेर हुने; धामा गर्नुपर्ने (खेती) ।

धावा–ना० [सं० धावन] १. आक्रमण; चढ़ाइ; हमला । २. कुनै काम सिद्ध गर्नाका निम्ति यता-उति दौड़ी गरिएको परिश्रम; दौड़-धूप । ३. बर्ता परिश्रम; धपेड़ी ।

धावित–वि० [सं०] १. धोइएको; सफा गरिएको । २. दौड़ेको । ३. गएको ।

धिक्–वि० बो० [सं०] १. तिरस्कार, अनादर, घृणा आदि, बुझाउने शब्द । २. निन्दा ।

धिक्कार–वि० बो० [सं०] घृणा, निन्दा वा अनादर गरेर भनिने शब्द; धिक् ।

धिक्काराइ–ना० [धिक्कार+आइ] धिक्कार्ने किसिम, क्रिया वा भाव ।

धिक्कारिनु–स० क्रि० [धिक्कारि+इ+नु] धिक्कार भनिनु; ('धिक्कार्नु'-को क० क्रि०) ।

धिक्कार्नु–स० क्रि० [धिक्कार+नु] कुनै खराब काम गर्नेलाई निन्दा गर्नु; धिक्कार भन्नु ।

धिक्कृत–वि० [सं०] धिक्कार गरिएको; तिरस्कृत ।

धिङ्ग्न्याइँ–ना० [धिङ्ग्न्याहा+याइँ] धिङ्ग्न्याहा हुनाको भाव; धिङ्ग्न्याहापन ।

धिङ्ग्न्याहा–वि० [ने०] १. अर्काको चित्त नबुझ्ने किसिमबाट वा ढीलो गरी कुनै काम गर्ने; जुम्सो; लोकतो । २. आफ्नै जिद्दीमात्र गर्ने; जिद्दीवाल ।

धिङ्ग्याइँ–ना० [धिङ्ग्न्याइँ] धिङ्ग्न्याइँ ।

धिङ्ग्याहा–ना० [धिङ्ग्न्याहा] धिङ्ग्न्याहा ।

धित-धरान–ना० [धैर्य+धारण] विश्वासको भाव; ईमानदार हुनाको भाव; ईमानदारी ।

धितो–ना० [सं० धृति] असामीले लिएका धनबापत साहूलाई तमसुकमा लेखिदिएको घर, जग्गा आदि; हँड़िक; धरोट ।

धिपधिप–क्रि० यो० [ने०] १. बत्ती, आगो आदि बार-बार बल्ने र निभ्ने किसिम । २. ज्यादै मन्द रूपमा बत्ती, आगो आदि बलिरहने किसिम ।

धिपधिपाइ–ना० [धिपधिपाउ+आइ] धिपधिपाउने किसिम, क्रिया वा भाव ।

धिपधिपाइनु–अ० क्रि० [धिपधिपाउ+इ+नु] धिपधिप गरी बत्ती आदि बलिनु; ('धिपधिपाउनु'-को भा० क्रि०) ।

धिपधिपाउनु–अ० क्रि० [धिपधिप+आउ+नु] धिपधिप गरेर सानो बत्ती, आगो आदि बल्नु ।

धिपधिपे–वि० [धिपधिप+ए] मधुरो किसिमसित बलेको; धिपधिप गरी बलेको; पिलपिले (बत्ती, आगो आदि) ।

धिपिक्क–क्रि० यो० [ने०] आगो, बत्ती आदि एकदम ज्वाला उठेर बल्ने वा तुरुन्तै निभ्ने किसिम; धप्प; धपक्क ।

धिप्को–ना० [धिपिक्क] धिपिक्क बलेको पहिलो ज्वाला ।

धिराज–ना० [सं० अधिराज] महाराजाधिराज ।

धिरी–ना० [ने०] १. दुइ-तीन आँख्ला छेड़ी बनाइएको पानी हाल्ने बाँसको भाँड़ो; पानी ओसार्ने बाँसको ढुङ्ग्रो ।

CC-0. In Public Domain. Digitization by eGangotri

(वि०) २. अति दुब्लो र अग्लो; टिङ्गरो।

धिषणा–ना० [सं०] १. बुद्धि; प्रज्ञा। २. वाक्शक्ति। ३. स्तुति।

धी–ना० [सं०] १. बुद्धि; प्रज्ञा। २. मन; चित्त। ३. ज्ञान; समझ। ४. कर्म।

धीत–वि० [सं०] १. पिइएको; पान गरिएको। २. आराधना गरिएको; स्तुति गरिएको। ३. विचार गरिएको। (ना०) ४. प्यास; तिर्खा। ५. ईमान। ६. अभिलाषा; इच्छा।

धीत-धरान–ना० [धितो+धर+आन] १. राखन-धरनमा विश्वास। २. चोरी नगर्ने काम।

धीति–ना० [सं०] १. पिउने काम; पान। २. प्यास।

धीमा–ना० [नेवा०] दुइतिर छालाले मढ़ेको, एकापट्टि गजो र अर्कोपट्टि हातले बजाइने, ज्यापूहरूले बजाउने एक किसिमको ठूलो बाजा।

धीमा–वि० [सं० मध्यम] १. बिस्तारै हिंड्ने; मन्द गतिको। २. मध्यम; मन्द; (स्वर)। ३. कम वेगको; वेग-रहित। ४. बिस्तारो; मधुरो।

धीमान्–वि० [सं०] १. बुद्धिमान्; प्रज्ञावान्। (ना०) २. बृहस्पति।

धीर–वि० [सं०] १. दृढ र शान्त चित्त भएको; धैर्य-शाली। २. गम्भीर। ३. मन्द।

धीर-चेता–वि० [सं०] मन बलियो भएको; स्थिर-चित्त।

धीर-प्रशान्त–वि० [सं०] वीर र शान्त प्रकृतिको (नायक)।

धीरता–ना० [सं०] १. धीर हुनाको भाव; धैर्य। २. स्थिरता। ३. सन्तोष।

धीरत्व–ना० [सं०] धीरता।

धीर-ललित–वि० [सं०] धीरता र वीरताका साथै निश्चिन्तता र विलासिताका गुण भएको (नायक)।

धीरा–वि० [सं०] नायकमा पर-स्त्री-समागमका चिह्न देखेर व्यङ्ग्यपूर्वक कोप प्रकट गर्ने (नायिका)।

धीराधीरा–वि० [सं०] रीसले रुँदै नायकको चित्त-वृत्तिलाई विचलित तुल्याउने (नायिका)।

धीरोदात्त–वि० [सं०] साहित्य-शास्त्रानुसार दयालु, क्षमा-शील, बलवान्, धीर, योद्धा र आत्म-श्लाघा-रहित (नायक)।

धीरोद्धत–वि० [सं०] प्रचण्ड, चञ्चल, अहङ्कारी, आत्म-श्लाघी र अर्काको गर्व सहन नसक्ने (नायक)।

धीवर–ना० [सं०] १. माझी; मलाहा। २. फलाम।

धीवरक–ना० [सं०] माझी; मलाहा।

धुआँ–ना० [धूवाँ] धूवाँ।

धुआँधार–वि० [धुआँ+धार] ठूलो वेग वा धारा, प्रवाह-युक्त।

धुआँ-कस–ना० [धूवाँ-कश] धूवाँ-कश।

धुइँधुइँ–क्रि० यो० [सं० ढुण्ढुल्ल] लागिपरेर कुनै वस्तु खोज्ने किसिम; धुइँधुइँती।

धुइँधुइँती–क्रि० यो० [धुइँधुइँ+ती] धुइँ-पत्ता लगाएर खोज्ने किसिम; धुइँधुइँ।

धुइँ-पत्ता–ना० [धुइँधुइँ+पत्ता] लागिपरेर खोज्ने काम; धुइँधुइँती खोज्ने काम।

धुइरिइनु–अ० क्रि० [धुइरि+इ+नु] धुइरो लागिनु; ('धुइरिनु'-को भा० क्रि०)।

धुइरिनु–अ० क्रि० [धुइरो+इ+नु] १. सबैतिरबाट मानिस-हरू एकै ठाउँमा जम्मा हुन आउनु; धुइरो लाग्नु; भीड़ लाग्नु। २. एउटैमाथि धेरै जना जाइलाग्नु।

धुइरो–ना० [धारो] १. ताँती; धारो। २. फौज; भीड़।

धुइर्‍याइ–ना० [धुइरि+याइ] धुइरिने किसिम, क्रिया वा भाव।

धुइर्‍याइ–ना० [धुइर्‍याउ+आइ] धुइर्‍याउने किसिम, क्रिया वा भाव।

धुइर्‍याइनु–स० क्रि० [धुइर्‍याउ+इ+नु] धुइरो लगाइनु; ('धुइर्‍याउनु'-को क० क्रि०)।

धुइर्‍याउनु–स० क्रि० [धुइरि+याउ+नु] धुइरो लगाउनु; एकै ठाउँमा धेरै जनाको जमघट गराउनु; ('धुइरिनु'-को प्रे० क्रि०)।

धुक-चुक–ना० [धुकधुक+चुक (फाँ०)] शङ्का; संशय; सन्देह।

धुकचुकाइ–ना० [धुकचुकाउ+आइ] धुकचुकाउने किसिम, क्रिया वा भाव।

धुकचुकाइनु–स० क्रि० [धुकचुकाउ+आइ+नु] धुकचुक लागिनु; ('धुकचुकाउनु'-को क० क्रि०)।

धुकचुकाउनु–अ० क्रि० [धुक-चुक+आउ+नु] धुकचुक लाग्नु; सन्देहमा पर्नु।

धुकचुकाहट–ना० [धुकचुकाउ+आहट] धुकचुकाउने किसिम, क्रिया वा भाव; धुकचुकाइ।

धुकचुकी–ना० [धुक-चुक+ई] धुक-चुक।

धुकचुके–वि० [धुक-चुक+ए] धुक-चुक मान्ने; हिचकिचाउने।

धुकधुक–क्रि० यो० [अनु०] मुटु चल्दा शब्द आउने किसिम; ढुकढुक।

धुकधुकी–ना० [धुकधुक+ई] १. मुटुको गति; मुटुको धड़कन। २. प्राण; ज्यान। ३. हृदय।

धुजा–ना० [सं० ध्वजा] १. धरो; धुर्को। २. चिरो; टुक्रो (कपड़ा, कागत आदिको)।

धुजापाती–ना० [सं० ध्वजा+पताका] धुजा-धुजा परेको; चिल्थो परेको।

धुत्–विबो० [सं० धूत] धत्।

धुत-धात–ना० [धुत्+धात (फाँ०)] कुरो वा धन-माल अर्कासँग फुत्काउने काम; धुत्ने काम; धात-धुत।

धुताइ–ना० [धुत्+आइ] धुत्ने किसिम, क्रिया वा भाव।

धुताइनु–स० क्रि० [धुताउ+आइ+नु] धुत्न लाइनु; ('धुताउनु'-को क० क्रि०)।

धुताउनु–स० क्रि० [धुत्+आउ+नु] धुत्न लाउनु; ('धुत्नु'-को प्रे० क्रि०)।

धुतार–वि० [धुत्+आर] अर्कासँग धन-माल वा कुरो धुत्ने

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभावको; धुताहा ।
धुताहा–वि० [धुत्+आहा] धुतार ।
धुतिनु–स० क्रि० [धुत्+इ+नु] धुत्ने काम गरिनु; ('धुत्नु'-को क० क्रि०) ।
धुतुवा–वि० [धुत्+उवा] धुतार; धुताहा ।
धूत्नु–स० क्रि० [सं० धूर्त+नु] १. फकाई-फुल्याई वा कुनै स्वार्थ देखाई अर्काको धन-माल लिनु । २. रहस्यको कुरो प्रकट गराउनु; फुत्काउनु । ३. तान्नु; खिँच्नु ।
धुन–ना० [सं० धु] १. विशिष्ट लय, अथवा स्वर-क्रमले गाइने गीतको रीति; गानाको विशेष स्वर-कम्पन । (वि०) २. हल्लाइएको; कम्पित गराइएको ।
धुन–ना० [सं० ध्यान] १. कुनै काम एक-चित्तका साथ गर्ने प्रवृत्ति; एकाग्रता । २. मनको लहड़; ताना । ३. सोच-विचार । ४. चिन्ता; फिक्री । ५. सकेसम्मको प्रयत्न; भरमगदूर ।
धुन-चक्कर–ना० [सं० धूम-चक्र] धूम-चक्र ।
धुना–ना० [धु] १. धुने काम; धुवाइ । २. धुवाइको पटक ।
धुनाइ–ना० [धुन्+आइ] धुन्ने किसिम, क्रिया, भाव वा पटक ।
धुनि–ना० [सं०] नदी ।
धुनिनु–स० क्रि० [धुन्+इ+नु] कपास फड्किनु; ('धुन्नु'-को क० क्रि०) ।
धुनियाँ–ना० [धुन्+इयाँ] कपास फड्कने पेशा भएको व्यक्ति वा जाति ।
धुनी–ना० [सं०] नदी ।
धुनी–ना० [सं० धूमी] १. साधु-संन्यासीहरूले ताप्नाका निमित्त वा तपश्चर्याका निमित्त बाल्ने आगो । २. सधैँ आगो बालिरहने अगेनु ।
धुनी-फानी–ना० [धुन+फ़ानी (अ०)] घरायसी काम-कुरोमा हुने व्यस्तता; घरेलु काममा भएको तल्लीनता ।
धुनु–स० क्रि० [सं० धाव्] फोहर-मैलाहरू पानी वा अन्य तरल पदार्थले सफा गर्नु; पखाल्नु; प्रक्षालन गर्नु ।
धुन्धुकारि–ना० [सं०] १. पुराण-प्रसिद्ध एक उद्दण्ड व्यक्ति । २. बदमाश व्यक्ति; उल्लू मानिस । ३. खराब छोरो; कपूत ।
धुन्नु–स० क्रि० [सं० धुनन+नु] कपास फड्कनु ।
धुपौरे–ना० [धुपौरो+ए] १. अरूलाई खुशी पार्न नअह्राईकनै अर्काका साना-तिना काम गरी हिँड्ने व्यक्ति । (वि०) २. बेमतलबको; सरोकार नभएको (व्यक्ति) । ३. धूप हाल्ने वा धुपौरो चलाउने ।
धुपौरो–ना० [सं० धूप+औरो] आगो हालेर धूप सल्काउने भाँडो; धूप-पात्र ।
धुमधुमती–क्रि० यो० [धुम्म+धुम्म+ती] १. रीसले बोल-चाल केही नगरी अँध्यारो मुख लाई बसिरहने किसिम; धुम्म । २. कुनै वस्तु वा प्राणी थुम्रिएर रहने किसिम ।
धुम्म–क्रि० यो० [प्रा०] १. रीसले अँध्यारो मुख लाई बोल-चाल केही नगरी बसिरहने किसिम; धुमधुमती । २. आकाशमा चारैतिर बादलले ढाक्ने किसिम ।
धुम्मिइनु–अ० क्रि० [धुम्मि+इ+नु] धुम्म परिनु; ('धुम्मिनु'-को भा० क्रि०) ।
धुम्मिनु–अ० क्रि० [धुम्म+इ+नु] १. रीसले वा पीरले धुम-धुमती परेर बस्नु; धुम्म पर्नु । २. आकाशमा बादल टम्म लाग्नु । ३. धुमधुमती परेर रहनु ।
धुम्म्याइ–ना० [सं० धुम्मि+याइ] धुम्मिने किसिम, क्रिया वा भाव ।
धुम्म्याइनु–स० क्रि० [धुम्म्याउ+आइ+नु] धुम्म पारिनु; ('धुम्म्याउनु'-को क० क्रि०) ।
धुम्म्याउनु–स० क्रि० [धुम्मि+याउ+नु] धुम्म पार्नु; ('धुम्मिनु'-को प्रे० क्रि०) ।
धुम्साखान–ना० [सं० ध्वंसन] ठूलो झगड़ा; घमासान युद्ध ।
धुर्–ना० [सं०] १. गाड़ी, रथ, बग्गी आदिका पाङ्ग्रा अड्ने तेर्सो आग्लो; धुरा । २. बैलका काँधमा रहने जुवा । ३. भारी; बोझ । ४. धुराका छेउमा रहने बियो । ५. उच्च भूमि; टाकुरो । ६. शीर्ष वा सर्वोच्च स्थान ।
धुर–ना० [सं० धुर्] जमीनको एक परिमाण; एक कट्ठाको बीसौँ भाग ।
धुरन्धर–वि० [सं०] १. भार वहन गर्ने । २. अभिभारा लिने । ३. सद्गुण-सम्पन्न; प्रकाण्ड विद्वान् । ४. प्रधान; मुख्य; अग्र-गण्य । ५. पारङ्गत; पोख्त । ६. जोत्न योग्य (गोरु) ।
धुरा–ना० [सं० धुर्] १. रथ, बग्गी आदिमा लाग्ने दुइ घोड़ा वा बैलका बीच रहने लामो डन्डा ।
धुरा–ना० [धुइरो] एकमाथिको अरू मदत; सहायकहरूको हूल ।
धुरिनु–अ० क्रि० [धुइरि+नु] १. धुइरो लाग्नु; धुइरिनु । २. हूल मिलेर आउनु; धुरा उठ्नु ।
धुरी–ना० [सं० धुर्] १. छानाको सबभन्दा माथिल्लो कोप्रो परेको भाग; छानाका दुइ पाटाको जोर्नी । २. त्यस ठाउँमा राख्ने टायल, टिन आदिको कोप्रो परेको साधन ।
धुरीण–वि० [सं०] १. श्रेष्ठ; प्रमुख; अग्र-गण्य । २. धुरन्धर । ३. भारी बोक्ने । ४. जुवामा नार्न योग्य; जोत्न लायक (गोरु) ।
धुरी-बलो–ना० [धुरी+बलो] धुरी अड्याउने निदाल ।
धुरुक्क–क्रि० यो० [ने०] १. साह्रै रुवाउने वा दुःख दिने किसिम । २. आँसु चुहाएर रुने किसिम ।
धुरुधुरु–क्रि० यो० [अनु०] साह्रै चित्त दुख्दा आँसु चुहाएर रुने किसिम ।
धुरो–ना० [धरो] धरो ।
धुर्का-पानी–ना० [धुर्को+पानी] १. दुःख; हैरानी । २. आँसु ।
धुर्को–ना० [धर्को] १. कपड़ा, कागत आदिको लामो टुक्रो; धरो । २. धर्को; धर्सो ।
धूर्त्याइँ–ना० [सं० धूर्त+याइँ] धूर्त हुनाको भाव; धूर्तता ।
धुर्पिस–ना० [धूलो+पिस्] बाटो ठोक्ने फलामे गह्रौँ र बाटुलो

CC-0. In Public Domain. Digitization by eGangotri

औजार; बेन्चा।

धुर्य–वि० [सं०] १. अग्र-गण्य; धुरन्धर। २. श्रेष्ठ; मुख्य। ३. भारी बोक्न योग्य। ४. जोत्न लायक। (ना०) ५. हिमालयमा हुने लशुनजस्तो एक ओषधि, ऋषभ। ६. विष्णु। ७. गोरु।

धुर्‍याइ–ना० [धुरि+याइ] धुरिने किसिम, क्रिया वा भाव; धुइर्‍याइ।

धुर्रा–ना० [सं० धूलि] दिल्लगी; हँस्सी; खिसी।

धुर्सुल–ना० [नें०] १. फुस्रा पात र सेता फूल हुने एक जातको लता। (यसको फूल मन्दिर, तोरण आदि सिँगार्न प्रयोग गरिन्छ।) २. त्यसैको फूल।

धुर्सेली–ना०[नें०]भूवादार नरम ठूल्ठूला पात हुने, काँसका कोपिलाका आकारका भूवादार धेरै फूल फुल्ने एक जातको घाँस।

धुलदाम–ना० [ढुवाइ+दाम] बोकाइको ज्याला; भरिया-ज्याला।

धुलाइ–ना० [धु+लाउ+आइ] १. धुलाउने किसिम, क्रिया, भाव वा पटक; धुवाइ। २. धोएको ज्याला।

धुलाइनु–स० क्रि० [धुलाउ+आइ+नु] धुन लाइनु; ('धुलाउनु'-को क० क्रि०)।

धुलाउनु–स० क्रि० [धु+लाउ+नु] धुन लाउनु; ('धुनु'-को प्रे० क्रि०)।

धुलिइनु–अ० क्रि० [धुलि+इ+नु] धूलो होइनु; ('धुलिनु'-को भा० क्रि०)।

धुलिखेल–ना० [नें०] नेपालको पूर्व-एक(१)-नम्बर जिल्लाको मुख्य वस्ती।

धुलिनु–अ० क्रि० [धूलो+इ+नु] १. धूलो हुनु; चूर्ण हुनु। २. रद्दी हुनु; बेकम्मा हुनु। ३. नष्ट हुनु।

धुलौटो–ना० [धूलो+औटो] माटाको मसिनु धूलो छरेर सिन्को वा खरीले कोरेर अक्षर लेख्ने एक किसिमको पाटी।

धुल्याइ–ना० [धुलि+याइ] धुलिने किसिम, क्रिया वा भाव।

धुल्याइ–ना० [धुल्याउ+याइ] धुल्याउने किसिम, क्रिया वा भाव।

धुल्याइनु–स० क्रि०[धुल्याउ+इ+नु] धूलो पारिनु; ('धुलिनु'-को क० क्रि०)।

धुल्याउनु–स० क्रि० [धुलि+याउ+नु] १. मिहीन पार्नु; धूलो पार्नु; धूलो-पीठो तुल्याउनु। २. रद्दी पार्नु; बेकम्मा तुल्याउनु।

धुल्याहा–ना० [धूलो+आहा] किताब, कागत-पत्र आदि नोक्सान गर्ने एक जातको कीरो।

धुवाँ–ना० [धूवाँ] धूवाँ।

धुवाँइनु–स० क्रि० [धुवाँउ+इ+नु] धूवाँ निकालिनु; ('धुवाँउनु'-को क० क्रि०)।

धुवाँउनु–स० क्रि० [धुवाँ+आउ+नु] १. धूवाँ निकाल्नु; धूवाँ पार्नु। २. आगो बाल्नु। (अ० क्रि०) ३. धूवाँ उठ्नु; धूवाँ निस्कनु।

धुवा–वि० [धु+उवा] धोइएको; धोएर सफा गरिएको।

धुवा–ना० [सं० ध्रुव] गीत वा कविताका प्रत्येक छन्दपछि दोहोर्‍याएर भनिने चरण; टेक।

धुवाइ–ना० [धु+वाइ] १. धुने किसिम, क्रिया वा भाव। २. कपड़ा आदि धोएको ज्याला; धुलाइ।

धुवाइ–ना०[धुवाउ+आइ]धुवाउने किसिम,क्रिया वा भाव।

धुवाइनु–स० क्रि [धुवाउ+आइ+नु] धुन लाइनु; धोवाइनु; ('धुवाउनु'-को० क० क्रि०)।

धुवाउनु–स० क्रि० [धु+आउ+नु] धुन लाउनु; धोवाउनु; ('धुनु'-को प्रे० क्रि०)।

धुवान–ना० [धु+आन] धुवाइको पटक; धुना।

धुवित्र–ना० [सं०] यज्ञको अग्नि फुक्ने मृग-चर्मको खलाँती।

धुस्तूर–ना० [सं०] धतूरो।

धुस्नु–ना० [सं० धुस्तु] १. परालका खजमजिएका टुक्राटाक्रीहरूको थुप्रो। (वि०) २. लेथ्नो; थाङ्नो।

धुस्रु–ना० [सं० धूसर] भूवादार नरम पात हुने, मसिना सेता फूल फुल्ने एक जातको रूख।

धुस्रे–ना० [धुस्रो+ए] १. नारान-पातीका जस्ता भूवादार पात र सेता फूल हुने एक जातको बोट। (वि०) २. फुस्रो रङ्गको; फुस्रे। ३. चिल्लो वा स्निग्धता नभएको।

धुस्रो–ना० [सं० धूसर] १. ध्वाँसे रङ्ग; फुस्रो रङ्ग। (वि०) २. त्यस रङ्गको। ३. चिल्लो वा स्निग्धता नभएको।

धुस्रो-फुस्रो–वि०[धुस्रो+फुस्रो] १. धूलो लागेर फुस्रो भएको। २. चिल्लो नभएको; स्निग्धता-हीन।

धुस्सा–ना० [सं० द्विशाट] मोटो जातको ऊनी ओढ्ने वस्त्र।

धूआँ–ना० [धूवाँ] धूवाँ।

धूआँ-कस–ना० [धूआँ+कस] धूवाँ-कश।

धूत–वि० [सं०] १. हल्लाइएको; आन्दोलित। २. छोड़िएको; त्यक्त। ३. धम्काइएको; हप्काइएको।

धूता–ना० [सं०] पत्नी।

धूनन–ना० [सं०] १. हल्लनु; कम्पन। २. हावा; वायु। ३. क्षोभ।

धूप–ना० [सं०] आगोमा सल्काएर धूवाँद्वारा सुवास फिंजाइने सुगन्धी द्रव्य।

धूप–ना० [सं० धूप्] घाम।

धूप-घड़ी–ना० [धूप+घड़ी] घाम छँदा कुनै कीलो अथवा अरू कुनै त्यस्तै छाया पार्ने पदार्थले पारेका छायाले समय सूचित गर्ने एक किसिमको समय-निर्देशक यन्त्र।

धूप-छायाँ–ना० [धूप+छाया] १. प्रकाशको टलक पर्दा विभिन्न रङ्गको आभा देखिने एक प्रकारको रँगाइ वा बुनोट। २. दुःख र सुखको परिस्थिति।

धूप-दान–ना० [सं० धूप+दान] धूप सल्काएर राख्ने भाँड़ो; धुपौरो; धूप-पात्र।

धूप-दानी–ना० [सं० धूप+दानी] धूपदान; धुपौरो।

CC-0. In Public Domain. Digitization by eGangotri

धूप-धुवाँर–ना० [धूप+धुवाँ] धूप बाल्ने काम; धूप सल्काउने काम।

धूपन–ना० [सं०] धूप बाल्ने काम।

धूप-पात्र–ना० [सं०] धूप बाल्ने भाँडो; धुपौरो।

धूपित–वि० [सं०] १. धूपद्वारा बास्ना आउने पारिएको। २. तप्त; तताइएको। ३. थाकेको; थकित।

धूपी–ना० [सं० धूप] १. मसिना पात, सेता साना-साना फूल, हरिया गोल फल हुने र काण्डमा खैरो र बाक्लो बोक्रो हुने एक जातको बोट। २. त्यसैको काठ। (यसको चूर्णको धूप बनाइन्छ र यसलाई घोटेर चन्दनको काम पनि लिइन्छ।)

धूम–ना० [सं०] १. धूवाँ; धूम्र। २. कुहिरो। ३. बादल। ४. ठूलो झगड़ा; रड़ाको। (क्रि० यो०) ५. अचाक्ली; उधुम।

धूम-केतु–ना० [सं०] १. पुच्छ्रे-तारो; उल्का। २. अग्नि; आगो।

धूम-चक्र–ना० [सं०] १. चक्राकार परेको धूवाँ; धूम-मण्डल। २. ठूलो झगड़ा; रड़ाको। (क्रि० यो०) ३. धूमधाम।

धूमधाम–क्रि० यो० [सं० धूम+धाम] १. अत्यन्त; ज्यादा; ज्यास्ता। (वि०) २. धेरै; खूब; प्रशस्त। (ना०) ३. ठूलो आयोजना; रम-रमिता।

धूम-पान–ना० [सं०] धूम्र-पान।

धूम-पोत–ना० [सं०] जहाज; अग्नि-बोट।

धूम-वाराही–ना० [सं०] काठमाड़ौंदेखि उत्तरतिर विशाल-नगरमा रहेकी एक वाराही; चार-वाराहीमध्ये एक।

धूमावती–ना० [सं०] दश-महाविद्यामध्ये एक।

धूमिका–ना० [सं०] कुहिरो।

धूम्याट–ना० [सं०] चिभे चरो।

धूम्र–ना० [सं०] १. धूवाँ; धुआँ। २. ध्वाँसो। ३. ध्वाँसे रङ्ग। (वि०) ४. त्यस रङ्गको; धुस्रो।

धूम्र-पत्रा–ना० [सं०] सानु-बिरी।

धूम्र-पान–ना० [सं०] चुरोट, तमाखु, गाँजा आदिको धूवाँको सर्को मुखले तानेर सेवन गर्ने काम।

धूर्जटि–ना० [सं०] शिव; महादेव।

धूर्त–वि० [सं०] १. छटेल; छट्टू। २. छली; कपटी। ३. ठग; वञ्चक। ४. धोखेबाज।

धूर्तता–ना० [सं०] धूर्त हुनाको भाव; धोखेबाजी।

धूर्वह–वि० [सं०] १. भारी बोक्ने; भार-वाहक। २. कार्य-भार सम्हाल्ने। (ना०) ३. भरिया। ४. गोरु।

धूर्वी–ना० [सं०] रथ, बग्गी आदिको अगिल्लो भाग; बम।

धूल–ना० [सं० धूलि] धूलो।

धूलि–ना० [सं० धूलि] धूलो; चूर्ण; रज।

धूलि-धूसर–वि० [सं०] धूलो लागेर फुस्रो देखिएको वा तुल्याइएको।

धूलि-धूसरित–वि० [सं०] धूलि-धूसर।

धूलि-पटल–ना० [सं०] तुवाँलो।

धूले-दर्शन–ना० [धूलो+ए+दर्शन] तीर्थ-यात्रामा जाने यात्रीले हिँड़ेर जाँदा गोड़ामा लागेको धूलो नपुछीकनै वा कतै विश्राम नगरीकन सोझै मन्दिरमा पुगेर गरिने देवी-देवताको दर्शन।

धूलो–ना० [सं० धूलि] १. मिहीन वस्तु; चूर्ण; धूलि। २. बढ़ार्दा निस्कने कसिङ्गर। ३. छारो।

धूलो-पीठो–वि० [धूलो+पीठो] अत्यन्त मसिनो चूर्ण।

धूलो-मूलो–ना० [धूलो+मूलो (फाँ०)] कसिङ्गर।

धूवाँ–ना० [सं० धूम] आगो बाल्दा निस्कने मोसो मिसिएको एक किसिमको कालो रङ्गको बाफ; धुआँ; धूम्र।

धूवाँ-कश–ना० [धूवाँ+कश (फा०)] १. धूवाँ बाहिर निकाल्नाका निम्तिको प्वाल वा ढुङ्ग्रो; चिम्नी। २. एक प्रकारको सानो जहाज; अग्नि-बोट।

धूसर–वि० [सं०] १. माटाका रङ्गको; खाकी। २. धूलो लागेर फुस्रो भएको। ३. फुस्रो रङ्गको।

धूसरित–वि० [सं०] १. धूलो लागेको। २. ध्वाँसे रङ्गको; धूसर। ३. उज्जर नभएको; फुस्रो पारिएको।

धूस्तुर–ना० [सं०] धतूरो।

धूस्तूर–ना० [सं०] धतूरो।

धृत–वि० [सं०] १. समातिएको; पक्रिएको। २. आफ्ना अधि-कारमा राखिएको। ३. राखिएको; स्थापित। ४. धारण गरिएको।

धृतराष्ट्र–ना० [सं०] १. महाभारत-प्रसिद्ध एक जन्मान्ध राजा; दुर्योधनका पिता। २. एक नाग।

धृतात्मा–वि० [सं०] १. मन बलियो भएको; स्थिर-चित्त; धीर। (ना०) २. विष्णु।

धृति–ना० [सं०] १. समाउने क्रिया; ग्रहण गर्ने काम। २. धारण। ३. धैर्य। ४. स्थिरता। ५. सोह्र मातृकामध्ये एक। ६. ज्योतिष-शास्त्रानुसार एक योग।

धृतिमान्–वि० [सं०] धैर्य भएको; धैर्य-शाली; धीर।

धृष्ट–वि० [सं०] १. ढीठो; पुक्खलो। २. अशिष्ट; गँवार। ३. निर्लज्ज। (ना०) ४. आफूले गरेका अपराधको नायिका-द्वारा तिरस्कार सहेर पनि नायिकाको पछेटा लागिरहने नायक; धीरोद्धत नायक।

धृष्टता–ना० [सं०] १. धृष्ट हुनाको भाव; उद्दण्डता। २. निर्लज्जता। ३. निर्दयता।

धेनु–ना० [सं०] १. भर्खर बियाएकी गाई; दुहुनु गाई। २. गाई। ३. पृथ्वी।

धेनुका–ना० [सं०] १. दुहुनु गाई; धेनु। २. हस्तिनी स्त्री। ३. पोथी पशु। ४. कृष्णले मारेको एक दैत्य।

धेय–वि० [सं०] १. धारण गर्न योग्य; धार्य; धारणीय। २. पोषण गर्न योग्य; पोष्य। ३. पिउन योग्य; पेय।

धेर–वि० [धेरै] धेरै; ज्यादा।

धेर-थोर–ना० [धेर+थोर] थोर-बहुत।

धेरै–वि० [प्रा० धेइ] प्रशस्त; ज्यादा; बहुत; निकै।

CC-0. In Public Domain. Digitization by eGangotri

धेरैजसो–क्रि० यो० [धेरै+जसो] प्रायः; प्रायशः; बहुधा।

धँसे–वि० [धँसो+ए] ध्वाँसोजस्तो कालो; साह्रै कालो; ध्वाँसे।

धँसो–ना० [ध्वाँसो] ध्वाँसो।

धैर्य–ना० [सं०] १. सङ्कट वा कठिनाइका समयमा मनमा लिइने स्थिरता; धीरता। २. शान्ति। ३. खामस।

धैवत–ना० [सं०] सङ्गीतका सात स्वरमध्ये एक। (यसलाई सङ्क्षेपमा 'ध' भनिन्छ। यसमा ४०५ नाद-लहरी हुन्छन्।)

धोआइ–ना० [धु+आइ] धुने किसिम, क्रिया वा भाव; धुवाइ।

धोआइ–ना० [धोआउ+आइ] धोआउने किसिम, क्रिया वा भाव; धुवाइ।

धोआइनु–स० क्रि० [धोआउ+आइ+नु] धुन लाइनु; धोवाइनु; ('धोआउनु'-को क० क्रि०)।

धोआउनु–स० क्रि० [धु+आउ+नु] धुन लाउनु; धोवाउनु; ('धुनु'-को प्रे० क्रि०)।

धोइनु–स० क्रि० [धु+इ+नु] धुने काम गरिनु; ('धुनु'-को क० क्रि०)।

धोइ-फोइ–ना० [धु+फुनु] १. स्पष्टता; यथार्थता। २. मनोमालिन्य भएका विषयमा स्पष्टतापूर्वक कुरा गर्नु।

धोइ-धाई–ना० [धु+धाइ (फाँ०)] धुने वा सफा गर्ने काम; धोई-पखाली।

धोइ-पखाली–ना० [धु+पखाल्] १. धुने र पखाल्ने काम; धोइ-धाई। २. थोरै आम्दानीबाट जीविका गर्ने काम। ३. भएभरका काम वा लेन-देनको फछर्योट।

धोका–ना० [धोखा] धोखा।

धोकाइ–ना० [धोक्+आइ] धोक्ने किसिम, क्रिया वा भाव।

धोकाइनु–स० क्रि० [धोकाउ+इ+नु] धोक्न लाइनु; ('धोक्नु'-को क० क्रि०)।

धोकाउनु–स० क्रि० [धोक्+आउ+नु] धोक्न लाउनु; ('धोक्नु'-को प्रे० क्रि०)।

धोकाबाज–वि० [धोखेबाज] धोखा दिने; बेईमानी गर्ने; धोखेबाज।

धोकाबाजी–ना० [धोखेबाजी] १. धोखा दिने काम; धोखेबाजको काम। २. बेईमानी। ३. कपट; छल।

धोकाहा–वि० [धोक्+आहा] १. धेरै पिउने वा खाने; धोक्ने। २. धेरै खुवाउने वा पियाउने।

धोकिनु–स० क्रि० [धोक्+इ+नु] धेरै खाइनु वा पिइनु; ('धोक्नु'-को क० क्रि०)।

धोके-गोदाम–ना० [धोखा+गोदाम] विशेष आवश्यकता वा अभाव भएका बखतमा मात्र चलाउने गरी राखिएको माल-सामान, अन्न-पात आदिको गोदाम।

धोको–ना० [धोक्+ओ] १. मनको प्रबल इच्छा; चाह। २. धीत।

धोक्नु–स० क्रि० [सं० ढौक+नु] १. इच्छा लागेको वस्तु खूबसित खानु वा पिउनु। २. व्यर्थमा खर्च गर्नु; फजूल खर्च गर्नु। ३. जाँड़-रक्सी आदि खानु (निन्दार्थमा)।

धोक्रे–वि० [धोक्रो+ए] १. धोक्रो बोक्ने। २. भद्दा र मोटो कदको; धोक्रोजस्तो। ३. ठूल्ठूला मोहोता हुने; ह्वाङ्ग्रे (सुरुवाल)। (ना०) ४. तिर्जा खरीद गर्ने ठेकदार।

धोक्रे-सुरुवाल–ना० [धोक्रे+सुरुवाल] ठूल्ठूला मोहोता हुने एक किसिमको सुरुवाल; पाइजामा।

धोक्रो–ना० [सं० ढौकनीय] अनाजहरू भरेर बोक्ने टाट आदिको ठूलो थैलो।

धोक्चाइ–ना० [धोक्चाउ+आइ] धोक्चाउने किसिम, क्रिया वा भाव।

धोक्याइनु–स० क्रि० [धोक्याउ+इ+नु] बेसरी खाइनु; ('धोक्याउनु'-को क० क्रि०)।

धोक्याउनु–स० क्रि० [धोक्रो+याउ+नु] बेसरी खानु; पेटमा अटाई-नअटाई खानु; कण्ठ्याउनु।

धोखा–ना० [सं० धूकता] १. अरूलाई झुक्क्याउने मिथ्या व्यवहार; झूठो काम-कारवाई। २. छल; कपट। ३. बेईमानी।

धोखाबाज–वि० [धोखा+बाज] धोकाबाज।

धोखाबाजी–ना० [धोखाबाज+ई] धोकाबाजी।

धोखेबाज–वि० [धोखा+बाज] धोकाबाज।

धोखेबाजी–ना० [धोखेबाज+ई] धोकाबाजी।

धोती–ना० [सं० धृ] १. कमरदेखि मनि बेरेर लाइने नसिइएको वस्त्र। २. कछाड़। ३. लगौंटी। ४. स्त्रीजातिले लाउने सारी, फरिया आदि।

धोती-सरो–ना० [ने०] पानी-सरोजस्तो एक जातको बिरुवा।

धोते-चरो–ना० [ने०] पहेँलो र खैरो रङ्गको एक जातको चरो।

धोत्रिइनु–अ० क्रि० [धोत्रि+इ+नु] धोत्रो होइनु; ('धोत्रिनु'-को भा० क्रि०)।

धोत्रिनु–अ० क्रि० [धोत्रो+इ+नु] १. पुरानो र खोक्रो हुनु; धोत्रो पर्नु (रूख आदिमा)। २. जवानी चढ्दा स्वर बिग्रेर ठूलो हुनु। ३. सर्दी आदिले कण्ठमा कुनै विकार हुँदा स्वर मोटो हुनु।

धोत्रो–ना० [धोक्रो] १. रूख, मूला आदिको भित्र हुने खोक्रोपन; भित्र परेको ठूलो प्वाल। (वि०) २. भित्र खाली भएको; खोक्रो। ३. जवानीले स्वर बिग्रेर ठूलो भएको; धोत्रिएको (स्वर)।

धोत्र्याइ–ना० [धोत्रि+याइ] धोत्रिने किसिम, क्रिया वा भाव।

धोत्र्याइ–ना० [धोत्र्याउ+आइ] धोत्र्याउने किसिम, क्रिया वा भाव।

धोत्र्याइनु–स० क्रि० [धोत्र्याउ+आइ+नु] धोत्रो पारिनु; ('धोत्र्याउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

धोत्र्याउनु–स० क्रि० [धोत्रि+याउ+नु] धोत्रो पार्नु; ('धोत्रिनु'-को क० क्रि०)।

धोबिनी–ना० [धोवी+इनी] १. धोबी-जातकी स्त्री। २. कालो र सेतो मिसिएको रङ्गको, भँगेरोजत्रो एक जातको चरो।

धोबी–ना० [धु] १. कपड़ा धुने पेशा भएको एक जाति। २. धोबिनी चरो।

धोरण–ना० [सं०] १. सवारी; यान। २. छिटो गति; तीव्र गमन। ३. वाहन। ४. घोड़ाको एक चाल।

धोरणी–ना० [सं०] अविच्छिन्न क्रम; पङ्क्ति; ताँती।

धोवाइनु–स० क्रि० [धोवाउ+आइ+नु] धुन लाइनु; ('धोवाउनु'-को क० क्रि०)।

धोवाउनु–स० क्रि० [धु+आउ+नु] धुन लाउनु; ('धुनु'-को प्रे० क्रि०)।

धौका–ना० [नेवा०] दहीका कहतारा खप्टेर राख्नाका निम्ति बनाइएको बाँसका कप्टेराको तीन कुना परेको साधन; बिँड़ो।

धौत–वि० [सं०] १. धोइएको; पखालिएको। २. सेतो; सफा। ३. चम्किलो; दीप्त। (ना०) ४. चाँदी।

धौति–ना० [सं०] १. शरीरका भित्री अवयव सफा पार्ने उद्देश्यले करीब चार अङ्गुल चौड़ा र पन्ध्र हात लामो भिजेको कपड़ा निलेर फेरि बाहिर निकाल्ने, हठ-योगको एक क्रिया। २. त्यस्तो गर्ने कपड़ाको धरो।

धौधौ–ना० [ने०] मुश्किल; कठिनता।

धौरेय–वि० [सं०] धुरा धारण गर्ने योग्य; नार्न लायक।

धौर्त्य–ना० [सं०] धूर्त हुनाको भाव; धूर्तता।

धौलागिरि–ना० [धवलागिरि] धवलागिरि।

ध्माकार–ना० [सं०] कौ; लीह-कार।

ध्याउन्न–ना० [सं० ध्यान] १. रात-दिनको चिन्तन; हमेशाको ध्यान; ज़पना। २. मनको एकमात्र ठूलो इच्छा; धोको।

ध्यात–वि० [सं०] ध्यान गरिएको; सोचिएको।

ध्यातव्य–वि० [सं०] ध्यान गर्ने योग्य; विचार गर्ने लायक; ध्येय।

ध्याता–वि० [सं०] ध्यान गर्ने; ध्यानी।

ध्यान–ना० [सं०] १. कुनै काम वा कुरोमा मन तल्लीन भएर लाग्ने क्रिया वा भाव। २. एकाग्र चित्तले गरेको देवताको आराधना। ३. चित्तको विचार गर्ने वा ग्रहण गर्ने शक्ति। ४. चेत; खयाल। ५. बोध; ज्ञान। ६. समझ; बुद्धि। ७. स्मृति; सम्झना; याद। ८. चित्तको एकाग्रता। ९. विचार; मनन।

ध्यान-गम्य–वि० [सं०] ध्यानले प्राप्त गर्न सकिने।

ध्यान-निष्ठ–वि० [सं०] ध्यानमा एकाग्र भएको; ध्यानमा लीन; ध्यान-मग्न।

ध्यान-पर–वि० [सं०] ध्यान-निष्ठ।

ध्यान-मग्न–वि० [सं०] ध्यान-निष्ठ।

ध्यान-योग–ना० [सं०] ध्यान प्रधान भएको योग; प्रशान्त योग।

ध्यान-रत–वि० [सं०] ध्यान-निष्ठ।

ध्यानसिङ्के–वि० [ने०] कपट-जूवाका निमित्तको कैफत भएको (कौड़ो)।

ध्यानस्थ–वि० [सं०] ध्यान-निष्ठ।

ध्यानावस्थित–वि० [सं०] ध्यान-मग्न; ध्यान-निष्ठ।

ध्यानी–वि० [सं०] ध्यान गर्ने; समाधिमा बस्ने।

ध्याप-ध्याप–क्रि० यो० [अनु०] १. वार-वार बत्ती निम्न खोज्ने किसिम; धिपधिप। २. खुट्टा बजारेर हिँड्दा शब्द आउने किसिम।

ध्यापध्यापे–वि० [ध्याप-ध्याप+ए] निभ्न खोज्ने; ध्याप-ध्याप गर्ने; धिपधिपे (बत्ती)।

ध्याप्प–क्रि० यो० [अनु०] १. बत्ती, आगो आदि सहसा निभ्ने किसिम। २. गीलो वस्तु जमीनमा बजारिँदा शब्द आउने किसिम।

ध्यार-धुर–क्रि० यो० [अनु०] कपड़ा, कागत आदि च्यात्दा शब्द आउने किसिम।

ध्यार्र–क्रि० यो० [अनु०] कपड़ा च्यात्दा शब्द आउने किसिम; ध्वार्र।

ध्येय–वि० [सं०] १. ध्यान गर्न योग्य। (ना०) २. ध्यानको विषय। ३. लक्ष्य; उद्देश्य।

ध्रुव–वि० [सं०] १. सधैँ एउटै ठाउँ वा अवस्थामा रहने; स्थिर; अचल। २. निस्सन्देह; निश्चित; पक्का। (ना०) ३. भगवान्‌का भक्त, राजा उत्तानपादका जेठा छोरा। ४. उत्तरी आकाशमा सधैँ एकै स्थानमा स्थिर रहने भनी प्रसिद्ध एक तारो। ५. पृथ्वीको उत्तर र दक्षिण-का छेउ। ६. आकाश। ७. कीलो। ८. पहाड़। ९. ज्योतिषशास्त्रानुसार एक योग।

ध्रुव-तारा–ना० [सं०] उत्तरतिर सधैँ एकै स्थानमा रहेको देखिने एक प्रसिद्ध तारो।

ध्रुव-दर्शक–ना० [सं०] १. सप्तर्षि-मण्डल। २. सधैँ उत्तरपट्टि मात्र सूई फर्कने दिशा-सूचक यन्त्र; कम्पास।

ध्रुव-पद–ना० [सं०] १. प्रायः स्तुतिहरू गाइने सङ्गीतको एक लय। २. सङ्गीतमा वार-वार गाइने कविताको कुनै एक चरण; टेक।

ध्वंस–ना० [सं०] नाश; विनाश।

ध्वंसक–वि० [सं०] नाश गर्ने; विध्वंसक।

ध्वंसन–ना० [सं०] १. नाश गर्ने काम; ध्वस्त पार्नु। २. क्षय; विनाश।

ध्वंसावशेष–ना० [सं०] नाश भएर बाँकी रहेको अंश।

ध्वंसित–वि० [सं०] नाश भएको; ध्वस्त।

ध्वंसी–वि० [सं०] १. नाश गर्ने; ध्वस्त पार्ने। २. विनष्ट हुने; नश्वर।

ध्वज–ना० [सं०] १. कुनै संस्था वा विशिष्ट व्यक्तिको

CC-0. In Public Domain. Digitization by eGangotri

चिह्नस्वरूप, प्रायशः डन्डाका शिरमा झुन्डयाइने कपड़ा; झन्डा; ध्वजा; पताका । २. चिह्न; निशान् । ३. पुरुषेन्द्रिय । ४. श्रेष्ठ; प्रमुख ।

ध्वज-दण्ड—ना० [सं०] झन्डा झुन्डयाइने डन्डा; ध्वज-यष्टि ।

ध्वज-पट—ना० [सं०] ध्वजा; झन्डा ।

ध्वज-भङ्ग—ना० [सं०] १. झन्डा झिक्नु; लिङ्गो ढाल्नु । २. नपुंसकता ।

ध्वज-यष्टि—ना० [सं०] झन्डाको डन्डा; ध्वज-दण्ड ।

ध्वजवान्—वि० [सं०] १. ध्वजा भएको; झन्डावाल । २. चिह्न भएको ।

ध्वजांशुक—ना० [सं०] झन्डाको कपड़ा ।

ध्वजा—ना० [सं० ध्वज] ध्वज; झन्डा ।

ध्वजारोपण—ना० [सं०] झन्डा गाड्ने काम; ध्वजा उभ्याउने काम ।

ध्वजिनी—ना० [सं०] सेना; फौज ।

ध्वजी—वि० [सं०] १. ध्वजा भएको; झन्डावाल । २. कुनै किसिमको चिह्न भएको; चिह्नित । ३. ढोंगी; पाखण्डी ।

ध्वजोत्तोलन—ना० [सं०] झन्डा फहराउने काम; ध्वजा गाड्ने काम ।

ध्वजोत्थान—ना० [सं०] १. झन्डा गाड्ने काम; ध्वजा फहराउने क्रिया । २. इन्द्र-यात्रा, बिस्केट आदिको लिङ्गो उभ्याउने उत्सव ।

ध्वनन—ना० [सं०] ध्वनि निकाल्नु; शब्द गर्नु ।

ध्वनि—ना० [सं०] १. शब्द; आवाज । २. ठूलो र खाली ठाउँमा कराउँदा वा शब्द गर्दा फर्केर आउने आवाज; प्रतिध्वनि । ३. कुनै कथन वा उक्तिको वाच्यार्थ वा शब्दार्थलाई छोड़ेर त्यसमा लुकेको गूढ वा व्यङ्ग्यार्थ; झल्केको अर्थ; गूढार्थ ।

ध्वनि-काव्य—ना० [सं०] व्यङ्ग्य-प्रधान काव्य; ध्वन्यात्मक काव्य ।

ध्वनित—वि० [सं०] १. ध्वनिको रूपमा व्यक्त भएको; व्यञ्जित । २. शब्द निस्केको ।

ध्वनि-प्रसारक-यन्त्र—ना० [सं०] माइक्रोफोन ।

ध्वनि-विकार—ना० [सं०] भय, शोक आदिबाट परिवर्तित हुने कण्ठ-स्वर ।

ध्वनि-विस्तारक-यन्त्र—ना० [सं०] माइक्रोफोन ।

ध्वन्य—वि० [सं०] ध्वनि निस्कन योग्य ।

ध्वन्यात्मक—वि० [सं०] १. ध्वनि भएको; ध्वनिमय । २. ध्वनि-प्रधान भएको; व्यङ्ग्यमय (काव्य) ।

ध्वन्यार्थ—ना० [सं०] व्यञ्जना-वृत्तिद्वारा बोध हुने अर्थ; व्यङ्ग्यार्थ ।

ध्वस्त—वि० [सं०] भत्केको; नाश भएको; नष्ट-भ्रष्ट; सखाप भएको ।

ध्वाँसे—वि० [ध्वाँसो+ए] ध्वाँसोजस्तो रङ्गको; कालो ।

ध्वाँसो—वि० [धूवाँ] १. धूवाँको कण; धूम-कण । २. धँसो; मोसो ।

ध्वाङ्क्ष—ना० [सं०] १. कौवा; काग । २. सारस । ३. भिक्षु; संन्यासी । ४. निर्लज्ज मानिस ।

ध्वाङ्ग्रे—वि० [ढ्वाङ] भद्दा र कद नमिलेको; लर्दू; धिरी ।

ध्वान—ना० [सं०] १. शब्द; आवाज । २. गुञ्जन ।

ध्वान्त—ना० [सं०] १. अन्धकार; अँध्यारो; तम । २. सधैँ अँध्यारो रहने एक नरक ।

ध्वान्तारारति—ना० [सं०] १. सूर्य । २. चन्द्र । ३. अग्नि । ४. श्वेत वर्ण ।

ध्वार्र—क्रि० यो० [अनु०] १. पानीको धारो खस्दा शब्द आउने किसिम । २. कपड़ा, कागत च्यात्दा शब्द आउने किसिम; ध्यार्र ।

न

न-देवनागरी वर्ण-मालाको बीसौँ व्यञ्जन-वर्ण । त-वर्गको अन्तिम वा पाँचौँ अक्षर । यसको उच्चारण दन्त्य-स्थान र नासिका-स्थानबाट हुन्छ ।

न-अव्य० [सं०] १. क्रियाको अगाड़ि, पछाड़ि वा बीचमा आएर निषेध बुझाउने शब्द । (उदा०—नगर्नु, नखानु, गर्दिन, भन्दिन, खाँदैन होला, गर्दैनथ्यो इत्या० ।) २. विशेषण शब्दको अगाड़ि लागेर उल्टो अर्थ बुझाउने शब्द । (उदा०—नराम्रो, नजाती इत्या० ।) ३. कार्य, विषय आदिको अभाव वा निषेध बुझाउने शब्द; अहँ; नाइँ । (संयो०) ४. दुइ शब्द वा वाक्यको बीचमा प्रयोग भएर दुवैलाई जोड़ दिने शब्द । (उदा०—रुनु-न-हाँस्नु, -देख्नु-न-सुन्नु इत्या० ।) ५. शब्द वा वाक्यलाई जोड़ दिन प्रयोग हुने शब्द । (उदा०—पढ्ने भए राम्ररी पढ़ न, जाने भए गइहाल न ।) ६. प्रश्न गर्ने वा सही थपाउँदा वाक्यको पछिल्तिर प्रयोग गरिने शब्द । (उदा० । यो त ठीक छ न ?)

नकच्चरिइनु—अ० क्रि० [नकच्चरि+इ+नु] नकच्चरो होइनु; ('नकच्चरिनु'-को भा० क्रि०) ।

नकच्चरिनु—अ० क्रि० [नकच्चरो+इ+नु] नकच्चरो हुनु; निर्लज्ज हुनु ।

नकच्चरो—वि० [नाक+कर्तन (सं०)] लाज नभएको; निर्लज्ज; बेशरम ।

नकच्च्याइँ—ना० [नकचरो+याइँ] नकचरो तुल्याउनाको वा हुनाको भाव ।

नकच्च्याइ—ना० [नकच्चरि+याइ] नकच्चरिने किसिम, क्रिया वा भाव ।

नकच्च्याइनु—स० क्रि० [नकच्च्याउ+आइ+नु] लज्जित

CC-0. In Public Domain. Digitization by eGangotri

पारिनु; ('नकच्चर्‍याउनु'-को क० क्रि०)।

नकच्चर्‍याउनु–स० क्रि० [नकच्चरि+याउ+नु] १. अरूलाई शरम लाग्ने पार्नु; लज्जित गराउनु; ('नकच्चरिनु'-को प्रे० क्रि०)। २. जानेको कुरोलाई नजानेजस्तो गरी सोध्नु; बूझ पचाएर भन्नु।

नकच्चर्‍याहट–ना० [नकच्चरि+ याहट] नकच्चरिने किसिम, क्रिया वा भाव।

नकटो–वि० [नाक+काट्+ओ] १. नाक काटिएको; नेप्टो। २. छाँट नमिलेको; वेछाँटको। ३. नकच्चरो; निर्लज्ज।

नकड़ा–वि० [नाक] गोरुका नाकमा हुने एक रोग।

नकबजनी–ना० [अ० नक़ब+ज़नी (फा०)] भित्तो फोरेर चोर्ने काम।

नकरा–वि० [नकटो] १. झूटो; ढँटुवा। २. कन्चा; बेप्रमाणको।

नकल–ना० [अ० नक़ल] १. कुनै वस्तुको आकार-प्रकार मिलाएर तयार गरिएको अर्को वस्तु; अनुकृति। २. कुनै काम देखेर त्यसैबमोजिम गर्नु; देखासिकी; अनुकरण। ३. कुनै मूल लेख जस्ताको-तस्तो सारेको कागत; प्रतिलिपि; सकलको उतार। ४. अभिनय। ५. स्वाँग; ढोंग। ६. अनावश्यक शृङ्गार। ७. ढाँचा-काँचा; नक्कल-झक्कल।

नकल-झकल–ना० [नकल+झलक] नक्कल-झक्कल।

नकली–वि० [अ० नक़ली] १. अरू मालको नकल गरी बनाइएको; बनावटी; कृत्रिम। २. कमसल; कच्ची। ३. जाली; खोटो। ४. नकल गर्ने; स्वाँगी। ५. नकल पार्ने (स्त्री)।

नकले–वि० [नकल+ए] १. नकल गर्ने; नकल पार्ने। २. ढाँचा पार्ने; ढाँची। ३. ढोंगी; आडम्बरी। ४. नक्कल-झक्कल परेको वा गर्ने।

नकश–ना० [अ० नक़्श] १. गन्जीफा। २. रुपियाँ-पैसा थापेर खेलिने ताशको एक खेल।

नकाइ–ना० [नकाउ+आइ] नकाउने किसिम, क्रिया वा भाव।

नकाइनु–स० क्रि० [नकाउ+आइ+नु] अनकनाइनु; ('नकाउनु'-को क० क्रि०)।

नकाउनु–स० क्रि० [सं० नकार+आउ+नु] कुनै काम वा कुरो स्वीकार गर्न असजिलो मान्नु; अनकनाउनु।

नकाब–ना० [अ० निक़ाब] मुख छोप्न लगाइने कपड़ा; घुम्टो।

नकार–ना० [सं०] १. 'न'-अक्षर। २. निषेध।

नकारात्मक–वि० [सं०] कुनै कुरो नमान्ने वा नगर्ने निश्चय गरेको; निषेधात्मक; अस्वीकृतिमूलक (कथन वा उत्तर)।

नकुल–ना० [सं०] १. न्याउरी-मूसो। २. पाँच पाण्डव-मध्ये एक।

नक्कल–ना० [अ० नक़ल] नकल।

नक्कल-झक्कल–ना० [नक्कल+झलक] १. उत्ताउलो शृङ्गार; बढ़ता ठाँट-बाँट। २. स्वाँग; आडम्बर।

नक्कली–वि० [नक्कल+ई] १. नकली। २. नक्कले।

नक्कले–वि० [नक्कल+ए] नक्कल पार्ने; नकले।

नक्काशी–ना० [अ० नक़्क़ाशी] धातु, काठ, पत्थर आदि कुँदेर बेल-बुट्टा बनाउने काम वा विद्या।

नक्काशीदार–वि० [फा० नक़्क़ाशीदार] नक्कासीदार।

नक्कासी–ना० [अ० नक़्क़ाशी] नक्काशी।

नक्कासीदार–वि० [नक्कासी+दार] नक्कासी भरेको; बेल-बुट्टा बनाइएको।

नक्खी–ना० [सं० नख] सितार, तानपूरा आदि तारका बाजा बजाउँदा चोर-औँलाका टुप्पामा लाउने तारको साधन।

नक्त–ना० [सं०] १. सन्ध्या हुन आँटेको समय; दिनको चौथो वा अन्तिम प्रहर। २. रात। ३. शिव।

नक्त-चर–वि० [सं०] रात्रि-चर।

नक्त-भोजन–ना० [सं०] व्रतका उद्देश्यले गरिने रात्रि-भोजन।

नक्त-भोजी–वि० [सं०] राती भोजन गर्ने; नक्त-व्रत लिने।

नक्त-व्रत–ना० [सं०] राती तारा हेरेरमात्र भोजन गर्ने एक व्रत; राती पूजा गर्ने व्रत।

नक्र–ना० [सं०] गोही; ग्राह।

नक्शा–ना० [अ० नक्शः] १. रेखाद्वारा तयार गरिएको चित्र; रेखा-चित्र। २. तस्वीर; चित्र। ३. आकृति; आकार। ४. देश, शहर, नदी, पहाड़, समुद्र आदिको सङ्केतसहित लेखिएको पृथ्वी वा खगोलको चित्र; मान-चित्र; भू-चित्र।

नक्षत्र–ना० [सं०] १. तारा। २. चन्द्रमाको मार्गमा देखिने, सौर-जगत्देखि पृथक् रहेका सत्ताईस ताराहरूको समूह (अश्विनी, भरणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, पुष्य (तिष्य), अश्लेषा, मघा, पूर्वाफाल्गुनी, उत्तराफाल्गुनी, हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वाषाढा, उत्तराषाढा, श्रवण, धनिष्ठा, शतभिषा, पूर्व-भाद्रपद, उत्तर-भाद्रपद र रेवती)। ३. ज्योतिष-शास्त्रअनुसार मनुष्यका असल-खराब अवस्थाका अधिष्ठाता ताराहरू।

नक्षत्र-चक्र–ना० [सं०] १. राशि-चक्र। २. तान्त्रिकहरूले पूजा गर्ने एक चक्र।

नक्षत्र-पति–ना० [सं०] चन्द्रमा।

नक्षत्र-पथ–ना० [सं०] नक्षत्र-मार्ग; आकाश।

नक्षत्र-मार्ग–ना० [सं०] नक्षत्रहरूले भ्रमण गर्ने मार्ग; नक्षत्र-पथ।

नक्षत्र-माला–ना० [सं०] १. सत्ताईस दाना मोतीको माला। २. सत्ताईस नक्षत्रहरूको समुदाय। ३. एक नक्षत्रका साथ देखिने ताराहरूको समूह।

नक्षत्र-विद्या–ना० [सं०] ज्योतिष विद्या।

नक्षत्र-वृष्टि–ना० [सं०] १. तारा खस्नु। २. उल्का-पात।

CC-0. In Public Domain. Digitization by eGangotri

नक्षत्र-शूल–ना० [सं०] फलित-ज्योतिष-शास्त्रानुसार कुनै दिशामा जानुपर्दा विचार गरिने नक्षत्रमा रहने दुष्काल ।

नक्षत्र-सूचक–ना० [सं०] ज्योतिष-शास्त्र नपढीकनै ज्योतिषी बनेको व्यक्ति; अयोग्य ज्योतिषी ।

नक्षत्रिय–वि० [सं०] नक्षत्र-सम्बन्धी; नक्षत्रको ।

नख–ना० [सं०] १. नङ; नङ्ग्रा । २. नक्खी । ३. खण्ड; टुक्रो ।

नख-क्षत–ना० [सं०] १. नङ गड़ेको चिह्न; नङको डाम । २. पुरुषहरूले स्त्रीहरूको कुच-मर्दन गर्दा स्तन आदिमा लाग्ने नङको चिह्न ।

नखर–ना० [सं०] नङ; नख ।

नखरमाउलो–वि० [नखरा] नाक-मुख नचाएर नकल पारी कुरा गर्ने; नखरा पार्ने; उत्ताउलो स्वभावको ।

नखरा–ना० [फा० नखरः] १. चढ्दो जवानीमा हुने चुलबुलेपन; छालेपन; हाव-भाव । २. बहाना; निहुँ ।

नखरायुध–ना० [सं०] नखायुध ।

नखरे–वि० [नखरा+ए] नखरा गर्ने ।

नख-विष–ना० [सं०] १. नङमा विष हुने जीव (मानिस, कुकुर, बाँदर, बिरालो आदि) । २. नङमा हुने एक प्रकारको विष ।

नखाघात–ना० [सं०] नङले कोपरेको घाउ; नङको आघात; नख-क्षत ।

नखायुध–ना० [सं०] १. नङ्ग्राले आघात गर्ने प्राणी । २. सिंह । ३. व्याघ्र । ४. कुखुरो ।

नखी–वि० [सं०] १. लामा-लामा नङ्ग्रा हुने । २. नङ्ग्रा नै हतियार हुने; नखायुध । (ना०) ३. एक सुगन्ध-द्रव्य ।

नग–ना० [सं०] १. पहाड़; पर्वत । २. रूख; वृक्ष । ३. सर्प । ४. सूर्य ।

नगण–ना० [सं०] पिङ्गल-सूत्रानुसार तीन लघु मात्रा हुने एक गण (।।।) ।

नगण्य–वि० [सं०] १. गणना गर्न अयोग्य; गन्तीमा नआउने । २. तुच्छ; निकृष्ट ।

नगद–ना० [अ० नक़्द] १. सिक्का रूपको धन; रुपियाँ-पैसा आदि । २. उत्तम; श्रेष्ठ । ३. बहु-मूल्य ।

नगदी–ना० [नगद+ई] १. नगद; सिक्का । (वि०) २. तुरुन्त नगदका रूपमा परिणत हुन सक्ने ।

नगर–ना० [सं०] बजारसहित धेरै मानिसको बस्ती भएको ठाउँ; शहर; पुर ।

नगर-नायिका–ना० [सं०] वेश्या; रण्डी ।

नगर-पाल–ना० [सं०] नगरको रक्षा गर्ने व्यक्ति; नगर-रक्षी ।

नगर-पालिका–ना० [सं०] नगरको सर-सफाइ, स्वास्थ्य, सड़क, भवन, जल, बत्ती आदिको प्रबन्ध मिलाउने, वैधानिक आधारमा सङ्घटित संस्था; म्यूनिसिपलिटी ।

नगर-प्रहरी–ना० [सं०] नगरको रक्षा गर्न नियक्त पुलीसको विशेष विभाग ।

नगर-रक्षी–ना० [सं०] नगर-पाल ।

नगरा–ना० [फा० नक़्क़ारः] ठूलो दमाहा; डङ्का ।

नगरी–ना० [सं०] नगर; शहर ।

नगर्ची–ना० [नगरा+ची] १. नगरा बजाउने व्यक्ति । २. दमाईंको मान बुझाउने शब्द ।

नगाधिप–ना० [सं०] १. हिमालय । २. सुमेरु ।

नगीच–ना० यो० [नजीक] नजीक; समीप; निकट ।

नगेन्द्र–ना० [सं०] १. हिमालय । २. सुमेरु ।

नग्न–वि० [सं०] १. नाङ्गो; दिगम्बर; निर्वस्त्र । २. आवर नभएको । ३. लुकाइ-छिपाइ नभएको; यथार्थ; खसो-खास (सत्य कुरो आदि) ।

नग्न-नृत्य–ना० [सं०] नङ्गा-नाच ।

नग्न-सत्य–ना० [सं०] अप्रिय तर यथार्थ कुरो ।

नग्ना–ना० [सं०] १. कुच र रज नभएकी कन्या । (वि०) २. नाङ्गी; निर्वस्त्र (स्त्री) । ३. निर्लज्ज (स्त्री) ।

नघाइ–ना० [नाघ्+आइ] नाघ्ने किसिम, क्रिया वा भाव ।

नघाइनु–स० क्रि० [नघाउ+आइ+नु] नाघ्न लाइनु; ('नघाउनु'-को क० क्रि०) ।

नघाउनु–स० क्रि० [नाघ्+आउ+नु] नाघ्न लाउनु; ('नाघ्नु'-को प्रे० क्रि०) ।

नङ–ना० [सं० नख] १. औंलाका टुप्पामा हुने एक किसिमको पातलो हाड़; नख; नङ्ग्रा । २. टाप; खुर आदि ।

नङछुरी–ना० [नङ+सुर+ई] १. नङनिर औंलाका टुप्पामा ठिहिर्‍याउँदा हुने पीडा; नङसुरी । २. नङका दायाँ-बायाँ कुनामा निस्कने मसिनु छेस्कोजस्तो अवयव । ३. नङका कुना पाक्ने एक रोग ।

नङसुरी–ना० [नङछुरी] नङछुरी ।

नङ्गिनी–ना० [नङ+नी] १. नङ काट्ने एक किसिमको हतियार; नहरनी । २. नाऊ-जातिकी स्त्री ।

नङ्ग–ना० [सं०] जार; उपपति ।

नङ्गा–वि० [सं० नग्न] १. लुगा-फाटो केही नलगाएको; नाङ्गो; नग्न; दिगम्बर । २. धन-जन केही नभएको । ३. लुच्चो; निर्लज्ज ।

नङ्गा-झार–वि० [नङ्गा+झार्] नाङ्गे-झार ।

नङ्गा-नाच–ना० [नङ्गा+नाच] निर्लज्जतापूर्वक मनपरी ढङ्गले दोषपूर्ण काम गर्नु; जथाभाबी गाली वा आचरण गर्नु ।

नङ्गिइनु–अ० क्रि० [नङ्गि+इ+नु] नाङ्गो होइनु; ('नङ्गिनु'-को भा० क्रि०) ।

नङ्गिनु–अ० क्रि० [नाङ्गो+नु] १. नाङ्गो हुनु; निर्वस्त्र हुनु । २. खोस्टिनु ।

नङ्गी–वि० [नाङ्गो+ई] १. नग्न (स्त्री); निर्वस्त्र (स्त्री) । २. दाप वा म्यानबाट झिकिएको (तरवार, खुकुरी आदि) ।

नङ्गेठो–ना० [नङ्गा] भेट्नु भाँची सहर्‍याएको मकैको घोगो ।

CC-0. In Public Domain. Digitization by eGangotri

नङ्ग्याइ–ना० [नाङ्गि+आइ] १. नाङ्गिने किसिम, क्रिया वा भाव। २. निर्लज्जता; नीचता।

नङ्ग्याइ–ना० [नङ्ग्याउ+आइ] नङ्ग्याउने किसिम, क्रिया वा भाव।

नङ्ग्याइनु–स० क्रि० [नङ्ग्याउ+आइ+नु] नाङ्गो पारिनु; ('नङ्ग्याउनु'-को क० क्रि०)।

नङ्ग्याउनु–स० क्रि० [नाङ्गि+याउ+नु] १. नाङ्गो पार्नु; निर्वस्त्र तुल्याउनु। २. बोक्रो, खोस्टो आदि झिक्नु; खोस्टयाउनु। ३. भएभरको सम्पत्ति लिनु; सिरी-खुरी पार्नु।

नङ्ग्याहट–ना० [नङ्गि+याहट] १. नङ्गिने किसिम, क्रिया वा भाव; नङ्ग्याइ। २. निर्लज्जता।

नङ्ग्रा–ना० [नङ] १. लामा-लामा गरी पालिएका नङ। २. पशु-पक्षीहरूको डोलो नङ। ३. थाँक्रोलाई समाउने लहरोको नङजस्तो अवयव; हत्यौरो।

नङ्ग्रो–ना० [नङ्ग्रा] नङ्ग्रा।

नङिङनु–अ० क्रि० [नङ्गिनु] नङ्गिनु।

नङङ्च्याइ–ना० [नङङ्च्याउ+आइ] नङङ्च्याउने किसिम, क्रिया वा भाव; नङ्ग्याइ।

नङङ्च्याइ–ना० [नङिङ+याइ] १. नङिङने किसिम, क्रिया वा भाव। २. नीचता; दुष्टता; नङ्ङ्चाइ।

नङङ्च्याइनु–स० क्रि० [नङङ्च्याउ+आइ+नु] नङ्ङ्चाइनु; ('नङ्च्याउनु'-को क० क्रि०)।

नङङ्च्याउनु–स० क्रि० [नङिङ+याउ+नु] नङ्ग्याउनु; ('नङिङनु'-को प्रे० क्रि०)।

नङङ्च्याहट–ना० [नङिङ+याहट] १. नङिङने किसिम, क्रिया वा भाव। २. निर्लज्जता; नीचता।

नचनी–ना० [नाच्] १. लट्टेको लावा; रामदाना। २. नचरी; नर्तकी।

नचरी–ना० [नाच] १. नाच। २. नाच्ने स्त्री; नर्तकी।

नचरो–ना० [नाच्] नर्तक; नटुवा।

नचाइ–ना० [नाच्+आइ] नाच्ने किसिम, क्रिया वा भाव।

नचाइ–ना० [नचाउ+आइ] नचाउने किसिम, क्रिया वा भाव।

नचाइनु–स० क्रि० [नचाउ+आइ+नु] नाच्न लाइनु; ('नचाउनु'-को क० क्रि०)।

नचाउनु–स० क्रि० [नाच्+आउ+नु] १. नाच्न लाउनु; नृत्य गराउनु। २. कसैलाई वार-वार नचाहिँदो किसिमले हिँडाएर दुःख दिनु। ३. यता-उति चलाउनु। ४. इच्छा-अनुसार काम गराउनु; सञ्चालन गर्नु। ५. घुमाउनु।

नचुवा–वि० [नाच्+उवा] १. नाच्ने। २. नृत्य गर्ने। (ना०) ३. नाच्ने पेशा भएको व्यक्ति; नटुवा; नट।

नचुवी–ना० [नाचुवा+ई] १. नाच्ने स्त्री। २. नटी; नचरी।

नछुने–वि० [ने०] १. रजस्वला; रजवती। २. स्पर्श नगर्ने। ३. छुन नहुने।

नजर–ना० [अ० नज़र] १. आँखा; नेत्र; नयन। २. हेर्ने काम; हेराइ; दृष्टि। ३. रेख-देख; निगरानी।

नजर-बन्द–वि० [अ० नज़र+बन्द (फा०)] १. कुनै निश्चित वा नियत ठाउँबाट बाहिर निस्कन नपाउने गरी नियन्त्रणमा राखिएको (व्यक्ति); नजर-बन्दीमा राखिएको। २. इन्द्र-जालद्वारा दर्शकको हेर्ने शक्तिलाई वशमा पारिएको।

नजर-बन्दी–ना० [अ० नज़र+बन्दी (फा०)] १. कुनै निश्चित स्थानबाट बाहिर निस्कन नपाउने गरी गरिएको एक किसिमको कैद। २. इन्द्र-जालद्वारा दर्शकको हेर्ने शक्तिलाई वशमा पार्ने क्रिया।

नजराना–ना० [अ० नज़राना] कोसेली; सौगात; भेट; उपहार।

नजीक–ना० यो० [फा० नज़दीक] नगीच; निकट; समीप।

नजीर–ना० [अ० नज़ीर] उपमा; उदाहरण; दृष्टान्त।

नञ्–उप० [सं०] १. क्रिया, विशेषण आदि शब्दका अगाडि लागेर निषेधात्मक अर्थ बुझाउने एक अव्यय। (अरू शब्दका साथ जोरिँदा यसको रूप 'अ' वा 'अन्' हुन्छ।) २. तत्पुरुष समासको एक भेद।

नट–ना० [सं०] नाच्ने पेशा भएको व्यक्ति; नटुवा; नचरो।

नट-राज–ना० [सं०] १. कृष्ण। २. शिव। ३. कुशल नट।

नटी–ना० [सं०] नाच्ने पेशा भएकी स्त्री; नटुवी; नचरी।

नटुक–ना० [सं० नट] कातेको धागो बेर्ने चर्खाको लामो सुइरो।

नटुवा–ना० [सं० नट+उवा] नचुवा; नट।

नटेश्वर–ना० [सं०] शिव।

नड–ना० [सं०] नर्कट।

नत–वि० [सं०] १. नुहेको; निहुरेको। २. नम्र; विनीत। ३. बाङ्गो; टेढो।

नत-मस्तक–वि० [सं०] १. शिर झुकेको; नुहेको। २. विवश; लाचार; लज्जित।

नताङ्गी–ना० [सं०] नारी; स्त्री।

नति–ना० [सं०] १. नम्र हुनु; झुक्नु। २. नमस्कार; प्रणाम। ३. विनय; नम्रता।

नतीजा–ना० [अ० नतीज:] परिणाम; फल।

नत्थ–ना० [प्रा० णत्था] १. नाकमा लाउने मुन्द्रोजस्तो एक किसिमको गहना। २. गोरु, राँगो आदिका नाकमा लाउने मुन्द्रो, डोरी आदि।

नत्थिइनु–अ० क्रि० [नत्थि+इ+नु] नत्थ लागिनु; ('नत्थिनु'-को भा० क्रि०)।

नत्थिनु–अ० क्रि० [नत्थ+इ+नु] १. नाकमा मुन्द्रो, डोरी आदि लाग्नु; नत्थ लाग्नु। २. जोल्टिनु; अल्झनु। ३. कुनै काम गर्न विवश हुनु; बाध्य हुनु। ४. नत्थमा समातेर घिच्चिनु।

नत्थी–ना० [नत्थि] १. कागत-पत्रहरू डोरी, धागो, पिन आदिले अल्झाउने काम; नत्थ्याउने काम। २. गोरु, राँगो आदिका नाकमा लाउने मुन्द्रोसहितको डोरी; नत्थ।

CC-0. In Public Domain. Digitization by eGangotri

नत्थ्याइ–ना० [नत्थ्याउ+आइ] नत्थ्याउने किसिम, क्रिया वा भाव।

नत्थ्याइ–ना० [नत्थि+याइ] नत्थिने किसिम, क्रिया वा भाव; नत्थ्याहट।

नत्थ्याइनु–स० क्रि० [नत्थ्याउ+आइ+नु] नत्थ लगाइनु; ('नत्थ्याउनु'-को क० क्रि०)।

नत्थ्याउनु–स० क्रि० [नत्थि+याउ+नु] १. नत्थ लगाउनु; नत्थी लाउनु। २. कागत-पत्रहरूलाई परस्परमा अल्झाउनु। ३. विवश गराउनु; बाध्य पार्नु; ('नत्थिनु'-को प्रे० क्रि०)।

नत्थ्याहट–ना० [नत्थि+याहट] नत्थिने किसिम, क्रिया वा भाव; नत्थ्याइ।

नत्र–संयो० [सं० नतु] होइन भने; अन्यथा।

नथाइ–ना० [नाथ्+आइ] नाथ्ने किसिम, क्रिया वा भाव।

नथाइ–ना० [नत्थि+आइ] नाथिने किसिम, क्रिया वा भाव।

नथाइनु–स० क्रि० [नथाउ+इ+नु] नाथ्न वा नाक छेड्न लाइनु; ('नथाउनु'-को क० क्रि०)।

नथाउनु–स० क्रि० [नाथ्+आउ+नु] नाथ्न वा नाक छेड्न लाउनु; ('नाथ्नु'-को क० क्रि०)।

नद–ना० [सं०] पुंलिङ्ग-वाचक नदी।

नदथु–ना० [सं०] १. साँढ़े, बाघ आदिको गर्जन। २. ठूलो स्वर; भयानक अवाज।

नदारत–ना० [फा० नदारद] नदारद।

नदारद–ना० [फा०] १. मौजूद नहुनु; अविद्यमानता। २. अभाव; शून्यता।

नदिका–ना० [सं०] सानो नदी; खहरे।

नदी–ना० [सं०] १. कुनै पर्वत, दह आदिबाट निस्केर निश्चित स्थानबाट बगी आफै वा अरू जल-प्रवाहमा मिसिएर समुद्रमा मिसिने प्राकृतिक जल-प्रवाह। २. ठूलो खोलो वा नाला।

नदी-काट–ना० [नदी+काट्] नदीले काटेको वा पुरेको जमीन; बगर।

नदी-कान्त–ना० [सं०] समुद्र।

नदीज–वि० [सं०] १. नदीबाट उत्पन्न हुने। (ना०) २. भीष्म पितामह।

नदी-पति–ना० [सं०] समुद्र।

नदी-भल्लातक–ना० [सं०] काग-भलायो।

नदी-मातृक–वि० [सं०] नदीको पानीले सिँचाइ हुने (जमीन)।

नदी-मुख–ना० [सं०] समुद्र वा अरू नदीसित मिसिने कुनै नदीको चुहान।

नदीश–ना० [सं०] समुद्र।

नद्ध–वि० [सं०] १. बाँधिएको; बद्ध। २. ढाकिएको। ३. मिलाइएको।

नद्य–वि० [सं०] नदी-सम्बन्धी; नदीको।

ननन्दृ–ना० [सं०] पतिकी बहिनी; नन्द।

ननान्दृ–ना० [सं०] पोइकी बहिनी; नन्द।

ननिको-खटिरो–ना० [न+निको+खटिरो] सार्की-खटिरो।

नन्खटाई–ना० [फा० नानखताई] बिस्कुटजस्तो कमलो, गुलियो एक प्रकारको रोटी।

नन्-गजेटेड–ना० [अं०] निजामती सेवामा गजेटेडभन्दा तलको (दर्जा); गजेटमा उल्लेख नहुने वा नभएको।

नन्द–ना० [सं० ननन्दृ] पोइकी बहिनी।

नन्द–ना० [सं०] १. हर्ष; प्रसन्नता। २. परमेश्वर। ३. पुराणअनुसार नौ निधिमध्ये एक। ४. विष्णु। ५. छोरो। ६. कृष्णलाई पाल्ने बाबु। ७. विष्णुको खड्ग। ८. कौटिल्यले नाश गरेको एक प्राचीन राज-वंश।

नन्दक–वि० [सं०] १. प्रसन्न गर्ने; हर्षित पार्ने। २. सन्तोषप्रद। (ना०) ३. विष्णुको खड्ग।

नन्दन–ना० [सं०] १. स्वर्गको बगैँचा; इन्द्रको उपवन। २. छोरो। ३. शिव। ४. विष्णु। ५. बादल। (वि०) ६. आनन्द दिने; प्रसन्न पार्ने।

नन्दा–ना० [सं०] १. दुवै पक्षका प्रतिपदा, षष्ठी वा एकादशी तिथि। २. आनन्द; हर्ष। ३. दुर्गाको एक रूप। ४. सम्पत्ति; धन।

नन्दि–ना० [सं०] १. आनन्द; हर्ष। २. परमेश्वर। ३. शिवको वाहन; बसाहा; साँढ़े; नन्दी। ४. शिवको द्वार-पाल। ५. शिवको एक गण।

नन्दिनी–ना० [सं०] १. छोरी; पुत्री। २. दुर्गा। ३. गङ्गा। ४. नन्द। ५. वसिष्ठकी एक गाई; कामधेनु। ६. पत्नी; भार्या।

नन्दी–ना० [सं०] नन्दि।

नन्दी-गण–ना० [सं०] १. शिवको द्वार-पाल; बसाहा। २. साँढ़े।

नन्दी-मुख–ना० [सं०] मुडुलो-गहूँ।

नन्दी-वृक्ष–ना० [सं०] लहरे-पीपल।

नन्दीश्वर–ना० [सं०] १. शिव। २. शिवजीको मुख्य गण।

नन्दे-ज्वाइँ–ना० [नन्द+ए+ज्वाइँ] नन्दे-भाइ।

नन्दे-भाइ–ना० [नन्द+ए+भाइ] नन्दका पति; नन्दे-ज्वाइँ।

नपना–ना० [नाप] १. नाप; नापो। २. नमूना; उदाहरण।

नपाइ–ना० [नाप्+आइ] नाप्ने किसिम, क्रिया वा भाव।

नपाइनु–स० क्रि० [नपाउ+आइ+नु] नाप्न लाइनु; ('नपाउनु'-को क० क्रि०)।

नपाउनु–स० क्रि० [नाप्+आउ+नु] नाप्न लाउनु; नापी गराउनु; ('नाप्नु'-को प्रे० क्रि०)।

नपुंस–ना० [सं०] नपुंसक।

नपुंसक–ना० [सं०] १. स्त्री पुरुष नछुट्टिएको प्राणी; हिजड़ा। २. आँट नभएको व्यक्ति; हिम्मत नभएको मानिस। ३. जननेन्द्रिय नभएको वा निष्क्रिय भएको व्यक्ति।

नपुंसकता–ना० [सं०] १. नपुंसक हुनाको भाव; हिजड़ापन। २. नपुंसक हुने एक रोग।

CC-0. In Public Domain. Digitization by eGangotri

नपुंसकत्व–ना० [सं०] नपुंसक हुनाको भाव; नपुंसकता।
नप्ता–ना० [सं०] नाति; छोरो वा छोरीको छोरो।
नप्त्री–ना० [सं०] छोरा वा छोरीकी छोरी; नातिनी।
नफरत–ना० [अ० नफ़रत] अनिच्छा; घृणा।
नफ़ा–ना० [अ० नफ़अ] व्यापार वा लेन-देनबाट भएको आम्दानी; लाभ; नाफा।
नफाइस–ना० [नफा] नफा; लाभ।
नफाखोर–वि० [नफा+खोर] अनुचित लाभ उठाउने; बढ्ता नाफा खाने।
नफाखोरी–ना० [नफाखोर+ई] अनुचित नफा लिने काम; नफाखोरको काम।
नब्बे–ना० [प्रा० णउइ] १. असी र दशको योग-सङ्ख्या; ९०-को अङ्क। (वि०) २. असी र दशका योग-सङ्ख्याको।
नब्बेयौँ–वि० [नब्बे+यौँ] गणनाका क्रमले नब्बे सङ्ख्यामा परेको; नब्बे सङ्ख्याको।
नभ–ना० [सं०] १. अकास; आकाश; गगन। २. श्रावण महीना। ३. बादल; मेघ। ४. पानी।
नभ-चर–वि० [सं० नभ+चर] नभश्चर।
नभन्दै–संयो० [न+भन्] पहिले आफूले कल्पना गरेको कुरो सत्य निस्कँदा प्रयोग गरिने शब्द। (उदा०–मैले जस्तो सोचेको थिएँ, नभन्दै त्यस्तै भयो।)
नभश्चर–वि० [सं०] १. आकाश-मार्गले हिँड्ने। (ना०) २. पक्षी। ३. अकाश-मार्गले हिँड्ने देवता, गन्धर्व आदि। ४. बादल। ५. वायु।
नभोग–वि० [सं०] १. आकाशमा विचरण गर्ने; आकाश-चारी। (ना०) २. पक्षी। ३. देवता, गन्धर्व आदि।
नभोदृष्टि–वि० [सं०] आकाशतिर फर्केको आँखा हुने; अक्कासे।
नभोनदी–ना० [सं०] आकाश-गङ्गा।
नभोमणि–ना० [सं०] सूर्य।
नभोमण्डल–ना० [सं०] आकाश-मण्डल।
नमः–ना० [सं०] १. नमस्कार; प्रणाम। २. त्याग; छोड्ने काम। ३. अन्न। ४. वज्र।
नमक–ना० [फा०] १. नून; निमक। २. दाना-पानी; जीविका।
नमक-हराम–वि० [फा० नमक+हराम (अ०)] जसको अन्न खाएको छ उसैको द्रोह गर्ने; कृतघ्न।
ममक-हरामी–ना० [फा० नमक+हरामी (अ०)] स्वामी वा पालकको द्रोह गर्ने काम; कृतघ्नता।
नमत–वि० [सं०] १. नुहेको; झुकेको; नत्त। २. नम्र; विनयी। ३. वाङ्गो; टेढो। (ना०) ४. अभिनेता; नट। ५. धूवाँ। ६. स्वामी। ७. मेघ।
नमन–ना० [सं०] १. नमस्कार गर्नु; प्रणाम गर्नु; ढोग। २. निहुरनु; नुहुनु। ३. विनय; नम्रता।
नमनीय–वि० [सं०] १. नमस्कार गर्न योग्य; प्रणाम गर्न लायक; आदरणीय; पूज्य। २. निहुराउन वा झुकाउन सकिने।
नमसित–वि० [सं०] नमस्कार गरिएको; पूजित।
नमस्कार–ना० [सं०] १. निहुरेर आदरपूर्वक अभिवादन गर्नु; प्रणाम; ढोग। २. मान्य जन वा मित्रलाई दुइ हात जोरेर आदर देखाउनु।
नमस्कार्य–वि० [सं०] नमस्कार गर्न योग्य; आदरणीय।
नमस्कृत–वि० [सं०] नमस्कार गरिएको; प्रणाम गरिएको।
नमस्क्रिया–ना० [सं०] नमस्कार गर्ने काम; प्रणाम गर्नु।
नमस्ते–वि० बो० [सं०] 'तपाईँलाई नमस्कार छ' भन्ने अर्थ बुझाउने शब्द।
नमस्य–वि० [सं०] १. पूज्य; आदरणीय। २. नम्र; विनयी।
नमस्या–ना० [सं०] पूजा; अर्चा।
नमाज–ना० [फा० नमाज़] मुसलमानहरूले धर्मानुसार प्रतिदिन पाँच पटक गर्ने ईश्वर-प्रार्थना।
नमाजी–वि० [फा० नमाज़ी] नियमपूर्वक नमाज पढ्ने।
नमित–वि० [सं०] झुकेको; नुहेको; निहुरेको; नत।
नमुग–ना० [नेवा०] कीलो उखेल्ने दुइ जिब्रा भएको एक किमिसको घन।
नमूना–ना० [फा०] १. कुनै वस्तुको गुण, आकार-प्रकार आदि जान्नाका निम्ति झिकिएको वा बनाइएको थोरै अंश; बान्की। २. उदाहरण; दृष्टान्त।
नमेरु–ना० [सं०] १. रुद्राक्षको बोट। २. पुन्नाग वृक्ष।
नमेरो–ना० [नाभो] नाभो।
नमोगुरु–ना० [सं०] १. आध्यात्मिक शिक्षा दिने गुरु। २. ब्राह्मण।
नम्बर–ना० [अं०] १. सङ्ख्या; अङ्क। २. अदत; थान। ३. रोल; क्रम।
नम्बरी–वि० [नम्बर+ई] १. नम्बर भएको; नम्बर लागेको। २. उत्तम जातको; उम्दा (सुन)। (ना०) ३. विशिष्ट पण्डितहरूलाई सरकारबाट दिइने इज्जत वा मान। ४. सय रुपियाँको नोट; नम्बरी-नोट।
नम्बरी-नोट–ना० [नम्बरी+नोट] सय रुपियाँको नोट।
नम्बु–ना० [ने०] भोटे जातिले लाउने दौराजस्तो लुगा।
नम्य–वि० [सं०] नमस्कार गर्न योग्य; नसस्य।
नम्र–वि० [सं०] १. नुहेको; निहुरेको; विनीत्त। २. नरम मिजासको; विनम्र; शिष्ट।
नय–ना० [सं०] १. लैजाने वा नेतृत्व गर्ने काम। २. नीति। ३. नम्रता; विनय। ४. सिद्धान्त; मत। ५. व्यवहार। ६. न्याय। ७. राजनीति।
नय-कोविद–वि० [सं०] नीति-शास्त्रको ज्ञाता; नीतिज्ञ।
नय-चक्षु–वि० [सं०] दूर-दर्शी; नीतिज्ञ।
नयज्ञ–वि० [सं०] नीतिज्ञ।
नयन–ना० [सं०] १. लैजाने वा नेतृत्व गर्ने काम। २. शासन

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु। ३. बिताउनु; यापन। ४. आँखा; नेत्र।
नयन-गोचर–वि० [सं०] आँखाअगिल्तिरको; दृष्टि-गोचर।
नयनच्छद–ना० [सं०] आँखाको ढकनी; पलक।
नयन-जल–ना० [सं०] आँसु; अश्रु।
नयन-पट–ना० [सं०] आँखाको ढकनी; पलक।
नयन-पथ–ना० [सं०] आँखाअगाड़िको ठाउँ; दृष्टि-पथ।
नयन-पुट–ना० [सं०] १. आँखाको गेड़ो। २. आँखाको खाल्डो।
नयन-विषय–ना० [सं०] १. देखिएको वस्तु; दृश्य वस्तु। २. दृष्टि-पथ। ३. क्षितिज।
नयना–ना० [सं०] आँखाको पुतली; नानी।
नयनाभिराम–वि० [सं०] १. अति सुन्दर; मनोहर; प्रिय-दर्शन। (ना०) २. चन्द्रमा।
नय-नेता–ना० [सं०] राजनीतिक नेता।
नयनोत्सव–ना० [सं०] १. बत्ती; दीपक। २. राम्रो वस्तु; मनोहर वस्तु।
नयनोपान्त–ना० [सं०] आँखाको कुनु।
नय-विद्–वि०[सं०] नीति वा कानूनको ज्ञाता; न्याय-शास्त्रको ज्ञाता।
नय-शास्त्र–ना० [सं०] १. राजनीति-शास्त्र। २. नीति-सम्बन्धी शास्त्र। ३. कानून वा विधान-सम्बन्धी शास्त्र।
नय-शाली–वि० [सं०] १. विनयी; नम्र। २. सदाचारी।
नय-शील–वि० [सं०] १. नीति-शास्त्रको ज्ञाता; नीतिज्ञ। २. विनीत; नम्र।
नयाँ–वि० [सं० नव] १. व्यवहारमा नआएको वा भर्खर व्यवहारमा प्रयुक्त भएको; नौलो; नवीन। २. हालैको; भर्खरको। ३. हालसालैमात्र पत्ता लागेको। ४. अनुभव-हीन; सिकारु; कोरा।
नर–ना० [सं०] १. मानिस; मनुष्य। २. भाले; पुरुष। ३. विष्णु। ४. शिव। ५. अर्जुन। ६. विष्णुका चौबीस अवतार-मध्ये एक। ७. सेवक। ८. ढिम्रीको भित्रपट्टि पेच काट्ने हतियार। (वि०) ९. पुरुष-जातिको; भाले (प्राणी)।
नरक–ना० [सं०] १. धार्मिक सिद्धान्तअनुसार पापी वा दुराचारीहरूलाई मरेपछि सजाय दिइने ठाउँ। २. विष्ठा; मल। ३. दुःखसाथ जीविका गर्नुपर्ने ठाउँ; पीडा वा कष्ट हुने ठाउँ।
नरक-कुण्ड–ना० [सं०] पापीहरूलाई यातना दिइने नरकको एक खाल्टो।
नरक-चतुर्दशी–ना० [सं०] कार्तिक कृष्ण चतुर्दशी।
नरक-भूमि–ना० [सं०] यम-पुरी।
नरकासुर–ना० [सं०] पुराणअनुसार पृथ्वीको एक छोरो।
नर-कीलक–ना० [सं०] गुरुको हत्या गर्ने व्यक्ति।
नर-केशरी–ना० [सं०] १. श्रेष्ठ व्यक्ति; पराक्रमी मनुष्य। २. नृसिंह।
नरखट–ना० [ने०] खान-पानमा गरिने नाटीकुटी।
नरखटे–वि० [नरखट+ए] नरखट गर्ने; नाटीकुटी गर्ने।
नर-देव–ना० [सं०] राजा; नृप।
नर-नाथ–ना० [सं०] राजा; नरेश।
नर-नारायण–ना० [सं०] १. कृष्ण र अर्जुन। २. विष्णुका चौबीस अवतारमध्ये एक; नर र नारायण नामक, विष्णुका अवतार मानिएका दुइ ऋषि।
नर-नारी–ना० [सं०] १. स्त्री-पुरुष। २. अर्जुनकी स्त्री; द्रौपदी।
नर-पति–ना० [सं०] राजा।
नर-पशु–ना० [सं०] पशुको गुण भएको मानिस; पशुतुल्य व्यक्ति।
नरपाल–ना० [सं०] राजा।
नर-पिशाच–ना० [सं०] पिशाचको जस्तो स्वभाव भएको मानिस; दुष्ट मानिस; दुर्जन।
नर-पुङ्गव–ना० [सं०] श्रेष्ठ मनुष्य।
नर-पुर–ना० [सं०] नर-लोक; मर्त्य-लोक।
नर-बलि–ना० [सं०] मानिसको हत्या गरेर दिइने बलि; मानिसको बलि।
नर-भक्षी–वि० [सं०] १. मानिसलाई खाने। (ना०) २. राक्षस।
नरभू–ना० [सं०] भारत-वर्ष।
नरम–वि० [सं० नम्र] कमलो; मुलायम; नम्र।
नरम-तेल–ना० [नरम+तेल] घाउ-खटिरा सुकेपछि लाउने एक किसिमको मलहमजस्तो तेल।
नर-मानिका–ना० [सं०] पुरुषका जस्ता दाह्री-जुँगा भएकी स्त्री; पोटा।
नर-माला–ना० [सं०] मानिसका खप्परको माला; मुण्ड-माला।
नरमी–ना० [नरम+ई] नम्रता; कोमलता।
नर-मेध–ना० [सं०] १. मानिसको बलि दिएर गरिने यज्ञ। २. ठूलो जन-संहार हुने युद्ध।
नर-यन्त्र–ना० [सं०] धूप-घड़ी।
नर-यान–ना० [सं०] १. मानिसले बोक्ने वा तान्ने सवारी (डोली, पालकी, रिक्शा आदि)। २. नर-वाहन।
नर-लोक–ना० [सं०] १. मानिसहरूको लोक; मनुष्य-लोक; मृत्यु-लोक; संसार। २. मानिसरूको समूह; जन-समुदाय।
नर-वर–ना० [सं०] श्रेष्ठ मानिस।
नर-वाहन–ना० [सं०] १. कुबेर। २. नर-यान।
नर-वीर–ना० [सं०] वीर पुरुष; योद्धा।
नर-व्याघ्र–ना० [सं०] श्रेष्ठ पुरुष; नर-शार्दूल।
नर-शार्दूल–ना० [सं०] नर-व्याघ्र।
नर-सिंह–ना० [सं०] १. पुरुषमध्ये श्रेष्ठ; श्रेष्ठ पुरुष। २. विष्णुका दश अवतारमध्ये एक; नृसिंह।
नरसिङ्गा–ना० [सं० नर्द+श्रृङ्ग] करनालका आकारको, मुखले फुकेर बजाइने एक किसिमको लामो बाजा।

CC-0. In Public Domain. Digitization by eGangotri

नर-हत्या—ना० [सं०] मानिस मार्ने काम; मानिसको हत्या।

नर-हरि—ना० [सं०] नृसिंह।

नराइ—ना० [नार्+आइ] नारिने किसिम, क्रिया वा भाव।

नराइनु—स० क्रि० [नराउ+आइ+नु] नराउने काम गरिनु; ('नराउनु'-को क० क्रि०)।

नराउनु—स० क्रि० [नार्+आउ+नु] नार्न लाउनु; ('नार्नु'-को प्रे० क्रि०)।

नराङ्ग—ना० [सं०] पुरुषेन्द्रिय।

नराधम—ना० [सं०] मानिसमध्ये अधम; नीच प्रवृत्तिको मानिस।

नराधिप—ना० [सं०] राजा।

नराधिपति—ना० [सं०] राजा।

नरायण—ना० [सं०] विष्णु।

नरिचो—ना० [सं० नारीक] छेउमा दाँत-दाँत परेका लाम्चा पात हुने, पहेँला फूल फुल्ने, राम-तोरियाँका आकारका कोसा फल्ने एक जातको सानो बोट; काल-शाक। (आयुर्वेदमा यसको गुण अग्नि-वर्द्धक, रुचि-कारक र श्राद्धमा पवित्र मानिएको छ। यसका बोक्राको कागत बनाइन्छ।)

नरिवल—ना० [सं० नारिकेल] १. खजूरका जस्ता पात, पहेँला लामा-लामा फूल र ठूला-ठूला दाना हुने तारका जातको बोट। २. त्यसैको फल।

नरी—ना० [सं०] स्त्री; नारी।

नरेन्द्र—ना० [सं०] १. राजा; नरेश। २. विष-वैद्य।

नरेन्द्र-देव—ना० [सं०] आठौं शताब्दीमा नेपालमा शासन गर्ने एक राजा।

नरेश—ना० [सं०] राजा; नृप।

नरेश्वर—ना० [सं०] राजा; नरेश।

नरोत्तम—ना० [सं०] १. श्रेष्ठ मानिस। २. विष्णु।

नर्कट—ना० [सं० नल] निगालाका जातको एक प्रकारको बोट।

नर्कुट—ना० [सं०] नाक।

नर्त—वि० [सं०] १. नाच्ने; नटुवा। (ना०) २. नाच; नृत्य।

नर्तक—ना० [सं०] १. नाच्ने पेशा भएको व्यक्ति; नटुवा। २. नाच्ने व्यक्ति। ३. अभिनेता। ४. शिव। ५. मयूर। ६. राजा।

नर्तकी—ना० [सं०] १. नाच्ने पेशा भएकी स्त्री; नचुवी। २. अभिनेत्री।

नर्तन—ना० [सं०] नाच्ने काम; नाच; नृत्य।

नर्तन-प्रिय—वि० [सं०] १. नाच्न वा नाच हेर्न मन पराउने। (ना०) २. शिव। ३. मयूर।

नर्तन-शाला—ना० [सं०] नृत्य-शाला।

नर्तयिता—वि० [सं०] १. नचाउने; नाच गराउने। २. नाच सिकाउने।

नर्तित—वि० [सं०] १. नचाइएको। २. नाचिएको।

नर्द—वि० [सं०] गर्जने; गर्जन गर्ने; डुक्ने।

नर्दन—ना० [सं०] ठूलो स्वरले कराउनु; गर्जन।

नर्दित—वि० [सं०] गर्जेको; गर्जित।

नर्दी—वि० [सं०] गर्जन गर्ने; गर्जने।

नर्म—ना० [सं०] हाँस-खेल; विनोद; परिहास।

नर्मद—वि० [सं०] १. हँसाउने; दिल्लगी गर्ने। (ना०) २. ठट्यौलो व्यक्ति; विदूषक।

नर्मदा—ना० [सं०] १. भारतको मध्य-प्रदेशको एक नदी; हिन्दूहरूका पवित्र मानिएका प्रसिद्ध सात नदीहरूमध्ये एक। (वि०) २. आनन्द दिने (स्त्री)।

नर्मदेश्वर—ना० [सं०] नर्मदा नदीमा पाइने शिव-लिङ्ग।

नर्मल-स्कूल—ना० [अं०] स्वदेशी भाषाका शिक्षकहरूलाई शिक्षण-कला सिकाउने विद्यालय।

नर्म-सचिव—ना० [सं०] राजालाई हँसाउन र प्रसन्न गर्नाका निमित्त साथमा रहने व्यक्ति; विदूषक।

नर्म-सुहृद्—ना० [सं०] राजाको मनोविनोद गर्नाका निमित्त साथ रहने व्यक्ति; विदूषक; नर्म-सचिव।

नर्स—ना० [अं०] अस्पतालमा रोगीहरूको स्याहार-सुसार गर्न नियुक्त व्यक्ति; रोगीको सुसारे।

नर्सिङ-विष—ना० [सं० नर+हिंसक+विष] हलाहल विष।

नल—ना० [सं०] १. नर्कट। २. नली; ढुङ्ग्रो। ३. कमलको डाँठ। ४. अनाजहरू छुट्ट्याइएको धान, कोदो आदिको हरियो बोट; वाङ्ग्रा। ५. कुलो; ढल। ६. पुराण-प्रसिद्ध निषध देशका चन्द्र-वंशी एक राजा। ७. रामका सेनाको एक वानर। ८. पेटभित्रको पिसाब निस्कने नली।

नलक—ना० [सं०] भित्र मासी हुने पाखुरो, नली-खुट्टो आदिको खोक्रो हाड़।

नलिका—ना० [सं०] १. झीनो नली। २. महारङ्गी बूटी।

नलिनी—ना० [सं०] १. कमलिनी। २. धेरै कमल फुलेको तलाउ।

नली—ना० [सं० नल] १. पातलो ढुङ्ग्रो। २. धातु, माटो आदिको पानी ल्याउने वा पठाउने ढूँड; पाइप। ३. हुक्का-बाट धूवाँ तान्ने खप्तरी, निगालो, सत्ति-शाल, रबड़ आदिको लामो ढुङ्ग्रो।

नली-खुट्टो—ना० [नली+खुट्टो] घुँडादेखि गोली-गाँठासम्मको खुट्टाको अवयव।

नली-हाड़—ना० [नली+हाड़] नली-खुट्टाको हाड़।

नलुवा—ना० [सं० नल] धान, कोदो आदि अन्नको हरियो बोट; नल; वाङ्ग्रा।

नल्व—ना० [सं०] चार सय हातको जमीनको नाप।

नव—वि० [सं०] १. नयाँ; नौलो; नवीन। २. भर्खरको; हालैको। (ना०) ३. आठ र एकको योग-सङ्ख्या; नौ।

नव-कुञ्जर—ना० [सं०] नौरङ्गी प्राणी।

नव-कुमारी—ना० [सं०] नव-रात्रमा पूजा गरिने कुमारिका, त्रिमूर्ति, कल्याणी, रोहिणी, काली, चण्डिका, साम्भवी, दुर्गा र सुभद्रा—यी नौ कुमारी।

CC-0. In Public Domain. Digitization by eGangotri

नव-खण्ड–ना० [सं०] भारत, इलावृत्त, किम्पुरुष, भद्र, केतुमाल, हरि, हिरण्य, रम्य र कुश—पृथ्वीका यी नौ विभाग।

नव-ग्रह–ना० [सं०] सूर्य, चन्द्र, मङ्गल, बुध, गुरु, शुक्र, शनि, राहु र केतु—यी नौ ग्रह।

नव-छिद्र–ना० [सं०] प्राणीका शरीरका नौ वटा द्वार (दुइ आँखा, दुइ कान, दुइ नाकका प्वाल, मुख, गुद-द्वार र लिङ्ग वा भग)।

नव-जात–वि० [सं०] भर्खर जन्मेको।

नवति–ना० [सं०] १. नब्बेको सङ्ख्या; ९०-अङ्क। (वि०) २. नब्बे।

नव-दुर्गा–ना० [सं०] नव-रात्रमा पूजा गरिने शैल-पुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कूष्माण्डा, स्कन्द-माता, कात्यायनी, काल-रात्री, महागौरी र सिद्धिदा–दुर्गा देवीका यी नौ रूप।

नव-द्वार–ना० [सं०] नव-छिद्र।

नवधा–क्रि० यो० [सं०] १. नौ प्रकारले; नौ किसिमले। २. नौ भागमा; नौ खण्डमा।

नव-धातु–ना० [सं०] सुन, चाँदी, फलाम, सीसा, तामा, राँग, तीक्ष्णक (पारो), काँसो र कान्त लौह (चुम्बक)–यी नौ प्रकारका धातु।

नवधा-भक्ति–ना० [सं०] नौ प्रकारले गरिने वा नौ प्रकारका भक्ति (श्रवण, कीर्तन, स्मरण, पाद-सेवन, अर्चन, वन्दन, सख्य, दास्य र आत्म-निवेदन)।

नव-निधि–ना० [सं०] कुबेरका नौ वटा निधि (पद्म महापद्म, शङ्ख, मकर, कच्छप, मुकुन्द, कुन्द, नील र खर्व।)

नवनी–ना० [सं०] ताजा मक्खन; नौनी; नवनीत।

नवनीत–ना० [सं०] ताजा मक्खन; नवनी; नौनी।

नव-पत्रिका–ना० [सं०] फूल-पातीका दिन भित्र्याइने बेल, केरा, अशोक, अनार, धान्य, हलेदो, कर्चुर (ठूलो जातको पिँडालु), मान-कर्चूर र जयन्ती–यी नौ प्रकारका बोटका पात।

नव-प्रसूता–ना० [सं०] भर्खर बच्चो जन्माएकी स्त्री; आली सुत्केरी।

नव-भक्ति–ना० [सं०] नवधा-भक्ति।

नवम–वि० [सं०] गणनाका क्रमले नौ सङ्ख्यामा परेको; नवौँ।

नव-मल्लिका–ना० [सं०] १. चमेलीको फूल। २. नव-मालिका।

नव-मालिका–ना० [सं०] चमेलीका जातको एक फूल।

नवमी–ना० [सं०] चान्द्र-मासका दुवै पक्षको नवौँ तिथि; अष्टमीपछिको तिथि।

नवयुवक–ना० [सं०] भर्खरको तरुनो; नौजवान।

नवयुवती–ना० [सं०] भर्खरकी तरुणी; युवती स्त्री।

नवयुवा–ना० [सं०] नौजवान; नवयुवक।

नवयौवन–ना० [सं०] चढ्दो जवानी; भर्खर चढ़ेको यौवन।

नवयौवना–ना० [सं०] चढ्दो उमेरकी स्त्री; नवयुवती; ठोसे-तरुनी।

नव-रत्न–ना० [सं०] १. मोती, पन्ना, माणिक, गोमेद, हीरा, मूगा, लसुने, पद्म-राग र नीर–यी नौ प्रकारका रत्न। २. धन्वन्तरी, क्षपणक, अमरसिंह, शङ्कु, वेतालभट्ट, घटखर्पर, कालिदास, वराहमिहिर र वररुचि–विक्रमादित्यका सभाका यी नौ जना पण्डित। ३. भगवान्दास, मानसिंह, फैजी, अबुल-फज्ल, अब्दुर्रहीम खानखाना, टोडरमल, अब्दुल कादिर् बदायूनी, बीरबल र तानसेन—अकबरका दरबारका यी नौ प्रसिद्ध व्यक्ति।

नव-रस–ना० [सं०] १. शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत र शान्त—साहित्य-प्रसिद्ध यी नौ प्रकारका रस। २. एक प्रसिद्ध आयुर्वेदीय औषधि।

नव-रात्र–ना० [सं०] नव-रात्रि।

नव-रात्रि–ना० [सं०] नव-रात्री।

नव-रात्री–ना० [सं०] १. आश्विन शुक्ल परेवादेखि नवमीसम्मका नौ दिन। २. चैत्र शुक्ल प्रतिपदादेखि नवमीसम्मका नौ दिन। (यी दिनहरूमा नव-दुर्गाको विशेष व्रत, पूजा, उत्सव आदि हुन्छन्।)

नव-वधू–ना० [सं०] नयाँ दुलही; नव-विवाहिता स्त्री।

नव-वरिका–ना० [सं०] नव-वधू।

नव-शक्ति–ना० [सं०] प्रभा, माया, जया, सूक्ष्मा, विशुद्धा, नन्दिनी, सुप्रभा, विजया र सर्वसिद्धिदा–यी नौ प्रकारका शक्ति।

नव-श्राद्ध–ना० [सं०] प्रेतका उद्देश्यले मरेका एघार दिनसम्म गरिने श्राद्ध।

नव-सङ्गम–ना० [सं०] नयाँ पति-पत्नीको प्रथम समागम; दुलहा-दुलहीको पहिलो मिलन।

नवाङ्ग–वि० [नव] नौ-दोबर; नौ-गुना (दुनोटमा)।

नवान्न–ना० [सं०] १. खेत वा खलाबाट घरमा आएको नयाँ अन्न। २. भर्खर काटेको अन्न।

नवाफ–ना० [नवाब] नवाब।

नवाब–ना० [अ० नव्वाब] १. कुनै प्रदेशका शासनका निमित्त नियुक्त गरिएको मुगल बादशाहको प्रतिनिधि। २. धनवान्। ३. मुसलमानहरूलाई सरकारले दिने एक उपाधि। (वि०) ४. रवाफका साथ बस्ने; ठाँट-बाँटसँग रहने।

नवाबी–ना० [नवाब+ई] १. नवाबको पद वा काम। २. नवाबको जस्तो भड़किलो रहन-सहन; अमीरी चाल।

नवार–वि० [सं० नवतर] १. नयाँ; ताजा। २. जवान; तरुनो।

नवाह–ना० [सं०] १. नौ दिन। २. नवौँ दिन। ३. नौ दिनमा समाप्त हुने रामायण, देवी-भागवत आदिको पारायण।

नवीकरण–ना० [सं०] १. नयाँ तुल्याउनु; नयाँ पार्नु। २. अवधि बितिसकेको कुनै काम-कुरोलाई वैध रूपमा फेरि लागू गर्नु।

नवीन–वि० [सं०] नयाँ; नौलो; नूतन।

CC-0. In Public Domain. Digitization by eGangotri

नवीनीकरण–ना० [सं०] नवीकरण।

नवोढा–ना० [सं०] १. नयाँ दुलही; नव-विवाहिता स्त्री। २. युवती; नवयौवना। ३. लज्जा वा भयले नायकका नजीक नजाने, यौवन प्राप्त भएकी मुग्धा नायिका।

नवोदक–ना० [सं०] १. पहिलो वर्षा भएको पानी। २. मूलबाट पहिले निस्केको पानी।

नव्य–वि० [सं०] १. नयाँ; नवीन; ताजा। २. स्तुति गर्न योग्य; स्तुत्य।

नव्य-न्याय–ना० [सं०]न्याय-वैशेषिक शास्त्रमा नवीन दृष्टिले विचार गरी तयार भई चलेको न्याय-शास्त्रको एक परिपाटी। (यो परिपाटी श्री गङ्गेश उपाध्यायको 'तत्त्व-चिन्तामणि' नामक ग्रन्थबाट प्रारम्भ हुन्छ।)

नशा–ना० [अ० नशाऽ] १. लागू वस्तु; अम्मल। २. अम्मल लागेको अवस्था; लागू पदार्थले होश बिग्रेको अवस्था। ३. लत; अम्मल। ४. घमन्ड; अभिमान।

नशाबाज–वि० [अ० नशाऽ+बाज (फा०)] नशा खाने; अम्मली; नशेबाज।

नशेबाज–वि० [अ० नश्शः+बाज (फा०)] नशा खाने आदत बसेको; अम्मली; नशाबाज।

नश्तर–ना० [फा०] चिर-फार गर्ने सानो चक्कू।

नश्वर–वि० [सं०] १. नाश हुने; नाशवान्। २. चाँडै नष्ट हुने; क्षण-भङ्गुर।

नश्वरता–ना० [सं०] नाशवान् हुनाको भाव।

नष्ट–वि० [सं०] १.नाश भएको; बिग्रेको; ध्वस्त। २. नदेखिएको; लुप्त। ३. अधम; नीच। ४. निष्फल; व्यर्थ।

नष्ट-चन्द्र–ना० [सं०] भाद्र महीनाका दुवै पक्षका चौथीको चन्द्रमा। (यी दिनका रात्रिमा चन्द्रमा हेर्नु निषिद्ध मानिएको छ।)

नष्ट-चित्त–वि० [सं०] बहुला; पागल।

नष्ट-चेतन–वि० [सं०] बेहोश; अचेत; मूर्च्छित।

नष्ट-चेष्ट–वि० [सं०] १. मूर्च्छित; बेहोश। २. गति रोकिएको; निश्चेष्ट।

नष्टता–ना० [सं०] नष्ट हुनाको भाव।

नष्ट-दृष्टि–वि० [सं०] आँखा बन्द भएको; अन्धो।

नष्ट-प्रभ–वि० [सं०] तेज-हीन; कान्ति-रहित; हत-प्रभ।

नष्ट-बुद्धि–वि० [सं०] बुद्धि-हीन; मूर्ख।

नष्ट-भ्रष्ट–वि० [सं०] भत्के-बिग्रेको; बिलकुल नाश भएको; भताभुङ्ग।

नष्टा–ना० [सं०] १. रण्डी; वेश्या। २. व्यभिचारिणी।

नष्टात्मा–वि० [सं०] अधम; नीच।

नष्टि–ना० [सं०] नाश।

नष्टेन्दुकला–ना० [सं०] १. प्रतिपदा; परेवा। २. औंसी; आमावस्या।

नष्टेन्द्रिय–वि० [सं०] इन्द्रिय शिथिल भएको।

नस–ना० [सं० नस्त] अम्मल वा औषधिका रूपमा नाकभित्र हालिने सुर्ती।

नस–ना० [नसो] गाह्लोमा दलिन अड्याउनाका निम्ति तेर्सो पारी हालिने काठ।

नसीब–ना० [अ०] भाग्य; प्रारब्ध।

नसीहत–ना० [अ०] १. काम बिगारेकोमा आइन्दाका निमित्त सावधान रहने खप्की; चेतावनी। २. हप्की; धम्की।

नसो–ना० [सं० स्नायु] १. शरीरमा रक्त-संचालन हुने तन्तु; रक्त-वाहिनी नाडी। २. शरीरका मांस-पेशीहरूलाई जोड्ने तन्तु। ३. साग-पातहरूमा फिँजिएर रहने तन्तु।

नस्त–ना० [सं०] १. नाक। २. नस।

नस्तक–ना० [सं०] पशुहरूका नाथ्रामा पारिने प्वाल।

नस्तर–ना० [फा० नश्तर] १. गुप्त व्यवहार; अरूले सुइँको नपाउने किसिमको काम-कारवाई। २. सुराग; सूत्र।

नस्ता–ना० [सं०] नाथ्रोमा पारिएको प्वाल।

नस्तित–वि० [सं०] नत्थी लगाइएको; नत्थ्याइएको (गोरु, राँगो आदि)।

नस्त्र–ना० [नस्तर] नस्तर।

नस्य–ना० [सं०] १. नस। २. नाकको रौँ; नाथे। (वि०) ३. नाक-सम्बन्धी; नाकको।

नस्या–ना० [सं०] १. नाक; नासिका। २. नत्थी लाउने नाकको प्वाल। ३. नत्थी।

नहर–ना० [नौ]नौ फुट्टी भएको ताश,गन्जीफा आदिको पत्ती।

नहर–ना० [फा० नह्र] खेतहरूमा पानी पटाउन वा जल-यात्रा गर्नाका निम्ति बनाइएको पानीको स्रोत; ठूलो कुलो।

नहर–ना० [नसो] शरीरका नसाबाट बनेको एक किसिमको बलियो धागो।

नहरनी–ना० [सं० नख-हरणी] नङ काट्ने नाऊको हतियार; नङ्िनी।

नहिँ–ना० [सं० नहि] नाहिँ।

नहिं–ना०[सं०] निषेध वा बेमन्जूरी बुझाउने शब्द; अहँ; नाइँ।

ना–अव्य० [सं०] निषेध वा अस्वीकृति-सूचक शब्द; न; नाहिँ; नाइँ।

ना–प्रत्य० [फा०] निषेध, विरोध, आदि बुझाउने एक प्रत्यय। (उदा०—नासमझ, नामन्जूरी इत्या०।)

नाइँ–ना० [सं० नहि] निषेध वा अस्वीकृति बुझाउने शब्द; नाहिँ; अहँ।

नाइँ-नास्ति–ना० [सं० नहि+नास्ति] निषेध वा बेमन्जूरी बुझाउने शब्द; अस्वीकृति।

नाइकिनी–ना० [नाइके+इनी] नैकिनी।

नाइके–ना० [सं० नायक] १. ज्यामी, खेतालाहरूलाई काम लगाउने वा निर्देश गर्ने व्यक्ति; नायक। २. कुनै दल वा समूहको अगुवा व्यक्ति; नेता।

नाइकेनी–ना० [नाइके+नी] नैकिनी।

नाइटे–वि० [नाइटो+ए] नाइटो बाहिर निस्केको; नाइटो

CC-0. In Public Domain. Digitization by eGangotri

उछिट्टिएको।

नाइटे-ज्यामीर–ना० [नाइटो+ज्यामीर] काठे-ज्यामीर।

नाइटो–ना० [सं० नाडि] जरायुज प्राणीको गर्भावस्थामा नाल जोरिने पेटका माझको खाल्टो; नाभि।

नाइट्रोजन–ना० [अं०] रङ्ग, स्वाद र गन्ध नभएको एक प्रकारको ग्याँस।

नाउँ–ना० [सं० नाम] नाम।

नाउँ-नामासी–ना० [नाम-नामासी] नाम-नामासी।

नाउँ-नामेसी–ना० [नाम–नामासी] नाम-नामासी।

नाउँरियँ–ना० [ने०] मालिङ्गो निगालो, घोड़ाका पुच्छरका रौँ र भेड़ाका आन्द्राले बनाइएको गोठालाहरूको एक किसिमको बाजा।

नाउ–ना०[सं० नौ] नौका; डुङ्गा।

नाउ-बुड़ी–ना० [नाउ+बुड्+ई] पानीभित्र-भित्रै डुबेर खेल्ने एक किसिमको पौड़ी; नाक-बुड़ी।

नाउम्मेद–वि० [फा०] निराश; हतोत्साह।

नाउम्मेदी–ना० [फा०] निराशा।

नाऊ–ना० [सं० नापित] कपाल र नङ काट्ने पेशा गर्ने एक जाति; हजाम।

नाक–ना० [सं० नासिका] १. ओठमाथि रहेको सुँघ्ने र सास फेर्ने इन्द्रिय; नासिका। २. इज्जत; प्रतिष्ठा; मान।

नाक–ना० [सं०] १. आकाश; अन्तरिक्ष। २. स्वर्ग।

नाककोरे–ना० [नाक+कोर्] धनियाँका जस्ता कुना-कुना परेका पात, पहेँला फूल र झुसिला गोल फल हुने एक जातको भइँ-झार। (यो खाँदा नाकमा पीरो राग लाग्दछ। आयुर्वेदमा यसको गुण गरम, रुचि-कारक र अग्नि-वर्द्धक बताइएको छ।)

नाक-बुड़ी–ना० [नाक+बुड्+ई] डुबुल्की; नाउ-बुड़ी।

नाका–ना० [नाक] १. दुइ बाटो फाट्ने ठाउँ; मुहान; दोबाटो। २. शहरभित्र पस्ने मुख वा ठाउँ; प्रवेश-स्थान।

नाकिमा–ना० [ने०] बोटका फेदैदेखि ठूलठूला पात लाग्ने, कोसाका आकारका फूल फुल्ने, पहरामा उम्रने एक जातको बोट। (यसका पात गाई-वस्तुले खान्छन्। फूलको तरकारी खाइन्छ र जरा तमाखुमा मिलाएर खाइन्छ।)

नाकु–ना० [सं०] १. धमिरो; बल्मीक। २. पर्वत।

नाकुली–ना० [सं०] तीन-तीन वटा लाम्चा साना पात एक साथ लाग्ने एक जातको बूटी। (आयुर्वेदमा यसको गुण गरम त्रिदोष र विष-नाशक बताइएको छ।)

नाके–वि० [नाक+ए] १. लामो वा ठूलो नाक हुने। २. नाक-सम्बन्धी; नाकको। ३. नाकबाट ध्वनि निकालेर बोल्ने।

नाक्षत्र–वि० [सं०] नक्षत्र-सम्बन्धी।

नाखुश–वि० [फा०] खुशी नभएको; अप्रसन्न।

नाखुशी–ना० [फा०] खुशी नहुनु; अप्रसन्नता।

नाग–ना० [सं०] १. सर्प; लाम्कीरो। २. वासुकि, तक्षक, कुलिक, कर्कोटक, पद्म, शङ्खचूड, महापद्म र धनञ्जय—यी आठ नाग। ३. हात्ती। ४. राँग। ५. सीसा। ६. पान; ताम्बूल। ७. बादल। ८. आठको सङ्ख्या। ९. एक प्राचीन राज-वंश।

नाग-कन्या–ना० [सं०] १. नाग-जातिकी कन्या। २. माथिको आधा शरीर स्त्रीको र तल्लो आधा शरीर नागको हुने एक काल्पनिक जीव।

नागकेशर–ना० [सं०] १. पहेँलो केशर हुने सेतो सुगन्धी फूल र अशोकका जस्ता मसिना पात हुने एक जातको रूख। २. त्यसैको फूल; नागेश्वरी।

नाग-दन्त–ना० [सं०] १. हात्तीको दाँत। २. भित्तामा गाड़िएको कीलो।

नागदन्ती–ना० [सं०] घिउ-कुमारीका पातका आकारका पात, सेता फूल र खैरो जरो हुने एक जातको बूटी। (आयुर्वेदमा यसको गुण विष-नाशक, घाउ-खटिराको नाश गर्ने र रुचि-कारक बताइएको छ।)

नाग-पञ्चमी–ना० [सं०] श्रावण शुक्ल पञ्चमी। (यस दिन नागको पूजा गरिन्छ।)

नाग-पाश–ना० [सं०] वरुणको हतियारस्वरूपको पाश; प्राचीन कालको एक प्रकारको पासो।

नाग-पुर–ना० [सं०] पाताल।

नाग-पुष्प–ना० [सं०] १. नागकेशर। २. पुन्नाग वृक्ष। ३. चाँप वृक्ष।

नाग-फणी–ना० [सं०] १. जोगीहरूले फुकेर बजाउने एक प्रकारको बाजा। २. लामा-लामा काँढ़ा र ठूला, बाक्ला दल हुने र दलका टुप्पामा लाम्चा फल र फलमाथि पहेँला फूल फुल्ने एक प्रकारको सिउँडी; मदिसे-काँढ़ो।

नाग-बला–ना० [सं०] रातो-बलु।

नाग-बेली–ना० [सं० नाग-वल्ली] १. पानको लहरो; नाग-वल्ली। २. सर्प हिँडेझैँ बाङ्गो-टिङ्गो परेको रेखा, बुट्टा आदि।

नाग-बेले–वि० [सं० नाग+वल्ली] सर्पजस्तो बाङ्गो-टिङ्गो भएको चाल।

नाग-यष्टि–ना० [सं०] पोखरीका बीचमा गाड़ेको नागका आकारको खम्बा।

नागर–वि० [सं०] १. नगर-सम्बन्धी; नागरिक। २. शहरमा रहने; शहरिया। ३. सभ्य; शिष्ट। ४. चतुर; चलाक। (ना०) ५. देवर। ६. सूठो। ७. मोथे। ८. सुन्तला।

नागरक–ना० [सं०] १. कारीगर; शिल्पी। २. चोर। ३. नगरको रक्षा गर्ने राज-कर्मचारी।

नागरङ्ग–ना० [सं०] सुन्तला।

नागरमुस्ता–ना० [सं०] मोथे।

नागरमोथे–ना० [सं० नागरमुस्ता] एक जातको मोथे।

नाग-राज–ना० [सं०] १. शेष-नाग। २. छन्द-शास्त्रका प्रवर्तक पिङ्गलाचार्य। ३. ऐरावत हात्ती।

नागरिक–वि० [सं०] १. नगर-सम्बन्धी; नगरको। २.

CC-0. In Public Domain. Digitization by eGangotri

शहरमा बस्ने; शहरिया। ३. सभ्य; शिष्ट। ४.बाठो; चतुरो। (ना०) ५. कुनै देश वा राष्ट्रको विधानअनुसार सामाजिक र राजनीतिक अधिकार प्राप्त भएको व्यक्ति; नागरिक-अधिकार-प्राप्त व्यक्ति।

नागरिक-अधिकार–ना० [सं०] कुनै देश वा राष्ट्रको विधान-अनुसार सर्व-साधारण नागरिकले पाउने अधिकार।

नागरिकता–ना० [सं०] १. नागरिक हुनाको भाव। २. नागरिक जीवन।

नागरिक-हक–ना० [सं० नागरिक+हक] नागरिक-अधिकार।

नागरी–ना० [सं०] १. शहरिया स्त्री; नगर-निवासिनी (स्त्री)। २. स्त्री; नारी। ३. पोथी पशु। ४. देवनागरी लिपि।

नागल–ना० [सं० नाग] थाम, निदाल, खसिपा आदिका छउमा कुना मारेर पारिने खोल्सो।

नाग-लोक–ना० [सं०] पाताल।

नाग-वल्लरी–ना० [सं०] पानको लहरो; ताम्बूल।

नाग-वल्ली–ना० [सं०] पानको लता; ताम्बूल।

नाग-ह्रद–ना० [सं०] नेपालको राजधानी काठमाडौं रहेको, चार-भञ्ज्याङभित्रका खाल्टाको पौराणिक नाउँ।

नागा–ना० [नाङ्गो] सधैं नाङ्गो रहने एक शैव सम्प्रदाय।

नागा–ना० [सं० नाग] भारतको उत्तर-पूर्वी क्षेत्रमा रहने एक जाति।

नागार्जुन–ना० [सं०] १. भारतको विदर्भ प्रदेशमा जन्मेका बौद्ध दर्शनका एक प्रमुख आचार्य। २. काठमाडौंको बालाज्यूनिर टुङ्गिने एक पर्वत-श्रृङ्खला। ३. चौरासी-सिद्धमध्ये एक।

नागिनी–ना० [सं०] १. पोथी सर्प; सर्पिणी। २. पिठिउँमा नाग-बेली रोम-रेखा हुने स्त्री।

नागेश–ना० [सं०] १. शेष-नाग। २. पतञ्जलि।

नागेश्वरी–ना० [सं० नागकेशर] नागकेशर।

नागेश्वरी–ना० [सं०] साना, लाम्चा, चिल्ला पात, पहेंला, वाटुला, सुगन्धी फूल र नाशपातीजत्रा फल फल्ने एक जातको वृक्ष। (यसका बीयाँबाट तेल निकालिन्छ।)

नागो–वि० [नाङ्गो] स्त्री-पुत्रादि कोही नभएको; परिवार-हीन; नङ्गा।

नागोल–ना० [नागल] नागल।

नाघिनु–स० क्रि० [नाघ्+इ+नु] फड्किनु; ('नाघ्नु'-को क० क्रि०)।

नाघ्नु–स० क्रि० [सं० लङ्घन+नु] १. कुनै वस्तुलाई मुनितिर पारी जानु; फट्कनु। २. भनेको नमान्नु; नटेर्नु। ३. क्रम विगार्नु; सिलसिला तोड्नु। ४. उछिन्नु; पन्साउनु।

नाङ्गिइनु–अ० क्रि० [नाङ्गि+इ+नु] नङ्गिइनु; ('नाङ्गिनु'-को भा० क्रि०)।

नाङ्गिनु–अ० क्रि० [नाङ्गो+इ+नु] नङ्गिनु।

नाङ्गे–वि० [नाङ्गो+ए] नाङ्गो।

नाङ्गे-झार–वि० [नाङ्गे+झार] श्री-सम्पत्ति केही नभएको; कङ्गाल।

नाङ्गो-भुतुङ्गो–वि० [नाङ्गो+भूत] बिलकुल नाङ्गो; निर्वस्त्र।

नाङ्गो–वि० [सं० नग्न] १. शरीरमा लुगा-फाटो केही नभएको; नग्न; दिगम्बर। २. जहान-परिवार कोही नभएको; ठिङ्गो; नङ्गा।

नाङली–ना० [नाङ्लो+ई] सानो नाङ्लो।

नाङ्ले–वि० [नाङ्लो+ए] १. नाङ्लो-सम्बन्धी। २. नाङ्लामा माल-सामान हाली बेच्ने। (ना०) ३. नाङ्ला-को व्यापारी।

नाङ्ले-माछो–ना० [नाङ्ले+माछो] सानो टाउको, बाटुलो शरीरका वरि-परि पखेटा हुने, खैरो रङ्गको एक जातको माछो।

नाङ्लो–ना० [ने०] अनाजहरू निफन्ने, बाँसका चोयाले बनेको ठूलो थालका आकारको साधन; सूपो।

नाच–ना० [सं० नृत्य] १. सङ्गीतका ताल र लयमा हाव-भाव देखाउँदै हात, गोड़ा, जीउ चलाउनु; नाच्ने काम; नृत्य। २. नाट्य; नाटक। ३. खुशी भएर उफ्रनु।

नाच-कीर्तन–ना० [नाच+कीर्तन] नृत्यका साथ गरिने कीर्तन; नाच-गान; नाच र कीर्तन।

नाच-गान–ना० [नाच+गान] नाच्ने र गाउने काम; नाच र गाना।

नाच-घर–ना० [नाच+घर] नाच-गान गर्ने घर; नाट्य-शाला; नृत्य-शाला।

नाचिनु–अ० क्रि० [नाच्+इ+नु] नाच गरिनु; ('नाच्नु'-को भा० क्रि०)।

नाच्नु–अ० क्रि० [नाच्+नु] १. नाच गर्नु; नृत्य गर्नु। २. यता-उति हिंड्नु; भौंतारिनु; लरखराउनु। ३. अरूका इच्छा वा इशाराअनुसार चल्नु; अरूका निर्देशअनुसार सञ्चालित हुनु। ४. घुम्नु; रिङ्नु।

नाजायज–वि० [अ० नाजायज़] १. जायज नभएको; अनुचित; बेमुनासिब। २. अवैध; गैरकानूनी।

नाजुक–वि० [फा०] १. निर्धो; कमजोर। २. कोमल; कमलो। ३. हानि वा अनिष्टको आशङ्का भएको (अवस्था)।

नाजोर–वि० [फा० नाज़ोर] कमजोर; निर्धो।

नाटक–ना० [सं०] १. अभिनेताहरूले वेष-भूषामा रही हाव-भाव र कथोपकथनद्वारा रङ्ग-मञ्चमा गर्ने चरित्र, घटना आदिको प्रदर्शन; अभिनय। २. त्यसरी प्रदर्शन गर्ने चरित्र वा घटना लेखिएको ग्रन्थ; दृश्य-काव्य। ३. पाँचदेखि दश अङ्कसम्म हुने, प्रख्यात धीरोदात्त दिव्य वा अदिव्य नायक हुने, पञ्च-सन्धिले युक्त र वीरादि रस-युक्त दश-रूपकको एक भेद।

नाटक-कार–ना० [सं०] नाटकको लेखक; दृश्य-काव्यको रचयिता।

नाटकीय–वि० [सं०] १. नाटक-सम्बन्धी; नाटकको। २. नाटकजस्तो। ३. नाटकमा घटनाको परिवर्तनजस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

भएको (कार्य)।

नाटिका–ना० [सं०] चार अङ्क हुने, दृश्य-काव्यको एक भेद।

नाटीकुटी–ना० [नें०] १. चोखी-नीति वा धार्मिक काममा गरिने अनेक शङ्का-उपशङ्का; बढ्ता वा नचाहिँदो चोखी-नीति गर्न खोज्नु। २. नचाहिँदो स्वाँग; ढोँग।

नाट्य–ना० [सं०] १. नृत्य; नाच; नटको काम। २. अभिनय; हाव-भाव। ३. बहाना; नकल।

नाट्य-कार–ना० [सं०] १. नाटक गर्ने व्यक्ति; नट। २. नाटक-कार।

नाट्य-रासक–ना० [सं०] ताल, लय धेरै भएको, उदात्त नायक, वासक-सज्जा नायिका, पीठ-मर्द उपनायक र श्रृङ्गार वा हास्य-रस-युक्त एक किसिमको एकाङ्की उपरूपक।

नाट्य-शाला–ना० [सं०] नाटक खेल्ने घर वा स्थान; नाच-घर।

नाट्य-शास्त्र–ना० [सं०] १. नृत्य, गीत, अभिनय आदि सिकाउने विद्या। २. भरत-मुनिले बनाएको एक प्राचीन नाट्य-ग्रन्थ।

नाट्यागार–ना० [सं०] नाट्य-शाला।

नाट्यालङ्कार–ना० [सं०] नाटकको शोभा बढ़ाउने र त्यसका रसको परिपोषण गर्ने तेत्तीस प्रकारका अलङ्कार (आशीर्वाद, अक्रेद, कपट, अक्षमा, गर्व, उद्यम, आश्रय, उत्प्रासन, स्पृहा, क्षोभ, पश्चात्ताप, उपपति, आशंसा, अध्यवसाय, विसर्प, उल्लेख, उत्तेजन, परीवाद, नीति, अर्थ-विशेषण, प्रोत्साहन, सहाय्य, अभिमान, अनुवृत्ति, उत्कीर्तन, याचना, परिहार, निवेदन, प्रवर्तन, आख्यान, युक्ति, प्रहर्ष र उपदेशन)।

नाट्योक्ति–ना० [सं०] नाटकको संवाद-योजनामा प्रकाश्य वा गोप्य रूपमा भनिने नाटकीय विधान। (यसका पाँच भेद छन्–श्राव्य, स्वगत, जनान्तिक, आकाश-भाषित र नेपथ्य-कथन।)

नाठे–ना० [नाठो+ए] नाठो खेलाउने स्त्री; व्यभिचारिणी स्त्री।

नाठो–ना० [प्रा० णट्ठ] १. गुप्त किसिमले राखेको पोइ; जार। २. उपपति; पर-पुरुष।

नाडि–ना० [सं०] नाडी।

नाडिकेल–ना० [सं०] नरिवल।

नाडी–ना० [सं०] १. शरीरभित्र रगत बग्ने नली; रक्त-वाही नसो। २. धमनी; शिरा। ३. हत्केलाको फेद; नारी; मणि-बन्ध। ४. छ क्षणको एक काल-मान। ५. ज्योतिष-शास्त्रानुसार वर-वधूको राशि-गणनामा कल्पित चक्रको नक्षत्र-समूह। ६. मर्म-स्थल। ७. योग-शास्त्रअनुसार इडा, पिङ्गला र सुषुम्ना–यी तीन।

नाडी-तिक्त–ना० [सं०] बकैनु।

नाडी-परीक्षा–ना० [सं०] रोगको निदान गर्नाका निमित्त वैद्यले रोगीको नाडीको गति जाँच्ने काम।

नाडीहिङ्गु–ना० [सं०] जिम्बू बूटी।

नाता–ना० [सं० ज्ञाति] १. जन्म वा विवाह आदिबाट भएको सम्बन्ध; पारिवारिक सम्बन्ध; साहिनु। २. स्नेह; माया। ३. कुनै काम-कुरो वा संसर्गबाट हुने सम्बन्ध।

नाताकत–वि० [अ० नाताक़त] ताकत नभएको; दुर्बल; कमजोर।

नाताकती–ना० [अ० नातक़ती] ताकत नहुनु; निर्बलता; कमजोरी।

नाता-कुटुम्ब–ना० [नाता+कुटुम्ब (सं०)] बन्धु-वर्ग; नातेदार-वर्ग; नाता-गोता।

नातागत–वि० [नाताकत] नाताकत।

नातागती–ना० [नाताकती] नाताकती।

नाता-गोता–ना० [नाता+गोती] १. गोत्रीय सम्बन्ध; ज्ञाति-सम्बन्ध। २. एकै गोत्रका बन्धु-वर्ग; सगोत्री दाजु-भाइ। ३. नाता।

नातादार–वि० [नाता+दार] नाता पर्ने; साहिनु पर्ने; बान्धव।

नातादारी–ना० [नातादार+ई] १. नातादारको सम्बन्ध। २. नातादार हुने भाव।

नाति–ना० [सं० नप्ता] छोरा वा छोरीको छोरो; नप्ता।

नाति-नातिना–ना० [नाति+नातिनी] नाति र नातिनी-हरूको समुदाय।

नातिनी–ना० [सं० नप्त्री] छोरा वा छोरीकी छोरी; नप्त्री।

नातिने–वि० [नातिने+ए] नाति वा नातिनीका सम्बन्धबाट भएको (ज्वाइँ, बुहारी इत्या०)।

नातिने-ज्वाइँ–ना० [नातिने+ज्वाइँ] नातिनीको पोइ।

नातिने-बुहारी–ना० [नातिने+बुहारी] नातिकी पत्नी।

नाती–ना० [नाति] नाति।

नातेदार–वि० [नातादार] नातादार।

नातेदारी–ना० [नातादारी] नातादारी।

नातो–ना० [नाता] नाता।

नातो–ना० [सं० नेत्र] १. टाउकोमा बाँध्ने रूमाल। २. कुनै भाँड़ोका मुखमा बेर्ने टालो।

नाथ–ना० [सं०] १. स्वामी; मालिक। २. पति; पोइ। ३. मत्स्येन्द्रनाथका मतानुयायी साधुहरूको एक उपाधि। ४. गोरु, राँगो आदिका नाकमा लाउने डोरी; नत्थी।

नाथिनु–स० क्रि० [नाथ्+इ+नु] नाथ्ने काम गरिनु; ('नाथ्नु'-को क० क्रि०)।

नाथू–ना० [नाथे] १. कसैलाई हेला, घृणा वा तिरस्कार गर्न भनिने शब्द; नाथे। (वि०) २. तुच्छ; नीच; जाबो।

नाथू-रामे–ना० [नाथू+राम+ए] हेला वा तिरस्कार गर्न कसैलाई भनिने शब्द; नाथू; नाथे।

नाथे–ना० [नाथ्रो] १. नाकभित्र उम्रने रौँ। २. घृणा वा तिरस्कारपूर्वक कसैलाई भन्ने शब्द; नाथू। (वि०) ३. तुच्छ; नीच; जाबो।

नाथ्नु–स० क्रि० [सं० नाथ+नु] १. नत्थी लाउनाका निमित्त गोरु, राँगो आदिको नाक छेड्नु। २. नाथ्रीका प्वालमा

CC-0. In Public Domain. Digitization by eGangotri

मुन्द्रो, डोरी आदि हाल्नु ।

नाथ्री–ना० [नाथ्री+ई] १. सियोको प्वाल; धागो उन्ने सियोको प्वाल । २. नाकभित्रको सन्धि-स्थान; नाथ्रो । ३. पुरुषको जननेन्द्रियभित्रको पातलो छाला ।

नाथ्रो–ना० [नाक] नाकका दुइ प्वालका बीचको पर्दा ।

नाद–ना० [सं०] १. शब्द; ध्वनि । २. वर्णको अव्यक्त मूल रूप । ३. अव्यक्त शब्द । ४. ठूलो शब्द; गर्जन । ५. अनुनासिक वर्ण । ६. सङ्गीत शास्त्रअनुसार हृदयमा नाभि-स्थानभन्दा माथि रहेको ब्रह्म-स्थानबाट वायुका सहायताले उत्पन्न भई मुखबाट प्रकाशित हुने ध्वनि ।

नाद-ब्रह्म–ना० [सं०] शब्द-रूप ब्रह्म; प्रणव ।

नाद-लहरी–ना० [सं०] सङ्गीत शास्त्रअनुसार कुनै स्वर वा श्रुतिका ध्वनिमा हुने कम्पनका तरङ्ग ।

नादान–वि० [फा०] १. हिम्मत नभएको; नामर्द । २. मूर्ख; नासमझ । ३. जाबो; तुच्छ ।

नादानी–ना० [फा०] १. नादान हुनाको भाव; नामर्दी । २. मूर्खता; अज्ञान । ३. तुच्छता ।

नादिरशाह–ना० [अ०] फारस देशका एक नृशंस बादशाह ।

नादिरशाही–ना० [अ०] पाशविक अत्याचार; भयानक हत्या-काण्ड ।

नादी–वि० [सं०] १. नाद गर्ने; शब्द निकाल्ने । २. गर्जने; डुक्रने । ३. बज्ने ।

नादेयी–वि० [सं०] १. नदी-सम्बन्धी । (ना०) २. नदीमा हुने वस्तु । ३. जल-वेत । ४. सुन्तला । ५. वैजयन्ती फूल ।

नानक–ना० [?] सिक्ख-सम्प्रदायका आदि गुरु; पन्जाबका एक प्रसिद्ध महात्मा ।

नानक-पन्थ–ना० [नानक+पन्थ] गुरु नानकले चलाएको सम्प्रदाय; सिक्ख-धर्म ।

नानक-पन्थी–वि० [नानक-पन्थ+ई] १. नानक-पन्थको अनुयायी । (ना०) २. सिक्ख ।

नानखताई–ना० [फा०] नन्खटाई ।

नाना–ना० [ने०] लुगा; वस्त्र (बाल-बोलीमा) ।

नाना–वि० [सं०] विभिन्न; अनेक; किसिम-किसिमको ।

नानावली–वि० [सं० नाना-विध] अनेक किसिमको; थरी-थरीको; भाँति-भाँतिको ।

नाना-विध–वि० [सं०] १. अनेक प्रकारको; विविध । (क्रि० यो०) २. अनेक प्रकारले; विभिन्न किसिमबाट ।

नानार्थ–वि० [सं०] १. अनेक अर्थ भएको; धेरै माने लाग्ने । २. धेरै प्रकारका काममा आउन सक्ने; विभिन्न किसिमका उपयोगमा आउने ।

नानी–ना० [ने०] १. केटा-केटी वा आफूभन्दा कम उमेरका-लाई स्नेहपूर्वक सम्बोधन गर्ने शब्द । २. बच्चा; बालक । ३. दरबारिया सुसारे; केटी । ४. आँखाको पुतली ।

नानी-साहेब–ना० [नानी+साहेब] राजा-महाराजा वा राणा-शासकहरूले राखेकी रखौटी स्वास्नीलाई दिइने एक दर्जा ।

नान्दी–ना० [सं०] १. समृद्धि; अभ्युदय । २. नाटक शुरू गर्नुभन्दा पहिले सूत्रधारले पढ्ने आशीर्वादात्मक श्लोक; मङ्गलाचरण ।

नान्दी-मुख–ना० [सं०] विवाह, व्रत-बन्ध आदि शुभ कार्यका आरम्भमा गरिने माङ्गलिक श्राद्ध ।

नान्दी-श्राद्ध–ना० [सं०] विवाह, व्रत-बन्ध आदि शुभ कार्य प्रारम्भ गर्नुभन्दा पहिले गरिने श्राद्ध ।

नाप–ना० [नाप्] १. कुनै वस्तुको लम्बाइ, चौड़ाइ, ऊँचाइ आदिको परिमाण; नापो; माप । २. नाप्ने काम; नपाइ । ३. नाप्ने साधन (गज, फुट आदि) ।

नाप-जोख–ना० [नाप्+जोख्] नाप्ने र जोख्ने काम; नाप-तौल ।

नाप-तौल–ना० [नाप+तौल] नाप र तौल; नाप-जोख ।

नापसन्द–वि० [फा०] पसन्द नभएको; मन नपरेको; अप्रिय; अरुचि-कर ।

नापित–ना० [सं०] नाऊ; हजाम ।

नापित्य–ना० [सं०] हजामको पेशा वा काम ।

नापिनु–अ० क्रि० [नाप्+इ+नु] १. नापो लिइनु; ('नाप्नु'-को भा० क्रि०) । २. बढ़े-चढ़ेको हुनु; चम्कनु; मात्तिनु ।

नापी–ना० [नाप+ई] १. जग्गा-जमीन आदि नाप्ने काम; नाप लिने काम । २. जग्गा-जमीन नाप्ने व्यक्तिहरूको डफ्फा वा दल ।

नापो–ना० [नाप+ओ] नाप ।

नाप्नु–स० क्रि० [सं० मापन] १. नापो लिनु; नापी गर्नु । २. जोख्नु; भर्नु; परिमाणको निर्णय गर्नु । ३. 'खूब गरिस्' भनी व्यङ्ग्य गर्नु; खुत्त्याउनु ।

नाफा–ना० [अ० नफ़अ] व्यापार वा लेन-देनबाट भएको आम्दानी; नफा; लाभ ।

नाफाखोर–वि० [नाफा+खोर] नफाखोर ।

नाफाखोरी–ना० [नाफाखोर+ई] नफाखोरी ।

नाफारी–वि० [नाफा+आहारी] धेरै नाफा खाने; नाफाखोर ।

नाबालक–ना० [अ० नाबालिग़] १. बालक; बच्चो । २. उमेर नपुगेको केटो वा केटी; ठिटो वा ठिटी । ३. निजामती, जङ्गी आदि सेवा, निर्वाचन, उत्तराधिकार, विवाह आदि सम्बन्धी ऐनमा बालिग हुन निर्धारित उमेर नपुगेको व्यक्ति । (वि०) ४. अबोध; अनजान ।

नाबालख–ना० [नाबालक] नाबालक ।

नाबालिग–वि० [अ० नाबालिग़] १. कुनै काम गर्न निर्धारित उमेर नपुगेको; केटा-केटी अवस्थाको । २. नाबालक-अवस्थाको ।

नाभि–ना० [सं०] १. नाइटो । २. पाङ्ग्राका बीचको, धुरा छिराउने प्वाल । ३. प्रधान; मुखिया । ४. कस्तूरी; बिना । ५. मुष्क । ६. लिङ्ग (ग्राह आदिको) । ७,

CC-0. In Public Domain. Digitization by eGangotri

काठ आदिको चुरी। ८. कुनै वस्तुको केन्द्रीय भाग।

नाभिच्छेदन–ना० [सं०] नाल काट्ने क्रिया; नाल बेढ़ाउनु।

नाभि-जन्मा–ना० [सं०] ब्रह्मा।

नाभो–ना० [ने०] बाली काटिसकेपछि त्यसैका जराबाट उम्रेका वा झरेका बीजबाट उम्रेको अन्न; ठिम्मल अनाज।

नाम–ना० [सं०] १. कुनै व्यक्ति वा वस्तुलाई बुझाउने वा बोलाउने शब्द; नाउँ; संज्ञा। २. यश वा कीर्ति; प्रसिद्धि।

नामक–वि० [सं०] नाउँ गरेको; नाउँको।

नाम-करण–ना० [सं०] १. बच्चाको नाम राख्ने संस्कार। २. नाम राख्ने काम।

नाम-कर्म–ना० [सं०] नाम-करण-संस्कार।

नाम-कीर्तन–ना० [सं०] ईश्वरका नामको जप वा भजन।

नामतः–क्रि० यो० [सं०] १. नामले ; नामद्वारा। २. नाम-अनुसार।

नामदार–वि० [नाम+दार] नाउँ चलेको; प्रसिद्ध।

नाम-धातु–ना० [सं०] व्याकरणअनुसार नाम शब्दबाट बनाइएको धातु वा क्रिया (रोगाउनु, घिनाउनु, डराउनु आदि)।

नाम-धारक–वि० [सं०] १. नामअनुसारको काम नगर्ने। २. नाउँमात्रको।

नाम-धारी–वि० [सं०] १. नाउँ गरेको; नामको; नामक। २. भनाउँदो; नाम-धारक; तथाकथित।

नाम-नामासी–ना० [सं० नाम+नामूस (फा०)] कुनै व्यक्तिको नाउँ, थर, वतन आदि; नाउँ र ठेगाना।

नाम-निर्देश–ना० [सं०] नाम लिनु; नामको उल्लेख गर्नु।

नाम-निशान–ना० [नाम+निशान] नाम-निशाना।

नाम-निशाना–ना० [नाम+निशाना] १. नाम र निशाना; नाउँ र चिनु। २. अत्तो-पत्तो; थाहा-सुद्धी। ३. नाम-ठेगाना।

नामन्जूर–वि० [फा०] मन्जूर नभएको; बेमन्जूर; अस्वीकृत।

नामन्जूरी–ना० [फा०] मन्जूर नगर्नु; अस्वीकृति।

नाममात्र–वि० [सं०] १. नामभरको; ज्यादै थोरै; अत्यल्प। २. भनाउँदो; तथाकथित।

नाम-माला–ना० [सं०] नामहरूको तालिका; नामावली।

नाम-मुद्रा–ना० [सं०] १. नाउँ लेखिएको औंठी। २. नाम खोपिएको छाप।

नाम-योगी–ना० [सं०] व्याकरणअनुसार सर्वनाम, विशेषण आदिसँग विभक्ति जोड़िएझैं मिल्ने र आफ्नो केही स्वतन्त्र अर्थ पनि हुने अव्यय। (उदा०–घरतिर, वनसम्म, हामीसित, उतापट्टि इत्या०।)

नामर्द–वि० [फा०] १. पुंस्त्व नभएको; नपुंसक। २. कायर; डर-छेरुवा। ३. हुस्वा। ४. लाछी।

नामर्दी–ना० [फा०] १. नामर्द हुनाको भाव; नपुंसकता। २. कायरता; डर-छेरुवापन।

नामर्दी-दण्ड–ना० [नामर्दी+दण्ड] पोइल गएकी स्वास्नी-लाई, अड्डा-अदालत भइसकेपछि पनि आफ्नी स्वास्नीका रूपमा ल्याउनेलाई लाग्ने एक आर्थिक दण्ड।

नाम-वाचक–वि० [सं०] नाम बुझाउने; व्यक्ति-वाचक (संज्ञा)।

नाम-शेष–वि० [सं०] १. नाउँमात्र बाँकी रहेको। २. मरेको; मृत।

नामा–ना० [फा० नामः] १. पत्र; चिट्ठी। २. रसीद आदि कुनै किसिमको लेखोट। (उदा०—पहुँचनामा, वारिसनामा।

नामाङ्कित–वि० [सं०] १. नाउँ लेखिएको; नाम खोपिएको। २. कुनै काम वा पदका निमित्त नाउँ लेखिएको।

नामानुशासन–ना० [सं०] नामहरूको शब्द-कोश।

नामान्तर–ना० [सं०] १. अर्को नाम। २. उपनाम।

नामावली–ना० [सं०] एक किसिमका व्यक्ति वा वस्तुहरूका नामहरूको सूची; नामहरूको तालिका।

नामी–वि० [नाम+ई] १. नाम चलेको; कहलिएको; नामुद। २. प्रसिद्ध; प्रख्यात। ३. नाम भएको; नामक।

नामुद–वि० [फा० नामज़द] नाउँ चलेको; प्रसिद्ध; नामी।

नामुद्दार–वि० [नामुद+दार] नामी; नामुद; प्रसिद्ध।

नामेट–ना० [नाम+मेट्] १. नाम-निशाना नहुनु; बिलकुल अभाव। २. सर्वनाश।

नाम्जा–ना० [ने०] नेपालको जुम्ला जिल्लामा पर्ने, भोटतिर आवत-जावत गर्ने १६२२० फीट अग्लो एक घाटी।

नाम्जो–ना० [ने०] १. पाटको धोक्रो वा थैलो। २. ऊषर जमीन; बाँझो जग्गा।

नाम्लो–ना० [ने०] पिठिउँमा बोकेको भारी अड्याउनाका निमित्त थाप्लामा लाउने चेप्टो पातो भएको डोरी; भारी बोक्ने डोरी।

नायक–ना० [सं०] १. कुनै कार्य-सिद्धिका निमित्त जन-समुदायको नेतृत्व गर्ने व्यक्ति; नाइके; नेता। २. बाटो देखाउने व्यक्ति; पथ-प्रदर्शक। ३. स्वामी; मालिक। ४. दश सेना-पतिमाथिको सेना-पति। ५. कुनै जन-समुदायको अग्र-गण्य व्यक्ति; अगुवा; प्रमुख। ६. साहित्यमा शृङ्गारको आलम्बन वा साधक भएको रूप-यौवन-सम्पन्न पुरुष; नाटक वा काव्यमा प्रधान रूपले चरित्र वर्णन गरिएको पुरुष। (नायकका चार प्रधान भेद हुन्छन्–धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त। यी चारका पनि दक्षिण, धृष्ट, अनुकूल र शठ–यी चारले सोह्र भेद छन्। यिनका पनि उत्तम, मध्यम र अधम तीन-तीन भेदले जम्मा अठचालीस भेद हुन्छन्।) ७. हारका बीचमा जड़िएको मणि; सुमेरु।

नायकत्व–ना० [सं०] १. नायक हुनाको भाव। २. नायकको काम।

नायब–ना० [अ०] १. मुख्य हाकिममनिको कर्मचारी; सहायक कामदार। २. कुनै दर्जाको अगिल्तिर लागी त्यसभन्दा एक तह कम बुझाउने शब्द। (उदा०–नायब-

CC-0. In Public Domain. Digitization by eGangotri

सुब्बा, नायब-मुखिया आदि।) ३. कसैको असमर्थ अवस्थामा वा अनुपस्थितिमा उसको प्रतिनिधि भई काम गर्ने व्यक्ति।

नायब-डिट्ठा–ना० [नायब+डिट्ठा] मुखियादेखि माथि र डिट्ठाभन्दा तलको एक निजामती दर्जा।

नायब-मुखिया–ना० [नायब+मुखिया] बहीदारभन्दा माथि मुखियाभन्दा तलको एक निजामती दर्जा।

नायब-राइटर–ना० [नायब+राइटर] बहीदारभन्दा माथि र राइटरभन्दा मुनिको एक निजामती दर्जा।

नायब-सुब्बा–ना० [नायब+सुब्बा] खरीदारभन्दा माथि र पूरा सुब्बाभन्दा तलको एक निजामती दर्जा।

नायिका–ना० [सं०] १. काव्य, नाटक आदिमा मुख्य रूपले चरित्र वर्णन गरिएकी स्त्री; श्रृङ्गार-रसको आलम्बनभूत रूप, गुण, यौवनले युक्त स्त्री; नायककी पत्नी। (साहित्यमा नायिका आठ प्रकारका हुन्छन्—स्वाधीन-भर्तृका, खण्डिता, अभिसारिका, कलहान्तरिता, विप्रलब्धा, प्रोषित-भर्तृका, वासक-सज्जा, र विरहोत्कण्ठिता।)

नारक–वि० [सं०] १. नरक-सम्बन्धी; नारकीय। (ना०) २. नरक। ३. नरकमा परेको जीव।

नारकी–वि० [सं०] १. नरकमा परेको; नरक-भोगी। २. नरकमा जान योग्य; पापी।

नारकीय–वि० [सं०] १. नरक-सम्बन्धी; नरकको। २. नरक-भोगीजस्तो। ३. अति नीच; निकृष्ट; अति अधम।

नारङ्ग–ना० [सं०] १. सुन्तला। २. गाजर। ३. जुम्ल्याहा प्राणी।

नारद–ना० [सं०] १. एक प्रसिद्ध देवर्षि; ब्रह्माका दश पुत्र-मध्ये एक। २. एक जनाको कुरो अर्कोलाई लगाई झगडा पार्ने व्यक्ति; छुल्याहा मानिस। ३. कुरौटे मानिस।

नारद-पुराण–ना० [सं०] सनकादि कुमारहरूद्वारा नारदलाई उपदेश गरिएको कथा वर्णन गरिएको एक पुराण; अठार महापुराणमध्ये एक।

नारदीय–वि० [सं०] नारद-सम्बन्धी; नारदको।

नारन–ना० [सं०] १. नारायण; विष्णु। २. ज्वाइँलाई आदरपूर्वक भनिने शब्द।

नारन-पाती–ना० [नारन+पाती] १. भूवादार पात र मसिना झुप्पादार बास्ना आउने फूल हुने एक जातको रूख। २. त्यसैको पात वा फूल।

नारन-शिव–ना० [नारन+शिव] कसैलाई दुःख हुँदा दया गरी ईश्वर पुकार्ने शब्द।

नारसिंह–वि० [सं०] १. नरसिंह-सम्बन्धी। (ना०) २. नरसिंह-रूप धारण गर्ने विष्णु।

नारा–ना० [अ० नअरः] १. ठूलो आवाज; घोष। २. कुनै संस्था वा व्यक्तिहरूले सार्वजनिक रूपमा गरेको माग, विचार, सिद्धान्त आदिको घोष।

नारा–ना० [सं० नाल] जुवाका सोइलामा झुन्ड्याइएका, गोरु बाँध्ने डोरी; जोतारो।

नारा–ना० [ने०] हिउँ पग्लेका बखतमा नेपाल र भोटका बीच आवत-जावत गर्ने हुम्ला जिल्लामा पर्ने १६०८५ फीट अग्लो एक घाटी। (यसै बाटोबाट हुम्ला कर्नाली नदी बग्दछ।)

नाराइ–ना० [नार्+आइ] नार्ने किसिम, क्रिया वा भाव।

नाराच–ना० [सं०] १. फलामे बाण; फलामको तीर। २. जल-हस्ती।

नाराज–वि० [फा० नाराज़] अप्रसन्न; रुष्ट; बेखुश।

नाराजी–ना० [फा० नाराज़ी] बेखुशी; अप्रसन्नता।

नारायण–ना० [सं०] १. विष्णु; हरि। २. भगवान्; ईश्वर।

नारायण-पाती–ना० [सं० नारायण+पाती] नारान-पाती।

नारायण-बलि–ना० [सं०] अगति परी मरेका वा बेपत्ता हुँदा मरेको निश्चय भएका व्यक्तिको और्ध्वदेहिक क्रिया गर्नाका निमित्त ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र र यमको पूजा गरी मृतकको प्रायश्चित्त स्वरूप गरिने संस्कार।

नारायण-हिटी-दरबार–ना० [सं० नारायण+हिटी (नेवा०) दरबार (फा०)] नेपालका श्री ५ महाराजाधिराजको दरबार; काठमाडौँ-स्थित राज-दरबार।

नारायणी–ना० [सं०] १. लक्ष्मी। २. दुर्गा। ३. गङ्गा। ४. नेपालका सप्त-गण्डकी मिलेर भारतमा पुगेपछि हुने यसको नाम। ५. कृष्णको सेना।

नारिकेर–ना० [सं०] नारिकेल; नरिवल।

नारिकेरी–ना० [सं०] नरिवल; नारिकेली।

नारिकेल–ना० [सं०] नारिकेर; नरिवल।

नारिकेली–ना० [सं०] नरिवल; नारिकेरी।

नारिनु–अ० क्रि० [नार्+इ+नु] १. जोरिएर रहनु; एकत्रित हुनु; जुट्नु। २. गोरु जुवामा जोतिनु; ('नार्नु'-को क० क्रि०)।

नारी–ना० [सं०] आइमाई; स्त्री।

नारी–ना० [सं० नाडी] हत्केलाको फेद; नाडी।

नारी–ना० [नार्] घोड़ाका मुखभित्र हालिने लगामको एक काँढ़ादार फलामे अवयव; कविका।

नारी-रत्न–ना० [सं०] नारीरूपी रत्न; अति गुणवती स्त्री।

नारो–ना० [नारा] नारा; जोतारो।

नार्नु–स० क्रि० [नारा+नु] १. जोत्नाका निमित्त गोरुहरूका काँधमा जुवा राखी नाराले बाँध्नु; नारा कस्नु। २. गोरु जोत्नु। ३. जम्मा गर्नु; जुटाउनु। ४. बगीमा घोड़ा जोत्नु।

नाल–ना० [सं०] १. घरको फोहर फाल्ने ठाउँ; रछान। २. कमलको डाँठ। ३. नली; ढुङ्ग्रो। ४. ढूँड़; पाइप। ५. बालकका नाभिको आन्द्रो; साल; औँरो। ६. बन्दूक, तोप आदिको गोली निस्कने नली। ७. बन्दूक आदिको गोटा वा थान। ८. थाम वा गाह्रोले छुट्टयाइने घरको खण्ड।

CC-0. In Public Domain. Digitization by eGangotri

नाल–ना० [ने०] कोदालीको टाउको र पाताका बीचको बाङ्गो भाग।

नाल–ना० [अ० नअल] १. घोड़ाका टापमा वा जुत्ताका कुर्कुच्चामा ठोकिने अर्ध-चन्द्राकार फलामे साधन। २. जूवाको खाल थाप्नेले लिने खालको बहाल वा दस्तूर। ३. एक सरकारी रकम।

नाल-बन्दी–ना० [अ० नाल+बन्दी (फा०)] १. घोड़ाको टापमा नाल ठोक्ने काम। २. त्यो काम गर्ने पेशा भएको व्यक्ति।

नाला–ना० [नेवा०] आगो झिक्ने दाबिलोजस्तो साधन।

नाला–ना० [सं०] १. सानो खोलो; खहरे। २. कुलो; नहर। ३. ढल।

नालायक–वि० [फा० नालायक़] १. लायक नभएको; अयोग्य। २. नीच; अधम।

नालायकी–ना० [फा० नालायक़ी] नालायक हुनाको भाव; अयोग्यता।

नालिक–ना० [सं०] १. कमल; पद्म। २. राँगो। ३. एक प्रकारको बाँसुरी।

नालिका–ना० [सं०] १. कमलको डाँठ। २. हात्तीलाई सधाउने अङ्कुश। ३. छालाको कोर्रा। ४. डूँड़।

नालिश–ना० [फा०] न्यायालयमा वा अधिकारीसमक्ष गरिने दुःख वा अन्यायको उजूर; फिराद; इजहार।

नाली–ना० [नाल+ई] नाल; फोहर पानी बग्ने ढल।

नालीबेली–क्रि० यो० [नाडी+बेली] विस्तारपूर्वक कुनै कुरोको वर्णन गर्ने किसिम।

नालु–ना० [सं० नल] एक किसिमको सन; पाट।

नाविक–ना० [सं०] १. डुङ्गा चलाउने व्यक्ति वा जाति; माझी; मल्लाह। २. नाउमा बसी यात्रा गर्ने व्यक्ति।

नावी–ना० [सं०] माझी; नाविक।

नाव्य–वि० [सं०] १. नाउद्वारा पार गर्नुपर्ने; डुङ्गाद्वारा तरिने। (ना०) २. नाउ चल्न योग्य पानी। ३. नयाँपन; नवीनता।

नाश–ना० [सं०] बिलकुल बिग्रनु; बरबादी; विध्वंस; विनाश।

नाशक–वि० [सं०] १. नाश गर्ने; नष्ट गर्ने; नाश-कारी। २. मार्ने; वध गर्ने। ३. हटाउने।

नाश-कारी–वि० [सं०] नाश गर्ने; नाशक।

नाशन–ना० [सं०] नाश गर्ने काम।

नाशपाती–ना० [फा०] १. पीपलका जस्ता पात हुने, सेता फूल फुल्ने, ठूल्ठूला फल फल्ने एक जातको रूख। २. त्यसैको फल। (यो भिन्न-भिन्न जातको हुन्छ। आयुर्वेदमा यसको गुण वायु-नाशक र शुक्र-वर्द्धक बताइएको छ।)

नाश-बिगार–ना० [नाश+बिगार] १. नाश र बिगार; बरबादी। २. अभिचारपूर्ण कुदृष्टि।

नाशवान्–वि० [सं०] नाश हुने; नश्वर; अनित्य।

नाशित–वि० [सं०] नाश गरिएको; नष्ट गरिएको।

नाशिइनु–अ० क्रि० [नाशि+इ+नु] नासिइनु; ('नाशिनु'-को भा० क्रि०)।

नाशिनु–अ० क्रि० [नाश+इ+नु] नासिनु।

नाशी–वि० [सं०] १. नाश गर्ने; नाशक। २. नाश हुने; नश्वर।

नाश्नु–स० क्रि० [सं० नाश+नु] नास्नु।

नाश्य–वि० [सं०] १. नाश गर्न योग्य। २. नष्ट गर्न सकिने।

नासत्य–ना० [सं०] अश्विनी-कुमार।

नासमझ–वि० [ना+समझ] समझ नभएको; बुद्धि-हीन; मूर्ख।

नासमझी–ना० [नासमझ+ई] नासमझ हुनाको भाव; मूर्खता।

नासा–ना० [सं०] १. नाक; नासिका। २. सुँघ्ने इन्द्रिय; घ्राणेन्द्रिय।

नासा-रन्ध्र–ना० [सं०] नाकको प्वाल।

नासिका–ना० [सं०] १. नाक। २. सुँघ्ने इन्द्रिय; घ्राणेन्द्रिय।

नासिनु–अ० क्रि० [नास्+इ+नु] १. नाश हुनु; बिग्रनु। २. बरबाद हुनु; लथालिङ्ग हुनु। ३. मासिनु; खर्च हुनु। ४. नाश गरिनु; ('नास्नु'-को क० क्रि०)।

नासो–ना० [प्रा० णासो] १. पछि फिर्ता लिने गरी कसैलाई राख्न दिइएको वस्तु। २. धरोट।

नास्ति–ना० [सं०] बिलकुल नभएको वा 'छैन' भन्ने अर्थ बुझाउने शब्द।

नास्तिक–वि० [सं०] १. ईश्वर, देवता, पर-लोक, पुनर्जन्म आदिको अस्तित्व नमान्ने। २. वेदलाई नमान्ने वा वेदको निन्दा गर्ने।

नास्तिकता–ना० [सं०] १. नास्तिक हुनाको भाव। २. ईश्वर, पर-लोक, पुनर्जन्म आदि नमान्ने सिद्धान्त।

नास्तिकत्व–ना० [सं०] नास्तिकता।

नास्तिक-दर्शन–ना० [सं०] ईश्वर, पर-लोक, पुनर्जन्म आदिको अस्तित्व नमान्ने दर्शन (चार्वाक, योगाचार, जैन, माध्यमिक, सौत्रान्तिक र वैभाषिक दर्शन)।

नास्तिक्य–ना० [सं०] नास्तिकता।

नास्तिवाद–ना० [सं०] नास्तिकताको सिद्धान्त।

नास्नु–स० क्रि० [सं० नाश+नु] १. नाश गर्नु; बिगार्नु। २. बरबाद गर्नु; लथालिङ्ग पार्नु। ३. खर्च गर्नु; मास्नु; सिद्धयाउनु। ४. अभिचार-क्रियाद्वारा कुदृष्टि लाउनु; चोखे लाउनु।

नास्पाती–ना० [फा० नाशपाती] नाशपाती।

नास्य–वि० [सं०] १. नाकको; नाक-सम्बन्धी। २. नाकबाट उत्पन्न हुने।

नाहक–क्रि० यो० [अ० नाहक़] बिनसित्ति; वृथा; व्यर्थ; अनाहक।

नाहिँ–अव्य० [सं० नहि] अभाव वा अस्वीकृति बुझाउने शब्द; नाइँ।

CC-0. In Public Domain. Digitization by eGangotri

नि–अव्य० [ने०] वाक्य वा शब्दको पछिल्तिर प्रयोग भई तिनीहरूलाई जोड़ दिने वा प्रश्न गर्ने शब्द। (उदा०–यो त कस्तो डर-लाग्दो रहेछ नि! ठीकै छ नि! इत्या०।)
नि–उप० [सं०] शब्दको अगिल्तिर लागेर विशेष अर्थ बुझाउने उपसर्ग। (उदा०–निकर, निपतित, निग्रह, निर्देश आदि।)
निःकपट–वि० [सं०] कपट नभएको; निष्कपट।
निःकासित–वि० [सं०] निकालिएको; निष्कासित।
निःक्रामित–वि० [सं०] निष्क्रामित।
निःक्षत्र–वि० [सं०] क्षत्रिय नभएको (देश)।
निःक्षेप–ना० [सं०] निक्षेप।
निःछल–वि० [सं०] निश्छल।
निःपक्ष–वि० [सं०] निष्पक्ष।
निःपाप–वि० [सं०] निष्पाप।
निःप्रभ–वि० [सं०] कान्ति-हीन; निष्प्रभ।
निःप्रयोजन–वि० [सं०] निष्प्रयोजन।
निःशङ्क–वि० [सं०] १. शङ्का नभएको; सन्देह-रहित। निश्शङ्क। २. नडराउने; निडर।
निःशत्रु–वि० [सं०] शत्रु नभएको; शत्रु-हीन।
निःशब्द–वि० [सं०] १. शब्द नभएको; ध्वनि-रहित; नीरव। २. शब्द ननिकाल्ने; नबोल्ने; मौन।
निःशस्त्र–वि० [सं०] निश्शस्त्र।
निःशस्त्रीकरण–ना० [सं०] निश्शस्त्रीकरण।
निःशस्त्रीकृत–वि० [सं०] निश्शस्त्रीकृत।
निःशेष–वि० [सं०] कत्ति पनि बाँकी नरहेको; शेष नरहेको; समाप्त।
निःशोक–वि० [सं०] शोक वा चिन्ता नभएको।
निःश्रेणी–ना० [सं०] भऱ्याङ; सिँढ़ी।
निःश्रेयस–ना० [सं०] १. मुक्ति; मोक्ष। २. मङ्गल; कल्याण। ३. भक्ति। ४. विज्ञान।
निःश्वसन–ना० [सं०] बाहिर निस्केको सास।
निःश्वास–ना० [सं०] १. नाकबाट वायु निस्कनु; सास बाहिर निस्कनु। २. लामो सास; सुस्केरा।
निःसङ्कोच–क्रि० यो० [सं०] सङ्कोच नगरीकन; निस्सङ्कोच।
निःसङ्ग–वि० [सं०] निस्सङ्ग।
निःसत्त्व–वि० [सं०] निस्सत्त्व।
निःसन्तान–वि० [सं०] निस्सन्तान।
निःसन्देह–वि० [सं०] निस्सन्देह।
निःसपत्न–वि० [सं०] निस्सपत्न।
निःसरण–ना० [सं०] निस्सरण।
निःसार–वि० [सं०] निस्सार।
निःसारण–ना० [सं०] निस्सारण।
निःसारित–वि० [सं०] निस्सारित।
निःसीम–वि० [सं०] निस्सीम।
निःसृत–वि० [सं०] निस्सृत।
निःस्नेह–वि० [सं०] निस्स्नेह।
निःस्पन्द–वि० [सं०] निस्स्पन्द।
निःस्पृह–वि० [सं०] निस्स्पृह।
निःस्रव–वि० [सं०] निस्स्रव।
निःस्व–वि० [सं०] निस्स्व।
निःस्वार्थ–वि० [सं०] निस्स्वार्थ।
निऋति–ना० [सं०] १. दक्षिण-पश्चिम कोणकी अधिष्ठात्री देवी। २. अलक्ष्मी; दरिद्रा देवी। ३. विपत्ति; सङ्कट। ४. क्षय; नाश।
निकञ्जिका–ना० [सं०] अङ्कुल।
निकट–ना० यो० [सं०] १. नजीक; समीप; पास। (वि०) २. नजीकको; वरको।
निकटता–ना० [सं०] निकट हुनाको भाव; सामीप्य।
निकट-वर्ती–वि० [सं०] नजीकमा रहेको; समीपको।
निकटस्थ–वि० [सं०] समीपमा रहेको; निकट-वर्ती।
निकम्मा–वि० [सं० निष्कर्म] १. काम नलाग्ने; बेकामको; बेकम्मा। २. नालायक; अयोग्य।
निकर–ना० [सं०] १. समूह; जमात। २. थुप्रो; राशि। ३. निधि; कोश।
निकर्तन–ना० [सं०] काट्नु।
निकर्षण–ना० [सं०] १. मैदान; चौर। २. आँगन; चोक। ३. पर्ती जमीन।
निकल–ना० [अं०] सिक्का आदि बनाइने, चुम्बकले तान्ने एक सेतो धातु।
निकलबास–ना० [निकाला-बास] निकाला-बास।
निकलवास–ना० [निकाला-बास] निकाला-वास।
निकष–ना० [सं०] १. कसी; कसौटी। २. हतियारमा शान लाउने ढुङ्गो; षाण-चक्र।
निकषोपल–ना० [सं०] १. हतियारमा शान लाउने ढुङ्गाको चक्का। २. कसी।
निकानन्द–ना० [निको+आनन्द] १. आनन्द; सन्चो; सुबिस्ता। (वि०) २. निर्विघ्न।
निकाय–ना० [सं०] १. समूह; समुदाय। २. समूह-अन्तर्गतको एक पूर्ण खण्ड; एकाई। ३. वास-स्थान। ४. शरीर। ५. निशाना; लक्ष्य।
निकाय्य–ना० [सं०] घर; गृह।
निकार–ना० [सं०] १. अनादर; अवज्ञा; तिरस्कार। २. हार; पराजय। ३. द्वेष। ४. वध; हत्या।
निकाला–ना० [निकाल्+आ] निकाल्ने काम; निकाला-वास; निष्कासन।
निकालाइ–ना० [निकाल्+आइ] निकाल्ने किसिम, क्रिया वा भाव।
निकाला-बास–ना० [निकाल+बास] निकाला-वास।
निकाला-वास–ना० [निकाला+वास] कुनै देश; ठाउँ, काम-काज आदिबाट निकालिनु; निकाला; निष्कासन; निकाला-बास।

CC-0. In Public Domain. Digitization by eGangotri

निकालिनु–स० क्रि० [निकाल्+इ+नु] बाहिर झिकिनु; ('निकाल्नु'-को क० क्रि०)।

निकाल्नु–स० क्रि० [निस्क+नु] १. भित्रबाट बाहिर झिक्नु वा पठाउनु; निकास्नु। २. कुनै देश, ठाउँ, संस्था, काम-काज आदिबाट निकाला गर्नु; धपाउनु; निष्कासन गर्नु। ३. बन्धनबाट मुक्त गर्नु; उकास्नु। ४. प्रकट गर्नु; प्रकाश गर्नु। ५. नयाँ कुरो वा वस्तुको आविष्कार गर्नु। ६. देखाउनु (छाँट, ढाँचा आदि)। ७. कुनै पदार्थमा बुट्टा वा बान्की झिक्नु।

निकास–ना० [सं० निष्कास] १. निस्कने ठाउँ; बाहिर जाने वा भित्र आउन बाटो। २. गाउँ वा शहरको बाहिरी खुला जग्गा। ३. नाल, पानी आदि निस्कने ठाउँ; ढल। ४. बचत; उकास।

निकासा–ना० [निकास्+आ] १. सरकारद्वारा कसैलाई कुनै कुरो दिने स्वीकृति; मन्जूरीको आदेश। २. तोक; आदेश। ३. बाहिर पठाउनु; निकासी।

निकासाइ–ना० [निकास्+आइ] निकास्ने किसिम, क्रिया वा भाव।

निकासा-पुकासा–ना० [निकासा+पुकासा (फाँ०)] निकासा; आदेश; निकासी-पुकासी।

निकासिनु–स० क्रि० [निकास्+इ+नु] दुःख वा बन्धनबाट मुक्त गरिनु; ('निकास्नु'-को क० क्रि०)।

निकासी–ना० [सं० निष्कास] १. बाहिर निकाल्ने काम; निकास्ने काम। २. विदेशमा स्वदेशको माल-मत्ता पठाउने काम; निर्यात। ३. निकासाको आदेश।

निकासी-पिकासी–ना० [निकासी+पिकासी (फाँ०)] निकासी-पुकासी।

निकासी-पुकासी–ना० [निकासी+पुकासी (फाँ०)] निकासा गराउने वा गर्ने काम; आदेश दिने वा लिने काम; निकासा-पुकासा।

निकासी-पैठारी–ना० [निकासी+पैठारी] निकासी र पैठारी; आयात-निर्यात।

निकास्नु–स० क्रि० [सं० निष्कास+नु] १. दुःख वा बन्धन-बाट मुक्त गर्नु। २. बाहिर निकाल्नु; झिक्नु। ३. उकास्नु।

निकुञ्ज–ना० [सं०] १. लताहरू र घना वृक्षहरू भएको ठाउँ। २. लता-गृह; लता-मण्डप।

निकुञ्जिका–ना० [सं०] अङ्कुल वृक्ष।

निकुटो–वि० [ने०] कन्जुस; कृपण।

निकृत–वि० [सं०] १. निकालिएको; बहिष्कृत। २. बदनाम गरिएको।

निकृति–ना० [सं०] १. बहिष्कार। २. तिरस्कार।

निकृत्त–वि० [सं०] जरैदेखि काटिएको।

निकृन्तन–ना० [सं०] काट्ने काम; छेदन।

निकृष्ट–वि० [सं०] १. जाति, आचार आदिबाट हीन भएको। २. नीच; अधम। ३. तुच्छ; हेय।

निकृष्टता–ना० [सं०] निकृष्ट हुनाको भाव; हीनता।

निकेतन–ना० [सं०] १. घर; वास-स्थान। २. प्याज।

निकै–वि० [निको+ऐ] १. धेरै; प्रशस्त। २. निको नै; असलै; बेसै। (क्रि० यो०) ३. धेरै नै; प्रशस्तै; खूबै।

निको–वि० [सं० निवत] १. असल; जाती; बेस। २. मन परेको; प्रिय; रुचि-कर। ३. सन्चो; आराम; आरोग्य-प्राप्त।

निकोचक–ना० [सं०] चिरगोजा।

निकोर्सि–क्रि० यो० [निपर्सि] निपर्सि; पर्सिको भोलिपल्ट; आजसमेत आगामी चौथो दिन।

निक्खर–वि० [सं० निष्कल] १. मिस्कट वा दोष नभएको; शुद्ध; चोखो। २. दाग वा अरू रङ्ग नभएको; एकै रङ्गको; निखरा।

निक्खुर–वि० [निखुर] निखुर।

निक्लनु–अ० क्रि० [निस्क] १. बाहिर आउनु; निस्कनु। २. देश, ठाउँ, संस्था, काम-काज आदिबाट बाहिर हुनु। ३. बन्धन-मुक्त हुनु। ४. उत्पन्न हुनु; पैदा हुनु। ५. देखा पर्नु। ६. उम्रनु; टुसाउनु। ७. बुट्टा, बान्की आदि पर्नु।

निक्लाइ–ना० [निक्ल+आइ] निक्लने किसिम, क्रिया वा भाव।

निक्लिनु–अ० क्रि० [निक्ल+इ+नु] १. बाहिर आइनु; निस्किनु; ('निक्लनु'-को भा० क्रि०)। २. निस्कनु।

निक्वाण–ना० [सं०] वीणा आदि तारका बाजाको शब्द।

निक्षिप्त–वि० [सं०] १. फालिएको। २. धरोट राखिएको।

निक्षेप–ना० [सं०] १. फ्याँक्ने काम; फाल्नु। २. राख्ने काम। ३. धरोट राख्ने काम। ४. लगाउनु (आँखा)।

निक्षेपक–वि० [सं०] १. फ्याँक्ने; फाल्ने; निक्षेप गर्ने। २. राख्ने। ३. धरोटी राख्ने।

निक्षेपण–ना० [सं०] १. फ्याँक्नु; फाल्नु; निक्षेप गर्नु। २. राख्नु। ३. धरोटी राख्ने काम।

निक्षेपित–वि० [सं०] १. फालिएको; मिल्काइएको; निक्षेप गरिएको। २. धरौटी राखिएको।

निक्षेपी–वि० [सं०] १. फाल्ने; फ्याँक्ने; निक्षेप गर्ने। २. धरोटी राख्ने।

निक्षेप्ता–ना० [सं०] १. मिल्काउने व्यक्ति; फ्याँक्ने मानिस। २. धरोटी राख्ने व्यक्ति।

निक्सारी–वि० [निकासा] निकासा गर्ने काम।

निखट्ट–वि० [सं० निकृष्ट] १. खराब बानी-बेहोरले गर्दा कतै टिक्न वा कसैसित मिल्न नसकेको। २. बेकम्मा; निकम्मा।

निखनन–ना० [सं०] १. खन्ने काम; खोद्नु। २. गाड्नु।

निखनाइ–ना० [निखन्+आइ] निखन्ने किसिम, क्रिया वा भाव।

निखनाइनु–स० क्रि० [निखनाउ+आइ+नु] निखन्न लाइनु; ('निखनाउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

निखनाउनु–स० क्रि० [निखन्+आउ+नु] निखन्न लाइनु; ('निखन्नु'-को प्रे० क्रि०)।

निखनिनु–स० क्रि० [निखन्+इ+नु] बन्धकी राखिएको वस्तु रुपियाँ तिरेर फिर्ता लिइनु; ('निखन्नु'-को क० क्रि०)।

निखन्नु–स० क्रि० [सं० निष्क्रय+नु] १. बन्धकी राखिएको वस्तु रुपियाँ तिरेर फिर्ता लिनु। २. बेचिसकेको जग्गा-जमीन, घर आदि हकवालाले दाम तिरी फिर्ता लिनु।

निखरा–वि० [निक्खर] निक्खर।

निखर्व–ना० [सं०] १. दश हजार करोड़को सङ्ख्या। (वि०) २. दश हजार करोड़। ३. बाउन्ने; पुड्के।

निखलास–ना० [सं० निस्खादन] केही पनि नखानु; भोकै रहनु; निराहार।

निखात–वि० [सं०] १. खनेको; खोस्रेको। २. गाड़ेको।

निखार–ना० [सं० निकार] निखेर बाँकी रहेको वस्तु; निथार; थिग्रेनी।

निखाराइ–ना० [निखार्+आइ] निखार्ने किसिम, क्रिया वा भाव।

निखारिनु–स० क्रि० [निखार्+इ+नु] सिद्धचाइनु; ('निखार्नु'-को क० क्रि०)।

निखार्नु–स० क्रि० [निखार+नु] सिद्धचाउनु; खङ्गार पार्नु।

निखित्ते–ना० [सं० निषिद्ध] १. विशेष अनुष्ठानका निमित्त कुनै वस्तु वा आचरणको परित्याग। २. निषेध।

निखिल–वि० [सं०] सम्पूर्ण; अखिल; तमाम।

निखुनी–वि० [नि+खुनी] खुनी नभएको; खोट नलागेको; निर्दोष; वेदाग।

निखुर–वि० [निखरा] दाग वा अर्को रङ्ग नभएको; शुद्ध एक रङ्गको; निखरा।

निखुल्कनु–अ० क्रि० [सं० निःशल्क+नु] निफुल्कनु।

निखुल्किनु–अ० क्रि० [निखुल्क+इ+नु] निखुल्कनु।

निख्रनु–अ० क्रि० [सं० निष्क्र] १. अलि-अलि गरेर भए-भरको सकिनु; रित्तिनु; निःशेष हुनु; सिद्धिनु। २. स्वच्छ हुनु।

निख्राइ–ना० [निख्र+आइ] निख्रने किसिम, क्रिया वा भाव।

निख्रिनु–अ० क्रि० [निख्र+इ+नु] रित्तिइनु; ('निख्रनु'-को भा० क्रि०)।

निगड–ना० [सं०] १. हात्ती बाँध्ने सिक्री। २. नेल।

निगम–ना० [सं०] १. वेद। २. वेदको कुनै अंश। ३. बाटो; मार्ग। ४. बजार; हाट। ५. कुनै निश्चित कार्य पूरा गर्नाका निमित्त खड़ा गरिएको स्वतन्त्र अस्तित्व-युक्त संस्था।

निगर–ना० [सं०] १. निल्ने काम; भक्षण। २. यज्ञको धूवाँ।

निगरण–ना० [सं०] १. निल्ने काम; भक्षण। २. यज्ञको धूवाँ।

निगरानी–ना० [फा०] देख-रेख; हेर-विचार; निरीक्षण।

निगार–ना० [निथार] छानेको जाँड; चुहाएको जाँड़।

निगार–ना० [सं०] निल्ने काम; भक्षण।

निगाले–वि० [निगालो+ए] १. निगालो-सम्बन्धी; निगालाको। २. निगालाजस्तो झीनो।

निगाले-उखु–ना० [निगाले+उखु] निगाले-ऊखु।

निगाले-ऊखु–ना० [निगाले+ऊखु] झीनो एक जातको ऊखु।

निगाले-चितुवा–ना० [निगाले+चितुवा] सानो एक जातको चितुवा; चरी-बाघ।

निगाले-झाँप्रो–ना० [निगाले+झाँक्रो] निगालाको जस्तो पात हुने एक जङ्गली घाँस।

निगालो–ना० [सं० यावनाल] कलम, नली आदि बनाइने एक जातको मसिनु बाँस; शर।

निगाह–ना० [फा०] १. दया-दृष्टि; मेहरबानी। २. दया; कृपा।

निगीर्ण–वि० [सं०] १. निलिएको; भक्षण गरिएको। २. अन्तर्भाव भएको।

निगुरो–ना० [निहुरो] निहुरो।

निगूढ–वि० [सं०] १. अति गुप्त; रहस्यपूर्ण। (ना०) २. जङ्गली मुगी।

निगूहन–ना० [सं०] लुकाउनु; छिपाउनु; गोपन।

निगृहीत–वि० [सं०] १. समातिएको; पक्रिएको। २. घेरिएको। ३. पीडित। ४. दण्डित।

निगेटिभ–ना० [अं०] १. प्रकाश र छाया उल्टो देखिने फोटोग्राफको प्लेट। २. बिजुलीका दुइ तत्त्वमध्ये एक। (वि०) ३. बिब्ल्याँटो। ४. निषेधात्मक।

निग्रह–ना० [सं०] १. रोक्ने काम; रोक; अवरोध। २. नियन्त्रण। ३. दण्ड; सजाय। ४. पीडा; यातना। ५. बन्धन; कैद। ६. दान दिइएको वस्तु फिर्ता लिँदा दिइने त्यसको मूल्य।

निग्रहण–ना० [सं०] १. रोक्ने काम; रोक; अवरोध। २. दण्ड दिने काम।

निग्रह-स्थान–ना० [सं०] वाद-विवाद वा शास्त्रार्थमा असङ्गत कुरो गरी जित्न खोज्नेलाई मूर्ख साबित गरी चूप लाग्न बाध्य गराउने स्थान।

निग्रही–वि० [सं०] १. निग्रह गर्ने; बन्द गर्ने। २. दमन गर्ने।

निग्राहक–ना० [सं०] अपराधीहरूलाई न्याय-विरुद्ध दण्ड दिने।

निघण्टु–ना० [सं०] १. शब्दहरूका पर्यायहरू सङ्ग्रह गरिएको कोश। २. वैदिक शब्द-कोश।

निघृष्ट–वि० [सं०] घोटिएको; रगेड़िएको।

निघ्न–वि० [सं०] १. वशमा पारिएको; अधीनस्थ। २. गुणन गरिएको; गुणित।

निचय–ना० [सं०] १. समूह; समुदाय। २. जम्मा गर्नु; सञ्चय। ३. निश्चय।

निचराइ–ना० [निचर्+आइ] निचर्ने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव; निचोराइ।

निचराइनु–स० क्रि० [निचराउ+आइ+नु] निचर्न लाइनु; ('निचराउनु'-को क० क्रि०)।

निचराउनु–स० क्रि० [निचर्+आउ+नु] निचर्न लाउनु; ('निचर्नु'-को प्रे० क्रि०)।

निचरिनु–अ० क्रि० [निचोर्+इ+नु] १. छिहिलिनु; पात्तिनु; इतरिनु। २. थिचिएर रस निस्किनु; निचोरिनु। ३. शोषित हुनु; ('निचर्नु'-को भा० क्रि०)। ४. विकसित हु नपाउनु।

निचर्नु–स० क्रि० [निचोर्] निचोर्नु।

निचर्याइ–ना० [निचरि+याइ] निचरिने किसिम, क्रिया वा भाव; निचराइ; निचर्याहट।

निचर्याहट–ना० [निचरि+याहट] निचरिने किसिम, क्रिया वा भाव; निचर्याइ।

निचित–वि० [सं०] १. जम्मा गरिएको; सञ्चित। २. ढाकिएको; व्याप्त।

निचुल–ना० [सं०] वेत।

निचोड़–ना० [निचोर] निचोर।

निचोर–ना० [निचोर्] १. निष्कर्ष; परिणाम। २. आखिर; अन्त्य। ३. सारांश; तेरीज।

निचोराइ–ना० [निचोर्+आइ] निचोर्ने किसिम, क्रिया वा भाव।

निचोराइनु–स० क्रि० [निचोराउ+आइ+नु] निचोर्न लाइनु; ('निचोर्नु'-को क० क्रि०)।

निचोराउनु–स० क्रि० [निचोर्+आउ+नु] निचोर्न लाउनु; ('निचोर्नु'-को प्रे० क्रि०)।

निचोरिनु–स०क्रि० [निचोर्+इ+नु] निचरिनु; ('निचोर्नु'-को क० क्रि०)।

निचोर्नु–स० क्रि०[सं० निक्षर्+नु] १. थिचेर रस निकाल्नु; अँठ्याएर रस चुहाउनु। २. थिच्नु; पेल्नु। ३. निथार्नु; भएभरको झिक्नु।

निचोर्याइ–ना० [निचोरि+याइ] निचोरिने किसिम, क्रिया वा भाव; निचोर्याहट।

निचोर्याहट–ना० [निचोरि+याहट] निचोरिने किसिम, क्रिया वा भाव; निचोर्याइ।

निचोल–ना० [सं०] १. ओढ्ने वस्त्र; पछ्यौरा। २. ढाक्ने कपड़ा। ३. तन्ना।

निचोलक–ना० [सं०] १. चोलो; भोटो। २. कवच।

निछाइ–ना० [निछाउ+आइ] निछाउने किसिम, क्रिया वा भाव।

निछाइनु–अ० क्रि० [निछाउ+इ+नु] नीच मारिनु; ('निछाउनु'-को भा० क्रि०)।

निछाउनु–अ० क्रि० [सं० नीच] १. नीच मार्नु; उपेक्षा गर्नु। २. विलम्ब गर्नु; ढिलाउनु। ३. आलस्य गर्नु।

निछ्याम–ना० [नें०] १. सन्नाटा; सूनसान। २. मध्याह्न।

निज–सर्वना० [सं०] १. आफू; स्वयं। २. सो; ऐजन। (वि०) ३. आफ्नो; स्वकीय। ४. मुख्य; प्रधान। ५. ठीक; यथार्थ।

निज़ामती–ना० [अ० निज़ामत+ई] प्रशासकीय र अदालती; जङ्गीबाहेकको; सिभिल (कर्मचारी, अड्डा आदि)।

निजायत–ना० [सं० निज] आफ्नोतर्फको काम; निजी काम; घरायस।

निजायती–वि० [निजायत+ई] निजायतको; घरेलु; निजी; घरायसी।

निजी–वि० [सं० निज+ई] १. आफ्नो; स्वकीय; निजायती। २. कुनै एक व्यक्ति वा वर्गसित मात्र सम्बन्ध भएको; व्यक्तिगत। ३. आफ्नोमात्र हकको।

निजी-सचिव–ना० [निजी+सचिव] विशिष्ट अधिकारीका साथमा रही सहायकका रूपमा काम गर्ने सचिव; प्राइभेट-सेक्रेटरी।

निजु–क्रि० यो० [सं० नित्य] सधैँ; नित्य; हमेशा।

निजोर–वि० [नि+जोर] नाजोर; कमजोर।

निटिल–ना० [सं०] निधार; पुर्पुरो; ललाट।

निठ्ठा–वि० [सं० निष्ठुर] १. रूखो; खस्रो (जवाफ)। २. निक्खुर।

निठुर–वि० [सं० निष्ठुर] नीठुर।

निठुरी–वि० [सं० निष्ठुर] नीठुरी।

निठुर्याइँ–ना० [निठुर+याइँ] निठुर हुनाको भाव; निष्ठुरता।

निडर–वि० [सं० नि+दर] डर नभएको; भय नमान्ने; शूरो।

नितम्ब–ना० [सं०] कम्मरदेखि मनिको शरीरको पछिल्लो अवयव; चाक; पुट्ठा।

नितम्ब-बिम्ब–ना० [सं०] गोलाकार नितम्ब; बाटुलो चाक।

नितम्बिनी–ना० [सं०] १. ठूलो र राम्रो नितम्ब भएकी स्त्री; नवयौवना सुन्दरी स्त्री। २. स्त्री; आइमाई। (वि०) ३. ठूलो नितम्ब हुने।

नितम्बी–वि० [सं०] ठूलो नितम्ब हुने; चाके।

नितराम्–वि० [सं०] १. ज्यादा; धेरै; अति। (क्रि० यो०) २. सधैँ; हमेशा।

नितान्त–क्रि० यो० [सं०] १. अत्यन्त; अत्यधिक। २. बिलकुल; सर्वथा।

नित्य–क्रि० यो० [सं०] १. दिनदिनै; दिनहुँ; प्रतिदिन। २. सधैँ; सर्वदा। ३. ईश्वर। ४. आत्मा। (वि०) ५. कहिल्यै नाश नहुने; अविनाशी।

नित्य-कर्म–ना० [सं०] १. प्रतिदिनको काम; दैनिक कर्म। २. शौच, स्नान, पूजा-पाठ आदि दिन-दिनै गरिने काम।

नित्य-कृत्य–ना० [सं०] नित्य-कर्म।

नित्य-क्रिया–ना० [सं०] नित्य-कर्म।

नित्यता–ना० [सं०] नित्य हुनाको भाव; अविनाशिता।

नित्यत्व–ना० [सं०] नित्य हुनाको भाव; अविनाशिता।

CC-0. In Public Domain. Digitization by eGangotri

नित्य-दान–ना० [सं०] प्रतिदिन गरिने दान; नित्यप्रतिको दान।

नित्य-नैमित्तिक-कर्म–वि० [सं०] १. नित्य र नैमित्तिक कर्म। (उदा०–प्रायश्चित्त, पर्व-श्राद्ध आदि।) २. नित्य-कर्म र संयोग-वश आइपरेका कामहरू।

नित्यप्रति–क्रि० यो० [सं०] प्रतिदिन; दिनहुँ।

नित्य-यज्ञ–ना० [सं०] दिन-दिनै गरिने यज्ञ; नित्यप्रति गरिने यज्ञ।

नित्यशः–क्रि० यो० [सं०] प्रतिदिन; दिनहुँ; हर-रोज।

नित्यानन्द–ना० [सं०] १. सधैँ भइरहने आनन्द। (वि०) २. सदा आनन्दसँग रहने।

नित्योदित–वि० [सं०] सदा उदय भइरहने।

नित्रेनी–ना० [सं० निस्त्राण] धेरै हिँड्र वा परिश्रमले भएको शरीरको ग्लानि; थकावट।

नित्र्यान्न–क्रि० यो० [नित्रेनी] नित्रेनी हुने किसिम; लस्त हुने किसिम; ग्लानि हुने किसिम।

नियाचूर–क्रि० यो० [निथाचूर्ण] निथाचूर्ण।

निथाचूर्ण–क्रि० यो० [निथ्रुक्क+चूर्ण] खूबसित भिज्ने किसिम; निथ्रुक्क; सतचूर्ण।

निथार–ना० [प्रा० णित्थार] निथ्रे र बाँकी रहेको वस्तु; अवशेष।

निथार-पिथार–ना० [निथार+पिथार (फाँ०)] निथ्रे र बचे-खुचेको वस्तु; अवशेष।

निथाराइ–ना० [निथार्+आइ] निथार्ने किसिम, क्रिया वा भाव।

निथारिनु–स० क्रि० [निथार्+इ+नु] पानी आदि तरल पदार्थ जम्मै चुहाइनु; बगाइनु; ('निथार्नु'-को भा० क्रि०)।

निथार्नु–स० क्रि० [निथार+नु] पानी आदि तरल पदार्थ जम्मै चुहाउनु वा बगाउनु।

निथ्रनु–अ० क्रि० [निथार+नु] पानी आदि तरल पदार्थ जम्मै चुहुनु वा बग्नु; निथ्रनु; टहकिनु।

निथ्राइ–ना० [निथ्र+आइ] निथ्रने किसिम, क्रिया वा भाव।

निथ्रिनु–अ० क्रि० [निथ्र+इ+नु] १. निथ्रनु। २. निथ्रिनु; ('निथ्रनु'-को भा० क्रि०)।

निथ्रुक्क–क्रि० यो० [ने०] पानी वा पसीनाले सर्वाङ्ग भिज्ने किसिम; निथाचूर्ण।

निथ्रेनी–ना० [निथ्र+एनी] निथ्रेर बाँकी रहेको थिग्रेनी; निथार।

निथ्र्याइ–ना० [निथ्रि+याइ] निथ्रिने किसिम, क्रिया वा भाव; निथ्राइ।

निथ्र्याइनु–स० क्रि० [निथ्र्याउ+आइ+नु] निथारिनु; ('निथ्र्याउनु'-को भा० क्रि०)।

निथ्र्याउनु–स० क्रि० [निथ्र+याउ+नु] निथार्नु।

निदर्शक–वि० [सं०] देखाउने; प्रदर्शक।

निदर्शन–ना० [सं०] १. देखाउने काम; प्रदर्शन। २. उदाहरण; उपमा; दृष्टान्त।

निदर्शना–ना० [सं०] दुइ भिन्न पदार्थहरूमा भिन्नता भए तापनि उपमाद्वारा तिनीहरूका सम्बन्धको कल्पना गर्दा हुने एक अर्थालङ्कार।

निदाइनु–अ० क्रि० [निदाउ+इ+नु] निद्रामा परिनु; सुतिनु; ('निदाउनु'-को भा० क्रि०)।

निदाउनु–अ० क्रि० [सं० निद्रा+आउ+नु] १. निद्रामा पर्नु; सुत्नु; भुसुल्टिनु। २. हात, गोडा आदिमा रक्त-सञ्चार बन्द भई झमझमाउनु।

निदाउरो–वि० [निदाउ+आउरो] भोक, प्यास वा थकाइले मलिन; अँध्यारो (मुख, व्यक्ति आदि)।

निदाघ–ना० [सं०] १. गर्मी; उष्णता। २. ग्रीष्म ऋतु।

निदान–ना० [सं०] १. आदिकारण; मुख्य हेतु। २. रोगीका रोगको निर्णय; रोग खुट्ट्याउनु। ३. निचोर; आखिर; अवसान। ४. शुद्धता। ५. बाछाको दाम्लो।

निदाल–ना० [नेवा० निना] दलिनहरू अड्याउनाका निम्ति दुइ गाह्राका बीचमा राखिने काठ, फलाम आदिको सत्तरी।

निदिष्ट–वि० [सं०] देखाइएको; निर्दिष्ट।

निदेश–ना० [सं०] १. आज्ञा; आदेश। २. कथन; उक्ति। ३. सामीप्य।

निद्रा–ना० [सं०] प्राणीहरूका जीवित अवस्थाका बीच-बीचमा अधिकांश चेतना-वृत्ति रोकिएर निश्चेष्ट भई शारीरिक, मानसिक आदि विश्राम प्राप्त भएको अवस्था; निदाएको अवस्था; नीद; सुप्ति।

निद्रालु–वि० [सं०] १. धेरै सुत्ने; सुताहा। २. निद्रा लागेको; निद्राले ग्रस्त।

निद्रित–वि० [सं०] निदाएको; सुतेको; सुप्त।

निद्वन्द्व–वि० [सं०] सन्देह-रहित।

निधन–ना० [सं०] १. नाश; विध्वंस। २. मृत्यु; मरण। ३. अन्त; समाप्ति। (वि०) ४. गरीब; दरिद्र; निर्धन।

निधन-क्रिया–ना० [सं०] अन्त्येष्टि-क्रिया।

निधार–ना० [प्रा० निलाड] आँखी-भौँदेखि माथि कपाल-सम्मको मुख (वदन)-को अवयव; पुर्पुरो; ललाट; चाँदो।

निधि–ना० [सं०] १. कुनै वस्तु अधिक मात्रामा भएको ठाउँ; खानि। २. गड़ल_धन। ३. कुवेरका नौ रत्न (पद्म, महा-पद्म, शङ्ख, मकर, कच्छप, मुकुन्द, कुन्द, नील र खर्व)। ४. समुद्र।

निधिनी–ना० [ने०] बन-झाँक्री-जातकी स्त्री; स्त्री बन-झाँक्री।

निधि-पति–ना० [सं०] कुवेर।

निधुवन–ना० [सं०] १. मैथुन। २. क्रीडा; केलि। ३. आमोद-प्रमोद।

निधो–ना० [सं० निर्णय] निश्चय; निर्णय; पक्कापक्की।

CC-0. In Public Domain. Digitization by eGangotri

निध्याइ–ना० [निध्याउ+आइ] निध्याउने किसिम, क्रिया वा भाव।

निध्याइनु–स० क्रि० [निध्याउ+इ+नु] निधो गरिनु; ('निध्याउनु'-को क० क्रि०)।

निध्याउनु–स० क्रि० [निधो+याउ+नु] सोध-पूछ गरी पक्कापक्की पार्नु; निधो गर्नु; निश्चय गर्नु।

निनद–ना० [सं०] शब्द; आवाज।

निनाद–ना० [सं०] शब्द; ध्वनि।

निनादित–वि० [सं०] शब्द निस्केको; ध्वनित।

निनादी–वि० [सं०] शब्द गर्ने; ध्वनि निकाल्ने।

निनाल–ना० [नेवा० निना] निदाल।

निनी–ना० [सं० निद्रा] सुत्ने काम; निद्रा; चिउँ (बालबोलीमा)।

निन्दक–वि० [सं०] निन्दा गर्ने; अर्काको दुर्गुण गाउने।

निन्दन–ना० [सं०] निन्दा गर्नु; निन्दा गर्ने काम।

निन्दनीय–वि० [सं०] निन्दा गर्न योग्य; तिरस्कार गर्न लायक; गर्ह्य।

निन्दा–ना० [सं०] १. कुनै व्यक्ति वा वस्तुका दोषको वर्णन; दोष-कथन। २. झूटो दोष देखाउनु; कलङ्क प्रकट गर्नु। ३. तिरस्कार; हेला; घृणा। ४. अपवाद; बदनामी।

निन्दित–वि० [सं०] निन्दा गरिएको; तिरस्कृत।

निन्दु–ना० [सं०] १. मरेको बच्चा जन्माउने स्त्री। २. छोराछोरी मर्ने स्त्री; मृत-वत्सा।

निन्दो-चर्चो–ना० [निन्दा+चर्चा] १. अर्काको खराब कुरोको नचाहिँदो चर्चा; नचाहिँदा कुराको खोजी-नीति; चेवा-चर्चा। २. बदख्वाइँ; बदनामी।

निन्द्य–वि० [सं०] निन्दा गर्न योग्य; निन्दनीय।

निन्द्रा–ना० [सं० निद्रा] निद्रा।

निन्द्रालु–वि० [सं० निद्रालु] निद्रालु।

निन्याउरो–वि० [निदाउरो] निदाउरो।

निप–ना० [सं०] १. कदमको रूख। २. पानीको घड़ा।

निपतन–ना० [सं०] तल आउनु; झर्नु; गिर्नु।

निपतित–वि० [सं०] तल झरेको; खसेको।

निपर्सि–क्रि० यो० [सं० नि+परस्व] पर्सिको भोलिपल्ट; निकोर्सि।

निपात–ना० [सं०] १. खस्नु; गिर्नु; पतन। २. अधः-पतन। ३. नाश; सखाप।

निपातन–ना० [सं०] १. खस्ने काम; पतन। २. पिट्नु; चुट्नु। ३. नाश गर्नु।

निपातित–वि० [सं०] १. खसालिएको; गिराइएको। २. नाश गरिएको; विनष्ट।

निपान–ना० [सं०] १. पोखरी; तलाउ। २. कूवा; कूप। ३. दूध दुहुने भाँडो।

निपीडक–वि० [सं०] १. अति दुःख दिने; कष्ट दिने। २. माड्ने; मर्दन गर्ने। ३. पेल्ने; थिच्ने।

निपीडन–ना० [सं०] १. अत्यधिक दुःख दिनु। २. निचोर्नु; माड्नु।

निपीडित–वि० [सं०] १. अति पीडित। २. दबाइएको; थिचिएको। ३. पेलिएको। ४. मर्दन गरिएको।

निपुण–वि० [सं०] १. सिपालु; काममा चतुर; कुशल। २. ठीक।

निपुणता–ना० [सं०] निपुण हुनाको भाव; दक्षता; कार्य-कुशलता।

निप्टनु–अ० क्रि० [प्रा० निवट्टण] निब्टनु।

निफन-नाफन–ना० [निफन्+नाफन (फाँ०)] निफन्ने काम।

निफनाइ–ना० [निफन्+आइ] निफन्ने किसिम, क्रिया वा भाव।

निफनाइनु–स० क्रि० [निफनाउ+आइ+नु] निफन्न लाइनु; ('निफनाउनु'-को क० क्रि०)।

निफनाउनु–स० क्रि० [निफन्+आउ+नु] निफन्न लाउनु; ('निफन्नु'-को प्रे० क्रि०)।

निफनिनु–स० क्रि० [निफन्+इ+नु] निफन्ने काम गरिनु; ('निफन्नु'-को क० क्रि०)।

निफन्नु–स० क्रि० [सं० निष्पू+नु] १. नाङ्लामा हाली चलाएर अन्न आदिमा मिसिएको धूलो, कसिङ्गर, भूस आदि छुट्ट्याउनु। २. अर्काको कुरा काट्नु; निन्दो-चर्चो गर्नु।

निफर–वि० [सं० निर्बल] कमजोर; निर्धो; नाजुक।

निफुल्कनु–अ० क्रि० [सं० निःशल्क] बढ़े-चढ़ेको हुनु; मात्तिनु; पात्तिनु; फुर्कनु।

निफुल्काइ–ना० [निफुल्क+आइ] निफुल्कने किसिम, क्रिया वा भाव।

निफुल्किइनु–अ० क्रि० [निफुल्कि+इ+नु] बढ़े-चढ़ेको होइनु; ('निफुल्किनु'-को भा० क्रि०)।

निफुल्किनु–अ० क्रि० [निफुल्क+आइ+नु] १. निफुल्कनु। २. बढ़े-चढ़ेको होइनु; ('निफुल्कनु'-को भा० क्रि०)।

निफुल्क्याइ–ना० [निफुल्कि+याइ] निफुल्किने किसिम, क्रिया वा भाव; निफुल्क्याहट।

निफुल्क्याइ–ना० [निफुल्क्याउ+आइ] निफुल्क्याउने किसिम, क्रिया वा भाव।

निफुल्क्याइनु–स० क्रि० [निफुल्क्याउ+आइ+नु] निफुल्कने पारिनु; ('निफुल्क्याउनु'-को क० क्रि०)।

निफुल्क्याउनु–स० क्रि० [निफुल्कि+याउ+नु] १. निफुल्कने पार्नु। २. पुलपुल्याउनु; मत्याउनु; ('निफुल्किनु'-को प्रे० क्रि०)। ३. उपहास वा व्यङ्ग्यपूर्वक कसैलाई 'खूब गरिस्' भन्नु; खुत्त्याउनु।

निफुल्क्याहट–ना० [निफुल्कि+याहट] निफुल्किने किसिम, क्रिया वा भाव; निफुल्क्याइ।

निब–ना० [अं०] होल्डर वा फाउन्टेन-पेनहरूमा जड़ेर लेख्ने धातुको टाँका भएको अवयव।

निबद्ध–वि० [सं०] १. बाँधिएको; बद्ध। २. गाँसिएको;

CC-0. In Public Domain. Digitization by eGangotri

उनिएको। ३. लेखिएको; लिखित। ४. जड़िएको; जटित।

निबन्ध–ना० [सं०] १. कुनै विषयमा सम्बन्धित मत, विचार, सिद्धान्त आदिको तुलनात्मक र पाण्डित्यपूर्ण विवेचना गरिएको भावना-युक्त लेख। २. राम्ररी बाँध्ने काम; बन्धन।

निबन्धन–ना० [सं०] १. बाँध्ने काम; बन्धन। २. लेख; रचना। ३. रोक्ने काम; अवरोध।

निबिड–वि० [सं०] १. बाक्लो; घना। २. कठिन।

निबुवा–ना० [सं० निम्बूक] लाम्चो किसिमको एक प्रकारको अमिलो ठूलो फल।

निब्टनु–अ० क्रि० [प्रा० निवट्टण+नु] १. कुनै काम, कुरो आदि सिद्धिनु; तामेल हुनु। २. काम-कुरोबाट फुर्सद पाउनु।

निब्टाइ–ना० [निब्ट+आइ] निब्टने किसिम, क्रिया वा भाव; निब्टचाइ।

निब्टाइनु–स० क्रि० [निब्टाउ+आइ+नु] तामेल गराइनु; ('निब्टाउनु'-को क० क्रि०)।

निब्टाउनु–स० क्रि० [निब्ट+आउ+नु] तामेल गराउनु; ('निब्टनु'-को प्रे० क्रि०)।

निब्टिनु–अ० क्रि० [निब्ट+इ+नु] १. निब्टनु। २. तामेल होइनु; ('निब्टनु'-को भा० क्रि०)।

निब्टचाइ–ना० [निब्टचाउ+आइ] निब्टचाउने किसिम, क्रिया वा भाव।

निब्टचाइ–ना० [निब्टि+याइ] निब्टिने किसिम, क्रिया वा भाव; निब्टाइ।

निब्टचाइनु–स० क्रि० [निब्टचाउ+आइ+नु] निब्टिने पारिनु; ('निब्टचाउनु'-को क० क्रि०)।

निब्टचाउनु–स० क्रि० [निब्टि+याउ+नु] १. कुनै काम, कुरो आदि सिद्धचाउनु; तामेल गर्नु। २. खतम गर्नु; समाप्त गर्नु; ('निब्टिनु'-को प्रे० क्रि०)।

निभ–वि० [सं०] १. समान; तुल्य। २. साह्रै तेजिलो; अति चम्किलो।

निभा–ना० [ने०] एक जातको बाँस।

निभाइ–ना० [निभ्+आइ] निभ्ने किसिम, क्रिया वा भाव।

निभाइ–ना० [निभाउ+आइ] निभाउने किसिम, क्रिया वा भाव।

निभाइनु–स० क्रि० [निभाउ+इ+नु] निभ्न लाइनु; ('निभाउनु'-को क० क्रि०)।

निभाउनु–स० क्रि० [निभ्+आउ+नु] १. बत्ती, आगो आदि मार्नु; निभ्ने पार्नु। २. निस्तेज गराउनु; मलिन पार्नु। ३. मार्नु। ४. काम सिद्ध गर्नु; तामेल गर्नु; ('निभ्नु'-को प्रे० क्रि०)।

निभिनु–अ० क्रि० [निभ्+इ+नु] आगो, बत्ती आदि बल्न छोड़िनु; ('निभ्नु'-को भा० क्रि०)।

निभृत–वि० [सं०] १. राखिएको। २. निश्चल; स्थिर। ३. लुकेको; गुप्त। ४. नम्र; विनीत। ५. शान्त; धीर। ६. भरेको; भरिभराउ।

निभ्नु–अ० क्रि० [सं० निर्वाण+नु] १. आगो, बत्ती आदि मर्नु; बल्न छोड्नु। २. सिद्धिनु; समाप्त हुनु; टुङ्गिनु (झगड़ा आदि)। ३. तेज घट्नु; निस्तेज हुनु। ४. मर्नु; मृत्यु हुनु।

निमक–ना० [फा० नमक] १. नून; लवण। २. सरकार, मालिक आदिबाट पाएको अन्न-पानी; जीविका; नमक।

निमक-हराम–वि० [निमक+हराम] निमकको सोझो नगर्ने; कृतघ्न; नमक-हराम।

निमक-हरामी–ना० [निमक-हराम+ई] निमक-हरामको काम वा भाव; कृतघ्नता।

निमक-हलाल–वि० [निमक+हलाल (अ०)] निमकको सोझो चिताउने; कृतज्ञ।

निमग्न–वि० [सं०] १. डुबेको; मग्न। २. तल्लीन; तन्मय।

निमज्जन–ना० [सं०] गोता लाउनु; डुबुल्की मार्नु।

निमज्जित–वि० [सं०] डुबेको।

निमठाइ–ना० [निमठ्+आइ] निमठ्ने किसिम, क्रिया वा भाव; निमोठाइ।

निमठिनु–अ० क्रि० [निमठ्+इ+नु] १. बाटिनु; बटारिनु; २. बाङ्गिनु; टेढ़िनु। ३. मेलमा नआउनु। ४. निमोठिनु; ('निमठ्नु'-को क० क्रि०)।

निमठ्नु–स० क्रि० [निमोठ्+नु] निमोठ्नु।

निमठचाइ–ना० [निमठि+याइ] निमठिने किसिम, क्रिया वा भाव; निमोठचाइ।

निमठचाइनु–स० क्रि० [निमठचाउ+आइ+नु] निमठ्न लाइनु; ('निमठचाउनु'-को क० क्रि०)।

निमठचाउनु–स० क्रि० [निमठ्+याउ+नु] निमोठचाउनु; ('निमठ्नु'-को प्रे० क्रि०)।

निमठचाहट–ना० [निमठि+याहट] निमठिने किसिम, क्रिया वा भाव; निमठ्याइ।

निमन–ना० [सं० नियमन] १. निको; सन्चो; आराम। (वि०) २. सफा; चोखो। ३. बेस; असल।

निमन्त्रक–वि० [सं०] निमन्त्रणा गर्ने; निम्तो दिने; बोलाउने।

निमन्त्रण–ना० [सं०] निम्तो; निमन्त्रणा।

निमन्त्रण-पत्र–ना० [सं०] निमन्त्रणा-पत्र।

निमन्त्रणा–ना० [सं०] भोज, उत्सव, आदि काममा कसैलाई नियत समयमा आउन गरिएको अनुरोध; निम्तो।

निमन्त्रणा-पत्र–ना० [सं०] निमन्त्रणा लेखिएको पत्र।

निमन्त्रित–वि० [सं०] निम्तो गरिएको; बोलाइएको।

निमारो–ना० [ने०] तिमिलो।

निमिटचान्न–ना० [निमिटचान्न] बिलकुल नहुनु; अभाव; समाप्ति।

निमित्त–ना० [सं०] १. कारण; हेतु। २. साधन-भूत कारण। ३. लक्ष्य; उद्देश्य। ४. शकुन; लक्षण। (अव्य०) ५. लागि; निम्ति।

निमित्त-कारण–ना० [सं०] समवायी र असमवायी कारण-

CC-0. In Public Domain. Digitization by eGangotri

देखि भिन्न कारण। (उदा०–घड़ा बनाउनलाई कुह्माले, चक्र आदि।)

निमिन्याट्ट–ना० [नामेट] निमिट्चान्न।

निमिष–ना० [सं०] १. आँखा झिम्म गर्नु; पलक मार्नु। २. झिम्म गर्दा लाग्ने समय; क्षण।

निमीलित–वि० [सं०] १. चिम्लिएको; बन्द गरिएको (आँखो)। २. मृत; मरेको।

निमुखा–वि० [नि+मुख+आ] अज्ञान, धक, लाज डर आदिका कारणले मौकामा बोल्न नसक्ने; सीधा-साधा।

निमेक–ना० [निमक] १. नून; निमक। २. ज्याला; पारिश्रमिक। ३. लग; मेलो।

निमेकी–वि० [निमेक+ई] ज्यालादार; ज्यामी।

निमेष–ना० [सं०] १. आँखा झिम्म गर्नु; पलक मार्नु। २. आँखा झिम्म गर्दाको समय; क्षण।

निमेषण–ना० [सं०] आँखा झिम्म गर्नु।

निमोठाइ–ना० [निमोठ्+आइ] निमोठ्ने किसिम, क्रिया वा भाव।

निमोठिनु–अ० क्रि० [निमोठ्+इ+नु] १. निमठ्नु। (स० क्रि०) २. निमोठ्ने होइनु; ('निमोठ्नु'-को क० क्रि०)।

निमोठ्नु–स० क्रि० [प्रा० निम्मोडण+नु] १. बेसरी समातेर बाटिने गरी घुमाउनु; बटार्नु। २. मुन्टो भाँच्नु। ३. बटारेर भाँच्नु। ४. बटारेर निचोर्नु (कपड़ा आदि)। (अ० क्रि०) ५. आन्द्रा बटारिएजस्तै गरी पेट दुख्नु; उमेठिनु।

निमोठ्याइ–ना० [निमोठि+याइ] निमोठिने किसिम, क्रिया वा भाव; निमठ्याइ।

निमोठ्याइनु–स० क्रि० [निमोठ्याउ+आइ+नु] निमठ्याइनु; ('निमोठ्याउनु'-को क० क्रि०)।

निमोठ्याउनु–स० क्रि० [निमोठ्+याउ+नु] निमठ्याउनु।

निमोठ्याहट–ना० [निमोठि+याहट] निमोठिने किसिम, क्रिया वा भाव; निमोठ्याइ।

निमोनियाँ–ना० [अं० न्यूमोनियाँ] छातीभित्र चिसो पसेर फोक्सोमा सूज भई दम र तीव्र ज्वर हुने एक रोग।

निम्की–ना० [निमक+ई] १. नून हाली बनाइएको मैदाको एक प्रकारको रोटी। २. कागतीमा नून, बिरेनून र मसला हाली वा नहाली बनाएको एक प्रकारको अचार।

निम्छरो–ना० [नें०] एकलास; सूनसान।

निम्ठिइनु–अ० क्रि० [निम्ठि+इ+नु] निम्ठो होइनु; ('निम्ठिनु'-को भा० क्रि०)।

निम्ठिनु–अ० क्रि० [निम्ठो+इ+नु] बिटसम्म भरिनु; निम्ठो हुनु।

निम्ठो–ना० [निमोठ्] माना, पाथी आदिमा बिटसम्मको भराइ; झुसी काटी बिटसम्म पारेको भराइ।

निम्ठ्याइ–ना० [निम्ठ्याउ+आइ] निम्ठ्याउने किसिम, क्रिया वा भाव।

निम्ठ्याइ–ना० [निम्ठि+याइ] निम्ठिने किसिम, क्रिया वा भाव।

निम्ठ्याइनु–स० क्रि० [निम्ठ्याउ+आइ+नु] बिटसम्म आउने गरी भरिनु; ('निम्ठ्याउनु'-को क० क्रि०)।

निम्ठ्याउनु–स० क्रि० [निम्ठो+याउ+नु] बिटसम्म आउने गरी भर्नु; निम्ठो पारी भर्नु।

निम्तनु–स० क्रि० [निम्तो+नु] निम्तो गर्नु; निम्त्याउनु।

निम्ताइ–ना० [निम्त+आइ] निम्तने किसिम, क्रिया वा भाव; निम्त्याइ।

निम्तारो–वि० [निम्तो+आरो] निम्तो गरिएको; निमन्त्रित।

निम्ति–ना० यो० [सं० निमित्त] लागि; खातिर; निमित्त।

निम्तिनु–स० क्रि० [निम्त+इ+नु] निम्तो गरिनु; ('निम्तनु'-को क० क्रि०)।

निम्तो–ना० [सं० निमन्त्रण] कुनै समारोह, भोज, उत्सव आदिमा सम्मिलित हुन कसैलाई बोलाउने काम; निमन्त्रणा।

निम्त्याइ–ना० [निम्त्याउ+आइ] निम्त्याउने किसिम, क्रिया वा भाव।

निम्त्याइनु–स० क्रि० [निम्त्याउ+आइ+नु] निम्तो गरिनु; ('निम्त्याउनु'-को क० क्रि०)।

निम्त्याउनु–स० क्रि० [निम्त+याउ+नु] निम्तो गर्नु; निमन्त्रणा गर्नु; बोलाउनु।

निम्न–वि० [सं०] १. तलतिरको; तल्लो। २. गहिरो; गभीर।

निम्नगा–ना० [सं०] नदी।

निम्न-लिखित–वि० [सं०] तल लेखिएको; निम्नाङ्कित।

निम्नाङ्कित–वि० [सं०] तल लेखिएको; निम्न-लिखित।

निम्नोन्नत–वि० [सं०] होचो-अग्लो; अड़बे-खड़बे (जमीन)।

निम्ब–ना० [सं०] नीम (बोट)।

निम्बार्क–ना० [सं०] १. एक प्रसिद्ध वैष्णव आचार्य। २. उनैले चलाएको मत।

निम्बू–ना० [सं०] १. निबुवा। २. कागती।

निम्बूक–ना० [सं०] १. निबुवा। २. कागती।

नियत–वि० [सं०] १. नियम, प्रथा, बन्देज आदिद्वारा निश्चय गरिएको; नियम-बद्ध। २. तोकिएको; तय गरिएको; निश्चित; निर्धारित। (ना०) ३. नियुक्त गर्ने काम।

नियतात्मा–वि० [सं०] आफूमा नियन्त्रण राख्ने; संयमी; जितेन्द्रिय।

नियति–ना० [सं०] १. नियत हुनाको क्रिया वा भाव। २. नियमन। ३. भाग्य; प्रारब्ध। ४. आत्म-संयम। ५. भवितव्यता। ६. प्रकृति।

नियतिवाद–ना० [सं०] भाग्यवाद।

नियतिवादी–वि० [सं०] भाग्यवादी।

नियतेन्द्रिय–वि० [सं०] इन्द्रियहरूलाई वशमा राख्ने; जितेन्द्रिय।

CC-0. In Public Domain. Digitization by eGangotri

नियन्तव्य–वि० [सं०] नियममा राख्न योग्य; नियमन गर्न लायक।

नियन्ता–वि० [सं०] १. नियमन गर्ने; नियन्त्रणमा राख्ने; व्यवस्थापक। २. शासक। ३. शिक्षक। (ना०) ४. सञ्चालक। ५. माहुते। ६. परमेश्वर।

नियन्त्रण–ना० [सं०] १. नियम वा कुनै किसिमको बन्धनमा राख्नु; व्यवस्थित गर्नु। २. आफ्ना अधीनमा राखेर वा आफ्ना देख-रेखमा कुनै कार्य वा व्यापार सञ्चालन गर्नु।

नियन्त्रित–वि० [सं०] नियन्त्रणमा राखिएको; व्यवस्थित; नियम-बद्ध।

नियम–ना० [सं०] १. नीति, विधि, धर्म आदिद्वारा कुनै व्यवहार वा आचरणका विषयमा निश्चय गरिएको सिद्धान्त; रूल; कायदा। २. ऐनका अन्तर्गतको कार्य-सञ्चालनको विधि; सवाल। ३. परम्परागत रीति वा व्यवस्था। ४. पवित्रता, सन्तोष, तपस्या, स्वाध्याय र ईश्वर-चिन्तन गरिने योगका आठ अङ्गमध्ये एक।

नियमन–ना० [सं०] १. नियममा राख्ने काम; नियम-बद्ध गर्नु। २. वशमा राख्ने काम; नियन्त्रण। ३. दमन; निग्रह।

नियम-निष्ठा–ना० [सं०] नियममा कट्टर रहनु; नियममा आस्था राख्नु।

नियम-पत्र–ना० [सं०] नियमावली।

नियमपर–वि० [सं०] नियमको पालन गर्ने; नियममा रहेको।

नियम-बद्ध–वि० [सं०] १. नियममा बाँधिएको वा व्यवस्थित गरिएको। २. नियमअनुसार चल्ने वा हुने।

नियमित–वि० [सं०] १. नियममा बाँधिएको; नियम-बद्ध। २. नियमबमोजिम; कायदाअनुसार। ३. निश्चित। ४. बराबर ठीक-ठीक समयमा भइरहने।

नियमी–वि० [सं०] नियममा रहने; नियमअनुसार चल्ने।

नियाँ–ना० [सं० न्याय] न्याय।

नियामक–ना० [सं०] १. नियम बनाउने; नियम बाँध्ने। २. प्रबन्ध गर्ने; व्यवस्थापक। ३. नियमन गर्ने; नियन्ता। ४. माझी; मल्लाह। ५. सारथी।

नियालाइ–ना० [नियाल्+आइ] नियाल्ने किसिम, क्रिया वा भाव।

नियालिनु–स० क्रि० [नियाल्+इ+नु] गड़ेर हेरिनु; ('नियाल्नु'-को क० क्रि०)।

नियाल्नु–स० क्रि० [सं० निरीक्षण+नु] गड़ेर हेर्नु; ठम्याउनु।

नियुक्त–वि० [सं०] १. लगाइएको; नियोजित्त। २. जोतिएको। ३. भर्ना गरिएको; भर्ती गरिएको। ४. प्रेरणा दिइएको; प्रेरित।

नियुक्ति–ना० [सं०] नियुक्त गर्ने काम; भर्ना; भर्ती।

नियुत–ना० [सं०] १. एक लाखको सङ्ख्या। २. दश लाखको सङ्ख्या। (वि०) ३. एक लाखको। ४. दश लाखको।

नियोक्ता–वि० [सं०] नियुक्त गर्ने; नियोजक।

नियोग–ना० [सं०] १. काममा लगाउनु; प्रवृत्त गर्नु। २. नियुक्त गर्नु। ३. प्रेरणा दिनु। ४. आज्ञा।

नियोगी–वि० [सं०] १. नियुक्त गरिएको; काममा लगाइएको। २. नियोग गर्ने।

नियोजक–ना० [सं०] काममा लगाउने व्यक्ति; नियोक्ता।

नियोजन–ना० [सं०] काममा लाउनु; नियुक्त गर्नु।

नियोजित–वि० [सं०] काममा लगाइएको; नियुक्त।

निर्–उप० [सं०] शब्दका अगिल्तिर लागेर विभिन्न अर्थ बुझाउने एक उपसर्ग।

निरंश–वि० [सं०] अंश नपाउने; अंशबाट वञ्चित भएको।

निर–ना० यो० [सं० निकट] नजीक; नेर; समीप।

निरक्षर–वि० [सं०] १. अक्षर नजान्ने; अपढ़; अपठित। २. मूर्ख; गँवार।

निरक्षर-भट्टाचार्य–ना० [सं०] अक्षर नजान्ने व्यक्ति; अपठित मानिस; मूर्ख।

निरख–ना० [फा० निर्ख़] दर; भाउ।

निरग्नि–वि० [सं०] अग्नि-होत्र नगर्ने; अग्नि-होत्र गर्न छोड़ेको।

निरघ–वि० [सं०] पाप नभएको; निष्पाप।

निरङ्कुश–वि० [सं०] अङ्कुश-नियन्त्रण वा प्रतिबन्ध नभएको; कुनै किसिमको बन्धन नभएको; स्वेच्छाचारी।

निरङ्ग–वि० [सं०] १. कुनै एक अङ्ग नभएको; अङ्ग-हीन। २. मिसावट नभएको; शुद्ध।

निरञ्जन–वि० [सं०] १. गाजल नलाएको; अञ्जन-रहित। २. दोष नभएको; निष्कल्मष। (ना०) ३. परमात्मा।

निरञ्जनी–ना० [सं०] संन्यासीहरूको एक सम्प्रदाय।

निरत–वि० [सं०] कुनै काममा लागेको; तल्लीन; तन्मय।

निरति–ना० [सं०] १. अतिशय रति; अधिक अनुराग। २. लीन हुनाको भाव; तल्लीनता।

निरनुनासिक–वि० [सं०] अनुनासिक नभएको; उच्चारण गर्दा नासिका-स्थानसँग सम्बन्ध नहुने।

निरन्तर–वि० [सं०] १. बीचमा अन्तर नपरेको; अविच्छिन्न। २. लगातार हुने; बराबर हुने। ३. नित्य; स्थायी। (क्रि० यो०) ४. एकपछि अर्को; लगातार।

निरन्तराल–वि० [सं०] बीचमा अन्तर नभएको; निरवकाश।

निरन्वय–वि० [सं०] १. सन्तान नभएको; निस्सन्तान। २. असम्बद्ध। ३. असङ्गत।

निरपत्रप–वि० [सं०] लाज नभएको; निर्लज्ज; पात्तिएको।

निरपराध–वि० [सं०] १. अपराध नगरेको; बेकसूर; निर्दोष। (क्रि० यो०) २. कुनै अपराध नगरीकन; बेकसूरमा।

निरपराधी–वि० [सं० निरपराध] निरपराध।

निरपवाद–वि० [सं०] १. निर्दोष; निष्कलङ्क। २. सबै ठाउँमा समान रूपले लागू हुने।

निरप-शालि–ना० [सं०] झिनुवा धान।

निरपेक्ष–वि० [सं०] १. कुनै कुरोको चाहना नगर्ने; अपेक्षा

CC-0. In Public Domain. Digitization by eGangotri

नगर्ने। २. आफ्नै भरोसामा रहेको; स्वावलम्बी। ३. आशा, तृष्णा आदिबाट मुक्त; विरक्त। ४. कुनै कुरोको परवाह नगर्ने; उदासीन; तटस्थ।

निरपेक्षा–ना० [सं०] १. उपेक्षा। २. उदासीनता।

निरपेक्षित–वि० [सं०] अपेक्षा नगरिएको; वास्ता नराखिएको; उपेक्षित।

निरपेक्षी–वि० [सं०] १. उपेक्षा गर्ने; परवाह नगर्ने। २. उदासीन।

निरभिमान–वि० [सं०] अभिमान नभएको; घमन्ड-रहित।

निरभिमानी–वि० [सं० निरभिमान] निरभिमान।

निरभिलाष–वि० [सं०] कुनै कुरोको चाह नगर्ने; इच्छा नगर्ने; निरीह।

निरय–ना० [सं०] नरक।

निरर्गल–वि० [सं०] १. आग्लो नलागेको। २. कुनै किसिमको रोक वा नियन्त्रण नलागेको; प्रतिबन्ध-रहित। ३. गति वा प्रवाह नरोकिएको; स्वच्छन्द। ४. निर्विघ्न।

निरर्थ–वि० [सं०] निरर्थक।

निरर्थक–वि० [सं०] १. कुनै अर्थ नभएको; बेमतलबको। २. वास्ता नभएको; निष्प्रयोजनको। ३. व्यर्थ; बेकम्मा। (ना०) ४. छन्द-पूर्तिका निम्ति अर्थ नभएका शब्दहरू प्रयोग गर्दा हुने काव्यको एक दोष।

निरलस–वि० [सं०] आलस्य नभएको; जाँगरिलो।

निरवकाश–वि० [सं०] अवकाश नभएको; अवकाश-रहित।

निरवग्रह–वि० [सं०] १. प्रतिबन्ध नलागेको; निरर्गल। २. बाधा-रहित; निर्विघ्न। ३. खड्डेरी नपरेको।

निरवच्छिन्न–वि० [सं०] सिलसिला वा क्रम भङ्ग नभएको; निरन्तर; अविच्छिन्न; लगातार।

निरवद्य–वि० [सं०] १. दोष-रहित; निर्दोष। २. उत्कृष्ट; उत्तम।

निरवधि–वि० [सं०] अवधि वा सीमा नभएको; अपार; असीम।

निरवयव–वि० [सं०] १. अवयव नभएको; अङ्ग-रहित। २. निराकार।

निरवलम्ब–वि० [सं०] १. कोही सहारा नभएको; निस्सहाय। २. निराश्रय।

निरवशेष–वि० [सं०] समस्त; सम्पूर्ण।

निरव्यय–वि० [सं०] नाश नहुने; अविनाशी।

निरशन–वि० [सं०] १. नखाएको; निराहार। (ना०) २. केही नखानु; उपवास; लङ्घन।

निरस–वि० [सं०] १. रस नभएको; विरस; नीरस। २. स्वाद नभएको; बेस्वादको। ३. सार नभएको; सार-हीन। ४. रूखो-सूखो। ५. विरक्त।

निरसन–ना० [सं०] १. फाल्नु; फ्याँक्नु। २. निकाल्नु। ३. नाश गर्नु।

निरस्त–वि० [सं०] १. फालिएको; फ्याँकिएको। २. त्याग गरिएको; त्यक्त। ३. निकालिएको। ४. नाश गरिएको। ५. नभएको; रहित।

निरस्त्र–वि० [सं०] हतियार नभएको; निःशस्त्र।

निरस्त्रीकरण–ना० [सं०] निरस्त्र पार्ने काम।

निरस्त्रीकृत–वि० [सं०] निरस्त्र पारिएको।

निरस्थि–वि० [सं०] हाड़ नभएको।

निरहङ्कार–वि० [सं०] अहङ्कार नभएको; निरभिमान।

निरहङ्कृत–वि० [सं०] निरहङ्कार।

निराकरण–ना० [सं०] १. हटाउनु; निकाल्नु। २. सोच-विचार गरी कुनै कुरोको निर्णय गर्नु; विवेकपूर्वक परिणाम निकाल्नु। ३. खण्डन।

निराकाङ्क्ष–वि० [सं०] आकाङ्क्षा नभएको; निरपेक्ष; इच्छा-रहित।

निराकाङ्क्षी–वि० [सं०] आकाङ्क्षा नभएको; निस्पृह; अनिच्छुक।

निराकार–वि० [सं०] १. आकार नभएको; रूप नभएको। २. कुरूप; नराम्रो। (ना०) ३. ब्रह्म; ईश्वर। ४. आकाश।

निराकाश–वि० [सं०] अलिकति पनि खाली स्थान नभएको; ठोस; घना।

निराकुल–वि० [सं०] १. नडराएको; निडर; निर्भय। २. शान्त; धीर।

निराकृत–वि० [सं०] निराकरण गरिएको।

निराकृति–ना० [सं०] १. निराकरण। (वि०) २. विना-आकारको; निराकार। ३. नराम्रो; कुरूप।

निराकृती–वि० [सं०] निराकरण गर्ने।

निराक्रन्द–वि० [सं०] १. कराएको सुन्ने मानिस नभएको (स्थान)। २. रक्षा वा सहायता गर्ने नभएको (स्थान)। ३. बोलाएको वा कराएको नसुन्ने। ४. रक्षक वा सहायक नभएको। ५. बोलाएको वा कराएको नसुनिने। ६. सहायक नभएको।

निराग–वि० [सं०] १. राग-रहित; विराग। २. पाप-रहित; निरपराध।

निरातङ्क–वि० [सं०] १. भय नभएको; निडर। २. नीरोग; स्वस्थ।

निरादर–वि० [सं०] १. आदर नभएको; आदर-रहित। २. अपमान-जनक। (ना०) ३. अपमान; अनादर; बेइज्जती।

निराधार–वि० [सं०] १. आधार नभएको; आश्रय-रहित। २. सहारा नभएको; निस्सहाय। ३. प्रमाणबाट सिद्ध हुन नसक्ने; प्रमाण नभएको। ४. जीविकाको बाटो नभएको।

निरापद्–वि० [सं०] आपद् नभएको; निर्विघ्न; सुरक्षित।

निरामय–वि० [सं०] १. रोग नभएको; नीरोग; तन्दुरुस्त। २. निर्दोष; निर्मल। (ना०) ३. जङ्गली बाख्रो।

निरामिष–वि० [सं०] १. मासु नभएको; मांस-रहित। २.

CC-0. In Public Domain. Digitization by eGangotri

मासु नखाने। ३. आमिष-रहित।

निरालम्ब–वि० [सं०] १. सहारा नभएको; निराधार। २. निराश्रय। (ना०) ३. ब्रह्म।

निरालस्य–वि० [सं०] आलस्य नभएको; आलस्य-रहित।

निराला–ना० [सं०] १. कुनै मानिस नभएको ठाउँ; एकान्त स्थान। (वि०) २. कुनै मानिस वा बस्ती नभएको; निर्जन। ३. एकदेखि अरू भिन्न किसिमको अरू केही वा कुनै नभएको; आफ्नै ढङ्गको। ४. अद्‌भुत; विलक्षण। ५. अपूर्व।

निरावरण–वि० [सं०] १. आवरण नभएको; खुला। २. नाङ्गो।

निरावृत–वि० [सं०] नढाकिएको; खुला।

निराश–वि० [सं०] १. आशा नभएको; आशा-रहित। २. उमेद नभएको।

निराशा–ना० [सं०] आशाको अभाव; आस मर्नु।

निराश्रय–वि० [सं०] १. आश्रय नभएको; आधार-हीन। २. असहाय। ३. निर्लिप्त।

निराहार–ना० [सं०] १. केही पनि नखानु; व्रत बस्नु; लङ्घन; अनशन। (वि०) २. केही नखाएको; भोको।

निरीक्षक–ना० [सं०] निरीक्षण गर्ने व्यक्ति; ध्यानपूर्वक हेर्ने व्यक्ति।

निरीक्षण–ना० [सं०] १. देख-रेख गर्नु; गड़ेर हेर्ने काम। २. जाँच गर्नु; परीक्षण।

निरीक्षणीय–वि० [सं०] निरीक्षण गर्न योग्य; अवलोकनीय।

निरीक्षित–वि० [सं०] १. देख-रेख गरिएको; निरीक्षण गरिएको। २. जाँचिएको; परीक्षा गरिएको।

निरीक्ष्य–वि० [सं०] निरीक्षण गर्न योग्य; देख-रेख गर्न योग्य।

निरीक्ष्यमाण–वि० [सं०] निरीक्षण गरिन लागेको; देख-रेख गरिन लागेको।

निरीश्वर–वि० [सं०] १. ईश्वरीय अस्तित्वको खण्डन भएको; ईश्वर छैन भन्ने प्रतिपादन गरिएको। २. ईश्वर नमान्ने; नास्तिक।

निरीश्वरवाद–ना० [सं०] ईश्वर छैन भन्ने सिद्धान्त; अनीश्वरवाद; नास्तिकवाद।

निरीश्वरवादी–वि० [सं०] निरीश्वरवादको अनुयायी; अनीश्वरवादी।

निरीह–वि० [सं०] १. कुनै कुरोको इच्छा नभएको; उदासीन; विरक्त। २. चेतन-शील नभएको; चेष्टा-रहित। ३. उद्योग नगर्ने; अनुद्यमी।

निरीहता–ना० [सं०] निरीह हुनाको भाव; चेष्टा-हीनता।

निरीहा–ना० [सं०] १. कुनै वस्तुको चाहना नहुनु; विरक्ति। २. चेष्टाको अभाव; अकर्मण्यता।

निरुक्त–वि० [सं०] १. निश्चित रूपले भनिएको; पक्का-पक्की गरिएको। (ना०) २. वेदका छ अङ्गमध्ये एक। ३. शब्दको व्युत्पत्ति र मूल रूपको व्याख्या गरिएको व्याकरण-को एक अङ्ग।

निरुक्ति–ना० [सं०] १. कुनै पद वा वाक्यको पूर्व-विवेचन-सहितको व्याख्या। २. शब्दको व्युत्पत्ति। ३. कुनै शब्दको युक्ति-सङ्गत तर मन-गढ़न्त अर्थ गर्दा पर्ने एक काव्यालङ्कार।

निरुच्छ्‌वास–वि० [सं०] सास नफेर्ने; श्वास-प्रश्वास बन्द भएको।

निरुत्तर–वि० [सं०] १. उत्तर दिन नसक्ने; नाजवाफ। २. चूप; मौन।

निरुत्तरदायी–वि० [सं०] उत्तरदायित्व नभएको; गैर-जिम्मेदार।

निरुत्साह–वि० [सं०] १. उत्साह नभएको; उत्साह-रहित। (ना०) २. उत्साह नहुनु।

निरुत्सुक–वि० [सं०] उत्सुक नभएको; उत्सुकता-रहित।

निरुद्देश्य–वि० [सं०] उद्देश्य नभएको; लक्ष्य-हीन।

निरुद्ध–वि० [सं०] रोकिएको; निरोध गरिएको।

निरुद्यम–वि० [सं०] १. उद्योग नगर्ने; अनुद्योगी। २. अल्सी; जाँगर-मरुवा। (ना०) ३. उद्यमको अभाव।

निरुद्यमी–वि० [सं०] निरुद्यम।

निरुद्योग–वि० [सं०] १. उद्योग नगर्ने; अनुद्योगी। २. अल्सी।

निरुद्योगी–वि० [सं०] निरुद्यमी।

निरुपद्रव–वि० [सं०] उपद्रव वा विघ्न नभएको; निर्विघ्न।

निरुपपत्ति–वि० [सं०] उपपत्ति नभएको; व्युत्पत्ति-रहित।

निरुपम–वि० [सं०] उपमा दिन नसकिने; बेजोड़; अतुल-नीय।

निरुपमान–वि० [सं०] १. उपमान नभएको। २. जोड़ा नभएको; अनुपम; अद्वितीय।

निरुपाय–वि० [सं०] १. उपाय नभएको; युक्ति-रहित। २. उपाय नलाग्ने।

निरूढ–वि० [सं०] १. उत्पन्न। २. प्रसिद्ध; विख्यात। ३. विवाह नभएको; अविवाहित।

निरूढ-लक्षणा–ना० [सं०] शब्दको प्रसिद्ध अर्थ नै रूढ हुने एक लक्षणा।

निरूढा–ना० [सं०] १. निरूढ-लक्षणा। (वि०) २. अवि-वाहिता; कुमारी।

निरूढि–ना० [सं०] १. प्रसिद्धि; ख्याति। २. निपुणता। ३. निरूढ-लक्षणा।

निरूपक–वि० [सं०] निरूपण गर्ने।

निरूपण–ना० [सं०] १. सोच-विचारसाथ गरिने निर्णय। विवेकपूर्वकको निश्चय। २. खोज्नु; अन्वेषण। ३. आलोक; प्रकाश।

निरूपित–वि० [सं०] निरूपण गरिएको।

निरूप्य–वि० [सं०] निरूपण गर्न योग्य।

निरोगी–वि० [सं० नीरोग] रोग नभएको; नीरोग।

निरोध–ना० [सं०] १. रोक; रोकावट; प्रतिबन्ध। २. बीचमा रोक्ने वा छेक्ने वस्तु; अवरोध। ३. घेरा। ४. नाश।

CC-0. In Public Domain. Digitization by eGangotri

निरोधक–वि० [सं०] रोक्ने; निरोध गर्ने।

निरोधन–ना० [सं०] रोक; रोकावट।

निरोधी–वि० [सं०] रोक्ने; निरोध गर्ने।

निर्ऋति–ना० [सं०] १. नैर्ऋत्य दिशाकी अधिष्ठात्री देवी। २. राक्षसी। ३. मृत्यु। ४. दरिद्रता।

निर्गत–वि० [सं०] बाहिर गएको; निस्केको।

निर्गन्ध–वि० [सं०] गन्ध-रहित; बास्ना नभएको।

निर्गम–ना० [सं०] १. बाहिर जानु; निस्कनु। २. निस्कने द्वार; निकास।

निर्गमन–ना० [सं०] १. निस्कने काम; बाहिर जानु। २. निस्कने बाटो; द्वार।

निर्गर्व–वि० [सं०] गर्व नभएको; अभिमान-रहित।

निर्गुण–वि० [सं०] १. सत्त्व, रज र तम–यी तीनै गुण नभएको; गुण-रहित। २. असल गुण नभएको। ३. डोरी नभएको। (ना०) ४. परमात्मा। ५. भजनको एक विभाग।

निर्गुण्डी–ना० [सं०] एक-एक डाँठमा साना-साना पाँच-पाँच वटा पात लाग्ने, सेता, पहेँला, नीला रङ्गका मञ्जरी-रूपमा फूल फुल्ने एक जातको बोट; सिन्दूरे।

निर्घात–ना० [सं०] १. नाश; ध्वंस। २. आँधी; तूफान। ३. आघात; प्रहार। (क्रि० यो०) ४. धूमधामसँग; बेसरी।

निर्घिनी–वि० [सं० निर्घृण+ई] १. इज्जत नभएको। २. दया नभएको; निर्दय। ३. नीच; तुच्छ। ४. घीन नमान्ने।

निर्घृण–वि० [सं०] १. इज्जत नभएको; निर्घिनी। २. निर्दय; निष्ठुर। ३. लाज नभएको; बेशरम। ४. नीच; तुच्छ।

निर्घृणा–ना० [सं०] १. निर्दयता; निष्ठुरता। २. धृष्टता।

निर्घृणी–वि० [निर्घृण+ई] निर्घिनी।

निर्घोष–ना० [सं०] १. शब्द; नाद। (वि०) २. शब्द-रहित।

निर्छलो–वि० [सं० निर्+छल+ओ] १. लाज नभएको; बेशरम। २. छल-कपट नगर्ने।

निर्जन–वि० [सं०] १ कोही नभएको; एकान्त; सूनसान। (ना०) २. मरु-भूमि।

निर्जर–वि० [सं०] १. कहिल्यै बूढ़ो नहुने; सधैँ तरुनो भइरहने। (ना०) २. देवता। ३. अमृत।

निर्जरा–ना० [सं०] १. गुर्जो। २. तालपर्णी।

निर्जल–वि० [सं०] १. पानी नभएको; जल-रहित। २. पानी पिउन पनि निषेध गरिएको (व्रत)। (ना०) ३. मरु-भूमि।

निर्जला–ना० [सं०] कार्तिक महीनाभर पानी पनि नखाईकन तीर्थमा बसेर गरिने एक व्रत।

निर्जला-एकादशी–ना० [सं०] ज्येष्ठ शुक्ल एकादशी।

निर्जीव–वि० [सं०] १. जीव वा प्राण नभएको; मरेको; मृत। २. अशक्त; निर्बल।

निर्झर–ना० [सं०] झरना; छहरो; प्रपात।

निर्झरिणी–ना० [सं०] झरनाबाट निस्केको नदी; निर्झरी।

निर्झरी–ना० [सं०] १. झरनाबाट निस्केको नदी। २. झरना भएको पहाड़।

निर्णय–ना० [सं०] १. कुनै विषयमा राम्ररी विचार गरेर त्यसका विभिन्न पक्षमा एक पक्षलाई उचित ठहराउनु। २. निश्चय; निधो। ३. कुनै विवादमा मध्यस्थको मत; फैसला।

निर्णयन–ना० [सं०] निश्चय गर्नु; निर्णय गर्ने काम।

निर्णायक–वि० [सं०] १. निर्णय गर्ने; निश्चय गर्ने। २. टुङ्गो लगाउने।

निर्णीत–वि० [सं०] निर्णय गरिएको; निश्चित।

निर्णेता–वि० [सं०] निर्णय गर्ने; निर्णायक।

निर्दन्त–वि० [सं०] दाँत नभएको; विनादाँतको।

निर्दम्भ–वि० [सं०] दम्भ नभएको; निरभिमानी।

निर्दय–वि० [सं०] दया नभएको; निष्ठुर।

निर्दयता–ना० [सं०] निर्दय हुनाको भाव; निष्ठुरता।

निर्दयी–वि० [सं०] १. दया नभएको; निष्ठुर; निर्दय। २. उग्र; प्रचण्ड।

निर्दिष्ट–वि० [सं०] १. निर्देश गरिएको; तोकिएको; ठहराइएको; बताइएको। २. निर्णय गरिएको; निश्चित।

निर्देश–ना० [सं०] १. विशेष रूपले कुनै काम-कुरो भन्नु वा गर्नु; आज्ञा; आदेश। २. देखाउनु। ३. उल्लेख। ४. वर्णन; वृत्तान्त।

निर्देशक–वि० [सं०] १. निर्देश गर्ने; आज्ञा दिने। (ना०) २. डाइरेक्टर।

निर्देशन–ना० [सं०] निर्देश दिने काम।

निर्देशन-मन्त्री–ना० [सं०] निर्देशन-विभागका मन्त्री।

निर्देशन-विभाग–ना० [सं०] विभिन्न सार्वजनिक संस्था अथवा राष्ट्रिय शक्तिलाई सङ्गठित गरी राष्ट्रिय निर्माणको काममा लगाउने सरकारी विभाग।

निर्देष्टा–वि० [सं०] निर्देश गर्ने; निर्देशक।

निर्धो–वि० [निर्धो] निर्धो।

निर्दोष–वि० [सं०] १. दोष नभएको; निष्कलङ्क; दोष-रहित। २. निरपराध।

निर्दोषता–ना० [सं०] निर्दोष हुनाको भाव; निष्कलङ्कता।

निर्दोषी–वि० [सं० निर्दोष] निर्दोष।

निर्द्वन्द–वि० [सं०] १. प्रतिद्वन्द्वी नभएको; विरोधी नभएको; निर्द्वन्द्व। २. स्वच्छन्द। ३. राग, द्वेष, मान, अपमान आदि-देखि निवृत्त।

निर्द्वन्द्व–वि० [सं०] १. हर्ष-विषाद, शीत-उष्ण आदि द्वन्द्वहरू नभएको। २. प्रतिद्वन्द्वी नभएको। ३. स्वच्छन्द।

निर्धक्क–वि० [सं० निर्+धक] १. धक नमान्ने; डर वा सङ्कोच नमान्ने। २. निश्शङ्क। (क्रि० यो०) ३. धक नमानीकन; निस्फिक्रीसँग।

निर्धन–वि० [सं०] धन नभएको; दरिद्र।

निर्धनता–ना० [सं०] निर्धन हुनाको भाव; दरिद्रता।

निर्धारण–ना० [सं०] १. ठहराउनु; ठहर गर्नु। २. निर्णय;

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चय । ३. छान्नु; रोज्नु ।

निर्धारित–वि० [सं०] तोकिएको; निर्धारण गरिएको; निश्चित ।

निर्धो–वि० [सं० निर्धन] १. बल नभएको; कमजोर । २. बलियो नभएको; नाजुक । ३. गरीब; दरिद्र ।

निर्निमेष–वि० [सं०] १. आँखा झिम्म नगर्ने; पलक नमार्ने । (क्रि० यो०) २. आँखा झिम्म नगरीकन; एक-टक लाएर ।

निर्बन्ध–ना० [सं०] १. आग्रह; हठ । २. रोक; रोकावट ।

निर्बल–वि० [सं०] बल नभएको; दुर्बल; शक्ति-हीन ।

निर्बलता–ना० [सं०] निर्बल हुनाको भाव; दुर्बलता; कमजोरी ।

निर्बाङ्गि–वि० [सं० निर्वसि+अङ्ग] नाङ्गो; नग्न; निर्वस्त्र; दिगम्बर ।

निर्बाध–वि० [सं०] १. बाधा वा रोकावट नभएको; प्रतिबन्ध-रहित । २. निर्जन; एकान्त ।

निर्बिसी–ना० [सं० निर्विषा] १. लामा-लामा पाँच-पाँच खण्ड परेका ठूला-ठूला पात हुने र मोथेजस्तो कन्द हुने हिमालयमा पाइने एक जातको बूटी; निर्विषा । २. त्यसैको कन्द वा जरो । (यसका सेतो र रातो कन्द हुने दुइ जात छन् । आयुर्वेदमा यसको गुण विष-नाशक र रक्त-दोष नाश गर्ने बताइएको छ ।)

निर्बुक्क–वि० [ने०] केही पनि नभएको; कङ्गाल ।

निर्बुद्धि–वि० [सं०] बुद्धि नभएको; बुद्धि-हीन; मूर्ख ।

निर्बोध–वि० [सं०] बिलकुल ज्ञान नभएको; अबोध; अज्ञानी ।

निर्ब्याजी–वि० [निर्+ब्याज+ई] ब्याज नलाग्ने; सूद नलाग्ने ।

निर्भत्सन–ना० [सं०] १. अनिष्ट वा सजाय दिने हप्की; चेतावनी । २. निन्दा; तिरस्कार ।

निर्भत्सना–ना० [सं०] निर्भत्सन ।

निर्भय–वि० [सं०] १. कसैको भय नमान्ने; निडर । २. सुरक्षित; निरापद ।

निर्भयता–ना० [सं०] निर्भय हुनाको भाव ।

निर्भर–वि० [सं०] १. भरिएको; भरिभराउ; पूर्ण । २. मिलेको; संयुक्त । ३. भरोसामा रहेको; आश्रित; अवलम्बित । ४. खूब; ज्यादा; अत्यन्त ।

निर्भीक–वि० [सं०] डर नभएको; निडर ।

निर्भीकता–ना० [सं०] निर्भीक हुनाको भाव; निर्भयता ।

निर्भ्रम–वि० [सं०] भ्रम-रहित; भ्रान्ति नभएको ।

निर्भ्रान्ति–वि० [सं०] भ्रममा नपरेको; निर्भ्रम ।

निर्भ्रान्ति–ना० [सं०] निर्भ्रान्ति हुने भाव ।

निर्मक्षिक–वि० [सं०] एकान्त; निर्जन; सूनसान (स्थान) ।

निर्मत्सर–वि० [सं०] राग-द्वेष नभएको; ईर्ष्या-रहित ।

निर्मम–वि० [सं०] १. ममता नभएको । २. वासना नभएको । ३. निर्दय; निष्ठुर ।

निर्मल–वि० [सं०] १. मल नभएको; दोष-रहित । २. शुद्ध; पवित्र । (ना०) ३. देवतालाई समर्पण गरेको वस्तु । ४. देवतालाई नुहाइएको जल; निर्माल्य ।

निर्मली–ना० [सं० निर्मल] १. लाम्चा ठूला पात, सेता फूल र बाटुला थेप्चा फल हुने एक जातको वृक्ष । २. त्यसैको फल । (आयुर्वेदमा यसको गुण शूल-नाशक, आँखालाई हित गर्ने र पानीलाई सफा गर्ने बताइएको छ ।)

निर्मलोपल–ना० [सं०] स्फटिक ।

निर्माण–ना० [सं०] १. बनाउने काम; रचना । २. भवन ।

निर्माण-विद्या–ना० [सं०] घर, भवन आदि बनाउने विद्या; वास्तु-विद्या ।

निर्माणात्मक–वि० [सं०] निर्माण-सम्बन्धी; रचनात्मक ।

निर्माता–वि० [सं०] बनाउने; रचयिता ।

निर्माया–वि० [सं०] माया वा स्नेह नभएको; प्रेम नभएको ।

निर्माल्य–ना० [सं०] १. कुनै देवतालाई चढ़ाइएको वस्तु; प्रसाद । २. देवतालाई नुहाइएको जल; निर्मल ।

निर्मित–वि० [सं०] बनाइएको; रचित ।

निर्मुक्त–वि० [सं०] राम्ररी छुटकारा पाएको; मोक्ष भएको ।

निर्मुक्ति–ना० [सं०] छुटकारा; मुक्ति ।

निर्मूल–वि० [सं०] १. जरो नभएको; मूल-रहित । २. जरैदेखि उखेलिएको; मूलसमेत नष्ट गरिएको ।

निर्मूलन–ना० [सं०] १. निर्मूल गर्ने काम । २. विनाश ।

निर्मोक–ना० [सं०] १. सर्पले छोड़ेको काँचुली । २. छोड्नु; त्याग्नु । ३. अत्तर-छाला ।

निर्मोक्ष–ना० [सं०] पूर्ण मोक्ष; निर्मुक्ति ।

निर्मोचन–ना० [सं०] छुटकारा; मुक्ति ।

निर्मोह–वि० [सं०] १. मोह वा ममता नभएको । २. निष्ठुर ।

निर्मोही–वि० [सं० निर्मोह] निर्मोह ।

निर्याण–ना० [सं०] १. बाहिर जानु; निस्कनु । २. प्राण जानु । ३. मोक्ष । ४. पशुका खुट्टामा बाँध्ने दाम्लो; खुट्टेँसो ।

निर्यात–वि० [सं०] १. बाहिर गएको; निस्केको । २. देशबाट बाहिर पठाइएको (माल) । (ना०) ३. आफ्नो देशबाट अरू देशमा माल-सामान पठाउने काम ।

निर्यात-कर–ना० [सं०] निर्यात भएका मालमा लागेको कर; निकासी गर्ने मालमा लागेको महसूल ।

निर्यातन–ना० [सं०] १. बदला लिनु; साटो फेर्नु; प्रतिशोध । २. धरोट राखिएको माल फिर्ता दिनु । ३. ऋण तिर्नु ।

निर्यास–ना० [सं०] १. रूखबाट निस्कने गुँद; चोप । २. काँड़ा; क्वाथ ।

निर्लज्ज–वि० [सं०] लाज नभएको; बेशरम; नकच्चरो ।

निर्लज्जता–ना० [सं०] निर्लज्ज हुनाको भाव; बेशरमी ।

निर्लिप्त–वि० [सं०] १. राग, द्वेष आदिबाट मुक्त भएको; कुनै विषयमा आसक्ति नभएको । २. कसैसित कुनै सम्बन्ध नभएको; लिप्त नभएको; स्वतन्त्र ।

CC-0. In Public Domain. Digitization by eGangotri

निर्लेप–वि० [सं०] विषय-वासनाबाट अलग रहेको; निर्लिप्त।
निर्लोभ–वि० [सं०] लोभ नभएको; सन्तोषी।
निर्वंश–वि० [सं०] वंश वा सन्तान नभएको; निस्सन्तान।
निर्वस्त्र–वि० [सं] कुनै लुगा नलगाएको; दिगम्बर।
निर्वचन–वि० [सं०] चूप रहेको; मौन।
निर्वाचक–ना० [सं०] निर्वाचन गर्ने व्यक्ति।
निर्वाचन–ना० [सं०] भोट वा मत-प्रथाद्वारा कुनै कामका निमित्त धेरैमा कुनै एकलाई प्रतिनिधिका रूपमा छान्ने काम; चुनाव।
निर्वाचन-अधिकारी–ना० [सं०] निर्वाचनमा विशेष रेख-देख गर्न खटिएको अधिकारी; रिटर्निङ्ग-अफिसर।
निर्वाचन-अफिसर–ना० [निर्वाचन+अफिसर] निर्वाचन-अधिकारी।
निर्वाचन-उम्मेदवार–ना० [सं०निर्वाचन + उम्मीदवार (फा०)]निर्वाचन वा चुनाव लड्ने उम्मेदवार।
निर्वाचन-एजेन्ट–ना० [सं० निर्वाचन+एजेन्ट (अं०)] निर्वाचन वा चुनावका काममा उम्मेदवारले आफ्नो हितको हेर-विचार गर्न खटाएर पठाउने आफ्नो प्रतिनिधि।
निर्वाचन-क्षेत्र–ना० [सं०] निर्वाचनमा एउटा प्रतिनिधि छान्न तोकिएको क्षेत्र।
निर्वाचित–वि० [सं०] भोट वा मतद्वारा रोजिएको; निर्वाचन गरिएको; चुनिएको।
निर्वाण–वि० [सं०] १. निभेको; बल्न छोड़ेको (आगो; वत्ती आदि)। २. मरेको; मृत। ३. मोक्ष प्राप्त भएको; मुक्त। (ना०) ४. निभ्नु। ५. मोक्ष; मुक्ति।
निर्वास–ना० [सं०] १. देशबाट निकाल्ने काम; देश-निकाला। २. मार्ने काम।
निर्वासन–ना० [सं०] १. देश-निकाला; देशबाट निकाल्ने काम। २. मार्ने काम; हिंसा।
निर्वासित–वि० [सं०] देशबाट निकालिएको; देश-निकाला गरिएको; धपाइएको।
निर्वास्य–वि० [सं०] निर्वासन गर्न योग्य; निकाला गर्न लायक।
निर्वाह–ना० [सं०] १. पहिलेदेखि चलिआएको काम भइरहनु। २. काम पूरा गर्नु; समाप्ति। ३. पालन; गुजारा। ४. जीविका।
निर्विकल्प–वि० [सं०] १. विकल्प नभएको। २. स्थिर; निश्चित।
निर्विकल्पक–ना०[सं०] वेदान्त-शास्त्रानुसार ज्ञाता र ज्ञेयको भेद नभई दुवै एक हुने अवस्था।
निर्विकल्पक-समाधि–ना० [सं०] ज्ञेय, ज्ञान, ज्ञाता आदिको भेद नभई ज्ञानात्मक सच्चिदानन्द ब्रह्मबाहेक अरू केही प्रत्यक्ष नहुने एक समाधि।
निर्विकार–वि० [सं०] १. विकार नभएको। २.अपरिवर्तित।
निर्विकास–वि० [सं०] नफुलेको; नफक्रेको; विकसित नभएको।
निर्विघ्न–वि० [सं०] १. बाधा वा विघ्न नभएको; विघ्न-रहित। (क्रि० यो०) २. बाधा, अड्काउ केही नभईकन; विनाविघ्नले।
निर्विचार–वि० [सं०] १. विचार नभएको। (ना०) २. योग-शास्त्रानुसार सूक्ष्म आलम्बनमा तन्मय हुँदा आलम्बनको नाम र सङ्केत आदिको ज्ञान नभई केवल आकारको मात्र ज्ञान हुने सबीज समाधि।
निर्वितर्क–वि०[सं०]तर्क गर्न नसकिने; विवाद गर्न नसकिने।
निर्विद्य–वि० [सं०] नपढ़ेको; अपढ; अपठित।
निर्विरोध–वि० [सं०] १. विरोध नभएको। (क्रि० यो०) २. विरोध नभईकन।
निर्विवाद–वि० [सं०] विवाद नभएको; विनाझगड़ाको; विनाविवाद ठीक मानिएको।
निर्विवेक–वि० [सं०] विवेक नभएको; विवेक-हीन।
निर्विष–वि० [सं०] विष नभएको; विष-हीन।
निर्विषा–ना० [सं०] निर्बिसी।
निर्वीज–वि०[सं०]१. बीउ नभएको; बीज-रहित। २. कारण नभएको; विनाकारणको। ३. नपुंसक; हिजड़ा।
निर्वीज-समाधि–ना० [सं०] बीज वा आलम्बन विलीन हुने समाधिको एक अवस्था।
निर्वीजा–ना० [सं०] सानो जातको दाख; किशमिश।
निर्वीरा–ना० [सं०] पति र पुत्र नभएकी स्त्री; अवीरा।
निर्वीर्य–वि० [सं०] १. वीर्य नभएको; शक्ति-हीन। २. नपुंसक।
निर्वृत्त–वि० [सं०] सिद्धिएको; समाप्त; निष्पन्न।
निर्वृत्ति–ना० [सं०] निष्पत्ति।
निर्वेग–वि० [सं०] वेग-रहित; स्थिर।
निर्वेतन–वि० [सं०] तलब नपाउने; अवैतनिक।
निर्वेद–ना० [सं०] १. खेद; दुःख। २. पश्चात्ताप; पछुतो। ३. वैराग्य।
निर्वैर–वि० [सं०] वैर-भाव नभएको; शत्रुता-रहित।
निर्व्यलीक–वि० [सं०] कपट नभएको; छल-छाम नभएको।
निर्व्याज–वि० [सं०] छल-कपट नभएको; निष्कपट।
निलय–ना० [सं०] १. वास-स्थान; घर। २. गुँड़। ३. नाश; विनाश।
निलाइ–ना० [निल्+आइ] निल्ने किसिम, क्रिया वा भाव।
निलाइनु–स० क्रि० [निलाउ+आइ+नु] निल्न लाइनु; ('निलाउनु'-को क० क्रि०)।
निलाउनु–स० क्रि० [निल्+आउ+नु] निल्न लाउनु; ('निल्नु'-को प्रे० क्रि०)।
निलिनु–स० क्रि० [निल्+इ+नु]घाँटीबाट भित्र छिराइनु; ('निल्नु'-को क० क्रि०)।
निल्नु–स० क्रि० [सं० निगलण्+नु] मुखमा हालेर घाँटीबाट तल छिराउनु; खानु।

CC-0. In Public Domain. Digitization by eGangotri

निवपन–ना० [सं०] १. पितृका उद्देश्यले गरिने दान। २. छर्नु; रोप्नु (बीउ आदि)

निवसति–ना० [सं०] वास-स्थान; घर।

निवसथ–ना० [सं०] गाउँ; ग्राम।

निवसन–ना० [सं०] १. वस्त्र; लुगा। २. वास-स्थान; घर।

निवह–ना० [सं०] १. समूह; समुदाय। २. सात वायुमध्ये एक।

निवार–ना० [सं०] व्रत बस्ता खाइने एक जातको अन्न; नाभो।

निवारक–वि० [सं०] रोक्ने; निवारण गर्ने।

निवारक-नजरबन्द–ना० [सं० निवारक+नज़रबन्द (फा०)] राष्ट्रको सुरक्षाका लागि कसैलाई केही समयको निमित्त ऐनबमोजिम थुनामा राख्नु।

निवारण–ना० [सं०] १. रोक; छेक्ने काम; रोकावट। २. हटाउने काम; पन्छाउने काम; अपसारण।

निवारणीय–वि० [सं०] निवारण गर्न लायक; निवारण गर्न सकिने।

निवास–ना० [सं०] १. रहने काम; बस्ने काम। २. स्थान; घर; आश्रम। ३. वास बस्नु। ४. कपड़ा; वस्त्र।

निवासन–ना० [सं०] १. घर; गृह। २. केही समयको निमित्त कहीँ रहनु। ३. डेरा; वास।

निवास-स्थान–ना० [सं०] १. रहने-बस्ने ठाउँ; घर; वास-स्थान। २. डेरा।

निवासी–वि० [सं०] १. निवास गर्ने; रहने। २. लुगा लाउने; वस्त्र धारण गर्ने।

निविड–वि० [सं०] १. बाक्लो; घना। २. घोर; भयङ्कर।

निविष्ट–वि० [सं०] १. बसेको; स्थित। २. घुसेको; पसेको। ३. एकाग्र।

निवीत–ना० [सं०] १. जनै; यज्ञोपवीत। २. ओढ्ने वस्त्र; पछ्यौरा।

निवृत्त–वि० [सं०] १. फर्केको; फिरेको। २. सिद्धयाइएको; समाप्त। ३. छुटकारा वा अवकाश पाएको; मुक्त। ४. विरक्त; त्यागी।

निवृत्ति–ना० [सं०] १. मुक्ति; छुटकारा। २. छोड्नु; पन्छनु। ३. समाप्ति।

निवेदक–वि० [सं०] निवेदन गर्ने; प्रार्थी।

निवेदन–ना० [सं०] १. नम्रतापूर्वक कसैसित केही कुरो गर्नु; विन्ति; प्रार्थना। २. चढ़ाउनु; समर्पण।

निवेदन-पत्र–ना० [सं०] कुनै किसिमको निवेदन वा प्रार्थना लेखिएको कागत; विन्ति-पत्र; दर्खास्त।

निवेदित–वि० [सं०] १. निवेदन गरिएको; प्रार्थना गरिएको। २. चढ़ाइएको; समर्पित।

निवेश–ना० [सं०] १. पस्ने काम; प्रवेश। २. वास-स्थान। घर। ३. विवाह।

निशा–ना० [सं०] १. रात; रात्रि। २. हलेदो।

निशा-कर–ना० [सं०] १. चन्द्रमा। २. कुखुरो। ३. शिव।

निशाचर–वि० [सं०] १. राती हिँड्ने। (ना०) २. राक्षस। ३. स्याल। ४. लाटोकोसेरो। ५. चखेवा। ६. भूत। ७. चोर। ८. कुलटा स्त्री। ९. पिशाच।

निशाचरी–ना० [सं०] १. राक्षसी। २. व्यभिचारिणी स्त्री। ३. अभिसारिका।

निशान–ना० [फा०] १. कुनै वस्तु थाहा पाउन सकिने लक्षण; चिह्न; चिनु। २. पल्टनिया झन्डा बोक्ने व्यक्ति वा त्यस्तो दर्जा।

निशाना–ना० [फा० निशानः] १. शस्त्र, अस्त्र आदिले ताकेर हानिने चिनु; तारो; लक्ष्य। २. चिनु; चिह्न।

निशान्त–ना० [सं०] १. रात्रिको अन्त-काल; रातको चौथो प्रहर। २. बिहानको समय; प्रभात-काल। ३. घर; गृह।

निशान्ध–वि० [सं०] राती आँखा नदेख्ने; रतौंधी लागेको।

निशा-मुख–ना० [सं०] सन्ध्या-काल; सायङ्काल।

निशि–ना० [सं०] १. सिमसार जमीनमा हुने ठूलो एक जातको काँस। २. रात; रात्रि।

निशित–वि० [सं०] १. धारिलो; तीखो; तीक्ष्ण। (ना०) २. फलाम।

निशि-दिन–क्रि० यो० [सं०] रात-दिन; अहोरात्र।

निशीथ–ना० [सं०] १. आधा रात; मध्य रात्रि। २. सुत्ने वेला। ३. रात्रि; रात। ४. भागवतअनुसार रात्रिको एक कल्पित पुत्र।

निशीथिनी–ना० [सं०] रात।

निशोथ–ना० [सं० निशोत्रा] पानका आकारका पात, हरिया फूल, खैरा फल हुने एक जातको लता। (यसका हरिया डाँठमा सेता, काला र राता धर्का हुने–तीन जात छन्। आयुर्वेदमा यसको गुण रेचक, गरम, वायु-नाशक र पेटको रोग नाश गर्ने बताइएको छ।)

निश्चन्द्र–वि० [सं०] १. चन्द्रमा नभएको। २. तेज नभएको; निस्तेज।

निश्चय–ना० [सं०] १. सन्देह-रहित ज्ञान। २. विश्वास। ३. निर्णय; निधो; पक्का। ४. सभा, समिति आदिले विधिपूर्वक ठहराएको कुरो। ५. दृढ विचार। ६. अरू विषयलाई निषेध गरेर प्रकृत वा यथार्थ विषयको स्थापना गर्दा पर्ने एक अर्थालङ्कार।

निश्चयतः–क्रि० यो० [सं०] निश्चयहुनै।

निश्चयात्मक–वि० [सं०] १. निश्चय भएको; निश्चित। २. सन्देह नभएको; असन्दिग्ध। ३. ठीक।

निश्चल–वि० [सं०] १. हल-चल नगर्ने; अचल; स्थिर। २. नबदलिने; अपरिवर्तनीय।

निश्चित–वि० [सं०] १. निश्चय भएको; निर्णीत; निर्धारित। २. हेर-फेर नहुने; पक्का।

निश्चिन्त–वि० [सं०] चिन्ता नभएको; निस्फिक्रीको।

निश्चेतन–वि० [सं०] चेतना नभएको; बेहोश; मूर्च्छित।

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चेष्ट–वि० [सं०] १. चेष्टा नभएको; अचेत; बेहोश। २. अचल; स्थिर।

निश्छल–वि० [सं०] छल-कपट नगर्ने वा नभएको; निष्कपट।

निश्रेणिका–ना० [सं०] बुकि फूल।

निश्रेणी–ना० [सं०] सिँढ़ी; भऱ्याङ।

निश्वास–ना० [सं०] १. नाक वा मुखबाट निस्केको सास। २. प्राण-वायु नाकबाट बाहिर निस्कने क्रिया। ३. लामो सास। ४. उच्छ्वास।

निश्शङ्क–वि० [सं०] १. शङ्का नभएको; सन्देह-रहित। २. निडर; निर्भय।

निश्शब्द–वि [सं०] निःशब्द।

निश्शस्त्र–वि० [सं०] शस्त्र नभएको।

निश्शस्त्रीकरण–वि० [सं०] शस्त्र नभएको पार्नु; विनाहतियारको पार्नु।

निश्शस्त्रीकृत–वि० [सं०] विनाहतियारको तुल्याइएको।

निश्शेष–वि० [सं०] १. शेष नरहेको; नबचेको। २. सिद्धिएको; समाप्त।

निषङ्ग–ना० [सं०] १. ठोक्रो। २. खड्ग। ३. ऐक्य; मेल।

निषङ्गी–वि० [सं०] १. ठोक्रो भिरेको। २. धनु धारण गरेको; धनुर्धारी। ३. खड्ग धारण गर्ने।

निषण्ण–वि० [सं०] १. बसेको; स्थित। २. सहारा पाएको।

निषाद–ना० [सं०] १.एक प्राचीन अनार्य जाति। २.सङ्गीतका सात स्वरमध्ये एक। (यसलाई सङ्क्षेपमा 'नि' भनिन्छ। यसमा ४५० नाद-लहरी हुन्छन्।)

निषादी–ना० [सं०] माहुते।

निषिद्ध–वि० [सं०] १. निषेध गरिएको; रोक लगाइएको; वर्जित। २. निम्न कोटिको। ३. दूषित। ४. खराब।

निषूदन–वि० [सं०] मार्ने; बध गर्ने।

निषेक–ना० [सं०] १. गर्भाधान। २. वीर्य; शुक्र। ३. चुहुनु।

निषेचन–ना० [सं०] १. सेचन गर्नु; छर्कनु। २. भिजाउनु; आर्द्र पार्नु।

निषेध–ना० [सं०] १. रोक लगाउने काम; मनाई। २. बाधा; प्रतिबन्ध।

निषेधक–वि० [सं०] निषेध गर्ने; मनाई गर्ने।

निषेधात्मक–वि० [सं०] १. निषेध गरिएको; मनाई गरिएको। २. अस्वीकृति वा अभाव बुझाउने; नकारात्मक।

निषेधाधिकार–ना० [सं०] कुनै प्रस्तावित वा उद्दिष्ट कार्यलाई अमान्य वा अस्वीकार गरेर रोक्ने अधिकार; भिटो।

निष्क–ना० [सं०] प्राचीन कालको सुनको एक प्रकारको सिक्का।

निष्कण्टक–वि० [सं०] विघ्न, बाधा आदि केही नभएको; निर्विघ्न।

निष्कपट–वि० [सं०] कपट नभएको; छल-छाम नभएको; सोझो।

निष्कर–वि० [सं०] कर नलागेको।

निष्करुण–वि० [सं०] दया नभएको; करुणा-रहित; निष्ठुर।

निष्कर्म–वि० [सं०] लागिपरेर काम नगर्ने; एकाग्र भएर काम नगर्ने।

निष्कर्मण्य–वि० [सं०] १. कर्म वा काम नगर्ने; अकर्मण्य। २. काम नलाग्ने; निकम्मा।

निष्कर्मा–वि० [सं०] १. तल्लीन भएर काम नगर्ने; चित्त लगाएर काम नगर्ने। २. निकम्मा; रद्दी।

निष्कर्ष–ना० [सं०] १. निचोड़; सार; तत्त्व। २. निश्चय; निधो। ३. विचार वा विवेचनाबाट आखिरमा निस्केको सिद्धान्त। ४. परिणाम; नतीजा।

निष्कल–वि० [सं०] १. कुनै अङ्ग वा भाग नष्ट भएको; टूट-फूट भएको। २. कला नभएको। ३. वीर्य-रहित।

निष्कलङ्क–वि० [सं०] कलङ्क नभएको; निर्दोष।

निष्काम–वि० [सं०] १. कुनै प्रकारको कामना वा आसक्ति नभएको। २. कुनै फलको इच्छा नगरीकन गरिएको (काम)।

निष्काम-कर्म–ना० [सं०] कुनै किसिमको फलको लोभ वा कामना नगरीकन गरिएको कर्म।

निष्कारण–वि० [सं०] १. कारण नभएको; हेतुविनाको। २. बिनसित्ति; अकारण।

निष्कास–ना० [सं०] १. बाहिर पठाउने काम; निकाल्नु। २. घर, महल आदिको बाहिर निस्केको भाग (बार्दली, बरन्डा आदि)।

निष्कासन–ना० [सं०] बाहिर निकाल्नु; निकाला गर्नु।

निष्कासित–वि० [सं०] बाहिर पठाइएको; निकालिएको; बहिष्कृत।

निष्किञ्चन–वि० [सं०] दरिद्र; निर्धन; अकिञ्चन।

निष्किल्विष–वि० [सं०] पाप नभएको; निष्पाप।

निष्कुट–ना० [सं०] १. घरवरि-परिको बगैँचा। २. अन्तःपुर। ३. ढोका; द्वार।

निष्कुल–वि० [सं०] कुल नष्ट भएको; वंश मासिएको।

निष्कुलीन–वि० [सं०] नीच कुलको; दुष्कुलको।

निष्कृत–वि० [सं०] १. निकालिएको; निष्कासित। २. छुटेको; मुक्त।

निष्कृति–ना० [सं०] छुटकारा; मुक्ति।

निष्कृप–वि० [सं०] कृपा वा दया नभएको; निर्दय।

निष्कृष्ट–वि० [सं०] १. निचोरेर निकालिएको। २. सारभूत।

निष्क्रम–वि० [सं०] १. विनाक्रमको; सिलसिला नमिलेको। (ना०) २. निस्कने काम; निक्लनु। ३. निष्क्रमण-संस्कार। ४. पतित हुनु।

निष्क्रमण–ना० [सं०] १. बाहिर जानु; निकस्ने काम। २. बालकलाई पहिलो पटक बाहिर निकाल्ने संस्कार।

निष्क्रय–ना० [सं०] १. किन्ने काम; खरीद। २. कुनै वस्तुका बदलामा दिइने द्रव्य; निग्रह। ३. विनिमय; साट-फेर। ४. तलब; वेतन।

निष्क्रान्त–वि० [सं०] निस्केको; बाहिर गएको; निष्क्रमण

CC-0. In Public Domain. Digitization by eGangotri

भएको।

निष्क्रामित–वि० [सं०] १. निकालिएको; निष्कासित। २. हटाइएको। ३. दबाइएको।

निष्क्रिय–वि० [सं०] १. कुनै क्रिया वा चेष्टा नभएको; निश्चेष्ट; क्रिया-रहित। २. कुनै काम-काज नगर्ने; अकर्मण्य।

निष्क्रियता–ना० [सं०] निष्क्रिय हुनाको भाव; अकर्मण्यता।

निष्क्रिय-प्रतिरोध–ना० [सं०] अह्राएको काम नगरी आफूलाई अनुचित लागको कुनै आज्ञाको विरोध गर्नु।

निष्क्लेश–वि० [सं०] क्लेश-रहित; दुःख नभएको।

निष्ठ–वि० [सं०] १. ठहराएको; स्थिर गरिएको। २. काममा लागेको; कार्य-तत्पर। ३. मान्य जनमा निष्ठा, श्रद्धा भक्ति आदि राख्ने।

निष्ठा–ना० [सं०] १. मान्य जन वा विशिष्ट कर्ममा भएको भक्ति-भाव; श्रद्धा; आस्था। २. विश्वास; निस्सन्देह बुद्धि। ३. स्थिति; आधार।

निष्ठा-कर्म–ना० [सं०] १. आचार-विचार; चोखी-नीति। २. धार्मिक कार्य।

निष्ठावान्–वि० [सं०] निष्ठा भएको; श्रद्धालु।

निष्ठित–वि० [सं०] १. निष्ठा भएको; श्रद्धालु। २. स्थिर रहेको; दृढ।

निष्ठीवन–ना० [सं०] १. थूक; कफ। २. थुक्ने काम।

निष्ठुर–वि० [सं०] १. कठोर हृदय भएको; निर्दय; क्रूर। २. कठोर; कड़ा।

निष्ठुरता–ना० [सं०] निष्ठुर हुनाको भाव; क्रूरता; निर्दयता।

निष्ण–वि० [सं०] १. कुनै विषयमा पूरा ज्ञान भएको; विशेषज्ञ। २. कुशल; प्रवीण।

निष्णात–वि० [सं०] निष्ण।

निष्पक्ष–वि० [सं०] कुनै पनि पक्षमा नलागेको; पक्षपात नगर्ने; तटस्थ।

निष्पक्षता–ना० [सं०] निष्पक्ष हुनाको भाव; पक्षपाती नहुनाको भाव; उदासीनता।

निष्पत्ति–ना० [सं०] १. उत्पत्ति। २. सिद्धिनु; समाप्ति। ३. निर्वाह।

निष्पन्द–वि० [सं०] स्पन्दन वा गति नभएको; स्थिर।

निष्पन्न–वि० [सं०] १. सिद्धिएको; समाप्त। २. उत्पन्न।

निष्परिग्रह–वि० [सं०] १. विवाह नभएको; अविवाहित। २. दान नलिने; निष्प्रतिग्रह। ३. विषय-वासनामा आसक्त नभएको। (ना०) ४. दण्ड, कमण्डलु आदि नलिने संन्यासी।

निष्पादन–ना० [सं०] १. कुनै काम पूरा गर्नु; तामेल गर्नु। २. आज्ञा पालन गर्नु; आदेश मान्नु। ३. उत्पन्न गर्नु।

निष्पादित–वि० [सं०] १. पूरा गरिएको; तामेल भएको (काम)। २. उत्पादन गरिएको।

निष्पाप–वि० [सं०] पाप नभएको; निष्कलमष।

निष्पाव–ना० [सं०] १. भटमास। २. नाङ्लो आदिले हम्केर अन्नको भूस आदि उड़ाउनु।

निष्पीडन–ना० [सं०] निचोर्ने काम; रस चुहुने गरी थिच्ने काम।

निष्पुत्र–वि० [सं०] छोरो नभएको; अपुतो।

निष्पुरुष–वि० [सं०] पुंसत्व नभएको; नपुंसक।

निष्पेषण–ना० [सं०] पिँध्ने काम; पिँधाइ।

निष्पौरुष–वि० [सं०] पुरुषार्थ नभएको।

निष्प्रताप–वि० [सं०] प्रताप नभएको।

निष्प्रतिग्रह–वि [सं०] दान नलिने; निष्परिग्रह।

निष्प्रतिकार–वि० [सं०] बदला लिन नसकिने; विरोध गर्न नसकिने; प्रतिकार गर्न नसकिने।

निष्प्रतिभ–वि० [सं०] प्रतिभा नभएको; बुद्धि-हीन।

निष्प्रभ–वि० [सं०] प्रभा वा प्रकाश नभएको; निस्तेज।

निष्प्रयोजन–वि० [सं०] १. प्रयोजन नभएको; व्यर्थको। २. कुनै मतलब नभएको। ३. निस्स्वार्थ। (क्रि० यो०) ४. बिनसित्ति; व्यर्थमा।

निष्प्राण–वि० [सं०] १. प्राण नभएको; ज्यान नभएको। २. निस्तेज।

निष्फल–वि० [सं०] १. फल वा परिणाम नभएको। २. व्यर्थ; निरर्थक। ३. फल नलागेको। ४. निर्वीर्य। ५. निर्वीज।

निस्–उप० [सं०] शब्दका अगिल्तिर लागेर विभिन्न अर्थको बोध गराउने एक उपसर्ग।

निसर्ग–ना० [सं०] १. प्रकृति; स्वभाव। २. रूप; आकार। ३. दान। ४. सृष्टि। ५. त्याग।

निसान–ना० [फा० निशान] निशान।

निसाना–ना० [निशाना] निशाना।

निसाफ–ना० [अ० इन्साफ़] इन्साफ।

निसाफी–वि० [निसाफ+ई] निसाफ गर्ने; इन्साफ गर्ने; न्यायी।

निसासिइनु–अ० क्रि० [निसासि+इ+नु] निसासिने होइनु; ('निसासिनु'-को भा० क्रि०)।

निसासिनु–अ० क्रि० [सं० निश्वास+इ+नु] १. सास रोकिनु; श्वास थुनिनु। २. आत्तिनु; अतालिनु।

निसासी–ना० [सं० निश्वास] १. सास रोकिने काम। २. अत्याहट; आत्तिनु। ३. हड़बड़ी; चटारो।

निसास्याइ–ना० [निसास्याउ+आइ] निसास्याउने किसिम, क्रिया वा भाव।

निसास्याइ–ना० [निसासि+आइ] निसासिने किसिम, क्रिया वा भाव।

निसास्याइनु–स० क्रि० [निसास्याउ+आइ+नु] सास रोकिनु; ('निसास्याउनु'-को क० क्रि०)।

निसास्याउनु–स० क्रि० [निसासि+याउ+नु] १. सास रोक्नु; श्वास थुन्नु। २. निसासिने पार्नु; ('निसासिनु'-को प्रे० क्रि०)।

निसु–ना० [नेवा०] पराल टकटक्याउँदा निस्कने पात-पतिङ्गर; धुस्नु।

निसृत–वि० [सं०] निक्लेको; निस्केको।

CC-0. In Public Domain. Digitization by eGangotri

निसृष्ट–वि० [सं०] १. छोड़िएको; त्याग गरिएको । २. निकालिएको । ३. दिइएको; प्रदत्त ।

निसृष्टार्थ–ना० [सं०] दुवै पक्षका कुरा वा अभिप्राय बुझेर स्वयं उक्ति-प्रत्युक्तिद्वारा कार्य सिद्ध गर्ने दूत; तीन प्रकारका दूतमध्ये एक ।

निसोथ–ना० [सं० निसत] डाँठ र जरो औषधीका काममा प्रयोग गरिने एक जातको लता ।

निसोथ–ना० [सं० निसृता] तीखा टुप्पा भएका बाटुला पात हुने, गोल फल फल्ने एक जातको लहरो ।

निस्कनु–अ० क्रि० [सं० निष्कास+नु] १. बाहिर जानु; निक्लनु । २. उत्पन्न हुनु; उम्रनु । ३. प्रकट हुनु; प्रकाशित हुनु ।

निस्किनु–अ० क्रि० [निस्कइ+नु] १. निस्कनु । २. बाहिर गइनु; ('निस्कनु'-को भा० क्रि०) ।

निस्केवल–वि० [सं० निस्+केवल] १. केही पनि नभएको; निमिटयान्न; निर्मूल । २. निर्दोष; शुद्ध ।

निस्तत्त्व–वि० [सं०] तत्त्व नभएको; निस्सार ।

निस्तन्द्र–वि० [सं०] १. तन्द्रा नभएको; जागरूक । २. अल्सी नभएको; जाँगरिलो ।

निस्तब्ध–वि० [सं०] १. हल-चल केही नभएको; स्थिर । २. जड पदार्थजस्तो निश्चेष्ट । ३. शब्द वा आवाज केही नभएको; निश्शब्द ।

निस्तब्धता–ना० [सं०] १. निस्तब्ध हुनाको भाव; स्तब्धता । २. शब्द नहुनाको भाव; सन्नाटा ।

निस्तरण–ना० [सं०] १. पार हुने काम; तर्ने काम । २. छुटकारा; मुक्ति; निस्तार ।

निस्तार–ना० [सं०] १. पार लाग्नु । २. छुटकारा; मुक्ति । ३. कुनै काम वा कुरोबाट धर पाउनु । ४. उपाय ।

निस्तारक–वि० [सं०] १. निस्तार गर्ने; पार लाउने । २. मुक्ति दिने ।

निस्तारण–ना० [सं०] १. पार लाउनु; तार्नु; उद्धार गर्नु । २. जित्नु; विजय प्राप्त गर्नु ।

निस्तिइनु–अ० क्रि० [निस्ति+इ+नु] निस्तो होइनु; ('निस्तिनु'-को भा० क्रि०) ।

निस्तिनु–अ० क्रि० [निस्तो+इ+नु] १. निस्तो हुनु; नमुछिनु । २. उत्सुक हुनु; उत्कण्ठा हुनु । ३. न्यास्रो लाग्नु; निस्त्याहट लाग्नु ।

निस्तुक–ना० [सं० निश्चय] पक्कापक्की; निधो; निश्चय ।

निस्तेज–वि० [सं०] तेज नभएको; तेज-रहित ।

निस्तो–वि० [सं० निस्तत्त्व] १. तिहुन, तरकारी, अचार आदि नभएको; बिनासितनको (खानेकुरो) । २. नमुछिएको; बुगुल्टो ।

निस्त्याइ–ना० [निस्ति+याइ] निस्तिने किसिम, क्रिया वा भाव; निस्त्याहट ।

निस्त्याइ–ना० [निस्त्याउ+आइ] निस्त्याउने किसिम, क्रिया वा भाव ।

निस्त्याउनु–स० क्रि० [निस्ति+याउ+नु] १. उत्कण्ठित पार्नु । २. न्यास्रो तुल्याउनु ।

निस्त्याहट–ना० [निस्ति+याहट] १. निस्तिने किसिम, क्रिया वा भाव; निस्त्याइ । २. उत्कण्ठा; न्यास्रो ।

निस्त्रप–वि० [सं०] लाज नभएको; निर्लज्ज ।

निस्त्रिंश–वि० [सं०] १. निर्दय; निष्ठुर । (ना०) २. खड्ग; तरवार ।

निस्त्रैगुण्य–वि० [सं०] सत्त्व, रज र तम–यी तीनै गुणले रहित; त्रिगुणातीत ।

निस्पट्ट–वि० [सं० निस्+पट्] १. बिलकुल नदेखिने; गाढ़ा (अन्धकार) । २. बिलकुल नदेख्ने; अन्धो (आँखा) । ३. ज्ञान, विवेक आदिले सर्वथा रहित ।

निस्पन्द–वि० [सं० निस्स्पन्द] निस्स्पन्द ।

निस्पृह–वि० [सं० निस्स्पृह] निस्स्पृह ।

निस्यन्द–ना० [सं०] चुहुनु; बग्नु ।

निस्याइलो–वि० [न्यास्रो] उराठ-लाग्दो किसिमको ।

निस्रव–ना० [सं०] १. भातको माड़ । २. चुहुनु; क्षरण ।

निस्राव–ना० [सं०] १. भातको माड़ । २. चुहुनु; क्षरण ।

निस्लोट–वि० [सं० नि+लोठ] खूबसित जरो आएको; ज्वरले ग्रस्त ।

निस्वन–ना० [सं०] शब्द; ध्वनि ।

निस्वान–ना० [सं०] शब्द; ध्वनि ।

निस्सङ्कोच–वि० [सं०] १. सङ्कोच नभएको । (क्रि० यो०) २. नहिचकिचाईकन; धक नमानीकन ।

निस्सङ्ग–वि० [सं०] १. कसैसित सम्बन्ध नराख्ने । २. विषय-वासनादेखि अलग रहेको । ३. एकान्त; निर्जन । ४. एक्लो ।

निस्सत्त्व–वि० [सं०] १. सत्त्व नभएको; सार-हीन । २. कमजोर; शक्ति-हीन । ३. तुच्छ; नीच । ४. प्राण नभएको; प्राण-रहित ।

निस्सन्तान–वि० [सं०] छोरा-छोरी नभएको; अपूतो ।

निस्सन्देह–वि० [सं०] १. सन्देह नभएको; निश्शङ्क । (क्रि० यो०) २. सन्देह नगरीकन; अवश्य; जरूर ।

निस्सपत्न–वि० [सं०] शत्रु-रहित; अजात-शत्रु ।

निस्सरण–ना० [सं०] १. निक्लनु; निस्कनु । २. निस्कने बाटो; बाहिर जाने मार्ग ।

निस्सहाय–वि० [सं०] कुनै सहारा नभएको; सहायक नभएको; असहाय ।

निस्सा–ना० [फा० निशान] १. निशान; चिनु । २. प्रमाण; दसी ।

निस्सार–वि० [सं०] १. सार नभएको; निस्तत्त्व । २. बेकार; बेकम्मा ।

निस्सारण–ना० [सं०] निकाल्नु; बाहिर पठाउनु; बहिष्करण ।

CC-0. In Public Domain. Digitization by eGangotri

निस्सारित–वि० [सं०] निकालिएको; बाहिर पठाइएको।

निस्सीम–वि० [सं०] १. सीमा नभएको; असीम; बेहद। २. धेरै; ज्यादा; अधिक।

निस्सृत–वि० [सं०] निस्केको; बाहिर आएको।

निस्स्नेह–वि० [सं०] १. स्नेह वा प्रेम नभएको। २. चिल्लो पदार्थ नभएको; फुस्रो।

निस्स्पन्द–वि० [सं०] स्पन्दन वा कम्प नभएको।

निस्स्पृह–वि० [सं०] १. लोभ नभएको; निर्लोभ। २. वासना नभएको; त्यागी।

निस्स्रव–वि० [सं०] बचत; अवशेष।

निस्स्व–वि० [सं०] निर्धन; दरिद्र; कङ्गाल।

निस्स्वादु–वि० [सं०] स्वाद नभएको; बेस्वादको।

निस्स्वार्थ–वि० [सं०] स्वार्थ नभएको; विनास्वार्थको।

निहत–वि० [सं०] १. मारिएको; वध गरिएको। २. नाश गरिएको; विनष्ट। ३. फ्याँकिएको।

निहतार्थ–ना० [सं०] दुइ अर्थ भएका शब्दको अप्रसिद्ध अर्थमा प्रयोग गर्दा हुने साहित्यको एक दोष।

निहन्ता–वि० [सं०] १. हनन गर्ने; प्रहार गर्ने। २. ज्यान लिने; वध गर्ने। ३. नाश गर्ने।

निहायत–वि० [अ०] १. खूब धेरै; अत्यन्त। (ना०) २. आखिर; अन्त्य। ३. हद; सीमा।

निहार–ना० [सं०] कुहिरो; नीहार।

निहारिका–ना० [सं०] नीहारिका।

निहाल–वि० [फा०] १. ज्यादै धनी; अलेख; धनाढ्य; सम्पन्न। २. सबै प्रकारले सन्तुष्ट र प्रसन्न।

निहित–वि० [सं०] १. राखिएको; स्थापित। २. दिइएको; सुम्पिएको। ३. हुलिएको; घुसाइको।

निहिन–ना० [ने०] धान काटेर सुकाउन थुप्र्याइएका मूठाहरू; धानका बोटको अँगालो।

निहुँ–ना० [प्रा० णिह] देखावटी कारण; बहाना; बिङ्गो।

निहुँ-खोजाहा–वि० [निहुँ+खोज्+आहा] झगड़ा गर्न निहुँ खोज्ने।

निहुरनु–अ० क्रि० [प्रा० णिहुअ+नु] १. झुक्नु; नुहुनु। २. नम्र हुनु; विनयी हुनु; पस्रनु। ३. ढोग्नु। ४. लाचार हुनु; नअड्नु; हार्नु।

निहुराइ–ना० [निहुर+आइ] निहुरने किसिम, क्रिया वा भाव।

निहुराइ–ना० [निहुराउ+आइ] निहुराउने किसिम, क्रिया वा भाव।

निहुराइनु–स० क्रि० [निहुराउ+आइ+नु] झुकाइनु; ('निहुराउनु'-को० क० क्रि०)।

निहुराउनु–स० क्रि० [निहुर+आउ+नु] १. झुकाउनु; नुहाउनु। २. गर्व तोड्नु; विनम्र पार्नु; ('निहुरनु'-को प्रे० क्रि०)।

निहुरिनु–अ० क्रि० [निहुर+इ+नु] १. निहुरनु। २. झुकिनु; नुहिनु; ('निहुरनु'-को भा० क्रि०)।

निहुरो–ना० [निहुर] तरकारी र अचार खाइने एक जातको जङ्गली झार; एक जातका उनिउको टुसो।

निहुर्याइ–ना० [निहुरि+याइ] निहुरिने किसिम, क्रिया वा भाव।

निहुर्याहट–ना० [निहुरि+याहट] निहुरिने किसिम, क्रिया वा भाव।

निहोरा–ना० [सं० मनोहार] १. खुशामद; चाकड़ी। २. बिन्ति-भाउ; प्रार्थना। ३. अनुनय-विनय।

निह्नव–ना० [सं०] १. लुकाउनु; छिपाउनु। २. स्वीकार नगर्नु। ३. अविश्वास। ४. सन्देह। ५. बहाना। ६. रहस्य।

निह्नुति–ना० [सं०] जानेको कुरो नबताउनु; कपटपूर्ण आचरण।

निह्लाद–ना० [सं०] स्वर; आवाज।

नी–अव्य० [नि] नि।

नीकाश–वि० [सं०] समान; सदृश; तुल्य।

नीच–वि० [सं०] १. जाति, गुण, धर्म आदिका दृष्टिले तल्लो श्रेणीको; क्षुद्र; तुच्छ। २. अधम; निकृष्ट। ३. बाउन्ने; बाम-पुड्के। (ना०) ४. तुच्छ व्यक्ति। ५. कुनै काम-कुरोलाई तुच्छ सम्झी देखाइने उपेक्षा।

नीच-मारा–वि० [नीच+मारा] १. काममा मन नलगाउने; जाँगर-मरुवा। २. अल्सी।

नीचो–वि० [सं० नीच] १. होचो; गहिरो। २. चुत्थो; तुच्छ।

नीठुर–वि० [सं० निष्ठुर] निष्ठुर; क्रूर।

नीठुरी–वि० [सं० निष्ठुर+ई] नीठुर।

नीड–ना० [सं०] १. रहने ठाउँ; आश्रय। २. गुँड़। ३. पलङ्ग।

नीत–वि० [सं०] १. लगिएको; पुर्‍याइएको। २. बितेको; विगत। ३. ग्रहण गरिएको।

नीति–ना० [सं०] १. लोक-व्यवहार चलाउनाका निमित्त नियत गरिएको आचार; आचार-पद्धति। २. सरकार, संस्था आदिले आफ्नो कार्य-सञ्चालन गर्नाका निमित्त निश्चित गरेको रीति; कार्य-पद्धति। ३. कुनै काम सञ्चालन गर्ने आधारभूत सिद्धान्त। ४. उपाय; युक्ति। ५. लैजाने काम। ६. राज्यले गर्ने चार प्रमुख उपाय (साम, दान, भेद र दण्ड)।

नीति-कुशल–वि० [सं०] नीति जान्ने; नीतिज्ञ; नीति-अनुसार काम गर्न सिपालु।

नीतिज्ञ–वि० [सं०] नीति जान्ने; नीति-कुशल।

नीतिमान्–वि० [सं०] १. नीतिको पालन गर्ने; नीति-परायण। २. सदाचारी।

नीतिवादी–वि० [सं०] नीतिअनुसार काम गर्ने; नीतिमान्।

नीति-विज्ञान–ना० [सं०] नीति-शास्त्र।

नीति-विद्–वि० [सं०] नीतिज्ञ।

CC-0. In Public Domain. Digitization by eGangotri

नीति-शास्त्र–ना० [सं०] १. देश, काल, पात्र आदिको विचार गरेर सम्पूर्ण जनताले गर्नुपर्ने आचरणको विवरण लेखिएको शास्त्र। २. राजनीति–शास्त्र।

नीद–ना० [सं० निद्रा] निद्रा।

नीध्र–ना० [सं०] १. घरको पाली। २. वन; जङ्गल। ३. पाङ्ग्राको घेरो।

नीम–ना० [सं० निम्ब] बकाइनुका जस्ता पात हुने, खैरा मसिना फूल फुल्ने, ज्यादै तीता, खिर्नीका आकारका फल फल्ने एक जातको रूख। (आयुर्वेदमा यसको गुण खटिरा, कीरा, विष, वात, पित्त र कफ-नाशक बताइएको छ।)

नीयत–ना० [अ०] १. आन्तरिक लक्ष्य; भित्री उद्देश्य। २. आशय; मनसाय; इच्छा।

नीर–ना० [सं० नील] १. नीलो रङ्ग। २. नीलो रङ्गको एक प्रकारको मणि; नील-मणि।

नीर–ना० [सं०] १. पानी; जल। २. रस; झोल।

नीर–ना० [सं० नीली] बाटुला किसिमका साना-साना पात, प्याजी रङ्गका फूल, लामा कोसा फल्ने एक जातको सानो बोट; नीली। (यसका साना र ठूला दुइ भेद छन्। आयुर्वेदमा यसको गुण पेट-सम्बन्धी रोगलाई नाश गर्ने बताइएको छ। यसबाट नीलो रङ्ग प्राप्त हुन्छ।)

नीरज–वि० [सं०] १. पानीबाट उत्पन्न हुने। (ना०) २. कमल। ३. मोती। ४. उशीर। ५. जल-विडाल।

नीरद–ना० [सं०] बादल।

नीरधि–ना० [सं०] समुद्र।

नीर-बिरालो–ना० [सं० नीर+बिरालो] मूसाको जस्तो थुतुनु हुने नीलो रङ्गको एक जातको जङ्गली बिरालो।

नीरव–वि० [सं०] १. शब्द नभएको; निश्शब्द। २. शब्द ननिकाल्ने।

नीरस–वि० [सं०] १. रस नभएको; रस-हीन; रूखो। २. स्वाद नभएको; बेस्वादको। ३. चाख-लाग्दो वा चित्ताकर्षक नभएको।

नीराजन–ना० [सं०] १. पूजा गरिसकेपछि गरिने देवताको आरती। २. विजय-यात्राका निमित्त हतियारहरूमा शान लाउने काम।

नीराजना–ना० [सं०] नीराजन।

नीरोग–वि० [सं०] रोग नभएको; सारसौँदो; तन्दुरुस्त। निरोगी।

नील–ना० [सं०] १. नीलो रङ्ग; गहिरो आसमानी रङ्ग। २. नीलो रङ्ग बनाउने एक प्रसिद्ध बोट; नीर। ३. सय अरबको सङ्ख्या। ४. कुबेरका नौ निधिमध्ये एक। ५. नीलो-तूथो। ६. शरीरमा चोट-पटक लागी रगत फुट्न नसक्दा बस्ने नीलो दाग; नील-डाम। ७. नील-मणि। (वि०) ८. नीलो रङ्गको।

नीलक–ना० [सं०] १. भमरो; भ्रमर। २. काँचो नून। ३. कालो घोड़ा।

नील-कण्ठ–वि० [सं०] १. गला नीलो हुने। (ना०) २. मयूर। ३. ठचौवा। ४. शिव।

नील-कण्ठ-नारायण–ना० [सं०] काठमाड़ौँ-इलाकाका उत्तरमा रहेका एक नारायण; बूढ़ा-नीलकण्ठ।

नील-कमल–ना० [सं०] नीलो रङ्गको कमल।

नील-काँटा–ना० [सं० नील+कण्टक] साना-साना पात हुने, ठूलो-केराउका दानाजत्रा सुन्तला-रङ्गका झुप्पादार दाना फल्ने र प्रायः नीला रङ्गका फूल फुल्ने काँढ़ादार एक जातको बोट। (यो प्रायः खेत-बारीमा बार बार्ने काममा लगाइन्छ।)

नील-कान्त–ना० [सं०] १. हिम-प्रदेशमा हुने, टाउको, घाँटी र छाती कालो तथा पुच्छर नीलो हुने एक जातको चरो। २. विष्णु। ३. एक प्रकारको मणि; नीर।

नील-क्रान्ता–ना० [सं०] विष्णु-क्रान्ता; अपराजिता।

नील-क्रौञ्च–ना० [सं०] नील वर्ण र घाँटी लामो हुने एक जातको कन्याङकुरुङ।

नील-गाई–ना० [नील+गाई] गाईका जस्ता कान, छोटो र बाङ्गो सीङ, गर्दनमा काला र छोटा रौँ, घाँटीमा लामो रौँको गुच्छो हुने, बराँठको जस्तो रङ्ग हुने एक जातको मृग।

नील-चरी–ना० [नील+चरी] सम्पूर्ण शरीर नीलो हुने चिभेजत्रो एक जातको चरो। (यसको विष्ठा पनि नीलो हुन्छ।)

नील-डाम–ना० [सं० नील+डाम] चोट-पटक लाग्दा रगत फुट्न नसकी शरीरमा पर्ने नीलो दाग; नीलो डाम।

नील-पद्म–ना० [सं०] नील-कमल।

नील पौर–ना० [सं०] चुनि-उखु।

नील-मणि–ना० [सं०] एक प्रकारको नीलो मणि; नीर।

नील-माष–ना० [सं०] तेलिया-मास।

नील-रत्न–ना० [सं०] नील-मणि।

नील-वल्ली–ना० [सं०] ऐँजेरू।

नील-वाराही–ना० [सं०] काठमाड़ौँ उपत्यकाको ठिमी-शहरको उत्तरतिर रहेकी वाराही; चार-वाराही-मध्ये एक।

नील-वीज–ना० [सं०] नीलो-विजय-सार।

नील-वृक्ष–ना० [सं०] प्रेमधप्के वृक्ष।

नील-वृष–ना० [सं०] पितृका उद्देश्यले यज्ञ गरेर छोड़िने साँढ़े।

नीला–ना० [सं०] १. कालीकी एक शक्ति। २. नीलो झीँगो। ३. नीलो रङ्ग बनाइने एक जातको लता। ४. नीलो जातको पुनर्नवा।

नीलाक्ष–वि० [सं०] १. नीलो आँखा हुने। (ना०) २. राज-हंस।

नीलाञ्जन–ना० [सं०] १. नीलो-तूथो। २. सुरमा।

नीलाञ्जना–ना० [सं०] १. बिजुली। २. कालो जातको कपास।

CC-0. In Public Domain. Digitization by eGangotri

नीलाम्बर–वि० [सं०] १. नीलो वस्त्र लाउने। (ना०) २. नीलो कपड़ा। ३. बलराम। ४. शनैश्चर। ५. राक्षस।

नीलाम्बुज–ना० [सं०] नीलो रङ्गको कमल।

नीलाम्मे–वि० [सं० नीलमय] सर्वत्र नीलो भएको; नीलै-नीलो।

नीलाम्ली–ना० [सं०] नीलो-सति-बयर।

नीलालु–ना० [सं०] काली-ढकायो।

नीलिमा–ना० [सं०] १. नीलो रङ्ग। २. नीलोपन।

नीली–ना० [सं०] नीर बोट।

नीलो–ना० [सं० नील] १. आकाशको जस्तो गाढ़ा रङ; नीर; नील रङ्ग। (वि०) २. त्यस रङ्गको।

नीलो-तूथो–ना० [सं० नील+तुत्थ] तामाको उपधातु; तामाको नीलो क्षार वा लवण।

नीलोत्पल–ना० [सं०] नीलो कमल।

नीलोपल–ना० [सं०] नील-मणि।

नीलो-विजय-सार–ना० [नीलो+विजय+सार] नीलो काठ हुने एक जातको विजय-सार।

नीलो-सति-बयर–ना० [नीलो+सति-बयर] नीलो रङ्गको एक जातको सति-बयर।

नीलो-सहचर–ना० [सं०] नीलो फूल फुल्ने एक जातको सहचर बूटी।

नीवार–ना० [सं०] १. तिना-धान। २. नाभोबाट उत्पन्न धान।

नीवी–ना० [सं०] १. फरियाको मुजो। २. धोती वा फरियाको मुजो बाँध्ने डोरी; इँजार। ३. गूठीका रूपमा राखिएको सम्पत्ति।

नीहार–ना० [सं०] १. कुहिरो। २. बरफ; हिउ।

नीहारिका–ना० [सं०] अँधेरी रातमा आकाशमा सेतो कुहिराको धारजस्तो देखिने नक्षत्र-पुञ्ज; स्वर्गङ्गा।

नुकता–ना० [अ० नुक़्तः] १. विशेष उच्चारण बुझाउनाका निमित्त अक्षरका मुन्तिर दिइने थोप्लो; अक्षरको तल लगाइने बिन्दु। २. बिन्दु; थोप्लो।

नुख्सा–ना० [अ० नुस्ख़ः] नुस्खा।

नुत–वि० [सं०] १. नमस्कार गरिएको; नमस्कृत; वन्दित। २. स्तुति गरिएको; स्तुत।

नुति–ना० [सं०] १. नमस्कार; प्रणाम। २. स्तुति; वन्दना।

नुनिलो–वि० [नून+इलो] नून भएको; नूनको स्वाद आउने।

नुनु–ना० [ने०] सुत्ने काम वा निद्रा; चिउँ; निनी (बालबोलीमा)।

नुवाकोट–ना० [सं० नव+कोट] १. नेपालका पश्चिम-चार (४)-नम्बर जिल्लाको मुख्य बस्ती र सदर मुकाम। (यसलाई पल्लो नुवाकोट पनि भन्दछन्।) २. नेपालको पश्चिम-एक (१)-नम्बर जिल्लाको एक इलाका र त्यसैको सदर मुकाम।

नुवागी–ना० [सं० नवान्न] नयाँ अन्न आएपछि देव, पितृका उद्देश्यले यज्ञ, पूजा आदि गरी दही र नयाँ चामल मुछी देव-पितृहरूलाई चढ़ाई खाने वस्तु।

नुस्खा–ना० [अ० नुस्ख़ः] चिकित्सकले रोगीका निमित्त औषधि र त्यसको सेवन गर्ने विधि लेखिदिएको कागत।

नुहाइ–ना० [नुहाउ+आइ] नुहाउने किसिम, क्रिया वा भाव; निहुराइ।

नुहाइ–ना० [नुहाउ+आइ] नुहाउने किसिम, क्रिया वा भाव; स्नान गराइ।

नुहाइ–ना० [नुहु+आइ] नुहुने किसिम, क्रिया वा भाव; झुकाइ।

नुहाइनु–स० क्रि० [नुहाउ+आइ+नु] निहुराइनु; ('नुहाउनु'-को क० क्रि०)।

नुहाइनु–अ० क्रि० [नुहाउ+आइ+नु] स्नान गरिनु; ('नुहाउनु'-को क० क्रि०)।

नुहाउनु–स० क्रि० [नुहु+आउ+नु] १. निहुराउनु; झुकाउनु; तलतिर फर्काउनु। २. लच्काउनु; बङ्ग्याउनु। ३. नम्र पार्नु; गर्व तोड्नु; ('नुहुनु'-को प्रे० क्रि०)।

नुहाउनु–स० क्रि० [सं० स्नान+आउ+नु] पानीले शरीर पखाल्नु; स्नान गर्नु।

नुहिनु–अ० क्रि० [नुहु+इ+नु] १. नुहुनु। २. झुकिनु; ('नुहुनु'–को भा० क्रि०)।

नुहुनु–अ० क्रि० [निहुर+नु] १. निहुरनु; झुक्नु। २. नम्र हुनु; विनयी हुनु। ३. नीचो हुनु; नत-मस्तक हुनु।

नुह्याइ–ना० [नुहि+याइ] नुहिने किसिम, क्रिया वा भाव; झुकाइ।

नूतन–वि० [सं०] १. नयाँ; नवीन। २. हालैको; ताजा। ३. अनौठो; अपूर्व।

नूतनता–ना० [सं०] नूतन हुनाको भाव; नवीनता।

नूतनत्व–ना० [सं०] नयाँपन; नवीनता।

नूत्न–वि० [सं०] नयाँ; नूतन।

नून–ना० [सं० लवण] पानीबाट वा खानिबाट निस्कने एक प्रकारको क्षार पदार्थ; निमक; लवण। (विशेषतः भोजनमा एक विशेष प्रकारको स्वाद उत्पन्न गराउनाका निमित्त यसको प्रयोग गरिन्छ।)

नून-चूक–ना० [नून+चूक] १. नून र चक। २. चोट माथि थपिएको चोट; वेदनाउपरको वेदना।

नून-ढिकी–ना० [नून+ढिको+ई] १. टुप्पातिर फराकिला भएका लाम्चा पात हुने, पहेँला फूल फुल्ने र हरिया साना फल फल्ने एक जातको भइँ-झार; घोली। (आयुर्वेदमा यसको गुण आँखाको रोग, कुष्ठ र खटिरा नाश गर्ने बताइएको छ।) २. नूनको ढिकोजस्तो गहक्किलो वस्तु।

नूनम्–क्रि० यो० [सं०] निश्चयले; अवश्य नै।

नूने–वि० [नून+ए] १. नूनको; नून-सम्बन्धी। २. नून हालेको।

CC-0. In Public Domain. Digitization by eGangotri

नूने-जाउलो—ना० [नूने+जाउलो] नून, बेसार आदि हाली पकाएको जाउलो।

नूपूर—ना० [सं०] पाउजेब।

नूर—ना० [अ०] १. तेज; ज्योति; प्रकाश। २. कान्ति; शोभा।

नृ—ना० [सं०] १. नर; मनुष्य। २. मनुष्य-जाति। ३. धूपघड़ीका मध्यमा जड़िने कीलो।

नृ-केशरी—ना० [सं०] १. नृसिंह। २. पराक्रमी व्यक्ति।

नृत्त—ना० [सं०] ताल, लय आदिका साथ गरिने शास्त्रीय पद्धतिको नाच; नर्तन।

नृत्य—ना० [सं०] गीतका पदका अनुरूप भाव देखाई नाच्नु।

नृत्य-शाला—ना० [सं०] नाच्ने ठाउँ वा घर; नाच-घर।

नृप—ना० [सं०] राजा; नरेश।

नृपति—ना० [सं०] राजा; नृप।

नृ-पशु—ना० [सं०] १. पशुतुल्य मानिस। २. महामूर्ख मानिस। ३. दुष्ट व्यक्ति; दुर्जन।

नृपाल—ना० [सं०] राजा; नृप।

नृशंस—वि० [सं०] १. निर्दयतापूर्वक अरूलाई सताउने; क्रूर; निर्दय। २. अत्याचारी।

नृशंसता—ना० [सं०] नृशंस हुनाको भाव; निर्दयता; क्रूरता।

नृ-शास्त्र—ना० [सं०] मनुष्यको जाति-सम्बन्धी शास्त्र।

नृसिंह—ना० [सं०] १. सिंहको रूप धारण गरेका विष्णु; विष्णुका दश अवतारमध्ये एक। २. पराक्रमी व्यक्ति; वीर।

नृसिंह-चतुर्दशी—ना० [सं०] वैशाख शुक्ल चतुर्दशी।

नृसिंह-पुराण—ना० [सं०] नृसिंहको माहात्म्य वर्णन गरिएको एक उपपुराण।

नेउको—ना० [नेफा] फरियाको मास्तिरपट्टि गाँसिने सानो धुर्को; नेफा।

नेक—वि० [फा०] १. असल; बेस; उत्तम। २. शिष्ट; सज्जन।

नेक-नाम—वि० [फा०] नाउँ चलेको; प्रख्यात; यशस्वी।

नेक-नामी—ना० [फा०] १. सुख्याति; प्रसिद्धि। २. कीर्ति; यश।

नेक-नीयत—वि० [फा० नेक+नीयत (अ०)] १. असल नीयतको; राम्रो उद्देश्य भएको। २. असल विचारको; ईमानदार।

नेकी—ना० [फा०] १. भलाइ; असल व्यवहार। २. सौजन्य; शिष्टता।

नेकु—ना० [नेवा० नेकू] फुकेर बजाइने, भैंसीका सीङ्को एक किसिमको बाजा।

नेग—ना० [सं० नियम] विवाह, व्रत-बन्ध आदि शुभ कार्यमा कार्य-कर्ता र इष्ट-मित्रहरूलाई दिइने दस्तूर वा पुरस्कार।

नेगी—ना० [नेग+ई] १. नेग पाउन योग्य व्यक्ति। (वि०) २. नेग पाउने; नेग लिने।

नेगी-जोगी—ना० [नेगी+जोगी] नेग पाउने व्यक्तिहरूको समूह; नेगीहरूको समुदाय।

नेटो—ना० [प्रा० नेइट्ठो] १. आँखाले देखिनेसम्मको टाढ़ाको ठाउँ; दृष्टि-गोचर हुनेसम्मको ठाउँ। २. पहाड़को शिखर; डाँड़ाको माथिल्लो भाग; भञ्ज्याङ।

नेठिनु—अ० क्रि० [नेठ्+इ+नु] मात्तिनु; निफुल्किनु; निमोठिनु; ('नेठ्नु'-को भा० क्रि०)।

नेठ्नु—स० क्रि० [निमठ्+नु] शक्तिले भेटेसम्म अनिष्ट गर्नु (आक्षेपको भनाइमा); खुत्त्याउनु; खुल्क्याउनु।

नेठ्याइ—ना० [नेठि+याइ] नेठिने किसिम, क्रिया वा भाव।

नेता—ना० [सं०] १. कुनै दल वा जन-समुदायलाई बाटो देखाउने व्यक्ति; अगुवा; नायक। २. लैजाने व्यक्ति। ३. मालिक; स्वामी। ४. नायक। ५. मालाको सुमेर्नी।

नेति-बिरालो—ना० [नाइटो+बिरालो] नाभिनिर कस्तूरी-मृगको जस्तो सुगन्धी बिना हुने एक जातको बिरालो।

नेती—ना० [सं० नेत्र] मधानीको डोरी।

नेती-धोती—ना० [सं० नेती+धौति] मुखबाट कपड़ाको धुर्को पेटमा पुऱ्याई पेट सफा गर्ने हठ-योगको एक क्रिया।

नेतृत्व—ना० [सं०] १. नेता हुनाको भाव। २. नेताको काम वा पद; नायकत्व।

नेत्र—ना० [सं०] १. आँखा; नजर। २. बाँस, ऊखु आदिको आँखो; आँख्लो। ३. मही मथ्ने डोरी; नेती।

नेत्र-कनीनिका—ना० [सं०] आँखाको नानी; पुतली।

नेत्र-कोष—ना० [सं०] आँखाको पटल।

नेत्रच्छद—ना० [सं०] पलक।

नेत्र-जल—ना० [सं०] आँसु; अश्रु।

नेत्र-मल—ना० [सं०] चिप्रा।

नेत्र-रोम—ना० [सं०] परेला।

नेत्राम्बु—ना० [सं०] आँसु।

नेत्री—ना० [सं०] १. जन-समुदाय वा दलको नेतृत्व गर्ने (स्त्री); स्त्री-नेता। २. लक्ष्मी।

नेदिष्ठ—वि० [सं०] १. अति निकट; निकटतम। २. ज्यादा; अधिक।

नेपच्यून—ना० [अं०] सूर्यदेखि सबै ग्रहभन्दा टाढ़ा रहेको, सौर-मण्डलको एक ग्रह।

नेपथ्य—ना० [सं०] १. नाटच-शालामा अभिनेताहरूले पोशाक परिवर्तन गर्ने र श्रृङ्गार गर्ने कोठो। २. नाच-गान गर्ने ठाउँ। ३. वेश-भूषा।

नेपराइ—ना० [नेपर्+आइ] नेपर्ने किसिम, क्रिया वा भाव।

नेपरिनु—अ० क्रि० [नेपर्+इ+नु] १. पुरुषेन्द्रियको अगिल्लो छाला पछिल्तिर तानिनु। २. मात्तिनु; निफुल्किनु; ('नेपर्नु'-को क० क्रि०)।

नेपर्नु—स० क्रि० [ने०] १. पुरुषेन्द्रियको अगिल्लो भागको छाला फर्काउनु। २. मात्तिनु; निफुल्किनु।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपऱ्याइ–ना० [नेपरि+याइ] नेपरिने किसिम, क्रिया वा भाव ।

नेपऱ्याहट–ना० [नेपरि+याहट] नेपरिने किसिम, क्रिया वा भाव; नेपऱ्याइ ।

नेपाल–ना० [सं०] एशिया महादेशमा हिमालय पर्वतको वारि-पारि फिँजिएर स्थित एक राष्ट्र; चीनको तिब्बत प्रदेश र भारतका बीचमा रहेको सार्वभौम सत्ता-सम्पन्न एक देश ।

नेपाल-तारा–ना० [सं०] सोह्र कला वा कुना परेको, बीचमा षट्कोण र त्रिशूल भएको, सुन-चाँदीले बनेको, नेपालको एक राष्ट्रिय तक्मा । (यसका विशिष्ट दुइ र पहिलोदेखि पाँचौँ-सम्म जम्मा यी सात श्रेणी छन्—प्रोज्ज्वल-नेपाल-तारा (महाधिपति र अधिपतिको), सुप्रदीप्त-मान्यवर-नेपाल-तारा, प्रदीप्त-मान्यवर-नेपाल-तारा, मान्यवर-नेपाल-तारा, मान्य-नेपाल-तारा र नेपाल-तारा । सामान्यतः जङ्गी विषयमा महत्त्वपूर्ण काम गर्नेहरूलाई यो तक्मा प्रदान गरिन्छ ।)

नेपाल-निम्ब–ना० [सं०] चिराइतो ।

नेपाल-प्रताप-वर्द्धक–ना० [सं०] दुइ इन्चको वृत्ताकारमा चार कला वा कुना निस्केको, बीचमा त्रिशूलको चिह्न र वृत्तमा 'जननीजन्मभूमिश्च स्वर्गादपि गरीयसी' लेखिएको, नेपालको एक राष्ट्रिय तक्मा । (यसको केवल एउटै किसिम वा श्रेणी हुन्छ ।)

नेपाली–वि० [सं०] १. नेपाल-सम्बन्धी; नेपालको । २. नेपालमा रहने; नेपाल-वासी । (ना०) ३. मनःशिला; मैनसिल । ४. सज्जिया । ५. नेवारीको वृक्ष; शेफाली ।

नेपाली-कागत–ना० [नेपाली+कागत] नरिवो, सिस्नु, अल्लो आदि बोटका पाटबाट नेपालमै तयार गरिने एक किसिमको कागत ।

नेपाली-चिराइतो–ना० [नेपाली+चिराइतो] नेपालमा मात्र हुने, लामा-लामा पात, रातो डाँठ र सेता फूल हुने एक जातको चिराइतो; नेपाल-निम्ब । (आयुर्वेदमा यसको गुण ज्वर-नाशक, रुचि-कारक र ठन्डा बताइएको छ ।)

नेपाले–वि० [नेपाल+ए] नेपालको; नेपाली ।

नेपुल–ना० [अं० निप्पर] जुत्तामा फुलीको प्वाल पार्ने साँचो ।

नेपे–वि० [नेप्टे] १. नेप्टे । (ना०) २. बाघ ।

नेपो–वि० [नेप्टो] नेप्टो ।

नेप्टिइनु–अ० क्रि० [नेप्टि+इ+नु] नेप्टो होइनु; ('नेप्टिनु'-को भा० क्रि०) ।

नेप्टिनु–अ० क्रि० [नेप्टो+नु] नेप्टो हुनु; थेप्चिनु; चेप्टिनु (नाक) ।

नेप्टे–वि० [नेप्टो+ए] नेप्टो; नेपे ।

नेप्टो–वि० [ने०] थेप्चो नाक हुने; नाक चेप्टिएको; नेपो ।

नेप्टयाइ–ना० [नेप्टि+याइ] नेप्टिने किसिम, क्रिया वा भाव; चेप्टयाइ ।

नेप्टयाइ–ना० [नेप्टयाउ+आइ] नेप्टयाउने किसिम, क्रिया वा भाव ।

नेप्टयाइनु–स० क्रि० [नेप्टि+याउ+नु] नेप्टो पारिनु; ('नेप्टयाउनु'-को क० क्रि०) ।

नेप्टयाउनु–स० क्रि० [नेप्टि+याउ+नु] नेप्टो पार्नु; चेप्टयाउनु; थेप्च्याउनु; ('नेप्टिनु'-को प्रे० क्रि०) ।

नेप्र्याइ–ना० [नेप्र्याउ+आइ] नेप्र्याउने किसिम, क्रिया वा भाव; नेपराइ ।

नेप्र्याइनु–स० क्रि० [नेप्र्याउ+आइ+नु] नेपरिनु; ('नेप्र्या-उनु'-को क० क्रि०) ।

नेप्र्याउनु–स० क्रि० [नेपर्+याउ+नु] नेपर्नु ।

नेफा–ना० [फा० नेफ़ः] १. सुरुवाल, पेटीकोट आदिमा इँजार हाल्न दोब्र्याएर सिइएको ठाउँ; इँजार-घर । २. नेउको ।

नेभारो–ना० [ने०] भोगटे ।

नेमि–ना० [सं०] १. पाङ्ग्राजस्तो वाटुलो चक्का । २. घेरा । ३. इनारका जगमा हालिने चक्का ।

नेमुनि–ना० [सं०] नेपालको प्राचीन वंशावलीहरूमा प्रसिद्ध एक मुनि । (यिनैका नामबाट यस देशको नाम 'नेपाल' रहेको हो भन्ने कसै-कसैको भनाइ छ ।)

नेर–ना० यो० [निर] निर; निकट ।

नेरि–ना० यो० [नेर] नेर ।

नेल–ना० [सं० निगड] कैदीका गोडामा लाइने एक किसिमको फलामे कड़ा ।

नेवर–ना० [सं० नूपुर] पाउजेब ।

नेवार–ना० [नेवा० नेवा] नेपालको एक जाति ।

नेवारी–वि० [नेवार+ई] नेवार-सम्बन्धी; नेवार-जातिको ।

नेवारी–ना० [सं०] १. कुन्दका जस्ता पात र साना-साना, सेता सुगन्धी फूल हुने एक जातको लहरो । २. त्यसैको फूल; नेवाली; नवमल्लिका ।

नेवारे–वि० [नेवार+ए] नेवार-जातिको; नेवारी ।

नेवाली–ना० [सं०] नेवारी; नवमल्लिका ।

नेष्टु–ना० [सं०] माटो, ढुङ्गो आदिको सानो टुक्रो ।

नेहुर–ना० [ने०] हिमालयको उच्च प्रदेशमा हुने एक जातको भेड़ो ।

नै–ना० [ने०] कुनै शब्दलाई जोड़ दिनाका निमित्त त्यस शब्दका पछिल्तिर प्रयोग गरिने शब्द । (उदा०–मैले अघि नै भनिसकेँ ।)

नैःश्रेयस–वि० [सं०] १. कल्याण गर्ने । २. मोक्ष-दायक ।

नैःस्व–ना० [सं०] निर्धनता; गरीबी ।

नैक–वि० [सं०] एकभन्दा बढ्ता; धेरै; अधिक ।

नैकटिक–वि० [सं०] १. नजीकमा रहेको; नगीचको; निकट-वर्ती । (ना०) २. भिक्षुक; संन्यासी ।

नैकटच–ना० [सं०] निकट हुनाको भाव; सामीप्य ।

नैकधा–क्रि० यो० [सं०] धेरै किसिमले; अनेकतरहले ।

CC-0. In Public Domain. Digitization by eGangotri

नैकाउन–ना० [नाइके] नाइकेले पाउने दस्तूर; नाइकेको भाग ।
नैकिनी–ना० [नाइकेनी] १. नाइकेकी स्त्री; नाइकेनी । २. नाइके स्त्री । ३. भान्साकी नाइके स्त्री ।
नैकृतिक–वि० [सं०] १. अर्काको अपकार गरेर आफ्नो स्वार्थ सिद्ध गर्ने; स्वार्थी । २. दुष्ट; दुर्जन ।
नैगम–वि० [सं०] १. निगम-सम्बन्धी; निगमको । (ना०) २. उपनिषद् ।
नैचा–ना० [फा० नैचः] हुक्काको एक किसिमको घुँगुरिएको नली ।
नैचिकी–ना० [सं०] असल जातकी गाई ।
नैज–वि० [सं०] आफ्नो; निजी ।
नैतिक–वि० [सं०] नीति-सम्बन्धी; नीतिको ।
नैत्य–वि० [सं०] १. नित्य हुने; प्रतिदिन हुने । (ना०) २. नित्य-कर्म ।
नैत्यक–वि० [सं०] १. नियमित रूपले हुने । २. अनिवार्य ।
नैदानिक–वि० [सं०] निदान-शास्त्रको ज्ञाता; निदान-सम्बन्धी ग्रन्थ पढ्ने ।
नैनकिलाँट–ना० [अं० लङ्ग+क्लॅथ] एक प्रकारको सेतो सूती कपड़ा ।
नैनसूत–ना० [सं० नयन+सुख] एक प्रकारको सेतो असल जातको सूती कपड़ा ।
नैनी–ना० [नाऊ+नी] १. नाऊ-जातकी स्त्री । २. नङ्गिनी।
नैनू–ना० [सं० नयन] परेवाका आँखाजस्ता बुट्टा हुने एक जातको कपड़ा ।
नैपाल–वि० [सं०] १. नेपालको; नेपाल-सम्बन्धी । (ना०) २. नेपाल देश । ३. एक प्रकारको ऊखु ।
नैपालिक–वि० [सं०] १. नेपालमा पैदा भएको; नेपालमा उत्पन्न । (ना०) २. तामा धातु । ३. राढ़ी; पाखी ।
नैपुण्य–ना० [सं०] निपुण हुनाको भाव; कुशलता; कौशल ।
नैमित्तिक–वि० [सं०] १. कुनै निमित्त वा कारणद्वारा गरिने; कुनै विशेष प्रयोजनले गरिने । २. निमित्त वा शकुन जान्ने । ३. आकस्मिक ।
नैयायिक–ना० [सं०] न्याय-शास्त्रको विद्वान्; न्याय-वेत्ता ।
नैरन्तर्य–ना० [सं०] निरन्तर हुनाको भाव; अविच्छिन्नता ।
नैराश्य–ना० [सं०] निराश हुनाको भाव; निराशा ।
नैऋत–वि० [सं०] निर्ऋति-सम्बन्धी ।
नैऋती–ना० [सं०] १. दक्षिण-पश्चिमको कुनु । २. दुर्गा ।
नैर्ऋत्य–ना० [सं०] १. दक्षिण र पश्चिम दिशाका बीचको कुनु । २. त्यस दिशाकी अधिष्ठात्री देवी ।
नैवेद–ना० [सं० नैवेद्य] देवतालाई भोग लगाइएको खाद्य पदार्थ; नैवेद्य; भोग ।
नैवेद्य–ना० [सं०] नैवेद ।
नैश्श्रेयस–वि० [सं०] नैःश्रेयस ।
नैषध–ना० [सं०] १. निषध देशका राजा । २. नल र दमयन्तीको चरित्र वर्णन गरिएको श्री-हर्ष-रचित एक महाकाव्य । (वि०) ३. निषध देश-सम्बन्धी ।
नैष्कर्म्य–ना० [सं०] १. निष्क्रियता; अकर्मण्यता । २. अलसी हुनाको भाव; आलस्य । ३. आसक्ति र फलको कामना नगरीकन गरिएको कर्म ।
नैष्ठिक–वि० [सं०] निष्ठा भएको; निष्ठा-कर्म गर्ने ।
नैसर्गिक–वि० [सं०] निसर्ग वा प्रकृति-सम्बन्धी; प्राकृतिक; स्वाभाविक ।
नोकर–ना० [फा० नौकर] १. कुनै काम गर्नाका निमित्त तलब दिएर राखिएको मानिस; वैतनिक कर्मचारी । २. चाकर; सेवक । ३. कमारो; दास ।
नोकर-शाही–ना० [फा० नौकर-शाही] नौकर-शाही ।
नोकरान–ना० [नोकर+आन] नोकरहरूको समुदाय; नोकर-चाकरहरू ।
नोकरी–ना० [नोकर+ई] १. नोकरको काम; सेवा । २. तलब लिएर गरिएको काम; जागीर ।
नोक्सान–ना० [अ० नुक़सान] १. हानि; क्षति । २. कमी; न्यूनता । ३. घाटा; ड्याक ।
नोक्सानी–ना० [नोक्सान+ई] १. नोक्सान; हानि । २. टुट्टा; घाटा । (वि०) ३. बिग्रने किसिमको; नोक्सान हुने ।
नोख–वि० [अनोखा] १. असल; बेस; उत्तम । २. अनौठो; अद्भुत ।
नोट–ना० [अं०] १. एक, पाँच, दश, सय आदि रुपियाँ मूल्यका, नगदीका रूपमा चल्ने, सरकार वा बैङ्कले चलाएको एक किसिमको कागत । २. कुनै कुरो सम्झनाका निमित्त लेखिएको छोटकरी लेख; टिप्पणी । ३. कुनै ग्रन्थ, वाक्य वा शब्दको अर्थ स्पष्ट गरी लेखिएको ग्रन्थ वा वाक्य; आशय वा अर्थ प्रकट गर्ने लेख; टीका ।
नोट-बुक–ना० [अं०] कुनै कुरो सम्झनाका निमित्त टिपोट लेख्ने पुस्तिका; टीप्पणी लेख्ने पुस्तिका ।
नोटिस–ना० [अं०] १. सूचना; विज्ञप्ति । २. विज्ञापन; इश्तिहार ।
नोदना–ना० [सं०] प्रेरणा ।
नोदयिता–वि० [सं०] प्रेरणा दिने; प्रोत्साहन दिने ।
नो-बटाँ–ना० [नेवा० नबताँ] थाम, खसिपा आदि चार-पाटे काठको सुर हेर्ने फलामे सामान ।
नोबेल-पुरस्कार–ना० [(व्यक्ति) नोबेल+पुरस्कार (सं०)] भौतिक-विज्ञान, रसायन-शास्त्र, शरीर-विज्ञान वा औषध-विज्ञान, साहित्य र शान्तिका लागि प्रतिवर्ष छुट्टा-छुट्टै दिइने विश्व-विख्यात पुरस्कार । (स्वेडेन देशका एलफ्रेड बर्नहार्ड नोबेल नामक रसायन-शास्त्री तथा इन्जिनीयरले राखेका गुठीबाट दिइने यो पुरस्कार सन् १० दिसम्बर, १९०१ ईसवीदेखि दिइँदैछ । यो पुरस्कार प्राप्त गर्ने व्यक्तिलाई सम्बन्धित स्वर्ण-पदक, उपाधि-पत्र र गुठीको

CC-0. In Public Domain. Digitization by eGangotri

आयअनुसार तीसदेखि चालीस हजार डलरको नगद पुरस्कार दिइन्छ ।)

नोभेम्बर–ना० [अं०] ईसवी वर्ष-चक्रको एघारौँ महीना; कार्तिक र मङ्सीर महीनाभित्र पर्ने ईसवी वर्षको तीस दिनको एक महीना ।

नोल–ना० [नेवा० नो] १. दुइ टुप्पामा खर्पन वा अरू भारी झुन्ड्याई काँधमा बोकिने बाँस वा काठको साधन । २. लिउन, वज्र आदि लाएका ठाउँमा सम्म्याउने वा घोट्ने काठको साधन ।

नौ–ना० [सं० नव] १. आठ र एकको योग-सङ्ख्या; ९-को अङ्क; नव । (वि०) २. आठ र एकका योग-सङ्ख्याको ।

नौ–ना० [सं०] १. नाउ; डुङ्गा । २. जहाज ।

नौकर–ना० [फा०] नोकर ।

नौकर-शाही–ना० [फा०] वेतन-भोगी कर्मचारीहरूद्वारा नै सञ्चालित शासन-प्रबन्ध ।

नौकरी–ना० [फा०] नोकरी ।

नौ-कर्म–ना० [सं०] मल्लाहको काम; माझीको पेशा ।

नौका–ना० [सं०] १. नाउ; डुङ्गा । २. पोत; जहाज ।

नौ-गेड़ी–ना० [नौ+गेड़ी] नौ वटा सुनका बुट्टेदार गेड़ी बीच-बीचमा उनेको पोते, मूगा आदिको माला ।

नौजवान–वि० [फा०] १. तरुनो; चढ्दो उमेरको । (ना०) २. नवयुवक ।

नौजवानी–ना० [फा०] नयाँ जवानी; नवयौवन ।

नौनी–ना० [सं० नवनी] दही वा दूध मथेर झिकिएको सार; मक्खन; काँचो वा नखारेको घिउ ।

नौबत–ना० [फा०] १. खराब हालत; दुर्दशा । २. हैरानी । ३. दरबार वा मन्दिरका मुख्य ढोकामा नियमित रूपमा बजाइने माङ्गलिक बाजा ।

नौबतखाना–ना० [फा० नौबत-खाना] दरबार वा मन्दिरका मुख्य ढोकामाथि रहेको, दिनहूँ माङ्गलिक बाजा बजाइने कोठा ।

नौमत–ना० [फा० नौबत] नौबत ।

नौमती-बाजा–ना० [फा० नौबत+बाजा] मङ्गल-सूचक एक प्राचीन किसिमको शाही बाजा ।

नौरङ्गी–वि० [नौ+रङ्गी] १. नौ वा धेरै रङ्गको; अनेक रङ्गको । २. धेरै किसिमको; नाना भाँतिको । (ना०) ३. टाउको कुखुराको, हात मान्छेको, पुच्छर सर्पको र यस्तै अरू विभिन्न अङ्ग विभिन्न प्राणीको हुने कल्पना गरिएको एक प्राणी; नवकुन्जर ।

नौरथा–ना० [सं० नव-रात्र] नव-रात्री ।

नौली–वि० [नौलो+ई] १. भर्खर घरमा आएकी; नयाँ (स्त्री) । २. भर्खर परिचित भएकी । ३. परिचित न-भएकी (स्त्री) ।

नौलो–वि० [सं० नव] १. नयाँ; नूतन; नवीन । २. भर्खर परिचय भएको । ३. अपरिचित; अज्ञात । ४. पहिले नदेखे वा नसुनेको ।

नौ-शक्ति–ना० [सं०] नौ-सेनाको शक्ति ।

नौसादर–ना०[फा० नौशादर] फस्को र तीक्ष्ण एक प्रकारको क्षार पदार्थ ।

नौसिन्दा–ना० [फा० नवीसिन्दः] सबभन्दा तल्लो दर्जाको कारिन्दा; लेखनदास कारिन्दा ।

नौ-सेना–ना० [सं०] समुद्री लड़ाइँ गर्ने सेना; समुद्री जहाजमा बसी युद्ध गर्ने सेना; जल-सेना ।

नौ-सेना-पति–ना० [सं०] नौ-सेनाको अध्यक्ष ।

नौ-सैनिक–ना० [सं०] नौ-सेनाको सिपाही ।

न्यग्रोध–ना० [सं०] १. बरको रूख । २. विष्णु । ३. शिव ।

न्यग्रोध-परिमण्डला–ना० [सं०] साह्रा स्तन, ठूला नितम्ब, झीनो कमर भएकी स्त्री; उत्तम लक्षणले युक्त स्त्री ।

न्यङ्कु–ना० [सं०] बाह्रसिङ्गा मृग ।

न्यस्त–वि० [सं०] १. राखिएको; स्थापित । २. फालिएको; मिल्काइएको । ३. हालिएको; घुसाइएको ।

न्यस्त-देह–वि० [सं०] मरेको; मृत ।

न्याउँ–क्रि० यो०[अनु०] १. बिरालो, न्याउलो, मयूर आदि कराउने किसिम; म्याउँ । २. बिरालो (बाल-बोलीमा) ।

न्याउरी–ना०[सं० नकुल] सर्प र मूसा मार्नमा प्रसिद्ध लोखर्केजस्तो एक जातको प्राणी; एक जातको जङ्गली मूसो ।

न्याउरी-मूसो–ना० [न्याउरी+मूसो] सर्प र मूसोलाई मार्ने एक जातको मूसो; न्याउरी ।

न्याउरो–ना० [न्याउ] बिरालाको बच्चो ।

न्याउली-बाजा–ना० [न्याउलो+बाजा] तीन वटा नलीबाट स्वर आइरहने, चौथो नलीमा बाँसुरीका जस्ता विभिन्न स्वरका प्वालहरू हुने र पाँचौँ नलीबाट फुकेर एक थैलोमा हावा भरी बजाइने एक किसिमको बाजा; बैग-पाइप ।

न्याउलो–ना० [न्याउँ] पहेँलो चुच्चो, नीलो टाउको, हरियो पुच्छर र रातो भुँड़ी हुने एक जातको चरो ।

न्याक-न्याक–क्रि० यो० [ङ्याक-ङ्याक] ङ्याक-ङ्याक ।

न्याय-न्याक-नुकनुक–ना० [ने०] ङ्याक-ङ्याक-ङुकङुक ।

न्यानू–वि० [न्यानो] न्यानो ।

न्यानो–वि० [सं० निदाघ] जाडो हटी तातो अनुभव भएको; सन्चो किसिमको गरम ।

न्याय–ना० [सं०] १. उचित वा नियमानुकूल कुरो; मनासिब कुरो; इन्साफ । २. मुद्दा-मामिलामा अधिकार-अनधिकार आदि कुरोको विचारपूर्वक निर्णय गर्नु; फैसला । ३. कुनै वस्तुको यथार्थ ज्ञानका निमित्त मत वा विचारको उचित विवेचना गर्ने शास्त्र; छ दर्शनमध्ये एक; तर्क-शास्त्र । ४. दृष्टान्तस्वरूपको लोकोक्ति । (उदा०–काक-तालीय न्याय, देहली-दीपक-न्याय आदि ।) ५. नीति ।

न्याय-कर्ता–वि० [सं०] न्याय गर्ने; इन्साफ गर्ने; निर्णायक ।

CC-0. In Public Domain. Digitization by eGangotri

न्यायतः–क्रि० यो० [सं०] न्यायको अनुसार; इन्साफ-बमोजिम।

न्यायपर–वि० [सं०] न्यायअनुसार आचरण गर्ने; इन्साफी; न्यायी।

न्यायपरता–ना० [सं०] न्यायी हुनाको भाव।

न्याय-परायण–वि० [सं०] न्यायी; इन्साफी; न्यायपर।

न्याय-परायणता–ना० [सं०] न्याय-परायण हुनाको भाव; न्यायपरता।

न्याय-प्रिय–वि० [सं०] इन्साफी; न्यायी।

न्याय-वर्ती–वि० [सं०] न्यायपर; न्यायी।

न्याय-शील–वि० [सं०] न्यायपर; न्यायी।

न्याय-शुल्क–ना० [सं०] न्यायालयमा कुनै मुद्दा दायर गर्दा बुझाउनुपर्ने दस्तूरी; कोर्ट-फी।

न्याय-सङ्गत–वि० [सं०] न्यायअनुसारको; न्यायोचित।

न्याय-सभा–ना० [सं०] १. अदालत; न्यायालय। २. कुनै विषयको निर्णय गर्न बसेको सभा।

न्यायाधिकरण–ना० [सं०] ट्रिब्यूनल।

न्यायाधीश–ना० [सं०] मुद्दा-मामिला वा विवादको यथार्थ निर्णय गर्ने अधिकारी; न्यायालयका प्रमुख अधिकारी; न्याय-कर्ता; जज।

न्यायालय–ना० [सं०] सरकारतर्फबाट न्याय-निसाफ हुने ठाउँ; न्यायाधीशले मुद्दा-मामिलाको इन्साफ गर्ने ठाउँ वा अड्डा; अदालत।

न्यायी–वि० [सं०] न्यायअनुसार आचरण गर्ने; नीति-अनुसार चल्ने; न्याय-शील।

न्यायोचित–वि० [सं०] न्यायअनुसार उचित; न्याय-पूर्वकको।

न्यास–ना० [सं०] १. राख्नु; स्थापन। २. धरोट; निक्षेप। ३. छोड्नु; त्याग। ४. चिह्न; निशाना। ५. तान्त्रिक पद्धतिअनुसार देवताका विभिन्न अङ्गलाई सम्झेर मन्त्र पढी आफ्ना शरीरका अङ्गहरू छुने काम। ६. गायनको समाप्तिमा प्रयोग हुने स्वर।

न्यास-धारी–वि० [सं०] धरोटी राख्ने।

न्यासिक–वि० [सं०] धरौटी लिने।

न्यासी–ना० [सं०] १. संन्यासी। (वि०) २. त्यागी।

न्यास्रिइनु–अ० क्रि० [न्यास्रि+इ+नु] न्यास्रो लागिनु; ('न्यास्रिनु'-को भा० क्रि०)।

न्यास्रिनु–अ० क्रि० [न्यास्रो+इ+नु] न्यास्रो लाग्नु; निस्त्याहट लाग्नु; निस्तिनु।

न्यास्रो–वि० [सं० निराश्रय] १. प्रिय जनको बिछोड़बाट हुने उराठ-लाग्दो भाव; दिक्दारी। २. कुनै साथी नहुँदा हुने खिन्नता; एक्लो हुँदा लाग्ने दिक्दारी।

न्याहुर–ना० [ने०] कस्तूरी मृगको जस्तो भुल्ला हुने एक जातको लेकाली बाखोजस्तो जनावर।

न्युब्ज–वि० [सं०] १. तलतिर मुख फर्केको; घोसे। २. घोप्टो। ३. कुप्रो।

न्यून–वि० [सं०] १. कम; थोरै। २. नीच; क्षुद्र।

न्यूनता–ना० [सं०] १. न्यून हुनाको भाव; कमी। २. हीनता; क्षुद्रता।

न्यूनाधिक–वि० [सं०] घटी-बढ़ी; थोर-बहुत।

न्यूनाधिक्य–ना० [सं०] न्यूनाधिक हुनाको भाव; घटी-बढ़ी हुनाको भाव।

न्यौको–ना० [नेउको] नेउको।

न्वागी–ना० [नुवागी] नुवागी।

न्वारन–ना० [सं० नाम-करण] बालक जन्मेका एघारौँ दिनमा गरिने संस्कार; नाम-करण; द्वि-जातिका षोडश-कर्ममध्ये एक।

न्वारान–ना० [न्वारन] न्वारन।

प

प–देवनागरी वर्ण-मालाको एक्काईसौँ व्यञ्जन-वर्ण। प-वर्ग-को प्रथम अक्षर। यसको उच्चारण ओष्ठ-स्थानबाट हुन्छ।

पँजाइ–ना० [पाँज्+आइ] पाँज्ने किसम, क्रिया वा भाव।

पँज्याइ–ना० [पँज्याउ+आइ] पँज्याउने किसिम, क्रिया वा भाव।

पँज्याइनु–स० क्रि० [पँज्याउ+आइ+नु] पाँजा पारिनु; ('पँज्याउनु'-को क० क्रि०)

पँज्याउनु–स० क्रि० [पाँजो+याउ+नु] धान, कोदो आदिका बीउ उखेलेर पाँजा पार्नु; पाँजा बनाउनु।

पँदाइ–ना० [पाँद्+आइ] पाँद्ने किसिम, क्रिया वा भाव; पँजाइ।

पँदाइनु–स० क्रि० [पँदाउ+आइ+नु] पाँद्न लाइनु; पँजाइनु; ('पँदाउनु'-को क० क्रि०)।

पँदाउनु–स० क्रि० [पाँद्+आउ+नु] पाँद्न लाउनु; ('पाँद्नु'-को० प्रे० क्रि०)।

पँधेरो–ना० [पधुरो] छुँदा पटपट शब्द निकाल्ने, दुर्गन्धी, एक जातको कालो कीरो; पधुवा कीरो।

पँधेरो–ना० [पनेरो] पनेरो।

पँधेर्नी–ना० [पँधेरो+नी] पनेर्नी।

पउन–ना० [सं० पवन] १. सास; श्वास; प्राण-वायु। २. वायु।

पकड़–ना० [पकड़] १. पकड़ने काम वा भाव; पक्राउ। २. हठ; जिद्दी। ३. सङ्गीतमा रागको स्वरूप प्रदर्शित गर्ने केही मुख्य स्वरहरूको समुदाय।

पकड़ाउ–ना० [पकड़+आउ] १. पकड़ने काम; समात्ने भाव; पकड़। २. गिरफ्तारी; पक्राउ।

CC-0. In Public Domain. Digitization by eGangotri

पकपक–क्रि० यो० [ने०] पकपकी ।

पकपकती–क्रि० यो० [पकपक+ती] पकपकी ।

पकपकी–क्रि० यो० [ने०] १. भोक-प्यास वा कष्टले मुख बाउने किसिम । २. धमाधम काम गर्ने किसिम; खुरुखुरु । ३. पकापक मर्ने किसिम । ४. पाप्रो आदि धमाधम उप्कने वा उप्काउने किसिम ।

पकला–ना० [ने०] सुकेका गोबरको थासो; बन-गुइँठा ।

पकाइ–ना० [पकाउ+आइ] पकाउने किसिम, क्रिया वा भाव ।

पकाइ–ना० [पाक्+आइ] पाक्ने किसिम, क्रिया वा भाव ।

पकाइनु–स० क्रि० [पकाउ+आइ+नु] परिपक्व पारिनु; ('पकाउनु'-को क० क्रि०) ।

पकाउनु–स० क्रि० [पाक्+आउ+नु] १. आगोको आँचद्वारा खानेकुरो गलाउनु वा परिपक्व पार्नु; रिँध्नु । २. फल-फूलहरू खान योग्य पार्नु; पाक्ने पार्नु । ३. खटिरा, फोका आदिलाई कुनै उपचारद्वारा पीप भरिने पार्नु । ४. नोकरी वा काम-काज गरेको ज्याला पाउन पार्नु; ('पाक्नु'-को प्रे० क्रि०) ।

पकापक–क्रि० यो० [ने०] १. धमाधम खाने किसिम; कपाकप । २. धमाधम काम गर्ने किसिम । ३. धमाधम मर्ने किसिम । ४. पाप्रो आदि धमाधम उप्कने वा उप्काउने किसिम ।

पकापकी–क्रि० यो० [पकापक+ई] पकापक ।

पकार–ना० [सं०] 'प'-अक्षर; प-वर्गको प्रथम वर्ण ।

पकुवा–वि० [सं० पक्क] १. पाकेको; पकाएर तयार भएको । २. पाक्ने किसिमको । (ना०) ३. विशेष किसिमले पकाएको मासु आदिको परिकार; कवाफ; पक्कु ।

पकौड़ी–ना० [सं० पक्व+वटी] साग-पात आदि बेसन वा मासको पीठोमा मुछी घिउ-तेलमा पकाएको फुरौला-जस्तो खाद्य पदार्थ ।

पक्क–क्रि० यो० [ने०] १. आश्चर्य, विस्मय, अज्ञान-वश टोलाएर हेर्ने किसिम; जिल्ल । २. उप्कने किसिम; पक्लक्क । ३. मुख बाउने किसिम । ४. सोच-विचार नगरी एकाएक बोल्ने किसिम; प्वाक्क । ५. सहसा मर्ने किसिम ।

पक्कण–ना० [सं०] चाण्डालको घर वा बस्ती ।

पक्का–ना० [सं० पक्व] १. निधो; निश्चय । (वि०) २. पाकेको; पाको । ३. होशियार; सावधान । ४. पोख्त; सिपालु । ५. बलियो; मजबूत ।

पक्कापक्की–ना० [पक्क+पक्का] दृढ निश्चय; खतोखात ।

पक्कु–ना० [सं० पक्क] विशेष प्रकारले पकाइएको मासु, आलु आदिको परिकार; कवाफ; पकुवा ।

पक्की–वि० [पक्का+ई] १. रँगाएपछि रङ्ग नजाने; पक्का (रङ्ग) । २. पाको ईँटले बनेको (घर, चोक आदि) । ३. ढुङ्गा, कङ्क्रीट आदि पेलेर बनाएको (बाटो) । ४. पक्का; असल ।

पक्क्याइ–ना० [पक्क्याउ+आइ] पक्क्याउने किसिम, क्रिया वा भाव ।

पक्क्याइनु–स० क्रि० [पक्क्याउ+आइ+नु] धमाधम खाइनु; ('पक्क्याउनु'-को क० क्रि०) ।

पक्क्याउनु–स० क्रि० [पकापक+याउ+नु] धमाधम खानु; पकापक खानु; गफल्क्याउनु ।

पक्ड़नु–स० क्रि० [पक्र+नु] १. पक्रनु; समात्नु । २. गाँज्नु; झम्टनु । ३. पक्राउ गर्नु; गिरफ्तार गर्नु ।

पक्ड़ाइ–ना० [पक्ड़+आइ] पक्ड़ने किसिम, क्रिया वा भाव; पक्राइ ।

पक्ड़ाइनु–स० क्रि० [पक्ड़ाउ+आइ+नु] पक्ड़न लाइनु; पक्राइनु; ('पक्ड़ाउनु'-को क० क्रि०) ।

पक्ड़ाउनु–स० क्रि० [पक्ड़+आउ+नु] पक्राउनु; ('पक्ड़नु'-को प्रे० क्रि०) ।

पक्ड़िनु–स० क्रि० [पक्ड़+इ+नु] पक्रिनु; ('पक्ड़नु'-को क० क्रि०) ।

पक्ता–वि० [सं०] पकाउने; परिपक्व गराउने ।

पक्ति–ना० [सं०] १. पकाउने काम । २. प्रसिद्धि; यश ।

पक्त्रिम–वि० [सं०] पकाइएको; पक्व ।

पक्रनु–स० क्रि० [सं० प्रकर्ष] १. समात्नु; पक्ड़नु; अँठ्याउनु । २. गाँज्नु; झम्टनु । ३. लिनु; ग्रहण गर्नु । ४. सरकारले कुनै काम-कारवाईका निमित्त कसैलाई कड़ाइका साथ पुलीस आदि द्वारा बोलाउनु; पक्राउ गर्नु; गिरफ्तार गर्नु । ५. सरकार वा साहूको असूल गर्नुपर्ने धन कड़ाइका साथ असूल गर्न खोज्नु । ६. आश्रय लिनु; सहारा लिनु ।

पक्राइ–ना० [पक्र+आइ] पक्रने किसिम, क्रिया वा भाव; पक्ड़ाइ ।

पक्राइनु–स० क्रि० [पक्राउ+आइ+नु] पक्रन लाइनु; ('पक्राउनु'-को क० क्रि०) ।

पक्राउ–ना० [पक्र+आउ] १. पक्रने काम; समात्ने काम । २. पक्ड़ाउ; गिरफ्तारी ।

पक्राउनु–स० क्रि० [पक्र+आउ+नु] पक्रन लाउनु; ('पक्रनु'-को प्रे० क्रि०) ।

पक्रिनु–स० क्रि० [पक्र+इ+नु] समातिनु; ('पक्रनु'-को क० क्रि०) ।

पक्लक्क–क्रि० यो० [ने०] १. पाप्रो, बोक्रो आदि उप्कने किसिम; पक्क । २. जरैदेखि उखेलिने किसिम । ३. सहसा मर्ने किसिम ।

पक्व–वि० [सं०] १. पाकेको; परिपक्व । २. पकाइएको । ३. अनुभवी; भुक्त भोगी । ४. पक्का; दृढ । ५. पुष्ट; पूर्ण रूपले विकसित । ६. फुलेको वा सेतो भएको (रौँ) । (ना०) ७. पकाइएको खानेकुरो; पक्वान्न ।

पक्वता–ना० [सं०] पक्व हुनाको भाव; परिपक्वता ।

पक्वान्न–ना० [सं०] १. पकाइएको अन्न; पाकेको खाने-

CC-0. In Public Domain. Digitization by eGangotri

कुरो। २. आगोमा पकाइएको खाद्य पदार्थ (रोटी, भात आदि)।

पक्वाशय–ना० [सं०] खाएको पदार्थ पच्ने पेटभित्रको थैली; पाकस्थली।

पक्ष–ना० [सं०] १. चरोको उड्ने अवयव; पखेटा। २. ढोकाको खापा; द्वार। ३. कुनै वस्तुको दायाँ वा बायाँको अवयव; पार्श्व। ४. कुनै वस्तुको आधा भाग। ५. प्रतिपदादेखि औँसी वा पूर्णिमासम्मका पन्ध्र दिन; चान्द्र-मासको आधा महीना। ६. कुनै विषयका दुइ वा धेरै तत्त्वहरू वा दलहरूमध्ये कुनै एक। ७. झगड़ा वा विवाद गर्नेहरूमध्ये कुनै एक व्यक्ति वा दल। ८. सहायक वा समान वर्गको जमात। ९. बाणका फेदमा लागेको प्वाँख। १०. नदीको किनारा; तट। (ना० यो०) ११. तिर; तर्फ; पट्टि।

पक्ष-ग्रहण–ना० [सं०] १. कुनै विषयका अनेक पक्षमध्ये एक पक्षतिर लाग्नु। २. एकै महीनाका शुक्ल र कृष्ण—दुवै पक्षमा लागेको ग्रहण।

पक्ष-द्वार–ना० [सं०] मूल ढोकादेखि अतिरिक्त ढोका; जस्केलो।

पक्ष-धर–ना० [सं०] विभिन्न पक्षमध्ये एक पक्षमा लाग्ने व्यक्ति।

पक्षपात–ना० [सं०] औचित्य वा न्यायको विवेक नगरी कुनै एउटा पक्षमा लाग्ने प्रवृत्ति; एक पक्षको समर्थन; तरफदारी; पन-पक्ष।

पक्षपातिता–ना० [सं०] पक्षपाती हुनाको भाव; तरफदारी; पक्ष-ग्रहण।

पक्षपाती–वि० [सं०] पक्षपात गर्ने; पन-पक्षमा लाग्ने; तरफदार।

पक्ष-पोषण–वि० [सं०] १. कुनै पक्षको समर्थक; तरफदार। (ना०) २. विवादमा आफ्ना पक्षका कुराको पुष्टि गर्ने काम।

पक्षवात–ना० [सं०] शरीरको दायाँ वा बायाँ आधा अङ्ग नचल्ने वा निश्चेष्ट हुने एक रोग; लकवा।

पक्षाघात–ना० [सं०] शरीरको बायाँ वा दायाँ अङ्ग चेतनहीन हुने एक किसिमको वात-रोग; पक्षवात।

पक्षान्तर–ना० [सं०] अर्को पक्ष; भिन्न पक्ष।

पक्षाभास–ना० [सं०] हेत्वाभास-युक्त तर्क; सिद्धान्ताभास।

पक्षिणी–ना० [सं०] १. दुइ दिनका बीचको रात। २. पोथी चरो; चरी। ३. पूर्णिमा।

पक्षी–ना० [सं०] १. चरो; पङ्क्षी। २. पक्ष लिने व्यक्ति; तरफदार। (वि०) ३. पक्ष-सम्बन्धी; पक्षको। ४. पखेटा भएको।

पक्षीय–वि० [सं०] पक्ष-सम्बन्धी; पक्षको।

पक्षी-राज–ना० [सं०] गरुड।

पक्षी-विज्ञान–ना० [सं०] चराहरूको रहन-सहन र स्वभावको विवेचना गरिएको शास्त्र; पक्षी-शास्त्र।

पक्षी-शाला–ना० [सं०] १. चिड़ियाखाना; चिड़िया-घर। २. चरोको गुँड़। ३. पिंजरा।

पक्षी-शास्त्र–ना० [सं०] पक्षी-विज्ञान।

पक्ष्म–ना० [सं०] १. आँखाको परेला। २. फूलको केसर। ३. पखेटा।

पक्ष्म-यूका–ना० [सं०] चमजुम्रो।

पक्ष्मल–वि० [सं०] लामा र राम्रा परेला भएको।

पक्ष्य–वि० [सं०] १. एक पक्षमा हुनु। २. तरफदार; पक्षी।

पख–ना० यो० [सं० पक्ष] तिर; ताक; याममा।

पखवाज–ना० [सं० पक्ष + वाद्य] सानो मृदङ्गजस्तो एक प्रकारको बाजा; पखावज।

पखवाजी–ना० [पखवाज+ई] पखवाज बजाउनमा सिपालु व्यक्ति; पखवाज बजाउने व्यक्ति।

पखाल-पुखुल–ना० [पखाल्+पुखुल (फाँ०)] १. पखाल्ने काम; खकाल्ने काम। २. दही, मही आदिको अवशेष।

पखाला–ना० [पखाल्] पातलो दिसा; झाड़ा।

पखालाइ–ना० [पखाल्+आइ] पखाल्ने किसिम, क्रिया वा भाव; खकालाइ।

पखालिनु–स० क्रि० [पखाल्+इ+नु] धोइनु; ('पखाल्नु'-को क० क्रि०)।

पखाल्नु–स० क्रि० [प्रा० पक्खाल+नु] १. पानीले कुनै वस्तु सफा गर्नु; धुनु; खकाल्नु। २. कुरा काट्नु; बदनाम गर्नु।

पखावज–ना० [पखवाज] पखवाज।

पखिनी–ना० [पाखे+इनी] १. पाखामा रहने स्त्री; पाखेकी स्त्री। (वि०) २. असभ्य; गँवार (स्त्री)।

पखेटा–ना० [प्रा० पक्ख] चराको उड्ने अवयव; पक्ष।

पखेटो–ना० [पाखो] सानो पाखो; फगटै-फगटा परेको जमीन।

पखेनी–ना० [पाखे+एनी] पखिनी।

पखेरू–ना० [प्रा० पक्खी] चरो; पङ्क्षी; पक्षी।

पखेरो–ना० [पाखो+एरो] वरि-परि अग्लो भई बीचमा गहिरो भएको जमीन; सुर्कै-सुर्का परेको जमीन; पाखो।

पखौण्ड–ना० [सं०] बाङ्गे-काठ वृक्ष।

पख्नु–अ० क्रि० [पर्ख] १. पर्खनु; बाटो हेर्नु; प्रतीक्षा गर्नु। २. धैर्यसाथ बस्नु।

पगरी–ना० [सं० पट्टक] १. टोपीको साटो शिरमा बेह्रेर लाइने कपड़ा; फेटा। २. विवाहका दुलहा र पुराण भन्ने पण्डितले शिरमा लाउने एक किसिमको टोपी। ३. सरकारी कर्मचारीहरूले लाउने चाँद-तोड़ासहितको एक प्रकारको टोपी। ४. सरकारी मान।

पगला–वि० [पागल] पागल।

पगहा–ना० [सं० प्रग्रह] टाढ़ा जान नहुने र वरि-परि चर्ने हुने गरी पशुलाई बाँधिने लामो डोरी; पघा।

CC-0. In Public Domain. Digitization by eGangotri

पगार–ना० [पग्र] थुनबाट खुलस्तसित दूध रसाएर आउनु; पग्रने काम वा किसिम।

पगाराइ–ना० [पगार्+आइ] पगार्ने किसिम, क्रिया वा भाव; पघाराइ।

पगारिनु–स० क्रि० [पगार्+इ+नु] पघारिनु; ('पगार्नु'-को क० क्रि०)।

पगारो–ना० [पघारो] पघारो।

पगार्नु–स० क्रि० [पघार] पघार्नु।

पगालाइ–ना० [पगाल्+आइ] पगाल्ने किसिम, क्रिया वा भाव।

पगालिनु–स० क्रि० [पगाल्+इ+नु] पन्यालो पारिनु; गालिनु; ('पगाल्नु'-को क० क्रि०)।

पगाल्नु–स० क्रि० [पग्ल+नु] १. डल्लो वा घन पदार्थलाई तरल रूपमा परिणत पार्नु; पन्यालो पार्नु; गाल्नु; ('पग्लनु'-को प्रे० क्रि०)। २. मनमा दया उत्पन्न गराउनु। ३. मनलाई आकर्षित पार्नु।

पग्रनु–अ० क्रि० [पघ्र+नु] पघ्रनु।

पग्राइ–ना० [पग्र+आइ] पग्रने किसिम, क्रिया वा भाव।

पग्राइ–ना० [पगार्+आइ] पगार्ने किसिम वा क्रिया।

पग्रिनु–अ० क्रि० [पग्र+इ+नु] १. पघ्रिनु; ('पग्रनु'-को भा० क्रि०)। २. पग्रनु।

पग्र्याइ–ना० [पग्रि+याइ] १. पग्रिने किसिम, क्रिया वा भाव; पघ्राइ। २. पगार्ने किसिम, क्रिया वा भाव।

पग्लनु–अ० क्रि० [सं० प्र+गल्+नु] १. घन वा डल्लो पदार्थ गर्मीले गर्दा तरल रूपमा परिणत हुनु; द्रवीभूत हुनु; गल्नु। २. मनमा दया उत्पन्न हुनु; करुणा उत्पन्न हुनु। ३. मन आकर्षित हुनु।

पग्लाइ–ना० [पग्ल+आइ] पग्लने किसिम, क्रिया वा भाव; गलाइ।

पग्लाइ–ना० [पगाल्+आइ] पगाल्ने किसिम वा क्रिया।

पग्लिँदो–वि० [ने० पग्ल+इँदो] पीतल, तामा आदि धातुका भाँडामा अमिलो खानेकुरो धेरै बेर रहँदा बिग्रेको; तमतमिँदो (स्वाद)।

पग्लिनु–अ० क्रि० [पग्ल+इ+नु] १. तरल रूपमा परिणत होइनु; ('पग्लनु'-को भा० क्रि०)। २. पग्लनु।

पग्ल्याँटो–ना० [फग्ल्याँटो] फग्ल्याँटो।

पग्ल्याइ–ना० [पग्लि+याइ] पग्लिने किसिम, क्रिया वा भाव; पग्लाइ।

पग्लाइ–ना० [पगाल्+आइ] पग्लाउने किसिम वा क्रिया।

पग्ल्याहट–ना० [पग्लि+याहट] पग्लिने किसिम, क्रिया वा भाव; पग्ल्याइ।

पघा–ना० [पगहा] पगहा।

पघार–ना० [पघ्र] पगार।

पघाराइ–ना० [पघार्+आइ] पघार्ने किसिम, क्रिया वा भाव।

पघारिनु–स० क्रि० [पघार्+इ+नु] थुनमा दूध जम्मा पारिनु; ('पघार्नु'-को क० क्रि०)।

पघारो–ना० [पघार] दूध पघार्नाका निमित्त थुनमा लाउने स्निग्ध पदार्थ।

पघार्नु–स० क्रि० [पघ्र+नु] गाई-वस्तुका थुनमा दूध सजिलैसित आउने पार्नु; दुहुनाका निमित्त थुनमा दूध जम्मा पार्नु।

पघ्रनु–अ० क्रि० [पग्ल+नु] १. थुनमा दूध एकत्रित हुनु; थुनमा दूध रसाउनु। २. थुनबाट प्रशस्त दूध निस्कनु।

पघ्राइ–ना० [पघ्र+आइ] पघ्रने किसिम, क्रिया वा भाव।

पघ्राइ–ना० [पघार्+आइ], पघार्ने किसिम वा क्रिया।

पघ्रिनु–अ० क्रि० [पघ्र] १. पघ्रनु। २. थुनमा दूध एकत्रित होइनु; ('पघ्रनु'-को भा०क्रि०)।

पघ्र्याइ–ना० [पघ्रि+याइ] पघ्रिने किसिम, क्रिया वा भाव; पघ्राइ।

पङ्क–ना० [सं०] १. माटाको लेदो; हिलो। २. धाप; दलदल। ३. दबदबे पदार्थ; लेप। ४. पाप।

पङ्कज–ना० [सं०] १. कमल; पद्म। २. सारस चरो। (वि०) ३. हिलोमा उत्पन्न हुने।

पङ्कजासन–ना० [सं०] ब्रह्मा।

पङ्किल–वि० [सं०] १. हिलो भएको; हिले; पङ्क-युक्त। २. मैलो।

पङ्केरुह–ना० [सं०] कमल; पद्म; पङ्कज।

पङ्क्ति–ना० [सं०] १. लाम; लहर; ताँती। २. अक्षरको लहर; हरफ। ३. दश-दश अक्षरका चार पाउ हुने एक प्रकारको वैदिक छन्द।

पङ्क्ति-बद्ध–वि० [सं०] पङ्क्तिमा मिलाइएको; क्रम मिलाइएको; सिलसिला ठीक पारिएको।

पङ्ख–ना० [सं० पक्ष] पखेटा।

पङ्खा–ना० [पङ्ख] हावा हम्कने साधन; हावाको वेग उत्पन्न गर्ने उपकरण।

पङ्खी–ना० [पङ्ख+ई] चरो; पखेरू; पक्षी।

पङ्गु–वि० [सं०] गोडा बेकाम भई हिँड्-डुल गर्न नसक्ने; लङ्गडो।

पङ्गुता–ना० [सं०] पङ्गु वा लङ्गडो हुनाको भाव।

पङ्गुत्व–ना० [सं०] पङ्गु हुनाको भाव; पङ्गुता।

पङ्गुल–वि० [सं०] लङ्गडो; पङ्गु।

पच–ना० [पच्] १. पच्ने काम; पाचन। २. लिएको (धन-माल) फिर्ता नगर्नु।

पच–वि० [सं० पञ्च] पाँच।

पचका–ना० [पिचकारी] पानी आदि पन्यालो पदार्थ भरेर टाढासम्म पुग्ने गरी छर्कने ढुङ्ग्राका आकारको साधन; पिचकारी।

पचक्क–क्रि० यो० [ने०] कुच्चिने वा किच्चिने किसिम।

पचन–ना० [सं०] १. पकाउने काम। २. पकाउने साधन। ३. पकाउने व्यक्ति। ४. अग्नि।

CC-0. In Public Domain. Digitization by eGangotri

पचनागार–ना० [सं०] भान्सा-घर; पाक-शाला ।

पचनी–ना० [पच] पचाउने काम; पच; हजम ।

पचनीय–वि० [सं०] पकाउन योग्य; पकाउन सकिने ।

पचपच–क्रि० यो० [नें०] १. रुघा, ज्वर आदिले मुख नमीठो हुने किसिम; मुखको स्वाद बिग्रने किसिम । २. धमाधम किरिया हाल्ने किसिम ।

पचपचती–क्रि० यो० [पचपच+ती] पचपची ।

पचपचाइ–ना० [पचपचाउ+आइ] पचपचाउने किसिम, क्रिया वा भाव; पचपचाहट ।

पचपचाइनु–अ० क्रि० [पचपचाउ+आइ+नु] पचपचाउँदो होइनु; ('पचपचाउनु'-को भा० क्रि०) ।

पचपचाउँदो–वि० [पचपचाउ+दो] १. पचपचाएको; नमीठो स्वादको । २. पानी, पिप आदि बगिरहने (घाउ-खटिरा)।

पचपचाउनु–अ० क्रि० [पचपच+आउ+नु] १. रुघा, जरो आदिबाट मुखको स्वाद बिग्रनु; पचपचाउँदो हुनु । २. घाउ-खटिराहरू बिग्रेर पानी निस्किरहनु ।

पचपचाहट–ना० [पचपचाउ+आहट] पचपचाउने किसिम, क्रिया वा भाव; पचपचाइ ।

पचपची–क्रि० यो० [पचपच+ई] १. धमाधम किरिया हाल्ने किसिम; पचपच । २. मुखको स्वाद बिग्रने किसिम; पचपचाउने किसिम ।

पचपन्न–ना० [सं० पञ्चपञ्चाशत्] १. पचास र पाँचको योग-सङ्ख्या; ५५-को अङ्क । (वि०) २. पचास र पाँचका योग-सङ्ख्याको ।

पचपन्नौँ–वि० [पचपन्न+औँ] गणनाका क्रमले पचपन्न सङ्ख्यामा परेको; पचपन्न सङ्ख्याको ।

पचभैया–ना० [पच+भैय्या] एकसाथ हिँड्ने भनी प्रसिद्ध पाँच वटा भूतहरूको एक विशेष समुदाय ।

पचमेल–ना० [पच+मेल] पाँच थोक मिसिएको मिठाई वा मसलाको समुदाय ।

पचरङ्गी–वि० [पच+रङ्गी] पाँच प्रकारका रङ्ग वा बुट्टा भएको; पञ्च-रङ्ग ।

पचहत्तर–ना० [प्रा० पंचहत्तरी] १. सत्तरी र पाँचको जम्मा सङ्ख्या; ७५-को अङ्क । (वि०) २. सत्तरी र पाँचका योग-सङ्ख्याको ।

पचहत्तरौँ–वि० [पचहत्तर+औँ] गन्दै जाँदा पचहत्तर सङ्ख्यामा पुगेको; पचहत्तर सङ्ख्याको ।

पचाइ–ना० [पच्+आइ] पच्ने किसिम, क्रिया वा भाव ।

पचाइ–ना० [पचाउ+आइ] पचाउने किसिम, क्रिया वा भाव ।

पचाइनु–स० क्रि० [पचाउ+आइ+नु] हजम पारिनु; ('पचाउनु'-को क० क्रि०) ।

पचाउनु–स० क्रि० [पच्+आउ+नु] १. खाएका पदार्थको पेटभित्र परिपाक गर्नु; हजम गर्नु । २. अर्काको लिइराखेको वस्तु नदिनु; पच गर्नु ।

पचाउरे–वि० [नें०] १. एक किसिमको चाउरे । २ चाउरे शब्दका पछाडि त्यसै अर्थमा प्रयोग गरिने एक शब्द ।

पचान्नब्बे–ना० [पञ्चान्नब्बे] पञ्चान्नब्बे ।

पचान्नब्बेयौँ–वि० [पञ्चान्नब्बेयौँ] पञ्चान्नब्बेयौँ ।

पचापच–क्रि० यो० [पचपच] कत्ति पनि धक नमानी धमाधम किरिया हाल्ने किसिम; पचपच ।

पचाशियौँ–वि० [पचाशी+यौँ] पचासियौँ ।

पचाशी–ना० [प्रा० पंचाशीति] पचासी ।

पचास–ना० [प्रा० पञ्चास] १. चालीस र दशको योग-सङ्ख्या; ५०-को अङ्क । (वि०) २. चालीस र दशका योगको ।

पचासियौँ–वि० [पचासी+यौँ] गणनाका क्रमले पचासी सङ्ख्यामा परेको; पचासी सङ्ख्याको ।

पचासी–ना० [प्रा० पंचारीति] १. असी र पाँचको योग-सङ्ख्या; ८५-को अङ्क । (वि०) २. असी र पाँचका योग-सङ्ख्याको ।

पचासौँ–वि० [पचास+औँ] गन्दै जाँदा पचासका सङ्ख्यामा पुगेको; पचास सङ्ख्याको ।

पचाहा–वि० [पचाउ+आहा] १. अर्काको धन-माल लिएर फिर्ता नदिने स्वभावको; पचाउने स्वभावको । २. जानेका कुरा पनि नजानेझैँ गर्ने; बूझ पेलाहा । ३. हेपाहा ।

पचिनु–अ० क्रि० [पच्+इ+नु] हजम होइनु; पच्ने होइनु; ('पच्नु'-को भा० क्रि०) ।

पचीस–ना० [पच्चीस] पच्चीस ।

पचीसौँ–वि० [पच्चीसौँ] पच्चीसौँ ।

पचेटा–ना० [नें०] धपेड़ी; धामा ।

पचेलिम–वि० [सं०] १. चाँडो पाक्ने; सजिलोसित पाक्ने । २. आफै पाक्ने । (ना०) ३. अग्नि । ४. सूर्य ।

पच्काराइ–ना० [पच्कार्+आइ] पच्कार्ने किसिम, क्रिया वा भाव ।

पच्कारिनु–स० क्रि० [पच्कार्+इ+नु] भन्न नहुने कुरो प्याच्च भनिनु; ('पच्कार्नु'-को क० क्रि०) ।

पच्कार्नु–स० क्रि० [प्याच्च+नु] १. समाजमा धक नमानीकन अर्काको दोष वा गुण स्पष्ट रूपमा भन्नु; भन्न नहुने कुरो पनि प्याच्च भन्नु । २. तोकेर भन्नु । ३. अश्लील शब्द वा कुरो बोल्नु ।

पच्चीस–ना० [सं० पञ्चविंशति] १. बीस र दशको योग–सङ्ख्या; २५-को अङ्क । २. चारतिर फिँजिएका, आठ-आठ कोठा हुने तीन-तीन लहरका चार वटा पाटा भएको थर्कीमा विभिन्न चार रङ्गका चार-चार वटा गोटी लिएर सात वटा कौड़ाले खेलिने एक प्रकारको खेल । (वि०) ३. बीस र पाँचका योगको ।

पच्चीसौँ–वि० [पच्चीस+औँ] गणनाको क्रमले पच्चीस सङ्ख्यामा परेको; पच्चीस सङ्ख्याको ।

CC-0. In Public Domain. Digitization by eGangotri

पच्चू–वि० [सं० पच्] १. पचेको; पाक भएको । २. प्रौढ भएको; पोख्त भएको ।

पच्छिम–ना० [प्रा०] पूर्व दिशाको विपरीत दिशा; पश्चिम ।

पच्छिम-एक (१)-नम्बर–ना० [पच्छिम+एक+नम्बर] काठमाड़ौँदेखि पश्चिमपट्टि नुवाकोट, धादिङ लामीडाँड़ा, सल्यान आदि क्षेत्रहरू पर्ने एक इलाका ।

पच्छिम-चार (४)-नम्बर–ना० [पच्छिम+चार+नम्बर] पच्छिम-तीन (३)-नम्बर इलाकादेखि पश्चिमपट्टिका भिर्कोट, ग्रह्लौं, सर्तौं आदि क्षेत्रहरू भएको इलाका । (यसको मुख्य मुकाम पल्लो नुवाकोट हो ।)

पच्छिम-तीन (३)-नम्बर–ना० [पच्छिम+तीन+नम्बर] पश्चिम-दुइ-नम्बर इलाका र पच्छिम-चार-नम्बर इलाकाको बीचमा पर्ने लमजुङ, कास्की, तनहुँ आदि क्षेत्र भएको इलाका । (यसको मुख्य बस्ती पोखरा हो ।)

पच्छिम-दुइ (२)-नम्बर–ना० [पच्छिम+दुइ+नम्बर] पश्चिम-एक (१)-नम्बर इलाका र पश्चिम-तीन (३)-नम्बर इलाकाको बीचमा पर्ने, मुख्य बस्ती गोर्खा भएको एक इलाका ।

पच्छिमा–वि० [पच्छिम+आ] १. पच्छिम-सम्बन्धी; पच्छिमको; पश्चिमी । २. पच्छिम दिशातिर रहने; पश्चिमी प्रदेशको (बासिन्दा) । ३. काठमाड़ौँदेखि पश्चिमको ।

पच्छिमे–वि० [पच्छिम+ए] पच्छिमा ।

पच्छे–ना० [सं० पक्ष] १. शुक्ल वा कृष्ण-पक्ष । २. पक्षपात; तरफदारी; पन-पक्ष ।

पच्छेपात–ना० [सं० पक्षपात] पक्षपात ।

पच्छेपाती–वि० [सं० पक्षपाती] पक्षपाती ।

पच्नु–अ० क्रि० [सं० पच्] १. खाएको पदार्थ परिपक्व भएर रसको रूपमा परिणत हुनु; हजम हुनु । २. लिएको वस्तु फर्काउन नपर्ने हुनु; पच हुनु । ३. कुनै वस्तु अर्को वस्तुमा गाभिएर समाप्त हुनु; लीन हुनु ।

पच्याङ–ना० [ने०] होचो-अग्लो र ढुङ्गाहरू भएको असजिलो बाटो; राम्ररी नबनेको वा भत्के-बिग्रेको अड़बे-खड़बे बाटो ।

पछताइ–ना० [पश्चात्ताप] पछुतो ।

पछताउ–ना० [पछुताउ] पछुताउ ।

पछताइनु–स० क्रि० [पछताइ+नु] पछुताइनु ।

पछताउनु–स० क्रि० [पछताउ+नु] पछुताउनु ।

पछवार–ना० [पछि+वार] १. नाउलाई यता-उता घुमाउन नाउका पछिल्तिर लगाइने साधन; पतवार २. पछुवा ।

पछाइ–ना० [पाछ्+आइ] १. पाछ्ने किसिम, क्रिया वा भाव । २. पाछिने किसिम वा क्रिया ।

पछाइ–ना० [पछाउ+आइ] पछाउने किसिम, क्रिया वा भाव ।

पछाइनु–अ० क्रि० [पछाउ+आइ+नु] पछि होइनु; ('पछाउनु'-को भा० क्रि०) ।

पछाउनु–स० क्रि० [पाछ्+आउ+नु] पाछ्न लाउनु; ('पाछ्नु'-को प्रे० क्रि०) ।

पछाउनु–अ० क्रि० [पछि+आउ+नु] १. पछि हुनु; पछाड़ि पर्नु । २. ढीलो हुनु; विलम्ब हुनु । ३. पछि लाग्नु । ४. पछेटा लाग्नु ।

पछाड़–ना० [पछाड़ि] १. शरीरको पछिल्लो अवयव । २. हात्ती-घोड़ा, गाई-वस्तु आदिको पछिल्तिरका खुट्टा बाँध्ने डोरी ।

पछाड़–ना० [पछार्] १. पछारिने किसिम वा क्रिया । २. पछार्ने वा लड़ाउने किसिम वा क्रिया ।

पछाड़ि–ना० यो० [सं० पश्चात्] पछिल्तिर; पछि; पश्चात् ।

पछाड़िइनु–अ० क्रि० [पछाड़ि+इ+नु] पछाड़ि परिनु; पछि होइनु; ('पछाड़िनु'-को क० क्रि०) ।

पछाड़िनु–अ० क्रि० [पछाड़ि+नु] पछाड़ि पर्नु; पछि हुनु ।

पछार–ना० [पछार्] १. पछार्ने काम; लड़ाउने काम । २. सफा गर्नका निमित्त ढुङ्गा आदिमा लुगा-फाटो पछार्ने काम ।

पछाराइ–ना० [पछार्+आइ] १. पछार्ने किसिम, क्रिया वा भाव । २. पछारिने किसिम वा क्रिया ।

पछारिनु–अ० क्रि० [पछार+इ+नु] १. भुइँमा लड्नु; लोट्नु । (स० क्रि०) २. भइँमा लडाइनु; ('पछार्नु'-को क० क्रि०) ।

पछार्नु–स० क्रि० [प्रा० पच्छाडि] १. भूइँमा लड़ाउनु; गिराउनु; लोटाउनु; ढाल्नु । २. साबुन, सोड़ा आदि नलगाईकन पानीमा मात्र लुगा धुनु; लुगा सफा गर्नाका निमित्त भिजाएर बजार्नु । ३. जित्नु; पराजित गर्नु ।

पछार्याइ–ना० [पछारि+याइ] पछारिने किसिम, क्रिया वा भाव ।

पछि–ना० यो० [प्रा० पच्छा] १. पछाड़ि; पछिल्तिर; पश्चात् । (क्रि० यो०) २. समय बिताएर; पछिबाट ।

पछिउँड़–क्रि० यो० [पछाड़ि] पछिबाट; पछिउँड़ै ।

पछिउँड़ै–क्रि० यो० [पछि+उँड़ै] पछिबाट; समय बिताएर; पश्चात् ।

पछितो–ना० [सं० पश्चात्ताप] पहिले आफूले गरेको भूलमा मानेको अफसोस; थकथकी; पश्चात्ताप ।

पछिल्तिर–ना० यो० [पछि+तिर] पछाड़िपट्टि; पिठिउँतिर ।

पछिल्लो–वि० [पछि+ल्लो] पछाड़िपट्टिको; पछिल्तिरको ।

पछुताइ–ना० [पछुताउ+आइ] पछुताउने किसिम, क्रिया वा भाव; थकथकाइ ।

पछुताइनु–स० क्रि० [पछताउ+आइ+नु] पछताउ गरिनु; ('पछुताउनु'-को क० क्रि०) ।

पछुताउ–ना० [सं० पश्चात्ताप] पछितो; पश्चात्ताप ।

पछुताउनु–स० क्रि० [पछुताउ+नु] पछुताउ गर्नु; पछुतो मान्नु; थकथकाउनु; चुकचुकाउनु ।

पछुतो–ना० [पछितो] पछुताउ; पछितो; पश्चात्ताप ।

पछुवा–वि० [पछि+उवा] १. पछाड़ि रहने; पछाड़िको ।

CC-0. In Public Domain. Digitization by eGangotri

(ना०) २. हात्तीका सवारीमा पछिल्तिर उभिने माहुते मनिको व्यक्ति ।

पछेउरा–ना० [पछ्यौरा] पछेउरो ।

पछेउरो–ना० [पछ्यौरो] पछ्यौरो ।

पछेटा–ना० [पछेड़ा] पछेड़ा ।

पछेड़ा–ना० [पछि] पछि लाग्ने काम; पीछा ।

पछोड़–ना० [पछाड़ि] कड़ी लगाई हात्तीको पछिल्तिर कस्ने डोरी ।

पछौटे–वि० [पछि+औटे] १. पछि परेको; पछिबाट भएको । २. पछि पाक्ने (बाली) । ३. पछि लाग्ने (व्यक्ति) ।

पछ्याइ–ना० [पछ्याउ+आइ] पछ्याउने किसिम, क्रिया वा भाव ।

पछ्याइनु–स० क्रि० [पछ्याउ+आइ+नु] पछि लागिनु; पीछा गरिनु; ('पछ्याउनु'-को क० क्रि०) ।

पछ्याउनु–स० क्रि० [पछि+आउ+नु] १. पछि लाग्नु; पीछा गर्नु । २. केटा-केटी, पशु आदिले प्यारो गरेर पछि लाग्नु; रत्तिनु ।

पछ्यौरा–ना० [पछ्यौरो] पछ्यौरो ।

पछ्यौरो–ना० [सं० पक्ष+औरो] ओढ्ने वस्त्र; दुपट्टा; उत्तरीय ।

पजनी–ना० [फा० पा+जनी] सरकारी कर्मचारीहरूको काम-अनुसार थमौती, खारिजी, सरुवा, बढुवा आदि गर्ने काम ।

पञ्च–ना० [सं०] १. पाँचको सङ्ख्या । २. पाँच वा बढ़ी भलादमीहरूको समुदाय; पञ्च-भलादमी । (वि०) ३. चार र एकको योग-सङ्ख्याको; पाँच ।

पञ्चक–ना० [सं०] १. एकै प्रकारका पाँच वस्तुहरूको समुदाय । २. धनिष्ठादेखि रेवतीसम्मका पाँच नक्षत्र । ३. कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मका पाँच दिन; यम-पञ्चक । ४. कार्तिक शुक्ल एकादशी देखि पञ्चमीसम्मका पाँच दिनको समय; भीष्म-पञ्चक । (वि०) ५. पाँच अङ्ग भएको ।

पञ्च-कन्या–ना० [सं०] सधैँ कन्या मानिने पाँच वटी स्त्री (अहल्या, द्रौपदी, कुन्ती, तारा र मन्दोदरी) ।

पञ्च-कर्म–ना० [सं०] जप, होम, तर्पण, रुद्राभिषेक र ब्राह्मण-भोजन–यी पाँच पुण्य-कर्म ।

पञ्च-कल्याण–ना० [सं०] टाउको र खुट्टाहरू सेता हुने रक्त वा कृष्ण वर्णको घोड़ा ।

पञ्चकिर्ती–वि० [सं० पञ्च-कृति] पञ्च-कृति ।

पञ्च-कृति–वि० [सं०] पञ्च-भलादमीले ठहराएको; पञ्च-किर्ती (कुनै वस्तुको मोल) ।

पञ्च-क्लेश–ना० [सं०] योग-शास्त्रानुसार पाँच प्रकारका क्लेशहरू (अविद्या, अस्मिता, राग, द्वेष र अभिनिवेश) ।

पञ्च-खत–ना० [सं० पञ्च+खत] साबित भएमा ज्यान-सजाय हुने, दामल हुने, मुड़िने, घटी जातमा मिलाई खोपिने र जात पतित हुने–यी पाँच किसिमका दण्ड हुने खत वा अपराध ।

पञ्च-गव्य–ना० [सं०] गाईको दूध, दही, घिउ, गउँत र गोबर मिलाई बनाइएको पवित्र वस्तु; ब्रह्म-कूर्च ।

पञ्च-गुण–ना० [सं०] १. पाँच प्रकारका गुणहरू (शब्द, स्पर्श, रूप, रस र गन्ध) । (वि०) २. पाँच गुना; पाँच-दोबर ।

पञ्च-गौड–ना० [सं०] विन्ध्यका उत्तर भागमा बस्ने ब्राह्मणहरूका पाँच वर्ग (सारस्वत, कान्यकुब्ज, गौड, मैथिल र औत्कल) ।

पञ्च-चामर–ना० [सं०] प्रत्येक चरणमा लघु-गुरु, लघु-गुरु-मात्र हुने सोह्र-सोह्र अक्षरका चार चरण हुने वार्णिक छन्दको एक भेद ।

पञ्च-तत्त्व–ना० [सं०] १. पाँच प्राकृतिक तत्त्व (पृथ्वी, जल, तेज, वायु र आकाश) । २. पञ्च-मकार ।

पञ्च-तन्त्र–ना० [सं०] नीति-सम्बन्धी अनेक कथाहरू लेखिएको एक प्रसिद्ध संस्कृत ग्रन्थ ।

पञ्च-तन्मात्र–ना० [सं०] पञ्च-महाभूतको उत्पत्ति गर्ने अति सूक्ष्म र अतीन्द्रिय तत्त्व ।

पञ्च-दश–ना० [सं०] १. पन्ध्रको सङ्ख्या । (वि०) २. दश र पाँचका योग-सङ्ख्याको; पन्ध्र ।

पञ्च-दशी–ना० [सं०] १. पूर्णिमा । २. अमावस्या । ३. वेदान्तको एक प्रसिद्ध ग्रन्थ ।

पञ्च-द्रविड–ना० [सं०] १. विन्ध्य पर्वतको दक्षिण भागमा बस्ने पाँच वर्गका ब्राह्मणहरूको समुदाय (महाराष्ट्र, तैलङ्ग, कर्णाट, गुर्जर र द्रविड) । २. विन्ध्य पर्वतभन्दा दक्षिण-तिर बोलिने पाँच प्रधान भाषा (तामिल, कन्नड़, तेलगु, मलयालम र सिंहली) ।

पञ्च-नख–वि० [सं०] १. पाँच वटा नङ हुने (जीव) । (ना०) २. हात्ती । ३. कछुवा । ४. बाघ ।

पञ्च-नद–ना० [सं०] १. पन्जाब प्रदेशमा बग्ने झेलम, ब्यास, रावी, चिनाव र सतलज–यी पाँच नदीहरूको समूह । २. पन्जाब प्रदेश । ३. किरणा, धूतपापा, सरस्वती, गङ्गा र यमुना–यी पाँच नदीहरूको समुदाय ।

पञ्चपखाल–ना० [(फा०) पञ्च+पखाला] १. ज्यादा पातलो दिसा; पखाला । २. छताछुल्ल भएर पोखिएको पन्यालो वस्तु ।

पञ्च-पर्व–ना० [सं०] अष्टमी, चतुर्दशी, पूर्णिमा, अमावास्या र रवि-सङ्क्रान्ति–यी पाँच तिथिकादिन ।

पञ्च-पाण्डव–ना० [सं०] महाभारत-प्रसिद्ध पाण्डुका पाँच छोराहरूको समूह (युधिष्ठिर, भीमसेन, अर्जुन, नकुल र सहदेव) ।

पञ्च-पात्र–ना० [सं०] १. पाँच वटा पात्र वा भाँड़ाको समूह । २. पूजा-आजामा आचमन गर्नाका निमित्त वा देवतालाई चढ़ाउनाका निमित्त शुद्ध जल राखिने भाँड़ो ।

पञ्च-पाला–ना० [पञ्च+पाला] १. पाँच वा सात खण्ड

CC-0. In Public Domain. Digitization by eGangotri

भएको पूजा-सामा हाल्ने थाली। २. धेरै खण्ड भएको, विभिन्न प्रकारका मसलाहरू हाल्ने भाँडो; सन्जोगे।

पञ्च-पिता–ना० [सं०] पाँच प्रकारका पिता (बाबु, गुरु, ससुरो, अन्न-दाता र भय-त्राता)।

पञ्च-प्राण–ना० [सं०] शरीरमा रहने पाँच प्रकारका वायु (प्राण, अपान, समान, उदान र व्यान)।

पञ्च-बुद्ध–ना० [सं०] १. पाँच अलौकिक बुद्धहरूको समूह (वैरोचन, अक्षोभ्य, अमिताभ, रत्नसम्भव र अमोघ-सिद्धि)। २. पुराण-प्रसिद्ध पाँच बुद्धहरूको समूह (विपस्वी, शिखी, क्रकुच्छन्द, कनकमुनि र काश्यप)।

पञ्च-भलादमी–ना० [पञ्च+भलादमी] कुनै काम-कुरो मिलाउनाका निमित्त जम्मा भएका पाँच जना वा सोभन्दा बढ़ी सङ्ख्याका भलादमीहरूको समुदाय; पञ्च।

पञ्चम–वि० [सं०] १. पाचौँ। २. सङ्गीतका सात स्वरहरू-मध्ये एक। (यसलाई सङ्क्षेपमा 'प' भनिन्छ। यसमा ३६० नाद-लहरी हुन्छन्।)

पञ्च-मकार–ना० [सं०] वाम-मार्गीहरूका मतानुसार मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन–यी पाँच म-बाट शुरू हुने शब्द वा वस्तु।

पञ्च-महापातक–ना० [सं०] पाँच प्रकारका महापातक (ब्रह्म-हत्या, सुरा-पान, चोरी, गुरु-स्त्री-गमन र ती चार महा-पातकीका साथको सहवास)।

पञ्च-महाभूत–ना० [सं०] पृथ्वी, जल, तेज, वायु र आकाश–यी पाँच तत्त्व।

पञ्च-महायज्ञ–ना० [सं०] गृहस्थीका घरमा नित्य गरिने पाँच प्रकारका महायज्ञ [स्वाध्याय (ब्रह्म-यज्ञ), होम (देव-यज्ञ), बलिवैश्वदेव (भूत-यज्ञ), पिण्ड-क्रिया (पितृ-यज्ञ) र अतिथि-पूजन (नृ-यज्ञ)]।

पञ्च-महाव्याधि–ना० [सं०] पाँच प्रकारका भयानक रोग (अर्श, यक्ष्मा, कुष्ठ, प्रमेह र उन्माद)।

पञ्च-महाव्रत–ना० [सं०] अहिंसा, सूनृत, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह।

पञ्चमाङ्ग–ना० [सं०] आधुनिक राजनीतिमा शत्रुका राज्यमा उपद्रव मचाउन र त्यहाँको भेद लिनाका निमित्त तयार गरिएको वा नियुक्त दल।

पञ्चमाङ्गी–ना० [सं०] कुनै देशको पञ्चमाङ्गमा नियुक्त भएर त्यहाँ उपद्रव मचाउने र त्यहाँको गुप्त रहस्य पत्ता लगाउने व्यक्ति।

पञ्चमी–ना० [सं०] चान्द्र-मासका दुवै पक्षका पाँचौँ तिथि; चौथीपछिको तिथि।

पञ्चमी-कारक–ना० [सं०] अपादान कारक।

पञ्च-रङ्ग–ना० [सं०] १. पाँच प्रकारका रङ्ग वा वस्तु। (वि०) २. पचरङ्गी।

पञ्च-रत्न–ना० [सं०] १. पाँच प्रकारका रत्न (नीर, हीरा, पद्मराग-मणि, मोती र मूगा)। २. पाँच प्रकारका प्रसिद्ध धातुहरूको समुदाय (सुन, चाँदी, तामा, फलाम र पीतल)।

पञ्च-लौह–ना० [सं०] १. सुन, चाँदी, तामा, राँग र सीसा–यी पाँच धातु। २. ती पाँच धातुका योगबाट बनेको धातु।

पञ्च-विंशती–ना० [सं०] १. पच्चीसको सङ्ख्या। (वि०) २. बीस र पाँचको योग; पच्चीस।

पञ्च-शस्य–ना० [सं०] धान, मुगी, तिल, मास र जौ–यी पाँच प्रकारका अनाज।

पञ्च-शील–ना० [सं०] १. बौद्ध-धर्मअनुसार गृहस्थीमा रहेका बौद्ध उपासकहरूले पालन गर्नुपर्ने पाँच वटा शील वा नियम-हरू (हिंसा नगर्नु, चोरी नगर्नु, झूटो नबोल्नु, मद्य-पान नगर्नु र ब्रह्मचर्यमा रहनु)। २. इन्डोनेशिया देशको बान्डुङ्ग नामक शहरमा अप्रिल १९५५ ईसवी सालमा भएको एशिया र अफ्रिकाका अनेक राष्ट्रहरूको सम्मेलनमा राष्ट्रहरूका पारस्परिक हितका लागि स्वीकार गरिएका यी पाँच मुख्य सिद्धान्तहरू—क्षेत्रीय अक्षुण्णता र सार्व-भौमिकताको पारस्परिक सम्मान, पारस्परिक अनाक्रमण, एक अर्काका देशीय समस्याहरूमा हस्त-क्षेप नगर्ने, समानता र पारस्परिक हित, तथा शान्तिपूर्ण सह-अस्तित्व।

पञ्च-सन्धि–ना० [सं०] १. व्याकरणअनुसार पाँच प्रकारका सन्धि (स्वर-सन्धि, व्यञ्जन-सन्धि, विसर्ग-सन्धि, स्वादि-सन्धि र प्रकृति-भाव)। २. नाटकका पाँच सन्धिहरू (मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण)।

पञ्च-स्कन्ध–ना० [सं०] बौद्ध-दर्शनअनुसार रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान–यी पाँच गुणहरूको समुदाय।

पञ्च-स्नान–ना० [सं०] हात-गोड़ा र मुख धुने काम।

पञ्चाक्षर–वि० [सं०] १. पाँच अक्षर भएको। (ना०) २. 'नमः शिवाय'–यी पाँच अक्षरको मन्त्र।

पञ्चाक्षरी–वि० [सं०] पाँच वटा अक्षर भएको; पाँच अक्षर-मात्र हुने (मन्त्र)।

पञ्चाग्नि–ना० [सं०] १. अन्वाहार्य, गार्हपत्य, आहवनीय, आवसथ्य र पचन–यी पाँच प्रकारका अग्नि। २. चारैतिर आगो बालेर मध्याह्न कालका घाममा बसेर गरिने एक प्रकारको तपस्या।

पञ्चाङ्ग–ना० [सं०] १. पाँच अङ्ग भएको वस्तु। २. रूखका पाँच अङ्गको समुदाय (जरा, बोक्रो, पात, फूल र फल)। ३. कुनै संवत्सरका गते, वार, तिथि, नक्षत्र, कर्ण आदि क्रमशः लेखिएको पुस्तिका; पात्रो।

पञ्चानब्बे–ना० [पञ्चान्नब्बे] पञ्चान्नब्बे।

पञ्चानब्बेयौँ–वि० [पञ्चानब्बे+यौँ] पञ्चान्नब्बेयौँ।

पञ्चान्नब्बे–ना० [प्रा० पंचाणउइ] १. नब्बे र पाँचको योग-सङ्ख्या; ९५-को अङ्क। (वि०) २. नब्बे र पाँचका योग-सङ्ख्याको।

पञ्चान्नब्बेयौँ–वि० [पञ्चान्नब्बे+यौँ] गणनाको क्रमले पञ्चान्नब्बे सङ्ख्यामा परेको; पञ्चान्नब्बे सङ्ख्याको।

पञ्चामृत–ना० [सं०] १. पाँच प्रकारका अमृतहरूको समुदाय।

CC-0. In Public Domain. Digitization by eGangotri

२. देव-पितृ-कार्यमा चढ़ाउनाका निमित्त गाईको दूध, दही र घिउ तथा मह र चीनी मिलाई बनाइएको पदार्थ।

पञ्चायत–ना० [सं०] १. कुनै विवाद वा मुद्दा-मामिला आदि छिन्नाका निमित्त जम्मा भएका वा चुनिएका व्यक्तिहरूको व्यवस्था वा कार्य। २. गाउँ, नगर, अञ्चल, राष्ट्र आदिको सञ्चालनका निमित्त चुनिएका वा निर्वाचित पञ्चहरूको सङ्गठन, त्यसको पद्धति वा व्यवस्था; पञ्चहरूको सभा।

पञ्चायतन–ना० [सं०] पाँच देवताका प्रतिमाहरूको समुदाय।

पञ्चायती–वि० [सं०] १. पञ्चायतको; पञ्चायत-सम्बन्धी। २. धेरै जनाको साझाको; गोरवाराको; सर्व-साधारणको।

पञ्चाशत–ना० [सं०] १. पचास सङ्ख्याको। (वि०) २. चालीस र दशको योग-सङ्ख्याको; पचास।

पञ्चे–वि० [पाँच+ए] दुनोटमा पाँच-दोबर; पाँच-गुना।

पञ्चेन्द्रिय–ना० [सं०] १. बाह्य जगत्को ज्ञान गराउने पाँच इन्द्रियहरूको समुदाय (आँखा, कान, नाक, जिब्रो र छाला)। २. पाँच कर्मेन्द्रियहरूको समूह (वाक्, पाणि, पाद, मल-द्वार र मूत्र-द्वार)।

पञ्चेषु–ना० [सं०] कामदेव।

पञ्चैबाजा–ना० [पञ्च+बाजा] दमाईँ, कुस्ले, आदिले शुभ कार्यमा बजाउने पुराना किसिमका पाँच थरी बाजाको समूह।

पञ्चोपचार–ना० [सं०] गन्ध, पुष्प, धूप, दीप र नैवेद्य–यी पाँच प्रकारका पूजाका सामान।

पञ्जर–ना० [सं०] १. चरा पाल्ने खोर; पिंजरा। २. शरीरका हाड़हरूको आकृति; कङ्काल। ३. शरीर; देह।

पञ्जि–ना० [सं०] हिसाब वा विवरण लेख्ने पुस्तिका; बही।

पञ्जिका–ना० [सं०] १. प्रत्येक शब्दको स्पष्ट रूपमा अर्थ लेखिएको टीका; विशद् टीका। २. पञ्चाङ्ग; पात्रो। ३. आय-व्यय लेख्ने पुस्तिका; बही। ४. दर्ता-कापी; रजिस्टर। ५. विषयको सूची; विषय-सूची।

पञ्जिल–ना० [सं० पञ्जि] १. पछि प्रमाण लाग्ने किसिमले लेखी राखिएका कागत-पत्र। २. पात्रो; पञ्चाङ्ग।

पञ्जी–ना० [सं०] पञ्जि।

पञ्जू–ना० [पञ्जा] दुइ पासामा दुवा-दुवा र एक पासामा पोट पर्दा हुने पासाका खेलको एक दाउ।

पट–ना० [सं०] १. कपड़ा; वस्त्र। २. चित्र लेख्ने कपड़ा वा कागतको टुक्राको। ३. पर्दा। ४. तस्वीर; चित्र।

पट–वि० [सं०] १. केही नजान्ने (मूर्ख)। २. समतल (मैदान)।

पटक–क्रि० यो० [ने०] चोटि; पल्ट; फेर।

पटका–ना० [पड्क] भइँमा बजार्दा बन्दूक पड्काएको जस्तो आवाज आउने एक किसिमको आतशबाजी।

पटके–वि० [पटक+ए] १. एक पटकमात्र हुने; एकै चोटिमात्र हुने। २. एक वा धेरै पटक कुनै अपराधमा साबित भइसकेको।

पटक्क–क्रि० यो० [ने०] १. बिलकुल; ठ्याम्मै; कत्ति पनि। २. भाँचिने किसिम; ठनक्क। ३. मर्ने किसिम; खुत्रुक्क।

पटटट–क्रि० यो० [अनु०] बन्दूकहरू एकपछि अर्को लगातार पड्कने किसिम।

पटपट–क्रि० यो० [अनु०] १. लट्ठी आदि धमाधम भाँचिने किसिम। २. फुट्ने किसिम। ३. बन्दूकहरू पड्कँदा शब्द आउने किसिम। ४. पटपटाउने किसिम। ५. एकपछि अर्को मर्ने किसिम।

पटपटती–क्रि० यो० [पटपट+ती] पटपट।

पटपटाइ–ना० [पटपटाउ+आइ] पटपटाउने किसिम, क्रिया वा भाव; पटपटाहट।

पटपटाइनु–अ० क्रि० [पटपटाउ+आइ+नु] पटपट शब्द गरिनु; ('पटपटाउनु'-को भा० क्रि०)।

पटपटाउनु–अ० क्रि० [पटपट+आउ+नु] १. पटपट शब्द गर्नु; पट्कनु। २. भटभटाउनु; फलाक्नु। ३. अस्पष्ट शब्द बोल्नु।

पटपटाहट–ना० [पटपटाउ+आहट] पटपटाउने किसिम, क्रिया वा भाव; पटपटाइ।

पटपटिइनु–अ० क्रि० [पटपटि+इ+नु] पटपटाइनु; ('पटपटिनु'-को भा० क्रि०)।

पटपटिनु–अ० क्रि० [पटपट+इ+नु] पटपटाउनु।

पटपटी–क्रि० यो० [पटपट+ई] पटपट; पटपटती।

पटपटे–ना० [पटपट+ए] १. मोटो जातको दूबो; घोड़े-दूबो। २. एक जातको रूख; भालू-काठ। (यसको काठ विशेष गरेर खुकुरीको बीँड़ बनाउने काममा आउँछ।) (वि०) ३. पटपट शब्द गर्ने। ४. भटभटाउने; फटफटे।

पटपट्याइ–ना० [पटपटि+याइ] पटपटिने किसिम, क्रिया वा भाव; पटपटाइ।

पटपट्याहट–ना० [पटपटि+याहट] पटपटिने किसिम, क्रिया वा भाव; पटपट्याइ।

पट-बाँझो–ना० [पट+बाँझो] कहिले पनि खन-जोत नगरिएको बाँझो जमीन।

पट-मूर्ख–वि० [पट+मूर्ख] महामूर्ख; अति मूर्ख।

पटमेरो–ना० [ने०] बाटुला किसिमका पात, सेता फूल र काला साना गेड़ा फल्ने एक जातको रूख; कुटमिरो।

पट-मैदान–ना० [पट+मैदान] १. सम्म परेको फराकिलो मैदान; खुला मैदान। २. रूखहरू केही नभएको मैदान। ३. बाँझो मैदान।

पटरानी–ना० [सं० पट्ट+राज्ञी] राजाका साथ राज्याभिषेक भएकी रानी; बड़ा-महारानी; पट्ट-महिषी।

पटरी–ना० [सं० पट्ट] १. रेलका लीकमनि बिछ्याइएको काठ वा फलाम। २. फल्याक। ३. रेल आदिको लीक। ४. इन्ची आदिका नापका चिह्न भएको काठ आदिको नाप्ने साधन।

CC-0. In Public Domain. Digitization by eGangotri

पटल–ना० [सं०] १. छानु; छादन; छत। २. ढाक्ने वस्तु; पर्दा; आवरण। ३. तह; पत्र। ४. आँखाको पलक। ५. ग्रन्थको अध्याय; परिच्छेद। ६. समूह; जमात।

पटवारी–ना० [सं० पट्टवाला+ई] मौजाको जमीन र त्यसको उठतीको हिसाब राख्ने सरकारी कर्मचारी।

पटह–ना० [सं०] नगरा; ठूलो दमाहा।

पटाइ–ना० [पट्+आइ] पट्ने किसिम, क्रिया वा भाव।

पटाइ–ना०[पटाउ+आइ] पटाउने किसिम, क्रिया वा भाव।

पटाइनु–स० क्रि० [पटाउ+आइ+नु] खेत-बारीमा पानी लाइनु; ('पटाउनु'-को क० क्रि०)।

पटाउनु–स० क्रि० [पट्+आउ+नु] १. खेत-बारीमा पानी लाउनु; सिञ्चन गर्नु। २. काम सिद्ध गर्नु; कार्य पूरा गर्नु। ३. खाल्टो पुर्नु; सम्म पार्नु।

पटाक्षेप–ना० [सं०] नाटकमा एउटा दृश्य समाप्त भएपछि पर्दा खसाल्ने काम; जवनिका खसाउने काम।

पटाङ्गिनी–ना० [सं० पट्ट+अङ्गन+ई] घरका अगिल्तिर बनाइएको खुला मैदान; आँगन।

पटापट–क्रि० यो० [ने०] १. कुनै काम फूर्तिसाथ धमाधम गर्ने किसिम; चटाचट; भटाभट। २. पट्कने किसिम; पटपटी। ३. धमाधम पिट्ने किसिम। ४. एकपछि अर्को मर्ने किसिम।

पटार–ना० [सं०. पट्ट] १. पेटीजस्तो पारी बुनेको फित्ता। २. घोड़ाको काठी कस्ने पेटी। ३. लुगा-फाटो आदिले सुसज्जित हुने काम।

पटाराइ–ना०[पटार्+आइ] पटार्ने किसिम, क्रिया वा भाव।

पटारिनु–स० क्रि० [पटार्+इ+नु] सिंगारिनु; ('पटार्नु'-को क० क्रि०)।

पटार्नु–स० क्रि० [पटार+नु] सिंगार्नु; सजाउनु; श्रृङ्गार पार्नु (वस्त्रादिले)।

पटासी–ना० [सं० पटि] रातो किनारा हुने, विशेष गरी नेवार-जातिले लाउने एक किसिमको कालो रङ्गको फरिया।

पटाहा–ना० [प्रा० पट्ट] १. घरका ढोकाको दायाँ-बायाँ बनाइएको बस्ने ठाउँ; पिँढ़ी; दलान। २. काठको फलैँचा।

पटि–ना० [सं०] १. रङ्गीन कपड़ा। २. रङ्ग-मञ्चको पर्दा; जवनिका। ३. सायर; भीत।

पटिनु–अ० क्रि० [पट्+इ+नु] काम सिद्ध होइनु; ('पट्नु'-को भा० क्रि०)।

पटिमा–ना० [सं०] १. पटुता; चातुर्य; निपुणता। २. तीव्रता। ३. रूखोपन; कर्कशता।

पटु–वि० [सं०] १. कुशल; निपुण; दक्ष। २. चलाक; चतुर। ३. उग्र; प्रचण्ड; । ४. निष्ठुर; निर्दय। ५. स्पष्ट (वक्ता)।

पटुका–ना० [सं० पट्टिका] कम्मरमा बाँध्ने कपड़ा; कमरबन्दी।

पटुता–ना० [सं०] पटु हुनाको भाव; कौशल; दक्षता।

पटुत्व–ना० [सं०] पटु हुनाको भाव; दक्षता।

पटुलिका–ना० [सं०] तयर-पान।

पटुवा–ना० [सं० पटुआ] तीन-तीन वटा मिलेका जस्ता पात, राता फूल, रातै डाँठ हुने र फूलभित्र फापरजस्ता गेड़ा फल्ने एक जातको सानो बोट। (यसैको बोक्रो सड़ाएर पाट बनाइन्छ।)

पटुवा–ना० [सं० पट+उवा] धागो, पोते, जरी आदिको काम गर्ने एक वर्ग वा जाति।

पटेर–वि० [सं० पत्र] १. प्रशस्त; ज्यादा। (ना०) २. घुइँचो; भीड़।

पटेलो–ना० [सं० पटल] एक प्रकारको ठूलो डुङ्गा।

पटोल–ना० [सं०] १. एक प्रकारको कपड़ा। २. परवर फल।

पटोलक–ना० [सं०] घुँगी; सीपी।

पट्कनु–अ० क्रि० [पटचाक्क+नु] १. तोप, बन्दूक आदि चलेर शब्द निस्कनु; पटपट शब्द निस्कनु; पटपटाउनु। (स० क्रि०) २. समाजमा भन्न नहुने कुरो प्याच्च भन्नु; पच्कार्नु। ३. जमीनमा लड़ाउनु; पछार्नु।

पट्काइ–ना० [पट्क+आइ] पट्कने किसिम, क्रिया वा भाव।

पट्काइ–ना० [पट्काउ+आइ] पट्काउने किसिम, क्रिया वा भाव; पड्काइ।

पट्काइनु–स० क्रि० [पट्काउ+आइ+नु] तोप, बन्दूक, पटका आदिको आवाज निकालिनु; ('पट्काउनु'-को क० क्रि०)।

पट्काउनु–स० क्रि० [पट्क+आउ+नु] १. तोप, बन्दूक, पटका आदिको आवाज निकाल्नु; पड्काउनु। २. गालामा लबटाले हिर्काउनु; थप्याउनु; चड्काउनु। ३. भाँच्नु। ४. रवाफका साथ कुनै काम गर्नु। ५. अर्काको धन-माल अनुचित तरीकाले पचाउनु; हड्प्नु।

पट्कारो–वि० [पट्क+आरो] स्पष्ट; टड्कारो (स्वर)।

पट्किनु–अ० क्रि० [पट्क+इ+नु] १. पट्कनु। २. पटपट शब्द निस्किनु; ('पट्कनु'-को भा० क्रि०)।

पट्के–वि० [पट्क+ए] १. कसैको धक नमानी आफूले जानेको कुरो निर्धक्कसँग भन्ने; स्पष्ट-वक्ता। (ना०) २. अचानक ठहरै मर्ने एक किसिमको रोग; एक किसिमको देसान।

पट्क्याइ–ना० [पट्कि+याइ] पट्किने किसिम, क्रिया वा भाव; पट्काइ।

पट्क्याहट–ना० [पट्कि+याहट] पट्किने किसिम, क्रिया वा भाव; पट्क्याइ।

पट्ट–ना० [सं०] १. अँगारले कालो लगाई खरीले लेख्ने काठको फल्याक; पाटी। २. पिरा; पिर्का। ३. राजाज्ञा, दानपत्र आदि लेखिएको धातु, शिला, छाला, कागत आदिको पातो वा पत्र। ४. ढाल। ५. पगरी। ६. वस्त्र; कपड़ा। ७. राज-सिंहासन। ८. रेशम। ९. पदक; तक्मा। (वि०) १०. प्रधान; मुख्य।

पट्ट–क्रि० यो० [अनु०] १. एकदम फुट्ने किसिम। २. भाँचिने किसिम; पटक्क। ३. एकाएक मर्ने किसिम; भुतुक्क।

CC-0. In Public Domain. Digitization by eGangotri

४. सहसा कुनै काम-कुरो गर्ने वा हुने किसिम । ५. बिलकुल; एकदम ।

पट्टन–ना० [सं०] शहर; नगर; पत्तन ।

पट्टनी–ना० [सं०] शहर; नगरी; पत्तनी ।

पट्ट-बन्धा–ना० [सं०] पट्ट-रानी; बड़ा-महारानी ।

पट्ट-महिषी–ना० [सं०] पटरानी ।

पट्ट-राज्ञी–ना० [सं०] पटरानी ।

पट्टरानी–ना० [सं० पट्ट-राज्ञी] पटरानी; पट्ट-राज्ञी पट्ट-बन्धा ।

पट्ट-महारानी–ना० [सं० पट्ट+महारानी] पट्ट-बन्धा ।

पट्टल–ना० [सं०] १. पर्दा; आवरण । २. आँखामा बाँध्ने रूमाल ।

पट्ट-वस्त्र–ना० [सं०] सन-पाटको कपड़ा ।

पट्टांशुक–ना० [सं०] सन-पाटको कपड़ा ।

पट्टा–ना० [सं० पट्ट] १. सरकारले ठेकदारलाई ठेक्काबमोजिम काम गर्न दिएको अधिकार-पत्र; बहाली-पुर्जी । २. तरबारको खोल; म्यान । ३. तरबारको युद्ध-अभ्यास गर्ने एक प्रकारको लट्ठी । ४. छालाको पेटी । ५. साहू-महाजनको एक प्रकारको व्यापार । ६. छाला, धातु, कपड़ा आदिको फित्ताजस्तो वस्तु ।

पट्टाइ–ना० [पट्टाउ+आइ] पट्टाउने किसिम, क्रिया वा भाव; उच्चाट; उराठ-लाग्दोपन ।

पट्टाइनु–अ० क्रि० [पट्टाउ+आइ+नु] उराठ लागिनु; ('पट्टाउनु'-को भा० क्रि०) ।

पट्टाउनु–अ० क्रि० [ने०] १. एकै ठाउँमा धेरै बेर बसिरहँदा वा एउटै काम गरिरहँदा उच्चाट लाग्नु; उराठ लाग्नु । २. आलस्य लाग्नु ।

पट्टि–ना० यो० [ने०] १. तिर; तर्फ । २. पक्ष ।

पट्टिका–ना० [सं०] १. पाटी । २. कपड़ाको टुक्रो । ३. प्रमाण-पत्र ।

पट्टिश–ना० [सं०] भाला ।

पट्टी–ना० [सं० पट्टिका] १. कपड़ाको टुक्रो; धरो; धुर्को । २. घाउ-खटिरामा औषधी लाई टाँस्ने वा बाँध्ने कपड़ा ।

पट्टी–ना० [सं०] १. लेख्ने पाटी । २. छाला, धातु, कपड़ा आदिको धरो । ३. सिपाहीहरूको सानो टोली ।

पट्टोलिका–ना० [सं०] अधिकार-पत्र; पट्टा ।

पट्टू–ना० [सं० पट्ट] एक प्रकारको ऊनी कपड़ा ।

पट्टू–ना० [सं० पटु] मीठो बोल्ने एक जातको चरो; सुगा ।

पट्टचाइ–ना० [पट्टचाउ+आइ] पट्टचाउने वा तह पार्ने किसिम वा क्रिया ।

पट्टचाइनु–स० क्रि० [पटचाउ+आइ+नु] कागज, कपड़ा आदि दोब्र्याइनु; ('पट्टचाउनु'-को क० क्रि०) ।

पट्टचाउनु–स० क्रि० [सं० पत्र] लुगा, कागत आदिलाई दोब्र्याएर तह-तह पार्नु ।

पट्टचाहट–ना० [पट्टाउ+आहट] पट्टाइ; उच्चाट ।

पट्ठा–ना० [प्रा० पुट्ठ] सुनौला वा रुपौला रङ्गका तारले बनेको फित्ता ।

पट्ठी–वि० [पट्ठो+ई] तरुणी; युवती ।

पट्ठो–वि० [सं० पटु] १. तरुनो; जवान; युवा । (ना०) २. भाले हात्ती ।

पट्नु–अ० क्रि० [सं० पट्ट+नु] १. काम सिद्ध हुनु; तामेल हुनु; निब्टनु । २. मेल हुनु; मिलाप हुनु । ३. खेत-बारीमा पानी पुग्नु; सिञ्चित हुनु ।

पटचाँस–ना० [ने०] १. नाङ्लामा अनाजहरू निफन्दा पिँधमा औँलाले हान्दा निस्कने शब्द । २. निफन्ने एक तरीका ।

पटचाइ–ना० [पट्टाइ] पट्टाइ ।

पटचाइ–ना० [पटचाउ+आइ] पटचाउने किसिम, क्रिया वा भाव ।

पटचाइनु–स० क्रि० [पटचाउ+आइ+नु] कागज, कपड़ा आदि दोब्र्याउनु; ('पटचाउनु'-को क० क्रि०) ।

पटचाउनु–स० क्रि० [सं० पत्र+याउ+नु] कागज, कपड़ा आदि दोब्र्याउनु; दोबर-तेबर पारी तह लाउनु ।

पटचाक-पुटुक–क्रि० यो० [अनु०] १. पटपट शब्द आउने गरी भाँचिने वा फुट्ने किसिम । २. मकै, भटमास आदि भुट्दा पट्कने किसिम । ३. पानीका छिटा पर्ने किसिम ।

पटचाक्क–क्रि० यो० [अनु०] १. सहसा भाँचिने किसिम; पटक्क । २. सहसा फुट्ने किसम; पट्ट ।

पटचाङ्ग–क्रि० यो० [अनु०] पटचाक्क ।

पटचाङङ–क्रि० यो० [अनु०] पटचाङ्ग ।

पठन–ना० [सं०] १. पढ्ने काम; अध्ययन । २. उल्लेख ।

पठन-पाठन–ना० [सं०] पढ्ने र पढ़ाउने काम; अध्यापन; लेख-पढ़ ।

पठन-शील–वि० [सं०] खूबप ढ्ने; पढ़ैया ।

पठनीय–वि० [सं०] पढ्न योग्य; पाठ गर्न योग्य ।

पठाइ–ना० [पठाउ+आइ] पठाउने किसिम, क्रिया वा भाव ।

पठाइनु–स० क्रि० [पठाउ+आइ+नु] कुनै ठाउँमा जान प्रेरणा दिइनु; ('पठाउनु'-को क० क्रि०) ।

पठाउनु–स० क्रि० [प्रा० पट्टाव+आउ+नु] १. कुनै ठाउँमा जान प्रेरणा दिनु; कतै पुग्न आज्ञा दिनु । २. पुऱ्याउन लाउनु । ३. बिदा गर्नु; अन्भाउनु । ४. लर्काउनु ।

पठित–वि० [सं०] पढ़े-लेखेको; विद्या हासिल गरेको ।

पठुवा–ना० [ने०] हरियो बोटैसमेत कुनिउँ लगाई गुम्स्याएको रहल-पहल धान ।

पठेग्रो–ना० [पाठो+एग्रो] भेड़ा-बाखाको दूध छुटेको पाठो; ठूलो पाठो ।

पड़ाइ–ना० [पड्+आइ] पड्ने किसिम, क्रिया वा भाव ।

पड़िनु–अ० क्रि० [पड्+इ+नु] उपयोगमा नआई रहिरहिनु; ('पड्नु'-को भा० क्रि०) ।

पड़ोस–ना० [सं० प्रतिवेश] घरको वर-परको ठाउँ; छिमेक ।

CC-0. In Public Domain. Digitization by eGangotri

पड़ोसी–वि० [पड़ोस+ई] छिमेकी; छिमेकमा बस्ने (व्यक्ति)।

पड्कनु–अ० क्रि० [पट्क] पट्कनु।

पड्काइ–ना० [पड्क+आइ] पड्कने किसिम, क्रिया वा भाव; पट्काइ।

पड्काइ–ना० [पड्काउ+आइ] पड्काउने किसिम, क्रिया वा भाव; पट्काइ।

पड्काइनु–स० क्रि० [पड्काउ+आइ+नु] पड्कन लाइनु; ('पड्काउनु'-को क० क्रि०)।

पड्काउनु–स० क्रि० [पट्काउ] पट्काउनु।

पड्किनु–अ० क्रि० [पट्कि] पट्किनु; ('पड्कनु'-को भा० क्रि०)।

पड्के–ना० [ने०] सेता भावका, खस्रा, तीन-चार अमल चौड़ा पात हुने, सेतो बोक्रो हुने निर्धो एक जातको बोट।

पड्के–ना० [पट्के] पट्के।

पड्क्याइ–ना० [पड्कि+याइ] पड्किने किसिम, क्रिया वा वा भाव; पट्क्याइ।

पड्क्याहट–ना० [पड्कि+याहट] पड्किने किसिम, क्रिया वा भाव; पड्क्याइ।

पड्नु–अ० क्रि० [प्रा० पडपा+नु] उपयोगमा नआई रहि-रहनु; मिल्किएको जस्तो भइरहनु।

पड़्चाङ्ग–क्रि० यो० [अनु०] १. तोप, बन्दूक, आदि पड्कने किसिम; पट्चाङ्ग। २. अकस्मात् भाँचिने वा फुट्ने किसिम। ३. गालामा लपेटाले बेसरी हान्ने वा हान्दा शब्द आउने किसिम।

पड़्चाङ्ङ–क्रि० यो० [अनु०] पड़्चाङ्ग।

पढ़न्ता–वि० [पढ्+अन्ता] पढ़ैया; पढ़न्ते।

पढ़न्ते–वि० [पढ्+अन्ते] पढ़ैया।

पढ़ाइ–ना० [पढ्+आइ] पढ्ने किसिम, क्रिया वा भाव।

पढ़ाइ–ना० [पढ़ाउ+आइ] पढ़ाउने किसिम, क्रिया वा भाव।

पढ़ाइनु–स० क्रि० [पढ़ाउ+आइ+नु] पढ्न लाइनु; ('पढ़ाउनु'-को क० क्रि०)।

पढ़ाउनु–स० क्रि० [पढ्+आउ+नु] १. पुस्तक वा लेखमा लेखिएका कुराहरूको बोध गराउनु; पुस्तकका कुरा बुझाउनु। २. विद्याभ्यास गराउनु; विद्या हासिल गराउनु। ३. ज्ञान गराउनु; सिकाउनु; ('पढ्नु'-को प्रे० क्रि०)।

पढ़िनु–स० क्रि० [पढ़+इ+नु] अध्ययन गरिनु; पाठ गरिनु; ('पढ्नु'-को क० क्रि०)।

पढ़ैया–ना० [पढ्+ऐया] खूब मेहनत गरेर पढ्ने; अध्ययन-शील।

पढ्नु–स० क्रि० [सं० पठ्] १. पुस्तक वा लेखमा लेखिएका कुरा-को ज्ञान हुने गरी पाठ गर्नु; पाठ घोक्नु; विद्याभ्यास गर्नु; अध्ययन गर्नु। २. बाच्नु; पाठ गर्नु। ३. सिक्नु; जान्नु।

पण–ना० [सं०] १. बाजी राखेर वा होड़ थापी खेलिने खेल; जूवा। २. बाजी। ३. ज्याला; मजदूरी। ४. इनाम। ५. रुपियाँ-पैसा। ६. प्रतिज्ञा; शर्त।

पण-बन्ध–ना० [सं०] १. बाजी थाप्नु। २. प्रतिज्ञा गर्नु; प्रण गर्नु।

पण्डा–ना० [सं०] १. सत् र असत् कुराको विवेक गर्ने बुद्धि; विवेक-शक्ति। २. विद्या। ३. तीर्थ, मन्दिर वा घाटमा धार्मिक कृत्य गराउने ब्राह्मण; तीर्थ-पुरोहित; गङ्गा-पुत्र।

पण्डित–ना० [सं०] १. शास्त्रको तात्पर्य बुझ्ने विद्वान्; शास्त्र-वेत्ता। २. सत् र असत् छुट्ट्याउने बुद्धि भएको व्यक्ति। ३. संस्कृतको विद्वान्। ४. ब्राह्मणको आदर-सूचक शब्द। (वि०) ५. विद्वान्। ६. निपुण; कुशल।

पण्डितमानी–वि० [सं०] आफूलाई ठूलो विद्वान् ठान्ने।

पण्डितम्मन्य–वि० [सं०] आफूलाई ठूलो विद्वान् सम्झने; पण्डितमानी।

पण्डित-राज–ना० [सं०] १. ठूलो विद्वान्; धुरन्धर विद्वान्। २. ठूला पण्डितलाई दिइने एक उपाधि।

पण्डित्याइँ–ना० [सं० पण्डित+याइँ] पण्डित वा विद्वान् हुनाको भाव; पाण्डित्य; विद्वत्ता।

पण्य–वि० [सं०] १. खरीद-बिक्री गर्ने योग्य। (ना०) २. खरीद वा बिक्री गर्ने वस्तु। ३. हाट; बजार।

पण्य-दासी–ना० [सं०] पैसा लिएर अर्काको नोकरी गर्ने स्त्री।

पण्य-योषित–ना० [सं०] वेश्या; कुलटा।

पण्य-वीथि–ना० [सं०] १. बजार; हाट। २. पसल।

पण्य-शाला–ना० [सं०] १. बजार; हाट। २. पसल।

पण्याजीव–ना० [सं०] १. पसले; व्यापारी। २. दलाल।

पतङ्ग–ना० [सं०] १. सूर्य। २. चरो; पक्षी। ३. सलह। ४. विष्णु। ५. झींगो। ६. बाण। ७. चङ्गा।

पतङ्गिका–ना० [सं०] १. सानो एक जातको पक्षी। २. मौरी। ३. पुतली (उड्ने)।

पतञ्जलि–ना० [सं०] महाभाष्य-कार एक मुनि।

पतत्–वि० [सं०] १. खस्न लागेको; खसिरहेको। २. ओर्लन लागेको। (ना०) ३. चरो; पक्षी।

पतत्-प्रकर्ष–ना० [सं०] वाक्यमा क्रमशः शब्दको शैथिल्य हुँदै जाने काव्यको एक दोष।

पतत्र–ना० [सं०] १. सवारी; यान। २. पखेटा।

पतत्रि–ना० [सं०] १. चरो; पक्षी। २. बाण। ३. घोड़ा।

पतन–ना० [सं०] १. माथिबाट तल खस्ने काम; गिर्नु। २. उन्नत अवस्था, वैभव, पद, मर्यादा आदिबाट तल झर्नु; अवनति; घर्कनु। ३. जाति-च्यूत हुनु। ४. नाश; ध्वंस। ५. मृत्यु।

पतन-शील–वि० [सं०] पतन हुँदै गएको; पतनोन्मुख।

पतनीय–वि० [सं०] पतन हुन योग्य; पतित हुन लायक।

पतनोन्मुख–वि० [सं०] पतन हुन लागेको; पतन-शील; पतन-तिर ढल्केको।

CC-0. In Public Domain. Digitization by eGangotri

पतपत–क्रि० यो० [अनु०] धूवाँ निस्कने किसिम; धुवाँउने किसिम; पुतपुत।

पतपती–क्रि० यो० [पतपत+ई] पतपत।

पतरी–ना० [पातर] वेश्या; पातर।

पतरी–ना० [पात] १. टपरी। २. साह्रै पुरानो टालेको वस्तु।

पतला–वि० [प्रा० पात्तड] पातलो।

पतलाइ–ना० [पतल्याइ] पातलो पन; पतल्याइ।

पतलून–ना० [अं० पैन्टलून] खुकुला र सोझा मोहोता हुने, इँजार नबाँधिने, यूरोपीय ढाँचाको एक किसिमको सुरुवाल।

पतल्याइ–ना० [पतल्याउ+आइ] पतल्याउने किसिम, क्रिया वा भाव।

पतल्याइनु–स० क्रि० [पतल्याउ+याइ+नु] पातलो पारिनु; ('पतल्याउनु'-को क० क्रि)।

पतल्याउनु–स० क्रि० [पातलो+याउ+नु] १. पातलो पार्नु; पतला पार्नु। २. पन्यालो पार्नु; तरल बनाउनु।

पतवार–ना० [सं० पत+वार्] १. बहना; नाउ ख्याउने दाबिलोजस्तो साधन। २. नाउलाई यता-उति घुमाउनका निमित्त नाउका पछिल्तिर लगाइने साधनविशेष; पछवार।

पता–ना० [सं० इयत्ता] १. ठेगाना; वतन। २. चिट्ठी आदि ठीक ठाउँमा पुन्याउनाका निमित्त खाम आदिमा बाहिरपट्टि लेखिने नाम, ठाउँ, आदि। ३. परिस्थितिको ज्ञान; पत्तो। ४. भेद; रहस्य।

पताकांशुक–ना० [सं०] झन्डा; ध्वज।

पताका–ना० [सं०] १. झन्डा; ध्वज। २. चिह्न; निशान। ३. नाटकमा एक विशिष्ट स्थल; पताका-स्थानक।

पताका-स्थानक–ना० [सं०] विचार गरिएको विषय वा प्रस्तुत प्रसङ्गसँग मेल खाने अर्को विषय वा प्रसङ्ग उपस्थित हुने, नाटकको स्थल।

पताकी–वि० [सं०] १. पताका भएको; झन्डावाल। २. पताका लिने। (ना०) ३. रथ।

पताल–ना० [सं० पाताल] पाताल।

पतासी–ना० [पटासी] पटासी।

पतिंगर–ना० [पतिङ्गर] पतिङ्गर।

पतिंवरा–ना० [सं०] १. आफ्ना इच्छानुसार पति वरण गर्ने कन्या; स्वयंवरा। २. कालो जीरा।

पति–ना० [सं०] १. कुनै वस्तुको धनी; स्वामी। २. कुनै विवाहिता स्त्रीको लोग्ने; कान्त। ३. शासक। ४. पाशुपत दर्शनअनुसार अपरिमित ज्ञान-शक्ति र प्रभु-शक्तिले युक्त जगत्‌को सृष्टि, स्थिति र संहारका कारणभूत महेश्वर। ५. इज्जत; आबरू। ६. मान; प्रतिष्ठा। ७. जरा; मूल।

पति-कामा–ना० [सं०] पतिको कामना गर्ने स्त्री।

पति-घातिनी–ना० [सं०] १. पतिलाई मार्ने स्त्री। २. ज्योतिष वा सामुद्रिक शास्त्रानुसार विधवा हुने योग वा लक्षण भएकी स्त्री।

पतिङर–ना० [पतिङ्गर] पतिङ्गर।

पतिङ्गर–ना० [पात+इङ्गर] १. सुकेर झरेका पात; पत्कर। २. सुकेका झार-पातहरूको समूह।

पतित–वि० [सं०] १. खसेको; गिरेको। २. जाति, धर्म आदिबाट च्युत। ३. आचार-भ्रष्ट। ४. महापापी; पातकी। ५. नीच; अधम।

पतित-पावन–वि० [सं०] १. पतितहरूको उद्धार गर्ने। (ना०) २. ईश्वर। ३. सगुण ब्रह्म।

पतितव्य–वि० [सं०] पतन हुन योग्य; पतित हुने।

पति-देवता–ना० [सं०] १. आफ्ना पतिलाई देवताझैँ मान्ने स्त्री; पतिव्रता स्त्री। २. पतिरूपी देवता।

पति-धर्म–ना० [सं०] १. पतिप्रति गर्नुपर्ने स्त्रीको कर्तव्य। २. पत्नीप्रति पतिले गर्नुपर्ने कर्तव्य।

पतिया–ना० [सं० पतित+इया] जात-भातबाट पतित भएका मानिसले आफ्नो जात-भातमा मिल्नाका निमित्त गर्ने शुद्धि; प्रायश्चित्त।

पतिया-पुर्जी–ना० [पतिया+पुर्जी] जातबाट पतित भएका मानिसलाई आफ्नो जातमा मिल्नाका निमित्त सरकारले दिने पुर्जी।

पतिवती–वि० [सं०] पति जिउँदै भएकी (स्त्री); सधवा; सौभाग्यवती।

पतिवत्नी–वि० [सं०] पति जीवित भएकी (स्त्री); सधवा।

पति-व्रत–ना० [सं०] पत्नीको आफ्ना पतिप्रतिको अनन्य भक्ति र प्रेम; पातिव्रत्य।

पतिव्रता–ना० [सं०] पतिमा अनुराग र भक्ति गर्ने स्त्री; सती; साध्वी।

पती–ना० [सं० प्रतिष्ठा] इज्जत; आबरू; हुर्मत।

पतेरो–ना० [पात+एरो] पातमा लाग्ने, पातैका रङ्गको एक जातको गह्लाउने कीरो।

पत्कर–ना० [सं० पत्रक] सुकेर रूखबाट झरेका पात; पतिङ्गर।

पत्तन–ना० [सं०] १. शहर; नगर। २. मृदङ्ग।

पत्तनी–ना० [सं०] नगरी; शहर।

पत्ता–ना० [प्रा० पत्त] १. पात; पत्र। २. ताश, गन्जीफा आदिको चक्की।

पत्ता–ना० [पता] १. पता; ठेगाना। २. थाहा; ज्ञान।

पत्ताइ–ना० [पत्ताउ+आइ] पत्ताउने किसिम, क्रिया वा भाव।

पत्ताइनु–अ० क्रि० [पत्ताउ+आइ+नु] पातका रूपमा परिणत होइनु; ('पत्ताउनु'-को भा० क्रि०)।

पत्ताउनु–अ० क्रि० [पात+आउ+नु] १. कोपिलो पातरूपमा परिणत हुनु। २. पातजस्तो हलुङ्गो भई यता-उति उड्नु वा लाग्नु; बत्ताउनु।

पत्तातोल–ना० [पत्ता+तोड्] बेपत्ता हुनु; पत्तो नलाग्नु।

पत्ताल–ना० [सं० पाताल] पाताल।

पत्ति–ना० [सं०] १. पैदल हिँड्ने यात्री। २. पैदल सिपाही;

CC-0. In Public Domain. Digitization by eGangotri

पदाति। ३. योद्धा; वीर। ४. एक रथ, एक हात्ती, तीन घोड़ा र पाँच पैदल हुने सेनाको सबभन्दा सानो विभाग।

पत्ती–ना० [सं० पत्र] १. कागत, कपड़ा आदिको टुक्रो; पत्र। २. सानो पात। ३. फूलको पत्र वा दल। ४. ताश, गन्जीफा आदिको चक्की; पत्ता।

पत्तु–ना० [सं० पत्रू] रुपियाँ-पैसा; सिक्का (तुच्छार्थमा)।

पत्तो–ना० [पत्ता] पत्ता।

पत्याइ–ना० [पात्ति+याइ] पात्तिने किसिम, क्रिया वा भाव।

पत्याहट–ना० [पात्ति+आहट] पात्तिने किसिम, क्रिया वा भाव; मत्याइ।

पत्थर–ना० [प्रा०] १. ढुङ्गो; शिला; पाषाण। २. हीरा, यूँ, पन्ना आदि रत्न।

पत्थरकाला–ना० [फा० पर्काल:] पुरानो एक प्रकारको बन्दूक।

पत्थर-कुङकुम–ना० [पत्थर+कुङकुम] नदी-नालाका किनारमा रहेका ढुङ्गाका अन्तरमा उम्रने, बास्ना आउने एक जातको बूटी; शैलेय।

पत्थर-कोइला–ना० [पत्थर+कोइला] कोइलाजस्तो बल्ने एक प्रकारको खनिज पदार्थ।

पत्थरिलो–वि० [पत्थर+इलो] पत्थर धेरै भएको; ढुङ्गेन; पत्थ्रेन (जमीन)।

पत्थरी–ना० [पत्थर+ई] १. ढुङ्गाका भाँड़ा-कुँड़ा; ढुङ्गाका थाल, रिकाबी, कटौरा आदि। २. मूत्राशयमा पत्थरजस्तै साह्रो वस्तु जम्ने एक रोग।

पत्थ्र्यान–ना० [पत्थर+यान] ढुङ्गै-ढुङ्गा भएको जमीन; पथ्रेन।

पत्थ्रेन–वि० [पत्थर] पत्थरिलो; ढुङ्गेन।

पत्नी–ना० [सं०] विधिपूर्वक विवाह गरी ल्याइएकी स्त्री; विवाहिता स्त्री; स्वास्नी; भार्या।

पत्नी-व्रत–ना० [सं०] विवाहिता स्त्रीबाहेक अरू कुनै स्त्रीसँग रति-सम्बन्ध नराख्ने व्रत।

पत्याइ–ना० [पत्याउ+आइ] पत्याउने किसिम, क्रिया वा भाव।

पत्याइनु–स० क्रि० [पत्याउ+आइ+नु] पत्यार गरिनु; ('पत्याउनु'-को क० क्रि०)।

पत्याउनु–स० क्रि० [पत्यार+याउ+नु] १. पत्यार गर्नु। २. विश्वास मान्नु। ३. साँचो सम्झनु। ४. निश्चय गर्नु।

पत्यार–ना० [सं० प्रत्यय] १. विश्वास; प्रतीति। २. भरोसा; आड़। ३. निश्चय।

पत्र–ना० [सं०] १. बोट-बिरुवाको पात; पत्ती; दल। २. चिट्ठी। ३. कागत; कागज। ४. कुनै विषयको प्रामाणिक लेख लेखिएको कागत, धातु, सिला आदिको पातो (दान-पत्र, शिला-पत्र, तामा-पत्र आदि)। ५. समाचार-पत्र; अखबार। ६. पुस्तक, कापी आदिको पातो; पाना। ७. सवारी; यान। ८. बाणको मोठमा लागको प्वाँख। ९. तह; खात। १०. फूलका पत्र वा दल। ११. एकमाथि अर्को थपिएको खात; तह।

पत्र-कार–ना० [सं०] समाचार-पत्रका निमित्त लेख, समाचार आदि सङ्कलन गर्ने, लेख्ने आदि पेशा भएका व्यक्ति; पत्र-पत्रिका-सम्बन्धी काम गर्ने व्यक्ति।

पत्रकारिता–ना० [सं०] १. पत्र-कार हुनाको भाव। २. पत्र-कारको काम वा गुण।

पत्र-पुट–ना० [सं०] पातको भाँड़ो; दुनु।

पत्र-पुष्प–ना० [सं०] १. सत्कार वा पूजाका सामान्य सामग्री। २. रातो तुलसी। ३. पात र फूलको समूह।

पत्र-भङ्ग–ना० [सं०] स्त्रीहरूले गाला, छाती, आदिमा बनाउने चन्दन, कस्तूरी आदिको बेल-बुट्टा।

पत्रम्-पुष्पम्–ना० [सं०] १. मान्य जनलाई श्रद्धापूर्वक दिइने वस्तु; साधारण उपहार (विनयार्थमा)। २. येन-केन सन्तुष्ट पार्नाका निमित्त कसैलाई दिइने थोर-बहुत चीज। ३. कुनै काम छोटकरी तवरले वा किफायतसाथ सिद्ध्याउनु।

पत्र-मञ्जूषा–ना० [सं०] हुलाकद्वारा चिठ्ठी अन्यत्र पठाउने चिठ्ठी खसाल्ने बाकस।

पत्र-रचना–ना० [सं०] पत्र-भङ्ग।

पत्र-वल्लरी–ना० [सं०] पत्र-भङ्ग।

पत्र-वाहक–ना० [सं०] १. चिट्ठी लैजाने व्यक्ति; चिट्ठी पुऱ्याउने मानिस। २. हल्कारो; हुलाकी। ३. पक्षी। ४. बाण।

पत्र-व्यवहार–ना० [सं०] आपसमा चिट्ठी-पत्रहरू लेखेर पठाउने काम; लेखा-पढ़ी; पत्राचार।

पत्र-शाक–ना० [सं०] पातै-पातमात्र हुने तरकारी।

पत्र-शिरा–ना० [सं०] पातको नसो।

पत्राङ्ग–ना० [सं०] १. रातो चन्दन; रक्त-चन्दन। २. भोज-पत्र। ३. कमल-गट्टा। ४. पुतली (उड्ने)।

पत्राञ्जन–ना० [सं०] मसी।

पत्राचार–ना० [सं०] पत्र-व्यवहार।

पत्रावली–ना० [सं०] १. पातहरूको पङ्क्ति वा श्रेणी। २. चिट्ठी-पत्रहरूको क्रम-बद्ध समूह।

पत्रिका–ना० [सं०] १. नियत समयमा प्रकाशित हुने स्त्रीलिङ्ग-वाची नाम भएका मासिक, पाक्षिक, साप्ताहिक प्रकाशन आदि। २. चिट्ठी-पत्र वा अन्य कुनै विषयको प्रधानता भएको पत्र। ३. चिना; टिप्पन। ४. आश्विन शुक्ल सप्तमीका दिन दुर्गा-पूजाका निमित्त उत्सव गरेर भित्र्याइने बेल, केरा, उखु, फूल आदि; फूल-पाती।

पत्री–वि० [सं०] १. पत्र भएको; पत्तीदार। २. प्वाँख भएको। (ना०) ३. चिट्ठी; पत्र। ४. सानो लेख। ५. पत्रिका। ६. चिना; जन्म-पत्र। ७. तेज-पात।

पत्रू–वि० [सं० पत्र] १. सुमर्दा-सुमर्दा पुरानो र बेकम्मा भएको; थोत्रो। २. रद्दी; बेकम्मा।

CC-0. In Public Domain. Digitization by eGangotri

पत्रे–वि० [पत्र+ए] १. पत्र भएको; पत्रदार। २. तह-तह भएको; पत्रै-पत्र परेको।
पथ–ना० [सं०] १. बाटो; मार्ग। २. कार्य-पद्धति; कार्य-णाली।
पथ–ना० [सं० पथ्य] रोगीका निमित्तको उपयुक्त खाने-कुरो; पथ्य।
पथ-गामी–वि० [सं०] १. बटुवा; पथिक। २. अनुयायी; अनुगामी।
पथचारी–वि० [सं०] १. बटुवा; पथिक। २. अनुयायी; अनुगामी।
पथ-दर्शक–ना० [सं०] बाटो देखाउने व्यक्ति; पथ-प्रदर्शक।
पथ-परहेज–ना० [पथ+परहेज] रोगीले गर्नुपर्ने आहार-विहारको संयम; मुख बार्ने काम।
पथ-प्रदर्शक–ना० [सं०] बाटो देखाउने व्यक्ति; मार्ग-दर्शक।
पथारा–ना० [प्रा० पत्थार] १. रोगीको बिछ्याउना; रोग-शय्या। २. रोगीको थला परेको अवस्था; रोगीको उठ्न नसक्ने अवस्था।
पथाराइ–ना० [पथार्+आइ] पथार्ने किसिम, क्रिया वा भाव।
पथारिनु–स० क्रि० [पथार्+इ+नु] रोटी बेलिनु; ('पथार्नु'-को क० क्रि०)।
पथार्नु–स० क्रि० [प्रा० पत्थार+नु] १. रोटी बेल्नु; रोटी बनाउनु। २. गीलो गोबरले गुइँठा बनाउनु।
पथिक–ना० [सं०] बाटो हिँड्ने व्यक्ति; बटुवा; मुसाफिर।
पथिका–ना० [सं०] मुनक्का।
पथिकाश्रम–ना० [सं०] पथिकहरूलाई वास दिनाका उद्देश्यले बनाइएको घर; पाटी-पौवा; धर्म-शाला।
पथिल–ना० [सं०] पथिक।
पथी–ना० [सं० पथिन्] बटुवा; पथिक।
पथ्य–ना० [सं०] १. बिरामीलाई खुवाइने हल्का खाना। २. उपयुक्त आहार। (वि०) ३. लाभ-दायक; गुण-कारी (आहार, औषधि आदि)।
पथ्यापथ्य–वि० [सं०] हित-कर र अहित-कर।
पद–ना० [सं०] १. गोडा; खुट्टो। २. पाइलो; कदम। ३. श्लोकको चरण; पाउ। ४. योग्यता, काम वा महत्त्व-अनुसारको नियत स्थान; दर्जा। ५. पदवी; उपाधि। ६. स्थिति; अवस्था। ७. ठाउँ; स्थान। ८. विभक्ति र प्रत्ययसहितको शब्द; वाक्यको कुनै अंश। ९. व्यवसाय; पेशा। १०. मोक्ष; मुक्ति। ११. दान गरिने छाता, जुत्ता, लट्ठी, औँठी, कमण्डलु, पाक-पात्र, ताम्र-पात्र, जनै, द्रव्य, पकाएको खानेकुरो, काँचो अन्न, आसन र वस्त्र–यी तेह्र वस्तुहरूको समूह।
पदक–ना० [सं०] १. पूजा गर्नाका निमित्त बनाइएको देवता-का चरणको प्रति-मूर्ति। २. कुनै असल काम गरेबापत पुरस्कार वा सम्मानका रूपमा दिइने सुन, चाँदी, तामा, फलाम आदि धातुको गोल वा अरू आकारको विशेष टुक्रो; मेडल; तक्मा। ३. वेदको पद-पाठ गर्ने प्रवीण व्यक्ति। ४. ओहदा; दर्जा।
पद-चिह्न–ना० [सं०] पैतालाको चिह्न; पाइलो।
पदच्छेद–ना० [सं०] कुनै वाक्य वा वाक्यांशका पदहरू छुट्ट्याउने काम।
पद-च्युत–वि० [सं०] आफ्नो पदबाट हटाइएको; नोकरी वा दर्जाबाट खोसिएको।
पद-च्युति–ना० [सं०] पद वा दर्जाबाट हटाउने काम वा भाव; पद-च्युत गर्ने काम।
पद-तल–ना० [सं०] १. पैतालो। २. जुत्ताको तलुवा।
पद-त्याग–ना० [सं०] आफ्नू पद वा दर्जा त्याग गर्ने काम; जागीर छोड्ने काम।
पद-त्राण–ना० [सं०] जुत्ता; उपानह।
पद-दलित–वि० [सं०] १. खुट्टाले कुल्चिएको। २. दबाएर दीन-हीन तुल्याइएको।
पद-दान–ना० [सं०] ताम्र-पात्र, जनै, औँठी, वस्त्र, लट्ठी, कमण्डलु, पाक-पात्र, छाता, जुत्ता, द्रव्य, पकाएको अन्न, काँचो अन्न र आसान–यी तेह्र वस्तु मिलाएर गरिने दान। (प्रायः यो दान मृतकका उद्देश्यले मरेका तेह्रौँ दिनका दिने गरिन्छ।)
पद-न्यास–ना० [सं०] १. पाउ राख्नु; गोडाले टेक्नु। २. पाउको चिह्न; पाइलो। ३. कुनै लेख वा रचनामा मिलाएर पदहरू राख्नु।
पद-भेद–ना० [सं०] शब्द-भेद।
पदमचाल्नु–ना० [सं० पद्मचारिणी] १. कर्कलाका आकारका ठूला पात, खैरा फल, हरियोमा खैरा र पहेँला टीका परेका फूल र पहेँलो ठूलो कन्द हुने हिमालयका लेकँतिर पाइने एक बूटी। २. त्यसैको अमिलो र ठूलो कन्द। (आयुर्वेदमा यसको गुण अजीर्ण, अतिसार, अरुचि नाश गर्ने र हल्का जुलाब हुने बताइएको छ।)
पद-मैत्री–ना० [सं०] कुनै लेख वा छन्दमा एकै किसिमका चमत्कारपूर्ण पदहरूको योजना; अनुप्रास।
पद-योजना–ना० [सं०] कुनै कविता वा लेखमा उपयुक्त हुने पदहरू छानी-छानीकन राख्ने काम।
पदवि–ना० [सं०] पदवी।
पद-विच्छेद–ना० [सं०] समास वा सन्धि भएका पदहरूलाई छुट्ट्याउने काम।
पद-विराम–ना० [सं०] पद्य वा गद्यमा गरिने विराम वा यति।
पदवी–ना० [सं०] १. कुनै योग्य व्यक्तिलाई सरकार वा कुनै संस्थाबाट दिइने प्रतिष्ठा-सूचक पद; उपाधि। २. दर्जा; ओहदा। ३. बाटो; मार्ग। ४. चलन; पद्धति। ५. ठाउँ; स्थान।
पद-व्याख्या–ना० [सं०] कुनै शब्द वा पदको भेद, वचन, लिङ्ग, पुरुष र वाक्यमा त्यसको अन्य शब्दका साथ रहेको सम्बन्ध बताउने काम।

CC-0. In Public Domain. Digitization by eGangotri

पद-सङ्घात—ना० [सं०] १. संहितामा छुट्टिएका पदहरू मिलाउने काम। २. टीका-कार; व्याख्या-कर्ता।

पदाइ—ना० [पाद्+आइ] अपान-वायु छोड्ने किसिम, क्रिया वा भाव।

पदाइनु—स० क्रि० [पदाउ+इ+नु] पाद्न लाइनु; ('पदाउनु'-को क० क्रि०)।

पदाउनु—स० क्रि० [पाद्+आउ+नु] १. आच्छु-आच्छु खेलाउनु; मुश्किल पार्नु। २. सास्ती दिनु; कष्ट दिनु। ३. डन्डी-बियोका खेलमा हार्नेलाई जित्नेले 'बजी' भन्दै दौड़ाउनु। ४. पाद्न लाउनु; ('पाद्नु'-को प्रे० क्रि०)।

पदाक्रान्त—वि० [सं०] १. गोड़ाले कुल्चिएको; पाउले थिचिएको। २. पद-दलित।

पदाघात—ना० [सं०] पाउको प्रहार; लात्तीको हनाइ।

पदाङ्क—ना० [सं०] पाउले टेकेको चिह्न; पद-चिह्न।

पदाति—ना० [सं०] पैदल हिँड्ने सिपाही; पैदल सैनिक।

पदाधिकारी—ना० [सं०] कुनै पदमा साधिकार नियुक्त भएको व्यक्ति; अधिकारी।

पदान्त—ना० [सं०] १. पदको अन्तिम भाग। २. कुनै श्लोक वा पद्यका चरणको अन्तिम भाग।

पदारूढ—वि० [सं०] पदासीन।

पदार्थ—ना० [सं०] १. पद वा शब्दको अर्थ। २. ज्ञानेन्द्रियले जान्न सकिने, कुनै नाम भएको वस्तु। ३. कुनै आकार वा रूप भएको वस्तु; चीज। ४. पुराणअनुसार धर्म, अर्थ, काम र मोक्ष—यी चार।

पदार्थ-विज्ञान—ना० [सं०] भौतिक पदार्थ र त्यसको व्यापारको ज्ञान गराउने विद्या; भौतिक-विज्ञान।

पदार्थ-विद्या—ना० [सं०] विभिन्न पदार्थहरूको निरूपण गरिएको विद्या; भौतिक-विज्ञान।

पदार्पण—ना० [सं०] १. कुनै ठाउँमा पाउ राख्ने काम; पाइलो हाल्ने काम। २. आउने काम; आगमन।

पदावली—ना० [सं०] १. वाक्यहरूको श्रेणी; कविताका चरणहरूको पङ्क्ति। २. भजनहरूको समूह। ३. कुनै लेख वा रचनामा प्रयोग गरिएका पदहरूको समूह।

पदासन—ना० [सं०] राजा-महाराजाहरूको पाउ अड्याउने, सिंहासनमनि रहने सानो खटियाजस्तो वस्तु; पाद-पीठ।

पदासीन—वि० [सं०] कुनै पद वा दर्जामा रहेको; पदारूढ।

पदाहत—वि० [सं०] लात्तीले हानिएको; पदाघात गरिएको।

पदीना—ना० [पुदीना] पुदीना।

पदुवा—वि० [पाद्+उवा] १. अपान-वायु छोड्ने स्वभावको; पधुरो। (ना०) २. पतेरो।

पदेन—क्रि० [सं०] १. पदमा रहुन्जेलको; बहाल रहेसम्मको। २. पदको हैसियतले; पदको सम्बन्धबाट।

पदोन्नति—ना० [सं०] कर्मचारीका पदको वृद्धि; दर्जा बढ्नु; प्रमोशन।

पद्दू—वि० [पाद्] पद्धू।

पद्धति—ना० [सं०] १. बाटो; मार्ग। २. कुनै काम गर्ने सिलसिलेवार नियम; कार्य-प्रणाली। ३. विधि; तरीका; रीति; रिवाज; परिपाटी। ४. कुनै कर्म वा संस्कारको विधि-विधान लेखिएको पुस्तक।

पद्धू—वि० [पाद्] १. पदुवा; पधुरो; पद्दू। २. बेकम्मा; रद्दी। ३. लाछी।

पद्म—ना० [सं०] १. कमलको फूल। २. कमलको बोट। ३. सामुद्रिक शास्त्रानुसार हत्केला वा पैतालामा हुने सौभाग्य-सूचक चिह्न। ४. विष्णुको एक हतियार। ५. कुबेरका नौ निधिमध्ये एक। ६. हात्तीको सूँड़ वा कपोलमा बनाइने चित्र। ७. अष्ट नागमध्ये एक। ८. गणितमा १०००००००००००००००-को सङ्ख्या। ९. अठार पुराणमध्ये एक। १०. एक योगासन; पद्मासन।

पद्मक—ना० [सं०] धूपी वृक्ष।

पद्म-कन्द—ना० [सं०] कमलको जरा।

पद्म-कर्णिका—ना० [सं०] कमलका फूलका बीचको गट्टो; कमलको बीज-कोश।

पद्म-काष्ठ—ना० [सं०] पैयूँ।

पद्म-किञ्जल्क—ना० [सं०] कमलको केशर; पद्म-केशर।

पद्म-केशर—ना० [सं०] कमलको फूलभित्र हुने सुगन्धी सूत्र; कमलको केशर।

पद्म-कोश—ना० [सं०] कमलको बीज-कोष; पद्म-कर्णिका।

पद्म-चारिणी—ना० [सं०] १. पदमचाल्नु। २. शमी। ३. सय-पत्रीको फूल।

पद्मज—ना० [सं०] ब्रह्मा।

पद्मजा—ना० [सं०] लक्ष्मी (देवी)।

पद्म-तन्तु—ना० [सं०] कमलको नाल; मृणाल।

पद्म-नाभ—ना० [सं०] १. विष्णु। २. शत्रुले प्रहार गरेका अस्त्रलाई रोक्ने मन्त्र।

पद्म-निधि—ना० [सं०] कुबेरका नौ निधिमध्ये एक।

पद्म-नेत्र—वि० [सं०] कमलका दलजस्ता आँखा हुने; कमल-पत्राक्ष।

पद्म-पत्राक्ष—वि० [सं०] कमलका पत्रजस्ता आँखा भएको; कमल-नेत्र।

पद्म-पाणि—वि० [सं०] १. कमल हातमा लिने। (ना०) २. ब्रह्मा। ३. विष्णु। ४. लोकेश्वर, बोधि-सत्त्व आदिको एक विशेष मुद्रा।

पद्म-पुराण—ना० [सं०] अठार महापुराणमध्ये एक।

पद्म-बन्ध—ना० [सं०] कमलका फूलको आकार पारी अक्षरहरू लेखिएको एक चित्र-काव्य।

पद्म-बन्धु—ना० [सं०] १. सूर्य। २. भ्रमर।

पद्म-बीज—ना० [सं०] पद्म-वीज; कमल-गट्टा।

पद्म-राग—ना० [सं०] एक किसिमको बहु-मूल्य रातो मणि; माणिक।

CC-0. In Public Domain. Digitization by eGangotri

पद्म-रेखा–ना० [सं०] सामुद्रिक शास्त्रानुसार हत्केलामा हुने, पद्म का आकारको, सौभाग्य-सूचक रेखा ।

पद्म-लोचन–वि० [सं०] कमलका दलजस्ता आँखा हुने ।

पद्म-वीज–ना० [सं०] कमल-गट्टा ।

पद्मसम्भव–ना० [सं०] अतिसाभन्दा पहिले भारतबाट नेपाल भई तिब्बत गएर बौद्ध धर्मको अनुशासन गर्ने एक प्रसिद्ध भिक्षु ।

पद्मा–ना० [सं०] १. लक्ष्मी । २. ल्वाङ । ३. सय-पत्री ।

पद्माकर–ना० [सं०] १. जलाशय; पोखरी । २. कमल फुलेको पोखरी । ३. कमलको समूह ।

पद्माक्ष–ना० [सं०] १. कमल-गट्टा; पद्म-वीज । २. विष्णु । ३. सूर्य । (वि०) ४. कमलका दलको बान्कीका आँखा हुने ।

पद्मालया–ना० [सं०] १. लक्ष्मी । २. ल्वाङ ।

पद्मासन–ना० [सं०] १. दुवै पैतालामाथि पर्ने गरी पलेँटी मारेको आसन; एक प्रकारको योगासन । २. ब्रह्मा ।

पद्मिनी–ना० [सं०] १. कमलिनी । २. कमल फुलेको जलाशय; । ३. लक्ष्मी । ४. कोक-शास्त्रानुसार चार प्रकारका स्त्रीमध्ये एक स्त्री; सर्वोत्तम कोटिकी स्त्री; अति कोमलाङ्गी, सुशीला, रूपवती र पतिव्रता स्त्री ।

पद्मी–वि० [सं०] १. कमल भएको; पद्म-युक्त । (ना०) २. हात्ती । ३. विष्णु ।

पद्य–ना० [सं०] १. नियमित मात्रा वा वर्ण भएको वाक्य-रचना; श्लोक-बद्ध लेख; छन्दमा लेखिएको कविता । २. चार चरण भएको छन्द । (वि०) ३. पद-सम्बन्धी; शब्द-सम्बन्धी ।

पद्यमय–वि० [सं०] पद्यमा लेखिएको; पद्यात्मक; छन्दोबद्ध ।

पद्या–ना० [सं०] १. गोरेटो । २. सडकका दायाँ-बायाँका पेटी ।

पद्यात्मक–वि० [सं०] पद्यमा लेखिएको; पद्यमय ।

पधारिनु–अ० क्रि० [पछारि+नु] १. लड्नु; लोट्नु; पछारिनु । २. थला पर्नु ।

पधाऱ्याइ–ना० [पधारि+याइ] पधारिने किसिम, क्रिया वा भाव; पछाऱ्याइ ।

पधुरो–वि० [पद्धू+उरो] पदुवा; पद्धू ।

पधेरो–ना० [ने०] पातमा लाग्ने एक जातको कीरो ।

पन–प्रत्य० [सं० प्रण] भाव-वाचक शब्द बनाउनाका निमित्त गुण-वाचक वा जाति-वाचक शब्दका पछाड़ि जोड़िने एक प्रत्यय; पना; ता । (उदा०-राम्रोपन, भेड़ोपन आदि ।)

पन–ना० [सं० प्र+नय] पक्षपात; पन-पच्छे ।

पनडुब्बी–ना० [पानी+डुब्+ई] पानीभित्र-भित्रै चलनसक्ने एक किसिमको जहाज ।

पन-पक्ष–ना० [पन+पक्ष] विवेक वा न्यायको विचार नगरी कसैको पक्ष लिने काम; ओड़; पन-पच्छे; पक्षपात ।

पन-पच्छे–ना० [पन+पच्छे] पन-पक्ष ।

पनस–ना० [सं०] १. कटहर । २. काँढ़ो; कण्टक ।

पना–प्रत्य० [पन] १. पन । (ना०) २. विशेषता ।

पनाति–ना० [सं० परनाप्तृ] नाति वा नातिनीको छोरो; छोरा वा छोरीको नाति ।

पनातिनी–ना० [पनाति+नी] नाति वा नातिनीकी छोरी; छोरा वा छोरीकी नातिनी ।

पनातिने-जुवाइँ–ना० [पनातिनी+ए+जुवाइँ] पनातिनीको पति ।

पनातिने-बुहारी–ना० [पनातिनी+ए+बुहारी] पनातिकी पत्नी ।

पनाती–ना० [पनाति] पनाति ।

पनालो–ना० [सं० प्रणाली] पानी बग्ने नल; डूँड़; ढल ।

पनि–क्रि० यो० [ने०] समेत; सहित; लगायत ।

पनिउँ–ना० [सं० परिवेषणी] भात चलाउने वा पस्कने दाबिलोजस्तो साधन ।

पनीर–ना० [फा०] १. दूध फटाएर बनाइएको छोक्रा; छेना । २. पानी निचोरिएको दही ।

पनेर–ना० [ने०] १. लाम्चा र ठूला पात, पहेँला फूल, खैरा गोल फल हुने सानो एक जातको काँढ़ादार बोट । २. त्यसैको फल ।

पनेरू–ना० [ने०] १. आलू-बखड़ाजत्रो एक जातको नीलो रङ्गको फल । २. ब्राह्मण-जातिको एक थर ।

पनेरो–ना० [पानी+एरो] पानी-घाट; कूवा ।

पनेरो–ना० [पधेरो] पधेरो ।

पनेर्नी–ना० [पनेरो+नी] पनेरामा पानी लिन जाने स्त्री ।

पनेला–ना० [पानी] गाढ़ा कालो र टल्कने एक जातको कपड़ा ।

पनेलो–ना० [पन्यालो] पन्यालो ।

पनौतो–वि० [पानी+औतो] खेती गर्न पानी लाग्ने (जमीन) ।

पनौनी–ना० [पाउ+औनी] हराएको वस्तु पाइदिएबापत दिइने इनाम ।

पन्च–ना० [अं०] छाला, कागत आदिमा सानो बाटुलो प्वाल पार्ने साधन वा यन्त्र ।

पन्चड़–ना० [पन्चर] पन्चर ।

पन्चर–ना० [अं० पङ्क्चर] १. मोटर, साइकल आदिको ट्यूब प्वाल पर्ने वा फुट्ने काम । २. रबर आदिको ट्यूबमा परेको प्वाल ।

पन्चेन-लामा–ना० [तिब्बती] तिब्बतको तासी-लुम्पो नामक गुम्बाका प्रधान धर्म-गुरु; तासी-लामा ।

पन्छाइ–ना० [पन्छाउ+आइ] पन्छाउने किसिम, क्रिया वा भाव ।

पन्छाइ–ना० [पन्छि+आइ] पन्छिने किसिम, क्रिया वा भाव ।

पन्छाइनु–स० क्रि० [पन्छाउ+आइ+नु] पर पुऱ्याइनु; ('पन्छाउनु'-को क० क्रि०) ।

पन्छाउनु–स० क्रि० [पन्साउ+आउ+नु] १. पर पुऱ्याउनु; हटाउनु । २. पर सार्नु; अलग राख्नु । ३. मन नपरीकन दिनु । ४. कुनै काम जसरी-तसरी सिद्धयाउनु ।

पन्छिइनु–अ० क्रि० [पन्छि+इ+नु] पर सरिनु; ('पन्छिनु'-को भा० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

पन्छिनु–अ० क्रि० [पन्सि+नु] १. मन नपरेको काम वा कुरा-बाट पर सर्नु; हट्नु। २. अलग हुनु; छुट्टिनु। ३. टर्नु। ४. नछुने हुनु।

पन्छी–ना० [सं० पक्षी] चरो; पङ्खी; पक्षी।

पन्छयाइ–ना० [पन्छि+याइ] पन्छिने किसिम, क्रिया वा भाव।

पन्छयाहट–ना० [पन्छि+याहट] पन्छिने किसिम, क्रिया वा भाव; पन्छयाइ।

पन्जा–ना० [फा० पन्जः] १. हात वा गोड़ाका पाँच औँलाको समूह। २. पाँच औँलासहितको हत्केलो; लबटो; पौँजा। ३. पाँच औँलासहित हत्केलामा लाउने एक किसिमको वस्त्र वा खोल। ४. ताश वा गन्जीफाको पाँच फुट्टीवाला पत्ती। ५. जूवामा कौड़ाको एक दाउ (पाँच, नौ र एकको ठाड़ो हुँदा पर्ने दाउ)। ६. पासाका खेलमा दुइ पासामा दुवा-दुवा र एक पासामा पोट पर्दा हुने एक दाउ।

पन्जाब–ना० [फा०] भारतको उत्तर-पूर्वी भागमा पर्ने, भारत र पाकिस्तानका विभाजित भएको एक प्रदेश।

पन्जाबी–ना० [फा०] १. बीचमा साठो हाली पत्रै-पत्र पारी बीचमा चिरा-चिरा पारेर घिउमा पकाएको मैदाको एक किसिमको रोटी। २. पन्जाब प्रदेशको निवासी। (वि०) ३. पन्जाब प्रदेशको; पन्जाब प्रदेश-सम्बधी।

पन्डर–ना० [सं० पाण्डुर] १. पानका आकारका पात, भेट्ना-तिर गट्टाजस्तो हुने सेता फूल, काला गोल साना फल र राता धर्का भएको हरियो डाँठ हुने एक जातको लहरो। २. त्यसैको फूल। (आयुर्वेदमा यसको गुण खटिरा नाश गर्ने र आँखालाई हित गर्ने बताइएको छ।)

पन्तरो–ना० [ने०] पोको; कुटुरो।

पन्थ–ना० [सं० पन्था] १. बाटो; मार्ग। २. सम्प्रदाय; धर्म। ३. मत; सिद्धान्त।

पन्थी–वि० [पन्थ+ई] १. बाटोमा हिँड्ने (यात्री)। २. कुनै सम्प्रदायको अनुयायी।

पन्द्र–ना० [पन्ध्र] पन्ध्र।

पन्द्रौँ–वि० [पन्द्र+औँ] पन्ध्रौँ।

पन्ध्र–ना० [सं० पञ्चदश] १. दश र पाँचको योग-सङ्ख्या; १५-अङ्क। (वि०) २. दश र पाँच का योग-सङ्ख्याको।

पन्ध्रौँ–वि० [पन्ध्र+औँ] गणनाको क्रमले पन्ध्र सङ्ख्यामा परेको; पन्ध्र सङ्ख्याको।

पन्नग–ना० [सं०] सर्प।

पन्ना–ना० [प्रा० पण्ण] पाना; पातो।

पन्ना–ना० [ने०] चतुर; निपुण।

पपन्ना–ना० [सं० पर्ण] हरियो रङ्गको एक जातको बहु-मूल्य रत्न।

पन्यालो–वि० [पानी+आलो] पानी, दूध आदि जस्तो पातलो; द्रव; तरल।

पन्यूं–ना० [पनिउँ] पनिउँ।

पन्यौ–ना० [पनिउँ] पनिउँ।

पन्साइ–ना० [पन्साउ+आइ] पन्साउने किसिम वा क्रिया।

पन्साइनु–स० क्रि० [पन्साउ+आइ+नु] पर सारिनु; ('पन्सा-उनु'-को क० क्रि०)।

पन्साउनु–स० क्रि० [पर+सार्+नु] १. पर सार्नु; हटाउनु; पन्छा-उनु। २. अलग राख्नु; छुट्ट्याउनु। ३. मन नपरेका काम-कुरा वा व्यक्तिलाई कुनै प्रकारले हटाउनु; पन्छाउनु। ४. देवता, भूत-प्रेत आदिका निमित्त कुनै वस्तु छुट्ट्याएर राख्नु।

पन्सिइनु–अ० क्रि० [पन्सि+इ+नु] पर सरिनु; ('पन्सिनु'-को भा० क्रि०)।

पन्सिनु–अ० क्रि० [पन्साउ+इ+नु] १. पर सर्नु; छुट्टिनु। २. हट्नु; टाढ़ा पुग्नु। ३. टर्नु; पन्छिनु।

पन्स्याइ–ना० [पन्सि+याइ] पन्सिने किसिम, क्रिया वा भाव।

पपरी–ना० [ने०] चमेरो पक्षी।

पपि–ना० [सं०] चन्द्रमा।

पपिता–ना० [पबिता] अँड़ीरको जस्तो बोटमा फल्ने, खान हुने, एक जातको प्रसिद्ध फल; मेवा।

पपी–ना० [सं०] १. सूर्य। २. चन्द्रमा।

पबिता–ना० [सं० पारेवत] मेवा; पपिता।

पबितो–वि० [पवल] बढ्ता; औधी; पवल।

पब्लिक–ना० [अं०] १. जनता; जन-साधारण; सर्व-साधारण। (वि०) २. सार्वजनिक; जनताको।

पब्लिक-सर्भिस-कमिशन–ना० [अं०] लोक-सेवा-आयोग।

पम्प–ना० [अं०] १. पानीको नल; पाइप। २. बाइसकल, मोटर आदिका टयूबमा हावा भर्ने साधन। ३. पचका; पिचकारी। ४. फित्ता बाँध्न नपर्ने एक छाँटको खुला किसिमको जुत्ता।

पम्फा–ना० [ने०] मसिनु भूवाजस्तो एक जातको लेकाली फूल।

पय–ना० [सं०] १. दूध; दुग्ध। २. पानी; जल। ३. शुक्र; वीर्य। ४. अन्न; आहार। ५. शक्ति; सामर्थ्य।

पयठ–ना० [पैठ] पैठ।

पयर–ना० [प्रा० पय] पाउ; पद; पाद।

पयस्य–वि० [सं०] १. दूधबाट बनेको। २. दूधको; दूध-सम्बन्धी। ३. पानीको।

पयस्या–ना० [सं०] दही।

पयस्विनी–ना० [सं०] १. नदी। २. दुहुनू गाई। ३. बाखी।

पयो–ना० [ने०] डोरीको तह; आँठो।

पयोधर–ना० [सं०] १. बादल; मेघ। २. स्तन; कुच। ३. मोथे। ४. नरिवल।

पयोधा–ना० [सं०] १. समुद्र। २. बादल। ३. जलाशय।

पयोधि–ना० [सं०] १. समुद्र। २. जलाशय।

पयोव्रत–ना० [सं०] उत्तम सन्तान-प्राप्तिका निमित्त महीना दिनसम्म दूधमात्र पिएर गरिने एक व्रत।

परःपुंसा–ना० [सं०] आफ्ना पतिदेखि असन्तुष्ट भएर पर-पुरुषसित प्रेम गर्ने स्त्री।

परःपुरुष–ना० [सं०] सर्व-साधारण मानिसभन्दा गुण, शक्ति आदि बढ्ता भएको व्यक्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

परःश्व–क्रि० यो० [सं०] पर्सी; भोलिको भोलिपल्ट।

पर–वि० [सं०] १. आफूदेखि भिन्न; पराई; अर्को; अन्य। २. अर्काको; पराईको। ३. पछिको। (ना०) ४. शत्रु; वैरी। (क्रि० यो०) ५. टाढ़ा; दूर। (प्रत्य०) ६. शब्दका अन्तमा लागेर निमग्न, लीन, उद्यत आदि अर्थ बुझाउने एक प्रत्यय। (उदा०–तत्पर, स्वार्थपर इत्या०।)

परक–प्रत्य० [सं०] शब्दका अन्तमा लागेर 'पछि लाग्ने' अर्थ बुझाउने एक प्रत्यय। (उदा०–बुद्धिपरक, विष्णुपरक।)

पर-काय-प्रवेश–[सं०] अर्काका मृत शरीरमा योग-बलले आफ्नो आत्मा प्रवेश गराउने काम।

परकाल–ना० [फा० परकार] गोलाइ वा वृत्ताकार रेखा खिंच्ने एक औजार; कर्काटो।

परकीय–वि० [सं०] अर्काको; अन्य जनको; पराईको।

परकीया–ना० [सं०] पर-पुरुषसित गुप्त रूपले प्रेम गर्ने नायिका; नायिकाका मुख्य दुइ भेदमध्ये एक।

परक्क–क्रि० यो० [अनु०] १. निमोठिने वा निमोठ्ने किसिम; बटारिने वा बटार्ने किसिम। २. भाँचिने वा भाँच्ने किसिम। ३. तरकारी आदि भुट्ने किसिम।

पर-क्षेत्र–ना० [सं०] १. अर्काको शरीर। २. अर्काको जमीन। ३. अर्काकी स्त्री; पर-स्त्री।

परगन्ना–ना० [फा० पर्गनः] धेरै गाउँ सम्मिलित भएको भू-भाग; प्रगन्ना।

परगेलाइ–ना० [परगेल्+आइ] परगेल्ने किसिम, क्रिया वा भाव।

परगेलाइनु–स० क्रि० [परगेलाउ+आइ+नु] परगेल्न लाइनु; ('परगेलाउनु'-को क० क्रि०)।

परगेलाउनु–स० क्रि० [परगेल्+आउ+नु] परगेल्न लाउनु; ('परगेल्नु'-को प्रे० क्रि०)।

परगेलिनु–स० क्रि० [परगेल्+आइ+नु] नाउँ तोकेर बोलाइनु; ('परगेल्नु'-को क० क्रि०)।

परगेल्नु–स० क्रि० [ने०] १. नाउँ तोकेर बोलाउनु; नाउँ किट्नु। २. केलाउनु; छान्नु।

पर-चक्र–ना० [सं०] १. शत्रुको राष्ट्र वा सेना। २. शत्रुको आक्रमण; छ प्रकारका ईतिमध्ये एक।

परचक्री–वि० [सं०] १. अर्काको; पराई। (ना०) २. आफन्तदेखि अतिरिक्त व्यक्ति; पराई मानिस।

परच्छन्द–वि० [सं०] अर्काका अधीनमा रहेको; पराधीन।

परच्छन्दानुवर्ती–वि० [सं०] अर्काका इच्छाअनुसार काम गर्ने; पराधीन।

पर-जात–वि० [सं०] १. अर्काबाट उत्पन्न भएको; अन्यज। २. अर्काद्वारा पालिएको। (ना०) ३. नोकर। ४. कोइली।

परञ्च–अव्य० [सं०] १. अरू पनि। २. तर पनि; तैपनि; तापनि।

परञ्ज–ना० [सं०] तेल पेल्ने कोल; साल।

परञ्जय–वि० [सं०] १. शत्रुलाई जित्ने। (ना०) २. वरुण।

परतः–क्रि० यो० [सं०] १. अर्कासितबाट; अरूबाट। २. शत्रूबाट। ३. पछि; भविष्यमा।

पर-तन्त्र–वि० [सं०] अर्काका अधीनमा रहेको; पराधीन।

परत्र–क्रि० यो० [सं०] १. अर्को ठाउँमा; अन्य स्थानमा। २. पर-लोकमा। ३. पछि। (ना०) ४. पर-लोक; पुनर्जन्म।

परथन–ना० [पथार्+अन्] रोटी बेल्दा लाउने पीठो।

परदा–ना० [फा० पर्दः] पर्दा।

परदा-फाश–ना० [फा० पर्द+फ़ाश] १. दोष प्रकट हुनु वा गर्नु। २. गुप्त रहस्य खोल्नु; भण्डाफोर।

पर-दारा–ना० [सं०] अर्काकी पत्नी; पर-स्त्री।

परदारी–वि० [सं०] पर-स्त्री गमन गर्ने; व्यभिचारी।

पर-देवता–ना० [सं०] पर-ब्रह्म।

पर-देश–ना० [सं०] १. आफ्नो देशदेखि भिन्न देश; अर्काको देश; विदेश। २. आफू बसेको भन्दा टाढ़ाको कुनै ठाउँ।

पर-देशी–वि० [पर-देश+ई] १. पर-देशको; विदेशी। २. अर्काको देशमा रहने; विदेशमा बस्ने। ३. प्रवासी।

पर-द्रोह–ना० [सं०] अर्काको द्रोह; अर्कासितको वैर-भाव।

पर-द्रोही–वि० [सं०] अर्कासँग द्रोह गर्ने; शत्रुता गर्ने।

पर-धन–ना० [सं०] अर्काको धन; पराईको सम्पत्ति।

पर-धर्म–ना० [सं०] अर्काको धर्म; अन्य धर्म।

पर-धाम–ना० [सं०] १. वैकुण्ठ। २. परमेश्वर। ३. विष्णु।

परन्तु–संयो० [सं०] १. तर; किन्तु। (क्रि० यो०) २. पछि; अन्तमा; आखिरमा।

पर-पक्ष–ना० [सं०] १. अर्काको पक्ष; विरोधी-पक्ष। २. विरोधी मत।

पर-पजनी–ना० [(फाँ०) पर+पजनी] पजनी।

परपर–क्रि० यो० [अनु०] १. घिउ-तेलमा तरकारीहरू भुट्दा शब्द आउने किसिम। २. धमाधम निमोठिएर वा बटारिएर भाँचिने किसिम। ३. बिंगठिने किसिम। ४. टिमुर आदि खाँदा जिभ्रामा रमरमी लाग्ने किसिम; रमरस।

परपरती–क्रि० यो० [परपर+ती] परपर।

परपरिइनु–अ० क्रि० [परपर+इ+नु] परपऱ्याइनु; ('परपरिनु'-को भा० क्रि०)।

परपरिनु–अ० क्रि० [ने०] निमोठिनु; बिभिन्डिनु; मेलमा नआउनु।

परपरिनु–अ० क्रि० [परपर+इ+नु] परपऱ्याउनु।

परपरी–क्रि० यो० [परपर+ई] परपर; परपरती।

परपऱ्याइ–ना० [परपऱ्याउ+आइ] परपऱ्याउने किसिम, क्रिया वा भाव।

परपऱ्याइ–ना० [परपरि+याइ] परपरिने किसिम, क्रिया वा भाव।

परपऱ्याइनु–अ० क्रि० [परपऱ्याउ+आइ+नु] जिभ्रामा रमरम लागिनु; ('परपऱ्याउनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

परपऱ्याउनु–अ० क्रि० [परपरि+याउ+नु] टिमुर, पिरिया आदि खाँदा जिभ्रामा रमरमी लाग्नु; एक किसिमको पीरो अनुभव हुनु; परपर गर्नु ।

परपऱ्याहट–ना० [परपरि+याहट] परपरिने किसिम, क्रिया वा भाव; परपऱ्याइ ।

पर-पाक–ना० [सं०] अर्काका निमित्त वा पञ्च-महायज्ञका निमित्त खानेकुरो पकाउनु ।

पर-पीडक–वि० [सं०] अर्कालाई दुःख दिने; अर्कालाई पीडा दिने ।

पर-पीडन–ना० [सं०] अर्कालाई दुःख दिने काम ।

पर-पुरुष–ना० [सं०] १. स्त्रीहरूका निमित्त आफ्ना पति-बाहेकको पुरुष । २. पर-ब्रह्म ।

पर-पुष्ट–वि० [सं०] १. अर्कले पालन-पोषण गरेको; अर्का-द्वारा पालिएको । (ना०) २. कोइली ।

पर-पुष्टा–ना० [सं०] १. वेश्या; रण्डी । २. ऐंजेरु ।

पर-प्रपौत्र–ना० [सं०] पनातिको छोरो; जनाति ।

पर-प्रेष्य–ना० [सं०] नोकर ।

पर-प्रेष्या–ना० [सं०] नोकर्नी; दासी ।

पर-ब्रह्म–ना० [सं०] निर्गुण, निराकार र उपाधि-रहित ब्रह्म ।

पर-भव–ना० [सं०] अर्को जन्म; पुनर्जन्म ।

पर-भाग्योपजीवी–वि० [सं०] अर्काको कमाइ वा अन्न खाएर जीविका गर्ने ।

पर-भृत–वि० [सं०] १. अर्कले पालेको । (ना०) २. कोइली ।

परम–वि० [सं०] १. सबभन्दा; पहिलेको; आदिको; आद्य । २. सबभन्दा उत्तम; उत्कृष्ट । ३. सबैमा प्रधान; मुख्य । ४. सबभन्दा ठूलो; सबैमध्ये महान् । ५. ज्यादा; अति ।

परम-गति–ना० [सं०] मरेपछिको उत्तम गति; मुक्ति; मोक्ष ।

परम-तत्त्व–ना० [सं०] मूल-तत्त्व; ब्रह्म ।

परम-धाम–ना० [सं०] १. स्वर्ग; वैकुण्ठ । २. पर-लोक । ३. मृत्यु; मरण ।

परम-पद–ना० [सं०] १. सबभन्दा उच्च स्थान वा पद । २. मुक्ति; मोक्ष ।

परम-पिता–ना० [सं०] परमेश्वर ।

परम-पुरुष–ना० [सं०] १. परमेश्वर । २. विष्णु ।

परम-भट्टा–ना० [सं० परम-भट्टारक] कमारा-कमारी किन-बच गर्दा बेच्नेले किन्नेलाई लेखिदिने कागत ।

परम-भट्टारक–ना० [सं०] ठूला राजाहरूको एक प्राचीन उपाधि ।

पर-मर्मज्ञ–वि० [सं०] अर्काको रहस्य जान्ने ।

परमर्षि–ना० [सं०] उच्च कोटिका ऋषि ।

परम-हंस–ना० [सं०] १. संन्यासीको एक वर्ग वा पद । २. परमेश्वर । ३. महात्मा ।

परमाक्षर–ना० [सं०] ॐकार; प्रणव ।

परमाङ्गना–ना० [सं०] उत्तम स्त्री ।

परमाङ्गी–ना० [फा० परवानगी] १. राजाको वा उच्च सरकारी अधिकारीको आज्ञा; प्रमाङ्गी; हुकुम । २. आज्ञा; आदेश । ३. अनुमति ।

परमाणु–ना० [सं०] १. कुनै पदार्थको अति सूक्ष्म कण; अत्यन्त सानो कण । २. कुनै भौतिक पदार्थको निर्माण गर्ने सबभन्दा सूक्ष्म तत्त्व ।

परमाणु-बम–ना० [सं० परमाणु+बम (अं०)] परमाणुको रचनामा निहित शक्तिलाई एकत्रित गरी तयार गरिएको शक्ति-शाली एक प्रकारको बम ।

परमाणुवाद–ना० [सं०] संसारको सम्पूर्ण सृष्टि परमाणु-बाटै बनेको हो भनी मान्ने एक दार्शनिक सिद्धान्त (यसका आदि प्रवर्तक महामुनि कणाद हुन् ।)

परमाणुवादी–वि० [सं०] परमाणुवादको अनुयायी ।

परमात्मा–ना० [सं०] परमेश्वर; पर-ब्रह्म ।

परमादेश–ना० [सं०] तल्लो अदालत, संस्था, अधिकारी आदिलाई कुनै विशिष्ट काम गर्नाका लागि सर्वोच्च-अदालतले दिने आदेश ।

परमानन्द–ना० [सं०] १. ब्रह्मको साक्षात्कार वा त्यसको ज्ञानको सुख; ब्रह्मानन्द । २. पर-ब्रह्म; ईश्वर । ३. अत्यन्त आनन्द ।

परमायु–ना० [सं०] जीवनको अन्तिम आयु; सर्वाधिक आयु ।

परमार्थ–ना० [सं०] १. सबभन्दा महत्त्वपूर्ण वस्तु; सर्वोत्कृष्ट सत्ता । २. परोपकार । ३. मोक्ष; मुक्ति । ४. यथार्थ तत्त्व ।

परमार्थवादी–वि० [सं०] वेदान्ती; तत्त्वज्ञ ।

परमार्थ-विद्–वि० [सं०] ब्रह्म-ज्ञानी; दार्शनिक ।

परमार्थी–वि० [सं०] १. परमार्थ जान्न वा प्राप्त गर्न इच्छुक । २. मोक्षको इच्छा गर्ने; मुमुक्षु ।

परमेश–ना० [सं०] परमेश्वर ।

परमेश्वर–ना० [सं०] जगत्को सृष्टि, स्थिति र प्रलय-कर्ता; परमात्मा; पर-ब्रह्म; ईश्वर ।

परमेश्वरी–ना० [सं०] १. दुर्गा । २. महामाया ।

परमेष्ठी–ना० [सं०] १. ब्रह्मा । २. शिव । ३. अग्नि ।

परम्पद–ना० [सं०] १. उत्तम पद । २. वैकुण्ठ । ३. मोक्ष ।

परम्पर–वि० [सं०] १. क्रमैले आएको; सिलसिलेवार । (ना०) २. छोरा, नाति, पनाति आदिको क्रम ।

परम्परा–ना० [सं०] १. पहिलेदेखि चलिआएको सिलसिला; अविच्छिन्न क्रम; अनुक्रम । २. क्रम-बद्ध समूह; पङ्क्ति । ३. प्रथा; प्रणाली; पद्धति । ४. वंश; सन्तति ।

परम्परागत–वि० [सं०] १. पहिलेदेखि चलिआएको; परम्पराबाट आएको । २. क्रमैसँग आएको; क्रमागत ।

परम्परित–वि० [सं०] परम्परा भएको; सिलसिला भएको ।

परम्परित-रूपक–ना० [सं०] एउटालाई गरेको आरोप अर्कोमा पर्न जाने, रूपक अलङ्कारको एक भेद ।

CC-0. In Public Domain. Digitization by eGangotri

परम्परीण–वि० [सं०] वंश-परम्पराबाट चलिआएको; परम्परागत।

परल–वि० [पर्] १. परेको; तयार गर्दा वा खरीद गर्दा लागेको; पर्ता (मोल)। (ना०) २. खरीद गरेको मोल; साउँ।

पर-लोक–ना० [सं०] १. मृत्युपछि प्राणीहरूको आत्मा जाने स्वर्ग आदि लोक। २. मृत्यु; मरण।

पर-लोक-गमन–ना० [सं०] मृत्यु; मरण।

पर-लोक-प्राप्ति–ना० [सं०] पर-लोक-वास।

पर-लोक-वास–ना० [सं०] मृत्यु; मरण (आदरार्थमा)।

पर-लोक-वासी–वि० [सं०] पर-लोक-वास भएको; मृत (आदरार्थमा)।

परवर–ना० [सं० पटोल] लहरामा फल्ने, गोल-काँक्रीका आकारको, तरकारी खाइने एक जातको हरियो फल।

परवर–वि० [फा०] पालन गर्ने; पालक। (यौगिक शब्दको अन्तमा प्रयोग हुने। उदा०–गरीब-परवर।)

परवरिश–ना० [फा०] पालन-पोषण; परवस्ती।

पर-वर्ती–वि० [सं०] पछि रहेको; पछि हुने।

पर-वश–वि० [सं०] अर्काका अधीनमा परेको; पराधीन।

पर-वशता–ना० [सं०] पर-वश हुनाको भाव; पराधीनता।

पर-वश्य–वि० [सं०] पर-वश।

पर-वश्यता–ना० [सं०] पर-वश्य हुनाको भाव; पर-वशता।

परवस्ती–ना० [फा० परवरिश] १. पालन-पोषण। २. जीवन-वृत्ति; जीविका।

परवा–ना० [फा०] १. चिन्ता। २. खाँचो; वास्ता; प्रयोजन। ३. ध्यान। ४. भरोसा; परवाह।

पर-वाद–ना० [सं०] १. किंवदन्ती; हल्ला। २. निन्दा; अपवाद।

परवान्–वि० [सं०] पर-वश; पराधीन।

परवाह–ना० [फा० परवा] १. चिन्ता; फिक्री। २. वास्ता; प्रयोजन। ३. सोच-विचार; खयाल।

परशु–ना० [सं०] बन्चरो; कुठार।

परशु-राम–ना० [सं०] जमदग्नि ऋषिका छोरा; विष्णुका दश अवतारमध्ये एक।

पर-स्त्री–ना० [सं०] पुरुषहरूका निमित्त आफ्नी पत्नीबाहेक अरू स्त्री; अर्काकी स्त्री।

परस्पर–क्रि० यो० [सं०] १. एक अर्काका साथ; आपसमा; आफू-आफूमा। (ना०) २. आफू-आफू; आफन्त; आपस।

परस्परोपमा–ना० [सं०] उपमालङ्कारको एक भेद; उपमेयोपमा।

परश्वध–ना० [सं०] बन्चरो; परशु।

परस्व–ना० [सं०] अर्काको सम्पत्ति; अरूको धन।

पर-हित–ना० [सं०] १. अरूको हित; अर्काको भलाइ। (वि०) २. अरूको हित गर्ने; परोपकारी।

परहेज–ना० [फा० परहेज] १. बिरामीले हानि-कारक वस्तु नखाने काम; मुख बार्ने काम; कुपथ्य नखाने काम।

परहेजी–वि० [परहेज+ई] १. परहेज गर्ने; परहेजमा बस्ने। २. परहेज-सम्बन्धी; परहेजको।

परा–उप० [सं०] १. शब्दको अगिल्तिर लाग्ने एक उपसर्ग। (ना०) २. मूलाधारमा रहेको नाद-रूपिणी वाणी। ३. ब्रह्म-विद्या। ४. गङ्गा।

पराइ–ना० [पर्+आइ] पर्ने किसिम, क्रिया वा भाव।

पराइ–ना० [पराउ+आइ] पराउने किसिम, क्रिया वा भाव।

पराइनु–स० क्रि० [पराउ+आइ+नु] पर्न लाइनु; ('पराउनु'-को क० क्रि०)।

पराई–वि० [सं० पर] १. अर्काको; अन्य जनको; बिरानो। (ना०) २. आफन्तबाहेकको व्यक्ति; परचक्री।

पराउनु–स० क्रि० [पर आउ+नु] १. पार्नु; ('पर्नु'-को प्रे० क्रि०); पार्न लाउनु। २. पर्नु।

पराकाष्ठा–ना० [सं०] अन्तिम सीमा; चरम सीमा; हद।

पराक्रम–ना० [सं०] १. बल; शक्ति। २. पुरुषार्थ; पौरख। ३. बहादुरी; वीरता। ४. चढ़ाइ; आक्रमण।

पराक्रमी–वि० [सं०] पराक्रम भएको; पुरुषार्थी; वीर; पौरखी।

पराक्रान्त–वि० [सं०] १. शक्ति-शाली; वीर। २. उत्साही। ३. आक्रमण गरिएको; आक्रान्त।

पराग–ना० [सं०] १. फूलका भित्र हुने सुगन्धी धूलो; पुष्प-रज। २. नुहाउनुभन्दा पहिले शरीरमा घसिने सुगन्धी चूर्ण। ३. चन्दन।

पराग-केशर–ना० [सं०] फूलका बीचमा पराग टाँसिएर रहने सूत्र।

परागत–वि० [सं०] १. मरेको; मृत। २. लपेटिएको; बेह्रिएको। ३. फैलिएको।

पराघौं–क्रि० यो० [सं० पर+आघौं] आउँदो तेस्रो वर्ष; आघौंपछिको वर्ष।

पराङ्मुख–वि० [सं०] १. विपरीत दिशातिर मुख फर्काएको; विमुख। २. प्रतिकूल।

पराजय–ना० [सं०] हार्ने काम; हार।

पराजित–वि० [सं०] पराजय भएको; हारेको।

परात्पर–वि० [सं०] १. सबभन्दा परको। २. सर्व-श्रेष्ठ। (ना०) ३. परमात्मा। ४. विष्णु।

परात्मा–ना० [सं०] परमात्मा।

पराधीन–वि० [सं०] अर्काका अधीनमा रहेको; पर-तन्त्र; पर-वश।

पराधीनता–ना० [सं०] पराधीन हुनाको भाव; पर-वशता।

परान्त–ना० [सं०] मृत्यु; मरण।

परान्न–ना० [सं०] १. अरूले दिएको अन्न वा भोजन। २. अरूको अन्न।

परान्नभोजी–वि० [सं०] अर्कले दिएको अन्न वा भोजन खाएर निर्वाह गर्ने; परोपजीवी।

CC-0. In Public Domain. Digitization by eGangotri

परापर–वि० [सं०] वैशेषिक मतअनुसार परत्व र अपरत्व गुणले युक्त ।

परापूर्व–क्रि० यो० [सं०] १. धेरै वर्षअघि; उहिले । (ना०) २. कुल-परम्परा ।

पराभव–ना० [सं०] १. अनादर; तिरस्कार । २. हार; पराजय । ३. नाश; विनाश ।

पराभूत–वि० [सं०] १. हारेको; पराजित । २. तिरस्कृत; अपमानित । ३. नष्ट ।

पराभूति–ना० [सं०] पराभव ।

परामर्श–ना० [सं०] १. कुनै कुराको निधो गर्न वा बुझ्न आफसमा गरिने छलफल; सल्लाह; मन्त्रणा ।.२. कुनै विषयको विवेचना ।

परामर्श-दाता–वि० [सं०] सल्लाह दिने; सल्लाह-कार ।

परामर्श-दातृ–वि० [सं०] परामर्श दिने; परामर्श-दाता । (संस्कृतमा यो हिज्जे पुंलिङ्गमा प्रयोग हुन्छ । यसको स्त्री-लिङ्गी रूप 'परामर्श-दात्री' हुन्छ ।)

परामर्श-दात्री–वि० [सं०] 'परामर्श-दाता'-को स्त्री-लिङ्गी रूप ।

परामर्शन–ना० [सं०] सल्लाह गर्ने काम; परामर्श गर्ने काम ।

परामृत–वि० [सं०] मृत्युलाई जितेको ।

परायण–वि० [सं०] १. लागेको; निरत; अति आसक्त । २. कुनै विषय वा कुरोमा दृढतापूर्वक स्थिर रहेको । (ना०) ३. अति आसक्ति । ४. उत्तम आश्रय । ५. अन्तिम लक्ष्य ।

परायत्त–वि० [सं०] पर-वश; पराधीन ।

परायन्ध–ना० [सं०] अमृसो घाँस ।

परार–क्रि० यो० [सं० परारि] बितेको तेस्रो वर्ष; पोहोरभन्दा अगिल्लो वर्ष ।

परारि–ना० [सं०] परार; पोहोरभन्दा अगिल्लो वर्ष ।

परारु–ना० [सं०] करेलो ।

परार्थ–वि० [सं०] १. अर्काका निमित्तको । (ना०) २. अर्काको उपकार; परोपकार ।

परार्द्ध–वि० [सं०] परार्ध ।

परार्द्ध्य–वि० [सं०] १. उत्तम; श्रेष्ठ । २. बहु-मूल्य; मूल्यवान् । (ना०) ३. असीम सङ्ख्या ।

परार्ध–ना० [सं०] कुनै अङ्कका पछि सत्र वटा शून्य दिंदा हुने सङ्ख्या; १०००००००००००००००००-को अङ्क ।

पराल–ना० [सं० पलाल] धानको सुकेको बोट ।

पराले–वि० [पराल+ए] परालको; पराल-सम्बन्धी ।

परावर्त–ना० [सं०] १. फर्कने काम; प्रत्यागमन । २. सट्टापट्टा; विनिमय । ३. उल्टाउनु; पल्टाउनु ।

परावर्तन–ना० [सं०] परावर्त ।

परावर्तित–वि० [सं०] फर्काइएको; प्रत्यावर्तित ।

परावर्ती–वि० [सं०] फर्केर आउने; प्रत्यागत ।

परा-विद्या–ना० [सं०] अध्यात्म-विद्या ।

परावृत्त–वि० [सं०] १. फर्केर आएको; प्रत्यागत । २. फेरिएको; बदलिएको । ३. फर्काइदिएको; फिर्ता दिएको ।

परावृत्ति–ना० [सं०] १. फर्केर आउनु; प्रत्यागमन । २. पल्टनु; उल्टनु । ३. दोहोरिनु ।

पराशर–ना० [सं०] एक प्रसिद्ध गोत्र-प्रवर्तक ऋषि; कृष्णद्वैपायन व्यासका पिता ।

पराश्रय–वि० [सं०] १. अर्काको आश्रयमा रहेको; पराश्रित । (ना०) २. अर्काको आश्रय वा सहारा ।

पराश्रित–वि० [सं०] अर्काको आश्रय वा भरोसामा रहेको; पराश्रय ।

परास्त–वि० [सं०] १. हारेको; पराजित । २. दबाइएको । ३. पर्याँकिएको : ४. अस्वीकृत ।

पराह्–क्रि० यो० [सं०] अर्को दिन; भोलिपल्ट ।

पराहत–वि० [सं०] १. कुल्चिएको वा दबाइएको; आक्रान्त । २. हटाइएको । ३. खण्डन गरिएको; खण्डित । ४. जोतिएको ।

पराहति–ना० [सं०] खण्डन; विरोध ।

पराहृत–वि० [सं०] हटाइएको ।

पराह्ण–ना० [सं०] दिनको दोपहरपछिको समय; दिनको तेस्रो प्रहर; अपराह्ण ।

परि–उप० [सं०] शब्दको अगिल्तिर लागी विभिन्न अर्थ बुझाउने एक उपसर्ग ।

परिकथा–ना० [सं०] लामो कथा-अन्तर्गतको, त्यसैसित सम्बन्ध राख्ने छोटो कथा ।

परिकम्प–ना० [सं०] १. ठूलो कम्प; थरथरी काँप्नु । २. ठूलो डर; आतङ्क ।

परिकर–ना० [सं०] १. परिवार; जहान । २. समूह । ३. अनुचर-वर्ग । ४. पटुका । ५. पलङ्ग । ६. अभिप्राययुक्त विशेषणका साथ विशेष्य जोड़िँदा हुने एक अर्थालङ्कार । ७. विशिष्ट तक्माका साथमा निर्धारित रङ्गको, काँधदेखि कमरसम्म छड्के पारेर लाइने चौड़ा फित्ता; सैश ।

परिकराङ्कुर–ना० [सं०] विशेष अभिप्रायले युक्त कुनै विशेष्यको प्रयोग गर्दा हुने एक अर्थालङ्कार ।

परिकर्म–ना० [सं०] १. शरीरमा केसर, चन्दन आदि लेपन गर्नु । २. गोड़ामा माहुर लाउनु ।

परिकर्षण–ना० [सं०] तानेर झिक्नु; बाहिर घिच्च्याउनु; थुत्नु ।

परिकर्षित–वि० [सं०] घिच्च्याइएको; तानिएको; थुतिएको ।

परिकल्पन–ना० [सं०] परिकल्पना ।

परिकल्पना–ना० [सं०] १. सम्भावना भएका कुराको पहिले नै मनमा कल्पना गर्नु; अजमाउनु । २. केवल तर्कका निमित्त कुनै कुरो मान्नु । ३. बनाउने काम; रचना । ४. निश्चय; निर्णय ।

परिकल्पित–वि० [सं०] १. परिकल्पना गरिएका; अगिबाटै कल्पना गरिएको । २. निश्चित । ३. बनाइएको; रचित ।

परिकार–ना० [सं० प्रकार] अचार, तरकारी आदिका अनेक प्रकार; खाने कुराका धेरै किसिम वा थरी ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिकीर्ण–वि० [सं०] १. चारैतिर फैलिएको; फिँजिएको। २. घेरिएको; परिवेष्टित। ३. भरिएको।

परिकीर्तन–ना० [सं०] कुनै वस्तु वा व्यक्तिको अधिक प्रशंसा गर्नु।

परिकोप–ना० [सं०] ठूलो कोप; प्रचण्ड क्रोध।

परिक्रम–ना० [सं०] १. चारैतिर घुम्नु; प्रदक्षिणा। २. टहल्नु; यता-उति हिँड्नु। ३. क्रम; सिलसिला।

परिक्रमण–ना० [सं०] परिक्रम।

परिक्रमा–ना० [सं०] १. चारैतिर घुम्नु; परिक्रम। २. देवताका मूर्ति, मन्दिर वा पुण्य-क्षेत्रका चारैतिर भक्तिका साथ घुम्नु; प्रदक्षिणा।

परिक्रय–ना० [सं०] १. ज्याला; मजदूरी। २. भाड़ा; बहाल ३. खरीद। ४. सट्टा-पट्टा गरेर माल लिने काम।

परिक्रान्त–वि० [सं०] कुल्चिएको; पदार्पण गरिएको (ठाउँ)।

परिक्रिया–ना० [सं०] १. घेर्ने काम; घेरा दिनु। २. ध्यान; मनोयोग।

परिक्लान्त–वि० [सं०] ज्यादै थाकेको; अति थकित।

परिक्लिष्ट–वि० [सं०] १. ज्यादै थाकेको; थकित। (ना०) २. परिश्रम; तकलीफ।

परिक्लेद–ना० [सं०] आर्द्रता।

परिक्षत–वि० [सं०] १. ज्यादै बिग्रेको; नष्ट। २. धेरै घाउ लागेको; क्षत।

परिक्षय–ना० [सं०] नाश; बरबादी।

परिक्षालन–ना० [सं०] राम्रोसँग धुनु; पखाल्नु।

परिक्षिप्त–वि० [सं०] १. यता-उति फ्याँकिएको; फालिएको। २. फैलिएको; प्रकीर्ण। ३. घेरिएको। ४. छोड़िएको; त्यक्त।

परिक्षीण–वि० [सं०] १. अति दुब्लो; क्षीण। २. बिग्रेको; नष्ट-भ्रष्ट। ३. हराएको; लुप्त। ४. निर्धन।

परिक्षीव–वि० [सं०] ज्यादै मात लागेको; उन्मत्त।

परिक्षेप–ना० [सं०] १. यता-उति डुल्नु; टहल्नु। २. फैलाउनु; फिँजाउनु। ३. फाल्नु; मिल्काउनु। ४. घेर्नु; छेक्नु।

परिखा–ना० [सं०] नगर वा किल्लालाई दुर्गम बनाउनाका निमित्त चारैतिर खनिएको खाल्टो।

परिखात–ना० [सं०] परिखा।

परिखिन्न–वि० [सं०] दुःख पाएको; कष्टले पीडित।

परिखेद–ना० [सं०] ज्यादा थकाइ; ठूलो ग्लानि।

परिख्यात–वि० [सं०] ज्यादै प्रसिद्ध; विख्यात।

परिख्याति–ना० [सं०] विशेष प्रसिद्धि।

परिगणन–ना० [सं०] गन्ने काम; गणना; गिनती।

परिगणना–ना० [सं०] परिगणन।

परिगणनीय–वि० [सं०] गन्न योग्य; गणना गर्न योग्य।

परिगणित–वि० [सं०] १. गणना गरिएको; गनिएको; गणनामा आएको। २. अनुसूचीमा दरिएको (जाति वा वर्ग)।

परिगत–वि० [सं०] १. घेरिएको; आवेष्टित। २. ढाकिएको; व्याप्त। ३. जानिएको; ज्ञात। ४. बितेको; विगत। ५. मरेको; मृत।

परिगम–ना० [सं०] १. घेर्नु; आवेष्टित गर्नु। २. व्याप्त गर्नु। ३. प्राप्त गर्नु। ४. जान्नु।

परिगर्भिक–वि० [सं०] गर्भिणीको दूध पिउँदा हुने एक रोग।

परिगर्वित–वि० [सं०] ज्यादा शेखी गर्ने; अति घमन्डी।

परिगर्हण–ना० [सं०] ठूलो निन्दा।

परिगलित–वि० [सं०] १. धेरै गलेको; धेरै पग्लेको। २. चुहेको; बगेको। ३. लुप्त।

परिगहन–वि० [सं०] १. अति गहिरो; अत्यन्त गहन। २. धेरै बाक्लो; घना।

परिगुण्ठित–वि० [सं०] १. लुकाइएको; छिपाइएको। २. ढाकिएको; छोपिएको। ३. बेह्रिएको; लपेटिएको।

परिगूढ–वि० [सं०] अति गूढ; अत्यन्त गुप्त।

परिगृहीत–वि० [सं०] १. ग्रहण गरिएको; स्वीकृत। २. पाएको; प्राप्त। ३. समातिएको; पकड़िएको।

परिगृहीता–वि० [सं०] १. विवाह भएकी; विवाहिता। (ना०) २. पोइ; पति। ३. सहायक व्यक्ति।

परिग्रह–ना० [सं०] १. लिनु; ग्रहण गर्नु। २. स्वीकृति; मन्जूरी। ३. घेर्नु; परिवेष्टन। ४. विवाह। ५. स्वास्नी; पत्नी। ६. परिवार; जहान।

परिग्रहण–ना० [सं०] १. लिनु; स्वीकार गर्नु। २. पहिरनु; धारण गर्नु।

परिग्राह्य–वि० [सं०] लिन हुने; स्वीकार गर्न लायक।

परिघ–ना० [सं०] १. ढोका बन्द गर्ने आग्लो; बिरेआग्लो। २. मुद्गर। ३. भाला। ४. बाण। ५. घोड़ा। ६. ढोका। ७. घर। ८. पानीको घड़ा। ९. ज्योतिष-शास्त्रानुसार सत्ताईस योगमध्ये एक।

परिघट्टन–ना० [सं०] चारतिर घुमाईकन घोट्नु।

परिघट्टित–वि० [सं०] बेसरी घोटिएको; खूब रगेड़िएको।

परिघात–ना० [सं०] १. वध; हत्या। २. प्रहार; हनन। ३. नाश गर्नु; नष्ट पार्नु। ४. उल्लङ्घन।

परिघाती–वि० [सं०] १. मार्ने; वध गर्ने; हत्यारो। २. नष्ट गर्ने; नाश गर्ने।

परिघृष्ट–वि० [सं०] बेसरी घोटिएको।

परिघोष–ना० [सं०] १. ठूलो आवाज; भयानक गर्जना। २. अनुचित कुरो।

परिङ–ना० [ने०] १. एक जातको बेत। २. एक जातको बाँस।

परिचपल–वि० [सं०] अति चञ्चल; ज्यादै चपल।

परिचय–ना० [सं०] १. राम्ररी जान्ने काम; जान-पहिचान; चिना-जानी; चिना-पर्ची। २. राम्ररी जम्मा गर्नु; एकत्र पार्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय-पट्ट–ना० [सं०] कुनै व्यक्ति, संस्था, पसल आदिका नाम अथवा अरू कुनै विषयको विवरण लेखी सार्वजनिक सूचनाका निमित्त टाँगिएको धातु, काठ आदिको फलक; साइनबोर्ड ।

परिचय-पत्र–ना० [सं०] १. कुनै व्यक्तिको परिचय लेखिएको पत्र । २. कुनै वस्तु वा संस्थाको उद्देश्य, कार्य-प्रणाली आदिको विस्तृत विवरण लेखिएको पुस्तिका वा पत्र ।

परिचर–ना० [सं०] १. नोकर; सेवक; भृत्य । २. रोगीको सेवा-सुश्रूषा गर्ने व्यक्ति ।

परिचरण–ना० [सं०] सेवा; परिचर्या ।

परिचरणीय–वि० [सं०] सेवा गर्न योग्य; परिचरण गर्न लायक ।

परिचरितव्य–वि० [सं०] सेवा गर्न लायक; परिचरणीय ।

परिचरिता–ना०[सं०] परिचर्या गर्ने व्यक्ति; सेवक; नोकर ।

परिचरी–ना० [सं०] नोकर्नी; दासी ।

परिचर्या–ना० [सं०] १. सेवा; टहल । २. रोगीको शुश्रूषा ।

परिचायक–ना० [सं०] १. कुनै व्यक्ति वा वस्तुको परिचय गराउने व्यक्ति; परिचय दिने मानिस वा साधन । २. बताउने व्यक्ति । (वि०) ३. कुनै कुरो, घटना आदिको जनाउ दिने ।

परिचार–ना० [सं०] १. सेवा; टहल । २. यता-उति घुम-फिर गर्ने ठाउँ । ३. सेवक ।

परिचारक–ना० [सं०] १. सेवक; नोकर; भृत्य । २. रोगी-को सेवा-सुश्रूषा गर्ने व्यक्ति । ३. देवताको मन्दिर-सम्बन्धी कार्य वा प्रबन्ध गर्ने व्यक्ति । ४. स्याहार-सम्भार गर्ने व्यक्ति ।

परिचारण–ना० [सं०] १. सेवा । २. घुम-फिर गर्नु; टहल्नु । ३. सह्यार ।

परिचारिक–ना० [सं०] परिचारक ।

परिचारिका–ना० [सं०] १. नोकर्नी; सेविका । २. परिचर्या वा शुश्रूषा गर्ने स्त्री ।

परिचारित–ना० [सं०] खेल; क्रीडा; मनोविनोद ।

परिचारी–ना० [सं०] परिचारक ।

परिचार्य–वि० [सं०] १. सेवा गर्न योग्य; सेव्य । २. सह्यार गर्न योग्य ।

परिचालक–वि० [सं०] १. परिचालन गर्ने; चलाउने । २. हल्लाउने । ३. चारैतिर घुम-फिर गर्ने । ४. कुनै कार्यको सञ्चालन गर्ने; सञ्चालक ।

परिचालन–ना० [सं०] १. हल्लाउनु; डगाउनु । २. कुनै संस्था वा कार्यको प्रबन्ध गरी चलाउनु; सञ्चालन । ३. हिँड-डुल गराउनु ।

परिचालित–वि० [सं०] १. चलाइएको; सञ्चालन गरिएको । २. हल्लाइएको; डोलाइएको । ३. हिँडाइएको ।

परिचित–वि० [सं०] १. परिचय भएको; जान-पहिचान भएको । २. थाहा पाइएको; ज्ञात । ३. थुप्याइएको; एकत्रित ।

परिचिति–ना० [सं०] परिचय; चिन-जान ।

परिचिन्तन–ना० [सं०] १. सम्झना गर्नु; स्मरण गर्नु । २. सोच्नु; विचार गर्नु । ३. फिक्री गर्नु; चिन्ता गर्नु ।

परिचिह्नित–वि० [सं०] १. हस्ताक्षर गरिएको; दस्तखत गरिएको । २. छाप वा चिह्न लगाइएको ।

परिचुम्बन–ना० [सं०] प्रेमपूर्वक चुम्बन गर्नु; म्वाइँ खानु ।

परिचुम्बित–वि० [सं०] प्रेमपूर्वक म्वाइँ खाइएको; चुम्बन गरिएको ।

परिचेय–वि० [सं०] १. जान्न योग्य; थाहा पाउन लायक । २. परिचय गर्न योग्य; जान-पहिचान गर्न लायक । ३. सञ्चय गर्न योग्य; थुप्याउन योग्य ।

परिच्छद–ना० [सं०] १. माथिबाट ढाक्ने कपड़ा; आच्छादन । २. लुगा; पोशाक । ३. राजाको अगि वा पछि लाग्ने अनुचर । ४. परिजन; परिवार ।

परिच्छन्द–ना० [सं०] वस्त्र; पोशाक ।

परिच्छन्न–वि० [सं०] १. ढाकिएको; छोपिएको । २. लुगा लगाएको; वस्त्र धारण गरेको ।

परिच्छित्ति–ना० [सं०] १. निर्धारित सीमा; अवधि । २. दुइ वस्तुलाई छुट्ट्याउनु । ३. विभाजन ।

परिच्छिन्न–वि० [सं०] १. सीमित; परिमित । २. बाँड़िएको; विभक्त ।

परिच्छेद–ना०[सं०] १. कुनै वस्तुको खण्ड पार्नु; विभाजन । २. ग्रन्थको कुनै एक विषयको चर्चा गरिएको अंश; अध्याय; खण्ड; प्रकरण । ३. सीमा; अवधि । ४. निर्णय; निश्चय (सत्य-असत्य आदिको) ।

परिच्छेदक–वि० [सं०] १. सीमा वा अवधि निर्धारण गर्ने । २. अलग पार्ने; विभाजक ।

परिच्छेदन–ना० [सं०] १. काट्नु; टुक्र्याउनु; चिर्नु । २. पुस्तकको अध्याय; परिच्छेद ।

परिच्छेद्य–ना० [सं०] १. छुट्ट्याउन योग्य; विभाज्य । २. नाप-तौल गर्न योग्य; परिमेय ।

परिच्युत–वि० [सं०] खसेको; गिरेको; च्युत; पतित ।

परिच्युति–ना० [सं०] गिर्नु; पतन ।

परिजन–ना० [सं०] आश्रयमा रहेका व्यक्ति; परिवार; जहान ।

परिजपित–वि० [सं०] १. जप गरिएको । २. वार-वार सम्झिएको; जपना गरिएको ।

परिजात–वि० [सं०] १. जन्मेको; उत्पन्न । २. विकसित ।

परिज्ञात–वि० [सं०] राम्ररी थाहा पाइएको; निश्चित रूपमा ज्ञात भएको ।

परिज्ञाता–वि० [सं०] १. राम्रोसित जान्ने; खूब थाहा पाउने । २. परिचय पाउने; चिन्ने ।

परिज्ञान–ना० [सं०] १. राम्रोसित भएको ज्ञान; सम्यक् ज्ञान । २. सूक्ष्म ज्ञान । ३. परिचय; जान-पहिचान ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिणत–वि० [सं०] १. खूबै झुकेको; नुहेको । २. नम्र; विनीत । ३. एक रूपबाट अर्को रूपमा आएको; रूपान्तर भएको । ४. पाकेको; परिपक्व । ५. पचेको; हजम भएको । ६. उमेर छिप्पिएको; प्रौढ ।

परिणति–ना०[सं०] १. झुक्नु; नुहुनु । २. नम्र हुनु; विनम्रता । ३. एक रूपबाट अर्को रूप लिने काम; रूपान्तर हुनु । ४. पाक्नु; परिपक्व हुनु । ५. पच्नु; परिपाक । ६. प्रौढ हुनु । ७. बुढ़चाइँ; वार्द्धक्य । ८. अन्त; समाप्ति । ९. परिणाम; निष्कर्ष ।

परिणद्ध–वि० [सं०] १. बाँधिएको; बेह्रिएको । २. विशाल; विस्तृत ।

परिणमन–ना० [सं०] रूपान्तर हुनु; रूप बदल्नु ।

परिणय–ना० [सं०] विवाह ।

परिणयन–ना० [सं०] विवाह गर्नु ।

परिणाम–ना० [सं०] १. कुनै कामको निचोरमा हुने निष्कर्ष; फल; नतीजा । २. बदल्ने काम; परिवर्तन । ३. विकार; रूपान्तर । ४. विकास; वृद्धि । ५. समाप्त हुनु; बित्नु । ६. उपमेयको काम उपमानद्वारा गर्दा हुने एक अर्थालङ्कार ।

परिणामतः–क्रि० यो० [सं०] परिणामका रूपमा; फलतः ।

परिणाम-दर्शी–वि० [सं०] १. कुनै कामको पछि हुने परिणाम पहिलेबाटै जान्ने । २. फल वा परिणामको पहिले नै विचार गरेर काम गर्ने; दूर-दर्शी ।

परिणामी–वि० [सं०] परिणाम हुने; नतीजा निस्कने ।

परिणायक–ना० [सं०] १. नेता; अगुवा । २. पति ।

परिणाह–ना० [सं०] विस्तार; विशालता ।

परिणाहवान्–वि० [सं०] फैलिएको; विस्तृत ।

परिणीत–वि० [सं०] १. विवाह भइसकेको; विवाहित । २. समाप्त; पूर्ण ।

परिणीता–वि० [सं०] विवाह भएकी; विवाहिता ।

परिणेता–ना० [सं०] पति; स्वामी ।

परिणेया–वि० [सं०] विवाह गर्न योग्य (कन्या) ।

परितः–ना० [सं०] चौतर्फ; चारैतिर; सबैतिर ।

परितप्त–वि० [सं०] १. खूब तातेको; उत्तप्त । २. अति दुःखित; सन्तप्त ।

परितप्ति–ना० [सं०] १. ज्यादा तातो हुने काम । २. अत्यन्त ठूलो ताप । ३. दुःख; सन्ताप ।

परिताप–ना० [सं०] १. अत्यधिक ताप; अति गरमी । २. ज्यादा दुःख; क्लेश । ३. शोक । ४. पछुतो; पश्चात्ताप ।

परितापी–वि० [सं०] १. अति तातो; उग्र ताप भएको । २. दुःखित; सन्ताप-युक्त । ३. अति दुःख-कर । ४. अत्यन्त कष्ट दिने ।

परितिक्त–वि० [सं०] ज्यादै तीतो ।

परितुष्ट–वि० [सं०] १. परम सन्तुष्ट; खूब सन्तोष भएको । २. प्रसन्न; खुश ।

परितुष्टि–ना० [सं०] १. पूर्ण सन्तोष; परितोष । २. हर्ष; आह्लाद ।

परितृप्त–वि० [सं०] १. अघाएको; खूब तृप्त । २. सन्तुष्ट ।

परितृप्ति–ना० [सं०] १. परितृप्त हुने क्रिया वा भाव; खूब अघाउनु । २. सन्तोष; तुष्टि ।

परितोष–ना० [सं०] १. सन्तोष; तुष्टि । २. अघाउनु; तृप्ति । ३. कुनै काम-कुरो सफल हुँदा हुने आनन्द ।

परितोषक–वि० [सं०] १. सन्तुष्ट पार्ने । २. खुशी तुल्याउने ।

परितोषण–ना० [सं०] कसैलाई परितोष गर्ने क्रिया; परितुष्टि ।

परितोषी–वि० [सं०] सन्तोषी; परितोष-युक्त ।

परित्यक्त–वि० [सं०] छोड़िएको; त्यागिएको ।

परित्यक्ता–वि० [सं०] छोड़िएकी; त्यागिएकी ।

परित्यजन–ना० [सं०] १. परित्याग गर्ने काम; त्याग्ने काम । २. मिल्काउनु; फाल्नु ।

परित्यज्य–वि० [सं०] १. परित्याग गर्न सकिने । २. परित्याग गर्न लायक ।

परित्याग–ना० [सं०] १. पूरा तवरले त्याग्ने काम; पूर्ण त्याग । २. उदारता ।

परित्यागी–वि० [सं०] आफ्नो अधिकार वा स्वत्व पूरा तवरले छोड्ने; परित्याग गर्ने ।

परित्याज्य–वि० [सं०] पूरा तवरले छोड्न योग्य; परित्याग गर्न योग्य ।

परित्रस्त–वि० [सं०] साह्रै डराएको; अति त्रस्त ।

परित्राण–ना० [सं०] १. आपत् परेकाको रक्षा गर्ने काम; बचाउ । २. पूर्ण रक्षा । ३. आत्म-रक्षा । ४. आश्रय; सहारा । ५. शरीरका रौँ ।

परित्रात–वि० [सं०] राम्ररी रक्षा गरिएको; सुरक्षित ।

परित्राता–वि० [सं०] परित्राण गर्ने ।

परित्रास–ना० [सं०] ठूलो त्रास; अत्यधिक भय ।

परिदग्ध–वि० [सं०] डढ़ेको; पिल्सिएको ।

परिदर्शन–ना० [सं०] राम्ररी देख्नु; सम्यक् दर्शन ।

परिदष्ट–वि० [सं०] १. डसिएको; टोकिएको । २. टुक्रा-टुक्रा पारिएको; टुक्र्याइएको ।

परिदहन–ना० [सं०] १. बेसरी जलाउनु; खूब पोल्नु । २. आगो लाउनु ।

परिदान–ना० [सं०] १. साट-फेर; विनिमय । २. फिर्ता दिनु; फर्काउनु । ३. भक्ति; अनुरक्ति ।

परिदाह–ना० [सं०] १. प्रचण्ड ताप; अति ठूलो दाह । २. अत्यधिक मानसिक दुःख; तीव्र सन्ताप ।

परिदृढ–वि० [सं०] अति दृढ ।

परिदेव–ना० [सं०] ज्यादै विलाप गर्नु; ज्यादा रुनु ।

परिदेवन–ना० [सं०] खूब विलाप गर्नु; कल्पेर रुनु ।

परिद्रष्टा–वि० [सं०] परिदर्शन गर्ने; प्रदर्शक ।

परिधान–ना० [सं०] १. चारैतिरबाट घेर्नु; परिवेष्टन । २. लुगा-फाटो; वस्त्र । ३. लुगा लाउने काम ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिधानीय–वि० [सं०] लाउन योग्य; पहिरन लायक।

परिधायक–ना० [सं०] १. छोप्ने वस्तु; आवरण। २. घेर्ने वस्तु। ३. घेरा।

परिधारण–ना० [सं०] १. सहनु; सहन गर्नु। २. थाम्नु; अड्याउनु।

परिधावन–ना० [सं०] १. दौड़नु; कुद्नु। २. पीछा गर्नु; पछि लाग्नु। ३. धुनु; पखाल्नु।

परिधावी–वि० [सं०] दौड़ने; कुद्ने।

परिधि–ना० [सं०] १. चारैतिर लगाइएको बार; चौतर्फको घेरा। २. वृत्तको सबभन्दा बाहिरपट्टिको पूर्ण रेखा; वृत्त बनाउने वक्र रेखा; वृत्ताकार रेखा। ३. विस्तार; व्याप्ति। ४. सूर्य, चन्द्र आदि ग्रहको वरि-परि कहिले-काहीँ देखिने बाटुलो घेरा; परिवेश; मण्डल; सभा। ५. यज्ञ-कुण्डका तीनतिर ठोकिने कीला। ६. परिक्रमा गर्ने मार्ग। ७. हद; सीमा।

परिधिक–वि० [सं०] १. परिधि-सम्बन्धी; परिधिभित्रको। २. कुनै हदसम्म अधिकार भएको (व्यक्ति)।

परिधूसर–वि० [सं०] धुस्रो-फुस्रो; धूलि-धूसर।

परिधेय–वि० [सं०] १. लाउन योग्य; पहिरन लायक। (ना०) २. पोशाक; वस्त्र।

परिध्वंस–ना० [सं०] १. विनाश; बर्बादी। २. जाति-पतित हुनु; जाति-च्युत हुनु।

परिनन्दन–वि० [सं०] सन्तोष-जनक; सन्तोषप्रद।

परिनिर्वाण–ना० [सं०] पूर्ण निर्वाण; मोक्ष।

परिनिवृत्ति–ना० [सं०] मुक्ति; मोक्ष।

परिनिष्ठा–ना० [सं०] १. चरम सीमा; पराकाष्ठा। २. पूर्ण ज्ञान। ३. पर्यवसान।

परिनिष्ठित–वि० [सं०] पूर्णतया निपुण; पूर्ण कुशल।

परिनु–अ० क्रि० [पर्+इ+नु] खसिनु; ('पर्नु'-को भा० क्रि०)।

परिनैष्ठिक–वि० [सं०] १. सर्व-श्रेष्ठ; सर्वोत्तम। २. सर्वोच्च; सर्वोपरि।

परिन्जो–ना० [सं० प्रत्यञ्चा] धनु वा गुलेलीमा लाइने डोरी वा चोयाको साधन; ताँदो; प्रत्यञ्चा।

परिन्यास–ना० [सं०] १. कुनै वाक्यको अर्थ पूरा गर्ने काम। २. विशष अर्थ पूरा हुने काव्यको घटना वा स्थल।

परिपक्व–वि० [सं०] १. राम्ररी पाकेको; पूर्णतया पक्व। २. राम्ररी पचेको। ३. राम्ररी विकसित भइसकेको; प्रौढ; पाको (बुद्धि, ज्ञान आदि)। ४. भुक्त-भोगी; अनुभवी। ५. कुशल; प्रवीण। ६. निश्चित; निर्णीत।

परिपक्वता–ना० [सं०] परिपक्व हुनाको भाव।

परिपण–ना० [सं०] मूल-धन; पूँजी।

परिपणन–ना० [सं०] १. बाजी लगाउने काम; होड़ थाप्नु। २. कबूल गर्नु; प्रतिज्ञा गर्नु।

परिपणित–वि० [सं०] १. कबूल गरिएको; प्रतिज्ञा गरिएको। २. बाजी लगाइएको; होड़ थापिएको।

परिपतन–ना० [सं०] चारैतिर उड्ने क्रिया।

परिपत्र–ना० [सं०] १. विचार, सूचना आदिका निमित्त सम्बन्धित धेरै व्यक्ति वा संस्थाहरूलाई एकै बेहोराको पठाइने पत्र; सर्कुलर। २. कुनै संस्था वा दलको उद्देश्य, विचार, कार्य-प्रणाली, सङ्घटनका मूल नियम आदि लेखिएको पत्र। ३. कुनै विषयमा कुनै संस्था वा दलले प्रकट गरेको सम्मति वा विचार।

परिपन–ना० [सं०] मूल-धन; पूँजी।

परिपन्च–वि० [सं० प्रपञ्च] चाँजो-पाँजो; प्रपञ्च; परिपाठ।

परिपन्चे–वि० [परिपन्च+ए] परिपन्च गर्ने; परिपाठे।

परिपन्थ–ना० [सं०] १. बाटो छेक्ने व्यक्ति। २. शत्रु।

परिपन्थक–ना० [सं०] बाटो छेक्ने मानिस; परिपन्थी।

परिपन्थी–वि० [सं०] १. मार्ग छेक्ने। २. प्रतिकूल आचरण गर्ने; विरुद्ध आचरण गर्ने। (ना०) ३. शत्रु; दुश्मन।

परिपाक–ना० [सं०] १. राम्ररी पाक्नु वा पकाउनु। २. पच्नु; हजम हुनु। ३. पूर्णतया विकसित हुनु; प्रौढता। ४. परिणाम; फल। ५. निपुणता; दक्षता।

परिपाचन–ना० [सं०] १. राम्रोसँग पच्नु; परिपाक हुनु। (वि०) २. राम्ररी पचेको।

परिपाचित–वि० [सं०] १. राम्रोसँग पकाइएको। २. खूबसित पचाइएको।

परिपाटि–ना० [सं०] परिपाटी।

परिपाटिल–वि० [सं०] पहेँलो भाव लिएको रातो (रङ्ग)।

परिपाटी–ना० [सं०] १. पहिलेदेखि चलिआएको क्रम; सिलसिला। २. प्रणाली; पद्धति; प्रथा। ३. तरीका; रीति। ४. ढङ्ग; ढाँचा। ५. शैली; मेलो।

परिपाठ–ना० [सं०] १. कुरा मिलाएर विस्तृत रूपमा उल्लेख गर्नु वा पाठ गर्नु। २. सीप; कला। ३. चाँजो; परिपाटी।

परिपाठे–वि० [परिपाठ+ए] परिपाठ गर्ने; प्रपञ्ची।

परिपाण्डिमा–ना० [सं०] १. ज्यादा सेतोपन। २. गाढ़ा पहेँलोपन।

परिपाण्डुर–वि० [सं०] खूब सेतो; निक्खुर सेतो; अति सेतो।

परिपालक–ना० [सं०] पालन-पोषण गर्ने व्यक्ति; परिपालन गर्ने व्यक्ति; संरक्षक।

परिपालन–ना० [सं०] १. राम्रोसित पाल्नु; पालन-पोषण गर्नु। २. रक्षा गर्नु; संरक्षण।

परिपालना–ना० [सं०] परिपालन।

परिपालनीय–वि० [सं०] १. परिपालन गर्न योग्य; भरण-पोषण गर्न योग्य। २. रक्षा गर्न योग्य।

परिपालयिता–वि० [सं०] परिपालन गर्ने; प्रतिपाल गर्ने।

परिपाल्य–वि० [सं०] परिपालन गर्न योग्य।

CC-0. In Public Domain. Digitization by eGangotri

परिपिष्टक–ना० [सं०] सीसा।
परिपीडन–ना० [सं०] १. ठूलो पीडा दिनु; ज्यादै दुःख दिनु; पिरोल्नु। २. दबाउनु; थिचो-मिचो गर्नु।
परिपीडित–वि० [सं०] अति पीडित।
परिपीवर–वि० [सं०] अति मोटो; ज्यादै स्थूल।
परिपुष्ट–वि० [सं०] १. राम्ररी पालन-पोषण गरिएको। २. अति पुष्ट; हृष्ट-पुष्ट।
परिपूजन–ना० [सं०] सम्यक् पूजा।
परिपूजित–वि० [सं०] राम्रोसँग पूजा गरिएको; उपासित।
परिपूत–वि० [सं०] १. राम्ररी शुद्ध गरिएको। २. अति पवित्र।
परिपूरक–वि० [सं०] १. परिपूर्ण पार्ने; पूरा गर्ने। २. राम्ररी भर्ने; निम्ठयाउने।
परिपूरण–ना० [सं०] १. परिपूर्ण गर्नु। २. राम्ररी भर्ने क्रिया। ३. समाप्त गर्नु।
परिपूरणीय–वि० [सं०] परिपूर्ण गर्न योग्य।
परिपूरित–वि० [सं०] १. परिपूर्ण गरिएको; पूरा गरिएको। २. पूरा भरिएको।
परिपूर्ण–वि० [सं०] १. राम्ररी भरिएको; भरिभराउ। २. पूरा गरिएको; पूर्ण। ३. सन्तुष्ट; तृप्त।
परिपूर्णेन्दु–ना० [सं०] पूर्ण-चन्द्र।
परिपूर्ति–ना० [सं०] सम्यक् पूर्ति।
परिपृच्छ–ना० [सं०] सोध्ने काम; प्रश्न।
परिपृच्छक–वि० [सं०] १. प्रश्न गर्ने; सोध्ने। २. जिज्ञासु।
परिपृच्छनिका–ना० [सं०] वाद-विवादको विषय।
परिपृच्छा–ना० [सं०] १. प्रश्न; सवाल। २. जिज्ञासा।
परिपेलव–वि० [सं०] अति कोमल; साह्रै कमलो।
परिपेल्ल–ना० [सं०] एक जातको मोथे।
परिपोष–ना० [सं०] १. पालन-पोषण। २. पूर्ण पुष्टि वा वृद्धि। ३. पौष्टिक पदार्थ।
परिपोषण–ना० [सं०] १. परिपुष्ट गर्नु। २. बढ़ाउनु; वृद्धि गर्नु। ३. राम्रो स्याहार-सम्भार।
परिप्रश्न–ना० [सं०] १. प्रश्न; सवाल। २. जिज्ञासा।
परिप्राप्ति–ना० [सं०] पाउनु; प्राप्त हुनु।
परिप्रेषण–ना० [सं०] १. पठाउनु। २. निकाल्नु; निर्वासन। ३. दूत, हल्कारा आदिलाई चारैतिर पठाउनु।
परिप्रेषित–वि० [सं०] १. पठाइएको। २. निकालिएको; निर्वासित। ३. त्यागिएको; त्यक्त।
परिप्रेष्य–वि० [सं०] १. पठाउन योग्य। (ना०) २. नोकर; भृत्य। ३. हल्कारो।
परिप्लव–ना० [सं०] १. पौड़नु; पौड़ी खेल्नु। २. नाउ; डुङ्गा। ३. बाढ़ी। ४. अत्याचार।
परिप्लावित–वि० [सं०] १. पानी आदिले बेसरी भिजेको। २. चुर्लुम्म डुबेको; प्लावित।
परिप्लुत–वि० [सं०] १. चुर्लुम्म डुबेको; प्लावित। २. खूबसित भिजेको; आर्द्र।
परिप्लुष्ट–वि० [सं०] बेसरी जलेको; सल्केको; बलेको।
परिप्लोष–ना० [सं०] १. बल्नु; जल्नु। २. मनको ताप; चिन्ता।
परिफुल्ल–वि० [सं०] राम्ररी फुलेको; प्रफुल्ल।
परिबन्द–ना० [सं० परि+बन्ध] १. कारण; हेतु; वेहोरा। २. रोकावट; प्रतिबन्ध। ३. घटना-चक्रबाट कुनै किसिमले स्वतः आइपर्ने काम वा कुरो।
परिबन्ध–ना० [सं०] १. कसेर बाँध्ने काम। २. रोकावट; प्रतिबन्ध।
परिबन्धन–ना० [सं०] कसेर बाँध्ने काम।
परिवर्हण–ना० [सं०] १. अनुचर-वर्ग। २. पोशाक; वेश-भूषा। ३. पूजा; उपासना।
परिबाधा–ना० [सं०] १. तकलीफ; कष्ट। २. श्रम; मिहिनेत।
परिबृंहण–ना० [सं०] १. अभ्युदय; संवृद्धि। २. अरू ग्रन्थलाई पुष्टि वा पूर्ण गर्ने ग्रन्थ; पूरक ग्रन्थ।
परिबृंहित–वि० [सं०] बढ़ाइएको; वृद्धि गरिएको।
परिबोध–ना० [सं०] यथार्थ बोध; यथार्थ ज्ञान।
परिबोधन–ना० [सं०] हप्की-दप्की गरेर कुकर्म गर्न लागेकालाई रोक्नु; नसीहत; चेतावनी।
परिबोधना–ना० [सं०] परिबोधन।
परिभक्षण–ना० [सं०] सबै खानु; भएभरको जम्मै भक्षण गर्नु।
परिभङ्ग–ना० [सं०] टुक्रा-टुक्रा पर्नु वा पार्नु; टुक्रिनु वा टुक्र्याउनु।
परिभर्त्सन–ना० [सं०] हप्काउनु; डाँट्नु; छास्नु।
परिभव–ना० [सं०] १. अनादर; तिरस्कार। २. पराजय; हार।
परिभवन–ना० [सं०] हेला गर्नु; तिरस्कार गर्नु।
परिभाव–ना० [सं०] अनादर; तिरस्कार।
परिभावन–ना० [सं०] १. भेट हुने काम; संयोग। २. विचार गर्नु; मनन गर्नु।
परिभावना–ना० [सं०] गढ़ेर विचार गर्नु; गम्भीरतापूर्वक सोच्नु।
परिभावित–वि० [सं०] १. टम्म मिलेको; संयुक्त। २. खूब सोचिएको; राम्ररी विचार गरिएको। ३. व्याप्त।
परिभावी–वि० [सं०] अनादर गरिएको; तिरस्कृत।
परिभावुक–वि० [सं०] हेला गर्ने; अनादर गर्ने।
परिभाषण–ना० [सं०] १. कुराकानी; वार्तालाप। २. गाली गर्नु; दुर्वचन बोल्नु।
परिभाषा–ना० [सं०] १. कुनै शब्द वा पदको अर्थ वा भाव स्पष्ट गरिएको कथन; व्याख्या। २. कुनै वस्तुको स्वरूप, गुण, वैशिष्टच आदिको यथार्थ ज्ञान गराउने लक्षण। ३. कुनै शास्त्र वा विद्याका क्षेत्रमा विशिष्ट अर्थमा प्रयोग

CC-0. In Public Domain. Digitization by eGangotri

हुने शब्द; पारिभाषिक शब्द। ४. आफूले प्रयोग गर्नाका निमित्त शास्त्र-कारहरूले रचेका विशिष्ट संज्ञा। ५. कुरा-कानी; वार्तालाप। ६. टीका।

परिभाषित–वि० [सं०] १. स्पष्ट गरी भनिएको; खुलासासँग कहिएको; व्याख्या गरिएको। २. परिभाषा बनाइएको।

परिभाषी–वि० [सं०] १. बोल्ने; भाषण गर्ने। २. परिभाषा गर्ने।

परिभाष्य–वि० [सं०] भन्न योग्य; कथनीय।

परिभुक्त–वि० [सं०] १. भोगिएको; अनुभव गरिएको। २. उपभोग गरिएको; उपभुक्त।

परिभू–वि० [सं०] चारैतिरबाट घेर्ने; आवेष्टित गर्ने।

परिभूत–वि० [सं०] अनादर गरिएको; तिरस्कृत।

परिभूत–ना० [सं० परिभूति] अनादर; तिरस्कार।

परिभूषण–ना० [सं०] १. राम्ररी सजाउनु; श्रृङ्गार गर्नु। २. कुनै एक प्रदेशको आम्दानी विपक्षी देशलाई दिएर गरिएको सन्धि।

परिभूषित–वि० [सं०] राम्ररी सजाइएको; सिँगारिएको।

परिभेद–ना० [सं०] १. शस्त्र आदिको चोट। २. घाउ।

परिभोक्ता–वि० [सं०] विनाअधिकार अर्काको वस्तु उपभोग गर्ने।

परिभोग–ना० [सं०] १. भोग गर्ने काम; उपभोग। २. मैथुन; स्त्री-प्रसङ्ग। ३. कुनै वस्तु विनाअधिकार भोग-चलन गर्नु।

परिभ्रंश–ना० [सं०] १. खस्नु; गिर्नु; पतन। २. भाग्नु; पलायन।

परिभ्रम–ना० [सं०] १. यता-उति घुम्नु; चौतर्फ घुम्नु। २. घुमाउरो तरीकाले कुनै कुरो भन्नु। ३. भ्रम; भूल। ४. कुनै वस्तुको प्रसिद्ध नाउँ नलिएर गुण, सम्बन्ध, उपयोग आदिद्वारा त्यसको सङ्केत गर्नु।

परिभ्रमण–ना० [सं०] १. चारैतिर घुम्नु; चक्कर खानु। २. यता-उति जानु; टहल्नु। ३. परिधि; घेरो।

परिभ्रष्ट–वि० [सं०] १. खसेको; पतित। २. हराइएको; बेपत्ता भएको। ३. भागेको; पलायित।

परिभ्राट–ना० [सं० परिभ्राज्] १. मुश्किल; कठिनाइ। २. कष्ट; हैरानी। ३. अभिभारा। ४. काम-काजको भीड़। ५. ठूलो आयोजना।

परिमण्डल–वि० [सं०] १. बाटुलो; गोल; वृत्ताकार। (ना०) २. घेरो; वृत्त। ३. गोलाकार पिण्ड; गोलक। ४. परिधि।

परिमण्डलता–ना० [सं०] गोलाइ।

परिमण्डलित–वि० [सं०] गोलाकार पारिएको।

परिमन्थर–वि० [सं०] ज्यादै ढीलो; अति मन्द।

परिमन्द–वि० [सं०] १. अतिशय ढीलो; अति मन्द। २. ज्यादै कम; थोरै। ३. साह्रै सानो।

परिमन्यु–वि० [सं०] अति क्रोधी; मापाको।

परिमर्द–ना० [सं०] १. बेसरी घोट्ने काम; रगड़ाइ। २. नाश गर्नु; विनाश। ३. खूबसित माड्नु।

परिमर्दन–ना० [सं०] परिमर्द।

परिमर्श–ना० [सं०] १. छुनु; स्पर्श। २. विचार गर्नु।

परिमर्ष–ना० [सं०] १. ईर्ष्या। २. क्रोध।

परिमल–ना० [सं०] १. कुङ्कुम, चन्दन आदि घोटेर बनाइएको सुगन्धी पदार्थ। २. सुगन्ध; सुवास। ३. मैथुन। ४. दाग; कलङ्क। ५. पण्डितहरूको समूह।

परिमलित–वि० [सं०] १. सुवासित; सुगन्धित। २. सौन्दर्य भ्रष्ट भएको। ३. भ्रष्ट।

परिमाण–ना० [सं०] गहुँगोपन, विस्तार, घनत्व आदिको मान; नाप-तौल; विस्तार; मात्रा।

परिमाणक–ना० [सं०] नाप; तौल; परिमाण।

परिमाता–वि० [सं०] १. तौलने; तौल गर्ने। २. नाप्ने।

परिमाथी–वि० [सं०] कष्ट दिने; दुख दिने।

परिमार्ग–ना० [सं०] १. खोज्नु; अन्वेषण। २. सफा गर्नु। ३. छुनु; स्पर्श।

परिमार्जक–वि० [सं०] १. धुने; पखाल्ने। २. सफा गर्ने।

परिमार्जन–ना० [सं०] १. राम्ररी धुनु; पखाल्नु। २. सफा गनु; स्वच्छ पार्नु। ३. दोष, त्रुटि आदि हटाई ठीक गर्नु।

परिमार्जित–वि० [सं०] १. राम्ररी धोइएको; सफासित पखालिएको। २. राम्ररी सफा गरिएको; स्वच्छ पारिएको। दोष वा त्रुटिहरू राम्ररी हटाई ठीक गरिएको।

परिमित–वि० [सं०] १. नापिएको; नापो लिएको। २. तौल गरिएको; तौलिएको। ३. परिमाणमा घटी वा बढ़ी नभएको; ठीक मात्राको। ४. थोरै; अल्प। ५. सामान्य; मामूली। ६. सीमित।

परिमितायु–वि० [सं०] आयु थोरै हुने; अल्पायु।

परिमिताहार–वि० [सं०] थोरै खाने; अल्पाहारी।

परिमिति–ना० [सं०] १. परिमाण; नापो। २. अवधि। ३. सीमा।

परिमिलन–ना० [सं०] १. भेट हुनु; संयोग; मिलन। २. छुनु; स्पर्श।

परिमिलित–वि० [सं०] राम्ररी मिलेको; संयुक्त।

परिमुक्त–वि० [सं०] राम्ररी छुटकारा पाएको; मुक्त।

परिमुक्ति–ना० [सं०] छुटकारा; मुक्ति।

परिमुग्ध–वि० [सं०] अति मनोहर; सुन्दर।

परिमेय–वि० [सं०] १. नाप्न योग्य। २. तौलन योग्य। ३. नाप, तौल वा गिनती गर्न सकिने। ४. थोरै; अल्प। ५. सीमित।

परिमोक्ष–ना० [सं०] १. पूर्ण मुक्ति; निर्वाण। २. छोड्नु; परित्याग। ३. दिसा गर्नु; मल-त्याग। ४. विष्णु।

परिमोक्षण–ना० [सं०] १. मोक्ष हुनु; मुक्त हुनु। २. छोड्नु; त्याग गर्नु। ३. दिसा गर्नु; मल-त्याग। ४. नेती-धोतीद्वारा शरीरका भित्री अवयव सफा गर्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

परिमोष–ना० [सं०] १. चोरी। २. डकैती।

परिमोषक–ना० [सं०] १. चोर। २. डाँकू।

परिमोषी–ना० [सं०] १. चोर। २. डाँकू।

परिम्लान–वि० [सं०] १. निन्याउरो; झ्याउरो। २. ओइलाएको।

परिम्लायी–वि० [सं०] १. निन्याउरो; मलिन। २. ओइलाएको। (ना०) ३. आँखाको नानीमा हुने एक रोग; तैमिरिक। (यस रोगको रोगीले सर्वत्र पहेँलो वा तिरमिर उज्यालो देख्तछ।)

परियार–ना० [सं० परिवार] १. परिवार। २. दमाईंको एक थर।

परिरक्षक–वि० [सं०] सबैतिरबाट रक्षा गर्ने; संरक्षक।

परिरक्षण–ना० [सं०] १. सबै किसिमले रक्षा गर्नु; संरक्षण। २. रेख-देख; हेर-विचार।

परिरक्षणीय–वि० [सं०] राम्ररी रक्षा गर्ने योग्य; रक्षणीय।

परिरक्षित–वि० [सं०] सबैतिरबाट रक्षा गरिएको; संरक्षित।

परिरक्षिता–वि० [सं०] पूरा तवरले रक्षा गर्ने; संरक्षक; अभिभावक।

परिरक्षी–वि० [सं०] परिरक्षक।

परिरक्ष्य–वि० [सं०] परिरक्षणीय।

परिरम्भ–ना० [सं०] अँगालो हाल्नु; आलिङ्गन।

परिरम्भण–ना० [सं०] अँगालो; आलिङ्गन।

परिरोध–ना० [सं०] रोक; रोकावट; बाधा।

परिलघु–वि० [सं०] १. साह्रै सानो; अति क्षुद्र। २. हलुङ्गो; हल्का। ३. चाँड़ो; छिटो।

परिलङ्घन–ना० [सं०] नाघ्नु; उल्लङ्घन।

परिलिखित–वि० [सं०] चारैतिर रेखा आदिले घेरिएको; वृत्तले घेरिएको।

परिलुप्त–वि० [सं०] १. सबैतिरबाट बिग्रेको; क्षति-ग्रस्त। २. हराएको; लुप्त।

परिलून–वि० [सं०] काटिएको; छुट्टयाइएको।

परिलेख–ना० [सं०] रेखा-चित्र; खाका।

परिवञ्चना–ना० [सं०] १. धोखा दिनु; छल्नु। २. ठग्नु।

परिवत्सर–ना० [सं०] पूरा वर्ष।

परिवदन–ना० [सं०] १. दोष देखाउनु। २. निन्दा गर्नु।

परिवपन–ना० [सं०] खौरनु; मुण्डन गर्नु।

परिवर्जन–ना० [सं०] १. छोड्नु; त्याग्नु। २. मार्नु।

परिवर्जनीय–वि० [सं०] त्याग्न योग्य; त्याज्य।

परिवर्जित–वि० [सं०] त्यागिएको; त्यक्त।

परिवर्त–ना० [सं०] १. घुम्नु; चक्कर खानु। २. कुनै काल वा युगको समाप्ति; युगको अन्त। ३. साट-फेर; सट्टा-पट्टा। ४. परिच्छेद।

परिवर्तक–वि० [सं०] १. घुम्ने; चक्कर खाने। २. घुमाउने। ३. सट्टा-पट्टा गर्ने; विनिमय गर्ने। ४. युगको अन्त गर्ने; नयाँ युग शुरू गर्ने।

परिवर्तन–ना० [सं०] १. एक रूपबाट अर्को रूपमा बदल्नु; रूपान्तर हुनु; हेर-फेर; अदली-बदली। २. उपयोगिताको विचार गरी कुनै वस्तुलाई बढ़ाउनु वा कुनै अंशलाई नयाँ रूप दिनु; सुधार्नु। ३. साट-फेर गर्नु; विनिमय। ४. फेरो; चक्कर। ५. चक्कर लाउनु; परिभ्रमण। ६. र्वाकिनु-फर्किनु। ७. कुनै काल वा युगको अन्त भई नयाँ युग आउनु।

परिवर्तनीय–वि० [सं०] परिवर्तन गर्न योग्य; हेर-फेर गर्न लायक।

परिवर्तित–वि० [सं०] १. परिवर्तन गरिएको; अदल-बदल गरिएको। २. सट्टा-पट्टा गरिएको। ३. घुमाइएको। ४. फर्केको; फिरेको।

परिवर्तिनी–ना० [सं०] १. भाद्र शुक्ल एकादशी। (वि०) २. घुम्ने; चक्कर लगाउने; परिवर्तन-शील।

परिवर्ती–वि० [सं०] १. परिवर्तन हुने; हेर-फेर हुने। २. घुम्ने; चक्कर खाने। ३. साट-फेर हुन; विनिमय हुने।

परिवर्तुल–वि० [सं०] एकदम गोल; बाटुलो।

परिवर्धन–ना० [सं०] राम्ररी बढ्नु; परिवृद्धि।

परिवर्धित–वि० [सं०] बढ़ेको वा बढ़ाइएको।

परिवर्ह–ना० [सं०] १. छत्र, चमर आदि राज-चिह्न। २. घर वा कोठाको सर-सामान। ३. माल-मत्ता; माल-सामान।

परिवसथ–ना० [सं०] गाउँ; ग्राम।

परिवाद–ना० [सं०] निन्दा; हेला।

परिवादक–वि० [सं०] १. निन्दा गर्ने; निन्दक। २. मुद्दा लड्ने; वादी। ३. वीणा बजाउने।

परिवादिनी–ना० [सं०] सितार; वीणा।

परिवादी–वि० [सं०] निन्दा गर्ने; अपवाद फिंजाउने।

परिवाप–ना० [सं०] १. रोप्नु; वपन। २. कपाल खौरनु; मुण्डन। ३. पोखरी; जलाशय। ४. घरका माल-मत्ता। ५. खट्टे; लावा।

परिवापण–ना० [सं०] खौरनु; मुण्डन।

परिवापित–वि० [सं०] खौरिएको; मुण्डित।

परिवार–ना० [सं०] १. एउटै भान्सामा खाने घरका मानिसहरू; जहान। २. नाता-कुटुम्ब; नातेदार व्यक्ति-हरूको समूह। ३. सजातीय व्यक्तिहरूको समूह। ४. एउटै काममा लागेका वा एउटै स्थितिमा रहेका व्यक्तिहरूको समूह; वर्ग। ५. आश्रित जन; परिजन। ६. कुनै राजा वा धनवान्‌का आश्रयमा रहने मानिसहरूको समुदाय; दल-बल; परिषद्। ७. ढाक्ने वस्तु; आवरण। ८. म्यान; दाप; खोल।

परिवारण–ना० [सं०] १. ढाक्ने काम। २. आवरण। ३. म्यान; दाप।

परिवारित–वि० [सं०] घेरिएको; आवेष्टित।

परिवाह–ना० [सं०] १. निकास; ढल। २. चारैतिरबाट पानी बग्नु। ३. पानीको भेल।

CC-0. In Public Domain. Digitization by eGangotri

परिवाही–वि० [सं०] १. मड़ारिएर बग्ने। २. बाँध, तट आदि नाघेर बग्ने।

परिविजित–वि० [सं०] पङ्खा हम्किएको।

परिवित्त–ना० [सं०] दाजुको विवाह नगरीकन विवाह भएको भाइ; दाजुको भन्दा पहिले विवाह भएको भाइ।

परिवित्ति–ना० [सं०] परिवित्त।

परिविद्ध–वि० [सं०] १. चारैतिरबाट वा बेसरी छेड़िएको; वरि-परिबाट प्वाल पारिएको। (ना०) २. कुबेर।

परिविहार–ना० [सं०] यता-उति घुम्नु; टहल्नु।

परिवीत–ना० [सं०] १. ब्रह्माको धनु। (वि०) २. परिवेष्टित; घेरिएको; आवेष्टित।

परिवृढ–वि० [सं०] मजबूत; दृढ।

परिवृत–वि०[सं०] १. बेह्रिएको; लपेटिएको। २. छोपिएको; ढाकिएको। ३. थाहा पाइएको; ज्ञात।

परिवृति–ना० [सं०] घेर्नु; आवेष्टित गर्नु।

परिवृत्त–वि० [सं०] १. घुमाइएको। २. फर्काइएको। ३. बदलिएको। ४. घेरिएको; आवेष्टित। (ना०) ५. आलिङ्गन।

परिवृत्ति–ना० [सं०] १. घुम्ने काम; फेरो लाउने काम। २. घेरो; आवेष्टन। ३. अदल-बदल; परिवर्तन। ४. सट्टा-पट्टा; विनिमय। ५. घटी र बढ़ी वस्तुको परस्पर साट-फेर गर्दा पर्ने एक अर्थालङ्कार। ६. एक शब्दका स्थानमा उही अर्थको बोध गराउन अर्को शब्द प्रयोग गर्दा पर्ने एक अर्थालङ्कार।

परिवृद्ध–वि० [सं०] खूब बढ़ेको; राम्रोसँग बढ़ेको।

परिवृद्धि–ना० [सं०] पूर्ण वृद्धि; सम्यक् वृद्धि।

परिवेत्ता–ना० [सं०] १. दाजुको विवाह नगरी विवाह गर्ने भाइ। २. दाजुले भन्दा पहिले अग्नि-होत्र ग्रहण गर्ने भाइ।

परिवेद–ना० [सं०] यथार्थ ज्ञान।

परिवेदन–ना० [सं०] १. दाजुभन्दा पहिले भाइले विवाह गर्नु वा अग्नि-होत्र लिनु। २. पूरापूर जानकारी; पूर्ण ज्ञान।

परिवेदना–ना० [सं०] १. बुद्धिमानी; बुद्धिमत्ता। २. दूरदर्शिता।

परिवेश–ना० [सं०] परिवेष।

परिवेष–ना० [सं०] १. चारैतिरबाट घेर्ने काम; वेष्टन। २. सूर्य वा चन्द्रमाका चारैतिर कहिले-काहीँ देखिने एक प्रकारको मण्डल; सभा। ३. परिधि; सीमा।

परिवेषक–वि० [सं०] खानेकुरो पस्कने।

परिवेषण–ना० [सं०] १. भोजन पस्कनु। २. घेर्ने काम; घेरा दिने काम। ३. सूर्य वा चन्द्रमाका चारैतिर कहिले-काहीँ देखिने मण्डल; सभा। ४. परिधि।

परिवेष्टन–ना० [सं०] १. वरि-परिबाट घेर्ने काम। २. ढाक्ने वस्तु; आवरण। ३. घेरा; परिधि।

परिवेष्टा–ना० [सं०] १. भोजन पस्कने व्यक्ति। २. डाड़ु; पन्यौ।

परिवेष्टित–वि० [सं०] १. चारैतिरबाट घेरिएको। २. ढाकिएको; आच्छादित।

परिवेष्य–वि० [सं०] पस्कन योग्य।

परिव्यक्त–वि० [सं०] राम्रोसँग व्यक्त भएको; अति स्पष्ट।

परिव्यय–ना० [सं०] खर्च; व्यय।

परिव्रज्या–ना०[सं०] १. यत्र-तत्र घुम्नु; भ्रमण। २. तपस्या। ३. संन्यास।

परिव्राज–ना० [सं०] १. घर-बार छोड़ेर चतुर्थाश्रम ग्रहण गर्ने व्यक्ति; संन्यासी। २. सधैँ भ्रमण गरिरहने संन्यासी।

परिव्राजक–ना० [सं०] परिव्राज।

परिव्राट्–ना० [सं०] परिव्राज।

परिशङ्की–वि० [सं०] आशङ्का गर्ने; सशङ्क।

परिशाश्वत–वि० [सं०] सधैँ एकै रूपमा रहने; एकनास रहिरहने।

परिशीलन–ना० [सं०] १. कुनै विषयको राम्ररी अध्ययन गर्नु; मननपूर्वकको अध्ययन। २. छुनु; स्पर्श।

परिशीलित–वि० [सं०] विचारपूर्वक अध्ययन गरिएको; परिशीलन गरिएको।

परिशिष्ट–वि० [सं०] १. बाँकी रहेको; शेष; अवशिष्ट। (ना०) २. पुस्तक, लेख आदिको छूट भएको अंश; पूरक अंश।

परिशुद्ध–वि० [सं०] पूर्णतया शुद्ध; अति शुद्ध।

परिशुद्धि–ना० [सं०] १. पूर्ण शुद्धि। २. छुटकारा; मुक्ति।

परिशुष्क–वि० [सं०] १. एकदम सूखा; अति शुष्क। २. ओइलाएको। ३. रस नभएको; नीरस।

परिशून्य–वि० [सं०] बिलकुल खाली; रिक्त।

परिशेष–ना० [सं०] १. बचे-खुचेको वस्तु; अवशेष। २. समाप्ति।

परिशोध–ना० [सं०] १. राम्रोसित भएको शुद्धि; संशोधन। २. ऋण आदि तिर्नु; अऋणी बन्नु।

परिशोधन–ना० [सं०] १. राम्ररी शुद्ध गर्ने काम; संशोधन। २. ऋण तिर्ने काम।

परिशोष–ना० [सं०] ज्यादै सुक्नु; अति शुष्क हुनु।

परिश्रम–ना० [सं०] १. थकाइ लाग्ने गरी गरिने काम; उद्यम; मेहनत। २. थकाइ; श्रम; क्लान्ति।

परिश्रमी–वि० [सं०] परिश्रम गर्ने; मेहनती।

परिश्रय–ना० [सं०] १. आश्रय; रक्षा हुने स्थान। २. सभा; परिषद्।

परिश्रान्त–वि० [सं०] साह्रै थाकेको; अति थकित।

परिश्रान्ति–ना० [सं०] अत्यधिक थकाइ; ज्यादा ग्लानि।

परिश्रित–वि० [सं०] १. आश्रयमा रहेको; आश्रित। २. चौतर्फबाट घेरिएको।

परिश्रुत–वि० [सं०] खूब नाम चलेको; प्रसिद्ध; विख्यात; विश्रुत।

परिश्रुत–ना० [सं०] १. उमङ्ग; जोश। २. रक्सी; मदिरा।

CC-0. In Public Domain. Digitization by eGangotri

परिश्लिष्ट–वि० [सं०] १. राम्ररी जोड़िएको; खूब टाँसिएको। २. अँगालो हालिएको; आलिङ्गित।

परिश्लेष–ना० [सं०] अँगालो; आलिङ्गन।

परिषद्–ना० [सं०] १. प्राचीन कालमा राजाहरूले कुनै विषयमा विचार गर्नाका निमित्त बोलाउने विद्वान्हरूको सभा; विद्वत्सभा। २. सभा; समिति। ३. चुनिएका व्यक्तिहरूको सभा। ४. समूह; मण्डली।

परिषद–ना० [सं०] सभाको सदस्य; सभासद्।

परिषद्य–ना० [सं०] सभासद्।

परिषिक्त–वि० [सं०] पानीले सेचन गरिएको; सिञ्चित।

परिषेक–ना० [सं०] सेचन गर्ने काम; सिञ्चन।

परिषेचक–वि० [सं०] १. सिञ्चन गर्ने; पानी लाउने। २. पानी छर्कने; सेचन गर्ने।

परिषेचन–ना० [सं०] १. पानी छर्कनु; सेचन गर्नु। २. पानी लाउनु; सिञ्चन।

परिष्कन्न–वि० [सं०] १. अर्काले पालेको; अरूले पालन-पोषण गरेको। २. अरूले पालेको व्यक्ति; पोष्य-पुत्र।

परिष्कर–ना० [सं०] सजाउने काम; श्रृङ्गार।

परिष्कार–ना० [सं०] १. संस्कार; शुद्धि। २. स्वच्छता; निर्मलता। ३. अलङ्कार; आभूषण। ४. सिँगार; सजावट।

परिष्कृत–वि० [सं०] १. परिष्कार गरिएको; सुधारिएको। २. शुद्ध पारिएको; संशोधित।

परिष्कृति–ना० [सं०] १. शुद्ध पार्नु; सफा गर्नु। २. सजाउनु; श्रृङ्गार गर्नु।

परिष्क्रिया–ना० [सं०] १. सजाउने काम; श्रृङ्गार। २. शुद्ध पार्नु; शोधन।

परिष्यन्द–ना० [सं०] १. बग्ने काम; प्रवाह। २. नदी। ३. आर्द्रता।

परिष्यन्दी–वि० [सं०] बग्ने; प्रवाह-शील।

परिष्वङ्ग–ना० [सं०] अँगालो; आलिङ्गन।

परिष्वक्त–वि० [सं०] आलिङ्गन गरिएको; अङ्कमाल गरिएको।

परिसङ्ख्या–ना० [सं०] १. गिनती; गणना। २. एक ठाउँबाट कुनै वस्तुलाई निषेध गरेर अर्को स्थानमा स्थापन गर्दा हुने एक अर्थालङ्कार।

परिसङ्ख्यान–ना० [सं०] १. गिनती; गणना। २. ठीक अनुमान।

परिसञ्चित–वि० [सं०] सञ्चय गरिएको; सञ्चित।

परिसभ्य–ना० [सं०] सभाको सदस्य; सभासद्।

परिसमापन–ना० [सं०] सिद्ध्याउनु; समाप्त गर्नु।

परिसमाप्त–वि० [सं०] बिलकुल सिद्धिएको।

परिसमाप्ति–ना० [सं०] पूर्ण समाप्ति।

परिसमूहन–ना० [सं०] १. जम्मा गर्नु; एकत्रित पार्नु। २. यज्ञमा समिधा होम्नु। ३. यज्ञ-वेदीका चारैतिर जलले मार्जन गर्नु।

परिसर–ना० [सं०] १. नदी, शहर, पर्वत आदिका आस-पासको जमीन। २. नियम; विधान। ३. छिमेक।

परिसरण–ना० [सं०] चारैतिर घुम्नु; पर्यटन।

परिसर्प–ना० [सं०] १. वरि-परि घुम-फिर गर्नु; पर्यटन। २. पीछा गर्नु। ३. घेर्नु; आवेष्टन।

परिसर्पण–ना० [सं०] यता-उति घुम्नु; घुम-फिर गर्नु।

परिसान्त्वन–ना० [सं०] सान्त्वना दिनु।

परिसार–ना० [सं०] चारैतिर जानु वा घुम्नु।

परिसारक–वि० [सं०] चारैतिर जाने वा भ्रमण गर्ने।

परिसीमा–ना० [सं०] १. चारैतिरको सीमा; चौहद्दी। २. अन्तिम सीमा; पराकाष्ठा।

परिसेवना–ना० [सं०] विशेष सेवा।

परिस्तर–ना० [सं०] १. फैलाउनु; फिँजाउनु। २. जम्मा गर्नु। ३. घेर्नु; घेरा हाल्नु।

परिस्तरण–ना० [सं०] १. फिँजाउनु; बिछाउनु। २. छर्कनु; छर्नु। ३. आवरण।

परिस्तीर्ण–वि० [सं०] १. फैलाइएको; फिँजाइएको। २. ढाकिएको; आच्छादित।

परिस्थान–ना० [सं०] वास-स्थान।

परिस्थिति–ना० [सं०] १. कुनै घटना, काम आदिको वास्तविक वा तर्क-सङ्गत अवस्था। २. कुनै देश, संस्था वा व्यक्तिको हालत; स्थिति; अवस्था।

परिस्पन्दन–ना० [सं०] ज्यादै काँप्नु; अति कम्पित हुनु।

परिस्फुट–वि० [सं०] १. स्पष्ट; खुलस्त। २. राम्ररी विकसित भएको।

परिस्फुरण–ना० [सं०] १. टुसो निस्कनु; कोपिला पलाउनु। २. काँप्नु; कम्पन। ३. सम्झना; स्मरण।

परिस्रव–ना० [सं०] १. चारैतिरबाट चुहुनु; टप्कनु। २. बग्नु; प्रवाहित हुनु।

परिस्राव–ना० [सं०] १. बेसरी वा चारैतिरबाट चुहुनु। २. बच्चा जन्मनु।

परिहत–वि० [सं०] १. खुकुलो पारिएको। २. मारिएको।

परिहरण–ना० [सं०] १. खोस्नु; अपहरण। २. छोड्नु; परित्याग। ३. हटाउनु; पन्साउनु।

परिहरणीय–वि० [सं०] १. खोसेर लिन योग्य; अपहरण गर्न सकिने। २. छोड्न योग्य; त्याज्य।

परिहसित–वि० [सं०] १. हाँसेको। २. परिहास गरिएको।

परिहस्त–ना० [सं०] १. बाला; चुरो। २. औँठी।

परिहाण–ना० [सं०] १. नोक्सान सहनु; हानि सहनु। २. हानि; घाटा।

परिहाणि–ना० [सं०] १. नोक्सान; घाटा। २. ह्रास। ३. त्याग्नु; छोड्नु।

परिहानि–ना० [सं०] परिहाणि।

परिहार–ना० [सं०] १. छोड्ने काम; त्याग। २. दोष वा अनिष्टका कुरा हटाउनु। ३. युद्धमा लुटिएको धन-

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पत्ति। ४. खण्डन। ५. कुनै कुकृत्यको प्रायश्चित्त गर्नु।
परिहारक–वि० [सं०] परिहारग र्ने; परिहारी।
परिहारी–वि० [सं०] १. परिहरण गर्ने; अपहरण गर्ने। (ना०) २. त्याग्नु; छोड्नु। ३. हटाउनु; निवारण।
परिहार्य–वि० [सं०] १. परिहरण गर्न सकिने। २. त्याग्न सकिने; परित्यज्य। ३. हटाउन सकिने; निवारणीय।
परिहास–ना० [सं०] १. हाँसो; ठट्टा; उपहास; दिल्लगी। २. खेल; क्रीडा; मनोविनोद।
परिहासक–वि० [सं०] उपहास गर्ने; ठट्टा गर्ने; दिल्लगी गर्ने।
परिहास्य–वि० [सं०] परिहास गर्न योग्य।
परिहृत–वि० [सं०] १. छोड़िएको; त्यागिएको। २. हटाइएको; पन्छाइएको। ३. खोसिएको; अपहरण गरिएको। ४. नष्ट गरिएको। ५. लुकाइएको; छिपाइएको।
परिहृति–ना० [सं०] त्याग्नु; छोड्नु।
परी–ना० [फा०] १. पखेटा हुने एक कल्पित सुन्दरी स्त्री-जाति। २. अति राम्री स्त्री; परम सुन्दरी युवती।
परी–ना० [पारा] १. थरी; प्रकार। २. तरीका; कायदा।
परी–ना० [सं० परि] १. सविस्तर वर्णन; व्याख्या। २. लम्बे-चौड़े कुरा; बेली-विस्तार।
परीक्षक–वि० [सं०] परीक्षा गर्ने; जाँच लिने; जाँचक।
परीक्षण–ना० [सं०] १. परीक्षा लिने काम; जाँच गर्ने काम। २. पारख गर्ने काम।
परीक्षा–ना० [सं०] १. योग्यता, विशेषता, सामर्थ्य, गुण आदिको स्तर निर्णय गर्नाका निमित्त ठीकसित पारख गर्ने काम; जाँच्ने काम; जाँच। २. कुनै वस्तुको गुण, दोष आदिको अनुभव गर्नाका निमित्त गरिएको प्रयोग। ३. प्राचीन न्यायालयमा अभियुक्त वा साक्षीको सच्चाइ जाँच्ने क्रिया; दिव्य-परीक्षा। ४. तर्क, प्रमाण आदिबाट कुनै वस्तुको यथार्थ तत्त्वको निरूपण गर्ने काम।
परीक्षार्थी–ना० [सं०] जाँच दिने व्यक्ति; परीक्षा दिन चाहने व्यक्ति।
परीक्षित्–ना० [सं०] महाभारत-प्रसिद्ध अर्जुनको नाति, अभिमन्युको छोरो।
परीक्षित–वि० [सं०] परीक्षा गरिएको; जाँचिएको।
परीक्ष्य–वि० [सं०] परीक्षा लिन लायक; जाँच्न योग्य।
परीणाह–ना० [सं०] गाउँका नजीकमा छोड़िएको सार्वजनिक मैदान।
परीप्सा–ना० [सं०] १. पाउने इच्छा; प्राप्त गर्ने आशा। २. शीघ्रता।
परीभाव–ना० [सं०] अनादर; तिरस्कार।
परुत्–क्रि० यो० [सं०] पोहर; गत वर्ष।
परुष–वि० [सं०] १. कठोर; कड़ा। २. रूखो; कर्कश; अप्रिय। ३. तीव्र; उग्र। ४. निष्ठुर; निर्दय। ५. नीरस; रस-हीन।
परुषाक्षर–वि० [सं०] १. कड़ा वा रूखो शब्द प्रयोग गरिएको। २. कड़ा वा कर्कश शब्द प्रयोग गर्ने।
परुषा-वृत्ति–ना० [सं०] वीर-रसलाई उपयुक्त, ओज-गुण-प्रधान, ट-वर्गीय द्वित्व तथा संयुक्त वर्ण, रेफ, श, ष आदि कठोर वर्ण र लामा-लामा समास-युक्त काव्यको रचना गर्ने एक रीति; काव्यका तीन वृत्तिमध्ये एक।
परुषोक्ति–ना० [सं०] निष्ठुर वचन; कटु वचन।
परूषक–ना० [सं०] १. स्याल-फुस्रो। २. फाल्सा।
परेखिया–ना० [पारख+इया] १. पारखी। २. अड्डाखानामा रत्नहरू र अरू विशेष वस्तुहरूको पारख गर्न राखिने सरकारी कर्मचारी।
परेठ–ना० [अं० परेड]-परेड।
परेड–ना० [अं०] सैनिकहरूको तालीम वा शिक्षा; कवायद।
परेत–ना० [सं०] १. प्रेत। २. मरेको; मृत।
परेत-भूमि–ना० [सं०] मसान; श्मशान।
परेत-राट्–ना० [सं०] यमराज।
परेत-वास–ना० [सं०] मसान; श्मशान।
परेता–ना० [ने०] सार्कीले छाला पिट्दा तलतिर राख्ने ढुङ्गो।
परेता–ना० [सं० परित] चङ्गाको धागो बेर्ने एक प्रकारको लट्टाई।
परेती–ना० [परेता+ई०] सानो किसिमको परेता।
परेद्यु–क्रि० यो० [सं०] अर्को दिन; भोलिपल्ट।
परेली–ना० [ने०] विशेषत: कृषकहरूले मिलेर एक दिन एक जनाकहाँ काम गरी अर्को दिन अर्काका घरमा पहिलोचाहिँले पनि गई काम सगाउनु; पर्म; बोझे।
परेली–ना० [परेलो] स्वास्नीको मान-बोधक शब्द; विवाहिता स्त्री।
परेलो–ना० [सं० पटल] आँखाका डीलमा उम्रेका रौँ।
परेवा–ना० [सं० पारावत] ढुकुरजस्तो, केही ठूलो, विभिन्न रङ्ग र जातको एक प्रसिद्ध पक्षी; पारावत।
परेवा–ना० [सं० प्रतिपदा] शुक्ल वा कृष्ण पक्षको पहिलो तिथि; प्रतिपदा।
परेशान–वि० [फा०] हैरान; व्याकुल; उद्विग्न।
परेशानी–ना० [फा०] १. उद्विग्नता; व्याकुलता। २. हैरानी।
परेष्टु–ना० [सं०] धेरै पटक बियाइसकेकी गाई।
परोक्त-दोष–ना० [सं०] न्यायालयमा अनुचित वा अशिष्ट बयान दिएको अपराध।
परोक्ष–वि० [सं०] १. आँखाका अगिल्तिर नभएको; अप्रत्यक्ष। २. साफ-साफ वा सोझै नभनी घुमाउरो तरीकाले भनिएको। ३. छिपेको; गुप्त। (ना०) ४. अनुपस्थिति; अभाव। ५. ओट; आड़। ६. व्याकरणमा पूर्ण भूत-काल। ७. उपमान।
परोक्षार्थ–ना० [सं०] अर्थ वा अभिप्राय रहस्यपूर्ण भएको;

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ गम्भीर भएको ।

परोढा–ना० [सं०] १. अर्काकी पत्नी । २. परकीया नायिका ।

परोत्कर्ष–ना० [सं०] अर्काको उन्नति वा वृद्धि ।

परोपकार–ना० [सं०] अर्काको उपकार; पराईको भलो हुने काम ।

परोपकारक–वि० [सं०] अर्काको हित गर्ने; परोपकारी ।

परोपकारी–वि० [सं०] अर्काको उपकार गर्ने; अरूको भलो हुने काम गर्ने ।

परोपकृत–वि० [सं०] अरूद्वारा उपकार गरिएको; अरूबाट हित गरिएको ।

परोपजीवी–वि० [सं०] अर्काले दिएको खाएर जीविका गर्ने; परान्नभोजी ।

परोपदेश–ना० [सं०] अरूलाई मात्र उपदेश दिनु; अर्कालाई अर्ती दिनु ।

परोश्नी–ना० [सं०] साङलो कीरो ।

परौंठा–ना० [सं० पत्र] मुछेको पीठो बेलेर घिउ दली त्यसलाई पत्रै-पत्र पारी पट्टचाई, फेरि बेलेर तावामा घिउ हाली पकाएको रोटी ।

पर्कटी–ना० [सं०] पाखरीको बोट ।

पर्खनु–स० क्रि० [सं० प्रतीक्ष्+नु] १. गर्न लागेको कुनै काम रोक्नु वा थाम्नु; गति-रोध गर्नु । २. पर्खनु; बाटो हेर्नु; ढुक्नु; प्रतीक्षा गर्नु ।

पर्खाइ–ना० [पर्ख+आइ] पर्खने किसिम, क्रिया या भाव; ढुकाइ ।

पर्खाइ–ना० [पर्खाउ+आइ] पर्खाउने किसिम, क्रिया वा भाव ।

पर्खाइनु–स० क्रि० [पर्खाउ+आइ+नु] पर्खन लाइनु; ('पर्खाउनु'-को क० क्रि०) ।

पर्खाउनु–स० क्रि० [पर्ख+आउ+नु] पर्खन लाउनु; ('पर्खनु'-को क० क्रि०) ।

पर्खाल–ना० [सं० परिखा] १. ईंट, ढुङ्गा आदिले अग्लो पारेर बनाएको बार । २. गाह्रो ।

पर्खिनु–स० क्रि० [पर्ख+इ+नु] १. गति-रोध गरिनु; ('पर्खनु'-को क० क्रि०) । २. पर्खनु ।

पर्चा–ना० [फा० पर्च:] १. प्रचार गर्नाका निमित्त कुनै कुरो लेखिएको कागजको टुक्रो; विज्ञापनको पुर्जा; सूचना-पत्र । २. अड्डा-अदालतबाट दिइने तारीखको पुर्जा । ३. विशेष अवस्थामा लेखिने मुद्दा-मामिलाको टिप्पणी । ४. फैसला ।

पर्चाबाजी–ना० [पर्चा+बाजी] पर्चा बाँड्ने काम ।

पर्जन्य–ना० [सं०] १. बादल; मेघ । २. वर्षा; झरी । ३. मेघको गर्जन । ४. इन्द्र । ५. विष्णु ।

पर्ण–ना० [सं०] १. बोट-बिरुवाको पात; पत्र । २. पान । ३. पखेटा । ४. बाणमा लाइने प्वाँख । ५. पलाशको बोट ।

पर्ण-कुटी–ना० [सं०] घाँस-पात आदिले बनाइएको छाप्रो ।

पर्ण-कुटीर–ना० [सं०] पर्ण-कुटी ।

पर्ण-रूह–ना० [सं०] वसन्त ऋतु ।

पर्ण-लता–ना० [सं०] पानको लहरो ।

पर्ण-वीटिका–ना० [सं०] पानको बीड़ा ।

पर्ण-शर–ना० [सं०] बेपत्ता भई मरेकाको उद्देश्यले कुशको पुतला बनाई दाह-संस्कारदेखि तेह्र दिनसम्म गरिने क्रिया; नारायण-बलि ।

पर्ण-शव–ना० [सं०] लाश बेपत्ता भएको मृतकको और्ध्व-देहिक क्रिया गर्नाका निमित्त दाह-संस्कारका लागि बनाइने कुशको पुतला ।

पर्ण-शय्या–ना० [सं०] पातै-पातको बिछ्याउना ।

पर्ण-शाला–ना० [सं०] पर्ण-कुटीर ।

पर्णसि–ना० [सं०] १. पोखरीका बीचमा बनाइएको घर । २. कमल । ३. साग-पात ।

पर्णाशन–ना० [सं०] पातमात्र खाएर बस्ने एक व्रत ।

पर्णिक–ना० [सं०] पात बेच्ने पेशा भएको व्यक्ति ।

पर्णी–ना० [सं०] बोट; वृक्ष ।

पर्ता–ना० [पर्] परल; परेको; मोल; साउँ ।

पर्ता–ना० [पर्ती] पर्ती ।

पर्ती–वि० [सं० पत्र] आबाद नभएको; बाँझो; पर्ता (जमीन) ।

पर्द–ना०[सं०] १. रौँहरूको समूह । २. अपान-वायु ।

पर्दन–ना० [सं०] अपान-वायु छोड्नु ।

पर्दा–ना० [फा० पर्द:] १. कुनै वस्तुलाई छेक्नाका निम्ति टाँगिएको कपड़ा; छेका-बार । २. नाटकका अङ्क वा दृश्य समाप्त हुँदा उठाइने वा खसालिने कपड़ा; जवनिका । ३. स्त्रीहरू बाहिर निस्कँदा देखा नपर्ने प्रथा । ४. मर्यादा; इज्जत । ५. आँखाको नानीमा रोग-वश जम्ने सेतो पत्र; जालो । ६. हार्मोनियम, पेनू आदि बाजा बजाउँदा औंलाले थिच्ने अवयवहरू । ७. पुराना छाँटका मयल-पोशमा छातीनिर चिरेर बनाइएको छाँट ।

पर्दा-नशीन–वि० [पर्दा+नशीं (फा०)] पर्दाभित्र बस्ने; पर्दामा रहने; पर्दा गर्ने ।

पर्दावाल–वि० [पर्दा+वाल] १. पर्दा भएको; पर्दा-युक्त । २. पर्दाभित्र रहेको वा रहने । (ना०) ३. छातीनिर चिरी सेतो देखिने गरी बनाइएको पुरानो छाँटको मयल-पोश ।

पर्धानी–ना० [सं० परि+आ धान+ई] टुप्पामा फलामको कापा जड़िएको डोली अड़ाउने साधन ।

पर्नु–अ० क्रि० [सं० पत्] १. खस्नु; झर्नु; गिर्नु । २. आइलाग्नु । ३. संयुक्त हुनु; मिल्नु । ४. आवश्यक हुनु; जरूरत हुनु । ५. बल्नु । ६. संयोग-वश हुनु; अकस्मात् हुनु । ७. ठीक-ठाक हुनु; तयार हुनु । ८. कुनै काम गर्ने स्थिति हुनु । (उदा०–मलाई सधैं अड्डा-

CC-0. In Public Domain. Digitization by eGangotri

खाना जान्पर्दछ ।)

पर्प–ना० [सं०] १. घर; गृह । २. हरियो वा नयाँ घाँस । ३. लङ्गड़ोलाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने साधन । ४. लङ्गड़ोले हिँड्दा सहायता लिने लट्ठी वा काठको एक किसिमको साधन ।

पर्पट–ना० [सं०] १. पित्तपापड़ा । २. पापड़ । ३. कैरुवा ।

पर्पटी–ना० [सं०] १. पापड़ । २. गोपी-चन्दन । ३. आयुर्वेदमा प्रसिद्ध एक रसौषध ।

पर्म–ना० [ने०] परस्परमा आलो-पालोसित एकले अर्काको काम गरिदिने रीति; परेली; पालो; बोझे ।

पऱ्याक-पुरुक–क्रि० यो० [अनु०] १. तरकारीहरू घिउ-तेलमा भुट्ने किसिम । २. साना-तिना वस्तुहरू निमोठ्दा शब्द आउने किसिम; मऱ्याक-मुरुक ।

पर्यङ्क–ना० [सं०] पलङ्ग; खाट ।

पर्यटक–ना० [सं०] देश-विदेश घुम्ने; भ्रमण गर्ने ।

पर्यटन–ना० [सं०] चारैतिर घुम्ने काम; घुम-फिर; भ्रमण ।

पर्यनुयोग–ना० [सं०] कुनै उक्ति वा बयानलाई झुट्टा साबित गर्न गरिएको सोध-पूछ ।

पर्यन्त–क्रि० यो० [सं०] १. तक; समय; तलक । (वि०) २. सीमित । (ना०) ३. अन्तिम सीमा; हद । ४. अन्त; आखिर ।

पर्यन्त-भूमि–ना० [सं०] नदी, पर्वत, नगर आदिका आस-पासको भूमि ।

पर्यन्तिका–ना० [सं०] १. असल गुणको अभाव वा नाश । २. नैतिक पतन ।

पर्य-बन्धन–ना० [सं०] कपड़ाले पिठिउँ र घुँडा बाँधेर बस्ने एक आसन ।

पर्यवसान–ना० [सं०] १. अन्त; समाप्ति । २. निश्चय; निधो ।

पर्यवसित–वि० [सं०] १. सिद्धिएको; समाप्त । २. निधो भएको; निश्चित । ३. नष्ट ।

पर्यवेक्षक–ना० [सं०] १. जाँच-बुझ गर्ने व्यक्ति; खोज-खबर गर्ने मानिस । २. रेख-देख गर्ने व्यक्ति; निरीक्षक । ३. जाँचकी ।

पर्यवेक्षण–ना० [सं०] १. कुनै कामको देख-रेख गर्नु; निगरानी । २. राम्ररी विचार गरी हेर्नु; निरीक्षण ।

पर्यस्त–वि० [सं०] १. पर्याकिएको; मिल्काइएको । २. हटाइएको । ३. निकालिएको ।

पर्यस्तापह्नुति–ना० [सं०] उपमानका गुणलाई छिपाएर उपमेयमा आरोप गर्दा हुने अपह्नुति अलङ्कारको एक भेद ।

पर्याकुल–वि० [सं०] १. ज्यादै घबराएको; व्याकुल । २. क्षुब्ध; उत्तेजित ।

पर्याण–ना० [सं०] घोड़ाको काठी ।

पर्याप्त–वि० [सं०] १. चाहिएजति; प्रशस्त; यथेष्ट; काफी । २. पाइएको; प्राप्त । ३. समर्थ ।

पर्याप्ति–ना० [सं०] १. पर्याप्त हुन्नाको भाव; यथेष्टता । २. प्राप्ति । ३. योग्यता । ४. सामर्थ्य ।

पर्याय–ना० [सं०] १. समान अर्थ बुझाउने शब्द; एउटै अर्थ बुझाउने अर्को शब्द; समानार्थक शब्द । २. अनुक्रम; सिलसिला । ३. एउटा वस्तुको क्रमैसित अनेक आश्रय वा अनेक वस्तुहरू एउटैमा आश्रित हुने वर्णन गर्दा पर्ने एक अर्थलङ्कार ।

पर्याय-वाचक–वि० [सं०] समान अर्थ बुझाउने; एउटै अर्थ बुझाउने; समानार्थक ।

पर्याय-वाची–वि० [सं०] पर्याय-वाचक ।

पर्यायोक्ति–ना० [सं०] कुनै कुरो सोझै नभनेर घुमाउरो पारी वा चमत्कारपूर्ण रूपले वर्णन गर्दा हुने एक अर्थालङ्कार ।

पर्यालोकन–ना० [सं०] राम्ररी हेर्ने काम; सम्यक् अवलोकन ।

पर्यालोचन–ना० [सं०] कुनै वस्तुका दोष-गुण वा सबै अङ्गको राम्ररी विचार गर्नु; समीक्षा ।

पर्यालोचना–ना० [सं०] पर्यालोचन ।

पर्यावर्तन–ना० [सं०] फर्केर आउनु; फिर्नु ।

पर्युक्षण–ना० [सं०] देव-पितृका कार्यमा सबैतिर पानी छर्कने काम ।

पर्युत्सुक–वि० [सं०] १. अति उत्सुक । २. उदास; खिन्न । ३. व्याकुल; क्षुब्ध ।

पर्युदय–ना० [सं०] सूर्य उदाउनै लागेको समय ।

पर्युपासक–वि० [सं०] उपासना गर्ने; पूजक ।

पर्युपासन–ना० [सं०] १. उपासना; पूजा । २. मैत्री; सद्भावना ।

पर्युप्त–वि० [सं०] रोपिएको; बीउ राखिएको ।

पर्युप्ति–ना० [सं०] रोप्ने काम; रोपाइँ ।

पर्युषण–ना० [सं०] १. पूजन; उपासना । २. सेवा; टहल ।

पर्युषित–वि० [सं०] १. बासी । २. मूर्ख । ३. घमन्डी ।

पर्येषणा–ना० [सं०] १. तर्क आदिबाट गरिएको छान-बीन । २. खोज; अन्वेषण । ३. पूजा । ४. सत्कार ।

पर्येष्टि–ना० [सं०] १. खोज; अन्वेषण । २. सोध-पूछ ।

पर्र–क्रि० यो० [अनु०] १. साना-साना दानाहरू तातेका घिउ-तेलमा हाल्दा सहसा शब्द आउने किसिम; परपर । २. पुस्तक, लेख आदि नरोकीकन बाच्ने किसिम; हर्र; खर्र । ३. धेरै बन्दूकहरू लगातार पट्कने किसिम ।

पर्रन्–ना० [पर्र] १. धारा-प्रवाह; अविच्छिन्न गति; ढर्रा; पर्रा । २. ताँती; घुइरो ।

पर्रा–ना० [पर्र] पर्रन् ।

पर्लक्क–क्रि० यो० [ने०] १. पल्टने किसिम; टाउकोले टेकेर फर्कने किसिम; पुर्लुक्क । २. आँखा पल्टाउने

CC-0. In Public Domain. Digitization by eGangotri

किसिम; रीस वा आवेगमा ठूला-ठूला आँखाले हेर्ने किसिम।

पर्व–ना० [सं०] १. धर्म-कार्य वा उत्सव आदि गर्ने समय; पुण्य-काल। २. चतुर्दशी, अष्टमी, आमावास्या, पूर्णिमा र सङ्क्रान्ति आदि पुण्य-दिन। ३. चातुर्मास्य। ४. उत्सव; चाड़। ५. कुनै काम गर्ने विशिष्ट दिन। ६. मौका; अवसर। ७. चन्द्र वा सूर्यको ग्रहण। ८. दुइ वस्तु वा दुइ अङ्ग जोड़िएको ठाउँ; जोर्नी; सन्धि। ९. औंलाका जोर्नीले छुट्टचाइएको खण्ड। १०. खण्ड; टुक्रो। ११. कुनै विशष घटना। १२. हूल-मूल; घुइँचो। १३. महाभारत ग्रन्थको खण्ड।

पर्वक–ना० [सं०] घुँड़ाको जोर्नी।

पर्व-काल–ना० [सं०] १. कुनै पर्व परेको समय। २. कुनै तिथिको उदय-काल। ३. सूर्य वा चन्द्रमा ग्रहण लागेको समय।

पर्वण–ना० [सं०] पूरा गर्ने काम; पूर्ति गर्ने काम।

पर्वणी–ना० [सं०] १. पूर्णिमा। २. प्रतिपदा। ३. उत्सव; चाड़।

पर्वत–ना० [सं०] १. पहाड़; डाँड़ो। २. चट्टान। ३. वेद-प्रसिद्ध एक देवर्षि। ४. दश-नामी संन्यासीहरूको एक भेद।

पर्वत-द्राक्षा–ना० [सं०] पर्वते-दाख।

पर्वत-नन्दिनी–ना० [सं०] पार्वती।

पर्वत-माला–ना० [सं०] पहाड़हरूको पङ्क्ति; पर्वत-श्रेणी।

पर्वत-राज–ना० [सं०] हिमालय पर्वत।

पर्वतिया–वि० [सं० पर्वतीय] पर्वतीय प्रदेशमा रहने; पर्वते; पहाड़िया।

पर्वतीय–वि० [सं०] १. पर्वत-सम्बन्धी; पहाड़ी। २. पहाड़ी प्रदेशमा रहने; पर्वते।

पर्वतृण–ना० [सं०] कुरकुरे घाँस।

पर्वते–वि० [पर्वत+ए] पर्वतिया; पर्वतीय।

पर्वते-दाख–ना० [पर्वते+दाख] एक जातको दाख; पर्वत-द्राक्षा।

पर्वतेश्वर–ना० [सं०] हिमालय पर्वत।

पर्व-पात–ना० [पर्व+पात (फाँ०)] पर्वको दिन; चाड़-बाड़।

पर्व-मूल–ना० [सं०] चतुर्दशी र अमावास्या वा पूर्णिमाको मध्य-काल।

पर्व-सन्धि–ना० [सं०] पूर्णिमा अथवा अमावास्या र प्रतिपदाका बीचको समय; अमावास्या र पूर्णिमाको अन्त-काल; चन्द्र-ग्रहण वा सूर्य-ग्रहण लाग्ने काल।

पर्वास्फोट–ना० [सं०] औंला पड्काउने क्रिया।

पर्वाह–ना० [फा० परवा] परवाह।

पर्शु–ना० [सं०] परशु।

पर्सनल-सेक्रेटरी–ना० [अं०] स्वकीय-सचिव।

पर्सनु–अ० क्रि० [सं० पृषत्+नु] १. बलि दिने वेलाका पशुका जीउमा छर्किदिएको पानी त्यस पशुले टकटक्याउनु; पर्सिनु। २. विवाहका अवसरमा, पत्रिका-प्रवेश आदिमा आएका मानिस वा ल्याएका वस्तुहरूलाई दही, अक्षता आदि छर्कनु।

पर्साइ–ना० [पर्स+आइ] पर्सने किसिम, क्रिया वा भाव।

पर्साइनु–स० क्रि० [पर्साउ+आइ+नु] पर्सन लाइनु; ('पर्साउनु'-को क० क्रि०)।

पर्साउनु–स० क्रि० [पर्स+आउ+नु] पर्सन लाउनु; ('पर्सनु'-को प्रे० क्रि०)।

पर्सि–क्रि० यो० [सं० परश्च] आउँदो तेस्रो दिन; भोलिको भोलिपल्ट।

पर्सिइनु–अ० क्रि० [पर्सि+इ+नु] पर्सिने होइनु; ('पर्सिनु'-को भा० क्रि०)।

पर्सिनु–अ० क्रि० [पर्स+इ+नु] १. पर्सनु। २. पर्सने होइनु; ('पर्सनु'-को भा० क्रि०)।

पर्स्याइ–ना० [पर्सि+याइ] पर्सिने किसिम, क्रिया वा भाव; पर्साइ।

पर्स्याहट–ना० [पर्सि+याहट] पर्सिने किसिम, क्रिया वा भाव; पर्स्याइ।

पल–ना० [सं०] १. साठी विपल वा चौबीस सेकेन्डको समय; पला। २. साह्रै थोरै समय; अति अल्प समय; छिन। ३. चार कर्षको एक प्राचीन तौल। ४. तराजू; तुलो। ५. मासु; मांस। ६. धानको सुकेको बोट; पराल।

पलक–ना० [सं० पला] १. छिन; क्षण। २. एक पटक आँखा झिम गर्दा लाग्ने समय। ३. आँखाको ढकनी।

पलङ–ना० [पलङ्ग] पलङ्ग।

पलङ्ग–ना० [स० पल्यङ्क] १. सुत्ने खाट। २. बिछ्याउना; शय्या।

पलट–ना० [प्रा० पलट्ट] पल्टने काम; पल्टा।

पलटी–ना० [ने०] सार्कीले छाला पिट्दा तलतिर हाल्ने ढुङ्गो।

पलट्ट–क्रि० यो० [प्रा०] पल्टने वा पल्टाउने किसिम; फर्काउने वा उल्टाउने किसिम; कोल्टो फर्कने किसिम।

पलल–ना० [सं०] १. मासु; मांस। २. हिलो।

पलाँस–ना० [सं०] पलाश; किंशुक।

पलाँसी–ना० [नेवा०] गुम्बजहरू बनाउँदा पल्ला राख्ने काठ आदि।

पला–ना० [सं० पल] १. चौबीस सेकेन्डको समय; पल। २. अति अल्प समय; छिन। ३. तराजूको वस्तु वा ढक हाल्ने थालजस्तो भाँड़ो; पल्ला।

पलाइ–ना० [पलाउ+आइ] पलाउने किसिम, क्रिया वा भाव; पह्लाइ।

पलाइ–ना० [पाल्+आइ] पाल्ने किसिम, क्रिया वा भाव।

पलाइनु–स० क्रि० [पलाउ+आइ+नु] पह्लाइनु; ('पलाउनु'-को क० क्रि०)।

पलाउनु–अ० क्रि० [पह्लाउ] पह्लाउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

पलाण्डु–ना० [सं०] प्याज।

पलान्न–ना० [सं०] पुलाउ।

पलापिनु–अ० क्रि० [सं० प्रलाप+इ+नु] मात्तिनु; पात्तिनु; सर-सल्लाहमा नआउनु।

पलाप्याइ–ना० [पलापि+याइ] पलापिने किसिम, क्रिया वा भाव।

पलायक–वि० [सं०] भाग्ने; भगुवा।

पलायन–ना० [सं०] डराएर भाग्नु; सुइँकुच्चा ठोक्नु।

पलायनवाद–ना० [सं० पलायन+वाद] १. गाह्रो-साङ्ग्रो परिआएका बखतमा आफ्नो सिद्धान्तमा स्थिर रही त्यसको मुकाबिला नगर्ने वा पलायन गर्ने सिद्धान्त। २. संसारका वास्तविक समस्यासित द्वन्द्व गरीतिन लाई जित्ने साहस नदेखाएर समस्या वा संसारबाट भागेर कुनै सुखद काल्पनिक स्थितिमा पुग्ने आकाङ्क्षा गर्ने एक साहित्यिक सिद्धान्त।

पलायनवादी–वि० [पलायनवाद+ई] पलायनवादको अनुयायी।

पलायमान–वि० [सं०] भागिरहेको।

पलायित–वि० [सं०] भागेको; सुइँकुच्चा ठोकेको; भगुवा।

पलायी–वि० [सं०] डराएर भाग्ने; भगुवा।

पलाल–ना० [सं०] गेड़ा झारेको धानको सुकेको बोट; पराल।

पलाश–ना० [सं०] १. सुगाका ठुँडाका आकारका फूल फुल्ने, कोइरालाका जस्ता पात हुने, लामा खैरा रङ्गका फल फल्ने एक जातको बोट; पलाँस; किंशुक। (यो रातो, सेतो, पहेँलो र नीलो फूल फुल्ने चार प्रकारका हुन्छन्।) २. त्यसैको फूल। ३. बोट-बिरुवाको पात; पत्र। ४. राक्षस। ५. काठको नरम वा कलिलो भाग।

पलाशी–ना० [सं०] पुरनी लहरो।

पलिक्नी–ना० [सं०] १. कपाल सेतै भई फुलेकी बूढ़ी स्त्री। २. पहिलो बेत बियाउन गर्भिणी भएकी गाई।

पलित–वि० [सं०] १. बूढ़ो; वृद्ध। २. फुलेको; सेतो (रौँ वा कपाल)।

पलिसा–ना० [पलेसो] बदला; सट्टा।

पलिसी–ना० [अं० पॅलिसी] १. नीति। २. झूटो वा अप्रिय कुरोलाई पनि युक्तिपूर्वक आफूलाई अनुकूल पर्ने गरी भन्नु वा गर्नु। ३. पुलस्त्याइँ।

पलुवा–वि० [पाल्+उवा] पालेको; पालिएको।

पलुवो–ना० [ने०] तिहुन-तरकारीको झोल बाक्लो पार्नाका निम्ति हालिने पीठो, मसला आदि।

पलेँटी–ना० [सं० पर्यस्ति] पद्मासनजस्तो एक प्रसिद्ध र प्रचलित आसन; ब्रह्मासन।

पलेँटो–ना० [सं० फलक] जाँतो, घट्ट आदिको एउटा फलक; पग्ल्याँटो।

पलेसो–ना० [ने०] बदला; सट्टा; हर्जाना।

पलौनी–ना० [पाल्+औनी] गाई-वस्तु पालेबापत पाल्नेलाई पशुका धनीले दिने खर्च।

पल्कनु–अ० क्रि० [सं० परिचयन] १. खान-पिउनमा वा कुनै काम-कुरो गर्नमा लोभिएर वार-वार लागिपर्नु; लोभिनु। २. एक चोटि लाभ उठाइसकेका काममा वार-वार लाग्न इच्छुक हुनु। ३. लहसिनु; आसक्त हुनु।

पल्काइ–ना० [पल्क+आइ] पल्कने किसिम, क्रिया वा भाव; पल्क्याइ।

पल्काइनु–स० क्रि० [पल्काउ+आइ+नु] पल्कन लाइनु; ('पल्काउनु'-को क० क्रि०)।

पल्काउनु–स० क्रि० [पल्को+आउ+नु] पल्कन लाउनु; लोभ्याउनु; ('पल्कनु'-को प्रे० क्रि०)।

पल्किनु–अ० क्रि० [पल्क+इ+नु] १. पल्कनु। २. पल्कने होइनु; ('पल्कनु'-को भा० क्रि०)।

पल्क्याइ–ना० [पल्कि+याइ] पल्किने किसिम, क्रिया वा भाव; पल्काइ।

पल्क्याहट–ना० [पल्कि+याहट] पल्किने किसिम, क्रिया वा भाव; पल्क्याइ।

पल्ट–ना० यो० [पटक] १. पटक; चोटि; फेर। (क्रि०यो०) २. अरू शब्दका पछि लागेर मौका, अवसर आदिको अर्थ बुझाउने शब्द। (उदा०–भोलिपल्ट, उसपल्ट आदि।)

पल्टन–ना० [अं० प्लेटून] १. सेनाको कम्पनीभन्दा सानो विभाग। २. सेना; फौज।

पल्टनबाजी–ना० [पल्ट+बाजी] १. टाउकाले टेकेर पल्टने काम। २. उल्टिने काम; पल्टा खाने काम। ३. गुड्ने काम; बल्डचाङ।

पल्टनिया–वि० [पल्टन+इया] १. पल्टन-सम्बन्धी; फौजी। (ना०) २. फौजी जवान; सिपाही; सैनिक।

पल्टनु–अ० क्रि० [पलट+नु] १. लेट्नु; सुत्नु। २. ढल्नु; लड्नु। ३. पल्टा खानु। ४. उल्टिनु; फर्कनु। ५. कोल्टो फर्कनु। ६. गुड्नु।

पल्टा–ना० [प्रा० पलट्ट] १. पलट; पल्टचाङ। २. सङ्गीतमा तानको एक टुक्रो; तानका स्वरहरूलाई क्रमशः एक, दुइ, तीन आदि स्वरमा पुऱ्याउँदै फेरि पल्टेर वा फर्केर अगिल्ला वा पछिल्ला एक-एक वा अनेक स्वरलाई क्रमशः छोड्दै र क्रमैले अन्य स्वरहरूलाई गाँस्दै गाउनु वा बजाउनु। (स्वरका यस्ता क्रमिक घटी-बढ़ीले गर्दा जम्मा ५०४० पल्टाका रूप हुन जान्छन्।)

पल्टाइ–ना० [पल्ट+आइ] पल्टने किसिम, क्रिया वा भाव।

पल्टाइ–ना० [पल्टाउ+आइ] पल्टाउने किसिम, क्रिया वा भाव।

पल्टाइनु–स० क्रि० [पल्टाउ+आइ+नु] पल्टन लाइनु; ('पल्टाउनु'-को क० क्रि०)।

पल्टाउनु–स० क्रि० [पल्ट+आउ+नु] १. फर्काउनु; उल्टाउनु। २. सुताउनु; लेटाउनु। ३. ढाल्नु; लड़ाउनु। ४. कोल्टो फर्काउनु; पल्टा खुवाउनु। ५. गुड़ाउनु।

पल्टिनु–अ० क्रि० [पल्ट+इ+नु] १. पल्टनु। २. पल्टने होइनु; ('पल्टनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

पल्टयाइ–ना० [पल्टि+याइ] पल्टिने किसिम, क्रिया वा भाव।
पल्टयाङ–ना० [पल्टा] पल्टा; पलट; बल्डयाङ।
पल्टयाहट–ना० [पल्टि+याहट] पल्टिने किसिम, क्रिया वा भाव; पल्टयाइ।
पल्यङ्क–ना० [सं०] १. पलङ्ग; खाट। २. बिछयाउना; शय्या।
पल्ययन–ना० [सं०] काठी।
पल्याक-पुलुक–क्रि० यो० [अनु०] डर, उत्सुकता, आकाङ्क्षा आदिले यता-उति हेर्ने किसिम।
पल्लव–ना० [सं०] १. नयाँ निस्केको पात; कमलो पात; पालुवा। २. हातमा लाउने बाला; कङ्कण। ३. कामुक; लम्पट।
पल्लव-ग्राहिता–ना० [सं०] कुनै विषयको अत्यन्त साधारण ज्ञान।
पल्लव-ग्राही–वि० [सं०] कुनै विषयमा पूर्ण ज्ञान नभएको; अपूरो जानकारी भएको; केवल बाहिरी वा मोटा-मोटी ज्ञान भएको।
पल्लव-ग्राही-पाण्डित्य–ना० [सं०] १. कुनै विषयमा भएको अपूरो ज्ञान; कुनै विषयको बाहिरी वा मोटा-मोटी जानकारी। २. टपरटुइयाँ ज्ञान।
पल्लवाङ्कुर–ना० [सं०] १. शाखा; हाँगो। २. नयाँ निस्केको पालुवाको टुसो।
पल्लवित–वि० [सं०] १. नयाँ पात लागेको; पालुवा चढेको। २. लहलहाउँदो। ३. विस्तृत; विशाल। ४. रोमाञ्च भएको; रोमाञ्चित।
पल्लवी–वि० [सं०] १. नयाँ पालुवा चढेको; पल्लव लागेको। (ना०) ३. वृक्ष; रूख।
पल्ला–ना० [सं० पल्लव] १. सिरक, डसना आदि मोहोर्ने कपड़ा। २. धोक्रो सिउने टाटजस्तो कपड़ाको टुक्रो।
पल्ला–ना० [पला] १. तराजूको डन्डीका दुइ टुप्पामा झुन्डिएको, ढक वा तौलिने वस्तु राखिने भाँड़ो; पला। २. ढोकाको खापा; द्वार।
पल्लि–ना० [सं०] पल्ली।
पल्लिका–ना० [सं०] पल्ली।
पल्लिवाह–ना० [सं०] अर्थुङ्गे घाँस।
पल्ली–ना० [सं०] १. सानो गाउँ। २. छाप्रो; झुपड़ी। ३. माउसुली। ४. एक जातको लता।
पल्लो–वि० [पर+ल्लो] १. परको; टाढाको; परतिरको। २. अर्को; अरू।
पल्लो-किरात–ना० [पल्लो+किरात] नेपालका पूर्वी भागमा रहेका धनकुटा, म्याङलुङ, चैनपुर, ताप्लेजुङ आदि बस्ती-सहितको एक इलाका।
पल्वल–ना० [सं०] सानो पोखरी; सानो जलाशय।
पवटा–ना० [नें०] भित्र चाँवल नभएको सग्लो धान; फोस्रो धान; डाम्रो धान।
पवन–ना० [सं०] १. हावा; वायु; समीर। २. सास; श्वास। ३. प्राण-वायु। ४. शुद्धि; सफाइ। (वि०) ५. शुद्ध; पावन।
पवन-चक्र–ना० [सं०] हावाको भुमरी; चक्र-वात।
पवन-पुत्र–ना० [सं०] १. हनुमान। २. भीमसेन।
पवन-व्याधि–ना० [सं०] वात-रोग; बाथ।
पवनाशन–ना० [सं०] सर्प; साँप।
पवमान–ना० [सं०] १. हावा; पवन। २. गार्हपत्य-अग्नि।
प-वर्ग–ना० [सं०] प, फ, ब, भ तथा म-यी पाँच वर्ण; 'प'-देखि 'म'-सम्मका वर्णको समुदाय।
पवल–वि० [प्रा०] धेरै; प्रशस्त; पर्याप्त; यथेष्ट।
पवारी–ना० [नें०] एक जातको झार।
पवि–ना० [सं०] १. वज्र; कुलिश। २. बिजुली (आकाशमा चम्कने)।
पवित–वि० [सं०] १. शुद्ध गरिएको; शोधित। (ना०) २. मरीच। ३. खुर्सानी।
पवित्र–वि० [सं०] १. फोहर-मैला नभएको; निर्मल; स्वच्छ। २. शुद्ध; पुनीत। (ना०) ३. श्राद्धमा प्रयोग गरिने कुशका तीन त्यान्द्राको ग्रन्थि।
पवित्रता–ना० [सं०] पवित्र हुनाको भाव; विशुद्धि; स्वच्छता।
पवित्र-धान्य–ना० [सं०] जौ।
पवित्रा–ना० [सं०] १. तुलसी। २. पीपल। ३. हलेदो। ४. श्रावण शुक्ल एकादशी।
पवित्रात्मा–वि० [सं०] १. आत्मा पवित्र भएको; अन्तःकरण शुद्ध भएको; शुद्धात्मा।
पवित्रित–वि० [सं०] पवित्र पारिएको; शुद्ध पारिएको।
पवित्री–वि० [सं०] १. पवित्र पार्ने; शुद्ध पार्ने। २. शुद्ध; निर्मल।
पवैं–ना० [सं० उपोदकी] पानका जस्ता नरम पात हुने, कलेजी रङ्गका फूल फुल्ने उपोदकी-जातको एक लता। (यसको तरकारी प्रायः ऋषि-पञ्चमी का दिन व्रतीले खान्छन्।)
पशम–ना० [फा० पश्म] १. नरम असल जातको ऊन; पश्म। २. उपस्थको रौं। ३. साह्रै तुच्छ वस्तु।
पशमीना–ना० [फा० पश्मीना] पश्मीना।
पशव्य–वि० [सं०] १. पशुका निमित्त उपयुक्त। २. पशु-सम्बन्धी; पाशविक।
पशु–ना० [सं०] १. चार खुट्टा हुने पुच्छर भएको जन्तु; चौपाया; जनावर। २. बलि दिइने जनावर। ३. मूर्ख; विवेक-हीन व्यक्ति। ४. जीव; प्राणी।
पशु-कर्म–ना० [सं०] १. यज्ञमा गरिने पशुको बलिदान। २. मैथुन।
पशु-गायत्री–ना० [सं०] बलि दिइने पशुका कानमा सुनाउने एक मन्त्र।
पशु-घात–ना० [सं०] १. बलिमा पशुको वध गर्नु। २. पशुका हत्या।

CC-0. In Public Domain. Digitization by eGangotri

पशु-चर—ना० [सं०] १. पशुहरू चर्ने ठाउँ; गौ-चर। २. पशुहरूले चर्ने घाँस।

पशु-चर्या—ना० [सं०] १. पशुको जस्तो निर्लज्ज व्यवहार। २. मैथुन।

पशु-चिकित्सक—ना० [सं०] पशुहरूको चिकित्सा गर्ने व्यक्ति; पशु-वैद्य।

पशु-चिकित्सा—ना० [सं०] १. पशुहरूको चिकित्सा गर्ने विषय भएको शास्त्र। २. पशुहरूको उपचार गर्ने काम।

पशु-चिकित्सालय—ना० [सं०] पशुहरूको औषधि गर्ने ठाउँ; पशुको अस्पताल।

पशुता—ना० [सं०] पशु हुनाको भाव; पशुत्व।

पशुत्व—ना० [सं०] पशुपन; पशुता।

पशु-पति—ना० [सं०] १. काठमाडौंमा रहेको एक प्रसिद्ध शिवको मूर्ति। २. शिव; महादेव।

पशु-पालक—ना० [सं०] पशुहरू पालेर जीविका गर्ने व्यक्ति; पशु पाल्ने पेशा भएको मानिस।

पशु-पालन—ना० [सं०] जीविकाको निमित्त पशु पाल्ने काम; पशु पाल्ने पेशा।

पशु-पाश—ना० [सं०] १. पशुरूपी जीवहरूको बन्धन। २. बलि दिइने पशुलाई बाँध्ने डोरी।

पशुबन-सर्पन—ना० [सं० पशुवत्+सरण्ड] पोइल गएकी स्वास्नीलाई फर्काई ल्याएर फेरि स्वास्नी तुल्याई राख्ने लोग्नेलाई लाग्ने दण्ड।

पशु-भाव—ना० [सं०] पशुत्व; पाशविकता।

पशु-यज्ञ—ना० [सं०] पशुकोबलि दिएर गरिने यज्ञ।

पशु-राज—ना० [सं०] सिंह।

पशु-वाक्य—ना० [सं०] १. मनको कुरो; व्यक्त नगरिएको कुरो। २. पशु, पक्षीहरूको वाणी।

पशु-वैद्य—ना० [सं०] पशु-चिकित्सक।

पश्चात्—क्रि० यो० [सं०] १. पछिबाट; भविष्यमा। २. आखिरमा; अन्ततोगत्वा। ३. पश्चिमबाट; पश्चिमतिर।

पश्चात्ताप—ना० [सं०] आफूले गरिसकेका कार्यबाट उत्पन्न हुने मानसिक खेद; पछुतो; थकथकी।

पश्चात्तापी—वि० [सं०] पछुतो गर्ने; पश्चात्ताप गर्ने।

पश्चार्द्ध—ना० [सं०] १. पछिल्लो आधा भाग। २. पश्चिमी भाग।

पश्चार्ध—ना० [सं०] पश्चार्द्ध।

पश्चिम—वि० [सं०] १. सबभन्दा पछिको; पछिल्लो। २. अन्तिम; आखिरी। (ना) ३. सूर्य अस्ताउन दिशा; पूर्वको विपरीत दिशा; पच्छिम।

पश्चिम-एक (१)-नम्बर—ना० [पश्चिम+एक+नम्बर] पच्छिम-एक (१)-नम्बर।

पश्चिम-क्रिया—ना० [सं०] अन्त्येष्टि क्रिया; और्ध्वदेहिक।

पश्चिम-चार (४)-नम्बर—ना० [पश्चिम+चार+नम्बर] पच्छिम-चार (४)-नम्बर।

पश्चिम-तीन (३)-नम्बर—ना० [पश्चिम+तीन+नम्बर] पच्छिम-तीन (३)-नम्बर।

पश्चिम-दुइ (२)-नम्बर—ना० [पश्चिम+दुइ+नम्बर] पच्छिम-दुइ (२)-नम्बर।

पश्चिमा—ना० [सं०] १. पच्छिम; पश्चिम। (वि०) २. पश्चिम दिशा-सम्बन्धी; पच्छिमको; पश्चिमी। ३. पश्चिम दिशामा रहने; पश्चिमे; पच्छिमा।

पश्चिमाचल—ना० [सं०] पुराणअनुसार सूर्य अस्ताउने पर्वत; अस्ताचल।

पश्चिमाञ्चल—ना० [सं०] १. पश्चिमपट्टिको छेउ; पश्चिमी सिमाना। २. पश्चिमतिरको क्षेत्र।

पश्चिमार्द्ध—ना० [सं०] पछिल्लो आधा भाग; पछिको आधा हिस्सा।

पश्चिमार्ध—ना० [सं०] पश्चिमार्द्ध।

पश्चिमी—वि० [पश्चिम+ई] १. पश्चिम दिशाको; पश्चिमा। २. यूरोपीय; यूरोप-सम्बन्धी।

पश्चिमे—वि० [पश्चिम+ए] पश्चिमा।

पश्चिमोत्तर—वि० [सं०] पश्चिम र उत्तर दिशाका बीचमा रहेको दिशाको; वायव्य कोणको।

पश्चिमोत्तरा—ना० [सं०] उत्तर र पश्चिम दिशाका बीचको दिशा; वायव्य कोण; एक उपदिशा।

पश्म—ना० [फा०] १. दोसल्ला, गल-बन्दी आदि बनाउने असल जातको नरम ऊन; च्याङ्ग्राको भूवा। २. उपस्थको रौं; पशम। ३. ज्यादै तुच्छ वस्तु।

पश्मीना—ना० [फा० पश्मीनः] १. दोसल्ला, गल-बन्दी आदि बनाउने असल जातको मुलायम भूवा वा ऊन; पश्म। २. त्यसबाट बनेको कपड़ा।

पश्यतोहर—वि० [सं०] देखादेखी कुनै वस्तु चोर्ने।

पश्यन्ती—ना० [सं०] १. मूलाधारबाट उठेर हृदयमा पुग्ने नादको अवस्था वा स्वरूप। २. वेश्या।

पसन्द—ना० [फा०] १. इच्छा; रुचि। (वि०) २. मन परेको; इच्छा लागेको।

पसर—ना० [प्रा०] १. औंलाहरू एक साथ खुम्च्याई बनाएको हत्केलाको खाल्टो। (वि०) २. त्यसमा अटाउने परिमाणको (वस्तु)।

पसल—ना० [नेवा० पसः] माल-मत्ताहरू बिक्री हुने ठाउँ; दुकान।

पसले—ना० [पसल+ए] पसल थाप्ने व्यक्ति; पसलको धनी; दुकानदार; व्यापारी।

पसाँगिनु—अ० क्रि० [सं० प्रस्नित+इ+नु] १. काठहरू घाम, हावा आदिले सुकेर खुम्चिनु; सुकेर साँघुरिनु; पसाङ्ग्रिनु। २. काठहरू सुकेर बाङ्गो हुनु; टेढ़िनु; त्रिपट हुनु।

पसाँग्याइ—ना० [पसाँगि+याइ] पसाँगिने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

पसाइ–ना० [पस्+आइ] पस्ने किसिम, क्रिया वा भाव।

पसाइ–ना० [पसाउ+आइ] पसाउने किसिम, क्रिया वा भाव; घुसाइ।

पसाइ–ना० [पसाउ+आइ] पसाउने किसिम, क्रिया वा भाव; बाला, घोगा आदि निस्कने किसिम।

पसाइनु–स० क्रि० [पसाउ+आइ+नु] पस्न लाइनु; ('पसाउनु'-को क० क्रि०)।

पसाइनु–अ०क्रि०[पसाउ+आइ+नु] भातबाट माड़ काढ़िनु; ('पसाउनु'-को क० क्रि०)।

पसाइनु–स० क्रि० [पसाउ+इ+नु] पस्न लाइनु; ('पसाउनु'-को भा० क्रि०)।

पसाउनु–अ० क्रि० [सं०पष्+आउ+नु] भातबाट माड़ काढ्नु।

पसाउनु–स० क्रि० [पस्] १. भित्र पठाउनु; छिराउनु; घुसार्नु; ('पस्नु'-को प्र० क्रि०)। २. सम्मिलित गराउनु; समेल गराउनु।

पसाउनु–अ० क्रि०[प्रा०पसवइ+नु] १. अन्नका बोटमा बाला, घोगा आदि निस्कनु; बाला लाग्नु। २. अन्नका बाला-भित्र गेड़ा उत्पन्न हुनु।

पसाङ्गिनु–अ० क्रि० [पसाँगि] पसाँगिनु।

पसाङ्ग्र्याइ–ना० [पसाङ्ग्रि+याइ] पसाङ्ग्रिने किसिम, क्रिया वा भाव; मसाङ्ग्र्याइ।

पसाङ्ग्रिनु–अ० क्रि० [सं० प्रसृ] १. घाउ, खटिराहरूबाट पीप, पानी आदि निस्कन छोड्नु; मसाङ्ग्रिनु। २. सेप्रो हुनु; चाउरिनु। ३. पसाँगिनु।

पसाङ्ग्याइ–ना० [पसाङि+याइ] पसाङिने किसिम, क्रिया वा भाव; पसाँग्याइ।

पसानी–ना० [सं० प्र+स्विद्] १. जमीनबाट पानी रसाउनु; पानी उम्रनु। २. कुनै ठोस वा घन पदार्थमा मिलेको द्रव पदार्थ गर्मी वा अरू कुनै कारणले रसाएर बाहिर निस्कनु।

पसाराइ–ना० [पसार्+आइ] पसार्ने वा पसारिने किसिम, क्रिया वा भाव।

पसारिनु–अ० क्रि० [पसार्+इ+नु] १. सुत्नु; लेट्नु; लमतन्न भएर तेर्सिनु; ('पसार्नु'-को भा० क्रि०)। २. पसार्ने काम गरिनु; ('पसार्नु' -को क० क्रि०)।

पसारो–वि० [पसार्] १. जता-ततै छरिएको; यता-उति फिँजिएको; छिरलो। २. सह्यालिनसक्नु।

पसार्नु–स० क्रि० [प्रा० पसार+नु] १. फैलाउनु; फिँजाउनु। २. सुताउनु; लड़ाउनु। ३. ढाल्नु। ४. तेर्स्याउनु।

पसार्याइ–ना० [पसारि+याइ] पसारिने किसिम, क्रिया वा भाव।

पसार्याहट–ना० [पसारि+याहट] पसारिने किसिम, क्रिया वा भाव; पसार्याइ।

पसालाइ–ना० [पसाल्+आइ] पसाल्ने किसिम, क्रिया वा भाव; पसाइ।

पसालिनु–स० क्रि० [पसाल्+इ+नु] घुसारिनु; ('पसाल्नु'-को क० क्रि०)।

पसाल्नु–स० क्रि० [पस्+आल्+नु] १. पसाउनु; घुसाउनु; हुल्नु; घुसार्नु। २. कोच्नु; खाँदनु।

पसिनु–स० क्रि० [पस्+इ+नु] भित्र गइनु; ('पस्नु'-को क० क्रि०)।

पसीना–ना० [सं० प्रस्वेद] १. गर्मी वा परिश्रमले शरीरबाट निस्कने पानी; प्रस्वेद। २. बाफबाट निस्केको पानी।

पसेरी–ना० [पाँच+सेर+ई] १. पाँच सेरको तौल; मनको आठौं भाग। २. पाँच सेरको ढक।

पस्कनु–स० क्रि० [सं० परिवेषण+नु] पाकेको खानेकुरो खानका निमित्त थाल आदिमा हाल्नु; रच्नु।

पस्काइ–ना० [पस्क+आइ] पस्कने किसिम, क्रिया वा भाव।

पस्काइनु–स०क्रि० [पस्काउ+आइ+नु] पस्कन लाइनु; ('पस्काउनु'-को क० क्रि०)।

पस्काउनु–स० क्रि० [पस्क+आउ+नु] पस्कन लाउनु; ('पस्कनु'-को प्रे० क्रि०)।

पस्किनु–स० क्रि० [पस्क+इ+नु] पस्कने काम गरिनु; ('पस्कनु'-को क० क्रि०)।

पस्टन–ना० [सं० शपथ] किरिया; शपथ; कसम।

पस्नु–स० क्रि० [प्रा० पसवइ+नु] १. भित्र जानु; छिर्नु; घुस्नु; प्रवेश गर्नु। २. सामेल हुनु; सम्मिलित हुनु। ३. फस्नु; अल्झिनु।

पस्यौटो–ना० [पस्+औटो] टाँकवा घुंड़ी छिराउन लुगामा बनाइएको प्वाल।

पस्रनु–अ० क्रि० [सं० प्रसृ+नु] १. पसारिनु; लम्पसार पर्नु; सुत्नु। २. शरण पर्नु; पाउ पर्नु।

पस्राइ–ना० [पस्रि+आइ] पस्रिने किसिम, क्रिया वा भाव।

पस्रिनु–अ० क्रि० [पस्र+इ+नु] पस्रनु।

पस्र्याइ–ना०[पस्रि+याइ] पस्रिने किसिम, क्रिया वा भाव; पस्राइ।

पस्र्याहट–ना० [पस्रि+याहट] पस्रिने किसिम, क्रिया वा वा भाव; पस्र्याइ।

पहर–ना० [प्रा०] १. अहोरात्रको आठौं भाग; तीन घण्टाको समय; प्रहर। २. पहार।

पहरा–ना० [सं० प्रहर] १. कुनै वस्तु वा व्यक्तिका रेख-देख, रक्षा आदिका निमित्त अथवा त्यसलाई निर्दिष्ट स्थानबाट अन्त जान नदिनाका निमित्त मानिस नियुक्त गर्ने काम। २. रखवारी; निगरानी; देख-रेख।

पहरी–ना० [ने०] डाला, नाङ्ला आदि बुन्ने पेशा गर्ने, पहाड़ी प्रान्तमा बस्ने एक जाति।

पहरी–वि० [प्रा०] प्रहर-प्रहरमा पालो बस्ने; प्रहरी।

पहरदार–ना० [पहरा+दार] पहरेदार।

पहरेदार–ना० [पहरा+दार] पहरा दिने व्यक्ति; निगरानी गर्ने पाले।

CC-0. In Public Domain. Digitization by eGangotri

पहरो–ना० [सं० प्रस्तर] १. ठाडो र अग्लो पत्थरिलो भीर; पहिरो। २. ठाकुरो।

पहल–ना० [पहर] कुनै काम गर्ने ठीक अवसर; मौका।

पहलमान–ना० [फा० पहलवान] पहलवान।

पहलमानी–ना० [फा० पहलवानी] पहलवानी।

पहलवान–ना० [फा०] १. कुश्ती खेल्ने कसरती व्यक्ति; मल्ल। २. हृष्ट-पुष्ट र बलवान् व्यक्ति।

पहलवानी–ना० [फा०] १. कुश्ती खेल्ने काम वा पेशा; मल्ल-वृत्ति। २. पहलवान हुनाको भाव।

पहलिया–वि० [पहल+इया] १. मौकाअनुसार काम गर्न जान्ने; पहल जान्ने; अवसरवादी। २. आफ्नो अनुकूल दाउ पर्ने गरी पासा हान्न जान्ने।

पहाड़–ना० [सं० पाषाण] १. जमीनको सतहभन्दा धेरै माथिसम्म उठेको माटो, पत्थर आदिको प्राकृतिक थुप्रो; पर्वत; डाँड़ो। २. कुनै वस्तुको ठूलो थुप्रो; रास। ३. अति कठिन काम; दुष्कर कार्य।

पहाड़ा–ना० [सं० प्रस्तार] कुनै अङ्कका गुणन-फलको क्रमिक सूची; दुनोट।

पहाड़िया–वि० [पहाड़+इया] १. पहाड़-सम्बन्धी; पर्वतिया। २. पहाड़मा रहने वा हुने; पहाड़ी।

पहाड़ी–वि० [पहाड़+ई] पहाड़िया।

पहाड़े–वि० [पहाड़+ए] पहाड़ी; पर्वते।

पहार–ना० [पहर] १. घाम। २. घामको ताप; सूर्यबाट आउने तातोपन।

पहारिलो–वि० [पहार+इलो] १. पहार लाग्ने; घाम लाग्ने। २. न्यानो; रापिलो (घाम)।

पहिचान–ना० [सं० प्रत्यभिज्ञान] १. चिह्ना-जानी; परिचय। २. कुनै वस्तुको गुण, मूल्य आदि जान्ने काम; पारख। ३. जाँच-बुझ।

पहिचानिनु–स० क्रि० [पहिचान्+इ+नु] पहिचान गरिनु; ('पहिचान्नु'-को क० क्रि०)।

पहिचान्नु–स० क्रि० [पहिचान+नु] १. चिन्नु; पहिचान गर्नु। २. पारख गर्नु; ताड्नु।

पहिया–ना० [प्रा० पह्य] पाङ्ग्रो; चक्र।

पहिरन–ना० [सं० परिधान] लुगा, गहना आदि लाउने काम; पहिरने काम; परिधान।

पहिरनु–स० क्रि० [पहिरन] १. शरीरमा लुगा, गहना आदि लाउनु; वस्त्र वा आभूषण धारण गर्नु। २. भिर्नु।

पहिराइ–ना० [पहिर+आइ] पहिरने किसिम, क्रिया वा भाव।

पहिराइ–ना० [पहिराउ+आइ] पहिराउने किसिम, क्रिया वा भाव।

पहिराइनु–स० क्रि० [पहिराउ+आइ+नु] पहिरन लाइनु; ('पहिराउनु'-को क० क्रि०)।

पहिराउनु–स० क्रि० [पहिर+आउ+नु] पहिरन लाउनु; ('पहिरनु'-को प्रे० क्रि०)।

पहिरिनु–स० क्रि० [पहिर+इ+नु] वस्त्र वा आभूषण धारण गरिनु; ('पहिरनु'-को क० क्रि०)।

पहिरो–ना० [पहरो] १. पहाड़ भत्केर बनेको भीर; पहरो। २. पहाड़ भत्केर खसेको ढुङ्गा, माटो आदिको समूह।

पहिला–वि० [पहिलो] पहिलो।

पहिला-दर्जाका-कारिन्दा–ना० [पहिला + दर्जा + का + कारिन्दा] राइटर, मुखिया, बिचारीसरहको एक सरकारी दर्जा; सिनियर-क्लर्क।

पहिलिनु–अ० क्रि० [पहिल्याउ] १. फेला पर्नु; भेटिनु। २. चिनिनु।

पहिली–वि० [पहिलो+ई] प्रथम; अगिकी (स्त्री)।

पहिले–क्रि० यो० [पहिलो+ए] १. अगि; शुरूमा। २. उहिले; प्राचीन कालमा। ३. अगाड़ि।

पहिलो–वि० [प्रा०] १. गणनाका क्रमले एकको स्थानमा पर्ने; शुरूको; अगिल्लो; प्रथम। २. कुनै प्रतिस्पर्धामा सर्वप्रथम हुने।

पहिल्याइ–ना० [पहिलि+याइ] पहिलिने किसिम, क्रिया वा भाव।

पहिल्याइ–ना० [पहिल्याउ+आइ] पहिल्याउने किसिम, क्रिया वा भाव।

पहिल्याउनु–स० क्रि० [पहिचान्] १. फेला पार्नु; भेट्टाउनु। २. चिन्नु; पहिचान्नु।

पहिल्यै–क्रि० यो० [पहिले+ऐ] पहिले नै; अघि नै।

पहुँच–ना० [प्रा० पहूच] १. कुनै व्यक्ति वा वस्तु कतै पुग्नु। २. कुनै ठाउँसम्मको गमन। ३. कुनै व्यक्ति वा वस्तु पुगेको सूचना। ४. कुनै ठाउँ वा विषयसम्म पुग्ने शक्ति; गति; प्रवेश। ५. कुनै कुरो राम्ररी बुझ्ने शक्ति। ६. चिन-जान; परिचय।

पहुँचनामा–ना० [पहुँच+नामा] पठाएको व्यक्ति वा वस्तु नियत स्थानमा पुगेको प्रमाणस्वरूप प्राप्त हुने रसीद; पहुँच।

पहुँचनु–अ० क्रि० [पहुँच] पठाएको वस्तु वा मानिस नियत स्थानमा पुग्नु; दाखिल हुनु।

पहुँचाइ–ना० [पहुँच+आइ] पहुँचने किसिम, क्रिया वा भाव।

पहुँचाइ–ना० [पहुँचाउ+आइ] पहुँचाउने किसिम, क्रिया वा भाव।

पहुँचाउनु–स० क्रि० [पहुँच+आउ+नु] पुग्ने गराउनु; पुऱ्याउनु।

पहेँलपित्त–ना० [पहेँलो+पित्त] पित्त बिग्रेर सारा शरीर पहेँलो हुने रोग; कमल-पित्त; कामला।

पहेँलपुर–वि० [पहेँलो+पुर] सर्वत्र पहेँलो भएको; पहेँलाम्मे।

पहेँलाम्मे–वि० [सं० पीत+मय] पहेँलपुर।

पहेँलिनु–अ० क्रि० [पहेँलो+इ+नु] पहेँलो हुनु; पीत रङ्गको हुनु।

पहेँले–वि० [पहेँलो+ए] १. पहेँलो भएको; पहेँलो वर्णको।

CC-0. In Public Domain. Digitization by eGangotri

(ना०) २. सम्पूर्ण शरीर पहेँलो हुने एक रोग; कमल-पित्त।

पहेँलो–ना० [प्रा० पीअल] १. सुन, बेसार आदिको जस्तो रङ्ग; पीत। (वि०) २. त्यस्तो रङ्गको।

पहेँलो-अगरु–ना० [पहेँलो+अगरु] पहेँलो काठ हुने एक-जातको अगरु।

पहेँलो-केवड़ा–ना० [पहेँलो+केवड़ा] पहेँलो फूल र डाँठ हुने एक जातको केवड़ा।

पहेँलो-घाम–ना० [पहेँलो+घाम] सायङ्कालको ताप-हीन सूर्यको प्रकाश।

पहेँलो-चना–ना० [पहेँलो+चना] पहेँलो एक जातको चना; गौर-चणक; काबुली-चना।

पहेँलो-बलु–ना० [पहेँलो+बलु] छेउमा दाँत परेका, साना-साना पीपलका पातका आकारका पात हुने, पहेँलो फूल फुल्ने र साना-साना फल फल्ने एक जातको झार; महाबला। (आयुर्वेदमा यसको गुण धातु-सम्बन्धी रोगलाई फायदा गर्ने बताइएको छ।)

पहेँलो-मार्सी–ना० [पहेँलो+मार्सी] १. पहेँलो बोक्रा हुने एक उत्तम जातको धान। २. त्यसैको चामल।

पहेँलो-मुगी–ना० [पहेँलो+मुगी] शरद्-कालमा पाक्ने एक जातको मुगी।

पहेँलो-सहचर–ना० [पहेँलो+सहचर] पहेँलो फूल फुल्ने एक जातको सहचर बूटी।

पहेँलो-सूर्य-भक्ति–ना० [पहेँलो+सूर्य-भक्ति] पहेँलो फूल फुल्ने एक प्रकारको सूर्य-भक्ति।

पहेँल्याइ–ना० [पहेँल्याउ+आइ] पहेँल्याउने किसिम, क्रिया वा भाव।

पहेँल्याइ–ना० [पहेँलि+आइ] पहेँलिने किसिम, क्रिया वा भाव।

पहेँल्याइनु–स० क्रि० [पहेँल्याउ+आइ+नु] पहेँलो पारिनु; ('पहेँल्याउनु'-को क० क्रि०)।

पहेँल्याउनु–स० क्रि० [पहेँलो+याउ+नु] पहेँलो पार्नु; पहेँलो रङ्गको तुल्याउनु।

पहेली–ना० [सं० प्रहेलिका] १. भ्रमात्मक वा घुमाउरो किसि-मले दिएका लक्षणका आधारमा कुनै वस्तुको नाउँ वा उत्तर दिनुपर्ने जटिल शब्द वा वाक्य; उत्तर लुकेको प्रश्न; कूट; प्रहेलिका। २. हतपत बुझ्न नसकिने जटिल कुरो; कठिन समस्या।

पह्लाइ–ना० [पह्लाउ+आइ] पह्लाउने किसिम, क्रिया वा भाव।

पह्लाइनु–अ० क्रि० [पह्लाउ+आइ+नु] पालुवा हालिनु; ('पह्लाउनु'-को भा० क्रि०)।

पह्लाउनु–अ० क्रि० [सं० पल्लव+आउ+नु] १. पालुवा हाल्नु; पल्लवित हुनु; टुसाउनु; पलाउनु। २. घाउ, खटिरा आदिमा मासु भरिएर आउनु। ३. दुःखी अवस्था-बाट सुखी अवस्थातिर लाग्नु। ४. थकाइ हराएर शरीर तन्दुरुस्त वा स्वस्थ हुनु। ५. खुशी हुनु; प्रसन्न हुनु।

पाँगो–ना० [सं० पङ्क] १. बाढ़ीले बगाएर ल्याएको मसिनो मलिलो माटो। २. ईँट पार्दा साँचोमा लाउने फोस्रो मसिनो माटो।

पाँच–ना० [सं० पञ्च] १. चार र एकको योग-सङ्ख्या; ५-को अङ्क। (वि०) २. चार र एकका योग-सङ्ख्याको।

पाँच-अङ्गुले–ना० [पाँच+अङ्गुल+ए] १. हर्थ्याङ्गाका आका-रको एक बूटी; कर-ज्योड़ी। (वि०) २. पाँच अङ्गुलका परिमाणको। ३. पाँच वटा औँला हुने।

पाँच-औँले–ना० [पाँच+औँलो+ए] पाँच-अङ्गुले।

पाँच-तीन–ना० [पाँच+तीन] एक पासामा पन्जा, अर्कोमा दुवा र अर्कोमा पोटमात्र पर्दा हुने एक दाउ; पासामा आठको दाउ।

पाँच-सरकार–ना० [पञ्च+सरकार] नेपालका श्री५ महाराजा-धिराज।

पाँचौँ–वि० [पाँच+औँ] गणनाका क्रमले पाँचका सङ्ख्यामा पुगेको; पाँच सङ्ख्याको।

पाँजिनु–स० क्रि० [पाँज्+इ+नु] पाँजाहरू फिँजाइनु; ('पाँज्नु'-को क० क्रि०)।

पाँजो–ना० [पन्जा] बीउ, घाँस आदिको मुट्ठीभरको नबाँधेको मूठो।

पाँज्नु–स० क्रि० [पाँजो+आउ+नु] १. खेतमा धान आदिका बीउका पाँजाहरू फिँजाउनु; पाँद्नु। २. फैलाउनु; फिँजाउनु।

पाँड़े–ना० [सं० पाण्डय ?] ब्राह्मण र क्षत्रियहरूको एक थर वा वर्ग।

पाँड़े-कुरो–ना० [पाँड़े+कुरो] १. नाउँ नलिई कसैका उपर गरिने घोच-पेचका कुरा; छनक। २. आपसमा आदर वा अनादरका शब्दहरू प्रयोग नगरीकन गरिने कुरो।

पाँड़े-गाली–ना० [पाँड़े+गाली] नाउँ नतोकीकन कसैका उपर गरिएको गाली; आक्षेप।

पाँड़े-पजनी–ना० [पाँड़े+पजनी] योग्यायोग्यको विचार नगरी विशेषतः परिचित व्यक्तिहरूको मान-हानि हुने गरी गरिने पजनी।

पाँड़े-बोली–ना० [पाँड़े+बोली] पाँड़े-कुरो।

पाँती–ना० [सं० पङ्क्ति] लहर; लाम; पङ्क्ति।

पाँद्नु–स० क्रि० [पाँज्] पाँज्नु।

पाँसुलो–ना० [सं० पांसुल] गोड़ो; खुट्टो (निन्दा वा तुच्छ-ताको बोलीमा)।

पांशु–ना० [सं०] १. धूलो; धूलि। २. बालुवा। ३. गोबरको मल।

पांशुल–वि० [सं०] १. धूलो लागेको; धूलि-धूसर। २. अपवित्र; अशुद्ध। ३. लम्पट; व्यभिचारी। (ना०) ४. व्यभिचारी पुरुष।

CC-0. In Public Domain. Digitization by eGangotri

पांशुला–ना० [सं०] १. व्यभिचारिणी स्त्री; पुंश्चली। २. रजस्वला स्त्री। ३. पृथ्वी।

पांसु–ना० [सं०] पांशु।

पांसुल–ना० [सं०] पांशुल।

पांसुला–ना० [सं०] पांशुला।

पाइका–ना० [अं०] बाह्र प्वाइन्टको छाप्ने टाइप।

पाइखाना–ना० [फा० पायखाना] १. दिसा-पिसाब गर्ने ठाउँ वा घर; चर्पी। २. विष्ठा; मल।

पाइजामा–ना० [फा० पायजामः] १. ठूलठूला बाहुला हुने एक प्रकारको खुकुलो सुरुवाल। २. सुरुवाल।

पाइतो–ना० [पाइलो] १. आफ्नो घर छोड़ी अन्यत्र प्रस्थान गर्ने साइत। २. पर-देश जाने मानिस साइतमा आफू निस्कन नसक्दा ठीक साइतमा प्रस्थान गराइने जनै, सुपारी आदि माङ्गलिक वस्तु।

पाइन–ना० [पानी] १. हात-हतियार वा धातुका वस्तुहरू कड़ा पार्नका निमित्त चढ़ाइने पानी। २. सामर्थ्य; शक्ति।

पाइनु–स० क्रि० [पाउ+इ+नु] प्राप्त गरिनु; ('पाउनु'-को क० क्रि०)।

पाइप–ना० [अं०] १. पानी ल्याउने वा लैजाने फलाम, माटो आदिको नली; डूँड़। २. ढुङ्ग्रो। ३. चुरोट वा सुर्ती हालेर धूम्र-पान गर्ने सानो नलीजस्तो साधन।

पाइलो–ना० [सं० पाद-तल] १. पैतालो; पाद-तल। २. पैतालाको चिह्न; पैतालाको डाम। ३. कदम; फट्को।

पाइँ–ना० [पाइन] १. शक्ति; सामर्थ्य; ताकत। २. पाइन; पानी। ३. स्फूर्ति; ओज।

पाई–ना० [सं० पाद] १. भारतीय एक पैसाको तेस्रो भाग। २. वाक्य पूरा भएपछि दिइने ठाड़ो धर्को; पूर्ण-विराम चिह्न।

पाउ–ना० [सं० पाद] १. गोड़ो; खुट्टो; पाद। २. श्लोक वा पद्यको एक चरण। ३. चौथो भाग; चतुर्थांश। ४. बीस तोलाको तौल वा त्यति तौलने ढक। (वि०) ५. चार छटाक वा बीस तोलाका वजनको।

पाउजेब–ना० [फा० पाय+ज़ेब] घुँगुराहरू लागेको, स्त्री-जातिले पाउमा लाउने चाँदी, सुन आदिको एक प्रकारको गहना; नूपुर।

पाउडर–ना० [अं०] १. चेहरा वा शरीरको सौन्दर्य बढ़ाउनाका निमित्त घसिने एक प्रसिद्ध चूर्ण। २. धूलो; चूर्ण।

पाउ-दान–ना० [पाउ+दान (फा०)] १. पाउ राख्नाका निम्ति बनाइएको वस्तु वा स्थान। २. मेच, कुर्सी आदिका मनि पाउ राख्नाका निम्ति राखिने चौकी। ३. सवारीमा चढ्दा टेक्ने सवारीको अवयव। ४. गद्दर-पोश।

पाउनु–स० क्रि० [प्रा० पाउण+नु] १. कुनै वस्तु आफ्ना अधिकारमा हुनु; प्राप्त हुनु। २. हराएको वस्तु फेला पर्नु; भेट्टाउनु। ३. अनायास कुनै वस्तु फेला पर्नु। ४. सुख-दुःखको अनुभव गर्नु। ५. सक्नु; समर्थ हुनु। ६. जन्माउनु; पैदा गर्नु। ७. भोजन गर्नु; खाना खानु।

पाउन्ड–ना० [अं०] १. करीब आधा सेरको एक अङ्ग्रेजी तौल। २. बीस शिलिङ्गबराबर मूल्यको एक अङ्ग्रेजी मुद्रा।

पाउ-पोश–ना० [फा० पाय-पोश] जुत्ता; उपानह।

पाउरोटी–ना० [पुर्त०पाव+रोटी] एक प्रकारको खूब उक्सेको, खमीर हालेको रोटी।

पाउ-लागी–ना० [पाउ+लाग्+ई] ब्राह्मण-जातिलाई अरू जातिले गर्ने नमस्कार; ढोग।

पाउसो–ना० [ने०] एक जातको बूटी।

पाक–ना० [सं०] १. पकाउने क्रिया। २. पकाएको अन्न; पक्वान्न। ३. चासनीमा मिलाएर बनाइएको औषधि। ४. खाएको वस्तु पच्ने क्रिया; पाचन। ५. श्राद्धमा पिण्ड-दानका निमित्त पकाइएको खीर वा भात। ६ पाग। (वि०) ७. पाकेको; परिपक्व।

पाकपुक–ना० [ने०] १. हल्का किसिमले कुट-पिट गर्ने काम; पाट-पीट। २. हा-हो गरेर काम सिद्ध गर्नु; कामको तामेली।

पाकल-पुकल–ना० [ने०] १. भूईंमा हात राखी मुड्कीले हानी खेल्ने केटा-केटीको एक खेल। (वि०) २. हृष्ट-पुष्ट (बालक)।

पाक-शाला–ना० [सं०] खानेकुरो पकाउने ठाउँ वा घर; भान्सा।

पाकस्थली–ना० [सं०] खाएको वस्तु रहने, पेटभित्रको थैलो; पक्वाशय।

पाकिनु–अ० क्रि० [पाक्+इ+नु] पाक होइनु; ('पाक्नु'-को भा० क्रि०)।

पाकिस्तान–ना० [फा०] एशिया महाद्वीपमा रहेको, एक स्वतन्त्र देश। (यो भारतको पूर्व र पश्चिममा पर्ने गरी दुइ प्रदेशमा बाँड़िएको छ।)

पाकिस्तानी–वि० [फा०] १. पाकिस्तान देशको। २. पाकिस्तानमा रहने।

पाकुक–वि० [सं०] खानेकुरो पकाउने; पाचक।

पाकेट–ना० [अं० पॅकेट] जेब; गोजी; खल्ती।

पाकेट-मार–ना० [पाकेट+मार्] बगली-मारा; पाकेट-मारा।

पाकेट-मारा–ना० [पाकेट+मारा] बगली-मारा।

पाको–वि० [सं० पक्व] १. पाकेको; परिपाक भएको; परिपक्व। २. प्रौढ; बूढो। ३. अनुभवी; जानिफकार।

पाक्कपुक्क–ना० [पाकपुक] पाकपुक।

पाक्नु–अ० क्रि० [पाक+नु] १. पाक पुग्नु; परिपाक हुनु। २. फलहरू पुष्ट र नरम भई खान योग्य हुनु; परिपक्व हुनु। ३. घाउ, खटिरा आदिमा पीप भरिनु। ४. ज्याला, तलब आदि पाउने हुनु। ५. चित्त दुख्नु; पिरिनु। ६. मनुष्यका रौं सेता हुनु।

पाक्य–वि० [सं०] पकाउन योग्य; पकाउनुपर्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

पाक्षिक–वि० [सं०] १. पक्ष-सम्बन्धी; पक्षको। २. प्रत्येक पक्षमा प्रकाशित हुने (पत्र-पत्रिका आदि)।

पाखण्ड–ना० [सं०] १. वेद-विरुद्ध आचरण गर्ने व्यक्ति। २. देखावटी भक्ति; पूजा-पाठ आदिको आडम्बर; ढोँग। ३. छल; धोखा। ४. धूर्तता।

पाखण्डी–वि० [सं०] १. बनावटी धार्मिकता वा भक्ति देखाउने; ढोँगी; आडम्बर गर्ने। २. धोखेबाज; छली। ३. धूर्त।

पाखनभेद–ना० [सं० पाषाणभेद] पाषाणभेद।

पाखरी–ना० [सं० पाटली] तरवारका आकारका कलेजी रङ्गका फल फल्ने, सेता वा राता रङ्गका फूल फुल्ने, चाँपका जस्ता पात हुने एक जातको वृक्ष; पाडरी।

पाखानभेद–ना० [सं० पाषाणभेद] पाषाणभेद।

पाखा-बिर्ता–ना० [पाखो+बिर्ता] संवत् १९६२-मा सरकारबाट हरण गरी बाँकी रहेको बिर्ता।

पाखा-भित्ता–ना० [पाखो+भित्तो] १. घाँच; पहाड़को फेदी। २. डाँड़ोको छेउ-छाउ।

पाखी–ना० [नें०] धेरै भूवा उठेको, बाक्लो, खस्रो, ऊनी-ओढ्ने वस्त्र।

पाखुरी–ना० [पाखुरो+ई] १. सानो पाखुरो। २. रोटे-पीङमा बस्दा दुइ हातले समाउने ठाड़ो काठ।

पाखुरे–वि० [पाखुरो+ए] १. आफ्नै हातले काम गर्ने; आफ्ना बाहु-बलले जीविका गर्ने। २. मोहीले पनि खेती गर्न दिएको अर्को मोही; पाखुरे-मोही। ३. बलिया पाखुरा हुने।

पाखुरे-मोही–ना० [पाखुरे+मोही] मोहियानी हक भएका मोहीसँग मगनीमा जग्गा कमाउन लिने मोही; मोहीको पनि मोही।

पाखुरो–ना० [सं० प्रवेष्ट] हर्युङ्गामाथिदेखि कुमसम्मको हातको भाग; बाहु।

पाखे–वि० [पाखो+ए] १. असभ्य; गँवार; अशिष्ट। २. पाखोमा बस्ने; पाखोमा हुने; पाखो-सम्बन्धी।

पाखो–ना० [सं० पक्ष] १. भिरालो जग्गा; तेर्पे परेको जमीन। २. पानी नलाग्ने जग्गा; धानको खेती नलाग्ने जमीन। ३. पहाड़का फेदीको जग्गा; भित्तो। ४. पायक नपरेको; कोल्टो (ठाउँ)।

पाग–ना० [पगरी] १. सम्मानपूर्वक दिइएको वस्तु। २. पगरी।

पाग–ना० [सं० पाक] हलुवाई-रोटीहरू डुबाउनाका निमित्त चीनी पकाएको झोल वा लेदो; चासनी; पाक।

पागल–ना० [नें०] गदहाको बच्चो।

पागल–वि० [सं०] बहुलाहा; सनकी; विक्षिप्त।

पागलखाना–ना० [सं० पागल+खाना] पागलहरूलाई औषधि गर्नाका निमित्त राखिने घर वा ठाउँ।

पागलपन–ना० [पागल+पन] पागल हुनाको भाव; बहुलाहापन; विक्षिप्तता।

पागुर–ना० [सं० पुनर्गिलन] पशुहरूले पहिले निलिसकेको घाँस-पराल उकेलेर फेरि चपाउने काम; उग्राउने काम।

पाङ्क्त–वि० [सं०] पङ्क्ति-सम्बन्धी; पङ्क्तिको।

पाङ्क्तेय–वि० [सं०] पङ्क्तिमा मिल्ने; पङ्क्तिको।

पाङ्ग्रे–वि० [पाङ्ग्रो+ए] १. पाङ्ग्रो भएको; पाङ्ग्रावाल। २. शरीरमा चक्राकार टाटा भएको; टाटे-पाङ्ग्रे (पशु)।

पाङ्ग्रो–ना० [सं० पाद+अङ्घ्रि] १. रथ, बग्गी, मोटर आदि सवारीको गुड्ने चक्को; पहिया। २. साना-साना पात, पहेँला लामा फूल, लामा-लामा कोसा हुने एक जातको लहरो। ३. त्यसैका कोसाभित्र फल्ने बाटुलो बीयाँ; लेकपाङ्ग्रो; महाकरञ्ज। (आयुर्वेदमा यसको गुण छाला-सम्बन्धी रोगमा फायदा गर्ने बताइएको छ।)

पाङदुर–ना० [नें०] चौरे-कोदो।

पाङदुरे–वि० [पाङदुर+ए] १. कोदो खाने; कोदे। २. असभ्य; पाखे।

पाचक–वि० [सं०] १. पकाउने; पाक तयार पार्ने। २. पचाउने; परिपाक पार्ने। (ना०) ३. खाएको वस्तु पचाउने आयुर्वेदीय क्षार-युक्त औषधि। ४. भान्से; सूपकार।

पाचन–ना० [सं०] १. पकाउने काम; पक्व पार्ने क्रिया। २. पचाउने काम। ३. आम अथवा अपक्व भोजनलाई पचाउने औषधि।

पाचनीय–वि० [सं०] १. पकाउन योग्य। २. पचाउन योग्य।

पाचयिता–वि० [सं०] १. पकाउने; पाचक। २. पचाउने; हजम गर्ने।

पाची–ना० [सं०] लाम्चा पात, मञ्जरीका रूपमा मसिना खैरा फूल हुने एक जातको लहरो वा साग। (आयुर्वेदमा यसको गुण वात-विकार, खटिरा र छाला-सम्बन्धी रोग नाश गर्ने बताइएको छ।)

पाचुके–ना० [नेवा०] विवाहिता स्त्री-पुरुषको सम्बन्ध-विच्छेद; पार-पाचुके।

पाच्छै–ना० [ची० पाइछाय] रायोको साग।

पाच्य–वि० [सं०] १. पकाउन योग्य; पाक्य। २. पचाउन योग्य; परिपाक गर्न सकिने।

पाछिनु–स० क्रि० [पाछ्+इ+नु] छाला कोरिनु; ('पाछ्नु'-को क० क्रि०)।

पाछ्नु–स० क्रि० [प्रा० पच्छण+नु] बाँस, नर्कट, मकै आदिका पातमा हुने धारले छाला खोस्याउनु; दरखन्याउनु; छाला कोर्नु।

पाजी–ना० [नें०] गधाको बच्चो।

पाजी–वि० [फा० पा] १. दुष्ट; दुर्जन। २. नीच; तुच्छ।

पाजीपन–ना० [पाजी+पन] पाजी हुनाको भाव; दुष्टता।

पाञ्च–वि० [सं०] पाँच।

पाञ्चजन्य–ना० [सं०] १. हातले समाउने ठाउँमा पाँच वटा औँलाका डोबजस्ता रेखाहरू हुने शङ्ख। २. कृष्णको शङ्ख।

पाञ्च-भौतिक–वि० [सं०] पञ्च-महाभूतको; पञ्च-महाभूतले बनेको।

CC-0. In Public Domain. Digitization by eGangotri

पाञ्चायन–ना० [सं०] हिन्दूहरूका प्रमुख पाँच देवताहरूको समुदाय (गणेश, सूर्य, देवी, शिव र विष्णु)।

पाञ्चाल–ना० [सं०] १. अचेलको पन्जाब प्रदेशमा पर्ने एक प्राचीन देश। २. त्यस देशका निवासी।

पाञ्चाली–ना० [सं०] १. पुतली; खेलौना। २. साहित्यमा एक प्रकारको रीति। ३. पाण्डवहरूकी स्त्री; द्रौपदी।

पाट–ना० [सं० पट] १. सन; नालु। २. रेशम। ३. रेशमको सूत। ४. रेशमी कपड़ा। ५. कपड़ा; वस्त्र।

पाट–ना० [सं०] फैलावट; विस्तार।

पाटच्चर–ना० [सं०] १. चोर। २. डाँकू।

पाटन–ना० [सं० पट्टन] नेपालका चार-भञ्ज्याङभित्र रहेका प्रसिद्ध तीन शहरमध्ये एक; ललितपुर।

पाट-पीट–ना० [(फाँ०) पाट+पिट्] १. हल्का किसिमको पिटाइ; पीट-पाट; पाकपुक। २. थिचो-मिचो; जोर-जुलुम।

पाट-पुट–ना० [पाट-पीट] पाट-पीट।

पाटल–ना० [सं०] १. गुलाबी रङ्ग। २. पाखरीको रूख। ३. त्यसैको फूल। ४. गुलाबको फूल। (वि०)५. लाल; गुलाबी।

पाटला–ना० [सं०] पाड़रीको बोट।

पाटलित–वि० [सं०] रातो रङ्गमा रँगाइएको।

पाटलिक–ना० [सं०] विद्यार्थी; शिष्य।

पाटलिमा–ना० [सं०] गुलाबी रङको भाव; गुलाबीपन।

पाटली–ना० [सं०] पाड़रीको बोट।

पाटव–ना० [सं०] १. पटुता; दक्षता; कौशल। २. तीक्ष्णता। ३. तीव्रता।

पाटविक–वि० [सं०] १. कुशल; दक्ष। २. चलाक; धूर्त।

पाटा–ना० [सं० पट्ट] १. धातुका भाँड़ाहरू पिट्दा बसेको घनको डाम। २. दुइ कुनाका बीचको सोझो रेखा वा विस्तार। ३. चेप्टो वस्तुको एकातिरको भाग।

पाटी–ना० [सं० पट्टिका] केटा-केटीलाई अक्षर लेखाउने काठको फल्याक; काठको सिलेट।

पाटी–ना० [सं०] १. पद्धति; प्रणाली; परिपाटी। २. रीति। ३. अङ्क-गणित। ४. पङ्क्ति।

पाटी–ना० [सं० पट्ट] बटुवाहरूलाई विश्राम गर्नाका निमित्त बाटामा बनाइएको घर; धर्म-शाला।

पाटी-गणित–ना० [सं०] गणित-शास्त्र।

पाटीर–ना० [सं०] १. चन्दन। २. खेत; मैदान। ३. हलो।

पाटे–वि० [पाटा+ए] १. पाटा परेको; पाटावाल। २. चेप्टो।

पाटे-अल्सी–वि० [पट्ट+अल्सी] ज्यादा अल्सी; अति अल्सी।

पाटे-घिरौंलो–ना० [पाटे+घिरौंलो] पाटे-तोरियाँ।

पाटे-जूको–ना० [पाटे+जूको] जङ्गलमा हुने चेप्टो र ठूलो जातको जूको।

पाटे-तोरियाँ–ना० [पाटे+तोरियाँ] १. पीपलका पातका आकारका ठूलठूला पात हुने, पहेँला फूल फुल्ने, पाटा-पाटा परेका घिरौंलाजस्ता लामा फल फल्ने, नङ्ग्रा भएको एक लता। २. त्यसैको फल; पाटे-घिरौंलो; झिंगनी-तोरियाँ। (आयुर्वेदमा यसको गुण रुचि-कारक, बल-वर्द्धक र पथ्य बताइएको छ।)

पाटो–ना० [सं० पट्ट] १. बारीको विशाल चक्ला; सतह मिलेको फराकिलो जग्गा। २. दुइ कुनाका बीचको भूमि; पाटा।

पाठ–ना० [सं०] १. पढ्ने क्रिया; पढ़ाइ। २. नियम वा विधिपूर्वक कुनै धर्म-ग्रन्थ पढ्ने काम। ३. पढ्ने वा पढ़ाउने विषय। ४. एक पटकमा पढ़ाइने अंश; सन्था। ५. बाच्नु; पढ्नु। ६. अर्ती; उपदेश। ७. पद्धति; प्रणाली।

पाठक–ना० [सं०] १. पढ्ने व्यक्ति; पाठ गर्ने व्यक्ति। २. छात्र; विद्यार्थी। ३. अध्यापक; गुरु। ४. कथा-वाचक। ५. ब्राह्मण-जातिको एक थर।

पाठन–ना० [सं०] पढ़ाउने काम; अध्यापन।

पाठनीय–वि० [सं०] पढ़ाउन योग्य; पाठ्य।

पाठ-भेद–ना० [सं०] एकै पुस्तकका दुइ वा दुइभन्दा बढ़ी प्रतिमा लेखिएका शब्द, वाक्य आदिमा देखिएको भिन्नता; पाठान्तर।

पाठ-शाला–ना० [सं०] विद्यार्थीहरूलाई शिक्षा दिने ठाउँ; विद्यालय; स्कूल।

पाठ-शालिनी–ना० [सं०] मैना; सारिका।

पाठ-शालीय–वि० [सं०] पाठ-शाला सम्बन्धी; पाठ-शालाको।

पाठा–ना० [सं०] ठूलो एक जातको बाटुलपाते।

पाठान्तर–ना० [सं०] पाठ-भेद।

पाठालय–ना० [सं०] पाठ-शाला।

पाठावली–ना० [सं०] १. पाठहरूको क्रम-बद्ध समूह। २. विद्यार्थीहरूलाई पढ़ाउन योग्य पाठहरूको सङ्ग्रह भएको पुस्तक।

पाठित–वि० [सं०] पढ़ाइएको।

पाठी–वि० [सं०] १. पाठ गर्ने; बाच्ने। २. पढ्ने; अध्ययन गर्ने; पाठक। ३. पढ़िसकेको।

पाठी–ना० [पाठो+ई] भेड़ा, बाख्रा, सुँगुर आदिको पोथी बच्चो।

पाठीन–ना० [सं०] १. सौंसजस्तो लामो थुतुनो हुने एक जातको माछो। २. अध्ययन-अध्यापन गर्ने व्यक्ति। ३. पुराण आदिको वाचक।

पाठेघर–ना० [पाठो+घर] गर्भमा बालक रहने, स्त्रीहरूका पेटभित्र रहेको थैली; गर्भाशय।

पाठे-भाइ–ना० [पाठ+ए+भाइ] एउटै पाठ पढ्ने साथी; सहपाठी; साध्यायी।

पाठो–ना० [प्रा० पट्ठाइ] भेड़ा, बाख्रा, मृग आदिको भाले बच्चो।

CC-0. In Public Domain. Digitization by eGangotri

पाठच–वि० [सं०] १. पढ्न योग्य; पठनीय। २. पढ़ाउन योग्य; पाठनीय।

पाठच-क्रम–ना० [सं०] कुनै कक्षामा पढ़ाउनाका निमित्त निर्धारित गरिएका अंश वा विषयहरूको क्रम।

पाठच-ग्रन्थ–ना० [सं०] पाठच-पुस्तक।

पाठच-पुस्तक–ना० [सं०] पाठशालामा विद्यार्थीहरूलाई नियमित रूपले पढ़ाइने पुस्तक; कुनै कक्षामा पढ़ाउन निर्धारित पुस्तक; पाठच-ग्रन्थ।

पाड़री–ना० [सं० पाटली] पाखरी।

पाड़ी–ना० [पाड़ो+ई] भैँसीको पोथी बच्चो।

पाड़ो–ना० [सं० पष्ठौही] भैँसीको भाले बच्चो; बच्चो; राँगो।

पाढ़ी-नीम–ना० [पहाड़ी+नीम] एक जातको नीम; कैंडर्य।

पाणि–ना० [सं०] १. हात; हस्त। २. बजार; हाट।

पाणि-गृहीत–वि० [सं०] विवाह भएको; विवाहित।

पाणि-ग्रह–ना० [सं०] १. विवाहका समयमा पुरुषले स्त्रीको हात विधिपूर्वक समात्ने काम। २. विवाह।

पाणि-ग्रहण–ना० [सं०] विवाह।

पाणि-ग्रहीता–ना० [सं०] लोग्ने; पति।

पाणि-ग्राहक–ना० [सं०] लोग्ने; पति।

पाणि-तल–ना० [सं०] हत्केलो।

पाणिनी–ना० [सं०] संस्कृत व्याकरणका आचार्य एक प्रसिद्ध मुनि।

पाणिनीय–वि० [सं०] १. पाणिनि-सम्बन्धी। २. पाणिनिले बनाएको।

पाण्डव–ना० [सं०] महाभारत-प्रसिद्ध पाण्डुका पाँच छोरा; पञ्च-पाण्डव।

पाण्डित्य–ना० [सं०] १. पण्डित हुनाको भाव। २. पण्डित्याइँ; विद्वत्ता।

पाण्डु–ना० [सं०] १. केही रातो भावको पहेँलो रङ्ग। २. सेतो रङ्ग। ३. सम्पूर्ण श ीर सेतो हुने एक रोग। ४. श्वेत-कुष्ठ। ५. महाभारत-प्रसिद्ध एक राजा; पाण्डवका बाबु।

पाण्डु-लिपि–ना० [सं०] १. पुस्तक वा लेखको हस्त-लिखित प्रति; हस्त-लिखित पुस्तक वा पत्र। २. खेस्रा; मसौदा; पाण्डु-लेख।

पाण्डु-लेख–ना० [सं०] पछि काट-छाँट गर्न हुने गरी लेखिएको कागत, पत्र वा रेखा-चित्र; मसौदा; खेस्रा।

पाण्डु-लेखक–ना० [सं०] १. हातले पुस्तक, कागत-पत्र आदि लेख्ने व्यक्ति। २. कुनै लेखको पूर्व-रूप तयार गर्ने व्यक्ति।

पाण्डु-लेखन–ना० [सं०] पाण्डु-लिपि लेख्ने काम।

पाण्डु-लेख्य–ना० [सं०] पाण्डु-लेख।

पाण्डुर–ना० [सं०] १. सेतो रङ्ग। २. पहेँलो रङ्ग। ३. पाण्डु रोग। (वि०) ४. पहेँलो भावको सेतो।

पात–ना० [सं०] १. खस्ने काम; पतन। २. नाश। ३. मृत्यु। ४. प्रहार।

पात–ना० [प्रा० पत्त] बोट, बिरुवा आदिका हाँगाबाट निस्कने हरियो, पातलो अवयव; पत्र।

पातक–ना० [सं०] पाप; कुकर्म; किल्विष; अघ।

पातकी–वि० [सं०] १. पापी; कुकर्मी। २. अपराधी। (ना०) ३. ऐनबमोजिम दामल भएको लोग्ने वास्वास्नीबाट जन्मेको सन्तान।

पातञ्जल–वि० [सं०] १. पतञ्जलि-सम्बन्धी; पतञ्जलिको। २. पतञ्जलिले बनाएको। (ना०) ३. योग-दर्शन।

पातन–ना० [सं०] १. खसाल्ने क्रिया। २. ढाल्नु; लड़ाउनु।

पातनीय–वि० [सं०] खसाल्न योग्य; पातन गर्न सकिने।

पात-पतिङ्गर–ना० [पात+पतिङ्गर] झरेका पात आदिको समूह।

पातयिता–वि० [सं०] १. खसाल्ने; पनन गराउने। २. लड़ाउने; ढाल्ने।

पातर–ना० [सं० पातिली] रण्डी; फुँड़ी; वेश्या।

पातरनी–ना० [पातर+नी] पातर; रण्डी।

पातल–ना० [सं० पत्रिन्] लेकको घना जङ्गल।

पातलिइनु–अ० क्रि० [पातलि+इ+नु] पातलो होइनु; ('पातलिनु'-को भा० क्रि०)।

पातलिनु–अ० क्रि० [पातलो+इ+नु] १. पातलो हुनु; मोटाइ कम हुनु। २. पन्यालो हुनु; तरल हुनु। ३. भीड़ कम हुनु; घुइँचो कम हुनु।

पातली–वि० [पातलो+ई] १. पातलो शरीर भएकी; चिट्ट परेकी; राम्रो सानो जीउकी। २. दुब्ली; सिकटे। ३. हकुवा, पठुवा आदिका कुनिउँमा पिञ्जरीभन्दा माथिको पातलो फेरो।

पातले-ढुकुर–ना० [पातले+ढुकुर] एक जातको ढुकुर।

पातले-निहुरो–ना० [पातले+निहुरो] एक जातको निहुरो।

पातले-रोटी–ना० [पातले+रोटी] पातलो गरी पकाइएको, चामलका पीठाको एक प्रकारको रोटी; पातलो किसिमको बाबर।

पातले-सिस्नु–ना० [पातले+सिस्नु] एक जातको सिस्नु।

पातलो–वि० [प्रा० पात्तड] १. पन्यालो; तरल; द्रव। २. बाक्लो नभएको; चेप्टो; मोटाइ कम भएको; पतला। ३. दुब्लो; सिकटे। ४. विरल।

पातल्याइ–ना० [पातलि+याइ] पातलिने किसिम, क्रिया वा भाव।

पाता–ना० [पातो] पातो।

पाता–वि० [सं०] १. रक्षा गर्ने; रक्षा। २. पिउने।

पाताल–ना० [सं०] १. पुराणअनुसार पृथ्वीका तलतिर रहेका सात लोकमा सबभन्दा तल्लो लोक; पत्ताल; नाग-लोक। २. पृथ्वीभन्दा तलको कुनै लोक। ३. घर बनेको वा बनाउने जगा।

पाताल-यन्त्र–ना० [सं०] धातु गलाउने र अर्क, तेल आदि

CC-0. In Public Domain. Digitization by eGangotri

तयार गर्ने एक यन्त्र ।

पाताल-वासी–ना० [सं०] १. दैत्य; दानव । २. नाग ।

पातित–वि० [सं०] १. खसालिएको; गिराइएको । २. लड़ाइएको; ढालिएको ।

पातित्य–ना० [सं०] १. पतित हुनाको भाव । २. जातिच्युत हुनाको भाव ।

पातिली–ना० [सं०] १. जाल; पासो । २. माटाको भाँड़ो; हाँड़ी । ३. स्त्री ।

पातिव्रत–ना० [सं०] पातिव्रत्य ।

पातिव्रत्य–ना० [सं०] १. पतिव्रता हुनाको भाव । २. पतिव्रता स्त्रीको धर्म ।

पाती–वि० [सं०] १. खस्ने; गिर्ने; झर्ने । २. खसाल्ने । ३. ढाल्ने; लड़ाउने ।

पाती–ना० [पात+ई] १. पात; पत्र । २. देवतालाई चढ़ाएको फूल-प्रसाद । ३. पितृ-प्रसाद पहिराउँदा पुरोहितले पढ्ने मन्त्र । ४. धन्यवादका बदलाको आक्षेप ।

पाते-झुलो–ना० [पात+झुलो] ऋद्धि लता ।

पाते–वि० [पातो+ए] १. पात भएको; पातको; पात-सम्बन्धी । २. पाता परेको; पाता-सम्बन्धी ।

पातो–ना० [सं० पट्टा] १. फलाम, तामा, पीतल आदि धातुको पातलो पत्र; पाता । २. कोदालो, कोदाली आदिका नालमनिको पातलो र धारिलो खन्ने वा काट्ने अवयव । ३. तमाखु टाँसेर चिलिमभित्र घोप्टचाइने माटाको चक्का । ४. चुलठी पारी बनाइएको नाम्लाको चेप्टो अवयव ।

पातो–ना० [सं० पृष्ठ] १. कुमदेखि कमरसम्मको शरीरको पछिल्लो अवयव; शरीरको पृष्ठ-भाग । २. पुस्तक, पुस्तिका आदिको पत्र; पाना ।

पात्तिइनु–अ० क्रि० [पात्ति+इ+नु] मात्तिइनु; ('पात्तिनु'-को भा० क्रि०) ।

पात्तिनु–अ० क्रि [सं० पति+न्] १. मात्तिनु; इतरिनु । २. छिहिलिनु; निर्लज्ज हुनु । ३. फुरफुरिनु; फुर्किनु ।

पात्य–वि० [सं०] १. खसालन योग्य । २. दण्ड-जरीवाना गर्न योग्य । ३. प्रहार गर्न योग्य ।

पात्र–ना० [सं०] १. कुनै वस्तु राख्ने आधार; भाँड़ो; वर्तन । २. केही वस्तु पाउन वा लिन योग्य व्यक्ति; सत्कार, पूजा आदि गर्न योग्य मानिस । ३. नाटकमा अभिनय गर्ने व्यक्ति; अभिनेता; नट । ४. काव्य, नाटक आदिमा चरित्र वर्णन गरिने नायक । ५. योग्यता । (वि०) ६. अधिकार दिन वा पाउन योग्य ।

पात्रक–ना० [सं०] सानो भाँड़ो ।

पात्रता–ना० [सं०] १. पात्र हुने अवस्था वा भाव । २. कुनै कामको निमित्त रोजिन वा कुनै पदमा नियुक्त हुन लायक योग्यता वा गुण ।

पात्रत्व–ना० [सं०] पात्रता ।

पात्रासादन–ना० [सं०] यज्ञ-पात्रहरू क्रमशः उचित स्थानमा राख्नु ।

पात्रेबहुल–ना० [सं०] खाने वेलामा मात्र साथ लाग्ने र अगि-पछि कुनै काम नदिने व्यक्ति ।

पात्रो–ना० [सं०] कुनै संवत्सरका गते, वार, तिथि आदि लेखिएको पुस्तिका; पञ्चाङ्ग ।

पाथ–ना० [सं०] १. जल । २. वायु । ३. अग्नि । ४. सूर्य । ५. आकाश ।

पाथी–ना० [सं० प्रस्थ] १. आठ माना भर्ने भाँड़ो; आठ मानाको परिमाण नाप्ने भाँड़ो । (वि०) २. आठ माना परिमाणको (वस्तु) । ३. मुरीका बीसौँ अंशको ।

पाथे-भाइ–ना० [पाथेय+भाइ] १. एउटै कामको हिस्सा बेहोर्ने व्यक्तिहरू; हिस्सेदार । २. एउटै खलाको मोही ।

पाथेय–ना० [सं०] १. बाटामा बटुवाले खाने खानेकुरो; सामल । २. बाटो-खर्च ।

पाथेय-श्राद्ध–ना० [सं०] मृतकका उद्देश्यले मरेका सातौँ र बाह्रौँ दिन गरिने श्राद्ध ।

पाद–ना० [सं०] १. पाउ; चरण; गोड़ा । २. श्लोक वा पद्यको पाउ; पद; चरण । ३. कुनै वस्तुको चौथो भाग; चतुर्थांश । ४. पुस्तकको प्रकरण । ५. कुनै वस्तुको तल्लो भाग; फेंध । ६. जरा; जड़; मूल । ७. ठूला पर्वतका नजीकको सानो डाँड़ो । ८. भाग; हिस्सा; अंश । ९. किरण । १०. स्तम्भ; खम्बा ।

पाद–ना० [सं० पर्द] अपान-वायु; अधोवायु ।

पाद-कटक–ना० [सं०] पाउजेब; नूपुर ।

पाद-कमल–ना० [सं०] १. कमलजस्ता नरम र राता पाउ; चरण-कमल । २. गोड़ा; पाउ (आदरार्थमा) ।

पाद-क्षेप–ना० [सं०] १. पाइलो राख्नु; टेक्नु । २. गोड़ा चाल्नु; हिंड्नु ।

पाद-चार–ना० [सं०] पैदल जानु; हिंड़ेर जानु ।

पाद-चारी–वि० [सं०] १. पैदल जाने; हिंड्ने । (ना०) २. पैदल सेना ।

पादज–ना० [सं०] शूद्र ।

पाद-जल–ना० [सं०] देवता वा मान्य जनका पाउ धोएको जल; पादोदक; चरणोदक ।

पाद-टिप्पणी–ना० [सं०] पाद-टीका ।

पाद-टीका–ना० [सं०] कुनै ग्रन्थमा पृष्ठको तलतिर सूचना, निर्देश, व्याख्या आदिका निमित्त लेखिएको टिप्पणी; पाद-टिप्पणी ।

पाद-तल–ना० [सं०] पैतालो; तलुवा ।

पाद-त्राण–ना० [सं०] जुत्ता; उपनह ।

पाद-दलित–वि० [सं०] १ गोड़ाले कुल्चिएको । २. थिचिएको; दबाइएको । ३. पराजित; अपमानित ।

पाद-न्यास–ना० [सं०] पाइलो हाल्नु; टेक्नु ।

पादप–ना० [सं०] बोट; रूख; वृक्ष ।

CC-0. In Public Domain. Digitization by eGangotri

पाद-पङ्कज–ना० [सं०] पाद-कमल ।

पाद-पथ–ना० [सं०] गोरेटो ।

पाद-पद्धति–ना० [सं०] गोरेटो ।

पाद-पद्म–ना० [सं०] पाद-कमल ।

पाद-पीठ–ना० [सं०] सिंहासनका मुन्तिर पाउ राख्नाका निमित्त राखिने सानो चौकी; उपधानी ।

पाद-पूरण–ना० [सं०] १. कुनै अपूरो श्लोकको पाउ पूरा गर्नु । २. निरर्थक वा अनावश्यक शब्दहरू राखेर पनि छन्दको पूर्ति गर्ने काम ।

पाद-प्रणाम–ना० [सं०] १. साष्टाङ्ग प्रणाम; दण्डवत् । २. ढोग्नु; ढोग दिनु ।

पाद-रज्जु–ना० [सं०] पशुको खुट्टो बाँध्ने डोरी ।

पादरी–ना० [पूर्त० पाद्रे] ईसाई धर्मावलम्बीहरूका पुरोहित वा धर्माचार्य ।

पाद-लग्न–वि० [सं०] १. पाउमा लागेको; गोड़ामा परेको । २. शरणमा आएको; शरणार्थी ।

पाद-वन्दन–ना० [सं०] पाउ छोएर नमस्कार गर्नु; दण्डवत् ।

पाद-वल्मीक–ना० [सं०] खुट्टा सुनिने एक किसिमको रोग; थाम-खुट्टे रोग; हात्ती-पाइले ।

पाद-विराम–ना० [सं०] वाक्यमा पद वा वाक्यांशलाई छुट्ट्याउने र विश्राम दिने चिह्न; कमा (,) ।

पाद-सेवन–ना० [सं०] १. पाउ छुनु । २. सेवा-सुश्रूषा ।

पाद-सेवा–ना० [सं०] पाद-सेवन ।

पाद-हत–वि० [सं०] १. लत्त्याइएको; लात हानिएको । २. हेला गरिएको; उपेक्षित ।

पाद-हीन–वि० [सं०] १. खुट्टो नभएको । २. कुनै चरण वा पाउ नभएको (श्लोक) ।

पादाति–ना० [सं०] पैदल सिपाही; पदाति ।

पादान्त–ना० [सं०] श्लोक वा पद्यको अन्तिम अंश ।

पादारविन्द–ना० [सं०] चरण-कमल ।

पादार्पण–ना० [सं०] पदार्पण ।

पादिनु–स० क्रि० [पाद+इ+नु] अपान-वायु छोड़िनु; ('पाद्नु'-को क० क्रि०) ।

पादी–वि० [सं०] १. खुट्टो भएको; चरण भएको । २. चार चरण वा पाउ भएको । (ना०) ३. जल र थल—दुवैमा हिंड्ने जन्तु (गोही, कछुवा, भ्यागुतो आदि) ।

पादुक–वि० [सं०] पैदल जाने; हिंड्ने ।

पादुका–ना० [सं०] १. जुत्ता । २. खराउ ।

पादोदक–ना० [सं०] चरणोदक ।

पाद्नु–स० क्रि० [पाद+नु] अपान-वायु छोड्नु ।

पाद्य–वि० [सं०] १. गोड़ा-सम्बन्धी; चरणको । (ना०) २. पूज्य व्यक्तिको पाउ धुने जल ।

पाद्यार्घ–ना० [सं०] १. हात-पाउ धुने जल । २. पूजाका सामग्री । ३. पूजाका निमित्तको द्रव्य ।

पाद्यार्घ्य–ना० [सं०] पाद्यार्घ ।

पान–ना० [सं०] १. पिउने काम; पन्यालो पदार्थ निल्ने काम । २. पिइने पदार्थ; पेय पदार्थ । ३. मदिरा । ४. चुम्बन; म्वाइँ ।

पान–ना० [फा०] १. पीपलका पातका आकारका पात हुने एक प्रसिद्ध लता; ताम्बूली । २. त्यसैको पात । (आयुर्वेदमा यसको गुण रक्त-वर्द्धक, कफ-नाशक, बल-वर्द्धक र रुचि-कारक बताइएको छ ।) ३. खयर, चून, सुपारी आदि हाली बनाएको पानको बीडा । ४. पानकै पातका आकारका राता फुट्टी वा बुट्टा हुने खेल्ने ताशको एक विभाग ।

पान-गोष्ठी–ना० [सं०] पान-गोष्ठिका ।

पान-गोष्ठिका–ना० [सं०] मद्य, चिया आदि पिउनाका निमित्त एकत्र भएका मानिसहरूको गोष्ठी ।

पान-दान–ना० [पान+दान] पान र त्यसका मसलाहरू हाल्ने भाँड़ो ।

पान-दुइ–ना० [पाँच+दुइ] एक पासामा पन्जा, दुइ पासामा पोट-पोट पर्दा हुने पासाका खेलको एक दाउ; सात ।

पान-पाते–ना० [पान+पाते] १. पानका पातका आकारका पात हुने एक जातको लहरो । (वि०) २. पानका पात-का आकारको; पानको पातजस्तो ।

पान-पात्र–ना० [सं०] जाँड़, रक्सी आदि अम्मल पिउने भाँड़ो; चषक ।

पान-फूल–ना० [पान+फूल] सानो-तिनो कोसेली; अल्प उपहार (विनयार्थमा) ।

पान-बट्टा–ना० [पान+बट्टा] पान र खाने मसलाहरू हाल्ने विशेष प्रकारको बट्टा ।

पान-बुट्टे–वि० [पान+बुट्टे] पानको पातका आकारको बुट्टा भएको; पान-पाते बुट्टा भएको ।

पान-भूमि–ना० [सं०] मदिरा पिउने ठाउँ; भट्टी ।

पान-मण्डल–ना० [सं०] मदिरा पान गर्ने मानिसहरूको मण्डली ।

पानरत–वि० [सं०] जाँड़, रक्सी आदि अम्मल पिउने आदत बसेको; जँड़्याहा ।

पानस–ना० [फा० फ़ानूस] तेलको बत्ती बालिने ठाड़ो अग्लो पुरानो छाँटको दियो ।

पाना–ना० [पन्ना] पुस्तक, पुस्तिका आदिको पत्र; पन्ना; पातो ।

पानिसरो–ना० [ने०] १. अदुवाका जस्ता पात र बोट हुने, डाँठका टुप्पामा सुन्तला-रङ्गका फूल फुल्ने र हरियो फल फल्ने एक जातको बूटी । २. त्यसैको फल । (आयुर्वेदमा यसको गुण चर्म-सम्बन्धी रोग र कुष्ठ रोगलाई नाश गर्ने बताइएको छ । श्रावण सङ्क्रान्तिका दिन लूतो फाल्दा कण्डारकको पूजा गर्दा यसको फूल चढ़ाइन्छ ।)

पानी–ना० [प्रा० पाणिअ] १. नदी, इनार, कूवा आदि

CC-0. In Public Domain. Digitization by eGangotri

र बादलबाट प्राप्त हुने प्रसिद्ध तरल पदार्थ; जल; नीर। २. झोल; रस। ३. जिभ्रो, आँखा, घाउ आदिबाट बग्ने तरल पदार्थ। ४. झरी; वर्षा; वृष्टि। ५. तेज; कान्ति। ६. टलक; चमक; पाइन। ७. मान; प्रतिष्ठा। ८. पुरुषार्थ; वीरता। ९. अभिमान; ताईं; घमन्ड। १०. वर्ष; साल। (उदा०–दुइ पानी खाएको काठ, रूख आदि।) ११. जल-वायु

पानी-अमला–ना० [पानी+अमला] १. उनिउका पात-जस्ता लामा-लामा पात हुने, जरामा रसिला खैरा फल फल्ने एक जातको झार। २. त्यसैको फल; भईं-अमला। (आयुर्वेदमा यसको गुण ठन्डा र धातु-सम्बन्धी रोग नाश गर्ने बताइएको छ।)

पानी-आन्द्रे–वि० [पानी+आन्द्रो+ए] पानी-मरुवा; कायर; कातर।

पानी-करेलो–ना० [पानी+करेलो] सिमसारमा हुने एक जातको करेलो।

पानी-कल–ना० [पानी+कल] १. पानीको प्रवाह वा वेगबाट चल्ने कल; घट्ट। २. इनार, कूवा आदिको पानी माथि तान्ने एक प्रकारको धारो। ३. पानीको प्रवाह-बाट चल्ने कल।

पानी-काग–ना० [पानी+काग] जलाशयको नजीकमा रहने एक जातको काग।

पानी-कौवा–ना० [पानी+कौवा] पानी-काग।

पानी-घड़ी–ना० [पानी+घड़ी] जल-यन्त्र।

पानी-घाट–ना० [पानी+घाट] पनेरो; कूवा; जलाशय।

पानी-चरी–ना० [पानी+चरी] पानीमा गोता खाने एक जातको चरो।

पानी-जूको–ना० [पानी+जूको] पानीमा रहने ठूलो एक जातको जूको।

पानी-झ्याउ–ना० [पानी+झ्याउ] जलाशयमा उम्रने एक जातको कुकुरेजस्तो झ्याउ।

पानी-ढलो–ना० [पानी+ढल्] पानी बगेर जाने भिरालो वा तेर्पे परेको जग्गा।

पानी-ढिकी–ना० [पानी+ढिकी] १. पानीको प्रवाहले चल्ने एक किसिमको यन्त्र। २. त्यस्ता यन्त्रले टक मारेको सिक्का।

पानी-ढुकुर–ना० [पानी+ढुकुर] जलाशयका नजीकमा रहने एक जातको ढुकुर।

पानी-तोरी–ना० [पानी+तोरी] ठूलो दाना हुने एक जातको तोरी; आफलतोरी।

पानीदार–वि० [पानी+दार] १. चमकदार। २. इज्जतदार। ३. साहसी। ४. तेजिलो। ५. आत्म-सम्मान भएको।

पानी-दूबो–ना० [पानी+दूबो] करौंते झार।

पानी-पनेरो–ना० [पानी+पनेरो] ज्यादै आवत-जावत भएको ठाउँ।

पानी-फल–ना० [पानी+फल] सिंगड़ा।

पानी-फोको–ना० [पानी+फोको] प्रसवका समयमा बालक जन्मनुभन्दा पहिले निस्कने पानीको थैलो।

पानी-बलो–ना० [पानी+बलो] छानाका छेउमा रहने तेर्सो, लामो काठ; दाँतीमाथिको बलो।

पानी-बाराबार–ना० [पानी+बाराबार] परस्परको ठूलो विरोध; परस्परमा भएको वैर-भावको पराकाष्ठा।

पानी-बिरालो–ना० [पानी+बिरालो] पानीमा बस्ने, बिरालोजस्तो एक जातको प्राणी; ओद।

पानी-मरुवा–ना० [पानी+मरुवा] पानी-आन्द्रे; नामद।

पानीय–वि०[सं०] १. पिउन योग्य। २. बचाउन लायक; रक्षणीय। (ना०) ३. पानी; जल।

पानीय-शाला–ना० [सं०] बटुवाहरूलाई पानी पियाउने ठाउँ; पौ-शाला।

पानीयालु–ना० [सं०] जलुको।

पानी-रोटी–ना० [पानी+रोटी] उम्लेका पानीमा पीठोका साना-साना रोटीजस्ता टुक्राहरू हाली पकाइएको दबदबे खाद्य पदार्थ।

पानी-लट्टे–ना० [पानी+लट्टे] सिमसार भूमिमा हुने एक जातको लट्टे; सिम-लट्टे।

पानी-लहरो–ना० [पानी+लहरो] दाखका जस्ता पात हुने, साना-साना सेता फूल फुल्ने एक जातको लता; अमृत-स्रवा। (आयुर्वेदमा यसको गुण विष, खटिरा र कुष्ठ रोग नाशक बताइएको छ।)

पानी-लुँड़े–ना० [पानी+लुँड़े] सिमसार जग्गा वा पोखरीमा हुने एक जातको लुँड़े साग।

पानी-शिरीष–ना० [सं०] बाटुला किसिमका साना-साना पात, सेता मसिना फूल र लामा कोसा हुने, पानीका नजीकका पहरामा उम्रने एक जातको झार; अम्बु-शिरीषिका।

पानी-सर्प–ना० [पानी+सर्प] प्राय: पनीमा रहने एक जातको सर्प।

पानी-साज–ना० [पानी+साज] हलुङ्गो काठ हुने एक जातको साज।

पानी-सिँवाली–ना० [पानी+सिँवाली] पानीका किनारमा रहेका ढुङ्गाका छेउमा उम्रने एक जातको झ्याउ। (आयुर्वेदमा यसको गुण अति ठन्डा र गर्मीबाट आएको खटिरा नाश गर्ने बताइएको छ।)

पानी-हाँस–ना० [पानी+हाँस] विशेष गरेर पानीमै बस्ने र राम्ररी उड्न सक्ने एक जातको हाँस।

पान्थ–ना० [सं०] १. बटुवा; पथिक। २. प्रवासी।

पान्थ-निवास–ना० [सं०] पाटी; पौवा; धर्म-शाला।

पान्थ-शाला–ना० [सं०] धर्म-शाला।

पाप–ना० [सं०] १. यस लोकमा खराब सम्झिने र पर-लोकमा अशुभ फल दिने काम; कुकर्म; पातक। २. खराब कामको फल; कुकर्मको परिणाम। ३. अपराध; कसूर।

CC-0. In Public Domain. Digitization by eGangotri

४. कुकर्म गर्ने विचार; खराब नीयत। ५. व्यर्थको झन्झट ; झमेला। ६. हिंसा।

पाप-कर—वि० [सं०] पाप गर्ने; पातकी।

पाप-कर्म—ना० [सं०] पाप लाग्ने काम; कुकर्म।

पाप-कर्मा—वि० [सं०] पापी।

पाप-कर्मी—वि० [सं०] पापी।

पाप-कारी—वि० [सं०] पाप गर्ने; पापी।

पाप-ग्रह—ना० [सं०] १. ज्योतिष-शास्त्रानुसार शनि, मङ्गल, राहु, केतु र सूर्य अथवा यिनीहरूका साथमा रहेको बुध ग्रह। २. अशुभ ग्रह।

पापघ्न—वि०[सं०] पापको नाश गर्ने।

पाप-चेता—वि० [सं०] १. मनमा सधैँभरि पाप लिइरहने; दुरात्मा; दुष्ट। २. कुभलो चिताउने।

पापड़—ना० [सं पर्पट] मास, मुगी आदिका दाल पिँधेर मसला आदि हाली बेलेर पातलो पारी बनाइएको एक प्रकारको खाद्य पदार्थ। (यो आलू, साबूदाना आदिको पनि बनाइन्छ।)

पापड़ी—ना० [पाप्रो] पाप्राका आकारमा बन्ने एक प्रकारको हलुवाई-रोटी।

पाप-दृष्टि—ना० [सं०] अरूको खराबी गर्ने नीयतको हेराइ; कुदृष्टि।

पाप-नाशक—वि० [सं०] पापको नाश गर्ने।

पाप-नाशन—वि० [सं०] १. पापको नाश गर्ने। (ना०) २. प्रायश्चित्त। ३. विष्णु। ४. शिव।

पाप-नाशिनी—वि० [सं०] १. पापको नाश गर्ने (नदी, देवी आदि)। (ना०) २. बैजनी रंगका नसा हुने एक जातको तुलसी। ३. शमी वृक्ष।

पाप-नाशी—वि० [सं०] पाप नष्ट गर्ने; पाप-नाशक।

पाप-पुरुष—ना० [सं०] १. हमेशा पाप गरिरहने व्यक्ति; पापी मानिस। २. तन्त्र-शास्त्रानुसार आफ्ना देब्रे कोखामा कल्पना गरिने पापमय पुरुष। ३. पुराणअनुसार परमात्माले संसारको दमन गर्न उत्पन्न गरेको पापमय एक पुरुष।

पाप-बुद्धि—वि० [सं०] सधैँभरि पापमा मात्र प्रवृत्त हुने; दुरात्मा; पाप-मति।

पाप-मति—वि० [सं०] पाप-बुद्धि।

पाप-मुक्त—वि० [सं०] पाप छुटेको; निष्पाप।

पाप-मोचन—ना० [सं०] पाप नष्ट गर्ने काम; पाप छुटाउने काम।

पाप-मोचनी—ना० [सं०] १. चैत्र कृष्ण एकादशी। (वि०) २. पाप-नाशिनी।

पाप-योनि—ना० [सं०] पाप-कर्मबाट प्राप्त हुने योनि; निन्दित योनि (पशु, पक्षी, वृक्ष आदिको योनि)।

पाप-लोक—ना० [सं०] पापीहरूलाई प्राप्त हुने लोक; नरक।

पाप-शील—वि० [सं०] पाप गर्ने स्वभाव भएको; पाप-कर्ममा लागिरहने।

पाप-शोधन—ना० [सं०] १. पापको नाश गर्नु; पापबाट शुद्ध हुनु। २. तीर्थ-स्नान।

पाप-सङ्कल्प—वि० [सं०] १. पाप गर्ने विचार लिएको। २. पापात्मा।

पाप-हर—वि०[सं०] पापको नाश गर्ने; पाप-नाशी।

पापहा—वि० [सं०] पापको नाश गर्ने; पाप-हर।

पापा—ना० [ने०] रोटी; मिठाई (बाल-बोलीमा)।

पापाङ्कुशा—ना० [सं०] आश्विन शुक्ल एकादशी।

पापाचार—ना० [सं०] पाप-युक्त काम; दुराचार।

पापात्मा—वि० [सं०] सधैँभरि पाप-कर्ममा लागिरहने; पापी।

पापाधम—वि० [सं०] महापापी।

पापाशय—वि० [सं०] मनमा पाप भएको; दुरात्मा।

पापिष्ठ—वि० [सं०] अति पापी; अत्यन्त पातकी।

पापी—वि० [सं०] १. पाप-कर्म गर्ने; अनाचारी। २. निर्दय; निष्ठुर; दुष्ट। (ना०) ३. पाप गर्ने व्यक्ति।

पाप्रे—वि० [पाप्रो+ए] पाप्रो भएको; पाप्रा-पाप्रा परेको।

पाप्रो—ना० [सं० पर्पट] १. कुनै वस्तुको सुकेर वा उक्सेर छुट्टिने बाहिरी तह; पत्र। २. छाला। ३. बोक्रो।

पामर—वि० [सं०] १. दुष्ट; दुर्जन। २. मूर्ख; नासमझ। ३. कातर; कायर। ४. असहाय।

पामा—ना० [सं०] लूतोको रोग।

पायक—वि० [फा०] अनुकूल; काम-काज गर्न सजिलो पर्ने (ठाउँ)।

पायखाना—ना० [फा० पायख़ाना] चर्पी; पाइखाना।

पायजामा—ना० [फा० पायजामः] पाइजामा।

पायन—ना० [सं०] पिउने काम; पान-क्रिया।

पायन्ट—ना० [पैन्ट] खुकुलो सुरुवालजस्तो यूरोपीय पोशाक; पतलून; पैन्ट।

पायस—वि० [सं०] १. दूध-सम्बन्धी; दूधको। २. पानी-सम्बन्धी; पानीको। (ना०) ३. दूधमा पकाएको खाद्य पदार्थ; खीर।

पायी—वि० [सं०] पिउने; पान गर्ने।

पायु—ना० [सं०] गुद-द्वार।

पार—ना० [सं०] १. नदी, समुद्र आदिको पल्लो किनारा; पारी; पल्लो तीर। २. आखिरी छेउ; अन्तिम किनारा। ३. हद; अन्तिम सीमा। ४. कुनै कामको समाप्ति; सिद्धि। ५. छुटकारा; उद्धार। ६. अनुकरण; नकल। ७. हाव-भाव।

पारक्य—वि० [सं०] १. पर-लोकका निमित्त असल गर्ने। २. अर्काको हित हुने। ३. अर्काको; पराईको।

पारख—ना० [प्रा० परिक्खा] १. कुनै वस्तुको गुण-दोष वा असल-कमसल छुट्ट्याउने काम; परीक्षा। २. असल-कमसल छुट्ट्याउने बुद्धि; विवेक।

CC-0. In Public Domain. Digitization by eGangotri

पारखी–वि० [पारख+ई] पारख गर्ने; असल-कमसल वा दोष-गुणको जाँच गर्ने; परीक्षक ।

पारग–वि० [सं०] १. पार हुने; पार लाग्ने । २. कुनै विद्या वा शास्त्रको पूरापूर ज्ञान प्राप्त गरेको ।

पारगत–वि० [सं०] १. पार लागेको; पार भएको । २. कुनै शास्त्र वा विद्यामा पूरापूर ज्ञान हासिल गरेको; पारङ्गत ।

पार-गामी–वि० [सं०] पार जाने; पार लागेको; पारङ्गत ।

पारङ्गत–वि० [सं०] १. पार लागेको । २. कुनै शास्त्र वा विद्या-सम्बन्धी ज्ञान पूर्ण रूपले हासिल गरेको, कुनै विषयको विशिष्ट विद्वान् भएको; पारगत ।

पारण–ना० [सं०] १. व्रत, उपवास आदिको दोस्रो दिन गरिने प्रथम भोज र तत्सम्बन्धी कृत्य । २. तृप्ति; सन्तोष । ३. समाप्ति । ४. पढ्ने काम; पाठ ।

पारणा–ना० [सं०] पारण ।

पारणीय–वि० [सं०] पूरा गर्न योग्य ।

पारतन्त्र्य–ना० [सं०] पर-तन्त्र हुनाको भाव; पर-तन्त्रता; पराधीनता ।

पारत्रिक–वि० [सं०] १. परत्र-सम्बन्धी; पारलौकिक । २. मरेपछि उत्तम गति दिने; पर-लोक सुधार्ने (कार्य) ।

पारद–ना० [सं०] पारो ।

पार-दर्शक–वि० [सं०] वार-पार देखिने; काँच, स्फटिक, पानी आदिजस्तो स्वच्छ (पदार्थ) ।

पार-दर्शी–वि० [सं०] १. पल्लोपट्टिसम्म देख्ने । २. टाढ़ा-सम्मको कुरो देख्ने; दूर-दर्शी । ३. बुद्धिमान्; चतुर ।

पार-दृश्वा–वि० [सं०] १. दूर-दर्शी । २. कुनै वस्तुको पूर्ण ज्ञान प्राप्त गर्ने; पारङ्गत ।

पार-पत्र–ना० [सं०] १. कमारा-कमारीलाई दासत्वबाट मुक्त गर्दा मालिकले लेखिदिने प्रमाण-पत्र । २. लोग्ने र स्वास्नीको सम्बन्ध-विच्छेद गर्दा परस्परमा लेखिदिने कागत; पार-पाचुकेको कागत-पत्र; त्याग-पत्र । ३. राहदानी ।

पार-पाचुके–ना० [पार+पाचुके] पति-पत्नीमा गरिने सम्बन्ध विच्छेद; पाचुके ।

पारमाणविक–वि० [सं०] परमाणु-सम्बन्धी; परमाणुको ।

पारमार्थिक–वि० [सं०] १. परमार्थ-सम्बन्धी । २. पर-मार्थ सिद्ध हुने ।

पारमार्थ्य–ना० [सं०] परम सत्य ।

पारमिक–वि० [सं०] सबभन्दा ठूलो; सर्व-श्रेष्ठ ।

पारमित–वि० [सं०] पार लागेको; पारङ्गत ।

पारम्परीण–वि० [सं०] परम्परादेखि चलिआएको; परम्परा-गत; क्रमागत ।

पारम्परीय–वि० [सं०] परम्परागत; क्रमागत ।

पारम्पर्य–ना० [सं०] कुल वा वंश-परम्परा ।

पारलोक्य–वि० [सं०] पर-लोक-सम्बन्धी; पारलौकिक ।

पारलौकिक–वि० [सं०] १. पर-लोक-सम्बन्धी; पर-लोकको । (ना०) २. अन्त्येष्टि क्रिया ।

पारवश्य–ना० [सं०] पर-वशता; पर-तन्त्रता ।

पारस–ना० [सं० स्पर्श] पारस-मणि ।

पारस-मणि–ना० [सं० स्पर्श+मणि] १. फलामलाई छुवाउँदा फलाम सुन हुने एक कल्पित मणि । २. अति उत्तम वस्तु ।

पारसी–ना० [सं० पारसीक] १. फारस देशका प्राचीन निवासी । २. जरदुस्तका अनुयायी ।

पारस्परिक–वि० [सं०] आफसको; परस्परको; आपसी ।

पारा–ना० [सं० प्रकार] १. प्रकार; किसिम; छाँट । २. तरीका; कायदा; ढङ्ग ।

पारायण–ना० [सं०] १. कुनै ग्रन्थको आद्योपान्त गरिने पाठ । २. समाप्ति; पूर्णता ।

पारायणिक–वि० [सं०] १. पारायण गर्ने; सम्पूर्ण पाठ गर्ने । २. पुराण आदि बाच्ने; वाचक । (ना०) ३. छात्र; विद्यार्थी ।

पारावत–ना० [सं०] १. परेवा; कपोत । २. बाँदर । ३. पर्वत ।

पारावार–ना० [सं०] १. दुवै किनारा; वल्लो र पल्लो-दुवै तट । २. समुद्र; सागर । ३. लेखो-जोखो; गणना ।

पारावारीण–वि० [सं०] १. कुनै वस्तुको एक किनाराबाट अर्को किनारासम्म पुगेको । २. कुनै विषय वा शास्त्रको पूर्ण ज्ञान प्राप्त गरेको । ३. समुद्र-गामी ।

पाराशर–ना० [सं०] १. पराशर मुनिका छोरा; वेद-व्यास । (वि०) २. पराशरद्वारा रचित ।

पाराशरि–ना० [सं०] १. शुकदेव । २. वेद-व्यास ।

पारि–ना० [सं० पार] पल्लो किनार; पार ।

पारिजात–ना० [सं०] १. खस्रा पात, मसिना, सेता सुगन्धी फूल फुल्ने एक जातको रूख । २. सुन्तला रङ्गको भेट्नु र सेता मसिना सुगन्धी दल हुने त्यसैको फूल । ३. पाँच देव-तरुमध्ये एक ।

पारिजात–ना० [फा० परवाज़] खुट्टामा पनि ठूल्ठूला प्वाँख हुने एक जातको परेवा ।

पारित–वि० [सं०] १. नियमअनुसार पास भएको (प्रस्ताव, विधेयक आदि) । २. परिणाम निस्केको । ३. उत्तीर्ण भएको ।

पारितोषिक–वि० [सं०] १. सन्तुष्ट पार्ने । २. खुशी पार्ने; प्रसन्न गर्ने । (ना०) ३. कठिन वा प्रशंसनीय काम गर्ने व्यक्तिलाई प्रोत्साहनका निमित्त दिइने कुनै वस्तु; पुरस्कार; इनाम ।

पारिनु–स० क्रि० [पार+इ+नु] पर्ने गराइनु; ('पार्नु'-को० क० क्रि०) ।

पारिपार्श्व–ना० [सं०] १. अनुचर; नोकर । २. अङ्ग-रक्षक ।

CC-0. In Public Domain. Digitization by eGangotri

पारिपार्श्विक–ना० [सं०] १. सेवक; नोकर। २. नाटकमा स्थापकको सहायक नट।

पारिप्लव–वि० [सं०] १. चञ्चल; छुकछुके। २. क्षुब्ध; आकुल। (ना०) ३. नाउ; डुङ्गा।

पारिभद्र–ना० [सं०] फलेदो।

पारिभाषिक–वि० [सं०] १. साङ्केतिक रूपले विशेष अर्थ बुझाउने; विशिष्ट अर्थमा प्रयोग हुने (शब्द)। २. परिभाषाको; परिभाषा-सम्बन्धी। ३. प्रचलित। ४. सामान्य।

पारिमाण्य–ना० [सं०] परिधि; घेरा।

पारिमित्य–ना० [सं०] सीमा; हद।

पारिव्राजक–ना० [सं०] संन्यास।

पारिव्राज्य–ना० [सं०] परिव्राजकको काम वा भाव; संन्यास।

पारिश्रमिक–ना० [सं०] परिश्रम गरेका बदलामा पाइने वा दिइने धन; ज्याला; मजदूरी।

पारिषद–ना० [सं०] १. परिषद्-सम्बन्धी; परिषद्को। (ना०) २. परिषद्को सदस्य; सभासद्। ३. अनुचर; गण।

पारीन्द्र–ना० [सं०] सिंह।

पारी–ना० [सं० पार] पार; पारि।

पारी–ना० [सं० पाट] धोती, सारी आदिको किनारा।

पारुष्य–ना० [सं०] १. कठोरता; कड़ापन। २. रूखोपन; कर्कशता।

पारे-घर्ती–ना० [पार+घर्ती] पार गरिदिएको दास; दासत्व-बाट मुक्त कमारो।

पारेवत–ना० [सं०] पविता; मेवा।

पारो–ना०[नें०] खुकुरी, हँसिया आदि हतियारका बीँड़मा पस्ने तीखो भाग।

पारो–ना०[सं० पारद] सेतो, चम्किलो र गह्रौं, तरल रूपमा रहने एक प्रसिद्ध धातु।

पार्क–ना० [अं०] उपवन; बगँचा।

पार्टी–ना० [अं०] १. दल; मण्डली; राजनीतिक संस्था। २. खान-पान गर्ने गोष्ठी; प्रीति-भोज।

पार्थक्य–ना० [सं०] १. पृथक् हुनाको भाव; भिन्नता; भेद; अन्तर। २. बिछोड़; वियोग।

पार्थव–ना० [सं०] १. पृथु हुनाको भाव; स्थूलता। (वि०) २. पृथु-सम्बन्धी।

पार्थिव–वि० [सं०] १. पृथ्वी-सम्बन्धी; पृथ्वीको। २. पृथ्वीबाट उत्पन्न भएको; सांसारिक; भौतिक। (ना०) ३. माटाको भाँड़ो। ४. माटाको शिव-शिङ्ग। ५. एक संवत्सर। ६. सांसारिक पदार्थ; जड पदार्थ। ७. शरीर। ८. राजा।

पार्नु–स० क्रि० [पर्+आर+नु] १. पर्ने गराउनु; पर्ने तुल्याउनु। २. गराउनु; तुल्याउनु। ३. तयार गर्नु; बनाउनु। ४. अनुकूल बनाउनु; ठीक गराउनु। ५. मौका छोप्नु। ६. सल्काउनु; बाल्नु। ७. फुल, बच्चा आदि पैदा गर्नु। ८. औषधिको प्रयोग गर्नु; सेवन गराउनु। ९. दिलाउनु; प्राप्त गराउनु। १०. गिराउनु; झार्नु। ११. लगाउनु (मुद्दा आदि)। १२. हाल्नु (शब्द, बोली आदि)।

पार्यन्तिक–वि० [सं०] अन्तिम; आखिरको।

पार्लियामेन्ट–ना० [अं०] संसद्।

पार्वण–वि० [सं०] १. कुनै पर्व वा अमावास्याका दिन गरिने। (ना०) २. पर्वमा गरिने श्राद्ध; आश्विन कृष्ण-पक्षमा गरिने श्राद्ध; सोह्र-श्राद्ध।

पार्वतिक–ना० [सं०] पर्वत-माला।

पार्वती–ना० [सं०] हिमालय पर्वतकी छोरी; शिवकी अर्द्धाङ्गिनी; गौरी।

पार्वतीय–वि० [सं०] पर्वतीय।

पार्वतेय–वि० [सं०] पर्वतबाट उत्पन्न।

पार्श्व–ना० [सं०] १. शरीर वा कुनै वस्तुको दायाँ वा बायाँ भाग। २. नजीकको ठाउँ; छर-छिमेकको स्थान। ३. सामीप्य।

पार्श्व-चर–वि० [सं०] १. साथमा रहने; नजीकमा रहने। (ना०) २. अनुचर; नोकर।

पार्श्व-टिप्पणी–ना० [सं०] कुनै लेख वा पुस्तकको फट्केमा लेखिएको टिप्पणी।

पार्श्व-द्वार–ना० [सं०] जस्केलो।

पार्श्व-वर्ती–वि० [सं०] १. साथमा रहने; नजीक रहने; सहचर। (ना०) २. परिचारक। ३. नोकर।

पार्श्व-शीर्षक–ना०[सं०] कुनै ग्रन्थ, लेख आदिमा पार्श्वमा लेखिएको शीर्षक।

पार्श्वस्थ–वि० [सं०] १. नजीकमा रहेको; पार्श्व-वर्ती। (ना०) २. सहचर; साथी।

पार्षद्–ना० [सं०] परिषद्; सभा।

पार्षद–ना० [सं०] १. परिषद्को सदस्य; सभासद्। २. परिचारक; सेवक। ३. अनुचर; गण।

पार्ष्णि–ना० [सं०] १. कुर्कुच्चो। २. सेनाको पछिल्लो भाग। ३. पिठिउँ। ४. गोड़ामा लागेको ठक्कर। ५. वेश्या; रण्डी।

पार्सल–ना० [अं०] हुलाक, रेल, मोटर, हवाई-जहाज आदि-बाट कहीँ पठाइने माल-मत्ताको पोको; पुलिन्दा।

पाल–ना० [सं०] १. रक्षा गर्ने व्यक्ति; रक्षक। २. गोठालो। ३. राजा।

पाल–ना० [सं० पटल] १. कुनै ठाउँमा अस्थायी वास बस्नाका निम्ति वा अरू कुनै कामका निमित्त बनाइएको कपड़ाको घर। २. हावाको वेगले नाउ हिँड़ाउनाका निमित्त नाउको मस्तूलमा झुन्ड्याइने पर्दा। ३. एक प्रसिद्ध राज-वंश। ४. पालकी, बग्गी आदिमाथि लगाइने झूल।

CC-0. In Public Domain. Digitization by eGangotri

५. फल-फूल पकाउनाका निमित्त गुम्स्याएर राख्ने एक तरीका ।

पालक–ना० [सं०] १. पालन गर्ने व्यक्ति; रक्षक । २. राजा । ३. गोठालो । (वि०) ४. पालन गर्ने; पाल्ने ।

पालकाव्य–ना० [सं०] १. हात्ती, घोड़ा आदि प्राणी-सम्बन्धी लक्षणको निरूपण गरिएको शास्त्र । २. त्यसै शास्त्रका निर्माता एक ऋषि ।

पालकी–ना० [सं० पल्यङ्क] मानिसले बोकेर लाने एक विशिष्ट सवारी; म्याना ।

पालङ्क–ना० [सं०] पालुङ्गाको साग ।

पालङ्की–ना० [सं०] १. पालुङ्गाको साग । २. गोल-काँकी ।

पालन–ना० [सं०] १. खान-लाउन दिएर गरिने रक्षा; भरण-पोषण; पाल्ने काम । २. आज्ञा, निर्देश, वचन, कर्तव्य आदिका अनुसार काम गर्नु; पालना । ३. जीविका वा मनोरञ्जनका निमित्त पशु-पक्षीहरू पाल्ने काम ।

पालना–ना० [सं० पालन] पालन ।

पालनीय–वि० [सं०] पाल्न योग्य; पालन गर्न लायक ।

पाल-पुल–ना० [पोल-पाल] पोल-पाल ।

पालयिता–वि० [सं०] पालन गर्ने; पाल्ने; पालक ।

पाला–ना० [फा० पियालः] कटौराका आकारको माटाको सानो भाँड़ो ।

पालि–ना० [सं०] १. पङ्क्ति; श्रेणी । २. गालाको माथिल्लो भाग । ३. किनारा; छेउ । ४. कानको उठेको भाग । ५. पुल । ६. काख । ७. लाम्चो छाँटको तलाउ ।

पालित–वि० [सं०] १. पालिएको; पालन गरिएको । २. रक्षित ।

पालिनु–स० क्रि० [पाल्+इ+नु] भरण-पोषण गरिनु; ('पाल्नु'-को क० क्रि०) ।

पालिश–ना० [अं० पॅलिश] १. चमक; टलक । २. छाला, धातु आदिका वस्तुहरू टल्काउने मसला ।

पाली–ना० [पालो] १. पालो; पटक; फेरा । २. समय; वखत ।

पाली–ना०[सं०] १. बौद्ध ग्रन्थहरू लेखिएको एक प्राचीन भाषा । २. पालि ।

पाली–ना० [सं०] घरको माथिल्लो मुख्य छानाभन्दा तल, गाह्रोबाट झिकेको सानो छानु; अर्माली ।

पालुङ्गे-च्याउ–ना० [पालुङ्गो+ए+च्याउ] खैरो रङ्गको, छत्राकार, खान हुने एक जातको च्याउ ।

पालुङ्गो–ना० [सं० पालङ्क] रातो, कमलो जरा हुने, कमलो एक जातको साग । (यो रातो डाँठ हुने र हरियो डाँठ हुने—दुइ थरीको हुन्छ । रातो डाँठ हुनेलाई गोब्रे-पालुङ्गो र हरियो डाँठ हुनेलाई प्राटने-पालुङ्गो भन्दछन् ।)

पालुवा–ना० [सं० पल्लव] बोट-बिरुवाहरूमा नयाँ पलाएको पात; मुनो; पल्लव ।

पाले–ना० [पालो+ए] १. पालो बस्ने व्यक्ति । २. पहरे-दार; चौकीदार । ३. अड्डाखानाको अर्दली ।

पालो–ना० [प्रा० पालअ] रखवारी; पहरा ।

पालो–ना० [सं० पालि] १. चोटि; पटक । २. क्रम; सिल-सिला । २. क्रमले वा नियमले कुनै काम गर्ने अधिकार; पाली ।

पाल्की–ना० [पाल्की] पालकी ।

पाल्नु–स० क्रि० [सं० पाल्] १. खान-लाउन दिएर कसैलाई आफ्ना घरमा राख्नु; भरण-पोषण गर्नु; प्रतिपाल गर्नु । २. मनोविनोद वा जीविकाको निमित्त पशु-पक्षी आदिलाई खान-पिन दिएर राख्नु । ३. आज्ञा, कर्तव्य, अर्ती आदि-अनुसार चल्नु; पालना गर्नु; मान्नु; अनुशासनमा रहनु । ४. सह्यार गर्नु; सुसार गर्नु । ५. रौं, नङ, रोग आदिलाई राखिछोड्नु ।

पाल्नु–अ० क्रि० [पाउ+लाग्नु] १. कुनै मान्य व्यक्ति आउनु; पदार्पण गर्नु । २. आदरणीय व्यक्ति जानु; फर्कनु ।

पाल्पा–ना० [ने०] नेपालका मध्य-पश्चिमी पहाड़ी भागमा रहेको एक जिल्ला ।

पाल्य–वि० [सं०] पाल्न योग्य; पालन गर्न लायक ।

पाल्सी-कुरो–ना० [अं० पॅलिसी+कुरो] १. अर्कालि नबुझ्ने गरी शब्दका अक्षर तल-माथि पारी गरिने कुरो । २. व्यङ्ग्य; छनक ।

पावक–ना० [सं०] १. आगो; अग्नि । २. सूर्य । ३. बिजुली (बादलको) । ४. सदाचार । (वि०) ५. शुद्ध गर्ने; पवित्र पार्ने ।

पावन–वि० [सं०] १. शुद्ध; पवित्र । २. पापबाट मुक्त गर्ने । ३. पवित्र पार्ने; शुद्ध गर्ने । (ना०) ४. अग्नि । ५. प्रायश्चित्त । ६. जल । ७. गोबर । ८. रुद्राक्ष ।

पावर–ना० [अं०] १. शक्ति; सामर्थ्य । २. अधिकार; हक । ३. मेशिन चलाउने शक्ति । ४. विद्युत्-शक्ति ।

पावर-हाउस–ना० [अं०] वितरण गर्नाका निमित्त बिजुली पैदा गर्ने घर; बिजुली-घर ।

पाश–ना० [सं०] १. अरूलाई फसाउने, सुर्काउनी पारेको धेरै फेरो भएको डोरी; पासो; प्राचीन कालको जाल-जस्तो एक अस्त्र । २. पशु-पक्षीहरू फँसाउने जाल; फन्दा । ३. कुनै किसिमको बन्धन । ४. डोरी । ५. पासा ।

पाशक–ना० [सं०] १. पासा । २. पाश; पासो ।

पाश-क्रीडा–ना० [सं०] जूवा; द्यूत ।

पाश-बन्धक–ना० [सं०] चरा-चुरुङ्गी समाउने पेशा भएको मानिस ।

पाश-बन्धन–ना० [सं०] जाल; फन्दा ।

पाशव–वि० [सं०] पशु-सम्बन्धी; पाशविक ।

CC-0. In Public Domain. Digitization by eGangotri

पाशविक–वि० [सं०] १. पशु-सम्बन्धी; पशुको। २. पशुको जस्तो।

पाशिक–ना० [सं०] चरा-चुरुङ्गीको शिकारी; ब्याधा।

पाशित–वि० [सं०] पाशमा फसेको; पासोमा परेको।

पाशी–वि० [सं०] १.पाश लिने; पासो धारण गर्ने। (ना०) २. वरुण। ३. यम। ४. ब्याधा।

पाशुपत–वि० [सं०] १. पशु-पति-सम्बन्धी; पशु-पतिको। (ना०) २. पशु-पति वा शिवको उपासक। ३. एक प्रकारको शैव सम्प्रदाय। ४. शिवजीले बताएको भनी प्रसिद्ध एक तन्त्र। ५. अथर्व वेदको एक उपनिषद्।

पाशुपत-दर्शन–ना०[सं०] सबै जीवहरूलाई पशु र तिनीहरूका अधीश्वर शिव मानिने एक प्रसिद्ध दर्शन-शास्त्र।

पाशुपतास्त्र–ना० [सं०] महादेवबाट अर्जुनले पाएको एक भीषण अस्त्र।

पाशो–ना० [सं० पाश] पासो।

पाश्चात्य–वि० [सं०] १. पश्चिम दिशाको; पश्चिमी। २. पछिल्लो; पछिल्तिरको। ३. पश्चिम दिशातिर रहने। ४. पश्चिमी महादेश (यूरोप र अमेरिका) अथवा सुदूर पश्चिमका देशसित सम्बन्ध राख्ने वा सुदूर पश्चिमी देशमा बस्ने।

पाश्चात्यीकरण–ना० [सं०] कुनै देश, जाति वा विषयलाई पाश्चात्य ढङ्गको बनाउनु।

पाषण्ड–वि० [सं०] पाखण्ड।

पाषण्डी–वि० [सं०] पाखण्डी।

पाषाण–ना० [सं०] ढुङ्गो; पत्थर; शिला।

पाषाण-दारक–ना० [सं०] छिनु; टङ्क।

पाषाणभेद–ना० [सं०] १. बाटुला किसिमका ठूला-ठूला पात हुने, सेता वा राता फूल फुल्ने एक जातको बूटी। २. त्यसैको कन्द वा जरो। (यसका चार किसिम छन्। आयुर्वेदमा यसको गुण धातु बहने, मूत्र-कृच्छ्र, पत्थरी रोगलाई नाश गर्ने र योनि-सम्बन्धी रोग-नाशक बताइएको छ।)

पाषाणभेदी–ना० [सं०] पाषाणभेद।

पाषाण-रोग–ना० [सं०] पत्थरीको रोग।

पाषाण-हृदय–वि० [सं०] पत्थरजस्तो कठोर हृदय भएको; निष्ठुर; निर्दय।

पास–ना० यो० [सं० पार्श्व] १. नजीक; निकट; समीप। २. साथ; सँग; सित। (ना०) ३. सामीप्य; निकटता।

पास–ना० [अं०] १. परीक्षा वा कुनै काममा सफल हुनु; जाँचमा उत्तीर्ण हुने काम; सफलता। २. पार हुनु; छिर्नु। ३. प्रतिबन्ध लागेका ठाउँमा बिनारोक-टोक जानाका निमित्त दिइने टिकट। (वि०) ४. निपुण; दक्ष। ५. स्वीकृत; मन्जूर।

पास–ना० [सं० पाश] पाश।

पास-पोर्ट–ना० [अं०] विदेशमा जानाका निमित्त सरकारसँग लिइने अनुमति-पत्र; राहदानी।

पास-बुक–ना० [अं०] बैङ्कमा रुपियाँ जम्मा गर्नेलाई बैङ्कले रुपियाँको हर-हिसाब लेखिदिने पुस्तिका।

पासा–ना० [प्रा०] १. पच्चीस-खेलका जस्ता थर्कीमा गोटी चालेर खेलिने खेलमा गुड़ाएर हान्ने हस्ति-हाड़ वा काठको, छ, पाँच, दुइ र एक बिन्दु हुने, लाम्चो चार-पाटे टुक्रो। २. त्यसैको खेल। (यो खेल प्रायः तीन वटा पासाले खेलिन्छ।)

पासो–ना० [ने०] बन्चरो, कोदालो आदिको टाउको।

पासो–ना० [सं० पार्श्व] गाई-वस्तुका दायाँ वा बायाँतिरका दुइ थुनको समूह; कल्चौँड़ाको दायाँ वा बायाँ भाग।

पासो–ना० [सं० पाश] १. पशु-पक्षी वा मानिसलाई फसाउने सुर्काउनी पारेको डोरी; पाश; जाल। २. बाघ, भालू आदि जन्तुहरूलाई थुन्ने खोर; धराप। ३. अल्झो; झन्झट।

पास्नी–ना० [सं० प्राशन] बालकहरूलाई पहिलो पल्ट अन्न खुवाउने संस्कार; अन्न-प्राशन।

पाहा–ना० [ने०] १.ठूलो जातको भ्यागुतो; ब्याङ। (वि०) २. सुताहा; सुतुवा। ३. फूर्ति नभएको; जुम्सो।

पाहार–ना० [सं० प्रभाकर] घाम; सूर्यको राप।

पाहारिलो–वि० [पाहार+इलो] घाम लाग्ने ठाउँ; पाहार भएको ठाउँ।

पाहि–वि० बो० [सं०] आफ्नो रक्षाका निमित्त अरूसित मदत माग्दा प्रयोग गरिने शब्द; गुहार।

पाहिक–वि० [पायक] पायक।

पाही–वि० [पाहीक] पाहीक।

पाहीक–वि० [फा० पायक] अनुकूल; काम-काज गर्न सजिलो पर्ने (ठाउँ)।

पाहुना–ना० [पाहुनु] पाहुनु।

पाहुना-घर–ना० [पाहुना+घर] पाहुनाहरूका निमित्त बनाइएको घर; अतिथि-निवास; अतिथि-शाला।

पाहुना-पाछा–ना० [पाहुना+पीछा] पाहुनाहरूको समुदाय।

पाहुनु–ना० [प्रा० पाहुण] घरमा वास बस्ने गरी वा केही समयका निमित्त आएको, सत्कार गर्न योग्य इष्ट-मित्र वा कुनै अपरिचित व्यक्ति; अतिथि; अभ्यागत।

पाहुर–ना० [पागुर] पागुर।

पाहुर–ना० [ने०] कोसेली; सौगात; नजराना; उपहार।

पिँजड़ा–ना० [पिँजरा] पिँजरा।

पिँजरा–ना० [सं० पिञ्जर] बाँसका छेस्का, तार आदिले बनेको, चरा-चुरुङ्गी पाल्ने खोर; पिँजड़ा।

पिँड़ालु–ना० [सं० पिण्डालु] कर्कलाको गानु; कर्कलाका जरामा फल्ने आलुजस्तो कन्द।

पिँड़ाल्ने–ना० [पिँड़ालु] सिमसारमा हुने एक जातको कर्कलो; सानो जातको कर्कलो।

पिँड़ो–ना० [सं० पिण्ड] गाई-गोरुलाई खुवाउन पीठो र सखर मिलाई डल्लो पारेको दाना।

CC-0. In Public Domain. Digitization by eGangotri

पिँड़ौलो–ना० [सं० पिण्ड] घुँडादेखि मनि नली-खुट्टाको पछिल्तिर रहेको मांसल भाग।

पिँढ़ी–ना० [पीँढ़ी] पीँढ़ी।

पिँढ़ी-साँढ़े–ना० [पिँढी+साँढ़े] आफ्ना घरमा मात्र फूर्ति देखाउने, अन्त केही बोल्न वा गर्न नसक्ने व्यक्ति।

पिँद–ना० [पिँध] पिँध।

पिँदाइ–ना० [पिँद्+आइ] पिँद्ने किसिम, क्रिया वा भाव; पिँधाइ।

पिँदाइनु–स० क्रि० [पिँदाउ+आउ+नु] पिँद्न लाइनु; ('पिँदाउनु'-को क० क्रि०)।

पिँदाउनु–स० क्रि० [पिँद्+आउ+नु] पिँद्न लाउनु; ('पिँद्नु'-को प्रे० क्रि०)।

पिँदिनु–स० क्रि० [पिँद्+इ+नु] पिँधिनु; ('पिँद्नु'-को क० क्रि०)।

पिँद्नु–स० क्रि० [पिँध्+नु] पिँध्नु।

पिँध–ना० [सं० पीठ] १. कुनै वस्तुको सबभन्दा तल्लो भाग; जमीनमा टेकिने भाग। २. तल्लो सतह; भूइँ। ३. चाक; नितम्ब।

पिँधाइ–ना० [पिँध्+आइ] पिँध्ने किसिम, क्रिया वा भाव; पिसाइ।

पिँधाइनु–स० क्रि० [पिँधाउ+आइ+नु] पिँध्न लाइनु; ('पिँधाउनु'-को क० क्रि०)।

पिँधाउनु–ना० [पिँध्+आउ+नु] पिँध्न लाउनु; ('पिँध्नु'-को प्रे० क्रि०)।

पिँधिनु–स० क्रि० [पिँध्+इ+नु] पिसिनु; चूर्ण पारिनु; ('पिँध्नु'-को क० क्रि०)।

पिँध्नु–स० क्रि० [सं० पिष्+नु] १. घट्ट, खल, सिलौटो आदिमा राखी अनाजहरूको पीठो पार्नु; चूर्ण पार्नु; पिस्नु। २. हेप्नु; दमन गर्नु; थिचो-मिचो पार्नु।

पिआइ–ना० [पिउ+आइ] पिउने किसिम, क्रिया वा भाव।

पिआइ–ना० [पिआउ+आइ] पिआउने किसिम, क्रिया वा भाव।

पिआइनु–स० क्रि० [पिआउ+आइ+नु] पिउन लाइनु; ('पिआउनु'-को क० क्रि०)।

पिआउनु–स० क्रि० [पिउ+आउ+नु] पिउन लाउनु; ('पिउनु'-को प्रे० क्रि०)।

पिइनु–स० क्रि० [पिउ+इ+नु] तरल पदार्थ निलिनु; घुट्क्याइनु; ('पिउनु'-को क० क्रि०)।

पिउठ–ना० [अं० पिभेँट] १. सिपाहीभन्दा एक तह माथिको जङ्गी दर्जा। २. त्यस दर्जामा रहेको व्यक्ति।

पिउन–ना० [अं०] १. चिट्ठी-पत्रहरू पुऱ्याउने निजामती निम्न दर्जा। २. त्यस दर्जामा रहेको व्यक्ति; हलकारो; हुलाकी। ३. अड्डाखानाको सिपाही; अर्दली।

पिउन-बुक–ना० [अं०] चिट्ठी-पत्र बुझाउँदा भर्पाई गराउने पुस्तिका।

पिउनु–स० क्रि० [सं० पिब्+नु] १. पानी, दूध आदि तरल पदार्थ निल्नु; घुट्क्याउनु; पान गर्नु। २. चुरोट, तमाखु आदिको धूवाँ सेवन गर्नु; धूम्र-पान गर्नु।

पिउरी–ना० [सं० पञ्जी] धागो, बत्ती आदि कात्न बनाइएको, फट्केका कपासको लामो लुर्को।

पिउरो–ना० [ने०] एक जातको सानो चरो।

पिउसो–ना० [फा० पश्शः] १. फोहर ठाउँमा हुने भुसुनुभन्दा पनि सानो एक जातको उड्ने कीरो। २. सानो निर्धो बालक; अजान बालक।

पिक–ना० [सं०] कोइली; कोकिल।

पिक–ना० [अं०] डल्ल्याँठाका आकारको, दुइतिर दुइ किसिमका चुच्चा हुने, खन्ने फलामे हतियार।

पिकाङ्ग–ना० [सं०] चातक।

पिङ्ग–ना० [सं०] १. फुस्रो वा कैलो रङ्ग; खैरो रङ। (वि०) २. खैरो रङ्गको; कैलो।

पिङ्गल–ना० [सं०] १. कैलो वर्ण; पिङ्ग वर्ण। २. अग्नि। ३. बाँदर। ४. छन्द-शास्त्रका आचार्य प्रसिद्ध एक मुनि। (वि०) ५. कैलो। ६. पहेँलो।

पिङ्गल-सूत्र–ना० [सं०] पिङ्गल मुनिले बनाएको छन्द-शास्त्र।

पिच–ना० [अं०] अलकतराका किसिमको, विशेषतः सड़क बनाउने काममा उपयोग गरिने, कालो, तापले पग्लने एक लेसाइलो पदार्थ।

पिचकारी–ना० [पिच्च+कारी (सं०)] पचका।

पिचण्ड–ना० [सं०] पेट; उदर।

पिचण्डक–वि० [सं०] धेरै खाने; खन्चुवा।

पिचण्डिल–वि० [सं०] ठूलो पेट हुने; भुँडीवाल।

पिचपिच–क्रि० यो० [पिच्च+पिच्च] १. वार-वार थुकिरहने किसिम; पिच्च-पिच्च। २. लेसाइलो पदार्थ थोरै-थोरै निस्किरहने किसिम।

पिचपिचे–वि० [पिचपिच+ए] १. वार-वार थुकिरहने; पिचपिच थुक्ने। (ना०) २. वार-वार थुक्नुपर्ने रोग।

पिचा–ना० [सं० पिट०] बाँसका मसिना चोयाले बनेको, उझिन्डो नलागेको, कँड़ालीजस्तो भाँड़ो।

पिचास–ना० [प्रा०] पिशाच।

पिचिक्क–क्रि०यो० [अनु०] १. तरल वा लेदो पदार्थ निचोरिएर वेगसित निस्कने किसिम; पिच्च। २. थुक्ने किसिम।

पिच्च–क्रि० यो० [अनु०] पिचिक्क।

पिच्छ–ना० [सं०] १. पुच्छर; पुच्छ। २. कल्की; शिखा। ३. प्वाँख।

पिच्छल–वि० [सं०] चिप्लो।

पिच्छिल–वि० [सं०] १. चिप्लो। २. पुच्छर भएको। ३. कल्की भएको। (ना०) ४. माड़।

पिच्छिल-बीज–ना० [सं०] लीची फल।

पिच्छे–ना० यो० [सं० पश्चात्] प्रत्येक; जनही; प्रतिव्यक्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

पिञ्जर–ना० [सं०] १. पिँजरा। २. पहेँलो रङ्ग । ३. कैलो रङ्ग । ४. सुन; सुवर्ण । ५. शरीरका हाड़हरूको पिँजरा; अस्थि-पञ्जर; कङ्काल। (वि०) ६. पहेँलो। ७. कैलो।

पिञ्जरा–ना० [सं० पिञ्जर] पिँजरा ।

पिञ्जरी–ना० [सं० पिञ्जर] हकुवा, पठुवा आदिको कुनिउँ लाउँदा सबैभन्दा तल भइँमा बिछ्याइने दुइ झटनीको मात्र फेरो।

पिञ्जूष–ना० [सं०] कानको मल; काने-गुजी।

पिञ्जेट–ना० [सं०] आँखाको मल; चिप्रा।

पिट–ना० [सं०] १. पेटारो। २. सन्दूक।

पिटक–ना० [सं०] १. पेटारो; बेतको सन्दूक। २. भकारी। ३. ग्रन्थको कुनै भाग; खण्ड। ४. खटिरो।

पिट-पाट–ना० [पिट्+पाट (फाँ०)] पिट्ने किसिम, क्रिया वा भाव; पाट-पीट।

पिटपिट–क्रि० यो० [अनु०] १. सिमसिमे पानी पर्ने वा पर्दा शब्द आउने किसिम। २. छेस्का, सिन्का आदि भाँचिने वा भाँचिदा शब्द आउने किसिम।

पिटपिटयाइ–ना० [पिटपिटयाउ+आइ] पिटपिटयाउने किसिम, क्रिया वा भाव।

पिटपिटयाइनु–स० क्रि० [पिटपिटयाउ+आइ+नु] सिमसिम पानी परिनु; ('पिटपिटयाउनु'-को भा० क्रि०)।

पिटपिटयाउनु–अ० क्रि० [पिटपिट+याउ+नु] मसिनु वा थोर-बहुत पानी पर्नु; सिमसिम पानी पर्नु।

पिटपिटयाहट–ना० [पिटपिटयाउ+आहट] पिटपिटयाउने किसिम, क्रिया वा भाव; पिटपिटयाइ।

पिटाइ–ना० [पिट्+आइ] १. पिट्ने किसिम, क्रिया वा भाव; चुटाइ। २. प्रहार; चोट।

पिटाइनु–स० क्रि० [पिटाउ+आइ+नु] पिट्न लाइनु; ('पिट्नु'-को क० क्रि०)।

पिटाउनु–स० क्रि० [पिट्+आउ+नु] पिट्न लाउनु; चुटाउनु; ('पिट्नु'-को प्रे० क्रि०)।

पिटापिट–ना० [पिट्+पिट्] १. धमाधम पिट्ने काम। २. परस्परमा पिट्ने काम।

पिटिक्क–क्रि० यो० [अनु०] सानो-तिनो वस्तु भाँचिने वा भाँचिदा शब्द आउने किसिम; पिट्ट।

पिटिनु–स० क्रि० [पिट्+इ+नु] कुटिनु; चुटिनु; ('पिट्नु'-को क० क्रि०)।

पिटी-पाटी–क्रि० यो० [पिट्+ई+पाटी (फाँ०)] पिट-पाट गरेर; पिटीकन।

पिटीपिटी–क्रि० यो० [अनु०] साना-तिना वस्तुहरू धमाधम भाँचिने वा भाँचिदा शब्द आउने किसिम; पिट्ट-पिट्ट।

पिट्ट–क्रि० यो० [अनु०] पिटिक्क।

पिट्ठू–वि० [पीठ] १. पछि लाग्ने; अनुगामी। (ना०) २. विचार नगरीकन कसैको पछि लाग्ने व्यक्ति। ३. पृष्ठ-पोषक व्यक्ति; सहायक।

पिट्नु–स० क्रि० [प्रा० पिट्ट+नु] १. कुट्नु; चुट्नु; प्रहार गर्नु। २. ठोक्नु; हाल्नु; ठटाउनु। ३. जित्नु; विजय प्राप्त गर्नु। ४. झ्याली बजाउनु। ५. हल्ला मचाउनु। ६. व्यापक प्रचार गर्नु।

पिठर–ना० [सं०] १. एक प्रकारको घर वा कोठा। २. कसौँड़ी। ३. मोथे। ४. मथानी।

पिठाउली–ना० [नें०] १. एक जातको मसिनो बयर; सतिबयर। २. नाशपाती, स्याउ आदिको खूब पाकेको गुदी।

पिठिउँ–ना० [प्रा० पिट्ठ] शरीरको पछाड़िको भाग; पीठ; पृष्ठ भाग; पिठ्यूँ।

पिठिया–ना० [सं० पीठ] तराईका गाउँमा हप्ताको एक-दुइ पल्ट लाग्ने बजार; हाट।

पिठौली–ना० [पिठाउली] पिठाउली।

पिठ्यूँ–ना० [पिठिउँ] पिठिउँ।

पिड़ा–ना० [पाड़ो] जङ्गली भैँसीको बच्चो; अर्नाको बच्चो।

पिड़ार–ना० [सं० पिण्डार] १. लाम्चा पात, सेता फूल र पहेँला फल फल्ने एक जातको वृक्ष। २. त्यसैको फल; पिण्डार।

पिड्को–ना० [सं० पिटक] खटिरो वा सानो-तिनो पिलो।

पिण्ड–ना० [सं०] १. गोल वस्तु; खँदिलो डल्लो। २. श्राद्धमा पितृका उद्देश्यले दिइने भात वा जौका पीठाको डल्लो। ३. मन नपरीकन दिइएको खानेकुरो। ४. शरीर; देह। ५. गाँस। (वि०) ६. खँदिलो; ठोस; सघन।

पिण्ड-कन्द–ना० [सं०] पिँड़ालु।

पिण्ड-खर्जुरिका–ना० [सं०] सानु जातको डल्ले-खजूर।

पिण्ड-गुडूची–ना० [सं०] गुन्दर-गानु।

पिण्डज–ना० [सं०] गर्भबाट पिण्ड वा शरीरका रूपमा जन्मने प्राणी; जरायुज।

पिण्डद–वि० [सं०] १. पिण्ड दिने; पिण्ड-दान गर्ने। २. खान-लाउन दिने; पाल्ने; पालक। (ना०) ३. पिण्ड-दान गर्ने व्यक्ति; छोरो।

पिण्ड-दान–ना० [सं०] पितृहरूका उद्देश्यले पिण्ड दिने काम; श्राद्धमा पितृहरूलाई पिण्ड दिने काम।

पिण्ड-भाक्–ना० [सं०] पिण्ड पाउने पितृ।

पिण्ड-यज्ञ–ना० [सं०] पितृ-यज्ञ; श्राद्ध।

पिण्ड-लोप–ना० [सं०] १. पिण्ड-दाता नहुनु। २. पिण्ड-दान नहुनु।

पिण्डाकार–वि० [सं०] गोल; गोलाकार।

पिण्डार–ना० [सं०] पिड़ार वृक्ष।

पिण्डालु–ना० [सं०] कर्कलाको गानु; पिँड़ालु।

पिण्डी–ना० [सं०] सानो पिण्ड; सानो डल्लो।

पिण्डोपजीवी–वि० [सं०] अर्कले दिएको अन्न खाएर जीविका गर्ने।

पिता–ना० [सं०] आफूलाई जन्माउने व्यक्ति; बाबु; जनक।

पिताम–ना० [नें०] शक्ति; सामर्थ्य; ताकत।

पितामह–ना० [सं०] १. बाबु वा आमाको बाबु; बाजे।

CC-0. In Public Domain. Digitization by eGangotri

२. ब्रह्मा ।

पितामही–ना० [सं०] बाबुकी आमा; बज्यै; पितृ-प्रसू ।

पितिक्क–क्रि० यो० [अनु०] १. गीलो वा दबदबे वस्तु निचोरिएर थोरै निस्कने किसिम; पिचिक्क । २. थोरै दिसा हुने किसिम । ३. चरा-चुरुङ्गीले बिस्टचाउने किसिम; पित्त; लित्त; लितिक्क ।

पितिपिति–क्रि० यो० [अनु०] १. निचोरिएर गीलो पदार्थ थोर-बहुत निस्किरहने किसिम । २. थोरै-थोरै दिसा भइरहने किसिम; अलि-अलि चुहुने किसिम ।

पितृ–ना० [सं०] १. स्वर्गीय बाबु-बाजेहरू; दिवङ्गत पूर्वज । २. प्रेतत्वबाट मुक्त भएका स्वर्गीय पूर्वज ।

पितृ-ऋण–ना० [सं०] धर्म-शास्त्रानुसार तीन ऋणमध्ये एक । (छोरो जन्माएपछि मानिस पितृ-ऋणबाट मुक्त हुन्छ ।)

पितृक–वि० [सं०] पिताको; पैतृक ।

पितृ-कर्म–ना० [सं०] पितृहरूका उद्देश्यले गरिने कर्म (तर्पण, श्राद्ध आदि ।)

पितृ-कानन–ना० [सं०] श्मशान ।

पितृ-कार्य–ना० [सं०] पितृ-कर्म ।

पितृ-कुल–ना० [सं०] पिताको वंश; बाबुतर्फका नातादार ।

पितृ-कृत्य–ना० [सं०] पितृ-कर्म ।

पितृ-क्रिया–ना० [सं०] पितृ-कर्म ।

पितृ-गण–ना० [सं०] मरीचि मुनिका छोराहरू (अग्नि-ष्वात्त, सोमपा आदि) ।

पितृ-गृह–ना० [सं०] १. स्त्री-जातिका निम्ति बाबुको घर; माइती । २. मसान ।

पितृ-घात–ना० [सं०] पितृ-हत्या ।

पितृ-घातक–वि० [सं०] पितृ-घाती ।

पितृ-घाती–वि० [सं०] बाबुको हत्या गर्ने; पितृ-घातक ।

पितृ-तर्पण–ना० [सं०] पितृहरूका उद्देश्यले गरिने तर्पण ।

पितृता–ना० [सं०] पिता हुनाको भाव; पितृत्व ।

पितृ-तिथि–ना० [सं०] अमावास्या ।

पितृ-तीर्थ–ना० [सं०] १. गया तीर्थ । २. चोर-औंलो र बूढ़ी-औंलाका बीचको हत्केलाको भाग ।

पितृत्व–ना० [सं०] पिता हुनाको भाव; पितृता ।

पितृ-दान–ना० [सं०] पितृहरूका उद्देश्यले गरिने दान ।

पितृ-दाय–ना० [सं०] पिताबाट प्राप्त सम्पत्ति; पैतृक सम्पत्ति ।

पितृ-दिन–ना० [सं०] अमावास्या ।

पितृ-देव–ना० [सं०] १. पिता रूपी देवता । २. पितृ-गण । (वि०) ३. पितालाई देवतातुल्य मान्ने ।

पितृ-पक्ष–ना० [सं०] १. आश्विन कृष्ण-पक्ष; सोह्र-श्राद्ध । २. बाबुको कुल; पितृ-कुल ।

पितृ-प्रसू–ना० [सं०] १. बज्यै; पितामही । २. सन्ध्या-काल ।

पितृ-प्राप्त–वि० [सं०] पिताबाट पाएको ।

पितृ-भक्त–वि० [सं०] बाबुको भक्त; पिताको आज्ञा पालन गर्ने ।

पितृ-भक्ति–ना० [सं०] पिताउपरको भक्ति; पिताप्रतिको आदर र सेवा-भाव ।

पितृ-भोजन–ना० [सं०] १. पितृहरूलाई मन पर्ने भोजन । २. मास ।

पितृ-भ्राता–ना० [सं०] १. जेठो-बाबु; पितृव्य । २. कान्छो-बाबु; काका ।

पितृ-यज्ञ–ना० [सं०] पितृ-तर्पण ।

पितृ-राज–ना० [सं०] यमराज ।

पितृ-लोक–ना० [सं०] पितृहरू बस्ने लोक; पितृहरूको लोक ।

पितृव्य–ना० [सं०] जेठो-बाबु वा कान्छो-बाबु ।

पितृ-श्राद्ध–ना० [सं०] पितृहरूका उद्देश्यले गरिने श्राद्ध ।

पितृ-ष्वसा–ना० [सं०] फुपू ।

पितृ-ष्वस्रीय–ना० [सं०] फुपूका छोरा; भानिज-दाइ वा भानिज-भाइ ।

पितृ-स्थानीय–वि० [सं०] अभिभावक; संरक्षक ।

पितृ-स्वसा–ना० [सं०] बाबुकी दिदी वा बहिनी; फुपू ।

पितृ-हत्या–ना० [सं०] पिताको हत्या ।

पितो–ना० [सं० पित्त] शरीरभित्र पित्त रहने थैली; पित्तको थैली ।

पित्त–क्रि० यो० [अनु०] गीलो पदार्थ निचोरिएर वा थिचि-एर थोरै निस्कने किसिम; लित्त ।

पित्त–ना० [सं०] १. शरीरभित्र यकृत्मा बन्ने, खाएको वस्तु पचाउन सहायता गर्ने पहेँलो तरल पदार्थ । २. वैद्य-शास्त्रअनुसार त्रिदोषमध्ये एक ।

पित्त-कर–वि० [सं०] पित्त बढ़ाउने; पित्त उत्पन्न गर्ने ।

पित्त-कोष–ना० [सं०] पित्त रहने थैली; पित्ताशय ।

पित्तघ्न–वि० [सं०] १. पित्तलाई नाश गर्ने । (ना०) २. पित्त शमन गर्ने आयुर्वेदीय एक औषधि ।

पित्त-ज्वर–ना० [सं०] पित्त-प्रकोप भएर आउने ज्वर ।

पित्तपापड़ा–ना० [सं० पित्त+पर्पट] नीलो वा सेतो फूल फुल्ने एक जातको वनस्पति ।

पित्त-प्रकृति–वि० [सं०] पित्तको प्रधानता भएको; पित्त बढ्ने स्वभावको ।

पित्त-प्रकोप–ना० [सं०] पित्त बढ्नु; पित्त कुपित हुनु ।

पित्तल–वि० [सं०] १. पित्त धेरै भएको । २. पित्त बढ़ाउने । (ना०) ३. पीतल धातु । ४. भोज-पत्र । ५. हरताल ।

पित्तले–वि० [पित्तल+ए] १. पित्तलको; पित्तल-सम्बन्धी । २. पित्तल धातुले बनेको; पीतले ।

पित्ताशय–ना० [सं०] शरीरभित्र पित्त रहने ठाउँ; पित्त-कोष ।

पित्ले–वि० [सं० पित्तले] १. पीतलको; पित्तल-सम्बन्धी;

CC-0. In Public Domain. Digitization by eGangotri

पित्तले । २. पीतल धातुबाट बनेको; पीतले । ३. पित्तको रोग भएको; पहेँल-पित्त । ४. हात-खुट्टा झीना र पेट ठूलो भएको; कमजोर ।

पित्र्य–वि० [सं०] पिता-सम्बन्धी; पिताको; पैतृक ।

पिधान–ना० [सं०] १. ढाक्ने काम । २. आवरण; पर्दा । ३. ढकना; बिर्को । ४. तरबार, खुकुरी आदिको दाप; म्यान । ५. ढोकाको द्वार; खापा ।

पिधानक–ना० [सं०] १. दाप; म्यान; कोष । २. ढकना ।

पिधायक–वि० [सं०] १. ढाक्ने; छोप्ने । २. लुकाउने; छिपाउने । (ना०) ३. दाप; म्यान ।

पिन–ना० [अं०] कागत-पत्रहरू नत्थी गर्ने सियोजस्तो धातुको मसिनु कीलो; आलपिन ।

पिनद्ध–वि० [सं०] १. लगाएको; पहिरेको; धारण गरेको । २. बाँधेको; बद्ध । ३. छोपेको; आच्छादित । ४. प्वाल पारिएको; छेड़िएको ।

पिनाक–ना० [सं०] १. शिवको धनु; अजगव । २. धनु । ३. त्रिशूल ।

पिनाकी–ना० [सं०] शिव ।

पिनास–ना० [सं० पीनस] पीनास ।

पिनासे–वि० [पिनास+ए] पीनासे ।

पिन्चे–वि० [ने०] पिलपिल आँसु चुहाइरहने; रुन्चे ।

पिपरमिन्ट–ना० [अं० पिप्परमिन्ट] १. बावरीका जातिको एक झार; पुदीना । २. त्यसको सार । ३. चीनी वा मिस्रीमा पुदीना आदिको सार मिलाई साना-साना टुक्रा पारी बनाएको एक प्रकारको मिठाई ।

पिपरमेन्ट–ना० [अं० पिपमिन्ट] पिपरमिन्ट ।

पिपलमेन्ट–ना० [अं० पिपरमिन्ट] पिपरमिन्ट ।

पिपा–ना० [लैटिन] भरिया वा टहलुवाको काम गर्ने पल्टनिया निम्न श्रेणीको जागीरदार ।

पिपासा–ना० [सं०] १. पिउने इच्छा; तिर्खा; प्यास । २. लोभ; लालच ।

पिपासित–वि० [सं०] प्यास लागेको; तृषित ।

पिपासी–वि० [सं०] प्यास लागेको; तृषित ।

पिपासु–वि० [सं०] १. पिउने इच्छा गर्ने; पिपासी । २. लोभी; लालची ।

पिपिरी–ना० [ने०] बजाउँदा मुखभित्र हाल्ने सनईको एक अवयव ।

पिपिरो–ना० [ने०] १. आँकुरो; मुनो; टुसो । २. एक जातको चरो ।

पिपीलिका–ना० [सं०] कमिलो ।

पिप्पल–ना० [सं०] पीपलको वृक्ष ।

पिप्पल-पाते–वि० [पिप्पल+पात+ए] १. पीपलका पातका आकारको । (ना०) २. पीपलको जस्तो पात हुने एक जातको लहरो । ३. कुनै सिद्धान्तमा नअड्ने; अवसरवादी ।

पिप्पलि–ना० [सं०] १. पानका जस्ता पात, पिरा र किम्बुजस्ता फल हुने एक जातको लता । २. त्यसैको फल; पिप्ला ।

पिप्पली–ना० [सं०] पिप्पलि ।

पिप्पली-मूल–ना० [सं०] पिप्लाको जरो; पिप्ला-मूल ।

पिप्ला–ना० [सं० पिप्पलि] १. पानका जस्ता पात र पिरो स्वादका किम्बुजस्ता फल हुने एक जातको लहरो । २. त्यसैको फल; पिप्पलि ।

पिप्ला-मूल–ना० [पिप्ला+मूल] पिप्लाका लहराको जरा; पिप्पली-मूल ।

पिप्सिङ–ना० [अं० पाइप] दूध, शरबत आदि सासद्वारा तानेर पिउने नली ।

पिप्सो–ना० [पिउसो] पिउसो ।

पियाइ–ना० [पिउ+याइ] पिउने किसिम, क्रिया वा भाव ।

पियाइ–ना० [पियाउ+आइ] पियाउने किसिम, क्रिया वा भाव ।

पियाइनु–स० क्रि० [पियाउ+आइ+नु] पिउन लाइनु; ('पियाउनु'-को क० क्रि०) ।

पियाउनु–स० क्रि० [पिउ+याउ+नु] पिउन लाउनु; ('पिउनु'-को प्रे० क्रि०) ।

पियाउनु–स० क्रि० [पिउ+याउ+नु] १. पिउन लाउनु; दूध, पानी आदि तरल पदार्थ खुवाउनु । २. चुरोट, तमाखु, आदि सेवन गराउनु; खुवाउनु । ३. छुस्क्याइँ लाउनु; चुक्ली लाउनु ।

पियानो–ना० [अं०] ठूलो हारमोनियमजस्तो एक किसिमको बाजा ।

पियाल–ना० [सं०] १. चिरौंजीको बोट । २. त्यसैको फल ।

पिर–ना० [ने०] डन्डी-बियोका खेलमा सातको सङ्ख्या ।

पिर-पिराउ–ना० [पिर्+पिर्] १. अफाप; बिगार । २. दुःख; पीड़ा ।

पिरपिरे–ना० [अनु०] एक प्रकारको बाजा ।

पिरलाइ–ना० [पिरल्+आइ] १. पिरल्ने किसिम, क्रिया वा भाव; पिरोलाइ । २. पिरलिने किसिम, क्रिया वा भाव ।

पिरलाइनु–स० क्रि० [पिरलाउ+आइ+नु] पिरोला उनु; ('पिरलाउनु'-को क० क्रि०) ।

पिरलाउनु–स० क्रि० [पिरल्+आउ+नु] पिरल्न लाउनु; ('पिरल्नु'-को प्रे० क्रि०) ।

पिरलाहा–वि० [पिरल्+आहा] पिराहा ।

पिरलिइनु–अ० क्रि० [पिरलि+इ+नु] पीर लिइनु; चिन्ता गरिनु; ('पिरलिनु'-को क० क्रि०) ।

परिलिनु–अ० क्रि० [पीर+लि+नु] पीर लिनु; चिन्ता गर्नु; पिरिनु ।

पिरलो–ना० [पीर] १. मानसिक ताप; पीर । २. झिंज्याउने काम; पिरोल्ने काम । ३. टोकसो ।

पिरल्नु–स० क्रि० [पिरोल्+नु] पिरोल्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

पिरल्याइ–ना० [पिरलि+याइ] पिरलिने किसिम, क्रिया वा भाव।

पिरल्याहट–ना० [पिरलि+याहट] पिरलिने किसिम, क्रिया वा भाव; पिरल्याइ।

पिरा–ना० [सं० पीठ] काठको फल्याकजस्तो बस्ने आसन; पिर्का; पिरुका।

पिराइ–ना० [पिर्+आइ] पिर्ने किसिम, क्रिया वा भाव।

पिराइ–ना० [पिराउ+आइ] पिराउने किसिम, क्रिया वा भाव।

पिराइनु–स० क्रि० [पिराउ+आइ+नु] पिरलो पारिनु; ('पिराउनु'-को क० क्रि०)।

पिराउनु–स० क्रि० [पिर्+आउ+नु] १. पिरलो पार्नु; पीर पार्नु। २. सताउनु; हैरान गर्नु। ३. अफाप गर्नु।

पिराहा–वि० [पिर्+आहा] १. पिर्ने स्वभावको; पिरोल्ने; पिरोलाहा। २. नफाप्ने; अफाप। ३. जन्मेका समयको ग्रह-गतिअनुसार पिर्ने ग्रह भएको।

पिरिनु–अ० क्रि० [पिर्+इ+नु] १. पीर लिनु; चिन्ता लिनु। (स० क्रि०) २. दुःख दिइनु; ('पिर्नु'-को क० क्रि०)।

पिरिया–ना० [परपर] लामा पात, मसिना सेता वा राता फूल र किम्बुजस्ता परपन्याउने पिरा फल फल्ने प्रायः सिमसारमा उम्रने एक जातको झार; पिर्रे।

पिरुका–ना० [पिरा] पिरा।

पिरे–ना० [ने०] एक जातको भ्यागुतो। (कुनै जातिका मानिसहरू यसलाई खान्छन्।)

पिरो–ना० [ने०] १. खुर्सानी, मरीच, पिप्ला आदिको स्वाद; कटु-रस; षड्-रसमध्ये एक। (वि०) २. त्यसै स्वादको।

पिरोलाइ–ना० [पिरोल्+आइ] पिरोल्ने किसिम, क्रिया वा भाव।

पिरोलाइ–ना० [पिरोलि+आइ] पिरोलिने किसिम, क्रिया वा भाव।

पिरोलाहा–वि० [पिरोल्+आहा] पिराहा।

पिरोलिनु–अ० क्रि० [पिरोल्+इ+नु] पिरलिनु।

पिरोलो–ना० [पिरलो] पिरलो।

पिरोल्नु–स० क्रि० [पिरलो+नु] १. पिरलो गर्नु; पिर्नु। २. कुनै कुरो वा र-वार गरेर कष्ट दिनु; कचकच गर्नु। ३. दुःख दिनु; सताउनु। ४. टोकस्नु; टोकसो गर्नु। ५. पोल्नु; डढाउनु।

पिरोल्याइ–ना० [पिरोल्+याइ] पिरोलिने किसिम, क्रिया वा भाव; पिरल्याइ।

पिरोल्याहट–ना० [पिरोलि+याहट] पिरोलिने किसिम, क्रिया वा भाव; पिरल्याइ।

पिर्का–ना० [पिरा] पिरा।

पिर्नु–स० क्रि० [पीर+नु] १. दुःख दिनु; पिरोल्नु। २. झिंजोल्नु; झिंज्याउनु। ३. नफाप्नु; अफाप हुनु।

पिऱ्याइ–ना० [पिरि+याइ] पिरिने किसिम, क्रिया वा भाव।

पिऱ्याइ–ना० [पिर+याइ] पिर्ने किसिम, क्रिया वा भाव।

पिर्रे–ना० [पिरिया] पिरिया झार।

पिलिक्क–क्रि० यो० [ने०] आँखा पल्टाउने किसिम (मूर्च्छा पर्दा वा मर्दा)।

पिलन्धरे–वि० [ने०] १. रोगी; बिरामी। २. दुब्लो; सिकटे। ३. कमजोर; दुर्बल। ४. रुन्चे; पिन्चे।

पिलपिल–क्रि० यो० [ने०] १. सानो-तिनो कारणले आँसु निकाली रोइरहने किसिम। २. आगो वा बत्ती मधुरोसँग बल्ने किसिम; धिपधिप। ३. ज्यादै टाढ़ा रहेका वस्तुहरू देखिने वा झलिकरहने किसिम।

पिलपिलाइ–ना० [पिलपिलाउ+आइ] पिलपिलाउने किसिम, क्रिया वा भाव।

पिलपिलाइनु–अ० क्रि० [पिलपिलाउ+आइ+नु] पिलपिल गरिनु; आँसु चुहाइनु; ('पिलपिलाउनु'-को भा० क्रि०)।

पिलपिलाउँदो–वि० [पिलपिल+आउँदो] १. दयनीय अवस्थाको; माया-लाग्दो। २. पिलपिल गरी बलेको (बत्ती, आगो आदि)।

पिलपिलाउनु–अ० क्रि० [पिलपिल+आउ+नु] १. पिलपिल हुनु; आँसु चुहाउनु। २. मन्द रूपले बल्नु। ३. ज्यादै टाढ़ाको वस्तु अलि-अलि देखिनु वा झल्कनु।

पिलपिलाहट–ना० [पिलापिलाउ+आहट] पिलपिलाउने किसिम, क्रिया वा भाव; पिलपिलाइ।

पिलपिलिइनु–अ० क्रि० [पिलपिलि+इ+नु] पिलपिलाइनु; ('पिलपिलिनु'-को भा० क्रि०)।

पिलपिलिनु–अ० क्रि० [पिलपिल+इ+नु] १. पिलपिल आँसु चुहाउनु; पिलपिलाउनु। २. बत्ती, आगो आदि मन्द रूपले बल्नु। ३. टाढ़ाको वस्तु अलि-अलि देखिनु।

पिलपिले–वि० [पिलपिल+ए] १. पिलपिल गरी बलेको; मन्द किसिमले बलेको। २. पिलपिल गर्ने स्वभावको।

पिलपिल्याइ–ना० [पिलपिलि+याइ] पिलपिलिने किसिम, क्रिया वा भाव।

पिलपिल्याहट–ना० [पिलपिलि+आहट] पिलपिलिने किसिम, क्रिया वा भाव; पिलपिल्याइ।

पिला–ना० [ने०] विवाहका समयमा छोरीलाई दाइजोका साथ दिइने पेटारोजस्तो भाँड़ो।

पिलाइ–ना० [पिलाउ+आइ] पिलाउने किसिम, क्रिया वा भाव।

पिलाइनु–स० क्रि० [पिलाउ+आइ+नु] पिउन लाइनु; पियाइनु; ('पिलाउनु'-को क० क्रि)।

पिलाउनु–स० क्रि० [पिउ+लाउ +नु] १. पिउन लाउनु; पियाउनु; ('पिउनु'-को प्रे० क्रि०)। २. हान्नु; ठोक्नु (गोली आदि)।

पिलिक्क–क्रि० यो० [ने०] १. आगो, बत्ती आदि सहसा मन्द रूपमा बल्ने किसिम। २. सानो-तिनो कुरामा झट्ट आँसु चुहाउने किसिम।

CC-0. In Public Domain. Digitization by eGangotri

पिलित्त–क्रि० यो० [अनु०] निचोरिएर वा थिचिएर लेदो पदार्थ थोरै निस्कने किसिम; लित्त।

पिलिनु–अ० क्रि० [पिरि+नु] १. पीर मान्नु; चिन्ता लिनु; पिरिनु। २. पिलपिल हुनु; पिलपिलाउनु।

पिलिनु–अ० क्रि० [पेल्] १. घाउ, खटिरा वा चोट-पटक लागेका ठाउँमा भित्र-भित्रै रगत, पीप आदि जम्नु। २. थिचिनु; पेलिनु।

पिलिपिली–क्रि० यो० [पिलपिल] पिलपिल।

पिलु–ना० [सं०] हल्का तीतो र पीरो स्वादको फल फल्ने एक जातको वृक्ष।

पिले–वि० [पिलो+ए] पिलो खटिरो आएको।

पिलो–ना० [फिलो] चाकमा आउने एक किसिमको खटिरो; फिलामा आउने खटिरो।

पिल्याइ–ना० [पिलि+याइ] पिल्याउने किसिम, क्रिया वा भाव।

पिल्याइ–ना० [पिलि+याइ] पिलिने किसिम, क्रिया वा भाव; थिचाइ।

पिल्याइ–ना० [पिलि+याइ] पिलिने किसिम, क्रिया वा भाव; पिन्याइ।

पिल्याइनु–स० क्रि० [पिल्याउ+आइ+नु] गीलो पार्नका निमित्त फलहरू दल्नु; ('पिल्याउनु'-को क० क्रि०)।

पिल्याइनु–स० क्रि० [पिल्याउ+आइ+नु] पिराइनु; ('पिल्याउनु'-को क० क्रि०)।

पिल्याउनु–स० क्रि० [पेल्+याउ+नु] ज्यामीर, निबुवा आदि फलहरू रस निकाल्नाका लागि मल्नु; गीलो पार्नु; दल्नु; गिल्याउनु।

पिल्याउनु–स० क्रि० [पिलि+याउ+नु] पिराउनु; ('पिलिनु'-को प्रे० क्रि०)।

पिल्याहट–ना० [पिलि+याहट] पिलिने किसिम, क्रिया वा भाव; पिन्याइ।

पिल्याहट–ना० [पिलि+याहट] पिलिने किसिम, क्रिया व भाव; थिचाइ।

पिल्सिइनु–अ० क्रि० [पिल्सि+इ+नु] आगाको आँचले भित्र-भित्रै केही अंशमा पाकिनु; ('पिल्सिनु'-को भा० क्रि०)।

पिल्सिनु–अ० क्रि० [पोल्+इ+नु] १. आगाको आँचले सेकिएर भित्र-भित्रै केही पाक्नु। २. अलि-अलि डढ्नु। ३. मनमा पीर हुनु; चिन्तित हुनु।

पिल्स्याइ–ना० [पिल्सि+याइ] पिल्सिने किसिम, क्रिया वा भाव।

पिल्स्याइ–ना० [पिल्स्याउ+आइ] पिल्स्याउने किसिम, क्रिया वा भाव।

पिल्स्याइनु–स० क्रि० [पिल्स्याउ+आइ+नु] पिल्सिन लाइनु; ('पिल्स्याउनु'-को क० क्रि०)।

पिल्स्याउनु–स० क्रि० [पिल्सि+याउ+नु] १. आगोमा सेकाएर भित्र-भित्रै केही पाक्ने पार्नु। २. थोर-बहुत पोल्नु। ३. मानसिक कष्ट दिनु।

पिल्स्याहट–ना० [पिल्सि+याहट] पिल्सिने किसिम, क्रिया वा भाव; पिल्स्याइ।

पिशङ्ग–ना० [सं०] १. रातो भावको फुस्रो रङ्ग। (वि०) २. त्यस रङ्गको।

पिशाच–ना० [सं०] १. दश देव-जातिमध्ये एक देव-योनि; निम्न कोटिको र वीभत्स कर्म गर्ने हीन देव-योनि; भूत, प्रेत आदि। २. दुष्ट मानिस।

पिशाचक–ना० [सं०] पिशाच।

पिशाचकी–ना० [सं०] कुबेर।

पिशाच-भाषा–ना० [सं०] पैशाची भाषा।

पिशाचिका–ना० [सं०] १. स्त्री पिशाच। २. एक प्रकारको जटामसी।

पिशाची–ना० [सं०] स्त्री पिशाच; पिशाचिका।

पिशित–ना० [सं०] मासु; मांस।

पिशिता–ना० [सं०] जटामसी।

पिशिताशन–ना० [सं०] १. राक्षस। २. मासु खाने व्यक्ति। ३. पिशाच।

पिशुन–ना० [सं०] १. चुक्ली हाल्ने व्यक्ति; छुल्याहा मानिस। २. रुवो। ३. नारद। ४. कौवा। (वि०) ५. छुल्याहा। ६. नीच; क्षुद्र। ७. क्रूर।

पिष्ट–वि० [सं०] १. पिँधिएको; चूर्ण पारिएको। २. निचोरिएको। (ना०) ३. पिँधेको वस्तु; पीठो।

पिष्टक–ना० [सं०] पिँधेका वस्तुबाट तयार गरिएको खानेकुरो; पीठोले बनेको खानेकुरो।

पिष्टप–ना० [सं०] लोक; भुवन।

पिष्ट-पेषण–वि० [सं०] १. पिँधिएको वस्तुलाई फेरि पिँध्नु; दोहोऱ्याएर पिँध्नु। २. गरिसकेका काम वा भनिसकेका कुरालाई फेरि दोहोऱ्याउनु।

पिष्टात–ना० [सं०] १. अबीर। २. सुगन्धी चूर्ण।

पिष्टि–ना० [सं०] पीठो; आँटा।

पिष्टिक–ना० [सं०] वंश-लोचन।

पिसाइ–ना० [पिस्+आइ] पिस्ने किसिम, क्रिया वा भाव।

पिसाइनु–स० क्रि० [पिसाउ+आइ+नु] पिस्न लाइनु; ('पिसाउनु'-को क० क्रि०)।

पिसाउनु–स० क्रि० [पिस्+आउ+नु] पिस्न लाउनु; ('पिस्नु'-को प्रे० क्रि०)।

पिसाच–ना० [सं० पिशाच] पिशाच।

पिसाप–ना० [फा० पेशाब] पिसाब।

पिसाब–ना० [फा० पेशाब] मूत; पेशाब; मूत्र।

पिसाबखाना–ना० [फा० पेशाबखाना] पेशाबखाना।

पिस्ता–ना० [फा० पिस्तः] पेस्ता।

पिस्तौल–ना० [अं० पिस्टल] बन्दूकका जातिको, सानो, च्याप्टो, एक हातले चलाइने शस्त्र; तमन्चा।

पिसिनु–स० क्रि० [पिस्+इ+नु] पिँधिनु; ('पिस्नु'-को

CC-0. In Public Domain. Digitization by eGangotri

क० क्रि०)।

पिस्नु–स० क्रि० [सं० पिष्+नु] १. पिँध्नु। २. ताश, गन्जीफा आदि फेट्नु र बाँड्नु।

पिहित–वि० [सं०] ढाकिएको; छोपिएको; आच्छादित।

पीँ–क्रि० यो० [अनु०] १. सनई आदि बाजा बज्ने किसिम। २. साना-साना बालकहरू रुने किसिम।

पीँढ़ी–ना० [सं०पीठी] घरका अगिल्तिर बनाइएको पाली-मुनिको पेटी।

पीँद–ना० [पिँध] पिँध।

पीँध–ना० [सं० पीठ] पिँध।

पीक–ना० [सं० पिच्च] पान, सुर्ती आदि खाएर थुक्ने थूक।

पीकदान–ना० [पीक+दान] पान खाएर पीक थुक्ने भाँड़ो; पीक थुक्ने भाँड़ो; पीकदानी।

पीकदानी–ना० [पीकदान+ई] पीकदान।

पीङ–ना० [प्रा० पेंखोल] १. रूखका हाँगामा वा चारतिर चार वटा बाँस गाड़ी तिनका टुप्पामा बाँधिएका गरालामा डोरी झुन्ड्याई झुलेर खेल्ने साधन। २. त्यस साधनमा बसी झुलेर खेल्ने खेल।

पीछा–ना० [सं० पश्चात्] १. कसैलाई समात्न, मार्न वा कुनै किसिमको हानि पुऱ्याउन पछि लाग्ने काम; लखेट्ने काम; पछेड़ा। २. पछि लाग्नु; पछि-पछि जानु; शरण।

पीछे–ना० यो० [पिच्छे] पिच्छे।

पीट-पाट–ना० [पिट्+पाट (फा०)] पाट-पीट।

पीठ–ना [सं०] १. काठ, ढुङ्गा, धातु आदिको आसन; पिरा; पिर्का। २. विद्यार्थीहरूले पढ्ने ठाउँ। ३. सिंहासन। ४. कुनै विशिष्ट वा पवित्र स्थान। ५. देवता वा देव-प्रतिमा अड्याउने आधार। ६. देव-स्थल।

पीठ–ना० [प्रा० पिट्ठ] गर्दनदेखि कमरसम्मको शरीरको पछिल्लो भाग; पिठिउँ; पृष्ठ।

पीठक–ना० [सं०] आसन; चौको।

पीठमर्द–ना० [सं०] १. आफ्ना कुराका चातुर्यले नायिकाको मान-मोचन गर्न जान्ने नायकको मित्र; नायकका चार सखामध्ये एक। २. नटीलाई नाच सिकाउने उस्ताद।

पीठिका–ना० [सं०] १. पिरा; पिर्का; चौको। २. देव-मूर्ति वा खम्बाको आधार। ३. ग्रन्थको परिच्छेद; अध्याय। ४. पुस्ता; पीढ़ी।

पीठो–ना० [प्रा० पिट्ठो] १. अनाजहरू पिँधेको चूर्ण; अन्नको चूर्ण; पिष्ट। २. धूलो; चूर्ण।

पीडक–वि० [सं०] दुःख दिने; पीडा दिने।

पीडन–ना० [सं०] १. पीडा दिने काम; दुःख दिने काम; सताउने काम। २. पेल्नु; थिच्नु। ३. अत्याचार गर्नु; अन्याय गर्नु। ४. राम्ररी समाउनु; अँठ्याउनु।

पीडनीय–वि० [सं०] १. पीडा दिन योग्य; दुःख दिन योग्य। २. दबाउन योग्य; थिच्न लायक।

पीडा–ना० [सं०] १. शारीरिक वा मानसिक दुःखको अनुभव; वेदना; व्यथा। २. तकलीफ; कष्ट। ३. रोग; व्याधि। ४. बाधा; अड्काउ।

पीडा-कर–वि० [सं०] दुःख दिने; दुःख-दायक।

पीडित–वि० [सं०] १. पीडा दिइएको; सताइएको; दुःखित; ग्रस्त। २. दबाइएको; थिचिएको। ३. सिकिस्त पारिएको।

पीढ़ी–ना० [सं० पीठी] कुल-परम्परामा कसैका बाबु, बाजे आदि अथवा छोरा, नाति आदिको विचारबाट क्रम प्राप्त कुनै स्थान; पुस्ता।

पीत–वि० [सं०] १. सुन, बेसार, हरताल आदिका रङ्गको; पहेँलो। २. पिइएको; पान गरिएको। ३. पिउने; पान गर्ने। (ना०) ४. पहेँलो रङ्ग। ५. कैलो रङ्ग।

पीत-चन्दन–ना० [सं०] पहेँलो एक जातको श्रीखण्ड।

पीत-मणि–ना० [सं०] पुष्पराग मणि।

पीत-मूली–ना० [सं०] पदमचाल्नु।

पीतल–ना० [सं०] तामा र जस्ताको संयोगबाट बन्ने एक प्रसिद्ध पहेँलो उप धातु; पित्तल।

पीतले–वि० [पीतल+ए] पित्तले; पित्ले।

पीत-शाल–ना० [सं०] आसन वृक्ष।

पीताम्बर–ना० [सं०] १. पहेँलो वस्त्र। २. पूजा-पाठ, श्राद्ध आदि गर्दा लगाइने एक प्रकारको पहेँलो रेशमी धोती। ३. विष्णु। ४. अभिनेता; नर्तक। (वि०) ५. पहेँलो वस्त्र लाउने।

पीन–वि० [सं०] १. मोटो; स्थूल। २. पुष्ट। ३. ठूलो; विशाल।

पीनस–ना० [सं०] रुघा बिग्रेर गन्ध थाहा पाउने शक्ति नष्ट हुने नाकको एक प्रसिद्ध रोग; पीनास।

पीना–ना० [सं० पिण्याक] तोरी, तिल आदि पेलेर तेल झिकेको सिट्ठी; छोक्रा; खली-पीना।

पीनास–ना० [सं० पीनस] रुघा बिग्रेर गन्ध थाहा पाउने शक्ति नष्ट हुने नाकको एक प्रसिद्ध रोग; पीनस।

पीनासे–वि० [पीनास+ए] १. पीनासको रोग लागेको। २. साह्रै दुब्लो।

पीप–ना० [सं० पूय] पाकेका घाउ-खटिराबाट निस्कने सिँघानजस्तो विषाक्त पदार्थ।

पीपल–ना० [सं० पिप्पल] १. पानका आकारका पात, साना-साना गोल फल हुने, बरका जातको एक प्रसिद्ध वृक्ष; पिप्पल; अश्वत्थ। २. त्यसैको फल।

पीपल-पाते–ना० [पीपल+पाते] पिप्पल-पाते।

पीपा–ना० [पुर्त०] काठ, धातु आदिको ठूलो, गोल र लाम्चो किसिमको भाँड़ो।

पीयूष–ना० [सं०] १. अमृत; सुधा। २. दूध। ३. बियाएका सात दिनभित्रको गाईको बिगौते दूध।

पीर–ना० [सं० पीडा] १. मानसिक ताप; चिन्ता; पिरलो। २. डन्डी-बियो, गट्टा आदिका खेलमा बाजी हार्नेलाई

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्लेले लाउने कुनै किसिमको कर वा दण्ड ।

पीर–ना० [फा०] १. मुसलमानहरूका सिद्ध; महात्मा । २. मुसलमानहरूका धर्म-गुरु ।

पीर-पिराउ–ना० [पीर+पीर+आउ] १. पिरलो । २. पीर । ३. मर्का । ४. पिर्ने क्रिया वा भाव । ५. पिरिने क्रिया वा भाव ।

पीरा–ना० [सं० पीठ] पिरा; पिर्का ।

पीलु–ना० [सं०] दाँते-ओखर ।

पीवर–वि० [सं०] १. मोटो; स्थूल । २. भद्दा; बड़ेमाको ।

पुंड़े–वि० [पुंड़ो+ए] सर्वाङ्ग एक रङ्गको भई निधारदेखि थुतुनोसम्म मात्र भिन्न रङ्ग भएको; पुँ ड़ोभएको (गाई-वस्तु) ।

पुंड़ो–ना० [सं० पुण्ड्र] गाई-वस्तुको सर्वाङ्ग एक रङ्गको भई केवल निधारदेखि थुतुनोसम्मको अगिल्लो भागमा मात्र भएको सेतो वा अरू रङ्गको टाटो ।

पुंड़ो–ना० यो० [पुँढ़ो] पुँढ़ो ।

पुँढ़ो–ना० यो० [प्रा० पुढ़ो] १. पट्टि; तिर । (क्रि० यो०) २. टाढ़ा; दूर; पर ।

पुं०–ना० [सं०] १. भाले प्राणी; पुरुष । २. मनुष्य; नर । ३. नोकर । ४. पुंलिङ्ग-वाची शब्द ।

पुंध्वज–ना० [सं०] १. भालेपन; पुरुषत्व । २. पुरुषको जननेन्द्रिय ।

पुंरत्न–ना० [सं०] श्रेष्ठ पुरुष; पुरुष-रत्न ।

पुंलिङ्ग–ना० [सं०] १. पुरुषको चिह्न; शिश्न । (वि०) २. पुरुष-वाची; पुल्लिङ्ग (शब्द) ।

पुंवत्–वि० [सं०] १. पुरुषजस्तो । (क्रि० यो०) २. पुरुषका ढङ्गले; पुरुषलेझैँ ।

पुंश्चली–ना० [सं०] फुँड़ी; वेश्या ।

पुंश्चलीय–ना० [सं०] वेश्याको छोरो ।

पुंश्चलू–ना० [सं०] वेश्या; कुलटा ।

पुंश्चिह्न–ना० [सं०] पुरुषेन्द्रिय; शिश्न ।

पुंसत्व–ना० [सं०] १. पुरुष हुनाको भाव । २. पौरुष; सामर्थ्य ।

पुंसवत्–वि० [सं०] १. पुरुषजस्तो; पुंवत् । (क्रि० यो०) २. पुरुषका किसिमले; पुरुषका ढङ्गले ।

पुंसवन–ना० [सं०] गर्भ धारण भएका तेस्रा महीनामा गरिने द्विजातिका षोडश-संस्कारमध्ये एक; गर्भिणीले छोरो पावस भनी गरिने संस्कार ।

पुंसवान्–वि० [सं०] छोरो भएको; पुत्रवान् ।

पुंस्त्व–ना० [सं०] १. पुरुषको भाव; पुरुषत्व । २. स्त्री-समागम र सन्तान-उत्पत्ति गर्न सक्ने शक्ति । ३. साहस; हिम्मत । ४. वीर्य; पराक्रम । ५. पुल्लिङ्ग ।

पुकपुक–क्रि० यो० [पुक्क+पुक्क] कसैलाई हल्का किसिमले मुड्की, डल्ला आदिले हान्ने वा हान्दा शब्द आउने किसिम; पुक्क ।

पुकपुक्याइ–ना० [पुकपुक्याउ+आइ] पुकपुक्याउने किसिम, क्रिया वा भाव ।

पुकपुक्याइनु–स० क्रि० [पुकपुक्याउ+आइ+नु] पुकपुक हानिनु; ('पुकपुक्याउनु'-को क० क्रि०) ।

पुकपुक्याउनु–स० क्रि० [पुकपुक+याउ+नु] पुकपुक गरी हान्नु; कुनै वस्तुले पुक्क-पुक्क हान्नु; पुक्क्याउनु ।

पुकार–ना० [सं० प्रकुश] १. कसैको नाउँ लिएर बोलाउनु; टाढ़ाबाट सुन्ने गरी कसैको नाउँ लिनु । २. रक्षा वा सहायताका लागि अरूलाई बोलाउनु; दुहाई । ३. बिन्ति-भाउ; प्रार्थना । ४. फिराद; उजूर ।

पुकारा–ना० [पुकार] पुकार ।

पुकाराइ–ना० [पुकार्+आइ] पुकार्ने किसिम, क्रिया वा भाव ।

पुकारिनु–स० क्रि० [पुकार+इ+नु] नाउँ लिएर बोलाइनु; ('पुकार्नु'-को क० क्रि०) ।

पुकार्नु–स० क्रि० [पुकार+नु] १. कसैको नाउँ काढ़ेर बोलाउनु; नाउँ लिएर बोलाउनु; हपार्नु । २. रक्षा वा सहायताका निम्ति बोलाउनु; गुहार्नु । ३. पुकारा गर्नु; प्रार्थना गर्नु । ४. फिराद गर्नु ।

पुकुपुकु–क्रि० यो० [अनु०] १. धमाधम बिस्तारै पिट्ने किसिम; पुकपुक । २. धमाधम खाने किसिम; कुपुकुपु । ३. खन्ने किसिम । ४. उप्काउने किसिम । ५. धमाधम मर्ने किसिम ।

पुक्क–क्रि० यो० [अनु०] १. कसैलाई मुड्की, डल्लो आदिले हल्का तवरले हान्ने वा कुट्ने किसिम । २. उक्सने किसिम; भुक्क ।

पुक्कश–ना० [सं०] १. चाण्डाल । २. एक वर्ण-सङ्कर जाति । ३. अधम व्यक्ति ।

पुक्क्याइ–ना० [पुक्क्याउ+आइ] पुक्क्याउने किसिम, क्रिया वा भाव ।

पुक्क्याइनु–स० क्रि० [पुक्क्याउ+आइ+नु] पुक्क हानिनु; ('पुक्क्याउनु'-को क० क्रि०) ।

पुक्क्याउनु–स० क्रि० [पुक्क+याउ+नु] १. हल्का किसिम-सँग मुक्का वा अरू वस्तुले हान्नु; पुक्क हान्नु; पुकपुक्याउनु । २. पुकुपुकु खानु; खप्प्याउनु ।

पुक्खल–वि० [सं० पुष्कल] १. कुरा गर्न सिपालु; मिजासिलो; ढीठो । २. बाठो; चतुर ।

पुक्खलो–वि० [पुक्खल] पुक्खल ।

पुग-नपुग–वि० [पुग्+न+पुग्] पुगिहाल्ने वा केही नपुग्ने-जस्तो; पुगेस-पुगेस; लगभग पुग्लाजस्तो ।

पुगाइ–ना० [पुग्+आइ] पुग्ने किसिम, क्रिया वा भाव ।

पुगिनु–अ० क्रि० [पुग्+इ+नु] लक्षित स्थानमा उपस्थित होइनु; ('पुग्नु'-को भा० क्रि०) ।

पुगी-सरी–क्रि० यो० [पुग्+सर्दो] धन, मान आदिले सम्पन्न भएर; उन्नति हुँदै; अभ्युदय भएर ।

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेस-पुगेस–वि० [पुग्+पुग्] अलिकतिले मात्र नपुगेको; झन्डै पुगेको; पुग-नपुग।

पुग्नु–अ० क्रि० [सं० प्र+ग्रह] १. एक ठाउँबाट प्रस्थान गरी अर्को ठाउँमा प्रस्तुत हुनु; लक्षित स्थानमा उपस्थित हुनु। २. पठाएका ठाउँमा कुनै वस्तु दाखिल हुनु; पहुँचनु। ३. कुनै कामका निमित्त माल-मत्ता वा वस्तुको परिमाण ठिक्क हुनु; प्रशस्त हुनु। ४. एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तित हुनु। ५. इच्छा गरेको कुरो पूर्ण हुनु; चिताएको कुरो प्राप्त हुनु। ६. कसैको दाँजो वा बराबरीमा आउनु; भेट्टाउनु। ७. पर्याप्ति हुनु; सम्पन्न हुनु।

पुङ–ना० [ने०] जाँड़, रक्सी आदि हाल्ने माटाको घैंटोजस्तो भाँड़ो।

पुङमाङ–ना० [ने०] १. मुख र पिँध खुला भएको ढुङ्ग्रो-जस्तो भाँड़ो। (वि०) २. बेकम्माको; रद्दी। ३. हुस्सू; मूर्ख। ४. सम्पत्ति केही नभएको; कङ्गाल।

पुङमाङे–ना० [पुङमाङ+ए] कुनै सिद्धान्त नभएको रद्दी मानिस; बेकामको मानिस।

पुङ्गव–ना० [सं०] १. साँढ़े; बयल। २. कुनै वर्ग वा समुदाय-को श्रेष्ठ व्यक्ति (समासान्तमा मात्र प्रयोग हुने)। (उदा०–नर-पुङ्गव, वीर-पुङ्गव इत्या०।)

पुच्छ–ना० [सं०] १. पुच्छर। २. कुनै वस्तुको पछिल्लो भाग।

पुच्छ-कण्टक–ना० [सं०] बिच्छी।

पुच्छर–ना० [सं० पुच्छ] १. पशु-पक्षी वा कीराहरूका शरीरको पछिल्लो भागबाट निस्केको लामो अवयव; पुच्छ; लाङ्गूल। २. कुनै वस्तुको पछिल्लो भाग; पुछार। (वि०) ३. अर्काको पछि लाग्ने। ४ तुच्छ; नीच।

पुच्छ्रे–वि० [पुच्छर+ए] १. पुच्छर भएको; पुच्छर हुने। २. पुछारमा गरेको; तलतिर गरेको (हस्ताक्षर)।

पुच्छ्रे-तारो–ना० [पुच्छ्रे+तारो] कहिले-काहीँ देखिने पछि-ल्तिर पुच्छरजस्तो लामो धूवाँ वा ज्वाला हुने तारो; उल्का; धूम-केतु। (यो देखियो भने अनिष्ट मानिन्छ।)

पुछनी–ना० [पुछ्+नी] पुछ्ने काम; सोधनी; प्रश्न।

पुछनी–वि० [पुच्छ्+नी] पुछ्ने वा सफा पार्ने वस्तु वा साधन; पुछाउनी।

पुछ-पाछ–ना० [पुछ्+पाछ (फाँ०)] पुछ्ने काम; कपड़ा, कागत आदिले घसारेर सफा गर्ने काम।

पुछाइ–ना० [पुछ्+आइ] पुछ्ने किसिम, क्रिया वा भाव; मेटाइ।

पुछाइ–ना० [पुछ्+आइ] पुछ्ने किसिम, क्रिया वा भाव; सोधाइ।

पुछाइनु–स० क्रि० [पुछाउ+आइ+नु] पुछ्न वा मेट्न लाइनु; ('पुछाउनु'-को क० क्रि०)।

पुछाइनु–स० क्रि० [पुछाउ+आइ+नु] पुछ्न वा सोध्न लाइनु; ('पुछाउनु'-को क० क्रि०)।

पुछाउनु–स० क्रि० [पुछ्+आउ+नु] पुछ्न वा सोध्न लाउनु; ('पुछ्नु'-को प्रे० क्रि०)।

पुछाउनु–स० क्रि० [पुछ्+आउ+नु] पुछ्न वा मेट्न लाउनु; ('पुछ्नु'-को प्रे० क्रि०)।

पुछाउनी–ना० [पुछ्+आउनी] १. पुछ्ने; मेट्ने। २. आँसु पुछ्ने वा सन्तोष गराउने (वस्तु)।

पुछार–ना० [पुच्छर] १. पछिल्लो भाग; पछाड़िको अंश। २. तल्लो भाग। ३. अन्तिम स्थान; आखिरी ठाउँ।

पुछारी–ना० [पुछ्+आरी] १. सोध्ने काम; पुछनी। २. वास्ता; प्रयोजन।

पुछिनु–स० क्रि० [पुछ्+इ+नु] पुछ्ने काम गरिनु; दलेर सफा गरिनु; ('पुछ्नु'-को क० क्रि०)।

पुछिनु–स० क्रि० [पुछ्+इ+नु] सोधिनु; ('पुछ्नु'-को क० क्रि०)।

पुछुवा–वि० [पुछ्+उवा] पुछ्ने; पुछेको; पुछाउनी।

पुछौनी–वि० [पुछाउनी] पुछाउनी।

पुछ्नु–स० क्रि० [सं० प्रोञ्छन+नु] १. कुनै वस्तुमा लागेको पदार्थ रगड़ेर फाल्नु; घसारेर फाल्नु। २. मेट्नु; हटाउनु।

पुछ्नु–स० क्रि० [सं० पृच्छ] १. सोध्नु; प्रश्न गर्नु। २. वास्ता गर्नु; चाह गर्नु।

पुजाइ–ना० [पुज्+आइ] पुज्ने किसिम, क्रिया वा भाव।

पुजाइ–ना० [पुजाउ+आइ] पुजाउने किसिम, क्रिया वा भाव।

पुजाइनु–स० क्रि० [पुजाउ+आइ+नु] पूजा गराइनु; ('पुजा-उनु'-को क० क्रि०)।

पुजाउनु–स० क्रि० [पुज्+आउ+नु] पूजा गर्न लाउनु; पुज्न लाउनु; ('पुज्नु'-को प्र० क्रि०)।

पुजारी–ना० [पूजारी] पूजारी।

पुजिनु–स० क्रि० [पुज्+इ+नु] पूजा गरिनु; ('पुज्नु'-को क० क्रि०)।

पुज्नु–स० क्रि० [सं० पूज्] १. पूजा गर्नु; अर्चना गर्नु। २. सम्मान गर्नु; सत्कार गर्नु; मान-भाउ गर्नु।

पुञ्ज–ना० [सं०] १. समूह; समुदाय। २. थुप्रो; रास।

पुञ्जि–ना० [सं०] थुप्रो; रास; राशि; समूह।

पुञ्जित–वि० [सं०] थुप्र्याइएको; रास लगाइएको; धेरै मात्रामा जम्मा गरिएको।

पुट–ना० [सं०] १. औषधि भस्म गर्ने कटौराका आकारको पात्र। २. त्यस्तो भाँड़ोमा राखी औषधी भस्म गर्ने काम। ३. कटौरा वा दुनाका आकारको भाँड़ो। ४. ढकना। ५. दुनु। ६. अँजुली। ७. कोसा। ८. दाप। ९. खोल।

पुट-पाक–ना० [सं०] १. औषधिलाई जामुनु, बर आदिका पातले बेह्रेर गीलो माटोले पोतेर डल्लो पारी पकाउने एक क्रिया। २. दुइटा पालाभित्र औषधि राखेर माटाले पोती पकलाले पोल्ने एक क्रिया।

CC-0. In Public Domain. Digitization by eGangotri

पुट-भेदन—ना० [सं०] नगर; शहर।

पुटिका—ना० [सं०] १. औषधी आदिको पुड़िया; पुरिया। २. अलैंची। ३. सानो पोको; पुन्तुरो।

पुटित—वि० [सं०] १. धिँधेको; पिसेको। २. फाटेको; च्यातिएको। ३. खुम्चिएको; सङ्कुचित। ४. बन्द गरिएको। ५. पुट-पाक गरिएको। ६. अघि र पछि कुनै मन्त्र पढ़ेर गरिने (श्लोकको पाठ आदि)।

पुटी—ना० [सं०] १. सानो दुनु। २. पुड़िया। ३. लँगौटी।

पुटीन—ना० [अं० पुटी] खापामा ऐना अड्याउनाका निमित्त वा प्वाल-छिद्रहरू टाल्नाका निमित्त प्रयोग गरिने मसला।

पुट्ट—वि० [सं० पट] पुस्तक बाँध्ने बासाको फित्ता वा तुनु।

पुटुक्क—क्रि० यो० [ने०] १. उक्सने किसिम; पुट्ट। २. सानो-तिनो वस्तु सहसा भाँचिने वा फुट्ने किसिम; पट्ट। ४. सानो र राम्रो हुने किसिम; पुटुक्क हुने किसिम।

पुटुपुटु—क्रि० यो० [ने०] १. मीठो बोलीमा केटा-केटीले नधकाईकन बोल्ने किसिम। २. कुनै कोमल र सानो वस्तु धमाधम भाँचिने वा भाँचिँदा शब्द आउने किसिम।

पुटे-देउता—ना० [पोटे-देउता] पोटे-देउता।

पुट्ट—क्रि० यो० [ने०] पुटुक्क।

पुट्ठा—ना० [प्रा० पिट्ठ] चाकदेखि मास्तिरको मांसल भाग; फिलो।

पुठ—ना० [सं० पुट] १. आड़; भरोसा। २. पृष्ठ-पोषण। ३. उत्तेजना; प्रेरणा।

पुड़िया—ना० [प्रा०] औषधि वा अरू कुनै वस्तु बेह्रिएको कागतको सानो पोको; पुरिया।

पुड़ी—ना० [पूरी] पूरी रोटी।

पुड्के—वि० [पुड्को+ए] होचो कदको; पुड्को।

पुड्को—वि० [सं० पुटी] १. होचो कदको; अग्लो नभएको। २. डल्ले; गर्चो। ३. बाउन्ने; बाम-पुड्के।

पुणे-ऊखु—ना० [सं० पुण्ड्रक +इक्षु] फुस्रो रङ्गको डाँठ हुने एक जातको मोटो ऊखु; पुण्ड्रक।

पुण्ड—ना० [सं०] तिलक; टीको।

पुण्डरीक—ना० [सं०] १. सेतो कमल। २. सेतो छाता। ३. पुराणअनुसार अग्नि-कोणका दिग्गज़। ४. सिंह; शेर। ५. टीको; तिलक। ६. अग्नि।

पुण्डरीकाक्ष—वि० [सं०] १. कमलका पत्रजस्ता आँखा हुने। (ना०) २. विष्णु।

पुण्ड्र—ना० [सं०] १. ऊखु। २. कमल। ३. टीको; तिलक।

पुण्ड्रक—ना० [सं०] १. पुणे-ऊखु। २. सम्प्रदाय-गत टीको; तिलक। ३. माधवी लता।

पुण्य—ना० [सं०] १. असल काम वा परोपकारबाट प्राप्त हुने शुभ फल। २. धार्मिक दृष्टिबाट शुभ फल दिने काम; धर्म-कार्य। ३. ज्तोतिषअनुसार लग्नदेखि नवौं स्थान। (वि०) ४. पवित्र; शुद्ध। ५. शुभ; असल।

पुण्य-कर्ता—वि० [सं०] पुण्य गर्ने; धार्मिक कार्य गर्ने।

पुण्य-कर्म—ना० [सं०] पुण्य प्राप्त हुने काम; धर्म हुने काम; धर्म-कार्य।

पुण्य-कर्मा—वि० [सं०] पुण्य-कर्म गर्ने; धार्मिक कार्य गर्ने।

पुण्य-काल—ना० [सं०] १. दान, पुण्य अथवा पवित्र कार्य गर्ने समय। २. प्रातःकाल।

पुण्य-कीर्ति—वि० [सं०] १. कीर्ति वर्णन गर्नाले पुण्य प्राप्त हुने। २. असल कुरामा प्रसिद्ध; विख्यात (राम, कृष्ण आदि)।

पुण्य-कृत्—वि० [सं०] पुण्य गर्ने; पुण्य-कर्म गर्ने।

पुण्य-कृत्य—ना० [सं०] पुण्य प्राप्त हुने काम; पुण्य-कर्म।

पुण्य-क्षेत्र—ना० [सं०] १. पुण्य प्राप्त हुने स्थान; तीर्थ-स्थान। २. आर्यावर्त।

पुण्य-तिथि—ना० [सं०] पुण्य वा शुभ कार्य गर्ने तिथि; औंसी, पूर्णिमा, द्वादशी आदि तिथि; पुण्य-दिन।

पुण्य-दिन—ना० [सं०] पुण्य-तिथि।

पुण्य-फल—ना० [सं०] असल कामबाट प्राप्त हुने फल; शुभ कर्मको फल।

पुण्य-भूमि—ना० [सं०] १. पवित्र स्थान; तीर्थ-स्थान। २. आर्यावर्त। ३. पुत्रवती स्त्री।

पुण्य-योग—ना० [सं०] पूर्व-जन्ममा गरिएका पुण्यको फल।

पुण्य-लोक—ना० [सं०] स्वर्ग।

पुण्य-शील—वि० [सं०] पुण्य-कर्ममा लागेको; शुभ-कर्ममा प्रवृत्त; धर्म-परायण।

पुण्य-श्लोक—वि० [सं०] १. उत्तम कीर्ति भएको; पवित्र चरित्र वा आचरण भएको। (ना०) २. युधिष्ठिर। ३. नल। ४. विष्णु।

पुण्य-श्लोका—वि० [सं०] १. पवित्र चरित्र भएकी (स्त्री)। २. (ना०) प्रातःकालमा स्मरण गर्न लायक स्त्री (सीता, द्रौपदी आदि)।

पुण्य-स्थान—ना० [सं०] १. तीर्थ-स्थान। २. ज्योतिषअनुसार जन्म-लग्नदेखि नवम स्थान।

पुण्यात्मा—वि० [सं०] धर्मात्मा; पुण्य-शील।

पुण्यार्थ—ना० [सं०] धर्मार्थ।

पुण्यार्थ-निधि—ना० [सं०] कुनै धार्मिक कार्य वा परोपकारका निमित्त राखिएको सम्पत्ति वा गुठी।

पुण्याह—ना० [सं०] १. पुण्य-दिन; पुण्य-तिथि। २. आनन्द-मङ्गलको दिन; सुदिन।

पुण्याह-वाचन—ना० [सं०] कुनै धार्मिक कृत्यको आरम्भमा ब्राह्मणद्वारा 'पुण्याह' शब्दको तीन पटक उच्चारण गरिनु।

पुण्योदय—ना० [सं०] पहिले गरिएका धर्मले गर्दा भाग्यको उदय हुनु; सौभाग्यको उदय।

पुतपुत—क्रि० यो० [अनु०] अलि-अलि धूवाँ आउने किसिम; राम्ररी बल्न नसकी धुवाँउने किसिम।

पुतपुताइ—ना० [पुतपुताउ+आइ] पुतपुताउने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव।

पुतपुताइनु–अ० क्रि० [पुतपुताउ+आइ+नु] पुतपुत धुवाँइनु।

पुतपुताउनु–अ० क्रि० [पुतपुत+आउ+नु] राम्ररी बल्न नसकी धूवाँ निस्कनु; पुतपुत धुवाँउनु; पुतपुतिनु।

पुतपुताहट–ना० [पुतपुत+आहट] पुतपुताउने किसिम, क्रिया वा भाव; पुतपुताइ।

पुतपुतिइनु–अ० क्रि० [पुतपुति+इ+नु] पुतपुताइनु; ('पुतपुतिनु'-को भा० क्रि०)।

पुतपुतिनु–अ० क्रि० [पुतपुत+इ+नु] पुतपुताउनु।

पुतपुती–क्रि० यो० [पुतपुत+ई] पुतपुत।

पुतपुत्याइ–ना० [पुतपुति+याइ] पुतपुतिने किसिम, क्रिया वा भाव; पुतपुताइ।

पुतपुत्याहट–ना० [पुतपुति+आहट] पुतपुतिने किसिम, क्रिया वा भाव; पुतपुताइ।

पुतला–ना० [सं० पुत्तल] १. घाँस, पराल, कुश आदिले बनेको कुनै व्यक्तिको आकृति। २. पञ्चकमा मरेकाका साथमा वा विदेशमा मर्नेका शवको प्रतिनिधिका रूपमा दाह गरिने कुशको मूर्ति।

पुतली–ना० [सं० पुत्तली] काठ, धातु, कपड़ा आदिको, मनुष्यका आकारको खेलौना।

पुतली–ना० [सं० पुत्तिका] १. अनेक रङ्ग-बिरङ्गको हुने, पुष्प-पराग खाने उड्ने कीरो। २. धानमा लाग्ने सेतो एक जातको कीरो। ३. आँखाका बीचमा हुने कालो भाग; नानी। ४. घोड़ाका टापका बीचको पिण्ड; भ्यागुती। ५. झ्याल-ढोकाका द्वार बन्द गर्नाका निमित्त लगाइने चुकुल। ६. पुतली फूल। ७. डाँठसहित धानका बालाको विभिन्न आकारमा बनाइएको झुप्पो। ८. चार-कुने, टपरी आदिका बिटमा शोभाका निमित्त भरिने तीन कुना परेका बुट्टा।

पुतली-फूल–ना० [पुतली+फूल] विभिन्न रङ्गमा फुल्ने एक जातको बर्खे फूल।

पुतुवार–ना० [सं० पुत्र] नेवार-जातिको एक वर्ग; डुइँया-सरहको एक जाति; पुत्वार। (यस वर्गलाई श्री ५ महाराजाधिराज पृथ्वीनारायण-शाहले नुवाकोटका युद्धमा यो उपाधि दिएको हो।)

पुतौरो–ना० [पूती+औरो] स्त्रीको जननेन्द्रिय; योनि।

पुत्को–ना० [ने०] सानो एक जातको माहुरी।

पुत्तल–ना० [सं०] पुतला।

पुत्तल-दहन–ना० [सं०] १. मृतकको लाश बेपत्ता हुँदा त्यसको प्रतिनिधिका रूपमा कुशको पुतली बनाई पोल्ने संस्कार। २. कसैको निन्दा वा तिरष्कार गर्न घाँस, पराल आदिको पुतला बनाई दाह गर्ने काम।

पुत्तलिका–ना० [सं०] पुतली (खेलौना)।

पुत्तली–ना० [सं०] पुतली (खेलौना)।

पुत्ताइ–ना० [पुत्ताउ+आइ] पुत्ताउने किसिम, क्रिया वा भाव।

पुत्ताइनु–अ० क्रि० [पुत्ताउ+आइ+नु] पुतपुताइनु; ('पुत्ताउनु'-को भा० क्रि०)।

पुत्ताउनु–अ० क्रि० [पुतपुताउ] १. राम्रोसँग नबली धूवाँमात्र आउनु; पुतपुताउनु। २. रीसले भित्र-भित्रै मुरमुरिनु।

पुत्तिका–ना० [सं०] १. धानमा लाग्ने सेतो कीरो। २. रङ्ग-बिरङ्गका पखेटा हुने कीरो; पुतली। ३. एक जातको माहुरी।

पुत्र–ना० [सं०] छोरो; पूत।

पुत्रक–ना० [सं०] १. छोरो; पुत्र। २. सलह। ३. पुतली (खेलौना)। ४. एक बलवान् जङ्गली जन्तु; शरभ। ५. बदमाश।

पुत्रञ्जीव–ना० [सं०] १. साना-साना पात, मसिना हरिया फूल, गोल फल हुने एक जातको वृक्ष। २. त्यसैको फल; पुत्रञ्जीवी।

पुत्रञ्जीवक–ना० [सं०] पुत्रञ्जीव।

पुत्रञ्जीवी–ना० [सं०] पुत्रञ्जीव।

पुत्रदा–ना० [सं०] १. ऐरेलु। २. सेतो बिहीँ; कण्टकारी। ३. जीवन्ती लता। ४. हिँगुवा वृक्ष।

पुत्रदात्री–ना० [सं०] राजबेली फूल वा त्यसको बोट।

पुत्रवती–वि० [सं०] छोरो भएकी; पुत्र भएकी (स्त्री)।

पुत्र-वधू–ना० [सं०] आफ्नो छोरोकी पत्नी।

पुत्रवान्–वि० [सं०] पुत्र भएको; छोरो भएको।

पुत्रादिनी–ना० [सं०] १. आफ्नो छोरोलाई खाने स्त्री। २. सर्पिणी।

पुत्रादी–वि० [सं०] आफ्ना बच्चालाई खाने (सर्प आदि प्राणी)।

पुत्रार्थी–वि० [सं०] पुत्रको इच्छा गर्ने; छोरो पाउन इच्छुक।

पुत्रिका–वि० [सं०] १. छोरी; पुत्री। २. छोराका स्थानमा र छोरैजस्तो गरी पालिएकी छोरी। ३. पुतली; पुत्तल। ४. मूर्ति।

पुत्रिका-पुत्र–ना० [सं०] छोरीको छोरो; छोरीपट्टिको नाति।

पुत्रिणी–ना० [सं०] छोरो भएकी; पुत्रवती।

पुत्रिय–वि० [सं०] पुत्रको; पुत्र-सम्बन्धी।

पुत्री–ना० [सं०] १. छोरी। २. दुर्गा।

पुत्रीय–वि० [सं०] छोराको; पुत्र-सम्बन्धी।

पुत्रेष्टि–वि० [सं०] छोरो पाउने इच्छा गरी गरिने (यज्ञ)।

पुत्र्य–वि० [सं०] पुत्रको; पुत्र-सम्बन्धी।

पुत्ले–वि० [पुतली+ए] निधारमा सेतो टाटो भएको; तारे; चाँदे।

पुत्ले-पाङ्ग्रे–वि० [पुत्ले+पाङ्ग्रे] झालेमाले; टाटे-पाङ्ग्रे।

पुत्लो–ना० [पुतली] १. लुगा-फाटाको टुक्रो; चिल्थो। २. कुनै मानिसप्रति मारण, मोहन, उच्चाटन आदि गर्नाका निमित्त धामी, झाँक्री वा बोक्सीहरूले सङ्ग्रह गर्ने, मानिसले लाएको कपड़ा। ३. होश; चेतना।

पुत्लो–ना० [सं० पत्र] केराका बोटको टुसो, मुनु वा गुभो।

पुत्वार–ना० [पुतुवार] १. पोते, तिलहरी उन्ने र धागो

CC-0. In Public Domain. Digitization by eGangotri

आदि बाँध्ने पेशा गर्ने एक जाति। २. पुतुवार।

पुदीना–ना० [फा० पोदीना] बाबरी झार।

पुद्गल–ना० [सं०] १. परमाणु। २. शरीर। ३. आतमा। ४. शिव। (वि०) ५. सुन्दर; मनोहर।

पुनः–क्रि० यो० [सं०] अर्को पल्ट; फेरि।

पुनः-पुनः–क्रि० यो० [सं०] फेरि-फेरि; बारम्बार।

पुनरपि–क्रि० यो० [सं०] १. फेरि पनि। २. वार-वार।

पुनरागत–वि० [सं०] फेरि आएको; फर्केर आएको।

पुनरागम–ना० [सं०] १. फेरि आउनु; फर्केर आउनु। २. पुनर्जन्म।

पुनरागमन–ना० [सं०] पुनरागम।

पुनरावर्त–ना० [सं०] १. फर्केर आउनु; फेरि आउनु। २. फेरि जन्म लिनु; पुनर्जन्म ग्रहण गर्नु। ३. दोहोरिनु (पाठ, कथन आदि)।

पुनरावर्तक–वि० [सं०] १. फेरि-फेरि आउने; पुनः-पुनः आउने; वार-वार आउने। २. पुनरावर्तन गर्ने।

पुनरावर्ती–वि० [सं०] १. फेरि-फेरि जन्म ग्रहण गर्ने; पुनर्जन्म लिने। २. पुनरावर्तन गर्ने।

पुनरावृत्त–वि० [सं०] १. दोहोऱ्याइएको। २. संसारमा फेरि आएको। ३. फर्केको।

पुनरावृत्ति–ना० [सं०] १. दोहोऱ्याउने काम; आवृत्ति गर्नु। २. पुनर्जन्म लिनु। ३. फर्केर आउनु।

पुनरुक्त–वि० [सं०] फेरि भनिएको; दोहोऱ्याएर कहिएको।

पुनरुक्तवदाभास–ना० [सं०] शब्द नदोहोरीकन पनि दोहोरिएको जस्तो भान पर्दा हुने एक शब्दालङ्कार।

पुनरुक्ति–ना० [सं०] १. कुनै कुरा दोहोऱ्याएर भन्नु; भनिसकेको कुरो फेरि भन्नु। २. एउटै शब्द वा कुरोलाई दोहोऱ्याई-तेहेऱ्याई भन्दा पर्ने साहित्यको एक दोष।

पुनरुत्थान–ना० [सं०] १. फेरि उठ्नु। २. फेरि उत्थान हुनु; पुनः उन्नति हुनु।

पुनरुत्थानवाद–ना० [सं०] हटाइसकेको कुनै पद्धतिलाई फेरि जाग्रत गर्ने सिद्धान्त।

पुनरुत्थानवादी–वि० [सं०] पुनरुत्थानवादको अनुयायी।

पुनरुत्पत्ति–ना० [सं०] फेरि उत्पन्न हुनु; पुनः जन्म लिनु।

पुनर्जन्म–ना० [सं०] मरेर फेरि जन्म लिनु; पुनः शरीर धारण गर्नु।

पुनर्जन्मवाद–ना० [सं०] पुनर्जन्ममा विश्वास गर्ने सिद्धान्त; जन्मान्तरवाद।

पुनर्जन्मवादी–वि० [सं०] पुनर्जन्ममा विश्वास गर्ने; जन्मान्तरवादी।

पुनर्जन्मा–ना० [सं०] १. ब्राह्मण। २. फेरि जन्म लिने प्राणी। ३. द्विज।

पुनर्जात–वि० [सं०] फेरि जन्मेको; पुनः जन्म लिएको।

पुनर्जीवन–ना० [सं०] पुनर्जन्म।

पुनर्जीवित–वि० [सं०] पुनर्जीवन प्राप्त गरेको; पुनर्जन्म पाएको।

पुनर्नवा–ना० [सं०] लाम्चा पात हुने, साना-साना फूल फुल्ने तरकारी खाइने एक झार। (यो सेतो डाँठ र फूल हुने, रातो डाँठ र रातै फूल हुने र नीलो डाँठ र नीलै फूल हुने–तीन प्रकारको हुन्छ। आयुर्वेदमा यसको गुण कफ, पत्थरीको रोग र नेत्र-रोगलाई नाश गर्ने बताइएको छ।)

पुनर्भव–ना० [सं०] १. फेरि शरीर धारण गर्नु; फेरि जन्म लिनु। २. नङ। (वि०) ३. फेरि जन्म लिएको।

पुनर्भू–ना० [सं०] पहिलेको लोग्ने मरी फेरि विवाह गरेकी स्त्री; द्विरूढा।

पुनर्भू-पति–ना० [सं०] दिधिषू-पति।

पुनर्भोग–ना० [सं०] पहिले गरेका कर्मअनुसार सुख वा दुःखको फल भोग्नु।

पुनर्वसु–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक।

पुनर्वार–क्रि० यो० [सं०] अर्को पल्ट; फेरि।

पुनर्विवाह–ना० [सं०] अर्को पल्ट गरेको विवाह।

पुनश्चर्वण–ना० [सं०] उग्राउने काम; पागुर।

पुनीत–वि० [सं०] १. पवित्र; पावन; शुद्ध। २. पवित्र गरिएको।

पुन्टे–वि० [पुन्टो+ए] राम्रो, प्यारो र सानो कदको; पुटुक्क परेको।

पुन्टो–वि० [सं० पुटी] पुन्टे।

पुन्तुरो–ना० [पन्तरो] पन्तरो; पोको।

पुन्नक्षत्र–ना० [सं०] पुरुष नक्षत्र। (यी नक्षत्रका स्थितिमा पुत्र जन्मन्छन्।)

पुन्नाग–ना० [सं०] १. साना बाटुला पात, गुच्छाकार फल र सुगन्धी फूल हुने एक जातको वृक्ष; एक जातको चाँप। २. श्रेष्ठ पुरुष। ३. सेतो हात्ती। ४. सेतो कमल। ५. जाइफल।

पुप्फुस–ना० [सं०] १. फोक्सो। २. कमलको बीज-कोश।

पुमान्–ना० [सं०] पुरुष; भाले प्राणी।

पुरः–ना० [सं०] अगिल्तिर; सामुन्ने; मुखेन्जी।

पुरःस्थ–वि० [सं०] अगिल्तिर रहेको; दृष्टि-गोचर।

पुर–ना० [सं०] १. शहर; नगर। २. घर; गृह। ३. शरीर; देह। ४. अन्तःपुर। ५. लोक; भुवन। ६. थुप्रो; राशि।

पुरजा–ना० [फा० पुर्ज़ः] पुर्जा।

पुरञ्जन–ना० [सं०] १. आत्मा। २. वरुण।

पुरञ्जनी–ना० [सं०] बुद्धि; समझ; प्रज्ञा।

पुरतः–ना० यो० [सं०] अगाड़ि; सामुन्ने।

पुर-तोरण–ना० [सं०] शहरको बाहिरी ढोका।

पुर-द्वार–ना० [सं०] शहरमा प्रवेश गर्ने मूल ढोका; गोपुर।

पुरनी–ना० [सं० सुपर्णी] लाम्चा पात, काला गोल फल र राता डाँठ हुने एक जातको लहरो; सुपर्णी; पलाशी। (आयुर्वेदमा यसको गुण रुचि-कारक र पथ्य बताइएको छ।)

पुरनी–ना० [पुर्+नी] लुगामा भरेको बुट्टा।

CC-0. In Public Domain. Digitization by eGangotri

पुरन्दर–ना० [सं०] १. इन्द्र। २. शिव। ३. अग्नि। ४. चोर।

पुरन्ध्री–ना० [सं०] पति र पुत्रसहितकी स्त्री; लोग्ने र छोरा-छोरी भएकी स्त्री।

पुर-पार–ना० [पुर्+पार (फाँ०)] १. खाल्टाहरू पुर्ने काम; भर्ने काम। २. गाड्ने काम।

पुर-वासी–ना० [सं०] शहरका बासिन्दा; शहरिया।

पुरश्चरण–ना० [सं०] १. कुनै कार्य-सिद्धिका निमित्त गरिएको अनुष्ठान। २. कुनै अभीष्ट कार्य-सिद्धिका निमित्त गरिने जप, पाठ आदि। ३. मन्त्र-सिद्धिका निम्ति गरिने जप।

पुरश्चर्या–ना० [सं०] पुरश्चरण।

पुरस्करण–ना० [सं०] १. अगाड़ि राख्नु; सामुन्ने राख्नु। २. पूरा गर्नु।

पुरस्कार–ना० [सं०] १. अगाड़ि राख्नु। २. आदर; सम्मान। ३. इनाम; पारितोषिक। ४. पारिश्रमिक; मजदूरी। ५. स्वीकृति।

पुरस्कृत–वि० [सं०] १. अगाड़ि राखिएको; सामुन्ने गरिएको। २. आदर गरिएको; सम्मानित। ३. पुरस्कार पाएको; इनाम पाएको।

पुरस्क्रिया–ना० [सं०] १. कुनै कार्यको आरम्भिक कृत्य। २. आदर गर्नु; सम्मान गर्नु।

पुरस्तात्–ना० यो० [सं०] १. अगाड़ि; सामुन्ने; अगिल्तिर। (क्रि० यो०) २. पहिले; शुरूमा। ३. पूर्व दिशातिर। ४. आखिरमा; अन्तमा।

पुरस्सर–वि० [सं०] अगि लाग्ने; अगुवा; अग्र-गामी।

पुरा–क्रि० यो० [सं०] १. पहिले; प्राचीन कालमा। (वि०) २. पुरानू; प्राचीन; अतीतको। (ना०) ३. पूर्व दिशा।

पुरा–ना० [प्रा० पुड] एक जनाले खाइसकेपछि खाएकै पात्रमा बाँकी रहेको खाना; अवशिष्ट भोजन; उच्छिष्ट।

पुराइ–ना० [पुर्+आइ] पुर्ने किसिम, क्रिया वा भाव।

पुराइनु–स० क्रि० [पुराउ+आइ+नु] पुर्न लाइनु; ('पुराउनु'-को क० क्रि०)।

पुराउनु–स० क्रि० [पुर्+आउ+नु] पुर्न लाउनु; ('पुर्नु'-को प्रे० क्रि०)।

पुरा-कल्प–ना० [सं०] प्राचीन युग; प्राचीन समय।

पुराण–वि० [सं०] १. पुरानो; प्राचीन। २. थोत्रो; जीर्ण। (ना०) ३. परम्परादेखि चलिआएका मनुष्य, देवता, दानव आदिका कथा। ४. सृष्टि, स्थिति, लय तथा प्राचीन ऋषि, मन्वन्तर, राज-वंश आदिका वृत्तान्त र देवी-देवता, तीर्थ आदिका माहात्म्य वर्णन गरिएका प्रसिद्ध अठार हिन्दू धर्म-ग्रन्थ वा आख्यान। ५. अठारको सङ्ख्या।

पुरातत्त्व–ना० [सं०] पुराना कला एवं संस्कृतिको अनुसन्धान तथा अध्ययनसँग सम्बन्ध राख्ने विशेष प्रकारको विद्या।

पुरातत्त्वज्ञ–ना० [सं०] पुरातत्त्वको विशेषज्ञ; पुरातत्त्व-सम्बन्धी ज्ञान भएको व्यक्ति; पुरातत्त्व-विद्।

पुरातत्त्व-विद्–वि० [सं०] पुरातत्त्वज्ञ।

पुरातन–वि० [सं०] १. पुरानो; प्राचीन। २. आदि कालको; आद्य। ३. थोत्रो; जीर्ण। (ना०) ४. विष्णु।

पुरातात्विक–वि० [सं०] पुरातत्वको; पुरातत्त्व-सम्बन्धी।

पुरानिया–वि० [पुरानो+इया] १. पुरानो; अघिदेखिको। २. अनुभवी; जानिफकार।

पुरानू–वि० [पुरानो] पुरानो।

पुरानो–वि० [सं० पुराण] १. धेरै समयअघिको; पहिलेको; प्राचीन। २. धेरै दिनदेखि चलन-चलती भएको। ३. थोत्रो; जीर्ण। ४. अनुभवी; पुरानिया।

पुरा-पात–ना० [पुरा+पात (फाँ०)] खाएर बाँकी रहेको जूठो; पुरा।

पुरा-विद्–वि० [सं०] १. पुराना कुराहरूको ज्ञान भएको। २. प्राचीन इतिहासको ज्ञाता। ३. पुरातत्त्वको ज्ञाता; पुरातत्त्व-विद्।

पुरा-वृत्त–ना० [सं०] १. प्राचीन कुरा। २. इतिहास। (वि०) ३. पुरानो; प्राचीन।

पुरि–ना० [सं०] पुरी; नगरी।

पुरिनु–अ० क्रि० [पुर्+इ+नु] १. खाल्टो वा गहिरो ठाउँ भरिनु। २. छोपिनु; ढाकिनु। ३. प्रशस्त धन-माल पाउनु। ४. घाउ-खटिरामा मासु भरिनु; ('पुर्नु'-को भा० क्रि०)।

पुरिया–ना० [पुड़िया] पुड़िया।

पुरी–ना० [सं०] १. शहर; नगर। २. भारतको उड़ीसा प्रदेश-स्थित जगन्नाथ धाम। ३. दश-नामी संन्यासीहरूको एक वर्ग।

पुरी–ना० [पूरी] पूरी (रोटी)।

पुरीष–ना० [सं०] १. विष्ठा; मल। २. कसिङ्गर।

पुरीषोत्सर्ग–ना० [सं०] दिसा गर्नु; मल-त्याग।

पुरु–ना० [सं०] १. देव-लोक; स्वर्ग। २. राक्षस। ३. शरीर। ४. एक प्राचीन राजा; ययातिका एक छोरा।

पुरुक्क–क्रि० यो० [ने०] १. साग-पात आदि तेल-घिउमा भुट्ने वा भुट्ता शब्द आउने किसिम। २. साना-तिना साग-पातहरू निमोठेर भाँच्ने वा भाँच्ता शब्द आउने किसिम।

पुरुखा–ना० [सं० पुरुष] वंशका पूर्व-पुरुष; पूर्वज; पुर्खा; बाबु, बाजे, बराज्यू आदि।

पुरुवा–वि० [पुर्+उवा] पुरेको; भरिएको; पुरिएको।

पुरुवा–ना० [सं० पुर] गिलासका आकारको माटाको भाँड़ो; माटाको एक किसिमको गिलास।

पुरुष–ना० [सं०] १. लोग्ने-मानिस; नर। (काम-शास्त्रानुसार पुरुष चार प्रकारका मानिएका छन्—शशक, मृग, वृषभ र अश्व।) २. लोग्ने; पति। ३. मानव-जाति। ४. भाले-जाति; भाले प्राणी। ५. साङ्ख्य शास्त्रअनुसार प्रकृतिदेखि भिन्न अपरिणामी कर्ता; आत्मा। ६. विष्णु।

CC-0. In Public Domain. Digitization by eGangotri

७ सूर्य। ८. जीव। ९. शिव। १०. व्याकरणअनुसार तीन प्रकारका पुरुष (प्रथम-पुरुष, मध्यम-पुरुष र उत्तम-पुरुष)। (वि०) ११. भाले।

पुरुष-रत्न–ना० [सं०] श्रेष्ठ पुरुष।

पुरुषत्व–ना० [सं०] १. पुरुषको भाव; पौरुष; पुंस्त्व। २. पुरुषार्थ; पराक्रम।

पुरुष-शीर्ष–ना० [सं०] चोरले घरमा प्वाल पारी आफू पस्नुभन्दा पहिले पसाउने मनुष्यका टाउकाका आकारको काठको मूर्ति।

पुरुष-सिंह–ना० [सं०] १. सिंहजस्तो पराक्रमी मानिस। २. नृसिंह।

पुरुष-सूक्त–ना० [सं०] ऋग्वेदको पुरुष-विषयक एक सूक्त।

पुरुषाधम–ना० [सं०] नीच मनुष्य; नराधम।

पुरुषायित–ना० [सं०] १. पुरुषको जस्तो आचरण। २. एक रति-बन्ध; विपरीत सुरत। (वि०) ३. पुरुषको जस्तो आचारण गर्ने।

पुरुषार्थ–ना० [सं०] १. मनुष्य-जीवनको परम लक्ष्य। २. पराक्रम; पौरुष; पौरख। ३. सामर्थ्य; शक्ति। ४. उद्योग। (यी चार प्रकारका पुरुषार्थ हुन्–धर्म, अर्थ, काम र मोक्ष।

पुरुषार्थी–वि० [सं०] १. पुरुषार्थ गर्ने; पौरखी; पराक्रमी। २. उद्योगी। ३. परिश्रमी। ४. बलवान्; शक्ति-शाली।

पुरुषेन्द्र–ना० [सं०] १. राजा; नरेन्द्र। २. श्रेष्ठ पुरुष।

पुरुषेन्द्रिय–ना० [सं०] पुरुषको जननेन्द्रिय; शिश्न।

पुरुषोत्तम–ना० [सं०] १. श्रेष्ठ पुरुष। २. विष्णु। ३. कृष्ण। ४. जगन्नाथ। ५. मल-मास।

पुरुषोत्तम-मास–ना० [सं०] अधिक मास; मल-मास।

पुरूरवा–ना० [सं०] पुराण-प्रसिद्ध एक सोम-वंशी राजा; उर्वशीका पति।

पुरेत–ना० [सं० पुरोहित] पुरोहित।

पुरेत्याइँ–ना० [पुरेत+याइँ] पुरेतले गर्ने काम; पुरोहित्याइँ।

पुरोग–वि० [सं०] पुरोगामी।

पुरोगामी–वि० [सं०] अगि लाग्ने; अगुवा।

पुरोडाश–ना० [सं०] यज्ञमा आहुति दिनाका निमित्त पकाइने चाँवलको एक किसिमको रोटी।

पुरोधा–ना० [सं०] पुरेत; पुरोहित।

पुरोहित–ना० [सं०] यजमानका घरमा कर्म-काण्ड-सम्बन्धी काम र संस्कारहरू गराउने ब्राह्मण; पुरेत।

पुरोहित्याइँ–ना० [पुरोहित+याइँ] १. पुरोहितको काम वा पेशा; पुरेत्याइँ। २. पुरोहितको भाव; पौरोहित्य।

पुर्खा–ना० [पुरुखा] १. पुरुखा। २. नचाहिँदो किसिमले आफ्नो बुज्रुक्याइँ देखाउने व्यक्ति।

पुर्ख्यौली–वि० [पुर्खा+औली] १. पुरुखाको; पूर्वजको। (ना०) २. पुर्खाहरूको जीवनी; पुस्तावारी; वंशावली। ३. बेली-विस्तार।

पुर्जा–ना० [फा० पुर्ज:] १. साना-तिना कुराको टिपोट भएको कागत। २. सानो चिट्ठी; पत्र। ३. यन्त्रहरूको कुनै अङ्ग। ४. अंश; भाग। ५. पुर्जी।

पुर्जी–ना० [पुर्जा] एक अड्डाले अर्को अड्डालाई वा कुनै व्यक्तिलाई लेखेको पत्र; लेखोट।

पुर्तगाली–वि० [पुर्तगाल (देश)+ई] १. पुर्तगाल देश-सम्बन्धी। (ना०) २. त्यस देशको भाषा।

पुर्नु–अ० क्रि० [सं० पूरण+नु] १. खाल्टो भर्नु; खाड़ल वा गहिरो ठाउँमा माटो आदि हाली उकास्नु। २. कुनै वस्तु खाल्टोमा हाली माटो आदिले छोप्नु। ३. ढाक्नु; छोप्नु। ४. पोस्नु; धन-माल आदि प्रशस्त दिनु।

पुर्ने–ना० [सं० पूर्णिमा] पूर्णिमा।

पुर्पक्ष–ना० [सं० पूर्वपक्ष] १. बहस; छलफल। २. निर्णय; निधो।

पुर्पच्छे–ना० [पुर्पक्ष] पुर्पक्ष।

पुर्पुरो–ना० [ने०] १. निधार; कपाल। २. भाग्य; प्रारब्ध।

पुर्बिया–वि० [पुर्विया] पुर्विया।

पुर्बेली–ना० [सं० पूर्वावली] पुर्ख्यौली।

पुर्ब्यौली–ना० [पुर्बेली] पुर्ख्यौली।

पुर्‍याइ–ना० [पुरि+याइ] पुरिने किसिम, क्रिया वा भाव।

पुर्‍याइ–ना० [पुर्‍याउ+आइ] पुर्‍याउने किसिम, क्रिया वा भाव।

पुर्‍याइनु–स० क्रि० [पुर्‍याउ+आइ+नु] पुग्ने गराइनु; ('पुर्‍याउनु'-को क० क्रि०)।

पुर्‍याउनु–स० क्रि० [पुग्+याउ+नु] १. कुनै व्यक्ति वा वस्तुलाई एक ठाउँबाट अर्को ठाउँमा प्रस्तुत गराउनु; पुग्ने गराउनु; पहुँचाउनु। २. बाटामा विघ्न नपरोस् भनी कुनै व्यक्ति वा वस्तुको रक्षाका निमित्त साथ जानु। ३. एक अवस्थाबाट अर्को अवस्थामा परिवर्तित गर्नु। ४. कुनै कामका निमित्त सीमित साधन ठिक्क पार्नु; जसो-तसो गरेर टार्नु। ५. इच्छा-पूर्ति गर्नु; कामना पूरा गर्नु। ६. पूरा गर्नु; पूर्ण गर्नु (आदर, सम्मान आदि)।

पुर्र–क्रि० यो० [अनु०] अपान-वायु निस्कने वा निस्कँदा शब्द आउने किसिम।

पुर्लुक्क–क्रि० यो० [ने०] पल्टने किसिम; पल्टनबाजी खाने किसिम; पर्लक्क।

पुर्विया–वि० [सं० पूर्वीय] १. पूर्व दिशाको; पूर्वीय। २. पूर्वतिरको; पूर्व दिशामा रहने; पौर्वात्य। (ना०) ३. उपाध्याय ब्राह्मण।

पुर्ख्यौली–ना० [सं० पूर्व+औली] पुर्ख्यौली।

पुल–ना० [फा०] नदी-नाला आदि पार गर्नाका निमित्त वारि-पारि गाड़िएका खम्बाका आधारमा बनाइएको बाटो; पक्की साँघु; सेतु।

पुल–ना० [सं०] घाँसको थुप्रो; तृण-राशि।

CC-0. In Public Domain. Digitization by eGangotri

पुलक–ना० [सं०] १. प्रेम, हर्ष, भय आदिको उद्वेगबाट शरीरका रौँहरू ठाड़ा हुनु; रोमाञ्च। २. एक जातको मणि। ३. खनिज पदार्थ। ४. रत्नमा हुने दोष। ६. हरताल। ६. रक्सी आदि खाने काँच आदिको गिलास। ७. रायोको एक प्रकारको मसला।

पुलकावलि–ना० [सं०] प्रेम वा हर्षबाट भएको रोमाञ्च।

पुलकित–वि० [सं०] प्रेम वा हर्षले रौँ ठाड़ा-ठाड़ा भएको; रोमाञ्चित।

पुलपुल–ना० [सं० पालन] छोरा-छोरीलाई मात्तिने गरी बढ्ता प्यारो गर्ने काम; लाड़-प्यार।

पुलपुलिइनु–अ० क्रि० [पुलपुलि+इ+नु] लाड़-प्यारले बानी बिग्रिनु; ('पुलपुलिनु'-को भा० क्रि०)।

पुलपुलिनु–अ० क्रि० [पुलपुल+इ+नु] १. आमा-बाबुको बढ्ता लाड़-प्यारले केटा-केटीको बानी बिग्रनु। २. मात्तिनु; पात्तिनु।

पुलपुल्याइ–ना० [पुलपुलि+आइ] पुलपुलिने किसिम, क्रिया वा भाव; मत्त्याइ।

पुलपुल्याइ–ना० [पुलपुल्याउ+आइ] पुलपुल्याउने किसिम, क्रिया वा भाव।

पुलपुल्याइनु–स० क्रि० [पुलपुल्याउ+आइ+नु] बढ्ता लाड़-प्यार गरिनु; बढ्ता माया गरिनु; ('पुलपुल्याउनु'-को क० क्रि०)।

पुलपुल्याउनु–स० क्रि० [पुलपुल+याउ+नु] १. केटा-केटी लाई बढ्ता माया गर्नु; लाड़-प्यार गर्नु। २. मत्त्याउनु; पात्तिने पार्नु।

पुलपुल्याहट–ना० [पुलपुलि+आहट] पुलपुलिने किसिम, क्रिया वा भाव; पुलपुल्याइ।

पुलस्त्य–ना० [सं०] ब्रह्माका पुत्र एक प्राचीन ऋषि; सप्तऋषिमध्ये एक।

पुलस्त्याइँ–ना० [पुष्ट्याइँ] १. अर्काको कुरो लाउने काम; सिपाइत; सिपारत; चुक्ली। २. कसैका विषयमा गरिएको खुशामद; सिफारिश।

पुलह–ना० [सं०] ब्रह्माका मानस-पुत्रहरू मध्ये एक; सप्तर्षिमध्ये एक।

पुला–ना० [सं० पुलक] १. मूठो; कल्ली। २. पोको।

पुलाइ–ना० [पुल्+आइ] पुल्ने किसिम, क्रिया वा भाव।

पुलाउ–ना० [सं० पुलाक] भिजाएको चामल र मासु घिउतेलमा पकाएको खाद्य पदार्थ; मांसोदन।

पुलाक–ना० [सं०] १. पकाएको चामल; भात। २. खराब किसिमको अन्न। ३. लघुत्व। ४. पुलाउ।

पुलिक–ना० [सं० पुलक] गहनाहरू उजिल्याउने एक प्रकारको पत्थर; बलक।

पुलिन्दा–ना० [सं० पूल] पार्सल।

पुलिस–ना० [अं० पुलीस] पुलीस।

पुली-चक्का–ना० [अं० पुली+चक्का] लोता लागेर मेशीन घुमाउने चक्का।

पुलीस–ना० [अं०] जनताका जीउ-धनको रक्षा गर्न र देशमा शान्ति कायम गर्न नियुक्त गरिएको सरकारी कर्मचारी।

पुलीस-अड्डा–ना० [पुलीस+अड्डा] पुलीस-चौकी।

पुलीस-चौकी–ना० [पुलीस+चौकी] ठाउँ-ठाउँमा सुरक्षाका निमित्त पुलिसहरू रहने अड्डा।

पुलीस-विभाग–ना० [पुलीस+विभाग] जनताका ज्यू-धनको रक्षा गर्न र देशमा शान्ति कायम गर्न तथा अपराध एवं अपराधीहरूको पत्ता लगाउने एक सरकारी विभाग।

पुलुक्क–क्रि० यो० [ने०] १. एकै पटक हेर्ने किसिम; टुलुक्क। २. आँखा खोल्ने किसिम।

पुलुपुलु–क्रि० यो० [नें०] एक-टक लाएर हेरिरहने किसिम; टुलुटुलु।

पुल्कस–ना० [सं०] मनुका अनुसार बाबु ब्राह्मण र आमा क्षत्रिय भई उत्पन्न हुने एक सङ्कर जाति।

पुल्टिस–ना० [अ० पोल्टिस्] घाउ-खटिरा पकाउन वा बसाउन लगाइने बाक्लो लेप।

पुल्ठो–ना० [सं० पुला] १. दुइ जनामा फाटो पार्नाका निम्ति भए-नभएका कुरा लाउनु; चुक्ली लाउनु। २. राँको; अगुल्टो।

पुल्नु–अ० क्रि० [नेवा० पुलेगु] १. गुच्चाको खेलमा घ्वाइँले सीमाना वा गट्टी नाघ्नु। २. बिग्रनु; नाश हुनु। ३. मर्नु।

पुल्लिङ्ग–ना० [सं०] पुंलिङ्ग।

पुवा–ना० [पूवा] पूवा।

पुवाँले–वि० [पुवाँलो+ए] पुवाँलोजस्तो रातो रङ्गको।

पुवाँलो–ना० [प्रा० पवाल] नकली मूगा।

पुवाँलो–ना० [पोल्] थाहा नपाउने गरी कपड़ामा लागेको आगो।

पुवाँलो–ना० [सं० प्रणाल] यज्ञको अग्निमा धारा-पात्रबाट घिउको धारो चुहाउने काम।

पुवालपाते–ना० [नें०] एकातिर सेतो र अर्कातिर हरियो पात हुने एक जातको बोट।

पुश्ती–ना० [फा०] १. पुस्तकका जिल्दको पीठमा लगाइने छाला। २. कागत पत्रमा बाहिरपट्टि बेर्ने वा लगाइने जिल्द। ३. जिल्द बाँध्दा जिल्द र पुस्तकका बीचमा टाँसिने कागत।

पुश्तैनी–वि० [फा०] १. धेरै पुस्तादेखि चलिआएको। २. धेरै पीढ़ीसम्म चल्ने।

पुषित–वि० [सं०] पोषण गरिएको; पोषित।

पुष्कर–ना० [सं०] १. पोखरी; जलाशय; सरोवर। २. पानी। ३. हात्तीका सूँड़को अगिल्लो भाग। ४. कमल। ५. बाण। ६. युद्ध। ७. सूर्य। ८. पुराणअनुसार सात द्वीपमध्ये एक। ९. भारत-स्थित एक प्रसिद्ध तीर्थ। १०. आकाश।

CC-0. In Public Domain. Digitization by eGangotri

पुष्कर-मूल–ना० [सं०] १. जलाशयमा हुने एक औषधी। २. कमलको जरा। ३. कुटकी।

पुष्करिणी–ना० [सं०] १. ढोई; हस्तिनी। २. तलाउ; पोखरी।

पुष्कल–वि० [सं०] १. श्रेष्ठ; उत्तम। २. सुन्दर; मनोहर। ३. धेरै; प्रचुर। ४. भरपूर; परिपूर्ण। (ना०) ५. भिक्षुकलाई दिइने चार गाँसको भिक्षा।

पुष्ट–वि० [सं०] १. पोटिलो; मोटो। २. बलियो; बलिष्ठ। ३. पालेको; पोषित। ४. बलियो र मोटो तुल्याउने; बल-वर्द्धक; पौष्टिक। ५. दृढ; मजबूत।

पुष्टकारी–ना० [सं०] शरीरलाई मोटो-घाटो पार्ने औषधी; पौष्टिक औषधी।

पुष्टता–ना० [सं०] पुष्ट हुनाको भाव; पुष्टचाइँ।

पुष्टाई–ना० [सं० पुष्ट] बल-वर्द्धक औषधी; पौष्टिक पदार्थ।

पुष्टि–ना० [सं०] १. पुष्ट हुनु; मोटो हुनु। २. बलिष्ठ हुनु। ३. पोषण। ४. पहिले भनिएको कुनै कुरोलाई पक्का गर्न फेरि अर्को कुनै कुरो भन्नु; समर्थन।

पुष्टि-कर–वि० [सं०] पुष्ट पार्ने; बल-वर्द्धक।

पुष्टि-कारक–वि० [सं०] पुष्टि-कर।

पुष्प–ना० [सं०] १. फूल; कुसुम। २. ऋतुमती स्त्रीको रज। ३. पुष्पराज मणि।

पुष्पक–ना० [सं०] १. फूल; पुष्प। २. कुबेरको विमान। ३. एक नेत्र-रोग; फूलो।

पुष्प-काल–ना० [सं०] १. वसन्त ऋतु। ३. स्त्री-रजोवती हुने समय।

पुष्प-धन्वा–ना० [सं०] कामदेव।

पुष्प-बाण–ना० [सं०] कामदेव।

पुष्प-रज–ना० [सं०] पराग।

पुष्प-रथ–ना० [सं०] १. घुम-फिर गर्ने वा उत्सव आदिमा बसेर हिंड्ने सजिसजाउ गरिएको रथ।

पुष्प-रस–ना० [सं०] फूलको रस; मकरन्द।

पुष्पराग–ना० [सं०] पुष्पराज।

पुष्पराज–ना० [सं०] प्रायः हल्का पहेँलो रङ्गको हुने एक जातको मणि।

पुष्प-रेणु–ना० [सं०] पराग।

पुष्प-लाव–ना० [सं०] माली।

पुष्पलावी–ना० [सं०] मालिनी।

पुष्प-लिट्–ना० [सं०] भ्रमर।

पुष्पवती–ना० [सं०] नछुने भएकी स्त्री; रजोवती।

पुष्प-वाटिका–ना० [सं०] फूल-बारी; बगैँचा।

पुष्प-वृष्टि–ना० [सं०] फूलको वर्षा।

पुष्प-शय्या–ना० [सं०] फूलको बिछ्याउना; फूलहरू ओछ्याइएको बिछ्याउना।

पुष्प-शाक–ना० [सं०] तरकारी, अचार आदि खाइने फूल (कोइरालो, सिमल, अगस्ति आदि)।

पुष्प-समय–ना० [सं०] वसन्त ऋतु।

पुष्प-सार–ना० [सं०] १. मकरन्द। २. अत्तर; खुशबू।

पुष्पागम–ना० [सं०] वसन्त ऋतु।

पुष्पाजीव–ना० [सं०] माली।

पुष्पाञ्जन–ना० [सं०] पीतलको हरियो कसमा औषधी मिलाई बनाइने एक प्रकारको गाजल।

पुष्पाञ्जलि–ना० [सं०] देवता वा पूज्य व्यक्तिलाई चढ़ाउनाका निमित्तको अँजुलिमा लिइएको फूल।

पुष्पायुध–ना० [सं०] कामदेव।

पुष्पिणी–ना० [सं०] रजोवती स्त्री।

पुष्पिका–ना० [सं०] १. अध्यायमा वर्णन गरिएका प्रसङ्गको समाप्तिको सूचना गरिएको, अध्यायको अन्तिम भाग वा वाक्य। २. पुस्तकका अन्तमा लेखकको नाम, पुस्तक लेखिएको समय, स्थान आदिको उल्लेख सहित लेखिएको वाक्य वा श्लोक। ३. दाँतको मल। ४. लिङ्गको मल।

पुष्पित–वि० [सं०] १. फुलेको; विकसित। २. फूल लागेको।

पुष्पी–वि० [सं०] फूलले युक्त; फूल लागेको।

पुष्पोद्यान–ना० [सं०] फूल-बारी; पुष्प-वाटिका।

पुष्पोपजीवी–ना० [सं०] माली।

पुष्य–ना० [सं०] १. एक प्रसिद्ध नक्षत्र। २. पौष महीना।

पुसाजु–ना० [पुसाज्यू] पुसाज्यू।

पुसाज्यू–ना० [पुसैं+ज्यू] फुपाज्यू; फुपूका पति; पुसैं।

पुसैं–ना० [ने०] फुपाज्यू; पुसाज्यू।

पुस्टाइ–ना० [पुस्टाउ+आइ] पुस्टाउने किसिम, क्रिया वा भाव।

पुस्टाइनु–अ० क्रि० [पुस्टाउ + आइ + नु] पुष्ट होइनु; ('पुस्टाउनु'-को भा० क्रि०)।

पुस्टाउनु–अ० क्रि० [पुस्टि+आउ+नु] पुस्टिनु।

पुस्टिइनु–अ० क्रि० [पुस्टि+इ+नु] पुष्ट होइनु; मोटाइनु; ('पुस्टिनु'-को भा० क्रि०)।

पुस्टिनु–अ० क्रि० [सं० पुष्टि+नु] पुष्ट हुनु; मोटाउनु।

पुस्टचाइँ–ना० [पुष्ट+याइँ] १. पुष्ट हुनाको भाव। २. पुष्ट पार्नाको क्रिया वा भाव। ३. पुस्ट पार्ने काम, कुरो वा विषय। ४. पुस्ट पार्ने वा हुने विषय। ५. समर्थन; अनुमोदन।

पुस्टचाइ–ना० [पुष्टि+याइ] पुस्टिने किसिम, क्रिया वा भाव।

पुस्टचाइ–ना० [पुस्टचाउ+आइ] पुस्टचाउने किसिम, क्रिया वा भाव।

पुस्टचाइनु–स० क्रि० [पुस्टचाउ+आइ+नु] पुष्ट पारिनु; ('पुस्टयाउनु'-को क० क्रि०)।

पुस्टचाउनु–स० क्रि० [सं० पुष्टि+याउ+नु] पुष्ट पार्नु; हृष्ट-पुष्ट तुल्याउनु।

पुस्त–ना० [सं०] १. हस्त-लिखित पुस्तक। २. शिल्पकारी; कारीगरी।

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक–ना० [सं०] पढ्न, पढ़ाउन वा पाठ गर्न, गराउन अनेक विचार, विवेचना, भावना, कल्पना वा ज्ञानका कुराहरू लेखिएको वा छापिएको ग्रन्थ; किताब ।

पुस्तकखाना–ना० [पुस्तक+खाना] पुस्तकालय ।

पुस्तकागार–ना० [सं०] १. पुस्तकालय । २. पुस्तकको भण्डार ।

पुस्तकालय–ना० [सं०] विभिन्न विषयका पुस्तकहरू सङ्ग्रह गरी राखिएको घर वा ठाउँ ।

पुस्तकास्तरण–ना० [सं०] पुस्तकको बासा वा जिल्द ।

पुस्ता–ना० [फा० पुश्त] वंश-परम्पराको श्रेणी; बाबु, बाजे, बराजु आदि र छोरो, नाति, पनाति आदिको पूर्वापर क्रम ।

पुस्तान-पुस्ता–ना० [पुस्ता+पुस्ता] धेरै पुस्ता; धेरै पीढ़ी ।

पुस्तावारी–ना० [पुस्ता+वारी] पुख्र्यौली; वंशावली ।

पुस्तिका–ना० [सं०] सानो पुस्तक; सानो-तिनो किताब ।

पुस्ती–ना० [सं०] १. हस्त-लिखित पुस्तक; हातले लेखिएको ग्रन्थ । २. ग्रन्थ; किताब ।

पुस्तैनी–वि० [फा० पुश्तैनी] पुश्तैनी ।

पुस्त्यौली–वि० [पुस्ता+औली] १. पुस्ताको; पीढ़ी-पीढ़ीको । (ना०) २. पुस्तावारी; वंशावली ।

पुहुन–ना० [पुहुनी] पुहुनी-जातको मानिस; अछूत व्यक्ति ।

पुहुनी–ना० [नं०] पुहुन्की पाउने जाति; पौनी ।

पुहुन्की–ना० [पुहुनी] घरमा आई काम गरेर जाँदा बेलुका दमाईं, सार्की कामी आदि जातले पाउने सीधा वा दस्तूरी ।

पूँ–क्रि० यो० [अनु०] शङ्ख आदि फुक्दा शब्द आउने किसिम ।

पूँ–ना० [पिउँ] पिउनु (बाल-बोलीमा) ।

पूँजी–ना० [सं० पुञ्जि] १. जीवन-निर्वाहका आवश्यकत्ताबाट जोगिएको धन; सञ्चित धन; बचत धन । २. कुनै व्यवसायमा लगाएको धन; साउँ; मूल-धन । ३. रुपियाँ-पैसा; नगद; सम्पत्ति; द्रव्य । ४. योग्यता; खूबी ।

पूँजी-पति–ना० [पूँजी+पति] १. कुनै उद्योग वा व्यवसायमा पूँजी लगाउने व्यक्ति; उद्योग-पति । २. धनी व्यक्ति; महाजन ।

पूँजीवाद–ना० [पूँजी+वाद] उत्पादित साधनहरूमापूँजी कै सर्वोपरि अधिकार मान्ने सिद्धान्त ।

पूँजीवादी–वि० [पूँजीवाद+ई] पूँजीवादको अनुयायी ।

पुग–ना० [सं०] १. सुपारीको वृक्ष वा फल । २. राशि; थुप्रो । ३. सङ्घ; संस्था ।

पूगी–ना० [सं०] सुपारीको वृक्ष वा फल ।

पूछ-पाछ–ना० [सं० पृच्छ+पाछ (फाँ०)] सोध-पूछ; सोध-साध ।

पूजक–वि० [सं०] १. पूजा गर्ने; पुज्ने । (ना०) २. पूजा गर्ने व्यक्ति; उपासक । ३. पूजाहारी ।

पूजन–ना० [सं०] १. पूजा गर्ने काम; पुज्ने काम; अर्चना । २. आदर; सत्कार ।

पूजनीय–वि० [सं०] १. पूजा गर्न योग्य; पूज्य । २. आदर गर्न योग्य; सम्मान गर्न लायक ।

पूजयितव्य–वि० [सं०] पूजा गर्न योग्य; पूजनीय ।

पूजा–ना० [सं०] १. देवी-देवतालाई प्रसन्न पार्न वा आफ्नो अनुकूल पार्न श्रद्धा-भक्तिपूर्वक गरिने कार्य । २. देव-देवीलाई जल, फूल, अक्षता, नैवेद्य आदि चढ़ाएर गरिने धार्मिक कार्य; अर्चा । ३. आदर; मान-भाउ । ४. कसैलाई प्रसन्न वा अनुकूल पार्नाका निमित्त केही वस्तु दिनु । ५. दण्ड; सजाय ।

पूजा-आजा–ना० [पूजा+अर्चा] पूजा-पाठ; पूजा गर्ने काम ।

पूजा-कोठा–ना० [पूजा+कोठा] घरमा देवताको पूजा गर्ने नियत स्थान वा कोठो ।

पूजा-कोठे–ना० [पूजा+कोठा+ए] पूजा-कोठाको काम गर्ने कामदार; पूजाहारी ।

पूजा-गृह–ना० [सं०] पूजा गर्ने घर वा कोठो; पूजा-कोठा ।

पूजा-पाठ–ना० [सं०] देव-देवीलाई प्रसन्न पार्नाका निमित्त गरिने पूजा, स्तोत्र-पाठ आदि धार्मिक कार्य ।

पूजारी–ना० [पूजाहारी] पूजाहारी ।

पूजार्ह–वि० [सं०] १. पूजा गर्न योग्य; पूजनीय । २. सत्कार गर्न योग्य; मान्य ।

पूजा-सामा–ना० [पूजा+सामान] पूजा गर्ने सर-सामान; पूजोपकरण ।

पूजा-सामान–ना० [पूजा+सामान] पूजा-सामान ।

पूजाहारी–ना० [सं०] जागीर वा कुनै किसिमको देवस्वको आम्दानी खाएर जीविकाको निमित्त देवताको पूजा गर्ने व्यक्ति; देवताको पूजा गरी देवस्व खाएर जीविका गर्ने व्यक्ति ।

पूजित–वि० [सं०] १. पूजा गरिएको; अर्चित । २. सत्कार गरिएको; सम्मानित ।

पूजितव्य–वि० [सं०] पूजा गर्न योग्य; पूजनीय ।

पूजोपकरण–ना० [सं०] पूजा गर्ने सर-सामान; पूजा-सामान ।

पूज्य–वि० [सं०] १. पूजा गर्न योग्य; पुज्न लायक; पूजनीय । २. मान्य; आदरणीय । (ना०) ३. आमा, बाबु, गुरु आदि सम्मान्य व्यक्ति ।

पूज्यता–ना० [सं०] पूज्य हुनाको भाव ।

पूज्य-पाद–ना० [सं०] पाउको पूजा गर्न योग्य; अति पूज्य ।

पूज्यमान–वि० [सं०] पूजा गरिराखेको; पूजित भइरहेको ।

पूड़ी–ना० [पूरी] पूरी रोटी ।

पूत–वि० [सं०] १. शुद्ध; पवित्र । (ना०) २ सत्य; साँचोपन ।

पूत–ना० [प्रा० पुत्त] छोरो; पुत्र ।

पूतना–ना० [सं०] १. बालक कृष्णलाई मार्न कंसले पठाएकी एक राक्षसी । २. निद्रा नलाग्ने रप खाला लाग्ने बालकको एक रोग । ३. एक योगिनी ।

पूतात्मा–वि० [सं०] १. अन्तःकरण शुद्ध भएको; हृदयमा

CC-0. In Public Domain. Digitization by eGangotri

कलुष नभएको। (ना०) २. विष्णु।

पूति–ना० [सं०] १. पवित्रता; शुद्धता। २. दुर्गन्ध; खराब बास्ना।

पूतिक–ना० [सं०] १. विष्ठा; मल। (वि०) २. गह्नाउने; दुर्गन्धी।

पूति-गन्ध–ना० [सं०] दुर्गन्ध-युक्त; गह्नाउने; दुर्गन्धी।

पूतिघास–ना० [सं०] नेति-बिरालो।

पूती–ना० [प्रा० पुत्तिका] स्त्रीको जननेन्द्रिय; योनि।

पूतु–ना० [पूती] बालिकाको मूत्रेन्द्रिय।

पूप–ना० [सं०] पूवा।

पूय–ना० [सं०] घाउ, खटिरा सड़ेर निस्कने पहेँलो लेसाइलो पदार्थ; पीप।

पूरक–वि० [सं०] १. पूरा गर्ने; पूर्ण गर्ने। २. सन्तुष्ट पार्ने; तुष्ट पार्ने। (ना०) ३. एक प्रकारको प्राणायाम। ४. कुनै वस्तुको कमी वा त्रुटि पूरा गर्नाका निमित्त पछिबाट थप गरिने अंश।

पूरण–ना० [सं०] १. पूरा गर्ने काम; पूर्ण गर्ने क्रिया। २. भर्ने काम; भरिभराउ पार्नु।

पूरणीय–वि० [सं०] पूरा गर्न योग्य; पूर्ण पार्न लायक।

पूरयिता–वि० [सं०] पूरा गर्ने; पूर्ण पार्ने।

पूरा–वि० [सं० पूर्ण] १. सारा; समस्त; सम्पूर्ण। २. आफ्ना सब अङ्ग-प्रत्यङ्ग वा अंशले युक्त भएको। ३. सग्लो; सिङ्गो। ४. पुग्दो; यथेष्ट; पर्याप्त। ५. सफल; सिद्ध। ६. अधूरो नभएको; पूर्ण।

पूरापूर–वि० [पूरा+पूरा] १. भरिभराउ; टनाटन। २. चाहिएजति; यथेष्ट। ३. सपूर्ण; समस्त।

पूरिका–ना० [सं०] कचौड़ी रोटी।

पूरित–वि० [सं०] १. पूरा गरिएको; पूर्ण पारिएको। २. भरिएको; भरिभराउ। ३. पुरेको। ४. अघाएको; तृप्त।

पूरी–ना० [सं० पूलिका] बेलेर घिउमा पकाएको एक प्रकारको गहूँका पीठाको रोटी; खरो गरी पकाएको स्वारी।

पूरु–ना० [सं०] १. मनुष्य। २. ययाति र शर्मिष्ठाका छोरा एक चन्द्र-वंशी राजा।

पूरुष–ना० [सं०] पुरुष।

पूर्ण–वि० [सं०] १. सबै अङ्ग वा अंशले युक्त; पूरा। २. सिङ्गो; सग्लो; अखण्ड। ३. भरिएको; भरिभराउ। ४. पूरा गरिएको; सिद्ध गरिएको। ५. समाप्त; सम्पन्न। ६. सफल। ७. यथेष्ट; पर्याप्त। ८. बितेको; अतीत। ९. सन्तुष्ट; तृप्त। १०. इच्छा पूरा भएको। (ना०) ११. ईश्वर; ब्रह्म।

पूर्ण-काम–वि० [सं०] सबै इच्छा वा कामना पूरा भएको; परितुष्ट।

पूर्ण-कुम्भ–ना० [सं०] जलले भरिएको घड़ा; पूर्ण कलश।

पूर्ण-चन्द्र–ना० [सं०] पूर्णिमाको चन्द्रमा।

पूर्णतः–क्रि० यो० [सं०] पूर्ण रूपले; पूरा तवरले; पूर्णतया।

पूर्णतया–क्रि० यो० [सं०] पूर्ण रूपले; पूर्णतः।

पूर्ण-न्यायाधिकरण–ना० [सं०] फुल-बेन्च।

पूर्ण-पात्र–ना० [सं०] १. कुनै शुभ कर्ममा दान गरिने चामल, सुपारी, पैसा आदिले भरिएको प्याङ, टपरी आदि। २. पुत्र जन्मेको खुशीयालीमा सेवकहरूलाई दिइने स्वामीका वस्त्र, आभूषण आदि।

पूर्ण-प्रज्ञ–वि० [सं०] परम ज्ञानी।

पूर्ण-मानस–वि० [सं०] सन्तुष्ट।

पूर्णमासी–ना० [सं०] पूर्णिमा।

पूर्ण-यौवन–वि० [सं०] नौजवान; नवयुवक।

पूर्ण-विराम–ना० [सं०] एक वाक्य पूरा हुँदा दिइने विराम-चिह्न; पाई (।)।

पूर्ण-श्री–वि० [सं०] १. धन-धान्यले पूर्ण; सुसम्पन्न। २. श्रीले परिपूर्ण भएको।

पूर्णा–ना० [सं०] पञ्चमी, दशमी, अमावास्या र पूर्णिमा—यी चार तिथि।

पूर्णाङ्क–ना० [सं०] १. पूरा सङ्ख्या; पूर्ण अङ्क। २. भिन्न वा दशमलवमा हर-अङ्कले विभाजित हुने राशि। ३. कुनै प्रश्न वा प्रश्न-पत्रको निर्धारित सम्पूर्ण अङ्क।

पूर्णायु–ना० [सं०] १. पूरा आयु। २. मनुष्यको सय वर्षको आयु। (वि०) ३. सय वर्ष बाँच्ने; सय वर्षको आयु भएको।

पूर्णावतार–ना० [सं०] सम्पूर्ण ईश्वरीय कलाले युक्त भएको अवतार।

पूर्णाहुति–ना० [सं०] १. यज्ञको समाप्तिमा गरिने आहुति; होम-कर्मको अन्तिम आहुति। २. कुनै कामको पूरक अंश; अपुग वा कमी पूरा गर्ने अंश।

पूर्णिमा–ना० [सं०] चान्द्र-मासका शुक्ल पक्षको अन्तिम तिथि।

पूर्णिमासी–ना० [सं०] पूर्णिमा।

पूर्णेन्दु–ना० [सं०] सोह्रै कलाले युक्त चन्द्रमा; पूर्ण-चन्द्र; पूर्णिमाको चन्द्रमा।

पूर्णोपमा–ना० [सं०] उपमान, उपमेय, वाचक र साधारण धर्मले युक्त भएको उपमालङ्कार।

पूर्त–वि० [सं०] १. पूरा गरिएको; पूर्ण। २. ढाकिएको; आच्छादित। ३. पालिएको; रक्षित। (ना०) ४. पूरा गर्नु।

पूर्ति–ना० [सं०] १. पूरा गर्ने काम; पूरण। २. आरम्भ गरेको काम समाप्त गर्नु। ३. कमी वा अभाव पूरा गर्ने काम। ४. सन्तुष्टि; तृप्ति।

पूर्य–वि० [सं०] पूरा गर्न योग्य; पूरणीय।

पूर्व–ना० [सं०] १. सूर्य उदाउने दिशा; पश्चिमको विपरीत दिशा। २. पुर्खा; पूर्वज। ३. अगिल्लो हिस्सा; अनुभाग। (वि०) ४. सूर्य उदाउने दिशाको; पूर्वीय।

CC-0. In Public Domain. Digitization by eGangotri

५. पहिलो; अगिल्लो; प्रथम। ६. जेठो; जेष्ठ। ७. अगाड़िको; अगिल्तिरको। ८. पुरानो; प्राचीन। ९. पहिले भनिएको। (क्रि० यो०) १०. पहिले; अगि।

पूर्व-एक (१)-नम्बर–ना० [पूर्व+एक+नम्बर] भक्तपुर-देखि पूर्वतिरका बनेपा, धुलिखेल, सिन्धु-पाल्चोक, काभ्रे-पलान्चोक आदि बस्तीहरूसहितको एक इलाका।

पूर्वक–क्रि० यो० [सं०] साथ; सहित (नाम शब्दको पछाड़ि प्रयोग हुने)। (उदा०–कृपापूर्वक, भक्तिपूर्वक इत्या०।)

पूर्व-कथित–वि० [सं०] पहिले भनिएको; अगि भनिएको।

पूर्व-कर्म–ना० [सं०] १. पहिलो काम; प्रथम कार्य। २. पूर्व-जन्मको कर्म। ३. तयारी।

पूर्व-काय–ना० [सं०] नाइटोदेखि माथितिरको शरीरको भाग।

पूर्व-काल–ना० [सं०] १. पुरानो समय; प्राचीन काल। २. बितेको समय; अतीत काल। (वि०) ३. प्राचीन काल-को; पहिलेको।

पूर्व-कालिक–वि० [सं०] १. पहिलेका समयको; प्राचीन-कालको। २. पुरानो; प्राचीन।

पूर्व-कालीन–वि० [सं०] पूर्व-कालिक।

पूर्व-काष्ठा–ना० [सं०] पूर्व दिशा।

पूर्व-कृत–वि० [सं०] पहिले गरिएको।

पूर्व-गामी–वि० [सं०] १. पहिले जाने; अगि हिँड्ने। २. पहिलेको; अगाड़िको। ३. पूर्व दिशातिर जाने।

पूर्वङ्गम–वि० [सं०] पूर्व-गामी।

पूर्व-चार (४)-नम्बर–ना० [पूर्व+चार+नम्बर] पूर्व-तीन (३)-नम्बरदेखि पूर्वपट्टिका भोजपुर, खोटाङ, दिङ्ला आदि बस्तीहरूसहितको एक इलाका।

पूर्व-चोदित–वि० [सं०] पहिले कहिएको; पूर्वोक्त।

पूर्वज–वि० [सं०] १. पहिले जन्मेको; पहिले उत्पत्ति भएको। (ना०) २. पुरुखा; पूर्व-पुरुष। ३. दाजु; अग्रज।

पूर्व-जन्म–ना० [सं०] वर्तमान जन्मभन्दा अगिल्लो जन्म; पहिलेको जन्म।

पूर्व-जन्मा–ना० [सं०] १. दाजु। २. ब्राह्मण।

पूर्वजा–ना० [सं०] पहिले जन्मेकी स्त्री; दिदी।

पूर्व-ज्ञान–ना० [सं०] १. पूर्व-जन्मको ज्ञान। २. पूर्व-जन्ममा उपार्जित ज्ञान।

पूर्वतः–क्रि० यो० [सं०] १. पहिलेदेखि; प्रथमत.। २. अगाड़ि; सामुन्ने। ३. पूर्व दिशामा; पूर्वतिर।

पूर्व-तीन (३)-नम्बर–ना० [पूर्व+तीन+नम्बर] पूर्व-दुइ (२)नम्बर र पूर्व-चार(४)-नम्बर इलाकाका बीचमा पर्ने ओखलढुङ्गा, चिशङ्खु, ऐँसेलुखर्क, माने-भञ्ज्याङ आदि बस्तीहरूसहितको एक इलाका।

पूर्व-दिक्–ना० [सं०] पूर्व दिशा।

पूर्व-दिक्-पति–ना० [सं०] इन्द्र।

पूर्व-दिन–ना० [सं०] १. दिनको मध्याह्नभन्दा पहिलेको समय; दिनको अगिल्लो समय। २. अगिल्लो दिन।

पूर्व-दिष्ट–ना० [सं०] १. प्रारब्धअनुसार निश्चित भएको सुख, दुःख आदि। (वि०) २. पहिले गरिएको; पूर्व-विहित।

पूर्व-दुइ (२)-नम्बर–ना० [पूर्व+दुइ+नम्बर] पूर्व-एक (१)-नम्बर र पूर्व-तीन (३)-नम्बर जिल्लाका बीचमा पर्ने रामेछाप, चरीकोट, मेलुङ, दोलखा आदि बस्तीहरूसहितको एक इलाका।

पूर्व-दुष्कृत–ना० [सं०] पूर्व जन्ममा गरेको कुकृत्य।

पूर्व-देव–ना० [सं०] १. प्राचीन देवता। २. पितृ। ३. दैत्य; दानव।

पूर्व-निश्चित–वि० [सं०] पहिले नै निश्चय गरिएको; अगि-बाटै निश्चित गरिएको।

पूर्व-पक्ष–ना० [सं०] १. अगिल्लो हिस्सा। २. कुनै शास्त्रका विषयमा गरिएको चर्चा; प्रश्न। ३. नालिश; फिराद। ४. कृष्ण-पक्ष।

पूर्व-पक्षी–वि० [सं०] पूर्व-पक्ष उपस्थित गर्ने।

पूर्व-पद–ना० [सं०] १. समासमा पहिलो पद; समस्त पदहरूमा पहिलो शब्द। २. पहिलो स्थान। ३. पहिले आएको पद।

पूर्व-पर्वत–ना० [सं०] उदयाचल।

पूर्व-पितामह–ना० [सं०] १. पुरुखा; पूर्वज। २. बराज्यू; प्रपितामह।

पूर्व-पीठिका–ना० [सं०] १. पहिलो पीठिका; पूर्वार्द्ध। २. मूल कथा प्रारम्भ हुनुभन्दा अगिका घटना बुझाउन लेखि-एको कुनै ग्रन्थको अंश; उपोद्घात।

पूर्व-पुरुष–ना० [सं०] १. ब्रह्मा। २. पुरुखा।

पूर्व-फाल्गुनी–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक; पूर्वा-फाल्गुनी।

पूर्व-भाग–ना० [सं०] अगिल्लो वा माथिल्लो भाग।

पूर्व-भाद्रपदा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक; पूर्वा-भाद्रपद।

पूर्व-भूत–वि० [सं०] पहिले भएको; भूत-पूर्व।

पूर्व-मीमांसा–ना० [सं०] कर्मकाण्डहरूको तात्त्विक विवेचना गरिएको, मीमांसा-दर्शनको एक भाग। (यसका कर्ता जैमिनी मुनि हुन्।)

पूर्व-रङ्ग–ना० [सं०] १. नाटकको प्रारम्भमा विघ्न-शान्तिका निमित्त नटद्वारा गरिने प्रार्थना। २. तार-सुर।

पूर्व-राग–ना० [सं०] नायक-नायिकामा श्रवण, दर्शन आदि कारणबाट भेट हुनुभन्दा पहिले हुने अनुराग।

पूर्व-रात्र–ना० [सं०] १. रात्रिको प्रथम भाग; रातको पहिलो प्रहर। २. अगिल्लो रात।

पूर्व-रूप–ना० [सं०] १. पहिलेको रूप; पहिले भएको रूप। २. कुनै कुरो वा घटना हुनुभन्दा पहिले देखिएको त्यसको लक्षण। ३. रोगको प्रारम्भिक लक्षण। ४. आगम-सूचक लक्षण। ५. कसैको विनष्ट गुण, रूप, वैभव आदि

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि प्राप्त भएको वर्णन गर्दा हुने एक अर्थालङ्कार ।
पूर्ववत्–क्रि० यो० [सं०] पहिलेजस्तै; अगिझैं ।
पूर्व-वय–ना० [सं०] बाल्यावस्था ।
पूर्व-वयस–ना० [सं०] बाल्यावस्था ।
पूर्व-वर्ती–वि० [सं०] १. पहिलेको । २. पहिले भइसकेको ।
पूर्ववाद–ना० [सं०] वादीले गरेको दावा वा लाएको अभियोग; नालिश ।
पूर्ववादी–ना० [सं०] नालिश दिने व्यक्ति; वादी ।
पूर्व-विद्–वि० [सं०] १. पुराना कुराहरू जान्ने; पुरा-विद् । २. इतिहास, पुरातत्त्व आदिको ज्ञाता ।
पूर्व-विहित–वि० [सं०] पहिले गरिएको; पूर्व-दिष्टा ।
पूर्व-वृत्त–ना० [सं०] १. पुरानो कुरो; प्राचीन वृत्तान्त । २. इतिहास । ३. पुरातत्त्व-सम्बन्धी कुरो ।
पूर्व-वृत्तान्त–ना० [सं०] १. पुरानो कथा; पुर्ख्यौली । २. भूमिका । ३. पूर्व-पीठिका; उपोद्घात । ४. पहिलेको वृत्तान्त ।
पूर्व-सञ्चित–वि० [सं०] पहिले सञ्चय गरिएको ।
पूर्व-सन्ध्या–ना० [सं०] प्रातःकाल ।
पूर्व-स्थिति–ना० [सं०] पहिलेको अवस्था; पूर्वावस्था ।
पूर्वा–ना० [सं०] पूर्व-दिशा ।
पूर्वाङ्ग–ना०[सं०] कुनै शुभ कर्म गर्दा प्रारम्भमा गरिने कृत्य; पूर्व-कर्म ।
पूर्वाचल–ना० [सं०] उदयाचल ।
पूर्वाञ्चल–ना० [सं०] १. पूर्वी छेउ; पूर्वपट्टिको किनार; पूर्वीय सिमाना । २. पूर्वपट्टिको अञ्चल वा क्षेत्र ।
पूर्वापर–वि० [सं०] १. अगि र पछिको; अगिल्लो र पछिल्लो । २. पूर्व र पश्चिमको । (ना०) ३. प्रमाण र प्रमेय ।
पूर्वापर्य–ना० [सं०] पूर्वापरको भाव ।
पूर्वा-फाल्गुनी–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक; पूर्व-फाल्गुनी ।
पूर्वा-भाद्रपदा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक; पूर्व-भाद्रपदा ।
पूर्वाभिमुख–वि० [सं०] १. पूर्वतिर मुख फर्केको । (क्रि० यो०) २. पूर्व दिशातिर ।
पूर्वाभ्यास–ना० [सं०] पहिले गरिएको अभ्यास; पहिलेको रफत ।
पूर्वार्जित–वि० [सं०] पहिले कमाएको; अगि उपार्जन गरेको ।
पूर्वार्ध–ना० [सं०] पूर्वार्द्ध ।
पूर्वार्द्ध–ना० [सं०] दुइ बराबर भागमा पहिलो आधा भाग; अगिल्लो आधा भाग ।
पूर्वावस्था–ना०[सं०] पहिलेको अवस्था; पूर्व-स्थिति ।
पूर्वाषाढा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक ।
पूर्वाह–ना० [सं०] पूर्वाह्ण ।
पूर्वाह्ण–ना० [सं०] दिनको पहिलो भाग; दिनका पहिला दुइ प्रहर; पूर्वाह्ण ।
पूर्वाह्णिक–वि० [सं०] १. पूर्वाह्ण-सम्बन्धी । (ना०) २. दिनको पहिलो भागमा गरिने कर्म ।
पूर्वाह्न–ना [पूर्वाह्ण] पूर्वाह्ण ।
पूर्विया–वि० [सं०] १. पूर्व दिशाको; पूर्वीय । २. पूर्व दिशामा रहेको; पूर्वी प्रदेशको । ३. पुर्बिया ।
पूर्वी–वि० [सं०] पुरानो; प्राचीन ।
पूर्वी–वि० [सं० पूर्वीय] १. पूर्व दिशाको; पूर्वीय । २. एशियाली ।
पूर्वीण–वि० [सं०] १. पुरातन; प्राचीन । २. पुस्तैनी; पैतृक ।
पूर्वीय–वि० [सं०] १. पूर्व दिशाको; पूर्वी । २. एशियाली ।
पूर्वेतर–वि० [सं०] पश्चिमी ।
पूर्वेद्युः–क्रि० यो० [सं०] १. अगिल्लो दिन; एक दिनअगाड़ि । (ना०) २. प्रातःकाल । ३. मङ्सीर, पूस, माघ र फागुन महीनाका कृष्ण-पक्षका सप्तमीका दिन गरिने श्राद्ध ।
पूर्वोक्त–वि० [सं०] पहिले भनिएको; पूर्व-कथित ।
पूर्वोत्तर–वि० [सं०] १. उत्तर-पूर्वी; उत्तर र पूर्वको । (ना०) २. उत्तर र पूर्व दिशाका बीचको दिशा; ईशान कोण ।
पूर्वोत्तरा–ना० [सं०] पूर्व र उत्तरका बीचको दिशा; ईशान कोण ।
पूर्वोदित–वि० [सं०] १. पूर्वोक्त । २. पहिले उदाएको । ३. पूर्वतिर उदाएको ।
पूल्य–ना० [सं०] फोस्रो दाना; पोगटो ।
पूवा–ना० [सं० पूप] रयालेको पीठो घिउमा भुटेर बनाइने एक किसिमको खाद्य पदार्थ ।
पूस–ना० [सं० पौष] पौष महीना ।
पृक्त–वि० [सं०] १. मिलेको; टाँसिएको; जोरिएको; मिश्रित । २. बाँधिएको; बद्ध ।
पृच्छक–वि० [सं०] सोध्ने; प्रश्न गर्ने ।
पृच्छन–ना० [सं०] सोध्ने काम; प्रश्न गर्ने काम ।
पृच्छा–ना० [सं०] प्रश्न; सवाल ।
पृतना–ना० [सं०] १. सेना; फौज । २. युद्ध; लड़ाइँ ।
पृथक्–क्रि० यो० [सं०] अलग; छुट्टा; भिन्न ।
पृथक्करण–ना० [सं०] १. छुट्ट्याउने काम; अलग गर्ने क्रिया । २. विश्लेषण ।
पृथक्क्रिया–ना० [सं०] पृथक्करण ।
पृथक्ता–ना० [सं०] पृथक् हुनाको भाव; भिन्नता ।
पृथक्त्व–ना० [सं०] पृथक्ता; भिन्नता ।
पृथगात्मता–ना० [सं०] १. भेद; अन्तर; भिन्नता । २. निर्णय । ३. विरक्ति; वैराग्य ।
पृथवी–ना० [सं०] पृथ्वी ।
पृथा–ना० [सं०] पाण्डवकी आमा; कुन्ती ।
पृथिका–ना० [सं०] १. कनसुत्लो । २. खजूरो ।
पृथिवी–ना० [सं०] पृथ्वी ।

CC-0. In Public Domain. Digitization by eGangotri

पृथु–वि० [सं०] १. फराकिलो; विस्तृत । २. विशाल; महान् । (ना०) ३. अग्नि । ४. विष्णु । ५. इक्ष्वाकु-वंशका एक राजा ।

पृथुक–ना० [सं०] १. शिशु; बालक । २. चिउरा ।

पृथु-कीर्ति–वि० [सं०] ठूलो कीर्ति भएको; महान् यशस्वी ।

पृथुल–वि० [सं०] १. ठूलो; महान् । २. मोटो; स्थूल । ३. विशाल; विस्तीर्ण ।

पृथुलाक्ष–वि० [सं०] ठूल्ठूला आँखा भएको ।

पृथुलाधीश–ना० [सं०] विशाल राज्यका राजा; ठूला राजा ।

पृथुली–ना० [सं०] जिम्बु; हिङ्गुपत्री ।

पृथूदर–वि० [सं०] १. ठूलो पेट भएको । २. भुँड़े । (ना०) ३. भ्यागुतो ।

पृथ्विका–ना० [सं०] काल-जीरो ।

पृथ्वी–ना० [सं०] १. मनुष्यहरू रहेको सौर-जगत्को ग्रह । २. ढुङ्गा, माटो आदिले बनेको, पृथ्वीको बाहिरी तह; भूमि; धरती । ३. पञ्च-महाभूतमध्ये एक । ४. माटो; मृत्तिका ।

पृथ्वी-कम्प–ना० [सं०] भइँचालो; भू-कम्प ।

पृथ्वी-गृह–ना० [सं०] गुफा ।

पृथ्वी-धर–ना० [सं०] १. पर्वत; पहाड़ । २. शेष-नाग । ३. कछुवा । ४. दिग्गज ।

पृथ्वीनारायण-शाह–ना० [पृथ्वी+नारायण+शाह] सन् १७६८-७५ ईसवीमा काठमाड़ौंको राजगद्दीमा बसी नेपालको शासन गर्ने, वर्तमान नेपाल-राष्ट्रका जन्म-दाता, शाह-वंशका प्रसिद्ध राजा; बड़ा-महाराज ।

पृथ्वी-पति–ना० [सं०] राजा; भू-पति ।

पृथ्वी-पुत्र–ना० [सं०] मङ्गल-ग्रह ।

पृथ्वी-मण्डल–ना० [सं०] भू-मण्डल ।

पृथ्वीश–ना० [सं०] राजा ।

पृदाकु–ना० [सं०] १. बाघ । २. चितुवा । ३. सर्प । ४. बिच्छी ।

पश्निपर्णी–ना० [सं०] लाम्चा र तीखा पात, सेता फूल र खैरा थेप्चा फल हुने एक बूटी । (आयुर्वेदमा यसको गुण वात, उन्माद र ज्वरलाई नाश गर्ने बताइएको छ ।)

पृषत्–ना० [सं०] १. थोपो; बूंद; विन्दु । २. चित्तल ।

पृष्ट–वि० [सं०] १. सोधिएको; प्रश्न गरिएको । २. सेचन गरिएको; सिक्त ।

पृष्टि–ना० [सं०] १. सोध्ने काम; पुछ्ने क्रिया । २. स्पर्श ।

पृष्ठ–ना० [सं०] १. पिठिउँ; शरीरको पछिल्लो भाग; डँड़ाल्नु । २. कुनै वस्तुको माथिल्लो भाग । ३. पुस्तक वा कागत-पत्रको एक पट्टिको भाग । ४. पछिल्लो भाग ।

पृष्ठक–ना० [सं०] पिठिउँ; पछिल्लो भाग ।

पृष्ठ-गामी–वि० [सं०] पछि-पछि हिंड्ने; अनुयायी ।

पृष्ठतः–क्रि० यो० [सं०] १. पछिल्तिर; पछाड़ि । २. पछिल्तिरबाट । ३. पिठिउँमा । ४. पृष्ठमा; पृष्ठअनुसार ।

पृष्ठ-देश–ना० [सं०] १. पछिल्लो भाग; पृष्ठ-भाग । २. पिठिउँ ।

पृष्ठ-पोषक–ना० [सं०] सहायक; मददगार ।

पृष्ठ-पोषण–ना० [सं०] सहायता; मदद ।

पृष्ठ-भाग–ना० [सं०] पछिल्लो भाग; पिठिउँ ।

पृष्ठ-भूमि–ना० [सं०] १. पछिल्लो भाग; पछिल्तिरको हिस्सा । २. कुनै वस्तुको तल्लो भूमि; पिँध । ३. कुनै विशेष कुरा वा घटनाको रूप स्पष्टसँग देखाउने तिनी-हरूको पहिलेको परिस्थिति; कुनै घटनाको आधारभूत पुरानो कुरो । ४. अङ्कित दृश्य वा घटनाको आधार । ५. मूर्ति वा चित्रको सबभन्दा पछिल्लो भाग; पृष्ठिका ।

पृष्ठ-वंश–ना० [स०] मेरु-दण्ड; ढाड़ ।

पृष्ठास्थि–ना० [सं०] मेरु-दण्ड ।

पेऊतु–ना० [सं०] बन-अदुवा ।

पृष्ठिका–ना० [सं०] १. अङ्कित दृश्य वा घटनाको आधार । २. मूर्ति वा चित्रको सबभन्दा पछिल्लो भाग । ३. कुनै विशेष कुरा वा घटनाको रूप स्पष्टसँग देखाउन तिनी-हरूको पहिलेको परिस्थिति; पृष्ठ-भूमि ।

पेङ्कर–ना० [ने०] खेती लाउन र जान-आउन साह्रै मुश्किल पर्ने भीर-बारी ।

पेच–ना० [फा०] १. झन्झट; बखेड़ा । २. चलाकी; धूर्तता । ३. छनक; व्यङ्ग्य । ४. बेह्रिएको डाँड़ो-डोल्सी परेको, घुमाएर कस्ने एक प्रकारको कीलो । ५. भित्री वैमनस्य; गुप्त षड्यन्त्र । ६. कुनै डन्डी वा नलीमा ढिम्री कस्नाका निमित्त बनाइएको फनफनी घुमेको रेखा; गुना । ७. कुश्ती खेल्दा अरूलाई पछार्ने युक्ति । कुनै स्पर्धामा अरूलाई पराजित पार्ने विशेष युक्ति ८. चङ्गा उड़ाएर लड़ाउँदा दुइ पक्षका चङ्गाका धागाहरू जोल्टिने क्रिया । ९. पगरीको अगिल्तिर शोभाका निम्ति जड़िएको आभूषण; कल्की; शिर-पेच ।

पेचक–ना० [सं०] १. लाटोकोसेरो । २. हात्तीका पुच्छरको फेद । ३. पलङ्ग ।

पेच-कश–ना० [फा०] पेच-कीलो घुमाई-घुमाईकन कस्ने एक औजार; मार्तोल ।

पेच-कीलो–ना० [पेच+कीलो] घुमाई-घुमाईकन कस्ने एक प्रकारको कीलो; पेच ।

पेचदार–वि० [फा०] पेच भएको; पेचवाल ।

पेच-पाच–ना० [पेच+पाच (फाँ०)] १. जाल-झेल; झेल-बखेड़ा । २. छेड़-छाड़; घोच-पेच । ३. पेच ।

पेचवाल–वि० [फा०] पेच भएको; पेचदार ।

पेचिलो–वि० [पेच+इलो] १. पेच भएको; पेचवाल । २. चालवाज; धूर्ततापूर्ण । ३. चालबाजी गर्ने; धूर्त; बखेड़ा गर्ने; जाली । ४. सोझो वा सुगम नभएको । ५. घुमाउरो ।

पेची–वि० [पेच+ई] १. पेच लड़ाउने; बखेड़ा गर्ने; जाली ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. चालबाजी; धूर्त ।

पेज–ना० [अं०] पुस्तक वा कागत-पत्रको एकपट्टिको भाग; पृष्ठ ।

पेट–ना० [सं०] १. थैलो; झोला । २. पेटारो; सन्दूक । ३. समूह; राशि । ४. थप्पड़; मुक्का । ५. छातीदेखि मनि वस्तिदेखि माथिको शरीरको अवयव; भुँड़ी । ६. खाएको वस्तु जम्मा हुने शरीरभित्रको थैली; उदर; आमाशय; पाकस्थली । ७. गर्भ; गर्भाशय । ८. मन; दिल; अन्तःकरण । ९. खोक्रो वस्तुको भित्री भाग ।

पेटक–ना० [सं०] १. थैलो; झोला । २. पेटारो; सन्दूक ।

पेट-पाला–वि० [पेट+पाल्] केवल खानेकै धन्दामा लागेको ।

पेट-मारा–ना० [पेट+मारा] नखाई, नलाईकनै धन सङ्ग्रह गर्ने; लोभी; कृपण ।

पेटारी–ना० [सं० पेट+आरी] बाँस, वेत आदिका चोयाले बनेको सानो सन्दूस ।

पेटारे–वि० [पेट] शरीर एक रङ्गको र पेटमात्र अर्को रङ्गको हुने (बाख्रो, पाठो आदि) ।

पेटारो–ना० [पेटारी] ठूलो किसिमको पेटारी ।

पेटाहा–वि० [पेट+आहा] १. भित्र-भित्रै अर्काको अनिष्ट गर्न खोज्ने; कपटी । २. अर्काका कुरा भने दुहुने, आफ्ना कुरा नभन्ने स्वभावको ।

पेटिका–ना० [सं०] सानो पेटारो; सानो सन्दूस ।

पेटिया–ना० [पेट+इया] कुनै भारादार वा कुलीन व्यक्तिका असमर्थ परिवारलाई जीवन-निर्वाहको निमित्त सरकारबाट दिइने जग्गा-जमीन ।

पेटी–ना० [पेट] १. कमरमा बाँध्ने छाला, कपड़ा आदिको फित्ता; कमर-पेटी; कमर-बन्दी । २. पटार; लोता । ३. तानामाना । ४. घरको वरि-परि बलेनीभित्र उठाएको डील; पिँढ़ी । ५. सड़कका छेउमा, मानिसहरू पैदल हिँड्नाका निमित्त उठाएर बनाएको डील ।

पेटी–ना० [सं०] सानो पेटारो; पेटिका; सानो सन्दूक ।

पेटीकोट–ना० [अं०] स्त्रीहरूले साड़ीका भित्रपट्टि लाउने जामाजस्तो पोशाक ।

पेटुवा–वि० [पेट+उवा] धेरै खाने; खन्चुवा; लाद्रे ।

पेटेन्ट–ना० [अं०] १. कुनै नयाँ वस्तुको उत्पादन वा बिक्री गर्न सरकारद्वारा प्राप्त हुने एकाधिकारको स्वीकृति । (वि०) २. त्यस्तो एकाधिकार वा रजिस्टर भएको (वस्तु) ।

पेटे-भोटो–ना० [पेट+भोटो] बाहुला, फेर आदि नभएको एक प्रकारको भोटो ।

पेट्रोमैक्स–ना० [अं०] मैन्टुल बत्ती ।

पेट्रोल–ना० [अं०] १. मोटर र अरू यन्त्रहरू चलाउने मट्टी-तेल-जस्तो एक प्रसिद्ध खनिज पदार्थ । २. सैनिकहरूले यता-उति घुमी-घुमीकन दिने पहरा । ३. त्यसरी पहरा दिने सिपाही ।

पेड़ा–ना० [सं० पिण्ड] खुवा र चीनी मिलाई बनाइने एक प्रसिद्ध वाटुलो थेप्चो मिठाई ।

पेनू–ना० [अं० पियानो] ठूलो हारमोनियमजस्तो, मेचमा बसी गोड़ाले दम दिएर दुइ हातले बजाउने एक प्रकारको बाजा; पियानो ।

पेन्चिस–ना० [अं० प्लायर्स] समातेर तान्ने, कस्ने र साना-तिना तारहरू काट्ने सनासोका आकारको एक प्रकारको ज्याभल ।

पेन्शन–ना० [अं०] निर्धारित समयसम्म नोकरी गरिसकेका जागीरदारको जागीर छुटेपछि सरकारबाट दिइने भत्ता; अनुवृत्ति ।

पेन्शिनीयर–ना० [अं०] अनुवृत्ति पाउने व्यक्ति; नोकरीको हद पुगेपछि भत्ता पाउने कर्मचारी; अनुवृत्ति-धारी ।

पेन्सिल–ना० [अं०] १. सिलेटमा लेख्ने ढुङ्गाको कलम । २. सीसा-कलम ।

पेपर–ना० [अं०] १. कागत । २. अखबार; समाचार-पत्र । ३. प्रश्न-पत्र । ४. कागजमा सूर्ती लपेटेर बीड़ीको आकार पारी बनाएको एक प्रकारको चुरोट ।

पेपर-वेट–ना० [अं०] कागत-पत्रहरू नउड्डुन् भनी थिचि-राख्ने शीशा, पत्थर आदिको गह्रुँगो साधन ।

पेय–वि० [सं०] १. पिउन योग्य; पिइने । (ना०) २. पिइने पदार्थ; पिउन हुने तरल पदार्थ । ३. पानी; जल । ४. दूध ।

पेरु–ना० [पेरु (देश)?] चुच्चोको तलसम्म झुन्डिने लामो सिउर हुने एक जातको कुखुरो ।

पेरुङ्गो–ना० [ने०] बाँसका चोयाको, लाम्चो, चेप्टो, ठूला-ठूला प्वाल वा आँखै-आँखा भएको भाँड़ो ।

पेरोल–ना० [अं०] १. प्यारोल । २. कुनै विशेष कामका लागि केही समयका निमित्त बाहिर जानुपर्दा थुनामा रहेका व्यक्तिले यति दिनभित्र फेरि थुनामा फर्की आउँला भनी दिएको वचन ।

पेलक–ना० [सं०] अण्ड-कोष ।

पेलव–वि० [सं०] १. सुकुमार; कोमल । २. दुब्लो; पातलो ।

पेला–ना० [पेल्] १. कुनै काम चाँड़ो गराउनाका निमित्त गरिएको आग्रह वा प्रेरणा; ताकिता । २. कुनै काम चाँड़ो गराउन कर लाउनु; कर-काप ।

पेलाइ–ना० [पेल्+आइ] पेल्ने किसिम, क्रिया वा भाव ।

पेलाइनु–स० क्रि० [पेलाउ+आइ+नु] पेल्न लाइनु; ('पेल्नु'-को क० क्रि०) ।

पेलाउनु–स० क्रि० [पेल्+आउ+नु] पेल्न लाउनु; ('पेल्नु-को प्रे० क्रि०) ।

पेलाहा–वि० [पेल्+आहा] पेल्ने स्वभावको; मिचाहा; हेपाहा ।

पेलिनु–स० क्रि० [पेल्+इ+नु] पेल्ने काम गरिनु; ('पेल्नु'-को क० क्रि०) ।

पेलुवा–वि० [पेल्+उवा] १. पेलेर बनाइएको; पेलेर तयार गरिएको । २. पेलाहा; हेपाहा ।

CC-0. In Public Domain. Digitization by eGangotri

पेल्नु–स० क्रि० [प्रा० पेलल+नु] १. यन्त्रले खूबसित निचोर्नु वा थिच्नु। २. घचेट्नु; ठेल्नु । ३. दबाउनु; थिच्नु। ४. अँठ्याउनु; च्याप्नु। ५. थिचो-मिचो गर्नु; बल-प्रयोग गर्नु। ६. नटेर्नु; अवज्ञा गर्नु।

पेवा–ना० [ने०] १. स्वास्नी-मानिसको आफैले कमाएको वा माइतीबाहेक अरू कसैले दिएको श्री-सम्पत्ति; स्त्री-धन। २. कमारा-कमारीको सम्पत्ति।

पेश–ना० यो० [फा०] १. अगाड़ि; सामुन्ने; मुखेन्जी। (ना०) २. अगाड़ि ल्याउने काम; उपस्थित गर्ने क्रिया। ३. जाहेरी।

पेशगी–ना० [फा०] १. कसैलाई कुनै काम गराउँदा वा कुनै वस्तु किन्ने निश्चय गर्दा पहिलेबाट दिइने निश्चित पारिश्रमिक वा मूल्यको केही अंश; बैना; अग्रिम। २. कार्य वा समय पूरा भई पाक्नुभन्दा पहिले लिइने तलब, पारिश्रमिक आदि। ३. पर-देश वा सफरमा जाँदा प्रस्थान गर्नुभन्दा पहिले पठाइने माल-सामान, कर्मचारी आदि।

पेशल–वि० [सं०] १. कमलो; कोमल। २. झीनो; कृश। ३. सुन्दर; मनोहर। ४. कुशल; दक्ष। ५. धूर्त।

पेशा–ना० [फा०] जीविकाको निमित्त गरिने काम; इलम; व्यवसाय; उद्यम।

पेशाब–ना० [फा०] मूत; पिसाब; मूत्र।

पेशाबखाना–ना० [फा० पेशाबखाना] पिसाब गर्न बनाइएको ठाउँ; पिसाब गर्ने ठाउँ।

पेशि–ना० [सं०] १. शरीरमा रहने मांस-पिण्ड। २. फुल; अण्डा। ३. कोपिला।

पेशि-कोश–ना० [सं०] चराको फुल; अण्डा।

पेशी–ना० [फा०] हाकिमका अगाड़ि मुद्दा-मामिला आदि पेश गर्ने किसिम, क्रिया वा भाव।

पेश्नु–सं० क्रि० [पेश+नु] १. उपस्थित्त गराउनु; पेस्नु। २. सामने तुल्याउनु। ३. जाहेर गर्नु।

पेष–ना० [सं०] पिँध्ने काम; पिस्ने क्रिया।

पेषक–वि० [सं०] १. पिँध्ने; पिस्ने। (ना०) २. पिँध्ने यन्त्र।

पेषण–ना० [सं०] पिँध्ने काम; पिस्ने काम।

पेषणी–ना० [सं०] पिँध्ने साधन; जाँतो, घट्ट, सिलौटो आदि।

पेष्टा–वि० [सं०] पिँध्ने; पिस्ने; पेषक।

पेसा–ना० [फा० पेशा] पेशा।

पेसाइ–ना० [पेस्+आइ] पेस्ने किसिम, क्रिया वा भाव।

पेसाइनु–स० क्रि० [पेसाउ+आइ+नु] पेस्न लाइनु; ('पेसाउनु'-को क० क्रि०)

पेसाउनु–स० क्रि० [पेस्+आउ+नु] पेस्न लाउनु; ('पेस्नु'-को प्रे० क्रि०)।

पेसिनु–स० क्रि० [पेस्+इ+नु] १. पेश गरिनु; ('पेस्नु'-को क० क्रि०)। (अ० क्रि०) २. टाँसिन खोज्नु; मिलन खोज्नु। ३. लहसिनु; झ्याम्मिनु।

पेसुवा–वि० [पेस्+उवा] टाँसो लगाइएको; कर-कापसित घुसाइएको वा पेसिएको।

पेस्की–ना० [फा० पेशगी] पेशगी।

पेस्ता–ना० [फा० पिस्तः] हरिया रङ्गका साना-साना दाना हुने एक प्रसिद्ध खाने मसला।

पेस्नु–स० क्रि० [सं० प्रेष्] १. बोक्सीहरूले छौँड़ा पठाउनु वा रोग लगाइदिनु। २. जबर्जस्ती घुसाउनु; टाँसो लाउनु।

पेस्याइ–ना० [पेसि+आइ] पेसिने किसिम, क्रिया वा भाव।

पेस्याहट–ना० [पेसि+याहट] पेसिने किसिम, क्रिया वा भाव।

पैँचो–ना० [सं० प्रतियच्छ] केही समय काम लिई फिर्ता दिने गरी कसैसित कुनै वस्तु वा धन लिने काम; सापट; ऋण।

पैँतालिस–ना० [पैँतालीस] पैँतालीस।

पैँतालिसौँ–वि० [पैँतालीसौँ] पैँतालीसौँ।

पैँतालीस–ना० [प्रा० पंचतालीस] १. चालीस र पाँचको योग-सङ्ख्या; ४५-अङ्क। (वि०) २. चालीस र पाँच सङ्ख्याका योगको।

पैँतालीसौँ–वि० [पैँतालीस+औँ] गणनाका क्रमले पैँतालीस सङ्ख्यामा पुगेको; पैँतालीस सङ्ख्याको।

पैँतीस–ना० [प्रा० पंचतीस] १. तीस र पाँचको योग-सङ्ख्या; ३५-अङ्क। (वि०) २. तीस र पाँच सङ्ख्याका योगको।

पैँतीसौँ–वि० [पैँतीस+औँ] गणनाका क्रमले पैँतीस सङ्ख्यामा पुगेको; पैँतीस सङ्ख्याको।

पैँलेटी–ना० [ने०] सानो कालो फल फल्ने एक जातको बिरुवा।

पैँसट्ठि–ना० [पैँसट्ठी] पैँसट्ठी।

पैँसट्ठियौँ–वि० [पैँसट्ठी+औँ] गणनाका क्रमले पैँसट्ठी सङ्ख्यामा पुगेको; पैँसट्ठी सङ्ख्याको।

पैँसट्ठी–ना० [प्रा० पंचसट्ठि] १. साठी र पाँचको योग-सङ्ख्या; ६५-अङ्क। (वि०) २. साठी र पाँच सङ्ख्याका योगको।

पैजनी–ना० [फा० पायेजन+ई] पाउमा लाउने एक प्रकारको गहना; पैरा; पाउजेब।

पैटिइनु–अ० क्रि० [पैटि+इ+नु] शुरू होइनु; थालिनु; ('पैटिनु'-को भा० क्रि०)।

पैटिनु–अ० क्रि० [ने०] १. शुरू हुनु; थालिनु। २. उपयोगमा आउनु; खर्चिनु।

पैट्याइ–ना० [पैट्याउ+आइ] पैट्याउने किसिम, क्रिया वा भाव।

पैट्याइ–ना० [पैटि+आइ] पैटिने किसिम, क्रिया वा भाव।

पैट्याइनु–स० क्रि० [पैट्याउ+इ+नु] शुरू गरिनु; ('पैट्याउनु'-को क० क्रि०)।

पैट्याउनु–स० क्रि० [पैटि+याउ+नु] १. शुरू गराउनु; थाल्न लाउनु; उठान गराउनु; ('पैटिनु'-को प्रे० क्रि०)। (अ० क्रि०) २. खर्च गर्न थाल्नु; उपयोगमा ल्याउन लाग्नु।

पैठ–ना० [सं० प्रतिष्ठ] १. आड़; सहारा; आधार। २. ठेल्ने काम; पेलाइ।

CC-0. In Public Domain. Digitization by eGangotri

पैठ–ना० [सं० पृष्ठ] नगद पैसा अगिल्तिर नथापी गुप्त तवरले लेन-देन गर्ने गरी खेलिने एक प्रकारको जूवा ।

पैठ–ना० [प्रा० पइट्ठ] प्रवेश; पस्ने काम ।

पैठारी–ना० [पैठ+आरी] विदेशबाट माल-मत्ताहरू झिकाउने काम; आयात ।

पैठ्याइ–ना० [पैठ्याउ+आइ] पैठ्याउने किसिम, क्रिया वा भाव ।

पैठ्याइनु–स० क्रि० [पैठ्याउ+आइ+नु] पसाइनु; ('पैठ्याउनु' को क० क्रि०) ।

पैठ्याउनु–स० क्रि० [पैठ+याउ+नु] पसाउनु; घुसाउनु; प्रवेश गराउनु ।

पैतालो–ना० [सं० पाद+तल] पाउको भुइँमा टेकिने भाग; पाद-तल ।

पैतृक–वि० [सं०] १. पिताको; बाबुको । २. पितृ-सम्बन्धी । ३. पुरुखाको; पुर्ख्यौली । ४. बाबु-बाजेबाट प्राप्त; पूर्वजबाट प्राप्त । (ना०) ५. पितृहरूका उद्देश्यले गरिने श्राद्ध; पितृ-यज्ञ ।

पैतृस्वसेय–ना० [सं०] फुपूको छोरो; भानिज-दाइ वा भानिज-भाइ ।

पैत्त–वि० [सं०] पैत्तिक ।

पत्तिक–वि० [सं०] पित्तको प्रकोपबाट उत्पन्न; पित्त-जनित (रोग) ।

पैत्र–वि० [सं०] १. पितृ-सम्बन्धी; पैतृक । (ना०) २. चोर-औंला र बूढ़ी औंठाका बीचको हत्केलाको भाग ।

पैदल–वि० [सं० पदाति] १. गोड़ाले हिंड्ने; विनासवारी हिंड्ने । (क्रि० यो०) २. गोड़ाले; खुट्टाले (हिंड्नु) । (ना०) ३. गोड़ैले हिंड्ने वा सवारीमा नचढ़ेको सिपाही; पदाति । ४. बुद्धि-चालका खेलको एक थरी गोटी ।

पैदा–वि० [फा०] १. जन्मेको; उत्पन्न । २. प्रकट; आविर्भूत; घटित । ३. तयार गरिएको; बनाइएको । ४. कमाइएको; अर्जित; प्राप्त ।

पैदाइश–ना० [फा०] उत्पत्ति; प्रादुर्भाव ।

पैदाइशी–वि० [फा०] १. उत्पादन गरिएको; पैदाइश गरिएको । २. जन्मेदेखिको ।

पैदावार–ना० [फा०] उब्जनी; पैदावारी; उत्पादन ।

पैदावारी–ना० [फा०] जग्गा-जमीनमा उब्जेको बाली; उत्पादन; उब्जनी ।

पैन–ना० [पानी] पाइँ ।

पैन–ना० [सं० प्रणाल] कुलो; नहर ।

पैनी–ना० [सं० प्रणाली] सानो किसिमको पैन ।

पैनी–ना० [ने०] रक्सी पार्दा चुहेको रक्सी थाप्ने भाँड़ो ।

पैन्ट–ना० [अं० पैन्टालून] पतलून ।

पैमाइश–ना० [फा०] जग्गा-जमीन आदि नाप्ने काम; नापी ।

पैमाना–ना० [फा०] १. नाप्ने औजार वा साधन । २. नक्शा आदि बनाउँदा ठूलो विस्तारलाई सानो स्थानमा अङ्कित गर्न मानिएको अनुपात ।

पैयाँ–ना० [प्रा० पाए] १. पाउ; पैर । २. पाङ्ग्रो । ३. घोड़ाको छिटो हिंड्ने एक चाल ।

पैयुँ–ना० [सं० पद्मक] साना मसिना पात र खान हुने राता फल हुने, आरुका जस्ता फूल फुल्ने, भुजा-पातको जस्तो बोक्रो हुने एक जातको वृक्ष ।

पैर–ना० [पयर] पयर; गोड़ा ।

पैरवी–ना० [फा०] १. मुद्दा-मामिलामा गरिने आफ्नो पक्षको समर्थन; पक्ष-पोषण । २. कुनै काम सफल पार्नाका निमित्त गरिने प्रयत्न ।

पैरा–ना० [पयर] गोड़ामा लाउने एक प्रकारको गहना; पैजनी ।

पैरो–ना० [पहिरो] पहिरो ।

पैले–वि० [पहिले] पहिले ।

पैलो–वि० [पहिलो] पहिलो ।

पैशाच-विवाह–ना० [सं०] सुतिरहेकी वा मदोन्मत्त कन्यालाई हरण गरेर गरिने विवाह; आठ प्रकारका विवाहमध्ये एक ।

पैशाचिक–वि० [सं०] १. पिशाचको; पिशाच-सम्बन्धी । २. क्रूरता पूर्ण; कठोर ।

पैशाची–ना० [सं०] १. प्राकृत भाषाको एक भेद । २. रात्रि ।

पैशाच्य–ना० [सं०] पिशाचको जस्तो स्वभाव; क्रूर स्वभाव ।

पैशुन–ना० [सं०] पैशुन्य ।

पैशुन्य–ना० [सं०] १. छुस्केरो; छुस्स्याइँ; चुक्ली । २. दुष्टता ।

पैष्टिक–वि० [सं०] १. पीठोबाट बनेको; पीठाको । (ना०) २. पीठोबाट बनेको रोटी, पूरी, स्वारी आदि । ३. पीठोबाट तयार हुने एक प्रकारको मदिरा ।

पैसा–ना० [सं० पणाश] १. रुपियाँका सय खण्डको एक खण्ड मूल्यको पित्तल, तामा आदिको सिक्का; आनाको चतुर्थांश मूल्यको सिक्का । २. नगद धन; सम्पत्ति ।

पैसावाल–वि० [पैसा+वाल] धेरै धन हुने; धनी; सम्पत्तिशाली ।

पैसे–वि० [पैसा+ए] १. पैसाको; पैसा-सम्बन्धी । २. एक पैसा मूल्यको ।

पैह्रो–ना० [पहिरो] पहिरो ।

पो–ना० [ने०] कुनै शब्द वा वाक्यलाई जोड़ दिंदा र निश्चयात्मक रूपले भन्दा वा ठम्याउँदा प्रयोग गिरने शब्द; दुइ कुरामध्ये एकलाई जोड़ दिंदा वा किटेर भन्दा प्रयोग गर्ने शब्द । (उदा०–योभन्दा त्यो पो राम्रो रहेछ । मैले यहाँ आउन पो भनेको थिएँ । इत्या० ।)

पोइ–ना० [प्रा०] पइ लोग्ने; खसम; पति ।

पोइल–ना० [पोइ] १. बाबुले विधिपूर्वक विवाह गरी नदिईकनै स्त्री आफू-खुशी गएको पोइको घर । २. त्यसरी गरेको विवाह ।

CC-0. In Public Domain. Digitization by eGangotri

पोइले–वि० [पोइल+ए] नाठो पोइ भएकी; धेरै पोइ भएकी।

पोके–वि० [पोको+ए] १. पोको बोक्ने। २. शरीरमा फुकुन्डो भएको; पोको निस्केको। ३. पोकाको; पोको-सम्बन्धी।

पोके-वैद्य–ना० [पोके+वैद्य] प्रायः जड़ी-बूटीबाट बन्ने औषधिहरू बेच्ने वा तिनीहरूको प्रयोग गर्ने वैद्य; निम्न कक्षाको वैद्य।

पोको–ना० [सं० पोटलिका] कुनै वस्तु भित्रपट्टि हाली बाँधेको वा बेह्रेको कपड़ा, कागत आदिको डल्लो; गठरी; पन्तरो।

पोको-पन्तरो–ना० [पोको+पन्तरो] साना-ठूला पोकाहरूको समुदाय।

पोक्ती–ना० [पौंती] बिर्को भएको एक प्रकारको ढकी; पौंती।

पोख–वि० [ने०] १. रद्दी; बेकम्मा। (ना०) २. ऊषर जग्गा।

पोख-ढोल–ना० [पोख्+ढोल्] १. पोख्ने र ढोल्ने काम। (वि०) २. पोखिएको; छरिएको।

पोखर-मूल–ना० [सं० पुष्कर-मूल] कमलको जरा; पुष्कर-मूल।

पोखरा–ना० [प्रा० पोक्खर] १. ठूलो पोखरी; तलाउ। २. नेपालका पश्चिम-तीन (३)-नम्बर इलाकाको सदर मुकाम। (यहाँ वेगनाश ताल, रूपा ताल आदि ताल छन्।) ३. पायखाना; चर्पी।

पोखरी–ना० [प्रा० पोक्खरी] तलाउ; जलाशय।

पोखरो–ना० [पोखरी] १. सानो-तिनो पोखरी। २. गहिरो जग्गा।

पोखाइ–ना० [पोख्+आइ] १. पोख्ने किसिम, क्रिया वा भाव। २. पोखिने किसिम, क्रिया वा भाव।

पोखाइनु–स० क्रि० [पोखाउ+आइ+नु] पोख्न लाइनु; ('पोखाउनु'-को क० क्रि०)।

पोखाउनु–स० क्रि० [पोख्+आउनु] पोख्न लाउनु; ('पोख्नु'-को प्रे० क्रि०)।

पोखिनु–अ० क्रि० [पोख्+इ+नु] १. राखेका भाँड़ाबाट पानी, अनाज आदि भूइँमा खस्नु; ढोलिनु। २. छरिनु; छिरोलिनु। (स० क्रि०) ३. पोख्ने काम गरिनु; ('पोख्नु'-को क० क्रि०)।

पोख्त–वि० [फा० पुख्तः] १. निपुण; दक्ष। २. अनुभवी; कुशल। ३. पक्का; दृढ; बलियो।

पोख्नु–स० क्रि० [सं० प्रोक्ष्+नु] १. खन्याउनु; ढोल्नु। २. छर्नु; पसारो पार्नु; छिरलो पार्नु।

पोख्याइ–ना० [पोखि+आइ] पोख्ने किसिम, क्रिया वा भाव।

पोगटो–ना० [फोगल्टो] भित्र चामल नभएको सेप्रो धान; फोस्रो धान।

पोच–ना० [अं० पाउच] फुल फोरी त्यसको पहेंलो पदार्थ सग्लै रहने गरी घिउ-तेलमा पकाएको खाद्य पदार्थ।

पोट–ना० [प्रा० पव] त्रिपासा, पच्चीस आदिका खेलमा एक फुट्टी।

पोट-बाह्र–ना० [पोट+बाह्र] १. दुइ पासामा छक्का-छक्का र एक पासामा पोटमात्र पर्दा हुने एक दाउ; पौबाह्र। २. आँटेको वा इच्छा गरेको कुरो पुग्नु; इष्ट-सिद्धि।

पोटलिका–ना० [सं०] १. सानो पोको; पुन्तरो। २. नीम, जौ, सर्सिउँ, सर्वौषधी आदि हालेको, जन्मोत्सवका दिन हातमा बाँध्ने पोको।

पोटवाल–वि० [फा० पोतःदार] १. खूब धनी; धनाढ्य। २. खजान्ची; कोषाध्यक्ष।

पोटा–ना० [सं०] १. पुरुषका लक्षणहरू भएकी स्त्री; जुंगा-दाह्री भएकी स्त्री। २. नपुंसक; हिजड़ा। ३. दासी।

पोटाइ–ना० [पोटाउ+आइ] पोटाउने किसिम, क्रिया वा भाव।

पोटाइनु–अ० क्रि० [पोटाउ+आइ+नु] पुष्ट होइनु; ('पोटाउनु'-को भा० क्रि०)।

पोटाउनु–अ० क्रि० [सं० पुष्ट+आउ+नु] १. कोथोबाट धानको बाला निस्कन खोज्नु। २. पुष्ट भएर आउनु। ३. पुष्ट पर्नु; उक्सनु।

पोटाश–ना० [अं०] बोट-बिरुवाको खरानीबाट वा खनिज पदार्थबाट निकालिने एक प्रकारको क्षार-पदार्थ।

पोटास–ना० [अं० पोटासियम-परमैंगनेट] पानी हाल्दा घोलिएर रातो पार्ने, कालो रङ्गको कनिकाजस्तो एक कीटाणु-नाशक औषधि।

पोटिलो–वि० [सं० पुष्ट+इलो] १. पेटको वा बीचको भाग उक्सेको। २. पोटाएको; पुष्ट।

पोटी–ना० [प्रा० पुट्ट] १. लसुन, प्याज आदिको गानु। २. लसुनको केस्रो।

पोटी–ना० [अं० पोर्टिको] घरमा गाँसेर बाहिर निकाली बनाइएको कौसीजस्तो घरको भाग।

पोट-खीर–ना० [ने०] दूधमा भात-हालेर पकाएको खीर।

पोटे-देउता–ना० [ने०] ढुङ्गे-धारो, टुटी-धारो आदिका मनितिर स्थापित गरिने देवताको मूर्ति। (यो प्रायशः राजा भगीरथको मूर्ति हुन्छ।)

पोटे-धारो–ना० [ने०] बटुवालाई पानी पियाउनका निम्ति बनाइएको टुटी-धारो।

पोड़े–ना० [नेवा० पोन्या] नेवार-जातिको एक वर्ग; चाण्डालको एक भेद।

पोढ़े–ना० [पोड़े] पोड़े।

पोत–ना० [पोता] जग्गाको कर; तिरो; कूत।

पोत–ना० [सं०] १. बच्चो; शिशु। २. दश वर्ष उमेरको हात्ती। ३. नाउ; डुङ्गा। ४. जहाज। ५. कपड़ा; वस्त्र। ६. जग।

पोतक–ना० [सं०] पशुको बच्चो।

पोतन–वि० [सं०] पवित्र; शुद्ध।

पोत-पात–ना० [पोत्+पात (फाँ०)] पोत्ने काम; लिप-पोत।

पोतराइ–ना० [पोतर्+आइ] पोतर्ने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

पोतरिनु–स० क्रि० [पोतर्+इ+नु] पोतिनु; लिपिनु; ('पोतर्नु'-को क० क्रि०)।

पोतर्नु–स० क्रि० [पोत्+नु] १. पोत्नु; लिप्नु। २. लतपत्या-उनु; थोपर्नु।

पोत-वाह–ना० [सं०] नाउ चलाउने व्यक्ति; मल्लाह।

पोता–ना० [फा० फ़ोतः] तिरो; भूमि-कर; पोत।

पोता-अड्डा–ना० [पोता+अड्डा] पोता असूल गर्ने अड्डा।

पोताइ–ना० [पोत्+आइ] पोत्ने किसिम, क्रिया वा भाव।

पोताइनु–स० क्रि० [पोताउ+आइ+नु] पोत्न लाइनु; ('पोताउनु'-को क० क्रि०)।

पोताउनु–स० क्रि० [पोत्+आउ+नु] पोत्न लाउनु; ('पोत्नु'-को प्रे० क्रि०)।

पोता-बिर्ता–ना० [पोता+बिर्ता] आंशिक पोता तिर्नुपर्ने बिर्ता जग्गा; केही पोता लागेको बिर्ता जग्गा।

पोतारी–ना० [पोतो+आरी] पोत्नका निम्ति माटो, गोबर आदि राख्ने भाँडो; पोत्ने वस्तु राख्ने भाँडो।

पोतिनु–स० क्रि० [पोत्+इ+नु] लिपिनु; लिप्सिनु; ('पोत्नु'-को क० क्रि०)।

पोते–ना० [प्रा० पोता] सधवा स्त्रीहरूले गलामा लगाउने, विभिन्न रङ्गका काँचका साना-साना दानाको सौभाग्य-सूचक माला।

पोतेला–ना० [ने०] खेत-बारीमा कान्ह्ला भत्की वा अरू कुनै कारण-वश कान्ह्लामुनि निस्केको जमीन; ग्वाक।

पोतो–ना० [पोत्] १. पोत्ने लुँडो। २. पोतेका ठाउँमा देखिने अर्ध-वृत्ताकार रेखा; पोतेको निशाना। ३. दुइ मुखे चूलाका बीचमा रहने अवयव; पौड़ो। ४. मुखमा बसेको चायाको दाग। ५. कालो दाग; कालिमा।

पोत्नु–स० क्रि० [प्रा० पुत+नु] १. गीलो वा लेसाइलो दबदबे पदार्थ अरू वस्तुमाथि लगाउनु; लिप्नु; लिप्सनु। २. घसार्नु; पोतर्नु। ३. विभूत, मोसो, चन्दन आदि बेसरी दल्नु वा घस्नु।

पोथी–ना० [प्रा० पोत्थिआ] पुस्तक; किताब; ग्रन्थ।

पोथी–ना० [प्रा० पुत्तिआ] पशु वा पक्षीको स्त्री-जाति।

पोथ्रो–ना० [सं० पोत] १. सानो-तिनो रूख; बूटो; बिरुवा। २. चल्लो; बच्चो।

पोप–ना० [अं०] ईसाई धर्मका प्रधान आचार्य।

पोपतिया–ना० [ने०] हिउँ पग्लेको मौसममा भोट र नेपालका बीच यातायात गर्ने एक बाटो। (यसै मार्गबाट अरुन नदी बग्दछ।)

पोयो–ना० [पयो] पयो।

पोरो–ना० [ने०] मधानीको चार पाटा परेको मथ्ने तल्लो भाग।

पोरो–ना० [प्वाल] नाकको प्वाल।

पोल–ना० [पोल्] १. अर्काको गोप्य कुरो खोल्ने काम; पोल्ने काम। २. अभियुक्तले अरू अपराधी देखाउने काम। ३. चुक्ली; छुल्याइँ।

पोल-पाल–ना० [पोल्+पाल (फाँ०)] १. पोल गर्ने काम। २. पोल्ने काम; डढ़ाउने काम।

पोलाइ–ना० [पोल्+आइ] पोल्ने किसिम, क्रिया वा भाव।

पोलाइनु–स० क्रि० [पोलाउ+आइ+नु] पोल्न लाइनु; ('पोलाउनु'-को क० क्रि०)।

पोलाउनु–स० क्रि० [पोल्+आउ+नु] पोल्न लाउनु; ('पोल्नु'-को प्रे० क्रि०)।

पोलाहा–वि० [पोल+आहा] १. पोल गर्ने स्वभावको; पोल्ने। २. छुल्याहा; चुक्ली-खोर।

पोलिङ्ग–ना० [अं०] १. निर्वाचनमा भोट दिनु; मत-पत्र खसाल्नु। (वि०) २. निर्वाचनमा मत दिने (भाँड़ो स्थल, केन्द्र आदि)। ३. निर्वाचन-सम्बन्धी (एजेन्ट, अफिसर आदि)।

पोलिङ्ग-अफिसर– ना० [अं०] निर्वाचनमा मतदाताहरूको नामावली मिलाई मत-पत्र दिने काम गर्ने प्रिसाइडिङ्ग-अफिसरमनिको एक अफिसर।

पोलिङ्ग-एजेन्ट–ना० [अं०] निर्वाचनका उम्मेदवारहरूले बूथमा काम गर्नाका निमित्त राखेको सहायक प्रतिनिधि।

पोलिङ्ग-बूथ–ना० [अं०] निर्वाचनमा मतदाताहरूले मत-पत्र खसाल्ने ठाउँ।

पोलिनु–स० क्रि० [पोल्+इ+नु] १. डढ़ाइनु; सल्काइनु। २. पोल गरिनु; ('पोल्नु'-को क० क्रि०)।

पोलो–ना० [सं० पूल्] अरिङ्गाल, माहुरी आदिको गुँड़ वा गोलो।

पोलो–ना० [पोल्] १. पीर; चिन्ता। २. हड़बड़ी; चटारो।

पोल्टो–ना० [सं० पटल] केही वस्तु हाल्नाका निमित्त लाएका दौरा, पटुका आदि लुगा खुम्च्याई बनाएको कोप्रो भाग।

पोल्टचाइ–ना० [पोल्टचाउ+आइ] पोल्टचाउने किसिम, क्रिया वा भाव।

पोल्टचाइनु–स० क्रि० [पोल्टचाउ+आइ+नु] पोल्टो परिनु; पोल्टामा हालिनु; ('पोल्टचाउनु'-को क० क्रि०)।

पोल्टचाउनु–स० क्रि० [पोल्टो+याउ+नु] पोल्टामा कुनै वस्तु हाल्नु; पोल्टो भर्नु।

पोल्नु–स० क्रि० [प्रा० पउल्ल+नु] १. डढ़ाउनु; सल्काउनु; जलाउनु। २. पिल्स्याउनु। ३. आगोमा हालेर एक किसिमसित पकाउनु। ४. पिरो पदार्थ हातमा वा शरीरमा लाग्दा भबाउनु। ५. रोग-वश शरीरमा दाह पैदा हुनु; जलन हुनु। ६. घाउ-खटिरा आदि भबाउनु; टट्टाउनु। ७. डाह हुनु; चिन्ताले पीडित हुनु। ८. अरूका गोप्य कुरा खोल्नु; पोल गर्नु। ९. अभियुक्तले आफूसँग शरीक भएका अरू अपराधी देखाउनु वा बताउनु। १०. चुक्ली लाउनु; छुस्केरा लाउनु।

पोश–ना० [फा०] १. लुगा-फाटो; वस्त्र। २. ढाक्ने वा छोप्ने वस्तु। (वि०) ३. लगाउने; धारण गर्ने।

पोशाक–ना० [फा०] लगाउने लुगा; पहिरने कपड़ा; वस्त्र;

CC-0. In Public Domain. Digitization by eGangotri

परिधान।

पोशाकखाना–ना० [फा० पोशाक-ख़ानः] सैनिकहरूको पोशाक राख्ने ठाउँ वा घर।

पोशाके–वि० [पोशाक+ए] १. पोशाक पहिराउने (व्यक्ति)। २. पोशाकको वा पोशाक-सम्बन्धी काम गर्ने (व्यक्ति)।

पोष–ना० [सं०] १. पोस्ने काम; पालन; पोषण। २. पुष्टि; पुष्टयाइँ। ३. ताकत बढ़ाउने वा मोटाउने औषधी।

पोषक–वि० [सं०] १. पालन-पोषण गर्ने; संरक्षक। २. बढ़ाउने; वर्द्धक। ३. बल वा ताकत बढ़ाउने। ४. सहायक।

पोषण–ना० [सं०] १. सुखपूर्वक जीवन बिताउन कसैलाई सहायता गर्नु; पालना। २. बढ़ाउनु; वर्द्धन। ३. कुनै कुरोको पुष्टि गर्नु; समर्थन गर्नु।

पोषयिता–वि० [सं०] १. पोषण गर्ने; पालक। (ना०) २. आफ्ना संरक्षणमा राख्ने व्यक्ति; अभिभावक।

पोषित–वि० [सं०] पोषण गरिएको; पालिएको।

पोषिता–वि० [सं०] पोषण गर्ने; पोषक।

पोषी–वि० [सं०] पोषण गर्ने; पोषक।

पोष्टा–वि० [सं०] पोषण गर्ने; पोषक।

पोष्टी–ना० [सं० पुस्तिका] पञ्जिका; फेहरिस्त।

पोष्य–वि० [सं०] १. पोषण गर्न योग्य; पालन योग्य। २. पालेको; पालित।

पोष्य-पुत्र–ना० [सं०] छोरोसमान गरी पालेको व्यक्ति; दत्तक-पुत्र।

पोष्य-वर्ग–ना० [सं०] आफूले पालन-पोषण गर्नुपर्ने मानिसहरू; आमा, बाबु, छोरा, छोरी आदिको समूह।

पोस–ना० [सं० पोष] पोष।

पोसाइ–ना० [पोस्+आइ] पोस्ने किसिम, क्रिया वा भाव।

पोसाइनु–स० क्रि० [पोसाउ+आइ+नु] पोस्न लाइनु; ('पोसाउनु'-को क० क्रि०)।

पोसाउनु–स० क्रि० [पोस्+आउ+नु] पोस्न लाउनु; ('पोस्नु'-को प्रे० क्रि०)।

पोसिनु–अ० क्रि० [पोस्+इ+नु] १. पोस लाग्नु; मोटाउनु। (स० क्रि०) २. पालिनु; पालन-पोषण गरिनु; ('पोस्नु'-को क० क्रि०)।

पोसिलो–वि० [पोस+इलो] पोस लाग्ने; पौष्टिक।

पोस्ट–ना० [अं०] १. डाँक; हुलाक। २. पद; दर्जा। ३. ठाउँ; स्थान।

पोस्ट-अफिस–ना० [अं० पोस्ट-ऑफिस] हुलाक-अड्डा; डाँकखाना।

पोस्ट-कार्ड–ना० [अं०] चिट्ठी लेख्ने बाक्लो लाम्चो चार कुना परेको कार्ड; चिट्ठी-पत्र लेख्ने बाक्लो कार्ड।

पोस्ट-बक्स–ना० [अं० पोस्ट-बॅक्स] चिट्ठी खसाल्नाको निमित्त राखिएको बाकस; पत्र-मञ्जूषा।

पोस्ट-मर्टम–ना० [अं० पोस्ट-मॅर्टम] आत्म-हत्या वा दुर्घटनामा परी मर्नेको लाश जाँच्ने काम।

पोस्ट-मास्टर–ना० [अं०] पोस्ट-अफिसको प्रधान कर्मचारी।

पोस्ट-मैन–ना० [अं०] घर-घरमा चिट्ठी पुऱ्याउने पोस्ट-अफिसको कर्मचारी; हुलाकी।

पोस्टर–ना० [अं०] सर्व-साधारणको जानकारीका निमित्त भित्तामा टाँस्ने ठूलठूला अक्षर वा चित्र भएको कागत।

पोस्टाचार्य–ना० [अं० पोस्ट+आचार्य (सं०)] आचार्य पास गरेर तीन वर्षसम्म अध्ययन गरी विशिष्ट परीक्षामा उत्तीर्ण भएपछि प्राप्त हुने एक उपाधि। (यो उपाधि वाराणसीको सरकारी संस्कृत कलेजबाट दिइन्छ।)

पोस्ता–ना० [फा० पोस्त] १. अफीमको बोट। २. अफीमको फल।

पोस्ती–ना० [फा० पुश्ती] पुश्ती।

पोस्नु–स० क्रि० [सं० पुष्+नु] १. कुनै मन परेका व्यक्तिलाई धन-माल आदि खूब दिनु। २. पाल्नु; पालन-पोषण गर्नु। ३. हृष्ट-पुष्ट पार्नु; मोटो पार्नु।

पोस्याइ–ना० [पोसि+याइ] पोसिने किसिम, क्रिया वा भाव।

पोहर–ना० [पोहोर] पोहोर।

पोहोटा–ना० [पवटा] पवटा।

पोहोर–ना० [सं० परुत्] १. बितेको वर्ष; अगिल्लो साल; गत वर्ष। (क्रि० यो०) २. बितेको सालमा; विगत वर्षमा।

पौंजा–ना० [पन्जा] औँलासहितको हत्केलो।

पौंठा–ना० [सं० प्रकोष्ठ] हातको नारी; मणि-बन्ध।

पौंठा–ना० [पुट्ठा] पुट्ठा; फिलो।

पौंठा-जोरी–ना० [पौंठा+जोरी] परस्परमा नारी अँठयाउँदै छुटाउँदै गरी दुइ जनाले खेल्ने एक खेल।

पौंती–ना० [ने०] बिर्को हुने एक प्रकारको ढकी।

पौंश्चलेय–ना० [सं०] वेश्याको छोरो; कुलटाको पुत्र।

पौंश्चल्य–ना० [सं०] व्यभिचार।

पौगण्ड–ना० [सं०] १. पाँच वर्षदेखि दश वर्षसम्मको केटा-केटीको अवस्था। (वि०) २. पाँचदेखि दश वर्षसम्मको अवस्थाको।

पौड़नु–अ० क्रि० [सं० प्लवन+नु] १. हात-गोड़ा चलाएर पानीमा उत्रेर खेल्नु वा जानु; पौड़ी खेल्नु। २. पानीमा उत्रनु (काठ आदि)।

पौड़ाइ–ना० [पौड़+आइ] पौड़ने किसिम, क्रिया वा भाव।

पौड़ाइनु–स० क्रि० [पौड़ाउ+आइ+नु] पौड़न लाइनु; ('पौड़ाउनु'-को क० क्रि०)।

पौड़ाउनु–स० क्रि० [पौड़+आउ+नु] पौड़न लाउनु; ('पौड़नु'-को प्रे० क्रि०)।

पौड़िनु–अ० क्रि० [पौड़+इ+नु] १. पौड़ी खेलिनु; ('पौड़नु'-को भा० क्रि०)। २. पौड़नु।

पौड़ी–ना० [पौड़+ई] हात-खुट्टा चलाई पानीमा उत्रने काम; पौड़ने काम।

CC-0. In Public Domain. Digitization by eGangotri

पौड़ो–ना० [ने०] पोतो।
पौड़चाइ–ना० [पौड़ि+याइ] पौड़िने किसिम, क्रिया वा भाव।
पौत्र–वि० [सं०] १. पुत्र-सम्बन्धी; पुत्रको। (ना०) २. छोरोको छोरो; नाति।
पौत्रिक–वि० [सं०] १. पुत्र-सम्बन्धी। २. पौत्र-सम्बन्धी।
पौत्रिकेय–ना० [सं०] १. छोरोतुल्य गरी पालेको छोरीको छोरो। २. छोरीको छोरो; दौहित्र।
पौत्री–ना० [सं०] छोराकी छोरी; नातिनी।
पौन–ना० [सं० पवन] सास; प्राण-वायु।
पौनी–ना० [पुहुनी] पुहुनी।
पौने–वि० [प्रा० पाओन] कुनै सङ्ख्या वा परिमाणको तीन-चौथाइ; चार खण्डमध्ये तीन खण्ड।
पौबा–ना० [नेवा०] कागत, कपड़ा आदिमा देव-देवीहरूको चित्र लेखिएको एक किसिमको चित्र-पट।
पौबाह्ल–ना० [पोट-बाह्ल] पोट-बाह्ल।
पौर–वि० [सं०] १. नगर-सम्बन्धी; शहरको। (ना०) २. नगर-निवासी; शहरिया; नागरिक।
पौरख–ना० [सं० पौरुष] १. पुरुषार्थ; पराक्रम। २. शक्ति; सामर्थ्य।
पौरखी–वि० [पौरख+ई] १. पौरख भएको; पुरुषार्थी; पराक्रमी। २. खूबी भएको; शक्ति-शाली।
पौरस्त्य–वि० [सं०] १. अगिल्लो; सामुन्नेको। २. प्रथम; आद्य। ३. पूर्वको; प्राच्य।
पौराण–वि० [सं०] १. पुरानो; प्राचीन कालको। २. पहिले-को। ३. पुराण-सम्बन्धी।
पौराणिक–वि० [सं०] १. प्राचीन; पुरातन। २. पुराण-सम्बन्धी; पुराणको। ३. पुराण जान्ने। (ना०) ४. पुराण जान्ने व्यक्ति। ५. पुराण-वाचक। ६. व्यास।
पौरुष–वि० [सं०] १. पुरुष-सम्बन्धी; पुरुषको। (ना०) २. पुरुषको भाव; पुरुषत्व। ३. पौरख; पुरुषार्थ; पराक्रम। ४. उद्यम।
पौरुषेय–वि० [सं०] १. पुरुष-सम्बन्धी; पौरुष। २. मानिसले बनाएको; मानवीय; मनुष्य-कृत। ३. आध्यात्मिक। (ना०) ४. मनुष्यको समूह। ५. पुरुषको काम।
पौरुष्य–ना० [सं०] साहस; हिम्मत।
पौरोधस–ना० [सं०] १. पुरोहितको पद। २. पुरोहितको काम।
पौरोभाग्य–ना० [सं०] १. अर्काको दोष खोज्ने काम; छिद्रान्वेषण। २. ईर्ष्या; द्वेष। ३. दुष्कर्म।
पौरोहित्य–ना० [सं०] पुरोहितको काम; पुरोहित्याइँ।
पौर्णमास–वि० [सं०] १. पूर्णिमा-सम्बन्धी। (ना०) २. पूर्णिमाका दिन गरिने एक यज्ञ। ३. पूर्णिमा।
पौर्णमासिक–वि० [सं०] १. पूर्णिमा-सम्बन्धी। २. पूर्णिमाको दिन हुने।
पौर्णमासी–ना० [सं०] पूर्णिमा।
पौर्णमास्य–ना० [सं०] पूर्णिमाका दिन गरिने एक यज्ञ।
पौर्णिमा–ना० [सं०] पूर्णिमा।
पौर्व–वि० [सं०] १. पहिलेको; प्राचीन। २. पूर्व दिशाको; पूर्वीय।
पौर्वदेहिक–वि० [सं०] पौर्वदैहिक।
पौर्वदैहिक–वि० [सं०] १. पूर्व-जन्म-सम्बन्धी; अगिल्ला जन्मको। २. पहिलो जन्ममा गरेको; पूर्व-जन्म-कृत।
पौर्वात्य–वि० [सं०] १. पूर्व दिशाको; पूर्वी। २. एशिया महादेशको।
पौर्वापर्य–ना० [सं०] १. अगाड़ि र पछाड़िको सम्बन्ध। २. पूर्वापरको भाव। ३. अनुक्रम।
पौर्वाह्णिक–वि० [सं०] १. पूर्वाह्ण-सम्बन्धी। २. पूर्वाह्णमा गरिने।
पौर्वाह्णिकी–वि० [सं०] पूर्वाह्ण-सम्बन्धी (स्त्री)।
पौर्विक–वि० [सं०] १. पहिलेको; प्राचीन। २. पैतृक।
पौल–वि० [प्रा० पवल] पवल।
पौलो–ना० [ने०] भाँड़ाको मुख वा छिद्र थुन्ने ठेड़ी।
पौवा–ना० [सं० प्रपा] पानीसमेतको बन्दोबस्त भएको पाटी; पौशाला।
पौवाली–ना० [पौवा+आली] पौवाको हेर-विचार गर्ने व्यक्ति; पौशालाको संरक्षक।
पौशाला–ना० [सं० प्यू+शाला] बटुवाहरूलाई पानी खुवाउने ठाउँ वा घर।
पौष–ना० [सं०] मङसीर र माघका बीचमा पर्ने महीना; पूस।
पौषी–वि० [सं०] १. पौष महीनाको (पूर्णिमा)। २. पौष-सम्बन्धी।
पौष्करिणी–ना० [सं०] कमल फुलेको पोखरी; पुष्करिणी।
पौष्कल्य–ना० [सं०] १. प्रचुरता; अधिकता। २. पूर्ण वृद्धि।
पौष्टिक–वि० [सं०] १. पुष्ट पार्ने; पुष्टि-कर; शक्ति-वर्द्धक। (ना०) २. धन, जन आदिको वृद्धि गर्ने कर्म।
प्याँ–क्रि० यो० [अनु०] १. सनई आदि बाजा बज्ने किसिम। २. केटा-केटी सहसा रुने वा रुँदा शब्द आउने किसिम।
प्याइ–ना० [प्यू+आइ] प्यूने किसिम, क्रिया वा भाव।
प्याक–ना० [अं० पैक] कुनै वस्तु वा माल-ताल भाँड़ोमा हाली बन्द गर्ने काम।
प्याक-प्याक–क्रि० यो० [ने०] १. भोक, प्यास, गर्मी आदिले मुख सुक्ने किसिम। २. प्राण जाने वेलामा मुख बाउने किसिम। ३. तर-ताकिता गर्ने किसिम; कर-काप लाउने किसिम; प्याख-प्याख।
प्याकप्याकती–क्रि० यो० [प्याक-प्याक+ती] प्याक-प्याक।
प्याकप्याकी–क्रि० यो० [प्याक-प्याक+ई] प्याक-प्याक।
प्याकिस–वि० [अं० पैकेज] १. थन्क्याउनु; चलन-चलतीमा नल्याउने गरी कतै राख्नु। २. थुनामा पर्नु; कैद पर्नु।
प्याकेट–ना० [अं० पैकेट] सानो-तिनो पोको; पन्तरो।

CC-0. In Public Domain. Digitization by eGangotri

प्याक्क–क्रि० यो० [ने०] १. बिस्तारै हिर्काउने किसिम; पुक्क। २. फुट्ने किसिम; पट्ट। ३. सोच-विचार नगरी बोल्ने किसिम; प्याच्च। ४. पक्क; जिल्ल; वाल्ल। ५. सहसा मर्ने किसिम; भुतुक्क।

प्याङ–ना० [ने०] बाँसका गिद्राको बट्टा।

प्याङ-पाथी–ना० [प्याङ+पाथी] आठ माना वा एक पाथी भर्ने बाँसका गिद्राको भाँड़ो।

प्याङ्ग्र–ना० [ने०] बाली-नाली नलाग्ने कफल्ल जमीन।

प्याच्च–क्रि० यो० [ने०] सोच-विचार नगरी बोल्ने किसिम; प्याक्क।

प्याज–ना० [फा० प्याज़] तरकारी, मसला र औषधीका काममा आउने एक प्रकारको उत्कट गन्ध भएको एक प्रसिद्ध कन्द। (यो पहेँलो, सेतो र रातो बोक्रा हुने तीन थरीको हुन्छ। आयुर्वेदमा यसको गुण अग्नि-वर्द्धक, वीर्य-वर्द्धक, रुचि-कारक र ठन्डा मानिएको छ।)

प्याजी–वि० [फा०] सुकेका प्याजका बोक्राका रङ्गको; रातो र नीलो मिसिएको हल्का रङ्गको।

प्याट्ट–क्रि० यो० [ने०] १. हल्कासित लपेटा, लट्ठी आदिले हान्ने किसिम; बिस्तारै हिर्काउने किसिम। २. फुट्ने किसिम; प्याक्क। ३. विचार नगरीकन बोल्ने किसिम; प्याच्च।

प्याड–ना० [अं० पैड] १. चिट्ठी, पत्र आदि लेख्ने कागजको एक किसिमको ठेली। २. छाप लाउनाका निमित्त मसीले भिजाएर राखिएको मोटो कपड़ा आदिको बाक्लो तह; छापदानी।

प्यादा–ना० [फा० पियादः] १. पैदल सिपाही; पदाति। २. दूत; हलकारो। ३. कुनै किसिमसित मतलब हासिल गर्नाका निम्ति कसैका पछि लाग्ने काम; पीछा। ४. बुद्धि-चालका खेलमा सोझो एक घरमात्र हिँड्ने एक थरी गोटी; पैदल।

प्यानू–वि० [नेवा०] १. लोसो; जुम्सो। २. धिङ्ग्याहा; लोकतो।

प्यानो–वि० [प्यानू] प्यानू।

प्यार–ना० [सं० प्रिय] १. प्रेम; प्रीति; मुहब्बत। २. स्नेह; माया। ३. प्रेम-सूचक चुम्बन, स्पर्श आदि।

प्यारा–ना० [अं० पैराग्राफ] प्याराग्राफ।

प्याराग्राफ–ना० [अं० पैराग्राफ] कुनै एक बूँदाको विवेचना गरिएको लेख आदिको अंश; कण्डिका; प्रघट्टक।

प्याराशूट–ना० [अं० पैराशूट] उड़िरहेको हवाई-जहाज आदि अग्लो ठाउँबाट सुरक्षित रूपमा उत्रनका लागि उपयोग गरिने छाताजस्तो साधन।

प्यारिस–ना० [अं० पेरिस] फ्रान्स देशको राजधानी।

प्यारी–वि० [प्यारो+ई] १. मन परेकी (स्त्री)। २. प्रिय-तमा; प्रिया।

प्यारो–वि० [सं० प्रिय] मन-परेको; प्रिय; प्रेम-पात्र।

प्यारोल–ना० [अं० पेरोल] रातमा हिँड्ने सरकारी कर्मचारी-हरूलाई चौकीका सिपाही वा पुलीसहरूले नरोकुन् भन्नाका निमित्त दिइने साङ्केतिक शब्द।

प्यार्र–क्रि० यो० [अनु०] पातलो दिसाका साथ अपान-वायु छुट्दा शब्द आउने किसिम।

प्याला–ना० [फा० पियाल:] सानो कटौरा; दूध, चिया आदि पिउने कटौराजस्तो भाँड़ो।

प्यास–ना० [प्रा० पिपासा] १. पानी पिउने इच्छा; तिर्खा; तृषा; पिपासा। २. प्रबल इच्छा; कामना; तृष्णा।

प्यासा–वि० [प्यासो] प्यासो।

प्यासेन्जर–ना० [अं० पैसेन्जर] यात्री; मुसाफिर।

प्यासेन्जर-गाड़ी–ना० [प्यासेन्जर+गाड़ी] १. प्रायः सबै स्टेशनमा रोकिने र बिस्तारै चल्ने, यात्रीहरू ओसार्ने गाड़ी। २. मुसाफिरहरूको यातायात गराउने रेल।

प्यासो–वि० [प्यास+ओ] १. प्यास लागेको; तिर्खाएको; तृषित। २. धोको भएको; कुनै कुराको प्रबल इच्छा गर्ने; प्यासा।

प्यूठान–ना० [ने०] नेपालका सल्ल्यान र गुल्मी जिल्लाका बीचमा रहेको एक जिल्ला। (कर्णाली प्रदेशको मुख्य मुकाम यही हो। यसै जिल्लामा नेपालको प्रसिद्ध तीर्थ-मुक्ति-क्षत्र पर्दछ।)

प्यूठाने–वि० [प्यूठान+ए] १. प्यूठान-सम्बन्धी; प्यूठानको। २. प्यूठानमा हुने। ३. प्यूठानको निवासी।

प्यूठाने-मूला–ना० [प्यूठाने+मूला] ठूलो एक प्रकारको मूला।

प्यून–ना० [पिउन] पिउन।

प्यून-बुक–ना० [पिउन-बुक] पिउन-बुक।

प्यूनु–स० क्रि० [पिउ] पिउनु।

प्यूरी–ना० [पिउरी] पिउरी।

प्यूरो–ना० [पिउरो] पिउरो।

प्यूसो–ना० [पिउसो] पिउसो।

प्र–उप० [सं०] शब्दको अगिल्तिर लागेर विभिन्न अर्थ बुझाउने एक उपसर्ग।

प्रकट–वि० [सं०] १. अगिल्तिर भएको; प्रत्यक्ष। २. खुलासा; स्पष्ट। ३. निस्केको; प्रादुर्भाव भएको। ४. उत्पन्न; जन्मेको।

प्रकटित–वि० [सं०] प्रकट भएको वा गरिएको; प्रकाशित।

प्रकटीकरण–ना० [सं०] प्रकट गर्ने वा हुने क्रिया।

प्रकथन–ना० [सं०] १. पहिले भनिएका कुरा वा गरिएका कामको पुष्टि। २. गनथन।

प्रकम्प–ना० [सं०] काम; कम्प।

प्रकम्पन–ना० [सं०] १. काम छुट्नु; काँप्नु। २. आँधी। (वि०) ३. कँपाउने। ४. हल्लाउने।

प्रकम्पित–वि० [सं०] १. काँपेको; कम्प छुटेको। २. हल्लेको। ३. कँपाइएको। ४. हल्लाइएको।

प्रकम्पी–वि० [सं०] १. हल्लने। २. काँप्ने; कम्पित हुने।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकर–ना० [सं०] १. समूह; राशि। २. सहायता; मदत। ३. मैत्री।

प्रकरण–ना० [सं०] १. निर्माण; रचना। २. वर्णन; प्रतिपादन। ३. प्रसङ्ग; सिलसिला; सन्दर्भ। ४. कुनै एक विषयको प्रतिपादन गरिएको ग्रन्थको विभाग; परिच्छेद। ५. कुनै शास्त्रीय सिद्धान्तको प्रतिपादन गरिएको ग्रन्थ। ६. दृश्य-काव्यको एक भेद।

प्रकरी–ना० [सं०] १. नाटकमा एक प्रकारको प्रासङ्गिक कथा-वस्तु। २. एक प्रकारको गाना।

प्रकर्ष–ना० [सं०] १. उत्तमता; उत्कृष्टता; उत्कर्ष। २. प्रचुरता; आधिक्य। ३. घिच्च्याउने काम। ४. विस्तार।

प्रकर्षक–वि० [सं०] तान्ने; घिच्च्याउने।

प्रकर्षण–ना० [सं०] १. तान्ने काम; घिच्च्याउने क्रिया। २. प्रकर्ष; उत्कर्ष। ३. आधिक्य।

प्रकर्षित–वि० [सं०] तानिएको; खिँचिएको।

प्रकला–ना० [सं०] कला (समय)-को आँठौं भाग।

प्रकल्पना–ना० [सं०] नियत गर्नु; स्थिर गर्नु।

प्रकल्पित–वि० [सं०] १. नियत गरिएको; स्थिर गरिएको। २. बनाइएको; निर्मित। ३. कल्पना गरिएको।

प्रकाण्ड–ना० [सं०] १. रूख; वृक्ष। २. रूखको फेददेखि हाँगा फाट्ने ठाउँसम्मको अवयव। ३. हाँगो; शाखा। ४. काँध; स्कन्ध। (वि०) ५. सर्व-श्रेष्ठ; सर्वोत्कृष्ट। ६. अति ठूलो; महान्। ७. उत्तम।

प्रकाम–वि० [सं०] १. प्रशस्त; काफी; पर्याप्त। २. इच्छा-अनुसारको। (ना०) ३. कामना; इच्छा।

प्रकार–ना० [सं०] १. थरी; किसिम; भाँति। २. ढङ्ग; ढाँचा। ३. तरीका; प्रणाली। ४. सादृश्य।

प्रकारान्तर–ना० [सं०] अर्को प्रकार; भिन्न किसिम।

प्रकाश–ना० [सं०] १. उज्याला पदार्थबाट निस्कने र वस्तुहरूको रूप आँखालाई प्रत्यक्ष गराउने तत्त्व; उज्यालो; तेज; आलोक। २. घाम; धूप। ३. प्रकट हुनु; आविर्भाव। ४. पुस्तकको खण्ड। ५. खुलस्तसँग बुझ्नु; स्पष्ट हुनु। ६. प्रसिद्धि; ख्याति। (वि०) ७. उज्ज्वल; तेजिलो। ८. स्पष्ट; खुलस्त। ९. प्रकट; प्रत्यक्ष। १०. फुलेको; विकसित।

प्रकाशक–वि० [सं०] १. प्रकाश गर्ने। २. प्रकट गर्ने। (ना०) ३. समाचार-पत्र वा पुस्तकहरू सर्व-साधारणमा बिक्री-वितरण गर्ने वा गराउने व्यक्ति।

प्रकाशकीय–वि० [सं०] १. प्रकाशक-सम्बन्धी; प्रकाशकको। (ना०) २. कुनै पुस्तक वा पत्र-पत्रिकामा प्रकाशकका तर्फबाट लेखिएको वक्तव्य, लेख वा भूमिका।

प्रकाशन–ना० [सं०] १. प्रकाशित गर्ने काम। २. प्रकाशित गरिएको ग्रन्थ; प्रकाशित पुस्तक, पत्रिका आदि। ३. छापिएका पुस्तक-पुस्तिकाहरू जन-साधारणलाई उपलब्ध गराउने काम। ४. सूचना दिने काम; विज्ञापन।

प्रकाशमान–वि० [सं०] १. चम्केको; प्रकाश-युक्त; द्योतमान २. प्रसिद्ध; विख्यात।

प्रकाशवान्–वि० [सं०] प्रकाश-युक्त; प्रकाशमान।

प्रकाश-स्तम्भ–ना० [सं०] दीप-स्तम्भ।

प्रकाशात्मक–वि० [सं०] चम्किलो; तेजिलो।

प्रकाशात्मा–वि० [सं०] १. चम्किलो; दीप्तिमान्। (ना०) २. सूर्य। ३. शिव।

प्रकाशित–वि० [सं०] १. प्रकाश-युक्त; चहकिलो। २. प्रकट गरिएको; प्रकटित। ३. उज्यालो पारिएको। ४. छापिएर जनताका सामुन्ने आएको (पुस्तक, पुस्तिका आदि)।

प्रकाशी–वि० [सं०] १. प्रकाश-युक्त; चहकिलो। २. प्रकाशगन; प्रकाशक।

प्रकाश्य–वि० [सं०] १. प्रकाश गर्न योग्य। २. प्रकट गर्न योग्य। ३. छपाउन वा प्रकाशन गर्न योग्य (पुस्तक-पुस्तिका आदि)।

प्रकिरण–ना० [सं०] १. छर्नु; फिँजाउनु। २. मिश्रण।

प्रकीर्ण–वि० [सं०] १. छरिएको; फिँजिएको; छिरोलिएको। २. मिसिएको; मिश्रित्त। ३. सिलसिला नमिलेको; असम्बद्ध। ४. फुटकर। (ना०) ५. पुस्तक वा ग्रन्थको परिच्छेद; अध्याय; प्रकरण। ६. अनेक थरीका वस्तुको मिश्रण। ७. छिरोल्नु; छर्नु।

प्रकीर्णक–ना० [सं०] १. चँवर। २. घोड़ाका शिरमा लगाउने कल्की। ३. फुटकर वस्तुको सङ्ग्रह।

प्रकीर्तन–ना० [सं०] १. प्रशंसा; स्तुति। २. घोषणा।

प्रकीर्तना–ना० [सं०] उल्लेख गर्नु; नाम लिनु।

प्रकीर्ति–ना० [सं०] १. प्रशंसा; गुण-वर्णन। २. ख्याति; प्रसिद्धि। ३. घोषणा।

प्रकीर्तित–वि० [सं०] १. प्रशंसा गरिएको; तारीफ गरिएको। २. घोषणा गरिएको।

प्रकीर्य–वि० [सं०] १. फिँजाउन योग्य; फैलाउन सकिने। २. छर्न लायक। ३. मिसाउन हुने।

प्रकुपित–वि० [सं०] खूब रिसाएको; अति कुपित।

प्रकृत–वि० [सं०] १. आरम्भ गरिएको; शुरू गरिएको। २. वास्तविक; यथार्थ। ३. प्रसङ्गमा आएको; प्रकरण-प्राप्त। ४. सम्पन्न। ५. नैसर्गिक; स्वाभाविक।

प्रकृतार्थ–वि० [सं०] १. यथार्थ अभिप्राय। २. अभिधाबाट हुने अर्थ।

प्रकृति–ना० [सं०] १. वस्तु वा व्यक्तिको मूल गुण; स्वभाव। २. अनेक रूपात्मक जगत्को विकास गर्ने र त्यसको दृश्य रूपमा देखिने मूल शक्ति; जगत्को उत्पत्तिको कारण-रूप मूल तत्त्व। ३. माया; ईश्वरीय प्रपञ्च। ४. पञ्च-महाभूत। ५. स्वामी, अमात्य, सुहृद् आदि राज्याङ्ग। ६. प्रजा।

प्रकृतिज–वि० [सं०] १. सहज; स्वाभाविक। २. प्रकृति-

CC-0. In Public Domain. Digitization by eGangotri

बाट उत्पन्न ।

प्रकृति-भाव–ना० [सं०] मूल रूप; अविकृत रूप ।

प्रकृति-मण्डल–ना० [सं०] १. स्वामी, अमात्य, सुहृद्, कोष, राष्ट्र, दुर्ग र बल—यी सात राज्याङ्ग । २. प्रजा-वर्ग ।

प्रकृति-विज्ञान–ना० [सं०] प्राकृतिक विषयहरूको विवेचना गरिएको विज्ञान; प्रकृति-शास्त्र ।

प्रकृति-शास्त्र–ना० [सं०] प्रकृति-विज्ञान ।

प्रकृति-सिद्ध–वि० [सं०] सहज; स्वाभाविक; नैसर्गिक ।

प्रकृति-सुभग–वि० [सं०] स्वभावैले सुन्दर; सहज सुन्दर ।

प्रकृतिस्थ–वि० [सं०] आफ्नो मूल स्वभाव वा स्वरूपमा रहेको; स्वाभाविक ।

प्रकृत्या–क्रि० यो० [सं०] स्वभावैले; स्वभावतः ।

प्रकृष्ट–वि० [सं०] १. उत्तम; श्रेष्ठ; उत्कृष्ट । २. तानिएको; घिच्च्याइएको । ३. जोतिएको । ४. मुख्य; प्रधान ।

प्रकृष्टता–ना० [सं०] प्रकृष्ट हुनाको भाव; उत्तमता ।

प्रकोप–ना० [सं०] १. अत्यधिक कोप । २. उत्तेजना; जोश । ३. रोगको प्रवलता ।

प्रकोपन–ना० [सं०] १. कुपित गराउने काम; क्रुद्ध पार्नु । २. उत्तेजित पार्नु ।

प्रकोपित–वि० [सं०] रीस उठाइएको; क्रुद्ध पारिएको ।

प्रकोष्ठ–ना० [सं०] १. कुहुनुदेखि हर्धुङ्गोसम्मको हातको अवयव । २. ठूलो ढोकाका नजीकको कोठो । ३. ठूलो आँगन । ४. भित्री कोठो ।

प्रकोष्ठक–ना० [सं०] दरबारका मुख्य ढोकाका नजीकको कोठो ।

प्रक्खर–वि० [सं०] १. अति तीक्ष्ण । (ना०) २. घोड़ा वा हात्तीको कवच । ३. कुकुर । ४. खच्चर ।

प्रक्रम–ना० [सं०] १. कदम; पाइलो । २. क्रम; सिलसिला । ३. अवसर; मौका । ४. आरम्भ; उपक्रम ।

प्रक्रम-भङ्ग–ना० [सं०] कुनै वर्णनमा आरम्भ गरिएको क्रम आदिको पछिसम्म ठीक-ठीक पालन नहुँदा हुने काव्यको एक दोष ।

प्रक्रान्त–वि० [सं०] १. आरम्भ गरिएको; आरब्ध । २. प्रसङ्गबाट आएको; प्रासङ्गिक ।(ना०) ३. यात्राको आरम्भ ।

प्रक्रिया–ना० [सं०] १. कुनै वस्तु बन्ने, निस्कने वा हुने क्रिया वा प्रणाली । २. सिलसिला; क्रम; प्रकरण । ३. ग्रन्थ वा पुस्तकको आरम्भिक अध्याय । ४. विधि; तरीका ।

प्रक्रीड–ना० [सं०] खेल; क्रीडा ।

प्रक्लिन्न–वि० [सं०] १. भिजेको; आर्द्र । २. दयार्द्र ।

प्रक्लेद–ना० [सं०] भिज्नाको भाव; आर्द्रता ।

प्रक्वण–ना० [सं०] वीणाको ध्वनि वा झङ्कार ।

प्रक्वाण–ना० [सं०] प्रक्वण ।

प्रक्वाथ–ना० [सं०] उमाल्नु ।

प्रक्षय–ना० [सं०] नाश; बरबादी ।

प्रक्षरण–ना० [सं०] चुहुनु; झर्नु ।

प्रक्षालन–ना० [सं०] १. धुनु; पखाल्नु । २. नुहाउनु; स्नान गर्नु ।

प्रक्षालित–वि० [सं०] १. धोइएको; पखालिएको । २. शुद्ध पारिएको । ३. प्रायश्चित्त गराइएको ।

प्रक्षिप्त–वि० [सं०] १. फालिएको; फ्याँकिएको । २. थपिएको; थप गरिएको ।

प्रक्षुण्ण–वि० [सं०] १. कुटिएको; पिँधिएको । २. चूर्ण पारिएको । ३. चोट लगाइएको ।

प्रक्षेप–ना० [सं०] १. फ्याँक्ने काम; मिल्काउने काम । २. छर्ने काम; छिरल्ने काम । ३. थप्नु; मिलाउनु । ४. कुनै पुस्तकमा पछिबाट थपिएको अंश; क्षेपक । ५. राख्नु; हाल्नु (गोड़ा आदि) ।

प्रक्षेपण–ना० [सं०] १. फ्याँक्नु; फाल्नु । २. थप्नु; गाँस्नु ।

प्रखर–वि० [सं०] १. कड़ा स्वभावको; कठोर । २. प्रचण्ड; उग्र । ३. अति उष्ण ।

प्रखरता–ना० [सं०] १. प्रखर हुनाको भाव; तीक्ष्णता । २. उग्रता; प्रचण्डता ।

प्रखल–वि० [सं०] अति दुष्ट ।

प्रख्या–ना० [सं०] १. विशिष्ट ख्याति; सुप्रसिद्धि । २. समता; समानता ।

प्रख्यात–वि० [सं०] १. अति प्रसिद्ध; विख्यात । २. प्रसन्न; सुखी ।

प्रख्याति–ना० [सं०] १. विशिष्ट ख्याति; सुप्रसिद्धि । २. प्रशंसा; तारीफ ।

प्रख्यापन–ना० [सं०] १. प्रसिद्ध पार्नु; प्रचार गर्नु । २. सूचना दिनु ।

प्रगण्ड–ना० [सं०] काँधदेखि कुहुनुसम्मको हातको भाग; पाखुरो ।

प्रगत–वि० [सं०] १. पहिले गएको; अगाड़ि गएको । २. अलग भएको; छुट्टिएको ।

प्रगति–ना० [सं०] १. अगाड़ि बढ्नु; अगि सर्नु; अग्रसर हुनु । २. उन्नति ।

प्रगतिवाद–ना० [सं०] समाज, साहित्य आदिलाई उत्तरोत्तर अगाड़ि बढ़ाउँदै लानुमा नै हित मान्ने सिद्धान्त ।

प्रगतिवादी–वि० [सं०] प्रगतिवादको अनुयायी ।

प्रगति-शील–वि० [सं०] अगाड़ि बढ्ने; अग्रसर हुने ।

प्रगन्ना–ना० [फा० पर्गनः] धेरै गाउँहरू भएको भू-भाग ।

प्रगल्भ–वि० [सं०] १. प्रतिभा भएको; प्रतिभावान् । २. मौकाअनुसार काम-कुरो गर्न सक्ने बुद्धि भएको; प्रत्युत्पन्न-मति । ३. चतुरो; होशियार । ४. निर्भय; निडर । ५. उद्धत; उद्दण्ड ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रगल्भता–ना० [सं०] १. प्रगल्भ हुनाको भाव। २. प्रतिभाशालिता। ३. निर्भयता। ४. उद्दण्डता। ५. बुद्धिमत्ता। ६. धृष्टता।

प्रगल्भा–ना० [सं०] १. काम-कुरो गर्नमा नदच्कने साहसी स्त्री। २. प्रौढा नायिका।

प्रगल्भित–वि० [सं०] १. प्रसिद्ध; विख्यात। २. घमन्डी।

प्रगाढ–वि० [सं०] १. ज्यादै गाढ़ा; गम्भीर। २. धेरै; अत्यधिक। ३. भिजेको; आर्द्र। ४. दृढ; मजबूत। ५. कठिन।

प्रगामी–वि० [सं०] प्रस्थान गर्ने।

प्रगुण–वि० [सं०] १. असल गुण भएको; गुणी। २. सीधा; सोझो। ३. कुशल; दक्ष। ४. अनुकूल।

प्रगृहीत–वि० [सं०] १. राम्ररी ग्रहण गरिएको। २. बेसरी समातिएको। ३. सन्धिको प्रयोजन नराखी उच्चारण गरिएको।

प्रग्रह–ना० [सं०] १. ग्रहण गर्नु; लिनु। २. समात्नु; पक्ड़नु। ३. लगाम। ४. पघा।

प्रग्रहण–ना० [सं०] १. ग्रहण गर्ने काम। २. समात्ने काम। ३. लगाम। ४. बन्धन।

प्रघटक–ना० [सं०] १. नियम। २. सिद्धान्त। ३. आदेश।

प्रघट्टक–ना० [सं०] १. नियम। २. सिद्धान्त। ३. प्यारा-ग्राफ; अनुच्छेद। ४. प्रकरण।

प्रघन–ना० [सं०] घरका ढोकाअगिल्तिरको जमीन; खड्केली; बरन्डा।

प्रघर्षण–ना० [सं०] घँगारु (बोट)।

प्रघात–ना० [सं०] १. मार्नु; मारण। २. युद्ध।

प्रघान–ना० [सं०] प्रघन।

प्रचण्ड–वि० [सं०] १. अति तीव्र; प्रखर। २. बलवान्; प्रबल। ३. अति रिसाहा; क्रोधी। ४. साहसी; आँटिलो। ५. भयङ्कर; डर-लाग्दो। ६. असह्य; दुःसह। ७. अति तेजस्वी।

प्रचय–ना० [सं०] १. फल वा फूल टिप्नु। २. जम्मा गर्नु; सङ्ग्रह गर्नु। ३. थुप्रो; रास।

प्रचर–ना० [सं०] १. बाटो; मार्ग। २. चलन; रीति।

प्रचरण–ना० [सं०] घुम-फिर गर्नु; विचरण।

प्रचरित–वि० [सं०] प्रचार भएको; प्रचलित।

प्रचलन–ना० [सं०] १. हल्लनु; काम्नु। २. हिँड़-डुल गर्नु। ३. चलन-चलती; चलन। ४. पलायन। ५. प्रथा; रिवाज।

प्रचलित–वि० [सं०] १. चलन-चलतीमा आएको; प्रचलनको; व्यवहारमा चलिरहेको। हल्लिएको।

प्रचाय–ना० [सं०] प्रचय।

प्रचार–ना० [सं०] १. कुनै वस्तु वा कुरो निरन्तर वा व्यापक रूपले व्यवहारमा आउनु; बराबर उपयोग हुनु। २. कुनै विषय, मत वा कुरो जन-साधारणलाई थाहा दिनु; विज्ञापन गर्नु। ३. प्रकट हुनु। ४. घुम-फिर गर्नु।

प्रचारक–वि० [सं०] १. प्रचार गर्ने। २. फैलाउने।

प्रचारण–ना० [सं०] प्रचार गर्ने क्रिया।

प्रचारित–वि० [सं०] प्रचार गरिएको; प्रसिद्ध गरिएको।

प्रचारी–वि० [सं०] प्रचार गर्ने; प्रचारक।

प्रचालन–ना० [सं०] चलाउने क्रिया; सञ्चालन।

प्रचालित–वि० [सं०] चलेको वा चलाइएको; प्रचारित गरिएको।

प्रचित–वि० [सं०] जम्मा गरिएको; थुप्याइएको।

प्रचुर–वि० [सं०] १. धेरै; प्रशस्त; ज्यादा। २. अति ठूलो। ३. भरिभराउ; परिपूर्ण।

प्रचुरता–ना० [सं०] प्रचुर हुनाको भाव; आधिक्य।

प्रचेता–ना० [सं०] १. वरुण। २. राजा प्राचीनवर्हिका दश पुत्र। (वि०) ३. बुद्धिमान्; चतुर। ४. सङ्ग्रह गर्ने। ५. जम्मा गर्ने व्यक्ति; चयन गर्ने व्यक्ति। ६. सारथि।

प्रचोदक–वि० [सं०] प्रेरणा दिने; प्रेरक।

प्रचोदन–ना० [सं०] १. प्रेरणा; उत्तेजना। २. प्रवृत्ति। ३. आदेश। ४. नियम।

प्रचोदित–वि० [सं०] १. प्रेरणा दिइएको; प्रेरित। २. उत्तेजित गरिएको। ३. पठाइएको। ४. निर्देश दिइएको। ५. निश्चय गरिएको।

प्रच्छद–ना० [सं०] १. ढाक्ने वस्तु; आच्छादन। २. तन्ना; टेबिल-पोश आदि।

प्रच्छद-पट–ना० [सं०] १. ढाक्ने वा ओढ्ने कपड़ा। २. तन्ना, टेबिल-पोश आदि।

प्रच्छन्न–वि० [सं०] १. ढाकिएको; छोपिएको; आच्छादित। २. छिपेको; लुकेको।

प्रच्छादक–वि० [सं०] १. ढाक्ने; छोप्ने। २. लुकाउने।

प्रच्छादन–ना० [सं०] १. ढाक्ने काम; छोप्ने क्रिया। २. छिपाउनु; लुकाउनु। ३. ओढ्ने वस्त्र; पछ्यौरा। ४. ढाक्ने कपड़ा; तन्ना।

प्रच्छादित–वि० [सं०] १. ढाकिएको; छोपिएको। २. लुकाएको; छिपाइएको।

प्रच्छेदन–ना० [सं०] काट्नु; टुक्र्याउनु।

प्रच्यव–ना० [सं०] १. चुहुनु; टप्कनु। २. खस्नु; गिर्नु। ३. नाश हुनु। ४. फर्केर आउनु।

प्रच्यवन–ना० [सं०] १. चुहुनु; गिर्नु। २. खस्नु; पतन। ३. पछि हट्नु।

प्रच्युत–वि० [सं०] १. खसेको; पतित। २. चुहेको; टप्केको; रसाएको। ३. निष्कासित।

प्रच्युति–ना० [सं०] १. आफ्ना स्थान वा पदबाट च्युत हुनु; पतन। २. हानि; नोक्सानी।

प्रजन–ना० [सं०] १. गर्भाधानका निमित्त पशुका भाले र पोथी मिसाउनु। २. ...न उत्पन्न गर्नु; जन्माउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

३. जन्म-दाता; जनक ।

प्रजनन–ना० [सं०] १. सन्तान उत्पन्न गर्नु; जन्माउनु । २. जन्म; उत्पत्ति । ३. गर्भाधानका निमित्त पोथी पशुसित भाले लाउनु ।

प्रजनयिता–वि० [सं०] १. जन्माउने; उत्पन्न गर्ने । (ना०) २. पिता; जनक ।

प्रजनिका–ना० [सं०] माता ।

प्रजल्प–ना० [सं०] बिनाकामको कुरो; गफ ।

प्रजल्पन–ना० [सं०] १. कुराकानी; वार्तालाप । २. गफ । ३. बकवाद ।

प्रजल्पित–वि० [सं०] १. भनिएको; कहिएको । २. गफ हाँकिएको । ३. बकवाद गरिएको ।

प्रजा–ना० [सं०] १. सन्तान; सन्तति । २. कुनै राजाद्वारा शासित जनता । ३. कुनै राज्य वा राष्ट्रमा रहेको जन-समूह; रैती । ४. प्राणी ।

प्रजागर–ना० [सं०] १. निद्रा नपर्नु; अनिद्रा । २. सचेत रहनु; सावधान हुनु; सतर्कता ।

प्रजागरण–ना० [सं०] १. जागा रहनु; जागरण । २. सचेत रहनु; सतर्कता ।

प्रजागरूक–वि० [सं०] १. जागा रहेको । २. सावधान ।

प्रजात–वि० [सं०] उत्पन्न; जन्मेको ।

प्रजा-तन्तु–ना० [सं०] १. सन्तान; सन्तति । २. कुल; वंश । ३. वंश-परम्परा ।

प्रजा-तन्त्र–ना० [सं०] प्रजा वा प्रजाका प्रतिनिधिहरूद्वारा चलाइने शासन-व्यवस्था; प्रजाका प्रतिनिधिहरूद्वारा चल्ने शासन-प्रणाली ।

प्रजा-तन्त्रवाद–ना० [सं०] प्रजा-तन्त्रको सिद्धान्त ।

प्रजा-तन्त्रवादी–ना० [सं०] प्रजा-तन्त्रवादको अनुयायी ।

प्रजा-तन्त्र-श्री-पद–ना० [सं०] स्वर्गीय श्री ५ महाराजाधिराज त्रिभुवन-वीर-विक्रम-शाह-देवको चित्र भएको, नेपालको एक राष्ट्रिय तक्मा । (यसका विशिष्ट दुइ र पहिलोदेखि चौथा दर्जासम्मका गरी जम्मा छ भेद हुन्छन् ।)

प्रजा-तन्त्रात्मक–वि० [सं०] प्रजा वा प्रजाका प्रतिनिधिहरूको सत्ता प्रधान भएको; प्रजा-सत्तात्मक (शासन-प्रणाली) ।

प्रजा-तन्त्रिक–वि० [सं०] प्रजा-तन्त्री ।

प्रजा-तन्त्री–वि० [सं०] प्रजातन्त्रको; प्रजा-तन्त्र-सम्बन्धी ।

प्रजा-तान्त्रिक–वि० [सं०] प्रजा-तन्त्रको; प्रजा-तन्त्र-सम्बन्धी; प्रजा-तन्त्री ।

प्रजा-पति–ना० [सं०] १. सृष्टिका रचयिता; सृष्टि-कर्ता; ब्रह्मा । २. दक्ष आदि ब्रह्माका दश पुत्र । ३. मनु । ४. सूर्य । ५. राजा । ६. पिता; जनक ।

प्रजा-पालक–ना० [सं०] प्रजाको भलो गर्ने राजा ।

प्रजावती–ना० [सं०] १. भाउजू । २. छोरा-छोरी भएकी स्त्री । ३. गर्भिणी ।

प्रजा-सत्ता–ना० [सं०] प्रजा-तन्त्र ।

प्रजा-सत्तात्मक–वि० [सं०] प्रजा-तन्त्रात्मक ।

प्रजीवन–ना० [सं०] जीविका ।

प्रज्ञ–वि० [सं०] १. बुद्धिमान्; मतिमान् । २. विद्वान्; पण्डित ।

प्रज्ञप्ति–ना० [सं०] १. जनाउ दिने काम; सूचना दिने काम । २. सूचना-पत्र; विज्ञप्ति । ३. सङ्केत; इशारा ।

प्रज्ञा–ना० [सं०] १. सबै कुरा बुझ्न सक्ने मानसिक शक्ति; बुद्धि; ज्ञान । २. विवेक । ३. सरस्वती ।

प्रज्ञा-चक्षु–ना० [सं०] १. मानसिक दृष्टि प्रबल भएको व्यक्ति; ज्ञान-चक्षु । (वि०) २. ठूलो विद्वान्; ज्ञानी । ३. अन्धो ।

प्रज्ञात–वि० [सं०] १. चिनिएको; जानिएको; परिचित । २. स्पष्ट; सफा । ३. प्रसिद्ध; विख्यात ।

प्रज्ञात्मा–वि० [सं०] परम बुद्धिमान् ।

प्रज्ञापक–वि० [सं०] सूचना दिने; सूचक ।

प्रज्ञापन–ना० [सं०] १. जनाउ दिनु; सूचित गर्नु । २. जनाउ; सूचना ।

प्रज्ञापन-पत्र–ना० [सं०] १. कुनै कुराको विवरणसहितको साधिकार जनाउ दिने पत्र । २. व्यापारीहरूले विदेशबाट माल झिकाउन त्यससम्बन्धमा चाहिनेजति सबै विवरण खुलाई सम्बन्धित सरकारी विभागमा दिइने औपचारिक पत्र ।

प्रज्ञा-पारमिता–ना० [सं०] बौद्ध-धर्मअनुसार सर्वज्ञता वा ज्ञान-पूर्णता ।

प्रज्ञावान्–वि० [सं०] चतुर; बुद्धिमान् ।

प्रज्ञा-वृद्ध–वि० [सं०] विशिष्ट बुद्धिमान्; आफ्ना बुद्धिले नै आदर पाउने ।

प्रज्ञा-शील–वि० [सं०] बुद्धिमान्; समझदार ।

प्रज्ञा-हीन–वि० [सं०] बुद्धि-हीन; मूर्ख ।

प्रज्वलन–ना० [सं०] राम्ररी बल्नु; दन्कनु; ज्वलन ।

प्रज्वलित–वि० [सं०] १. खूबसित बलेको; दन्केको; हुरहुरी बलेको । २. चम्किलो; तेजिलो ।

प्रण–ना० [सं० पण] दृढ निश्चय; प्रतिज्ञा ।

प्रणत–वि० [सं०] १. नुहेको; निहुरेको; विनीत । २. ढोग्न निहुरेको; प्रणाम गर्न झुकेको । ३. नम्र; विनयशील । ४. चतुर; निपुण । ५. शरणागत ।

प्रणत-पाल–ना० [सं०] दीन-दुःखी वा भक्तको रक्षा गर्ने व्यक्ति ।

प्रणत-पालक–ना० [सं०] प्रणत-पाल ।

प्रणति–ना० [सं०] १. झुक्ने क्रिया; निहुरनु । २. प्रणाम; नमस्कार । ३. नम्रता; विनय । ४. निवेदन; प्रार्थना ।

प्रणमन–ना० [सं०] १. झुक्नु; नुहुनु । २. प्रणाम गर्नु; ढोग दिनु ।

प्रणम्य–वि० [सं०] नमस्कार गर्न योग्य; प्रणाम गर्न योग्य ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रणय–ना० [सं०] १. प्रेमपूर्वक गरिएको प्रार्थना; प्रीति-युक्त निवेदन। २. प्रेम; प्रीति। ३. विश्वास; पत्यार। ४. श्रद्धा।

प्रणय-कलह–ना० [सं०] १. नायक र नायिकाको प्रेम-विषयक आपसी झगड़ा। २. नायक-नायिकाले प्रेमका विषयमा एक अर्कादेखि अप्रसन्न हुनु।

प्रणय-कोप–ना० [सं०] नायकप्रति नायिकाको बनावटी क्रोध।

प्रणयन–ना० [सं०] १. लैजानु; लानु। २. रचना; निर्माण। ३. लेख्नु।

प्रणय-भङ्ग–ना० [सं०] १. प्रेम टुट्नु; प्रीति भङ्ग हुनु। २. विश्वास-घात।

प्रणय-वचन–ना० [सं०] प्रेमपूर्ण वचन; मीठो बोली।

प्रणयिता–ना० [सं०] प्रणयी हुनाको भाव; अनुरक्ति।

प्रणयिनी–वि० [सं०] १. प्रेम गर्ने स्त्री; प्रेमिका। २. पत्नी; कान्ता।

प्रणयी–वि० [सं०] १. प्रेम गर्ने; अनुरागी। २. प्रणय-युक्त; प्रणय-शील। ३. चाहने; इच्छुक। (ना०) ४. प्रेम गर्ने व्यक्ति; प्रेमी। ५. लोग्ने; पति। ६. मित्र।

प्रणव–ना० [सं०] १. ॐ; ॐ-ध्वनि। २. परमेश्वर। ३. मृदङ्ग।

प्रणष्ट–वि० [सं०] बिलकुल नष्ट भएको; विनष्ट।

प्रणाद–ना० [सं०] १. ठूलो आवाज; कोलाहल। २. गर्जना। ३. खुशी हुँदा ठूलो स्वरले कराइने शब्द।

प्रणाम–ना० [सं०] १. झुक्नु; नुहुनु। २. निहुरेर नमस्कार गर्नु; दण्डवत्।

प्रणामाञ्जलि–ना० [सं०] दुइ हात जोरेर गरिने प्रणाम; कर-बद्ध प्रणाम।

प्रणामी–वि० [सं०] प्रणाम गर्ने; झुकेर नमस्कार गर्ने।

प्रणाल–ना० [सं०] १. पानी बग्ने डूँड़; नाली; कुलो; ढल। २. नली; पाइप। ३. परम्परा; प्रथा।

प्रणालिका–ना० [सं०] १. डूँड़; नली। २. अविच्छिन्न क्रम।

प्रणाली–ना० [सं०] १. पानी आउने वा जाने नली; पाइप; डूँड़। २. दुइ ठूलठूला जल-मार्गलाई जोड्ने सानो जल-स्रोत। ३. कुनै काम गर्ने उचित वा विधिपूर्वकको मार्ग वा साधन। ४. युक्ति; तरीका। ५. रीति; प्रथा। ६. पद्धति।

प्रणिधान–ना० [सं०] १. राख्नु; बिसाउनु। २. समाधि। ३. अत्यन्त ठूलो भक्ति। ४. मनको एकाग्रता; ध्यान। ५. ठूलो वा महान् प्रयत्न।

प्रणिधि–ना० [सं०] १. विशेष कार्यका निमित्त राज्यले पठाउने दूत। २. गुप्त रूपले काम गर्ने दूत; गुप्त-चर। ३. प्रार्थना; निवेदन। ४. मनको एकाग्रता। ५ तत्परता।

प्रणिनाद–ना० [सं०] ठूलो शब्द; घोर ध्वनि।

प्रणिपात–ना० [सं०] शिर झुकाएर नमस्कार गर्नु; प्रणाम गर्नु।

प्रणिहित–वि० [सं०] १. राखिएको; स्थापित। २. बुझाइएको; सुम्पिएको। ३. गुप्त रूपमा पत्ता लगाइएको।

प्रणीत–वि० [सं०] १. बनाइएको; निर्मित; रचित। २. पठाइएको; प्रेषित। ३. ल्याइएको। ४. फालिएको; फ्याँकिएको।

प्रणेजन–ना० [सं०] धुनु; पखाल्नु।

प्रणेता–ना० [सं०] १. बनाउने व्यक्ति; निर्माण गर्ने मानिस; रचयिता। २. बाटो देखाउने व्यक्ति; नेता। ३. पुस्तक लेख्ने व्यक्ति; लेखक; ग्रन्थ-कार। ४. कुनै सिद्धान्त वा मतको प्रवर्त्तक।

प्रणेय–वि० [सं०] १. लैजान योग्य; लान लायक। २. बाटो देखाउन योग्य।

प्रणोद–ना० [सं०] १. प्रेरित गर्नु। २. हाँक्नु। ३. सुझाउ दिनु।

प्रणोदित–वि० [सं०] १. प्रेरणा गरिएको; प्रेरित। २. हाँकिएको; सुझाउ दिइएको।

प्रतनु–वि० [सं०] १. सानो पातलो शरीर भएको; दुब्लो। २. सानो; सूक्ष्म।

प्रतप्त–वि० [सं०] १. खूब तातेको; सन्तप्त। २. सताइएको; पीडित।

प्रतान–ना० [सं०] लहराको नङ्ग्रो; अङ्कुर।

प्रताप–ना० [सं०] १. विरोधी वा शत्रुहरूलाई दबाउन सक्ने शक्ति; वीरता आदिको प्रभाव। २. राजाको प्रभुत्व-द्वारा उत्पन्न तेज। ३. पौरुष; वीरता।

प्रतापमल्ल–ना० [सं०] सत्रौँ शताब्दीमा काठमाड़ौँमा शासन गर्ने एक प्रसिद्ध राजा। (यिनी विद्या र कलामा रुचि लिन्थे। काठमाड़ौँको रानी-पोखरी यिनैलै बनाएका हुन्।)

प्रतापवान्–वि० [सं०] प्रताप भएको; प्रतापी।

प्रतापी–वि० [सं०] १. ठूलो प्रताप भएको; प्रतापवान्। २. दुःख दिने; सताउने।

प्रतारक–वि० [सं०] १. ठग; वञ्चक। २. धूर्त; चलाक।

प्रतारण–ना० [सं०] ठगी; वञ्चना।

प्रतारणा–ना० [सं०] ठगी; वञ्चना।

प्रतारित–वि० [सं०] ठगिएको; वञ्चित।

प्रति–ना० यो० [सं०] १. तिर; तर्फ। २. माथि; उपर। (क्रि० यो०) ३. सम्बन्धमा; विषयमा; निमित्त; बारे। ४. गोटा; थान; अदत। ५. पुस्तक-पुस्तिका वा समाचार-पत्रको सङ्ख्या। ६. प्रतिबिम्ब; छाया।

प्रति–उप० [सं०] शब्दका अगिल्तिर लागेर अनेक अर्थ बुझाउने एक उपसर्ग।

प्रतिकञ्चुक–ना० [सं०] विपक्षी; शत्रु।

प्रतिकर्तव्य–वि० [सं०] १. बदला तिर्ने योग्य (ऋण)। २. प्रतिकार गर्न योग्य।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिकर्ता–वि० [सं०] १. अपकारको बदला लिने; प्रतिशोध लिने । २. प्रतिकार गर्ने ।

प्रतिकर्म–ना० [सं०] बदला; प्रतिकार ।

प्रतिकार–ना० [सं०] १. बदला लिनु; साटो फेर्नु । २. अरूले गरेका अपकारको बदलामा गरिने अपकार; प्रत्यपकार । ३. चिकित्सा; उपचार । ४. जवाफ; उत्तर ।

प्रतिकारक–वि० [सं०] प्रतिकार गर्ने; प्रतिकारी ।

प्रतिकारी–वि० [सं०] प्रतिकार गर्ने।

प्रतिकार्य–वि० [सं०] १. तिर्न योग्य; प्रतिकर्तव्य (ऋण) । २. प्रतिकार गर्न योग्य ।

प्रतिकूल–वि० [सं०] १. अनुकूल नभएको; उल्टो; विपरीत; विरुद्ध । २. प्रतिपक्षी; विरोधी ।

प्रतिकूल-कारी–वि० [सं०] प्रतिकूल आचरण गर्ने; विरोधी।

प्रतिकूलता–ना० [प्रतिकूल+ता] प्रतिकूल हुनाको भाव; विपरीतता ।

प्रतिकूलत्व–ना० [सं०] प्रतिकूलता ।

प्रतिकृत–वि० [सं०] १. प्रतिकार वा प्रतिशोध गरिएको; साटो फेरिएको । (ना०) २. प्रतिकार; विरोध ।

प्रतिकृति–ना० [सं०] १. प्रतिमा; प्रतिमूर्ति । २. तस्वीर; चित्र । ३. प्रतिबिम्ब; छाया । ४. बदला; साटो; प्रतिकार ।

प्रतिकोप–ना० [सं०] विरोधीप्रतिको क्रोध ।

प्रतिक्रम–ना० [सं०] उल्टो क्रम; विपरीत क्रम ।

प्रतिक्रान्ति–ना० [सं०] क्रान्तिको विरुद्ध गरिएको क्रान्ति ।

प्रतिक्रान्तिकारी–वि० [सं०] प्रतिक्रान्ति गर्ने ।

प्रतिक्रान्तिवाद–ना० [सं०] क्रान्तिको विरुद्ध क्रान्ति गर्ने सिद्धान्त ।

प्रतिक्रान्तिवादी–वि० [सं०] प्रतिक्रान्ति गर्ने सिद्धान्तको; प्रतिक्रान्तिवादको अनुयायी ।

प्रतिक्रिया–ना० [सं०] १. प्रतिकार; बदला । २. कुनै घटना वा क्रिया हुँदा त्यसको फलस्वरूप हुने क्रिया वा भावना; कुनै कार्यको परिणामस्वरूप हुने कार्य वा उत्पन्न हुने भावना । ३. विरुद्ध वा विपरीततामा हुने कार्य; विरोध ।

प्रतिक्रियात्मक–वि० [सं०] प्रतिक्रियाको भावना भएको; प्रतिक्रिया-जनित ।

प्रतिक्रियावाद–ना० [सं०] भइरहेको कार्यमा सुधार वा परिवर्तन गर्न चाहने सिद्धान्त; प्रगति-शीलताको समर्थक वा विरोधी सिद्धान्त ।

प्रतिक्रियावादी–वि० [सं०] उन्नति, सुधार आदिको विरुद्ध वा विपरीत आचरण गर्ने सिद्धान्त भएको; प्रतिक्रियावादको अनुयायी ।

प्रतिक्रोध–ना० [सं०] क्रोधप्रति गरिने क्रोध; रिसाहामाथिको रीस ।

प्रतिक्षण–क्रि० यो० [सं०] प्रत्येक क्षणमा; हमेशा; निरन्तर।

प्रतिक्षिप्त–वि० [सं०] १. पठाइएको; प्रेषित । २. रोकिएको । ३. फालिएको । ४. निन्दित ।

प्रतिक्षेप–ना० [सं०] १. फयाँक्नु । २. रोक्नु । ३. तिरस्कार गर्नु ।

प्रतिख्यात–वि० [सं०] प्रख्यात; प्रसिद्ध ।

प्रतिख्याति–ना० [सं०] प्रसिद्धि; ख्याति ।

प्रतिगत–वि० [सं०] फर्केको; फिरेको ।

प्रतिगमन–ना० [सं०] फर्कनु; फिर्नु ।

प्रतिगर्जना–ना० [सं०] कसैको गर्जनाको उत्तरमा गरिएको गर्जना ।

प्रतिगर्हित–वि० [सं०] अति निन्दित ।

प्रतिगामी–वि० [सं०] १. प्रतिगमन गर्ने; फर्कने । २. उन्नतिको विपरीत आचरण गर्ने । ३. प्रतिक्रियावादी ।

प्रतिगृहीत–वि० [सं०] १. लिइएको; ग्रहण गरिएको । २. स्वीकृत । ३. विवाह भएको ।

प्रतिग्रह–ना० [सं०] १. लिनु; ग्रहण गर्नु । २. स्वीकार गर्नु । ३. दान लिनु । ४. उपहार; भेट । ५. दान । ६. विवाह ।

प्रतिग्रहण–ना० [सं०] १. दान लिनु; प्रतिग्रह गर्नु । २. स्वीकार गर्नु ।

प्रतिग्रही–वि० [सं०] १. दान लिने । २. स्वीकार गर्ने ।

प्रतिग्रहिता–वि० [सं०] प्रतिग्रही

प्रतिग्राह–ना० [सं०] १. दान लिनु । २. स्वीकार गर्नु ।

प्रतिग्राहक–वि० [सं०] प्रतिग्राही ।

प्रतिग्राही–वि० [सं०] प्रतिग्रही ।

प्रतिग्राह्य–वि० [सं०] १. ग्रहण गर्न योग्य; लिन लायक । २. स्वीकार गर्न योग्य ।

प्रतिघ–ना० [सं०] १. रोकावट; बाधा । २. रीस; क्रोध । ३. लड़ाईं; युद्ध ।

प्रतिघात–ना० [सं०] १. आघातका बदलामा हुने वा गरिने आघात । २. रोकावट; बाधा । ३. मार्नु; वध । ४. निवारण ।

प्रतिघातक–वि० [सं०] प्रतिघात गर्ने ।

प्रतिघातन–ना० [सं०] मार्नु; वध ।

प्रतिघाती–वि० [सं०] १. प्रतिघात गर्ने; प्रतिघातक । २. विरोध गर्ने; विरोधी । ३. प्रतिद्वन्द्वी । ४. बाधक ।

प्रतिचिन्तन–ना० [सं०] बार-बार विचार गर्नु; फेरि-फेरि सोच्नु ।

प्रतिच्छवि–ना० [सं०] १. प्रतिबिम्ब; छाया । २. तस्वीर; चित्र ।

प्रतिच्छाया–ना० [सं०] १. चित्र; तस्वीर । २. छाया; प्रतिबिम्ब । ३. प्रतिमा; मूर्ति ।

प्रतिज्ञा–ना० [सं०] १. कुनै काम गर्न वा नगर्न गरिएको दृढ निश्चय; कबूल; प्रण । २. किरिया; शपथ । ३. स्वीकृति; मन्जूरी ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिज्ञात–वि० [सं०] १. प्रतिज्ञा गरिएको; कबूल गरिएको। २. भनिएको। ३. स्वीकार गरिएको; स्वीकृत।

प्रतिज्ञा-पत्र–ना० [सं०] कुनै किसिमको प्रतिज्ञा लेखिएको कागत; कबूलियतनामा।

प्रतिज्ञा-पालन–ना० [सं०] गरेको प्रतिज्ञा पूरा गर्नु; कबूल पुऱ्याउनु।

प्रतिज्ञा-भङ्ग–ना० [सं०] प्रतिज्ञा पूरा नगर्नु; कबूल पूरा नगर्नु।

प्रतिदत्त–वि० [सं०] बदला दिइएको; सट्टा भर्ना दिइएको।

प्रतिदान–ना० [सं०] १. आफूले लिएको कुनै वस्तुका बदलामा अर्को वस्तु दिनु; सट्टा-भर्ना दिनु। २. धरौटी राखेको वस्तु फिर्ता दिनु।

प्रतिदिन–क्रि० यो० [सं०] दिनहुँ; हर रोज; प्रत्येक दिनमा।

प्रतिद्वन्द्व–ना० [सं०] १. दुइ समान व्यक्तिहरूको परस्परको विरोध वा झगड़ा। २. प्रतिद्वन्द्वीको पक्ष; विरोधी व्यक्ति।

प्रतिद्वन्द्विता–ना० [सं०] १. प्रतिद्वन्द्वी हुनाको भाव। २. दुइ समान व्यक्तिको विरोध वा झगड़ा; प्रतियोगिता।

प्रतिद्वन्द्वी–वि० [सं०] १. सामुन्ने आएर विरोध गर्ने; मुकाबिला गर्ने; प्रतिस्पर्धी। २. विपक्षी; विरोधी।

प्रतिध्वनन–ना० [सं०] प्रतिध्वनि हुनु।

प्रतिध्वनि–ना० [सं०] १. आफ्नो उत्पत्ति-स्थानबाट गएर अन्त कहीँ ठक्कर खाई फर्केर फेरि वहीँ सुनिने शब्द; प्रतिशब्द; घन्काइ। २. अर्काको भाव वा विचारलाई उस्तै किसिमले दोहोऱ्याउनु। ३. शब्दले व्याप्त हुनु; घन्कनु।

प्रतिध्वनित–वि० [सं०] प्रतिध्वनि निस्केको; घन्केको।

प्रतिध्वान–ना० [सं०] प्रतिध्वनि।

प्रतिनव–वि० [सं०] नयाँ; नवीन; नूतन।

प्रतिनाद–ना० [सं०] प्रतिध्वनि।

प्रतिनादित–वि० [सं०] प्रतिनाद निस्केको; प्रतिध्वनित।

प्रतिनायक–ना० [सं०] नाटक वा काव्यमा मुख्य नायकको प्रतिद्वन्द्वी नायक।

प्रतिनिधि–ना० [सं०] १. प्रतिमा; प्रतिमूर्ति। २. कुनै व्यक्तिले गर्नुपर्ने काम गर्न नियुक्त अर्को व्यक्ति; वारीस; स्थानापन्न व्यक्ति। ३. कुनै ठाउँ, वर्ग, समाज आदिले चुनेको वा विश्वास गरिएको नेतृत्व गर्ने व्यक्ति।

प्रतिनिधित्व–ना० [सं०] प्रतिनिधिको भाव वा काम।

प्रतिनिधि-पत्र–ना० [सं०] कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधिका रूपमा कुनै सभा, समाज आदिमा उपस्थित भएर काम गर्न लेखिदिएको अधिकार-पत्र; वारिसनामा।

प्रतिनिधि-सत्ता–ना० [सं०] प्रजाका प्रतिनिधिहरूको शासन।

प्रतिनिधि-सत्तात्मक–वि० [सं०] प्रजाका प्रतिनिधिहरूको सत्ता भएको (शासन-प्रणाली)।

प्रतिनिधि-सभा–ना० [सं०] प्रतिनिधि-सत्तात्मक राज्यमा जनताबाट रोजिएका प्रतिनिधिहरूको सभा; लोक-सभा।

प्रतिनियम–ना० [सं०] सामान्य नियम वा व्यवस्था।

प्रतिनियुक्त–वि० [सं०] प्रतिनिधि अथवा अधीनस्थ अधिकारीका रूपमा कसैलाई नियुक्त गरेको वा पठाएको।

प्रतिनियुक्ति–ना० [सं०] प्रतिनियुक्त गर्ने काम।

प्रतिनिविष्ट–वि० [सं०] दृढ भएको; जमेको।

प्रतिपक्ष–ना० [सं०] १. विरोधी पक्ष; विपक्ष। २. विरोधी; शत्रु। ३. प्रतिवादी।

प्रतिपक्षता–ना० [सं०] प्रतिपक्ष हुनाको भाव; विरोध।

प्रतिपक्षी–ना० [सं०] शत्रु; विपक्षी; विरोधी व्यक्ति।

प्रतिपत्ति–ना० [सं०] १. पाउनु; प्राप्त गर्नु; प्राप्ति। २. ज्ञान; बोध। ३. अनुमान; अड्कल। ४. प्रतिपादन; निरूपण। ५. मान्नु; स्वीकार गर्नु। ६. आदर; सम्मान। ७. कार्य-रूपमा परिणत गर्नु।

प्रतिपद्–ना० [सं०] प्रतिपदा; परेवा तिथि।

प्रतिपद–क्रि० यो० [सं०] पाइला-पाइलामा; हरेक पाइलामा; पद-पदमा।

प्रतिपदा–ना० [सं०] कृष्ण वा शुक्ल-पक्षको पहिलो तिथि; परेवा तिथि।

प्रतिपन्न–वि० [सं०] १. पाएको; प्राप्त। २. जानिएको; अवगत। ३. स्वीकार गरिएको; अङ्गीकृत। ४. प्रमाणित। ५. निश्चित। ६. भरिभराउ। ७. शरणागत।

प्रतिपादक–वि० [सं०] १. राम्ररी सम्झाउने; बुझाएर भन्ने; प्रतिपादन गर्ने। २. निरूपण गर्ने। ३. पूरा गर्ने। ४. समर्थन गर्ने; पुष्टि गर्ने।

प्रतिपादन–ना० [सं०] १. राम्रोसित बुझाएर कुनै कुरो भन्नु; बोध गराउनु। २. प्रमाणपूर्वक आफ्नो मतको समर्थन गर्नु; पुष्टि गर्नु। ३. दान। ४. पुरस्कार। ५. पूरा गर्नु।

प्रतिपादयिता–वि० [सं०] १. प्रतिपादन गर्ने; व्याख्या गर्ने। २. शिक्षा दिने। ३. सम्झाउने; बुझाउने। ४. दिने; दाता।

प्रतिपादित–वि० [सं०] १. दिइएको; प्रदत्त। २. खुलस्तसँग बुझाइएको; स्पष्टसँग भनिएको। ३. प्रमाणित; निरूपित।

प्रतिपाद्य–वि० [सं०] १. सम्झाउन योग्य; बुझाउन योग्य। २. निरूपण गर्न योग्य; प्रमाणित गर्न योग्य। ३. दिन योग्य; दातव्य। (ना०) ४. रेखा-गणितमा प्रमाणित गरिने कुनै सिद्धान्त।

प्रतिपाल–वि० [सं०] १. पालन-पोषण गर्ने व्यक्ति; पालक। (ना०) २. पालन-पोषण; प्रतिपालन।

प्रतिपालक–वि० [सं०] १. पालन गर्ने; पाल्ने; पालक। २. रक्षक।

प्रतिपालन–ना० [सं०] १. पालन गर्नु; पाल्ने क्रिया। २. रक्षा गर्नु।

प्रतिपालनीय–वि० [सं०] प्रतिपाल गर्न योग्य।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिपालित–वि० [सं०] १. पालिएको; प्रतिपाल गरिएको। २. रक्षा गरिएको; रक्षित।

प्रतिपाल्य–वि० [सं०] १. पाल्न योग्य; प्रतिपाल गर्न लायक। २. रक्षा गर्न योग्य; रक्षणीय।

प्रतिपीडन–ना० [सं०] पीडा दिनु; कष्ट दिनु।

प्रतिपुरुष–ना० [सं०] १. अर्काको स्थानापन्न भएर काम गर्ने व्यक्ति; प्रतिनिधि। २. साथी। ३. चोरले भित्तो फोरेर भित्र पस्नुभन्दा पहिले घरका मानिस विउँझै छन् कि, छैनन् भनी विचार गर्न पसाल्ने काठको मूर्ति। ४. प्रतिमा; मूर्ति।

प्रतिप्रणाम–ना० [सं०] प्रणामको उत्तरमा गरिने प्रणाम; ढोग फर्काउने काम।

प्रतिप्रदान–ना० [सं०] लिएको वस्तु फर्काउनु; फिर्ता दिनु।

प्रतिप्रस्थान–ना० [सं०] शत्रुको पक्षमा जानु; विरोधी पक्षमा मिल्नु।

प्रतिप्रहार–ना० [सं०] प्रहारको बदलामा गरिने प्रहार।

प्रतिफल–ना० [सं०] १. कसैसँग लिएका वस्तुको सट्टामा दिइने वस्तु; हर्जाना। २. गरिएको गुण वा अवगुणको अनुरूप शुभ वा अशुभ परिणाम। ३. प्रतिबिम्ब; छाया। ४. परिणाम; नतीजा।

प्रतिफलित–वि० [सं०] १. प्रतिबिम्बित। २. बदला लिइएको; प्रतिकृत।

प्रतिबद्ध–वि० [सं०] १. बाँधिएको; बन्धन लगाइएको। २. शर्त वा कबूल गराइएको। ३. प्रतिबन्ध लगाइएको।

प्रतिबन्ध–ना० [सं०] १. बाँध्ने क्रिया; बन्धन। २. रोक; रोकावट; अवरोध। ३. विघ्न; बाधा। ४. कुनै कुरो वा काममा लगाइएको शर्त।

प्रतिबन्धक–वि० [सं०] १. बाँध्ने। २. रोक्ने वा बाधा पुऱ्याउने; प्रतिबन्ध लगाउने। ३. हाँगो; शाखा।

प्रतिबल–वि० [सं०] १. समान बल भएको; जोड़ा। (ना०) २. शत्रु। ३. प्रतिद्वन्द्वी।

प्रतिबाधक–वि० [सं०] १. रोक्ने; बाधा पार्ने। २. सताउने; कष्ट दिने।

प्रतिबाधित–वि० [सं०] १. बाँधिएको; बाधित। २. सताइएको; पीडित। ३. हटाइएको; निवारण गरिएको।

प्रतिबाधी–वि० [सं०] १. रोक्ने; बाधा पुऱ्याउने। २. दुःख दिने; सताउने।

प्रतिबिम्ब–ना० [सं०] १. कुनै वस्तुमा प्रकाश पर्दा अर्कापट्टि पर्ने त्यसैका आकारको ओझेल; छाया। २. ऐना, पानी आदिमा देखिने व्यक्ति वा वस्तुको आकृति। ३. मूर्ति; प्रतिमा। ४. चित्र; तस्वीर। ५. ऐना; दर्पण।

प्रतिबिम्बक–वि० [सं०] १. प्रतिबिम्ब पार्ने। २. झझल्को लाउने। ३. छायाजस्तै पछि लाग्ने।

प्रतिबिम्बन–ना० [सं०] १. छाया पर्नु; प्रतिबिम्ब देखिनु। २. नकल गर्नु; अनुकरण।

प्रतिबिम्बवाद–ना० [सं०] १. प्राणीलाई ईश्वरको प्रतिबिम्ब मान्ने एक सिद्धान्त। २. कवि वा कलाकारले वस्तु-जगत्को प्रतिबिम्बमात्र उपस्थित गर्न सक्तछ अथवा गर्नुपर्दछ भन्ने सिद्धान्त।

प्रतिबिम्बित–वि० [सं०] छाया परेको; प्रतिबिम्ब परेको।

प्रतिबुद्ध–वि० [सं०] १. सचेत रहेको; जाग्रत। २. जानिएको; ज्ञात। ३. फुलेको; विकसित। ४. प्रसिद्ध; प्रख्यात।

प्रतिबोध–ना० [सं०] १. जाग्रत रहनु; जागरण। २. ज्ञान।

प्रतिबोधक–वि० [सं०] १. जाग्रत गराउने। २. ज्ञान गराउने; प्रबोधक।

प्रतिबोधन–ना० [सं०] १. जाग्रत गराउनु। २. ज्ञान गराउनु।

प्रतिबोधित–वि० [सं०] १. जाग्रत गराइएको। २. ज्ञान गराइएको; बोध गराइएको।

प्रतिबोधी–वि० [सं०] १. जाग्रत गराउने। २. ज्ञान दिने।

प्रतिभय–ना० [सं०] डर; भय।

प्रतिभा–ना० [सं०] १. बुद्धि; समझ। २. कुनै काम विशेष योग्यतापूर्वक गर्न सक्ने, मानिसको स्वाभाविक मानसिक शक्ति; नैसर्गिक बौद्धिक शक्ति। ३. प्रभा; चमक; दीप्ति। ४. अनुहार। ५. साहस।

प्रतिभावान्–वि० [सं०] प्रतिभा-शाली।

प्रतिभा-शाली–वि० [सं०] प्रतिभा भएको; प्रतिभा-युक्त।

प्रतिभाषा–ना० [सं०] उत्तर; जवाब।

प्रतिभास–ना० [सं०] १. प्रकाश। २. आभास; भान। ३. भ्रम। ४. मिथ्या ज्ञान।

प्रतिभू–ना० [सं०] जमानी वस्नु।

प्रतिभेद–ना० [सं०] १. विभाग गर्नु; विभाजन। २. रहस्य खोल्नु; भेद खोल्नु।

प्रतिभेदन–ना० [सं०] १. चिर्नु; फार्नु। २. विभाग गर्नु।

प्रतिमल्ल–ना० [सं०] १. कुश्ती खेल्ने पहलमानको जोड़ा। २. प्रतिद्वन्द्वी।

प्रतिमा–ना० [सं०] १. कसैको स्वरूपअनुसार बनाइएको मूर्ति; तस्वीर; अनुकृति। २. माटो, ढुङ्गो, काठ, धातु आदिको देवताको मूर्ति। ३. कुनै देवताको पूजाका निमित्त राखिने सुनको टुक्रो। ४. छाया; प्रतिबिम्ब। ५. कुनै मुख्य पदार्थ वा व्यक्तिको अभावमा त्यस्तै कुनै अर्को पदार्थ वा व्यक्तिको स्थापन वर्णन गर्दा हुने एक काव्यालङ्कार।

प्रतिमान–ना० [सं०] १. छाया; प्रतिबिम्ब। २ समानता; सादृश्य। ३. तौल। ४. प्रतिमा; मूर्ति। ५. नमूना। ६. आदर्श; उदाहरण; दृष्टान्त।

प्रतिमास–क्रि० यो० [सं०] हरेक महीनामा; महीनापिच्छे।

प्रतिमुख–ना० [सं०] १. नाटकका पाँच सन्धिमध्ये एक। २. मुखको छाया; चेहराको प्रतिबिम्ब। ३. उत्तर; जवाब। (वि०) ४. अघिल्तिर रहेको; सम्मुखको।

प्रतिमुद्रा–ना० [सं०] मुद्राको छाप।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिमूर्ति–ना० [सं०] १. कसैको अनुरूप जस्ताको-तस्तो बनेको मूर्ति; प्रतिमा। २. पत्थर, काठ, धातु आदिले बनेको देवताको मूर्ति। ३. एकै रूप वा अनुहारको वस्तु वा व्यक्ति।

प्रतिमोचन–ना० [सं०] बन्धनबाट मुक्त हुनु; मोचन।

प्रतियोग–ना० [सं०] १. परस्पर विरोधी पदार्थहरूको सम्बन्ध; विरोधको सम्बन्ध। २. विरोध; शत्रुता। ३. सामना; मुकाबिला।

प्रतियोगिता–ना० [सं०] १. कुनै काममा कसैलाई जित्ने प्रयत्न; प्रतिद्वन्द्विता; दाँजो। २. धेरै मानिसमा प्रत्येकले आफू सफल हुन गर्ने प्रयत्न।

प्रतियोगितात्मक–वि० [सं०] प्रतियोगिता-सम्बन्धी प्रतियोगिता-युक्त।

प्रतियोगिता-परीक्षा–ना० [सं०] कुनै काम वा पदमा नियुक्त गर्नाका लागि गरिने अनेक उम्मेदवारहरूको योग्यताको जाँच।

प्रतियोगी–ना० [सं०] १. वल वा योग्यतामा दाँजिन आउने व्यक्ति; प्रतिद्वन्द्वी। २. विरोधी व्यक्ति; शत्रु; वैरी। ३. बाधा दिने व्यक्ति; बाधक तत्त्व। (वि०) ४. बराबरीको; समान। ५. विरोधी।

प्रतियोधी–वि० [सं०] बराबरीमा लड्ने; प्रतिद्वन्द्वी।

प्रतियोद्धा–वि० [सं०] मुकाबिला गर्ने; प्रतिद्वन्द्वी।

प्रतिरक्षण–ना० [सं०] प्रतिरक्षा।

प्रतिरक्षा–ना० [सं०] कुनै किसिमको आक्रमण वा खराबीबाट आफू वा आफ्ना पक्षलाई बचाउने काम; प्रतिरक्षण।

प्रतिरथ–ना० [सं०] प्रतियोद्धा; प्रतिद्वन्द्वी।

प्रतिरम्भ–ना० [सं०] रीस; क्रोध।

प्रतिरुद्ध–वि० [सं०] १. रोकिएको; अवरुद्ध। २. बाधा पुऱ्याइएको; प्रतिबन्ध लगाइएको। ३. घेरिएको।

प्रतिरूप–ना० [सं०] १. कुनै व्यक्ति वा वस्तुसित रूप वा आकृतिमा मिल्ने अर्को व्यक्ति वा वस्तु। २. प्रतिमा; मूर्ति। ३. तस्वीर; चित्र; नकल। ४. नमूना।

प्रतिरूपक–ना० [सं०] १. प्रतिबिम्ब; छाया। २. मूर्ति; प्रतिमा। ३. चित्र; तस्वीर। ४. जाली वा कृत्रिम पत्र, सिक्का आदि।

प्रतिरोद्धा–वि० [सं०] प्रतिरोधक।

प्रतिरोध–ना० [सं०] १. रोक; रोकावट; बाधा। २. प्रतिबन्ध। ३. विरोध।

प्रतिरोधक–वि० [सं०] १. प्रतिरोध गर्ने; रोक्ने। (ना०) २. प्रतिरोध गर्ने व्यक्ति। ३. डाँकू।

प्रतिरोधन–ना० [सं०] प्रतिरोध हुने वा गर्ने क्रिया।

प्रतिरोधित–वि० [सं०] प्रतिरोध गरिएको।

प्रतिरोधी–वि० [सं०] प्रतिरोध गर्ने; प्रतिरोधक।

प्रतिलाभ–ना० [सं०] फेरि प्राप्त गर्नु।

प्रतिलिपि–ना० [सं०] कुनै लेख, तस्वीर आदि सारिएको नकल।

प्रतिलोम–वि० [सं०] १. उल्टो; विपरीत। २. जाति-विरुद्ध। ३. अधम; नीच। ४. बायाँ; प्रतिकूल।

प्रतिलोमज–वि० [सं०] भिन्न-भिन्न जातिका आमा-बाबुबाट जन्मेको; वर्ण-सङ्कर।

प्रतिवक्ता–वि० [सं०] उत्तर दिने; जवाफ दिने।

प्रतिवचन–ना० [सं०] १. जवाब; उत्तर। २. प्रतिध्वनि।

प्रतिवस्तु–ना० [सं०] १. रूप आदिमा अरू कुनै वस्तुसित मिल्ने अर्को वस्तु; सदृश वस्तु। २. कुनै वस्तुका बदलामा दिइने अर्को वस्तु। ३. उपमान।

प्रतिवस्तूपमा–ना० [सं०] उपमेय र उपमानको साधारण धर्म भिन्न-भिन्न वाक्यमा वर्णन गर्दा हुने एक काव्यालङ्कार।

प्रतिवाक्य–ना० [सं०] १. उत्तर; जवाफ। २. विरोधी वाक्य।

प्रतिवात–ना० [सं०] प्रतिकूल हावा।

प्रतिवाद–ना० [सं०] १. कसैको मत, कथन वा अभियोगलाई मिथ्या वा अयथार्थ सिद्ध गर्ने उत्तर; वादीका कुराको जवाफ। २. विरोध; खण्डन।

प्रतिवादिता–ना० [सं०] प्रतिवाद गर्ने भाव वा काम।

प्रतिवादी–ना० [सं०] १. प्रतिवाद गर्ने व्यक्ति; वादीका कुराका विरोधमा उत्तर दिने व्यक्ति; वादीको झगड़िया। २. खण्डन गर्ने व्यक्ति; विरोध गर्ने व्यक्ति। ३. वादीका कुराको जवाफ लेखिएको पत्र; प्रत्युत्तर पत्र। ४. विरोधी; शत्रु।

प्रतिविम्ब–ना० [सं०] प्रतिबिम्ब।

प्रतिविम्बक–ना० [सं०] प्रतिबिम्बक।

प्रतिविम्बन–ना० [सं०] प्रतिबिम्बन।

प्रतिविम्बवाद–ना० [सं०] प्रतिबिम्बवाद।

प्रतिविम्बित–वि० [सं] प्रतिबिम्बित।

प्रतिवेश–ना० [सं०] १. छिमेक। २. छिमेकी।

प्रतिवेशी–ना० [सं०] गाउँले; छिमेकी।

प्रतिवेश्म–ना० [सं०] आफ्ना घरवरि-परिका घर; छिमेकका घर।

प्रतिवेश्य–ना० [सं०] छिमेकी।

प्रतिशत–क्रि० यो० [सं०] हर-एक सयमा; सय-सयमा; सयकड़ा।

प्रतिशब्द–ना० [सं०] १. प्रतिध्वनि; घन्काइ। २. समान अर्थ बुझाउने अर्को शब्द; पर्याय। (क्रि० यो०) ३. शब्द-शब्दमा; प्रत्येक शब्दमा।

प्रतिशाप–ना० [सं०] शापको बदलामा दिइने शाप।

प्रतिशोध–ना० [सं०] कुनै कार्य वा कुरोको बदला लिनाका निमित्त गरिएको काम; साटो फेर्ने काम; प्रतिकार।

प्रतिश्याय–ना० [सं०] रुघा।

प्रतिश्रव–ना० [सं०] १. प्रतिज्ञा; कबूल। २. प्रतिध्वनि।

प्रतिश्रवण–ना० [सं०] १. सुन्नु; श्रवण। २. प्रतिज्ञा गर्नु; कबूल गर्नु।

प्रतिश्रुत–वि० [सं०] १. प्रतिज्ञा गरिएको; कबूल गरिएको। २. सुनिएको।

प्रतिश्रुति–ना० [सं०] १. प्रतिज्ञा; कबूल। २. प्रतिध्वनि।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिषेध–ना० [सं०] १. निषेध; मनाई। २. हटाउने काम; निवारण। ३. खण्डन। ४. विशेष अभिप्राय सूचित गरी कुनै प्रसिद्ध निषेध वा अन्तरको वर्णन गर्दा हुने एक अर्थालङ्कार। ५. चलिरहेको कुनै कारवाई अधिकारभन्दा बाहिरको भएमा सर्वोच्च-अदालतले मातहतका अड्डा-अदालत वा सम्बन्धित व्यक्तिहरूलाई सो कारवाई रोक्नाका निमित्त दिने आदेश।

प्रतिषेधक–वि० [सं०] प्रतिषेध गर्ने।

प्रतिष्ठ–वि० [सं०] प्रसिद्ध; प्रख्यात।

प्रतिष्ठा–ना० [सं०] १. राख्ने काम; स्थापन। २. मान-मर्यादा; मान-भाउ। ३. यश; कीर्ति। ४. इज्जत; आबरू। ५. आदर; सत्कार।

प्रतिष्ठान–ना० [सं०] स्थापना गर्नु; थाप्नु।

प्रतिष्ठा-पत्र–ना० [सं०] कसैको आदर-सम्मान वा प्रतिष्ठा सूचित गर्नाका निमित्त दिइने पत्र; सम्मान-पत्र।

प्रतिष्ठापन–ना० [सं०] १. स्थापित गर्ने काम; थाप्ने काम। २. देव-प्रतिमा आदि स्थापना गर्ने काम।

प्रतिष्ठापित–वि० [सं०] प्रतिष्ठापन गरिएको।

प्रतिष्ठावान्–वि० [सं०] १. प्रतिष्ठा भएको; मान-मर्यादा भएको; इज्जतदार। २. गौरव-शाली।

प्रतिष्ठित–वि० [सं०] १. प्रतिष्ठा भएको; इज्जतदार; प्रतिष्ठावान्। २. स्थापना गरिएको; स्थापित। ३. प्रसिद्ध; विख्यात।

प्रतिसंवत्सर–क्रि० यो० [सं०] प्रतिवर्ष; हरेक साल।

प्रतिसंविद्–वि० [सं०] कुनै विषयको साङ्गोपाङ्ग ज्ञान।

प्रतिसंस्कार–ना० [सं०] मरम्मत; जीर्णोद्धार।

प्रतिसंहरण–ना० [सं०] १. दिइएको कुनै आज्ञा वा वस्तु फिर्ता लिनु। २. खारेजी।

प्रतिसंहार–ना० [सं०] १. फिर्ता लिनु। २. ह्रास; न्यूनता।

प्रतिसन्देश–ना० [सं०] समाचारको उत्तरमा दिइएको समाचार।

प्रतिसन्धान–ना० [सं०] १. जोड्नु; मिलाउनु। २. खोज; अनुसन्धान। ३ धनुमा बाण चढ़ाउनु। ४. प्रशंसा। ५. आत्म-संयम।

प्रतिस्पर्द्धा–ना० [सं०] होड़; प्रतियोगिता; प्रतिद्वन्द्विता।

प्रतिस्पर्द्धी–ना० [सं०] प्रतिस्पर्द्धा गर्ने व्यक्ति; प्रतिद्वन्द्वी।

प्रतिस्पर्धा–ना० [सं०] प्रतिस्पर्द्धा।

प्रतिस्पर्धी–ना० [सं०] प्रतिस्पर्द्धी।

प्रतिहत–वि० [सं०] १. रोकिएको; अवरुद्ध। २. ठक्कर लागेको; चोट खाएको। ३. हटाइएको।

प्रतिहनन–ना० [सं०] प्रहारको बदलामा गरिएको प्रहार।

प्रतिहस्त–ना० [सं०] वारिस; प्रतिनिधि।

प्रतिहार–ना० [सं०] १. ढोके; द्वार-पाल। २. चोबदार। ३. ढोका; द्वार।

प्रतिहारी–ना० [सं०] १. द्वार-पालको काम गर्ने स्त्री; ढोके स्त्री। २. द्वार-पाल।

प्रतिहिंसा–ना० [सं०] १. हिंसाका बदलामा गरिने हिंसा। २. मनमा हिंसाको भाव लिएर शत्रुताको बदला लिनु।

प्रतीक–वि० [सं०] १. चिह्न; लक्षण; निशाना। २. मुख; चेहरा। ३. आकृति; स्वरूप। ४. मूर्ति; प्रतिमा। ५. कसैको बदलामा काम लिनाका निम्ति राखिएको वस्तु; प्रतिरूप। ६. कुनै मन्त्र वा वाक्यको पूर्ण अर्थ बोध गराउने पहिलो शब्द। (वि०) ७. प्रतिकूल; विरुद्ध। ८. उल्टो; विलोम।

प्रतीकार–ना० [सं०] प्रतिकार।

प्रतीक्ष–वि० [सं०] प्रतीक्षक।

प्रतीक्षक–वि० [सं०] प्रतीक्षा गर्ने; बाटो हेर्ने।

प्रतीक्षण–ना० [सं०] प्रतीक्षा गर्नु; पर्खनु।

प्रतीक्षा–ना० [सं०] १. कुनै व्यक्ति अथवा समय आउने वा कुनै घटना हुने आशामा बस्नु; कुन काम हुने वा कुनै मानिस आउने आशामा रहनु; पर्खनु; बाटो हेर्नु। २. पूजा; सम्मान।

प्रतीक्षित–वि० [सं०] १. प्रतीक्षा गरिएको; पर्खिएको। २. विचार गरिएको; सोचिएको।

प्रतीक्ष्य–वि० [सं०] १. प्रतीक्षा गर्न योग्य; पर्खन लायक। २. सोच-विचार गर्न लायक। ३. माननीय; पूज्य।

प्रतीची–ना० [सं०] पश्चिम दिशा।

प्रतीचीन–वि० [सं०] १. पश्चिम दिशाको; पश्चिमी; पाश्चात्य। २. पछिको; भविष्यको।

प्रतीच्य–वि० [सं०] पश्चिमको; पश्चिमी।

प्रतीत–वि० [सं०] १. जानिएको; ज्ञात; विदित। २. विश्वास गरिएको; विश्वस्त। ३. मनमा धारणा वा निश्चय गरिएको। ४. सिद्ध; साबित। ५. प्रसन्न। ६. सम्मानित। ७. प्रसिद्ध।

प्रतीति–ना० [सं०] १. ज्ञान; बोध। २. मनमा लागेको धारणा वा विश्वास। ३. आदर। ४. आनन्द; प्रसन्नता। ५. प्रसिद्धि।

प्रतीप–वि० [सं०] १. प्रतिकूल; विरुद्ध। २. उल्टो; विपरीत। ३. विमुख। (ना०) ४. प्रसिद्ध उपमानलाई उपमेय बनाएर वा उपमानलाई उपमेयद्वारा निरादर गराएर वर्णन गर्दा हुने एक अर्थालङ्कार।

प्रतीयमान–वि० [सं०] १. वास्तविक नभए पनि वास्तविक-जस्तो भान पर्ने (रूप); झझल्को लाग्ने; प्रतीत हुने। २. व्यञ्जनाद्वारा प्रकट हुने (अर्थ)।

प्रतोली–ना० [सं०] शहरका बीचको ठूलो सड़क; मूल सड़क।

प्रत्त–वि० [सं०] दिइएको; प्रदत्त।

प्रत्न–वि० [सं०] १. पुरानो; प्राचीन। २. परम्परागत।

प्रत्न-तत्त्व–ना० [सं०] पुरातत्त्व।

प्रत्यक्ष–वि० [सं०] १. आँखाअगिल्तिरको; आँखाले देखिने। २. इन्द्रियद्वारा थाहा पाइने। ३. स्पष्ट; खुलस्त; साफ। ४. नियम, परिपाटी आदिका विचारले सोझो; घुमाउरो

CC-0. In Public Domain. Digitization by eGangotri

नभएको। (ना०) ५. न्याय-शास्त्रअनुसार इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने ज्ञान; चार प्रकारका प्रमाण-मध्ये एक। (ना० यो०) ६. आँखाको अगिल्तिर; सामुन्ने। (क्रि० यो०) ७. स्पष्टसँग; साफ-साफ।

प्रत्यक्ष-ज्ञान–ना० [सं०] इन्द्रिय र विषयको सन्निकर्षबाट हुने ज्ञान।

प्रत्यक्षतः–क्रि० [यो० सं०] प्रत्यक्ष रूपले; प्रत्यक्ष रूपमा; प्रत्यक्ष नै।

प्रत्यक्षतया–क्रि० यो० [सं] प्रत्यक्षतः।

प्रत्यक्षता–ना० [सं०] प्रत्यक्ष हुनाको भाव।

प्रत्यक्षत्व–ना० [सं०] प्रत्यक्ष हुनाको भाव; प्रत्यक्षता।

प्रत्यक्ष-दर्शन–ना० [सं०] साक्षात् आफ्नै आँखाले कुनै घटना वा वस्तु देख्नु।

प्रत्यक्ष-दर्शी–वि० [सं०] १. आफ्नै आँखाले कुनै घटना देख्ने। (ना०) २. साक्षी; गवाही।

प्रत्यक्ष-दृष्ट–वि० [सं०] प्रत्यक्ष रूपमा देखिएको; आफ्नै आँखाले देखेको।

प्रत्यक्ष-प्रमाण–ना० [सं०] आफ्नै आँखाले देखेको प्रमाण; प्रत्यक्ष देखिएको सबूत।

प्रत्यक्षवाद–ना० [सं०] केवल प्रत्यक्ष वा दृश्य कुरोलाई प्रामाणिक वा वास्तविक मानी त्यसको मूल अदृश्य वा अज्ञात कारणको वास्ता नराख्ने एक दार्शनिक सिद्धान्त।

प्रत्यक्षवादी–वि० [सं०] प्रत्यक्षवादको अनुयायी।

प्रत्यक्ष-शासन–ना० [सं०] १. संसद्, मन्त्रि-मण्डल अथवा शासन-प्रणालीका त्यस्तै अन्य अङ्ग-प्रत्यङ्गका माध्यमद्वारा शासन नगरी राष्ट्रको सर्वोच्च सत्ताले स्वयमेव शासन गर्नु। २. राजा, राष्ट्र-पति वा केन्द्रीय सरकारले राष्ट्र वा कुनै प्रदेशको शासन स्वयं सोझै गर्नु।

प्रत्यक्ष-सिद्ध–वि० [सं०] प्रत्यक्ष-प्रमाणद्वारा सिद्ध भएको।

प्रत्यक्षी–वि० [सं०] कुनै कुरो वा घटना खास आफ्नै आँखाले देख्ने; प्रत्यक्ष देख्ने; प्रत्यक्ष-दर्शी।

प्रत्यक्षीकरण–ना० [सं०] कुनै वस्तु वा विषयको प्रत्यक्ष-ज्ञान गर्ने काम; साक्षात्कार गर्ने क्रिया।

प्रत्यक्षीकृत–वि० [सं०] प्रत्यक्ष-ज्ञान गरिएको; साक्षात्कार गरिएको; आफ्नै आँखाले देखिएको।

प्रत्यक्षीभूत–वि० [सं०] प्रत्यक्ष भइसकेको।

प्रत्यग्र–वि० [सं०] १. नयाँ; नूतन। २. ताजा। ३. शुद्ध।

प्रत्यङ्ग–ना० [सं०] १. शरीरको कुनै गौण अङ्ग; शरीरका साना-तिना अङ्ग। २. अध्याय; परिच्छेद।

प्रत्यङ्मुख–वि० [सं०] पश्चिमतिर फर्केको।

प्रत्यञ्चा–ना० [सं० प्रत्यञ्च] धनुको डोरी; ताँदो; परिन्जो।

प्रत्यञ्चित–वि० [सं०] सम्मानित; पूजित।

प्रत्यनन्तर–वि० [सं०] १. नजीकमा रहेको; निकट-वर्ती। २. कसैका स्थान वा पदमा त्यसका पछि नियुक्त हुने (व्यक्ति); रोलवाला; उत्तराधिकारी।

प्रत्यनीक–ना० [सं०] १. शत्रु; दुश्मन। २. विरोधी; प्रतिपक्षी। ३. शत्रुको केही खराबी वा हानि गर्न नसक्दा त्यसका पक्षकाको अपकार गरेको वर्णन गर्दा हुने एक अर्थालङ्कार। (वि०) ४. विपक्षी; विरोधी।

प्रत्यन्त–वि० [सं०] १. नजीकको; समीपको। (ना०) २. सीमा।

प्रत्यपकार–ना० [सं०] अपकारका बदलामा गरिएको अपकार।

प्रत्यभिज्ञा–ना० [सं०] १. पहिले देखेका वस्तु, व्यक्ति आदि-लाई पछि फेरि देख्ता तीसित सम्बन्धित अघिका वस्तु वा घटनाको स्मरण; स्मृतिको सहायताबाट उत्पन्न हुने ज्ञान। २. जीवात्मा र परमात्मा–दुवैको अभेदको ज्ञान।

प्रत्यभिज्ञात–वि० [सं०] १. चिनिएको; परिचित। २. प्रत्यभिज्ञा भएको।

प्रत्यभिज्ञान–ना० [सं०] १. चिह्ना-जानी; परिचय। २. पहिले देखेको व्यक्ति वा त्यसैसमान वस्तुलाई देख्दा पहिले देखेका व्यक्ति वा वस्तुलाई सम्झनु।

प्रत्यभियुक्त–वि० [सं०] अभियोग लगाएका बदलामा अभियोग लगाइएको; प्रत्यभियोग लगाइएको।

प्रत्यभियोग–ना० [सं०] अभियोगका बदलामा लगाइएको अभियोग; अभियुक्त वा प्रतिवादीले वादीलाई लगाएको अभियोग।

प्रत्यभिवाद–ना० [सं०] १. प्रणाम गर्नेलाई दिइने आशीर्वाद। २. प्रणामको बदलामा गरिएको प्रणाम।

प्रत्यभिवादन–ना० [सं०] प्रत्यभिवाद।

प्रत्यय–ना० [सं०] १. विश्वास; प्रतीति। २. सबूत; प्रमाण। ३. कुनै धातु वा मूल शब्दको अन्तमा लागेर विशेष अर्थ जनाउने शब्द। (उदा०–रातो+पन=रातोपन, बही+दार=बहीदार, कलम+दान=कलम-दान, नर+त्व=नरत्व, दूध+आलु=दुधालु इत्या०।) ४. बुद्धि; समझ। ५. चिह्न; लक्षण।

प्रत्यर्थी–ना० [सं०] १. शत्रु; वैरी। २. प्रतिवादी; विपक्षी।

प्रत्यर्पण–ना० [सं०] लिएको वस्तु फिर्ता दिनु।

प्रत्यर्पित–वि० [सं०] फिर्ता गरिएको; फर्काइएको।

प्रत्यवाय–ना० [सं०] १. घट्नु; ह्रास। २. बाधा। ३. सन्ध्या, उपासना आदि विहित नित्य-कर्म नगर्नाले हुने पाप। ४. दुष्कृत; पाप। ५. विरोध। ६. अपकार; हानि।

प्रत्यवायी–वि० [सं०] १. शास्त्र-विहित सन्ध्या, उपासना आदि नित्य-कर्म नगर्ने। २. पापी; दुष्कर्मी।

प्रत्यवेक्षण–ना० [सं०] कुनै कुराको देख-रेख गर्नु; निरीक्षण।

प्रत्याख्यात–वि० [सं०] १. मन्जूर नगरिएको; अस्वीकृत। २. खण्डन गरिएको। ३. मनाई गरिएको; निषिद्ध।

प्रत्याख्यान–ना० [सं०] १. नामन्जूरी; अस्वीकृति। २. कुनै सिद्धान्त वा विषयको खण्डन; निराकरण। ३. उपेक्षा। ४. विरोध।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यागत–वि० [सं०] फर्केर आएको; फिरेको।

प्रत्यागम–ना० [सं०] फर्केर आउनु; प्रत्यागमन।

प्रत्यागमन–ना० [सं०] फर्केर आउने काम; फिर्ता आउने काम।

प्रत्याघात–ना० [सं०] आघातको बदलामा गरिने आघात।

प्रत्यादेश–ना० [सं०] १. आज्ञा; आदेश। २. लज्जित पार्नु। ३. खण्डन; निराकरण। ४. नामन्जूरी; अस्वीकृति। ५. माथिल्ला तहका अधिकारीले दिएको कुनै आदेशलाई मध्य-वर्ती अधिकारीले पुनः आफ्ना तल्ला तहका अधिकारीलाई दिएको आदेश।

प्रत्यानयन–ना० [सं०] कसैलाई दिएको वस्तु फर्काएर ल्याउनु; फिर्ता लिनु।

प्रत्यानीत–वि० [सं०] फर्काएर ल्याइएको; फिर्ता लिइएको।

प्रत्यालीढ–ना० [सं०] बायाँ गोड़ो अगाड़ि र दायाँ गोड़ो पछाड़ि पारी वाण हान्ने एक आसन।

प्रत्यावर्तन–ना० [सं०] फर्केर आउनु; प्रत्यागमन।

प्रत्यासङ्ग–ना० [सं०] संयोग; सम्बन्ध।

प्रत्यासत्ति–ना० [सं०] १. नजीक हुनाको भाव; निकटता। २. निकटताको सम्बन्ध।

प्रत्यासन्न–वि० [सं०] १. नजीकको; समीपमा रहेको; निकट-वर्ती। २. सम्बद्ध।

प्रत्यासन्न-मरण–वि० [सं०] मर्न लागेको; प्राण जान आँटेको।

प्रत्याहत–वि० [सं०] १. हटाइएको; दूर गरिएको। २. नामन्जूर गरिएको; अस्वीकृत।

प्रत्याहार–ना० [सं०] १. इन्द्रियहरूलाई विषय-वासनाबाट हटाएर चित्त एकाग्र गर्ने एक साधना; योगका आठ अङ्ग-मध्ये एक; इन्द्रिय-निग्रह। २. प्रतिकार। ३. पछाड़ि घिच्च्याउनु।

प्रत्याहृत–वि० [सं०] १. पछिल्तिर तानिएको; पछाड़ि-पट्टि घिच्च्याइएको। २. रोकिएको।

प्रत्युक्त–वि० [सं०] उत्तर दिइएको; जवाब दिइएको।

प्रत्युक्ति–ना० [सं०] जवाफ; उत्तर।

प्रत्युच्चार–ना० [सं०] दोहोऱ्याएर भन्नु; पुनरुक्ति।

प्रत्युच्चारण–ना० [सं०] फेरि भन्नु; दोहोऱ्याएर भन्नु; पुनरुक्ति।

प्रत्युज्जीवन–ना० [सं०] फेरि बाँचेर आउनु; पुनः बौरनु; पुनर्जीवन प्राप्त हुनु।

प्रत्युत–क्रि० यो० [सं०] १. त्यसको उल्टो; बरु; वरन्। २. तर; किन्तु; परन्तु।

प्रत्युत्तर–ना० [सं०] जवाब आएपछि दिइएको जवाब; उत्तरको उत्तर।

प्रत्युत्थान–ना० [सं०] १. मान्य वा पूज्य व्यक्ति आउँदा सम्मानका निमित्त उठ्नु; अभ्युत्थान। २. कसैका विरोधमा उठ्नु; विरोध गर्न तयार हुनु। ३. लड़ाईं गर्न तयार हुनु।

प्रत्युत्थित–वि० [सं०] १. कुनै मान्य व्यक्तिको आगमनमा सम्मान प्रकट गर्न उठेको। २. कुनै शत्रुको सामना गर्न तयार भएको।

प्रत्युत्पन्न–वि० [सं०] १. फेरि उत्पन्न भएको। २. तत्काल उत्पन्न भएको। ३. ठीक समयमा उपस्थित हुने।

प्रत्युत्पन्न-मति–वि० [सं०] १. मौकामा वा तत्काल युक्ति-सङ्गत उत्तर वा उपाय गर्न सक्ने बुद्धि भएको; प्रतिभा-शाली; तीक्ष्ण बुद्धि भएको। २. साहसी।

प्रत्युद्गत–वि० [सं०] सम्मान्य अतिथि आउँदा सम्मान गर्न उठेर गएको।

प्रत्युद्गम–ना० [सं०] प्रत्युद्गमन।

प्रत्युद्गमन–ना० [सं०] कुनै मान्य व्यक्ति आउँदा आफ्ना आसनबाट उठेर गई स्वागत गर्नु।

प्रत्युपकार–ना० [सं०] उपकारका बदलामा गरिएको उपकार।

प्रत्युपकारी–वि० [सं०] अर्काले गरेका उपकारका बदलामा उपकार गर्ने; प्रत्युपकार गर्ने।

प्रत्युपलब्ध–वि० [सं०] फेरि पाइएको; पुनः उपलब्ध भएको।

प्रत्युष–ना० [सं०] बिहानको समय; उषःकाल।

प्रत्यूष–ना० [सं०] १. प्रभात; उषःकाल। २. सूर्य। ४. आठ वसुहरूमध्ये एक।

प्रत्यूह–ना० [सं०] विघ्न; बाधा।

प्रत्येक–वि० [सं०] दुइ वा दुइभन्दा बढ़ी वस्तु वा व्यक्ति-हरूमा एक-एक; हर-एक; प्रतिव्यक्ति वा प्रतिवस्तु।

प्रथम–वि० [सं०] १. गणनाका क्रममा सबभन्दा पहिले आउने; पहिलो। २. सबभन्दा असल; सर्व-श्रेष्ठ। ३. ४. प्रधान; मुख्य। (क्रि० यो०) ५. पहिले; अगाड़ि।

प्रथम-कल्प–ना० [सं०] १. गर्न लायक सबभन्दा उत्तम उपाय। २. मुख्य नियम।

प्रथम-कारक–ना० [सं०] पहिलो कारक; कर्तृकारक।

प्रथमज–वि० [सं०] पहिले जन्मेको; जेठो; अग्रज।

प्रथमतः–क्रि० यो० [सं०] सबभन्दा पहिले; पहिले-पहिले।

प्रथमतया–क्रि० यो० [सं०] प्रथमतः।

प्रथम-पुरुष–ना० [सं०] व्याकरणअनुसार कुनै काम गर्ने वा बोल्ने व्यक्तिलाई सूचित गर्ने नाम वा सर्वनाम शब्द।

प्रथम-वय–ना० [सं०] बाल्यावस्था।

प्रथमा–ना० [सं०] व्याकरणमा कर्तृकारक।

प्रथमार्द्ध–ना० [सं०] दुइ समान भागमा पहिलो आधा भाग; पूर्वार्द्ध।

प्रथमार्ध–ना० [सं०] प्रथमार्द्ध।

प्रथमाश्रम–ना० [सं०] ब्रह्मचर्याश्रम।

प्रथा–ना० [सं०] १. प्रसिद्धि; ख्याति। २. धेरै दिनदेखि वा परम्परादेखि चलिआएको रीति; परम्परागत परिपाटी; चलन।

प्रथित–वि० [सं०] १. प्रसिद्ध; विख्यात। २. फैलिएको; विस्तृत।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रथितालुकी–ना० [सं०] रातो-सक्खर-खण्ड ।
प्रथिमा–ना० [सं०] ठूलो हुनाको भाव; स्थूलता ।
प्रद–वि० [सं०] अरू शब्दका पछि लागेर दिने अर्थ बुझाउने शब्द । (उदा०—सुखप्रद, हर्षप्रद आदि ।)
प्रदक्षिण–ना० [सं०] प्रदक्षिणा ।
प्रदक्षिणा–ना० [सं०] १. भक्तिपूर्वक कुनै देव-मूर्तिलाई दाहिने पारेर चारैतिर घुम्नु; परिक्रमा । २. कुनै वस्तु वा व्यक्तिका चारैतिर घुम्नु ।
प्रदग्ध–वि० [सं०] खूब डढ़ेको; खाक भएको ।
प्रदत्त–वि० [सं०] दिइएको ।
प्रदर–ना० [सं०] १. गर्भाशयबाट लेस्याइलो तरल पदार्थ निस्कने स्त्रीहरूको एक रोग । २. चिरिनु; फाट्नु ।
प्रदर्शक–वि० [सं०] १. देखाउने; प्रदर्शन गराउने । २. देख्ने; दर्शक । ३. बताउने ।
प्रदर्शन–ना० [सं०] १. देखाउने काम; देखाउनु । २. सिकाउनु । ३. जनताको सहानुभूति प्राप्त गर्न वा सरकारको दृष्टि आकर्षित गर्न सामूहिक रूपमा कुनै विषयमा जुलूस, नारा आदिद्वारा असन्तोष वा आफ्नो विचार प्रकट गर्नु ।
प्रदर्शनी–ना० [सं०] जन-साधारणलाई देखाउनाका निमित्त विभिन्न प्रकारका वस्तुहरू सुसज्जित पारी राखेको ठाउँ; विभिन्न प्रकारका वस्तुहरू प्रदर्शित गर्ने ठाउँ ।
प्रदर्शित–वि० [सं०] १. देखाइएको; प्रदर्शन गरिएको । २. बताइएको; जनाइएको ।
प्रदर्शिनी–ना० [सं०] प्रदर्शनी ।
प्रदर्शी–वि० [सं०] १. देखाउने; दर्शन गराउने । २. देख्ने; दर्शक ।
प्रदान–ना० [सं०] दिने काम; दान ।
प्रदीप–ना० [सं०] १. बत्ती; दीपक । २. कुनै विषय स्पष्ट गर्ने ग्रन्थ । ३. कुनै वंश वा कुलको नाम राख्ने वा त्यसलाई उज्ज्वल पार्ने व्यक्ति ।
प्रदीपक–वि० [सं०] १. उज्यालो पार्ने; प्रकाशित पार्ने । २. स्पष्ट गर्ने । (ना०) ३. बत्ती ।
प्रदीपन–ना० [सं०] १. उज्यालो पार्ने काम; प्रकाशित पार्नु । २. उत्तेजित गर्नु । ३. पाँच-पाँच कुना परेका पहेँला र हरिया रङ्ग मिसिएका पात, राता फूल, खैरा कन्द हुने र रातो दूध निस्कने, हिमालयको लेकमा पाइने एक जातको बिषालु बूटी ।
प्रदीपिका–ना० [सं०] १. सानो बत्ती । २. अर्थ वा विषय स्पष्ट गर्ने सानो पुस्तिका ।
प्रदीप्त–वि० [सं०] १. बलेको; दीप्त । २. प्रकाश-युक्त । प्रकाशमान । ३. उत्तेजित ।
प्रदीप्त-मान्यवर-नेपाल-तारा–ना० [सं०] दोस्रो दर्जाको नेपाल-ताराको तक्मा ।
प्रदीप्ति–ना० [सं०] १. प्रकाश; दीप्ति । २. चमक; प्रभा ।
प्रदूषण–ना० [सं०] दोष-युक्त पार्नु; दूषित गर्नु ।
प्रदेय–वि० [सं०] १. दिन योग्य; दान गर्न लायक । २. उपहार; नजराना ।
प्रदेश–ना० [सं०] १. भाषा, रीति, आबहवा, प्रशासन आदिको दृष्टिले छुट्ट्याइएको, देशको एक ठूलो भाग; प्रान्त । २. ठाउँ; स्थान । ३. अङ्ग; अवयव । ४. कुनै भू-भाग ।
प्रदेशन–ना० [सं०] १. देखाउने काम; निदश । २. परामर्श; सल्लाह ।
प्रदेशित–वि० [सं०] १. देखाइएको; दर्शित । २. बताइएको ।
प्रदेशिनी–ना० [सं०] चोर-औंलो; तर्जनी ।
प्रदेशीय–वि० [सं०] प्रदेशको; प्रान्तको; प्रान्त-सम्बन्धी ।
प्रदेष्टा–वि० [सं०] प्रदेशन गर्ने; निर्देशक ।
प्रदोष–ना० [सं०] १. सूर्य अस्ताउने समय; सन्ध्या-काल । २. प्रत्येक पक्षका त्रयोदशीका दिन उपवास बसेर सन्ध्याकालमा शिवको पूजा गर्ने एक व्रत । ३. ठूलो दोष । ४. रातको पहिलो प्रहर ।
प्रदोह–ना० [सं०] दूध दुहुनु ।
प्रद्युम्न–ना० [सं०] १. कामदेव । २. कृष्णका जेठा छोरा ।
प्रद्योत–ना० [सं०] १. किरण; रश्मि । २. चमक; दीप्ति ।
प्रद्योतन–ना० [सं०] १. चम्कनु; प्रकाशमान हुनु । २. दीप्ति; प्रभा ।
प्रधन–ना० [सं०] लड़ाईं; युद्ध ।
प्रधान–वि० [सं०] १. सबभन्दा ठूलो; सर्व-श्रेष्ठ; मुख्य । २. मुखिया; ठालु । (ना०) ३. सचिव; मन्त्री । ४. कुनै संस्था वा विभागको मुख्य अधिकारी; अध्यक्ष । ५. नेवार-जातिको एक थर ।
प्रधान-कार्यालय–ना० [सं०] सरकार वा कुनै सङ्घटनका शाखाहरूको सञ्चालन गर्ने मुख्य कार्यालय; केन्द्रीय कार्यालय ।
प्रधान-धातु–ना० [सं०] शुक्र; वीर्य ।
प्रधानतः–क्रि० यो० [सं०] प्रधान रूपमा; मुख्यतः ।
प्रधानतया–क्रि० यो० [सं०] प्रधानतः ।
प्रधानता–ना० [सं०] प्रधान हुनाको भाव ।
प्रधान-मन्त्री–ना० [सं०] कुनै राष्ट्रको सबभन्दा ठूलो मन्त्री; मन्त्रि-मण्डलको अध्यक्ष ।
प्रधानाङ्ग–ना० [सं०] १. शरीर वा अरू वस्तुको मुख्य अङ्ग । २. कुनै राज्यको प्रधान अधिकारी । ३. नेवार-जातिको एक थर ।
प्रधानाध्यापक–ना० [सं०] कुनै स्कूल वा पाठ-शालाको मुख्य अध्यापक ।
प्रधानामात्य–ना० [सं०] मुख्य अमात्य; प्रधान-मन्त्री । मुख्य-मन्त्री ।
प्रध्वंस–ना० [सं०] विनाश; विध्वंस ।
प्रध्वंसन–ना० [सं०] प्रध्वंस गर्ने क्रिया वा भाव ।
प्रनप्ता–ना० [सं०] पनाति; नातिको छोरो ।
प्रनष्ठ–वि० [सं०] १. नाश भएको; विनष्ट । २. हराएको;

CC-0. In Public Domain. Digitization by eGangotri

लुप्त।

प्रपञ्च–ना० [सं०] १. संसारको जञ्जाल; भव-चक्र। २. विस्तार; फैलावट। ३. झेल-बखेड़ा। ४. आडम्बर; ढोँग। ५. झोँज; झमेला। ६. छल; कपट। ७. प्रबन्ध; बन्दोबस्त।

प्रपञ्ची–वि० [सं०] १. प्रपञ्च रच्ने; ढोँगी; आडम्बरी। २. छली; कपटी। ३. धेरै झोँज भएको।

प्रपन्न–वि० [सं०] १. आइपुगेको। २. शरणमा आएको; शरणागत।

प्रपा–ना० [सं०] १. पानी पियाउने ठाउँ; पौशाला। २. पनेरो; कूवा।

पात–ना० [सं०] १. कुनै वस्तु ठाड़ै तल खस्ने अग्लो ठाउँ; पहिराको शिखरभाग। २. झरना; निर्झर। ३. किनारा; तट। ४. खस्नु; गिर्नु।

प्रपा-पालिका–ना० [सं०] पौशाला चलाउने स्त्री।

प्रपितामह–ना० [सं०] १. बाजे वा बज्यैका बाबु; बूढ़ा-बाजे। २. पर-ब्रह्म।

प्रपितामही–ना० [सं०] आमा वा बाबुकी बज्यै; बूढ़ी-बज्यै।

प्रपीडक–वि० [सं०] पीडा दिने; पीडक।

प्रपीडन–ना० [सं०] पीडा दिने काम; सताउनु।

प्रपूरण–ना० [सं०] पूरा गर्ने काम।

प्रपौण्डरीक–ना० [सं०] गुन-केसरीं फूल।

प्रपौत्र–ना० [सं०] नातिको छोरो; पनाति।

प्रपौत्री–ना० [सं०] नातिकी छोरी; पनातिनी।

प्रफुल्ल–वि० [सं०] १. फुलेको; विकसित। २. फूल लागेको; फूल भएको। ३. खुशी भएको; प्रसन्न।

प्रफुल्ल-वदन–वि० [सं०] हँसिलो मुख भएको; हँस-मुख।

प्रफुल्लित–वि० [सं०] प्रफुल्ल।

प्रबन्ध–ना० [सं०] १. कुनै काम ठीकसित गर्ने व्यवस्था; इन्तिजाम; बन्दोबस्त। २. आयोजना। ३. गद्य अथवा पद्यमा लेखिएको सिद्धान्त-प्रधान लेख।

प्रबन्धक–वि० [सं०] प्रबन्ध वा बन्दोबस्त गर्ने; प्रबन्ध-कर्ता।

प्रबन्ध-कर्ता–वि० [सं०] प्रबन्ध गर्ने; बन्दोबस्त गर्ने; प्रबन्धक।

प्रबन्ध-कल्पना–ना० [सं०] केही सत्य र केही काल्पनिक कुराहरू मिलाई लेखिएको रचना; कथा।

प्रबन्ध-कारिणी–वि० [सं०] कुनै सभा, समाज वा आयोजनको सबै प्रबन्ध मिलाउने (समिति)।

प्रबल–वि० [सं०] १. खूब बलियो; बलिष्ठ। २. प्रचण्ड। उग्र। ३. घोर; भयङ्कर।

प्रबल-गोरखा-दक्षिण-बाहु–ना० [सं०] तेस्रो श्रेणीको गोरखा-दक्षिण-बाहुको तक्मा।

प्रबल्लिका–ना० [सं०] पहेली; प्रहेलिका।

प्रबाल–ना० [सं०] १. पालुवा; पल्लव। २. मूगा। ३. वीणाको दण्ड।

प्रबुद्ध–वि० [सं०] १. सचेत; जाग्रत। २. बिउँझेको; होशमा रहेको। ३. राम्ररी बुझेको। ४. ज्ञानी। ५. फुलेको; विकसित।

प्रबोध–ना० [सं०] १. यथार्थ ज्ञान; तत्त्व-ज्ञान। २. सचेत हुनु; जागरण। ३. बिउँझनु; निद्रा खुल्नु। ४. फुल्नु; विकसित हुनु।

प्रबोधक–वि० [सं०] १. जाग्रत गराउने; सचेत पार्ने। २. बिउँझाउने। ३. ज्ञान दिने।

प्रबोधन–ना० [सं०] प्रबोध।

प्रबोधनी–ना० [सं०] प्रबोधिनी।

प्रबोधित–वि० [सं०] प्रबुद्ध गरिएको।

प्रबोधिनी–ना० [सं०] कार्तिक शुक्ल-पक्षको एकादशी।

प्रभञ्जन–ना० [सं०] १. बिगार्नु; नाश गर्नु। २. बेगसित चलेको हावा; आँधी।

प्रभव–ना० [सं०] १. उत्पत्ति; जन्म। २. उत्पत्तिको कारण। ३. साठी संवत्सरमध्ये एक। ४. सृष्टि; संसार।

प्रभा–ना० [सं०] १. आभा; चमक; दीप्ति। २. किरण; तेज।

प्रभाकर–ना० [सं०] १. सूर्य। २. चन्द्रमा।

प्रभात–ना० [सं०] बिहानको समय; प्रातःकाल।

प्रभात-फेरी ना० [सं० प्रभात+फिर्] कुनै कुरोको प्रचार गर्न वा उत्सव मनाउन एका-बिहानै दल बाँधेर नारा लगाउँदै वा गाना-बजाना गर्दै घुम्नु।

प्रभाती–ना० [सं०] बिहानी-पखका समयमा गाइने एक प्रकारको गीत।

प्रभा-मण्डल–ना० [सं०] १. देवता वा दिव्य पुरुषहरूका मुखका वा शरीरका चारैतिर हुने प्रकाशको घेरो; बिम्ब। २. तेज-पुञ्जका वरि-परिको मण्डल; प्रकाश-मण्डल।

प्रभाव–ना० [सं०] १. कुनै क्रिया वा घटनाबाट वस्तु, कुरा आदिमा हुने परिणाम; असर। २. कुनै व्यक्तिको शक्ति, सम्मान, अधिकार, पराक्रम आदिबाट अरू व्यक्ति, घटना, कामहरूमा हुने परिणाम। ३. सामर्थ्य; शक्ति। ४. प्रादुर्भाव; उत्पत्ति।

प्रभाववान्–वि० [सं०] १. प्रभाव भएको; शक्ति-शाली। २. प्रतापी।

प्रभाव-शाली–वि० [सं०] प्रभाव भएको; प्रभाववान्।

प्रभावान्–वि० [सं०] प्रभा भएको; दीप्ति-युक्त।

प्रभावान्वित–वि० [सं०] प्रभाव परेको; प्रभावित।

प्रभावित–वि० [सं०] प्रभाव परेको; असर परेको।

प्रभावी–वि० [सं०] प्रभाव भएको; प्रभाववान्।

प्रभास–ना० [सं०] १. प्रकाश; दीप्ति; ज्योति। २. हिन्दू-हरूको एक तीर्थ; सोम-तीर्थ।

प्रभास्वर–वि० [सं०] खूब तेजिलो; दीप्ति-युक्त।

प्रभु–ना० [सं०] १. मालिक; स्वामी। २. ईश्वर; परमात्मा। ३. शासक। ४. सर्वोच्च अधिकारी। ५. विष्णु। ६. शिव। ७. राजा, स्वामी वा श्रेष्ठ पुरुषलाई

CC-0. In Public Domain. Digitization by eGangotri

गरिने एक सम्बोधन।
प्रभुता–ना० [सं०] प्रभुत्व।
प्रभुत्व–ना० [सं०] १. प्रभुको भाव। २. अधिकार; स्वामित्व। ३. महत्त्व; गौरव। ४. वैभव; ऐश्वर्य।
प्रभु-भक्त–वि० [सं०] स्वामीको सच्चा सेवक; ईश्वरको भक्त।
प्रभु-भक्ति–ना० [सं०] ईश्वर वा मालिकउपरको भक्ति।
प्रभु-शक्ति–ना० [सं०] १. कोश र सेनाको बल। २. पूर्ण-प्रभुत्व; परम सत्ता। ३. प्रभु-सत्ता।
प्रभु-सत्ता–ना० [सं०] आफ्नो कार्य-क्षेत्रमा पूर्ण स्वतन्त्र भएको, देश, राज्य, आदिको सर्वोच्च सत्ता वा अधिकार; प्रभु-शक्ति।
प्रभूत–वि०[सं०] १. भइसकेको; भूत। २. उत्पन्न। ३. ज्यादा; प्रशस्त; अधिक।
प्रभृति–क्रि० यो० [सं०] १. इत्यादि; हरू; आदि। २. लगायत; समेत।
प्रभेद–ना० [सं०] १. भेद; भिन्नता। २. अन्तर; फरक।
प्रभ्रंश–ना० [सं०] खस्नु; गिर्नु।
प्रभ्रष्ट–वि० [सं०] १. खसेको; गिरेको। २. टुक्रिएको; खण्डित।
प्रमत्त–वि० [सं०] १. नशा लागेको; मात लागेको। २. बहुलाएको; पागल भएको; विक्षिप्त। ३. असावधान; प्रमाद-युक्त। ४. घमन्डले फुलेको।
प्रमत्तता–ना० [सं०] प्रमत्त हुनाको भाव।
प्रमथन–ना० [सं०] १. मथ्ने काम; मथन। २. हत्या; वध। ३. नाश।
प्रमथित–वि० [सं०] राम्ररीम थिएको।
प्रमद–वि० [सं०] १. अधिक मद भएको; मद-मत्त। २. उग्र; प्रचण्ड। ३. असावधान। (ना०) ४. आनन्द; प्रसन्नता।
प्रमद-कानन–ना० [सं०] रानीका साथ राजाले विहार गर्ने उपवन।
प्रमदा–ना० [सं०] सुन्दरी स्त्री; रूपवती युवती।
प्रमा–ना० [सं०] १. यथार्थ ज्ञान। २. नापो; मान।
प्रमाङ्गी–ना० [परमाङ्गी] परमाङ्गी।
प्रमाण–ना० [सं०] १. कुनै कुरो सिद्ध गर्ने वस्तु वा कथन; सबूत; दसी। (प्रमाण चार प्रकारका छन्–प्रत्यक्ष, अनुमान, शब्द र उपमान।) २. कुनै वस्तुको यथार्थ ज्ञान हुने साधन। ३. परिमाण; मात्रा। ४. प्रमाणद्वारा कुनै कुरो प्रत्यक्ष सिद्ध गर्दा हुने एक अर्थालङ्कार। ५. सत्यता; यथार्थता।
प्रमाणतः–क्रि० यो० [सं०] प्रमाणअनुसार; प्रमाणको निमित्त; प्रमाणलाई।
प्रमाण-पत्र–ना० [सं०] १. कुनै कुरोको प्रमाण मानिने पत्र वा लेख। २. कुनै परीक्षामा उत्तीर्ण भएको प्रमाणस्वरूप दिइने पत्र; सर्टिफिकेट।
प्रमाणभूत–वि० [सं०] कुनै कुरोको प्रमाण मानिएको।
प्रमाणिक–वि० [सं०] प्रामाणिक।
प्रमाणित–वि० [सं०] प्रमाणद्वारा सिद्ध भएको; प्रमाण-सिद्ध।
प्रमाता–ना० [सं०] १. प्रमाको ज्ञान भएको व्यक्ति। २. आत्मा वा चेतन। ३. साक्षी; गवाही।
प्रमातामह–ना० [सं०] आमाका बाजे।
प्रमातामही–ना० [सं०] आमाकी बज्यै।
प्रमाथ–ना० [सं०] १. मथ्ने काम; मथन। २. बलपूर्वक हरण गर्नु; बलात्कार। ३. अत्याचार; उत्पीडन। ४. वध; हत्या।
प्रमाथी–वि० [सं०] १. मथ्ने; मथन गर्ने। २. बलपूर्वक हरण गर्ने; बलात्कार गर्ने। ३. सताउने; पीडक। ४. मार्ने; हत्यारो।
प्रमाद–ना० [सं०] १. अकर्तव्यलाई कर्तव्य र कर्तव्यलाई अकर्तव्य सम्झेर गरिएको काम। २. भूल; चूक। ३. भ्रम; भ्रान्ति। ४. मद; नशा। ५. उन्माद; बहुलट्टी। ६. घमन्ड।
प्रमादवान्–वि० [सं०] प्रमाद गर्ने; प्रमादी।
प्रमादी–वि० [सं०] १. प्रमाद गर्ने; प्रमादवान्। २. उन्मत्त; विक्षिप्त।
प्रमापक–वि० [सं०] १. प्रमाणित गर्ने। २. नाप्ने; जोख्ने।
प्रमार्जक–वि० [सं०] १. धुने; पखाल्ने। २. पुछ्ने; मेट्ने। ३. बढ़ार्ने।
प्रमार्जन–ना० [सं०] १. राम्ररी धुनु; खूब सफा गर्नु। २. पुछ्नु; मेट्नु। ३. बढ़ार्नु।
प्रमित–वि० [सं०] १. यथार्थ ज्ञान भएको। २. थोरै; अल्प। ३. नापिएको। ४. प्रमाणद्वारा सिद्ध गरिएको; प्रमाणित।
प्रमिति–ना० [सं०] १. कुनै प्रमाणद्वारा प्राप्त यथार्थ ज्ञान; प्रमा। २. माप; नाप।
प्रमीलन–ना० [सं०] १. आँखा बन्द गर्नु। २. उँघ्नु।
प्रमीला–ना० [सं०] १. ऊँघ; तन्द्रा। २. शिथिलता; क्लान्ति।
प्रमीलित–वि० [सं०] उँघेको; तन्द्रामा परेको।
प्रमुख–वि० [सं०] १. पहिलो; प्रथम। २. मुख्य; प्रधान। ३. सम्मान्य; प्रतिष्ठित। (ना०) ४. सम्मान्य व्यक्ति। ५. समूह।
प्रमुख-सचिव–ना० [सं०] सरकार वा प्रशासन-सम्बन्धी विभागको प्रधान-सचिव; प्रिन्सिपल-सेक्रेटरी।
प्रमुग्ध–वि०[सं०] १. मूर्च्छा परेको; अचेत। २. हत-बुद्धि। ३. अति सुन्दर।
प्रमुद्–वि० [सं०] १. खुशी भएको; हर्षित। (ना०) २. ठूलो हर्ष।
प्रमुदित–वि० [सं०] ज्यादै खुशी भएको; अति प्रसन्न।
प्रमुदित-हृदय–वि० [सं०] आन्तरिक प्रसन्नता भएको; चित्त प्रसन्न भएको।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रमृष्ट–वि० [सं०] १. धोइएको; सफा गरिएको। २. पुछिएको; माझिएको।

प्रमेय–वि० [सं०] १. प्रमाणको विषय भएको। २. प्रमा वा यथार्थ ज्ञान गर्न योग्य। ३. कुनै प्रमाणद्वारा यथार्थ ज्ञान हुन सक्ने। ४. नाप्न सकिने।

प्रमेह–ना० [सं०] पिसाबसँग मिसिएर वा त्यसै पनि शुक्र बगिरहने एक रोग।

प्रमेही–वि० [सं०] प्रमेह रोग लागेको।

प्रमोद–ना० [सं०] १. हर्ष; सुख; आनन्द। २. एक संवत्सर।

प्रमोद-वन–ना० [सं०] मनोरञ्जन गर्ने बगैँचा; क्रीडा-कानन।

प्रमोदित–वि० [सं०] प्रमोद-युक्त; प्रसन्न।

प्रमोदी–वि० [सं०] प्रसन्न पार्ने; हर्षित गराउने।

प्रमोशन–ना० [अं०] उन्नति; तरक्की।

प्रमोह–ना० [सं०] १. मोह; मूर्च्छा। २. मूर्खता।

प्रमोहन–ना० [सं०] १. मोह पार्नु; मोहनी लाउनु। २. मूर्च्छा पार्नु; बेहोश तुल्याउनु।

प्रमोहित–वि० [सं०] १. मोहमा पारिएको। २. मूर्च्छित तुल्याइएको।

प्रम्लान–वि० [सं०] १. ओइलाएको; म्लान। २. निन्याउरो; अँध्यारो।

प्रयत–वि० [सं०] १. इन्द्रियहरूलाई वशमा राखेको। २. तपस्याले पवित्र भएको। ३. प्रयत्न-शील। ४. नम्र। ५. सावधान।

प्रयतात्मा–वि० [सं०] इन्द्रियहरूलाई जितेको; जितेन्द्रिय।

प्रयत्न–ना० [सं०] १. कुनै काम वा उद्देश्य सिद्ध गर्नाका निमित्त गरिने उद्योग; प्रयास; कोशिश। २. व्याकरण-अनुसार वर्णहरूको उच्चारण गर्नमा सहायता गर्ने श्वास, जिब्रो, कण्ठ आदिको व्यापार।

प्रयत्नवान्–वि० [सं०] प्रयत्न गर्ने; प्रयत्न-शील।

प्रयत्न-शील–वि० [सं०] प्रयत्न गर्ने; कोशिशमा लागेको; प्रयत्नवान्।

प्रयाग–ना० [सं०] गङ्गा र यमुनाको सङ्गम भएको, भारत-स्थित हिन्दूहरूको एक मुख्य तीर्थ; तीर्थ-राज।

प्रयाण–ना० [सं०] १. एक ठाउँबाट अर्को ठाउँमा जानु; प्रस्थान; यात्रा। २. युद्धका निमित्त गरिएको प्रस्थान; चढ़ाइ। ३. शुरू; आरम्भ। ४. यस लोकबाट बिदा हुनु; मर्नु। ५. जनावरको पिठिउँ।

प्रयाण-काल–ना० [सं०] १. प्रस्थान गर्ने समय। २. मृत्युको समय।

प्रयात–वि० [सं०] १. प्रस्थान गरेको; प्रस्थित। २. गएको; गत। ३. मरेको; मृत। (ना०) ४. रातीको युद्ध। ५. पहाड़ वा चट्टानको उच्च किनारा; प्रपात।

प्रयास–ना० [सं०] १. प्रयत्न; कोशिश। २. श्रम; आयास।

प्रयासी–वि० [सं०] प्रयास गर्ने; प्रयत्न-शील।

प्रयुक्त–वि० [सं०] १. प्रयोग गरिएको; उपयोगमा ल्याइएको। २. जोतिएको; नारिएको। ३. कुनै काममा लगाइएको। ४. मिलाइएको।

प्रयोक्ता–वि० [सं०] १. प्रयोग गर्ने; उपयोग गर्ने। २. कुनै काममा लगाउने; प्रेरक।

प्रयोग–ना० [सं०] १. कुनै वस्तु काममा लगाउनु; उपयोग; व्यवहार। २. नीति, नियम, सिद्धान्त आदि सक्रिय पार्नु। ३. कुनै किसिमको शस्त्र-अस्त्र चलाउनु। ४. मारण, मोहन, उच्चाटन, वशीकरण आदिका निमित्त मन्त्रको उपयोग गर्नु। ५. दृष्टान्त; उदाहरण। ६. शुरू; आरम्भ।

प्रयोग-विधि–ना० [सं०] कुनै वस्तु, नीति आदिको प्रयोग गर्ने विधि।

प्रयोजक–वि० [सं०] १. प्रयोग गर्ने; काममा लगाउने; प्रेरक। (ना०) २. प्रयोग गर्ने व्यक्ति; प्रयोग-कर्ता। ३. जोड्ने व्यक्ति; मिलाउने व्यक्ति। ४. प्रेरणा दिने व्यक्ति।

प्रयोजन–ना० [सं०] १. प्रवृत्तिको कारणभूत अभिप्राय; उद्देश्य; आवश्यकता। २. अर्थ; मतलब; काम। ३. कारण; हेतु। ४. उपयोग; व्यवहार।

प्रयोजनवती-लक्षणा–ना० [सं०] साहित्यमा कुनै विशिष्ट प्रयोजन-सिद्धिका निमित्त वाच्यार्थदेखि भिन्न अर्थ निस्कने लक्षणा।

प्रयोजनीय–वि० [सं०] प्रयोजन भएको; उपयोगी; जरूरत भएको; आवश्यक।

प्रयोज्य–वि० [सं०] प्रयोग गर्न योग्य; काममा लगाउन लायक।

प्ररूढ–वि० [सं०] १. उम्रेको; उत्पन्न। २. खूब बढ़ेको। ३. तलसम्म पुगेको (जरा)।

प्ररोह–ना० [सं०] १. अङ्कुर; टुसो। २. नयाँ पात वा हाँगो। ३. चढ्ने काम; आरोह। ४. उम्रनु; उत्पन्न हुनु।

प्रलपन–ना० [सं०] १. कुराकानी; वार्तालाप। २. बकवाद; प्रलाप।

प्रलपित–वि० [सं०] १. भनिएको; कथित। २. निवेदन गरिएको। ३. प्रलाप गरिएको।

प्रलम्ब–वि० [सं०] १. झुन्डिएको; लट्केको। २. अति लामो। (ना०) ३. झुन्डिने काम; लट्काइ। ४. हाँगो; शाखा। ५. बलरामले मारेको एक राक्षस।

प्रलम्बन–ना० [सं०] झुन्डिनु; लट्कनु।

प्रलम्ब-बाहु–वि० [सं०] लामा-लामा हात हुने; आजानु-बाहु।

प्रलम्बित–वि० [सं०] झुन्डिएको; लट्केको।

प्रलम्बी–वि० [सं०] १. झुन्डिने; लट्कने। २. सहारा लिने।

प्रलम्भ–ना० [सं०] १. लाभ; उपलब्धि। २. छल; धोखा।

प्रलम्भन–ना० [सं०] धोखा; छल-कपट।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रलय–ना० [सं०] १. लय हुनु; विलीन हुनु। २. संसारमा देखिने नाना रूपहरू प्रकृतिमा लीन हुनु; सृष्टिको सर्वनाश हुनु। ३. विनाश; विध्वंस। ४. मृत्यु।
प्रलय-कर–वि० [सं०] प्रलय गर्ने; प्रलयङ्कर।
प्रलय-कारी–वि० [सं०] प्रलय गर्ने; प्रलयङ्कर।
प्रलय-काल–ना० [सं०] संसारको सृष्टिको नाश हुने समय।
प्रलयङ्कर–वि० [सं०] प्रलय गर्ने; प्रलय-कारी।
प्रलाप–ना० [सं०] १. बहुलाको जस्तो व्यर्थको कुरो; बकवाद; निरर्थक कथन। २. दुःख प्रकट गरी रुनु; विलाप। ३. ज्वरको आवेगमा जथाभाबी बोल्नु; बेहोशीमा मनपरी भन्नु।
प्रलापक–वि० [सं०] प्रलाप गर्ने; बकवादी।
प्रलापी–वि० [सं०] प्रलाप गर्ने; बकवादी।
प्रलुब्ध–वि० [सं०] प्रलोभित।
प्रलेप–ना० [सं०] १. घाउ-खटिरामा मलहम लगाउनु; लेप। २. घाउ-खटिरामा लगाउने मलहम। ३. मुख वा शरीरमा घस्ने गीलो पदार्थ।
प्रलेपन–ना० [सं०] १. घाउ-खटिरामा मलहम लगाउने काम। २. लेप लगाउनु। ३. लिप्नु; पोत्नु।
प्रलेहन–ना० [सं०] चाट्नु; जिभ्रो लगाएर खानु।
प्रलोभ–ना० [सं०] १. अधिक लोभ; लालच। २. लोभ्याउनु; प्रलोभन।
प्रलोभक–वि० [सं०] लोभ्याउने; प्रलोभन देखाउने।
प्रलोभन–ना० [सं०] १. लोभ्याउने काम; लालच देखाउने काम। २. लोभ्याउने वस्तु।
प्रलोभित–वि० [सं०] लोभिएको; प्रलोभनमा परेको; प्रलुब्ध।
प्रलोभी–वि० [सं०] लोभी; लालची; प्रलोभनमा पर्ने।
प्रवक्ता–वि० [सं०] १. राम्ररी बोध गराएर भन्ने; वक्ता; प्रवचन दिने। (ना०) २. कुनै संस्था वा सङ्गठनका तर्फबाट आधिकारिक रूपमा कुनै कुरो भन्ने व्यक्ति।
प्रवचन–ना० [सं०] १. राम्ररी सम्झाएर भन्नु; अर्थ बुझाएर भन्नु। २. वेद, पुराण आदिको उपदेश गर्नु। ३. धार्मिक, नैतिक आदि विषयमा गरिने भाषण; व्याख्यान।
प्रवचनीय–वि० [सं०] प्रवचन गर्ने योग्य।
प्रवञ्चक–वि० [सं०] ठग; धूर्त; धोखेबाज।
प्रवञ्चन–ना० [सं०] ठग्नु; ठगी गर्नु; धोखा दिनु।
प्रवञ्चना–ना० [सं०] ठगी; धोखेबाजी; धूर्तता।
प्रवञ्चित–वि० [सं०] ठगिएको; धोखा दिइएको।
प्रवर–वि० [सं०] १. मुख्य; प्रधान; श्रेष्ठ। २. जेठो; ज्येष्ठ। (ना०) ३. आह्वान; पुकार। ४. वंश; कुल। ५. गोत्र-प्रवर्तक ऋषि। ६. सन्तान।
प्रवर-समिति–ना० [सं०] संसद्मा उपस्थित कुनै विधेयक, प्रस्ताव आदिमा विचार गरी त्यसमा आवश्यक संशोधन आदि गरेर फेरि संसद्मा पेश गर्ने संसद्द्वारा नियुक्त वा निर्वाचित संसद्का सदस्यहरूको समिति।
प्रवर्तक–वि० [सं०] १. कुनै काममा लगाउने; प्रवृत्त गर्ने। २. शुरू गर्ने; आरम्भ गर्ने। ३. कुनै काम चलाउने; जारी राख्ने। ४. आविष्कार गर्ने। (ना०) ५. नाटकमा सूत्रधार-द्वारा वर्तमान कथाको वर्णन र पात्रहरूको प्रवेश देखाइने प्रस्तावनाको एक भेद।
प्रवर्तन–ना० [सं०] १. कसैलाई कुनै काममा लगाउनु; प्रवृत्त गर्नु। २. शुरू गर्नु; थाल्नु। ३. कुनै काम चलाउनु; जारी राख्नु।
प्रवर्द्धन–ना० [सं०] वढ्ने क्रिया; वृद्धि।
प्रवर्धन–ना० [सं०] प्रवर्द्धन।
प्रवर्षण–ना० [सं०] १. वर्षा; वृष्टि। २. किष्किन्धाका समीपमा रहेको रामायण-प्रसिद्ध एक पर्वत।
प्रवसन–ना० [सं०] १. विदेशमा जानु; पर-देश-यात्रा। २. मर्नु; मरण।
प्रवस्ती–ना० [परवस्ती] परवस्ती।
प्रवह–ना० [सं०] १. प्रवाह; धारा; जल-स्रोत। २. सात प्रकारका वायुमध्ये एक।
प्रवहण–ना० [सं०] १. पर्दा भएको बगी, पालकी आदि सवारी। २. जहाज। ३. छोरीको विवाह गरिदिनु; कन्या-दान।
प्रवह्ली–ना० [सं०] पहेली; प्रहेलिका।
प्रवात–ना० [सं०] १. स्वच्छ हावा; ताजा हावा। २. आँधी।
प्रवाद–ना० [सं०] १. बोल्नु। २. व्यक्त गर्नु; प्रकट गर्नु। ३. किंवदन्ती; जन-श्रुति। ४. कुराकानी; वार्तालाप।
प्रवादक–वि० [सं०] बाजा बजाउने; वाद्य-वादक।
प्रवार–ना० [सं०] १. ओढ्ने वस्त्र; पछ्यौरा। २. आच्छादन।
प्रवारण–ना० [सं०] १. रोक; मनाई; निषेध। २. इच्छा पूर्ण गर्नु।
प्रवाल–ना० [सं०] १. मूगा; विद्रुम। २. पालुवा; पल्लव; प्रबाल।
प्रवास–ना० [सं०] १. पर-देशमा रहनु; विदेशको वास। २. पर-देश जानु; विदेशिनु।
प्रवासन–ना० [सं०] १. बाहिर जानु; निस्कनु। २. देश-निकाला; देश-निष्कासन। ३. वध।
प्रवासित–वि० [सं०] देश-निकाला गरिएको; देश-निष्कासित।
प्रवासी–वि० [सं०] पर-देशमा बस्ने; पर-देशी।
प्रवाह–ना० [सं०] १. पानी बग्नु; पानीको धार। २. बगेको पानी। ३. पानीले कुनै वस्तु बगाउनु। ४. कुनै वस्तु वा कामको अटूट क्रम; अखण्ड परम्परा। ५. घटना-क्रम।
प्रवाहक–वि० [सं०] १. राम्रोसित बोक्ने। २. बगाउने।
प्रवाहित–वि० [सं०] १. बगाइएको; बगेको। २. ओसारिएको।
प्रवाहिनी–ना० [सं०] नदी।
प्रवाही–वि० [सं०] १. बग्ने; प्रवाह-युक्त। २. लैजाने;

CC-0. In Public Domain. Digitization by eGangotri

लाने। ३. चलाउने।

प्रविष्ट–वि० [सं०] पसेको; घुसेको।

प्रवीण–वि० [सं०] सिपालु; निपुण; कुशल।

प्रवीणता–ना० [सं०] प्रवीण हुनाको भाव; कुशलता।

प्रवीर–ना० [सं०] १. सुयोग्य वीर। (वि०) २. अति बलियो। ३. उत्तम।

प्रवृत्त–वि० [सं०] १. कुनै काममा लागेको; रत। २. तयार; उद्यत। ३. शुरू भएको; आरब्ध।

प्रवृत्ति–ना० [सं०] १. बग्ने क्रिया; प्रवाह। २. कुनै कुरो वा काममा मन लाग्नु; कुनै विषयमा चित्त आकृष्ट हुनु। ३. इन्द्रियहरू आफ्नो-आफ्नो विषयमा निरत हुनु; सांसारिक विषयहरूमा आसक्ति हुनु। ४. वार्ता; वृत्तान्त। ५. चाल-चलन; आचार-विचार।

प्रवृद्ध–वि० [सं०] १. अतिशय वृद्धि भएको। २. ज्यादै बढ़ेको वा उन्नत भएको। ३. प्रौढ़। ४. घमन्डी। ५. उग्र। ६. विशाल।

प्रवेपन–ना० [सं०] काम्नु; कम्पित हुनु।

प्रवेश–ना० [सं०] १. भित्र जानु; पस्नु। २. कुनै क्षेत्र, वर्ग आदिमा नियमपूर्वक जानु। ३. कुनै विषय वा शास्त्र-सम्बन्धी ज्ञान। ४. कुनै काममा संलग्न हुनु।

प्रवेशक–ना० [सं०] १. प्रवेश गराउने माध्यम। २. कुरा-कानीबाटै कुनै घटना वा कथाको परिचय गराइने नाटकको बीचको स्थल।

प्रवेशन–ना० [सं०] १. प्रवेश गराउने काम; भित्र्याउनु। २. मूल ढोका। ३. स्त्री-सङ्गम।

प्रवेश-पत्र–ना० [सं०] कुनै ठाउँमा प्रवेश गर्ने अधिकार लेखिएको पत्र।

प्रवेश-शुल्क–ना० [सं०] कुनै संस्था वा ठाउँमा प्रवेश गर्नाका निमित्त लाग्ने द्रव्य।

प्रवेशिका–ना० [सं०] १. प्रवेश-पत्र; पास। २. प्रवेश-शुल्क। ३. हाई-स्कूलको अन्तिम परीक्षा; विश्व-विद्यालयमा प्रवेश गर्नाका निमित्त पास गर्नुपर्ने परीक्षा।

प्रवेशित–वि० [सं०] १. पसेको; प्रवेश गरेको; प्रविष्ट। २. प्रवेश गराइएको; हुलिएको।

प्रवेष्ट–ना० [सं०] १. हात; बाहु। २. हात्तीको सूँड़।

प्रवेष्टक–ना० [सं०] दायाँ हात; दाहिने बाहु।

प्रवेष्टा–वि० [सं०] प्रवेश गर्ने वा गराउने।

प्रव्रजित–वि० [सं०] १. संन्यास ग्रहण गरेको; जोगी भएको। २. विदेश गएको। (ना०) ३. संन्यासी।

प्रव्रज्या–ना० [सं०] १. संन्यास। २. देश-त्याग; विदेश-गमन।

प्रव्राजक–ना० [सं०] संन्यासी।

प्रव्राट्–ना० [सं०] संन्यासी; परिव्राट्।

प्रशंसक–वि० [सं०] प्रशंसा गर्ने; स्तुति गर्ने।

प्रशंसन–ना० [सं०] प्रशंसा गर्नु; गुण गाउनु।

प्रशंसनीय–वि० [सं०] प्रशंसा गर्न योग्य; तारीफ गर्न लायक।

प्रशंसा–ना० [सं०] कसैको गुण गाउनु; तारीफ; स्तुति।

प्रशंसित–वि० [सं०] प्रशंसा गरिएको; तारीफ गरिएको।

प्रशंसी–वि० [सं०] प्रशंसा गर्ने; प्रशंसक।

प्रशंस्य–वि० [सं०] प्रशंसा गर्न लायक; गुण गाउन योग्य।

प्रशम–ना० [सं०] १. शान्ति; शमन। २. नाश। ३. अवसान; अन्त।

प्रशमन–ना० [सं०] १. शान्त गर्नु; शमन गर्नु। २. नाश गर्नु। ३. रोग हटाउनु।

प्रशस्त–वि० [सं०] १. प्रशंसा गरिएको; प्रशंसित। २. प्रशंसा गर्न योग्य; प्रशंसनीय। ३. असल; उत्तम। ४. विशाल विस्तृत। ५. धेरै; औधी; ज्यादा।

प्रशस्ति–ना० [सं०] १. प्रशंसा; तारीफ; स्तुति। २. कुनै राजाको वंश, कीर्ति, प्रशंसा आदिको वर्णन भएको वाक्य; ताम्र-पत्र, शिला-पत्र आदिमा लेखिने राजाहरूको प्रशंसा-सूचक वाक्य। ३. ग्रन्थका कर्ता, विषय, काल आदिको उल्लेख गरिएको आदि र अन्त्यका पङ्क्ति।

प्रशस्य–वि० [सं०] प्रशंसा गर्न योग्य; प्रशंसनीय।

प्रशाखा–ना० [सं०] हाँगाबाट निस्केको हाँगो; शाखाको शाखा।

प्रशान्त–वि० [सं०] १. शान्त। २. निश्चल; स्थिर। ३. वशमा राखिएको। ४. मरेको; मृत। (ना०) ५. एशिया र अमेरिकाका बीचमा पर्ने महासागर।

प्रशान्त-चित्त–वि० [सं०] चित्त शान्त भएको।

प्रशासक–ना० [सं०] राज्यको शासन वा प्रबन्ध गर्ने व्यक्ति; शासन-कर्ता।

प्रशासकीय–वि० [सं०] १. प्रशासकको; प्रशासक-सम्बन्धी। २. प्रशासनको; प्रशासन-सम्बन्धी।

प्रशासन–ना० [सं०] १. राज्यका परिचालनको प्रबन्ध; शासनको काम। २. शिष्यहरूलाई दिइने सदाचारको शिक्षा।

प्रशासनिक–वि० [सं०] राज्य-प्रबन्ध वा प्रशासनसित सम्बन्ध भएको; प्रशासनीय।

प्रशासनीय–वि० [सं०] १. प्रशासन-सम्बन्धी; प्रशासनिक। २. प्रशासन गर्न योग्य।

प्रशासित–वि० [सं०] १. शासन गरिएको। २. उपदेश दिइएको।

प्रशास्ता–ना० [सं०] प्रशासक।

प्रशिक्षण–ना० [सं०] पेशा वा कला-कौशलको क्रियात्मक रूपमा दिइने शिक्षा।

प्रशिक्षा–ना० [सं०] प्रशिक्षण।

प्रशिक्षित–वि० [सं०] १. कुनै प्रकारको प्रशिक्षण पाएको। २. विशेष किसिमले सिकाएर तयार पारिएको।

प्रश्न–ना० [सं०] १. कुनै कुरो जान्न वा जाँच्नाका निमित्त सोध्ने काम; सोधनी; सोध-पूछ। २. सोधिएको कुरो;

CC-0. In Public Domain. Digitization by eGangotri

सवाल। ३. विचारणीय विषय; समस्या।

प्रश्न-पत्र–ना० [सं०] परीक्षार्थीहरूलाई सोधिने प्रश्नहरू लेखिएको पत्र।

प्रश्न-वाचक-चिह्न–ना० [सं०] प्रश्न-युक्त वाक्यका अन्तमा लगाइने चिह्न; (?)।

प्रश्नोत्तर–ना० [सं०] १. सवाल-जवाफ; प्रश्न र उत्तर। २. प्रश्न र त्यसको उत्तर साथमै हुने एक अर्थालङ्कार।

प्रश्रय–ना० [सं०] १. विनय; नम्रता। २. प्रीति। ३. आश्रय; सहारा।

प्रश्रयण–ना० [सं०] प्रश्रय।

प्रश्रयी–वि० [सं०] १. नम्र; विनीत। २. शिष्ट; सज्जन। ३. प्रश्रय लिने; आश्रय लिने।

प्रश्रित–वि० [सं०] विनीत; नम्र।

प्रश्लेष–ना० [सं०] १. घनिष्ठ सम्बन्ध। २. स्वर-वर्णको सन्धि।

प्रश्वास–ना० [सं०] १. नाकबाट बाहिर निस्केको सास। २. सास बाहिर निस्कने क्रिया।

प्रष्ट–वि० [सं० स्पष्ट] खुलस्त; स्पष्ट।

प्रष्टव्य–वि० [सं०] सोध्न योग्य; प्रश्न गर्न लायक।

प्रष्टा–वि० [सं०] सोध्ने; प्रश्न गर्ने; प्रश्न-कर्ता।

प्रष्ठ–वि० [सं०] १. अगिल्तिर उभिएको; सामुन्ने खड़ा भएको। २. प्रधान; मुख्य। ३. अगुवा; नेता।

प्रष्ठवाद्–ना० [सं०] जुवामा प्रथम-प्रथम नारिएको जवान गोरु।

प्रसङ्ग–ना० [सं०] १. सम्बन्ध; संसर्ग। २. अनुराग; आसक्ति। ३. स्त्री-पुरुषको समागम; मैथुन। ४. सिलसिला; क्रम; सन्दर्भ। ५. प्रकरण; अध्याय। ६. चर्चा; वार्तालाप। ७. अवसर; मौका।

प्रसङ्गी–वि० [सं०] १. प्रसङ्ग-युक्त। २. प्रेम गर्ने; अनुरागी।

प्रसन्न–वि० [सं०] १. सन्तोष-युक्त; तुष्ट। २. खुश; हर्ष-युक्त; दङ्ग। ३. स्वच्छ; निर्मल।

प्रसन्नता–ना० [सं०] प्रसन्न हुनाको भाव।

प्रसन्नात्मा–वि० [सं०] सधैँ प्रसन्न रहने; सन्तुष्ट।

प्रसभ–ना० [सं०] जबर्जस्ती; बलात्कार।

प्रसर–ना० [सं०] १. अगाडि बढ्नु; अग्रसर हुनु। २. फैलावट; विस्तार। ३. वेग; प्रवाह। ४. समूह; राशि।

प्रसरण–ना० [सं०] १. अगाड़ि बढ्नु; अगि लाग्नु। २. फिंजाउनु; फैलाउनु। ३. शत्रुलाई घेर्नु।

प्रसर्पण–ना० [सं०] १. अगाड़ि बढ्नु; अगि लाग्नु। २. पस्नु; घुस्नु। ३. फिंजिनु।

प्रसव–ना० [सं०] १. बच्चा जन्मनु; बालक पैदा हुनु; प्रसूति। २. उत्पत्ति; जन्म। ३. सन्तान; सन्तति। ४. फल। ५. फूल।

प्रसव-गृह–ना० [सं०] बच्चा जन्माउने घर; प्रसूति-गृह।

प्रसवन–ना० [सं०] बालक जन्माउनु।

प्रसवन्ती–ना० [सं०] प्रसव-वेदनाले पीडित स्त्री।

प्रसव-वेदना–ना० [सं०] सुत्केरी हुँदा स्त्रीलाई हुने पीडा; बच्चा जन्मने वेलामा स्त्रीलाई हुने पीडा।

प्रसव-व्यथा–ना० [सं०] छोरा-छोरी जन्माउनुभन्दा पहिले गर्भवती स्त्रीका पेटमा हुने पीडा।

प्रसव-स्थली–ना० [सं०] १. आमा; माता। २. उत्पत्ति-स्थान।

प्रसव-स्थान–ना० [सं०] १. बच्चा जन्मेको ठाउँ। २. गुँड़।

प्रसविता–ना० [सं०] जनक; पिता।

प्रसवित्री–ना० [सं०] जननी; माता।

प्रसविनी–वि० [सं०] जन्माउने; जन्म दिने।

प्रसवी–वि० [सं०] जन्म दिने; जन्माउने।

प्रसह्य–क्रि० यो० [सं०] जबर्जस्तीसित; बलपूर्वक; बलात्।

प्रसाद–ना० [सं०] १. हर्ष; प्रसन्नता। २. कृपा; अनुग्रह। ३. स्वच्छता; निर्मलता। ४. देवतालाई चढ़ाइएको वस्तु। ५. देवता वा पूज्य जनले प्रसन्न भएर भक्तहरूलाई बाँड्ने खानेकुरो। ६. काव्य वा रचनालाई सरल र सुबोध पार्ने काव्यको एक गुण। ७. निगाह; मेहरबानी; कृपा।

प्रसाद-पात्र–ना० [सं०] कृपा-पात्र।

प्रसादी–ना० [प्रसाद+ई] १. देव-देवीलाई चढ़ाइएको फल, फूल, नैवेद्य आदि। २. स्वच्छ खाना; पवित्र भोजन।

प्रसाधक–वि० [सं०] १. सजाउने; श्रृङ्गार गर्ने। २. कुनै काम सम्पन्न गर्ने; सिद्ध गर्ने। (ना०) ३. राजालाई वस्त्र, आभूषण आदि पहिराउने सेवक; पोशाके।

प्रसाधन–ना० [सं०] १. श्रृङ्गार; सजावट। २. श्रृङ्गार गर्नु। ३. कार्य सिद्ध गर्नु; सम्पादन। ४. कपाल कोर्नु।

प्रसाधनी–ना० [सं०] काङ्गियो।

प्रसाधिका–ना० [सं०] श्रृङ्गार गरिदिने सेविका।

प्रसाधित–वि० [सं०] १. श्रृङ्गार गरिएको; सजिसजाउ पारिएको; अलङ्कृत। २. पूरा गरिएको; सम्पादित।

प्रसार–ना० [सं०] १. फैलने क्रिया; पसारो पर्ने काम। २. यता-उति जानु वा फिंजिनु; सञ्चार। ३. रेडियो आदि-द्वारा कुनै कुरो सर्वत्र फिंजाउनु। ४. कुनै विषयको व्यापक चर्चा।

प्रसारक–वि० [सं०] फैलाउने; फिंजाउने; पसारो पार्ने।

प्रसारण–ना० [सं०] प्रसार गर्ने क्रिया; व्यापक रूपमा फिंजाउने वा प्रचार गर्ने काम।

प्रसारणी–ना० [सं०] बिरी।

प्रसारिणी–वि० [सं०] फैलाउने; प्रसार गर्ने।

प्रसारित–वि० [सं०] फैलाइएको; प्रसार गरिएको।

प्रसारी–वि० [सं०] १. फैलने; प्रसार हुने। २. निक्लने।

प्रसार्य–वि० [सं०] प्रसार गर्न योग्य; फैलाउन वा प्रचार गर्न योग्य।

प्रसिद्ध–वि० [सं०] १. सबैजसोले थाहा पाएको; धेरैले जानेको; कहलिएको; विख्यात। २. सजाइएको; अलङ्कृत।

प्रसिद्ध-प्रबल-गोरखा-दक्षिण-बाहु–ना० [सं०] दोस्रो दर्जाको

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखा-दक्षिण-बाहुको तक्मा ।

प्रसिद्धि–ना० [सं०] प्रसिद्ध हुनाको भाव; ख्याति ।

प्रसुप्त–वि० [सं०] १. निदाएको; सुतेको; गाढ निद्रामा परेको । २. निष्क्रिय; निश्चेष्ट।

प्रसुप्ति–ना० [सं०] १. गाढ निद्रा । २. निचेष्टता ।

प्रसू–वि० [सं०] १. जन्माउने; जन्म दिने। (ना०) २. आमा; जननी ।

प्रसूत–वि० [सं०] १. जन्माइएको। २. जन्मेको; उत्पन्न ।

प्रसूता–ना० [सं०] बालक जन्माएकी स्त्री; सुत्केरी।

प्रसूति–ना० [सं०] १. बालक जन्माउने क्रिया; प्रसव । २. उत्पत्ति; जन्म। ३. सन्तान; सन्तति। ४. सुत्केरी; प्रसूता ।

प्रसूतिका–ना० [सं०] सुत्केरी; प्रसूता ।

प्रसूति-गृह–ना० [सं०] बालक जन्माउने घर; सुत्केरीको कोठा वा घर; प्रसव-गृह।

प्रसूति-ज्वर–ना० [सं०] सुत्केरी हुँदा आउने ज्वर ।

प्रसूति-वायु–ना० [सं०] प्रसव-कालमा गर्भाशयमा उत्पन्न हुने वायु।

प्रसून–वि० [सं०] १. जन्मेको; उत्पन्न। (ना०) २. फूल। ३. फल ।

प्रसृत–वि० [सं०] १. अगाड़ि बढ़ेको। २. फिँजिएको; फैलाइएको।

प्रस्तर–ना० [सं०] १.ढुङ्गो; पत्थर; पाषाण। २. बिछ्याउना; ओछ्यान। ३. फूल, पात आदिको शय्या; पुष्प-शय्या। ४. मैदान; समतल भूमि ।

प्रस्तरण–ना० [सं०] १. बिछ्याउना; ओछ्यान। २. आसन।

प्रस्तार–ना० [सं०] १. फैलाउनु; फिँजाउनु। २. ढकना । ३. फूल, पात आदिको शय्या। ४. बिछ्याउना। ५. मैदान। ६. छन्द-शास्त्रअनुसार छन्दको भेद, सङ्ख्या र रूप थाहा पाउने एक क्रिया ।

प्रस्ताव–ना० [सं०] १. उठाइएको प्रसङ्ग; प्रस्तुत चर्चा । २. कुनै कार्य सम्पादन गर्नाका निमित्त प्रस्तुत गरिएको विचार। ३. योजना, कार्य-प्रणाली आदिका सम्बन्धमा कुनै सभा, समाज आदिमा स्वीकृतिका निमित्त उपस्थित गरिएको विचार। ४. आरम्भ; शुरू। ५. भूमिका; प्रस्तावना ।

प्रस्तावक–वि० [सं०] १. प्रस्ताव राख्ने। (ना०) २. सभा वा समाजमा स्वीकृतिका निमित्त कुनै प्रस्ताव उपस्थित गर्ने व्यक्ति।

प्रस्तावना–ना० [सं०] १. आरम्भ; शुरू। २. पुस्तकको भूमिका; उपोद्घात; प्राक्कथन। ३. नाटकमा मुख्य कथाको अभिनय हुनुभन्दा पहिले विषय-परिचय गराउनाका निमित्त उठाइएको प्रसङ्ग ।

प्रस्तावित–वि० [सं०] १. प्रस्ताव राखिएको; योजना गरिएको। २. शुरू गरिएको; आरम्भ गरिएको। ३. वर्णित; कथित ।

प्रस्तुत–वि० [सं०] १. तयार; उद्यत; तत्पर। २. विचार-विमर्श, स्वीकृति वा काम गर्नका निमित्त पेश गरिएको; प्रस्तावित। ३. उपस्थित; हाजिर। ४. तयार पारिएको; बनिबनाउ । ५. भनिएको; कथित; उक्त। ६. स्तुति गरिएको; प्रशंसित। ७. चर्चा भएको; प्रासङ्गिक। ८. शुरू गरिएको; आरब्ध। ९. उपमेय ।

प्रस्तुताङ्कुर–ना० [सं०] एउटा प्रस्तुत विषयमा गरिएको कुरो अर्को प्रस्तुत वस्तुमा घट्ता हुने एक अर्थालङ्कार ।

प्रस्थ–ना० [सं०] पाथी ।

प्रस्थान–ना० [सं०] १. एक ठाउँबाट अर्को ठाउँमा जानु; गमन; यात्रा। २. ठीक मुहूर्तमा आफू यात्राका निम्ति निस्कन नसक्ता जनै, सुपारी, वस्त्र आदि साइतमा निकाल्नु; साइत सार्नु। ३. युद्धको निमित्त यात्रा शुरू गर्नु।

प्रस्थापन–ना० [सं०] १. प्रस्थान गर्नु; खाना हुनु वा गर्नु। २. पठाउनु। ३. स्थापन ।

प्रस्थापना–ना० [सं०] १. पठाउनु; प्रेषण। २. स्थापन। ३. सिद्ध गर्नु; प्रमाणित गर्नु। ४. दौत्य कार्यमा पठाउनु।

प्रस्थापित–वि० [सं०] १. विशेष रूपमा स्थापित। २. पठाइएको; प्रेषित ।

प्रस्थायी–वि० [सं०] कतै जाने; प्रस्थान गर्ने।

प्रस्थित–वि० [सं०] १. प्रस्थान गरेको; गएको। २. प्रस्थान गर्न तैयार परेको। ३. विशेष रूपमा स्थित; दृढ भएर रहेको।

प्रस्थिति–ना० [सं०] प्रस्थान; यात्रा ।

प्रस्नव–ना० [सं०] टप्कनु; चुहनु; रसाउनु।

प्रस्नुत–वि० [सं०] चुहने; टप्कने।

प्रस्नुषा–ना० [सं०] नातिने-बुहारी।

प्रस्पन्दन–ना० [सं०] प्रकम्पन ।

प्रस्फुट–वि० [सं०] १. फुलेको; प्रफुल्ल; विकसित। २. प्रकट; स्पष्ट।

प्रस्फुटन–ना० [सं०] १. फुल्नु; विकसित हुनु। २. प्रकट हुनु ।

प्रस्फुरण–ना० [सं०] १. निस्कनु; प्रकट हुनु। २. फुल्नु; विकसित हुनु; फुर्नु। ३. चम्कनु; प्रकाशित हुनु। ४. काम्नु; कम्पन। ५. फरफराउनु।

प्रस्फुरित–वि० [सं०] १. काँपेको; कम्पित। २. फरफराएको; फुरेको ।

प्रस्फोटन–ना० [सं०] १. फुट्नु। २. फुल्नु; विकसित हुनु। ३. प्रकट गर्नु; प्रकाश गर्नु। ४. निफन्नु।

प्रस्यन्द–ना० [सं०] चुहुनु; टप्कनु; क्षरण।

प्रस्यन्दन–ना० [सं०] चुहुनु; क्षरण ।

प्रस्रव–ना० [सं०] १. लगातार चुहुनु; चुहिरहनु; रसाउनु। २. प्रवाह; धारा ।

प्रस्रवण–ना० [सं०] १. निरन्तर धारो लाग्नु; चुहिरहनु।

CC-0. In Public Domain. Digitization by eGangotri

२. स्तनबाट निस्किरहेको दूध । ३. झरना; छहरो ।

प्रस्राव–ना० [सं०] १. चुहुने क्रिया; क्षरण । २. पिसाब; मूत्र । ३. भात छड्कँदा उम्लेको माड़ ।

प्रस्रुत–वि० [सं०] चुहेको; रसाएको; क्षरित ।

प्रस्वाप–ना० [सं०] १. सुत्ने काम; निदाउने काम । २. स्वप्न ।

प्रस्वापन–ना० [सं०] सुताउनु ।

प्रस्विन्न–वि० [सं०] पसीना आएको ।

प्रस्वेद–ना० [सं०] पसीना ।

प्रस्वेदित–वि० [सं०] पसीना आएको ।

प्रस्वेदी–वि० [सं०] पसीनाले तर भएको; पसीनाले भिजेको ।

प्रहत–वि० [सं०] १. प्रहार गरिएको; आहत । २. मारिएको; निहत । ३. ठोकिएको; हानिएको ।

प्रहति–ना० [सं०] आघात; चोट ।

प्रहर–ना० [सं०] दिन-रातको आठ भागको एक भाग; अहोरात्रको आठौँ भाग; तीन घण्टाको समय; पहर ।

प्रहरक–ना० [सं०] पहरेदार; प्रहरी ।

प्रहरण–ना० [सं०] १. खोस्नु; बलपूर्वक लिनु । २. प्रहार; आघात । ३. आक्रमण ।

प्रहरी–ना० [सं०] १. एक-एक प्रहरमा बदलिने पाले; पहरेदार ।

प्रहर्ता–वि० [सं०] १. प्रहार गर्ने; आघात गर्ने । २. लड़ाका; योद्धा ।

प्रहर्ष–ना० [सं०] ठूलो हर्ष; अत्यधिक प्रसन्नता ।

प्रहर्षण–ना० [सं०] १. हर्ष; प्रसन्नता । २. हर्षबाट उत्पन्न भएको रोमाञ्च । ३. इच्छा-पूर्ति हुनु । ४. प्रयत्न नगरीकन अभीष्ट-सिद्धि भएको वर्णन गर्दा हुने एक अर्थालङ्कार ।

प्रहर्षित–वि० [सं०] १. हर्षित; प्रसन्न । २. रोमाञ्च भएको; पुलकित ।

प्रहसन–ना० [सं०] १. ठूलो हाँसो । २. ठट्टा; दिल्लगी; परिहास । ३. हास्य-रस-प्रधान एक किसिमको रूपक ।

प्रहसित–वि० [सं०] १. खूबसित हाँसेको । २. हाँसो गरिएको; परिहास गरिएको ।

प्रहस्त–ना० [सं०] १. पन्जा; हत्केलो । २. रावणको एक मन्त्री ।

प्रहार–ना० [सं०] १. हतियारहरूले हान्ने काम; हिर्काउने क्रिया; आघात । २. वध गर्नु; मारण ।

प्रहारक–वि० [सं०] प्रहार गर्ने; आघात गर्ने ।

प्रहारी–वि० [सं०] १. प्रहार गर्ने; प्रहारक । २. आक्रमणकारी । ३. योद्धा ।

प्रहार्य–वि० [सं०] १. प्रहार गर्न योग्य । २. हरण गर्न योग्य ।

प्रहास–ना० [सं०] १. खित्का छुटेको हाँसो; अट्टहास । २. तिरस्कार; हेला । ३. छनक; व्यङ्ग्योक्ति ।

प्रहासक–वि० [सं०] हँसाउने ।

प्रहासी–वि० [सं०] १. खित्का छोड़ेर हाँस्ने; प्रहास गर्ने । (ना०) २. विदूषक ।

प्रहित–वि० [सं०] १. हानिएको; प्रहार गरिएको (अस्त्र) । २. पठाइएको; प्रेषित । ३. फैलाइएको ।

प्रहृत–वि० [सं०] १. प्रहार गरिएको; आहत । २. फ्याँकिएको; हानिएको (अस्त्र आदि) ।

प्रहृष्ट–वि० [सं०] अति प्रसन्न; प्रमुदित ।

प्रहृष्ट-चित्त–वि० [सं०] खूब खुशी भएको; अति प्रसन्न ।

प्रहेलि–ना० [सं०] पहेली; प्रहेलिका ।

प्रहेलिका–ना० [सं०] पहेली ।

प्रह्लाद–ना० [सं०] १. अतिशय आनन्द; अत्यधिक प्रसन्नता । २. प्रमोद । ३. हिरण्य-कशिपुको छोरो ।

प्रह्लादक–वि० [सं०] आनन्द दिने; हर्ष गराउने ।

प्रह्लादन–ना० [सं०] १. खुशी पार्नु; प्रसन्न तुल्याउनु । (वि०) २. खुशी पार्ने; आनन्द दिने ।

प्रह्लादित–वि० [सं०] प्रसन्न गरिएको; खुशी तुल्याइएको ।

प्रह्लादी–वि० [सं०] प्रसन्न पार्ने ।

प्रांशु–वि० [सं०] १. अग्लो; ऊँचो । २. लामो; लम्बा ।

प्राइज–ना० [अं०] पुरस्कार; इनाम ।

प्राइभेट–वि० [अं०] १. आफ्नू; निजी; स्वकीय । २. व्यक्तिगत । ३. अर्कालाई सुनाउन वा थाहा दिन नहुने; गोपनीय । ४. सरकारसित सम्बन्ध नभएको; गैर-सरकारी ।

प्राइभेट-सेक्रेटरी–ना० [अं०] कुनै ठूलो ओहदामा रहेका व्यक्तिको पत्र-व्यवहार र अन्य व्यक्तिगत कार्य गर्न सहायता गर्ने कर्मचारी; निजी-सचिव ।

प्राइम-मिनिस्टर–ना० [अं०] प्रधान-मन्त्री ।

प्राइम-मिनिस्टरी–ना० [अं०] प्राइम-मिनिस्टरको पद वा काम ।

प्राइमर–ना० [अं०] १. प्राथमिक पाठशालाका प्रारम्भिक कक्षामा पढ़ाइने पुस्तक । २. कुनै विषयको प्रारम्भिक ज्ञानका निमित्त मोटा-मोटी कुरा लेखिएको पुस्तक ।

प्राइमरी–वि० [अं०] प्रारम्भिक; प्राथमिक ।

प्राइमरी-स्कूल–ना० [अं०] प्रारम्भिक शिक्षा दिइने स्कूल; प्राथमिक पाठशाला ।

प्राक्–वि० [सं०] १. अगिल्तिरको; सामुन्नेको । २. पहिलेको; पहिलो । ३. पूर्वको; पूर्वीय । (क्रि० यो०) ४. पहिले; अगि ।

प्राकट्य–ना० [सं०] प्रकट हुनाको भाव ।

प्राकरणिक–वि० [सं०] १. प्रकरण भएको; प्रकरण-प्राप्त । २. प्रकरण-सम्बन्धी ।

प्राकार–ना० [सं०] शहर वा किलाका रक्षाका निमित्त चारैतिर लगाइएको अग्लो पर्खाल ।

प्राकृत–वि० [सं०] १. प्रकृति-सम्बन्धी; प्रकृतिको; प्राकृतिक । २. संस्कार नभएको; असंस्कृत । ३. सहज; स्वाभाविक । ४. सामान्य; साधारण । (ना०) ५. जन-साधारणमा संस्कृत भाषा प्रचलन हुनुभन्दा पछि

CC-0. In Public Domain. Digitization by eGangotri

लोक-भाषाका रूपमा चलेको भाषा। (यसका सात प्रधान भेद छन्——मागधी,आवन्ती, प्राच्य, शौरसेनी, अर्ध-मागधी, वाह्लिक र दाक्षिणात्य।)

प्राकृतिक–वि० [सं०] १. प्रकृति-सम्बन्धी; प्रकृतिको। २. सहज; स्वाभाविक। ३. प्रकृतिबाट उत्पन्न; नैसर्गिक। ४. भौतिक; सांसारिक।

प्राक्कथन–ना० [सं०] भूमिका; प्रस्तावना।

प्राक्कर्म–ना० [सं०] पूर्व-जन्मको कर्म।

प्राक्काल–ना० [सं०] १. पहिलेको समय; पूर्व-काल। २. प्राचीन काल।

प्राक्कालिक–वि० [सं०] प्राक्कालीन।

प्राक्कालीन–वि० [सं०] पहिलेको; पुरानो; प्राचीन।

प्राक्तन–वि० [सं०] १. पहिलेको; प्राचीन। २. पूर्व-जन्मको। (ना०) ३. भाग्य; प्रारब्ध।

प्राखर्य–ना० [सं०] प्रखर हुनाको भाव; प्रखरता; प्रचण्डता।

प्रागल्भ्य–ना० [सं०] प्रगल्भ हुनाको भाव; प्रगल्भता।

प्रागैतिहासिक–वि० [सं०] इतिहासमा वर्णन गरिएका समय-भन्दा पहिलेका समयको; क्रम-बद्ध इतिहासभन्दा पूर्व-कालको।

प्राघुणिक–ना० [सं०] पाहुनु; अतिथि।

प्राङ्गण–ना० [सं०] १. आँगन; चोक। २. सानो ढोल।

प्राचण्ड्य–ना० [सं०] प्रचण्ड हुनाको भाव; प्रचण्डता।

प्राची–ना० [सं०] पूर्व दिशा।

प्राचीन–वि० [सं०] १. पूर्वको; पूर्वीय; पौर्वात्य। २. पहिलेको; पुरानो।

प्राचीनता–ना० [सं०] प्राचीन हुनाको भाव।

प्राचीनावीत–ना० [सं०] श्राद्धमा दाहिने काँधमा लगाइने जनै।

प्राचीर–ना० [सं०] शहर, किला आदिको रक्षाका निमित्त चौतर्फ बनाइएको अग्लो पर्खाल।

प्राचुर्य–ना० [सं०] प्रचुर हुनाको भाव; प्रचुरता; आधिक्य।

प्राच्य–वि० [सं०] १. पूर्वको; पूर्वीय। २. पहिलेको; पुरानो। ३. सामनेको; अगिल्लो।

प्राजापत्य–वि० [सं०] १. प्रजा-पति-सम्बन्धी; प्रजा-पतिको। (ना०) २. बाह्र दिनमा सम्पन्न हुने एक व्रत। ३. धर्म-शास्त्रअनुसार आठ प्रकारका विवाहमध्ये एक।

प्राजापत्य-विवाह–ना० [सं०] बाबु वा अभिभावकले कन्या-दान गरी दिइने विवाह; आठ प्रकारका विवाहमध्ये एक।

प्राज्ञ–वि० [सं०] १. बुद्धिमान्। २. सिपालु; चतुर; दक्ष। ३. पण्डित; विज्ञ; विद्वान्।

प्राज्ञ-मन्य–वि० [सं०] आफूलाई विद्वान् वा खूब बुद्धिमान् सम्झने।

प्राज्ञी–ना० [सं०] बुद्धिमती स्त्री; विदुषी।

प्राञ्जलि–वि० [सं०] १. हात जोड़ेको; बद्धाञ्जलि। (ना०) २. अँजुली; अञ्जलि।

प्राञ्जली–ना० [सं०] प्राञ्जलि।

प्राड्विवाक–ना० [सं०] १. न्यायाधीश। २. कुनै किसिमको न्याय गर्नाका निमित्त राजाले नियुक्त गरेको व्यक्ति।

प्राण–ना० [सं०] १. हावा; वायु। २. शरीरभित्र रहेको जीवनाधार वायु; शरीरभित्रको पञ्च प्राण-वायु (प्राण, अपान, व्यान, समान र उदान)। ३. सास; श्वास। ४. ज्यान; जीवन। ५. जीव; आत्मा। ६. शक्ति; सामर्थ्य। ७. पर-ब्रह्म। ८. ज्यादै प्रिय वस्तु।

प्राण-कष्ट–ना० [सं०] मर्ने वेलामा हुने कष्ट।

प्राण-घात–ना० [सं०] मार्नु; जीव-हत्या गर्नु; ज्यान लिनु।

प्राण-घातक–वि० [सं०] प्राण लिने; ज्यान-मारा।

प्राण-त्याग–ना० [सं०] मरण; मृत्यु।

प्राणद–ना० [सं०] १. पानी। २. रगत; रक्त।

प्राण-दण्ड–ना० [सं०] ज्यान-सजाय।

प्राण-दाता–वि० [सं०] कसैको प्राण बचाउने; जीव-दान दिने।

प्राण-दान–ना० [सं०] कसैलाई मृत्युबाट बचाउनु; जीव-दान।

प्राण-धन–ना० [सं०] प्राणसमान प्यारो वस्तु वा व्यक्ति; अत्यन्त प्रिय वस्तु वा व्यक्ति।

प्राण-धारण–ना० [सं०] १. जीव धारण गर्ने क्रिया; जीवन-निर्वाह। २. जीवन-शक्ति।

प्राण-धारी–ना० [सं०] जीव; प्राणी।

प्राण-नाथ–ना० [सं०] १. लोग्ने; पति। २. प्रेमी; प्रियतम। ३. यमराज।

प्राण-पण–ना० [सं०] ज्यानको बाजी।

प्राण-प्यारो–ना० [प्राण+प्यारो] प्राणसमान प्यारो व्यक्ति वा वस्तु; अत्यन्त प्रिय व्यक्ति वा वस्तु।

प्राण-प्यारी–ना० [प्राण+प्यारी] प्राणसमान प्यारो भएकी; अति प्रिय (स्त्री)।

प्राण-प्रतिष्ठा–ना० [सं०] कुनै नयाँ देव-प्रतिमाको स्थापना गरेर पूजा गर्नुभन्दा पहिले मन्त्रद्वारा त्यसमा देवताको आवाहन गर्नु।

प्राण-प्रिय–वि० [सं०] १. प्राणसमान प्यारो; परम प्रिय; प्रियतम। (ना०) २. पति; स्वामी।

प्राण-वायु–ना० [सं०] शरीरभित्र रहेका प्राणको आधार-रूपी वायु; जीवनाधार वायु; प्राण।

प्राण-हारी–वि० [सं०] १. प्राण लिने; प्राण हरण गर्ने। (ना०) २. विष।

प्राण-सङ्कट–ना० [सं०] १. प्राण जाने आपत्ति; ज्यान जाने भय। २. ठूलो सङ्कट।

प्राणाधार–ना० [सं०] १. जीवनको सहारा वा अवलम्ब। २. पति; प्रियतम।

प्राणान्त–ना० [सं०] १. मृत्यु; मरण। २. ठूलो सङ्कट; प्राण-सङ्कट।

CC-0. In Public Domain. Digitization by eGangotri

प्राणान्तक–वि० [सं०] १. प्राण हरण गर्ने; ज्यान लिने। (ना०) २. यमराज।

प्राणायाम–ना० [सं०] श्वास-प्रश्वासका गतिको नियमन; योगका आठ अङ्गमध्ये एक।

प्राणायामी–वि० [सं०] प्राणायाम गर्ने।

प्राणी–वि० [सं०] १. प्राण भएको; प्राण-युक्त। (ना०) २. जीव-जन्तु; जीव-धारी। ३. मनुष्य।

प्राणेश्वर–ना० [सं०] १. पति; स्वामी। २. प्रेमी; प्रियतम। ३. एक प्रसिद्ध आयुर्वेदीय औषधि। (प्रायः यसको प्रयोग शरीरको ज्यादा शिथिलताको अवस्थामा गरिन्छ।)

प्राणेश्वरी–ना० [सं०] पत्नी; प्रियतमा।

प्राणोत्सर्ग–ना० [सं०] प्राण-त्याग; मृत्यु।

प्रातः–ना० [सं०] १. बिहानी-पखको समय; प्रातःकाल। (क्रि० यो०) २. सबैरै; सखारै।

प्रातःकर्म–ना० [सं०] प्रातःकालमा गरिने नित्य-कर्म; प्रातः-कृत्य (शौच, स्नान, पूजा, पाठ, ईश-प्रार्थना आदि)।

प्रातःकाल–ना० [सं०] बिहानको समय; प्रभात।

प्रातःकालिक–वि० [सं०] प्रातःकालीन।

प्रातःकालीन–वि० [सं०] प्रातःकालको; प्रभातको।

प्रातःकृत्य–ना० [सं०] प्रातःकर्म।

प्रातः-सन्ध्या–ना० [सं०] १. बिहान गरिने सन्ध्या-कर्म। २. बिहानको समय।

प्रातः-स्नान–ना० [सं०] बिहान गरिने स्नान।

प्रातः-स्मरण–ना० [सं०] प्रातःकालमा गरिने देवता वा पूज्य व्यक्तिको स्मरण।

प्रातः-स्मरणीय–वि० [सं०] प्रातःकालमा स्मरण गर्न योग्य; पुण्य-चरित; पुण्य-श्लोक।

प्रातिकूल्य–ना० [सं०] प्रतिकूल हुनाको भाव; प्रतिकूलता।

प्रातिभासिक–वि० [सं०] १. प्रतिभा-सम्बन्धी; प्रतिभाको। २. प्रतिभाबाट उत्पन्न भएको; प्रतिभा-जन्य।

प्राथमिक–वि० [सं०] १. शुरूको; प्रारम्भिक। २. पहिलेको; प्रथम। ३. सबभन्दा बढ़ी महत्त्वको; मुख्य। ४. सबभन्दा पहिले हुने।

प्राथमिकता–ना० [सं०] १. प्राथमिक हुनाको भाव। २. कुनै व्यक्ति वा वस्तुलाई कुनै कार्यका निमित्त प्राप्त हुने पहिलो स्थान वा अवसर; अग्राधिकार।

प्राथम्य–ना० [सं०] प्रथम हुनाको भाव।

प्रादुर्भाव–ना० [सं०] १. प्रकट हुनु; प्रकाश। २. उत्पन्न हुनु; उत्पत्ति। ३. पृथ्वीमा देवता प्रकट हुनु।

प्रादुर्भूत–वि० [सं०] १. प्रादुर्भाव भएको; प्रकट भएको। २. उत्पन्न; पैदा भएको।

प्रादेश–ना० [सं०] १. बूढ़ी-औंलाको टुप्पोदेखि चोर-औंलाको टुप्पोसम्मको नापो; कुरेत। २. प्रदेश; प्रान्त। ३. स्थान।

प्रादेशिक–वि० [सं०] १. प्रदेश-सम्बन्धी; प्रदेशको। २. कुनै प्रदेशको भित्री भागसित सम्बन्ध राख्ने; प्रदेश-अन्तर्गत-को। ३. स्थानीय। (ना०) ४. कुनै प्रदेशको शासक।

प्रादेशिकता–ना० [सं०] १. प्रादेशिक हुनाको भाव। २. आफ्नै प्रदेशको मात्र मोहक पक्षपात; प्रान्तीयता।

प्राधान्य–ना० [सं०] १. प्रधान हुनाको भाव; प्रधानता। २. श्रेष्ठता; मुख्यता। ३. मुख्य कारण।

प्राधीत–वि० [सं०] राम्ररी अध्ययन गराइएको वा गरेको।

प्रान्त–ना० [सं०] १. छेउ; किनार। २. सीमा; हद। ३. कुनै देशको एक ठूलो विभाग; प्रदेश। ४. अनेक जिला-हरूलाई मिलाई बनाइएको प्रशासनिक क्षेत्र।

प्रान्त-पति–ना० [सं०] १. प्रान्तको शासक; गभर्नर। २. कुनै संस्था वा सङ्गठनको प्रान्तीय शाखाको मुख्य अधिकारी।

प्रान्त-पाल–ना० [सं०] प्रान्तको मुख्य शासक।

प्रान्तर–ना० [सं०] १. जल, वृक्ष आदि केही नभएको लामो बाटो। २. वन; जङ्गल।

प्रान्तिक–वि० [सं०] प्रान्तको; प्रान्तीय।

प्रान्तीय–वि० [सं०] प्रान्त-सम्बन्धी; प्रान्तको; प्रान्तिक।

प्रान्तीयता–ना० [सं०] १. आफ्नै प्रान्तप्रतिको मात्र मोह वा पक्षपात। २. प्रान्तीय हुनाको भाव।

प्रान्तीय-सरकार–ना० [सं०] केन्द्रीय-सरकारको अन्तर्गत कुनै एक प्रान्तको शासन-व्यवस्था गर्ने सरकार।

प्रापक–वि० [सं०] १. पाउने; प्राप्त गर्ने। २. पुऱ्याउने; पठाउने। ३. प्राप्त गराउने।

प्रापण–ना० [सं०] १. प्राप्त गर्नु; पाउनु। २. प्राप्त गराउनु; पुऱ्याउनु।

प्रापणिक–ना० [सं०] व्यापारी।

प्रापणीय–वि० [सं०] १. प्राप्त गर्न योग्य; प्राप्य। २. पुऱ्याउन योग्य।

प्रापयिता–वि० [सं०] प्राप्त गर्ने; पाउने।

प्राप्त–वि० [सं०] १. पाइएको; मिलेको; उपलब्ध। २. आइपुगेको; उपस्थित।

प्राप्त-काल–वि० [सं०] १. समयको; समयोचित। (ना०) २. उचित समय; उपयुक्त अवसर। ३. मृत्युको समय। ४. विवाहको समय।

प्राप्त-मनोरथ–वि० [सं०] मनोरथ पूर्ण भएको; इच्छा पुगेको।

प्राप्त-यौवन–वि० [सं०] जवानी चढ़ेको; तरुनो; युवा।

प्राप्तर्नु–ना० [सं०] रजवती भएकी स्त्री।

प्राप्तव्य–वि० [सं०] १. पाउन योग्य; प्राप्त गर्न लायक; पाउनु पर्ने; प्राप्य। २. फल; परिणाम।

प्राप्ति–ना० [सं०] १. पाउनु; प्राप्त हुनु। २. फायदा; लाभ। ३. कुनै वस्तु आइपुग्नु। ४. आठ प्रकारका ऐश्वर्य वा अष्ट-सिद्धिमध्ये एक।

प्राप्य–वि० [सं०] १. पाउन योग्य; प्राप्त गर्न योग्य। २. पाउनु पर्ने; पाइने; प्राप्त हुने।

CC-0. In Public Domain. Digitization by eGangotri

प्राबल्य–ना० [सं०] प्रबल हुनाको भाव; प्रबलता।

प्रामाणिक–वि० [सं०] १. प्रमाण-सम्बन्धी; प्रमाणको। २. प्रमाणबाट सिद्ध भएको; सबूतबाट ठहरिएको। ३. कुनै कुरोको प्रमाण भएको; प्रमाणस्वरूप। ४. ठीक; सत्य।

प्रामाण्य–ना० [सं०] प्रमाणको भाव।

प्रायः–क्रि० यो० [सं०] १. धेरैजस्तो; अकसर; अधिकतर; बहुधा। (वि०) २. लगभग; करीब-करीब।

प्राय–वि० [सं०] १. समासको अन्त्यमा प्रयोग भई 'तुल्य' वा 'समान' अर्थ बुझाउने शब्द। (उदा०–नष्टप्राय, कष्टप्राय आदि।) (ना०) २. मृत्यु। ३. कुनै इष्ट-सिद्धिका निमित्त अनशन बस्नु। ४. सबभन्दा ठूलो अंश वा भाग। ५. आधिक्य; विपुलता। ६. जीवनको अवस्था।

प्रायद्वीप–ना० [सं० प्रायोद्वीप] तीनतिर पानीले घेरिएको स्थल-भाग; प्रायोद्वीप।

प्रायशः–क्रि० यो० [सं०] अकसर; धेरैजसो; बहुधा; प्रायः।

प्रायश्चित्त–ना० [सं०] गरेका पापको दोष हटाउनका निमित्त गरिने शास्त्र-विहित धार्मिक कृत्य।

प्रायश्चित्ति–ना० [सं०] प्रायश्चित्त।

प्रायश्चित्तिक–वि० [सं०] १. प्रायश्चित्त गरिएको। २. प्रायश्चित्त-सम्बन्धी।

प्रायश्चित्ती–वि० [सं०] प्रायश्चित्त गर्ने।

प्रायिक–वि० [सं०] प्रायः हुने; अकसर हुने।

प्रायोगिक–वि० [सं०] १. प्रयोग हुने। २. क्रियात्मक; व्यावहारिक। ३. प्रयोग-सम्बन्धी।

प्रायोद्वीप–ना० [सं०] प्रायद्वीप।

प्रायोपवेश–ना० [सं०] मर्नाका निमित्त गरिने अनशन; आमरण अनशन।

प्रायोपवेशी–वि० [सं०] प्रायोपवेश गर्ने; अनशन-कारी।

प्रारब्ध–वि० [सं०] १. आरम्भ गरिएको; थालिएको; आरब्ध। (ना०) २. भाग्य; किस्मत। ३. पूर्व-जन्मका कर्मको फल।

प्रारब्धी–वि० [सं०] भाग्यवान्; प्रारब्ध भएको।

प्रारम्भ–ना० [सं०] १. शुरू; आरम्भ। २. प्रयत्न।

प्रारम्भण–ना० [सं०] आरम्भ गर्नु; थाल्नु।

प्रारम्भिक–वि० [सं०] १. शुरूको; प्रारम्भको। २. आरम्भमा हुने; ; सबभन्दा पहिले हुने।

प्रारूप–ना० [सं० प्राग्+रूप] १. पहिलेको रूप; अघिको रूप। २. मसौदा; खेस्रा।

प्रार्थक–ना० [सं०] १. प्रार्थना गर्ने; प्रार्थयिता; प्रार्थी; याचक। (ना०) २. कन्या माग्ने व्यक्ति। ३. वर।

प्रार्थन–ना० [सं०] प्रार्थना।

प्रार्थना–ना० [सं०] १. कसैसित केही कुरो माग्नु; याचना। २. नम्र निवेदन; बिन्ति-भाउ। ३. ईश्वरको पुकार; वन्दना।

प्रार्थना-पत्र–ना० [सं०] कुनै किसिमको प्रार्थना लेखिएको पत्र; निवेदन-पत्र; दर्खास्त।

प्रार्थनीय–वि० [सं०] प्रार्थना गर्न योग्य; याचनीय।

प्रार्थयितव्य–वि० [सं०] प्रार्थना गर्न लायक; माग्न लायक; याचनीय।

प्रार्थयिता–वि० [सं०] प्रार्थना गर्ने; प्रार्थी; याचक।

प्रार्थित–वि० [सं०] प्रार्थना गरिएको; मागिएको; याचित।

प्रार्थी–वि० [सं०] प्रार्थना गर्ने; प्रार्थयिता।

प्रार्थ्य–वि० [सं०] प्रार्थना गर्न योग्य।

प्रालम्ब–वि० [सं०] १. लट्किएको; झुन्डिएको। (ना०) २. लट्केको वस्तु।

प्रालेय–ना० [सं०] हिउँ; बरफ।

प्रावारक–ना० [सं०] १. ओढ्ने वस्त्र; पछ्यौरो। २. छोप्ने वस्त्र; आवरण।

प्रावास–वि० [सं०] प्रवास-सम्बन्धी; प्रवासको।

प्राविधिक–वि० [सं०] कुनै किसिमको विज्ञान, शिल्प, कला आदि सम्बन्धी।

प्राविधिज्ञ–ना० [सं०] कुनै किसिमको विज्ञान, शिल्प, कला आदि जान्ने व्यक्ति।

प्रावीण्य–ना० [सं०] प्रवीण हुनाको भाव; कुशलता।

प्रावृट्–ना० [सं०] वर्षा ऋतु।

प्राशन–ना० [सं०] १. खुवाउनु। २. खानु। ३. भोजन।

प्राशस्त्य–ना० [सं०] प्रशस्त हुनाको भाव; प्रशस्तता।

प्राश्निक–ना० [सं०] १. प्रश्न गर्ने व्यक्ति; प्रश्न-कर्ता। २. सभाको कारवाई गर्ने व्यक्ति; सभ्य। ३. पञ्च। ४. साक्षी।

प्रास–ना० [सं०] एक प्रकारको भाला।

प्रासङ्गिक–वि० [सं०] १. प्रसङ्ग-सम्बन्धी; प्रसङ्गको। २. प्रसङ्गबाट आएको; प्रसङ्ग-प्राप्त।

प्रासाद–ना० [सं०] १. राजाको दरबार; राज-भवन; महल। २. ठूलो दरबार; विशाल भवन। ३. देवालय; मन्दिर। ४. ठूलो भवनको छत।

प्रासादीय–वि० [सं०] प्रासाद-सम्बन्धी; प्रासादको।

प्रासूतिक–वि० [सं०] प्रसूति-सम्बन्धी; प्रसव-सम्बन्धी।

प्राहारिक–वि० [सं०] १. पहरा बस्ने; पहरेदार; पाले। २. प्रहर-सम्बन्धी।

प्राहुण–ना० [सं०] पाहुनु; अतिथि।

प्राह्ण–ना० [सं०] दिनको पूर्व भाग; पूर्वाह्ण।

प्रिन्टर–ना० [अं०] छाप्ने व्यक्ति वा साधन; मुद्रक।

प्रिन्टिङ्ग–ना० [अं०] छाप्ने काम; छपाइ; मुद्रण।

प्रिन्सिपल–ना० [अं०] कुनै कलेज वा महाविद्यालयका सर्वोच्च अध्यापक।

प्रिन्सिपल–वि० [अं०] मुख्यः; प्रधान।

प्रिन्सिपल-सेक्रेटरी–ना० [अं०] प्रमुख-सचिव।

प्रियंवद–वि० [सं०] १. मीठो वचन बोल्ने; प्रिय-भाषी। (ना०) २. पक्षी।

प्रियंवदा–वि० [सं०] मीठो बोल्ने; मधुर-भाषिणी (स्त्री)।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रिय–वि० [सं०] १. प्यारो; मन परेको प्रेम; भएको। २. राम्रो; सुन्दर; मनोहर। ३. निको लाग्ने; जाती लाग्ने। (ना०) ४. स्वामी; पति। ५. प्रेमी; प्रेमिका। ६. हित।

प्रिय-काङ्क्षी–वि० [सं०] भलो चाहने; शुभाभिलाषी।

प्रियङ्कर–वि० [सं०] १. खुशी पार्ने; प्रसन्न-कारक। २. प्यारो गर्ने; प्रेम गर्ने। ३. हित गर्ने।

प्रियङ्करी–ना० [सं०] १. सेतो कण्टकारी; ठूलो जातको बिही। २. वृहत् जीवन्ती।

प्रियङ्गु–ना० [सं०] १. कागुनु। २. कुटकी। ३. रायो। ४. कालो दाना हुने दयाँलो।

प्रिय-जन–ना० [सं०] प्यारो व्यक्ति; प्रेम-पात्र।

प्रियतम–वि० [सं०] १. सबभन्दा प्यारो; अत्यन्त प्रिय। (ना०) २. स्वामी; पति।

प्रियतमा–वि० [सं०] १. सबभन्दा प्यारी; अत्यन्त प्यारी। (ना०) २. पत्नी। ३. प्रेमिका।

प्रियता–ना० [सं०] १. प्रिय हुनाको भाव। २. प्रेम।

प्रिय-दर्शन–वि० [सं०] खूब राम्रो देखिने; मनोहर; सुन्दर।

प्रिय-दर्शी–वि० [सं०] १. सबैलाई स्नेहको दृष्टिले हेर्ने। २. मनोहर; सुन्दर।

प्रिय-पात्र–वि० [सं०] प्यारो व्यक्ति; मन परेको मानिस।

प्रिय-भाषण–ना० [सं०] मीठो बोली; मधुर वचन।

प्रिय-भाषी–वि० [सं०] मीठो बोली बोल्ने; प्रिय वचन बोल्ने।

प्रिय-वक्ता–वि० [सं०] १. प्रिय वचन बोल्ने; मधुर-भाषी। २. चिप्लो कुरा गर्ने; चापलूस।

प्रिय-वचन–ना० [सं०] मीठो वचन; प्यारो बोली।

प्रिय-वादी–वि० [सं०] प्यारो लाग्ने कुरा भन्ने; मीठो बोल्ने।

प्रिय-सङ्गमन–ना० [सं०] प्रेमी र प्रेमिका भेट्ने ठाउँ।

प्रिया–ना० [सं०] १. स्वास्नी; पत्नी; भार्या। २. प्रेमिका।

प्रियोक्ति–ना० [सं०] १. मीठो बोली; प्रिय-वचन। २. चिप्लो कुरा; फकाउने कुरा; चापलूसी।

प्रिसाइडिङ्ग-अफिसर–ना० [अं०] १. अध्यक्षता गर्ने अफिसर। २. निर्वाचनका अवसरमा आफ्ना अधिकार-क्षेत्र-भित्रका निर्वाचन-केन्द्रहरूमा आदेश र निर्णय दिने अधिकारसाथ नियुक्त सरकारी अफिसर।

प्रीत–वि० [सं०] १. प्रीति-युक्त; प्रेमपूर्ण। २. प्रसन्न; सन्तुष्ट।

प्रीति–ना० [सं०] १. प्रेम; स्नेह; अनुराग; प्यार। २. हर्ष; प्रसन्नता। ३. सन्तोष; तृप्ति।

प्रीति-भोज–ना० [सं०] प्रिय-जनहरू सम्मिलित भएर प्रेम-पूर्वक गरिने भोजन।

प्रूफ–ना० [अं०] १. छापाखानामा पुस्तक, पुस्तिका आदि छाप्नुभन्दा पहिले कम्पोज गर्दा भएको अशुद्धि संशोधन गर्नका निमित्त छापिएको नमूना। २. प्रमाण; सबूत।

प्रूफ-रीडर–ना० [अं०] १. प्रूफमा रहेको अशुद्धि संशोधन गर्ने व्यक्ति; प्रूफ-रीडिङ गर्ने काम।

प्रूफ-रीडिङ–ना० [अं०] प्रूफमा भएका अशुद्धिहरू सच्याउने काम।

प्रेक्षक–वि० [सं०] देख्ने; हेर्ने; दर्शक।

प्रेक्षण–ना० [सं०] १. हेर्नु; देख्नु। २. आँखा; नेत्र। ३. तमाशा; दृश्य।

प्रेक्षणीय–वि० [सं०] हेर्न योग्य; दर्शनीय।

प्रेक्षा–ना० [सं०] १. हेर्नु; देख्नु। २. दृश्य। ३. बुद्धि; प्रज्ञा। ४. शोभा।

प्रेक्षित–वि० [सं०] देखिएको; हेरिएको।

प्रेङ्खण–ना० [सं०] १. झुल्नु; हल्लनु। २. डोली।

प्रेङ्खा–ना० [सं०] १. डोली। २. पीङ।

प्रेत–वि० [सं०] १. मरेको; मृत। (ना०) २. मानिस मरेपछि प्राप्त हुने कल्पित योनि। ३. मृतक व्यक्तिको आत्मा; मृतात्मा। ४. पिशाचको जस्तो एक योनि। ५. भयङ्कर आकारको मानिस। ६. साह्रै कन्जुस व्यक्ति। ७. दुष्ट मानिस।

प्रेत-कर्म–ना० [सं०] मृतकका उद्देश्यले गरिने दाह-संस्कार-देखि सपिण्डीसम्मका कृत्य।

प्रेत-कार्य–ना० [सं०] प्रेत-कर्म।

प्रेत-कृत्य–ना० [सं०] प्रेत-कर्म।

प्रेत-गृह–ना० [सं०] मसान; श्मशान।

प्रेतता–ना० [सं०] प्रेतत्व।

प्रेतत्व–ना० [सं०] १. प्रेतको अवस्था वा धर्म। २. मृत्यु।

प्रेत-देह–ना० [सं०] मरेका समयदेखि सपिण्डीसम्म मृतकका आत्मालाई प्राप्त हुने शरीर।

प्रेत-पिण्ड–ना० [सं०] दाह-संस्कार गरेदेखि सपिण्डीसम्म प्रेतका उद्देश्यले दिइने पिण्ड।

प्रेत-भूमि–ना० [सं०] मसान; श्मशान।

प्रेत-लोक–ना० [सं०] यम-लोक।

प्रेत-विद्या–ना० [सं०] मृतकको आत्मालाई बोलाएर त्यससित प्रश्नोत्तर गर्ने विद्या।

प्रेत-श्राद्ध–ना० [सं०] दाह-संस्कार गरेदेखि वर्ष दिनसम्म मृतकका उद्देश्यले गरिने श्राद्ध।

प्रेताशौच–ना० [सं०] मरेकाको आशौच; मान्छे मर्दा लाग्ने जूठो।

प्रेत्य–ना० [सं०] पर-लोक।

प्रेम–ना० [सं०] १. कुनै व्यक्ति वा वस्तु जाती लागेर त्यो सधैँ आफ्ना साथमा रहोस् भन्ने मनोवृत्ति; अनुराग। २. प्रायशः रूप, गुण, स्वभाव, सामीप्य अथवा काम-वासनाका कारण-वश हुने स्त्री-पुरुषको पारस्परिक अनुराग; प्यार; प्रीति। ३. कृपा; दया।

प्रेमकटारी–ना० [ने०] सुर्ती, गाँजा आदि काट्ने, वक्राकार धारिलो फलामे साधन।

प्रेमधप्के–ना० [ने०] ठूला-ठूला लाम्चा पात हुने हिमालयमा उम्रने एक जातको रूख; नील-वृक्ष।

प्रेम-पात्र–वि० [सं०] १. मन परेको; प्यारो। (ना०) २. प्यारो मानिस; प्रिय व्यक्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेम-पाश–ना० [सं०] प्रेमको बन्धन; प्रेमको आकर्षण।

प्रेम-बन्धन–ना० [सं०] प्रेम-पाश।

प्रेमालाप–ना० [सं०] १. प्रेमपूर्वक गरिने कुराकानी। २. प्रेमी व्यक्तिहरूका आपस्तका प्रेम-सम्बन्धी कुराकानी।

प्रेमालिङ्गन–ना० [सं०] १. प्रेमपूर्वक गरिने आलिङ्गन; प्रेमपूर्वकको अङ्कमाल। २. नायक-नायिकाको पारस्परिक अङ्कमाल।

प्रेमाश्रु–ना० [सं०] प्रेमीसित भेट हुँदा आउने आँसु; हर्षाश्रु।

प्रेमास्पद–वि० [सं०] प्रेम-पात्र; प्रेमी।

प्रेमिका–ना० [सं०] प्रेम भएकी स्त्री; प्रेयसी।

प्रेमी–ना० [सं०] १. प्रेम गर्ने व्यक्ति। (वि०) २. प्रेम-युक्त; प्रेम भएको।

प्रेय–वि० [सं०] १. अति प्यारो; अत्यन्त प्रिय। (ना०) २. प्रिय वस्तु; राम्रो लाग्ने वस्तु।

प्रेयसी–ना० [सं०] १. प्रेमिका; प्रियतमा। २. पत्नी।

प्रेरक–वि० [सं०] १. प्रेरणा गर्ने; उत्तेजक। २. पठाउने। ठेल्ने।

प्रेरणा–ना० [सं०] १. कसैलाई कुनै काममा प्रवृत्त गराउनु; कसैलाई कुनै काम अह्राउनु। २. पेला; उत्तेजना।

प्रेरणार्थक-क्रिया–ना० [सं०] व्याकरणमा क्रियाको व्यापार कसैको प्रेरणाबाट भएको सूचित गर्ने क्रियाको एक रूप। (उदा०–गराउनु, लेखाउनु इत्या०।)

प्रेरणीय–वि० [सं०] प्रेरणा लिन वा दिन लायक।

प्रेरित–वि० [सं०] प्रेरणा गरिएको; काममा प्रवृत्त गरिएको।

प्रेषक–वि० [सं०] पठाउने।

प्रेषण–ना० [सं०] १. पठाउनु। २. प्रेरणा गर्नु।

प्रेषणीय–वि० [सं०] १. पठाउन योग्य। २. प्रेरणादि न योग्य।

प्रेषित–वि० [सं०] १. पठाइएको। २. प्रेरणा गरिएको।

प्रेषितव्य–वि० [सं०] १. पठाउन योग्य; प्रेषित गर्न योग्य। २. प्रेरणा दिन योग्य।

प्रेष्ठ–वि० [सं०] १. ज्यादै प्यारो; अत्यन्त प्रिय। (ना०) २. प्रियतम।

प्रेष्य–वि० [सं०] १. पठाउन योग्य। २. प्रेरणा गर्न योग्य। (ना०) ३. नोकर; चाकर। ४. दूत।

प्रेष्यता–ना० [सं०] १. दासत्व। २. दूतको भाव; दूतत्व।

प्रेस–ना० [अं०] १. पुस्तक, पुस्तिका, पर्चा आदि छाप्ने कल; अक्षर, चित्र आदि छाप्ने मेशिन। २. पुस्तक, पुस्तिका आदि छाप्ने कारखाना; छापाखाना। ३. कुनै वस्तु थिच्ने वा अँचेट्ने कल। ४. समाचार-पत्र; पत्र-पत्रिका।

प्रेस-रिपोर्टर–ना० [अं०] समाचार-पत्रहरूका निमित्त खबर-हरू एकत्र गर्ने व्यक्ति।

प्रेस-वक्तव्य–ना० [अं० प्रेस+वक्तव्य (सं०)] पत्र-पत्रिकामा छाप्नाका निमित्त दिइएको वक्तव्य।

प्रेस-सम्मेलन–ना० [अं० प्रेस+सम्मेलन (सं०)] कुनै विषयको प्रचार, स्पष्टीकरण आदिका निमित्त पत्र-प्रतिनिधिहरूलाई भेला गराई गरिएको सम्मेलन।

प्रेस-सचिव–ना० [अं० प्रेस+सचिव (सं०)] राज-दरबार वा कुनै विशेष व्यक्तिको पत्र-पत्रिकामा पठाउने समाचार वा अन्य प्रकाशन-सम्बन्धी काम गर्ने सचिव; प्रेस-सेक्रेटरी।

प्रेस-सेक्रेटरी–ना० [अं०] प्रेस-सचिव।

प्रेसिडेन्ट–ना० [अं०] १. कुनै सभा वा समितिको प्रधान व्यक्ति; सभा-पति; अध्यक्ष। २. गण-तान्त्रिक राज्यको राष्ट्र-पति।

प्रैक्टिस–ना० [अं०] १. अभ्यास; रफत। २. डाक्टर, वकील आदिले उपचार अथवा बहस गर्ने काम।

प्रोक्त–वि० [सं०] भनिएको; उक्त।

प्रोक्षण–ना० [सं०] १. छर्कनु; सेचन गर्नु। २. पशु-वध गर्नु। ३. बलिको पशुलाई पानी छर्कनु; पर्सनु। ४. पुछ्नु; मेट्नु।

प्रोक्षित–वि० [सं०] १. पानी छर्किएको; सेचन गरिएको। २. बलि दिइएको; बलिदान गरिएको।

प्रोग्राम–ना० [अं०] कार्य-क्रम।

प्रोज्ज्वल–वि० [सं०] खूब चम्किलो; तेजस्वी।

प्रोज्ज्वल-नेपाल-तारा–ना० [सं०] विशिष्ट श्रेणीको नेपाल-तारा तक्मा।

प्रोञ्छन–ना० [सं०] पुछ्नु।

प्रोत–वि० [सं०] १. राम्ररी टाँसिएको; टम्म मिलेको। २. सिइएको; गाँसिएको। ३. लुकेको।

प्रोत्कट–वि० [सं०] अति उत्कट।

प्रोत्फुल्ल–वि० [सं०] १. राम्ररी फुलेको; फक्रेको; पूर्ण विकसित। २. हाँसेको; प्रसन्न।

प्रोत्साह–ना० [सं०] प्रबल उत्साह; ठूलो उम्मेद।

प्रोत्साहक–वि० [सं०] उत्साह बढ़ाउने; प्रोत्साहन दिने।

प्रोत्साहन–ना० [सं०] उत्साह बढ़ाउने काम; हिम्मत गराउनु; उत्तेजित पार्नु।

प्रोत्साहित–वि० [सं०] उत्साह बढ़ाइएको; प्रोत्साहन दिइएको; उत्तेजित गरिएको।

प्रोथ–वि० [सं०] १. प्रसिद्ध। २. भयानक। ३. स्थापित। (ना०) ४. घोड़ा, सुँगुर आदिका नाकको अगिल्लो भाग; थुतुनु। ५. कमर।

प्रोद्दीप्त–वि० [सं०] १. खूब बलेको; प्रज्वलित। २. खूब उज्यालो पारिएको।

प्रोद्यत–वि० [सं०] १. उठाइएको; उन्नत। २. उद्यमी। ३. उजाइएको।

प्रोन्नत–वि० [सं०] ज्यादै अग्लो; अति उन्नत।

प्रोफेसर–ना० [अं०] १. कुनै विश्व-विद्यालय वा कलेजका अध्यापकको एक दर्जा। २. प्राध्यापक।

प्रोषित–वि० [सं०] पर-देश गएको; प्रवासी।

प्रोषित-पतिका–ना० [सं०] पति पर-देश गएकाले दुःखित

CC-0. In Public Domain. Digitization by eGangotri

भएकी स्त्री; प्रोषित-भर्तृका।

प्रोषित-भर्तृका–ना० [सं०] प्रोषित-पतिका।

प्रोष्ठ–ना० [सं०] १. गाई। २. साँढ़े।

प्रोष्ठ-पदा–ना० [सं०] पूर्व-भाद्रपदा र उत्तर-भाद्रपदा नक्षत्र।

प्रोष्ठ-पदी–ना० [सं०] भाद्र महीनाको पूर्णिमा।

प्रोष्ण–वि० [सं०] अति उष्ण।

प्रौढ–वि० [सं०] १. राम्ररी बढ़ेको; प्रवृद्ध। २. युवावस्था नाघेको; तीसदेखि पचास वर्षभित्रका अवस्थाको। अनुभव-युक्त। ३. पुष्ट; परिपक्व। ४. निपुण; होशियार। ५. अनुभवी। ६. विवाहित। ७. बलियो।

प्रौढता–ना० [सं०] प्रौढ हुनाको भाव।

प्रौढत्व–ना० [सं०] प्रौढ हुनाको भाव; प्रौढता।

प्रौढा–ना० [सं०] १. तरुण अवस्था नाघेकी स्त्री; तीसदेखि पचास वर्षभित्रको उमेर भएकी स्त्री। २. श्रृङ्गाररसअनुसार काम-कला आदिमा सुचतुर स्त्री।

प्रौढा-अधीरा–ना० [सं०] आफ्ना नायकमा पर-स्त्री-समागमका चिह्नहरू देखेर प्रत्यक्ष क्रोध गर्ने नायिका।

प्रौढा-धीरा–ना० [सं०] आफ्ना नायकमा पर-नायिकाका साथ भएका विलासका चिह्नहरू देखेर प्रत्यक्ष कोप नगरी व्यङ्ग्यपूर्वक कोप गर्ने प्रौढा नायिका।

प्रौढा-धीराधीरा–ना० [सं०] आफ्ना नायकमा अन्य नायिकासँगको समागमका चिह्नहरू प्रत्यक्ष देखेर केही व्यङ्ग्यरूपमा र केही प्रत्यक्ष रूपमा कोप प्रकट गर्ने प्रौढा नायिका।

प्रौढि–ना० [सं०] १. शक्ति; सामर्थ्य। २. पूर्ण वृद्धि; परिपक्वता; प्रौढता। ३. साहस। ४. धृष्टता।

प्रौढोक्ति–ना० [सं०] १. प्रबल उक्ति। २. उत्कर्षको कारण नभईकन पनि उत्कर्षको कारणको कल्पना गर्दा हुने एक अर्थालङ्कार।

प्लक्ष–ना० [सं०] काभ्रो।

प्लव–ना० [सं०] १. पौड़ने काम; पौड़ी। २. उफ्रनु; कुद्नु। ३. सानो नाउ; डुङ्गा। ४. साठी संवत्सरमध्ये एक।

प्लवन–ना० [सं०] १. पौड़नु; पौड़ी खेल्नु। २. उफ्रनु। ३. फालहाल्नु।

प्लवङ्ग–ना० [सं०] बाँदर।

प्लान–ना० [अं०] कुनै काम गर्नाका निम्ति पहिलेबाटै तयार पारिएको योजना।

प्लाव–ना० [सं०] १. बाढ़ी आउनु। २. डुब्नु। ३. डुबुल्की; गोता।

प्लावन–ना० [सं०] १. बाढ़ी। २. डुब्नु; डुबुल्की मार्नु। ३. जल-प्रलय।

प्लावित–वि० [सं०] १. पानीमा डुबेको। २. जल-मग्न; जलाम्मे।

प्लावी–वि० [सं०] १. मड़ारिएर बग्ने। २. डुबाउने।

प्लास्टिक–ना० [अं०] विभिन्न उपयोगमा आउने, एक रासायनिक पदार्थ। (यसका अनेक प्रकारका वस्तु तयार गरिन्छन्।)

प्लिहा–ना० [सं०] फियो।

प्लुत–वि० [सं०] १. पानी आदिले ढाकिएको; जलाम्मे। २. उफ्रेको। ३. तीन मात्रा भएको (स्वर वा वर्ण)। (ना०) ४. डुब्नु; भिज्नु। ५. उफ्रनु।

प्लुत-गति–ना० [सं०] उफ्री-उफ्री हिँड्नु।

प्लुष–ना० [सं०] दाह; जलन।

प्लुष्ट–वि० [सं०] डढ़ेको; दग्ध।

प्लेग–ना० [अं०] १. जाड़ो महीनामा फैलिने एक भयङ्कर सङ्क्रामक रोग। २. कुनै किसिमको भयङ्कर सङ्क्रामक रोग; महामारी; रूढ़ी; देसान।

प्लेट–ना० [अं०] १. एक किसिमको ठलो रिकापी। २. फोटोको निगेटिभ आउने काँच आदिको पत्र।

प्लेटफार्म–ना० [अं०] १. रेलका स्टेशनमा बनेको लामो पेटी। २. मञ्च।

प्लेटिनम–ना० [अं०] विशेष रूपमा कड़ा र गह्रौँहुने सेतो रङ्गको एक बहु-मूल्य धातु।

प्लोष–ना० [सं०] १. डढ्नु; दग्ध हुनु। २. दाह; जलन।

प्वाँख–ना० [सं० पुङ्ख] चराका पखेटाको भुत्ला।

प्वाँले–वि० [पुँवाले] पुवाँले।

प्वाँलो–ना० [पुवाँलो] पुवाँलो।

प्वाकल–ना० [नेवा० प्वाक:] खोपिल्टो; खोप्लो।

प्वाक्क–क्रि० यो० [ने०] १. हल्का किसिमले हिर्काउने किसिम। २. फुट्ने किसिम। ३. सोच-विचार नगरी बोल्ने किसिम; पक्क।

प्वाक्लाक्क–क्रि० यो० [ने०] १. उप्कने किसिम। २. उखेलिने किसिम। ३. सहसा मर्ने किसिम।

प्वाङ्ग–क्रि० यो० [अनु०] माटाका भाँड़ाहरू सहसा फुट्ने वा फुट्ता शब्द आउने किसिम।

प्वाङ्ङ–क्रि० यो० [प्वाङ्ग] प्वाङ्ग।

प्वाल–ना० [सं० प्लाव] १. दुलो; छिद्र। २. अन्तर; धाँदो।

फ

फ–देवनागरी वर्ण-मालाको बाइसौँ व्यञ्जन-वर्ण। प-वर्गको दोस्रो अक्षर। यसको उच्चारण ओष्ठ-स्थानबाट हुन्छ।

फँकाइ–ना० [फाँक्+आइ] फक्क्याउने किसिम, क्रिया वा भाव; फक्क्याइ।

फँक्क्याइनु–स० क्रि० [फाँक्+आइ+नु] फक्क्याइनु।

फँक्क्याउनु–स० क्रि० [फाँक्+आउ+नु] फक्क्याउनु।

फँजाइ–ना० [फाँज्+आइ] फाँज्ने किसिम, क्रिया वा भाव।

फँजाइनु–स० क्रि० [फाँजाउ+आइ+नु] फाँज्न लाइनु; ('फँजाउनु'-को क० क्रि०)।

फँजाउनु–स० क्रि० [फाँज्+आउ+नु] फाँज्न लाइनु;

CC-0. In Public Domain. Digitization by eGangotri

('फाँजनु'-को प्रे० क्रि० ।)

फँड़ाइ—ना० [फाँड्+आइ] फाँड्ने वा फाउने किसिम, क्रिया वा भाव ।

फँड़ाइ—ना० [फाँड्+आइ] फाँड्ने वा छिमल्ने किसिम, क्रिया वा भाव ।

फँड़ाइनु—स० क्रि० [फँड़ाउ+आइ+नु] फाँड्न लाइनु; ('फँड़ाउनु'-को क० क्रि०) ।

फँड़ाइनु—स० क्रि० [फँड़ाउ+आइ+नु] रूखहरू काट्नु वा उखेल्न लाइनु; ('फँड़ाउनु'-को क० क्रि०) ।

फँड़ाउनु—स० क्रि० [फाँड्+आउ+नु] फाँड्नु वा फाउन लाउनु; ('फाँड्नु'-को क० क्रि०) ।

फँड़ाउनु—स० क्रि० [फाँड्+आउ+नु] रूखहरू काट्न वा उखेल्न लाउनु; ('फाँड्नु'-को प्रे० क्रि०) ।

फँड़ीर—ना० [सं० फलेन्द्र] जामुनु ।

फँदाइ—ना० [फाँद्+आइ] फाँद्ने वा उफ्रेर नाघ्ने किसिम, क्रिया वा भाव ।

फँदाइ—ना० [फाँद्+आइ] फाँद्ने किसिम, क्रिया वा भाव; फसाइ ।

फँदाइनु—स० क्रि० [फँदाउ+आइ+नु] फाँद्न वा उफ्रेर नाघ्न लाइनु; ('फँदाउनु'-को क० क्रि०) ।

फँदाइनु—स० क्रि० [फँदाउ+आइ+नु] फाँद्न वा फसाउन लाइनु; ('फँदाउनु'-को क० क्रि०) ।

फँदाउनु—स० क्रि० [फाँद्+आउ+नु] फाँद्नु वा नाघ्न लाउनु; ('फाँद्नु'-को प्रे० क्रि०) ।

फँदाउनु—स० क्रि० [फाँद्+आउ+नु] फाँद्न वा फसाउन लाउनु; ('फाँद्नु'-को प्रे० क्रि०) ।

फकड़ा—ना० [फक्कड़] चिलिममा गाँजा, कक्कड़ भरी सर्को तान्नुभन्दा पहिले गरिने लय-बद्ध गाँजाको स्तुति वा गाथा ।

फकत—क्रि० यो० [अ० फ़क़त] मात्र; केवल; सिर्फ; खालि ।

फकफक—क्रि० यो० [नें०] १. लेसाइलो वा लस्सादार नभई बुरबुराउँदो हुने किसिम; फकफकाउँदो हुने किसिम । फकफकी । २. धमाधम फाँको हालेर खाने किसिम; फकाफक । ३. सरासर कुनै काम गर्ने किसिम; खुरुखुरु । ४. इन्जिनबाट धूवाँ, बाफ आदि निस्कँदा शब्द आउने किसिम ।

फकफकती—क्रि० यो० [फकफक+ती] फकफक ।

फकफकाइ—ना० [फकफकाउ+आइ] फकफकाउने किसिम, क्रिया वा भाव ।

फकफकाइनु—अ० क्रि० [फकफकाउ+आइ+नु] १. फकफक परिनु; ('फकफकाउनु'-को भा० क्रि०) । (स० क्रि०) २. फकफक शब्द निकालिनु; ('फकफकाउनु'-को क० क्रि०) ।

फकफकाउँदो—वि० [फकफक+आउँदो] फकफक परेको; बुरबुराउँदो ।

फकफकाउनु—अ० क्रि० [फकफक+आउ+नु] १. लस्सा वा लेसाइलो भाव नभई बुरबुराउँदो हुनु; फकफक पर्नु । (स० क्रि०) २. फकफक शब्द निकाल्नु ।

फकफकिइनु—अ० क्रि० [फकफकि+इ+नु] फकफकाइनु; ('फकफकाउनु'-को भा० क्रि०) ।

फकफकिनु—अ० क्रि० [फकफक+इ+नु] फकफकाउनु ।

फकफकी—क्रि० यो० [फकफक+ई] फकफक ।

फकफक्याइ—ना० [फकफकि+आइ] फकफकिने किसिम, क्रिया वा भाव; फकफकाइ ।

फकफक्याहट—ना० [फकफकि+आहट] फकफकिने किसिम, क्रिया वा भाव; फकफक्याइ ।

फकाइ—ना० [फकाउ+आइ] फकाउने किसिम, क्रिया वा भाव ।

फकाइनु—स० क्रि० [फकाउ+आइ+नु] फुस्ल्याइनु; ('फकाउनु'-को क० क्रि०) ।

फकाउनु—स० क्रि० [नें०] १. फुस्ल्याउनु । २. फुल्याउनु; सान्त्वना दिनु । ३. लहस्याउनु; मनाउनु । ४. लोभ्याउनु; लोभमा फसाउनु ।

फकाफक—क्रि० यो० [फकफक] १. धमाधम फाँको हालेर खाने किसिम; फकफकी । २. फकफक शब्द निकाल्ने किसिम ।

फकार—ना० [सं०] 'फ'-अक्षर; प-वर्गको दोस्रो अक्षर ।

फकावट—ना० [फकाउ+आवट] १. फकिने काम; फकाइ; फक्याहट । २. फकाउने काम ।

फकिइनु—अ० क्रि० [फकि+इ+नु] फुस्ल्याहटमा लागिनु; ('फकिनु'-को भा० क्रि०) ।

फकिनु—अ० क्रि० [फकाउ+इ+नु] अर्काका फुस्ल्याहटमा लाग्नु; फकाइएको हुनु ।

फकीर—ना० [अ० फ़क़ीर] १. योगी; संन्यासी; संसार-त्यागी व्यक्ति । २. भीख-मङ्गा; भिखारी; भिक्षुक । ३. निर्धन व्यक्ति ।

फकीरी—वि० [फकीर+ई] १. फकीर-सम्बन्धी; फकीरको । (ना०) २. फकीरको अवस्था वा भाव ।

फकुन्डो—ना० [फुकुन्डो] फुकुन्डो ।

फकुल्लो—वि० [फकाउ+उल्लो] १. बुद्धि नभएको । २. फकिने स्वभावको; फकावटमा लाग्ने ।

फकौटे—वि० [फकि+औटे] फकाउने; फुस्ल्याउने ।

फक्कड़—ना० [फकीर] १. फकड़ा गाउने व्यक्ति । २. फकीर ।

फक्किका—ना० [सं०] १. शास्त्रार्थमा कठिन स्थललाई स्पष्ट गर्नाका निम्ति उपस्थित गरिने पूर्व-पक्ष । २. धोखा; कपट ।

फक्याइ—ना० [फकि+याइ] फकिने किसिम, क्रिया वा भाव ।

फक्याइ—ना० [फक्याउ+आइ] फकाउने किसिम, क्रिया वा भाव ।

फक्क्याइ—ना० [फक्क्याउ+आइ] फक्क्याउने वा फाँको हाल्ने किसिम, क्रिया वा भाव ।

फक्क्याइनु—स० क्रि० [फक्क्याउ+आइ+नु] फाँको मारिनु;

CC-0. In Public Domain. Digitization by eGangotri

('फक्क्याउनु'-को क० क्रि०)।

फक्क्याउनु–स० क्रि० [फाँको+याउ+नु] १. फाँको मार्नु; फुको वस्तु फकाफक खानु। २. केस्रा छुट्ट्याउनु।

फक्याहट–ना० [फकि+याहट] फकिने किसिम, क्रिया वा भाव; फुस्ल्याहट।

फक्रक्क–क्रि० यो० [फक्र] फक्रने किसिम।

फक्रनु–अ० क्रि० [सं० प्रफुल्ल] राम्ररी फुल्नु; ढकमक्क फुल्नु; फक्रिनु; पूर्ण रूपले विकसित हुनु।

फक्राइ–ना० [फक्र+आइ] फक्रने किसिम, क्रिया वा भाव।

फक्राइ–ना० [फक्राउ+आइ] फक्राउने किसिम, क्रिया वा भाव।

फक्राइनु–स० क्रि० [फक्राउ+आइ+नु] फक्रने पारिनु; ('फक्राउनु'-को क० क्रि०)।

फक्राउनु–अ० क्रि० [फक्र+आउ+नु] १. फक्रनु। २. फक्रने पार्नु; ('फक्रनु'-को प्रे० क्रि०)।

फक्रास–ना० [ने०] लामो तीखो चुच्चो हुने, हिमालयका लेकहरूमा पाइने एक जातको डाँफेजस्तो चरो।

फक्रिनु–अ० क्रि० [फक्र+इ+नु] १. फक्रनु; फक्राउनु। २. ढकमक्क फुलिनु; ('फक्रनु'-को भा० क्रि०)।

फक्र्याइ–ना० [फक्रि+याइ] फक्रिने किसिम, क्रिया वा भाव।

फक्लेँटो–ना० [फग्ल्याँटो] फग्ल्याँटो।

फक्ल्याँटो–ना० [फग्ल्याँटो] फग्ल्याँटो।

फगटो–ना० [सं० फलक] खेतको सानो-सानो गह्रो; फोगटो।

फगत–क्रि० यो० [फकत] फकत।

फगल्टा–क्रि० यो० [फगत] १. विनाकाममा; बेकाममा; व्यर्थ। (ना०) २. बिनसित्तिको काम; व्यर्थको काम।

फगेटो–ना० [ने०] एक जातको सानो माछो।

फग्लेँटो–ना० [फग्ल्याँटो] फग्ल्याँटो।

फग्ल्याँटो–ना० [फ्याक] १. अन्नका दानाको आधा भाग; फयाक; फलक। २. जाँतो, घट्ट आदिको एक चक्का।

फच्चे–ना० [फछर्योट] बाँकी नराखी ऋण तिर्ने काम; चुक्ती; फछर्योट।

फच्च्याइ–ना० [फच्च्याउ+आइ] फच्च्याउने किसिम, क्रिया वा भाव।

फच्च्याइनु–स० क्रि० [फच्च्याउ+आइ+नु] फच्चे पारिनु; ('फच्च्याउनु'-को क० क्रि०)।

फच्च्याउनु–स० क्रि० [फच्चे+याउ+नु] फच्चे पार्नु; ऋण चुक्ती पार्नु; चुक्तयाउनु; फछर्याउनु।

फच्च्याक-फुच्चुक–ना० [फच्चे+फुच्चुक (फाँ०)] फच्चे।

फच्छे–ना० [फच्चे] फच्चे।

फच्छ्याइ–ना० [फच्छ्याउ+आइ] फच्छ्याउने किसिम, क्रिया वा भाव; फच्च्याइ।

फच्छ्याइनु–स० क्रि० [फच्छ्याउ+आइ+नु] फच्च्याइनु; ('फच्छ्याउनु'-को क० क्रि०)।

फच्छ्याउनु–स० क्रि० [फच्छे+याउ+नु] फच्च्याउनु।

फजीत–ना० [अ० फ़ज़ीहत] १. हैरानी; बेचैनी। २. आपत; विपत्ति; सङ्कट।

फजीती–ना० [फजीत+ई] १. फसाद; मुश्किल। २. दुर्दशा; दुर्गति। ३. हैरानी; सास्ती।

फजीयत–ना० [अ० फ़ज़ीहत] फजीत।

फजूल–वि० [अ० फ़ुज़ूल] १. व्यर्थको; विनसित्तिको। २. आवश्यकताभन्दा बढ़ी; अतिरिक्त (खर्च)।

फजूल-खर्ची–वि० [फजूल+खर्च+ई] व्यर्थमा खर्च गर्ने; नाहकमा खर्च गर्ने।

फट्–ना० [सं०] १. तन्त्र-शास्त्रअनुसार मन्त्रका साथ प्रयोग गरिने एक शब्द। २. अघमर्षण, अङ्ग-न्यास, कर-न्यास आदिको एक अनुकरण शब्द।

फट–ना० [ने०] १. हार; पराजय। (वि०) २. अलग्ग; फुट्टा; छुट्टा।

फटक्क–क्रि० यो० [ने०] फट्कने किसिम; उफ्रेर नाघ्ने किसिम।

फटफट–क्रि० यो० [अनु०] १. चराहरूले पखेटा हल्लाउँदा शब्द निस्कने किसिम; भ्याट-भ्याट। २. पशुहरूले कान हल्लाउँदा शब्द निस्कने किसिम; फ्याट-फ्याट। ३. कुनै किसिमका आपतमा परेर तुलबुलाउने किसिम; फत्र्याक-फत्र्याक। ४. लामा-लामा फट्का गरेर हिँड्ने किसिम; फटाफट। ५. चाँड़ो-चाँड़ो कुनै काम-कुरो गर्ने किसिम।

फटफटती–क्रि० यो० [फटफट] फटफट।

फटफटाइ–ना० [फटफटाउ+आइ] फटफटाउने किसिम, क्रिया वा भाव।

फटफटाइनु–अ० क्रि० [फटफटा+आइ+नु] फटफट आवाज निकालिनु; ('फटफटाउनु'-को भा० क्रि०)।

फटफटाउनु–अ० क्रि० [फटफट+आउ+नु] १. चराहरूले पखेटा वा पशुहरूले कान हल्लाउँदा शब्द निस्कनु; फटफट आवाज आउनु। २. हड़बड़मा पर्नु; हतपताउनु। ३. तुलबुलाउनु; फत्र्याक-फत्र्याक पर्नु; छटपटाउनु।

फटफटिइनु–अ० क्रि० [फटफटि+इ+नु] हड़बड़ाइनु; ('फटफटिनु'-को भा० क्रि०)।

फटफटिनु–अ० क्रि० [फटफट+आइ+नु] १. हड़बड़ाउनु; हतपताउनु। २. तुलबुलाउनु; फत्र्याक-फत्र्याक पर्नु; ३. कुनै काम-कुरोबाट अलग हुन खोज्नु।

फटफटी–क्रि० यो० [फटफट+ई] फटफट।

फटफट्याइ–ना० [फटफटि+याइ] फटफटिने किसिम, क्रिया वा भाव।

फटा–ना० [सं०] सर्पको फणा।

फटाइ–ना० [फटाउ+आइ] फटाउने किसिम, क्रिया वा भाव।

फटाइ–ना० [फाट्+आइ] फाट्ने किसिम, क्रिया वा भाव।

फटाइनु–स० क्रि० [फटाउ+आइ+नु] छुट्ट्याइनु; ('फटाउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

फटाउनु–स० क्रि० [फाट्+आउ+नु] १. धाँदो पार्नु; फाट्ने पार्नु; ('फाँट्नु'-को प्रे० क्रि०)। २. मिलेका दुइ वा अधिक वस्तुहरूलाई अलग पार्नु; छुट्ट्याउनु। ३. मेल भएका दुइ जनामा बेमेल गराउनु; फाटो पार्नु। ४. फार्नु; च्यात्नु। ५. चिरा पार्नु; धाँदो पार्नु।

फटाटोप–ना० [सं०] १. सर्पले फणा फिँजाउनु। २. धम्की; हप्की। ३. आडम्बर।

फटाफट–क्रि० यो० [फटफट] १. लामा-लामा फट्का गरी चाँडो-चाँडो हिँड्ने किसिम; फटफट। २. कुनै काम-कुरो चाँडो-चाँडो गर्ने किसिम; चटाचट।

फटाहा–वि० [सं० फट+आहा] १. बढ़ाएर धेरै कुरो गर्ने; धेरै गफ हाँक्ने। २. झूटो बोल्ने; ढँटुवा।

फटिक–ना० [सं० स्फटिक] काँचजस्तो पार-दर्शी एक प्रकारको पत्थर; स्फटिक।

फटेङ्ग्रो–ना० [फट्क+एङ्ग्रो] उफ्री फट्केर हिँड्ने एक प्रकारको कीरो।

फट्कनु–स० क्रि० [फटक्क+नु] १. उफ्रेर नाघ्नु; फटक्क नाघ्नु। २. फट्को मार्नु। ३. धनुद्वारा रुवा सफा गर्नु। ४. अन्नहरू नाङ्लामा हालेर निफन्नु। ५. लुगा आदि पछारी त्यसमा रहेको पानीको अंश झट्कारेर फ्याँक्नु। (अ० क्रि०) ६. उफ्रेर जानु; फट्को हाल्नु। ७. उछिट्टिनु; उस्कनु।

फट्काइ–ना० [फट्क+आइ] फट्कने किसिम, क्रिया वा भाव।

फट्काइनु–स० क्रि० [फट्काउ+आइ+नु] फट्कन लाइनु; ('फट्काउनु'-को क० क्रि०)।

फट्काउनु–स० क्रि० [फट्क+आउ+नु] फट्कन लाउनु; ('फट्कनु'-को प्रे० क्रि०)।

फट्कार–ना० [फट्कार्] १. फट्कार्ने काम; डाँट्ने काम; हप्की। २. लुगा टकटक्याउने काम; झट्कार।

फट्काराइ–ना० [फट्कार्+आइ] फट्कार्ने किसिम, क्रिया वा भाव।

फट्कारिनु–स० क्रि० [फट्कार्+इ+नु] डाँटिनु; ('फट्कार्नु'-को क० क्रि०)।

फट्कार्नु–स० क्रि० [फटफट] १. डाँट्नु; झाँट्नु। २. लुगा टकटक्याउनु; झट्कार्नु। ३. अमिलो, पिरो आदि चर्को स्वाद पाउँदा एक किसिमले जिभ्रो बजाउनु।

फट्किनु–स० क्रि० [फट्क+इ+नु] उफ्रेर नाघिनु; ('फट्कनु'-को क० क्रि०)।

फट्किरी–ना० [सं० स्फटिका] पग्लिँदो स्वादको मिस्रीजस्तो, एक प्रकारको खनिज क्षार पदार्थ।

फट्के–ना० [फट्को+ए] १. काठको हिउँदे पुल; साँघु। २. गाई-वस्तु पस्न नहुने र मानिसमात्र फट्केर जान हुने गरी गौँड़ोमा लगाइएको बार। ३. जगा-जमीन, कागत-पत्र आदिको एउटै तह, पत्र आदिमा भए तापनि क्रम छुट्टिएर रहेको अंश वा भाग। (वि०) ४. फट्को-सम्बन्धी। ५. फट्केर हिँड्ने; फट्केर गर्ने वा गरिने।

फट्को–ना० [फट्क] १. हिँड्दा एक पटक सारेको पाइलो; एक पाइलो। २. फट्कँदा ढाकिएको ठाउँ। ३. एक पटकको फट्काइ।

फट्ट–क्रि० यो० [ने०] १. फट्कने किसिम; उफ्रेर नाघ्ने किसिम। २. फुट्टा हुने किसिम। ३. कुनै काम झट्ट गर्ने किसिम।

फट्टा–वि० [फाट्] १. फाटेको; च्यातिएको। २. रद्दी गरिएका (कागत-पत्र)। ३. कागज आदि फार्ने वा च्यात्ने काम।

फट्टाइ–ना० [फट्टाउ+आइ] फट्टाउने किसिम, क्रिया वा भाव।

फट्टाइनु–स० क्रि० [फट्टाउ+आइ+नु] छुट्ट्याइनु; ('फट्टाउनु'-को क० क्रि०)।

फट्टाउनु–स० क्रि० [फटाउ+नु] १. जोरिएका दुइ वस्तुलाई अलग पार्नु; छुट्ट्याउनु; फटाउनु। (अ० क्रि०) २. चिरिनु; चर्कनु; धाँदो पर्नु।

फट्टिक–वि० [फटाहा] फटाहा।

फट्टिक–ना० [सं० स्फटिक] फटिक।

फट्टी–वि० [फट्टीक] फट्टीक।

फट्टीक–वि० [फटाहा] फटाहा।

फटयाइँ–ना० [फटाहा+याइँ] ढाँट्ने काम; फटाहाले गर्ने काम; अर्कालाई झुक्क्याउने वा धोखा दिने काम।

फटयाक्क–क्रि० यो० [ने०] फट्कने किसिम; फटक्क।

फटयाङ्ग्रो–ना० [फटेङ्ग्रो] फटेङ्ग्रो।

फड्कनु–स० क्रि० [फट्कनु] फट्कनु।

फड्काइ–ना० [फड्क+आइ] फट्काइ।

फड्काइनु–स० क्रि० [फड्क+आइ+नु] फट्काइनु; ('फड्काउनु'-को क० क्रि०)।

फड्काउनु–स० क्रि० [फड्क+आउ+नु] फड्काउनु; ('फड्कनु'-को प्रे० क्रि०)।

फड्किनु–स० क्रि० [फड्क+इ+नु] फट्किनु; ('फड्कनु'-को क० क्रि०)।

फड्को–ना० [फड्को] फट्को।

फण–ना० [सं०] फणा।

फणा–ना० [सं०] विशेष जातिका सर्पको फिँजाएर छत्राकार पारिएको टाउको।

फणिर–ना० [सं० फलेन्द्र] १. नीलो लाम्चो फल फल्ने, सेतो मसिनु फूल फुल्ने एक जातको वृक्ष; महाजम्बू। २. त्यसैको फल; जामुनु; फँड़ीर।

फणी–ना० [सं०] सर्प।

फणीन्द्र–ना० [सं०] १. शेष-नाग। २. ठूलो सर्प।

फणी-मुख–ना० [सं०] टुप्पो चेप्टो भएको एक किसिमको, लामो हतियार; गल; खन्ती।

फतक्क–क्रि० यो० [ने०] १. ज्यादा पाकेर वा गलेर गीलो

CC-0. In Public Domain. Digitization by eGangotri

हुने किसिम। २. ज्यादा परिश्रमले थाक्ने किसिम; लस्त।

फतफत–क्रि० यो० [ने०] १. अरूलाई दिक्क लाग्ने वा मन नपर्ने गरी वार-वार केही भनिरहने किसिम; कचकच; गनगन; फतर-फतर। २. एकलै बोलिरहने किसिम; प्रलाप गर्ने किसिम। ३. खूबसित पाक्ने किसिम; छड्कने किसिम। ४. ज्यादा पाकेर वा सड़ेर झर्ने किसिम।

फतफताइ–ना० [फतफताउ+आइ] फतफताउने किसिम, क्रिया वा भाव।

फतफताइनु–अ० क्रि० [फतफताउ+आइ+नु] फतफत गरिनु; ('फतफताउनु'-को भा० क्रि०)।

फतफताउनु–अ० क्रि० [फतफत+आउ+नु] १. अरूलाई मन नपर्ने गरी कुनै कुरो भनिरहनु; फतफत गर्नु; कचकच गर्नु। २. एकलै कुनै कुरो गरिरहनु; प्रलाप गर्नु।

फतफती–क्रि० यो० [फतफत+ई] १. ज्यादा पाकेर वा सड़ेर धमाधम झर्ने किसिम। २. छड्केर बेसरी पाक्ने किसिम।

फतफते–वि० [फतफत+ए] फतफत गर्ने; फतफताउने; फतरो।

फतर-फतर–क्रि० यो० [फतफत] फतफत; कचकच।

फतरिइनु–अ० क्रि० [फतरि+इ+नु] फतफताइनु; ('फतरिनु'-को भा० क्रि०)।

फतरिनु–अ० क्रि० [फतरो+इ+नु] १. नचाहिँदा कुरा धेरै गर्नु। २. फतफताउनु।

फतरे–वि० [फतरो] फतरो।

फतरे–ना० [ने०] साना-साना पात हुने एक जातको बोट। (यसको पात लपेटेर सनाईझैं बजाइन्छ।)

फतरो–वि० [ने०] नचाहिँदा धेरै कुरा गर्ने; फतफते; कुरौटे।

फतऱ्याइ–ना० [फतरि+याइ] फतरिने किसिम, क्रिया वा भाव।

फतलाइ–ना० [फतल्+आइ] फतल्ने किसिम, क्रिया वा भाव।

फतलनु–स० क्रि० [फतल्+इ+नु] फतल्ने काम गरिनु; ('फतल्नु'-को क० क्रि०)।

फतल्नु–स० क्रि० [फाउ] फाउनु; फेट्नु; फाँड्नु।

फतालिनु–स० क्रि० [फतल्+इ+नु] फतलिनु।

फताफत–क्रि० यो० [फतफत] एकपछि अर्को खस्ने किसिम; एक-एक गरेर झर्ने किसिम।

फतुरो–वि० [फतरो] फतरो।

फतूर–ना० [अ० फ़ुतूर] दोष; अभियोग; खोट; फत्तूर।

फतौरो–वि० [फतरो] फतरो।

फत्कनु–अ० क्रि० [फतफत+नु] फतफत पाक्नु; छड्कनु।

फत्काइ–ना० [फत्क+आइ] फत्कने किसिम, क्रिया वा भाव।

फत्काइ–ना० [फत्काउ+आइ] फत्काउने किसिम, क्रिया वा भाव।

फत्काइनु–स० क्रि० [फत्काउ+आइ+नु] फतफत शब्द आउने गरी पकाइनु; छड्काइनु; ('फत्काउनु'-को क० क्रि०)।

फत्काउनु–स० क्रि० [फत्क+आउ+नु] बाक्लो लेदो पदार्थ फतफत शब्द आउने गरी पकाउनु।

फत्किनु–अ० क्रि० [फत्क+इ+नु] फतफत पाकिनु; छड्किनु; ('फत्कनु'-को भा० क्रि०)।

फत्को–ना० [फत्क] एक पटकको फत्काइ।

फत्त–क्रि० यो० [ने०] १. फतक्क। २. झर्ने वा खस्ने अथवा झर्दा वा खस्ता शब्द आउने किसिम।

फत्तफीँ–ना० [ने०] कटुसका जत्रा पात हुने, एक जातको बोट।

फत्तु–ना० [अ० फ़तूही] १. प्रायः बाहुला नहुने एक प्रकारको भोटो; एक प्रकारको दौरा। २. थोत्रो लुगा; फ्याङ्लो।

फत्तूर–ना० [फ़तूर] फतूर।

फत्ते–ना० [अ० फतह] १. सफलता; सिद्धि। २. विजय; जीत।

फत्याक-फुतुक–क्रि० यो० [ने०] १. ज्यादा पाक्ने वा गल्ने किसिम। २. सड्ने किसिम; फत्ल्याक-फुत्लुक।

फत्रक्क–क्रि० यो० [अनु०] १. शरीर वा हात-गोड़ा गल्ने किसिम; लस्त हुने किसिम। २. कुनै वस्तु सहसा खस्ने किसिम।

फत्र्याक-फत्र्याक–क्रि० यो० [ने०] १. मरणान्त कष्टले उफ्रँदै-पछारिँदै गर्ने किसिम। २. फसाद पर्दा यसो गरुँ कि उसो गरुँ हुने किसिम; आच्छु-आच्छु। ३. धमाधम झर्ने किसिम।

फत्र्याक-फुत्रुक–क्रि० यो० [ने०] १. उफ्री-उफ्री खेल्ने किसिम। २. अलि-अलि उफ्रने किसिम।

फत्र्याक्क–क्रि० यो० [अनु०] १. कुनै वस्तु गल्ने किसिम। २. थकित हुने किसिम।

फत्ल्याक-फुत्लुक–क्रि० यो० [ने०] फत्याक-फुतुक।

फनक्क–क्रि० यो० [ने०] १. घुम्ने वा घुमाउने किसिम। २. रिसाउने किसिम; फन्कने किसिम; भनक्क।

फनफन–क्रि० यो० [ने०] धेरै पटक घुम्ने किसिम; धेरै फन्का लाउने किसिम।

फनफनती–क्रि० यो० [फनफन+ती] फनफन; फनफनी।

फनफनाइ–ना० [फनफनाउ+आइ] फनफनाउने किसिम, क्रिया वा भाव।

फनफनाइनु–अ० क्रि० [फनफनाउ+आइ+नु] फनफन घुमिनु; ('फनफनाउनु'-को भा० क्रि०)।

फनफनाउनु–अ० क्रि० [फनफन+आउ+नु] १. फनफन घुम्नु; रिङ्नु; परिक्रमा गर्नु। २. रिसाउनु; फन्कनु।

फनफनाहट–ना० [फनफनाउ+आहट] फनफनाउने किसिम, क्रिया वा भाव।

फनफनिइनु–अ० क्रि० [फनफनि+आइ+नु] फनफनाइनु; ('फनफनाउनु'-को भा० क्रि०)।

फनफनिनु–अ० क्रि० [फनफ़न+इ+नु] फनफनाउनु।

फनफनी–क्रि० यो० [फनफन] फनफन।

फनफने–वि० [फनफन+ए] १. फनफन घुम्ने; रिङ्ने। २. रिसाउने; फन्कने। (ना०) ३. रिँगटा।

फनफन्याइ–ना० [फनफनि+याइ] फनफनिने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

फनफन्याहट–ना० [फनफनि+याहट] फनफनिने किसिम, क्रिया वा भाव।

फन्कनु–अ० क्रि० [फनक्क+नु] रीसले मन्टो बटार्नु; रिसाउनु।

फन्काइ–ना० [फन्क+आइ] फन्कने किसिम, क्रिया वा भाव।

फन्काइ–ना० [फन्काउ+आइ] फन्काउने किसिम, क्रिया वा भाव।

फन्काइनु–स० क्रि० [फन्काउ+आइ+नु] फन्को लाइनु; रिँगाइनु; ('फन्काउनु'-को क० क्रि०)।

फन्काउनु–स० क्रि० [फन्को+आउ+नु] फन्को लाउनु; रिँगाउनु; घुमाउनु।

फन्किनु–अ० क्रि० [फन्क+इ+नु] १. फन्कनु। २. रीसले मन्टो बटारिनु; ('फन्कनु'-को भा० क्रि०)।

फन्को–ना० [फन्क्] १. एक पटकको घुमाइ; फेरो; चक्कर। २. क्रोध; रीस।

फन्क्याइ–ना० [फन्कि+याइ] फन्किने किसिम, क्रिया वा भाव।

फन्क्याहट–ना० [फन्कि+याहट] फन्किने किसिम, क्रिया वा भाव।

फन्ड–ना० [अं०] कुनै विशेष कामका निम्ति छुट्ट्याइएको धन; पूँजी।

फन्दा–ना० [फा० फ़न्द] १. छल; कपट; धोखा। २. बन्धन। ३. पासो। ४. दुःख; कष्ट।

फयल–वि० [फैलि] १. फिँजिएको; विस्तृत; फराकिलो। २. हल्ला-खल्ला भएको; प्रचार भएको (खबर)।

फर–ना० [सं० फलक] ढाल।

फरक–ना० [अ० फ़र्क़] १. भिन्नता; पार्थक्य। २. तोफात; अन्तर। (वि०) ३. भिन्न; अलग।

फरक्क–क्रि० यो० [फर्क] झट्ट फर्कने किसिम।

फरजी–ना० [फा० फ़रज़ीन] बुद्धि-चालका खेलको मन्त्री (गोटी)।

फरफर–क्रि० यो० [सं० स्फुर्] १. कपड़ा, कागत आदि हावाले फरफराउने किसिम। २. जीउको कुनै अंश फुर्ने किसिम; स्फुरण हुने किसिम।

फरफरती–क्रि० यो० [फरफर] फरफर।

फरफराइ–ना० [फरफराउ+आइ] फरफराउने किसिम, क्रिया वा भाव।

फरफराइनु–अ० क्रि० [फरफराउ+आइ+नु] फरफर चलिनु; ('फरफराउनु'-को भा० क्रि०)।

फरफराउँदो–वि० [फरक-फरक+आउँदो] अन्नका गेड़ा वा सिता पाक्ता गीलो भई नटाँसिएको।

फरफराउनु–अ० क्रि० [फरफर+आउ+नु] १. हावाले कपड़ा, कागज आदि हल्लनु; फरफर गरेर चल्नु। २. शरीरको कुनै अंश फुर्नु; अङ्ग-स्फुरण हुनु।

फरफराहट–ना० [फरफराउ+आहट] फरफराउने किसिम, क्रिया वा भाव।

फरफरी–क्रि० यो० [फरफर+ई] फरफर।

फरफरे–वि० [फरफर+ए] १. फरफर गरेर हल्लने; फरफराइरहने। २. फटफटाउने; फटफटे। ३. पत्रहरू आपस्तमा जोड़िएको एक प्रकारको पुरानो पुस्तक; ठ्यासफू।

फरमाइश–ना० [फा० फ़रमाइश] फर्माइश।

फरमाइशी–वि० [फा० फ़रमाइशी] फर्माइशी।

फराँस–ना० [अं० फ्लस] ताशको एक किसिमको खेल।

फराइ–ना० [फार्+आइ] फार्ने किसिम, क्रिया वा भाव।

फराइनु–स० क्रि० [फराउ+आइ+नु] फराउन लाइनु; ('फराउनु'-को क० क्रि०)।

फराउनु–स० क्रि० [फार्+आउ+नु] फार्न लाउनु; ('फार्नु'-को क० क्रि०)।

फराक–वि० [फरक] अलग; भिन्न; छुट्टा। (उदा०–धर्म फराक हुनु।)

फराक–वि० [फा० फ़राख़] १. फराकिलो; विस्तृत। २. चौड़ा।

फराकत–ना० [अ० फ़राग़त] फरागत।

फराकिलो–वि० [फराक+इलो] धेरै फराक भएको; विस्तृत।

फरागत–ना० [अ० फ़राग़त] १. छुटकारा; मुक्ति। २. बेफिक्रीपना; निश्चिन्तता।

फरार–वि० [अ० फ़रार] भागेको; बेपत्ता भएको।

फरास–ना० [अ० फ़र्राश] फर्राश।

फरासखाना–ना० [फर्राशखाना] फर्राशखाना।

फरासिलो–वि० [फा० फराख़+इलो] १. मीठो बोली बोल्ने; रसिलो बोली-वचनको। २. स्पष्ट-वक्ता। ३. उदार।

फरासी–ना० [?] प्रायः फरिया लाउने एक जातको गउन कपड़ा।

फरिको–ना० [ने०] छाप्राहरूमा लाउने बाँस, निगाला आदिले बनेको ढोका।

फरिफार्छे–ना० [फरिफार्से] फरिफार्से।

फरिफार्से–ना० [फा० फ़ारिग़+फार्से] फार्से।

फरिया–ना० [प्रा० फालिअ] स्त्रीहरूले कमरदेखि गोली-गाँठासम्म ढाक्ने गरी लाउने, नेफा आदि भएको, मुजा पारेको धोती; एक प्रकारको सारी।

फरुई–ना० [सं० स्फुर्] सिरौंलाको खट्टे।

फरेब–ना० [फा० फ़िरेब] १. फतूर; दोष। २. छल-कपट; जाल-झेल।

फरेबी–वि० [फरेब+ई] १. फरेब लाउने; फतूर लाउने। २. जाली; जाल-झेल गर्ने। ३. फटाहा।

फर्कनु–अ० क्रि० [फिर्+नु] १. प्रस्थान गरेकै ठाउँतिर आउनु; फिर्नु; प्रत्यागमन गर्नु। २. प्रस्थान गरेका दिशातिर सम्मुख पर्नु; शरीरसमेत वा टाउकोमात्र

CC-0. In Public Domain. Digitization by eGangotri

पछाड़ितिर घुम्नु । ३. पल्टनु; उल्टिनु । ४. गइसकेको वा गुमिसकेको वस्तु फेरि प्राप्त हुनु ।

फर्काइ–ना० [फर्क+आइ] फर्कने किसिम, क्रिया वा भाव ।

फर्काइ–ना० [फर्काउ+आइ] फर्काउने किसिम, क्रिया वा भाव ।

फर्काइनु–स० क्रि० [फर्काउ+आइ+नु] फर्कन लाइनु; ('फर्काउनु'-को क० क्रि०) ।

फर्काउनु–स० क्रि० [फर्क+आउ+नु] १. फर्कन लाउनु; फिर्ता ल्याउनु; फिराउनु; ('फर्कनु'-को प्रे० क्रि०) । २. वर्काइ-फर्काइ पार्नु; उल्टो-सुल्टो पार्नु । ३. फिर्ता दिनु ।

फर्किनु–अ० क्रि० [फर्क+इ+नु] फर्केर आइनु; फिरिनु; ('फर्कनु'-को भा० क्रि०) ।

फर्छिनु–अ० क्रि० [फार्छे+नु] फर्सिनु ।

फर्छिइनु–अ० क्रि० [फर्छि+इ+नु] फर्सिनु; ('फर्छिनु'-को भा० क्रि०) ।

फछर्याइ–ना० [फछर्याउ+आइ] फछर्याउने किसिम, क्रिया वा भाव ।

फछर्याइ–ना० [फर्छि+आइ] फर्छिने किसिम, क्रिया वा भाव ।

फछर्याइनु–स० क्रि० [फछर्याउ+आइ+नु] फस्र्याइनु; ('फस्र्याउनु'-को क० क्रि०) ।

फछर्याउनु–स० क्रि० [फार्छे+याउ+नु] फस्र्याउनु ।

फछर्यौट–ना० [फार्छे+औट] फछर्याउने काम; फार्छे गर्ने काम; छिना-फाना ।

फर्द–ना० [अ० फ़र्द] १. कागज, कपड़ा आदिको सग्लो टुक्रो; फर्दा । २. पल्ला । ३. पत्र । ४. कुनै कुरो लेखिएको लामो कागत । ४. एकलो; एकमात्र ।

फर्दा–ना० [फा० फ़र्द] फ़र्द ।

फर्दावाल–वि० [फर्दा+वाल] ठूलो फर्दा वा फेर भएको (लुगा) ।

फर्मा–ना०[अं०फॅर्म]१. एक पटकमा प्रेसमा पेजको छापिने कागजको सिङ्गो ताउ वा कम्पोज गरेका टाइपहरूको विस्तार । २. ढाँचा ।

फर्माइ–ना० [फर्माउ+आइ] फर्माउने किसिम, क्रिया वा भाव ।

फर्माइनु–स० क्रि० [फर्माउ+आइ+नु] आज्ञा दिइनु; अह्राइनु; ('फर्माउनु'-को क० क्रि०) ।

फर्माइश–ना० [फा० फ़रमाइश] १. कुनै वस्तु ल्याउन, बनाउन वा कुनै काम गर्न दिइने आज्ञा; अह्रोट । २.फर्माएर गराइएको विशेष किसिमको काम । ३. फर्माउने काम ।

फर्माइशी–वि० [फा० फ़रमाइशी] १. विशेष रूपले आज्ञा दिएर मगाएको वा तयार गराइएको; फर्माइश गरेर बनाइएको । २. विशेष किसिमको; असल ।

फर्माउनु–स० क्रि० [फर्माइश+नु] १.आज्ञा दिनु; अह्राउनु । २. विशेष किसिमले बनाउन लाउनु; फर्माइश गर्नु । ३. नभएका कुरा बनाउनु ।

फर्याक-फुरुक–क्रि० यो० [ने०] खुशी भएर फूर्तिसाथ यता-उति हिंड्ने किसिम; फुकिएर हिंड्ने किसिम ।

फर्र–क्रि० यो० [ने०] १. फरफराउने किसिम । २. फुक्ने किसिम । ३. फुर्ने किसिम ।

फर्राश–ना० [अ० फ़र्राश] बिछ्याउना-सम्बन्धी काम गर्ने नोकर ।

फर्राशखाना–ना० [फर्राश+खाना] बिछ्याउना र अरू आसन-सम्बन्धी काम गर्ने अड्डा ।

फर्लक्क–क्रि० यो० [ने०] १. फर्कने वा पल्टने किसिम; पर्लक्क । २. दुइ फग्लेँटा छुट्टिने किसिम ।

फर्लङ्ग–ना० [अं० फर्लॅङ्ग]जमीन नाप्ने २२० गजको अङ्ग्रेजी नाप; मीलको आठौँ भाग ।

फर्श–ना० [अ० फ़र्श] १. बिछ्याउना; ओछ्यान । २. पक्का गरी बनाइएको समतल भूमि ।

फर्शी–ना० [अ०] १. ठूलो किसिमको हुक्का । २. फर्श-सम्बन्धी; फर्शको ।

फर्स–ना० [फर्श] फर्श ।

फर्सा–ना० [सं० परशु] चेप्टो मुख भएको एक प्रकारको बन्चरो; कुठार ।

फर्सिइनु–अ० क्रि० [फर्सि+इ+नु] फार्से होइनु; ('फर्सिनु'-को भा० क्रि०) ।

फर्सिनु–अ० क्रि० [फार्से+इ+नु] १. फार्से हुनु; लेन-देनको हिसाब चुक्ती हुनु । २. कुनै काम-कुरो समाप्त हुनु; सिद्धिनु ।

फर्सो–ना० [नेवा० फसि] घण्टका आकारको पहेँलो फूल फुल्ने, लहरामा फल्ने, कुभिन्डोजस्तो एक जातको ठूलो फल ।

फस्र्याइ–ना० [फस्र्याउ+आइ] फस्र्याउने किसिम, क्रिया वा भाव ।

फस्र्याइ–ना० [फर्सि+याइ] फर्सिने किसिम, क्रिया वा भाव ।

फस्र्याइनु–स० क्रि० [फस्र्याउ+आइ+नु] फार्से गरिनु; ('फस्र्याउनु'-को क० क्रि०) ।

फस्र्याउनु–स० क्रि० [फर्सि+याउ+नु] फार्से गर्नु; लेन-देनको हिसाब छिना-फाना गर्नु; फछर्यौट गर्नु; ('फर्सिनु'-को प्रे० क्रि०) ।

फस्र्यौट–ना० [फार्से+औट] लेन-देन वा खरीद-बिक्रीको हिसाब चुक्ती गर्ने काम; फस्र्याउने काम ।

फल–ना० [सं०] १. बोट, बिरुवाहरूमा लाग्ने गुदी भएको बीज-कोश; फल्ने वस्तु । २. परिणाम; नतीजा; लाभ । ३. कर्मअनुसार प्राप्त हुने सुख वा दुःखको भोग । ४. गणित-क्रियाबाट प्राप्त अङ्क; उत्तर । ५. उद्देश्य; प्रयोजन । ६. बाण, भाला आदिको अगिल्लो धारिलो भाग । ७. अण्ड-कोश; मुश्क ।

फलक–ना० [सं०] १. काठको फल्याक; फलेक । २. फिलो;

CC-0. In Public Domain. Digitization by eGangotri

नितम्ब । ३. कागत, कपड़ा आदिको पत्र वा ताउ । ४. ढाल । ५. हत्केलो ।

फल-कपूर—ना० [फल+कपूर] कङ्कोल ।

फलतः—क्रि० यो० [सं०] फलस्वरूप; परिणामतः ।

फलतया—क्रि० यो० [सं०] फलतः ।

फल-प्राप्ति—ना० [सं०] अभीष्टको सिद्धि; सफलता ।

फल-फूल—ना० [फल+फूल] १. फलहरूको समुदाय । २. फल र फूलको समुदाय ।

फल-मूल—ना० [सं०] फल र कन्द ।

फलवान्—वि० [सं०] फल भएको; फल-युक्त ।

फल-श्रुति—ना० [सं०] सत्कर्मको फल बताउने वाक्य ।

फल-हीन—वि० [सं०] फल-रहित; निष्फल; विफल ।

फलाँट—ना० [नें०] कटुसका जस्ता फल फल्ने, साना-साना पात हुने, बलियो र गह्रौं काठ हुने एक जातको रूख ।

फलाँसी—ना० [फाली] एक किसिमको रामो ।

फलाइ—ना० [फल्+आइ] फल्ने किसिम, क्रिया वा भाव; ढिकीमा कुट्ने काम ।

फलाइ—ना० [फल्+आइ] फल्ने किसिम, क्रिया वा भाव; फल लाग्ने काम ।

फलाइ—ना० [फलाउ+आइ] फलाउने किसिम, क्रिया वा भाव ।

फलाइनु—स० क्रि० [फलाउ+आइ+नु] अनाजहरू ढिकीमा कुटाइनु; ('फलाउनु'-को क० क्रि०) ।

फलाइनु—स० क्रि० [फलाउ+आइ+नु] फल्ने गराइनु; फल लाग्ने पारिनु; ('फलाउनु'-को क० क्रि०) ।

फलाउनु—स० क्रि० [फल्+आउ+नु] १. फल्ने गराउनु; फल लाग्ने पार्नु । २. सिद्ध गर्नु; सफल पार्नु । ३. झुन्डचाउनु; ('फल्नु'-को प्रे० क्रि०) ।

फलाउनु—स० क्रि० [फल्+आउ+नु] अनाजहरू ढिकीमा कुटाउनु; ('फल्नु'-को प्रे० क्रि०) ।

फलाकाइ—ना० [फलाक्+आइ] फलाक्ने किसिम, क्रिया वा भाव ।

फलाकाङ्क्षा—ना० [सं०] फलको कामना; फलको इच्छा ।

फलाकिनु—अ० क्रि० [फलाक्+इ+नु] भट्टचाइनु; ('फलाक्नु'-को भा० क्रि०) ।

फलाक्नु—अ० क्रि० [नें०] ठूलो स्वरले कुनै कुरो भन्नु; कराएर बोल्नु; भट्टचाउनु ।

फलाटिन—ना० [अं० फ्लानेल] एक प्रकारको भूवादार नरम कपड़ा ।

फलादेश—ना० [सं०] ग्रह-गतिअनुसारको शुभाशुभ फल बताउनु ।

फलानू—सर्वना० [फलानो] फलानो ।

फलानो—सर्वना० [अ० फुलाँ] कुनै अकथित वा अनिश्चित व्यक्ति वा वस्तु; अमुक; ढिकानो ।

फलाम—ना० [नें०] कालो र साह्रो एक प्रसिद्ध खनिज धातु; लोहा; लौह ।

फलामे—वि० [फलाम+ए] फलामको; फलामले बनेको ।

फलालेन—ना० [अं० फ्लानेल] फलाटिन ।

फलालो—वि० [फल] फलले भरिपूर्ण न भएको; थोतो, फोस्रो केही नभएको (बालो, घोगो, कोसो आदि) ।

फलावाङ—ना० [नें०] नेपालको सल्ल्यान जिल्लामा रहेको एक राज्य ।

फलाहार—ना० [सं०] फल-मूलको आहार; व्रत बस्दा खाइने फल-फूलको खाना ।

फलाहारी—वि० [सं०] फल-मूलमात्र खाने; फलाहार गर्ने ।

फलित—वि० [सं०] फलेको; फल लागेको; सफल ।

फलित-ज्योतिष—ना० [सं०] ग्रह-नक्षत्रहरूका स्थितिबाट शुभ-अशुभ फल बताइने ज्योतिषको एक अङ्ग ।

फलिनु—अ० क्रि० [फल्+इ+नु] फल लागिनु; ('फल्नु'-को भा० क्रि०) ।

फलिनु—स० क्रि० [फल्+इ+नु] अन्नहरू ढिकी आदिमा कुटिनु; ('फल्नु'-को क० क्रि०) ।

फलिफाप—वि० [फल+फाप] १. राम्ररी फापेको; अनुकूल परेको । २. उन्नति; अभ्युदय । ३. सिद्धि । ४. अनुकूलता ।

फलियो—ना० [फल्याक] लेख्ने पाटी; धूलौटो ।

फली—ना० [सं० फाल] रन्दामा लगाइने फाली; रन्दाको धार ।

फली—वि० [सं०] फल भएको; फल-युक्त ।

फलीभूत—वि० [सं०] फल-रूपमा परिणत भएको; फलित ।

फलीश—ना० [सं०] काठे-पीपल ।

फलुवा—वि० [फल्+उवा] ढुटो, भूस आदि जाने गरी कुटिएको; फलेको ।

फलेक—ना० [सं० फलक] काठ आदिको पातलो, लाम्चो र चौड़ा टुक्रो ।

फलेदो—ना० [नें०] रातो फूल फुल्ने र सिमीजस्तो कोसा फल्ने; एक जातको काँढ़ावाल बोट । (यसका काठको प्रायः खुकुरीको दाप बनाइन्छ ।)

फलैँचा—ना० [फलेक] १. भित्तामा जोरेर बनाइएको एक प्रकारको खाट । २. टाँड़ ।

फल्गु—वि० [सं०] १. सार नभएको; निस्सार । २. निरर्थक; बेकम्मा । (ना०) ३. गया-तीर्थको एक प्रसिद्ध नदी ।

फल्नु—अ० क्रि० [सं० फल्+नु] १. फल लाग्नु; बोट-बिरुवामा फल उत्पन्न हुनु । २. उत्पन्न हुनु; पैदा हुनु । ३. सिद्ध हुनु; सफल हुनु । ४. झुन्डिनु ।

फल्नु—स० क्रि० [सं० फाल+नु] ओखल, ढिकी आदिमा कुटेर अन्नमा रहेको ढुटो, भूस आदि सफा गर्नु; ढुटो, भूस आदि फाल्न अन्नहरू ओखल, ढिकी आदिमा कुट्नु ।

फल्याक—ना० [फलेक] फलेक ।

फसक्क—क्रि० यो० [नें०] १. फुस्कने किसिम; खुस्स । २. फस्को वस्तु फुट्ने किसिम ।

CC-0. In Public Domain. Digitization by eGangotri

फसफस–क्रि० यो० [ने०] १. फस्को वस्तु धमाधम फुट्ने किसिम । २. निदाउने किसिम ।

फसफसती–क्रि० यो० [ने०] फसफसी ।

फसफसी–क्रि० यो० [ने०] १. धमाधम; सरासर । २. फस्को वस्तु धमाधम फुट्ने किसिम । ३. मस्तसँग निदाउने किसिम ।

फसफसे–वि० [फसफस+ए] फसफसी फुट्ने; फस्को ।

फसल–ना० [अ० फ़स्ल] खेत-बारीको उब्जनी; बाली ।

फसाइ–ना० [फस्+आइ] फस्ने किसिम, क्रिया वा भाव ।

फसाइ–ना० [फसाउ+आइ] फसाउने किसिम, क्रिया वा भाव ।

फसाइनु–स० क्रि० [फसाउ+आइ+नु] जालमा पारिनु; ('फसाउनु'-को क० क्रि०) ।

फसाउनु–स० क्रि० [फस्+आउ+नु] १. जालमा पार्नु; पासोमा अल्झाउनु; ('फस्नु'-को क० क्रि०) । २. धोखा दिनु; झुक्क्याउनु । ३. अल्झाउनु; अड्काउनु । ४. आफ्नो मतमा ल्याउनु । ५. कुव्यसनमा प्रवृत्त गराउनु । ६. व्यापार, व्यवसाय वा कुनै किसिमको काममा धन, मन वा व्यक्तिलाई लगाउनु ।

फसाद–ना० [अ० फ़साद] अप्ठेरो अवस्था; असजिलो स्थिति ।

फसाफस–क्रि० यो० [ने०] फसफसी ।

फसाफसी–क्रि० यो० [फसाफस] फसाफस ।

फसिनु–अ० क्रि० [फस्+इ+नु] पासोमा परिनु; ('फस्नु'-को भा० क्रि०) ।

फसेल–वि० [फसल] प्रशस्त; ज्यादा; धेरै ।

फसेला–ना० [फैसला] फैसला ।

फस्कनु–अ० क्रि० [फस्को+नु] फस्को वस्तु हल्का किसिमले फुट्नु; फस्स टुट्नु ।

फस्काइ–ना० [फस्क+आइ] फस्कने किसिम, क्रिया वा भाव ।

फस्किनु–अ० क्रि० [फस्क+इ+नु] फस्को वस्तु हल्का किसिमले फुटिनु; ('फस्कनु'-को भा० क्रि०) ।

फस्को–वि० [ने०] १. हल्का चोटले फुट्ने वा भाँचिने किसिमको; कमलो । २. कसेर नबाटिएको; खुकुलो ।

फस्ट–वि० [अं० फर्स्ट] १. पहिलो; प्रथम । २. असल; उम्दा ।

फस्ट-क्लास–ना० [अं० फर्स्ट-क्लास] १. प्रथम श्रेणी; पहिलो कक्षा । (वि०) २. अति उत्तम ।

फस्टाइ–ना० [फस्टाउ+आइ] फस्टाउने किसिम, क्रिया वा भाव ।

फस्टाइनु–अ० क्रि० [फस्टाउ+आइ+नु] पुष्ट होइनु; ('फ़स्टाउनु'-को भा० क्रि०) ।

फस्टाउनु–अ० क्रि० [ने०] १. मोटो हुनु; मोटाउनु । २. पोटिलो हुनु; पुष्ट हुनु । ३. विकसित हुनु; मौलाउनु ।

फस्नु–अ० क्रि० [सं० पाश+नु] १. पासोमा पर्नु; जालमा अल्झनु । २. अल्झनु; अड्कनु । ३. धोखामा पर्नु । ४. फकिनु; फकाइमा पर्नु । ५. कुव्यसनमा लाग्नु । ६. भासिनु; धसिनु ।

फस्याङ-फुसुङ–ना० [ने०] १. यता-उतिका कुरा गरी अलमल्याउने काम । २. फकाउने काम । ३. साना-तिना माल-मत्ता; खत्र्याक-खुत्रुक । ४. सार-हीन काम-कुरो ।

फस्योल–ना० [फसेल] फसेल ।

फहराइ–ना० [फहराउ+आइ] फहराउने किसिम, क्रिया वा भाव; कोपराइ ।

फहराइ–ना० [फहराउ+आइ] फहराउने किसिम, क्रिया वा भाव; फरफराइ ।

फहराइनु–स० क्रि० [फहराउ+आइ+नु] फरफराइनु ('फहराउनु'-को क० क्रि०) ।

फहराइनु–स० क्रि० [फहराउ+आइ+नु] नङ, काँढ़ा आदिले कोरिनु; ('फहराउनु'-को क० क्रि०) ।

फहराउनु–स० क्रि० [फरफर+आउ+नु] फरफराउनु ।

फहराउनु–स० क्रि० [फार्+आउ+नु] नङ, काँढ़ा आदिले कोर्नु वा चिथोर्नु; कोपर्नु ।

फहराहट–ना० [फहराउ+आहट] फहराउने किसिम, क्रिया वा भाव; चिथोराइ ।

फा–ना० [फाल्] फाल्ने काम; मिल्काउने काम (बाल-बोलीमा) ।

फा–ना० [प्रा० फलही] १. अत्तरको सिन्कामा शोभाका निमित्त फूलका आकृतिमा बेह्रिने कपासको डल्लो । २. मुखमा पाउडर आदि घस्ने भूवा आदि ।

फाँक–ना० [फाँको] १. एक पटक मुखमा हालिने चिउरा, खट्टे आदिको गाँस; फाँको । २. एक पटक मुखमा हालिने सुर्तीको अंश ।

फाँक-मुट्ठी–ना० [फाँक+मुट्ठी] थोर-बहुत भुटे-कुटेको खानेकुरो ।

फाँकिइनु–अ० क्रि० [फाँकि+इ+नु] अगि सरेर कुरो गरिनु; ('फाँकिनु'-को भा० क्रि०) ।

फाँकिनु–अ० क्रि० [ने०] अगि-अगि सरेर कुरो गर्नु; धेरै कुरा गर्नु ।

फाँकिनु–स० क्रि० [फाँक्+इ+नु] फाँको हालिनु; ('फाँक्नु'-को क० क्रि०)

फाँकी–ना० [सं० फक्क्] १. गीत, श्लोक आदिको छन्द वा यति । २. शब्दको पछिल्तिर वा अगिल्तिर लागेर आउने प्रायः उस्तै किसिमको निरर्थक शब्द । (उदा०–दाल-साल, पखाल-पुखुल, धाक-साक इत्या० ।)

फाँको–ना० [फाँक] फाँक ।

फाँक्नु–स० क्रि० [फाँक+नु] फाँको हाल्नु; फक्क्याउनु ।

फाँच–ना० [ने०] १. फैलावट; विस्तार । २. बाहाँभित्रको ठाउँ । ३. पिँधको फैलावट । ४. बीचको वा पेटको फैलावट; फाँज ।

फाँचे–वि० [फाँचो+ए] ठूलठूला स्तन भएकी (स्त्री) ।

CC-0. In Public Domain. Digitization by eGangotri

फाँचो–ना० [फाँच] १. ठूलो पोको। २. रुपियाँ-पैसा आदिको थैलो। ३. ठूलो कर्ल्चौंडो।

फाँज–ना० [फाँच] फाँच।

फाँज्नु–स० क्रि० [फिँज्+नु] फिँजाउनु; फैलाउनु; पाँज्नु।

फाँट–ना० [ने०] १. खेतै-खेतको चापट मैदान। २. विभाग; खण्ड। ३. कित्ता; थान।

फाँटवाला–वि० [फाँट+वाला] कुनै फाँटको जिम्मा लिएको; विभागीय।

फाँटवारी–ना० [फाँट+वारी] १. फिरिस्त; सूची; विवरण। २. विषय-विभाजन।

फाँड्-फुँड्–ना० [फाँड्+फुँड् (फाँ०)] फाँड्ने काम; फँड़ाइ।

फाँड़िनु–स० क्रि० [फाँड्+इ+नु] फाँड़ो पारिनु; ('फाँड्नु'-को क० क्रि०)।

फाँड़िनु–स० क्रि० [फाँड्+इ+नु] जङ्गल छिमलिनु; ('फाँड्नु'-को क० क्रि०)।

फाँड़ो–ना० [ने०] जानी-बुझीकन कसैलाई लगाइदिएको नचाहिँदो टन्टा; नहुँदो कुरो।

फाँड़ो–ना० [सं०फाणि] १. पकाएर पातलो वा लेदो पारी बनाइएको खाना; खोले; माड़। (वि०) २. माड़जस्तो पातलो; दबदबे।

फाँड्नु–स० क्रि० [फाँड़ो+नु] फाँड़ो पार्नु; फाउनु; फेट्नु।

फाँड्नु–स० क्रि० [प्रा० फाड] १. रूखहरू काट्नु र उखेल्नु; जङ्गल छिमल्नु; उजार्नु। २. बाली वा झाँग मास्नु।

फाँद–ना० [फन्दा] जङ्गली हात्ती फसाउने मोटो डोरीको पासो; फन्दा।

फाँद–ना० [फाँद] १. फड्कने काम; एक चोटि उफ्रेर नाघ्न सकिने जग्गा; फाँच; फट्को। २. फैलावट; विस्तार।

फाँदिनु–स० क्रि० [फाँद्+इ+नु] उफ्रेर नाघिनु; ('फाँद्नु'-को क० क्रि०)।

फाँदिलो–वि० [फाँद+इलो] फराकिलो; विस्तृत।

फाँद्नु–स० क्रि० [सं० फणन+नु] उफ्रेर नाघ्नु; फट्कनु; वुर्कुसी मार्नु।

फाँद्नु–स० क्रि० [फाँद+नु] फन्दामा पार्नु; फसाउनु।

फाँसी–ना० [पासो] १. फसाउने वस्तु; पासो। २. पासोमा झुन्ड्याएर मार्ने सजाय; झुन्ड्याएर मार्ने दण्ड। ३. झन्झट; झमेला; मन नपरेको काम वा कुरो।

फाइँफुट्टी–ना० [ने०] धाक; झूठो रवाफ; आडम्बर।

फाइँफुट्टे–वि० [फाइँफुट्टी+ए] फाइँफुट्टी गर्ने; धाक लाउने।

फाइदा–ना० [अ० फ़ायदः] १. लाभ; नाफा। २. मतलब हासिल हुनु; कार्य-सिद्धि। ३. असल परिणाम।

फाइनु–स० क्रि० [फाउ+इ+नु] फेटिनु; ('फाउनु'-को क० क्रि०)।

फाइल–ना० [अं०] १. कागत-पत्रहरू सुरक्षित राख्ने जिल्द-जस्तो साधन। २. क्रमैसँग राखिएको कागत-पत्रहरूको समूह; मिसिल।

फाउ–ना० [प्रा० फाइ] फोसा; तासा।

फाउनु–स० क्रि० [सं० फाणि] १. पानीमा पीठो हाली लस्सा आउने गरी फेट्नु; फेट्नु। २. घोल्नु; हुँड्लनु।

फाउन्टेन-पेन–ना० [अं०] मसी भर्न हुने एक प्रकारको कलम।

फाकन–ना० [नेवा० फकँ] कर्कलो।

फाक-फूक–ना० [(फाँ०) फाक+फुक्] भूत, प्रेत आदिको बाधा हटाउन गरिने तन्त्र-मन्त्रको प्रयोग; झार-फूक।

फाकफूके–वि० [फाक-फूक+ए] फाक-फूक गर्ने; झार-फूके।

फागु–ना० [फागुन] १. फागुन शुक्ल अष्टमीदेखि पूर्णिमा-सम्म परस्परमा रङ्ग, अबीर आदि लगाई मनाइने उत्सव; होली; होलिकोत्सव। २. त्यस अवसरमा गाइने विशेष प्रकारको गीत। ३. सल्लाका फूलको पहेँलो पराग।

फागुन–ना० [सं० फाल्गुन] फाल्गुन महीना।

फागुने–वि० [फागुन+ए] १. बेकम्मा; रद्दी। २. फागुन-सम्बन्धी।

फागुर–ना० [पागुर] पागुर।

फाङफुङ–क्रि० यो० [ने०] १. कुनै वस्तुका सबै अवयवहरू छुट्याउने किसिम; फाङलाङ-फुङलुङ। २. कुनै वस्तु रद्दी हुने गरी भत्काउने किसिम; नष्ट पार्ने किसिम।

फाङलाङ-फुङलुङ–क्रि० यो० [ने०] फाङफुङ।

फाङ्ङफुङ्ङ–क्रि० यो० [फाङफुङ] फाङफुङ।

फाजिल–वि० [अ० फ़ाज़िल] आवश्यकताभन्दा बढ़ी; अर्बेलो (खर्च)।

फाटका–ना० [सं० पण्य] कुनै निश्चित समयमा कुनै वस्तुको दर अनुमानले निर्धारित गरी सो वस्तु त्यस समयमा त्यस मोलमा किन्न वा बेच्न गरिने करार।

फाट-फुट–वि० [फाट्+फुट्] १. चानचुन; थोर-बहुत। (क्रि० यो०) २. एक-दुइ वटामात्र देखापर्ने किसिम; फाट्ट-फुट्ट।

फाटफुटे–वि० [फाट-फुट+ए] १. चानचुने; सानो-तिनो। २. अपूरो; अपूर्ण। ३. फुटकर।

फाट-फुट्ट–क्रि० यो० [फाट-फुट] सबै जना एकै चोटि उठ्ने वा निस्कने किसिम।

फाटिनु–अ० क्रि० [फाट्+इ+नु] धाँदो परिनु; ('फाट्नु'-को भा० क्रि०)।

फाटो–ना० [फाट्] १. चित्तको बेमेल; फूट। २. राय बाझ्नु; मत-भेद।

फाट्ट-फुट्ट–वि० [फाट-फुट] फाट-फुट।

फाट्नु–अ० क्रि० [प्रा० फट्ट+नु] १. धाँदो पर्नु; चिरिनु। २. च्यातिनु। ३. धस्कनु; खिइनु। ४. अलग हुनु; छुट्टिनु। ५. हाँगा निस्कनु; शाखा छुट्टिनु। ६. झोल र छोक्रा छुट्टिनु। ७. मत नमिल्नु; राय बाझ्नु।

फाणित–ना० [सं०] चासनी; सिर्का; पाग।

फातफुत्त–क्रि० यो० [फ्यात्त+फुत्त] १. लेदो पदार्थ एकै चोटि खस्ने किसिम; खत्तिने किसिम। २. पेटमा

CC-0. In Public Domain. Digitization by eGangotri

भएभरको मयल निस्कने किसिम ।

फाद–ना० [फन्दा] फन्दा; बन्धन ।

फानस–ना० [फानूस] फानूस ।

फानूस–ना० [फा० फ़ानूस] एक डन्डीमा जड़िएका काँचका एक वा अनेक कमल वा गिलासका आकारका बत्ती बाल्ने विशेष प्रकारको साधन ।

फाप–वि० [फाप्] १. दुःख-पीर केही नहुने; फाप्ने; सुभो; छुकी । (ना०) २. फाप्ने अवस्था वा स्थिति ।

फापर–ना० [ने०] १. पानका आकारका लाम्चा पात, प्याजी रङ्गका फूल, तीन-कुने खैरा दाना र राता डाँठ हुने एक जातको सानो बोट । २. त्यसैको तीन-कुने फल वा अन्न ।

फापर-चरी–ना० [फापर+चरी] फापरका खेतमा चर्ने भँगेराभन्दा केही सानो र लाम्चो एक जातको चरो ।

फापिनु–अ० क्रि० [फाप्+इ+नु] फाप होइनु; ('फाप्नु'-को भा० क्रि०) ।

फाप्नु–अ० क्रि० [प्रा० फव्वीह+नु] पीर-पिराउ नभएको हुनु; फलिफाप भएको हुनु; फाप हुनु; सुभ्नु ।

फाप्रे–वि० [फापर+ए] १. फापर खाएर जीवीका गर्ने । २. कोर्काली; असभ्य ।

फाप्रे-चरो–ना० [फापर-चरी] फापर-चरी ।

फाम–ना० [ने०] १. दही-दूध राख्ने काठको भाँड़ो । २. काठको पाथी ।

फायदा–ना० [फाइदा] फाइदा ।

फायर–ना० [अं०] बन्दूक, तोप आदि हान्ने काम; गोली चलाउने काम ।

फारक–ना० [फारख] फारख ।

फारकत–ना० [फारखती] फारखती ।

फारकती–ना० [फारखती] फारखती ।

फारख–ना० [अ० फ़ारिग़] १. बही बुझाइसकेपछि रकमीले पाउने छुटकारा; रकम-कलमबाट पाइएको छुट्टी । २. काम-काजबाट पाइएको फुर्सत; अवकाश ।

फारखत–ना० [फारखती] फारखती ।

फारखती–ना० [अ० फ़ारिग़+खती] कसैका जिम्मामा रहेका सबै नगदी वा जिन्सी बुझेर लिई प्रमाणस्वरूप लेखिदिने कागत; बही बुझाइसकेपछि रकमीलाई बुझ्ने अड्डाले लेखिदिने कागत ।

फार-धरती–ना० [फार्+धरती] ठूलो सङ्कट; विषम परिस्थिति ।

फार-फेर–ना० [(फाँ०) फार+फेर्] फेर-फार ।

फार-फोर–ना० [फार्+फोर्] फोर-फार ।

फारम–ना० [अं० फर्म] आवश्यक स्थलमा केही विवरण पछि भर्नाका निमित्त स्थान छोड़िएको निर्धारित ढाँचाले तयार गरिएको पत्र ।

फारसी–वि० [फा० फ़ारसी] १. फारस देशको । (ना०) २. त्यस देशको भाषा ।

फारा–ना० [सं० फाल] योनिको डील; भगोष्ठ ।

फाराम–ना० [फारम] फारम ।

फारो–ना० [ने०] १. किफायत; खर्चको कमी; परिमित खर्च । २. कुनै वस्तुको किफायत ।

फारो-तिनो–ना० [फारो+तिनो (फाँ०)] परिमित वस्तुले पुऱ्याउने काम; फारो गर्ने काम ।

फार्छे–ना० [फार्से] फार्से ।

फार्नु–स० क्रि० [सं० स्फट्] १. चिरेर टुक्रा पार्नु; चिरो पार्नु । २. फटाउनु; छुट्ट्याउनु । ३. धस्काउनु; रद्दी पार्नु ।

फार्से–ना० [अ० फ़ारिग़] १. खरीद-बिक्रीको टुङ्गो; छिना-फाना; सुक्री-बिक्री । २. लेन-देनको चुक्ती; फछर्यौट ।

फाल–ना० [सं०] हलाका टुप्पामा जड़िएको तीखो फलामे साधन; फाली ।

फाल–ना० [सं० फाल] १. लामो फट्को । २. अग्लो ठाउँबाट उफ्रेर तलतिर झर्ने काम ।

फाल–ना० [ने०] मौका; अवसर ।

फालसा–ना० [सं० परूषक] १. खस्रा ठूला-ठूला पात, पहेँला फूल र भित्र एक वा दुइ बीज भएको काफलको जस्तो स्वाद र पीपलको जस्तो फल हुने एक वृक्ष । २. त्यसैको फल ।

फालहलाइ–ना० [फालहाल्+आइ] फालहाल्ने किसिम, क्रिया वा भाव; फालहालाइ ।

फालहलाइनु-स० क्रि० [फालहलाउ+आइ+नु] फालहाल्न लाइनु, ('फालहलाउनु'-को क० क्रि०) ।

फालहलाउनु–स० क्रि० [फालहाल्+आउ+नु] फालहाल्न लाउनु; ('फालहाल्नु'-को प्रे० क्रि०)

फालहालाइ–ना० [फालहाल्+आइ] फालहाल्ने किसिम, क्रिया वा भाव ।

फालहालिनु–अ० क्रि० [फालहाल्+इ+नु] हामफालिनु; ('फालहाल्नु'-को भा० क्रि०) ।

फालहाल्नु–अ० क्रि० [फाल+हाल्+नु] अग्लो ठाउँबाट तलतिर उफ्रेर झर्नु; हामफाल्नु ।

फालाफाल–ना० [फाल्+फाल्] १. बेथितिसित यता-उति फाल्ने काम । २. परस्परमा फाल्ने काम; फ्याँकाफ्याँक । (वि०) ३. आफल-ताफल; छेलोखेलो; प्रशस्त ।

फालिनु–स० क्रि० [फाल्+इ+नु] फ्याँकिनु; ('फाल्नु'-को क० क्रि०) ।

फाली–ना० [ने०] गाई-भैँसी दुहुँदा लात्ती नहानोस् भनी खुट्टा बाँध्ने डोरी; छाँद ।

फाली–ना० [सं०] १. हलाका टुप्पामा जड़िएको तीखो फलामे अवयव । २. रन्दाको काट्ने फलामे अवयव ।

फाल्गुन–ना० [सं०] संवत्सरको एघारौँ महीना; माघ र चैत्र महीनाका बीचको महीना; फागुन ।

फाल्गुनी–ना० [सं०] १. फाल्गुन शुक्ल पूर्णिमा । २. पूर्वा-फाल्गुनी वा उत्तरा-फाल्गुनी नक्षत्र ।

फाल्टू–वि० [सं० पुर्त० फाल्टो] १. रद्दी; बेकम्मा । २. नचाहिँदो;

CC-0. In Public Domain. Digitization by eGangotri

अनावश्यक। ३. उनाऊ; बेकामको। ४. चानचुने; खुद्रा; फुटकर।

फाल्तू–वि० [फाल्टू] फाल्टू।

फाल्नु–स० क्रि० [सं० स्फाल्+नु] १. फ्याँक्नु; मिल्काउनु। २. हुर्याउनु; हुत्याउनु। ३. नलिनु; त्याग्नु।

फाल्सो–ना० [नें०] १. रगत जमेको ढेलो। २. लुगा-फाटाको सानो-तिनो टुक्रो।

फावा–ना० [फाउ] फाउ।

फास-न-फूस–ना० [फाँ० फास+न+फुस्सा] फास-फूस।

फास-फूस–ना० [(फाँ०) फास+फुस्सा] विनामहत्त्वको भई कुनै कुरो त्यसै विलाउने काम, फास्स-न-फुस्स; केही-न-केही।

फासफूसे–वि० [फास-फूस+ए] कत्ति महत्त्व नभएको; फास्स-न-फुस्सको।

फास्टो–ना० [नें०] झन्झट; झमेला।

फास्स-न-फुस्स–ना० [नें०] फास-फूस।

फाहा–ना० [फा] अत्तर आदिको फा।

फिँजाइ–ना० [फिँज्+आइ] फिँज्ने किसिम, क्रिया वा भाव।

फिँजाइ–ना० [फिँजाउ+आइ] फिँजाउने किसिम, क्रिया वा भाव।

फिँजाइनु–स० क्रि०[फिँजाउ+आइ+नु] फैलाइनु; ('फिँजाउनु'-को क० क्रि०)।

फिँजाउनु–स० क्रि० [फिँज्+आउ+नु] १. फिँज्नु; फैलाउनु। २. छर्नु। ३. प्रचार गर्नु; प्रसिद्ध तुल्याउनु; ('फिँज्नु'-को क० क्रि०)।

फिँजिइनु–अ० क्रि० [फिँजि+इ+नु] फैलिइनु; ('फिँजिनु'-को भा० क्रि०)।

फिँजिनु–अ० क्रि० [फिँज्+इ+नु] १. फैलिनु। २. फिँजिने होइनु; ('फिँज्नु'-को भा० क्रि०)।

फिँज्नु–स० क्रि० [सं० प्रसृ] १. फैलाउनु; फिँजाउनु। २. धेरै जमीन ढाक्ने गरी फैलाउनु; बिस्कुन पार्नु। ३. नाम चलाउनु; प्रख्यात पार्नु।

फिक–ना० [पीक] पान चपाएर थुक्ने थूक; पीक।

फिकदानी–ना० [पीकदानी] पीकदानी।

फिकदार–ना० [फिक+दार] राजाको फिकदानी-सम्वन्धी काम गर्ने नोकर।

फिकदार-बिर्ता–ना० [फिकदार+बिर्ता] फिकदार वा नोकरहरूलाई राजावाट वक्सिएको बिर्ता जग्गा।

फिक्का–वि० [प्रा० अपिक्का] १. स्वाद नभएको; खल्लो। २. उज्जर नभएको; हल्का (रङ्ग)। ३. मलिन; अँध्यारो (मुख)। ४. कम महत्त्वको। ५. खिन्नता।

फिक्री–ना० [अ० फ़िक्र] १. चिन्ता; सुर्ता। २. वास्ता; परवाह।

फिटन–ना० [फिटिन] फिटिन।

फिटाइ–ना० [फिट्+आइ] फिट्ने किसिम, क्रिया वा भाव; फेटाइ।

फिटाइनु–स० क्रि० [फिटाउ+आइ+नु] फिट्न लाइनु; फेटाइनु; ('फिटाउनु'-को क० क्रि०)।

फिटाउनु–स० क्रि० [फिट्+आउ+नु] फिट्न लाउनु; फेटाउनु; ('फिट्नु'-को प्रे० क्रि०)।

फिटिन–ना० [अं०] चार पाङ्ग्रा हुने, एक वा दुइ घोड़ाले तान्ने टपवाल खुला र हल्का किसिमको बग्गी।

फिटिनु–स० क्रि० [फिट्+इ+नु] फाइनु; फेटिनु; ('फिट्नु'-को क० क्रि०)।

फिट्किरी–ना० [फट्किरी] फट्किरी।

फिट्टे–वि० [फुट्टा] परिवार नभएको; एकलो; ठिङ्गो; मलौटो।

फिट्नु–स० क्रि० [प्रा० फेड+नु] १. पन्यालो पदार्थमा केही वस्तु हाली मिलाउनाका निमित्त घुमाई-घुमाई चलाउनु; फाउनु; फेट्नु। २. चाङ्का ताश, गन्जीफा आदिका चक्कीलाई तल-माथि पार्नु; तलास्नु।

फितलो–वि० [प्रा० फिट्ट] १. दह्रो नभएको; लुलो। २. निर्धो; शिथिल।

फितिक्क–क्रि० यो० [नें०] फतक्क।

फित्कौली–ना० [फितलो] साना-तिना ढुङ्गा वा मटयाङ्ग्रा हान्ने बाँसको पातलो कप्टेरो।

फित्ता–ना० [पुर्त० फिता] चौड़ाइ कम भएको तुनुजस्तो लामो कपड़ा; फीता।

फिनाइल–ना० [फिनेल] फिनेल।

फिनेल–ना० [अं० फिनोएल्] विषालु कीटाणुहरू नाश गर्ने उत्कट गन्ध हुने एक किसिमको ओषधि।

फिपी–ना० [नें०] बाँस, वेत आदिका चोयाले बुनेको बिर्को भएको एक किसिमको भाँड़ो; चोयाको बट्टा।

फियो–ना० [सं० प्लीहा] पाकस्थलीसँगै बायाँतर्फ हुने पेट-भित्रको एक अवयव।

फिरङ्ग–ना० [सं०] १. यूरोप महादेश। २. गर्मीबाट हुने एक रोग; भिरिङ्गी।

फिरङ्गी–ना० [सं०] १. फिरङ्ग महादेशको निवासी; अङ्ग्रेज; गोरा; यूरोपियन। २. फिरङ्ग रोग लागेको व्यक्ति।

फिरन्ता–वि० [फिर्+अन्ता] १. एकै ठाउँमा घर-बार गरेर नबस्ने; डुलुवा। (ना०) २. पर-देशी; यात्री। ३. जोगी; संन्यासी।

फिरन्ते–वि० [फिरन्ता+ए] १. फिरन्ता। (ना०) २. जोगी; संन्यासी।

फिरफिर–क्रि० यो० [नें०] १. हलुका हावाले साना-तिना कागत, कपड़ा, पात आदि हल्लने किसिम; फरफर। २. मन्द हावा चल्ने किसिम।

फिरफिरे–वि० [फिरफिर+ए] १. फिरफिर हल्लने वा चल्ने। (ना०) २. पुतलीजस्तो एक जातको कीरो। ३. हावाको

CC-0. In Public Domain. Digitization by eGangotri

वेगले घुम्ने कागत, टिन आदिको पङ्खाका आकारको खेलौना। ४. लामाले असिना रोक्नाका निमित्त ठाउँ-ठाउँमा गाड्ने बाँसको पुतली।

फिराइ–ना० [फिर्+आइ] फिर्ने किसिम, क्रिया वा भाव।

फिराइ–ना० [फिराउ+आइ] फिराउने किसिम, क्रिया वा भाव।

फिराइनु–स० क्रि० [फिराउ+आइ+नु] डुलाइनु; घुमाइनु; ('फिराउनु'-को क० क्रि०)।

फिराउनु–स० क्रि० [फिर+आउ+नु] १. डुलाउनु; घुमाउनु; ('फिर्नु'-को प्रे० क्रि०)। २. फिँजाउनु; फैलाउनु (हल्ला, चर्चा आदि)।

फिराद–ना० [फा० फ़रियाद] अधिकारीका समक्ष गरिने न्यायको प्रार्थना; नालिश।

फिराद-पत्र–ना० [फिराद+पत्र] फिराद लेखिएको पत्र; नालिश-पत्र; इजहार।

फिरादी–वि० [फिराद+ई] फिराद गर्ने; उजूर गर्ने।

फिरादी-पत्र–ना० [फिरादी+पत्र] फिराद-पत्र।

फिरिनु–अ० क्रि० [फिर्+इ+नु] फिर्ता आइनु; फर्किनु; ('फिर्नु'-को भा० क्रि०)।

फिरिस्त–ना० [अ० फ़हरिस्त] धेरै वस्तुहरूको नामावली, विवरण आदि अङ्कित गरिएको पुस्तिका वा पत्र; तालिका; सूची।

फिरोजा–ना० [फा० फ़िरोज़ः] हरियो भाव लिएको नीलो रङ्गको एक प्रकारको बहु-मूल्य रत्न; यूँ।

फिर्के–ना० [फिर्] घट्टको पुतली।

फिर्ता–ना० [फिर्] फर्कने वा फर्काउने काम; फिर्ती हुनु।

फिर्ती–वि० [फिर्ता] फर्कने; फिर्ता आउने।

फिर्ती-रसीद–ना० [फिर्ती+रसीद] कुनै वस्तु पठाएका ठाउँमा पुगेको प्रमाणस्वरूप फिर्ता आउने रसीद।

फिर्नु–अ० क्रि० [प्रा० फेरण+नु] १. फिर्ता आउनु; फर्कनु। २. परिवर्तन हुनु; बदलिनु; उल्टिनु। ३. डुल्नु; घुम-फिर गर्नु। ४. त्याग गर्नु (दिसा, पिसाब आदि।)

फिलङ्गी–वि० [फिरङ्गी] फिरङ्गी।

फिलिङ्गी–वि० [सं० फिरङ्गी] आँखा र कपाल कैलो भई जीउ गोरो भएकी; कैली (स्त्री)।

फिलिङ्गे-बाँस–ना० [ने०] एक जातको बाँस।

फिलिङ्गो–ना० [सं० स्फुलिङ्ग] बल्दो गोल; बलेको कोइला।

फिलुङ्गे–ना० [ने०] हरिया पातमा अरू रङ्गका थोप्ला-थाप्ली हुने एक जातको झार।

फिलो–ना० [सं० स्फिच्] चाकका दुइतिरका चक्का; पुट्ठा।

फिल्म–ना० [अं०] फोटो खिँच्ने प्लास्टिक आदिको पत्र।

फिस–वि० [ने०] अति तुच्छ; फुस्सा।

फिसफिस–क्रि० यो० [फस्को] १. बलियो बुनोट नभएका कपड़ाका सिलाइनिर फुस्कने किसिम; फस्को कपड़ा उध्रने वा फाट्ने किसिम। २. फस्को वस्तु टूट-फूट हुने किसिम। ३. मसिनो पानी पर्ने किसिम; सिमसिम।

फिसफिसे–वि० [फिसफिस+ए] १. फिसफिस फुस्कने किसिमको; निर्धो; पातलो (कपड़ा)। २. मसिनो किसिमसँग परेको; सिमसिमे (पानी)।

फिसोलाइ–ना० [फिसोल्+आइ] फिसोल्ने किसिम, क्रिया वा भाव।

फिसोलिनु–स० क्रि० [फिसोल्+इ+नु] आल-टाल गरेर झुलाइनु; ('फिसोल्नु'-को क० क्रि०)।

फिसोल्नु–स० क्रि० [फिसफिस+नु] १. आल-टाल गरेर झुलाउनु; अलमल्याउनु; यता-उति गरेर बिताउनु। २. फास-फूस पार्नु। ३. बन्न वा सप्रन नदिनु।

फिसौटो–ना० [फिस्टो] सानो वस्तु; तुच्छ चीज।

फिस्टे–वि० [फिस्टो+ए] फिस्टोजस्तो सानो; अति सानो।

फिस्टी–ना० [ने०] भँगेरोभन्दा सानो एक जातको चरो।

फिस्सू–वि० [फिस] सबैभन्दा पछि परेको; पछिल्लो; ख्वाँट्टा।

फिस्से–वि० [फिस्सू] फिस्सू।

फी–अव्य० [अं०] जनही; प्रत्येक; अपुङ्गी।

फी–ना० [अं०] १. मेहनताना; फीस। २. दस्तूर।

फीँज–ना० [सं० फेन] १. पानीका साना-साना फोकाहरूको समुदाय। २. गाज; फेन।

फीका–वि० [फिक्का] फिक्का।

फीट–ना० [अं०] 'फुट'-को बहु-वचन।

फीता–ना० [फित्ता] फित्ता।

फीनी–ना० [प्रा० फीणिया] नचिरेको पन्जाबीजस्तो एक प्रकारको रोटी।

फीलबान–ना० [फा० फ़ीलबान] माहुते।

फील्ड-मार्शल–ना० [अं०] मर्यादा-क्रममा कमान्डर-इन-चीफभन्दा माथि हुने एक जङ्गी उपाधि।

फीस–ना० [अं० फी] १. शिक्षक, डाक्टर, वैद्य आदिलाई दिइने पारिश्रमिक; मेहनताना। २. कुनै कामका निमित्त लाग्ने दस्तूर; शुल्क।

फुँकाइ–ना० [फुँक्+आइ] फुँक्ने किसिम, क्रिया वा भाव।

फुँकिनु–स० क्रि० [फुँक्+इ+नु] गाई-वस्तुले हान्न खोजेर नाक-मुखबाट फुँक्क शब्द निकालिनु; ('फुँक्नु'-को क० क्रि०)

फुँक्क–क्रि० यो० [सं० फूत्कार] रिसाएका गाई-वस्तुले हान्न लाग्दा नाकबाट शब्द निकाल्ने किसिम; फूँ।

फुँक्नु–स० क्रि० [फुँक्क+नु] गाई-वस्तुले हान्न खोज्दा नाक-मुखबाट फुँक्क शब्द निकाल्नु।

फुँगचा–ना० [नेवा०] पानी-बलोमाथि तेर्सो रहने काठ।

फुँड़ी–ना० [प्रा० फुडिअ] पातर; रण्डी; वेश्या।

फुँड्ल्को–ना० [प्रा० फोड] फुकुन्डो; टुटिल्को।

फुँड़ो–वि० [फुँड़ी] रण्डीबाज; बेसुल्लो।

फुँदा–ना० [सं० फुल्ल] १. झप्पा; झल्लर। २. किनारा; छेउ। ३. नराम्रो कुरोलाई पनि राम्रो पार्नाका निमित्त

CC-0. In Public Domain. Digitization by eGangotri

लगाइने विशेषण।

फुआ–ना० [फुपू] फुपू।

फुइँ–ना० [फक्] शेखी; घमन्ड।

फुइँकी–ना० [फुक्] १. हावाको झोक्का; बतासको वेग। २. हल्ला; चुइँकी।

फुई–ना० [नें०] १. आगो वा पोल्ने वस्तु। २. आगोले पोल्ने काम (बाल-बोलीमा)।

फुई–ना० [प्रा० फुक्कार] १. कुहिराको रूपमा रहेको जल-कण। २. घाँस, रौँ आदिमा शीत पर्दा देखिने सूक्ष्म जल-कण।

फुकन्ता–व० [फुक्+अन्ता] उड़न्ता; फुकाहा।

फुकाइ–ना० [फुक्+आइ] फुक्ने किसिम, क्रिया वा भाव; फू-फू गर्ने काम।

फुकाइ–ना० [फुक्+आइ] फुक्ने किसिम, क्रिया वा भाव; फुस्काइ।

फुकाइ–ना० [फुक्+आइ] फुक्ने किसिम, क्रिया वा भाव; वेथितिसँग खर्च गर्ने काम।

फुकाइ–ना० [फुकाउ+आइ] धागो, डोरी आदि फुकाउने किसिम, क्रिया वा भाव।

फुकाइनु–स० क्रि० [फुकाउ+आइ+नु] फुक्न वा फू-फू गर्न लाइनु; ('फुकाउनु'-को क० क्रि०)।

फुकाइनु–स० क्रि० [फुकाउ+आइ+नु] फुस्काइनु; ('फुकाउनु'-को क० क्रि०)।

फुकाउनी–ना० [फुक्+आउनी] मूत्राशय।

फुकाउनु–स० क्रि० [फुक्+आउ+नु] १. धागो, डोरी आदिको गाँठो खोल्नु; फुनु; फुस्काउनु। २. बाधा-अड्काउ हटाउनु; ('फुक्नु'-को प्रे० क्रि०)।

फुकाउनु–स० क्रि० [फुक्+आउ+नु] फुक्न वा फू-फू गर्न लाउनु; ('फुक्नु'-को प्रे० क्रि)।

फुकाउरो–वि० [फुक्+आउरो] बेकारमा धेरै खर्च गर्ने स्वभावको; फुकाहा।

फुकादाम–ना० [नें०] एक दाम मूल्यको सिक्का; पैसाको चतुर्थांश मूल्यको सिक्का।

फुकालाइ–ना० [फुकाल्+आइ] १. फुकाल्ने किसिम, क्रिया वा भाव। २. फुकालिने किसिम, क्रिया वा भाव।

फुकालिनु–स० क्रि० [फुकाल्+इ+नु] फुकाइनु; ('फुकाल्नु'-को क० क्रि०)।

फुकाल्नु–स० क्रि० [फुक्+आल्+नु] १. फुकाउनु; फुनु। २. जीउमा लाएका लुगा-गहना आदि झिक्नु। ३. जड़िएको वस्तु उखेल्नु। ४. कसैसित कुनै वस्तु युक्तिसित लिनु; खुस्काउनु।

फुकाहा–वि० [फुक्+आहा] फुकाउरो।

फुकिनु–स० क्रि० [फुक्+इ+नु] मुखबाट वेगसित हावा छोड़िनु; ('फुक्नु'-को क० क्रि०)।

फुकिनु–अ० क्रि० [फुक्+इ+नु] फुस्किनु; ('फुक्नु'-को भा० क्रि०)।

फुकी–ना० [नेवा०] धेरै पुस्ताका दाजु-भाइ; बन्धु-वर्ग।

फुकुन्डो–ना० [फुँडुल्को] शरीरमा रोग-वश आएको मांस-पिण्ड वा पानी भरिएको फोको।

फुकुन्डे–वि० [फुकुन्डो+ए] फुकुन्डो भएको; फुकुन्डो परेको; फोके।

फुकुवा–वि० [फुक्+उवा] बाधा-अड्काउ फुकेको; प्रतिबन्ध हटेको वा हटाइएको।

फुको–वि० [फुक्का] १. तरल पदार्थ नपरेको; बुको; बुरबुरे। २. घिउ-तेल आदि चिल्लो नपरेको; सूखा; फुस्रो। ३. सितन, तरकारी आदि नभएको; निस्तो।

फुकौरो–वि० [फुकाउरो] फुकाउरो।

फुक्का–वि० [फुक्] १. फुकेको; बन्धनबाट मुक्त भएको। २. स्वतन्त्र; स्वाधीन; आफू-खुशी। ३. फुक्की।

फुक्की–ना० [फुक्का] केटा-केटीका खेलमा खेल स्थगित राख्ने साङ्केतिक शब्द।

फुक्नु–स० क्रि० [प्रा० फुक्क+नु] १. मुख अलिकति खुला राखेर वेगसित हावा छोड्नु; फू-फू गर्नु। २. सासले कुनै हलुङ्गो वस्तु उड़ाउनु। ३. रोग शान्त गर्नाका निमित्त मन्त्र पढ़ेर फू-फू गर्नु; झार-फूक गर्नु। ४. सासको वेगले आगो बाल्नु; सासले आगो सल्काउनु। ५. शङ्ख आदि बजाउनु। ६. कानमा गुप्त कुरा गर्नु। ७. होच्याउनु; नचाहिँदो निन्दा गर्नु।

फुक्नु–अ० क्रि० [फुस्क+नु] १. डोरी, धागो आदिको गाँठो खुस्कनु; फुस्कनु। २. बन्धन खुल्नु; बन्देजबाट मुक्त हुनु। ३. बाधा-अड्काउ हट्नु; प्रतिबन्ध खुल्नु। ४. आवश्यक-भन्दा बढ़ी खर्च गर्नु; सम्पत्ति उड़ाउनु।

फुक्लनु–अ० क्रि० [फुकाल्+नु] कुनै वस्तु जोड़िएको वा जड़िएका ठाउँबाट छुट्टिनु; उखेलिनु; खुस्कनु।

फुक्लाइ–ना० [फुक्ल+आइ] फुक्लने किसिम, क्रिया वा भाव।

फुक्लिनु–अ० क्रि० [फुक्ल+इ+नु] उखेलिनु; खुस्किनु; ('फुक्लनु'-को भा० क्रि०)।

फुक्लो–वि० [फुको] फुको।

फुङ–ना० [फा० फ़ह्म] सम्झना; स्मरण; स्मृति।

फुङ–ना० [प्रा० फुग्ग] भोटो, चोलो आदिका फेरमा गाँसिने कपड़ा।

फुङ्कार–ना० [सं०] सर्प आदिको फूत्कार।

फुङ्ङ–क्रि० यो० [नें०] १. चेहरा, रङ आदि निस्तेज हुने किसिम; फिक्का पर्ने किसिम। २. रूख-पात केही नभई खुला हुने किसिम।

फुङ्गिन–वि० [फुक्] १. निर्धन; गरीब; तन्नम। २. फुकाउरो; फुकाहा।

फुङ्गिने–वि० [फुङ्गिन+ए] निर्धन; कङ्गाल।

फुङ्ङ–क्रि० यो० [फुङ्ग] फुङ्ग।

फुङ्ङिन–वि० [फुङ्गिन] फुङ्गिन।

फुङ्ङिने–वि० [फुङ्गिने] फुङ्गिने।

CC-0. In Public Domain. Digitization by eGangotri

फुचुनु–वि० [फुचुनो] फुचुनो ।

फुचुनू–वि० [फुचुनो] फुचुनो ।

फुचुनो–वि० [फुच्चो] सानो; फुच्चो (केटा-केटी) ।

फुच्चा-फाच्ची–ना० [फुच्चो+फाच्ची (फाँ०)] साना-साना केटा-केटी; भुरा-भुरी ।

फुच्ची–ना० [फुच्चो+ई] १. कान्ह्लामा गुँड़ लाउने भँगेरो-जस्तो एक जातको चरो । २. सानी केटी; बच्ची ।

फुच्चे–वि० [फुच्चो+ए] फुच्चो ।

फुच्चो–वि० [बच्चो] बच्चो; सानो (केटो) ।

फुट–ना० [अं०] १. लमाइ, चौड़ाइ आदि नाप्ने बाह्र इन्चीको नापो । २. बाह्र इन्चीको नाप; गजको तृतीयांश भाग ।

फुटकर–वि० [सं० स्फुट+कर] १. चानचुन; खुद्रा । २. नमिलेको; बेमेलको । ३. अलग; भिन्न ।

फुट-नोट–ना० [अं०] पुस्तकका पत्रको तलतिर दिइने टिप्पणी; पाद-टिप्पणी ।

फुट-पाथ–ना० [अं०] १. सड़कका दायाँ-बायाँ मानिस हिंड्न बनाइएको पेटी । २. गोरेटो ।

फुट-फाट–ना० [फुट्+फाट्] टूट-फूट ।

फुट-बल–ना० [अं० फुट-बॅल] गोड़ाले हानेर खेल्ने ठूलो किसिमको भकुन्डो ।

फुटा–ना० [ने०] कपासको बीयाँ; ज्यापु ।

फुटाइ–ना० [फुट्+आइ] फुट्ने किसिम, क्रिया वा भाव ।

फुटाइ–ना० [फुटाउ+आइ] फुटाउने किसिम, क्रिया वा भाव; फोराइ ।

फुटाइनु–स० क्रि० [फुटाउ+आइ+नु] फुट्न लाइनु; ('फुटाउनु'-को क० क्रि०) ।

फुटाउनु–स० क्रि० [फुट्+आउ+नु] १. टुक्रा पार्नु; टुक्र्याउनु; फोर्नु; फुटाल्नु; ('फुट्नु'-को प्रे० क्रि०) । २. चर्काउनु; धाँदो पार्नु । ३. मेल भएकालाई छुट्ट्याउनु; बेमेल गराउनु; फूट गराउनु ।

फुटालिनु–स० क्रि० [फुटाल्+इ+नु] फोरिनु; ('फुटाल्नु'-को क० क्रि०) ।

फुटाल्नु–स० क्रि० [फुट्+आल्+नु] फोर्नु; फुटाउनु ।

फुटिनु–अ० क्रि० [फुट्+इ+नु] टुक्रा परिनु; ('फुट्नु'-को भा० क्रि०) ।

फुट्ट–क्रि० यो० [फुट्] १. उछिट्टिने किसिम; उफ्रने किसिम । (वि०) २. फुट्टा; भिन्न ।

फुट्टा–वि० [सं० स्फुट] १. फौज वा समूहदेखि भिन्न; अलग; एकलो; ठिङ्गो । २. जोड़ा नभएको; बिजोड़ा । (ना०) ३. दुइ पासामा पोट-पोट र एक पासामा दुवा पर्दा हुने पासाका खेलको एक दाउ; चार फुट्टीको दाउ ।

फुट्टी–ना० [ने०] १. बिन्दु; थोप्लो । २. पासा, ताश आदिमा एक्का, दुवा आदिको साङ्केतिक चिह्न । ३. न्यूनतम परिमाण; लेश ।

फुट्टो–ना० [फुट्टा] एकलो; ठिङ्गो; छुट्टो ।

फुट्नु–अ० क्रि० [सं० स्फुटन+नु] १. टुक्रा पर्नु; टुक्रिनु; टुट्नु । २. चर्कनु; चिरिनु । ३. पाकेका खटिरा, फोका आदिका मुख खुल्नु । ४. मिलेका वस्तुहरू अलग हुनु; छुट्टिनु । ५. प्वाल पर्नु; छिद्र पर्नु । ६. बेमेल हुनु; फूट हुनु ।

फुतफुत–क्रि० यो० [ने०] १. एक-एक गरेर पस्ने वा निस्कने किसिम । २. धमाधम फाल्ने किसिम; एक-एक गरी मिल्काउने किसिम; फुत्त-फुत्त ।

फुतफुती–क्रि० यो० [फुतफुत] फुतफुत ।

फुतुफुतु–क्रि० यो० [ने०] १. धमाधम निस्कने वा पस्ने किसिम । २. थोपो-थोपो गरेर वा एक-एक गरेर खस्ने वा वा खसाल्ने किसिम ।

फुत्कनु–अ० क्रि० [फुत्त+नु] १. उम्कनु; छुट्नु । २. फुस्कनु; खुस्कनु । ३. निस्कनु; बाहिर आउनु ।

फुत्काइ–ना० [फुत्क+आइ] फुत्कने किसिम, क्रिया वा भाव ।

फुत्काइ–ना० [फुत्काउ+आइ] फुत्काउने किसिम, क्रिया वा भाव ।

फुत्काइनु–स० क्रि० [फुत्काउ+आइ+नु] फुत्कन लाइनु; ('फुत्काउनु'-को क० क्रि०) ।

फुत्काउनु–स० क्रि० [फुत्क+आउ+नु] फुत्कन लाउनु; उम्काउनु; ('फुत्कनु'-को प्रे० क्रि०) ।

फुत्कार–ना० [सं०] फूत्कार ।

फुत्किनु–अ० क्रि० [फुत्क+इ+नु] १. फुत्कनु । २. उम्किनु; ('फुत्कनु'-को भा० क्रि०) ।

फुत्त–क्रि० यो० [ने०] १. एक्कासि निस्कने वा पस्ने किसिम । २. सहसा मिल्काउने किसिम; फाल्ने किसिम । ३. फड्कने किसिम; नाघ्ने किसिम । ४. चिप्लिएर उछिट्टिने किसिम ।

फुत्रुक्क–क्रि० यो० [ने०] १. सहसा खस्ने किसिम; खुत्रुक्क । २. उफ्रने किसिम; बुर्लुक्क ।

फुनु–स० क्रि० [फुक्+नु] १. धागो, डोरी आदिको गाँठो वा बन्धन खोल्नु; फुकाउनु; फुकाल्नु । २. बाधा-अड्काउ हटाउनु ।

फुने–ना० [नेवा० फोने] माग्ने काम; मगनी ।

फुपाजु–ना० [फुपाज्यू] फुपाज्यू ।

फुपाज्यू–ना० [फुपू] फुपूका पति ।

फुपू–ना० [प्रा० पिउच्चा] बाबुकी दिदी वा बहिनी ।

फुपू-सासू–ना० [फुपू+सासू] पति वा पत्नीकी फुपू; ससुराकी बहिनी वा दिदी ।

फुप्फुस–ना० [सं०] फोक्सो ।

फुमड़ी–ना० [ने०] अभाव; शून्यता; रिक्तता ।

फुरफुर–क्रि० यो० [फुर्क] १. कसैबाट आफ्नो प्रशंसा सुन्दा मस्त हुने किसिम; फुरफुरिने किसिम; फुर्किने किसिम । २. खुशी हुने किसिम; दङ्ग पर्ने किसिम ।

फुरफुरिइनु–अ० क्रि० [फुरफुरि+इ+नु] फुर्किइनु; ('फुरफुरिनु'-को भा० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

फुरफुरिनु–अ० क्रि० [फुरफुर+इ+नु] अरूले आफ्नो प्रशंसा गरेको सुन्दा फुरुक्क पर्नु; फुर्किनु।

फुरफुरे–वि० [फुरफुर+ए] १. फुरफुरिने; फुर्क्याहटमा लाग्ने स्वभावको। २. धाक लाउने; धाकी।

फुरफुर्याइ–ना० [फुरफुरि+याइ] फुरफुरिने किसिम, क्रिया वा भाव।

फुरफुर्याइ–ना० [फुरफुर्याउ+आइ] फुरफुर्याउने किसिम, क्रिया वा भाव।

फुरफुर्याइनु–स० क्रि० [फुरफुर्याउ+आइ+नु] फुरुक्क पारिनु; फुर्क्याइनु; ('फुरफुर्याउनु'-को क० क्रि०)।

फुरफुर्याउनु–स० क्रि० [फुरफुर+याउ+नु] फुरुक्क पार्नु; फुर्क्याउनु; ('फुरफुरिनु'-को प्रे० क्रि०)।

फुरफुर्याहट–ना० [फुरफुरि+याहट] फुरफुरिने किसिम, क्रिया वा भाव; फुरफुर्याइ।

फुरसत–ना० [अ० फ़ुरसत] फुर्सत।

फुराइ–ना० [फुर्+आइ] १. फुर्ने किसिम, क्रिया वा भाव; स्मरण हुने काम। २. फुर्ने किसिम, क्रिया वा भाव; घिउ-तेल वा आगामा भुटिने काम।

फुराइ–ना० [फुराउ+आइ] फुराउने किसिम, क्रिया वा भाव।

फुराइनु–स० क्रि० [फुराउ+आइ+नु] घिउ-तेलमा ज्वानु, मेथी आदि पड्काइनु; ('फुराउनु'-को क० क्रि०)।

फुराउनु–स० क्रि० [फुर्+आउ+नु] १. घिउ-तेलमा ज्वानु, मेथी, खुर्सानी आदि पड्काउनु; फुलाउनु।

फुरिनु–अ० क्रि० [फुर्+इ+नु] १. मौकामा उपयुक्त विचार आइनु; ('फुर्नु'-को भा० क्रि०)। २. मस्तिष्कमा विचार उत्पन्न गराइनु।

फुरिनु–अ० क्रि० [फुर्+इ+नु] घिउ-तेलमा सुकेको वस्तु पाकेर फुलिनु; ('फुर्नु'-को भा० क्रि०)।

फुरु–ना० [ने०] प्रायः भोटे-जातिले उपयोग गर्ने काठको बटुको।

फुरुक्क–क्रि० यो० [फुर्क] १. आफ्नो प्रशंसा सुनेर दङ्ग पर्ने किसिम; फुर्कने किसिम। २. खूब खुशी हुने किसिम; दङ्ग पर्ने किसिम।

फुरुङ्ग–क्रि० यो० [फुर्क] १. साह्रै खुशी हुने किसिम; फुरुक्क; दङ्ग। २. घमन्डले फुल्ने किसिम।

फुरौलो–ना० [फुर्+औलो] घिउ-तेलमा पकाएको विशेष गरी मासका पीठाको डल्लो रोटी।

फुर्कनु–अ० क्रि० [अ० फ़ख़्] १. खुशी भएर गम्कनु; फुरुक्क पर्नु; फुर्किनु। २. घमन्डले फुल्नु; अभिमान गर्नु।

फुर्काइ–ना० [फुर्क+आइ] फुर्कने किसिम, क्रिया वा भाव।

फुर्काइ–ना० [फुर्काउ+आइ] फुर्काउने किसिम, क्रिया वा भाव।

फुर्काइनु–स० क्रि० [फुर्काउ+इ+नु] फुर्कन लाइनु; फुरुक्क पारिनु; ('फुर्काउनु'-को क० क्रि०)।

फुर्काउनु–स० क्रि० [फुर्क+आउ+नु] फुरुक्क पार्नु; फुरफुर्याउनु; ('फुर्कनु'-को प्रे० क्रि०)।

फुर्किनु–अ० क्रि० [फुर्क+आ+नु] १. फुरुक्क पर्नु; फुरफुरिनु। २. फुरुक्क परिनु; ('फुर्कनु'-को भा० क्रि०)।

फुर्के–वि० [फुर्को+ए] १. फुर्को भएको; फुर्का परेको। २. पुच्छरका टुप्पाका रौँ सेता भएको (पशु)।

फुर्के-बन्सो–ना० [फुर्को+ए+बन्सो] टुप्पामा प्याजी रङ्गका जुँगा हुने एक जातको बन्सो घाँस।

फुर्को–ना० [ने०] १. स्त्री-जातिले कपालमा लाउने धागाको छेउमा हुने झुप्पो। २. गल-बन्दी, पछ्यौरा, इँजार आदिका छेउमा हुने झल्लर वा झुप्पो। ३. धरो; धुर्को।

फुर्क्याइ–ना० [फुर्कि+याइ] फुर्किने किसिम, क्रिया वा भाव।

फुर्क्याइ–ना० [फुर्क्याउ+आइ] फुर्क्याउने किसिम, क्रिया वा भाव।

फुर्क्याइनु–स० क्रि० [फुर्क्याउ+आइ+नु] फुरुक्क पारिनु; ('फुर्क्याउनु'-को क० क्रि०)।

फुर्क्याउनु–स० क्रि० [फुर्कि+याउ+नु] फुरुक्क पार्नु; फुरफुर्याउनु; ('फुर्किनु'-को प्रे० क्रि०)।

फुर्क्याहट–ना० [फुर्कि+याहट] फुर्किने किसिम, क्रिया वा भाव।

फुर्ती–ना० [फूर्ति] फूर्ति।

फुर्तिलो–वि० [फुर्ती+इलो] फूर्ति भएको; फूर्तिलो।

फुर्तीवाल–वि० [फूर्तिवाल] फूर्तिवाल।

फुर्नु–अ० क्रि० [सं० स्फुर्+नु] १. मौकामा उपयुक्त विचार झट्ट आउनु। २. सम्झनु; स्मरण हुनु। ३. फरफर चल्नु; फरफराउनु। ४. आगो वा घिउ-तेलमा भुटिनु; सुकेको वस्तु घिउ-तेलमा पाकेर फुल्नु।

फुर्माइ–ना० [फुर्माउ+आइ] फुर्माउने किसिम, क्रिया वा भाव; फर्माइ।

फुर्माइनु–स० क्रि० [फुर्माउ+आइ+नु] फर्माइनु; ('फुर्माउनु'-को क० क्रि०)।

फुर्माइस–ना० [फा० फ़रमाइश] १. बढ्ता खर्च; खुशीयालीको खर्च। २. कुनै कुरो विशेष रूपले बनाउन वा ल्याउनको निमित्त दिइने आज्ञा।

फुर्माइसी–वि० [फुर्माइस+ई] फुर्माइस गरिएको; फुर्माइएको।

फुर्माउनु–स० क्रि० [फर्माउ+नु] फर्माउनु।

फुर्र–क्रि० यो० [अनु०] १. हावामा कागत, पात, चरा आदि उड्ने किसिम। २. मुखमा पानी हाली फुक्ता शब्द आउने किसिम। ३. घिउ-तेलमा कुनै वस्तु फुर्ने वा फुर्दा शब्द आउने किसिम।

फुर्लुङ–ना० [ने०] १. मुख सानो भई पेट फुकेको, माछा हाल्ने चोयाको भाँडो। २. कँडालीजस्तो झुन्ड्याउने चोयाको सानो भाँडो।

फुलुङ्ग–क्रि० यो० [ने०] फुरुङ्ग; दङ्ग; फुरुक्क।

फुर्सत–ना० [अ० फ़ुरसत] कामबाट खाली भएको समय; काम नभएको समय; अवकाश।

CC-0. In Public Domain. Digitization by eGangotri

फुर्सद–ना० [फुर्सत] फुर्सत।

फुल–ना० [प्रा०] चरा-चुरुङ्गी, माछा आदि जन्मने गोलाकार पिण्ड; अण्डा; अण्ड।

फुल-कोर्ट–ना० [अं०] इन्साफ गर्ने कामबाहेक अरू कामका निमित्त बसेको प्रधान न्यायाधीश र अरू न्यायाधीश-हरूको सभा।

फुलझड़ी–ना० [फूलझरी] फूलझरी।

फुल-बेन्च–ना० [अं०] प्रधान न्यायाधीशसहित तीन वा तीन-भन्दा बढ़ी न्यायाधीशहरूको सभा; पूर्ण-न्यायाधिकरण।

फुलाइ–ना० [फुल्+आइ] फुल्ने किसिम, क्रिया वा भाव।

फुलाइनु–स० क्रि० [फुलाउ+आइ+नु] फुल्न लाइनु; ('फुलाउनु'-को क० क्रि०)।

फुलाउनु–स० क्रि० [फुल्+आउ+नु] फुल्न लाउनु; ('फुल्नु'-को प्रे० क्रि०)।

फुलिनु–अ० क्रि० [फुल्+इ+नु] फूलको कोपिला फुटिनु; ('फुल्नु'-को भा० क्रि०)।

फुलेल–वि० [फुल्] प्रसन्न; दङ्ग; खुशी।

फुलेल–ना० [फूल+तेल] कुनै फूलको बास्ना आउने तेल; सुगन्धी तेल।

फुल्का–ना० [फुल्] आगामा सेकेर पकाएको पातलो किसिमको रोटी।

फुल्चोकी–ना० [सं० फुल्लोच्च] काठमाड़ौं-उपत्यकाको दक्षिण-पट्टिको पहाड़। (यहाँ फूलचोकी देवीको मेला लाग्दछ।)

फुल्नु–अ० क्रि० [सं० फुल्ल्+नु] १. फूलको कोपिला फुट्नु; फक्रनु; विकसित हुनु। २. सुनिनु; स्थूल हुनु। ३. उक्सनु; भुक्लुक्क हुनु। ४. गमक्क पर्नु; गम्कनु। ५. धुमधुमती पर्नु; धुम्मिनु। ६. मनुष्यका रौं सेता हुनु।

फल्याइ–ना० [फुल्याउ+आइ] फुल्याउने किसिम, क्रिया वा भाव।

फुल्याइनु–स० क्रि० [फुल्याउ+आइ+नु] सान्त्वना दिइनु; ('फुल्याउनु'-को क० क्रि०)।

फुल्याउनु–स० क्रि० [सं० फुल्ल्+याउ+नु] १. दुःख, शोक, रोग आदि परेकालाई भरोसा दिनु; सान्त्वना दिनु। २. रोएकालाई शान्त गराउनु; सम्झाउनु; फुस्ल्याउनु।

फुल्ल–वि० [सं०] १. फुलेको; प्रफुल्ल; विकसित। २. प्रसन्न; हर्षित। (ना०) ३. फूल; पुष्प।

फुसफुस–क्रि० यो० [अनु०] १. मसिनु पानी पर्ने किसिम; सिमसिम। २. फुस्कने किसिम। ३. हावा खुस्कने किसिम। ४. आपान-वायु छोड्ने किसिम। ५. फस्को वस्तु फुट्ने किसिम; फसफस।

फुसफुसती–क्रि० यो० [फुसफुस+ती] फुसफुस।

फुसफुसी–क्रि० यो० [फुसफुस+ई] फुसफुस।

फुसफुसे–वि० [फुसफुस+ए] १. फुसफुस फुस्कने किसिमको; खुस्कने किसिमको। २. फिसफिसे; रिमरिमे (पानी)। ३. फको।

फुसी–ना० [प्रा० फुसिअ] १. वीर्य; शुक्र। २. गुप्तेन्द्रियमा जम्ने मल।

फुसुफुसु–क्रि० यो० [फुस्स+फुस्स] १. फुस्कने किसिम; खुस्कने किसिम। २. सुरुसुरु। ३. निश्शब्द अपान-वायु छोड्ने किसिम। ४. निदाउने किसिम।

फुसुल्टिइनु–अ० क्रि० [फुसुल्टि+इ+नु] भुसुल्टिइनु; ('फुसु-ल्टिनु'-को भा० क्रि०)।

फुसुल्टिनु–अ० क्रि० [फुसुफुसु+इ+नु] १. भुसुल्टिनु। २. निदाउनु।

फुसुल्टयाइ–ना० [फुसुल्टि+याइ] फुसुल्टिने किसिम, क्रिया वा भाव।

फुसुल्टयाइ–ना० [फुसुल्टयाउ+आइ] फुसुल्टयाउने किसिम, क्रिया का भाव।

फुसुल्ट्याउनु–स० क्रि० [फुसुल्टि+याइ+नु] धोखामा पार्नु; छल्नु; ठग्नु; ('फुसुल्टिनु'-को प्रे० क्रि०)।

फुसुल्ट्याइनु–स० क्रि० [फुसुल्टयाउ+आइ+नु] धोखामा पारिनु; ('फुसुल्टयाउनु'-को क० क्रि०)।

फुस्कनु–अ० क्रि० [प्रा० फसुल+नु] १. फुक्नु; खुस्कनु। २. कामबाट फुर्सत पाउनु; फुक्का हुनु। ३. छुट्नु; उम्कनु।

फुस्काइ–ना० [फुस्क+आइ] फुस्कने किसिम, क्रिया वा भाव।

फुस्काइनु–स० क्रि० [फुस्काउ+आइ+नु] फुस्कन वा फुक्न लाइनु; ('फुस्काउनु'-को क० क्रि०)।

फुस्काउनु–स० क्रि० [फुस्क+आउ+नु] फकाउनु; खुस्काउनु; ('फुस्कनु'-को प्रे० क्रि०)।

फुस्किनु–अ० क्रि० [फुस्क+इ+नु] १. फुकिनु; खुस्किनु; ('फुस्कनु'-को भा० क्रि०)। २. फुस्कनु।

फुस्टा–ना० [फुट्टा] पासाका खेलको चार फुट्टीवाला दाउ; फुट्टा।

फुस्रिइनु–अ० क्रि० [फुस्रि+इ+नु] फुस्रो होइनु; ('फुस्रिनु'-को भा० क्रि०)।

फुस्रिनु–अ० क्रि० [फुस्रो+इ+नु] १. फुस्रो हुनु; चिल्लोपन हराउनु। २. हिस्सिनु; लाभ वा प्राप्तिदेखि वञ्चित हुनु।

फुस्रो–वि० [ने०] १. चिल्लो नभएको; बुरबुराउँदो; फुस्रि-एको। २. सेतो भावको कैलो; खैरो। (ना०) ३. संन्यासीलाई निन्दा गरेर भनिने शब्द।

फुस्री-राँड़–ना० [फुस्रो+ई+राँड़] छोरो नभएकी विधवा स्त्री।

फुस्लुक्क–क्रि० यो० [ने०] १. सोच-विचार नगरीकन वा नहिचकिचाईकन दिने किसिम; खुरुक्क। २. गुप्त तवरले कुनै काम गर्ने किसिम। ३. कुरो फुस्काउने किसिम। ४. गाँठो फुक्ने वा फुकाउने किसिम।

फुस्रे–वि० [फुस्रो+ए] १. फुस्रो; चिल्लो नभएको। (ना०) २. जोगी (निन्दार्थमा)।

फुस्रे-केरा–ना० [फुस्रे+केरा] फुस्रो रङ्गको एक जातको केरा।

फुस्रे-चाँप–ना० [फुस्रे+चाँप] फुस्रो रङ्गको एक जातको चाँप।

CC-0. In Public Domain. Digitization by eGangotri

फुस्र्याइ–ना० [फुस्रि+याइ] फुस्रिने किसिम, क्रिया वा भाव।

फुस्र्याइ–ना० [फुस्र्याउ+आइ] फुस्र्याउने किसिम, क्रिया वा भाव।

फुस्र्याइनु–स० क्रि० [फुस्र्याउ+आइ+नु] फुस्रो पारिनु; ('फुस्र्याउनु'-को क० क्रि०)।

फुस्र्याउनु–स० क्रि०[फुस्रो+याउ+नु] १. फुस्रो पार्नु; चिल्लोपन हटाई रुख्याउनु; ('फुस्रिनु'-को प्रे० क्रि०)। २. लाभदेखि वञ्चित पार्नु; हिस्स्याउनु।

फुस्र्याहट–ना० [फुस्रि+याहट] फुस्रिने किसिम, क्रिया वा भाव; फुस्र्याइ।

फुस्लिइनु–अ० क्रि० [फुस्लि+इ+नु] फकिइनु; ('फुस्लिनु'-को भा० क्रि०)।

फुस्लिनु–अ० क्रि० [फुलि+नु] कसका मीठा-मीठा कुराले फुरुक्क पर्नु; फकिनु; फुकिनु।

फुस्ल्याइ–ना० [फुस्ल्याउ+आइ] फुस्ल्याउने किसिम, क्रिया वा भाव।

फुस्ल्याइ–ना० [फुस्लि+आइ] फुस्लिने किसिम, क्रिया वा भाव; फुस्ल्याहट।

फुस्ल्याइनु–स० क्रि० [फुस्ल्याउ+आइ+नु] फकाइनु; ('फुस्ल्याउनु'-को क० क्रि०)।

फुस्ल्याउनु–स० क्रि० [फुस्लि+याउ+नु] मीठा-मीठा कुरा गरेर आफ्नो अनुकूल पार्नु; फकाउनु; फुक्र्याउनु; ('फुस्लिनु'-को प्रे० क्रि०)।

फुस्ल्याहट–ना० [फुस्लि+याहट] फुस्लिने किसिम, क्रिया वा भाव; फुस्ल्याइ।

फुस्स–क्रि० यो० [अनु०] १. फुस्कने किसिम; खुस्कने किसिम। २. निश्शब्द अपान-वायु छुट्ने किसिम। ३. हावा खुस्कने किसिम। (वि०) ४. फुस्सा। ५. गमक्क; मक्ख।

फुस्सा–ना० [फुस्स] केही पनि नहुनु; शून्य।

फस्सिइनु–अ०क्रि०[फुस्सि+इ+नु]फुस्सा होइनु; ('फुस्सिनु'-को भा० क्रि०)।

फुस्सिनु–अ० क्रि० [फुस्सा+इ+नु] फुस्सा हुनु; जिल्लिनु।

फुस्स्याइ–ना० [फुस्स्याउ+आइ] फुस्स्याउने किसिम, क्रिया वा भाव।

फुस्स्याइ–ना० [फुस्सि+याइ] फुस्सिने किसिम, क्रिया वा भाव।

फुस्स्याइनु–स० क्रि० [फुस्स्याउ+आइ+नु] फुस्सा पारिनु; ('फुस्स्याउनु'-को क० क्रि०)।

फुस्स्याउनु–स० क्रि० [फुस्सा+याउ+नु] फुस्सा पार्नु; जिल्ल्याउनु; भुस्स्याउनु; ('फुस्सिनु'-को प्रे० क्रि०)।

फुस्स्याहट–ना० [फुस्सि+याहट] फुस्सिने किसिम, क्रिया वा भाव।

फुहारा–ना० [अ० फ़व्वार:] जमीनमा जड़ेका पाइपबाट माथिसम्म पुग्ने गरी वेगसित निस्केको जल-धारा; फोहोरा।

फूँ–क्रि० यो० [अनु०] १. रिसाएका गाई-वस्तुले हान्न खोज्दा नाकबाट शब्द निकाल्न किसिम; फुँक्क। २. सर्पको फूत्कार।

फू–क्रि० यो० [अनु०] १. थोरै मुख बाएर जोड़सित हावा छोड्ने किसिम; फुक्ने किसिम। (ना०) २. झार-फूक; फूक-फाक (बाल-बोलीमा)।

फूक-फाक–ना० [फुक्+फाक (फाँ०)] फुक्ने काम; फाक-फूक; झार-फूक।

फूचा-फाची–ना० [फुच्चो+फुच्ची] फुच्चा-फाच्ची।

फूची–वि० [फूचो+ई] फुच्ची।

फूचे–वि० [फूचो+ए] फुच्चे।

फूचो–वि० [फुच्चो] बच्चो; फुच्चो।

फूट–ना० [सं० स्फुटन] १. विरोध वा वैमनस्यबाट हुने बेमेल; फाटो। २. फूट-काँक्रो।

फूट-काँक्रो–ना० [फूट+काँक्रो] १. काँक्राको जस्तो पात, पहेँलो फूल र काँक्रैजस्तो लाम्चो फल फल्ने, नङ्ग्रा हुने एक जातको लहरो। २. त्यसैको फल।

फूत्कार–ना० [सं०] १. रीसले वेगसित मुख वा नाकबाट निकाल्ने शब्द; फुँक्क। २. सर्पको फुङ्कार।

फूत्कृति–ना० [सं०] फूत्कार।

फू-मन्तर–ना० [फू+मन्त्र] १. जादू; इन्द्र-जाल। २. अचम्म लाग्ने गरी कुनै काम झट्ट हुनु। ३. बेपत्ता; गायब।

फूर्ति–ना० [सं० स्फूर्ति] १. झटपट काम गर्ने शक्ति; जाँगरिलोपन। २. उमङ्ग; उत्साह। ३. चहल-पहल; हाइँ-फाइँ। ४. घमन्ड; शेखी। ५. तेज; स्फूर्ति।

फूर्तिलो–वि० [फूर्ति+लो] १. फूर्ति भएको; फूर्तिवाल। २. काम-काजमा छिटो; जाँगरिलो।

फूर्तिवाल–वि० [फूर्ति+वाल] फूर्ति भएको; फुर्तिलो।

फूल–ना० [सं० फुल्ल] १. बोट-बिरुवामा फल लाग्नुभन्दा पहिले निस्कने मनोहर अङ्ग; फुलेको कोपिलो; पुष्प; कुसुम। २. भुट्ता फुलेको मकै, धान आदिको दाना; लावा। ३. स्त्रीहरूले शिरमा लाउने बाटुलो ठूलो सुनको गहना; शिर-फूल। ४. ल्वाङको गोटा।

फूल-कीलो–ना० [फूल+कीलो] ल्वाङ-कीलो।

फूल-कोपी–ना० [फूल+कोपी] काउली; फूल-गोभी।

फल-कोबी–ना० [फूल+कोबी] फूल-कोपी।

फूल-खरानी–ना० [फूल+खरानी] अँगारको भाग पचेर सेतो भएको नरम र स्वच्छ खरानी; भस्म; बिगूत।

फूल-गोभी–ना० [फूल+गोभी] फूल-कोपी।

फूलझरी–ना० [फूल+झरी] फूलका आकारमा झिल्का निस्कने एक प्रकारको आतशबाजी।

फूल-दान–ना० [फूल+दान] शोभाका निमित्त फूलहरूको गुच्छो राख्ने काँच, धातु, माटो आदिको भाँड़ो।

फूल-दानी–ना० [फूल+दानी] फूल-दान।

फूल-पाती–ना० [फूल+पाती] १. फूल र पात; पत्र-पुष्प।

CC-0. In Public Domain. Digitization by eGangotri

२. आश्विन शुक्ल सप्तमीका दिन दुर्गा-पूजाका निमित्त भित्र्याइने पत्र, पुष्प, विल्व आदि।

फूल-बारी–ना० [फूल+बारी] फूल लाएको बगैँचा; पुष्प-वाटिका।

फूलिस्केप–ना० [अं० फूल्स-कैप] कागजको एक नापो। (यो १२×१५ वा १२½ + १६ इन्चीको हुन्छ।)

फूली–ना० [फूल+ई] १. स्त्रीहरूले नाकमा लाउने, सानो फूलका आकारको गहना। २. जुत्ता, पेटी, फुट-बल आदिको फित्ता घुसार्ने प्वालमा जड़िने धातुको अवयव।

फूले–वि० [फूलो+ए] आँखामा फूलो परेको।

फूलो–ना० [फूल] आँखाका नानीमा सेतो दाग लाग्ने एक रोग।

फूलो–ना० [ने०] तेल पेल्नाका निमित्त बनाइएको तोरीको धूलो।

फूलो–ना० [सं० पुलाक] पकाएका भाँड़ामा बसेको भातका सिताको दाग।

फूस–ना० [सं० तुष] सुकेको घाँस; खर।

फेका–ना० [ने०] भाषण, नाच-गान आदिको समाप्तिमा दिइने प्रशंसा-सूचक ताली।

फेचो–ना० [ने०] १. तेल पेल्न तयार पारिएको फूलो माड्ने काम। २. तेल पेल्ने कोल।

फेट–ना० [फाँट] १. घेरो; गिर्दा। २. टोल।

फेटा–ना० [सं० फटा] शिरमा टोपीका सट्टा बेह्रेर बाँध्ने कपड़ा; एक किसिमको पगरी; शाफा।

फेटाइ–ना० [फेट्+आइ] फेट्ने किसिम, क्रिया वा भाव।

फटाइनु–स० क्रि० [फेटाउ+आइ+नु] फेट्न लाइनु; ('फेटाउनु'-को क० क्रि०)।

फेटाउनु–स० क्रि० [फेट्+आउ+नु] फेट्न लाउनु; फिटाउनु; ('फेट्नु'-को प्रे० क्रि०)।

फेटिनु–स० क्रि० [फेट्+इ+नु] फिटिनु; ('फेट्नु'-को क० क्रि०)।

फेट्नु–स० क्रि० [प्रा० फेड+नु] फिट्नु; फाउनु; घोल्नु।

फेण–ना० [सं०] फीँज; फेन।

फेत–ना० [अ० फ़र्द] कविता वा श्लोकको पहिलो चरण वा पाउ।

फेद–ना० [सं० पाद] १. रूखको जरानिरको भाग; वृक्षको तल्लो भाग। २. शुरू; आरम्भ।

फेदी–ना० [फेद+ई] १. पहाड़को तल्लो भाग। २. उपत्यका; बेँसी।

फेन–ना० [सं०] पानी, तेल, साबुन आदिका साना-साना फोकाहरूको समूह; फीँज; गाज।

फेनक–ना० [सं०] १. फीँज; फेन। २. एक प्रकारको मिठाई।

फेनिका–ना० [सं०] फीनी रोटी।

फेनिल–वि० [सं०] फीँज भएको।

फेन्सी–वि० [अं० फैन्सी] १. राम्रो र निर्धो। २. भड्किलो (माल)।

फेब्रुअरी–ना० [अं०] सामान्यतया अट्ठाईस दिन हुने ईसवी वर्षको दोस्रो महीना; माघ र फाल्गुनको बीचमा पर्ने ईसवी महीना। (प्रत्येक चौथो वर्षमा यो महीना उनन्तीस दिनको हुन्छ।)

फेर–ना० [फेरो] १. फेरो; चक्कर। २. मयल-पोश, कमीज आदिको कमरमनि झुन्डिने भाग।

फेर–क्रि० यो० [फेरा] फेरा।

फेर–ना० [फेर्] १. फरक; अन्तर; भेद। २. उल्टो। ३. छल; कपट; बखेड़ा। ४. उलट-पलट; हेर-फेर।

फेर-फार–ना० [फेर्+फार (फाँ०)] अदली-बदली; हेर-फेर; साट-फेर; परिवर्तन।

फेरा–क्रि० यो० [फेरि] पटक; पल्ट; बाजि।

फेराइ–ना० [फेर+आइ] फेर्ने किसिम, क्रिया वा भाव।

फेराइनु–स० क्रि० [फेराउ+आइ+नु] फेर्न लाइनु; ('फेराउनु'-को क० क्रि०)।

फेराउनु–स० क्रि० [फेर्+आउ+नु] फेर्न लाउनु; ('फेर्नु'-को प्रे० क्रि०)।

फेरार–ना० [अ० फ़िरार] भागेको; फरार।

फेरि–क्रि० यो० [प्रा० फिर्] १. अर्को पटक; पुनः; अझ। २. अरू; अर्को। (संयो०) ३. अनि; अझ पनि।

फेरी–ना० [फिर्] १. गोरख-मतानुयायी साधुहरूले राती एक किसिमको गाथा गाई हरिणका सीङको बाजा बजाउँदै भिक्षाका निमित्त गाउँ-घरमा घुम्ने काम। २. व्यापारीहरूले मालहरू बिक्री गर्न साथमा लिई यता-उति घुम्ने काम। ३. कुनै स्थलको चारैतिर घुम्ने काम; प्रदक्षिणा।

फेरी–ना० [अं०] १. नाउ, डुङ्गा आदिबाट पारि जाने ठाउँ; नदी तर्ने घाट। २. नदी आदि तर्न उपयोग गरिने नाउ वा अन्य कुनै त्यस्तै साधन।

फेरो–ना० [प्रा० फेरण] १. चक्कर; फन्को; घुमाइ। २. अँगालोभरको नाप। (वि०) ३. घुमाउरो; घुमेको।

फेर्नु–स० क्रि० [प्रा० फेरण+नु] १. बदल्नु; सट्टा-पट्टा गर्नु; परिवर्तन गर्नु। २. उल्टाउनु; पल्टाउनु। ३. बदला लिनु। ४. जप-माला घुमाउनु। ५. घोड़ा आदिलाई मण्डलाकार गतिमा घुमाउनु; कावा खुवाउनु। ६. त्याग गर्नु (दिसा, पिसाब आदि)।

फेल–वि० [अं०] १. असफल; अनुत्तीर्ण (परीक्षामा)। (ना०) २. असफलता।

फेल-जमानी–ना० [अ० फ़ेल-ज़ामिन] १. कसैले कबुलेको कुनै काम पूरा गराउने कबूल गरेर बसिने जमानी। २. असल चाल-चलनको जमानत।

फेला–ना० [सं० लभ्] खोजेको कुनै वस्तु भेट्टाउने काम; भेट्ने काम; प्राप्ति।

फेवा-ताल–ना० [ने०] नेपालको पश्चिम-तीन (३)-नम्बर

CC-0. In Public Domain. Digitization by eGangotri

जिल्ला-अन्तर्गत पोखरामा रहेको एक ताल।

फेशन–ना० [अं० फैशन] श्रृङ्गार, सजावट आदि गर्ने नयाँ र राम्रो तरीका; श्रृङ्गारको ढाँचा।

फेशनेबुल–वि० [अं० फैशनेबुल] नयाँ फेशनको; नयाँ ढङ्गले सजिसजाउ भएको; ठाँटिलो।

फेहरिस्त–ना० [फा० फ़हरिस्त] सूची; तालिका।

फैल–वि० [फयल] फयल।

फैलनु–अ० क्रि० [प्रा० पयल्ल] १. फैलिनु; फिँजिनु। २. प्रचार हुनु; विख्यात हुनु।

फैलाइ–ना० [फैलाउ+आइ] फैलाउने किसिम, क्रिया वा भाव।

फैलाइ–ना० [फैल+आइ] फैलने किसिम, क्रिया वा भाव।

फैलाइनु–स० क्रि० [फैलाउ+आइ+नु] फिँजाइनु; ('फैलाउनु'-को क० क्रि०)।

फैलाउ–ना० [फैल+आउ] १. फैलिएको परिमाण; फराक; फैलावट; विस्तार। २. प्रचार।

फैलाउनु–स० क्रि० [फैल+आउ+नु] १. फिँजाउनु; फिँज्नु; पसार्नु। २. छर्नु। ३. प्रचार गर्नु; सर्वत्र प्रसिद्ध पार्नु।

फैलावट–ना० [फैलाउ+आवट] फैलाउ।

फैलिनु–अ० क्रि० [फैल+इ+नु] १. फिँजिनु; फिँजारिनु; फैलनु। २. सर्वत्र प्रचार हुनु; प्रसिद्ध हुनु। ३. फैलने होइनु; ('फैलनु'-को भा० क्रि०)।

फैसला–ना० [अ० फ़ैस्लः] १. वादी र प्रतिवादीका बीचमा उपस्थित विवादको निर्णय। २. कुनै मुद्दा-मामिलामा अदालतले गरेको अन्तिम निर्णय। ३. निर्णय।

फोइनु–स० क्रि० [फु+इ+नु] फुकाइनु; ('फुनु'-को क० क्रि०)।

फोके–वि० [फोको+ए] शरीरमा फोको भएको; फुकुन्डे।

फोको–ना० [सं० स्फोट] १. शरीरमा उठेको म.सुभित्र पानी वा पीप भरिएको पिण्ड; खटिरो। २. फुकुन्डो; फुँडुल्को। ३. पानी आदि पन्यालो पदार्थमा भित्र हावा पसेर उठ्ने डल्लो; बुद्बुद।

फोक्से–वि० [फोक्सो+ए] १. फोक्सोजस्तो फुलेको; उक्सेको। २. सुनिएर पहेँलो देखिएको (अनुहार)।

फोक्सो–ना० [सं० फुप्फुस] प्राणीहरूको छातीभित्र, हुने सास फेर्ने अवयव; फुप्फुस।

फोग–ना० [सं०] काँढ़े-लुँड़े।

फोगटिया–वि० [पुर्त० फोगुइटे] बेकामको; व्यर्थको।

फोगटो–ना [ने०] खेत-बारीको सानो गरो वा पाटो।

फोगल्टो–ना० [पुर्त० फोगुइटे] विनसित्तिको काम-कुरो; वेकार कुरो वा वस्तु; वेपर्वाक।

फोटो–ना० [अं० फोटोग्राफ] आधुनिक वैज्ञानिक तरीकाले क्यामराले खिँचेको तसवीर; छाया-चित्र।

फोटोग्राफ–ना० [अं०] फोटो; छाया-चित्र।

फोटोग्राफर–ना० [अं०] फोटो खिँच्ने काम गर्ने व्यक्ति।

फोटोग्राफी–ना० [अं०] फोटो खिँच्ने विद्या वा कला।

फोड़ा–ना० [प्रा० फोड] खटिरो।

फोड़ाइ–ना० [फोड्+आइ] फोड्ने किसिम, क्रिया वा भाव; फोराइ।

फोड़ाइनु–स० क्रि० [फोड़ाउ+आइ+नु] फोड्न लाइनु; फोराइनु; ('फोड़ाउनु'-को क० क्रि०)।

फोड़ाउनु–स० क्रि० [फोड्+आउ+नु] फोड्न लाउनु; फोराउनु; ('फोड्नु'-को प्रे० क्रि०)।

फोड़िनु–स० क्रि० [फोड्+इ+नु] फोरिनु; ('फोड्नु'-को क० क्रि०)।

फोड्नु–स० क्रि० [सं० स्फोटन] फोर्नु।

फोण्डालु–ना० [सं०] फयाक्से।

फोन–ना० [अं०] १. टेलिफोन। २. फोनोग्राफ।

फोनोग्राफ–ना० [अं०] रेकर्डमा भरेको गाना-बजानाहरू बजाउने यन्त्र; ग्रामोफोन।

फोर-फार–ना० [फोर्+फार्] फोर्ने वा भत्काउने काम।

फोराइ–ना० [फोर्+आइ] फोर्ने किसिम, क्रिया वा भाव।

फोराइनु–स० क्रि० [फोराउ+आइ+नु] फोर्न लाइनु; ('फोराउनु'-को क० क्रि०)।

फोराउनु–स० क्रिं० [फोर्+आउ+नु] फोर्न लाउनु; ('फोर्नु'-को प्रे० क्रि०)।

फोराफोर–ना० [फोर्+फोर्] १. परस्परमा फोर्ने काम। २. धमाधम फोर्ने काम।

फोरिनु–स० क्रि० [फोर्+इ+नु] फुटालिनु; ('फोर्नु'-को क० क्रि०)।

फोरो–ना० [पोरो] पोरो।

फोर्नु–स० क्रि० [सं० स्फोटन+नु] १. फुटाल्नु; फुटाउनु; फोड्नु। २. चिर्नु; फटाउनु। ३. छुट्ट्याउनु; अलग पार्नु।

फोसा–ना० [नेवा० फुसा] १.कुनै चीज खरीद गरेपछि सित्तैँ मागिने सानो-तिनो वस्तु; तासा। २. विनाप्रयासको आम्दानी; विनामूल्यमा उपलब्ध वस्तु।

फोसी–ना० [नेवा०] बिट फर्केको, प्रायः पेट र मुख बराबर हुने, तामा वा पीतलको ठूलो ठाड़ो भाँड़ो।

फोस्रिनु–अ० क्रि० [फोस्रो+इ+नु] १. फोस्रो हुनु; बिनागुदीको हुनु। २. आशा पूर्ण नहुनु; हिस्सिनु।

फोस्रे–वि० [फोस्रो+ए] फोस्रो।

फोस्रो–ना० [फुस्रो] १. खस्रो पात, झुप्पाकार सेतो फूल साना-साना गुलिया काला गेड़ा हुने एक जातको बोट। (यसको बोक्राबाट पाट बन्दछ र पात गाई-वस्तुलाई खुवाइन्छ।) २. त्यसैको फल।

फोस्रो–वि० [फुस्सा] १. भित्र सार तत्त्व नभएको; गुदी नभएको; निस्सार। २. बेकम्मा; रद्दी।

फोस्र्याइ–ना० [फोस्रि+याइ] फोस्रिने किसिम, क्रिया वा भाव।

फोस्याइ–ना० [फोस्याउ+आइ] फोस्याउने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

फोस्याइनु–स० क्रि० [फोस्नि+याइ+नु] १. फोस्रो पारिनु; निस्सार पारिनु। २. आशा पूर्ण नगरिनु।

फोस्याउनु–स० क्रि [फोस्नि+याउ+नु] १. फोस्रो पार्नु; ('फोस्निनु'-को प्रे० क्रि०)। २. आशा पूर्ण नगर्नु।

फोस्याहट–ना० [फोस्नि+याहट] फोस्निने किसिम, क्रिया वा भाव; फोस्याइ।

फोहर–वि० [फोहोर] फोहोर।

फोहरी–वि० [फोहर+ई] फोहोरी।

फोहोर–वि० [सं० पव] १. मैलो; मलिन। २. सफा नभएको। ३. घीन-लाग्दो; मन नपर्दो। ४. अश्लील; लाज-भाँड़को। (ना०) ५. विष्ठा, नाल आदि घीन-लाग्दा वस्तु।

फोहोरा–ना० [फुहारा] फुहारा।

फोहोरी–वि० [फोहोर+ई] १. फोहोर गर्ने; सफा-सुग्घर नगर्ने। २. अशुद्ध; अपवित्र। ३. अश्लील; लाज-भाँड़। ४. मैलो; मलिन।

फौज–ना० [अ० फ़ौज] १. सेना; पल्टन। २. हूल; जमात; बथान।

फौजदारी–ना० [अ० फ़ौजदारी] १. झगड़ा, मार-पीट, चोरी-डकैती आदिको मुद्दा हेर्ने अदालत। २. मार-पीट, चोरी-डकैती आदिको मुद्दा वा घटना।

फौजी–वि० [फा० फ़ौजी] फौज-सम्बन्धी; सैनिक।

फौती–ना० [अ० फ़ौत] मृत्यु; मरण।

फौदाली–वि० [फौज+आली] चाँड़ै-चाँड़ै र धेरै बेत बियाउने (स्त्री, बाख्री, गाई आदि)।

फौ-बन्जार–ना० [फा० फ़ोतः+वाणिज्य+कर (सं०)] स्थायी पसल नभई थैला आदिमा थोरै माल-मत्ता लिएर घुमी-घुमी बेच्ने व्यापारी।

फौ-बन्जारी–ना० [फौ-बन्जार+ई] फौ-बन्जारको काम वा पेशा।

फ्याँकाइ–ना० [फ्याँक्+आइ] फ्याँक्ने किसिम, क्रिया वा भाव।

फ्याँकाफ्याँक–क्रि० यो० [फ्याँक्+फ्याँक्] १. परस्परमा फ्याँक्ने काम; फालाफाल। २. धमाधम फाल्ने किसिम।

फ्याँकिनु–स० क्रि० [फ्याँक्+इ+नु] फालिनु; ('फ्याँक्नु'-को क० क्रि०)।

फ्याँक्नु–स० क्रि० [प्रा० पेखण+नु] १. फाल्नु; मिल्काउनु; अफाल्नु। २. वेगसित हान्नु; हुत्त्याउनु। ३. छोड्नु; त्याग्नु।

फ्याउरी–ना० [नें०] अनाजहरू सुकाउँदा फिँजाउने वा उठाउने, काठका पातामा बीँड़ लागेको चाँदेजस्तो साधन; खुई।

फ्याउरो–ना० [सं० फेरु] स्यालका जातको सानो हिंस्रक जन्तु।

फ्याउसे–ना० [फ्याउसो] फ्याउसो।

फ्याउसो–ना० [फ्याक्से] डन्ठीमा फूल फुल्ने, कर्कलाको जस्तो पात हुने एक जातको विशालु बोट; जङ्गली कर्कलो।

फ्याक–ना० [सं० फलक] १. कुनै वस्तु चिरेको भाग; फग्ल्याँटो। २. टुक्रो।

फ्याक्क–क्रि० यो० [नें०] चिरेर दुइ फग्लेँटा पार्ने किसिम।

फ्याक्से–ना० [सं० फोण्डालु] कर्कलाको जस्तो पात, घोगाका आकारको पहेँलो फूल, रातो कन्द हुने र अरू रूखमा उम्रने एक जातको कर्कलो।

फ्याङ-फ्याङ–क्रि० यो० [अनु०] १. धमाधम काट्ने वा फाँड्ने किसिम; फ्याङफ्याङती। २. बेपरवाहीसँग सरासर हिँड्ने किसिम; फटाफट।

फ्याँङफ्याङती–क्रि० यो० [फ्याङ-फ्याङ+ती] फ्याङ-फ्याङ।

फ्याँङफ्याँङी–क्रि० यो० [फ्याङ-फ्याङ+ई] फ्याङ-फ्याङ।

फ्याङ्ङ–क्रि० यो० [अनु०] १. धारिलो वस्तुले हान्ने किसिम; खुकुरी, तरवार आदिले हिर्काउने किसिम। २. उदाङ्ग पर्ने किसिम; छर्लङ्ग।

फ्याङङ–क्रि० यो० [अनु०] फ्याङ्ग।

फ्याङलो–ना० [नें०] सानो-तिनो थोत्रो-मोत्रो लुगा-फाटो वा बिछ्याउना।

फ्याट-फ्याट–क्रि० यो० [अनु०] फटफट।

फ्याटफ्याटे–ना० [फ्याट-फ्याट+ए] चट्टी; चप्पल।

फ्याट्ट–क्रि० यो० [अनु०] १. सोच-विचार केही नगरी बोल्ने किसिम। २. सहसा कुनै काम हुने वा गर्ने किसिम।

फ्यात-फ्यात–क्रि० यो० [अनु०] १. लेदो पदार्थ छड्कने वा उम्लने किसिम। २. गीला वस्तुहरू वार-वार खस्ने किसिम।

फ्यातफ्याते–वि० [फ्यात-फ्यात+ए] लेदो; दबदबे।

फ्यात्त–क्रि० यो० [अनु०] १. कुनै गीलो वस्तु जमीनमा खस्ने वा खस्ता शब्द आउने किसिम। २. फाल्ने किसिम।

फ्यात्लो–ना० [नें०] फ्यात-फ्यात गरी पाकेको बाक्लो खोले; लेदो; भ्यात्लो।

फ्यात्लो–ना० [फ्याङलो] सानो-तिनो बिछ्याउना।

फ्यार-फ्यार–क्रि० यो० [अनु०] चराहरूले पखेटा टकटक्याउने किसिम; फ्यार्र-फ्यार्र।

फ्यार्र–क्रि० यो० [अनु०] १. चराहरूले पखेटा टकटक्याउन चलाउने वा चलाउँदा शब्द आउने किसिम; फर्र। २. कुनै वस्तु फर्र फिँजाउने किसिम।

फ्यास्स–क्रि० यो० [अनु०] १. फुस्कने किसिम; खुस्कने किसिम; फुस्स। २. व्यर्थ जाने किसिम; फुस्सा हुने किसिम। ३. फस्को वस्तु फुट्ने वा फुट्ता शब्द आउने किसिम।

फ्यूज–ना० [अं०] बिजुलीको अत्यधिक तापले पग्लेर गल्ने गरी बिजुलीका प्रवाह-मार्गमा जड़िएको विशष किसिमको धातुको तार।

फ्रक–ना० [अं० फ्रॅक] मीम-पोशाक।

फ्रान्स–ना० [फ्रे०] यूरोपको एक प्रसिद्ध देश।

CC-0. In Public Domain. Digitization by eGangotri

फ्रान्सिसी–वि० [फ्रान्स] १. फ्रान्स देश-सम्बन्धी; फ्रान्सको। २. फ्रान्समा उत्पन्न।

फ्री–वि० [अं०] १. स्वतन्त्र; स्वाधीन। २. सित्तैँ; पैसा वा शुल्क नलाग्ने। ३. बाधा-अड्काउ केही नभएको।

फ्रुबीढचाचु–ना०[ने०] हिउँ पग्लेका वेलामा नेपाल र तिब्बतका बीच आवत-जावत गर्ने एक घाटी।

फ्रेज–ना० [अं०] वाक्यांश।

फ्रेन्च–वि० [अं०] १. फ्रान्सको; फ्रान्सिसी; फ्रान्स देश-सम्बन्धी। २. फ्रान्स देशको भाषा। ३. फ्रान्स देशका निवासी।

फ्रेम–ना०[अं०] तस्वीर, ऐना आदिको चौतर्फी बार; चौकोस।

फ्वाँक–वि०[ने०]१. बेफ्वाँक; नाहक; व्यर्थ। २. पैठ(जूवा)।

फ्वाँ-फ्वाँ–क्रि० यो० [अनु०] निद्रामा लामा-लामा सास फेर्ने किसिम।

फ्वाँय–ना० [ने०] १. फुस्सा। (वि०) २. झुट्टो; मिथ्या।

फ्वाङ-फ्वाङ–क्रि० यो०[अनु०] काँच वा माटाका भाँडाहरू धमाधम फुट्ने किसिम।

फ्वाङफ्वाङ्ती–क्रि० यो० [फ्वाङ-फ्वाङ+ती] फ्वाङ-फ्वाङ।

फ्वाङ्ङ–क्रि० यो० [अनु०] काँच वा माटाका भाँडाहरू एक्कासि फुट्ने किसिम; प्वाङ्ङ।

फ्वाङङ–क्रि० यो० [फ्वाङ्ङ] फ्वाङ्ङ।

फ्वास्स–क्रि० यो० [अनु०] फ्यास्स।

ब

ब–देवनागरी वर्ण-मालाको तेईसौँ व्यञ्जन-वर्ण। प-वर्गको तेस्रो अक्षर। यसको उच्चारण ओष्ठ-स्थानबाट हुन्छ।

बँझिइनु–अ० क्रि०[बँझि+इ+नु] बाँझिइनु; ('बँझिनु'-को भा० क्रि०)।

बँझिनु–अ० क्रि० [बाँझो+इ+नु] बाँझिनु।

बँझ्याइ–ना० [बँझ्याउ+आइ] बँझ्याउने किसिम, क्रिया वा भाव।

बँझ्याइ–ना० [बँझि+याइ] बँझिने किसिम, क्रिया वा भाव।

बँझ्याइ–ना०[बाँझि+याइ] बाँझिने किसिम, क्रिया वा भाव।

बँझ्याइनु–स० क्रि० [बँझ्याउ+आइ+नु] बाँझो पारिनु; ('बँझ्याउनु'-को क० क्रि०)।

बँझ्याउनु–स० क्रि० [बँझि+याउ+नु] १. बाली-नाली केही नलगाई खेत-बारी बाँझो राख्नु; बाँझो पार्नु। २. औषधीका प्रयोगले कोखलाई गर्भ नरहने पार्नु; बन्ध्या तुल्याउनु।

बँड़ाइ–ना० [बाँड्+आइ] बाँड्ने किसिम, क्रिया वा भाव।

बँड़ाइनु–स० क्रि० [बाँड्+आइ+नु] बाँड्न लाइनु; ('बँडाउनु'-को क० क्रि०)।

बँड़ाउनु–स० क्रि० [बाँड्+आइ+नु] बाँड्न लाइनु; ('बाँड्नु'-को प्रे० क्रि०)।

बँदिया–ना० [ने०] छाना उचेरेको पुरानो खर, पराल आदि।

बँदेल–ना० [बनेल] बनेल।

बँधाइ–ना० [बाँध्+आइ] बाँध्ने किसिम, क्रिया वा भाव।

बँधाइनु–स० क्रि० [बँधाउ+आइ+नु] बाँध्न लाउनु; ('बँधाउनु'-को क०क्रि०)।

बँधाउनु–स० क्रि०[बाँध+आउ+नु] बाँध्न लाउनु; ('बाँध्नु'-को प्रे० क्रि०)।

बँधितिनी–ना० [बँधिनी] बँधिनी।

बँधितेनी–ना० [बँधिनी] बँधिनी।

बँधिनी–ना० [बाँधा+इनी] रुपियाँ सापट लिएबापत बन्धक बसेकी स्त्री; बँधितेनी; स्त्री बाँधा।

बँधुवा–वि० [बाँध्+उवा] १. बाँधिएको; बन्धनमा राखिएको। २. बाँधेर पालेको। (ना०) ३. वर्षको एकै पटक लिने स्थिति बाँधेको जग्गा-जमीन, खानगी आदिको आम्दानी। ४. नियमित तरीकाले कुनै वस्तु वा रकम लिने वा दिने व्यवस्था।

बँधेराइ–ना० [बँधेर्+आइ] बँधेर्ने किसिम, क्रिया वा भाव।

बँधेरिनु–अ० क्रि० [बँधेर्+इ+नु] काम-काजमा व्यस्त हुनु; काममा अलमलिनु; ('बँधेर्नु'-को भा० क्रि०)।

बँधेर्नु–स० क्रि० [बाँध्+नु] १. काममा व्यस्त तुल्याउनु; काम-काजमा अलमल्याउनु। २. बाँध्नु।

बँधेऱ्याइ–ना० [बँधेरि+याइ] बँधेरिने किसिम, क्रिया वा भाव।

बँधेऱ्याउनु–स०क्रि० [बँधेर्+याउ+नु] काममा व्यस्त पार्नु; ('बँधेर्नु'-को प्रे० क्रि०)।

बक–ना० [सं०] १. बकुल्लो। २. ठग; वञ्चक।

बकची–ना० [सं० बाकुची] चर्म-रोगको ओषधीमा प्रयोग गरिने एक बूटी।

बक-ध्यान–ना० [सं०] स्वार्थ-सिद्धिका निमित्त बकुल्लो-जस्तै चूपचाप लागेर बस्नु; बक-व्रत।

बक-ध्यानी–वि० [सं०] बक-ध्यान गर्ने; बक-व्रती।

बक-पत्र–ना० [बक्+पत्र] मुद्दामा साक्षीले बकेका कुरा लेखिएको कागत; बयान लेखिएको कागत।

बक-पुष्प–ना० [सं०] १. बकुल्लोका आकारको सेतो फूल फुल्ने, फुस्रो लाम्चो पात हुने एक जातको बोट। २. त्यसैको फूल।

बकबक–ना० [बक्+बक्] नचाहिँदो कुरो; व्यर्थको बकवाद।

बकबकाइ–ना० [बकबकाउ+आइ] बकबकाउने किसिम, क्रिया वा भाव।

बकबकाइनु–अ०क्रि०[बकबकाउ+आइ+नु] बकबक गरिनु; ('बकबकाउनु'-को भा० क्रि०)।

बकबकाउनु–अ० क्रि० [बकबक+आउ+नु] १. नचाहिँदा धेरै कुरा बोल्नु; बकबक गर्नु। २. मनपरी बोल्नु; जथवा-तथवा बोल्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

बकबके–वि० [बकबक+ए] नचाहिँदा धेरै कुरा गर्ने स्वभावको; बकबक गर्ने।

बक-भक्त–ना० [सं०] देखौवा भक्ति वा आचरण गर्ने व्यक्ति; ढोँगी भक्त।

बकरे–ना० [अ० बक़्र+ए] खसी, बोका आदि काटेर मासु बेच्ने पेशा भएको मानिस; मासु-पसले; बगरे।

बकवाद–ना० [बक्+वाद] १. अर्कालाई खराब हुने कुरो; वदख्वाइँ। २. नचाहिँदो कुरो; बकबक।

बकवादी–वि० [बकवाद+ई] १. बकवाद गर्ने; अर्काको बदख्वाइँ गर्ने। २. बकबक गर्ने; बकबकाउने।

बक-वृत्ति–ना० [सं०] १. अनेक किसिमको ढोँग रचेर ठगी गर्ने काम; बक-व्रत। (वि०) २. बकुल्ला-भगत; बक-व्रती।

बक-वेदान्ती–वि० [सं०] आफूले केही तत्त्व नबुझी अरूलाई ठग्नका निमित्त वेदान्त झार्ने; आडम्बरी वेदान्ती।

बक-व्रत–ना० [सं०] देखौवा व्रत; ढोँगी आचरण; ढोँग।

बक-व्रती–वि० [सं०] बकुल्लाको जस्तो ध्यान गर्ने; साधुको वेशमा रहेको कपटी; ढोँगी; आडम्बरी।

बकस–ना० [फा० बख़्श] खुशी भएर कसैलाई केही चीज दिने काम; इनाम; बक्सिस; पुरस्कार।

बकाइ–ना० [बक्+आइ] बक्ने किसिम, क्रिया वा भाव।

बकाइ–ना० [बकाउ+आइ] बकाउने किसिम, क्रिया वा भाव।

बकाइनु–स० क्रि० [बकाउ+आइ+नु] बक्न लाइनु; ('बकाउनु'-को क० क्रि०)।

बकाइनु–ना० [ने०] नीमका जस्ता पात, कलेजी रङ्गका फूल र झुप्पा-झुप्पा परेका पहेँला, तीता साना-साना फल हुने एक जातको रूख; एक जातको नीम; महानिम्ब। (आयुर्वेदमा यसको गुण कफ, कीरा, कुष्ठ र विष-नाशक तथा ठन्डा मानिएको छ।)

बकाउनु–स० क्रि० [बक्+आउ+नु] सोध-पूछ गरेर कसैलाई केही कुरो भन्न लाउनु; बक्न लाउनु; बयान गराउनु; ('बक्नु'-को प्रे० क्रि०)।

बकार–ना० [सं०] 'ब'-अक्षर; प-वर्गको तेस्रो वर्ण।

बकावली–ना० [सं०] १. हलेदाको जस्तो पात र सेतो सुगन्धी फूल फुल्ने एक जातको बिरुवा। २. त्यसैको फूल।

बकितम्–ना० [बक्] बकेको वा बोलेको कुरो।

बकिनु–स० क्रि० [बक्+इ+नु] आफ्नै मुखले कुनै कुरो भनिनु; ('बक्नु'-को क० क्रि०)।

बकुची–ना० [सं० बाकुची] साना-साना लाम्चा पात हुने, गुलाबी रङ्गको फूल फुल्ने, बाटुलो चेप्टो कालो कड़ा फल फल्ने एक जातको बिरुवा। (आयुर्वेदीय औषधिमा यसको प्रयोग हुन्छ।)

बकुला–ना० [अ० बाकला] १. लाम्चा साना पात हुने, आँख्लापिच्छे कोसा फल्ने, कोसा र त्यसभित्र हुने थेप्चा गेड़ाको तरकारी खाइने एक जातको बोट। २. त्यसैका कोसा वा गेड़ा।

बकुल–ना० [सं०] १. खुर्सानीका जस्ता, सेता, सुगन्धी फूल र सुन्तला-रङ्गका केही लाम्चा साना फल हुने एक जातको रूख; मौलश्री। २. त्यसैको फूल।

बकुल-पुष्प–ना० [सं०] मौलसिरी।

बकुल्ला-ब्याङ–वि० [बकुल्लो+ब्याङ] बकुल्ला-भगत।

बकुल्ला-भगत–वि० [बकुल्ला+भक्त] साधुको वेशमा रहेको कपटी; ढोँगी; आडम्बरी; बकुल्ला-ब्याङ; धर्म-ध्वजी।

बकुल्लो–ना० [सं० बक+उल्लो] चुच्चो, घाँटी र खुट्टा लामा हुने, पुच्छर साह्रै छोटो हुने सेतो रङ्गको एक प्रसिद्ध पक्षी।

बकेर्नु–वि० [बकेर्नो] बकेर्नो।

बकेर्नू–वि० [बकेर्नो] बकेर्नो।

बकेर्नो–वि० [सं० वष्कयिणी] १. दूध थाक्ने वेला भएकी दुहुनु (गाई-भैँसी)। (ना०) २. त्यसैको बाछो वा पाड़ो।

बकैनु–ना० [बकाइनु] बकाइनु।

बकैया–ना० [सं० वक्तिका] १. बाङ्गो-टिङ्गो बोट र खैरो बोक्रा हुने एक जातको धान। २. त्यसैको चामल।

बक्खु–ना० [ने०] १. मोटो ऊनी कपड़ाको, लामो कोटजस्तो वस्त्र। २. जूवामा ताल मारिसकेपछि घाइते नभएका च्याँखेले थापेको धन। (क्रि० यो०) ३. बिनसित्ति; निष्प्रयोजन; व्यर्थ।

बक्ची–ना० [सं० वाकूची] साना-साना लाम्चा पात, काला रङ्गका बाटला चेप्टा कड़ा फल र झुप्पा परेका गुलाबी रङ्गका फूल हुने एक बूटी; वाकूची। (आयुर्वेदमा यसको गुण छाला-सम्बन्धी रोग र खटिरालाई नाश गर्ने बताइएको छ।)

बक्नु–स० क्रि० [प्रा० वग्ग] १. आफ्नै मुखले कुनै कुरा भन्नु; प्रत्यक्ष भन्नु। २. बयान गर्नु। ३. बेहोशीमा कुनै कुरा भन्नु; बरबराउनु।

बक्यौता–वि०[बाँकी+औत+आ] १. असूल गर्न बाँकी रहेको (बाली, माल-पोत आदि)। २. बूझ-बुझारथ गर्न बाँकी रहेको; काम-कारवाई गर्न बाँकी रहेको।

बक्रम–ना० [अं०] कोट, कमीज आदिको कुनै अवयव दह्रो पार्नाका निमित्त भित्र लगाइने ठर्रो कपड़ा।

बक्सनु–स० क्रि० [बकस] १. बकस दिनु; कसैदेखि खुशी भएर केही वस्तु दिनु। २. ठूला-बड़ाले केही वस्तु दिनु; बक्सिनु। ३. क्रिया-पदका पछिल्तिर लागेर विशेष सम्मान बुझाउने शब्द। (उदा०–गरिबक्सनु, लेखिबक्सनु आदि।)

बक्साइ–ना० [बक्स+आइ] बक्सने किसिम, क्रिया वा भाव।

बक्साइ–ना० [बक्साउ+आइ] बक्साउने किसिम, क्रिया वा भाव।

बक्साइनु–स० क्रि० [बक्साउ+आइ+नु] बक्सन लाइनु; ('बक्साउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

बक्साउनी–ना० [बक्साउ+आउनी] १. दुइ झगडियाले मिलापत्र गरेबापत लाग्ने सरकारी दस्तूर। २.बकस पाए-बापत लाग्ने दस्तूर।

बक्साउनु–स० क्रि०[बक्स+आउ+नु]१. उच्च अधिकारीको स्वीकृति लिनु; आदेश गराउनु। २. बक्सन लाउनु; ('बक्सनु'-को प्रे० क्रि०)।

बक्सिनु–स० क्रि० [बक्स] १. बक्सिस दिनु; बक्सनु। २. बकस दिइनु; ('बक्सनु'-को क० क्रि०)।

बक्सिस–ना० [फा० बख़्शिश] बकस।

बक्सीस–ना० [फा० बख़्शिश] बकस।

बक्स्यौनी–ना० [बक्साउनी] बक्साउनी।

बखत–ना० [अ० वक़्त] १. समय; वेला; जमाना। २. अवसर; मौका।

बखता–ना० [सं० भक्त] भुटेर बोक्रा छुट्ट्याइएको चना, भटमास, केराउ आदि।

बखान–ना० [प्रा० वखाण] १. बयान; वर्णन। २. तारीफ; प्रशंसा।

बखानिया–वि० [बखान+इया] कहलिएको; बखान चलेको; प्रसिद्ध।

बखान्नु–स० क्रि० [बखान+नु] बखान गर्नु; बयान गर्नु तारीफ गर्नु; प्रशंसा गर्नु।

बखिया–ना० [फा० बखियः] १. टाँका लगाएको कपड़ामा पछिबाट सिइने मसिनु सिलाइ। २. फेरोका छेउमा गरिने सिलाइ।

बखेड़ा–ना० [सं० व्याक्षेप] १. झगड़ा; कलह; कचिङ्गल। २. झमेला; टन्टा। ३. हैरानी; कठिनाइ। ४. झगड़ा गर्ने निहुँ; खिचोला।

बखेड़िया–वि० [बखेड़ा+इया] बखेड़ा गर्ने स्वभावको; टन्टा मचाउने स्वभावको।

बखेत्रो–ना० [बाख्रो+एत्रो] चुत्थो किसिमको बाख्रो।

बख्तर–ना० [फा० बक्तर]फलामको सिक्रीले बनेको, लडाइँमा योद्धाहरूले लाउने वस्त्र।

बगबगी–ना० [ने०] बिगबिगी; चकचकी; बाहुल्य।

बगम्फुस–वि० [ने०] १. निरर्थक धेरै कुरा गर्ने; नचाहिँदा धेरै कुरा गर्ने। २. सार-हीन; निरर्थक।

बगर–ना० [अ० वह्र] १. नदीका दायाँ-बायाँको बलौटे जमीन; बलौटे वा ढुङ्गेन जमीन। २. नदीले छोड़ेको ठाउँ।

बगरे–वि० [बकरे] बकरे।

बगऱ्याल्ल–क्रि० यो० [ने०] बगिरल्ल; छ्यान्न-ब्यान्न।

बगल–ना० [फा० बग़ल] १. काखी; कोखो; पार्श्व। २. नजीक; समीप। (ना० यो०) ३. आस-पास; वरि-परि; छेउ-छाउ।

बगला-मुखी–ना० [सं०] आफ्ना विरोधीको वाक्-शक्ति बन्द गर्नाका निमित्त तान्त्रिकहरूले आराधना गर्ने एक प्रसिद्ध देवी; दश-महाविद्यामध्ये एक।

बगलिस–ना० [अं० बकल] जुत्ता लगाउँदा सजिलो पार्नाका निमित्त कुर्कुच्चानिर घुसारिने पातो।

बगली–ना० [फा० बग़ली] खल्ती; जेब।

बगली-मारा–ना० [बगली+मार्+आ] बगलीको धन चोर्ने चोर; पाकेट-मारा।

बगाइ–ना० [बग्+आइ] बग्ने किसिम, क्रिया वा भाव।

बगाइ–ना० [बगाउ+आइ] बगाउने किसिम, क्रिया वा भाव।

बगाइनु–स० क्रि० [बगाउ+इ+नु] बग्न लाइनु; ('बगाउनु'-को क० क्रि०)।

बगाउनु–स० क्रि० [बग्+आउ+नु] १. बग्न लाउनु; प्रवाहित गर्नु। २. जल-प्रवाहको साथ-साथ कुनै वस्तु पठाउनु। ३. कसैलाई सापट दिएको वस्तु फिर्ता लिन नसक्नु। ४. बेकाममा धेरै खर्चनु; धन उड़ाउनु; ('बग्नु'-को प्रे०क्रि०)।

बगाल–ना० [प्रा० वग्ग] पशु वा पक्षीहरूको समूह; बथान।

बगालिनु–अ० क्रि० [बगाल+इ+नु] १. बगालमा मिलेर हिँड्नु; बथानमा मिल्नु। २. बिहिलिनु; बाटो बिराउनु। ३. भाले-पोथी मिसिनु।

बगाले–वि० [बगाल+ए] १. धेरै पाठा-पाठी जन्माउने (बाख्री, भेड़ी आदि)। २. बगालमा बस्ने वा हिँड्ने। ३. बगालको; बगाल-सम्बन्धी।

बगिनु–स० क्रि० [बग्+इ+नु] प्रवाहित होइनु; बहिनु; ('बग्नु'-को क० क्रि०)।

बगिरल्ल–क्रि० यो० [ने०] बेथितिसँग यता-उति छरिएर रहने किसिम; छ्यान्न-ब्यान्न; बगऱ्याल्ल।

बगुन्द्र–वि० [बग्] धेरै; प्रशस्त।

बगुन्न–वि० [बगुन्द्र] बगुन्द्र।

बगुवा–वि० [बग्+उवा] बग्ने; बगेर जाने।

बगेरी–ना० [सं० वार्त्तिका] फिस्टोजस्तो एक जातको चरो।

बगैँचा–ना० [फा० बाग़चः] फल-फूलहरू लगाइएको बारी; फूल-बारी; वाटिका।

बगैँचे–ना० [बगैँचा+ए] १. बगैँचा-सम्बन्धी काम गर्ने व्यक्ति; माली; बागवान। (वि०) २. बगैँचाको; बगैँचा-सम्बन्धी।

बग्गी–ना० [अं० बोगी] कोठाजस्तो बस्ने ठाउँ भएको, घोड़ाले तान्ने एक किसिमको सवारी।

बग्नु–स० क्रि० [प्रा० वग्ग+नु] १. पानी आदि पन्यालो पदार्थ तलतिर सर्दै जानु; बहनु; प्रवाहित हुनु। २. बग्दो पानीको प्रवाहका साथ-साथै जानु। ३. लेस्याइलो वा तरल पदार्थ निस्कनु। ४. तरल पदार्थ धाराको रूपमा निस्कनु। ५. चिप्लिएर सर्नु। ६. सर्प आदि घस्रने प्राणी हिँड्नु। ७. अर्काको बहकावटमा लाग्नु; बहकिनु। ८. साहित्य, सङ्गीत आदिका रसमा निमग्न हुनु।

बग्ने–वि० [बग्+ए] १. बगेर जाने; प्रवाहित हुने। (ना०) २. घस्रेर हिँड्ने प्राणी। ३. सर्प।

CC-0. In Public Domain. Digitization by eGangotri

बग्रेठो–ना० [बगर] खोलाले बगाएर ल्याई तीरमा फालेको काठ ।

बग्रेन–ना० [बग्यान] बग्यान ।

बग्यान–ना० [बगर] नदीका किनारको जमीन; गेग्रान भएको बगरको जमीन ।

बघम्बर–ना० [सं० व्याघ्राम्बर] १. ओछयाउने वा ओढ्ने काम लिइने बाघको छाला । २. बाघका छालामा जस्ता बुट्टा भएको कपड़ा ।

बघम्बरु–ना० [बघम्बर] बघम्बर ।

बघार्नु–स० क्रि० [सं० अवघार+नु] १. तिहुन, तरकारी आदि बास्ना आउने वस्तुहरूले झान्नु; घिउ-तेलमा फुराएको वस्तु तिहुन-तरकारीमा हाल्नु । २. शेखी गर्नु; फाइँ-फुट्टी लाउनु ।

बघिनी–ना० [बाघ+इनी] पोथी बाघ; बघेनी ।

बघेनी–ना० [बाघ+एनी] बघिनी ।

बघैँचा–ना० [बगैँचा] बगैँचा ।

बघैँचे–ना० [बगैँचे] बगैँचे ।

बङ्क–ना० [बैङ्क] बैङ्क।

बङ्गला–ना० [सं० वङ्ग (प्रदेश)] १. चारैतिर खुला भएको सानो हावादार घर । २. घरको माथिल्लो तलामा बनाइने हावादार कोठा । ३. बङ्गाल देशको भाषा । (वि०) ४. बङ्गाल देशको ।

बङ्गारो–ना० [ने०] खाएको वस्तु चपाउने, दन्त-पङ्क्तिको अन्तिम भागमा रहेको दाँत ।

बङ्गाल–ना० [सं० वङ्ग] भारतको पूर्वमा रहेको राज्य वा प्रदेश । (यो प्रदेश भारत र पाकिस्तानमा विभाजित छ ।)

बङ्गिनु–अ० क्रि० [बाङ्गो+इ+नु] बाङ्गिनु।

बङ्ग्याइ–ना० [बाङ्गि+याइ] बङ्गिने किसिम, क्रिया वा भाव ।

बङ्ग्याइ–ना० [बङ्गि+याइ] बाङ्गिने किसिम, क्रिया वा भाव ।

बङ्ग्याइ–ना० [बङ्ग्याउ+आइ] बङ्ग्याउने किसिम, क्रिया वा भाव ।

बङ्ग्याइनु–स० क्रि० [बङ्ग्याउ+आइ+नु] बाङ्गो पारिनु; ('बङ्ग्याउनु'-को क० क्रि०) ।

बङ्ग्याउनु–स० क्रि० [बङ्गि+याउ+नु] बाङ्गो पार्नु; टेढ्याउनु; ('बङ्गिनु'-को प्रे० क्रि०) ।

बचकना–वि० [फा० बचगानः] १. बालकको; बालकहरूलाई शोभा दिने । २. सानो खालको; सानो-तिनो । ३. बालक-सम्बन्धी ।

बचकाना–वि० [फा० बचगानः] बचकना ।

बचत–ना० [बच्] १. खर्च गरेर बाँकी रहेको धन वा कुनै वस्तु; बचे-खुचेको धन वा चीज । २. नाफा; लाभ । (वि०) ३. बाँकी रहेको; शेष रहेको ।

बचन–ना० [सं० वचन] १. वचन; बोली । २. प्रतिज्ञा; वादा ।

बचपन–ना० [बच्चा+पन] लड़कपन; बाल्यावस्था ।

बचरो–ना० [बच्चो+एरो] चराको बच्चो; बच्चो पक्षी ।

बचाइ–ना० [बच्+आइ] बच्ने किसिम, क्रिया वा भाव ।

बचाइ–ना० [बाच्+आइ] बाच्ने किसिम, क्रिया वा भाव; पाठ गर्ने काम ।

बचाइ–ना० [बचाउ+आइ] बचाउने किसिम क्रिया वा भाव; रक्षा गर्नाको भाव ।

बचाइनु–स० क्रि० [बचाउ+आइ+नु] जोगाइनु; बचाउ गरिनु; ('बचाउनु'-को क० क्रि०) ।

बचाउ–ना० [बच्+आउ] बचाउने काम; रक्षा; हिफाजत ।

बचाउनु–स० क्रि० [बच्+आउ+नु] १. दुःख, सङ्कट, खतरा आदिबाट जोगाउनु; बचाउ गर्नु; रक्षा गर्नु । २. प्राण-रक्षा गर्नु; ज्यान जानबाट रोक्नु । ३. कुनै किसिमको खराब कुरो हुनुबाट रोक्नु; जोगाउनु । ४. उबार्नु; शेष राख्नु ।

बचावट–ना० [बच्+आवट] १. बच्ने काम; बचाउ; रक्षा । २. बचाउने काम, रक्षा गर्ने काम ।

बचिनु–अ० क्रि० [बच्+इ+नु] जोगिनु; रक्षित होइनु; ('बच्नु'-को भा० क्रि०) ।

बचे-खुचेको–वि० [बच्+खुचेको (फाँ०)] बाँकी रहेको; उब्रेको; शेष रहेको ।

बचेरो–ना० [बच्चो+एरो] चराको बच्चो; बचरो ।

बचोट–ना० [बच्+ओट] १. बचाउनु; रक्षा गर्नु । २. उभार्नु शेष राख्नु । ३. शेष रहेको अंश ।

बच्चनु–स० क्रि० [ने०] खोपीको खेलमा चिनुभित्र वा खाल्डामा घ्वाइँ फाल्नु ।

बच्चाइ–ना० [बच्च+आइ] बच्चने किसिम, क्रिया वा भाव ।

बच्चा-बच्ची–ना० [बच्चो+बच्चो+ई] बालक-बालिका-हरूको समूह; बाल-बच्चा ।

बच्चो–ना० [प्रा० बच्छ] १. कुनै प्राणीको भर्खर जन्मेको शिशु; नव-जात शिशु । २. बालक; केटो । (वि०) ३. उमेरमा साह्रै सानो ।

बच्छी–वि० [नेवा०] १. आधा; अर्ध । २. सजियाँ; साजा । (ना०) २. आधा भाग ।

बच्छ्यूँ–ना० [ने०] अरिङ्गालका जातको एक प्रकारको विषालु खील गाड्ने कीरो ।

बच्नु–अ० क्रि० [बाँच्+इ+नु] १. दुःख, सङ्कट, खतरा, खराब आदत आदिबाट जोगिनु; रक्षित हुनु । २. बाँच्नु; जिउँदो रहनु । ३. कुनै किसिमले खराब कुरोबाट अलग हुनु; जोगिनु । ४. खर्च गरेर बाँकी रहनु; उब्रनु; शेष रहनु ।

बछेड़ो–ना० [प्रा० बच्छ] घोड़ाको बच्चो ।

बजर–ना० [बजरङ्ग] बजर-मात ।

बजरङ्ग–ना० [फा० बदरङ्ग] १. तासका खेलमा बोलेको रङ्ग (तुरुप-को रङ्ग) देखि अतिरिक्त अरू तीन रङ्गका

CC-0. In Public Domain. Digitization by eGangotri

चक्की। २. पासा, पच्चीस आदि खेलका अप्रधान रङ्ग (कालो र हरियो रङ्ग)-का गोटी; कुरङ्ग।

बजर-मात–ना० [बजरङ्ग+मात] १. पासाका खेलमा बजरङ्गबाट भएको मात; बजर। २. ठूलो जीत; विजय।

बजाइ–ना० [बज्+आइ] बज्ने किसिम, क्रिया वा भाव।

बजाइ–ना० [बजाउ+आइ] बजाउने किसिम, क्रिया वा भाव।

बजाइनु–स० क्रि० [बजाउ+आइ+नु] घण्टा, बाजा आदिबाट शब्द निकालिनु; ('बजाउनु'-को क० क्रि०)।

बजाउन–स० क्रि० [बज्+आउ+नु] १. घण्टा, शङ्ख आदि-बाट शब्द निकाल्नु; फुकेर वा हानेर बाजाहरूबाट वा अरू कुनै बज्ने वस्तुबाट आवाज निकाल्नु; ('बज्नु'-को क० क्रि०)। २. ठोक्नु; पिट्नु; ठटाउनु। ३. खूब खानु; प्रशस्त खानु। ४. हात-लागी गर्नु; चप्काउनु।

बजान–ना० [बजाउ+आन] बजाउने काम; बाजा आदिबाट शब्द निकाल्ने काम।

बजार–ना० [फा० बाज़ार] १. विभिन्न वस्तुहरूका पसलहरू भएको ठाउँ; पसलहरूको समुदाय; हाट। २. पसल; दुकान। ३. माल-मत्ताहरू खरीद-बिक्री हुने ठाउँ।

बजाराइ–ना० [बजार्+आइ] बजार्ने किसिम, क्रिया वा भाव।

बजारिनु–अ० क्रि० [बजार्+इ+नु] बेगसित भूईँमा खस्नु; पछारिनु; ('बजार्नु'-को भा० क्रि०)।

बजारिया–वि० [बजार+इया] १. बजारको; बजारसित सम्बन्ध भएको। २. साधारण; सामान्य; फर्माइशी नभएको।

बजार्नु–स० क्रि० [बज्र+नु] १. बज्ने गरी जोड़सित राख्नु वा फ्याँक्नु; थचार्नु। २. विपत्ति, दोष आदि अरूमाथि हाल्नु।

बजिनी–ना० [बजिया+नी] १. कमारी; दासी। २. स्वास्नी-मानिसलाई गाली गर्ने शब्द।

बजिनु–अ० क्रि० [बज्+इ+नु] घण्टा, बाजा आदिबाट शब्द निस्किनु; ('बज्नु'-को भा० क्रि०)।

बजिया–ना० [सं० वृजिन] १. कमारो; दास। २. निन्दा-पूर्वक कसैलाई भन्ने शब्द।

बजीर–ना० [अ० वज़ीर] १. ताश, बुद्धि-चाल, गन्जीफा, आदिमा बादशाहभन्दा तलको एक चक्की; मीम वा गुलाम। २. अमात्य; सचिव। ३. बुद्धि-चाल, ताश, गन्जीफा आदिका खेलमा प्रधान हुन आएको कुनै गोटी वा चक्की।

बजे–क्रि० यो० [बज्] घड़ीको कुनै निश्चित समयमा; घड़ीमा बज्दा; बजेपछि।

बजेट–ना० [अं०] आगामी समयका कामका निमित्त भिन्न-भिन्न विभाग वा कार्यका निमित्त अन्जाम गरिएको आय-व्ययको लेखा; भविष्यमा हुने आय-व्ययको अनुमानित लेखा; आय-व्ययिक।

बजेवा–ना० [ने०] हरियो घाँटी, अकासी रङ्गको डँडाल्नु, खैरो पुच्छर र पखेटा हुने एक जातको जङ्गली परेवा।

बजै–ना० [बज्यै] बज्यै।

बज्नु–अ० क्रि० [प्रा० वज्जई+नु] १. घण्टा, बाजा आदिबाट शब्द निस्कनु; कुनै वस्तुमा ठक्कर लाग्दा शब्द आउनु। २. घन्कनु; रन्कनु। ३. घड़ीद्वारा समय सूचित हुनु।

बज्यू–ना० [बज्यै] १. बाबु वा आमाकी आमा; बज्यै। २. क्षत्रिय-स्त्रीहरूले ब्राह्मणीहरूलाई मानपूर्वक भन्ने शब्द।

बज्यै–ना० [बाजे] १. आमा वा बाबुकी आमा; पितामही; मातामही। २. सासू। ३. ब्राह्मणीको आदरार्थी सम्बोधन।

बज्र–ना० [सं० वज्र] वज्र।

बज्र-दन्ती–ना० [सं० वज्रदन्ती] वज्रदन्ती।

बज्रनु–अ० क्रि० [सं० वज्र+नु] जोड़सित ठक्कर खानु; जोरसँग ठोकिनु; बजारिनु।

बज्र-पात–ना० [सं० वज्र-पात] वज्र-पात।

बज्र-लेप–ना० [सं० वज्र-लेप] वज्र-लेप।

बज्राँठ–ना० [सं० वज्रद्रुमी] बलियो काठ हुने एक जातको रूख।

बज्राइ–ना० [बज्र+आइ] बज्रने किसिम, क्रिया वा भाव।

बज्रिनु–अ० क्रि० [बज्र+इ+नु] जोड़सित ठक्कर खाइनु; ('बज्रनु'-को भा० क्रि०)।

बझाइ–ना० [बाझ्+आइ] बाझ्ने किसिम, क्रिया वा भाव।

बझाइ–ना० [बझाउ+आइ] बझाउने किसिम, क्रिया वा भाव।

बझाइनु–स० क्रि० [बझाउ+आइ+नु] बाझ्न वा मत-भेद गर्न लाइनु; ('बझाउनु'-को क० क्रि०)।

बझाउनु–स० क्रि० [बाझ्+आउ+नु] १. बाझ्ने वा राय नमिल्ने पार्नु; ('बाझ्नु'-को प्रे० क्रि०)। २. जोल्टयाउनु; फसाउनु। ३. आफ्नासाथ तानेर वा आकर्षित पारेर ल्याउनु।

बझाङ–ना० [ने०] नेपालको डोटी जिल्ला-अन्तर्गत एक राज्य।

बझुवा–वि० [बाझ्+उवा] बाझ्ने स्वभावको; झगड़ालु।

बझौटे–वि० [बाझ्+औटे] झगड़ालु; बझुवा।

बटन–ना० [अं०] १. बिजुलीको करेन्ट खोल्ने र बन्द गर्ने स्विचमा जड़िएको, औँलाले पक्रने साधन। २. टाँक।

बटाइ–ना० [बाट्+आइ] १. बाट्ने किसिम, क्रिया वा भाव। २. बाटिने किसिम, क्रिया वा भाव।

बटान–ना० [नेवा० बताँ] कुना वा सतह मिलेको छ वा छैन भनी जाँच्ने साधन।

बटान–ना० [बाट्+आन] बटाइ।

बटाम–ना० [नेवा० बताँ] बटान।

बटाराइ–ना० [बटार्+आइ] १. बटार्ने किसिम, क्रिया वा भाव। २. बटारिने किसिम, क्रिया वा भाव।

बटारिनु–अ० क्रि० [बटार्+इ+नु] १. निमोठिनु; बाटिनु। २. ठेढ़ो हुनु; बाङ्गिनु। ३. बाउँठिनु; बिँगठिनु; ('बटार्नु'-

CC-0. In Public Domain. Digitization by eGangotri

को भा० क्रि०) ।

बटार्नु–स० क्रि० [बाट्+आर+नु] १. निमोठ्नु; बाट्नु । २. बाटुलो वा डल्लो पार्नु; गोलाकार पार्नु । ३. टेढ़्याउनु; बाङ्गो पार्नु ।

बटालियन–ना० [अं०] कम्पनीभन्दा ठूलो र रेजिमेन्टभन्दा सानो, पैदल सेनाको एक विभाग ।

बटी–ना० [सं० वटी] गोली; बरी ।

बटुकी–ना० [बटुको+ई] सानो बटुकौ; कचौरी ।

बटुको–ना० [प्रा० वट्ट] कटौरा ।

बटुल-बाटुल–ना० [बटुल्+बटुल्] बटुल्ने काम; सोहोर-साहर ।

बटुलाइ–ना० [बटुल्+आइ] बटुल्ने किसिम, क्रिया वा भाव ।

बटुलिनु–स० क्रि० [बटुल्+इ+नु] छरिएका वस्तुहरू जम्मा गरिनु; ('बटुल्नु'-को क० क्रि०) ।

बटुल्नु–स० क्रि० [प्रा० बट्टुल+नु] १. छरिएका वस्तुहरू जम्मा गर्नु; समेट्नु; एकत्रित पार्नु । २. ल्याउनु । ३. थुप्र्याउनु; सङ्ग्रह गर्नु ।

बटुवा–ना० [बाटो+उवा] बाटो हिंड्ने मानिस; पथिक; यात्री ।

बटुवा–ना० [प्रा० वट्ट] भित्र खण्ड-खण्ड भएको एक प्रकारको गोलाकार थैलो ।

बटुवा–वि० [बात्+उवा] १. बाटेंको; बाटिएको । २. बाट्नें डोरी आदि ।

बटुवारे–ना० [बटुवा+वारे] बटुवा; पथिक ।

बटे–ना० [बटुको] कचौरा; बटुको (बाल-बोलीमा) ।

बटर्नु–ना० [बाट्] दाम्लो, डोरी आदि बाट्ता पोयो वेर्ने सानो लट्ठी; बनौटो ।

बटैया–ना० [बाँड्+ऐया] जग्गा धनी र मोहीले बाली बाँड़ी लिने काम वा प्रथा ।

बटौली–ना० [ने०] बुटौल ।

बट्टा–ना० [प्रा० वाट्ट] १. रुपियाँ, पैसा, नोट आदि साट्ता लाग्ने दस्तूरी; कुनै माल साट-फेर गर्दा त्यसको मूल्यबाट काटेर लिइने रकम । २. घाटा; नोक्सान । ३. दाग ।

बट्टा–ना० [सं० वटक] कुनै वस्तु राख्ने बिर्को भएको सानो भाँड़ो; डिब्बा ।

बट्टाई–ना० [प्रा० वट्टा] तित्राका रङ्गको, भँगेरोभन्दा केही ठूलो एक जातको पक्षी । (शौकीनहरूले लड़ाउनाका निमित्त पनि यसलाई पाल्छन् ।)

बठ्याइँ–ना० [बाठो+याइँ] १. बाठो हुनाको भाव; चलाकी; चतुर्‍याइँ । २. चालबाजी ।

बड़घर–ना० [बड़ो+घर] जेठ-रैती ।

बड़धयेँरो–ना० [बड़ो+धयेँरो] १. लाम्चा र ठूला पात, सेता फूल र भण्टाका आकारका साना फल फल्ने एक जातको वृक्ष । २. त्यसैको फल ।

बड़प्पन–ना० [बड़ो+पन] १. श्रेष्ठ वा ठूलो हुनाको भाव । २. महत्त्व; गौरव ।

बड़बड़–ना० [प्रा०] बरबर; वकबक ।

बड़बड़ाइ–ना० [बड़बड़ाउ+आइ] बड़बड़ाउने किसिम, क्रिया वा भाव; बरबराइ ।

बड़बड़ाइनु–अ० क्रि० [बड़बड़ाउ+आइ+नु] बरबराइनु; ('बड़बड़ाउनु'-को भा० क्रि०) ।

बड़बड़ाउनु–अ० क्रि० [बड़बड़+आउ+नु] बरबराउनु ।

बड़बड़ाहट–ना० [बडबडाउ+आहट] बड़बड़ाउने किसिम, क्रिया वा भाव; बरबराहट ।

बड़बड़े–वि० [बड़बड़+ए] बड़बड़ाउने; बरबरे ।

बड़बिहीँ–ना० [बड़ो+बिहीँ] १. ठूला र लाम्चा पात, सेता फूल र झुप्पाका रूपमा हरिया फल हुने एक जातको वृक्ष । २. त्यसैको फल ।

बडवा–ना० [सं०] १. घोड़ी । २. अश्विनी नक्षत्र । ३. कमारी; दासी ।

बडवाग्नि–ना० [सं०] बडवानल ।

बडवानल–ना० [सं०] समुद्रभित्र बल्ने अग्नि; बडवाग्नि ।

बड़हर–ना० [प्रा० बड्ढ+फल] १. पहेँलो रङ्गको बाटुलो फूल फुल्ने, गुलियो र अमिलो मिसिएको फल फल्ने एक जातको रूख । २. त्यसैको फल ।

बड़ा–वि० [बड़ो] बड़ो ।

बड़ा-काजी–ना० [बड़ा+काजी] नेपाल सरकारको पुरानो सर्वोच्च निजामती दर्जा ।

बड़ा-गुरुज्यू–ना० [बड़ा+गुरु+ज्यू] राज-गुरु ।

बड़ादमी–ना० [बड़ो+आदमी] १. ठूलो प्रतिष्ठा भएको व्यक्ति । २. भलादमी ।

बड़ा-दसैँ–ना० [बड़ा+दसैँ] विजया-दशमी; दसैँ ।

बड़ा-पत्र–ना० [बड़ा+पत्र] १. राजाबाट कसैलाई भएको हुकुमको ठाड़ो कागत । २. कुनै अत्यन्त उच्च व्यक्ति वा सङ्घटनद्वारा विशेष महत्त्वपूर्ण आज्ञा वा निर्णय दिइएको पत्र ।

बड़ा-महाराज–ना० [बड़ा+महाराज] श्री५ महाराजाधिराज पृथ्वीनारायण-शाहलाई बुझाउने आदर-वाचक शब्द ।

बड़ा-महाराजाधिराज–ना० [बड़ा+महाराजाधिराज] बड़ा महाराज; पृथ्वीनारायण-शाह ।

बड़ा-महारानी–ना० [बड़ा+महारानी] १. श्री५ महाराजाधिराजकी पट्ट-महारानी । २. महाराजकी मुख्य रानी ।

बड़ा-हाकिम–ना० [बड़ा+हाकिम] जिल्लाको सर्वोच्च निजामती अधिकारी ।

बडिश–ना० [सं०] बल्छी ।

बडी-गार्ड–ना० [अं० बॅडी-गार्ड] अङ्ग-रक्षक ।

बड़ेमा–वि० [बड़ोमा] बड़ोमा ।

बड़ेर–ना० [ने०] १. बेत-लौरीका जस्ता पात, राता फूल, काला फल र खैरो कन्द हुने एक बूटी । २. त्यसैको फल ।

बड़ो–वि० [प्रा० बड्ढो] १. ज्यादै ठूलो; विशाल । (क्रि०

CC-0. In Public Domain. Digitization by eGangotri

यो०) २. खूब; अति । ३. कसैलाई उपेक्षापूर्वक ह्प्काउने शब्द। (उदा०–बड़ो यहाँ फूर्ति लाउँछस्, उता आफ्नै घरमा के भइरहेको छ? थाहा छैन।) (ना०) ४.भलादमी; बड़ादमी।

बड़ोमा–वि० [प्रा० बड्ढो+मान (सं०)] साह्रै ठूलो; अजङ्को; विशाल।

बड्कौंलो–ना० [बकौंलो] बकौंला।

बड्कौंल्याइ–ना० [बड्कौंल्याउ+आइ] बड्कौंल्याउने, किसिम, क्रिया वा भाव; बकौंल्याइ।

बड्कौंल्याइनु–स० क्रि० [बड्कौंल्याउ+आइ+नु] बकौंल्याइनु; ('बड्कौंल्याउनु'-को क० क्रि०)।

बड्कौंल्याउनु–स० क्रि० [बड्कौंलो+याउ+नु] बकौंल्याउनु।

बढ़–वि० [प्रा० वड्ढ] १. बढ्ता; बढ़ी। २. बढ़ेको; धेरै।

बढ़-करार–ना० [बढ़+करार] सरकारी ठेक्का, तिरो आदि बढ़ी तिर्ने प्रतिज्ञा।

बढ़ाइँ–ना० [सं० वढ़+आइँ] १. तोप-बन्दूकहरू पड्काउने काम। २. हर्षको उत्सव।

बढ़ाइ–ना० [बढ्+आइ] बढ्ने किसिम, क्रिया वा भाव।

बढ़ाइनु–स० क्रि० [बढ़ाउ+आइ+नु] बढ्न लाइनु; वृद्धि गराइनु; ('बढ़ाउनु'-को क० क्रि०)।

बढ़ाउ–ना० [बढ्+आउ] वृद्धि; विस्तार।

बढ़ाउनु–स० क्रि० [बढ्+आउ+नु] बढ्न लाउनु; वृद्धि गराउनु; ('बढ्नु'-को प्रे० क्रि०)।

बढ़ाबढ़–ना० [बढ्+बढ्] १. धमाधम बढ्ने काम। २. लीलाम, ठेक्का आदिमा एकले भन्दा अर्कोले बढ़ी मोल तिर्ने कबूल गर्ने काम।

बढ़ाबढ़ी–ना० [बढ़ाबढ़+ई] बढ़ाबढ़।

बढ़ार-कुँढ़ार–ना० [बढ़ार्+कुँढ़ार (फाँ०)] धूलो, कसिङ्गरहरू सफा गर्न कूचो लाउने काम; बढ़ार्ने काम।

बढ़ाराइ–ना० [बढ़ार्+आइ] बढ़ार्ने किसिम, क्रिया वा भाव।

बढ़ारिनु–स० क्रि० [बढ़ार्+इ+नु] कूचो लाइनु; ('बढ़ार्नु'-को क० क्रि०)।

बढ़ारु–ना० [बढ़ार+उ] कूचो लाउने काम; बढ़ार्ने काम। (प्रायः 'झाडू' शब्दका साथमा यसको प्रयोग हुन्छ।)

बढ़ार्नु–स० क्रि० [सं० वर्धनी+नु] कूचाले धूलो, कसिङ्गर आदि हटाउनु; कूचो लाउनु।

बढ़ालु–वि० [बढ्+आलु] १. बढ्ने जातको; बढ्ने किसिमको। २. ठूलो भएको; सप्रेको।

बढ़िनु–अ० क्रि० [बढ्+इ+नु] बढ्ने होइनु; ('बढ्नु'-को भा० क्रि०)।

बढ़िबढ़ाउ–ना० [बढ़ी+बढ़ाउ] १. धमाधम बढ्ने काम; वृद्धि। २. धन, मान आदि उत्तरोत्तर बढ्ने काम।

बढ़िया–वि० [प्रा० वड्ढइ] असल; उम्दा; उत्तम।

बढ़ी–वि० [प्रा० वड्ढि] बढ्ता; अधिक; धेरै।

बढ़ुवा–वि० [बढ्+उवा] बढ्ने किसिमको; बढ़ेको; बढ़ालु।

बढ़ेर–ना० [ने०] बड़ेर बूटी।

बढ्ता–वि० [प्रा० वड्ढ] १. बढ़ी; अधिक। २. अघेंलो।

बढ्ती–ना० [बढ़+ती] १. बढ्ने काम; वृद्धि; अधिकता। २. बढ़िबढ़ाउ; उन्नति।

बढ्नु–अ० क्रि० [प्रा० वड्ढ+नु] १. आकार वा परिमाणमा पहिलेभन्दा बढ्ता हुनु; अधिक हुनु। २. गणना, नाप-तौल आदिमा अधिक हुनु। ३. मूल्य, अधिकार, योग्यता, सामर्थ्य आदिमा वृद्धि हुनु। ४. मद-मत्त हुनु; मात्तिनु; टुप्पिनु। ५. अगि सर्नु। ६. सङ्ग्रालिनु; फैलिनु। ७. झाँगिनु; मौलाउनु।

बताइ–ना० [बताउ+आइ] बताउने वा भन्ने किसिम, क्रिया वा भाव।

बताइ–ना० [बताउ+आइ] बताउने किसिम, क्रिया वा भाव; बत्ताइ।

बताइनु–स० क्रि० [बताउ+आइ+नु] भन्न लाउनु; बयान गराउनु; ('बताउनु'-को क० क्रि०)।

बताइनु–स० क्रि० [बताउ+आइ+नु] अन्नमा मिसिएको धूलो, कसिङ्गरहरू नाङ्लाले ह्म्की उड़ाइनु; बत्ताइनु; ('बताउनु'-को क० क्रि०)।

बताउनु–स० क्रि० [सं० वार्ता+आउ+नु] १. कुनै कुरो भन्नु; बयान गर्नु। २. सम्झाउनु; जनाउनु। ३. कुरो खोल्नु; कुरो प्रकट गर्नु।

बताउनु–स० क्रि० [सं० वात+आउ+नु] अन्नमा मिसिएको धूलो, कसिङ्गरहरूलाई अन्नको धारो लाएर नाङ्लाले ह्म्की उड़ाउनु; बत्ताउनु।

बतास–ना० [सं० वात] हावा; वायु; समीर।

बतासा–ना० [सं० वात+सह] भित्र खोक्रो हुने, चीनीको एक प्रकारको मिठाई।

बतासिइनु–अ० क्रि० [बतासि+इ+नु] बतासमा परिनु; हावाका झोक्कामा परिनु; ('बतासिनु'-को भा० क्रि०)।

बतासिनु–अ० क्रि० [बतास+इ+नु] १. बतासमा पर्नु; हावाका झोक्कामा पर्नु। २. हावाका साथ-साथै उड्नु; बत्ताउनु। ३. फुलबाट बच्चा पैदा नहुनु। ४. अर्काको हाहामा लाग्नु; हल्लामा हिंड्नु।

बतासिलो–वि० [बतास+इलो] बतास लाग्ने; हावा लाग्ने (ठाउँ)।

बतासी–ना० [नेवा०] पाखोको दलिन।

बतासे–वि० [बतास+ए] १. भित्र हावामात्र भएको; सार नभएको। २. बतासले नै उड्ने; हलुङ्गो र पातलो। ३. चल्ला वा बच्चा नहुने; निर्वीज (फुल)।

बतास्याइ–ना० [बतासि+याइ] बतासिने किसिम, क्रिया वा भाव।

बतिया–ना० [प्रा० बत्तिआ] सापट लिएको अनाज; अनाजको सापटी।

बतुरो–वि० [बात+उरो] धेरै कुरा गर्ने बानी परेको; कुरौटे।

CC-0. In Public Domain. Digitization by eGangotri

बतूरो–वि० [बतुरो] बतुरो ।
बतौरो–वि० [बतुरो] बतुरो ।
बत्ता–ना० [सं० वट] खलको लाम्चो लोहोरो ।
बत्ताइ–ना० [बत्ताउ+आइ] बत्ताउने किसिम, क्रिया वा भाव ।
बत्ताइनु–अ० क्रि० [बत्ताउ+आइ+नु] हावाका साथै उड़ेर गइनु; ('बत्ताइनु'-को भा० क्रि०) ।
बत्ताउनु–अ० क्रि० [सं० वात] १. हावाका साथै उड़ेर जानु; बतासिनु । २. अत्तो-पत्तो नहुनु; बेपत्ता हुनु । ३. गएका ठाउँबाट नफर्कनु; उताको उतै हुनु । (स० क्रि०) ४. अन्नमा मिसिएको कसिङ्गर हावाद्वारा उड़ाउनु ।
बत्तिस–ना० [बत्तीस] बत्तीस ।
बत्तिसा–ना० [बत्तीसा] बत्तीसा ।
बत्तिसौँ–वि० [बत्तीसौँ] बत्तीसौँ ।
बत्ती–ना० [प्रा० वत्ति] १. तेलमा भिजाई बाल्नाका निमित्त धागो बाटी दोब्र्याएर बनाइएको त्यान्द्रो । २. लालटीन, लम्फा आदिको फित्ता; कपड़ाको धुर्को । ३. दियो; दीप । ४. चिराक; मशाल । ५. बिजुली, मैन-बत्ती, लालटिन आदि प्रकाश उत्पन्न गर्ने साधन ।
बत्ती-चिरा–ना० [बत्ती+चिरो] चिरा-फाराका काममा प्रयोग गरिने ज्यादा पातलो एक जातको कपड़ा ।
बत्तीस–ना० [प्रा०] १. तीस र दुइको योग-सङ्ख्या; ३२-अङ्क । (वि०) २. तीस र दुइका योग-सङ्ख्याको ।
बत्तीस-लक्षण–ना० [बत्तीस+लक्षण (सं०)] विशिष्ट व्यक्तिहरूमा हुने भनी प्रसिद्ध बत्तीस लक्षणहरू । [(१) पद्मासनमा बस्ता वृत्ताकार आसन हुनु, (२) औँला लामा-लामा हुनु, (३) औँलाका कापका छाला विशेष बढ्ता र औँला जोड्दा टम्म मिल्ने हुनु, (४) छाला नरम हुनु र वृद्धावस्थामा पनि युवाको जस्तो श्री हुनु, (५) सात प्रकारले शरीर सुवासित हुनु, (६) हरिणका जस्ता फिला हुनु, (७) गुप्ताङ्गहरू हात्तीका अण्ड-कोषजस्तै गुप्त भएका हुनु, (८) शरीरको माथिल्लो भाग सिंहको जस्तो सलक्क परेको हुनु, (९) शरीरका विभिन्न अङ्ग सुगठित हुनु, (१०) काँध पुष्ट, चौड़ा र गोल हुनु, (११) पाखुरा राम्ररी फर्कने र पातला एवं तलसम्म पुग्ने हुनु, (१२) पाखुरा लामा हुनु, (१३) सम्पूर्ण शरीर तेजोमय वृत्तले युक्त हुनु, (१४) शङ्ख-समान घाँटी हुनु, (१५) सोझो र सिंहको जस्तो चिउँड़ो हुनु, (१६) चौतीस दाँत हुनु, (१७) उज्ज्वल र छिद्र नभएका दन्त-पङ्क्ति हुनु, (१८) स्वच्छ र परस्परमा मिलेका दाँत हुनु, (१९) बङ्गारा स्वच्छ र सुन्दर हुनु, (२०) जिब्रो लामो हुनु, (२१) विभिन्न सूक्ष्मातिसूक्ष्म स्वाद लिने शक्ति हुनु, (२२) भँगेराको जस्तो स्वर हुनु, (२३) ब्रह्माको जस्तो मौलिक र ज्ञान-पूर्ण वाणी हुनु, (२४) आँखी-भौँ साँढ़का जस्ता र नील-कमलका रङ्गका हुनु, (२५) दुइ आँखी-भौँका बीच कोमल रोम-रेखा हुनु, (२६) पगरीजस्तो मिलेको र राम्रो कपाल हुनु, (२७) शुद्ध सुनजस्तो प्रदीप्त शरीर हुनु, (२८) प्रबल व्यक्तित्व (अग्रसत्त्व) हुनु, (२९) शरीरमा धेरै र परस्पर नटाँसिएका नरम र दाहिनेतिर घुमेका रौँ हुनु, (३०) नीलमणिजस्ता काला र टल्कने केश हुनु (३१) न्यग्रोध-परिमण्डल हुनु र (३२) विष्णुको जस्तो दृढ स्वभाव हुनु] ।
बत्तीसा–ना० [बत्तीस] १. बत्तीस प्रकारका जड़ी-बूटी, मसला आदि मिलाएर बनाइएको, सुत्केरीलाई खुवाइने एक पौष्टिक औषधि । (वि०) २. धेरै किसिमका कुरा गर्न जान्ने; छत्तीसा; बितपाते ।
बत्तीसौँ–वि० [बत्तीस+औँ] गणनाको क्रमले बत्तीस सङ्ख्यामा परेको; बत्तीस सङ्ख्याको ।
बत्तू–ना० [कलाबत्तू] धागोमा बेरिएको सुन, चाँदी आदि-को मसिनु तार; धागामा बेह्रिएको एक किसिमको जरी ।
बथान–ना० [सं० अवस्थान] १. पशु वा पक्षीहरूको समूह; बगाल । २. मानिसहरूको समूह; फौज ।
बथानाइ–ना० [बथान्+आइ] बथान्ने किसिम, क्रिया वा भाव ।
बथानिनु–अ० क्रि० [बथान्+आइ+नु] पर्खेर बसिनु; ('बथान्नु'-को भा० क्रि०) ।
बथान्नु–अ० क्रि० [बथान+नु] १. पर्खेर बस्नु; ढुक्नु । २. बथानमा मिलेर जानाका निमित्त पर्खनु ।
बथुवा–ना० [सं० वास्तुक] बेथेको साग ।
बथ्याहा–वि० [बात+आहा] वात रोग लागेको; वातुल ।
बद–वि० [फा०] १. खराब । २. शब्दका अगाड़ि लागेर खराबी वा भ्रष्टताको अर्थ बुझाउने एक विशेषण-वाची शब्द । (उदा०–बदचलन, बदनामी, बदख्वाइँ इत्या० ।)
बदख्वाइँ–ना० [फा० बदख़्वाही] अर्काको निन्दा वा अहित हुने कुरा; बदनामी ।
बदख्वाही–ना० [फा० बदख़्वाही] बदख्वाइँ ।
बद-चलन–वि० [बद+चलन] खराब चाल-चलनको; दुश्चरित्र ।
बद-नाम–वि० [फा०] सबैद्वारा निन्दा गरिएको; कुख्यात ।
बद-नामी–ना० [फा०] बदख्वाइँ; निन्दा; अपकीर्ति ।
बद-नीयत–वि० [फा०] १. नीयत खराब भएको; मनमा कपट भएको । २. बेईमान; धोखेबाज । ३. दुराचारी ।
बद-नीयती–ना० [फा०] बद-नीयत हुनाको भाव; बेईमानी ।
बदमाश–वि० [फा०] १. खराब कामबाट जीविका चलाउने; दुष्कर्मी । २. खराब चाल-चलनको; दुराचारी । **३. दुष्ट;** दुश्चरित्र ।
बदमाशी–ना० [फा०] १. बदमाशको काम; दुष्कर्म । २. दुष्टता; दुर्वृत्ति । ३. व्यभिचार; लम्पटता ।
बदर–वि० [फा०] १. सदर नगरिएको; अस्वीकृत । २. प्रमाणमा नलिइएको । ३. खारिज ।
बदरङ्ग–ना० [फा०] बजरङ्ग ।
बदरिकाश्रम–ना० [सं०] हिमालयमा रहेको, हिन्दूहरूको एक

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध तीर्थ; चार-धाममध्ये एक।

बदरी—ना० [सं०] बयर फल।

बदरी-नारायण—ना० [सं०] बदरिकाश्रममा रहेको नारायण-को मूर्ति।

बदल—ना० [अ०] बदल्ने वा बदलिने काम; हेर-फेर; परिवर्तन।

बदला—ना० [अ० बदल] १. एक वस्तुका सट्टामा अर्को वस्तु दिने काम; सट्टा-भर्ना; क्षति-पूर्ति। २. सट्टा-पट्टा; साट-फेर। ३. एक वस्तुका सट्टामा दिइने अर्को वस्तु; हर्जानामा दिइएको माल। ४. एक जनाले गरेको असल वा खराब कामको उत्तरमा अर्कोले गर्ने त्यस्तै काम; प्रतिकार।

बदलाइ—ना० [बदल्+आइ] बदल्ने किसिम, क्रिया वा भाव।

बदलाइनु—स० क्रि० [बदलाउ+आइ+नु] बदल्न लाइनु; ('बदलाउनु'-को क० क्रि०)।

बदलाउनु—स० क्रि० [बदल्+आउ+नु] बदल्न लाउनु; ('बदल्नु'-को प्रे० क्रि०।

बदलिनु—अ० क्रि० [बदल्+इ+नु] १. अदल-बदल हुनु; हेर-फेर हुनु। २. एक थोकको अरू थोक हुनु; साट-फेर हुनु। ३. उल्टिनु; उल्टा-पाल्टी हुनु। ४. हेर-फेर होइनु; ('बद्लनु'-को भा० क्रि०)।

बदली—ना० [बादल] फिंजिएर आकाश ढाकेको बादल; घटा।

बदली—ना० [बदल+ई] १. बदल्ने काम; परिवर्तन। २. साट-फेर; सट्टा-पट्टा।

बदल्नु—स० क्रि० [बदल+नु] १. एकको बदलामा अर्को राख्नु; साट-फेर गर्नु; फेर्नु; बद्लनु। २. काम-कुरा हेर-फेर गर्नु; परिवर्तन गर्नु। ३. उल्टाउनु।

बदहज़मी—ना० [फा० बद़हज़मी] अपच; अजीर्ण।

बदाम—ना० [फा० बादाम] १. जरामा कोसाका रूपमा फल्ने एक जातको फल। २. कागजी-बदाम।

बदामी—ना० [बदाम+ई] १. बदामको जस्तो रङ्ग; पहेँलो भावको रातो रङ्ग। (वि०) २. बदामको जस्तो रङ्गको। ३. कागजी-बदामका आकारको।

बदी—ना० [?] चान्द्र-मासको कृष्ण-पक्ष।

बदी—ना० [फा०] १. खराबी। २. पाप।

बद्ध—वि० [सं०] १. बाँधिएको; बाँधेको। २. सांसारिक बन्धन-मा परेको। ३. नियमित; निर्धारित।

बद्ध-कोष्ठ—वि० [सं०] कब्जियत भएको; कोष्ठ-बद्धताको रोग लागेको।

बद्ध-परिकर—वि० [सं०] कुनै काम गर्न तम्सिएको; कमर कसेको।

बद्ध-प्रतिज्ञ—वि० [सं०] प्रतिज्ञा गरेको; वचन-बद्ध।

बद्ध-मुष्टि—वि० [सं०] १. मुट्ठी बाँधेको; मुट्ठी कसेको। २. कसैलाई केही दिन हात उठाउन नसक्ने; कन्जुस।

बद्ध-मूल—वि० [सं० बद्ध] दृढ; अटल; स्थिर।

बद्ध-राग—वि० [सं०] अनुरक्त; आसक्त।

बद्ध-वैर—ना० [सं०] मनमा रहेको इबी; पुरानो रीस।

बद्धाञ्जलि—वि० [सं०] कसैलाई सम्मान गर्न हात जोरेको; जुम्ला हात गरेको।

बद्धानुराग—वि० [सं०] प्रेममा फसेको; आसक्त; अनुरक्त।

बद्लनु—स० क्रि० [बदल्] बदल्नु।

बद्लाइ—ना० [बद्ल+आइ] बद्लने किसिम, क्रिया वा भाव; बदलाइ।

बद्लाइनु—स० क्रि० [बद्लाउ+इ+नु] बद्लन लाइनु; (बद्लाउनु'-को क० क्रि०)।

बद्लाउनु—स० क्रि० [बद्ल+आउ+नु] बद्लन लाउनु; ('बद्लनु'-को प्रे० क्रि०)।

बद्लिनु—स० क्रि० [बदला+इ+नु] १. एकका बदलामा अर्को राखिनु वा हुनु; साट-फेर हुनु; फेरिनु। २. काम-कुरो हेर-फेर हुनु; परिवर्तन हुनु। ३. उल्टिनु।

बद्ल्याइ—ना० [बद्लि+याइ] बद्लिने किसिम, क्रिया वा भाव; बदल्याइ।

बधाई—ना० [सं० वर्धन] १. आफ्ना इष्ट-मित्र वा साथीहरूको सफलतामा प्रकट गरिने हर्ष; हर्षोद्‌गार। २. साधुवाद; धन्यवाद; स्याबासी। ३. प्रशंसा; तारीफ।

बधिक—वि० [सं० वधक] मार्ने; हत्यारो।

बधिर—वि० [सं०] बहिरो।

बधिरता—ना० [सं०] बहिरो हुनाको भाव।

बधू—ना० [सं०] १. बुहारी। २. पत्नी।

बधूटी—ना० [सं०] वधूटी।

बन—ना० [सं० वन] जङ्गल; वन।

बन-अदुवा—ना० [बन+अदुवा] एकलेबीरका जस्ता पात हुने, कालो कन्द हुने एक जातको अदुवा; पेऊतु।

बन-कपूर—ना० [बन+कपूर] कङ्कोल।

बनकर—ना० [वनकर] वनकर।

बन-करेलो—ना० [बन+करेलो] १. फर्सीका जस्ता पात, सेता ठूला फूल, नरम काँढ़े-काँढ़ा भएको रातो लाम्चो फल र ठूलो कन्द हुने एक जातको लहरो। २. त्यसैको फल; झूसे-करेलो। (आयुर्वेदमा यसको गुण रुचि-कारक; अग्नि-वर्द्धक र रक्त-वर्द्धक बताइएको छ। यसको कन्दको गुण अर्श र योनि-सम्बन्धी रोगलाई नाश गर्ने बताइएको छ।)

बन-कर्कलो—ना० [बन+कर्कलो] जङ्गली कर्कलो; जलुको।

बनकस—ना० [सं० वन+कर] जङ्गली घाँस-पात ल्याउँदा तिर्नुपर्ने सरकारी रकम।

बनकस—ना० [सं० वन+काश] बाबियो।

बन-केरा—ना० [बन+केरा] जङ्गलमा हुने एक जातको केरा। (यो जातको केरा काङ्गियो नछुट्टिई एकै घरीमा लहरै लाग्छ।)

बन-कोदो—ना० [बन+कोदो] जङ्गलमा हुने एक जातको कोदो; पाङ्दुर।

बन-गधा—ना० [बन+गधा] राघे-पाटे शरीर हुने, बनमा रहने

CC-0. In Public Domain. Digitization by eGangotri

एक जातको गधा; जङ्गली गधा।

बन-गहत–ना० [बन+गहत] १. गहतकै जस्ता पात, हरियो लामो घोगे झारको जस्तो फूल, झुप्पा-झुप्पा परेर कोसा फल्ने एक जातको लहरो। २. त्यस कोसाभित्रको गेड़ा वा अन्न। (आयुर्वेदमा यसको गुण नेत्र-रोगमा हित गर्ने र ठन्डा बताइएको छ।)

बन-गुइँठा–ना० [बन+गुइँठा] जङ्गलमा गाईले गोब्याएर सुकेको गोबर; पकला।

बन-गोभी–ना० [बन+गोभी] गोजिह्विका; गाइ-जिभ्रे झार।

बन-चम्शूर–ना० [बन-चम्सूर] बन-चम्सूर।

बन-चम्सूर–ना० [बन+चम्सूर] जङ्गली चम्शूर।

बन-जन्तु–ना० [सं० बन+जन्तु] बनमा हुने प्राणी; जङ्गली जनावर।

बन-जाँच–ना० [बन+जाँच] बन-सम्बन्धी काम गर्ने अड्डा।

बन-झाँक्री–ना०[बन+झाँक्री] १. हिमालयमा रहने, ठूलो, मनुष्यका आकारको हुने भनी प्रसिद्ध प्राणी। २. येती; हिम-मानव।

बन-डुन्डु–ना० [बन+डुन्डु] प्याजी रङ्गको फूल फुल्ने जङ्गली डुन्डु साग।

बन-तरुल–ना० [बन+तरुल] लाम्चा पात र नीलो लामो कन्द हुने एक जातको तरुल; जङ्गली तरुल।

बन-तोरियाँ–ना० [बन+तोरियाँ] १. बाटुला किसिमका पात, पहेँला फूल, झूसे-करेलाकाजस्ता फल हुने एक जातको लहरो। २. त्यसको फल; जङ्गली घिरौँलो।

बन-नून-ढिकी–ना० [बन+नून-ढिकी] बढ्ता क्षार हुने एक जातको नून-ढिकी झार।

बन-पवै–ना० [बन+पवै] एक जातको जङ्गली पवै; बन-उपोदकी।

बन-पाले–ना० [बन+पाले] बनको रक्षा वा हेर-विचार गर्ने प्रहरी।

बन-पिप्ला–ना० [बन+पिप्ला] जङ्गली पिप्ला। (यो सानो र ठूलो—दुइ जातको हुन्छ।)

बन-बनेलो–ना०[बन+बन+एलो] बन र बनमा हुने वस्तु।

बन-बिमिरो–ना० [बन+बिमिरो] बनमा हुने एक जातको बिमिरो।

बन-बिरालो–ना० [बन+बिरालो] बिरालाका जातको, बनमा हुने एक प्राणी; जङ्गली बिरालो।

बन-बेथे–ना० [बन+बेथे] पालुङ्गाका आकारका साना-साना पात, सेता फूल, मसिना गेड़ा हुने जङ्गली बेथे।

बन-बेली–ना० [बन+बेली] बोटमा काँढ़ा हुने र काला साना-साना फल फल्ने, सेता फूल फुल्ने एक जातको बेली।

बन-भँगेरो–ना० [बन+भँगेरो] टाउको र डँड़ालनो रातो, भुँडी सेतो र बाँकी शरीर खैरो हुने, जङ्गलमा रहने एक जातको भँगेरो।

बन-भतेर–ना० [बन+भतेर] सफरमा गई खाइने भोज; सफरको भोज।

बन-भात–ना० [बन+भात] बन-भतेर।

बन-मान्छे–ना० [बन+मान्छे] बनमा रहने, मानिसजस्तो एक प्राणी।

बन-मास–ना० [बन+मास] १. मासकै जस्ता पात र फूल तथा केही लामा कोसा हुने एक जातको लहरो। २. त्यसैको गेड़ा; माषपर्णी। (आयुर्वेदमा यसको गुण बल र शुक्र बढ़ाउने बताइएको छ।)

बन-मूगी–ना० [बन+मूगी] १. मूगीकै जस्ता तर केही ठूला पात, कोसा र फूल हुने एक जातको लहरो। २. त्यसैको गेड़ा; मुद्गपर्णी।

बन-मूला–ना०[बन+मूला]मूलाकै जस्ता लामा पात, लाम्चा र ठूला प्याजी रङ्गका फूल हुने एक जातको मूला; गोठाले मूला; रावन्ने-मूला।

बन-सिलाम–ना० [बन+सिलाम] एक जातको सिलाम जङ्गली सिलाम।

बन-हलेदो–ना० [बन+हलेदो] लामा-लामा पात, तह-तह परेका राता फूल र अदुवाको जस्तो कन्द हुने एक जातको हलेदो; बन-हरिद्रा।

बनाइ–ना० [बन्+आइ] बन्ने किसिम, क्रिया वा भाव।

बनाइ–ना० [बनाउ+आइ] बनाउने किसिम, क्रिया वा भाव।

बनाइनु–स० क्रि० [बनाउ+आइ+नु] बनिबनाउ पारिनु; 'बनाउनु'-को क० क्रि०)।

बनाउनु–स० क्रि० [बन्+आउ+नु] १. बनिबनाउ पार्नु; रचना गर्नु; निर्माण गर्नु। २. मरम्मत गर्नु; जीर्णोद्धार गर्नु। ३. तुल्याउनु; तयार पार्नु; ('बन्नु'-को प्रे० क्रि०)। ४. कल्पना गर्नु; अजमाउनु। ५. पद, मर्यादा, मान, स्थिति आदिमा उँभो लगाउनु; उन्नत पार्नु।

बनात–ना० [बाना] कोट, जङ्गी-पोशाक, जुत्ता आदि सिउने एक प्रकारको बाक्लो ऊनी कपड़ा; बराँत।

बनारस–ना० [सं० वाराणसी] काशी; वाराणसी।

बनावट–ना० [बन्+आवट] १. बनाउने क्रिया; बनोट; रचना। २. ढोङ; आडम्बर। ३. बान्की।

बनावटी–वि० [बनावट+ई] १. देखावटी; ढोँगी। २. नक्कली; कृत्रिम।

बनिबनाउ–वि० [बन्+बनाउ] १. बनेर तयार भएको; राम्ररी बनिसकेको। २. ठीक-ठाक; तम्तयार। (ना०) ३. बढ़िबढ़ाउ; उन्नति।

बनियाँ–ना० [सं० वणिक्] १. पसले; व्यापारी। २. व्यापार गर्ने एक जाति।

बनी–ना० [सं० अह्नवी] ज्याला; मजदूरी; पारिश्रमिक।

बनुवा–वि० [बन+उवा] बनको; जङ्गली; बनैया।

बनेल–ना० [बन+एल] सुँगुरका जातको जङ्गली प्राणी; जङ्गली सुँगुर; बँदेल; बराह।

CC-0. In Public Domain. Digitization by eGangotri

बनैया–वि० [बन+ऐया] वनको; बनुवा; जङ्गली।

बनोट–ना० [बन्+ओट] १. बन्ने वा बनाउने क्रिया वा भाव; बनावट; रचना; सृजना। २. चेहराको रचना; मुखाकृति। ३. कल्पना; अजमाइस।

बनौट–ना० [बनोट] बनोट।

बनौटो–ना० [बनाउ+औटो] बटेर्नु।

बन्चरो–ना० [ने०] रूख, काठ आदि काट्ने वा ताछ्ने एक प्रसिद्ध हतियार; परशु।

बन्चर्याइ–ना० [बन्चर्याउ+आइ] बन्चर्याउने किसिम, क्रिया वा भाव।

बन्चर्याइनु–स० क्रि० [बन्चर्याउ+आइ+नु] कर-बलले ढोगिनु; ('बन्चर्याउनु'-को क० क्रि०)।

बन्चर्याउनु–स० क्रि० [बन्चरो+याउ+नु] १. मन नपरीकन ढोग्नु; कर-बलले ढोग्नु; टस्क्याउनु। २. मन नपरेका व्यक्तिलाई हातले काटेको जस्तो गरी देखाउनु; दाह्रे हात लाउनु।

बन्जर–ना० [सं० बन्ध्य] ऊसर जमीन; बन्जार।

बन्जार–ना० [बन्जर] बाली-नाली केही नउम्रने जमीन; ऊसर जमीन।

बन्जार–ना० [सं० बणिज्] घोड़ा, बैल वा आफ्नै काँधमा माल-ताल लिएर यत्र-तत्र हिँड्दै व्यापार गर्ने व्यापारी; धोक्रे व्यापारी।

बन्डल–ना० [अं०] पोको; पुलिन्दा।

बन्डा–ना० [बाँड्] १. बाँड्ने काम; भाग लाउने काम। २. अंश; हिस्सा।

बन्डा-चुन्डा–ना० [बाँड्-चूँड्] कुनै वस्तु आपसमा भाग-शान्ति बाँड्ने काम; बाँड़-चूँड़।

बन्डा-पत्र–ना० [बन्डा+पत्र] अंशियारहरूले परस्परमा बाँडी लिएका अंशको फाँट लेखिएको कागत; अंश-बन्डाको कागत।

बन्द–वि० [फा०] १. चारैतिरबाट रोकिएको; थुनिएको। २. बिर्को लगाइएको; छोपिएको। ३. थुनामा परेको; बन्धनमा परेको। (ना०) ४. रोक; रोकावट; छेक-थुन। ५. कागतको आधा ताउ। ६. कुनै काम वा कुरो नहुनु।

बन्द-कोपी–ना० [बन्द+कोपी] बन्दा-गोभी।

बन्द-कोबी–ना० [बन्द+कोबी] बन्दा-गोभी।

बन्दगी–ना० [फा०] १. भक्तिपूर्वकको ईश्वरको वन्दना। २. ढोग; प्रणाम। ३. सेवा; शुश्रूषा।

बन्द-गोबी–ना० [बन्द+गोभी] बन्दा-गोभी।

बन्द-गोभी–ना० [बन्द+गोभी] बन्दा-गोभी।

बन्दर–ना० [सं० वानर] बाँदर; वानर।

बन्दर–ना० [फा०] बन्दर-गाह।

बन्दर-गाह–ना० [फा०] पानी-जहाज अड़िने समुद्र-किनारको घाट; पानी-जहाजको स्टेशन।

बन्दर-घुर्की–ना० [बन्दर+घुर्की] अरूलाई त्रास देखाउनका निमित्त मात्र देखाइने धम्की; देखावटी धम्की।

बन्द-सवाल–ना० [बन्द+सवाल] कारण-वश अड्डामा हाजिर हुन नसक्ने व्यक्तिसित कुनै अड्डाले लिखित प्रश्नावली पठाई लिने उत्तर।

बन्दा–ना० [सं० बद्ध] बन्दा-गोभी।

बन्दा-कोपी–ना० [बन्दा+कोपी] बन्दा-गोभी।

बन्दा-कोबी–ना० [बन्दा+कोबी] बन्दा-गोभी।

बन्दा-गोबी–ना० [बन्दा+गोभी] बन्दा-गोभी।

बन्दा-गोभी–ना० [बन्दा+गोभी] बाटुला पातै-पात खप्टिएर कड़ा डल्लो परेको, तरकारी खाइने एक जातको वनस्पति; बन्द-कोपी; बन्दा।

बन्दा-बन्दी–ना० [बन्द+बन्द] १. झ्याल-ढोकाहरू सबै बन्द हुनु; बिलकुल बन्द हुने काम। (वि०) २. बिलकुल बन्द।

बन्दि–ना० [सं०] कैद; थुना; बन्धन।

बन्दी–ना० [सं० बन्ध] स्त्रीहरूले शिरमा लाउने एक वा अनेक लहर हुने र निधारमा जड़ाउको झुप्पो हुने एक किसिमको गहना; शिर-बन्दी।

बन्दी–ना० [सं०] १. राजाहरूको स्तुति-गान गर्ने व्यक्ति; चारण। २. थुनुवा; कैदी।

बन्दी–ना० [बन्द+ई] नाम शब्दका पछि लागेर 'बन्द गरिए-को', 'आधारमा,' 'क्रममा' आदि अर्थ बुझाउने शब्द। (उदा०–बोरा-बन्दी, खाम-बन्दी, रैबन्दी, वर्ष-बन्दी इत्या०।)

बन्दीखान–ना० [बन्दीखाना] बन्दीखाना।

बन्दीखाना–ना० [बन्दी+खाना] १. झ्यालखान; जेलखाना; कैदखाना। २. थुनुवालाई राख्ने घर।

बन्दी-गृह–ना० [सं०] बन्दीखाना।

बन्दीपुर–ना० [ने०] नेपालको पश्चिम-तीन (३)-नम्बर-इलाकामा पर्ने एक मुख्य बस्ती।

बन्दी-प्रत्यक्षीकरण–ना० [सं०] तोकिएका काम-कारवाई गर्न थुनामा परेको कुनै व्यक्तिलाई न्यायाधीश वा अदालतका समक्ष उपस्थित गर्न दिइएको आदेश।

बन्दूक–ना० [अ० बन्दूक़] गोली भरेर चलाइने एक प्रसिद्ध शस्त्र।

बन्देज–ना० [सं० बन्धन] १. थिति; रीति; नियम। २. रोकावट; प्रतिबन्ध। ३. हैकम; तैनात।

बन्दोबस्त–ना० [फा०] प्रबन्ध; व्यवस्था; इन्तिजाम।

बन्ध–ना० [सं०] १. बाँध्ने काम; बन्धन। २. बाँध्ने वस्तु। ३. कैद; थुना। ४. बाँध।

बन्धक–वि० [सं०] १. बाँध्ने। (ना०) २. डोरी; बन्धन। ३. बाँध। ४. रुपियाँ-पैसा सापट लिएर राखिएको धितो; बाँधा।

बन्धकी–वि० [बन्धक+ई] बन्धक परेको; ऋण लिएबापत धितो राखिएको।

CC-0. In Public Domain. Digitization by eGangotri

बन्धकी–ना० [सं०] १. वेश्या; रण्डी। २. वन्ध्या स्त्री।

बन्धन–ना० [सं०] १. बाँध्ने काम। २. डोरी आदि बाँध्ने साधन। ३. झ्यालखाना; बन्दी-गृह। ४. रोकावट; प्रतिबन्ध। ५. शरीरको जोर्नी; सन्धि। ६. फल, पात आदिको भेट्नु।

बन्धन-ग्रन्थि–ना० [सं०] १. डोरी वा पाशोको गाँठो। २. शरीरका अवयवहरूको जोर्नी।

बन्धन-पाता–ना० [बन्धन+पाता] माल-मत्ता राख्ने बाकस कस्ने फलामे पाता।

बन्धन-स्तम्भ–ना० [सं०] पशुहरू बाँध्ने कीलो।

बन्धन-स्थान–ना० [सं०] १. तबेला; अस्तबल। २. गोठ; गौ-शाला।

बन्धनी–ना० [सं०] १. शरीरका अवयवहरूलाई मिलाई बाँध्ने नसो। २. डोरी आदि बाँध्ने साधन।

बन्धनीय–वि० [सं०] १. बाँध्न योग्य। (ना०) २. पुल।

बन्धित–वि० [सं०] १. बाँधिएको; बन्धनमा परेको। (ना०) २. बाँझी स्त्री; बन्ध्या स्त्री।

बन्धी–वि० [सं०] बाँधिएको; बन्धनमा परेको; बन्दी।

बन्धु–ना० [सं०] १. दाजु-भाइ; फुकी; सगोत्र; ज्ञाति। २. इष्ट-मित्र; आत्मीय जन। ३. साथी; मित्र। ४. सहायक।

बन्धु-बान्धव–ना० [सं०] दाजु-भाइ; बन्धु-वर्ग।

बन्धु-वर्ग–ना० [सं०] दाजु-भाइहरूको समुदाय; फुकी।

बन्धुता–ना० [सं०] बन्धु हुनाको भाव; बन्धुत्व।

बन्धुत्व–ना० [सं०] बन्धु हुनाको भाव; बन्धुता।

बन्धुर–ना० [सं०] १. शिर-पेच; मुकुट। २. हाँस। ३. सारस। ४. योनि। (वि०) ५. सुन्दर; मनोहर। ६. होचो-अग्लो परेको।

बन्धुल–ना० [सं०] १. वेश्याको छोरो; रण्डीको छोरो। (वि०) २. सुन्दर; मनोहर। ३. झुकेको; निहुरेको।

बन्धेज–ना० [बन्देज] बन्देज।

बन्ध्य–वि० [सं०] १. बाँध्न योग्य; बन्धनीय। २. फल नलाग्ने (रूख)। ३. बाँझो।

बन्ध्या–ना० [सं०] शारीरिक दोषले गर्दा सन्तान उत्पन्न गर्न नसक्ने स्त्री; बाँझी स्त्री।

बन्ध्या-कर्कटी–ना० [सं०] ऐरेलु।

बन्ध्या-पुत्र–ना० [सं०] हुन नसक्ने कुरो; असम्भव कुरो।

बन्नु–अ० क्रि० [प्रा० वण्णणा] १. बनिबनाउ हुनु; रचिनु; तयार हुनु। २. मरम्मत हुनु; जीर्णोद्धार हुनु। ३. पद, मर्यादा, अधिकार, स्थिति आदिमा उँभो लाग्नु; सप्रनु; उन्नति हुनु। ४. काम सिद्ध हुनु; कार्य-सिद्धि हुनु। ५. बढ्ता योग्य वा गम्भीर भाव देखाउनु; बुज्रुकधाइँ देखाउनु।

बन्सो–ना० [सं० वंश] १. दूबाका जस्ता लामा र तीखा पात, केसै-केसा परेका झुप्पाकार फूल हुने र आँख्लैपिच्छे हाँगा हाल्ने एक भइँ-झार; मन्थानक। २. वंश। ३. लेश: सूक्ष्म अंश।

बपौती–ना० [बाबु+औती] बाबुले छोड़ेर गएको धन-सम्पत्ति; पैतृक सम्पत्ति।

बफाइ–ना० [बफाउ+आइ] बफाउने किसिम, क्रिया वा भाव।

बफाइनु–स० क्रि० [बफाउ+आइ+नु] बाफद्वारा उसिनिनु; ('बफाउनु'-को क० क्रि०)।

बफाउनु–स० क्रि० [बाफ+आउ+नु] १. बाफको उष्णताबाट पकाउनु; बाफद्वारा उसिन्नु; खँगार्नु।

बब–ना० [बुबु] गाई (बाल-बोलीमा)।

बबुर–ना० [प्रा० बब्बूल] मसिना, नरम, पहेँला, साना गोल फूल फुल्ने, छिनछिनेका जस्ता लामा कोसा फल्ने काँढ़ै-काँढ़ा भएको एक जातको रूख; बबूर। (यो ठूलो र सानो–दुइ जातको हुन्छ।)

बबुरो–वि० [बरो] बिचरो; बरो; दयनीय।

बबुल–ना० [बबुर] बबुर; बबूल; बबूर।

बबूर–ना० [बबुर] बबुर।

बबूल–ना० [बबुर] बबुर; बबूर।

बभ्रु–वि० [सं०] १. गाढ़ा खैरो। (ना०) २. न्याउरी-मूसो। ३. गाढ़ा खैरो रङ्ग। ४. शिव।

बम्–ना० [सं० ॐ] १. शिवजीलाई प्रसन्न तुल्याउनाका निमित्त उच्चारण गरिने शब्द; प्रणव; ॐ। २. साधु-संन्यासीहरूले भिक्षा माग्न आउँदा भन्ने शब्द।

बम–ना० [सं० वंश] बग्गी, गाड़ा आदिमा लागेका घोड़ा वा बैलहरूका बीचमा रहने लामो काठ।

बम–ना० [अं० बॅम्ब] भित्र विस्फोटक पदार्थ भरिएको कुनै आकार-प्रकारको गोला; शत्रुको संहार वा विनाश गर्न प्रयोग गरिने एक ध्वंसक अस्त्र।

बम-गोला–ना० [बम+गोला] भित्र बिस्फोटक पदार्थहरू भरिएको विध्वंसक अस्त्र; बम।

बमन–ना० [सं० वमन] बान्त; वमन।

बमोजिम–ना० यो० [फा० बमूजिब] अनुसार; मुताबिक; सरह।

बम्कनु–अ० क्रि० [बम] रीसको आवेगमा ठूलो स्वरले गर्जनु; कुर्लनु।

बम्काइ–ना० [बम्क+आइ] बम्कने किसिम, क्रिया वा भाव; कुर्लाइ।

बम्काइनु–स० क्रि० [बम्काउ+आइ+नु] बम्कन लाइनु; ('बम्काउनु'-को क० क्रि०)।

बम्काउनु–स० क्रि० [बम्क+आउ+नु] बम्कन लाउनु; ('बम्कनु'-को प्रे० क्रि०)।

बम्किनु–अ० क्रि० [बम्क+इ+नु] १. बम्कनु। २. कुर्लिनु; ('बम्कनु'-को भा० क्रि०)।

बम्क्याइ–ना० [बम्कि+याइ] बम्किने किसिम, क्रिया वा भाव; बम्काइ।

बम्क्याहट–ना० [बम्कि+याहट] बम्किने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव।

बम्फसेल–वि० [फ़ा० ब+फस्ल (अ०)] छेलो-खेलो; आफल-ताफल; प्रशस्त।

बम्बईसन–ना० [ने०]खुवा र चासनी भुटेर रातो पारी बनाइएको, बर्फीझैँ थाल आदिमा ढालेर तयार पारिएको एक जातको मिठाई।

बम्बम्–ना० [बम्+बम्] जोगी-संन्यासीहरूले भिक्षा माग्दा भन्ने शब्द।

बम्बार्ड–ना० [अं० बॅमबार्ड] बम-गोला प्रहार गर्ने काम।

बम्बू–ना० [अं० बूम] लुगा-फाटाका सिउनी वा जोर्नीमा लगाइने कपड़ाको घुरो।

बम्भोला–ना० [बम+भोला] १. महादेव; शिव। २. अत्यन्त सोझो स्वभावको व्यक्ति।

बम्मे–वि० [?] १. थाती; जगेड़ा। २. बन्दा-बन्दी (विशेष गरी सैनिकहरूको तलब-सम्बन्धी विषयमा प्रचलित शब्द)।

बयर–ना० [सं० बदर] अमलाजत्रो एक प्रकारको फल। (यो अनेक क़िसिम र स्वादको हुन्छ।)

बयल–ना० [सं० वय्] धान, गहूँ आदिका बालीमा हावा लाग्दा देखिने तरङ्ग; बयली।

बयल–ना० [बल] बैल।

बयल-गाड़ा–ना० [बयल+गाड़ा] वैल-गाड़ा; गो-यान।

बयलपाते–वि० [सं० वय्+उत्पात+ए] १. बित्पाते; छाले; बयल्ल। २. बयल खेल्ने वेलाका धान-गहूँका बोट।

बयलिनु–अ० क्रि० [सं० विकल] १. खाँदेर बनाइने अचार, सिन्की आदिको अमिलो स्वाद बिग्री सड्न तयार हुनु; स्वाद बिग्रनु। २. दुश्चरित्र भएर हिँड्नु; छिहिलिनु।

बयली–ना० [बयल+ई] धान, गहूँ, आदिको बालीमा हावा लाग्दा उठ्ने लहर; बयल।

बयल्याइ–ना० [बयलि+याइ] बयलिने किसिम, क्रिया वा भाव।

बयल्याइनु–स० क्रि० [बयल्याउ+आइ+नु] बयलिने पारिनु; ('बयल्याउनु'-को क० क्रि०)।

बयल्याउनु–स० क्रि० [बयलि+याउ+नु] बयलिने पार्नु; ('बयलिनु'-को प्रे० क्रि०)।

बयल्ल–वि० [सं० वय्] उच्छृङ्खल; छयल्ल; छाले।

बयल्ले–वि० [बयल्ल+ए] बयल्ल।

बयसट्ठी–ना० [प्रा० बासट्ठि] १. साठी र दुइको योग-सङ्ख्या; ६२-को अङ्क। (वि०) २. साठी र दुइका योग-सङ्ख्याको; बासट्ठी।

बयसट्ठियौँ–वि० [बयसट्ठि+यौँ] गन्दै लाँदा बयसट्ठीको सङ्ख्यामा पुगेको; बयसट्ठी सङ्ख्याको।

बयान–ना० [अ०] १. बखान; वर्णन; विवरण। २. प्रशंसा; तारीफ। ३. अड्डा-अदालतमा साक्षी वा अभियुक्तहरूले दिने अपराध वा मुद्दा-सम्बन्धी वक्तव्य। ४. कुनै विषयमा सम्बन्धित व्यक्तिले दिने विवरण।

बयान्नब्बे–ना० [सं० द्विनवति] १. नब्बे र दुइको योग-सङ्ख्या; ९२-को अङ्क। (वि०) २. नब्बे र दुइका योग-सङ्ख्याको।

बयान्नब्बेयौँ–वि० [बयान्नब्बे+यौँ] गणनाको क्रमले बयान्नब्बे सङ्ख्यामा पुगेको; बयान्नब्बे सङ्ख्याको।

बयालिस–ना० [बयालीस] बयालीस।

बयालिसौँ–वि० [बयालीसौँ] बयालीसौँ।

बयालीस–ना० [सं० द्विचत्वारिंशत्] १. चालीस र दुइको योग-सङ्ख्या; ४२-को अङ्क। (वि०) २. चालीस र दुइका योग-सङ्ख्याको।

बयालीसौँ–वि० [बयालीस+औँ] गणनाका क्रमले बयालीस सङ्ख्यामा पुगेको; बयालीस सङ्ख्याको।

बयासियौँ–वि० [बयासी+यौँ] गणनाका क्रमले बयासी सङ्ख्यामा पुगेको; बयासी सङ्ख्याको।

बयासी–ना० [प्रा० बिअसी] १. असी र दुइको योग-सङ्ख्या; ८२-को अङ्क।(वि०)२. असी र दुइका योग-सङ्ख्याको।

बर–ना० [सं० वट] हाँगाबाट लहरा निस्केर भइँमा गाड़िई जरा हाल्ने राता बाटुला फल फल्ने, पीपलका जातको एक प्रसिद्ध वृक्ष; वट।

बरक़रार–वि० [फ़ा०बरक़रार]१. राम्ररी स्थापित गरिएको। २. दृढ।३. वर्तमान। ४. उपस्थित।

बरखास–वि० [बरखास्त] बरखास्त।

बरखासी–ना० [बरखास+ई] बरखास हुने वा गर्ने काम; खारेजी।

बरखास्त–वि० [फ़ा० बरख्वास्त] १. नोकरी आदिबाट खोसिएको; खोसुवा; खारिज गरिएको। २. कुनै चलिरहेको बैठक, इजलास आदिको विसर्जन।

बरखिलाफ–वि० [अ० बरखिलाफ़] १. विरुद्ध; प्रतिकूल। २. उल्टो।

बरखी–ना० [सं० वार्षिकी] १. मानिस मरेका वर्ष दिनमा गरिने श्राद्ध। २. बाबु, आमा वा पति मर्दा वर्ष दिनसम्म छोरो वा पत्नीले पालन गर्नु पर्ने नियम।

बरताव–ना० [सं० वर्तन] कसैसित गरिने काम-कुरोको व्यवहार।

बरन्डा–ना० [सं० वरण्ड] घरमा बाहिर निकालेर बनाइएको छानासहितको अवयव; बार्दली।

बरफ–ना० [फा० बर्फ़] ठन्डा गरी जमाएको पानी।

बरफिलो–वि० [बरफ+इलो] बर्फिलो।

बरबर–ना० [ने०] १. बेहोशीका अवस्था वा निद्रामा बोल्ने काम; बड़बड़; प्रलाप। (क्रि० यो०) २. लगातार आँसु, पानी, साना-तिना गेड़ा आदि चुहुने वा झर्ने किसिम।

बरबरती–क्रि० यो० [बरबर+ती] बरबरी।

बरबराइ–ना० [बरबराउ+आइ] बरबराउने किसिम, क्रिया वा भाव।

बरबराइनु–अ० क्रि० [बरबराउ+इ+नु] बरबर गरिनु;

CC-0. In Public Domain. Digitization by eGangotri

बड़बड़ाइनु; ('बरबराउनु'-को भा० क्रि०)।

बरबराउनु–अ० क्रि० [बरबर+आइ+नु] १. बेहोशीका अवस्था वा निद्रामा बोल्नु; बरबर गर्नु; बड़बड़ाउनु; प्रलाप गर्नु। २. फतफताउनु; भटभटाउनु। ३. थोपा, गेड़ा आदि झर्नु।

बरबराहट–ना० [बरबराउ+आहट] बरबराउने किसिम, क्रिया वा भाव; बरबराइ।

बरबरी–क्रि० यो० [बरबर+ई] १. आँसु चुहाउने किसिम; बरबर। २. साना-साना दाना, थोपा आदि खस्ने वा छर्ने किसिम; बर्कने किसिम।

बर-बन्दोबस्त–ना० [(फाँ०) बर+बन्दोबस्त] बन्दोबस्त; इन्तिजाम; प्रबन्ध।

बरबरे–वि० [बरबर+ए] बरबराउने स्वभावको; बड़बड़े।

बरबाद–वि० [फा०] १. बिग्रेको; नासिएको; विनष्ट। २. बेथितिसित रहेको; भताभुङ्ग।

बरबादी–ना० [फा०] बरबाद हुने भाव; नाश; विनाश।

बर-बेवहार–ना० [(फाँ०)बर+बेवहार] बेवहार; व्यवहार।

बरही–ना० [सं० वृ] १. पान-सम्बन्धी काम गर्ने एक जाति; बरै। २. पान-पसले; पानको व्यापारी।

बराँठ–ना० [अ० बर्राक़ि] १. सोझो सीङ, छोटो पुच्छर, खैरो वर्ण र प्रायः मोटो हुने एक जातको मृग; शम्बर। (वि०) २. हृष्ट-पुष्ट र बलियो; हट्ठाकट्ठा। ३. गर्भ धारण नगरेकी युवती; वला (स्त्री)।

बराँठिइनु–अ० क्रि० [बराँठि+इ+नु] बराँठजस्तै मोटाइनु; ('बराँठिनु'-को भा० क्रि०)।

बराँठिनु–अ० क्रि० [बराँठ+इ+नु] १. बराँठजस्तै मोटाउनु; खूब हृष्ट-पुष्ट हुनु; अयुलाउनु। २. उमेर पुगिसकेर पनि गर्भ धारण नगर्नु; बैलिनु।

बराँठ्याइ–ना० [बराँठि+याइ] बराँठिने किसिम, क्रिया वा भाव।

बराँत–ना० [बनात] बनात।

बरा–ना० [सं० वराक] बिचरो; बबुरो।

बराइ–ना० [वर्+आइ] बर्ने किसिम, क्रिया वा भाव; स्वयंवर गर्ने काम।

बराइ–ना० [बार्+आइ] बार्ने किसिम, क्रिया वा भाव।

बराइनु–स० क्रि० [बराउ+आइ+नु] कन्याद्वारा वर रोजाइनु; ('बराउनु'-को क० क्रि०)।

बराउनु–स० क्रि० [बर्+आउ+नु] कन्याद्वारा वर रोज्न लाउनु; ('बर्नु'-को प्रे० क्रि०)।

बराज्यू–ना० [बाजे+ज्यू] १. बाजेका पिता; बाबुका बाजे। २. चार-पाँच पुस्तामाथिका पुर्खाहरू।

बराज्यै–ना० [बराज्यू] बराज्यू।

बरानी–ना० [बहूरानी] कमारा-कमारीले आफूभन्दा कम उमेरका मालिककी स्त्रीलाई सम्बोधन गर्ने शब्द।

बराबर–वि० [फ़ा०] १. समान; तुल्य; सदृश। २. होचो-अग्लो नभएको; समतल। (क्रि० यो०) ३. निरन्तर; लगातार; सधैँ; हमेशा। ४. प्रायः; अक्सर।

बराबरी–ना० [फा०] बराबर हुनाको भाव; समानता; तुल्यता।

बरामद–ना० [फा०] चोरिएको वा हराएको वस्तु फेला पर्नु; बेपत्ता भएको माल-मत्ता वा प्राणी खान-तलासीबाट निस्कनु।

बरालाइ–ना० [बराल्+आइ] १. बराल्ने किसिम, क्रिया वा भाव। २. बरालिने किसिम, क्रिया वा भाव।

बरालिनु–अ० क्रि० [बराल्] १. अर्काको बहकावटमा लाग्नु; बहकिनु। २. बेकाममा यता-उति हिँड्नु; अल्लारिनु। ३. खराब सङ्गतमा लाग्नु; कुसङ्गतमा फस्नु।

बरालिनु–स० क्रि० [बराल्+इ+नु] बहकाइनु; ('बराल्नु'-को क० क्रि०)।

बराल्नु–स० क्रि० [बयल्ल+नु] १. खराब काममा प्रवृत्त गराउनु; बहकाउनु। २. बेकाममा यता-उति हिँड़ाउनु। ३. खराब सङ्गतमा लगाउनु; कुसङ्गतमा फसाउनु।

बराल्याइ–ना० [बरालि+याइ] बरालिने किसिम, क्रिया वा भाव।

बराह–ना० [सं० वराह] वराह।

बराहा–वि० [बराबर] अधियाँ; साजा; बच्छी।

बरिनु–स० क्रि० [बर्+इ+नु] कन्याद्वारा वर रोजिनु; ('बर्नु'-को क० क्रि०)।

बरियो–ना० [सं० वरत्रा] नाम्लाको डोरी।

बरियाँत–ना० [सं० वर-यात्रा] विवाहमा वरका साथ कन्याका पिताका घरमा जाने मानिसहरूको समूह; जन्ती; वर-यात्री।

बरियाँती–वि० [बरियाँत+ई] बरियाँतमा जाने; जन्ती जाने।

बरी–ना० [सं० वटी] १. औषधीको गोली; वटी। २. साना-साना डल्ला पारी तयार गरिएको खाद्य पदार्थ।

बरु–संयो० [सं० वर] १. त्यसोभन्दा त। २. अथवा; वा; यद्वा।

बरुवाल–ना० [अ०बर्राक़ि] १. सीङ मोटा हुने एक जातको लेकाली ठूलो भेंड़ो। २. भाले भेंड़ो; भेंड़ाको साँढ़।

बरेलो–ना० [ने०] परवरजस्तो तरकारी खाइने एक जातको फल; चुच्चे-करेलो।

बरै–ना० [बरही] बरही।

बरो–वि० [बरा] बरा; बिचरो; बबुरो।

बरोबर–वि० [बराबर] १. बराबर; समान; तुल्य; समकक्ष। (क्रि० यो०) २. बार-बार; फेरि-फेरि; पुनः-पुनः। ३. प्रायः।

बरोबरी–ना० [बरोबर+ई] बराबरी; तुल्यता; समानता।

बर्कत–ना० [अ० बरकत] १. बल; ताकत; सामर्थ्य। २. आधिक्य। ३. लाभ। ४. उन्नति; अभ्युदय।

CC-0. In Public Domain. Digitization by eGangotri

बर्कती–वि० [बर्कत+ई] बर्कत भएको; शक्ति-शाली।

बर्कनदास–ना० [अ० बर्क+अन्दाज़ (फा०)] १. बेकम्मा भएर खारीज भएको; बरखास्त। २. सिपाही; सैनिक।

बर्कनु–अ० क्रि० [बर्कौलो+नु] १. दाना-दाना वस्तु खस्नु; गेड़ाहरू पोखिनु। २. दानाहरू छरिनु; छिरलिनु।

बर्कर–ना० [सं०] बाखाको बच्चो; पाठो।

बर्काइ–ना० [बर्क+आइ] बर्कने किसिम, क्रिया वा भाव।

बर्काइ–ना० [बर्काउ+आइ] बर्काउने किसिम, क्रिया वा भाव।

बर्काइनु–स० क्रि० [बर्काउ+इ+नु] गेड़ाहरू खसालिनु वा छरिनु; ('बर्काउनु'-को क० क्रि०)।

बर्काउनु–स० क्रि० [बर्क+आउ+नु] १. साना-साना दानाहरू छर्नु; छिरलो पार्नु। २. बीउ छर्नु।

बर्किनु–अ० क्रि० [बर्क+इ+नु] १. गेड़ाहरू खसिनु; ('बर्कनु'-को भा० क्रि०)। २. बर्कनु।

बर्को–ना० [सं० वृत] एक-सरो पछेउरा; मजेत्रो।

बर्कौलो–ना० [सं० वर्कर+औंलो] भेड़ा, बाखा आदिको गोली परेको विष्टा।

बर्कौल्याइ–ना० [वर्कौल्याउ+आइ] वर्कौल्याउने किसिम, क्रिया वा भाव।

बर्कौल्याइनु–स० क्रि० [बर्कौल्याउ+आइ+नु] भेड़ा-बाखा आदिले हगिनु; ('वर्कौल्याउनु'-को क० क्रि०)।

बर्कौल्याउनु–स० क्रि० [बर्कौलो+याउ+नु] भेड़ा, बाखा आदिले हग्नु; बर्कौला हग्नु।

बर्क्याइ–ना० [बर्कि+याइ] बर्किने किसिम, क्रिया वा भाव।

बर्क्याहट–ना० [बर्कि+याहट] बर्किने किसिम, क्रिया वा भाव।

बर्खे–ना० [सं० वर्ष] १. साल; वर्ष। २. उमेर; आयु।

बर्खा–ना० [सं० वर्षा] वर्षा।

बर्खास–वि० [बरखास्त] बरखास्त।

बर्खासन–ना० [सं० वर्षाशन] वर्षाशन।

बर्खास्त–वि० [फा० बरख़्वास्त] बरखास्त।

बर्खासी–ना० [बर्खास+ई] बरखासी।

बर्खिनु–अ० क्रि० [बर्खा+इ+नु] बर्खाभर रहनु; वर्षा-कालभर रहनु।

बर्खी–ना० [बरखी] बरखी।

बर्खे–वि० [बर्खा+ए] १. बर्खा-सम्बन्धी; वर्षाको। २. वर्षा ऋतुमा हुने वा प्रयोग गरिने।

बर्ख्याइ–ना० [बर्ख्याउ+आइ] बर्ख्याउने किसिम, क्रिया वा भाव।

बर्ख्याइ–ना० [बर्खि+याइ] बर्खिने किसिम, क्रिया वा भाव।

बर्ख्याउनु–स० क्रि० [बर्खि+याउ+नु] कुनै काम-कुरो वर्खाभरि स्थगित राख्नु; वर्षा-कालभरि थामेर राख्नु।

बर्छा–ना० [सं० व्रश्चन] भाला।

बर्छी–ना० [बर्छा+ई] भाला।

बर्त–ना० [सं० व्रत] १. व्रत। २. उपवास।

बर्तन–ना० [सं० वर्तन] १. खाने-पिउने वस्तुहरू हाल्ने माटो, धातु आदिको भाँड़ो; पात्र। २. बत्ती बाल्ने तेल।

बर्तनु–अ० क्रि० [सं० वृत्] बाँच्नु; जीवित रहनु; जीवन-निर्वाह गर्नु।

बर्तमन–ना० [सं० व्रतबन्ध] व्रत-बन्ध।

बर्ता–वि० [बढ्ता] बढ्ता।

बर्तालु–वि० [वर्त+आलु] व्रत बसेको; उपवास बसेको; व्रती।

बर्दा–ना० [सं० बलिवर्द] गोरु।

बर्दी–ना० [वरदी] वरदी।

बर्दुल–ना० [सं० वर्तुल] प्वाल पार्ने ज्याभल; बर्मा; झीर।

बर्धन्ने–ना० [ने०] दीर्घ उकारको चिह्न; (ू) यो चिह्न।

बर्नु–स० क्रि० [सं० वरण+नु] १. कन्याले वर रोज्नु; पति-वरण गर्नु; स्वयंवर गर्नु। २. स्वीकार गर्नु; मन्जूर गर्नु। ३. ठेक्नु।

बर्फ–ना० [फा० बर्फ़] बरफ।

बर्फिलो–वि० [बर्फ+इलो] बरफै-बरफले ढाकिएको; हिउँले परिपूर्ण।

बर्फी–ना० [फा० बर्फ़] खुवा, चीनी आदि पकाएर थालमा जमाई पछि काटेर झिकिने एक किसिमको मिठाई।

बर्बट–ना० [सं०] ठूलो जातको मास।

बर्बर–वि० [सं०] १. असभ्य; जङ्गली; वर्वर। २. अनार्य। ३. घुँगुरिएको (रौँ)। (ना०) ४. जङ्गली जाति। ५. घुँगुरिएको कपाल।

बर्बरता–ना० [सं०] बर्बर हुनाको भाव; असभ्यता; वर्वरता।

बर्बुर–ना० [सं०] बबुरको बोट।

बर्बूर–ना० [सं०] बर्बुर।

बर्बरी–ना० [सं०] बाबरी; वन-तुलसी।

बर्मा–ना० [फा० बर्मः] काठमा प्वाल पार्ने एक प्रकारको औजार।

बर्मा–ना० [सं० ब्रह्म-देश] भारत र पाकिस्तानको पूर्वपट्टि रहेको एक देश।

बर्मी–वि०[बर्मा+ई] बर्मेली।

बर्मेली–वि० [बर्मा+एली] बर्माको; बर्मा-सम्बन्धी।

बर्र–क्रि० यो० [अनु०] १. गेड़ा-गेड़ीहरू झर्ने वा झर्दा शब्द आउने किसिम; बर्कने किसिम। २. आँसु वा पानीका थोपाहरू झर्ने वा झर्दा शब्द आउने किसिम।

बर्रो–ना० [सं० विभीतक] १. ठूलठूला पात, मञ्जरीका रूपमा साना-साना हरिया फूल र पहेँला गोल फल हुने एक वृक्ष। २. त्यसैको फल; त्रिफलाका तीन फलमध्ये एक। (आयुर्वेदमा यसको गुण कफ-नाशक र आँखालाई हित गर्ने बताइएको छ।)

बर्स–ना० [सं० वर्ष] १. साल; वर्ष; बर्खे। २. उमेर; आयु।

बर्सनु–अ० क्रि० [सं० वर्षा+नु] १. पानी पर्नु; वृष्टि हुनु।

CC-0. In Public Domain. Digitization by eGangotri

२. दानाहरू खस्नु; बर्कनु। ३. खस्नु; झर्नु। ४. पर्रा छुट्नु।
बर्साइ–ना० [बर्स+आइ] बर्सने किसिम, क्रिया वा भाव।
बर्साइ–ना० [बर्साउ+आइ] बर्साउने किसिम, क्रिया वा भाव।
बर्साइनु–स० क्रि० [बर्साउ+आइ+नु] वृष्टि गराइनु; ('बर्साउनु'-को क० क्रि०)।
बर्साउनु–स० क्रि० [बर्स+आउ+नु] १. पानी पार्नु; वृष्टि गराउनु। २. थोपा वा गेड़ा बेसरी खसाल्नु; झार्नु। ३. छेलो-खेलो हुने गरी दिनु; प्रशस्त दिनु। ४. धेरै वस्तुहरू पानी परेझैँ खसाल्नु ; ('बर्सनु'-को प्रे० क्रि०)।
बर्सात–ना० [सं० वर्षा] १. पानी ज्यादा पर्ने महीना; श्रावण र भाद्र महीना; वर्षा-काल। २. वृष्टि; वर्षा।
बर्साती–ना० [बर्सा+ती] १. वर्षेको पानीबाट बच्नाका निमित्त लाइने खुकुलो कोटजस्तो एक प्रकारको लुगा। २. पानी छिर्न नसक्ने गरी विशेष किसिमले बनाइएको कपड़ा।(वि०) ३. वर्षा ऋतुमा हुने; बर्सातको।
बर्साद–ना० [बर्सात] बर्सात।
बर्सादी–ना० [बर्साती] बर्साती।
बर्सिनु–अ० क्रि० [बर्स+इ+नु] पानी परिनु; ('बर्सनु'-को भा० क्रि०)।
बर्सेनि–क्रि० यो० [बर्स+एनी] हरेक वर्षमा; प्रतिवर्ष; सालिन्दा।
बर्सौंदी–ना० [वर्ष-बन्दी] वर्ष-वर्ष दिनमा लिने वा दिने रकम; प्रतिवर्ष लिने-दिने गरिआएको नगद वा जिन्सी; वर्ष-बन्दी।
बर्स्यौंलो–ना० [वर्षा+औलो] वर्षा-कालमा हुने,जमीनमनि रहने जूकाजस्तो कीरो; गँड्यौलो।
बल–ना० [सं०] १. शक्ति;ताकत। २. सेना; सैन्य। ३. वीर्य; शुक्र। ४. आड़; भरोसा। ५. बलराम।
बल–ना० [सं० बलक्ष] चित्र लेख्ने वा घर आदिमा पोत्ने काममा उपयोग गरिने सेतो धूलो वा रङ्ग।
बल–ना० [अं० बॅल] १. भकुन्डो। २. फुट-बल।
बल–ना० [सं० बलि] अप्सानी; बलि।
बलक–ना० [सं० बलक्ष] १. सुन-चाँदीका गहना, भाँड़ा आदिमा घोटेर टलक निकाल्ने एक किसिमको पत्थर; पुलिक। २. बल (धूलो वा रङ्ग)।
बलक-बलक–क्रि० यो० [ने०] १. घाउ-खटिराहरूमा पीप भरिएर टन्कने किसिम; टनक-टनक; बल्कने किसिम। २. उत्तेजित हुनु; चञ्चल हुनु।
बलक्ष–वि० [सं०] १. सेतो; श्वेत। २. चन्द्रमा।
बल-जफत–ना० [बल+जफत] जबरदस्ती; बल-मिचाइ; बलात्कार।
बल-जफती–ना० [बल+जफती] बल-जफत।
बल-जफ्त–ना० [बल-जफत] बल-जफत।
बल-जफ्ती–ना० [बल-जफती] बल-जफती।
बल-तल–क्रि० यो० [बल+तल (फाँ०)] १. बल गरेर; बलपूर्वक। २. मुश्किलसित; बलल-तल्ल।
बलदेव–ना० [सं०] १. बलराम। २. वायु।
बलबल–ना० [सं० बल+बल] १. उत्ताउलो स्वभाव; उच्छृङ्खलता। २. बकबक।
बलबलाइ–ना० [बलबलाउ+आइ] बलबलाउने किसिम, क्रिया वा भाव।
बलबलाइनु–अ० क्रि० [बलबलाउ+आइ+नु] चञ्चल होइनु; ('बलबलाउनु'-को भा० क्रि०)।
बलबलाउनु–अ० क्रि० [बलबल+आउ+नु] १. चञ्चल हुनु; उच्छृङ्खल हुनु। २. बकबक गर्नु; नचाहिँदा बर्ता कुरा गर्नु।
बलबलाहट–ना० [बलबलाउ+आहट]बलबलाउने किसिम, क्रिया वा भाव; बलबलाइ।
बलबलिइनु–अ० क्रि० [बलबलि+इ+नु] बलबलाइनु; ('बलबलिनु'-को भा० क्रि०)।
बलबलिनु–अ० क्रि० [बलबल+इ+नु] बलबलाउनु।
बलबले–वि० [बल-बल+ए] १. छुकछुके; चकचके। २. बलबल गर्ने; बकबके।
बलबल्याइ–ना० [बलबलि+याइ] बलबलिने किसिम, क्रिया वा भाव; बलबलाइ।
बलबल्याहट–ना० [बलबलि+याहट] बलबलिने किसिम, क्रिया वा भाव; बलबल्याइ।
बलभद्र–ना० [सं०] १. बलवान् व्यक्ति। २. बलराम।
बल-मिचाइ–ना० [बल+मिचाइ] बलले थिचो-मिचो गर्ने काम; बल-जफती; जबरदस्ती।
बलराम–ना० [सं०] कृष्णका दाजु; बलदेव।
बलवा–ना० [फा०] १. दङ्गा; विप्लव; हूल-हुज्जत। २. विद्रोह।
बलवान्–वि० [सं०] बल भएको; शक्ति-शाली; बली।
बल-शाली–वि० [सं०] बलियो; बलवान्।
बला–ना० [सं०] लड़ाईँका समयमा भोक-प्यास हटाउने एक विद्या।
बला–ना० [अ०] १. आपत्ति; विपत्ति। २. दुःख; कष्ट। ३. रोग; व्याधि। (वि०) ४. घोर; अत्यन्त।
बला–ना० [सं०] बलुझार।
बलाइ–ना० [बल्+आइ] बल्ने किसिम, क्रिया वा भाव।
बलाइ–ना० [बाल्+आइ] बाल्ने किसिम, क्रिया वा भाव।
बलाक–ना० [सं०] बकुल्लो।
बलाका–ना० [सं०] १. पोथी बकुल्लो। २. बकुल्लाको ताँती। ३. कामुक स्त्री।
बलाढ्य–वि० [सं०] बलियो; बलवान्।
बलात्–क्रि० यो० [सं०] बल-जफत गरेर; बलपूर्वक।
बलात्कार–ना० [सं०] १. जबरदस्ती गर्नु; बल-प्रयोग। २. कुनै स्त्रीको इच्छाका विरुद्ध बलपूर्वक सम्भोग गर्नु; सतित्व नष्ट गर्नु। ३. अन्याय; अत्याचार।

CC-0. In Public Domain. Digitization by eGangotri

बलात्कृत–वि० [सं०] बलात्कार गरिएको; जबरदस्ती गरिएको ।

बलाध्यक्ष–ना० [सं०] सेना-पति ।

बलाबल–ना० [सं०] १. दुइ पक्षका मानिसहरूको तुलनात्मक बल र निर्बलता । २. दुइ थरीका बलको प्रतिस्पर्धा; खिँचातानी ।

बलाहक–ना० [सं०] १. मेघ; बादल । २. पर्वत; पहाड़ । ३. बकुल्लो ।

बलि–ना० [सं०] १. देवतालाई चढ़ाइने खाद्य पदार्थ; नैवेद्य । २. देवताका निम्ति भोग दिइने पशु । ३. पूजा, होम आदिमा क्षेत्र-पाललाई चढ़ाइने अन्न । ४. भोजन गर्नुभन्दा पहिले देव-पितृका उद्देश्यले चढ़ाइने अन्न; अप्सानी । ५. काग, कुकुर आदिलाई दिइने आहार । ६. पञ्च-महायज्ञमध्ये एक; भूत-यज्ञ । ७. भूमि-कर; माल-पोत । ८. पेटका लुँदाका बीचको रेखा वा चाउरी । ९. पुराण-प्रसिद्ध एक दैत्य-राज । (यिनैलाई छल्न भगवान् विष्णुले वामन अवतार लिनुभएको थियो ।)

बलि-कर्म–ना० [सं०] १. पञ्च-महायज्ञमध्ये एक; भूत-यज्ञ । २. पूजा ।

बलि-दान–ना० [सं०] १. देव-देवीका उद्देश्यले पशु-वध गर्नु; पशु-बलि दिनु । २. देवताको पूजा गर्नु । ३. त्याग; उत्सर्ग ।

बलिनु–अ० क्रि० [बल्+इ+नु] आगाको ज्वाला उठिनु; ('बल्नु'-को भा० क्रि०) ।

बलिन्द्र–वि० [बलेनी] १.पानी पर्दा बलेनीबाट चुहुने पानीको धाराजस्तो; निरन्तर चुहेको (धारा) । २. बरबर चुहेको आँसुको (धारा) ।

बलि-पशु–ना० [सं०] देवताका उद्देश्यले काटिने वा छोड़िने पशु; भोग दिइने पशु ।

बलि-पुष्ट–ना० [सं०] कौवा ।

बलियो–वि० [सं० बलीय] १. बल भएको; बलवान्; बलिष्ठ । २. हतपती नबिग्रने; मजबूत; खप्ने । ३. धन, जन आदिले सम्पन्न ।

बलि-वैश्वदेव–ना० [सं०] भूत-यज्ञ ।

बलिश–ना० [सं०] बल्छी ।

बलिष्ठ–वि० [सं०] १. बलवान्; बलियो; शक्ति-शाली । (ना०) २. ऊँट ।

बलि-सद्म–ना० [सं०] पाताल लोक ।

बली–वि० [सं०] १. बलियो; बलिष्ठ । (ना०) २. छालामा परेको चाउरी वा लुँदो । ३. राँगो । ४. बँदेल । ५. ऊँट । ६. बैल । ७. योद्धा । ८. बलि ।

बलीक–ना० [सं०] छानाको छेउ; दाँती ।

बलीवर्द–ना० [सं०] १. साँढ़े । २. बैल ।

बलु–ना० [सं० बाल] पानीमा रहने रौंजस्तो मसिनु र लामो एक जातको कीरो । (यसले बेह्रिएर गाई-वस्तुको पुच्छर काटिदिन्छ ।)

बलु–ना० [सं० बला] बाटुला किसिमका पात, पहेँला फूल र हरिया साना-साना फल हुने एक जातको झार; बला । (यसका पहेँला, काला आदि अनेक भेद छन् । आयुर्वेदमा यसको गुण बल, वीर्य एवम् रगत वढ़ाउने र ठन्डा बताइएको छ ।)

बलेँसी–ना० [बलीक] छानाको किनारबाट खसेको पानी पर्ने ठाउँ; बलेनी झरेर पर्ने ठाउँ ।

बलेख्रो–ना० [बलि+बाख्रो] १. भेड़ो वा बाख्रो । २. नबियाएंकी बाख्री; कुमार-पाठी । ३. बलि दिइने पशु; बलि-पशु ।

बलेनी–ना० [बलीक] छानाको किनारबाट झरेको पानी ।

बलो–ना० [सं० वलभि] धुरीमा, छानाको बीचमा र छानाको दाँतीमाथि तेर्सो रहने लामो काठ; मुसी वा डाँड़ा अड़्याउने तेर्सो काठ (धुरी-बलो, कुम-बलो र पानी-बलो) ।

बलौटे–वि० [बलौटो+ए] बालुवा धेरै भएको; बलौटो ।

बलौटो–वि० [बालुवा+औटो] बालुवा धेरै भएको; बलौटे (जमीन) ।

बल्कनु–अ० क्रि० [बलक+बलक+नु] घाउ-खटिराहरू बलक-बलक गरेर टन्कनु ।

बल्काइ–ना० [बलक+आइ] बल्कने किसिम, क्रिया वा भाव ।

बल्किनु–अ० क्रि० [बलक+इ+नु] घाउ-खटिराहरू बलक-बलक गरेर टन्किनु; ('बल्कनु'-को भा० क्रि०) ।

बल्छी–ना० [सं० बलिश] धागामा झुन्ड्याएर, माछा बल्झाउने फलामे अङ्कुश; बल्सी ।

बल्छे-काँढ़ो–ना० [बल्छी+काँढ़ो] माथितिर फर्केका काँढ़ै-काँढ़ा हुने एक जातको लहरो ।

बल्झनु–अ० क्रि० [बल्छी] १. बल्छीमा पर्नु; जालमा फस्नु; पाशोमा पर्नु । २. अल्झनु; अड्कनु । ३. गर्भ रहनु । ४. जूवामा च्याँखे दाउ लाग्नु । ५. आइपर्नु; जुट्नु ।

बल्झाइ–ना० [बल्झ+आइ] बल्झने किसिम, क्रिया वा भाव ।

बल्झाइ–ना० [बल्झाउ+आइ] बल्झाउने किसिम, क्रिया वा भाव; अल्झाइ ।

बल्झाउनु–स० क्रि० [बल्झ+आउ+नु] १. बल्छीमा पार्नु; जालमा फसाउनु; पाशोमा पार्नु । २. अल्झाउनु; अड्-काउनु । ३. च्याँखेमा लगाएका पैसाले अरू पैसा जित्नु; ('बल्झनु'-को प्रे० क्रि०) ।

बल्झिनु–अ० क्रि० [बल्झ+इ+नु] १. बल्छीमा पर्नु; जालमा पर्नु; पाशोमा पर्नु; बल्झनु । २. अल्झनु; अड्कनु । ३. गर्भ रहनु । ४. जूवामा पैसा फस्नु; ('बल्झनु'-को भा० क्रि०) ।

बल्झ्याइ–ना० [बल्झि+याइ] बल्झिने किसिम, क्रिया वा भाव ।

बल्डयाङ–ना० [ने०] १. पल्टनबाजी; पल्टा । २. वाङ; असफलता ।

CC-0. In Public Domain. Digitization by eGangotri

बल्डयाङग्रे–वि० [बल्डयाङग्रो+ए] १. ठूल्ठूला आँखा भएको। २. आँखा बाहिर निस्केको; आँख्ले।

बल्डयाङग्रो–ना० [ने०] १. लहरामा फल्ने, ठूल्ठूला गेड़ा हुने सिमीजस्तो एक प्रकारको फल। (सुत्केरीलाई खुवाउने बत्तीसा औषधिमा यसको प्रयोग हुन्छ।) २. बाहिर निस्केको ठूलो आँखो।

बल्ढयाङग्रो–ना०[ने०] १. गाढ़ा प्याजी रङ्गका फूल र लामा-लामा कोसा हुने एक जातको लहरो। २. त्यसैका कोसामा फल्ने दाना; घृत-करञ्ज। (आयुर्वेदमा यसको गुण वात र छाला-सम्बन्धी रोगको नाश गर्ने बताइएको छ।)

बल्नु–अ० क्रि० [सं० ज्वलन+नु] १. आगाको ज्वाला उठ्नु; धिप्को उठ्नु; दन्कनु; सल्कनु। २. जल्दो-बल्दो हुनु; प्रतापी हुनु। ३. भाग्य चम्कनु। ४. आगो, बत्ती आदिबाट प्रकाश निस्कने हुनु।

बल्ब–ना० [अं०] बिजुलीको प्रकाश उत्पन्न गर्ने काँचको प्रसिद्ध साधन; चिम।

बल्याइ–ना० [बल्याउ+आइ] बल्याउने किसिम, क्रिया वा भाव।

बल्याइनु–स० क्रि० [बल्याउ+आइ+नु] धान, कोदो आदि अन्नका बालाहरू बीउका निमित्त छानेर काटिनु; ('बल्याउनु'-को क० क्रि०)।

बल्याउनु–स० क्रि० [बाली+याउ+नु] धान, कोदो आदि अन्नका बालाहरू बीउका निमित्त छानेर काट्नु।

बल्ल–क्रि० यो० [बल] १. बल गरेर; कुन किसिमले; मुश्किलसँग; हा-हु। २. धेरै समयपछि; धेरै कालमा।

बल्ल-तल्ल–क्रि० यो० [बल्ल+तल्ल (फाँ०)] बड़ो मुश्किलका साथ; कठिनसित; बल-तल गरेर; बल्ल-बल्ल।

बल्ल-बल्ल–क्रि० यो० [बल्ल+बल्ल] बल्ल-तल्ल; मुश्किलका साथ; कुनै किसिमले।

बल्लव–ना० [सं०] १. गोठालो; गोप। २. भान्से; पाचक।

बल्वज–ना० [सं०] बाबियो।

बल्सी–ना० [बल्छी] बल्छी।

बव–ना० [सं०] ज्योतिषका करणहरूमध्ये पहिलो करण।

बवासीर–ना० [अ०] अर्श रोग; अलकाई।

बष्कय–वि० [सं०] तरुनो बाछो; कोरलो बाछो।

बष्कयणी–ना० [सं०] बकेर्नु गाई।

बष्कयनी–ना० [सं०] बष्कयणी।

बस–वि० [फा०] १. यथेष्ट; भरपूर। २. पर्याप्त; काफी। (वि० बो) ३. भयो, पुग्यो, ठीक आदि बुझाउने शब्द।

बस–ना० [अं०] यात्रीहरू ओसार्ने, छाना, झ्याल, ढोका र बस्ने सीट आदि भएको एक प्रकारको ठूलो मोटर।

बस-उठ–ना० [बस्+उठ्] १. साथ-साथमा रहने-बस्ने काम; साथको रहन-सहन; बसाउठी। २. आवत-जावत। ३. बोल-चाल; हिम-चिम। ४. सजाय वा व्यायामका निमित्त वार-वार बस्ने र उठ्ने काम।

बसन्त–ना० [सं० वसन्त] वसन्त ऋतु।

बसन्ती–ना० [सं० वासन्ती] १. जूहीका जस्ता पात हुने, कुन्दका जस्ता लामा डाँठमा सेता फूल फुल्ने र अण्डाकार काला फल फल्ने एक जातको लता। २. त्यसैको फूल; वासन्ती। (वि०) ३. पाकेका कागतीको बोक्राको जस्तो पहेँलो (रङ्ग)। ४. पहेँलो।

बसाइँ–ना० [बस्+आइँ] एक देश वा गाउँ छोड़ी अर्को देश वा गाउँमा गरिने बसोबास।

बसाइ–ना० [बस्+आइ] बस्ने किसिम, क्रिया वा भाव।

बसाइ–ना० [बसाउ+आइ] बसाउने किसिम, क्रिया वा भाव।

बसाइ–ना० [बसाउ+आइ] बसाउने वा गन्हाउने किसिम, क्रिया वा भाव।

बसाइनु–स० क्रि० [बसाउ+आइ+नु] बस्न लाइनु; ('बसाउनु'-को क० क्रि०)।

बसाइनु–अ० क्रि० [बसाउ+आइ+नु] सड़ेर नमीठो बास्ना आइनु; ('बसाउनु'-को भा० क्रि०)।

बसाउनु–स० क्रि० [बस्+आउ+नु] १. आसनमा स्थिर गराउनु; बस्न लाउनु; स्थापना गर्नु। २. बसोबास गराउनु; बसाल्नु। ३. थिति लाउनु; नियम मिलाउनु; ('बस्नु'-को प्रे० क्रि०)।

बसाउनु–अ० क्रि०[सं० वास+आउ+नु] सड़ेर नमीठो बास्ना आउनु; गन्हाउनु।

बसाउठी–ना० [बस्+उठ्] साथ-साथको रहन-सहन; बस-उठ।

बसाहा–ना० [प्रा० बसह] १. महादेवको वाहन; वृषभ। २. गौ-चर, महादेवका देवल अगाड़ि आदि स्थानमा राखिएको साँढ़ेको ढुङ्गे मूर्ति।

बसिनु–अ० क्रि० [बस्+इ+नु] आसनमा स्थिर होइनु; ('बस्नु'-को भा० क्रि०)।

बसिबसाइ–ना० [बस्+बसाइ] सुबिस्तासँग बस्ने काम; आनन्दसाथ रहने काम; बसिबसाउ।

बसिबसाउ–ना० [बस्+बसाउ] बसिबसाइ।

बसिला–ना० [सं० वासि] काठ ताछ्ने कुटोजस्तो हतियार; बसुला।

बसुला–ना० [बसिला] बसिला।

बसोबास–ना० [सं० वास+आवास] १. रहने-बस्ने ठाउँ; निवास-स्थान। २. धेरैजसो जाने-बस्ने काम; रासो-बासो; बसोबासो।

बसोबासो–ना० [बसोबास] बसोबास।

बसौंधी–ना० [हिं०] दूधको तरमा चीनी, सुकुमेल आदि हाली बनाइएको एक प्रकारको खानेकुरो।

बस्ता–ना० [फा० बस्तः] पुस्तक, बही-खाता आदि बाँध्ने वा बेर्ने कपड़ा।

बस्ती–ना० [सं० वसती] १. घरहरू भएको ठाउँ; आबादी। २. गाउँ; ग्राम। ३. घर।

CC-0. In Public Domain. Digitization by eGangotri

बस्तु–ना० [सं० वस्तु] १. वस्तु। २. गाई, भैँसी आदि घरेलु पशु; बस्तु-भाउ।

बस्तु-भाउ–ना० [बस्तु+भाउ] गाई-भैँसीहरूको समुदाय; गाई-वस्तु।

बस्नु–अ० क्रि० [सं० वस्+नु] १. कुनै आसनमा चाक अड्याएर ठहर्नु; चाक टेकाउनु। २. निवास गर्नु; बसोबास गर्नु। ३. रहनु; टिक्नु; ठहर्नु। ४. नियममा रहनु; थिति मिल्नु। ५. क्रम वा सिलसिलामा मिल्नु।

बस्नौटो–ना० [वस्+औटो] १. विवाहमा दुलहालाई बसाउने आसन। २. चकटी आदि आसन। ३. विवाहमा दमाईँलाई दिइने कपड़ा आदि दस्तूरी।

बह–ना० [प्रा०] १. पेट दुखेर मुखमा पानी आइरहने एक रोग; एक प्रकारको शूल। २. मनको पीर; आन्तरिक वेदना।

बहकनु–अ० क्रि० [सं० वह्+नु] काम-न-काजसित यता-उति लाग्नु; बरालिनु; बहकिनु।

बहकाइ–ना० [बहक+आइ] बहकने किसिम, क्रिया वा भाव।

बहकाइ–ना० [बहकाउ+आइ] बहकाउने किसिम, क्रिया वा भाव।

बहकाइनु–स०क्रि० [बहकाउ+आइ+नु] बरालिनु; ('बहकाउनु'-को क० क्रि०)।

बहकाउ–ना० [बहकाउ] बहकाउने वा बहकिने काम; बहकावट।

बहकाउनु–स० क्रि० [बहक+आउ+नु] १. अरूलाई नचाहिँदो काम-कुरोमा लगाउनु; बराल्नु। २. बहकाउमा लगाउनु।

बहकावट–ना० [बहकाउ+आवट] बहकाउ।

बहकिइनु–अ० क्रि० [बहकि+इ+नु] बरालिइनु; ('बहकिनु'-को भा० क्रि०)।

बहकिनु–अ० क्रि० [बहक+इ+नु] १. बिनाकामले यता-उति लाग्नु; बरालिनु। २. बिदेसिनु। ३. अर्काका बहकावटमा लाग्नु; लहै-लहैमा लाग्नु।

बहक्याइ–ना० [बहकि+याइ] बहकिने किसिम, क्रिया वा भाव।

बहक्याहट–ना० [बहकि+याहट] बहकिने किसिम, क्रिया वा भाव।

बहत्तर–ना० [प्रा० बहत्तरि] १. सतरी र दुइको योग-सङ्ख्या; ७२-को अङ्क। (वि०) २. सत्तरी र दुइका योग-सङ्ख्याको।

बहत्तरौँ–वि० [बहत्तर+औँ] गणनाका क्रमले बहत्तर सङ्ख्यामा परेको; बहत्तर सङ्ख्याको।

बहना–ना० [बह] १. डुङ्गा खियाउने काठको दाबिलोजस्तो साधन। २. पतवार।

बहनु–अ० क्रि० [सं० वह्+नु] १. पानी आदि तरल पदार्थ तलतिर जानु; बग्नु। २. हावा चल्नु; बतास लाग्नु।

बहर–ना० [सं० वृषभ] नसुमरेको गोरु; नडामेको साँढ़े।

बहरी–ना० [बोहोरी] बोहोरी।

बहल–वि० [सं०] १. मजबूत; दृढ। २. धेरै; प्रशस्त। ३. मोटो; स्थूल। ४. फराकिलो; विस्तृत।

बहलाइ–ना० [बहलाउ+आइ] बहलाउने किसिम, क्रिया वा भाव।

बहलाइनु–स० क्रि० [बहलाउ+आइ+नु] मनलाई आनन्दित पारिनु; ('बहलाउनु'-को क० क्रि०)।

बहलाउ–वि० [सं० वह्+आउ] १. मनलाई प्रसन्न पार्ने; आनन्द दिने। २. दुःख आदिबाट मनलाई आनन्दतिर लैजानु।

बहलाउनु–स० क्रि० [बहलाउ+नु] १. मनलाई आनन्दित पार्नु; प्रसन्न तुल्याउनु। २. दुःख बिर्सिजनु। (अ० क्रि०) ३. प्रसन्न हुनु; आनन्दित हुनु।

बहस–ना० [अ०] कुनै विषयलाई प्रमाणित गर्नाका निमित्त गरिने उक्ति-प्रत्युक्ति; सवाल-जवाफ; वाद-विवाद; खण्डन-मण्डन।

बहाइ–ना० [वह+आइ] बहने किसिम, क्रिया वा भाव।

बहाइ–ना० [बहाउ+आइ] बहाउने किसिम, क्रिया वा भाव।

बहाइनु–स० क्रि० [बहाउ+आइ+नु] बगाइनु; ('बहाउनु'-को क० क्रि०)।

बहाउ–ना० [बहाउ] बहने वा बहाउने क्रिया वा भाव; बगाइ; प्रवाह।

बहाउनु–स० क्रि० [बह+आउ+नु] १. बगाउनु; प्रवाहित गराउनु। २. चुहाउनु। ३. बराल्नु।

बहाड़–ना० [बहार] बहार।

बहाड़िलो–वि० [बहाड़+इलो] रमाइलो; रमणीय।

बहादुर–वि० [फा०] १. शूरो; वीर; पराक्रमी। २. आँटिलो; साहसी।

बहादुर-शाह–ना० [बहादुर+शाह] अठारौँ शताब्दीको आखिरीतिर श्री५महाराजाधिराज रणबहादुर शाहका राज्य-कालमा मुख्तियार भई नेपालको शासन गर्ने इतिहास-प्रसिद्ध एक पुरुष; बड़ा-महाराज पृथ्वीनारायण-शाहका एक छोरा।

बहादुरी–ना० [फा०] वीरता; पराक्रम; शौर्य।

बहादुरी-मेडल–ना० [बहादुरी+मेडल (अं०)] बहादुरीका साथ कुनै ठूलो काम गर्ने जङ्गी कर्मचारीलाई दिइने नेपालको एक राष्ट्रिय तक्मा।

बहाना–ना० [फा०] देखौवा कारण; निहुँ; बनावटी हेतु।

बहार–ना० [फा०] १. मनोविनोद; रम-रमिता; आमोद-प्रमोद। २. वसन्त ऋतु। ३. शोभा; रमणीयता।

बहाल–ना० [फा०] १. आफ्ना पद वा स्थानमा पूर्ववत् रहने काम; कायम रहनु। २. नयाँ ओहदा, घर, जग्गा-जमीन आदि सम्हाल्ने काम। ३. घर, पसल आदिको उपयोग गरेबापत उपभोग गर्नेले धनीलाई दिनुपर्ने शुल्क; भाग।

बहाल–ना० [सं० विहार] बौद्धहरूको मठ; विहार।

बहालगिरी–वि० [फा० बहाल+गीर] बहालमा दिने-लिने

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको; भाड़ावाल; बालगिरी ।

बहालवाला–वि० [बहाल+वाला] आफ्नो पद वा स्थानमा बहाल रहेको ।

बहालिया–वि० [बहाल+इया] बहाल रहेको; बहालवाला ।

बहाली–ना० [बहाल+ई] बहाल गर्ने काम; आफ्नो नयाँ पद, ओहदा, अधिकार आदि सम्हाल्ने काम ।

बहाली-पुर्जी–ना० [बहाली+पुर्जी] नयाँ पद, ओहदा, हक आदि सम्हाल्ने अधिकार-पत्र; बहाली गर्न दिइने लिखित कागत ।

बहिः–क्रि० यो० [सं०] बाहिर ।

बहिता–ना० [सं बहिः] बाहिर-पाटो; निकला-वास ।

बहिनी–ना० [प्रा० बहिणी] १. एउटै गर्भबाट आफूभन्दा पछि जन्मेकी स्त्री; बैह्नी; भगिनी । २. आफूभन्दा कम उमेरकी, जेठा-बाबु, कान्छा-बाबु, सानी-आमा, ठूली-आमा वा फुपूकी छोरी । ३. आफूभन्दा कम उमेरकी स्त्रीलाई स्नेहपूर्वक सम्बोधन गर्दा प्रयोग गरिने शब्द । ४. सालाकी स्त्री ।

बहिनी-जुवाइँ–ना० [बहिनी+जुवाइँ] बहिनीका पति ।

बहिनु–अ० क्रि० [बह+इ+नु] बगिनु; ('बहनु'-को भा० क्रि०) ।

बहिर्–ना० यो० [सं०] १. 'बहिस्'-को समास-गत रूप । २. बाहिरी; बाहिरको ।

बहिरङ्ग–ना० [सं०] १. शरीर, पदार्थ, क्षेत्र आदिको बाहिर-पट्टिको भाग; बाहिरी अङ्ग । (वि०) २. बाहिरको; बाहिरिया ।

बहिरिनु–अ० क्रि० [बाहिर+इ+नु] बाहिर जानु; निस्कनु; बाहिरिनु ।

बहिरिन्द्रिय–ना० [सं०] बाहिरी विषयहरूको अनुभव गर्ने इन्द्रिय (नाक, कान, आँखा आदि) ।

बहिरो–वि० [प्रा०] कानले नसुन्ने; बधिर ।

बहिर्‍याइ–ना० [बहिरि+याइ] बहिरिने किसिम, क्रिया वा भाव ।

बहिर्जगत्–ना० [सं०] दृष्टि-गोचर भएको जगत्; बाह्य जगत्; भौतिक जगत् ।

बहिर्देश–ना० [सं०] १. शहर वा गाउँदेखि बाहिरको स्थान २. पर-देश; विदेश ।

बहिर्भूत–वि० [सं०] १. बाहिर भएको; बाहिर-पाटो लागेको । २. निकालिएको; निष्कासित ।

बहिर्मनस्क–वि० [सं०] अन्यत्र मन लागेको; मन एकाग्र नभएको ।

बहिर्मुख–वि० [सं०] १. बाहिरी विषयमा मन लागेको; बाहिरतिर ध्यान गएको । २. कुनै विषयबाट विरत भएको; विमुख ।

बहिर्लापिका–ना० [सं०] प्रश्नभित्रै उत्तर नभएको पहेली; पद-योजनाभित्रै उत्तर नभएको प्रहेलिका; एक प्रकारको कूट ।

बहिष्करण–ना० [सं०] १. बाहिर निकाल्ने काम; निष्कासन । २. छोड्ने काम; त्याग ।

बहिष्कार–ना० [सं०] १. बाहिर पठाउनु; निकाल्नु । २. जाति, समाज, वर्ग, संस्था आदिबाट अलग हुन वा गर्नु । ३. सम्बन्ध विच्छेद गर्नु । ४. छोड्नु; त्याग ।

बहिष्कृत–वि० [सं०] १. निकालिएको; बहिष्कार गरिएको । २. त्यागिएको; परित्यक्त ।

बहिस्–ना० यो० [सं०] बाहिरको; बाहिरी ।

बही–ना० [अ० बयाज़] १. आम्दानी-खर्चको हिसाब लेख्ने पुस्तक । २. सरकारी अड्डाखानाको आय-व्यय लेख्ने पुस्तक ।

बही-खाता–ना० [बही+खाता] बहीहरूको समुदाय ।

बहीदार–ना० [बही+दार] १. अड्डाखानामा बही-सम्बन्धी काम गर्ने कारिन्दा; नौसिन्दाभन्दा एक तह माथिको कारिन्दा वा दर्जा ।

बही-पत्र–ना० [बही+पत्र] बही-सम्बन्धी कागत-पत्र; स्याहा, ढपोट आदि ।

बहु–वि० [सं०] दुइभन्दा बढ्ता; धेरै; अनेक ।

बहुज्ञ–वि० [सं०] १. धेर विषयको ज्ञाता । २. कुनै विषयका सम्बन्धमा धेरै कुरा जान्ने; विशेषज्ञ ।

बहुत–वि० [सं० बहुतर] १. धेरै; ज्यादा । २. खूब; निकै ।

बहुतायत–ना० [सं० बहुतर] धेरै हुनाको भाव; अधिकता ।

बहुत्व–ना० [सं०] धेरै हुनाको भाव; आधिक्य ।

बहुधा–क्रि० यो० [सं०] १. धेरैजसो; अक्सर; प्रायः । २. अनेक प्रकारले; नाना प्रकारसित ।

बहुना–ना० [सं० वह्] लोहोटा ।

बहु-मत–वि० [सं०] १. अतिशय मान्य; पूज्य । (ना०) २. धेरैको भिन्न-भिन्न मत । ३. धेरैको एउटै मत वा राय । ४. कुनै सभा वा समितिका सदस्यहरूमध्ये आधा-भन्दा बढीको मत ।

बहु-मान्य–वि० [सं०] १. सम्माननीय; पूज्य । २. धेरैले मानेको वा आदर गरेको ।

बहु-मूत्र–ना० [सं०] १. धेरै पिसाब हुने एक रोग । (वि०) २. धेरै पिसाब हुने रोग लागेको ।

बहु-मूल्य–वि० [सं०] १. धेरै मोल पर्ने; कीमती । २. धेरै महत्त्वको ।

बहु-रङ्ग–वि० [सं०] १. अनेक रङ्ग भएको; रङ्गी-चङ्गी । २. अनेक किसिमको; नाना थरीको ।

बहु-रङ्गी–वि० [बहु-रङ्ग+ई] १. धेरै थरी रङ्ग भएको; रङ्गी-चङ्गी । २. अनेक प्रकारका कौतुक देखिने । ३. बहु-रूपी ।

बहु-रूपी–वि० [बहु+रूपी] १. जन-साधारणलाई विभिन्न रूप देखाएर जीविका गर्ने; अनेक रूप धारण गर्ने । २. धेरै किसिमका चालबाजी गर्ने । ३. अनेक रूपको ।

बहुल–वि० [सं०] धेरै; बहुत; ज्यादा ।

CC-0. In Public Domain. Digitization by eGangotri

बहुलट्टी–ना० [बहुला] बहुलाको भाव; पागलपन; छाँटा; सिल्लड़पन।

बहुलता–ना० [सं०] बहुल हुनाको भाव; अधिकता।

बहुला–वि० [सं० वातुल] दिमाग बिग्रेको; बौलाहा; पागल; सिल्ली; छँटाहा।

बहुलाइ–ना० [बहुलाउ+आइ] बहुलाउने किसिम, क्रिया वा भाव; छँटाइ।

बहुलाइनु–अ० क्रि० [बहुलाउ+आइ+नु] बहुला होइनु; ('बहुलाउनु'-को क० क्रि०)।

बहुलाउनु–अ० क्रि० [बहुला+आउ+नु] बहुला हुनु; बौलाउनु; छँटाउनु।

बहु-वचन–ना० [सं०] व्याकरण-शास्त्रअनुसार एकभन्दा अधिक वस्तु वा व्यक्तिलाई बुझाउने शब्द।

बहु-विद्–वि० [सं०] अति ठूलो विद्वान्; बहुज्ञ।

बहु-विध–वि० [सं०] १. अनेक प्रकारको; धेरै किसिमको। (क्रि० यो०) २. धेरै प्रकारले; अनेक किसिमले।

बहुव्रीहि–ना० [सं०] जोड़िएका पदको अभिधेयार्थलाई छोड़ी भिन्नै अर्थ बुझाउने समासको एक भेद। (उदा०-लाम्खुट्टे, दुइ-जिभ्रे, लम्बोदर इत्या०।)

बहुश–क्रि० यो० [सं०] १. धेरै प्रकारले। २. प्रायः; अक्सर। (वि०) ३. धेरै; अधिक।

बहु-श्रुत–वि० [सं०] १. अनेक किसिमका धेरै शास्त्रीय वा लौकिक चर्चाहरू सुनेको। २. धेरै कुरा सुनी जानकार भएको।

बहु-सङ्ख्य–वि० [सं०] बहु-सङ्ख्यक।

बहु-सङ्ख्यक–वि० [सं०] १. गणनामा धेरै भएको; धेरै सङ्ख्या भएको। २. आधाभन्दा धेरै वटा भएको।

बहू–ना० [सं० वधू] बुहारी; दुलही।

बहू-भतेर–ना० [बहू+भतेर] विवाहमा दुलही भित्र्याएका भोलिपल्ट इष्ट-मित्रहरूलाई खुवाउने भोज।

बहूरानी–ना० [बहू+रानी] १. बुहारी। २. बुहारीलाई सम्मानपूर्वक भनिने शब्द।

बाँ–क्रि० यो० [अनु०] १. गाई, गोरुहरू कराउने किसिम। (ना०) २. गाई (बाल-बोलीमा)।

बाँक–ना० [बाँको] बाँको।

बाँकटे–वि० [बाहाँ+कट्टा+ए] १. आधामात्र बाहुला भएको वा बाहुला नभएको। (ना०) २. पौड़ी खेल्ने एक शैली।

बाँका–वि० [सं० वङ्क] १. बहादुर; वीर; साहसी। २. पट्ठो।

बाँकी–वि० [अ० बाक़ी] १. खर्च गरेर वा उपयोग गरेर रहेको शेष; बचत; अवशिष्ट। २. हिसाबमा घटाएर आएको (अङ्क)। (ना०) ३. गणितमा घटाउने क्रिया। ४. रकमीहरूले काम-काज गर्दा गफलत भएबापत तिर्नुपर्ने रकम।

बाँके–ना० [ने०] नेपालको पश्चिमी तराईमा पर्ने एक जिल्ला।

बाँके–वि० [सं० वक्र] लमाइको एक छेउबाट टेढ़ो पारी गाँसेको (घर)।

बाँको–ना० [ने०] १. पिँडालुजस्तो ज्यादा कोक्याउने एक जातको कन्द। २. छाला काट्ने रामोजस्तो हतियार; बाँक।

बाँगवा–ना० [ने०] पूर्व-तीन (३)-नम्बर इलाकामा पर्ने, हिउँ पग्लेका बखत नेपाल र तिब्बतका बीच आवत-जावत गर्न हुने एक घाटी।

बाँचिनु–अ० क्रि० [बाँच्+इ+नु] जिउँदो होइनु; ('बाँच्नु'-को भा० क्रि०)।

बाँचुन्जेल–क्रि० यो० [बाँच्+उन्जेल] जीवित रहेसम्म; जीवन-कालपर्यन्त।

बाँच्नु–अ० क्रि० [बच्+नु] १. जिउँदो रहनु वा हुनु; जीवित हुनु वा रहनु। २. जोगिनु; रक्षित रहनु। ३. बाँकी रहनु; शेष रहनु।

बाँझ–ना० [सं० वञ्जुल] १. लाम्चो मसिनो पात हुने एक जातको रूख। २. खस्रो पात हुने एक जातको रूख। (यसको पात गाई-वस्तुलाई घाँस खुवाइन्छ।)

बाँझिनु–अ० क्रि० [बाँझो+इ+नु] १. बाँझो हुनु; बँझिनु; अबादी नहुनु। २. गर्भ नरहनु; बैलिनु।

बाँझी–वि० [बाँझो+ई] गर्भ धारण नगर्ने; बैला।

बाँझो–वि० [सं० बन्ध्य] खन-जोत नभएको; अबाद नभएको; बाली-नाली नलाइएको।

बाँड़–ना० [बाँड्] बाँड्ने काम; आपसमा भाग लाउने काम।

बाँड़-चूँड़–ना० [बाँड्+चुँड्] आपसमा भाग लाउने काम; बाँड्ने काम।

बाँड़-फाँट–ना० [बाँड़+फाँट] भिन्न-भिन्न खण्ड, फाँट, विभाग आदिमा बाँड्ने काम; फाँट छुट्ट्याउने काम।

बाँड़ा–ना० [सं० वन्द्य] बौद्ध मार्गी नेवार जातिको एक भेद।

बाँड़िनु–स० क्रि० [बाँड्+इ+नु] भाग लाइनु; ('बाँड्नु'-को क० क्रि०)।

बाँड्नु–स० क्रि० [सं० बण्ड्] १. भाग लाउनु; बाँड़-चूँड़ गर्नु; बण्डा गर्नु। २. वितरण गर्नु।

बाँदर–ना० [वानर] वानर।

बाँदर-पुच्छ्रे–ना० [बाँदर+पुच्छ्रे] फेदैदेखि खप्टिएर बाक्लोसँग पात लाग्ने, टुप्पामा बाँदरको पुच्छरजस्तो लामो सेतो गुभो हुने र गुभामा साना-साना पहेँला फूल फुल्ने हिमालयमा पाइने एक बूटी। (आयुर्वेदमा यसको गुण त्रिदोष-नाशक, अग्नि-वर्द्धक र रगतको विकार नाश गर्ने बताइएको छ।)

बाँदरे-फल–ना० [बाँदर+ए+फल] १. मसिनु सेतो फूल फुल्ने, आरुजत्रो फल फल्ने एक जातको वृक्ष। २. त्यसैको फल।

बाँध–ना० [सं० बन्ध] खोला-नालाबाट कुलामा पानी ल्याउन वा खोलाको पानी रोक्नाका निमित्त बनाइने बार वा डील।

बाँध-छाँद–ना० [बाँध्+छाँद्] बाँध्ने र छाँद्ने काम; बाँध-बुँध।

CC-0. In Public Domain. Digitization by eGangotri

बाँध-पैन–ना० [बाँध+पैन] बाँध र कुलो।

बाँध-बुँध–ना० [बाँध्+बुँध (फाँ०)] बाँध्ने काम; बाँध-छाँद।

बाँधा–ना० [बन्धक] १. रुपियाँ लिएबापत बन्धक बसेको नोकर। २. बन्धक राखेको माल।

बाँधिनु–स० क्रि० [बाँध्+इ+नु] मस्काइनु; ('बाँध्नु'-को क० क्रि०)।

बाँध्नु–स० क्रि० [सं० बन्ध+नु] १. धागो, डोरी आदिले कुनै वस्तुलाई बेह्रेर कस्नु; मस्काउनु; टन्काउनु। २. बन्धनमा राख्नु; बन्दी पार्नु। ३. नियम, प्रतिज्ञा, उपाय आदिले मर्यादामा राख्नु; नियममा राख्नु। ४. बेर्नु; घेर्नु। ५. क्रममा राख्नु; सिलसिला मिलाउनु। ६. मन्त्र पढ़ेर न्यास गर्नु। ७. मन्त्र-बलले कुनै काम हुन नदिनु। ८. शस्त्र-अस्त्र धारण गर्नु। ९. बनाउनु; निर्माण गर्नु (बाँध, किल्ला आदि)।

बाँस–ना० [सं० वंश] लाम्चा तीखा पात, सेता फूल, जौजस्ता फल, र बीच-बीचमा आँख्ला भएको खोक्रो डाँठ हुने एक जातको बोट। (आयुर्वेदमा यसको गुण मूत्र-कृच्छ्र, प्रमेह र अर्श रोगमा फायदा गर्ने बताइएको छ।)

बाँसुरी–ना० [सं० वंशी] एक छेउको प्वाल थुनेर त्यहीँ नजीकै तेर्सोतिर फुक्नाका निमित्त सानो प्वाल बनाइएको, स्वरका निमित्त छ वा सात प्वाल बनाएर तिनमाथि औँला राखी स्वर-परिवर्तन गरिने, ओठमा राखी दाहिने कुमतिर फर्काएर बजाइने बाँस, निगालो, काठ, धातु आदिका ढुङ्ग्राको एक किसिमको बाजा; वंशी।

बाँसे-च्याउ–ना० [बाँस+ए+च्याउ] बाँसमा उम्रने खैरो रङ्गको लामो डाँठ र सानो छत्र हुने एक जातको च्याउ।

बाँह–ना० [सं० बाहु] १. हात; भुजा; हस्त। २. कुम्ल्याएका दुइ हातभित्रको भाग; अँगालो।

बाँह–ना० [बाहाँ] बाहाँ।

बाः–वि० बो० [फा० वाह] प्रशंसा, विस्मय, हर्ष, जोश आदि-मा बोलिने शब्द; वाह।

बाः बाः–वि० बो० [फा० वाह+वाह] प्रशंसा, स्यावासी वा हर्षमा उच्चारण गरिने शब्द; वाह-वाह।

बा–ना० [बाबु] १. पिता; बुवा; बाबु। २. स्नेहपूर्वक कसैलाई सम्बोधन गर्ने शब्द। ३. प्रशंसा, स्यावासी, उपेक्षा व्यङ्ग्य आदिमा स्वयं आफैं वा अरूलाई सम्बोधन गर्ने शब्द। (उदा०–यसरी त हुँदैन बा!)

बाइकाट–ना० [अं० बॅय-कॅट] १. कुनै समाज, वर्ग, संस्था आदिबाट अलग गरिने काम। २. बहिष्कार।

बाइनु–स० क्रि० [बाउ+इ+नु] मुख खोलिनु; ('बाउनु'-को क० क्रि०)।

बाइपङ्खी–वि० [सं० वायु-पक्ष] १. हावाजस्तै छिटो उड्ने वा दौड्ने (घोड़ा)। २. दन्त्य-कथामा प्रसिद्ध पखेटा भएको काल्पनिक घोड़ा।

बाइफाला–वि० [ने०] बाइफाले।

बाइफाले–वि० [ने०] उत्ताउली; नखरमाउली; बयलल (स्त्री)।

बाइबिल–ना० [अं०] ईसाईहरूको प्रसिद्ध धर्म-ग्रन्थ।

बाइमात्रा–ना० [बायाँ+मात्रा] व्यञ्जन-वर्णमा लाग्ने इकारको चिह्न; (ि)।

बाइ-शूल–ना० [सं० वायु-शूल] वायु-शूल।

बाइस–ना० [बाईस] बाईस।

बाइसकल–ना० [बाइसिकिल] बाइसिकिल।

बाइसिकिल–ना० [अं० बाइ-साइकिल] दुइ गोड़ाले चलाइने, दुइ-पाङ्ग्रे एक प्रसिद्ध सवारी; साइकल।

बाइसे-राज्य–ना० [बाइस+ए+राज्य] मध्य-कालमा नेपालको कर्णाली नदीका क्षेत्रमा रहेका पुग-नपुग बाईस वटा साना-साना राज्यहरूको समूह।

बाइसौँ–वि० [बाइस+औँ] बाईसौँ।

बाइस्कोप–ना० [अं०] सेतो पर्दामा देखाइने छायाको चल-चित्र।

बाई–ना० [बाहाँ] स्त्रीहरूले नारीमा लाउने सुन-चाँदीको बाला; सुन-चाँदीको चुरा।

बाईस–ना० [प्रा० बाइस] १. बीस र दुइको योग-सङ्ख्या; २२-को अङ्क। (वि०) २. बीस र दुइका योग-सङ्ख्याको।

बाईस-धारा–ना० [बाईस+धारा] काठमाड़ौँको उत्तर बाला-ज्यूमा रहेको बाईस वटा धारा भएको एक प्रसिद्ध तीर्थ।

बाईसौँ–वि० [बाईस+औँ] गणनाको क्रमले बाईस सङ्ख्यामा पुगेको; बाईस सङ्ख्याको।

बाउँ–वि० [सं० वाम] बायाँ; देब्रे; वाम।

बाउँ–ना० [सं० बाहु] हात्त; बाहु।

बाउँटिइनु–अ० क्रि० [बाउँटि+इ+नु] बाउँटो पारिनु; ('बाउँटिनु'-को भा० क्रि०)।

बाउँटिनु–अ० क्रि० [बाउँटो+इ+नु] बाउँटो हुनु; टेढ़ो स्वभावको हुनु; चिढ़िनु।

बाउँटे–ना० [ने०] प्रसव भइसकेपछि गर्भाशयबाट निस्कने रगत, पानी आदि।

बाउँटे–वि० [बाउँटो+ए] बाउँटो।

बाउँटो–ना० [सं० वाम] १. कसैसित नमिल्ने स्वभावको; टेढ़ो स्वभावको; कोक्ल्याँटो। २. बायाँ हात चलाउने; डेप्पा।

बाउँटयाइ–ना० [बाउँटि+याइ] बाउँटिने किसिम, क्रिया वा भाव।

बाउँटयाहट–ना० [बाउँटि+याहट] बाउँटिने किसिम, क्रिया वा भाव।

बाउँड़िइनु–अ० क्रि० [बाउँड़ि+इ+नु] बाउँड़ो होइनु; ('बाउँड़िनु'-को भा० क्रि०)।

बाउँड़िनु–अ० क्रि० [बाउँड़ो+इ+नु] १. बाउँड़ो हुनु; टेढ़िनु; बाउँटिनु। २. शरीरका जोर्नीमा जडता आई

CC-0. In Public Domain. Digitization by eGangotri

दुरुने गरी बटारिनु।

बाउँड़े–वि० [बाउँटे] बाउँटे।

बाउँड़ो–वि० [बाउँटो] बाउँटो।

बाउँड़्याइ–ना० [बाउँड़ि+याइ] बाउँड़िने किसिम, क्रिया वा भाव।

बाउँ-हाते–वि० [बाउँ+हात] बायाँ हात बढ्ता चलाउने; डेप्पा।

बाउनु–स० क्रि० [सं० व्याम] मुख खोल्नु; आँ गर्नु।

बाउन्न–ना० [सं० द्वा-पञ्चाशत्] १. पचास र दुइको योग-सङ्ख्या; ५२-को अङ्क। (वि०) २. पचास र दुइका योग-सङ्ख्याको।

बाउन्ने–वि० [सं० वामन] पुड्को; बाम-पुड्के; गर्चो।

बाउन्नौँ–वि० [बाउन्न+औँ] गणनाको क्रमले बाउन्न सङ्ख्यामा पुगेको; बाउन्न सङ्ख्याको।

बाउसे–ना० [बाउसो] १. रोपाइँ गर्दा खेतमा हिलो सम्म्याउने काम। २. हिलो सम्म्याउने व्यक्ति; लाठे।

बाउसो–ना० [ने०] कोदालो वा कोदाली।

बाकल–ना० [सं० वल्कल] १. निबुवा वा बिमिरो आदिको, बाहिरी बोक्राभित्रको बाक्लो सेतो बोक्रो। २. रूख आदिको बाहिरी बोक्राभित्रको अंश।

बाकस–ना० [अं० बॅक्स] सन्दूक।

बाकायदा–क्रि० यो० [फा० बा+क़ायदः (अ०)] कायदा-साथ; नियमानुसार।

बाकुपौ–ना० [नेवा०] प्राचीन चलनअनुसार कुनै सग्लो महत्त्वपूर्ण कागत-पत्र पछि कीर्ते हुन नपाओस् भन्ने उद्देश्यले च्याती सम्बन्धित व्यक्तिहरूले बाँडी लिएका टुक्रा। (यस्ता कागत-पत्रमध्ये संवत् १९४५ वैशाख ३० गतेदेखि अघि पाटन र भादगाउँको 'श्रीवत्स' भनी छाप लागेकोलाई मात्र ऐनले मान्यता दिइएको देखिन्छ।)

बाक्लो–वि० [सं० बल] १. पातलो नभएको; मोटो। २. पन्यालोपन कम भएको; गाढ़ा। ३. घनो; सघन। ४. खूबसित जमेको।

बाक्सी–ना० [ने०] १. कस; खिया। २. ढुँड़ी; ढुसी।

बाखे–वि० [बाखो+ए] १. बाखा पाल्ने। २. बाखो-सम्बन्धी; बाखाको। ३. इज्जत नभएको।

बाखे-च्याउ–ना० [सं०वल्कल+च्याउ] पुरानो रूखमा उम्रने कालो एक जातको खान हुने च्याउ।

बाखो–ना० [सं०+वर्कर] १. एक प्रसिद्ध घर-पाला पशु; वर्कर; बोको। २. बोकाको पोथी।

बाग–ना० [सं० वल्गा] घोड़ाको लगाम; बाग-डोर।

बाग–ना० [अ० बाग़] बगैँचा; वाटिका।

बाग-डोर–ना० [बाग+डोरी] १. घोड़ाको लगाम। २. कामको निर्देशन, सञ्चालन आदिको मुख्य अधिकार।

बागवान–ना० [अ० बाग़+वान (फा०)] बगैँचा-सम्बन्धी काम गर्ने व्यक्ति; बगैँचे; माली।

बागबानी–ना० [अ० बाग+बानी (फा०)] बागबानको काम; मालीको पेशा।

बागियान–वि० [बागी] बागी; विद्रोही।

बागी–वि० [अ० बाग़ी] विद्रोह गर्ने; विद्रोही।

बाग्लुङ–ना० [ने०] नेपालको पश्चिमी पहाड़ी क्षेत्रको एक जिल्ला।

बाघ–ना० [सं० व्याघ्र] १. सिंहका जातको बलवान् जङ्गली प्रसिद्ध हिंस्रक प्राणी; व्याघ्र। २. कारीगरको च्याप्ने एक औजार।

बाघ-चाल–ना० [बाघ+चाल] पच्चीस-कोठे थर्कीमा चार वटा बाघ र बीस वटा बाख्रा कल्पना गरी लिइएका चौबीस गोटीले खेलिने एक खेल।

बाघ-झमट–ना० [बाघ+झमट] बाघको जस्तो झम्टाइ; रीसले सहसा आइलाग्ने काम।

बाघ-बाजू–ना० [बाघ+बाजू] बाघका पाखुरामा हुने बाजूका आकारको झीनो हाड़। (यो मङ्गल-कारक मानिन्छ।)

बाघ-मुखे–वि० [बाघ-मुख+ए] १. बाघको जस्तो मुख भएको। (ना०) २. एक जातको फूल। ३. असुराको फूल।

बाघे–वि० [बाघ+ए] १. बाघजस्तो। २. बाघका छालाजस्तो टाटे-पाटे। (ना०) ३. गाई-वस्तुलाई गोठालाले गाली गर्ने शब्द।

बाघे-खटिरो–ना० [बाघे+खटिरो] शरीरमा जनै रहने ठाउँमा आउने एक प्रकारको खटिरो; जनै-खटिरो। (यस खटिरातिर मुख फर्काई बाघको चित्र लेखिदियो भने निको हुन्छ भन्ने किंवदन्ती छ।)

बाङ्खुट्टे–वि० [बाङ्गो+खुट्टे] खुट्टा बाङ्गा हुने; खुट्टा बाङ्गो गरी टेकेर हिंड्ने; बाङ्खुरे।

बाङ्खुरे–वि० [बाङ्गो+खुर+ए] १. बाङ्गा खुर हुने; खुर बाङ्गा पारेर टेक्ने। २. बाङ्गा र झीना खुट्टा हुने; बाङ्खुट्टे। (ना०) ३. हाडहरू नरम हुने केटा-केटीहरूको एक रोग।

बाङ्गिइनु–स० क्रि० [बाङ्गि+इ+नु] बाङ्गो होइनु; ('बाङ्गिनु'-को क० क्रि०)।

बाङ्गिनु–अ० क्रि० [बाङ्गो+इ+नु] १. बाङ्गो हुनु; टेढ़िनु। २. दोब्रिनु। ३. बाउँटिनु; बाउँटो हुनु।

बाङ्गे–वि० [बाङ्गो+ए] बाङ्गो।

बाङ्गे-काठ–ना० [बाङ्गे+काठ] १. नीमका जस्ता पात, हरिया साना फूल र बाङ्गा-टिङ्गा मोटा भेटनाका दुइ टुप्पामा दुइ-दुइ वटा फुस्रा रङ्गका गोल फल हुने एक जातको वृक्ष। २. त्यसैको फल।

बाङ्गो–वि० [सं० वक्र] सोझो नभएको; टेढ़ो; कुटिल।

बाङ्गो-टिङ्गो–वि० [बाङ्गो+टेढ़ो] धेरै ठाउँमा बाङ्गो भएको; बाँङ्गो-टेढ़ो।

बाङ्गो-टेढो–वि० [बाङ्गो+टेढ़ो] बाङ्गो; बाङ्गो-टिङ्गो।

बाचक–वि० [सं० वाचक] वाचक।

बाचकी–वि० [सं० वाचक] वाचक।

CC-0. In Public Domain. Digitization by eGangotri

बाचा–ना० [सं० वचन] कबूल; प्रतिज्ञा।

बाचा–वि० [बन्] थोरै; अलिकति।

बाचिनु–स० क्रि० [बाच्+इ+नु] पाठ गरिनु; ('बाच्नु'-को क० क्रि०)।

बाच्छो–ना० [बाछो] बाछो।

बाच्छाई-बाजा–ना० [बादशाही+बाजा] धेरै मानिसिले एकै साथ मिलेर बजाउने यूरोपीय बाजाहरूको समुदाय।

बाच्नु–स० क्रि० [सं० वच्+नु] अक्षर वा पुस्तक-पुस्तिका पढ्नु; पाठ गर्नु; पारायण गर्नु।

बाछिटा–ना० [बाङ्गो+छिटो] हावाले हुत्त्याएर ल्याएका पानीका छिटो।

बाछो–ना० [प्रा० बच्छओ] गाईको बच्चो।

बाज–ना० [फा० बाज़] चीलजस्तो एक जातको हिंस्रक पक्षी।

बाज–प्रत्य० [फा० बाज़] नाम शब्दका अन्तमा लागेर त्यस कामको कर्ता वा शौकीन हुने अर्थ बुझाउने एक प्रत्यय। (उदा०–हुल्लड़बाज, कबूतरबाज, रस्सीबाज इत्या०।)

बाजरा–ना० [सं० बर्जरी] जुनेलाका जातको काला मसिना दाना हुने अन्न।

बाजा–ना० [सं० वाद्य] फुकेर वा ठोकेर बजाइने यन्त्र; वाद्य। (मृदङ्ग, तबला, सितार, सनई आदि)।

बाजि–क्रि० यो० [सं० वार] पटक; चोटि; पल्ट; फेर।

बाजी–ना० [फा० बाज़ी] १. हार-जीत हुँदा रुपियाँ-पैसाको लेन-देन गरिने शर्त। २. कुनै शर्त लगाइएको शुरू-देखि आखिरीसम्मको खेल। ३. होड़; प्रतिज्ञा; शर्त। ४. दाउ। ५. पल्टने काम; पल्टा; उल्टा। ६. तमाशा; जादूको खेल।

बाजी–प्रत्य० [बाज+ई] नाम शब्दका अन्तमा लागेर त्यस कामको कर्ता वा शौकीन हुने भाव बुझाउने शब्द। (उदा०–नाराबाजी, धोखेबाजी, ठट्टाबाजी।)

बाजीगर–ना० [फा० बाज़ीगर] चटकी; जादूगर।

बाजी-माथ–ना० [फा० बाज़ी+मात (अ०)] मात भएर बाजी जित्ने वा हार्ने काम; होड़मा भएको विजय वा पराजय।

बाजुरा–ना० [नें०] नेपालको डोटी जिल्लाभित्र पर्ने एक सामन्त राज्य।

बाजुरो–ना० [सं० बर्जरी] बाजरा।

बाजू–ना० [फा० बाज़ू] पाखुरामा लाउने एक आभूषण; बाजू-बन्द।

बाजू-बन्द–ना० [फा० बाज़ू+बन्द] बाजू।

बाजे–ना० [बाबाज्यू] १. बाबु वा आमाका बाबु। २. ससुरो। २. ब्राह्मणको मान बुझाउने शब्द।

बाजे-बराज्यू–ना० [बाजे+बराज्यू] बाबु, बाजे आदि पूर्व-पुरुष; पुर्खा।

बाझाबाझ–ना० [बाझ्+बाझ्] परस्परमा बाझ्ने काम; भनाबैरी; भनाभन।

बाझिनु–स० क्रि० [बाझ्+इ+नु] भनाबैरी गरिनु; ('बाझ्नु'-को क० क्रि०)।

बाझ्नु–स० क्रि० [प्रा० वज्झ+नु] १. परस्परमा निन्दा वा अपशब्दहरूको प्रयोग गरेर झगड़ा गर्नु; भनाबैरी गर्नु; कलह गर्नु। २. राय नमिल्नु; मत-भेद हुनु। ३. लेख आदिमा तर्क वा प्रसङ्ग नमिल्नु।

बाट–प्रत्य० [नें०] पञ्चमी विभक्तिको अर्थ बुझाउने प्रत्यय; देखि।

बाटा–ना० [सं० वाट] फराक मुख भएको, बिट फर्केको पित्तल, तामा आदि धातुको गोल किसिमको भाँड़ो।

बाटिनु–स० क्रि० [बाट्+इ+नु] बटारिनु; ('बाट्नु'-को क० क्रि०)।

बाटुलिनु–अ० क्रि० [बाटुलो+इ+नु] बाटुलो हुनु; गोलाकार पर्नु; कुँडुलिनु।

बाटुलो–वि० [सं० वर्तुल] गोल; डल्लो।

बाटुलो-मूला–ना० [बाटुलो+मूला] शलगमका आकारको एक जातको मूला।

बाटुल्पाते–ना० [बाटुलो+पाते] पीपलका पातका आकारका पात, पहेँला गोल फल र हरिया फूल हुने एक जातको लता। (यो सानो र ठूलो–दुइ जातको हुन्छ। आयुर्वेदमा यसको गुण वात, पित्त, दाह, अतिसार, शूल-नाशक र भाँचिएको हाड़ जोर्ने बताइएको छ।)

बाटुल्याइ–ना० [बाटुलि+याइ] बाटुलिने किसिम, क्रिया वा भाव।

बाटो–ना० [सं० वाट] १. मानिसहरू हिंड्नाका निमित्त बनाइएको ठाउँ; सड़क, गल्ली, गोरेटो आदि; मार्ग; पथ। २. तरीका; रीति; पद्धति। ३. वृत्ति; जीविका। ४. शुरू; आरम्भ।

बाटो-घाटो–ना० [बाटो+घाट+ओ] बाटो; मार्ग।

बाट्नु–स० क्रि० [सं० वट्] १. धागो, तार, आदिलाई एक साथ मिलाई निमोठेर डोरी बनाउनु; बटार्नु। २. चुल्ठी पार्नु। ३. निमोठ्नु।

बाठो–वि० [प्रा० वट्ठ] १. चलाक; चतुर; धूर्त। २. बुद्धि-वन्त; बुद्धिमान्। ३. बोल्न सिपालु; बोलैया; ढीठो।

बाड़–ना० [सं० वारङ्ग] तरबार, खुकुरी आदिको धार।

बाडव–ना० [सं०] १. बड़वानल। २. घोड़ीहरूको समुदाय।

बाडुली–ना० [सं० वातुली] वात-विकारले घाँटीमा हिक्क-हिक्क हुने रोग; हिक्का।

बाढ़–ना० [बाढ़ी] बाढ़ी।

बाढ़ी–ना० [प्रा० वड्ढि] ज्यादा वर्षा हुँदा पानी बढ़ेर आफ्नो नियत स्थान नाघी बगेको नदी-नालाको प्रवाह; भेल; बाढ़।

बाण–ना० [सं०] १. धनुमा लगाएर हानिने, तीखो टुप्पो र लामो बीँड़ भएको एक प्राचीन हतियार; तीर; शर; काँड़। २. पाँचको सङ्ख्या। ३. राजा बलिका जेठा छोरा; बाणासुर।

बाण-भट्ट–ना० [सं०] संस्कृत साहित्यमा प्रसिद्ध हर्ष-चरित

CC-0. In Public Domain. Digitization by eGangotri

र कादम्बरी-काव्यका रचयिता एक महाकवि ।

बाण-लिङ्ग–ना० [सं०] १. शिव-लिङ्गको रूपमा पूजा गरिने, नर्मदा नदीमा पाइने एक किसिमको सेतो पत्थर । २. बाणको चिह्न-युक्त शिव-लिङ्ग ।

बात–ना० [सं० वार्ता] १. कुरो; वार्ता । २. वचन; बोली । ३. विषय; प्रसङ्ग । ४. समाचार; सन्देश । ५. दोषारोपण; अभियोग ।

बात–ना० [सं० वात] वायुको विकारबाट शरीरका जोर्नीहरू सुनिएर दुख्ने एक रोग ।

बात-चीत–ना० [बात+चीत (फाँ०)] दुइ वा बढ़ी मानिसहरूका आपस्तका कुराकानी; वार्तालाप ।

बाता–ना० [सं० वर्तिका] डाँड़ो; भाटा; बार आदि बाँध्नका निमित्त बनाइएको, बाँसको नछुट्टिएका चोयाको मूठो ।

बातिल–वि० [अ०] १. रद्दी गरिएको; खारिज गरिएको; बदर । २. बाहेक; बाद ।

बाती–ना० [प्रा० वत्ति] बत्ती ।

बातो–ना० [सं० वर्तिका] पिँधबाट रोपेर शासना दिने वा मार्ने एक प्रकारको हतियार; शूली ।

बातो–ना० [ने०] कोदाली वा कोदालोको पातो; बापट ।

बाथ–ना० [सं० वात] बात; वात रोग ।

बाथ–ना० [प्रा० वत्थि] बनेल्को बोसो ।

बाद–वि० [फा०] होउ; रहु । (शब्दका पछि लागेर अभिलाषा वा इच्छा प्रकट गर्ने शब्द । उदा०–जिन्दाबाद, मुर्दाबाद आदि ।)

बाद–क्रि० यो० [अ० बअद] १. अनन्तर; पछि । (वि) २. छोड़ेको; सिवाय ।

बादरा–ना० [?] पहेँलो, सेतो, चम्किलो मसिनु चेप्टो तार । (यो तार कपड़ामा बुट्टा भर्ने काममा प्रयोग हुन्छ ।)

बादल–ना० [सं० वार्दल] १. पृथ्वीको जलबाट निस्केर आकाशमा फैलिई पानी बर्साउने बाफ; मेहरो; मेघ; वारिद । २. आँखामा लाग्ने जालो ।

बादला–ना० [बादरा] बादरा ।

बादशाह–ना० [फा०] १. सम्राट्; चक्रवर्ती । २. ताश, गन्जीफा आदिको एक प्रमुख चक्की; राजाको चित्र भएको गन्जीफा, ताश आदिको पत्ती । ३. बुद्धि-चालको सबभन्दा प्रमुख गोटी ।

बादशाही–वि० [फा०] १. बादशाह-सम्बन्धी; बादशाहको । २. बादशाहलाई सुहाउँदो ।

बादशाही-बाजा–ना० [बादशाही+बाजा] अङ्ग्रेजी ढङ्गको एक थरी सामूहिक बाजा ।

बादी–वि० [फा०] १. वायुको विकार-सम्बन्धी । २. शरीरमा वायु बढ़ाउने ।

बादी–ना० [सं० वादी] वादी ।

बाद्दे–ना० [सं० बाध्य] निश्चय; पक्का ।

बाध–ना० [सं०] १. रोक; रोकावट; प्रतिवन्ध । २. कष्ट; पीडा ।

बाधक–वि० [सं०] १. बाधा पुर्‍याउने; रोक लगाउने । २. विघ्न गर्ने ।

बाधन–ना० [सं०] १. बाधा पुर्‍याउनु; रोक लगाउनु । २. विरोध गर्नु; कष्ट दिनु ।

बाधा–ना० [सं०] १. अड्काउ; रोकावट । २. विघ्न; खिचोला । ३. दुःख; पीडा । ४. भूत, प्रेत आदिका कारणबाट हुने भय वा कष्ट ।

बाधित–वि० [सं०] बाधा पारिएको; रोक लगाइएको ।

बाधी–वि० [सं०] १. बाधा पार्ने । २. विघ्न गर्ने; हानि गर्ने ।

बाध्य–वि० [सं०] १. रोकिएको; रोक लगाइएको । २. विवश पारिएको; मजबूर तुल्याइएको । ३. विधि, नियम, आज्ञा आदिद्वारा बाँधिएको ।

बाध्यता–ना० [सं०] बाध्य हुनाको भाव; विवशता ।

बान–ना० [सं० वर्ण] १. चमक; टलक । २. आभा; कान्ति ।

बानगी–ना० [सं० वर्णन] १. नमूना; ढाँचा । २. आकार; प्रकार; बान्की ।

बानर–ना० [सं० वानर] वानर ।

बानर-पुच्छ्रे–ना० [बानर+पुच्छ्रे] वानर-पुच्छ्रे ।

बाना–ना० [सं० वर्ण] १. वस्त्र; पोशाक । २. पहिरन; वेशविन्यास । ३. स्वीकार गरेको धर्म वा रीति । ४. किसिम; प्रकार ।

बाना–ना० [सं० बाण] सैनिकले कम्मरमा झुन्ड्याउने, दुइतिर धार हुने एक किसिमको लामो शस्त्र; एक प्रकारको तरवार ।

बाना–ना० [सं० वयन] कपड़ाको गजपट्टिको बुनोट ।

बानादार–वि० [बाना+दार] १. बाना भएको; बानावाल । (ना०) २. पल्टनिया बाजा बजाउने जागीरदार ।

बानी–ना० [बन्] आदत; स्वभाव; लत; बेहोर ।

बानो–ना० [ने०] विशेष गरी तामाको, कर्नालजस्तो, शङ्खझैँ फुकेर बजाइने एक किसिमको झीनो बाजा ।

बान्की–ना० [बानगी] बानगी ।

बान्ता–ना० [सं० वान्त] खाए-पिएको वस्तु वा पेटमा रहेको वस्तु कुनै विकार परेर मुखबाट बाहिर निस्कनु; वमन; छाद; वान्त ।

बान्धव–ना० [सं०] १. दाजु-भाइ; फुकी; बन्धु-वर्ग । २. नातेदार; सम्बन्धी । ३. इष्ट-मित्र; स्वजन ।

बाप–ना० [सं० वप्तृ] बाबु; पिता; जनक ।

बापट–ना० [ने०] कोदाला-कोदालीमा कीलो ठोकी गाँसिएको पातो ।

बापत–ना० यो० [फा० बाबत] १. सम्बन्धमा; विषयमा । २. लागि; निमित्त । (ना०) ३. कसूर; दोष । ४. सट्टा; बदला ।

बापती–वि० [बापत+ई] १. बापत वा दोष लागेको; कसूरवार; दोषी । २. चोरी, जारी आदि मुद्दामा अपराधी ठहरिएको; अपराधी ।

CC-0. In Public Domain. Digitization by eGangotri

बाफ–ना० [सं० बाष्प] १. तातेको पानीबाट धूवाँको रूपमा निस्कने जल-कणको समूह; बाष्प। २. मानिसहरूको भीड़बाट भएको तातोपन वा गर्मी।

बाफ–ना० [बाप] पिता; बाबु; बाप।

बाफिनु–अ० क्रि० [बाफ+इ+नु] १. बाफ निस्कनु; बाफ उठ्नु। २. मानिसहरूको भीड़बाट गर्मी बढ्नु; गुम्सिनु। ३. बाफको गर्मीले पाक्नु; उसिनिनु।

बाफिलो–वि० [बाफ+इलो] १. बाफले भरिएको; धेरै बाफ भएको। २. गर्मी (ठाउँ)।

बाफ-रे-बाफ–वि० यो० [बाफ+रे+बाफ] आश्चर्य, विष्मय, दुःख आदिमा बोलिने शब्द।

बाफ्ता–ना० [फा० बाफ्तः] एक किसिमको मोटो रेशमी कपड़ा।

बाबर–ना० [ने०] पातलो पारी घिउमा पकाएको, चामलका पीठाको एक किसिमको रोटी; पातले-रोटी।

बाबरनेट–ना० [बाबरलेट] बाबरलेट।

बाबरलेट–ना० [अं० बॅबिनेट] प्रायः झूल, पर्दा आदिका काममा लिइने एक प्रकारको जालीदार मिहीन कपड़ा।

बाबरी–ना० [सं० बर्बरी] खस्रा पात, राता मसिना फूल र खूब वास्ना आउने एक जातको झार; पुदीना; वर्वरी। (आयुर्वेदमा यसको गुण गरम, वायु-नाशक र पेट-सम्बन्धी रोग नाश गर्ने बताइएको छ।)

बाबा–ना० [फा०] १. बाबु वा बावुजस्तै पूज्य व्यक्ति। २. छोरा-छोरीलाई प्यारो गरेर गरिने सम्बोधन। ३. साधु-संन्यासी वा पूज्य व्यक्तिलाई गरिने सम्बोधन। ४. साधु-संन्यासीले अरूलाई गर्ने सम्बोधन। (वि० बो०) ५. भय, त्रास, आश्चर्य आदि लाग्दा भनिने शब्द।

बाबाजी–ना० [बाबा+जी] १. साधु-संन्यासीहरूको मान-बोधक शब्द। २. साधु; संन्यासी।

बाबियो–ना० [सं० बल्वज] कुशका जस्ता, लामा-लामा तर झीना पात हुने, कोदाका बालाजस्ता झूसिला सेता फूल फुल्ने एक जातको झार। (यसको कूचो, डोरी आदि बनाइन्छ।)

बाबु–ना० [बाबा] १. पिता; बुवा; जनक। २. छोरा-छोरी वा त्यस्तै प्रिय व्यक्तिप्रति गरिने सम्बोधन; बाबा।

बाबु-बाजे–ना० [बाबु+बाजे] बाबु, बाजे आदि पूर्वज; पुर्खा।

बाबु-साहेब–ना० [बाबू-साहेब] बाबू-साहेब।

बाबू–ना० [बाबा] शिक्षित, भलादमी, शिष्ट र ठूला-बड़ा मानिसहरूलाई आरदपूर्वक भनिने शब्द।

बाबू-साहेब–ना० [बाबू+साहेब] १. ठकुरी वा राज-घरानाका साधारण व्यक्तिलाई सम्मानपूर्वक भनिने शब्द। २. धनी-मानीका लड़काहरूको मान-बोधक शब्द।

बाबै–वि० बो० [बाबा+ऐ] १. आश्चर्य, हर्ष, आशङ्का, डर आदिमा भनिने शब्द। २. आफूभन्दा सानालाई उपदेश दिंदा प्रयोग गरिने शब्द।

बाम–ना० [सं० वर्मि] सर्पका आकारको एक जातको माछो।

बाम-खुट्टे–वि० [सं० वाम+खुट्टे] बायाँ खुट्टा अगि सारेर हिंड्ने।

बाम-पुड्के–वि० [सं० वामन+पुड्के] ज्यादै पुड्को; बाउन्ने।

बामेसराइ–ना० [बामेसर्+आइ] बामेसर्ने किसिम, क्रिया वा भाव।

बामेसराइनु–स० क्रि० [बामेसराउ+आइ+नु] बामेसर्न लाइनु; ('बामेसराउनु'-को क० क्रि०)।

बामेसराउनु–स० क्रि० [बामेसर्+आउ+नु] बामेसर्न लाउनु; ('बामेसर्नु'-को क० क्रि०)।

बामेसरिनु–अ० क्रि० [बामेसर्+इ+नु] चार हात-खुट्टा टेकेर हिंड़िनु; ('बामेसर्नु'-को भा० क्रि०)।

बामेसर्नु–अ० क्रि० [बाहाँ+सर्नु] हिंड्न नजान्ने केटा-केटीले हात र घुँड़ाले टेकेर हिंड्नु; चार हात-खुट्टाले टेकेर हिंड्नु।

बाय-बिडङ्ग–ना० [सं० विडङ्ग] १. वायु-विडङ्ग लता। २. त्यसैको फल।

बायाँ–वि० [सं० वाम] १. देब्रे; बाउँ; वाम। २. उल्टो; प्रतिकूल; विरुद्ध। (ना०) ३. देब्रे हातले बजाइने तबला।

बायु–ना० [सं० वायु] वायु।

बायु-पङ्खी–ना० [बायु+पङ्ख+ई] १. हावाजस्तै छिटो दगुर्ने; अति शीघ्र-गामी (घोड़ा)। २. दन्त्य-कथामा प्रसिद्ध पखेटा भएको एक काल्पनिक घोड़ा।

बायु-शूल–ना० [सं० वायु-शूल] वायु-शूल।

बार–ना० [सं० वार] १. कुनै ठाउँमा कोही नपसोस् भनी छेक्नाका निमित्त लगाइएको काठ, बाँस आदिको छेका; घोचा आदि गाड़ी साटा बाँधेको छेका; एक किसिमको पर्खाल। २. समय; अवसर। ३. सप्ताहको कुनै दिन; वार। (उदा०–आदित्य-वार, सोम-वार आदि।) (क्रि० यो०) ४. पटक; चोटि; फेरा।

बारा-खड़ी–ना० [बाह्र-खरी] बाह्र-खरी।

बारा-खरी–ना० [बाह्र-खरी] बाह्र-खरी।

बारना–ना० [बार्] १. अशुद्ध मानिएको खानेकुरो नखाने काम; अभोज्य भोजन बार्ने काम। २. संसर्गबाट भएका दोषको परिहार। ३. पथ-परहेज।

बार-बार–क्रि० यो० [सं० वार-वार] वार-वार।

बार-बुर–ना० [बार्+बेर्] बार-बेर।

बार-बेर–ना० [बार्+बेर्] १. बार्ने र बेर्ने काम। २. बार लाउने काम।

बारम्बार–क्रि० यो० [सं० वारंवार] बार-बार; वारंवार।

बारहदरी–ना० [फा० बाला+दरी] बार्दली।

बारा–ना० [सं० वटक] मास, मूगी आदिका पीठोको, बीचमा प्वाल पारी, घिउ-तेलमा पकाएको एक किसिमको रोटी।

बारा–ना० [बार] तसवीर, ऐना, झ्याल, ढोका आदिको

CC-0. In Public Domain. Digitization by eGangotri

चौकोस; फ्रेम।

बाराबार–ना० [बार्+बार्] १. परस्परमा बार्ने काम (पानी, आवत-जावत आदि)। २. धमाधम बार्ने किसिम, क्रिया वा भाव।

बारिनु–स० क्रि० [बार्+इ+नु] बार लाइनु; ('बार्नु'-को क० क्रि०)।

बारी–ना० [सं० वाटिका] १. पाखा-वालीमात्र लाग्ने जग्गा; पाखो जग्गा। २. बगैँचा; वाटिका।

बारुले–वि० [बारुलो+ए] १. बारुलो-सम्बन्धी। २. बारुलाको जस्तो झीनो (कम्मर)।

बारुलो–ना० [सं० वरटा] अरिङ्गालका जातको सानो चिल्ने कीरो।

बारूत–ना० [तु०] बारूद।

बारूद–ना० [तु० बारूत] गन्धक, सोड़ा र अङ्गारको धूलो मिलाएर बनाइएको विस्फोटक चूर्ण।

बारूदखाना–ना० [बारूद+खाना] बारूद बनाउने वा राख्ने घर।

बारे–ना० यो० [फा० बारः] १. विषयमा; सम्बन्धमा; प्रसङ्गमा। (ना०) २. विषय; सम्बन्ध।

बार्दली–ना० [बारहदरी] घरको गाह्रोभन्दा बाहिर निकाली डन्डी, रेलिङ आदि हाली बनाइएको अंश; बारहदरी।

बार्निस–ना० [अं० वारनिश] १. टल्काउनाका निम्ति काठ, छाला आदिमा लगाउने रोगन। २. रङ्ग-रोगनमा मिलाउने एक प्रकारको तेल।

बार्नु–स० क्रि० [सं० वार+नु] १. वरि-परिबाट घेर्नु; बार लाउनु; छेका लाउनु। २. रोक्नु; छेक्नु। ३. पथ-परहेज गर्नु; पथ्य खानु। ४. अभोज्य नखानु; बारना गर्नु। ५. आशौच मनाउनु। ६. नियमपूर्वक कुनै काम-कुरोको त्याग गर्नु।

बार्नेस–ना० [बार्निस] बार्निस।

बार्हस्पत्य–वि० [सं०] १. बृहस्पति-सम्बन्धी। (ना०) २. एक संवत्सर। ३. पुष्य नक्षत्र। ४. बृहस्पतिका जडवादी शिष्य।

बाल–ना० [सं०] १. बच्चो; बालक; शिशु। २. केश; रौँ; कपाल। ३. जौ, गहूँ आदिको झूस। (वि०) ४. उमेर नपुगेको; कम उमेरको। ५. नासमझ; मूर्ख। ६. भर्खर जन्मेको वा उदाएको।

बालक–ना० [सं०] १. बच्चो; शिशु; लड़का। २. छोरो; पुत्र। ३. अनजान मानिस; मूर्ख व्यक्ति। ४. हात्तीको बच्चो।

बालकठी–ना० [नेवा० बल-कथी] तान लाउँदा धागाको बीच-बीचमा घुसार्ने लट्ठीजस्तो साधन।

बाल-कमानी–ना० [बाल+कमानी] घड़ीको मसिनु रौँजस्तो कमानी।

बाल-काण्ड–ना० [सं०] रामचन्द्रको जन्म र बाल-लीला वर्णन गरिएको रामायणको पहिलो खण्ड।

बाल-काल–ना० [सं०] बालकको अवस्था; बाल्यावस्था।

बालकीय–वि० [सं०] बालक-सम्बन्धी।

बालख–ना० [सं० बालक] बालक।

बालखिल्य–ना० [सं०] पुराणअनुसार ब्रह्माजीका रोम-कूपबाट उत्पन्न अङ्गुष्ठ-प्रमाणका साठी हजार ऋषिहरूको समूह।

बालगिरी–वि० [बहालगिरी] बहालमा दिने-लिने गरेको; भाड़ावाल; बहालगिरी (वस्तु)।

बाल-ग्रह–ना० [सं०] बालकहरूलाई दुःख दिने उपग्रह वा पिशाच। (यी नौ छन्–स्कन्द, स्कन्दापस्मार, शकुनी, रेवती, पूतना, गन्धपूतना, शीतपूतना, मुखमण्डिका र नैगमेय।)

बाल-चन्द्र–ना० [सं०] द्वितीयाको चन्द्रमा।

बाल-चर–ना० [सं०] बालकहरूलाई सच्चरित्रता, लोक-सेवा र स्वावलम्बन सिकाउने, सैनिक ढाँचाको शिक्षार्थी।

बाल-चर्या–ना० [सं०] बालकको स्याहार-सम्भार; शिशु-पालन।

बालटिन–ना० [बाल्टिन] बाल्टिन।

बालतङ्ग–ना० [फा० बाला+तङ्ग] घोड़ाको काठी कस्ने पटारसा जड़िएको छाला।

बाल-तन्त्र–ना० [सं०] बालकहरूको लालन-पालन गर्ने प्रक्रिया; धात्री-कर्म।

बाल-तोड़–ना० [बाल+तोड़] रौँका जराको विकारबाट निस्कने एक प्रकारको खटिरो।

बाल-पोथो–ना० [बाल+पोथो] १. सानो बोट; बिरुवा; सानो-तिनो रूख। २. बाल-बच्चा; बाला-पोथरी।

बाल-पोष–ना० [सं०] बालकहरूलाई पोष लाग्ने औषधि; पुष्टकारी।

बाल-पोस–ना० [सं० बाल-पोष] बाल-पोष।

बाल-बच्चा–ना० [बाल+बच्चा] १. साना छोरा-छोरी; केटा-केटी। २. सन्तान; सन्तति। ३. जहान; परिवार।

बाल-ब्रह्मचारी–ना० [सं०] बालक-कालदेखि नै ब्रह्मचर्यमा रहेको व्यक्ति।

बाल-भोग–ना० [सं०] बाल कृष्णलाई बिहान चढ़ाइने नैवेद्य।

बाल-रोग–ना० [सं०] १. विशेष गरी बालकहरूलाई हुने रोग। २. बाल-ग्रहद्वारा उत्पन्न हुने रोग।

बालव–ना० [सं०] ज्योतिषको एक करण।

बाल-विधवा–ना०[सं०] बाल्यावस्थामै विधवा भएकी स्त्री।

बाल-व्यंजन–ना० [सं०] चमर।

बाल-सङ्गाती–ना० [सं० बाल+सङ्गत+ई] १. बालक-काल-देखिको साथी। २. बालकको साथी।

बाल-सूर्य–ना० [सं० बाल-सूर्य] १. उदाउन लागेको सूर्य। २. लाल मणि।

बाला–ना० [सं०] १. बाह्र-तेह्र वर्षदेखि सोह्र-सत्र वर्ष-

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मका उमेरकी स्त्री; तरुणी; युवती। २. पत्नी; भार्या। ३. स्त्री; नारी। ४. बालिका; केटी। ५. पुत्री; कन्या। ६. हलेदो। ७. घिउ-कुमारी। ८. दश-महाविद्यामध्ये एक।

बाला–ना० [सं० वलय] स्त्रीहरूले नारीमा लाउने सुन-चाँदीको मोटो चुराजस्तो गहना; सुन-चाँदीको चुरो।

बाला–ना० [बालो] बालो।

बाला-घर–ना० [बाल+घर] अनाथ बालकहरूलाई राख्ने घर; बालकहरूको अनाथालय।

बाला-चतुर्दशी–ना० [सं०] मार्ग कृष्ण चतुर्दशी। (त्यस दिन पशु-पतिका वनमा शतबीज छर्ने चलन छ।)

बालाज्यू–ना० [?] काठमाडौँको पश्चिममा रहेको, बाईस धारा भएको एक तीर्थ।

बाला-पोथरी–ना० [बाल-पोथ्रो] साना-साना केटा-केटी।

बालिका–ना० [सं०] १. सानो उमेरकी स्त्री; बच्ची; केटी। २. कन्या; कुमारी। ३. छोरी; पुत्री।

बालिग–वि० [अ० बालिग़] वयस्क।

बालिनु–स० क्रि० [बाल्+इ+नु] बल्ने गराइनु; ('बाल्नु'-को क० क्रि०)।

बालिस्ट–ना० [फा० बालिश] अड़ेसा लाउने ठूलो तकिया।

बाली–ना० [सं० बाल] १. खत-बारीमा उब्जेको अन्न; फसल; खेती। २. मोहीले तल्सिङ वा सरकारलाई बुझाउने कूत; पोत।

बाली-नाली–ना० [बाली+नल (सं०)] खेतमा लगाइएको बाली; बाली-बिरुवा।

बाली-बिरुवा–ना० [बाली+बिरुवा] खेत-बारीमा लगाइएको बाली; बाली-नाली।

बालुका–ना० [सं०] बालुवा; ढुङ्गाको चूर्ण।

बालुन–ना० [ने०] दुइ दलका मानिसहरूले परस्परमा मिलेर गाउने लोक-गीतको एक छन्द।

बालुवा–ना० [सं० बालुका] ढुङ्गाका साना-साना कण; बालुका; रेत।

बालूचरी–ना० [बालूचर (स्थान)+ई] एक जातको असल गाँजा।

बालू-बुर्ज–ना० [बालुवा+बुरीदः (फा०)] खोलाले छोड़ेको बगर; खोलाले बगाएर ल्याएको बालुवा आदि थुप्रिएको जग्गा।

बालूसाही–ना० [हिं०] घिउमा पकाएर पागमा डुबाई तयार गरिने मैदाको एक प्रकारको मिठाई।

बालो–ना० [सं० बाल] १. धान, जौ, गहूँ आदिको झूससहितका फलहरूको झुप्पो। २. बालक; बच्चो।

बाल्टिन–ना० [अं० बकेट+टिन] सोलीका आकारको, उझिन्डो लागेको, टिन, जस्ता, पीतल आदि धातुको भाँड़ो; बाल्टी।

बाल्टी–ना० [पुर्त० बाल्डे] बाल्टिन।

बाल्नु–स० क्रि० [बल्+नु] १. बल्ने गराउनु; सल्काउनु; जलाउनु। २. दन्काउनु; ज्वाला निकाल्नु।

बाल्य–ना० [सं०] १. बालकको भाव; बचपन; लड़कपन। २. अज्ञान।

बाष्प–ना० [सं०] १. बाफ। २. आँसु।

बास–ना० [सं० वास] वास।

बासक–ना० [सं० वासक] असुराका जातको एक प्रकारको बोट। (यसबाट आयुर्वेदीय अवलेह-औषधिहरू बनाइन्छ।)

बासट्ठि–ना० [प्रा०] बयासट्ठी।

बासट्ठियौँ–वि० [बासट्ठि+यौँ] बयासट्ठियौँ।

बासट्ठी–ना० [प्रा० बासट्ठि] बयासट्ठी।

बासमती–ना० [सं० वास+मती] बास्ना आउने चामल हुने एक उत्तम जातको धान।

बासा–ना० [सं० वस्त्र] १. पुस्तक-पुस्तिका बाँध्ने कपड़ा; बस्ता; वेष्टन। २. सुर्ती हाल्ने सानो थैली।

बासिनु–अ० क्रि० [बास्+इ+नु] पक्षीहरू कराइनु; ('बास्नु'-को भा० क्रि०)।

बासिन्दा–वि० [फा० बाशिन्दः] कुनै ठाउँमा रहने; निवासी; रैथाने।

बासिबिदो–ना० [बास+बिदा+ओ] धेरै दिनसम्म लगातार परिरहेको पानी बीचमा एक रात रोकिनु।

बासी–ना० [सं० वासर] १. एक वा धेरै रात पुरानो; एक वा धेरै दिन पहिलेको। २. धेरै समय अघिको; ताजा नभएको (खाद्य पदार्थ आदि)।

बास्ना–ना० [सं० वास] मीठो वास; सुगन्ध; खुशबू।

बास्नु–अ० क्रि० [सं० वाश्+नु] कुखुरा, तित्रा आदि चराहरू प्रहर-प्रहरमा बोल्नु; पक्षीहरू कराउनु।

बाहाँ–ना० [सं० बाहु] हात; बाहु; भुजा।

बाहाँ-कटे–ना० [बाहाँ+कट्टा+ए] बाँकटे।

बाहाँ-जोरी–ना० [बाहाँ+जोर्+ई] १. अँगालो; अङ्कमाल; आलिङ्गन। २. कुश्ती; मल्ल-युद्ध।

बाहान–ना० [फा० बाहम] पटक; पल्ट; चोटि।

बाहाने–वि० [बाहान+ए] दोस्रो पटकमा पकाइएको; बाहान लाएको (खानेकुरो)।

बाहिड़ा–वि० [सं० बहिर्] १. बाहिरको (सरकारभन्दा)। २. गैरकानूनी (टक, छाप, लाल-मोहर आदि)।

बाहिर–ना० यो० [सं० बहिर्] १. कुनै स्थान वा सीमाभन्दा पर; कुनै निश्चित ठाउँदेखि अलग; 'भित्र'-को उल्टो। २. पद, मर्यादा, अवस्थादेखि अलग; नियम, अनुशासन आदिदेखि भिन्न। ३. अरू ठाउँमा; अर्को गाउँ, शहर वा देशमा। (ना०) ४. कुनै निश्चित ठाउँ वा सीमादेखि भिन्न ठाउँ। (वि०) ५. अलग; भिन्न।

बाहिर-पाटो–ना० [बाहिर+पट्टि] निकलबास; निकाला; निर्वासन।

बाहिर-फेरा–ना० यो० [बाहिर+फेरो] १. शहरदेखि बाहिर; काँठतिर। २. बाहिरतिर।

बाहिरिनु–अ० क्रि० [बाहिर+इ+नु] बाहिर निस्कनु;

CC-0. In Public Domain. Digitization by eGangotri

वहिरिनु ।

बाहिरिया–वि० [बाहिर+इया] १. बाहिरको; बाहिरी; बाह्य । २. घरायसीभन्दा भिन्न; परचक्री । ३. विदेशी ।

बाहिरी–वि० [बाहिर+ई] १. बाहिरको; बाहिरिया । (ना०) २. लुगा-फाटाको बाहिरपट्टिको तह । ३. बाहिरपट्टि वा सबभन्दा माथि लाउने लुगा ।

बाहिऱ्याइ–ना० [बाहिरि+याइ] बाहिरिने किसिम, क्रिया वा भाव ।

बाहीँ–ना० [बाहाँ+ई] सुन-चाँदी आदिको चुरो; बाला ।

बाहु–ना० [सं०] हात; बाहुली; भुजा ।

बाहुज–ना० [सं०] क्षत्रिय ।

बाहुन–ना० [सं० ब्राह्मण] ब्राह्मण ।

बाहुन-चरो–ना० [बाहुन+बिचरो] गरीब बाहुन; दुःखी ब्राह्मण; बाहुनी-चरी ।

बाहुनी-चरी–ना० [बाहुन-चरो] बाहुन-चरो ।

बाहुनी-चरी–ना० [ने०] कालो र सेतो मिसिएको रङ्गको, प्रायः खोलाका किनारमा देखिने, भँगेराजत्रो एक जातको चरो; खञ्जन ।

बाहु-बल–ना० [सं०] शारीरिक बल; पराक्रम; पुरुषार्थ ।

बाहु-युद्ध–ना० [सं०] कुश्ती; मल्ल-युद्ध ।

बाहुली–ना० [सं० बाहु] १. मान्य जनको हात; हातको आदर बुझाउने शब्द । २. सनासो ।

बाहुलो–ना० [सं० बाहु] हात-गोड़ा पसाउने लुगाको अवयव ।

बाहुल्य–ना० [सं०] धेरै हुनाको भाव; आधिक्य ।

बाहुवीर–ना० [सं०] बोहरी वृक्ष ।

बाहेक–ना० यो० [सं० बाहीक] १. बिना; सिवाय; अतिरिक्त । (वि०) २. भिन्न; अलग; पृथक् । (क्रि० यो०) ३. छोड़ेर; अलग गरेर ।

बाह्य–वि० [सं०] बाहिरको; बाहिरी ।

बाह्येन्द्रिय–ना० [सं०] बाहिरी विषयहरूको अनुभव गर्ने इन्द्रिय (आँखा, नाक, कान, जिभ्रो र छाला) ।

बाह्र–ना० [प्रा० बारस] १. दश र दुइको योग-सङ्ख्या; १२-को अङ्क । (वि०) २. दश र दुइका योग-सङ्ख्याको ।

बाह्र-खरी–ना० [प्रा० बार+अक्खरी] देवनागरी वर्णमालाका व्यञ्जन-वर्णका साथ अ, आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ, औ, अं र अः–यी बाह्र, स्वर-मात्राको रूपमा लगाएर बोल्ने वा लेख्ने प्रक्रिया ।

बाह्र-दुइ–ना० [बाह्र+दुइ] दुइ पासामा छक्का-छक्का र एक पासामा दुवा पर्दा हुने एक दाउ; चौध ।

बाह्र-मासे–वि० [बाह्र+मास+ए] १. बाह्रै महीना फल्ने वा फुल्ने । २. वैला भएकी; बराँठिएकी । (ना०) ३. बाह्रै महीनाको प्राकृतिक वर्णन गरिएको कविता । ४. चोर-जूवा; अवैधानिक जूवा । ५. चोर-जूवा खेल्ने व्यक्ति । ६. तीन कुना परेको, प्रायः कलेजी रङ्गको, बाह्रै महीना फुल्ने एक जातको फूल । ७. बाह्रै महीनामा गाइने एक प्रकारको गीत ।

बाह्र-सत्तरी–वि० [बाह्र+सत्तरी] अनेक किसिमको; ओली-ओलीको; बाह्र-सत्ताईस (कुरा) ।

बाह्र-सत्ताईस–वि० [बाह्र+सत्ताईस] बाह्र-सत्तरी ।

बाह्रसिङ्गा–ना० [बाह्र+सीङ] हाँगे-हाँगा परेका लामा-लामा सीङ हुने एक जातको मृग; जरायो ।

बाह्रौँ–वि० [बाह्र+औँ] १. गणनाको क्रमले बाह्र सङ्ख्यामा पुगेको; बाह्र सङ्ख्याको । (ना०) २. मरेका बाह्र दिनमा मृतकको प्रेतत्व-निवृत्तिका निमित्त गरिने श्राद्ध; सपिण्डी ।

बि–उप० [सं० वि०] शब्दको अगाड़ि जोरिएर पार्थक्य, कार्य-विपरीतता, अंश, अन्तर, क्रम, प्रतिकुलता, अधिकता, निषेध, परिवर्तन आदिको अर्थ बुझाउने एक उपसर्ग ।

बिँगठिइनु–अ० क्रि० [बिँगठि+इ+नु] बाउँटिइनु; ('बिँगठिनु'-को भा० क्रि०) ।

बिँगठिनु–अ०क्रि० [बिँगो+नु] बाउँटिनु; बिभिन्डिनु; टेढ़िनु ।

बिँगठे–वि० [बिँगठो+ए] बिँगठो ।

बिँगठो–वि० [बिँगठि] बाउँटो; बिँगठ्याहा ।

बिँगठ्याइ–ना० [बिँगठि+याइ] १. बिँगठिने किसिम, क्रिया वा भाव । २. निहुँ; खोते; अड्को ।

बिँगठ्याहट–ना० [बिँगठि+याहट] बिँगठिने किसिम, क्रिया वा भाव; बिँगठ्याइ ।

बिँगठ्याहा–वि० [बिँगठि+याहा] बिँगठिने स्वभावको; बाउँटो; बिँगठो ।

बिँगो–ना० [सं० वृ] १. हाँगाबाट निस्केको हाँगो; सानो हाँगो; झिँजो । २. बाधा; अड्को; छेका । ३. निहुँ; खोते ।

बिँड़ो–ना० [प्रा० विट्ट] १. गाग्रा, घ्याम्पा आदिका पिँधमा राखिने घाँस-परालको चक्का । २. बाबु-बाजेको इज्जत; पुर्खाको प्रतिष्ठा । ३. बिनाचाँद-तोड़ाको पगरी । ४. पदवी; मान ।

बिउँ–ना० [बीउ] चामलमा मिसिएको धान ।

बिउँझनु–अ० क्रि० [प्रा० बिउज्झइ+नु] १. निद्रा खुल्नु; जागा हुनु । २. बौरनु; बिउँतनु । ३. होश आउनु; सचेत हुनु ।

बिउँझाइ–ना० [बिउँझ+आइ] बिउँझने किसिम, क्रिया वा भाव ।

बिउँझाइ–ना० [बिउँझाउ+आइ] बिउँझाउने किसिम, क्रिया वा भाव ।

बिउँझाइनु–स० क्रि० [बिउँझाउ+इ+नु] निद्रा छुटाइनु; ('बिउँझाउनु'-को क० क्रि०) ।

बिउँझाउनु–स० क्रि० [बिउँझ+आउ+नु] १. निद्रा छुटाउनु; जागा गराउनु । २. होश फर्काउनु; सचेत पार्नु; ('बिउँझनु'-को प्रे० क्रि०) ।

बिउँझिनु–अ० क्रि० [बिउँझ+इ+नु] १. निद्रा खुलिनु;

CC-0. In Public Domain. Digitization by eGangotri

('बिउँझनु'-को भा० क्रि०)। २. बिउँझनु।

बिउँझो–वि० [बिउँझ+ओ] १. निद्रा खुलेको; जागा। २. होशमा रहेको; सचेत।

बिउँतनु–अ० क्रि० [सं० विबुध्+नु] १. मृत वा बेहोश अवस्थाबाट चेतना वा होशमा आउनु; बौरनु। २. बिउँझनु; जागा हुनु।

बिउँताइ–ना० [बिउँत+आइ] बिउँतने किसिम, क्रिया वा भाव।

बिउँताइ–ना० [बिउँताउ+आइ] बिउँताउने किसिम, क्रिया वा भाव।

बिउँताइनु–स० क्रि० [बिउँताउ+इ+नु] बेहोश अवस्थाबाट होशमा ल्याइनु; ('बिउँताउनु'-को क० क्रि०)।

बिउँताउनु–स० क्रि० [बिउँत+आउ+नु] १. मृत वा बेहोश अवस्थाबाट जीवन वा होशमा ल्याउनु; सचेत पार्नु। २. बिउँझाउनु; जगाउनु; ('बिउँतनु'-को प्रे० क्रि०)।

बिउँतिनु–अ० क्रि० [बिउँत+इ+नु] मृत वा बेहोश अवस्थाबाट होश वा चेतनामा आइनु; ('बिउँतनु'-को भा० क्रि०)।

बिकट–ना० [अं० पिकेट] रातमा सिपाहीहरूले दिने पहरा; रातको पहरा।

बिकटे–वि० [बिकट+ए] राती पहरा बस्ने; बिकट बस्ने।

बिकाइ–ना० [बिक्+आइ] बिक्ने किसिम, क्रिया वा भाव।

बिकाइनु–स० क्रि० [बिकाउ+इ+नु] बिक्री गरिनु; बेचिनु; ('बिकाउनु'-को क० क्रि०)।

बिकाउ–वि० [बिक्+आउ] बिक्री गर्ने; बेचिने; बिक्ने (माल इत्यादि)।

बिकाउनु–स० क्रि० [बिक्+आउ+नु] १. बिक्री गर्नु; बेच्नु; ('बिक्नु'-को प्रे० क्रि०) २. व्यवहार वा काममा प्रयुक्त गर्नु। ३. बदनामी कमाउनु।

बिकाम–ना० [बि+काम] काम नहुनु; बेकाम।

बिकामी–वि० [बिकाम+ई] १. बिनाकामको; काम नभएको; बेकामी। २. काम नलाग्ने; बेकम्मा।

बिकिनु–अ० क्रि० [बिक्+इ+नु] बिक्री होइनु; ('बिक्नु'-को भा० क्रि०)।

बिकुल–ना० [बिगुल] बिगुल।

बिकुले–ना० [बिकुल+ए] बिगुले।

बिक्नु–अ० क्रि० [सं० विक्रय+नु] १. बिक्री हुनु; बेचिनु। २. व्यवहार वा काममा उपयोग हुनु। ३. पत्याइनु। ४. नाउँमा कलङ्क लाग्नु।

बिक्री–ना० [सं० विक्रय] बेच्ने काम; व्यापार; विक्रय।

बिक्री-कर–ना० [बिक्री+कर (सं०)] विक्रय-कर।

बिख–ना० [सं० विष] विष; जहर।

बिखटो–वि० [बिँगठो] कसैसित नमिल्ने स्वभावको; बिखड़्याहा; बिँगठो।

बिखड़्याइँ–ना० [बिँगठ्याइ] बिँगठ्याइ।

बिखड़्याहा–वि० [बिखटो+आहा] अमिल्दो स्वभावको; बिखटो।

बिखर्ची–वि० [ब+खर्च+ई] खर्च गर्ने रुपियाँ-पैसा नभएको; खर्च सिद्धिएको।

बिखालु–वि० [बिख+आलु] बिख भएको; विषालु।

बिखुम–ना० [अ० ख़म] गुम्बज।

बिखेत–ना० [सं० विषाद] खेद; अफसोस; दुःख।

बिगबिगी–क्रि० यो० [अ० बग़ावत] १. आतङ्क। २. उपद्रवको बहुलता।

बिगहट्टी–ना० [बिगहा+हद्द (अ०)] १. जग्गा-जमीनको बिघा, पोत्त आदिको लगत। २. बिघापिच्छे लाग्ने रकम।

बिगहा–ना० [बिघा] बिघा।

बिगार–ना० [सं० विकार] १. बरबादी; नाश; ध्वंस। २. अभिचार-सम्बन्धी कर्मबाट भएको दुःख; विकार।

बिगाराइ–ना० [बिगार्+आइ] बिगार्ने किसिम, क्रिया वा भाव।

बिगारिनु–स० क्रि० [बिगार्+इ+नु] बिगार गरिनु; ('बिगार्नु'-को क० क्रि०)।

बिगार्नु–स० क्रि० [सं० विकार] १. बिगार गर्नु; नाश गर्नु; टूट-फूट वा भताभुङ्ग पार्नु। २. खराब बानी, आचरण आदिमा प्रवृत्त गराउनु। ३. कसैको खराबी गर्नु; अपकार गर्नु। ४. जाति, धर्म आदिबाट च्युत गराउनु; पतित गर्नु। ५. कौमार्य वा सतीत्व-हरण गर्नु। ६. सड़ाउनु; कुहाउनु।

बिगुल–ना० [अं० ब्यूग्ल] सेना वा पुलिसका जवानहरूलाई सङ्केत गर्नाका निमित्त फुकेर बजाइने एक प्रकारको बाजा; बाच्छाई-बाजाका साथ बजाइने एक प्रकारको फुकेर बजाइने बाजा।

बिगुले–ना० [बिगुल+ए] बिगुल बजाउने व्यक्ति; बिगुल बजाउने, पल्टनिया जवान।

बिगूत–ना० [सं० विभूति] यज्ञ-कुण्डको खरानी; विभूत; विभूति।

बिगूती–वि० [बिगूत+ई] बिगूत वा खरानीका रङ्गको; विभूति-रङ्गको।

बिगो–ना० [बिगार] १. कसूर; अपराध; दोष। २. अनुचित किसिमले लिएको अर्काको धन। ३. बिगार; नाश। ४. बदमाशी; उपद्रव।

बिगौती–ना० [प्रा० विआउरी] बिघौती।

बिगौते–वि० [बिघौते] बिघौते।

बिग्याहा–वि० [बिगो+याहा] बिगो गर्ने स्वभावको; उपद्रवी।

बिग्रनु–अ० क्रि० [सं० विकार+नु] १. कुनै वस्तुको गुण, रूप् आदिमा विकार हुनु; बरबाद हुनु; नासिनु। २. टूट-फूट वा भताभुङ्ग हुनु; भत्कनु। ३. कुनै वस्तु बनाउन लाग्दा चुकेर वा नजानेर नबन्नु; खड़बड़ हुनु। ४. खराब

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा पर्नु; अवनति हुनु। ५. आफ्नो नीति, पद, पथ आदिबाट भ्रष्ट हुनु। ६. खराब बानी वा आचरणमा प्रवृत्त हुनु। ७. जाति, धर्म आदिबाट च्युत हुनु; पतित हुनु। ८. सड्नु; कुहुनु। ९. बदलिनु; परिवर्तन हुनु।

बिग्राइ–ना० [बिग्र+आइ] बिग्रने किसिम, क्रिया वा भाव।

बिग्रिनु–अ० क्रि० [बिग्र+इ+नु] बरबाद होइनु; नासिइनु; ('बिग्रनु'-को भा० क्रि.०)।

बिघट्टी–ना० [बिगहट्टी] बिगहट्टी।

बिघा–ना० [प्रा० विगह] जग्गा-जमीनको, बीस कट्ठा वा विश्वाको नाप; करीब सवा तेह्र रोपनीको जमीनको परिमाण; नौ हातका लगाले लमाइ लगा एक, गज लगा एकको धुर एकका दरले बीस धुरको एक कट्ठाका नापोले बीस कट्ठाको जमीनको परिमाण।

बिघात–ना० [सं० विघात] १. अति प्रेरणा; हत्ते हाल्नु। (क्रि० यो०) २. बिछट्ट; बेसरी।

बिघौती–ना० [सं० विक+औती] भर्खर बियाएकी गाईको पकाउँदा जमेको दूध।

बिघौते–वि० [बिघौती+ए] बिघौती-सम्बन्धी; बिघौतीको; बिघौतीजस्तो।

बिघौते-औलो–ना० [बिघौते+औलो] कार्तिक वा चैत्र महीनामा लाग्ने औलो।

बिघ्न–ना० [सं० विघ्न] १. बाधा; अड्काउ। (वि०) २. अति; अतिशय। (क्रि० यो०) ३. खूब; बिछट्ट; ज्यादा।

बिङठिनु–अ० क्रि० [बिँगठि+नु] बिँगठिनु।

बिङठे–वि० [बिँगठे] बिँगठे।

बिङठो–वि० [बिँगठो] बिँगठो।

बिङठ्याइ–ना० [बिङठि+याइ] बिङठिने किसिम, क्रिया वा भाव; बिँगठ्याइ।

बिङठ्याहट–ना० [बिङठि+याहट] बिङठिने किसिम, क्रिया वा भाव; बिँगठ्याइ।

बिङठ्याहा–वि० [बिङठि+याहा] बिँगठ्याहा।

बिङ्गो–ना० [सं० व्याज] १. वहाना; निहुँ। २. बिँगो।

बिङग्याहा–वि० [बिङ्गो+याहा] बिङ्गो लगाउने; खोचे थाप्ने।

बिचरो–वि० [फा० बेचारः] १. बबुरो; निर्धो। २. अनाथ; टुहुरो।

बिचल्ली–ना० [बीच+रलि] १. ठूलो दुःख। २. आपत्ति; विल्लवाठ; बिजोग।

बिचाराइ–ना० [विचार्+आइ] बिचार्ने किसिम, क्रिया वा भाव।

बिचारिनु–स० क्रि० [विचार्+इ+नु] विचार गरिनु; ('विचार्नु'-को क० क्रि०)।

बिचारी–ना० [विचारी] विचारी।

बिचार्नु–स० क्रि० [सं० विचार+नु] विचार गर्नु; मनन गर्नु; सोच्नु।

बिचेत–वि० [सं० विचेतस] चेत वा होश नभएको; अचेत; बेहोश।

बिच्कनु–अ० क्रि० [बिच्कि] बिच्किनु।

बिच्काइ–ना० [बिच्क+आइ] बिच्कने किसिम, क्रिया वा भाव।

बिच्काइनु–स० क्रि० [बिच्काउ+इ+नु] दच्काइनु; ('बिच्काउनु'-को क० क्रि०)।

बिच्काउनु–स० क्रि० [बिच्क+आउ+नु] १. दच्काउनु; तर्साउनु। २. भड्काउनु; पराङ्मुख पार्नु।

बिच्किनु–अ० क्रि० [सं० वि+चित्+नु] १. दच्कनु; तर्सनु; हच्कनु। २. भड्कनु; पराङ्मुख हुनु। ३. बिच्कने होइनु; ('बिच्कनु'-को भा० क्रि०)।

बिच्क्याइ–ना० [बिच्कि+याइ] बिच्किने किसिम, क्रिया वा भाव; भड्काइ।

बिच्क्याइनु–स० क्रि० [बिच्क्याउ+इ+नु] तर्साइनु; दच्काइनु; ('बिच्क्याउनु'-को क० क्रि०)।

बिच्क्याउनु–स० क्रि० [बिच्कि+याउ+नु] १. तर्साउनु; दच्काउनु; बिच्काउनु। २. भड्काउनु; पराङ्मुख पार्नु।

बिच्क्याहट–ना० [बिच्कि+याहट] बिच्किने किसिम, क्रिया वा भाव।

बिच्क्याहा–वि० [बिच्कि+याहा] बिच्किने स्वभावको; दच्काहा।

बिच्छी–ना० [प्रा० बिच्छुओ] १. पुच्छरमा रहेको डङ्कमा कडा विष हुने एक प्रकारको जन्तु; वृश्चिक। (वि०) २. अति बाठो।

बिच्छुक–ना० [सं० वि+छुक] अपशकुन; अलच्छिन; अमङ्गल।

बिच्छुकी–वि० [बिच्छुक+ई] बिच्छुक लाग्ने; अलच्छिनी (व्यक्ति)।

बिछट्ट–क्रि० यो० [सं० विशिष्ट] १. अति; अत्यन्त; ज्यादै। (वि०) २. धेरै; बिघात।

बिछन्द–वि० [सं० विच्छन्द] विच्छन्द।

बिछिनु–अ० क्रि० [बिछयाउ] बिछयाउने काम हुनु।

बिछोड़–ना० [सं० वि+छुट्] छुट्टिने काम; छुट्टिम; वियोग।

बिछयाइ–ना० [बिछयाउ+आइ] बिछयाउने किसिम, क्रिया वा भाव।

बिछयाइनु–स० क्रि० [बिछयाउ+इ+नु] बिछयाउना लाइनु; ('बिछयाउनु'-को क० क्रि०)।

बिछयाउना–ना० [बिछयाउ] बिछयाउने वस्तु; ओछयान; डसना, राड़ी, लम्पट, सुकुल आदि।

बिछयाउनु–स० क्रि० [सं० विस्तरण+आउ+नु] १. बिछयाउना लाउनु; ओछयाउनु। २. जमीनमा फिँजाउनु; फैलाउनु।

बिछयाउने–ना० [बिछयाउ] १. ओछयाउने वस्तु; ओछयान; बिछचौना। २. ओछयाउने काम गर्ने व्यक्ति वा साधन।

बिछचौना–ना० [बिछयाउना] बिछयाउना।

CC-0. In Public Domain. Digitization by eGangotri

बिजन–ना० [सं० बीज] बीउहरूको समुदाय; विभिन्न थरीका बीजहरू।

बिजय-शाल–ना० [सं० बीजक+शाल] शालकै जस्ता पात हुने र काण्डमा घाउ लागेमा रातो रगतजस्तो चोब निस्कने एक जातको शाल वृक्ष; बिजय-सार। (यसका काठको गिलास, कटौरा आदि बनाइन्छ। आयुर्वेदमा यसको गुण कुष्ठ र प्रमेहको रोगलाई नाश गर्ने बताइएको छ।)

बिजय-सार–ना० [सं० बीजक+सार] बिजय-शाल।

बिजाइँ–ना० [फा० बेजा] १. बिगो; विद्युत्; उपद्रव। २. अन्याय; अत्याचार।

बिजात–ना० [सं० वि+जात] १. कम्ती जात; सानो जात। २. भिन्न जात।

बिजाती–वि० [सं० विजातीय] १. भिन्न जातको; अरू जातिको; विजातीय। २. तल्लो जातको; बिजात।

बिजुली–ना० [सं० विद्युत्] १. बादल लागेका बखत आकाशमा झिलिक्क देखिने प्रकाश; चपला। २. रासायनिक क्रिया वा चुम्बकीय शक्तिबाट उत्पन्न गरिने एक शक्ति; विद्युत्। (वि०) ३. खूब चलाक; धूर्त। ४. चहकिलो; चमकिलो। ५. अति छिटो दगुर्ने; द्रुत-गामी।

बिजुली-घर–ना० [बिजुली+घर] बिजुली पैदा गर्ने ठाउँ वा घर।

बिजुलो–ना० [सं० बीज] ज्यामीर, निबुवा आदि फलका केस्राभित्रको रसिलो दाना; फलको रस-कोश।

बिजुवा–ना० [ने०] झाँक्री।

बिजुवा–ना० [बिज्जू] बिज्जू।

बिजोग–ना० [सं० वियोग] १. ठूलो दुःख; बिचल्ली बिल्लबाठ। २. बिछोड़; वियोग।

बिजोड़ा–वि० [सं० वि+जोड़ा] जोड़ा नमिलेको; जोड़ा नभएको; अगल्चो।

बिजोर–वि० [सं० वि+जोर] १. जोर नभएको; आधा पार्दा बराबर नहुने; विषम (एक, तीन, पाँच, सात आदि)। २. बिजोड़ा।

बिज्जू–ना० [सं० बीज] १. बीजबाट पैदा भएको फल वा फूल; कलमी नगरिएका वृक्षबाट उत्पन्न फल वा फूल। (वि०) २. बीजबाट उम्रेको वा त्यसरी उम्रेका वृक्षमा फुलेको वा फलेको।

बिझाइ–ना० [बिझ्+आइ] बिझ्ने किसिम, क्रिया वा भाव।

बिझाइनु–अ० क्रि० [बिझाउ+इ+नु] चस्किनु; ('बिझाउनु'-को भा० क्रि०)।

बिझाउनु–अ० क्रि० [बिझ्+आउ+नु] १. काँच, काँढ़ो आदिले घोच्ता र कसिङ्गर आदि आँखामा पर्दा पीडा हुनु; चस्कनु। (स० क्रि०) २. अर्काको चित्त दुखाउनु; कटु वचनले दुःखित पार्नु; ('बिझ्नु'-को प्रे० क्रि०)।

बिझिनु–अ० क्रि० [बिझ्+इ+नु] काँढ़ो आदि गड़िनु; ('बिझ्नु'-को भा० क्रि०)।

बिझ्नु–अ० क्रि० [सं० विध्+नु] १. तीखो काँढो, सुइरो आदि शरीरमा घोपिनु; गड्नु; घोचिनु। २. कटु वचन, अनुचित काम आदिबाट मनमा दुःख हुनु; चित्त दुख्नु।

बिट–ना० [सं० वृत्त] १. भाँड़ा-बर्तनको मुखमा बाहिर फर्केको घेरो। २. कुनै वस्तुका छेउको घेरो।

बिटुलाइ–ना० [बिटुल्+आइ] बिटुल्ने किसिम, क्रिया वा भाव।

बिटुलिइनु–अ० क्रि० [बिटुलि+इ+नु] बिटुलो होइनु; ('बिटुलिनु'-को भा० क्रि०)।

बिटुलिनु–अ० क्रि० [बिटुलो+इ+नु] १. बिटुलो हुनु; जूठो हुनु। २. अशुद्ध हुनु; अपवित्र हुनु। ३. छूतछात हुनु; लसपसिनु।

बिटुलो–वि० [प्रा० विट्टालिअ] १. जूठो; उच्छिष्ट। २. अपवित्र; अशुद्ध।

बिटुल्नु–स० क्रि० [बिटुलो+नु] १. मुख जूठो पार्नु; थोरै खानु। २. बिटुलो पार्नु; जूठो पार्नु; बिटोल्नु।

बिटुल्याइ–ना० [बिटुल्याउ+आइ] बिटुल्याउने किसिम, क्रिया वा भाव।

बिटुल्याइ–ना० [बिटुलि+याइ] बिटुलिने किसिम, क्रिया वा भाव।

बिटुल्याइनु–स० क्रि० [बिटुल्याउ+इ+नु] बिटुलो पारिनु; ('बिटुल्याउनु'-को क० क्रि०)।

बिटुल्याउनु–स० क्रि० [बिटुलि+याउ+नु] बिटुलो पार्नु; बिटोल्नु; बिटुल्नु; ('बिटुलिनु'-को प्रे० क्रि०)

बिटो–ना० [प्रा० विट्टी] काँधमा हाली वा काखी च्यापी बोक्नाका निमित्त पारेको घाँस, पराल आदिको मूठो।

बिटोलाइ–ना० [बिटोल्+आइ] बिटोल्ने किसिम, क्रिया वा भाव; बिटुलाइ।

बिटोलिनु–स० क्रि० [बिटोल्+इ+नु] बिटुलो पारिनु; ('बिटोल्नु'-को क० क्रि०)।

बिटोल्नु–स० क्रि० [बिटुलो+नु] बिटुलो पार्नु; बिटुल्नु।

बिठचाइँ–ना० [बे+ठचाक] राय नमिल्नु; ठचाक नमिल्नु।

बिडाल–ना० [सं०] बिरालो; मार्जार।

बिडाल-व्रतिक–वि० [सं०] ढोंगी; आडम्बरी।

बिडाल-व्रती–वि० [सं०] बिडाल-व्रतिक।

बिडालाक्ष–वि० [सं०] बिरालाका जस्ता आँखा हुने; कुहिरे।

बिड़ो–ना० [बिँड़ो] बिँड़ो।

बिढङ्ग–ना० [बे+ढङ्ग] १. ढङ्ग वा सीप नहुनु; छाँट, तरीका आदि नमिल्नु; बेढङ्ग। २. मेल नहुनु; बेमेल; बेढब।

बिढङ्गी–वि० [बिढङ्ग+ई] १. बिढङ्गको; ढङ्ग नमिलेको; बिढङ्गयाहा २. एकोहोरो; हठी। ३. अनौठो; विचित्र।

बिढङ्ग्याहा–वि० [बिढङ्ग+याहा] बिढङ्गको; बिढङ्गी।

बितरा–वि० [सं० वि +स्तर] रहने-बस्ने ठाउँ नभएको; बिथात।

CC-0. In Public Domain. Digitization by eGangotri

बितल–ना० [बितोल] बितोल ।

बितलब-बिर्ता–ना० [बे+तलब+बिर्ता] १. काम गरेबापत पाउनुपर्ने तलबका सट्टामा पाएको बिर्ता । २. सरकारमा तिरो-भरो गर्नु नपर्ने बिर्ता ।

बिताइ–ना० [बित्+आइ] बित्ने किसिम, क्रिया वा भाव ।

बिताइ–ना० [बिताउ+आइ] बिताउने किसिम, क्रिया वा भाव ।

बिताइनु–स० क्रि० [बिताउ+इ+नु] समय गुजारिनु; ('बिताउनु'-को क० क्रि०) ।

बिताउनु–स० क्रि० [बित्+आउ+नु] १. समय गुजार्नु; वेला घर्काउनु । २. बित्यास पार्नु; आपत पार्नु । ३. बरबाद गर्नु; विनाश गर्नु । ४. मार्नु; ('बित्नु'-को भा० क्रि०) ।

बितिनु–अ० क्रि० [बित्+इ+नु] समय गुज्रिनु; ('बित्नु'-को भा० क्रि०) ।

बितोड़–ना० [बे+तोड़] ठूलो वेग; बेतोड़ ।

बितोल–ना० [सं० वितुलन] १. बरबादी; विनाश; बित्यास । २. भताभुङ्ग; गोलमाल ।

बित्ता–ना० [सं० वितस्ति] १. फैलाएका पन्जाका बूढी-औंलाका टुप्पादेखि कान्छी औंलाका टुप्पासम्मको लम्बाइ वा नापो; एक हातको आधा भाग । (वि०) २. त्यति नापको ।

बित्ता–ना० [बूता] बूता ।

बित्तिकै–क्रि० यो० [बित्] साथै; लगत्तै; तुरुन्तै ।

बित्ते–वि० [बित्ता+ए] बित्ताको; बित्ता भएको ।

बित्तो–वि० [बित्] बित्ने; हतपतको; हड़बड़ीको ।

बित्नु–अ० क्रि० [प्रा० वित्त+नु] १. समय गुज्रनु; वेला घर्कनु । २. अबेर हुनु; विलम्ब हुनु । ३. बित्यास पर्नु; आपत पर्नु । ४. मर्नु; मृत्यु हुनु । ५. बरबाद हुनु; नासिनु ।

बित्पात–ना० [सं० वि+उत्पात] १. धूर्तता; बठयाइँ; चातुर्य । २. चाञ्चल्य ।

बित्पाते–वि० [बित्पात+ए] १. ज्यादा चलाक; धूर्त; अति चतुरो । २. बाइफाले; चौताले ।

बित्यास–ना० [बित्] बरबादी; विनाश; बितोल; बिगार ।

बिथला–ना० [बिथोला] बिथोला ।

बिथलाइ–ना० [बिथल्+आइ] बिथल्ने किसिम, क्रिया वा भाव; बिथोलाइ ।

बिथलाहा–ना० [बिथल्+आहा] बिथोलाहा ।

बिथलिनु–स० क्रि० [बिथल्+इ+नु] बिथोलिनु; ('बिथल्नु'-को क० क्रि०) ।

बिथल्नु–स० क्रि० [बिथोल्+नु] बिथोल्नु ।

बिथल्याइ–ना० [बिथल्+याइ] बिथल्ने किसिम, क्रिया वा भाव; बिथोल्याइ ।

बिथल्याहट–ना० [बिथलि+याहट] बिथलिने किसिम, क्रिया वा भाव; बिथोल्याहट ।

बिथल्याहा–वि० [बिथलि+याहा] बिथोल्ने; बिथोलाहा ।

बिथात–वि० [बि+थात] १. रहने-बस्ने ठाउँको ठेगान नभएको; थात-थलो नभएको । २. स्थिति वा व्यवस्था नभएको ।

बिथान्को–ना० [बि+थान्को] थान्को वा थिति नलाग्नु; बेथितिसित रहनु ।

बिथाहा–ना० [बि+थाहा] थाहा नहुनु वा नपाउनु; पत्तो नहुनु ।

बिथिति–ना० [बि+थिति] रीति-स्थिति नहुने अवस्था; बेथिति ।

बिथोला–ना० [बि+तल (सं०)] १. विघ्न; बाधा; खिचोला । २. रोक; रोकावट; प्रतिबन्ध ।

बिथोलाइ–ना० [बिथोल्+आइ] बिथोल्ने किसिम, क्रिया वा भाव ।

बिथोलाहा–वि० [बिथोल्+आहा] बिथोल्ने; काममा गड़-बड़ गर्ने; भाँड्ने ।

बिथोलिनु–अ० क्रि० [बिथोल्+इ+नु] १. भाँड़िनु; गड़-बड़िनु; बिथोला हुनु । २. बाधा पर्नु; रोकिनु; ('बिथोल्नु'-को भा० क्रि०) ।

बिथोल्नु–स० क्रि० [बिथोला+नु] १. भाँड्नु; बिथोला गर्नु; गड़बड़ गर्नु; भाँजी हाल्नु । २. रोकावट गर्नु; बाधा गर्नु ।

बिथोल्याइ–ना० [बिथोलि+याइ] बिथोलिने किसिम, क्रिया वा भाव ।

बिथोल्याइ–ना० [बिथोल्+याइ] बिथोल्ने किसिम, क्रिया वा भाव ।

बिथोल्याहट–ना० [बिथोल्+याहट] १. बिथोलिने किसिम, क्रिया वा भाव । २. बिथोल्ने किसिम, क्रिया वा भाव ।

बिथोल्याहा–वि० [बिथोलि+याहा] बिथोल्ने; बिथोलाहा ।

बिदा–ना० [अ० विदाअ] १. जाने अनुमति; प्रस्थानका निमित्त दिइने आज्ञा । २. छुट्टी; अवकाश । ३. छुटकारा; मुक्ति । ४. छुट्टीको दिन; तातील ।

बिदाइ–ना० [बिदा+आइ] १. बिदा गर्ने वा हुने काम । २. बिदा हुने आज्ञा । ३. प्रस्थान गर्ने वेलामा दिइने बाटो-खर्च, उपहार आदि ।

बिदा-बारी–ना० [बिदा+बारी (फाँ०)] बिदा गर्ने वा हुने काम; बिदाइ ।

बिदो–ना० [सं० विद्ध] रोकिनु; थामिनु ।

बिद्युत–ना० [सं० विद्युत्] उत्पात; उपद्रो; बिजाइँ ।

बिधुवा–वि० [सं० विधवा] पति मरेकी; राँड़ी; विधवा ।

बिधुवी–वि० [बिधुवा] बिधुवा ।

बिनसित्ति–क्रि० यो० [बिना+सित्तैं] बिनाकाममा; सित्तैं; व्यर्थ; अकार्थ ।

बिना–ना० [ने०] कस्तूरी-मृगको नाभिमा हुने सुगन्धी द्रव्यको थैली; कस्तूरीको थैली; मृग-नाभि ।

बिना–ना० यो० [सं० विना] विना ।

CC-0. In Public Domain. Digitization by eGangotri

बिनाइ–ना० [बिन्+आइ] बिन्ने किसिम, क्रिया वा भाव।

बिनाबी–ना० [नेवा०] बाटो वा ठाउँ छोड़ भन्ने अर्थ बुझाउने शब्द।

बिनिनु–स० क्रि० [बिन्+इ+नु] १. केलाइनु; छानिनु; ('बिन्नु'-को क० क्रि०)। २. बिन्नु।

बिनु–ना० यो० [सं० विना] नभईकन; वेगर; बिना।

बिन्डी–ना० [बिटो] रुपियाँ पैसाको तङ; लक्कू।

बिन्ति–ना० [बिन्ती] बिन्ती।

बिन्ति-पत्र–ना० [बिन्ति+पत्र] बिन्ती-पत्र।

बिन्ति-भाउ–ना० [बिन्ती-भाउ] बिन्ती-भाउ।

बिन्ती–ना० [सं० विनति] प्रार्थना; निवेदन; विनति।

बिन्ती-पत्र–ना० [बिन्ती+पत्र] सरकारमा वा मान्य जनमा लेखिने पत्र; निवेदन-पत्र; प्रार्थना-पत्र।

बिन्ती-भाउ–ना० [सं० विनति+भाव] नम्र निवेदन; विनम्र प्रार्थना।

बिन्दु–ना० [सं०] १. थोपो; बूँद। २. थोप्लो; अनुस्वारको चिह्न। ३. गौण घटनाहरूको विस्तृत विवरण गरिएको नाटकको स्थल। ४. वीर्य।

बिन्द्र–ना० [सं० वृन्द] ज्ञाति-भाइ; बन्धु-वर्ग; बिन्द्रालो।

बिन्द्रालो–ना० [बिन्द्र+आलो] ज्ञाति-बन्धुहरूको समूह; बन्धु-वर्ग; बान्धव।

बिन्नु–स० क्रि० [सं० विचयन] १. छान्नु; केलाउनु; छान-वीन गर्नु। २. चुन्नु; रोज्नु।

बिपत्ती–वि० [बि+पत्ता] बेपत्ता।

बिपना–ना० [बि+सपना] बिउँझेको अवस्था; जाग्रत अवस्था; ननिदाएको वेला।

बिप्लेँटो–ना० [ने०] बिब्लेँटो।

बिप्ल्याँटो–ना० [बिप्लेँटो] बिब्ल्याँटो।

बिफर–ना० [सं० विस्फोटक] ज्वरका साथ सर्वाङ्ग शरीरमा आउने एक प्रकारको खटिरो; ठूलो र पाक्ने किसिमका खटिरा आउने जातको शीतलाको रोग।

बिब्लेँटो–ना० [ने०] १. कपड़ा, कागत आदिको उल्टोपट्टिको भाग। (वि०) २. सब्ल्याँटोको विपरीत; उल्टो।

बिब्ल्याँटो–ना० [बिब्लेँटो] बिब्लेँटो।

बिभिन्डिनु–अ० क्रि० [बिभिन्डो+इ+नु] १. बाउँटिनु; टेढ़िनु। २. भाँड़िनु; भड्कनु।

बिभिन्डो–वि० [सं० विभिन्न] अमिल्दो स्वभावको; बाउँटो; टेढ़ो स्वभावको।

बिभिन्ड्याइ–ना० [बिभिन्डि+आइ] बिभिन्डिने किसिम, क्रिया वा भाव।

बिभिन्ड्याइनु–स० क्रि० [बिभिन्ड्याउ+इ+नु] चिढ़्याइनु; ('बिभिन्ड्याउनु'-को क० क्रि०)।

बिभिन्ड्याउनु–स० क्रि० [बिभिन्डि+याउ+नु] चिढ़्याउनु; अप्रसन्न पार्नु; टेढ़्याउनु; ('बिभिन्डिनु'-को प्रे० क्रि०)।

बिभिन्ड्याहट–ना० [बिभिन्डि+याहट] बिभिन्डिने किसिम, क्रिया वा भाव; बिभिन्ड्याइ।

बिभिन्ड्याहा–वि० [बिभिन्डि+याहा] बिभिन्डिने स्वभावको; बिभिन्डो।

बिभीषक–वि० [सं०] भय उत्पन्न गर्ने; डर पैदा गर्ने।

बिभीषिका–ना० [सं०] १. डर; भय। २. डर हुने कुरो; ठूलो त्रास उत्पन्न गर्ने वस्तु।

बिभूत–ना० [सं० विभूति] शिवजीले अङ्गमा लगाउने खरानी; शिवजीको प्रसाद-रूप भस्म; विभूति।

बिमठिनु–अ० क्रि० [बिँगठि+नु] बिँगठिनु।

बिमठो–वि० [बिँगठो] बिँगठो।

बिमठ्याइ–ना० [बिमठि+याइ] बिमठिने किसिम, क्रिया वा भाव; बिँगठ्याइ।

बिमठ्याइनु–स० क्रि० [बिमठ्याउ+आइ+नु] बिमठिने पारिनु; ('बिमठ्याउनु'-को क० क्रि०)।

बिमठ्याउनु–स० क्रि० [बिमठि+याउ+नु] बिमठिने पारिनु; ('बिमठिनु'-को प्रे० क्रि०)।

बिमठ्याहट–ना० [बिमठि+याहट] बिमठिने किसिम, क्रिया वा भाव; बिँगठ्याइ।

बिमठ्याहा–वि० [बिमठि+याहा] बिँगठ्याहा।

बिमाख–ना० [फा० बे-बाक़] १. सर्वनाश; विनाश। २. चुक्ती; फछर्यौट। (वि०) ३. बाँकी नराखी तिरिएको; चुक्त्याइएको।

बिमिरो–ना० [ने०] १. निबुवाजस्तो, बाक्लो बाकल हुने एक जातको ठूलो फल। २. कनिकाजत्रो भएर उठ्ने सानो खटिरो।

बिमेल–ना० [बि+मेल] बेमेल।

बिम्ब–ना० [सं०] १. प्रतिबिम्ब। २. प्रतिमा; प्रतिमूर्ति। ३. सूर्य वा चन्द्रमाको चारैतिर देखिने मण्डल। ४. आभास; झलक। ५. गोल-काँक्री।

बिम्बक–ना० [सं०] १. सूर्य वा चन्द्रमाको मण्डल। २. गोल-काँक्री।

बिम्ब-फल–ना० [सं०] गोल-काँक्री।

बिम्बिका–ना० [सं०] १. सूर्य वा चन्द्रमाको मण्डल। २. गोल-काँक्री।

बिम्बित–वि० [सं०] प्रतिबिम्बित।

बियाँलाइ–ना० [बियाँल्+आइ] बियाँल्ने किसिम, क्रिया वा भाव।

बियाँलो–क्रि० यो० [सं० विलम्ब] १. अबेर; विलम्ब। २. अलमल।

बियाँल्नु–स० क्रि० [बियाँलो+नु] १. बियाँलो गर्नु; अबेर गर्नु; ढिल्याउनु। २. कुनै उपायले समय बिताउनु।

बियाइ–ना० [बियाउ+आइ] बियाउने किसिम, क्रिया वा भाव।

बियाइनु–अ० क्रि० [बियाउ+आइ+नु] बच्चा पैदा होइनु; ('बियाउनु'-को भा० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

बियाउनु–अ० क्रि० [प्रा० विआउरी+नु] बच्चा पैदा हुनु; सन्तान पैदा हुनु (पशुको)।

बियाउनु–अ० क्रि०[सं० विभाति+आउ+नु] उज्यालो हुनु; प्रातःकाल हुनु; सूर्योदय हुनु।

बियो–ना० [नें०] १. डन्डी-बियाको खेलमा दण्डीले हान्ने काठको छोटो टुक्रो। २. कोलको धुरीमा हालिने चुकुल।

बिरक्तिइनु–अ० क्रि० [बिरक्ति+इ+नु] विरक्त होइनु; खिन्न होइनु; ('बिरक्तिनु'-को भा० क्रि०)।

बिरक्तिनु–अ० क्रि० [सं० विरक्त+इ+नु] विरक्त हुनु; खिन्न हुनु; दिक्दार हुनु।

बिरक्तचाइ–ना० [बिरक्ति+आइ] बिरक्तिने किसिम, क्रिया वा भाव।

बिरक्त्याइनु–स० क्रि० [बिरक्त्याउ+इ+नु] विरक्त पारिनु; खिन्न तुल्याइनु; ('बिरक्त्याउनु'-को क० क्रि०)।

बिरक्तचाउनु–स०क्रि० [बिरक्ति+आउ+नु] विरक्त पार्नु; खिन्न तुल्याउनु; ('बिरक्तिनु'-को प्रे० क्रि०)।

बिरङ्ग–वि० [बि+रङ्ग] १. अनेक रङ्गको; रङ्गी-चङ्गी। २. कुरङ्ग; बजरङ्ग।

बिरबिर–क्रि० यो०[नें०] मसिनो र हल्का पानी पर्ने किसिम; सिमसिम।

बिरबिरे–वि०[बिरबिर+ए] बिरबिर गरी परेको; सिमसिमे (पानी)।

बिरला–ना० यो० [सं० विरल] बिरलाकोटी।

बिरलाइ–ना० [बिरल्+आइ] बिरल्ने किसिम, क्रिया वा भाव; बिरोलाइ।

बिरलाइनु–स० क्रि० [बिरलाउ+आइ+नु] बिरल्न लाइनु; ('बिरलाउनु'-को क० क्रि०)।

बिरलाउनु–स० क्रि० [बिरल्+आउ+नु] बिरल्न लाउनु; ('बिरोल्नु'-को प्रे० क्रि०)।

बिरलाकोटी–क्रि० यो० [सं० विरल+कोटि] १. कहीँ-कहीँ; फाट्ट-फुट्ट। (वि०) २. ज्यादै कम; विरल।

बिरलिनु–सं० क्रि०[बिरल्+इ+नु] बिरोलिनु; ('बिरल्नु'-को क० क्रि०)।

बिरलाहा–वि० [बिरोलाहा] बिरोलाहा।

बिरल्नु–स० क्रि० [बिरोल्] बिरोल्नु।

बिरसिक्का–ना० [सं० वीर-शिक्षा] १. अर्कालाई छकाउने मानिस; धूर्त व्यक्ति। २. एक प्रसिद्ध पुरानो ढङ्गको उपन्यास।

बिरसिलो–वि० [बि+रसिलो] १. रस नभएको; सूखा; नीरस। २. मन नपर्दो; रूखो; ठर्रो।

बिराइ–ना० [बिराउ+आइ] बिराउने किसिम, क्रिया वा भाव; नयाँ जगा आबाद गर्ने काम।

बिराइ–ना० [बिराउ+आइ] बिराउने किसिम, क्रिया वा भाव; चुकाइ।

बिराइनु–स० क्रि० [बिराउ+आइ+नु] नयाँ जगगामा खन-जोत गरिनु; ('बिराउनु'-को क० क्रि०)।

बिराइनु–स० क्रि० [बिराउ+आइ+नु] बिराम गरिनु; ('बिराउनु'-को क० क्रि०)।

बिराउनु–स० क्रि० [नें०] नयाँ जग्गामा खेती गर्नु; जग्गा आबाद गर्नु।

बिराउनु–स० क्रि० [प्रा० विराहिअ+आउ+नु] १. बिराम गर्नु; कसूर गर्नु; अपराध गर्नु। २. भुल्नु; चुक्नु। ३. टुटाउनु; छुटाउनु (क्रम आदि)।

बिराजिनु–अ० क्रि० [बिराज्+इ+नु] विराजमान होइनु; ससम्मान बसिनु; ('बिराज्नु'-को भा० क्रि०)।

बिराजी–वि० [बि+राजी] राजी नभएको; बेखुश; बेमन्जूर।

बिराजु–ना० [वि+राजा] वैरी राजा; शत्रु राजा।

बिराज्नु–अ० क्रि० [सं० विराजमान+नु] विराजमान हुनु; सम्मानपूर्वक बस्नु।

बिरानू–वि० [बिरानो] बिरानो।

बिरानो–वि० [फा० वीरानः] पराई; परचक्री; अर्को।

बिराम–वि०[फा० बीमार] बिसन्चो; आरामको उल्टो।

बिराम–ना० [बिराउ] १. कसूर; अपराध; दोष। २. भूल; चूक।

बिरामी–वि० [फा० बीमार] रोगी; मधौरु; अस्वस्थ।

बिराली–ना० [नें०] धेरै आगो ताप्ता शरीरमा देखिने टाटो।

बिराले–ना० [नें०] १. थैलो बनाउनाका निम्ति कपड़ाको एकापट्टि चुन्याई पारेको गाँठो। २. त्यस्तो गाँठो पारी बनाइएको थैलो।

बिराले–ना० [सं० विदालिका] १. लाम्चा ठूला पात, प्याजी रङ्गका फूल, तरवारे-सिमीजस्ता कोसा र ठूला खैरा गाना हुने एक जातको लता। २. त्यसैको गानु।

बिरालो–ना० [सं० बिडाल] मूसा मार्ने र खाने एक प्रसिद्ध जन्तु; मार्जार।

बिरिनु–अ० क्रि० [बिराउ] १. बिराम हुनु; चुक्नु; भुल्नु। २. टुट्नु; छुट्नु (क्रम आदि)। ३. काममा त्रुटि हुनु; चूक हुनु।

बिरिमफूल–ना० [नें०] १. वरि-परि कालो भावको रङ्ग हुने, डल्लो किसिमको र बास्ना आउने एक जातको धान। २. त्यसैको चामल।

बिरी–ना० [नें०] ठूलठूला पात, हरिया वा सेता फूल र जामुनुजस्ता फल हुने एक जातको लता; प्रसारणी। (आयुर्वेदमा यसको गुण शुक्र-वर्द्धक, वायु-नाशक र पुष्टि-कारक बताइएको छ।)

बिरीत–ना० [बि+रीत] रीत नहुनु वा नपुग्नु; बेरीत; अनरीत।

बिरुवा–ना० [प्रा० वीरुहा] कलिलो र सानो बोट; बालक वृक्ष; पोथ्रो।

बिरूप–वि० [बि+रूप] कुरूप; नराम्रो।

CC-0. In Public Domain. Digitization by eGangotri.

बिरेआग्लो–ना० [सं० विवर+अर्गला] बन्द गरेका झ्याल-ढोका बाहिरबाट खोल्न नसकिने पार्नाका निम्ति भित्र-तिरबाट हाल्ने, गाह्लामा जड़िएको एक किसिमको लामो आग्लो; गजबार।

बिरेनून–ना० [नें०] आयुर्वेदीय औषधिमा प्रयोग हुने, बास्ना आउने एक प्रकारको कालो नन।

बिरो–ना० [बीड़ा] वीड़ा।

बिरोलाइ–ना० [बिरोल्+आइ] बिरोल्ने किसिम, क्रिया वा भाव।

बिरोलाइनु–स० क्रि० [बिरोलाउ+आइ+नु] बिरोल्न लाइनु; ('बिरोलाउनु'-को क० क्रि०)।

बिरोलाउनु–स० क्रि० [बिरोल्+आउ+नु] बिरोल्न लाउनु; ('बिरोल्नु'-को प्रे० क्रि०)।

बिरोलाहा–वि० [बिरोल्+आहा] अर्काको काम बिगार्ने; बिथोलाहा।

बिरोलिनु–स० क्रि० [बिरोल्+इ+नु] सरोबरगरी मुछिनु; ('बिरोल्नु'-को क० क्रि०)।

बिरोल्नु–स० क्रि० [सं० विलोड्+नु] १. सरोबरगरी मुछ्नु; साँध्नु; लरबऱ्याउनु। २. खोतल्नु। ३. भाँड्नु; बिथोल्नु।

बिरौं–ना० [नें०] सिलामका जस्ता मसिना सेता दाना हुने एक प्रकारको अन्न; अफीमको दाना।

बिरौटो–ना० [बिराउ+औटो] बिराएको जग्गा; नयाँ आबाद गरेको जमीन।

बिर्के–वि० [बिर्को+ए] १. बिर्को भएको। २. बिर्को-जस्तो।

बिर्के-टोपी–ना० [बिर्के+टोपी] मास्तिर बीचमा गट्टो भएको नेपाली कार्चोबी टोपी।

बिर्को–ना० [नें०] भाँड़ा-वर्तनहरू छोप्ने साधन; ढकना।

बिर्ता–ना० [सं० वृत्ति] सरकारमा तिरो तिर्नु नपर्ने जग्गा। (उदा०–माफी-बिर्ता, कुश-बिर्ता, सुना-बिर्ता, सेवा-बिर्ता आदि।)

बिर्तावार–ना० [बिर्तावाल] बिर्तावाल।

बिर्तावाल–ना० [बिर्ता+वाल] बिर्ताको धनी।

बिर्बल–ना० [नें०] कानको लोतीमा लाउने नास्पातीका आकारको सुनको एक प्रकारको गहना।

बिर्सनु–स० क्रि० [सं० विस्मृ+नु] सम्झना नहुनु; याद नरहनु; विस्मृत हुनु।

बिर्साइ–ना० [बिर्स+आइ] बिर्सने किसिम, क्रिया वा भाव।

बिर्साइनु–स० क्रि० [बिर्साउ+इ+नु] बिर्सन लाइनु; ('बिर्साउनु'-को क० क्रि०)।

बिर्साउनु–स० क्रि० [बिर्स+आउ+नु] बिर्सन लाउनु; ('बिर्सनु'-को प्रे० क्रि०)।

बिर्सिनु–स० क्रि० [बिर्स+इ+नु] याद नरहिनु; विस्मृत होइनु; ('बिर्सनु'-को क० क्रि०)।

बिल–ना० [सं०] १. जमीन वा भित्तामा परेको प्वाल। २. सर्प, मूसो आदिको दुलो। ३. गुफा; गुहा।

बिल–ना० [अं०] १. चुक्ता गरिनका निमित्त मूल्य वा पारिश्रमिकको बेहोरा लेखिएको कागत। २. कानूनको मसौदा; विधेयक।

बिलकुल–वि० [अ०] १. सबै; सम्पूर्ण; भएभरको। (क्रि० यो०) २. एकदम; पूर्णतया।

बिलख-बन्द–वि० [प्रा० विलक्ख] अक्क-न-वक्क; जिल्ल; पक्क; वाल्ल।

बिलहना–ना० [बिलौना] बिलौना।

बिलाइ–ना० [बिलाउ+आइ] बिलाउने किसिम, क्रिया वा भाव।

बिलाइनु–अ० क्रि० [बिलाउ+इ+नु] लोप होइनु; बेपत्ता होइनु; ('बिलाउनु'-को भा० क्रि०)।

बिलाउना–ना० [बिलौना] बिलौना।

बिलाउनु–अ० क्रि० [सं० विलोप+आउ+नु] १. लोप हुनु; अलिपनु; बेपत्ता हुनु। २. दुइ वस्तु एकसाथ मिल्नु; एक अर्कोसित विलीन हुनु। ३. पग्लनु; द्रवित हुनु।

बिलाउनी–ना० [बिलौनी] बिलौनी।

बिलाउने–ना० [नें०] नील-काँटाका जस्ता पात र साना-साना गड़ा फल्ने एक जातको बोट।

बिलायत–ना० [अ० विलायत] यूरोपको एक प्रसिद्ध देश; ब्रिटेन।

बिलायती–वि० [अ० विलायती] बिलायत-सम्बन्धी; वेला-यतको।

बिलाहारी–ना० [बिलो+आहारी] बिलोबाट जीविका गर्ने व्यक्ति।

बिलिनू–वि० [बिलिनो] बिलिनो।

बिलिनो–वि० [सं० वि+लवण] नून नपुगेको; नून कम भएको; अलिनो।

बिलो–ना० [नें०] शिकारमा मारेर ल्याइएको जन्तुको मासुको भाग।

बिलो-बाँड़ो–ना० [बिलो+बाँड्] १. बिलो बाँड्ने काम। २. अंश वा भाग बाँड्न काम।

बिलौना–ना० [प्रा० विलवण] रोई-रोई दुःख प्रकट गर्ने काम; विलाप; बिलहना।

बिलौनी–ना० [सं० वि+नवनीत] नौनी खार्दा निस्केको कसर।

बिल्टी–ना० [अं० बिलेट] चलान गर्नाका निम्ति रेल, जहाज आदिमा माल-मत्ता बुझाउँदा दिइने रसीद।

बिल्पाते–वि० [वयल+पात+ए] कोमलाङ्गी; मृदुभाषिणी।

बिल्लबाठ–ना० [न०] १. बिचल्ली, बिजोग; दुर्दशा। २. उपेक्षित रूपमा यता-उति फिंजिने काम।

बिल्ला–ना० [अं० बिलेट?] फौजी वा अन्य कुनै प्रकारका संस्थाका कामदारहरूले लाउने दर्जा आदिको सूचक

CC-0. In Public Domain. Digitization by eGangotri

कपड़ा आदिको चिह्न ।

बिल्लौर–ना० [प्रा० वेलुरिअ] काँचजस्तो पार-दर्शक, एक जातको सेतो पत्थर; स्फटिक ।

बिल्व–ना० [सं०] १. एक डाँठमा तीन-तीन वटा पात र साह्लो बाटुलो फल फल्ने एक जातको रूख । २. त्यसैको फल; बल ।

बिवाई–ना० [सं० विपादिका] पैताला फुट्ने एक रोग; हर्नाठ ।

बिवाई–ना० [ने०] टुना; बिगार ।

बिस–ना० [सं०] कमलका डाँठको तन्तु ।

बिस-कण्ठिका–ना० [सं०] १. एक प्रकारको बकुल्लो । २. सानो जातको सारस ।

बिस-कुसुम–ना० [सं०] कमलको फूल; पद्म ।

बिसन्चो–ना० [बि+सन्चो] सन्चोको अभाव; आराम नहुनु ।

बिसम्भार–ना० [बि+सम्भार] सम्हालन नसक्नु; असम्भार ।

बिसाइ–ना० [बिसाउ+आइ] बिसाउने किसिम, क्रिया वा भाव; विश्राम गर्ने काम ।

बिसाइ–ना० [बिसाउ+आइ] बिसाउने किसिम, क्रिया वा भाव; घाउ-खटिरा बिग्रने क्रिया ।

बिसाइत–ना० [बि+साइत] खराब साइत; कुसाइत ।

बिसाइनु–स० क्रि० [बिसाउ+इ+नु] बोकेको भारी कहीँ अड्‌चाइनु; ('बिसाउनु'-को क० क्रि०) ।

बिसाइनु–अ० क्रि० [बिसाउ+इ+नु] घाउ-खटिरामा विषालु वस्तु परेर बिग्रिनु; ('बिसाउनु'-को भा० क्रि०) ।

बिसाउनु–स० क्रि० [सं० विश्राम+आउ+नु] १. बोकेको भारी वा बोझ सुस्ताउनाका निम्ति कहीँ अड्‌चाउनु । २. विश्राम गर्नु । ३. आफ्नो कामको अभिभारा अरूलाई बुझाउनु । ४. आफ्नो दुःख अरूलाई बताउनु; दुःख पोख्नु ।

बिसाउनु–अ० क्रि० [सं० विष+आउ+नु] १. घाउ-खटिरामा विषालु वस्तु परेर बिग्रनु; एक किसिमले उकुच पल्टनु । २. शरीरमा झूस आदि बिझेर वा कुनै दाहक वस्तु लागेर जलन हुनु; चस्कनु ।

बिसासय–ना० [बीस+सय] एक सय बीस वर्ष (दीर्घायु होस् भनी आशीर्वाद दिँदा प्रयोग गरिने शब्द) ।

बिसिद्धि–वि० [बि+सिद्धि (सं०)] सिद्धि अथवा सोहबत नभएको; असिद्धि ।

बिसिनी–ना० [सं०] कमल; पद्म ।

बिसूर–वि० [बि+सूर] बेसूर ।

बिसेक–ना० [सं० विशेष] १. रोग वा व्यथाको केही कमी; थोर-बहुत आरामी । २. पहिलेभन्दा केही सुविधा; केही होलो । ३. थोरै; अल्प ।

बिसे-च्याउ–ना० [विष+च्याउ] जमीनमा उम्रने, कालो रङ्गको, छत्राकार, खान नहुने एक जातको च्याउ ।

बिसौँद–ना० [बीसौँ+दर] सयकड़ा बीस; एक सयमा बीसको दर ।

बिसौना–ना० [बिसाउ+औना] अड़ान; भारी बिसाउनाका निमित्त उपयोग गरिने ठाउँ वा साधन ।

बिसौती-च्याउ–ना० [विष+औती+च्याउ] जमीनमा उम्रने, पहेँलो रङ्गको, गोलाकार, डाँठ नहुने र खान नहुने एक जातको च्याउ ।

बिसौली–ना० [ने०] छ पाउको तौल; आधा धार्नी ।

बिस्कुट–ना० [अं० बिस्किट] खमीर हाली बनाइएको, गुलियो वा नुनिलो स्वादको, यूरोपीय तरीकाको हलका एक प्रकारको रोटी ।

बिस्कुन–ना० [सं० विस्किरण] १. घाममा सुकाउनाका निम्ति भूईँमा फिँजाइएको अन्न । २. भूईँमा फैलाउने काम; जमीनमा फिँजाउने काम ।

बिस्केट–ना० [सं० विश्व-केतु] १. नेपालको भक्तपुर शहरमा चैत्र मासान्तका दिन लिङ्गो उभ्याई वैशाख सङ्क्रान्तिका दिन ढालेर मनाइने एक प्रसिद्ध उत्सव वा यात्रा । २. त्यसै उत्सवमा उभ्याइने लिङ्गो ।

बिस्टी–ना० [सं० विष्टा] साना पशु वा भँगेरा आदि चराको विष्टा ।

बिस्टचाइ–ना० [बिस्टचाउ+आइ] बिस्टचाउने किसिम, क्रिया वा भाव ।

बिस्टचाइनु–स० क्रि० [बिस्टचाउ+इ+नु] चरा वा साना पशुद्वारा मल त्याग गरिनु; ('बिस्टचाउनु'-को क० क्रि०) ।

बिस्टचाउनु–स० क्रि० [बिस्टी+याउ+नु] साना पशु वा चराले मल त्याग गर्नु; बिस्टी त्याग गर्नु ।

बिस्तारो–वि० [सं० विस्तार] १. सुस्त; मन्द; सानो (स्वर) । (क्रि० यो०) २. ढीलो गरी; आस्ते-आस्ते; विलम्बसँग । (ना०) ३. फुर्सत; अवकाश ।

बिस्तारै–क्रि० यो० [बिस्तारो+ए] बिस्तारोसँग; सुस्तरी ।

बिस्तुर–ना० [ने०] १. अखण्ड क्रम; अविच्छिन्न सिलसिला । २. अन्तर; फरक । (वि०) ३. इच्छाअनुसार; इच्छामाफिक ।

बिस्मात–ना० [सं० विषाद] १. अफसोस; खेद; खिन्नता । २. शोक; सन्ताप ।

बिस्याहार–ना० [बि+स्याहार] स्याहारको अभाव; स्याहार-सम्भार नहुनु; वेस्याहार ।

बिहा–ना० [सं० विवाह] विवाह; बिहे ।

बिहाइता–ना० [सं० विवाहिता] बिहाइते ।

बिहाइते–वि० [सं० विवाहिता] विवाह गरेर ल्याएकी; ब्याइते; विवाहिता ।

बिहान–ना० [सं० विभात] १. दिनको पहिलो प्रहर; सबेर; बेहान; प्रातःकाल । (क्रि० यो०) २. प्रातःकालमा; सबेरै ।

CC-0. In Public Domain. Digitization by eGangotri

बिहानी-पख–क्रि० यो० [बिहान+पख] बिहानको समयमा; बिहानतिर; प्रातःकालमा ।
बिहाबरी–ना० [बिहा-बारी] बिहा-बारी ।
बिहा-बारी–ना० [बिहा+बारी (फाँ०)] १. विवाहको सम्बन्ध । २. विवाह ।
बिहाल–ना० [बि+हाल] खराब हालत; बेहाल; बिचल्ली; दुर्दशा ।
बिहावारी–ना० [बिहा-बारी] बिहा-बारी ।
बिहिलिनु–अ० क्रि० [सं० वह्] कुनै बगालमा मिसिएर बेपत्ता हुनु ।
बिहिल्याइ–ना० [बिहिलि+आइ] बिहिलिने किसिम, क्रिया वा भाव ।
बिहिल्याइनु–स० क्रि० [बिहिल्याउ+इ+नु] कुनै बगालमा मिसाई बेपत्ता पारिनु; ('बिहिल्याउनु'-को क० क्रि०) ।
बिहिल्याउनु–स० क्रि० [बिहिलि+आउ+नु] कुनै बगालमा मिसाई बेपत्ता पार्नु ।
बिहीँ–ना० [सं० वृहती] १. काँढ़ादार पात, नीला वा सेता फूल, तीता साना-साना राता वा सेता फल हुने एक जातको बोट । २. त्यसैको फल । (बिहीँ तीन प्रकारका छन् । नीला फूल र राता फल फल्नेलाई क्षविका, सेता फूल र हरिया दाना फल्ने, खुर्सानीका जस्ता पात हुनेलाई वृहती (साधारण बिहीँ), र सेता फूल फुल्ने, चीर-बुट्टा-जस्ता पात हुने, हरियो भूमिमा सेता धर्सा-धर्सा भएका फल फल्नेलाई श्वेत-वृहती भन्दछन् । आयुर्वेदमा यसको गाजलले नेत्र-रोगमा फायदा गर्ने बताइएको छ ।)
बिही-बार–ना० [सं० बृहस्पति-वार] बुध-वार र शुक्र-वारका बीचको वार वा दिन; बृहस्पति-वार ।
बिहे–ना० [बिहा] बिहा; विवाह ।
बीँड़–ना० [प्रा० बिंट] १. तरवार, खुकुरी, चक्कू आदिको समाउने अवयव; मूठ । २. ताप्के, डाडु, पनिउँ आदिको समाउने लामो अवयव ।
बीआढ–ना० [प्रा०]धान, कोदो आदिको बीउ उमार्ने ठाउँ; ब्याड़ ।
बीउ–ना० [प्रा० बीअ] १. बीज; बियाँ । २. हेतु; कारण । ३. आगाको सानो फिलिङ्गो । ४. दहीको जोरन ।
बीच–ना० [प्रा० विच्च] १. कुनै वस्तु वा क्षेत्रको मध्य भाग; माझ । २. दुइ वा धेरै वस्तुहरूको अन्तर; अवकाश । ३. अवसर; मौका ।
बीचोबीच–ना० यो० [बीच+बीच] ठीक बीचमा; माझामाझी ।
बीज–ना० [सं०] १. बोट-बिरुवाको अङ्कुर उमार्ने, फल-फूल अन्न आदिको दाना; फल-फूलका बोट-बिरुवाको बीउ; बीयाँ । २. शूक्र; बीर्य । ३. मूल कारण; हेतु । ४. जरो; जड़ । ५. अव्यक्त सङ्ख्या-सूचक सङ्केत; बीज-गणित । ६. देवतालाई प्रसन्न पार्ने अव्यक्त ध्वनि वा मन्त्र । ७. मन्त्रको मुख्य भाग वा अङ्ग ।
बीजक–ना० [सं०] १. बीज; बीउ । २. पठाइएका माल-मत्ताको विवरण लेखिएको कागत ।
बीज-कोश–ना० [सं०] बीज रहने फूलको अवयव ।
बीज-गणित–ना० [सं०] अक्षर, अङ्क आदिको प्रतीकात्मक उपयोग गरी कुनै अज्ञात राशि पत्ता लगाउने गणितको एक शाखा ।
बीज-पूरक–ना० [सं०] बिमिरो फल ।
बीज-पेशिका–ना० [सं०] अण्ड-कोश ।
बीज-मन्त्र–ना० [सं०] कुनै देवताको उपासना गर्ने सङ्क्षिप्त मूल मन्त्र ।
बीजाक्षर–ना० [सं०] मन्त्रको प्रथम अक्षर ।
बीजाङ्कुर-न्याय–ना० [सं०] बीजबाट अङ्कुर र अङ्कुरबाट बीजका उत्पत्तिको अनादि कालदेखिको परस्परमा आश्रित क्रमको प्रवाहको सिद्धान्त ।
बीजू–ना० [बिज्जू] बिज्जू ।
बीड़ा–ना० [सं० वीटिका] खयर, चून आदि मसला हाली पारेको पानका पातको पोको; खिल्ली ।
बीड़ी–ना० [सं० वीटिका] पातमा सुर्ती लपेटेर बनाएको एक किसिमको चुरोट ।
बीड़ो–ना० [सं० वीटी] तरबार वा खुकुरी भिर्नाका निमित्त कम्मरमा बाँधिने पेटी, रूमाल आदि ।
बीन–ना० [?] लाम्चो तुम्बामा तलतिर बाँसुरीका जस्ता दुइ नलीमा तीन-तीन वटा प्वाल भएको विशेष गरी सपेराले बजाउने बाजा ।
बीभत्स–वि० [सं०] १. घीन-लाग्दो; घृणा उत्पन्न गराउने । २. कुहेको; सड़े-गलेको । (ना०) ३. साहित्यमा रगत, मासु, हाड़, मुर्दा आदि दुर्गन्धी पदार्थको वर्णन गर्दा मनमा घीन उत्पन्न हुने एक रस; नौ रसमध्ये एक । ४. घीन-लाग्दो वस्तु ।
बीभत्सा–ना० [सं०] घीन; घृणा ।
बीभत्सित–वि० [सं०] घीन मानिएको; घृणित; निन्दित ।
बीभत्सु–ना० [सं०] अर्जुन ।
बीमा–ना० [फा०] कुनै किसिमको हानि-नोक्सानी भएमा डाकखानाले क्षति-पूर्ति गर्ने गरी पठाइने पत्र वा पार्सल ।
बीमार–वि० [फा०] रोगी; बिरामी; अस्वस्थ ।
बीमारी–ना० [फा०] रोग; व्यथा; व्याधि ।
बीयाँ–ना० [प्रा० बीअ] १. चामलमा रहेको सग्लो धान । २. बीउ; बीज ।
बीयाड़–ना० [प्रा० बीआढ] ब्याड़ ।
बीर–ना० [सं० वीर] वीर ।
बीस–ना० [सं० विंशति] १. पन्ध्र र पाँचको जम्मा सङ्ख्या; २०-अङ्क ।(वि०)२. दशको दोबर; पन्ध्र र पाँचका योग-सङ्ख्याको ।

CC-0. In Public Domain. Digitization by eGangotri

बीसे-बाइसे—वि० [बीस+ए+बाइस+ए] बीस वा बाइस वर्षको जवान; करीब बीस-बाइस वर्षको पट्ठो ।

बीसौँ—वि० [बीस+औँ] गणनाका क्रमले बीस सङ्ख्यामा परेको; बीस सङ्ख्याको ।

बुइँगल—ना० [बुइगल] बुइगल ।

बुइँगल-वास—ना० [बुइँगल+वास] बुइगल-वास ।

बुँदा—ना० [सं० बिन्दु] १. मुख्य कुरो; मूल विषय । २. वाद-विवादमा आफ्नो पक्षको समर्थन गर्ने लबज; प्रामाणिक कुरो । ३. कागत-पत्रमा लेखिएका कुराको मुख्य विषय ।

बुँदी—ना० [बूँद] १. थोपो; बूँद । २. झरी; वर्षा ।

बुइगल—ना० [नेवा० बइगऽ] घरको सबभन्दा माथिको तला; छानामनिको तला ।

बुइगल-वास—ना० [बुइगल+वास] अर्काको धन-माल लिए-खाएकोमा पक्राउको भयले लुक्नु ।

बुई—ना० [नेवा०] १. केटा-केटी बोक्ने काम । २. पिठिउँ; पीठ (बाल-बोलीमा) ।

बुक—ना० [अं०] १. पैसा तिरेर खेल-तमाशा, विमान आदिमा स्थान सुरक्षित पार्नु । २. माल-मत्ता चलान गर्न दर्ता गराउनु । ३. पुस्तक ।

बुकची—ना० [तु० बुक़्चः] सूचीकारको सियो, धागो, कैँची आदि राख्ने थैली ।

बुकाइ—ना० [बुकाउ+आइ] बुकाउने किसिम, क्रिया वा भाव ।

बुकाइनु—स० क्रि० [बुकाउ+इ+नु] फुको खानेकुरो फाँको मारिनु; ('बुकाउनु'-को क० क्रि०) ।

बुकाउनु—स० क्रि० [सं० भक्ष्+नु] १. फुको खानेकुरो फाँको मार्नु; फक्क्याउनु । २. मन नपरीकन सबै खानु ।

बुकिङ्ग—ना० [अं०] बुक गर्ने काम ।

बुकिफूल—ना० [ने०] १. भेट्नु नहुने लामा-लामा नरम भूवादार पात र सेता नरम फूल हुने एक जातको बूटी । २. त्यसैको फूल; बुकेफूल ।

बुकुनी—ना० [प्रा० बुक्क] पिँधेको मिहीन धूलो; बुको पदार्थ; बुकुल्टो वस्तु ।

बुकुनु—ना० [ने०] १. सानो कुनिउँ । २. सानो साँढे । (वि०) ३. होचो; पुड्को ।

बुकुरो—वि० [ने०] पुड्को; होचो; बुचुरो ।

बुकुल्टो—वि० [बुको] नमुछिएको; रसिलो नभएको; बुको ।

बुकुवा—ना० [बुको+उवा] शरीरको मैल हटाउनाका निमित्त तोरी, रायो, बेसार आदि पिँधी बनाएको घस्ने पदार्थ ।

बुके—ना० [ने०] भूवादार बाक्ला पात हुने र सेता फूल फुल्ने एक जातको भईं-झार ।

बुकेफूल—ना० [ने०] बुकिफूल ।

बुको—वि० [प्रा० बुक्क] बुरबुराउँदो; बुरबुर गर्ने; बुरबुरे (धूलो) ।

बुक्याइ—ना० [बुक्याउ+आइ] बुक्याउने किसिम, क्रिया वा भाव ।

बुक्याइनु—स० क्रि० [बुक्याउ+इ+नु] बुको वस्तु फाँको हालिनु; ('बुक्याउनु'-को क० क्रि०) ।

बुक्याउनु—स० क्रि० [बुकाउ+याउ+नु] बुको वस्तु फाँको हाल्नु; बुकाउनु; फक्क्याउनु ।

बुक्क—ना० [सं०] १. हृदय । २. हृदयस्थ मांस-पिण्ड । ३. बोको ।

बुक्कन—ना० [सं०] कुकुर आदि जानवरको शब्द ।

बुक्कस—ना० [सं०] चाण्डाल ।

बुक्क्याइ—ना० [बुक्याइ] बुक्याइ ।

बुक्क्याइनु—स० क्रि० [बुक्याइनु] बुक्याइनु ।

बुक्क्याउनु—स० क्रि० [बुक्याउनु] बुक्याउनु ।

बुख—ना० [अं० बकरम] मलमलजस्तो मसिनु र दह्रो एक जातको कपड़ा ।

बुगची—ना० [तु० बुक़्चः] पोको; गठरो ।

बुङ्गिनु—अ० क्रि० [बुङ्गो+इ+नु] बुङ्गो हुनु; नङ्गिनु ।

बुङ्गो—ना० [ने०] १. केराको फूल । २. मकैको ठूलो खोस्टो ।

बुङ्गो—ना० [सं० निर्वाङ्ग] नाङ्गो; नग्न; निर्वाङ्ग ।

बुङ्ग्याइ—ना० [बुङ्ग्याउ+आइ] बुङ्ग्याउने किसिम, क्रिया वा भाव ।

बुङ्ग्याइ—ना० [बुङ्गि+आइ] बुङ्गिने किसिम, क्रिया वा भाव ।

बुङ्ग्याइनु—स० क्रि० [बुङ्ग्याउ+इ+नु] खोस्ट्याइनु; ('बुङ्ग्याउनु'-को क० क्रि०) ।

बुङ्ग्याउनु—स० क्रि० [बुङ्गि+याउ+नु] १. पात, खोस्टा आदि छोड़ाउनु; खोस्ट्याउनु । २. बुङ्गो पार्नु; नङ्ग्याउनु; नग्न तुल्याउनु; ('बुङ्गिनु'-को प्रे० क्रि०) ।

बुङ्चे—वि० [बुङ्चो+ए] ग्याँचे; बुङ्चो ।

बुङ्चो—वि० [तु० बुक़्चः] ग्याँचे; गठरो; पुड्को ।

बुचुनु—ना० [बुकुनु] बुंकुनु ।

बुचुरो—वि० [बुकुरो] बुकुरो ।

बुच्का-बुच्की—ना० [बुच्को+बुच्को+ई] साना-तिना बूटाहरू; बूटा-बूटी ।

बुच्को—ना० [ने०] १. झार-पातको झाम्टो; झाड़ । २. सानो बूटो । ३. सानो ढिस्को । ४. सानो थुम्को ।

बुच्चिनु—अ० क्रि० [बुच्चो+इ+नु] १. नाक, कान वा कुनै अङ्ग-प्रत्यङ्ग नभएको हुनु; बुच्चो हुनु । २. गहना फुकालिनु । ३. हाँगा-बिँगा छिमलिनु ।

बुच्चे—वि० [बुच्चो+ए] बुच्चो ।

बुच्चो—वि० [प्रा० विकुच्च] १. नाक, कान, टाउको, पुच्छर आदि अङ्ग-प्रत्यङ्गमध्ये कुनै अङ्ग वा प्रत्यङ्ग नभएको । २. गहना नभएको; गहना-गुरिया फुकालेको; रित्तो । ३. हाँगा-बिँगा नभएको ।

बुच्च्याइ—ना० [बुच्चि+याइ] बुच्चिने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव ।

बुच्च्याइ–ना० [बुच्च्याउ+आइ] बुच्च्याउने किसिम, क्रिया वा भाव ।

बुच्च्याइनु–स० क्रि० [बुच्च्याउ+इ+नु] बुच्चो पारिनु; ('बुच्च्याउनु'-को क० क्रि०) ।

बुच्च्याउनु–स० क्रि० [बुच्चो+याउ+नु] १. नाक, कान, पुच्छर आदिमध्ये कुनै अङ्ग काट्नु; बुच्चो पार्नु । २. गहना फुकाल्नु । ३. नाङ्गो पार्नु; नङ्ग्याउनु । ४. हाँग-बिँगा छिमल्नु ।

बुजो–ना० [प्रा० वुज्जण] १. प्वाल थुन्ने लुँडो; ठेडी । २. खानेकुरोको ठूलो गाँस ।

बुजिनु–अ० क्रि० [बुजो+इ+नु] प्वाल बन्द हुनु; प्वाल थुनिनु; बुजो लाग्नु ।

बुजी–ना० [ने०] डर-लाग्दो वस्तु; गुजी; हाउ (बाल-बोलीमा) ।

बुजरुक–वि० [बुजरुग] बुजरुग ।

बुजरुक्याइँ–ना० [बुजरुक+याइँ] बुजरुक हुनाको भाव; बुझक्कड़ हुनाको भाव ।

बुजरुग–वि० [फा० बुजुर्ग] १. जानिफकार; बुझक्कड़ । २. अनुभवी; ज्ञानमा पोख्त । ३. विचारवान्; समझदार । ४. पाको; वृद्ध ।

बुझक्कड़–वि० [बुझ्] जानिफकार; बुजरुग; समझदार ।

बुझाइ–ना० [बुझाउ+आइ] बुझाउने किसिम, क्रिया वा भाव ।

बुझाइ–ना० [बुझ्+आइ] बुझ्ने किसिम, क्रिया वा भाव ।

बुझाइनु–स० क्रि० [बुझाउ+इ+नु] स्पष्टसँग भनिनु; ('बुझाउनु'-को क० क्रि०) ।

बुझाउनु–स० क्रि० [बुझ्+आउ+नु] १. स्पष्टसँग भन्नु; सम्झाउनु; बोध गराउनु । २. जिम्मा दिनु; सुम्पनु । ३. तिर्नु; तिरो-भरो गर्नु । ४. असल वा खराब परिणामको उत्तरदायित्व बोक्नु; बेहोर्नु ।

बुझिनु–स० क्रि० [बुझ्+इ+नु] जानिनु; थाहा पाइनु; ('बुझ्नु'-को क० क्रि०) ।

बुझ्नु–स० क्रि० [प्रा० बुज्झ+नु] १. जान्नु; थाहा पाउनु; सम्झनु । २. विचार गर्नु; सोच्नु । ३. पत्ता लाउनु । ४. जिम्मा लिनु । ५. असूल गर्नु ।

बुटेन–ना० [बुट्यान] बुट्यान ।

बुटौल–ना० [ने०] नेपालको पाह्ली-माझखण्ड इलाकामा पर्ने एक बस्ती ।

बुट्टा–ना० [बूटो] कपड़ा, कागज, भित्तो आदिमा रङ, रेशम, धागो आदिले बनाइएको फूल, वृक्ष, मनुष्य आदिको आकृति ।

बुट्टे–वि० [बुट्टा+ए] बुट्टा भएको ।

बुट्यान–ना० [बूटो] १. साना-तिना रूख वा बूटा-बूटी उम्रेको ठाउँ; सानो-तिनो जङ्गल । २. सानो-तिनो रूख; बूटो; बुटेन ।

बुड़ाइ–ना० [बुड्+आइ] बुड्ने किसिम, क्रिया वा भाव ।

बुड़ाइ–ना० [बुड़ाउ+आइ] बुड़ाउने किसिम, क्रिया वा भाव ।

बुड़ाइनु–स० क्रि० [बुड़ाउ+इ+नु] डुबाइनु; ('बुड़ाउनु'-को क० क्रि०) ।

बुड़ाउनु–स० क्रि० [बुड्+आउ+नु] १. डुबाउनु; चोबल्नु । २. बिगार्नु; सर्वनाश पार्नु ।

बुड़िनु–अ० क्रि० [बुड्+इ+नु] डुबिनु; ('बुड्नु'-को भा० क्रि०) ।

बुडुल्की–ना० [बुड्] डुबुल्की; गोता ।

बुड्वा–ना० [बुड्+उवा] धाप भएको जमीन; दलदल भएको भूमि ।

बुड्नु–अ० क्रि० [प्रा० बुड्ड+नु] १. डुब्नु । २. डुबुल्की मार्नु; गोता लाउनु । ३. सर्वनाश हुनु; बिग्रनु ।

बुढ़न्ती–ना० [बूढ़ो] बूढ़ो अवस्थाको चिह्न; वृद्धावस्थाको चिह्न ।

बुढ़िया–ना० [बूढ़ो+इया] १. वृद्धा स्त्री; बूढ़ी । २. घरकी माउ । ३. पत्नी ।

बुढ़ी–ना० [ने०] अदुवा, हलेदो आदि रोपेर बोट उम्रिसकेपछि बोटबाट भाँचेर झिकिने बीउ; गानु ।

बुढ़ेउली–ना० [बुढ़चौली] बुढ़चौली ।

बुढ़ेत्रो–ना० [ने०] १. टाटे-सिमीजस्ता कोसा फल्ने एक जातको लहरो । २. त्यसैको कोसो ।

बुढ़ेस-काल–ना० [बूढ़ो+एस+काल] बूढ़ो अवस्था; बुढ़्याइँ; बुढ़चौली ।

बुढ़ौती–ना० [बूढ़ो+औती] बुढ़चौली; बुढ़्याइँ ।

बुढ़्याइँ–ना० [बूढ़ो+याइँ] बूढ़ो हुनाको भाव; बुढ़चौली ।

बुढ़चौली–ना० [बूढ़ो+औली] बूढ़ो अवस्था; बुढ़ेस-काल; वृद्धावस्था ।

बुतात–ना० [अ० बूतात] बूतात ।

बुतिनु–अ० क्रि० [सं० वृत्त] खाएर सिद्धिनु; खाएर बाँकी नरहनु ।

बुत्ता–ना० [बूता] बूता ।

बुत्याइ–ना० [बुत्याउ+आइ] बुत्याउने किसिम, क्रिया वा भाव ।

बुत्याइनु–स० क्रि० [बुत्याउ+इ+नु] येनकेन खाइसकिनु; ('बुत्याउनु'-को क० क्रि०) ।

बुत्याउनु–स० क्रि० [बुति+याउ+नु] १. येनकेन खाइसक्नु; जसरी-तसरी खाएर सिद्ध्याउनु । २. मन परेका वा कुटुम्बहरूलाई कुनै वस्तुले पुऱ्याउनु; प्रिय वा आफन्तले पाउने गराउनु ।

बुधना–ना० [ने०] टाउको ठूलो हुने एक जातको माछो ।

बुद्ध–वि० [सं०] १. जानेको; बुझेको । २. बिउँझेको; जाग्रत । ३. देखेको । ४. बुद्धिमान् । (ना०) ५. पण्डित । ६. बौद्ध धर्मका प्रवर्तक एक महात्मा । (यिनको जन्म

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका तराई-क्षेत्रको लुम्बिनीमा भएको थियो ।) ७. विष्णुका दशावतारमध्ये एक ।

बुद्ध-धर्म—ना० [सं० बुद्ध+धर्म] बुद्धले चलाएको धर्म; बौद्ध धर्म ।

बुद्धत्व—ना० [सं०] बुद्धको पदवी; बुद्ध-पद ।

बुद्ध-पुराण—ना० [सं०] बुद्धको माहात्म्य वर्णन गरिएको एक पुराण ।

बुद्धागम—ना० [सं०] बौद्ध धर्मका सिद्धान्त र यम-नियम ।

बुद्धि—ना० [सं०] १. सोच-विचार गर्ने र निश्चय गर्ने मानसिक शक्ति; प्रज्ञा; मति । २. समझ; अक्कल । ३. बुझ्ने शक्ति; ज्ञान ।

बुद्धि-कृत—वि० [सं०] सोच-विचार गरीकन गरिएको; बुद्धिपूर्वकको ।

बुद्धि-कौशल—ना० [सं०] चलाकी; चतुऱ्याइँ ।

बुद्धि-गम्य—वि० [सं०] बुझ्न सकिने; बोध-गम्य ।

बुद्धि-चाल—ना० [बुद्धि+चाल] विभिन्न क्रममा चालिने दुइ पृथक् रङ्गका आठ-आठ मोहरा र आठ-आठै वटा प्यादा लिएर आठ-आठ कोठाका आठ लहर भएको चार-पाटे थर्कीजस्तो साधनमा युद्धमा सेनाको सञ्चालन गरेको अनुकरण गरी खेलिने एक प्रसिद्ध खेल ।

बुद्धि-जीवी—वि० [सं०] बौद्धिक कामबाट जीविका गर्ने; बुद्धिले जीविका गर्ने ।

बुद्धिमत्ता—ना० [सं०] बुद्धिमानी; समझदारी ।

बुद्धि-बल—ना० [सं०] १. बुद्धिको बल; बौद्धिक शक्ति । २. बुद्धि-चाल ।

बुद्धिमान्—वि० [सं०] बुद्धि भएको; समझदार ।

बुद्धिमानी—ना० [सं०] बुद्धिमान् हुनाको भाव; बुद्धिमत्ता; समझदारी ।

बुद्धिवन्त—वि० [सं० बुद्धिमान्] बुद्धिमान् ।

बुद्धि-हीन—वि० [सं०] बुद्धि नभएको; निर्बुद्धि ।

बुद्धीन्द्रिय—ना० [सं०] १. ज्ञानेन्द्रिय । २. मन ।

बुद्धू—वि० [बोधो] १. बुद्धि नभएको; बोधो; नासमझ । २. मौकामा काम नलाग्ने; बेकम्मा ।

बुद्‌बुद—ना० [सं०] १. पानीको फोको । २. पाँच रातको गर्भ ।

बुध—ना० [सं०] १. पण्डित; विद्वान् । २. बुद्धिमान् व्यक्ति । ३. देवता । ४. सूर्यको सबभन्दा नजीक रहेको एक ग्रह ।

बुध-जन—ना० [सं०] पण्डित; विद्वान् ।

बुध-वार—ना० [सं०] मङ्गल-वार र वृहस्पति-वारको बीचमा पर्ने दिन ।

बुध-वासर—ना० [सं०] बुध-वार ।

बुनाइ—ना० [बुन्+आइ] बुन्ने किसिम, क्रिया वा भाव ।

बुनाइनु—स० क्रि० [बुनाउ+इ+नु] बुन्न लाइनु; ('बुनाउनु'-को क० क्रि०) ।

बुनाउनु—स० क्रि० [बुन्+आउ+नु] बुन्न लाउनु; ('बुन्नु'-को प्रे० क्रि०) ।

बुनिनु—स० क्रि० [बुन्+इ+नु] यन्त्र वा हातद्वारा धागोबाट कपड़ा तयार गरिनु; ('बुन्नु'-को क० क्रि०) ।

बुनियाद—ना० [फा०] १. जरो; मूल । २. जग; आधार । ३. वास्तविकता ।

बुनियादी—वि० [फा०] १. बुनियाद वा मूलसित सम्बन्ध भएको । २. आधार-रूप ।

बुनोट—ना० [बुन्+ओट] बुन्नाको किसिम; बुनाइ ।

बुनौट—ना० [बुनोट] बुनोट ।

बुन्नु—स० क्रि० [सं० वयन+नु] १. यन्त्र वा हातद्वारा धागोबाट कपड़ा तयार गर्नु; कपड़ा, मोजा, स्वीटर आदि बनाउनु । २. सुकुल, गुन्द्री, डोको, डालो, जाल आदि तयार गर्नु ।

बुबा—ना० [बाबु] बाबु; पिता ।

बुबु—ना० [ने०] दूध (बाल-बोलीमा) ।

बुबु—ना० [बुबु] दूध खुवाउने धाई; दूध-धाई ।

बुभुक्षा—ना० [सं०] खाने इच्छा; भोक; क्षुधा ।

बुभुक्षित—वि० [सं०] भोकाएको; भोको ।

बुभुक्षु—वि० [सं०] भोको; क्षुधित ।

बुभुत्सा—ना० [सं०] जान्ने इच्छा; जिज्ञासा ।

बुभुत्सु—वि० [सं०] जान्ने इच्छा गर्ने; जिज्ञासु ।

बुरबुर—क्रि० यो० [फ० बुरादः] १. फुको वा धूलो पदार्थ खस्ने किसिम । २. बुरबुराउँदो हुने किसिम; बुको हुने किसिम ।

बुरबुरती—क्रि० यो० [बुरबुर+ती] बुरबुराउँदो धूलो पदार्थ खस्ने किसिम; बुरबुर ।

बुरबुराइ—ना० [बुरबुराउ+आइ] बुरबुराउने किसिम, क्रिया वा भाव ।

बुरबुराइनु—अ० क्रि० [बुरबुराउ+इ+नु] बुरबुरिनु; ('बुरबुराउनु'-को भा० क्रि०) ।

बुरबुराउँदो—वि० [बुरबुर+आउँदो] बुरबुर गर्ने; बुरबुरे ।

बुरबुराउनु—अ० क्रि० [बुरबुर+आउ+नु] १. बुरबुरिनु । (स० क्रि०) २. बुरबुर गरेर झार्नु । ३. कुनै वस्तुलाई पिँधी वा माड़ी धूलो पार्नु ।

बुरबुरिनु—अ० क्रि० [बुरबुर+इ+नु] १. बुरबुर गरेर झर्नु; फुको वा धूलो पदार्थ खस्नु । २. बुरबुराउँदो हुनु; बुको हुनु ।

बुरबुरिनु—स० क्रि० [बुरबुराउ+आइ+नु] बुरबुर गरेर झारिनु; ('बुरबुराउनु'-को क० क्रि०) ।

बुरबुरे—वि० [बुरबुर+ए] बुरबुर गर्ने; बुरबुराउँदो ।

बुरबुऱ्याइ—ना० [बुरबुरि+याइ] बुरबुरिने किसिम, क्रिया वा भाव ।

बुरबुऱ्याइ—ना० [बुरबुराउ+आइ] बुरबुराउने किसिम, क्रिया वा भाव ।

बुरुक्क—क्रि० यो० [ने०] उफ्रने किसिम; बुर्लुक्क ।

बुरुच—ना० [फा० बुर्द] बट्टाईकै बाजी लगाएर बट्टाई लड़ाउने

CC-0. In Public Domain. Digitization by eGangotri

एक पद्धति।

बुरुश–ना० [अ० ब्रश] १. धूलो झार्ने, दाँत माझ्ने, कपाल कोर्ने आदि काम लाग्ने रौं, तार आदिको साधन। २. तस्वीर लेख्ने, रङ्ग भर्ने आदि काम गर्ने एक प्रकारको कलम; कूची।

बुर्का–ना० [अ० बुर्कः] मुसलमान स्त्रीहरूले सर्वाङ्ग ढाक्ने गरी लाउने एक प्रकारको खोलजस्तो वस्त्र।

बुर्काई–ना० [बुर्काउ+आइ] बुर्काउने किसिम, क्रिया वा भाव।

बुर्काइनु–स० क्रि० [बुर्काउ+इ+नु] दानादार वस्तु छरिनु; ('बुर्काउनु'-को क० क्रि०)।

बुर्काउनु–स० क्रि० [बुरबुर+आउ+नु] दानादार वस्तु छर्नु; बर्काउनु; बुर्क्याउनु।

बुर्की–ना० [बुरबुर] मुर्दा लाँदा बाटामा छरिने वा शवका छातीमा राखिने धान, लावा, चामल आदि।

बुर्कुन्चे–वि० [बुर्कुन्चो+ए] बुर्कुन्चो।

बुर्कुन्चो–वि० [बुङ्चो] बुङ्चो; बुर्चो; पुड्को।

बुर्कुसी–ना० [सं० वेग+कुर्दन] उफ्री-उफ्री दौड़ने काम; लामो-लामो फट्का हालेर दौड़ने काम।

बुर्क्याइ–ना० [बुर्क्याउ+आइ] बुर्क्याउने किसिम, क्रिया वा भाव; बुर्काइ।

बुर्क्याइनु–स० क्रि० [बुर्क्याउ+इ+नु] बुर्काइनु; ('बुर्क्याउनु'-को क० क्रि०)।

बुर्क्याउनु–स० क्रि० [बुर्काउ+नु] बुर्काउनु।

बुर्चे–वि० [बुर्चो+ए] बुर्चो।

बुर्चो–वि० [बुचुरो] बुचुरो; बुर्कुन्चो; ग्याँचे।

बुर्जा–ना० [अ०बुर्ज] घरका माथिल्ला तलामा चारैतिर खुला गरी बनाइएको कोठा।

बुर्जुवा–वि० [अं० बूर्ज्वाः] १. मध्य-वित्त-वर्गको। २. कम्यूनिस्ट सिद्धान्तअनुसार अनुदार अथवा परम्परावादी विचारको।

बुर्लुक्क–क्रि० यो० [ने०] उफ्रने वा फट्कने किसिम।

बुलन्द–वि० [फा० बलन्द] १. ठूलो; उच्च (स्वर)। २. खूब राम्रो वा असल।

बुलबुल–ना० [अ०] जुरेली चरो।

बुलबुली–ना० [बुलबुल+ई] अगाड़िका रौं लामो राखेर कपाल काट्ने एक तरीका।

बुलाकी–ना० [तु० बुलाक़] १. नाकमा लाउने मोती आदि उनेको सुनको मुन्द्रोजस्तो गहना। २. सारङ्गीको फूली।

बुलिन–ना० [अं० बुलियन] जङ्गी-पोशाकका कुममा लाउने फलामे जाली।

बुवा–ना० [बुबा] बुबा।

बुश-शर्ट–ना० [अं०] कमीजको जस्तो कलर र बाहुला हुने, अगाड़ि खुला हुने र टाँक लाउने, कोटका छाँटको एक किसिमको पोशाक।

बुष–ना० [सं०] बुस।

बुस–ना० [सं०] १. भुस। २. कसिङ्गर। ३. सुकेको गोबर।

बुहारी–ना० [प्रा० वहू] १. छोराकी पत्नी; वधू। २. छोरो, भाइ, भतिजो आदि नाता पर्नेकी स्त्री।

बुहारी-झार–ना० [बुहारी+झार] लज्जावती झार।

बुहार्तन–ना० [बुहारी+ अर्तन (सं०)] १. बुहारीले सहनुपर्ने सासू-ससुराको दबाउ; सासू-ससुराको अनुशासन। २. बुहारीले गर्नुपर्ने घर-धन्धा।

बूँद–ना० [सं० बिन्दु] थोपो; छिटो; बिन्दु।

बूँदा–ना० [बुंदा] बुँदा।

बूझ–ना० [प्रा० बुज्झ] १. थाहा; समझ; ज्ञान। २. आशय; अभिप्राय। ३. विचार; गौर।

बूझ-पचाहा–वि० [बूझ+पचाहा] बुझेर पनि नबुझेजस्तो गर्ने; बूझ पचाउने।

बूझ-पच्ची–ना० [बूझ+पचाउ] बूझ पचाउने काम; जानेको कुरो नजानेझैँ गर्ने काम।

बूझ-पेलाहा–वि० [बूझ+पेलाहा] जानी-बुझीकन पनि नटेरेर काम गर्ने।

बूझ-बुझारथ–ना० [बुझ+बुझाउ] १. साबिकवाला कर्मचारीले बहालवाला कर्मचारीलाई आफ्ना जिम्मामा रहेका सरकारी माल-मत्ताहरू बुझाउने काम। २. कुनै काम-कुराका विषयमा यथार्थ ज्ञान हासिल गर्नाका निमित्त सोध-पूछ वा जाँच-बुझ गर्नु।

बूट–ना० [अं०] गोली-गाँठाभन्दा माथिसम्म आउने एक किसिमको जुत्ता।

बूटा-बूटी–ना० [बूटो+बूटो+ई] साना-तिना बोटहरू; बुच्का-बुच्की।

बूटी–ना० [सं० विटप] १. औषधिको काममा आउने झार-पात; वनौषधि। २. फूल नफुलीकन फल लाग्ने एक जातको रूख। ३. भाङ। ४. ओखती; औषधि। ५. केटा-केटीको रक्षाका निमित्त बाँधिदिने सानो जन्त्र।

बूटे–वि० [बूटो+ए] जङ्गली; असभ्य।

बूटो–ना० [सं० विटप] सानो बोट; बिरुवा; पोथ्रो; बुटेन।

बूठ–ना० [बूट] बूट।

बूढ़ा-काजी–ना० [बूढ़ो+काजी] श्री ५ महाराजाधिराज रणबहादुर-शाह र श्री ५ महाराजाधिराज गीर्वाण-युद्ध-विक्रम-शाह-देवका राज्य-कालमा पश्चिमी क्षेत्र विजय गर्ने ज्ञाने प्रसिद्ध काजी अमरसिंह थापालाई सामान्य रूपले बुझाउने पदवी।

बूढ़ा-नील-कण्ठ–ना० [बूढ़ा+नील+कण्ठ] काठमाड़ौंको उत्तर भागमा रहेका एक प्रसिद्ध नारायण।

बूढ़ा-बा–ना० [बूढ़ा+बा] बूढ़ो मानिसलाई आदरपूर्वक सम्बोधन गर्ने शब्द।

बूढ़ा-बाजे–ना० [बूढ़ा+बाजे] १. वृद्ध ब्राह्मण। २. बूढ़ा व्यक्तिलाई आदरपूर्वक भनिने शब्द। ३. बाजेका बाबु;

CC-0. In Public Domain. Digitization by eGangotri

बराज्यू । ४. पूर्व-पुरुष; पुर्खा । ५. ससुरका बाबु ।

बूढ़ा-बूढ़ी–ना० [बूढ़ा+बूढ़ी] १. बूढ़ो र बूढ़ी । २. लोग्ने-स्वास्नी; पति-पत्नी; दम्पती ।

बूढ़ा-मावली–ना० [बूढ़ा+मावली] बाबु वा आमाको मावली ।

बूढ़ी–वि० [बूढ़ो+ई] १. धेरै उमेर पुगेकी; वृद्धा । (ना०) २. स्वास्नी; पत्नी ।

बूढ़ी-औंलो–ना० [बूढ़ी+औंलो] हात वा गोड़ाको सबभन्दा मोटो औंलो; औंठो ।

बूढ़ी-बज्य–ना० [बूढ़ी+बज्यै] १. बज्यैकी सासू वा आमा । २. प्रमातामही वा प्रपितामही । ३. वृद्धा ब्राह्मणीलाई आदरपूर्वक भनिने शब्द ।

बूढ़ी-माउ–ना० [बूढ़ी+माउ] १. घरकी सबभन्दा बूढ़ी वा गृहस्थीका सबै कामको मुख्य सञ्चालन गर्ने स्त्री । २. केटा-केटीका खलहरूमा मुख्य हुने एक खेलाड़ी ।

बूढ़ी-मार्सी–ना० [बूढ़ी+मार्सी] १. लामा-लामा जुंघा वा झूस हुने रातो रङ्गको एक जातको धान । २. त्यसैको चामल; जुँघे-मार्सी ।

बूढ़ी-रूढि–ना० [बूढ़ी+रूढि] शास्त्रीय आधार नभए तापनि पहिलेदेखि चलिआएको भनी मानिएको रीति-रिवाज; परम्परागत चाल-चलन; कुल-धर्म ।

बूढ़ो–वि० [प्रा० बुड्ढो] १. उमेर धेरै पुगिसकेको; वृद्ध । (ना०) २. पति; लोग्ने ।

बूढ़ो-पाको–वि० [बूढ़ो+पाको] बूढ़ो र पाको; जानिफकार; अनुभवी ।

बूता–ना० [सं० वित्त] खूबी; शक्ति; सामर्थ्य ।

बूतात–ना० [अ०] १. घर-खर्चको हिसाब । २. जीविकाका लागि दिइने धन वा वस्तु । ३. पारिश्रमिकका रूपमा दिइने जिन्सी वस्तु ।

बूथ–ना० [अं०] चुनावमा मत-पत्र खसाल्ने नियत ठाउँ ।

बृंहण–वि० [सं०] पुष्टि-कारक; पोषक ।

बृहत्–वि० [सं०] १. ठूलो; बड़ेमाको; विशाल । २. बलियो; बलिष्ठ ।

बृहती–ना० [सं०] १. ठूलो वीणा । २. नारदको वीणा । ३. कण्टकारी । ४. प्रत्येक पाउमा नौ-नौ वटा अक्षर हुने एक वर्ण-वृत्त ।

बृहत्कथा–ना० [सं०] गुणाढ्य कविले पैशाची भाषामा रचना गरेका कहानीहरूको एक प्रसिद्ध पुस्तक ।

बृहस्पति–ना० [सं०] १. देवताका गुरु; एक प्रसिद्ध वैदिक देवता । २. सौर-जगत्को एक प्रसिद्ध ग्रह ।

बृहस्पति-वार–ना० [सं०] बुध-वार र शुक्र-वारका बीचमा पर्ने दिन; पाँचौं वार ।

बे–उप० [फा०] १. अरू शब्दका अगिल्तिर लागेर विपरीत, निषेध वा अभाव अर्थ बुझाउने एक उपसर्ग । (उदा०–बेकाम, बेकाइदा, बेइन्साफ, बेपर्वाक आदि ।) (ना० यो०) २. विना ।

बेँसी–ना० [सं० व्यास] पहाड़-पर्वतका मुनितिरको जमीनको फाँट; फेदी; उपत्यका ।

बेअदप–वि० [बेअदब] बेअदब ।

बेअदब–वि० [फा०] मान्य जनको आदर नगर्ने; अदब नभएको; अशिष्ट ।

बेअदबी–ना० [फा०] अदब नहुनाको भाव; अशिष्टता; अविनय ।

बेइन्साफ–ना० [फा० बेइन्साफ़] इन्साफ नहुनु; अन्याय ।

बेइन्साफी–वि० [बेइन्साफ+ई] बेइन्साफ गर्ने; अन्यायी ।

बेइज्जत–ना० [फा० बेइज़्ज़त] अपमान; अनादर; इज्जत नहुनु ।

बेइज्जती–ना० [फा० बेइज़्ज़ती] १. इज्जत नहुनु । २. अप्रतिष्ठा; अपमान ।

बेइन्तिजाम–ना० [बे+इन्तिजाम] इन्तिजाम नहुनु; कुप्रबन्ध ।

बेइलम–ना० [फा० बेइल्म] १. इलम नहुनु; रोजगार वा पेशा नहुनु । २. विद्या नहुनु; पढ़े-लेखेको नहुनु ।

बेइलमी–वि० [फा० बेइल्मी] १. इलम नभएको; कुनै उद्योग नगर्ने । २. नपढ़ेको; अनपढ़ ।

बेइलाका–वि० [बे+इलाका] १. इलाकादेखि भिन्नको; इलाकाबाहिरको । (ना०) २. अर्को इलाका; भिन्न इलाका ।

बेईमान–वि० [फा०] ईमान नभएको; लेन-देनमा सच्चाइ नभएको; अविश्वासी ।

बेईमानी–ना० [फा०] १. ईमान वा धर्मको विचार नहुनु; अधर्म । २. छल; कपट; अनाचार ।

बेउजूर–वि० [फा० बेउज्र] उजूर नलाग्ने; बिनाउजूरको ।

बेकदर–ना० [फा० बे+क़द्र (अ०)] प्रतिष्ठा वा कदर नहुनु; अनादर; अपमान ।

बेकम्मा–वि० [बेकाम] काम नलाग्ने; निकम्मा; अनुपयोगी ।

बेकसूर–वि० [बे+कसूर] १. कसूर नभएको; निर्दोष; निरपराध । (ना०) २. कसूरको अभाव; निर्दोषता ।

बेकाइदा–वि० [बेकायदा] बेकायदा ।

बेकाम–वि० [फा० बे+काम] १. काम नभएको; बेकार; बिनाकामको । (ना०) २. काम नहुनु ।

बेकामी–वि० [बेकाम+ई] बेकाम ।

बेकायदा–वि० [(फा०) बे+क़ायदः (अ०)] १. नियम-विरुद्ध; अनियमित । (ना०) २. नियम-विरुद्ध काम-कुरो ।

बेकार–वि० [फा०] १. कुनै काममा नलागेको; बेइलमी; निरुद्योगी । (ना०) २. काम नहुनु; बेकाम । (क्रि० यो०) ३. विनाकाम; बिनसित्ति; व्यर्थ ।

बेकारी–ना० [फा०] बेकार हुनु; काम नपाउनु ।

बेकूफ–वि० [फा० बेवकूफ़] बेवकूफ ।

बेकूफी–ना० [फा० बेवकूफ़ी] बेवकूफी ।

बेक्त्याइ–ना० [बक्त्याउ+आइ] बेक्त्याउने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव ।

बेक्त्याइनु–स० क्रि० [बेक्त्याउ+इ+नु] पक्षपात गरिनु; ('बेक्त्याउनु'-को क० क्रि०) ।

बेक्त्याउनु–स० क्रि० [सं० व्यक्ति+याउ+नु] पक्षपात गर्नु; पक्ष लिनु ।

बेख–ना० [अ० वक़्फ] सरकारबाट कसैलाई रीझबापत दिइएको माफी जग्गा; माफी-बिर्ता ।

बेखबर–वि० [फा० बेख़बर] १. बेपत्ता; पत्ता नभएको । २. बेहोश; अचेत । ३. बेसूर ।

बेख-बिर्ता–ना० [बेख+बिर्ता] माफी-बिर्ता ।

बेखर्ची–वि० [बे+खर्च+ई] बिखर्ची ।

बेखुश–वि० [ब+खुश] १. अप्रसन्न; सन्तुष्ट नभएको । २. रिसाएको ।

बेगर–ना० यो० [सं० विलग] १. बाहेक; विना; सिवाय । (वि०) २. पृथक्; भिन्न ।

बेगल–वि० [सं० विलग] भिन्न; पृथक्; अर्को ।

बेगला-बेगलै–क्रि० यो० [बेगल+बेगल] छुट्टाछुट्टै; भिन्ना-भिन्नै ।

बेगार–ना० [फा०] १. ज्याला नदिई वा थोरै ज्याला दिई काम लाउनु । २. मन नलगाईकन गरेको काम ।

बेगारी–ना० [फा०] १. बेगारमा काम गर्ने मान्छे; बिना-ज्यालाका खेताला वा ज्यामी । २. बेगारको काम ।

बेगिन्ती–वि० [बे+गिन्ती] १. गनिनसक्नु; अनगिन्ती; असङ्ख्य । २. चौपट्ट; असाध्य; अत्यन्त ।

बेग्लाबग्ल–क्रि० यो० [बेगला-बेगलै] बेगला-बेगलै ।

बेग्लिइनु–अ० क्रि० [बेग्लि+इ+नु] बेगल होइनु; छुट्टिइनु; ('बेग्लिनु'-को भा० क्रि०) ।

बेग्लिनु–अ० क्रि० [बेग्लो+इ+नु] बेग्लो हुनु; वालल पर्नु; जिलिलिनु ।

बेग्लिनु–अ० क्रि० [बेगल+इ+नु] बेगल हुनु; अलग हुनु; छुट्टिनु ।

बेग्लै–क्रि० यो० [बेगल+ऐ] छुट्टै; भिन्नै; अलग नै ।

बेग्लो–वि० [बेगल] बेगल; भिन्न; पृथक्; छुट्टै ।

बेग्लो–वि० [सं० विकल] १. कामको सूर नपाउने; अलमलल परेको; जिलिलिएको । २. बेसूरको; बेढङ्गको ।

बेग्ल्याइ–ना० [बेग्ल्याउ+आइ] बेग्लाउने किसिम, क्रिया वा भाव ।

बेग्ल्याइ–ना० [बेग्लि+आइ] बेग्लिने किसिम, क्रिया वा भाव ।

बेग्ल्याइनु–स० क्रि० [बेग्ल्याउ+इ+नु] बेगल पारिनु; छुट्टयाइनु; ('बेग्ल्याउनु'-को क० क्रि०) ।

बेग्ल्याउनु–स० क्रि० [बेग्लि+याउ+नु] बेगल पार्नु; भिन्न पार्नु; छुट्टयाउनु; ('बेग्लिनु'-को प्रे० क्रि०) ।

बेच-बिखन–ना० [बेच्+बिक्] बेच्ने काम; बिक्री ।

बेचाइ–ना० [बेच्+आइ] बेच्ने किसिम, क्रिया वा भाव ।

बेचाइनु–स० क्रि० [बेचाउ+इ+नु] बेच्न लाइनु; ('बेचाउनु'-को क० क्रि०) ।

बेचाउनु–स० क्रि० [बेच्+आउ+नु] बेच्न लाउनु; ('बेच्नु'-को प्रे० क्रि०) ।

बेचाहा–वि० [बेच्+आहा] बेच्ने; बिक्री गर्ने ।

बेचिनु–स० क्रि० [बेच्+इ+नु] बिक्री गरिनु; ('बेच्नु'-को क० क्रि०) ।

बेचुवा–वि० [बेच्+उवा] १. बेचिएको; बिक्री भएको । २. बेच्ने; बेचाहा ।

बेचैन–वि० [फा०] १. सुख-शान्ति नभएको; व्याकुल । २. उराठ-लाग्दो; उदास ।

बेचैनी–ना० [फा०] व्याकुलता; आराम वा प्रसन्नताको अभाव ।

बेच्नु–स० क्रि० [प्रा० बेच्चई+नु] मोल लिएर कुनै वस्तु अरूलाई आफ्नो हक छुटाई दिनु; बिक्री गर्नु ।

बेछन्द–वि० [बे+छन्द] १. छन्द-न-बन्दको; बेढङ्गको । २. छाँट-काँट नमिलेको ।

बेजाब्ता–वि० [फा० बे+जाबितः(अ०)] १. नियम-विरुद्ध; बेकाइदा । (ना०) २. अन्याय; बेइन्साफी ।

बेजो–ना० [ने०] १. बदला; हर्जाना; मेजो । २. आम्दानी-खर्चको बराबरी ।

बेजोड़–वि० [बे+जोड़] बरोबरी वा समानतामा मिल्ने कोही नभएको; अद्वितीय ।

बेजोड़ा–वि० [बेजोड़] बेजोड़ ।

बेटरी–ना० [अं० बैटरी] १. टोली; मण्डली; जमात; दल । २. तोप चलाउने मानिस, सर-सामान आदिको समुदाय । ३. मोटर, रेडियो आदिमा जड़िने, बिजुली पैदा गर्ने यन्त्र ।

बेटा–ना० [सं० वटु] छोरो; पुत्र ।

बेटी–ना० [बेटा+ई] छोरी; पुत्री ।

बेठन–ना० [सं० वेष्टन] १. पुस्तक, पुस्तिका आदि बाँध्ने कपड़ा; बासा; बस्ता । २. कुनै वस्तु बेर्ने कपड़ा । ३. कसैको पछि लागेर जीविका गर्ने व्यक्ति; अनुचर ।

बेठी–ना० [प्रा० विट्ठि] १. रैकर, बिर्ता आदि किसिमका जग्गा कमाउने मोहीले सरकार वा तल्सिङलाई बुझाउनु-पर्ने रकम वा खेताला । २. बाजा बजाई, भोज खुवाई रोपाइँमा गरिने उत्सव ।

बेठीक–वि० [बे+ठीक] ठीक नभएको; अनुचित; बेमुनासिब ।

बेठेगान–वि० [फा० बे+ठेगान] १. ठेगाना नभएको; बेथितिको । २. असङ्ख्य; अनगिन्ती ।

बेड–ना० [अं०] बिछयाउना; शय्या ।

बेड़ा–ना० [सं० वेडा] १. डुङ्गा वा जहाजहरूको समूह । २. जञ्जाल; झमेला ।

बेड़ी–ना० [सं० वलय] अपराधीका गोड़ामा ठोक्ने फलामका कल्लीजस्ता साधन; नेल ।

बेडौल–वि० [बे+डौल] छाँट-काँट नमिलेको; भद्दा; कुरूप ।

बेढङ्ग–वि० [बे+ढङ्ग] १. ढङ्ग नभएको; बेढङ्गी । २.

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रोसित थिति नलगाएको; अव्यवस्थित। ३. भद्दा; कुरूप।

बेढङ्गी–वि० [बेढङ्ग+ई] १. ढङ्ग नभएको; बेढङ्गको; रङ्ग-न-ढङ्गको; अर्धङ्गी। २. ढङ्ग नमिलेको; बेढब।

बेढब–वि० [बे+ढब] १. ढाँचा नमिलेको; बेढङ्गको। २. बनावट नमिलेको; भद्दा। ३. अनौठो; विलक्षण।

बेढ़ाइ–ना० [बेढ़ाउ+आइ] बेढ़ाउने किसिम, क्रिया वा भाव।

बेढ़ाइनु–स० क्रि० [बेढ़ाउ+इ+नु] बोट-बिरुवाहरू छाँटिनु; ('बेढ़ाउनु'-को क० क्रि०)।

बेढ़ाउनु–स० क्रि० [ब्याड़+नु] १. बोट-बिरुवाहरू छाँट्नु; बढ़ी उम्रेका बोटहरू उखेल्नु। २. बालकको नाल काट्नु। ३. काट-मार गर्नु; छप्काउनु।

बेत–ना० [सं० वेत्र] १. बाँसका जस्ता पात र आँख्ला हुने जलाशयको नजीकमा उम्रने एक जातको लता। (यसका चोयाबाट मेच, उलिन्काठ, सन्दूक आदि बन्दछन्।) २. त्यसैको डाँठको लट्ठी। (वि०) ३. चाम्रो; बलियो।

बेत–ना० [ब्याउ] सुत्केरी हुनाको पटक; बियाउनाको पटक (पशुको)।

बेतलबी–वि० [बे+तलब+ई] तलब नपाउने; बिनातलबको; अवैतनिक।

बेत-लौरी–ना० [बेत+लौरी] सेता फूल फुल्ने, अदुवाका जस्ता पात र कन्द हुने एक जातको बोट।

बेतारको-तार–ना० [बेतार+को+तार] तारको सहायताबिना विद्युत्-शक्तिद्वारा पठाइने तार; आकाश-वाणी।

बेताल–ना० [बे+ताल] १. सङ्गीतमा ताल नमिल्नु; ताल-चुक्नु। (वि०) २. बेढङ्ग; बेछाँट।

बेताल–ना० [नेवा०] दिलापहरूलाई छुट्ट्याउने वा अड़्याउने खापाका बीचको तेर्सो खसिपा।

बेतालुक–वि० [बे+तालुक] १. तालुकभित्र नपरेको; तालुक-बाहिरको; अधिकार-क्षेत्रभन्दा बाहिरको। २. सरोकार नभएको; वास्ता नभएको।

बेताले–वि० [बेताल+ए] १. धेरै कुरा गर्न जान्ने; बेसारे; बितपाते। २. ताल वा ढङ्ग नमिलेको; अड़भङ्ग्याहा।

बेते–वि० [बेत+ए] बियाएकी (गाई आदि)।

बेतोड़–ना० [(फाँ०) बे+तोड़] १. ठूलो वेग; शीघ्र गति; तोड़। (क्रि० यो०) २. शीघ्र गतिले; छिटोसँग।

बेथा–ना० [सं० व्यथा] १. रोग; व्यथा। २. सुत्केरी हुने अवस्थाको पीडा; प्रसव-वेदना।

बेथिति–ना० [ब+थिति] थिति नमिल्नु; बिथिति; बेजाब्ता; कुप्रबन्ध; अस्त-व्यस्तता।

बेथु–ना० [बेथ] बेथे।

बेथे–ना० [सं० वास्तुक] तर्कारी खाइने एक जातको साग; बथुवा; बेथु।

बेदखल–वि० [(फा०) बे+दख़्ल (अ०)] १. दखल, क़ब्जा, अधिकार आदिबाट हटाइएको; अधिकार-च्युत। २. दखल नभएको; अधिकारमा नभएको।

बेदखली–ना० [फा० बेदखल+ई] दखल, क़ब्जा, अधिकार आदिबाट वञ्चित हुने वा गर्ने काम; बेदखल हुने वा गर्ने काम वा अवस्था।

बेदस्तूर–वि० [बे+दस्तूर] दस्तूरमा नमिल्ने वा नभएको; बेरीत।

बेदाग–वि० [फा० बेदाग़] १. दाग वा खोट नभएको; निष्कलङ्क; निर्दोष। २. कसूर नभएको; निरपराध।

बेदाना–वि० [बे+दाना] १. भित्र दाना वा बीयाँ नभएको। (ना०) २. असल एक जातको अनार।

बेदाम–वि० [फा०] १. विनामूल्यको; सित्तैँको। २. मूल्य तोक्न नसकिने; अमूल्य।

बेधड़क–वि० [ब+धड़क] १. कसैको धक वा भय नमान्ने; धक्का-धार नभएको; निस्फिक्री। (क्रि० यो०) २. धक वा भय नमानीकन; निस्फिक्रीसँग।

बेधाइ–ना० [बेध्+आइ] बेध्ने किसिम, क्रिया वा भाव।

बेधाइनु–स० क्रि० [बेधाउ+इ+नु] बेध्न लाइनु; ('बेधाउनु'-को क० क्रि०)।

बेधाउनु–स० क्रि० [बेध्+आउ+नु] बेध्न लाउनु; ('बेध्नु'-को प्रे० क्रि०)।

बेधिनु–स० क्रि० [बेध्+इ+नु] प्वाल पारिनु; ('बेध्नु'-को क० क्रि०)।

बेध्नु–स० क्रि० [सं० विध्] १. प्वाल पार्नु; छेड्नु। २. रोप्नु; घोच्नु। ३. तारो हान्नु; निशाना मार्नु।

बेन–ना० [अं० बैन्ड] बैन्ड बाजा; बादशाही-बाजा।

बेनामी–वि० [बे+नाम+ई] पठाउने वा लेख्नेको नाम नभएको; गुम-नाम (चिट्ठी-पत्र)।

बेन्च–ना० [अं०] १. काठ, फलाम आदिको धेरै जना बस्न हुन एक किसिमको लामो मेच। २. न्यायाधीशको आसन। ३. न्यायाधीशहरूको समुदाय।

बेन्चा–ना० [फा० बेलचः] बाटो ठोक्ने लामो बीँड़ हुने, जाँताको चक्काजस्तो, फलामे औजार; धुर्पिस।

बेन्जु–ना० [अं० बेन्जो] बेन्जो।

बन्जो–ना० [अं०] चारदेखि आठसम्म तार लागेको, जवाले बजाइन एक किसिमको तार-वाद्य।

बेपत्ता–वि० [बे+पत्ता] १. पत्ता नभएको; बिपत्ता। २. अत्तो-पत्तो नभएको; अथाह। ३. छेउ-टुप्पो नभएको।

बेपरवाह–वि० [फा०] कुनै कुराको परवाह नभएको; निस्फिक्री।

बेपरवाही–ना० [बेपरवाह+ई] परवाह नगर्नु; लापरवाही।

बेपर्दा–वि० [फा० बेपर्दः] १. पर्दा अथवा मर्यादा नभएको; निर्लज्ज। (ना०) २. पर्दा नहुनु।

बेपर्वाह–वि० [बेपरवाह] बेपरवाह।

बेपर्वाही–ना० [बेपरवाही] बेपरवाही।

बेपार–ना० [सं० व्यापार] माल-मत्ताहरू खरीद गरेर लाभ

CC-0. In Public Domain. Digitization by eGangotri

उठाई बिक्री गर्ने काम; व्यापार; वाणिज्य।

बेपारी–ना० [सं० व्यापारी] बेपार गर्ने मानिस; व्यापारी।

बेफाइदा–वि० [बेफायदा] बेफायदा।

बेफायदा–वि० [फा०] १. फायदा नभएको; लाभ नभएको; व्यर्थको। (ना०) २. हानि; नोक्सानी।

बेफिक्र–वि० [फा०] फिक्री नभएको; निश्चिन्त; बेपरवाह।

बेफिक्री–ना० [फा०] फिक्री नहुनु; निश्चिन्तता।

बेफ्वाँक–वि० [बे+फ्वाँक] १. बेमतलब; व्यर्थ; अकार्थ; फ्वाँक। (वि०) २. सित्तैँ; बिनसित्ति।

बेर्वाजित–वि० [सं० विर्वाजित] बाहेक; अतिरिक्त।

बेमजा–ना० [बे+मजा] बेमज्जा।

बेमज्जा–ना० [बे+मज्जा] मज्जा नहुनु; नमज्जा; नरमाइलो।

बेमतलब–वि० [अ०] मतलब नभएको; निरर्थक।

बेमनासिब–वि० [फा० बे+मुनासिब (अ०)] बेमुनासिब।

बेमरम्मत–वि० [फा० बे+मरम्मत (अ०)] मरम्मत नभएको; टुटे-फुटेको।

बेमाख–ना० [फा० बे-बाक़] बिमाख।

बेमार–वि० [फा० बीमार] बिरामी; रोगी।

बेमारी–ना० [फा० बीमारी] बीमारी।

बेमालूम–वि० [फा० बे+मअलूम (अ०)] थाहा नभएको; अज्ञात; अविदित।

बेमिजाज–वि० [फा० बे+मिज़ाज (अ०)] बेमिजास।

बेमिजास–वि० [बे+मिजास] १. मिजास नमिल्ने; भिन्न मिजासको। ३. नराम्रो-मिजासको।

बेमुनासिब–वि० [फा० बे+मुनासिब (अ०)] मुनासिब नभएको; अनुचित; बेठीक।

बेमेल–वि० [फा० बे+मेल] १. मेल नखाने; जोड़ा नमिलेको। (ना०) २. फाटो; वैर-भाव।

बेमौका–ना० [फा० बे+मौक़ः (अ०)] मौका नपरेको वेला; असमय; कुवेला।

बेमौसिम–वि० [फा० बे+मौसिम (अ०)] एक मौसिमको चीज अर्को मौसिममा हुने; असामयिक; भिन्न ऋतुको।

बेमौसिमी–वि० [बेमौसिम+ई] बेमौसिम; भिन्न ऋतुको; असामयिक।

बेर–क्रि० यो० [सं० वेला] १. अबेर; ढीलो; विलम्ब। २. खेर; पल्ट। (उदा०–उतिबेर, अलिबेर।)

बेर-बार–ना० [बेर्+बार्] १. बेर्ने र बार्ने काम। २. लपेट्ने काम; घेर्ने काम।

बेरस–वि० [बे+रस] १. रस नभएको; नीरस; विरस। २. स्वाद नभएको; बेस्वादको। ३. रूखो; बेमिजास।

बेराइ–ना० [बेर्+आइ] बेर्ने किसिम, क्रिया वा भाव; बेह्राइ।

बेराइनु–स० क्रि० [बेराउ+इ+नु] बेर्न लाउनु; ('बेराउनु'-को क० क्रि०)।

बेराउनु–स० क्रि० [बेर्+आउ+नु] बेर्न लाउनु; ('बेर्नु'-को प्रे० क्रि०)।

बेराजी–वि० [बे+राजी] राजी नभएको; बिराजी।

बेराजू–वि० [बेराजी] बेराजी; बिराजी।

बेरामी–वि० [फा० बीमारी] बिरामी।

बेरिनु–स० क्रि० [बेर्+इ+नु] बेह्रिनु; ('बेर्नु'-को क० क्रि०)।

बेरीज–ना० [?] स्रेस्तामा जिन्सीका धेरै कलमको आम्दानी वा खर्चको जम्मा अङ्क।

बेरीत–वि० [बे+रीत] १. रीत नमिलेको; बेथितिको। (ना०) २. रीत नहुनु वा नमिल्नु; अनरीत; बेरीति।

बेरीति–ना० [बे+रीति] रीति वा कायदाको अभाव; अनरीति।

बेरुजू–वि० [बे+रुजू] १. रुजू नभएको वा नगरिएको; रुजू गर्दा नमिलेको। २. हाजिर नभएको; अनुपस्थित।

बेरुवा–वि० [बेह्रवा] बेह्रवा।

बेरुवा-औंठी–ना० [बेरुवा+औंठी] बेह्रवा-औंठी।

बेरोक-टोक–क्रि० यो० [फा० बे+रोक-टोक] नरोकीकन; सरासर; बिनारोक-टोक।

बेर्ना–ना० [बिरुवा] खुर्सानी, रायो आदिको सानो बोट; बिरुवा।

बेर्नु–स० क्रि० [बेह्र+नु] बेह्रनु।

बेह्लु–ना० [ने०] १. दिसा बस्दा गुद-द्वारबाट आन्द्राजस्तो नली निस्कने एक रोग। २. गुद-द्वारबाट निस्कने मासुको नली।

बेल–ना० [सं० बिल्व] १. साह्रो, ठूलो, गोल फल फल्ने, प्रायः तीन-तीन वटा दल भएका लाम्चा पात हुने, सेता फूल फुल्ने एक जातको काँढ़ावाल वृक्ष। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण हृदयलाई हित गर्ने, रुचि-कारक र पित्त-नाशक बताइएको छ। बेलको पात विशेष गरेर शिवजीलाई चढ़ाइन्छ)।

बेल–ना० [सं० वल्लि] १. लता; लहरो। २. त्यसै आकारको बुट्टा।

बेलदार–वि० [बेल+दार] बेल-बुट्टा परेको; बेल-बुट्टा भएको।

बेलन–ना० [सं० वलन] १. रोटी बेल्ने काठको गोल र लामो साधन; बेलना। २. छापाखानाको टाइपमा मसी लाउने बेलनाजस्तो लामो साधन। ३. फलाम, ढुङ्गा, काठ आदिको डोलो र लामो बेल्ने वा पेल्ने साधन।

बेलना–ना० [बेलन] दायाँ-बायाँ बीँड़ भएको लोहोरोजस्तो, रोटी पथार्ने साधन; बेलन।

बेलन्चे–ना० [बेलान्जे] बेलान्जे।

बेल-पत्र–ना० [बेल+पत्र] बेलका रूखको पात।

बेल-बुट्टा–ना० [बेल+बुट्टा] कागज, कपड़ा भित्ता, काठ, धातु आदिमा बनाएको लहरा र फूल-पात आदिका बुट्टा।

बेला–ना० [सं० वेला] समय; वेला।

बेला–ना० [ने०] आमखोरा, लोहोटा आदि पानी राख्ने भाँड़ो।

CC-0. In Public Domain. Digitization by eGangotri

बेला–ना० [अं० भिओला] चारवटा तार लागेको, गजोले रेटेर बजाइने एक किसिमको यूरोपीय बाजा।

बेलाइ–ना० [बेल्+आइ] बेल्ने किसिम, क्रिया वा भाव।

बेलाइनु–स० क्रि० [बेलाउ+इ+नु] बेल्न लाइनु; ('बेलाउनु'-को क० क्रि०)।

बेलाउनु–स० क्रि० [बेल्+आउ+नु] बेल्न लाउनु; पथार्न लाउनु; ('बेल्नु'-को प्रे० क्रि०)।

बेलान्जे–ना० [ने०] सिमसार जग्गामा उम्रने, नाककोरेका-जस्ता पात हुने एक जातको झार।

बेलायक–वि० [बे+लायक] १. लायक नभएको; नालायक; अयोग्य। २. अनुचित; बेमुनासिब।

बेलायत–ना० [विलायत] विलायत।

बेलायती–वि० [बेलायत+ई] विलायती।

बेलिनु–स० क्रि० [बेल्+इ+नु] रोटीहरू बनाउन बेलनाले पेलिनु; ('बेल्नु'-को क० क्रि०)।

बेली–ना० [सं० वल्ली] १. साना-साना पात र सेता सुगन्धी फूल फुल्ने एक जातको बोट। २. त्यसैको फूल।

बेली-बिस्तार–ना० [सं० वल्ली+विस्तार] बेहोरा सबै बुझाएर गरिएको वर्णन; सविस्तार वर्णन।

बेलुका–ना० [सं० विकाल] १. घाम अस्ताएपछिको समय; साँझ; सायङ्काल। (क्रि० यो०) २. साँझ-पख; सन्ध्या-समयमा।

बेलुकी–क्रि० यो० [बेलुका+ई] १. साँझमा; सन्ध्याकालमा। (ना०) २. बेलुका।

बेलुकी-पख–क्रि० यो० [बेलुकी+पख]

बेलून–ना० [अं० बैलून] भित्र हावा वा ग्याँस भरेर आकाशमा उड़ाइने रबर वा अन्य पदार्थको थैलो वा घड़ाजस्तो वस्तु।

बेले–वि० [सं० वेला] तिथि, वार, नक्षत्र आदिको शुभाशुभ फल र प्रश्न-सम्बन्धी कुराहरू लेखिएको (पात्रो)।

बेले–वि० [बेलो+ए] बेलो भएको; लहरे।

बेलो–ना० [सं० वल्ली] लहरो; लता।

बेलौती–ना० [न०] अम्बा; लताम।

बेल्ट–ना० [अं०] १. कमर-पेटी। २. पल्टनिया अफिसरहरूले जीउमा लाउने छाला वा पटारको फित्ता। ३. लोता। ४. कटि-बन्ध। ५. भौगोलिक वा अन्य कारणका अधारमा निर्धारित गरिएको लामो किसिमको साँध वा सीमा।

बेल्नु–स० क्रि० [वलन] रोटी, पूरी आदि बनाउन बेलनाले पेल्नु; पथार्नु।

बेवकूफ–वि० [फा० बेवकूफ] मूर्ख; नासमझ; वेकूफ।

बेवकूफी–ना० [फा० बेवकूफ़ी] बेवकूफ हुनाको भाव; नासमझी; मूर्खता।

बेवारिस–वि० [बे+वारिस] १. वारिस नभएको; संरक्षक नभएको। २. माल-धनी नभएको; हकवाला नभएको। ३. उत्तराधिकारी नभएको।

बेवारिसी–वि० [बेवारिस+ई] बेवारिस।

बेवास्ता–वि० [फा० बे+वासित: (अ०)] १. वास्ता वा सरोकार नभएको; बेमतलब। (ना०) २. वास्ता नहुनु; प्रयोजन नहुनु; सम्बन्ध नहुनु।

बेश–वि० [फा०] १. बेस; असल; बढ़िया। २. अधिक; धेरै।

बेशरम–वि० [फा० बे+शर्म (फा०)] शरम नभएको; नकच्चरो; निर्लज्ज।

बेशरमी–ना० [बेशरम+ई] १. बेशरम हुनाको भाव; निर्लज्जता। (वि०) २. शरम नभएको; निर्लज्ज।

बेशी–ना० [फा०] ज्यादा वा धेरै हुनाको भाव; आधिक्य।

बेस–वि० [फा० बेश] १. असल; उम्दा; उत्तम। २. भलो; सज्जन।

बेसन–ना० [सं० वेसन] चनाको पीठो।

बेसमझ–वि० [बे+समझ] समझ नभएको; बिनासमझको।

बेसरी–क्रि० यो० [बेस+गरी] राम्ररी; खूबसित; अति नै; प्रशस्तै।

बेसाँध–वि० [बे+साँध] साँध वा मर्यादा नभएको; मर्यादा-रहित; सीमा-हीन।

बेसाइनु–स० क्रि० [बेसाउ+इ+नु] खरीद गरिनु; किनिनु; ('बेसाउनु'-को क० क्रि०)।

बेसाउनु–स० क्रि० [बेसाहा+आउ+नु] १. धान, चामल आदि अन्न खरीद गर्नु; किन्नु। २. झन्झट भिर्नु; दुःख पाउनु।

बेसाउनी–ना० [बेसाउ] बेसाउने काम; खरीद (अन्न आदि)।

बेसार–ना० [सं० वेसवार] हलेदो; हलेदाको धूलो।

बेसारे–वि० [बेसार+ए] १. लोलो-पोतो गर्न जान्ने; चिप्ले। २. बौँडाई चरो। ३. बेसारजस्तो पहेँलो।

बेसाहा–ना० [सं० व्यवसाय] १. बेसाएका अन्न आदि वस्तु। २. खरीद गरेको चीज।

बेसुर–वि० [फा० बे+सुर] सुर नमिलेको; बिनासुरको (गाना)।

बेसुर–वि० [बे+सुर] सुर वा कुनु नमिलेको।

बेसुल्लो–ना० [वेश्या+उल्लो] फुँड़ो।

बेसूर–वि० [बे+सूर] सूर वा होश नभएको; बेहोश; बिचेत।

बेसौटी–ना० [बेसाउ+औटी] १. बेसाउने काम; बेसाउनी। २. बेसाहा; बेसाएको अन्न आदि।

बेसौटे–वि० [बेसौटी+ए] बेसाएको; किनेको; खरीद गरेको अन्न आदि।

बेसौनी–ना० [बेसाउ+औना+ई] १. बेसाउने काम; बेसौटी। २. बेसाएको अन्न; बेसाहा।

बेसौरी–वि० [फा० बे+शऊर (अ०)+ई] सौर नभएको; अशिष्ट; असभ्य।

बेस्याहार–वि० [बे+स्याहार] १. स्याहार नगरिएको; स्याहार नपुगेको २. स्याहार गर्न नसकिने।

बेसम्भार–वि० [बे+सम्भार] १. सम्भार गर्न नसकिएको; सम्भार नपुगेको। २. सम्हाल्न नसकिने।

बेस्वाद–वि० [फा० बे+स्वाद] १. स्वाद नभएको;

CC-0. In Public Domain. Digitization by eGangotri

विनास्वादको। २. रस नभएको; बिरसिलो।

बेस्से–ना० [वेश्या] वेश्या।

बेहक–वि० [ब+हक] १. हक नपुग्नु; अधिकार नहुनु। २. नाहक।

बेहद–वि० [फा०] १. हद नभएको; असीम। २. अपरिमित; अपार। ३. ज्यादा; धेरै।

बेहान–ना० [बिहान] बिहान।

बेहानी-पख–क्रि० यो० [बेहान+पख] बेहानको समयमा; बिहानी-पख।

बेहाल–वि० [फा०] १. व्याकुल; विकल। २. खराब अवस्थामा परेको।

बेहिसाब–वि० [फा० बे+हिसाब (अ०)] १. हिसाब गरिनसक्नु; अनगिन्ती; अत्यन्त; धेरै। (ना०) २. अन्याय; बेइन्साफी।

बेहोर–ना० [सं० व्यवहार] स्वभाव; बानी; चाल-चलन।

बेहोरा–ना० [सं० व्यवहार] १. कुनै घटना-अन्तर्गतको एक-एक कुरा वा बूँदा; कुनै घटनाका प्रामाणिक कुराहरू। २. लेखाइको सिलसिला; लेखाइको तरीका।

बेहोराइ–ना० [बेहोर्+आइ] बेहोर्ने किसिम, क्रिया वा भाव।

बेहोरिनु–स० क्रि० [बेहोर्+इ+नु] दुःख-कष्ट धैर्यसाथ सहिनु; खपिनु; ('बेहोर्नु'-को क० क्रि०)।

बेहोर्नु–स० क्रि० [सं० व्यवहार+नु] १. परिआएका दुःख-कष्टहरू धैर्यसाथ सहनु; खप्नु। २. अभिभारा बोक्नु; कामको जिम्मा लिनु। २. कुन कामका निमित्त गर्नुपर्ने खर्चको जिम्मा लिनु। ४. सकार्नु; स्वीकार गर्नु।

बेहोश–वि० [फा०] १. होश नभएको; अचेत; मूर्च्छित। (ना०) २. होशको अभाव; अचेतनता।

बेहोशी–ना० [फा०] १. बेहोश हुनाको भाव। (वि०) २. होश नभएको; बेहोश।

बेह्रनु–स० क्रि० [प्रा० वेढई+नु] १. धागो, कपड़ा आदिले कुनै वस्तुको चारैतिर फन्का मार्नु; लपेट्नु; वेष्टन गर्नु। २. घेरा हाल्नु; घेर्नु। ३. ढुङ्ग्राको आकार पारी कपड़ा, कागत आदि पट्ट्याउनु।

बेह्राइ–ना० [बेह्र+आइ] बेह्रने किसिम, क्रिया वा भाव।

बेह्राइनु–स० क्रि० [बेह्राउ+इ+नु] बेह्रन वा लपेट्न लाइनु; ('बेह्राउनु'-को क० क्रि०)।

बेह्राउनु–स० क्रि० [बेह्र+आउ+नु] बेह्रन लाउनु; लपेटाउनु; ('बेह्रनु'-को प्रे० क्रि०)।

बेह्रिनु–स० क्रि० [बेह्र+इ+नु] लपेटिनु; ('बेह्रनु'-को क० क्रि०)।

बेह्रुवा–वि० [बेह्र+उवा] बेह्रिएको; लपेटिएको।

बेह्रुवा-औंठी–ना० [बेह्रुवा+औंठी] सुन-चाँदी आदि धातुको तार बेह्रेर बनाएको एक किसिमको औंठी।

बैंस–ना० [सं० वय] उमेर; यौवन; जवानी।

बैंस–ना० [ने०] लामा-लामा पात र लहराजस्ता लर्केका हाँगा हुने, प्रायः खोलाका तीरमा हुने एक जातको वृक्ष।

बैंसालु–वि० [बैंस+आलु] यौवन भएको; युवक वा युवती।

बैग-पाइप–ना० [अं०] न्याउली-बाजा।

बैगनी–ना० [बैजनी] बैजनी।

बैगुन–ना० [सं० वि०+गुण] १. खराब गुण; अवगुण। २. बेफायदा गर्ने वस्तु। ३. कुफत; कुपथ्य।

बैगुनी–वि० [बैगुन+ई] १. अर्कालि गरेको गुन वा उपकार नसम्झने; कृतघ्न। २. खराब गुण भएको; बेफायदा गर्ने।

बैङ्क–ना० [अं०] रुपियाँ-पैसाको लेन-देन, तिजारत आदि गर्ने विशेष प्रकारको सङ्गठन।

बैजनी–ना० [सं० वङ्गण] १. रातो र नीलो रङ्गको मिसावटबाट बन्ने एक रङ्ग। (वि०) २. रातो र नीलो मिसिएका रङ्गको।

बैठक–ना० [प्रा० विट्ठ] १. आए-गएका मानिसहरूसँग भेट-घाट गर्ने कोठा। २. सभा, समिति आदिको एक पटकको अधिवेशन। ३. भाँड़ा-बर्तनको, भईंमा टेकिने पिँधको घेरो। ४. देव-प्रतिमाहरू बसाउने आसन।

बैठकी–ना० [प्रा० विट्ठ+ई] लगातार उठ-बस गर्ने एक किसिमको कसरत।

बैठके–ना० [बैठक+ए] बैठक सजाउने नोकर; बैठक-सम्बन्धी काम गर्ने नोकर।

बैठान–ना० [प्रा० विट्ठ] १. सिद्धि; टुङ्गो; समाप्ति। २. ठेगान; थिति।

बैठचाइ–ना० [बैठचाउ+आइ] बैठचाउने किसिम, क्रिया वा भाव।

बैठचाइनु–स० क्रि० [बैठचाउ+इ+नु] बेसरी पिटिनु; ('बैठचाउनु'-को क० क्रि०)।

बैठचाउनु–स० क्रि० [बैठान+याउ+नु] १. बेसरी पिट्नु; ठोक्नु; बजाउनु। २. मार्नु। ३. धन-माल हात-लागी गर्नु। ४. खूब खानु।

बैडाल–वि० [सं०] बिरालो-सम्बन्धी।

बैडाल-व्रत–ना० [सं०] धर्मको आडम्बर; ढोँग।

बैडाल-व्रती–वि० [सं०] धर्मको आडम्बर गर्ने; ढोँगी।

बैतड़ी–ना० [ने०] नेपालको पश्चिमी सिमानामा पर्ने एक पहाड़ी जिल्ला।

बैना–ना० [अ० बैआनः] कुनै वस्तु खरीद गर्न लाग्दा, बनाउन लाउँदा वा ठेक्का आदि कबूल गर्दा काम-कुरो पक्का-पक्की गर्नाका निम्ति पहिलेबाट दिइने धन; पेशगी; सत्यङ्कार।

बैन्ड–ना० [अं०] बादशाही-बाजा; बेन।

बैराग–ना० [सं० वैराग] वैराग।

बैरागी–वि० [वैरागी] वैरागी।

बैराग्य–ना० [सं० वैराग्य] वैराग्य।

बैरिस्टर–ना० [अं०] ब्यारिस्टर।

बैरिस्टरी–ना० [अं० बैरिस्टर+ई] ब्यारिस्टरी।

CC-0. In Public Domain. Digitization by eGangotri

बैरी–ना० [सं० वैरी] वैरी।

बैरुद्धे–ना० [सं० वैरुध्य] वैर-भाव; शत्रुता।

बैरेक–ना० [अं०] ब्यारेक।

बैल–ना० [सं० बलीवर्द] बयल; गोरु।

बैल-गाड़ा–ना० [बैल+गाड़ा] बैलले तान्ने गाड़ा।

बैल-गाड़ी–ना० [बैल+गाड़ी] बैल-गाड़ा।

बैला–ना० [सं० बन्ध्या] बैह्ला।

बैह्ला–वि० [सं० बन्ध्या] १. उमेर पुगेर पनि गर्भ नरहने; नबियाउने; बाँझी; बन्ध्या; थारी। (ना०) २. तरुणी; युवती।

बैह्लिनु–अ० क्रि० [बैह्ला+इ+नु] १. बैह्ला हुनु; बाँझी हुनु। २. यौवन चढ्नु; उमेरदार हुनु (स्त्री)।

बैह्लचाइ–ना० [बैह्लि+याइ] बैह्लिने किसिम, क्रिया वा भाव।

बोकाइ–ना० [बोक्+आइ] बोक्ने किसिम, क्रिया वा भाव।

बोकाइनु–स० क्रि० [बोकाउ+इ+नु] बोक्न लाइनु; ('बोकाउनु'-को क० क्रि०)।

बोकाउनु–स० क्रि० [बोक्+आउ+नु] बोक्न लाउनु; ('बोक्नु'-को प्रे० क्रि०)।

बोकाबोक–ना० [बोक्+बोक्] १. परस्परमा बोक्ने काम। २. धमाधम बोक्ने क्रम।

बोकाहा–वि० [बोक्+आहा] १. अर्काका मुद्दाको अभिभारा लिने; काँधे; कँध्याहा। २. बोक्ने; वहन गर्ने।

बोकिनु–स० क्रि० [बोक्+इ+नु] भार उठाइनु; ('बोक्नु'-को क० क्रि०)।

बोकुवा–वि० [बोक्+उवा] बोक्ने; बोकिने।

बोके–वि० [बोको+ए] १. बोकाको जस्तो; बोकोजस्तो। २. पुड्के; ग्याँचे। (ना०) ३. बोको।

बोके–ना० [ने०] १. लाम्चा पात, पाँच वटा लामा र घुमेका केस्रा हुने खैरा फूल र लाम्चा फल हुने एक जातको लहरो। २. त्यसैको फल; इन्दीवरा।

बोके-जीरा–ना० [सं० बुक्क+जीरक] सेतो र ठूलो जातको जीरा।

बोके-टिमुर–ना० [बोके+टिमुर] एक जातको टिमुर।

बोके-दाह्री–ना० [बोके+दाह्री] बोकाको जस्तो दाह्री; खातापाता नभई चिउँडामा मात्र उम्रेको दाह्री।

बोके-लहरो–ना० [बोके+लहरो] एक जातको रूख; अजश्रृङ्गी।

बोको–ना० [प्रा० बोक्कड] बाखाको भाले; बोके।

बोक्चो–ना० [तु० बुक्चः] सूचीकारको माल-मत्ता राख्ने थैली; सुजेरो।

बोक्नु–स० क्रि० [प्रा० वोज्झ+नु] १. कतै लैजानाका निमित्त बोझ वा भारी शरीरमा धारण गर्नु; भार उठाउनु; कुम्ल्याउनु। २. बुई चढाउनु; काँधमा हाल्नु। ३. उचाल्नु; उठाउनु। ४. जवाफदेही लिनु; अभिभारा वहन गर्नु। ५. गर्भ धारण गर्नु।

बोक्रिनु–अ० क्रि० [बोक्रो+इ+नु] १. आशा गरेको कामकुरो नपाउनु वा नपुग्नु; हिस्सिनु। २. ठगिनु; वञ्चित हुनु। ३. निराश हुनु।

बोक्रे–वि० [बोक्रो+ए] १. गुदी नभएको; निस्सार। २. बोक्रामात्र भएको। ३. देखौवा; आडम्बरमात्र भएको। ४. बोक्राको; बोक्रो-सम्बन्धी।

बोक्रे-धाक–ना० [बोक्रे+धाक] देखौवा धाक; फोस्रो रवाफ; आडम्बर।

बोक्रे-मिजास–ना० [बोके+मिजास] १. मन नमिलेका मानिससँग गरिने बाहिरी राम्रो बोल-चाल; देखौवा मिजास। २. लोलो-पोतो।

बोक्रो–ना० [सं० वल्कल] १. बोट-बिरुवाको बाहिरी साह्रो तह; रूखको छाला; वल्कल। २. फलको गुदीबाहिरको भाग।

बोक्सी–ना० [बोक्सो+ई] टुना-मुना गर्ने स्त्री; बोक्सेरो जान्ने स्त्री; डङ्किनी; डाइनी।

बोक्सेरो–ना० [बोक्सो] टुना-मुना; अभिचार; बोक्सीको विद्या।

बोक्सो–ना० [प्रा० बोक्कस] टुना-मुना वा अभिचार-सम्बन्धी काम जान्ने व्यक्ति; बोक्सेरो जान्ने व्यक्ति; टुन्याहा।

बोझ–ना० [प्रा० वोज्झ] १. भारी; भार; बोझा; वजन। २. कार्य-भार; जिम्मेदारी।

बोझा–ना० [बोझ] बोझ।

बोझे–ना० [ने०] पर्म।

बोझो–ना० [सं० वचा] लामा-लामा पात र घोगाका आकारका फूल हुने, सिमसार जमीनमा उम्रने एक जातको घाँसका जरामा हुने, उत्कट गन्ध आउने एक कन्द। (यो रातो र सेतो–दुइ थरीको हुन्छ। आयुर्वेदमा यसको गुण स्मृति-वर्द्धक र शुक्र-वर्द्धक बताइएको छ।)

बोट–ना० [सं० विटप] १. रूख; वृक्ष। २. सानो-तिनो रूख; बिरुवा; पोथ्रो।

बोट-धयेँरो–ना० [बोट+धयेँरो] १. अम्बाका जस्ता, खस्रा, कुप्रो परेका पात हुने, खैरा भावका सेता फूल फुल्ने, काला, चिल्ला सिल-टिमुरजत्रा फूल फल्ने, सेता बोक्रो र पहेँलो भावको सेतो चुरो हुने, बलियो एक जातको वृक्ष; तेह्र जातमध्ये एक जातको वृक्ष। २. लाम्चा किसिमका, चिल्ला, केही कोप्रो परेका, काला, पात हुने, भित्रपट्टि भूवा हुने फल र केस्रा परेका लाम्चा, राता रङ्गका फूल हुने, भित्रको चुरो कालो र बलियो हुने एक जातको बोट; तेह्र जातका बोटमध्ये एक; वड-धयेँरो। (यसका अरू पनि अनेक जात हुन्छन्।)

बोटी–ना० [सं० वण्ट] १. मोही र तल्सिङले पाउने खेतीमा उब्जेका अन्नको भाग। २. भाग; अंश।

बोटे–ना० [अं० बोट] डुङ्गा खियाउने व्यक्ति; माझी।

CC-0. In Public Domain. Digitization by eGangotri

बोड़ी–ना० [सं० वृत्तबीज] १. विभिन्न रङ्गका फूल फुल्ने, लामा-लामा कोसा फल्ने एक जातको लहरो। २. त्यसैका कोसा वा कोसाभित्र फल्ने अन्न। (यसका सेता, काला, राता, हरिया आदि रङ्गका कोसा र गेड़ा हुने अनेक जात छन्। आयुर्वेदमा यसको गुण ठन्डा, रुचि-कारक, रेचक, वायु-वर्द्धक र तृप्ति-कारक बताइएको छ।)

बोतल–ना० [अं० बॅटल] लामो किसिमको ठूलो शीशी।

बोतलची–वि० [बोतल+ची] बोतलबाज।

बोतलबाज–वि० [बोतल+बाज] रक्सीबाज; बोतलची।

बोता–ना० [सं० पोत] ऊँटको बच्चो।

बोतो–ना० [बोहोतो] बोहोतो।

बोद्धव्य–वि० [सं०] बुझ्न योग्य; जान्न योग्य; ज्ञातव्य।

बोद्धा–वि० [सं०] जान्ने; बुझ्ने।

बोध–ना० [सं०] १. जान्ने वा बुझ्ने क्रिया; जानकारी; ज्ञान। २. सान्त्वना। ३. धैर्य।

बोधक–वि० [सं०] बोध गराउने; बुझाउने।

बोध-गम्य–वि० [सं०] बुझ्न सकिने; समझमा आउन लायक।

बोधन–ना० [सं०] १. बुझाउने काम; बताउने काम। २. बिउँझाउनु; जाग्रत गराउनु।

बोधनीय–वि० [सं०] बुझाउन योग्य; बताउन योग्य।

बोधयिता–वि० [सं०] १. बुझाउने; सम्झाउने। २. जगाउने।

बोधि–ना० [सं०] १. समाधिको एक भेद। २. बोधि-वृक्ष।

बोधित–वि० [सं०] १. बोध गराइएको; बुझाइएको। २. प्रबुद्ध; बोध भएको।

बोधितव्य–वि० [सं०] १. बोध गराउन योग्य; बुझाउन लायक। २. बिउँझाउन योग्य।

बोधि-वृक्ष–ना० [सं०] १. भारतको गया क्षेत्रमा रहेको एक प्रसिद्ध पीपलको बोट। (यसै बोटमनि महात्मा बुद्धले बुद्धत्व प्राप्त गरेका थिए।) २. पीपलको बोट।

बोधि-सत्त्व–ना० [सं०] बुद्ध बन्ने अधिकारी भइसकेको व्यक्ति; बुद्धत्व प्राप्त हुने निश्चय भइसकेको व्यक्ति।

बोधी–वि० [सं०] १. बोध गराउने; बुझाउने। २. थाहा पाउने; जान्ने।

बोधो–वि० [सं० अबोध] १. धार नभएको; भुत्ते। २. बेछाँटको; भद्दा। ३. बुद्धू; नासमझ। ४. तीव्र बुद्धि नभएको।

बोध्य–वि० [सं०] १. बुझ्न योग्य; थाहा पाउन लायक। २. बताउन योग्य; बुझाउन लायक।

बोर–ना० [प्रा० बोड] १. भात, भान्सा, पानी आदिमा भएको संसर्ग; छूतछात; भोर। (वि०) २. सम्हालि-नसक्नु; असम्भार।

बोरा–ना० [फा० बोरिया] अनाज आदि हाल्ने टाटको ठूलो थैलो; घोक्रो।

बोराइ–ना० [बोर्+आइ] बोर्ने किसिम, क्रिया वा भाव।

बोराइनु–स० क्रि० [बोराउ+इ+नु] बोर्न लाइनु; ('बोराउनु'-को क० क्रि०)।

बोराउनु–स० क्रि० [बोर्+आउ+नु] बोर्न लाउनु; ('बोर्नु'-को प्रे० क्रि०)।

बोराहा–वि० [बोर्+आहा] भात-भान्सामा लसपस पार्ने; बोर्ने।

बोरिनु–स० क्रि० [बोर्+इ+नु] भात, भान्सा, आदिको छुवाछूतमा पारिनु; ('बोर्नु'-को क० क्रि०)।

बोरो–ना० [बोरा] बोरा।

बोर्ड–ना० [अं०] १. लेखेका सूचना, कागत-पत्र आदि टाँस्नाका निमित्त वा अक्षर, अङ्क आदि लेख्नाका निम्तिको काठको ठूलो फल्याक। २. कुनै विशेष काम गर्नाका निमित्त गठन गरिएको समिति; कमिटी।

बोर्डिङ्ग-हाउस–ना० [अं०] १. विशेष गरी छात्रहरूको भोजनालय; पाक-शाला। २. भोजनको व्यवस्था भएको छात्रावास।

बोर्नु–स० क्रि० [बोर+नु] १. भात, भान्सा, पानी आदिको छुवाछूतमा पार्नु; सरोबर पार्नु। २. खराब काम-कुरामा फसाउनु; मुछ्नु।

बोर्सी–ना० [सं० वह्नि+सि] एक किसिमको फलामे मकल; अटल।

बोल–ना० [प्रा० बोल्ल] १. भनिएको कुरो; बोली; वचन। २. प्रतिज्ञा; कबूल। ३. सङ्गीतमा गाइने शब्दावली। ४. बाजाको ध्वनि।

बोल-कबूल–ना० [बोल+कबूल] १. कबूल; प्रतिज्ञा; करार। २. बोल र कबूल गरिएको दर-भाउ, शर्त आदि।

बोल-कबोल–ना० [बोल-कबूल] बोल-कबूल।

बोलक्कड़–वि० [बोल्+अक्कड़] १. राम्रोसित वा खूब बोल्न सक्ने; बोलैया। २. धक वा डर नमानीकन बोल्ने; ढीठो।

बोल-चाल–ना० [बोल+चाल] १. कुराकानी; बात-चीत। २. साधारण व्यवहारको भाषा।

बोल-बाला–ना० [अ० बोल+बाला (फा०)] चकचकी; दबदबा।

बोल-वचन–ना० [बोल+वचन] बोली-वचन।

बोलाइ–ना० [बोल्+आइ] बोल्ने किसिम, क्रिया वा भाव।

बोलाइ–ना० [बोलाउ+आइ] बोलाउने किसिम, क्रिया वा भाव।

बोलाइनु–स० क्रि० [बोलाउ+इ+नु] 'आऊ' भनिनु; ('बोलाउनु'-को क० क्रि०)।

बोलाउनु–स० क्रि० [बोल्+आउ+नु] १. 'आऊ' भन्नु; डाक्नु; हपार्नु। २. निम्ता गर्नु; निम्त्याउनु। ३. बोल्न लाउनु; ('बोल्नु'-को प्रे० क्रि०)। ४. आपत्मा परेकालाई सान्त्वना दिनु; आड़-भरोसा दिनु।

बोलावट–ना० [बोलाउ+आवट] बोलाहट।

बोलाहट–ना० [बोलाउ+आहट] १. बोलाउने काम; डाक्ने काम। २. निम्तो; निमन्त्रणा।

CC-0. In Public Domain. Digitization by eGangotri

बोलिनु–स० क्रि० [बोल्+इ+नु] मुखबाट शब्द निकालिनु; ('बोल्नु'-को क० क्रि०)।

बोली–ना० [बोल+ई] १. मुखबाट निस्केको कुरो वा शब्द; वाणी। २. लीलाम गर्ने र सकार्ने मानिसले बोलेको दाम; डाँक। ३. बोल; वचन। ४. चरा-चुरुङ्गी कराएको आवाज; पक्षीको शब्द। ५. समृद्ध भाषाका अन्तर्गतको कुनै क्षेत्र वा वर्गमा प्रचलित सार्थक शब्द-समूह; कुरो।

बोली-वचन–ना० [बोली+वचन] १. बोली र वचन; बोल-चाल। २. कुराकानी गर्ने शैली वा ढङ्ग।

बोलैया–वि० [बोल्+ऐया] बोलक्कड़।

बोल्नु–स० क्रि० [बोल+नु] १. मुखबाट शब्द निकाल्नु; उच्चारण गर्नु। २. भन्नु; कहनु। ३. वचन दिनु; आज्ञा दिनु। ४. बोल-चाल गर्नु; कुराकानी गर्नु। ५. चरा वास्नु; पक्षी कराउनु।

बोसी–ना० [ने०] काठको काम गर्ने एक जाति।

बोसे-आन्द्रो–ना० [बोसो+आन्द्रो] बोसो टाँसिएको पेटको एक आन्द्रो।

बोसो–ना० [सं० वसा] शरीरभित्र हुने चिल्लो र सेतो पदार्थ; मेद; वसा।

बोहरी–ना० [सं० बाहुवीर] १. किनारामा कुना-कुना परेका पात, सेता फूल र हरिया फल हुने एक जातको वृक्ष। २. त्यसैको फल।

बोहोतो–ना० [सं० वह+ओत+ओ] बाटुलो पारी सिन्काले खुटेर बनाएको पातको भाँड़ो; एक प्रकारको दुनु; बोतो।

बोहोरी–ना० [ने०] १. बाजजस्तो एक प्रकारको हिंस्रक पक्षी। २. साना-साना पात र मसिना हरियो भावका झुप्पाकार सेता फूल फुल्ने र साना-साना काला दाना फल्ने एक जातको रूख; एक प्रकारको लोध। (यसको फूल तर्कारी, अचार आदि बनाएर खाइन्छ।)

बौँड़ाई–ना० [ने०] घाम अस्ताएपछि नाच्ने ढुकुरजस्तो एक जातको चरो; बेसारे चरो।

बौद्ध–वि० [सं०] १. बुद्ध-सम्बन्धी। २. बुद्धि-सम्बन्धी; बौद्धिक। (ना०) ३. बुद्ध-धर्मको अनुयायी। ४. काठमाड़ौंको उत्तर-पूर्वपट्टि रहेको एक प्रसिद्ध तीर्थ-स्थान।

बौद्ध धर्म–ना० [सं०] बुद्धले चलाएको धर्म; बुद्ध-धर्म।

बौद्ध मत–ना० [सं०] बुद्धले चलाएको मत; बुद्ध-मत; बौद्ध सम्प्रदाय।

बौद्धिक–वि० [सं०] बुद्धि-सम्बन्धी; बुद्धिको; बुद्धिबाट हुने।

बौरनु–अ० क्रि० [सं० बल+नु] १. बिउँतनु; होश फर्कनु; सुर आउनु। २. मरे-मरेजस्तो भएर बाँच्नु।

बौराइ–ना० [बौर+आइ] बौरने किसिम, क्रिया वा भाव।

बौराइनु–स० क्रि० [बौराउ+इ+नु] बिउँताइनु; ('बौराउनु'-को क० क्रि०)।

बौराउनु–स० क्रि० [बौर+आउ+नु] बिउँताउनु; ('बौरनु'-को प्रे० क्रि०)।

बौरिनु–अ० क्रि० [बौर्+इ+नु] बिउँतिनु; ('बौरनु'-को भा० क्रि०)।

बौलट्टी–ना० [बहुलाहा] पागलपन; बहुलाहाको छाँट।

बौलाइ–ना० [बौलाउ+आइ] बौलाउने किसिम, क्रिया वा भाव; बहुलाइ।

बौलाइनु–अ० क्रि० [बौलाउ+इ+नु] बौलाहा होइनु; ('बौलाउनु'-को भा० क्रि०)।

बौलाउनु–अ० क्रि० [बौलाहा+आउ+नु] १. बौलाहा हुनु; बहुलाउनु; छँटाउनु। २. भ्रममा पर्नु; भर्मनाउनु। ३. रीसले चूर हुनु; अति क्रुद्ध हुनु।

बौलाहा–वि० [बहुला] बहुला; पागल; सन्काहा; विक्षिप्त।

बौल्ला–वि० [बहुला] बहुला।

बौल्लाइ–ना० [बौल्लाउ+आइ] बौल्लाउने किसिम, क्रिया वा भाव।

बौल्लाइनु–अ० क्रि० [बौल्लाउ+इ+नु] बौलाइनु।

बौल्लाउनु–अ० क्रि० [बौल्ला+आउ+नु] बौलाउनु।

ब्याँलो–क्रि० यो० [बियाँलो] बियाँलो।

ब्याँसी–ना० [सं० व्यास] बेँसी।

ब्याइ–ना० [ब्याउ+आइ] ब्याउने किसिम, क्रिया वा भाव; बियाइ।

ब्याइनु–अ० क्रि० [बियाइनु] बियाइनु।

ब्याउनु–अ० क्रि० [बियाउनु] बियाउनु।

ब्याइता–वि० [बिहाइते] बिहाइते।

ब्याइते–वि० [बिहाइते] बिहाइते।

ब्याउनु–अ० क्रि० [बियाउनु] बियाउनु।

ब्याग–ना० [अं० बैग] छाला, कपड़ा आदिको सानो थैलो वा कन्तुर।

ब्याङ–ना० [सं० भेक] ठूलो र खस्रो एक जातको भ्यागुतो।

ब्याङ्क–ना० [अं० बैङ्क] बैङ्क।

ब्याज–ना० [सं० व्याज] कसैलाई नगदी वा जिन्सी सापट दिँदा मूल-धन नबुझाउन्जेल कबूलअनुसार लाग्ने रुपियाँ; सूद।

ब्याज–ना० [अं० बैज] १. जागीरदारहरूले दर्जाअनुसार लगाउने सुन वा चाँदीको सरकारी चिह्न। २. कुनै लेख, चित्र आदि भएको, लुगा आदिमा लगाइने एक किसिमको चिह्न।

ब्याटरी–ना० [अं० बैटरी] १. रासायनिक पदार्थहरूको योगबाट बिजुली उत्पन्न गर्ने एक यन्त्र। २. टर्चलाइट। ३. तोपखाना।

ब्याड़–ना० [प्रा० बीआढ] बीउ राख्ने जमीन; बीआढ़।

ब्याड़े–ना० [ब्याड़+ए] ब्याड़को काम गर्ने व्यक्ति; ब्यूकाढ्ने खेतालो।

ब्यारिस्टर–ना० [अं०] बेलायतको एक उच्च वकालत-परीक्षा पास गरेको वकील।

ब्यारिस्टरी–ना० [अं० बैरिस्टर+ई] ब्यारिस्टरको काम;

CC-0. In Public Domain. Digitization by eGangotri

उच्च कक्षाको वकालत।

ब्यारे–अव्य० [नें०] लाड़े भएर निषेध वा समर्थनको भाव देखाउँदा प्रयोग गर्ने शब्द। (उदा०–होइन ब्यारे, जिस्क्याएको पो त।)

ब्यारेक–ना० [अं० बैरेक] फौज बस्ने विशेष घर; छाउनी।

ब्यालेट-पेपर–ना० [अं० बैलेट-पेपर] मत-पत्र; भोट दिन बनाइएको विशेष किसिमको पत्र।

ब्यालेट-बक्स–ना० [अं० बैलेट-बॅक्स] चुनावमा ब्यालेट-पेपर खसाल्न राखिएको बाकस।

ब्यास–ना० [नें०] हिउँ पग्लने मौसममा नेपाल र तिब्बतका बीच आवत-जावत गर्न हुने एक घाटी। (यो घाटी डोटी जिल्लाको उत्तर-पश्चिमी कुनामा पर्दछ।)

ब्याहुली–ना० [ब्याहुलो+ई] विवाहकी कन्या; दुलही; ब्यौली; वधू।

ब्याहुली-भतेर–ना० [ब्याहुली+भतेर] जन्त आएका जन्तीहरूलाई दुलहीको बाबुले बेलुका खुवाउने भोज।

ब्याहुलो–ना० [बिहा+दुलहो] विवाहको वर; दुलहो।

ब्यू–ना० [बीउ] बीउ।

ब्यूँ–ना० [बिउँ] बिउँ।

ब्यूँझनु–स० क्रि० [बिउँझ+नु] बिउँझनु।

ब्यूँझाइ–ना० [ब्यूँझ+आइ] ब्यूँझने किसिम, क्रिया वा भाव।

ब्यूँझाइ–ना० [ब्यूँझाउ+आइ] ब्यूँझाउने किसिम, क्रिया वा भाव; बिउँझाइ।

ब्यूँझाउनु–स० क्रि० [बिउँझाउ] बिउँझाउनु।

ब्यूँझो–वि० [बिउँझो] बिउँझो।

ब्यूँतनु–अ० क्रि० [बिउँत] बिउँतनु।

ब्यूँताइ–ना० [ब्यूँत+आइ] ब्यूँतने किसिम, क्रिया वा भाव; बिउँताइ।

ब्यूँताइ–ना० [ब्यूँताउ+आइ] ब्यूँताउने किसिम, क्रिया वा भाव; बिउँताइ।

ब्यूँताउनु–स० क्रि० [ब्यूँत+आउ+नु] बिउँताउनु।

ब्यौली–ना० [ब्याहुली] ब्याहुली।

ब्यौली-भतेर–ना० [ब्याहुली-भतेर] ब्याहुली-भतेर।

ब्यौलो–ना० [ब्याहुलो] ब्याहुलो।

ब्रध्न–ना० [सं०] १. सूर्य। २. दिन; दिवस। ३. आँक; मन्दार। ४. रूखको जरो। ५. सीसा। ६. जस्ता। ७. घोड़ा। ८. शिव। ९. ब्रह्मा।

ब्रह्म–ना० [सं०] १. सत्, चित् र आनन्दस्वरूप जगत्को मूल तत्त्व; जगत्को मूल कारण भएको नित्य र महान् चेतना-शक्ति। २. ईश्वर; परमात्मा। ३. आत्मा। ४. ब्राह्मण। ५. ब्रह्मा। ६. वेद। ७. सत्य। ८. प्रणव।

ब्रह्म-कन्या–ना० [सं०] १. सरस्वती। २. ब्राह्मी बूटी। ३. भृङ्गीराज।

ब्रह्म-कर्म–ना० [सं०] ब्राह्मणको कर्म; वेद-विहित कर्म।

ब्रह्म-कूर्च–ना० [सं०] १. प्रायश्चित्तका निमित्त गरिने एक व्रत। २. पञ्च-गव्य।

ब्रह्म-ग्रन्थि–ना० [सं०] जनैमा बनाइने दोहोरो एक किसिमको गाँठो।

ब्रह्मचर्य–ना० [सं०] स्त्री-प्रसङ्ग आदिबाट अलग रही केवल अध्ययन गरेर रहने एक व्रत; हिन्दूका चार आश्रममध्ये प्रथम आश्रम।

ब्रह्मचर्याश्रम–ना० [सं०] ब्रह्मचर्यमा रही विद्या अध्ययन गर्ने आश्रम वा व्रत; चार आश्रममध्ये पहिलो आश्रम।

ब्रह्म-चारिणी–ना० [सं०] १. ब्रह्मचर्य व्रतमा रहेकी स्त्री। २. दुर्गा। ३. पार्वती।

ब्रह्म-चारी–ना० [सं०] ब्रह्मचर्य व्रत पालन गर्ने व्यक्ति; ब्रह्मचर्याश्रममा रहने व्यक्ति।

ब्रह्मज्ञ–वि० [सं०] ब्रह्म-ज्ञानी।

ब्रह्म-ज्ञान–ना० [सं०] ब्रह्म-सम्बन्धी ज्ञान; पारमार्थिक तत्त्वको ज्ञान।

ब्रह्म-ज्ञानी–वि० [सं०] परमार्थ-तत्त्व जान्ने; ब्रह्म-ज्ञान भएको।

ब्रह्मण्य–वि० [सं०] १. ब्रह्म-सम्बन्धी। २. ब्राह्मण-सम्बन्धी। ३. ब्राह्मणमा श्रद्धा राख्ने। ४. ब्राह्मणको योग्य। (ना०) ५. ब्रह्म-तेज।

ब्रह्म-तत्त्व–ना० [सं०] ब्रह्मको सच्चा ज्ञान।

ब्रह्म-तेज–ना० [सं०] १. ब्रह्मको तेज। २. ब्राह्मणको तेज। ३. ब्रह्मचर्य वा ब्रह्म-ज्ञानबाट उत्पन्न हुने तेज।

ब्रह्मत्व–ना० [सं०] १. ब्रह्म हुनाको भाव। २. ब्राह्मणत्व।

ब्रह्म-दण्ड–ना० [सं०] १. ब्राह्मणको अभिशाप। २. ब्रह्मचारीले लिने लट्ठी।

ब्रह्मदण्डी–ना० [सं०] थाकल झार।

ब्रह्म-द्रोही–वि० [सं०] ब्राह्मणको द्रोह गर्ने।

ब्रह्म-निर्वाण–ना० [सं०] ब्रह्ममा लय हुने भाव; मोक्ष।

ब्रह्म-निष्ठ–वि० [सं०] ब्रह्म-चिन्तनमा लागेको; ब्रह्म-ज्ञानी।

ब्रह्म-पद–ना० [सं०] १. ब्रह्मत्व; मुक्ति। २. ब्राह्मणत्व।

ब्रह्म-पवित्र–ना० [सं०] १. कुश। २. ब्रह्म-ग्रन्थि बनाइएको कुश।

ब्रह्मपुत्र–ना० [सं०] १. पाँच खण्ड परेका पात, लामो भेट्नामा राता फूल, कालो जरो हुने र हिमालयमा पाइने एक विज-बूटी। २. मानसरोवरबाट निस्की भारतको आसाम प्रदेश हुँदै गङ्गामा मिल्ने एक नद।

ब्रह्म-पुराण–ना० [सं०] अठार महापुराणमध्ये एक।

ब्रह्म-पुरी–ना० [सं०] १. ब्रह्म-लोक। २. ब्राह्मणको बस्ती।

ब्रह्म-बन्धु–ना० [सं०] ब्राह्मणले गर्नु पर्ने कर्म नगर्ने ब्राह्मण; पतित ब्राह्मण; नाममात्रको ब्राह्मण।

ब्रह्म-बल–ना० [सं०] तप आदिबाट प्राप्त शक्ति।

ब्रह्म-बिन्दु–ना० [सं०] वेद-पाठ गर्दा मुखबाट निस्कने थूकको छिटो।

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्म-यज्ञ—ना० [सं०] वेदको अध्ययन-अध्यापन; वेदको पठन-पाठन; पञ्च-महायज्ञमध्ये एक।

ब्रह्म-याग—ना० [सं०] वेद पढ्ने र पढ़ाउने काम; वेदको पठन-पाठन।

ब्रह्म-योग—ना० [सं०] ब्रह्म-साक्षात्कारको साधनभूत समाधि।

ब्रह्म-रन्ध्र—ना० [सं०] तालुमा हुने भनी मानिएको एक छिद्र।

ब्रह्म-रेखा—ना० [सं०] जीवहरूका ललाटमा ब्रह्माले लेखेको भाग्य-रेखा; ब्रह्म-लेखा।

ब्रह्मर्षि—ना० [सं०] १. वसिष्ठ आदि मन्त्र-द्रष्टा ऋषि। २. ब्राह्मण ऋषि।

ब्रह्म-लेखा—ना० [सं०] ब्रह्म-रेखा।

ब्रह्म-लोक—ना० [सं०] ब्रह्माको लोक।

ब्रह्म-वर्चस—ना० [सं०] ब्रह्मचर्य वा वेदाध्ययनबाट उत्पन्न तेज; ब्रह्म-तेज।

ब्रह्मवाद—ना० [सं०] १. वेदको पठन-पाठन। २. सारा संसार ब्रह्मबाटै उत्पन्न भएर ब्रह्ममै लय हुन्छ भन्ने सिद्धान्त; अद्वैतवाद।

ब्रह्मवादी—वि० [सं०] १. वेदको पठन-पाठन गर्ने। २. वेदान्ती। ३. ब्रह्मवाद मान्ने।

ब्रह्म-विद्—वि० [सं०] ब्रह्मको ज्ञान भएको; ब्रह्म-ज्ञानी।

ब्रह्म-विद्या—ना० [सं०] ब्रह्म-ज्ञान; अध्यात्म-विद्या।

ब्रह्म-वेत्ता—वि० [सं०] ब्रह्म-विद्; ब्रह्म-ज्ञानी।

ब्रह्म-सत्र—ना० [सं०] ब्रह्म-यज्ञ।

ब्रह्म-सूत्र—ना० [सं०] १. जनै; यज्ञोपवीत। २. व्यास मुनिले बनाएको एक प्रसिद्ध दर्शन-ग्रन्थ।

ब्रह्मस्व—ना० [सं०] ब्राह्मणको धन।

ब्रह्म-हत्या—ना० [सं०] ब्राह्मणको हत्या।

ब्रह्मा—ना० [सं०] ब्रह्मका तीन सगुण रूपमध्ये संसारको सृष्टि गर्ने रूप; त्रिदेवमध्ये एक; विरञ्चि; प्रजा-पति।

ब्रह्माक्षर—ना० [सं०] ॐ-कार; प्रणव।

ब्रह्माणी—ना० [सं०] १. ब्रह्माकी शक्ति। २. ब्रह्माकी पत्नी। ३. सरस्वती।

ब्रह्माण्ड—ना० [सं०] १. तारा, ग्रह, नक्षत्र आदिले युक्त सम्पूर्ण विश्व; अनन्त लोकहरू र भुवनहरूले युक्त विश्व। २. खोपड़ी; कपाल।

ब्रह्माण्ड-पुराण—ना० [सं०] अठार पुराणमध्ये एक।

ब्रह्मानन्द—ना० [सं०] १. ब्रह्मको स्वरूपको अनुभवको आनन्द; ब्रह्म-ज्ञानबाट प्राप्त हुने तृप्ति। २. अपार अलौकिक आनन्द।

ब्रह्मावर्त—ना० [सं०] सरस्वती र दृषद्वती नदीहरूका बीचमा रहेको क्षेत्र।

ब्रह्मासन—ना० [सं०] ब्रह्मको चिन्तन गर्न बस्ने आसन।

ब्रान्डी—ना० [अं० ब्रेन्डी] अङ्गूरबाट तयार हुने एक प्रकारको कड़ा रक्सी।

ब्राह्म—वि० [सं०] १. ब्रह्म-सम्बन्धी। २. ब्रह्मा-सम्बन्धी। ३. ब्राह्मण-सम्बन्धी। ४. वैदिक।

ब्राह्मण—ना० [सं०] १. हिन्दू-धर्मअनुसार चार वर्णमध्ये पहिलो वर्ण; सर्व-श्रेष्ठ वर्ण वा जाति; बाहुन। २. त्यस वर्णको मनुष्य; अग्र-जन्मा; विप्र। ३. वेदको मन्त्र र संहितादेखि भिन्न भाग। ४. ब्रह्म-ज्ञान भएको व्यक्ति; ब्रह्मज्ञ।

ब्राह्मणत्व—ना० [सं०] ब्राह्मण हुनाको भाव; ब्रह्मत्व।

ब्राह्मण-ब्रुव—ना० [सं०] कर्म र संस्कारदेखि हीन भएको ब्राह्मण; पतित ब्राह्मण; बाहुन भनाउँदो।

ब्राह्मण-भोजन—ना० [सं०] धर्मका निमित्त ब्राह्मणहरूलाई गराइने भोजन।

ब्राह्मणी—ना० [सं०] ब्राह्मण-जातिकी स्त्री; बाहुनी।

ब्राह्मण्य—ना० [सं०] १. ब्राह्मणको धर्म; ब्राह्मणत्व। (वि०) २. ब्राह्मणलाई सुहाउँदो।

ब्राह्म-मुहूर्त—ना० [सं०] सूर्योदयभन्दा पहिलेका दुइ घड़ीको समय; प्रातःकाल।

ब्राह्म-विवाह—ना० [सं०] वरलाई घरमा बोलाएर वस्त्र, आभूषणसहित कन्या-दान गरेर दिइने विवाह; धर्म-शास्त्रोक्त आठ प्रकारका विवाहमध्ये एक।

ब्राह्मी—ना० [सं०] १. ब्रह्माकी शक्ति। २. सरस्वती। ३. दुर्गा। ४. एक प्राचीन लिपि (यसैबाट देवनागरी लिपिको उत्पत्ति भएको हो।) ५. मस्तिष्कलाई हित गर्ने भनी प्रसिद्ध। एक बूटी।

ब्रिगेड—ना० [अं०] सेनाको एक विभाग।

ब्रिगेडियर—ना० [अं०] १. ब्रिगेडको अफिसर। (वि) २. ब्रिगेडको; ब्रिगेड-सम्बन्धी।

ब्रिगेडियर-जनरल—ना० [अं०] एक ब्रिगेडको सञ्चालक जनरल।

ब्रिटिश—वि० [अं०] ब्रिटेनको; ब्रिटेन-सम्बन्धी; अङ्ग्रेजी।

ब्रिटेन—ना० [अं०] बेलायत।

ब्रुक्क—क्रि० यो० [नें०] उफ्रने किसिम; बुर्लुक्क।

ब्रुक्क—क्रि० यो० [नें०] बुर्लुक्क; बुरुक्क; ब्रुक्।

ब्रेक—ना० [अं०] मोटर, साइकल आदि सवारी वा कुनै यन्त्रलाई रोक्ने एक अवयव।

ब्लक—ना० [अं० ब्लॅक] १. चित्र, अक्षर आदि छाप्ने, तामा, जस्ता, काठ आदिको साँचो। २. कुनै क्षेत्रको निर्धारित खण्ड।

ब्लटिङ्ग—ना० [अं० ब्लॅटिङ्ग] मसी सोस्ने एक किसिमको कागत; सोख्ता; शोषणी।

ब्लैक-मार्केट—ना० [अं०] कालो-बजार; चोर-बजार।

ब्वाँसो—ना० [सं० वृक] १. गुद-द्वारबाट हात हालेर पशु-हरूको आन्द्रा झिकी मार्ने एक हिंस्रक पशु; जङ्गली कुकुर। २. चिप्ला कुरा गरी अरूको बिगार गर्ने व्यक्ति; धूर्त मानिस।

CC-0. In Public Domain. Digitization by eGangotri

भ

भ–देवनागरी वर्ण-मालाको चौबीसौं व्यञ्जन-वर्ण। प-वर्गको चौथो अक्षर। यसको उच्चारण ओष्ठ-स्थानबाट हुन्छ।

भँगड़ची–वि० [भाङ+ची] भाङको अम्मली; भाङ खाने लत बसेको।

भँगेरी–ना० [भँगेरो+ई] १. भँगेराको पोथी। (वि०) २. पुड्की र पातली (स्त्री)।

भँगेरे–ना० [भँगेरो+ए] १. खैरो दाना हुने एक जातको धान। २. त्यसैको चामल।

भँगेरो–ना० [ने०] खैरो रङ्गको सानु एक जातको चरो।

भँग्याहा–वि० [भाङ+याहा] भाङको अम्मली; भाङ खाने लत बसेको; भँगड़ची।

भँचाइ–ना० [भाँच्+आइ] भाँच्ने किसिम, क्रिया वा भाव।

भँड़ाइ–ना० [भाँड्+आइ] भाँड्ने किसिम, क्रिया वा भाव।

भँड़ार–ना० [भण्डार] भण्डार।

भँड़ारखाल–ना० [भण्डारखाल] भण्डारखाल।

भँड़ारखाल-पर्व–ना० [भँड़ारखाल+पर्व] नेपालको इतिहास-प्रसिद्ध एक षड्यन्त्रको घटना। (यस षड्यन्त्रमा तत्कालीन प्रधान-मन्त्री जङ्गबहादुरलाई हनुमान्-ढोका-दरबारभित्र-को भँड़ारखालमा भोजको निम्तो गरी उनको हत्या गर्ने योजना गरिएको थियो।)

भँड़ारी–ना० [भण्डारी] भण्डारी।

भँड़ारे–ना० [भँड़ार+ए] भण्डारे।

भँड़ालो–ना० [भँड़ालु] भँड़ालु।

भँड़ालु–ना० [भूँड़ी] पाठेघर; भँड़ालो; गर्भाशय।

भँड़िनी–ना० [भाँड़+इनी] १. भाँड़-जातिकी स्त्री। २. भाँड़िएकी स्त्री; भाँड़ स्त्री।

भँडुवा–वि० [भाँड्+उवा] १. काम-कुरो बिगार्ने; भाँड़-भैलो गर्ने; भाँड़। २. अश्लील व्यवहार गर्ने; फोहोरी कुरा बोल्ने। (ना०) ३. भाँड़को पेशा भएको (व्यक्ति)।

भँड़ेनी–ना० [भाँड़+एनी] भँड़िनी।

भइँ–ना० [भूइँ] भूइँ।

भइँ-अमला–ना० [भइँ+अमला] पानी-अमला।

भइँ-कटहर–ना० [भइँ+कटहर] केत्तुकेका जस्ता पात हुने, अमिलो भावको गुलियो स्वाद हुने खस्रो एक प्रकारको फल; भुइँ-कटहर।

भइँ-काफल–ना० [भइँ+काफल] साना-साना ऐँसेलुका जस्ता पात हुने भँ-झारमा फल्ने काफलजस्तो रातो एक किसिमको फल।

भइँ-कुभिन्डो–ना० [भइँ+कुभिन्डो] भूमि-कुष्माण्ड; विदारी कन्द।

भइँ-खुट्टे–वि० [भइँ+खुट्टे] १. भइँमा ठक्कर खाँदै जाने; उफ्री-उफ्री दौड़ने। २. गुड्ने; गुड़गुच्चे लाग्ने।

भइँ-चम्पा–ना० [भइँ+चम्पा] १. लसुनका जस्ता पात २ प्रायः रातो फूल फुल्ने एक जातको बोट। २. त्यसैको फूल। ३. विभिन्न रङ्गका झिल्काहरू निस्कने एक प्रकारको आतशबाजी।

भइँ-चरी–ना० [भइँ+चरी] भइँ-जुरेली।

भइँचालो–ना० [भइँ+चल्] प्राकृतिक कारणबाट पृथ्वीको सतह हल्लनु; जमीन काँप्नु; भू-कम्प; भुइँचालो।

भइँ-जुरेली–ना० [भइँ+जुरेली] भइँ वा भित्तामा गुँड़ लाउने एक जातको जुरेली।

भइँ-झार–ना० [भइँ+झार] भइँमा टाँसिएर फैलिने सानो जातको कुनै झार वा घाँस (दूबो, करौँते, अभिजालो आदि)।

भइँ-फट्टा–ना० [भइँ+फट्टा] भइँ-फट्टा।

भइनु–अ० क्रि० [हु+इ+नु] होइनु; ('हुनु'-को भा०क्रि०)।

भइँ–ना० [भूइँ] भूइँ।

भइँ-अमला–ना० [भइँ+अमला] पानी-अमला।

भइँ-कटहर–ना० [भइँ+कटहर] भइँ-कटहर।

भइँ-काफल–ना० [भइँ+काफल] भइँ-काफल।

भइँ-कुभिन्डो–ना० [भइँ-कुभिन्डो] भइँ-कुभिन्डो।

भइँ-खुट्टे–वि० [भइँ+खुट्टे] भइँ-खुट्टे।

भइँ-चम्पा–ना० [भइँ+चम्पा] भइँ-चम्पा।

भइँ-चरी–ना० [भइँ+चरी] भइँ-चरी।

भइँचालो–ना० [भइँचालो] भइँचालो।

भइँ-जुरेली–ना० [भइँ+जुरेली] भइँ-जुरेली।

भइँ-झार–ना० [भइँ+झार] भइँ-झार।

भइँ-फट्टा–वि० [भइँ+फाट्] १. भइँ फोरेर निस्कने। २. कलमबाट उत्पन्न नभई बीजबाट उत्पन्न भएको (बोट, बिरुवा)। ३. कुनै सम्बन्धी वा मित्रहरू नभएको (व्यक्ति)। ४. कुनै स्वाभाविक क्रम वा परम्परा नभई सहसा उत्पन्न भएको (व्यक्ति)।

भकभक–ना० [ने०] १. बोल्दा बीच-बीचमा रोकिने वा शब्द दोहोरिने एक आदत वा रोग। (क्रि० यो०) २. बेसरी उम्लेर बाफ निस्कने वा पाक्ने किसिम। ३. ठूलठूला चपरा पल्टाएर खन्ने किसिम।

भकभकती–क्रि० यो० [भकभक+ती] भकभकी; भकभक।

भकभकाइ–ना० [भकभकाउ+आइ] भकभकाउने किसिम, क्रिया वा भाव।

भकभकाउनु–अ० क्रि० [भकभक+आउ+नु] १. आदत वा रोगवश बोल्दा बोली बीच-बीचमा रोकिनु वा दोहोरिनु; भकभक गर्नु; भकभकिनु। २. उम्ली-उम्ली पाक्नु; भक-भक पाक्नु।

भकभकिनु–अ० क्रि० [भकभक+इ+नु] भकभक गर्नु;

CC-0. In Public Domain. Digitization by eGangotri

भकभकाउनु ।

भकभकी–क्रि० यो०[भकभक+ई] १. खूबसित पाक्ने किसिम; भकभक। २. ठूला-ठूला चपरा झिकेर धमाधम खन्ने किसिम ।

भकभके–वि० [भकभक+ए] बोल्दा भकभक गर्ने; भकभकाउने ।

भकभक्याइ–ना० [भकभकि+आइ] भकभकिने किसिम, क्रिया वा भाव।

भकभक्याहट–ना० [भकभकि+याहट] भकभकिने किसिम, क्रिया वा भाव।

भकाइ–ना० [भकाउ+आइ] भंकाउने किसिम, क्रिया वा भाव।

भकाइ–ना० [भाक्+ आइ] भाक्ने किसिम, क्रिया वा भाव।

भकाइनु–स० क्रि० [भकाउ+इ+नु] भाक्न लाइनु; ('भकाउनु'-को क० क्रि०)।

भकाउनु–स० क्रि० [भाक्+आउ+नु] १. अज्ञात सत्य कुरो अचानक मुखबाट निस्कनु। २. किरिया हाल्न लाउनु; शपथ गराउनु; ('भाक्नु'-को प्रे० क्रि०)।

भकानु–ना० [सं० भग्न] १. ठूलो डल्लो वा चपरी। २. ठूलो गानु। ३. ज्यादै दुःख वा हर्ष हुँदा बोली नफुट्ने गरी घाँटी वा छातीमा रोकिएको सासको गाँठो।

भकानो–ना० [भकानु] भकानु।

भकाभक–क्रि० यो० [ने०] कुनै काम धमाधम गर्ने किसिम; धमाधम; खुरुखुरु।

भकार–ना० [सं०] 'भ'-अक्षर; प-वर्गको चौथो वर्ण।

भकारी–ना० [प्रा० वक्खार] १. बाँस, निगाला आदिका चोयाले मान्द्रोजस्तो बुनेको अन्न राख्ने ठूलो भाँडो। २. त्यसरी बुनेको चित्रो। (वि०) ३. ठूलो जीउ हुने; भद्दा शरीर भएको (व्यक्ति)।

भकारो–ना० [ने०] गाई, भैँसी आदि पशुहरूको मल।

भकिअमिलो–ना० [ने०] १. नौ-नौ कुना परेका पात हुने, पहेँलो झुप्पाकार फूल फुल्ने, पिठौलीका जस्ता राता मसिना दाना फल्ने एक जातको वृक्ष। २. त्यसैको फल।

भकुन्डिइनु–अ० क्रि० [भकुन्डि+इ+नु] भकुन्डोझैँ गुड्रिनु; ('भकुन्डिनु'-को भा० क्रि०)।

भकुन्डिनु–अ० क्रि० [भकुन्डो+इ+नु] भकुन्डोझैँ गुड्नु; लडी-बुडी गर्नु।

भकुन्डे–वि० [भकुन्डो+ए] १. भकुन्डोजस्तो; भकुन्डाका आकारको। २. पुड्के; डल्ले।

भकुन्डो–ना० [सं० कन्दुक] १. हुत्त्याएर वा गुड़ाएर खेलिने गोलाकार साधन; बल। (वि०) २. पुड्को र डल्लो जीउको।

भकुन्ड्याइ–ना० [भकुन्डि+याइ] भकुन्डिने किसिम, क्रिया वा भाव।

भकुन्ड्याइ–ना० [भकुन्ड्याउ+आइ] भकुन्ड्याउने किसिम, क्रिया वा भाव।

भकुन्ड्याइनु–स० क्रि० [भकुन्ड्याउ+इ+नु] भकुन्डोझैँ गुड़ाइनु; ('भकुन्ड्याउनु'-को क० क्रि०)।

भकुन्ड्याउनु–स० क्रि० [भकुन्डि+याउ+नु] १. भकुन्डोझैँ गुड़ाउनु। २. लात्तीले हानेर यत्र-तत्र लग्नु; लत्त्याउनु।

भकुराइ–ना० [भकुर्+आइ] भकुर्ने किसिम, क्रिया वा भाव।

भकुरिनु–स० क्रि० [भकुर्+इ+नु] खूबसित पिटिनु; ('भकुर्नु'-को क० क्रि०)।

भकुर्नु–स० क्रि० [सं० भक्ष्] १. खूबसित पिट्नु; गोध्नु; ठटाउनु। २. खूब खानु; बेसरी खानु।

भकुल्ले–वि० [भकुल्लो+ए] मोटो-घाटो; भकुल्लो।

भकुल्लो–वि० [ने०] १. मोटो-घाटो; हृष्ट-पुष्ट; थामरथुमर; भुकुल्लो। (ना०) २. भात, ढिँडो आदिको ठूलो डल्लो वा चपरो।

भक्क–क्रि० यो० [ने०] उक्सने वा फुल्ने किसिम; भुक्क।

भक्कानु–ना० [ने०] भकानु।

भक्कासे–वि० [भकारी] वेछाँटको ठूलो; भद्दा।

भक्कु–ना० [सं० भक्त] भाद्र शुक्ल-पक्षमा राँगाको बलि दिइन भैरवी-नाचमा नाच्ने गण।

भक्कू–वि० [भकुल्लो] १. मोटो-घाटो र मूर्ख; बोधो; नासमझ। २. डल्ले।

भक्खर–क्रि० यो० [भर्खर] भर्खर।

भक्खरको–वि० [भर्खरको] भर्खरको।

भक्त–वि० [सं०] १. ईश्वर वा देवताको भक्ति गर्ने; भक्तालु। २. पूज्य वा ठूला व्यक्तिमा श्रद्धा राख्ने। ३. धार्मिक कार्यमा आस्था राख्ने; श्रद्धालु। ४. भाग लगाइएको; विभक्त। (ना०) ५. उपासक; सेवक। ६. भात; भोजन।

भक्तपुर–ना० [सं०] काठमाडौँदेखि तीन कोस पूर्व रहेको एक प्रसिद्ध शहर; भादगाउँ; काठमाण्डू-उपत्यकाका तीन-शहरमध्ये एक।

भक्त-वत्सल–वि० [सं०] भक्तप्रति दया गर्ने।

भक्तालु–वि० [सं०] भक्ति गर्ने; श्रद्धालु; भक्त।

भक्ति–ना० [सं०] १. ईश्वर वा देवी-देवताप्रति हुने आस्था वा पूजाको भावना। २. कुनै पूज्य वा ठूला मानिसप्रति हुने श्रद्धा वा आदर-भाव। ३. सेवा; चाकरी। ४. विश्वास।

भक्ति-थापा–ना० [सं०] नेपालका एक इतिहास-प्रसिद्ध वीर सरदार। (१८१५ईसवीमा मलाऊँको युद्धमा अङ्ग्रेजहरूसित पराक्रमपूर्वक लड्दा-लड्दै यिनले वीर-गति प्राप्त गरे।)

भक्तिनी–ना० [भक्त+इनी] भक्ति गर्ने स्त्री; भक्त स्त्री; भक्तेनी।

भक्तिमान्–वि० [सं०] भक्त; भक्ति-युक्त।

भक्ति-मार्ग–ना० [सं०] ईश्वर वा देवी-देवताको भक्ति गरेर मोक्ष प्राप्त गर्ने उपाय।

भक्तेनी–ना० [भक्त+एनी] भक्तिनी।

भक्याइ–ना० [भक्याउ+आइ] भक्याउने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव।

भक्याइनु–स० क्रि० [भक्याउ+इ+नु] ठूला-ठूला भकाना उप्कने गरी खनिनु; ('भक्याउनु'-को क० क्रि०)।

भक्याउनु–स० क्रि० [भकानो+याउ+नु] ठूला-ठूला भकाना उप्कने गरी खन्नु; ठूला-ठूला ढेला उप्काउनु।

भक्रन–वि० [भक्रन्त] १. ज्वर, महामारी आदि रोगले ग्रस्त भई लड़ेको; थला परेको। (ना०) २. महामारीले धेरै मानिसहरू मर्नु; भक्रन्त।

भक्रन्त–ना० [सं० आक्रान्त] भक्रन।

भक्ष–ना०[सं०] १. भोजन; खाना। २. खाने काम; भक्षण।

भक्षक–वि० [सं०] १. खाने; भोजन गर्ने। २. नाश गर्ने; विध्वंसक।

भक्षण–ना० [सं०] खाने काम; भोजन गर्नु।

भक्षणीय–वि० [सं०] खान योग्य; भोज्य।

भक्षित–वि० [सं०] खाइएको; भक्षण गरिएको।

भक्षी–वि० [सं०] खाने; भक्षण गर्ने।

भक्ष्य–वि० [सं०] १. खान हुने; खान योग्य; भोज्य। (ना०) २. खान योग्य वस्तु; भोज्य पदार्थ।

भक्ष्याभक्ष्य–वि० [सं०] खान हुने र नहुने; खाद्य-अखाद्य (पदार्थ)।

भग–ना० [सं०] १. सम्पत्ति; ऐश्वर्य। २. सौभाग्य। ३. स्त्रीको जननेन्द्रिय; योनि। ४. सूर्य।

भगण–ना० [सं०] पहिले गुरु र पछि दुइ लघुहु ने पिङ्गल-शास्त्रको एक गण (ऽ।।)।

भग-नासिका–ना० [सं०] भगाङ्कुर।

भगन्दर–ना०[सं०]गुद-द्वारभित्र आउने एक प्रकारको खटिरो।

भगवती–ना० [सं०] १. दुर्गा। २. लक्ष्मी। ३. मान्य स्त्री।

भगवद्-गीता–ना० [सं०] महाभारत-युद्धमा कुरु-क्षेत्रका मैदानमा भगवान् कृष्णद्वारा अर्जुनलाई दिएको ज्ञान।

भगवद्-भक्त–ना० [सं०]भगवान्‌को भक्त।

भगवद्-भक्ति–ना० [सं०] भगवान्‌प्रतिको भक्ति।

भगवान्–ना० [सं०] १. ईश्वर; परमात्मा। २. विष्णु। ३. शिव। ४. बुद्ध। (वि०) ५. ऐश्वर्य-युक्त; सम्पत्ति-वान्। ६. पूज्य; मान्य।

भगाइ–ना०[भगाउ+आइ]भगाउने किसिम, क्रिया वा भाव।

भगाइ–ना० [भाग्+आई] भाग्ने किसिम, क्रिया वा भाव।

भगाइनु–स०क्रि० [भगाउ+इ+नु] भाग्न लाइनु; ('भगाउनु'-को क० क्रि०)।

भगाउनु–स० क्रि० [भाग्+आउ+नु] १. कसैलाई कहींबाट भाग्न प्रवृत्त गराउनु; भाग्न लगाउनु; पलायन गराउनु; ('भाग्नु'-को प्रे० क्रि०)। २. स्त्री, बच्चा आदिलाई उनका परिवारबाट छुट्ट्याएर कतै लैजानु।

भगाङ्कुर–ना० [सं०] १. भग-नासिका; योनि-गुटिका। २. अल्काइ; अर्श रोग।

भगिनी–ना० [सं०] १. दिदी वा बहिनी। २. भाग्यवती स्त्री।

भगिनी-पति–ना० [सं०] दिदी वा बहिनीका पति; बहिनी-जुवाइँ वा भिनाजु।

भगिनी-सुत–ना० [सं०] भानिज।

भगीरथ–ना० [सं०] कठिन तपस्या गरी स्वर्गबाट पृथ्वीमा गङ्गा ल्याउने एक प्रसिद्ध सूर्य-वंशी राजा।

भगीरथ-प्रयत्न–ना० [सं०] १. ठूलो प्रयत्न; भारी प्रयत्न; असाधारण प्रयास। २. राजा भगीरथले आफ्ना पुर्खा-हरूलाई तार्न स्वर्गबाट गङ्गा ल्याउनाका निमित्त गरेको जस्तो ठूलो र कठोर प्रयत्न।

भगीरथ-सुता–ना० [सं०] गङ्गा।

भगुवा–वि० [भाग्+उवा]१. भाग्ने वा भागेको; पलायित। २. कायर; लाछी।

भगोष्ठ–ना० [सं०] योनिका दुइतिरका डील।

भग्न–ना० [सं०] १. भत्के-बिग्रेको; टुटे-फुटेको। २. भागेको; पलायित।

भग्न-प्रतिज्ञ–वि० [सं०] प्रतिज्ञा भङ्ग भएको; कबूल पूरा नभएको।

भग्न-मनोरथ–वि० [सं०] मनोरथ पूरा नभएको; इच्छा नपुगेको।

भग्न-व्रत–वि० [सं०] व्रत भङ्ग भएको; नियम नष्ट भएको; सङ्कल्पमा बाधा परेको।

भग्नावशेष–ना० [सं०] भत्की-बिग्री बाँकी रहेको अंश।

भग्नोत्साह–वि० [सं०] उत्साह भङ्ग भएको; साहस टुटेको।

भङ्ड़ची–वि० [भाङ+ची] भँगड़ची।

भङ्गारी–ना० [सं०] जङ्गली झीँगो; डाँस।

भङ्ग–ना० [सं०] १.टुट्ने काम; टुक्रिने काम। २. नाश; ध्वंस। ३. नपुग्नु (निश्चय, प्रतिज्ञा, आशा आदि)। ४. सभा, संस्था आदि विघटित हुने काम; विघटन। ५. टुक्रो; खण्ड। ६. बाङ्गोपन; कुटिलता। ७. तरङ्ग; लहर। ८. भाङ।

भङ्गरभाउलो–वि० [ने०] १. सोच-विचार नगरी जताततै टेकेर हिंड्ने। २. उत्ताउलो; उच्छृङ्खल।

भङ्गा–ना० [सं०] भाङ।

भङ्गालो–ना० [सं० भङ्ग] कुनै खोलाबाट छुट्टिएर गएको एक शाखा; नदीबाट फाटेर बगेको धारा।

भङ्गि–ना० [सं०] भङ्गी।

भङ्गित–ना० [सं० भङ्गी] १. भाखा; लय। २. भङ्गिमा।

भङ्गिमा–ना० [सं०] १. टेढ़ोपन; वक्रता। २. भाँचिनु; टुक्रिनु। ३. व्यङ्ग्य। ४. स्त्रीहरूको हाव-भाव वा कोमल चेष्टा आदि। ५. भावपूर्ण मुद्रा।

भङ्गी–ना० [सं०] १. टेढ़ोपन; कुटिलता। २. लहर; तरङ्ग। ३. व्यङ्ग्य। ४. छल। ५. भाव-भङ्गी (वि०) ६. भङ्ग हुने; नाशवान्।

भङ्गुर–वि० [सं०] १. तत्काल भङ्ग हुने; नाशवान्। २. टेढ़ो; बाङ्गो।

CC-0. In Public Domain. Digitization by eGangotri

भङ्ज्याहा–वि० [सं० भञ्ज] भाँड़-भैलो गन; उपद्रचाहा।
भङ्दालो–ना० [भ्वाङ+आलो] भड्खारो; भ्वाङ।
भङ्याहा–वि० [भाङ+याहा] भँग्याहा।
भ-चक्र–ना० [सं०] राशि-चक्र।
भजन–ना० [सं०] १. उपास्य देवता वा ईश्वरको नाम वार-वार लिने काम; नाम-कीर्तन। २. कुनै देवता वा ईश्वरको गुण वर्णन गरिएको गीत। ३. सेवा; उपासना। ४. आफ्ना पतिको सेवा। ५. भाग; खण्ड; हिस्सा।
भजनथरी–ना० [भजन+थरी] कुनै मृतक व्यक्तिको शोक प्रकट गरेर गाइ-जात्रामा गेरुवा वस्त्र धारण गरी शहर घुम्दै आउने शोक-गीत वा त्यो गाउने मण्डली।
भजन-फल–ना० [सं०] गणितमा कुनै सङ्ख्याले अर्को सङ्ख्यालाई भाग गर्दा आएको पूर्ण सङ्ख्या; भागको परिणाम; भाग-फल; लब्धि।
भजनानन्दी–वि० [सं०] भजनमा मग्न हुने; भजन रुचाउने।
भजनियाँ–वि० [भजन+इयाँ] १. भजन गर्ने; देवताको नाम-कीर्तन गर्ने। (ना०) २. भजन गर्ने मण्डली; मेला, मन्दिर आदिमा खैंजड़ी, कठ-ताल आदि बजाई देव-देवीको गाथा गाउने मण्डली।
भजनीय–वि० [सं०] भजन गर्न योग्य; स्तुत्य।
भजने–वि० [भजन+ए] भजनियाँ।
भजाइ–ना० [भज्+आइ] भज्ने किसिम, क्रिया वा भाव।
भजाइ–ना० [भजाउ+आइ] १. भजाउने किसिम, क्रिया वा भाव। २. भजाउँदा लाग्ने दस्तूरी वा शुल्क; भजाउनी।
भजाइनु–स० क्रि० [भजाउ+इ+नु] सटही गरिनु; ('भजाउनु'-को क० क्रि०)।
भजाइनु–स० क्रि० [भजाउ+इ+नु] भज्न लाइनु; ('भजाउनु'-को क० क्रि०)।
भजाउनी–ना० [भजाउ+नी] रुपियाँ, नोट आदि भजाउँदा लाग्ने दस्तूर; सटहीमा लिइने नाफा।
भजाउनु–स० क्रि० [सं० भञ्ज्+आउ+नु] रुपियाँ, नोट आदिको खुद्रा पैसा साट्नु; सटही गर्नु।
भजाउनु–स० क्रि० [भज्+आउ+नु] भजन गराउनु; ('भज्नु'-को प्रे० क्रि०)।
भजिनु–स० क्रि० [भज्+इ+नु] भजन गरिनु; ('भज्नु'-को क० क्रि०)।
भज्नु–स० क्रि० [सं० भज्+नु] १. ईश्वर वा कुनै देवताको नाम-कीर्तन गर्नु; भजन गर्नु। २. भक्ति गर्नु; उपासना गर्नु। ३. सेवा गर्नु; चाकरी गर्नु। ४. पति मान्नु।
भञ्जक–वि० [सं०] भङ्ग गर्ने; बिगार्ने; भत्काउने।
भञ्जन–ना० [सं०] १. भङ्ग गर्नु; बिगार्नु; भत्काउनु। २. नाश; ध्वंस।
भञ्ज्याङ–ना० [सं० भञ्जन] दुइ चुचुराका बीचको गल्छेड़ो; पहाड़माथिको घाटी; देउराली।
भट–ना० [सं०] १. लड़ाका; योद्धा। २. सिपाही; सैनिक। ३. पहलवान; मल्ल।
भटभट–क्रि० यो० [ने०] १. अस्पष्ट वा असङ्गत कुरा बोल्ने किसिम; फतफत। २. अन्नहरू भुट्दा पड्की शब्द आउने किसिम।
भटभटाइ–ना० [भटभटाउ+आइ] भटभटाउने किसिम, क्रिया वा भाव।
भटभटाइनु–अ० क्रि० [भटभटाउ+इ+नु] भटभट शब्द गरिनु; ('भटभटाउनु'-को भा० क्रि०)।
भटभटाउनु–अ० क्रि० [भटभट+आउ+नु] १. भटभट शब्द गर्नु। २. अस्पष्ट रीतिले चाँड़ो-चाँड़ो बोल्नु; फतफताउनु। ३. जथाभावी फलाक्नु।
भटमास–ना० [सं० भट्ट+मास] १. सिमीका जस्ता पात, साना-साना फूल, झुसिला कोसा हुने एक जातको सानो बोट। २. त्यसैका कोसामा फल्ने गेड़ा वा अन्न। (यसका रातो, सेतो, कालो आदि रङ्गका गेड़ा हुने अनेक जात छन्। आयुर्वेदमा यसको गुण गरम, बल-वर्द्धक र शुक्र तथा आँखालाई खराब गर्ने बताइएको छ।)
भटमासे–वि० [भटमास+ए] १. दुख-जिलो गर्ने; दुःखसाथ जीवन-निर्वाह गर्ने। २. असभ्य; बेसौरी। ३. भटमासको; भटमास-सम्बन्धी।
भटाभट–क्रि० यो० [ने०] नरोकिईकन वा फूर्तिसाथ कुनै काम गर्ने किसिम; चटाचट; भकाभक।
भटाभटी–क्रि० यो० [भटाभट+ई] भटाभट।
भटार-भुटुर–ना० [भटार्+भुटुर (फाँ०)] भटार्ने काम।
भटाराइ–ना० [भटार्+आइ] भटार्ने किसिम, क्रिया वा भाव।
भटारिनु–अ० क्रि० [भटार+इ+नु] गर्मीले वा निद्राको अभावले (आँखा) पोल्नु; (आँखा) बटारिनु; (आँखा) भतभती डहनु।
भटार्नु–स० क्रि० [भुट्] १. भिजाएको चामल घिउमा भुट्नु। २. मुकुर्याउनु।
भटार्याइ–ना० [भटारि+याइ] भटारिने किसिम, क्रिया वा भाव।
भट्ट–ना० [सं०] १. प्रभुत्व; स्वामित्व। २. ब्राह्मण-जातिको एक थर। ३. दाक्षिणात्य ब्राह्मण। ४. भाट। ५. भटमास।
भट्टा–ना० [भट्टी] भट्टी।
भट्टार–वि० [सं०] भट्टारक।
भट्टारक–वि० [सं०] १. पूज्य; मान्य। (ना०) २. राजा। ३. देवता। ४. सूर्य।
भट्टारक-वासर–ना० [सं०] रवि-वार।
भट्टाल–ना० [भट्टा] भट्टा।
भट्टी–ना० [प्रा० भट्ठ] १. जाँड़-रक्सी बनाउने वा बेच्ने पसल। २. धातुहरू गाल्ने ठूलो अगेनु। ३. ईंट पोल्ने ठूलो अवाल।
भट्टीवाल–ना० [भट्टी+वाल] भट्टीको धनी; भट्टीको मालिक।
भट्टचाइ–ना० [भट्टचाउ+आइ] भट्टचाउने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव।

भट्टचाइनु–स० क्रि० [भट्टचाउ+इ+नु] द्यौसी, भजन, नारा आदिमा पहिलो लबज वा वाक्य भनिनु; ('भट्-टचाउनु'-को क० क्रि०)।

भट्टचाउनु–स० क्रि० [सं० भण्+याउ+नु] १. द्यौसी, भजन, नारा आदिमा पहिलो लवज वा वाक्य भन्नु। २. मन नपर्दो वा असङ्गत कुरा ठूलो स्वरले भनिरहनु।

भट्टचाउने–ना० [भट्टचाउ] भजन, द्यौसी, नारा आदिमा पहिलो चरण भन्ने व्यक्ति।

भटचाइ–ना० [भचाउ+आइ] भटचाउने किसिम, क्रिया वा भाव।

भटचाइनु–स० क्रि० [भटचाउ+इ+नु] धुरीमा हालेका डाँडाहरूलाई भाटा लाएर कसिनु; ('भटचाउनु'-को क० क्रि०)।

भटचाउनु–स० क्रि० [भाटो+याउ+नु] धुरीमा हालेका डाँडाहरूलाई भाटा लाएर कस्नु; भाटा हालेर डाँडाहरू बाँध्नु।

भटचाक-भटचाक–क्रि० यो० [अनु०] १. नारी, मुटु आदि निरन्तर चलिरहने किसिम; ढुकढुक। २. पखेटा, खुट्टा आदि वेगले शब्द आउने गरी चलाउने किसिम।

भटचाक-भुटुक–क्रि० यो० [अनु०] हरिया अन्नहरू भु्ँदा पड्कने वा पड्कँदा शब्द आउने किसिम।

भड़क–ना० [प्रा० भडक्क] १. भड्किलो हुनाको भाव; चमक-दमक। २. ढाँचा; सज-धज।

भड़कदार–वि० [भड़क+दार] भड्किलो; चमक-दमक भएको।

भड्कनु–अ० क्रि० [सं० भय-कर] १. डरले उफ्रनु; तर्सनु; बिच्किनु। २. भाग्नु; पलायन गर्नु। ३. बिभिन्डिनु; बाउँटिनु। ४. बाटो भुल्नु; पथ-भ्रष्ट हुनु। ५. भटचाक-भटचाक गर्नु; ढुकढुक गर्नु।

भड्काइ–ना० [भड्क+आइ] भड्कने किसिम, क्रिया वा भाव।

भड्काइ–ना० [भड्काउ+आइ] भड्काउने किसिम, क्रिया वा भाव।

भड्काइनु–स० क्रि० [भड्काउ+इ+नु] तर्साइनु; दच्काइनु; ('भड्काउनु'-को क० क्रि०)।

भड्काउनु–स० क्रि० [भड्क+आउ+नु] १. तर्साउनु; दच्काउनु; बिच्क्याउनु। २. भगाउनु; पलायन गराउनु। ३. विभिन्ड्याउनु; टेढ्याउनु; ('भड्कनु'-को प्रे० क्रि०)।

भड्किनु–अ० क्रि० [भड्क+इ+नु] १. भड्कनु। २. तर्सिनु; ('भड्कनु'-को भा० क्रि०)।

भड्किलो–वि० [भड्क+इलो] १. बढ्ता ठाँट-बाँट भएको; भड़क भएको; ढाँची। २. चहकिलो; उज्ज्वल (रङ्ग)।

भड्खारो–ना० [भ्वाङ+खाल्टो] १. खाल्टो; भड्खालो; भ्वाङ। २. विघ्न; बाधा।

भड्खालो–ना० [भड्खारो] भड्खारो।

भणन–ना० [सं०] १. भन्नु; कथन। २. वर्णन।

भणित–वि० [सं०] भनिएको; कथित।

भण्टा–ना० [सं० भण्टाकी] १. काँढा भएका ठूला-ठूला पात, प्याजी रङ्गका फूल र हिउँदे काँक्राका आकारका सेता, हरिया वा प्याजी रङ्गका फल हुने एक जातको सानो बोट। २. त्यसैको फल; भिँडा। (यसका सेता, हरिया, प्याजी आदि रङ्गका फल हुने अनेक जात छन्। आयुर्वेदमा यसको गुण रुचि-कारक, वीर्य-वर्द्धक, ज्वर-नाशक, खोकी नाश गर्ने र पथ्य बताइएको छ।)

भण्टाकी–ना० [सं०] भण्टा।

भण्ड–वि० [सं०] १. फोहोर कुरा बोल्ने; अश्लील कुरा गर्ने; भाँड। २. पाखण्डी। ३. धूर्त।

भण्ड-तपस्वी–ना० [सं०] देखौवा तपस्वी; ढोंगी साधु।

भण्डार–ना० [सं० भाण्डार] जिन्सी माल-मत्ता राख्ने ठाउँ; भँडार; ढुकुटी; कोश।

भण्डारखाल–ना० [भण्डारा+खलो] राजा-महाराजाहरूको विशेष भोज-भतेर गर्ने उपवन।

भण्डारा–ना० [भण्डार] साधु, संन्यासीहरूको भोज।

भण्डारा-भाट–ना० [भण्डारा+भाट] नेपालका भाट-जातिको एक भेद।

भण्डारी–ना० [भण्डार+ई] १. भण्डारको जिम्मा लिने व्यक्ति; भण्डार-सम्बन्धी काम गर्ने कामदार; भण्डारे। २. ब्राह्मण, क्षत्रिय आदि जातिको एक थर।

भण्डारे–ना० [भण्डार+ए] भण्डार-सम्बन्धी काम गर्ने कामदार; भण्डारी।

भतक्क–क्रि० यो० [ने०] १. रीसले चूर हुने किसिम; भुतुक्क। २. आगो, बत्ती आदि निभ्ने किसिम।

भतभत–क्रि० यो० [ने०] १. आगो, तातो वस्तु आदिले पोल्ने किसिम; डहने किसिम। २. घाउ-खटिरामा जलन हुने किसिम; भतभती। ३. भतफताउने किसिम; फतफत। ४. धमाधम मर्ने किसिम; भुतुभुतु।

भतभताइ–ना० [भतभताउ+आइ] भतभताउने किसिम, क्रिया वा भाव।

भतभताइनु–स० क्रि० [भतभताउ+इ+नु] बड़बड़ाइनु; फतफताइनु; ('भतभताउनु'-को भा० क्रि०)।

भतभताउनु–अ० क्रि० [भतभत+आउ+नु] १. फतफताउनु; बड़बड़ाउनु। २. घाउ-खटिरा आदिमा जलन हुनु; डहनु। ३. आगो, तातो वस्तु आदिले पोल्नु।

भतभती–क्रि० यो० [भतभत+ई] भतभत।

भताभत–क्रि० यो० [ने०] एकपछि अर्को मर्ने किसिम; भुतुभुतु।

भताभुङ्ग–क्रि० यो० [भतक+भङ्ग (सं०)] १. बरबाद हुने किसिम; नष्ट-भ्रष्ट हुने किसिम; लथालिङ्ग। (ना०) २. नाश; बरबादी।

CC-0. In Public Domain. Digitization by eGangotri

भताभुङ्गे–वि० [भताभुङ्ग+ए] १. भताभुङ्ग पार्ने; नष्ट-भ्रष्ट पार्ने। २. भताभुङ्ग।

भतारिनु–अ० क्रि० [नें०] १. पछारिनु; लड्नु। २. हिलो, धूलो आदि भएका फोहोर ठाउँमा ढसमस्स परेर बस्नु।

भतार्याइ–ना० [भतारि+याइ] भतारिने किसिम, क्रिया वा भाव।

भताहा–ना० [भात+आहा] भात-भान्सामा मिल्ने बन्धु-वर्ग; सजातीय नातादार।

भतिज–ना० [भतिजो] आफूभन्दा जेठो भतिजोलाई मान-पूर्वक भनिने शब्द।

भतिजी–ना० [भतिजो+इ] दाजु वा भाइकी छोरी।

भतिजो–ना० [सं० भ्रातृज] १. दाजु वा भाइको छोरो। २. देवर वा जेठाजुको छोरो। ३. भदो।

भतुवा–ना० [भात+उवा] १. भातमात्र खान पाउने बिना-तलबको नोकरी गर्ने व्यक्ति; भाते। (वि०) २. भातमात्र खान पाउने नोकरी गर्ने। ३. भात-मारा। ४. अर्काका घरमा मन नपर्ने गरी सित्तैँ खाएर बस्ने।

भतेर–ना० [भात] १. धेरै मानिसले खाने ठूलो भोज। २. धेरै खानेकुरो; प्रशस्त खाना।

भत्कनु–अ० क्रि० [प्रा० भट्ट] १. घर, पर्खाल, पाखो आदि फुटेर खस्नु; ढल्नु। २. बिग्रनु; नासिनु।

भत्करु–ना० [सं० भद्रकर] जन्ती आएको खबर लिएर दुलहीका घर जाने दुलहातर्फको व्यक्ति।

भत्काइ–ना० [भत्क+आइ] भत्कने किसिम, क्रिया वा भाव।

भत्काइ–ना० [भत्काउ+आइ] भत्काउने किसिम, क्रिया वा भाव।

भत्काइनु–स० क्रि० [भत्काउ+इ+नु] घर, पर्खालि आदि लड़ाइनु; ('भत्काउनु'-को क० क्रि०)।

भत्काउनु–स० क्रि० [भत्क+आउ+नु] १. घर, पर्खाल आदि बिगार्नु वा लड़ाउनु। २. बिगार्नु; नाश गर्नु; ('भत्कनु'-को प्रे० क्रि०)

भत्किनु–अ० क्रि० [भत्क+इ+नु] घर, पर्खालि आदि ढलिनु; ('भत्कनु'-को भा० क्रि०)।

भत्खरु–ना० [भत्करु] भत्करु।

भत्ता–ना० [प्रा० भत्त] १. यात्रा, महँगी अथवा कुनै अतिरिक्त कार्य वा अवस्थाका निमित्त कर्मचारीहरूलाई दिइने मासिक वा दैनिक खर्च; तलबदेखि अतिरिक्त कुनै कार्यविशेषले कर्मचारीले पाउने खर्च। २. असल काम गरेबापत कसै-लाई दिइने जीवन-वृत्ति।

भदन्त–वि० [सं०] १. पूजित; सम्मानित। (ना०) २. बौद्ध भिक्षुहरूको प्रतिष्ठा-सूचक एक उपाधि। ३. बौद्ध भिक्षु।

भदाहा–ना० [भदो] १. स्त्रीका भाइ वा दाजुको छोरो; भदो। २. सालो वा जेठानको छोरो।

भदै–ना० [भदो+ऐ] १. स्त्रीका भाइ वा दाजुकी छोरी। २. साला वा जेठानकी छोरी।

भदैया–ना० [भदौ+इया] भदौमा पाक्ने बाली; भदौरे बाली।

भदो–ना० [सं० भ्रातृज] भदाहा।

भदौ–ना० [सं० भाद्र] श्रावण र आश्विनका बीचको महीना; भाद्र।

भदौरे–वि० [भदौ+रो+ए] १. भदौ महीनामा हुने; भदौको। २. भदौमा बियाउने (गाई)।

भद्दा–वि० [सं० अ+भद्र] छाँट नमिलेको ठूलो; छन्द-न-बन्दको; कुरूप।

भद्र–वि० [सं०] १. शिष्ट; सज्जन; सभ्य। २. शुभ; मङ्गल-कारी। ३. सुन्दर; मनोहर। ४. श्रेष्ठ; उत्तम। (ना०) ५. मङ्गल; शुभ।

भद्र-काली–ना० [सं०] दुर्गाको एक रूप।

भद्रगोल–वि० [नें०] १. ठूलो अलमल; गन्जागोल। २. काठमाडौँमा रहेको एक प्रसिद्ध झ्यालखान।

भद्र-मुस्ता–ना० [सं०] ठूलो जातको मोथे।

भद्रा–ना० [सं०] १. फलित-ज्योतिषअनुसार एक अशुभ योग; द्वितीया, सप्तमी र द्वादशी तिथि। २. गाई। ३. दुर्गा। ४. पृथ्वी।

भद्राई–ना० [सं० भारद्वाज] जुरेलीजत्रो एक जातको चरो। (अन्न-प्राशनमा यसको टाउको बालकलाई खुवाउने चलन छ।)

भद्राकरण–ना० [सं०] कपाल खौरनु; मुण्डन।

भद्राकृति–वि० [सं०] भव्य आकृति भएको; सुन्दर।

भद्राक्ष–ना० [सं०] रुद्राक्षजस्तो एक प्रकारको फलको गेड़ो। (यसको जप-माला बनाइन्छ।)

भद्राधिवास-भवन–ना० [सं०] नेपालका प्रसिद्ध लिच्छवि राजा नरेन्द्रदेव र उनका उत्तराधिकारीहरूले बसी शासन गरेको काठमाड़ौँ-उपत्यकाको एक प्रसिद्ध ऐतिहासिक दरबार।

भद्रायो–ना० [भद्राई] भद्राईभन्दा केही ठूलो एक जातको मीठो बोल्ने चरो।

भनक्क–क्रि० यो० [नें०] १. खूब तातेर सहसा रिसाउने किसिम; रनक्क; झनक्क। २. मन्द र अस्पष्ट आवाज आउने किसिम। ३. झीँगा आदि भन्कने किसिम।

भननन–क्रि० यो० [अनु०] भुनुनुनु।

भनभन–क्रि० यो० [अनु०] १. झीँगा, माहुरी आदि भन्कने किसिम। २. एकोहोरो लागेर हिँड्ने किसिम।

भनभनाइ–ना० [भनभनाउ+आइ] भनभनाउने किसिम, क्रिया वा भाव।

भनभनाइनु–अ० क्रि० [भनभनाउ+इ+नु] भनभन शब्द गरिनु; ('भनभनाउनु'-को भा० क्रि०)।

भनभनाउनु–अ० क्रि० [भनभन+आउ+नु] १. भनभन शब्द गर्नु; भन्कनु। २. रीसले एकोहोरो लागेर हिँड्नु। ३.

CC-0. In Public Domain. Digitization by eGangotri

रिसाएर अस्पष्ट शब्द बोल्नु ।

भनभनाहट–ना० [भनभनाउ+आहट] भनभनाउने किसिम, क्रिया वा भाव; भनभनाइ ।

भन-सुन–ना० [भन्+सुन्] कुनै काम सिद्ध गर्नाका निमित्त कसैसित गरिने प्रार्थना; खुशामद; अनुरोध ।

भनाइ–ना० [भन्+आइ] १. भन्ने किसिम, क्रिया वा भाव। २. भन्नुको तात्पर्य; मतलब; कथन। ३. खप्की।

भनाइनु–स० क्रि० [भन्+आइ+नु] भन्न लाइनु; ('भन्नु'-को क० क्रि०) ।

भनाउँदो–वि० [भनाउ+उँदो] नाममात्रको; भन्नुपर्ने; तथा-कथित ।

भनाउ–ना० [भन्+आउ] अवजस; गाल; भनौरी; अपवाद ।

भनाउनु–स० क्रि० [भन्+आउ+नु] भन्न लाउनु; ('भन्नु'-को प्रे० क्रि०)।

भनाभन–ना० [भन्+भन्] परस्परमा जथाभावी भन्ने काम; भनावैरी; बाझाबाझ ।

भनावैरी–ना० [भन्+वैरी] १. परस्परको भनाभनबाट भएको शत्रुता; बाझाबाझबाट भएको वैमनस्य। २. भनाभन; बाझाबाझ।

भनिनु–स० क्रि० [भन्+इ+नु]बताइनु; कहिनु; ('भन्नु'-को क० क्रि०) ।

भने–संयो० [भन्+ए] 'कुनै काम वा कुरो भएमा' भन्ने अर्थ बुझाउने शब्द; त्यसो भए । (उदा०–पढ़चो भने विद्वान् होइन्छ ।)

भनौरी–ना० [भन्+औरा+ई] भनाउ; अपवाद।

भन्कनु–अ० क्रि० [भनक्क+नु] भनक्क रिसाउनु; फन्कनु।

भन्कनु–अ० क्रि० [भनभन+नु] १. झीँगा, माहुरी आदिले भनभन शब्द गर्नु; भनभनाउनु । २. कुनै वस्तुमा धेरै झीँगा, माहुरी आदि बस्नु; झीँगा आदि धुइरिनु।

भन्काइ–ना० [भन्क+आइ] भन्काउने किसिम, क्रिया वा भाव; भुनभुनाइ ।

भन्काइ–ना० [भन्क+आइ] भन्कने किसिम, क्रिया वा भाव; फन्काइ ।

भन्काइ–ना० [भन्काउ+आइ] भन्काउने किसिम, क्रिया वा भाव ।

भन्काइनु–स० क्रि० [भन्काउ+इ+नु] भन्कन वा भनभनाउन लाइनु; ('भन्काउनु'-को क० क्रि०)।

भन्काइनु–स० क्रि० [भन्काउ+इ+नु] भनक्क रीस उठ्ने पारिनु; ('भन्काउनु'-को क० क्रि०)।

भन्काउनु–स० क्रि० [भन्क+आउ+नु] १. जोश वा उमङ्गका साथ कुनै काम गर्नु। २. रीस उठाउनु; जङ्ग्याउनु; ('भन्कनु'-को प्रे० क्रि०)।

भन्काउनु–स० क्रि० [भन्क+आउ+नु] भन्कन वा भनभनाउनु लाउनु; ('भन्कनु'-को प्रे० क्रि०)।

भन्किनु–अ० क्रि० [भन्क+इ+नु] भनभनाइनु; ('भन्कनु'-को भा० क्रि०)।

भन्किनु–अ० क्रि० [भन्क+इ+नु] भनक्क रिसाइनु; ('भन्कनु'-को भा० क्रि०)।

भन्के–वि० [भन्क+ए] भन्कने स्वभावको; रिसाहा।

भन्टचाङ-भुन्टुङ–क्रि० यो० [ने०] साना-साना केटा-केटी; बाल-बच्चा; चिची-भुँड़ी ।

भन्डाफोड़–ना० [भन्डाफोर] भन्डाफोर।

भन्डाफोर–ना० [सं० भाण्ड+स्फोट] गुप्त रहस्य प्रकट हुनु; भेद खुल्नु ।

भन्डचाङ-भुन्डुङ–ना० [ने०] भन्टचाङ-भुन्टुङ ।

भन्दा–ना० यो० [भन्] कुनै दुइ वस्तुको तुलना गर्दा प्रयोग हुने शब्द; लेखा; अपेक्षा। (उदा०–त्योभन्दा यो राम्रो छ।)

भन्नु–स० क्रि० [सं० भण्+नु] १. कुनै कुरो कसैलाई सुनाउनु; बताउनु; कहनु। २. मुखबाट शब्द निकाल्नु; उच्चारण गर्नु; बोल्नु। ३. आज्ञा दिनु; वचन दिनु। ४. बाच्नु; पढ्नु। ५. निन्दा गर्नु।

भन्ने–वि० [भन्+ए] १. नाउँ गरेको; नामक। २. कहने।

भन्सार–ना० [सं० भाण्डार] १. विदेशबाट पैठारी हुने र विदेशमा निकासी हुने माल-मत्तामा लाग्ने सरकारी कर असूल गर्ने अड्डा; आयात वा निर्यात हुने माल-मत्ताको कर असूल गर्ने अड्डा । २. निकासी वा पैठारी हुने मालमा लाग्ने कर; आयात वा निर्यातको कर।

भबाइ–ना० [भबाउ+आइ] भबाउने किसिम, क्रिया वा भाव ।

भबाइनु–अ० क्रि० [भबाउ+इ+नु] घाउ, खटिराहरू डहिनु; ('भबाउनु'-को भा० क्रि०)।

भबाउनु–अ० क्रि० [भतभत+आउ+नु] घाउ, खटिराहरू डहनु; टट्टाउनु ।

भमरो–ना० [प्रा०] गँड़े-कीराका आकारको, उड्ने र फूल-हरूको रस चुस्ने एक जातको कालो कीरो; भ्रमर।

भय–ना० [सं०] १. डर; त्रास; भीति। २. भयानक रसको स्थायी-भाव ।

भयङ्कर–वि० [सं०] डर-लाग्दो; भयानक; भयावह ।

भय-जनक–वि० [सं०] भय उत्पन्न गर्ने; भयङ्कर।

भय-त्रस्त–वि० [सं०] साह्रै डराएको; भय-भीत; अति त्रस्त।

भय-त्राता–वि० [सं०] भयबाट बचाउने; डर हटाउने।

भयद–वि० [सं०] १. डर देखाउने; तर्साउने। २. डर-लाग्दो ।

भय-दर्शी–वि० [सं०] भयानक; भयङ्कर।

भय-प्रद–वि० [सं०] डर-लाग्दो; भयङ्कर।

भय-भीत–वि० [सं०] डराएको; त्रस्त।

भय-शील–वि० [सं०] कातर; डरपोक; डर-छेरुवा ।

भय-विह्वल–वि० [सं०] भयले विह्वल भएको; भयाकुल।

CC-0. In Public Domain. Digitization by eGangotri

भयाकुल–वि० [सं०] डराएको; डरले आकुल भएको।

भयाक्रान्त–वि० [सं०] साह्रै डराएको; अति त्रस्त।

भयातुर–वि० [सं०] डरले आतुर भएको; भयाकुल।

भयानक–वि० [सं०] १. डर-लाग्दो; भयङ्कर; भयावह। २. साहित्यका नौ रसहरूमध्ये एक।

भयान्वित–वि० [सं०] डराएको; भय-भीत।

भयावह–वि० [सं०] भयङ्कर; भयानक।

भयो–वि० बो० [हु] १. निषेध, झिज्याहट, कुनै कामको अभाव, उपेक्षा, अविश्वास आदि बुझाउने शब्द; भो। २. 'हुनु' क्रियाका भूत-काल, प्रथम-पुरुष, एक-वचनको रूप। ३. पुग्यो।

भर–ना० [सं०] १. आड; भरोसा; आधार; सहारा। २. भारी; भार। ३. आधिक्य; अधिकता। ४. समूह; समुदाय। (वि०) ५. भरण-पोषण गर्ने; पालक। (ना० यो०) ६. नाम शब्दको अगिल्तिर वा पछिल्तिर लागेर सम्म, पर्यन्त, टनाटन, सर्वत्र आदि अर्थ बुझाउने शब्द; भरि। (उदा०–भरमुलुक; संसारभर इत्या०।)

भरङ्ग–ना० [सं० भङ्ग] १. नाश; बरबादी; भङ्ग। (वि०) २. निराश। ३. उदास; दिक्दार।

भरण–ना० [सं०] १. कसैको जीविकाका निमित्त आवश्यक वस्तुहरू दिनु; पालन-पोषण। २. भर्नु।

भरण-पोषण–ना० [सं०] जीविकाको निमित्त आवश्यक वस्तुहरू दिई पाल्ने काम; पालन-पोषण।

भरणी–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये दोस्रो नक्षत्र।

भरणीय–वि० [सं०] भरण गर्न योग्य; पालनीय।

भरत–ना० [सं०] १. शकुन्तलाको गर्भबाट उत्पन्न, राजा दुष्यन्तका छोरा।(यिनैको नामबाट हिन्दू-स्थानको नाम 'भारत' रहेको हो।) २. कैकेयीको गर्भबाट जन्मेका, दशरथका छोरा। ३.नाट्य-शास्त्रका प्रवर्तक एक ऋषि।

भरत-खण्ड–ना० [सं०] भारत; हिन्दू-स्थान।

भरत-वाक्य–ना० [सं०]संस्कृत साहित्यका नाटकको आखिरमा गाइने आशीर्वादात्मक गान।

भरथेग–ना० [भर्+थेग्] सहायता; मद्दत।

भरद्वाज–ना० [सं०] १. गोत्र-प्रवर्तक र मन्त्र-द्रष्टा एक ऋषि। २. भद्राई चरो।

भरपाई–ना० [भर्पाई] भर्पाई।

भरपूर–वि० [भर्+पूर्ण] १. पूर्ण रूपले भरिएको; भरिभराउ; परिपूर्ण। २. भरमार; यथेष्ट।

भरभर–क्रि० यो० [अनु०] बल्दा दाउराका ज्वालाबाट हावा लाग्दा शब्द आउने किसिम।

भरभराइ–ना० [भरभराउ+आइ] भरभराउने किसिम, क्रिया वा भाव।

भरभराइनु–अ० क्रि० [भरभराउ+इ+नु] भरभराउने होइनु; भरभर शब्द निस्किनु; ('भरभराउनु'-को भा० क्रि०)।

भरभराउँदो–वि० [भरभर+आउँदो]धूम-रहित भई बलेको; झरझराउँदो (फिलिङ्गाहरूको समूह)।

भरभराउनु–अ० क्रि० [भरभर+आउ+नु] १. हावा वा दाउराका दोषले ज्वालाबाट भरभर आवाज आउनु। २. भरभर शब्द निस्कनु।

भरभित्तो–क्रि० यो० [भर+भित्तो] सकेसम्म; हदसम्म; यथाशक्य; भरमगदूर।

भरमगदूर–क्रि० यो० [भरमौदुर] भरमौदुर।

भरमार–वि० [भर+मार] धेरै; प्रशस्त; यथेष्ट।

भरमौदूर–क्रि० यो० [भर+मक़दूर (अ०)] सकभर; यथाशक्य; भरसक।

भरशक्य–क्रि० यो० [सं०] भरसक।

भरसक–क्रि० यो० [भर+सक्] सकेसम्म; सकभर; यथाशक्य।

भराइ–ना० [भर्+आइ] भर्ने किसिम, क्रिया वा भाव।

भराइ–ना० [भराउ+आइ] भराउने किसिम, क्रिया वा भाव।

भराइनु–स० क्रि० [भराउ+इ+नु] भर्न लाइनु; पुराइनु; ('भराउनु'-को क० क्रि०)।

भराउनु–स० क्रि० [भर्+आउ+नु] १. खाल्टो, भाँड़ो आदि भर्न लाउनु; पुराउनु वा भर्न लाउनु। २. क्षति-पूर्ति गराउनु; तिराउनु। ३. नपुग पूरा गर्न लाउनु। ४. रफ्फू, बुट्टा आदि बनाउन लाउनु; ('भर्नु'-को प्रे० क्रि०)।

भराभर–वि० [भर्+भर्] १. भरिभराउ; भरिपूर्ण। (ना०) २. धमाधम भर्ने क्रिया।

भराभर–क्रि० यो० [अनु०] धमाधम उठेर हिँड़ने किसिम।

भरि–अव्य० [सं० भर] शब्दका पछिल्तिर लागेर जति, सम्म, पर्यन्त, भियाएसम्म, सम्पूर्ण आदि अर्थ बुझाउने शब्द। (उदा०–शक्तिभरि, भएभरि आदि।)

भरि–वि० [भर] १. भरिपूर्ण; टनाटन; भरिभराउ। (क्रि० यो०) २. कुनै निश्चित सीमा वा समयसम्म; तक; भर। ३. परिपूर्ण गरिएको; पालित। ४. परिपूर्ण गर्ने; पालन गर्ने (स्त्री)। ५. सर्वत्र; सबै ठाउँमा।

भरित–वि० [सं०] १. भरिएको; भरिभराउ; परिपूर्ण। २. भरण-पोषण गरिएको; पालित।

भरिनु–स० क्रि० [भर्+इ+नु] भाँड़ा-बर्तनमा कुनै वस्तु भरी हालिनु; ('भर्नु'-को क० क्रि०)।

भरिपूर्ण–वि० [भरी+पूर्ण] भरिभराउ; परिपूर्ण।

भरिभन्ड–क्रि० यो० [भरि+भाण्ड(सं०)] १. छचाल्लब्याल्ल; छचासमिस। २. जथाभावी; मनपरी।

भरिभराउ–वि० [भरी+भराउ] पूर्ण रूपले भरिएको; टनाटन; परिपूर्ण।

भरिभित्तो–क्रि० यो० [भरभित्तो] भरभित्तो।

भरिया–ना० [भारी+इया] भारी बोक्ने पेशा भएको व्यक्ति; कुल्ली।

CC-0. In Public Domain. Digitization by eGangotri

भरिलो–वि० [भर्+इलो] पोटिलो; पुष्ट; हृष्ट-पुष्ट।
भरिशक्य–क्रि० यो० [भरि+शक्य (सं०)] सकभर; यथाशक्य; भरमौदूर।
भरुवा–वि० [भर्+उवा] १. भर्नुपर्ने; भरिने। २. भरिएको; हालिएको। ३. भर्ने; नाप्ने (माना-पाथी)।
भरे–क्रि० यो० [ने०] १. दिनको पछिल्लो समयमा; बेलुकी-पख। २. पछि; भविष्यमा।
भरेङ–ना० [भऱ्याङ] भऱ्याङ।
भरे-भोलि–क्रि० यो० [भरे+भोलि] १. अलिबेरपछि। २. एक-दुइ दिनपछि। ३. निकट भविष्यमा।
भरेली–ना० [भर+एलि] १. अन्न, फल, फूल आदिको परिपूर्ण अवस्था; पूर्ण रूपमा पाकेको अवस्था। (वि०) २. भरे-भोलि तयार हुने। ३. प्रशस्त।
भरोस–ना० [भरोसा] भरोसा।
भरोसा–ना० [सं० भर+आशा] १. कुनै काम अवश्य सिद्ध हुन्छ भन्ने विचार; आशा। २. आश्रय; सहारा; भर; आलम्बन। ३. दृढ विश्वास।
भरौटे–ना० [भार+औटे] भारी बोक्ने पेशा भएको व्यक्ति; भरिया; कुल्ली।
भरौटे–वि० [भर्+औटे] जथाभावी किसिमले चाहिने-नचाहिने मानिस वा पदार्थ घुसाउनु।
भरौटे–वि० [भाड़ा+औटे] भाड़ा वा ज्यालामा ल्याइएको।
भर्कनु–अ० क्रि० [भड्क] भड्कनु।
भर्कनु–अ० क्रि० [भर्र+नु] भर्र उड्नु।
भर्काई–ना० [भर्क+आइ] भर्कने किसिम, क्रिया वा भाव; उड़ाइ।
भर्काइ–ना० [भर्क+आइ] भर्कने किसिम, क्रिया वा भाव; भड्काइ।
भर्काइनु–स० क्रि० [भर्काउ+इ+नु] भर्र उड़ाइनु; ('भर्काउनु'-को क० क्रि०)।
भर्काइनु–स० क्रि० [भर्काउ+इ+नु] भड्काइनु; ('भर्काउनु'-को क० क्रि०)।
भर्काउनु–स० क्रि० [भर्क+आउ+नु] भड्काउनु; ('भर्कनु'-को प्रे० क्रि०)।
भर्काउनु–स० क्रि० [भर्क+आउ+नु] भर्र उड़ाउनु; ('भर्कनु'-को प्रे० क्रि०)।
भर्किनु–अ० क्रि० [भर्क+इ+नु] भर्र उड़िनु; ('भर्कनु'-को भा० क्रि०)।
भर्किनु–स० क्रि० [भर्क+इ+नु] भड्किनु; ('भर्कनु'-को भा० क्रि०)।
भर्खर–क्रि० यो० [ने०] थोरै समयअघि; केही बेरमात्र पहिले।
भर्खरको–वि० [भर्खर+को] १. थोरै समय पहिलेको। २. भर्खर जवानी चढ़ेको; नौजवान।
भर्ग–ना० [सं०] १. शिव। २. ब्रह्मा।
भर्तव्य–वि० [सं०] भरण-पोषण गर्न योग्य; पालनीय।
भर्ता–वि० [सं०] १. भरण-पोषण गर्ने (व्यक्ति); पालक। (ना०) २. स्वामी; मालिक। ३. लोग्ने; पति। ४. विष्णु।
भर्ताल–ना० [भर्+ताल] जूवाको खेलमा च्याँखेलाई तिरिने रकम।
भर्ती–ना० [भर्+ती] १. भर्ना; नियुक्ति। २. केहीदिनको निम्ति कुनै काममा हुने नियुक्ति।
भर्तीवाल–वि० [भर्ती+वाल] गल्लावाल।
भर्तृमती–ना० [सं०] लोग्ने भएकी स्त्री; सधवा स्त्री।
भर्तृहरि–ना० [सं०] शृङ्गार-शतक, नीति-शतक, वैराग्य-शतक आदि संस्कृत ग्रन्थका रचयिता एक प्रसिद्ध राजा।
भर्त्सक–वि० [सं०] १. भर्त्सना गर्ने; धम्की लाउने। २. गाली गर्ने।
भर्त्सन–ना० [सं०] भर्त्सना।
भर्त्सना–ना० [सं०] १. निन्दा; गाली। २. हप्की; धम्की।
भर्त्सित–वि० [सं०] १. भर्त्सना गरिएको; तिरस्कृत; निन्दित। २. हप्काइएको; धम्काइएको।
भर्ना–ना० [भर्] १. एक वस्तुका सट्टा अर्को वस्तु दिने काम; बदला; सट्टा। २. नपुग पूरा गर्ने काम। ३. कुनै काम, पद आदिमा मानिस नियुक्त गर्ने काम; भर्ती; नियुक्ति।
भर्नी–ना० [भर्+नी] भर्ने भाँड़ो (माना, पाथी आदि)।
भर्नु–स० क्रि० [सं० भृ+नु] १. भाँड़ामा कुनै वस्तु भरी हाल्नु; भरिपूर्ण पार्नु; पुर्नु। २. नपुग पूरा गर्नु; भर्ना गर्नु। ३. तिर्नु; क्षति-पूर्ति गर्नु। ४. रफ्फू गर्नु; बुट्टा पार्नु। ५. भरण-पोषण गर्नु; पाल्नु।
भर्पाई–ना० [भर्+पाउ] नगदी वा जिन्सी मालहरू बुझाउँदा बुझ्नेले बुझाउनेलाई प्रमाणस्वरूप लेखिदिने कागत; रसीद।
भर्मन–ना० [सं० भ्रम] १. भूल; भ्रम। २. भाउन्न; रिँगटा। ३. पागलपन; बहुलठ्ठी।
भर्मनाइ–ना० [भर्मनाउ+आइ] भर्मनाउने किसिम, क्रिया वा भाव।
भर्मनाइनु–अ० क्रि० [भर्मनाउ+इ+नु] भूल होइनु; ('भर्मनाउनु'-को भा० क्रि०)।
भर्मनाउनु–अ० क्रि० [भर्मन+आउ+नु] १. भूल हुनु; भ्रममा पर्नु। २. बौह्लाउनु; छँटाउनु। ३. रिँगटा लाग्नु; भाउन्न हुनु। ४. घुम्नु; रिँग्नु। ५. छटपटी लाग्नु; छटपटाउनु।
भऱ्याक-भुरुक–क्रि० यो० [ने०] १. चराहरू एकसाथ उड्ने किसिम। २. धेरै मानिसहरू एकसाथ उठ्ने किसिम।
भऱ्याङ–ना० [ने०] १. घरमा तल-माथि गर्नाका निमित्त बनाएको, खुट्किलाहरू भएको साधन। २. अग्ला ठाउँमा आवत-जावत गर्नाका निमित्त बनेका खुट्किलाहरू; सिँढ़ी; लिस्नु।
भऱ्याङ-भुरुङ–क्रि० यो० [ने०] १. सबै एकै चोटि उठ्ने वा

CC-0. In Public Domain. Digitization by eGangotri

उड्ने किसिम; भऱ्याक-भुरुक। (ना०) २. साना-साना केटा-केटी; भन्टयाङ-भुन्टुङ।

भर्र–क्रि० यो० [अनु०] १. पक्षीहरू उड्ने वा उड्दा शब्द आउने किसिम; भुर्र। २. शब्द आउने गरी हावा छुट्ने, आगो बल्ने, मोटर आदि चल्ने किसिम।

भर्साई–ना० [सं० भ्राष्ट्र] तातेको बालुवाद्वारा अन्नहरू भुट्ने एक प्रकारको ठूलो चूलो।

भर्सेली–ना० [भर्साई] चूल्हामाथिको सम्म परेको भाग; चूल्हामा बलेको आगाका ज्वाला निस्कने मुखवरि-परिको भाग।

भर्सेलो–ना० [भर्सेली] भर्सेली।

भर्स्याइ–ना० [भर्स्याउ+आइ] भर्स्याउने किसिम, क्रिया वा भाव।

भर्स्याइनु–स० क्रि० [भर्स्याउ+इ+नु] पकाएको भाँडो भर्सेलीमा राखी पाकेका वस्तुको थरक मारिनु; ('भर्स्याउनु'-को क० क्रि०)।

भर्स्याउनु–स० क्रि० [भर्सेली+याउ+नु] पकाएको अन्न भर्सेलीमा वा भुङ्ग्रामा राखेर राम्ररी पाक्न दिनु; थरक मार्नु; ओथाउनु।

भल–ना० [भेल] १. पानी पर्दा पाखामा बगेको पानी; पाखामा बगेको बाढ़ी। २. रगत आँसु आदिको धारो।

भलक्क–ना० [भल] भुलुक्क।

भलभले–ना० [भुलभुले] भुलभुले।

भला–ना० [भलो] १. असल; बढ़िया। (संयो०) २. कुनै कार्यको आंशिक सफलतामा सन्तोष प्रकट गरेर बोलिने शब्द; तै। (उदा०–भला यति काम त भएछ।)

भलाइ–ना० [भलो+आइ] १. कसैलाई असल हुने काम; भलो काम; उपकार। २. हित; कल्याण।

भला-कुसारी–ना० [भलो+कुशल] १. टाढ़ाबाट आएका वा धेरै दिनपछि भेट भएका मानिससित गरिने कुशल-प्रश्न; सन्चो-बिसन्चो वा सुख-दुःखको सोधनी; क्षेम-कुशल। २. मैत्रीपूर्ण कुराकानी; वार्तालाप।

भलादमी–ना० [भलो+आदमी] १. भलो मानिस; शिष्ट व्यक्ति; सज्जन। २. गण्य-मान्य व्यक्ति।

भलायो–ना० [सं० भल्लातक] १. रछाय रङ्गका पात र काला फल हुने एक जातको रूख। २. त्यसैको फल। (जङ्गली भलायोको पात ठूलो र लामो हुन्छ। यो वृक्ष छुँदा धेरैजसो मानिसहरूलाई शरीरमा खटिरा उछ्रन्छ। आयुर्वेदमा यसको गुण अग्नि-वर्द्धक, वीर्य-वर्द्धक, स्मृति-कारक, कोष्ठ-बद्धका रोगलाई फायदा गर्ने र क्रुमि-नाशक बताइएको छ।)

भली-भाँति–क्रि० यो० [भलो+भाँति] राम्रोसँग; राम्ररी; खूबसित।

भले–ना० [भल] १. खोपीका खेलमा पैसा बच्चँदा भनिने शब्द। २. भल लाग्ने जमीन; भल पस्ने जग्गा।

भलो–वि० [प्रा० भल्ल] १. असल; उत्तम; श्रेष्ठ। २. सज्जन; गुणी। (ना०) ३. भलाइ; हित; कल्याण।

भल्कनु–अ० क्रि० [भल्को] भुल्कनु।

भल्काइ–ना० [भल्क+आइ] भल्कने किसिम, क्रिया वा भाव; भुल्काइ।

भल्काइ–ना० [भल्काउ+आइ] भल्काउने कसिम, क्रिया वा भाव।

भल्काइनु–स० क्रि० [भल्काउ+इ+नु] भुल्काइनु; ('भल्काउनु'-को क० क्रि०)।

भल्काउनु–स० क्रि० [भल्क+आउ+नु] भुल्क्याउनु; उमाल्नु।

भल्को–ना० [भल] पानीको उम्लाइ; भुल्को।

भल्नु–स० क्रि० [भले+नु] बच्चनु; खोपीमा हाल्नु।

भल्ल–ना० [सं०] १. भाला। २. भालू। ३. भलायो वृक्ष।

भल्लक–ना० [सं०] १. भलायो वृक्ष। २. भालू।

भल्लुक–ना० [सं०] भालू।

भल्लूक–ना० [सं०] भालू।

भव–ना० [सं०] १. जन्म; उत्पत्ति। २. संसार; जगत्। ३. शिव। ४. मेघ। ५. कामदेव :

भव-चक्र–ना० [सं०] संसारमा वार-वार जन्म लिने र मर्ने क्रम; जन्म-मरणको क्रम।

भव-जल–ना० [सं०] भव-सागर।

भव-जाल–ना० [सं०] १. संसाररूपी जाल; माया-जाल। २. झन्झट; झमेला।

भवदीय–वि० [सं०] तपाईंको; यहाँको।

भवदीया–वि० [सं०] तपाईंकी; यहाँकी।

भवन–ना० [सं०] १. घर; गृह। २. महल; दरबार; प्रासाद। ३. इमारत। ४. जन्म; उत्पत्ति।

भवन्त–ना० [सं०] वर्तमान काल।

भविष्य-काल–ना० [सं०] व्याकरणअनुसार कुनै काम पछि हुने वा गरिने अवस्था बुझाउने क्रिया-पदको रूप। २. भविष्यत्-काल।

भव-बन्धन–ना० [सं०] संसार-रूपी बन्धन; सांसारिक मोह-को बन्धन।

भव-भय–ना० [सं०] संसारमा वार-वार जन्म लिनुपर्ने र मर्नु-पर्ने डर।

भव-भूति–ना० [सं०] १. ऐश्वर्य; सम्पत्ति। २. संस्कृत साहित्यमा प्रसिद्ध ग्रन्थ 'उत्तर राम-चरित', 'मालती-माधव' आदि नाटकका रचयिता एक प्रसिद्ध महाकवि।

भव-सागर–ना० [सं०] संसाररूपी समुद्र।

भव-सिन्धु–ना० [सं०] भव-सागर।

भवाटवी–ना० [सं०] संसार-रूपी जङ्गल।

भवान्–सर्व ना० [सं०] तपाईं; श्रीमान्; यहाँ।

भवितव्य–वि० [सं०] १. पछि हुने; भविष्यमा अवश्य हुने; भावी। (ना०) २. अकस्मात्को घटना; पहिलेदेखि

CC-0. In Public Domain. Digitization by eGangotri

अनुमान वा कल्पना नगरिएको घटना।

भवितव्यता–ना० [सं०] १. अवश्य हुने काम वा कुरो। २ अचानकको घटना; पहिलेदेखि अनुमान वा कल्पना नगरिएको घटना। ३. भाग्य; प्रारब्ध।

भविता–वि० [सं०] पछि हुने; भविष्यमा हुने।

भविष्य–ना० [सं०] १. आउँदो समय; आगामी काल। (वि०) २. पछि हुने; भावी।

भविष्य-कथन–ना० [सं०] भविष्यत्-वाणी।

भविष्यत्–वि० [सं०] १. पछि हुने; भावी। (ना०) २. आगामी समय; भविष्य-काल।

भविष्यत्-काल–ना० [सं०] आउँदो समय; पछि आउने काल।

भविष्यत्-पुराण–ना० [सं०] भविष्य-पुराण।

भविष्यद्-वक्ता–ना० [सं०] १. पछि हुने कुरो भन्ने व्यक्ति; भविष्यमा हुने घटनाहरू पहिलेबाटै भन्ने व्यक्ति; भविष्य-वाणी गर्ने मानिस। २. ज्योतिषी।

भविष्यद्-वाणी–ना० [सं०] पहिलेबाटै भनिएको पछि हुने कुरो; भविष्य-कथन।

भविष्यद्वादी–ना० [सं०] भविष्यद्-वक्ता।

भविष्य-पुराण–ना० [सं०] भविष्यत्-कालमा हुने घटनाहरूको वर्णन गरिएको एक पुराण; अठार महापुराणमध्ये एक।

भविष्य-वक्ता–ना० [सं०] भविष्यद्-वक्ता।

भविष्य-वाणी–ना० [सं०] भविष्यद्-वाणी।

भव्य–वि० [सं०] १. देख्तैमा राम्रो र महान्; सज-धजको; शानदार। २. शुभ; मङ्गल-कारक। ३. योग्य; उपयुक्त। ४. शान्त; प्रसन्न। ५. पछि हुने; भावी। (ना०) ६. लीची फल।

भव्यता–ना० [सं०] भव्य हुनाको भाव।

भषक–ना० [सं०] कुकुर।

भषण–ना० [सं०] कुकुर भुकेको शब्द।

भसक्क–क्रि० यो० [भुसुक्क] भुसुक्क।

भसभस–क्रि० यो० [नें०] १. डढ्ने किसिम। २. खुकुलो जमीन भस्कने किसिम; फसफस।

भसभसती–क्रि० यो० [भसभस+ती] भसभस।

भसभसी–क्रि० यो० [भसभस+ई] भसभसती।

भसरभूँड़ी–वि० [भसार] भसार।

भसाइ–ना० [भसाउ+आइ] भसाउने किसिम, क्रिया वा भाव।

भसाइ–ना० [भास्+आइ] भासिने किसिम, क्रिया वा भाव।

भसाइनु–स० क्रि० [भसाउ+इ+नु] जग्गा-जमीन खनेर गहिऱ्याइनु; ('भसाउनु'-को क० क्रि०)।

भसाउनु–स० क्रि० [भास्+आउ+नु] १. जग्गा जमीन-हरूको माटो फालेर गहिरो पार्नु; गहिऱ्याउनु; भास्नु। २. काठ आदि ठोकेर भुइँमा गाड्नु।

भसाभस–क्रि० यो० [भसभस] १. डढ्ने किसिम। २. धमाधम; सरासर।

भसार–वि० [सं० प्रसार] स्याहार-सम्भार गर्न नजान्ने; अलपत्रे।

भसारे–वि० [भसार+ए] भसार।

भसार्नी–वि० [भसार+नी] स्याहार-सम्भार गर्न नजान्ने; फोहोरी (स्त्री)।

भसित–वि० [सं०] १. भस्म भएको; भस्मीभूत। (ना०) २. खरानी; भस्म।

भस्कनु–अ० क्रि० [भास्] फुको वा फस्को जमीन भासिनु।

भस्काइ–ना० [भस्क+आइ] भस्कने किसिम, क्रिया वा भाव।

भस्काइ–ना० [भस्काउ+आइ] भस्काउने किसिम, क्रिया वा भाव।

भस्काइनु–स० क्रि० [भस्काउ+इ+नु] भत्काइनु; ('भस्काउनु'-को क० क्रि०)

भस्काउनु–स० क्रि० [भस्क+आउ+नु] १. भत्काउनु; भसाउनु। २. मास्नु; खूब खन्नु। ३. खूब काम गर्नु। ४. फुको वा फोस्रो जमीन थिचेर वा ठोकेर गहिऱ्याउनु वा भत्काउनु

भस्किनु–अ० क्रि० [भस्क+इ+नु] भस्कनु।

भस्त्रा–ना० [सं०] कामी, कौ आदिको आगो फुक्ने साधन; खलाँती।

भस्म–ना० [सं०] १. खरानी; बिभूत। २. विशेष तरीकाले रत्न, धातु, उपधातु आदि पोलेर बनाएको औषधि।

भस्मसात्–वि० [सं०] डढेर खरानी भएको; भस्मीभूत।

भस्माविशेष–वि० [सं०] डढेर खरानीको रूपमा मात्र बाँकी रहेको।

भस्मासुर–ना० [सं०] कसैको शिरमा हात राख्नेबित्तिकै भस्म गर्ने शक्ति शिवजीबाट प्राप्त गर्ने एक पुराण-प्रसिद्ध राक्षस।

भस्मीभूत–वि० [सं०] डढेर खरानी भएको; भस्म भएको; भस्मसात्।

भस्मे-ठुँड़ो–ना० [भस्म+ठुँड़ो] भस्मे-ठुटो।

भस्मे-ठुटो–ना० [भस्म+ठुटो] १. बलेर बाँकी रहेको ठुटो। २. साह्रै कालो मानिसलाई भनिने शब्द।

भस्योट–ना० [भासि+ओट] भासिने किसिमको जमीन; गाड़िने किसिमको जग्गा।

भा–ना० [सं०] १. चमक; दीप्ति। २. शोभा; कान्ति। ३. प्रतिच्छाया।

भाँग–ना० [सं० भङ्गा] भाङ्ग।

भाँचकुँच–ना० [भाँच्+कुच्च्याउ] बेसरी कुच्चाउने वा भाँच्ने काम; तोड्ने काम; भाँच-भुँच।

भाँच-भुँच–ना० [भाँच्+भुँच (फाँ०)] भाँचकुँच।

भाँचाभाँच–ना० [भाँच्+भाँच्] धमाधम भाँच्ने काम।

भाँचिनु–अ० क्रि० [भाँच्+इ+नु] टुट्नु; टुक्रिनु; ठुन्किनु।

भाँची–ना० [भाँजी] भाँजी।

CC-0. In Public Domain. Digitization by eGangotri

भाँचीकुँची–ना० [भाँचकुँच] भाँचकुँच।

भाँचो–ना० [पाँचौं] १. डन्डी-बियाको खेलमा पाँचको गणना। २. पाचौं गणनामा बियो हान्ने तरीका। ३. झटारो।

भाँच्नु–स० क्रि० [सं० भञ्ज्] १. तोड्नु। २. टुक्र्याउनु; ठुन्क्याउनु।

भाँजा–ना० [सं० भञ्जन] जन्तुहरूलाई थिचेर मार्नाका निमित बाटाको दायाँ-बायाँ राखिने काठका मूढ़ाहरूको साधन।

भाँजी–ना० [भाँजो] भाँजो।

भाँजो–ना० [सं० भञ्ज्] कुनै काममा बाधा पुऱ्याउने काम; भाँजी; विघ्न; बाधा।

भाँड़-भैलो–ना० [भाँड्+भेल+ओ] १. जथाभाबी काम-कुरो। २. फोहोर कुरो; अश्लील वचन। ३. भाँड्ने काम वा कुरो; भाँड़िउँ।

भाँड़ा-कुँड़ा–ना० [भाँड़ा+कुँड़ा (फाँ०)] भाँड़ाहरूको समुदाय; भाँड़ा-बर्तन; कसन-तसन।

भाँड़ा-बर्तन–ना० [भाँड़ा+बर्तन] भाँड़ा-कुँड़ा।

भाँड़िउँ–ना० [भाँड्+निहुँ] १. भाँड्ने काम वा कुरो; भाँड्ने निहुँ। २. जथाभावी काम वा कुरो; भाँड़-भैलो।

भाँड़िनु–अ० क्रि० [भाँड्+इ+नु] १. खराब कामं वा कुरामा लाग्नु; कुलतमा लाग्नु। २. बरालिनु; बिभिन्डिनु। ३. काम-कुरा आदि बिग्रनु।

भाँड़ो–ना० [सं० भाण्ड] १. वस्तुहरू राख्ने वा पकाउने धातु, माटा आदिको पात्र; बर्तन। २. पात्र।

भाँड्नु–स० क्रि० [प्रा० भण्डइ+नु] १. काम-कुरो बिगार्नु; बियोल्नु। २. खराब लतमा लगाउनु; बराल्नु। ३. भड्काउनु; बिभिन्ड्याउनु।

भाँड्यूँ–ना० [भाँडिउँ] भाँडिउँ।

भाँत–ना० [भाँति] भाँति।

भाँति–ना० [सं० भेद] १. किसिम; प्रकार; थरी। २. तरीका; पद्धति।

भाँति-भूखण्ड–ना० [भाँति+भू+खण्ड] सकेसम्मको प्रयत्न; यथाशक्य कोशिश।

भाइ–ना० [प्रा०] १. एउटै आमा-बाबुवाट जन्मेको आफूभन्दा कान्छो व्यक्ति (पुरुष); भ्राता। २. त्यस्तै नाता वा स्नेह भएको आफूभन्दा कान्छो व्यक्ति। ३. एउटै बाबुबाट जन्मेको आफूभन्दा कान्छो व्यक्ति (पुरुष)। ४ एउटै आमा-बाबु वा विभिन्न आमाहरूबाट आफ्नै बाबु द्वारा उत्पन्न जेठो वा कान्छो व्यक्ति (पुरुष)। ५. त्यस्तै आत्मीय व्यक्तिहरू।

भाइ-टीका–ना० [भाइ+टीका] भ्रातृ-द्वितीया। यस दिन दिदी-बहिनीले यमराजको पूजा गरी दाजु-भाइलाई टीका लगाइदिन्छन्।)

भाइ-नाइके–ना० [भाइ+नाइके] नाइकेपछिको अधिकारी व्यक्ति; सहायक नाइके।

भाइनु–अ० क्रि० [भाउ+इ+नु] मनमा कुनै कुरा वा विचार फुरिनु; ('भाउनु'-को भा० क्रि०)।

भाइ-बुहारी–ना० [भाइ+बुहारी] १. भाइकी पत्नी। २. भाइ र बुहारी।

भाइ-भारादार–ना० [भाइ+भारादार] राज-परिवारका व्यक्ति र उच्च कर्मचारी।

भाइस-चान्सलर–ना० [अं०] विश्व-विद्यालय, एकेडेमी आदि संस्थाका चान्सलरको नायबका रूपमा काम गर्ने व्यक्ति; उपकुल-पति।

भाइस-चेयर-मैन–ना० [अं०] चेयर-मैनको सहायक व्यक्ति; उपाध्यक्ष।

भाइस-प्रेसिडेन्ट–ना० [अं०] प्रेसिडेन्टको सहायक व्यक्ति; उपसभा-पति; उपाध्यक्ष।

भाइस-राय–ना० [अं० भाइस-रॅय] राजाको प्रतिनिधिका रूपमा कुनै उपनिवेशमा शासन गर्ने व्यक्ति।

भाउँटो–ना० [ने०] १. आपत्ति; कठिनाइ। २. झन्झट; टन्टा।

भाउ–ना० [फा० बहा] कुनै वस्तु खरीद-बिक्री गर्ने प्रचलित वा निश्चित मूल्य; मोल; दर।

भाउ–ना० [सं० भाव] १. नृत्य, गीत आदिमा आन्तरिक अभिप्राय वा विचार प्रकट गर्ने अङ्ग-प्रत्यङ्गको चेष्टा; नकल; हाउ-भाउ। २. आदर-सम्मान; मान-भाउ।

भाउचर–ना० [अं०] नगद रुपियाँ-पैसा कहीँ जिम्मा वा धरोट राख्दा त्यसको प्रमाणस्वरूप दिइने रसीद; रुपियाँ जम्मा गरेको वा दिएको प्रमाण-पत्र।

भाउज्यू–ना० [प्रा० भाउज्जा] दाज्यूकी पत्नी।

भाउनु–अ० क्रि० [सं० भा+नु] १. मनमा कुनै कुराको विचार आउनु; फुर्नु। २. भान हुनु; प्रतीति हुनु। ३. सुहाउनु; खुल्नु।

भाउन्न–ना० [सं० भ्रम] भोक, रोग, गरमी, कमजोरी आदिले लाग्ने रिङ्टा; भर्मन।

भाकभुक–ना० [ने०] १. हा-हो गरेर कुनै काम सिद्ध गर्नु। २. पिट-पाट; पाकपुक।

भाकल–ना० [भाक्+अल] इष्ट-सिद्धिका निमित्त देव-देवीको कुनै किसिमको पूजा गर्ने प्रतिज्ञा।

भाका–ना० [भाखा] भाखा।

भाका-पत्र–ना० [भाका+पत्र] भाखा-पत्र।

भाकिनु–स० क्रि० [भाक्+इ+नु] भाकल गरिनु; ('भाक्नु'-को क० क्रि०)।

भाक्नु–स० क्रि० [सं० भाष्+नु] १. इष्ट-सिद्धिका निमित्त कुनै देव-देवीलाई कुनै किसिमको पूजा गर्ने प्रतिज्ञा गर्नु; भाकल गर्नु। २. किरिया खानु; शपथ ग्रहण गर्नु।

भाखा–ना० [सं० भाष्] १. कुनै प्रतिज्ञा पूरा गर्ने म्याद; कबूल पूरा गर्ने अवधि। २. पढ़ाइ वा गीतको लय। ३. भाषा।

CC-0. In Public Domain. Digitization by eGangotri

भाखा-खावा–ना० [भाखा+खावा (फाँ०)] भाखा; म्याद।

भाखा-पत्र–ना० [भाखा+पत्र] निश्चित समयभित्र कुनै काम-कुरो पूरा गर्दछु भन्ने कबूलियत लेखिएको पत्र; भाका लेखिएको पत्र।

भाग–ना० [सं०] १. खण्ड; हिस्सा; अंश। २. तरफदारी; पक्ष। ३. भाग्य; प्रारब्ध। ४. गणितमा कुनै राशि वा सङ्ख्यालाई निर्धारित खण्डमा बाँड्ने क्रिया। ५. अवयव; अङ्ग; छेउ; प्रान्त।

भाग-धेय–ना० [सं०] १. भाग; हिस्सा। २. भाग्य; प्रारब्ध। ३. राज-कर; राजस्व। ४. उत्तराधिकारी।

भाग-फल–ना० [सं०] गणितमा भाजकले भाज्यलाई भाग गर्दा प्राप्त हुने पूर्ण अङ्क; लब्धि; भजन-फल।

भाग-बन्डा–ना० [भाग+बन्डा] अंश वा भाग लगाउने काम।

भाग-भाक्–वि० [सं०] हिस्सेदार; अंशियार।

भागवत–ना० [सं०] १. विशेष रूपमा श्री-कृष्ण चन्द्रका कथाहरू वर्णन गरिएको एक पुराण; अठार महापुराण-मध्ये एक। (वि०) २. भगवत्-सम्बन्धी। ३. विष्णु-सम्बन्धी। ४. विष्णु-भक्त। ५. दैवी।

भाग-शान्ति–क्रि० यो० [भाग+शान्ति] दामासाहीले पाए-बमोजिम; भाग-बन्डामा आएअनुसार।

भागहार–ना० [भाग] गणितमा भाग गर्ने एक क्रिया।

भागाभाग–ना० [भाग्+भाग्] सबका सब मानिसहरू यत्र-तत्र भाग्ने काम; धेरै मानिसहरू भाग्ने काम।

भागार्ह–वि० [सं०] १. भाग लाउन योग्य; भाज्य। २. हिस्सेदार; अंशियार।

भागिनु–अ० क्रि० [भाग्+इ+नु] पलायन गरिनु; ('भाग्नु'-को भा० क्रि०)।

भागिनेय–ना० [सं०] भानिज।

भागी–वि० [सं०] १. भाग पाउने; हिस्सेदार। २. भाग भएको; हिस्सा भएको। ३. भोग्ने; बेहोर्ने। (ना०) ४. हकदार; अधिकारी।

भागीरथी–ना० [सं०] गङ्गा।

भाग्गे–ना० [सं० भाग्य] भाग्य; तकदीर।

भाग्गे-जोग्गे–क्रि० यो० [भाग्य-जोग्य] भाग्य-जोग्य।

भाग्नु–अ० क्रि० [प्रा० भग्ग+नु] १. डराएर आफ्नो सुरक्षाका लागि कतै जानु; सुइँकुच्चा ठोक्नु; पलायन गर्नु। २. दौड्नु; दगुर्नु। ३. बेपत्ता हुनु।

भाग्य–ना० [सं०] मनुष्यलाई सुख वा दुःखको भागी गराउने पूर्व-निश्चित दैवी विधान; प्रारब्ध; किस्मत; तकदीर।

भाग्य-जोग्य–क्रि० यो० [सं० भाग्य+योग] भाग्यअनुसार; तकदीरबमोजिम।

भाग्यमानी–वि० [सं० भाग्यवान्] सौभाग्य भएको; भाग्य-वान्; भाग्य-शाली।

भाग्य-रेखा–ना० [सं०] १. सामुद्रिक शास्त्रअनुसार हत्के-लामा मणि-बन्धदेखि औंलातिर गएको विशेष रेखा; भाग्य सूचित गर्ने ठाड़ो रेखा। २. सञ्चित शुभाशुभ कर्मको फल-भोग; भाग्य-लेखा; विधिको लेखा।

भाग्य-लेखा–ना० [भाग्य+लेखा] भाग्यमा रहेको कुरो; प्रारब्धमा रहेको शुभ वा अशुभ परिणाम।

भाग्यवती–वि० [सं०] उत्तम भाग्य भएकी (स्त्री)।

भाग्य-वश–क्रि० यो० [सं० भाग्य-वशात्] भाग्य-वशात्।

भाग्य-वशात्–क्रि० यो० [सं०] भाग्यले; प्रारब्धअनुसार; भाग्य-वश; दैवात्।

भाग्यवाद–ना० [सं०] भाग्यअनुसार नै मानिसले सुख वा दुःख भोग्नुपर्दछ भन्ने सिद्धान्त।

भाग्यवादी–वि० [सं०] भाग्यवादमा विश्वास गर्ने; भाग्यमा निर्भर रहने।

भाग्यवान्–वि० [सं०] भाग्यमानी; भाग्य-शाली।

भाग्य-विधाता–वि० [सं०] १. भाग्य निर्माण गर्ने; प्रारब्धका निर्माता। २. कसैको सुख-दुःखको कारणभूत व्यक्ति।

भाग्य-विपर्यय–ना० [सं०] भाग्य विपरीत हुनु; किस्मत खराब हुनु।

भाग्य-विप्लव–ना० [सं०] दुर्भाग्य; अभाग।

भाग्य-शाली–वि० [सं०] भाग्यवान्; भाग्यमानी।

भाग्य-सम्पद्–ना० [सं०] सौभाग्य।

भाग्य-हीन–वि० [सं०] १. अभागी; खराब भाग्य भएको। २. दुःखी।

भाग्याधीन–वि० [सं०] भाग्यको अधीनमा रहेको; भाग्यकै भरोसामा रहेको।

भाग्योदय–ना० [सं०] १. सौभाग्य खुल्नु; सौभाग्य आउनु। २. भाग्य-वश उन्नति हुँदै जानु।

भाङ–ना० [सं० भङ्गा] १. खाएमा नशा लाग्ने, गाँजाका जातको एक बोट। २. त्यसैको पात पिँधेर बनाइएको पेय पदार्थ; घोट्टा; भाँग।

भाङभुङ–ना० [सं० भङ्ग] १. माल-मत्ता बिगार्ने काम; तोड़-फोड़। २. पीट-पाट; पाकपुक। (वि०) ३. भता-भुङ्ग; बरबाद।

भाङभुङे–वि० [भाङभुङ+ए] १. भाङभुङ गर्ने स्वभावको। २. भाङभुङ पार्ने।

भाङ-भुजो–ना० [भाङ्ग्रो+भुजा] बाँकी केही नरहनु; पूर्ण समाप्ति; निश्शेष हुनु।

भाङ्ग्रे-सिस्नु–ना० [भाङ्ग्रो+सिस्नु] पाटबाट भाङ्ग्रो बनाइने एक जातको सिस्नु; अल्लो।

भाङ्ग्रो–ना० [सं० भाङ्गक] पाटको एक प्रकारको खस्रो कपड़ा; टाट।

भाङ्जो–ना० [भाँजी] १. भाँजी; बाधा; विघ्न। २. अल्झो; झमेला।

भाजक–ना० [सं०] १. गणितमा कुनै राशिलाई भाग गर्ने अङ्क। (वि०) २. भाग लगाउने; विभाजक।

भाजन–ना० [सं०] १. भाग लगाउने काम; बाँड्ने काम।

CC-0. In Public Domain. Digitization by eGangotri

२. भाँडो; पात्र। ३. योग्य व्यक्ति; अधिकारी व्यक्ति। ४. फोर्नु।

भाजित–वि० [सं०] भाग लगाइएको; विभक्त।

भाज्य–वि० [सं०] १. भाग लाउन योग्य; विभाज्य। (ना०) २. गणितमा भाजक अङ्कद्वारा भाग लिइने अङ्क।

भाट–ना० [सं० भट्ट] १. तीन लिङ्ग वा सोभन्दा बढ़ीका जैसी जातले त्यस्तै जैसी वा खसकी छोरी विवाह गरी पैदा भएको सन्तान। २. राजा-महाराजा वा बडादमीहरूको स्तुति-गान गर्ने एक जाति। ३. ब्राह्मण-जातिले संन्यासी-जातकी स्त्रीबाट जन्माएको सन्तान।

भाटक–ना० [सं०] भाड़ा; बहाल।

भाटभुट–ना० [(फाँ०) भाट+भुट्] थोर-बहुत भुट्नु; भुटभाट।

भाटा–ना० [?] घट्तै गएको समुद्रको तरङ्ग।

भाटी–ना० [भट्टी] १. कटकटिएको मैल बफाएर खुकुलो पार्नका निमित्त पकाउने भाँड़ो वा अगेनु। २. मसलाहरू हाली पकाएर कपड़ा धुने एक तरीका।

भाटो–ना० [ने०] घर छाउने, वार बार्ने आदि कामको बाँस वा काठको लामो र झीनो साटो।

भाड़ा–ना० [सं० भाटक] कुनै वस्तुको उपयोग गर्दा दिइने निश्चित धन; बहाल; किराया; महसूल।

भाड़ावाल–वि० [भाड़ा+वाल] भाड़ामा दिइने; भाड़ा लिएर उपभोग गर्न दिइने; किरायामा दिइने।

भाण–ना० [सं०] एउटै मात्र अंङ्क हुने र हास्य-रस प्रधान हुने, दृश्य-काव्यको एक भेद।

भाण्ड–ना० [सं०] १. भाँड़ो; बर्तन। २. व्यापारको माल; बिक्रीको वस्तु।

भाण्डागार–ना० [सं०] भण्डार; गोदाम; ढुकुटी।

भाण्डागारिक–ना० [सं०] भण्डारी।

भाण्डार–ना० [सं०] भण्डार।

भाण्डारिक–ना० [सं०] भण्डारी।

भाण्डारी–ना० [सं०] भण्डारी।

भाण्डीर–ना० [सं०] बरको बोट।

भात–ना० [प्रा० भत्त] १. चामल पकाएको खाद्य पदार्थ; भुजा। २. बिहान र बलुका खाइने नियमित खाना।

भात-मारा–वि० [भात+मारा] १. बिनाकाम अर्काका घरमा गई खाएर बस्ने। २. भात खानका निमित्तमात्र अर्काका घरमा जाने; भाते।

भाति–ना० [सं०] १. प्रकाश; चमक; दीप्ति। २. ज्ञान।

भाती–ना० [सं० भस्त्रा] खलाँती।

भाते–वि० [भात+ए] १. भातमात्र खान पाउने र तलब नपाउने गरी नोकरी गर्ने; भतुवा। २. कुनै इलम नगरी बसी-बसी खाने; भात-मारा।

भाते-बेथु–ना० [भात+बेथु] ठूलो एक जातको बेथे साग।

भादगाउँ–ना० [सं० भक्त+ग्राम] भक्तपुर।

भाद्र–ना० [सं०] भदौ महीना।

भाद्रपद–ना० [सं०] भाद्र महीना; भदौ।

भाद्रपदा–ना० [सं०] पूर्वा-भाद्रपदा र उत्तर-भाद्रपदा नक्षत्र।

भाद्रपदी–ना० [सं०] भाद्र महीनाको पूर्णिमा।

भान–ना० [सं०] १. कुनै प्रामाणिक आधार नभएको ज्ञान; प्रतीति; आभास। २. भ्रमपूर्ण धारणा; भ्रम। ३. प्रकाश; उज्यालो; दीप्ति।

भानिज–ना० [भान्जो] भान्जो।

भानिज-जेठाज्यू–ना० [भानिज+जेठाज्यू] पतिका भानिज-दाज्यु; फुपू-सासूको छोरो; भान्जेठाज्यू।

भानिज-दाइ–ना० [भानिज+दाइ] आफूभन्दा बढ़ी उमेरको फुपूको छोरो; भान्दाइ।

भानिज-दाज्यू–ना० [भानिज+दाज्यू] भानिज-दाइ।

भानिज-बाबु–ना० [भानिज+बाबु] बाबुकी फुपूका छोराहरू।

भानिज-भाइ–ना० [भानिज+भाइ] आफूभन्दा कम उमेरको फुपूको छोरो।

भानु–ना० [सं०] १. सूर्य; रवि। २. किरण; प्रकाश। ३. राजा।

भानुभक्त–ना० [सं०] रामायण, प्रश्नोत्तर-माला, भक्त-माला, वधू-शिक्षा आदिका लेखक नेपालका आदि-कवि। (यिनको समय संवत् १८७५-१९२६-भित्र पर्दछ।)

भानेमुङ्ग्रो–ना० [ने०] डँड़ाल्नु, टाउको र पुच्छरमाथि पखेटाजस्तो हुने, छेपारोजस्तो एक जन्तु।

भान्छा–ना० [भान्सा] भान्सा।

भान्छे–ना० [भान्से] भान्से।

भान्जी–ना० [भान्जो+ई] १. दिदी वा बहिनीकी छोरी। २. नन्द वा आमाज्यूकी छोरी।

भान्जी-दिदी–ना० [भान्जी+दिदी] फुपूकी, आफूभन्दा जेठी छोरी।

भान्जी-बहिनी–ना० [भान्जी+बहिनी] फुपूकी, आफूभन्दा कान्छी छोरी।

भान्जी-बुहारी–ना० [भान्जी+बुहारी] भानिजकी पत्नी; दिदी वा बहिनीकी बुहारी।

भान्जी-भाउज्यू–ना० [भान्जी+भाउज्यू] भानिज-दाइकी पत्नी; फुपूकी बुहारी।

भान्जे-जुवाइँ–ना० [भान्जी+जुवाइँ] भान्जीको पति।

भान्जेठाज्यू–ना० [भानिज+जेठाज्यू] भानिज-जेठाज्यू।

भान्जो–ना० [प्रा० भाणेज्जो] १. दिदी वा बहिनीको छोरो। २. नन्द वा आमाज्यूको छोरो; भानिज।

भान्डभैल–ना० [प्रा० भाण्डइ] उपद्रव; भाँड़-भैलो।

भान्दाइ–ना० [भानिज-दाइ] भानिज-दाइ।

भान्सा–ना० [सं० महानस] खानेकुरो आदि पकाउने ठाउँ; चूलाका वर-परको ठाउँ; भान्छा।

भान्सा-घर–ना० [भान्सा+घर] भात आदि पकाउने घर वा कोठो।

भान्से–ना० [भान्सा+ए] भान्साको काम गर्ने व्यक्ति;

CC-0. In Public Domain. Digitization by eGangotri

खानेकुरो आदि पकाउने मानिस; भान्छे।

भाप-ना० [सं० बाष्प] बाफ; बाष्प।

भाफ-ना० [भाप] भाप।

भाबर-ना० [सं० वप्र] १. पहाड़का फेदीको अति गर्मी र औलो लाग्ने ठाउँ। २. उखरमाउलो गर्मी। ३. जीउभरि उठेका खटिरा वा रक्त-विकारका टाटा।

भाभर-ना० [भाबर] भाबर।

भामक-ना० [सं०] भिनाजु।

भामा-ना० [सं०] रिसाही स्त्री; क्रोधी स्त्री।

भाम्टो-ना० [भाउँटो] १. उत्पात; उपद्रव; भाम्लो। २. २. झन्झट; झमेला।

भाम्लो-ना० [भाम्टो] भाम्टो।

भार-ना० [सं०] १. बोझ; भारी। २. कामको जिम्मेदारी; अभिभारा। ३. पेरुङ्गामा माछा, पालुङ्गाको साग आदि हाली उखुमा बाँधेको, विवाह, व्रत-बन्ध आदिको माङ्गलिक वस्तुको भारी। ४. दाउरा सुकाउनाका निम्ति अगेनुमाथि दाउरा राख्न बनाएको टाँड़।

भारङ्गी-ना० [सं०] भूवादार नरम महुवाका जस्ता पात र सेता फूल हुने एक जातको बोट। (आयुर्वेदीय औषधिमा यसको प्रयोग हुन्छ।)

भार-जीवी-ना० [सं०] भरिया; भार-वाहक; अर्काको भारी बोकेर पेट पाल्ने व्यक्ति।

भारण्ड-ना० [सं०] दुइटा टाउका हुने, समुद्रका तटमा हुने भनी प्रसिद्ध एक काल्पनिक पक्षी।

भारत-ना० [सं०] १. भारत-वर्ष। २. महाभारत ग्रन्थ। ३. भरतको वंशमा उत्पन्न व्यक्ति। ४. कठिनाइ; मुश्किल।

भारत-ना० [सं० भारीट] भँगेरोजस्तो एक जातको चरो।

भारत-वर्ष-ना० [सं०] जम्बू-द्वीपका नौ वर्षहरूमध्ये एक; आर्यावर्त।

भारतवर्षीय-वि० [सं०] भारत-वर्ष-सम्बन्धी; भारतीय।

भारती-ना० [सं०] १. भाषा; वाणी। २. सरस्वती। ३. नाटकका चार वृत्तिमध्ये एक। ४. ब्राह्मी बूटी। ५. संन्यासीका दश भेदमध्ये एक।

भारतीय-वि० [सं०] १. भारत-सम्बन्धी; भारतको। (ना०) २. भारतको निवासी।

भारदार-ना० [भारादार] भारादार।

भारद्वाज-ना० [सं०] १. भरद्वाज ऋषिको वंश। २. ब्राह्मण, क्षत्रिय आदि जातिको एक गोत्र। ३. भद्राई चरो।

भार-वाहक-ना० [सं०] १. भरिया; कुल्ली। २. भारी बोक्ने।

भारा-ना० [सं० भार] १. उपकारको ऋण; कृतज्ञता। २. भारी; बोझ। ३. अभिभारा; जिम्मेदारी।

भारादार-ना० [सं० भार+दार (फा०)] राज-सभाको सदस्य; उच्च राज-कर्मचारी।

भारादारी-ना० [भारादार+ई] १. भारादारहरूको सभा; विशेष कुराको परामर्श गर्न बसेको उच्च राज-कर्मचारीहरूको बैठक। २. उच्च राज-कर्मचारीहरूका बीचको छलफल। ३. राणा-कालमा बनेको एक उच्च न्यायालय। (वि०) ४. भारादार-सम्बन्धी; भारादारको। ५. भारदारलाई सुहाउने; भारदारको लायक।

भारी-ना० [सं० भार] १. एक जना मानिसले बोक्ने बोझ; भार; बोझा। (वि०) २. गह्रुँगो; वजनदार। ३. ज्यादै ठूलो; महान्। ४. धेरै; अधिक।

भारीट-ना० [सं०] भँगेरोजस्तो एक जातको चरो।

भारुण्ड-ना० [सं०] एक जातको पक्षी; भारण्ड।

भारेभुरे-वि० [ने०] १. साधारण; सामान्य (मानिस)। २. निम्न कोटिको; तल्लो श्रेणीको। ३. चानचुने।

भार्गव-ना० [सं०] १. भृगुको वंशमा उत्पन्न व्यक्ति। २. शुक्राचार्य। ३. परशुराम।

भार्गी-ना० [सं०] चिन्डे वृक्ष।

भार्या-ना० [सं०] विवाहिता स्त्री; स्वास्नी; पत्नी।

भार्रभुर्र-क्रि० यो० [अनु०] चरा-चुरुङ्गीहरू उड्ने वा उड्दा शब्द आउने किसिम।

भाल-ना० [सं०] १. निधार; ललाट; माथ। २. प्रकाश; तेज। ४. अन्धकार।

भाल-चन्द्र-ना० [सं०] शिव।

भाल-लोचन-ना० [सं०] शिव।

भाला-ना० [सं० भल्ल] बाणको जस्तो टुप्पो र लामो बीँड़ हुने, घोच्ने एक प्रकारको शस्त्र; बर्छा।

भालुक-ना० [सं०] भालू।

भालू-ना० [सं० भालुक] लामा-लामा झ्याप्ले रौँ हुने एक जातको हिंसक वन्य जन्तु।

भालू-आँखो-ना० [भालू+आँखो] बाँस, निगालो आदिको हाँगा निस्कनेपट्टिको आँख्लाको भाग।

भालू-काठ-ना० [भालू-कोठे] भालू-कोठे।

भालू-कोठे-ना० [?] आठदेखि बीस इन्चीसम्म लामा र चारदेखि नौ इन्चीसम्म चौड़ा पात हुने, सेता फूल फुल्ने, चार-छ इन्ची ठूला फल फल्ने, महाभारत, पर्वत-मालामा उत्पन्न हुने ठूलो एक जातको सदा-बहार वृक्ष।

भालू-गाँड़े-ना० [भालू+गाँड़+ए] भालू-गान्टे।

भालू-गान्टे-ना० [भालू+गान्टो+ए] १. लाम्चा पात हुने, भित्र कदम्बको जस्तो बीज हुने, नासपातीका जस्ता ठूला-ठूला फल फल्ने एक जातको बोट। २. त्यसैको फल; भालू-गाँड़े। (यसका बीजको तेल औषधिको काममा प्रयोग गरिन्छ। यो अति विषालु हुन्छ।)

भालू-थुने-वि० [भालू+थुन+ए] ठूला-ठूला थुन भएकी; कल्चौंड़े।

भालू-बिख-ना० [भालू+बिख] एक जातको विषालु बोट।

भाले-ना० [सं० भद्र] १. पुरुष-जातिको प्राणी; मर्द जीव। २. विजयी व्यक्ति; सफल व्यक्ति। (वि०) ३. पुरुष-जातिको (पशु, पक्षी आदि)।

CC-0. In Public Domain. Digitization by eGangotri

भाले-टिमुर–ना० [भाले+टिमुर] गेड़ा नफल्ने एक जातको टिमुरको बोट।

भाले-पोथी–ना० [भाले+पोथी] १. भाले र पोथी। २. एकै पदार्थका दुइ अवयव भएर एउटामा भएको छिद्रमा अर्कोको उठेको कुनै अवयव पसी लाग्ने कुनै पदार्थ (टाँक, ढिक्री आदि)।

भालेसुन–ना० [भाले+सुन] लोतीमा लाउने लाम्चो र चुच्चो परेको सुनको एक प्रकारको गहना।

भाल्लुक–ना० [सं०] भालू।

भाल्लूक–ना० [सं] भालू।

भाव–ना० [सं०] १. हुनु; सत्ता; अस्तित्व। २. मनमा उत्पन्न हुने विचार; खयाल। ३. अभिप्राय; तात्पर्य; मतलब। ४. ईश्वर वा देवतामा हुने श्रद्धा; भावना; आस्था। ५. कसैलाई देखेर वा त्यससम्बन्धका कुराहरू सम्झँदा हुने मनोविकार। ६. हाउ-भाउ; चेष्टा। (यसका तीन भेद छन्–स्थायी, व्यभिचारी र सात्त्विक)। ७. सङ्गीत, नृत्य, नाटक आदिमा विषयको अभिप्राय व्यक्त गर्नाका निमित्त स्वर, नेत्र, मुख आदिको आकार परिवर्तन गर्नु।

भावक–वि० [सं०] १. भावले युक्त। २. रसज्ञ। (ना०) ३. भाव; भावना। ४. साहित्य, कला आदिको मर्म बुझी त्यसको व्याख्या गर्न सक्ने व्यक्ति।

भाव-गम्य–वि० [सं०] मनले जान्न योग्य; बुझ्न सकिने।

भावन–ना० [सं०] १. निमित्त कारण। २. सृष्टि-कर्ता। (वि०) ३. उत्पादक। ४. प्रभाव पार्ने।

भावना–ना० [सं०] १. अनुभव र स्मृतिबाट उत्पन्न हुने मनोविकार; भाव। २. ध्यान; चिन्तन। ३. कल्पना। विचार। ४. कुनै काम गर्ने विचार; खयाल। ५. श्रद्धा; आस्था। ६. प्रेम; अनुराग। ७. कुनै तरल पदार्थको सुगन्ध र गुण आउने गरी कुनै शुष्क पदार्थ तरल पदार्थमा मिलाई खलमा घोट्नु।

भावनात्मक–वि० [सं] भावना-युक्त; भावनामय।

भावनामय–वि० [सं०] भावनाले युक्त।

भाव-प्रधान–वि० [सं०] भावको प्रधानता भएको; प्रधान-रूपमा भाव रहेको।

भाव-बोधक–वि० [सं०] भाव बुझाउने वा प्रकट गर्ने।

भाव-भक्ति–ना० [सं०] १. ईश्वर वा देवताप्रतिको आस्था र भक्ति; श्रद्धा-भक्ति; भक्ति-भाव। २. आदर-सत्कार।

भाव-भङ्गी–ना० [सं०] १. मनको भाव व्यक्त गर्ने शरीरको चेष्टा वा मुद्रा। २. भावको अभिव्यक्ति।

भाव-वाचक–वि० [सं०] व्याकरणमा कुनै कुरोको भाव, धर्म, गुण आदिको बोध गराउने (संज्ञा, क्रिया आदि)।

भाव-वाच्य–वि० [सं०] व्याकरणमा, वाक्यको उद्देश्य, कर्ता वा कर्म नभई भाव हुने (क्रियाको रूप)।

भाव-व्यञ्जक–वि० [सं०] भाव-बोधक।

भाव-शबलता–ना० [सं०] धेरै भावहरुको एकसाथ वर्णन गर्दा पर्ने एक काव्यालङ्कार।

भाव-शान्ति–ना० [सं०] मनमा नयाँ र विरोधी भाव उत्पन्न हुँदा पहिलेको भाव शान्त हुने एक काव्यालङ्कार।

भाव-शुद्धि–ना० [सं०] मानसिक शुद्ध भावना; सद्भावना।

भाव-शून्य–वि० [सं०] कुनै भाव वा कामना नभएको; अनासक्त।

भावाभास–ना० [सं०] १. बनावटी भाव; कल्पित भाव। २. साहित्यमा अनुपयुक्त स्थानमा भाव देखाउनु।

भावार्थ–ना० [सं०] शब्दपिच्छेको अर्थ लगाउन छोड़ेर सम्पूर्ण वाक्यको आशयमात्र प्रकट गरिएको अर्थ; तात्पर्य-मात्र बुझाउने अर्थ।

भाविक–वि० [सं०] १. प्राकृतिक; स्वाभाविक। २. मर्मज्ञ; भावक। ३. भावनात्मक। (ना०) ४. भूत वा भविष्यत्-कालको घटनालाई वर्तमान कालको घटनाजस्तै वर्णन गर्दा पर्ने एक अर्थालङ्कार।

भावित–वि० [सं०] १. सोच-विचार गरिएको; चिन्तित। २. मिलाइएको; मिश्रित। ३. शुद्ध गरिएको; शोधित। ४. कुनै रसको भावना दिइएको; पुट दिइएको। ५. सुगन्धित।

भावी–ना० [सं०] १. भविष्यत्-काल; आउँदो समय। २. पछि हुने कुरो; हुने-हुनामी; भवितव्यता। ३. भाग्य; तकदीर। (वि०) ४. पछि हुने; भविष्यमा हुने।

भावुक–वि० [सं०] १. मनमा कोमल भाव सहजसित सञ्चार हुने; कोमल भावको शीघ्र असर पर्ने; कोमल-चित्त। २. सहृदय; रसज्ञ। ३. असल भावना लिने; उत्तम कुराको सोच-विचार गर्ने।

भावुकता–ना० [सं०] भावुक हुनाको भाव।

भावोदय–ना० [सं०] एक भावको शान्ति र अर्को भावको चमत्कारपूर्ण उदय भएको वर्णन गर्दा पर्ने एक काव्यालङ्कार।

भावोद्दीपक–वि० [सं०] भावहरूलाई उत्तेजित गर्ने।

भाव्य–वि० [सं०] १. पछि हुने; भावी। २. भावना गर्न योग्य; विचारणीय।

भाषक–वि० [सं०] बोल्ने; कहने; बताउने।

भाषण–ना० [सं०] १. कुराकानी; बात-चीत। २. धेरै मानिसका बीचमा विस्तारपूर्वक गरिने कुनै विषयको कथन; व्याख्यान; वक्तव्य; लेक्चर।

भाषण-स्वतन्त्रता–ना० [सं०] ऐन-कानूनभित्र रही राज-नीतिक, सामाजिक, धार्मिक विषयहरूमा सर्व-साधारणका अगाड़ि आफ्नो मत प्रकट गर्न सरकारबाट प्राप्त हुने स्वतन्त्रता; वाक्-स्वतन्त्रता।

भाषा–ना० [सं०] १. मनको विचार अरू व्यक्तिमा प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह; भाव वा आशय प्रकट गर्ने सार्थक ध्वनि-समूह; वाणी। २. कुनै देशका निवासीहरूले बोल-चाल गर्ने साहित्य-युक्त प्रचलित शब्दावली। ३. व्यक्तिविशेषको लेख्ने र बोल्ने ढङ्ग; शैली। ४. परिभाषा। ५. सरस्वती।

CC-0. In Public Domain. Digitization by eGangotri

भाषा-तत्त्व–ना० [सं०] भाषा-विज्ञान ।

भाषान्तर–ना० [सं०] एक भाषाबाट अर्को भाषामा गरिएको अनुवाद; उल्था ।

भाषा-विज्ञान–ना० [सं०] भाषाको उत्पत्ति, विकास र पारस्परिक सम्बन्धको विवेचना गर्ने विज्ञान; भाषा-शास्त्र ।

भाषा-विद्–वि० [सं०] भाषा-विशेषज्ञ ।

भाषा-विशेषज्ञ–वि० [सं०] १. विभिन्न भाषाहरूको ज्ञाता; भाषा-विद् । २. भाषाको उत्पत्ति, विकास र त्यसका प्रवृत्तिहरूको विशेष ज्ञाता ।

भाषा-शास्त्र–ना० [सं०] भाषा-विज्ञान ।

भाषा-सम–ना० [सं०] एउटै वाक्यमा एकै अर्थ बुझाउने विभिन्न भाषाका शब्दहरूको योजना गर्दा हुने एक अर्थालङ्कार ।

भाषिक–वि० [सं०] भाषा-सम्बन्धी ।

भाषित–वि० [सं०] १. भनिएको; कथित; उक्त । (ना०) २. कथन; बोली ।

भाषी–वि० [सं०] बोल्ने; वक्ता ।

भाष्य–ना० [सं०] १. सूत्र वा मूल ग्रन्थको व्याख्या; विवृत्ति । २. व्याख्या; टीका । (वि०) ३. बोल्न योग्य; कहन योग्य ।

भाष्यकार–ना० [सं०] भाष्य लेख्ने व्यक्ति; टीकाकार ।

भास्–ना० [सं०] १. चमक; दीप्ति । २. किरण; प्रकाश । ३. आभास । ४. प्रतिबिम्ब । ५. इच्छा ।

भास–ना० [सं० भाषा] भाषा ।

भास–ना० [सं० भ्रंश्] १. भासिने फुको वा खुकुलो ठाउँ; गाड़िने ठाउँ । २. धाप; दलदल । ३. सिम; सिमसार ।

भास–ना० [सं०] १. चमक; दीप्ति । २. किरण । ३. इच्छा । ४. सेतो एक जातको गिद्ध पक्षी । ५. कालिदासभन्दा पहिले भएका एक प्रसिद्ध संस्कृत नाटक-कार । (यिनैले 'स्वप्नवासवदत्ता' नामक नाटक लेखेका हुन् ।)

भास-भूस–ना० [भस्म+भूस] १. कुनै काम-कुरो त्यसै विलाएर वा हराएर जाने किसिम; फास-फुस । २. एकदम निम्ने किसिम ।

भासमान–वि० [सं०] १. थाहा पाइएको । २. देखिइएको । (ना०) ३. सूर्य ।

भासित–वि० [सं०] १. चम्किलो; प्रकाशमान । २. विचार वा कल्पनामा फुरेको ।

भासिनु–अ० क्रि० [भास्+इ+नु] १. जग्गा-जमीनहरू गाड़िनु । २. धाप, हिलो आदिमा डुब्नु; गड्नु । ३. उँधो लाग्नु; पतन हुनु । ४. भास्ने होइनु; ('भास्नु'-को भा० क्रि०) ।

भासुर–वि० [सं०] १. चम्किलो; दीप्तिमान् । २. भयङ्कर; भयानक । (ना०) ३. शूर; वीर

भासे-भूसे–वि० [भास-भूस+ए] भारेभुरे; चानचुने ।

भास्कर–ना० [सं०] १. सूर्य । २. अग्नि । ३. वीर । ४. सुवर्ण । ५. आँकको बोट । ६. महादेव । ७. ज्योतिषका एक प्रसिद्ध आचार्य । (यी ईसवी बाह्रौं शताब्दीमा भएका थिए । यिनले लेखेका 'सिद्धान्त-शिरोमणि' आदि अनेक ग्रन्थ प्रसिद्ध छन् ।)

भास्कर्य–ना० [सं०] धातु, पत्थर आदिको मूर्ति बनाउने कला ।

भास्नु–अ० क्रि० [सं० भास्+नु] १. मनमा उब्जनु; स्फुरण हुनु । २. बोध हुनु; ज्ञान हुनु । ३. भान हुनु; प्रतीत हुनु ।

भास्नु–स० क्रि० [सं० भ्रंश्+नु] जग्गा-जमीनको माटो झिकी गहिऱ्याउनु; खाल्टो पार्नु ।

भास्वत्–वि० [सं०] १. चहकिलो; दीप्तिमान् । (ना०) २. सूर्य । ३. वीर । ४. दीप्ति ।

भास्वर–वि० [सं०] १. चहकिलो; दीप्तिमान् । (ना०) २. सूर्य । ३. दिन ।

भिँगुमा–ना० [ने०] एक जातको चरो ।

भिँड़ा–ना० [भण्टा] भण्टा ।

भिँड़ी–ना० [सं० भिण्डी] १. राम-तोरियाँ । २. सानो एक जातको भण्टा ।

भिँड़े-खुर्सानी–ना० [भिँड़ा+खुर्सानी] डल्लो र ठूलो एक जातको खुर्सानी; भ्याण्टे-खुर्सानी ।

भिउँट–ना० [नेवा० भेगऽ] बाटाका आकारको माटाको भाँड़ो; भ्यूँट ।

भिउँटे–वि० [भिउँट+ए] भिउँटजस्तो ठूलो; भिउँटका अकारको; भ्यूँटे (गाला, अनुहार) ।

भिक्षण–ना० [सं०] भिक्षा माग्ने काम; भीख माग्नु ।

भिक्षा–ना० [सं०] १. माग्ने काम; याचना । २. माग्नेलाई दिइने अन्न, द्रव्य आदि; भीख ।

भिक्षा-करण–ना० [सं०] भिक्षा माग्ने काम ।

भिक्षा-चर–ना० [सं०] भिखारी; भिक्षुक ।

भिक्षा-चर्या–ना० [सं०] भीख माग्ने काम; भिक्षा-वृत्ति ।

भिक्षा-जीवी–वि० [सं०] भिक्षा मागेर जीविका गर्ने; मगन्ते ।

भिक्षाटन–ना० [सं०] भीख माग्न घुम्नु; भिक्षा माग्दै हिँड्नु ।

भिक्षान्न–ना० [सं०] १. भिक्षा मागेर पाएको अन्न । २. भिक्षा दिन राखिएको अन्न ।

भिक्षा-पात्र–ना० [सं०] १. भिक्षा माग्ने भाँड़ो; खप्पर । (वि०) २. भिक्षा माग्न योग्य व्यक्ति; भिक्षाको अधिकारी ।

भिक्षा-भाजन–ना० [सं०] भिक्षा-पात्र; भिक्षा-भाण्ड ।

भिक्षा-भाण्ड–ना० [सं०] भिक्षा माग्ने भाँड़ो; भिक्षा-पात्र ।

भिक्षा-भुक्–वि० [सं०] भिक्षा-जीवी ।

भिक्षार्थी–वि० [सं०] भिखारी; भिक्षुक ।

भिक्षार्ह–वि० [सं०] भीख दिन योग्य; भिक्षा-पात्र ।

भिक्षा-वृत्ति–ना० [सं०] भिक्षा मागेर गरिने निर्वाह; भीखबाट गरिने जीविका ।

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षाशी–वि० [सं०] भिक्षा-जीवी।

भिक्षु–ना० [सं०] १. भिक्षा माग्ने व्यक्ति; भिक्षुक। २. बौद्ध संन्यासी। ३. संन्यासी।

भिक्षुक–ना० [सं०] १. संन्यासी; साधु; जोगी। (वि०) २. भिक्षा माग्ने; भिखारी। ३. गरीब; निर्धन।

भिक्षु-चर्या–ना० [सं०] १. भिक्षुकको जीवन; भिक्षा-वृत्ति। २. भिक्षुले पालन गर्नुपर्ने आचरण।

भिक्षुणी–ना० [सं०] संन्यास धर्म ग्रहण गरेकी स्त्री; स्त्री-भिक्षु।

भिक्षु-सङ्घ–ना० [सं०] १. भिक्षुकहरूको सङ्घ। २. बौद्ध भिक्षुहरूको सङ्घ।

भिक्षु-सङ्घाती–ना० [सं०] भिक्षुहरूले लाउने कपड़ा; चीवर।

भिखारी–वि० [भीख+आहारी] १. भीख माग्न; भीख-मङ्गा; भिक्षुक। २. गरीब; निर्धन।

भिजाइ–ना० [भिज्+आइ] भिज्ने किसिम, क्रिया वा भाव।

भिजाइ–ना० [भिजाउ+आइ] भिजाउने किसिम, क्रिया वा भाव।

भिजाइनु–स० क्रि० [भिजाउ+इ+नु] पानी आदि तरल पदार्थले तर गराइनु; ('भिजाउनु'-को क० क्रि०)।

भिजाउनु–स० क्रि० [भिज्+आउ+नु] १. पानी आदि तरल पदार्थले तर गराउनु; निथ्रुक्क पार्नु; रुझाउनु। २. अन्न-हरू पानीमा राखेर फुलाउनु; ढड़याउनु; ('भिज्नु'-को प्रे० क्रि०)।

भिजिटिङ्ग-कार्ड–ना० [अं०] आफ्नो परिचय दिनाका निमित्त अरूलाई दिइने आफ्नो नाम, दर्जा, ठेगाना आदि लेखिएको सानो एक किसिमको पत्र।

भिजिनु–अ० क्रि० [भिज्+इ+नु] तरल पदार्थले तर होइनु; ('भिज्नु'-को भा० क्रि०)।

भिज्नु–अ० क्रि० [सं० अभिमज्ज+नु] १. कुनै तरल पदार्थले तर हुनु; रुझ्नु; निथ्रुक्क हुनु। २. अन्न आदि पानीमा परेर फुल्नु; ढाड़िनु। ३. कुनै काममा तन्मय हुनु; दत्त-चित्त हुनु।

भिटामिन–ना० [अं०] खाद्योज।

भिटो–ना० [अं०] विशेषाधिकार।

भिटो–ना० [भित्तो] खेतमा लगाइने माटाको डील; चपरीको पर्खाल।

भिड़न्त–ना० [भिड्+अन्त] भिड्ने काम; लड़न्त।

भिड़ाइ–ना० [भिड्+आइ] भिड्ने किसिम, क्रिया वा भाव।

भिड़ाइ–ना० [भिड्+आइ] भिड़ाउने किसिम, क्रिया वा भाव।

भिड़ाइनु–स० क्रि० [भिड़ाउ+इ+नु] जुधाइनु; ('भिड़ाउनु'-को क० क्रि०)।

भिड़ाउनु–स० क्रि० [भिड्+आउ+नु] १. जुधाउनु; भिड़न्त गराउनु; लड़ाउनु। २. दुइ थरीलाई साथमा राखी दाँज्नु; तुलना गर्नु। ३. मुठभेड़ गराउनु। ४. रोहवरमा राख्नु। ५. टाँसो लगाउनु; जबरजस्ती जिम्मा लगाउनु।

भिड़िनु–अ० क्रि० [भिड्+इ+नु] १. भिड्नु। २. जुधिनु; ('भिड्नु'-को भा० क्रि०)।

भिड्नु–अ० क्रि० [प्रा० भिड] १. जोड़िनु; मिल्नु; भेटिनु। २. मुठभेड़ हुनु; टकराउनु। ३. रुजू गरिनु। ४. दाँजिनु। ५. जोर-फोर गरिनु; रोहवरमा राखिनु। ६. जबरजस्ती वा मन नगरीकन जिम्मा लाग्नु। (स० क्रि०) ७. जुध्नु; मुकाबिला गर्नु; सामना गर्नु।

भिण्डी–ना० [सं०] राम-तोरियाँ।

भित्त–ना० [सं०] १. खण्ड; टुक्रो। २. भाग; हिस्सा। ३. भित्तो।

भित्ति–ना० [सं०] १. गाह्रो; भित्तो। २. जग। ३. खण्ड; टुक्रो। ४. चिरो; धाँदो।

भित्तिका–ना० [सं०] १. गाह्रो; भित्तो। २. माउसुली।

भित्तो–ना० [सं०] १. गाह्रो, पर्खाल आदिको पाखो। २. पहाड़को फेदी; पर्वतको काख। ३. टुङ्गो; निधो। ४. सीमा; हद।

भित्र–ना० यो० [सं० अभ्यन्तर] १. घर, बाकस, घेरा, परिधि आदिको गर्भमा; 'बाहिर'-को उल्टो; अभ्यन्तर। २. मर्यादा, परिमाण आदिको हद ननाघीकन। ३. बीच; माझ; मध्य। (ना०) ४. हृदय; दिल; अभ्यन्तर। ५. अन्तःपुर; जनानखाना।

भित्रनु–अ० क्रि० [भित्र+नु] भित्र पस्नु; घुस्नु; छिर्नु; प्रवेश गर्नु; भित्रिनु।

भित्राइ–ना० [भित्र+आइ] भित्रने किसिम, क्रिया वा भाव; भित्र्याइ।

भित्रिनी–ना० [भित्र+इनी] गुप्त रूपले राखिएकी स्वास्नी; रखौटी; भित्रेनी।

भित्रिनु–अ० क्रि० [भित्र+इ+नु] भित्र जानु; पस्नु; प्रवेश गर्नु; भित्रनु।

भित्रिया–वि० [भित्र+इया] १. दिल मिलेको; विश्वास भएको। २. भित्रको; भित्री। (ना०) ३. कुनै घर वा परिवारको आत्मीय व्यक्ति।

भित्री–वि० [भित्र+ई] १. भित्रपट्टिको; भित्र रहेको। २. प्रकट नभएको; गुप्त। (ना०) ३. लुगा-फाटाको भित्र-पट्टिको तह।

भित्रेनी–ना० [भित्र+एनी] भित्रिनी; रखौटी स्त्री।

भित्र्याँस–ना० [भित्र+अंश] शरीरभित्रका मुटु, कलेजो आन्द्रो आदि अवयव।

भित्र्याइ–ना० [भित्रि+याइ] भित्रिने किसिम, क्रिया वा भाव; भित्राइ।

भित्र्याइ–ना० [भित्र्याउ+आइ] भित्र्याउने किसिम, क्रिया वा भाव।

भित्र्याइनु–स० क्रि० [भित्र्याउ+इ+नु] भित्र हुलिनु; ('भित्र्याउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

भिन्त्र्याउनु–स० क्रि० [भित्रि+याउ+नु] १. भित्र हुल्नु; पसाउनु; प्रवेश गराउनु। २. भित्र राख्नु; थन्क्याउनु।

भिदक–ना० [सं०] १. तलबार। २. वज्र। ३. हीरा। ४. छेड्ने वा काट्ने साधन।

भिदुर–वि० [सं०] १. छेड्ने; घोच्ने। २. टुट्ने। (ना०) ३. इन्द्रको वज्र।

भिद्य–वि० [सं०] छेड्न योग्य; घोप्न योग्य।

भिना–ना० [भिनाज्यू] भिनाज्यू।

भिनाजु–ना० [भिनाज्यू] भिनाज्यू।

भिनाजु–ना० [भिनु] भिनु।

भिनाज्यू–ना० [सं० भगिनी+पति+ज्यू] दिदीका पति; भिना; भगिनी-पति।

भिनु–ना० [सं० अभ्यन्तर] नाशपाती, निबुवा आदि फलको भित्रपट्टिको कोयो; भिनाजु।

भिन्दिपाल–ना० [सं०] हातले फ्याँकेर प्रहार गरिने छोटो डन्डीजस्तो एक प्रकारको हतियार।

भिन्न–वि० [सं०] १. अलग; छुट्टा; पृथक्। २. अर्को; दोस्रो; अन्यत्री। ३. टुटेको; खण्डित। (ना०) ४. गणितमा पूर्णाङ्कभन्दा न्यून सङ्ख्या। (यसमा रेखाभन्दा माथि वा पहिले रहने सङ्ख्यालाई 'अंश' र तल वा पछि रहने सङ्ख्यालाई 'हर' भन्दछन्।)

भिन्न-दर्शी–वि० [सं०] पन-पक्ष गर्ने; पक्षपाती।

भिन्न-देशीय–वि० [सं०] १. अर्को देशको; विदेशी। २. अर्को क्षेत्रको; पर-देशी।

भिन्नता–ना० [सं०] भिन्न हुनाको भाव; पार्थक्य।

भिन्नाभिन्नै–क्रि० यो० [भिन्न+भिन्न+ऐ] अलग-अलग; बेग्लाबेग्लै; छुट्टाछुट्टै।

भिन्नार्थ–वि० [सं०] १. भिन्न उद्देश्य भएको। २. बेग्लै अर्थ भएको। (ना०) ३. भिन्न अर्थ; छुट्टै अर्थ।

भिमल–वि० [सं० विह्वल] बेहोश; अचेतन।

भिमलाइ–ना० [भिमल्+आइ] भिमल्ने किसिम, क्रिया वा भाव; भिमल्याइ।

भिमलिनु–स० क्रि० [भिमल्+इ+नु] भिमल तुल्याइनु; बेहोश पारिनु; ('भिमल्नु'-को क० क्रि०)।

भिमल्नु–अ० क्रि० [भिमल] अचेत पार्नु; बेहोश तुल्याउनु।

भिमल्याइ–ना० [भिमलि+याइ] भिमलिने किसिम, क्रिया वा भाव; भिमलाइ।

भिमल्याइ–ना० [भिमल्याउ+आइ] भिमल्याउने किसिम, क्रिया वा भाव।

भिमल्याउनु–स० क्रि० [भियलि+आउ+नु] भिमलिने पार्नु; ('भिमल्नु'-को प्रे० क्रि०)।

भियाइ–ना० [भियाउ+याइ] भियाउने किसिम, क्रिया वा भाव।

भियाउनु–स० क्रि० [भियाइ+नु] भ्याइनु; ('भ्याइनु'-को क० क्रि०)

भियाउनु–स० क्रि० [भ्याउ+नु] भ्याउनु।

भिरङ्ग–ना० [भिरिङ्गी] भिरिङ्गी।

भिराइ–ना० [भिरानु+आइ] भिराउने किसिम, क्रिया वा भाव।

भिराइ–ना० [भिर्+आइ] भिर्ने किसिम क्रिया वा भाव।

भिराइनु–स० क्रि० [भिराउ+इ+नु] टाँसो लगाइनु; ('भिराउनु'-को क० क्रि०)।

भिराउनु–स० क्रि० [भिर्+आउ+नु] १. मन नपरेको वा बेकम्मा वस्तु कसैका जिम्मा लाउनु; टाँसो लाउनु; भिड़ाउनु। २. भिर्न लाउनु; धारण गराउनु; ('भिर्नु'-को प्रे० क्रि०)।

भिरालो–ना० [भीर+आलो] १. ओह्रालो; करालो। २. भीर परेको।

भिरिङ्गी–ना० [सं० फिरङ्ग] रक्त-विकारले जननेन्द्रियमा खटिरा आउने एक प्रकारको सङ्क्रामक रोग; गर्मी-खटिरो; भिरङ्ग; भिरुङ्गी।

भिरिनु–स० क्रि० [भिर्+इ+नु] खुकुरी, तरवार आदि धारण गरिनु; ('भिर्नु'-को क० क्रि०)।

भिरुङ्गी–ना० [भिरिङ्गी] भिरिङ्गी।

भिर्कौंलो–ना० [ने०] १. लाम्चा चिप्ला गेड़ा फल्ने, जुनेलो-जस्तो एक जातको बोट। २. त्यसैको फल।

भिर्गौंले–ना० [ने०] गरहड्वा वृक्ष।

भिर्नु–स० क्रि० [सं० भृ+नु] १. खुकुरी, तरवार, कलम, आदि शरीरमा धारण गर्नु; बोक्नु। २. मन नपर्दो लुगा आदि लाउनु। ३. अनिच्छापूर्वक कुनै काम-कुरो स्वीकार गर्नु।

भिल्ल–ना० [सं०] एक प्रसिद्ध जङ्गली जाति। (यो प्राचीन वीर जाति भारतका राजस्थान र विन्ध्य पर्वतका क्षेत्रमा पाइन्छ।)

भिल्लोट–ना० [सं०] लोधको रूख।

भिषक्–ना० [सं०] १. वैद्य; चिकित्सक। २. उपचार।

भिषम्बर–ना० [सं०] अश्विनी-कुमार।

भी–ना० [सं०] १. डर; भय; भीति। २. आशङ्का।

भीक–ना० [भीख] भीख।

भीक-मङ्गा–वि० [भीक+मङ्गा] भीख-मङ्गा।

भीख–ना० [प्रा० भिक्ख] माग्नेलाई दिइने अन्न, द्रव्य आदि; भिक्षा।

भीखमङ्गा–वि० [भीख+मगन्ता] १. भीख माग्ने; मगन्ते; भिखारी; भिक्षुक। २. गरीब; निर्धन; कङ्गाल।

भीड़–ना० [प्रा०] १. धेरै मानिसहरूको घुइँचो; घचारो; घन्चमन्च। २. हुल; फौज; बथान। ३. कामको थिचो-मिचो।

भीड़-भाड़–ना० [भीड़+भाड़ (फाँ०)] १. घुइँचो; घचारो; घन्चमन्च। २. हूल-मूल; हुल्ला; ठेलमठेल।

भीड़ा–ना० [भीड़] १. घुइँचो; भीड़। २. झन्झट; झमेला।

CC-0. In Public Domain. Digitization by eGangotri

३. तकलीफ; असजिलोपन।

भीत–ना० [सं० भित्ति] पर्खालजस्तै गरी चारैतिर बार्ने, कपड़ाको बार; सायर।

भीत–वि० [सं०] डराएको; भय-भीत।

भीति–ना० [सं०] १. डर; भय। २. कम्प।

भीम–वि० [सं०] १. डर-लाग्दो; भयङ्कर। २. भीमसेन। ३. शिव।

भीम-कर्मा–वि० [सं०] १. भयानक काम गर्ने। २. महापराक्रमी।

भीम-काय–वि० [सं०] ठूलो जीउ भएको; बड़ेमाको।

भीममल्ल–ना० [सं०] प्रतापमल्लका एक योद्धा मन्त्री। (यिनले ल्हासामा नेपालको ठूलो व्यापार चलाएका थिए।)

भीमसेन–ना० [सं०] पाण्डुका छोरा, युधिष्ठिरका भाइ; पञ्च-पाण्डवमध्ये एक।

भीमसेन-थापा–ना० [सं० भीमसेन+थापा] संवत् १८३१-देखि ३४ वर्षसम्म नेपालको प्राइम-मिनिस्टरी चलाउने एक प्रसिद्ध भारादार। (यिनैले सदर टुँड़िखेल र धरहरा बनाएका हुन्। यिनैका पालामा अङ्ग्रजसित नेपालको युद्ध भएको हो।)

भीमसेन-पाती–ना० [सं० भीमसेन+पाती] १. भूवादार कमलो बास्ना आउने पात र उत्तीसका जस्ता लामा लुर्का परेका फूल फुल्ने एक जातको बोट। २. फूलका रूपमा देवतालाई चढ़ाइने त्यसैको पात।

भीमसेनी-कपूर–ना० [भीमसेन+कपूर] एक किसिमको असल जातको कपूर।

भीर–ना० [सं० भित्त] ठाड़ो करालो परेको ठाउँ; पहरो।

भीर-माहुरी–ना० [भीर+माहुरी] भीरमा गुँड़ बनाउने एक जातको माहुरी।

भीर-गौंथली–ना० [भीर+गौंथली] भीरमा गुँड़ लाउने एक जातको गौंथली।

भीरु–वि० [सं०] १. डरपोक; डर-छेरुवा। (ना०) २. डँड़ाल्नुदेखि पुच्छरसम्म लामा पखेटा हुने, बाम-माछोजस्तो एक जातको माछो। ३. स्त्री।

भीरुक–ना० [सं०] १. लाटोकोसेरो। २. भालू। ३. स्याल। ४. बाघ। ५. कालो एक जातको ऊखु।

भीरुता–ना० [सं०] भीरु हुनाको भाव; भय-शीलता।

भीषण–वि० [सं०] १. डर-लाग्दो; भयानक; भयङ्कर। (ना०) २. भयानक रस (काव्यको)। ३. शिव।

भीषणता–ना० [सं०] भीषण हुनाको भाव।

भीषित–वि० [सं०] डराएको; त्रस्त।

भीष्म–वि० [सं०] १. भयङ्कर; भयानक। (ना०) २. महाभारत-प्रसिद्ध, बाल-ब्रह्मचारी, गङ्गाका पुत्र।

भीष्म-पञ्चक–ना० [सं०] कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्मका पाँच दिन।

भीष्म-पितामह–ना० [सं०] गङ्गाका गर्भबाट उत्पन्न भएका राजा शान्तनुका छोरा; भीष्म।

भीष्म-प्रतिज्ञा–ना० [सं०] १. कठोर प्रतिज्ञा; कठिन काम गर्ने कबूल। २. भीष्म-पितामहले गरेको जस्तो भीषण प्रतिज्ञा।

भुँड़ी–ना० [सं० भ्रूण] पेट; उदर।

भुँड़ी-फोर–ना० [भुँड़ी+फोर्] लामा-लामा खुट्टा र लामो चुच्चो हुने, जलाशयका नजीक रहने एक जातको चरो; एक जातको सारस।

भुँड़ीवाल–वि० [भुँड़ी+वाल] ठूलो भुँड़ी हुने; भुँड़े।

भुँडुल्के–वि० [भुँडुल्को+ए] १. भुँडुल्कोजस्तो; घैंटे। २. पुड्के; ग्याँचे।

भुँडुल्को–ना० [भुँड़ी] १. भुँड्को; घैंटो; कुलिन। (वि०) २. पुड्के; घैंटे।

भुँड़े–वि० [भुँड़ी+ए] १. ठूलो भुँड़ी हुने; भुँड़ीवाल; लाद्रे। २. धेरै खाने।

भुँड्को–ना० [भुँडुल्को] भुँडुल्को।

भुँवरी–ना० [भुमरी] भुमरी।

भुँवरो–ना० [भमरो] भमरो; भ्रमर।

भुइँ–ना० [भूइँ] भूइँ।

भुइँ-अमला–ना० [भुइँ+अमला] भइँ-अमला।

भुइँ-ऐँसेलु–ना० [भुइँ+ऐँसेलु] भुइँ-ऐँसेलु।

भुइँ-कटहर–ना० [भुइँ+कटहर] भइँ-कटहर।

भुइँ-काफल–ना० [भुइँ+काफल] भइँ-काफल; कौवा-फल।

भुइँ-कुभिन्डो–ना० [भुइँ+कुभिन्डो] भइँ-कुभिन्डो।

भइँ-खुट्टे–वि० [भुइँ-खुट्टे] भइँ-खुट्टे।

भुइँ-चम्पा–[भुइँ-चम्पा] भइँ-चम्पा।

भुइँ-चरी–ना० [भइँ+चरी] भइँ-जुरेली।

भुँइचालो–ना० [भुइँ+चाल] भइँचालो; भू-कम्प।

भुइँ-जुरेली–ना० [भुइँ+जुरेली] भइँ-जुरेली।

भुइँ-झार–ना० [भुइँ+झार] भइँ-झार।

भुइँ-फट्टा–वि० [भुइँ+फट्टा] भूमि फोरेर निस्केको रूख; बीजद्वारा उम्रको रूख।

भुइँभुइँ–क्रि० यो० [अनु०] १. भमरा, माहुरी आदि उड्दा शब्द आउने किसिम; भूँ-भूँ। २. वार-वार अपान-वायु छोड्ने वा छोड्दा शब्द आउने किसिम।

भुइँ–ना० [भूइँ] भूइँ।

भुइँ-अमला–ना० [भुइँ+अमला] पानी-अमला।

भुइँ-ऐँसेलु–ना० [भुइँ+ऐँसेलु] १. भूवा भएका साना-साना पात, पिरियाका जस्ता मसिना राता फूल, काफलका जस्ता फल हुने एक जातको भुइँ-झार। २. त्यसैको फल।

भुइँ-कटहर–ना० [भुइँ+कटहर] भइँ-कटहर।

भुइँ-काफल–ना० [भुइँ+काफल] भइँ-काफल।

भुइँ-कुभिन्डो–ना० [भइँ-कुभिन्डो] भुइँ-कुभिन्डो।

भुइँ-खुट्टे–वि० [भुइँ+खुट्टा+ए] भइँ-खुट्टे।

CC-0. In Public Domain. Digitization by eGangotri

भुईँ-चम्पा–ना० [भुईँ+चम्पा] भइँ-चम्पा।
भुईँ-चरी–ना० [भुईँ+चरी] भइँ-चुरी।
भुईँचालो–ना० [भइँचालो] भइँचालो।
भुईँजुरेली–ना० [भुइँ+जुरेली] भइँ-जुरेली।
भुईँ-झार–ना० [भुईँ+झार] भइँ-झार।
भुईँ-फट्टा–ना० [भुईँ+फट्टा] भुइँ-फट्टा।
भुकभुक–क्रि० यो० [अनु०] १. कुकुर भुक्ने वा भुक्दा शब्द आउने किसिम। २. मुड्की आदिले हान्दा शब्द आउने किसिम; भुकभुकी।
भुकभुकती–क्रि० यो० [भुकभुक+ती] मुक्का, लात्ती आदिले धमाधम हिर्काउने वा हिर्काउँदा शब्द आउने किसिम; भुकभुकी।
भुकभुकी–क्रि० यो० [भुकभुक+ई] भुकभुकती।
भुकाइ–ना० [भुक्+आइ] भुक्ने किसिम, क्रिया वा भाव।
भुकाइनु–स० क्रि० [भुकाउ+इ+नु] भुक्न लाइनु; ('भुकाउनु'-को क० क्रि०)।
भुकाउनु–स० क्रि० [भुक्+आउ+नु] भुक्न लाउनु; ('भुक्नु'-को क० क्रि०)।
भुकिनु–स० क्रि० [भुक्+इ+नु] कुकुर कराइनु; ('भुक्नु'-को क० क्रि०)।
भुकुल्ल–क्रि० यो० [भुक्क] भुक्क।
भुकुल्ले–वि० [भकुल्ले] भकुल्ले।
भुकुल्लो–ना० [भकुल्लो] भकुल्लो।
भुक्क–क्रि० यो० [ने०] १. उक्सने, सुनिने वा फुल्ने किसिम; भुक्लुक्क। २. मुड्की आदिले हान्ने वा हान्दा शब्द आउने किसिम। ३. कुकुरले भुक्ने वा भुक्दा शब्द आउने किसिम।
भुक्त–वि० [सं०] १. खाएको। २. भोगेको; भोग गरेको; उपभुक्त।
भुक्त-भोग–वि० [सं०] भोग गरिसकेको; उपभुक्त।
भुक्त-भोगी–वि० [सं० भुक्त+भोगी] कुनै काम वा वस्तुको अनुभव गरिसकेको; अनुभवी।
भुक्तमान–ना० [सं० भुक्ति+?] हैरानी; सास्ती; कष्ट।
भुक्ताइनु–स० क्रि० [भुक्ताउ+इ+नु] चुक्ती पारिनु; ('भुक्ताउनु'-को क० क्रि०)।
भुक्ताउनु–स० क्रि० [भुक्तान+आउ+नु] लेन-देनका काम-कारवाई सिद्ध्याउनु; चुक्ती पार्नु।
भुक्तान–ना० [सं० भुक्ति] १. भोग गर्ने काम; भोग। २. लेन-देन चुक्ती गर्ने काम; फछर्योट। ३. अनुभव।
भुक्ति–ना० [सं०] १. भोजन। २. भोग। ३. कब्जा; दखल।
भुक्तिइनु–अ० क्रि० [भुक्ति+इ+नु] परिआएको दुःख वा सुख सहिनु; बेहोरिनु; ('भुक्तिनु'-को भा० क्रि०)।
भुक्तिनु–अ० क्रि० [सं० भुक्ति] परिआएको दुःख वा सुख सहनु; बेहोर्नु।
भुक्नु–स० क्रि० [प्रा० भुक्क] अपरिचित वा मन नपर्दो प्राणीलाई देख्दा कुकुर कराउनु; भुकभुक शब्द गर्नु; घुक्नु।
भुक्लुक्क–क्रि० यो० [ने०] १. भुक्क। २. सहसा लड्ने वा मर्ने किसिम।
भुग्न–वि० [सं०] १. टेढो; वक्र। २. भाँचिएको; भग्न।
भुङ्ग्रालो–ना० [भुङ्ग्रो+आलो] १. ठूलो उपद्रव; उत्पात; विप्लव। २. दैवी दुर्घटना। ३. आगोको भुङ्ग्रो।
भुङ्ग्रिनु–अ० क्रि० [भुङ्ग्रो+इ+नु] १. भुङ्ग्रो बन्नु। २. दुःख वा सन्तापमा पर्नु। ३. भुङ्ग्रालोमा पर्नु। ४. सुखको आशाले गरेको कामबाट दुःख आइपर्नु। ५. बोक्रिनु; हिस्सिनु।
भुङ्ग्रे–वि० [भुङ्ग्रो+ए] १. भुङ्ग्रोमा पकाएको; भुङ्ग्रोमा पाकेको। २. भुङ्ग्रो-सम्बन्धी। ३. भुङ्ग्रोजस्तो।
भुङ्ग्रे-जरो–ना० [भुङ्ग्रे+जरो] काम-जरो आइसकेपछि आउने जरो।
भुङ्ग्रो–ना० [सं० अङ्गार] ज्वाला नभएको झरिलो आगो; फिलिङ्गाको थुप्रो।
भुग्न्याइ–ना० [भुङ्ग्रि+याइ] भुङ्ग्रिने किसिम, क्रिया वा भाव।
भच्चुक–वि० [सं० भूत+चूक] १. हुस्सू; बेवकूफ। २. अध-बैसो। ३. अशिष्ट; असभ्य।
भुज–ना० [सं०] १. हात; बाहुली; हस्त। २. हात्तीको सूँड़। २. हाँगो; शाखा। ४. रेखा-गणितमा कोण बनाउने सोझो रेखा।
भुजङ्ग–ना० [सं०] १. सर्प; साँप। २. जार; नाठो।
भुजङ्ग-प्रयात–ना० [सं०] चार वटा यगण हुने एक वार्णिक छन्द।
भुजङ्ग-भुक्–ना० [सं०] १. मयूर। २. गरुड।
भुजङ्गी–ना० [सं०] पोथी सर्प; सर्पिणी।
भुजा–ना० [सं०] १. हात; बाहुली। २. रेखा-गणितमा कोण बनाउने सरल रेखा।
भुजा–ना० [प्रा० भुज्जिअ] १. चिनियाँ-धानका चामलको सिरौँला भुटेको खट्टे; अनदीको खट्टे। २. भात। ३. भुज।
भुजाइ–ना० [भुज्+आइ] भुज्ने किसिम, क्रिया वा भाव।
भुजाइ–ना० [भुजाउ+आइ] भुजाउने किसिम, क्रिया वा भाव।
भुजाइनु–स० क्रि० [भुजाउ+आइ+नु] भुजाउन लाइनु; ('भुजाउनु'-को क० क्रि०)।
भुजाउनु–स० क्रि० [भुज्+आउ+नु] भुज्न लाउनु; ('भुज्नु'-को प्रे० क्रि०)।
भुजान्तर–ना० [सं०] १. अँगालो; क्रोड। २. दुइ भुजाका बीचको स्थान।
भुजा-पत्र–ना० [सं० भूर्ज+पत्र] भुजा-पात।
भुजा-पात–ना० [सं० भूर्ज-पत्र] भोज-पात; भूर्ज-पत्र।
भुजुङ्गो–ना० [ने०] बिट नफर्केको, ठाड़ो, बाटाका आकार-

CC-0. In Public Domain. Digitization by eGangotri

को पकाउने भाँड़ो; प्रायः तामा वा पित्तलको पकाउने एक किसिमको ठाड़ो भाँड़ो।

भुजुरी–ना० [प्रा० भुग्ग] १. कोरेंसामा कोरेको वा मसिनो गरी काटेको मूला, कुभिन्डो, आलु आदिको चाना। २. त्यस्तै चानाको अचार।

भुजुरो–ना० [भुजुरी] भुजुरी।

भुज्नु–स० क्रि० [सं० भुज्] १. भोग वा अनुभव गर्नु; भुक्तिनु। २. बेहोर्नु। ३. गढ़ेर काम गर्नु वा जान्नु।

भुटन–ना० [भुट्] तरकारीहरू पकाउनाका निम्तिको घिउ-तेल।

भुटभाट–ना० [भुट्+भाट (फाँ०)] भुट्ने काम।

भुटभाट–ना० [भाटभुट] भाटभुट।

भुटभुटिइनु–अ० क्रि० [भुटभुटि+इ+नु] मानसिक चिन्ताले व्याकुल होइनु; ('भुटभुटिनु'-को भा० क्रि०)।

भुटभुटिनु–अ० क्रि० [भुटि+नु] मानसिक चिन्ताले व्याकुल हुनु; अति चिन्तित भई छटपटिनु; पिरिनु।

भुटभुटी–ना० [भुटभुटि] मानसिक पीरले भएको छटपटी; व्याकुलता।

भुटभुट्याइ–ना० [भुटभुटि+याइ] भुटभुटिने किसिम, क्रिया वा भाव।

भुटाइ–ना० [भुट्+आइ] भुट्ने किसिम, क्रिया वा भाव।

भुटाइनु–स० क्रि० [भुटाउ+इ+नु] भुट्न लाइनु; ('भुटाउनु'-को क० क्रि०)।

भुटाउनु–स० क्रि० [भुट्+आउ+नु] भुट्न लाउनु; ('भुट्नु'-को क० क्रि०)।

भुटिनु–अ० क्रि० [भुट्+इ+नु] १. मानसिक चिन्ताले छटपटिनु; भुटभुटिनु। २. अनाजहरू फूल उठ्ने गरी सुक्खा पाक्नु। ३. घिउ-तेलमा मात्र तरकारीहरू पाक्नु। ४. तोप, बन्दूक आदिका घेरै लागो वा गोलीहरूले मानिसहरू मर्नु; ('भुट्नु'-को क० क्रि०)।

भुटीभाटी–ना० [भुट्+भाटी (फाँ०)] भुट्ने काम।

भुटुवा–वि० [भुट्+उवा] घिउ-तेलमा भुटेको; तारेको।

भुटे-कुटेको–वि० [भुट्+कुट्+को] भुटेको वा कुटेको (मकै, भटमास, चिउरा आदि खानेकुरो)।

भुटो–ना० [भाउँटो] १. झन्झट; झमेला; टन्टा। २. भाउँटो; आपत्ति। ३. फिक्री; चिन्ता।

भुट्नु–स० क्रि० [सं० भ्रस्ज्+नु] १. मकै, भटमास, खट्टे आदि अनाज फूल उठ्ने गरी सुक्खा पकाउनु; अराल्नु। २. घिउ-तेलमा मात्र खरो पारी पकाउनु; तार्नु। ३. तोप, बन्दूक आदिका घेरै गोला वा गोलीहरूद्वारा मानिसलाई मार्नु।

भुतभुत–ना० [ने०] १. रीसको झोकमा गरिने एकोहोरो गनगन; फतफत। (क्रि० यो०) २. रीसले भुतभुताउने किसिम। ३. भित्र-भित्रै भुङ्ग्रो सल्कने किसिम।

भुतभुताइ–ना० [भुतभुताउ+आइ] भुतभुताउने किसिम, क्रिया वा भाव।

भुतभुताइनु–अ० क्रि० [भुतभुताउ+इ+नु] रीसको आवेगमा बड़बड़ाइनु; ('भुतभुताउनु'-को भा० क्रि०)।

भुतभुताउनु–अ० क्रि० [भुतभुत+आउ+नु] रीसको आवेगमा एकलै फतफताउनु; भतभताउनु; रीसले बड़बड़ाउनु।

भुतभुते–ना० [भुतभुत+ए] मसिनु गोल, भूस, छ्याकन आदिको भुङ्ग्रो; खरानीभित्र-भित्रै बलेको आगो।

भुतुक्क–क्रि० यो० [ने०] १. रीसले चूर हुने किसिम। २. ज्यादै थकित हुने किसिम। ३. सहसा मर्ने किसिम; खुत्रुक्क।

भुतुङ्गे–वि० [भुतुङ्गो+ए] भुतुङ्गो; नाङ्गे।

भुतुङ्गो–वि० [भूत+नाङ्गो] नाङ्गो; निर्बाङ्ग; नग्न।

भुतुभुतु–क्रि० यो० [ने०] धमाधम मर्ने किसिम; भताभत।

भुतेग्रो–ना० [भूत+एग्रो] भूतले जस्तै दुःख दिने वस्तु; साह्रै दुःख दिने भेड़ो, बाख्रो आदि।

भुत्क्याइ–ना० [भुत्क्याउ+आइ] भुत्क्याउने किसिम, क्रिया वा भाव।

भुत्क्याइनु–स० क्रि० [भुत्क्याउ+इ+नु] भुतुक्क पारिनु; ('भुत्क्याउनु'-को क० क्रि०)।

भुत्क्याउनु–स० क्रि० [भुतुक्क+याउ+नु] मार्नु; भुतुक्क पार्नु।

भुत्तिइनु–अ० क्रि० [भुत्ति+इ+नु] भुत्ते होइनु; ('भुत्तिनु'-को भा० क्रि०)।

भुत्तिनु–अ० क्रि० [भुत्ते+इ+नु] भुत्ते हुनु; धार मर्नु (हथियार आदिको)।

भुत्ते–वि० [ने०] धारिलो नभएको; नलाग्ने; बोधो; मूढ़ो (हथियार)।

भुत्त्याइनु–स० क्रि० [भुत्त्याउ+इ+नु] भुत्ते पारिनु; ('भुत्त्याउनु'-को क० क्रि०)।

भुत्त्याउनु–स० क्रि० [भुत्ति+याउ+नु] भुत्ते पार्नु; धार मार्नु; ('भुत्तिनु'-को प्रे० क्रि०)।

भुत्रुक्क–क्रि० यो० [ने०] १. थकाइले लस्त भएर बस्ने वा सुत्ने किसिम। २. मर्ने किसिम; खुत्रुक्क। ३. उफ्रने किसिम।

भुत्रैसित–वि० बो० [भुत्रो+ऐ+सित] बेवास्ता वा उपेक्षा गरेर भनिने शब्द; यत्रैसित; कन्डैसित।

भुत्रो–वि० [भुत्लो] १. केही-न-केही; फुस्सा; यत्रो (निन्दार्थमा)। २. शस्प।

भुत्लावाल–वि० [भुत्लो+वाल] लामा-लामा भुत्ला भएको; भुत्ले; झ्यापुल्लो।

भुत्लिइनु–अ० क्रि० [भुत्लि+इ+नु] नाङ्गो होइनु; ('भुत्लिनुको'-भा० क्रि०)।

भुत्लिनु–अ० क्रि० [भुत्लो+इ+नु] १. नाङ्गो हुनु; नङ्गिनु। २. रउँ, भुत्ला आदि लुछिनु; खुइलिनु। ३. चिल्थो हुनु; झुत्रिनु। ४. जागीर, मान, वैभव आदि खोसिनु।

CC-0. In Public Domain. Digitization by eGangotri

भत्ले–वि० [भुत्लो+ए] भुत्ला भएको; भुत्लावाल।

भुत्लो–ना० [भूवा] १. भूवा; रउँ। २. झुत्रो; चिल्थो। ३. सानो टुक्रो वा थोरै वस्तु; दसो।

भुत्ल्याइ–ना० [भुत्लि+याइ] भुत्लिने किसिम, क्रिया वा भाव।

भुत्ल्याइ–ना० [भुत्ल्याउ+आइ] भुत्ल्याउने किसिम, क्रिया वा भाव।

भुत्ल्याइनु–स० क्रि० [भुत्ल्याउ+इ+नु] भुत्ला उखेलिनु; ('भुत्ल्याउनु'-को क० क्रि०)।

भुत्ल्याउनु–स० क्रि० [भुत्लि+याउ+नु] १. भुत्ला उखेल्नु; रउँ वा भुवा लुछ्नु। २. नाङ्गो पार्नु; नङ्ग्याउनु। ३. जगल्टा लुछ्नु; जगल्टयाउनु। ४. मान, प्रतिष्ठा वैभव आदि खोस्नु। ५. फटाउनु; झुत्र्याउनु। ६. रउँ, भूवा आदि खजमज्याउनु; ('भुत्लिनु'-को प्रे० क्रि०)।

भुद्रुङ–ना० [ने०] ध्वाँसे रङ्गको चीलजत्रो एक जातको हिंसक चरो।

भुनभुन–क्रि० यो० [अनु०] १. भमरो, माहुरी, आदि उड्दा शब्द आउने किसिम; भनभन। २. चित्त दुखेर वा मन नपरेर एकलै कुनै कुरा बोलिरहने किसिम; भुतभुताउने किसिम।

भुनभुनाइ–ना० [भुनभुनाउ+आइ] भुनभुनाउने किसिम, क्रिया वा भाव।

भुनभुनाइनु–स० क्रि० [भुनभुनाउ+इ+नु] भमरा, माहुरी आदिद्वारा भुनभुन शब्द गरिनु; ('भुनभुनाउनु'-को क० क्रि०)।

भुनभुनाउनु–अ० क्रि० [भुनभुन+आउ+नु] १. भमरा, माहुरी आदि कीराहरूले भुनभुन शब्द गर्नु। २. भुत-भुताउनु; भतभताउनु।

भुनभुनाहट–ना० [भुनभुन+आहट] भुनभुनाउने किसिम, क्रिया वा भाव; भुनभुनाइ।

भुनी–ना० [प्रा० भुँड] बनेल वा सुँगुरको पोथी।

भुननुन–क्रि० यो० [अनु०] झींगा, माहुरी आदि भुनभुनाउने वा भुनभुनाउँदा शब्द आउने किसिम; भुनभुन; भननन।

भुने–ना० [ने०] ठेकीका आकारको चोयाको एक किसिमको भाँडो।

भुन्टा-भुन्टी–ना० [भुन्टो+भुन्टो+ई] साना-साना केटा-केटीहरूको समुदाय।

भुन्टे–ना० [पुन्टे] १. सानो केटा-केटी। २. भुन्टो बच्चो।

भुन्टो–वि० [भुन्टे] होचो कदको; पुड्के।

भुमरी–ना० [प्रा० भुमइ] पानी, हावा आदि घुमी-घुमी बगेको ठाउँ; हावा वा पानीको चक्कर; जलावर्त; भुँवरी।

भुमरो–ना० [भमरो] भमरो; भुँवरो।

भुरनहत्ते–ना० [सं० भ्रूण-हत्या] १. भ्रूण-हत्या। २. झ्या-उलो; झन्झट।

भुरा–ना० [सं० भ्रूण] १. सानो केटो। २. साना-साना माछा।

भुरा-भुरी–ना० [भुरा+भुरा+ई] १. साना-तिना केटा-केटी; बाल-बच्चा। २. जन्माका बच्चाहरू।

भुरुक्क–क्रि० यो० [ने०] १. एकाएक उठ्ने किसिम; जुरुक्क। २. सहसा उड्ने किसिम; भुर्र।

भुरुङ–ना० [ने०] १. धागोले बेह्री झट्कारेर घुमाई खेलिने काठको खेलौना; लट्टू। (वि०) २. पुड्के; डल्ले।

भुरेभारे–वि० [भारेभुरे] भारेभुरे।

भुरे-माछो–ना० [भरा+माछो] सानो एक जातको माछो।

भुरो–ना० [भुरा] केटो; बच्चो।

भुर्कुट–ना० [सं० भ्रंस्+कुट्ट] बेमाख; सर्वनाश; बरबादी; नष्ट-भ्रष्ट हुनु।

भुर्न-हत्ते–ना० [भुरनहत्ते] भुरनहत्ते।

भुर्र–क्रि० यो० [अनु०] चरा-चुरुङ्गीहरू उड्ने वा उड्दा शब्द आउने किसिम।

भुर्रा–ना० [ने०] १. इज्जत; आबरू; प्रतिष्ठा। २. गन्जीफाको खेलमा एक-एक चक्की फ्याँकी खाने एक दाउ।

भुर्री–ना० [अ० बर्राक़] एक जातको परेवा।

भुलभुल–क्रि० यो० [सं० बुद्‌बुद] पानी, रगत आदि रोकिई-रोकिईकन निस्कने किसिम।

भुलभुलाइ–ना० [भुलभुलाउ+आइ] भुलभुलाउने किसिम, क्रिया वा भाव।

भुलभुलाइनु–अ० क्रि० [भुलभुलाउ+इ+नु] भुलभुल गरेर जमीनबाट पानी उम्रिनु; ('भुलभुलाउनु'-को भा० क्रि०)।

भुलभुलाउनु–अ० क्रि० [भुलभुलि+आउ+नु] भुलभुल गरेर जमीनबाट पानी उम्रिनु; मूल फुटेर पानी आदि निस्कनु।

भुलभुलिइनु–अ० क्रि० [भुलभुलि+इ+नु] भुलभुल गरेर पानी उम्रिनु; ('भुलभुलिनु'-को भा० क्रि०)।

भुलभुलिनु–अ० क्रि० [भुलभुल+इ+नु] भुलभुल गरेर पानी उम्रनु; भुलभुलाउनु।

भुलभुले–वि० [भुलभुल+ए] १. भुलभुल गरी उम्रेको वा उम्लेको (पानी आदि तरल पदार्थ)। (ना०) २. त्यसरी कुनै तरल पदार्थ उम्रेको ठाउँ।

भुलभुल्याहट–ना० [भुलभुलि+याहट] भुलभुलिने किसिम, क्रिया वा भाव।

भुलाइ–ना० [भुल्+आइ] भुल्ने किसिम, क्रिया वा भाव।

भुलाइ–ना० [भुलाउ+आइ] भुलाउने किसिम, क्रिया वा भाव।

भुलाइनु–स० क्रि० [भुलाउ+इ+नु] अलमल्याइनु; ('भुलाउनु'-को क० क्रि०)।

भुलाउनु–स० क्रि० [भुल्+आउ+नु] १. अलमल्याउनु; बिर्साउनु। २. झुक्क्याउनु; छकाउनु। ३. आसक्त गराउनु; प्रेममा फसाउनु; ('भुल्नु'-को प्रे० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

भुलायो–ना० [भुवा] १. रेशमको मूल्यवान् मोटो एक जातको नरम कपड़ा; अन्डी। २. भूवा उठाएर बुनेको कपड़ा।

भुलिनु–अ० क्रि० [भुल्+इ+नु] भूलमा परिनु; ('भुल्नु'-को भा० क्रि०)।

भुलुक्क–क्रि० यो० [ने०] १. दूध, पानी आदि उम्लने वा उम्लेर बग्ने किसिम। २. पानी आदि तरल पदार्थ भुल्कोबाट सहसा निस्कने किसिम।

भुल्कनु–अ० क्रि० [भुलुक्क+नु] १. दूध, पानी आदि तरल पदार्थ उम्लनु; भुलुक्क उम्लनु। २. रगत, पानी आदि तरल पदार्थ थोरै-थोरै गरी वेगले निस्कनु।

भुल्काइ–ना० [भुल्क+आइ] भुल्कने किसिम, क्रिया वा भाव।

भुल्काइ–ना० [भुल्काउ+आइ] भुल्काउने किसिम, क्रिया वा भाव।

भुल्काइनु–स० क्रि० [भुल्काउ+इ+नु] भुलुक्क उमालिनु; ('भुल्काउनु'-को क० क्रि०)।

भुल्काउनु–स० क्रि० [भुल्क+आउ+नु] भुलुक्क उमाल्नु; ('भुल्कनु'-को प्रे० क्रि०)।

भुल्किनु–अ० क्रि० [भुल्क+इ+नु] भुलुक्क उम्लिनु; ('भुल्कनु'-को भा० क्रि०)।

भुल्को–ना० [भल] १. दूध, पानी आदिको उमाल; उम्लाइ। २. तरल पदार्थ भुलुक्क निस्कने ठाउँ। ३. ज्यादा मल भएको जमीनका अंशमा सप्रेर उम्रेको बालीको गाँज।

भुल्को–ना० [सं० उलूक] लाटोकोसेरो; उल्लू।

भुल्क्याइ–ना० [भुल्कि+याइ] भुल्किने किसिम, क्रिया वा भाव।

भुल्क्याइ–ना० [भुल्क्याउ+आइ] भुल्क्याउने किसिम, क्रिया वा भाव।

भुल्क्याउनु–स० क्रि० [भुल्कि+याउ+नु] भुल्काउनु।

भुल्नु–अ० क्रि० [भूल+नु] १. भूलमा पर्नु; चुक्नु। २. झुक्किनु; छकिनु। ३. लहसिनु; आसक्त हुनु; लग्गू हुनु। (स० क्रि०) ४. बिर्सनु; नसम्झनु। ५. भूल गर्नु; गलती गर्नु; बिराउनु।

भुल्ल–क्रि० यो० [ने०] १. जमीनबाट पानी उम्रने किसिम। २. उम्लने किसिम। ३. कुनै तरल पदार्थ सहसा निस्कने किसिम।

भुवँरो–ना० [भुमरो] भुमरी।

भुव–ना० [सं०] पृथ्वीभन्दा माथि मानिएका सात लोकमध्ये एक।

भुवन–ना० [सं०] १. जगत्; संसार। २. पानी; जल। ३. जनता; दुनियाँ। ४. भू, भुव, स्व, मह आदि चौध लोक। ५. सृष्टि; सिर्जना। ६. चौधको सङ्ख्या।

भुवन-कोश–ना० [सं०] भू-मण्डल।

भुवन-त्रय–ना० [सं०] स्वर्ग, मर्त्य र पाताल—यी तीन लोक।

भुवनेश्वर–ना० [सं०] १. राजा। २. शिव।

भुवनेश्वरी–ना० [सं०] दश-महाविद्यामध्ये एक देवी।

भुवर्लोक–ना० [सं०] पृथ्वीमाथि मानिएका सात लोकमध्ये एक।

भुवल–ना० [सं० भू+भार] ठूलो दुःख; हैरानी; कष्ट; भुवस्तान।

भुवस्तान–ना० [ने०] भुवल।

भुवा–ना० [भूवा] भूवा।

भुवादार–वि० [भुवा+दार] भूवादार।

भुवादारी–ना० [भूवादारी] भूवादारी।

भुस–ना० [प्रा०] १. धान, कोदो आदिका दानाको बाहिरी बोक्रो; भूस। २. केही पनि नपाउनु; प्राप्तिको अभाव; फुस्सा।

भुस-तिघ्रे–वि० [सं० भृश+तिघ्रे] मोटा र खस्रा तिघ्रा भएको; तिघ्रे।

भुस-तिघ्रे–वि० [भुस+तिघ्रे] मोटो-घाटो भईकन पनि बेकामको; हृष्ट-पुष्ट शरीरअनुसार काम नदिने।

भुसाउरो–ना० [भुस्सा] भुस्सा काट्ने यन्त्र।

भुसुक्क–क्रि० यो० [ने०] १. बिर्सने किसिम। २. डढ्ने किसिम। ३. भएभरको सब बिग्रने वा नाश हुने किसिम। ४. निदाउने किसिम; गाढ निद्रामा पर्ने किसिम। (ना०) ५. नाश; बरबादी।

भुसुनु–ना० [भुस] फोहर-मैलामा हुने पिउसोजस्तो सानो कीरो।

भुसुने–वि० [भुसुनु+ए] १. अति सानो; क्षुद्र। २. कम महत्त्वको।

भुसुभुसु–क्रि० यो० [ने०] १. आगो बिस्तारै सल्कँदै जाने किसिम। २. उड्ने किसिम। ३. उङ्ने वा निदाउने किसिम।

भुसुल्टिइनु–अ०क्रि० [भुसुल्टि+इ+नु] निदाइनु; ('भुसुल्टिनु'-को भा० क्रि०)।

भुसुल्टिनु–अ० क्रि० [भुसुक्क+इ+नु] १. निदाउनु; सुत्नु। २. आशा गरे को वस्तु नपाइनु; ठगिनु; हिस्स्याउनु।

भुसुल्ट्याइ–ना० [भुसुल्टि+याइ] भुसुल्टिने किसिम, क्रिया वा भाव।

भुसुल्ट्याइ–ना० [भुसुल्ट्याउ+आइ] भुसुल्ट्याउने किसिम, क्रिया वा भाव; ठगाइ।

भुसुल्ट्याउनु–स० क्रि० [भुसुल्टि+याउ+नु] कसैलाई आशा गरेको वस्तु नदिनु; हिस्स्याउनु।

भुस्याहा–वि० [भुस+याहा] १. भूसजस्तै सार तत्त्व वा गुदी नभएको। २. खूबी वा सीप नभएको। ३. मान-भाउ नभएको।

भुस्याहा-कुकुर–ना० [भुस्याहा+कुकुर] गल्ली-गल्लीमा घुम्ने छाड़ा एक जातको कुकुर।

भुस्सा–ना० [सं० बुस] गाई-वस्तुलाई खवाउन साना-साना

CC-0. In Public Domain. Digitization by eGangotri

टुक्रा पारेको पराल ।
भुस्सिइनु–अ० क्रि० [भुस्सि+इ+नु] भित्र गुदी नभएको गेड़ा फलिनु; ('भुस्सिनु'-को भा० क्रि०) ।
भुस्सिनु–अ० क्रि० [भुस+इ+नु] १. भित्र गुदी नभएको गेड़ा फल्नु; पोटै-पोटा फल्नु । २. केही पनि नपाउनु; बोक्रिनु । ३. ठगिनु ।
भुस्याइ–ना० [भुस्सि+याइ] भुस्सिने किसिम, क्रिया वा भाव ।
भुस्याइ–मा० [भुस्साउ+आइ] भुस्स्याउने किसिम, क्रिया वा भाव; ठगाइ ।
भुस्याइनु–स० क्रि० [भुस्स्याउ+इ+नु] केही पनि नपाउने पारिनु; ('भुस्स्याउनु'-को क० क्रि०) ।
भुस्स्याउनु–स० क्रि० [भुस्सि+याउ+नु] केही पनि नपाउने पार्नु; ('भुस्सिनु'-को प्रे० क्रि०) ।
भू–ना० [सं०] १. भइँ; भूमि; धरती । २. ठाउँ; स्थान ।
भूँ–क्रि० यो० [अनु०] १. शङ्ख फुक्दा शब्द आउने किसिम । २. भमरा, माहुरी आदि कराउने वा कराउँदा शब्द आउने किसिम ।
भूँ-भूँ–क्रि० यो० [अनु०] भमरा, माहुरी आदि कराउने वा कराउँदा शब्द आउने किसिम ।
भूइँ–ना० [प्रा० भूइ] भूइँ ।
भूइँ-अमला–ना० [भुइँ+अमला] भइँ-अमला ।
भूइँ-ऐँसेलु–ना० [भूइँ+ऐँसेलु] भइँ-ऐँसेलु ।
भूइँ-कटहर–ना० [भूइँ+कटहर] भइँ-कटहर ।
भूइँ-काफल–ना० [भूइँ+काफल] भइँ-काफल ।
भूइँ-कुभिन्डो–ना० [भूइँ+कुभिन्डो] भइँ-कुभिन्डो ।
भूइँ-खुट्टे–वि० [भूइँ+खुट्टे] भइँ-खुट्टे ।
भूइँ-चम्पा–ना० [भइँ-चम्पा] भइँ-चम्पा ।
भूइँ-चरी–ना० [भूइँ+चरी] भइँ-जुरेली ।
भूइँचालो–ना० [भूइँ+चल+ओ] भइँचालो; भू-कम्प ।
भूइँ-जुरेली–ना० [भूइँ+जुरेली] भइँ-जुरेली ।
भूइँ-झार–ना० [भूइँ+झार] भइँ-झार ।
भूइँ-फट्टा–ना० [भुइँ+फट्टा] भइँ-फट्टा ।
भूईँ–ना० [प्रा० भूई] १. पृथ्वीको सतह; भइँ; भूमि; जमीन । २. बिछ्याउना नभएको जमीन; खाली जमीन । ३. कपड़ा कागत, आदिमा बुट्टा, अक्षर आदि नभएको ठाउँ; पृष्ठ-भूमि ।
भूईँ-अमला–ना० [भूईँ+अमला] पानी-अमला ।
भूईँ-ऐँसेलु–ना० [भूईँ+ऐँसेलु] भुइँ-ऐँसेलु ।
भूईँ-कटहर–ना० [भूईँ+कटहर] भइँ-कटहर ।
भूईँ-काफल–ना० [भूईँ+काफल] भइँ-काफल ।
भूईँ-कुभिन्डो–ना० [भूईँ+कुभिन्डो] भइँ-कुभिन्डो ।
भूईँ-खुट्टे–वि० [भूईँ+खुट्टो+ए] भइँ-खुट्टे ।
भूईँ-चम्पा–ना० [भूईँ+चम्पा] भइँ-चम्पा ।
भूईँ-चरी–ना० [भूईँ+चरी] भइँ-चरी ।
भूईँ-जुरेली–ना० [भूईँ+जुरेली] भइँ-जुरेली ।
भूईँ-झार–ना० [भूईँ+झार] भइँ-झार ।
भूईँ-फट्टा–वि० [भूईँ+फट्टा] भुइँ-फट्टा ।
भू-कम्प–ना० [सं०] भइँचालो ।
भू-कर्वुदार–ना० [सं०] सानु-बोहरी ।
भू-कुष्माण्डी–ना० [सं०] भइँ-कुभिन्डो ।
भू-खण्ड–ना० [सं०] १. जमीनको टुक्रो । २. ठूलो झन्झटको काम; कठिन काम । ३. ठूलो विघ्न-बाधा ।
भू-गर्भ–ना० [सं०] पृथ्वीको भित्री भाग; धरतीमनिको अंश ।
भू-गर्भ-विद्या–ना० [सं०] भू-गर्भ-शास्त्र ।
भू-गर्भ-वेत्ता–ना० [सं०] भू-गर्भ-शास्त्रको ज्ञाता ।
भू-गर्भ-शास्त्र–ना० [सं०] पृथ्वीका बाहिरी र भित्री भाग कुन-कुन तत्त्वले बनेका छन् र कुन रूपमा रहेका छन्–त्यस-को विवेचना गरिएको शास्त्र ।
भू-गृह–ना० [सं०] घरको जमीनमनिको तला; ताइखाना ।
भू-गोल–ना० [सं०] १. पृथ्वी; धरती । २. पृथ्वीका सतहमा रहेका नदी, पहाड़, देश आदि प्राकृतिक र राजनीतिक रूपको व्याख्या गरिएको शास्त्र ।
भू-गोलक–ना० [सं०] भू-मण्डल ।
भू-चक्र–ना० [सं०] पृथ्वीको परिधि; विषुवत्-रेखा ।
भूत–वि० [सं०] १. हुने; भएको । २. बितेको; विगत । ३. मिलेको । ४. समान; तुल्य । ५. उत्पन्न । (ना०) ६. प्राणी; जीव । ७. पृथ्वी, जल, तेज, वायु र आकाश–यी पाँच तत्त्व । ८. सृष्टिका सम्पूर्ण चेतन र अचेतन पदार्थ । ९. बितेको समय; विगत काल । १०. व्याकरण-शास्त्र-अनुसार कुनै काम समाप्त भएको बुझाउने क्रिया । ११. मृत शरीर वा त्यसको आत्मा; भूतात्मा । १२. प्रेत; पिशाच । १३. शिवको एक गण ।
भूत-काल–ना० [सं०] १. गएको समय; विगत काल । २. व्याकरणमा कुनै काम भइसकेको बुझाउने क्रियाको रूप ।
भूतकालिक–वि० [सं०] भूत-कालको; भूत-काल बुझाउने ।
भूत-केश–ना० [सं०] १. सेतो दूबो । २. मसिना चम्सुरका जस्ता पात, राता मसिना झुप्पाकार फूल र फेदमा भुत्ला हुने, लामा-लामा दुइटा मूलाका आकारका जरा हुने, अति बास्ना आउने एक जातको बोट; एक जातको जटामासी; गन्धमांसी ।
भू-तत्त्व-विज्ञान–ना० [सं०] भू-तत्त्व-सम्बन्धी शास्त्र ।
भू-तत्त्व-विद्–ना० [सं०] भू-तत्त्व-शास्त्रको ज्ञाता ।
भू-तत्त्व-विद्या–ना० [सं०] भू-गर्भ-शास्त्र ।
भूत-पूर्व–वि० [सं०] १. वर्तमान समयभन्दा पहिलेको; पूर्व कालको । २. पहिले कुनै पदमा रहेको, परन्तु वर्तमानमा नरहेको (व्यक्ति) ।
भूत-प्रेत–ना० [सं०] भूत, प्रेत, पिशाच आदिको समुदाय; अपगति परेका मनुष्यको तर्साउने आत्मा ।

CC-0. In Public Domain. Digitization by eGangotri

भूत-यज्ञ–ना० [सं०] गृहस्थीले प्रतिदिन गर्नुपर्ने यज्ञ; पञ्च-महायज्ञमध्ये एक; बलि-वैश्वदेव आदि।

भू-तल–ना० [सं०] १. पृथ्वीको सतह; धरा-तल; जमीन। २. पाताल।

भूतवाद–ना० [सं०] भौतिकवाद।

भूत-विद्या–ना० [सं०] १. भूत, प्रेत, पिशाच आदिबाट उत्पन्न हुने रोग-व्याधिको उपचार गर्ने विद्या। २. भूत-प्रेत-सम्बन्धी विद्या।

भूत-शुद्धि–ना० [सं०] अनुष्ठान, पूजा आदि कार्यमा पहिले मन्त्रद्वारा गरिने शरीरको शुद्धि।

भूताङ्कुश–ना० [सं०] गो-मुखी बूटी।

भूतात्मा–ना० [सं०] १. मृत शरीर वा त्यसमा पहिले रहेको आत्मा। २. पार्थिव शरीर। ३. जीवात्मा। ४. परमात्मा। ५. प्रेत; पिशाच।

भूतावेश–ना० [सं०] भूत-प्रेत लाग्नु; प्रेत-बाधा।

भूति–ना० [सं०] १. धन; सम्पत्ति; वैभव। २. खरानी; भस्म। ३. जन्म; उत्पत्ति। ४. बढ्नु; वृद्धि।

भूतेज्या–ना० [सं०] भूतको पूजा।

भूत्याहा–ना० [सं० भूत+याहा] १. भूत-सम्बन्धी काम गर्ने व्यक्ति; झारफूके। (वि०) २. भूतले वास गरेको (घर, जग्गा आदि)।

भू-देव–ना० [सं०] ब्राह्मण।

भू-धर–ना० [सं०] १. पहाड़; पर्वत। २. शेष-नाग। ३. कृष्ण।

भू-धात्री–ना० [सं०] भइँ-अमला; पानी-अमला।

भूनिम्ब–ना० [सं०] तीते-चिराइतो।

भूप–ना० [सं०] १. राजा; महाराजा; भू-पति। २. बादशाह; सम्राट्।

भू-पति–ना० [सं०] भूप; भू-पाल।

भू-पाल–ना० [सं०] भूप; भू-पति।

भूपेन्द्र–ना० [सं०] राजाहरूमा श्रेष्ठ राजा; सम्राट्।

भू-भाग–ना० [सं०] भू-खण्ड।

भू-भार–ना० [सं०] १. पृथ्वीको भार। २. ठूलो जिम्मेदारी। ३. ठूलो टन्टा; झमेला।

भू-भौतिक-विज्ञान–ना० [सं०] भू-मण्डलका रचना-तत्त्व, रूप, गुण आदि-सम्बन्धी विज्ञान।

भू-मण्डल–ना० [सं०] पृथ्वी; धरती।

भू-मध्य-रेखा–ना० [सं०] दुइ ध्रुवका ठीक बीचमा पर्ने गरी पूर्व-पश्चिम फन्को मार्ने भनी पृथ्वीको वरि-परि कल्पना गरिएको एक भौगोलिक रेखा।

भू-मध्य-सागर–ना० [सं०] यूरोप, अफ्रिका र एशियाका बीचमा रहेको एक समुद्र।

भूमि–ना० [सं०] १. जमीन; जग्गा; भइँ। २. धरती; पृथ्वी। ३. ठाउँ; स्थान। ४. आधार; जग। ५. देश। ६. तला; खण्ड।

भूमि-कदम्ब–ना० [सं०] सानु एक जातको कदम्ब।

भूमि-कन्द–ना० [सं०] १. लसुनका जस्ता पात र कन्द हुने, राता, पहेँला–विभिन्न रङ्गका घण्टका आकारका धेरै फूल फुल्ने एक जातको बोट। २. त्यसैको फूल।

भूमि-कम्प–ना० [सं०] भइँचालो; भू-कम्प।

भूमिका–ना० [सं०] १. कुनै ग्रन्थका सम्बन्धमा ज्ञातव्य कुराहरू लेखिएको त्यसै ग्रन्थका आरम्भको वक्तव्य; प्रस्तावना; मुख-बन्ध। २. पृथ्वी; धरती। ३. रचना। ४. भेष वा रूप-परिवर्तन। ५. मूल विषयभन्दा अगि त्यसका सम्बन्धमा भनिने कुरा; प्राक्कथन। ६. वेदान्त-अनुसार चित्तका पाँच अवस्था (क्षिप्त, मूढ, विक्षिप्त, एकाग्र र निरुद्ध)।

भूमि-कुष्माण्ड–ना० [सं०] भइँ-कुभिन्डो।

भूमि-गृह–ना० [सं०] ताइखाना; भू-गृह।

भूमि-जम्बू–ना० [सं०] सानु जातको जामुनु।

भू-मिति–ना० [सं०] भूमि वा क्षेत्रको धरा-तलको नाप गर्ने वा नक्शा आदि बनाउने विज्ञान।

भूमि-देवता–ना० [भूमि+देवता] भूमिका अधिष्ठातृ देवता।

भूमी–ना० [सं०] भूमि।

भूमे–ना० [सं० भूमि] किसानहरूले खेत रोपिसकेपछि पूजा गर्ने देवता; भूमि-देवता।

भूमे-भाग–ना० [भूमे+भाग] किसानहरूले खेतबाट बाली काटिसकेपछि खलैबाट छुट्याइने भूमि-देवताको भाग।

भूम्यामलकी–ना० [सं०] भइँ-अमला।

भूयः–क्रि० यो० [सं०] १. फेरि; पुनः। २. अझ बढ्ता।

भूयशः–क्रि० यो० [सं०] धेरैजसो; प्रायशः।

भूयसी–वि० [सं०] प्रशस्त; पर्याप्त; अधिक।

भूयसी-दक्षिणा–ना० [सं०] कुनै मङ्गल कार्य वा धार्मिक कृत्य गरिसकेपछि ब्राह्मणहरूलाई दिइने दक्षिणा।

भूयोभूयः–क्रि० यो० [सं०] फेरि-फेरि; वार-वार; पुनः-पुनः।

भूरसी–ना० [सं० भूयसी] धेरैतिर अलि-अलि गरेको खर्च; चानचुने खर्च।

भूरि–वि० [सं०] १. ज्यादा; बहुत; अधिक। (ना०) २. ब्रह्मा।

भूरुह–ना० [सं०] रूख; वृक्ष।

भूरो–ना० [सं० बभ्रू] १. एक किसिमको फुस्रो रङ्ग; कैलो। (वि०) २. त्यस्तो रङ्गको; कैले।

भूर्ज–ना० [सं०] भोज-पत्रको रूख।

भूर्ज-पत्र–ना० [सं०] भोज-पात।

भूर्लोक–ना० [सं०] मर्त्य-लोक; संसार।

भूल–ना० [प्रा० भुल्ल] १. भुल्ने काम; भ्रम; चूक; गफलत २. बिराम; कसूर; दोष। ३. गलती; अशुद्धि; त्रुटि। ४. बिर्सने काम; विस्मृति।

भूल-चूक–ना० [सं०] १. भूल र चूक; बिराम र दोष। २. भूलबाट।

CC-0. In Public Domain. Digitization by eGangotri

भएको त्रुटि।
भूल-भुलैया–ना० [भूल+भूल+ऐया] १. घुमाउरो कुरो; पेचिलो वा जालसाजीको कुरो। २. अलमलको बाटो हुने कुनै घर वा त्यस्तै कुनै रचना।
भू-लोक–ना० [सं०] मर्त्य-लोक।
भूवा–ना० [प्रा० रूअ] १. मसिनो र नरम रउँ। २. सिमल, काँस आदिका फूलको नरम रुवा।
भूवादार–वि० [भूवा+दार] १. भूवा भएको; भूवा उठेको। (ना०) २. भूवाजस्तै धागो उठाएर बुनेको एक प्रकारको कपड़ा; भूवादारी।
भूवादारी–ना० [भूवादार+ई] भूवाजस्तै धागो उठाएर बुनेको कपड़ा; भूवादार।
भू-शमी–ना० [सं०] सानो जातको शमीको वृक्ष।
भूषण–ना० [सं०] १. गहना; आभूषण। २. शोभा बढ़ाउने वस्तु।
भूषणीय–वि० [सं०] भूषित गर्न योग्य; सजाउन लायक।
भूषा–ना० [सं०] १. गहना; अलङ्कार। २. सजावट; शृङ्गार।
भूषित–वि० [सं०] गहना-गुरियाले सजाइएको; अलङ्कृत।
भूष्य–वि० [सं०] सजाउन लायक; भूषणीय।
भूस–ना० [भुस] भुस।
भू-सारिका–ना० [सं०] मैना पक्षी।
भूस्तृण–ना० [सं०] राम-कड़ेरा बूटी।
भू-स्वामित्व–ना० [सं०] जमीनको स्वामित्व; भूमिमाथिको अधिकार।
भू-स्वामी–ना० [सं०] १. जमीनको मालिक। २. श्राद्धमा दिइने सीधा।
भृकुटि–ना० [सं०] भृकुटी।
भृकुटी–ना० [सं०] १. आँखी-भौं; भ्रू। २. नेपालका एक प्राचीन राजा–अंशुवर्माकी छोरी। (यिनको विवाह तिब्बतका प्रतापी राजा स्रङ्-चन् गम्पोसित भएको थियो।)
भृगु–ना० [सं०] १. ब्रह्माका मानस-पुत्र मानिएका गोत्र-प्रवर्तक एक ऋषि। २. शुक्राचार्य।
भृङ्ग–ना० [सं०] भमरो; भ्रमर।
भृङ्गच्छल्ली–ना० [सं०] बन-मूला।
भृङ्गराज–ना० [सं०] १. पीरो र तीतो स्वाद हुने, आँखा र शिरको रोग नाश गर्ने एक जातको भइँ-झार। (यो तीन प्रकारको हुन्छ। चिल्ला, मसिना, लाम्चा पात र सेता फूल फुल्नेलाई सेतो भृङ्गराज, द्रोण-पुष्पका जस्ता पात र गोदा वरीजस्तो पहेँलो फूल फुल्नेलाई पहेँलो भृङ्गराज र नीलो गोदावरी जस्तो फूल फुल्नेलाई नीलो भृङ्गराज भन्दछन्।) २. गाईवस्तुका डँड़ाल्नामा बस्ने सर्वाङ्ग कालो वर्णको हुने एक जातको चरो।
भृङ्गार–ना० [सं०] झारी।
भृङ्गि–ना० [सं०] शिवको एक अनुचर; भृङ्गी।
भृङ्गी–ना० [सं०] १. शिवको एक गण। २. भमराको पोथी।
भृङ्गीराज–ना० [सं०] पहेँलो रातो फूल फुल्ने, मसिना पात हुने एक जातको भइँ-झार; भृङ्गराज।
भृत–वि० [सं०] १. भरिएको; परिपूर्ण। २. पालन-पोषण गरिएको। (ना०) ३. दास; कमारो।
भृतक–ना० [सं०] तलब लिएर काम गर्ने व्यक्ति; नोकर।
भृतकाध्यापक–ना० [सं०] तलब लिई पढ़ाउने शिक्षक; वैतनिक शिक्षक।
भृति–ना० [सं०] १. भर्ने काम; भरण। २. सेवा; नोकरी। ३. ज्याला; मजदूरी। ४. वेतन; तलब। ५. मूल्य। ६. पालन-पोषण। ७. पत्नीलाई भरिदिएको माना-चामल। ८. वृत्ति।
भृत्य–वि० [सं०] १. पालन-पोषण गर्न योग्य; पालनीय। (ना०) २. सेवक; नोकर।
भृश–वि० [सं०] १. अतिशय; ज्यादा। २. प्रचण्ड; उग्र। ३. शक्ति-शाली।
भृष्ट–वि० [सं०] भुटेको।
भृष्टि–ना० [सं०] भुट्ने काम।
भेउ–ना० [प्रा० भेअ] १. गुप्त रहस्य; भेद। २. थाह; बोध। ३. याद; होश।
भेक–ना० [भेउ] १. नजीकको ठाउँ; छिमेक। २. हाता; इलाका।
भेक–ना० [सं०] १. भ्यागुतो। २. डर-छेरुवा मानिस।
भेख–ना० [सं० वेश] भेष; वेश।
भेग–ना० [भेक] भेक।
भेट–ना० [प्रा० भिट्ट] १. भेट्ने काम; मुलाकात; मिलन; समागम। २. भेटी; दक्षिणा। ३. कोसेली; नजराना; उपहार।
भेट-घाट–ना० [भेट+घाट (फाँ०)] भेट्ने काम; मलाकात; समागम।
भेटाइ–ना० [भेट्+आइ] भेट्ने किसिम, क्रिया वा भाव।
भेटाइनु–स० क्रि० [भेटाउ+आइ+नु] १. भेट गराइनु; ('भेटाउनु'-को क० क्रि०)। २. पाइनु; भेट्टाइनु।
भेटाउनु–सं० क्रि० [भेट+आउ+नु] १. भेट गराउनु; ('भेट्नु'-को प्रे० क्रि०) २. भेट्टाउनु।
भेट्टाइनु–सं० क्रि० [भेट्टाउ+आइ+नु] १. भेट होइनु २. फेला पारिनु; ('भेट्टाउनु'-को क० क्रि०)।
भेटिनु–अ० क्रि० [भेट+इ+नु] १. भेट हुनु; भेट्नु; मिल्नु। २. पाउनु; प्राप्त हुनु। ३. हराएको वस्तु फेला पर्नु। (स० क्रि०) ४. भेट गरिनु; ('भेट्नु'-को क० क्रि०)।
भेटी–ना० [भेट+ई] देवता वा पूज्य व्यक्तिलाई आदरपूर्वक चढ़ाइने नगद धन।
भेटी-घाटी–ना० [भेटी+घाटी (फाँ०)] देवता वा पूज्य व्यक्तिलाई चढ़ाइने रुपियाँ-पैसा।
भेट्टाइ–ना० [भेट्टाउ+आइ] भेट्टाउने किसिम, क्रिया वा भाव।
भेट्टाउनु–स० क्रि० [भेट्+आउ+नु] १. पहिले गएकालाई

CC-0. In Public Domain. Digitization by eGangotri

पछि जानेले भेट्नु। २. पाउनु; हात्त-लागी गर्नु; प्राप्त गर्नु। ३. हराएको वस्तु पाउनु; फेला पार्नु। ४. बराबरीमा आउनु; सम-कक्षमा पुग्नु।

भेट्नु–स० क्रि० [भेट्+नु] १. भेट गर्नु; मुलाकात गर्नु। २. पाउनु; प्राप्त गर्नु; भेट्टाउनु। ३. फेला पार्नु। (अ० क्रि०) ४. भेट हुनु; मिल्नु; मुलाकात हुनु। ५. पुग्नु; पर्याप्त हुनु।

भेट्नु–ना० [सं० वृन्त] फल, फूल, पात आदिका फेदमा हुने डाँठ; वृन्त।

भेड–ना० [सं०] भेड़ो; मेष।

भेड़े-कुरो–ना० [भेड़ो+कुरो (झार)] १. लाम्चा पात र झूस भएका ठूला-ठूला फूल हुने एक जातको कुरो (झार)। २. त्यसैको फूल। (आयुर्वेदमा यसको गुण वात-नाशक र अग्नि-वर्द्धक बताइएको छ। यसको झुसिलो फल लुगा-फाटो र रौँमा खूबसित टाँसिन्छ।)

भेड़े-गाँठो–ना० [भेड़ो+गाँठो] १. एक बाघ र धेरै भेड़ाहरूको कल्पना गरी खेलिने केटा-केटीको एक खेल। २. सोच-विचार नगरी अर्काका पछि लाग्ने काम।

भेड़ो–ना० [सं० भेड] जीउमा बाक्लो रौँ हुने प्रसिद्ध घर-पाला पशु; मेष।

भेड्किइनु–अ० क्रि० [भेड्कि+इ+नु] कुनै काम गर्ने वेला बित्न लागिनु; ('भेड्किनु'-को भा० क्रि०)।

भेड्किनु–अ० क्रि० [भेट्+इ+नु] कुनै काम गर्न तोकिएको समय वा दिन साह्रै नजीक आइपुग्नु; कुनै काम गर्ने वेला बित्न लाग्नु; अबेर वा पछि हुनु; घर्किनु।

भेड्क्याइ–ना० [भेड्कि+याइ] भेड्किने किसिम, क्रिया वा भाव।

भेड्क्याइ–ना० [भेड्क्याउ+आइ] भेड्क्याउने किसिम, क्रिया वा भाव।

भेड्क्याइनु–स०क्रि० [भेड्क्याउ+आइ+नु] भेड्किने पारिनु; ('भेड्क्याउनु'-को क० क्रि०)।

भेड्क्याउनु–स० क्रि० [भेड्कि+याउ+नु] फुर्सतसित काम गर्ने वेला गुजार्नु; कुनै काम गर्ने निश्चित समय अति नजीक पार्नु; अवकाश नराख्नु; ढीलो गर्नु।

भेड्र–ना० [सं०] भेड़ो।

भेण्डा–ना० [सं०] राम-तोरियाँ; भिण्डी।

भेत्ता–वि० [सं०] १. भेदन गर्ने; भेद्ने; छेड्ने। २. भेद खोल्ने; रहस्य प्रकट गर्ने।

भेद–ना० [सं०] १. फरक; अन्तर; भिन्नता। २. किसिम; प्रकार। ३. छेड्ने काम; प्वाल पार्ने काम। ४. फाटो; फूट; विरोध। ५. भित्री कुरो; रहस्य। ६. मर्म; तात्पर्य। ७. टुक्रो; खण्ड। ८. टुना; मोहनी।

भेदक–वि० [सं०] १. छेड्ने; भेद्ने। २. चिर्ने; फार्ने। ३. भेद गर्ने; अन्तर गर्ने। ४. रेचक।

भेदकातिशयोक्ति–ना० [सं०] अतिशयोक्ति अलङ्कारको एक भेद।

भेद-ज्ञान–ना० [सं०] भिन्नताको ज्ञान; द्वैत-ज्ञान।

भेद-दर्शी–वि० [सं०] विश्वलाई पर-ब्रह्मदेखि भिन्न मान्ने; द्वैतवादी।

भेद-दृष्टि–वि० [सं०] १. भेद-दर्शी। (ना०) २. भेद-बुद्धि।

भेदन–ना० [सं०] १. काट्ने काम; छेदन। २. छेड्ने काम। ३. भेद गर्नु; अन्तर पार्नु। ४. रेचन।

भेद-बुद्धि–ना० [सं०] १. भेद देख्ने दृष्टि। (वि०) २. भेद-दर्शी।

भेद-भाव–ना० [सं०] १. प्रायः समान मानिएका व्यक्ति वा वस्तुहरूका बीच गरिने वा सम्झिने भेदको विचार; भेदको भावना। २. कुनै मानिससित असल र कुनै मानिससित खराब व्यवहार गर्नु; पन-पक्ष।

भेदवाद–ना० [सं०] द्वैतवाद।

भेदवादी–वि० [सं०] द्वैतवादी।

भेदाइ–ना० [भेद्+आइ] भेद्ने किसिम, क्रिया वा भाव।

भेदाइनु–स० क्रि० [भेदाउ+इ+नु] प्वाल पार्न लाइनु; ('भेदाउनु'-को क० क्रि०)।

भेदाउनु–स० क्रि० [भेद्+आउ+नु] प्वाल पार्न लाउनु; ('भेद्नु'-को प्रे० क्रि०)।

भेदाहा–वि० [भेद+आहा] टुना-मोहनी गर्ने; टुन्याहा।

भेदित–वि० [सं०] १. काटिएको; भेदन गरिएको। २. प्वाल पारिएको; छेड़िएको।

भेदिनु–स० क्रि० [भेद्+इ+नु] प्वाल परिनु; ('भेद्नु'-को क० क्रि०)।

भेदिया–ना० [भेद+इया] भेदी; गुप्त-चर।

भेदी–वि० [सं०] १. भेदन गर्ने; छेड्ने। २. टुना गर्ने; भेदाहा।

भेदी–ना० [सं० भेद+ई] जासूस; गुप्त-चर।

भेदुवा–वि० [भेद+उवा] टुना-मोहनी लाउने; भेदाहा; टुन्याहा।

भेद्नु–स० क्रि० [सं० भेद+नु] १. प्वाल पार्नु; छेड्नु। २. फोर्नु; फुटाल्नु। ३. चिर्नु; फार्नु; काट्नु,; टुक्र्याउनु। ४. फूट गराउनु; फाटो पार्नु। ५. टुना गर्नु; मोहनी लाउनु; भेद हाल्नु।

भेद्य–वि० [सं०] १. प्वाल पार्न योग्य; छेड्न योग्य। २. काट्न योग्य; भेदन गर्न योग्य।

भेरुण्ड–वि० [सं०] १. डर-लाग्दो; भयङ्कर। (ना०) २. गर्भ-धारण। ३. हिंस्रक जन्तु।

भेल–ना० [प्रा०] उर्लेर बगेको नदीको प्रवाह; बाढ़ी।

भेल–वि० [सं०] १. डर-छेरुवा; कातर। २. मूर्ख; अज्ञानी। ३. अग्लो; उच्च। ४. चञ्चल। ५. लामो। ६. फूर्तिलो। (ना०) ७. नाउ; डुङ्गा। ८. नाउ वा जहाजहरूको समूह।

भेला–ना० [प्रा० भेल] धेर जना एक ठाउँमा जम्मा हुने काम; एकत्र हुने काम।

CC-0. In Public Domain. Digitization by eGangotri

भेला–ना० [फ्रे० भेल] मसिनु भूवा उठेको एक प्रकारको कपड़ा।

भेश–ना० [सं० वेश] भेष।

भेशी–वि० [भेश+ई] भेसी; वेश-धारी।

भेष–ना० [सं० वेश] भेस।

भेषज–ना० [सं०] १. औषध; ओखती। २. उपचार। ३. जल।

भेष-धारी–वि० [सं० वेश-धारी] वेश-धारी।

भेषी–वि० [भेष+ई] वेश-धारी।

भेस–ना० [सं० वेश] १. पोशाक; वस्त्र। २. लवाइ; पहिरन; बाना। ३. अरूलाई छकाउना वा आफूलाई अरूले चिह्न नसकुन् भन्नाका निमित्त लगाएको वस्त्र; बनावटी वेश; भेख। ४. नाचमा कसैको अनुकरण गर्नाका निमित्त बनाएको कृत्रिम रूप। ५. साधु-संन्यासीको पोशाक।

भेसी–वि० [भेस+ई] वेश-धारी।

भैँ–ना० [भूईँ] भूईँ।

भैँ-ऐँसेलु–ना० [भैँ+ऐँसेलु] भइँ-ऐँसेलु।

भैँ-कटहर–ना० [भैँ+कटहर] भइँ-कटहर।

भैँ-काफल–ना० [भैँ+काफल] भइँ-काफल।

भैँ-कुभिन्डो–ना० [भैँ+कुभिन्डो] भइँ-कुभिन्डो।

भैँ-खुट्टे–वि० [भैँ+खुट्टे] भइँ-खुट्टे।

भैँ-चम्पा–ना० [भैँ+चम्पा] भइँ-चम्पा।

भैँ-चरी–ना० [भैँ+चरी] भइँ-चरी।

भैँचालो–ना० [भइँचालो] भइँचालो; भू-कम्प।

भैँ-जुरेली–ना० [भैँ+जुरेली] भइँ-जुरेली।

भैँ-झार–ना० [भैँ+झार] भइँ-झार।

भैँ-फट्टा–ना० [भैँ+फट्टा] भइँ-फट्टा।

भैँमाल–ना० [सं० भू-माल] अग्लो भूमि; अग्लो, सम्म परेको भूमि; टार।

भैँमाले–वि० [भैँमाल+ए] १. भैँमालमा बस्ने। २. पाखे; असभ्य। ३. बेसोहोमती; अशिष्ट। ४. नखुल्दो।

भैँसी–ना० [सं० महिषी] राँगोको पोथी।

भैँसे-चरी–ना० [भैँसी+चरी] भैँसीलाई बोलाउने शब्दझैँ 'हेइ-हेइ' गरी कराउने एक जातको चरो।

भैँसे-च्याउ–ना० [भैँसी+च्याउ] पुराना रूखमा उम्रने, खान हुने बाक्लो एक जातको च्याउ।

भैँसे-दाद–ना० [भैँसी+दाद] आहालको सम्पर्कबाट शरीरमा उछ्रने खस्रो एक प्रकारको दाद।

भैँसे-पाहा–ना० [भैँसी+पाहा] फोहोर पानी भएका पोखरी, अहाल आदिमा हुने ठूलो एक जातको भ्यागुतो।

भैक्ष–ना० [सं०] १. भीख; भिक्षा। २. भिखारी; भिक्षुक।

भैक्षक–ना० [सं०] भीख; भिक्षा।

भैक्ष-काल–ना० [सं०] भिक्षा माग्ने समय।

भैक्ष-चर्या–ना० [सं०] भीख माग्ने काम; भिक्षाटन।

भैक्ष-जीविका–ना० [सं०] भिक्षा मागेर जीविका गर्नु; भिक्षाटनबाट जीवन-निर्वाह गर्नु।

भैक्ष-वृत्ति–ना० [सं०] भिक्षा मागेर जीविका गर्नु; भैक्ष-जीविका।

भैनु–अ० क्रि [भइनु] भइनु।

भैया–ना० [भाइ+ऐया] १. भाइ। २. भैयात।

भैयात–ना० [भैया] भाइ, भतिजा आदि बन्धु-वर्ग; दाजु-भाइ; बन्धु-वर्ग।

भैरव–वि० [सं०] १. भयानक; भयङ्कर। २. दुःखी; दीन। (ना०) ३. शिवको एक गण। ४. भय; त्रास। ५. औडव वा सम्पूर्णका भेदमध्ये ऋषभ र धैवत कोमल र बाँकी स्वर शुद्ध हुने, शास्त्रअनुसार दिनको प्रथम प्रहरमा र विशेषतः शरद् ऋतुमा गाइने एक राग; सङ्गीतका छ रागमध्ये एक।

भैरव-पाती–ना० [भैरव+पाती] भैरुम्पाती।

भैरवी–ना० [सं०] १. दुर्गा। २. दश-महाविद्यामध्ये एक। ३. सङ्गीतमा एक रागिनी।

भैरवी-चक्र–ना० [सं०] पञ्च-मकारका विधिले भैरवी देवीको पूजा गर्न चक्राकार बसेको वाम-मार्गी तान्त्रिकहरूको मण्डली।

भैरवीय–वि० [सं०] भैरव-सम्बन्धी।

भैरुम्पाती–ना० [भैरव+पाती] हिमालयमा हुने, धूपीका जस्ता मसिना पात र खैरो डाँठ हुने एक जातको सानो बोट; भैरव-पाती। (आयुर्वेदमा यसको गुण कफ, वात र क्षय-नाशक बताइएको छ।)

भैलिनी–ना० [भैलो+इनी] कार्तिक कृष्ण औँसीका दिन लक्ष्मीको गाथा गाउने स्त्री; भैलो खेल्ने स्त्री।

भैले–वि० [भैलो+ए] भैलो गाउने वा माग्ने।

भैलो–ना० [भलो] १. कार्तिक कृष्ण औँसीका दिन घर-घरमा डुल्दै गाइने एक विशेष प्रकारको गाथा। २. त्यो गाथा गाउँदै माग्ने काम।

भैषज–ना० [सं०] ओखती; औषध।

भैषज्य–ना० [सं०] १. चिकित्सा; उपचार। २. आरोग्य-दायक शक्ति।

भो–वि० बो० [भयो] १. घृणा, झिँज्याहट, अरुचि आदि बुझाउने शब्द। (उदा०–भो, तँ जाबाबाट पनि यो काम होला र') २. 'भयो' शब्दको सङ्क्षिप्त रूप। ३. पुग्यो; पर्याप्त भयो।

भो–वि० बो० [सं०] मान्य जनलाई गरिने एक सम्बोधन; हे।

भोँचा–ना० [नेवा०] सुन, चाँदी आदि गाल्ने भाँड़ो; घरिया; ऋसीबल।

भोक–ना० [सं० बुभुक्षा] १. पेटमा आहारको आवश्यकताको अनुभव; खाने इच्छा; छुद्दे; क्षुधा। २. इच्छा: उत्कट अभिलाषा।

भोकाइ–ना० [भोकाउ+आइ] भोकाउने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

भोकाइनु–अ० क्रि० [भोकाउ+इ+नु] भोक लागिनु; ('भोकाउनु'-को भा० क्रि०)।

भोकाउनु–अ० क्रि० [भोक+आउ+नु] १. भोक लाग्नु; खाने इच्छा हुनु। २.कुनै वस्तुको उत्कट इच्छा हुनु; भोगको तीव्र इच्छा हुनु।

भोको–वि० [भोक+ओ] १. नखाएको; खान नपाएको। २. भोक लागेको; भोकाएको। ३. भोगको इच्छा भएको।

भोक्तव्य–वि० [सं०] भोग गर्न योग्य; भोग्न लायक।

भोक्ता–वि० [सं०] १. भोग गर्ने; भोग्ने। २. भोजन गर्ने; खाने। ३. सहने; बेहोर्ने। ४. शासन गर्ने; शासक। (ना०) ५. राजा। ६. पति; भर्ता।

भोग–ना० [सं०] १. सुख-दुःखको अनुभव गर्नु; भोग्ने काम। २. सुख-दुःखको अनुभव गर्ने शरीर। ३. पाप वा पुण्यको फल; प्रारब्ध। ४. कुनै वस्तुबाट काम लिनु; उपयोग गर्नु; चलन गर्नु। ५. एक राशिमा कुनै ग्रह रहने समय। ६. खानु; भक्षण। ७. देवतालाई चढ़ाइएको नैवेद्य। ८. स्त्री-सम्भोग; मैथुन। ९. शासन; राज्य।

भोग-चलन–ना० [भोग+चलन] कुनै वस्तुको उपयोग गर्ने काम; चलन गर्ने काम।

भोगटे–ना० [ने०] १. भित्र गुलियो; रसिलो बिजुला र बाक्लो बोक्रा हुने ठूलो एक जातको फल। २. पाकेपछि सेता साना-साना दाना झुप्पा परेर फल्ने, रसी पार्ने एक जातको फल। ३. ठूला-ठूला बाटुला र नरम पात हुने, झुप्पा-झुप्पा परेका सेता फूल फुल्ने, बाटुला सेता झुप्पाकार फल फल्ने एक जातको बोट। (यसका गेड़ा मुखमा पर्‍यो भने मुखमा खटिरा आउँछ।)

भोग-बन्धक–ना० [सं०] सापटी दिएका रुपियाँको ब्याजका बदलामा बन्धक राखिएको माल नै साहूले भोग-चलन गर्ने एक किसिमको बन्धक।

भोग-बन्धकी–वि० [भोग+बन्धक+ई] १. भोग-बन्धकमा परेको; भोग-बन्धकमा रहेको। (ना०) २. भोग-बन्धकको तमसुक।

भोगवती–ना० [सं०] १. पाताल-लोकमा बग्ने भनी प्रसिद्ध एक नदी। २. नाग-लोक।

भोग-विलास–ना० [सं०] शारीरिक वा इन्द्रिय-जन्य सुखको अधिक भोग; मोज-मज्जा; ऐश-आराम।

भोगाइ–ना० [भोग्+आइ] भोग्ने किसिम, क्रिया वा भाव।

भोगाइनु–स० क्रि० [भोगाउ+इ+नु] भोग्न लाइनु; ('भोगाउनु'-को क० क्रि०)।

भोगाउनु–स० क्रि० [भोग्+आउ+नु] भोग्न लाउनु; ('भोग्नु'-को प्रे० क्रि०)।

भोगिनी–ना० [सं०] १. सर्पिणी। २. राजाकी उपपत्नी।

भोगिनु–स० क्रि० [भोग्+इ+नु] सुख वा दुःखको अनुभव गरिनु; ('भोग्नु'-को क० क्रि०)।

भोगी–वि० [सं०] १. धेरै सुख-दुःख भोगिसकेको; धेरै भोग गरेको। २. इन्द्रियहरूको सुख चाहने; भोग-विलासमा रत भएको; विषयासक्त; विलासी। ३. स्त्री-समागममा रत। (ना०) ४. सर्प। ५. राजा। ६. आमोद-प्रमोदमा रत भएको मानिस।

भोग्नु–स० क्रि० [सं० भोग+नु] १. सुख वा दुःखको अनुभव गर्नु वा ती खेप्नु। २. उपभोग गर्नु; भोग गर्नु। ३. बेहोर्नु; सुमर्नु। ४. स्त्री-समागम गर्नु।

भोग्य–वि०[सं०] भोग गर्न योग्य। (ना०) २. भोग गरिने वस्तु।

भोज–ना०[सं० भोजन] उत्सव, पर्व आदिमा धेरै मानिस एकत्रित भएर खाने विशेष आयोजन; भतेर।

भोज–ना० [सं] एक प्रसिद्ध दानी, कवि र विद्वान् राजा। (यी भारतको मालवा-क्षेत्रका अन्तर्गत धारा नगरीका परमार-वंशी राजा थिए। यिनको समय ईसवी एघारौं शताब्दी हो।)

भोजन–ना० [सं०] १. खाने काम; भक्षण। २. खानेकुरो; खाद्य पदार्थ। ३. भोज; भतेर।

भोजनालय–ना० [सं०] १. भान्सा-घर। २. होटेल।

भोजनीय–वि० [सं०] १. खान योग्य; भोज्य। २. भोजन गराउन योग्य।

भोज-पत्र–ना० [सं० भूर्ज-पत्र] १. कागजजस्ता पातला पत्रै-पत्र निस्कने बोक्रो हुने एक जातको रूख; चर्म-द्रुम; भोज-पात। २. त्यसैको बोक्रो वा त्यसैको पत्र।

भोज-पात–ना०[सं० भूर्ज-पत्र] १. पैयुँका जस्ता पात र लट्टेका जस्ता फूल हुने र धेरै बोक्रा हुने एक जातको रूख। २. त्यसैको बोक्रो। (प्राचीन कालमा यसमा ग्रन्थहरू लेखिन्थे।)

भोजपुर–ना० [सं०] नेपालका पूर्व-चार (४)-नम्बर-इलाकाको मुख्य बस्ती।

भोजी–वि० [सं०] भोजन गर्ने; खाने (अरू शब्दको पछि लागेरमात्र प्रयोग हुने)।

भोजे–वि० [भोज+ए] भोज ज्यादै रुचाउने; भोज खोजेर हिंड्ने।

भोज्य–वि० [सं०] १. खान योग्य; भोजनीय। (ना०) २. खाद्य पदार्थ; भोजन।

भोज्य-काल–ना० [सं०] खाने वेला; भोजन गर्ने समय।

भोट–ना० [अं०] कुनै व्यक्ति वा कुरोको निर्वाचन वा निर्णयका निमित्त दिइने राय; मत।

भोट–ना० [सं०] नेपालको उत्तरीय सिमाना जोड़िएको एक देश; तिब्बत।

भोटर–ना० [अं०] भोट दिने व्यक्ति; मत-दाता।

भोटिङ्ग–ना० [अं०] भोट वा मत दिने काम; मत-दान।

भोटी–ना० [ने०] कालो रङ्गको एक जातको हिले-माछो।

भोटे–वि० [भोट+ई] १. भोटको; भोट-सम्बन्धी। २. भोटमा बस्ने; तिब्बती। (ना०) ३. भोटमा बस्ने एक प्रसिद्ध जाति। ४. त्यसै जातिको व्यक्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

भोटे-खयर–ना० [भोटे+खयर] एक जातको खयर।

भोटे-घोड़ा–ना० [भोटे+घोड़ा] भोटतिरबाट आउने, लामा रबाक्ला रौँ हुने एक जातको घोड़ा।

भोटे-ताल्चा–ना० [भोटे+ताल्चा] खापाका खैमलहरूमा छिराएर लाउने लाम्चो र ठूलो किसिमको ताल्चा।

भोटे-नून–ना० [भोटे+नून] भोटतिरबाट आउने एक प्रकारको नून।

भोटे-भेड़ो–ना० [भोटे+भेड़ो] भोटतिरबाट आउने ठूलठूला सीङ हुने एक जातको भेड़ो; भ्याङलुङ।

भोटे-सेलो–ना० [भोटे+सेलो] भोटे-जातिले गाउने एक विशेष प्रकारका गीतको लय।

भोटो–ना० [ने०] फेर नभएको, मयल-पोशजस्तो बान्कीको एक किसिमको पोशाक।

भोटो-जात्रा–ना० [भोटो+जात्रा] ललितपुर-इलाकाको जाउलाखेल-क्षेत्रमा राता-मत्सेन्द्रनाथका रथबाट ऐतिहासिक भोटो देखाउने एक जात्रा।

भोर–ना० [सं० विभावरी] १. प्रातःकाल; बिहानी-पखको समय। (क्रि० यो०) २. बिहानी-पख; सबेरै।

भोर–ना० [सं० भ्रम] १. झुकान; भ्रम। २. हूल-मूल। ३. बोर; छुवाछूत। ४. भद्रगोल; गोलमाल।

भोरस–ना० [भरोसा] सहारा; भरोसा; आधार।

भोराइ–ना० [भोर्+आइ] भोर्ने किसिम, क्रिया वा भाव।

भोरिनु–स०क्रि० [भोर्+इ+नु] भोर गरिनु; ('भोर्नु'-को क० क्रि०)।

भोर्नु–स० क्रि० [भोर+नु] भोर गर्नु; बोर्नु; भद्रगोल पार्नु।

भोर्लो–ना० [ने०] कोइरालाका जस्ता पात हुने, सेता फूल फुल्ने, लामा-लामा कोसा फल्ने एक जातको लहरो। (यसका पातले घुम छापिन्छ।)

भोलेन्टियर–ना० [अं०] स्वयं-सेवक।

भोला–ना० [प्रा०] १. सरल स्वभावको; सोझो; साधु। २. महादेव; शिव।

भोला-नाथ–ना० [भोला+नाथ] १. शिव; शम्भु। २. ज्यादै सरल स्वभावको मानिस; अति सोझो व्यक्ति।

भोला-भाला–वि० [भोला+भला] सीधा-साधा; निष्कपट।

भोलि–क्रि० यो० [ने०] एक रातपछिको दिन; आउँदो दोस्रो दिन; अर्को दिन।

भोलि-पल्ट–क्रि० यो० [भोलि+पल्ट] भोलिका दिनमा; अर्को दिनमा।

भोल्टो–ना० [ने०] धनुर्धारीले नारी र औंलामा लाउने छालाको साधन।

भौँ–ना० [सं० भ्रू] आँखी-भौँ।

भौँतारिनु–अ० क्रि० [भौँतार्+इ+नु] १. हैरानीसाथ यता-उति दौड़-धूप गरिनु; धेरै हिँड़-डुल गरिनु; लरखराइनु। २. हैरान होइनु; धापिनु; ('भौँतार्नु'-को क० क्रि०)।

भौँतार्नु–स० क्रि० [सं० भ्रमण] हैरानीसाथ घुम्नु; जथाभावी घुम्नु।

भौँताऱ्याइ–ना० [भौँतारि+याइ] भौँतारिने किसिम, क्रिया वा भाव।

भौँ्वाल–ना० [नेवा०] बुइगलमा हावा र धूवाँको आवत-जावतका निमित्त छानामा बनाइने अर्ध गोलाकार एक किसिमको झ्याल।

भौँरा–ना० [सं० भ्रमर] मुहालीजस्तो एक प्रकारको बाजा।

भौगोलिक–वि० [सं०] भूगोल-सम्बन्धी।

भौतिक–वि० [सं०] १. पञ्च-महाभूतबाट बनेको; पञ्च-महाभत-सम्बन्धी। २. पार्थिव। ३. शरीर-सम्बन्धी।

भौतिकवाद–ना० [सं०] आत्मा, ईश्वर आदिन मानेर केवल भौतिक पदार्थलाई मात्र मुख्यता दिने सिद्धान्त।

भौतिक-विज्ञान–ना० [सं०] भूत वा जड तत्त्वहरूका गुणको विवेचना गरिने विज्ञान; पदार्थ-विज्ञान।

भौतिक-विद्या–ना० [सं०] १. इन्द्रजाल; जादूगरी। २. भौतिक-शास्त्र; भौतिक-विज्ञान। ३. मरेका मानिसका आत्मा अथवा भूत-प्रेत आदिको आवाहन गरी तिनीहरू-सित कुरा गर्ने विद्या। ४. भूत-प्रेतको बाधा हटाउने विद्या; झार-फूके-विद्या।

भौतिक-शास्त्र–ना० [सं०] भौतिक-विज्ञान।

भौम–वि० [सं०] १. भूमि-सम्बन्धी। २. भूमिबाट उत्पन्न। (ना०) ३. मङ्गल-ग्रह।

भौम-वार–ना० [सं०] मङ्गल-वार।

भौमिक–वि० [सं०] भूमि-सम्बन्धी।

भ्याइ–ना० [भ्याउ+आइ] भ्याउने किसिम, क्रिया वा भाव।

भ्याइनु–स० क्रि० [भ्याउ+इ+नु] कुनै काम गर्ने समय पाइनु; ('भ्याउनु'-को क० क्रि०)।

भ्याउनु–स० क्रि० [प्रा० भिट्ट+नु] १. कुनै काम गर्ने समय पाउनु; फुर्सतले भेट्टाउनु; भियाउनु। २. कुनै काम समाप्त गर्नु; सिद्धयाउनु। ३. काममा ढीलो हुन नदिनु; यथासमयमा काम समाप्त गर्नु।

भ्याउसुलो–ना० [ने०] हाप्सिलो।

भ्याक-भ्याक–क्रि० यो० [अनु०] खुकुरी, बन्चरो आदिले धमाधम काट्ने किसिम; भ्याकभ्याकती।

भ्याकभ्याकती–क्रि० यो० [भ्याक-भ्याक+ती] भ्याक-भ्याक।

भ्याक-भ्याकी–क्रि० यो० [भ्याक-भ्याक+ई] भ्याक-भ्याक; भ्याकभ्याकती।

भ्याकुर–ना० [ने०] १. लाम्चा पात, काला वा हरिया मसिना फूल, गिट्ठा फल्ने, ठूलो बाटुलो सेतो वा नीलो कन्द हुने एक जातको लहरो। २. त्यसैको कन्द। (यसका सेतो नीलो, पहेँलो आदि रङ्गका कन्द हुने अनेक प्रकार छन्।)

भ्याकुरो–ना० [ने०] १. बट्टाईजस्तो, केही ठूलो एक जातको चरो। (वि०) २. मोटो-घाटो र जुम्सो; ज्याम्तो। ३. अधबैंसे; गोज्याङ्ग्रो।

भ्याक्क–क्रि० यो० [अनु०] १. खुकुरी, कोदाली आदिले हान्ने

CC-0. In Public Domain. Digitization by eGangotri

किसिम; फ्याक्क। २. कुनै वस्तु खस्दा वा ठक्कर खाँदा शब्द आउने किसिम। ३. पहाड़, कान्लो आदि लच्कने किसिम। ४. गह्रुँगो वा ठूलो वस्तु खस्ने वा खस्ता शब्द आउने किसिम; भ्यात्त।

भ्याक्ते–ना० [भ्यागुते] भ्यागुते।

भ्याक्से–ना० [ने०] १. गाँड़ आउने किसिमबाट ठूलो भएर बढ़ेको गलो। २. बेछाँटको मोटो; भद्दा।

भ्यागुती–ना० [भ्यागुतो+ई] घोड़ाका टापका बीचमा हुने मांस-पिण्ड; पुतली।

भ्यागुते–ना० [ने०] गाई-वस्तुका गलामा खटिरा आउने एक रोग; भ्याक्ते।

भ्यागुतो–ना० [सं० भेक] वर्षा ऋतुमा यत्र-तत्र देखिने, जल र स्थलमा रहन सक्ने, उफ्री-उफ्री हिंड्ने एक प्रसिद्ध जन्तु; ब्याङ; पाहा; भेक।

भ्यागुर–ना० [भ्याकुर] भ्याकुर।

भ्याङलङ–ना० [ने०] भोर्टे-भेंड़ो।

भ्याङ्ङ–क्रि० यो० [ने०] १. गह्रुंगो वा ठूलो वस्तु लड्ने वा खस्ने किसिम; भ्याङल्याङ्ङ। (वि०) २. ठूलो र फराकिलो।

भ्याङङ–क्रि० यो० [भ्याङ्ङ] भ्याङ्ङ।

भ्याङले–वि० [ने०] १. बेछाँटसितको ठूलो; ह्वार्लाङ्गे। २. छिटो-छरितो नभएको; चिटिक्क नपरेको।

भ्याङल्याङे–वि० [ने०] भ्याङले।

भ्याङल्याङ्ङ–क्रि० यो० [ने०] गह्रुंगो र ठूलो वस्तु भूइँमा बजारिने वा बजारिंदा शब्द आउने किसिम; भ्याङ्ङ।

भ्याङल्याङङ–क्रि० यो० [सं०] भ्याङल्याङ्ङ।

भ्याट-भ्याट–क्रि० यो० [अनु०] १. चराले पखेटा चलाउने वा चलाउँदा शब्द आउने किसिम। २. मोटर-साइकल, सन-साइकल आदि चल्दा शब्द आउने किसिम।

भ्याटभ्याटे–वि० [भ्याट-भ्याट+ए] १. भ्याट-भ्याट गर्ने। (ना०) २. मोटर-साइकल; सन-साइकल।

भ्याण्टा–ना० [भण्टा] भण्टा।

भ्याण्टे-खुर्सानी–ना० [भ्याण्टा+खुर्सानी] भिँड़े-खुर्सानी।

भ्यात-भ्यात–क्रि० यो० [अनु०] १. गीली पदार्थ खस्ने वा खस्ता शब्द आउने किसिम। २. दबदबे पदार्थ पाक्ने वा छड्कने अथवा पाक्दा वा छड्कँदा शब्द आउने किसिम।

भ्यातभ्याती–क्रि० यो० [भ्यात-भ्यात+ती] भ्यात-भ्यात।

भ्यातभ्याती–क्रि० यो० [भ्यात-भ्यात+ई] भ्यात-भ्यात।

भ्यातल–ना० [भ्यात्तल] भ्यात्तल।

भ्यात्त–क्रि० यो० [अनु०] १. गीलो र गह्रुंगो वस्तु सहसा खस्ता शब्द आउने किसिम। २. कान्लो, पाखो आदि लच्कने किसिम; भ्याक्क।

भ्यात्तल–ना० [नेवा०] साग-पात, पीठो आदि मिसाई पकाइएको एक किसिमको दबदबे खानेकुरो; एक किसिमको खोले।

भ्यात्ले–वि० [भ्यातल+ए] १. भ्यातल खाने। २. भद्दा र मोटो (व्यक्ति); भ्याङले। ३. फूर्तिलो वा छरितो नभएको।

भ्यात्लो–वि० [भ्यातल+ओ] भ्यात्ले।

भ्यार्र–क्रि० यो० [अनु०] भ्वार्र।

भ्याल्सी–ना० [नेवा०] गाह्राबाट थाममा टेवा दिई धुरी अड़्याउने तेर्सो ठूलो काठ।

भ्यास-भ्यास–क्रि० यो०[भास] १. खुकुलो वा गीलो जमीनमा क्रमशः गाड़िँदै जाने किसिम। २. फस्को जमीन वा वस्तु फुट्तै जाने वा फुट्तै जाँदा शब्द आउने किसिम।

भ्यासभ्यासती–क्रि० यो० [भ्यास-भ्यास+ती]भ्यास-भ्यास।

भ्यासभ्यासी–क्रि० यो० [भ्यास-भ्यास+ई] भ्यास-भ्यास।

भ्यास्स–क्रि० यो० [भास] १. खुकुलो वा गीलो जमीनमा सहसा गाड़िने किसिम। २. फस्को जमीन वा वस्तु सहसा फुट्ने किसिम।

भ्यूँट–ना० [भिउँट] भिउँट।

भ्यूँटे–वि० [भिउँटे] भिउँटे।

भ्रंश–ना० [सं०] १. खस्ने काम; पतन; ह्रास। २. नाश; ध्वंस। ३. मार्गबाट विचलित हुनु; पथ-भ्रष्ट हुनु।

भ्रंशन–ना० [सं०] १. तलतिर खस्नु; पतन। २. भ्रष्ट हुनु।

भ्रंशित–वि० [सं०] १. तलतिर खसेको; गिरेको। २. भ्रष्ट।

भ्रंशी–वि० [सं०] १. खस्ने; पतन हुने। २. नाश हुने; भ्रष्ट हुने। ३. नाश गर्ने।

भ्रंस–ना० [सं०] भ्रंश।

भ्रंसन–ना० [सं०] भ्रंशन।

भ्रज्जन–ना० [सं०] भुट्ने काम।

भ्रम–ना० [सं०] १. घुम्नु; चक्कर खानु। २. एक थोकको अर्को थोक सम्झनु; मिथ्या ज्ञान। ३. शङ्का; सन्देह। ४. भूल; चूक। ५. पानी वा हावाको भुँवरी।

भ्रम-जाल–ना० [सं०] माया-जाल; मोह-पाश।

भ्रमण–ना० [सं०] १. घुम-फिर गर्ने काम; डुल-फिर। २. यात्रा; देशाटन।

भ्रम-मूलक–वि० [सं०] भ्रमबाट उत्पन्न; भ्रम-जनित।

भ्रमर–ना० [सं०] १. भुँवरो; भमरो। २. कुह्मालेको चक्र।

भ्रमात्मक–वि० [सं०] १. भ्रम उत्पन्न गर्ने; भ्रम-मूलक। २. सन्देहास्पद; सन्दिग्ध।

भ्रमित–वि० [सं०] १. घुमेको; चक्कर खाएको। २. भ्रममा परेको।

भ्रमी–वि० [सं०] १. घुम्ने; चक्कर खाने। २. भ्रम-युक्त; भ्रममा परेको।

भ्रष्ट–वि० [सं०] १. तलतिर गिरेको; पतित। २. साह्रै खराब; दूषित। ३. खराब आचरणको; दुश्चरित्र। ४. बिग्रेको; विनष्ट।

भ्रष्टा–ना० [सं०] कुलटा; दुश्चरित्र स्त्री।

भ्रष्टाचार–ना० [सं०] १. नीति, नियम आदिको विरुद्ध आचरण; अनाचार; दुराचार। २. सरकारी कर्मचारीले

CC-0. In Public Domain. Digitization by eGangotri

घूस खानु, पक्षपात गर्नु र यस्तै अरू अनैतिक काम गर्नु। (वि०) ३. आचरण बिग्रेको; दुराचारी।

भ्रष्टाचारी–वि० [सं०] भ्रष्टाचार गर्ने।

भ्रष्टाधिकार–वि० [सं०] अधिकारबाट च्युत भएको।

भ्राता–ना० [सं०] १. सहोदर दाज्यू वा भाइ। २. एउटै बाबुका छोराहरू। ३. दाज्यू वा भाइ। ४. बन्धु-वर्ग। ५. समान कक्षाका मानिसहरूलाई सम्बोधन गर्ने शब्द।

भ्रातृक–वि० [सं०] दाजु वा भाइको।

भ्रातृज–ना० [सं०] दाज्यू वा भाइको छोरो; भतिजो।

भ्रातृ-जाया–ना० [सं०] दाजु वा भाइकी पत्नी; भाउज्यू वा बुहारी।

भ्रातृत्व–ना० [सं०] दाजु-भाइको सम्बन्ध वा स्नेह; भ्रातृ-भाव।

भ्रातृ-द्वितीया–ना० [सं०] कार्तिक शुक्ल द्वितीया; यम-द्वितीया; भाइ-टीका।

भ्रातृ-भाव–ना० [सं०] दाजु-भाइमा हुने प्रेम-भाव; दाजु-भाइको भाव वा स्नेह; भ्रातृत्व।

भ्रात्रेय–ना० [सं०] दाजु वा भाइको छोरो; भतिजो।

भ्रान्त–वि० [सं०] १. भ्रान्तिमा परेको; भुलेको। २. घुमेको; चक्कर खाएको।

भ्रान्तापह्नुति–ना० [सं०] कसैलाई एक पदार्थमा अर्को पदार्थ-को भ्रम हुँदा त्यसलाई हटाउनाका निमित्त सत्य कुरो बता-उँदा पर्ने एक काव्यालङ्कार; अपह्नुति अलङ्कारको एक भेद।

भ्रान्ति–ना० [सं०] १. कुनै पदार्थ वा कुरो देखेर वा सुनेर अर्कै कुरोको भान पर्नु। २. चक्कर; भ्रमण। ३. पागल-पन। ४. भूल; चूक। ५. उपमानलाई देख्ता उपमेयको भान हुँदा पर्ने एक अर्थालङ्कार।

भ्रान्तिमान्–वि० [सं०] १. भ्रान्ति भएको; भ्रम-युक्त। २. घुमेको; चक्कर खाएको। (ना०) ३. भ्रान्ति अर्थालङ्कार।

भ्रामक–वि० [सं०] १. भ्रम पैदा गर्ने; भूल पार्ने। २. शङ्का उत्पन्न गर्ने। ३. घुमाउने।

भ्रामरी–ना० [सं०] ज्योतिष-शास्त्रअनुसार एक योगिनी-दशा।

भ्रामित–वि० [सं०] १. घुमाइएको; चक्कर खुवाइएको। २. भ्रममा पारिएको।

भ्राष्ट्र–ना० [सं०] १. आकाश। २. अन्न भुट्ने भाँडो।

भ्रुकुंश–ना० [सं०] स्त्रीका वेशमा नाच्ने नट।

भ्रुकुंस–ना० [सं०] भ्रुकुंश।

भ्रु-कुटि–ना० [सं०] भ्रू-कुटी।

भ्रु-कुटी–ना० [सं०] भ्रू-कुटी।

भ्रू–ना० [सं०] आँखी-भौँ।

भ्रू-कुटि–ना० [सं०] भ्रू-कुटी।

भ्रू-कुटी–ना० [सं०] आँखी-भौँ; भृकुटी।

भ्रू-क्षेप–ना० [सं०] रीस वा रोषले आँखी-भौँ टेढ़ो पार्नु; भ्रू-भङ्ग।

भ्रूण–ना० [सं०] गर्भमा रहेको बच्चो; गर्भाशयमा रहेको शिशु।

भ्रूण-हत्या–ना० [सं०] १. गर्भे बालकको हत्या। २. साह्रै असजिलो काम; अप्ठेरो काम।

भ्रू-भङ्ग–ना० [सं०] भ्रू-क्षेप।

भ्रू-मध्य–ना० [सं०] दुइ आँखी-भौँका बीचको स्थान।

भ्रू-विक्षेप–ना० [सं०] भ्रू-क्षेप; भ्रू-भङ्ग।

भ्वाँक–क्रि० यो० [अनु०] भ्वाँक्क।

भ्वाँक्क–क्रि०यो०[अनु०] सहसा मोटरको हर्न बज्ने वा त्यस्तै अरू शब्द आउने किसिम।

भ्वाँला–ना० [सं० ज्वाला] बढ़्ता परिश्रम, क्रोध वा अन्य कुनै किसिमको आवेग आदिबाट शरीरमा उत्पन्न हुने ज्वाला।

भ्वाक्क–क्रि० यो० [अनु०] भ्याक्क; भ्यात्त।

भ्वाङ–ना० [सं० भङ्ग] १. ठूलो प्वाल। २. भड्खारो; डाँडारो।

भ्वाङ्ङ–क्रि० यो० [अनु०] १. ठूलो वा गह्रुँगो वस्तु सहसा लड्दा, खस्दा वा त्यसले ठक्कर खाँदा शब्द आउने किसिम। २. बन्दूक, तोप आदि पड्कने किसिम। ३. ठूलो वा गह्रुँगो वस्तु सहसा लड्ने, खस्ने वा ठक्कर खाने किसिम।

भ्वाङङ–क्रि० यो० [सं०] भ्वाङ्ङ।

भ्वात्त–क्रि० यो० [अनु०] भ्यात्त।

भ्वार्र–क्रि० यो० [अनु०] १. चराहरू एकै पल्ट उड्ने वा उड्दा शब्द आउने किसिम; भुर्र। २. छेर्दा वा अपान-वायु छोड्दा शब्द आउने किसिम; भ्यार्र।

भ्वास्स–क्रि० यो० [अनु०] १. सहसा उम्लने किसिम; ह्वास्स। २. खुकुलो धूलो, बालुवा आदिमा सहसा भासिने किसिम। ४. मसिनो धूलो, धूवाँ आदि सहसा उड्ने किसिम।

म

म–देवनागरी वर्ण-मालाको पच्चीसौँ व्यञ्जन-वर्ण। प-वर्गको अन्तिम अक्षर। यसको उच्चारण ओष्ठ-स्थान र नासिका-स्थानबाट हुन्छ।

म–सर्वना० [सं० अहम्] उत्तम-पुरुष, एक-वचनमा प्रयोग हुने सर्वनाम शब्द; आफू; स्वयम्।

मइन–ना० [प्रा० मयण] १. माहुरीका चाकाबाट प्राप्त हुने नरम चिल्लो पदार्थ; मैन। २. मट्टी-तेल तयार गर्दा निस्कने चिल्लो पदार्थ। (यसैबाट प्रायशः सस्तो किसिमको मैन-बत्ती तयार गरिन्छ।)

मइन-कपड़ा–ना० [मइन+कपड़ा] एक प्रकारको रोगन

CC-0. In Public Domain. Digitization by eGangotri

लगाइएको, पानी नछिर्ने कपड़ा।

मइन-फल–ना० [सं०] १. पहेँला फूल फुल्ने, फुस्रा रङ्गका पात हुने, दारिमका आकारका फल फल्ने, काँढ़ा हुने एक जातको बोट। २. त्यसैको फल। (यसको बोक्रो र फल आयुर्वेदीय औषधिमा प्रयोग हुन्छ।)

मइन-बत्ती–ना० [मइन+बत्ती] बीचमा धागो हाली दण्डाकार बनाइएको मइनको बत्ती।

मइमत्त–वि० [सं० मद-मत्त] धन, जन, यौवन आदिको घमन्डले मात्तिएको; मद-मत्त।

मई–ना० [अं०] ईसवी वर्षको पाँचौँ महीना; वैशाख र ज्येष्ठ महीनाभित्र पर्ने एकतीस दिन हुने एक महीना; मे।

मकमकाइ–ना० [मकमकाउ+आइ] मकमकाउने किसिम, क्रिया वा भाव।

मकमकाइनु–अ० क्रि० [मकमकाउ+इ+नु] जीउभित्र एक किसिमले दुखिनु; ('मकमकाउनु'-को भा० क्रि०)।

मकमकाउनु–अ० क्रि० [मकाउ+नु] जरो, सर्दी, वात आदिबाट शरीरका अङ्ग-प्रत्यङ्ग शिथिल भई दुख्नु; जीउभित्र एक किसिमले दुख्नु।

मकमकिनु–अ० क्रि० [मकमकाउ+इ+नु] मकमकाउनु।

मकमक्याइ–ना० [मकमकि+याइ] मकमकिने किसिम, क्रिया वा भाव।

मकमक्याइ–ना० [मकमक्याउ+आइ] मकमक्याउने किसिम, क्रिया वा भाव।

मकमक्याइनु–स० क्रि० [मकमक्याउ+इ+नु] दाँत नहुनेले दनासाद्वारा खानेकुरो चपाइनु; ('मकमक्याउनु'-को क० क्रि०)।

मकमक्याउनु–स० क्रि० [ने०] दाँत नहुनेले दनासाद्वारा खानेकुरो चपाउनु; मक्ल्याक-मुक्लुक गरी खानु।

मकमक्याहट–ना० [मकमकि+याहट] मकमकिने किसिम, क्रिया वा भाव; मकमक्याइ।

मकमक्याहट–ना० [मकमक्याउ+आहट] मकमक्याउने किसिम, क्रिया वा भाव; मकमक्याइ।

मकर–ना० [सं०] १. ग्राह। २. माछो। ३. बाह्र राशिमध्ये एक। ४. माघ महीना।

मकरकाँची–ना० [ने०] तिउरेका आकारका गुलाबी वा सेता फूल फुल्ने, कलेजी रङ्गका छिटा भएका ऐँसेलुका जस्ता पात हुने एक जातको भइँ-झार।

मकर-क्रान्ति–ना० [सं०] मकर-रेखा।

मकर-ध्वज–ना० [सं०] १. कामदेव। २. पारोबाट तयार हुने आयुर्वेदीय एक रसौषध।

मकरन्द–ना० [सं०] १. फूलको रस; पुष्प-मधु। २. फूलको केसर; किञ्जल्क।

मकर-राशि–ना० [सं०] ज्योतिष-शास्त्रअनुसार बाह्र राशि-मध्ये एक।

मकर-रेखा–ना० [सं०] विषुवत्-रेखादेखि साढ़े-तेत्तीस अंश दक्षिणमा पर्ने भनी कल्पना गरिएको एक रेखा; मकर-क्रान्ति।

मकर-सङ्क्रान्ति–ना० [सं०] माघ महीनाको सङ्क्रान्ति। (यसै दिनदेखि सूर्य उत्तरायण हुन्छन्।)

मकल–ना० [नेवा०] आगो राख्ने माटाको एक छाँटको भाँड़ो; एक प्रकारको सानो अटल।

मकाइ–ना० [मकाउ+आइ] मकाउने किसिम, क्रिया वा भाव।

मकाइनु–अ० क्रि० [मकाउ+इ+नु] सड्न लागिनु; ('मकाउनु'-को भा० क्रि०)।

मकाउनु–अ० क्रि० [ने०] सर्दी, माटो, पानी आदिको सम्पर्कले कुनै वस्तु निर्धो वा जीर्ण हुनु; सड्न लाग्नु।

मकार–ना० [सं०] 'म'-अक्षर; प-वर्गको अन्तिम अक्षर।

मकिनु–अ० क्रि० [मकाउ+इ+नु] मकाउनु।

मकालु–ना० [ने०] नेपालका पूर्वी जिल्ला धनकुटाको उत्तरीय सिमानामा रहेको कुम्भकर्ण हिमालको चुचुरो। (यसको शिखर २७७९० फीट अग्लो छ।)

मकुट–ना० [सं०] मुकुट।

मकुनु–ना० [सं० मनाक्] दाह्रा ननिस्केको जवान हात्ती।

मकुन्डो–ना० [मुख] नाच्ने मानिसले मुखमा लाउने, देवी-देवता आदिको मुखका आकारको साधन; चेहराका आकारको साधन; मखुन्डो।

मकुष्ठ–ना० [सं०] मस्याङ।

मकै–ना०[सं० मर्कटान्न] १. जुनेलाका जस्ता लामा-लामा पात, झुप्पाकार धान-चमरा, टुप्पामा जुँगा हुने घोगा फल्ने एक जातको बोट। २. त्यसैका घोगामा फल्ने अन्न। (यसका सेता, पहेँला, काला आदि गेड़ा हुने अनेक जात छन्। आयुर्वेदमा यसको गुण बल-वर्द्धक र रुचि-कारक बताइएको छ।)

मकै-कीरो–ना० [मकै+कीरो] मकै पाक्ने समयमा आउने एक जातको कीरो; लाटा।

मकै-चरी–ना० [मकै+चरी] मकैमात्र खाएर जीविका गर्ने व्यक्ति।

मकै-बोड़ी–ना० [मकै+बोड़ी] १. पानका जस्ता ठूल्ठूला पात, राता, नीला आदि विभिन्न रङ्गका फूल, प्रायः एक बित्ता लामा कोसा हुने, मकैका बारीमा लाइने एक जातको लता। २. त्यसैका कोसा वा गेड़ा। (यसको दाल, तरकारी आदि खाइन्छ।)

मकोई–ना० [सं० माची] १. खुर्सानीका जस्ता पात, पहेँला फूल, खैरा खोस्टाभित्र पहेँला गोल फल र डाँठका बीच-बीचमा गाँठा हुने एक जातको बोट। २. त्यसैको खड़ारस फल। (आयुर्वेदमा यसको गुण आँखालाई हित गर्ने बताइएको छ।)

मक्ख–वि० [फा० मस्त] आनन्द, हर्ष आदिमा लट्ठ; मस्त; दङ्ग।

मक्खन–ना० [प्रा० मक्खण] मखन।

CC-0. In Public Domain. Digitization by eGangotri

मक्खी–ना० [प्रा० मक्खिअ] १. माखो; झीँगो। २. काँक्रो, बदाम आदि खाँदा साथीलाई अङ्को थाप्नाका निमित्त लुकाइने केही अंश। ३. त्यसरी लुकाउने एक खेल।

मक्खी-चूस–वि० [मक्खी+चुस्] १. कन्जुस; कृपण; द्रव्य-पिशाच। २. ज्यादै छुच्चो।

मक्खी-बुट्टे–वि० [मक्खी+बुट्टा+ए] सेतो भूईँमा झीँगाहरू बसेको जस्तो साना-साना बुट्टाहरू भएको (कपड़ा)।

मक्याइ–ना० [मकि+याइ] मकिने किसिम, क्रिया वा भाव।

मक्ल्याक-मुक्लुक–क्रि० यो० [अनु०] मकमक्याउने वा मक-मक्याउँदा शब्द आउने किसिम।

मक्षिका–ना० [सं०] १. झीँगो; माखो। २. माहुरी।

मक्षिका-मल–ना० [सं०] मैन।

मख–ना० [सं०] यज्ञ।

मखन–ना० [प्रा० मक्खण] दही वा दूध मथेर निकालिने बाक्लो स्निग्ध पदार्थ; नौनी; नवनीत।

मखन–ना० [मखाना] मखाना।

मखन्डी–वि० [सं०] मखुन्डी।

मखमल–ना० [अ० मख़मल] एकापट्टि नरम भूवा हुने, असल एक जातको मोटो रेशमी कपड़ा।

मखमली–ना० [मखमल+ई] १. लाम्चा पात, खस्रा राता वा सेता गोल फूल र रातो डाँठ हुने एक जातको बोट। २. त्यसैको फूल। (यसका राता र सेता—दुइ जात छन्)। (वि०) ३. मखमल-सम्बन्धी। ४. मखमलजस्तो।

मखमली-कीरो–ना० [मखमली+कीरो] इन्द्र-गोप।

मखाना–ना० [सं० मखान्न] पानी वा सिमसार जग्गामा हुने एक जातको लहरो, त्यसैका गाँठामा फल्ने बीज। (भुटेर यसको बीज मसलाको रूपमा पनि खाइन्छ।)

मखान्न–ना० [सं०] मखाना।

मखुन्डी–वि० [मखुन्डो+ई] १. काम गर्ने ढङ्ग नभएको; सीप नभएको। २. मखुन्डो लाउने; मकुन्डो-धारी। ३. छद्म-वेशी।

मखुन्डो–ना० [मकुन्डो] मकुन्डो।

मखौरो–ना० [माखो+औरो] कागतका धुर्का, घोड़ाका पुच्छरका रौँ आदि लट्ठीका छेउमा बाँधी चमरजस्तो बनाएको झीँगा धपाउने साधन।

मख्याहा–ना० [माखो+आहा] मुखमा आउने कोठीजस्ता साना-साना काला दागहरूको समूह।

मल्ले–ना० [ने०] चामल कुटेर वा पिँधेर बाँकी रहेको कनिका।

मगज–ना० [अ० मग्ज़] १. गिदी; मस्तिष्क। २. बुद्धि; अक्कल; दिमाग।

मगण–ना० [सं०] तीन गुरु हुने एक गण (ऽऽऽ)।

मगन–वि० [सं० मग्न] मग्न।

मगन-मस्त–वि० [मगन+मस्त] मग्न-मस्त।

मगनी–ना० [माग्+अनी] १. माग्ने काम; याचना। २. मागेर पाएको वस्तु।

मगन्ता–वि० [माग्+अन्ता] १. माग्ने; मगन्ते; याचक। कङ्गाल।

मगन्ते–वि० [माग्+अन्ते] १. मगन्ता; याचक। २. कङ्गाल; २. गरीब; फुङ्गिन।

मगमग–क्रि० यो० [ने०] सुवास फैलिने किसिम; बास्ना आउने किसिम।

मगमगती–क्रि० यो० [मगमग+ती] मगमग; मगमगी।

मगमगी–क्रि० यो० [मगमग] मगमग।

मगर–ना० [ने०] नेपालको विशेषतः मध्य-पश्चिमी पहाड़ी क्षेत्रमा रहने एक प्रसिद्ध जाति।

मगरात–ना० [मगर+?] विशेष गरी मगर-जातिका मानिस-हरू बसेको क्षेत्र।

मगही–वि० [प्रा०] १. मगध प्रदेश-सम्बन्धी; मागधी। २. असल एक जातको पान। (यो पान भारतको मगध प्रदेशमा हुन्छ।)

मगाइ–ना० [मगाउ+आइ] मगाउने किसिम, क्रिया वा भाव।

मगाइ–ना० [माग्+आइ] माग्ने किसिम, क्रिया वा भाव।

मगाइनु–स० क्रि० [मगाउ+इ+नु] माग्न लाइनु; ('मगाउनु'-को क० क्रि०)।

मगाउनु–स० क्रि० [माग्+आउ+नु] १. विदेश वा कुनै टाढ़ाको ठाउँबाट माल-मत्ता पैठारी गर्नु; झिकाउनु। २. माग्न लाउनु; याचना गरानु; ('माग्नु'-को प्रे० क्रि०)।

मग्न–वि० [सं०] १. सुख वा आनन्दमा लट्ठ; मस्त। २. तन्मय; तल्लीन।

मग्न-मस्त–वि० [मग्न+मस्त] सुख वा आनन्दमा मस्त भएको; आनन्द-विभोर।

मघवा–ना० [सं०] इन्द्र।

मघा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक।

मघै-बङ्गला–ना० [सं० मागध+वङ्ग] लामा भेट्ना हुने एक जातको पान; अम्लसरा।

मघैया-जीरा–ना० [सं० मागध+जीरक] एक जातको जीरा।

मघै-साँची–ना० [मगही+साची] बाटुला किसिमका पात हुने असल जातको पान; श्रीवाटी।

मङ्किल–ना० [सं०] डढ़ेलो; दावानल।

मङ्गल–ना० [सं०] १. कल्याण, हित, भलाइ। २. सौर-जगत्‌को एक प्रसिद्ध ग्रह; नव-ग्रहमध्ये एक; भौम। ३. मङ्गल-वार। ४. इच्छा गरेको कुरो पुग्नु; मनोरथको सिद्धि। ५. सौभाग्य। ६. शुभ शकुन। (वि०) ७. कल्याण-कारी; शुभ; भलो। ८. शुभ लक्षणले युक्त।

मङ्गल-कर्म–ना० [सं०] कुनै कार्य सफलतापूर्वक सम्पन्न होस् भन्नाका निमित्त गरिने गणेश, सरस्वती आदिको प्रार्थना; माङ्गलिक कर्म।

मङ्गल-कलश–ना० [सं०] १. कुनै शुभ कार्यमा मङ्गलका

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त देवताका अगिल्तिर राखिने जलपूर्ण घट। २. मङ्गल वा शुभ शकुनका निमित्त राखिने जलपूर्ण कलश।

मङ्गल-कामना—ना० [सं०] भलो चिताउने काम; शुभ-कामना।

मङ्गल-कारक—वि० [सं०] मङ्गल गर्ने; कल्याण-कारी।

मङ्गल-कारी—वि० [सं०] मङ्गल-कारक; कल्याण-कारी।

मङ्गल-कार्य—ना० [सं०] विवाह, व्रत-बन्ध आदि शुभ कार्य।

मङ्गल-गान—ना० [सं०] मङ्गलका अवसरमा गाइने गीत; मङ्गल-गीत; मङ्गलाचरण।

मङ्गल-गीत—ना० [सं०] मङ्गल-गान।

मङ्गल-ग्रह—ना० [सं०] १. सौर मण्डलको एक ग्रह; नव-ग्रह-मध्ये एक। २. शुभ ग्रह।

मङ्गल-घट—ना० [सं०] मङ्गल-कलश।

मङ्गलमय—वि० [सं०] १. मङ्गलस्वरूप; कल्याणमय। २. मङ्गलले परिपूर्ण। (ना०)। ३. परमेश्वर।

मङ्गल-वाद्य—ना० [सं०] शुभ अवसरमा बजाइने बाजा।

मङ्गल-वार—ना० [सं०] सोम-वार र बुध-वारका बीचको दिन; भौम-वार।

मङ्गल-वासर—ना० [सं०] मङ्गल-वार।

मङ्गल-सूत्र—ना० [सं०] १. कुनै देवताको प्रसादस्वरूप घाँटी वा नारीमा बाँधिने धागो। २. सधवा स्त्रीले गलामा लाउने सूत्र; एक किसिमको आभूषण।

मङ्गला—ना० [सं०] १. पार्वती; दुर्गा। २. पतिव्रता स्त्री। ३. सेतो दूबो। ४. हलेदो।

मङ्गलाचरण—ना० [सं०] १. शुभ कार्यका प्रारम्भमा मङ्गल-कामना गरी पढ़िने कुनै देवताको स्तुति। २. ग्रन्थका आरम्भमा लेखिने माङ्गलिक श्लोक वा पद।

मङ्गलाचार—ना० [सं०] १. मङ्गल कार्य शुरू गर्दा गाइने गान। २. माङ्गलिक कार्य।

मङ्गलामुखी—ना० [सं०] वेश्या।

मङ्गलिनी—ना० [मङ्गल+इनी] मङ्गलेनी।

मङ्गलु—ना० [सं० मङ्गल+उ] मङ्गल कार्यमा गाइने गीत; मागल; मङ्गल-गान।

मङ्गलेनी—ना० [मङ्गल+एनी] विवाह, व्रत-बन्ध आदि शुभ कार्यमा मङ्गल-गान गर्ने स्त्री; मागल गाउने स्त्री।

मङ्गल्यागरु—ना० [सं०] मलयागिरी वृक्ष।

मङ्गाल—ना० [नेवा०] ढलको पानी छानेर पठाउने खाल्टो।

मङ्गोल—ना० [मङ्गोलिया (देश)] १. मध्य एशियामा रहने एक जाति। (वि०) २. त्यस जातिको।

मङ्सीर—ना० [सं० मार्गशीर्ष] कातिक र पौषका बीचमा पर्ने महीना; मार्ग महीना।

मचक्क—क्रि० यो० [नं०] १. कुनै ठाउँमा गोड़ा अड़्याएर टेक्ने किसिम; मजबूतीसित टेक्ने किसिम। २. गह्रौं वस्तु लच्कँदा शब्द आउने किसिम; मच्याक्क।

मचक्-मचक्—क्रि० यो० [अनु०] पुरानो वा निर्धो घरमा हिँड्दा दलिन आदि लच्कने वा लच्कँदा शब्द आउने किसिम; मचक्क।

मचमच—क्रि० यो० [नं०] १. राम्ररी टेकेर हिँड्ने किसिम। २. कपड़ा आदि धुँदा बेसरी मिच्ने किसिम। ३. पाउ दाब्ने किसिम। ४. लचिलो पदार्थमा भार पर्दा शब्द आउने किसिम।

मचमचती—क्रि० यो० [मचमच+ती] मचमच; मचमची।

मचमची—क्रि० यो० [मचमच+ई] मचमच।

मचाइ—ना० [मच्+आइ] मच्ने किसिम, क्रिया वा भाव।

मचाइ—ना० [मचाउ+आइ] मचाउने किसिम, क्रिया वा भाव।

मचाइनु—स० क्रि० [मचाउ+आइ+नु] फिँजाइनु (हल्ला आदि); उठाइनु (रड़ाको आदि); ('मचाउनु'-को क० क्रि०)।

मचाउनु—स० क्रि० [मच्+आउ+नु] फिँजाउनु (हल्ला आदि); उठाउनु (रड़ाको आदि); ('मच्नु'-को प्रे० क्रि०)।

मचान—ना० [सं० मञ्च] १. खम्बाका आधारमा अग्लो गरी बनाइएको बस्ने ठाउँ; मञ्च। २. घाँस, पराल आदि राख्न बनाइएको अग्लो टौवा।

मचिनु—अ० क्रि० [मच्+इ+नु] फिँजिनु (हल्ला आदि); ('मच्नु'-को भा० क्रि०)।

मचिया—ना० [सं० मञ्च+इया] एक जना मानिसमात्र बस्न हुने खटियाका आकारको आसन।

मच्कनु—अ० क्रि० [मचक्क+नु] १. घरमा हिँड्दा त्यसमा लागेका दलिनहरू लच्केर मचक्-मचक् शब्द आउनु; मचक्क-मचक्क हुनु। २. गह्रौं वस्तु हल्लँदा केही लच्कनु वा निहुरनु। ३. सङ्कोच मान्नु; धक मान्नु।

मच्काइ—ना० [मच्क+आइ] मच्कने किसिम, क्रिया वा भाव।

मच्काइ—ना [मच्काउ+आइ] मच्काउने किसिम, क्रिया वा भाव।

मच्काइनु—स० क्रि० [मच्काउ+आइ+नु] मच्कने गरिनु; ('मच्काउनु'-को क० क्रि०)।

मच्काउनु—स० क्रि० [मच्क+आउ+नु] मच्कने पार्नु; लच्काउनु, निहुराउनु; ('मच्कनु'-को प्रे० क्रि०)।

मच्किनु—अ० क्रि० [मच्क+इ+नु] मच्कने होइनु; ('मच्कनु'-को भा० क्रि०)।

मच्चनु—अ० क्रि० [प्रा० मच्चई] १. खूबसित हल्लनु; झुल्नु; पीङ आदि लामो चालमा डोल्नु। २. उमेदका साथ कुनै काममा लागिपर्नु; तरखराउनु। ३. चौचौ हुनु; उत्कण्ठित हुनु। ४. जोड़-तोड़का साथ मुद्दा-मामिला चर्कनु। ५. हल्ला चल्नु; हल्ला-गुल्ला हुनु।

मच्नु—अ० क्रि० [मच्च+नु] जोड़-तोड़का साथ फैलनु (हल्ला आदि); सर्कनु (मुद्दा, रड़ाको आदि)।

मच्चाइ—ना० [मच्चाउ+आइ] मच्चाउने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव।

मच्चाइनु–स० क्रि० [मच्चाउ+इ+नु] खूबसित हल्लाइनु; ('मच्चाउनु'-को क० क्रि०)।

मच्चाउनु–स० क्रि० [मच्च+आउ+नु] १. खूबसित हल्लाउनु; बेसरी झुलाउनु। २. हल्ला चलाउनु; हो-हल्ला गर्नु। ३. मुद्दा-मामिला आदि चर्काउनु। ४. चौचौ पार्नु; उत्कण्ठित पार्नु।

मच्चामच्ची–ना० [मच्चाउ+मच्चाउ] १. परस्परमा मच्चाउने काम। २. धमाधम मच्चाउने काम।

मच्चिनु–अ० क्रि० [मच्च+इ+नु] १. मच्चनु। २. झुलिनु; ('मच्चनु'-को भा० क्रि०)।

मच्च्याइ–ना० [मच्चि+याइ] मच्चिने किसिम, क्रिया वा भाव।

मच्च्याहट–ना० [मच्चि+याहट] मच्चिने किसिम, क्रिया वा भाव; मच्च्याइ।

मच्छर–ना० [सं० मशक] लाम्खुट्टे।

मच्याक-मुचुक–क्रि०यो० [अनु०] १. किच्ने वा मिच्ने किसिम; कच्याक-कुचुक; मन्याक-मुरुक। २. लच्कने वा लच्कँदा शब्द आउने किसिम।

मच्याक्क–क्रि० यो० [मचक्क] मचक्क।

मछाइनु–ना० [ने०] १. धसिङ्गरेका जस्ता पात र साना-साना काला दाना हुने एक जातको बोट। २. त्यसैको फल।

मजदूर–ना० [फा० मज़दूर] १. साधारण शारीरिक श्रम वा काम गरेर जीवन-निर्वाह गर्ने व्यक्ति; कल-कारखानामा साधारण शारीरिक काम गर्ने व्यक्ति; ज्यालामी। २. भरिया; कुल्ली।

मजदूरी–ना० [फा० मज़दूरी] १. ज्याला; पारिश्रमिक; मजूरी। २. मजदूरको काम वा पेशा।

मजबूत–वि० [अ० मज़बूत] १. बलियो; दृढ; पक्का। २. बलवान्; बलिष्ठ।

मजबूती–ना० [अ० मज़बूती] १. बलियो हुनाको भाव; दृढता। २. ताकत; बल। ३. साहस।

मजबून–ना० [अ० मज़मून] १. लेखको सारांश। २. लेख; रचना।

मजमून–ना० [अ० मज़मून] मजबून।

मजलिस–ना० [अ०] १. सभा; परिषद्। २. सभा-भवन; बैठक।

मजलिस-घर–ना० [मजलिस+घर] सभा-भवन।

मजहब–ना० [अ० मज़हब] १. धार्मिक सम्प्रदाय; मत; पन्थ। २. धर्म।

मजा–ना० [फा० मज़ः] १. आनन्द; रमाइलो; सुविस्ता; सुख; मज्जा। (वि०) २. बेस; उत्तम; राम्रो।

मजाक–ना० [अ० मज़ाक़] हँसी; ठट्टा; दिल्लगी।

मजाको–वि० [मजा+को] १. आनन्द-दायक; रमाइलो। २. बेस; सुन्दर; राम्रो।

मजाल–ना० [अ०] शक्ति; सामर्थ्य; ताकत।

मजिस्ट्रेट–ना० [अं० मैजिस्ट्रेट] नगरको शासन-सम्बन्धी काम गर्ने र फौजदारी मुद्दा-मामिलाहरू हेर्ने सरकारी विशिष्ट अधिकारी; जिलाधीश।

मजीटो–ना० [सं० मञ्जिष्ठा] १. लाम्चा, पानका जस्ता पात, अपामार्गको जस्तो डाँठ, पहेँला फूल र नीला, राता वा अरू रङ्गका फल फल्ने एक जातको लहरो। २. त्यसैको फल। (आयुर्वेदमा यसका चार भेद बताइएका छन् र यसको गुण ज्वर, कफ, विष र नेत्र-रोगलाई नाश गर्ने बताइएको छ।)

मजीठो–ना० [प्रा० मञ्जिष्ठा] मजीटो।

मजुरा–ना० [सं० मञ्जीर] साना-साना बाटुला काँसका दुइ चक्का जुधाएर बनाइने बाजा; मुजुरा।

मजूर–ना० [सं०] मुजूर।

मजूरी–ना० [फा० मज़दूरी] मजदूरी।

मजेत्रो–ना० [ने०] स्वास्नी-मानिसले ओढ्ने सानो एक-सरो पछ्यौरा; बर्को।

मजेदार–वि० [फा० मज़ेदार] मजाको; आनन्द-दायक।

मज्जन–ना० [सं०] १. डुबुल्की मार्नु; गोता लाउनु। २. नुहाउनु; स्नान।

मज्जर–ना० [सं०] फुर्के-बन्सो घाँस।

मज्जा–ना० [सं०] १. नली-हाड़भित्र हुने सेतो गीलो पदार्थ; मासी। २. बोट-बिरुवाको भित्रको सार अंश; चुरो।

मज्जा–ना० [मजा] मजा।

मझाइ–ना० [माझ्+आइ] माझ्ने किसिम, क्रिया वा भाव।

मझाइनु–स० क्रि० [मझाउ+इ+नु] माझ्न लाइनु ('मझाउनु'-को क० क्रि०)।

मझाउनु–स० क्रि० [माझ्+आउ+नु] माझ्न लाउनु; ('माझ्नु'-को प्रे० क्रि०)।

मझुवा–वि० [माझ्+उवा] १. माझिएको; माझेर सफा गरिएको। २. माझ्ने; माझेर सफा गर्ने।

मझेरी–ना० [माझ+एरी] घरभित्र कोठाबाहेकको, छिँड़ीको जमीन; कोठा बारी बाँकी रहेको छिँड़ीको जमीन; ओछ्यान, चौको आदिबाहेकको भुइँ।

मझौला–वि० [माझ+औला] आकार, गुण आदिमा ज्यादै घटी वा बढ़ी नभएको; मध्यम कक्षाको; बीचको।

मञ्च–ना० [सं०] १. खाट; पलङ्ग। २. सर्व-साधारण जनताका समक्ष कुनै काम गर्नाका निमित्त बनाइएको उच्च मण्डप। ३. चौतारो। ४. सिंहासन; राज-गद्दी। ५. रङ्ग-भूमि। ६. मचान।

मञ्चक–ना० [सं०] मञ्च।

मञ्चिका–ना० [सं०] १. खटिया। २. मचिया। ३. सानो मञ्च।

मञ्जरित–वि० [सं०] मञ्जरी लागेको; मञ्जरी भएको।

मञ्जरी–ना० [सं०] बोट, बिरुवा, लहरा आदिमा नयाँ निस्केको कमलो फूल; मुजुरो।

CC-0. In Public Domain. Digitization by eGangotri

मञ्जिमा–ना० [सं०] सुन्दरता; सौन्दर्य।
मञ्जिष्ट–ना० [सं०] मजीटो।
मञ्जिष्ठा–ना० [सं०] मजीटो।
मञ्जीर–ना० [सं०] पाउजेब; नूपुर।
मञ्जु–वि० [सं०] राम्रो; सुन्दर; मनोहर।
मञ्जु-गर्त–ना० [सं०] काठमाण्डू-उपत्यकाको एक प्राचीन नाम।
मञ्जु-घोष–ना० [सं०] १. मीठो बोली; मधुर वचन। २. एक बौद्ध आचार्य; मञ्जुश्री।
मञ्जु-देव–ना० [सं०] मञ्जु-घोष; मञ्जुश्री।
मञ्जुल–वि० [सं०] सुन्दर; मनोहर।
मञ्जुश्री–ना०[सं०] एक प्रसिद्ध बौद्ध आचार्य; मञ्जु-घोष। (यिनैले चोभारको डाँडो काटी काठमाण्डू-उपत्यकाको पानी निकालेको किम्बदन्ती छ।)
मञ्जूषा–ना० [सं०] १. सानो पेटारो; सानो सन्दूस। २. मजीठो।
मटक–ना० [मटका] मटका।
मटका–ना० [मर्का] १. मर्का; मर्म। २. इच्छा; अभिलाषा।
मटकिलो–ना० [माटो+इलो] १. माटाको ढिस्को; माटाको थुप्रो। (वि०) २. माटाका रङ्गको। ३. माटो मिसिएको। ४. चहक नभएको।
मटक्क–क्रि० यो० [मर्क] १. बेसरी निमोठ्ने वा निचोर्ने किसिम। २. कुनै काम गर्न आँट्ने किसिम; मसक्क। ३. अरुचि हुने किसिम।
मटर–ना० [?] ठूलो दाना हुने सेतो केराउ; ठूलो-केराउ।
मटान–ना० [ने०] घरमा कोठाबाहिरको ठाउँ; तलामा कोठा नबारेको ठाउँ।
मटिनु–अ० क्रि० [माटि+नु] माटिनु।
मटिलो–वि० [माटो+इलो] ढुङ्गा, बालुवा आदि नभई मलिलो माटोमात्र भएको; मटेउलो (जमीन)।
मटी-तेल–ना० [सं०] मट्टी-तेल।
मटेउलो–वि० [मटो+एउलो] मटिलो; मट्यौलो।
मटेङ्ग्रो–ना० [मटेङ्ग्रो] मट्याङ्ग्रो।
मट्टी–ना० [सं० मृत्तिका] १. माटो। २. मर्ने ठाउँ; मृत्यु-स्थान। ३. लाश; शव।
मट्टी-तेल–ना० [मट्टी+तेल] टुकी, लालटिन आदिमा बालिने प्रसिद्ध खनिज तरल पदार्थ; बाल्ने तेल।
मट्ठा–ना० [सं० मन्थन] मही।
मट्याइ–ना० [मट्याउ+आइ] मट्याउ किसिम, क्रिया वा भाव।
मट्याइ–ना० [मटि+याइ] मटिने किसिम, क्रिया वा भाव।
मट्याइनु–स० क्रि० [मट्याउ+इ+नु] माटो पारिनु; ('मट्याउनु'-को क० क्रि०)।
मट्याउनु–स० क्रि० [मटि+याउ+नु] माटो पार्नु; माटो-जस्तो तुल्याउनु; ('माटिनु'-को प्रे० क्रि०)।
मट्याङ्ग्रो–ना० [माटो+याङ्ग्रो] माटाको सानो नोली; माटाको गुच्चा; मटेङ्ग्रो।
मट्यौलो–वि० [माटो+यौलो] मटिलो।
मठ–ना० [सं०] १. जोगी-संन्यासीहरू रहने ठाउँ; साधु-संन्यासीहरूको आश्रम।२. अध्ययन गर्नाका निम्ति विद्यार्थी-हरू बस्ने ठाउँ। ३. मन्दिर; देवालय। ४. तुलसी रोप्न अग्लो पारी बनाइएको चौको।
मठ-धारी–ना० [सं०] मठको प्रधान व्यक्ति; महन्त; मठाधीश
मठाधीश–ना० [सं०] कुनै मठको मुख्य अधिकारी; महन्त।
मठ्या–वि० [नेवा० मथ्या] बाबुभन्दा घटी जातकी आमाबाट जन्मेको; वर्ण-सङ्कर; ठिम्मल; मठ्याहा।
मठ्याहा–वि० [मठ्या] मठ्या।
मड़ाइ–ना० [माड्+आइ] माड्ने किसिम, क्रिया वा भाव।
मड़ाइनु–स० क्रि० [मड़ाउ+आइ+नु] माड्न लाइनु; ('मड़ाउनु'-को क० क्रि०)।
मड़ाउनु–स० क्रि० [माड्+आउ+नु] माड्न लाउनु; ('माड्नु'-को प्रे० क्रि०)।
मड़ारिनु–अ० क्रि०[सं० मन्थन+नु]१.आकाशमा घना बादल खूबसित खेल्नु। २. नदीको पानी उर्ली-उर्ली बग्नु। ३. मनमा कुरा खेल्नु। ४. अर्काको उन्नति देखेर डाह हुनु; ईर्ष्या हुनु। ५. उमेठिनु; बटारिनु।
मड़ार्याइ–ना० [मड़ारि+याइ] मड़ारिने किसिम, क्रिया वा भाव।
मड़िलो–ना० [ने०] १. घुम अड़्याउनाका निम्ति टाउकामा लाइने डोरी। २. धानका साथ फल्ने गुदी नभएको दाना; मल्लिड़ो।
मड़ुवा–वि० [माड्+उवा] १. माड़ेको; पेलेको (छाला)। २. दाइँ गरेको; माड़ेर झारेको (अन्न)।
मड़ुवा–ना० [माड़+उवा] माड़ लगाएको; मड़्याएको (कागत, कपड़ा आदि)।
मड़ुवा–ना० [सं० मलिञ्जक] आँख्लाबाट हाँगा हाल्ने एक जातको कोदो।
मड़ेउली–ना० [मङ्गलिनी] जन्तमा दुलहाका साथ मङ्गल-गीत गाउँदै जाने स्त्री; कल्स्यौलीकी साथी।
मड़ेल–ना० [मड़ेउली] मड़ेउलीको साथी।
मड्कनु–अ० क्रि० [सं० मर्दन+नु] कपड़ा, कागत आदिको घोट, कलप, पालिस आदि बिग्रनु; घस्रिनु; पुरानो-जस्तो भएर उज्जर नदेखिनु; मड्किनु।
मड्का–ना० [मर्का] मर्का।
मड्काइ–ना० [मड्क+आइ] मड्कने किसिम, क्रिया वा भाव।
मड्काइ–ना०[मड्काउ+आइ]मड्काउने किसिम,क्रिया वा भाव
मड्काइनु–स० क्रि० [मड्काउ+इ+नु] मड्कने पारिनु; ('मड्काउनु'-को क० क्रि०)।
मड्काउनु–स० क्रि० [मड्क+आउ+नु] मड्कने पार्नु; मड्किलो तुल्याउनु; ('मड्कनु'-को प्रे० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

मड्किनु–अ० क्रि० [मड्क+इ+नु] १. मड्कनु । २. घस्टिनु; ('मड्कनु'-को भा० क्रि०) ।

मड्किलो–वि० [मड्क+इलो] १. मड्किएको; घस्टिएको । २. मटकिलो ।

मड्क्याइ–ना० [मड्कि+याइ] मड्किने किसिम, क्रिया वा भाव ।

मड्क्याइ–ना० [मड्क्याउ+आइ] मड्क्याउने किसिम, क्रिया वा भाव; घस्ट्याइ ।

मड्क्याइनु–स० क्रि० [मड्क्याउ+इ+नु] घस्ट्याइनु; ('मड्क्याउनु'-को क० क्रि०) ।

मड्क्याउनु–स० क्रि० [मड्क+याउ+नु] १. कपड़ा, कागत आदिको घोट, कलप, पालिसहरू बिगार्नु; घस्ट्याउनु । २. माटाको जस्तो रङ्ग पार्नु । ३. उज्ज्वलता वा सुग्घरपना नष्ट पार्नु ।

मड़्चाइ–ना० [मड़्चाउ+आइ] मड़्चाउने किसिम, क्रिया वा भाव ।

मड़्चाइनु–स० क्रि० [मड़्चाउ+इ+नु] कलप हालिनु; ('मड़्चाउनु'-को क० क्रि०) ।

मड़्चाउनु–स० क्रि० [माड़+याउ+नु] कागत, कपड़ा आदिमा दह्लो पार्न माड़ लगाउनु; कलप हाल्नु ।

मड़्चौली–ना० [मड़ेउली] मड़ेउली ।

मढ़ाइ–ना० [मढ्+आइ] मढ्ने किसिम, क्रिया वा भाव ।

मढ़ाइनु–स० क्रि० [मढ़ाउ+इ+नु] मढ्न वा मोहोर्न लाइनु; ('मढाउनु'-को क० क्रि०) ।

मढ़ाउनु–स० क्रि० [मढ्+आउ+नु] मढ्न वा मोहोर्न लाउनु; ('मढ्नु'-को प्रे० क्रि०) ।

मढ़िनु–स० क्रि० [मढ्+इ+नु] मोहोरिनु; ('मढ्नु'-को क० क्रि०) ।

मढ्नु–स० क्रि० [सं० मण्ड्+नु] १. छाला, कपड़ा आदि लपेट्नु; मोहोर्नु । २. टाँस्नु; तबक आदि लाउनु ।

मणि–ना० [सं०] १. बहु-मूल्य चमकदार पत्थर; रत्न; जवाहिरात । २. श्रेष्ठ र सुयोग्य व्यक्ति ।

मणि-पद्म–ना० [सं०] एक बोधि-सत्त्व ।

मणि-पूर–ना० [सं०] १. नाभि; नाइटो । २. अनेक रत्न-हरू जड़िएको चोलो ।

मणि-बन्ध–ना० [सं०] हत्केला र पाखुराका बीचको भाग; नारी ।

मण्ड–ना० [सं०] माड़; खोले ।

मण्डन–ना० [सं०] १. सजाउने काम; श्रृङ्गार । २. गहना; आभूषण । ३. युक्ति र प्रमाणद्वारा कुनै पक्षको पुष्टि गर्नु ।

मण्डन-मिश्र–ना० [सं०] शङ्कराचार्यसित शास्त्रार्थ गर्ने एक प्रसिद्ध मीमांसक ।

मण्डप–ना० [सं०] १. सप्ताह, यज्ञ आदि शुभ कार्य गर्न चारै-तिवाट बारेर बनाइएको स्थान । २. पूजा-घर; मन्दिर । ३. चारैतिर खुला रहने गरी छाएर बनाइएको बस्ने ठाउँ । ४. कुञ्ज ।

मण्डल–ना० [सं०] १. गोल परिधि; घेरा । २. सूर्य वा चन्द्रमाका वरि-परि देखिने घेरो; बिम्ब; सावा । ३. वृत्ताकार । ४. समूह; जमात; मण्डली । ५. ऋग्वेदको कुनै एक खण्ड । ६. टोल; महल्ला । ७. राज्यभित्रको सानो भू-भाग ।

मण्डलाकार–वि० [सं०] वाटुलो आकारको; गोलाकार; वृत्ताकार ।

मण्डलित–वि० [सं०] मण्डलाकार; वर्तुलाकार ।

मण्डली–ना० [सं० मण्डल+ई] १. सानो समूह; समाज । २. कुनै विशेष कार्य गर्नाका निमित्त बनेको दल; जमात । ३. कुनै जमात वा दलमा सर्व-श्रेष्ठ व्यक्ति । ४. धागोमा काठ, ढुङ्गा आदि बाँधी परस्परमा अल्झाई खेल्नाका निम्ति बनाइएको खेलौना ।

मण्डलेश्वर–ना० [सं०] एक मण्डलको शासक; सानू क्षेत्रको राजा ।

मण्डित–वि० [सं०] सजाइएको; सजिसजाउ; भूषित ।

मण्डी–ना० [सं० मण्डन] खस्रो खालको बाक्लो ऊनी ओढ्ने वस्त्र; धुस्सा ।

मण्डूक–ना० [सं०] भ्यागुतो; पाहा ।

मण्डूक-ब्राह्मी–ना० [सं०] घोड़त्ताप्रे ।

मण्डूर–ना० [सं०] फलाम गालेर निस्केको कसर; फलामको कीट ।

मत–ना० [सं०] १. राय; विचार; सम्मति । २. धर्म । ३. पन्थ; सम्प्रदाय । ४. आशय; अभिप्राय । ५. निर्वाचनमा कुनै व्यक्ति वा पक्षलाई दिइने सम्मति; भोट ।

मत-गणना–ना० [सं०] निर्वाचनमा मत-पत्रहरू गन्ने काम; भोटको गिन्ती ।

मतङ्ग–ना० [सं०] हात्ती ।

मत-दाता–ना० [सं०] निर्वाचनमा मत-दान गर्न अधिकार भएको व्यक्ति; मत दिने व्यक्ति ।

मत-दान–ना० [सं०] निर्वाचनमा कुनै उम्मेदवारलाई मत दिने काम; भोट दिने काम ।

मत-दान-केन्द्र–ना० [सं०] निर्वाचनमा मत दाताले मत दिने स्थान; बूथ ।

मत-पत्र–ना० [सं०] निर्वाचनमा कुनै उम्मेदवारलाई रोज्न मत-दाताले बाकसमा खसाल्ने सरकारी छाप लागेको पत्र; प्रतिनिधि छान्ने टिकट; ब्यालेट-पेपर ।

मत-पेटिका–ना० [सं०] निर्वाचनमा मत-दाताले मत-पत्र खसाल्ने बाकस; ब्यालेट-बक्स ।

मत-भेद–ना० [सं०] मत नमिल्नु; राय बाझ्नु; ठ्याक नमिल्नु ।

मतमताइ–ना० [मतमताउ+आइ] मतमताउने किसिम, क्रिया वा भाव ।

मतमताइनु–अ० क्रि० [मतमताउ+इ+नु] यौवनले मत्त होइनु; ('मतमताउनु'-को भा० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

मतमताउनु–अ० क्रि० [सं० मत्त+मत्त+आउ+नु] १. यौवनले मत्त हुनु; बैँस चढ्नु। २. धन, मान, उमेर आदिले मत्त हुनु; घमन्डले मात्तिनु।

मत-मतान्तर–ना० [सं०] विभिन्न मत; अनेक मत।

मतलब–ना० [अ०] १. आशय; तात्पर्य; अभिप्राय। २. अर्थ; माने; मनाइ। ३. स्वार्थ; आफ्नो हित। ४. उद्देश्य; लक्ष्य। ५. वास्ता; सम्बन्ध; प्रयोजन।

मतलबी–वि० [मतलब+ई] आफ्नोमात्र मतलब सिद्ध गर्ने; स्वार्थी।

मतवाला–वि० [सं० मत्त+वाला] १. नशा लागेको; मद-मत्त। २. मादक पदार्थ खाने। ३. विक्षिप्त; पागल।

मतवाला–वि० [मत+वाला] कसैको मतमा लाग्ने; मतियार।

मतवाली–ना० [मतवाला+ई] मदिरा खाने जाति; जाँड़-रक्सी पिउने जाति।

मत-सङ्ग्रह–ना० [सं०] कुनै विवादास्पद कुराका पक्ष वा विपक्षमा मत वा राय बुझ्ने गर्ने काम।

मताधिकार–ना० [सं०] मत वा भोट दिने अधिकार; सम्मति दिने हक।

मताधिकारी–ना० [सं०] निर्वाचनमा मत दिने अधिकार भएको; मताधिकार प्राप्त व्यक्ति।

मतानुयायी–वि० [सं०] कुनै धार्मिक सम्प्रदाय वा कुनै व्यक्ति-को मत मान्ने; मतावलम्बी।

मतान्तर–ना० [सं०] १. अर्को मत। २. भिन्न सम्प्रदाय। ३. विरोधी राय।

मताप–ना० [सं० मन्द+ताप] १. उग्र वा मन्द नभएको प्रकृति; सरल स्वभाव। २. घटी वा बढ़ी नभएको चाल; एकनासको गति।

मतापी–वि० [मताप+ई] १. सधैँ एकनास चल्ने; मतापको। २. सुहाउँदो; उचित।

मतावलम्बी–वि० [सं०] कुनै मत वा सम्प्रदायको अवलम्बन गर्ने; मतानुयायी।

मति–ना० [सं०] १. बुद्धि; समझ; ज्ञान। २. राय; मत। ३. इच्छा।

मति-भ्रम–ना० [सं०] बुद्धिको विभ्रम; बुद्धि बिग्रनु।

मति-मन्द–वि० [सं०] मन्द-बुद्धि; मूर्ख; नासमझ।

मतिमान्–वि० [सं०] बुद्धिमान्; समझदार।

मतियार–वि० [मत+इयार] अर्काका खराब मतमा लाग्ने; कसैको खराब काममा शरीक वा सहायक हुने।

मतियारी–ना० [मतियार+ई] कसैको खराब मतो वा रायमा मिल्ने काम; मतियार हुने काम।

मति-विपर्यय–ना० [सं०] भ्रम; भ्रान्ति।

मति-शाली–वि० [सं०] बुद्धिमान्; समझदार।

मति-हीन–वि० [सं०] बुद्धि नभएको; नासमझ; मूर्ख।

मतैक्य–ना० [सं०] मत मिल्नु; एकै मत हुनु; एकता।

मतो–ना० [सं० मत] १. सल्लाह; परामर्श। २. मत; राय। ३. समान विचार; मिल्दो विचार।

मतो-जतो–ना० [मतो+जतो (फाँ०)] सर-सल्लाह; परामर्श; विचार-विमर्श।

मत्कुण–ना० [सं०] १. उड़ुस। २. दाह्री-जुँगा नभएको पुरुष।

मत्त–वि० [सं०] १. मात्तिएको; बढ़े-चढ़ेको; प्रमत्त। २. उन्मत्त; पागल। ३. घमन्डी; शेखीवाल। ४. अति प्रसन्न। (ना०) ५. मत्ता हात्ती। ६. धतूरो। ७. मतवाला।

मत्तता–ना० [सं०] मत्त हुनाको भाव।

मत्ता–ना० [सं० मत्त] १. गण्ड-स्थल फुटेर मद चुहेको हात्ती; जवान हात्ती। २. भाले हात्ती।

मत्ताइ–ना० [मत्ताउ+आइ] मत्ताउने किसिम, क्रिया वा भाव।

मत्ताइनु–अ० क्रि० [मत्ताउ+इ+नु] मत्त होइनु; ('मत्ता-उनु'-को भा० क्रि०)।

मत्ताउनु–अ० क्रि० [सं० मत्त+आउ+नु] १. मत्त हुनु; मात्तिनु। २. मद चढ्नु; शेखी बढ्नु। ३. उन्मत्त हुनु; बहुलाउनु।

मत्थर–वि० [सं० मन्थर] १. वेग वा झोक्का कम भएको; मन्द; सुस्त। २. मलिन; निस्तेज।

मत्याइ–ना० [मात्ति+याइ] मात्तिने किसिम, क्रिया वा भाव।

मत्याइ–ना० [मत्याउ+आइ] मत्याउने किसिम, क्रिया वा भाव।

मत्याइनु–स० क्रि० [मत्याउ+इ+नु] पुलपुल्याइनु; ('मत्याउनु'-को क० क्रि०)।

मत्याउनु–स० क्रि० [मात्ति+याउ+नु] १. पुलपुल्याउनु; फुरफुर्याउनु। २. मद चढ़ाउनु; उन्मत्त पार्नु।

मत्याहट–ना० [मात्ति+आहट] मात्तिने किसिम, क्रिया वा भाव; मत्याइ।

मत्याहा–वि० [मतो+याहा] कसैका मतमा लागेको; मतियार।

मत्सर–ना० [सं०] १. अर्काको भलाइ देख्न नसक्नु; डाह; जलन। २. क्रोध; द्वेष।

मत्सरी–वि० [सं०] १. अर्काको उन्नति देख्न नसक्ने; द्वेषी। २. रिसाहा; क्रोधी।

मत्स्य–ना० [सं०] १. माछो। २. दशावतारमध्ये एक।

मत्स्य-गन्धा–ना० [सं०] १. व्यासकी आमा; सत्यवती। (वि०) २. माछाको जस्तो गन्ध हुने (स्त्री)।

मत्स्य-जीवी–ना० [सं०] १. माझी। (वि०) २. माछा मारेर जीविका गर्ने।

मत्स्य-पुराण–ना० [सं०] अठार महापुराणमध्ये एक।

मत्स्याक्षी–ना० [सं०] कनिके-कुरो।

मत्स्यावतार–ना० [सं०] दशावतारमध्ये पहिलो अवतार।

मत्स्येन्द्रनाथ–ना० [सं०] १. गोरखनाथका गुरु; हठ-योगी एक प्रसिद्ध महात्मा। २. एक बोधिसत्त्व।

CC-0. In Public Domain. Digitization by eGangotri

मथन–ना० [सं०] मथ्ने काम; मन्थन।
मथलारम्भ–ना० [नें०] घारघुर गर्ने काम; भद्रगोल पार्ने काम।
मथाइ–ना० [मथ्+आइ] मथ्ने किसिम, क्रिया वा भाव।
मथाइनु–स० क्रि० [मथाउ+इ+नु] मथ्न वा मन्थन गर्न लाइनु; ('मथाउनु'-को क० क्रि०)।
मथाउनु–स० क्रि० [मथ्+आउ+नु] मथ्न लाउनु; मन्थन गराउनु; ('मथ्नु'-को प्रे० क्रि०)।
मथिंगल–ना० [मथिङ्गल] मथिङ्गल।
मथिङ्गल–ना० [प्रा० मत्थुलुङ्ग] गिदी; मस्तिष्क।
मथित–वि० [सं०] १. मथिएको; मथन गरिएको। २. दुःख दिइएको; पीडित। ३. दलित।
मथिनु–स० क्रि० [मथ्+इ+नु] सार पदार्थ छुट्टिने गरी हुँड़लिनु; ('मथ्नु'-को० क० क्रि०)।
मथुरा–ना० [सं०] मोक्ष-दायक सात पुरीमध्ये एक; हिन्दूहरूको प्रसिद्ध एक तीर्थ।
मथ्नु–स० क्रि० [सं० मथ्+नु] १. सार पदार्थ छुट्टिने गरी हुँड़ल्नु; मन्थन गर्नु। २. तत्त्व-ज्ञानका लागि शास्त्र वा ग्रन्थको राम्ररी अध्ययन गर्नु; मनन गर्नु।
मद–ना० [सं०] १. मादक पदार्थको सेवनबाट उत्पन्न हुने मानसिक विकार; नशा। २. धन, मान, विद्या आदिको घमन्ड; अभिमान। ३. विशेषतः हात्तीको गण्ड-स्थलबाट निस्कने तरल पदार्थ। ४. दान। ५. जाँड़; रक्सी; मदिरा; मद्य। ६. कस्तूरी। ७. वीर्य।
मद–ना० [अ०] १. विभाग; फाँट। २. रकम।
मद-कल–वि० [सं०] १. मद-मत्त; मदोन्मत्त। २. बिस्तारै बोल्ने; मधुर स्वरको।
मद-जल–ना० [सं०] हात्तीको गण्ड-स्थलबाट निस्केको जल; मद-वारि।
मदत–ना० [अ० मदद] सहायता; सहारा; मदद।
मदतगार–वि० [मददगार] मददगार।
मदती–वि० [मदत+ई] मदत दिने; मददगार; सहायक।
मदद–ना० [अ०] मदत; सहायता।
मददगार–वि० [अ० मदद+गार (फा०)] १. मदत दिने सहायक। २. मतियार; साथी।
मदन–ना० [सं०] १. कामदेव। २. भुँवरो; भ्रमर। ३. मैना पक्षी। ४. प्रेम। ५. मइन-फल।
मदन-गृह–ना० [सं०] भग; योनि।
मदन-पुरस्कार–ना० [सं०] पुरस्कार-प्रतियोगितामा पठाइएका वर्षभरिका सर्वोत्तम ठहरिएका गद्य-साहित्य, पद्य-साहित्य, सामाजिक शास्त्र तथा दर्शन र विज्ञानका नेपाली कृतिमा दिइने नेपालको एक प्रसिद्ध पुरस्कार। (यो पुरस्कार स्वर्गवासी जनरल मदन शमशेर जङ्ग बहादुर राणाका नाममा एक गुठी राखी त्यसैका आयबाट निर्णायकहरूका सुझावमा दिइन्छ। यसका उपर्युक्त चारै विषयका पुरस्कार करीब चार-चार हजार रुपियाँका हुन्छन्।)
मदनोत्सव–ना० [सं०] १. वसन्त ऋतुमा गरिने कामदेवको उत्सव। २. होली।
मद-मत्त–वि० [सं०] १. धन, मान आदिको घमन्डले मात्तिएको; मदले मत्त। २. घमन्डी; शेखीवाल।
मद-वारि–ना० [सं०] मद-जल।
मदान्ध–वि० [सं०] मदले मात्तिएर विवेक-हीन भएको; मदोन्मत्त।
मदिर–वि० [सं०] १. नशा लाग्ने। २. आनन्द दिने। ३. नयनाभिराम।
मदिरा–ना० [सं०] जाँड़, रक्सी आदि मादक पदार्थ; मद्य; शराब।
मदिराक्षी–वि० [सं०] मदले लट्ठिएका आँखा हुने (स्त्री); हेर्दा जादूले जस्तो आकर्षण गर्ने आँखा भएकी (युवती)।
मदिरा-गृह–ना० [सं०] जाँड़-रक्सी बनाउने, बेच्ने वा बसेर खाने ठाउँ; भट्टी।
मदिरालय–ना० [सं०] भट्टी; मदिरा-गृह।
मदिरोन्मत्त–वि० [सं०] रक्सीका नशामा चूर भएको।
मदिसे–वि० [मदेस+ए] १. मदेस-सम्बन्धी; मधेसको। २. मदेसमा बस्ने; मध्य-देशको निवासी।
मदिसे-काँढ़ो–ना० [मदिसे+काँढ़ो] च्याप्टे-सिउँड़ी।
मदिसे-बदाम–ना० [मदिसे+बदाम] कागजी-बदाम।
मदिसे-सूँप–ना० [मदिसे+सूँप] बास्ना आउने, ठूलो जातको सूँप।
मदीय–वि० [सं०] मेरो; आफ्नो।
मदेश–ना० [मदेस] मदेस।
मदेस–ना० [सं० मध्य-देश] हिमालयदेखि दक्षिण, विन्ध्य-पर्वतदेखि पश्चिम, कुरु-क्षेत्रदेखि पूर्व र प्रयागदेखि पश्चिममा रहेको प्रदेशको पुरानो नाम; मध्य-देश।
मदेसे–वि० [मदेस+ए] मदिसे।
मदोन्मत्त–वि० [सं०] १. मदिराले मात्तिएको; नशाले चूर भएको; मदान्ध। २. धन, मान, अधिकार आदिले मत्त।
मद्दत–ना० [मदत] मदत।
मद्दी–वि० [मद्दत+ई] मदती।
मद्य–ना० [सं०] १. मादक पदार्थ। २. मदिरा; शराब; सुरा।
मद्यप–वि० [सं०] जाँड़-रक्सी पिउने; मदिरा पिउने; जँड़याहा।
मद्य-पान–ना० [सं०] मदिरा पिउनु; शराब पिउनु।
मद्य-पायी–वि० [सं०] मद्य-पान गर्ने; शराबी।
मधानी–ना० [सं० मन्थानी] दही, दूध आदि मथ्ने साधन; मन्थनी।
मधाने–वि० [नें०] १. ठूलो। २. चाक्लो।
मधाने–वि० [मधानी+ए] काम-कुरो बिथोल्ने; हुन्डर मच्चाउने।

CC-0. In Public Domain. Digitization by eGangotri

मधिसे–वि० [मधेस+ए] मदिसे।

मधिसे-काँढ़ो–ना० [मधिसे+काँढ़ो] मदिसे-काँढ़ो।

मधिसे-सूँप–ना० [मधिसे+सूँप] मदिसे-सूँप।

मधु–ना० [सं०] १. मह। २. मकरन्द; पुष्प-रस। ३. गुलियो मदिरा।४. वसन्त ऋतु। ५. चैत्र महीना। ६. अमृत। ७. जल; पानी। ८. महुवा। ९. विष्णुले मारेको एक दैत्य। १०. जेठीमधु। (वि०) ११. मीठो; मधुर।

मधुक–ना० [सं०] १. महुवाको रूख। २. जेठीमधु। ३. सीसा।

मधु-कण्ठ–ना० [सं०] कोइली।

मधु-कर–ना० [सं०] १. भँवरा; भ्रमर। २. कामी पुरुष; लम्पट व्यक्ति।

मधुकरी–ना० [सं०] १. पोथी भँवरो; भ्रमरी। २. भँवर; भ्रमर। ३. संन्यासी, भाट, भिक्षुकहरूलाई दिइने पकाइएका अन्नको भिक्षा।

मधु-कोश–ना० [सं०] माहुरीका महको घार।

मधु-तृण–ना० [सं०] ऊखु।

मधु-नालिकेर–ना० [सं०] मानचङ्गी-नरिवल।

मधुप–ना० [सं०] १. भ्रमर; मधु-कर। २. देवता। ३. शराबी; मद्यप।

मधु-पर्क–ना० [सं०] मह, घिउ, चीनी र जल मिलाएर बनाइएको, देवता आदिलाई अर्पण गर्ने पदार्थ।

मधु-प्राशन–ना० [सं०] नव-जात शिशुलाई मह र घिउ चटाउने एक संस्कार।

मधु-बिमिरो–ना० [सं० मधुर+बिमिरो] ठूलो र गुलियो एक जातको बिमिरो। (आयुर्वेदमा यसको गुण ठन्डा, रुचि-कारक र शुक्र-वर्द्धक मानिएको छ।)

मधु-मक्षिका–ना० [सं०] माहुरी।

मधु-मक्षी–ना० [सं०] माहुरी।

मधुमती–ना० [सं०] योग-शास्त्रअनुसार रजोगुण र तमोगुण-को नाश भई सत्त्व-गुणको पूर्ण प्रकाश हुने मनको अवस्था।

मधुमय–वि० [सं०] मधु वा मिठासले भरिएको; गुलियो रसले भरिएको।

मधु-मल्लिका–ना० [सं०] मालती लता।

मधु-माधव–ना० [सं०] वसन्त ऋतुका दुइ महीना; चैत्र र वैशाख महीना।

मधु-मास–ना० [सं०] १. चैत्र महीना। २. वसन्तको समय।

मधु-मेह–ना० [सं०] पिशाबका साथ मधु निस्कने एक रोग; एक प्रकारको प्रमेह।

मधु-यष्टिका–ना० [सं०] जेठीमधु।

मधुर–वि० [सं०] १. मीठो; स्वादिष्ट। २. सुन्दा आनन्द आउने; मीठो (बोली)। ३. कोमल; मृदु। ४. हल्का; मधुरो; मन्द। (ना०) ५. मीठो स्वाद; मिठास।

मधुरता–ना० [सं०] मधुर हुनाको भाव; मिठास; माधुर्य।

मधुरत्व–ना० [सं०] मधुरता।

मधुर-भाषी–वि० [सं०] मीठो बोली बोल्ने; मृदु-भाषी।

मधु-रस–वि० [सं०] १. मधुर रस भएको; मीठो। २. गुलियो।

मधुरिमा–ना० [सं०] १. मधुर हुनाको भाव। २. मधुरता; मिठास।

मधुरो–वि० [सं० मधुर] १. हल्का किसिमको; मत्थर; मन्द। २. मीठो; मधुर।

मधु-लिट्–ना० [सं०] भमरो; भ्रमर।

मधु-वीजपुर–ना० [सं०] मधु-बिमिरो।

मधु-श्री–ना० [सं०] वसन्त ऋतुको शोभा; वसन्त-श्री।

मधु-सूदन–ना० [सं०] मधु नामक राक्षसलाई मार्ने विष्णु।

मधूक–ना० [सं०] १. महुवाको फूल। २. महुवाको रूख। ३. मुलेठी। ४. भ्रमर।

मधूलिका–ना० [सं०] १. जेठीमधु। २. गहूँबाट बनाएको रक्सी।

मधेश–ना० [सं० मध्य-देश] मदेस।

मधेशे–वि० [मधेश+ए] मदिसे।

मधेस–ना० [मधेश] मदेस।

मधेसे–वि० [मधेस+ए] मदिसे।

मधौरु–वि० [मधौरो] मधौरो।

मधौरो–वि० [मधुर+औरो] रोगी; बिरामी; मधौरु; अस्वस्थ।

मध्य–ना० [सं०] १. बीचको भाग; माझ; केन्द्र। २. कमर; कटि। ३. अन्तर; फरक। ४. दश अरबको सङ्ख्या। (वि०) ५. बीचको; माझको। ६. मध्यस्थ।

मध्य-काल–ना० [सं०] प्राचीन र आधुनिक कालका बीचको समय; मध्य-युग।

मध्य-कालीन–वि० [सं०] मध्य-युगको; मध्य-युगीन; प्राचीन र आधुनिक कालका बीचको; मोटा-मोटी ईसवी सन् सातौँ देखि सत्रौँ वा अठारौँ शताब्दीका बीचको।

मध्य-गत–वि० [सं०] बीचमा रहेको; मध्यस्थ।

मध्य-दिन–ना० [सं०] दिनको माझ; मध्याह्न।

मध्य-देश–ना० [सं०] १. मदेश। २. बीचको स्थान; केन्द्र।

मध्य-पूर्व–ना० [सं०] यूरोप-निवासीहरूका दृष्टिले एशियाको दक्षिण र पश्चिमी दिशाका बीचको भाग।

मध्यम–वि० [सं०] १. गुण, परिमाण आदिमा घटी-न-बढ़ीको; मझौला; बीचको। २. माहिलो; जेठा र कान्छाका बीचको। (ना०) ३. सङ्गीतका सात स्वरमध्ये एक। (यसलाई सङ्क्षेपमा 'म' भनिन्छ। यसमा ३२० नाद-लहरी हुन्छन्।)

मध्यम-पुरुष–ना० [सं०] व्याकरणअनुसार आफूले कुरा गरिरहेको वा आफ्नो कुरा सुनिरहेको मानिस; व्याकरण-अनुसार तीन पुरुषमध्ये एक।

मध्यम-लोक–ना० [सं०] पृथ्वी; भू-लोक; मर्त्य-लोक।

मध्यम-वयस्क–वि० [सं०] आधा उमेर बितेको; अधबैंसे।

मध्यम-वर्ग–ना० [सं०] १. बौद्धिक दृष्टिले चेतन भए तापनि आर्थिक दृष्टिले पुगी-सरी नआउने श्रेणीका मानिसहरू;

CC-0. In Public Domain. Digitization by eGangotri

मझौला स्तरका मानिसहरूको वर्ग । २. आर्थिक दृष्टिले बीचका श्रेणीका मानिसहरू ।

मध्यमा–ना० [सं०] १. पाँच औंलामध्ये बीचको औंलो; माझी औंलो । २. नायकका दोष वा गुणअनुसार उसको आदर वा अपमान गर्ने स्त्री । ३. रजवती स्त्री । ४. मध्यम श्रेणीको परीक्षा ।

मध्य-युग–ना० [सं०] प्राचीन युग र आधुनिक युगका बीचको समय; एशिया र यूरोपका इतिहासको दृष्टिबाट लगभग ईसवी सातौं शताब्दीदेखि सोह्रौं-सत्रौं शताब्दीसम्मको समय ; मध्य-काल ।

मध्य-युगीन–वि० [सं०] मध्य-युगको; मध्य-कालीन ।

मध्य-रात–ना० [सं०] रातका बीचको समय; आधा रात-को समय ।

मध्य-रात्र–ना० [सं०] आधा रातको समय; मध्य-रात्रि ।

मध्य-रात्रि–ना० [सं०] रातका बीचको समय; आधा रात-को समय ।

मध्य-लोक–ना० [सं०] मर्त्य-लोक; मनुष्य-लोक ।

मध्य-वयस्क–वि० [सं०] अधवैंसे ।

मध्य-वर्ती–वि० [सं०] बीचमा रहेको; माझमा रहेको; मध्यस्थ ।

मध्य-वित्त-वर्ग–ना० [सं०] आर्थिक दृष्टिले मझौला स्थितिमा रहेका मानिसहरूको वर्ग; न धनी, न गरीब भएका मानिसहरूको वर्ग ।

मध्य-सप्तक–ना० [सं०] सङ्गीत-शास्त्रअनुसार स्वरहरूको सामान्य उच्चारण हुने अवस्था । (साधारण कुराकानी गर्दा मानिसका मुखबाट यसै सप्तकअनुसारका स्वर निस्कन्छ ।)

मध्यस्थ–वि० [सं०] १. बीचमा रहेको; माझको । २. तटस्थ; उदासीन । (ना०) ३. दुइ पक्षका बीचमा रही कुनै विवादको निष्पक्ष निर्णय गर्ने व्यक्ति ।

मध्यस्थता–ना० [सं०] १. वाद-विवाद, मुद्दा-मामिला, खेल आदिमा दुइ थरीका बीचमा रही हार-जीतको निर्णय गर्ने काम; मध्यस्थको काम । २. मध्यस्थ हुनाको भाव ।

मध्या–ना० [सं०] १. रजवती भइसकेकी केटी । २. माझी-औंलो । ३. लज्जा र काम-वासना समान भएकी नायिका ।

मध्यासव–ना० [सं०] धयँराको फूल, पानी र महले बनाइने एक प्रकारको मद्य ।

मध्याह्न–ना० [सं०] दिनका बीचको समय; आधा दिन-को समय; दिनको माझ ।

मध्याह्नोत्तर–ना० [सं०] मध्याह्नपछिको समय; तेस्रो प्रहरको समय ।

मध्ये–ना० यो० [सं० मध्य] धेरै वा अनेकका बीचमा ।

मनःकल्पित–वि० [सं०] मनले कल्पना गरेको; मन-गढ़न्त ।

मध्वाचार्य–ना० [सं०] दक्षिण भारतमा भएका एक प्रसिद्ध वैष्णव मत-प्रवर्तक आचार्य ।

मनःकामना–ना० [सं०] १. मनको धोको; मानसिक इच्छा । २. नेपालका गोरखा जिल्लामा रहेकी एक प्रसिद्ध देवी ।

मनःपूत–वि० [सं०] मनले पवित्र मानेको ।

मनःशिल–ना० [सं०] मनःशिला ।

मनःशिला–ना० [सं०] शोधन गरेर आयुर्वेदीय औषधिमा प्रयोग गरिने माटोजस्तो पहेँलो रङ्गको एक खनिज पदार्थ; नेपाली । (यसलाई गुरु, वर्णकर, वीर्य-वर्द्धक र स्निग्ध बताइएको छ । विशेषतः यो औषधि नेपालको पहाड़ी प्रदेशमा पाइने हुनाले यसलाई 'नेपाली' पनि भनिन्छ ।)

मन–ना० [सं०] १. अनुभव, सङ्कल्प, इच्छा, बोध, विचार आदि गर्ने प्राणीको शक्ति; अन्तःकरण; दिल; चित्त । २. सङ्कल्प-विकल्प गर्ने अन्तःकरणको वृत्ति । ३. इच्छा; अभिलाषा । ४. इरादा; विचार ।

मन–ना० [सं० मान] चालीस सेर वजनको तौल वा परि-माण ।

मनकन्थे–वि० [मन+कथ्] मनमा कथेको; मन-गढ़न्त ।

मनकान्छे–ना० [सं० मन+आकाङ्क्षा] मनको धोको; मानसिक इच्छा; मनोरथ ।

मन-कामना–ना० [सं०] १. मानसिक इच्छा; मनकान्छे । २. पश्चिम-दुइ (२)-नम्बर-इलाकामा रहेकी एक प्रसिद्ध भगवती ।

मनकारी–वि० [सं०] उदार मन भएको; फुक्का दिलको; दिलदार ।

मनखब–ना० [मन+?] खेती गर्न पाएको कुनै जग्गामा उत्पन्न भएको बालीबाट यति मनपिच्छे यति मनका अनु-पातमा तल्सिङ्को भाग बुझाउँला भनी जग्गा कमाउन लिने व्यवस्था ।

मन-गढ़न्त–वि० [मन+गढ़न्त] मनले कल्पना गरेको; कपोल-कल्पित ।

मनग्गे–वि० [मनग्य] मनग्य; यथेष्ट ।

मनग्य–वि० [सं० मन+योग्य] मनले चिताएको जति; मनग्गे; प्रशस्त; पर्याप्त ।

मन-चिन्ते–वि० [सं० मन+चिन्तन] मनले चिताएको जस्तो वा जति; मनमाफिकको; इच्छाअनुसारको ।

मन-चिन्ते-झोली–ना० [मन-चिन्ते+झोली] मनले चिताएको चीज तुरुन्तै झिक्न सकिने, दन्त्य-कथा-प्रसिद्ध एक काल्पनिक झोली ।

मनतातो–वि० [सं० मन्द+तातो] अलि-अलि तातो; केही तातो ।

मनन–ना० [सं०] १. सोच्ने काम; गौड़; चिन्तन; विचार । २. अनुमान; अड़कल ।

मनन-शील–वि० [सं०] मनन वा सोच-विचार गर्ने आदत भएको; विचार-शील ।

मननीय–वि० [सं०] मनन गर्न योग्य; विचारणीय ।

मन-पराइ–ना० [मन+पर्+आइ] मन-पर्ने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव ।

मन-पराइनु—अ० क्रि० [मन-पराउ+इ+नु] मन-पराउने काम होइनु; ('मन-पराउनु'-को क० क्रि०।)

मन-पराउनु—स० क्रि० [मन+पर्+आउ+नु] १. रुचि-कर हुनु; मनमाफिकको हुनु; **मन-पर्नु** ।

मनपरी—क्रि० यो० [मन+पर्] १. जस्तो मन लाग्यो उस्तो। २. मनलागी; मनमानी; जथाभावी।

मनपर्दो—क्रि० यो० [मन+पर्] मनपरी; जथाभावी।

मनपर्दो—वि० [मन+पर्+दो] १. मनले चिताएको जस्तो; मनमाफिक। २. मन-परेको; दिल-मिल्दो। (क्रि० यो०) ३. जथाभावी ।

मन-पर्नु—स० क्रि० [मन+पर्+नु] रुचि-कर हुनु; चित्त-बुझ्दो हुनु; मन-पराउनु।

मनपाहा—ना० [ने०] जालीदार पन्जा, लामा-लामा खुट्टा र लाम्चो शरीर हुने एक जातको लेकाली भ्यागुतो।

मन-पेट—ना० [मन+पेट] मनको आशय; आँत; पेट; भित्री अभिलाषा ।

मन-बहलाउ—ना० [मन+बहलाउ] मन प्रसन्न पार्ने काम।

मनभोग—ना० [सं० मोहन+भोग] गहूँको पीठो घिउमा भुटी चीनी, दूध आदि मिलाई बनाइएको नरम खाद्य पदार्थ; हलुवा ।

मनमती—ना० [सं०] काठमाडौँ-उपत्यकाको ईशान कुनामा रहेको मणि-चूड पर्वतबाट निस्की बग्ने एक नदी; मनहरा ।

मन-मन—क्रि० यो० [मन+मन] मनैमा मात्र; भित्री दिलमा मात्र ।

मनमानी—क्रि० यो० [मन+मान्] मनपरी; मनलागी; जथाभावी ।

मन-मोज—ना० [मन+मोज] १. मनमाफिकको मोज; इच्छा-अनुसारको आनन्द। (वि०) २. मनले चिताएजस्तो; मनपर्दो ।

मन-मोजी—वि० [मन-मोज+ई] १. मन लागेजस्तो मोज गर्ने; मन-मोज गर्ने। २. आनन्दी; सुखी।

मन-मौज—ना० [मन+मौज] मन-मोज ।

मन-मौजी—वि० [मन+मौज] मन-मोजी ।

मनलागी—क्रि० यो० [मन+लाग्] मन लागेजस्तो; मन-परी; मनमानी ।

मनश्चक्षु—ना० [सं०] भित्री आँखा; अन्तर्दृष्टि; विवेक; ज्ञान ।

मनसा—क्रि० यो० [सं०] मनले; मनद्वारा; मनबाट ।

मनसा—ना० [मनसाय] मनसाय।

मनसाय—ना० [अ० मन्शाअ] १. कामना; इच्छा; मनसा; मनसूबा। २. उद्देश्य; अभिप्राय; तात्पर्य।

मनसा-वाचा-कर्मणा—क्रि० यो० [सं०] मन, वचन र कर्म-द्वारा ।

मनसिज—ना० [सं०] कामदेव ।

मनसुबा—ना० [अ० मन्सूबः] मनसाय।

मनस्वी—वि० [सं०] १. बुद्धिमान्; प्रतिभा-शाली। २. उच्च आशय भएको; ठूलो विचारको। ३. उदार; मनकारी। ४. चित्त स्थिर भएको ।

मनस्ताप—ना०[सं०] १. मनको पीर; मानसिक कष्ट। २. पछुतो; पश्चात्ताप।

मनस्तोष—ना० [सं०] सन्तोष; मानसिक तृप्ति।

मनहर—ना० [धनसार] धनसार ।

मनहरा—ना० [सं०] मनोहरा; मनोमती ।

मनाइ—ना० [मान्+आइ] मान्ने किसिम, क्रिया वा भाव ।

मनाइ—ना० [मनाउ+आइ] मनाउने किसिम, क्रिया वा भाव ।

मनाइनु—स० क्रि० [मनाउ+इ+नु]मान्न लाइनु; ('मनाउनु'-को क० क्रि०)।

मनाई—ना० [अ० मनाही] रोक; रोक्का; निषेध; नियन्त्रण; मनाही ।

मनाउनु—स० क्रि० [मान्+आउ+नु] १. मान्न लाउनु; चित्त बुझाउनु; राजी गराउनु; ('मान्नु'-को प्रे० क्रि०)। २. खुशी पार्नु; फकाइ-फुल्याइ गर्नु। ३. सम्झाउनु; बुझाउनु। ४. हात-लिनु; आफ्नो पक्ष वा मतमा ल्याउनु। ५. हर्ष वा शोक मान्नु। ६. चाड-पर्वहरूको उत्सव गर्नु।

मनाक्—वि० [सं०] थोरै; अलिकति; कम।

मनासिब—ना० [अ० मुनासिब] उचित; योग्य; मुनासिब।

मनाही—ना० [मनाई] मनाई; निषेध ।

मनि—ना० यो० [ने०] तल; मुनि; पिँधतिर ।

मनि-मनि—ना० [ने०] १. भेडा-बाख्रालाई बोलाउने शब्द; मुनि-मुनि । २. भेडा-बाख्रा (बाल-बोलीमा)।

मनी-आर्डर—ना० [अं० मनी-ऑर्डर] डाँकद्वारा खुला रूपमा रुपियाँ-पैसा पठाउने व्यवस्था।

मनीषा—ना० [सं०] बुद्धि; प्रज्ञा।

मनीषी—वि० [सं०] १. पण्डित; विद्वान्। २. बुद्धिमान्; समझदार ।

मनु—ना० [सं०]१. मनुष्यका मूल पुरुष मानिएका, ब्रह्माजीका छोरा। (मनु चौध वटा मानिएका छन्—स्वायम्भू, स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुष, वैवस्वत, सावर्णी, दक्षसावर्णी, ब्रह्मसावर्णी, धर्मसावर्णी, रुद्रसावर्णी, देवसावर्णी र इन्द्र-सावर्णी।) २. मानिस; मनुष्य। ३. मन; अन्तःकरण।

मनुज—ना० [सं०] मानिस; मनुष्य।

मनुजाद—ना० [सं०] राक्षस।

मनुजाधिप—ना० [सं०] राजा।

मनुवा—ना० [सं० मानव] मानिस; मान्छे; मानव।

मनुष्य—ना० [सं०] मानिस; मान्छे; मानव।

मनुष्य-गणना—ना० [सं०] जन-गणना।

मनुष्यता—ना० [सं०] १. मनुष्यको भाव; मनुष्यत्व। २. मानिसमा स्वाभाविक तवरले हुने दया, सौजन्य, सहृदयता,

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि आदि असल गुण; मानवता।
मनुष्यत्व–ना० [सं०] मनुष्यता।
मनुष्य-यज्ञ–ना० [सं०] अतिथि-सत्कार।
मनुष्य-यान–ना० [सं०] १. मानिसद्वारा बोकिने सवारी। २. मनुष्यको सवारी।
मनुष्य-लोक–ना० [सं०] पृथ्वी; मर्त्य-लोक।
मनु-संहिता–ना० [सं०] मनु-स्मृति।
मनुस्मृति–ना० [सं०] आदि मनुले रचेको धर्म-शास्त्र।
मने–ना० [ने०] भेड़ा-बाख्रा वा तिनीहरूको पाठो (बाल-बोलीमा)।
मनोकामना–ना० [सं० मनःकामना] मनःकामना।
मनोगत–वि० [सं०] मनमा रहेको; मनमा भएको।
मनोज–ना० [सं०] कामदेव।
मनोज्ञ–वि० [सं०] सुन्दर; मनोहर।
मनोदशा–ना० [सं०] मनको दशा वा अवस्था।
मनोद्वेग–ना० [सं०] उद्वेग।
मनोनयन–ना० [सं०] १. रोज्नु; चुन्नु। २. आफ्नै इच्छाले कुनै व्यक्तिलाई कुनै पदमा नियुक्त गर्नु।
मनोनिग्रह–ना० [सं०] मनका इच्छा वा वृत्तिहरूलाई रोक्ने काम; मनलाई वशमा राख्नु।
मनोनीत–वि० [सं०] १. रोजिएको; चुनिएको; छानिएको। २. मन परेको; मनपर्दो। ३. कुनै व्यक्ति वा संस्थाद्वारा कुनै स्थान वा पदमा नियुक्त गर्नाका निमित्त छानिएको।
मनोभव–ना० [सं०] कामदेव।
मनोभाव–ना० [सं०] मनको भाव वा आशय; अभिप्राय।
मनोभिराम–ना० [सं०] सुन्दर; मनोहर।
मनोमती–ना० [सं०] काठमाण्डू-उपत्यकामा बग्ने एक प्रसिद्ध नदी; मनहरा।
मनोमय–वि० [सं०] १. मनले युक्त भएको। २. मन-सम्बन्धी; मानसिक।
मनोमय-कोश–ना० [सं०] वेदान्त शास्त्र-अनुसार मन, अहङ्कार र कर्मेन्द्रियले युक्त भएको पाँच कोशमध्ये एक।
मनोमल–ना० [सं०] ईर्ष्या, द्वेष, राग आदि मनका दूषित भाव; मनोविकार।
मनोमान–ना० [सं० मन+मान्] १. मनले मान्ने काम; चित्त बुझ्ने काम; दिलैदेखिको मन्जूरी। (क्रि० यो०) २. आफ्नै इच्छाले; खुशी-राजीसँग।
मनोमालिन्य–ना० [सं०] मन नमिल्नु; चित्त फाट्नु; फाटो; बेमेल।
मनोयोग–ना० [सं०] कुनै काममा मन एकाग्र भएर लाग्नु; दत्त-चित्त हुनु; मनको एकाग्रता।
मनोरञ्जक–वि० [सं०] मनलाई प्रसन्न पार्ने; खुशी तुल्याउने; मनोरम।
मनोरञ्जकता–ना० [सं०] मनोरञ्जक हुनाको भाव; सुन्दरता।

मनोरञ्जन–ना० [सं०] दिल बहलाउने काम; मनोविनोद।
मनोरञ्जन-कर–ना० [सं०] खेल-तमाशा आदि मनोविनोदका साधनहरूमा लाग्ने कर।
मनोरथ–ना० [सं०] कामना; अभिलाषा; इच्छा; मनकान्छे।
मनोरम–वि० [सं०] मनलाई रमाउने; मनोहर; सुन्दर।
मनोरमा–ना० [सं०] १. सरस्वतीको एक नाम। २. गोरोचन।
मनोराग–ना० [सं०] अनुराग; प्रेम।
मनोराज्य–ना० [सं०] १. मन-रूपी राज्य। २. कल्पनामा उठेका सुखद अभिलाषा वा कल्पना।
मनोवाञ्छा–ना० [सं०] मनको अभिलाषा; मनोकामना।
मनोवाञ्छित–वि० [सं०] मनले चाहेको; इच्छित; अभिलषित।
मनोविकार–ना० [सं०] मनमा उठ्ने तीव्र भावना वा आवेग।
मनोविज्ञान–ना० [सं०] मनको वृत्ति वा मनमा उठ्ने विचार आदिको विवेचना गरिएको शास्त्र; मानस-शास्त्र।
मनोविनोद–ना० [सं०] मनोरञ्जन।
मनोवेग–ना० [सं०] १. मनको वेग २. मनको उद्वेग।
मनोविश्लेषण–ना० [सं०] मनमा उठेका कुरा वा विचार-हरूका कारण र त्यसका परिणामहरूको समीक्षा।
मनोवृत्ति–ना० [सं०] १. मनको वृत्ति; चित्त-वृत्ति। २. मनोविकार।
मनोवेग–ना० [सं०] मनको आवेग; मनोविकार।
मनोवैकल्य–ना० [सं०] मनको विकलता; मानसिक विह्वलता।
मनोवैज्ञानिक–वि० [सं०] १. मनोविज्ञान-सम्बन्धी। २. मनोविज्ञान-शास्त्रको ज्ञाता।
मनोव्यथा–ना० [सं०] मनको ताप; चिन्ता; पीर।
मनोहर–वि० [सं०] मनलाई लोभ्याउने; अति राम्रो; मनोरम।
मनोहरा–ना० [सं०] १. मनोमती। (वि०) २. मनलाई लोभ्याउने (स्त्री)।
मनोहारी–वि० [सं०] मनलाई राम्रो लाग्ने; मनोहर; सुन्दर।
मनौती–ना० [मान्+औती] १. मनाउन वा चित्त बुझाउनाका निमित्त दिइने वस्तु। २. देव-देवीलाई कुनै मनोवाञ्छित काम पूरा भएमा पूजा आदिले सन्तुष्ट गर्ने प्रतिज्ञा; भाकल।
मन्छनु–स० क्रि० [सं० मुच्+नु] १. भूत, प्रेत आदिका निमित्त दोबाटामा बलि दिनु; मन्सनु; पन्साउनु। २. मन-नपरीकन कसैलाई केही वस्तु दिनु।
मन्छाइ–ना० [मन्छ+आइ] मन्छने किसिम, क्रिया वा भाव; मन्साइ।
मन्छाइनु–स० क्रि० [मन्छाउ+इ+नु] मन्साइनु; ('मन्छा-उनु'-को क० क्रि०)।
मन्छाउनु–स० क्रि० [मन्छ+आउ+नु] मन्छन लाउनु; मन्साउनु; ('मन्छनु'-को प्रे० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

मन्छिनु–स० क्रि० [मन्छ+इ+नु] मन्सिनु; ('मन्छिनु'-को क० क्रि०)।

मन्जन–ना० [सं० मार्ज्] दाँत माझ्ने धूलो; दाँत सफा गर्ने चूर्ण; लेदो आदि पदार्थ।

मन्जूर–वि० [अ०] १. स्वीकार गरिएको; स्वीकृत। (ना०) २. स्वीकृति।

मन्जूर-नामा–ना० [अ०] कुनै कुरो मन्जूर गरेको प्रमाण-स्वरूप लेखिदिएको कागत; स्वीकृति-पत्र।

मन्जूरी–ना० [अ० मन्जूर+ई] सकार्ने काम; स्वीकृति।

मन्टिनु–अ० क्रि० [मुन्टि] मुन्टिनु।

मन्टे-ठिँगुरो–ना० [मुन्टो+ठिँगुरो] मुन्टे-ठिँगुरो।

मन्टो–ना० [मुन्टो] मुन्टो।

मन्टयाइ–ना० [मन्टि+याइ] मन्टिने किसिम, क्रिया वा भाव।

मन्टयाइ–ना० [मन्टयाउ+आइ] मन्टयाउने किसिम, क्रिया वा भाव; मुन्टयाइ।

मन्टयाइनु–स० क्रि० [मन्टयाउ+इ+नु] मुन्टयाइनु; ('मन्टयाउनु'-को क० क्रि०)।

मन्टयाउनु–स० क्रि० [मन्टि+याउ+नु] मुन्टयाउनु।

मन्टयाहट–ना० [मन्टि+याहट] मन्टिने किसिम, क्रिया वा भाव; मुन्टयाहट।

मन्तर–ना० [सं० मन्त्र] मन्त्र।

मन्तर-तन्तर–ना० [सं० मन्त्र-तन्त्र] मन्त्र-तन्त्र।

मन्तराइ–ना० [मन्तर्+आइ] मन्तर्ने किसिम, क्रिया वा भाव।

मन्तर्नु–स० क्रि० [मन्त्र+नु] मन्त्रनु।

मन्तव्य–वि० [सं०] १. मान्न योग्य; मान्य। (ना०) २. राय; मत। ३. विचार।

मन्तिर–क्रि० यो० [मनि+तिर] तलतिर; मुन्तिर।

मन्त्र–ना० [सं०] १. गुप्त कुरो; गोप्य वार्ता। २. सल्लाह; परामर्श; मन्त्रणा। ३. देव-देवीबाट अलौकिक शक्ति प्राप्त गर्नाका निमित्त जपिने शब्द वा वाक्य। ४. वेदको संहिता भाग; ऋचा। ५. कुनै रोग अथवा भूत, प्रेतहरूको दोष वा सर्प, विच्छी आदिका विष शान्त गर्नाका निमित्त झारफूकेले प्रयोग गर्ने शब्द वा शब्द-समूह।

मन्त्र-कार–ना० [सं०] मन्त्र बनाउने ऋषि; मन्त्र-द्रष्टा।

मन्त्र-गूढ–ना० [सं०] गुप्ती; जासूस; गुप्त-चर।

मन्त्रज्ञ–ना० [सं०] १. तन्त्र-मन्त्र गर्न जान्ने व्यक्ति। २. पण्डित। ३. मन्त्री। ४. गुप्त-चर; जासूस।

मन्त्रणा–ना० [सं०] १. सल्लाह; परामर्श। २. गुप्त कुरो।

मन्त्र-तन्त्र–ना० [सं०] मन्त्रको प्रयोग; मन्त्रने काम; झार-फूक; मन्तर-तन्तर।

मन्त्र-दाता–ना० [सं०] मन्त्र सुनाउने व्यक्ति; गुरु।

मन्त्र-द्रष्टा–ना० [सं०] मन्त्र-कार।

मन्त्रनु–स० क्रि० [सं० मन्त्र+नु] १. मन्त्रको प्रयोग गर्नु; मन्त्र-तन्त्र गर्नु; मन्त्रद्वारा कुनै काम गर्नु। २. झार-फूक गर्नु। ३. सल्लाह गर्नु; परामर्श गर्नु। ४. कुरो सिकाउनु; काने-खुसी गर्नु।

मन्त्र-पूत–वि० [सं०] मन्त्रद्वारा पवित्र गरिएको।

मन्त्र-मुग्ध–वि० [सं०] जादूद्वारा वश-वर्ती तुल्याइएको; मोहित पारिएको; मोहिनी लाइएको।

मन्त्र-विद्या–ना० [सं०] १. मन्त्र-तन्त्र-सम्बन्धी विद्या। २. झार-फूकको विद्या।

मन्त्र-वीज–ना० [सं०] १. मन्त्रको पहिलो अक्षर वा पद। २. मूल मन्त्र।

मन्त्र-संस्कार–ना० [सं०] १. मन्त्रद्वारा गरिने संस्कार। २. मन्त्र ग्रहण गर्न अधिकारी हुनाका निमित्त गरिने संस्कार। (जनन, जीवन, ताडन, बोधन, अभिषेक, विमलीकरण, अध्यापन, तर्पण, दीपन र गोपन)।

मन्त्र-संहिता–ना० [सं०] मन्त्रहरूको सङ्ग्रह भएको वेदको एक अंश।

मन्त्राइ–ना० [मन्त्र+आइ] मन्त्रने किसिम, क्रिया वा भाव।

मन्त्राइनु–स० क्रि० [मन्त्राउ+इ+नु] मन्त्रन लाइनु; ('मन्त्राउनु'-को क० क्रि०)।

मन्त्राउनु–स० क्रि० [मन्त्र+आउ+नु] मन्त्रन लाउनु; ('मन्त्रनु'-को प्रे० क्रि०)।

मन्त्रिणी–ना० [सं०] १. मन्त्रीको काम गर्ने स्त्री; परामर्श दिने स्त्री। २. मन्त्रीकी पत्नी।

मन्त्रित–वि० [सं०] १. मन्त्रद्वारा संस्कार गरिएको; अभिमन्त्रित। २. सल्लाह दिइएको; परामर्श दिइएको।

मन्त्रित्व–ना० [सं०] मन्त्रीको पद वा कार्य।

मन्त्रिनु–स० क्रि० [मन्त्र+इ+नु] मन्त्रको प्रयोग गरिनु; ('मन्त्रनु'-को क० क्रि०)।

मन्त्रि-मण्डल–ना० [सं०] कुनै देश वा राज्यका मन्त्रीहरूको समुदाय; मन्त्रीहरूको परिषद्; क्याबिनेट।

मन्त्री–ना० [सं०] १. सल्लाह दिने; परामर्श-दाता। २. राज्यको कुनै विभागको सञ्चालन गर्ने प्रधान अधिकारी। ३. कुनै संस्था वा सरकारी विभागको नियत रूपमा काम चलाउने अधिकारी; सचिव; सेक्रेटरी।

मन्त्री-परिषद्–ना० [सं०] मन्त्रि-मण्डल।

मन्थ–ना० [सं०] १. मथ्ने काम; मन्थन। २. मधानी।

मन्थन–ना० [सं०] १. मथ्ने काम; हुँड्ल्नु; फेट्नु। २. मधानी। ३. अरणीबाट आगो पैदा गर्नु। ४. तत्त्व थाहा पाउनाका निम्ति वार-वार पढ्नु। ५. छान-बीन।

मन्थनी–ना० [सं०] १. दही मथ्ने ठेको। २. मधानी।

मन्थर–वि० [सं०] १. ढीलो; सुस्त; मन्द। २. टेढो; बाङ्गो।

मन्थान–ना० [सं०] १. मधानी। २. मन्दराचल पर्वत।

मन्थानक–ना० [सं०] बन्सो।

मन्थानी–ना० [सं०] १. मही मथ्ने भाँडो। २. मधानी।

CC-0. In Public Domain. Digitization by eGangotri

मन्थारु–ना० [सं०] चमरको हावा ।

मन्द–वि० [सं०] १. ढीलो; सुस्त । २. वेग-रहित; बिस्तारै चलेको । ३. कम; मत्थर । ४. अल्सी; जुम्सो । ५. मूर्ख । ६. दुष्ट । (ना०) ७. शनैश्चर ।

मन्द-बुद्धि–वि० [सं०] बुद्धि नभएको; बुद्धि-हीन; मूर्ख ।

मन्द-भागी–वि० [सं०] अभागी; भाग्य-हीन ।

मन्द-भाग्य–वि० [सं०] भाग्य नभएको; हत-भाग्य ।

मन्द-मति–वि० [सं०] बुद्धि-हीन; निर्बुद्धि ।

मन्दाकिनी–ना० [सं०] १. पुराणअनुसार स्वर्गकी गङ्गा । २. आकाश-गङ्गा ।

मन्दाक्रान्ता–ना० [सं०] सत्र अक्षरको पाउ हुने एक वर्ण-वृत्त । (यसमा मगण, भगण, नगण, दुइ तगण र अन्तमा दुइ गुरु-वर्ण हुन्छन् ।)

मन्दाग्नि–ना० [सं०] खाएको पदार्थ परिपक्व नहुने एक रोग; अपच; अजीर्ण ।

मन्दार–ना० [सं०] १. नन्दन वनका प्रसिद्ध पाँच देव-तरुमध्ये एक । २. आँकको बोट; अर्क । ३. धतूरो ।

मन्दिर–न ० [सं०] १. वास-स्थान; घर; गृह । २. देवालय; देवल । ३. छाउनी; शिविर ।

मन्दुरा–ना० [सं०] १. मान्द्रो; अरतबल । २. तबेला ।

मन्दोदरी–ना० [सं०] रावणकी पत्नी; मय दानवकी पत्नी ।

मन्द्र–वि० [सं०] १. गम्भीर । २. मनोहर; सुन्दर । ३. प्रसन्न; खुश । (ना०) ४. मन्द ध्वनि ।

मन्द्र-सप्तक–ना० [सं०] सङ्गीत-शास्त्रअनुसार स्वरहरूको सबभन्दा तल्लो वा मसिनो उच्चारण वा ध्वनि हुने अवस्था ।

मन्मथ–ना० [सं०] कामदेव ।

मन्मन–ना० [सं०] १. बिस्तारै सुस्त स्वरमा गरिने कुराकानी; काने-खुसी । २. कामदेव ।

मन्यु–ना० [सं०] १. क्रोध; रीस । २. दुःख; शोक । ३. दुर्दशा । ४. अहङ्कार । ५. स्तोत्र । ६. कर्म । ७. नीचता ८. यज्ञ । ९. अग्नि । १०. शिव ।

मन्वन्तर–ना० [सं०] एउटा मनुको अधिकार-काल; एकहत्तर चतुर्युगको समय ।

मन्सनु–स० क्रि० [मन्छ+नु] मन्छनु ।

मन्सरा–ना० [ने०] १. पहेँलो भूस, लाम्चो दाना हुने मझौला खालको एक जातको धान । २. त्यसैको चामल ।

मन्साइ–ना० [मन्स+आइ] मन्सने किसिम, क्रिया वा भाव : मन्छाइ ।

मन्साइनु–स० क्रि० [मन्साउ+इ+नु] मन्साउन लाइनु; मन्छाइनु; ('मन्साउनु'-को क० क्रि०)

मन्साउनु–स० क्रि० [मन्स+आउ+नु] मन्सन लाउनु; ('मन्सनु'-को प्रे० क्रि०)

मन्साय–ना० [अ० मन्शाअ] मनसाय ।

मन्सूबा–ना० [अ० मन्सूबः] मनसाय ।

मपाइँ–ना० [म] अर्काका दृष्टिमा आदरणीय नभए तापनि आफैले आफूलाई आदर जनाउने शब्द; आत्म-प्रशंसा-सूचक शब्द ।

मफत–क्रि० यो० [अ० मुफ़्त] विनसित्ति; व्यर्थ; सित्तैँ ।

मफलर–ना० [अं०] शीतबाट शरीरको रक्षाका लागि गला, कान आदि छोप्न धारण गरिने, कम्ती फराकिलो हुने, लामो किसिमको वस्त्र; गल-बन्दी ।

मम–सर्वना० [सं०] मेरो; आफ्नो ।

ममता–ना० [सं०] १. आफ्नो सम्झनाको भाव; ममत्व । २. स्नेह; माया; अनुराग । ३. 'मै ठूलो हुँ' भन्ने घमन्ड; अहङ्कार ।

ममत्व–ना० [सं०] ममता ।

मय–ना० [सं०] १. अरू शब्दका पछिल्तिर लागेर प्रचुरता, विकार, तद्-रूपता आदि बुझाउने प्रत्यय । (उदा०–जलमय, दुःखमय, निरामय आदि ।) २. महाभारत-प्रसिद्ध एक वैज्ञानिक दानव ।

मयल–ना० [ने०] केही सानो, टर्रो स्वादको एक जातको नाशपाती ।

मयल–ना० [सं० मल] १. शरीर, वस्त्र आदिमा जम्ने फोहर पदार्थ; मैला; मल । २. कस; कसर ।

मयल-पोश–ना० [अ० मयामिन+पोश (फा०)] घुँडासम्म आउने फेर र तुनाले कसेर जीउमा लाइने एक किसिमको पोशाक; दौरा; लबेदा ।

मयायु–ना० [सं० माया] सरकारले कसैलाई दया-माया गरी आयस्ता खान दिएको जग्गा वा भत्ता ।

मयालु–वि० [माया+आलु] माया गर्ने स्वभावको ।

मयुष्ट–ना० [सं०] मस्याङ ।

मयूख–ना० [सं०] १. किरण; प्रभा । २. शोभा । ३. शिखा । ४. ज्वाला ।

मयूर–ना० [सं०] मजूर ।

मयूर-शिखा–ना० [सं०] १. सहस्र-बूटी । २. भाले मयूरका टाउकामा हुने प्वाँखको सिउर ।

मर–ना० [सं०] मृत्यु; मरण ।

मरक–ना० [सं०] देसान; महामारी; रूढ़ी ।

मरकत–ना० [सं०] पन्ना ।

मरक्क–क्रि०यो० [ने०] मर्कने वा मर्काउने किसिम; करक्क ।

मरन्च्याँसे–वि० [सं० मरण+च्याँसे] मलजिस्तो दुब्लो; अति दुब्लो ।

मरट्ठी–ना० [?] शीशीका मुखमा लगाएको कागमा घोची घुमाएर झिक्ने घुमाउरो झीरजस्तो साधन ।

मरण–ना० [सं०] प्राण-त्याग गर्नु; मृत्यु ।

मरण-शील–वि० [सं०] मर्ने स्वभावको; मर्त्य ।

मरणान्त–वि० [सं०] मरणान्तक ।

मरणान्तक–वि० [सं०] मरेपछि मात्र अन्तहुने ; मरुन्जेल-सम्मको ।

CC-0. In Public Domain. Digitization by eGangotri

मरणाशौच–ना० [सं०] ज्ञाति-बन्धु मर्दा लाग्ने आशौच।

मरणासन्न–वि० [सं०] मर्न आँटेको; मरणोन्मुख; मर्न लागेको।

मरणोत्तर–वि० [सं०] मरेपछिको; मृत्युपछिको।

मरणोन्मुख–वि० [सं०] मर्न आँटेको; मरणासन्न।

मरमर–क्रि० यो० [सं०] १. खरो वस्तु चपाउने वा चपाउँदा शब्द आउने किसिम; मरमरी। २. सुकेका वस्तुहरू माड्ने वा माड्दा शब्द आउने किसिम।

मरमर–क्रि० यो० [ने०] अलि-अलि पिरो हुने किसिम; रमरम।

मरमरती–क्रि० यो० [मरमर+ती] मरमर; मरमरी।

मर-मरम्मत–ना० [(फाँ०) मर+मरम्मत] मरम्मत।

मरमरी–क्रि० यो० [मरमर+ई] मरमर; मरमती।

मर-मर्मत–ना० [(फाँ०)मर+मर्मत] मरम्मत।

मरमऱ्याइ–ना० [मरमऱ्याउ+आइ] मरमऱ्याउने किसिम, क्रिया वा भाव।

मरमऱ्याइनु–स० क्रि० [मरमऱ्याउ+इ+नु] मरमर शब्द आउने गरी चपाइनु; ('मरमऱ्याउनु'-को क० क्रि०)।

मरमऱ्याउनु–स० क्रि० [मरमर+याउ+नु] १. मरमर शब्द आउने गरी चपाउनु। २. सुकेका वा झुरिएका वस्तुहरू मरमर शब्द आउने गरी माड्नु।

मर-मसला–ना० [(फाँ०) मर+मसला]मसलाहरूको समूह।

मर-मसाला–ना० [(फाँ०) मर+मसाला] मर-मसला।

मर-मोलाहिजा–ना०[(फाँ०)मर+मोलाहिजा] मोलाहिजा।

मरम्मत–ना० [अ०] कुनै वस्तुको भत्के-बिग्रेको वा टुटे-फुटेको अंश बनाउने काम; सुधार गर्ने काम; जीर्णोद्धार।

मरम्मती–ना० [फा०] १. मरम्मत गरिएको; जीर्णोद्धार गरेको। २. मरम्मत गर्न लायक।

मरहट्टी–ना० [प्रा०] ठूला-ठूला पात, टुप्पामा रातो भावका पहेँला लौसीका गेडाका आकारका फूल हुने एक जातको बूटी; महाराष्ट्री।

मराइ–ना०[माराउ+आइ]मराउने किसिम, क्रिया वा भाव।

मराइ–ना० [मर्+आइ] मर्ने किसिम, क्रिया वा भाव।

मराइ–ना० [मार्+आइ] मार्ने किसिम, क्रिया वा भाव।

मराइनु–स० क्रि० [मराउ+इ+नु] १. मर्न लगाइनु २. मार्न लाइनु; ('मराउनु'-को क० क्रि०)।

मराउनु–स० क्रि० [मर्+आउ+नु] मर्न लाउनु ('मर्नु'-को प्रे० क्रि०)।

मराउनु–स० क्रि० [मार्+आउ+नु] मार्न लाउनु; ('मार्नु'-को प्रे क्रि०)।

मराल–ना० [सं०] १. राज-हंस। २. घोड़ा।

मरिच–ना० [सं०] मरीच।

मरिनु–अ० क्रि० [मर्+इ+नु] प्राण त्याग गरिनु; ('मर्नु'-को भा० क्रि०)।

मरिमेटाइ–ना० [मरिमेट्+आइ] मरिमेट्ने किसिम, क्रिया वा भाव।

मरिमेटाइनु–स० क्रि० [मरिमेट्+आइ+नु] मरिमेट्न लाइनु; ('मरिमेटाउनु'-को क० क्रि०)।

मरमेटाउनु–स० क्रि० [मरिमेट्+आउ+नु] मरिमेट्न लाउनु; ('मरिमेट्नु'-को प्रे० क्रि०)।

मरिमेटिनु–अ० क्रि० [मरिमेट्+इ+नु] मरिनु; प्राण दिइनु; ('मरिमेटनु'- को भा० क्रि०)।

मरिमेट्नु–अ० क्रि० [मर्+मेट्+नु] १. मर्नु; प्राण दिनु। २. सकेसम्म दुःख गरेर काम गर्नु। ३. हत्ते हाल्नु।

मरीच–ना० [सं०] १. लाम्चा साना पात, साना गोल फल हुने एक जातको लहरो। २. त्यसैको पिरो गेड़ो वा फल। (यसका सेतो, खैरो र कालो गेड़ा हुने–तीन भेद छन्। आयुर्वेदमा यसको गुण, कफ, वात, कीरा र हृदय-रोग नाश गन, गरम, रुचि-कारक र अग्नि-वर्द्धक बताइएको छ।)

मरीचि–ना० [सं०] १. ब्रह्माका दश मानस-पुत्रमध्ये एक। २. किरण; प्रकाश। ३. मृग-तृष्णा।

मरीचिका–ना० [सं०] मृग-तृष्णा।

मरीची–वि० [सं०] १. किरण भएको; ज्योतिष्मान्। (ना०) २. सूर्य। ३. चन्द्र।

मरी-मरी–क्रि० यो० [मर्+मर्] मरिएलाजस्तो दुःख गरेर; खूब मेहनतसाथ; मरिमेटेर।

मरु–ना० [सं०] पानी नभएको; बालुवै बालुवा भएको ठाउँ; मरु-भूमि।

मरुई–ना० [सं० मधुरा] १. लाम्चा पात, राता फूल, सेता टीका भएका हरिया फल र ठूलो कन्द हुने एक जातको लता। (सेतो र कालो कन्द हुने–यसका दुइ जात छन्। आयुर्वेदमा यसको गुण क्षय, पित्त, वात, डाह, जरो र कफको नाश गर्ने र शुक्र बढ़ाउने बताइएको छ।)

मरुत्–ना० [सं०] १. हावा; वायु। २. प्राण। ३. देवता।

मरुत्वान्–ना० [सं०] १. इन्द्र। २. हनुमान्।

मरु-द्वीप–ना० [सं०] मरु-स्थलको बीचमा पानी भएको सानो उब्जाउ जमीन; शाद्वल।

मरु-भूमि–ना० [सं०] पानी नभएको बलौटे जमीन; मरु-स्थल।

मरुव–ना० [सं०] मरुवा बूटी।

मरुवा–वि० [मर्+उवा] १. मर्ने किसिमको। २. मरेर जाने; मृत्यु हुने। ३. मरेर खाली हुन आएको (खानगी।)

मरुवा–ना० [सं० मरुव] तुलसीका जस्ता बाटुला पात, हरिया साना-साना गोल फलमा मसिना सेता फूल निस्कने, सुगन्धी एक जातको बूटी; बाबरी फूल। (आयुर्वेदमा यसको गुण विष, कृमि र कुष्ठ-नाशक बताइएको छ।)

मरु-स्थल–ना० [सं०] मरु-भूमि।

मरौट-बिर्ता–ना० [मर्+औट+बिर्ता] देशको भलाइका निमित्त मर्नेका सन्तानलाई सरकारबाट जीविकाका निमित्त दिइएको बिर्ता जमीन।

CC-0. In Public Domain. Digitization by eGangotri

मरौटे–वि० [मर्+औटे] १. मरेकाका निमित्तको; मृतकका उद्देश्यको। (ना०) २. मर्ने रोग; रूढ़ी।

मरौटो–ना० [मर्+औटो] मरेका मानिसका निमित्तको वस्तु; मृतकका उद्देश्यले दिइने वा दिइएको वस्तु।

मर्कट–ना० [सं०] १. बाँदर; वानर। २. माकुरो। (वि०) ३. कन्जुस। ४. मरन्च्याँसे।

मर्कटास्न–ना० [सं०] मकै।

मर्कनु–अ० क्रि० [सं० मृर्] १. निमोठिनु; बटारिनु। २. टेढ़िनु; बाङ्गिनु। ३. भाँचिएलाजस्तो भई शिथिल हुनु।

मर्का–ना० [मर्क] १. हानि; नोक्सान; खत्ति। २. भित्री वेदना; मर्म; मड्का। ३. बाधा।

मर्काइ–ना० [मर्क+आइ] मर्कने किसिम, क्रिया वा भाव।

मर्काइ–ना० [मर्काउ+आइ] मर्काउने किसिम, क्रिया वा भाव।

मर्काइनु–स० क्रि [मर्काउ+इ+नु] मर्कन लाइनु; ('मर्काउनु'-को क० क्रि०)।

मर्काउनु–स० क्रि० [मर्क+आउ+नु] १. निमोठ्नु; बटार्नु। २. भाँचिएलाजस्तो पार्नु; बङ्गचाउनु। ३. आलस्य वा थकाइ मेट्न आङ तान्नु; जीउ एक किसिमसँग नचाउनु; ('मर्कनु'-को प्रे० क्रि०)।

मर्किनु–अ० क्रि० [मर्क+इ+नु] मर्कने वा निमोठिने होइनु; ('मर्कनु'-को भा० क्रि०)।

मर्की–ना० [ने०] १. रुघा-खोकी। २. वज्र ठोक्ने काठको मुङ्ग्रो।

मर्चा–ना० [ने०] जाँड़, रक्सी बनाउन सड़ाएका अन्नमा मिलाउने एक किसिमको मसला।

मर्जी–ना० [अ० मरज़ी] १. आज्ञा; आदेश। २. अह्रोट। ३. स्वीकृति; मन्जूरी। ४. प्रजातन्त्र हुनुभन्दा पहिले प्राइम-मिनिस्टरभन्दा तलका उच्चाधिकारीहरूको आज्ञा। ५. इच्छा।

मर्त्य–वि० [सं०] १. मर्ने स्वभावको; मरण-शील। (ना०) २. मानिस; मनुष्य।

मर्त्य-धर्मा–वि० [सं०] मरण-शील।

मर्त्य-लोक–ना० [सं०] १. पृथ्वी; धरती। (ना०) २. संसार; दुनियाँ।

मर्द–ना० [फा०] १. लोग्ने-मानिस; पुरुष। २. भाले; पुरुष-जाति। (वि०) ३. वीर; बहादुर; जमामर्द।

मर्दन–ना० [सं०] १. तेल, बुकुवा आदि घस्ने काम। २. माड्ने काम; मिच्ने काम। ३. नाश; ध्वंस।

मर्दल–ना० [सं०] मृदङ्गजस्तो एक प्राचीन बाजा।

मर्दाना–वि० [फा०] १. मर्द वा पुरुष-सम्बन्धी। २. लोग्ने-मानिसलाई सुहाउँदो; पुरुषोचित्त। ३. जमामर्द; वीर।

मर्दित–वि० [सं०] माड़िएको; मर्दन गरिएको।

मर्दाईं–ना० [मर्द+याइँ] १. मर्दको भाव; पुरुषत्व; पुंस्त्व। २. पराक्रम; वीरता।

मर्नु–अ० क्रि० [सं० मृ+नु] १. प्राण-त्याग गर्नु; पर-लोक हुनु; मृत्यु हुनु। २. साह्रै दुःख गरेर काम गर्नु; काममा मरिमेट्नु। ३. ज्यादै दुःखी हुनु; असह्य वेदना सहनु। ४. लाजले भुतुक्क हुनु; लज्जित हुनु। ५. मन-नपरीकन आउनु वा जानु। ६. सुक्नु; वैलाउनु (बोट, विरुवा)। ७. खेलमा हार भई कुनै खेलाड़ी खेलबाट अलग हुनु। ८. पासा, पच्चीस आदि खेलमा कुनै गोटी अरू गोटीद्वारा खाइनु।

मर्म–ना० [सं०] १. चोट लाग्दा साह्रै दुख्ने र मर्ने पनि सम्भावना हुने कोमल अङ्ग; मर्म-स्थल। २. शरीरको जोर्नी; सन्धि-स्थान। ३. रहस्य; भेद। ४. तात्पर्य; गूढार्थ। ५. भित्री वेदना; मर्का।

मर्म-घाती–वि० [सं०] १. मर्म-स्थानमा आघात पुऱ्याउने; मर्मच्छेदन गर्ने। २. मनमा चोट पुऱ्याउने।

मर्मच्छिद्–वि० [सं०] मर्मच्छेदी।

मर्मच्छेदन–ना० [सं०] १. मर्ममा चोट पार्नु। २. चित्त दुख्ने गरी कसैलाई केही गर्नु वा भन्नु।

मर्मच्छेदी–वि० [सं०] मर्म-भेदी।

मर्मज्ञ–वि० [सं०] मर्म वा तत्त्व कुरो थाहा पाउने; रहस्यको ज्ञान भएको; तत्त्वज्ञ।

मर्मत–ना० [अ० मरम्मत] मरम्मत।

मर्म-भेद–ना० [सं०] १. रहस्यको उद्घाटन। २. मनमा चोट पुऱ्याउनु।

मर्म-भेदी–वि० [सं०] १. मर्म-स्थलमा चोट पुऱ्याउने; मर्मच्छेदी। २. अति पीडा दिने; दुःखद। ३. मनमा गड्ने; हृदयमा चोट लाग्ने। (ना०) ४. बाण।

मर्मर–ना० [सं०] सुकेका पात-पतिङ्गरहरू चलाउँदा आउने किसिमको शब्द।

मर्म-वचन–ना० [सं०] मर्म-वाक्य।

मर्म-वाक्य–ना० [सं०] चित्त दुख्ने कुरो; दिलमा चोट लाग्ने वचन।

मर्म-विद्–वि० [सं०] मर्मज्ञ।

मर्म-वेधी–वि० [सं०] मर्म-भेदी।

मर्म-स्थल–ना० [सं०] १. चोट लाग्दा साह्रै दुख्ने र ज्यान-सम्म पनि जाने शरीरको कुनै कोमल स्थान। २. सन्धि-स्थान।

मर्म-स्थान–ना० [सं०] मर्म-स्थल।

मर्म-स्पर्शी–वि० [सं०] १. दिलमा चोट लाग्ने; मर्म-भेदी। २. मनमा ज्यादै प्रभाव पार्ने।

मर्माघात–ना० [सं०] मर्म-स्थलमा पुऱ्याइएको आघात; हृदयमा लागेको चोट।

मर्मान्तक–वि० [सं०] हृदयमा चोट लाग्ने; मर्म-भेदी।

मर्मान्तिक–वि० [सं०] मर्मान्तक।

मर्मान्वेषण–ना० [सं०] रहस्य पत्ता लगाउनु; तत्त्व कुरोको अन्वेषण।

CC-0. In Public Domain. Digitization by eGangotri

मर्माहत–वि० [सं०] हृदयमा ठूलो चोट लागेको; मर्माघात गरिएको ।

मर्मोद्घाटन–ना० [सं०] मर्म वा रहस्य खोल्ने काम ।

मऱ्याक-मऱ्याक–ना० [अनु०] काँक्रो, मूला आदि चपाउने वा चपाउँदा शब्द आउने किसिम ।

मऱ्याक-मुरुक–क्रि० यो० [अनु०] १. भाँचकुँच गर्ने वा निमोठ्ने किसिम; कऱ्याक-कुरुक । २. चपाउने किसिम; मऱ्याक-मऱ्याक ।

मऱ्याक्क–क्रि० यो० [अनु०] १. सहसा मर्कने वा मर्काउने किसिम । २. सहसा भाँचिन वा भाँच्दा शब्द आउने किसिम । ३. चपाउने वा चपाउँदा शब्द आउने किसिम ।

मर्यादा–ना० [सं०] १. सीमा; हद । २. तट; किनारा । ३. अवधि; नियत समय । ४. रीति-स्थिति; चाल-चलन । ५. नियम; पद्धति । ६. प्रतिज्ञा; कबूल । ७. सदाचार । ८. प्रतिष्ठा; मान । ९. धर्म; आचरण ।

मर्यादा-पुरुषोत्तम–ना० [सं०] राम ।

मर्यादी–वि० [सं०] १. मर्यादाको पालन गर्ने; मर्यादाको उल्लङ्घन नगर्ने । २. सीमाभित्र रहेको ।

मर्षण–ना० [सं०] सहनु; क्षमा; क्षान्ति ।

मल–ना० [सं०] १. मयल; मैल । २. विष्ठा; गुहु । ३. शरीरबाट निस्कने सिँगान, काने-गुजी, चिप्रा आदि । ४. कीट; कस । ५. दोष; विकार । ६. पाप । ७. बाली-नाली सपार्नाका निमित्त माटोमा मिसाइने वस्तु ।

मल-द्वार–ना० [सं०] गुद-द्वार ।

मल-धात्री–ना० [सं०] गुहु-धाई ।

मलन–ना० [सं०] १. मल्ने काम; घस्नु । २. लिप्नु; पोत्नु ।

मलम–ना० [मलहम] मलहम ।

मलमल–ना० [सं० मलमल्लक] एक प्रकारको मिहीन कपड़ा ।

मलमल्लक–ना० [सं०] लँगौटी; कौपीन ।

मल-मास–ना० [सं०] अधिक-मास; पुरुषोत्तम महीना ।

मलय–ना० [सं०] १. मलय-गिरि । २. चन्दन; श्रीखण्ड ।

मलय-गिरि–ना० [सं०] मलयाचल ।

मलयज–ना० [सं०] १. श्रीखण्ड; चन्दन । २. दक्षिण दिशा-बाट आउने हावा ।

मलयागरु–ना० [सं०] मलयागिरी वृक्ष ।

मलयागिरी–ना० [सं० मङ्गल्यागरु] १. लाम्चा पात, सेता फूल, हरिया फल हुने र काण्ड सेतो हुने एक जातको वृक्ष । २. त्यसैको फल; मलयागरु ।

मलयाचल–ना० [सं०] दक्षिण भारतमा रहेको एक पर्वत; मलय-गिरि । (यो पर्वत मैसूरको दक्षिण र ट्रावन्कोरको पूर्वमा पर्दछ । यस पर्वतमा श्रीखण्डका वृक्ष प्रशस्त मात्रामा पाइन्छन् ।)

मलयानिल–ना० [सं०] मलयाचल पर्वतबाट आउने सुगन्धी हवा ।

मलसाँप्रो–ना० [ने०] खैरो र कालो रङ्गको, फ्याउरोजस्तो एक जातको हिंस्रक जन्तु ।

मलहम–ना० [अ०] घाउ-खटिरामा लगाउने लेप ।

मलाइ–ना० [मल्+आइ] मल्ने किसिम, क्रिया वा भाव ।

मलाइनु–स० क्रि० [मलाउ+इ+नु] मल्न वा मिच्न लाइनु; ('मलाउनु'-को क० क्रि०) ।

मलाई–ना० [?] दूधको तर ।

मलाउनु–स० क्रि० [मल्+आउ+नु] मल्न वा मिच्न लाउनु; ('मल्नु'-को प्रे० क्रि०) ।

मलाम–ना० [मसान] दाह-संस्कारका निमित्त मुर्दा मसानमा लैजाने काम; शव-यात्रा ।

मलामी–ना० [मलाम+ई] मलाम जाने व्यक्ति; शव-यात्राका साथ जाने व्यक्ति ।

मलायो–ना० [ने०] १. आँख्लैपिच्छे लाम्चा किसिमका बाटुला पातहरू हुने, ठूलो-केराउका दानाजत्रा राता, गुलिया भावका अमिला गेड़ाका झुप्पा फल्ने, लेकमा हुने एक जातको लहरो । २. त्यसैको फल । (यसका गेड़ा खाइन्छ । त्यसको रसबाट चूक पनि बनाइन्छ ।)

मलावरोध–ना० [सं०] गोटा पर्नु; कब्जियत ।

मलाहा–ना० [अ० मल्लाह] डुङ्गा खियाउने र माछा मार्ने पेशा गर्ने एक जाति; माझी; मल्लाह ।

मलिक्याइँ–ना० [मालिक+याइँ] मालिक हुनाको भाव वा अधिकार ।

मलिन–वि० [सं०] १. मैल भएको; मैलो; फोहोर । २. अँध्यारो; उज्ज्वल नभएको । ३. श्री-हीन; निस्तेज; म्लान । ४. कपटी । ५. पापी ।

मलिनता–ना० [सं०] १. मलिन हुनाको भाव । २. चिन्ता; खिन्नता ।

मलिनु–वि० [मल+इ+नु] मल पुगेको; मलिलो ।

मलिनु–वि० [सं० मलिन+उ] मलिन; धमिलो; अँध्यारो ।

मलिनु–स० क्रि० [मल्+इ+नु] जीउ वा गोड़ा मिचिनु; माड़िनु; ('मल्नु'-को क० क्रि०) ।

मलिमस–वि० [सं०] १. कालो; कलसौंदो । २. पापी ।

मलिम्लुच–ना० [सं०] १. डाँकू; रहजनी गर्ने व्यक्ति । २. मल-मास ।

मलिलो–वि० [मल+इलो] मल भएको; धेरै उब्जा हुने; मउर्वर (माटो वा जमीन) ।

मलुको–वि० [मलुवा] कड़ा पाइन नभएको; मलुवा ।

मलुको–ना० [ने०] हिमालयमा हुने, कर्कलाका जस्ता केही लाम्चा पात, गानु र गाभा हुने एक जातको बोट; जलुकोको एक भेद । (आयुर्वेदमा यसको गुण धातु गाल्ने, पारोलाई स्तम्भित गर्ने र विष-नाशक बताइएको छ ।)

मलुवा–वि० [मल्+उवा] १. मलेको; माड़िएको । २. माझिएको; मलेर टल्काइएको ।

मलुवा–वि० [सं० मल्+उवा] १. हल्का पाइन लगाइएको (हात हतियार) । २. कड़ा नभएको; हल्का स्वादको

CC-0. In Public Domain. Digitization by eGangotri

(तमाखु)।
मलेदा–ना० [अ० मलीदः] एक प्रकारको ऊनी बर्को; तयँगा।
मलेदा–ना० [मल्] अक्षर खिइएर चिप्लो भएको मोहर (सिक्का)।
मलेरिया–ना० [अं० मेलेरिया] औल।
मलेवा–ना० [परेवा] जङ्गली एक जातको परेवा।
मलोहो–ना० [ने०] खसी-बाख्राका मुखमा खटिरा उठ्ने एक रोग।
मलौटो–वि० [ने०] जहान-परिवार कोही नभएको; एकलो; ठिङ्गो।
मल्कनु–अ० क्रि० [ने०] १. फूर्ति वा जाँगरका साथ यता-उति जानु; फन्याक-फुरुक गर्नु। २. मुलुक्क देखा पर्नु; मुल्किनु।
मल्काइ–ना० [मल्क+आइ] मल्कने किसिम, क्रिया वा भाव।
मल्किनु–अ० क्रि० [मल्क+इ+नु] फूर्ति र जाँगरका साथ यता-उति गइनु; ('मल्कनु'-को भा० क्रि०)।
मल्को–ना० [ने०] १. फाइदा हुने काम वा कुरो। २. बढ्ने वा बन्ने काम।
मल्को–ना० [सं० मूल] प्रवाह; धारा।
मल्नु–सं० क्रि० [सं० मल्+नु] १. जीउ वा गोडा मिच्नु; माड्नु। २. तेल बुकुवा आदि घस्नु; मालिश गर्नु। ३. माझ्नु; घोटेर वा दलेर मार्जन गर्नु।४. कुन वस्तु मिलाउनाका निम्ति मुछ्नु।
मल्याक-मिलिक–क्रि० यो० [ने०] १. आकाशमा बिजुली चम्कने किसिम। २. तुरुन्तै केही काम हुने किसिम; झाटझुट।
मल्याक-मुलुक–क्रि० यो० [ने०] १. जिज्ञासा, डर, शङ्का, आदिले यता-उति हेर्ने किसिम; पल्याक-पुलुक। २. अर्काका आँखा छलेर माल-मत्ता तत्कालै बेपत्ता पार्ने किसिम।
मल्ल–ना० [सं०] १. द्वन्द्व-युद्धमा निपुण व्यक्ति; पहलमान। २. नेपालको गण्डक-क्षेत्रमा रहने एक प्राचीन क्षत्रिय जाति।
मल्ल-भूमि–ना० [सं०] १. मल्ल-युद्ध गर्ने ठाउँ; अखाड़ा। २. मल्लहरूको वास-स्थान।
मल्ल-युद्ध–ना० [सं०] कुश्ती; द्वन्द्व-युद्ध।
मल्ल-विद्या–ना० [सं०] कुश्ती लड्ने विद्या; पहलवानी विद्या।
मल्ल-शाला–ना० [सं०] मल्ल-भूमि; अखाड़ा।
मल्लार–ना० [सं०] मेघ रागकी एक रागिनी।
मल्लाह–ना०[अ०]नाउ चलाउने र माछा मार्ने पेशा भएको एक जाति; माझी; कैवर्त।
मल्लिँडो–ना० [ने०] भित्र गुदी नहुने, जीरोजस्तो फल फल्ने, धान-खेतमा हुने, वन्सोजस्तो एक झार।
मल्लिका–ना० [सं०]बेलीजस्तो, सेतो र सुगन्धी एक जातको फूल।
मल्लिकार्जुन–ना० [सं०] श्री-शैलमा रहेको शिवको एक-ज्योतिर्लिङ्ग।
मल्ली–ना० [सं०] मल्लिका।
मशक–ना० [सं०] १. लाम्खुट्टे। २. शरीरमा आउने कोठी, मुसो आदि।
मशहूर–वि० [अ०] प्रसिद्ध; विख्यात; नामी।
मशान–ना० [सं० श्मशान] मुर्दा जलाउने ठाउँ; श्मशान; चिहान।
मशाने–वि० [मसान+ए] १. मसाने; मसान-सम्बन्धी। (ना०) २. जोगी; फुत्रे।
मशाल–ना० [अ०] चिराख।
मशाल-जुलूस–ना० [अ०] राती मशाल बालेर निस्कने जुलूस।
मश्क–ना० [फा०] मस्सक।
मषि–ना० [सं०] मसी।
मषी–ना० [सं०] मसी।
मसक्क–क्रि० यो० [ने०] १. मस्कने वा मस्काउने किसिम; बलियो गरी बाँध्ने किसिम। २. कुनै काम निश्चयपूर्वक गर्न आँट्ने किसिम। ३. धक वा लाज मान्ने किसिम। ४. मस्कने किसिम; मुस्कुराउने किसिम।
मसनद–ना० [अ० मस्नद] मसलन्द।
मसलन्द–ना० [अ० मस्नद] १. तकियाको अड़ेस लिएर बस्ने ठाउँ। २. ठूलो किसिमको तकिया; बालिस्ट।
मसलन्द–ना० [अं० मिसलेनियस] अड्डाखानामा कागत, कलम मसी आदि खरीद गर्न वा अन्य विविध फुटकर कामका निमित्तको खर्च।
मसला–ना० [अ० मसालेह] १. तिहुन, तरकारी आदि परिकार स्वादिष्ट पार्न मिलाइने पदार्थ; जीरा, मरीच, ल्वाङ, जाइफल आदि विशिष्ट वस्तु। २. बदाम, काजू, पेस्ता, किशमिश आदि सुकाएका फलहरू। ३. कुनै विशेष कार्य गर्नाका निमित्त तयार पारेको औषधिहरू वा रासायनिक वस्तुहरूको मिश्रण। ४. टर्च बाल्नाका निम्ति भित्र हालिने रासायनिक पदार्थ; ब्याटरी। ५. प्रायः सड़कका किनारामा लगाइने, सेता भूवादार फूल फुल्ने, घण्टीका आकारका साना फल फल्ने एक जातको सुगन्धी फूल।
मसविदा–ना० [अ० मसव्वद्दह] मसौदा; खेस्रा; प्रारूप।
मसाङ्ग्रिइनु–अ० क्रि० [मसाङ्ग्रि+इ+नु] खुम्चिइनु; ('मसाङ्ग्रिनु'-को भा० क्रि०।)
मसाङ्ग्रिनु–अ० क्रि० [ने०] १. सुकेर चाउरिनु; खुम्चिनु; साँधुरिनु। २. लाजले मस्कनु। ३. मत्थर हुनु; कम हुनु (रोग आदिको वेग)।
मसाङ्ग्र्याइ–ना० [मसाङ्ग्रि+याइ] मसाङ्ग्रिने किसिम, क्रिया वा भाव।
मसाङ्ग्र्याइनु–सं० क्रि० [मसाङ्ग्र्याउ+इ+नु] मत्थर पारिनु; ('मसाङ्ग्र्याउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

मसाङ्ग्याउनु–स० क्रि० [मसाङ्ग्रि+याउ+नु] मत्थर पार्नु; ('मसाङ्ग्रिनु'-को प्रे० क्रि०)।

मसान–ना० [मशान] मशान; चिहान।

मसाने–वि० [मसान+ए] १. मसान-सम्बन्धी; मसानको। २. मासनमा बस्ने; मशाने। (ना०) ३. जोगी; फुक्ने।

मसाने–ना० [ने०] एक प्रकारको नजाती खटिरो; सार्कीखटिरो।

मसान्त–ना० [सं०मासान्त] महीनाको आखिरी दिन; मासान्त।

मसाराइ–ना० [मसार्+आइ] मसार्ने किसिम, क्रिया वा भाव; मुसाराइ।

मसारिनु–स० क्रि० [मसार्+इ+नु] मुसारिनु; ('मसार्नु'-को क० क्रि०)।

मसार्नु–स० क्रि० [मुसार्] मुसार्नु।

मसाला–ना० [अ० मसालेह] मसला।

मसि–ना० [सं०] मसी।

मसि-जीवी–वि० [सं०] लेख्ने कामबाट जीविका गर्ने।

मसि-धान–ना० [सं०] मसी-दानी; मसिनी।

मसि-धानी–ना० [सं०] मसी-दानी; मसिनी।

मसिनी–ना०[सं० मसी+इनी]मसी हाल्ने भाँडो; मसी-दानी।

मसिनी–वि० [मसिनु+ई] १. मसिनो स्वरले बोल्ने; कोमल स्वभावकी। २. चेपारे (स्त्री)।

मसिनु–वि० [मसिनो] मसिनो।

मसिनू–वि० [मसिनो] मसिनो।

मसिनो–वि० [सं० मसृण] १. झीनो। २. मिहीन; मैदा; मसिनु। ३. तीखो र मीठो; मधुर (स्वर)। ४. चिप्लो; खस्रो नभएको। ५. पातलो (कपड़ा)। ६. नरम; कोमल।

मसिन्याइ–ना० [मसिन्याउ+आइ] मसिन्याउने किसिम, क्रिया वा भाव।

मसिन्याइनु–स० क्रि० [मसिन्याउ+इ+नु] मसिनो पारिनु; ('मसिन्याउनु'-को क० क्रि०)।

मसिन्याउनु–स० क्रि० [मसिनो+याउ+नु] मसिनो पार्नु; मसिनू तुल्याउनु।

मसी–ना० [सं०] १. कलमले चोबेर वा कलममा भरेर लेख्ने कालो, नीलो, रातो आदि रङ्ग। २. टाइप, ब्लक आदिमा लगाएर छाप्ने रङ्ग।

मसी–ना० [ने०] साना-साना ल्वाङ-फूलजस्ता राता फूल फुल्ने एक जातको सानो बोट; काक-जङ्घा।

मसी-दान–ना० [मसी+दान] मसिनी; मसी-दानी।

मसी-दानी–ना० [मसी+दानी] मसिनी; मसी-दान।

मसीन–ना० [अं० मेशीन] मेशीन।

मसुरो–ना० [सं० मसुर] मुसुरो।

मसूर–ना० [सं०] मुसुरो।

मसूरो–ना० [सं० मसूर] मुसुरो।

मसृण–वि० [सं०] १. चिल्लो; स्निग्ध। २. कमलो; मुलायम। ३. मीठो; मधुर। ४. टल्कने; चिप्लो; चमकदार। ५. मसिनु।

मसौदा–ना० [अ० मसवद्दह] पछि छाँट-छुँट वा सुधार गरिने लेख; खेस्रा; मसविदा; प्रालेख।

मस्कनु–अ० क्रि० [मसक्क+नु] १. कसिनु; टन्किनु। २. लज्जापूर्वक मुस्कुराउनु। ३. धेरै बेर पाक्नु; बेसरी पाक्नु (मकै, ढिँड़ो आदि)।

मस्करी–ना० [सं०] १. संन्यासी; साधु। २. चन्द्रमा।

मस्करी–ना० [मस्खरी] मस्खरी।

मस्काइ–ना० [मस्क+आइ] मस्कने किसिम, क्रिया वा भाव।

मस्काइ–ना० [मस्काउ+आइ] मस्काउने किसिम, क्रिया वा भाव।

मस्काइनु–स० क्रि०[मस्काउ+इ+नु]कसेर बाँधिनु; ('मस्काउनु'-को क० क्रि०)।

मस्काउनु–स० क्रि० [मस्क+आउ+नु] १. कसेर बाँध्नु; टन्काउनु। २. खरो पारे भुट्नु (मकै, मटमास आदि)। ३. खूबसित ओड़ाल्नु (ढिँड़ो)।

मस्किनु–अ० क्रि० [मस्क+इ+नु] मस्कने वा कसिने होइनु; ('मस्कनु'-को भा० क्रि०)।

मस्खरी–ना० [अ० मस्खरगी] हँस्सी; दिल्लगी; ख्यालठट्टा; परिहास।

मस्जिद–ना० [अ० मसजिद] मुसलमानहरूको नमाज पढ्ने भवन; मुसलमानहरूको उपासना-गृह।

मस्त–वि० [फा०] १. नशा लागेको; मत्त; मदोन्मत्त। २. निश्चिन्त; बेफिक्र। ३. आनन्दित; हर्षित। ४. यौवनले परिपूर्ण; जवानीले मत्त। ५. तृप्त।

मस्तक–ना० [सं०] १. शिर; टाउको। २. शिखर; चुचुरो।

मस्त-राम–वि० [मस्त+राम (फा०)] आनन्दी; मग्न-मस्त।

मस्ता-मस्ती–ना० [मस्त+मस्त] १. परस्परको आनन्द वा खुशीयाली। २. मस्त।

मस्तिष्क–ना० [सं०] १. गिदी; दिमाग; मगज। २. बुद्धि; समझ। ३. विचार।

मस्ती–ना० [फा०] १. मस्त हुनाको भाव; आनन्द। २. नशा; उन्माद। ३. जवानीको जोश; जवानीको मात। ४. मद। ५. तुजुक; घमन्ड।

मस्तूल–ना० [पुर्त०]पाल बाँध्नाका निमित्त नाउ वा जहाजका बीचमा गाड़िएको लामो लट्ठा।

मस्याइलो–वि० [मास+आइ+लो] लेसाइलो; लस्सादार।

मस्याङ–ना० [सं० मयुष्ट] १. मासका जस्ता पात, बोड़ीका जस्ता लाम्चा र झीना कोसा, पहेँला फूल हुने एक जातको लहरो। २. त्यसैको कोसाभित्र फल्ने मासका जातको अन्न। (आयुर्वेदमा यसको गुण रुचि-कारक र पथ्य बताइएको छ।)

मस्यानी–ना० [मसी+दानी] मसिनी।

CC-0. In Public Domain. Digitization by eGangotri

मस्यौटो–ना० [मास+औटो] मास भिजाएर पिँधेको लेदो।

मस्यौरा–ना० [मास+औरा] मसिनु पारी काटेको कर्कलो, कुभिन्डो आदि मिलाएको मस्यौटो वा त्यसैका साना-साना डल्ला पारी सुकाएको तरकारी खाइने बरी।

मस्यौरे–वि० [मस्यौरो+ए] मस्यौरा सुकाएको जस्तो देखिने गरी टीका-टीकी भई फिँजिएको।

मस्सक–ना० [फा० मश्क] पानी हाल्ने छालाको ठूलो थैलो; मश्क।

महँगी–ना० [महँगो+ई] १. महँगो हुनाको भाव; महँगोपन। २. आवश्यक वस्तुहरूको कमी; दुर्लभता।

महँगो–वि० [सं० महार्घ] १. साधारण वा उचित मोल-भन्दा बढ़ी मोलको; अधिक मूल्यको। २. चाहिएजति नपाइने; दुर्लभ। ३. धेरै मोल पर्ने; कीमती।

मह–ना० [प्रा० महु] माहुरीले फूलहरूबाट झिकी चाकामा सञ्चय गरिराख्ने गुलियो तरल पदार्थ; मधु।

मह–ना० [सं०] १. चमक; दीप्ति। २. उत्सव। ३. नैवेद्य। ४. यज्ञ।

महक–ना० [?] बास्ना; गन्ध।

महकदार–वि० [महक+दार] महक भएको; सुगन्धी।

महकनु–अ० क्रि० [महक+नु] १. बास्ना आउनु। २. बसाउनु।

महकाइ–ना० [महकाउ+आइ] महकाउने किसिम, क्रिया वा भाव।

महकाइनु–अ० क्रि० [महकाउ+इ+नु] महक वा बास्ना आउने पारिनु; ('महकाउनु'-को भा० क्रि०)।

महकाउनु–अ० क्रि० [महक+आउ+नु] १. महक आउनु; बास्ना आउनु। २. बास्ना आउने पार्नु। ३. बसाउनु; सड़ेको जस्तो नमीठो बास्ना आउनु।

महकिनु–अ० क्रि० [महक+इ+नु] महकनु।

महज्जन–ना० [सं०] ठूला-बड़ा मानिस; मान्य पुरुष।

महत्–वि० [सं०] १. ठूलो; महान्। २. श्रेष्ठ; उत्तम। ३. अग्लो; उच्च। ४. प्रचण्ड; उग्र।

महतारी–ना० [सं० माता] आमा; माता।

महती–वि० [सं०] ठूलो; महान्।

महत्तत्त्व–ना० [सं०] १. साङ्ख्य शास्त्रअनुसार प्रकृतिको प्रथम विकार; बुद्धि-तत्त्व। २. जीवात्मा।

महत्तम–वि० [सं०] सबभन्दा ठूलो।

महत्तम-समापवर्तक–ना० [सं०] दुइ वा बढ़ी सङ्ख्याहरूले भाग लाग्न सक्ने सबभन्दा ठूलो सङ्ख्या।

महत्तर–वि० [सं०] १. गुण, परिमाण आदिका दृष्टिले दुइ पदार्थमा ठूलो। (ना०) २. प्रधान पुरुष। ३. गाउँको मुखिया।

महत्ता–ना० [सं०] १. ठूलो हुनाको भाव; महत्त्व। २. श्रेष्ठता; उत्तमता।

महत्त्व–ना० [सं०] १. ठूलो नाको भाव; महत्ता; विशालता। २. श्रेष्ठता; उत्तमता। ३. बढ़ी आवश्यक हुनु; बढ़्ता परिणाम निकाल्ने हुनु।

महत्त्वपूर्ण–वि० [सं०] विशेष महत्त्व भएको; विशेष उपयोगिता वा प्रभाव भएको।

महत्त्वाकाङ्क्षा–ना० [सं०] १. ठूलो वा महत्त्वपूर्ण कुरोको आकाङ्क्षा। २. ठूलो कार्य गर्ने इच्छा; उच्चाकाङ्क्षा।

महत्त्वाकाङ्क्षी–वि० [सं०] महत्त्वाकाङ्क्षा गर्ने; उच्चाकाङ्क्षी।

महनीय–वि० [सं०] १. आदरणीय; मान्य; पूज्य। २. ठूलो; महान्।

महन्त–ना० [सं० महत्] साधु-समाज वा मठका अधिष्ठाता; मठाधीश।

महन्त्याइँ–ना० [महन्त+याइँ] महन्तको काम वा पद।

महफिल–ना० [अ० महफ़िल] १. सभा; गोष्ठी। २. नाच-गान हुने ठाउँ; बैठक।

महर्लोक–ना० [सं०] माथिका सात लोकमध्ये चौथो लोक।

महर्षि–ना० [सं०] १. ठूला ऋषि; श्रेष्ठ ऋषि। २. ब्रह्माका दश मानस-पुत्र।

महल–ना० [अ०] १. राजा-महाराजाहरू बस्ने सज-धजका साथको ठूलो घर; दरबार; प्रासाद। २. अन्तःपुर। ३. खाना; कोठा; खण्ड। ४. सिलसिलेवार; क्रम। ५ मौका; अवसर; पहल।

महलो–ना० [मह+लो] १. खान हुने गुलियो रातो फल फल्ने एक जातको वृक्ष। (वि०) २. गुलियो।

महल्ला–ना० [अ० महल्लः] शहरको कुनै भाग; टोल।

महसूर–वि० [अ० मशहूर] १. मशहूर। २. बदमाश। ३. धूर्त। ४. निपुण।

महसूल–ना० [अ०] १. विशेष कार्यका निमित्त सरकार वा राज्यले उठाउने धन; कर। २. भाड़ा; बहाल। ३. दै-दस्तूर।

महसूस–वि० [अ०] अनुभव वा ज्ञान भएको; अनुभूत।

महा–ना० [सं० महत्] अरू शब्दको अगाड़ि लागेर प्रयोग हुने 'महत्' शब्दको रूप। (उदा०–महाकवि, महाकाय, महालेखा-परीक्षक आदि।)

महाकच्छप–ना० [सं०] १. पुराणअनुसार पृथ्वीको भार वहन गरेर रहेको कच्छप। २. विष्णुको कच्छप-अवतार।

महाकरञ्ज–ना० [सं०] पाङ्ग्राको लता।

महाकवि–ना० [सं०] १. ठूलो कवि; श्रेष्ठ कवि। २. महा-काव्यको रचयिता। ३. शुक्राचार्य।

महाकष्ट–ना० [सं०] १. अतिशय कष्ट; अति वेदना; ठूलो पीडा। २. दुःख; पीर।

महाकाय–वि० [सं०] १. ठूलो शरीर हुने। (ना०) २. हात्ती।

महाकाल–ना० [सं०] १. शिवको संहार-कारी रूप; रुद्र। २. काठमाड़ौँको टुँड़िखेलमा रहेका एक भैरव। ३. अनन्त काल।

CC-0. In Public Domain. Digitization by eGangotri

महाकाली–ना० [सं०] १. दुर्गाको एक रूप; रुद्राणी। २. नेपालको पश्चिमी सीमामा बग्ने एक ठूलो नदी।

महाकाव्य–ना० [सं०] १. साहित्य-शास्त्रअनुसार देवता वा क्षत्रिय धीरोदात्त गुणले युक्त नायक भएको, प्रधान एक रस भई अरू सबै रसको पनि समावेश भएको, आठ सर्गभन्दा बढ्ता सर्ग भएको ठूलो काव्य। २. नायकको विजय वा पराजयमा कुनै उन्नत जातिको उत्थान वा पतन समाविष्ट भएको, अनेक उपकथा र दिव्य एवं अदिव्य पात्रहरू भएको, विस्तृत एवं भव्य कथानक-युक्त छन्दोबद्ध काव्य।

महागुरु–ना० [सं०] आमा, बाबु वा आचार्य।

महागौरी–ना० [सं०] दुर्गा।

महाजन–ना० [सं०] १. ठूला-बड़ा मानिस; श्रेष्ठ पुरुष। २. धनवान् व्यक्ति। ३. रुपियाँ-पैसाको लेन-देन गर्ने साहू। ४. व्यापारी।

महाजनी–ना० [सं० महाजन+ई] महाजनको पेशा; रुपियाँ-पैसाको लेन-देन गर्ने व्यवसाय।

महाजाँच–ना० [महा+जाँच] जग्गा-जमीनको विस्तृत जाँच वा सर्भे।

महाजाल–ना०[सं०]१. ठूलो जाल। २.ठूलो झेल वा बखेड़ा।

महाज्ञानी–वि० [सं०] अति ठूला ज्ञानी।

महातल–ना० [सं०] तलतिरका सात लोकमध्ये पाँचौँ लोक।

महातिक्त–ना० [सं०] नीम।

महात्मा–ना० [सं०] १. अति उत्तम विचार वा स्वभाव भएको व्यक्ति; उच्चाशय पुरुष। २. साधु; सन्त। ३. महापुरुष। ४. सिद्ध पुरुष। ५. परमात्मा।

महादशा–ना० [सं०] मानिसको जीवन-कालमा ग्रहविशेषको निर्धारित भोग्य काल।

महादान–ना० [सं०] स्वर्ग-फल प्राप्त हुने तुला, कन्या, हात्ती आदि कुराको दान।

महादेव–ना० [सं०] शिव; शङ्कर।

महादेवी–ना० [सं०] १. दुर्गा; पार्वती। २. महारानी।

महादेश–ना० [सं०] महाद्वीप।

महाद्रुम–ना० [सं०] पीपलको बोट।

महाद्वीप–ना० [सं०] पृथ्वीका ठूला-ठूला सात वटा जमीनका विभागहरूमध्ये कुनै एक; महादेश।

महाधिपति–ना० [सं०] १. महाराज। २. सर्वोच्च स्वामी वा अधिकारी।

महाधिवेशन–ना० [सं०] विशेषतः राजनीतिक संस्थाहरूका जिल्ला-जिल्लाका प्रतिनिधिहरू भेला भई विधानानुसार निर्धारित रूपमा गरिने सर्वोच्च सम्मेलन।

महान्–वि० [सं०] ज्यादै ठूलो; महत्।

महानक–ना० [सं०] ठूलो नगरा।

महानता–ना० [सं० महान्+ता] महान् हुनाको भाव; महत्ता।

महानदी–ना० [सं०] १. मूलबाट बगेर समुद्रसम्म पुग्ने र कहिले पनि नसुक्ने नदी। २. भारतको उडीसा राज्यमा बग्ने एक नदी।

महानरक–ना० [सं०] ठूला-ठूला एक्काईस नरकहरू (तामिस्र, अन्धतामिस्र, रौरव, महारौरव, नरक, महानरक, कालसूत्र, सञ्जीवन, महावीचि, तपन, प्रतापन, संहात, काकोल, कुड्मल, प्रतिमूर्त्तिक, लोहशङ्कु, ऋजीष, शाल्मली, वैतरणी, असिपत्रवन र लोहदारक)।

महानवमी–ना० [सं०] आश्विन शुक्ल नवमी।

महानल–ना० [सं०] ठूलो जातको देउनिगालो।

महानस–ना० [सं०] भान्सा-घर।

महानाटक–ना० [सं०] दश वटा अङ्कहरू र सबै शास्त्रीय लक्षणहरू भएको नाटक।

महानिद्रा–ना० [सं०] मृत्यु; मरण।

महानिम्ब–ना० [सं०] बकाइनु।

महानिर्वाण–ना० [सं०] बौद्ध मतअनुसार बुद्ध वा अर्हत्‌लाई मात्र प्राप्त हुने उच्च कोटिको निर्वाण; परिनिर्वाण।

महानिशा–ना० [सं०] १. आधा रात। २. प्रलय-कालको रात्रि।

महानुभाव–वि० [सं०] ठूलो विचार भएको (आदरणीय व्यक्ति); महाशय।

महाने–ना० [ने०] माल, अमाल, बन-जाँच आदि अड्डाको दैं-दस्तूर उठती-पुठती गर्ने र जग्गा-जमीन, बन-जङ्गलको रेख-देख गर्ने निम्न कक्षाको कर्मचारी वा दर्जा।

महान्धकार–ना० [सं०] १. घोर अन्धकार। २. ठूलो अज्ञान।

महापण्डित–वि० [सं०] ठूलो विद्वान्; महाप्राज्ञ।

महापथ–ना०[सं०]१. राज-पथ; राज-मार्ग। २. मृत्यु; मरण।

महापद्म–ना० [सं०] १. सय पद्मको सङ्ख्या। २. कुबेरका नौ निधिमध्ये एक। ३. सेतो कमल।

महापातक–ना० [सं०] पाँच प्रकारका ठूला-ठूला पाप; पञ्च-महापातक (ब्रह्म-हत्या, सुरा-पान, चोरी, गुरु-पत्नी-गमन र ती पाप गर्नेहरूसँगको सम्पर्क)।

महापातकी–वि०[सं०]महापातक गर्ने; पञ्च-महापातक गर्ने।

महापात्र–ना० [सं०] मृतक-कर्मको दान लिने ब्राह्मण; कट्टे; महाब्राह्मण।

महापाप–ना० [सं०] महापातक।

महापुराण–ना०[सं०]व्यासले रचेका अष्टादश पुराणहरूमध्ये कुनै एक।

महापुरुष–ना० [सं०] १. शक्ति-शाली मानिस; श्रेष्ठ पुरुष। २. परमेश्वर।

महाप्रभु–ना० [सं०] १. परमेश्वर। २. ठूला सिद्ध पुरुष।

महाप्रलय–ना० [सं०] ब्रह्माको आयु सिद्धिँदा हुने सम्पूर्ण सृष्टिको नाश; सारा सृष्टिको नाश हुने प्रलय; कल्पान्त।

महाप्रसाद–ना० [सं०] १. कुनै देवताको प्रसाद। २. जगन्नाथ-जीलाई चढ़ाइएको भात। ३. देवीलाई बलि दिइएको

CC-0. In Public Domain. Digitization by eGangotri

बोकाको मासु ।

महाप्रस्थान–ना० [सं०] १. मृत्युको इच्छाले हिमालयमा जानु । २. मृत्यु; मरण ।

महाप्राज्ञ–वि० [सं०] १. ठूलो विद्वान्; महापण्डित । २. परम ज्ञानी ।

महाप्राण–ना० [सं०] १. व्याकरणअनुसार ख, छ, ठ, थ, फ, घ, झ, ढ, ध, भ, श, ष, स र ह–यी चौध वर्ण । २. ढोले । (वि०) ३. अति बलवान् ।

महाबल–वि० [सं०] अति बलियो; बलिष्ठ ।

महाबला–ना० [सं०] १. सहदेवी । २. पीपल । ३. पहेँलो-बलु ।

महाबाहु–वि० [सं०] १. लामा-लामा हात हुने; आजान-बाहु । (ना०) २. विष्णु ।

महाबोधि–ना० [सं०] बुद्ध देव ।

महाब्राह्मण–ना० [सं०] महापात्र ।

महाभाग–वि० [सं०] १. अत्यन्त भाग्यवान् । २. धर्मात्मा ।

महाभागवत–ना० [सं०] श्रीमद्भागवत पुराण ।

महाभारत–ना० [सं०] १. भरत-वंशको चरित्र र कौरव-पाण्डवको युद्धको वर्णन गरिएको व्यास-रचित्त प्रसिद्ध संस्कृत ग्रन्थ । २. कौरव र पाण्डवका बीच भएको प्रसिद्ध युद्ध । ३. ठूलो वा भयानक युद्ध; महायुद्ध । ४. ठूलो परिश्रम । ५. ज्यादा हैरानी । ६. नेपालको शिवालिक पर्वत-श्रेणी-देखि उत्तर र हिमालयको हिमाच्छादित पर्वत-श्रृङ्खला-देखि दक्षिणको पर्वत-श्रृङ्खला ।

महाभाष्य–ना० [सं०] पाणिनिका सूत्रहरूमा पतञ्जलिले गरेको प्रसिद्ध भाष्य; वृहत् भाष्य ।

महाभूत–ना० [सं०] १. पञ्च-महाभूतमध्ये एक । २. परमेश्वर ।

महामति–वि० [सं०] १. अति बुद्धिमान् । २. ठूलो विचार भएको ।

महामना–वि० [सं०] उदार र उच्च विचार भएको; महानुभाव ।

महामन्त्री–ना० [सं०] कुनै सार्वजनिक सङ्घ-संस्थाका कार्य-हरूको दैनिक सञ्चालन गर्ने सर्वोच्च अधिकारी; जनरल-सेक्रेटरी ।

महामहिम–वि० [सं०] ठूलो महिमा भएको; प्रतापी । (प्रायः राज-दूत, मन्त्री, प्रधान-न्यायाधीश आदिलाई सम्मानपूर्वक प्रयोग गरिने शब्द ।)

महामहोपाध्याय–ना० [सं०] १. ठूलो उपाध्याय । २. संस्कृत-का पण्डितलाई सरकारबाट प्रदान गरिने एक उपाधि ।

महामांस–ना० [सं०] १. मान्छेको मासु । २. गाईको मासु ।

महामात्य–ना० [सं०] प्रधान-मन्त्री ।

महामात्र–ना० [सं०] १. महामन्त्री; मुख्य-मन्त्री; प्रधान-मन्त्री । २. माहुते ।

महामान्य–वि० [सं०] अतिशय मान्य; परम माननीय; पूज्य ।

महामाया–ना० [सं०] १. जगत्की अधिष्ठात्री देवी; दुर्गा । २. प्रकृति ।

महामारी–ना० [सं०] हैजा, शीतला, प्लेग आदि सङ्क्रामक रोग; रूढ़ी; देसान ।

महामुण्डी–ना० [सं०] गोरख-मुण्डी ।

महामूर्ख–वि० [सं०] अति मूर्ख; पट-मूर्ख ।

महामृत्युञ्जय–ना० [सं०] १. अकाल मृत्यु निवारण गर्नाका निमित्त पाठ गरिने शिवको एक प्रसिद्ध मन्त्र । २. शिवको एक रूप ।

महामेदा–ना० [सं०] ठूलो ज्ञातको मेदा बूटी ।

महायज्ञ–ना० [सं०] वेदाध्ययन, अग्नि-होत्र, तर्पण, अतिथि-पूजन र भूत-बलि—यी पाँच यज्ञ ।

महायशा–वि० [सं०] परम कीर्ति-शाली; महायशस्वी ।

महायात्रा–ना० [सं०] मृत्यु; मरण ।

महायान–ना० [सं०] बौद्ध धर्मका तीन प्रमुख यान वा सम्प्रदायमध्ये एक ।

महायुद्ध–ना० [सं०] संसारका धेरै ठूला-ठूला राष्ट्रहरू पक्ष वा विपक्षमा लागेर गरिने ठूलो युद्ध; महासमर ।

महारङ्गी–ना० [सं० महारङ्ग+ई] १. सेता साना टीका-टीका परेका लामा पात हुने, बीचमा चँवरजस्तो फूल हुने र खैरा साना-साना फल फल्ने, हिमालयमा हुने एक जातको बूटी; नलिका । (आयुर्वेदमा यसको गुण पेट-सम्बन्धी रोग र पिशाप-सम्बन्धी रोगलाई नाश गर्ने र आँखाको हित गर्ने बताइएको छ ।) २. तेलमा डुबाउँदा तेलको रङ्ग रातो हुने र केश बढ़ाउने भनी प्रसिद्ध एक बूटी ।

महारथ–ना० [सं०] महारथी ।

महारथी–ना० [सं०] १. महान् योद्धा; ठूलो वीर । २. कुनै विषयको प्रकाण्ड विद्वान् वा कुनै क्षेत्रको महान् नेता ।

महाराज–ना० [सं०] १. अनेक सामन्त र राजाहरूमाथिका शासन गर्ने ठूला राजा; श्रेष्ठ राजा । २. राजा, साधु, संन्यासी, गुरु आदिलाई आदरपूर्वक सम्बोधन गर्ने शब्द ।

महाराजाधिराज–ना० [सं०] १. सबभन्दा ठूला राजा । २. राजाहरूका पनि राजा; बादशाह; सम्राट् ।

महाराज्ञी–ना० [सं०] महाराजकी प्रधान रानी; पट्टरानी; महारानी ।

महारात्रि–ना० [सं०] १. महाप्रलयको रात । २. आधा रात-पछिको दुइ मुहूर्तको रात्रि-काल । ३. शिव-रात्रि ।

महारानी–ना० [सं० महा+रानी] १. महाराजकी रानी; ठूलो राज्यकी रानी; मुख्य रानी । २. राज-कुमारीको मान-बोधक शब्द । ३. युवराजाधिराज, युवराज, अधिराज-कुमार आदिका रानीहरू ।

महाराष्ट्री–ना० [सं०] मरहट्टी बूटी ।

महारुद्र–ना० [सं०] शिव ।

महारुद्री–ना० [सं०] एघार जना ब्राह्मणले प्रतिदिन एघार आवृत्तिका हिसाबले एघार दिनसम्म गर्ने रुद्रीको पाठ ।

महारोग–ना० [सं०] १. आठ प्रकारका असाध्य रोग (उन्माद,

CC-0. In Public Domain. Digitization by eGangotri

क्षय, दम, कुष्ठ, मधु-मेह, पत्थरी, उदर-रोग र भगन्दर)। २. कुष्ठ; कोह्र।

महारोगी–वि० [सं०] महारोग भएको; कोह्री।

महारौद्र–वि० [सं०] १. अति भयानक। (ना०) २. शिव।

महारौरव–ना० [सं०] महानरकहरूमध्ये एक।

महार्घ–वि० [सं०] १. महँगो। २. दामी; कीमती।

महार्घता–ना० [सं०] महँगी।

महार्घ्य–वि० [सं०] बहु-मूल्य; कीमती।

महार्णव–ना० [सं०] १. महासागर। २. शिव।

महार्ह–वि० [सं०] बहु-मूल्य; कीमती।

महालय–ना० [सं०] १. आश्विन कृष्ण-पक्ष; पितृ-पक्ष। २. विष्णु। ३. विहार। ४. मन्दिर।

महालया–ना० [सं०] आश्विन कृष्ण औँसी।

महालक्ष्मी–ना० [सं०] नारायणकी शक्ति; लक्ष्मी।

महालेखा-परीक्षक–ना० [सं०] राज्यको सबै विभागहरूको आम्दानी र खर्चको हिसाब जाँच्ने सर्वोच्च अधिकारी।

महालौह–ना० [सं०] चुम्बक।

महावराह–ना० [सं०] विष्णुको वराह अवतार।

महावाक्य–ना० [सं०] १. महत् अर्थ प्रकाशक वाक्य; 'अहं ब्रह्मास्मि,' 'तत्त्वमसि' आदि उपनिषदका वाक्यहरू र त्यस्तै अरू वाक्य। २. धेरै वाक्यहरूको समूह। ३. अति महत्त्व-पूर्ण वाक्य।

महावात–ना० [सं०] आँधी; तूफान।

महावारुणी–ना० [सं०] चैत्र कृष्ण चतुर्दशीका दिन शतभिषा नक्षत्र र शनिश्चर-वार पर्दा हुने एक योग।

महाविद्या–ना० [सं०] तन्त्र-शास्त्रअनुसार दश वटी देवीहरू (काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्न-मस्ता, धूमावती, बगला-मुखी, मातङ्गी र कमलात्मिका)।

महाविद्यालय–ना० [सं०] उच्च शिक्षा दिइने विद्यालय; कलेज।

महावीर–वि० [सं०] १. ठूलो वीर; योद्धा। (ना०) २. हनुमान्। ३. विष्णु। ४. सिंह। ५. चौबीसौँ वा अन्तिम जैन-तीर्थङ्कर।

महाव्याधी–ना० [सं०] महारोग।

महाव्याहृति–ना० [सं०] सात व्याहृतिहरूमध्ये पहिला तीन व्याहृति (भूर्, भुवस् र स्वर्)।

महाव्रत–ना० [सं०] १. बाह्र वर्षसम्म गरिने प्रायश्चित्त-स्वरूपको व्रत। २. कठोर व्रत; ठूलो व्रत।

महाव्रती–वि० [सं०] १. महाव्रत गर्ने। (ना०) २. संन्यासी ३. शिव।

महाशङ्ख–ना० [सं०] १. ठूलो शङ्ख। २. खप्पर; कपाल। ३. सय शङ्खको सङ्ख्या। ४. कुबेरका नौ निधिमध्ये एक।

महाशक्ति–ना० [सं०] १. ठूलो शक्ति। २. दुर्गा। (वि०) ३. ठूलो शक्ति भएको; अति शक्ति-शाली।

महाशय–वि० [सं०] १. उच्च आशय, उद्देश्य वा विचार भएको; महानुभाव। (ना०) २. उच्च विचार भएको व्यक्ति; सज्जन; महापुरुष। ३. समुद्र।

महाशालि–ना० [सं०] बूढी-मार्सी।

महाशून्य–ना० [सं०] आकाश।

महाश्रवण–ना० [सं०] बुद्ध।

महाश्वेता–ना० [सं०] १. सरस्वती। २. दुर्गा। ३. चीनी। ४. बाण-भट्टले बनाएको कादम्बरी नामक गद्य-महाकाव्यकी उपनायिका; कादम्बरीकी सखी।

महाष्टमी–ना० [सं०] आश्विन शुक्ल अष्टमी।

महासफर–ना० [सं०] सहर माछो।

महासभा–ना० [सं०] १. संसद्को माथिल्लो सदन। २. संयुक्त-राष्ट्र-सङ्घको विशेष किसिमको ठूलो अधिवेशन। ३. ठूलो किसिमको सभा।

महासभासद्–ना० [सं०] महासभाको सदस्य।

महासमर–ना० [सं०] महायुद्ध।

महासमिति–ना० [सं०] विशेषतः राजनीतिक संस्थाका जिल्ला-जिल्लाका प्रतिनिधिहरूले आफूमध्येबाट निर्वाचन-द्वारा छानेका सदस्यहरूको सामूहिक सभा।

महासमुद्र–ना० [सं०] महासागर।

महासर्ग–ना० [सं०] महाप्रलयपछि हुने नयाँ सृष्टि।

महासागर–ना० [सं०] ठूलो सागर; महासमुद्र।

महासान्धिविग्रहिक–ना० [सं०] शत्रुका साथ सन्धि वा विग्रह गर्ने अधिकार भएको युद्ध-सचिव वा परराष्ट्र-मन्त्री।

महासाहसिक–वि० [सं०] १. अति साहसी। (ना०) २. बलपूर्वक अरूको धन-माल हरण गर्ने व्यक्ति; डाँकू।

महास्नान–ना० [सं०] विशेष विधिका साथ देव-देवीलाई गराइने स्नान।

महाहार–ना० [सं०] राजाहरूले राजकीय वेश-भूषाका साथ लगाउने विशेष प्रकारको हार।

महि–ना० [सं०] १. पृथ्वी। २. महिमा। ३. विज्ञान-शक्ति; महत्तत्त्व।

महि-देव–ना० [सं०] ब्राह्मण।

महिमा–ना० [सं०] १. बखान; माहात्म्य; प्रशंसा। २. ख्याति; कीर्ति। ३. प्रभाव; प्रताप। ४. महत्ता। ५. अष्ट-सिद्धिमध्ये एक।

महिमा-मण्डित–वि० [सं०] महिमा-युक्त; महिमावान्।

महिमावान्–वि० [सं०] महिमा भएको; गौरव-शाली; प्रतापी।

महिला–ना० [सं०] १. स्त्री; नारी; आइमाई। २. भद्र नारी। ३. प्रियङ्गुलता।

महिष–ना० [सं०] १. राँगो। २. शास्त्रअनुसार अभिषिक्त राजा। ३. महिषासुर। ४. ठूला-ठूला कत्ला हुने ज्यादा मोटो एक जातको माछो।

महिषकन्द–ना० [सं०] भ्याकुर।

महिष-वल्ली–ना० [सं०] मसिना हरियो पात हुने दूध निस्कने

CC-0. In Public Domain. Digitization by eGangotri

एक जातको वृक्ष ।

महिषासुर–ना० [सं०] मार्कण्डेय-पुराणअनुसार दुर्गाले मारेको, राँगाका आकारको एक असुर ।

महिषी–ना० [सं०] १. भैंसी । २. अभिषिक्त रानी; पट्टरानी ।

मही–ना० [प्रा० महिअ] दही मथेर नौनी झिकी बाँकी रहेको तरल पदार्थ; मट्ठा ।

मही–ना० [सं०] १. पृथ्वी; धरती । २. माटो । ३. भू-सम्पत्ति; देश ।

मही-तल–ना० [सं०] पृथ्वी; संसार ।

मही-धर–ना० [सं०] १. पहाड; पर्वत । २. शेष-नाग ।

महीना–ना० [फा० महीनः] वर्षको बाह्रौं भाग; मास ।

महीनावारी–वि० [फा० महीनः+वारी] १. महीना-महीनाको; प्रत्येक महीनाको । (ना०) २. मासिक वेतन; तलब ।

महीप–ना० [सं०] राजा ।

मही-पति–ना० [सं०] राजा ।

मही-पाल–ना० [सं०] राजा ।

मही-पुत्र–ना० [सं०] १. मङ्गल-ग्रह । २. खेतीवाल; कृषक ।

महीश–ना० [सं०] राजा ।

महुवर–ना० [प्रा० महुअर] इन्द्रजाली, सपेरा आदिले बजाउने तुम्बा भएको एक प्रकारको मुरली ।

महुवा–ना० [प्रा० महुआ] १. चिउलीजस्ता फल फल्ने, सेता फूल फुल्ने, सालका जस्ता ठूला-ठला पात हुने एक जातको रूख; मधुक । २. त्यसैको फल । (आयुर्वेदमा यसको गुण वीर्य-वर्द्धक र पुष्टि-कारक बताइएको छ । यसका फूलको रक्सी बनाइन्छ ।)

महेन्द्र–ना० [सं०] १. इन्द्र । २. एक प्रसिद्ध पर्वत; सात कुल-पर्वतमध्ये एक ।

महेन्द्रमल्ली–ना० [सं० महेन्द्रमल्ल+ई] १. महेन्द्रमल्लले सर्व-प्रथम छापेको मोहर । २. नेपाली मोहर वा डबल; नेपाली रुपियाँ ।

महेन्द्र-माला–ना० [सं०] सुन-चाँदीका मालासहितको, सरकारले दिने, नेपालको सर्वोच्च एक राष्ट्रिय सम्मान-आभूषण ।

महेन्द्र-वीर-विक्रम-शाह-देव – ना० [महेन्द्र+वीर+विक्रम+शाह+देव] नेपालका वर्तमान श्री ५ महाराजाधिराज ।

महेश–ना० [सं०] १. शिव । २. परमेश्वर ।

महेश्वर–ना० [सं०] १. शिव । २. परमेश्वर ।

महेश्वरी–ना० [सं०] दुर्गा ।

महोत्सव–ना० [सं०] ठूलो उत्सव; सज-धजका साथको समारोह ।

महोत्साह–ना० [सं०] ठूलो उत्साह; ठूलो हौसला ।

महोदधि–ना० [सं०] महासागर ।

महोदय–ना० [सं०] ठूला वा मान्य जनलाई आदरपूर्वक गरिने सम्बोधन; महानुभाव; महाशय ।

महोपाध्याय–ना० [सं०] प्रधान अध्यापक ।

महोरस्क–वि० [सं०] ठूलो छाती भएको; विशाल वक्ष-स्थल भएको ।

महौघ–ना० [सं०] १. पानीको ठूलो बाढी; पानीको ठूलो प्रवाह । २. ठूलो थुप्रो; राशि ।

महौषध–ना० [सं०] १. अति गुण-कारी औषध । २. सूठो । ३. पिप्ला । ४. लसुन । ५. वत्सनाभ ।

महौषधी–ना० [सं०] १. महास्नान, अभिषेक आदि गर्ने जलमा मिलाइने केही विशिष्ट औषधिहरूको समूह । २. लज्जावती बूटी । ३. दूबो । ४. सञ्जीवनी ।

महौषधि–ना० [सं०] १. सेतो कण्टकारी । २. ब्राह्मी । ३. कुटकी । ४. अतिबला ।

मा–ना० [सं०] १. अरू शब्दका पछि लागेर 'आमा' अर्थ बुझाउने शब्द; आमाको छोटकरी रूप । (उदा०–गुरुमा, सानीमा इत्या० ।) २. लक्ष्मी ।

मा–विभ० [सं० मध्य] कुनै शब्दका पछाडि लागेर 'त्यस-उपर', 'त्यसभित्र' आदि अर्थ बुझाउने शब्द; अधिकरण-कारक वा सप्तमी-विभक्तिको चिह्न वा रूप ।

मा–ना० [नेवा०] चौकोसको ठाडो खसिपा ।

मांस–ना० [सं०] १. प्राणीको शरीरमा हाड र छालाका बीचमा हुने नरम पदार्थ; मासु; आमिष । २. फलका बीयाँ र बोक्राका बीचमा रहने नरम खाद्य-पदार्थ; गुदी ।

मांस-पेशी–ना० [सं०] शरीरभित्रको मांस-पिण्ड ।

मांस-भक्षी–वि० [सं०] मांसाहारी ।

मांस-भोजी–वि० [सं०] मांसाहारी ।

मांसल–वि० [सं०] १. मासुले भरिएको; मांसपूर्ण । २. मोटो-घाटो; पुष्ट । ३. बलवान्; बलिष्ठ ।

मांस-रोहिणी–ना० [सं०] ऐँसेलु ।

मांसाशी–वि० [सं०] मांसाहारी ।

मांसाहारी–वि० [सं०] १. मासु खाने; मांस-भक्षी । २. मासुमात्र खाएर जीविका गर्ने । ३. हिंस्रक ।

मांसिक–ना० [सं०] मासु बेचेर जीविका गर्ने व्यक्ति; बकरे ।

मांसोपजीवी–ना० [सं०] मासु बेचेर जीविका गर्ने व्यक्ति; बकरे ।

माइक–ना० [अं० माइक्रोफोन] माइक्रोफोन ।

माइक्रोफोन–ना० [अं०] विद्युत्-क्रियाद्वारा ध्वनिलाई ठूलो पार्ने एक यन्त्र; ध्वनि-प्रसारक-यन्त्र ।

माइक्रोस्कोप–ना० [अं०] सूक्ष्म-दर्शक-यन्त्र ।

माइजू–ना० [माइज्यू] माइज्यू ।

माइज्यू–ना० [सं० मातुली+ज्यू] मामाकी पत्नी; आमाकी भाउजू वा भाइ-बुहारी ।

माइत–ना० [माइती] विवाहिता स्त्रीको आमा-बाबुको घर; नारीको पितृ-गृह; माइतीको घर ।

माइती–ना० [प्रा० माइ+ती] विवाहिता स्त्रीको पितृ-कुल ।

माइल–ना० [अं०] मील ।

माइली–वि० [माहिली] माहिली ।

CC-0. In Public Domain. Digitization by eGangotri

माइलो–वि० [माहिलो] माहिलो।

माई–ना० [प्रा० माइ] १. आमा; माता। २. जोगिनी; स्त्री-संन्यासी। ३. देवी।

माउ–ना० [ने०] लुगा-फाटो, कागज आदि खाने एक जातको कीरो।

माउ–ना० [प्रा०] १. पशु, पक्षी, कीट-पतङ्ग आदिकी आमा। २. पोथी पशु। ३. घरको मुख्य व्यक्ति। (वि०) ४. श्रेष्ठ; मुख्य; ठालु।

माउते–ना० [माहुते] माहुते।

माउरी–ना० [माहुरी] माहुरी।

माउसुली–ना० [सं० मुसली] घरमा हुने, भित्तामा टाँसिएर दगुर्ने, झीँगा, कीरा आदि खाने, छेपाराका जातको कीरो।

माऊ–ना० [प्रा० माउ] माउ।

माकन्दी–ना० [सं०] खिरौँलो बूटी।

माकल–ना० [सं० मर्कट] बाँदर।

माकुम–ना० [अ० मौकूफ़] १. रोक; रोक्का; अभाव। २. मनाई; निषेध।

माकुरी–ना० [ने०] भाद्र शुक्ल पञ्चमीका दिन स्त्रीहरूले सर्प्तर्षिलाई चढ़ाउने एक जातको फूल।

माकुरो–ना० [सं० मर्कट] पेटबाट एक प्रकारको तन्तु निकालेर जाल बनाई झीँगा आदि साना-साना कीराहरू फसाउने एक जातको आठ-खुट्टे कीरो।

माक्षिक–ना० [सं०] १. मह; मधु। २. सुनामक्खी। ३. रूपामक्खी।

माखा-मुन्द्रो–ना० [माखा+मुन्द्रो] कानमा लाउने एक प्रकारको गहना।

माखे-साङ्लो–ना० [माखा+साङ्लो] दुइतिरबाट च्यापेर बीचमा जकड्ने काम वा तरीका; उम्कन नसकिने कठिन अवस्था; अठेरो अवस्था; असमञ्जस स्थिति।

माखो–ना० [प्रा० मक्खिअ] झीँगो।

माग–ना० [माग्] १. माग्ने काम; याचना। २. अधिकारपूर्वक मागिएको कुनै कुरो; आग्रहपूर्वक याचना गरेको कुरो। ३. कुनै कुराको विशेष चाहना वा आवश्यकता।

माग-ढोल–ना० [माग+डोल्] यता-उति डुलेर माग्ने काम; जे पाए पनि माग्ने काम।

मागधी–ना० [सं०] १. मगध देशको प्राचीन प्राकृत भाषा। (वि०) २. मगध देश-सम्बन्धी।

मागल–ना० [सं० मङ्गल] विवाह, व्रत-बन्ध आदि शुभ कार्यमा मङ्गल-कामना गरी गाइने गीत।

मागिनु–स० क्रि० [माग्+इ+नु] याचना गरिनु; ('माग्नु'-को क० क्रि०)।

माग्नु–स० क्रि० [प्रा० मग्ग+नु] १. गरीबले अन्न, वस्त्र, पैसा आदि पाऊँ भन्नु; याचना गर्नु; भिक्षा गर्नु। २. कसैसित कुनै कुरो देऊ भन्नु; ले भन्नु। ३. प्रार्थना गर्नु; माग गर्नु।

माग्ने–वि० [माग्+ने] १. माग गर्ने; याचना गर्ने। (ना०) २. मागेर जीवन निर्वाह गर्ने व्यक्ति; मगन्ते; भिक्षुक। ३. नाम-शब्दको पछिल्तिर लागी कुनै कार्य-भागी भएको बुझाउने शब्द। (उदा०–पोलाइमाग्ने, बात्त लगाइमाग्ने, आदि।)

माघ–ना० [सं०] १. पौषपछि र फाल्गुनभन्दा पहिले आउने महीना। २. शिशुपाल-वध महाकाव्यका रचयिता कवि।

माघमा–ना० [सं०] १. गँगटाकी पोथी। २. काँक्रो।

माघे–वि० [सं० माघ+ए] माघ महीनाको; माघ-सम्बन्धी।

माङ-जाङ–ना० [माग्+जाङ (फा०)] यता-उति गएर माग्ने काम; माङ-जुङ।

माङ-जुङ–ना० [माङ-जाङ] माङ-जाङ।

माङ-मुङ–ना० [माङ-जुङ] माङ-जुङ।

माङ्गलिक–वि० [सं०] १. मङ्गल-सम्बन्धी। २. मङ्गल-सूचक; मङ्गल-जनक। (ना०) ३. नाटकमा मङ्गल-पाठ गर्ने पात्र।

माङ्गल्य–वि० [सं०] १. मङ्गल-कारक; शुभ। (ना०) २. मङ्गलको भाव।

माङ्गल्या–ना० [सं०] १. गोरोचन। २. शमी।

माच–ना० [सं० मञ्च] घाँस, पराल आदि राख्नाका निम्ति बनाइएको अग्लो टाँड; टौवा; मचान।

माचङ्गी–वि० [मानचङ्गी] मानचङ्गी।

माछो–ना० [प्रा० मच्छ] १. साना-ठूला अनेक आकार, जाति र रङ्गका हुने प्रसिद्ध जल-जन्तु; मत्स्य; मीन। २. बन्द गरेको झ्याल-ढोका अड्याउने एक प्रकारको चुकुल।

माजू–ना० [फा०] हाँगाबाट एक किसिमको गुँद निस्कने एक प्रकारको काँढ़ादार झार।

माजू-फल–ना० [फा० माजू+फल] माजू नामक बोटबाट निस्कने गुँदको डल्लो। (यो रँगाइ र औषधिका काममा प्रयोग हुन्छ।)

माझ–ना० [प्रा० मज्झ] १. बीच; मध्य। २. दुइ वस्तुको अन्तर।

माझा–ना० [सं० मज्जन] चङ्गा उड़ाउने धागो बलियो तुल्याउनाका निमित्त लगाइने सरेस, काँचको धूलो आदि मसला।

माझा–ना० [प्रा० मज्झ] हात्तीको पिठिउँमा कसेको, पछुवा अड्ने डोरी; मादा।

माझामाझी–ना० यो० [माझ+माझ] ठीक बीचमा; बीचो-बीच।

माझिनु–स० क्रि० [माझ्+इ+नु] मार्जन गरिनु; ('माझ्नु'-को क० क्रि०)।

माझी–ना० [प्रा० मज्झ] १. डुङ्गा खियाएर जीविका गर्ने एक जाति; मलाहा; मल्लाह। (वि०) २. माझको; बीचको।

माझी-औँलो–ना० [माझी+औँलो] हात वा गोड़ाका पाँच

CC-0. In Public Domain. Digitization by eGangotri

औँलामध्ये बीचको औँलो; चोर-औँलो र साहिँली औँलोका बीचको औँलो; कर्णिका।

माझ्नु–स० क्रि० [प्रा० मज्जइ+नु] १. भाँडा-कुँडामा लागेको मोसो, चिल्लो, जूठो आदि दलेर सफा गर्नु; मल्नु; मार्जन गर्नु। २. पखाल्नु; धुनु। ३. सफा गर्नु; स्वच्छ पार्नु।

माटिनु–अ० क्रि० [माटो+इ+नु] १. कुन वस्तु वा पदार्थ पुरानो भई गुण, रस, गन्ध आदि हराउनु; माटोजस्तो हुनु। २. सड्नु; बेकम्मा हुनु।

माटी–ना० [माटो] माटो; मट्टी।

माटीकोरे–ना० [माटी+कोर्] १. खेती-पातीबाट जीविका गर्ने व्यक्ति; खेतीवाल; किसान। २. पहरोमा खोपेर गुँड लाउने, हरियो शरीर, रातो टाउको र तीखो चुच्चो भएको एक जातको चरो।

माटे–वि० [माटो+ए] १. माटाको; माटो-सम्बन्धी। २. माटो-सम्बन्धी काम गर्ने (व्यक्ति)। ३. रोग वा गर्भिणी भएर माटो खाने (स्त्री)।

माटो–ना० [सं० मृत्तिका] पृथ्वीको माथिल्लो सतह निर्मित हुने प्रसिद्ध पदार्थ; मट्टी; मृत्तिका।

माड़–ना० [सं० मण्ड] १. गहूँ, जौ, चामल आदिको पीठो पकाएर, कागत आदि टाँस्नाका निम्ति बनाइएको लेदो पदार्थ। २. भात पकाउँदा निस्कने बाक्लो झोल। ३. बाक्लो गरी पीठो पकाएको खाद्य पदार्थ; खोले।

माड–ना० [सं०] जगर वृक्ष।

माड़-मुड़–ना० [माड्+मुड़ (फाँ०)] बेसरी माड्ने काम; रगेड्ने काम।

माड़ा–ना० [माड्] लौसी, आँप, ऐँसेलु आदिको गुदी पातलो पारी सुकाएको खाद्य पदार्थ।

माडाश्रृङ्गी–ना० [सं० मेढाश्रृङ्गी] मेढाश्रृङ्गी।

माड़िनु–स० क्रि० [माड्+इ+नु] मलिनु; ('माड्नु'-को क० क्रि०)।

माड़ी–ना० [सं० मण्डल] ठूलो फराकिलो जमीनको फाँट।

माड़ो–ना० [सं० मण्डप] विवाह, व्रत-बन्ध आदिको यज्ञ-मण्डप।

माड़्नु–स० क्रि० [प्रा० मड्डइ+नु] १. अँठचाएर रगेड्नु; मल्नु। २. अँठचाउनु; बेसरी समात्नु। ३. कुल्ची-मिल्ची पार्नु; थिच-थाच गर्नु। ४. मिच्नु; दाब्नु। ५. मल्नु; घस्नु।

माणक–ना० [सं०] मान-कन्द।

माणवक–ना० [सं०] १. बालक। २. मूर्ख व्यक्ति।

माणिक–ना० [सं०] गुलाबी वा रातो रङ्गको एक रत्न; पद्म-राग मणि; मानिक।

माणिक्य–ना० [सं०] माणिक।

माण्डलिक–ना० [सं०] कुनै मण्डल वा प्रान्तको शासक; कुनै ठूलो राजालाई कर तिर्ने सानो प्रदेशको शासक।

माण्डूक्य–ना० [सं०] दश मुख्य उपनिषद्‌हरूमध्ये एक।

मात–ना० [सं० माद] १. मदिरा; लागू पदार्थ; अम्मल। २. धन, मान, यौवन आदिको घमन्ड। ३. जाँड़, रक्सी आदि अम्मलबाट उत्पन्न हुने उन्माद; मद।

मात–ना० [अ०] हार; पराजय (विशेष गरेर बुद्धि-चाल आदि जस्ता खेल-प्रतियोगितामा)।

मातङ्ग–ना० [सं०] १. हात्ती। २. चाण्डाल। ३. किरात।

मातङ्गी–ना० [सं०] दश-महाविद्यामध्ये एक।

मातवर–वि० [माथवर] माथवर।

मातहत–वि० [अ०] १. अधीन वा आश्रयमा रहेको; अधीनस्थ। (ना०) २. हाता; इलाका। ३. अम्बल।

माता–ना० [सं०] १. आमा; जननी। २. कुनै आदरणीया स्त्री। ३. गाई।

मातामह–ना० [सं०] आमाका बाबु; बाजे।

मातामी–ना० [अं०] आमाकी आमा; बज्यै।

मातुल–ना० [सं०] १. मामा। २. धतूरो।

मातुलानी–ना० [सं०] माइजू।

मातुली–ना० [सं०] माइजू।

मातुलिङ्ग–ना० [सं०] बिमिरो।

मातुलुङ्ग–ना० [सं०] बिमिरो।

मातुलेय–ना० [सं०] मामाको छोरो।

मातृक–वि० [सं०] माता-सम्बन्धी; माताको।

मातृका–ना० [सं०] १. आमा; जननी। २. धाई। ३. तन्त्र शास्त्र-अनुसार सात देवी (ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, इन्द्राणी, चामुण्डा र वाराही)। ४. एक प्रकारका सोह्र वटी देवीहरूको वर्ग (गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, माता, लोक-मात, शान्ति, पुष्टि, धृति र स्वस्ति)। ५. वर्ण-माला।

मातृ-कुल–ना० [सं०] आमाको कुल; मावलीको वंश।

मातृ-गण–ना० [सं०] १. षोडश मातृका। २. सप्त-मातृका।

मातृ-घातक–वि० [सं०] आमाको हत्या गर्ने; मातृ-घाती।

मातृ-घाती–वि० [सं०] मातृ-घातक।

मातृत्व–ना० [सं०] आमा हुनाको भाव; माताको भाव।

मातृ-पक्ष–ना० [सं०] आमाको कुल; मातृ-कुल।

मातृ-भाषा–ना० [सं०] आमाले काखमा राखी सिकाएको भाषा; आफ्ना जन्म-स्थान वा घरमा बोलिने भाषा; स्व-भाषा।

मातृ-ष्वसा–ना० [सं०] आमाकी दिदी वा बहिनी; सानी-आमा वा ठूली-आमा।

मातृ-ष्वसेय–ना० [सं०] सानी-आमा वा ठूली-आमाको छोरो।

मातृ-ष्वसेयी–ना० [सं०] सानी-आमा वा ठूली-आमाकी छोरी।

मात्तिनु–अ० क्रि० [मात्त+इ+नु] १. मत्त हुनु; माद चढ्नु; उन्मत्त हुनु। २. पात्तिनु; इतरिनु। ३. जोरी खोज्नु; निहुँ खोल्नु। ४. पुलपुलिनु।

मात्तै–क्रि० यो० [सं० मात्र] मात्र नै; केवल; खालि।

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र–क्रि० यो० [सं०] मात्र; केवल; खालि; मात्तै; सिर्फ।

मात्रा–ना० [सं०] १. एक पटकमा उपयोग गरिने कुनै वस्तुको मान; परिमाण। २. एक पटकमा खाइने औषधिको परिमाण। ३. व्यञ्जन वर्णमा लाग्ने विभिन्न कुनै स्वर-सूचक चिह्न। ४. ह्रस्व वर्णको उच्चारणमा लाग्ने काल। ५. सङ्गीतमा ताल दिँदा समयको परिमाण।

मात्रा-वृत्त–ना० [सं०] मात्रिक छन्द।

मात्रिक–वि० [सं०] १. मात्रा-सम्बन्धी। २. मात्राको विचार वा गणना भएको (छन्द)।

मात्रिक-छन्द–ना० [सं०] वर्णको खयाल नगरी केवल मात्राहरूको गणनाबाट चरण मिलाइने एक प्रकारको छन्द; मात्रा-वृत्त।

मात्सर्य–ना० [सं०] १. मत्सरको भाव। २. अर्काको उन्नति देखेर डाह गर्नु; ईर्ष्या; जलन।

माथ–ना० [मात] मात; पराजय।

माथ–ना० [माथा] शिर; माथा।

माथवर–वि० [अ० मुअतबर] १. पूँजीवाल; सम्पन्न। २. पत्यार-लाग्दो; भरपर्दो; विश्वासी। ३. भलादमी; सज्जन।

माथवरसिंह–ना० [माथवर+सिंह (सं०)] विक्रमी उन्नाइसौँ शताब्दीको आखिरीमा नेपालका प्रधान-मन्त्री हुने एक प्रसिद्ध पुरुष।

माथा–ना० [सं० मस्तक] शिर; टाउको; माथ।

माथा-पच्ची–ना० [माथा+पचित्त (सं०)] धेरै सोच-विचार गर्ने काम।

माथि–ना० यो० [माथ] १. उँभो; उपर। २. अग्लो ठाउँमा; मास्तिर। ३. उच्च श्रेणीमा; उच्च कोटिमा। ४. अगि; पहिले (लेख, वक्तव्य आदिमा)। (ना०) ५. माथि-त्तिरको भाग वा ठाउँ; चोटो। ६. थप; अतिरिक्त।

माथिल्लो–वि० [माथि+इल्लो] १. माथिको; उँभोको; उपल्लो। २. उच्च श्रेणीको; उच्च कक्षाको।

माद–ना० [सं०] १. मादक पदार्थ; मदिरा; मद। २. नशा; लागू। ३. हर्ष; आनन्द। ४. अभिमान; घमन्ड।

मादक–वि० [सं०] १. नशा लाग्ने; बेहोश पार्ने। २. आनन्द-दायक; हर्षप्रद।

मादकता–ना० [सं०] मादक हुनाको भाव; नशा लाग्नाको भाव।

मादन–ना० [सं०] १. नशा; मद। २. कामदेव। (वि०) ३. मादक।

मादल–ना० [सं० मर्दल] ढोलकीजस्तो, लाम्चो एक प्राकारको बाजा।

मादले–वि० [मादल+ए] १. मादलजस्तो। २. ठूलो; बड्‌माको। ३. मादल बजाउने।

मादा–ना० [सं० मध्य] हात्तीका पिठिउँमा कसेको पछुवा अड्ने डोरी; माझा।

माधव–ना० [सं०] १. विष्णु। २. वसन्त ऋतु। ३. वैशाख महीना।

माधवी–ना० [सं०] १. चमेलीजस्तो सुगन्धी सेतो फूल फुल्ने एक जातको लता; वासन्ती। २. महको मदिरा। ३. महको चीनी।

माधुरी–ना० [सं०] १. मिठास; मधुरता। २. रक्सी; मदिरा।

माधुर्य–ना० [सं०] १. मधुर हुनाको भाव; मिठास; मधुरता। २. सुन्दरता; लावण्य। ३. पाठकलाई आनन्द र सुगम लाग्ने काव्यको एक गुण।

माध्य–वि० [सं०] मध्यको; बीचको।

माध्यन्दिन–वि० [सं०] १. माझको; बीचको। (ना०) २. मध्याह्न; दोपहरको समय। ३. शुक्ल यजुर्वेदको एक शाखा।

माध्यम–वि [सं०] १. बीचको; मध्यको। (ना०) २. कार्य-सिद्ध गर्ने साधन वा उपाय; कुनै काम-कुरो सम्पन्न गर्ने साधन।

माध्यमिक–वि० [सं०] १. मध्यको; बीचको। (ना०) २. बौद्ध धर्मको एक सम्प्रदाय।

माध्याकर्षण–ना० [सं०] १. चारैतिरका सबै वस्तुहरूलाई केन्द्रतिर तान्ने शक्ति। २. गुरुत्वाकर्षण।

माध्याह्निक–वि० [सं०] मध्याह्नको; दिउँसोको।

माध्व–वि० [सं०] १. मधुबाट तयार भएको; महबाट बनेको। २. मीठो; मधुर। ३. माधव-सम्बन्धी। (ना०) ४. मध्वाचार्यले चलाएको एक वैष्णव सम्प्रदाय।

माध्वी–ना० [सं०] १. रक्सी; मदिरा। २. माधवी लता।

माध्वीक–ना० [सं०] १. महुवाको रक्सी। २. दाखको मदिरा।

मान–ना० [सं०] १. आदर; सम्मान; सत्कार। २. प्रतिष्ठा; इज्जत। ३. दर्जा; पदवी। ४. घमन्ड; अभिमान। ५. आत्म-सम्मान। ६. नायकको कुनै अपराध देखेर नायिका अप्रसन्न हुनु। ७. नाप; तौल; परिमाण।

मान-कन्द–ना० [सं०] कर्कलाका आकारका ठूला-ठूला पात र गानुमात्र हुने एक जातको बूटी; माने। (आयुर्वेदमा यसको गुण गण्ड-माला-रोग-नाशक र अग्नि-वर्द्धक बताइ-एको छ।)

मान-कर्चूर–ना० [सं०] मान-कन्द।

मान-गृह–ना० [सं०] १. स्त्रीहरूले पति वा प्रेमीलाई रीस देखाएर बस्ने ठाउँ; कोप-भवन। २. नेपालका प्रसिद्ध लिच्छवि राजा मानदेवले बनाएको प्रख्यात दरबार।

मानचङ्गी–वि० [?] सानो जातको (सुपारी र नरिवल)।

मानचङ्गी-नरिवल–ना० [मानचङ्गी+नरिवल] साधारण नरिवलकै जस्ता पात, फूल, फल र काण्ड हुने सानो जातको नरिवल।

मानचङ्गी-सुपारी–ना० [मानचङ्गी+सुपारी] सानो एक जातको सुपारी।

मान-चित्र–ना० [सं०] १. नक्शा। २. भू-चित्र।

CC-0. In Public Domain. Digitization by eGangotri

मान-दण्ड–ना० [सं०] नाप्ने लट्ठी; माप-दण्ड।
मानदेव–ना० [सं०] विक्रमी छैटौँ शताब्दीको मध्यतिर शासन गर्ने नेपालका एक राजा।(यस नामका अरू पनि राजा भए तापनि यिनै मानदेव विशेष प्रख्यात छन्। यिनले मान-गृह, चाँगु-नारायणको मन्दिर आदि अनेक महत्त्वपूर्ण भवनहरूको निर्माण गराए।)
माननीय–वि० [सं०] १. मान गर्न योग्य; मान्य; आदरणीय। २. मन्त्री, प्रधान-न्यायाधीश, संसदका सदस्य र सो सरहका अरू व्यक्तिहरूलाई सम्बोधन गर्दा प्रयोग गरिने आदर-सूचक शब्द।
मान-पत्र–ना० [सं०] अभिनन्दन-पत्र।
मान-भाउ–ना० [मान+भाउ] मान र कदर; प्रतिष्ठा; मान-मर्यादा।
मान-मनितो–ना० [मान+मानिता] १. आफ्नो सम्प्रदायले मानिआएका देव-देवीको पूजा। २. मान-भाउ।
मान-मन्दिर–ना० [सं०] १. ग्रह-नक्षत्रहरू हेर्ने यन्त्रहरू राखिएको स्थान; वेध-शाला। २. स्त्रीहरू रिसाएर बस्ने ठाउँ; कोप-भवन।
मान-मरावत–ना० [सं० मान+मरातिब (अ०)] मान र दर्जा; मान-मर्यादा।
मान-मर्दन–ना० [सं०] घमन्ड तोड्नु; शेखी झार्नु।
मान-मर्यादा–ना० [सं०] मान-भाउ।
मान-मिजास–ना० [मान+मिजास] १. मान र मिजास; मान-भाउ। २. शिष्टाचार।
मानव–ना० [सं०] १. मनुका सन्तान; मानिस; मनुष्य। (वि०) २. मनु-सम्बन्धी। ३. मानिसलाई सुहाउँदो; मनुष्योचित।
मानवक–ना० [सं०] एक जातको सानु मेवा फल।
मानवता–ना० [सं०] १. मनुष्य हुनाको भाव; मनुष्यत्व। २. मानिसमा स्वभावैले हुने गुण, भावना, विशेषता आदिको समुदाय।
मानवती–ना० [सं०] १. अभिमान गर्ने; मानिनी (स्त्री)। (वि०) २. आफ्ना नायकको अपराध देखेर रुष्ट हुने (नायिका)।
मानव-धर्म-शास्त्र–ना० [सं०] मनु-संहिता; मनु-स्मृति।
मानव-शास्त्र–ना० [सं०] मानिसको उत्पत्ति, विकास, विभेद आदिको विवेचना गर्ने शास्त्र।
मानवी–ना० [सं०] स्त्री; नारी।
मानवीय–वि० [सं०] मानव-सम्बन्धी; मानिस-सम्बन्धी।
मानवेन्द्र–ना० [सं०] १. राजा; नृप। २. श्रेष्ठ पुरुष; उत्तम पुरुष।
मानस–ना० [सं०] १. मन; चित्त; हृदय। २. मान-सरोवर।
मानस-पुत्र–ना० [सं०] इच्छा वा मनबाट पैदा भएको पुत्र।
मानसरोवर–ना० [सं०] १. हिमालयमा रहेको एक प्रसिद्ध र पवित्र ठूलो दहँ। २. हठ-योगअनुसार शरीरभित्रको अमृत-कुण्ड मानिएको शून्य स्थान।
मानस-विज्ञान–ना० [सं०] मनोविज्ञान।
मानस-शास्त्र–ना० [सं०] मनोविज्ञान।
मानसिक–वि० [सं०] मन-सम्बन्धी; मनको।
मानसी–वि० [सं०] १. मनबाट उत्पन्न; चित्तको। (ना०) २. मन-मनै गरिने पूजा आदि।
मानस्लु–ना० [ने०] नेपालको उत्तरीय सिमानामा रहेको एक हिम-चुली। (यो हिम-चुली पश्चिम-दुइ (२) र तीन (३)-नम्बर इलाकाको बीचमा पर्दछ।)
मान-हानि–ना० [सं०] अपमान; बेइज्जती।
माना–ना० [सं० मान] १. दश मूठी अन्न आदि भर्ने भाँडो; मानु (वि०)। २. त्यति परिमाण भएको।
माना-चामल–ना० [माना+चामल] कसैलाई जीवन-निर्वाह-का निमित्त दिइने खर्च वा वृत्ति; पेटिया।
माना-पाथी–ना० [माना+पाथी] १. अन्नपूर्णा-हिमालयको स्थानीय नाम। २. मानो र पाथी। ३. त्यति परिमाणको अन्न।
मानिक–ना० [सं० माणिक] माणिक।
मानित–वि० [सं०] मानिएको; सम्मानित; मान गरिएको।
मानिता–ना० [सं०] १. गौरव; आत्माभिमान। २. मान-भाउ; मान-मर्यादा।
मानिनी–वि० [सं०] मानवती।
मानिनु–स० क्रि० [मान्+इ+नु] मान गरिनु; आदर गरिनु; ('मान्नु'-को क० क्रि०)।
मानिस–ना० [सं० मनुष्य] मान्छे; मनुष्य।
मानी–ना० [माने] घट्ट, जाँतो आदिका बीचमा हुने काठ, फलाम आदिको ठोसो; माने।
मानी–वि० [सं०] १. मान भएको; प्रतिष्ठित; इज्जतदार। २. अहङ्कारी; घमन्डी। ३. मान गर्ने। (ना०) ४. दुइ अँजुलि अन्न अटाउने प्राचीन कालको नाप्ने भाँडो।
मानु–ना० [सं० मान] १. दश मूठी अनाज भर्ने वा नाप्ने भाँडो; चार चौथाई वा पाथीको अष्टमांश भर्ने भाँडो। २. त्यो भाँडोभरिको परिमाण; दश मूठी वा चार चौथाई-को परिमाण। ३. दाना-पानी; जीविकाको साधन।
मानु–संयो० [मान्] जस्तो; समान; तुल्य।
मानु-मूठी–ना० [मानु+मूठी] १. अलि-अलि अनाज; दुइ-चार मूठी; थोर-बहुत अन्न-पात। (ना०) २. कसैलाई जीविकाको निमित्त दिइने साधारण अन्न-पात वा खर्च।
मानुष–वि० [सं०] १. मनुष्य-सम्बन्धी; मानव। (ना०) २. मानिस; मनुष्य।
मानुषिक–वि० [सं०] मनुष्य-सम्बन्धी; मानवीय।
मानुषी–ना० [सं०] स्वास्नी-मानिस; स्त्री; महिला।
मानुष्य–ना० [सं०] १. मनुष्यता; मानवता। २. मनुष्य-जाति। (वि०) ३. मनुष्य-सम्बन्धी।
मानुष्यक–ना० [सं०] मानुष्य।
माने–ना० [सं० मान-कन्द] कर्कलाका जातको खान हुने एक

CC-0. In Public Domain. Digitization by eGangotri

बोट; जङ्गली कर्कलो; मान-कन्द ।

मानें–ना० [अ० मानी] अर्थ; मतलब; अभिप्राय ।

मानें–ना० [नें०] घट्ट, जाँता आदिका बीचमा हुने काठ वा फलामको ठेउको; मानी ।

मानें–ना० [सं० मणि-पद्म] बौद्ध धर्मानुयायीहरूले घुमाउने 'ॐ मणि पद्मे हुँ' लेखिएको धार्मिक साधन ।

मानें–वि० [मनो+ए] मानुको; माना-सम्बन्धी (परिमाण) ।

मानें-मधौरु–वि० [मानें+मधौरु] बिरामीको निहुँ गरी काम नगर्ने; ठग-बिरामी ।

मानो–ना० [मानु] दश मूठी अन्न भर्ने भाँडो; मानु ।

मानो–संयो० [मानू] जस्तो; समान; तुल्य; मानु ।

मान्छे–ना० [सं० मनुष्य] मानिस; मनुष्य; मानव ।

मान्जन–ना० [सं० मान्य+जन] मान्य जन ।

मान्द्री–ना० [मान्द्रो+ई] सानो मान्द्रो ।

मान्द्रे–वि० [मान्द्रो+ए] १. मान्द्राको जस्तो बुनोटको; मान्द्रो-जस्तो । २. बाक्लो खालको । ३. मान्द्राको ।

मान्द्रे-मेसो–ना० [मान्द्रे+मेसो] मान्द्रो बुन्दा चोयाको मिलाए-को लहरजस्तो मिलेको क्रम; सिलसिला; रोल़; ताँती ।

मान्द्रो–ना० [नें०] बाँसका फराकिला चोयाले विशेष प्रकारले बुनेको भकारीजस्तो वस्तु ।

मान्द्य–ना० [सं०] १. मन्द हुनाको भाव । २. दुर्बलता; कमजोरी ।

मान्धाता–ना० [सं०] पुराण-प्रसिद्ध सूर्य-वंशी एक चक्रवर्ती राजा ।

मान्नु–स० क्रि० [सं० मान] १. मान गर्नु; आदर गर्नु; मान-भाउ गर्नु । २. भक्ति गर्नु; सेवा गर्नु; भावना गर्नु । ३. पुज्नु । ४. सकार्नु; स्वीकार गर्नु । ५. ठीक ठान्नु; ठहराउनु । ६. आज्ञा पालन गर्नु; टेर्नु । ७. कदर गर्नु । ८. पत्याउनु; विश्वास गर्नु । ९. चाड, उत्सव आदि मनाउनु ।

मान्य–वि० [सं०] मान गर्न योग्य; माननीय; आदरणीय ।

मान्यता–ना० [सं०] १. मान्य हुनाको भाव । २. कुनै कुरा वा सिद्धान्तलाई मान्ने क्रिया वा भाव; अनुमोदन; मान्नु । ३. ठूलो संस्थाद्वारा सानु संस्था वा त्यसले गरेका काम-काजमा दिइने स्वीकृति ।

मान्य-नेपाल-तारा–ना० [सं०] चौथो दर्जाको नेपाल-तारा तक्मा ।

मान्यवर-नेपाल-तारा–ना० [सं०] तेस्रो तर्जाको नेपाल-तारा तक्मा ।

माप–ना० [सं० मापन] १. नाप्ने क्रिया; नापो; मापन । २. कुनै वस्तु नाप्ने साधन ।

मापक–ना० [सं०] १. नाप्ने भाँडो; नापो; माना, कुरुवा, पाथी, गज, फुट आदि । २. ढक । ३. नाप्ने साधन ।

मापन–ना० [सं०] नाप्ने काम; नाप-जोख ।

मापाको–वि० [नें०] रिसाहा; जङ्गयाहा; कड़ा स्वभावको ।

माफ–वि० [अ० मुआफ़] १. क्षमा गरिएको; क्षमित । (ना०) २. अपराधी वा दोषीलाई सजाय नगर्नु; क्षमा । ३. लिनुपर्ने रकम छोड़िदिनु; मिनाहा ।

माफा–ना० [नें०] पालकीजस्तो एक किसिमको सवारी ।

माफिक–ना० यो० [अ० मुआफ़िक़] १. बमोजिम; अनुसार; सरह । (क्रि० यो०) २. निर्धारित अवस्था, परिमाण, गति आदिमा; मर्यादाअनुसारे । (वि०) ३. विरुद्ध नभएको; अनुकूल ।

माफी–ना० [अ० मुआफ़ी] १. सजाय वा दण्डबाट मुक्त गर्ने काम । २. मिनहा; मुक्ति । (वि०) ३. रकम-कलम केही नलागेको; तिरोभरो नलाग्ने ।

माफी-बिर्ता–ना० [माफी+बिर्ता] कुनै तिरो तिर्नु नपर्ने गरी दिइएको बिर्ता ।

माम–ना० [नें०] भात (बाल-बोलीमा) ।

मामला–ना० [अ० मुआमल:] मामिला ।

मामा–ना० [सं० मातुल] आमाका भाइ वा दाज्यू; मातुल ।

मामिम–ना० [अ० मामन] लोग्ने-मानिसले लाउने गन्जीको छाँट पारी सिएको वस्त्र ।

मामिला–ना० [अ० मुआमल:] १. काम-कारवाई; पार-स्परिक व्यवहार । २. मुद्दा; मुकदमा; झगड़ा ।

मामूली–वि० [अ० मअमूल] साधारण; सामान्य ।

माम्री–ना० [माम] भात, ढिंडो आदि पकाउँदा भाँड़ोमा टाँसिएर रहने खरो र कड़ा पाप्रो ।

माया–ना० [सं०] १. छल; धोखा; कपट । २. अज्ञान; मोह; अविद्या । ३. जादू; इन्द्र-जाल । ४. प्रपञ्चको कारणभूत परमेश्वरकी अव्यक्त बीज-रूप शक्ति । ५. लक्ष्मी । ६. दुर्गा । ७. धन; सम्पत्ति । ८. दया; करुणा । ९. स्नेह; प्रेम; अनुराग । १०. जीवलाई बन्धनमा राख्ने मोह-शक्ति । ११. गौतम बुद्धकी आमा । १२. लीला; खेल ।

माया-जाल–ना० [सं०] १. माया-रूपी जाल; मोहको बन्धन । २. घर-गृहस्थीको जञ्जाल; गार्हस्थ्य झन्झट ।

माया-देवी–ना० [सं०] गौतम बुद्धकी आमा ।

माया-पाश–ना० [सं०] माया-जाल ।

माया-पुरी–ना० [सं०] हिन्दूहरूका मोक्ष-दायक प्रसिद्ध सात पुरीमध्ये एक; हरि-द्वार ।

माया-फल–ना० [सं०] माजू-फल ।

माया-मोह–ना० [सं०] १. असुरहरूलाई मोहित गर्नाका निम्ति विष्णुका शरीरबाट उत्पन्न भएको पुरुष । २. माया र मोह । ३. स्नेह; प्रेम ।

माया-युद्ध–ना० [सं०] मायाको शक्तिद्वारा गरिने युद्ध ।

मायावाद–ना० [सं०] ब्रह्म सत्य र जगत् मिथ्या मान्ने सिद्धान्त; केवल ईश्वरलाई सत्य मानी सांसारिक पदार्थलाई माया अथवा भ्रममात्र मान्ने सिद्धान्त ।

मायावादी–वि० [सं०] मायावादको अनुयायी ।

CC-0. In Public Domain. Digitization by eGangotri

मायावी–वि० [सं०] १. माया गर्ने; इन्द्र-जाली । २. चतुरो; चलाक; धूर्त । ३. छली; कपटी । (ना०) ४. परमात्मा ।
मायिक–वि० [सं०] १. मायाबाट बनेको; जादूबाट तयार भएको । २. माया-सम्बन्धी ।
मायी–वि० [सं०] १. माया गर्ने; मायावी । २. जादूगर; चटकी । ३. पर-ब्रह्म ।
मायूर–वि० [सं०] मयूरको; मयूर-सम्बन्धी ।
मार–ना० [सं०] १. कामदेव । २. विघ्न; बाधा । ३. बिष । ४. धतूरो ।
मार–ना० [सं० मारण] १. मार्ने काम; वध । २. चोट; प्रहार । ३. हप्की; खप्की । ४. कामको भीड़; चटारो । ५. पर्याप्तता; आधिक्य ।
मारक–वि० [सं०] १. मार्ने; ज्यान लिने । २. गुण, दोष आदिको प्रभाव दबाउने; गुण वा दोष नाश गर्ने । ३. दमन गर्ने ।
मार-काट–ना० [मार्+काट्] १. मार्ने र काट्ने काम । २. काट-मार; युद्ध ।
मारकीन–ना० [अं० नैनकीन्] १. एक किसिमको छिपुवा जनाना बुट्टे धोती । २. केही खैरो भावको एक किसिमको सेतो र मोटो कपड़ा ।
मारकेश–ना० [सं०] जन्म-कुण्डलीमा घातक मानिने ग्रहको एक योग ।
मारण–ना० [सं०] १. मार्ने काम; ज्यान लिनु; वध । २. शत्रुलाई नाश गर्ने एक तान्त्रिक प्रयोग । ३. भस्म गर्नु (धातु) ।
मार-पीट–ना० [मार्+पिट्] मार-काट; मार-मुङ्ग्री ।
मारफत–ना० यो० [अ० मारफ़त] मार्फत ।
मार-मुङ्ग्री–ना० [मार+मुङ्ग्रो+ई] मार-पीट; मारामार; लाठी-मुङ्ग्री ।
मारा–ना० [मार्+आ] नाम शब्दको पछिल्तिर जोरिएर 'मार्ने' अर्थ बुझाउने शब्द । (उदा०–गरीब-मारा; ज्यान-मारा, बगली-मारा आदि ।) २. खेल, युद्ध आदिमा विपक्षीलाई परास्त गर्दा उत्साहपूर्वक भनिने शब्द; मार्रा ।
मारात्मक–वि० [सं०] घातक; ज्यान-मारा ।
मारामार–ना० [मार्+मार्] १. परस्परमा पिटापिट गर्ने वा मार्ने काम; मार-पीट । २. भरपूर; पर्याप्त; यथेष्ट । ३. ठूलो भीड़; हूल । ४. काम-काजको भीड़ ।
मारित–वि० [सं०] मारिएको; वध गरिएको ।
मारिनु–स० क्रि० [मार्+इ+नु] ज्यान लिइनु; ('मार्नु'-को क० क्रि०) ।
मारिष–ना० [सं०] १. नाटकमा कुनै सम्मानित व्यक्तिलाई गरिने सम्बोधन । २. नाटकको सूत्रधार ।
मारी-मेटी–ना० [मार्+मेट्+ई] लेन-देनको चुक्ती; छिनाफाना; फछर्यौट ।
मारुत–ना० [सं०] १. हावा; समीर; वायु । २. वायुका अधिष्ठाता देवता । ३. श्वास; सास । ४. प्राण; ज्यान ।
मारुती–ना० [सं०] हनुमान् ।
मारुनी–ना० [ने०] स्त्रीको वेश लिएर डम्फुका तालमा नाच्ने र गाउने नट ।
मार्क–ना० [अं०] १. चिह्न; निशान । २. छाप; मार्का । ३. परीक्षामा प्राप्त हुने अङ्क ।
मार्कण्डेय–ना० [सं०] मृकण्डु ऋषिका छोरा एक प्रसिद्ध ऋषि; आठ चिर-जीवीमध्ये एक ।
मार्कण्डेय-पुराण–ना० [सं०] अठार महापुराणमध्ये एक ।
मार्का–ना० [अं० मार्क] मार्क ।
मार्केट–ना० [अं०] बजार; हाट ।
मार्ग–ना० [सं०] १. बाटो; पथ । २. सम्प्रदाय; पन्थ; धर्म । ३. ग्रहको घुम्ने बाटो । ४. उपाय; साधन । ५. ढङ्ग; तरीका । ६. जीविकाको साधन; वृत्ति । ७. चाल-चलन । ८. मङ्सीर महीना ।
मार्गण–ना० [सं०] १. अन्वेषण; अनुसन्धान । २. माग्नु; याचना । ३. बाण । ४. माग्ने; मगन्ते ।
मार्ग-दर्शक–वि० [सं०] बाटो देखाउने; पथ-प्रदर्शक ।
मार्ग-दर्शन–ना० [सं०] १. बाटो देखाउने काम । २. उपाय बताउने काम । ३. नेतृत्व गर्ने काम ।
मार्ग-रक्षक–वि० [सं०] बाटोको रक्षा गर्ने; मार्गको हेर-विचार गर्ने ।
मार्गशिर–ना० [सं०] मङ्सीर महीना; मार्ग महीना ।
मार्गशीर्ष–ना० [सं०] मङ्सीर महीना; मार्ग ।
मार्गिक–वि० [सं०] १. बटुवा; पथिक; यात्री । २. शिकारी ।
मार्गी–वि० [सं०] १. बटुवा; पथिक । २. मार्ग-दर्शक । ३. कुनै मार्ग वा सम्प्रदायमा लागेको ।
मार्गी–वि० [सं०] १. मार्ग-सम्बन्धी; मार्गको । (ना०) २. सङ्गीत-शास्त्रअनुसार ब्रह्मा, भरत आदि सङ्गीतका प्राचीन आचार्यहरूले निर्धारित गरेका लक्षण र पद्धतिअनुसार चलेको शैली ।
मार्च–ना० [अं०] १. फाल्गुन र चैत्रभित्र पर्ने ईसवी तेस्रो महीना । २. सेनाको प्रस्थान; कूँच ।
मार्जक–वि० [सं०] १. मार्जन गर्ने अभिषेक गर्ने । २. माझ्ने; मल्ने; पखाल्ने ।
मार्जन–ना० [सं०] १. शुद्ध गर्नु; पवित्र पार्नु । २. तीर्थको वा मन्त्रले पवित्र गरेको जल शरीरमा छर्कनु । ३. भूल वा दोष हटाउनु; शोधन । ४. माझ्नु; मल्नु । ५. धुनु; पखाल्नु ।
मार्जनी–ना० [सं०] कूचो ।
मार्जनीय–वि० [सं०] मार्जन गर्न योग्य ।
मार्जार–ना० [सं०] बिरालो ।
मार्जित–वि० [सं०] मझिएको; मार्जन गरिएको ।
मार्जिन–ना० [अं०] १. लेख्दा वा छाप्दा दायाँ-बायाँ खाली छोड़िने कागतको अंश । २. अन्तर; फरक ।
मार्तण्ड–ना० [सं०] १. सूर्य । २. सुनामक्खी । ३. आँकको रूख ।

CC-0. In Public Domain. Digitization by eGangotri

मार्तोल–ना० [पुर्त० मार्टेली] पेच-कीला कस्ने पातलो मुख भएको औजार।

मार्दङ्गिक–वि० [सं०] मृदङ्ग बजाउने।

मार्दव–ना० [सं०] १. मृदु हुनाको भाव; कोमलता। २. अरूको दुःख देखेर दुःखित हुनु; चित्तको मृदुता।

मार्द्वीक–ना० [सं०] मुनक्का-दाखको रक्सी।

मार्फत–ना० यो० [अ० मारफ़त] द्वारा; बाट; तर्फबाट।

मार्बल–ना० [अं०] सिङ्ग-मरमर।

मार्बल–ना० [ने०] एक जातको शाली धान।

मार्नु–स० क्रि० [सं० मृ+नु] १. ज्यान लिनु; हत्या गर्नु। २. अन्याय गरेर सताउनु; अत्याचार गर्नु। ३. धन-माल पचाउनु; हड्प गर्नु। ४. कुनै पदार्थमा रहेको खराब गुण वा असर नष्ट गर्नु; शोधन गर्नु। ५. लज्जित पार्नु। ६. जित्नु; हराउनु (खेलमा)।

मार्मिक–वि० [सं०] १. मर्म-स्थानमा प्रभाव पर्ने; मर्म-स्पर्शी। २. वास्तविक कुरो बुझ्ने; मर्मज्ञ।

मार्मिकता–ना० [सं०] मार्मिक हुनाको भाव।

मार्रा–ना० [मार] जूवा वा अन्य प्रतिस्पर्धाको खेलमा मार्ने वा जित्नेले गर्जनापूर्वक भन्ने शब्द; मारा।

मार्शल–वि० [अं०] १. लड़ाईंको निमित्त उपयुक्त; युद्धोपयोगी। २. फौजी; जङ्गी। (ना०) ३. देशमा फौजको सबभन्दा ठलो अफिसर।

मार्शल-ल–ना० [अं० मार्शल-लॅ] फौजी कानून; सैनिक व्यवस्था।

माल–ना० [अ०] १. वस्तु; चीज-बीज; जिन्सी। २. धन; सम्पत्ति। ३. जग्गा-जमीनको पोत वा तिरो तहसील गर्ने अड्डा।

माल–ना० [माला] गाई, गोरु, छेपारो आदिका घाँटीमा लट्कने छाला; गल-कम्बल।

माल–ना० [ने०] खिइएर खाल्टो परेका वा पातलो भएका कल-पुर्जामा थपिने धातुको रसायन।

माल-कागुनु–ना० [माल (देश)+कागुनु] १. लाम्चा पात हुने, मञ्जरीका आकारमा साना-साना फूल फुल्ने, केराउ-जत्रा पहेँला दाना फल्ने एक जातको लहरो। २. त्यसैको फल। (यो ठूलो र सानो—दुइ थरीको हुन्छ।)

मालकोश–ना० [सं०] ऋषभ र पञ्चम स्वर वर्जित हुने, गान्धार, धैवत र निषाद कोमल हुने, शास्त्रअनुसार रात्रिको चौथो प्रहर र विशेषतः शिशिर ऋतुमा गाइने औडव जातिको एक राग।

माल-गाड़ी–ना० [माल+गाड़ी] माल-मत्ता ओसार्ने रेल।

माल-गुजारी–ना० [अ० माल+गुज़ारी (फा०)] सरकारमा बुझाउने जग्गा-जमीनको तिरो; भूमि-कर।

माल-गोदाम–ना० [माल+गोदाम] रेल, जहाज आदिबाट आएको माल राख्ने ठाउँ; भन्सारको गोदाम।

माल-चरी–ना० [माल (प्रदेश)+चरी] कन्याङकुरुङ; क्रौञ्च।

माल-ताल–ना० [अ० माल+ताल (फा०)] मालहरूको समुदाय; माल-मत्ता; जेतेमेते।

मालती–ना० [सं०] १. दुइ-दुइ पात जोरिएका लाम्चा पात हुने, लाम्चै झुप्पाकार सुगन्धी सेता फूल फुल्ने एक जातको लता। २. त्यसैको फूल।

मालदह–ना० [?] एक जातको असल आँप।

माल-दाम्लो–ना० [माल+दाम्लो] दाइँ गर्दा सबै गोरुलाई एउटै जुवामा बाँध्ने एक किसिमको दाम्लो; नारा।

मालदार–ना० [अ० माल+दार (फा०)] धनी; धनाढ्य।

माल-धनी–ना० [माल+धनी] कुनै मालको हकदार; मालको धनी।

मालपुवा–ना० [?+पूप (सं०)] गुलियो र मसलाहरू हाली गहूँको पीठो रयालेर घिउमा पकाइने एक प्रकारको बाक्लो रोटी।

माल-पोत–ना० [माल+पोत] सरकारले असूल गर्ने जग्गा-जमीनको तिरो; माल; पोत; भूमि-कर।

माल-भूमि–ना० [सं०] पर्वतका फेदीको भूमि; बेँसी।

माल-भोग–ना० [?+भोग] १. असल एक जातको केरा। २. गाढ़ा पहेँलो असल एक जातको धान। ३. त्यसैको चामल।

माल-मत्ता–ना० [अ० माल+मुताअ] माल-ताल।

मालश्री–ना० [सं० मालसी] १. सायङ्कालमा गाइने एक रागिणी। २. दसैँ वा कुनै माङ्गलिक अवसरमा गाइने एक विशेष प्रकारको लय।

माला–ना० [सं०] १. फूल, दाना आदि एउटै सूत्रमा उनेर घाँटीमा लाउन दुइ छेउ जोड़ेको गोलाकार वस्तु; हार; माल्य। २. लहर; पङ्क्ति; ताँती।

मालाकार–ना० [सं०] १. माली। (वि०) २. मालाका आकारको।

माला-दीपक–ना० [सं०] साहित्यमा पहिले भनिसकिएका कुरा पछि-पछि उत्कर्षका कारण हुँदैजाने एक अर्थालङ्कार।

माला-दूर्वा–ना० [सं०] लहरे-दूबो।

मालामाल–वि० [माल+माल] धन-धान्यले पूर्ण; सम्पन्न; धनाढ्य।

मालिक–ना० [अ०] १. स्वामी; पति। २. ईश्वर। ३. पति; लोग्ने। ४. कुनै वस्तुको हकदार; धनी।

मालिका–ना० [सं०] सानो किसिमको माला।

मालिकिनी–ना० [मालिक+नी] मालिक्नी।

मालिक्नी–ना० [मालिक+नी] १. मालिककी स्त्री। २. स्त्री-मालिक।

मालिक्याइँ–ना० [मालिक+याइँ] मालिकको भाव; स्वामित्व।

मालिङ्गो–ना० [ने०] बलियो जातको लेकाली निगालो।

मालिनी–ना० [सं०] १. माली जातकी स्त्री; मालीकी पत्नी। २. पन्ध्र अक्षरका चरण हुने एक किसिमको वार्णिक छन्द।

मालिन्य–ना० [सं०] मलिन हुनाको भाव; मलिनता।

CC-0. In Public Domain. Digitization by eGangotri

मालिश–ना० [फा०] तेल, औषधि आदि घस्ने काम; मर्दन।

माली–वि० [सं०] १. माला लाउने; माला पहिरने। (ना०) २. बगँचा-सम्बन्धी काम गर्ने व्यक्ति; फूल बेचेर जीविका गर्ने व्यक्ति; मालाकार।

मालूम–वि० [अ० मअलूम] १. थाहा पाइएको; ज्ञात; विदित। २. प्रकट।

माले–वि० [झालेमाले] झालेमाले; छिरबिरे; टाटे-पाङ्ग्रे (पशु)।

मालोपमा–ना० [सं०] एक उपमेयका अनेक उपामानहरूको वर्णन गरिने र प्रत्येक उपमानको भिन्न-भिन्न धर्म हुने उपमा अलङ्कारको एक भेद।

माल्का–ना० [सं० माला] चर्खाको चक्का र सुइरोमा लाउने मोटो धागो।

माल्टा–ना० [अं० (टापू)] १. सुन्तलाका जस्ता पात, रगत-जस्तो रातो रस, गुलियो, मोसमजस्तो फल हुने, एक जातको बोट। २. त्यसैको फल।

माल्य–ना० [सं०] १. माला; हार। २. फूल; पुष्प।

मावल–ना० [सं० मातृ-कुल] मामाको घर; मावली।

मावल–ना० [ने०] नेपालको पश्चिमी क्षेत्रमा प्रचलित एक लोक-गीतको लय वा भाका।

मावली–ना० [मावल+ई] १. मामाको वंश; मातृ-कुल; मामाका बन्धु-वर्ग। २. मामाको घर; मावल।

माशा–ना० [फा०] आठ रत्तीको तौल; मासा।

माष–ना० [सं०] दाल खाइने एक प्रसिद्ध अन्न; मास।

माषपर्णी–ना० [सं०] बन-मास।

माषा–ना० [सं०] मासा; माशा।

मास–ना० [सं०] वर्षको बाह्रौं भाग; महीना।

मास–ना० [सं० माष] १. बाटुला किसिमका झुसिला पात, पहेँला फूल र लामा कोसा फल्ने एक जातको लहरो। २. त्यसैका कोसाभित्र फल्ने दाल-जातिको अन्न। (यसका अनेक जात छन्। आयुर्वेदमा यसको गुण पुष्टि-कारक, बल-वर्द्धक र शुक्र-वर्द्धक बताइएको छ।)

मास-तमाम–ना० [सं० मास+तमाम (अ०)] स्रेस्तामा महीनाभरको काम वा त्यसको रिपोर्ट।

मास-लहरी–ना० [सं० मास+लहरो+ई] लाम्चा पात र हरिया साना फूल हुने एक जातको भइँ-झार।

मासा–ना० [फा० माशा] आठ रत्तीको तौल; एक तोलाको बाह्रौं भाग; माशा।

मासान्त–ना० [सं०] १. मासको अन्त; महीनाको आखिर। २. महीनाको आखिरी दिन। ३. अमावस्या।

मासिक–वि० [सं०] १. मास-सम्बन्धी; महीनाको। २. प्रतिमास हुने; प्रत्येक महीनामा हुने। ३. महीनामा एक पटक निस्कने वा प्रकाशित हुने (पत्र, पुस्तिका आदि)। (ना०) ४. महीनावारी; वेतन। ५. मरेका वर्ष दिन-सम्म प्रतिमहीना गरिने श्राद्ध। ६. स्त्रीको रजोधर्म।

मासिक-धर्म–ना० [सं०] स्त्रीहरूको प्रतिमास हुने रजोधर्म; ऋतु।

मासिक-पत्र–ना० [सं०] महीना-महीनामा निस्कने पत्र; हरेक महीनामा एक पटक निस्कने पत्र।

मासिक-पत्रिका–ना० [सं०] प्रतिमास निस्कने पत्रिका; महीनामा एक चोटि प्रकाशित हुने पत्रिका।

मासिनु–अ० क्रि० [मास्+इ+नु] १. खर्च हुनु; व्यय हुनु; ह्रासिनु। २. कम हुनु; घट्नु। ३. मर्नु। ४. नष्ट हुनु। ५. ग्लिनु। (स० क्रि०) ६. खर्च गरिनु; ('मास्नु'-को क० क्रि०)।

मासी–ना० [मासु] १. नली-हाड़भित्र हुने बोसोजस्तो पदार्थ; मज्जा। २. आउँ; आम। ३. सामर्थ्य; खूबी।

मासु–ना० [सं० मांस] १. प्राणीका शरीरमा हाड़ र छालाका बीचमा रहने नरम पदार्थ; मांस। २. फलमा कोया र बोक्राका बीचमा रहने खाद्य पदार्थ; फलको गुदी। ३. पोशाकमा सिउनीभित्र रहेको जगेड़ा कपड़ा।

मास्केवारी–ना० [सं० मासक+वार (फा०)] स्रेस्तामा महीनाभरी गरेका कामको सङ्क्षिप्त फाँटवारी।

मास्टर–ना० [अं०] १. अङ्ग्रेजी ढङ्गले पढ़ाउने शिक्षक; अङ्ग्रेजी ढङ्गका विद्यालयको अध्यापक। २. सूचीकार, सङ्गीत-कार आदिको मान-बोधक शब्द।

मास्टरी–ना० [मास्टर+ई] मास्टरको काम वा पेशा।

मास्तिर–ना० यो० [माथि+तिर] माथितिर; उँभोत्तिर।

मास्नु–स० क्रि० [सं० मृष्+नु] १. खर्च गर्नु; व्यय गर्नु; ह्रास्नु। २. खोटचाउनु। ३. भजाउनु; सटही गर्नु। ४. दास बनाउनु; कमारो पार्नु। ५. मार्नु। ६. नष्ट गर्नु।

माहात्म्य–ना० [सं०] १. महिमा; गुण-गान। २. गौरव; महत्त्व। ३. कुनै व्रत, स्नान, पूजन आदि धार्मिक कार्यको फल। ४. त्यसको वर्णन गरिएको रचना वा ग्रन्थ।

माहिली–वि० [माहिलो+ई] १. दिदी-बहिनीहरूमा जन्मका क्रमले दोस्री; जेठीभन्दा मनिकी; माइली। २. माहिलाकी (स्त्री)। ३. क्रम वा आकारमा प्रथम वा सबभन्दा ठूली-भन्दा दोस्री।

माहिलो–वि० [प्रा० मज्झिल्ल] १. दाजु-भाइहरूमा जन्मका क्रमले दोस्रो; जेठो र साहिँलोका बीचको; माइलो। २. माहिलीको (लोग्ने)। ३. क्रम वा आकारमा पहिलो वा सबभन्दा ठूलोभन्दा दोस्रो।

माहुते–ना० [सं० महामात्र] हात्ती हाँक्ने मानिस; फीलबान।

माहुर–ना० [ने०] विवाहमा पुरोहितले वर र वधूलाई लेखेर दिइने आशीर्वाद-पत्र।

माहुर–ना० [सं० मधुपर्क] विवाहमा दुलाह र दुलहीले परस्परमा खुवाउने घिउ, मह र दही मिसाएको खाद्य पदार्थ; मधुपर्क।

माहुर–ना० [सं० महावर्ण] स्त्रीहरूले नङ, पैताला आदि रँगाउने रातो रङ।

CC-0. In Public Domain. Digitization by eGangotri

माहुरी–ना० [प्रा० महुअरी] फूलहरूको रस चुसेर चाकामा मह पार्ने, ठूलो झीँगाजस्तो एक जातको कीरो; मधु-कर; माउरी।

माहेश्वर–वि० [सं०] १. महेश्वर-सम्बन्धी। (ना०) २. महेश्वरको उपासक; शैव।

माहेश्वरी–ना० [सं०] १. दुर्गा। २. सात मातृकामध्ये एक। (वि०) ३. महेश्वर-सम्बन्धी।

मिक्स्चर–ना० [अं०] अनेक औषधि मिलाइएको पेय औषधि।

मिच-माच–ना० [मिच्+माच (फाँ०)] धमाधम वा बेसरी मिच्ने काम; किच-काच।

मिचाइ–ना० [मिच्+आइ] मिच्ने किसिम, क्रिया वा भाव।

मिचाइनु–स० क्रि० [मिचाउ+इ+नु] मिच्न लाइनु; ('मिचाउनु'-को क० क्रि०)।

मिचाउनु–स० क्रि० [मिच्+आउ+नु] मिच्न लाउनु; ('मिच्नु'-को प्रे० क्रि०)।

मिचान–ना० [मिच्+आन] मिच्ने काम; मिचाइ।

मिचामिच–ना० [मिच्+मिच्] १. परस्परमा एकले अर्कोलाई मिच्ने काम। २. कामको भीड़; मिचो। ३. धमाधम मिच्ने काम।

मिचाहा–वि० [मिच्+आहा] १. मिच्ने स्वभावको; भनेको नटेर्ने; अटेर। २. हेपाहा। ३. चाप्ने; पेलाहा। ४. रीति-स्थिति नमान्ने।

मिचिनु–स० क्रि० [मिच्+इ+नु] मलिनु; दाबिनु; ('मिच्नु'-को क० क्रि०)।

मिचो–ना० [मिच्+ओ] १. काम-काजको भीड़। २. घुइँचो; हूल-मूल।

मिच्नु–स० क्रि० [सं० मर्दन+नु] १. मल्नु; दाब्नु। २. थिच्नु; दबाउनु; ठेल्नु। ३. गिजोल्नु; माड्नु। ४. थिचोमिचो गर्नु; दमन गर्नु। ५. नटेर्नु; वास्ता नराख्नु। ६. चाप्नु; सीमाको उल्लङ्घन गर्नु।

मिजाज–ना० [अ० मिज़ाज] मिजास।

मिजायसी–वि० [मिजासी] मिजासी; मिजासिलो।

मिजार–ना० [मिझार] मिझार।

मिजारी–ना० [मिजार+ई] मिझारी।

मिजारे–ना० [मिजार+ए] मिझारे।

मिजास–ना० [अ० मिज़ाज] १. बानी-बेहोर; शील-स्वभाव। २. राम्रो बोली-वचन र व्यवहार; शिष्टाचार। ३. स्वभाव; प्रकृति।

मिजासिलो–वि० [मिजास+इलो] राम्रो मिजास भएको; मिजासी।

मिजासी–वि० [मिजास+ई] राम्रो बोली-वचन र व्यवहार वा शिष्टाचार भएको; राम्रो मिजास भएको; मिजासिलो।

मिझार–ना० [नें०] १. सार्कीको मान-बोधक शब्द। २. गाउँको एक किसिमको मुखिया; तालुकदारभन्दा तल्लो दर्जाको, गाउँमा कर उठाउने अधिकारी; मिझारे।

मिझारी–ना० [मिझार+ई] मिझारको काम वा पद।

मिझारे–ना० [नें०] मिझार।

मिटर–ना० [अं०] मीटर।

मिटिक–ना० [मिलिक्क] १. क्षण; छिन। २. आँखा झिम गर्ने काम; निमेष।

मिट्टी–ना० [मट्टी] मट्टी।

मिठाई–ना० [मीठो+आइ] मीठो वा गुलियो रोटी; हलुवाई-रोटी; मिष्टान्न।

मिठास–ना० [मीठो+आस] मीठो हुनाको भाव; गुलियोपन; माधुर्य।

मिठिनु–अ० क्रि० [मीठो+इ+नु] १. अर्कालि अमिलो वा मीठो वस्तु खाएको देख्दा मुखमा पानी उम्रनु; मुख रसाउनु। २. मीठो हुनु।

मिठ्याइ–ना० [मिठि+याइ] मिठिने किसिम, क्रिया वा भाव।

मिठ्याइ–ना० [मिठ्याउ+आइ] मिठ्याउने किसिम, क्रिया वा भाव।

मिठ्याइनु–स० क्रि० [मिठ्याउ+इ+नु] मीठो वस्तु खाई मुख मीठो पारिनु; ('मिठ्याउनु'-को क० क्रि०)।

मिठ्याउनु–स० क्रि० [मिठि+याउ+नु] १. नमीठो वस्तु खाँदा बिग्रेको मुखलाई मीठो वस्तु खाई मीठो पार्नु। २. अर्कालि खाएको देखेर खान नपाउँदा त्यस वस्तुको स्वाद सम्झी जिब्रो खेलाउनु; थूक निल्नु। ३. थोरै मीठो वस्तु खाई जिब्रो ल्याप-ल्याप पार्नु।

मिडिल–वि० [अं०] बीचको; माध्यमिक।

मिडिल-स्कूल–ना० [अं०] माध्यमिक कक्षासम्म पढ़ाइने स्कूल; माध्यमिक पाठशाला।

मित–वि० [सं०] १. थोरै; अलिकत्ति। २. सीमा बाँधिएको; परिमित।

मित-भाषी–वि० [सं०] कम बोल्ने; अल्प-भाषी।

मित-व्यय–ना० [सं०] खर्च कम गर्नु; किफायत।

मित-व्ययिता–ना० [सं०] मित-व्ययी हुनाको भाव; किफायती हुनाको भाव।

मित-व्ययी–वि० [सं०] कम खर्च गर्ने; किफायतसाथ खर्च गर्ने।

मितार्थ–ना० [सं०] परिमित अर्थ भएको; सीमित अर्थ भएको।

मितार्थक–वि० [सं०] थोरै शब्द भनेर चातुर्यले आफ्नो काम सिद्ध गर्ने (दूत)।

मिताहार–वि० [सं०] १. थोरै खाने; धेरै खान नसक्ने वा नखाने। (ना०) २. परिमित आहार।

मिताहारी–वि० [सं०] थोरै वा परिमित खाना खाने; मिताहार।

मिति–ना० [सं०] १. मान; परिमाण। २. सीमा; हद। ३. समयको सीमा; म्याद; अवधि। ४. कुनै दिन तोक्नाका

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त लेखिने साल, महीना, गते, वार आदि; तारीख।

मितिनी–ना० [मीत+इनी] १. मितेरी लाएकी स्त्री; स्त्री-मीत। २. सँगिनी। ३. मीतकी पत्नी। ४. पत्नीकी मीत लाएकी सखी।

मितिनी-बुहारी–ना० [मितिनी+बुहारी] मितिनीकी बुहारी।

मितेनी-बुहारी–ना० [मीत+एनी+बुहारी] मीतकी बुहारी।

मितेरी–ना० [मीत+एरी] मीतको भाव; मित्रता; दोस्तानी; मित्यारी।

मित्यारी–ना० [मितेरी] मितेरी।

मित्र–ना० [सं०] १. साथी; दोस्त; सँगी। २. सहायता गर्ने व्यक्ति; हित-चिन्तक। ३. मीत। ४. सूर्य।

मित्रता–ना० [सं०] मित्रको भाव; मैत्री।

मित्रत्व–ना० [सं०] मित्रता।

मित्र-द्रोह–ना० [सं०] १. मित्रप्रतिको द्रोह वा विरोध। २. मित्रलाई विश्वास-घात गर्नु वा धोखा दिनु।

मित्र-द्रोही–वि० [सं०] मित्रलाई धोखा दिने; मित्रप्रतिको विश्वास-घाती।

मिथः–क्रि० यो० [सं०] परस्पर; आपस; अन्योन्य।

मिथिला–ना० [सं०] पुराण-प्रसिद्ध जनक राजाको राज्य।

मिथुन–ना० [सं०] १. स्त्री-पुरुषको जोड़ा; दम्पती। २. स्त्रीस-मागम; मैथुन। ३. बाह्र राशिमध्ये एक।

मिथुन-गाई–ना० [सं० मिथुन+गाई] जङ्गली गाई।

मिथ्या–वि० [सं०] झूटो; असत्य।

मिथ्याचार–ना० [सं०] १. कपटपूर्ण आचरण। २. कपटी व्यक्ति।

मिथ्याचारी–वि० [सं०] मिथ्याचार गर्ने।

मिथ्या-ज्ञान–ना० [सं०] भ्रम; भ्रान्ति।

मिथ्या-दृष्टि–ना० [सं०] नास्तिकता।

मिथ्यापवाद–ना० [सं०] झूटो अपवाद; मिथ्या आरोप।

मिथ्या-भाषी–वि० [सं०] झूटो बोल्ने; असत्य-वादी।

मिथ्याभियोग–ना० [सं०] झूटो अभियोग; मिथ्या दोषारोपण।

मिथ्या-वादी–वि० [सं०] झूटो बोल्ने।

मिनट–ना० [अं० मिनिट] मिनेट।

मिनहा–वि० [अ०] १. घटाइएको; कम गरिएको। २. क्षमा गरिएको; माफ। (ना०) ३. असूल गर्नुपर्ने रकम कुनै कारण-वश छोड़िदिनु।

मिनिट-बूक–ना० [अं०] सभा, बैठक आदिमा भएका कार्यहरूको सविस्तर विवरण लेख्ने पुस्तक।

मिनिस्टर–ना० [अं०] मन्त्री; अमात्य।

मिनिस्टरी–ना० [अं० मिनिस्ट्री] १. मिनिस्टरको काम वा पद। २. मन्त्रि-मण्डल।

मिनेट–ना० [अं० मिनिट] साठी सेकेन्डको समय; एक घण्टाको साठियाँ भाग।

मिन्जालिक–ना० [?] आबर्जेमा खर्चको महल।

मिन्ट–ना० [अं०] टकसार।

मिमियाँ–ना० [फा० मोमियाई] चोट-पटक लागेका ठाउँमा लगाउने एक औषधि।

मियाँ–ना० [ने०] धानको नाश्री; चामलमा मिसिएर आउने कनिकाजस्तो भूस।

मियाँ–ना० [फा०] मुसलमानको मान-बोधक शब्द।

मियान–ना० [फा०] म्यान।

मियाना–ना० [फा०] म्याना।

मियो–ना० [सं० मेधि] १. दाइँ गर्दा खलाका बीचमा गाड़िने खम्बा। २. सभा, संस्था आदिको प्रधान व्यक्ति। ३. घरको माउ।

मिरगी–ना० [मृगी] मृगी; छारे-रोग।

मिरजाब–ना० [?] नक्खी।

मिरमिच्चे–वि० [ने०] दुब्लो; पातलो; ख्याउटे।

मिरमिर–क्रि० यो० [ने०] १. अलि-अलि उज्यालो हुने किसिम; रिमरिम; मिरमिरे। (ना०) २. अलि-अलि उज्यालो भएको बिहानी-पखको समय।

मिरमिरे–क्रि० यो० [मिरमिर+ए] मिरमिर।

मिर्ग–ना० [सं० मृग] मृग।

मिर्गाई–ना० [सं० मृग+गाई] नील-गाई।

मिर्गौलो–ना० [सं० मेरु+गोला] १. कम्मरनिर मेरु-दण्डका दायाँ-बायाँ रहने दुइ मांस-पिण्ड। २. अण्ड-कोष।

मिल–ना० [अं०] कारखाना।

मिलजुल–ना० [मिल्+जुट] परस्परको मेल; मिले-मतो; मित्रता।

मिलन–ना० [सं०] १. भेट; संयोग; मुलाकात। २. जम्मा हुनु; भेला हुनु। ३. मिल्नु; मिश्रण।

मिलन-शील–वि० [सं०] मिलनसार।

मिलनसार–वि० [मिलन+शील] सबैसित मिल्ने स्वभावको; मिलजुल गर्ने प्रकृतिको; मिलन-शील।

मिलाइ–ना० [मिलाउ+आइ] मिलाउने किसिम, क्रिया वा भाव।

मिलाइ–ना० [मिल्+आइ] मिल्ने किसिम, क्रिया वा भाव।

मिलाइनु–स० क्रि० [मिलाउ+इ+नु] एकसाथ जोड़िनु; ('मिलाउनु'-को क० क्रि०)।

मिलाउनु–स० क्रि० [मिल्+आउ+नु] १. एकसाथ जोड्नु; टाँस्नु। २. छयासमिस पार्नु; मिसाउनु। ३. भेट गराउनु। ४. ठीक-ठाक पार्नु; प्रबन्ध गर्नु। ५. मेल गराउनु। ६. दुलहा र दुलहीका चिह्ना, टिप्पन वा ग्रह-दशाहरू दाँज्नु; वर-वधूका ग्रहहरू मिल्छन् कि मिल्दैनन् भनी हेर्नु। ७. समान गराउनु; ('मिल्नु'-को प्रे० क्रि०)।

मिलान–ना० [मिल्+आन] १. मेल; मिलाप। २. मिसिने काम; मिश्रण। ३. दाँज्ने काम; रुजू।

मिलाप–ना० [मिल्] १. मेल; मित्रता। २. भेट; संयोग। ३. सम्बन्ध।

मिलापत्र–ना० [मिलाप+पत्र] झगड़ियाहरूले परस्परमा

CC-0. In Public Domain. Digitization by eGangotri

मिली झगड़ा छोड़ी लेखिदिने कागत ।

मिलावट–ना० [मिल्+आवट] १. मिलाउने काम; मिलान; मिश्रण । २. असल र खराब वस्तुको मिश्रण । ३. मिलाइने वस्तु; कसर ।

मिलिक्क–क्रि० यो० [ने०] १. एकै छिन देखा पर्ने किसिम; एक्कासि देखा परेर हराउने किसिम; झिलिक्क; झुलुक्क । २. आँखा झिम गर्ने किसिम; झिमिक्क ।

मिलिटरी–वि० [अं०] १. सेना-सम्बन्धी; जङ्गी; फौजी । (ना०) २. सेना; फौज ।

मिलिटरी-सेक्रेटरी–ना० [अं०] सैनिक-सचिव ।

मिलित–वि० [सं०] १. मिलेको; मिश्रित । ५. जोड़िएको; संयुक्त ।

मिलिनु–अ० क्रि० [मिल्+इ+नु] मिल्ने वा जोड़िने होइनु; ('मिल्नु'-को भा० क्रि०) ।

मिलिन्द–ना० [सं०] भमरो; भ्रमर ।

मिलिशिया–ना० [अं० मिलिशा] मिलिसिया ।

भिलिसिया–ना० [अं० मिलिशा] जिल्ला-जिल्लामा सुरक्षाका निमित्त राखिएको, केही फौजी तालीम पाएको फौज ।

मिलीजुली–क्रि० यो० [मिलजुल+ई] आपसमा मिलजुल गरी; मिले-मतो गरी; मित्रता गरी ।

मिले-मतो–ना० [मिल्+मत+ओ] १. परस्परको मेल; आपस्तको मिलाप; मिलजुल । २. परस्परको मतो; सर-सल्लाह; परामर्श ।

मिल्काइ–ना० [मिल्काउ+आइ] मिल्काउने किसिम, क्रिया वा भाव ।

मिल्काइनु–स० क्रि० [मिल्काउ+इ+नु] फ्याँकिनु; फालिनु; ('मिल्काउनु'-को क० क्रि०) ।

मिल्काउनु–स० क्रि० [प्रा० मिल्लइ+आउ+नु] १. फ्याँक्नु; फाल्नु । २. हुत्त्याउनु; हुर्‍याउनु । ३. छोड्नु; त्याग्नु ।

मिल्ती–ना० [मिल्+ती] मेल; मिलाप ।

मिल्दो–वि० [मिल्+दो] १. मिल्ने किसिमको; मिलनसार । २. मनासिब; उचित । ३. सुहाउँदो ।

मिल्दोजुल्दो–वि० [मिलजुल+दो] १. परस्परमा मिल्ने; मिलनसार । २. सुहाउँदो; मिल्दो ।

मिल्नु–अ० क्रि० [सं० मिल्+नु] १. दुइ वा धेरै वस्तु एकसाथ जोड़िनु; टाँसिनु । २. छ्यासमिस हुनु; मिसिनु । ३. भेट हुनु; भेटिनु । ४. एकत्र हुनु; जम्मा हुनु । ५. ठीक हुनु; दुरुस्त हुनु । ६. पाउनु; प्राप्त हुनु । ७. मेल हुनु; मिलाप हुनु । (स० क्रि०) ८. भेट गर्नु; मुलाकात गर्नु । ९. मेल गर्नु; मित्रता गर्नु । १०. मेल खानु; बराबर हुनु । ११. वर-वधूका चिह्ना-टिप्पन वा ग्रह-गति ठीक वा परस्परमा अनुकूल हुनु ।

मिशन–ना० [अं०] १. कुनै विशिष्ट कार्यका निम्ति खटिएको प्रतिनिधि-मण्डल । २. विशिष्ट र निर्धारित्त काम ।

मिश्र–वि० [सं०] १. मिलेको वा मिलाइएको; मिश्रित । (ना०) २. ब्राह्मण वर्गको एक थर । ३. श्रेष्ठ पुरुष ।

मिश्रण–ना० [सं०] दुइ वा धेरै पदार्थ मिसाउने काम; मिसावट ।

मिश्रित–वि० [सं०] मिसाइएको; मिलाइएको; मिलावट भएको ।

मिष–ना० [सं०] १. छल; कपट । २. निहुँ; बहाना । ३. होड़; स्पर्धा ।

मिष्ट–वि० [सं०] १. गुलियो; मीठो । २. स्वादिष्ट । (ना०) ३. मिठास; माधुर्य । ४. मिठाई; मिष्टान्न ।

मिष्ट-निम्बू–ना० [सं०] चाक्सी फल ।

मिष्ट-भाषी–वि० [सं०] मीठो बोली बोल्ने; मधुर-भाषी ।

मिष्टान्न–ना० [सं०] हलुवाई-रोटी; मिठाई ।

मिस–ना० [अं०] १. भूल; चूक; गल्ती । २. असफलता; कुमारी; कन्या । ३. विवाह वा पति नभएकी स्त्री ।

मिस-मास–ना० [मिस्+मास (फाँ०)] धेरै किसिमका वस्तुहरू एकसाथ मिसिने काम; छ्यासमिस ।

मिसाइ–ना० [मिस्+आइ] मिसिने किसिम, क्रिया वा भाव ।

मिसाइ–ना० [मिसाउ+आइ] मिसाउने किसिम, क्रिया वा भाव ।

मिसाइनु–स० क्रि० [मिसाउ+इ+नु] धेरै थरी वस्तुहरूलाई एकसाथमा मिलाइनु; ('मिसाउनु'-को क० क्रि०) ।

मिसाउनु–स० क्रि० [मिस्+आउ+नु] १. धेरै थरी वस्तुहरूलाई एकसाथ मिलाउनु; छ्यासमिस पार्नु; सरोबरी गर्नु वा गराउनु; मिस्नु । २. सम्भोग गराउनु ।

मिसा-खत–ना० [नेवा० मिसा+खत] विवाह वा यौन-सम्बन्धका विषयमा स्त्री-जातिले लुकी-छिपी गरेका अभियोगमा लाग्ने खत ।

मिसावट–ना० [मिसाउ+आवट] १. मिस्ने वा मिलाउने काम; मिश्रण; मिसाइ । २. कुनै वस्तुमा मिलाइएको अर्को वस्तु; मिसौट ।

मिसावटी–वि० [मिसावट+ई] मिसावट भएको; मिसौट गरिएको ।

मिसाहा–वि० [मिसाउ+आहा] १. मिसिएको; छ्यासमिस भएको । २. मिसाउने स्वभावको ।

मिसिनी–ना० [अं० मिस+नी] प्रसव गराउने र स्त्रीहरूको सामान्य ओखती-मूलो गर्ने नर्स अथवा त्योभन्दा माथिल्लो काम गर्ने स्त्री ।

मिसिनु–अ० क्रि० [मिस्+इ+नु] १. धेरै थरीका वस्तु एकसाथ मिल्नु; छ्यासमिस हुनु; मिश्रित हुनु । २. सम्मिलित हुनु; शरीक हुनु । ३. भाले-पोथीको समागम हुनु । (स० क्रि०) ४. मिस्ने होइनु; ('मिस्नु'-को क० क्रि०) ।

मिसिल–ना० [अ०] कुनै विषयमा काररवाई भएका कागत-पत्रहरूको ठेली ।

मिसिल-फाँट–ना० [मिसिल+फाँट] काम सकिएका पुराना

CC-0. In Public Domain. Digitization by eGangotri

कागत-पत्र राख्ने अड्डा।

मिसी—ना० [फा०] दाँत माझ्ने मन्जन; दन्त-मन्जन।

मिसौट—ना० [मिस+औट] मिसावट।

मिसौटे—वि०[मिस्+औटे] १. मिसाइएको। २. मिसाउने।

मिस्कट—वि० [अं० मिक्स्ड] १. दुइ वा धेरै थरीका वस्तु मिसिएको; मिसौटे।

मिस्टर—ना० [अं०] १. नाम वा पदको अगिल्तिर लगाइने एक सम्मान-सूचक शब्द; श्री-युत। २. महाशय; महोदय।

मिस्त्री—ना० [पुर्त० मेस्ट्रे] कालिगड़; कर्मी।

मिस्नु—स० क्रि० [सं० मिश्र+नु] मिसाउनु।

मिस्र—ना० [अ०] अफ्रिका महादेशको उत्तर-पूर्वी भागमा रहेको एक प्राचीन देश।

मिस्री—ना० [मिस्र (देश)+ई] १. चीनी पगाली डल्लो वा चक्कीका रूपमा बनाएको खाद्य पदार्थ। (वि०) २. मिस्र देशको।

मिस्री-आँप—ना० [मिस्री+आँप] मिस्रीजस्तो गुलियो एक जातको असल आँप।

मिहिनेत—ना० [अ० मेहनत] मेहनत।

मिहिर—ना० [सं०] १. सूर्य। २. चन्द्रमा।

मिही—ना० [मिहीन] मिहीन।

मिहीन—वि० [सं० मसृण] १. मसिनु; मिही। २. धूलो; मैदा। ३. नरम; कोमल (स्वर) ३. सूक्ष्म। ४. सुकुमार (काम)।

मिह्ना—ना० [मिनहा] मिनहा।

मीटर—ना० [अं०] १. पानी, करेन्ट आदिको खर्च र मोटर, सन-साइकल आदिको गति नाप्ने यन्त्र। २. विस्तार वा लमाइ नाप्ने एक नापो। (यो ३९-३७ इन्चको हुन्छ।)

मीठा-पानी—ना० [मीठो+पानी] फलको सेन्ट मिलाएर बोतलमा भरेको एक प्रकारको फीका शर्बत।

मीठे-फापर—ना० [मीठो+फापर] गुलियो स्वाद हुने एक जातको फापर।

मीठो—वि० [सं० मिष्ट] १. चीनी, मह आदिको जस्तो स्वादको; गुलियो; मधुर। २. मनपर्दो स्वादको; स्वादिलो; स्वादिष्ट। ३. प्यारो; प्रिय (बोली)। ४. मन पर्ने; रमाइलो (कुरो)। (ना०) ५. गुलियो स्वाद; मधुर स्वाद। ६. मनपर्दो वा इच्छा-लाग्दो स्वाद। ७. मनपर्दो स्वादको खाद्य पदार्थ।

मीठो-पीठो—ना० [मीठो+पीठो] मीठो वा नमीठो खाना; परिस्थितिले जुराएको खानेकुरो।

मीडियम—ना० [अं०] १. अठार इन्च गज र तेईस इन्च लमाइ भएका कागतको नाप। २. माध्यम। (वि०) ३. मझौला; मध्यम खालको।

मीत—ना० [सं० मित्र] विधिपूर्वक बनाइएको साथी; सँगी; मित्र।

मीत-छोरो—ना० [मीत+छोरो] मीतको छोरो।

मीत-बुहारी—ना० [मीत+बुहारी] १. मीतकी बुहारी; मितेनी-बुहारी। २. मितिनीकी बुहारी; मितिनी-बुहारी।

मीन—ना० [सं०] १. माछो; मत्स्य। २. ज्योतिषका बाह्र राशिमध्ये एक।

मीन-केतन—ना० [सं०] कामदेव।

मीन-पचास—ना० [सं० मीन+पचास] मङ्सीर एक्काईस गतेदेखि माघ दस गतेसम्मको जाड़ाको समय।

मीना—ना० [फा०] सुन, चाँदी आदि धातुमा बुट्टा भर्ने एक प्रकारको रङ्ग।

मीनाकारी—ना० [फा०] सुन, चाँदी आदि धातुमा मीनाले बुट्टा आदि बनाउने काम।

मीनार—ना० [अ० मिनारः] स्तम्भ-रूपमा बनेको उच्च इमारत; धरहरा।

मीम—ना० [अं० मेडम] १. ताशको बाह्र फुट्टी मानिएको, रानीको चित्र भएको पत्ती; वजीर। २. यूरोपीय जातिकी स्त्री।

मीम-पोशाक—ना० [मीम+पोशाक] टाँकवाल चोलो र जामा जोरेर बनाइएको एक किसिमको जनाना पोशाक।

मीमांसक—वि० [सं०] १. कुनै विषयको विवेचना वा मीमांसा गर्ने। (ना०) २. मीमांसा शास्त्रको पण्डित।

मीमांसन—ना० [सं०] मीमांसा गर्ने काम; विवेचना।

मीमांसा—ना० [सं०] १. अनुमान र तर्क-वितर्कबाट कुनै विषयको वास्तविकता वा तथ्य पत्ता लगाउने काम; तत्त्व-निर्णय; विवेचना। २. वैदिक कर्मकाण्डहरूको निरूपण र मन्त्रहरूको अर्थ-सम्बन्धी शङ्का-समाधान गरिएको एक दर्शन शास्त्र; षड्-दर्शनमध्ये एक।

मीमांसित—वि० [सं०]मीमांसा गरिएको; विवेचना गरिएको।

मीमांस्य—वि० [सं०] मीमांसा गर्न योग्य।

मीयाद—ना० [अ०] म्याद।

मीयादी—वि० [अ०] म्यादी।

मीर—ना० [फा०] १. सरदार। २. प्रधान। ३. खेलमा पहिला भएर जित्ने खेलाड़ी।

मीर-सुब्बा—ना० [फा० मीर+सुब्बा] सुब्बाभन्दा माथि र सरदारभन्दा तलको एक उच्च निजामती दर्जा।

मील—ना० [अं० माइल] सत्र सय साठी गज लमाइको नाप; करीब आधा कोसको लमाइ; माइल।

मीलन—ना० [सं०] १. आँखा चिम्लनु। २. खुम्चिनु।

मीलित—वि० [सं०] १. आँखा बन्द भएको; चिम्लेको। २. खुम्चेको; सङ्कुचित। (ना०) ३. उपमान र उपमेयको भेद नदेखिँदा हुने एक अर्थालङ्कार।

मुअत्तल—वि० [अ०] अभियोग लाग्दा त्यसको अन्तिम निर्णय नहुन्जेल आफ्नो कामबाट हटाइएको (कर्मचारी)।

मुआवजा—ना० [अ० मुआवज़ा] कुनै वस्तुका बदलामा दिइने अर्को वस्तु; साटो; हर्जाना; क्षति-पूर्ति।

मुकदमा—ना० [अ० मुक़द्दमा] मुद्दा; मामिला; झगड़ा।

CC-0. In Public Domain. Digitization by eGangotri

मुकर–ना० [फा० मुक़र्रर] निश्चय; निधो।

मुकर्रर–वि० [अ० मुक़र्रर] १. ठहराएको; निश्चय गरिएको; निश्चित। २. खटाइएको; नियुक्त।

मुकाबला–ना० [अ० मुक़ाबिलः] १. सामना; मुकाबिला। २. मुठभेड़; प्रतिद्वन्द्विता। ३. लड़ाइँ; युद्ध। ४. बराबरी; दाँजो। ५. विरोध।

मुकाबिला–ना० [अ० मुक़ाबिल] १. प्रतिद्वन्द्विता; प्रतिस्पर्द्धा। २. लड़ाइँ; युद्ध। ३. समानता; बराबरी।

मुकाम–ना० [अ० मुक़ाम] १. यात्रा वा भ्रमणमा जाँदा बाटामा बस्ने ठाउँ; वास; डेरा। २. विश्राम।

मुकुट–ना० [सं०] देवता वा राजाले लगाउने विशेष प्रकारको शिरोभूषण; मकुट।

मुकुन्डो–ना० [मकुन्डो] मकुन्डो।

मुकुन्द–ना० [सं०] १. विष्णु। २. कृष्ण। ३. कुबेरका नौ निधिमध्ये एक।

मुकुन्दक–ना० [सं०] १. प्याज। २. सठिया धान।

मुकुन्दसेन–ना० [सं०] सं० १७७५-तिर पाल्पामा राज्य गर्ने एक प्रसिद्ध राजा।

मुकुर–ना० [सं०] १. ऐना; दर्पण। २. कोपिलो।

मुकुरिइनु–अ० क्रि० [मकुरि+इ+नु] उकुस-मुकुस होइनु; ('मुकुरिनु'-को भा० क्रि०)।

मुकुरिनु–अ० क्रि० [प्रा० मुक्कुरुड+इ+नु] १. उकुस-मुकुस हुनु; ठेलमठेल हुनु। २. सानो भाँडोमा धेरै अन्न पकाउँदा खाँदिएर राम्ररी नपाक्नु; भटारिनु। ३. अररिनु; अन्याय आदि सहेर बस्नु।

मुकुरो–ना० [बुकुरो] बुकुरो।

मुकुन्याइ–ना० [मुकुन्याउ+इ] मुकुन्याउने किसिम, क्रिया वा भाव।

मुकुन्याइ–ना० [मुकुरि+याइ] मुकुरिने किसिम, क्रिया वा भाव।

मुकुन्याइनु–स० क्रि० [मुकुन्याउ+इ+नु] उकुस-मुकुस पारिनु; ('मुकुन्याउनु'-को क० क्रि०)।

मुकुन्याउनु–स० क्रि० [मुकुरि+याउ+नु] सानो भाँडोमा धेरै अन्न खाँदेर पकाउनु; उकुस-मुकुस पार्नु; भटार्नु।

मुकुन्याहट–ना० [मुकुरि+याहट] मुकुरिने किसिम, क्रिया वा भाव; मुकुन्याइ।

मुकुल–ना० [सं०] १. कोपिलो। २. शरीर। ३. आत्मा।

मुकुलित–वि० [सं०] १. कोपिला लागेको। २. केही फुलेको; अलिकतिमात्र फक्रेको।

मुक्का–ना० [सं० मुष्टिका] हान्नाका निमित्त बाँधेको मुट्ठी; घुस्सा; मुड्की; मुक्की।

मुक्का-मुक्की–ना० [मुक्का+मुक्की] परस्परमा मुक्काले हान्ने काम; पिटापिट।

मुक्की–ना० [मुक्का+ई] मुक्का; मुड्की।

मुक्क्याइ–ना० [मुक्क्याउ+आइ] मुक्क्याउने किसिम, क्रिया वा भाव।

मुक्क्याइनु–स० क्रि० [मुक्क्याउ+इ+नु] मुक्काले हानिनु; ('मुक्याउनु'-को क० क्रि०)।

मुक्क्याउनु–स० क्रि० [मुक्का+याउ+नु] मुक्काले हान्नु; मुड्क्याउनु।

मुक्त–वि० [सं०] १. मुक्ति पाएको; मोक्ष प्राप्त भएको। २. बन्धनबाट छुटेको; बन्धन-रहित। ३. फालिएको; मिल्काइएको। ४. खुला।

मुक्त-कण्ठ–ना०[सं०] सङ्कोच नमानीकन स्पष्ट रूपमा भन्नु।

मुक्त-छन्द–ना० [सं०] मात्रा, वर्ण आदिको गणना नगरी उक्तिको वेगअनुसार चरणहरू छुट्ट्याइने एक किसिमको छन्द।

मुक्त-हस्त–वि० [सं०] १. उदार; दानी। (ना०) २. खुला हात।

मुक्त-हृदय–वि० [सं०] उदार हृदय भएको।

मुक्ता–ना० [सं०] १. मोती। २. वेश्या।

मुक्ता-फल–ना० [सं०] मोती।

मुक्ता-मणि–ना० [सं०] मोती।

मुक्तात्मा–वि० [सं०] १. मोक्ष प्राप्त गरेको। २. आसक्ति-रहित।

मुक्तावली–ना० [सं०] मोतीको माला।

मुक्ति–ना० [सं०] १. बन्धनबाट छुट्ने काम; छुटकारा। २. धार्मिक विश्वासअनुसार वार-वार हुने जन्म-मरणको बन्धनबाट छुट्नु; मोक्ष। (यसका सालोक्य, सामीप्य, सारूप्य र सायुज्य–यी चार अवस्था हुन्छन्।) ३. स्वतन्त्रता; आजादी।

मुक्तिका–ना० [सं०] मोती।

मुक्ति-क्षेत्र–ना० [सं०] १. नेपालको बाग्लुङ जिल्लाको उत्तरीय क्षेत्रमा रहेको एक प्रसिद्ध तीर्थ-स्थान। (काली नदीको उद्गम-स्थान यही हो।) २. काशी।

मुख–ना० [सं०] १. चेहरा; अनुहार; आनन। २. प्राणीहरूको बोल्ने र खाने अवयव। ३. कुनै वस्तुको अगिल्लो भाग; मोहड़ा। ४. आरम्भ; शुरू। ५. ढोका; द्वार। ६. नाटकका पाँच सन्धिमध्ये एक।

मुख-तोड़–वि० [मुख+तोड़्] मर्म पर्ने वा जवाब दिन नसक्ने गरी कसैलाई तुरुन्त दिइएको (उत्तर)।

मुख-पट–ना० [सं०] घुम्टो; घुम्टी।

मुख-पतित–वि० [सं०] आफ्नै मुखले आफूले गरेको कुनै अपराध स्वीकार गर्ने।

मुख-पत्र–ना० [सं०] कुनै संस्था वा दलको विचार, सिद्धान्त तथा उद्देश्यको प्रतिपादन गर्ने सामयिक-पत्र।

मुख-पृष्ठ–ना० [सं०] पुस्तक-पुस्तिका र पत्र-पत्रिकाको अगिल्लो वा बाहिरी पृष्ठ।

मुख-बन्ध–ना० [सं०] ग्रन्थको प्रस्तावना; भूमिका।

मुख-मण्डल–ना० [सं०] अनुहार; चेहरा।

CC-0. In Public Domain. Digitization by eGangotri

मुखर–ना० [सं०] १. खूब बोल्ने स्वभावको। २. अप्रिय वचन बोल्ने; मुखाले। ३. बज्ने; शब्द गर्ने।

मुखरित–वि० [सं०] शब्द गर्ने; बज्ने।

मुख-शुद्धि–ना० [सं०] १. दत्तिवन, मन्जन आदिद्वारा मुख सफा गर्नु। २. भोजन गरिसकेपछि पान, सुपारी, ल्वाङ आदि खाएर मुख शुद्ध गर्नु। ३. मुख शुद्ध गर्ने वस्तु (पान, सुपारी आदि)।

मुख-श्री–ना० [सं०] मुखको शोभा; तेज; कान्ति।

मुखसारी–वि० [मुख+सार्+ई] अर्काका झगड़ामा अगि सरेर बोल्ने; अर्काको वारिस भई बोल्ने; लाफ्रे।

मुखाकृति–ना० [सं०] चेहरा; अनुहार।

मुखाग्नि–ना० [सं०] १. जङ्गलमा लागेको आग-लागी; डढेलो। २. यज्ञको अग्नि। ३. मुर्दाका मुखमा राखिने अग्नि; दाग-बत्ती।

मुखाग्र–वि० [सं०] कण्ठस्थ; कण्ठ भएको; कण्ठाग्र (विद्या)।

मुखापेक्षी–वि० [सं०] सहायता वा आश्रयको निमित्त अर्काको आशा गर्ने; पराश्रित।

मुखामुख–ना० [मुख+मुख] १. आश्चर्य, उत्कण्ठा, कौतुक आदि भावले परस्परमा मुख हेराहेर गर्नु। २. कुनै कुरो वा रहस्यको सङ्केत गर्न परस्परमा मुख हेराहेर गर्नु। (क्रि० यो०) ३. आमुन्ने-सामुन्ने; एक अर्काको सामुन्ने।

मुखारी–ना० [मुख+आरी] मुख धुने काम।

मुखालु–ना० [सं०] राम-कसूर।

मुखाले–वि० [सं० मुखर+ए] बेअदबीसित बोल्ने; चोथाले; मुखर।

मुखिनी–ना० [मुखिया+इनी] १. मुखियाकी पत्नी; मुखेनी। २. मुख्य भएर काम-काज गर्ने स्त्री; नाइकेनी। ३. क्षत्रिय जातिकी स्त्रीको मान-बोधक शब्द।

मुखिन्जि–ना० यो० [मुखेन्जी) मुखेन्जी।

मुखिन्जेल–ना० यो० [मुख+इन्जेल] अगाड़ि; सामुन्ने; मुखेन्जी।

मुखिया–ना० [सं० मुख्य+इया] १. राइटरभन्दा माथिल्लो, डिट्ठाभन्दा तल्लो सरकारिया एक पद वा दर्जा। २. गाउँको तालुकदार। ३. क्षत्रियको मान-बोधक शब्द।

मुखी–वि० [सं०] १. मुख भएको। २. मुख फर्काएको; मुख गरेको।

मुखेनी–ना० [मुखिया+एनी] मुखिनी।

मुखेन्जी–ना० यो० [मुखिन्जेल] मुखिन्जेल।

मुख्तियार–ना० [अ० मुख्तार] १. नेपालका कमान्डर-इन-चीफ; चीफ साहेब (प्रजातन्त्र हुनुभन्दा अगिको)। २. प्रतिनिधि; वारिस।

मुख्तियारी–ना० [मुख्तियार+ई] मुख्तियारको काम वा दर्जा।

मुख्य–वि० [सं०] १. सबभन्दा ठूलो वा महत्त्वपूर्ण; प्रधान। २. आफ्नो वर्ग वा समाजमा सबभन्दा ठूलो; प्रमुख। ३. अगुवा; नेता।

मुख्यतः–क्रि० यो० [सं०] खास गरेर; विशेष गरेर; प्रधानतः।

मुख्य-सचिव–ना० [सं०] विभिन्न सरकारी विभागीय सचिव-हरूभन्दा माथि रहने सचिव; चीफ-सेक्रेटरी।

मुख्येली–ना० [मुखिया+एली] मुखियाको दर्जा वा काम।

मुगल–ना० [अ० मुग़ल] विक्रमी सोह्रौँ शताब्दीमा भारतमा राज्य गर्ने तातार देश-निवासी एक मुसलमान-जाति।

मुगलान–ना० [अ० मुग़ल+आन] १. मुगल-कालीन भारत; मोगलान। २. भारत।

मुगलानिया–वि० [मुगलान+इया] मुगलानको; मुगलान-सम्बन्धी; मोगलानिया।

मुगी–ना० [प्रा० मुग्ग] १. मासका जस्ता पात, पहेँला फूल र लामा-लामा कोसा हुने एक जातको लहरो। २. त्यसका कोसाभित्र फल्ने दाल-जातको अन्न; मुङ। (यसका काला, फुस्रा, हरिया आदि अनेक जात छन्। आयुवदमा यसको गुण ठन्डा, हलुका, कोष्ठ-बद्ध गर्ने र आँखालाई हित गर्ने बताइएको छ।)

मुग्दल–ना० [सं० मुद्ग+दल] मुगीका सूजीको एक प्रकार-को गुलियो हलुवाई-रोटी।

मुग्ध–वि० [सं०] १. मोहमा परेको; मोहित। २. भ्रममा परेको। ३. मूढ; मूर्ख। ४. आनन्दमा मस्त भएको।

मुग्ध-बुद्धि–वि० [सं०] १. मूर्ख; नासमझ। २. सीधा-साधा; सोझो; लट्ठक।

मुग्धा–ना० [सं०] यौवन प्राप्त भएकी सरल स्वभावकी नायिका।

मुङ–ना० [प्रा० मुग्ग] मुगी।

मुङग्रे-केरा–ना० [मुङ्ग्रो+केरा] ठूला र मोटा कोसा हुने एक जातको केरा।

मुङग्रेलो–ना० [?] ज्वानुका जस्ता काला गेड़ा हुने एक प्रकारको मसला।

मुङग्रो–ना० [प्रा० मुग्गर] १. कपड़ा धुँदा पिट्ने वा कीला आदि ठोक्ने काठको औजार। २. एक किसिमको चेप्टो घन। ३. एक प्रकारको प्राचीन हतियार; मुद्गर।

मुचकुन्द–ना० [सं०] मुचुकुन्द।

मुचुकुन्द–ना० [सं०] १. केराका फलको गुदी झिकेपछिका बोक्राका आकारका, झूस भएका ठूलठूला पहेँला बास्ना आउने फूल हुने, खस्रा ठूलठूला पात हुने, लाम्चा खैरा फल फल्ने एक जातको वृक्ष। २. त्यसैको फूल। ३. राजा मान्धाताका पुत्र, एक तपस्वी राजा।

मुचुल्का–ना० [तु० मुचल्कः] १. कसैले कुनै काम-कारवाईको बयान लेखिदिएको कागत। २. कबूलियतनामा; प्रतिज्ञा-पत्र।

मुछ-माछ–ना० [मुछ्+माछ (फाँ०)] मुछ्ने काम।

मुछाइ–ना० [मुछ्+आइ] मुछ्ने किसिम, क्रिया वा भाव।

मुछाइनु–स० क्रि० [मुछाउ+इ+नु] मुछ्न लाइनु; ('मुछा-उनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

मुछाउनु–स० क्रि० [मुछ्+आउ+नु] मुछ्न वा फतेल्न लाउनु; ('मुछ्नु'-को प्रे० क्रि०)।

मुछिनु–स० क्रि० [मुछ्+इ+नु] पन्यालो पदार्थमा वस्तुहरू मिलाई लेदो पारिनु; ('मुछ्नु'-को क० क्रि०)।

मुछ्नु–स० क्रि० [मथ्+नु] १. पन्यालो पदार्थमा वस्तुहरू मिलाई लेदो पार्नु; फतेल्नु; फेट्नु। २. अपराध वा दोषमा कसैलाई शरीक गर्नु; बोर्नु।

मुजिइनु–अ० क्रि० [मुजि+इ+नु] मुजा परिनु; ('मुजिनु'-को भा० क्रि०)।

मुजिनु–अ० क्रि० [मुजो+इ+नु] १. मुजा पर्नु; चाउरी पर्नु। २. बाध्य हुनु; विवश हुनु।

मुजी–ना० [मुजो] १. गुद-द्वार। २. हेला गरेर गाली गर्ने शब्द।

मुजुक्क–क्रि० यो० [मुजो] १. मुजा पर्ने किसिम; मुजिने किसिम। २. चियाउने किसिम। ३. एकै ठाउँमा जम्मा हुने किसिम।

मुजुरा–ना० [सं० मुज्] झ्याम्टाका आकारको काँसको एक किसिमको सानो बाजा।

मुजुरा–ना० [मजुरा] मजुरा।

मुजुरो–ना० [मञ्जरी] रूख, लहरा आदिमा लामो भेट्नामा लागेका धेरै साना फूलहरूको समूह; मञ्जरी।

मुजूर–ना० [सं० मयूर] पुच्छर र गर्दन लामो हुने, कल्की भएको एक जातको प्रसिद्ध सुन्दर ठूलो पक्षी; मयूर।

मुजेत्रो–ना० [मजेत्रो] मजेत्रो।

मुजो–ना० [सं० समुच्चय] धोती, फरिया आदि चुन्याएर पारेको गुजुल्टो वा पाटो।

मुज्याइ–ना० [मुज्याउ+आइ] मुज्याउने किसिम, क्रिया वा भाव।

मुज्याइ–ना० [मुजि+याइ] मुजिने किसिम, क्रिया वा भाव।

मुज्याइनु–स० क्रि० [मुज्याउ+इ+नु] मुजो पारिनु; ('मुज्याउनु'-को क० क्रि०)।

मुज्याउनु–स० क्रि० [मुजो] १. मुजो पार्नु; चुन्याउनु। २. सासना दिनु; कष्ट दिनु। ३. बाध्य गर्नु।

मुञ्ज–ना० [सं०] मूज।

मुटु–ना० [सं० मुष्टि?] १. शरीरमा छातीभित्र देब्रेपट्टि हुने, शरीरभरि रक्त-सञ्चार गर्ने मांस-पिण्ड; हृदय। २. मुख्य स्थान; केन्द्र।

मुटुरो–ना० [प्रा० मुट्ठो] सानो पोको; कुटुरो; पन्तरो।

मुटुन्याइ–ना० [मुटुन्याउ+आइ] मुटुन्याउने किसिम, क्रिया वा भाव।

मुटुन्याइनु–स० क्रि० [मुटुन्याउ+इ+नु] मुटुरो बनाइनु; ('मुटुन्याउनु'-को क० क्रि०)।

मुटुन्याउनु–स० क्रि० [मुटुरो+याउ+नु] मुटुरो बनाउनु; पोको पार्नु।

मुट्ठि–ना० [प्रा०] मुट्ठी।

मुट्ठी–ना० [प्रा० मुट्ठि] १. हातका औँलाहरू मोडेर हत्केलामा दबाउँदा बन्ने हातको मुद्रा; मूठी। २. त्यस मुद्राभित्र अटाउने कुनै वस्तुको परिमाण। ३. ठाडो पारी उभ्याएको मुड्कीजत्ति अग्लो वा बाक्लो परिमाण।

मुट्ठो–ना० [प्रा०] कागत, घाँस, पराल आदिको बिटो; मूठो।

मुठभेट–ना० [मुठभेड़] १ भिडन्त; मुक्का-मुक्की; हानाहान। २. एक्कासि भएको भेट; जम्का-भेट।

मुठभेड़–ना० [मुट्ठी+भिड्] मुठभेट।

मुठल–ना० [न०] छानाको दाँतीनिर रहने फलेकजस्तो तेर्सो लामो काठ।

मुठाराइ–ना० [मुठार्+आइ] मुठार्ने किसिम, क्रिया वा भाव।

मुठारिनु–स० क्रि० [मुठार्+इ+नु] सम्म पारेर काटिनु; ('मुठार्नु'-को क० क्रि०)।

मुठार्नु–स० क्रि० [सं० मुण्ड्+नु] सम्म पारेर काट्नु; नमिलेको भाग ताछ्नु।

मुठ्याइ–ना० [मुठ्याउ+आइ] मुठ्याउने किसिम, क्रिया वा भाव।

मुठ्याइनु–स० क्रि० [मुठ्याउ+इ+नु] मुट्ठीले बेसरी समाइनु; ('मुठ्याउनु'-को स० क्रि०)।

मुठ्याउनु–स० क्रि० [मुट्ठी+याउ+नु] १. मुट्ठीले बेसरी समाउनु; मुट्ठीमा लिनु। २. मुट्ठीमा अटाएसम्म झिक्नु वा लिनु।

मुड़ाइ–ना० [मुड़्+आइ] मुड्ने किसिम, क्रिया वा भाव।

मुड़ाइनु–स० क्रि० [मुड़ाउ+इ+नु] मुड्न वा कपाल खौरन लाइनु; ('मुड़ाउनु'-को क० क्रि०)।

मुड़ाउनु–स० क्रि० [मुड्+आउ+नु] मुड्न लाउनु; मुण्डन गराउनु; ('मुड्नु'-को प्रे० क्रि०)।

मुड़िनु–अ० क्रि० [मुड्+इ+नु] १. कपाल खौरिनु; मुण्डित होइनु। २. ठूलो अपराध गरेबापत सरकारद्वारा अपराधीलाई चार-पाटे मुड़ाई जाति-च्युत गरिनु। ३. कसैको मत, सिद्धान्त वा सल्लाहमा मिल्नु। ४. चेलो बन्नु। ५. ठगिनु; धोखामा पर्नु। ६. जोगी बन्नु; संन्यास ग्रहण गर्नु। ७. धार मर्नु; भुत्ते हुनु। (स० क्रि०) ८. कपाल खौरिनु; ('मुड्नु'-को क० क्रि०)।

मुड़िलो–ना० [ने०] १. खण्ड-खण्ड परेका बाटुला किसिमका ठूला पात, पछिल्तिर लामो चुच्चो भएका नीला फूल र खैरा फल हुने एक जातको बूटी। २. त्यसैको फल।

मुडी-हात–ना० [मुड्की+हात्त] मुट्ठी पारेका हातको कुहुनादेखि मुट्ठीसम्मको नाप।

मुडुली–ना० [मुड़+उली] १. पोथी मृग; झाँककी पोथी। २. पोथी मयूर। (वि०) ३. कपाल खौरेकी; मुड़िएकी (स्त्री)।

मुडुले–वि० [मुडुलो+ए] १. मुडुलो। (ना०) २. जोगी; संन्यासी (निन्दार्थमा)।

CC-0. In Public Domain. Digitization by eGangotri

मुडुले-जौ—ना० [मुडुले+जौ] जुँगा वा झूस नहुने एक जातको जौ।

मुडुलो—वि० [मुड़+उलो] १. टोपी नलाएको; शिर खुला भएको। २. कपाल खौरेको; मुण्डन गरेको। ३. सीङ नभएको; बुच्चो।

मुडुलो-गहूँ—ना० [मुडुलो+गहूँ] टुँड़ो नहुने एक जातको गहूँ।

मुड़ेलो—ना० [मूड़+एलो] टाउकामा घुम अड़चाउनाका निमित्त लाइने डोरी।

मुड्की—ना० [मुट्ठी] कसिएको मुट्ठी; मुक्की।

मुड्को—ना० [सं० मुण्ड] काठको ठूलो टुक्रो; मूढ़ो; गिँड़।

मुड्क्याइ—ना० [मुड्क्याउ+आइ] मुड्क्याउने किसिम, क्रिया वा भाव; मुक्क्याइ।

मुड्क्याइ—ना० [मुड्क्याउ+आइ] मुड्को पार्ने किसिम, क्रिया वा भाव।

मुड्क्याइनु—स० क्रि० [मुड्क्याउ+इ+नु] मुड्कीले हानिनु; ('मुड्क्याउनु'-को क० क्रि०)।

मुड्क्याइनु—स० क्रि० [मुड्क्याउ+इ+नु] मुड्को पारिनु; ('मुड्क्याउनु'-को क० क्रि०)।

मुड्क्याउनु—स० क्रि० [मुड्को+याउ+नु] काठ आदिको मुड्को पारिनु; काठ आदिका हाँगा-बिँगा छिमलेर मुड्को बनाउनु।

मुड्क्याउनु—स० क्रि० [मुड्की+याउ+नु] १. मुड्कीले हान्नु; मुक्क्याउनु; डिम्क्याउनु। २. हतियारको धार कुँड़चाउनु; भुत्ते पार्नु।

मुड्नु—स० क्रि० [सं० मुण्ड+नु] १. कपाल खौरनु; मुण्डन गर्नु। २. संन्यास ग्रहण गराउनु; टुपी काटिदिनु। ३. आफ्नो मतमा ल्याउनु; चेलो बनाउनु। ४. जात-पतित गराउनु। ५. चोर-ड़ाँकाले प्रशस्त धन चोर्नु। ६. ठग्नु; ठगी गर्नु।

मुड्नु—अ० क्रि० [मोड+नु] १. फर्कनु; एक दिशाबाट अर्को दिशातिर लाग्नु। २. दोब्रिनु।

मुढ़चाइ—ना० [मुढ़चाउ+आइ] मुढ़चाउने किसिम, क्रिया वा भाव।

मुढ़चाइनु—स० क्रि० [मुढ़चाउ+इ+नु] हतियारको धार मारिनु; भुत्ते पारिनु; ('मुढ़चाउनु'-को क० क्रि०)।

मुढ़चाउनु—स० क्रि० [सं० मुड़्+याउ+नु] हतियारको धार मार्नु; भुत्ते पार्नु।

मुण्ड—ना० [सं०] १. टाउको; शिर। २. रउँ खौरेको शिर; मुडुलो टाउको। ३. शरीरबाट छुट्टिएको टाउको; काटिएको शिर।

मुण्डक—ना० [सं०] १. नाऊ; हजाम। २. शिर। ३. अथर्व-वेदको एक उपनिषद्।

मुण्डन—ना० [सं०] १. कपाल खौरनु; मुड्ने काम। २. द्वि-जातिको षोडश-संस्कारमध्ये एक।

मुण्ड-माला—ना० [सं०] शिव र कालीका गलामा लगाइएको शिरहरूको माला।

मुण्ड-यव—ना० [सं०] मुडुले-जौ।

मुण्ड-शालि—ना० [सं०] गुन्टे-मार्सी।

मुण्डा—वि० [सं० मुण्ड] १. कपाल नभएको; मुडुलो। २. छानो नभएको। ३. डिको नभएको (अक्षर)। (ना०) ४. जोगी; संन्यासी।

मुण्डा—ना० [सं०] जोगिनी; संन्यासिनी।

मुण्डित—वि० [सं०] कपाल खौरिएको; मुण्डन गरेको; मुडुलो।

मुण्डी—वि० [सं०] १. कपाल खौरेको; मुण्डन गरेको। (ना०) २. जोगी; संन्यासी। ३. शिव। ४. नाऊ। ५. गोरखमुण्डी।

मुताइ—ना० [मुत्+आइ] मुत्ने किसिम, क्रिया वा भाव।

मुताइनु—स० क्रि० [मुताउ+इ+नु] मुत्न लाइनु; ('मुताउनु'-को क० क्रि०)।

मुताउनु—स० क्रि० [मुत्+आउ+नु] १. मुत्न लाउनु; पिसाब गर्न लाउनु। २. कुस्तुर तुल्याउनु; ('मुत्नु'-को प्रे० क्रि०)।

मुताबिक—वि० [अ० मुताबिक़]अनुसार; बमोजिम; माफिक; अनुरूप।

मुताहा—वि० [मुत्+आहा] मुतुवा।

मुतिनु—स० क्रि० [मुत्+इ+नु] पिसाब फेरिनु; ('मुत्नु'-को क० क्रि०)।

मुतुनु—ना० [मुत्ने] मूत्रेन्द्रिय।

मुतुरो—ना० [मुत्] मूत्रेन्द्रिय; तुरी (बाल-बोलीमा)।

मुतुवा—वि० [मुत्+उवा] १. कुठाउँमा मुत्ने स्वभावको; मुताहा। २. डर-छेरुवा; कायर। ३. हरुवा।

मुत्नु—स० क्रि० [सं० मूत्र+नु] पिसाब फेर्नु।

मुद्—ना० [सं०] १. हर्ष; आनन्द; प्रसन्नता। २. उमङ्ग; उत्साह।

मुदित—वि० [सं०] १. आनन्दित; हर्षित। (ना०) २. आनन्द; हर्ष। ३. मैथुनोपयोगी एक प्रकारको आलिङ्गन।

मुदिता—ना० [सं०] १. हर्ष; आनन्द। २. अकार्को सुख देखेर सुखी हुने चित्तको अवस्था।

मुदिर—ना० [सं०] १. बादल; मेघ। २. कामुक; लम्पट। ३. भ्यागुतो।

मुद्ग—ना० [सं०] मुगी।

मुद्गपर्णी—ना० [सं०] बन-मूगी।

मुद्गर—ना० [सं०] १. पहलमानहरूले खेलाउने काठको एक किसिमको ठूलो हतियार; मुङ्ग्रो। २. घन। ३. प्राचीन कालको एक प्रकारको हतियार। ४. सुगन्ध-राज।

मुद्गल—ना० [सं०] मुद्गर।

मुद्दती—ना० [सं० मुण्ड] कुनै वर्ग वा समूहमा मुख्य; प्रमुख; प्रधान।

मुद्दा—ना० [अ० मुद्दआ]हक-बेहक वा न्याय-अन्याय छुट्याउन

CC-0. In Public Domain. Digitization by eGangotri

अदालतमा परेको विवाद; झगड़ा; मामिला ।
मुद्दा–वि० [मुद्दती] मुख्य; प्रधान; मुद्दती ।
मुद्रक–वि० [सं०] १. छाप्ने । (ना०) २. पत्र-पत्रिका, पुस्तक-पुस्तिका आदि छाप्ने व्यक्ति ।
मुद्रण–ना० [सं०] १. टाइप, ब्लक आदिद्वारा कागत कपड़ा-हरूमा छाप्ने काम; छपाइ । २. बन्द गर्ने काम ।
मुद्रण-यन्त्र–ना० [सं०] छाप्ने मेशीन ।
मुद्रण-स्वातन्त्र्य–ना० [सं०] गाली-गोफ्ता, हिंसात्मक, अराष्ट्र-वादी र नीति-विरुद्ध कुरावाहेक अरू सबै कुरा छाप्न पाउने स्वतन्त्रता ।
मुद्रणालय–ना० [सं०] छापाखाना; प्रेस ।
मुद्रा–ना० [सं०] १. नाम काटेको छाप; कसैको नाम खोपेको मोहर । २. नाउँ काटेको औँठी । ३. रुपियाँ, पैसा आदि सिक्का । ४. छाप्नाका निमित्तको ढालेर बनाइएको सीसाको अक्षर; टाइप । ५. भक्तहरूले आफ्ना शरीरमा डाम्न लगाएको शङ्ख, चक्र आदिको चिह्न । ६. गोरख-मतानुयायी साधुले कानमा लाउने स्फटिक वा काठको गोलाकार कुण्डल । ७. तन्त्र-शास्त्रअनुसार देव-देवीका पूजामा गरिने औँलाहरूको विन्यास । ८. आँखा, मुख, हात, आसन आदिको विशेष भाव-सूचक चेष्टा । ९. प्रकृत अर्थवाहेक पछि हुने अर्थ पनि सूचित गर्ने पद-युक्त अर्थालङ्कार ।
मुद्राक्षर–ना० [सं०] १. छाप, औँठी आदिमा खोपेको अक्षर । २. टाइप ।
मुद्राङ्क–ना० [सं०] अक्षर वा कुनै किसिमको चित्र छाप्ने धातु, रबर आदिको यन्त्र; छाप; मोहर ।
मुद्राङ्कन–ना० [सं०] ब्लक, टाइप आदिद्वारा छाप्ने काम ।
मुद्राङ्कित–वि० [सं०] १. छाप लागेको; मोहर लागेको । २. छापेको ।
मुद्रा-तत्त्व–ना० [सं०] पुराना सिक्काहरूको सहायताबाट कुनै देशको प्राचीन इतिहास, संस्कृति आदिको ज्ञान प्राप्त गर्ने विज्ञान ।
मुद्रा-वाहुल्य–ना० [सं०] मुद्रा-स्फीति ।
मुद्रा-यन्त्र–ना० [सं०] छाप्ने मेशीन ।
मुद्रा-विज्ञान–ना० [सं०] मुद्रा-शास्त्र ।
मुद्रा-विस्फीति–ना० [सं०] मुद्रा-स्फीतिलाई साधारण स्थितिमा ल्याउनु ।
मुद्राशास्त्र–ना० [सं०] मुद्रा-सम्बन्धी शास्त्र; मुद्रा-तत्त्व ।
मुद्रा-स्फीति–ना० [सं०] क्रय-शक्तिको विचारले मुद्रा वा द्रव्यको मूल्य कम र त्यसको अनुपातमा वस्तुको मूल्य बढ़ी हुने गरी ज्यादा मुद्रा प्रचलनमा आउने स्थिति; मुद्रा-वाहुल्य ।
मुद्रिका–ना० [सं०] १. नाउँ खोपेको औँठी । २. औँठी । ३. छाप; मोहर । ४. सिक्का; मुद्रा ।
मुद्रित–वि० [सं०] १. छापिएको; मुद्रण गरिएको । २. छाप लगाइएको; मोहर लगाइएको । ३. चारैतिरबाट घेरिएको; वेष्टित । ४. मुख छोपिएको; मुखमा बुजो लगाइएको ।
मुधा–क्रि० यो० [सं०] बिनसित्ति; व्यर्थमा ।
मुनक्का–ना० [अ० मुनक्क़ः] सुकाएको ठूलो जातको अङ्गूर; दाख; द्राक्षा ।
मुना–ना० [मुन] मुनु ।
मुनाफा–ना० [अ० मुनाफ़ः] लाभ; नाफा ।
मुनासिब–वि० [अ०] उचित; ठीक; मनासिब ।
मुनि–क्रि० यो० [मनि] मनि; तल ।
मुनि–ना० [सं०] १. ऋषि । २. तपस्वी । ३. बुद्ध । (वि०) ४. विचार-शील ।
मुनि-पुङ्गव–ना० [सं०] श्रेष्ठ मुनि ।
मुनि-मुनि–ना० [ने०] मनि-मनि ।
मुनियाँ–ना० [?] रछाय रङ्गको खैरो शरीरमा साना-साना सेता थोप्ला हुने, फिस्टोजत्रो एक जातको चरो ।
मुनि-व्रत–ना० [सं०] तपस्या ।
मुनी–ना० [ने०] बाखो, भेड़ो आदि (वाल-बोलीमा) ।
मुनीन्द्र–ना० [सं०] १. मुनिहरूमा श्रेष्ठ । २. बुद्ध देव ।
मुनीम–ना० [अ० मुनीब] आम्दनी-खर्च आदि लेख्न नियुक्त गरिएको कर्मचारी; बहीदार ।
मुनीमी–ना० [मुनीम+ई] १. मुनीमको काम वा पेशा । २. मुनीम हुनाको भाव ।
मुनीश्वर–ना० [सं०] मुनीन्द्र ।
मुनु–ना० [मुन्टो] १. बोट-बिरुवा वा लहरामा नयाँ निस्केको कोमल मुन्टो; पिपिरो; मुना । २. टुसो ।
मुन्टिइनु–अ० क्रि० [मुन्टि+इ+नु] मुन्टोले टेकिनु; ('मुन्टिनु'-को भा० क्रि०) ।
मुन्टिनु–अ० क्रि० [मुन्टो+इ+नु] १. मुन्टाले टेक्नु; मन्टिनु । २. ठ्याँक खानु; घोक्रिनु । ३. बिभिन्डिनु; निमोठिनु ।
मुन्टे-ठिँगुरो–ना० [मुन्टो+ठिँगुरो] १. मुन्टोमनिको हाड़; गर्दनको हाड़ । २. गर्दनमा ठोक्ने एक प्रकारको ठिँगुरो ।
मुन्टो–ना० [सं० मुण्ड] १. टाउको; शिर; माथ; मन्टो । २. बोट-बिरुवा वा लहराको टुप्पोको कोमल भाग; मुना । ३. दूधको थून वा त्यसको टुप्पो; चुचुक ।
मुन्टयाइ–ना० [मुन्टि+याइ] मुन्टिने किसिम, क्रिया वा भाव ।
मुन्टयाइ–ना० [मुन्टयाउ+आइ] मुन्टयाउने किसिम, क्रिया वा भाव ।
मुन्टयाइनु–स० क्रि० [मुन्टयाउ+इ+नु] मुन्टोमा समातेर हुत्त्याइनु; ('मुन्टयाउनु'-को क० क्रि०) ।
मुन्टयाउनु–स० क्रि० [मुन्टि+याउ+नु] १. मुन्टोमा समातेर हुत्त्याउनु; घोक्र्याउनु; घोक्रे-सुत्ती लाउनु । २. मुन्टाको भर पार्नु; मुन्टाले टेकाउनु ।
मुन्तला–ना० [ने०] अमलाजत्रो, सुन्तलाका जातको एक फल ।
मुन्तिर–क्रि० यो० [मुनि+तिर] मनितिर ।
मुन्द्री–ना० [मुन्द्रो+ई] १. स्त्रीहरूले विशेषतः कानमा लाउने एक प्रकारको गहना । २. सानो मुन्द्रो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मुन्द्रे–वि० [मुन्द्रो+ए] १. मुन्द्रो भएको; मुन्द्रो लाएको। २. मुन्द्राको आकार परेको; मुन्द्राजस्तो।

मुन्द्रो–ना० [सं० मुद्रिका] १. तार, डन्डी आदि घुमाएर दुइ टुप्पा जोड़ी बनाएको गोलाकार वस्तु। २. त्यस्तै आकारको कानमा लाउने गहना। ३. औंठी। ४. कुण्डल।

मुन्शी–ना० [अ०] विशेषतः अरबी-फारसी भाषामा लेखा-पढ़ी गर्ने सरकारी कर्मचारी।

मुन्शीखाना–ना० [मुन्शी+खान] नेपालमा प्रजातन्त्र हुनुभन्दा अगि विशेषतः भारत-सरकारसित सम्बन्धित मामलामा लेखा-पढ़ी गर्ने अड्डा।

मुफ्त–वि० [फा० मुफ़्त] १. विनामूल्य; सित्तैँ। (क्रि० यो०) २. बिनसित्ति; व्यर्थ; मफत।

मुबारक–वि० [अ०] शुभ; मङ्गल-कारी।

मुबारकबाद–ना० [अ० मुबारक+बाद(फा०)] १. बधाई; शुभ-कामना। २. हर्ष-बढ़ाइँ; मङ्गल-उत्सव।

मुबारकबादी–ना० [मुबारकबाद+ई] मुबारकबाद भन्ने कार्य; बधाई दिनु।

मुमा–ना० [सं० मा] आमा; माता।

मुमुक्षा–ना० [सं०] मोक्षको इच्छा।

मुमुक्षु–वि० [सं०] १. मोक्षको अभिलाषा गर्ने। (ना०) २. संन्यासी।

मुमूर्षा–ना० [सं०] मर्ने इच्छा।

मुमूर्षु–वि० [सं०] १. मर्न आँटेको; मरणासन्न। २. मर्ने इच्छा गर्ने।

मुरब्बा–ना० [अ० मुरब्बः] बफाएर वा उसिनेर चासनीमा डुबाएको फलको पाक।

मुरमुरिइनु–अ० क्रि० [मुरमुरि+इ+नु] भित्र-भित्रै रिसाइनु; ('मुरमुरिनु'-को भा० क्रि०)।

मुरमुरिनु–अ०क्रि० [सं०मुर्मुर+इ+नु] भित्र-भित्रै रिसाउनु; रीसले चूर हुनु।

मुरमुऱ्याइ–ना० [मुरमुरि+याइ] मुरमुरिने किसिम, क्रिया वा भाव।

मुरमुऱ्याइनु–स० क्रि० [मुरमुऱ्याउ+इ+नु] क्रुद्ध पारिनु; ('मुरमुऱ्याउनु'-को क० क्रि०)।

मुरमुऱ्याउनु–स० क्रि० [मुरमुरि+याउ+नु] भित्र-भित्रै क्रुद्ध पार्नु; ('मुरमुरिनु'-को प्रे० क्रि०)।

मुरमुऱ्याहट–ना० [मुरमुरि+याहट] मुरमुरिने किसिम, क्रिया वा भाव; मुरमुऱ्याइ।

मुरली–ना०[सं०] एक टुप्पो ओठले च्यापी अर्को टुप्पो तलतिर पारी फुकेर बजाइने बाँस, निगालो, धातु आदिका ढुङ्ग्राको, प्रायः छ वटा प्वालमा औंला राखी बजाइने एक किसिमको बाजा।

मुरली-मकै–ना० [मुरली+मकै] गेड़ा साना-साना हुने र भुट्दा खूब फूल उठ्ने एक जातको मकै।

मुरा–ना० [सं०] गद बूटी।

मुराद–ना० [अ०] १. कामना; मनोरथ। २. मनसुबा; इच्छा। ३. अभिप्राय; आशय।

मुरारि–ना० [सं०] कृष्ण।

मुरी–ना०[प्रा० मूड] १. अन्न आदिको बीस पाथीको परिमाण। २. जमीनको नापमा रोपनीको चतुर्थांश; जवा।

मुरुक-मुरुक–क्रि०यो० [अनु०] खरो वस्तु चपाउँदा वा किचिँदा शब्द आउने किसिम; मुरुमुरु।

मुरुक्क–क्रि० यो० [अनु०] १. खरो वस्तु चपाउँदा वा किचिँदा शब्द आउने किसिम। २. सानो-तिनो वस्तु भाँच्ने वा भाँच्ता शब्द आउने किसिम।

मुरुमुरु–क्रि० यो० [अनु०] मुरुक-मुरुक।

मुर्कट्टा–वि० [मूड़+कट्टा] १. टाउको काटिएको। (ना०) २. टाउकोबिनाको एक थरीको प्रेत।

मुर्ख्याइँ–ना० [मूर्ख+याइँ] मूर्ख हुनाको भाव; मूर्खता।

मुर्चल–ना० [ने०] सिमानामा गाड़िएको लट्ठा; लौंकिल।

मुर्चुङ्गा–ना० [ने०] मुखले फुकेर बजाउने एक प्रकारको बाजा।

मुर्दा–ना० [फा० मुर्दः] १. प्राण नभएको शरीर; लाश; शव। (वि०) २. मरेको; मृत। ३. कुनै किसिमको शक्ति नभएको; शक्ति-हीन।

मुर्दाबाद–ना० [फा० मुर्दः+बाद] 'नाश होस्' भनेर नारा लाउने शब्द।

मुर्दासङ्ग–ना० [फा० मुरदारसङ्ग] सीसा-भस्म र सिन्दूरबाट तयार गरिने एक औषधि।

मुर्मुर–ना० [सं०] भूसको आगो।

मुर्रा–ना० [सं० मुरज] १. औंलाले च्याप्ने खराउको गट्टा। २. सितार, सारङ्गी आदिमा तार कस्ने साँचोजस्तो अवयव। ३. ढयाङ्ग्रोको बीँड़; हातो।

मुर्रिइनु–अ० क्रि० [मुर्रि+इ+नु] धेरै खाइनु; ('मुर्रिनु'-को भा० क्रि०)।

मुर्रिनु–अ० क्रि० [मुकुरी] १. धेरै खानु; अजीर्ण हुने गरी बढ्ता खानु। २. मुकुरिनु; खाँदिनु।

मुऱ्याइ–ना० [मुर्रि+याइ] मुर्रिने किसिम, क्रिया वा भाव।

मुऱ्याइ–ना० [मुऱ्याउ+आइ] मुऱ्याउने किसिम, क्रिया वा भाव।

मुऱ्याइनु–स०क्रि० [मुऱ्याउ+इ+नु] अटाई-नअटाई हालिनु; ('मुऱ्याउनु'-को क० क्रि०)।

मुऱ्याउनु–स० क्रि० [मुर्रि+याउ+नु] १. अटाई-नअटाई हाल्नु; खाँदी-खाँदी हाल्नु; कोच्नु। २. धेरै खुवाउनु; ('मुर्रिनु'-को प्रे० क्रि०)।

मुऱ्याहट–ना०[मुर्रि+याहट] मुर्रिने किसिम, क्रिया वा भाव; मुऱ्याइ।

मुलतबी–वि० [अ० मुल्तवी] मुल्तवी।

मुलन्धरे–ना० [मूला] तुच्छतापूर्वक गाली गर्ने शब्द; मूला।

मुलम्मा–ना० [अ० मुलमः] रासायनिक प्रक्रियाद्वारा कुनै धातुमा चढ़ाइएको सुन, चाँदी आदिको पातलो तह;

CC-0. In Public Domain. Digitization by eGangotri

मोलम्बा ।

मुलाइजा–ना० [मुलाहिजा] मुलाहिजा ।

मुलाकात–ना० [अ० मुलाक़ात] १. भेट; मिलन; समागम । २. कुराकानी; बात-चीत ।

मुलायम–वि० [अ०] कमलो; नरम; कोमल ।

मुलारत्ने–ना० [मूला+रत्न+ए] बेकम्मा मानिस; नालायक व्यक्ति ।

मुलाहिजा–ना० [अ० मुलाहज़ः] न्याय वा नियम छोड़ी कसैको पक्षपात गर्नु; पन-पक्ष; तरफदारी; मोलाहिजा ।

मुलुक–ना० [अ० मुल्क] १. देश । २. राज्य । ३. प्रदेश; प्रान्त । ४. संसार; विश्व ।

मुलुकी–वि० [अ० मुल्की] मुलुकको; देश-सम्बन्धी ।

मुलुकीखाना–ना० [मुलुकी+खाना] देशभरको आम्दानी जम्मा हुने सरकारी ढुकुटी ।

मुलुक्क–क्रि० यो० [ने०] क्षणभरमात्र देखापर्ने किसिम; झुलुक्क ।

मुलेठी–ना० [सं० मूलयष्टी] जेठीमधु ।

मुल्किइनु–अ० क्रि० [मुल्कि+इ+नु] मुलुक्क देखा परिनु; ('मुल्किनु'-को भा० क्रि०) ।

मुल्किनु–अ० क्रि० [मुलुक्क+इ+नु] क्षणभरमात्र देखा-पर्नु; मुलुक्क देखिनु ।

मुल्को–ना० [सं० मूल] १. पानी, धूवाँ, लस्कर आदिको प्रथम प्रवाह । २. पहिलो ज्वाला वा ज्योति; मुस्लो ।

मुल्क्याइ–ना० [मुल्कि+याइ] मुल्किने किसिम, क्रिया वा भाव ।

मुल्क्याइ–ना० [मुल्क्याउ+आइ] मुल्क्याउने किसिम, क्रिया वा भाव ।

मुल्क्याइनु–स० क्रि० [मुल्क्याउ+इ+नु] मुलुक्क देखाइनु ('मुल्क्याउनु'-को क० क्रि०) ।

मुल्क्याउनु–स० क्रि० [मुल्कि+याउ+नु] १. मुलुक्क हेर्नु वा देखाउनु; झुल्क्याउनु । (अ० क्रि०) २. मुलुक्क देखा पर्नु; मुल्किनु ।

मुल्क्यान–ना० [मुल्कि+यान] एकै छिनमात्र देखा पर्ने काम; मुलुक्क देखा पर्नु ।

मुल्क्याहट–न० [मुल्कि+याहट] मुल्किने किसिम, क्रिया वा भाव; मुल्क्याइ ।

मुल्तबी–वि० [अ० मुल्तवी] पछि काररवाई गर्नाका निमित्त रोकिराखेको; स्थगित ।

मुल्याहा–वि० [सं० मूल+याहा] १. मूल नक्षत्रमा जन्मेको । २. अरूलाई दुःख दिने वा पिर्ने स्वभावको; पिराहा । ३. मूला; मुलन्धरे ।

मुल्ला–ना० [अ०] अरबी-फारसी भाषाको ठूलो विद्वान् ।

मुशली–ना० [सं०] १. हलेदाको जस्तो जरा हुने एक जातको बूटी । (यो वनस्पति औषधिको काममा आउँछ र पुष्टि-कारक हुन्छ ।) २. बलराम ।

मुशली-कन्द–ना० [सं०] १. लामा-लामा पात र सेता फूल हुने एक बूटी । २. त्यसैको कन्द । (यसका काला र सेता–दुइ भेद छन् । आयुर्वेदमा यसको गुण पुष्टि-कारक, वीर्य-वर्द्धक र अलकाइको रोगमा फायदा गर्ने बताइएको छ ।)

मुश्क–ना० [फा०] कस्तूरी; मृग-नाभि ।

मुश्किल–वि० [अ०] १. कठिन; दुष्कर; कष्ट-साध्य । २. कष्टसाथ बुझ्नसकिने; क्लिष्ट । (ना०) ३. कठिनाइ ।

मुषली-कन्द–ना० [सं०] मुशली-कन्द ।

मुषा–ना० [सं०] घरिया; क्रुसीबल ।

मुषित–वि० [सं०] १. चोरिएको । २. ठगिएको; वञ्चित ।

मुष्क–सं० [सं०] १. अण्ड-कोष । २. चोर ।

मुष्कर–वि० [सं०] ठूलो मुष्क हुने; आँड़े ।

मुष्टि–ना० [सं०] १. मुट्ठी; मुड्की । २. मुक्का; घुस्सा । ३. मुट्ठीभरको परिमाण । ४. तलवार, खुकुरी आदिको बीँड़; मोठ ।

मुष्टि-भिक्षा–ना० [सं०] भिक्षुकलाई दिइने मुट्ठीभरको अन्न ।

मुसब्बर–ना० [अ०] मुसावर ।

मुसमुन्द्रे–वि० [मुसमुन्द्रो+ए] मुसमुन्द्रो ।

मुसमुन्द्रो–वि० [सं० मुष्+मुद्रा] १. साधुजस्तो देखिने कपटी; लुकी-छिपी वा गुप्त तवरले अर्काको बिगार गर्ने । २. बूझ-पचाहा; पेटाहा ।

मुसमुस–क्रि० यो० [सं० मुष्] मीठो र मन्द किसिमको बास्ना आउने किसिम; सुगन्ध फैलिने किसिम; मगमग ।

मुसमुसे–वि० [मुसमुस+ए] मीठो र मन्द रूपमा फैलिएको; हल्का र मधुर (बास्ना) ।

मुसल–ना० [सं०] १. धान, चिउरा आदि कुट्ने काठको लामो साधन; लुसी । २. ढिकीको सामी जड़ेको अवयव । ३. प्राचीन कालको एक प्रकारको हतियार ।

मुसल-धार–ना० [सं०] मुसलजत्रो धारा; ठूलो धारा (बर्सेका पानीको) ।

मुसल-धारे–वि० [मुसल-धार+ए] मुसलजस्तो धारा भएको; ठूलो धाराका रूपमा बर्सेको (पानी) ।

मुसलमान–ना० [अ०] मुहम्मद साहेबले चलाएका सम्प्र-दायको अनुयायी-वर्ग; इस्लाम-धर्मको अनुयायी; मुस्लिम ।

मुसलमानी–वि० [अ०] मुसलमान-सम्बन्धी; मुसलमानको ।

मुसलिण्डी–ना० [सं० मुशली-कन्द] मुशली-कन्द ।

मुसली–ना० [सं०] मुशली ।

मुसली-कन्द–ना० [सं०] मुशली-कन्द ।

मुसाउरो–ना० [मूसो+आउरो] मूसो पक्रने एक किसिमको पासो; मूसा पक्रने खोर ।

मुसाकानी–ना० [मूसाकानी] मूसाकानी ।

मुसाफिर–ना० [अ० मुसाफ़िर] १. सफर वा भ्रमण गर्ने व्यक्ति; यात्री; बटुवा । २. पर-देशी ।

मुसाफिरखाना–ना० [अ० मुसाफिर+खाना (फा०)] मुसा-फिरहरू बस्न बनाइएको ठाउँ वा घर; धर्म-शाला ।

CC-0. In Public Domain. Digitization by eGangotri

मुसाबर–ना० [अ० मुसब्बर] विशेष क्रियाद्वारा घिउ-कुमारिको रस वा दूध सुकाएर बनाइने एक औषधी।

मुसाराइ–ना० [मुसार्+आइ] मुसार्ने किसिम, क्रिया वा भाव।

मुसारिनु–स० क्रि० [मुसार्+इ+नु] जुँगा, दाह्री आदि तह लाइनु; ('मुसार्नु'-को क० क्रि०)।

मुसार्नु–स० क्रि० [सं० मृश+नु] १. जुँगा, दाह्री आदि तह लाउनु; सम्याउनु। २. सुमसुम्याउनु; सुमसुम्याएर तह लाउनु; मसार्नु।

मुसी–ना० [नेवा०] घरको छानो अड्याउने लामो दलिन।

मुसीबत–ना० [अ०] १. दुःख; कष्ट। २. विपत्ति; सङ्कट।

मुसुक्क–क्रि० यो० [सं० स्मि+क्] शब्द ननिकाली ओठमा मात्र हाँस्ने किसिम; खिसिक्क; ईषत् हास्य।

मुसुमुसाइ–ना० [मुसुमुसाउ+आइ] मुसुमुसाउने किसिम, क्रिया वा भाव।

मुसुमुसाउनु–अ० क्रि० [मुसुमुसु+आउ+नु] मुसुमुसु हाँस्नु; मुस्कुराउनु।

मुसुमुसु–क्रि० यो० [मुसुक्क] शब्द ननिकाली हाँस्ने किसिम; मुसुमुसाउने किसिम।

मुसुरे-कटुस–ना० [मुसुरो+कटुस] एक जातको कटुस।

मुसुरे-च्याउ–ना० [मुसुरो+च्याउ] खान हुने एक जातको च्याउ।

मुसुरो–ना० [सं० स्मश्रु] १. घोड़ाको उमेर सूचित गर्ने दाँत। २. दाँत उम्रने ठाउँ; दनासो।

मुसुरो–ना० [सं० मसूर] १. मसिना पात, नीला वा सेता फूल र साना-साना कोसा फल्ने एक जातको लहरो। २. त्यसैका कोसाभित्र फल्ने राता वा सेता दाना। (आयुर्वेदमा यसको गुण ठन्डा, कफ-पित्त-नाशक र पुष्टि-कारक बताइएको छ।)

मुसूरो–ना० [सं० मसूर] मुसुरो।

मुसो–ना० [सं० मांस-कील] साह्रो भई छालामा उठ्ने नपाक्ने एक किसिमको फुकुन्डो।

मुसो–ना० [मूसो] मूसो।

मसो–ना० [मोसो] मोसो।

मुस्कान–ना० [मुस्कुराउ] मुस्कुराउने काम; मुसुक्क हाँस्नु; मुस्कुराहट।

मुस्कुराइ–ना० [मुस्कुराउ+आइ] मुस्कुराउने किसिम, क्रिया वा भाव।

मस्कुराइनु–अ० क्रि० [मुस्कुराउ+इ+नु] मुसुक्क हाँसिनु; ('मुस्कुराउनु'-को भा० क्रि०)।

मुस्कुराउनु–अ० क्रि० [सं० स्मि+क्] मुसुक्क हाँस्नु; मुस्कान गर्नु।

मुस्कुराहट–ना० [मुस्कुराउ+आहट] मुस्कुराउने किसिम, क्रिया वा भाव; मुस्कान।

मुस्क्यान–ना० [मुस्कुराउ+यान] मुस्कान; मुस्कुराहट।

मुस्ता–ना० [सं०] मोथे।

मुस्ताङ–ना० [ने०] नेपालको बाग्लुङ जिल्लाभित्र पर्ने एक इलाका।

मुस्तैद–वि० [अ० मुस्तअद] १. तत्पर; तम्तयार। २. कटि-वद्ध।

मुस्तैदी–ना० [मुस्तैद+ई] तत्परता; तयारी।

मुस्लिण्डी–ना० [मूसो+लीँड़] १. ठूला पात, खैरा लाम्चा फल र फलका टुप्पामा साना फूल हुने एक जातको काँढ़े लहरो। २. त्यसैको फल। (आयुर्वेदमा यसका फलको गुण रुचि-कारक, अग्नि-वर्द्धक र आँखालाई हित गर्ने बताइएको छ।)

मुस्लिम–ना० [अ०] १. मुसलमान। (वि०) २. मुसलमान-सम्बन्धी।

मुस्लो–ना० [सं० मुसल] १. आगाको लप्को; ज्वाला। २. धूवाँ, कुहिरो, बादल आदिको लहर। ३. पानीको ठूलो भुल्को वा भेल। ४. शरीरमा उठेको लोला; सुनिएर उठेको मासुको भाग। ५. पाखुरा, पिडौँला, तिघ्रा आदिमा उठेको मांस-पेशी।

मुहब्बत–ना० [अ०] प्रेम; प्रीति; माया।

मुहब्बती–वि० [अ० मुहब्बत+ई] मुहब्बत गर्ने; मुहब्बत-सम्बन्धी।

मुहम्मद–ना० [अ०] इस्लाम-धर्मका प्रवर्तक एक प्रसिद्ध व्यक्ति।

मुहान–ना० [सं० मुख+आन] १. खोला-नाला, ढुङ्गे-धारा आदिको पानी उम्रने ठाउँ; मूल। २. नहर, कुलो आदिको नदीबाट छुट्टिने ठाउँ।

मुहार–ना० [प्रा० मुह+आर] मुख; अनुहार; मुहुड़ा (मान्य जनको)।

मुहाली–ना० [प्रा० मुह+आली] सनईजस्तो, फुकेर बजाइने एक प्रकारको बाजा।

महावरा–ना० [अ०] लक्षणा वा व्यञ्जनाद्वारा अर्थ बोध हुने वाक्यांश; वाक्पद्धति।

मुहु–क्रि० यो० [सं०] वार-वार; पुनः-पुनः; फेरि-फेरि।

मुहुटी–ना० [मुहुड़ा] १. मुहुड़ा। २. साँध।

मुहुड़ा–ना० [प्रा० मुह] १. कुनै वस्तुको अगिल्लो भाग; मोहड़ा। २. मुख; अनुहार; चेहरा। ३. घोड़ाका टाउकामा कसिने छालाको साज; शिर-द्वार।

मुहुनी–ना० [सं० मोहनी] मोहनी।

मुहूर्त–ना० [सं०] १. बाह्र क्षणको समय। २. दुइ घड़ी वा अठचालीस मिनेटको समय। ३. फलित-ज्योतिषअनुसार विवाह, व्रत-बन्ध, यात्रा आदि गर्नाका निमित्तको शुभ वा अशुभ काल; साइत; लगन।

मूक–वि० [सं०] लाटो।

मूग–ना० [सं० मुद्ग] मूगी।

मूगा–ना० [प्रा० मुग्गा] समुद्रमा रहने एक जातका कीराले तयार गर्ने एक प्रकारको रातो रत्न। (यो औषधी र गहना आदिमा जड़ाउ गर्ने काममा आउँछ।)

CC-0. In Public Domain. Digitization by eGangotri

मूगी–ना० [प्रा० मुग्गी] मुगी।

मज–ना० [सं० मुञ्ज] कुशका जस्ता पात र काँसको जस्तो सेतो फूल फुल्ने एक जातको झार; एक प्रकारको ढड्डी; मुञ्ज। (व्रत-बन्धमा यसका डोरीको कन्धनी लगाइन्छ। डोरी आदि बाट्ने काममा पनि यसको उपयोग हुन्छ।)

मूठ–ना० [सं० मुष्टिः] १. कुनै हतियार वा औजारको, हातले समाउने ठाउँ; मुष्टि। २. बट्टाई मुठ्याउने काम। (वि०) ३. भएभरको; सबै।

मूठी–ना० [मुट्ठी] मुट्ठी।

मूठे–वि० [मूठो+ए] मूठो पारेको; मुठो बनाएको।

मूठो–ना० [मुट्ठो] मुट्ठो।

मूड़–ना० [सं० मुण्ड] टाउको; शिर।

मूड़-गन्ती–ना० [मूड़+गन्ती] १. प्रत्येक मानिसको गणना; व्यक्ति-व्यक्तिको गन्ती। (क्रि० यो०) २. जनही; मानिसपिच्छे।

मूड़-गिन्ती–ना० [मूड़+गिन्ती] मूड़-गन्ती।

मूढ–वि० [सं०] १. मूर्ख; बेवकूफ। २. मोहित; मुग्ध।

मूढ-बुद्धि–वि० [सं०] मूर्ख; नासमझ।

मूढ़ा–ना० [मूढ़ो] डिबडिबेका आकारको एक किसिमको मेच।

मूढात्मा–वि० [सं०] मूढ; मूर्ख।

मूढ़ी–ना० [अनु०] उसिनेको चामल भुटेको खट्टे; भुजा।

मूढ़े-बल–ना० [सं० मूढ+बल] विनाबुद्धिको शारीरिक बल; मुर्ख्याइँको बल।

मूढ़ो–ना० [प्रा० मुड्ढो] १. काठको ठूलो र मोटो टुक्रो; गिँड़। (वि०) २. भुत्ते; नलाग्ने (हतियार)। ३. मूर्ख; मूढ।

मूत–ना० [प्रा० मुत्त] खाएको तरल पदार्थ पेटमा पुगी पचेर प्राणीहरूका जननेन्द्रियबाट निस्कने विषाक्त तरल पदार्थ; पेशाव; मूत्र।

मूत्र–ना० [सं०] मूत; पिशाब।

मूत्र-कृच्छ्र–ना० [सं०] १. घरी-घरी थोरै-थोरै पिसाब हुने एक रोग। २. पत्थरी रोग।

मूत्राशय–ना० [सं०] शरीरमा नाइटो र जननेन्द्रियका बीचमा रहने पिशाबको थैली; वस्तिस्थान।

मूत्रेन्द्रिय–ना० [सं] पिसाब फेर्ने इन्द्रिय; लिङ्ग वा भग।

मूर्ख–वि० [सं०] १. बुद्धि नभएको वा बुद्धि ज्यादै कम भएको; नासमझ; बेवकूफ; मूढ। २. लेख-पढ़ नगरेको वा गर्न नजान्ने; अपढ़; अशिक्षित।

मूर्खता–ना० [सं०] मूर्ख हुनाको भाव।

मूर्खत्व–ना० [सं०] मूर्खता।

मूर्ख-मण्डल–ना० [सं०] मूर्खहरूको समुदाय; मूर्ख-मण्डली।

मूर्ख-मण्डली–ना० [मूर्ख-मण्डल+ई] मूर्ख-मण्डल।

मूर्च्छना–ना० [सं०] १. सङ्गीतका सातै स्वरको आरोह र अवरोहको क्रम; कुनै स्वरबाट उठान गरी सिलसिलेवार एक-एक गरी पालैसित सातै स्वरको आरोह र अवरोह गर्नु। (सप्तकका सात स्वरअनुसार प्रत्येक ग्रामका सात-सात मूर्च्छना भएका हुनाले जम्मा २१ मूर्च्छना हुन्छन्।) २. मूर्च्छा।

मूर्च्छा–ना० [सं०] रोग, भय, शोक आदिबाट प्राणी निश्चेष्ट भएको अवस्था; बेहोशी; मूर्छा; अचेतनता।

मूर्च्छा-रोग–ना० [सं०] मूर्च्छा हुने रोग; छारे-रोग।

मूर्च्छित–वि० [सं०] मूर्च्छा परेको; बेहोश भएको; अचेत।

मूर्छा–ना० [सं० मूर्च्छा] मूर्च्छा।

मूर्त–वि० [सं०] मूर्ति भएको; साकार; मूर्तिमान्।

मूर्तता–ना० [सं०] मूर्त हुनाको भाव।

मूर्ति–ना० [सं०] १. जीउ; शरीर। २. आकृति; स्वरूप। ३. विशेषतः देव-देवीका आकारको अनुरूप स्थापना गरिएको आकृति; प्रतिमा। ४. चित्र; तसवीर। ५. साधु-संन्यासीको गणनाको आदर-वाची शब्द।

मूर्ति-पूजक–वि० [सं०] मूर्ति वा प्रतिमाको पूजा गर्ने; मूर्ति-पूजा गर्ने।

मूर्ति-पूजा–ना० [सं०] मूर्ति वा प्रतिमामा देव-देवीको भावना गरेर पूजा गर्ने काम; देव-प्रतिमाको पूजन।

मूर्ति-भञ्जक–वि० [सं०] मूर्तिहरू फोर्ने; प्रतिमा बिगार्ने।

मूर्तिमान्–वि० [सं०] १. मूर्ति वा शरीरको रूपमा भएको; साकार। २. साक्षात्; प्रत्यक्ष।

मूर्द्धन्य–वि० [सं०] १. मूर्द्धा-स्थानबाट उच्चारण हुने; मूर्द्ध-स्थानी। २. मूर्द्धा-सम्बन्धी। ३. श्रेष्ठतम; उच्चतम।

मूर्द्ध-स्थानी–वि० [सं०] मूर्द्धन्य।

मूर्द्धन्य-वर्ण–ना० [सं०] मूर्द्धा-स्थानबाट उच्चारण हुने अक्षर; देवनागरी वर्ण-मालामा ऋ, र, ष एवम् ट-वर्ग।

मूर्द्धा–ना० [सं०] १. टाउको; शिर; मस्तक। २. मूखभित्र तालु र कण्ठका बीचको स्थान। ३. शिखा। ४. शिखर। ५. नेता।

मूर्द्धाभिषिक्त–वि० [सं०] १. अभिषेक गरिएको। (ना०) २. राजा। ३. क्षत्रिय।

मूर्द्धाभिषेक–ना० [सं०] राजाहरूलाई राज्यारोहणका समयमा गरिने अभिषेक।

मूर्धन्य–वि० [सं०] मूर्द्धन्य।

मूर्धा–ना० [सं०] मूर्द्धा।

मूर्धाभिषिक्त–वि० [सं०] मूर्द्धाभिषिक्त।

मूर्धाभिषेक–ना० [सं०] मूर्द्धाभिषेक।

मूल–ना० [सं०] १. बोट, बिरुवा, लहरा आदिको जमीनमुनि रहने भाग; जरो। २. आलु, तरुल, मूला आदि जमीनमनि फल्ने वस्तु; कन्द। ३. आरम्भ वा उत्पत्ति भएको ठाउँ; मुहान। ४. फेद; जग। ५. सत्ताईस नक्षत्रमध्ये एक। (वि०) ६. मुख्य; प्रधान। ७. सर्व-श्रेष्ठ।

मूलक–वि० [सं०] १. अरू शब्दका पछाड़ि लागी 'मूलबाट उत्पन्न' अर्थ बुझाउने शब्द। (उदा०–भ्रान्ति-मूलक;

CC-0. In Public Domain. Digitization by eGangotri

पाप-मूलक आदि ।) (ना०) २. मूला; कन्द ।

मूल-कार–ना० [सं०] मूल ग्रन्थको लेखक ।

मूल-कारिका–ना० [सं०] कुनै सूत्र-ग्रन्थको श्लोक-बद्ध विवृत्ति ।

मूलखर्के–ना० [नें०] एक किसिमको बर्खे झार; चित्लाँगे; खुर्सानी ।

मूल-ग्रन्थ–ना० [सं०] ग्रन्थ-कारको मूल रचना ।

मूल-च्छेद–ना० [सं०] जरैदेखि उखेल्ने काम; निर्मूल गर्नु ।

मूल-च्छेदन–ना० [सं०] मूल-च्छेद ।

मूलतः–क्रि० यो० [सं०] १. मूल रूपमा । २. आदि वा शुरूमा; प्रथमतः ।

मूल-तत्त्व–ना० [सं०] १. आधारभूत सिद्धान्त । २. मूल पदार्थ । ३. कुनै पदार्थको निर्माण हुँदा उपयोग हुने तत्त्व ।

मूल-धन–ना० [सं०] व्यापारमा लगाइएको धन; पूँजी ।

मूल-पुरुष–ना० [सं०] १. कुनै वंशको आदि-पुरुष । २. ईश्वर ।

मूलपोती–ना० [सं०] सानु-पर्वे ।

मूल-प्रकृति–ना० [सं०] १. सत्त्व, रज र तमको साम्य हुने अवस्था । २. संसारको बीज शक्ति; आद्या शक्ति ।

मूल-बाटो–ना० [मूल+बाटो] ठूलो र फराकिलो बाटो; सड़क; राज-मार्ग ।

मूल-भूत–वि० [सं०] कुनै वस्तुको मूल वा तत्त्वसित सम्बन्ध भएको; आधार-रूप ।

मूल-मन्त्र–ना० [सं०] १. मूल तत्त्व; रहस्य । २. कुनै विषयको मुख्य कुरो ।

मूल-स्थान–ना० [सं०] १. पूर्वजहरूको निवास-स्थान; पितृभूमि । २. कुनै वस्तुको सर्व-प्रथम उत्पत्ति भएको स्थान ।

मूला–ना० [सं० मूल] तरकारी बनाएर वा काँचै खाइने लामो आकारको एक प्रसिद्ध कन्द; मूलक ।

मूला–वि० [सं०] तुच्छ; क्षुद्र; नीच; मुलन्धरे ।

मूलाधार–ना० [सं०] हठ-योगअनुसार जननेन्द्रिय र गुद-द्वारका बीचमा रहेको, शरीरका षट् चक्रमध्ये एक ।

मूलिक–वि० [सं०] १. मूल-सम्बन्धी; मौलिक । २. मुख्य; प्रधान । (ना०) ३. कन्द-मूल खाएर निर्वाह गर्ने संन्यासी ।

मूलिन्–वि० [सं०] १. मूलबाट उत्पन्न । (ना०) २. रूख; वृक्ष ।

मूली–वि० [सं० मूल] १. मुख्य; प्रधान । (ना०) २. थकाली । ३. घरको मुख्य व्यक्ति; माउ ।

मूल्य–ना० [सं०] १. कुनै वस्तु खरीद गर्दा त्यसका बदलामा दिइने धन; मोल; दाम; कीमत । २. वेतन; पारिश्रमिक । ३. उपयोगिता वा महत्त्व ।

मूल्यवान्–वि० [सं०] धेरै मोल पर्ने; दामी; कीमती ।

मूल्य-हीन–वि० [सं०] मूल्य वा महत्त्व नभएको; निकम्मा ।

मूल्याङ्कन–ना० [सं०] १. मूल्य निर्धारित गर्ने काम; मोल तोक्ने काम । २. कुनै वस्तुको गुण, उपयोगिता, महत्त्व आदिको निर्णय गर्नु ।

मूषक–ना० [सं०] १. मूसो । २. चोर । ३. ठग; वञ्चक ।

मूषा–ना० [सं०] १. घरिया; ऋुसीबल । २. मूसो ।

मूषिक–ना० [सं०] १. मूसो । २. चोर ।

मूसाकानी–ना० [सं० मूषाकरणी] सरताप्रे ।

मूसाकाने–ना० [मूसा+कान] सरताप्रे ।

मूसे–वि० [मूसा+ए] १. मूसाको; मूसा-सम्बन्धी । २. मूसाको जस्तो । ३. मूसाजस्तो ।

मूसे-खरी–ना० [मूसे+खरी] दूबोका जस्ता पात र खैरा बाला हुने एक जातको खर ।

मूसो–ना० [सं० मूषा] दुलामा बस्ने, अन्न खाने एक थरीको जन्तु; मूषक ।

मृग–ना० [सं०] १. जङ्गली पशु; जनावर । २. हरिण । ३. मृग-शिरा नक्षत्र । ४. काम-शास्त्रअनुसार चार प्रकारका पुरुषमध्ये एक ।

मृग-धर–ना० [सं०] चन्द्रमा ।

मृग-चर्म–ना० [सं०] हरिणको छाला ।

मृग-तृष्णा–ना० [सं०] विशेषतः बलौटे जग्गामा कड़ा घाम लाग्दा कहिले-काहीं देखिने जलको मिथ्या-प्रतीति; मृग-मरीचिका ।

मृग-नयना–वि० [सं०] मृग-नयनी ।

मृग-नयनी–वि० [सं०] मृगका जस्ता ठूला र बान्की परेका चञ्चल आँखा भएकी (स्त्री) ।

मृग-नाभि–ना० [सं०] कस्तूरी; बिना ।

मृग-मद–ना० [सं०] कस्तूरी ।

मृग-मरीचिका–ना० [सं०] मृग-तृष्णा ।

मृग-मातृका–ना० [सं०] १. सीङ नहुने र ठूलो पेट हुने एक जातको मृगको पोथी । २. कस्तूरी मृगको पोथी ।

मृगया–ना० [सं०] शिकार; आखेट ।

मृग-राज–ना० [सं०] १. सिंह । २. बाघ ।

मृग-लाञ्छन–ना० [सं०] चन्द्रमा ।

मृग-लोचना–वि० [सं०] मृगका जस्ता ठूला र बान्की परेका आँखा भएकी; मृग-नयना ।

मृग-लोचनी–वि० [सं०] मृग-लोचना ।

मृग-वारि–ना० [सं०] १. मृग-तृष्णामा देखिने पानी । २. झूटो आशामा फसाउने वस्तु ।

मृग-शिर–ना० [सं०] मृग-शिरा ।

मृग-शिरा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये पाँचौ नक्षत्र ।

मृग-शीर्ष–ना० [सं०] मृग-शिरा ।

मृगाक्षी–वि० [सं०] मृग-नयना ।

मृगाङ्क–ना० [सं०] चन्द्रमा ।

मृगासन–ना० [सं०] मृगका छालाको आसन; मृग-चर्मको आसन ।

मृगी–ना० [सं०] १. पोथी हरिण । २. काम-शास्त्रअनुसार स्त्रीहरूको एक भेद । ३. छारे-रोग; अपस्मारी ।

मृगेन्द्र–ना० [सं०] १. सिंह । २. बाघ ।

मृडा–ना० [सं०] गौरी; पार्वती ।

CC-0. In Public Domain. Digitization by eGangotri

मृणाल–ना० [सं०] कमलको डाँठ।
मृणालिका–ना० [सं०] कमलको नाल।
मृणालिनी–ना० [सं०] १. कमलको बोट; कमलिनी। २. कमलले परिपूर्ण ठाउँ।
मृण्मय–वि० [सं०] माटाले बनेको; माटाको।
मृण्मूर्ति–ना० [सं०] माटाको मूर्ति; माटोले बनेको मूर्ति।
मृत–वि० [सं०] १. मरेको; मृत्यु भएको। २. जीवन-शक्ति, उपयोगिता, क्रिया-शीलता, महत्त्व आदि केही नभएको। ३. मारण गरिएको; भस्म गरिएको (धातु)।
मृतक–ना० [सं०] १. मरेका प्राणीको शरीर; लाश; मुर्दा। (वि०) २. मरेको; मृत।
मृत-कर्म–ना० [सं०] मरेका व्यक्तिको सद्गतिका निमित्त गरिने कृत्य; अन्त्येष्टि।
मृत-कल्प–वि० [सं०] मरेतुल्य भएको; मृत-प्राय।
मृत-प्राय–वि० [सं०] मरेजस्तो भएको; मृत-कल्प।
मृत-भर्तृका–ना० [सं०] पोइ मरेकी; विधवा।
मृत-भाषा–ना० [सं०] प्राचीन-कालमा कुनै ठाउँका सर्व-साधारण जनताले बोल्ने तर अहिले त्यसरी नबोलिने भाषा।
मृत-मातृक–वि० [सं०] आमा मरेको; टुहुरो।
मृत-वत्सा–वि० [सं०] १. छोरा-छोरी नबाँच्ने (स्त्री)। २. बाछा-बाछी नबाँच्ने (गाई)।
मृत-सञ्जीवन–वि० [सं०] मुर्दा बौराउने; मरेकालाई विउँताउने।
मृत-सञ्जीवनी–वि० [सं०] १. मुर्दा बिउँताउने; मरेकालाई बचाउने (औषधि)। (ना०) २. मुर्दालाई बौराउन विद्या वा मन्त्र।
मृत-सूतक–ना० [सं०] आमा–बाबु, ज्ञाति-भाइहरू मर्दा लाग्ने आशौच वा जूठो।
मृत-स्नान–ना० [सं०] जठो लाग्ने नातादार मर्दा शुद्धिका निमित्त गरिने स्नान; खल्को।
मृतात्मा–ना० [सं०] १. मरेका व्यक्तिको आत्मा; प्रेतात्मा। (वि०) २. उत्साह, कर्मठता आदि नभएको (व्यक्ति)।
मताशौच–ना० [सं०] आत्मीय जन मर्दा लाग्ने आशौच; मृतकको सूतक।
मृति–ना० [सं०] मरण; मृत्यु।
मृत्तिका–ना० [सं०] माटो; मट्टी।
मृत्तिका-पुत्र–ना० [सं०] किसान; कृषक; खेतीवाल।
मृत्यु–ना० [सं०] १. शरीरबाट प्राण निस्कनु; मर्नु; मरण। २. यमराज।
मृत्यु-कर–वि० [सं०] १. मृत्यु गराउने; मार्ने। (ना०) २. कुनै व्यक्ति मर्दा त्यसका सम्पत्तिमा लाग्ने सरकारी कर।
मृत्यु-काल–ना० [सं०] मर्ने वेला; मृत्यु हुने समय।
मृत्युञ्जय–वि० [सं०] १. मृत्युलाई जित्ने। (ना०) २. शिव। ३. अकाल-मृत्यु-निवारण गर्ने शिवको एक मन्त्र।
मृत्यु-लोक–ना० [सं०] १. मर्त्य-लोक; भू-लोक। २. यम-लोक।
मृत्यु-शय्या–ना० [सं०] रोगी मर्ने शय्या; रोगीको अन्तिम शय्या।
मृत्यु-शुल्क–ना० [सं०] मृत्यु-कर।
मृत्स्ना–ना० [सं०] नरम मलिलो माटो।
मृद्–ना० [सं०] माटो; मट्टी।
मृदङ्ग–ना० [सं०] ढोलजस्तो एक प्रकारको बाजा।
मृदङ्गी–वि० [सं०] मृदङ्ग बजाउने।
मृदित–वि० [सं०] १. निचोरिएको। २. पिँधिएको। ३. मलिएको।
मृदु–वि० [सं०] १. नरम; कोमल; मुलायम। २. मीठो; मधुर (स्वर)। ३. मन्द; सुस्त (गति)।
मृदुता–ना० [सं०] मृदु हुनाको भाव; कोमलता।
मृदु-भाषी–वि० [सं०] मधुर-भाषी।
मृदुल–वि० [सं०] १. मृदु; कोमल। २. कृपालु; दयालु। ३. सुकुमार।
मृदुलता–ना० [सं०] मृदुल हुनाको भाव; मृदुता।
मृदूत्पल–ना० [सं०] नीलो कमल; नीलोत्पल।
मृद्वी–ना० [सं०] १. अङ्गूर; द्राक्षा। (वि०) २. कोमल अङ्ग भएकी (स्त्री)।
मृद्वीका–ना० [सं०] अङ्गूर; द्राक्षा।
मृन्मय–वि० [सं०] माटोले बनेको; माटोको।
मृषा–वि० [सं०] १. झूटो; मिथ्या। (क्रि० यो०) २. व्यर्थमा; अकारण नैं; बिनसित्ति।
मृष्ट–वि० [सं०] १. सफा गरिएको; शोधित। २. विचार गरिएको। ३. छोइएको; स्पर्श गरिएको।
मृष्टि–ना० [सं०] १. शुद्ध गर्ने काम; शोधन। २. विमर्श। ३. छुने काम; स्पर्श।
मे–ना० [अं०] ईसवी महीनाको पाँचौँ महीना; मई।
मेक–ना० [सं०] बाख्रो।
मेख–ना० [सं० मक्ष] घमन्ड; अभिमान; तुजुक।
मेख–ना० [फा० मेख] १. कीलो। २. दुइ निदालका बीचको जोर्नीमा ठोकिने काठको कीलो।
मेखला–ना० [सं०] १. कुनै वस्तुको मध्य भागलाई वरि-परि-बाट बेर्ने डोरी, श्रृङ्खला, रेखा आदि। २. कन्धनी; कटि-सूत्र। ३. पर्वतको मध्य भाग। ४. साधु-संन्यासीहरूले लाउने एक प्रकारको अलखा।
मेखली–वि० [सं०] १. मेखला लाउने (ना०) २. पूर्वी। पहाड़काजिमीदारका स्त्रीहरूले लाउने एक विशेष प्रकारको वस्त्र।
मेगजीन–ना० [अं० मेगेजीन] १. तोप, बन्दूक, गोली-गट्ठा आदि लड़ाईँका सामानहरू बनाउने वा राख्ने ठाउँ। २. राइफलमा जगेड़ाका रूपमा गोली भरिराख्ने बट्टाका आकारको अवयव। ३. पत्र-पत्रिका।
मेघ–ना० [सं०] १. बादल; मेहरो। २. कुहिरो। ३. समूह।

CC-0. In Public Domain. Digitization by eGangotri

४. मोथे। ५. गान्धार र धैवत वर्जित भई निषाद कोमल हुने, शास्त्रअनुसार रात्रिको चौथो प्रहर, र वर्षा ऋतुमा हर समयमा गाउन हुने, औडव-जातिको एक राग।

मेघ-काल—ना० [सं०] वर्षा ऋतु।

मेघ-नाद—ना० [सं०] १. मेघको गर्जना। २. रावणको एक छोरो; इन्द्र-जित्।

मेघ-माला—ना० [सं०] बादलको ताँती।

मेघ-राज—ना० [सं०] इन्द्र।

मेघागम—ना०[सं०] १. वर्षा ऋतुको आरम्भ। २. वर्षा ऋतु।

मेघाच्छन्न—वि० [सं०] बादलले ढाकेको।

मेघाडम्बर—ना० [सं०] मेघको गर्जना; मेघ-नाद।

मेच—ना० [फा० मेज़] एक किसिमको अग्लो आसन; कुर्सी।

मेचक—वि० [सं०] १. कालो; कृष्ण वर्णको। २. अँध्यारो; अन्धकार। (ना०) ३. धूवाँ। ४. बादल।

मेचक-व्रीहि—ना० [सं०] कालो-वड्हरी धान।

मेछे—ना० [?] बेल्टमा किरिच घुसार्ने ठाउँ।

मेजबान—ना० [फा० मेज़बान] मेजमान।

मेजबानी—ना० [फा० मेज़बानी] मेजमानी।

मेजमान—ना०[फा० मेज़बान] १. अतिथि-सत्कार गर्ने गृहस्थी। २. विशेष काममा भोजन गराउनाका निमित्त पाहुना बोलाउने व्यक्ति।

मेजमानी—ना० [मेजमान+ई] १. मेजमानको काम। २. पाहुनालाई खुवाउने विशिष्ट भोजनको आयोजन।

मेजर—ना० [अं०] कप्तानभन्दा माथि लेफ्टिनेन्ट-कर्नलभन्दा मनिको एक सैनिक दर्जा।

मेजर-कप्तान—ना०[अं० मेजर-केप्टैन] कप्तानभन्दा माथिको एक जङ्गी दर्जा।

मेजर-जनरल—ना० [अं०] पूरा कर्नेलभन्दा माथिको जर्नेलको एक दर्जा।

मेजर-सूबेदार—ना० [मेजर+सूबेदार] सूबेदारभन्दा माथि सेकेन्ड-लेफ्टिनेन्टभन्दा तलको एक जङ्गी दर्जा।

मेजो—ना० [बेजो] बेजो।

मेट—ना० [प्रा०] मेट्ने काम।

मेट-माट—ना० [मेट+माट (फाँ०)] मेट्ने काम।

मेटाइ—ना०[मेट्+आइ] मेट्ने वा मेटिने किसिम, क्रिया वा भाव।

मेटाइनु—स० क्रि० [मेटाउ+इ+नु] मेट्न वा पुछ्न लाइनु; ('मेटाउनु'-को क० क्रि०)।

मेटाउनु—स० क्रि० [मेट्+आउ+नु] मेट्न लाउनु; पुछाउनु; ('मेट्नु'-को प्रे० क्रि०)।

मेटिनु—स० क्रि० [मेट्+इ+नु] पुछिनु; नामेट गरिनु; ('मेट्नु'-को क० क्रि०)।

मेट्नु—स० क्रि० [मेट+नु] १. अक्षर, चित्र, चिह्न, दाग आदि घोटेर हटाउनु; पुछ्नु; नामेट गर्नु। २. फाल्नु; फ्याँक्नु; मिल्काउनु। ३. भोक, प्यास आदि हटाउनु; तृप्त गर्नु। ४. समाप्त गर्नु; अस्तित्वको लोप गर्नु।

मेठ—ना० [मेख] थाममाथि निदालमनि रहने काठको ठेउको।

मेठ—ना० [अं० मेट] विशेषतः ज्यामीहरूको नाइके।

मेठ-बन्दी—ना० [सं० मण्डल+बन्ध] १. रकम-रकमका खर्चको हिसाब। २. कीला-कोइला गाड़ी लेखिएको बिर्ता जग्गाको मुचुल्का-कागत।

मेडल—ना० [अं०] पदक; तक्मा।

मेडिकल—वि० [अं०] औषध-सम्बन्धी।

मेढाश्रृङ्गी—ना० [सं०] १. बाटुला किसिमका ठूला पात, राता फूल र लामा-लामा फल हुने एक जातको सानो बोट। २. त्यसैको फल; मेषश्रृङ्गी। (यसका बायाँपट्टिबाट रेखा घुमेको र दायाँपट्टिबाट रेखा घुमेको फल हुने—दुइ भेद छन्।)

मेथी—ना० [सं० मेथि] १. केराउका जस्ता पात हुने, सेता फूल फुल्ने, मसिना पहेँला दाना फल्ने साग। २. त्यसैको गेड़ा वा फल अथवा साग।

मेद—ना० [सं०] बोसो।

मेदस्वी—वि० [सं०] शरीरमा अधिक मात्रामा बोसो भएको; मोटो; थसुल्लो।

मेदा—ना० [सं०] १. अदुवाका जस्ता पात र कन्द हुने एक बूटी। २. त्यसैको कन्द। (सानो र ठूलो—यसका दुइ भेद छन्। आयुर्वेदमा यसको गुण ठन्डा, रुचि-कारक, शुक्र-वर्द्धक, पित्त-नाशक र दूध बढ़ाउने बताइएको छ।)

मेदागिरि—ना० [ने०] पुनर्नवाका जस्ता साना-साना पात, साना-साना नीला फूल र राता जरा हुने जातको एक बूटी; ब्राह्मी। (आयुर्वेदमा यसलाई आयु र मेधा-वर्द्धक मानिएको छ।)

मेदिनी—ना० [सं०] १. पृथ्वी; धरती। २. संस्कृत शब्दको एक शब्द-कोष।

मेदुर—वि०[सं०] १. बाक्लो; मोटो। २. अति चिल्लो; स्निग्ध।

मेध—ना० [सं०] १. यज्ञ; होम। २. बलिका निमित्तको पशु।

मेधा—ना० [सं०] १. सम्झने शक्ति; स्मरण-शक्ति। २. बुद्धि; समझ। ३. बल; शक्ति।

मेधावान्—वि० [सं०] बुद्धिमान्; मेधावी।

मेधावी—वि० [सं०] १. बुद्धिमान्; समझदार। २. विद्वान्; पण्डित। (ना०) ३. सुगा।

मेध्य—वि० [सं०] १. यज्ञ-सम्बन्धी; यज्ञको। २. पवित्र; शुद्ध। ३. बुद्धि बढ़ाउने। (ना०) ४. बोको। ५. जौ।

मेनका—ना० [सं०] शकुन्तलाकी आमा; एक अप्सरा।

मेन्डोलिन—ना० [फ्रे०] नाशपातीका आकारको तुम्बा र आठ वटा तार हुने, जवाले बजाइने एक प्रकारको बाजा।

मेन्धी—ना० [सं०] मेहदी।

मेम्बर—ना० [अं०] सदस्य।

मेमो—ना० [अं० मेमोरेन्डम] कुनै विषयमा भएका काररवाई स्पष्ट गर्नाका निमित्त वा सम्झनाका निमित्त लेखिएको लेख।

मेरु—ना० [सं०] १. सुमेरु पर्वत। २. जप-मालामा सबभन्दा माथिको दाना; सुमेरु। ३. हारका बीचको मणि।

CC-0. In Public Domain. Digitization by eGangotri

४. पीङ्को डोरी झुन्ड्याउने काठ। ५. छन्द-शास्त्रको एक प्रक्रिया। ६. पृथ्वीको सबभन्दा उत्तर र सबभन्दा दक्षिणमा रहेका केन्द्र; ध्रुव।

मेरु-दण्ड–ना० [सं०] १. गर्दनदेखि गुद-द्वारसम्म गएको पिठिउँका बीचको ठाड़ो हाड़हरूको पङ्क्ति; पृष्ठ-वंश। २. पृथ्वीको एक ध्रुवदेखि अर्को ध्रुवसम्म गएको सोझो कल्पित रेखा।

मेरु-पृष्ठ–ना० [सं०] आकाश।

मेरो–वि० [म+एरो] उत्तम-पुरुष, एक-वचन, षष्ठि-तत्पुरुष-को रूप; आफ्नो।

मेल–ना० [सं०] १. भेट्ने काम; मिलाप; समागम। २. आपस्तको सद्भावना; मैत्री; मित्रता। ३. आफसमा एक-समान हुनु; मिल्नु। ४ मिश्रण; मिलावट। ५. ढङ्ग; छाँट। ६. प्रकार; किसिम; तरह। ७. प्रीति; प्रेम। ८. थाट (सङ्गीतमा)।

मेल–ना० [अं०] १. डाँक। २. डाँक-गाड़ी।

मेलंन–ना० [सं०] १. मिलन; समागम। २. समूह। ३. मेला।

मेलन–ना० [सं०] १. मिलन; भेट। २. मिश्रण; मिलावट।

मेल-मिलाप–ना० [मेल+मिलाप] मिलजुल; घनिष्ठता।

मेला–ना० [सं०] १. मिलन; भेट; समागम। २. तीर्थ-स्थान, यात्रा वा उत्सवहरूमा हुने मानिसहरूको जमघट। ३. भीड़; घुइँचो। ४. खेतीको काम; मेलो। ५. किसान, मजदूरहरूले छुट्ट्याएर लिने आफ्ना-आफ्ना कामको अंश वा अभिभारा।

मेलापक–वि० [सं०] मिलाउने; भेट गराउने; मेल गराउने।

मेला-पात–ना० [मेला+पात (फाँ०)] खेतीको काम-काज; मेलो।

मेलो–ना० [मिल्] १. कामको सिलसिला; मेसो। २. एक जनाले दिनभरमा गर्ने काम।

मेलो-मेसो–ना० [मेलो+मेसो] कामको सिलसिला; कार्य-क्रम।

मेवा–ना० [फा० मेवः] १. अँड़ीरका जस्ता पात हुने, प्रायः हाँगा-बिँगा केही नहुने, काला बीयाँ हुने गुलिया ठूला र लाम्चो फल फल्ने एक जातको बोट। २. त्यसैको फल; पपिता। ३. काजू, बदाम आदि खाने मसला।

मेशीन–ना० [अं०] कल-पुर्जाहरूले बनेको, काम छिटो गर्ने यन्त्र; कल।

मेशीन-गन–ना० [अं०] धेरै गोलीहरू छिटो-छिटो चलाउने एक किसिमको बन्दूक।

मेशीनरी–ना० [अं०] १. कुनै कारखानामा भएका मेशीन्-हरूको समुदाय; यन्त्रहरूको समष्टि। २. कुनै यन्त्र वा वस्तुको पुर्जा; कल-पुर्जा। ३. कार्य-सञ्चालन गर्ने अङ्ग-प्रत्यङ्गहरूको समूह।

मेष–ना० [सं०] १. भेड़ो। २. बाह्र राशिमध्ये एक।

मेषशृङ्ग–ना० [सं०] मेढ़ाशृङ्गी।

मेषशृङ्गी–ना० [सं०] मेढ़ाशृङ्गी।

मेष-सङ्क्रान्ति–ना० [सं०] मेष राशिमा सूर्यको प्रवेश हुने दिन; वैशाख-सङ्क्रान्ति।

मेसु–ना० [ने०] बाँसका टुसा खाँदेर अमिल्याएको अचार; तामा।

मेसो–ना० [ने०] १. कामको सिलसिला; कार्य-क्रम। २. भेउ; रहस्य।

मेह–ना० [सं०] १. मत; पिसाब। २. प्रमेह।

मेहतर–ना० [फा०] फोहर-मैला सफा गर्ने वर्गको व्यक्ति; झाड़ू-बढ़ारूको काम गर्ने जातिको व्यक्ति।

मेहदी–ना० [सं० मेन्धी] साना, लाम्चा पात, पहेँला साना फूल र साना राता फल हुने एक जातको बोट; तैरिणी; मेन्धी। (यसका पात कुटेर हात-गोड़ा रँगाउन स्त्रीहरू तिउरीजस्तै लाउँछन्।)

मेहन–ना० [सं०] १. मूत; मूत्र। २. लिङ्ग।

मेहनत–ना० [अ० मिहनत] १. श्रम; मिहिनेत; प्रयास। २. कोशिश; उद्योग। ३. परिश्रम।

मेहनताना–ना० [अ० मिहनतानः] मेहनत गरेबापत दिइने ज्याला; पारिश्रमिक।

मेहनती–वि० [मेहनत+ई] मेहनत गर्ने; परिश्रमी।

मेहमान–ना० [फा०] १. पाहुना; अतिथि। २. भोजनका निमित्त बोलाइएको व्यक्ति; भोजमा आमन्त्रित व्यक्ति।

मेहमानी–ना० [फा०] १. मेहमान हुने क्रिया वा भाव। २. भोज।

मेहरबान–वि० [फा० मेह्रबान] दयालु; कृपालु।

मेहरबानी–ना० [फा० मेह्रबानी] १. कृपा; अनुग्रह; निगाह। २. दया; करुणा।

मेहरो–ना० [सं० मेघ] १. मेघको समुदाय; मेघ-माला। २. परेका पानीको झोक्का।

मैगाँठो–ना० [म्वाइँ+गाँठो] डोरी वा धागाका दुइ छेउ जोल्ट्याएर पारेको साधारण गाँठो; सुर्काउनी नपारी बनाइएको गाँठो।

मैझारो–ना० [ने०] कुनै ठूलो कामको समाप्ति वा पूर्ति।

मैच–ना० [अं०] दुइ पक्षका खेलाड़ीहरूका बीच हुने फुट-बाल, क्रिकेट आदिको प्रतियोगितात्मक खेल।

मैटर–ना० [अं०] १. कम्पोज गर्ने लेख, समाचार आदि; गुरु-कापी। २. विषय।

मैतालु–वि० [माइत+आलु] १. माइतबाट भर्खर आएकी (बुहारी)। २. ज्यादै माइत बस्ने (स्त्री)। ३. पतिलाई छोड़ी माइतमा आई बसेर अर्को विवाह गर्न हुने (जात वा स्त्री)।

मैत्र–वि० [सं०] मित्रको; मित्र-सम्बन्धी।

मैत्रावरुण–ना० [सं०] १. अगस्त्य ऋषि। २. वसिष्ठ ऋषि।

मैत्री–ना० [सं०] मित्रको भाव; मित्रता; दोस्ती।

मैत्रेय–ना० [सं०] १. एक भविष्यत् बुद्ध। २. सूर्य। ३. एक

CC-0. In Public Domain. Digitization by eGangotri

ऋषि।
मैत्र्य–ना० [सं०] मित्रता।
मैथिल–वि० [सं०] १. मिथिला देश-सम्बन्धी। २. मिथिला-निवासी। (ना०) ३. राजा जनक। ४. मिथिलाको भाषा।
मैथिली–ना० [सं०] १. सीता। २. मिथिला देशको भाषा।
मैथुन–ना० [सं०] १. स्त्री-पुरुषको समागम; सम्भोग। २. विवाह।
मैथुनिक–वि० [सं०] १. मैथुन-सम्बन्धी। २. मैथुन गर्ने; स्त्री-समागम गर्ने।
मैथुनी–वि० [सं०] मैथुन गर्ने।
मैदल–ना० [सं० मदन-फल] मैन-फल।
मैदा–ना० [फा० मैदः] १. मिहीन पीठो; मसिनो पीठो। (वि०) २. ज्यादै मिहीन; खूब मसिनो।
मैदान–ना० [फा०] १. खुला फराकिलो समतल भूमि; चउर। २. खेल, तमाशा आदि गर्ने फराकिलो जमीन। ३. अखाड़ा।
मैदी-ताल–ना० [ने०] नेपालको पश्चिम-एक (१)-नम्बर जिल्लामा रहेको एक ताल।
मैन–ना० [मइन] मइन।
मैन-कपड़ा–ना० [मैन+कपड़ा] मइन-कपड़ा।
मैन-फल–ना० [सं० मदन-फल] औषधिमा प्रयोग हुने ओखरजस्तो एक जातको फल।
मैन-बत्ती–ना० [मैन+बत्ती] मइन-बत्ती।
मैनसिल–ना० [सं० मनःशिला] केही पहेँलो रङ्गको एक खनिज द्रव्य; मनःशिला। (आयुर्वेदीय औषधिमा यस द्रव्यको उपयोग हुन्छ।)
मैना–ना० [सं० मदना] सारौँका आकारको, मनुष्यको बोली सिक्न सक्ने एक प्रसिद्ध चरो; सारिका।
मैनाक–ना० [सं०] पुराणअनुसार हिमालयको छोरो मानिएको एक पर्वत।
मैन्टुल–ना० [अं० मैन्टल] १. मट्टी-तेल हाली हावा भरेर बालिने लालटिनजस्तो एक प्रकारको तेजिलो बत्ती; पेट्रो-मैक्स। २. त्यसैमा बालिने जाली।
मैफिल–ना० [अ० महफ़िल] महफिल।
मैमत्त–वि० [मइमत्त] मइमत्त।
मैयाँ–ना० [सं० मातृ] १. राज-कुमारी; राज-कन्या। २. छोरी-बेटीलाई स्नेहपूर्वक बोलाउन शब्द।
मैरी–ना० [मुङ्ग्रो+ई] सानो घन।
मैरेय–ना० [सं०] धयैँराको फूल, चाकु, अमला र बर्रो मिलाई बनाइने एक प्रकारको रक्सी।
मैरो–ना० [मझेरी] छिँडी; मझेरी; भान्सामनिको जमीन।
मैल–ना० [मयल] मयल; मल।
मैला–ना० [मैल+आ] १. कसिङ्गर; फोहर। २. विष्ठा; मल।
मैलिइनु–अ० क्रि० [मैलि+इ+नु] मैलो होइनु; ('मैलिनु'-को भा० क्रि०)।
मैलिनु–अ० क्रि० [मैलो+इ+नु] १. मैलो हुनु; मैल वा फोहोर लाग्नु। २. घसर-पसर हुनु।
मैलो–वि० [मैल+ओ] १. मैल भएको; मैल-युक्त। २. सुकिलो नभएको; मलिन।
मैल्याइ–ना० [मैलि+याइ] मैलिने किसिम, क्रिया वा भाव।
मैल्याइ–ना० [मैल्याउ+आइ] मैल्याउने किसिम, क्रिया वा भाव।
मैल्याइनु–स० क्रि० [मैल्याउ+इ+नु] मैलो पारिनु; ('मैल्याउनु'-को क० क्रि०)।
मैल्याउनु–स० क्रि० [मैलि+याउ+नु] १. मैलो पार्नु; फोहर पार्नु। २. घस्टयाउनु; ('मैलिनु'-कोप्रे ० क्रि०)।
मैह्ना–ना० [महीना] महीना।
मैह्नावारी–ना० [महीनावारी] महीनावारी।
मोक्ष–ना० [सं०] १. बन्धनबाट छुट्नु; छुटकारा। २. जन्म-मरणको बन्धनबाट जीव वा प्राणी छुट्नु; मुक्ति; निर्वाण। ३. मृत्य; मरण।
मोक्षदा–वि० [सं०] १. मुक्त गर्ने; मोक्ष दिने। (ना०) २. मार्ग शुक्ल एकादशी।
मोगलान–ना० [मुगलान] मुगलान।
मोगलानिया–वि० [मोगलान+इया] मुगलानिया।
मोघ–वि० [सं०] खेर जाने; व्यर्थ हुने; निरर्थक।
मोच–ना० [सं० मुच] बालक सुक्तै जाने एक रोग।
मोच–ना० [सं० मुञ्ज] बाबियोजस्तो एक प्रकारको घाँस।
मोचन–ना० [सं०] १. बन्धन, कष्ट आदिबाट छुट्ने काम; मुक्त हुनु वा गर्नु। २. हटाउन; दूर गर्नु।
मोचा-मोची–ना० [मोचो+मोचो+ई] लड़का-लड़की; केटा-केटी।
मोचो–ना० [नेवा० मचा] १. लड़को; केटो। २. नोकर।
मोज–ना० [अ० मौज़] १. सुख; आनन्द; मौज। २. मनको लहड़; उमङ्ग।
मोज-मज्जा–ना० [मोज+मज्जा] मोज र मज्जा; सुख-चैन; मन-मोज; आमोद-प्रमोद।
मोजा–ना० [फा० मोज़ा] पैतालादेखि प्रायः पिँड़ौलासम्म हुलेर लाइने एक किसिमको वस्त्र।
मोजी–वि० [मोज+ई] मन लागेको आनन्द गर्ने; मोज गर्ने; आनन्दी; मग्न-मस्त।
मोटक–ना० [सं०] पितृ-कार्यमा प्रयोग गरिने विशेष किसिमले दोहोऱ्याएर बाटेको कुश।
मोटर–ना० [अं०] १. बिजुली, पेट्रोल, कोइला आदिबाट चल्ने यन्त्रलाई सञ्चालित गर्ने यन्त्र। २. त्यस्तो यन्त्रबाट चल्ने एक प्रसिद्ध सवारी।
मोटर-कार–ना० [अं०] मोटरबाट चल्ने विशेष किसिमको सवारी-गाड़ी।
मोटर-साइकिल–ना० [अं०] मोटर वा इन्जिनबाट चल्ने साइकिल; भ्याटभ्याटे।
मोटाइ–ना० [मोटाउ+आइ] १. मोटाउने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव। २. मोटोपनको परिमाण।

मोटाइनु–स० क्रि० [मोटाउ+इ+नु] मोटो होइनु; ('मोटाउनु'-को क० क्रि०)।

मोटाउनु–अ० क्रि० [मोटो+आउ+नु] १. मोटो हुनु; हृष्ट-पुष्ट हुनु; स्थूल हुनु; अयुलाउनु। २. धनी हुनु; सम्पन्न हुनु।

मोटा-मोटी–वि० [मोटो+मोटो] १. राम्रोसँग वा गहिरिएर नगरिएको; अन्दाजको (हिसाब)। २. सामान्य; साधारण।

मोटो–वि० [प्रा० मुट्ट] १. शरीरमा धेरै मासु भएको; पुष्ट; स्थूल-काय। २. ठूलो घेरो वा चाङ भएको। ३. खस्रो; मिहीन नभएको। ४. धनी; सम्पन्न। ५. बाक्लो; ढोसो। ६. स्थूल; सूक्ष्म नभएको (बुद्धि, काम आदि)।

मोटो-घाटो–वि० [मोटो+घाटो (फाँ०)] हृष्ट-पुष्ट; मोटो; थाम्मर-थुम्मर।

मोट्टायित–ना० [सं०] साहित्यमा प्रियतमका गुण, रूप आदिको प्रशंसा सुनेर मुग्ध भई अनुराग प्रकट गर्ने एक भाव।

मोठ–ना० [सं० मुष्टि] १. तलवार, खुकुरी आदिको मुट्ठीले समाउने अवयव; मूठ; बीँड़। २. धनुमा मुट्ठीले समाउने ठाउँ। ३. डक्क; एक-मुस्ट।

मोड़–ना० [सं० मुर्] घुमेको वा मोड़िएको ठाउँ; मोड़िने ठाउँ।

मोड़ाइ–ना० [मोड़+आइ] मोड्ने किसिम, क्रिया वा भाव।

मोड़ाइनु–स० क्रि० [मोडाउ+इ+नु] मोड्न लाइनु; ('मोड़ाउनु'-को० क० क्रि०)।

मोड़ाउनु–स० क्रि० [मोड्+आउ+नु] मोड्न लाउनु; ('मोड्नु'-को० प्रे० क्रि०)।

मोड़िनु–अ० क्रि० [मोड़] १. दिशा बदलेर जानु; घुमेर जानु। २. बाङ्गिनु; टेढ़िनु। ३. दोब्रिनु। (स० क्रि०) ४. बङ्ग्याइनु; ('मोड्नु'-को क० क्रि०)।

मोड्नु–स० क्रि० [मोड़+नु] १. टेढ़्याउनु; बङ्ग्याउनु। २. दिशा बदलेर लानु; घुमाउनु। ३. पट्ट्याउनु; दोब्र्याउनु।

मोतिया–ना० [मोती+इया] १. बाटुला किसिमका साना-साना पात र सुगन्धी सेता फूल हुने एक जातको लहरो। २. त्यसैको फूल।

मोतिया-बिन्दु–ना० [मोती-बिन्दु] मोती-बिन्दु।

मोती–ना० [सं० मौक्तिक] समुद्रमा पाइने एक जातको सीपीबाट निस्कने एक प्रसिद्ध मूल्यवान् रत्न; मुक्ता-फल।

मोती-चूर–ना० [मोती+चूर्ण] प्रायः चनाका मैदाको, जिलेबीझैँ घिउमा पकाई पागमा डुबाएर बनाइने मसिना गेड़ा (मिठाई)।

मोती-बिन्दु–ना० [मोती+बिन्दु] आँखाको पुतलीमा सेतो जालो जम्ने एक किसिमको रोग; मोतिया-बिन्दु।

मोतीराम-भट्ट–ना० [मोती+राम+भट्ट] नेपाली साहित्यका आदि-कवि भानुभक्त आचार्यको जीवनी, गजेन्द्र-मोक्ष आदि ग्रन्थका लेखक एक प्रसिद्ध कवि।

मोथे–ना० [सं० मुस्ता] कसुरका जस्ता पात, फूल र कन्द हुने एक जातको झार; ठूलो एक जातको कसुर; नागरमुस्ता। (आयुर्वेदमा यसको गुण ठन्डा, अग्नि-वर्द्धक र ज्वर-नाशक बताइएको छ।)

मोद–ना० [सं०] १. हर्ष; खुशी; आह्लाद। २. सुगन्ध।

मोदक–ना० [सं०] १. लड्डू। (वि०) २. आनन्द दिने; हर्षप्रद।

मोदन–ना० [सं०] १. हर्ष; आनन्द। २. सुगन्ध फैलिनु।

मोदित–वि० [सं०] मुदित; प्रसन्न।

मोनाल–ना० [ने०] १. शरीरमा अनेक रङ्ग हुने, च्याखुराजत्रो एक जातको सुन्दर पक्षी। २. खैरा पछेटामा सेता बाटुला साना-साना टीका हुने, गाढ़ा रातो रङ्गको, कागभन्दा केही ठूलो शरीर हुने, हिमालयमा पाइने एक जातको सुन्दर पक्षी।

मोनोग्राम–ना० [अं०] धेरै अक्षरहरू खप्टचाएर बनाइएको सङ्क्षिप्त साङ्केतिक चिह्न।

मोनो-टाइप-मेशीन–ना० [अं०] एक-एक टाइप ढाल्दै, क्रमशः कम्पोज गर्दैजाने मेशीन।

मोबिल–ना० [अं०] कल-पुर्जाहरूमा स्निग्धताको निमित्त हालिने एक प्रकारको गाढ़ा तेल।

मोफसल–ना० [अ० मुफ़स्सल] १. नगर वा शहरदेखि बाहिरको ठाउँ। २. प्रान्त; जिल्ला। (वि०) ३. विस्तारपूर्ण; सविस्तर राजधानीभन्दा बाहिरको।

मोमोचा–ना० [नेवा०] भित्र मासु, मसाला आदि हाली पकाएको गहूँका पीठाको खानेकुरो।

मोरङ्गे-तिल–ना० [मोरङ्ग (जिल्ला)+ए+तिल] १. लाम्चा, गाढ़ा हरिया पात, पहेँला फल र काल-जीराजस्ता फल हुने एक जातको तिल। २. त्यसैको फूल; झूसे-तिल।

मोरचा–ना० [फा० मोरचः] १. किल्लाका रक्षाका निमित्त वरि-परि खनेर बनाइने खाल्टो। २. द्वन्द्व वा प्रतियोगितापूर्वक गरिने सामना। ३. कुनै किसिमको सङ्घर्षका लागि बनाइएको दृढ सङ्गठन।

मोरचा-बन्दी–ना० [फा०] शत्रु वा विरोधीको सामना गर्न मोर्चा बनाउनु।

मोरट–ना० [सं०] दूधे-मरुई।

मोरी–ना० [मोरो+ई] स्त्रीहरूलाई गाली गर्ने शब्द।

मोरो–ना० [मर्] १. मुर्दा; लाश। २. पुरुष-जातिलाई गाली गर्ने शब्द।

मोर्चा–ना० [फा० मोरचः] मोरचा।

मोर्चा-बन्दी–ना० [मोरचा-बन्दी] मोरचा-बन्दी।

मोल–ना० [सं० मूल्य] मूल्य; दाम; कीमत।

मोल-तोल–ना० [सं० मूल्य+तोल] किन-मेल गर्दा मोल घटा-उने वा मिलाउने काम।

मोलम्बा–ना० [अ० मुलम्मः] मुलम्मा।

मोलाइ–ना० [मोल्+आइ] मोल्ने किसिम, क्रिया वा भाव।

मोलाइजा–ना० [मुलाहिजा] मुलाहिजा।

मोलाइनु–स० क्रि० [मोलाउ+इ+नु] मोल्न लाइनु; ('मोला-

CC-0. In Public Domain. Digitization by eGangotri

उनु'-को क० क्रि०) ।
मोलाउनु–स० क्रि० [मोल्+आउ+नु] मोल्न लाउनु; ('मोल्नु'-को क० क्रि०) ।
मोलाहिजा–ना० [मुजाहिजा] मुलाहिजा ।
मोलिनु–स० क्रि० [मोल्+इ+नु] मोल-तोल गरिनु; ('मोल्नु'-को क० क्रि०) ।
मोल्नु–स० क्रि० [मोल+नु] मोल-तोल गर्नु; मोल घटा-घट गर्नु; भाउको निश्चय गर्नु ।
मोसम्ब–ना० [पुर्त० मोजाम्बिक (देश)] चाक्सीजस्तो एक जातको फल ।
मोसाइ–ना० [मोस्+आइ] मोस्ने किसिम, क्रिया वा भाव ।
मोसाइनु–स० क्रि० [मोसाउ+इ+नु] मोस्न वा ठग्न लाइनु; ('मोसाउनु'-को क० क्रि०) ।
मोसाउनु–स० क्रि० [मोस्+आउ+नु] मोस्न वा ठग्न लाउनु; ('मोस्नु'-को प्रे० क्रि०) ।
मोसिनु–स० क्रि० [मोस्+इ+नु] एक जनाको हक मारेर अर्कालाई दिइनु; ('मोस्नु'-को क० क्रि०) ।
मोसो–ना० [ने०] धूवाँका कणहरू जमेको धूलो; ध्वाँसो ।
मोस्नु–स० क्रि० [सं० मुष्+नु] १. एक जनाको हक मारेर अर्कालाई दिनु । २. भाग नदिनु । ३. ठग्नु; वञ्चना गर्नु ।
मोह–ना० [सं०] १. अज्ञान; अविद्या । २. भ्रम; भ्रान्ति । ३. ईश्वरको ध्यान छोड़ेर शरीर र सांसारिक पदार्थलाईनै आफ्नो सर्वस्व सम्झनु । ४. प्रेम; प्यार । ५. लट्ठिने काम; लहसिने काम । ६. मूर्च्छा; बेहोशी । ७. चिन्ता, दुःख. भय, विरह आदिबाट सुद्धी-बुद्धि हराउनु ।
मोहक–वि० [सं०] मोह गर्ने; मोहित पार्ने ।
मोह-जाल–ना० [सं०] माया-जाल ।
मोहड़ा–ना० [मुहुड़ा] १. मुख; चेहरा; अनुहार । २. सामुन्नेको भाग; अगिल्लो हिस्सा; मुहुड़ा । ३. घोड़ाका टाउकामा लगाउने लगाम आदि साज ।
मोहताज–वि० [अ० मुहताज] दरिद्र; गरीब ।
मोहताजखाना–ना० [मोहताज+खाना] खानेकुरो, वस्त्र आदिको व्यवस्थासाथ गरीब-गुरूवालाई वस्न बनाइएको घर ।
मोहन–ना० [सं०] १. मोहित गर्ने काम । २. कसैलाई बेहोश वा मूर्च्छित पार्ने एक तान्त्रिक प्रयोग; मोहनी । ३. कृष्ण ।
मोहन-शमशेर–ना० [सं० मोहन+शमशेर (फा०)] नेपालका अन्तिम श्री ३ महाराज ।
मोहनास्त्र–ना० [सं०] शत्रुलाई मोहित वा मूर्च्छित पार्ने प्राचीन कालको एक अस्त्र ।
मोह-निद्रा–ना० [सं०] १. कुनै भ्रमात्मक वा खराब कुराको प्रभावमा परेर वास्तविक स्थितिलाई भुल्नु । २. मोह-वश हुने अज्ञान । ३. मोहमा परी संज्ञा-हीन हुनु ।
मोहनी–ना० [सं०] १. अरूलाई वशमा पार्ने मन्त्र वा विद्या; वशीकरण-विद्या; टुना; मुहुनी । २. माया; मोहित पार्ने शक्ति । ३. विष्णुका चौबीस अवतारमध्ये एक ।
मोहनीय–वि० [सं०] मोह गर्न योग्य ।
मोह-पाश–ना० [सं०] मोह-जाल ।
मोहब्बत–ना० [अ० मुहब्बत] मुहब्बत ।
मोहब्बती–वि० [मुहब्बत+ई] मुहब्बती ।
मोहर–न० [फा० मुह्र] १. पचास पैसाको नेपाली मुद्रा । २. चाँदी वा सुनको सिक्का । ३. अक्षर, चिह्न आदि छाप्ने साधन; छाप । ४. त्यसबाट छापिएको चिह्न ।
मोहरा–ना० [फा० मोहरः] बुद्धि-चालका मुख्य गोटी ।
मोहराइ–ना० [मोहर्+आइ] मोहर्ने किसिम, क्रिया वा भाव
मोहराइनु–स० क्रि० [मोहर्+इ+नु] मोहर्न लाइनु; ('मोहराउनु'-क० क्रि०) ।
मोहराउनु–स० क्रि० [मोहर्+आउ+नु] मोहर्न लाउनु; ('मोहर्नु'-को प्रे० क्रि०) ।
मोहरिया–वि० [मोहर+इया] मोहोरिया ।
मोहरी–ना० [मोहोरी] मोहोरी ।
मोहर्नु–सं० क्रि० [मोहोर्नु] मोहोर्नु ।
मोहलत–ना० [अ०] १. फुर्सत; अवकाश । २. अवधि । ३. बखत; समय ।
मोह-शास्त्र–ना० [सं०] मोह वा अज्ञान उत्पन्न गर्ने शास्त्र; मोहनी विद्या ।
मोहित–वि० [सं०] १. मोहमा परेको; मुग्ध । २. लोभ्याइए-को; लुब्ध । ३. कसैको रूप, गुण आदिद्वारा आकर्षित भएको वा त्यससित प्रेम गर्ने ।
मोहिनी–वि० [सं०] १. मोहित पार्ने; मुग्ध पार्ने (स्त्री) । (ना०) २. मोहनी विद्या; वशीकरण मन्त्र । ३. विष्णुका चौबीस अवतारमध्ये एक । ४. वैशाख शुक्ल एकादशी ।
मोहिया–ना० [मोही+इया] मोहीको काम; किसानी ।
मोहियानी–वि० [मोहिया+नी] मोहीको; मोही-सम्बन्धी ।
मोहियानी-हक–ना० [मोहियानी+हक] तिरो-भरो गरेसम्म भू-स्वामी अथवा तल्सिङले खोस-मोस गर्न नपाउने गरी लिइएको जग्गा कमाउने मोहीको अधिकार ।
मोही–ना० [सं० मही] कूत तिर्न कबूल गरी अर्काको जग्गा कमाउने व्यक्ति ।
मोही–वि० [सं०] १. मोहित पार्ने; मोह-कारक । २ मोह-युक्त । ३. लोभी ।
मोही-नाइके–ना० [मोही+नाइके] मोहीहरूसँग कूत वा तिरो उठती-पुठती गर्ने जग्गा-धनीको सिपाही ।
मोही-लहरो–ना० [ने०] बाटुला र बाक्ला पात हुने सेतो रङ्गको एक जातको लहरो ।
मोहोजी–ना० [अ० मग़ज़] पोशाकका किनारामा लगाइने कपड़ाको धुर्को; सेप्टी; सन्जाप ।
मोहोटिइनु–अ० क्रि० [मोहोटि+इ+नु] धेरै खाएर अमन होइनु; ('मोहोटिनु'-को भा० क्रि०) ।
मोहोटिनु–अ० क्रि० [ने०] कुनै वस्तु धेरै खाँदा फेरि खाने

CC-0. In Public Domain. Digitization by eGangotri

इच्छा नहुनु; अमन हुनु ।

मोहोटचाइ–ना० [मोहोटि+याइ] मोहोटिने किसिम, क्रिया वा भाव ।

मोहोटचाइनु–स० क्रि० [मोहोटचाउ+इ+नु] मोहोटिने पारिनु; ('मोहोटचाउनु'-को क० क्रि०) ।

मोहोटचाउनु–स० क्रि० [मोहोटि+याउ+नु] मोहोटिने पार्नु; ('मोहोटिनु'-को प्रे० क्रि०) ।

मोहोटचाहट–ना० [मोहोटि+याहट] मोहोटिने किसिम, क्रिया वा भाव; अघाइ ।

मोहोतो–ना० [प्रा० मुहड] पोशाकहरूमा बाहुलाको मुख, दौरा, कमीज, कोट आदिमा नारीनिरको र सुरुवालमा गोली-गाँठातिरको छेउ ।

मोहोर–ना० [मोहर] मोहर ।

मोहोरङ्गे–ना० [ने०] पातमा बिङ्ने झूसहरू हुने एक जातको झार ।

मोहोराइ–ना० [मोहोर्+आइ] मोहोर्ने किसिम, क्रिया वा भाव ।

मोहोराइनु–स० क्रि० [मोहोराउ+इ+नु] मोहोर्न लाइनु; ('मोहोराउनु'-को क० क्रि०) ।

मोहोराउनु–स० क्रि० [मोहोर्+आउ+नु] मोहोर्न लाउनु; ('मोहोर्नु'-को प्रे० क्रि०) ।

मोहोरिनु–स० क्रि० [मोहोर्+इ+नु] छाला, कपड़ा आदिले छोपिनु; ('मोहोर्नु'-को क० क्रि०) ।

मोहोरिया–वि० [मोहोर+इया] मोहोर वा छाप भएको; छापे; सनद भएको ।

मोहोरी–ना० [मोहड़ा] तोप, बन्दूक आदिको गोला वा गोली निस्कने मुख ।

मोहोर्नु–स० क्रि० [सं० मण्डन+नु] छाला, कपड़ा, कागत, धातुका पत्र आदिले छोप्नु ।

मोहोलो–ना० [मोहड़ा] बाली-नाली खान नहुने गरी पशुका मुखमा लाइदिने पेरुङ्गोजस्तो साधन ।

मौका–ना० [अ० मौक़ः] १. उपयुक्त समय; अवसर। २. बखत; समय ।

मौक्तिक–ना० [सं०] मोती ।

मौखर्य–ना० [सं०] मुखाले स्वभाव; मुखर हुनाको भाव ।

मौखिक–वि० [सं०] १. मुख-सम्बन्धी । २. मुख, वाणी वा उच्चारणसित सम्बन्ध भएको। ३. मुखले भनेको। ४. वचन दिइएको ।

मौग्ध्य–ना० [सं०] मुग्ध हुनाको भाव ।

मौज–ना० [० मौज़] मोज ।

मौजा–ना० [अ० मौज़ः] १. गाउँ; ग्राम । २. जग्गा; जमीन । ३. जिल्ला वा इलाकाको हिस्सा; मौजे ।

मौजी–वि० [अ० मौज़+ई] मोजी ।

मौजूद–वि० [अ०] १. उपस्थित; हाजिर; विद्यमान । २. अगिल्तिर रहेको; सामुन्ने रहेको । ३. प्रस्तुत; तयार ।

मौजे–ना० [मौजा+ए] मौजा ।

मौजेनी–ना० [मौजा+एनी] १. मौजाहरूको फिरिस्त; मौजाहरूको रिपोर्ट । (क्रि० यो०) २. मौजापिच्छे; प्रतिमौजामा ।

मौज्यानी–ना० [मौजेनी] १. मौजेनी । (वि०) २. मौजा-सम्बन्धी ।

मौञ्जी–ना० [सं०] मूजले बनेको, ब्राह्मणको कटि-सूत्र वा मेखला ।

मौञ्जी-बन्धन–ना० [सं०] यज्ञोपवीत-संस्कार; व्रत-बन्ध ।

मौढ्य–ना० [सं०] मूढ हुनाको भाव ।

मौन–ना० [सं०] १. मौनीहरूको व्रत; नबोल्ने व्रत । २. चूप लाग्नु; नबोल्नु ।

मौन-व्रत–ना० [सं०] नबोल्ने व्रत ।

मौन-व्रती–वि० [सं०] नबोल्ने व्रत लिएको; मौन-व्रत लिएको ।

मौनी–वि० [सं०] १. मौन धारण गर्ने; मौन-व्रत लिने । (ना०) २. माघ महीनाको अमावस्या । ३. मुनि ।

मौरी–ना० [माहुरी] माहुरी ।

मौरो–ना० [ने०] धाप भएका जमीनमा उम्रने एक जातको घाँस ।

मौर्ख्य–ना० [सं०] मूर्ख हुनाको भाव ।

मौर्य–ना० [सं०] चन्द्रगुप्त मौर्यदेखि आरम्भ भएको, भारतको एक प्राचीन राज-वंश ।

मौर्वी–ना० [सं०] परिन्जो; प्रत्यन्चा ।

मौल–वि० [सं०] मूलको; मौलिक ।

मौलनु–अ० क्रि० [मौलाउ] मौलाउनु ।

मौलवी–ना० [अ०] १. इस्लाम धर्म-शास्त्रका आचार्य । २. उर्दू, अरबी, फारसी आदि भाषा पढ़ाउने शिक्षक ।

मौलश्री–ना० [सं० मौलि+श्री] बकुल; मौलसिरी ।

मौलसरी–ना० [सं० मौलि+श्री] मौलसिरी ।

मौलसिरी–ना० [सं० मौलि+श्री] साना-साना सुगन्धी सेता फूल फुल्ने, राता कटुसका गेड़ाजस्ता फल फल्ने एक जातको वृक्ष; बकुल; मौलश्री ।

मौलाइ–ना० [मौलाउ+आइ] मौलाउने किसिम, क्रिया वा भाव ।

मौलाइनु–अ० क्रि० [मौलाउ+इ+नु] बोट-बिरुवाहरू सप्लाइनु; ('मौलाउनु'-को भा० क्रि०) ।

मौलाउनु–अ० क्रि० [प्रा० मउल+आउ+नु] १. बोट, बिरुवा आदि खूब सप्रनु; सप्लाउनु । २. बढ़िबढ़ाउ हुनु; उन्नति हुनु ।

मौलि–ना० [सं०] १. चुचुरो; शिखर । २. टाउको; शिर । ३. शिखा; चूडा । ४. किरीट; मुकुट ।

मौलिक–वि० [सं०] १. मूल-सम्बन्धी । २. मूल तत्त्व वा सिद्धान्तसित सम्बन्ध भएको । ३. कसैको आधार, अनुवाद, नकल आदि केही नभएको (विचार, लेख आदि) ।

मौलिक-अधिकार–ना० [सं०] मौलिक-हक ।

मौलिकता–ना० [सं०] मौलिक हुनाको भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

मौलिनु—अ० क्रि० [मौल+इ+नु] मौलाइनु; ('मौलनु'-को भा० क्रि०)।

मौलि-मणि—ना० [सं०] १. मुकुटमा जड़िएको मणि; शिरो-मणि। २. मस्तकमा धारण गरिने मणि।

मौलिक-हक—ना० [मौलिक+हक] जीउ-धनको सुरक्षा, वैयक्तिक स्वतन्त्रता, कानूनी समानता, धार्मिक स्वतन्त्रता, वाक्, सङ्घटन,प्रकाशन आदिको स्वतन्त्रता आदिको सामान्य हक।

मौली—ना० [सं०] १. पृथ्वी। (वि०) २. शिरमा मुकुट भएको।

मौलो—ना० [सं० मौलि] १. कोतहरूमा पशु-वध गरिने ठाउँ-को कीलो। २. हात्ती बाँध्ने खम्बा; खमारी। ३. दाइँ गर्ने खलाका बीचमा गाड़ेको थाम।

मौसम—ना० [अ० मौसिम] मौसिम।

मौसमी—वि० [अ० मौसिमी] मौसिमी।

मौसर—ना० [मौका+औसर] मौका; अवसर।

मौसिम—ना० [अ०] १. ऋतु। २. समय; बखत; याम। ३. कुनै किसिमको बाली-नाली लाउने वा पाक्ने समय।

मौसिमी—वि० [अ०] १. मौसिमको; ऋतुको। २. बखत वा मौसिमको (फल-फूल आदि)।

मौसूफ—वि० [अ० मौसूफ़] १. प्रशंसा गरिएको; प्रशंसित। (सर्वना०) २. राजा-महाराजाहरूलाई बुझाउने एक-वचन प्रथम-पुरुषको सर्वनाम शब्द।

मौहूर्तिक—वि० [सं०] १. मुहूर्त-सम्बन्धी। (ना०) २. ज्योतिषी; गणक।

म्याँ—क्रि० यो० [अनु०] भेड़ा, बाख्रा आदि कराउने किसिम।

म्याउँ—क्रि० यो० [अनु०] १. बिरालो कराउने किसिम। (ना०) २. बिरालो (बाल-बोलीमा)।

म्याट्रिक—वि० [अं० मेट्रिक्स] १. दशमलव प्रणालीले नाप्ने वा जोख्ने (पद्धति वा क्रम)। २. म्याट्रिकुलेशन।

म्याट्रिकुलेशन—ना० [अं० मैट्रिकुलेशन] विश्व-विद्यालयमा प्रवेश गराउने प्रवेशिका परीक्षा।

म्याद—ना० [अ० मीयाद] कुनै काम गर्ने नियत समय; अवधि; मीयाद।

म्यादी—वि० [अ० मियादी] १. म्याद भएको; निश्चित अवधि भएको। २. तोकिएका म्यादसम्ममात्र रहने; अस्थायी; मीयादी।

म्यादी-जरो—ना० [म्यादी-जरो] आँठे जरो; टाइफाइड।

म्यान—ना० [फा० मियान] तरवारको दाप।

म्याना—ना० [फा० मियानः] चार जना मानिसले बोक्ने; ठूलो सन्दूकका आकारको एक किसिमको सवारी; मियाना; पालकी।

म्याप—ना० [अं० मैप] भू-चित्र; संसार वा देशहरूको नक्शा।

म्यूजियम—ना० [अं०] कला, पुरातत्त्व, प्राणी-शास्त्र आदि सम्बन्धी वस्तुहरूको सङ्ग्रहालय; अजायब-घर।

म्यूनिसिपल—वि० [अं०] नगर-पालिका-सम्बन्धी।

म्यूनिसिपलिटी—ना० [अं०] नगर-पालिका।

म्रदिमा—ना० [सं०] मृदुता।

म्लान—वि० [सं०] १. ओइलाएको। २. कमजोर; दुर्बल। ३. मलिन।

म्लानता—ना० [सं०] म्लान हुनाको भाव।

म्लान-मना—वि० [सं०] दिक्क भएको; अप्रसन्न; उदास।

म्लानि—ना० [सं०] म्लानता।

म्लेच्छ—वि० [सं०] १. संस्कृत भाषा नबोल्ने (जाति); अनार्य। २. आर्य-धर्मको पालन नगर्ने। ३. नीच; अधम। ४. पापी। ५. फोहरी।

म्वाइँ—ना० [सं० मुख] प्यारो गरेर कसैको कुनै अङ्ग चुम्ने काम; चुम्बन।

य

य—देवनागरी वर्ण-मालाको छब्बीसौं व्यञ्जन-वर्ण। यो अन्तस्थ वर्ण हो। यसको उच्चारण तालु-स्थानबाट हुन्छ।

यँचा—ना० [नेवा०] सुपारी, नरिवल आदि ताछ्ने कर्दजस्तो हतियार।

यकार—ना० [सं०] 'य'-अक्षर; अन्तस्थ वर्णको प्रथम अक्षर।

यकीन—ना० [अ० यक़ीन] १. निश्चय; निधो; पक्कापक्की। २. विश्वास; पत्यार।

यकीनन—क्रि० यो० [अ० यक़ीनन्] अवश्य नै; निस्सन्देह।

यकृत्—ना० [सं०] पेटभित्र दाहिनेतिर रहने र पित्त पैदा गर्ने एक थैली; फियो।

यक्ष—ना० [सं०] १. एक देव-योनि। २. कुबेर।

यक्ष-पति—ना० [सं०] कुबेर।

यक्षमल्ल—ना० [सं०] संवत् १४८४-देखि १५३४-सम्म भक्त-पुरलाई राजधानी तुल्याई राज्य गर्ने एक राजा।

यक्ष-राज—ना० [सं०] कुबेर।

यक्षिणी—ना० [सं०] १. यक्ष-जातिकी स्त्री। २. कुबेरकी स्त्री। ३. दुर्गाकी एक अनुचरी।

यक्षी—ना० [सं०] यक्षिणी।

यक्ष्मा—ना० [सं०] क्षय रोग।

यक्ष्मी—वि० [सं०] यक्ष्मा रोग लागेको; क्षय-रोगी।

यगण—ना० [सं०] छन्द-शास्त्रअनुसार पहिलो एक वर्ण लघु र बाँकी दुइ वर्ण गुरु हुने एक गण (।ऽऽ)।

यजन—ना० [सं०] यज्ञ गर्नु; होम गर्नु।

यजमान—ना० [सं०] १. यज्ञ गर्ने; यष्टा। २. ब्राह्मण वा पुरोहितलाई दक्षिणा दिएर धार्मिक कृत्यहरू गराउने व्यक्ति; जजमान। ३. महादेवका अष्ट-मूर्तिमध्ये एक।

CC-0. In Public Domain. Digitization by eGangotri

यजमानक–ना० [सं०] यजमान।

यजमानी–ना० [सं०] १. यजमानकी पत्नी। २. जजमानी।

यजी–ना० [सं०] यज्ञ गर्ने व्यक्ति; होम गर्ने उपासक।

यजुः–ना० [सं०] यजुर्वेद।

यजुर्वेद–ना० [सं०] यज्ञ-यागादिको विस्तृत वर्णन गरिएको वेद; प्रसिद्ध चार वेदमध्ये एक। (यसका कृष्ण यजुर्वेद र शुक्ल यजुर्वेद–दुइ भेद छन्।)

यजुर्वेदी–वि० [सं०] यजुर्वेद जान्ने वा पढ्ने।

यजुर्वेदीय–वि० [सं०] १. यजुर्वेद-सम्बन्धी। २. यजुर्वेदको ज्ञाता; यजुर्वेदी। ३. यजुर्वेदअनुसार कर्म गर्ने।

यज्ञ–ना० [सं०] १. हवन, पूजन, जप आदि गरिने हिन्दू-जातिको एक वैदिक कृत्य; होम; याग। २. धार्मिक वा लोकोपकारक शुभ कार्य। ३. अग्नि देवता। ४. विष्णु।

यज्ञ-कर्म–ना० [सं०] हवन गर्ने काम; यज्ञ।

यज्ञ-कर्मा–वि० [सं०] यज्ञ गर्ने; होम गर्ने; याज्ञिक।

यज्ञ-कुण्ड–ना० [सं०] हवन गर्ने अग्नि-कुण्ड।

यज्ञ-पति–ना० [सं०] १. जजमान; यजमान। २. विष्णु।

यज्ञ-पत्नी–ना० [सं०] १. यजमानकी स्त्री। २. यज्ञ-देवकी स्त्री; दक्षिणा। ३. पुराणअनुसार श्रीकृष्णलाई खानेकुरो लगिदिने याज्ञिक ब्राह्मणका पत्नीहरू।

यज्ञ-पशु–ना० [सं०] यज्ञमा बलि दिइने पशु (घोड़ा, बोको आदि)।

यज्ञ-पात्र–ना० [सं०] यज्ञमा उपयोग गरिने भाँड़ा-बर्तनहरू (सुरो, चमस आदि)।

यज्ञ-भूमि–ना० [सं०] यज्ञ गर्ने ठाउँ; यज्ञ-क्षेत्र।

यज्ञ-मण्डप–ना० [सं०] यज्ञ गर्नाका निम्तिको मण्डप; यज्ञ-शाला।

यज्ञ-शाला–ना० [सं०] यज्ञ-मण्डप।

यज्ञ-शास्त्र–ना० [सं०] मीमांसा-शास्त्र।

यज्ञ-शेष–ना० [सं०] यज्ञ गरेर बाँकी रहेको अवशिष्ट वस्तु।

यज्ञ-सूत्र–ना० [सं०] जनै; यज्ञोपवीत।

यज्ञागार–ना० [सं०] यज्ञ-शाला।

यज्ञाङ्ग–ना० [सं०] १. यज्ञको सामग्री। २. उदुम्बर। ३. खयर।

यज्ञिक–ना० [सं०] १. यज्ञ गरेर पाएको पुत्र। २. पलाशको वृक्ष।

यज्ञीय–वि० [सं०] १. यज्ञ-सम्बन्धी। (ना०) २. उदुम्बर। ३. खयर।

यज्ञेश–ना० [सं०] विष्णु।

यज्ञेश्वर–ना० [सं०] विष्णु।

यज्ञोपवीत–ना० [सं०] १. जनै; यज्ञ-सूत्र। २. उपनयन-संस्कार; व्रत-बन्ध।

यज्ञोपवीत-संस्कार–ना० [सं०] व्रत-बन्ध; उपनयन-संस्कार।

यज्वा–ना० [सं०] १. यज्ञ गर्ने यजमान। २. विष्णु।

यत्–सर्वना० [सं०] जो।

यतः–संयो० [सं०] यस कारण; अतः।

यतन–ना० [सं०] यत्न।

यता–ना० यो० [प्रा० एत्त] १. यसतिर; आफूतिर; वर। २. उताको विपरीत। (उदा०–यता हामी लेख्तै थियौं, उता पानी पर्दै थियो।)

यता-उता–ना० यो० [यता+उता] १. यता र उता; वरि-परि; यता-उति; यत्र-तत्र। २. वर-पर; नजीकमा। (ना०) ३. हिनामिना; गोलमाल।

यता-उति–ना० यो० [यता+उता+ई] १. वरि-परि; दायाँ-बायाँ। २. जता-ततै; सर्वत्र। (ना०) ३. लट-पट। ४. अलमल। ५. हानि; नोक्सानी; हिनामिना; गोलमाल। (वि०) ६. अस्तव्यस्त।

यति–ना० [सं०] १. योगी; संन्यासी; जोगी। २. ब्रह्मचारी। ३. छन्द-शास्त्रअनुसार पद, वाक्य आदिमा विश्राम गर्ने ठाउँ; अड़ान; विराम। ४. रोकिनु।

यति–वि० [प्रा० एत्तिअ] १. योजति; यस परिमाणको; यत्ति। २. ज्यादै धेरै वा ज्यादै थोरै।

यतिको–वि० [यति+को] १. यति धेरै; खूब; प्रशस्त। २. योजतिको।

यतिखेर–क्रि० यो० [यति+खेर] यत्तिखेर।

यतिन्जेल–क्रि० यो० [यति+इन्जेल] यस समयसम्म; अहिलेसम्म; आजतकको लामो अवधिसम्म।

यतिन्ज्याल–क्रि० यो० [यति+इन्ज्याल] यतिन्जेल।

यति-भङ्ग–ना० [सं०] निश्चित स्थानमा यति नपार्दा हुने छन्दको एक दोष।

यति-भ्रष्ट–वि० [सं०] यति भङ्ग भएको।

यतीम–ना० [अ०] १. पितृ-हीन बालक। २. अनाथ।

यतीमखाना–ना० [अ० यतीम+खाना (फा०)] अनाथालय; भरण-पोषणको व्यवस्थासाथ यतीमहरूलाई राख्ने ठाउँ।

यत्किञ्चित्–वि० [सं०] अलिकति; केही; थोर-बहुत।

यत्ता–ना० [सं० इयत्ता] यति भन्ने अन्दाज वा विचार; अड्कल; अनुमान।

यत्ति–वि० [यति] 'यति' शब्दलाई जोड़ दिइने शब्द; ज्यादै धेरै वा अति थोरै।

यत्तिको–वि० [यत्ति+को] १. योजतिको; योसमानको; यतिको। २. धेरै; प्रशस्त। ३. थोरै; कम्ती।

यत्तिखेर–क्रि० यो० [यत्ति+खेर] १. यसै वेला; यसै समयमा। २. यस समयमा; यस बखत वा अवसरमा।

यत्तो-पत्तो–ना० [अत्तो-पत्तो] अत्तो-पत्तो।

यत्न–ना० [सं०] १. जतन; हिफाजत। २. सञ्चय; सङ्ग्रह। ३. कोशिश; प्रयत्न; उद्योग।

यत्नतः–क्रि० यो० [सं०] यत्न गरेर; यत्नका साथ; यत्न-पूर्वक।

यत्नवान्–वि० [सं०] यत्न गर्ने; प्रयत्न-शील।

यत्न-शील–वि० [सं०] यत्न वा कोशिश गर्ने स्वभावको;

CC-0. In Public Domain. Digitization by eGangotri

यत्नवान् ।

यत्र–ना० यो० [सं०] जहाँ; जुन ठाउँमा ।

यत्र-तत्र–क्रि० यो० [सं०] १. जता-ततै; जहाँ-कहीँ; सर्वत्र । २. ठाउँ-ठाउँमा; विभिन्न स्थानमा ।

यत्रैसित–वि० बो० [यत्रो+ऐ+सित] बेवास्ता वा उपेक्षा गरेर भनिने शब्द; भुत्रैसित; कन्डैसित ।

यत्रो–वि० [यो+जत्रो] १. योजत्रो; यस परिमाणको । (ना०) २. निराशा, असफलता, हतोत्साह भएको आदि सूचित गर्दा प्रयोग गरिने एक अश्लील शब्द । (उदा०–त्यो काम यत्रो पनि हुँदैन ।)

यथांश–ना० [सं०] भागपुग्दो अंश; भाग-शान्ति ।

यथा–वि० [सं०] १. जस्तो । (क्रि० यो०) २. जुन प्रकारले; जसरी; जहाँसम्म; जतिसम्म ।

यथा-कथित–वि० [सं०] पहिले भनिएअनुसार ।

यथा-क्रम–क्रि० यो० [सं०] क्रमअनुसार; सिलसिला-बमोजिम ।

यथा-क्षम–क्रि० यो० [सं०] शक्तिअनुसार; सकभर; बुद्धि, धन, बल आदिले भेटेसम्म ।

यथा-तथ–वि० [सं०] यथा-तथ्य ।

यथा-तथ्य–वि० [सं०] जस्ताको-तस्तो; यथार्थ रूपको ।

यथानुपूर्व–क्रि० यो० [सं०] १. परम्पराअनुसार ; क्रम-बमोजिम । २. पहिलेजस्तै ।

यथा-पूर्व–वि० [सं०] १. पहिलेको जस्तो; जस्ताको-तस्तो । (क्रि० यो०) २. पहिलेकै किसिमले; पूर्ववत् ।

यथा-भाग–वि० [सं०] भागअनुसार; भाग-शान्तिबमोजिम ।

यथाभिप्रेत–वि० [सं०] यथाभिलषित ।

यथाभिलषित–वि० [सं०] १. इच्छाको अनुरूप; अभिलाषा-अनुसारको । (क्रि० यो०) २. इच्छानुसारको ।

यथाभीष्ट–वि० [सं०] यथाभिलषित ।

यथा-योग्य–वि० [सं०] जस्तो उचित हुन्छ उस्तै; यथोचित; सुहाउँदो ।

यथार्थ–वि० [सं०] १. जस्ताको-तस्तो; प्रकृत; वास्तविक । २. ठीक; उचित । ३. सत्य; खसोखास ।

यथार्थतः–क्रि० यो० [सं०] वास्तवमा; वस्तुतः ।

यथार्थता–ना० [सं०] यथार्थ हुनाको भाव; वास्तविकता ।

यथार्थवाद–ना० [सं०] १. भौतिक जगत्‌को स्वतन्त्र सत्ता वा अस्तित्व मान्ने एक दार्शनिक सिद्धान्त । २. संसारमा जुन वस्तु जस्तो देखिन्छ उस्तै किसिमसँग ठीक-ठीक वर्णन गर्नुपर्छ भन्ने एक साहित्यिक सिद्धान्त ।

यथार्थवादी–वि० [सं०] यथार्थवादको अनुयायी ।

यथार्ह–वि० [सं०] यथोचित; सुहाउँदो; उपयुक्त ।

यथावत्–वि० [सं०] जस्तो पहिले थियो उस्तै; पहिलेको जस्तो; पूर्ववत् ।

यथावसर–क्रि० यो० [सं०] समयअनुसारको; मौकाअनुसारको ।

यथा-विधि–क्रि० यो० [सं०] विधिपूर्वक; नियमअनुसार ।

यथा-शक्ति–वि० [सं०] शक्तिले भेटेसम्मको; यथा-शक्य; भरसक ।

यथा-शक्य–क्रि० यो० [सं०] यथा-शक्ति; सकभर ।

यथा-सङ्ख्य–ना० [सं०] १. कुनै वस्तुहरूको वर्णन क्रमैसित गरेर पछिबाट ती सम्बन्धी वस्तुहरूको वर्णन पनि उही क्रमले गर्दा पर्ने एक अर्थालङ्कार । २. सङ्ख्याअनुसार ।

यथा-समय–क्रि० यो० [सं०] आवश्यक समयमा; नियत कालमा ।

यथा-सम्भव–क्रि० यो० [सं०] हुन सकेसम्म; भियाएसम्म; भरसक ।

यथा-साध्य–वि० [सं०] साध्य भएसम्म; यथा-सम्भव ।

यथा-स्थान–ना० [सं०] ठीक ठाउँमा; उचित स्थानमा ।

यथास्थित–वि० [सं०] १. पहिलेजस्तै रहेको; पूर्ववत् रहेको । २. जहाँको तहाँ नै रहेको ।

यथेच्छ–वि० [सं०] इच्छाअनुसार; मनमाफिक; यथेष्ट ।

यथेच्छाचार–ना० [सं०] इच्छाअनुसार काम गर्नु; स्वेच्छाचार; मनमानी काम गर्नु ।

यथेच्छाचारी–वि० [सं०] मन लागेजस्तो गर्ने; स्वेच्छाचारी ।

यथेप्सित–वि० [सं०] इच्छाअनुसार; यथेच्छ ।

यथेष्ट–वि० [सं०] १. चाहिएजति; पर्याप्त । २. मनमाफिक; इच्छाबमोजिम ।

यथेष्टाचरण–ना० [सं०] मन लागेको काम गर्नु; स्वेच्छाचार ।

यथेष्टाचार–ना० [सं०] यथेष्टाचरण ।

यथेष्टाचारी–वि० [सं०] मन लागेको काम गर्ने; स्वेच्छाचारी ।

यथोक्त–वि० [सं०] पहिले भनेजस्तो; कथनानुसार ।

यथोचित–वि० [सं०] जस्तो वा जति उचित हुन्छ—उस्तै वा उति; यथायोग्य; समुचित ।

यथोपयुक्त–वि० [सं०] जस्तो उपयुक्त हुन्छ त्यस्तो ।

यदा–संयो० [सं०] १. जहिले; जुन समयमा; जब । २. जुन ठाउँमा; जहाँ ।

यदा-कदा–ना० [सं०] कहिले-काहीँ; कुनै-कुनै समयमा; आकल-झुकल ।

यदि–संयो० [सं०] यसो हो भने ।

यदि-चेत्–संयो० [सं०] यद्यपि ।

यदीय–वि० [सं०] जसको ।

यदु–ना० [सं०] राजा ययातिका जेठा छोरा । (यिनैबाट यदु-वंश चल्यो ।)

यदु-वंश–ना० [सं०] यदुको वंश । (श्रीकृष्ण यसै वंशका थिए ।)

यदृच्छया–क्रि० यो० [सं०] १. मन लागेका किसिमले; स्वेच्छया । २. अकस्मात्; संयोग-वश ।

यदृच्छा–ना० [सं०] १. इच्छाअनुसारको व्यवहार; स्वेच्छाचरण; मनमानीपन । २. आकस्मिक संयोग; अपर्झट ।

CC-0. In Public Domain. Digitization by eGangotri

यद्–सर्वना० [सं०] यत्; जो।
यद्यपि–संयो० [सं०] यसो भए तापनि; हुनत।
यद्वा–संयो० [सं०] अथवा; वा।
यद्वा-तद्वा–क्रि० यो० [सं०] जथाभावी; मनपर्दो।
यन्ता–ना० [सं०] १. शासन-प्रबन्ध गर्ने; शासक। २. सञ्चालक। ३. सारथी। ४. माहुते।
यन्त्र–ना० [सं०] १. तन्त्र-शास्त्रअनुसार अक्षर, चित्र आदि लेखिएको विशेष प्रकारको कोष्ठ; जन्तर। (अनिष्ट आदि-बाट रक्षाका निमित यो शरीरमा धारण गरिन्छ।) २. कल; मेशीन। ३. बाजा; वाद्य। ४. ताल्चा।
यन्त्रक–ना० [सं०] १. घाउमा बाँध्ने कपड़ाको धुर्को; पट्टी। २. यन्त्र चलाउने व्यक्ति।
यन्त्र-गृह–ना० [सं०] १. कारखाना। २. वेध-शाला।
यन्त्रग–ना० [सं०] १. नियन्त्रण; प्रतिबन्ध। २. बन्धन।
यन्त्रणा–ना० [सं०] सास्ती; यातना; पीडा।
यन्त्र-मन्त्र–ना० [सं०] १. टुना-मुना; मोहनी। २. झार-फूक। ३. मन्त्रपूर्वक जन्त्र बाँधिदिने काम।
यन्त्र-विद्या–ना० [सं०] यन्त्र चलाउने वा बनाउने विद्या।
यन्त्र-शाला–ना० [सं०] यन्त्र-गृह।
यन्त्रालय–ना० [सं०] धेरै यन्त्रहरू राखिएको ठाउँ।
यन्त्रित–वि० [सं०] १. यन्त्रद्वारा रोकिएको वा बन्द गरिएको। २. ताल्चा मारिएको। ३. बन्देज वा नियन्त्रणमा राखिएको; नियन्त्रित। ४. यन्त्र जड़िएको।
यन्त्री–वि० [सं०] १. नियन्त्रण गर्ने; बन्देजमा राख्ने। २. तन्त्र-मन्त्र गर्ने; तान्त्रिक। ३. यन्त्र चलाउने। ४. बाजा बजाउने; वाद्य-वादक।
यम–ना० [सं०] १. मनुष्यलाई मरेपछि उसको पाप-पुण्यको फल दिने देवता; यमराज। २. जुम्ल्याहा; यमज। ३. मन, इन्द्रिय आदिलाई वशमा राख्नु; इन्द्रिय-निग्रह। ४. आठ अङ्गमध्ये एक।
यमक–ना० [सं०] एकै शब्द विभिन्न अर्थ बुझाउने गरी एकै वाक्य वा श्लोकमा वार-वार प्रयोग गर्दा पर्ने एक शब्दा-लङ्कार।
यमज–वि० [सं०] १. एउटै गर्भबाट एकसाथ जन्मेका (बच्चा-हरू)। (ना०) २. एउटै गर्भबाट एकसाथ जन्मेका बच्चाहरू; जुम्ल्याहा। ३. अश्विनी-कुमार।
यम-दण्ड–ना० [सं०] १. यमराजको दण्ड; काल-दण्ड। २. मानिसका निधारमा हुने दुइ प्रकारका रेखामध्ये एक।
यम-दूत–ना० [सं०] १. यमराजको दूत। २. काग।
यम-दूतक–ना० [सं०] यम-दूत।
यम-द्वार–ना० [सं०] मानिस मरेपछि जानुपर्ने यम-लोकको ढोका।
यम-द्वितीया–ना० [सं०] कार्तिक शुक्ल द्वितीया; भाइ-टीकाको दिन।
यम-धार–ना० [सं०] दुइतिर धार भएको तलवार।
यमन–ना० [सं०] नियन्त्रण; प्रतिबन्ध।
यम-पञ्चक–ना० [सं०] कार्तिक कृष्ण त्रयोदशीदेखि शुक्ल द्वितीयासम्मका पाँच दिन; तिहारका पाँच दिन।
यम-पाश–ना० [सं०] १. यमराजको पाश। २. ठूलो दुःख; कठोर यातना।
यम-पुर–ना० [सं०] १. यम-लोक। २. नरक।
यम-पुरी–ना० [ना०] १. यम-लोक। २. नरक।
यम-यातना–ना० [सं०] नरकको दुःख; नारकीय यातना।
यमराज–ना० [सं०] मरेपछि मानिसका शुभाशुभ कार्यको फल दिने देवता; पितृ-लोकका अधिष्ठाता देवता; धर्मराज।
यमल–वि० [सं०] १. एकसाथ एउटै गर्भबाट जन्मेका; जुम्ल्याहा। (ना०) २. जोड़ा।
यम-लोक–ना० [सं०] १. जीव-धारीले मरेपछि जानुपर्ने लोक; यम-पुरी। २. नरक।
यमी–वि० [सं०] १. संयममा रहने; संयमी। (ना०) २. यमराजकी बहिनी; यमुना।
यमुना–ना० [सं०] १. यमराजकी बहिनी; यमी। २. उत्तर भारतमा बग्ने एक प्रसिद्ध नदी; जमुना।
यमुनोत्तरी–ना० [सं०] यमुना-नदीको उद्गम-स्थल।
ययाति–ना० [सं०] चन्द्र-वंशका एक पुराण-प्रसिद्ध राजा; शर्मिष्ठा र देवयानीका पति।
यव–ना० [सं०] १. जौ। २. जौका परिमाणको नाप वा तौल। ३. हत्केला वा पैतालामा हुने जौका आकारको रेखा।
यव-क्षार–ना० [सं०] जौको बोट पोलेर निकालिने एक प्रकारको क्षार पदार्थ; जवाखार।
यवतिक्ता–ना० [सं०] सिउँड़े लहरो।
यवन–ना० [सं०] १. यूनान देशको निवासी। २. मुसलमान। ३. वेग; शीघ्र गति। ४. घोड़ा।
यवनिका–ना० [सं०] नाटकको पर्दा; जवनिका।
यव-फल–ना० [सं०] १. बाँस। २. इन्द्र-जौ। ३. कुरो घाँस। ४. प्याज।
यविष्ठ–वि० [सं०] सबैभन्दा कम उमेरको; सबभन्दा कान्छो।
यश–ना० [सं०] १. असल कामबाट हुने सुख्याति; कीर्ति; सुनाम। २. प्रशंसा; तारीफ।
यशद–ना० [सं०] १. जस्ता धातु। (वि०) २. यशस्कर।
यशस्कर–वि० [सं०] यश वा प्रसिद्धि हुने।
यशस्वान्–वि० [सं०] यश भएको; यशस्वी।
यशस्वी–वि० [सं०] ठूलो यश प्राप्त भएको।
यशोगाथा–ना० [सं०] कसैका यशको प्रशंसा गर्नु।
यशोधरा–ना० [सं०] गौतम बुद्धकी पत्नी; गोपा।
यष्टा–वि० [सं०] यज्ञ गर्ने; ऋत्विक्।
यष्टि–ना० [सं०] १. लट्ठी; लाठो। २. हाँगो; शाखा।

CC-0. In Public Domain. Digitization by eGangotri

यष्टिका–ना० [सं०] सानो यष्टि ।
यष्टि-मधु–ना० [सं०] जेठीमधु ।
यष्टि–ना० [सं०] यष्टि ।
यष्टी-मधु–ना० [सं०] जेठीमधु ।
यस–सर्वना० [यो] विभक्ति जोरिँदा हुने 'यो'-को रूप ।
यसउसले–संयो० [यस+उसले] यस कारण; यसनिम्ति ।
यसरी–क्रि० यो० [यसो+गर्+ई] यस तरीकाले; यसो गरेर; यस किसिमले ।
यसै–क्रि० यो० [यसो+ऐ] १. यसरी नै; यसो नै । २. यस किसिमले नै; यही तरीकाले । ३. बिना कामले; त्यसै; उसै ।
यसो–वि० [यस्तो] १. योजस्तो; यस्तो । (क्रि० यो०) २. यसरी; यस किसिमले । (ना०) ३. हा-हो ।
यसो-उसो–क्रि० यो० [यसो+उसो] १. जसो-तसो; यता-उति गरेर; कुनै किसिमले; यसो-त्यसो । (ना०) २. हा-हो; हाट-हुट ।
यसो-त्यसो–क्रि० यो० [यसो+त्यसो] यसो-उसो ।
यसोरी–क्रि० यो० [यसो+गरी] यसो गरी; यसरी ।
यस्तरी–क्रि० यो० [यस्तो+गरी] १. यस्तो किसिमले; यस्तो गरी । २. यति धेरै; औधी ।
यस्तै–वि० [यस्तो+ऐ] १. यस्तो नै; यसै किसिमको । (क्रि० यो०) २. यसै गरी; यही तरीकाले ।
यस्तो–वि० [यो+जस्तो] योजस्तो; यस किसिमको ।
यस्तो-उस्तो–वि० [यस्तो+उस्तो] १. यस्तो र उस्तो । २. चानचुने; मामूली । ३. जथाभावी ।
यहाँ–ना० यो० [सं० इह] १. यस ठाउँमा; नजीकको कुनै निर्दिष्ट ठाउँमा । २. यता; वरतिर । (सर्वना०) ३. अगिल्तिर उपस्थित कुनै आदरणीय व्यक्तिका निमित्त प्रयोग गरिने शब्द ।
यहीँ–क्रि० यो० [यहाँ+ई] १. यसै ठाउँमा; यहाँ नै । २. यहाँले नै ।
यही–वि० [यो] निश्चित रूपले यो; यो नै ।
या–संयो० [फा०] वा; अथवा; किंवा ।
याँ–वि० बो० [यूँ] ज्यादै ठूलो वा सानोको बोध गराउनाका निमित्त प्रयोग गरिने शब्द ।
याक्सा–ना० [ने०] घाँस-फूसको कच्ची छाप्रो ।
याग–ना० [सं०] यज्ञ ।
याचक–वि० [सं०] माग्ने; भिखारी; मगन्ते ।
याचकता–ना० [सं०] भीख माग्ने काम; माग्ने पेशा ।
याचन–ना० [सं०] १. माग्ने काम; याचना । २. प्रार्थना; अनुरोध ।
याचनक–वि० [सं०] याचक ।
याचना–ना० [सं०] १. माग्ने काम । २. प्रार्थना गर्नु; अनुरोध ।
याचनीय–वि० [सं०] १. याचना गर्न लायक; माग्न योग्य । २. प्रार्थनीय ।
याचित–वि० [सं०] १. मागिएको; याचना गरिएको । २. प्रार्थित ।
याच्य–वि० [सं०] माग्न योग्य; याचना गर्न योग्य ।
याज–ना० [सं०] यज्ञ ।
याजक–ना० [सं०] यज्ञ गर्ने वा गराउने व्यक्ति; यष्टा ।
याजन–ना० [सं०] यज्ञ गराउनु ।
याजी–वि० [सं०] यज्ञ गन; याजक ।
याजुषी–वि० [सं०] यजुर्वेदसित सम्बन्ध भएको ।
याज्ञवल्क्य–ना० [सं०] वैशम्पायन ऋषिका शिष्य; एक स्मृतिकार; एक ऋषि ।
याज्ञिक–ना० [सं०] यज्ञ गर्ने वा गराउने व्यक्ति; यजमान ।
याज्य–वि० [सं०] १. यज्ञ गर्न योग्य । २. शास्त्रअनुसार यज्ञ गर्ने अधिकार प्राप्त । ३. होम दिन योग्य; यज्ञका अधिष्ठाता (देवता) ।
यातना–ना० [सं०] १. सास्ती; कष्ट; पीडा । २. यम-लोकमा पापीलाई दिइने दण्ड ।
यातायात–ना० [सं०] आवत-जावत; आउने वा जाने काम ।
यातृक–ना० [सं०] पथिक ।
यात्रा–ना० [सं०] १. एक ठाउँबाट अर्को टाढ़ाको ठाउँमा जाने काम; सफर; भ्रमण । २. धार्मिक उद्देश्यले तीर्थ-स्थानमा जानु; तीर्थ-यात्रा । ३. देव-देवीको उत्सव; जात्रा । ४. प्रस्थान ।
यात्रिक–ना० [सं०] १. यात्रामा हिँड्ने व्यक्ति; यात्री । २. बाटो खर्च; सामल । (वि०) ३. यात्रा-सम्बन्धी ।
यात्री–ना० [सं०] १. यात्रा गर्ने व्यक्ति; मुसाफिर । २. तीर्थाटन गर्ने व्यक्ति; जात्रू; तीर्थ-यात्री । (वि०) ३. यात्रा गर्ने; भ्रमण गर्ने । ४. बटुवा; पथिक ।
यात्रु–ना० [सं० यात्री] यात्री; जात्रू ।
याथातथ्य–ना० [सं०] १. यथा-तथ्य हुनाको भाव; वास्त-विकता । २. औचित्य ।
याथार्थ्य–ना० [सं०] यथार्थ हुनाको भाव ।
याद–ना० [फा०] १. सम्झना; स्मरण । २. थाह; हेक्का ।
यादगार–ना० [फा०] सम्झौटो; स्मृति-चिह्न ।
यादगारी–ना० [फा०] यादगार ।
यादव–ना० [सं०] १. यदुको वंश । २. श्री कृष्ण ।
यादवी–वि० [सं०] १. यादव-वंशको; यादव-वंश-सम्बन्धी । (ना०) २. यदु-वंशकी स्त्री ।
यादृश–वि० [सं०] जस्तो; जुन किसिमको ।
यान–ना० [सं०] १. एक ठाउँबाट अर्का ठाउँमा मानिस चढ़ेर जाने साधन; सवारी । २. बौद्ध धर्मका प्रमुख पन्थ । (यी मुख्यतः तीन छन्—महायान, हीनयान र वज्रयान ।)
यानी–संयो० [अ० यअनी] अर्थात्; याने ।
याने–संयो० [अ० यअनी] पहिले भनिसकिएको कुरो स्पष्ट गरी बताउँदा प्रयोग गरिने शब्द; अर्थात्; यानी ।
यान्त्रिक–वि० [सं०] यन्त्र-सम्बन्धी ।
यापक–वि० [सं०] बिताउने; गुजार्ने (समय) ।

CC-0. In Public Domain. Digitization by eGangotri

यापन–ना० [सं०] १. बिताउनु; गुजार्नु। २. निर्वाह गर्नु; जीविका गर्नु।

यापना–ना० [सं०] १. समय बिताउनु; गुजार्नु। २. जीवन-निर्वाह गर्नु।

यापित–वि० [सं०] बिताइएको; व्यतीत गरिएको।

याप्य–वि० [सं०] बिताउन योग्य; गुजार्न योग्य (समय)।

याम–ना० [सं०] १. तीन घण्टाको समय; पहर; प्रहर। २. समय; काल। ३. मौसम; बखत। ४. यान; सवारी।

याम-घोष–वि० [सं०] १. पहर-पहरमा बोल्ने (कुखुरो; स्याल, घड़ी आदि)। (ना०) २. समय वा यामको घोषणा-वा सूचना।

यामल–ना० [सं०] १. जुम्ल्याहा बच्चा। २. जोड़ा; युगल।

यामवती–ना० [सं०] रात; रात्री।

यामि–ना० [सं०] १. रात; रात्रि। २. कुल-वधू। ३. दिदी वा बहिनी।

यामिक–ना० [सं०] १. एक-एक याममा फेरिने पहरेदार; प्रहरी। (वि०) २. याम-सम्बन्धी।

यामिनी–ना० [सं०] १. रात; रात्रि। २. हलेदो।

यामी–ना० [सं०] यामि।

याम्य–ना० [सं०] १. यम-दूत। २. दक्षिण दिशा। ३. अगस्त्य ऋषि। ४. चन्दन। (वि०) ५. यम-सम्बन्धी। ६. दक्षिणको।

यायावर–वि० [सं०] १. एकै ठाउँमा नरहने; फिरन्ता; नियत स्थानमा नबस्ने। (ना०) २. संन्यासी। ३. अश्व-मेधको घोड़ा।

यार–ना० [फा०] १. साथी; मित्र; दोस्त। २. पर-स्त्रीमा प्रेम गर्ने व्यक्ति; गुन्डो; जार।

यारिङ–ना० [अं० इयर-रिङ्ग] लट्कने गरी कानका लोतीमा झुन्ड्याएर लाइने एक प्रकारको गहना; यालिङ।

यारिन–ना० [यारिङ] यारिङ।

यालिङ–ना० [यारिङ] यारिङ।

यालिङ्ग–ना० [अं० इयर-रिङ] यारिङ।

याल–ना० [तु०] घोड़ाका गर्दनमा हुने लामा-लामा रौँ; अयाल।

यावक–ना० [सं०] १. जौ। २. जौको सातू। ३. सठिया धान। ४. माहुर।

यावज्जीवन–क्रि० यो० [सं०] जीवनभर; बाँचुन्जेल; आजीवन।

यावत्–वि० [सं०] १. जति; जुन परिमाणको। २. सबै; तमाम। (क्रि० यो०) ३. जहाँसम्म। ४. जबसम्म। ५. जतिसम्म।

यारलम्फा–ना० [अं० एयर+लैम्प] हावा भरेर मट्टी-तेल बालिने एक प्रकारको बत्ती।

यावन्त–ना० [सं० यावत्] सबै; सम्पूर्ण।

यिन–सर्वना० [यिनी] 'यिनी' शब्दमा विभक्ति लाग्दा हुने रूप। (उदा०–यिनलाई, यिनले, यिनको इत्या०।)

यिनी–सर्वना० [यो] 'यो'-को सम्मान वा बहु-वचन बुझाउने शब्द।

यी–सर्वना० [यो०] 'यो'-को बहु-वचन र आदरार्थमा प्रयोग हुने शब्द।

युक्त–वि० [सं०] १. मिलेको; जोरिएको; संयुक्त। २. सहित; सम्मिलित। ३. युक्ति-सङ्गत; उचित। (ना०) ४. योगको पूर्ण अभ्यास गरेको योगी; सिद्ध; तीन प्रकारका योगी-मध्ये एक। ५. चार हात लामो एक नापो। ६. साथको; सहितको।

युक्त-वियुक्त–ना० [सं०] योगाभ्यास गर्ने गृहस्थ योगी; तीन प्रकारका योगीहरूमध्ये एक।

युक्ति–ना० [सं०] १. उपाय; जुक्ति। २. कौशल; चातुर्य। ३. तर्क। ४. योग; मिलन। ५. चाला; तरीका। ६. कुनै उपाय वा कामद्वारा आफ्नो रहस्यमय चेष्टालाई लुकाउने कुराको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार।

युक्ति-युक्त–वि० [सं०] युक्तिपूर्वकको; युक्ति-सङ्गत।

युक्ति-सङ्गत–वि० [सं०] युक्ति वा तर्क मिलेको; युक्ति-पूर्ण; युक्ति-युक्त।

युग–ना० [सं०] १. जोड़ा; युग्म। २. जुवा। ३. बाह्र वर्षको समय। ४. पुराणअनुसार कालको लामो विभाग (सत्य, त्रेता, द्वापर र कलि)। ५. समय; बखत; जमाना। ६. पासाका खेलमा एकै घरमा बसेका जोड़ा गोटी। ७. इति-हासमा एकै किसिमका घटनाहरू वा कार्यहरू भएको लामो समय।

युग-धर्म–ना० [सं०] कुनै युगमा प्रधान रूपले चलेको धर्म वा आचरण; युगअनुसारको धर्म।

युग-पुरुष–ना० [सं०] कुनै युगका सबभन्दा महान् व्यक्ति; युगका सर्व-श्रेष्ठ पुरुष।

युग-प्रतीक–ना० [सं०] कुनै युगका श्रेष्ठतम पुरुष; कुनै युगका विचार, भावना आदिको प्रतिनिधित्व गर्ने व्यक्ति।

युगल–ना० [सं०] जोड़ा; युग्म।

युगल-गीत–ना० [सं०] १. दुइ जना मिलेर परस्परमा गाइने एक थरी गीत। २. दुइ जना मिली गाउने गीत।

युगादि–ना० [सं०] १. युग वा सृष्टिको आरम्भ। २. युगको पहिलो दिन।

युगादि-नवमी–ना० [सं०] कार्तिक शुक्ल नवमी; कुष्माण्ड-नवमी।

युगाद्या–ना० [सं०] कुनै युग आरम्भ भएको तिथि; युग शुरू भएको तिथि। (सत्य-युगको वैशाख शुक्ल तृतीया, त्रेताको कार्तिक शुक्ल नवमी, द्वापरको भाद्रकृष्ण त्रयोदशी र कलिको पौष कृष्ण आमावस्या।)

युगान-युग–ना० [युग+युग] धेरै युग; अनेक युग; जुगान-जुग।

युगान्त–ना० [सं०] १. युगको अन्त; युगको अन्तिम समय।

CC-0. In Public Domain. Digitization by eGangotri

२. प्रलय।

युगान्तक–ना० [सं०] १. प्रलय-काल। (वि०) २. कुनै युगको समाप्ति गर्ने।

युगान्तर–ना०[सं] १. अर्को युग; दोस्रो युग। २. कुनै युगको परिवर्तन।

युगावतार–ना० [सं०] कुनै युगका अवतारी महान् पुरुष; युगस्वरूप पुरुष; युग-पुरुष।

युग्म–ना० [सं०] १. जोड़ा; युगल। २. अन्योन्याश्रय भएका दुइ वा अनेक वस्तु; द्वन्द्व। ३. मिथुन राशि।

युग्मक–ना० [सं०] जोड़ा; युगल।

युग्मज–ना० [सं०] जुम्ल्याहा।

युग्य–ना० [सं०] १. दुइ घोड़ा वा बैलले तान्ने बग्गी वा गाड़ा। (वि०) २. जोत्न योग्य।

युज्य–वि० [सं०] १. मिलेको; संयुक्त। २. मिलाउनं लायक। (ना०) ३. संयोग; मिलाप।

युञ्जान–ना० [सं०] १. मिल्नु; युक्त हुनु। २. आध्यात्मिक दृष्टिले जीव कर्मसित युक्त हुनु। ३. तीन प्रकारका योगी-मध्ये एक; ब्रह्ममा मिल्ने अभिलाषा गर्ने तपस्वी ब्राह्मण।

युत–वि० [सं०] १. मिलेको; संयुक्त। २. सहित; युक्त। (ना०) ३. चार हात लामो नापो।

युति–ना० [सं०] योग; मिलन।

युधिष्ठिर–ना० [सं०] कुन्तीका छोरा; पाँच पाण्डवहरूमा सबभन्दा जेठा दाजु; धर्मराज।

युद्ध–ना० [सं०] दुइ दल वा पक्षका बीच एकले अर्कालाई परास्त गर्नाका निमित्त गरिने प्रयत्न; लड़ाइँ; सङ्ग्राम; रण।

युद्ध-क्षेत्र–ना० [सं०] युद्ध-भूमि।

युद्ध-भूमि–ना० [सं०] युद्ध हुने वा भएको स्थल; रण-क्षेत्र।

युद्ध-बन्दी–ना० [सं०] युद्धका समयमा शत्रुका बन्धनमा परेको योद्धा वा सैनिक; लड़ाइँमा पक्रिएको कैदी।

युद्ध-विद्या–ना० [सं०] युद्ध-सम्बन्धी विद्या वा शास्त्र।

युद्ध-वीर–ना० [सं०] १. युद्ध गर्ने पराक्रमी व्यक्ति। २. साहित्यमा वीर-रसका चार भेदमध्ये एक। ३. त्यसैको नायक।

युद्ध-शास्त्र–ना० [सं०] युद्ध-विद्या।

युवक–ना० [सं०] सामान्यतः सोह्रदेखि पैंतीस वर्षभित्रका अवस्थाको पुरुष; तरुण; युवा; जवान।

युवति–ना० [सं०] युवती।

युवती–ना० [सं०] जवान स्त्री; तरुणी; पट्ठी।

युवराज–ना० [सं०] राजाका उत्तराधिकारी।

युवराजाधिराज–ना० [सं०] महाराजाधिराजका उत्तराधिकारी।

युवराज्ञी–ना० [सं०] युवराजकी रानी; युवरानी।

युवरानी–ना० [सं० युवराज्ञी] युवराज्ञी।

युवा–ना० [सं०] युवक; तरुण।

युष्मदीय–वि० [सं०] तिम्रो; तपाइँको; भवदीय।

यूँ–ना० [यो] १. लर्तरो; चानचुने, भारे-भुरे (व्यङ्ग-रूपमा प्रयोग हुने)। (वि० बो०) २. याँ।

यू–ना० [ने०] रत्नमा गणना हुने एक प्रकारको हरियो मिश्रित नीलो पत्थर।

यूक–ना० [सं०] १. जुम्रो। २. जम्राको फुल; लीखो।

यूका–ना० [सं०] १. जुम्रो। २. उड़ुस। ३. ड़ुम्री; ज्वानु। ४. यवको आठौं भागको नाप वा परिमाण।

यूथ–ना० [सं०] १. सजातीय जीवहरूको समूह; बथान; जमात। २. सेना; फौज।

यूथिका–ना० [सं०] जूही।

यूथी–ना० [सं०] यूथिका।

यूनान–ना० [अ०] प्राचीन कालमा सभ्यता एवम् पराक्रमले गर्दा प्रसिद्ध, यूरोपको एक देश।

यूनानी–वि० [अ०] १. यूनानको; यूनान-सम्बन्धी। (ना०) २. यूनान-निवासी व्यक्ति वा जाति।

यूनिफार्म–ना०[अं०यूनिफॅर्म] कुनै संस्था वा सङ्घटनको विशेष किसिमको पोशाक; वर्दी।

यूनिर्भसिटी–ना० [अं०] विश्व-विद्यालय।

यूनियन–ना० [अं०] १. सङ्घ; सभा। २. गठ; सङ्घटन।

यूप–ना० [सं०] १. यज्ञमा पशु बाँध्ने खम्बा; मौलो। २. विजय-स्तम्भ।

यूरोप–ना० [अं०] पृथ्वीको उत्तरीय गोलार्द्धको पश्चिमी भागमा रहेको एक महाद्वीप।

यूरोपियन–वि० [अं०] १. यूरोप-सम्बन्धी; यूरोपको। (ना०) २. यूरोप महाद्वीपको निवासी।

यूरोपीय–वि० [अं० यूरोप+ईय] यूरोपको; यरोप-सम्बन्धी; यूरोपियन; पश्चिमी।

येती–ना० [ने०] हिमालयमा रहने, मनुष्यका आकारको हुने भनी प्रसिद्ध एक प्राणी; हिम-मानव; सोक्पा।

येन–सर्वना० [सं०] जसले।

येनकेन–क्रि० यो० [सं०] कुनै प्रकारले; कुनै किसिमले; येनकेन-प्रकारेण।

येनकेन-प्रकारेण–क्रि० यो० [सं०] कुनै किसिमले; कुनै प्रकारसँग; जसरी-तसरी।

यै–सर्वना० [यही] यही।

यो–सर्वना० [सं० अयम्] प्रथम-पुरुष, एक-वचनमा प्रयोग हुने सर्वनाम शब्द। (यस शब्दमा विभक्ति लाग्दा 'यस' हुन्छ।)

योक्ता–वि० [सं०] १. जोड्ने; मिलाउने। २. योजना गर्ने; चाँजो-पाँजो मिलाउने।

योग–ना० [सं०] १. मिल्ने वा जोड़िने काम; संयोग। २. सम्बन्ध; सम्पर्क। ३. मेल; मिलाप। ४. गणितमा जोड्ने क्रिया। ५. उपयुक्तता; अनुकूलता। ६. मौका; अवसर। ७. यम, नियम, आसन, प्राणायाम, प्रत्याहार,

CC-0. In Public Domain. Digitization by eGangotri

धारणा, ध्यान र समाधि–यी आठ अष्टाङ्ग योग। ८. चित्तलाई एकाग्र गरेर ईश्वरमा लीन हुने उपाय; मोक्षको उपाय। ९. चित्त-वृत्तिको निरोध; वैराग्य। १०. फलित-ज्योतिषअनुसार चन्द्र-सूर्यको विशेष स्थितिले पर्ने विशेष काल। ११. फलित-ज्योतिषअनुसार तिथि, वार, नक्षत्र आदि निश्चित नियमअनुसार एकसाथ मिल्दा पर्ने विशेष पर्व; विशेष पर्व-काल (विष्कम्भ, प्रीति, आयुष्मान्, सौभाग्य, शोभन, अतिगण्ड, सुकर्मा, धृति, शूल, गण्ड, वृद्धि, ध्रुव, व्याघात, हर्षण, वज्र, असृक, व्यतीपात, वरीयान्, परिघ, शिव, सिध्य, साध्य, शुभ, शुक्र, ब्रह्म, इन्द्र र वैधृति)। १२. ज्योतिष-शास्त्रअनुसार अमृत र सिद्धि–यी दुइ योग। १३. षड्-दर्शनमध्ये एक। १४. तारतम्य; संयोग। १५. टुना; वशीकरण। १६. छल; धोखा। १७. लाभ; फायदा।

योग-क्षेम–ना० [सं०] १. अलब्ध वस्तुको प्राप्ति र लब्ध वस्तुको रक्षा गर्नु। २. राष्ट्रको शान्ति र सुव्यवस्था। ३. जीवन-निर्वाह। ४. कुशल; मङ्गल।

योग-दर्शन–ना० [सं०] चित्तलाई एकाग्र गरेर ईश्वरमा लीन गराउने उपायको वर्णन गरिएको शास्त्र; योग-शास्त्र। (यसका रचयिता पतञ्जलि हुन् ।)

योग-दान–ना० [सं०] कुनै काम-कुरोमा सहायक हुनु; सहयोग दिनु।

योग-धारणा–ना० [सं०] ध्यान एकाग्र हुने अवस्था।

योग-निद्रा–ना० [सं०] १. योगमा समाधि-अवस्थाको निद्रा। २. युगका अन्तमा हुने विष्णुको निद्रा। ३. युद्ध-क्षेत्रमा भएको वीरहरूको मरण। ४. तन्द्रा।

योग-फल–ना० [सं०] गणितमा विभिन्न अङ्क वा राशिलाई जोड़ेर निकालेको उत्तर।

योग-बल–ना० [सं०] १. योग-साधनाबाट प्राप्त हुने अलौकिक शक्ति। २. तपोबल।

योग-भ्रष्ट–वि० [सं०] कुनै विघ्न-बाधाबाट योग पूरा नभएको।

योग-माया–ना० [सं०] १. सूक्ष्म समाधिको अलौकिक शक्ति। २. भगवती। ३. भगवान्‌को सृजन-शक्ति।

योग-राजगुग्गुल–ना० [सं०] अनेक द्रव्यहरूको सम्मिश्रणबाट तयार हुने वात-रोगको एक प्रसिद्ध औषध।

योग-रूढ–ना० [सं०] योग-रूढि।

योग-रूढि–ना० [सं०] कुनै विशेष अर्थ बुझाने यौगिक-शब्द।

योग-शक्ति–ना० [सं०] योग-बल।

योग-शास्त्र–ना० [सं०] योग-दर्शन।

योग-सूत्र–ना० [सं०] महर्षि पतञ्जलिले रचेका योग-सम्बन्धी सूत्रहरूको समूह; योग-दर्शन।

योगात्मा–ना० [सं०] योगी।

योगानुशासन–ना० [सं०] योग-शास्त्र।

योगाभ्यास–ना० [सं०] योग-शास्त्रअनुसार योगका आठै अङ्गहरूको अनुष्ठान गर्नु; योग-साधन।

योगाभ्यासी–वि० [सं०] १. योग-साधन गर्ने। (ना०) २. योगी।

योगासन–ना० [सं०] योग गर्दा बस्ने आसन; योग गर्दा बस्ने विधि। (यी मुख्य पाँच प्रकारका मानिएका छन्–पद्मासन, स्वस्तिकासन, भद्रासन, वज्रासन र वीरासन।)

योगित्व–ना० [सं०] योगी हुनाको भाव।

योगिनी–ना० [सं०] १. योगाभ्यास गर्ने स्त्री; जोगिनी; तपस्विनी। २. प्रसिद्ध चार देवी (वज्र र ब्रह्म-योगिनी, तथा नीलतारा र विजयेश्वरी)। ३. भगवतीका हजारौं सखीहरूमध्ये कुनै एक। (तीमध्ये यी चौसट्ठी प्रसिद्ध छन्–नारायणी, गौरी, शाकम्भरी, भीमा, रक्तदन्तिका, भ्रामरी, पार्वती, दुर्गा, कात्यायनी, महादेवी, चण्डघण्टा, महाविद्या, महातपा, सावित्री, ब्रह्मवादिनी, भद्रकाली, विशालाक्षी, रुद्राणी, कृष्णपिङ्गला, अग्निज्वाला, रौद्रमुखी, कालरात्रि, तपस्विनी, मेघस्वना, सहस्राक्षी, विष्णुमाया, जलोदरी, महोदरी, मुक्तकेशी, घोररूपा, महाबला, श्रुति, स्मृति, धृति, तुष्टि, पुष्टि, मेधा, विद्या, लक्ष्मी, सरस्वती, अपर्णा, अम्बिका, योगिनी, डाकिनी, शाकिनी, हारिणी, हाकिनी, लाकिनी, त्रिदशेश्वरी, महाषष्ठी, सर्वमङ्गला, लज्जा, कौशिकी, ब्रह्माणी, माहेश्वरी, कौमारी, वैष्णवी, ऐन्द्री, नारसिंही, वाराही, चामुण्डा, शिवदूती, विष्णुमाया र मातृका।) ४. आषाढ कृष्ण एकादशी। ५. रण-पिशाचिनी। ६. आठ वटी विशेष देवीहरू (शैलपुत्री, चन्द्रघण्टा, स्कन्दमाता, कालरात्रि, चण्डिका, कुष्माण्डी, कात्यायनी र महागौरी)। ७. ज्योतिष-शास्त्रअनुसार विशेष तिथिमा विशेष दिशामा रहने देवी (ब्रह्माणी, माहेश्वरी, कौमारी, नारायणी, वाराही, इद्राणी, चामुण्डा र महालक्ष्मी)।

योगिनी-चक्र–ना० [सं०] ज्योतिष-शास्त्रअनुसार योगिनीको स्थिति-निर्देशन गर्ने चक्र।

योगिराज–ना० [सं०] योगीन्द्र।

योगी–वि० [सं०] १. जोड़िएको; संयुक्त। (ना०) २. योगको साधना गर्ने व्यक्ति। ३. योग-सिद्ध पुरुष। (योगी तीन प्रकारका मानिएका छन्–युक्त, युञ्जान र युक्त-वियुक्त।)

योगीन्द्र–ना० [सं०] १. श्रेष्ठ योगी। २. शिव। ३. कृष्ण।

योगीश–ना० [सं०] योगीश्वर।

योगीश्वर–ना० [सं०] १. श्रेष्ठ योगी; योगिराज। २. कृष्ण। ३. शिव।

योगेन्द्र–ना० [सं०] १. ठूला वा श्रेष्ठ योगी; योगिराज। २. आयुर्वेदअनुसार एक प्रकारको रसौषध।

योगेश–ना० [सं०] योगेश्वर।

योगेश्वर–ना० [सं०] १. योगीश्वर; सिद्ध पुरुष। २. कृष्ण। ३. शिव।

योग्य–वि० [सं०] १. कुनै काम सफलतापूर्वक गर्ने शक्ति वा

CC-0. In Public Domain. Digitization by eGangotri

गुण भएको; लायक। २. कुनै पद, काम, उपयोग आदिका निमित्त ठीक भएको; उपयुक्त। ३. विद्या, विवेक, गुण आदिका दृष्टिले उच्च कक्षाको। ४. न्याय-सङ्गत; उचित; मुनासिब।

योग्यता–ना० [सं०] १. योग्य हुनाको भाव। २. कुनै काम गर्ने गुण वा शक्ति; ल्याकत; सामर्थ्य। ३. कुनै विषयको आवश्यक जानकारी; ज्ञान। ४. ज्ञान, अनुभव, शिक्षा आदिको विशेषता वा गुण। ५. उपयुक्तता।

योजक–वि० [सं०] १. जोड्ने; मिलाउने; संयोजक। २. योजना गर्ने; प्रबन्धक।

योजन–ना० [सं०] १. मिलाउने काम; एकीकरण। २. योग। ३. चार कोसको लमाइको नाप।

योजन-गन्धा–ना० [सं०] १. व्यासकी आमा; सत्यवती; मत्स्य-गन्धा। २. कस्तूरी।

योजना–ना० [सं०] १. कुनै काम सिद्ध गर्ने उपाय, साधन, व्यवस्था आदिको पूर्व-निश्चित रूप-रेखा। २. व्यवस्था; प्रबन्ध। ३. कार्य-क्रम। ४. प्रयोग; व्यवहार। ५. जोड्ने काम; मिलान। ६. कुनै कार्यको व्यवस्था मिलाउने काम; आयोजना।

योजनीय–वि० [सं०] १. योजना गर्न योग्य। २. मिलाउन योग्य; जोड्न लायक; योज्य।

योजित–वि० [सं०] १. योजना बाँधिएको; व्यवस्थित। २. मिलाइएको; संयोजित। ३. बनाइएको; रचित।

योज्य–वि० [सं०] योजनीय।

योत्र–ना० [सं०] १. जोतारो। २. धनुको प्रत्यञ्चा अड्याउने डोरी।

योद्धव्य–वि० [सं०] १. युद्ध गर्न योग्य। २. युद्ध गर्ने।

योद्धा–वि० [सं०] १. युद्ध गर्ने; युद्ध-कर्ता। (ना०) २. युद्ध गर्ने व्यक्ति; लड़ाका; वीर। ३. सिपाही; सैनिक।

योधक–ना० [सं०] योद्धा; वीर।

योधन–ना० [सं०] १. युद्ध; लड़ाइँ। २. युद्धको सामग्री।

योधा–वि० [सं०] योद्धा।

योधी–वि० [सं०] योद्धा।

योध्य–वि० [सं०] योद्धव्य।

योनि–ना० [सं०] १. कुनै वस्तु पैदा हुने ठाउँ; उत्पत्ति-स्थान; उद्गम-स्थान। २. खानि; आकर। ३. स्त्रीको जननेन्द्रिय। ४. पाठेघर; गर्भ। ५. पुराणअनुसारका चौरासी लाख प्राणीहरूको विभाग वा जाति। ६. जन्म; जुनी।

योनि-गुटिका–ना० [सं०] स्त्रीको जननेन्द्रियभित्र रहने मांसपेशीको एक सानो गाँठो; भगाङ्कुर।

योनिज–ना० [सं०] योनिबाट उत्पन्न जीव।

योनि-मुद्रा–ना० [सं०] औँलाहरूबाट योनिको आकार बनाइने एक तान्त्रिक मुद्रा।

योनि-यन्त्र–ना० [सं०] १. पापी र धर्मात्मा छुट्याउनाका निमित्त पसिने प्वाल वा मार्ग। २. योनि; भग।

योनि-सम्भव–ना० [सं०] योनिबाट उत्पन्न हुने प्राणी; योनिज।

योनी–ना० [सं०] योनि।

योषा–ना० [सं०] स्त्री; आइमाई।

योषित्–ना० [सं०] आइमाई; स्त्री।

योषिता–ना० [सं०] स्त्री; नारी।

यौगिक–वि० [सं०] १. मिलेको; जोड़िएको; संयुक्त। २. प्रकृति र प्रत्ययबाट बनेको (शब्द)। ३. दुइ वा बढ़ी शब्द मिलेर बनेको (शब्द)।

यौगिक-शब्द–ना० [सं०] १. प्रकृति र प्रत्ययबाट बनेको शब्द; शब्दका तीन भेद (यौगिक, रूढि र योग-रूढि)-मध्ये एक। २. दुइ वा धेरै शब्द मिलेर बनेको शब्द; संयुक्त शब्द।

यौटा–वि० [एउटा] एउटा।

यौतक–ना० [सं०] यौतुक।

यौतुक–ना० [सं०] विवाहमा कन्या र वरलाई प्राप्त हुने धन; दाइजो।

यौद्धिक–वि० [सं०] युद्ध-सम्बन्धी।

यौधेय–ना० [सं०] योद्धा; वीर।

यौन–वि०[सं०] १. योनि-सम्बन्धी; योनिको। (ना०) २. विवाह-सम्बन्धी।

यौवन–ना० [सं०[बाल्यावस्था र वृद्धावस्थाका बीचको अवस्था; तरुण-अवस्था; जवानी; युवावस्था।

यौवराजिक–वि० [सं०] युवराज-सम्बन्धी।

यौवराज्य–ना० [सं०] युवराजको पद।

यौवराज्याभिषेक–ना० [सं०]उत्तराधिकारी राज-कुमारलाई युवराज बनाउँदा गरिने अभिषेक-कर्म।

र

र–देवनागरी वर्ण-मालाको सत्ताइसौँ व्यञ्जन-वर्ण। अन्तस्थ-वर्णको दोस्रो अक्षर। यसको उच्चारण मूर्द्धा-स्थानबाट हुन्छ।

र–संयो० [सं० अपर] दुइ समान जातिका वाक्य वा पदहरू-लाई जोड्ने शब्द; औ।

रँग–ना० [सं० रङ्ग] १. रङ्ग; वर्ण; रङ। २. रँगाउने पदार्थ। ३. लागू पदार्थ; नशा। ४. ताश, त्रिपासा, पच्चीस आदि खेलका पत्ती वा गोटीको प्रमुख वर्ण वा भेद। ५. ताशको एक खेल। ६. ढाँचा; ढङ्ग। ७. रवाफ; धाक।

रँगरूट–ना० [रङ्गरूट] रङ्गरूट।

रँगाइ–ना० [रँग्+आइ] रँग्ने किसिम, क्रिया वा भाव।

रँगाइनु–स० क्रि० [रँगाउ+इ+नु] रङ्ग लाइनु; रङ्गीन तुल्याइनु; ('रँगाउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

रँगाउनु–स० क्रि० [रँग्+आउ+नु] रङ्ग लाउनु; रङ्गीन तुल्याउनु; रङाउनु।

रँगिनु–अ० क्रि० [रँग्] १. रँग लाग्नु वा चढ्नु; रङ्गीन हुनु; रङ्गिनु। २. नशा लाग्नु; मादक पदार्थले लट्ठ पर्नु। ३. समाजमा मिल्नु। ४. कुनै परिस्थिति वा संसर्गले पूर्णतया प्रभावित हुन। (स० क्रि०) ५. रँगाइनु; ('रँग्नु'-को क० क्रि०)।

रँगिलो–वि० [रँग+इलो] रङ्गिलो।

रँगेटो–ना० [रिँगटा] १. कामको झमेला; काम-काजको चटारो। २. रिँगाइ; चक्कर।

रँगेलाइ–ना० [रँगेल्+आइ] रँगेल्ने किसिम, क्रिया वा भाव।

रँगेलिइनु–अ० क्रि० [रँगेलि+इ+नु] रङ्गेलिइनु; ('रँगेलिनु'-को भा० क्रि)।

रँगेलिनु–अ० क्रि० [रँगेल्+इ+नु] १. रुमलिनु; रङ-मङाइनु; अलमलिनु; झमेलामा पर्नु। (स० क्रि०) २. काम-काजमा अलमल्याइनु; ('रँगेल्नु'-को क० क्रि०)।

रँगेलो–ना० [रँगेलि] रुमलो; झमेला; काम-काजको बोझ।

रँगेल्नु–स० क्रि० [रँगेलो+नु] १. काम-काजमा अलमल्याउनु; रँगेलो पार्नु; रुमल्नु। २. बिरोल्नु; भाँड्नु।

रँगेल्याइ–ना० [रँगेलि+याइ] रँगेलिने किसिम, क्रिया वा भाव।

रँग्नु–स० क्रि० [रँग+नु] रँगाउनु।

रँधाइ–ना० [राँध्+आइ] राँध्ने किसिम, क्रिया वा भाव।

रँधाइनु–स० क्रि० [रँधाउ+आइ+नु] रँधाउन लाइनु; ('रँधाउनु'-को क० क्रि०)।

रँधाउनु–स० क्रि० [राँध्+आउ+नु] राँध्न लाउनु; ('राँध्नु'-को प्रे० क्रि०)।

रँग्याइ–ना० [रँगि+याइ] रँगिने किसिम, क्रिया वा भाव; रङ्ग्याइ।

रंह–ना० [सं०] वेग; तीव्र गति।

रईस–ना० [अ०] १. धनी व्यक्ति। २. बड़ादमी।

रउँ–ना० [सं० रोम] शरीरमा उम्रने प्रायः कालो, मसिनो, लामो, सूत्रजस्तो वस्तु; रौँ; रोम; केश।

रकम–ना० [अ० रक़म] १. धन; सम्पत्ति। २. प्रकार; भाँति। ३. असूल-तहसील, ठेकदारी आदिको दैं-दस्तूर। ४. घरायसी कामका निमित्त जागीरदारले लिने बिदा। ५. कर; महसूल। ६. सरकारी काम-काजमा रैतीबाट करका रूपमा लिइने श्रम।

रकम-कलम–ना० [रकम+कलम] विभिन्न रकमहरूको फाँट; पटक-पटकमा भएका विभिन्न विषयका रकम-हरूको हर-हिसाब।

रकम-बन्दोबस्त–ना० [रकम+बन्दोबस्त] ठेक, रकम आदि दिने र तिनीहरूको शुल्क ठेक्ने काम।

रकमी–वि० [रकम+ई] रकम-कलम वा स्याहा-स्रेस्ता-सम्बन्धी काम गर्ने; स्याहा-स्रेस्ता वा रकम-सम्बन्धी काम-मा पोख्त।

रकार–ना० [सं०] 'र'-अक्षर; अन्तस्थ-वर्णको दोस्रो अक्षर।

रकेट–ना० [अं० रॅकेट] भरिएको विस्फोटक पदार्थले गर्दा हुत्तिएर पर जाने ढुङ्ग्राका आकारको साधन।

रक्त–ना० [सं०] १. रगत; रुधिर। २. रातो रङ्ग; लाल रङ्ग। ३. तामा (धातु)। ४. रातो चन्दन। ५. केशर। ६. कमल। ७. सिन्दूर। (वि०) ८. रातो; लाल। ९. लहसिएको; अनुरक्त।

रक्त-आमातिसार–ना० [सं०] रगत-मासी।

रक्त-कमल–ना० [सं०] रातो कमल।

रक्त-चन्दन–ना० [सं०] लामा-लामा पात हुने, झुप्पाकार पहेँलो भावका फूल फुल्ने, काला गोल फल फल्ने एक जातको वृक्ष। (यसको काठ साह्रो र रातो हुन्छ। यो घोटेर रातो चन्दन बनाइन्छ। आयुर्वेदमा यसको गुण अति ठन्डा र रक्तको दोष नाश गर्ने बताइएको छ।)

रक्त-चाप–ना० [सं०] शरीरमा प्रवाहित रक्तको वेग वा चाप।

रक्तता–ना० [सं०] रातो हुनाको भाव; रातोपन; लालिमा।

रक्त-दृक्–ना० [सं०] १. कोइली। २. परेवा। ३. राँगो (पशु)।

रक्त-धातु–ना० [सं०] १. गेरू। २. तामा (धातु)।

रक्त-पात–ना० [सं०] १. लड़ाइँ, झगड़ा आदिमा रगत बगा-उने काम; काट-मार। २. रगतपच्छे।

रक्त-पिण्डालुक–ना० [सं०] रातो-सुठनी।

रक्त-पित्त–ना० [सं०] मुख, नाक, कान, गुद-द्वार आदिबाट रगत निस्कने एक रोग।

रक्त-प्रदर–ना० [सं०] स्त्रीहरूको योनिबाट रगत बग्ने एक रोग।

रक्त-प्रमेह–ना० [सं०] रगतजस्तो दुर्गन्धी पिसाब हुने पुरुषको एक रोग।

रक्त-मत्स्य–ना० [सं०] रातो रङ्ग हुने एक जातको माछो।

रक्तला–ना० [सं०] १. नव-मल्लिकाको फल। २. राती-गेड़ी।

रक्त-वर्ण–वि० [सं०] १. रातो रङ्गको; लाल वर्णको। (ना०) २. रातो रङ्ग। ३. बर्खामा हुने एक जातको रातो कीरो; मखमली-कीरो; इन्द्र-गोप। ४. मूगा।

रक्त-वाष्प–ना० [सं०] रातो-लट्टे।

रक्त-वृष्टि–ना० [सं०] आकाशबाट हुने रातो पानीको वर्षा।

रक्त-शालि–ना० [सं०] रातो-मार्सी।

रक्त-सम्बन्ध–ना० [सं०] वंश वा कुलको सम्बन्ध; वंशगत एक्य।

रक्त-स्राव–ना० [सं०] १. चोट-पटक लागेर शरीरबाट रगत चुहुनु। २. शरीरको कुनै अङ्गबाट स्वाभाविक किसिमले वा रोग-वश रगत बग्नु।

रक्ताक्त–वि० [सं०] १. रगतले मुछिएको; रक्तम्मे; रक्त्योल। (ना०) २. रातो चन्दन।

CC-0. In Public Domain. Digitization by eGangotri

रक्ताक्ष–वि० [सं०] १. राता आँखा हुने। २. डर-लाग्दो; भयङ्कर। (ना०) ३. परेवा। ४. कोइली। ५. राँगो (पशु)।

रक्ताङ्क–ना० [सं०] मूगा; प्रबाल।

रक्ताङ्ग–ना० [सं०] १. केसर। २. रक्त-चन्दन। ३. मङ्गल-ग्रह। ४. उडुस। (वि०) ५. रातो शरीर हुने।

रक्तातिसार–ना० [सं०] दिसामा रगत जाने एक किसिमको अतिसार रोग।

रक्ताम्मे–वि० [सं० रक्त+मय] १. जता-ततै रगतै-रगत भएको; रक्त्योल। २. सर्वत्र रातो भएको। ३. चोट-पटक लागेर बेसरी रगत निस्केको।

रक्तार्श–ना० [सं०] रगत निस्कने अलकाई रोग।

रक्तालु–ना० [सं०] तरुल।

रक्ति–ना० [सं०] १. प्रेम; अनुराग। २. सुन्दरता; मनोहरता। ३. रत्तीबराबरको तौल।

रक्तिनी–ना० [रक्ती] १. रगत; रक्ती। २. मन-नपर्ने गरी परेको पानी; झोलिनी; रक्तेनी।

रक्तिमा–ना० [सं०] रातोपन; लालिमा।

रक्ती–ना० [सं० रक्त+ई] रगत; रक्त।

रक्ते–ना० [सं० रक्त+ए] पिपिराका जस्ता राता पात र रातै डाँठ हुने एक जातको झार।

रक्तेक्षु–ना० [सं०] रातो-ऊखु।

रक्तेनी–ना० [रक्तिनी] रक्तिनी।

रक्तेलो–ना० [रक्त+एलो] भर्खर जन्मेको बच्चो।

रक्तोपल–ना० [सं०] गेरू।

रक्त्योल–वि० [सं० रक्त+भल] रक्ताम्मे; रक्तमय।

रक्ष–वि० [सं०] १. रक्षा गर्ने; रक्षक। (ना०) २. रक्षा; बचाउ। ३. लाहा; लाक्षा। ४. राक्षस।

रक्षक–वि० [सं०] १. रक्षा गर्ने; बचाउ गर्ने। २. पाल्ने; पालन गर्ने। (ना०) ३. पहरेदार; रखवाला।

रक्षण–ना० [सं०] १. रक्षा गर्ने काम; बचाउ। २. पालन-पोषण। ३. रखवारी गर्नु; पालो बस्नु।

रक्षणीय–वि० [सं०] १. रक्षा गर्न लायक; बचाउ गर्न योग्य। २. पाल्न योग्य; पालनीय।

रक्ष-माला–ना० [सं० रक्ष+माला] भूत, प्रेत, रोग आदि-बाट बचाउका निम्ति विशेषतः केटा-केटीलाई घाँटीमा बाँधिने बूटी, यन्त्र, व्याघ्र-नख, बँदेलको दाह्रो, कौड़ा आदिको माला।

रक्षा–ना० [सं०] १. आपत्ति, दुःख, कष्ट, हानि आदिबाट बचाउने काम; रक्षण; बचाउ। २. हेर-विचार; देख-रेख।

रक्षा-गृह–ना० [सं०] १. पुलीस-चौकी। २. प्रसूति-गृह। ३. सुरक्षाका निमित्तको कुनै स्थल।

रक्षा-दल–ना० [सं०] १. पुलीस वा रक्षकहरूलाई सहायता गर्ने पुलीसजस्तै एक सरकारी दल। २. रक्षकहरूको दल।

रक्षा-बन्धन–ना० [सं०] १. श्रावण शुक्ल पूर्णिमाका दिन ऋषि-पूजन गरेर हातमा बाँध्ने धागो; रक्षा-सूत्र। २. विशेष यज्ञ-यागादिमा पूजा गरेर नारीमा बाँध्ने डोरो। ३. त्यस्तो डोरो बाँध्ने काम।

रक्षा-सूत्र–ना० [सं०] रक्षा-बन्धन।

रक्षिक–वि० [सं०] १. रक्षा गर्ने; रक्षक। २. पहरेदार।

रक्षिका–ना० [सं०] १. रक्षा। २. रक्षा-कार्यमा नियुक्त स्त्री।

रक्षित–वि० [सं०] १. रक्षा गरिएको; बचाइएको। २. पालन-पोषण गरिएको। ३. कुनै विशेष कामका लागि बचाइराखिएको; जोगाइएको।

रक्षी–ना० [सं०] १. रक्षा गर्ने व्यक्ति; रक्षक। २. पहरेदार; पाले।

रक्ष्य–वि० [सं०] रक्षा गर्न योग्य; रक्षणीय।

रक्ष्यमाण–वि० [सं०] १. रक्षा गरिएको; रक्षित। २. पालन-पोषण गरिएको; पालित। ३. कुनै विशेष कामका निमित्त जोगाएर राखिएको।

रक्सी–ना० [ने०] फल, फूल, अन्न आदि कुहाएर त्यसबाट झिकेको नशा लाग्ने अर्क; मदिरा; मद्य।

रखवार–वि० [सं० रक्ष+वार (फा०)] रखवाला।

रखवारी–ना० [रखवार+ई] रखवाली।

रखवारे–वि० [रखवार+ए] हेर-विचार गर्ने; रखवारी गर्ने; रक्षक।

रखवाला–वि० [सं० रक्ष+वाला] १. रक्षा गर्ने; बचाउ गर्ने; रक्षक। २. देख-रेख गर्ने; कुर्ने; रखवार। (ना०) ३. पाले; कुह्लुवा व्यक्ति।

रखवाली–ना० [सं० रक्ष+वाली (अ०)] १. रक्षा; बचाउ; रक्षण। २. हेर-विचार; देख-रेख। ३. कुर्ने काम; पालो; रखवारी।

रखाइ–ना० [राख्+आइ] राख्ने किसिम, क्रिया वा भाव।

रखाइनु–स० क्रि० [रखाउ+इ+नु] राख्न लाइनु; बसालिनु; ('रखाउनु'-को क० क्रि०)।

रखाउनु–स० क्रि० [राख्+आउ+नु] राख्न लाउनु; ('राख्नु'-को प्रे० क्रि०)।

रखुवा–वि० [राख्+उवा] १. राखेको; स्थापित। २. रखवार; रखवाला। (ना०) ३. कुह्लुवा; पाले।

रखौटी–वि० [राख्+औटी] गुप्त रूपले सम्बन्ध जोड़ेकी; ल्याइते; रखौटे (पत्नी)।

रखौटे–वि० [रखौटी+ए] १. ल्याइते; रखौटी (पत्नी)। २. गुप्त रूपले सम्बन्ध जोड़िएको (पति)।

रग–ना० [अं०] बाक्लो ऊनी ओढ्ने वस्त्र।

रगड़ा–ना० [रड़ाको] झगड़ा; रड़ाको।

रगड़ाइ–ना० [रगड्+आइ] रगड्ने किसिम, क्रिया वा भाव; रगेड़ाइ।

रगड़ाइनु–स० क्रि० [रगड़ाउ+इ+नु] रगेड़ाइनु; ('रगड़ाउनु'-को क० क्रि०)।

रगड़ाउनु–स० क्रि० [रगड्+आउ+नु] रगेड़ाउनु; ('रगड्नु'-

CC-0. In Public Domain. Digitization by eGangotri

को प्रे० क्रि०)।

रगड़िनु–स० क्रि० [रगड्+इ+नु]र गेड़िनु; ('रगड्नु'-को क० क्रि०)।

रगड्नु–स० क्रि० [रगेड्+नु] रगेड्नु।

रगण–ना० [सं०] बीचमा लघु र अगाड़ि र पछाड़ि गुरु हुने एक गण (ऽ।ऽ)।

रगत–ना० [सं० रक्त] शरीरका नसाहरूमा बग्ने प्रसिद्ध रातो बाक्लो तरल पदार्थ; रक्त।

रगतपच्छे–ना० [सं० रक्त+पिञ्ज्] रक्त-पात; रक्त्योल।

रगत-मासी–ना० [रगत+मासी] १. रोग-वश मल-द्वारबाट आउने रगत मिसिएको आउँ। २. त्यस्तो दिसा हुने रोग।

रगताम्मे–वि० [रगत+मय] रक्ताम्मे।

रगती–ना० [रगत+ई] रक्ती।

रगरग–क्रि० यो० [सं० रिङ्ग] १. साना कीरा, सर्प आदि घस्रेर यत्र-तत्र हिंड्ने किसिम। २. बालकहरू जथाभावी बामेसर्ने किसिम; रगरगी; रुगरुग।

रगरगती–क्रि० यो० [रगरग+ती] रगरग।

रगरगाइ–ना० [रगरगाउ+आइ] रगरगाउने किसिम, क्रिया वा भाव; रगरग्याइ।

रगरगाइनु–अ० क्रि० [रगरगाउ+इ+नु] रगरगिइनु; ('रगरगाउनु'-को भा० क्रि०)।

रगरगाउनु–अ० क्रि० [रगरग+आउ+नु] रगरगिनु।

रगरगिइनु–अ० क्रि० [रगरगि+इ+नु] घस्रेर हिंड़िनु; ('रगरगाउनु'-को भा० क्रि०)।

रगरगिनु–अ० क्रि० [रगरग+इ+नु] घस्रेर हिंड्नु; रगरग गरेर हिंड्नु; रगरगाउनु।

रगरगी–क्रि० यो० [रगरग+ई] १. घस्रेर यत्र-तत्र हिंड्ने किसिम; रगरग। (ना०) २. बढ़िबढ़ाउ; चकचकी; उन्नति। ३. चहक-महक। ४. ढलीमली।

रगरग्याइ–ना० [रगरगि+याइ] रगरगिने किसिम, क्रिया वा भाव।

रगरग्याहट–ना० [रगरगि+याहट] रगरगिने किसिम, क्रिया वा भाव; रगरग्याइ।

रगेड़ा–ना० [रगेड्+आ] १. रगेड्ने वा रगेड़िने काम; घोटाइ। २. कामको जोताइ।

रगेड़ाइ–ना० [रगेड्+आइ] रगेड्ने किसिम, क्रिया वा भाव; घोटाइ।

रगेड़ाइनु–स० क्रि० [रगेड़ाउ+इ+नु] रगेड्न वा घोट्न लाइनु; ('रगेड़ाउनु'-को क० क्रि०)।

रगेड़ाउनु–स० क्रि० [रगेड्+आउ+नु] रगेड्न लाउनु; घोटाउनु; ('रगेड्नु'-को प्रे० क्रि०)।

रगेड़िनु–स० क्रि० [रगेड्+इ+नु] घोटिनु; दलिनु; ('रगेड्नु'-को क० क्रि०)।

रगेड्नु–स० क्रि० [सं० घर्षण+नु] १. घोट्नु; दल्नु। २. पिँध्नु; खल गर्नु। ३. काममा खूब जोत्नु।

रघु–ना० [सं०] राजा दिलीप र रानी सुदक्षिणाका पुत्र; रघु-वंशका मूल पुरुष।

रघु-कुल–ना० [सं०] राजा रघुको कुल; रघु-वंश।

रघु-कुल-तिलक–ना० [सं०] रघु-कुलमा जन्मेका सर्व-श्रेष्ठ पुरुष; रामचन्द्र।

रघु-नन्दन–ना० [सं०] रामचन्द्र।

रघु-नाथ–ना० [सं०] रामचन्द्र।

रघु-पति–ना० [सं०] रामचन्द्र।

रघु-वंश–ना० [सं०] १. रघुको वंश; रघु-कुल। २. महाकवि कालिदासले लेखेको एक प्रसिद्ध महाकाव्य।

रघु-वंशी–ना० [सं०] रघु-वंशमा उत्पन्न भएको व्यक्ति।

रघुवर–ना० [सं०] रामचन्द्र।

रङ–ना० [सं० रङ्ग] १. रङ्ग; रँग; वर्ण। २. कुनै वस्तु रँगाउने पदार्थ। ३. ताश, गन्जीफा, त्रिपासा, पच्चीस आदि खेलको पत्ती वा गोटीको प्रमुख वर्ण। ४. ताशको एक खेल। ५. नशा; लागू। ६. छाँट; ढाँचा। ७. प्रभाव।

रङमङाइ–ना० [रङमङाउ+आइ] रङमङाउने किसिम, क्रिया वा भाव।

रङमङाइनु–अ० क्रि० [रङमङाउ+इ+नु] रङमङिइनु; ('रङमङाउनु'-को भा० क्रि०)।

रङमङाउनु–अ० क्रि० [ने०] रङमङिनु।

रङमङाहट–ना० [रङमङाउ+आहट] रङमङाउने किसिम, क्रिया वा भाव; रङमङाइ।

रङमङिइनु–अ० क्रि० [रङमङि+इ+नु] रुमलिइनु; रङमङाइनु; ('रङमङिनु'-को भा० क्रि०)।

रङमङिनु–अ० क्रि० [ने०] १. रुमलिनु; रङमङाउनु। २. अलमलिनु; अलमलमा पर्नु। ३. धूवाँ, कुहिरो आदि बाहिर निस्कन नसकी यता-उति घुम्नु।

रङमङ्याइ–ना० [रङमङि+याइ] रङमङिने किसिम, क्रिया वा भाव; रङमङ्याहट।

रङमङ्याहट–ना० [रङमङि+याहट] रङमङिने किसिम, क्रिया वा भाव; रङमङ्याइ।

रङाइ–ना० [रङ+आइ] रङने किसिम, क्रिया वा भाव; रँगाइ।

रङाइनु–स० क्रि० [रङाउ+इ+नु] रँगाइनु; ('रङाउनु'-को क० क्रि०)।

रङाउनु–स० क्रि० [रङ+आउ+नु] रँगाउनु।

रङिनु–स० क्रि० [रङ्+इ+नु] रँगिनु।

रङिलो–वि० [रङ+इलो] रङ्गिलो।

रङेटो–ना० [रिङ्टा] रँगेटो।

रङेलाइ–ना० [रङेल्+आइ] रङेल्ने किसिम, क्रिया वा भाव।

रङेलिइनु–अ० क्रि० [रङेलि+इ+नु] रँगेलिइनु; ('रङेलिनु'-को भा० क्रि०)।

रङेलिनु–स० क्रि० [रङेल्+इ+नु] रँगेलिनु; ('रङेल्नु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

रङेलो–ना० [रँगेलो] रँगेलो।

रङेलनु–स० क्रि० [रङेलो+नु] रँगेलनु।

रङेल्याइ–ना० [रङेलि+याइ] रङेलिने किसिम, क्रिया वा भाव; रँगेल्याइ।

रङ्क–वि० [सं०] १. निर्धन; गरीब। २. कन्जुस; कृपण। (ना०) ३. माग्ने व्यक्ति; भिक्षुक।

रङ्कु–ना० [सं०] सेता थोप्ला वा टाटा हुने एक जातको हरिण।

रङ्ग–ना० [सं०] १. आँखाबाट मात्र ज्ञान हुन सक्ने, पदार्थको गुण; रँग; वर्ण (रातो, नीलो, पहेँलो आदि)। २. कुनै वस्तु रँगाउने पदार्थ। ३. शोभा; सौन्दर्य। ४. ताश, गन्जीफा, त्रिपासा, पच्चीस आदि खेलका पत्ती वा गोटीको प्रधान वर्ण। ५. नाच-गान। ६. क्रीडा; खेल। ७. आनन्द; मोज। ८. घर। ९. ढाँचा; ढङ्ग। १०. राङ धातु। ११. नशा; लागू। १२. खेल-कूद आदिको प्रदर्शन हुने ठाउँ।

रङ्ग-जीवक–ना० [सं०] १. चित्र-कार। २. छिपा।

रङ्ग-ढङ्ग–ना० [रङ्ग+ढङ्ग] १. ढङ्ग; ढाँचा। २. चाल-चलन; चाला-माला।

रङ्ग-बिरङ्ग–वि० [रङ्ग+बिरङ्ग] अनेक रङ्ग भएको; रङ्ग-बिरङ्गी।

रङ्ग-बिरङ्गी–वि० [रङ्ग+बिरङ्ग+ई] अनेक रङ्ग भएको; रङ्गी-चङ्गी; चित्र-विचित्रको।

रङ्ग-भवन–ना० [सं०] नाच, तमाशा, खेल-कूद आदि हुने घर।

रङ्ग-भूमि–ना० [सं०] १. रङ्ग-मञ्च; रङ्ग-शाला। २. पहलमानी खेल्ने अखाड़ा। ३. युद्ध-क्षेत्र।

रङ्ग-मञ्च–ना० [सं०] अभिनय, खेल आदि गर्ने मञ्च।

रङ्ग-मण्डप–ना० [सं०] रङ्ग-भूमि।

रङ्ग-महल–ना० [रङ्ग+महल] १. राज-महल; राज-दरबार। २. भोग-विलास गर्ने घर। ३. अन्तःपुर। ४. रङ्ग-शाला; रङ्ग-भूमि।

रङ्ग-रस–ना० [सं०] मोज-मज्जा; आमोद-प्रमोद; रस-रङ्ग।

रङ्गरूट–ना० [अं० रेक्रूट] १. सेना, पुलीस आदिमा नयाँ भर्ना हुने सिपाही। २. कुनै काम सिक्न लागेको व्यक्ति; सिकारु मानिस।

रङ्ग-शाला–ना० [सं०] नाटक, खेल, तमाशा आदि गर्ने ठाउँ; रङ्ग-भूमि।

रङ्गाइ–ना० [रङ्ग+आइ] रँगाइ।

रङ्गाइनु–स० क्रि० [रङ्गाउ+इ+नु] रँगाइनु; ('रङ्गाउनु'-को क० क्रि०)।

रङ्गाउनु–स० क्रि० [रङ्ग+आउ+नु] रँगाउनु।

रङ्गित–वि० [सं० रङ्ग] रँगिएको; रङ्गीन।

रङ्गिनु–अ० क्रि० [रङ्ग+इ+नु] रँगिनु।

रङ्गिलो–वि० [रङ्ग+इलो] १. चर्को रङ्ग भएको; उज्जर रङ्गको। २. रसिलो; ठटचौलो।

रङ्गी–वि० [सं०] १. कुनै रङ्ग भएको; रङ्गीन। २. मोज-मज्जा गर्ने; मौजी। ३. अभिनय गर्ने।

रङ्गी-चङ्गी–वि० [सं० रङ्गी+चङ्गी (फाँ०)] धेरै किसिमका रङ्गहरू भएको; रङ्ग-बिरङ्गी; झिलिमिली।

रङ्गीन–वि० [फा०] रँगाइएको; रङ लगाइएको; रङ्गी।

रङ्गी-विरङ्गी–वि० [सं०] रङ्गी-चङ्गी; रङ्ग-बिरङ्गी।

रङ्गोपजीवी–ना० [सं०] १. नट; नटुवा। २. चित्र-कार। ३. छिपा।

रङ्ग्याइ–ना० [रङ्गि+याइ] रङ्गिने किसिम, क्रिया वा भाव; रँग्याइ।

रङ्नु–स० क्रि० [रँग्+नु] रँग्नु।

रङ्याइ–ना० [रङि+याइ] रङिने किसिम, क्रिया वा भाव; रँग्याइ।

रचक–ना० [सं०] रचना गर्ने व्यक्ति; रचयिता।

रचन–ना० [सं०] रचना।

रचना–ना० [सं०] १. बनाउने काम; निर्माण। २. बनाउने कौशल वा युक्ति; निर्माण-कला। ३. व्यवस्था; प्रबन्ध। ४. कल्पना; तर्जुमा; अजमाइस। ५. बनाइएको वस्तु (घर, मूर्ति, ग्रन्थ आदि)। ६. कपाल कोर्ने काम; तलास्ने काम। ७. फूल, हलेदो आदि पिँधेर बनाइएको टीका लाउने रातो चूर्ण; रोरी; रोचना।

रचनात्मक–वि० [सं०] १. कुनै प्रकारको रचना वा निर्माण-सित सम्बन्ध भएको; निर्माणात्मक। २. कुनै देश वा समाजको उन्नतिमा सहायक हुने।

रचयिता–वि० [सं०] १. रचना गर्ने; निर्माता। (ना०) २. लेख वा ग्रन्थको लेखक; ग्रन्थ-कर्ता।

रचाइ–ना० [रच्+आइ] रच्ने किसिम, क्रिया वा भाव।

रचाइनु–स० क्रि० [रचाउ+इ+नु] रच्न लाइनु; ('रचाउनु'-को क० क्रि०)।

रचाउनु–स० क्रि० [रच्+आउ+नु] रचना गराउनु; रच्न लाउनु; ('रच्नु'-को प्रे० क्रि०)।

रचित–वि० [सं०] रचना गरिएको; निर्मित।

रचिनु–स० क्रि० [रच्+इ+नु] रचना गरिन; ('रच्नु'-को क० क्रि०)।

रच्नु–स० क्रि० [सं० रच्+नु] १. रचना गर्नु; बनाउनु; निर्माण गर्नु। २. कल्पना गर्नु; कथ्नु; अजमाउनु। ३. सजाएर पस्कनु।

रछान–ना० [सं० रज] १. फोहर-मैला फाल्न घरनजीक बनाइएको खाल्टो। २. नाल।

रछाने–वि० [रछान+ए] १. रछानजस्तो फोहर; साह्रै फोहर। (ना०) २. एक प्रकारको खटिरो।

रछाय–वि० [रछायो] रछायो।

रछायो–वि० [रातो+छाया] हल्का रातो रङ्गको; रातो भावको।

रज–ना० [सं०] १. स्त्रीको मासिक-धर्म हुँदा निस्कने रगत;

CC-0. In Public Domain. Digitization by eGangotri

कुसुम; ऋतु। २. पुष्प-पराग। ३. धूलो; छारो। ४. तीन गुणमध्ये एक।

रजक–ना० [सं०] धोबी।

रजगज–ना० [राज-काज] १. ठाँट-बाँट। २. मोज-मज्जा। ३. ढलीमली। ४. रजाइँ।

रजत–वि० [सं०] १. सेतो; श्वेत; शुभ्र। (ना०) २. चाँदी। ३. सेतो रङ।

रजत-जयन्ती–ना० [सं०] कुनै व्यक्ति, संस्था वा महत्त्वपूर्ण काम जन्मेको वा आरम्भ भएको पच्चीस वर्ष पुग्दा मनाइने विशेष उत्सव; पच्चीसौं वर्षको जयन्ती।

रजतमय–वि० [सं०] १. चाँदीले बनेको। २. सेतो; शुभ्र।

रजन–ना० [सं०] १. रँगाउने काम। २. किरण।

रजनी–ना० [सं०] १. रात; रात्रि। २. नीलो रङ्ग बनाइने एक जातको बोट। ३. हलेदो।

रजनी-कर–ना० [सं०] १. चन्द्रमा। २. कपूर।

रजनी-गन्धा–ना० [सं०] राती बास्ना फैलिने एक जातको फूल; हसना।

रजनी-चर–वि० [सं०] १. राती हिँड्ने; रात्रि-चर। (ना०) २. राक्षस। ३. चन्द्रमा।

रजनी-जल–ना० [सं०] ओस; शीत।

रजनी-मुख–ना० [सं०] साँझ; सायङ्काल।

रजनी-रमण–ना० [सं०] चन्द्रमा।

रजपूत–ना० [सं० राज-पुत्र] १. राजाका सन्तान; राजाका छोरा-नाति। २. क्षत्रियहरूको एक विशिष्ट वंश-सूचक संज्ञा; भारतको राजपुताना-प्रदेशको क्षत्रिय-वंश; राजपूत।

रजबन्धकी–वि० [सं० राज+बन्धकी] राजा वा राज्यले बन्धक राखेको; सरकारले बन्धक राखेको।

रजबाधा–ना० [राज+बन्धकी] सरकारले रुपियाँ लिई बन्धकी राखेको जग्गा।

रजवती–ना० [सं० रजोवती] रजोवती।

रजवाड़ा–ना० [राजा] सानो-तिनो राजा; रजौटो।

रजस्वला–वि० [सं०] १. ऋतुमती। (ना०) २. रजवती स्त्री; मासिक-धर्म भइरहेकी स्त्री। ३. विवाह गर्ने वेला भएकी स्त्री।

रजहाँस–ना० [सं० राज-हंस] ठूलो एक जातको हाँस; राज-हंस।

रजाइँ–ना० [सं० राज्य+आइँ] १. राज्य गर्ने काम; शासन। २.एकलौटी अधिकार जमाउने काम; अख्तियार चलाउने काम; रजगज।

रजिस्टर–ना० [अं०] १. क्रम-बद्ध तरीकाले कुनै रकमको आय-व्यय वा कुनै विषयको विवरण लेखिने पुस्तक वा पुस्तिका; दर्ता-कापी। २. हाजिर-कापी।

रजिस्टरी–ना०[अं० रजिस्ट्री] १. कानून वा नियमअनुसार कुनै लिखित प्रतिज्ञा-पत्र सरकारी रजिस्टरमा दर्ता गर्ने काम। २. रजिस्टरमा कुनै कुरो दर्ता गर्ने काम। ३. डाक-घरमा अतिरिक्त महसूल तिरी रजिस्टरमा दर्ता गरी चिट्ठी-पत्र, पार्सल आदि पठाउने काम। ४. त्यसरी दर्ता गरी पठाएको चिट्ठी-पत्र, पुलिन्दा आदि। (वि०) ५. रजिस्टरमा दर्ता भएको।

रजिस्टर्ड–वि० [अं०] रजिस्टरमा दर्ता गरिएको; रजिस्ट्रेशन गरिएको।

रजिस्ट्रार–ना० [अं०] विश्व-विद्यालय, प्रधान न्यायालय आदिमा विषय वा व्यक्तिहरूको लेखा राख्ने मुख्य अधिकारी।

रजिस्ट्रेशन–ना० [अं०] रजिस्टरमा दर्ता गर्ने वा गराउने काम।

रजोगुण–ना० [सं०] मनमा चञ्चलता र काम, क्रोध, लोभ, राग, द्वेष आदि उत्पन्न गराउने एक प्राकृतिक गुण।

रजोगुणी–वि० [सं०] १. रजोगुण भएको; रजोगुण-युक्त। २. रजोगुणको; रजोगुण-सम्बन्धी।

रजोदर्शन–ना० [सं०] रजस्वला हुनु; स्त्रीको मासिक-धर्म हुनु; रजोधर्म।

रजोधर्म–ना० [सं०] रजोदर्शन।

रजोवती–वि० [सं०] रजस्वला भएकी स्त्री।

रजौटो–ना० [राजा+औटो] सानो-तिनो क्षेत्रको राजा; रजवाड़ा।

रज्जु–ना० [सं०] १. डोरी। २. लगामको डोरी; बाग-डोर।

रञ्जक–वि० [सं०] १. रङ्ग-सम्बन्धी काम गर्ने; रँगाउने। २. प्रसन्न पार्ने; खुशी तुल्याउने। (ना०) ३. रङ्ग-सम्बन्धी काम गर्ने व्यक्ति। ४. रक्त-चन्दन। ५. सिन्दूर। ६. मेहदी।

रञ्जन–ना० [सं०] १. रँगाउने काम; रङ्ग लगाउने काम। २. खुशी तुल्याउने काम; प्रसन्न पार्नु। ३. मूज। ४. सुन। ५. जाइफल; ६. रक्त-चन्दन। (वि०) ७. खुशी तुल्याउने; रञ्जक।

रञ्जनी–ना० [सं०] १. हलेदो। २. मजीठो। ३. पान; नाग-वल्ली। ४. मीली बोट।

रञ्जनीय–वि० [सं०] १. रँगाउन योग्य; रँग लाउन लायक। २. आनन्द दिन सक्ने।

रञ्जित–वि० [सं०] १. रङ्ग लगाइएको; रँगाइएको। २. खुशी तुल्याइएको; प्रसन्न पारिएको। ३. अनुरक्त; आसक्त।

रटन–ना० [सं०] कुनै कुरो वा शब्द वार-वार बोल्नु; रटना।

रटना–ना० [रट्] १. कुनै शब्द, वाक्य वा कुरो वार-वार दोहोर्‍याउनु। २. कण्ठाग्र पार्नाका निम्ति कुनै वाक्य वा पद वार-वार पाठ गर्ने काम; घोकना। ३. धुन। ४. फिक्री।

रटन्त–ना० [रट्] रट्ने काम; रटाइ।

रटन्ते–वि० [रट्+अन्ते] १. खूब रट्ने वा घोक्ने; घोकन्ते। २. खूब घुम्नुपर्ने; फिरन्ते।

रटाइ–ना० [रट्+आइ] रट्ने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

रटाइ–ना० [रटाउ+आइ] रटाउने किसिम, क्रिया वा भाव।
रटाइनु–स० क्रि० [रटाउ+इ+नु] रट्न वा घोक्न लाइनु; ('रटाउनु'-को क० क्रि०)।
रटाउनु–स० क्रि० [रट्+आउ+नु] रट्न वा घोक्न लाउनु; ('रट्नु'-को प्रे० क्रि०)।
रटिनु–स० क्रि० [रट्+इ+नु] कुनै कुरो वा पाठ वार-वार भनिनु; ('रट्नु'-को क० क्रि०)।
रट्नु–स० क्रि० [सं० रट्+नु] १. कुनै कुरो वा पाठ वार-वार भन्नु; धेरै आवृत्ति गर्नु। २. कण्ठ पार्नाका निमित्त वार-वार दोहोऱ्याएर पढ्नु; घोक्नु। ३. अभ्यास गर्नु।
रड़ाको–ना० [सं० रण] १. परस्परको झगड़ा वा बेमेल; वैमनस्य। २. ठूलो हल्ला; राड़ो।
रड्कनु–अ० क्रि० [प्रा० रड्ड] १. टेकेका ठाउँबाट खुट्टो खुस्कनु; चिप्लिनु। २. चुक्नु; भुल्नु। ३. पतन हुनु; च्युत हुनु।
रड्काइ–ना० [रड्क+आइ] रड्कने किसिम, क्रिया वा भाव।
रड्काइनु–स० क्रि० [रड्काउ+इ+नु] रड्कन लाइनु; ('रड्काउनु'-को क० क्रि०)।
रड्काउनु–स० क्रि० [रड्क+आउ+नु] खुट्टो खुस्काउनु; रड्कन लाउनु; ('रड्कनु'-को प्रे० क्रि०)।
रड्किनु–अ० क्रि० [रड्क+इ+नु] टेकेका टाउँबाट खुट्टो खुस्किनु; ('रड्कनु'-को भा० क्रि०)।
रड्को–ना० [रड्क+ओ] रड्कने काम; चिप्लिने काम; रड्काइ।
रण–ना० [सं०] लड़ाइँ; युद्ध; सङ्ग्राम।
रण-क्षेत्र–ना० [सं०] युद्ध-भूमि।
रण-घ्वाँक–वि० [रण+घ्वाँक] रनघ्वाँक।
रण-चण्डी–ना० [सं०] रण-क्षेत्रकी देवी।
रणजित्-मल्ल–ना० [सं०] विक्रमी उन्नाइसौँ शताब्दीका शुरूमा भक्तपुरको शासन गर्ने एक राजा; भक्तपुर राज्यका अन्तिम मल्ल राजा।
रणत्कार–ना० [सं०] धनुका प्रत्यञ्चा आदिको शब्द; झणत्कार।
रण-धीर–वि० [सं०] धैर्यपूर्वक युद्ध गर्ने वीर।
रण-नाद–ना० [सं०] लड़ाइँका मैदानमा वीरहरूले गर्ने गर्जना।
रणबहादुर-शाह–ना० [रण+बहादुर+शाह] उन्नाईसौँ शताब्दीको आधा-आधीतिर नेपालको शासन गर्ने श्री ५ महाराजाधिराज; स्वामी-महाराज।
रण-भूमि–ना० [सं०] लडाइँको मैदान; युद्ध-स्थल।
रण-रङ्ग–ना० [सं०] १. रण-भूमि; युद्ध-क्षेत्र। २. लड़ाइँ गर्ने उत्साह।
रण-रणक–ना० [सं०] १. प्रबल कामना; उत्कट इच्छा। २. अशान्ति; व्यग्रता।
रण-लक्ष्मी–ना० [सं०] विजय-लक्ष्मी।

११०

रण-वीर–ना० [सं०] युद्ध-क्षेत्रमा वीरतापूर्वक लड्ने योद्धा; युद्ध-वीर।
रण-शूर–वि० [सं०] योद्धा; रण-वीर।
रण-सङ्ग्राम–ना० [सं०] १. युद्ध; लड़ाइँ। २. घम्सा-घम्सी; मारामार।
रण-स्तम्भ–ना० [सं०] युद्धमा विजय प्राप्त गरेको स्मरण गराउनाका निम्ति बनाइएको स्तम्भ; विजय-स्तम्भ।
रण-स्थल–ना० [सं०] युद्ध-क्षेत्र।
रणाङ्गण–ना० [सं०] लड़ाइँको मैदान; युद्ध-क्षेत्र।
रणाजिर–ना० [सं०] युद्ध-क्षेत्र।
रण्डा–ना० [सं०] राँड़ी; विधवा।
रण्डी–ना० [सं० रण्डा] नाच-गान गर्ने पेशा भएकी वा धनका निमित्त पर-पुरुषसित सम्भोग गराउने पेशा गर्ने स्त्री; वेश्या।
रण्डीबाज–वि० [रण्डी+बाज] रण्डीहरूसित समागम गर्ने; रण्डीबाजी गर्ने; वेश्या-गामी।
रण्डीबाजी–ना० [रण्डी+बाजी] रण्डीसितको समागम; वेश्या-गमन।
रण्डो–ना० [सं० रण्डा] रण्डीबाजी गर्ने व्यक्ति; फुँड़ो; बेसुल्लो।
रत–वि० [सं०] १. अनुरक्त; आसक्त। २. तल्लीन; लिप्त। (ना०) ३. प्रेम। ४. स्त्री-समागम।
रतङ्गे–वि० [सं० रात्र्यन्ध] राती आँखा नदेख्ने रोग लागेको; रतौँधी भएको।
रतङ्गे–ना० [सं० रक्त+अङ्ग] बोट-बिरुवाहरूका डाँठ रातो हुने एक रोग; राँके।
रतनी–ना० [रतङ्गे] रात परेपछि आँखाले नदेख्ने एक रोग; रतौँधी; रतौनी।
रतन्जोत–ना० [सं० रत्न+ज्योति] हात्ती-काने; सजिवन।
रति–ना० [सं०] १. कामदेवकी पत्नी। २. मैथुन; समागम। ३. प्रेम; प्रीति। ४. साहित्यमा श्रृङ्गार-रसको स्थायी-भाव। ५. शोभा; सौन्दर्य।
रतिइनु–अ० क्रि० [रति+इ+नु] लहसिइनु; झ्याम्मिइनु; ('रतिनु'-को भा० क्रि०)।
रति-कर्म–ना० [सं०] सम्भोग; रति-क्रिया।
रति-कूजित–ना० [सं०] मैथुनका समयमा गरिने सीत्कार शब्द।
रति-केलि–ना० [सं०] रति-क्रिया; सम्भोग।
रति-क्रिया–ना० [सं०] मैथुन; सम्भोग।
रति-क्रीडा–ना० [सं०] मैथुन; रति-केलि।
रति-गृह–ना० [सं०] केलि-गृह; क्रीडा-गृह।
रति-दान–ना० [सं०] मैथुन; सम्भोग।
रतिनु–अ० क्रि० [सं० रति+नु] १. लहसिनु; झ्याम्मिनु। २. प्रेममा फस्नु; अनुरक्त हुनु। ३. सधिनु; वशमा आउनु।
रति-पति–ना० [सं०] कामदेव।

CC-0. In Public Domain. Digitization by eGangotri

रति-बन्ध–ना० [सं०] सम्भोगको ढङ्ग वा आसन।

रति-मन्दिर–ना० [सं०] १. क्रीडा-गृह; रति-गृह। २. भग; योनि।

रति-रस–ना० [सं०] रति-क्रीडा।

रति-लम्पट–वि० [सं०] कामुक; विलासी।

रती–ना० [रत्ती] रत्ती।

रतुवा–वि० [रति+उवा] सधिएको; रतिएको।

रतुवा–ना० [रातो] रातो एक जातको मृग।

रतेउली–ना० [रात+उली] १. विवाहमा दुलहा अन्भाए-पछि दुलहाका घरका स्त्रीहरूले साथीहरू मिली राती गर्ने नाच-गान आदि; रतेली। २. दुलही भित्र्याउने दिन रतेली खेल्ने स्त्रीहरूलाई खुवाइने भोज।

रतेली–ना० [रात+एली] रतेउली।

रतौंधी–ना० [सं० रात्र्यन्ध] रात परेपछि आँखाले नदेख्ने एक रोग; रतनी; रतङ्गे।

रतौनी–ना० [रतनी] रतनी; रतौंधी।

रत्ती–ना० [सं० रक्तिका] १. लाल; राती-गेड़ी; रती। (वि०) २. अलिकति; ज्यादै थोरै।

रत्न–ना० [सं०] १. गहना-गुरियामा जड़िने, बहु-मूल्य र चहकिलो पत्थर; हीरा, माणिक, पन्ना आदि पत्थर; जवाहिरात। (यिनमा मोती, माणिक्य, वैडूर्य, गोमेद, हीरा, मूगा, पद्म-राग, पन्ना र नील-मणि–यी नौ विशेष प्रसिद्ध छन्।) (वि०) २. सर्व-श्रेष्ठ; सर्वोत्तम।

रत्न-गर्भा–ना० [सं०] पृथ्वी।

रत्न-सू–ना० [सं०] पृथ्वी।

रत्नाउलो–ना० [ने०] केही कुना-कुना परेका पानका आकारका पात, साना फूल र रातो डाँठ हुने एक जातको झार।

रत्नाकर–ना० [सं०] १. समुद्र। २. खानि।

रत्नावली–ना० [सं०] १. मणिहरूको माला। २. कुनै प्रकृत वर्णनका साथ-साथ प्रसङ्ग-वश केही क्रमिक कुराहरूको उल्लेख हुँदा पर्ने एक अर्थालङ्कार।

रत्नौलो–ना० [ने०] खेतमा उम्रने एक जातको घाँस।

रत्याइ–ना० [रत्याउ+आइ] रत्याउने किसिम, क्रिया वा भाव।

रत्याइ–ना० [रति+याइ] रतिने किसिम वा भाव।

रत्याइनु–स० क्रि० [रत्याउ+इ+नु] प्रेममा फसाइनु; ('रत्याउनु'-को क० क्रि०)।

रत्याउनु–स० क्रि० [रति+याउ+नु] १. लहस्याउनु। २. प्रेममा फसाउनु; अनुरक्त पार्नु। ३. सधाउनु; वशमा पार्नु; ('रतिनु'-को प्रे० क्रि०)।

रत्यौली–ना० [रात+यौली] रतेउली।

रथ–ना० [सं०] १. विशेषगरी चार वा दुइ पाङ्ग्रा हुने प्राचीन कालको एक यान। २. घोड़ाहरूले तान्ने पाङ्ग्रा लागेको बग्गीजस्तो एक प्रकारको सवारी। ३. शरीर; देह। ४. गोड़ा; खुट्टा।

रथ-यात्रा–ना० [सं०] देव-देवीलाई रथमा राखी घुमाएर गरिने उत्सव।

रथवान्–ना० [सं०] रथ हाँक्ने व्यक्ति; सारथि।

रथाङ्ग–ना० [सं०] १. पाङ्ग्रो। २. चक्र। ३. चखेवा पक्षी।

रथी–वि० [सं०] १. रथमा चढ्ने। (ना०) २. योद्धा; वीर।

रथोद्धता–ना० [सं०] प्रत्येक चरणमा क्रमशः रगण, नगण, रगण र लघु एवम् गुरु हुने एक वर्ण-वृत्त।

रथ्या–ना० [सं०] सड़क; राज-मार्ग।

रद–ना० [सं०] दाँत।

रदच्छद–ना० [सं०] ओठ; ओष्ठ।

रदन–ना० [सं०] दाँत।

रदनच्छद–ना० [सं०] ओठ; ओष्ठ।

रद-पट–ना० [सं०] ओठ।

रदल-बदल–ना० [अ० रद्द+बदल्] केही विषयलाई खारिज वा परिवर्तन गर्ने काम; अदल-बदल।

रद्द–वि० [सं० रक्त] १. आनन्द वा खुशीले मस्त; मुग्ध। २. प्रसन्न; हर्षित। ३. अनुरक्त; आसक्त। ४. विस्मित; चकित।

रद्द–वि० [अ०] १. रद्दी; निकम्मा। २. खारिज; डिसमिस।

रद्दी–वि० [अ०] काम नलाग्ने; निकम्मा।

रनक्क–क्रि० यो० [ने०] १. एक्कासि रिसाउने किसिम; झनक्क। २. ताल्ने किसिम।

रनघ्वाँक–वि० [रण+घ्वाँक] अति ठूलो; बड़ेमाको; अजङ्गको।

रन-बन–ना० [प्रा० रन्न+वन (सं०)] सम्पूर्ण वन; चारै-तिर रिङ्गै फिंजिएको वन।

रनभुल्ल–ना० [प्रा० रन्न+भुल्] जिलिलने काम; अलमल्ल; बिलख-बन्द।

रनाहा–ना० [रन्क+आहा] १. असह्य मानसिक ताप; आन्तरिक वेदना। २. ठूलो मानसिक रीस। ३. रिंगटा; फनफने।

रनिवास–ना० [रानी+निवास] रानीहरू बस्ने महल; अन्तःपुर।

रन्कनु–अ० क्रि० [रनक्क] १. एकाएक रिसाउनु; एक्कासि झोक्किनु। २. खूबसित ताल्नु।

रन्कनु–अ० क्रि० [सं० रण्] घण्टा, काँसका बाजा आदि तरङ्ग छुट्ने गरी बज्नु; घन्केर बज्नु।

रन्काइ–ना० [रन्क+आइ] रन्कने वा रिसाउने किसिम, क्रिया वा भाव।

रन्काइ–ना० [रन्क+आइ] बाजा आदि रन्कने किसिम, क्रिया वा भाव; घन्काइ।

रन्काइ–ना० [रन्काउ+आइ] बाजा आदि रन्काउने किसिम, क्रिया वा भाव।

रन्काइनु–स० क्रि० [रन्काउ+इ+नु] रन्कने पारिनु; शब्दका तरङ्ग छुट्ने गरी बाजा आदि बजाइनु; ('रन्काउनु'-

CC-0. In Public Domain. Digitization by eGangotri

को क० क्रि०)।

रन्काइनु–स० क्रि० [रन्काउ+इ+नु] कसैलाई क्रुद्ध पारिनु; ('रन्काउनु'-को क० क्रि०)।

रन्काउनु–स० क्रि० [रन्क+आउ+नु] शब्दको तरङ्ग छुट्ने गरी धातुका बाजा, भाँड़ा आदि बजाउनु।

रन्काउनु–स० क्रि० [रन्क+आउ+नु] क्रुद्ध पार्नु; ('रन्कनु'-को प्रे० क्रि०)।

रन्कारन्की–ना० [रन्को+रन्को] परस्परमा रन्केर बाझ्ने काम; चर्काचर्की।

रन्काहा–वि० [रन्क+आहा] रनक्क रीस उठ्ने स्वभावको; रन्कने प्रकृतिको; जङ्ग्याहा; झोकी।

रन्किनु–अ० क्रि० [रन्क+इ+नु] १. रन्कनु। २. एकाएक रिसाइनु; ('रन्कनु'-को भा० क्रि०)।

रन्को–ना० [रन्क] १. रीसको आवेग; झोँक; रनाहा। २. रिङ्टा; फनफने। ३. मनको एकोहोरोपन; धुन। ४. शब्दको तरङ्ग।

रन्क्याइ–ना० [रन्कि+याइ] रन्किने किसिम वा भाव; रन्काइ।

रन्क्याहट–ना० [रन्कि+याहट] रन्किने किसिम, क्रिया वा भाव।

रन्ज–ना० [फा०] १. दुःख; खेद। २. रीस; क्रोध।

रन्डा–ना० [रन्दा] रन्दा।

रन्थनाइ–ना० [रन्थनाउ+आइ] रन्थनाउने किसिम, क्रिया वा भाव।

रन्थनाइनु–अ० क्रि० [रन्थनि+आउ+इ+नु] १. रन्थनाउनु। २. रन्थनिइनु; ('रन्थनिनु'-को भा० क्रि०)।

रन्थनाउनु–अ० क्रि० [रन्न] रन्थनिनु।

रन्थनिइनु–अ० क्रि० [रन्थनि+इ+नु] ढुनमुनिइनु; ('रन्थनिनु'-को भा० क्रि०)।

रन्थनिनु–अ० क्रि० [रन्न+इ+नु] १. चोट-पटक; ठक्कर आदिको वेदनाले बेहोश हुन खोज्नु; ढुनमुनिनु। २. रिङ्टा लाग्नु। ३. रनाहा छुट्नु।

रन्थन्याइ–ना० [रन्थनि+याइ] रन्थनिने किसिम, क्रिया वा भाव।

रन्थन्याइनु–स० क्रि० [रन्थन्याउ+इ+नु] रन्थनिन लाइनु; ('रन्थन्याउनु'-को क० क्रि०)।

रन्थन्याउनु–स० क्रि० [रन्थनि+याउ+नु] रन्थनिन लाउनु; ('रन्थनिनु'-को प्रे० क्रि०)।

रन्थन्याहट–ना० [रन्थनि+याहट] रन्थनिने किसिम, क्रिया वा भाव।

रन्दा–ना० [फा० रन्दः] काठ ताछेर सफा वा चिल्लो पार्ने एक औजार; रन्डा।

रन्धक–ना० [सं०] १. खानेकुराहरू पकाउने व्यक्ति; भान्से। २. बरबाद गर्ने व्यक्ति।

रन्धन–ना० [सं०] १. पकाउने काम; राँध्नु। २. बरबाद गर्नु; नाश गर्नु।

रन्ध्र–ना० [सं०] १. प्वाल; छिद्र। २. दोष; कलङ्क। ३. भग; योनि।

रन्ध्र-वंश–ना० [सं०] गोपे-बाँस।

रन्न–क्रि० यो० [सं० रण्] १. शब्दको तरङ्ग छुट्ने किसिम; रन्कने किसिम। २. खूब तात्ने किसिम। ३. रीसले चूर हुने किसिम; रिसाउने किसिम। ४. ज्वर चढ्ने किसिम।

रपट–ना० [सं० पट] फराकिलो समतल जमीन; मदान; चापट।

रपोट–ना० [अं० रिपोर्ट] रिपोर्ट।

रफ्फू–ना० [अ० रफ़ू] रफू।

रफ्फू-चक्कर–वि० [अ० रफ़ू+चक्कर] एकदम भाग्ने वा बेपत्ता हुने; सुइँकुच्चा ठोक्ने।

रफ–वि० [अं०] १. खेस्रा; मसौदा। २. खस्रो।

रफत–ना० [अ० रब्त] अभ्यास; दलेली।

रफू–ना० [अ० रफ़ू] कपड़ाहरू फाटेका वा तिनमा प्वाल परेका ठाउँमा उसै कपड़ाको धागोले मसिनो गरी बुन्नु; रफ्फू।

रफ्तार–ना० [फा० रफ़्तार] गति; चाल।

रबड़–ना० [अं० रबर] रबर।

रबड़-छन्द–ना० [रबड़+छन्द] रबर-छन्द।

रबर–ना० [अं०] १. बरका जातिको एक वृक्ष। २. त्यस वृक्षको चोप पकाएर बनाइने प्रसिद्ध एक लचिलो पदार्थ। (यसबाट ट्यूब, टायर, खेलौना आदि अनेक किसिमका मालहरू बन्दछन्।)

रबर-छन्द–ना० [रबर+छन्द] मुक्त-छन्द (हेलाको रूपमा)।

रबी–ना० [अ० रबीअ] हिउँदे बाली; जड़हन।

रब्ध–वि० [सं०] शुरू गरिएको; आरम्भ गरिएको।

रभस–ना० [सं०] १. वेग; झोक। २. उत्सुकता। ३. प्रसन्नता; आनन्द। ४. पछुतो। ५. खेद; दुःख। (वि०) ६. उग्र; प्रचण्ड। ७. प्रबल। ८. उत्सुक।

रम–वि० [सं०] १. प्रसन्न गर्ने; आनन्द दिने। २. राम्रो; मनोहर। (ना०) ३. प्रेमी। ४. पति। ५. आनन्द; हर्ष। ६. कामदेव।

रमझम–ना० [सं० रम्] १. रमिता; रमाइलो। २. झिलिमिली; सज-धज।

रमण–ना० [सं०] १. क्रीडा; विलास। २. समागम; मैथुन। ३. यता-उति डुल्नु; विचरण। ४. पति; स्वामी। (वि०) ५. सुन्दर; मनोरम। ६. प्यारो; प्रिय। ७. क्रीडासक्त; विलासी।

रमणी–ना० [सं०] सुन्दरी स्त्री; युवती।

रमणीय–वि० [सं०] सुन्दर; मनोहर।

रमणीयता–ना० [सं०] सुन्दरता; मनोहरता।

रमता–वि० [सं० रम्] मठ, मन्दिर, आश्रम आदि केही नभएको, डुलेर भिक्षाद्वारा जीवन-निर्वाह गर्ने (साधु); फिरन्ता।

CC-0. In Public Domain. Digitization by eGangotri

रमन–ना० [अं० राउन्ड] १. रक्षाका निमित्त पुलीस वा सिपाहीहरू राती घुम्ने काम। २. त्यसरी घुम्ने पुलीस वा सिपाही।

रमरम–क्रि० यो० [ने०] हल्का पिरो हुने किसिम; अलि-अलि पिरो हुने किसिम।

रमरमती–ना० [रमरम+ती] रमरम; रमरमी।

रमरमाइ–ना० [रमरमाउ+आइ] रमरमाउने किसिम, क्रिया वा भाव; परपऱ्याइ।

रमरमाइ–ना० [रमरमाउ+आइ] रमरमाउने किसिम, क्रिया वा भाव; रमाइ।

रमरमाइनु–अ० क्रि० [रमरमाउ+इ+नु] खूब रमाइनु; ('रमरमाउनु'-को भा० क्रि०)।

रमरमाइनु–अ० क्रि० [रमरमाउ+ इ+नु] रमरम पिरो होइनु; ('रमरमाउनु'-को भा० क्रि०)।

रमरमाउनु–अ० क्रि० [सं० रम+रमाउ+नु] खूब रमाउनु; रमाइलो मान्नु।

रमरमाउनु–अ० क्रि० [रमरम+आउ+नु] रमरम पिरो हुनु; हल्का पिरो हुनु; परपऱ्याउनु।

रमरमिता–ना० [सं० रम्+रमिता] रामरमिता।

रमरमी–ना० [सं० रम्+रम्+ई] १. रमिता ; रमझम; रमाइलो। २. उत्सव।

रमरमी–क्रि० यो० [रमरम+ई] हल्का पिरो हुने किसिम; रमरम।

रमल–ना० [अ०] पासा हानेर शुभ-अशुभ फल थाहा पाउने फलित-ज्योतिषको एक पद्धति।

रमा–ना० [सं०] १. लक्ष्मी। २. पत्नी। ३. शोभा। ४. सम्पत्ति।

रमाइ–ना० [रमाउ+आइ] गाई-भैंसीले कराउने किसिम वा क्रिया।

रमाइ–ना० [रमाउ+आइ] रमाउने किसिम, क्रिया वा भाव।

रमाइनु–अ० क्रि० [रमाउ+इ+नु] रमाइलो मानिनु; ('रमाउनु'-को भा० क्रि०)।

रमाइलो–ना० [सं० रम्+आइ+लो] १. रमिता; रमझम; रमरमी। (वि०) २. मनलाई आनन्द दिने; रमणीय। ३. मनपर्दो।

रमाउनु–अ० क्रि० [सं० रम्भ+आउ+नु] गाई-भैंसी आदि कराउनु; राम्नु।

रमाउनु–अ० क्रि० [रम्+आउ+नु] १. रमाइलो मान्नु; रम्नु। २. खुशी हुनु; प्रसन्न हुनु। ३. भोग-विलास गर्नु। ४. लट्ठ पर्नु। ५. खुशी गराउनु; लहस्याउनु; ('रम्नु'-को प्रे० क्रि०)।

रमा-कान्त–ना० [सं०] विष्णु।

रमाना–वि० [फा० रवानः] १. रवाना; प्रस्थित। (ना०) २. प्रस्थान; कतै जाने काम।

रमा-पति–ना० [सं०] विष्णु।

रमिता–ना० [सं० रम्] मनलाई रमाउने खेल, तमाशा, उत्सव आदि; रमाइलो हुने काम।

रमिते–वि० [रमिता+ए] रमिता हेर्ने; तमाशे; दर्शक।

रमिनु–अ० क्रि० [रम्+इ+नु] रमाइलो मानिनु; ('रम्नु'-को भा० क्रि०)।

रम्नु–अ० क्रि० [सं० रम्+नु] १. रमाइलो मान्नु; रमाउनु। २. लट्ठ पर्नु; भुल्नु; लहसिनु। ३. खेल्नु; रमिता गर्नु; लहड़ गर्नु। ४.भोग-विलास गर्नु। ५. तल्लीन हुनु।

रम्भ–ना० [सं०] १. घमन्डसहितको ठूलो स्वर; गर्जन। २. वेग। ३. शक्ति।

रम्भा–ना० [सं०] १. केरा; कदली। २. गौरी। ३. स्वर्गकी एक प्रसिद्ध अप्सरा।

रम्भित–वि० [सं०] बजाइएको; शब्द निकालिएको।

रम्भी–ना० [सं०] १. ढोके; द्वार-पाल। २. बूढो मानिस; वृद्ध व्यक्ति।

रम्भोरु–वि० [सं०] केराका सुप्लाजस्ता ऊरु भएकी (स्त्री)।

रम्य–वि० [सं०] १. सुन्दर; मनोहर। २. रमणीय। ३. रमण गर्न योग्य।

रम्याइँ–ना० [राम्रो+याइँ] राम्रो हुनाको भाव; रम्यता।

रय–ना० [सं०] १. वेग; तीव्र गति। २. प्रवाह; धारा। ३. उत्साह।

रयालाइ–ना० [रयाल्+आइ] रयाल्ने किसिम, क्रिया वा भाव।

रयालिनु–स० क्रि० [रयाल्+इ+नु] ऱ्यालजस्तो हुने गरी घोलिनु; ('रयाल्नु'-को क० क्रि०)।

रयाल्नु–स० क्रि० [ऱ्याल+नु] ऱ्यालजस्तो हुने गरी घोल्नु; हुँड़ल्नु; रगेड्नु।

रल्ल–वि० [ने०] १. अलमल्ल; विलख-बन्द। २. जिल्ल; वाल्ल।

रल्लक–ना० [सं०] १. ऊनी वस्त्र। २. आँखाको पलक। ३. एक जातको मृग। ४. पाखरीको रूख।

रल्लिइनु–अ० क्रि० [रल्लि+इ+नु] लरखरिइनु; ('रल्लिनु'-को भा० क्रि०)।

रल्लिनु–अ० क्रि० [रल्ल+इ+नु] १. काम-न-काजसित यता-उति हल्लनु; लरखरिनु; अल्लारिनु। २. यता-न-उता हुनु। ३. रल्ल पर्नु; जिल्लिनु।

रल्ल्याइ–ना० [रल्लि+याइ] रल्लिने किसिम, क्रिया वा भाव।

रल्ल्याइ–ना० [रल्ल्याउ+आइ] रल्ल्याउने किसिम, क्रिया वा भाव।

रल्ल्याइनु–स० क्रि० [रल्ल्याउ+इ+नु] बेकाममा झुलाइनु; ('रल्ल्याउनु'-को क० क्रि०)।

रल्ल्याउनु–स० क्रि० [रल्लि+याउ+नु] १. बेकाममा झुलाउनु। २. रल्ल पार्नु; जिल्ल्याउनु ; ('रल्लिनु'-को प्रे० क्रि०)।

रव–ना० [सं०] १. ध्वनि; नाद। २. शब्द; आवाज। ३.

CC-0. In Public Domain. Digitization by eGangotri

झनझनाहट; गुञ्जन ।
रवण–ना० [सं०] १. शब्द; आवाज । २. कोइली । ३. काँसो । (वि०) ४. शब्द निकाल्ने ।
रवानगी–ना० [फा०] रवाना हुने किसिम, क्रिया वा भाव; प्रस्थान ।
रवाना–वि० [फा०] १. कुनै टाढ़ाको ठाउँतिर हिँड़ेको; प्रस्थित । २. पठाइएको ।
रवाफ–ना० [रवाब] रवाब ।
रवाफिलो–वि० [रवाफ+इलो] रवाफ गर्नुपर्ने; ढाँची; रवाफी ।
रवाफी–वि० [रवाफ+ई] रवाफ गर्ने स्वभावको; ढाँची ।
रवाब–ना० [अ० रोब] बढ़ता ढाँचा; रोब; धाक; रवाफ; फूर्ति ।
रवाबी–वि० [रवाब+ई] रवाफी ।
रवि–ना० [सं०] १. सूर्य । २. आँकको वृक्ष ।
रवि-मण्डल–ना० [सं०] १. सूर्यको वरि-परि कहिले-काहीँ देखिने मण्डल । २. सूर्यको बिम्ब ।
रवि-वार–ना० [सं०] आदित्य-वार; आइत-वार ।
रवि-वासर–ना० [सं०] रवि-वार; आदित्य-वार ।
रवि-सुत–ना० [सं०] १. शनैश्चर । २. यमराज ।
रशना–ना० [सं०] १. कन्धनी । २. पटुका; पेटी । ३. डोरी ।
रशनोपमा–ना० [सं०] उपमेय क्रमशः उपमान बन्दै गएर उपमेय र उपमान शृङ्खला-बद्ध हुँदा पर्ने एक अर्थालङ्कार ।
रश्मि–ना० [सं०] १. किरण । २. घोड़ाको लगाम; वाग । ३. डोरी ।
रस–ना० [सं०] १. वनस्पति वा जड़ी-बूटी र तिनीहरूका फल, फूल, पात आदि निचोर्दा निस्कने तरल पदार्थ । २. रूखमा घाउ लगाएर निकालिने लेदो वा तरल पदार्थ; निर्यास (खोटो, गुँद, लाहा आदि) । ३. बूटी, वनस्पति आदि उसिनेर निकालिने सार पदार्थ; काँढ़ा । ४. रक्सी; मदिरा । ५. प्राणीको शरीरबाट निकस्ने दूध, वीर्य आदि । ६. अमृत; सुधा । ७. प्राणीले खाएको वस्तु रगत बन्नुभन्दा पहिले बन्ने तरल पदार्थ; शरीरस्थ सात धातुमध्ये एक । ८. जल; पानी । ९. तरल पदार्थ; झोल; द्रव । १०. पानीमा घोलेको चीनी, मिस्री आदिको झोल; शरबत । ११. कुनै वस्तुको सार भाग; तत्त्व । १२. आयुर्वेद-शास्त्रअनुसार कुनै धातु भस्म गरेर तयार पारेको औषध । १३. पारो । १४. धातु भस्म गरेर बनाएको औषध (रस-सिन्दूर आदि) । १५. सिम्रिक । १६. खाएको वस्तु जिभ्रामा पर्दा हुने अनुभव; रसनेन्द्रियको ज्ञान; स्वाद (अमिलो, गुलियो, तीतो आदि) । १७. काम-काज वा व्यक्तिसँगको संसर्गमा लाग्ने चाख; रुचि । १८. कुनै कार्यविशेषबाट पाइने आनन्द । १९. काव्यबाट मनमा उत्पन्न हुने भाव; विभाव, अनुभाव, र सञ्चारी-भावको योगबाट व्यञ्जित आनन्दको अनुभव । (यो नौ प्रकारको मानिएको छ—शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, शान्त र अद्‌भुत ।) २०. क्रीडा; केलि ।
रस-कपूर–ना० [सं० रस-कर्पूर] आयुर्वेदीय औषधमा प्रयोग हुने एक सेतो धातु ।
रस-केलि–ना० [सं०] १. क्रीडा; विहार । २. हँस्सी; दिल्लगी ।
रस-केसर–ना० [सं०] कपूर ।
रस-गर्भ–ना० [सं०] रसाञ्जन ।
रसगुल्ला–ना० [सं० रस+गोल] छेनाबाट बनाइने एक प्रकारको मिठाई; रस-बरी; रस-गोला ।
रस-गोला–ना० [रस+गोलक] रसगुल्ला; रस-बरी ।
रसज्ञ–वि० [सं०] १. रसको मर्म बुझ्ने । २. कला र साहित्यको मर्म जान्ने ।
रसद–वि० [सं०] १. सुखद; आनन्द-दायक । २. स्वादिलो; स्वादिष्ठ ।
रसद–ना० [फा०] १. नपकाएको खाद्य सामग्री; अन्न-पात; अनाज । २. सीधा; रसोद ।
रसदार–वि० [रस+दार] रस भएको; रसिलो ।
रस-धातु–ना० [सं०] १. पारो । २. शरीरमा रहेका सात धातुमध्ये एक ।
रसन–ना० [सं०] १. स्वाद लिनु; चाख्नु; आस्वादन । २. ध्वनि; आवाज । ३. जिभ्रो ।
रसना–ना० [सं०] १. जिभ्रो; जिह्वा । २. रसको अनुभव गर्नु; रसास्वादन ।
रसनीय–वि० [सं०] १. स्वाद लिन योग्य; चाख्न योग्य । २. मीठो; स्वादिष्ठ ।
रसनेन्द्रिय–ना० [सं०] जिभ्रो; रसना; जिह्वा ।
रसनोपमा–ना० [सं०] रशनोपमा ।
रस-बरी–ना० [सं० रस+वटी] रसगुल्ला रस-गोला ।
रस-बस–ना० [सं० रस+बस (फा०)] प्रेम; अनुराग ।
रसम–ना० [अ० रस्म] रीति; प्रथा; परिपाटी ।
रसम-रिवाज–ना० [रसम+रिवाज] रसम; रिवाज ।
रस-मैत्री–ना० [सं०] दुइ रसको उपयुक्त मेल । (उदा०—गुलियो-अमिलो, शृङ्गार-हास्य आदि ।)
रस-रङ्ग–ना० [सं०] हर्ष, उत्सव आदिमा गरिने मनोरञ्जक काम; रमिता ।
रस-राज–ना० [सं०] १. शृङ्गार रस । २. पारो ।
रसवान्–वि० [सं०] १. रस भएको; रसिलो । २. मीठो; स्वादिष्ठ । ३. साहित्यमा कुनै एक रस अर्को रस वा भावको अङ्ग हुँदा पर्ने एक अलङ्कार ।
रस-विरोध–ना० [सं०] दुइ परस्पर विरोधी रसको योग ।
रस-शार्दूल–ना० [सं०] सुत्केरीलाई फायदा गर्ने एक आयुर्वेदीय रसौषध ।
रस-शास्त्र–ना० [सं०] रसायन-शास्त्र ।

CC-0. In Public Domain. Digitization by eGangotri

रस-सिन्दूर–ना० [सं०] पारो र गन्धकको मेलबाट बन्ने एक रसौषध ।

रस-सिद्ध–वि० [सं०] रसहरू अभिव्यक्त गर्नमा सिपालु ।

रसा–ना० [सं०] १. भूमि; पृथ्वी । २. नदी । ३. रसातल ।

रसाइ–ना० [रसाउ+आइ] रसाउने किसिम, क्रिया वा भाव; चुहाइ ।

रसाइ–ना० [रसाउ+आइ] रसाउने किसिम, क्रिया वा भाव; रसायन लगाउने काम ।

रसाइनु–स० क्रि० [रसाउ+इ+नु] रसायन लगाइनु; ('रसाउनु'-को क० क्रि०) ।

रसाइनु–अ० क्रि० [रसाउ+इ+नु] रसले युक्त होइनु; ('रसाउनु'-को भा० क्रि०) ।

रसाउनु–स० क्रि० [सं० रसायन+नु] पग्लेका धातुले धातुका दुइ वस्तुहरू जोड्नु वा धातुमा परेका प्वाल टाल्नु; रसायन लाउनु ।

रसाउनु–अ० क्रि० [सं० रस+आउ+नु] १. रसले युक्त हुनु; रस भरिनु; रसिलो हुनु । २. रस चुहुनु । ३. तरल पदार्थ अलि-अलि गरेर निस्कनु । (स० क्रि०) ४. खुशी पार्नु; प्रसन्न पार्नु; रिझाउनु ।

रसाञ्जन–ना० [सं०] चुत्राको काठ, जरो आदि पकाएर बनाइने आँखाको औषध ।

रसातल–ना० [सं०] पृथ्वीमनिका सात लोकमध्ये छैटौँ लोक ।

रसात्मक–वि० [सं०] १. रस भएको; रस-युक्त । २. सुन्दर ।

रसादि–ना० [सं०] १. पारो हालेर भस्म गरिएको आयुर्वेदीय औषध । (वि०) २. धातु-उपधातुहरूको भस्मसहितको (औषध) ।

रसाभास–ना० [सं०] साहित्यमा अनुचित ठाउँमा कुनै रसको वर्णन गर्दा पर्ने अवस्था ।

रसायन–ना० [सं०] १. औषध । २. तामालाई सुन बनाउने एक कल्पित योग । ३. धातुलाई भस्म गर्ने वा एक धातुलाई अर्को धातुमा परिणत गर्ने विद्या; रसायन-शास्त्र । ४. भिन्न दुइ धातुलाई जोड्ने वा फुटे-टुटेका धातुका पात्रलाई जोड्ने अर्को धातु । ५. तरल पदार्थ अलि-अलि गरी चुहुने काम ।

रसायनज्ञ–वि० [सं०] रसायन-शास्त्रको ज्ञाता ।

रसायन-विज्ञान–ना० [सं०] रसायन-शास्त्र ।

रसायन-शास्त्र–ना० [सं०] पदार्थहरूमा रहेका विभिन्न प्रकारका रस-तत्त्वको विवेचना गर्ने शास्त्र; रसायन-विज्ञान ।

रसाल–ना० [सं०] १. आँप । २. कटहर । ३. ऊखु । (वि०) ४. रसिलो । ५. मीठो; मधुर ।

रसिइनु–अ० क्रि० [रसि+इ+नु] प्रेम होइनु; ('रसिनु'-को भा० क्रि०) ।

रसिक–वि० [सं०] १. रस वा स्वाद लिने । २. आनन्दी; मोजी । ३. क्रीडा-प्रेमी । ४. रस-युक्त; स्वादिष्ठ । (ना०) ५. सौन्दर्य, प्रेम, भक्ति आदि कोमल र मधुर विषयप्रति अनुराग भएको व्यक्ति; सहृदय व्यक्ति; भावुक । ६. काव्य र कलाको मर्म बुझ्ने व्यक्ति; रसज्ञ ।

रसिकता–ना० [सं०] १. रसिक हुनाको भाव । २. हँस्सी; दिल्लगी ।

रसित–वि० [सं०] १. रस भएको; रस-युक्त । २. शब्द गरिएको; आवाज निकालिएको । ३. रसाएको; चुहेको ।

रसिनु–अ० क्रि० [सं० रस+इ+नु] प्रेम हुनु; रतिनु; लहसिनु ।

रसिया–ना० [सं० रस+इया] स्त्री र पुरुष–दुइ थरीले सवाल-जवाफ गरी गाइने शृङ्गार-रस-प्रधान एक किसिमको लोक-गीत ।

रसिलो–वि० [सं० रस+इलो] १. रस भएको; रस-युक्त । २. मीठो; स्वादिष्ठ । ३. सुन्दा आनन्द लाग्ने; मधुर । ४. मिजासिलो । ५. ठटचौलो । ६. रसिक ।

रसीद–ना० [फा०] कुनै वस्तु कसैले पाएको प्रमाणस्वरूप लेखेर दिइने पत्र; भर्पाई ।

रसीदी–वि० [रसीद+ई] रसीदको; रसीद-सम्बन्धी ।

रसुवा–ना० [ने०] हिउँ पग्लेका बखतमा भोटतिर आवत-जावत गर्न हुने, पश्चिम-एक (१)-नम्बर इलाकामा पर्ने एक घाटी ।

रसेटो–ना० [सं० रस+एटो] १. ऊखुको रस पकाउने चूलो वा ठाउँ । २. पकाउने, पिँध्ने आदि धेरै काम-धन्धाको परिभ्राट; झमेला ।

रसोद–ना० [रसद] नपकाएको अन्न आदि; रसद ।

रसोन–ना० [सं०] लशुन ।

रसौषध–ना० [सं०] पारो हालेर भस्म गरिएको औषध; रसादि औषध ।

रस्ता–ना० [फा० रास्तः] १. बाटो; मार्ग । २. उपाय; तरीका ।

रस्ता-किस्ता–ना० [रस्ता+किस्ता] १. काम-काज गर्ने व्यवस्था; प्रबन्ध । २. विभिन्न रकम-कलम वा ठेकहरूको लेन-देन गर्ने बन्दोबस्त ।

रस्म–ना० [अ०] प्रथा; परिपाटी ।

रस्म-रिवाज–ना० [रस्म+रिवाज] रस्म; रिवाज ।

रस्मी–वि० [अ०] १. साधारण । २. औपचारिक । रस्म-सम्बन्धी ।

रस्याइ–ना० [रस्याउ+आइ] रस्याउने किसिम, क्रिया वा भाव ।

रस्याइनु–स० क्रि० [रस्याउ+इ+नु] रास लाइनु; ('रस्याउनु'-को क० क्रि०) ।

रस्याउनु–स० क्रि० [रास+याउ+नु] १. रास लाउनु; थुप्प्याउनु । २. मल त्याग गर्नु; थुस्स्याउनु (निन्दार्थमा) ।

रह–ना० [सं० ह्रद] दह; ह्रद ।

रह–ना० [सं०] १. एकान्तको ठाउँ; निर्जन स्थान । २. गुप्त कुरो; रहस्य । ३. मैथुन ।

CC-0. In Public Domain. Digitization by eGangotri

रहकुल–ना० [रह+कुल] बाँकी रहेको अंश; अवशेष।

रहजन–ना० [फा० राहज़न] एकान्तको बाटो वा ठाउँमा लुट्ने डाँकू।

रहजनी–ना० [फा० राहज़नी] बाटा-घाटाको एकान्त ठाउँमा डकैती गर्ने काम।

रहन-सहन–ना० [रहनु+सहनु] १. जीवन-निर्वाह गर्ने तरीका; लवाइ-खवाइ, व्यवहार आदिको ढाँचा। २. रीति-स्थिति; चाल-चलन।

रहनु–अ० क्रि० [प्रा० रह+नु] १. बस्नु; ठहर्नु; स्थित हुनु। २. मौजूद हुनु; उपस्थित हुनु; विद्यमान हुनु। ३. रोकिनु; थामिनु। ४. अवशेष हुनु; बच्नु। ५. छुट्नु। ६. अरू क्रियाहरूका साथ लागेर त्यस क्रियाबाट व्यक्त हुने व्यापारलाई केही समयसम्म चलिरहेको बोध गराउने शब्द। (उदा०–बसिरहनु, खाइरहनु इत्या०।)

रहनी–ना० [रह+नी] १. रहने वा रोकिने ठाउँ। २. कसैको चित्त बुझाउने वा मान राख्ने कुरो। ३. कविता आदिमा विश्राम लिने ठाउँ; यति। ४. थेगो।

रहम–ना० [अ० रह्म] १. करुणा; दया। २. प्रेम; प्रीति।

रहर–ना० [लहड़] उत्कट इच्छा; लहड़; उत्कण्ठा; चाख; चाह।

रहर–ना० [सं० आढकी] १. प्रत्येक भेट्नामा लाम्चा तीन-तीन वटा पात हुने, पहेँला फूल फुल्ने, लामा-लामा कोसा फल्ने एक जातको बोट। २. त्यसैका कोसाभित्र फल्ने दाल-जातको अन्न। (यसका सेतो, रातो, कालो आदि रङ्गका दाना हुने अनेक भेद छन्।)

रहरी–ना० [रहर] रहर।

रहल–वि० [रह] रहेको; बचेको; बाँकी रहेको।

रहल-पहल–वि० [रहल+पहल (फाँ०)] १. बचे-खुचेको; बाँकी रहेको। (ना०) २. बचेको वा बाँकी रहेको वस्तु; निथार-पिथार।

रहस्य–ना० [सं०] १. कुनै विषयको भित्री वा मूल कुरो; गुप्त भेद। २. मर्म। ३. दुर्बोध तत्त्व। (वि०) ४. गुप्त।

रहस्यवाद–ना० [सं०] अव्यक्त वा अज्ञातलाई विषय अथवा लक्ष्य बनाएर त्यसप्रति प्रणय, विरह आदि भाव व्यक्त गर्ने सिद्धान्त वा प्रथा।

रहस्यवादी–वि० [सं०] रहस्यवादको अनुयायी।

रहाइ–ना० [रह+आइ] रहने किसिम, क्रिया वा भाव; बसाइ।

रहाइनु–स० क्रि० [रहाउ+इ+नु] बसाइन; ('रहाउनु'-को क० क्रि०)।

रहाउनु–स० क्रि० [रह+आउ+नु] बसाउनु; ठहराउनु; ('रहनु'-को प्रे० क्रि०)।

रहित–वि० [सं०] १. नाम शब्दका पछिल्तिर लागेर 'नभएको', 'हीन', 'विना' आदि अर्थ बुझाउने शब्द। (उदा०–गुण-रहित, दोष-रहित आदि।) २. खाली; शून्य। ३. त्यागिएको; छोड़िएको; पृथक् गरिएको।

रहितत्व–ना० [सं०] खाली हुनाको भाव; शून्यता।

रहिनु–अ० क्रि० [रह+इ+नु] बसिनु; ('रहनु'-को भा० क्रि०)।

रहु–ना० [सं० रोहित] एक जातको माछो; रोहित; रोहू।

रहे-पहेको–वि० [रहल+पहल] बचे-खुचेको; रहल-पहल।

राँकिइनु–अ० क्रि० [राँकि+इ+नु] राँकोजस्तो होइनु; ('राँकिनु'-को भा० क्रि०)।

राँकिनु–अ० क्रि० [राँको+इ+नु] १. राँकोजस्तो हुनु; रीसले चूर हुनु। २. जाज्वल्यमान हुनु; प्रकाशमान हुनु। ३. खूब मोटाउनु। ४. घाउ-खटिरा बढ्नु वा सुनिनु।

राँकी–ना० [सं० रङ्क] नेपालका मुसलमान व्यापारी।

राँके–वि० [राँको+ए] १. राँको बालेर हिँड्ने। (ना०) २. श्रावण सङ्क्रान्तिका भोलिपल्टको दिन। ३. तातो हावा। ४. बोट-बिरुवाको एक रोग; रतङ्गे।

राँके-भूत–ना० [राँके+भूत] राती राँकोका रूपमा देखिने भनी प्रसिद्ध एक प्रकारको भूत।

राँको–ना० [फा० चिराग़] आगाको मुस्लो; ज्वाला; लप्को।

राँग–ना० [सं० रङ्ग] सीसाजस्तो एक प्रकारको धातु; राङ।

राँगो–ना० [सं० रङ्कु] प्रायः कालो, साँढ़ेजस्तो एक जातको घर-पाला चौपाया; भैँसीको भाले; महिष।

राँटो–ना० [ने०] १. खन-जोत गर्दा कुनै कारण-वश बीचमा रहन गएको बाँझो जमीन। २. लिप-पोत गर्दा बीचमा नलिपिएको वा नपोतिएको जमीन; टाटो।

राँड़–ना० [सं० रण्डा] १. पोइ मरेकी स्त्री; राँड़ी; विधवा। २. स्त्री-जातिलाई गाली गर्ने शब्द।

राँड़-भाँड़–वि० [राँड़+भाँड़] जथाभाबी कुरो वा गाली; भाँड़-भैलो।

राँड़ी–वि० [राँड़+ई] १. पति मरेकी; ठुटी; विधवा। (ना०) २ स्त्री-जातिलाई गाली गर्ने शब्द; राँड़।

राँड़ो–वि० [राँड़ी+ओ] स्वास्नी मरेको (पुरुष)।

राँधिनु–स० क्रि० [राँध्+इ+नु] पकाइनु; पाक गरिनु; ('राँध्नु'-को क० क्रि०)।

राँध्नु–स० क्रि० [सं० रन्धन+नु] पकाउनु; पाक गर्नु; रिँध्नु।

राँबो–ना० [रामो] रामो।

राइटर–ना० [अं०] बहीदारभन्दा माथि मुखियाभन्दा तलको एक निजामती दर्जा।

राइफल–ना० [अं०] एक प्रकारको बन्दूक।

राइबाघा–वि० [राकस+बाघ] बघिनीको जस्तो कड़ा स्वभाव भएकी; राकस्नी; मापाकी (स्त्री)।

राइबाघे–वि० [राइबाघा+ए] बाघको जस्तो कड़ा स्वभाव भएको; मापाको (पुरुष)।

राई–ना० [सं० राजिका] १. रायो। २. पिप्लाको बीज।

राई–ना० [अं०] मुडुलो-गहूँ।

राई–ना० [प्रा० राअ] १. किरात-जातिको एक वर्ग।

CC-0. In Public Domain. Digitization by eGangotri

२. जिल्लामा तिरो-भरो उठती-पुठती गर्ने अधिकारीको एक दर्जा ।

राई–ना० [ने०] च्याङ्ग्राको एक जात ।

राकस–ना० [प्रा०] राक्षस ।

राकसनी–ना० [राकस+नी] १. राक्षस स्त्री; दानवी । २. मापाकी वा दुष्टा स्त्री । ३. असाधारण रूपले धेरै काम गर्न सक्ने स्त्री ।

राकस्नी–ना० [राकसनी] राकसनी ।

राका–ना० [सं०] १. पूर्णिमाको रात । २. पूर्णिमा । ३. पहिलो पल्ट रजस्वला भएकी स्त्री । ४. लूतो रोग ।

राका-पति–ना० [सं०] चन्द्रमा ।

राक्षस–ना० [सं०] १. दैत्य; राकस; असुर । २. दुष्ट वा क्रूर व्यक्ति ।

राक्षस-विवाह–ना० [सं०] युद्ध गरीकन कन्या लुटेर ल्याई गरिने एक प्रकारको विवाह ।

राक्षसी–वि० [सं०] १. राक्षस-सम्बन्धी । २. राक्षसजस्तो डर-लाग्दो वा विकट (कर्म) । (ना०) ३. राक्षस-जातिकी स्त्री । ४. दुष्ट स्वभाव भएकी स्त्री ।

राक्षसी-विवाह–ना० [सं० राक्षस-विवाह] राक्षस-विवाह ।

राखिनु–स० क्रि० [राख्+इ+नु] बसाइनु; बसालिनु; ('राख्नु'-को क० क्रि०) ।

राख्नु–स० क्रि० [प्रा० रक्ख+नु] १. बसाउनु; बसाल्नु । २. थन्क्याउनु; रहन दिनु । ३. स्थापन गर्नु; थाप्नु । ४. रक्षा गर्नु । ५. विवाह नगरी कनै स्त्रीलाई स्वास्नी तुल्याउनु ।

राग–ना० [सं०] १. प्रिय वस्तुमा हुने मनको भाव । २. प्रेम; रति; अनुराग । ३. मोह । ४. लोभ; लालच । ५. हर्ष; आनन्द । ६. ईर्ष्या; द्वेष । ७. चन्दन, कस्तूरी, कपूर आदिबाट बन्ने, जीउमा घस्ने लेप; अङ्ग-राग । ८. रँग । ९. माहुर । १०. उत्कट गन्ध; चर्को गन्ध । ११. शास्त्रीय पद्धतिअनुसार स्वर र गायन-क्रियाद्वारा सुसज्जित, सुन्दर र आकर्षक ध्वनिहरूको विशेष क्रम । (यसका मुख्य तीन भेद छन्–औडव, षाडव र सम्पूर्ण । यी भेदका अन्तर्गत भैरव, मालकोश, हिण्डोल, दीपक, श्री र मेघ—यी छ राग छन् ।)

राग–ना० [फा० रान] १. सुरुवालको जाँघ । २. तिघ्राको अगिल्लो भाग । ३. घोड़ाको काठीमा बसी जाँघले च्याप्ने एक रीति ।

राग-परिवार–ना० [सं०] छ राग, तीस रागिनी र तिनका छोरा र बुहारी गरीहुने राग-रागिनीका चार सय चौरासी भेदको समूह ।

राग-माला–ना० [सं०] अनेक राग-रागिनीका स्वरको उपयोग गरी गाइने गीत ।

राग-रङ्ग–ना० [सं०] १. गाना-बजाना । २. रङ्ग-ढङ्ग ।

रागात्मक–वि० [सं०] रागले युक्त; रागले परिपूर्ण ।

रागिनी–ना० [सं०] सङ्गीत-शास्त्रअनुसार छ रागका तीस पत्नीहरू । (भैरवका–भैरवी, वराटी, मधुमाधवी, सैन्धवी, र बङ्गाली । मालकोशका–तोडी, गौरी, गुणकली, खम्बावती र ककुभ । हिण्डोलका–रामकली, देशाक्षी, ललित, बिलावल र पटमञ्जरी । दीपकका–देशी, कुमुदिनी, नट, केदारा र कान्धरा । श्रीका–मालश्री, आशावरी, धनाश्री, वसन्त र मारु । मेघका–टङ्क, मल्लार, गुर्जरी, भूपाली र देशकारी ।)

रागी–ना० [सं०] १. प्रेमी; अनुरागी । २. राग गाउने व्यक्ति; गवैया । (वि०) ३. रँगाइएको; रञ्जित । ४. विषय-वासनामा फसेको; विषयासक्त ।

राघव–ना० [सं०] १. रामचन्द्र । २. रघु-वंशमा उत्पन्न व्यक्ति । ३. सबभन्दा ठूलो एक जातको समुद्री माछो ।

राघे–वि० [सं० राग] एक रङ्गको भूमिमा अर्को रङ्गको धर्सा परेको ।

राघे-पाटे–वि० [राघे+पाटे] दुइ-तीन थरीका बुट्टा भएको; झालेमाले ।

राङ–ना० [राँग] राँग ।

राङभाङ–ना० [ने०] असल किसिमको काठ हुने एक जातको रूख । (चकमकद्वारा आगो पार्ने काममा यसका भूवाको उपयोग गरिन्छ ।)

राच्छेस–ना० [सं० राक्षस] राक्षस ।

राच्छेस्नी–ना० [राच्छेस+नी] राच्छेस-जातकी स्त्री; राकस्नी ।

राज–ना० [सं० राजन्] अरू शब्दका अघि वा पछि लागेर राजकीय वा त्यसको सर्व-प्रधान, सर्व-श्रेष्ठ आदि अर्थको बोध गराउने शब्द । (उदा०—राज-राज, पण्डित-राज, राज-सभा इत्या० ।)

राज–ना० [सं० राज्य] १. राज्य । २. शासन । ३. पूर्ण अधिकार; प्रभुत्व । ४. बस्ने काम (आदरको बोलीमा) ।

राज-आँप–ना० [राज+आँप] एक जातको आँप; राजाम्र ।

राज-कदम्ब–ना० [सं०] ठूलो जातको कदम वृक्ष ।

राज-कन्या–ना० [सं०] राजाकी छोरी; राज-कुमारी ।

राज-कर–ना० [सं०] १. राज्यले उठाउने कर । २. राजस्व ।

राज-कर्मचारी–ना० [सं०] राजाको वा राज्यको कर्मचारी; सरकारी जागीरदार ।

राजकली–ना० [राज+कली] १. कृष्ण-कलीका जस्ता बोटमा भित्रपट्टि राता चार वटा दल हुने, सुगन्धराजको जस्तो फूल तलतिर फर्केर फुल्ने एक जात बोट । २. त्यसैको फूल । (यसका अन्य रङ्ग पनि हुन्छन् ।)

राज-काज–ना० [राज्य+काज] राज्य वा शासन चलाउने काम; शासन-व्यवस्था ।

राजकीय–वि० [सं०] राजा वा राज्यसित सम्बन्ध भएको ।

राज-कुमार–ना० [सं०] राजाको छोरो; राज-पुत्र; शाहजादा ।

राज-कुमारी–ना० [सं०] राजाकी छोरी; राज-कन्या; राज-पुत्री; शाहजादी ।

राज-कुल–ना० [सं०] १. राजाको कुल; राज-वंश । २.

CC-0. In Public Domain. Digitization by eGangotri

राज-दरबार; राज-प्रासाद। ३. न्यायालय।

राज-खर्जुरी–ना० [सं०] ठूलो जातको डल्ले-खजूर।

राजखानी–ना० [सं० रज+खानि] बोका, थुमा आदि मासु खाइने पशुहरूको अण्ड-कोष।

राज-गद्दी–ना० [राज+गद्दी] १. राजाको गद्दी; राज-सिंहासन। २. राज्याधिकार।

राज-गुरु–ना० [सं०] १. राजालाई मन्त्र सुनाउने गुरु। २. धर्म-सम्बन्धी विषयमा राज्यका तर्फबाट सर्वोच्च अधिकार पाएको व्यक्ति।

रज-गूठी–ना० [राज+गूठी] १. राजाहरूले राखेको गूठी। २. सरकारबाट चलाइने गूठी।

राज-गृह–ना० [सं०] राजाको दरबार; राज-महल।

राज-घराना–ना० [राज+घराना] राजाको वंश वा कुल; राज-वंश।

राज-घरानिया–वि० [राज+घरानिया] राज-कुलको; राज-वंशको; राज-परिवारको।

राज-चम्पक–ना० [सं०] घोगे-चाँप।

राज-चिह्न–ना० [सं०] राजाका चिह्न (छत्र, चँवर आदि)।

राज-ज्योतिषी–ना० [सं०] राज-दरबारमा ज्योतिषको काम गर्ने विद्वान्।

राज-तन्त्र–ना० [सं०] राज्यको शासन राजाद्वारा हुने शासन-प्रणाली।

राजतन्त्रात्मक–वि० [सं०] राज-तन्त्रका सिद्धान्तअनुसारको; राज-तन्त्रसित सम्बन्धित।

राज-तिलक–ना० [सं०] राज-गद्दीमा पहिलो पटक बस्दा विधिपूर्वक राजालई लगाइने तिलक।

राज-तेज–ना० [सं०] १. राजाको तेज। २. सरकारबाट प्राप्त सम्मान वा पदको तेज।

राजत्व–ना० [सं०] राजाको काम, पद वा भाव।

राज-दण्ड–ना० [सं०] १. राजाका साथमा राज-चिह्न-स्वरूप रहने दण्ड। २. राजाको आज्ञा वा राज्यको विधान-अनुसार दिइने सजाय।

राज-दन्त–ना० [सं०] अगिल्तिरका तलका दुइ र माथिका दुइ दाँत।

राज-दरबार–ना० [राज+दरबार] १. राजाको दरबार; राजमहल। २. राज-सभा।

राज-दूत–ना० [सं०] एक राज्यबाट अर्को राज्यमा नियुक्त गरिएको दूत।

राज-द्रोह–ना० [सं०] राजा वा राज्यप्रतिको द्रोह; सरकार-प्रतिको विद्रोह।

राज-द्रोही–वि० [सं०] राजा वा राज्यप्रति द्रोह गर्ने; राज-द्रोह गर्ने; बागी।

राज-द्वार–ना० [सं०] राज-दरबारको ढोका।

राज-धर्म–ना० [सं०] राजाको कर्तव्य वा धर्म (देशमा शान्ति कायम राख्नु, प्रजाको पालना गर्नु आदि)।

राजधानी–ना० [सं०] राजा वा राज्यको मुख्य शासक रहेको शहर।

राज-धुर–ना० [सं०] शासन-भार।

राजनीति–ना० [सं०] १. प्रजाको पालन गर्ने, राज्यको शासन मजबूत पार्ने, राज्यको रक्षा गर्ने र अरू राष्ट्रहरूसित व्यवहार गर्ने राज्यको नीति। २. राज्यको शासन-सम्बन्धी नीति वा व्यवस्था।

राजनीतिक–वि० [सं०] राजनीति-सम्बन्धी।

राजनीतिज्ञ–वि० [सं०] राज-नीतिको ज्ञाता।

राजन्य–ना० [सं०] १. राजा। २. क्षत्रिय। ३. अग्नि। ४. खिर्नीको बोट।

राज-पक्षी–ना० [सं०] चमेराका जस्ता छालाका पखेटा र दाँत हुने, राती चर्ने एक जातको पक्षी।

राज-पङ्खी–ना० [सं० राज-पक्षी] राज-पक्षी।

राज-पण्डित–ना० [सं०] राजालाई पुराण सुनाउने पण्डित; राज-दरबारका पण्डित।

राज-पत्नी–ना० [सं०] रानी।

राज-पथ–ना० [सं०] मूल सड़क; राज-मार्ग।

राज-पद–ना० [सं०] राजाको पद वा स्थान।

राज-पद्धति–ना० [सं०] १. राज-काज चलाउने पद्धति; शासन-प्रणाली; राजनीति। २. राज-मार्ग।

राज-परिवार–ना० [सं०] १. राजाको परिवार। २. गद्दी-नशीन श्री५ महाराजाधिराजसहित चार पुस्तासम्मका व्यक्तिहरूको समूह।

राज-पलाण्डु–ना० [सं०] रातो जातको प्याज।

राज-पाट–ना० [सं० राज्य+पट्ट] राज्य-सम्बन्धी काम-कारवाई; राज-काज।

राज-पाल–ना० [सं०] १. राजा। २. कुनै प्रान्तको शासक।

राज-पुत्र–ना० [सं०] राज-कुमार।

राज-पुत्री–ना० [सं०] राज-कुमारी; राज-कन्या।

राज-पुर–ना० [सं०] राजधानी।

राज-पुरुष–ना० [सं०] राज-कर्मचारी।

राज-पुरोहित–ना० [सं०] राजा वा राज-परिवारको पुरोहित।

राजपूत–ना० [सं० राज+पुत्र] रजपूत।

राज-प्रासाद–ना० [सं०] राज-दरबार; राज-भवन।

राज-बन्दी–वि० [राज+बन्दी] राज-काज-सम्बन्धी मामलामा कैद भएको; राजनीतिक कैदी।

राजबेली–ना० [राज+बेली] १. कुना-कुना परेका भोर्लाका जस्ता ठूला-ठूला दुर्गन्ध आउने पात, प्याजी रङ्ग मिसिएका सुगन्ध आउने सेता फूल र सेता टीका-टीका परेका डाँठ हुने एक जातको सानो बोट। २. त्यसैको फूल। (यसका पातको उपयोग जुत्तामा पालिश गर्ने काममा पनि हुन्छ।)

राज-भक्त–वि० [सं०] राजा वा राज्यका प्रति भक्ति राख्ने।

राज-भक्ति–ना० [सं०] राजा वा राज्यका प्रतिको आदर वा निष्ठा।

CC-0. In Public Domain. Digitization by eGangotri

राज-भवन–ना० [सं०] १. राजा बस्ने दरबार; राज-प्रासाद। २. राज्यको सर्वोच्च शासक बस्ने भवन।

राज-भाषा–ना० [सं०] १. राष्ट्र-भाषा। २. राज्यका काम-कारवाईमा प्रयोग हुने मुख्य भाषा।

राज-भोज–ना० [सं०] १. राज्यको सुख-भोग; राज्य गर्नु। २. प्रातःकालमा देवतालाई लगाइने नैवेद्य। ३. जुँगा नहुने, कलेजी रङ्गको असल एक जातको धान। ४. त्यसैको चामल।

राज-मण्डूक–ना० [सं०] ठूलो जातको भ्यागुतो; पाहा; ब्याङ।

राज-महल–ना० [राज+महल] राजा बस्ने प्रासाद।

राज-महिषी–ना० [सं०] पटरानी।

राज-माता–ना० [सं०] राजाकी माता।

राज-मार्ग–ना० [सं०] फराकिलो र लामो सड़क; मूल सड़क; राज-पथ।

राज-माष–ना० [सं०] बोड़ी।

राज-मुकुट–ना० [सं०] राजाले धारण गर्ने मुकुट; शिर-पेच।

राज-महल–ना० [राज+महल] राज-दरबार।

राज-मुद्रा–ना० [सं०] १. सरकारी कागत-पत्रमा लगाइने राजा वा राज्यको छाप। २. सरकारी छाप।

राज-मुनि–न० [सं०] राजर्षि।

राज-मेखला–ना० [सं०] विशेष किसिमका पोशाकका साथ राजाले कमरमा बाँध्ने पेटी।

राज-यक्ष्मा–ना० [सं०] क्षय-रोग।

राज-यक्ष्मी–वि० [सं०] क्षय-रोगको रोगी।

राज-योग–ना० [सं०] १. फलित-ज्योतिष अनुसार राजा हुन पाउने वा राज्यको सुख भोग्न पाउनग्रह-गतिको एक योग। २. पतञ्जलिले आफ्नो योग-शास्त्रमा बताएको विशेष योग-दर्शन।

राज-राज–ना० [सं०] १. बादशाह; सम्राट्। २. कुबेर। ३. चन्द्रमा।

राज-राजेश्वर–ना० [सं०] बादशाह; सम्राट्।

राज-राजेश्वरी–ना० [सं०] १. दश-महाविद्यामध्ये एक। २. महारानी; पटरानी।

राज-रोग–ना० [सं०] १. क्षय-रोग। २. प्रायः निको नहुने किसिमको रोग।

राजर्षि–ना० [सं०] राज-वंशमा उत्पन्न ऋषि; क्षत्रिय-कुलमा उत्पन्न ऋषि।

राज-लक्षण–ना० [सं०] १. सामुद्रिक-शास्त्रअनुसार राजा वा राजासमानको हुने चिह्न। २. राज-चिह्न।

राज-लक्ष्मा–ना० [सं०] १. राज-चिह्न। २. युधिष्ठिर।

राज-लक्ष्मी–ना० [सं०] १. राज्यकी अधिष्ठात्री देवी। २. राजा वा राज्यको शक्ति वा गौरव। ३. राज-श्री; राजा वा राज्यको वैभव।

राज-लिपि–ना० [सं०] कुनै देशको राज-कार्य, न्यायालय आदिमा प्रमुख रूपले प्रचलित लिपि।

राज-वंश–ना० [सं०] राजाको वंश; राज-कुल।

राज-वंश्य–वि० [सं०] राजाका वंशको; राज-कुलको।

राज-वर्त्म–ना० [सं०] राज-मार्ग।

राज-वल्लभ–ना० [सं०] १. चिरौंजी। २. खिर्नी (फल)। ३. लाम्चो र ठूलो एक जातको बयर। ४. राजाको प्रिय-पात्र।

राज-वस्त्र–ना० [सं०] राजाहरूले विशेष अवसरमा बाहिर-पट्टि धारण गर्ने एक किसिमको खुकुलो वस्त्र।

राज-विद्या–ना० [सं०] राज-नीति।

राज-विद्रोह–ना० [सं०] राजा वा राज्यप्रतिको विप्लव; राज-द्रोह।

राज-विद्रोही–वि० [सं०] राज-विद्रोह गर्ने; राज-द्रोही।

राजविराज–ना० [सं०] नेपालको पूर्वी तराईको सप्तरी जिल्लाको एक बस्ती।

राज-वृक्ष–ना० [सं०] १. चिलाउनेका जत्रा पात, छिनछिने-का जस्ता पहेँला झुप्पा परेका फूल, भित्र पत्रै-पत्र परेका गुलिया, बाटुला, काला चक्की हुने साह्रो घिरौँलाजस्ता फल फल्ने एक जातको रूख। २. त्यसैको फल; अमलतास।

राज-वैद्य–ना० [सं०] राज-दरबारको वैद्य।

राज-शुक–ना० [सं०] ठूलो एक जातको सुगा।

राज-श्री–ना० [सं०] १. राजा वा राज्यको वैभव। २. राजा वा राज्यको शोभा।

राज-संसद्–ना० [सं०] राज-सभा।

राजस–वि० [सं०] १. रजोगुणबाट उत्पन्न; रजोगुणी। (ना०) २. रजोगुण। ३. क्रोध; मनको कुनै किसिमको आवेग। ४. राजाको पद वा सिंहासन। ५. राजको शासन गर्ने अधिकार।

राज-सत्ता–ना० [सं०] १. राज्यको सत्ता; प्रभु-सत्ता। २. राज्याधिकार। ३. राज-तन्त्र।

राज-सत्तात्मक–वि० [सं०] राजाको सत्ता प्रधान भएको (शासन-प्रणाली, विचार, सिद्धान्त आदि)।

राज-सदन–ना० [सं०] राज-भवन; राज-प्रासाद।

राज-सभा–ना० [सं०] १. राजा स्वयं उपस्थित रहेको गण्य-मान्य व्यक्तिहरूको विशेष सभा। २. राजाहरूको सभा। ३. न्यायालय।

राज-सिंहासन–ना० [सं०] विशेष अवसरमा राजा बस्ने सिंहासन; राज-गद्दी।

राजसिक–वि० [सं०] रजोगुणबाट उत्पन्न; राजस।

राजसी–वि० [सं०] १. राजाहरूको जस्तो। २. राजाहरू-लाई सुहाउँने; राजोचित। ३. रजोगुण-सम्बन्धी।

राज-सूय–ना० [सं०] सम्राट्-पद प्राप्त भएका राजाहरूले गर्ने विशेष प्रकारको एक यज्ञ।

राज-सेवक–ना० [सं०] राजा वा राज्यको सेवक; राज-कर्मचारी।

राजस्व–ना० [सं०] कर, शुल्क आदिका रूपमा राजा वा राज्यलाई प्राप्त हुने धन।

CC-0. In Public Domain. Digitization by eGangotri

राज-हंस–ना० [सं०] चुच्चो र खुट्टा रातो हुने ठूलो एक जातको हाँस; रजहाँस ।
राजा–ना० [सं०] वंश-परम्पराअनुसार उत्तराधिकार प्राप्त गर्ने, कुनै देशको शासन गर्ने प्रधान शासक; भू-पति; नृप ।
राजाङ्गन–ना० [सं०] राज-प्रासादको आँगन ।
राजाज्ञा–ना० [सं०] राजाको आज्ञा वा हुकुम ।
राजादनी–ना० [सं०] खिर्नी ।
राजाधिकारी–ना० [सं०] १. न्यायाधीश । २. राज-कर्मचारी ।
राजाधिराज–ना० [सं०] राजाहरूका राजा; महाराज ।
राजाधिष्ठान–ना० [सं०] राजाको दरबार भएको नगर; राजधानी ।
राजान्न–ना० [सं०] राज-भोग धान ।
राजाम्र–ना० [सं०] राज-आँप ।
राजि–ना० [सं०] १. पङ्क्ति; ताँती । २. रेखा ।
राजिका–ना० [सं०] १. रायो । २. पिप्लाको दाना । ३. पङ्क्ति; श्रेणी ।
राजी–ना० [सं०] १. पङ्क्ति; श्रेणी । २. रायो; राई ।
राजी–वि० [अ० राज़ी] १. मन्जूर; सम्मत; राजू; खुशी । २. सहमत; अनुकूल ।
राजी-खुशी–ना० [राजी+खुशी] १. मन्जूरी र प्रसन्नता; मनोमान; खुशी-राजी । २. आराम; सुबिस्ता । (वि०) ३. राजी र प्रसन्न ।
राजीनामा–ना० [फा० राज़ीनामा] १. आफ्ना हकको घर, जग्गा, जमीन, पद आदि खुशीसाथ छोड्दिने काम । २. त्यसरी छोड्दा लेखिदिने कागत ।
राजी-बाजी–ना० [राजी+बाजी (फाँ०)] १. राजी-खुशी; प्रसन्नतापूर्वकको मन्जूरी । २. परस्परको मन्जूरी ।
राजीव–ना० [सं०] १. कमल; पद्म । २. धर्के-मृग ।
राजू–वि० [राजी] राजी ।
राजेन्द्र–ना० [सं०] राजाहरूका पनि राजा; राजाधिराज ।
राजेश्वर–ना० [सं०] राजाधिराज; राजेन्द्र ।
राजोपकरण–ना० [सं०] छत्र, चामर, झन्डा आदि राजाका चिह्न; राज-चिह्न ।
राजोपजीवी–ना० [सं०] १. राज-सेवक । २. राज-कर्मचारी ।
राज्ञी–ना० [सं०] १. पट्ट-महिषी; बड़ा-महारानी । २. राज-सिंहासनमा रहेकी स्त्री ।
राज्य–ना० [सं०] १. एक राजा वा एक सत्ताद्वारा शासित देश । २. राजाको काम; रजाइँ; शासन । ३. राष्ट्र । ४. कुनै ठूलो राष्ट्रका अन्तर्गत स्वायत्त-शासनको अधिकार-प्राप्त कुनै प्रदेश ।
राज्य-कर्ता–ना० [सं०] राज्य गर्ने व्यक्ति; शासक ।
राज्य-कार्य–ना० [सं०] राज्य-सम्बन्धी काम वा व्यवस्था; राज-काज ।
राज्य-तन्त्र–ना० [सं०] राज्यको शासन-प्रणाली; शासन-पद्धति ।
राज्य-परिषद्–ना० [सं०] १. पारस्परिक हितका निमित्त विभिन्न राज्यहरूले आपस्तमा गरेको सङ्घटन । २. राष्ट्रका प्रधान शासकको अनुपस्थितिमा उनको काम चला-उनाका निमित्त गठन गरिएको विशिष्ट व्यक्तिहरूको परिषद् ।
राज्य-पाल–ना० [सं०] कुनै राष्ट्रका अन्तर्गत रहेका राज्यमा राजा वा राष्ट्र-पतिका प्रतिनिधि भई शासन चलाउने व्यक्ति; गभर्नर ।
राज्य-लक्ष्मी–ना० [सं०] १. राज-लक्ष्मी । २. श्री ५ राजेन्द्र-वीर-विक्रम-शाहकी कान्छा बड़ा-महारानी । (यिनैका समयमा नेपालको इतिहास-प्रसिद्ध कोत-पर्व भएको थियो ।)
राज्य-व्यवस्था–ना० [सं०] १. राज्यको नियम वा नीति । २. मुलुकको प्रशासकीय व्यवस्था गर्ने सरकारी विभाग ।
राज्य-सिंहासन–ना० [सं०] विशेष अवसरमा राजा बस्ने सिंहासन; राज-गद्दी ।
राज्याङ्ग–ना० [सं०] १. राज्यका अङ्गहरू (राजा, मन्त्री, देश, दुर्ग, कोष, बल र सुहृत्) । २. राज्य वा राष्ट्रमा हुनु-पर्ने भूमि, निवासी, सरकार, प्रभु-सत्ता आदि आवश्यक तत्त्व ।
राज्याभिषिक्त–वि० [सं०] राज्याभिषेक गरिएको ।
राज्याभिषेक–ना० [सं०] कुनै नयाँ राजा प्रथम वार विधि-पूर्वक राज-गद्दीमा बस्दा औषधि-मिश्रित जलले मन्त्र-पूर्वक गरिने अभिषेक ।
राज्यारोहण–ना० [सं०] कुनै राजा प्रथम वार राज-सिंहासनमा विधिपूर्वक बस्ने काम ।
राज्योपकरण–ना० [सं०] राज-चिह्न ।
राड़िइनु–अ० क्रि० [राड़ि+इ+नु] राढ़िइनु; ('राड़िनु'-को भा० क्रि०) ।
राड़िनु–अ० क्रि० [राढ़ि] राढ़िनु ।
राड़ी–ना० [ने०] काम्लोजस्तो एक किसिमको बिछाउने ऊनी वस्त्र ।
राड़ो–ना० [रड़ाको] परस्परको घोर विरोध; ठूलो झगड़ा; रड़ाको ।
राढ़िइनु–अ० क्रि० [राढ़ि+इ+नु] परस्परमा भित्र-भित्रै द्वेष-भाव उब्जिनु; ('राढ़िनु'-को भा० क्रि०) ।
राढ़िनु–अ० क्रि० [राढ़ो+इ+नु] १. परस्परमा भित्र-भित्रै द्वेष-भाव उब्जनु; मुरमुरिनु । २. राड़ो मच्चिनु ।
राढ़ो–ना० [रगड़ा] राड़ो ।
राणा–ना० [सं० राट्] १. नेपालका भूत-पूर्व तीन-सरकार-का वंशजहरूको उपाधि । २. भारतको राजपुताना-प्रदेश-का राजाहरूको एक उपाधि ।
रात–ना० [प्रा० रत्त] सूर्यास्त भएदेखि सूर्योदय नहुन्जेल-सम्मको समय; रात्रि; रजनी ।
रात-दिन–क्रि० यो० [रात+दिन] १. सधैँ; सर्वदा; रातो-

CC-0. In Public Domain. Digitization by eGangotri

दिन; दिन-रात। (ना०) २. रात र दिन।

रातारात–क्रि० यो० [रात+रात] रात-रातमा; राती-राती; रातैंमा।

राति–क्रि० यो० [सं० रात्रि] राती।

राती–क्रि० यो० [सं० रात्री] १. रातमा; रात्रिमा। (ना०) २. रात; रात्री।

राती-गेड़ी–ना० [रातो+गेड़ो+ई] १. अमिलीका जस्ता पात र हल्का गुलाबी रङ्गका फूल हुने, केराउका जस्ता कोसा र कोसाभित्र कालो टीका भएका राता गेड़ा फल्ने एक जातको लता। २. त्यसैको गेडो; आँखी-गेड़ी। (यसको जरालाई जेठीमधु भन्दछन्। यो सेतो र रातो–दुइ जातको हुन्छ। आयुर्वेदमा यसको गुण बल-कारक, केश र त्वचालाई फायदा गर्ने बताइएको छ।)

राते–ना० [रातो+ए] १. डाँठ रातो हुने बोट-बिरुवाको एक रोग; राँके; रतङ्गे। २. रतुवा।

राते–वि० [रात+ए] रातको; रात-सम्बन्धी।

रातो–ना० [सं० रक्त] १. रगतको जस्तो रङ्ग; लाल। (वि०) २. त्यस्तो रङ्गको; रक्त।

रातो-उखु–ना० [रातो+उखु] रातो-ऊखु।

रातो-ऊखु–ना० [रातो+ऊखु] रातो रङ्गको डाँठ हुने एक जातको ऊख; रक्तेक्षु।

रातो-च्याउ–ना० [रातो+च्याउ] जमीनमा उम्रने, रातो रङ्गको, छत्राकार, खान हुने एक जातको च्याउ।

रातोदिन–क्रि० यो० [रात+दिन] १. रात-दिन; अहोरात्र। २. हमेशा; हर-बखत।

रातो-पीरो–वि० [रातो+पीरो] हृष्ट-पुष्ट र गालामा रगत चढ़ेको; खूब राम्रो स्वास्थ्य भएको।

रातो-बलु–ना० [रातो+बलु] राता फूल र ठूला पात हुने एक जातको बलु; नाग-बला।

रातो-मत्स्येन्द्रनाथ–ना० [सं० रक्त+मत्स्येन्द्रनाथ] चैत्र शुक्ल अष्टमीका दिन जात्रा गरिने काठमाड़ौंका एक देवता।

रातो-मन्सरा–ना० [रातो+मन्सरा] १. रातो बोक्रा हुने, मध्यम श्रेणीको एक जातको धान। २. त्यसैको चामल।

रातो-माटो–ना० [रातो+माटो] घरमा लिप-पोत गर्ने रातो रङ्गको एक थरीको माटो।

रातो-मार्सी–ना० [रातो+मार्सी] १. रातो एक जातको धान; रक्त-शालि। २. त्यसैको चामल; जाड़े-मार्सी।

रातो-लज्जावती–ना० [रातो+लज्जावती] रातो डाँठ र पातमा पनि रातो भाव हुने एक जातको लज्जावती।

रातो-लट्टे–ना० [रातो+लट्टे] डाँठका टुप्पामा झुप्पा परेर राता फूल फुल्ने एक जातको लट्टे।

रातो-शिरीष–ना० [रातो+शिरीष] राता फूल फुल्ने एक जातको शिरीष।

रातो-सक्खर-खण्ड–ना० [रातो+सक्खर-खण्ड] नीलो भावको रातो कन्द हुने एक जातको सखर-खण्ड।

रातो-सहचर–ना० [रातो+सहचर] रातो फूल फुल्ने एक जातको सहचर।

रातो-सुठनी–ना० [रातो+सुठनी] रातो कन्द हुने एक जातको सुठनी; रक्त-पिण्डालुक।

रात्तै–वि० बो० [ने०] एरात्तै।

रात्रि–ना० [सं०] रात; निशा; रजनी।

रात्रिञ्चर–वि० [सं०] १. राती हिँड्ने। (ना०) २. राक्षस; निशा-चर।

रात्रि-चर–वि० [सं०] रात्रिञ्चर।

रात्रिन्दिव–क्रि० यो० [सं०] रातोदिन; अहोरात्र।

रात्रि-पाठ-शाला–ना० [सं०] राती पढ़ाउने विद्यालय।

रात्री–ना० [सं०] रात; निशा।

रात्र्यन्ध–वि० [सं०] राती आँखाले नदेख्ने रोग लागेको; रतौंधी रोग लागेको।

राधा–ना० [सं०] १. कृष्णकी प्रियतमा; राधिका। २. वैशाख पूर्णिमा। ३. विशाखा नक्षत्र। ४. महाभारत-प्रसिद्ध योद्धा कर्णलाई पाल्ने आमा।

राधिका–ना० [सं०] कृष्णकी प्रेमिका; राधा।

राधेय–ना० [सं०] महाभारत-प्रसिद्ध योद्धा कर्ण।

रानी–ना० [प्रा० राणी] १. राजाकी पत्नी; महारानी; राज-महिषी। २. स्त्रीहरूको सम्मान-सूचक शब्द।

रानी-चरी–ना० [रानी+चरी] १. प्रायः केराका घारीमा रहने, पहेँलो, नीलो, सेतो, रातो आदि विभिन्न रङ्गको हुने, सानो एक जातको चरो। २. पासाको एक खेल।

रानी-ढकायो–ना० [रानी+ढकायो] गाभामा रातो फूल हुने एक जातको ढकायो; चण्डाल-कन्द।

रानी-तरुल–ना० [रानी+तरुल] एक जातको तरुल।

रानी-बन–ना० [प्रा० रन्न+वन (सं०)] ठूलो जङ्गल; चारैतिर फिँजिएको वन; रन-बन।

रानी-बाबियो–ना० [रानी+बाबियो] पहरामा उम्री तलतिर फर्केर रहने एक जातको बाबियो; दीर्घ-रोहिषक।

रानी-भ्यागुर–ना० [रानी+भ्यागुर] कुना-कुना परेका पात हुने, लहराका जरामा फल्ने एक जातको भ्यागुर।

रानु–ना० [रानी] मौरीकी रानी; रानो।

रानू–ना० [रानो] रानो।

रानो–ना० [रानी] मौरीकी रानी; रानु।

रानो–ना० [ने०] १. भित्र गुदी भएको ओखर। २. भित्रको सार भाग। (वि०) ३. भित्र गुदी भएको (फल)।

राप–ना० [सं० रवि] आगो, घाम आदिको तातोपन; आँच; ताप।

रापिइनु–अ० क्रि० [रापि+इ+नु] रापिलो होइनु; ('रापिनु'-को भा० क्रि०)।

रापिनु–अ० क्र० [राप+इ+नु] १. रापिलो हुनु; आँच बढ्नु। २. तात्नु; तातो हुनु; गर्माउनु।

रापिलो–वि० [राप+इलो] राप भएको; आँच भएको।

CC-0. In Public Domain. Digitization by eGangotri

राबड़ी–ना० [हि०] १. दूधको तर र चीनीबाट बन्ने एक प्रकारको खाद्य पदार्थ । २. खावा दूध ।

राम–ना० [सं०] १. दशरथका जेठा छोरा; श्री रामचन्द्र । २. परशु-राम । ३. बलराम । ४. ईश्वर; भगवान् । ५. एकको सङ्ख्या बुझाउने शब्द ।

राम-कड़ेरा–ना० [राम+कुटुम्बक (सं०)] मकैका जस्ता लामा-लामा पात र त्यसैको जस्तो बोट हुने एक जातको बूटी ।

राम-कली–ना० [राम+कली] १. रातो भेट्नु हुने सेता फूल फुल्ने श्याम-कलीका जातको एक लहरा । २. त्यसैको फूल ।

रामकली–ना० [सं०] हिण्डोल रागकी एक रागिनी ।

राम-कसूर–ना० [राम+कसूर] १. कुना-कुना परेका लाम्चा पात, नीला फूल, मूगीका जस्ता लामा कोसा र सखर-खण्डजस्तो कन्द हुने एक जातको लहरो । २. त्यसैको कन्द ।

रामकृष्ण-कँवर–ना० [सं० रामकृष्ण+कुमार] पृथ्वी-नारायण शाहका एक प्रसिद्ध सेना-पति। (नेपालको राणा-परिवार यिनैको सन्तान हो ।)

रामचन्द्र–ना० [सं०] कौसल्याका गर्भबाट जन्मेका, दशरथ-का जेठा छोरा; राम; विष्णुका दशावतारमध्ये एक ।

राम-छाया–ना० [राम+छाया] क्षणिक सुख; थोरै समयको आनन्द ।

राम-तिलक–ना० [सं०] एक किसिमको पहेँलो माटो; राम-रज ।

राम-तोरियाँ–ना० [राम+तोरियाँ] १. पाँच कुना परेका ठूला-ठूला पात हुने, सेतो र कलेजी रङ्ग मिसिएका फूल फुल्ने, लामो खस्रो कोसा फल्ने एक जातको बोट । २. त्यसैको कोसो; भिण्डी ।

राम-दल–ना० [सं०] १. रामको वानरी सेना । २. नेपाल-का पुलीसको पुरानो एक विभाग ।

राम-दाना–ना० [राम+दाना] लट्टे ।

राम-नवमी–ना० [सं०] चैत्र शुक्ल नवमी; रामको जन्म भएको दिन ।

राम-नामी–वि० [सं० राम+नाम+ई] 'राम, राम' छापिएको एक प्रकारको पछ्यौरा ।

राम-पुरी–ना० [रामपुर(नगर)+ई] एक जातको प्रायः पहेँलो रङ्गको ऊनी पछ्यौरा ।

राम-फटाका–ना० [सं० राम+पादुका] वैष्णवहरूले निधार-मा लाउने ठाडो तीन-धर्के तिलक; श्री-तिलक ।

राम-बाण–ना० [सं०] १. अजीर्ण रोग भएकालाई खुवाइने एक रसौषध । (वि०) २. अचूक; अमोघ । ३. तुरुन्त असर पार्ने ।

राम-भिँड़ा–ना० [राम+भिँड़ा] १. गोलभिँड़ा । २. राम-तोरियाँ ।

राम-रज–ना० [सं०] एक प्रकारको पहेँलो माटो; राम-तिलक ।

रामरमिता–ना० [रमरमिता] रमरमिता; रमाइलो ।

राम-रस–ना० [सं०] नून; लवण (जोगीहरूमा प्रचलित शब्द)।

राम-राज्य–ना० [सं०] १. सबै जनतालाई सुख र आनन्द हुने, रामचन्द्रको जस्तो आदर्श राज्य । २. मन-मोज ।

राम-राम–ना० [सं०] १. भेट-घाट वा बिदा-बारी हुँदा परस्परमा नमस्कार गर्दा भनिने शब्द । २. सम्बन्ध-विच्छेद । ३. कसैको दुःख वा कष्ट देख्ता वा सुन्दा सहानुभूतिपूर्वक भनिने शब्द ।

राम-रिट्ठो–ना० [राम+रिट्ठो] १. ठूला-ठूला पात, पहेँला फूल र झुप्पा परेका फल फल्ने एक जातको वृक्ष । २. त्यसैको फल ।

राम-शर–ना० [सं०] ढड्डी ।

राम-शाह–ना० [राम+शाह] संवत् १६६३-देखि १६९१-सम्म गोरखामा राज्य गर्ने एक प्रसिद्ध सुधारक राजा। (यिनले न्याय, सामाजिक मर्यादा आदिका अनेक नियम बनाए ।)

रामा–ना० [सं०] १. सुन्दरी स्त्री । २. लक्ष्मी । ३. सीता । ४. राधा । ५. पत्नी ।

रामायण–ना० [सं०] १. रामको चरित्र वर्णन गरिएको, मूलतः वाल्मीकि मुनिले रचना गरेको प्रसिद्ध काव्य-ग्रन्थ । २. कुनै मृत व्यक्तिको शोक प्रकट गरेर गाइ-जात्रामा सेतो वस्त्र धारण गरी शहर घुम्दै गाइने शोक-गीत वा त्यो गाउने मण्डली ।

रामारूमी–वि० [ने०] १. पटक्कै नदेखिने; निस्पट्ट; गाढ (अँध्यारो) । २. सूनसान ।

रामेछाप–ना० [ने०] नेपालको पूर्व-दुइ (२) नम्बर-इलाका-को सदर मुकाम ।

रामेश्वर–ना० [सं०] हिन्दूहरूका प्रसिद्ध चार-धाममध्ये एक ।

रामो–ना० [प्रा० रम्प] काठमा प्वाल पार्ने वा काट्ने एक किसिमको औजार; राँबो ।

राम्नु–अ० क्रि० [सं० रम्भ्] गाई, भैँसी आदि कराउनु ।

राम्ररी–क्रि० यो० [राम्रो+गरी] राम्रोसँग; राम्रो गरी ।

राम्रो–वि० [सं० रम्य] १. देख्दा असल लाग्ने; सुन्दर; रम्य । २. असल; बेस; उम्दा ।

राय–ना० [फा०] १. आशय; मत; मनसुबा । २. सम्मति; सल्लाह ।

रायल–वि० [अं० रॅयल] १. राजकीय; शाही । (ना०) २. बीस इन्च चौड़ाइ र छब्बीस इन्च लमाइ हुने कागत-को एक नापो ।

रायल्टी–ना० [अं० रॅयल्टी] कुनै वस्तुको कर्ता वा स्वामी-लाई दिइने उसको वस्तुबाट भएका लाभको केही अंश ।

रायो–ना० [सं० राजिका] १. तोरीका जस्ता कोसा फल्ने, पहेँला फूल फुल्ने, ठूला-ठूला पात हुने, तरकारी खाइने एक जातको साग; राई; पाच्छै; राजिका । २. त्यसैको तोरीजस्तो गेड़ो वा फल । (यो तीन प्रकारको हुन्छ—ठूलो रायो, झुप्पे रायो र साङ्ले रायो । आयुर्वेदमा यो

CC-0. In Public Domain. Digitization by eGangotri

पित्त-वर्द्धक तथा फियो र शूलको रोगलाई नाश गर्ने मानिएको छ।)

रायो–ना० [राई] पिप्लाको बीज; राई।

राल–ना० [सं० लाला] मुखमा रसाउने लेसाइलो पदार्थ; ऱ्याल।

राले–ना० [राल+ए] १. लुगामा राल नचुहोस् भनी केटा-केटीका गलामा लगाइने वस्त्र। (वि०) २. राल काढ़िरहने।

रालो–ना० [सं० रणन] घण्टाको बीचमा रहने दण्डाकार साधन; लङ्गुर।

रावण–ना० [सं०] रामायणको प्रसिद्ध प्रतिनायक र लङ्काको राजा।

रावन्ने-मूला–ना० [रावण+मूला] बन-मूला; गठाले मूला।

राशन–ना० [अं०] १. खाने-पिउने सामग्री; अन्न-पात। २. नियत समय र मात्रामा पाइने वा दिइने खाद्य सामग्री।

राशि–ना० [सं०] १. थुप्रो; रास; ढेरी। २. क्रान्ति-वृत्तमा आउने बाह्र ताराहरूको समूह (मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धन, मकर, कुम्भ र मीन)। ३. अङ्क; सङ्ख्या।

राशि-चक्र–ना० [सं०] मेष, वृष, मिथुन आदि राशिहरूको मण्डल वा समूह वा चक्र।

राशि-नाम–ना० [सं०] जन्म-कालको राशिअनुसार राखिएको नाउँ; चिह्नाको नाउँ।

राशि-भोग–ना० [सं०] कुनै ग्रह कुनै राशिमा रहँदाको समय।

राष्ट्र–ना० [सं०] १. देश; मुलुक। २. प्रजा; जनता। ३. प्रभु-सत्ता-सम्पन्न सरकार भएको कुनै देश।

राष्ट्र-नायक–ना० [सं०] १. श्री ५ महाराजाधिराज। २. कुनै राष्ट्रका प्रधान नेता।

राष्ट्र-पति–ना० [सं०] आधुनिक गण-तान्त्रिक शासन-प्रणाली-अनुसार बहु-मतद्वारा निर्वाचित सर्व-प्रधान शासक वा राष्ट्रको सर्व-प्रधान प्रतिनिधि।

राष्ट्र-परिषद्–ना० [सं०] १. नेपालको संविधान अनुसार विशेष अवस्थामा राष्ट्रका प्रमुख समस्यामा सल्लाह दिने र आफ्ना अधिकारभित्रका कुरामा निर्णय दिने परिषद्। २. राष्ट्रका प्रतिनिधिहरूको परिषद्।

राष्ट्र-पाल–ना० [सं०] १. राजा; नृप। २. राष्ट्र-पति।

राष्ट्र-पिता–ना० [सं०] प्रजा-तन्त्रका जन्म-दाता श्री ५ महाराजाधिराज, त्रिभुवन-वीर-विक्रम-शाह-देवको सम्मान-सूचक पद।

राष्ट्र-बैङ्क–ना० [सं० राष्ट्र+बैङ्क (अं०)] कुनै राष्ट्रको मुद्राको नियन्त्रण र प्रचलन गर्ने, आफ्नो देश र विदेशका बीच हुने मुद्राको विनिमय गर्ने, देशमा रहेका अरू बैङ्क-हरूको धन-सम्पत्ति सुरक्षाका निमित्त जम्मा गर्ने, सरकारी ऋण-पत्रको व्यवस्था गर्ने आदि विशेष अधिकार-प्राप्त मुख्य बैङ्क।

राष्ट्रवाद–ना० [सं०] १. आफ्नो राष्ट्रको उन्नतिको सिद्धान्त। २. आफ्नो राष्ट्र र राष्ट्रियताप्रतिको भक्ति-भावना।

राष्ट्रवादी–वि० [राष्ट्रवाद+ई] राष्ट्रवादको; राष्ट्रवादसित सम्बन्ध भएको। २. राष्ट्रवादको अनुयायी।

राष्ट्र-सङ्घ–ना० [सं०] राष्ट्रहरूका बीच सहयोग, सद्भाव कायम गरी विश्व-शान्ति स्थापित गर्ने उद्देश्यले ईसवी सन् १९१९-मा खड़ा गरिएको, विश्वका स्वाधीन राष्ट्र-हरूको सङ्गठन।

राष्ट्रिक–वि० [सं०] १. राष्ट्रको; राष्ट्रिय। (ना०) २. शासक।

राष्ट्रिय–वि० [सं०] राष्ट्र-सम्बन्धी; राज्य-सम्बन्धी।

राष्ट्रियता–ना० [सं०] १. कुनै राष्ट्रको हुनाको भाव, स्थिति वा अवस्था। २. राष्ट्रको स्थिति, भाव वा अवस्था। ३. राष्ट्रप्रतिको आस्था, भक्ति आदि भाव।

रास–ना० [सं० राशि] १. थुप्रो। २. मेष, वृष, मिथुन आदि बाह्र ताराहरूको समूह; राशि।

रास–ना० [प्रा० रस्सि] १. लगाम; बाग-डोर। २. बग्गीको सवार बस्ने ठाउँ।

रास–ना० [सं०] १. शब्द; ध्वनि। २. कोलाहल। ३. गोप-गोपीहरूका साथ कृष्णले गरेको एक प्रसिद्ध क्रीडा; रास-लीला।

रासक–ना० [सं०] हास्य-रस-प्रधान हुने एक प्रकारको एकाङ्की रूपक।

रास-चक्र–ना० [रास+चक्र] राशि-चक्र।

रास-नृत्य–ना० [सं०] रास-लीला।

रासभ–ना० [सं०] गधा।

रास-लीला–ना० [सं०] गोपीहरूका साथ कृष्णले गरेको एक नृत्य; रास-नृत्य।

रासायन–वि० [सं०] रसायन-सम्बन्धी; रासायनिक।

रासायनिक–वि० [सं०] १. रसायन-सम्बन्धी; रासायन। २. रसायन-शास्त्र-सम्बन्धी।

रासो-बासो–ना० [रस-बस] बरोबर आउने-जाने गरेको ठाउँ; प्रायः गइरहने ठाउँ।

रास्ना–ना० [सं०] गाइतिवारे।

राह–ना० [फा०] १. बाटो; मार्ग। २. परिआएका बखत बाटो बनाउने एक रकम वा कर।

राह-दह–ना० [रह+दह] नेपालको जुम्ला जिल्लामा रहेको एक दह।

राह-दानी–ना० [फा०] विदेशबाट देशमा आउँदा वा देशबाट विदेशमा जाँदा सरकारसँग लिइने अनुमति-पत्र।

राहाँटो–ना० [राँटो] राँटो।

राहा–ना० [अ० राय] राय; मतो; मत।

राहित्य–ना० [सं०] रहित हुनाको भाव।

राहु–ना० [सं०] १. नौ ग्रहमध्ये एक। २. अन्धकार। (वि०) ३. ज्यादै करेन्ने वा पछेटा लाग्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

राहु-ग्रास–ना० [सं०] सूर्य वा चन्द्रको ग्रहण ।
राहु-वेध–ना० [सं०] बालक जन्मेपछि छैटौका दिन सूर्योदय हुनुभन्दा पहिले सूतक-निवृत्तिका लागि बाँधेर झुन्ड्याएका पोटलिकाको ग्रन्थि-मोचन ।
रिँगटा–ना० [सं० रिङ्गण] १. गर्मी, कमजोरी आदिले वा फनफनी घुम्दा दृश्य पदार्थहरू सबै घुमेको जस्तो भान हुने मस्तिष्कको एक विकार; फनफने । २. भाउन्न; भर्मन; चक्कर ।
रिँगाइ–ना० [रिँग्+आई] रिँग्ने किसिम, क्रिया वा भाव ।
रिँगाइ–ना० [रिँगाउ+आइ] रिँगाउने किसिम, क्रिया वा भाव ।
रिँगाइनु–स० क्रि०[रिँगाउ+इ+नु] फनफनी घुमाइनु; ('रिँगाउनु'-को क० क्रि०) ।
रिँगाउनु–स० क्रि० [रिँग्+आउ+नु] फनफनी घुमाउनु; ('रिग्नु'-को प्रे० क्रि०) ।
रिँगिनु–अ० क्रि० [रिँग्+इ+नु] फनफनी घुमिनु; ('रिँग्नु'-को भा० क्रि०) ।
रिँग्नु–अ० क्रि० [सं० रिङग्+नु] १. फनफनी घुम्नु; चक्कर खानु । (स० क्रि०) २. फेरो मार्नु; प्रदक्षिणा गर्नु ।
रिँग्ने–ना० [रिँग्] १. गाली गर्दा प्रयोग गरिने शब्द । (वि०) २. घुम्ने ।
रिँधाइ–ना० [रिँध्+आइ] रिँध्ने किसिम, क्रिया वा भाव ।
रिँधाइनु–स० क्रि० [रिँधाउ+इ+नु] खानेकुरो तयार पार्न लाइनु; ('रिँधाउनु'-को क० क्रि०) ।
रिँधाउनु–स० क्रि० [रिँध्+आउ+नु] रिँध्न वा खानेकुरो बनाउन लाउनु; ('रिँध्नु'-को प्रे० क्रि०) ।
रिँधिनु–स० क्रि० [रिँध्+इ+नु] खानेकुरो बनाइनु; ('रिँध्नु'-को क० क्रि०) ।
रिँध्नु–स० क्रि० [सं० रध्+नु] खाने-पिउने पदार्थहरू तयार पार्नु; खानेकुरो बनाउनु वा पकाउनु; राँध्नु ।
रिकापी–ना० [फा० रकाबी] रिकाबी ।
रिकाब–ना० [अ०] घोड़ा चढ्दा गोड़ा अड्याउने, काठीमा झुन्ड्याइएको फलामे साधन ।
रिकाब-द्वार–ना० [अ० रिकाब+दार (फा०)] काठीका दायाँ-बायाँ–दुवैतिर झुन्डिएका रिकाब बाँधिएको छालाको फित्ता ।
रिकाबी–ना० [फा० रकाबी] एक प्रकारको सानो थालजस्तो भाँड़ो; रिकापी ।
रिक्त–वि० [सं०] १. रित्तो; खाली । २. निर्धन; कङ्गाल।
रिक्ता–ना० [सं०] १. रिक्त हुनाको भाव; शून्यता । २. चौथी, नवमी र चतुर्दशी तिथि ।
रिक्थ–ना० [सं०] सम्पत्ति; धन; माल ।
रिक्सा–ना० [जापानी जिन्रिकिशा] मानिसले तान्ने, दुइ वा अधिक पाङ्ग्रा हुने सानो एक किसिमको सवारी ।
रिखि-डोरो–ना० [सं० ऋषि+दोर] रक्षा-बन्धन ।
रिङटा–ना० [रिँगटा] रिँगटा ।
रिङाइ–ना० [रिङ+आइ] रिङने किसिम, क्रिया वा भाव ।
रिङाइ–ना० [रिङाउ+आइ] रिङाउने किसिम, क्रिया वा भाव ।
रिङाइनु–स० क्रि० [रिङाउ+इ+नु] रिँगाइनु; ('रिङाउनु'-को क० क्रि०) ।
रिङाउनु–स० क्रि० [रिङ+आउ+नु] रिँगाउनु; ('रिङनु'-को प्रे० क्रि०) ।
रिङिनु–अ० क्रि० [रिङ+इ+नु] रिँगिनु; ('रिङनु'-को भा० क्रि०) ।
रिङ्ग–ना० [अं०] १. तार, डन्डी आदिको बाटुलो चक्का । २. मुन्द्रो । ३. औंठी । ४. वृत्त परेको जमीन (खेल, तमाशा आदिको अखाड़ा आदिमा) ।
रिङ्गै–क्रि० यो० [रिँग्] चारैतिर; चौतर्फ ।
रिङनु–अ० क्रि० [रिँग्+नु] रिँग्नु ।
रिजर्भ–ना० [अं०] १. सुरक्षित राख्नु । २. सवारी, खेल-तमाशा आदिको सीट पहिले नै ओगट्ने काम ।
रिजल्ट–ना० [अं०] परिणाम; नतीजा; फल ।
रिजिमन्ट–वि० [अं० रेजिमेन्ट] १. भएभरका सबै; तमाम । (ना०) २. धेरै जनाको फौज; समूह । ३. रेजिमेन्ट ।
रिझ–ना० [अ० रिज़ा] खुशी; प्रसन्नता ।
रिझाइ–ना० [रिझाउ+आइ] रिझाउने किसिम, क्रिया वा भाव ।
रिझाइ–ना० [रिझ्+आइ] रिझ्ने किसिम, क्रिया वा भाव ।
रिझाइनु–स० क्रि० [रिझाउ+इ+नु] प्रसन्न तुल्याइनु; ('रिझाउनु'-को क० क्रि०) ।
रिझाउनु–स० क्रि० [रिझ्+आउ+नु] सेवा, शुश्रूषा, चाकरी आदिबाट खुशी पार्नु; प्रसन्न तुल्याउनु ।
रिझिनु–अ० क्रि० [रिझ्+इ+नु] १. खुशी हुनु; रिझ्नु । २. खुशी होइनु; ('रिझ्नु'-को भा० क्रि०) ।
रिझ्नु–अ० क्रि० [रिझ+नु] खुशी हुनु; प्रसन्न हुनु; रिझिनु ।
रिझ्याइ–ना० [रिझि+याइ] रिझिने किसिम, क्रिया वा भाव; रिझाइ ।
रिट–ना० [अं०] राजा, राज्य, न्यायालय आदिद्वारा कसैलाई कुनै काम गर्न वा कामबाट रोक्न दिइएको आज्ञा-पत्र ।
रिटर्निङ्ग-अफिसर–ना० [अं०] निर्वाचनका समयमा मत-पत्र गणना गरी फलको घोषणा गर्ने अफिसर ।
रिटाइ–ना० [रिटाउ+आइ] रिटाउने किसिम, क्रिया वा भाव ।
रिटाइनु–स० क्रि० [रिटाउ+इ+नु] राम्रो पारिनु; सिँगारिनु; ('रिटाउनु'-को क० क्रि०) ।
रिटाउनु–स० क्रि० [सं० रति] १. राम्रो पार्नु; सिँगार्नु । २. सीप लगाउनु; कौशल देखाएर काम गर्नु ।
रिटायर–वि० [अं० रिटायर्ड] १. जागीर खाने अवधि पुगेर अवकाश लिएको; म्याद पुगी नोकरी छुटेको । २. कुनै

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमको कामबाट अवकाश लिएको ।

रिटिक्क–क्रि० यो० [रिटाउ] बनिबनाउ पार्ने किसिम; रिटाउने किसिम ।

रिट्ठे–वि० [रिट्ठो+ए] १. निक्खर कालो (गोरु) । २. रिट्ठाको; रिट्ठा-सम्बन्धी । ३. रिट्ठाजस्तो ।

रिट्ठो–ना० [प्रा० अरिट्ठो] १. लामा-लामा पात हुने, सेता फूल फुल्ने, भित्र कालो बीयाँ भएका खैरा गोल फल फल्ने एक जातको रूख । २. त्यसैको फल । (यसको फल लुगा धुने काममा प्रयोग गरिन्छ ।)

रित्तिइनु–अ० क्रि० [रित्ति+इ+नु] रित्तो होइनु; ('रित्तिनु'-को भा० क्रि०) ।

रित्तिनु–अ० क्रि० [रित्तो+इ+नु] १. रित्तो हुनु; खाली हुनु । २. सिद्धिनु; बाँकी नरहनु ।

रित्तो–वि० [सं० रिक्त] १. भित्र केही नभएको; खाली; रिक्त । २. खोक्रो । ३. सार-हीन; निस्सार ।

रित्त्याइ–ना० [रित्ति+याइ] रित्तिने किसिम, क्रिया वा भाव ।

रित्त्याइ–ना० [रित्त्याउ+आइ] रित्त्याउने किसिम, क्रिया वा भाव ।

रित्त्याइनु–स० क्रि० [रित्त्याउ+इ+नु] रित्तो पारिनु; ('रित्त्याउनु'-को क० क्रि०) ।

रित्त्याउनु–स० क्रि० [रित्ति+याउ+नु] १. रित्तो पार्नु; खाली गर्नु । २. बाँकी नराख्नु; सिद्धयाउनु ।

रिन–ना० [सं० ऋण] ऋण ।

रिन-पन–ना० [सं० ऋण+पण] सर-सापट ।

रिनी–वि० [सं० ऋणी] रुपियाँ सापट लिने; ऋणी ।

रिप–ना० [सं०] १. हिलो । २. ज्यादा ओस लाग्ने ठाउँ; चिसमिरो जमीन । ३. शत्रु । ४. हिंसा । ५. पृथ्वी ।

रिपु–ना० [सं०] शत्रु; वैरी ।

रिपु–वि० [सं० ऋभु] सिपालु; निपुण ।

रिपोट–ना० [अं० रिपोर्ट] रिपोर्ट ।

रिपोर्ट–ना० [अं०] १. कुनै घटना वा कामका बारेमा कसैलाई दिइने सूचना । २. कार्य-विवरण । ३. निकासा लिनुपर्ने कुराको विवरण लेखी तालुकवालाकहाँ गरेको जाहेरी ।

रिपोर्टर–ना० [अं०] १. समाचार-पत्रको संवाद-दाता । २. सभा, समिति आदिमा भएका काम-कुराको विवरण लेख्ने व्यक्ति । (वि०) ३. रिपोर्ट गर्ने; रिपोर्ट दिने ।

रिभल्भर–ना० [अं० रिभॅल्भर] क्रमशः एक-एक गरी छुट्ने अनेक गोली भर्न हुने चक्राकार अवयव जड़िएको पिस्तौल-जस्तो एक शस्त्र ।

रिमझिम–ना० [ने०] १. रमिता; रमाइलो; हर्षोत्सव । (क्रि० यो०) २. सिमसिम; रिमरिम ।

रिमरिम–क्रि० यो० [ने०] १. मिरमिर; झिसमिस । २. हल्का किसिमले पानी पर्ने किसिम; रिमझिम ।

रिमरिमे–वि० [रिमरिम+ए] रिमरिम परेको; सिमसिमे (पानी) ।

रिमीझिमी–ना० [रिमझिम] १. रमिता; रमाइलो; रिमझिम । (क्रि० यो०) २. सिमसिम ।

रियाज–ना० [अ० रियाज़तः] रफत; अभ्यास ।

रियाजी–वि० [रियाज+ई] १. रियाज गर्ने; रफत गर्ने । २. रियाजको; रियाज-सम्बन्धी ।

रियासत–ना० [अ०] सानो-तिनो राज्य; सामन्त-राज्य ।

रियासती–वि० [रियासत+ई] रियासत-सम्बन्धी; रियासत-को ।

रिवाज–ना० [अ०] रीति; प्रथा; चाल-चलन ।

रिश्वत–ना० [अ०] घूस ।

रिस–ना० [रीस] रीस ।

रिसल्ला–ना० [अ० रिसालः] घोड़-चढ़ीको फौज; अश्वारोही सेना ।

रिसाइ–ना० [रिसाउ+आइ] रिसाउने किसिम, क्रिया वा भाव ।

रिसाइनु–अ० क्रि० [रिसाउ+इ+नु] रीस उठिनु; ('रिसाउनु'-को भा० क्रि०) ।

रिसाउनु–अ० क्रि० [रीस+आउ+नु] १. रीस उठ्नु; क्रुद्ध हुनु; जङ्गिनु । २. अप्रसन्न हुनु; नाराज हुनु । ३. चिढ़िनु; बेमेल हुनु ।

रिसानी–ना० [रीस+आनी] रीस; क्रोध (आदरार्थमा) ।

रिसारिस–ना० [रिस+रिस] परस्परको रिस; झोक ।

रिसाहा–वि० [रिस+आहा] झट्ट वा ज्यादा रिसाउने स्वभावको; झोकी; जङ्ग्याहा; क्रोधी ।

रिहर्सल–ना० [अं०] १. नाटक देखाउनुभन्दा पहिले गरिने अभ्यास । २. कुनै काम गर्नुभन्दा पहिले अभ्यासका रूपमा त्यो काम गर्नु ।

रिहा–वि० [फा०] बन्धन वा बाधाबाट मुक्त ।

रिहाई–ना० [फा०] १. छुटकारा; मुक्ति । २. माफी; मिनाहा । ३. छुट्टी; अवकाश ।

रीत–ना० [सं० रीति] कुनै काम गर्ने युक्ति; तरीका; काइदा; प्रथा; रीति ।

रीत-भाँत–ना० [रीत+भाँति] १. रीति-स्थिति; रीति-रिवाज । २. चाल-चलन ।

रीति–ना० [सं०] १. कुनै काम गर्ने काइदा; तरीका । २. परिपाटी; पद्धति । ३. नियम । ४. प्रकार; ढङ्ग । ५. चलन; रिवाज; प्रथा । ६. पीतल । ७. साहित्यमा ओज, माधुर्य, प्रसाद आदि गुण पैदा गर्ने विशिष्ट पद-रचना (लाटी, गौडी, पाञ्चाली आदि) ।

रीति-रिवाज–ना० [रीति+रिवाज] १. पहिलेदेखि चलिआएको कुनै काम गर्ने तरीका; रीति-स्थिति; प्रथा; चाल-चलन । २. काइदा; तरीका; नियम । ३. बन्दोबस्त; प्रबन्ध ।

रीति-स्थिति–ना० [सं०] रीति-रिवाज ।

रीम–ना० [अं०] बीस जिस्ता वा पाँच सय ताउ कागतको

CC-0. In Public Domain. Digitization by eGangotri

खात। (कुनै-कुनै रीममा चौबीस ताउका जिस्ता हुने भएकोले रीममा चार सय असी ताउ पनि हुन्छ।)

रील–ना० [अं०] १. धागो बेह्रिएर आउने लट्टाईजस्तो काठको सानो साधन। २. त्यस्तो साधनमा बेह्रिएको धागो। ३. टिनबाट मट्टी-तेल झिक्ने एक किसिमको पम्प।

रीस–ना० [सं० रोष] १. कसैले अन्याय वा अनुचित काम गरेको देख्ता मनमा उठ्ने रोष; क्रोध; कोप। २. ईर्ष्या; द्वेष; डाह।

रीसारीस–ना० [रीस+रीस] रिसारिस।

रीसाहा–वि० [रीस+आहा] रिसाहा।

रुँगाइ–ना० [रुँग्+आइ] रुँग्ने किसिम, क्रिया वा भाव।

रुँगाइनु–स० क्रि० [रुँगाउ+इ+नु] रुँग्न लाइनु; ('रुँगाउनु'-को क० क्रि०)।

रुँगाउनु–स० क्रि० [रुँग्+आउ+नु] रुँग्न लाउनु; ('रुग्नु'-को प्रे० क्रि०।)

रुँगिनु–स० क्रि० [रुँग्+इ+नु] कुरिनु; ('रुँग्नु'-को क०क्रि०)।

रुँग्नु–स० क्रि० [प्रा० रक्खा+नु] १. सम्भावित वा आशङ्कित खराबीबाट बचाउका निमित्त देख-रेख गर्नु; कुर्नु; रखवारी गर्नु। २. पहरा दिनु; पालो बस्नु। ३. ढुक्नु; प्रतीक्षा गर्नु।

रुँद–ना० [सं० रुन्ध] धुम्मिएको बादल; बदली।

रुँदिनु–अ० क्रि० [सं० रुन्ध+नु] आकाशमा कालो बादल लाग्नु; धुम्मिनु; रुँद लाग्नु।

रुआइ–ना० [रु+आइ] रुने किसिम, क्रिया वा भाव।

रुआइ–ना० [रुआउ+आइ] रुआउने किसिम, क्रिया वा भाव।

रुआइनु–स० क्रि० [रुआउ+इ+नु] रुन लाइनु; ('रुँवाउनु'-को क० क्रि०)।

रुआउनु–स० क्रि० [रु+आउ+नु] रुन लाउनु; ('रुनु'-को प्रे० क्रि०)।

रुइदार–वि० [रुई+दार] रुइदारी।

रुइदारी–वि० [रुई+दारी] भित्र रुवो भएको; भित्र रुवो हाली सिइएको; रुइदार (वस्त्र)।

रुई–ना० [रुवो] रुवो।

रुक्का–ना० [अ० रुक्कअ] हुकुम लेखिएको सानो पत्र।

रुक्खो–वि० [प्रा०] रूखो।

रुक्म–ना० [सं०] १. सुन। २. फलाम। ३. धतूरो। ४. नागकेशर।

रुक्मिणी–ना० [सं०] कृष्णकी पुराण-प्रसिद्ध प्रथम पटरानी।

रुक्ष–वि० [सं०] रूक्ष।

रुख–ना० [फा० रुख] १. अनुहारबाट प्रकट हुने मनको भाव। २. आकृति; चेष्टा। ३. मुख; अनुहार। ४. सम्मुख वा अगाड़िको भाग।

रुखसत–ना० [अ० रुखसत] १. छुटकारा; मुक्ति। २. छुट्टी; अवकाश। ३. प्रस्थान।

रुखा–वि० [रुख+आ] रुख वा मुख भएको।

११२

रुखिइनु–अ० क्रि० [रुखि+इ+नु] रूखो होइनु; ('रुखिनु'-को भा० क्रि०)।

रुखिनु–अ० क्रि० [रूखो+इ+नु] १. रूखो हुनु; चिल्लो नहुनु; फुस्रिनु। २. खस्रिनु। ३. उत्कण्ठित हुनु; लालायित हुनु; औताउनु। ४. मलिलो नहुनु।

रुख्याइ–ना० [रुखि+आइ] रुखिने किसिम, क्रिया वा भाव।

रुख्याइ–ना० [रुख्याउ+आइ] रुख्याउने किसिम, क्रिया वा भाव।

रुख्याइनु–स० क्रि० [रुख्याउ+इ+नु] रूखो पारिनु; ('रुख्याउनु'-को क० क्रि०)।

रुख्याउनु–स० क्रि० [रुखि+आउ+नु] १. रूखो पार्नु; फुस्र्याउनु। २. चित्त दुखाउनु; चिढ़्याउनु। ३. लालायित पार्नु; उत्कण्ठित पार्नु; ('रुखिनु'-को प्रे० क्रि०)।

रुगरुग–क्रि० यो० [रगरग] रगरग।

रुगरुगती–क्रि० यो० [रुगरुग+ती] रुगरुग; रगरगती।

रुगरुगाउँदो–वि० [रुगरुग+आउँदो] १. चिल्लो-चापुल्लो नभएको; फुस्रो (केटा-केटी)। २. माया-लाग्दो; दयनीय।

रुगरुगी–क्रि० यो० [रुगरुग+ई] रुगरुग; रगरगी।

रुगरुगे–वि० [रुगरुग+ए] १. चिल्लो नभएको; रूखो। २. फुस्रो; घुस्रो। ३. माया-लाग्दो; दयनीय। ४. नरम; गीलो।

रुगा–ना० [रुघा] रुघा।

रुघा–ना० [सं० रुध्] नाकबाट पातलो सिँघान चुहुने र वार-वार छिँक्का आइरहने एक रोग।

रुघा-खोकी–ना० [रुघा+खोकी] नाकबाट पातलो सिँघान आउने र खोकी लाग्ने, सर्दीबाट हुने एक रोग।

रुङाइ–ना० [रुङ+आइ] रुङने किसिम, क्रिया वा भाव।

रुङाइनु–स० क्रि० [रुङाउ+इ+नु] रुँगाउनु; ('रुङाउनु'-को क० क्रि०)।

रुङाउनु–स० क्रि० [रुङ+आउ+नु] रुँगाउनु; ('रुङनु'-को प्रे० क्रि०)।

रुङिनु–स० क्रि० [रुङ+इ+नु] रुँगिनु; ('रुङनु'-को क० क्रि०)।

रुङ्नु–स० क्रि० [रुँग्+नु] रुँग्नु।

रुचक–वि० [सं०] रुचि लाग्ने; रुचि-कर।

रुचाइ–ना० [रुच्+आइ] रुच्ने किसिम, क्रिया वा भाव।

रुचाइ–ना० [रुचाउ+आइ] रुचाउने किसिम, क्रिया वा भाव।

रुचाइनु–स० क्रि० [रुचाउ+इ+नु] मन पराइनु; निको मानिनु; ('रुचाउनु'-को क० क्रि०)।

रुचाउनु–स० क्रि० [रुच्+आउ+नु] १. मन पराउनु; निको मान्नु; ('रुच्नु'-को प्रे० क्रि०)। २. रोज्नु; छान्नु।

रुचि–ना० [सं०] १. खाने इच्छा; भोक; क्षुधा। २. स्वाद। ३. अभिलाषा; इच्छा। ४. चाह; धोको। ५. मन-पराउनु; अभिरुचि। ६. कान्ति; दीप्ति। ७.

CC-0. In Public Domain. Digitization by eGangotri

चमक; आभा। ८. सौन्दर्य; शोभा।

रुचि-कर–वि० [सं०] १. रुचि उत्पन्न गर्ने; भोक लगाउने। २. मनपर्दो; प्रिय।

रुचि-कारक–वि० [सं०] रुचि पैदा गर्ने; रुचि-कर।

रुचि-कारी–वि० [सं०] रुचि-कारक।

रुचित–वि० [सं०] रुचेको; मन-परेको।

रुचिनु–अ० क्रि० [रुच्+इ+नु] रुचि लागिनु; ('रुच्नु'-को भा० क्रि०)।

रुचिर–वि० [सं०] १. सुन्दर; मनोहर। २. मीठो; स्वादिष्ठ। ३. रुचि बढ़ाउने; रुचि-कारक। ४. चम्किलो; चहकिलो।

रुचि-वर्द्धक–वि० [सं०] रुचि बढ़ाउने; रुचि-कारक।

रुचिवान्–वि० [सं०] १. सुन्दर; मनोहर। २. दीप्तिमान्; प्रकाशमान।

रुच्नु–अ० क्रि० [सं० रुच्+नु] १. खाने मन हुनु; रुचि लाग्नु। २. निको लाग्नु; मन-पर्नु।

रुच्य–वि० [सं०] १. रुचि लाग्ने; रुचि-कर। २. खूब राम्रो; अति सुन्दर।

रुजू–ना० [अ० रुजूअ] १. लेखकको सकल र नकल भिड़ाउने काम। (वि०) २. हाजिर; उपस्थित। ३. तत्पर; तम्तयार।

रुझाइ–ना० [रुझ्+आइ] रुझ्ने किसिम, क्रिया वा भाव।

रुझाइनु–अ० क्रि० [रुझाउ+इ+नु] भिजाइनु; ('रुझाउनु'-को क० क्रि०)।

रुझाउनु–स० क्रि० [रुझ्+आउ+नु] रुझ्ने वा भिज्ने पार्नु; ('रुझ्नु'-को प्रे० क्रि०)।

रुझिनु–अ० क्रि० [रुझ्+इ+नु] पानीले भिजिनु; ('रुझ्नु'-को भा० क्रि०)।

रुझ्नु–अ० क्रि० [ने०] पानीले निथ्रुक्क हुनु; भिज्नु; आर्द्र हुनु।

रुन्चे–वि० [रु] सानो-तिनो कारणले पनि रुने; रोइरहने स्वभावको; पिन्चे।

रुठाइ–ना० [रुठ्+आइ] रुठ्ने किसिम, क्रिया वा भाव।

रुठाइनु–स० क्रि० [रुठाउ+इ+नु] रुष्ट तुल्याइनु; ('रुठाउनु'-को क० क्रि०)।

रुठाउनु–स० क्रि० [रुठ्+आउ+नु] रुष्ट तुल्याउनु; ('रुठ्नु'-को प्रे० क्रि०)।

रुठिनु–अ० क्रि० [रुठ्+इ+नु] रिसाइनु; ('रुठ्नु'-को भा० क्रि०)।

रुठ्नु–अ० क्रि० [सं० रुष्ट+नु] रिसाउनु; नाराज हुनु; रुष्ट हुनु।

रुण्ड–ना० [सं०] शिर नभएको शरीर; धड़; गिँड़।

रुदन्ती–ना० [सं०] एक बूटी; सन्जीवनी।

रुदित–वि० [सं०] १. रोएको; विलाप गरेको। (ना०) २. रोदन; क्रन्दन।

रुदिलो–ना० [रुधिलो] रुधिलो।

रुद्ध–वि० [सं०] रोकिएको; छेकिएको; अवरुद्ध।

रुद्ध-कण्ठ–वि० [सं०] गला रोकिएको; भकानु परेको।

रुद्र–ना० [सं०] १. संसारको प्रलय-कारी शिवको एक रूप। २. शिवका एघार गणहरूको समूह (अजैकपाद, अहिर्बुध्न, त्वष्टा, विश्वरूपहर, बहुरूप, त्र्यम्बक, अपराजित, वृषाकपि, शम्भू, कपर्दी र रैवत)। (वि०) ३. भयङ्कर।

रुद्र-घण्टी–ना० [सं० रुद्र+घण्टिका] घाँटीको अगिल्लो भागमा उठेको अवयव; कण्ठमा उठेको एक किसिमको हाड़।

रुद्र-जटा–ना० [सं०] अरू रूखमा उम्रने, एउटै भेट्नामा सेता टीका-टीका भएका अनेक लाम्चा पातहरू लाग्ने एक जातको लहरो।

रुद्र-भूमि–ना० [सं०] श्मशान।

रुद्र-मल्ल–ना० [सं०] संवत् १३७५-तिर अरिमल्लको उपराज हुने एक राज-कुमार।

रुद्राक्ष–ना० [सं०] १. भित्र साह्रो बीयाँ हुने, आरुजस्तो फल फल्ने, लामा-लामा हरिया केशर हुने सेतो फूल फुल्ने एक जातको वृक्ष। २. त्यसैको साह्रो गोल बीयाँ। (यसको जपमाला बनाइन्छ।)

रुद्राणी–ना० [सं०] रुद्रकी पत्नी; पार्वती।

रुद्राभिषेक–ना० [सं०] विशेष गरी रुद्री पाठ गर्दै शिवलिङ्गमा चढ़ाइएको जलको धारो।

रुद्री–ना० [सं०] १. वेदको रुद्रानुवाक् वा अघमर्षण-सूक्तको एघार आवृत्ति। २. रुद्रको उपासनाका निमित्त गरिने वैदिक पाठ। ३. शिव-लिङ्गको माथिबाट लाइने अविच्छिन्न जल-धारा।

रुधिर–ना० [सं०] १. रगत; रक्त। २. रातो रँग।

रुधिलो–ना० [सं० रोध्र] औषधिमा प्रयोग हुने, रातो डाँठ हुने एक जातको बोट; रुदिलो।

रुना-रानी–ना० [रुनु+रुनु] साना-तिना टुक्रा-टाक्री जमीन।

रुनु–अ० क्रि० [सं० रुद्] १. मन दुःखित भएर विलाप गर्नु; रोदन गर्नु। २. ज्यादै दुःखित हुनु; खिन्न हुनु। ३. कसको खराब व्यवहारबाट आजित हुनु; हैरान हुनु।

रुनु–ना० [सं० रेणु] ज्यादै थोरै परिमाण; रैन।

रुन्को–ना० [रुनु] अति सानो टुक्रो; रुनु।

रुपन्देही–ना० [लुम्बिनी] लुम्बिनी।

रुपा-ताल–ना० [रूपा+ताल] नेपालको पश्चिम-तीन (३)-नम्बर जिल्लामा रहेको एक ताल।

रुपियाँ–ना० [सं० रुप्यक] १. सय पैसाको सिक्का; दुइ मोहर मूल्यको मुद्रा; रुपैयाँ; डबल। २. त्यति मूल्यको नोट। ३. धन-सम्पत्ति; दौलत।

रुपी–ना० [ने०] सारौँ।

रुपैयाँ–ना० [रुपियाँ] रुपियाँ।

रुपौला–वि० [रुपौलो] १. चाँदीका रङ्गको; सेतो। (ना०) २. त्यस्तो रङ्गको धूलो।

रुपौलो–वि० [सं० रूप्य] सेतो; सफेद; चाँदीका रँगको।

रुबल–ना० [रूसी रुब्ल] रूस देशको सिक्का; एक रूसीमुद्रा।

CC-0. In Public Domain. Digitization by eGangotri

(सय कोपेकको एक रुबल हुन्छ।)
रुमलाइ–ना० [रुमल्+आइ] रुमल्ने किसिम, क्रिया वा भाव।
रुमलिइनु–अ० क्रि० [रुमलि+इ+नु] धूवाँ, कुहिरो आदिको परिधिभित्र अलमलिइनु; ('रुमलिनु'-को भा० क्रि०)।
रुमलिनु–अ० क्रि० [रुमलि+इ+नु] १. धूवाँ, बाफ, कुहिरो आदिको परिधिभित्र अलमलिनु। २. रुमलोमा पर्नु; अलमलमा पर्नु। (स० क्रि०) ३. रुमल्ने काम गरिनु; ('रुमल्नु'-को क० क्रि०)।
रुमलो–ना० [ने०] १. धेरै कामको भीड; चटारो। २. अल्झो; झमेला। ३. धूवाँको रँगमगिएको ठूलो मुस्लो।
रुमल्नु–स० क्रि० [रुमलो+नु] १. धूवाँ, बाफ, हावा आदि ठूलो मुस्लोका रूपमा घुमाउनु। २. अलमल पार्नु। ३. अलमल्याउनु।
रुमल्याइ–ना० [रुमलि+याइ] रुमलिने किसिम, क्रिया वा भाव।
रुमल्याहट–ना० [रुमलि+याहट] रुमलिने किसिम, क्रिया वा भाव।
रुमिन्देई–ना० [लुम्बिनी] लुम्बिनी।
रुम्टा-राम्टी–ना० [रुम्टो+रुम्टो] १. जग्गा-जमीनका साना-तिना टुक्रा-टाक्री; फोगटा-फोगटी। २. राँटा-राँटी।
रुम्टो–ना० [ने०] १. सानो-तिनो जमीनको टुक्रो; फोगटो। २. राँटो।
रुरु–ना० [सं०] हाँगा-बिँगा भएका सीङ, छोटो पुच्छर र खैरो वर्ण हुने, प्रायः जलाशयका नजीकमा देखिने एक जातको मृग।
रुवाइ–ना० [रु+वाइ] रुने किसिम, क्रिया वा भाव।
रुवाइ–ना० [रुवाउ+आइ] रुवाउने किसिम, क्रिया वा भाव।
रुवाइनु–स० क्रि० [रु+वाइ+नु] रुवाउन लाइनु; ('रुवाउनु'-को क० क्रि०।)
रुवाउनु–स० क्रि० [रु+वाउ+नु] रुन लाउनु; ('रुनु'-को प्रे० क्रि०।)
रुवाबासी–ना० [रु+बास्] रुने-कराउने काम; रोइ-कराइ; धेरै जनाको रुवाइ।
रुवो–ना० [प्रा० रूअ] रूई; रूवो; कपास।
रुष–ना० [सं०] क्रोध।
रुषित–वि० [सं०] रिसाएको; क्रुद्ध।
रुष्ट–वि० [सं०] रिसाएको; क्रुद्ध; कुपित।
रुष्टता–ना० [सं०] रुष्ट हुनाको भाव; क्रुद्ध हुनाको भाव।
रुष्टि–ना० [सं०] क्रोध; रोष।
रुहाइ–ना० [रुहु+आइ] रुहुने किसिम, क्रिया वा भाव।
रुहाइनु–स० क्रि० [रुहाउ+इ+नु] रुहुन लाइनु; ('रुहाउनु'-को क० क्रि०)।
रुहाउनु–स० क्रि० [रुहु+आउ+नु] रुहुन लाउनु; ('रुहुनु'-को प्रे० क्रि०)।
रुहिनु–स० क्रि० [रुहु+इ+नु] धान, गहूँ आदिका बाला गेड़ामात्र आउने गरी तानिनु; ('रुहुनु'-को क० क्रि०)।
रुहुनु–स० क्रि० [दुहु+नु] धान, गहूँ आदिका बाला गेड़ामात्र आउने गरी तान्नु।
रुह्वाइ–ना० [रुहु+वाइ] रुहाइ।
रुह्वाइनु–स० क्रि० [रुह्वाउ+इ+नु] रुहुन लाइनु; ('रुह्वाउनु'-को क० क्रि०)।
रुह्वाउनु–स० क्रि० [रुहु+वाउ+नु] रुहुन लाउनु; रुहाउनु; ('रुहुनु'-को प्रे० क्रि०)।
रूई–ना० [रुवो] रुवो।
रूक्ष–वि० [सं०] १. चिल्लो नभएको; फुस्रो; रूखो; रुक्ष। २. खस्रो; मिहीन नभएको। ३. कर्कश; कठोर। ४. नीरस।
रूक्षता–ना० [सं०] रुक्ष हुनाको भाव; रूखोपन।
रूख–ना० [प्रा० रुक्ख] बोट; वृक्ष; तरु।
रूख-बयर–ना० [रूख+बयर] १. साना-साना पात हुने, पहेँला फूल फुल्ने खैरा फल फल्ने एक जातको काँढ़ादार रूख। २. त्यसैको फल।
रूखाइ–ना० [रूखो+आइ] रूखो हुनाको भाव; रूक्षता।
रूखा-सूखा–वि० [रूखो-सूखो] रूखो-सूखो।
रूखो–वि० [प्रा० रुक्खो] १. चिल्लो नभएको; स्निग्ध नभएको; फुस्रो। २. चिप्लो नभएको; खस्रो; रुक्ष। ३. ठर्रो; कर्कश (बोली)। ४. कड़ा स्वभावको; विनय वा स्नेह नभएको (स्वभाव)। ५. उब्जा नहुने; ऊषर (जमीन)।
रूखो-सूखो–वि० [रूखो+सूखो] घिउ-तेल नपरेको; चिल्लो-चापुल्लो नभएको (खानेकुरो)।
रूढ–वि० [सं०] १. उम्रेको; उत्पन्न। २. टुसाएको; अङ्कुरित। ३. चढ़ेको; आरूढ। ४. व्यवहारमा चलेको; प्रचलित। ५. प्रसिद्ध; विख्यात। ६. उत्पन्न। ७. वृद्धि भएको; बढ़ेको। (ना०) ८. प्रकृति-प्रत्ययको अर्थदेखि भिन्न अर्थलाई बुझाउने शब्द।
रूढि–ना० [सं०] १. रूढ हुनाको भाव; प्रसद्धि। २. धेरै समयदेखि चलेको प्रथा; चलन। ३. प्रकृति-प्रत्ययको योग नभए तापनि स्पष्ट वा कुनै विशेष अर्थ बुझाउने शब्द। ४. जन्म; उत्पत्ति। ५. वृद्धि। ६. उठान। ७. ख्याति; प्रसिद्धि।
रूढि-बूढ़ी–ना० [सं० रूढि+बूढ़ी] धेरै दिनदेखि घरका बूढ़ा-पाकामा चलिआएको प्रथा; पुरानो रीति-रिवाज।
रूढ़ी–ना० [सं० रूढि] हैजा, बिफर, आँठे आदि सङ्क्रामक रोग; महामारी; देशान।
रूप–ना० [सं०] १. अनुहार; चेहरा। २. सौन्दर्य; सुन्दरता। ३. शरीर; देह। ४. मूर्ति; प्रतिमा। ५. कद; आकृति। ६. विभक्ति वा प्रत्ययको योगले बनेको शब्दको रूपान्तर।
रूपक–ना० [सं०] १. उपमेयसित उपमानको अभेद-सम्बन्ध देखाउँदै कुनै वर्णन गर्दा पर्ने एक अर्थालङ्कार। २. अभिनय-काव्य; दृश्य-काव्य। (यसका दश भेद छन्–नाटक, प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहामृग, अङ्क,

CC-0. In Public Domain. Digitization by eGangotri

वीथी र प्रहसन।) ३. चाँदी।

रूपकातिशयोक्ति–ना० [सं०] अतिशयोक्ति अलङ्कारको एक भेद।

रूप-कार–ना० [सं०] मूर्ति बनाउने व्यक्ति।

रूप-केशर–ना० [सं०] नागेश्वरी वृक्षका फूलको केशर। (यो आयुर्वेदीय औषधिमा प्रयोग हुन्छ।)

रूप-गर्विता–ना० [सं०] आफ्नो सौन्दर्यमा अभिमान गर्ने नायिका।

रूप-धारी–वि० [सं०] अर्काको रूप धारण गर्ने; भेष-धारी; बहु-रूपी।

रूपमय–वि० [सं०] १. ज्यादै राम्रो; अति सुन्दर। २. रूपले युक्त।

रूप-राशि–ना० [सं०] १. सौन्दर्य; सुन्दरता। (वि०) २. अत्यन्त सुन्दर।

रूप-रेखा–ना० [रूप+रेखा] १. पछि गरिने कामको मोटा-मोटी अनुमान; योजना। २. मूर्ति तयार पार्नाका निमित्त पहिले मोटा-मोटी आकार आउने गरी कोरिएको रेखा; खाका। ३. खेस्रा; मसौदा।

रूपवती–वि० [सं०] अति राम्री; परम सुन्दरी।

रूपवान्–वि० [सं०] १. राम्रो; सुन्दर। २. रूप भएको; आकृति भएको।

रूप-साधन–ना० [सं०] १. व्याकरण-शास्त्रअनुसार लिङ्ग, वचन आदिका भेदले शब्दका भिन्न-भिन्न रूप बनाउने प्रक्रिया। २. प्रसाधन।

रूपसी–ना० [सं०] रूपवती नारी; सुन्दर स्त्री।

रूप-हारा–वि० [रूप+हार्] रूप नभएको; कुरूप; नराम्रो।

रूपा–ना० [सं० रूप्य] चाँदी।

रूपात्मक–वि० [सं०] रूप भएको; रूप-युक्त।

रूपान्तर–ना० [सं०] भिन्न रूप; अर्को रूप।

रूपान्तरण–ना० [सं०] अर्को रूप लिनु; रूपान्तर हुनु वा गर्नु; एक रूपबाट अर्को रूपमा परिणत हुनु वा गर्नु।

रूपान्तरित–वि० [सं०] रूप बदलिएको; रूपान्तर भएको वा गरिएको।

रूपामक्खी–ना० [सं० रूप्य-माक्षिकी] चाँदीको धाउ।

रूपिणी–वि० [सं०] १. रूपवती; सुन्दरी। २. रूप भएकी। ३. समान; सदृश (स्त्री)।

रूपी–वि० [सं०] १. अर्काको रूप लिएको; रूप-धारी। २. समान; सदृश। ३. सुन्दर; मनोहर।

रूपेन्द्रिय–ना० [सं०] आँखा; नेत्र।

रूपोपजीवी–ना० [सं०] १. नट; नटुवा। २. अभिनेता।

रूप्य–ना० [सं०] १. सुन। २. चाँदी। ३. रुपियाँ। (वि०) ४. सुन्दर; मनोहर।

रूप्यक–ना० [सं०] रुपियाँ।

रूप्याध्यक्ष–ना० [स०] खजान्ची।

रूम–ना० [अं०] १. कोठा। २. बस्ने वा कुनै वस्तु राख्ने ठाउँ।

रूमाल–ना० [फा०] हात-मुख पुछ्नाका निम्तिको वा माल-सामानहरू पोको पार्नाका निम्तिको कपड़ाको टुक्रो।

रूल–ना० [अं०] १. नियम; रीति। २. सोझो रेखा तान्न सहायता लिइने काठ आदिको एक किसिमको साधन। ३. त्यस्तो साधनले वा अन्य प्रकारले तानिएको रेखा।

रूलदार–ना० [रूल+दार] रूल वा धर्को भएको (कागत, कापी आदि)।

रूलर–ना० [अं०] सोझो रेखा तान्ने काठ, प्लास्टिक आदिको साधन; रूल।

रूवो–ना० [प्रा० रूअ] रुवो।

रूस–ना० [रूसी रुस] १. एशियादेखि यूरोपसम्म फैलिएको एक देश।

रूसी–वि० [रूस+ई] १. रूस देश-सम्बन्धी। (ना०) २. रूस देशको भाषा। ३. रूस देशको निवासी।

रे–ना० [सं०] १. निम्न श्रेणीका मानिसलाई सम्बोधन गर्ने शब्द; अरे; ओ। २. सङ्गीतका सात स्वरमध्ये एक; ऋषभ स्वरको चिह्न।

रे–ना० [ने०] प्रत्यक्ष थाहा नभएको वा सन्दिग्ध कुरो बताउँदा वाक्यको पछाड़ि प्रयोग हुने शब्द; अरे। (उदा०–सत्ययुगमा सबै सत्यवादी थिए रे।)

रेकर्ड–ना० [अं०] १. पछि प्रमाणको निमित्त सुरक्षित राखिएको कागत-पत्र, लेख आदि। २. मिसिल। ३. ग्रामोफोन आदिको गीतहरू भरिएको चक्का, फित्ता आदिका रूपको साधन।

रेख–ना० [प्रा० रक्खा] १. निगरानी; हेर-विचार। २. नियत काम; कर्तव्य। ३. हक; स्वत्व।

रेख-देख–ना० [रेख+देख्] देख-रेख; हेर-विचार; हेर-चाह।

रेखा–ना० [सं०] १. झीनो र लामो धर्को; डोरो। २. चिह्न। ३. रूप; आकार। ४. सामुद्रिक-शास्त्रअनुसार शुभ वा अशुभ फल बताउने हात, गोड़ा, निधार आदिमा भएको चिह्न।

रेखा-गणित–ना० [सं०] रेखाहरूद्वारा सिद्धान्तको निर्धारण गरिने गणितको एक विभाग।

रेखाङ्कन–ना० [सं०] १. चित्र तयार पार्नाका निमित्त पहिले तयार गरिने रेखाको आकृति। २. खाका।

रेखा-चित्र–ना० [सं०] १. रेखै-रेखाले तयार भएको चित्र। २. खाका।

रेखा-चित्रण–ना० [सं०] रेखा-चित्र तयार गर्ने काम।

रेखी–ना० [सं० रेखा] १. देवता वा पूजाका पात्रहरूको स्थापना गर्नाका निमित्त अबीर, पीठो आदिले बनाइएको चित्र वा मण्डल। २. सानो वा मसिनो रेखा।

रेखो–ना० [सं० रेखा] धर्को; रेखा; डोरो।

रेखो-पाखो–ना० [(फाँ०) रेखो+पाखो] प्रशस्त पाखो जमीन।

रेगिस्तान–ना० [फा०] मरु-भूमि।

CC-0. In Public Domain. Digitization by eGangotri

रेचक–वि० [सं०] १. दिसा लगाउने; पखाला गराउने। (ना०) २. कुनै पदार्थमा मिसिएको खराब तत्त्वलाई पृथक् गर्ने क्रिया। ३. दिसा लगाउने काम; जुलाब। ४. दिसा लगाउने औषध। ५. प्राणायाममा श्वासलाई बिस्तारै निकाल्ने क्रिया।

रेचन–ना० [सं०] १. दिसा लगाउने काम। २. दिसा लगाउने औषध। ३. कुनै पदार्थको शोधन गर्ने काम। ४. प्राणायाममा भित्र खिँचेको श्वासलाई बाहिर निकाल्ने क्रिया।

रेचित–वि० [सं०] १. दिसा लगाइएको; रेचन गरिएको। (ना०) २. घोड़ाको एक चाल।

रेजकारी–ना० [रेजगी] रेजगी।

रेजगी–ना० [फा० रेज़ा] एक पैसे, दुइ पैसे, चार पैसे आदि चानचुने सिक्का; खुद्रा पैसा; चानचुन पैसा।

रेजा–ना० [फा० रेज़ा] नामावली, सूची, फिरिस्त आदिको छानिएको स्थल वा अंशमा बनाइने विशेष किसिमको चिह्न।

रेजिडेन्ट–ना० [अं०] १. आफ्नो देशको प्रतिनिधि भई अर्को देशमा बस्ने उच्च राज-कर्मचारी। २. निवासी।

रेजिमेन्ट–ना० [अं०] १. सैनिकहरूको कम्पनीभन्दा ठूलो समूह। २. धेरै जनाको समूह; समुदाय। (वि०) ३. सबै; सम्पूर्ण।

रेट–ना० [अं०] भाउ; दर।

रेटाइ–ना० [रेट्+आइ] रेट्ने वा रेटिने किसिम, क्रिया वा भाव।

रेटाइनु–स० क्रि० [रेटाउ+इ+नु] रेट्न लाइनु; सेराइनु; ('रेटाउनु'-को क० क्रि०)।

रेटाउनु–स० क्रि० [रेट्+आउ+नु] रेट्न लाउनु; सेराउनु; ('रेट्नु'-को प्रे० क्रि०)।

रेटाहा–वि० [रेट्+आहा] १. रेट्ने स्वभावको। २. कसेर लिने स्वभावको। ३. कन्जुस।

रेटिनु–अ० क्रि० [रेट्+इ+नु] घाँटी रेट्ने काम गरिनु; सेरिनु; ('रेट्नु'-को क० क्रि०)।

रेट्नु–स० क्रि० [रेत्+नु] १. करौंतीले काटेझैँ काट्नु; सेर्नु। २. अर्कालाई मर्म पर्ने गरी असूल गर्नु; मोल आदि कसाकस गरी लिनु। ३. सारङ्गी, बेला आदि बजाउन गजाले घोट्नु। ४. त्यस्तै गरी कुनै साधनले अर्को कुनै वस्तुमा घोट्नु। (ना०) ५. असामी, मोही आदिलाई रेटेर वा कसेर लिने व्यक्ति; रेटाहा मानिस।

रेडियम–ना० [अं०] एक प्रकारको प्रकाशमय धातु।

रेडियो–ना० [अं०] तारको सम्बन्धविना नै बिजुलीको सहायताले टाढ़ाको शब्द ग्रहण गर्ने र प्रसारण गर्ने प्रसिद्ध यन्त्र।

रेणु–ना० [सं०] १. धूलो; चूर्ण। २. बालुवा। ३. अत्यन्त सानो कण।

रेणुका–ना० [सं०] १. बालुवा। २. धूलो; कण।

रेत–ना० [फा० रेग] १. धातु, काठ आदिलाई मसिनो धूलो आउने गरी खुर्कने एक प्रसिद्ध औजार; रेत्ने ज्यावल। २. बालुवा।

रेत–ना० [सं० रेतस्] १. वीर्य; शुक्र। २. जल। ३. पारो।

रेताइ–ना० [रेत्+आइ] रेत्ने किसिम, क्रिया वा भाव।

रेताइनु–स० क्रि० [रेताउ+इ+नु] रेत्न लाइनु; ('रेताउनु'-को क० क्रि)।

रेताउनु–स० क्रि० [रेत्+आउ+नु] रेत्न लाउनु; ('रेत्नु'-को प्रे० क्रि)।

रेतिनु–स० क्रि० [रेत्+इ+नु] रेत लाइनु; ('रेत्नु'-को क० क्रि०)।

रेतिलो–वि० [रेत+इलो] १. रेतको जस्तो धार भएको। २. बलौटे।

रेत्नु–स० क्रि० [रेत+नु] रेत लाउनु; रेतले खुर्कनु।

रेन्चु–ना० [अं० रेन्च] ढिभ्री, पेच आदि कस्ने, प्वाल परेको वा मुख भएको औजार।

रेफ–ना० [सं०] कुनै अक्षरका शिरमा लेखिने हलन्त रकार; (र्)।

रेफ–ना० [फरेब] १. छनक; घच्का; व्यङ्ग्य। २. फरेब; झुट्टा दोषारोपण।

रेफरी–ना० [अं०] खेल-कूदको सञ्चालन र त्यसमा उठेका समस्याहरूको निर्णय गर्न नियुक्त व्यक्ति।

रेल–ना० [अं० रेल-वे] १. वाष्प-शक्तिद्वारा लीकमा गुड़ेर चल्ने, धेरै मानिसहरू अटाउने डिब्बाहरू जोड़िएको एक प्रकारको सवारी। २. रेल-वे।

रेल-गाड़ी–ना० [रेल+गाड़ी] रेल।

रेल-वे–ना० [अं०] रेल।

रेलाइ–ना० [रेल्+आइ] रेल्ने किसिम, क्रिया वा भाव; हुरेलाइ।

रेलाइनु–स० क्रि० [रेलाउ+इ+नु] रेल्न वा धेरै खर्च गर्न लाइनु; ('रेलाउनु'-को क० क्रि०)।

रेलाउनु–स० क्रि० [रेल्+आउ+नु] रेल्न वा धेरै खर्च गर्न लाउनु; ('रेल्नु'-को प्रे० क्रि०)।

रेलिङ्ग–ना० [अं०] झ्याल, बार्दली, गिर्दा आदिमा लगाइने डन्डीहरूको बार।

रेलिनु–स० क्रि० [रेल्+इ+नु] मनपरीसँग धेरै खर्च गरिनु; ('रेल्नु'-को क० क्रि०)।

रेलो–वि० [प्रा० रेल्ल] १. छेलोखेलो; प्रशस्त। २. प्रशस्त खर्चिएको; रेलिएको। (ना०) ३. थुप्रो; ढेर; राशि। ४. भीड़; घुइँचो।

रेल्नु–स० क्रि० [रेलो+नु] १. जथाभावीसित धेरै खर्च गर्नु; हुरेल्नु। २. प्रशस्त हाल्नु; वैरनु। ३. ठेल्नु; बेसरी घचेट्नु।

रेवती–ना० [सं०] १. सत्ताईस नक्षत्रमध्ये अन्तिम नक्षत्र। २. बलरामकी पत्नी।

रेवाज–ना० [रिवाज] रिवाज।

रेशम–ना० [फा०] एक प्रकारको कीरोले बनाउने टल्कने

CC-0. In Public Domain. Digitization by eGangotri

बलियो तन्तु।

रेशमी–वि० [रेशम+ई] १. रेशम-सम्बन्धी; रेशमको। २. रेशमले बनेको।

रेशा–ना० [फा० रेशः] बोट, बिरुवा, जीव आदिका शरीरमा हुने तन्तु।

रैकर–ना० [रैती+कर] रैतीले नै सरकारमा तिरो तिरेर कमाउने जग्गा; तिरो वा बाली तहसील गर्ने गरी सरकारबाट रैतीलाई कमाउन दिएको जग्गा।

रैक्रिया–ना० [रह+क्रिया] १. मरेका दश रात बितेपछि ढिकुरो उठाई गरिने क्रिया। २. एक-दुइ दिनमै गरिने क्रिया; छोटकरी क्रिया।

रैतान–ना० [रैती] रैती वा मोहीहरूको समूह।

रैतानी–ना० [रैतान+ई] १. रैतानको काम; किसानी। (वि०) २. रैतानको; रैतान-सम्बन्धी। ३. रैतीको; रैती-सम्बन्धी।

रैती–ना० [अ० रैयत] १. प्रजा; दुनियाँ। २. मोही।

रैथाने–वि० [रह+स्थान] १. कुनै ठाउँको पुरानो बासिन्दा; अधिवासी। २. ठालु; श्रेष्ठ। (ना०) ३. स्थान-पति; क्षेत्र-पाल।

रैन–ना० [सं० रेणु] १. ज्यादै सानो कण; रेणु; परमाणु। २. धूलो; छारो।

रैबन्दी–ना० [सं० रेखा+बन्ध+ई] १. बराबरीको भाग; दामा-साही; बन्डा। २. कर वा मूल्य निर्धारण गर्ने काम

रैबन्दी–ना० [अ०+रैयत+बन्दः (फा०)] १. रैतीका नाममा जग्गा-जमीन दर्ता गर्ने काम । २. आफ्ना नाममा दर्ता गरिएको जग्गा-जमीनको माल-पोत दर्तावाल रैतीले नै बुझाउने व्यवस्था।

रैमट्ट–ना० [सं० रय+मन्थ] १. छ्यासमिस; सरोबर। २. फाँड्ने काम; हुँड़ल्ने काम।

रैयत–ना० [अ०] प्रजा; रैती; दुनियाँ।

रैयाँ–ना० [राँड़ी] विधवाले लाउने धातुको चुरी।

रोइ-कराइ–ना० [रु+कराउ] कारएर रुने काम; रुवाबासी।

रोइनु–अ० क्रि० [रु+इ+नु] विलाप गरिनु; ('रुनु'-को भा० क्रि०)।

रोइला–ना० [रुवानी (मगरात प्रदेश)] एक प्रकारको लोक-गीत।

रोक–ना० [रोक्] १. रोक्का; रोकावट; प्रतिबन्ध। २. मनाही; निषेध।

रोक-टोक–ना० [रोक्+टोक्] १. बाधा; अवरोध; प्रतिबन्ध। २. निषेध; मनाही।

रोकड़–ना० [सं० रोक] १. नगद धन; पूँजी। २. धरौट; नासो।

रोक-थाम–ना० [रोक्+थाम्] कुनै काम-कारवाई रोक्नाका निमित्त गरिने प्रयत्न।

रोकाइ–ना० [रोक्+आइ] रोक्ने किसिम, क्रिया वा भाव।

रोकाइनु–स० क्रि० [रोकाउ+इ+नु] रोक्न लाइनु; ('रोकाउनु'-को क० क्रि०)।

रोकाउनु–स० क्रि० [रोक्+आउ+नु] रोक्न लाउनु; ('रोक्नु'-को प्रे० क्रि०)।

रोकारोक–ना० [रोक्+रोक] परस्परमा रोक्ने काम।

रोकावट–ना० [रोक्+आवट] १. रोक्ने काम; रोक; रोक्का। २. मनाही; निषेध; प्रतिबन्ध।

रोकाहा–वि० [रोक्+आहा] रोक्ने; रोक लगाउने।

रोकिनु–अ० क्रि० [रोक्+इ+नु] १. थामिनु; अड़िनु। २. थुनिनु; बन्द हुनु। ३. रोक लाग्नु; ('रोक्नु'-को क० क्रि०)।

रोक्का–ना० [रोक] रोक; रोकावट।

रोक्नु–स० क्रि० [सं० रुध्+नु] १. भइरहेको कुनै काम बीचैमा स्थगित गर्नु; रोक्का गर्नु। २. प्रतिबन्ध लगाउनु; मनाही गर्नु; निषेध गर्नु। ३. छेक्नु; थुन्नु। ४. थाम्नु; अड़्याउनु।

रोख-पोख–ना० [फा० रो+पूच] १. असल-खराब; उब्जनी हुने र नहुने (जग्गा)। २. सापोनापो।

रोग–ना० [सं०] शरीरलाई अस्वस्थ पार्ने शारीरिक विकार; बीमारी; व्याधि।

रोग-ग्रस्त–वि० [सं०] रोग लागेको; रोगी।

रोगन–ना० [फा० रौग़न] १. कुनै वस्तु टल्काउनाका निमित्त त्यसमा लेपन गरिने लेसाइलो पदार्थ; पालिश। २. रङ्ग; वर्ण। ३. रँगाउने वस्तु; रँगाउने पदार्थ।

रोगाइ–ना० [रोगाउ+आइ] रोगाउने किसिम, क्रिया वा भाव।

रोगाइनु–अ० क्रि० [रोगाउ+इ+नु] रोगी होइनु; ('रोगाउनु'-को भा० क्रि०)।

रोगाउनु–अ० क्रि० [रोग+आउ+नु] १. रोगी हुनु; बिरामी पर्नु। २. धेरै दिनसम्म बिरामी हुनु; अस्वस्थ हुनु।

रोगाहा–वि० [रोग+आहा] १. प्रायः बिरामी भइरहने; दीर्घ-रोगी। २. बिरामी; रोगी।

रोगाक्रान्त–वि० [सं०] रोगले ग्रस्त पारेको; रोगी।

रोगार्त–वि० [सं०] रोगले दुःखित; रोग-ग्रस्त।

रोगी–वि० [सं०] १. रोग लागेको; बिरामी; अस्वस्थ। २. प्रायः सधैँभरि बिरामी हुने; एक-न-एक रोग लागिरहने।

रोङ–ना० [ने०] लाप्चे-जातिको भाषा।

रोचक–वि० [सं०] १. रुचि लाग्ने; रुच्ने; प्रिय; आकर्षक। २. दिल बहलाउने; मनोरञ्जक; रमाइलो। ३. रुचि वा भोक बढ़ाउने। (ना०) ४. भोक। ५. भोक वा रुचि बढ़ाउने औषध।

रोचन–वि० [सं०] १. रुचि बढ़ाउने; रोचक। २. शोभा-युक्त। ३. दीप्तिमान्। (ना०) ४. गोरोचन।

रोचना–ना० [सं०] १. पूजा-आजामा देवतालाई चढ़ाइने अबीरजस्तो रातो चूर्ण; रोरी। २. गोरोचन। ३. रातो कमल। ४. शोभा बढ़ाउने वस्तु। ५. रातो रङ्ग।

रोज–ना० [फा० रोज़] १. दिन; दिवस; २. वार। (क्रियो०) ३. प्रतिदिन; नित्य; दिनहुँ।

CC-0. In Public Domain. Digitization by eGangotri

रोजगार–ना० [फा० रोज़गार] पेशा; इलम; व्यवसाय।
रोजगारी–वि० [रोजगार+ई] रोजगार गर्ने; व्यवसायी।
रोजा–वि० [रोज्] १. रोज्न लायक; चुन्न योग्य। २. उम्दा; उत्कृष्ट।
रोजाइ–ना० [रोज्+आइ] रोज्ने किसिम, क्रिया वा भाव।
रोजाइ–ना० [रोजाउ+आइ] रोजाउने किसिम, क्रिया वा भाव।
रोजाइनु–स० क्रि० [रोजाउ+इ+नु] रोज्न वा छान्न लाइनु; ('रोजाउनु'-को क० क्रि०)।
रोजाउनु–स० क्रि० [रोज्+आउ+नु] रोज्न वा छान्न लाउनु; ('रोज्नु'-को प्रे० क्रि०)।
रोजिनु–स० क्रि० [रोज्+इ+नु] छानिनु; ('रोज्नु'-को क० क्रि०)।
रोजिन्दा–क्रि० यो० [फा० रोज़ीन:] १. हरेक दिन; दिनहुँ। २. सधैँ; नित्य।
रोजी–ना० [फा० रोज़ी] जीविका; जीवन-निर्वाहको साधन।
रोजी–वि० [रोज्] १. रोजेको; छानेको। २. मन परेको; रुचेको।
रोजी-छाड़ी–ना० [रोज्+छाड्] मन-परेको वस्तु रोज्ने र मन-नपरेको वस्तु छोड्ने काम; धेरै वस्तुहरूमा आफूलाई मन-परेको मात्र छान्ने काम।
रोज्नु–स० क्रि० [सं० रुच्+नु] आफूलाई मन-परेको चाहिँ छुट्ट्याउनु वा लिनु; छान्नु; चुन्नु।
रोट–ना० [रोटी] १. ठूलो एक प्रकारको रोटी। २. गोरखनाथलाई भोग लगाउने एक विशिष्ट प्रकारको रोटी।
रोटिका–ना० [सं०] सानो रोटी।
रोटी–ना० [सं० रोटिका] १. मुछेको पीठो बेलेर वा रयालेर पकाएको खाद्य पदार्थ। २. सेल, पुरी, जिलेबी, पेड़ा आदि मिठाई। ३. जीवन-वृत्ति; जीविका।
रोटे-पीङ–ना० [रोटी+पीङ] धेरै जना एकसाथ बसेर खेल्न हुने, चर्खाको चक्रजस्तै घुम्ने एक प्रकारको पीङ; रोहोटे-पीङ।
रोटो–ना० [रोटी] १. रोटीजस्तै जमेको वस्तु; पाप्रो। २. मोटो किसिमको रोटी।
रोड़ा–ना०[सं० लोष्ट] ढुङ्गा, ईँट आदिको टुक्रो; कङ्क्रीट।
रोदन–ना० [सं०] रुने काम; रुदन।
रोदी–ना० [ने०] धान काट्ने वेलामा नाच-गान गरेर मनाइने एक उत्सव।
रोदी-घर–ना० [रोदी+घर] रोदी उत्सव मनाउने घर।
रोध–ना० [सं०] १. रोक; रोक्का। २. बाधा; अड्काउ।
रोधक–वि० [सं०] रोक्ने; अवरोध गर्ने; छेक्ने।
रोधन–ना० [सं०] १. रोक्ने काम; अवरोध; प्रतिबन्ध। २. दमन।
रोध्र–ना० [सं०] १. पाप; अपराध। २. लोधको रूख; लोध्र।
रोप–ना० [सं०] १. रोप्ने काम; रोपण। २. रोक; रोकावट।
रोपक–वि० [सं०] रोप्ने; बोट, बिरुवा आदि लाउने।
रोपण–ना० [सं०] १. बोट/बिरुवा आदि लगाउने काम; रोप्ने काम। २. प्रतिष्ठा; स्थापन। ३. घोच्नु; घोप्नु; घुसार्नु।
रोपनी–ना० [रोप्+नी] छपन्न सय पच्चीस वर्ग-फुट जमीनको नापो; चार मुरी माटोको परिमाण।
रोप-लाइन–ना० [अं०] रोप-वे।
रोप-वे–ना० [अं०] फल्याक, बाकस आदिजस्ता साधनमा माल-मत्ता राखी बिजुलीको सहायताले यत्र-तत्र पठाउनाका निमित्त टाँगिएको फलामका तारहरूले बनेको डोरी; रोप-लाइन।
रोपाइँ–ना० [रोप्+आइँ] धानको बीउ रोप्ने काम; खेत रोप्ने काम।
रोपाइ–ना० [रोप्+आइ] रोप्ने किसिम, क्रिया वा भाव।
रोपाइनु–स० क्रि० [रोपाउ+इ+नु] रोप्न लाइनु; ('रोपाउनु'-को क० क्रि०)।
रोपाउनु–स० क्रि० [रोप्+आउ+नु] रोप्न लाउनु; ('रोप्नु'-को प्रे० क्रि०)।
रोपाहार–ना० [रोप्+आहार] खेतमा धानका बीउहरू रोप्ने स्त्री।
रोपित–वि० [सं०] १. रोपिएको; लगाइएको (बोट-बिरुवा)। २. राखिएको; स्थापित।
रोपिनु–स० क्रि० [रोप्+इ+नु] रोप्ने काम गरिनु; ('रोप्नु'-को क० क्रि०)।
रोपुवा–वि० [रोप्+उवा] ब्याड़मा उम्रेको बीउ उखेलेर फेरि रोपेको (धान, काँक्रो, फर्सी आदिको बोट)।
रोपो–ना० [रोप्+ओ] रोपेका धानको बीउको बोट।
रोप्नु–स० क्रि० [सं० रोप+नु] १. बोट-बिरुवा वा बीउ जमीनमा गाड्नु; बिरुवा आदि लाउनु। २. बीउ छर्नु। ३. घुसार्नु; पसाउनु। ४. घोप्नु; घोच्नु।
रोब–ना० [अ० रुअब] १. धाक; रवाफ। २. तेज; प्रताप।
रोबकार–ना० [फा० रू-बकार] साक्षात्कार; रोहबर।
रोब-रवाफ–ना० [रोब+रवाफ] धाक-रवाफ।
रोम–ना० [सं०] १. रौँ; केश। २. प्वाँख।
रोम–ना० [अं०] इटली देशको राजधानी।
रोम-कूप–ना० [सं०] छालामा रउँहरू उम्रेका ठाउँमा हुने साना-साना प्वाल।
रोमन–वि० [अं०] १. प्राचीन रोम नगर वा राष्ट्रको। (ना०) २. प्राचीन रोम देशको निवासी। ३. अङ्ग्रेजी आदि विभिन्न यूरोपीय भाषाहरू लेखिने एक लिपि।
रोमन्थ–ना० [सं०] उग्राउनु; पागुर।
रोम-हर्ष–ना० [सं०] रोमाञ्च; पुलक।
रोम-हर्षण–ना० [सं०] १. हर्ष, शोक, भय आदिले शरीरका रउँहरू ठाड़ा-ठाड़ा हुनु; रोमाञ्च हुनु। २. एक प्रसिद्ध ऋषि। (वि०) ३. भयङ्कर; भीषण।

CC-0. In Public Domain. Digitization by eGangotri

रोमाञ्च–ना० [सं०] हर्ष, भय, शोक आदिबाट शरीरका रौँहरू ठाड़ा-ठाड़ा हुनु; रोम-हर्षण; पुलक।

रोमाञ्चित–वि० [सं०] रोमाञ्च भएको; पुलकित।

रोमान्टिक–वि० [अं०] १. व्यक्ति वा कल्पना-प्रधान एक विशेष प्रकारको साहित्यिक शैलीको। २. रोमान्स-सम्बन्धी।

रोमान्स–ना० [अं०] १. भावुकता; उत्साह र कल्पना-प्रधान विचार, कथा, कार्य, वर्णन वा आचरण। २. कल्पना-प्रधान आदर्शवादी कथा। ३. भावुकता-प्रधान प्रेम।

रोमावलि–ना० [सं०] रोमावली।

रोमावली–ना० [सं०] १. रौँहरूको पङ्क्ति। २. नाभि-देखि माथितिरको ठाड़ो रोम-पङ्क्ति।

रोमोद्गम–ना० [सं०] रोमाञ्च; रोम-हर्ष।

रोरी–ना० [सं० रोचना] देवताको पूजामा प्रयोग गरिने अबीरजस्तो एक किसिमको रातो धूलो; रोचना।

रोरे–वि० [सं० रोदन] एक-न-एक निहुँले रोइरहने; रुन्चे; पिन्चे।

रोऱ्याइँ–ना० [रोरे+याइँ] सानो-तिनो निहुँ पारी केटा-केटी रोइरहने काम; रोरे हुनाको भाव।

रोल–ना० [अं०]१. कर्मचारीहरूको माथिल्लो दर्जामा चढ्ने पालो; उन्नतिको क्रम। २. क्रम।

रोलदार–वि० [रोल+दार] रोल पाउने; रोलवाला।

रोलम्ब–ना० [सं०] भमरो; भ्रमर।

रोलर–ना० [अं०] लोहोरोजस्तो साधन; बेलन।

रोलवाला–वि० [रोल+वाला] माथिल्लो दर्जामा चढ्ने रोल वा अधिकार पाएको (कर्मचारी)।

रोलाइ–ना० [रोल्+आइ] रोल्ने किसिम, क्रिया वा भाव।

रोलाइनु–स० क्रि० [रोलाउ+आइ+नु] रोल्न लाइनु; ('रोलाउनु'-को क० क्रि०)।

रोलाउनु–स० क्रि० [रोल्+आउ+नु] रोल्न लाउनु; ('रोल्नु'-को प्रे० क्रि०)।

रोलिनु–अ० क्रि० [रोल्+इ+नु] १. पहिरो जानु; पहिरो भत्कनु। (स० क्रि०) २. पहिरो लाइनु; ('रोल्नु'-को क० क्रि०)।

रोल्नु–स० क्रि० [रेलो+नु] १. पहिरो लाउनु; पहिरो भत्काउनु। २. प्रशस्त खर्च गर्नु; रेल्नु।

रोल्याइ–ना० [रोलि+याइ] रोलिने किसिम, क्रिया वा भाव।

रोल्वालिङ–ना० [ने०] नेपालको पूर्वी भागमा पर्ने, हिमालयको एक शृङ्खला। (यसैको एक शिखर गौरी-शङ्कर हो।)

रोवाइनु–स० क्रि० [रोवाउ+इ+नु] रुने पारिनु; ('रोवाउनु'-को क० क्रि०)।

रोवाउनु–स० क्रि० [रु+वाउ+नु] रुने पार्नु; ('रुनु'-को प्रे० क्रि०)।

रोशनी–ना० [फा०] १. उज्यालो; प्रकाश। २. दीप-शिखा। ३. ज्योति।

रोष–ना० [सं०] १. रीसको आवेग; क्रोधको उद्वेग। २. रीस; क्रोध। ३. विरोध। ४. जोश; उमङ्ग।

रोषित–वि० [सं०] १. रिसाएको; क्रुद्ध। २. रोष भएको। ३. रोष पैदा गरिएको।

रोषी–वि० [सं०] रोष गर्ने।

रोसम–ना० [फा० रोजिनः] इलम; उद्यम; पेशा।

रोह्–ना० [फा० राह] १. नियम; नीति; विधि। २. सिल-सिला; क्रम।

रोहण–ना० [सं०] १. चढ्ने काम; आरोहण। २. उम्रनु; अङ्कुरित्त हुनु।

रोहबर–क्रि० यो० [फा० रू-बरू] १. सामुन्ने; अगिल्तिर; समक्ष। (ना०) २. देखादेख; साक्षात्कार।

रोहबरी–ना० [रोहबर+ई] रोहबर।

रोहिण–ना० [सं०] बरको रूख।

रोहिणी–ना० [सं०] १. गाई। २. सत्ताईस नक्षत्रमध्ये एक। ३. बलदेवकी आमा। ४. बिजुली।

रोहित–वि० [सं०] १. रातो रङ्गको; लोहित। (ना०) २. रातो रङ्ग। ३. रगत; रक्त। ४. रतुवा मृग। ५. गुराँस फूल। ६. एक जातको माछो; रोहू। ७. पुराण-प्रसिद्ध राजा हरिश्चन्द्रका छोरा।

रोहितक–ना० [सं०] गुराँस फूल।

रोही–वि० [सं०] १. चढ्ने; उक्लने; आरोहण गर्ने। (ना०) २. वट वृक्ष।

रोहू–ना० [रहु] रहु माछो।

रोहोटे–ना० [रोहोटो+ए] एक जातको कर्कलो।

रोहोटे-कमिलो–ना० [रोहोटो+कमिलो] एक जातको कमिलो।

रोहोटे-पीङ–ना० [रोटे-पीङ] रोटे-पीङ।

रोहोटो–ना० [प्रा० अरहट] पानी जमेको सानो खाल्टो; सानो-तिनो पोखरी।

रौँ–ना० [रउँ] रउँ।

रौक्ष्य–ना० [सं०] रुक्ष हुनाको भाव; रूखोपन।

रौद्र–वि० [सं०] १. रुद्र-सम्बन्धी। २. डर-लाग्दो; भयङ्कर। ३. प्रचण्ड; उग्र। (ना०) ४. साहित्यका नौ रसमध्ये एक। (यसमा शत्रु आलम्बन, शत्रुको दोष, चेष्टा आदि उद्दीपन, मुड्की हान्नु आदि अनुभाव, आँखा रातो पार्नु, शेखी, आवेग आदि सञ्चारी भाव र क्रोध स्थायी-भाव हुन्छन्।)

रौद्रता–ना० [सं०] १. रौद्र हुनाको भाव। २. प्रचण्डता; उग्रता।

रौनक–ना० [अ० रौनक़] १. चमक-दमक; दीप्ति। २. शोभा; सौन्दर्य। ३. चहल-पहल।

रौप्य–वि० [सं०] १. चाँदीको; चाँदीबाट बनेको। (ना०) २. चाँदी।

रौरव–वि० [सं०] १. भयङ्कर; डर-लाग्दो। २. रुरु नामक मृगका छालाले बनेको। (ना०) ३. एक्काईस महानरक-

CC-0. In Public Domain. Digitization by eGangotri

मध्ये एक।

रौहिणेय–ना० [सं०] १. बलराम। २. बुध ग्रह। ३. बाछो।

र्‍याँ-र्‍याँ–क्रि० यो० [अनु०] १. करौँतीले काठ चिर्दा शब्द आउने किसिम। २. सारङ्गी, बेला आदि तारका बाजाहरू बजाउँदा शब्द आउने किसिम; र्‍याइँ-र्‍याइँ।

र्‍याइँ-र्‍याइँ–क्रि० यो० [अनु०] र्‍याँ-र्‍याँ।

र्‍याखर्‍याख–क्रि० यो० [ने०] बेसरी हप्काउने किसिम; झपार्ने किसिम।

र्‍याखर्‍याखी–क्रि० यो० [र्‍याख-र्‍याख+ई] र्‍याख-र्‍याख।

र्‍याखर्‍याखती–क्रि० यो० [र्‍याख-र्‍याख+ती] र्‍याख-र्‍याख।

र्‍याङ-ठ्याङ–ना० [ने०] १. मतो; मतैक्य। २. तारतम्य; ठीक-ठाक।

र्‍याङर्‍याङती–क्रि० यो० [ल्याङल्याङती] घरको भित्री भाग खाली रहने किसिम।

र्‍याल–ना० [राल] राल।

र्‍याले–वि० [र्‍याल+ए] राले।

र्‍याल्ल–क्रि० यो० [ने०] र्‍याल वा लेसाइलो पदार्थ चुहुने किसिम।

र्‍वाइँ-र्‍वाइँ–क्रि० यो० [अनु०] घट्ट, जाँतो आदि घुम्ने वा घुमाउँदा शब्द आउने किसिम।

र्‍वाम्म–क्रि० यो० [ने०] बेसरी रोप्ने वा गाड्ने किसिम।

ल

ल–देवनागरी वर्ण-मालाको अट्ठाईसौँ व्यञ्जन वर्ण। अन्तस्थ वर्णको तेस्रो अक्षर। यसको उच्चारण दन्त्य-स्थानबाट हुन्छ।

ल–ना० [ने०] १. अरूले भनेका कुरा मान्दा वा कुनै विषयमा स्वीकृति जनाउँदा प्रकट गर्ने शब्द; 'हुन्छ' अर्थ बुझाउने शब्द; ली। (उदा०–ल, तपाईंले भनेजस्तै गरुँला।) २. कुनै काम आरम्भ गर्न कसैलाई प्रेरणा गरेर भनिने शब्द। (उदा०–ल, अब हामी काम थालौँ।) (वि० बो०) ३. आश्चर्य, विस्मय, खेद, भूल आदि हुँदा प्रकट गरिने शब्द। (यो अर्थ बुझाउँदा 'ल'-को उच्चारण प्रायः प्लुत-रूपमा हुन्छ। उदा०–ल, ठूलो भूल भएछ।)

लँगड़ा–वि० [लङ्गड़ा] लङ्गड़ा।

लँगड़ो–वि० [लङ्गड़ो] लङ्गड़ो।

लँगड़ाइ–ना० [लङ्गड़ाइ] लङ्गड़ाइ।

लँगड़ाइनु–अ० क्रि० [लँगड़ाउ+इ+नु] लङ्गड़ाइनु; ('लँगड़ाउनु'-को भा० क्रि०)।

लँगड़ाउनु–अ० क्रि० [लँगड़ो+आउ+नु] लङ्गड़ाउनु।

लँगौटिया–वि० [लँगौटी+इया] लँगौटी-सम्बन्धी; कौपीन-सम्बन्धी।

लँगौटी–ना० [सं० लिङ्ग+पटी] कन्धनीमा घुसारी उपस्थ र गुद-द्वार छोप्ने वस्त्र; सानो ठाड़ो धोती।

लकड़ी–ना० [सं० लगुड] १. वृक्षको काटेको ठूलो मूढ़ो; दलिन, थाम, निदाल आदि बनाउने ठूलो काठ। २. बाल्ने काठ; दाउरो।

लकपक–ना० [लट-पट] १. धक, त्रास आदिले बोल्दा लरबराउने काम; स्पष्ट वा पूर्ण रूपले बोल्नन सक्नु। २. रोग वा कमजोरीले हिँड्दा धरमराउने काम; लरखराउने काम; ढुनमुनिने काम।

लकपकाइ–ना० [लकपकाउ+आइ] लकपकाउने किसिम, क्रिया वा भाव।

लकपकाइनु–अ० क्रि० [लकपकाउ+इ+नु] लकपक गरिनु; ('लकपकाउनु'-को भा० क्रि०)।

लकपकाउनु–अ० क्रि० [लकपक+आउ+नु] १. धक, त्रास आदिले बोल्दा लरबराउनु; लकपक गर्नु। २. हिँड्दा धरमराउनु; ढुनमुनिनु; लकपकिनु।

लकपकाहट–ना० [लकपकाउ+आहट] लकपकाउने किसिम, क्रिया वा भाव; लकपकाइ।

लकपकिइनु–अ० क्रि० [लकपकि+इ+नु] लकपकाइनु; ('लकपकिनु'-को भा० क्रि०)।

लकपकिनु–अ० क्रि० [लकपक+इ+नु] लकपकाउनु।

लकपकी–ना० [लकपक+ई] लकपकाउने काम; लकपक।

लकपके–वि० [लकपक+ए] लकपक गर्ने; लकपकाउने।

लकपक्याइ–ना० [लकपकि+याइ] लकपकिने किसिम, क्रिया वा भाव।

लकपक्याहट–ना० [लकपकि+याहट] लकपकिने किसिम, क्रिया वा भाव; लकपक्याइ।

लकरुवा–ना० [लक्कड़+उवा] निगाले-चितुवा; चरी-बाघ।

लकर्वा–ना० [लकरुवा] लकरुवा।

लकवा–ना० [अ० लक़्वा] अङ्ग-प्रत्यङ्गलाई शक्ति-हीन र चेतना-शून्य तुल्याइदिने नाडी-सम्बन्धी एक रोग; पक्षवात; पक्षाघात।

लकाँसी–ना० [नेवा०] झ्याल-ढोकाका खापा अड्ने ठेला-भित्रको तेर्सो तल्लो काठ।

लकार–ना० [सं०] 'ल'-अक्षर; दन्त्य-स्थानबाट उच्चारण हुने, अन्तस्थ वर्णको तेस्रो अक्षर।

लकीर–ना० [सं० रेखा] रेखा; धर्को; धर्सो।

लकुच–ना० [सं०] १. बड़हर। २. लुकाट।

लकुना–ना० [सं० लक्षण] दाँत तलतिर फर्केकी ढोई।

लकुवा–ना० [लकवा] लकवा।

लकुवा–ना० [लकरुवा] लकरुवा।

लक्कर–ना० [सं० लगुड] १. लकड़ी; काठ; दाउरा। २. पुरुषको जननेन्द्रिय; शिश्न।

CC-0. In Public Domain. Digitization by eGangotri

लक्का–ना० [अ०] १. पुच्छर फिँजिएको एक जातको परेवा। २. भाले परेवा। ३. भाले बाज पक्षी। (वि०) ४. मस्त जवान; तरुनो।

लक्कु–ना० [सं० लगुड] रुपियाँ, पैसा आदिको तङ्गी; बिन्डी; क्याँट।

लक्कू–ना० [लक्कु] लक्कु।

लक्खन्–वि० [लाखन्] लाखौँ।

लक्खाँ–वि० [लाखौँ] लाखौँ।

लक्खु–ना० [नेवा०] अम्तनु।

लक्खौँ–वि० [प्रा० लक्ख+औँ] कैय्यन् लाख; लाखौँ; लाखन।

लक्तक–ना० [सं०] स्त्री-जातिले सौन्दर्यका निमित्त हातका औँला र गोड़ामा लाउन रातो रङ्ग; माहुर।

लक्ष–ना० [सं०] १. सय हजारको सङ्ख्या; लाख। २. चिह्न; निशाना। (वि०) ३. सय हजार; लाख।

लक्षण–ना० [सं०] १. कुनै वस्तु चिन्ने वा थाहा पाउने त्यसको विशेषता वा गुण; चिह्न; निशान। २. परिभाषा। ३. सामुद्रिक शास्त्रअनुसार शरीरमा हुने शुभ वा अशुभ चिह्न। ४. शकुन; लच्छिन। ५. चाला; ढाँचा; छाँट। ६. शरीरस्थ रोगको चिह्न। ७. कुनै घटना हुनुभन्दा पहिले त्यसको सूचना गर्ने चिह्न।

लक्ष-पति–ना० [सं०] लखपति।

लक्षणा–ना० [सं०] १. साहित्यमा शब्दको सामान्य अर्थदेखि भिन्न त्यससित सम्बन्धित अर्को अर्थ प्रकट गर्ने शब्दको शक्ति; अभिप्रेत अर्थ बुझाउने शब्द-शक्ति; शब्दको अभिधेयार्थमा बाधा पर्दा रूढि वा प्रयोजनका आधारमा अर्थको प्रतीति गराउने शब्द-शक्ति। २. लक्ष्य; उद्देश्य।

लक्षणी–वि० [सं०] असल लक्षण भएकी; लच्छिनी।

लक्षार्थ–ना० [सं०] लक्षणा-शक्तिद्वारा बोध हुने अर्थ; लक्षितार्थ।

लक्षित–वि० [सं०] १. देखिएको; निर्दिष्ट। २. बताइएको; कथित। ३. लक्षणा-शक्तिद्वारा बोध हुने।

लक्षिता–ना० [सं०] नायकसितको समागमका लक्षणले युक्त नायिका।

लक्षितार्थ–ना० [सं०] शब्दको लक्षणा-शक्तिद्वारा ज्ञान हुने अर्थ; लक्षार्थ।

लक्ष्म–ना० [सं०] चिह्न; निशान।

लक्ष्मण–ना० [सं०] १. सुमित्राका गर्भबाट जन्मेका, राजा दशरथका पुत्र। २. चिह्न; निशाना। ३. सारस। ४. दुर्योधनको छोरो।

लक्ष्मण-कन्द–ना० [सं०] १. अँडीरका जस्ता पात, सेता फूल, हरियो र सेतो रङ्ग मिलेका लाम्चा फल र ध्वाँसे रङ्गको ठूलो कन्द हुने एक जातको लहरो। २. त्यसैको कन्द। (आयुर्वेदमा यसको गुण बाँझी स्त्रीलाई गर्भ धारण गर्नमा समर्थ तुल्याउन सक्ने भनी बताइएको छ।)

लक्ष्मणा–ना० [सं०] १. पोथी सारस। २. सेतो कण्टकारी।

लक्ष्मी–ना० [सं०] १. धनकी अधिष्ठात्री देवी; विष्णुकी पत्नी; कमला; रमा। २. धन-सम्पत्ति; श्री-सम्पत्ति। ३. शोभा; कान्ति। ४. सौभाग्य। ५. सफलता; विजय। ६. घरकी मालिकिनी; गृह-स्वामिनी।

लक्ष्मी-नारायण–ना० [सं०] १. विष्णु र लक्ष्मी। २. भित्र दुइटा चक्र हुने शालि-ग्राम।

लक्ष्मी-पति–ना० [सं०] १. विष्णु; नारायण। २. राजा। ३. धनवान् व्यक्ति।

लक्ष्मी-पुत्र–ना० [सं०] १. धनाढ्य व्यक्ति; धनवान् मानिस। २. कामदेव।

लक्ष्मी-पूजा–ना० [सं० लक्ष्मी+पूजा] कार्तिक कृष्ण औँसीका दिन घर-घरमा बत्ती बाली उत्सवका साथ गरिने लक्ष्मीको पूजा।

लक्ष्मीवान्–वि० [सं०] १. धनवान्; धनाढ्य। २. सुन्दर।

लक्ष्मी-स्वाँ–ना० [नेवा०] १. साना लाम्चा पात, पहेँला वा काला फूल र लामा-लामा कोसा हुने एक जातको लता। २. त्यसैको फूल; जयन्ती। (यसका काला र पहेँला फूल फुल्ने–दुइ भेद छन्।)

लक्ष्य–ना० [सं०] १. उद्देश्य; ध्येय। २. निशाना; तारो; लक्ष बनाउन वा बनाइएको वस्तु वा चिह्न। ३. आक्षेप गरिएको विषय। ४. लाखको सङ्ख्या।

लक्ष्यक–वि० [सं०] १. लक्ष्य गर्ने; उद्देश्य गर्ने। २. सङ्केत-रूपले सूचना गर्ने।

लक्ष्य-भेद–ना० [सं०] अस्थिर लक्ष्यमा तारो हान्ने काम।

लक्ष्य-वेध–ना० [सं०] लक्ष्य-भेद।

लक्ष्य-वेधी–वि० [सं०] लक्ष्य-भेद गर्ने।

लक्ष्य-सिद्धि–ना० [सं०] चिताएको वा आँटेको काम-कुरो पुग्नु; लक्ष्य सिद्ध हुनु।

लक्ष्यार्थ–ना० [सं०] प्राप्त हुने अर्थ।

लख–ना० [प्रा० लक्ख] १. अड्कल; अन्दाज। २. विचार; घत; जोखना। ३. अक्षरका शिरमा लगाइने एकारको चिह्न (े)।

लख-कानो–ना० [लख+कान्दानी] अक्षरमा लगाइने 'ओ'-को चिह्न; ओकार (ो)।

लखतरान–वि० [लखर+आन] थाकेर लस्त भएको; अति थकित।

लखन-थापा–ना० [सं० लक्ष्मण+थापा] १. गोरखाका एक सिद्ध। २ विना महत्त्वको ठटचौलो कुरामात्र गर्ने व्यक्ति।

लखने–वि० [लखन-थापा] लखन्तेवारी।

लखन्तेवारी–वि० [लखन-थापा+तेवारी (थर)] काम वा इलम केही नभएको; यता-उति डुलेर पेट पाल्ने; लखने।

लखपति–वि० [सं० लक्ष-पति] १. लाखौँ रुपियाँको सम्पत्ति भएको; तालिवर; धनाढ्य। २. अनेक पोइ भएकी; लख-पातर (स्त्री)।

लख-पातर–ना० [लाख+पातर] पातर; वेश्या।

CC-0. In Public Domain. Digitization by eGangotri

लखबन्धक–ना० [सं० लक्ष्य+बन्धक] बन्धक लिएको घर, जग्गा आदि बन्धक लिनेले अर्कोलाई बन्धक राख्ने काम; बन्धकनाथिको बन्धक।

लखर-लखर–क्रि० यो० [ने०] बिनसित्ति यता-उति हिँड्ने किसिम; बेकाममा ओहोर-दोहोर गरिरहने किसिम।

लखर्के–ना० [लोखर्के] लोखर्के।

लखाइ–ना० [लख्+आइ] लख्ने किसिम, क्रिया वा भाव।

लखाइनु–स० क्रि० [लखाउ+इ+नु] लख्न वा अन्दाज गर्न लाइनु; ('लखाउनु'-को क० क्रि०)।

लखाउनु–स० क्रि० [लख्+आउ+नु] लख्न वा अन्दाज गर्न लाउनु; ('लख्नु'-को प्रे० क्रि०)।

लखाकी–ना० [नेवा०] ठूलो मोटो डोरी; इनारबाट पानी झिक्न डोल झुन्ड्याइने डोरी।

लखिनु–स० क्रि० [लख्+इ+नु] अन्दाज गरिनु; ('लख्नु'-को क० क्रि०)।

लखेटाइ–ना० [लखेट्+आइ] लखेट्ने किसिम, क्रिया वा भाव; लगाराइ।

लखेटाइनु–स० क्रि० [लखेटाउ+इ+नु] लखेट्न लाइनु; ('लखेटाउनु'-को क० क्रि०)।

लखेटाउनु–स० क्रि० [लखेट्+आउ+नु] लखेट्न लाउनु; ('लखेट्नु'-को प्रे० क्रि०)।

लखेटिनु–स० क्रि० [लखेट्+इ+नु] खेदो गरिनु; ('लखेट्नु'-को क० क्रि०)।

लखेटो–ना० [लखेट्] १. लखेट्ने काम; आखेट; खेदो। २. कामको भीड़।

लखेट्नु–स० क्रि० [सं० लक्ष्य+आखेट] १. आघात गर्न वा मार्नका निमित्त कसैको पीछा गर्नु; खेदो गर्नु; आखेट गर्नु। २. धपाउनु; लगार्नु।

लखौटी–ना० [लाख+औटी] १. वेश्या; फुँड़ी। २. ल्याइते स्वास्नी।

लखौरी–वि० [लाख+औरो+ई] १. घर-घर चाहार्ने। २. धेरै घरमा पोइल जाने। ३. लखौटी; फुँड़ी।

लख्नु–स० क्रि० [लख+नु] १. अनुमान गर्नु; अन्दाज गर्नु; लख काढ्नु; अड़कल गर्नु। २. विचार गर्नु; सोच्नु।

लग–ना० [लगत] एक जनाले दिनभरमा गर्ने नियत काम; एक जनाले एक दिनमा गर्न भ्याउन सक्ने काम।

लगत–ना० [सं० लग्] १. कुनै कामका निमित्त चाहिने नगद वा जिन्सी माल-मत्ताको जम्माजम्मी। २. ठेकिएको दरबन्दी अङ्क। ३. फिरिस्त; सूची।

लगत्तै–क्रि० यो० [सं० लग्] उत्लिखेरै; तुरुन्तै; तत्काल।

लगन–ना० [सं० लग्न] १. विवाह, व्रत-बन्ध आदि शुभ कार्य गर्ने मुहूर्त; साइत; लग्न। २. कुनै काम-कुरोमा दत्त-चित्त भई लाग्ने काम; तल्लीनता; लगनी।

लगन-गाँठो–ना० [लगन+गाँठो] कन्या-दानका समयमा जनै, सुपारी आदि माङ्गलिक वस्तुहरू आँचलमा हाली मन्त्र-पूर्वक पारेको गाँठो; लग्न-ग्रन्थि। (यो कन्या-दानको समयदेखि चतुर्थीसम्म दुलहीका कम्मरमा बाँधिन्छ।)

लगनी–ना० [लगन+ई] १. कुनै काम-कुरोमा एकाग्र भई लाग्ने काम; तल्लीनता। २. दिनभरिमा एक जनाले गर्ने काम; मेलो।

लगभग–क्रि० यो० [सं० लग्+भग्] पुग-नपुग; करीब-करीब।

लगल–ना० [लाग्] बाजी, खेल आदिमा जित्नेले हार्नेसँग लिन बाँकी भएको रकम।

लगलग–क्रि० यो० [ने०] जाड़ो, भय, कमजोरी आदि कुनै कारणले शरीर हल्लने किसिम; काँप्ने किसिम; लुगलुग।

लगलगती–क्रि० यो० [लगलग+ती] लगलग; लगलगी।

लगलगी–क्रि० यो० [लगलग+ई] लगलग; लुगलुग।

लगा–ना० [सं० लग्] १. इलाका; हाता। २. सीमा; साँध।

लगा–ना० [सं० लगुड] लग्घी।

लगाइ–ना० [लगाउ+आइ] लगाउने किसिम, क्रिया वा भाव।

लगाइ–ना० [लाग्+आइ] लाग्ने किसिम, क्रिया वा भाव।

लगाइ–ना० [लाग्+आइ] लग्ने किसिम, क्रिया वा भाव।

लगाइनु–स० क्रि० [लगाउ+इ+नु] कुनै काममा प्रवृत्त गराइनु; ('लगाउनु'-को क० क्रि०)।

लगाउनु–स० क्रि० [लाग्+आउ+नु] १. कुनै काममा प्रवृत्त गराउनु; प्रेरणा गर्नु। २. कसैका विरुद्धमा अरूलाई उत्तेजित पार्नु; उचाल्नु। ३. जोड्नु; मिलाउनु; संलग्न गर्नु। ४. पहिरनु; धारण; गर्नु। ५. लेपन गर्नु; पोत्नु वा घस्नु। ६. लाग्ने गराउनु; लाउनु। ७. उपयोग गर्नु; प्रयोग गर्नु। ८. छुनु; स्पर्श गर्नु। ९. प्राप्त गर्नु; हात पार्नु। १०. स्थितिमा राख्नु; तह वा क्रम मिलाउनु। ११. तोक्नु; निश्चय गर्नु। १२. युक्ति खेलाउनु। १३. आफूलाई ठूलो सम्झनु वा देखाउनु। १४. बोट, बिरुवा आदि रोप्नु; सार्नु। १५. दोष, अभियोग आदिको आरोप गर्नु। १६. चुक्ली हाल्नु; छुल्याइँ गर्नु। १७. अर्थ, भाव, अभिप्राय आदि प्रकट गर्नु; स्पष्ट गर्नु। १८. भाग मिलाउनु; भाग-शान्ति छुट्ट्याउनु। १९. कुनै क्रिया-पदका पछि लागेर त्यो काम गर्ने वा गर्नमा प्रेरणा दिने अर्थ बुझाउने शब्द। (उदा०–गोता लगाउनु, गर्न लगाउनु इत्या०।) २०. आक्रमण गर्नु; खेदो गर्नु।

लगातार–क्रि० यो० [सं० लग्+तार] एकपछि अर्को सिलसिला मिलेर; निरन्तर; बराबर।

लगान–ना० [सं० लग्+आन] १. कुनै काममा लाग्ने खर्च; दर-बन्दी खर्च। २. ब्याज लिने गरी सर-सापटी दिइराखेको धन; लगानी। ३. लागू-भागू। ४. भूमि-कर; माल-पोत।

लगानी–ना० [लगान+ई] १. ब्याज लिने गरी सर-सापट दिइएको धन; लगान। २. लागू-भागू। ३. माल-पोत; भूमि-कर।

CC-0. In Public Domain. Digitization by eGangotri

लगापात–ना० [सं० लग्+पार्श्व] कुनै घर, जग्गा आदिको-वरि-परिको जमीन; सेरो-फेरो।

लगाम–ना० [फा०] घोड़ाका मुखमा हालिने काँढ़ावाल फलामे साधनका दुवै टुप्पामा बाँधी घोड़-चढ़ीले समाउने छाला वा डोरीको लामो फित्ता; बाग-डोर; करेली।

लगायत–ना० यो० [अ० लग़ायत] समेत; सहित।

लगाराइ–ना० [लगार्+आइ] लगार्ने किसिम, क्रिया वा भाव; लखेटाइ।

लगारिनु–स० क्रि० [लगार्+इ+नु] लखेटिनु; ('लगार्नु'-को क० क्रि०)।

लगार्नु–स० क्रि० [सं० लग्+आर+नु] १. समाउने वा मार्ने नीयतले पछि लाग्नु; लखेट्नु; दपेट्नु; पीछा गर्नु। २. धपाउनु; भगाउनु।

लगालग–क्रि० यो० [सं० लग्+लग्] एकपछि तुरुन्तै अर्को भएर; लगातार; धमाधम; अविरल।

लगिनु–स० क्रि० [लग्+इ+नु] लिएर गइनु; ('लग्नु'-को क० क्रि०)।

लगुख–ना० [नेवा०] छालाले मोहोरेको, हातले ठोकेर बजाइने एक प्राचीन बाजा।

लगुड–ना० [सं०] लौरो; लट्ठी।

लगुर–ना० [सं०] लौरो; लट्ठी।

लगुल–ना० [सं०] लगुड; लट्ठी।

लगेदा–ना० [सं० लग्]हौदा, गद्दी आदिको तलतिर बिछ्याइने ऊनी बाक्लो कपड़ा; एक प्रकारको जीन-पोश।

लग्गा–ना० [लग्गा] १. हिस्सा; अंश। २. जिम्मा; ढेस्सा। ३. लग्गी।

लग्गी–ना० [लग्घी] लग्घी।

लग्गू–वि० [सं० लग्] १. कुनै काम-कुरोमा एकोहोरो लागेको; तल्लीन। २. लम्पट; कामुक। ३. व्यसनी; अम्मली।

लग्घी–ना० [सं० लगुड] १. भूमिको नापी गर्ने नौ हात लामो नापो; लग्गा। २. ठेलेर नाउ चलाउनका निमित्त प्रयोग गरिने घारो।

लग्न–ना० [सं०] १. ज्योतिष-शास्त्रअनुसार कुनै ग्रह उदय भइरहने, दिनको अंश। २. कुनै काम गर्ने शुभ मुहूर्त; साइत; लगन। (वि०) ३. टाँसिएको; जोरिएको।

लग्न-कुण्डली–ना० [सं०] जन्म-कुण्डली।

लग्न-ग्रन्थि–ना० [सं०] कन्या-दानका अवसरमा वर र वधूका आँचलका टुप्पा जोरेर बनाइने गाँठो; लगन-गाँठो।

लग्न-पत्रिका–ना० [सं०] विवाह, व्रत-बन्ध आदिका शुभ मुहूर्तमा गरिने कार्य-क्रमको उल्लेख गरिएको पत्रिका।

लग्नु–स० क्रि० [सं० लग्+नु] लिएर जानु; लानु; लैजानु।

लघाराइ–ना० [लघार्+आइ] लघार्ने किसिम, क्रिया वा भाव।

लघारिनु–स० क्रि० [लघार्+इ+नु] लखेटिनु; लगारिनु; ('लघार्नु'-को क० क्रि०)।

लघार्नु–स० क्रि० [लगार्+नु] लगार्नु।

लघिमा–ना० [सं०] १. आठ सिद्धिमध्ये एक। (यस सिद्धिका प्रभावले मानिस आकृतिमा सानो र हलुङ्गो बन्न सक्छ।) २. लघुता।

लघु–वि० [सं०] १. छोटो; लामो नभएको। २. सानो; क्षुद्र। ३. हलौं; हलुको। ४. निस्सार। ५. थोरै; अलिकति। ६. कान्छो; कनिष्ठ। (ना०) ७. एक मात्राको व्यञ्जन वर्ण; ह्रस्व स्वर (।)।

लघु-क्रम–ना० [सं०] छिटो हिंड़ाइ; द्रुत गति।

लघुतम-समापवर्त्य–ना० [सं०] दुइ वा दुइभन्दा बढ़ी सङ्ख्या-हरूले निश्शेष भाग लाग्ने सबभन्दा सानो सङ्ख्या।

लघुता–ना० [सं०] लघु वा छोटो हुनाको भाव।

लघुत्व–ना० [सं०] लघु हुनाको भाव।

लघु-द्राक्षा–ना० [सं०] किशमिश।

लघु-शंका–ना० [सं०] पिसाब गर्ने काम; मूत्र-त्याग।

लङ–ना० [लाम] लाम; ताँती; पङ्क्ति।

लङ्का–ना० [सं०] १. भारतको दक्षिणतिर रहेको एक टापू। (रावण यसै द्वीपमा राज्य गर्दथ्यो भन्ने कथन छ।) २. खेसारी अन्न।

लङ्का-पति–ना० [सं०] १. लङ्काको राजा। २. रावण। ३. विभीषण।

लङ्कासानी–ना० [सं० लङ्केश्वरी] १. खुर्सानीका जस्ता पात, राता, कमला, बास्ना आउने फूल हुने र मरीचजस्ता काला-काला दाना फल्ने एक जातको बर्खे बोट। २. त्यसैको फूल; लङ्केश्वरी।

लङ्केश्वरी–ना० [सं०] १. लङ्कासानी। २. लङ्काकी स्वामिनी।

लङ्गड़ा–वि० [फा० लङ्ग] १. लङ्गड़ो। (ना०) २. एक जातको असल आँप; मालदह।

लङ्गड़ाइ–ना० [लङ्गड़ाउ+आइ] लङ्गड़ाउने किसिम, क्रिया वा भाव; खोच्याइ।

लङ्गड़ाइनु–अ० क्रि० [लङ्गड़ाउ+इ+नु] खोच्याइनु; ('लङ्गड़ाउनु'-को भा० क्रि०)।

लङ्गड़ाउनु–अ० क्रि० [लङ्गड़ो+आउ+नु] लङ्गड़ो हिंड़ेजस्तै हिंड्नु; खोच्याउनु; लेच्याउनु।

लङ्गड़ो–वि० [फा० लङ्ग] १. खुट्टो खोच्याएर हिंड्ने; खँजाहा। २. खोरन्डो; पङ्गु।

लङ्गर–ना० [फा०] १. जहाज, डुङ्गा आदिलाई अड़चाइ-राख्ने डोरी वा जन्जीर आदिमा झुन्ड्याइएको फलामे ठूलो काँटादार साधन। २. ठूलो किसिमका घड़ीहरूको तलतिर झुन्डिएर हल्लिरहने अवयव; लङ्गुर। ३. घण्टाको रालो।

लङ्गुर–ना० [फा० लङ्गर] ठूलो किसिमका घड़ीहरूको तलतिर झुन्डिएर हल्लिरहने अवयव; लङ्गर।

लङ्गुर-बुर्जा–ना० [फा० लङ्गर+बुर्ज] पान, चीर, इँट, सुरथ, ताज र लङ्गुरका बुट्टा भएका थर्कीमा चार पाटा परेका

CC-0. In Public Domain. Digitization by eGangotri

तीन वटा पासाले खेलिने जूवाको एक खेल।

लङ्गूर–ना० [सं० लङ्गूल] १. कालो मुख र लामो पुच्छर हुने एक जातको बाँदर। २. बाँदरको पुच्छर। ३. पुच्छर।

लङ्घक–वि० [सं०] १. नाघ्ने; फट्कने; उल्लङ्घन गर्ने। २. नियम, रीति आदि नमान्ने।

लङ्घन–ना० [सं०] १. नाघ्ने काम; फट्कने काम। २. नियम, आज्ञा, विधि आदिको अतिक्रमण; उल्लङ्घन। ३. नखानु; उपवास; निराहार।

लङ्घनक–ना० [सं०] १. नाघ्ने वा पार गर्ने साधन। २. पुल।

लङ्घनीय–वि० [सं०] १. नाघ्न योग्य; फट्कन लायक। २. उल्लङ्घन गर्न योग्य।

लङ्घित–वि० [सं०] १. नाघिएको; लङ्घन गरिएको। २. पालन नगरिएको; उल्लङ्घित (आज्ञा, नियम, विधि आदि)।

लङ्घ्य–वि० [सं०] १. नाघ्न वा फट्कन योग्य; लङ्घनीय। २. पालन नगर्न वा नमान्न योग्य (नियम, आज्ञा आदि)।

लचक–ना० [लच्क] लच्कने किसिम, क्रिया वा भाव।

लचक्क–क्रि० यो० [लचक] १. पूरा रूपमा बोझ थाम्न नसकी निहुरने किसिम; लच्कने किसिम। २. स्प्रिङ, नरम गद्दी आदि दब्ने र उक्सने किसिम; लच्याक्क।

लचिलो–वि० [लच्क+इलो] १. लच्कने किसिमको; लचक्क लच्कने। २. कठोर वा ठर्रो नभएको।

लच्कनु–अ० क्रि० [सं० चल] १. भार थाम्न नसकी निहुरनु; ढल्कनु; नुहुनु। २. लेचिनु।

लच्काइ–ना० [लच्क+आइ] लच्कने किसिम, क्रिया वा भाव।

लच्काइ–ना० [लच्काउ+आइ] लच्काउने किसिम, क्रिया वा भाव।

लच्काइनु–स० क्रि० [लच्काउ+इ+नु] निहुराइनु; ('लच्काउनु'-को क० क्रि०)।

लच्काउनु–स० क्रि० [लच्क+आउ+नु] १. निहुराउनु; नुहाउनु; झोल्याउनु; ('लच्कनु'-को प्रे० क्रि०)। २. खुट्टो लेच्याउनु; खोच्याउनु।

लच्किनु–अ० क्रि० [लच्क+इ+नु] १. लच्कनु; निहुरनु। २. लेचिनु। ३. भार थाम्न नसकी निहुरिनु; ('लच्कनु'-को भा० क्रि०)।

लच्के-लूतो–ना० [सं० चल+लूतो] एउटै अङ्गमा एक ठाउँमा निको भई अर्को ठाउँमा सर्दै जाने एक प्रकारको लूतो।

लच्क्याइ–ना० [लच्कि+याइ] लच्किने किसिम, क्रिया वा भाव।

लच्छा–ना० [सं० लता] १. धागो, तार आदिको गुच्छा; जरी, बादरा आदिको झुप्पो। २. गोड़ामा लाउने तारै-तारले बनेको एक प्रकारको गहना।

लच्छिन–ना० [सं० लक्षण] १. लक्षण; पूर्व-रूप। २. शकुन। ३. शुभ; मङ्गल। ४. फाप; छुक। ५. ढाँचा; चाला।

लच्छिनी–वि० [लच्छिन+ई] १. उत्तम लच्छिन भएकी (स्त्री)। २. हित गर्ने लक्षणले युक्त।

लच्याक्क–क्रि० यो० [लचक्क] लचक्क।

लछार-पछार–ना० [लछार्+पछार्] लछार्ने र पछार्ने काम; घिच्याइ-मुन्टयाइ; खहरेतान।

लछार-पाटो–ना० [लछार्+पाछ] कसैले गर्न लागेको कुनै काम गर्न नसक्ने ठहराई हियाएर व्यङ्ग्यपूर्वक भनिने शब्द।

लछाराइ–ना० [लछार्+आइ] लछार्ने किसिम, क्रिया वा भाव।

लछारिनु–स० क्रि० [लछार्+इ+नु] लाछिनु; ('लछार्नु'-को क० क्रि०)।

लछारो–ना० [लछार्] कामको हैरानी; थकावट।

लछार्नु–स० क्रि० [प्रा० लुच्छ+नु] १. छाला, बोक्रा आदि खुत्तिने गरी तान्नु; लाछ्नु; लछेर्नु। २. घिच्च्याउनु; घिसार्नु।

लछेराइ–ना० [लछेर्+आइ] लछेर्ने किसिम, क्रिया वा भाव; लछाराइ।

लछेर्नु–स० क्रि० [लछार्+नु] लछार्नु।

लजाइ–ना० [लजाउ+आइ] लजाउने किसिम, क्रिया वा भाव।

लजाइनु–अ० क्रि० [लजाउ+इ+नु] लाज मानिनु; ('लजाउनु'-को भा० क्रि०)।

लजाउनु–अ० क्रि० [सं० लज्+आउ+नु] १. लाज मान्नु; लज्जित हुनु; सरमाउनु। २. धक मान्नु; सङ्कोच मान्नु।

लजालु–वि० [लज्जालु] लज्जालु।

लज्जा–ना० [सं०] १. स्वभावैले वा सङ्कोच, दोष आदिका कारणले अर्काका अगिल्तिर निर्धक्कसँग कुनै काम गर्न नसक्ने मनोभाव; लाज; शरम। २. मान; प्रतिष्ठा; इज्जत।

लज्जालु–वि० [सं०] १. स्वभावैले लाज मान्ने; लज्जा-शील। (ना०) २. लज्जावती।

लज्जावती–ना० [सं०] १. अमिलीका जस्ता पात हुने, सेता वा राता फूल र डाँठ हुने एक जातको काँढ़ादार झार। (छुँदा यसका पातहरू चाउरिन्छन्।) (वि०) २. साना-तिना कुराले वा स्वभावैले लाज मान्ने किसिमकी; लज्जालु (स्त्री)।

लज्जावान्–वि० [सं०] लाज मान्ने; लज्जा-शील।

लज्जा-शील–वि० [सं०] स्वभावतः लाज मान्ने; लज्जालु।

लज्जित–वि० [सं०] लाज मानेको; लजाएको; लज्जा-युक्त।

लटक–ना० [सं०] १. ठग; धूर्त। २. दुष्ट; दुर्जन।

लटकन–ना० [लट्क] १. लट्केको वस्तु; लुर्को। २. झल्लर।

लटक्क–क्रि० यो० [लट्टा] बाक्लो पन्यालो पदार्थ जम्ने किसिम; तरल पदार्थ बाक्लो वा डल्लो पर्ने किसिम।

लटन-पटन–ना० [लट-पट] १. अव्यवस्था वा लापरवाहीबाट भएको गोलमाल; लटर-पटर। २. छल-छाम गरी रुपियाँ-पैसा आदि यता-उति पार्ने काम; लट-पट। ३. छ्यास-मिस।

लट-पट–ना० [सं० लट्+पट्] १. लटन-पटन; गोलमाल।

CC-0. In Public Domain. Digitization by eGangotri

२. छूतछात; लसपस।

लटपटाइ–ना० [लटपटाउ+आइ] लटपटाउने किसिम, क्रिया वा भाव।

लटपटाइनु–अ० क्रि० [लटपटाउ+इ+नु] अकमकिइनु; ('लट्पटाउनु'-को भा० क्रि०)।

लटपटाउनु–अ० क्रि० [लट-पट+आउ+नु] कुरा गर्दा अलमलिनु; अकमकिनु; लटपटिनु।

लटपटिइनु–अ० क्रि० [लटपटि+इ+नु] लपेटिइनु; ('लटपटिनु'-को भा० क्रि०)।

लटपटिनु–अ० क्रि० [लट-पट+इ+नु] १. अल्झने किसिमले बेह्रिनु वा लपेटिनु। २. अलमलिनु; अल्झनु। ३. ल्याङ-ब्याङ हुनु; कामको अलमलमा पर्नु। ४. लसपस हुनु; छ्यासमिस हुनु। ५. सन्दिग्ध हुनु। ६. मिसिनु; स्त्री-समागम हुनु।

लटपटे–वि० [लट-पट+ए] लट-पट वा गोलमाल गर्ने स्वभावको।

लटपट्याइ–ना० [लटपटि+याइ] लटपटिने किसिम, क्रिया वा भाव।

लटपट्याइ–ना० [लटपट्याउ+आइ] लटपट्याउने किसिम, क्रिया वा भाव।

लटपट्याइनु–स० क्रि० [लटपट्याउ+इ+नु] लट-पट पारिनु; ('लटपट्याउनु'-को क० क्रि०)।

लटपट्याउनु–स० क्रि० [लटपटि+याउ+नु] १. गीलो डल्लो पदार्थ सुक्खा वस्तुमा मिसाउनु; लट-पट पार्नु; लोट-पोट पार्नु। २. अलमल्याउनु। ३. बेह्रनु; लपेट्नु।

लटमुखा–वि० [लाटो+मुख+आ] मौकामा बोल्न नसक्ने; वेलामा मनको कुरो प्रकट गर्न नसक्ने।

लटर-पटर–ना० [लट-पट] १. गोलमाल; लटन-पटन; गड़बड़ी। २. लसपस; छ्यासमिस।

लटरम्म–क्रि० यो० [लट्क] बोट, बिरुवाहरूमा फल-फूलहरू प्रशस्त फल्ने किसिम।

लट्कनु–अ० क्रि० [सं० लत्] १. झोलिनु; झुन्डिनु; तुर्लुङ्ग हुनु। २. काम-काज नछिनिई वा नसिद्धिई टाँगिइरहनु।

लट्काइ–ना० [लट्क+आई] लट्कने किसिम, क्रिया वा भाव।

लट्काइ–ना० [लट्काउ+आइ] लट्काउने किसिम, क्रिया वा भाव।

लट्काइनु–स० क्रि० [लट्काउ+इ+नु] झुन्ड्याइनु; ('लट्काइनु'-को क० क्रि०)।

लट्काउनु–स० क्रि० [लट्क+आउ+नु] १. झुन्ड्याउनु; टाँग्नु; तुर्लुङ्ग पार्नु। २. काम-काज नछिनेर वा नसिद्ध्याई अलमल्याइराख्नु; टाँगिराख्नु।

लट्किनु–अ० क्रि० [लट्क+इ+नु] १. लट्कनु। २. लट्कने होइनु; झुन्डिइनु; ('लट्कनु'-को भा० क्रि०)।

लट्क्याइ–ना० [लट्कि+याइ] लट्किने किसिम, क्रिया वा भाव।

लट्टा–ना० [प्रा०] १. मैल, चोब आदिले डल्लो परेको रउँ; गुजुल्टो परी जमेको कपाल। २. जटा। ३. दुइ वा धेरै वस्तुहरू जोल्टिई वा टाँसिई परेको डल्लो (चिउरा, चामल आदि)।

लट्टाई–ना० [सं० लुट्] चङ्गाको धागो बेर्ने काठको साधन।

लट्टिनु–अ० क्रि० [लट्टा+इ+नु] १. मैल वा कुनै लेसाइलो पदार्थले रउँ आदि जमेर डल्लो पर्नु; लट्टा पर्नु। २. दुइ-तीन वटा वस्तु जोल्टिएर वा टाँसिएर एक जीउ हुनु।

लट्टी–ना० [लट्टा] धागाको सानो-तिनो मूठो; लरियो।

लट्टी-पट्टी–ना० [ने०] श्री-सम्पत्ति; सर्वस्व; सिरी-खुरी।

लट्टू–ना० [सं० लुट्] धागोले बेह्री झट्का दिई तानेर च्याम्पटीझैँ घुमाएर खेलिने एक किसिमको खेलौना; भुरुङ।

लट्टू–वि० [लट्ठ] १. प्रेममा फसेको; आसक्त; लग्गू। २. कुनै काममा एकोहोरो लागेको।

लट्टे–वि० [लट्टा+ए] १. लट्टा परेको; लेसाइलो पदार्थ वा मैलले जमेको (रौँ)। २. जटा-धारी; जटे।

लट्टे–ना० [प्रा० लट्टा] १. लाम्चा भुवादार पात हुने, गाढ़ा राता वा सेता झुप्पाकार फूल फुल्ने एक जातको बोट। २. त्यसैको दाना; नचनी; राम-दाना।

लट्टे–ना० [प्रा० लट्टिअ] भिजाएको अनदीको चामल घिउ-तेलमा पानी नहालीकन चीनी वा सखर हालेर पकाएको खानेकुरो; चाम्रे; ढक्नी।

लट्टेपा–ना० [लट्टे+पापा] लट्टेको फूल खुदोमा मुछेर बनाइएको रोटी।

लट्टो–ना० [लट्ठ] कुनै काममा एकोहोरो लाग्ने काम।

लट्ट्याइ–ना० [लट्ट्याउ+आइ] लट्ट्याउने किसिम, क्रिया वा भाव।

लट्ट्याइ–ना० [लट्टि+याइ] लट्टिने किसिम, क्रिया वा भाव।

लट्ट्याइनु–स० क्रि० [लट्ट्याउ+इ+नु] लट्टा पारिनु; ('लट्ट्याउनु'-को क० क्रि०)।

लट्ट्याउनु–स० क्रि० [लट्टा+याउ+नु] १. लट्टा पार्नु। २. जोल्ट्याएर वा टाँसेर दुइ-तीन वस्तुहरू एक जीउ पार्नु।

लट्ठ–वि० [प्रा०] १. लागूले ग्रस्त; नशाले चूर। २. रद्द; मोहित। ३. मस्त; प्रसन्न। ४. निद्रा, आलस्य आदिले ग्रस्त।

लट्ठक–वि० [सं० लट] मूर्ख; हरि-लन्ठ; हलम्बू।

लट्ठा–ना० [लट्ठी] १. ईँट, ढुङ्गा आदिले थामजस्तो बनाइएको गाह्रो। २. लामो थाम; स्तम्भ। ३. भिन्न देशको साँध छुट्टाउन बीचमा गाडिने वा बनाइने स्तम्भ।

लट्ठा-लट्ठी–वि० [लट्ठ+लट्ठ] लागू, निद्रा, आलस्य आदिले ग्रस्त; लट्ठिएको; लट्ठ।

लट्ठि–ना० [प्रा०] लट्ठी।

लट्ठिइनु–अ० क्रि० [लट्ठि+इ+नु] लट्ठ परिनु; ('लट्ठिनु'-को भा० क्रि०)।

लट्ठिनु–अ० क्रि० [लट्ठ+इ+नु] १. नशाले चूर हुनु; लट्ठ पर्नु।

CC-0. In Public Domain. Digitization by eGangotri

२. मोहित हुनु; रद्द पर्नु। ३. निद्रा, आलस्य आदिले ग्रस्त हुनु।

लट्ठी–ना० [प्रा० लट्ठि] काठ वा बाँसको लामो र सोझो टुक्रो; लहुरो; लाठी; छड़ी।

लट्ठी-कासा–ना० [लट्ठी+कासा (नेवा०)] प्रत्येक खेलाड़ीले एक-एक वटा लट्ठी लिई डूम भएका खेलाड़ीको लट्ठी हुत्त्याएर खेलिने एक खेल।

लट्ठु–वि० [लट्ठक] लट्ठक।

लट्ठ्याइ–ना० [लट्ठ्याउ+आइ] लट्ठ्याउने किसिम, क्रिया वा भाव।

लट्ठ्याइ–ना० [लट्ठि+याइ] लट्ठिने किसिम, क्रिया वा भाव।

लट्ठ्याइनु–स० क्रि० [लट्ठ्याउ+इ+नु] लट्ठ पारिनु; ('लट्ठ्याउनु'-को क० क्रि०)।

लट्ठ्याउनु–स० क्रि० [लट्ठ+याउ+नु] १. नशाले लट्ठ पार्नु। २. मोहित तुल्याउनु; रद्द पार्नु। ३. निद्रा, आलस्य आदिले ग्रस्त पार्नु; ('लट्ठिनु'-को प्रे० क्रि०)।

लटचाङ-पटचाङ–क्रि० यो० [लट-पट] १. लापरवाहीका साथ काम गर्ने किसिम; लन्याङ-लुरुङ। २. नियम, विधि आदिको वास्ता नगरी येन-केन-प्रकारेण काम गर्ने किसिम; आते-पाते। ३. लोटाउने वा पोल्ने ढङ्ग। ४. हर-हिसावमा अलमल्याउने वा यता-उति पार्ने किसिम; लट-पट; मन नलगाईकन वा असावधानीका साथ काम गर्ने किसिम; लन्ठचाङ-लुन्ठुङ।

लटचाङ्ग्रो–वि० [लाटो+याङ्ग्रो] लाटो स्वभावको; लठेप्रो; लठचाङ्ग्रो।

लठ–वि० [लट्ठ] लट्ठ।

लठबज्र–वि० [लठाबज्र] लठाबज्र।

लठाङ्ग्रिइनु–अ० क्रि० [लठाङ्ग्रि+इ+नु] जोल्टिइनु; बटारिनु; ('लठाङ्ग्रिनु'-को भा० क्रि०)।

लठाङ्ग्रिनु–अ० क्रि० [लठारि+नु] १. लठारिनु; जोल्टिनु; बटारिनु। २. लड्नु; झगड़ा गर्नु।

लठारिइनु–अ० क्रि० [लठारि+इ+नु] लठारोजस्तै बटारिइनु; ('लठारिनु'-को भा० क्रि०)।

लठारिनु–अ० क्रि० [लठारो+इ+नु] १. लठारोजस्तै बटारिनु; बाटिनु। २. जोल्टिनु; लठाङ्ग्रिनु। ३. लाकपाक गर्नु; झगड़ा गर्नु।

लठारो–ना० [प्रा० लट्ठ] १. ठूलो डोरी; लखाकी। २. धेरै समयसम्म परिरहने झगड़ा। ३. कामको भीड़; झमेला।

लठार्‍याइ–ना० [लठारि+याइ] लठारिने किसिम, क्रिया वा भाव; लठ्याङ्ग्र्याइ।

लठाबज्र–ना० [लाठो+बज्र] १. परस्परको ठूलो झगड़ा वा मार-पीट। (वि०) २. बरबाद भएको; भताभुङ्ग भई बिग्रेको। ३. सह्याली नसक्नु; धेरै असरूभार।

लठिंगरे–वि० [लठिङ्गरे] लठिङ्गरे।

लठिङ्गरे–वि० [लाठो+इङ्गर+ए] १. लट्ठक; लठुवा। २. लबिधरे; लर्दू।

लठिबज्र–वि० [लठाबज्र] लठाबज्र।

लठिबज्रे–वि० [लठिबज्र+ए] कुनै काम-कुरो राम्ररी सह्यालेर गर्न नसक्ने; काम गर्ने ढङ्ग नभएको।

लठुवा–वि० [सं० लट+उवा] १. लट्ठक; मूर्ख; लठिङ्गरे। २. लर्दू; लबिधरे।

लठेउरो–वि० [लाटो+एउरो] लाटो स्वभावको; अर्ध लाटो; लठेप्रो; लठचौरो।

लठेप्रो–वि० [लठेउरो] लठेउरो।

लठ्याङ्ग्रो–वि० [लटचाङ्ग्रो] लठेउरो; लठेप्रो; लटचाङ्ग्रो।

लठ्याङ्ग्र्याइ–ना० [लठाङ्ग्रि+याइ] लठाङ्ग्रिने किसिम, क्रिया वा भाव; जोल्ट्याइ।

लठ्याङ-पठ्याङ–ना० [लट-पट] लटचाङ-पटचाङ।

लठचौरो–वि० [सं० लट+यौरो] लठेउरो।

लड़कपन–ना० [लड़को+पन] १. लड़काको भाव वा स्वभाव। २. बाल्यावस्था। ३. नासमझ हुनाको भाव।

लड़की–ना० [लड़को+ई] १. ठिटी; केटी। २. छोरी; पुत्री।

लड़को–ना० [सं० लड्] १. ठिटो; केटो। २. छोरो; पुत्र।

लड़न-भिड़न–ना० [लड्+भिड्] लड्ने र भिड्ने काम; झगड़ा; कलह; लड़ाइँ।

लड़न्त–ना० [लड्+अन्त] १. लड्ने वा झगड़ा गर्ने काम; भिडन्त। २. युद्ध; लड़ाइँ।

लड़न्ते–वि० [लड़न्त+ए] लड्ने वा झगड़ा गर्ने स्वभावको।

लड़बड़–क्रि० यो० [सं० लड्] १. कमजोरी वा रोगले उभिन वा हिँड्न नसकेर लड्न खोज्ने किसिम; धरमर। २. धक, डर, रोग आदिले गर्दा अस्पष्टसित बोली निस्कने किसिम; लरबर।

लड़बड़ाइ–ना० [लड़बड़ाउ+आइ] लड़बड़ाउने किसिम, क्रिया वा भाव।

लड़बड़ाइनु–अ० क्रि० [लड़बड़ाउ+इ+नु] धरमराइनु; ('लड़बड़ाउनु'-को भा० क्रि०)।

लड़बड़ाउनु–अ० क्रि० [लड़बड़+आउ+नु] १. हिँड्न वा उभिन नसकेर लड्न खोज्नु; लड़बड़िनु; धरमराउनु। २. लकपकाउनु; धकाउनु।

लड़बड़िइनु–अ० क्रि० [लड़बड़ि+इ+नु] लड़बड़ाइनु; ('लड़बड़िनु'-को भा० क्रि०)।

लड़बड़िनु–अ० क्रि० [लड़बड़+इ+नु] लड़बड़ाउनु।

लड़बड़्याइ–ना० [लड़बड़ि+याइ] लड़बड़िने किसिम, क्रिया वा भाव।

लड़बुड़िइनु–अ० क्रि० [लड़बुड़ि+इ+नु] लुड़बुड़िइनु; ('लड़बुड़िनु'-को भा० क्रि०)।

लड़बुड़िनु–अ० क्रि० [लड़ीबुड़ी+इ+नु] लुड़बुड़िनु।

लड़बुड़्याइ–ना० [लड़बुड़ि+याइ] लड़बुड़िने किसिम,

CC-0. In Public Domain. Digitization by eGangotri

क्रिया वा भाव।

लड़बुड़्याइ–ना० [लड़बुड़्याउ+आइ] लड़बुड़्याउने किसिम, क्रिया वा भाव।

लड़बुड़्याइनु–स० क्रि० [लड़बुड़्याउ+इ+नु] लुड़बुड़्याउनु।

लड़बुड़्याउनु–स० क्रि० [लड़बुड़ि+याइ+नु] लुड़बुड़्याउनु।

लड़ाइ–ना० [लड्+आइ] लड्ने किसिम, क्रिया वा भाव।

लड़ाइ–ना० [लडाउ+आइ] लड़ाउने किसिम, क्रिया वा भाव।

लड़ाइनु–स० क्रि० [लड़ाउ+इ+नु] लड़न्त गराइनु; ('लड़ाउनु'-को क० क्रि०)।

लड़ाईं–ना० [लड्+आई] लड़ाई।

लड़ाईं–ना० [लड्+आई] १. दुइ थरी सेनाका बीचको पारस्परिक आक्रमण; युद्ध; सङ्ग्राम। २. झगड़ा; तकरार।

लड़ाउनु–स० क्रि० [लड्+आउ+नु] १. लडन्त गराउनु; भिड़ाउनु; जुधाउनु। २. पछार्नु; लोटाउनु। ३. लेटाउनु; ढाल्नु; सुताउनु। ४. गुड़ाउनु; ('लड्नु'-को प्रे० क्रि०)।

लड़ाक–ना० [लड्] १. लडन्त; भिडन्त; झगड़ा। (वि) २. लड़ाका।

लड़ाका–वि० [लड्] खूब लड्ने योद्धा; वीर; लड़ाकी।

लड़ाकी–वि० [लड़ाका+ई] लड़ाका।

लड़िका–ना० [लड़को] लड़को; केटो; ठिटो।

लड़िनु–स० क्रि० [लड्+इ+नु] युद्ध गरिनु; ('लड्नु'-को क० क्रि०)।

लड़ीबड़ी–ना० [लड़ीबुड़ी] लड़ीबुड़ी।

लड़ीबड़ी–ना० [लड्+बुड्] १. भइँमा लड़ेर गुड्ने काम; लोट-पोट; ढलीमली। २. रीसले वा दुःखले भइँमा लोट-पोट गर्ने काम। ३. भइँमा गुड़ेर खेलिने एक खेल।

लड्डु–ना० [सं०] एक प्रसिद्ध गोलाकार मिठाई; लड्डु; मोदक।

लड्डू–ना० [सं० लड्डु] लड्डु।

लड्नु–स० क्रि० [लोट्] १. युद्ध गर्नु; लडाई गर्नु। २. झगड़ा गर्नु; कलह गर्नु। (अ० क्रि०) ३. पछारिनु; लोट्नु। ४. पल्टनु; सुत्नु।

लण्ड–ना० [सं०] १. शिश्न। २. लिँड़; विष्ठा।

लण्डिइनु–अ० क्रि० [लण्डि+इ+नु] गुड़िनु; ('लण्डिनु'-को भा० क्रि०)।

लण्डिनु–अ० क्रि० [सं० लण्ड] १. गुड्नु; लड़ीबुड़ी गर्नु। २. असफल हुनु; गुल्टिनु। ३. निरुद्योगी हुनु; रल्लिनु; लन्ठिनु।

लण्ड्याइ–ना० [लण्ड्याउ+आइ] लण्ड्याउने किसिम, क्रिया वा भाव।

लण्ड्याइ–ना० [लण्डि+याइ] लण्डिने किसिम, क्रिया वा भाव।

लण्ड्याइनु–स० क्रि० [लण्ड्याउ+इ+नु] गुड़ाइनु; ('लण्ड्याउनु'-को क० क्रि०)।

लण्ड्याउनु–स० क्रि० [लण्डि+याउ+नु] १. गुड़ाउनु; लड़ाउनु। २. बिनाकाम झुलाउनु; हल्लाउनु। ३. असफल पार्नु; गुल्ट्याउनु।

लत–ना० [सं० रत] १. बानी; आदत। २. खराब कामको आदत; व्यसन।

लतक्क–क्रि० यो० [ने०] १. ज्यादा पाकेर गल्ने किसिम; २. लेदो पदार्थ चुहुने किसिम; लितिक्क; लुतुक्क।

लततत–क्रि० यो० [ने०] लुतुतुतु; लितितिति।

लतपत–क्रि०यो० [लत्त+पोत्] जथाभावीसँग पोत्ने वा पोतिने किसिम; गीलो वा लेसाइलो पदार्थ यता-उती टाँस्ने वा टाँसिने किसिम।

लतपत्याइ–ना० [लतपत्याउ+आइ] लतपत्याउने किसिम, क्रिया वा भाव।

लतपत्याइनु–स० क्रि० [लतपत्याउ+आइ+नु] लतपत पारिनु; ('लतपत्याउनु'-को क० क्रि०)।

लतपतिनु–अ० क्रि० [लतपत+इ+नु] लतपत भई पोतिनु।

लतपत्याउनु–स० क्रि० [लतपत्ति+याउ+नु] लतपत पार्नु; ('लतपतिनु'-को प्रे० क्रि०)।

लतलत–क्रि० यो० [ने०] गीलो पदार्थ धमाधम चुहुने किसिम; लिति-लिति।

लतलती–क्रि० यो० [लतलत+ई] लतलत।

लता–ना० [सं०] थाँक्रो, रूख आदिमा चढ्ने वा जमीनमा फैलिने बेलो; लहरो; वल्ली।

लता-करञ्ज–ना० [सं०] काँढ़े-कुबिराक्ष।

लता-कस्तूरी–ना० [सं०] अँड़ीरका जस्ता पात, रातो डाँठ, पहेँला फूल हुने र कोइरालाका कोपिलाजस्ता फल फल्ने एक जातको बोट।

लता-कुञ्ज–ना० [सं०] लहराले बेह्रिएर घरजस्तो बनेको ठाउँ; लता-गृह।

लता-गृह–ना० [सं०] लता-कुञ्ज।

लताम–ना० [ने०] अम्बा; बेलौती।

लता-मण्डप–ना० [सं०] लता-कुञ्ज।

लताराइ–ना० [लतार्+आइ] लतार्ने किसिम, क्रिया वा भाव।

लतार्नु–स० क्रि० [सं० लता+नु] १. घिसार्नु; भइँमा घस्रने गरी तान्नु; घह्र्याउनु। २. लटपटाउनु; लट-पट गर्नु। ३. पछार्नु; गिराउनु। ४. निहुराउनु; नुहाउनु। ५. तेल-घिउमा साग-पात पकाउनु। ६. धेरै खानु; घिच्नु (निन्दार्थमा)।

लतारिनु–स० क्रि० [लतार्+इ+नु] १. निहुराइनु; झुकाइनु। २. घिसारिनु; घहराइनु। ३. लटपटाइनु। ४. पछारिनु। ५. घिचिनु; गुतारिनु; ('लतार्नु'-को क० क्रि०)। (अ० क्रि०) ६. साग-पात आदि घिउ-तेलमा पाक्नु।

लतार्‍याइ–ना० [लतारि+याइ] लतारिने किसिम, क्रिया वा भाव।

लताहा–वि० [लात+आहा] लात्तीले हान्ने स्वभावको (गाई, भैंसी, घोड़ा आदि)।

CC-0. In Public Domain. Digitization by eGangotri

लतिका–ना० [सं०] १. सानो-तिनो लहरो; सानो लता। २. मोतीको सानो माला वा लच्छा।

लत्कनु–अ० क्रि० [लत्को+नु] लेदो वा गीलो वस्तु चुहुनु।

लत्काइ–ना० [लत्क+आइ] लत्कने किसिम, क्रिया वा भाव।

लत्काइ–ना० [लत्काउ+आइ] लत्काउने किसिम, क्रिया वा भाव।

लत्काइनु–स० क्रि० [लत्काउ+इ+नु] लत्कन लाइनु; ('लत्काउनु'-को क० क्रि०)।

लत्काउनु–स० क्रि० [लत्क+आउ+नु] १. लत्कन लाउनु; ('लत्कनु'-को प्रे० क्रि०)। २. मल त्याग गर्नु; बिस्टयाउनु।

लत्किनु–अ० क्रि० [लत्क+इ+नु] लेदो वा गीलो वस्तु चुहिनु; ('लत्कनु'-को भा० क्रि०)।

लत्को–ना० [सं० लत्] १. सिँघानको आँठो। २. लेदो पदार्थ चुहुँदाको एक भाग।

लत्त–क्रि० यो० [सं० लत्] लेदो पदार्थ एकै चोटि निस्कने वा निकाल्ने किसिम; ल्यात्त।

लत्तर–ना० [सं० लता] लामो भेट्नु हुने, राता, सेता—अनेक रङ्गका झुप्पा भई लहरामा फुल्ने एक जातको सुगन्धी फूल।

लत्ता–ना० [सं० लक्तक] १. फाटेको कपड़ा; कपड़ाको टुक्रो। २. लोता। ३. फित्ता।

लत्ता-कपड़ा–ना० [लत्ता+कपड़ा] लुगा-फाटो।

लत्तिनु–अ० क्रि० [लात्ति] लात्तिनु।

लत्तो–ना० [लत] १. साहस; हिम्मत; उत्साह। २. उद्योग; प्रयत्न।

लत्त्याइ–ना० [लत्त्याउ+आइ] लत्त्याउने किसिम, क्रिया वा भाव।

लत्त्याइनु–स० क्रि० [लत्त्याउ+इ+नु] लात्तीले हानिनु; ('लत्त्याउनु'-को क० क्रि०)।

लत्त्याउनु–स० क्रि० [लात+याउ+नु] १. लात्तीले हान्नु; लातले हिर्काउनु। २. गोड़ाले छुनु; लात्ती लाउनु।

लत्याहा–वि० [ने०] तीन वटा छोरी नै छोरी पाइसकेपछि जन्मेको छोरो।

लत्रक्क–क्रि० यो० [सं० लत्] १. झुक्ने किसिम; निहुरने किसिम। २. झुन्डिने किसिम; लुत्रुक्क। ३. ओइलाउने किसिम। ४. साग-पात, तर्कारी आदि पाक्ता गलने किसिम। ५. अभिमान, बल आदि टुट्ने किसिम। ६. लाचार हुने किसिम।

लत्रनु–अ० क्रि० [लत्रक्क+नु] १. झुक्नु; निहुरनु; नुहुनु। २. झुन्डिनु; झोलिनु। ३. खस्नु; गिर्नु। ४. अभिमान छोड़ेर नम्र हुनु। ५. विवश हुनु; लाचार हुनु। ६. शरणमा पर्नु; पस्रनु।

लत्राइ–ना० [लत्राउ+आइ] लत्राउने किसिम, क्रिया वा भाव।

लत्राइ–ना० [लत्र+आइ] लत्रने किसिम, क्रिया वा भाव।

लत्राइनु–स० क्रि० [लत्राउ+इ+नु] निहुराइनु; ('लत्राउनु'-को क० क्रि०)।

लत्राउनु–स० क्रि० [लत्र+आउ+नु] १. निहुराउनु; झुकाउनु। २. विवश गराउनु; लाचार पार्नु। ३. झुन्डिएको वस्तुले जमीन छुवाउनु; लतार्नु।

लत्रिनु–अ० क्रि० [लत्र+इ+नु] १. लत्रनु। २. झुकिनु; ('लत्रनु'-को भा० क्रि०)।

लत्र्याइ–ना० [लत्र्याउ+आइ] लत्र्याउने किसिम, क्रिया वा भाव।

लत्र्याइ–ना० [लत्रि+याइ] लत्रिने किसिम, क्रिया वा भाव; लत्राइ।

लत्र्याउनु–स० क्रि० [लत्राउ] लत्राउनु।

लत्र्याहट–ना० [लत्रि+याहट] लत्रिने किसिम, क्रिया वा भाव।

लथरो–वि० [लाथ्रो] १. मोटो-घाटो भएर पनि शक्ति नभएको। २. भिजेर गह्रौं भएको।

लथालिङ्ग–क्रि० यो० [ने०] बेथितिसँग माल-मत्ताहरू फिँजिएर रहने किसिम; लठाबज्र हुने किसिम।

लदबद–क्रि० यो० [लेदो] लेदो वा गीलो हुने किसिम; दबदब; थलथल।

लदबदे–वि० [लदबद+ए] लदबदो।

लदबदो–वि० [लदबद+ओ] दबदबाउँदो; लदबदे।

लदरो–ना० [लेदो] लेदो।

लदाइ–ना० [लदाउ+आइ] लदाउने किसिम, क्रिया वा भाव।

लदाइ–ना० [लाद्+आइ] लाद्ने किसिम, क्रिया वा भाव।

लदाइनु–स० क्रि० [लदाउ+इ+नु] गह्रौं भारी बोकाइनु; ('लदाउनु'-को क० क्रि०)।

लदाउनु–स० क्रि० [लाद्+आउ+नु] १. गह्रौं भारी बोकाउनु; ('लाद्नु'-को प्रे० क्रि०)। २. काममा खूबसित जोत्नु। ३. तालीममा बेसरी घोट्नु।

लदाबदी–वि० [लदबद] प्रशस्त; छेलोखेलो; आफल-ताफल।

लदिनु–अ० क्रि० [लाद्+इ+नु] १. खूबसित काममा जोतिनु। २. गह्रौं भारी बोकिनु। ३. तालीममा बेसरी रगेड़िनु। ४. अर्कामाथि भार भई रहिनु वा बोकिइनु।

लदुरो–वि० [लाद्रो] धेरै खाने; खन्चुवा; खन्चुरो।

लद्दी–वि० [प्रा०] गलेर हिलो भएको; लदरो भएको।

लद्दू–वि० [लाद] १. कुनै काम गर्न नसक्ने; बेकम्मा। २. लट्ठक; लन्ठ। ३. भारी बोक्ने। ४. छिटो-छरितो नभएको।

लन्ठ–वि० [सं० लट] लट्ठक; मूर्ख।

लन्ठक–वि० [लट्ठक] लट्ठक; लन्ठ।

लन्ठन–ना० [सं० लण्ड] १. शिश्न; पुरुषको जननेन्द्रिय। २. बेकम्मा व्यक्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

लन्ठा–ना० [लट-पट] १. कामको झोँज; टन्टा; झमेला। २. कामको अलमल।

लन्ठाधिराज–वि० [लन्ठ+अधिराज] अति लन्ठ; महामूर्ख।

लन्ठिनु–अ० क्रि० [सं० लुण्ठ] १. काम-काज केही नगरी यता-उता हल्लिरहनु। २. कुनै उद्योग वा काममा नलागी त्यसै थन्किरहनु।

लन्ठ्याइ–ना० [लन्ठि+याइ] लन्ठिने किसिम, क्रिया वा भाव।

लन्ठ्याइ–ना० [लन्ठ्याउ+इ] लन्ठ्याउने किसिम, क्रिया वा भाव।

लन्ठ्याइनु–स० क्रि० [लन्ठ्याउ+इ+नु] लन्ठिने पारिनु; ('लन्ठ्याउनु'-को क० क्रि०)।

लन्ठ्याउनु–स० क्रि० [लन्ठि+याउ+नु] लन्ठिने पार्नु; ('लन्ठिनु'-को प्रे० क्रि०)।

लन्ठ्याङ-मन्ठ्याङ–क्रि० यो० [सं० लुण्ठ्] लन्ठ्याङ-लुन्ठुङ।

लन्ठ्याङ-लुन्ठुङ–क्रि० यो० [सं० लुण्ठ्] १. यता-उति हल्लने किसिम। २. येन-केन-प्रकारेण चाँड़ो-चाँड़ो काम सिद्ध्याउने किसिम; लन्ठ्याङ-मन्ठ्याङ।

लन्डन–ना० [अं०] इङ्गलैन्डको राजधानी।

लपक्क–क्रि० यो० [लपलप] १. चाट्ने किसिम; ल्याप्प। २. लेसाइलो वस्तु टाँसिने किसिम।

लपटा–ना० [लपेटो] १. लपेट्ने काम; लपेटो। २. बेह्रने वस्तु। ३. रबरको बेह्र वा नली।

लपटा–ना० [लबटा] लबटा।

लपन-छपन–ना० [लुकाउ-छिपाउ] लुकाउने र छिपाउने काम; छल-छाम; ढाँट-ढूँट।

लपलप–क्रि० यो० [सं० ललन] लुपुलुपु।

लपेटाइ–ना० [लपेट्+आइ] लपेट्ने किसिम, क्रिया वा भाव।

लपेटाइनु–स० क्रि० [लपेटाउ+इ+नु] लपेट्न लाइनु; ('लपेटाउनु'-को क० क्रि०)।

लपेटाउनु–स० क्रि० [लपेट्+आउ+नु] लपेट्न लाउनु; ('लपेट्नु'-को प्रे० क्रि०)।

लपेटिनु–स० क्रि० [लपेट्+इ+नु] बेह्रिनु; ('लपेट्नु'-को क० क्रि०)।

लपेटुवा–वि० [लपेट्+उवा] लपेटिएको; बेह्रिएको।

लपेटुवा–ना० [ने०] १. फर्सीका पातका आकारका पात हुने र काँढ़ादार साना फल फल्ने एक जातको सानो बोट। २. त्यसैको फल; झिञ्झिरीटा।

लपेटो–ना० [लपेट्] १. लपेट्ने काम; बेह्रने काम; लपटा। २. बेह्रने वस्तु। ३. रबरको बेह्र वा नली।

लपेटो–ना० [लबटो] हत्केलाले दिएको थप्पड़; लपटा।

लपेट्नु–स० क्रि० [सं० लिप्+नु] बेह्रनु; फेरो मार्नु; वेष्टित गर्नु।

लपेस–ना० [नेवा० लप्ते] बिट नउठाएको टपरी।

लप्को–ना० [सं० ललन] आगाको ज्वाला; अग्नि-शिखा।

लप्काइ–ना० [लप्काउ+आइ] लप्काउने किसिम, क्रिया वा भाव।

लप्काइनु–स० क्रि० [लप्काउ+इ+नु] चाटिनु; ('लप्काउनु'-को क० क्रि०)।

लप्काउनु–स० क्रि० [लपक्क+आउ+नु] १. चाट्नु। २. धेरै खानु; बेसरी खानु। ३. ठगी गर्नु; ठग्नु।

लप्टन–ना० [अं० लेफ्टिनेन्ट] १. कप्तानभन्दा मनि सुबेदारभन्दा माथिको एक जङ्गी अफिसर। २. पहिलेका अमिनी अदालतको हाकिम।

लप्टनी–ना० [लप्टन+ई] लप्टनको काम वा दर्जा।

लप्सी–ना० [?] १. बकैनाका जस्ता पात हुने, लस्सादार अमिलो गुदी भएको फल फल्ने एक जातको वृक्ष; श्लेष्मान्तक। २. त्यसैको फल; लौसी।

लफङ्गो–वि० [लफुङ्गो] लफुङ्गो।

लफन्दरे–वि० [लफन्दरो+ए] लफन्दरो।

लफन्दरो–वि० [लफुङ्गो] १. रद्दी; बेकम्मा; निकम्मा। २. लफङ्गो।

लफलफ–क्रि० यो० [सं० लिप्त] १. भिजेको लुगा लाउँदा शरीरमा बराबर टाँसिने किसिम; लफ्याक-लफ्याक। (वि०) २. पानीले तर भएको; भिजेको।

लफलफाइ–ना० [लफलफाउ+आइ] लफलफाउने किसिम, क्रिया वा भाव।

लफलफाइनु–अ० क्रि० [लफलफाउ+इ+नु] लफलफ गरिनु; ('लफलफाउनु'-को भा० क्रि०)।

लफलफाउनु–अ० क्रि० [लफलफ+आउ+नु] १. भिजेको लुगा लाउँदा शरीरमा बराबर टाँसिनु; लफलफ गर्नु। २. पानीले बेसरी भिज्नु; निथ्रुक्क हुनु।

लफुङ्गो–वि० [फा० लफ़ङ्ग] १. कुनै काम नगर्ने वा गर्न नसक्ने; बेकम्मा; रद्दी। २. दुश्चरित्र; बदमाश।

लफ्याक-लफ्याक–क्रि० यो० [लफलफ] १. भिजेको लुगा लाउँदा शरीरमा बराबर टाँसिने किसिम; लफलफ। २. बिनाकाम यता-उति हल्लिएर हिँड्ने किसिम।

लबज–ना० [अ० लफ़्ज़] १. शब्द; पद। २. वचन; बोली। ३. भन्ने तरीका; भनाइ।

लबटो–ना० [ने०] १. हातको नारीमनिका औँलाहरूसहितको अवयव; हत्केलो; लपटा। २. थप्पड़।

लबट्याइ–ना० [लबट्याउ+आइ] लबट्याउने किसिम, क्रिया वा भाव।

लबट्याइनु–स० क्रि० [लबट्याउ+इ+नु] लबटाले हानिनु; ('लबट्याउनु'-को क० क्रि०)।

लबट्याउनु–स० क्रि० [लबटो+याउ+नु] १. लबटाले हान्नु; थप्प्याउनु। २. धमाधम गाँस हालेर खानु; गप्प्याउनु।

लबर्चट्टा–वि० [लबार+चोट्टा] १. ढँटुवा; ढाँट; लबर्चट्टू। २. चोट्टा; धूर्त; ठग। ३. लफुङ्गो; लफन्दरो।

CC-0. In Public Domain. Digitization by eGangotri

लबर्चट्टू–वि० [लबर्चट्टा] लबर्चट्टा ।
लबस्तरो–ना० [सं० लव+वस्त्र] छुरा उध्याउने छाला ।
लबस्तरो–वि० [लबार] लाज नभएको; नकच्चरो; निर्लज्ज ।
लबार–वि० [सं० लपन] १. झूटो कुरो गर्ने; फटाहा; मिथ्यावादी । २. गफी ।
लबार-पाँड़े–ना० [लबार+पाँड़े] १. नाटकमा हास्य-रसको अभिनय गर्ने पात्र; विदूषक । (वि०) २. ठटचौलो; हँस्सी-मजाक गर्ने । ३. जता पनि कुरो मिलाउन जान्ने; लबारो ।
लबारो–वि० [लबार] लबार ।
लबालब–वि० [फा०] माथि वा मुखसम्म भरिएको; टनाटन ।
लबिधरे–वि० [सं० लम्बोदर] मोटो र अग्लो कदको; लर्दू; धिरी ।
लबेद–ना० [सं० वेद] रूढि; पुरानो रीति-रिवाज; लोकाचार ।
लबेदा–ना० [फा० लबादः] दौरा; मयल-पोश ।
लब्ध–वि० [सं०] १. पाएको; प्राप्त । २. भाग गर्दा निस्केको उत्तर; भाग-फल; लब्धि । ३. कमाएको; अर्जित ।
लब्ध-काम–वि० [सं०] कामना सिद्ध भएको; इच्छा गरेको काम पूरा भएको ।
लब्ध-कीर्ति–वि० [सं०] प्रसिद्ध; विख्यात; यशस्वी ।
लब्ध-प्रतिष्ठ–वि० [सं०] १. प्रतिष्ठा वा सम्मान पाएको; प्रतिष्ठित । २. प्रसिद्ध; लब्ध-कीर्ति ।
लब्ध-वर्ण–वि० [सं०] विद्वान्; पण्डित ।
लब्ध-विद्य–वि० [सं०] विद्वान् ।
लब्ध-सिद्धि–वि० [सं०] सिद्धि प्राप्त गरेको; सिद्ध ।
लब्धाङ्क–ना० [सं०] भाग-फल; लब्धि ।
लब्धि–ना० [सं०] १. लाभ; प्राप्ति । २. गणितमा भाग-फल; लब्धाङ्क ।
लभ्य–वि० [सं०] पाउन योग्य; प्राप्य ।
लमक-झमक–ना० [लम्क+झम्ट] झम्टन खोज्ने काम; आक्रमण गर्न खोज्ने काम; लम्की-झम्की ।
लमक-लमक–क्रि० यो० [लमक्क+लमक्क] लामा-लामा फड्का हालेर हिँड्ने किसिम; लमक्क-लमक्क; लम्कने किसिम ।
लमक्क–क्रि० यो० [लम्क] लामो फड्का हालेर हिँड्ने किसिम; लम्कने किसिम ।
लमतन्न–क्रि० यो० [लामो+तन्न] १. हात-गोड़ा फिँजाएर सुत्ने किसिम; पसारिने किसिम; लम्पसार । (वि०) २. लामो भई तानिएको ।
लमलम–क्रि० यो० [लम्क] लम्कने किसिम; लमक-लमक ।
लमाइ–ना० [लम्बाइ] लम्बाइ ।
लमिलस्त–वि० [लामो+लस्त] लामो र पट्टाइ लाग्ने किसिमको (कुराकानी) ।
लमी–ना० [नेवा०] विवाहमा वर र वधू–दुवै पक्षमा कुराकानी मिलाउने व्यक्ति; लाँपू ।
लमिनी–ना० [लामा+इनी] लामा जातकी स्त्री; लमेनी ।
लमिनी–ना० [लमी+नी] लमीको काम गर्ने स्त्री; स्त्री लमी ।
लमेनी–ना० [लामा+एनी] लामा जातकी स्त्री; लमिनी ।
लम्कनु–अ०क्रि० [लम्को+नु] लामो-लामो पाइला गरी हिँड्नु; लमक-लमक हिँड्नु; छिटो-छिटो हिँड्नु ।
लम्कन्ने–वि० [लामो+कान+ए] १. लामा-लामा कान हुने । २. दन्त्य-कथामा प्रसिद्ध लामा-लामा कान हुने एक दैत्य-जाति ।
लम्काइ–ना० [लम्काउ+आइ] लम्काउने किसिम, क्रिया वा भाव ।
लम्काइ–ना०[लम्क+आइ] लम्कने किसिम, क्रिया वा भाव ।
लम्काइनु–स० क्रि० [लम्काउ+इ+नु] लम्कन लाइनु; ('लम्काउनु'-को क० क्रि०) ।
लम्काउनु–स० क्रि० [लम्क+आउ+नु] १. हात-गोड़ा आदि छिटो-छिटो चलाउनु वा हल्लाउनु; ('लम्कनु'-को प्रे० क्रि०) । २. हात, गोड़ा आदि तान्नु वा फैलाउनु ।
लम्किनु–अ० क्रि० [लम्क+इ+नु] लामो-लामो पाइला गरी हिँड़िनु; ('लम्कनु'-को भा० क्रि०) ।
लम्की-झम्की–ना० [लमक-झमक] लमक-झमक ।
लम्को–ना० [लामो+कदम] १. लामो कदम; लामो फड्को । २. बाटोको केही लामो र सोझो अंश; लर्कन ।
लम्चिइनु–अ० क्रि० [लम्चि+इ+नु] लाम्चो होइनु; ('लम्चिनु'-को भा०क्रि ०) ।
लम्चिनु–अ० क्रि० [लाम्चो+इ+नु] लाम्चो हुनु; लम्मिनु ।
लम्च्याइ–ना० [लम्चि+याइ] लम्चिने किसिम, क्रिया वा भाव ।
लम्च्याइ–ना० [लम्च्याउ+आइ] लम्च्याउने किसिम, क्रिया वा भाव ।
लम्च्याइनु–स० क्रि० [लम्च्याउ+इ+नु] लाम्चो पारिनु; केही लम्ब्याइनु; ('लम्च्याउनु'-को क० क्रि०) ।
लम्च्याउनु–स० क्रि० [लम्चि+याउ+नु] लाम्चो पार्नु; केही लम्ब्याउनु ।
लम्तन्ने–वि० [लम्बेतान+ए] १. अग्लो; लबिधरे । २. लामो; लम्बेतान ।
लम्पट–वि० [सं०] १. विषय-वासनामा आसक्त; कामी । (ना०) २. कामुक पुरुष ।
लम्पट–ना० [सं० लम्ब+पट्ट] लामो डसनाजस्तो सिएको वा कार्पेट आदिको बिछ्याउना ।
लम्पटता–ना० [सं०] लम्पट हुनाको भाव; कामुकता ।
लम्पसार–वि० [लामो+पसार] १. हात-गोड़ा पसारेर सुतेको; लामो भएर पसारिएको । (क्रि० यो०) २. लमतन्न ।
लम्फा–ना० [अं० लैम्प] मट्टी-तेलद्वारा बल्ने, चीम लागेको

CC-0. In Public Domain. Digitization by eGangotri

एक प्रकारको वत्ती बाल्ने साधन ।

लम्फू–वि० [लफुङ्गो] १. काम गर्न नजान्ने वा काम नपाएको; लफुङ्गो; निरुद्योगी । २. लट्ठक; मूर्ख ।

लम्ब–ना० [सं०] १. कुनै सरल रेखामा सम-कोण बन्ने गरी खिँचिएको अर्को सरल रेखा । (वि०) २. लामो; दीर्घ ।

लम्बक–ना० [सं०] १. लम्ब रेखा । २. ग्रन्थको कुनै अध्याय वा खण्ड । ३. ज्योतिषका योगहरूमध्ये एक ।

लम्ब-कर्ण–वि० [सं०] १. लामो कान हुने । (ना०) २. बाखो । ३. हात्ती । ४. गधा । ५. राक्षस । ६. प्रताप-मल्लका शासन-कालमा आएका एक तान्त्रिक दाक्षिणात्य ब्राह्मण ।

लम्ब-ग्रीव–ना० [सं०] ऊँट ।

लम्बन–ना० [सं०] १. नाभिसम्म आउने, गलामा लाइने हार । २. झाड़ । ३. आश्रय; अवलम्ब । ४. शिव ।

लम्बमान–वि० [सं०] १. लामो; दीर्घ । २. लम्ब रेखाझैँ परेको ।

लम्बरी–वि० [अं० नम्बर+ई] १. नम्बर भएको; नम्बरी । २. उत्तम; असल (सुन) । (ना०) ३. सय रुपियाँ वा त्यसभन्दा बढ़ी मूल्यको नोट । ४. विशिष्ट विद्वान्हरूलाई सरकार-बाट दिइने पद वा मर्यादा ।

लम्बा–ना० [सं०] दुर्गा; लक्ष्मी ।

लम्बा–वि० [सं० लम्ब] १. लामो; दीर्घ; लम्ब । (ना०) २. सर्प; लाम्कीरो ।

लम्बाइ–ना० [लम्ब+आइ] १. लामो हुनाको भाव; लामो-पन । २. लामोपट्टिको नाप; लमाइ ।

लम्बाइ-चौड़ाइ–ना० [लम्बाइ+चौड़ाइ] १. लामो र चौड़ाको नाप; गज र लमाइको नापो । २. विस्तार; फैलावट ।

लम्बा-चौड़ा–वि० [लम्बा+चौड़ा] १. लामो र फराकिलो । २. विस्तारपूर्वकको; विवरण-युक्त; लम्बे-चौड़े (कुरो वा लेख) । ३. ज्यादा लामो; लमिलस्ट ।

लम्बिइनु–अ० क्रि० [लम्बि+इ+नु] लम्मिइनु; ('लम्बिनु'-को भा० क्रि०) ।

लम्बिका–ना० [सं०] रुद्र-घण्टी ।

लम्बित–वि० [सं०] १. झुन्डिएको; लट्किएको । २. आश्रयमा रहेको; अवलम्बित ।

लम्बिनु–अ० क्रि० [लम्ब+इ+नु] लम्मिनु ।

लम्बे–वि० [सं० लम्ब+ए] लामो; लम्बा; दीर्घ ।

लम्बे-चौड़े–वि० [लम्बे+चौड़ा+ए] लम्बा-चौड़ा ।

लम्बेतान–वि० [लम्बे+तान्] धेरै लामो; खूब लम्बा; लमिलस्ट ।

लम्बोत्तर–वि० [सं०] लाम्चो; लम्स्याइलो ।

लम्बोदर–ना० [सं०] १. गणेश । (वि०) २. ठूलो पेट भएको; भुँड़े ।

लम्ब्याइ–ना० [लम्बि+याइ] लम्बिने किसिम, क्रिया वा भाव ।

लम्ब्याइ–ना० [लम्ब्याउ+आइ] लम्ब्याउने किसिम, क्रिया वा भाव ।

लम्ब्याइनु–स० क्रि० [लम्ब्याउ+इ+नु] लम्म्याइनु; ('लम्ब्याउनु'-को क० क्रि०) ।

लम्ब्याउनु–स० क्रि० [लम्बि+याउ+नु] लम्म्याउनु ।

लम्मिइनु–अ० क्रि० [लम्मि+इ+नु] लामो होइनु; ('लम्मिनु'-को भा० क्रि०) ।

लम्मिनु–अ० क्रि० [लामो+इ+नु] १. लामो हुनु; लम्बा हुनु; लम्बिनु । २. तन्कनु; तानिनु । ३. ढीलो हुनु; विलम्ब हुनु; टाँगिनु ।

लम्म्याइ–ना० [लम्मि+याइ] लम्मिने किसिम, क्रिया वा भाव; लम्ब्याइ ।

लम्म्याइ–ना० [लम्म्याउ+याइ] लम्म्याउने किसिम, क्रिया वा भाव ।

लम्म्याइनु–स० क्रि० [लम्म्याउ+इ+नु] लामो पारिनु; ('लम्म्याउनु'-को क० क्रि०) ।

लम्म्याउनु–स० क्रि० [लम्मि+याउ+नु] १. लामो पार्नु; लम्बा तुल्याउनु । २. ढीलो गर्नु; विलम्ब गर्नु ।

लम्लस्ट–वि० [लमिलस्ट] लामो र पट्टाइ लाग्ने किसिमको (कुराकानी) ।

लम्स्याइलो–वि० [लाम्चो+याइ+लो] लामो छाँटको; लामो भावको ।

लय–ना० [सं०] १. एक वस्तु अर्को वस्तुसँग नछुट्टिने किसिमले मिल्नु; विलीन हुनु । २. ध्यानमा मग्न हुनु; तल्लीनता । ३. सृष्टिको अन्तमा हुने महानाश; प्रलय । ४. अदृश्य हुनु; लोप । ५. सङ्गीतमा स्वरको आरोह र अवरोहको विशेष क्रम; गाउने शैली । (यसका विलम्बित, मध्य र द्रुत—यी तीन भेद छन् ।) ६. विश्राम-स्थल । ७. कुनै काम सिक्न वा जान्न तल्लीन भई लाग्ने काम; लयो ।

लयस–ना० [अं० लेस] पोशाकको किनारामा सौन्दर्यका निमित्त लगाइने जरी, रेशम आदिको फित्ता; पट्टा; गोटा ।

लयस–वि० [सं० लस्] पोशाक, गहना आदिले सजिसजाउ भएको ।

लयालु–वि० [सं० लयन+आलु] झोल र चोक्टा नछुट्टिने किसिमले मिलेको; गाढ़ा पन्यालो ।

लयो–ना० [सं० लय] १. कुनै कुरो थाहा पाउन वा सिक्न एक-चित्त भएर लाग्ने काम; जिज्ञासाको भाव; लय । २. तन्मयता; तल्लीनता । ३. जाँगर; काम गर्ने स्फूर्ति ।

लरक्क–क्रि० यो० [लर्क] १. लर्कने वा लट्कने किसिम । २. आँटेको काम नपुग्दा हतोत्साह हुने किसिम ।

लरखर–क्रि० यो० [लरलर] बिनाकाम यता-उति हिँड्ने किसिम; लरखरिने किसिम ।

लरखराइ–ना० [लरखराउ+आइ] लरखराउने किसिम, क्रिया वा भाव ।

लरखराइनु–अ० क्रि० [लरखराउ+इ+नु] लरखर गरिनु;

CC-0. In Public Domain. Digitization by eGangotri

('लरखराउनु'-को भा० क्रि०)।
लरखराउनु–अ० क्रि० [लरखर+आउ+नु] काम-न-काजसित यता-उति हिँड्नु; लरखर गर्नु; लरखरिनु।
लरखराहट–ना० [लरखराउ+आहट] लरखराउने किसिम, क्रिया वा भाव; लरखराइ।
लरखरिइनु–अ० क्रि० [लरखरि+इ+नु] लरखराइनु; ('लरखरिनु'-को भा० क्रि०)।
लरखरिनु–अ० क्रि० [लरखर+इ+नु] लरखराउनु।
लरखऱ्याइ–ना० [लरखरि+याइ] लरखरिने किसिम, क्रिया वा भाव; लरखराइ।
लरखऱ्याहट–ना० [लरखरि+याहट] लरखरिने किसिम, क्रिया वा भाव; लरखऱ्याइ।
लरझर–ना० [सं० लल्] आवत-जावत वा अन्य प्रकारको सम्बन्धको क्रम।
लरबर–क्रि० यो० [लरखर] १. बिनाकाम यता-उति हिँड्ने किसिम; लरखर। २. डर, धक वा कमजोरीले मुखबाट लरबराएर शब्द निस्कने किसिम; लड़बड़। ३. कमजोरीले राम्ररी टेक्न नसक्ने किसिम।
लरबराइ–ना० [लरबराउ+आइ] लरबराउने किसिम, क्रिया वा भाव।
लरबराइनु–अ० क्रि० [लरबराउ+इ+नु] लरखराइनु; ('लरबराउनु'-को भा० क्रि०)।
लरबराउनु–अ० क्रि० [लरबर+आउ+नु] १. काम-न-काजसित यता-उति हिँड़-डुल गर्नु; लरखराउनु। २. डर, धक वा कमजोरीले बोली लटपटिनु; लड़बड़ाउनु। ३. कमजोरीले गोड़ा काम्नु।
लरबरिइनु–अ० क्रि० [लरबरि+इ+नु] लरबराइनु; ('लरबरिनु'-को भा० क्रि०)।
लरबरिनु–अ० क्रि० [लरबर+इ+नु] लरबराउनु।
लरबऱ्याइ–ना० [लरबरि+याइ] लरबरिने किसिम, क्रिया वा भाव।
लरबऱ्याइ–ना० [लरबऱ्याउ+आइ] लरबऱ्याउने किसिम, क्रिया वा भाव।
लरबऱ्याइनु–स० क्रि० [लरबऱ्याउ+इ+नु] अलमल्याइनु; ('लरबऱ्याउनु'-को क० क्रि०)।
लरबऱ्याउनु–स० क्रि० [लरबरि+याउ+नु] १. कसैको कुनै काम-कुरो बिगार्ने नीयतले गोलमाल गर्नु; अलमल्याउनु। २. मुछ्नु; लटपट्याउनु। ३. कमजोरीले गोड़ा धरमर पार्नु।
लरबऱ्याहट–ना० [लरबरि+याहट] लरबरिने किसिम, क्रिया वा भाव।
लरलर–क्रि० यो० [नें०] एकोहोरो लागेर हिँड्ने किसिम; लुरुलुरु।
लरिक्क–वि० [नें०] १. हलक्क बढ़ेको; सप्लाएको। २. ठूलो; लायकिलो (प्राणी)।
लरियो–ना० [लरी] धागाको सानो लर्को; लट्टी; लरी।
लरी–ना० [अं० लॅरी] माल-मत्ताको ढुवानी गर्ने एक प्रकारको खुला मोटर; भारी ओसार्ने मोटर।
लरी–ना० [सं० लतिका] १. धागो, पोते आदिको सानो लुर्को। २. लाम्चो किसिमले बनाइएको धागो, पोते आदिको गुच्छो।
लर्कन–ना० [लर्क+अन्] १. लर्केको वस्तु; झुन्डिएको चीज (झल्लर, झुम्का आदि)। २. धान गोड्दा नपाछोस् भनी निगाला वा नर्कटका ढुङ्ग्राहरू उनी जालीजस्तो बनाएको, ज्यामीले नारीमा लाउने साधन। ३. घुमाउरो ठाउँ वा मोड़ नआउन्जेलसम्मको सोझो बाटो।
लर्कनु–अ० क्रि० [लट्क+नु] १. लट्कनु; झुन्डिनु; झोलिनु। २. असफल भएर फर्कनु; निराश भएर फिर्नु। ३. लगत्तै फर्कनु।
लर्काइ–ना० [लर्क+आइ] लर्कने किसिम, क्रिया वा भाव।
लर्काइ–ना० [लर्काउ+आइ] लर्काउने किसिम, क्रिया वा भाव।
लर्काइनु–स० क्रि० [लर्काउ+इ+नु] लट्काइनु; ('लर्काउनु'-को क० क्रि०)।
लर्काउनु–स० क्रि० [लर्क+आउ+नु] १. लट्काउनु; झुन्ड्याउनु। २. निराश पारी फर्काउनु; हिस्स्याएर फर्काउनु। ३. तुरुन्तै फर्काउनु; लगत्तै फिर्ता पठाउनु।
लर्किनु–अ० क्रि० [लर्क+इ+नु] १. लर्कनु। २. लट्किनु; ('लर्कनु'-को भा० क्रि०)।
लर्को–ना० [फा० लश्कर] धेरै मानिसहरूको ताँती; लश्कर; जुलूस।
लर्को–ना० [लत्को] लत्को।
लर्को–ना० [लरी] धागो आदिको लरी।
लर्क्याइ–ना० [लर्कि+याइ] लर्किने किसिम, क्रिया वा भाव।
लर्तरो–वि० [सं० लल्+तर+ओ] १. मामूली; सामान्य; साधारण। २. चानचुने; भारे-भुरे।
लर्दू–वि० [सं० लम्बोदर] अग्लो कदको; लबिधरे; धिरी।
लऱ्याङ-तऱ्याङ–क्रि० यो० [लरबर] लऱ्याङ-लुरुङ।
लऱ्याङ-बऱ्याङ–क्रि० यो० [लरबर] लऱ्याङ-लुरुङ।
लऱ्याङ-लुरुङ–क्रि० यो० [नें०] १. यता-उति गरी काम ढिल्याउने किसिम; अल्याङ-मल्याङ। २. रोग वा कमजोरीले सुस्तरी काम गर्ने वा हिँड्ने किसिम। ३. लापरवाही गर्ने किसिम; उपेक्षापूर्वक काम गर्ने किसिम।
ल-ल–ना० [ल+ल] १. कुनै काम आरम्भ गराउनाका निमित्त प्रेरणा गर्ने शब्द; लौ-लौ। २. अरूले भनेको कुरो मन्जूर गर्दा भनिने शब्द। ३. कुनै किसिमको बिगार, खतरा आदि आइपर्दा आत्तिएर बोलिने शब्द।
ललकार–ना० [प्रा० ललक्क] युद्धका निमित्तको आह्वान; हाँक; चुनौती।
ललकाराइ–ना० [ललकार्+आइ] ललकार्ने किसिम, क्रिया

CC-0. In Public Domain. Digitization by eGangotri

वा भाव ।

ललकारिनु–स० क्रि० [ललकार्+इ+नु] हाँक दिइनु; ('ललकार्नु'-को क० क्रि०) ।

ललकार्नु–स० क्रि० [ललकार+नु] युद्धका निमित्त आह्वान गर्नु; हाँक दिनु; ललकार दिनु ।

ललचाइ–ना० [ललचाउ+आइ] ललचाउने किसिम, क्रिया वा भाव ।

ललचाइनु–स० क्रि० [ललचाउ+इ+नु] १. लोभ्याइन; ('ललचाउनु'-को क० क्रि०) । (स० क्रि०) २. लोभिनु ।

ललचाउनु–स० क्रि० [लालच+आउ+नु] १. कसैको मनमा लालच उत्पन्न गराउनु; लोभ्याउनु । (अ० क्रि०) २. लालचमा पर्नु; लोभिनु; ललचिनु ।

ललचिइनु–अ० क्रि० [ललचि+इ+नु] ललचाइनु; ('ललचिनु'-को भा० क्रि०) ।

ललचिनु–अ० क्रि० [ललचाउ] लोभिनु; लोभमा पर्नु ।

ललच्याइ–ना० [ललचि+याइ] ललचिने किसिम, क्रिया वा भाव ।

ललच्याइ–ना० [ललच्याउ+आइ] ललच्याउने किसिम, क्रिया वा भाव ।

ललच्याइनु–स० क्रि० [ललच्याउ+इ+नु] ललचाइनु; ('ललच्याउनु'-को क० क्रि०) ।

ललच्याउनु–स० क्रि० [लालच+याउ+नु] ललचाउनु ।

ललच्याहट–ना० [ललचि+याहट] ललचिने किसिम, क्रिया वा भाव ।

ललन–ना० [सं०] १. क्रीडा; खेल । २. जिभ्रो ल्याप-ल्याप गर्नु । ३. केटा-केटी; लड़का-लड़की ।

ललना–ना० [सं०] राम्री स्त्री; सुन्दरी ।

ललनी–ना० [ने०] ललहरी ।

ललहरी–ना० [ने०] आफ्नो दुःख अरूसित पोख्ने काम; बिलौना ।

ललाट–ना० [सं०] १. माथ; निधार; मस्तक । २. भाग्य; प्रारब्ध ।

ललाटक–ना० [सं०] ललाट ।

ललाम–वि० [सं०] १. सुन्दर; रमणीय । २. श्रेष्ठ; उत्तम । (ना०) ३. गहना; आभूषण । ४. रत्न ।

ललित–वि० [सं०] १. सुन्दर; रमणीय । २. प्रिय; प्यारो । (ना०) ३. कुनै प्रस्तुत कार्य वा घटनालाई प्रत्यक्ष रूपमा वर्णन नगरेर त्यस्तै अरू कुनै कार्य वा घटनाको उल्लेख गर्दा पर्ने एक काव्यालङ्कार ।

ललित-कला–ना० [सं०] सौन्दर्य र सुकुमारतापूर्वक व्यक्त हुने कला (सङ्गीत, चित्र, काव्य, मूर्ति-निर्माण, स्थापत्य आदि) ।

ललितपत्तन–ना० [सं० ललितपट्टन] ललितपुर ।

ललितपुर–ना० [सं०] पाटन शहर ।

ललित-विस्तर–ना० [सं०] बुद्धको चरित्र वर्णन गरिएको एक प्रसिद्ध बौद्ध ग्रन्थ ।

लल्याक-लुलुक–क्रि० यो० [फाँ० लल्याक+लुलो] १. कमजोरीले ग्लानि हुने किसिम; क्लान्त हुने किसिम । २. लुलो वा लचिलो हुने किसिम; फितलो हुने किसिम; लल्याङ-लुलुङ ।

लल्याङ-लुलुङ–क्रि० यो० [फाँ० लल्याङ+लुलो] लल्याक-लुलुक ।

लव–ना० [सं०] १. थोरै परिमाण; अल्प मात्रा । २. छत्तीस निमेषको समय । ३. टुक्रो; खण्ड । ४. रामचन्द्रका एक छोरा ।

लवङ्ग–ना० [सं०] १. ल्वाङको लहरो । २. त्यसैको फूल; ल्वाङ ।

लवट–ना० [सं० लट्व] कम जातका पुरुषसित बिग्रेकी स्त्री ल्याई त्यसबाट जन्मेको सन्तान ।

लवण–ना० [सं०] १. नून; नमक । २. काट्ने हतियार । ३. मधु दैत्यको छोरो एक राक्षस । (वि०) ४. नुनिलो ।

लवण-समुद्र–ना० [सं०] नुनिलो पानी भएको समुद्र; क्षार-समुद्र ।

लवणाकर–ना० [सं०] १. नूनको खानि । २. समुद्र ।

लवणोत्तम–ना० [सं०] १. उत्तम नून । २. सिँधे-नून ।

लवन–ना० [सं०] काट्ने काम ।

लवली–ना० [सं०] हर्फारेवड़ी ।

लव-लेश–ना० [सं०] ज्यादै थोरै परिमाण; स्वल्प मात्रा ।

लवाइ–ना० [लाउ+आइ] १. लाउने किसिम, क्रिया वा भाव; लगाइ । २. पहिरन ।

लवित्र–ना० [सं०] हँसिया ।

लशुन–ना० [सं०] १. सुगन्धराजका जस्ता लामा-लामा पात र धेरै पोटी छुट्टिने उत्कट गन्ध भएको कन्द हुने, तरकारीमा हालेर खाइने एक जातको सानो बोट; लसुन । २. त्यसैको कन्द । (लशुन सेतो र रातो—दुइ थरीको हुन्छ । दुवैको गुण प्रायः समान छ । आयुर्वेदमा यसको गुण गरम, उत्तेजक, अग्नि-वर्द्धक र रुचि-कारक बताइएको छ ।)

लशुने–ना० [लशुन+ए] लसुने ।

लशून–ना० [सं०] लशुन ।

लश्कर–ना० [फा०] १. ठूलो जन-समूह; मानिसहरूको हूल । २. सेना; फौज । ३. मानिसहरूको ठूलो ताँती ।

लसक-लसक–क्रि० यो० [लस्क+लस्क] हात्ती वा अन्य कुनै मोटो प्राणी हिँड्ने किसिम; लस्कने किसिम ।

लसक्क–क्रि० यो० [लस्क] लस्कने किसिम ।

लसपस–ना० [अ० लम्स+स्पर्श (सं०)] १. छात-छूत; छुवा-छूत; संसर्ग । २. स्त्री-पुरुषको गुप्त सम्पर्क; व्यभिचार ।

लसपसिइनु–अ० क्रि० [लसपसि+इ+नु] लसपस होइनु; ('लसपसिनु'-को भा० क्रि०) ।

लसपसिनु–अ० क्रि० [लसपस+इ+नु] १. लसपस हुनु; छूतछात हुनु । २. स्त्री-पुरुषको गुप्त सम्बन्ध हुनु ।

CC-0. In Public Domain. Digitization by eGangotri

लसपसे–वि० [लसपस+ए] १. लसपस गर्ने। २. छुवाछूतको वास्ता नगर्ने।

लसपस्याइ–ना० [लसपसि+याइ] लसपसिने किसिम, क्रिया वा भाव।

लसपस्याइ–ना० [लसपस्याउ+आइ] लसपस्याउने किसिम, क्रिया वा भाव।

लसपस्याउनु–स० क्रि० [लसपसि+याउ+नु] लसपसमा पार्नु; ('लसपसिनु'-को प्रे० क्रि)।

लसपस्याहट–ना० [लसपसि+याहट] लसपसिने किसिम, क्रिया वा भाव।

लसिका–ना० [सं०] थूक; राल।

लसुन–ना० [सं० लशुन] लशुन।

लसुने–ना० [ने०] रिट्ठाका जस्ता हरिया र चिल्ला पात हुने, विभिन्न रङ्गका फूल फुल्ने एक जातको बोट।

लसुने–ना० [लसुन+ए] सेतोमा हल्का हरियो वा नीलो रङ्गको आभा देखिने एक रत्न।

लस्कनु–अ० क्रि० [सं० लस्+नु] हात्ती वा त्यस्तै अन्य कुनै मोटो प्राणी हिँड्नु; लसक-लसक हिँड्नु।

लस्करी-ऊखू–ना० [लश्कर (प्रदेश)+ऊखू] ठूलो र मोटो एक जातको ऊखू।

लस्करी-मुन्द्रो–ना० [फा० लश्कर+ई+मुन्द्रो] कानका छेउमा लहरै लाइने एक प्रकारको मुन्द्रो।

लस्काइ–ना० [लस्क+आइ] लस्कने किसिम, क्रिया वा भाव।

लस्काइनु–अ० क्रि० [लस्काउ+इ+नु] लस्कन लाइनु; ('लस्काउनु'-को भा० क्रि०)।

लस्काउनु–स० क्रि० [लस्क+आउ+नु] लस्कन लाउनु; ('लस्कनु'-को प्रे० क्रि०)।

लस्किनु–अ० क्रि० [लस्क+इ+नु] १. लस्कनु। २. लसक-लसक हिँड्नु; ('लस्कनु'-को भा० क्रि०)।

लस्क्याइ–ना० [लस्कि+याइ] लस्किने किसिम, क्रिया वा भाव।

लस्क्याहट–ना० [लस्कि+याहट] लस्किने किसिम, क्रिया वा भाव; लस्क्याइ।

लस्त–वि० [सं० श्लथ] थकाइ, रोग आदिले शिथिल; थकित; लखतरान; क्लान्त।

लस्सा–ना० [प्रा० लसिआ] गुँद, माड़, खोटो आदिमा हुने टाँसिने गुण; च्याट-च्याट लाग्ने गुण; लेसाइलोपन।

लस्सादार–वि० [लस्सा+दार] लस्सा भएको; च्याट-च्याट लाग्ने; लेसाइलो।

लस्सी–ना० [सं० लसिका] दूध वा दहीको एक किसिमको शरबत।

लहँगा–ना० [?] मोहोता नभएको, कमरमा इँजारले बाँधी फरियाको सट्टा लाइने, स्त्रीहरूको पुरानो चालको एक अधोवस्त्र।

लहटे–ना० [लाहा] लाहाको काम गर्ने एक जाति।

लहड़–ना० [सं० लडह] १. इच्छाअनुसारको मोज-मज्जा; मनोविनोद; मन-मोज। २. इच्छा; कामना; आकाङ्क्षा।

लहड़बाजी–ना० [लहड़+बाजी] १. इच्छाअनुसारको मोज-मज्जा; लहड़; मन-मोजको काम। २. खेलवाड़; मनोविनोद; आमोद-प्रमोद।

लहड़ी–वि० [लहड़+ई] १. खूब लहड़ गर्ने स्वभावको; लहड़बाजी गर्ने; विनोदी। २. खेलवाड़ गर्ने स्वभावको। ३. दिल्लगी गर्ने; रसिक। ४. मन-मोजी।

लहन-तहन–ना० [लहना+तहन (फाँ०)] १. रुपियाँ, पैसा आदि लिने र दिने कारबार; लेन-देन। २. लगानी; लहना।

लहना–ना० [सं० लग्न] १. व्यापार, सापट आदिमा नाफा वा ब्याज आउने गरी रुपियाँ आदि लगाउने काम; लगानी। २. भाग्य-भोग। ३. सम्बन्ध।

लहर–ना० [सं० लहरी] १. समुद्र, पोखरी, नदी आदिमा हावा लाग्दा उठ्ने छाल; लहरी; तरङ्ग। २. जोश; उमङ्ग। ३. मोज-मज्जा। ४. ध्वनि, प्रकाश, विद्युत् आदिको तरङ्ग। ५. ताँती; पङ्क्ति।

लहरि–ना० [सं०] तरङ्ग; लहरी।

लहरी–ना० [सं०] लहर; तरङ्ग।

लहरे–वि० [लहरो+ए] १. लहरा भएको; लताका रूपको। २. हाँगाबाट लहराजस्तो जरो निस्कने (वट-वृक्ष)।

लहरे-आँप–ना० [लहरे+आँप] लहरामा फल्ने, ट्याम्मटरका आकारको एक जातको आँप।

लहरे-च्याउ–ना० [लहरे+च्याउ] रूखमा उम्रने, सेतो, फूल-जस्तो, खान हुने एक जातको लहरादार च्याउ।

लहरेदार–वि० [लहरो+दार] १. लहरा-लहरा परेको; लहरे। २. लहरा भएको; लता-युक्त।

लहरे-दूबो–ना० [लहरे+दूबो] केही साना पात, छोटा आँख्ला र लामो लहरा हुने एक जातको दूबो।

लहरे-पीपल–ना० [लहरे+पीपल] बरको जस्तै हाँगाबाट लहरा निस्कने एक जातको पीपल वृक्ष।

लहरो–ना० [लहर+ओ] थाँक्रो, रूख आदिमा बेह्रिएर चढ्ने वा जमीनमा फैलिने लामो बोट; बेलो; लता; वल्लरी।

लहलह–क्रि० यो० [लहर] १. हरिया अन्नका बोट, साग, घाँस आदि खूब सप्रने किसिम; हरियो-भरियो हुने किसिम। (वि०) २. हरियो-भरियो; लहलहाउँदो।

लहलहाइ–ना० [लहलहाउ+आइ] लहलहाउने किसिम, क्रिया वा भाव।

लहलहाइनु–अ० क्रि० [लहलहाउ+इ+नु] लहलह होइनु; ('लहलहाउनु'-को भा० क्रि०)।

लहलहाउँदो–वि० [लहलह+आउँदो] लहलह भएको; लहलहाएको; हरिलो-भरिलो।

लहलहाउनु–अ० क्रि० [लहलह+आउ+नु] बोट-बिरुवाहरू

CC-0. In Public Domain. Digitization by eGangotri

हरियो भई सप्रेर आउनु; लहलह हुनु।

लहस-तहस–ना० [लसपस] १. छूतछात; लसपस; संसर्ग। २. गुप्त काम-कुरो; खासखुस।

लहसाइ–ना० [लहसाउ+आइ] लहसाउने किसिम, क्रिया वा भाव; लहस्याइ।

लहसाइनु–अ० क्रि० [लहसाउ+इ+नु] लहसिइनु; ('लहसाउनु'-को भा० क्रि०)।

लहसाउनु–अ० क्रि० [लहसि+आउ+नु] लहसिनु।

लहसिइनु–अ० क्रि० [लहसि+इ+नु] आसक्त होइनु; ('लहसिनु'-को भा० क्रि०)।

लहसिनु–अ० क्रि० [प्रा० लसिआ+इ+नु] १. आसक्त हुनु; रतिनु; भुल्नु। २. इच्छा वा झुकाउ हुनु।

लहस्याइ–ना० [लहसि+याइ] लहसिने किसिम, क्रिया वा भाव।

लहस्याइ–ना० [लहस्याउ+आइ] लहस्याउने किसिम, क्रिया वा भाव।

लहस्याइनु–स० क्रि० [लहसि+याइ+नु] प्रेममा आसक्त पारिनु; ('लहस्याउनु'-को क० क्रि०)।

लहस्याउनु–स० क्रि० [लहसि+याउ+नु] १. प्रेममा आसक्त पार्नु; रत्याउनु; भुलाउनु। २. मन आकृष्ट पार्नु।

लहस्याहट–ना० [लहसि+याहट] लहसिने किसिम, क्रिया वा भाव; लहस्याइ।

लहुरी–ना० [सं० लगुडी] सानो लहुरो; लौरी।

लहुरी-पिञ्जर–वि० [लहुरी+पिञ्जर] साह्रै दुब्लो; सिकटे; पिलन्धरे; तड़ीपिञ्जर।

लहुरो–ना० [सं० लगुड] लट्ठी; लाठो; लौरो।

लहै–वि० बो० [ल+हैं] कुनै आपत्ति, खतरा आदिबाट सतर्क गराउने शब्द।

लहै-लहै–ना० [लहैं+लहैं] अर्काको हल्ला; हाहा; बहकाउ।

ला–ना० [सं०] कसैलाई केही वस्तु दिँदा भनिने शब्द।

लाँकुरी–ना० [नें०] खरीजस्तो एक जातको रूख।

लाँकुरे–ना० [लाँकुरी] लाँकुरी।

लाँको–ना० [नें०] ऊखूको डाँठ।

लाँड़ो–ना० [सं० लण्ड] पुरुष-जातिको मूत्रेन्द्रिय; लिङ्ग।

लाँपू–ना० [?] लमी।

लाइट–ना० [अं०] १. उज्यालो; प्रकाश। २. बत्ती।

लाइन–ना० [अं०] १. ताँती; लाम। २. हरफ; पङ्क्ति। ३. रेखा; धर्को। ४. पेशा वा लतको विषय। ५. रेलको लीक।

लाइनु–स० क्रि० [लाउ+इ+नु] लगाइनु; ('लाउनु'-को क० क्रि०)।

लाइब्रेरियन–ना० [अं०] पुस्तकालयको प्रधान अधिकारी।

लाइब्रेरी–ना० [अं०] पुस्तकालय।

लाइसेन्स–ना० [अं०] कुनै विशेष काम गर्न वा कुनै विशेष वस्तु राख्नाका निमित्त कसैलाई सरकारबाट दिइने अधिकार-पत्र।

लाई–विभ० [नें०] व्याकरणअनुसार कर्म र सम्प्रदान कारकको विभक्ति।

लाई–ना० [लाहा] हरिया पातमा लाग्ने अति मसिना साना-साना काला कीरा। (यसै जातको कीराले रूखका कापमा लाहा पैदा गर्दछ।)

लाउके–वि० [लाउ] १. अर्काले लगाएको वा अह्राएको काममात्र गर्ने; अह्रौटे। २. आफूलाई सरोकार नभएको काममा हात हाल्ने; लाफ्रे; लाभ्रे।

लाउनी-काठ–ना० [लाउ+काठ] ढिकीमा धान कुट्दा धान चलाउने, टुप्पोमा झुम्रो बेह्रेको लामो काठको साधन।

लाउनु–स० क्रि० [लगाउ] १. लगाउनु। २. विशेष ठाउँमा कुनै शब्दका पछि आउँदा त्यो काम गर्ने वा गर्नमा प्रेरणा दिने अर्थ बुझाउने शब्द। (उदा०–गोता लाउनु, गर्न लाउनु इत्या०।)

लाक–ना० [सं० लक्ष्य] भित्री अभिप्राय; मन-पेट; मनको भाव।

लाक-पाक–ना० [फा० लाफ़-व-गिजाफ़] १. हात हालाहाल; कुटाकुट; कुट-पिट। २. कुश्ती; लाप्पा।

लाकेट–ना० [अं० लॅकेट] घड़ीको जन्जीर आदिमा वा त्यसै पनि शोभाका निमित्त लट्काइने, चित्र आदि भएको सानो जन्त्रजस्तो आभूषण।

लाक्षणिक–वि० [सं०] १. लक्षण-सम्बन्धी। २. लक्षणबाट प्रकट हुने। ३. लक्षणा-सम्बन्धी। ४. पारिभाषिक। ५. लक्षण जान्ने।

लाक्षा–ना० [सं०] लाहा।

लाक्षा-रस–ना० [सं०] सौभाग्यवती स्त्रीहरूले गोड़ामा लाउने रातो रङ्ग; माहुर; अलक्तक।

लाख–ना० [प्रा० लक्ख] १. सय हजारको सङ्ख्या; लक्ष। (वि०) २. सय हजार। ३. अति; धेरै; प्रशस्त।

लाखन्–वि० [लाख+अन्] १. लाखौँ; धेरै लाख। २. धेरै; प्रशस्त।

लाखाँ–वि० [लाखन्] लाखौँ।

लाखा–ना० [नेवा०] १. नेवार-जातिका विवाहमा दुलहा-पट्टिकाले दुलहीपट्टिकालाई विवाह निश्चय गर्न दिने दस्तूर। २. पागमा डुबाएर बनाइने एक प्रकारको ऍठेजस्तो रोटी।

लाखा-पाखा–वि० [फाँ० लाखा+पाखो] १. भत्के-बिग्रेको; टुटे-फुटेको। २. बिल्लबाठ परेको; यत्र-तत्र परेको।

लाखु–ना० [सं० लङ्गूल] एक जातको बाँदर।

लाखे–ना० [सं० लक्ष्य] 'पर्ख' अर्थ बुझाउने शब्द।

लाखे–ना० [सं० राक्षस] १. राकस; राक्षस। २. श्रावण-भाद्र महीनामा नचाइने राक्षस-रूप-धारी व्यक्ति।

लाखौँ–वि० [लाख+औँ] १. धेरै लाख; लाखन। २. प्रशस्त; धेरै।

CC-0. In Public Domain. Digitization by eGangotri

लाग–ना० [लाग्] १. हक-दाबी; दैया। २. भूत, प्रेत आदिको आवेश; लगान।

लाग-छोड़–ना० [लाग्+छोड्] रोग, भूत, प्रेत आदि बरोबर लाग्ने र तिनले छोड्ने क्रम।

लागत–ना० [लाग्] कुनै चीज तयार गर्न वा किन्न लाग्ने खर्च; परल खर्च।

लाग-नास्ति–ना० [लाग्+नास्ति (सं०)] कुनै व्यक्ति, वस्तु वा कुरोमा अधिकार वा अन्य किसिमको सम्बन्ध नहुनु।

लागवादी–ना० [लाग्+वादी] कुनै मुद्दामा कानूनबमोजिम वादी हुने अधिकार भएको व्यक्ति।

लागि–ना० यो० [सं० लग्] खातिर; निमित्त; निम्ति।

लागिनु–अ० क्रि० [लाग्+इ+नु] काममा प्रवृत्त होइनु; ('लाग्नु'-को भा० क्रि०)।

लागिपर्नु–अ० क्रि० [लाग्+इ+पर्नु] कुनै काम-कुरोमा एकाग्रतासाथ संलग्न हुनु; तल्लीनतासाथ कुनै काममा व्यस्त हुनु।

लागू–ना० [लाग्+ऊ] १. गाँजा, भाङ, जाँड़, रक्सी आदि मादक पदार्थ; नशादार वस्तु। २. लागू-भागू; लगान। ३. प्रचलित हुनु; व्यवहारमा आउनु। ४. प्रमाणित हुनु; ठीक ठहर्नु। (वि०) ५. तल्लीन भई लागेको; लग्गू। ६. लागेको; प्रयुक्त।

लागू-भागू–ना० [लाग्+भागू (फाँ०)] १. भूत, प्रेत, बोक्सी आदि लाग्ने काम; लगान। २. लागू वा मादक पदार्थ।

लाग्दो–वि० [लाग्+दो] १. लाग्नेजति; आवश्यक भए-जति; चाहिँदो। २. लाग्ने; अनुभव हुने। (यस अर्थमा यो शब्द अरू शब्दका पछाड़ि लागेरमात्र प्रयोग हुन्छ। उदा०—घत-लाग्दो, उच्चाट-लाग्दो।)

लाग्नु–अ० क्रि० [सं० लग्न+नु] १. काममा प्रवृत्त हुनु; लागिपर्नु। २. थाल्नु; शुरू हुनु। ३. कुनै काम हुन खोज्नु; आँट्नु। ४. टाँसिनु; जोरिनु। ५. मिल्नु; सम्मिलित हुनु। ६. बन्द हुनु; थुनिनु। ७. पोतिनु; लिपिनु। ८. रङ्ग-रोगन आदि चढ्नु वा बस्नु। ९. नाता पर्नु; साइनु पर्नु। १०. ठक्कर खानु; बज्रनु; ठेसिनु। ११. धारणा हुनु; प्रतीत हुनु; अनुभव हुनु। १२. माने बुझ्नु; अर्थ स्पष्ट हुनु। १३. दोष, अभियोग आदि आइपर्नु। १४. गणितमा ठीक-ठीकसँग भाग जानु। १५. अड़कल, युक्ति, बुद्धि आदि ठीक मिल्नु। १६. बानी, लत आदि बस्नु। १७. फल, फूल, पालुवा आदि पैदा हुनु। १८. पाउनु; प्राप्त हुनु। १९. ओड़ लिनु; पक्ष लिनु। २०. जूवामा कुनै दाउ बार-बार पर्नु। २१. पीछा गर्नु; पछ्याउनु। २२. भूत, प्रेत आदिको आवेश हुनु। २३. आँखा पर्नु; दृष्टि-दोष हुनु। २४. अमलको असर पर्नु; लट्ठिनु। २५. रोग, शत्रु आदिले आक्रमण गर्नु। २६. झगड़ा गर्नु; जिस्किनु। २७. उपयोगमा आउनु। २८. व्यय हुनु।

लाग्ने–वि० [लाग्+ने] १. तीखो धार भएको; धारिलो। २. 'लाग्नु'-को विशेषण।

लाघव–ना० [सं०] १. लघु हुनाको भाव; लघुता। २. कमी; न्यूनता।

लाङ्गल–ना० [सं०] १. हलो। २. लिङ्ग।

लाङ्गली–ना० [सं०] १. बलराम। २. नरिवलको बोट। ३. काउछो। ४. काउछे-सिमी। ५. पहेँलो फूल फुल्ने सर्वजा।

लाङ्गलीषा–ना० [सं०] हरिस।

लाङ्गूल–ना० [सं०] १. पुच्छर। २. शिश्न; पुरुषेन्द्रिय।

लाङ्गूली–ना० [सं०] १. बाँदर। २. सानु-तीते-पिँड़ालु; ऋषभ। ३. काउछो।

लाचार–वि० [अ०] १. केही उपाय गर्न नसक्ने अवस्थाको; विवश। २. असमर्थ; अशक्त।

लाचारी–ना० [अ०] लाचार हुनाको भाव; विवशता।

लाछ-लुछ–ना० [लाछ्+लुञ्छ(सं०)] १. लाछ्ने र लुछ्ने काम; लुछा-चुँड़ी; लुछ-लाछ। २. खोस-मोस; लूट-लाट।

लाछा–ना० [लच्छा] कपाल धेरै वा लामो देखाउनाका निमित्त स्त्रीहरूले चुल्ठामा गाँस्ने रौं आदिको आँठो; रौं आदिको लच्छा।

लाछिनु–स० क्रि० [लाछ्+इ+नु] लछारिनु; ('लाछ्नु'-को क० क्रि०)।

लाछी–वि० [सं० लज्जा] १. धक वा लाजले अरूको अगाड़ि बोल्न नसक्ने। २. कातर; काफर; नामर्द। (ना०) ३. कुकुर।

लाछ्नु–स० क्रि० [लछार्+नु] लछार्नु।

लाज–ना० [सं० लज्जा] १. लज्जा; शरम। २. इज्जत; प्रतिष्ठा।

लाज-गाल–क्रि० यो० [लाज+गाल] १. कर-बलले; लाचारीका साथ। (ना०) २. लोक-लज्जा।

लाज-भाँड़–ना० [लाज+भाँड़] सभा, समाजमा वा मान्य जनका अगाड़ि बोल्न नहुने कुरो; अश्लील वचन।

लाज-मर्नु–वि० [लाज+मर्नु] १. लाज लाग्ने; शरम लाग्ने। २. लज्जित; शर्मिन्दा।

लाजा–ना० [सं०] १. धान भुट्दा उठ्ने फूल; लावा। २. चामल; अक्षता।

लाञ्छन–ना० [सं०] १. दोष; कलङ्क। २. दाग; खोट। ३. चिह्न; निशान।

लाञ्छना–ना० [सं० लाञ्छन] १. दोष; कलङ्क; अभियोग। २. निन्दा।

लाञ्छित–वि० [सं०] लाञ्छन लगाइएको; कलङ्कित; दोष लगाइएको।

लाट-लुट–ना० [लटपट] जूठो वस्तु यता-उति परी बिटुलिने काम; लसपस; छुवाछूत।

लाट-लूट–ना० [(फाँ०) लाट+लूट] यता-उति लुट्ने काम;

CC-0. In Public Domain. Digitization by eGangotri

खोस-मोस; लूट-पीट ।

लाटा–ना० [ने०] १. मकै पाक्ने वेलामा आउने पहेँलो रङ्गको कीरो; मकै-कीरो । २. केटा-केटीको एक खेलमा प्रयोग हुने शब्द ।

लाटानुप्रास–ना० [सं०] एक शब्दालङ्कार ।

लाटिइनु–अ० क्रि० [लाटि+इ+नु] लाटो होइनु; ('लाटिनु'-को भा० क्रि०) ।

लाटिनु–अ० क्रि० [लाटो] १. लाटो हुनु; बोल्न नसक्ने हुनु । २. रोग-वश स्वाद थाहा नहुनु (जिब्रोमा) । ३. शरीरका अङ्गमा अचेतनता वा जडता पैदा हुनु; बोधो हुनु ।

लाटी–वि० [लाटो+ई] १. बोल्ने शक्ति नभएकी; जिब्रो-बाट शब्द निकाल्न नसक्ने । २. लठचौरी । ३. सूधी; सोझी । ४. बुद्धि नभएकी; मूर्ख (स्त्री) ।

लाटो–वि० [सं० लट] १. बोल्न नसक्ने; जिब्रोबाट बोली नफुट्ने । २. लठचौरो; गोज्याङ्ग्रो । ३. मूर्ख; लट्ठक । ४. सूधो; साधु ।

लाटोकोसेरो–ना० [सं० लट+कौशिक] दिउँसो आँखा नदेख्ने, रातीमात्र उड्ने एक जातको चरो; भुल्को; उलूक ।

लाठ–ना० [अं० लॅर्ड] कमान्डर-इन्-चीफभन्दा मनिको एक सैनिक दर्जा (प्रजा-तन्त्र हुनुभन्दा पहिलेको) ।

लाठ–वि० [सं० लाट] १. घस्टिएर पुरानोजस्तो भएको; खज्याङ-मज्याङ भएको; लास्ट । २. बिग्रेको; बरबाद ।

लाठ–ना० [लट्ठी] कल-पुर्जा आदिको एक मुख्य अवयव ।

लाठी–ना० [लट्ठी] लाठो; लट्ठी ।

लाठी-चार्ज–ना० [लाठी+चार्ज (अं०)] जुलूस, भीड़ आदि-लाई हटाउन पुलिसले गर्ने लाठीको प्रहार ।

लाठी-मुङ्ग्रो–ना० [लाठी+मुङ्ग्रो] लाठो र मुङ्ग्राले पर-स्परमा पिट्ने काम; पिटापिट ।

लाठे–ना० [प्रा० लट्ठ] १. रोपाइँमा कोदालीले काम गर्ने पुरुष खेतालो । (वि०) २. जवान; समर्थ; लायक । ३. लदू ।

लाठो–ना० [लाठी] ठूलो र लामो लट्ठी; घारो ।

लाड़–ना० [सं० लड्] केटा-केटीलाई गरिने प्रेमपूर्ण व्यव-हार; लालना; पुलपुल ।

लाड़-प्यार–ना० [लाड़+प्यार] केटा-केटीलाई गरिने लालना र प्यार ।

लाड़िइनु–अ० क्रि० [लाड़ि+इ+नु] लाड़े होइनु; ('लाड़िनु'-को भा० क्रि०) ।

लाड़िनु–अ० क्रि० [लाड़+इ+नु] १. लाड़े हुनु; पुलपुलिनु । २. केटाकेटीको जस्तो आचरण गर्नु; बालकजस्तो हुनु ।

लाड़े–वि० [लाड़+ए] १. लाड़िने स्वभावको; लहसिने स्वभावको । २. पुलपुलिएको; लाड़िएको ।

लात–ना० [प्रा० लत्ता] १. पाउ; पाद । २. पाउको प्रहार; लात्ती; पाद-प्रहार ।

लात्ता-लात्ती–ना० [लात्ती+लात्ती] परस्परमा लातले हान्ने काम ।

लात्ती–ना० [प्रा० लत्ता] लात ।

लात्तीकुत्ती–ना० [ने०] चाहिएभन्दा बढ्ता; धेरै; छेलो-खेलो; लात्तेकुत्ते ।

लात्तेकुत्ते–ना० [लात्तीकुत्ती] लात्तीकुत्ती ।

लाथ्रो–ना० [सं० लता] १. कलिलो रूख; नछिप्पिएको बोट । २. नछिप्पिएको हाँगो; कलिलो हाँगो ।

लाद–ना० [लाद्रो] लाद्रो ।

लाद–ना० [प्रा० लद्द] भारी; बोझ ।

लादिनु–स० क्रि० [लाद्+इ+नु] भारी बोकाइनु; ('लाद्नु'-को क० क्रि०) ।

लादी–ना० [प्रा० लद्दी] १. भुँड़ीभित्र रहेको मल; आन्द्रामा रहेको विष्ठा । २. हात्ती, घोड़ा आदिको विष्ठा; लिदी ।

लादे–वि० [लाद+ए] १. ठूलो भुँड़ी हुने; भुँड़े; भुँड़ीवाल । २. धेरै खाने; खन्चुवा; घिच्चू ।

लादो–ना० [लाद्रो] लाद्रो ।

लाद्नु–स० क्रि० [प्रा० लद्दइ+नु] १. भारी बोकाउनु; लदाउनु । २. भारी हाल्नु । (स० क्रि०) ३. भारी बोक्नु ।

लाद्रे–वि० [लाद्रो+ए] १. ठूलो पेट भएको; पेटुवा । २. धेरै खाने; घिच्चू (निन्दार्थमा प्रयोग हुने) ।

लाद्रो–ना० [लादी] लादी रहने भुँड़ी; पेट ।

लानु–स० क्रि० [सं० ला+नु] लिएर जानु; लग्नु; लैजानु ।

लापरवाह–वि० [अ० ला+परवा (फा०)] १. कुनै कुराको परवाह नगर्ने; वास्ता नगर्ने । २. असावधान; बेहोशी ।

लापरवाही–ना० [लापरवाह+ई] परवाह नहुनाको भाव; बेवास्ता; बेपरवाही ।

लापलाप-लिपलिप–क्रि० यो० [लपलप] १. धेरै खाने कुराहरू चाख्ने किसिम; लापलिप । २. जति खाए पनि नअघाए-जस्तो गर्ने किसिम ।

लापलिप–क्रि० यो० [लपलप] १. चाँड़ोचाँडो सटचाक-सुटुक खाने किसिम । २. थोरै वा नपुग खानेकुरो खाने किसिम । ३. हतपत गरी लिप्ने किसिम ।

लापलिपे–वि० [लापलिप+ए] १. लापलिप गर्ने । २ सटचाक-सुटुक गरी खाने; खानेकुरो चाख्ने बानी भएको ।

लापा–ना० [लोप्पा] उड़ेको चङ्गा अचानक घोप्टो परी झर्ने काम ।

लाप्चे–ना० [ने०] नेपालको पूर्वी पहाड़ी क्षेत्रमा रहने एक प्रसिद्ध जाति ।

लाप्चे-काउलो–ना० [लाप्चे+काउलो] १. एक जातका काउलाको बोट । २. त्यसैको फल; लाप्चे-फल; करमर्द ।

लाप्चे-फल–ना० [लाप्चे+फल] लाप्चे-काउलोको फल ।

लाप्पा–ना० [ने०] कुश्ती; लाक-पाक; द्वन्द्व-युद्ध ।

CC-0. In Public Domain. Digitization by eGangotri

लाप्सो–ना० [सं० लम्ब] सुन, चाँदी आदिको लाम्चो टुक्रो; साँप्लो।

लाफ़े–वि० [लाफो+ए] लाफो गाँसिको; लाफो जोरेको।

लाफो–ना० [ने०] १. मुख्य घरमा जोरेर बनाइएको एकोहोरो सानो खण्ड। २. चित्रा नलागेको, पातैं-पात-गाँसी बनाइएको एक प्रकारको घुम।

लाफ़्र–वि० [फा० लाफ़] लाफ्रे; लाउके।

लाफ़्रे–वि० [लाफ्रो+ए] लाफ्रो भएको; लाफे।

लाफ़्रो–ना० [लाफो] लाफो।

लाभ–ना० [सं०] १. कुनै वस्तु पाउनु; प्राप्ति; लब्धि। २. नाफा; मुनाफा। ३. फायदा। ४. उपकार; भलाइ।

लाभ-कर–वि० [सं०] लाभ हुने; फायदा हुने; लाभ-कारी।

लाभ-कारी–वि० [सं०] लाभ गर्ने; लाभ-कर।

लाभ-दायक–वि० [सं०] लाभ हुने; लाभ-कर।

लाभांश–ना० [सं०] कुनै व्यापारमा लगाएको सम्पत्तिबाट भएको आम्दानी; लाभको अंश।

लाभालाभ–ना० [सं०] लाभ र हानि।

लाभे–ना० [सं० फा० लाफ़] बट्टाईका जातिको एक पक्षी।

लाभ्रे–वि० [लाफ़े] १. अर्काको वारीस भई बोल्ने; आफूलाई प्रयोजन नभएको कुरोमा अगि सरी बोल्ने; मुखसारी; लाउके।

लाभ्रे–ना० [सं० लम्ब] अन्नमा लाग्ने सेतो र लामो एक जातको कीरो; सिलेसो।

लाम–ना० [फा० लाम] १. लहर; पङ्क्ति; ताँती। २. सेना; फौज।

लामटाङ–ना० [ने०] नेपालको पूर्व-दुइ (२)-नम्बर इलाकाको रोल्वालिङ हिमालमा पर्ने एक घाटी। (यसै घाटीबाट तामा-कोसी बगेर आएको छ।)

लामा–ना० [तिब्बती] १. तिब्बतका बौद्ध धर्मीहरूका धर्मगुरु। २. भोटे जातिको मान-बोधक शब्द। ३. सेर्पा, तामाङ आदि जातिका पुरोहित।

लामू–वि० [लामो] लामो।

लामो–वि० [सं० लम्ब] लमाइ बढ्ता भएको; दीर्घ; लम्बे; लामू।

लाम्कीरो–ना० [लामो+कीरो] सर्प; लम्बा; साँप।

लाम्खुट्टे–ना० [लामो+खुट्टा+ए] १. लामा-लामा खुट्टा हुने, गर्मी यामामा हुने, प्राणीको रगत चुस्ने एक जातको उड्ने कीरो; मच्छर।

लाम्चिइनु–अ० क्रि० [लाम्चि+इ+नु] लाम्चो होइनु; ('लाम्चिनु'-को भा० क्रि०)।

लाम्चिनु–अ०क्रि० [लाम्चो+इ+नु] लाम्चो हुनु; लम्चिनु।

लाम्चुच्चे–ना० [लामो+चुच्चे] उड्का; चाहा।

लाम्चो–वि० [लामो] केही लामो; लामो किसिमको; लम्स्याइलो।

लाम्टो–ना० [लामो+स्तन] १. दूध निस्कने शरीरको अवयव; थून; स्तन। २. शिथिल स्तन।

लाम्पाते–ना० [लामो+पात+ए] १. लामा-लामा पात हुने एक जातको सुर्ती। २. लसुनको साग वा पात। (वि०) ३. लामो पात हुने।

लाम्पुच्छ्रे–ना० [लामो+पुच्छर+ए] १. पछिल्तिर लामो पुच्छरजस्तो ज्योति भएको तारा; धूम-केतु। २. ढुकुर-जस्तो, फुस्रो रङ्गको, लामो पुच्छर हुने एक जातको चरो। ३. लामो पुच्छर हुने एक जातको भेड़ो। (वि०) ४. लामो पुच्छर हुने।

लायक–वि० [अ०] १. असल गुणले सम्पन्न; योग्य। २. उचित; ठीक। ३. उपयुक्त; मुनासिब। ४. समर्थ; सामर्थ्य-युक्त।

लायकिलो–वि० [लायक+इलो] १. ठूलो; भव्य। २. योग्य (व्यक्ति)।

लायकी–ना० [लायक+ई] लायक हुनाको भाव; योग्यता।

लार्के–ना० [ने०] १. नेपालको पश्चिम-दुइ (२)-नम्बर इलाकामा पर्ने एक हिमाल। २. यसै हिमालमा पर्ने, हिउँ पग्लेका बखत भोटतर्फ आवत-जावत गर्न हुने एक घाटी। ३. भाले ढुकुर।

लार्के–ना० [लर्को] कुनै काममा गौण रूपले शरीक हुने व्यक्ति; 'मतियार।

लाल–ना० [सं० लालन] १. छोरो; पुत्र। २. प्यारो केटा-केटी।

लाल–वि० [अ० लअल] १. रातो रङ्गको; रक्त वर्णको। (ना०) २. माणिक। ३. राती-गेड़ी; रत्ती। ४. एक मासाको दशौं भाग।

लालक–वि० [सं०] १. दया-माया गर्ने; लालन गर्ने। २. पालन-पोषण गर्ने।

लालच–ना० [सं० लालस] १. कुनै वस्तु पाउने प्रबल इच्छा; लालसा। २. अनुचित इच्छा; लोभ।

लालची–वि० [लालच+ई] लालच गर्ने; लोभी; लालसी।

लालटीन–ना० [अं० लैन्टर्न] उझिन्डो, बारा र चीमसमेत लागेको मट्टी-तेलको बत्ती बाल्ने एक किसिमको भाँड़ो।

लालटेन–ना० [लालटीन] लालटीन।

लालन–ना० [सं०] प्रेमपूर्वक बालकलाई प्रसन्न पार्नु; लाड़; पुलपुल्याहट।

लालन-पालन–ना० [सं०] माया-दया गरी पाल्ने काम; स्नेहपूर्वक पालन-पोषण गर्ने काम।

लालना–ना० [सं० लालन] प्यारो गर्नु; स्नेह; माया।

लालनीय–वि० [सं०] स्नेह गर्न योग्य; लालन गर्न लायक।

लाल-पाते–ना० [लाल+पात+ए] १. दूध आउने झुप्पाकार पहेंलो फूल फुल्ने, रातो पालुवा हुने एक जातको बोट। २. त्यसैको रातो पालुवा।

लाल-बुझक्कड़–वि० [लाल (एक व्यक्ति)+बुझक्कड़] 'वास्तविक कुरो थाहा नपाईकन अड़कलबाट अर्थ लगाउने।

CC-0. In Public Domain. Digitization by eGangotri

लाल-मोहन–ना० [लाल+मोहन] खुवाको डल्लो रातो हुन्जेल घिउमा पकाई चासनीमा डुबाएको मिठाई।

लाल-मोहर–ना० [लाल+मोहर] १. एन, विशेष नियुक्ति, विशेष अनुदान वा दान आदिका कागज-पत्रमा लगाइने श्री ५ महाराजाधिराजको रातो छाप। २. त्यो छाप लागेको कागत-पत्र।

लाल-मोहरिया–वि० [लाल-मोहर+इया] लाल-मोहर भएको वा पाएको; लाल-मोहर-सम्बन्धी।

लालस–वि० [सं०] १. कुनै चीजको अतिशय इच्छा गर्ने; प्रबल इच्छुक। २. लोभी; लोलुप। (ना०) ३. लालच; लालसा।

लालसा–ना० [सं०] १. कुनै वस्तु पाउने ठूलो इच्छा; अभिलाषा। २. लोभ; लालच।

लाल-सागर–ना० [लाल+सागर] अरब र अफ्रिकाको बीच-मा रहेको एक समुद्र।

लालसी–ना० [लालस+ई] लालसा गर्ने; लालची।

लाला–ना० [सं०] राल; थूक।

लाला–ना० [सं० लालन] बालक; बच्चो; केटा-केटी।

लाला-बाला–ना० [लाला+बाला] बाल-बच्चा; केटा-केटी।

लालायित–वि० [सं०] १. ज्यादा लोभी; अति लुब्ध। २. राल चुहाउने; राले।

लालित–वि० [सं०] १. माया-दया गरिएको; लालन गरिएको। २. पुलपुल्याइएको।

लालित्य–ना० [सं०] १. ललित हुनाको भाव; सौन्दर्य। २. प्रेम-सूचक हाव-भाव।

लालिमा–ना० [लाल] रातोपन; लाली; रक्तिमा।

लाली–ना० [लाल+ई] १. रातोपन; लालिमा। २. ओठ, गाला आदिमा लाउने एक प्रकारको रातो रङ्ग।

लाल्य–वि० [सं०] लालन गर्न योग्य।

लावक–ना० [सं०] १. भँगेराजस्तो एक जातको सानो पक्षी। (वि०) २. छुट्याउने; विभाजक।

लावण्य–ना० [सं०] १. लवणको भाव; नुनिलोपन। २. राम्रो हुनाको भाव; सौन्दर्य। ३. सुशीलता।

लावा–ना० [सं० लाजा] धान भुटेको फूल; लाजा।

लावा–ना० [अं० लाभा] ज्वाला-मुखी पहाड़बाट निस्कने पत्थर, धातु आदि पग्लेको द्रव पदार्थ।

लावा–ना० [सं० लाव] वट्टाईजस्तो एक जातको चरो; लाभ्रे।

लावा-लश्कर–ना० [फा० लाव-लश्कर] सेना र त्यसको सर-सामान; हात-हतियारसहितको फौज।

लाश–ना० [फा०] मृत शरीर; मुर्दा; सिनु।

लाश-जाँच–ना० [लाश+जाँच] मरेको वास्तविक कारण पत्ता लगाउनाका निमित्त लाश जाँच्ने काम।

लास्ट–वि० [लाठ] घस्टिएको; लाठ।

लास्य–ना० [सं०] १. नाच; नृत्य। २. स्त्रीहरूको नाच। ३. श्रृङ्गार आदि कोमल रसको उद्दीपन गर्ने नृत्य। ४. गान-बजान र हाव-भावसहितको नाच।

लाहाँचे–ना० [ने०] कालो लामो चुच्चो, रातो टाउको, नीला खुट्टा र हरियो शरीर हुने र रूख खोपेर गुँड़ लाउने एक जातको चरो।

लाहा–ना० [सं० लाक्षा] रूखमा हुने एक जातको कीरोले बनाउन, तताउँदा पग्लने एक पदार्थ; लाक्षा।

लाहास–ना० [ने०] ठूलो मुख्य घरमा जोड़ी बनाइएको सानो घर; लाफो।

लाही–ना० [लाहा] तोरी।

लाहुरे–ना० [लाहोर (नगर)] १. भारतीय पल्टनमा नोकरी गरेको नेपाली व्यक्ति। २. अनेक रङ्गका ठूला-ठूला फूल फुल्ने एक जातको बोट। ३. त्यसैको फूल। ४. मधेस-बाट आउने एक जातको भैँसी। (वि०) ५. लाहोर नगरको।

लाहुरे-फूल–ना० [लाहुरे+फूल] लामा टुप्पा हुने पात र सखर-खण्डका जस्ता कन्द हुने बोटमा विभिन्न रङ्गमा फुल्ने एक जातको बर्खे फूल।

लिँड़–ना० [सं० लेण्ड] १. विष्ठाको लामो लिण्डो। २. मूसाको विष्ठा। ३. रुपियाँ-पैसाको लक्कु; बिन्डी।

लिँड़िक–ना० [लिनु] लेन-देनको व्यवहार।

लिँडुको–ना० [लिँड़ो] १. काठको छोटो ठेउको; गिँड़; लिँडुल्को। (वि०) २. पुच्छर वा हात-खुट्टा नभएको; लिँड़ो।

लिँडुल्के–वि० [लिँडुल्को+ए] हात-गोड़ा वा पुच्छर न-भएको; लिँडुल्को; लिँड़े।

लिँडुल्को–ना० [लिँडुको] लिँडुको।

लिँड़े–वि० [लिँड़ो+ए] १. पुच्छर नभएको; ठुटे। २. एकोहोरो स्वभावको; हठी।

लिँड़े-ढिपी–ना० [लिँड़+ढिपी] एकोहोरो ढिपी; हठ; जिद्दी।

लिँड़ो–वि० [सं० लेण्ड] १. पुच्छर काटिएको; लिँड़े; ठुटे। २. छोटो। ३. एकोहोरो स्वभावको; हठी; जिद्दीवाल।

लिँड़चाइ–ना० [लिँड़चाउ+आइ] लिँड़चाउने वा ठुटो पार्ने किसिम, क्रिया वा भाव।

लिँड़चाइ–ना० [लिँड़चाउ+आइ] विष्ठा लिँड़चाउने किसिम, क्रिया वा भाव।

लिँड़चाइनु–स० क्रि० [लिँडचाउ+इ+नु] छोटो पारिनु; ठुटो तुल्याइनु; ('लिँड़चाउनु'-को क० क्रि०)।

लिँड़चाइनु–स० क्रि० [लिँड़चाउ+इ+नु] लिँड़ त्याग गरिनु; ('लिँड़चाउनु'-को क० क्रि०)।

लिँड़चाउनु–स० क्रि० [लिँड़+याउ+नु] १. लिँड़ त्याग गर्नु; विष्ठा त्याग गर्नु। २. लक्कु पार्नु; बिन्डी पार्नु। ३. सोहोर्नु।

लिँड़चाउनु–स० क्रि० [लिँड़+याउ+नु] ठुटो पार्नु; छोटया-

CC-0. In Public Domain. Digitization by eGangotri

उनु ।

लिइनु–स० क्रि० [लि+इ+नु] ग्रहण गरिनु; ('लिनु'-को क० क्रि०) ।

लिउँचिउँ–क्रि० यो० [ने०] येनकेन; जसो-तसो ।

लिउन–ना० [सं० लिम्पन] भित्तामा लाउनाका निमित्त भूस, गोबर आदि मिलाएर बनाइएको माटो ।

लिक्षा–ना० [सं०] जम्राको फुल; लीखो ।

लिक्षिका–ना० [सं०] लीखो; लिक्षा ।

लिखत–ना० [सं० लिखित] १. कुनै लेन-देन वा कारबार-मा प्रमाणस्वरूप लेखिएको कागत-पत्र; लेखोट । (वि०) २. लेखिएको; लिखित ।

लिखित–वि० [सं०] १. लेखिएको । (ना०) २. लेखिएको कुरो वा कागत-पत्र; लेखोट ।

लिखितम्–ना० [सं०] १. लेखिएको कागत-पत्र । २. तमसुकका शुरूमा लेखिने शब्द । (वि०) ३. लेखिएको; लिखित ।

लिखु–ना० [ने०] नेपालको पूर्वी क्षेत्रमा बग्ने सप्त-कोसी-मध्येको एक खोलो ।

लिखुटे–वि० [लीखो+उटे] साह्रै दुब्लो; सिकुटे; मरन्च्याँसे ।

लिखुरे–वि० [लिखुरो+ए] लुखुरो ।

लिखुरो–वि० [सं० लिक्षा] दुब्लो; मरन्च्याँसे; लुखुरे (गाई-वस्तुको बाछो, पाड़ो) ।

लिखौटो–ना० [लीखो+औटो] लीखा झार्नाका निमित्त काङ्गियोमा धान, दूवो आदि घुसारेर बनाइएको साधन ।

लिख्या–ना० [सं०] लीखो ।

लिग-लगा–ना० [लीक+लगा] साँध-सिमाना; हाता ।

लिगलिगे–ना० [ने०] घाँटीभित्र कण्ठनिर जिभ्रीजस्तो देखिने अवयव; किलकिले ।

लिगेशन–ना० [अं०] राज-दूत बस्ने घर; एम्बेसी ।

लिङ्ग–ना० [सं०] १. चिह्न; निशान; लक्षण । २. पुरुषको जननेन्द्रिय; शिश्न । ३. शिव-लिङ्ग । ४. स्त्री, पुरुष आदि छुट्ट्याउने प्राणीका शरीरको चिह्न । ५. व्याकरणमा पुरुष, स्त्री आदि छुट्ट्याउने शब्दका रूप । ६. साङ्ख्य शास्त्र-अनुसार मूल-प्रकृति । ७. न्याय-शास्त्र-अनुसार साधक हेतु । ८. अठार महापुराणमध्ये एक ।

लिङ्ग-धारी–वि० [सं०] केवल चिह्न धारण गर्ने; भेष-धारी ।

लिङ्ग-पुराण–ना० [सं०] अठार महापुराणमध्ये एक ।

लिङ्ग-शरीर–ना० [सं०] मरेपछि शुभ-अशुभ फल भोग्ने सूक्ष्म शरीर ।

लिङ्ग-वृत्ति–ना० [सं०] १. वेश बदलेर जीविका गर्ने व्यक्ति; नकली साधु । (वि०) २. ढोंगी; आडम्बर गर्ने ।

लिङ्गी–वि० [सं०] १. लिङ्ग धारण गर्ने; वेश-धारी । २. लिङ्ग-सम्बन्धी । ३. लिङ्ग भएको ।

लिङ्गे–वि० [सं० लिङ्ग+ए] १. लिङ्ग-सम्बन्धी । २. लिङ्ग-भएको । (ना०) ३. देव-स्थलहरूका यात्रामा बाटो देखाउने अगुवा ।

लिङ्गेन्द्रिय–ना० [सं०] पुरुषको मूत्रेन्द्रिय; शिश्न ।

लिङ्गे-पीङ–ना० [लिङ्गे+पीङ] चार कुनामा चार वटा बाँस वा काठका लिङ्गा गाड़ेर हालिने एक प्रसिद्ध पीङ ।

लिङ्गो–ना० [सं० लिङ्ग+ओ] १. इन्द्र-जात्रा, बिस्केटको जात्रा आदिमा उभ्याइनेजस्तो ठूलो लामो स्तम्भ; ध्वजा । २. कार्तिक महीनामा आकाश-बत्ती बाल्नाका निमित्त उभ्याइने काठ वा बाँस । ३. ठड्याइएको स्तम्भको आकारको कुनै वस्तु ।

लिच्चड़–वि० [प्रा० लिच्छइ] कन्जूस; कृपण ।

लिच्छवि–ना० [सं०] नेपाल, मगध तथा कोसल देशको एक प्राचीन शासक-वंश ।

लिटो–ना० [सं० लीढ़] बालक-बालिकालाई खुवाउने एक प्रकारको मनभोग ।

लिट्टी–ना० [लिस्ती] धर्ना; पछेटा ।

लिण्डो–ना० [सं० लेण्ड] लिँड़ ।

लितिक्क–क्रि० यो० [ने०] गीलो पदार्थ निचोरिएर निस्कने किसिम; लित्त ।

लितितिति–क्रि० यो० [ने०] लेदो वा गीलो पदार्थ निचोरिएर लगातार निस्कने किसिम ।

लिती-लिती–क्रि० यो० [ने०] गीलो पदार्थ निचोरिएर धमाधम निस्कने किसिम; लित्त-लित्त ।

लित्त–क्रि० यो० [ने०] लितिक्क; पित्त ।

लिथो–ना० [अं०] लिथोग्राफ ।

लिथोग्राफ–ना० [अं०] हातले लेखेर वा चित्र खिँचेर पत्थर वा धातुको पातोद्वारा छापिने छापा ।

लिथोग्राफी–ना० [अं०] लिथोग्राफ छाप्ने कला; ढुङ्गा, धातु आदिको पाताद्वारा अक्षर, चित्र आदि छाप्ने कला ।

लिदी–ना० [प्रा० लद्दी] हात्ती, घोड़ा आदिको विष्ठा ।

लिन-दिन–ना० [लि+दि] १. लिने र दिने काम; लेन-देन । २. ऋण दिने र लिने काम; सर-सापट ।

लिनु–स० क्रि० [प्रा० लेहइ+इ+नु] १. अरूको अधिकार-बाट कुनै वस्तु आफना अधीनमा गर्नु; ग्रहण गर्नु; प्राप्त गर्नु । २. समात्नु; समाउनु । ३. मान्नु; स्वीकार गर्नु । ४. धारण गर्नु ।

लिप-घस–ना० [लिप्+घस्] लिप्ने र घस्ने काम; लिप-पोत; लिपन-पोतन ।

लिपन-पोतन–ना० [लिप-पोत] लिप-पोत ।

लिप-पोत–ना० [लिप्+पोत्] लिप्ने र पोत्ने काम; लिप-घस ।

लिपाइ–ना० [लिप्+आइ] लिप्ने किसिम, क्रिया वा भाव ।

लिपाइनु–स० क्रि० [लिपाउ+इ+नु] पोताइनु; ('लिपा-उनु'-को क० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

लिपाउनु–स० क्रि० [लिप्+आउ+नु] लिप्न लाउनु; पोताउनु; ('लिप्नु'-को प्रे० क्रि०)।

लिपि–ना० [सं०] १. अक्षर लेख्ने प्रणाली। २. अक्षर; वर्ण।

लिपिक–ना० [सं०] १. लेख्ने व्यक्ति; लेखक। २. कारिन्दा; लेखनदास।

लिपिकार–ना० [सं०] लेख्ने व्यक्ति; लेखक।

लिपिक्क–क्रि० यो० [लिप्] लिपिस्स।

लिपित्त–क्रि० यो० [ने०] लित्त; लितिक्क।

लिपिनु–स० क्रि० [लिप्+इ+नु] पोतिनु; ('लिप्नु'-को क० क्रि०)।

लिपि-बद्ध–वि० [सं०] लेखिएको; लिखित; लिपिको रूप दिइएको।

लिपि-शास्त्र–ना० [सं०] १. लेख्ने कला; लेखन-कला। २. लिपिको उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र।

लिपिस्स–क्रि० यो० [सं० लिप्त] टाँसिने किसिम; लिपिक्क।

लिपी–ना० [सं०] लिपि।

लिप्टिइनु–अ० क्रि० [लिप्टि+इ+नु] लपेटिइनु; ('लिप्टिनु'-को भा० क्रि०)।

लिप्टिनु–अ० क्रि० [सं० लिप्त+इ+नु] १. लपेटिनु; बेह्रिनु। २. जोरिनु; टाँसिनु।

लिप्टो–ना० [लिप्टि] पछ्यौरा, धोती आदिको काम लिइने सानो-तिनो कपड़ाको टुक्रो।

लिप्टचाइ–ना० [लिटचाउ+आइ] लिप्टचाउने किसिम, क्रिया वा भाव।

लिप्टचाइ–ना० [लिप्टि+याइ] लिप्टिने किसिम, क्रिया वा भाव।

लिप्टचाइनु–स० क्रि० [लिप्टचाउ+इ+नु] बेह्रिनु; ('लिप्टचाउनु'-को क० क्रि०)।

लिप्टयाउनु–स० क्रि० [लिप्ट+याउ+नु] १. लपेट्नु; बेह्रनु। २. जोर्नु; टाँस्नु।

लिप्त–वि० [सं०] १. लिपेको; पोतेको। २. आसक्त; अनुरक्त। ३. कुनै काममा दत्त-चित्त भई लागेको; तल्लीन। ४. मिलेको; जोरिएको।

लिप्नु–स० क्रि० [सं० लिप्+नु] लेदो पदार्थ जमीन वा भितामा पातलो गरी लाउनु; पोत्नु; घसार्नु; पोतर्नु; लेपन गर्नु।

लिप्सनु–स० क्रि० [लिप्+नु] बाक्लो लेदो पदार्थ घस्नु; लेसाइलो पदार्थ पोतर्नु।

लिप्सा–ना० [सं०] १. कुनै वस्तु पाउने इच्छा; लालसा। २. कामना; अभिलाषा।

लिप्साइ–ना० [लिप्स+आइ] लिप्सने किसिम, क्रिया वा भाव।

लिप्साइनु–स० क्रि० [लिप्साउ+इ+नु] लिप्सन लाइनु; ('लिप्साउनु'-को क० क्रि०)।

लिप्साउनु–स० क्रि० [लिप्स+आउ+नु] लिप्सन लाउनु; ('लिप्सनु'-को प्रे० क्रि०)।

लिप्सिइनु–स० क्रि० [लिप्सि+इ+नु] बाक्लो लेदो पदार्थ घसिनु; ('लिप्सिनु'-को क० क्रि०)।

लिप्सित–वि० [सं०] १. कुनै वस्तु पाउने इच्छा गरिएको; अभिलषित। २. लोभिएको; लोलुप भएको।

लिप्सिनु–स० क्रि० [लिप्स+इ+नु] लिप्सनु।

लिप्सिनु–अ० क्रि० [सं० लिप्सा] कसैसित ज्यादै लहसिनु।

लिप्सी–ना० [अं० लिप-स्टिक] स्त्रीहरूले ओठ रँगाउनाका लागि लाउने एक किसिमको रातो रङ्ग।

लिप्सु–वि० [सं०] कुनै वस्तु पाउने इच्छा गर्ने; इच्छुक।

लिप्सो–वि० [सं० लेश] अति सानो; सूक्ष्म।

लिफा–ना० [सं० लिख्] उजूर, बिन्ति-पत्र आदि लेख्ने सरकारी छाप लागेको फारम।

लिफ़ाफा–ना० [अ० लिफ़ाफ़ः] चिट्ठी-पत्र आदि हाल्ने कागतको थैली वा खोल; खाम।

लिबलिब–क्रि० यो० [लपलप] १. जिभ्रो चलाउने वा चाट्ने किसिम; ल्याप-ल्याप। २. खानमा ज्यादै लोभी हुने किसिम।

लिबलिबती–क्रि० यो० [लिबलिब+ती] लिबलिब; लिबलिबी।

लिबलिबी–क्रि० यो० [लिबलिब+ई] लिबलिब; लिबलिबती।

लिब्री–ना० [लिबलिब] १. सानो जिभ्री। २. किलकिले; लिगलिगे।

लिभर–ना० [अं०] १. घड़ी, ताल्चा आदिमा हुने एक किसिमको पुर्जा। २. कलेजो।

लिम्प–ना० [सं०] लिप्ने काम; लेपन।

लिम्पाक–ना० [सं०] १. निबुवा। २. गधा।

लिम्बुवान–ना० [लिम्बू+स्थान] लिम्बूहरूको बस्ती भएको पूर्वी नेपालको एक पर्वतीय क्षेत्र।

लिम्बू–ना० [ ] पूर्वी नेपालको लिम्बुवान क्षेत्रमा बस्ने एक जाति; किराती जातिको एक भेद।

लियाकत–ना० [अ० लियाक़त] योग्यता।

लियाकतदार–वि० [लियाकत+दार] लियाकत भएको; योग्य।

लिलाम–ना० [पुर्त० लीलाम] लीलाम।

लिलामी–वि० [लीलामी] लीलामी।

लिसीपिसी–क्रि० यो० [ने०] १. मन नलाईकन सुस्तीसँग काम गर्ने किसिम। (ना०) २. महत्त्व नभएको काम; सानो-तिनो काम।

लिसो–ना० [लस्सा] १. खोटो र तेल मिलाई सूर्य-पाक गरेर बनाइएको लेसाइलो पदार्थ। २. रूखको लेसाइलो चोब। ३. मन नपरीकन आएर धेरै समयसम्म रहने मानिस अथवा वस्तु।

लिस्ट–ना० [अं०] फेहरिस्त; सूची।

लिस्टे–वि० [लिस्टो+ए] लिस्टो।

CC-0. In Public Domain. Digitization by eGangotri

लिस्टो–वि० [ने०] १. कन्जूस; किरन्टोकी। २. फिस्टोभन्दा सानो एक जातको चरो।

लिस्ती–ना० [प्रा० लट्टि] झ्याल-ढोका आदिमा काँच, फल्याक आदि जड्नाका निमित्त चारैतिर जड़िने काठ आदिको पातलो फ्रेम वा साधन।

लिस्नु–ना० [ने०] १. भऱ्याङ। २. खुड्किलो; सिँढ़ी। ३. बीच-बीचमा कपेर खुड्किला बनाएको एक किसिमको भऱ्याङ; एक-खुट्टे भऱ्याङ; अखटो।

लिहल–वि० [लि] लिएको; प्राप्त गरेको (तमसुक वा त्यस्तै लेन-देनका कागत-पत्रमा मात्र लेखिने शब्द)।

लिही–ना० [प्रा० लिद्दी] कुखुराको विष्ठा; सुली।

लिही–ना० [ने०] कौ, कामीहरूले धातुका भाँड़ा-बर्तनहरू बनाउँदा तलतिर राख्ने फलामे अचानु।

ली–ना० [लिही] लिही।

लीक–ना० [सं०रेखा] १. बयल-गाड़ा आदिका पाङ्ग्राले बनाएको डूँड़जस्तो धर्सो; गोरेटो। २. रेल आदिका पाङ्ग्रा गुड्ने फलामे बाटो।

लीखा-टिपाइ–ना० [लीखो+टिपाइ] १. चानचुने आम्दानी; सानो-तिनो लाभ। २. झर्को-लाग्दो काम।

लीखो–ना० [सं० लिक्षा] जुम्रा, उड्स आदिको फुल।

लीग–ना० [अं०] १. सङ्घ; संस्था। २. गुट; गठ।

लीचड़–वि० [प्रा० लिच्छड़] १. कन्जूस; किरन्टोकी। २. अल्सी; सुस्त। ३. लेसाइलो; लेसिलो।

लीची–ना० [ची०] १. लाम्चा पात, मसिना मञ्जरीका रूपका फूल र खस्रो बोक्रो हुने, गुलिया गोल फल हुने एक जातको वृक्ष। २. त्यसैको फल।

लीडर–ना० [अं०] नेता; अगुवा व्यक्ति; अग्रणी।

लीढ–वि० [सं०] चाटेको; ल्याप-ल्याप गरी खाइएको।

लीन–वि० [सं०] १. कुनै वस्तुमा नछुट्टिने गरी टाँसिएको; बेसरी जोरिएको। २. काममा एक-चित्त भई लागेको; तन्मय। ३. ध्यानमा मग्न। ४. कुनै अर्को वस्तुमा अभेद रूपले मिलेको; विलीन। (ना०) ५. संलग्नता; तल्लीनता।

लीला–ना० [सं०] १. मनोरञ्जनका निमित्त गरिने काम; क्रीडा; खेल; केलि। २. विहार; विलास।। ३. देव-देवीका अवतारका चरित्रको अभिनय। ४. प्रेमको आधिक्यले रूप, वेश, आभूषण, वचन आदिले नायिकाद्वारा गरिने नायकको अनुकरण।

लीलाम–ना० [पुर्त०] कुनै माल डाँक बोलेर सबभन्दा बढ़ी मोल दिनेलाई बिक्री गर्ने काम; मोल बढ़ाबढ़ गरेर कुनै माल सार्वजनिक रूपले बिक्री गर्ने काम।

लीलामी–वि० [लीलाम+ई] १. लीलाममा खरीद वा बिक्री गरिएको। २. लीलामको; लीलाम-सम्बन्धी।

लीलावतार–ना० [सं०] लीलाका निमित्त धारण गरिएको विष्णुको अवतार।

लीलावान्–वि० [सं०] १. लीला-युक्त; क्रीडा-शील। २. रमणीय।

लीलोद्यान–ना० [सं०] क्रीडा गर्ने बगैँचा।

लुँग–ना० [लङ] पोते, माला आदिका गुच्छाको प्रत्येक लहर; लरियो।

लुँड़िइनु–अ० क्रि० [लुँड़ि+इ+नु] लुँड़ीजस्तो होइनु; ('लुँड़िनु'-को भा० क्रि०)।

लुँड़िनु–अ० क्रि० [लुँड़ी+इ+नु] १. लुँड़ीजस्तो हुनु; लुँड़ा पर्नु। २. बटारिनु; बाटिनु; निमोठिनु। ३. गुट-मुटिनु; बेह्रिनु।

लुँड़ी–ना० [सं० लुण्डिका] पराल, बाबियो आदि बटारेर बनाइएको एक पोयोमात्र हुने डोरीको डल्लो।

लुँड़े–ना० [ने०] १. रातो डाँठ र साना-साना पात हुने एक जातको साग। (आयुर्वेदमा यसलाई अग्नि-वर्द्धक, कफ-नाशक र ठन्डा मानिएको छ। यो काँढ़ा हुने र नहुने–दुइ थरीको हुन्छ।) २. मुख फराकिलो भएको एक प्रकारको भाँड़ो; भुजुङ्गो।

लुँड़ो–ना० [लुँड़ी] १. भाँड़ा-कुँड़ा माझ्ने वा भइँ, गाह्रो आदि पोत्ने झुम्रो वा घाँस, पराल आदिको गुजुल्टो। २. मानिसको धुइरो; भीड़।

लुँड़याइ–ना० [लुँड़ि+याइ] लुँड़िने किसिम, क्रिया वा भाव।

लुँड़्याइ–ना० [लुँड़्याउ+आइ] लुँड़्याउने किसिम, क्रिया वा भाव।

लुँड़्याइनु–अ० क्रि० [लुँड़्याउ+इ+नु] लुँड़ो पारिनु; ('लुँड़्याउनु'-को भा० क्रि०)।

लुँड़्याउनु–स० क्रि० [लुँड़ि+याउ+नु] १. लुँड़ोजस्तो बनाउनु; लुँड़ो पार्नु; ('लुँड़िनु'-को प्रे० क्रि०)। २. बटार्नु; बाट्नु; निमोठ्नु। ३. बेह्र्नु; लपेट्नु। ४. जे पायो त्यही धेरै खानु; हसुर्नु। ५. सोहोर्नु; समेट्नु।

लुँदो–ना० [सं० लुण्ठा] जीउमा लट्किएको छाला वा मासु।

लुइँचे–ना० [ने०] वनमा रहने एक जातको कुखुरो।

लुकाइ–ना० [लुकाउ+आइ] लुकाउने किसिम, क्रिया वा भाव।

लुकाइ–ना० [लुक्+आइ] लुक्ने किसिम, क्रिया वा भाव।

लुकाइनु–स० क्रि० [लुकाउ+इ+नु] दबाइनु; ('लुकाउनु'-को क० क्रि०)।

लुकाउनु–स० क्रि० [लुक्+आउ+नु] अरूले नदेख्ने ठाउँमा राख्नु; दबाउनु; छिपाउनु; ('लुक्नु'-को प्रे० क्रि०)।

लुकाट–ना० [सं० लकुच] १. खस्रा पात, भूवादार सिन्दूर-रङ्गका, लाम्चा, बाटुला, गुलिया फल हुने एक जातको बोट। २. त्यसैको फल।

लुका-मारी–ना० [लुक्+मार्] १. परस्परमा लुकेर खेलिने केटा-केटीको एक खेल। २. परस्परमा लुक्ने काम; लुकालुक।

CC-0. In Public Domain. Digitization by eGangotri

लुकालुक–ना० [लुक्+लुक्] १. परस्परमा लुक्ने काम। २. लुकामारी।

लुकाहा–वि० [लुक्+आहा] लुक्ने स्वभावको; लुकुवा।

लुकिनु–अ० क्रि० [लुक्+इ+नु] छिपिनु; ('लुक्नु'-को भा० क्रि०)।

लुकुवा–वि० [लुक्+उवा] १. लुक्ने स्वभावको; लुकाहा। २. लुकाएर राखेको (पोइ वा जोई)।

लुक्नु–अ० क्रि० [सं० लुक्+नु] १. अरूले नदेख्ने गरी कुनै ठाउँमा बस्नु; छिप्नु; दबिनु। २. नदेखिने हुनु; छेकिनु; अल्पिनु।

लुखुर-लुखुर–क्रि० यो० [लुरुलुरु] १. अर्काको पछि लागेर वा आज्ञा मानेर कतै हिंड्ने किसिम। २. बेकाममा यता-उति हिंड्ने किसिम। ३. लाचारी वा हैरानीसाथ हिंड्ने किसिम।

लुखुरे–वि० [लिखुरे] लिखुरे।

लुखुरो–वि० [लीखो] सानो र दुब्लो; ख्याउटे; लिखुरे।

लुगलुग–क्रि० यो० [लगलग] जाड़ो, डर, कमजोरी आदिले काँप्ने किसिम; थुरथुर।

लुगलुगती–क्रि० यो० [लुगलुग+ती] लुगलुग; लुगलुगी।

लुगलुगी–क्रि० यो० [लुगलुग+ई] लुगलुग; थुरथुर।

लुगलुगे–वि० [लुगलुग+ए] लुगलुग कँपाउने; थुरथुर पार्ने (जाड़ो)।

लुगा–ना० [सं० लक्तक] १. शरीरमा लाउने कपड़ा; पोशाक। २. कपड़ा; वस्त्र।

लुगा-फाटो–ना० [लुगा+पट (सं०)] वस्त्रहरूको समूह; लत्ता-कपड़ा।

लुङ–ना० [लुँग] लुँग।

लुङ्गी–ना० [बर्मी लुन्जी] दुवै मुख सिएर अथवा नसिएर पनि लोग्ने-मानिसले लाउने कपड़ाको अधोवस्त्र।

लुच्चो–वि० [सं० लुन्च] १. झूटो कुरा गरेर रुपियाँ-पैसा, काम आदि ठग्ने; ठग; वञ्चक। २. ढँटुवा; लबार। ३. फटाहा; धूर्त।

लुच्च्याइँ–ना० [लुच्चो+याइँ] लुच्चो हुनाको भाव; ठगी; फटयाइँ।

लुच्च्याइँ–ना० [?] एक प्रकारको बाक्लो नरम पुरी।

लुछ-लाछ–ना० [लुछ्+लाछ्] घमाथम लुछ्ने काम।

लुछाइ–ना० [लुछ्+आइ] लुच्छने किसिम, क्रिया वा भाव।

लुछाइनु–स० क्रि० [लुछाउ+इ+नु] लुछ्न लाइनु; ('लुछाउनु'-को क० क्रि०)।

लुछाउनु–स० क्रि० [लुछ्+आउ+नु] लुछ्न लाउनु; ('लुछ्नु'-को प्रे० क्रि०)।

लुछा-चुंड़ी–ना० [लुछ्+चुंड्] १. परस्परमा लुछ्ने काम; लुछालुछ। २. परस्परमा बल-जफत गरी लिने काम।

लुछा-फहरी–ना० [लुछ्+फहराउ] लुछ्ने र फहराउने काम; लुछेर एवम् फहराएर गरेको झगड़ा।

लुछालुछ–ना० [लुछ्+लुछ्] परस्परमा लुछ्ने काम; लुछ-लाछ।

लुछिनु–स० क्रि० [लुछ्+इ+नु] घिच्च्याइनु; ('लुछ्नु'-को क० क्रि०)।

लुछ्नु–स० क्रि० [सं० लुन्छ्+नु] १. चाम्रो वस्तु समातेर तान्नु; खिँच्नु; घिच्च्याउनु। २. चुँड़ाल्नु; चुँड्नु। ३. लाछ्नु; लछार्नु। ४. दाँत, नङ्ग्रा आदिले चिथोर्नु। ५. खोस्नु; जबरजस्तीसँग लिनु। ६. भुल्याउनु।

लुटपुट–ना० [लोटपोट] १. खुशीले वा लाड़े भएर नजीक आई खेल्ने काम; लुटपुटु। २. लोटपोट गर्ने काम।

लुटपुटाइ–ना० [लुटपुटाउ+आइ] लुटपुटाउने किसिम, क्रिया वा भाव।

लुटपुटाइनु–अ० क्रि० [लुटपुटाउ+इ+नु] लुटपुटिइनु; ('लुटपुटाउनु'-को भा० क्रि०)।

लुटपुटाउनु–अ० क्रि० [लुटपुट+आउ+नु] लुटपुटिनु।

लुटपुटिइनु–अ० क्रि० [लुटपुटि+इ+नु] लुटपुट गरिनु; ('लुटपुटिनु'-को भा० क्रि०)।

लुटपुटिनु–अ० क्रि० [लुटपुट+इ+नु] १. लुटपुट गरी खेलिनु; लुटपुटाउनु। २. आसक्त हुनु; लहसिनु। ३. लोटपोट गर्नु।

लुटपुट्याइ–ना० [लुटपुटि+याइ] लुटपुटिने किसिम, क्रिया वा भाव।

लुटपुट्याइ–ना० [लुटपुट्याउ+आइ] लुटपुट्याउने किसिम, क्रिया वा भाव।

लुटपुट्याइनु–स० क्रि० [लुटपुट्याउ+इ+नु] लोटपोट गराइनु; ('लुटपुट्याउनु'-को क० क्रि०)।

लुटपुट्याउनु–स० क्रि० [लुटपुटि+याउ+नु] १. लोटपोट गराउनु; गुड़ाउनु। २. प्रेममा फसाउनु; अनुरक्त पार्नु।

लुटपुट्याहट–ना० [लुटपुट] लुटपुटिने किसिम, क्रिया वा भाव; लुटपुट्याइ।

लुटाइ–ना० [लुट्+आइ] लुट्ने किसिम, क्रिया वा भाव।

लुटाइ–ना० [लुटाउ+आइ] लुटाउने किसिम, क्रिया वा भाव।

लुटाइनु–स० क्रि० [लुटाउ+इ+नु] लुट्न लाइनु; ('लुटाउनु'-को क० क्रि०)।

लुटाउनु–स० क्रि० [लुट्+आउ+नु] लुट्न लाउनु; खोसाउनु; ('लुट्नु'-को प्रे० क्रि०)।

लुटान–ना० [लुट्+आन] १. लुट्न दिने काम; लूट गर्न दिने काम; लुटाइ। २. लूट।

लुटाहा–वि० [लुट्+आहा] लुट्ने; लुटेरो; लुटाहार।

लुटाहार–वि० [लुट्+आहार] लुटाहा; लुटेरो।

लुटिनु–अ० क्रि० [लुट्+इ+नु] १. अरूद्वारा धन-सम्पत्ति खोसिनु। (स० क्रि०) २. अरूको धन-सम्पत्ति खोस्नु; लुट्नु; ('लुट्नु'-को भा० क्रि०)।

लुटिनु–अ० क्रि० [सं० लुट्+नु] १. बटारिएर बोट,

CC-0. In Public Domain. Digitization by eGangotri

बिरुवा आदि बढ्न नसक्नु; लुटे हुनु। २. कान खुम्चिएको वा छोटो हुनु।

लुटुपुटु–क्रि० यो० [लुटपुट] लुटपुट।

लुटे–वि० [लुटि] १. निमोठिएर बढ्न नसकेको (बोट, बिरुवा आदि)। २. निमोठिएको वा साह्रै सानो कान भएको (मनुष्य वा पशु)।

लुटेरो–वि० [लुट्+एरो] लुट्ने; लुटाहा; लुटाहार।

लुट्नु–स० क्रि० [सं० लुण्ठ] १. डर, त्रास आदि देखाएर वा कुट-पिट गरी अरूको सम्पत्ति लिनु; बल-जफत गरी लिनु; खोस्नु। २. अन्यायपूर्वक अरूको धन-माल लिनु।

लुट्याइ–ना० [लुटि+आइ] लुटिने किसिम, क्रिया वा भाव; लुटे हुनाको भाव।

लुठी–ना० [सं० लट्वा] व्यभिचारिणी स्त्री।

लुठो–ना० [सं० लटक] नाठो; जार।

लुड़बुड़िइनु–अ० क्रि० [लुड़बुड़ि+इ+नु] लड़ीबुड़ी गरिनु; ('लुड़बुड़िनु'-को भा० क्रि०)।

लुड़बुड़िनु–अ० क्रि० [लड़बड़ि+नु] १. लड़ीबुड़ी गर्नु; लोटपोट गर्नु। २. पल्टनबाजी खानु; गुड्नु।

लुड़बुड़्याइ–ना० [लुड़बुड़्याउ+आइ] लुड़बुड्याउने किसिम, क्रिया वा भाव।

लुड़बुड़्याइ–ना० [लुड़बुड़ि+याइ] लुड़बुड़िने किसिम, क्रिया वा भाव।

लुड़बुड़्याइनु–स० क्रि० [लुड़बुड़्याउ+इ+नु] लड़ीबुड़ी पारिनु; ('लुड़बुड़्याउनु'-को क० क्रि०)।

लुड़बुड़्याउनु–स० क्रि० [लड़बड़ि+याउ+नु] १. लड़ीबुड़ी पार्नु; लोटपोट पार्नु। २. गुड़ाउनु; पल्टनबाजी खवाउनु।

लुड़बुड़्याहट–ना० [लुड़बुड़ि+याहट] लुड़बुड़िने किसिम, क्रिया वा भाव।

लुण्ठक–ना० [सं०] चोर; लुटाहा।

लुण्ठन–ना० [सं०] १. चोरी; लूट। २. लोट्ने काम; पछारिने काम। ३. गुड्ने काम; लड़ीबुड़ी गर्ने काम।

लुण्ठि–ना० [सं०] चोरी; डकैती; लूट-पीट।

लुण्ठित–वि० [सं०] १. लुटिएको; चोरिएको। २. लड़ेको; पछारिएको। ३. गुड़ेको; लड़ीबुड़ी गरेको।

लुण्ठी–ना० [सं०] १. चोरी; डकैती। २. लड्ने काम; पछारिने काम।

लुतुक्क–क्रि० यो० [लतक्क] लतक्क।

लुतुतुतु–क्रि० यो० [ने०] लेदो पदार्थ बेसरी बग्ने वा निस्कने किसिम; लततत।

लुतुरे–वि० [लुतुरो+ए] लुतुरो।

लुतुरो–ना० [लुन्द्रो] १. लुगा-फाटोको सानो धरो। (वि०) २. निर्धो; दुर्बल। ३. दुब्लो; लुखुरो।

लुतुलुतु–क्रि० यो० [ने०] लेदो पदार्थ वार-वार निस्कने किसिम; लतलत।

लुतेङ्ग्रो–वि० [लूते+एङ्ग्रो] १. कमजोर; दुर्बल। २. दुब्लो; लुखुरे। ३. रोगी; रोगाहा।

लुतो–ना० [सं० उल्का] श्रावण सङ्क्रान्तिका दिन राती कण्डारकको पूजा गरी मिल्काइने अगुल्टाहरू।

लुत्त–क्रि० यो० [ने०] चाँड़ो पस्ने वा निस्कने किसिम; सुत्त; ल्वात्त।

लुत्तिइनु–अ० क्रि० [लुत्ति+इ+नु] खुत्तिइनु; ('लुत्तिनु'-को भा० क्रि०)।

लुत्तिनु–अ० क्रि० [लुत्त+इ+नु] १. स्थान, मान, पद आदि-बाट च्युत हुनु; खुत्तिनु। २. बिग्रनु; नाश हुनु। ३ भत्कनु; पहिरो जानु।

लुत्याइ–ना० [लुत्ति+याइ] लुत्तिने किसिम, क्रिया वा भाव।

लुत्याइ–ना० [लुत्याउ+आइ] लुत्याउने किसिम, क्रिया वा भाव।

लुत्याइनु–स० क्रि० [लुत्याउ+इ+नु] खुत्याइनु; ('लुत्याउनु'-को क० क्रि०)।

लुत्याउनु–स० क्रि० [लुत्ति+याउ+नु] १. स्थान, मान, पद आदिबाट च्युत गर्नु; खुत्याउनु। २. बिगार्नु; नाश पार्नु।

लुत्याङ्ग्रो–वि० [लूते+याङ्ग्रो] लुतेङ्ग्रो।

लुत्याहा–वि० [लूतो+याहा] १. लूतो भएको; लूते। २. दुर्बल; कमजोर। ३. लाछी; हुती-हारा।

लुत्रनु–अ० क्रि० [लत्र+नु] १. घमन्ड, जिद्दी आदि छोड़ेर नम्र हुनु; लुत्रुक्क पर्नु; लत्रनु। २. लाचार हुनु; विवश हुनु। ३. विनय-भाव देखाउनु; नुहुनु।

लुत्राइ–ना० [लुत्र+आइ] लुत्रने किसिम, क्रिया वा भाव; लत्र्याइ।

लुत्राइनु–स० क्रि० [लुत्राउ+इ+नु] लुत्रुक्क पारिनु; ('लुत्राउनु'-को क० क्रि०)।

लुत्राउनु–स० क्रि० [लुत्र+आउ+नु] लुत्रुक्क पार्नु; लत्राउनु; ('लुत्रनु'-को प्रे० क्रि०)।

लुत्रिनु–अ० क्रि० [लुत्र+इ+नु] १. लुत्रुक्क परिनु; ('लुत्रनु'-को भा० क्रि०)। २. लुत्रनु।

लुत्रुक्क–क्रि० यो० [लत्रक्क] लुत्रने किसिम; विवश हुने किसिम; लत्रक्क।

लुत्रे–वि० [लुत्रो] लुतुरे।

लुत्रे-लाम्रे–वि [लुत्रे+लाम्रे (फाँ०)] लुतुरे।

लुत्रो–ना० [लुतुरो] लुतुरो।

लुत्र्याइ–ना० [लुत्रि+याइ] लुत्रिने किसिम, क्रिया वा भाव।

लुथुर्के–ना० [ने०] एक जातको चरो।

लुन्डा–ना० [सं० रुण्ड] पुच्छर, पखेटा आदि काटिएको (पशु-पक्षी)।

लुन्तुरे–ना० [लुन्तुरो+ए] लुन्तुरो।

लुन्तुरो–ना० [लुत्रुक्क] १. बालकको मूत्रेन्द्रिय; तुन्तुरो। २. धरो; धुर्को; लुन्द्रो।

CC-0. In Public Domain. Digitization by eGangotri

लुन्द्रे–वि० [लुन्द्रो+ए] लुतुरे; लुरे; दुब्लो; ख्याउटे ।

लुन्द्रो–ना० [लत्ता+त्यान्द्रो] १. लत्ता-कपड़ाको सानो धरो; धुर्को । २. त्यान्द्रो ।

लुपुक्क–क्रि० यो० [लपलप] गीलो पदार्थ चाटेर खाने किसिम; लपक्क ।

लुपुलुपु–क्रि० यो० [लपलप] धमाधम चाटेर खाने किसिम; लपलप ।

लुप्त–वि० [सं०] १. लुकेको; छिपेको । २. हराएको; बेपत्ता भएको । ३. नदेखिएको; अदृश्य ।

लुप्ताकार–ना० [सं०] अकार वा आकारको लोप भएका ठाउँमा लेखिने आधा अकार वा आकारको चिह्न; खण्डाकार (ऽ) ।

लुप्तोपमा–ना० [सं०] उपमान, उपमेय, धर्म, वाचक-यी चारमध्ये तीन वटासम्मको लोप हुँदा पर्ने उपमा अलङ्कार-को एक भेद ।

लुब्ध–वि० [सं०] १. लोभी; लोलुप । २. आसक्त; मोहित । ३. कुनै कुराको उत्कट इच्छा गर्ने । (ना०) ४. व्याधा; शिकारी ।

लुब्धक–ना० [सं०] १. लोभी व्यक्ति । २. आसक्त पुरुष । ३. चराको शिकारी । (वि०) ४. लोभी; लोलुप ।

लुमड़ी–ना० [सं० लोमश] स्यालका जातको एक जङ्गली जन्तु; फ्याउरो ।

लुम्रे–वि० [लुम्रो+ए] लुम्रो ।

लुम्रो–ना० [लुन्द्रो] १. कपड़ाको लामो धरो; धुर्को; लुन्द्रो । (वि०) २. लोसो; सुस्त; जुम्सो । ३. लुखुरे; लुरे ।

लुम्बिनी–ना० [सं०] नेपालको बुटौल जिल्लामा पर्ने एक प्राचीन वन; रुपन्देही । (यहीँ भगवान् गौतम बुद्धको जन्म भएको थियो ।)

लुरखुर–क्रि० यो० [लरखर] बिनाकाम यता-उति हिँड़-डुल गर्ने किसिम ।

लुरखुराइ–ना० [लुरखुराउ+आइ] लुरखुराउने किसिम, क्रिया वा भाव ।

लुरखुराइनु–अ० क्रि० [लुरखुराउ+इ+नु] लुरखुरिइनु; ('लुरखुराउनु'-को भा० क्रि०) ।

लुरखुराउनु–अ० क्रि० [लुरखुर+आउ+नु] लुरखुरिनु ।

लुरखुरिइनु–अ० क्रि० [लुरखुरि+इ+नु] बिनाकाम यता-उति हिँड़िनु; ('लुरखुरिनु'-को भा० क्रि०) ।

लुरखुरिनु–अ० क्रि० [लुरखुर+इ+नु] बिनाकाम यता-उति हिँड्नु; लुरखुराउनु; लरखराउनु ।

लुरखुरे–वि० [लुरखुर+ए] बिनाकाम यता-उति हिँड़-डुल गर्ने; लुरखुर गर्ने ।

लुरखुर्‍याइ–ना० [लुरखुरि+याइ] लुरखुरिने किसिम, क्रिया वा भाव ।

लुरखुर्‍याहट–ना० [लुरखुरि+याहट] लुरखुरिने किसिम, क्रिया वा भाव ।

लुरीखुरी–क्रि० यो० [लरखर] निर्धो मानिसले सकी-नसकी काम गर्ने किसिम; जेनतेन काम गर्ने किसिम ।

लुरुलुरु–क्रि० यो० [ने०] लाचारी वा हैरानीसाथ खुरुखुरु हिँड्ने किसिम; लुखुर-लुखुर ।

लुरे–वि० [लूरो] १. निर्धो; कमजोर; लुरो । २. दुब्लो; पातलो । ३. साहस नभएको; हिकमत-हारा ।

लुरो–वि० [लुलो] १. दर्बिलो वा बलियो नभएको; कमजोर । २. दुब्लो; सिकटे; च्याँसे ।

लुर्कन–ना० [सं० लुलन] १. लट्कने गरी कानका लोतीमा लाउने एक प्रकारको गहना । २. लट्किएर रहेको वस्तु; लर्कन ।

लुर्के-भण्टा–ना० [लुर्को+भण्टा] पात र डाँठमा काँढ़ा हुने, लामो, झीनो र नीलो फल फल्ने एक जातको भण्टा ।

लुर्के-भिँड़ा–ना० [लुर्को+भिँड़ा] लुर्के-भण्टा ।

लुर्को–ना० [लर्कन] १. कानका लोतीमा लाइने सुनको एक प्रकारको गहना; मुन्द्रो । २. बाख्राका गलामा वा त्यस्तै अरूका शरीरमा झुन्डिएर रहेको मासुको डल्लो । ३. झुन्डिएर रहेको वस्तु; लर्कन । ४. लरी; लर्को ।

लुलन–ना० [सं०] लट्कनु; झुल्नु; झुन्डिएर हल्लनु ।

ललित–वि० [सं०] लट्किएको; झुलेको ।

लुलु–ना० [सं० लुलाय] चमरीको एक जात; लेकाली गाई ।

लुले–वि० [लुलो+ए] लुलो ।

लुलो–वि० [सं० लुल्] १. दह्रो नभएको; फितलो; निर्धो । २. हात-गोड़ा दर्बिला नभएको वा नचल्ने । ३. आफ्नो विचार वा सिद्धान्तमा दृढ नभएको ।

लुसिइनु–अ० क्रि० [लुसि+इ+नु] लोसो होइनु; ('लुसिनु'-को भा० क्रि०) ।

लुसिनु–अ० क्रि० [लोसो+इ+नु] १. लोसो हुनु; फूर्ति वा जाँगर नभएको हुनु; जुम्सो हुनु । २. कुनै कुराको आशा गरेर रहनु ।

लुसी–ना० [नेवा०] चिउरा कुट्ने काठको साधन; मुसल ।

लुसुक्क–क्रि० यो० [लस्क] अरूलाई थाहा नदिई आउने वा जाने किसिम ।

लुसे–वि० [लुसो+ए] १. काम-कुरोमा जाँगर वा स्फूर्ति नभएको; लुसो; जुम्सो; लोसो । २. अटेर; धिङन्याहा; लुसेत्रो ।

लुसेत्रो–वि० [लुसे+एत्रो] लुसे ।

लुसो–वि० [लोसो] लुसे ।

लुस्याइ–ना० [लुसि+याइ] लुसिने किसिम, क्रिया वा भाव ।

लुस्याइ–ना [लुस्याउ+आइ] लुस्याउने किसिम, क्रिया वा भाव ।

लुस्याइनु–स० क्रि० [लुस्याउ+इ+नु] लोसो पारिनु; ('लुस्याउनु'-को क० क्रि०) ।

लुस्याउनु–स० क्रि० [लुसि+याउ+नु] लोसो पार्नु;

CC-0. In Public Domain. Digitization by eGangotri

('लुसिनु'-को प्रे० क्रि०)।
लुस्यात्रो–वि० [लुसेत्रो] लुसे।
लुस्स–क्रि० यो० [लुसुक्क] लुसुक्क।
लुहार–ना० [लोहार] लोहार।
लू–ना० [सं० लुक] गरम मुलुकमा ग्रीष्म ऋतुमा चल्ने तातो हावाको वेग।
लूछ-लाछ–ना० [सं० लुन्छ+लाछ्] धमाधम लुछ्ने काम; लुछा-चुँडी।
लूट–ना० [लुट्] लुट्ने काम।
लूट-पाट–ना० [लूट+पिट्] लुट्ने र पिट्ने काम; लूट-पीट।
लूट-पीट–ना० [लूट+पिट्] लुट्ने र पिट्ने काम; लूट-पाट; लूट-मार।
लूट-मार–ना० [लूट+मार्] लुट्ने र मार्ने काम; लूट-पीट।
लूट-लाट–ना० [सं० लूट+लाट (फाँ०)] लुट्ने काम; लूट-पाट।
लूटालूट–ना० [लूट+लूट] १. परस्परमा लुट्ने काम; लूट-लाट; हारालुछ; लुछा-चुँडी। २. धमाधम लुट्ने काम।
लूता–ना० [सं०] १. माकुरो। २. कमिलो।
लूते–वि० [लूतो+ए] १. लूतो भएको; लूताको रोगी। २. दुब्लो; सिकुटे; लुरे। ३. दुर्बल; निर्धो। ४. हिम्मत नभएको; नामर्द।
लूतो–ना० [सं० लूता] ज्यादा चिलाउने एक प्रकारको खटिरो; एक चर्म-रोग।
लूम–ना० [अं०] लुगा बुन्ने साधन वा यन्त्र; तान।
लूम–ना० [सं०] पुच्छर।
लूरे–वि० [लुरो] लुरो।
लूरो–वि० [लुरो] लुरो।
लूले–वि० [लुले] लुले।
लूलो–वि० [लुलो] लुलो।
ले–विभ० [ने०] कर्ता र करण कारकको अर्थ बुझाउने विभक्ति। (उदा०–रामले रावणलाई बाणले मारे।)
लेई–ना० [लेऊ] लेऊ।
लेऊ–ना० [प्रा० लेव] चिसो ठाउँमा उम्रने एक किसिमको हरियो झ्याउ; लेई; काई।
लेक–ना० [सं० लेखा] पहाड़को माथिल्लो भाग; शिखर।
लेक-पाङ्ग्रो–ना० [लेक+पाङ्ग्रो] ठूलो रूखमा फल्ने कोसा-भित्र हुने पाङ्ग्रोजस्तो बाटुलो कलेजी रङ्गको एक जातको फल। (यो फल आयुर्वेदीय औषधीमा प्रयोग हुन्छ।)
लेकाली–वि० [लेक+आली] १. लेकको; शिखर-सम्बन्धी। २. लेकमा हुने वा पाइने।
लेक्चर–ना० [अं०] व्याख्यान; प्रवचन।
लेक्चरर–ना० [अं०] १. प्रवचन गर्ने व्यक्ति; वक्ता। २. कलेजमा पढ़ाउने प्रोफेसरमनिको शिक्षक; उप-प्राध्यापक।
लेख–ना० [सं०] १. कुनै विषयमा लेखेर प्रकट गरिएको विचार। २ लेखोट; लिखत। ३. लेखिएको अक्षर; लिपि।
लेखक–ना० [सं०] १. लेख्ने व्यक्ति; लिपिकार। २. लेख, ग्रन्थ, तमसुक आदि लेख्ने व्यक्ति।
लेखत–ना० [लिखत] लिखित।
लेखन–ना० [सं०] लेख्ने काम वा कला।
लेखनदास–ना० [लेखन+दास] लेखा-पढ़ीको काम गर्ने व्यक्ति; कारिन्दा।
लेखनी–ना० [सं०] लेख्ने साधन; कलम।
लेखनीय–वि० [सं०] लेख्न योग्य; लेख्य।
लेख-पढ़–ना० [लेख्+पढ्] १. लेख्ने र पढ्ने काम। २. लेखापढ़ी। ३. अध्ययन।
लेखा–ना० [सं०] १. रेखा; धर्को। २. चित्र। ३. चिह्न। ४. हिसाब; गणना। ५. आय-व्ययको विवरण।
लेखा–ना० यो० [सं० लक्ष्य] १. भन्दा। २. विचारमा; दृष्टि-कोणमा; लेखि। ३. निम्ति; निमित्त।
लेखाइ–ना० [लेख्+आइ] लेख्ने किसिम, क्रिया वा भाव।
लेखाइ–ना० [लेखाउ+आइ] लेखाउने किसिम, क्रिया वा भाव।
लेखाइनु–स० क्रि० [लेखाउ+इ+नु] लेख्न लाइनु; ('लेखाउनु'-को क० क्रि०)।
लेखाउनी–ना० [लेख+आउनी] लेख्नेलाई दिइने ज्याला वा दस्तूर; लेखकलाई दिइने पारिश्रमिक।
लेखाउनु–स० क्रि० [लेख्+आउ+नु] लेख्न लाउनु; ('लेख्नु'-को प्रे० क्रि०)।
लेखाध्यक्ष–ना० [सं०] राष्ट्रको आय-व्ययको हिसाब राख्ने अधिकारी; एकाउन्टेन्ट।
लेखान्तर–ना० [सं०] १. भाग्य; प्रारब्ध। २. एक किसिम-को लेखबाट अर्को किसिमको लेखमा परिणत हुनु।
लेखा-पढ़ी–ना० [लेख्+पढ्] १. लेख्ने र पढ्ने काम; लेख-पढ़। २. चिट्ठी, पुर्जी आदि लेख्ने काम; पत्र-व्यवहार। ३. लेन-देनका व्यवहारमा प्रमाणका निमित्त गरिने लिखत; लेखोट।
लेखा-परीक्षक–ना० [सं०] राष्ट्रको आय-व्ययको जाँच गर्ने अधिकारी; अडिटर।
लेखा-परीक्षा–ना० [सं०] आय-व्यय-सम्बन्धी हिसाबको जाँच।
लेखि–ना० यो० [लेखा] विचारमा; दृष्टि-कोणमा; लेखा।
लेखिका–ना० [सं०] १. कुनै लेख वा ग्रन्थ लेख्ने स्त्री; २. लेखनदासको काम गर्ने स्त्री।
लेखिनु–स० क्रि० [लेख्+इ+नु] लेख्ने काम गरिनु; ('लेख्नु'-को क० क्रि०)।
लेखो–ना० [सं० लेखा] १. हिसाब; आय-व्ययको गणना।

CC-0. In Public Domain. Digitization by eGangotri

२. भाग्यमा लेखिएको कुरो ।

लेखो-जोखो–ना० [लेख्+जोख्] १. गणना; गिन्ती; सङ्ख्या । २. हिसाब-किताब । ३. मूल्याङ्कन । ४. नाप-तौल ।

लेखोट–ना० [लेख्+ओट] लेखिएको कागत-पत्र; लिखत ।

लेखौनी–ना० [लेख्+औनी] लेखाउनी ।

लेख्नु–स० क्रि० [सं० लिख्+नु] १. अक्षर अङ्कित गर्नु; लिपि-बद्ध गर्नु । २. बुरुश आदिले चित्र तयार गर्नु; तस्वीर बनाउनु । ३. लेख, ग्रन्थ आदिको रचना गर्नु ।

लेख्य–वि० [सं०] लेख्न लायक; लेखनीय ।

लेग्रो–ना० [प्रा० लग्ग] १. बाँकी रहेको काम; शेष काम; लेघ्रो । २. निथार; निथ्रेनी; थिग्रेनी । ३. टाँसिएको मैल; दाग ।

लेग्रो–ना० [सं० गल] १. घाँटीको एक अवयव । २. लामो 'र ठूलो स्वर । ३. बचे-खुचेको थोरै वस्तु ।

लेघ्रो–ना० [लेग्रो] लेग्रो ।

लेचिइनु–अ० क्रि० [लेचि+इ+नु] लच्किनु; ('लेचिनु'-को भा० क्रि०) ।

लेचिनु–अ० क्रि० [लचक+इ+नु] लचकनु ।

लेच्याइ–ना० [लेचि+याइ] लेचिने किसिम, क्रिया वा भाव ।

लेच्याइ–ना० [लेच्याउ+आइ] लेच्याउने किसिम, क्रिया वा भाव ।

लेच्याइनु–अ० क्रि० [लेच्याउ+इ+नु] खोच्याइनु; ('लेच्याउनु'-को भा० क्रि०) ।

लेच्याउनु–अ० क्रि० [लेचि+याउ+नु] १. खोच्याउनु; लङ्ङडाउनु । २. (स० क्रि०) लच्काउनु ।

लेट–वि० [अं०] १. ढीलो; विलम्बको । (क्रि० यो०) २. अबेर; बियाँलो ।

लेट-फी–ना० [अं०] १. बुझाउनुपर्ने रकम, शुल्क वा दस्तूर नियत समयमा नबुझाउँदा लाग्ने जरीवाना । २. विलम्व गरेबापत लाग्ने जरीवाना ।

लेटर–ना० [अं०] १. चिट्ठी; पत्र । २. अक्षर ।

लेटर-बक्स–ना० [अं० लेटर-ब्रॅक्स] १. हुलाकद्वारा पठाउन चिट्ठी खसाल्ने बाकस । २. बाहिरबाट आएको चिट्ठी खसाल्नाका निमित्त घरमा राखिएको बाकस; पत्र-मञ्जूषा ।

लेटाइ–ना० [लेट्+आइ] लेट्ने किसिम, क्रिया वा भाव ।

लेटाइनु–स० क्रि० [लेटाउ+इ+नु]लेट्न लाइनु; पल्टाइनु; ('लेटाउनु'-को क० क्रि०) ।

लेटाउनु–स० क्रि० [लेट्+आउ+नु] पल्टन लाउनु; सुताउनु; ('लेट्नु'-को प्रे० क्रि०) ।

लेटिनु–अ० क्रि० [लेट्+इ+नु[पल्टिनु; ढलिकनु; ('लेट्नु'-को भा० क्रि०) ।

लेट्नु–अ० क्रि० [सं० लुण्ठ+नु] आराम लिनाका निमित्त सुत्नु; पल्टनु; ढल्कनु ।

लेठन–ना० [लिट्टी] धर्ना; अड्डी ।

लेड–ना० [अं०]१. सीसा । २. कम्पोज गरेका टाइपहरू सोझो राख्नाका निम्ति टाइपका पङ्क्तिहरूका बीच-बीचमा हालिने सीसाको पातो ।

लेथ्नु–ना० [लेथ्नो] लेथ्नो ।

लेथ्नू–ना० [लेथ्नो] लेथ्नो ।

लेथ्नो–ना० [सं० श्लथ] १. थकाइ, पिटाइ आदिबाट लस्त भएको; थिलथिलो; शिथिल । २. जर्जर; जीर्ण । ३. बिग्रेको; ध्वस्त ।

लेदो–वि० [प्रा० लद्दी] १. बाक्लो पन्यालो; दबदबे; लदरो । (ना०) २. दबदबे पदार्थ; लदरो वस्तु ।

लेध्रो–ना० [लेग्रो] थिग्रो; बचत; उभार ।

लेन-देन–ना० [लि+दि] १. लिने र दिने व्यवहार; आदान-प्रदान । २. ऋण दिने-लिने काम; सर-सापट ।

लेना-देना–ना० [लेन-देन] लेन-देन ।

लेन्स–ना० [अं०] १. किरणहरू केन्द्रीभूत गर्ने काँच; प्रकाश, दृश्य आदिलाई ठूलो वा सानो देखाउने बीचमा उठेको अथवा दबेको क्यामरा, चश्मा आदिको काँचको अवयव । २. बाहिरका पदार्थहरूको बिम्ब ग्रहण गर्ने, आँखाभित्रको पार-दर्शी सानो अवयव ।

लेप–ना० [सं०] १. लिप्ने काम; पोत्ने काम । २. लिप्ने वा पोत्ने वस्तु । ३. सुनिएका वा मर्केका ठाउँमा लाउने लेदो औषध ।

लेपक–वि० [सं०] लिप्ने; पोत्ने ।

लेपन–ना० [सं०] १. लिप्ने क्रिया; लेप लगाउने काम । २. अङ्ग-राग ।

लेपनीय–वि० [सं०] लिप्न लायक; लेपन गर्न योग्य ।

लेपाइ–ना० [लेप्+आइ] लेप्ने किसिम, क्रिया वा भाव ।

लेपाइनु–स० क्रि० [लेपाउ+इ+नु] लेप्न लाइनु; लिपाइनु; ('लेपाउनु'-को क० क्रि०)।

लेपाउनु–स० क्रि० [लेप्+आउ+नु] लेप्न लाउनु; लिपाउनु; ('लेप्नु'-को प्रे० क्रि०) ।

लेपित–वि० [सं०] लिपिएको; पोतिएको; लेप लगाइएको ।

लेपिनु–स० क्रि० [लेप्+इ+नु] लिपिनु; ('लेप्नु'-को क० क्रि०) ।

लेप्नु–स० क्रि० [लिप्+नु] लिप्नु; पोत्नु; लेपन गर्नु ।

लेप्य–वि० [सं०] पोत्न योग्य; लेपनीय ।

लेप्न्याइ–ना० [लेप्न्याउ+आइ] लेप्न्याउने किसिम, क्रिया वा भाव ।

लेप्न्याइनु–स० क्रि० [लेप्न्याउ+इ+नु] कुनै काम वा कुरो मन नपर्दा ओठ दोब्न्याई अरुचि प्रकट गरिनु; ('लेप्न्याउनु'-को क० क्रि०) ।

लेप्न्याइनु–अ० क्रि० [लेप्न्याउ+इ+नु] लेप्न्याउने काम गरिनु; ('लेप्न्याउनु'-को क० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

लेप्प्याउनु–स० क्रि० [ल्याप्प] निन्दा, तिरस्कार, उपेक्षा आदिको भावले तल्लो ओठ बाहिर फर्काउनु; लेब्न्याउनु।

लेप्प्याक्क–क्रि० यो० [लेप्प्याउ] ओठ लेप्प्याउने किसिम; लेब्न्याक्क।

लेप्प्याहट–ना० [लेप्प्याउ+आहट] लेप्प्याउने किसिम, क्रिया वा भाव।

लेफ्टिनेन्ट–ना० [अं०] १. कप्तानभन्दामनि सुबेदारभन्दा माथिको एक जङ्गी दर्जा; लप्टन। २. पुरानो समयमा अमीनीको हाकिम।

लेफ्टिनेन्ट-कर्नल–ना० [अं०] कर्नेलभन्दामनि र मेजर-कप्तान-भन्दा माथिको एक जङ्गी दर्जा।

लेफ्टिनेन्ट-जनरल–ना० [अं०] मेजर-जनरलभन्दा माथिको एक जङ्गी दर्जा।

लेवाइ–ना० [लि+वाइ] ल्यवाइ।

लेबुल–ना० [अं०] बोतल, बाकस आदिमा टाँसिने, भित्र रहेका वस्तुको विवरण-पत्र।

लेब्न्याइ–ना० [लेब्न्याउ+आइ] लेब्न्याउने किसिम, क्रिया वा भाव; लेप्प्याइ।

लेब्न्याइनु–स० क्रि० [लेब्न्याउ+इ+नु] लेप्प्याइनु; ('लेब्न्याउनु'-को क० क्रि०)।

लेब्न्याउनु–स० क्रि० [लेप्प्याउ+नु] लेप्प्याउनु।

लेब्न्याक्क–क्रि० यो० [लेब्न्याउ] लेप्प्याक्क।

लेब्न्याहट–ना० [लेब्न्याउ+आहट] लेप्प्याहट।

लेभेन्डर–ना० [अं०] एक जातको बूटीबाट तयार हुने एक प्रकारको बिलायती अत्तर।

लेमनेड–ना० [अं० लेमोनेड] कागतीको सार मिसाएर बनाएको एक प्रकारको शरबत।

लेलिहान–ना० [सं०] १. सर्प। २. शिव। ३. जम्रो। (वि०) ४. वार-वार चाट्ने। ५. लोभी; लुब्ध।

लेश–ना० [सं०] १. अति सानो कण; अणु। २. अत्यन्त थोरै परिमाण; अत्यल्प अंश। ३. तुस; शेष।

लेसाइ–ना० [लेस्+आइ] लेस्ने किसिम, क्रिया वा भाव।

लेसाइलो–वि० [लस्सा+आइ+लो] लस्सा भएको; लेसिने किसिमको; लेसिलो।

लेसाराइ–ना० [लेसार्+आइ] लेसार्ने किसिम, क्रिया वा भाव।

लेसारिनु–स० क्रि० [लेसार्+इ+नु] लेसिनु; लिपिनु; ('लेसार्नु'-को क० क्रि०)।

लेसार्नु–स० क्रि० [लेस्+आर+नु] १. लेस्नु; पोत्नु; लिप्नु। २. घस्नु। ३. गीलो पदार्थ टाँस्नु।

लेसाऱ्याइ–ना० [लेसारि+याइ] लेसारिने किसिम, क्रिया वा भाव।

लेसिनु–स० क्रि० [लेस्+इ+नु] १. टाँसिनु; लेसारिनु। २. घसिनु; पोतिनु; ('लेस्नु'-को क० क्रि०)।

लेसिलो–वि० [लस्सा+इलो] लेसाइलो; लस्सादार।

लेस्नु–स० क्रि० [लिसो+नु] लेसार्नु।

लेस्नू–ना० [लेस्नो] लेस्नो।

लेस्नो–ना० [लेस्] लेस्ने क्रिया; लेसार्ने काम; लेस्नू।

लेस्याइ–ना० [लेसि+याइ] लेसिने किसिम, क्रिया वा भाव।

लेस्याइलो–वि० [लेसि+याइ+लो] लेसाइलो; लेसिलो।

लेह–ना० [सं०] १. चाट्ने क्रिया। २. चाटेर खाइने वस्तु।

लेहन–ना० [सं०] चाट्ने काम।

लेह्य–वि० [सं०] १. चाट्न योग्य। (ना०) २. चाटेर खाइने वस्तु; चटनी।

लैङ्ग–वि० [सं०] १. लिङ्ग-सम्बन्धी। (ना०) २. अठार महापुराणमध्ये एक; शिवको माहात्म्य वर्णन गरिएको एक महापुराण।

लैङ्गिक–वि० [सं०] लिङ्ग वा चिह्न-सम्बन्धी।

लैजाइनु–स० क्रि० [लैजा+इ+नु] लिएर गइनु; लगिनु; ('लैजानु'-को क० क्रि०)।

लैजानु–स० क्रि० [लि+जा+नु] १. लिएर जानु; लानु; लग्नु। २. हरण गर्नु; हर्नु।

लैटिन–ना० [अं०] इटली देशको प्राचीन भाषा।

लैनू–वि० [लैनो] लैनो।

लैनो–वि० [सं० धेनु] १. भर्खर बियाएको (पशु)। २. भर्खर जन्मेको; नव-जात (शिशु)।

लैस–ना० [अं० लेस] लयस।

लैस–वि० [सं० लस्] लयस।

लोँकिल–ना० [नेवा०] दुइ देशका बीचको सीमामा गाड़िने ढुङ्गो।

लोक–ना० [सं०] १. स्वर्ग, पृथ्वी र पाताल–यी तीन स्थान। २. संसार; जगत्। ३. जनता; दुनियाँ; प्रजा; जन-साधारण। ४. प्राणी जीवित रहँदा भोग गर्ने र मरे-पछि पुग्ने स्थान; इह-लोक र पर-लोक। ५. पृथ्वीभन्दा माथिका सात र तलका सात गरी जम्मा चौध कल्पित भुवन। ६. समूह; समुदाय। ७. लौकिक व्यवहार।

लोक-कण्टक–ना० [सं०] दुष्ट व्यक्ति; दुर्जन।

लोक-कथा–ना० [सं०] समाजमा परम्परादेखि चलिआएको कथा।

लोक-गाथा–ना० [सं०] जन-साधारणमा चलेको कथा; प्रचलित कथा।

लोक-गीत–ना० [सं०] जन-साधारणमा प्रचलित गीत; कुनै जन-समाजमा परम्परादेखि गाइएर आएको गीत (रसिया, कर्खा, झ्याउरे आदि)।

लोक-चक्षु–ना० [सं०] सूर्य।

लोकजित्–वि० [सं०] १. संसारलाई जित्ने; लोक-विजयी। (ना०) २. बुद्ध।

लोकड़ो–वि० [लक्का] जवान; तरुनो; लक्का।

लोक-तन्त्र–ना० [सं०] १. जनताका वा जनताद्वारा चुनिएका प्रतिनिधिहरूको हातमा शासन-सत्ता र नीति-

CC-0. In Public Domain. Digitization by eGangotri

निर्धारण गर्ने अधिकार हुने शासन-प्रणाली । २. जनता वा जनताद्वारा चुनिएका प्रतिनिधिहरूको सम्मतिअनुसार देशका सार्वजनिक कार्यहरू हुने व्यवस्था; प्रजा-तन्त्र ।

लोक-तन्त्रवाद–ना० [सं०] लोक-तन्त्रको सिद्धान्त वा प्रथा ।

लोक-तन्त्रवादी–वि० [लोक-तन्त्रवाद+ई] लोक-तन्त्रवादको अनुयायी ।

लोक-तन्त्रिक–वि० [सं०] लोक-तन्त्र-सम्बन्धी; जनवादी ।

लोक-तन्त्री–वि० [सं०] लोक-तन्त्रका सिद्धान्तको अनुयायी; लोक-तन्त्रवादी ।

लोक-तान्त्रिक–वि० [सं०] लोक-तन्त्र-सम्बन्धी; लोक-तन्त्रिक ।

लोकतो–ना० [सं० लक्तक] १. पाटको डोरी ।(वि०). २. चाम्रो । ३. जुम्सो; ढीलो ।

लोक-त्रय–ना० [सं०] स्वर्ग, पृथ्वी र पाताल–यी तीन लोक ।

लोक-त्रयी–ना० [सं०] लोक-त्रय ।

लोक-दूषण–वि० [सं०] दुनियाँको हानि गर्ने; दुनियाँलाई खराब हुने काम गर्ने ।

लोक-द्वय–ना० [सं०] स्वर्ग र पृथ्वी–यी दुइ लोक ।

लोक-निन्दा–ना० [सं०] लोकापवाद ।

लोक-नृत्य–ना० [सं०] जन-समाजमा परम्परादेखि चलिआएको नाच ।

लोकन्त–ना० [लोकन्ती] विवाहमा सुसारका निमित्त नववधूका साथ लागेर जाने काम ।

लोकन्ती–ना० [सं० लोकयितृ] विवाहमा नव-विवाहिता दुलहीका साथ जाने सुसारे स्त्री ।

लोक-पति–ना० [सं०] १. ब्रह्मा । २. लोक-पाल । ३.राजा ।

लोक-पाल–ना० [सं०] १. दिक्पाल । २. राजा ।

लोक-पालक–ना० [सं०] राजा ।

लोक-प्रवाद–ना० [सं०] हल्ला; लोक-निन्दा ।

लोक-प्रसिद्ध–वि० [सं०] संसार-प्रसिद्ध; विश्व-विख्यात; जन-समाजमा सुविख्यात ।

लोक-प्रसिद्धि–ना० [सं०] लोक-प्रसिद्ध हुनाको भाव; संसारभर फैलिएको ख्याति ।

लोक-प्रिय–वि० [सं०] दुनियाँलाई मन-परेको; सबैको प्यारो ।

लोक-प्रियता–ना० [सं०] लोक-प्रिय हुनाको भाव ।

लोक-भावन–ना० [सं०] जन-समाजको सेवा गर्ने व्यक्ति ।

लोक-भावना–ना० [सं०] १. जनताको सेवा वा कल्याण गर्ने भावना । २. जनताको भावना ।

लोक-मत–ना० [सं०] सर्व-साधारण जनताको राय; दुनियाँको मत; जन-मत ।

लोक-मर्यादा–ना० [सं०] लौकिक व्यवहार; सामाजिक रीति-स्थिति ।

लोक-यात्रा–ना० [सं०] १. लौकिक व्यवहार । २. आजीविका ।

लोक-वार्ता–ना० [सं०] १. जन-साधारणमा परम्परादेखि चलिआएको कुरो वा विचार; किंवदन्ती । २. सर्व-साधारणका कुरा ।

लोक-विश्रुत–वि० [सं०] नाउँ चलेको; लोक-प्रसिद्ध ।

लोक-व्यवहार–ना० [सं०] लोकमा चलेको व्यवहार; लोकाचार; समाजमा प्रचलित प्रथा ।

लोक-शान्ति–ना० [सं०] कुनै उत्पात, उपद्रव, विद्रोह आदि नहुँदा जनतामा हुने शान्ति ।

लोक-सङ्ग्रह–ना० [सं०] १. संसारको भलाइ; विश्व-कल्याण; लोक-हित । २. जनतालाई आफूतिर आकर्षित पार्नु; जनतालाई आफ्ना पक्ष वा मतमा मिलाउनु ।

लोक-सत्ता–ना० [सं०] शासन र व्यवस्थाको सत्ता जनताका हातमा हुने शासन-प्रणाली; प्रजा-तन्त्र ।

लोक-सत्ताक–वि० [सं०] लोक-सत्ता-सम्बन्धी ।

लोक-सत्तात्मक–वि०[सं०] जनताद्वारा सञ्चालित (शासन)।

लोक-सदन–ना० [सं०] प्रतिनिधि-सभा ।

लोक-सभा–ना० [सं०] प्रतिनिधि-सभा ।

लोक-सिद्ध–वि० [सं०] १. लोक वा जन-समाजद्वारा स्वीकृत । २. समाजमा प्रचलन भएको; प्रचलित ।

लोक-सेवक–ना० [सं०] सार्वजनिक सेवाको काम गर्ने व्यक्ति; सर्व-साधारण जनताको सेवा गर्ने मानिस ।

लोक-सेवा–ना० [सं०] १. जन-साधारणको हितका निमित्त गरिने कार्य; सर्व-साधारण जनताको सेवा । २. सरकारी सेवा ।

लोक-सेवा-आयोग–ना० [सं०] निर्धारित सरकारी पदमा नियुक्त हुन प्रार्थना गर्ने उम्मीदवारहरूको योग्यता जाँची सिफारिश गर्ने समिति; पब्लिक-सर्भिस-कमिशन ।

लोक-हित–ना० [सं०] सार्वजनिक कल्याण ।

लोकाचार–ना० [सं०] १. जनतामा चलेको व्यवहार; सर्व-साधारणमा प्रचलित आचार । २. देखौवा व्यवहार; आडम्बरपूर्ण काम-कुरो ।

लोकातिशय–वि० [सं०] असाधारण; लोकोत्तर ।

लोकान्तर–ना० [सं०] मरेपछि जीव जाने लोक; पर-लोक ।

लोकान्तरित–वि० [सं०] पर-लोक भएको; मृत ।

लोकापवाद–ना० [सं०] जन-साधारणमा भएको बदनामी; लोक-निन्दा ।

लोकाभार–ना० [सं०] कुनै ठेक्का वा जमीनदारीमा ठेकदार वा जमीनदारले पूरा गर्नुपर्ने कर्तव्य पूरा नगरेमा अथवा सकारेको रकम बुझाउन नसकेमा स्थानीय सर्व-साधारण जनतालाई दिइने सो जमीनदारी वा कामको जिम्मा वा अधिकार ।

लोकायत–ना० [सं०] १. यस लोकबाहेक अर्को लोकको विश्वास नगर्ने व्यक्ति; पर-लोकको अस्तित्व नमान्ने व्यक्ति । २. चार्वाक-दर्शन ।

लोकायतन–ना० [सं०] १. नास्तिक । २. चार्वाक ।

CC-0. In Public Domain. Digitization by eGangotri

लोकायतिक–ना० [सं०] लोकायतन ।

लोकालोक–ना० [सं०] सातैं समुद्रलाई घेरेर रहेको एक पौराणिक पर्वत-श्रेणी ।

लोकेश्वर–ना० [सं०] १. लोकको मालिक । २. बुद्धको एक रूप । ३. एक बौद्ध देवता ।

लोकोत्तर–वि० [सं०] १. असाधारण; विलक्षण । २. संसार वा सांसारिक वस्तुबाट प्राप्त हुन नसक्ने; अलौकिक ।

लोकोक्ति–ना० [सं०] कुनै अनुभव वा तथ्यको कुरो राम्रो किसिमसित सङ्क्षेपमा भनिएको, लोकमा प्रचलित चमत्कारपूर्ण वाक्य; उखान; कहावत । (उदा०–खाई खानू काँकरी, नखाई खानू चूक; भाइ फुटे, गँवार लुटे इत्या० ।)

लोकोपकार–ना० [सं०] सर्व-साधारण जनताको उपकार; सार्वजनिक लाभको काम ।

लोकोपकारक–वि० [सं०] लोकोपकारी ।

लोकोपकारी–वि० [सं०] लोकको उपकार वा हित गर्ने ।

लोखर्के–ना० [लखर्के] प्रायः रूखमै गुँड बनाई बस्ने, झुप्पाकार रौँ भएको लामो पुच्छर हुने, टाउकोदेखि पुच्छरसम्म दुइ काला रेखा हुने, मूसाका जातको, विगूती रङ्गको एक अत्यन्त चञ्चल प्राणी; लखर्के ।

लोग्ने–ना० [सं० लग्न] स्वामी; पति; दुलहा ।

लोग्ने-मानिस–ना० [लोग्ने+मानिस] लोग्ने-मान्छे ।

लोग्ने-मान्छे–ना० [लोग्ने+मान्छे] भाले जातको मानिस; पुरुष; नर ।

लोचन–ना० [सं०] १. आँखा; नेत्र । २. हेर्ने काम ।

लोटपोट–ना० [लुटुपुटु] लडीबुडी खेल्ने काम ।

लोटा–ना० [लोहोटा] लोहोटा ।

लोटाइ–ना० [लोट्+आइ] लोट्ने किसिम, क्रिया वा भाव ।

लोटाइ–ना० [लोटाउ+आइ] लोटाउने किसिम, क्रिया वा भाव ।

लोटाइनु–स० क्रि० [लोटाउ+इ+नु] लडाइनु; पछारिनु; ('लोटाउनु'-को क० क्रि०) ।

लोटाउनु–स० क्रि० [लोट्+आउ+नु] १. लडाउनु; पछार्नु; ('लोट्नु'-को प्रे० क्रि०) । २. गीलो माटो, गोबर आदिको डल्लो गुडाएर फोहर, जूठो आदि सफा गर्नु; लुटपुटचाएर चोख्याउनु ।

लोटिनु–अ० क्रि० [लोट्+इ+नु] १. लोट्नु । २. ढलिनु; लडिनु; ('लोट्नु'-को भा० क्रि०) ।

लोटी–ना० [लोहोटी] लोहोटी ।

लोट्नु–अ० क्रि० [सं० लोठ+नु] १. जमीनमा लड्नु; पछारिनु; ढल्नु । २. खस्नु; गिर्नु ।

लोठ–ना० [ने०] लोप्पा ।

लोडन–ना० [सं०] १. हल्लने काम; झुल्नु । २. हुँड्लने काम; मथ्ने काम । ३. बहुलाउनु ।

लोडित–वि० [सं०] १. हल्लाइएको । २. हुँड्लिएको; मथिएको ।

लोणिका–ना० [सं०] बन-नून-ढिकी ।

लोत–ना० [लोतो] रुपियाँ-पैसा हाल्ने छालाको थैलो; लोतो ।

लोत–ना० [सं० लोष्ठ] लाश; मुर्दा; मृत देह ।

लोता–ना० [लोतो] मेशीनको पुली-चक्काहरूमा लगाइने फित्ता वा पटार ।

लोतिइनु–अ० क्रि० [लोति+इ+नु] लोते होइनु; जुम्सो होइनु; ('लोतिनु'-को भा० क्रि०) ।

लोतिनु–अ० क्रि० [लोतो+इ+नु] १. लोते हुनु; जुम्सो हुनु; लोकतो हुनु । २. अल्सी हुनु; अल्साउनु । ३. कुनै कुरोको आशा गरेर बस्नु ।

लोती–ना० [सं० लत्] कानको तल्लो भागमा झुन्डिएर रहेको नरम अवयव ।

लोते–वि० [लोतो+ए] १. आँट नभएको; साहस नभएको; नामर्द । २. जुम्सो; लोकतो ।

लोतो–ना० [सं० लक्तक] १. रुपियाँ-पैसा हाल्ने छालाको थैलो; लोत । (वि०) २. जति हटाए पनि नहट्ने; धिङ्ग्याहा । ३. लोकतो; जुम्सो; लोसो ।

लोत्याइ–ना० [लोत्याउ+आइ] लोत्याउने किसिम, क्रिया वा भाव ।

लोत्याइ–ना० [लोति+याइ] लोतिने किसिम, क्रिया वा भाव ।

लोत्याइनु–स० क्रि० [लोत्याउ+आइ+नु] १. लोते तुल्याइनु; ('लोत्याउनु'-को क० क्रि०) ।

लोत्याउनु–स० क्रि० [लोति+याउ+नु] जुम्सो तुल्याउनु; ('लोतिनु'-को प्रे० क्रि०) ।

लोत्रिइनु–अ० क्रि० [लोत्रि+इ+नु] लुत्रुक्क परिनु; ('लोत्रिनु'-को भा० क्रि०) ।

लोत्रिनु–अ० क्रि० [लत्रि+नु] १. लुत्रुक्क पर्नु; निर्बल हुनु; लुत्रे हुनु । २. झोलिनु; झुन्डिनु ।

लोत्रे–वि० [लोत्रि] लोते; लूते ।

लोत्र्याइ–ना० [लोत्रि+याइ] लोत्रिने किसिम, क्रिया वा भाव ।

लोत्र्याइ–ना० [लोत्र्याउ+आइ] लोत्र्याउने किसिम, क्रिया वा भाव ।

लोत्र्याइनु–स० क्रि० [लोत्र्याउ+आइ+नु] लुत्रुक्क पारिनु; ('लोत्र्याउनु'-को क० क्रि०) ।

लोत्र्याउनु–स० क्रि० [लोत्रि+याउ+नु] लोत्रिने पार्नु; ('लोत्रिनु'-को प्रे० क्रि०) ।

लोथ–ना० [सं० लोष्ठ] मृत शरीर; लाश ।

लोथ्रे–वि० [लोथ्रो+ए] लोथ्रो ।

लोथ्रो–वि० [लाथ्रो] लाथ्रो ।

लोदर–वि० [ने०] अलच्छिन; कुलच्छिन ।

लोध–ना० [सं० लोध्र] लाम्चा पात, पहेँला फूल र साना लाम्चा फल हुने एक जातको बोट; लोध्र । (यसका पातलो र बाक्लो बोक्रा हुने–दुइ भेद छन् ।)

CC-0. In Public Domain. Digitization by eGangotri

लोध्र–ना० [सं०] लोध वृक्ष ।

लोध्र-पुष्पक–ना० [सं०] पहेँलो-मार्सी ।

लोप–ना० [सं०] १. हराउने क्रिया; अलप; गायब । २. नाश; क्षय । ३. अभाव; कमी । ४. व्याकरणअनुसार शब्दको कुनै अक्षर लुप्त हुने काम ।

लोपापक–ना० [सं०] १. लुमड़ी । २. स्याल ।

लोपाञ्जन–ना० [सं०] आफ्ना आँखामा लाउँदा आफूलाई अरूले नदेख्ने एक कल्पित अञ्जन ।

लोपाराइ–ना० [लोपार्+आइ] लोपार्ने किसिम, क्रिया वा भाव ।

लोपारिनु–स० क्रि० [लोपार्+इ+नु] लोप्पा खुवाइनु; ('लोपार्नु'-को क० क्रि०) ।

लोपार्नु–स० क्रि० [लोप्पा+नु] १. लोप्पा खुवाउनु; लोप्प्याउनु; हिस्स्याउनु । २. लिप्नु; लिप्सनु ।

लोप्पा–ना० [ने०] कुनै कुराको आशा गर्ने व्यक्तिलाई निराश पार्दै मुखमा लोपार्ने हातको अर्ध-चन्द्राकार मुद्रा; लोठ ।

लोप्प्याइ–ना० [लोप्प्याउ+आइ] लोप्प्याउने किसिम, क्रिया वा भाव; लोपाराइ ।

लोप्प्याइनु–स० क्रि० [लोप्प्याउ+इ+नु] लोप्पा खुवाइनु; ('लोप्प्याउनु'-को क० क्रि०) ।

लोप्प्याउनु–स० क्रि० [लोप्पा+याउ+नु] लोप्पा खुवाउनु; लोपार्नु ।

लोप्रा-लोप्री–ना० [लोप्रो+लोप्रो] साना-तिना लोप्राहरू ।

लोप्रिइनु–अ० क्रि० [लोप्रि+इ+नु] लोप्रो बनिनु; ('लोप्रिनु'-को भा० क्रि०) ।

लोप्रिइनु–अ० क्रि० [लोप्रि+इ+नु] निराश होइनु; ('लोप्रिनु'-को भा० क्रि०) ।

लोप्रिनु–अ० क्रि० [लोप्रो+इ+नु] लोप्रो बन्नु; पाप्रो जम्नु ।

लोप्रिनु–अ० क्रि० [लोप्प्याउ] १. निराश हुनु; हिस्सिनु । २. लोप्पा खानु ।

लोप्रे–वि० [लोप्पा] निराशाले झुकेको; लुत्रुक्क परेको; लोफ्रे; लोब्रे (कान) ।

लोप्रो–ना० [ने०] १. पातलो तह वा पत्र; पाप्रो । २. खुर्सानीको टुक्रो । ३. सल्केका गुइँठाको टुक्रो ।

लोप्र्याइ–ना० [लोप्रि+याइ] पाप्रो आदि लोप्रिने किसिम, क्रिया वा भाव ।

लोप्र्याइ–ना० [लोप्र्याउ+आइ] पाप्रो आदि लोप्र्याउने किसिम, क्रिया वा भाव ।

लोप्र्याइ–ना० [लोप्रि+याइ] निराशाले लोप्रिने किसिम, क्रिया वा भाव ।

लोप्र्याइ–ना० [लोप्र्याउ+आइ] निराश पार्ने किसिम, क्रिया वा भाव ।

लोप्र्याइनु–स० क्रि० [लोप्र्याउ+इ+नु] लोप्रो पारिनु; ('लोप्र्याउनु'-को क० क्रि०) ।

लोप्र्याइनु–स० क्रि० [लोप्र्याउ+इ+नु] लोपारिनु; निराश पारिनु; ('लोप्र्याउनु'-को क० क्रि०) ।

लोप्र्याउनु–स० क्रि० [लोपार्+याउ+नु] १. लोपार्नु; लोप्प्याउनु । २. हिस्स्याउनु; निराश पार्नु ।

लोप्र्याउनु–स० क्रि० [लोप्रो+याउ+नु] लोप्रो पार्नु ।

लोफ्रे–वि० [लोप्रे] लोप्रे ।

लोब्रे–वि० [लोप्रे] लोप्रे ।

लोभ–ना० [सं०] १. अर्काको धन-माल लिने इच्छा; लालच; लिप्सा । २. इच्छा; आकाङ्क्षा । ३. कन्जूसी ।

लोभन–ना० [सं०] लोभ ।

लोभनीय–वि० [सं०] लोभ्याउने; मनोहर; चित्ताकर्षक ।

लोभानी-पापानी–ना० [लोभ+पाप] अर्काको धन-मालको लोभ र अर्कालाई दुःख दिने कामना; लोभ र पापको काम ।

लोभिइनु–अ० क्रि० [लोभि+इ+नु] लोभमा परिनु; ('लोभिनु-'को भा० क्रि०) ।

लोभित–वि० [सं०] लोभिएको; लुब्ध ।

लोभिनु–अ० क्रि० [सं० लोभ+इ+नु] १. लोभमा पर्नु; लालचमा पर्नु । २. लहसिनु; आसक्त हुनु ।

लोभी–वि० [सं०] १. लोभ गर्ने; लालची; लुब्ध । २. कन्जूस; खिच्चू ।

लोभ्य–वि० [सं०] लोभ्याउने; लोभनीय ।

लोभ्याइ–ना० [लोभ्याउ+आइ] लोभ्याउने किसिम, क्रिया वा भाव ।

लोभ्याइ–ना० [लोभि+याइ] लोभिने किसिम, क्रिया वा भाव ।

लोभ्याइनु–स० क्रि० [लोभ्याउ+इ+नु] लोभमा पारिनु; ('लोभ्याउनु'-को क० क्रि०) ।

लोभ्याउनु–स० क्रि० [लोभि+याउ+नु] १. लोभमा पार्नु; लालच देखाउनु । २. लहस्याउनु; आसक्त पार्नु ।

लोम–ना० [सं०] १. रौँ; रोम । २. पुच्छर ।

लोम-कूप–ना० [सं०] रौँ उम्रेका ठाउँमा हुने खाल्टो; रौँका फेदमा हुने प्वाल; रोम-कूप ।

लोमश–वि० [सं०] १. शरीरमा झ्यापझ्याप्ती रउँ भएको । (ना०) २. अमर मानिएका एक ऋषि । ३. भेड़ो । ४. स्याल ।

लोम-हर्ष–ना० [सं०] रोमाञ्च; पुलक ।

लोम-हर्षक–वि० [सं०] रोमाञ्चित पार्ने ।

लोम-हर्षण–ना० [सं०] १. रोमाञ्च; पुलक । २. व्यासका एक शिष्य ।

लोमे–वि० [ने०] लोसो; जुम्सो ।

लोल–वि० [सं०] १. हल्लिएको; कम्पित । २. चञ्चल; अस्थिर । ३. क्षण-भङ्गुर; नश्वर । ४. उत्सुक; चौ-चौ लागेको ।

CC-0. In Public Domain. Digitization by eGangotri

लोला–ना० [सं०] १. लक्ष्मी । २. बिजुली । ३. जिभ्रो ।

लोला–ना० [सं० लोल] १. होलीमा अबीर रङ्ग आदि भरेर हान्ने लाहाको सानो, डल्लो एक किसिमको भाँड़ो । २. गदाका आकारको सानो एक प्रकारको खेलौना । ३. मोटाएर वा अरू कुनै कारणले शरीरका विभिन्न अङ्गमा देखिने मांस-पेशी ।

लोलाइ–ना० [लोलाउ+आइ] लोलाउने किसिम, क्रिया वा भाव ।

लोलाइनु–अ० क्रि० [लोलाउ+इ+नु] निद्रा वा अन्य कारणले आँखा लट्ठिइनु; ('लोलाउनु'-को भा० क्रि०) ।

लोलाउनु–अ० क्रि० [सं० लोल+आउ+नु] निद्रा, रतिभावना, नशाको वेग आदि कारणले आँखा एक किसिमले लट्ठिनु; लोलिनु ।

लोलाक्षी–ना० [सं०] चञ्चल आँखा भएकी स्त्री ।

लोलिइनु–अ० क्रि० [लोलि+इ+नु] लोलाइनु; ('लोलिनु'-को भा० क्रि०) ।

लोलित–वि० [सं०] हल्लिएको; कम्पित ।

लोलिनु–अ० क्रि० [लोलाउ+नु] लोलाउनु ।

लोली–ना० [सं० लय] १. अरूले गरेका कुरामा सही थाप्ने काम; हो-मा हो मिलाउने काम । २. अरूका भाका वा लयमा मिलेर गाउने काम ।

लोलुप–वि० [सं०] १. लोभी; लालची । २. अति उत्सुक; लालायित ।

लोलुपता–ना० [सं०] लोलुप हुनाको भाव; लोभीपन ।

लोलुपा–ना० [सं०] उत्कण्ठा; उत्सुकता ।

लोलुभ–वि० [सं०] अत्यन्त लोभी; अतिशय लोलुप ।

लोलो–ना० [लोला] शरीरमा परेको मासुको डल्लो; लुंदो; लोला ।

लोलो-पोतो–ना० [ल+ल] १. फकाउने कुरो; फुस्ल्याहट । २. बाहिरी व्यवहारले मात्र मित्रता वा आत्मीयता देखाउने काम ।

लोल्याइ–ना० [लोल्याउ+आइ] लोल्याउने किसिम, क्रिया वा भाव ।

लोल्याइ–ना० [लोलि+याइ] लोलिने किसिम, क्रिया वा भाव ।

लोल्याइनु–स० क्रि० [लोल्याउ+इ+नु] लोलिने पारिनु; ('लोल्याउनु'-को क० क्रि०) ।

लोल्याउनु–स० क्रि० [लोलि+याउ+नु] लोलिने पार्नु; ('लोलिनु'-को प्रे० क्रि०) ।

लोष्ट–ना० [सं०] १. माटाको डल्लो । २. फलाममा परेको खिया ।

लोष्टु–ना० [सं०] ढुङ्गो, माटो आदिको सानो टुक्रो; गिर्खो ।

लोष्टो–ना० [सं० लोष्ट] विनामहत्त्वको वस्तु; तुच्छ पदार्थ; खोस्टो ।

लोशन–ना० [अं०] घाउ-खटिरा धुनाका निमित्त औषध मिलाई बनाइएको द्रव पदार्थ ।

लोसिइनु–अ०क्रि० [लोसि+इ+नु] लोसो होइनु; ('लोसिनु'-को भा० क्रि०) ।

लोसिनु–अ० क्रि० [लोसो+इ+नु] लोसो हुनु ।

लोसे–वि० [लोसो+ए] लोसो ।

लोसो–वि० [फा० लोस] १. सुस्तीसित काम गर्ने; लुसो; जुम्सो । २. जति हटाए पनि नहट्ने; धर्ना कस्ने ।

लोस्याइ–ना० [लोसि+याइ] लोसिने किसिम, क्रिया वा भाव ।

लोस्याइनु–स० क्रि० [लोस्याउ+इ+नु] लोसो पारिनु; ('लोस्याउनु'-को क० क्रि०) ।

लोस्याउनु–स० क्रि० [लोसि+याउ+नु] लोसो पार्नु; ('लोसिनु'-को भा० क्रि०) ।

लोह–ना० [सं०] १. फलाम; लोहा । २. तामा, सुन, आदि धातु । ३. रगत । ४. रातो रङ्ग । (वि०) ५. रातो; लाल ।

लोह-कर्मी–ना० [नेवा० लौंकऽमी] ढुङ्गा-सम्बन्धी काम गर्ने कालिगड़ ।

लोह-कान्त–ना० [सं०] चुम्बक ।

लोह-कार–ना० [सं०] लोहार; कौ; कामी ।

लोह-किट्ट–ना० [सं०] १. फलामको खिया; कीट । २. धातुमा लागेको खिया ।

लोहटा–ना० [लोहोटा] लोहोटा ।

लोहटी–ना० [लोहोटी] लोहोटी ।

लोह-पाश–ना० [सं०] फलामको जन्जीर; फलामको सिक्री; साङ्लो ।

लोह-मल–ना० [सं०] १. फलामको कस; कीट । २. खिया ।

लोहरी–ना० [लोहोरी] लोहोरी ।

लोहरो–ना० [लोहोरो] लोहोरो ।

लोह-सार–ना० [सं०] असल जातको फलाम; इस्पात ।

लोहस्ये–ना० [ने०] जङ्गल फाँड़ी खोरिया फाँड्न तयार पारेको, रूखका ठुटाहरू उखेलिनसकेको बाँझो जमीन ।

लोहा–ना० [सं० लोह] १. फलाम; लौह; लोह । २. लौह-भस्म ।

लोहाड़–ना० [लोहा+अड़] हात्तीलाई पिट्ने फलामे कीलाहरू जड़ेको काठको मुङ्ग्रो ।

लोहार–ना० [सं० लोह-कार] फलामको काम गर्ने व्यक्ति; लोह-कार ।

लोहित–वि० [सं०] १. रातो; लाल । २. तामाबाट बनेको । (ना०) ३. मङ्गल-ग्रह । ४. सर्प । ५. तामो । ६. रक्त । ७. केसर । ८. युद्ध । ९. रक्त-चन्दन । १०. अधूरो इन्द्र-धनुष ।

लोहिताङ्ग–ना० [सं०] मङ्गल-ग्रह ।

लोहिताक्ष–ना० [सं०] १. कोइली । २. विष्णु ।

लोहिताश्व–ना० [सं०] अग्नि ।

CC-0. In Public Domain. Digitization by eGangotri

लोहितानन–ना० [सं०] न्याउरी-मूसो ।

लोहिया–ना० [सं० लोमीय] एक प्रकारको ऊनी ओढ्ने वस्त्र ।

लोहोटा–ना० [सं० लुण्ठा] पानी राख्ने धातुको एक प्रसिद्ध गोल भाँडो; लोटा ।

लोहोटी–ना० [लोहोटा+ई] सानो लोहोटा; लोटी ।

लोहोरी–ना० [लोहोरो+ई] १. सानो लोहोरो । २. आगो फुक्ने ढुङ्ग्रो ।

लोहोरे-आँप–ना० [लोहोरो+आँप] एक जातको आँप ।

लोहोरो–ना० [प्रा० लोढ] सिलौटामा मसला आदि पिँध्ने लाम्चो गोल साधन; सिलौटाको बत्ता ।

लौ–वि० बो० [ने०] स्वीकृति, विस्मय, आश्चर्य आदिमा प्रयोग गरिने शब्द । (उदा०–लौ, यसले त नाश पारेछ; लौ, हुन्छ, त्यसै गरुँला इत्या० ।)

लौँड–ना० [ने०] एक प्रकारको भुजुङ्गो; लुँडे ।

लौका–ना० [सं० अलाबु] तरकारी खाइने, तुम्बाका जातको लामो फल ।

लौकाट–ना० [अनु०] ध्वाँसे भूमिमा सेता टीका-टीका परेका प्वाँख हुने, कुखुराका जातको चरो; गिनीफोर । (यस पक्षीले कराएको आवाज 'लौकाट, लौकाट' भनेको जस्तो सुनिन्छ ।)

लौकिक–वि० [सं०] १. यस लोकको; सांसारिक; ऐहिक । २. व्यावहारिक; लोकको; लोक-सम्बन्धी ।

लौकिक-विवाह–ना० [सं०] धर्म-शास्त्रका सामान्य नियम-अनुसार नभई वर-वधूले विधानको नियमअनुसार गरेको विवाह ।

लौकिकाग्नि–ना० [सं०] पञ्चाग्निमध्ये एक; आवसथ्य ।

लौकिकी–वि० [सं०] 'लौकिक'-को स्त्री-लिङ्ग-वाची रूप ।

लौक्य–वि० [सं०] लौकिक; सांसारिक ।

लौ-त–वि० बो० [लौ+त] साहस, हप्की, स्वीकृति आदिमा प्रयोग गरिने शब्द । (उदा०–लौ-त, आ, मुद्दै गरूँ; लौ-त, अझै यता नआइज त; लौ-त, यसै गरुँला इत्या० ।)

लौ-न–वि० बो० [लौ+न] १. कुनै काम गराउन कसैसित प्रार्थना गर्दा भनिने शब्द । २. कुनै आपत्-विपत् परि-आउँदा सहायताका निमित्त बोलिने शब्द; लौ-न-नि ।

लौ-न-नि–वि० बो० [लौ+न+नि] आपत्ति, भय, आश्चर्य, आदि भइपरिआउँदा आत्तिएर भनिने शब्द; लौ-न । (उदा०–लौ-न-नि, यस केटोले कस्तो अनुहार तुल्याएछ; लौ-न-नि, म त मर्न आँटेँ इत्या० ।)

लौरी–ना० [लहुरी] सानो लौरो; लहुरी ।

लौरी-पञ्जर–ना० [लौरी+पञ्जर] लहुरी-पिञ्जर ।

लौरी-पिञ्जर–वि० [लौरी+पिञ्जर] ज्यादै दुब्लो; हल्लन-टट्टी; अस्थि-पञ्जर ।

लौरो–ना० [लहुरो] लहुरो ।

लौ-लौ–वि० बो० [लौ+लौ] १. कुनै काम चाँडो आरम्भ गराउन वा छिटो-छिटो गराउनाका निमित्त प्रेरणा गर्ने शब्द । २. अरूले गरेको काम-कुरोको समर्थन वा त्यसलाई स्वीकार गर्दा भनिने शब्द । ३. हतपत, आतुरी आदिमा प्रकट गरिने शब्द ।

लौसी–ना० [लप्सी] लप्सी ।

लौह–ना० [सं०] १. फलाम; लोहा । २. हतियार; शस्त्रास्त्र । (वि०) ३. फलाम, तामा आदि धातुले बनेको । ४. रातो; लाल ।

लौह-कार–ना० [सं०] फलाम-सम्बन्धी काम गर्ने व्यक्ति; लोहार ।

लौह-भस्म–ना० [सं०] लोहा भस्म गरेर तयार पारिएको एक आयुर्वेदीय औषध ।

लौह-मल–ना० [सं०] १. फलामको कस; कीट । २. खिया ।

लौह-युग–ना० [सं०] मनुष्य-जातिले सर्व-प्रथम फलामे शस्त्र-अस्त्रहरू बनाउन आरम्भ गरेको ऐतिहासिक काल ।

ल्यवाइ–ना० [लि+वाइ] लिने किसिम, क्रिया वा भाव ।

ल्याइता–वि० [ल्याइते] ल्याइते ।

ल्याइते–वि० [ल्याउ] विधिपूर्वक विवाह नगरी त्यसै ल्याएकी (स्त्री); ल्याइता ।

ल्याइनु–स० क्रि० [ल्याउ+इ+नु] लिएर आइनु; ('ल्याउनु'-को क० क्रि०) ।

ल्याउनु–स० क्रि० [लि+आउ+नु] १. लिएर आउनु । २. भित्र्याउनु; भित्र हुल्नु (धन-माल, स्त्री आदि) ।

ल्याकत–ना० [अ० लियाक़त] लायक हुनाको भाव; योग्यता; लियाकत ।

ल्याकतदार–वि० [ल्याकत+दार] ल्याकत भएको; ल्याकती; योग्य; लायक; लियाकतदार ।

ल्याकती–वि० [ल्याकत+ई] ल्याकत भएको; योग्य; ल्याकतदार ।

ल्याङ-ल्याङ–क्रि० यो० [लङ] कुनै घर ज्यादै ठूलो र लामो हुने किसिम ।

ल्याङल्याङती–क्रि० यो० [ल्याङ-ल्याङ+ती] ल्याङ-ल्याङ ।

ल्याङल्याङी–क्रि० यो० [ल्याङ-ल्याङ+ई] ल्याङ-ल्याङ ।

ल्यात्त–क्रि० यो० [ने०] लेसाइलो पदार्थ चुहुने किसिम; लित्त ।

ल्यापल्याप–क्रि० यो० [लपलप] जिभ्राले चाटेर खाने किसिम ।

ल्यापल्यापती–क्रि० यो० [ल्यापल्याप+ती] धमाधम चाटेर खाने किसिम; ल्यापल्यापी ।

ल्यापल्यापी–क्रि० यो० [ल्यापल्याप+ई] ल्यापल्याप; ल्यापल्यापती ।

ल्याप्चे–ना० [ल्याप्प] औँठाको सही-छाप ।

ल्याप्प–क्रि० यो० [लपलप] चाट्न किसिम; लपक्क ।

ल्याप्प–क्रि० यो० [लिप्] टाँसिने किसिम; ल्यास्स ।

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याफ-ल्याफ–क्रि० यो० [अनु०] भिजेको लुगा-फाटो वा त्यस्तै कुनै वस्तु हल्लने वा हल्लँदा शब्द आउने किसिम।

ल्याफल्याफती–क्रि० यो० [ल्याफ-ल्याफ+ती] ल्याफ-ल्याफ।

ल्याफल्याफी–क्रि० यो० [ल्याफ-ल्याफ+ई] ल्याफ-ल्याफ।

ल्यास्स–क्रि० यो० [ल्याप्प] लेसाइलो पदार्थ टाँसिने किसिम; ल्याप्प।

ल्वाँग–ना० [सं० लवङ्ग] १. साना-साना पात र सुगन्धी साना-साना फूल हुने एक जातको बोट। २. त्यसैको फूल। (संस्कार गरी मसला र आयुर्वेदीय औषधमा यसको प्रयोग गरिन्छ। आयुर्वेदमा यसको गुण ठन्डा, रुचि-कारक र आँखा, शिर तथा हृदयलाई हित गर्ने बताइएको छ।)

ल्वाँगे–वि० [ने०] १. काम गर्ने ढङ्ग नभएको। २. भद्दा शरीरको। ३. बेकम्मा (व्यक्ति)।

ल्वाक्क–क्रि० यो० [लक्कू] एकै चोटि धेरै वस्तु दिने वा पाउने किसिम।

ल्वाङ–ना० [ल्वाँग] ल्वाँग।

ल्वाङ-कीलो–ना० [ल्वाङ+कीलो] ल्वाङको फूलका आकारको एक किसिमको कीलो।

ल्वाङ-फूल–ना० [ल्वाङ+फूल] १. कानमा लाइने, ल्वाङका आकारको एक गहना; फूली। २. लहरामा फुल्ने, ल्वाङका आकारको एक जातको सानो रातो फूल।

ल्वाङे–वि० [ल्वाँगे] ल्वाँगे।

ल्वात्त–क्रि० यो० [ने०] एकै चोटि निस्कने वा पस्ने किसिम; लुत्त।

ल्वाप्प–क्रि० यो० [ल्याप्प] १. लेसाइलो पदार्थ एकै पटक चाटेर खाने किसिम। २. लेदो पदार्थ कतै लाग्ने किसिम; ल्याप्प।

ल्वाम्म–क्रि० यो० [ने०] गीलो वा नरम ठाउँमा एकै चोटि कुनै वस्तु पस्ने किसिम; स्वाम्म।

ल्वास्स–क्रि० यो० [ल्याप्प] १. गीलो वा नरम पदार्थ टाँसिने किसिम; ल्यास्स। २. ल्वाम्म।

व

व–देवनागरी वर्ण-मालाको उनन्तीसौं व्यञ्जन-वर्ण। यसको उच्चारण दन्त र ओष्ठ-स्थानबाट हुन्छ। यो अन्तस्थ वर्णको चौथो अक्षर हो।

वंरिक–ना० [सं०] अरिङ्गाल कीरो।

वंश–ना० [सं०] १. बाँस। २. बाँसुरी। ३. ढाड़को हाड़; मेरु-दण्ड। ४. नाकको डाँड़ी। ५. परिवार; कुल; खानदान। ६. सन्तान; सन्तति।

वंशक–ना० [सं०] कालो-ऊखु।

वंश-कर–ना० [सं०] कुनै वंश चलाउने मूल पुरुष; वंश-प्रवर्तक।

वंश-कर्पूर–ना० [सं०] वंस-लोचन।

वंशज–वि० [सं०] १. कुनै वंशमा उत्पन्न। २. बाँसले बनेको। (ना०) ३. सन्तान।

वंश-तण्डुल–ना० [सं०] बाँसमा फल्ने चाँवलजस्तो एक प्रकारको फल।

वंश-धर–ना० [सं०] १. कुलको रक्षा गर्ने पुरुष; वंशको रक्षक। २. सन्तान।

वंश-धान्य–ना० [सं०] वंश-तण्डुल।

वंश-धारी–ना० [सं०] वंश-धर।

वंश-परम्परा–ना० [सं०] कुनै वंशको बराबर चलिरहेको परम्परा वा क्रम।

वंश-रोचना–ना० [सं०] वंश-लोचन।

वंश-लोचन–ना० [सं०] बाँसभित्र पैदा हुने सेतो एक पदार्थ। (यो आयुर्वेदीय औषधिमा प्रयोग हुन्छ।)

वंश-वृक्ष–ना० [सं०] १. कुनै वंशका मूल पुरुषदेखि लिएर वर्तमान कालसम्मका मानिसहरूको परिवारको शाखा-प्रशाखाको क्रम लेखिएको तालिका। २. बाँसको बोट।

वंशागत–वि० [सं०] वंश-परम्पराबाट प्राप्त।

वंशानुक्रम–ना० [सं०] कुनै वंशको बराबर चलिरहेको परम्परा वा क्रम; वंश-परम्परा।

वंशानुक्रमण–ना० [सं०] कुनै एक वंशमा निरन्तर कुनै कुरो चलिरहनु; वंश-परम्परा।

वंशानुक्रमिक–वि० [सं०] वंश-परम्पराअनुसार चल्ने।

वंशावली–ना० [सं०] कुनै वंशका मानिसहरूको, समयको क्रमानुसार बनाइएको सूची।

वंशी–ना० [सं०] १. बाँसुरी। २. रगत बग्ने नसा। ३. वंस-लोचन। (वि०) ४. वंश-सम्बन्धी; वंशीय।

वंशी-धर–ना० [सं०] कृष्ण।

वंशीय–वि० [सं०] १. वंशको; वंशी। २. एकै वंशमा उत्पन्न।

वंशोद्भव–वि० [सं०] वंशमा उत्पन्न; कुनै कुलमा जन्मेको।

वंश्य–ना० [सं०] १. पूर्वज; पुर्खा। २. सन्तान। ३. वंशको व्यक्ति। (वि०) ४. वंश-सम्बन्धी; वंशीय।

वक–ना० [सं०] बक।

वक-पुष्प–ना० [सं०] १. बकुल्लाका आकारका सेता फूल फुल्ने, तगरका जस्ता पात हुने एक जातको वृक्ष। २. त्यसैको फूल।

वक-शाली–ना० [सं०] बकैया धान।

वकार–ना० [सं०] 'व'-अक्षर; अन्तस्थ वर्णको चौथो अक्षर।

वकालत–ना० [अ०] १. अर्काको प्रतिनिधि भई साधिकार

CC-0. In Public Domain. Digitization by eGangotri

रूपले मुद्दा-मामिलामा बहस गर्ने काम; वकीलको काम। २. राज-दूतको काम।

वकालत-नामा–ना० [अ०] आफ्नो प्रतिनिधि भई न्यायालयमा बहस गर्न कसैलाई दिइने अधिकार-पत्र।

वकील–ना० [अ०] १. अर्काको प्रतिनिधि भई मुद्दा-मामिलामा बहस गर्ने अधिकारप्राप्त व्यक्ति। २. राज-प्रतिनिधि; राज-दूत।

वकीली–ना० [वकील+ई] वकीलको काम वा पेशा।

वकुल–ना० [सं०] बकुल।

वक्तव्य–ना० [सं०] १. कुनै विषयमा स्पष्ट गरी भनिएको कुरो। २. कथन; वक्तृता। (वि०) ३. भन्न योग्य; कथनीय।

वक्ता–वि० [सं०] १. भन्ने; कहने। २. भाषण दिने कलामा निपुण। (ना०) ३. कथा, पुराण आदि भन्ने व्यक्ति; वाचक। ४. भाषण दिने व्यक्ति।

वक्ति-शाली–ना० [सं०] बकैया धान।

वक्तृता–ना० [सं०] १. भाषण; प्रवचन। २. भाषण दिने योग्यता वा शक्ति; वाक्कौशल।

वक्तृत्व–ना० [सं०] वक्तृता।

वक्त्र–ना० [सं०] १. प्राणीको खाने र बोल्ने अवयव; मुख। २. अनुहार; चेहरा। ३. थुतुनु। ४. चुच्चो। ५. प्रारम्भ; शुरू। ६. अगिल्लो भाग; मोहड़ा।

वक्त्रासव–ना [सं०] १. राल; थूक। २. प्रेमी वा प्रेमिकाको मुख-चुम्बनबाट हुने आनन्द।

वक्र–वि० [सं०] १. बाङ्गो; टेढ़ो। २. कुप्रो; कुब्ज। ३. बेईमान। ४. निर्दय; क्रूर। ५. उल्टो गतिमा चलेको (ग्रह)।

वक्र-गति–वि० [सं०] १. उल्टो गति भएको; उल्टो गतिमा चलेको (ग्रह)। २. बेईमान; धोखेबाज। (ना०) ३. मङ्गल-ग्रह। ४. ज्योतिषअनुसार कुण्डलीमा सूर्य बसेका नक्षत्रदेखि पाँचदेखि आठसम्मका स्थानमा रहेका ग्रह। ५. टेढ़ो चाल।

वक्र-गामी–वि० [सं०] वक्र-गतिमा चलने वा जाने।

वक्रता–ना० [सं०] १. बाङ्गो हुनाको भाव; टेढ़ोपन। २. बेईमानी।

वक्र-तुण्ड–ना० [सं०] १. गणेश। २. सुगा।

वक्रत्व–ना० [सं०] टेढ़ोपन; कुटिलता।

वक्र-दृष्टि–ना० [सं०] १. क्रोध-सूचक दृष्टि; टेढ़ो नजर; कुदृष्टि। २. डेढ़ो आँखो।

वक्र-मति–वि० [सं०] अर्काको कुभलो चिताउने; कुबुद्धि; दुर्मति।

वक्रोक्ति–ना० [सं०] १. दिलष्ट शब्दद्वारा गरिने परिहास; व्यङ्ग्य; छनक। २. काकु वा श्लेषद्वारा भिन्न अर्थ गर्दा पर्ने एक अर्थालङ्कार।

वक्ष–ना० [सं०] छाती।

वक्षःस्थल–ना० [सं०] वक्ष-स्थल।

वक्ष-स्थल–ना० [सं० वक्षःस्थल] छाती।

वक्षोज–ना० [सं०] स्तन; कुच।

वक्षोरुह–ना० [सं०] स्तन; कुच।

वक्ष्यमाण–वि० [सं०] १. भन्न योग्य; वक्तव्य। २. भनिरहिएको।

वगला–ना० [सं०] वगला-मुखी।

वगला-मुखी–ना० [सं०] दश-महाविद्याहरूमध्ये एक।

वगैरह–अव्य० [अ० वग़ैरह्] इत्यादि।

वङ्क–ना० [सं०] नदीको मोड़।

वङ्कर–ना० [सं०] नदी घुमेको ठाउँ; नदीको मोड़।

वङ्किल–ना० [सं०] काँढ़ो; कण्टक।

वङ्क्षु–ना० [सं०] १. गङ्गाको एक शाखा नदी। २. हिन्दूकुश पर्वतबाट निस्की मध्य एशियामा बग्ने एक नदी।

वङ्ग–ना० [सं०] १. कपास; रुवो। २. राँग धातु। ३. पाकिस्तान र भारतमा पर्ने एक भू-क्षेत्र; बङ्गाल।

वच–ना० [सं०] १. शब्द। २. वाक्य; वचन।

वचन–ना० [सं०] १. मानिसका मुखबाट निस्कने सार्थक शब्द; बोली; वाणी। २. उक्ति; कथन। ३. प्रतिज्ञा; कबूल। ४. शास्त्रीय सिद्धान्त वा प्रमाण; शास्त्रमा बताएको कुरो। ५. बोलेको कुरो। ६. आज्ञा; आदेश। ७. एक वा अनेक बुझाउने व्याकरणको नियम। (उदा०—एक-वचन, बहु-वचन आदि।)

वचन-ग्राही–वि० [सं०] आज्ञाकारी।

वचन-पटु–वि० [सं०] बोलनमा सिपालु; वाक्पटु।

वचन-बद्ध–वि० [सं०] आफ्नै वचन वा प्रतिज्ञामा बाँधिएको; कबूलमा हारेको।

वचनीय–वि० [सं०] १. भन्न योग्य; बोल्न योग्य। २. हेला गर्न योग्य; निन्दनीय। (ना०) ३. निन्दा। ४. कलङ्क।

वचा–ना० [सं०] बोझो (बूटी)।

वजन–ना० [अ० वज़न] १. बोझको मान वा तौल। २. भारीपन; गुरुत्व। ३. महत्त्व।

वजनदार–वि० [फा० वज़नदार] १. भारी; गह्रौं। २. गहकिलो।

वजनी–वि० [अ० वज़न+ई] गह्रुंगो; वजनदार।

वजह–ना० [अ०] कारण; हेतु।

वजीर–ना० [अ० वज़ीर] १. मन्त्री; अमात्य। २. ताशको मीम। ३. बुद्धि-चालका खेलमा मन्त्री। ४. गन्जीफामा बादशाहपछिको एक चक्की। (वि०) ५. ताश वा गन्जीफाका खेलमा मुख्य हुन आएको चक्की।

वज्र–ना० [सं०] १. इन्द्रको प्रधान अस्त्र; कुलिश; पवि। २. चट्याङ; चट्को। ३. हीरा। ४. चून र सुर्की मिलाएर बनाइएको लेदो। ५. सिहुँडी। ६. हीरा काट्ने

CC-0. In Public Domain. Digitization by eGangotri

ज्यावल। ७. इस्पात। ८. अभ्रख। ९. बच्चो।
वज्र-कन्द–ना० [सं०] सर्पको-मकै।
वज्र-क्षार–ना० [सं०] नौसादर।
वज्र-चञ्चु–ना० [सं०] १. गिद्ध। २. लाम्खुट्टे। ३. डाँस।
वज्र-चर्म–ना० [सं०] गैंडा।
वज्र-ज्वाला–ना० [सं०] बिजुली; चटयाङ।
वज्र-दन्त–ना० [सं०] १. सुँगुर। २. मूसो।
वज्रदन्ती–ना० [सं०] मौलसिरी।
वज्र-धर–ना० [सं०] १. बोधिसत्त्व। २. लाटोकोसेरो।
वज्र-धारक–ना० [सं०] चटयाङ पर्दा त्यसलाई तानेर भूईंमा झार्न, अग्ला भवनका सर्वोच्च भागमा लगाइने त्रिशूल-जस्तो आकृतिको साधन।
वज्र-पाणि–ना० [सं०] १. इन्द्र। २. लोकेश्वरको एक रूप। (वि०) ३. हातमा वज्र लिने।
वज्र-पात–ना० [सं०] १. वज्र वा चट्को पर्ने काम। २. सहसा आइपरेको ठूलो विपत्ति।
वज्र-मणि–ना० [सं०] हीरा।
वज्रयान–ना० [सं०] बौद्ध धर्मको एक तान्त्रिक सम्प्रदाय; महायानको एक शाखा।
वज्रयानी–वि० [वज्रयान+ई] १. वज्रयानको; वज्रयान-सम्बन्धी।
वज्र-योगिनी–ना० [सं०] तन्त्र-प्रसिद्ध एक देवी; चार योगिनीमध्ये एक।
वज्र-लेप–ना० [सं०] १. भित्ता, पर्खाल आदिमा लाइने चून, सुर्की आदि मिलाएर बनाएको लेदो पदार्थ। २. मूर्ति, शिला-लेख आदिमा लगाइने एक प्रकारको कड़ा पालिश। (वि०) ३. खूब बलियो; मजबूत। ४. निश्चित; पक्कापक्की।
वज्र-लोहक–ना० [सं०] चुम्बक।
वज्र-शल्य–ना० [सं०] दुम्सी।
वज्र-वाराही–ना० [सं०] तन्त्र-प्रसिद्ध एक वाराही देवी; नेपालका चार-वाराहीमध्ये एक।
वज्र-सत्त्व–ना० [सं०] एक बुद्ध।
वज्र-सार–ना० [सं०] १. हीरा। (वि०) २. अति कठोर।
वज्र-सूची–ना० [सं०] टुप्पामा हीरा जड़ेको सुइरो वा अन्य कुनै छेड्ने वा काट्ने साधन।
वज्र-हृदय–वि० [सं०] कठोर दिल भएको; निर्दय।
वज्राग्नि–ना० [सं०] आकाशबाट खस्ने चट्को वा त्यसबाट उत्पन्न हुने आगो; विद्युत्-अग्नि।
वज्राङ्ग–ना० [सं०] हनुमान्।
वज्राचार्य–ना० [सं०] १. एक तान्त्रिक बौद्ध आचार्य। २. एक विशेष संस्कार गरेपछि प्राप्त हुने बौद्ध मार्गी-हरूको एक उपाधि।
वज्रासन–ना० [सं०] पद्मासनमा बसी पैतालामाथि दुवै हत्केला उत्ताना पारेर खप्टी बस्ने एक आसन।
वज्री–ना० [सं०] इन्द्र।
वञ्चक–वि० [सं०] १. ठग्ने प्रवृत्तिको; ठग; धूर्त। (ना०) २. स्याल।
वञ्चन–ना० [सं०] १. ठग्ने काम; ठगी। २. अर्कोले पाउने कुरो नपाउने तुल्याउनु।
वञ्चना–ना० [सं०] १. ठग्ने काम; ठगी। २. छल; धोखा।
वञ्चनीय–वि० [सं०] १. ठग्न योग्य; वञ्च्य। २. छोड्न वा त्याग्न योग्य; परित्याग गर्न लायक।
वञ्चयिता–वि० [सं०] १. ठगी गर्ने; ठग। २. धूर्त।
वञ्चित–वि० [सं०] १. ठगिएको; वञ्चना गरिएको। २. धोखा दिइएको। ३. कुनै किसिमको फायदाबाट निराश गरिएको।
वञ्चुक–वि० [सं०] वञ्चूक।
वञ्चूक–वि० [सं०] १. ठग; धूर्त। २. धोखेबाज। ३. बेईमान। (ना०) ४. स्याल।
वञ्च्य–वि० [सं०] १. वञ्चना गर्न योग्य; ठग्न लायक। २. त्याग्न योग्य; परित्याज्य।
वञ्जुल–ना० [सं०] १. सिसौका जातको एक रूख; बाँझ। २. अशोक वृक्ष। ३. थल-कमल।
वट–ना० [सं०] १. बरको बोट। २. गोली; चक्की। ३. फुरौला; बारा। ४. कौड़ी।
वटक–ना० [सं०] बारा; फुरौला।
वटपत्री–ना० [सं०] हिमालयमा पाइने, ठूला-ठूलाबा टुला पात, राता फूल र रातै जरा हुने एक जातको पाषाणभेद।
वटर–ना० [सं०] १. बट्टाई चरो। २. बिछ्याउने सुकुल वा मान्द्रो। ३. फेटा। ४. चोर।
वटिका–ना० [सं०] १. गोली; बरी। २. चक्की। ३. फुरौला। ४. पासा, पच्चीस आदि खेलको गोटी।
वटी–ना० [सं०] १. गोली; बरी। २. चक्की। ३. फुरौला। ४. डोरी।
वटु–ना० [सं०] १. ब्रह्मचारी। २. बालक।
वटुक–ना० [सं०] १. एक भैरव; एघार रुद्रमध्ये एक। २. बालक। ३. ब्रह्मचारी।
वट्टक–ना० [सं०] गोली; बरी।
वडवा–ना० [सं०] १. घोड़ी। २. एक अप्सरा। ३. दासी। ४. रण्डी। ५. ब्राह्मणी।
वडवानल–ना० [सं०] समुद्रभित्र हुने आगो; वडवाग्नि।
वडवाग्नि–ना० [सं०] वडवानल।
वडा–ना० [सं०] १. गोली; वटिका। २. बारा।
वणिक्–ना० [सं०] १. बनियाँ; वैश्य। २. व्यापारी; पसले। ३. विक्रेता; बेच्ने व्यक्ति। ४. ज्योतिषको एक करण।
वणिग्वीथी–ना० [सं०] बजार; हाट।
वणिग्वृत्ति–ना० [सं०] व्यापार; वाणिज्य।

CC-0. In Public Domain. Digitization by eGangotri

वणिज–ना० [सं०] व्यपारी; वणिक्।

वण्ट–वि० [सं०] १. पुच्छर नभएको; लिँड़े। २. विवाह नभएको। (ना०) ३. भाग; हिस्सा। ४. बीँड़।

वण्टक–ना० [सं०] १. भाग; हिस्सा; अंश। २. भाग लाउने व्यक्ति।

वण्टन–ना० [सं०] बाँड्ने काम; भाग लाउने काम।

वण्टनीय–वि० [सं०] बाँड्न योग्य; भाग लाउन योग्य।

वण्टाल–ना० [सं०] १. वीरहरूको युद्ध। २. खन्ने साधन; खन्ती।

वण्टित–वि० [सं०] बाँड़िएको; भाग लगाइएको।

वण्ठ–वि० [सं०] १. विवाह नभएको; अविवाहित। २. बाउन्ने; बाम-पुड्के। ३. लँगडो; पङ्गु। ४. भाला।

वत्–प्रत्य० [सं०] अरू नाम शब्दका पछिल्तिर लागेर 'समान', 'सदृश', 'युक्त' आदि अर्थ बुझाउने शब्द। (उदा०—रामवत्, हिमवत् आदि।)

वत–वि० बो० [सं०] खेद, हर्ष, आश्‍चर्य, सन्तोष आदि बुझाउने शब्द।

वतन–ना० [अ०] १. आफू जन्मेको ठाउँ वा देश; जन्म-स्थल। २. आफ्नो देश; स्वदेश। ३. बसोबास गरिरहेको ठाउँ; ठेगान।

वत्स–ना० [सं०] १. गाईको बच्चो; बाछो। २. छोरो; पुत्र। ३. सन्तान। ४. वर्ष; साल। ५. छोरो वा त्यस-समानकालाई प्रेमपूर्वक सम्बोधन गर्ने शब्द।

वत्सक–ना० [सं०] १. बाछो; वत्स। २. बच्चो; शिशु। ३. छोरो।

वत्स-काम–वि० [सं०] केटा-केटी वा सन्तानको इच्छा गर्ने।

वत्सतर–ना० [सं०] नदाइएको जवान बहर; बोछो।

वत्सनाभ–ना० [सं०] सिमालीका जस्ता पात, बाछाको नाभिजस्तो जरो हुने एक जातको विष-बूटी।

वत्सर–ना० [सं०] वर्ष; साल।

वत्सरादि–ना० [सं०] वर्षको पहिलो महीना, दिन आदि।

वत्सरान्तक–ना० [सं०] वर्षको अन्तिम महीना, दिन आदि।

वत्सल–वि० [सं०] १. छोरा-छोरीमाथि प्रेम भएको; पुत्र-स्नेही। २. सबै केटा-केटीहरूलाई आफ्नै छोरा-छोरीजस्तै प्रेम गर्ने। (ना०) ३. छोरा-छोरीप्रति हुने स्नेह-भाव। ४. प्रेम; स्नेह। ५. साहित्यमा छोरा-छोरीप्रति आमा-बाबुको प्रेम वर्णन गर्दा उत्पन्न हुने एक रस।

वत्सादनी–ना० [सं०] १. गुर्जो। २. सर्पिणी।

वत्सिका–ना० [सं०] बाछी।

वत्सिमा–ना० [सं०] बालकपन; बाल्यावस्था।

वत्सीय–वि० [सं०] वत्स-सम्बन्धी।

वद–वि० [सं०] अरू शब्दका पछाड़ि लागेर 'बोल्ने' अर्थ बुझाउने शब्द। (उदा०—प्रियंवद; सत्यंवद।)

वदक–ना० [सं०] बोलने व्यक्ति; वक्ता।

वदतोव्याघात–ना० [सं०] आफूले पहिले भनेको कुरोलाई पछिबाट आफैले काट्ने काम।

वदन–ना० [सं०] १. मुख; चेहरा; अनुहार। २. अगिल्लो हिस्सा; मोहड़ा। ३. बोल्ने काम; कथन।

वदन्ति–ना० [सं०] वदन्ती।

वदन्ती–ना० [सं०] १. कुरो; उक्ति; कथन। २. कथा; कहानी।

वदर–ना० [सं०] १. रूख-बयर। २. कपासको बीउ; ज्यापु।

वदान्य–वि० [सं०] १. उदार; फुक्का दिलको। २. दानी; दान-शील। ३. अरूलाई कुराले चित्त बुझाउने।

वदाम–ना० [सं०] कागजी-बदाम।

वदि–क्रि० यो० [सं०] १. कृष्ण-पक्षमा। (ना०) २. कृष्ण-पक्ष।

वदितव्य–वि० [सं०] बोल्न लायक; कथनीय।

वदी–ना० [सं० वदि] वदि।

वद्य–वि० [सं०] १. भन्न योग्य। २. निन्दनीय। (ना०) ३. कुरो; कथन। ४. कृष्ण-पक्षको दिन।

वध–ना० [सं०] १. मार्ने काम; हिंसा। २. आघात; प्रहार।

वधक–वि० [सं०] १. वध गर्ने; हत्यारो। (ना०) २. मृत्यु। ३. व्याधा।

वध-काम–वि० [सं०] अरूलाई मार्ने इच्छा गर्ने।

वध-दण्ड–ना० [सं०] ज्यान-सजाय।

वध-भूमि–ना० [सं०] प्राण-दण्ड दिइने स्थान; वध्य-भूमि।

वधार्ह–वि० [सं०] वध गर्न योग्य; मार्न योग्य।

वधिक–वि० [सं०] १. मार्ने; वध गर्ने; हत्यारो। (ना०) २. कस्तूरी।

वधु–ना० [सं०] १. बुहारी। २. दुलही। ३. युवती।

वधुका–ना० [सं०] वधु।

वधू–ना० [सं०] १. नव-विवाहिता स्त्री; दुलही। २. स्वास्नी; पत्नी। ३. बुहारी।

वधू-गृह-प्रवेश–ना० [सं०] वधू-प्रवेश।

वधूटी–ना० [सं०] वधू।

वधू-प्रवेश–ना० [सं०] नव-विवाहिता स्त्रीलाई घरमा प्रथम प्रवेश गराउने मुहूर्त वा विधि।

वध्य–वि० [सं०] १. मार्न योग्य; हन्तव्य। २. प्राण-दण्ड दिन योग्य।

वध्य-चिह्न–ना० [सं०] प्राण-दण्ड पाउने अपराधीलाई लगाइने चिह्न।

वध्य-भूमि–ना० [सं०] प्राण-दण्ड दिने ठाउँ; वध्य-स्थल।

वध्य-स्थल–ना० [सं०] वध्य-भूमि।

वध्य-स्थान–ना० [सं०] वध्य-भूमि।

वन–ना० [सं०] १. धेरै रूखहरू उम्रेको भूमि; बन; जङ्गल; झाड़ी। २. बगैँचा; बाग। ३. पानी; जल। ४. घर। ५. दश-नामी संन्यासीहरूको एक उपाधि।

CC-0. In Public Domain. Digitization by eGangotri

वन-उपोदकी—ना० [सं०] जङ्गलमा हुने एक जातको पवै; बन-पवै ।
वन-कदली—ना० [सं०] जङ्गली केरा ।
वन-कपास—ना० [वन+कपास] १. पाँच-पाँच कुना परेका पात हुने, पहेँला फूल फुल्ने, सेता भूवादार फल फल्ने एक जातको रूख । २. त्यसैका फलको कपास ।
वन-कपोतक—ना० [सं०] १. बजेवा । २. मलेवा ।
वनकर—ना० [सं० वन+चर] १. बाँदर । (वि०) २. जङ्गली; बनुवा ।
वन-करी—ना० [सं०] जङ्गली हात्ती ।
वन-करेलो—ना० [वन+करेलो] बन-करेलो ।
वन-कर्कलो—ना० [वन+कर्कलो] बन-कर्कलो ।
वनकस—ना० [सं० वन+कर] बनकस ।
वन-कुक्कुट—ना० [सं०] लुइँचे ।
वन-कुञ्जर—ना० [सं०] जङ्गली हात्ती ।
वन-कुसुम—ना० [सं०] एक जातको जङ्गली कुसुम फूल; अरण्य-कुसुम्भ ।
वन-केरा—ना० [वन+केरा] बन-केरा ।
वन-कोद्रव—ना० [सं०] बन-कोदो ।
वन-खण्ड—ना० [सं०] जङ्गल ।
वन-गर्दभ—ना० [सं०] बन-गधा ।
वन-गहन—ना० [सं०] बाक्लो वन; घोर जङ्गल ।
वन-गुइँठा—ना० [वन+गुइँठा] बन-गुइँठा ।
वन-चम्पक—ना० [सं०] वन-चाँप; काठे-चाँप ।
वन-चर—ना० [सं०] १. वनमा घुम्ने वा रहने प्राणी; जङ्गली प्राणी । २. जन्तु; पशु ।
वन-चाँप—ना० [वन+चाँप] काठे-चाँप ।
वन-चारी—ना० [सं०] १. वन-चर । (वि०) २. वनमा घुम्ने वा रहने ।
वनज—वि० [सं०] वनमा उत्पन्न हुने; जङ्गली ।
वन-जन्तु—ना० [सं०] वनमा हुने जन्तु; जङ्गली जनावर ।
वन-जाँच—ना० [वन+जाँच] बन-जाँच ।
वन-झाँक्री—ना० [वन+झाँक्री] बन-झाँक्री ।
वन-तरुल—ना० [वन+तरुल] बन-तरुल ।
वन-तुलसी—ना० [सं०] बाबरी ।
वन-तोरियाँ—ना० [वन+तोरियाँ] बन-तोरियाँ ।
वनद—ना० [सं०] बादल ।
वन-दमना—ना० [वन+दमना] हिमालयमा हुने एक जातको दमना ।
वन-देवता—ना० [सं०] वनका अधिष्ठाता देवता ।
वन-देवी—ना० [सं०] वनकी अधिष्ठात्री देवी ।
वन-धान्य—ना० [सं०] जङ्गली अन्न ।
वन-पिप्पलिका—ना० [सं०] सानो बन-पिप्ला ।
वन-प्रिय—ना० [सं०] १. कोइली । २. दालचीनीको वृक्ष ।
वन-बिमिरो—ना० [वन+बिमिरो] जङ्गली बिमिरो; देव-दूती ।
वन-बिरालो—ना० [वन+बिरालो] बन-बिरालो ।
वन-भतेर—ना० [वन+भतेर] बन-भतेर ।
वन-भात—ना० [वन+भात] बन-भात ।
वन-भूमि—ना० [सं०] १. वन । २. वनस्थली ।
वन-मक्षिका—ना० [सं०] डाँस ।
वन-मल्लिका—ना० [सं०] सेवन्तीको लहरो वा फूल ।
वन-महोत्सव—ना० [सं०] १. वनको सुरक्षा गर्ने र वन बढ़ाउने उद्देश्यले अनेक थरीका बिरुवाहरू लगाएर मनाइने उत्सव । २. वनमा मनाइने ठूलो उत्सव ।
वन-मानुष—ना० [सं०] वन-मान्छे ।
वन-मान्छे—ना० [वन+मान्छे] बन-मान्छे ।
वन-माला—ना० [सं०] १. मौसमी फूल र पात उनेर बनाइएको माला । २. तुलसी, कुन्द, मन्दार, पारिजात र सरोरुह—यी पाँच प्रकारका फूलहरू उनेर बनाइएको माला । ३. घुँडासम्म लत्रने, फूलको माला । ४. जङ्गली फूलहरू उनेर बनाइएको माला ।
वन-माली—वि० [सं०] १. वन-माला लाउने । (ना०) २. कृष्ण ।
वनमूत—ना० [सं०] मेघ ।
वन-मेथी—ना० [वन+मेथी] पहेँलो फूल फुल्ने जङ्गली मेथी ।
वन-यवानी—ना० [सं०] अजमोदा ।
वन-राज—ना० [सं०] सिंह ।
वन-राजि—ना० [सं०] वन-राजी ।
वन-राजी—ना० [सं०] १. वन; जङ्गल । २. वनको शृङ्खला ।
वनरुह—ना० [सं०] कमलको फूल ।
वन-लक्ष्मी—ना० [सं०] १. वनको शोभा । २. केरा ।
वन-वास—ना० [सं०] १. वनमा रहने काम । २. धार्मिक उद्देश्यले वा सजाय भोग्न वनमा गई बस्ने काम ।
वन-वासी—वि० [सं०] १. वनमा रहने । २. वानप्रस्थी ।
वन-शोभत—ना० [सं०] कमल ।
वन-सठी—ना० [सं०] कालो-हलेदो ।
वन-सरोजिनी—ना० [सं०] कपासको बोट ।
वन-सहचर—ना० [सं०] रातो फूल फुल्ने एक जातको सहचर बूटी ।
वन-सूँप—ना० [वन+सूँप] सेतो फूल फुल्ने जङ्गली सूँप ।
वन-सूरण—ना० [सं०] गुर्बो ।
वनस्थ—ना० [सं०] १. वनमा बस्ने व्यक्ति । २. वानप्रस्थी । ३. हरिण ।
वनस्थली—ना० [सं०] जङ्गलभित्रको जमीन; वन-भूमि ।
वनस्था—ना० [सं०] १. पीपलको वृक्ष । २. बरको वृक्ष ।
वनस्पति—ना० [सं०] १. फूल नफुली फल लाग्ने वृक्ष । २. बोट, बिरुवा, लता आदि ।

CC-0. In Public Domain. Digitization by eGangotri

वनस्पति-घिउ–ना० [वनस्पति+घिउ] ज्यापु, बदाम, नरिवल आदिको तेल संशोधन गरी घिउजस्तो बनाएको पदार्थ ।
वनस्पति-विज्ञान–ना० [सं०] वनस्पति-शास्त्र ।
वनस्पति-शास्त्र–ना० [सं०] बोट-बिरुवाहरूको जाति, अङ्ग आदिको विवेचना गरिएको शास्त्र; वनस्पति-विज्ञान ।
वन-हरिद्रा–ना० [सं०] बन-हलेदो ।
वन-हास–ना०[सं०] १. काँस (झार) । २. कुन्दको फूल ।
वनाग्नि–ना० [सं०] वनमा लाग्ने आगो; डढेलो; दावानल ।
वनाटु–ना० [सं०] हरियो र ठूलो एक जातको झीँगो ।
वनान्त–ना० [सं०] १. वनको भूमि । २. वनको सीमान्त भाग ।
वनान्तर–ना० [सं०] १. अन्य वन । २. वनको भित्री भाग ।
वनि–ना० [सं०] १. अग्नि । २. थुप्रो; राशि । ३. याचना । ४. कामना; अभिलाषा ।
वनिका–ना० [सं०] १. स्त्री । २. पत्नी । ३. प्रेमिका ।
वनिता–ना० [सं०] आइमाई; स्त्री ।
वनी–ना० [सं०] सानो वन ।
वनेचर–ना० [सं०]१. वन-चर । २. ऋषि; मुनि । ३. वन-मानुष । ४. राक्षस ।
वनैया–वि० [सं० वन+ऐया] बनैया ।
वनोपल–ना० [सं०] जङ्गली गुइँठो; पकला ।
वनौका–ना० [सं०] १. तपस्वी । २. जङ्गलमा बस्ने जीव-जन्तु । ३. वन-वासी व्यक्ति ।
वनौषधि–ना० [सं०] जङ्गली जड़ी-बूटी ।
वन्दक–ना० [सं०] १. वन्दना वा स्तुति गर्ने व्यक्ति । २. प्रशंसक ।
वन्दन–ना० [सं०] १. स्तुति; वन्दना । २. प्रणाम; नमस्कार । ३. पूजा; अर्चना ।
वन्दना–ना० [सं०] १. स्तुति; प्रार्थना; गुण-गान । २. पूजा; अर्चना ।
वन्दनीय–वि० [सं०] १. वन्दना गर्न योग्य; स्तुति गर्न योग्य । २. प्रणाम गर्न योग्य ।
वन्दनीया–ना० [सं०] १. हरताल । २. गोरोचन ।
वन्दा–ना० [सं०] १. अर्को रूखमा उम्रने बिरुवा; ऐजेरु । २. कमारो । ३. भिक्षा माग्ने स्त्री ।
वन्दाक–ना० [सं०] कमारो; सेवक ।
वन्दारु–वि० [सं०] १. वन्दना गर्न योग्य; स्तुत्य । (ना०) २. गुण-गान; प्रशंसा । ३. सेवक; कमारो ।
वन्दि–ना० [सं०] वन्दी ।
वन्दित–वि० [सं०] १. नमस्कार गरिएको; वन्दना गरिएको । २. थुनिएको; कैद गरिएको ।
वन्दितव्य–वि० [सं०] वन्दना गर्न योग्य; वन्दनीय ।
वन्दिता–ना० [सं०] १. वन्दना गर्ने व्यक्ति । २. प्रशंसक ।
वन्दी–ना० [सं०] १. थुन्ने काम; कैद । २. कैदमा परेको व्यक्ति; थुनुवा । ३. वन्दना; स्तुति । ४. भन्याङ; सोपान । ५. वन्दना गर्ने व्यक्ति; चारण ।
वन्दीखान–ना० [बन्दीखाना] बन्दीखान ।
वन्दीखाना–ना० [बन्दीखाना] बन्दीखाना ।
वन्दी-गृह–ना० [सं०] झ्यालखाना; कारा-गृह ।
वन्दी-जन–ना० [सं०] राजाको स्तुति-गान गर्ने एक जाति ।
वन्दी-पाल–ना० [सं०] कैदीहरूको रेख-देख गर्ने अधिकारी ।
वन्द्य–वि० [सं०] वन्दना गर्न योग्य; वन्दनीय ।
वन्ध्य–वि० [सं०] फल-फूल नलाग्ने; निष्फल ।
वन्ध्या–ना० [सं०] १. छोरा-छोरी नपाउने स्त्री; बाँझी । २. थारो पशु ।
वन्ध्या-कर्कटिका–ना० [सं०] ऐरेलु फल ।
वन्ध्या-कर्कोटकी–ना० [सं०] चठेल लता वा फल ।
वन्ध्या-पुत्र–ना० [सं०] कल्पित वस्तु ।
वन्य–वि० [सं०] १. बनैया; जङ्गली । २. वनमा पैदा हुने; जङ्गलमा पाइने । (ना०) ३. जङ्गली जनावर । ४. जङ्गली बोट-बिरुवा ।
वन्य-रसोन–ना० [सं०] हिङ्गुपत्री; जिम्बु ।
वन्य-वृत्ति–ना० [सं०] १. जङ्गलमा उत्पन्न हुने वस्तु । २. त्यस्ता वस्तुको बिक्रीबाट जीविका गर्ने व्यक्ति ।
वपन–ना० [सं०] १. बीउ छर्नु; रोप्नु । २. कपाल खौरनु; मुण्डन । ३. शुक्र; वीर्य । ४. कपड़ा आदि बुन्ने काम ।
वपनी–ना० [सं०] १. नाऊको पसल । २. लुगा बुन्ने ज्यावल । ३. कपड़ा आदि बुन्ने कारखाना वा ठाउँ ।
वपनीय–वि० [सं०] १. रोप्न लायक; छर्न योग्य (बीउ, बोट आदि) । २. मुण्डन गर्न योग्य । ३. बुन्न लायक वा सकिने ।
वपी–ना० [सं०] सानो जलाशय; पनेरो; कूवा ।
वपु–ना० [सं०] शरीर; देह ।
वपुष्मान्–वि० [सं०] शरीर-धारी; देही ।
वप्र–ना० [सं०] १. माटाको थुप्रो; ढिस्कुरो; थुम्को । २. पर्खाल । ३. शिखर; चुचुरो ।
वप्र-क्रीडा–ना० [सं०] साँढे, हात्ती आदिले सिँगौरी खेल्ने काम ।
वफा–ना० [अ० वफ़ा] १. आफ्नो बोली पूरा गर्ने काम । २. कर्तव्य-पालन ।
वफादार–वि० [अ० वफ़ा+दार (फा०)] १. आफ्नो कर्तव्य पूरा गर्ने । २. स्वामी-भक्त ।
वफादारी–ना० [अ० वफ़ा+दारी (फा०)] १. वफादार हुने भाव । २. स्वामी-भक्ति ।
वबाल–ना० [अ०] १. भार । २. आपत्ति; टन्टा ।
वम–ना० [सं०] छाद; बान्ता ।
वमन–ना० [सं०] छाद्ने काम; बान्ता ।

CC-0. In Public Domain. Digitization by eGangotri

वमि–ना० [सं०] १. वमन हुने रोग । २. वमन गराउने एक औषध । ३. अग्नि । ४. धूर्त ।
वमित–वि० [सं०] छादिएको; वमन गरिएको ।
वम्भ–ना० [सं०] बाँस ।
वम्री–ना० [सं०] १. धमिलो । २. धमिरो ।
वय–ना० [सं०] १. उमेर; अवस्था । २. जवानी; तारुण्य । ३. पक्षी ।
वयःसन्धि–ना० [सं०] बाल्यावस्था र तरुणावस्थाका बीचको अवस्था ।
वयःस्थ–वि० [सं०] १. जवान; तरुनो । २. बलियो; बलिष्ठ । ३. प्रौढ । (ना०) ४. उमेर मिल्दो साथी; दौंतरी ।
वयस्क–वि० [सं०] १. समान उमेर वा अवस्थाको । २. उमेर पुगेको; बालिग; उमेददार ।
वयस्क-मताधिकार–ना० [सं०] लिङ्ग, वर्ग, धर्म आदिको भेद नभई निश्चित उमेर पुगेका सबै नागरिकले निर्वाचनमा प्रतिनिधि छान्न मत दिन पाउने अधिकार ।
वयस्थ–वि० [सं०] वयःस्थ ।
वयस्य–वि० [सं०] १. एकै उमेरको; सम-वयस्क । २. एउटै समयको; सम-सामयिक । (ना०) ३. साथी; मित्र ।
वयस्या–ना० [सं०] सखी; सहेली ।
वयोवृद्ध–वि० [सं०] उमेर ढल्केको; बूढो; वृद्ध ।
वर–ना० [सं०] १. कन्याका साथ विवाह गर्न निश्चय भएको केटो । २. दुलहो; पति । ३. जुवाइँ । ४. देवतासँग मागिने मनोरथ । ५. देवता वा ठूला मानिससँग मागेर प्राप्त भएको फल वा सिद्धि । ६. अरू नाम शब्दका पछिल्तिर लागी श्रेष्ठताको भाव बुझाउने शब्द । (उदा०—गुरुवर, कविवर इत्यादि ।) (वि०) ७. उत्तम; श्रेष्ठ ।
वर–ना० यो० [सं० अवार] आफूतिर; नजीक; समीप ।
वर–अव्य० [ने०] कुनै काम सुविधासाथ गरी अर्को काम पनि गर्न आदेश दिंदा क्रिया-पदका पछि फाँकीझैँ जोरिने शब्द । (उदा०-खाऊ-वर र चाँडै आऊ ।)
वरक–ना० [सं०] ठूलो-कागुनु ।
वरञ्च–संयो० [सं०] १. तैपनि; अपितु । २. तर; किन्तु ।
वरट–ना० [सं०] १. हाँस; हंस । २. बाक्लो ।
वरटा–ना० [सं०] १. बारुलो कीरो । २. पोथी हाँस ।
वरटी–ना० [सं०] वरटा ।
वरण–ना० [सं०] १. कुनै मङ्गल कार्य गर्नुभन्दा पहिले यजमानले ब्राह्मणहरूलाई वस्त्र, आसन, दक्षिणा आदि दिएर गर्ने पूजा । २. विवाहमा कन्याले दुलहालाई रोज्ने काम । ३. रोज्ने काम ।
वरणी–ना० [सं० वरण] विवाहमा जन्ती आइपुग्नासाथ दुलहीका बाबुले दुलहालाई षोडशोपचारले गर्ने पूजा ।
वरणीय–वि० [सं०] १. वरण गर्न योग्य; रोज्न लायक । २. ग्रहण गर्न योग्य; ग्राह्य ।
वरत्र–क्रि० यो० [वर+अत्र(सं०)] यस लोकमा; यसै जगत्मा ।
वर-दान–ना० [सं०] देवताले प्रसन्न भएर भक्तलाई दिएको अभीष्ट वस्तु वा सिद्धि ।
वर-दायक–वि० [सं०] वर दिने; वर-दाता ।
वरदी–ना० [अ० वर्दी] कुनै विशेष विभागका कर्मचारीहरूले लाउन नियत गरिएको एकै किसिमको विशिष्ट पोशाक; उर्दी-पोशाक ।
वरना–क्रि० यो० [फा० वर्नः] यस्तो नभए; नत्र ।
वरन्–अव्य [सं० वरम्] तर; बरु; प्रत्युत ।
वर-पक्ष–ना० [सं०] जन्ती; बरियाँत; दुलहापट्टिका मानिस ।
वर-पर–ना० यो० [वर+पर] १. नजीकमा; यता-उति । (ना०) २. छर-छिमेक ।
वर-माला–ना० [सं०] १. स्वयंवरका समयमा दुलहीले दुलहालाई लगाइदिने माला । २. दूबो र महुवाका फूलको माला ।
वर-यात्रा–ना० [सं०] विवाहमा उत्सवपूर्वक दुलहाले आफ्ना इष्ट-मित्रहरूसहित कन्या लिन जाने काम; बरियाँत; जन्त ।
वर-यात्री–ना० [सं०] जन्तीमा जाने व्यक्तिहरू; बरियाँत ।
वर-वर्णिनी–ना० [सं०] स्वयंवर गर्न तयार भएकी कन्या ।
वराक–ना० [सं०] १. शिव । (वि०) २. दीन; दुःखी । ३. दयनीय । ४. अभागी ।
वराङ्ग–ना० [सं०] १. शिर; माथ । २. भग; योनि । ३. सुन्दर शरीर । ४. हात्ती । ५. विष्णु ।
वराङ्गना–ना० [सं०] सुन्दरी स्त्री ।
वराङ्गी–ना० [सं०] राम्रो शरीर भएकी स्त्री; सुन्दरी स्त्री ।
वराट–ना० [सं०] १. कौड़ी । २. डोरी ।
वराटक–ना० [सं०] १. कौड़ी । २. कमल-गट्टा । ३. डोरी ।
वराटिका–ना० [सं०] १. कौड़ी । २. नागकेशर । ३. तुच्छ वस्तु ।
वरारोहा–वि० [सं०] १. नितम्ब ठूलो भएकी; नितम्बिनी । (ना०) २. सुन्दरी स्त्री ।
वराह–ना० [सं०] १. सुँगुर । २. विष्णुका दशावतारमध्ये एक । ३. वराह-अवतारको माहात्म्य वर्णन भएको एक महापुराण ।
वराह-अवतार–ना० [सं०] विष्णुका दश अवतारमध्ये तेस्रो अवतार ।
वराह-कन्द–ना० [सं०] वाराही-कन्द ।
वराह-कल्प–ना० [सं०] विष्णुले वराहको अवतार लिएको समय; वाराह-कल्प ।

CC-0. In Public Domain. Digitization by eGangotri

वराह-क्षेत्र–ना० [सं०] नेपालको मोरङ जिल्लामा पर्ने, सप्त-कोसी र कोकाहा नदीका सङ्गममा रहेको एक तीर्थ ।(यहाँ वराह भगवान्‌को मन्दिर छ ।)

वराह-मिहिर–ना० [सं०] ज्योतिषका एक प्रसिद्ध आचार्य (विक्रमादित्यका नव-रत्नमध्ये एक) ।

वरि–ना० यो० [वर] १. वरतिर; वर । २. हलीले जोत्न लागेका गोरुलाई फर्काउँदा वा 'वरतिर आ' भन्दा प्रयोग गर्ने शब्द ।

वरि-परि–ना० यो० [वर+पर] १. चारैतिर; चौतर्फ । २. नजीकमा; यता-उति; वर-पर ।

वरिवस्या–ना० [सं०] १. पूजा । २. सेवा; सुश्रूषा ।

वरिष्ठ–वि० [सं०] १. सबभन्दा असल; श्रेष्ठतम । २. उच्च कोटिको । ३. अति ठूलो । (ना०) ४. तित्रो पक्षी । ५. सुन्तलाको वृक्ष । ६. ताँबो (धातु) । ७ मरीच ।

वरी–अव्य० [ने०] भूत-कालिक क्रियाका पछि फाँकी शब्द-झैँ लागेर त्यो काम सुविधासाथ समाप्त गरी पछि अर्को काम हुने भाव बुझाउने शब्द । (उदा०–त्यो त खाई-वरी आइसकेछ ।)

वरीयान्–वि० [सं०] १. श्रेष्ठ; प्रधान । २. जवान; नवयुवक ।(ना०) ३. ज्योतिषका सत्ताईस योगमध्ये एक ।

वरीवर्द–ना० [सं०] वलीवर्द ।

वरुण–ना० [सं०] १. जलका अधिपति र पश्चिमका दिक्पाल मानिएका एक वैदिक देवता । २. जल; पानी । ३. सूर्य । ४. नेपच्यून । ५. आकाश ।

वरुणालय–ना० [सं०] समुद्र ।

वरूथ–ना० [सं०] १. शत्रुका प्रहारबाट रथलाई बचाउनाका निमित्त लगाइने आवरण । २. कवच । ३. ढाल । ४, समूह । ५. सेना । ६. घर ।

वरूथिनी–ना० [सं०] सेना; फौज ।

वरूथी–ना० [सं०] सेना; फौज ।

वरेण्य–वि० [सं०] १. मुख्य; प्रधान । २. पूज्य; आदर-णीय । ३. इच्छा गर्न योग्य; रोज्न लायक ।

वर्कनु–अ० क्रि० [वर+नु] १. वरतिर आउनु; नजीकमा आउनु । २. वरतिर फर्कनु; फिर्ता आउनु ।

वर्कर–ना० [सं०] १. जवान; तरुनो । २. वाखो, भेड़ो, च्याङ्ग्रो आदि पशु ।

वर्काइ–ना० [वर्काउ+आइ] वर्काउने किसिम, क्रिया वा भाव ।

वर्काइ–ना० [वर्क+आइ] वर्कने किसिम, क्रिया वा भाव ।

वर्काइनु–स० क्रि० [वर्काउ+इ+नु] पल्टाइनु; ('वर्कनु'-को प्रे० क्रि०) ।

वर्काउनु–स० क्रि० [वर्क+आउ+नु] १. पल्टाउनु; तल-माथि पार्नु । २. फर्काउनु; फर्कन लाउनु; ('वर्कनु'-कोप्रे० क्रि०) ।

वर्किङ्ग-कमिटी–ना० [अं०] कार्य-कारिणी समिति ।

वर्किनु–अ० क्रि० [वर्क+इ+नु] १. वर्कनु । २. वरतिर आइनु; ('वर्कनु'-को भा० क्रि०) ।

वर्क्याइ–ना० [वर्कि+याइ] वर्किने किसिम, क्रिया वा भाव ।

वर्ग–ना० [सं०] १. जाति, धर्म, पेशा, वर्ण, स्तर, आकार आदिका दृष्टिले समान अनेक वस्तुहरूको समूह । २. दल; जमात । ३. श्रेणी; कक्षा । ४. एकै स्थानबाट उच्चा-रण हुने अक्षरहरूको समुदाय । ५. ग्रन्थको विभाग; परिच्छेद । ६. दुइ समान अङ्क वा सङ्ख्याको गुणन-फल । ७. लम्बाइ र चौड़ाइ बराबर भएको चतुष्कोण क्षेत्र ।

वर्ग-फल–ना० [सं०] १. दुइ समान राशिहरूको गुणन-फल ।

वर्ग-मूल–ना० [सं०] गुणन गर्दा वर्गाङ्क निस्कने कुनै वर्गको अङ्क ।(उदा०—९-को वर्ग-मूल ३ हो ।)

वर्गाङ्क–ना० [सं०] दुइ समान अङ्कको गुणन गर्दा निस्कने फल ।

वर्गान्त्य–ना० [सं०] अक्षरका वर्गहरूमध्येका अन्तिम वर्ण; ङ, ञ, ण, न एवम् म–यी अनुनासिक वर्ण ।

वर्गी–वि० [सं०] कुनै वर्गको; वर्गीय ।

वर्गीकरण–ना० [सं०] धेरै थरी वस्तु वा व्यक्तिहरूको तिनी-हरूका वर्गअनुसार भाग छुट्ट्याउने काम; वर्गको विभाजन ।

वर्गीकृत–वि० [सं०] वर्ग छुट्ट्याइएको; वर्गको विभाजन गरिएको ।

वर्गीण–वि० [सं०] कुनै वर्गसित सम्बद्ध भएको; वर्गीय ।

वर्गीय–वि० [सं०] १. कुनै वर्गसित सम्बन्ध भएको; वर्गको । (ना०) २. एउटै वर्गको सदस्य ।

वर्ग्य–वि० [सं०] १. वर्गको; वर्गीय । (ना०) २. सह-योगी व्यक्ति । ३. सहपाठी व्यक्ति ।

वर्च–ना० [सं०] १. कान्ति; तेज । २. रूप । ३. शक्ति । ४. विष्ठा ।

वर्चस्क–ना० [सं०] १. तेज; कान्ति । २. श्रेष्ठता; उत्तमता । ३. विष्ठा ।

वर्चस्वान्–वि० [सं०] १. तेजस्वी । २. शक्ति-शाली ।

वर्चस्वी–वि० [सं०] १. तेजस्वी । २. पराक्रमी; शक्ति-शाली । (ना०) ३. चन्द्रमा । ४. तेजस्वी व्यक्ति ।

वर्ज–ना० [सं०] १. त्याग्ने काम; परित्याग । (वि०) २. छोड़िएको; परित्यक्त ।

वर्जक–वि० [सं०] १. छोड्ने; त्याग्ने । २. निषेध गर्ने ।

वर्जन–ना० [सं०] १. निषेध; मनाही । २. छोड्ने काम; त्याग । ३. हिंसा; वध ।

वर्जनीय–वि० [सं०] १. मनाही गर्न योग्य; निषेध गर्नु-पर्ने । २. छोड्न योग्य; त्याज्य । ३. अनुचित ।

वर्जयिता–वि० [सं०] १. छोड्ने; त्याग्ने । २. निषेध गर्ने ।

वर्जित–वि० [सं०] १. छोड़िएको; त्यक्त । २. निषेध गरिएको; मनाही गरिएको । ३. रहित ।

वर्ज्य–वि० [सं०] वर्जनीय ।

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ण–ना० [सं०] १. पदार्थमा हुने रातो, कालो, पहेँलो आदि भेद; रङ्ग। २. रँगाउने पदार्थ; रोगन। ३. हिन्दू धर्मअनुसार ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र–यी चार भेद। ४. अकारादि अक्षरको चिह्न; अक्षर। ५. गोरो, कालो, फुस्रो, पहेँलो र रातो—यी पाँच थरी मनुष्य जातिका भेद। ६. बाह्य रूप; आकृति। ७. भेद; प्रकार। ८. गायनको प्रत्यक्ष क्रिया वा तरीका। (यसका स्थायी, आरोही, अवरोही र सञ्चारी—यी चार भेद छन्।)

वर्णक–ना० [सं०] १. नकाब; बुर्का। २. अभिनेताको पोशाक।

वर्ण-तूलिका–ना० [सं०] चित्र लेख्ने बुरुश; कूची।

वर्ण-धर्म–ना० [सं०] वर्णअनुसारको पेशा, कर्तव्य वा स्वभाव।

वर्णन–ना० [सं०] १. विस्तारपूर्वक भनिने कथन; बखान; बयान। २. कुनै वस्तु, घटना, कुराकानी आदि राम्ररी जानिने लक्षण आदिले युक्त कथन; विवरण। ३. प्रशंसा; तारीफ।

वर्णना–ना० [सं०] वर्णन।

वर्णनातीत–वि० [सं०] वर्णन वा वखान गर्न नसकिने; अवर्णनीय।

वर्णनात्मक–वि० [सं०] वर्णन-युक्त; वर्णनसहितको; वर्णनले परिपूर्ण।

वर्णनीय–वि० [सं०] वर्णन गर्न योग्य; वर्णन गर्न सकिने।

वर्ण-पट–ना० [सं०] केटा-केटीलाई अक्षरको परिचय गराउनाका निम्ति अकारादिका क्रमले अक्षरहरू छापिएको ठूलो पत्र; एक किसिमको वर्ण-माला।

वर्ण-परिचय–ना० [सं०] १. अक्षरको ज्ञान। २. अक्षरको ज्ञान गराउने पुस्तिका; वर्ण-माला।

वर्ण-भेद–ना० [सं०] १. हिन्दूहरूमा गरिएको ब्राह्मण, क्षत्रिय आदि चार वर्णको विभाग; जातीय उच्चता वा नीचताको भिन्नता वा भेद-भाव। २. रङ्गका दृष्टिले मनुष्य-जातिमा गरिने भेद-भाव।

वर्ण-माला–ना० [सं०] १. कुनै लिपिका अक्षरहरू क्रमैसँग लेखिएको सूची। २. कखहरा पढ़ाउने पुस्तक; वर्ण-परिचय।

वर्ण-विचार–ना० [सं०] वर्ण वा अक्षरहरूको स्वरूप, भेद, उच्चारण, प्रयोग आदिको विवेचना गर्ने व्याकरणको नियम वा अङ्ग।

वर्ण-विन्यास–ना० [सं०] वर्ण-विवृति।

वर्ण-विपर्यय–ना० [सं०] निरुक्त-शास्त्रअनुसार शब्दका वर्णहरू अगि-पछि पर्ने काम; शब्दका अक्षरहरू अगाड़िको पछाड़ि वा पछाड़िको अगाड़ि हुने काम।

वर्ण-विभाग–ना० [सं०] १. सनातन-धर्मअनुसार ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र—यी चार विभाग। २. रङ्गका दृष्टिले मनुष्य-जातिमा छुट्टयाइने वर्ग।

वर्ण-विवृति–ना० [सं०] हिज्जे; अक्षर-विन्यास।

वर्ण-वृत्त–ना० [सं०] वर्णको सङ्ख्या अथवा तिनको लघु-गुरुको क्रमको विचार गरी लेखिएको पद्य।

वर्ण-वैकृत–ना० [सं०] जाति-च्युत हुनु।

वर्ण-व्यत्यय–ना० [सं०] वर्ण-विपर्यय।

वर्ण-व्यवस्था–ना० [सं०] वर्ण-सम्बन्धी व्यवस्था वा विभाजन (हिन्दू धर्मको)।

वर्ण-संसर्ग–ना० [सं०] दुइ भिन्न जातिका स्त्री-पुरुषको विवाहबाट भएको संसर्ग।

वर्ण-सङ्कर–ना० [सं०] दुइ भिन्न जातिका आमा-बाबुबाट उत्पन्न सन्तान; ठिमाहा।

वर्ण-समाम्नाय–ना० [सं०] वर्ण-माला।

वर्णात्मक–वि० [सं०] अक्षरमा लेख्न सकिने वा लेखिएको (शब्द)।

वर्णात्मा–ना० [सं०] शब्द; पद।

वर्णान्तर–ना० [सं०] भिन्न जाति; पृथक् जाति।

वर्णान्ध–वि० [सं०] १. रातो, हरियो, पहेँलो आदि रङ्ग छुट्टयाउन नसक्ने आँखाको रोग लागेको। २. आफ्ना वर्णको घमन्डले मत्त।

वर्णाश्रम–ना० [सं०] सनातन-धर्मअनुसार ब्राह्मण, क्षत्रिय आदि चारै वर्णले पालन गर्नुपर्ने ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास–यी चार आश्रम।

वर्णाश्रम-धर्म–ना० [सं०] सनातन-धर्मअनुसार ब्राह्मण, क्षत्रिय आदि चारै वर्णले ब्रह्मचर्य आदि आश्रममा रहेर यस लोकको र पर-लोकको कल्याण प्राप्त गर्ने धर्म।

वर्णित–वि० [सं०] १. वर्णन गरिएको; बयान गरिएको। २. भनिएको; कथित। ३. तारीफ गरिएको; प्रशंसित।

वर्णी–वि० [सं०] वर्णको; वर्ण-सम्बन्धी।

वर्ण्य–वि० [सं०] १. वर्णन गर्न योग्य; वर्णनीय। (ना०) २. प्रस्तुत विषय। ३. उपमेय।

वर्तक–ना० [सं०] १. बट्टाई। २. बटुवा; यात्री। (वि०) ३. रहने; अस्तित्व भएको।

वर्तन–ना० [सं०] १. रहने काम; बसाइ। २. व्यवहार। ३. घुमाउनु; चक्कर खुवाउनु। ४. भाँड़ो; बर्तन; पात्र। ५. जीविका।

वर्तनी–ना० [सं०] १. बाटो; मार्ग। २. जीवन; जिन्दगी। ३. कुट्ने काम; पिँध्ने काम।

वर्तमान–वि० [सं०] १. यस समय भइरहेको; हाल चलिरहेको। २. उपस्थित; विद्यमान। ३. आज-कालको; आधुनिक। (ना०) ४. व्याकरणमा कुनै काम हाल भइरहेको सूचित गर्ने काल; ५. मौजूद समय। ६. चलिरहेको व्यवहार।

वर्ति–ना० [सं०] १. कपड़ा, रुवो आदि बाटेर बनाएको बत्ती; वर्तिका। २. औषधमा भिजाई घाउमा घुसार्ने टालो; सुत्लो।

वर्तिक–ना० [सं०] बट्टाई चरो।

वर्तिका–ना० [सं०] १. बत्ती; सुत्लो; सलेदो। २. सलाई। ३. पेन्सिलजस्तो लेख्ने साधन। ४. बट्टाई।

CC-0. In Public Domain. Digitization by eGangotri

वर्तित–वि० [सं०] १. घुमाइएको; चक्कर खुवाइएको। २. बिताइएको।

वर्ती–वि० [सं०] अरू शब्दका पछि लागी 'रहेको', 'स्थित' आदि अर्थ बुझाउने शब्द। (उदा०—निकट-वर्ती, दूर-वर्ती, इत्या०।)

वर्ती–ना० [सं०] वर्ति।

वर्तुल–वि० [सं०] १. बाटुलो; वृत्ताकार। (ना०) २. नाङ्ले-माछो। ३. केराउ। ४. भकुन्डो।

वर्तुलाकार–वि० [सं०] बाटुलो; वृत्ताकार।

वर्तुलाकृति–वि० [सं०] वर्तुलाकार।

वर्त्म–ना० [सं०] १. बाटो; मार्ग। २. प्रथा; चलन। ३. आँखाको पलक। ४. स्थान। ५. आश्रय। ६. छेउ।

वर्त्मनि–ना० [सं०] वर्त्मनी।

वर्त्मनी–ना० [सं०] बाटो; मार्ग।

वर्दी–ना० [अ०] वरदी।

वर्द्ध–ना० [सं०] १. बढ्ने काम; वृद्धि। २. सीसा। ३. सिन्दूर। ४. काट्ने काम।

वर्द्धक–वि० [सं०] १. बढ़ाउने; वृद्धि गर्ने। २. काट्ने; ताछ्ने। (ना०) ३. सिकर्मी।

वर्द्धकी–ना० [सं०] सिकर्मी।

वर्द्धन–ना० [सं०] १. बढ्ने काम; वृद्धि। २. काट्नु; ताछ्नु। ३. उन्नति; अभ्युदय।

वर्द्धनी–ना० [सं०] १. कूचो। २. जल-पात्र; कमण्डलु। ३. मुर्दा लाने खट; शव-यान।

वर्द्धमान–वि० [सं०] १. बढ्ने; वृद्धि-शील। २. जैन धर्मका प्रवर्तक तीर्थङ्कर।

वर्द्धमानक–ना० [सं०] १. माटाको दियो; पाला; कपनी। (वि०) २. खूब बढ्ने किसिमको।

वर्द्धयिता–वि० [सं०] बढ़ाउने; वृद्धि गर्ने।

वर्द्धित–वि० [सं०] १. बढ़ेको; वृद्धि भएको। २. काटिएको। ३. भरिएको।

वर्द्धिष्णु–वि० [सं०] बढ्ने किसिमको; वृद्धि-शील।

वर्द्ध्र–ना० [सं०] १. छाला; चर्म। २. सीसा।

वर्ध–ना० [सं०] वर्द्ध।

वर्धक–वि० [सं०] वर्द्धक।

वर्धकी–ना० [सं०] सिकर्मी।

वर्धन–ना० [सं०] वर्द्धन।

वर्धनी–ना० [सं०] वर्द्धनी।

वर्धमान–वि० [सं०] वर्द्धमान।

वर्धमानक–ना० [सं०] वर्द्धमानक।

वर्धयिता–वि० [सं०] वर्द्धयिता।

वर्धित–वि० [सं०] वर्द्धित।

वर्धिष्णु–वि० [सं०] वर्द्धिष्णु।

वर्ध्र–ना० [सं०] वर्द्ध्र।

वर्म–ना० [सं०] १. कवच। २. वास-स्थान।

वर्मा–ना० [सं०] क्षत्रियहरूको एक उपाधि।

वर्मि–ना० [सं०] बाम माछो।

वर्य–वि० [सं०] १. श्रेष्ठ; उत्तम। २. छान्न योग्य; रोज्न लायक।

वर्वणा–ना० [सं०] नीलो रङ्गको एक जातको झीँगो।

वर्वर–ना० [सं०] १. गर्धनदेखि पुच्छरसम्म डँडाल्नुमा र तलतिर करौँतीका दाँतजस्ता पखेटा हुने, दायाँ र बायाँ पेटमा सिक्रीजस्तो बुट्टा हुने, लामो एक जातको माछो। २. बर्बर जाति।

वर्वर-चन्दन–ना० [सं०] काँढ़ा हुने एक जातको चन्दन।

वर्वरी–ना० [सं०] बाबरी; बर्बरी।

वर्वुर–ना० [सं०] बबूरको बोट।

वर्वूर–ना० [सं०] वर्वुर।

वर्ष–ना० [सं०] १. प्रायः तीन सये पैँसट्ठी दिन वा बाह्र महीनाको समय; साल। २. जन्म-कालदेखि वर्तमान कालसम्मको समय; उमेर; आयु। ३. झरी; वृष्टि। ४. वीर्य-पात। ५. पुराणअनुसार पृथ्वीका प्रधान नौ वटा खण्ड (कुरु, हिरण्मय, रम्यक, इलावृत, हरि, केतु-माल, भद्राश्व, किम्पुरुष र भारत)। ६. कुनै ग्रहले सूर्यको एक पटक प्रदक्षिणा पूरा गर्ने अवधि।

वर्षक–वि० [सं०] बर्साउने; वर्षा गर्ने।

वर्ष-कर–ना० [सं०] बादल; मेघ।

वर्षण–ना० [सं०] वर्षा; वृष्टि।

वर्ष-पर्वत–ना० [सं०] वर्ष वा द्वीप छुट्ट्याउने पर्वत (हिमालय, हेम-कूट, निषध, मेरु, चैत्र, कर्णी र शृङ्गी)।

वर्ष-प्रतिबन्ध–ना० [सं०] सुक्खा; अनावृष्टि।

वर्ष-प्रवेश–ना० [सं०] नयाँ वर्षको आरम्भ।

वर्ष-फल–ना० [सं०] फलित-ज्योतिषअनुसार वर्षभरको शुभाशुभ फलको विवरण।

वर्ष-बन्दी–ना० [सं० वर्ष+ बन्धन] बर्सौंदी।

वर्षर्तु–ना० [सं०] वर्षा ऋतु।

वर्ष-वर–ना० [सं०] अन्तःपुरको देख-रेख गर्ने नपुंसक।

वर्ष-वृद्धि–ना० [सं०] जन्म-दिन।

वर्षांश–ना० [सं०] महीना; मास।

वर्षा–ना० [सं०] १. पानी बर्सने काम; झरी; वृष्टि। २. पानी परेजस्तै गरी कुनै वस्तु धेरै परिमाणमा माथिबाट झर्ने वा चारैतिरबाट आइपर्ने काम। ३. श्रावण र भाद्र महीनामा पर्ने ऋतु; बर्साद।

वर्षा-काल–ना० [सं०] पानी पर्ने समय; बर्साद; वर्षा ऋतु।

वर्षाङ्ग–ना० [सं०] महीना; मास।

वर्षानुवर्षी–वि० [सं०] प्रत्येक वर्ष हुने; हरेक साल हुने।

वर्षाम्बु–ना० [सं०] वर्षाको पानी; झरीको पानी।

वर्षाशन–ना० [सं०] वर्षभरि जीवन-निर्वाह गर्नलाई दिइने अन्न, वस्त्र, द्रव्य आदि; वार्षिक वृत्ति।

वर्षिक–वि० [सं०] १. वर्ष-सम्बन्धी; सालको। २.

CC-0. In Public Domain. Digitization by eGangotri

वर्षा-सम्बन्धी; बर्सातको ।
वर्षित–वि० [सं०] १. बर्सेको; वृष्टि भएको । (ना०) २. वर्षा; वृष्टि ।
वर्षिष्ठ–वि० [सं०] अति वृद्ध ।
वर्षी–वि०[सं०] सालको; वर्षीय ।
वर्षीय–वि०[सं०] वर्षको; सालको ।
वर्षुक–वि० [सं०] वर्षा गराउने; बर्साउने ।
वर्षे–वि० [वर्षा+ए] १. वर्षा-सम्बन्धी; वर्षाको । २. वर्ष-सम्बन्धी; वर्षको ।
वर्षेश–ना० [सं०] फलित-ज्योतिषअनुसार कुनै वर्ष वा संवत्सरको स्वामी ।
वर्षैक–वि० [सं०] वार्षिक ।
वर्षोपल–ना० [सं०] असिना; ओला ।
वर्ष्म–ना० [सं०] १. शरीर; देह । २. सुन्दर आकृति ।
वर्ह–ना० [सं०] १. मयूरको प्वाँख । २. पात ।
वर्हि–ना० [सं०] १. अग्नि । २. कुश । ३. पानी; जल ।
वर्हिण–ना० [सं०] १. मयूर । (वि०) २. मयूरका प्वाँखले सजाइएको ।
वर्ही–ना० [सं०] मयूर ।
वलक–ना० [ने०] मोहीले तलसिङलाई नियमअनुसार बुझाउनुपर्ने कोसेली वा दस्तूर; ओलक ।
वलक-पात–ना०[वलक+पात]वलक आदि दस्तूर वा कोसेली ।
वलभि–ना० [सं०] वलभी ।
वलभी–ना०[सं०] १. छानाको बलो । २. घरको माथिल्लो तलाको कोठा ।
वलम्ब–ना० [सं०] अवलम्ब ।
वलय–ना० [सं०] १. बालो; कङ्कण । २. घेरा; मण्डल । ३. चुरा ।
वलयित–वि० [सं०] १. घेरिएको; वेष्टित । २. घुमेको; चक्कर खाएको ।
वलाक–ना० [सं०] बकुल्लो ।
वलाहक–ना० [सं०] १. बादल; मेघ । २. पहाड; पर्वत । ३. बकुल्लो । ४. मोथे । ५. प्रलय-कालका सात वटा बादलमध्ये एक ।
वलि–ना० [सं०] १. चाउरी; मुजो । २. रेखा; डोरो । ३. धार्मिक कर ।
वलित–वि० [सं०] १. चलेको; गति-शील । २. घुमेको; चक्कर खाएको । ३. बेह्रिएको; लपेटिएको । ४. चाउरी परेको ।
वलिन–वि० [सं०] चाउरिएको; चाउरी परेको ।
वलिमान्–वि० [सं०] चाउरी परेको ।
वलिश–ना० [सं०] वलिशी ।
वलिशी–ना० [सं०] बल्छी ।
वली–ना० [ओली] ओली; किसिम; थरी; प्रकार ।
वली–ना० [सं०] वलि ।
वली-अहद–ना० [फा०] वलेट; युवराजाधिराज ।
वलीवर्द–ना० [सं०] १. बैल; गोरु । २. साँढे ।
वलेट–ना० [अ० वली-अहद] राज्यका उत्तराधिकारी; युवराजाधिराज ।
वल्क–ना० [सं०] १. रूखको बोक्रो; वल्कल । २. माछाको कत्लो ।
वल्क-द्रुम–ना० [सं०] भोज-पत्रको रूख ।
वल्कल–ना० [सं०] रूखको बोक्रो ।
वल्गन–ना० [सं०] १. घोडाको एक चाल; डुल्की । २. धेरै बोल्नु; गफ हाँक्नु ।
वल्गा–ना० [सं०] लगाम; बाग ।
वल्गित–वि० [सं०] १. उफ्रेको; फड्केको । २. नाचेको । (ना०) ३. घोडाको एक चाल; डुल्की ।
वल्गुली–ना० [सं०] चमेरो ।
वल्मिक–ना० [सं०] १. धमिराको गोलो । २. सर्पको दुलो ।
वल्मिकि–ना० [सं०] वल्मिक ।
वल्मीक–ना० [सं०] १. धमिराको गोलो । २. सर्पको दुलो । ३. खुट्टो सुनिने एक रोग ।
वल्लकी–ना० [सं०] वीणा ।
वल्लभ–वि० [सं०] १. प्यारो; प्रिय । (ना०) २. पति; स्वामी । ३. मालिक ।
वल्लभाचार्य–ना० [सं०] वैष्णव सम्प्रदायका एक प्रवर्तक आचार्य ।
वल्लरि–ना० [सं०] वल्लरी ।
वल्लरी–ना० [सं०] १. लहरो; लता । २. मञ्जरी । ३. मेथी । ४. बोझो ।
वल्लव–ना० [सं०] १. गोप जाति । २. भान्से ।
वल्लि–ना० [सं०] १. लहरो; लता । २. पृथ्वी ।
वल्लिका–ना० [सं०] लहरो; लता; बेलो ।
वल्ली–ना० [सं०] लहरो; लता ।
वल्लो–वि० [वर+ल्लो] वरको; नजीकको ।
वल्वज–ना० [सं०] बाबियो ।
वल्वजा–ना० [सं०] बाबियो ।
वव–ना० [सं०] ज्योतिषका एघार करणमध्ये एक ।
वशंवद–वि० [सं०] १. वशमा रहेको; वश-वर्ती । २. आज्ञाकारी ।
वश–ना० [सं०] १. काबू; अधिकार । २. स्वामित्व-जन्य अधिकार; कब्जा । ३. अरूलाई प्रभावमा पार्ने शक्ति; हैकम । ४. इच्छा; आकाङ्क्षा । ५. अरू शब्दका पछि लागेर 'कारणले' अर्थ बुझाउने शब्द । (उदा०—भाग्य-वश, कारण-वश इत्या० ।)
वश-कर–वि० [सं०] वशमा राख्ने; अधीनस्थ पार्ने ।
वशङ्कर–वि० [सं०] वशमा राख्ने; वश-वर्ती तुल्याउने ।

CC-0. In Public Domain. Digitization by eGangotri

वशङ्कृत–वि० [सं०] वशमा राखिएको; वश-वर्ती तुल्याइएको ।

वश-वर्ती–वि० [सं०] कसैका वशमा रहेको; अधीनस्थ ।

वशात्–क्रि० यो० [सं०] नाम शब्दका पछि लागेर 'वशले' वा 'ले गर्दा' अर्थ बुझाउने शब्द । (उदा—भाग्य-वशात्, दैव-वशात् इत्या० ।)

वशित्व–ना० [सं०] १. वशमा रहनाको भाव; अधीनता । २. सम्मोहन । ३. योगको एक सिद्धि; वशिमा ।

वशिमा–ना० [सं०] योगबाट प्राप्त हुने, अरूलाई वशमा राख्न सक्ने एक शक्ति ।

वशिष्ठ–ना० [सं०] १. एक मन्त्र-द्रष्टा ऋषि; वसिष्ठ । (यी रघु-वंशी राजाहरूका पुरोहित थिए ।) २. सप्तर्षि ताराहरूमध्ये एक ।

वशीकरण–ना० [सं०] १. अभिचारद्वारा अरूलाई वशमा राख्ने काम; सम्मोहन । २. वशमा पार्नु ।

वशीकृत–वि० [सं०] वशमा राखिएको; सम्मोहित ।

वशीभूत–वि० [सं०] वशमा भएको; अधीनस्थ ।

वशेन्द्रिय–वि० [सं०] इन्द्रियलाई आफ्ना वशमा पारेको; जितेन्द्रिय ।

वश्य–वि० [सं०] १. वशमा राख्न लायक वा सकिने । २. वशमा राखिएको; अधीन तुल्याइको । (ना०) ३. दास ।

वषट्–ना० [सं०] यज्ञमा आहुति दिँदा उच्चारण गरिने शब्द ।

वश्यता–ना० [सं०] वशमा रहनाको भाव; अधीनता ।

वष्कय–ना० [सं०] एक वर्षको बाछो ।

वष्कयणी–ना० [सं०] बकेर्नु गाई-वस्तु ।

वष्कयिणी–ना० [सं०] बकेर्नु गाई-वस्तु ।

वसति–ना० [सं०] वसती ।

वसती–ना० [सं०] १. वास-स्थान; घर । २. रहने काम । ३. डेरा । ४. शिविर । ५. आधार । ६. रात्रि । ७. वस्ती ।

वसन–ना० [सं०] १. कपड़ा; वस्त्र । २. ढाक्ने वस्तु; आवरण ।

वसन्त–ना० [सं०] चैत्र र वैशाख महीनामा पर्ने ऋतु; षड्-ऋतुमध्ये एक; ऋतु-राज ।

वसन्त-काल–ना० [सं०] वसन्त ऋतु ।

वसन्त-तिलका–ना० [सं०] चौध अक्षरको पाउ हुने एक वर्ण-वृत्त । (यसका प्रत्येक चरणमा क्रमशः तगण, भगण, दुइ जगण र अन्तमा दुइ गुरु हुन्छन् ।)

वसन्त-पञ्चमी–ना० [सं०] माघ शुक्ल पञ्चमी; श्री-पञ्चमी ।

वसन्ती–ना० [सं०] १. हल्का पहेँलो रङ्ग; पाकेका कागतीको बोक्राको रङ्ग । (वि०) २. त्यस रङ्गको ।

वसन्तोत्सव–ना० [सं०] वसन्त-पञ्चमीका दिन मनाइने एक उत्सव; मदनोत्सव ।

वसा–ना० [सं०] १. बोसो । २. मस्तिष्क; गिदी ।

वसित–वि० [सं०] १. बसेको; रहेको; स्थित । २. वस्त्र धारण गरेको; लुगा लाएको ।

वसिष्ठ–ना० [सं०] १. पुराण-प्रसिद्ध मन्त्र-द्रष्टा एक ऋषि; ब्रह्माका एक मानस-पुत्र; वशिष्ठ । २. सप्तर्षि ताराहरूमध्ये एक ।

वसीयत–ना० [अ०] आफू मरेपछि आफ्नो सम्पत्ति यस किसिमले उपयोग गरियोस् भनी दिइने निर्देशन ।

वसीयतनामा–ना० [अ० वसीयत+नामा (फा०)] आफू मरेपछि आफ्ना अधिकारको चल र अचल सम्पत्ति यस किसिमले उपयोग होस् भनी लेखिएको कागत-पत्र; वसीयतका शर्तहरू लेखिएको कागत-पत्र ।

वसु–ना० [सं०] १. आठ वैदिक देवताहरूको समुदाय (आप वा अह, ध्रुव, सोम, धर वा धव, अनिल, अनल, प्रत्यूष र प्रभास) । २. आठको सङ्ख्या । ३. रत्न । ४. धन । ५. सुवर्ण । ६. अग्नि । ७. जल । ८. सूर्य ।

वसुदा–ना [सं०] वसुधा ।

वसुदेव–ना० [सं०] कृष्णका पिता ।

वसुधा–ना० [सं०] पृथ्वी; धरती ।

वसुधाधिप–ना० [सं०] राजा ।

वसुन्धरा–ना० [सं०] १. पृथ्वी; धरती । २. एक देवी ।

वसुमती–ना० [सं०] पृथ्वी ।

वसूल–ना० [अ० वुसूल] १. कसैसित लिनुपर्ने नगद वा जिन्सी उठाउने काम; असूल । (वि०) २. पाइएको; प्राप्त ।

वसूली–ना० [वसूल+ई] अर्कासित रहेको आफ्नो धन-माल लिने काम; असूल गर्ने काम ।

वस्त–ना० [सं०] १. बोको । २. वास-स्थान; घर । ३. डेरा ।

वस्ताज–ना० [फा० उस्ताद] १. गान-बजानमा निपुण व्यक्ति; सङ्गीतज्ञ । (वि०) २. सिपालु; पोख्त; निपुण ।

वस्ताजी–ना० [फा० उस्तादी] १. वस्ताजको काम वा कला । २. निपुणता; कौशल ।

वस्ताद–ना० [फा० उस्ताद] वस्ताज ।

वस्तादी–ना० [फा० उस्तादी] वस्ताजी ।

वस्तान्त्री–ना० [सं०] कुकुरे-आन्द्रो ।

वस्ति–ना० [सं०] १. नाइटादेखि मनि मूत्रेन्द्रियदेखि माथिको पेटको अवयव; तल्लो पेट । २. मूत्राशय । ३. रहने-बस्ने काम; बसोबास; निवास । ४. मल-शुद्धिका निम्ति गुद-द्वार र मूत्रेन्द्रियबाट पचका लगाउने काम; डूस ।

वस्ति-कर्म–ना० [सं०] मल सफा गर्नाका निमित्त गुद-द्वार र मूत्रेन्द्रियबाट पचका लगाउने काम; डूस ।

वस्ति-कोश–ना० [सं०] मूत्राशय ।

वस्तु–ना० [सं०] १. भौतिक अस्तित्व भएको पदार्थ; चीज । २. धन; सम्पत्ति । ३. घर-पाला पशु; गाई-वस्तु । ४. कुनै नाटक वा काव्यको कथानक । ५. कुनै वस्तुको सार । ६. कुनै चित्र आदिको रेखा-चित्र वा आधार ।

CC-0. In Public Domain. Digitization by eGangotri

वस्तु-जगत्–ना० [सं०] ज्ञानेन्द्रियद्वारा अनुभव गरिने वा गर्न सकिने जगत्; पदार्थले बनेको जगत्को आकार-युक्त रूप ।
वस्तु-जात–ना० [सं०] पदार्थ वा चीजहरूको समुदाय वा योग ।
वस्तु-ज्ञान–ना० [सं०] १. वस्तुको ज्ञान वा परिचय । २. तत्त्व कुराको बोध; तत्त्व-ज्ञान ।
वस्तुतः–क्रि० यो० [सं०] वास्तवमा; यथार्थतः ।
वस्तु-निर्देश–ना० [सं०] १. नाटकको शुरूमा कथाको सङ्केत गरेर गाइने मङ्गलाचरण । २. सूची-पत्र; फेहरिस्त ।
वस्तु-भाउ–ना० [सं० वस्तु+भाव] गाई-भैँसी आदिको समुदाय ।
वस्तु-भाव–ना० [सं०] यथार्थता; वास्तविकता ।
वस्तु-भेद–ना० [सं०] १. मीमांसा-शास्त्रअनुसार एकै शब्दको उही अवस्थामा दुइ भिन्न अर्थ गर्नु । २. वास्तविक अन्तर ।
वस्तु-मात्र–ना० [सं०] कुनै वस्तु वा विषयको बाह्य रूप ।
वस्तुवाद–ना० [सं०] १. दृश्य जगत् जस्तो छ त्यस्तै व्यसको सत्ता मान्ने एक दार्शनिक सिद्धान्त; भूतवाद । २. सांसारिक कुराकै सर्वोपरि प्रधानता मान्ने सिद्धान्त ।
वस्तुवादी–वि० [सं०] वस्तुवादको सिद्धान्त मान्ने; भूतवादी ।
वस्तु-विनिमय–ना० [सं०] एक वस्तुसित अर्को वस्तु साट्ने काम; वस्तुहरूको साट-फेर ।
वस्तु-स्थिति–ना० [सं०] कुनै विषय वा घटनाको यथार्थ स्थिति; वास्तविक परिस्थिति ।
वस्तूत्प्रेक्षा–ना० [सं०] उपमेय वस्तुमा उपमान वस्तुको कार्य वा गुणको कल्पना गर्दा पर्ने उत्प्रेक्षा अलङ्कारको एक भेद ।
वस्तूपमा–ना० [सं०] उपमा अलङ्कारको एक भेद; धर्म-लुप्तोपमा ।
वस्त्र–ना० [सं०] १. कपड़ा । २. पोशाक; लुगा । ३. देव-देवीले पहिरेको वा देव-देवीलाई चढ़ाउने पोशाक वा कपड़ा ।
वस्त्र-गृह–ना० [सं०] पाल ।
वस्त्र-पुत्रिका–ना० [सं०] कपड़ाले बनाइएको पुतली ।
वस्त्र-पूत–वि० [सं०] कपड़छान गरेको ।
वस्त्रागार–ना० [सं०] १. वस्त्रहरू राख्ने कोठा; पोशाक-खाना । २. कपड़ाको पसल ।
वस्त्राञ्चल–ना० [सं०] धोती, पछेउरा आदिको छेउ; आँचल; किनारा ।
वह–ना० [सं०] १. लैजाने काम । २. वाहन; सवारी । ३. वायु; पवन । ४. नद ।
वहन–ना० [सं०] १. बोकेर वा तानेर कुनै वस्तु एक ठाउँबाट अर्को ठाउँमा लग्ने काम; भारी बोक्ने काम । २. जवाबदेही, अभिभारा आदि लिने काम । ३. बग्नु; प्रवाहित हुनु । ४. सवारी; यान । ५. डुङ्गा; नौका ।
वहनक–वि० [सं०] भारी बोकेर लग्ने व्यक्ति वा यान ।
वहनीय–वि० [सं०] वहन गर्न वा बोक्न योग्य ।
वहन्त–ना० [सं०] १. डुङ्गा; नाउ । २. बच्चो ।
वहाँ–क्रि० यो० [उहाँ] १. त्यहाँ; त्यस ठाउँमा । (सर्वना०) २. ऊ-को आदर बुझाउने रूप; उहाँ ।
वहिः–ना० यो० [सं०] बहिः ।
वहिःशुल्क–ना० [सं०] आयात गरेका वस्तुमा लागेको कर ।
वहित्र–ना० [सं०] १. जहाज; पोत । २. एक प्रकारको रथ ।
वहिनी–ना० [सं०] नाउ; डुङ्गा ।
वहिरङ्ग–ना० [सं०] बहिरङ्ग ।
वहिरिन्द्रिय–ना० [सं०] बहिरिन्द्रिय ।
वहिर्जगत्–ना० [सं०] बहिर्जगत् ।
वहिर्देश–ना० [सं०] बहिर्देश ।
वहिर्भूत–वि० [सं०] बहिर्भूत ।
वहिर्मनस्क–वि० [सं०] बहिर्मनस्क ।
वहिर्मुख–वि० [सं०] बहिर्मुख ।
वहिर्लापिका–ना० [सं०] बहिर्लापिका ।
वहिष्करण–ना० [सं०] बहिष्करण ।
वहिष्कार–ना० [सं०] बहिष्कार ।
वहिष्कृत–वि० [सं०] बहिष्कृत ।
वहीँ–ना० यो० [वहाँ+नै] १. त्यहाँ नै; उहीँ । ३. उहाँ नै; तिनै ।
वह्नि–ना० [सं०] आगो; अग्नि ।
वाः–वि० बो० [फा० वाह] आश्चर्य, विस्मय, प्रशंसा, शेखी आदि सूचित गर्ने शब्द; वाह ।
वा–संयो० [सं०] अथवा; या ।
वाइबा–वि० [?] लठचौरो; लठेप्रो ।
वाकिनु–अ० क्रि० [वाक्+इ+नु] वाक्क-वाक्क गरिनु; ('वाक्नु'-को भा० क्रि०) ।
वाकिफ–वि० [अ० वाकिफ़] जानिफकार; जानकार; ज्ञाता; परिचित ।
वाकूची–ना० [सं०] बक्ची ।
वाकोपवाक–ना० [सं०] बात-चीत; कथोपकथन ।
वाकोवाक्य–ना० [सं०] १. बात-चीत; कथोपकथन । २. तर्क ।
वाक्–ना० [सं०] १. शब्द; पद । २. भाषा; वाणी । ३. बोल्ने इन्द्रिय । ४. सरस्वती ।
वाक्क–क्रि० यो० [ने०] १. वमन गर्न खोज्ने किसिम । २. कुनै व्यक्ति, वस्तु वा कामदेखि मन हट्ने किसिम; घृणा हुने किसिम ।
वाक्क-ब्याक्क–क्रि० यो० [ने०] १. लगातार वमन गर्ने किसिम; वाक्क-वाक्क । २. कुनै व्यक्ति वस्तु वा कामदेखि मन हट्ने किसिम; घृणा वा दिक्क लाग्ने किसिम ।
वाक्-कलह–ना० [सं०] मौखिक झगड़ा; बाझाबाझ; भनाभैरी ।

CC-0. In Public Domain. Digitization by eGangotri

वाक्-केलि–ना० [सं०] वाक्-केली ।

वाक्-केली–ना० [सं०] हँस्सी-दिल्लगी; ठट्टा ।

वाक्-चपल–वि० [सं०] राम्ररी विचार नगरी झटपट बोल्ने; बकबके ।

वाक्-छल–ना० [सं०] धोखा दिनाका निमित्त भ्रामक शब्दको प्रयोग गर्नु; दोहोरो अर्थ बुझाउने शब्द वा वाक्यको प्रयोग गरी आफ्नो मतलब सिद्ध गर्नु ।

वाक्नु–अ० क्रि० [वाक्क+नु] १. वान्त गर्न खोजेर वाक्क-वाक्क गर्नु । २. छाद्नु ।

वाक्-पटु–वि० [सं०] कुरा गर्नमा सिपालु ।

वाक्-पति–ना० [सं०] १. बृहस्पति । २. कुरा वा भाषण गर्नमा कुशल व्यक्ति ।

वाक्पद्धति–ना० [सं०] लक्षणा वा व्यञ्जनाबाट तात्पर्य बुझिने रूढिगत कुनै भाषामा प्रचलित शब्द-समूह । (उदा०–सिलटिमुर खानु, उत्ताना टाङ्ग लाउनु, तेल-बेसार घस्नु, मुख सुँघ्नु इत्या० ।)

वाक्-पारुष्य–ना० [सं०] १. कठोर शब्द; कर्कश शब्द । २. गाली; अपशब्द ।

वाक्य–ना० [सं०] १. व्याकरणका नियमअनुसार राखिएका सार्थक शब्दहरूको कुनै पूर्ण अर्थ वा भाव प्रकट गर्ने समूह । २. आदेश; आज्ञा ।

वाक्य-पद्धति–ना० [सं०] वाक्य-रचना गर्ने नियम ।

वाक्य-रचना–ना०[सं०] ठीक-ठीक ठाउँमा शब्दहरूको प्रयोग गरी वाक्य बनाउने काम ।

वाक्य-विन्यास–ना० [सं०] पदहरू ठीक-ठीक ठाउँमा राखी वाक्य बनाउने काम; वाक्य-रचना ।

वाक्य-सिद्धि–ना० [सं०] वाक्-सिद्धि ।

वाक्यांश–ना० [सं०] १. पूरा अभिप्राय व्यक्त नभएको पदहरूको समूह; पूरा वाक्यको एक अंश; फ्रेज । २. कुनै विचारको कुनै अंशलाई प्रकट गर्ने, ठूलो वाक्यभित्रको कुनै सानो वाक्य ।

वाक्यात्मक–वि० [सं०] वाक्यले युक्त ।

वाक्-वाक्–क्रि० यो० [ने०] १. रोग, घीन, दिगमिगी आदिले वान्त हुन खोज्ने किसिम; वाक्वाकी । (ना०) २. वमन हुन खोज्नु; वाक्वाकी लाग्नु ।

वाक्वाकी–क्रि० यो० [वाक्-वाक्+ई] १. वान्त हुन खोज्ने किसिम; वाक्-वाक् । (ना०) २. वमन हुन खोज्नु; वमनको चेष्टा ।

वाक्वाकती–क्रि० यो० [वाक्-वाक्+ती] वाक्-वाक्; वाक्-वाकी ।

वाक्-सिद्धि–ना० [सं०] १. भविष्यको वा परोक्षको कुरो ठीक-ठीक भन्न सक्ने शक्ति वा सिद्धि । २. भनेको कुरो पुग्ने शक्ति ।

वाक्-स्वतन्त्रता–ना० [सं०] भाषण-स्वतन्त्रता ।

वागा–ना० [सं०] लगाम; वाग-डोर ।

वागीश–ना० [सं०] १. कवि । २. बृहस्पति । ३. ब्रह्मा । (वि०) ४. राम्रो बोल्ने ।

वागीश्वर–ना० [सं०] १. बृहस्पति । २. मञ्जु-घोष । ३. कवि ।

वागीश्वरी–ना० [सं०] सरस्वती ।

वागुरा–ना० [सं०] जङ्गली जन्तु फसाउने जाल; पासो ।

वागुरिक–ना० [सं०] जङ्गली पशुहरू फसाएर जीविका गर्ने व्यक्ति; शिकारी ।

वागुस–ना० [सं०] ठूलो र मोटो एक जातको माछो ।

वागृषभ–ना० [सं०] १. भाषण गर्न निपुण व्यक्ति । २. विद्वान् ।

वाग्गुलिक–ना० [सं०] राजालाई पान खुवाउने व्यक्ति ।

वाग्जाल–ना० [सं०] १. अरूलाई अलमल्याउने वा धोखा दिने घुमाउरो कथन । २. साधारण भाव भए तापनि त्यसका निमित्त प्रयोग गरिने लम्बे-चौड़े कुरा ।

वाग्दण्ड–ना० [सं०] १. हप्की-दप्की; धम्की; भर्त्सना । २. वाणी वा बोलीको नियन्त्रण ।

वाग्दत्त–वि० [सं०] कसैलाई दिने वचन दिइसकेको; वाग्दान गरिएको ।

वाग्दत्ता–ना० [सं०] कसैसित विवाह गर्ने निश्चय भइसकेकी कन्या; वाग्दान गरिसकिएकी कन्या ।

वाग्दान–ना० [सं०] १. कसैसित छोरीको विवाह-सम्बन्धी काम-कुरो छिन्ने काम । २. कसैलाई कुनै वस्तु दिने वचन दिनु ।

वाग्दुष्ट–वि० [सं०] १. रूखो बोल्ने; कटु-भाषी । २. अशुद्ध बोल्ने । (ना०) ३. निन्दा गर्ने व्यक्ति; निन्दक ।

वाग्देवता–ना० [सं०] सरस्वती ।

वाग्देवी–ना० [सं०] सरस्वती ।

वाग्दोष–ना० [सं०] १. बोल्दाको त्रुटि; बोलीको दोष । २. व्याकरण-सम्बन्धी भूल वा अशुद्धि । ३. निन्दा; तिरस्कार ।

वाग्बद्ध–वि० [सं०] वचन-बद्ध ।

वाग्मती–ना० [सं० वाग्वती] काठमाडौं-उपत्यकामा बग्ने एक प्रसिद्ध नदी ।

वाग्मिता–ना० [सं०] १. पाण्डित्य; विद्वत्ता । २. भाषण दिने कौशल; प्रवचन-पटुता ।

वाग्मित्व–ना० [सं०] आग्मिता ।

वाग्मी–वि० [सं०] १. भाषण गर्नमा कुशल; प्रवचन-पटु । २. पण्डित; विद्वान् । (ना०) ३. बृहस्पति ।

वाग्युद्ध–ना० [सं०] १. मुख-मुखको झगड़ा; वाक्-कलह; बाझाबाझ । २. वाद-विवाद ।

वाग्वज्र–ना० [सं०] १. कठोर बोली; कटु वाणी । २. शाप; श्राप ।

वाग्विदग्ध–वि० [सं०] १. बोल्न सिपालु; वाक्-पटु । २. पण्डित; विद्वान् ।

CC-0. In Public Domain. Digitization by eGangotri

वाग्विदग्धता–ना० [सं०] वाग्विदग्ध हुनाको भाव; वाक्-चातुर्य; पाण्डित्य।

वाग्विरोध–ना० [सं०] भनावैरी; बाझाबाझ।

वाग्विलास–ना० [सं०] हँसी-ठट्टा; दिल-बहलाउका निम्ति गरिने ख्याल-ठट्टा।

वाग्वीर–वि० [सं०] १. बोलनमा कुशल; वाक्-पटु। २. भित्र साहस नभए तापनि कुराले साहस देखाउने।

वाग्वैदग्ध्य–ना० [सं०] १. भाषण गर्न र वाद-विवाद गर्नमा सिपालु; वाग्विदग्धता। २. अलङ्कारपूर्ण र चमत्कार-पूर्ण उक्तिहरू प्रयोग गर्नमा भएको प्रवीणता।

वाङ–ना० [ने०] १. असफलता; विफलता। (उदा०—वाङ खानु=असफल हुनु।) २. मर्नु।

वाङ्ग्रा–ना० [ने०] धान, कोदो, आदिको हरियो बोट; नल; नलुवा।

वाङ्निष्ठा–ना० [सं०] १. वचन-बद्ध हुनु। २. विश्वास-पात्र हुनु।

वाङ्मधुर–वि० [सं०] मीठो बोली वा वचन बोल्ने; मधुर-भाषी।

वाङ्मय–वि० [सं०] १. वाक्य-सम्बन्धी। २. वाक्यात्मक। ३. वचनद्वारा गरिएको। (ना०) ३. गद्य वा पद्यमा लेखिएको वाक्य-समूह; ग्रन्थ।

वाङ्मयी–ना० [सं०] सरस्वती।

वाङ्मुख–ना० [सं०] १. भूमिका; प्राक्कथन। २. उपन्यास।

वाचक–वि० [सं०] १. कुनै वस्तु वा व्यक्तिको निर्देश गर्ने; वाची। २. मौखिक। (ना०) ३. बाच्ने व्यक्ति; पाठक। ४. सप्ताह, पुराण आदि भन्ने मुख्य पण्डित। ५. बाच्ने शक्ति; पाठ गर्ने शक्ति; वाचन-शक्ति।

वाचक-धर्म-लुप्ता–ना० [सं०] वाचक, पद र साधारण धर्मको लोप हुने उपमा अलङ्कारको एक भेद।

वाचक-लुप्ता–ना० [सं०] उपमा-वाचक पदको लोप हुने उपमा अलङ्कारको एक भेद।

वाचकोपमानधर्मलुप्ता–ना० [सं०] वाचक, उपमान र धर्मको लोप हुने उपमा अलङ्कारको एक भेद।

वाचकोपमानलुप्ता–ना० [सं०] वाचक, र उपमानको लोप हुने उपमा अलङ्कारको एक भेद।

वाचकोपमेपलुप्ता–ना० [सं०] वाचक र उपमेयको लोप हुने उपमा अलङ्कारको एक भेद।

वाचन–ना० [सं०] १. बाच्ने वा पढ्ने काम; पाठ गर्ने काम। २. भन्नु; बताउनु। ३. विधायिका-सभामा कुनै विधेयक उपस्थित हुँदा पढ़िने आवृत्ति।

वाचना–ना० [सं०] वाचन।

वाचनालय–ना० [सं०] सर्व-साधारण जनताले पत्र-पत्रिका आदि पढ्ने ठाउँ।

वाचनिक–वि० [सं०] वचन-सम्बन्धी; वचनको।

वाचयिता–वि० [सं०] बाच्ने; पाठ गर्ने; वाचक।

वाचस्पति–ना० [सं०] १. बृहस्पति। २. ब्रह्मा। ३. राम्ररी बोल्न सक्ने व्यक्ति; सुवक्ता।

वाचस्पत्य–ना० [सं०] १. वाक्-पटुता। २. सुन्दर भाषण। (वि०) ३. वाचस्पति-सम्बन्धी।

वाचा–ना० [सं०] १. बोली; वाणी। २. शब्द; ध्वनि। ३. वचन। ४. कबूल; प्रतिज्ञा। ५. सरस्वती। (क्रि० यो०) ६. वचनले; बोलीले।

वाचाट–वि० [सं०] १. धेरै बोल्ने; बकवादी। २. बोल्न सिपालु; वाक्-पटु।

वाचा-पत्र–ना० [सं०] प्रतिज्ञा-पत्र; कबूलियतनामा।

वाचा-बद्ध–वि० [सं०] वाचा वा कबूलमा बाँधिएको; वचन-बद्ध।

वाचा-बन्ध–वि० [वाचा-बद्ध] वाचा-बद्ध।

वाचा-बन्धन–ना० [सं०] कबूलमा बाँध्ने काम; वचन-बद्ध गराउने काम।

वाचाल–वि० [सं०] १. बोल्न सिपालु; वाक्-पटु। २. बढ्ता वा धेरै बोल्ने; बकवादी।

वाचिक–वि० [सं०] १. वाचा-सम्बन्धी; वचनको। २. मुखबाट प्रकट गरिने; मौखिक। (ना०) ३. वाणीको आश्रयबाट अभिप्राय व्यक्त गरिने एक अभिनय। ४. मौखिक समाचार।

वाची–वि० [सं०] १. प्रकट गर्ने; बोधक; वाचक। २. शब्दका पछि लागेर 'बुझाउने' वा 'व्यक्त गर्ने' अर्थ बुझाउने शब्द। (उदा०—नाम-वाची, विशेषण-वाची।)

वाच्य–वि० [सं०] १. भन्न वा कहन योग्य। २. शब्दद्वारा बोध हुने; अभिधेय। (ना०) ३. निन्दा; तिरस्कार। ४. अभिधाद्वारा व्यक्त हुने अर्थ।

वाच्यता–ना० [सं०] निन्दा; अपमान।

वाच्यार्थ–ना० [सं०] शब्दको नियत अर्थ; अभिधेयार्थ।

वाजखाम–ना० [फा० बजा+खामी] १. अड्कल; अन्दाज। २. म्याद; अवधि।

वाजपेय–ना० [सं०] सर्वोच्च स्थान प्राप्त गर्नाका निमित्त गरिने एक यज्ञ; सात श्रौत यज्ञमध्ये एक।

वाजबी–वि० [अ० वाजिबी] १. न्याय-सङ्गत; मुनासिब; उचित; ठीक। २. योग्य; लायक।

वाजसनेय–ना० [सं०] यजुर्वेदको एक शाखा।

वाजसनेयी–ना० [सं०] वाजसनेय शाखाको अनुयायी।

वाजिन–ना० [सं०] होड़; स्पर्धा।

वाजिब–वि० [अ०] १. वाजबी; मुनासिब। २. योग्य; उचित।

वाजिबी–वि० [अ०] वाजिब।

वाजी–ना० [सं०] १. घोड़ा। २. बाज चरो। ३. शुक्ल यजुर्वेदी।

वाजीकर–वि० [सं०] १. शक्ति बढ़ाउने; वीर्य-वर्द्धक; शक्ति-

CC-0. In Public Domain. Digitization by eGangotri

वर्द्धक । २. कामोद्दीपक ।

वाजीकरण–ना० [सं०] मानिसको शक्ति र वीर्य बढ़ाउने आयुर्वेदीय प्रयोग; औषधद्वारा शक्ति वा वीर्य बढ़ाउने काम ।

वाञ्छक–वि० [सं०] इच्छा गर्ने; इच्छुक ।

वाञ्छन–ना० [सं०] इच्छा गर्नु; अभिलाषा गर्नु ।

वाञ्छनीय–वि० [सं०] १. इच्छा गर्न योग्य; अभिलाषा गर्न लायक । २. आवश्यक; जरूरी ।

वाञ्छा–ना० [सं०] इच्छा; अभिलाषा ।

वाञ्छित–वि० [सं०] इच्छा गरिएको; चाहेको ।

वाञ्छितव्य–वि० [सं०] इच्छा गर्न योग्य; वाञ्छनीय ।

वाञ्छी–वि० [सं०] इच्छा गर्ने; इच्छुक ।

वाञ्छ्य–वि० [सं०] इच्छा गर्न योग्य; वाञ्छनीय ।

वाट–ना० [सं०] १. बाटो; मार्ग । २. बगैँचा; बाग । ३. घेरो ।

वाट–ना० [अं०] बिजुलीका शक्तिको परिमाणको एकाई ।

वाटर-प्रूफ–वि० [अं०] पानीको असर नपर्ने; पानी नछिर्ने ।

वाटर-मार्क–ना० [अं०] प्रकाश र आँखाका बीचमा राखी हेर्दा देखिने गरी कागज आदिमा लगाइएको छाप ।

वाटिका–ना० [सं०] १. बगैँचा; उद्यान । २. बारी ।

वाटी–ना० [सं०] बगैँचा; उद्यान ।

वाडव–ना० [सं०] १. वडवानल । २. घोड़ीहरूको समूह । ३. ब्राह्मण ।

वाडवाग्नि–ना० [सं०] समुद्रभित्रको आगो; वडवानल ।

वाडवानल–ना० [सं०] समुद्रभित्र रहने आगो ।

वाढ–वि० [सं०] १. दृढ; स्थिर । २. अतिशय; ज्यादा । ३. उच्च स्वर भएको ।

वाण–ना० [सं०] बाण ।

वाण-लिङ्ग–ना० [सं०] बाण-लिङ्ग ।

वाणिज–ना० [सं०] व्यापारी ।

वाणिज्य–ना० [सं०] व्यापार ।

वाणिज्यक–ना० [सं०] व्यापारी; बनियाँ; वणिक् ।

वाणिज्य-दूत–ना० [सं०] अरू देशमा आफ्नू देशको व्यापारिक स्वार्थ सुरक्षित राख्न र त्यसलाई बढ़ाउनाका निमित्त राखिएको कुनै राष्ट्रको दूत ।

वाणी–ना० [सं०] १. मुखबाट निस्कने सार्थक शब्द; बोली । वचन । २. वाक्-शक्ति । ३. सरस्वती ।

वात–ना० [सं०] १. हावा; वायु । २. शरीरमा रहने वायु । ३. शरीरमा वायु-प्रकोप भई सन्धि-स्थानहरूमा पीडा हुने एक रोग; बाथ ।

वात-गुल्म–ना० [सं०] १. शरीरस्थ वातको प्रकोप भई उत्पन्न हुने एक रोग; बाथ । २. हावाको भुमरी ।

वातज–वि० [सं०] १. वायुको प्रकोप भई उत्पन्न हुने (रोग) । २. वायुबाट उत्पन्न हुने ।

वात-ज्वर–ना० [सं०] शरीरस्थ वायुको प्रकोप भई आउने ज्वर ।

वातप्रमी–ना० [सं०] चौका मृग

वात-रोग–ना० [सं०] शरीरस्थ वायुको प्रकोप भई जोर्नी-जोर्नीमा पीडा हुने एक रोग; बाथ ।

वाताम–ना० [सं०] कागजी-बदाम ।

वातायन–ना० [सं०] १. झ्याल । २. घोड़ा । ३. बार्दली । ४. छत ।

वातावरण–ना० [सं०] १. पृथ्वीको चारैतिर रहेको हावा । २. प्रभाव-कारी आस-पासको अवस्था; परिस्थिति ।

वातावर्त–ना० [सं०] हावाको भुमरी ।

वातुल–वि० [सं०] १. वात-रोगले ग्रस्त; बाथ रोग लागेको । २. बहुलाहा; पागल । (ना०) ३. आँधी ।

वात्या–ना० [सं०] १. हावाको भुमरी । २. आँधी; तूफान ।

वात्सल्य–ना० [सं०] सन्तानप्रति हुने आमा-बाबुको प्रेम; स्नेह ।

वात्सल्य-भाजन–ना० [सं०] छोरा-छोरीजस्तै प्रिय व्यक्ति; स्नेह-पात्र ।

वात्सल्य-रस–ना० [सं०] छोरा-छोरीप्रति हुने प्रेम; साहित्य-को प्रसिद्ध दशौँ रस । (यो दशौँ रस कसै-कसैले मात्र मानेका छन् ।)

वात्स्यायन–ना० [सं०] काम-सूत्रका प्रवर्तक एक ऋषि; न्याय-सूत्रका भाष्यकार ।

वाद–ना० [सं०] १. तथ्य कुरो पत्ता लगाउनाका निमित्त गरिने तर्क; शास्त्रार्थ । २. तत्त्वज्ञहरूले बनाएको निश्चित सिद्धान्त । ३. बहस; विवाद । ४. नाम शब्दका पछाड़ि प्रत्ययको रूपमा लागेर 'सिद्धान्त'-को अर्थ बुझाउने शब्द । (उदा०–अध्यात्मवाद, भौतिकवाद, साम्यवाद आदि ।)

वादक–वि० [सं०] १. वाद-विवाद गर्ने । २. बाजा बजाउने ।

वाद-ग्रस्त–वि० [सं०] निश्चय नभइसकेको; विवादास्पद ।

वादन–ना० [सं०] १. बाजा बजाउने काम । २. बज्नु ।

वाद-प्रतिवाद–ना० [सं०] वाद-विवाद; बहस ।

वाद-विवाद–ना० [सं०] १. कुनै पक्षको खण्डन र समर्थन-साथ गरिएको छलफल; बहस । २. कुनै कुराको टुङ्गो लाउनाका निमित्त केही मानिसद्वारा गरिने छलफल ।

वादा–ना० [अ० वअद:] १. कबूल; प्रतिज्ञा । २. सापट लिएको नगदी वा जिन्सी फिर्ता दिने अवधि; म्याद ।

वादानुवाद–ना० [सं०] वाद-विवाद; शास्त्रार्थ ।

वादाम–ना० [सं०] १. कागजी-बदाम । २. बदाम ।

वादित–वि० [सं०] बजाइएको ।

वादित्र–ना० [सं०] बाजा; वाद्य ।

वादी–ना० [सं०] १. बोल्ने व्यक्ति; वक्ता । २. अदालत-मा कुनै मुद्दा दायर गर्ने व्यक्ति; नालिश दिने व्यक्ति; उजूरवाला व्यक्ति । ३. नालिश; फिराद-पत्र । ४.

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर । ५. बाजा बजाउने रागमा मुख्य रूपले प्रयुक्त हुने स्वर । ५. बाजा बजाउने व्यक्ति; वाद्य-वादक । ६. शब्दका पछि लागेर सिद्धान्त-विशेषको अर्थ बुझाउने शब्द । (उदा०–अवसरवादी, मानवतावादी, अध्यात्मवादी इत्या० ।)

वाद्य–ना० [सं०] १. सङ्गीतको स्वर निस्कने वा ताल दिने साधन; बाजा । २. कथन; भाषण ।

वाद्य-गोष्ठी–ना० [सं०] १. सङ्गीतका स्वरहरू निकाल्ने र ताल दिने अनेक बाजाहरूको समुदाय । २. बाजा बजाउनु, ताल दिनु आदि कामको समुदाय ।

वाद्य-सङ्गीत–ना० [सं०] बाजाहरूबाट प्रकट हुने सङ्गीत ।

वाध–ना० [सं०] बाध ।

वाधक–वि० [सं०] बाधक ।

वाधन–ना० [सं०] बाधन ।

वाधा–ना० [सं०] बाधा ।

वाधित–वि० [सं०] बाधित ।

वाधी–वि० [सं०] बाधी ।

वाधुक्य–ना० [सं०] विवाह ।

वाधूक्य–ना० [सं०] विवाह; परिणय ।

वाध्रीणस–ना० [सं०] गैंडा ।

वान–वि० [सं०] १. वन-सम्बन्धी । २. बगेको । ३. सुकाइएको । (ना०) ४. सुकाएको वा सुकेको फल ।

वान–प्रत्य० [फा० बान] शब्दको पछि लागेर रक्षा गर्ने, देखाउने, हाँक्ने वा चलाउने आदि अर्थ बुझाउने एक प्रत्यय । (उदा०–दरवान, मेहरवान, एक्कावान इत्या० ।)

वानप्रस्थ–ना० [सं०] १. आर्यहरूका चार आश्रममध्ये तृतीय आश्रम । २. त्यस आश्रममा प्रवेश गरेको व्यक्ति । ३. पलाशको वृक्ष । ४. महुवाको वृक्ष ।

वानप्रस्थी–वि० [सं०] १. वानप्रस्थ-सम्बन्धी । २. वानप्रस्थमा रहेको ।

वानप्रस्थ्य–ना० [सं०] वानप्रस्थमा रहेको अवस्था ।

वानर–ना० [सं०] बुद्धिको केही विकास पनि भएको, प्रायः वृक्षमा बस्ने एक प्रसिद्ध स्तन-पायी पशु; बाँदर । (यसका अनेक जात हुन्छन् ।)

वानर-पुच्छे–ना० [वानर+पुच्छर+ए]बाँदर-पुच्छे ।

वानरी–वि० [वानर+ई] १. वानर-सम्बन्धी; बाँदरको । (ना०) २. काउछो । ३. स्त्री वानर ।

वानस्पतिक–वि० [सं०] १. वनस्पति-सम्बन्धी । २. वनस्पतिबाट तयार हुने ।

वानस्पत्य–वि०[सं०] १. वनस्पति-सम्बन्धी । २. वनस्पतिबाट तयार भएको । (ना०) ३. फूल फुलेर फल लाग्ने जातका बोट-बिरुवा (आँप, दारिम आदि) । ४. वनस्पतिको तत्त्व र त्यसको वृद्धि गर्ने उपाय आदिको विवेचना गरिएको शास्त्र; वनस्पति-शास्त्र ।

वानीर–ना० [सं०] १. बेत । २. पाखरीको रूख ।

वान्त–वि० [सं०] १. छादेको; वमन गरेको । (ना०) २. वमन; वान्ता ।

वाप–ना० [सं०] १. बोट-बिरुवा रोप्ने काम; बीउ छर्ने काम । २. बुन्ने काम । ३. कपाल खौरनु; मुण्डन ।

वापक–वि० [सं०] १. बोट-बिरुवा रोप्ने । २. कपाल खौरने । ३. बुन्ने ।

वापन–ना० [सं०] १. बोट, बिरुवा, बीउ आदि रोप्ने काम । २. कपाल खौरनु; मुण्डन । ३. बुन्नु ।

वापस–वि० [फा०] फर्केर आएको; फिर्ता आएको ।

वापसी–वि० [वापस+ई] १. फिर्ता आएको वा पठाइएको; वापस । (ना०) २. फिर्ता आउने काम; वापस हुने काम; प्रत्यावर्तन ।

वापि–ना० [सं०] १. तलाउ; पोखरी । २. इनार । ३. भित्र पस्ने सिँढ़ी भएको इनार ।

वापिका–ना० [सं०] सानो किसिमको वापि ।

वापित–वि० [सं०] १. रोपिएको; लगाइएको (बोट, बिरुवा आदि) । २. खौरेको; मुण्डित ।

वापी–ना० [सं०] वापि ।

वाम–वि० [सं०] १. बायाँ; देब्रे । २. विरुद्ध; प्रतिकूल । ३. टेढ़ो; वक्र । ४. दुष्ट । ५. मनोहर । ६. कठोर; निर्दय । ७. इच्छुक । (ना०) ८. बायाँ हात । ९. बायाँ-पट्टिको अंश । १०. कामदेव । ११. शिव; महादेव । १२. वरुण । १३. कुच । १४. बेथे । १५. प्राणी । १६. सर्प । १७. वमन । १८. दुर्भाग्य । १९. सङ्कट । २०. धन ।

वाम-देव–ना० [सं०] शिव; महादेव ।

वामन–वि० [सं०] १. बाउन्ने; बाम-पुड्के । (ना०) २. पुड्को मानिस । ३. विष्णुका दशावतारमध्ये पाँचौँ अवतार । ४. अठार महापुराणहरूमध्ये एक । ५. दक्षिण दिशाको दिग्गज ।

वामनक–वि० [सं०] बाउन्ने; छोटो कदको ।

वाम-पन्थ–ना० [सं०] १. पुराना विचार वा स्थितिको आमूल परिवर्तन शीघ्रतासाथ चाहने राजनीतिक मत । २. वाम-मार्ग ।

वाम-पन्थी–वि० [सं०] १. वाम-पन्थको अनुयायी । २. वाम-मार्गी ।

वामन-पुराण–ना० [सं०] वामनावतारको माहात्म्य वर्णन गरिएको अठार महापुराणहरूमध्ये एक ।

वाम-मार्ग–ना० [सं०] १. तन्त्र-मन्त्र, अभिचार आदिका साथ मद्य, मांस आदि सेवन गर्ने विधान भएको एक धार्मिक मार्ग । २. कुनै प्रचलित नियम वा पद्धतिको उल्टो चल्ने मत । ३. वाम-पन्थ ।

वाम-मार्गी–वि० [सं०] १. वाम-मार्गको अनुयायी । २. वाम-पन्थी ।

वाम-लोचना–ना० [सं०] राम्रा आँखा भएकी स्त्री ।

वामा–ना० [सं०] १. सुन्दरी स्त्री । २. दुर्गा । ३. लक्ष्मी । ४. सरस्वती ।

CC-0. In Public Domain. Digitization by eGangotri

वामाक्षी–ना० [सं०] राम्रा आँखा हुने स्त्री ।
वामागम–ना० [सं०] वामाचार ।
वामाङ्गिनी–ना० [सं०] पत्नी ।
वामाङ्गी–ना० [सं०] पत्नी ।
वामाचार–ना० [सं०] तान्त्रिक पद्धतिअनुसार मद्य, मांस, स्त्री आदिको साधनद्वारा देवी वा शक्तिको उपासना गर्ने एक सम्प्रदाय; शाक्त सम्प्रदायको एक भेद ।
वामाचारी–वि० [सं०] वामाचारको अनुयायी ।
वामावर्त–वि० [सं०] १. बायाँतिरबाट घुमेको; देब्रेतिर घुमेको । (ना०) २. बायाँपट्टिबाट रेखा घुमेको शङ्ख ।
वायन–ना० [सं०] देव-पूजामा बनाइने मिठाई ।
वायरलेस–ना० [अं०] आकाश-वाणी ।
वायवीय–वि० [सं०] वायु-सम्बन्धी ।
वायवीय-पुराण–ना० [सं०] अठार महापुराणहरूमध्ये एक ।
वायव्य–वि० [सं०] १. वायु-सम्बन्धी; वायवीय । (ना०) २. उत्तर र पश्चिम दिशाका बीचको कोण । ३. एक अस्त्र ।
वायस–ना० [सं०] १. काग; कौवा । २. अगुरुको वृक्ष । ३. तारपीन ।
वायु–ना० [सं०] १. पृथ्वीको चारैतिर ढाकेर रहेको, प्राणीहरूले सास फेर्ने तत्त्व; पञ्च-तत्त्वमध्ये एक; हावा; पवन । २. हावाका अधिष्ठाता देवता । ३. प्राण, अपान, समान, व्यान र उदान–शरीरस्थ यी पाँच वायु । ४. अपगति परेर मरेकाको आत्मा; प्रेतात्मा ।
वायु-कोण–ना० [सं०] पश्चिम र उत्तर दिशाका बीचको कुनु ।
वायु-गति–ना० [सं०] हावाको जस्तो छिटो गति; अति छिटो हिँड़ाइ ।
वायु-पञ्चक–ना० [सं०] शरीरस्थ पाँच प्रकारका वायुको समुदाय (प्राण, अपान, समान, उदान र व्यान) ।
वायु-पथ–ना० [सं०] १. हवाईं-जहाजको बाटो; विमान आवत-जावत गर्ने नियत मार्ग । २. वायुको प्रवाह-मार्ग ।
वायु-पुराण–ना० [सं०] वायु देवको विशेषता वर्णन गरिएको, अठार महापुराणमध्ये एक ।
वायु-मण्डल–ना० [सं०] १. आकाश । २. पृथ्वीको चारैतिर रहेको हावाको आवरण; वातावरण ।
वायु-मार्ग–ना० [सं०] वायु-पथ ।
वायु-यान–ना० [सं०] हावामा उड़ेर जाने यान; हवाईजहाज ।
वायु-लोक–ना० [सं०] १. वायु देव अधिष्ठाता देवता भएको एक लोक । २. आकाश ।
वायु-विडङ्ग–ना० [सं०] १. मरीचका जस्ता दाना फल्ने, साना-साना सेता फूल फुल्ने एक जातको वृक्ष । २. त्यसैको फल; विडङ्ग । (आयुर्वेदमा यसलाई वायु, कफ र क्रिमि-नाशक बताइएको छ ।)
वायु-वेग–ना० [सं०] हावाको जस्तो छिटो गति; अति शीघ्र वेग ।
वायु-वेगी–वि० [सं०] वायु-वेगले हिँड्ने; अति शीघ्र-गामी ।
वायु-शूल–ना० [सं०] शरीरका काप, काखी आदि ठाउँमा वायु-विकारबाट निस्कने लोला ।
वायु-सुत–ना० [सं०] १. हनुमान् । २. भीमसेन ।
वार्–ना० [सं०] जल; पानी ।
वारंवार–क्रि० यो० [सं०] वार-वार; फेरि-फेरि ।
वार–ना० [सं०] १. रोक; रोकावट । २. खापा; द्वार । ३. ढकना; बिर्को । ४. अवसर; मौका । ५. दिन; दिवस; वासर (वार सात छन्–आदित्य, सोम, मङ्गल, बुध, बृहस्पति, शुक्र र शनि ।) ६. आफू बसेतिरको नदी-तट; वल्लो किनारा; वारि । ७. पटक; चोटि । ८. थुप्रो; राशि । ९. समुदाय । १०. शिव । ११. रक्सी खाने भाँड़ो ।
वार–प्रत्य० [फा०] १. शब्दका पछिल्तिर लागेर क्रम, समानता, तुल्यता र कुनै काम गर्ने अर्थ बुझाउने शब्द । (उदा०–रखवार, घटवार आदि ।) (ना०) २. आक्रमण; हमला । ३. प्रहार ।
वार-कीर–ना० [सं०] पत्नीको दाज्यू वा भाइ; सालो वा जेठान ।
वारण–ना० [सं०] १. मनाही; निषेध । २. रोक; रोकावट । ३. हात्ती । ४. कवच ।
वारदात–ना० [अ० वारिदात] १. ठूलो दुर्घटना; भीषण घटना । २. मार-पीट । ३. हूल-दङ्गा ।
वारन्ट–ना० [अं०] १. कुनै अपराधीलाई पक्राउ गर्न फौजदारी अड्डाले कर्मचारीलाई दिने अधिकार-पत्र । २. कुनै अपराधीका नाउँमा फौजदारी अड्डाले काटेको पक्राउ-पुर्जी; एक किसिमको समन ।
वार-पार–ना० [वार+पार] १. नदी, सड़क आदिको दुवै किनारा; वारि र पारि । २. काम-कुरोको टुङ्गो; छेड़खान । (क्रि० यो०) ३. वल्लो किनारादेखि पल्लो किनारासम्म । ४. एक छेउदेखि अर्को छेउसम्म । ५. एकातिरबाट अर्कोतिरसम्म ।
वार-ब्यार–ना० [फा० वार+व्यवहार] १.लेन-देन-सम्बन्धी व्यवहार; बर-बेवहार । २. आवत-जावत ।
वार-योषित्–ना० [सं०] वेश्या ।
वार-वनिता–ना० [सं०] वेश्या ।
वार-वार–क्रि० यो० [सं०] अनेक पटक; धेरै चोटि; बारम्बार ।
वार-विलासिनी–ना० [सं०] वेश्या ।
वार-सुन्दरी–ना० [सं०] वेश्या ।
वार-स्त्री–ना० [सं०] वेश्या ।
वाराङ्गना–ना० [सं०] वेश्या ।
वाराणसी–ना० [सं०] काशी; बनारस ।

CC-0. In Public Domain. Digitization by eGangotri

वाराणसेय–वि॰ [सं॰] वाराणसी-सम्बन्धी; वाराणसीको।
वाराह–वि॰ [सं॰] १. वराह-सम्बन्धी। (ना॰) २. वराह; बनेल। ३. विष्णुका दश अवतारमध्ये तेस्रो अवतार।
वाराह-कन्द–ना॰ [सं॰] गिठो; भ्यागुर; वाराही-कन्द।
वाराह-कल्प–ना॰ [सं॰] तीस कल्पमध्ये एक; वर्तमान कल्प।
वाराह-पुराण–ना॰ [सं॰] अठार महापुराणहरूमध्ये एक।
वाराही–ना॰ [सं॰] १. पोथी बनेल। २. वराह-रूप-धारी विष्णुको शक्ति। ३. पृथ्वी।
वाराही-कन्द–ना॰ [सं॰] गिठो; भ्यागुर, वाराह-कन्द।
वारि–ना॰यो॰ [वर] १. सड़क, नदी आदिको वल्लो किनारमा; आफू भएपट्टिको तीरमा। (ना॰) २. वल्लो किनार; वरतिरको तट।
वारि–ना॰ [सं॰] १. पानी; जल। २. झरी; वर्षा।
वारि-चर–ना॰ [सं॰] पानीमा रहने जीव-जन्तु; जल-चर।
वारिज–ना॰ [सं॰] १. कमल। २. शङ्ख। (वि॰) ३. पानीमा उत्पन्न हुने।
वारित–वि॰ [सं॰] १. मनाही गरिएको; निषिद्ध। २. रोकिएको; छेकिएको।
वारिद–ना॰ [सं॰] बादल; मेघ।
वारि-निधि–ना॰ [सं॰] समुद्र।
वारिपर्णी–ना॰ [सं॰] हाँसको-च्यूरा।
वारि-पारि–ना॰ यो॰ [वारि+पारि] वल्लो र पल्लो किनारमा; वारि र पारि।
वारिरागी–ना॰ [सं॰] मडुवा; कोदो।
वारि-वाह–ना॰ [सं॰] बादल; मेघ।
वारिस–ना॰ [अ॰] १. मृत व्यक्तिका सम्पत्तिको अधिकारी व्यक्ति; हक़दार; उत्तराधिकारी। २. अरूका मुद्दा-मामला वा काम-कुराको अभिभारा लिने व्यक्ति; प्रतिनिधि; वारेस।
वारिसनामा–ना॰ [अ॰] १. मुद्दा-मामिलाको पैरवी गर्नाका निमित्त वा कुनै काम-कुरो गर्नाका निमित्त वारिस पठाउँदा प्रमाणस्वरूप लेखेर दिइने कागत-पत्र; वारेसनामा। २. उत्तराधिकार-पत्र।
वारी–प्रत्य॰ [फा॰ वार+ई] नाम शब्दका पछिल्तिर लाग्ने एक प्रत्यय। (उदा॰–फाँटवारी, रखवारी, महीनावारी इत्या॰।)
वारुण–वि॰ [सं॰] १. वरुण-सम्बन्धी। (ना॰) २. पानी; जल। ३. सिल्लिकानको रूख।
वारुण-यन्त्र–ना॰ [सं॰] दम-कल।
वारुणी–ना॰ [सं॰] १. पश्चिम दिशा। २. वरुणकी पत्नी। ३. मदिरा; रक्सी। ४. शतभिषा नक्षत्र-युक्त चैत्र कृष्ण त्रयोदशीका दिन पर्ने एक योग। ५. दूबो।
वारेस–ना॰ [अ॰ वारिस] वारिस।
वारेसनामा–ना॰ [वारिसनामा] वारिसनामा।
वार्ड–ना॰ [अं॰] १. कुनै किसिमको प्रबन्ध गर्न सजिलो पार्नाका निमित्त तोकिएको क्षेत्र; सीमित इलाका। २. जेल, अस्पताल आदिको खण्ड वा विभाग।
वार्णिक–वि॰ [सं॰] १. वर्ण वा अक्षर-सम्बन्धी। २. लेखक।
वार्णिक-छन्द–ना॰ [सं॰] वर्ण-वृत्त।
वार्तक–ना॰ [सं॰] बट्टाई।
वार्तमानिक–वि॰ [सं॰] वर्तमान कालको; भइरहेका समयको।
वार्ता–ना॰ [सं॰] वार्त्ता।
वार्तायन–ना॰ [सं॰] १. गुप्त-चर; जासूस। २. संवाददाता।
वार्त्ता–ना॰ [सं॰] १ कुराकानी; बात-चीत। २. वृत्तान्त; हाल। ३. हल्ला; जन-श्रुति। ४. जीविका; पेशा। ५. विषय; प्रसङ्ग। ६. वैश्य-वृत्ति (कृषि, वाणिज्य, गो-रक्षा र साहूकारी)।
वार्त्ताक–ना॰ [सं॰] १. भण्टा। २. बट्टाई।
वार्त्तालाप–ना॰ [सं॰] कुराकानी; बात-चीत।
वार्त्ता-वह–ना॰ [सं॰] समाचार-वाहक; दूत।
वार्त्तिक–ना॰ [सं॰] १. कुनै ग्रन्थको उक्त, अनुक्त र दुरुक्त अर्थलाई स्पष्ट गर्ने वाक्य वा ग्रन्थ। २. व्यवसायी। ३. किसान। ४. जासूस। (वि॰) ५. वार्त्ता-सम्बन्धी।
वार्द्धक–ना॰ [सं॰] १. बुढ़्याइँ। २. बुढ़्याइँबाट भएको कमजोरी। ३. वृद्धहरूको समुदाय वा मण्डली।
वार्द्धक्य–ना॰ [सं॰] १. बूढ़ो हुनाको भाव; वृद्धावस्था; बुढ़्याइँ। २. बढ्ती; वृद्धि।
वार्द्धि–ना॰ [सं॰] समुद्र।
वार्द्धुषिक–ना॰ [सं॰] ब्याजद्वारा जीविका गर्ने व्यक्ति।
वार्य–वि॰ [सं॰] १. वरण गर्न योग्य। २. निवारण गर्न सकिने; निवारण गरिएको वा गरिने।
वार्ष–वि॰ [सं॰] वार्षिक।
वार्षिक–वि॰ [सं॰] १. वर्ष-सम्बन्धी; वर्षको। २. हरेक साल हुने; प्रतिवर्ष हुने।
वार्षिकी–ना॰ [सं॰] १. प्रतिवर्ष नियमित रूपले हुने काम (स्त्री-लिङ्ग-वाची शब्दका साथ प्रयोग हुने)। (वि॰) २. वर्षा ऋतुको; वर्षा-सम्बन्धी।
वार्षिकोत्सव–ना॰ [सं॰] प्रतिवर्ष गरिने जन्म-जयन्ती, पूजा आदिको उत्सव।
वार्हस्पत्य–वि॰ [सं॰] बृहस्पति-सम्बन्धी; बृहस्पतिको।
वाल–ना॰ [सं॰] पुच्छरको रौँ।
वाल–ना॰ [नेवा॰] बार बार्ने घोचो वा कीलो।
वाल–प्रत्य॰ [फा॰ वाला] कुनै वस्तु साथमा भएको, कुनै काम गर्ने आदि अर्थ बुझाउने एक प्रत्यय; वाला। (उदा॰–खेतीवाल, जिम्मावाल, ढिपीवाल आदि।)

CC-0. In Public Domain. Digitization by eGangotri

वालक–ना० [सं०] १. घोड़ा, हात्ती आदि जनावरको पुच्छर। २. ठूलो टाउको र साना पखेटा हुने, लामो एक जातको माछो।

वालव–ना० [सं०] ज्योतिष-शास्त्रअनुसार एक करण।

वाला–प्रत्य० [फा०] कुनै वस्तु साथमा भएको, कुनै काम गर्ने आदि अर्थ बुझाउने एक प्रत्यय; वाल। (उदा०–हक-वाला, हालवाला, वहालवाला, छातावाला इत्या०।)

वालि–ना० [सं०] रामायण-प्रसिद्ध एक वानर-राज।

वालुका–ना० [सं०] १. बालुवा; रेत। २. धूलो; चूर्ण।

वालेय–ना० [सं०] १. गधा; गर्दभ। २. पुत्र; छोरो।

वाल्कल–वि० [सं०] १. छाला वा बोक्राले बनेको। २. छाला वा बोक्रा-सम्बन्धी।

वाल्कली–ना० [सं०] मदिरा।

वाल्मिकि–ना० [सं०] वाल्मीकि।

वाल्मीक–ना० [सं०] वाल्मीकि।

वाल्मीकि–ना० [सं०] रामायण ग्रन्थका रचयित्ता एक प्रसिद्ध ऋषि; संस्कृतका आदि-कवि।

वाल्मीकीय–वि० [सं०] १. वाल्मीकि-सम्बन्धी। २. वाल्मीकिले बनाएको।

वाल्ल–क्रि०यो० [नें०] १. बिलख-बन्दमा पर्ने किसिम; जिल्ल। २. अलमल्ल; रल्ल।

वावदूक–वि० [सं०] १. धेरै बोल्ने; बकबके। २. कुशल वक्ता।

वाशन–ना० [सं०] १. चरा-चुरुङ्गी कराउनु; बास्नु। २. कुनै जन्तुले कराएको शब्द।

वाशित–ना० [सं०] १. चरा-चुरुङ्गी कराएको शब्द; बासेको आवाज। २. जन्तुले कराएको शब्द।

वाशिष्ठ–वि० [सं०] वशिष्ठको; वशिष्ठ-सम्बन्धी।

वाशिष्ठी–वि० [सं०] १. वशिष्ठ ऋषि-सम्बन्धी। २. वशिष्ठ-ले बनाएको। (ना०) ३. वशिष्ठ ऋषिले बनाएको कर्म-काण्डको एक शाखा।

वाष्प–ना० [सं०] वाफ; बाष्प।

वाष्पीकरण–ना० [सं०] कुनै पदार्थलाई वाष्पको रूपमा परिणत गर्नु।

वास–ना० [सं०] १. घर; गृह। २. रहने काम; निवास; वास। ३. वस्त्र; पोशाक। ४. रहेको ठाउँ; अवस्थल। ५. दिनभरको यात्रा। ६. बास्ना; सुगन्ध। ७. गन्ध। ८. डेरा।

वास-कुटी–ना० [सं०] पाल।

वासक–ना० [सं०] १. दिन; वासर। २. वस्त्र; लुगा। ३. बास्ना; गन्ध। ४. वास; निवास। ५. असुराको वोट। (वि०) ६. बास्ना फिँजाउने।

वासक-सज्जा–ना० [सं०] सिंगार-पटार गरी घर, कोठा, बिछ्यौना आदि सजाएर नायकको आगमनको प्रतीक्षा गर्ने नायिका।

वास-गृह–ना० [सं०] १. अन्तःपुर। २. पाल।

वासन–ना० [सं०] १. बास्ना फिँजाउनु; सुगन्धित पार्नु। २. लुगा; वस्त्र। ३. वास; निवास।

वासना–ना० [सं०] १. सांसारिक सुख-भोग; भोग-विलास। २. इच्छा; कामना; चाह। ३. भावना ४. पूर्व-जन्मको। अभिलाषा। ५. भ्रम; अज्ञान।

वासन्त–वि० [सं०] १. वसन्त ऋतु-सम्बन्धी। २. वसन्त ऋतुमा हुने; वासन्ती। ३. जवान; पट्ठो। ४. बुद्धिमान्। (ना०) ५. ऊँट। ६. जवान हात्ती। ७. कोइली। ८. मलयाचलतिरबाट आएको हावा।

वासन्तिक–वि० [सं०] १. वसन्त-सम्बन्धी; वासन्ती। (ना०) २. विदूषक। ३. अभिनेता।

वासन्ती–ना० [सं०] १. माधवी लता। २. नेवारी फूल। ३. वसन्तोत्सव। ४. दुर्गा।

वासर–ना० [सं०] १. दिन; दिवस; वार। २. घर; वास-स्थान। ३. वर-वधूको प्रथम शयनागार।

वासव–ना० [सं०] १. इन्द्र। २. धनिष्ठा नक्षत्र। (वि०) ३. वसु-सम्बन्धी।

वास-स्थान–ना० [सं०] १. वास गरेको ठाउँ; बसेको वा रहेको स्थान। २. घर; गृह। ३. थात-थलो।

वासा–ना० [सं०] १. माधवी लता। २. असुरो।

वासित–वि० [सं०] १. बास्ना आउने पारिएको; सुगन्धित पारिएको। २. वस्त्रले सजाइएको। ३. आबाद। ४. प्रसिद्ध। (ना०) ५. ज्ञान। ६. पक्षीहरूको कलरव।

वासिल–वि० [अ०] असूल भएको; उठती भएको।

वासिल-बाँकी–ना० [बासिल+बाँकी] १. उठती भइसकेका र असूल हुन बाँकी रहेका रकम-कलमको हर-हिसाब। २. लिने र दिनेको सही-छाप परेको एक किसिमको ठाड़ो ढपोट।

वासिलात–ना० [अ०] १. असूल भएका रकम-कलम। २. सम्पूर्ण आम्दानीको जोड़। ३. उठती-पुठती हुनुपर्ने रकमको सूची।

वासिष्ठ–वि० [सं०] वसिष्ठ-सम्बन्धी।

वासिष्ठी–वि० [सं०] वाशिष्ठी।

वासी–वि० [सं०] कुनै ठाउँमा रहने; बसोबास गर्ने।

वासु–ना० [सं०] १. आत्मा। २. परमात्मा। ३. विष्णु। ४. पुनर्वसु नक्षत्र।

वासुकि–ना० [सं०] एक प्रसिद्ध नाग-राज; अष्ट नागमध्ये एक।

वासुकेय–ना० [सं०] वासुकि।

वासुदेव–ना० [सं०] वसुदेवका पुत्र; कृष्ण।

वासू–ना० [सं०] १. युवतीहरूलाई सम्बोधन गर्ने शब्द। २. सोह्र वर्षकी तरुणी स्त्री।

वास्कट–ना० [अं० वेस्ट-कोट] १. कोट, इस्टकोट आदि बना-उने एक जातको बाक्लो सूती कपड़ा। २. इस्टकोट।

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तव–वि० [सं०] यथार्थ; सत्य; तथ्य ।
वास्तविक–वि० [सं०] १. यथार्थ; जस्ताको-तस्तो; तथ्य । २. सत्य; साँचो ।
वास्तविकता–ना० [सं०] यथार्थता; सत्य ।
वास्तव्य–वि० [सं०] १. रहन योग्य; बस्न लायक । (ना०) २. बस्ती; आबादी ।
वास्ता–ना० [अ० वासितः] १. सरोकार; प्रयोजन । २. सम्बन्ध; चासो ।
वास्ता-व्यास्ता–ना० [वास्ता+व्यास्ता (फाँ०)] १. वास्ता; चासो; चाहना । २. हेर-विचार ।
वास्तु–ना० [सं०] १. घर बनाउने जग्गा; घड़ेरी । २. घर-को जग । ३. घर; वास-स्थान; इमारत; भवन । ४. नयाँ घरमा प्रथम प्रवेश गर्दा गरिने यज्ञ आदि कर्म ।
वास्तुक–ना० [सं०] १. बेथेको साग । २. पुनर्नवा ।
वास्तु-कर्म–ना० [सं०] १. घर बनाउने काम; गृह-निर्माण । २. नयाँ घरमा प्रथम प्रवेश गर्दा गरिने मङ्गल कर्म ।
वास्तु-कला–ना० [सं०] घर, महल, आदि बनाउने कला वा विद्या; वास्तु-निर्माण गर्ने कला ।
वास्तु-कार–ना० [सं०] घर, इमारत आदि बनाउने पेशा भएको व्यक्ति ।
वास्तु-देवता–ना० [सं०] गृह-देवता ।
वास्तु-विज्ञान–ना० [सं०] वास्तु-सम्बन्धी विद्या; वास्तु-विद्या ।
वास्तु-विद्या–ना० [सं०] घर, इमारत आदि बनाउने विद्या; वास्तु-कला ।
वास्तु-शान्ति–ना० [सं०] नयाँ घरमा प्रवेश गर्दा गरिने शान्ति, स्वस्ति आदि शुभ कर्म ।
वास्तु-शास्त्र–ना० [सं०] वास्तु-विद्या ।
वास्ते–ना० यो० [अ० वासितः] लागि; निम्ति; खातिर ।
वास्तोष्पति–ना० [सं०] इन्द्र ।
वास्लात–ना० [अ० वासिलात] १. असूल भएका रकम-कलम; वासिलात । २. एक किसिमको अकर्ण-पत्र ।
वाह–वि० [सं०] १. लैजाने; लाने । २. बोक्ने; ओसार्ने । (ना०) ३. परिआएका बखत डोली, भारी आदि बोक्ने एक प्रकारको रकम । ४. लैजाने काम । ५. ओसार्ने वा बोक्न साधन । ६. घोड़ा, बैल आदि सवारी वा ओसार्ने पशु ।
वाह–वि० बो० [फा०] १. कसैले असल काम गर्दा भनिने प्रशंसा-सूचक शब्द; धन्य । २. खराब काम गर्नेलाई व्यङ्ग्यपूर्वक भनिने तिरस्कार-सूचक शब्द ।
वाहक–वि० [सं०] १. बोक्ने; बोकेर लाने । २. चलाउने; चालक । (ना०) ३. भरिया । ४. सवारी हाँक्ने व्यक्ति (सारथि, सवार, डाइभर आदि) ।
वाहन–ना० [सं०] १. घोड़ा, बग्गी, मोटर आदि मानिस चढ़ेर हिंड्ने साधन; सवारी; यान । २. बोकेर लाने काम; ओसार्ने काम । ३. भारी बोकेर लग्ने जनावर वा साधन ।
वाह-वाह–वि० बो० [फा०] १. कसैले असल वा प्रशंसनीय काम गर्दा भनिने शब्द; धन्य-धन्य । २. निन्दनीय काम गर्नेलाई व्यङ्ग्यपूर्वक तिरस्कार गरेर भनिने शब्द ।
वाह-वाही–ना० [वाह-वाह+ई] 'वाह-वाह' भन्ने किसिम, क्रिया वा भाव; प्रशंसा ।
वाहिक–वि० [सं०] १. भारी बोक्ने व्यक्ति; भरिया । २. भार बोक्ने साधन ।
वाहित–वि० [सं०] १. बोकिएको; वहन गरिएको । २. चलाइएको । ३. बिताइएको; व्यतीत । ४. पुऱ्याइ-एको । ५. बगाइएको । ६. धोखा दिइएको । (ना०) ७. भारी ।
वाहिनी–ना० [सं०] १. सेना; फौज । २. सेनाको एक विभाग (८१ हात्ती, ८१ रथ, २४३ घोड़-चढ़ी र ४०५ पैदल) । (वि०) ३. लग्ने; बगाउने; वाहित गर्ने ।
वाहियात–वि० [फा०] १. नचाहिंदो; फजूल; अनावश्यक । २. रद्दी; निकम्मा । ३. नाहक; अकारण ।
वाहियाती–वि० [फा० वाहियात] वाहियात ।
वाही–वि० [सं०] १. भारी बोक्ने; वाहक । २. बगाउने; बहाउने ।
वाहु–ना० [सं०] बाहु ।
वाहुल–ना० [सं०] कार्तिक महीना ।
वाह्य–वि० [सं०] १. बोक्न, तान्न वा घिसार्न सकिने वा हुने । २. बोक्ने; वहन गर्ने । ३. बाह्य । (ना०) ४. भारी बोक्ने पशु । ५. सवारी; यान ।
वि–उप० [सं०] शब्दका अगिल्तिर लागेर अनेकता, निषेध, विशेषता, प्रतिकूलता आदि बुझाउने एक उपसर्ग । (उदा०– विभाग, विस्मृत, विनाश, विभिन्न, विधि आदि ।)
विंश–ना० [सं०] १. बीसको सङ्ख्या; २०-अङ्क । (वि०) २. दश र दशका योग-सङ्ख्याको; बीस ।
विंशति–ना० [सं०] १. बीसको सङ्ख्या । (वि०) २. बीस; पन्ध्र र पाँचका योग-सङ्ख्याको ।
विंशतितम–वि० [सं०] बीसौं; बीस-सङ्ख्याको ।
विकङ्कत–ना० [सं०] मयल फल ।
विकच–वि० [सं०] १. फुलेको; विकसित । २. रौं न-भएको; खुइलिएको । (ना०) ३. ध्वजा; पताका । ४. कपालको लट्टा ।
विकचित–वि० [सं०] १ फुलेको; विकसित (फूल आदि) । २. रौं खौरिएको वा खुइल्याइएको ।
विकट–वि० [सं०] १. भयङ्कर; भीषण । २. कठिन; मुश्किल । ३. जाइनसक्नु; दुर्गम । ४. बड़ेमाको; भद्दा । ५. अति नराम्रो । ६. घमन्डी; अभिमानी । ७. सुन्दर; मनोहर । ८. क्रोधले आँखी-भौं तानिएको । (ना०) ९. सोम-लता । १०. खटिरो ।
विकण्टक–ना० [सं०] चुत्रो ।
विकत्थन–ना० [सं०] १. आफूले गरेको आफ्नै प्रशंसा; आत्म-

CC-0. In Public Domain. Digitization by eGangotri

श्लाघा । २. झूठो प्रशंसा ।

विकत्था–ना० [सं०] १. झूठो तारीफ; मिथ्या प्रशंसा । २. आत्म-श्लाघा । ३. शेखी । ४. व्यङ्ग्य ।

विकत्थी–वि० [सं०] १ आत्म-प्रशंसा गर्ने । २. झूठो शंसा गर्ने ।

विकम्पन–ना० [सं०] खूब काँप्नु; विशेष रूपले काँप्नु ।

विकर–ना० [सं०] १. अपगति परेर मरेका पितृहरूलाई श्राद्ध गर्दा दिइने पिण्ड वा अन्न । २. बीमारी; रोग ।

विकराल–वि० [सं०] भयङ्कर; भीषण ।

विकर्तन–ना० [सं०] १. सूर्य । २. बाबुको राज्य खोसेर राजा हुने छोरो । (वि०) ३. काट्ने; टुक्र्याउने । ४. कत्रने ।

विकर्म–ना० [सं०] १. अनुचित कर्म; निषिद्ध कर्म । २. विभिन्न प्रकारका कर्म । (वि०) ३. निषिद्ध कर्म गर्ने; कुकर्मी ।

विकर्म-क्रिया–ना० [सं०] गर्न नहुने काम; निषिद्ध कर्म ।

विकर्मा–वि० [सं०] १. खराब वा निषिद्ध कर्म गर्ने; कुकर्मी । २. काम-काज नगर्ने; अकर्मण्य ।

विकर्ष–ना० [सं०] १. तान्नु; घिच्च्याउनु । २. बाण ।

विकर्षण–ना० [सं०] १. तान्ने काम; आकर्षण । २. कामदेवका पाँच बाणमध्ये एक । ३. जाँच । ४. विपरीत तनाइ ।

विकल–वि० [सं०] १. मनमा शान्ति नभएको; व्याकुल; विह्वल । २. असन्तुष्ट; क्षुब्ध । ३. टूट-फूट भएको । ४. अधूरो; अपूर्ण । ५. घटेको; कम भएको ।

विकला–ना० [सं०] १. चन्द्रमाका कलाको साठियौं भाग । २. अति छोटो समय । ३. रज-स्राव बन्द भएकी स्त्री ।

विकलाङ्ग–वि० [सं०] अङ्ग-भङ्ग भएको ।

विकलित–वि० [सं०] विकल; व्याकुल ।

विकलेन्द्रिय–वि० [सं०] १. कुनै इन्द्रिय विकृत भएको । २. चञ्चल इन्द्रिय भएको; इन्द्रियका वशमा परेको ।

विकल्प–ना० [सं०] १. एउटा कुरो पहिले सोचेर पछि-त्यसको विरुद्ध अर्को कुरो सोच्ने काम । २. कुनै दुइ विषय-मा एक विषय छान्ने काम । ३. व्याकरणमा कुनै विषय-का धेरै नियमहरूमध्ये एउटा स्वीकार गर्ने काम । ४. भ्रम; भ्रान्ति । ५. योग-शास्त्रअनुसार मनमा सन्देह उत्पन्न हुने चित्त-वृत्ति । ६. कुनै दुइ परस्पर विरोधी विषयहरूलाई लिएर यो अथवा त्यो-भन्दा पर्ने एक अर्थालङ्कार ।

विकल्प-जाल–ना० [सं०] अनेक प्रकारका द्विविधाहरू ।

विकल्पन–ना० [सं०] १. अनिश्चय; सन्देह । २. दुइ वा धेरै वस्तुहरूमा कुनै एकलाई स्वीकार गर्नु ।

विकल्पित–वि० [सं०] १. अनिश्चित; सन्दिग्ध । २. अनियमित ।

विकल्मष–वि० [सं०] १. दोष-रहित; निर्दोष । २. पाप नभएको; निष्पाप ।

विकस–ना० [सं०] चन्द्रमा ।

विकसन–ना० [सं०] १. फुल्नु; फक्रनु; प्रफुल्ल हुनु । २. बढ्नु; उन्नति हुनु ।

विकसित–वि० [सं०] १. फुलेको; प्रफुल्ल । २. खुशी भएको; प्रसन्न । ३. बढेको; वृद्धि भएको ।

विकस्वर–वि० [सं०] १. फुलेको; विकसित । (ना०) २. विशेष कुरालाई सामान्य कुरोले पुष्टि गर्दा पर्ने एक काव्यालङ्कार ।

विकाङ्क्षी–वि० [सं०] इच्छा-रहित; निष्काम ।

विकार–ना० [सं०] १. कुनै वस्तु वा पदार्थको रूप, गुण, आदिमा परिवर्तन हुनु । २. बिग्रनु; खराब हुनु । ३. परिवर्तन; हेर-फेर । ४. विचार, उद्देश्य, धारणा आदिमा परिवर्तन हुनु । ५. अनिष्ट कुरा वा पाप-कर्मतिर चित्त-वृत्ति जानु; खराब वासनामा फस्नु ।

विकारित–वि० [सं०] विकार उत्पन्न गरिएको; विकृत तुल्याइएको ।

विकारी–वि० [सं०] १. कुनै किसिमको विकार उत्पन्न भएको; विकार-युक्त । २. बदलिने स्वभावको; परि-वर्तन-शील । ३. मनमा राग, द्वेष आदि विकार उत्पन्न भएको । (ना०) ४. साठी संवत्सरमध्ये एक ।

विकाल–ना० [सं०] १. कुनै काम गर्ने निश्चित अवधि बितेपछिको समय । २. अतीत काल । ३. साँझ; सन्ध्या ।

विकाश–ना० [सं०] १. उज्यालो; प्रकाश । २. विस्तार; फैलावट । ३. प्रदर्शन । ४. खुला र सोझो बाटो । ५. हर्ष; आनन्द; प्रसन्नता । ६. आकाश । ७. उत्सुकता; अभिलाषा । ८. फूल आदि फुल्ने काम ।

विकाशक–वि० [सं०] १. प्रकट गर्ने वा हुने । २. फुलाउने (फूल आदि) ।

विकाशन–ना० [सं०] १. फूल आदि प्रकट हुने वा गर्ने काम । २. फूल आदि फुलाउने वा फुल्ने काम ।

विकाशी–वि० [सं०] १. प्रकट हुने वा गर्ने । २. फूल आदि फुल्ने वा फुलाउने ।

विकास–ना० [सं०] १. फूल आदि फुल्नु; विकसित हुनु । २. क्रमशः बढ्नु; वृद्धि हुनु; हुर्कनु । ३. विस्तार; फैलावट । ४. प्रसन्नता; आनन्द ।

विकासन–ना० [सं०] १. फुल्नु; विकास हुनु । २. फैलनु; विस्तार हुनु । ३. प्रदर्शन ।

विकासवाद–ना० [सं०] एकै मूल तत्त्वबाट वृक्ष, वनस्पति, जीव-जन्तु, मनुष्य आदि क्रमशः बढ्दै आएका हुन् भन्ने एक वैज्ञानिक सिद्धान्त ।

विकासवादी–वि० [सं०] विकासवादमा विश्वास गर्ने; विकासवाद मान्ने ।

विकासित–वि० [सं०] १. प्रकाशित । २. देखाइएको; प्रदर्शित । ३. फैलाइएको; विस्तारित । ४. फुलेको;

CC-0. In Public Domain. Digitization by eGangotri

विकसित ।

विकासी–वि० [सं०] १. विकास हुने वा गर्ने; विकसित हुने वा गर्ने; फुल्ने वा फुलाउने (फूल आदि) । २. विकास गराउने; विकास गरिने ।

विकिर–ना० [सं०] १. छरिएको वस्तु; फिंजिएको पदार्थ । २. पक्षी । ३. श्राद्ध गर्दा पिण्ड-दान गर्नुभन्दा पहिले अपगति परेर मरेका पितृका उद्देश्यले दिइने पिण्ड वा अन्न । ४. कूप । ५. वृक्ष ।

विकिरण–ना० [सं०] १. छर्ने काम; फिंजाउने क्रिया । २. मार्ने काम; हिंसा । ३. ज्ञान । ४. धेरै किरण-हरूलाई एकै ठाउँमा केन्द्रीभूत गर्ने काम ।

विकीर्ण–वि० [सं०] १. छरिएको; फिंजिएको वा फिंजाइएको । २. प्रसिद्ध; विख्यात ।

विकुञ्चन–ना० [सं०] बेसरी खुम्च्याउने वा खम्चिने किसिम, क्रिया वा भाव ।

विकुञ्चित–वि० [सं०] बेसरी खुम्चिएको; चाउरिएको ।

विकुण्ठ–वि० [सं०] १. कुण्ठित नभएको; भुत्ते नभएको । २. कमजोर; दुर्बल । ३. कुण्ठा नभएको । (ना०) ४. वैकुण्ठ ।

विकृत–वि० [सं०] १. बिग्रेको; विकार पैदा भएको । २. रूप बिग्रेको; कुरूप । ३. हेर-फेर भएको; परिवर्तित । ४. अस्वाभाविक । ५. अधूरो; अपूरो ।

विकृति–ना० [सं०] १. बिगार; खराबी । २. कुनै वस्तु बिग्रेर बनेको रूप; परिवर्तित रूप । ३. विचार, बुद्धि, उद्देश्य आदिको परिवर्तन । ४. व्याकरणमा मूल धातुबाट विकृत भएर बनेको शब्दको रूप ।

विकृष्ट–वि० [सं०] १. बेसरी तानिएको; आकृष्ट । २. छुट्याइएको । ३. फैलाइएको; फिंजाइएको ।

विकोश–वि० [सं०] १. स्यान, दाप आदिबाट झिकेको (खुकुरी, तलवार आदि) । २. आवरण वा खोल नभएको; नाङ्गो । ३. बोक्रो नभएको; कोसा छोड़ाइएको ।

विकोष–वि० [सं०] विकोश ।

विक्रम–ना० [सं०] १. पराक्रम; वीरता; बहादुरी । २. शक्ति; सामर्थ्य । ३. पाइला सार्ने काम; कदम । ४. साठी संवत्सरमध्ये एक । ५. विष्णु । ६. विक्रमादित्य । ७. विक्रमादित्यले चलाएको संवत् ।

विक्रमण–ना० [सं०] १. साहसपूर्वक कदम बढ़ाउनु । २. वीरता ।

विक्रमादित्य–ना० [सं०] १. विक्रम संवत्सरका प्रवर्तक मानिएका, भारतका एक प्रतापी राजा । २. भारतका गुप्त-वंशीय सम्राट् चन्द्रगुप्तको एक उपाधि ।

विक्रमाब्द–ना० [सं०] विक्रमादित्यले चलाएको भनी प्रसिद्ध संवत्सर; विक्रम संवत् ।

विक्रमार्क–ना० [सं०] विक्रमादित्य ।

विक्रमी–वि० [सं०] १. पराक्रमी; वीर । २. विक्रम-सम्बन्धी; विक्रमादित्य-सम्बन्धी । (ना०) ३. वीर पुरुष । ४. विक्रम संवत् ।

विक्रमीय–वि० [सं०] १. विक्रम वा पराक्रम-सम्बन्धी । २. विक्रमादित्य-सम्बन्धी । ३. विक्रम संवत्को ।

विक्रय–ना० [सं०] बेच्ने काम; बिक्री ।

विक्रयक–वि० [सं०] बेच्ने; बिक्री गर्ने ।

विक्रय-कर–ना० [सं०] कुनै चीज बिक्री गर्दा लाग्ने कर ।

विक्रयण–ना० [सं०] बेच्ने काम; बिक्री ।

विक्रय-पत्र–ना० [सं०] कुनै माल बेच्दा मालको तपसील, त्यसको दर, मोल आदि लेखिएको पत्र ।

विक्रयार्थ–वि० [सं०] बिक्रीका निम्तिको; बेचिने ।

विक्रयिक–वि० [सं०] बेच्ने; विक्रेता ।

विक्रयी–ना० [सं०] बिक्री गर्ने व्यक्ति; विक्रेता; व्यापारी ।

विक्रय्य–वि० [सं०] बेचिने; बिक्री गरिने; बिक्रीको ।

विक्रान्त–वि० [सं०] १. साहसी; वीर; पराक्रमी । २. विजयी; विजेता । (ना०) ३. पाइलो; कदम । ४. योद्धा; लड़ाका । ५. वीरता; पराक्रम । ६. सिंह ।

विक्रान्त-गति–ना० [सं०] सुन्दर चालले हिंड्ने मानिस ।

विक्रान्ता–ना० [सं०] १. गुर्जो । २. रातो-लज्जावती । ३. जयन्ती लता । ४. मूसाकानी । (वि०) ५. पराक्रमी; वीर । ६. विजयी ।

विक्रान्ति–ना० [सं०] १. कदम; पाइलो । २. शक्ति; सामर्थ्य । ३. विक्रम । ४. वीरता ।

विक्रिया–ना० [सं०] १. परिवर्तन । २. उत्तेजना । ३. क्रोध । ४. शत्रुता ।

विक्री–ना० [सं०] १. मोल लिएर कुनै वस्तु दिने काम; बेच्ने काम; विक्रय । २. एक वस्तु दिएर अर्को वस्तु साट्ने काम; विनिमय ।

विक्रीत–वि० [सं०] बेचिएको; बिक्री भएको ।

विक्रेतव्य–वि० [सं०] विक्रेय ।

विक्रेता–ना० [सं०] बेच्ने व्यक्ति; बिक्री गर्ने मानिस ।

विक्रेय–वि० [सं०] १. बेच्न योग्य; बिक्री गर्न लायक । २. बिक्ने; बिक्री हुने ।

विक्रोध–वि० [सं०] रीस नभएको; क्रोध-रहित ।

विक्रोश–ना० [सं०] १. ठूलो स्वर । २. गाली; निन्दा ।

विक्रोशन–ना० [सं०] १. ठूलो स्वरले बोलाउनु; पुकार्नु । २. गाली गर्नु; हप्काउनु ।

विक्रोष्टा–ना० [सं०] १. ठूलो स्वरले बोलाउने व्यक्ति । २. गाली गर्ने मानिस ।

विक्लव–वि० [सं०] १. डराएको; भय-भीत । २. डर-पोक; भीरु । ३. बेचैन; विह्वल । ४. उराठ लागेको; पट्टाइ लागेको ।

विक्लान्त–वि० [सं०] १. उत्साह भङ्ग भएको; हतोत्साह । २. थाकेको; थकित; श्रान्त ।

विक्लिन्न–वि० [सं०] १. भिजेको; आर्द्र । २. सड़े-गलेको; कुहेको । ३. ओइलाएको । ४. जीर्ण ।

CC-0. In Public Domain. Digitization by eGangotri

विक्लिष्ट–वि० [सं०] १. साह्रै दुःखित; उत्पीडित। २. घायल; क्षति-ग्रस्त।

विक्षत–वि० [सं०] १. चोट लागेको ; घायल। (ना०) २. घाउ; चोट-पटक।

विक्षरण–ना० [सं०] बेसरी चुहुनु।

विक्षालित–वि० [सं०] १. राम्ररी धोइएको; प्रक्षालित। २. नुहाएको; स्नान गराइएको।

विक्षिप्त–वि० [सं०] १. यता-उति छरिएको; छिरलिएको। २. फ्याँकिएको; मिल्काइएको। ३. छोड़िएको; त्यागिएको। ४. बहुलाएको; छँटाएको; पागल। ५. व्यग्र; व्याकुल।

विक्षुण्ण–वि० [सं०] १. खुँदिएको; कुल्चिएको। २. धूलो पारिएको। ३. प्रेरित।

विक्षुब्ध–वि० [सं०] मनमा शान्ति वा स्थिरता नभएको; अतिशय क्षुब्ध।

विक्षेप–ना० [सं०] १. यता-उति छर्कने काम; छिरल्ने काम। २. हुत्त्याउनु; फ्याँक्नु; मिल्काउनु। ३. चित्त स्थिर नहुनु; मन संयममा नरहनु। ४. विह्वल हुनु; घबड़ाउनु।

विक्षेपण–ना० [सं०] १. फ्याँक्नु; हुत्त्याउनु; फाल्नु। २. फैलिनु; फिँजिनु। ३. विघ्न; बाधा। ४. अत्यास; घबड़ाहट।

विक्षेप्ता–वि० [सं०] १. छर्ने; छिरल्ने। २. फ्याँक्ने; मिल्काउने; हुत्त्याउने।

विक्षोभ–ना० [सं०] १. मनको उद्वेग; क्षोभ। २. कुनै खराब घटनाले गर्दा मनमा उत्पन्न हुने विकार; आतङ्क।

विक्षोभण–ना० [सं०] मनमा विक्षोभ पैदा हुनु वा गराउनु।

विक्षोभित–वि० [सं०] मनमा क्षोभ पैदा भएको; उद्विग्न; क्षुब्ध।

विखण्डित–वि० [सं०] १. टुक्रा-टुक्रा पारिएको; खण्डित। २. भाग लगाइएको; विभाजित। ३. अङ्ग-भङ्ग गरिएको। ४. खण्डन गरिएको (तर्क)।

विखनन–ना० [सं०] खन्ने काम; खोदाइ।

विख्यात–वि० [सं०] नाम चलेको; प्रसिद्ध; सर्व-विदित।

विख्यात-त्रिशक्ति-पट्ट–ना० [सं०] दोस्रा दर्जाको त्रिशक्ति-पट्ट तक्मा।

विख्याति–ना० [सं०] विख्यात हुनाको भाव; प्रसिद्धि।

विख्यापन–ना० [सं०] नाम चलाउनु; प्रसिद्ध गराउनु।

विख्यापित–वि० [सं०] प्रसिद्ध पारिएको; विख्यात तुल्याइएको।

विगत–वि० [सं०] १. बितेको; अतीत। २. बितेका समयभन्दा पहिलेको; गत समयभन्दा पहिलेको। ३. विछोड़ भएको; वियुक्त। ४. मृत। ५. रहित; विहीन।

विगत-कल्मष–वि० [सं०] पाप छुटेको; निष्पाप।

विगत-क्लम–वि० [सं०] थकाइ मरेको; क्लान्ति हटेको।

विगत-भय–वि० [सं०] डर नभएको; निर्भीक।

विगत-राग–वि० [सं०] राग वा वासना हटेको; विरक्त।

विगतार्तवा–ना० [सं०] मासिक-धर्म बन्द भइसकेकी स्त्री।

विगति–ना० [सं०] खराब गति; दुर्गति।

विगर्हण–ना० [सं०] १. हप्की; धम्की। २. निन्दा; तिरस्कार।

विगर्हणीय–वि० [सं०] १. हप्काउन योग्य; भर्त्सना गर्न योग्य। २. निन्दनीय।

विगर्हा–ना० [सं०] निन्दा; तिरस्कार।

विगर्हित–वि० [सं०] १. हप्काइएको; भर्त्सना गरिएको। २. निन्दा गरिएको; तिरस्कृत। ३. खराब; कुत्सित।

विगर्ह्य–वि० [सं०] १. हप्काउन लायक; भर्त्सना गर्न योग्य। २. निन्दनीय।

विगलन–ना० [सं०] १. पग्लनु; गल्नु। २. चुहुनु; क्षरण। ३. शिथिल हुनु।

विगलित–वि० [सं०] १. चुहेको। २. पग्लेको; गलेको।

विगाह–ना० [सं०] १. डुबुल्की; गोता। २. स्नान।

विगुण–वि० [सं०] १. गुण नभएको; गुण-हीन; निर्गुण। २. खराब; कुत्सित।

विगूढ–वि० [सं०] लुकेको; छिपेको।

विगृहीत–वि० [सं०] १. समातेको; पक्रेको। २. विभाजन गरिएको; विभक्त। ३. विरोध वा सामना गरिएको।

विग्रह–ना० [सं०] १. छुट्ट्याउने काम; अलग पार्ने काम। २. विभाग; खण्ड। ३. विस्तार; फैलावट। ४. आकार; आकृति। ५. शरीर। ६. व्याकरणअनुसार यौगिक वा समस्त पद, वाक्य आदिको व्याख्या गर्नाका निमित्त तिनलाई अलग-अलग पार्ने काम। ७. कलह; झगड़ा। ८. लडाइँ; युद्ध। ९. फूट पैदा गर्नु; वैमनस्य पार्नु।

विग्रही–वि० [सं०] युद्ध गर्ने वा गराउने; लड़ाइँ गर्ने वा गराउने।

विघटन–ना० [सं०] १. अलग-अलग पार्नु; छुट्ट्याउनु। २. छिन्न-भिन्न पार्नु। ३. फोर्नु। ४. नष्ट गर्नु।

विघटित–वि० [सं०] १. छुट्ट्याइएको; अलग पारिएको। २. छिन्न-भिन्न पारिएको। ३. फोरिएको। ४. बिगारिएको; विघटन गरिएको।

विघट्टन–ना० [सं०] १. घोट्ने काम; रगड्ने काम। २. खोल्नु; उघार्नु। ३. छुट्ट्याउनु; अलग पार्नु।

विघट्टना–ना० [सं०] विघट्टन।

विघट्टनीय–वि० [सं०] १. छुट्ट्याउन योग्य। २. घोट्न योग्य। ३. खोल्न योग्य।

विघट्टित–वि० [सं०] १. भत्काउन योग्य; बिगार्न योग्य। २. छुट्ट्याउन लायक।

विघस–ना० [सं०] १. आधा चपाएको गाँस। २. देव-पितृ-कार्यमा खर्च गरेर बाँकी रहेको अन्न। ३. खाएर बाँकी रहेको अन्न; पुरा। ४. मैन।

CC-0. In Public Domain. Digitization by eGangotri

विघात–ना० [सं०] १. चोट-पटक; आघात। २. ठुक्र्याउने काम। ३. हत्या; वध। ४. रोक्ने काम; बचावट।
विघातक–वि० [सं०] १. घात गर्ने; घातक। २. बाधक।
विघातन–ना० [सं०] १. हत्या गर्नु; घात गर्नु। २. रोक्नु; छेक्नु।
विघाती–वि० [सं०] १. हत्यारो; हिंसक। २. रोक्ने; प्रतिबन्धक।
विघूर्णन–ना० [सं०] बेसरी घुम्नु; खूब चक्कर खानु।
विघूर्णित–वि० [सं०] बेसरी घुमेको वा घुमाइएको।
विघोषण–ना० [सं०] ठूलो स्वरले घोषणा गर्ने काम।
विघ्न–ना० [सं०] १. बाधा; अड्काउ; रोकावट। २. विरोध।
विघ्न-कर–वि० [सं०] बाधा उपस्थित गर्ने; विघ्न-कारी; उपद्रयाहा।
विघ्न-कारी–वि० [सं०] विघ्न गर्ने; उपद्रव गर्ने।
विघ्न-विघात–ना० [सं०] विघ्न हटाउनु; बाधाको निवारण गर्नु।
विघ्न-विनायक–ना० [सं०] गणेश।
विघ्नान्तक–ना० [सं०] गणेश।
विघ्नित–वि० [सं०] विघ्न पारिएको; बाधा पुऱ्याइएको।
विघ्नेश–ना० [सं०] गणेश।
विचकित–वि० [सं०] १. आश्चर्य-चकित। २. तर्सिएको; आत्तिएको।
विचक्षण–वि० [सं०] १. कुनै विषयको विशेषज्ञ; निपुण। २. विद्वान्; पण्डित। ३. बुद्धिमान्। ४. चम्किलो; चहकदार।
विचयन–ना० [सं०] १. जम्मा गर्नु; एकत्रित गर्नु। २. खोजी गर्नु; गवेषणा।
विचर–वि० [सं०] १. डुलेको; भ्रमण गरेको। २. बाटो बिराएको; पथ-भ्रष्ट।
विचरण–ना० [सं०] १. घुम-फिर गर्नु; भ्रमण गर्नु। २. हिंड्नु; गमन। ३. चरण वा पाउ नभएको।
विचरणीय–वि० [सं०] १. घुम-फिर गर्न योग्य; भ्रमण गर्न योग्य। २. आचरण गर्न योग्य; पालनीय।
विचरित–वि० [सं०] १. यता-उति घुमेको; पर्यटन गरेको वा गराइएको। (ना०) २. भ्रमण; पर्यटन।
विचर्चिका–ना० [सं०] लूतो।
विचर्चित–वि० [सं०] लिपिएको; पोतिएको।
विचल–वि० [सं०] १. हिँड़िरहने; निरन्तर भ्रमण गर्ने। २. अस्थिर; चञ्चल। ३. आफ्नो प्रण, प्रतिज्ञा आदिबाट हटेको; विचलित। ४. आत्तिएको; तर्सेको।
विचलन–ना० [सं०] १. काँप्नु; कम्पन। २. अस्थिरता; चञ्चलता। ३. अहङ्कार।
विचलित–वि० [सं०] १. अस्थिर; चञ्चल। २. आफ्नो उद्देश्य, प्रतिज्ञा, प्रण, स्थान आदिबाट डगेको। ३. आत्तिएको; तर्सेको।
विचार–ना० [सं०] १. कुनै विषयमा गम्भीरतापूर्वक सोच्ने काम; मनन। २. मनमा सोचिएको वा सोचेर निश्चय गरिएको कुरो; सङ्कल्प; ठहर। ३. मनमा उत्पन्न हुने खयाल; भावना। ४. तत्त्व-परीक्षा। ५. वादी र प्रतिवादीका कुरा सुनेर मुद्दा छिन्ने काम; फैसला। ६. सत्य र असत्य कुरा छुट्ट्याउने बुद्धि; विवेक। ७. देख-रेख; हेर-विचार। ८. क्रिया-पुत्रीलाई बन्धु-वर्गले खान दिने सिधा। ९. शोकमा परेकालाई सान्त्वना दिने काम।
विचारक–वि० [सं०] १. विचार गर्ने; मनन गर्ने। २. मीमांसक; दार्शनिक। (ना०) ३. न्यायाधीश। ४. नेता; नायक। ५. गुप्त-चर।
विचार-कर्ता–ना० [सं०] १. सोच-विचार गर्ने व्यक्ति; मनन गर्ने व्यक्ति। २. मुद्दा-मामिलाको निर्णय गर्ने व्यक्ति; न्यायाधीश।
विचारज्ञ–वि० [सं०] १. विचार गर्नमा कुशल। (ना०) २. न्यायाधीश।
विचारण–ना० [सं०] १. विचार गर्ने काम; सोच्ने काम; मनन। २. परीक्षा। ३. संशय।
विचारणा–ना० [सं०] १. विचार गर्ने क्रिया; मनन; सोच-विचार। २. मुद्दा-मामिलामा गरिएको अदालतको निर्णय; फैसला। ३. मीमांसा-शास्त्र।
विचारणीय–वि० [सं०] १. विचार गर्नुपर्ने; चिन्तनीय। २. विचार गर्न योग्य। ३. सन्दिग्ध; शंकास्पद।
विचार-पति–ना० [सं०] न्यायाधीश।
विचार-मूढ–वि० [सं०] सोच-विचार गर्ने शक्ति नभएको।
विचारवान्–वि० [सं०] विचार भएको; विचार-शील; बुद्धिमान्।
विचार-विमर्श–ना० [सं०] १. सोच्ने शक्ति; मनन गर्ने शक्ति। २. परस्परमा विचारको आदान-प्रदान गर्ने काम; सर-सल्लाह।
विचार-शास्त्र–ना० [सं०] मीमांसा-शास्त्र।
विचार-शील–वि० [सं०] राम्ररी विचार गर्ने शक्ति भएको; मनन-शील; बुद्धिमान्।
विचार-स्थल–ना० [सं०] १. कुनै विषयमा विचार गर्ने ठाउँ। २. न्यायालय; अदालत।
विचार-स्वातन्त्र्य–ना० [सं०] कुनै पनि विषयमा सोच-विचार गर्ने र आफ्नो विचार प्रकट गर्ने स्वतन्त्रता।
विचाराध्यक्ष–ना० [सं०] न्यायाधीश।
विचारात्मक–वि० [सं०] विचारले युक्त; विचारले पूर्ण।
विचारास्पद–वि० [सं०] विचार गर्नु पर्ने; विचारणीय।
विचारित–वि० [सं०] विचार गरिएको; मनन गरिएको; सोचिएको।
विचारी–वि० [सं०] १. विचार गर्ने; विचारक। २. घुम-फिर गर्ने; विचरण गर्ने। (ना०) ३. न्यायाधीशलाई

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्दा-मामिला सुनाउने कर्मचारी; मुखियासरहको एक अदालती दर्जा ।
विचार्य–वि० [सं०] विचार गर्न योग्य; विचारणीय ।
विचालन–ना० [सं०] १. हल्लाउनु; डोलाउनु । २. हटाउनु ।
विचि–ना० [सं०] लहर; तरंग ।
विचिकित्सा–ना० [सं०] १. सन्देह; संशय । २. अनिश्चय ।
विचित–वि० [सं०] खोजिएको; तलाश गरिएको ।
विचिति–ना० [सं०] विचार; सोचाइ ।
विचित्र–वि० [सं०] १. अनेक रङ्गको; रङ्गी-चङ्गी । २. अद्भुत; विलक्षण । ३. असाधारण । ४. सुन्दर; मनोहर । (ना०) ५. उल्टो प्रयत्नद्वारा फल सिद्ध गर्दा हुने एक अर्थालङ्कार ।
विचित्रक–ना० [सं०] १. भोज-पत्रको रूख । २. तिलक वृक्ष । ३. अशोक वृक्ष । ४. आश्चर्य; ताजूब । (वि०) ५. अनौठो; विलक्षण ।
विचित्र-शाला–ना० [सं०] म्यूजियम; अजायब-घर ।
विचित्राङ्ग–ना० [सं०] १. मयूर; मुजूर । २. बाघ; व्याघ्र । ३. चितुवा । (वि०) ४. झालेमाले; टाटे-पाङ्ग्रे ।
विचित्रित–वि० [सं०] १. अनेक रङ्गले परिपूर्ण; रङ्गी-विरङ्गी । २. अनौठो; आश्चर्य-जनक ।
विचिन्तन–ना० [सं०] १. चिन्ता गर्नु; फिक्री गर्नु । २. विचार गर्नु; सोच्नु ।
विचिन्तनीय–वि० [सं०] चिन्तन वा विचार गर्न योग्य; विचारणीय ।
विचिन्तित–वि० [सं०] विशेष विचार गरिएको; मनन गरिएको ।
विचिन्त्य–वि०[सं०] १. विशेष विचार गर्न योग्य; चिन्तनीय । २. राम्ररी हेर-विचार गरिएको । ३. सन्दिग्ध ।
विची–ना० [सं०] लहर; तरङ्ग ।
विचूर्ण–वि० [सं०] राम्ररी पिँधिएको; मिहीन तुल्याइएको ।
विचूर्णित–वि० [सं०] राम्ररी पिँधिएको; विचूर्ण ।
विचेतन–वि० [सं०] १. चेतना वा होश नभएको; अचेत । २. मूर्ख; विवेक-हीन । ३. बिर्सने स्वभावको; विस्मरण-शील । ४. मरेको; मृत ।
विचेता–वि० [सं०] १. होश नभएको; बिचेत । २. मुर्दा; मृत । ३. मूढ; मूर्ख । ४. चतुर; निपुण ।
विचेष्ट–वि० [सं०] १. चेष्टा नभएको; निश्चेष्ट । २. गति-हीन; अचल; स्थिर ।
विचेष्टन–ना० [सं०] छटपटाउनु; छटपट गर्नु ।
विचेष्टा–ना० [सं०] उद्योग; प्रयत्न ।
विचेष्टित–वि० [सं०] १. कोशिश गरिएको; प्रयत्न गरिएको । २. खोजी गरिएको; अन्वेषण गरिएको । ३. जाँचिएको; परीक्षित । ४. मूर्खतापूर्वक गरिएको ।
विच्छन्द–वि० [सं०] १. धेरै प्रकारका छन्दहरू भएको । २. छन्द नमिलेको; छन्द-न-बन्दको । (ना०) ३. धेरै खण्ड र कोठाहरू भएको ठूलो भवन ।
विच्छन्दक–ना० [सं०] धेरै खण्ड वा तलाहरू भएको ठूलो घर; महल ।
विच्छर्दक–ना० [सं०] राज-भवन ।
विच्छर्दन–ना० [सं०] वान्त गर्नु; वमन गर्नु ।
विच्छर्दिका–ना० [सं०] वमन; वान्त ।
विच्छर्दित–वि० [सं०] १. छादिएको; वमन गरिएको । २. तिरस्कृत; उपेक्षित । ३. कम गरिएको ।
विच्छाय–वि० [सं०] १. छाया नभएको । २. कान्ति-रहित । (ना०) ३. मणि । ४. चराको बथानको छाया ।
विच्छित्ति–ना० [सं०] १. छुट्ट्याउने काम; विच्छेद । २. कमी; न्यूनता । ३. पुरुषलाई मोहित पार्ने स्त्रीको हाव ।
विच्छिन्न–वि० [सं०] काटेर छुट्ट्याइएको; टुक्रा-टुक्रा पारिएको ।
विच्छुरण–ना० [सं०] १. छर्कनु; छर्नु । २. लिप्नु; पोत्नु ।
विच्छुरित–वि० [सं०] १. छर्किएको; छरिएको । २. लिपिएको; पोतिएको । ३. ढाकिएको ।
विच्छेद–ना० [सं०] १. काटेर छुट्ट्याउनु; टुक्रा-टुक्रा पार्नु । २. सिलसिला टुट्नु; क्रम भङ्ग हुनु । ३. नाश; बरबादी । ४. वियोग; बिछोड़ ।
विच्छेदक–वि० [सं०] १. काटेर छुट्ट्याउने; विच्छेद गर्ने । २. वियोग पार्ने; बिछोड़ तुल्याउने ।
विच्छेदन–ना० [सं०] १. काटेर छुट्ट्याउने काम; टुक्र्याउने काम । २. नाश गर्नु; बरबाद पार्नु । ३. छेड्ने काम; प्वाल पार्ने काम । ४. बिछोड़ पार्नु; वियोग पार्नु ।
विच्छेदनीय–वि० [सं०] १. छुट्ट्याउन योग्य; टुक्र्याउन योग्य । २. वियोग पार्नुपर्ने ।
विच्छेदी–वि० [सं०] विच्छेद गर्ने; विच्छेदक ।
विच्छेद्य–वि० [सं०] विच्छेदनीय ।
विच्युत–वि० [सं०] १. स्थान, पद, मान आदिबाट भ्रष्ट भएको; च्युत । २. विफल भएको । ३. बरबाद भएको; विनष्ट ।
विच्युति–ना० [सं०] १. आफ्नो स्थान, मान, पद आदिबाट झर्ने काम; च्युति; पतन । २. चुहुनु; खस्नु । ३. गर्भ-पात । ४. छुट्टिने काम; वियोग ।
विजन–वि० [सं०] १. कोही नभएको; निर्जन । (ना०) २. निर्जन वा एकान्त स्थल ।
विजनन–ना० [सं०] बच्चा जन्माउने काम; प्रसव ।
विजन्मा–ना० [सं०] जारबाट जन्मेको छोरो; जारज ।
विजन्या–वि० [सं०] पेट बोकेकी; गर्भिणी ।
विजय–ना० [सं०] १. युद्ध, विवाद, प्रतियोगिता आदिमा हुने जीत; जय; जितबाजी; सफलता । २. साठी संवत्सरमध्ये एक ।
विजयक–वि० [सं०] विजय प्राप्त गर्नमा कुशल ।

CC-0. In Public Domain. Digitization by eGangotri

विजय-डिण्डिम–ना० [सं०] लड़ाइँका समयमा बजाइने एक किसिमको प्राचीन बाजा।
विजय-दुन्दुभि–ना० [सं०] लड़ाईँमा विजय भएपछि बजाइने एक किसिमको प्राचीन बाजा।
विजयन्त–ना० [सं०] इन्द्र।
विजय-पताका–ना० [सं०] १. युद्धमा विजय प्राप्त हुँदा फहराइने ध्वजा। २. विजय-सूचक चिह्न।
विजय-पत्र–ना० [सं०] जय-पत्र; जितापत्र।
विजय-मुहूर्त–ना० [सं०] १. कुनै कामको प्रारम्भ गर्दा सफलता प्राप्त हुने समय। २. ज्योतिष शास्त्रअनुसारको शुभ काल।
विजय-यात्रा–ना० [सं०] अरूलाई जित्ने कामनाले गरिने यात्रा।
विजय-लक्ष्मी–ना० [सं०] विजय गराउने देवी; विजयकी अधिष्ठात्री देवी; विजय-श्री।
विजय-शाल–ना० [सं०] विजय-सार।
विजय-शील–वि० [सं०] १. जित्ने किसिमको; विजय हुने खालको। २. विजयी; जयी; सफल।
विजय-श्री–ना० [सं०] विजय-लक्ष्मी।
विजय-सार–ना० [सं०] अति बलियो काठ हुने एक जातको वृक्ष,; विजय-शाल।
विजय-सिद्धि–ना० [सं०] १. जीत; विजय। २. सफलता।
विजय-स्तम्भ–ना० [सं०] जय-स्तम्भ; रण-स्तम्भ।
विजया–ना० [सं०] १. दुर्गा। २. भाङ। ३. विजयोत्सव। ४. हर्रो।
विजया-दशमी–ना० [सं०] १. आश्विन शुक्ल दशमी। २. त्यस दिन हिन्दूहरूले मनाउले उत्सव; दसैँ।
विजयार्थी–वि० [सं०] विजयको इच्छा गर्ने।
विजयी–वि० [सं०] १. विजय प्राप्त गर्ने; विजेता। (ना०) २. विजय प्राप्त गर्ने व्यक्ति।
विजयोत्सव–ना० [सं०] १. विजय भएका उपलक्षमा मनाइने उत्सव। २. विजया-दशमीका दिन मनाइने उत्सव; दसैँ।
विजल–वि० [सं०] १. जल-रहित। (ना०) २. वर्षाको अभाव; खड़ेरी।
विजल्प–ना० [सं०] १. साँचो-झूटो–अनेक किसिमका उटपटाङ कुरा; बकवाद। २. द्वेषपूर्ण वार्तालाप।
विजल्पित–वि० [सं०] १. भनिएको; कथित। २. बक-बक गरिएको।
विजात–वि० [सं०] १. जन्मेको; उत्पन्न। २. वर्ण-सङ्कर। ३. अर्को रूपमा बदलिएको; परिवर्तित।
विजाति–वि० [सं०] १. भिन्न जातिको; अर्को जातको। २. भिन्न प्रकारको। (ना०) ३. भिन्न जाति; अन्य वर्ग।
विजातीय–वि० [सं०] अर्को जातको; भिन्न जातिको।
विजिगीषा–ना० [सं०] विजय प्राप्त गर्ने कामना; जित्ने इच्छा।
विजिगीषु–वि० [सं०] जित्ने इच्छा गर्ने।
विजित–वि० [सं०] जितिएको; पराजित।
विजितवान्–वि० [सं०] जित्ने; विजयी।
विजृम्भण–ना० [सं०] १. हाई; जृम्भा। २. फुल्नु; विकशित हुनु। ३. खोल्नु; प्रकट गर्नु।
विजृम्भित–वि० [सं०] १. हाई गरेको। २. खोलेको। ३. फुलेको; विकशित।
विजेतव्य–वि० [सं०] जित्न योग्य वा सकिने।
विजेता–ना० [सं०] विजय प्राप्त गर्ने व्यक्ति; विजयी।
विजेय–वि० [सं०] जित्न योग्य; हराउन सकिने।
विज्जुल–ना० [सं०] १. दालचीनी। २. छाला।
विज्ञ–वि० [सं०] १. जानिफकार; पोख्त। २. विद्वान्; पण्डित। ३. बुद्धिमान्; समझदार। (ना०) ४. विद्वान् व्यक्ति।
विज्ञता–ना० [सं०] १. विज्ञ हुनाको भाव; निपुणता। २. बुद्धिमानी।
विज्ञत्व–ना० [सं०] विज्ञता।
विज्ञप्त–वि० [सं०] १. बताइएको; सूचित गरिएको। २. प्रचार गरिएको; विज्ञापन गरिएको।
विज्ञप्ति–ना० [सं०] १. जनाउ दिने काम; सूचना दिने काम। २. विज्ञापन। ३. कुनै कुरा सार्वजनिक रूपमा घोषणा गरी प्रचारित गर्ने काम।
विज्ञात–वि० [सं०] १. थाहा पाइएको; जानिएको। २. प्रसिद्ध; विख्यात।
विज्ञातव्य–वि० [सं०] जान्न योग्य; थाहा पाउन योग्य।
विज्ञाता–वि० [सं०] राम्ररी जान्ने; खूब बुझ्ने; राम्ररी थाहा पाउने।
विज्ञान–ना० [सं०] १. लौकिक विषयहरूको तत्त्व, सिद्धान्त आदिको विवेचना गरिएको शास्त्र; साइन्स। २. विशेष ज्ञान; प्रज्ञा। ३. आत्मा। ४. बुद्धि। ५. बौद्ध मतानुसार आत्मास्वरूप ज्ञान।
विज्ञानमय–वि० [सं०] प्रज्ञा-युक्त; ज्ञानी।
विज्ञानमय-कोश–ना० [सं०] वेदान्त-शास्त्रअनुसार बुद्धि र ज्ञानेन्द्रियहरूको समुदाय।
विज्ञानवाद–ना० [सं०] १. वस्तुलाई सत्ता नमानी ज्ञानलाई मात्र सत्ता मान्ने बौद्ध दर्शनको एक सिद्धान्त। २. विज्ञानलाई नै सर्वोपरि प्रधानता दिने सिद्धान्त।
विज्ञानवादी–वि० [सं०] विज्ञानवादको अनुयायी; विज्ञानवादमा विश्वास गर्ने।
विज्ञानिक–वि० [सं०] १. जान्ने; राम्ररी थाहा पाउने। २. विज्ञानी।
विज्ञानी–वि० [सं०] १. कुनै विषयको विशेष ज्ञाता; विशेषज्ञ। २. विज्ञान-वेत्ता; वैज्ञानिक। ३. आत्मा र परमात्माका स्वरूपको तत्त्व जान्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

विज्ञानीय–वि० [सं०] विज्ञान-सम्बन्धी; वैज्ञानिक ।

विज्ञापक–वि० [सं०] १. बताउने; सूचित गर्ने । २. विज्ञापन गर्ने; प्रचारक । ३. विज्ञप्ति दिने ।

विज्ञापन–ना० [सं०] १. बताउनु; सूचित गर्नु । २. सर्व-साधारण जनतालाई थाहा दिनाका निमित्त प्रचार गरिएको विशेष सूचना । ३. बिक्रीका मालहरूको प्रचार गर्नाका निमित्त पत्र-पत्रिकामा छापिएको सूचना ।

विज्ञापनीय–वि० [सं०] विज्ञापन गर्न योग्य; प्रचार गर्न लायक ।

विज्ञापित–वि० [सं०] विज्ञापन गरिएको; प्रचार गरिएको ।

विज्ञापी–वि० [सं०] विज्ञापन गर्ने; विज्ञापक ।

विज्ञाप्ति–ना० [सं०] विज्ञप्ति ।

विज्ञाप्य–वि० [सं०] विज्ञापन गर्न योग्य; विज्ञापनीय ।

विज्ञेय–वि० [सं०] थाहा पाउन योग्य; राम्ररी जान्न लायक ।

विट्–ना० [सं०] १. वैश्य; वणिक् । २. गुहु; विष्ठा । ३. प्रसार । ४. कन्या ।

विट–ना० [सं०] १. कामुक; लम्पट । २. चलाक; धूर्त । ३. आफ्नो सम्पत्ति रण्डीबाजी गरेर उड़ाइसकेको व्यक्ति । ४. विदूषकजस्तो नाटकको पात्र ।

विटङ्क–ना० [सं०] १. परेवाहरू बसाउने छत । २. पक्षीहरूको पिंजरा । ३. सबभन्दा अग्लो ठाउँ ।

विटङ्कक–ना० [सं०] विटङ्क ।

विटप–ना० [सं०] १. रूख; वृक्ष । २. हाँगो; शाखा ।

विटपी–ना० [सं०] रूख; बोट; वृक्ष ।

विड–ना० [सं०] १. बिरेनून । २. वायु-विडङ्ग ।

विडङ्ग–ना० [सं०] वायु-विडङ्ग ।

विडम्ब–ना० [सं०] १. नकल; अनुकरण । २. कष्ट; पीडा ।

विडम्बक–वि० [सं०] १. अर्काको नकल गर्ने; अनुकरण गर्ने । २. कष्ट दिने; पीडा गर्ने ।

विडम्बन–ना० [सं०] १. नकल गर्नु; अनुकरण गर्नु । २. होच्याउनु; गिज्याउनु । ३. छल; धोखा । ४. पीडा; कष्ट । ५. ठट्टा; उपहास ।

विडम्बना–ना० [सं०] विडम्बन ।

विडम्बना-काव्य–ना० [सं०] १. कुनै व्यक्तिको चरित्रलाई हँस्सी उड़ाएर लेखिएको काव्य । २. कुनै साव्यको शैली, पात्र आदि उही वा उस्तै राखी कुनै किसिमले त्यसको हास्य-युक्त रूपान्तरण गरिएको काव्य ।

विडम्बनीय–वि० [सं०] १. अनुकरण गर्न योग्य; नकल पार्न योग्य । २. उपहास गर्न लायक ।

विडम्बित–वि० [सं०] १. नकल उतारिएको; अनुकरण गरिएको । २. हँस्सी उड़ाइएको; गिज्याइएको ।

विडम्बी–वि० [सं०] १. नकल गर्ने; विडम्बक । २. उपहास गर्ने । ३. दुःख दिने ।

विडारक–ना० [सं०] बिरालो ।

विडाल–ना० [सं०] बिरालो ।

विडालक–ना० [सं०] बिरालो ।

विडोजा–ना० [सं०] इन्द्र ।

विडौजा–ना० [सं०] इन्द्र ।

विड्-वराह–ना० [सं०] सुँगुर ।

वितण्डा–ना० [सं०] १. अर्काका कुरालाई दबाएर आफ्नो कुरो माथि पार्नु । २. निरर्थक कुरो; बकवाद । ३. व्यर्थको झगड़ा । ३. डाडु । ४. पनिउँ ।

वितण्डावाद–ना० [सं०] १. बहसमा जित्नाका निमित्त निरर्थक वा असम्भव तर्क पेश गर्नु । २. बकवाद; निरर्थक उक्ति-प्रत्युक्ति । ३. बिनसित्तिको झगड़ा ।

वितत–वि० [सं०] १. विस्तृत; फैलिएको । २. ढाकिएको; छोपिएको । ३. सम्पन्न गरिएको । (ना०) ४. वीणा वा त्यस्तै अरू कुनै तार-वाद्य ।

वितति–ना० [सं०] फैलावट; विस्तार ।

वितथ–वि० [सं०] १. झूटो; मिथ्या । २. व्यर्थ; निरर्थक ।

वितथवादी–वि० [सं०] झूटो बोल्ने; मिथ्यावादी ।

वितथ्य–वि० [सं०] झूटो; मिथ्या ।

वितनु–वि० [सं०] १. शरीर नभएको । २. अति सूक्ष्म । (ना०) ३. कामदेव ।

वितमस्क–वि० [सं०] १. अँध्यारो नभएको; अन्धकार-रहित । २. अज्ञान नभएको । ३. तमोगुण-रहित ।

वितरक–वि० [सं०] बाँड्ने; वितरण गर्ने ।

वितरण–ना० [सं०] १. बाँड्ने काम; बाँड़-चूँड़ । २. दिनु; अर्पण गर्नु । ३. तर्नु; पार गर्नु ।

वितरित–वि० [सं०] १. बाँड़िएको; वितरण गरिएको । २. दिइएको; दत्त । ३. तारिएको; पार गरिएको ।

वितर्क–ना० [सं०] १. कुनै तर्क वा कथनलाई बेठीक सम्झी त्यसको विरुद्ध उठाइने तर्क; तर्कमाथिको तर्क । २. विचार; मनन । ३. अनमान । ४. सन्देह ।

वितर्कण–ना० [सं०] १. तर्क वा विचार गर्ने काम । २. बहस; वाद-विवाद । ३. सन्देह ।

वितर्कित–वि० [सं०] तर्क वा विचार गरिएको; वाद विवाद गरिएको ।

वितर्क्य–वि० [सं०] १. तर्क वा विचार गर्न योग्य । २. सन्दिग्ध ।

वितर्दि–ना० [सं०] वितर्दी ।

वितर्दिका–ना० [सं०] वितर्दी ।

वितर्दी–ना० [सं०] अग्लो पारी बनाइएको चौको, डबली, चौतारो, मञ्च आदि; वेदिका ।

वितर्द्धि–ना० [सं०] वितर्दी ।

वितर्द्धिका–ना० [सं०] वितर्दी ।

वितर्द्धी–ना० [सं०] वितर्दी ।

वितल–ना० [सं०] पृथ्वीभन्दा तल मानिएका सात लोकमध्ये एक ।

वितष्ट–वि० [सं०] राम्ररी ताछिएको; सम्म पारेर ताछिएको ।

CC-0. In Public Domain. Digitization by eGangotri

वितस्ति–ना० [सं०] बाह्र अङ्गुलको नापो; बित्ता ।
विताडन–ना० [सं०] १. खूबसित पिट्नु; चुट्नु । २. हप्की ।
वितान–ना० [सं०] १. फैलावट; विस्तार । २. चँदुवा । ३. पाल । ४. यज्ञ । ५. समूह । ६. अवसर । ७. घृणा । (वि०) ८. रित्तो; खाली । ९. उदास । १०. मूढ; मूर्ख । ११. शठ; पतित ।
विताल–वि० [सं०] ताल नमिलेको; तालमा नपरेको; बेतालको ।
वितीर्ण–वि० [सं०] १. तरेको; पार भएको । २. बितेको; विगत । ३. दिइएको; प्रदत्त । ४. तलतिर लगिएको । ५. हटेको ।
वितुष–वि० [सं०] बोक्रा छोड़ाइएको ।
वितुष्ट–वि० [सं०] १. सन्तोष नभएको; असन्तुष्ट । २. अप्रसन्न; खिन्न ।
वितृष्ण–वि० [सं०] तृष्णा नभएको; निस्पृह ।
वितृष्णा–ना० [सं०] तृष्णा नहुनु; सन्तोष हुनु ।
वित्त–ना० [सं०] १. धन; सम्पत्ति; अर्थ । २. अधिकार । ३. शक्ति । (वि०) ४. पाएको; प्राप्त । ५. परीक्षा गरिएको; जाँचिएको । ६. प्रसिद्ध । ७. जानिएको; ज्ञात । ८. विचार गरिएको ।
वित्त-पति–ना० [सं०] १. कुबेर । २. धनवान् व्यक्ति ।
वित्त-मन्त्री–ना० [सं०] अर्थ-मन्त्री ।
वित्तवान्–वि० [सं०] धनी; धनवान् ।
वित्त-शाठ्य–ना० [सं०] लेन-देनको कारवाईमा बेईमानी गर्नु ।
वित्त-सचिव–ना० [सं०] अर्थ-सचिव ।
वित्ति–ना० [सं०] १. ज्ञान । २. विवेक; विचार । ३. उपलब्धि । ४. सम्भावना ।
वित्तीय–वि० [सं०] वित्त-सम्बन्धी; आर्थिक ।
वित्तेश्वर–ना० [सं०] कुबेर ।
वित्रस्त–वि० [सं०] डराएको; भय-भीत ।
वित्रास–ना० [सं०] ठूलो डर; त्रास; भय ।
वित्रासित–वि० [सं०] खूब तर्साइएको; ठूलो डर देखाइएको ।
विद्–वि० [सं०] १. जान्ने; जानिफकार; विज्ञ । २. पण्डित; विद्वान् । (ना०) ३. ज्ञान । ४. बुध ग्रह ।
विद–ना० [सं०] १. पण्डित । २. बुध ग्रह ।
विदग्ध–वि० [सं०] १. पोलिएको; डढ़ेको । २. पकाइएको; पक्व । ३. खाएर पचाइएको; हजम गरिएको । ४. रसिक; रसज्ञ । ५. चतुर; निपुण । ६. विद्वान्; पण्डित ।
विदग्धता–ना० [सं०] विदग्ध हुनाको भाव ।
विदग्धा–ना० [सं०] चातुर्यले पर-पुरुषलाई आफूतिर आकर्षित गर्ने नायिका ।
विदर्भ–ना० [सं०] भारतको पश्चिमी भागमा पर्ने एक प्राचीन राज्य (आधुनिक बरार क्षेत्र) ।
विदल–वि० [सं०] १. चिरिएको; चिरा पारिएको । २. फुलेको; प्रफुल्ल । (ना०) ३. बाँसका चोयाले बुनेको टोकरी । ४. अनारका रुखको बोक्रो । ५. हाँगो । ६. टुक्रो । ७. माड्ने वा दल्ने काम ।
विदलन–ना० [सं०] १. बेसरी माड्ने वा मल्ने काम । २. चिर्ने काम; फार्ने काम ।
विदलित–वि० [सं०] १. चिरिएको; फारिएको । २. बेसरी माड़िएको वा दलिएको । ३. फुलेको; विकसित ।
विदा–ना० [अ० विदाअ] बिदा ।
विदाइ–ना० [अ०] बिदाइ ।
विदारक–वि० [सं०] चिर्ने; फार्ने; चिरा पार्ने ।
विदारण–ना० [सं०] १. चिरा पार्नु; फार्नु; चिर्नु । २. दुःख दिनु; सताउनु । ३. मार्नु; वध गर्नु । ४. नदीका माझमा रहेको वृक्ष वा चट्टान । ५. युद्ध ।
विदारणा–ना० [सं०] लड़ाइँ; युद्ध ।
विदारित–वि० [सं०] चिरिएको; फारिएको ।
विदारी–ना० [सं०] १. शालपर्णी । २. भइँ-कुभिन्डो । ३. गिठो । ४. वाराही-कन्द ।
विदारी-कन्द–ना० [सं०] कर्कलाका जस्ता पात हुने लहराका फेदमा फल्ने, रछायो रङ्गको, झूस हुने एक प्रकारको फल; भइँ-कुभिन्डो ।
विदिक्–ना० [सं०] उपदिशा; विदिशा ।
विदित–वि० [सं०] १. थाहा पाइएको; ज्ञात; अवगत । २. प्रसिद्ध; विख्यात । ३. सूचना दिइएको; सूचित । (ना०) ४. विद्वान् व्यक्ति । ५. ज्ञान ।
विदिश्–ना० [सं०] विदिक् ।
विदिशा–ना० [सं०] १. दुइ दिशाका बीचको कुनु; आग्नेय, ईशान, नैऋत्य र वायव्य–यी चार उपदिशा । २. मध्य भारतको एक प्राचीन नगर । (अहिले त्यस नगरलाई भेलसा भन्दछन् ।)
विदीर्ण–वि० [सं०] १. फारेको; चिरेको । २. फैलिएको । ३. फुलेको; विकसित ।
विदुर–वि० [सं०] १. चलाक; चतुर; धूर्त । २. जानकार; विज्ञ । ३. कुशल; निपुण । ४. धैर्य भएको; धीर । ५. षड्यन्त्र-कारी । (ना०) ६. विद्वान् । ७. महाभारत-प्रसिद्ध एक ज्ञानी पुरुष; धृतराष्ट्रका एक जना भाइ ।
विदुषी–ना० [सं०] धेरै पढ़े-लेखेकी स्त्री; विद्वान् स्त्री ।
विदून–वि० [सं०] दुःखित; पीडित; सन्तप्त ।
विदूषक–ना० [सं०] १. नाटकमा विढङ्गको वेष, चेष्टा, वार्तालाप आदिबाट अरूलाई हँसाउने व्यक्ति; नायकको ठट्टचौलो मित्र । (वि०) २. भ्रष्ट पार्ने; बिगार्ने । ३. गाली गर्ने ।
विदूषण–ना० [सं०] दोष लगाउने काम; दोषारोपण ।
विदूषित–वि० [सं०] १. दोष लगाइएको; अभियुक्त ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. अपमानित; तिरस्कृत ।

विदेश–ना० [सं०] आफ्नो देशदेखि भिन्न देश; अर्काको देश ।

विदेशी–वि० [विदेश+ई] १. अर्काका देशको; विदेशमा तयार भएको; अर्को देशमा बनेको । (ना०) २. विदेशको बासिन्दा ।

विदेशीय–वि० [सं०] विदेशको; विदेश-सम्बन्धी ।

विदेह–वि० [सं०] १. शरीर नभएको । २. बेहोश; अचेत । ३. मरेको; मृत । (ना०) ४. पुराण-प्रसिद्ध राजा जनक । ५. मिथिला र मगध देशको पुरानो नाम ।

विद्ध–वि० [सं०] १. छेड़िएको; प्वाल पारिएको । २. घायल; आहत । ३. टाँसिएको; जड़िएको ।

विद्यमान–वि० [सं०] १. उपस्थित; मौजूद; वर्तमान । २. यथार्थ; प्रत्यक्ष ।

विद्यमानता–ना० [सं०] विद्यमान हुनाको भाव; उपस्थिति ।

विद्यमानत्व–ना० [सं०] विद्यमानता ।

विद्या–ना० [सं०] १. शिक्षाद्वारा हासिल गरिने ज्ञान; अध्ययनबाट प्राप्त हुने ज्ञान । २. कुनै विषयका ज्ञानको विवेचना गरिएको शास्त्र; विज्ञान । ३. तन्त्र-मन्त्र; तन्त्र-शास्त्र । ४. ऐन्द्र-जालिक कर्म; जादू; टुना । ५. दुर्गा ।

विद्यागम–ना० [सं०] विद्याको प्राप्ति; ज्ञानको लाभ ।

विद्या-गृह–ना० [सं०] विद्या पढ़ाउने ठाउँ; विद्यालय ।

विद्या-चुञ्चु–वि० [सं०] प्रसिद्ध विद्वान् ।

विद्या-दान–ना० [सं०] पढ़ाउने काम; अध्यापन ।

विद्या-देवी–ना० [सं०] सरस्वती ।

विद्याधर–ना० [सं०] १. एक देव-योनि (गन्धर्व, किन्नर आदिजस्तो) । २. विद्वान् व्यक्ति ।

विद्याधिदेवता–ना० [सं०] सरस्वती ।

विद्यानुसेवन–ना० [सं०] विद्याको अध्ययन ।

विद्या-पीठ–ना० [सं०] १. शिक्षा दिइने प्रधान विद्यालय; महाविद्यालय । २. विशेष गरेर अध्ययन-अध्यापन हुने ठाउँ; शिक्षा वा विद्याको ठूलो केन्द्र ।

विद्याभ्यास–ना० [सं०] विद्याको अध्ययन ।

विद्या-मन्दिर–ना० [सं०] विद्यालय; पाठ-शाला ।

विद्यारम्भ–ना० [सं०] बालकलाई पढ़ाउन आरम्भ गर्ने संस्कार; षोडश-संस्कारमध्ये एक ।

विद्यार्जन–ना० [सं०] विद्या हासिल गर्ने काम ।

विद्यार्थी–ना० [सं०] १. विद्या पढ्नमा लागिरहेको व्यक्ति; छात्र; शिष्य । २. कुनै विषयको अध्ययन गर्ने व्यक्ति ।

विद्यालय–ना० [सं०] पढ़ाउने ठाउँ; पाठ-शाला; स्कूल ।

विद्यावान्–वि० [सं०] धेरै विद्या हासिल गरेको; विद्वान् ।

विद्याश्रम–ना० [सं०] खान-पानको समेत प्रबन्ध भएको अध्ययन र अध्यापन गर्ने ठाउँ; गुरु-कुल ।

विद्या-स्नातक–ना० [सं०] १. उच्च विद्या हासिल गरेको विद्वान् । २. विश्व-विद्यालयबाट उपाधि-प्राप्त व्यक्ति ।

विद्या-हीन–वि० [सं०] विद्या नपढ़ेको; अपठित; अशिक्षित ।

विद्युज्ज्वाल–ना० [सं०] बिजुलीको चमक ।

विद्युत्–ना० [सं०] १. बादल लागेका बेलामा आकाशमा झिलिक्क चम्कने प्रकाश; तड़ित् । २. प्रकाश, ताप, आकर्षण आदि पैदा गर्न सक्ने, विशिष्ट क्रियाहरूद्वारा उत्पन्न गरिएको एक शक्ति । ३. चटचाङ; चट्को; वज्र ।

विद्युत्पात–ना० [सं०] चट्को खस्नु; वज्र पर्नु; वज्र-पात ।

विद्युद्द्योत–ना० [सं०] बिजुलीको चमक ।

विद्युद्दर्शक–ना० [सं०] बिजुलीको सञ्चार नाप्ने यन्त्र; बिजुलीको प्रवाह वा शक्ति नाप्ने मिटर ।

विद्युन्मापक–ना० [सं०] बिजुलीको शक्ति, वेग आदि नाप्ने यन्त्र; बिजुलीको प्रवाह वा शक्ति नाप्ने मिटर ।

विद्युल्लता–ना० [सं०] बिजुली चम्कँदा देखिने नाग-बेली रेखा ।

विद्योपार्जन–ना० [सं०] विद्या हासिल गर्ने काम; शिक्षा प्राप्त गर्नु ।

विद्र–ना० [सं०] १. चिर्नु; फार्नु । २. प्वाल; छिद्र । ३. फयाक; चिरो ।

विद्रधि–ना० [सं०] क्यान्सर; गाँठा ।

विद्रव–ना० [सं०] १. भाग्ने काम; पलायन । २. बग्नु; बहनु । ३. पग्लनु; गल्नु । ४. चुहुनु ।

विद्राव–ना० [सं०] विद्रव ।

विद्रावण–ना० [सं०] १. भगाउनु; पलायन गराउनु । २. हराउनु; पराजित गर्नु । ३. गलाउनु; पगाल्नु । ४. लहस्याउनु; मोहित पार्नु ।

विद्रावित–वि० [सं०] १. पगालिएको; गलाइएको । २. भगाइएको ।

विद्रुत–वि० [सं०] १. गलेको; पग्लेको । २. भागेको; पलायित ।

विद्रुम–ना० [सं०] १. मूगा; प्रवाल । २. पालुवा । ३. कोपिलो ।

विद्रोह–ना० [सं०] १. राज्य वा सरकारलाई विफल गराउने वा त्यसको सञ्चालनमा बाधा पुऱ्याउने उद्देश्यले गरिएको ठूलो उपद्रव; विप्लव । २. द्वेष; रीस । ३. झगड़ा; तकरार । ४. ठूलो विरोध ।

विद्रोही–वि० [सं०] १. विद्रोह गर्ने; बागी; विप्लवी । २. द्वेष गर्ने; ईर्ष्यालु ।

विद्वच्छिरोमणि–ना० [सं०] विद्वान् व्यक्तिलाई दिइने नेपालको एक राष्ट्रिय उपाधि ।

विद्वज्जन–ना० [सं०] विद्वान् व्यक्ति; पण्डित ।

विद्वत्कल्प–वि० [सं०] थोर-बहुत पढ़ेको; कम अध्ययन गरेको ।

विद्वत्तम–वि० [सं०] १. ठूलो विद्वान्; प्रकाण्ड पण्डित । २. शिव ।

विद्वत्ता–ना० [सं०] १. विद्वान् हुनाको भाव; पाण्डित्य ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. बुद्धि; अक्कल । ३. ज्ञान ।
विद्वत्त्व–ना० [सं०] विद्वत्ता ।
विद्वत्परिषद्–ना० [सं०] विद्वान्हरूको सङ्गठन ।
विद्वत्सभा–ना० [सं०] विद्वान्हरूको सभा वा सङ्गठन; विद्वत्परिषद् ।
विद्वद्वर्ग–ना० [सं०] विद्वान्हरूको वर्ग वा समह ।
विद्वान्–वि० [सं०] १. धेरै विद्या हासिल गरेको; अत्यधिक शिक्षित; पण्डित । २. तत्त्व-वेत्ता; तत्त्वज्ञ । (ना०) ३. धेरै पढ़े-लेखेको व्यक्ति; विद्वज्जन ।
विद्वेष–ना० [सं०] १. शत्रुता; वैर-भाव । २. विरोध; वैमनस्य । ३. डाह; द्वेष ।
विद्वेषक–वि० [सं०] विद्वेष गर्ने; वैमनस्य गर्ने ।
विद्वेषण–ना० [सं०] १. दुइ थरीका बीचमा वैर-भाव ल्याउने काम । २. शत्रु; वैरी ।
विद्वेषिता–ना० [सं०] शत्रुता; वैर-भाव ।
विद्वेषी–वि० [सं०] द्वेष गर्ने; ईर्ष्यालु ।
विध–ना० [सं०] १. छेड्ने काम; वेधन । २. प्रकार; किसिम । ३. विधि; विधान । ४. गुना ।
विधर्म–ना०[सं०] १. आफूले मानेको धर्मदेखि भिन्न धर्म; पर-धर्म । (वि०) २. खराब; कुत्सित । ३. निर्गुण ।
विधर्मी–वि० [सं०] १. आफ्ना धर्मको विरुद्ध आचरण गर्ने; धर्म-भ्रष्ट । २. विधर्मको अनुयायी; पर-धर्मी । ३. अधर्मी; दुष्कर्मी ।
विधवा–ना० [सं०] पति मरेकी स्त्री; राँड़ी ।
विधवाश्रम–ना० [सं०] आश्रय-हीन विधवाहरूको भरण-पोषण गर्ने ठाउँ ।
विधा–ना०[सं०]१. विभाग; हिस्सा । २. प्रकार । ३. कायदा; शैली; तरीका । ४. हात्ती, घोड़ा आदिको चारा । ५. सम्पन्नता; परिपूर्णता । ६. वेतन; बहाल । ७. कार्य; काम । ८. उच्चारण; उच्चारण-विधि । ९. सृष्टि-कर्ता; ब्रह्मा । (स० क्रि०) १०. कुनै काम गर्नु; बनाउनु । ११. उत्पादन गर्नु; तयार पार्नु; निर्माण गर्नु । १२. निर्धारित गर्नु; तोक्नु । १३. नियुक्त गर्नु । १४. लाउनु; धारण गर्नु । १५. रोप्नु; गाड्नु । १६. लक्ष्यतिर सोझ्याउनु वा हान्नु । १७. केन्द्रित गर्नु (विचार) । १८. क्रम-बद्ध पार्नु; सिलसिला मिलाउनु ।
विधाता–वि० [सं०] १. व्यवस्था गर्ने; प्रबन्धक । २. सृष्टि-कर्ता; निर्माता । (ना०) ३. व्यवस्था मिलाउने व्यक्ति । ४. सृष्टि गर्ने व्यक्ति । ५. ब्रह्मा । ६. ईश्वर । ७. विष्णु । ८. शिव । ९. प्रारब्ध; भाग्य । १०. विश्वकर्मा । ११. कामदेव । १२. मदिरा ।
विधातृका–ना० [सं०] विधायिका ।
विधान–ना० [सं०] १. कुनै कामकोअ ायोजन; अनुष्ठान । २. व्यवस्था; प्रबन्ध । ३. पद्धति; प्रणाली; विधि । ४. निर्माण; रचना । ५. राज्य वा सरकारले कुनै विशष विषयमा बनाएका नियमहरूको समुदाय; ऐन । ६. संविधान । ७. कुनै सङ्घ, संस्था आदिको सञ्चालन गर्ने नियमहरूको समूह । ८. धन; सम्पत्ति । ९. पीडा; सन्ताप । १०. विद्वेषण । ११. धर्म-शास्त्रको आज्ञा ।
विधानक–ना० [सं०] १. पीडा । २. सन्ताप ।
विधानज्ञ–वि० [सं०] १. विधानको ज्ञाता; विधान जान्ने । २. ऐन-कानूनको ज्ञाता; संविधानको पण्डित । ३. पण्डित । ४. शिक्षक ।
विधान-परिषद्–ना० [सं०] कुनै देशका पुराना कानूनहरूको संशोधन गर्ने, नयाँ कानूनहरू बनाउने, मनोनीत वा निर्वाचित प्रतिनिधिहरूको सभा; विधान बनाउने परिषद् ।
विधान-मण्डल–ना० [सं०] विधायिका-सभा ।
विधानवाद–ना० [सं०] संविधानवाद ।
विधानवादी–वि० [सं०] संविधानवादी ।
विधायक–वि० [सं०] १. व्यवस्थापक; प्रबन्धक । २. विधान बनाउने; कानूनको निर्माण गर्ने ।
विधायिका–वि० [सं०] १. 'विधायक'-को स्त्री-लिङ्ग-वाची रूप । (ना०) २. विधायिका-सभा ।
विधायिका-सभा–ना० [सं०] पुरानो कानूनको संशोधन गर्ने र नयाँ कानून बनाउने, प्रतिनिधिहरूको सभा; विधान-मण्डल; विधानको निर्माण गर्ने सभा ।
विधायी–वि० [सं०] १. विधान-निर्माता । २. प्रबन्ध-कर्ता; व्यवस्थापक ।
विधि–ना० [सं०] १. काम गर्ने परिपाटी; रीति; पद्धति; नियम । २. व्यवस्था; प्रबन्ध । ३. धर्म-शास्त्र वा प्रामाणिक ग्रन्थहरूमा उल्लिखित व्यवस्था; शास्त्रीय विधान । ४. आचरण; व्यवहार । ५. भाग्य; प्रारब्ध । ६. ब्रह्मा । ७. सृष्टि । ८. रचना । ९. समय । १०. वैद्य । ११. विष्णु । १२. विधान ।
विधिज्ञ–वि० [सं०] १. विधि वा नियमको ज्ञाता । २. विधान जान्ने ।
विधित्सा–ना० [सं०] कुनै काम गर्ने इच्छा ।
विधि-निषेध–ना० [सं०] १. कुनै काम गर्ने वा नगर्ने शास्त्रीय निर्देश । २. कानूनद्वारा गरिएको निषेध ।
विधिपूर्वक–वि० [सं०] विधिवत् ।
विधिवत्–क्रि० यो० [सं०] १. विधि वा नियमअनुसार; विधिपूर्वक । २. कानूनअनुसार ।
विधि-वशात्–क्रि० यो० [सं०] संयोग-वश; अचानक; भाग्य-वशात् ।
विधि-विधान–ना० [सं०] १. कानूनी व्यवस्था । २. भाग्यको लेखा । ३. ठूलो वा सबै अङ्गले परिपूर्ण काम-कुरो ।
विधि-विपर्यय–ना० [सं०] १. भाग्यको विपरीत गति; प्रारब्धको प्रतिकूलता; दुर्भाग्य; अभाग । २. कानूनको विपरीत हुनु ।
विधि-विहित–वि० [सं०] १. विधिपूर्वक गरिएको; विधि-विधानअनुसार गरिएको । २. कानून वा नियमअनुसारको ।

CC-0. In Public Domain. Digitization by eGangotri

विधु–ना० [सं०] १. चन्द्रमा। २. ब्रह्मा। ३. राक्षस। ४. कपूर। ५. वायु। ६. विष्णु।

विधुन्तुद–ना० [सं०] राहु।

विधुर–वि० [सं०] १. दुःखी। २. व्याकुल; विह्वल। ३. रहित; हीन।४. विरोधी। ५. स्वास्नी मरेको व्यक्ति; राँड़ो।

विधुर-दर्शन–ना० [सं०] १. डर-लाग्दो वा आपत्ति-जनक कुरो देखिनु; भयानक दृश्य। २. अशान्ति।

विधु-लेखा–ना० [सं०] चन्द्रमाको किरण।

विधु-वदनी–ना० [सं०] अतिशय राम्री स्त्री; चन्द्र-मुखी।

विधूत–वि० [सं०] १. हल्लाइएको; डोलाइएको। २. काँपेको; कम्पित। ३. छोड़िएको; त्यागिएको। (ना०) ४. घृणा।

विधूति–ना० [सं०] १. हल्लाउने काम; डोलाउने काम। २. कँपाइ; कम्पन।

विधूनन–ना० [सं०] १. काँप्नु; कम्पन। २. हल्लनु।

विधूनित–वि० [सं०] हल्लाइएको; कम्पित।

विधृत–वि० [सं०] १. धारण गरिएको। २. समातिएको। ३. गृहीत। ४. छुट्टयाइएको; अलग गरिएको। ५. अधिकृत। ६. दमन गरिएको। ७. समर्थित। ८. रक्षित।

विधेय–वि० [सं०] १. गर्न योग्य; कर्तव्य। २. नियमबाट जानिने; विधिद्वारा थाहा पाइने। ३. आज्ञा-पालक। (ना०) ४. कर्तव्य कर्म। ५. अधीनस्थ व्यक्ति। ६. व्याकरण-अनुसार कुनै वाक्यमा उद्देश्य वा कर्ताका सम्बन्धमा भनिएको कुरो।

विधेयक–ना० [सं०] १. विधायिका-सभामा पेश गरिने विधान वा ऐनको प्रस्तावित रूप; ऐनको मसौदा। २. राज्यका सर्वोच्च सत्ताद्वारा विधिपूर्वक स्वीकृत हुनुभन्दा अगाड़िको कुनै कानून-मसौदाको रूप।

विधेयाविमर्श–ना० [सं०] मुख्य कुरो वा तात्पर्य गौण हुँदा पर्ने एक वाक्य-दोष।

विध्य–वि० [सं०] छेड्न योग्य; प्वाल पार्न लायक।

विध्वंस–ना० [सं०] १. ठूलो बरबादी; विनाश; सत्यानाश। २. उत्पात; उपद्रव।

विध्वंसक–वि० [सं०] नाश पार्ने; विध्वंस गर्ने।

विध्वंस-कारी–वि० [सं०] विध्वंसक।

विध्वंसन–ना० [सं०] नाश गर्नु; बरबाद पार्नु।

विध्वंसित–वि० [सं०] नाश पारिएको; विध्वंस गरिएको; विनष्ट।

विध्वंसी–वि० [सं०] विध्वंस गर्ने; भताभुङ्ग पार्ने; विनाशक।

विध्वस्त–वि० [सं०] विध्वंस भएको; विनष्ट।

विनत–वि० [सं०] १. नुहेको; झुकेको। २. विनम्र; विनयी।

विनति–ना० [सं०] १. नम्रतापूर्वकको प्रार्थना; बिन्ती; निवेदन। २. विनय; नम्रता। ३. फिराद; उजूर। ४. झुक्ने काम; नुहाइ।

विनति-पत्र–ना० [सं०] बिन्ती-पत्र।

विनतोदर–वि० [सं०] १. कुप्रे; कुप्रो परेको। २. बीचमा खाल्टो परेको।

विनमन–ना० [सं०] १. झुक्ने वा विनम्र हुने काम; निहुराइ। २. लच्कनु।

विनमित–वि० [सं०] १. निहुरेको; झुकेको। २. विनम्र; विनयी।

विनम्र–वि० [सं०] १. अत्यधिक नम्र; विनीत। २. झुकेको; लच्केको।

विनय–ना० [सं०] १. नम्रता। २. शिष्टता; भद्रता। ३. प्रार्थना; बिन्ती। ४. जितेन्द्रिय पुरुष। ५. व्यापारी। ६. शासन। (वि०) ७. पछारिएको; मिल्काइएको। ८. फ्याँकिएको। ९. गुप्त; गोप्य।

विनयन–ना० [सं०] १. नम्रता; विनय। २. निर्णय; निधो। ३. हटाउनु। ४. शिक्षण।

विनय-पिटक–ना० [सं०] बौद्ध भिक्षुहरूको अनुशासन-सम्बन्धी नियमहरू लेखिएको एक बौद्ध ग्रन्थ; त्रिपिटक-मध्ये एक।

विनय-प्रमाथी–वि० [सं०] अनुशासन-हीन; उच्छृङ्खल।

विनयवान्–वि० [सं०] विनयी; विनय-शील।

विनय-शील–वि० [सं०] नम्र स्वभावको; विनयी; विनम्र; सुशील।

विनयी–वि० [सं०] विनय-युक्त; विनम्र।

विनशन–ना० [सं०] १. हानि; नोक्सानी। २. नाश; बरबादी। ३. लोप।

विनश्वर–वि० [सं०] १. नाश हुने; नाशवान्। २. चिर-स्थायी नभएको; अनित्य।

विनश्वरता–ना० [सं०] विनश्वर हुनाको भाव, नश्वरता; अनित्यता।

विनश्वरत्व–ना० [सं०] विनश्वरता।

विनष्ट–वि० [सं०] १. विनाश भएको; विध्वस्त। २. बिग्रेको; विकृत। ३. मरेको; मृत। ४. भ्रष्ट; पतित।

विनष्टि–ना० [सं०] १. विनाश; बरबादी। २. पतन। ३. लोप।

विना–ना० यो० [सं०] नाम शब्दको अगाड़ि वा पछाड़ि लागेर नभईकन, अभावमा, रहित आदि अर्थ बुझाउने शब्द।

विनायक–ना० [सं०] १. गणेश; गण-पति। २. नायक; नेता। ३. काठमाण्डू-उपत्यकाभित्रका प्रसिद्ध चार-विनायक (सूर्य-विनायक भक्तपुरमा, अशोक-विनायक काठ-माड़ौंमा, चन्द्र-विनायक चावहिलमा र जल-विनायक चोभारमा)।

विनाश–ना० [सं०] १. ठूलो बरबादी; सत्यानाश; विध्वंस। २. लोप। ३. बिगार; भताभुङ्ग हुनु।

विनाशक–वि० [सं०] १. नाश गर्ने; विध्वंसक। २. बिगार्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

विनाशन–ना० [सं०] १. नाश गर्नु; बिगार गर्नु। २. लोप गर्नु।

विनाशित–वि० [सं०] नाश गरिएको; नष्ट तुल्याइएको।

विनाशी–वि० [सं०] १. नाश हुने; नश्वर। २. नाश गर्ने; नष्ट पार्ने।

विनाशोन्मुख–वि० [सं०] नाश हुन लागेको; बिग्रन लागेको; नाश हुँदै गएको।

विनाश्य–वि० [सं०] नाश गर्न योग्य; नष्ट पार्न लायक।

विनिःसरण–ना० [सं०] १. बाहिर जाने काम; निस्कने काम। २. भाग्ने काम; पलायन।

विनिःसृत–वि० [सं०] १. बाहिर गएको; निस्केको। २. भागेको; पलायित।

विनिःसृति–ना० [सं०] १. बाहिर जाने काम। २. पलायन।

विनिःसृष्ट–वि० [सं०] फालिएको; मिल्काइएको; हुत्त्याइएको।

विनिक्षेप–ना० [सं०] १. फ्याँक्नु; हुत्त्याउनु; फाल्नु। २. उफार्नु। ३. हुत्त्याएर पठाउनु।

विनिगमक–वि० [सं०] दुइ पक्षमध्ये एकलाई सिद्ध गर्ने।

विनिगमना–ना० [सं०] तर्क वा शास्त्रार्थमा दुइ पक्षमा एक पक्षलाई युक्तिपूर्वक सिद्ध गर्ने काम।

विनिद्र–वि० [सं०] १. ननिदाएको; जाग्रत। २. फुलेको; प्रफुल्ल।

विनिन्दक–वि० [सं०] अति निन्दा गर्ने।

विनिन्दा–ना० [सं०] ठूलो निन्दा; ठूलो अपमान।

विनिन्दित–वि० [सं०] अति निन्दा गरिएको; अपमानित।

विनिपात–ना० [सं०] १. खस्ने काम; गिराइ; पतन। २. विनाश; ध्वंस। ३. सङ्कट; आपत्ति। ४. मृत्यु। ५. दुःख; कष्ट। ६. नरक। ७. अपमान। ८. धरना।

विनिपातक–वि० [सं०] १. नाश गर्ने; विध्वंस-कारी। २. अपमान गर्ने।

विनिपातन–ना० [सं०] गर्भ तुहाउने वस्तु वा काम।

विनिपातित–वि० [सं०] १. खसालिएको; गिराइएको। २. नाश गरिएको; विनष्ट। ३. मारिएको।

विनिपाती–वि० [सं०] नाश गर्ने; विनाशक।

विनिमय–ना० [सं०] १. एक वस्तु दिएर अर्को वस्तु साट्ने काम; साट-फेर। २. एक प्रकारको मुद्रा अर्को प्रकारको मुद्रासँग साट्ने काम; सटही। ३. अदली-बदली; परिवर्तन। ४. बन्धक राख्ने काम।

विनियत–वि० [सं०] नियन्त्रणमा राखिएको; नियन्त्रित।

विनियुक्त–वि० [सं०] काममा लगाइएको; विनियोजित।

विनियोग–ना० [सं०] १. कुनै काममा लगाउनु; उपयोग। २. वैदिक कृत्यमा गरिने मन्त्रको प्रयोग। ३. पठाउने काम; प्रेषण। ४. त्याग्नु; छोड्नु। ५. छुट्ट्याउने काम; पृथक्करण।

विनियोजक–वि० [सं०] १. काममा लगाउने; उपयोग गर्ने। २. कुनै काममा सम्पत्ति वा धन लगाउने।

विनियोजन–ना० [सं०] १. काममा लगाउनु; उपयोग गर्नु। २. कुनै काममा धन-सम्पत्ति आदि लगाउनु।

विनियोजित–वि० [सं०] १. काममा लगाइएको; प्रयुक्त; विनियोजन गरिएको। २. अर्पण गरिएको; अर्पित।

विनियोज्य–वि० [सं०] काममा लगाउन योग्य; उपयोग गर्न योग्य।

विनिर्गत–वि० [सं०] १. बाहिर गएको; निस्केको। २. बन्धनबाट छुटेको; मुक्त।

विनिर्गम–ना० [सं०] बाहिर जानु; निस्कनु।

विनिर्जित–वि० [सं०] राम्ररी जितिएको; पराभूत भएको।

विनिर्णय–ना० [सं०] पूर्ण रूपले वा राम्ररी गरिएको निर्णय।

विनिर्णीत–वि० [सं०] राम्ररी निर्णय गरिएको; पूर्ण रूपले निश्चित।

विनिर्मल–वि० [सं०] अत्यन्त निर्मल; अति स्वच्छ।

विनिर्मित–वि० [सं०] १. बनाएको; रचना गरिएको। २. उत्पन्न गरिएको।

विनिर्मुक्त–वि० [सं०] १. बन्धन-मुक्त गरिएको; छोड़िएको। २. निस्केको; फुत्केको।

विनिवारण–ना० [सं०] कड़ाइसाथ रोक्ने काम; कड़ा रोकावट; कठोर नियन्त्रण।

विनिवत्त–वि० [सं०] १. फर्केको; फिर्ता आएको। २. हटेको वा हटाइएको। ३. समाप्त। ४. मुक्त।

विनिवृत्ति–ना० [सं०] १. फर्कनु। २. अवसान; समाप्ति। ३. मुक्ति।

विनिवेश–ना० [सं०] पस्ने काम; प्रवेश।

विनिह्नुत–वि० [सं०] १. लुकेको; छिपेको। २. अस्वीकार गरिएको; नामन्जूर गरिएको।

विनीत–वि० [सं०] १. विनम्र; विनयी। २. शिष्ट; सुशील। ३. लगिएको। ४. झुकेको; नुहेको। ५. संयमी; जितेन्द्रिय। ६. हटाइएको। ७. पालेको। ८. स्वच्छ। ९. दण्ड पाएको। (ना०) १०. व्यापारी।

विनोद–ना० [सं०] १. मनलाई आनन्द दिने काम वा कुरो; मनोरञ्जन। २. खेल; क्रीडा। ३. ख्याल-ठट्टा; परिहास।

विनोदी–वि० [सं०] विनोद वा ख्याल-ठट्टा गर्ने स्वभावको।

विन्दु–वि० [सं०] १. बुद्धिमान्; चतुर। २. उदार। ३. प्राप्त गर्ने। (ना०) ४. बिन्दु।

विन्ध्य–ना० [सं०] भारतको मध्य भागमा पर्ने एक प्रसिद्ध पर्वत; विन्ध्याचल।

विन्ध्याचल–ना० [सं०] विन्ध्य पर्वत।

विन्यस्त–वि० [सं०] १. राखिएको; स्थापित। २. जड़िएको; जड़ान गरेको। ३. क्रमैले राखिएको। ४. फ्याँकिएको; हुर्‍याइएको।

विन्यास–ना० [सं०] १. राख्ने काम; स्थापन। २. जड्ने काम; जड़ान। ३. ठीक ठाउँमा वा क्रममा राख्नु; व्यवस्थित गरेर राख्नु। ४. समूह। ५. सङ्ग्रह। ६. आधार।

CC-0. In Public Domain. Digitization by eGangotri

७. धितो; धरौटी।

विपक्व–वि० [सं०] १. राम्ररी पाकेको; परिपक्व। २. समय पुगेको; छिप्पिएको।

विपक्ष–ना० [सं०] १. विरोधी पक्ष; प्रतिकूल पक्ष। २. शत्रु; वैरी। ३. वादी; झगड़िया। ४. कुनै पक्षमा नलाग्ने काम; निष्पक्षता। (वि०) ५. उल्टो; प्रतिकूल; विपरीत। ६. पक्षपात नभएको; निष्पक्ष। ७. पखेटा नभएको।

विपक्षी–वि० [सं०] १. विरुद्ध पक्षको; विरोधी। (ना०) २. शत्रु; वैरी। ३. प्रतिद्वन्द्वी। ४. प्रतिवादी।

विपज्जनक–वि० [सं०] विपत्तिमा पार्ने; सङ्कट उत्पन्न गर्ने।

विपञ्चिका–ना० [सं०] विपञ्ची।

विपञ्ची–ना० [सं०] १. वीणा। २. खेल; क्रीडा।

विपण–ना० [सं०] खुद्रा व्यापार; चानचुने व्यापार।

विपणि–ना० [सं०] विपणी।

विपणी–ना० [सं०] १. व्यापारी। २. हाट; बजार। ३. व्यापार; वाणिज्य। ४. बेच्न राखिएको माल।

विपत्कर–वि० [सं०] आपत्ति उत्पन्न गर्ने।

विपत्काल–ना० [सं०] विपद् परेको अवस्था; सङ्कट-काल; दुर्भाग्यले घेरेको समय।

विपत्ति–ना० [सं०] १. सङ्कट; आपत्ति; आपद्। २. दुःख; यातना; कष्ट। ३. कठिनाइ; मुश्किल। ४. कुनै किसिमले ठूलो हानि हुने घटना। ५. नाश; बरबादी। ६. मृत्यु।

विपत्ति-जनक–वि० [सं०] आपद् पैदा गर्ने; विपज्जनक।

विपथ–ना० [सं०] १. खराब बाटो; अबाटो; कुमार्ग। २. भिन्न बाटो।

विपथ-गामी–वि० [सं०] १. विपक्षमा लागेको। २. कुमार्ग-गामी।

विपद्–ना० [सं०] विपत्ति।

विपदा–ना० [सं०] विपद्।

विपदाक्रान्त–वि० [सं०] विपत्तिमा परेको; सङ्कट-ग्रस्त।

विपद्-गत–वि० [सं०] विपद्मा परेको; आपत्तिमा परेको।

विपद्-ग्रस्त–वि० [सं०] विपद्मा परेको; सङ्कट-ग्रस्त।

विपन्न–वि० [सं०] १. आपत्तिमा परेको; सङ्कट-ग्रस्त। २. नाश भएको; नष्ट। ३. मरेको; मृत।

विपन्नक–वि० [सं०] १. अभागी; दुर्भाग्यले घेरिएको। २. मरेको; मृत। ३. नष्ट।

विपरीत–वि० [सं०] १. उल्टो; विल्ल्याँटो। २. आफ्नो अनुकूल नभएको; प्रतिकूल। ३. विरुद्ध; खिलाफ। ४. नियम-विरुद्ध। ५. असत्य; मिथ्या।

विपरीतत्व–ना० [सं०] विपरीत हुनाको भाव।

विपरीता–ना० [सं०] कुलटा स्त्री।

विपरीतार्थ–वि० [सं०] १. उल्टो अर्थ हुने। (ना०) २. उल्टो अर्थ।

विपर्यय–ना० [सं०] १. तल-माथि वा अगाड़ि-पछाड़ि पर्नु; व्यतिक्रम। २. सिलसिला टुट्नु; क्रम भङ्ग हुनु। ३. भ्रम; भ्रान्ति। ४. भूल; गल्ती। ५. विपरीतत्व; प्रतिकूलता। ६. साट-फेर; विनिमय। ७. परिवर्तन (भेष वा पोशाकको)। ८. अभाव। ९. हानि। १०. विनाश। ११. विपत्ति। १२. द्वेष।

विपर्यस्त–वि० [सं०] १. हेर-फेर भएको; परिवर्तित। २. उल्टो; विपरीत। ३. सिलसिला बिग्रेको; क्रम भङ्ग भएको। ४. भ्रमात्मक; सन्देहास्पद।

विपर्यास–ना० [सं०] १. हेर-फेर; अदली-बदली। २. प्रतिकूलता; विरुद्धता। ३. भ्रम; भूल।

विपल–ना० [सं०] एक पलको साठियौं भाग; समयको एक अति सूक्ष्म परिमाण।

विपलायन–ना० [सं०] विभिन्न दिशातिर भागेर जाने काम; चारैतिर भाग्नु।

विपलायित–वि० [सं०] चारैतिर भागेको; विभिन्न दिशातिर पलायन गरेको।

विपश्चित्–वि० [सं०] सूक्ष्म-दर्शी; विद्वान्; पण्डित।

विपश्वी-बुद्ध–ना० [सं०] अनुश्रुतिअनुसार सत्य-युगमा नेपाल आउने एक बुद्ध।

विपाक–ना० [सं०] १. पाक्नु; परिपक्व हुनु। २. परिणाम; फल। ३. कुनै कार्यको परिणाम; कर्म-फल। ४. कठिनता; मुश्किल। ५. पच्ने काम; हजम हुनु। ६. स्वाद।

विपाटक–वि० [सं०] १. उखेल्ने। २. उप्काउने। ३. चिर्ने। ४. अपहरण गर्ने।

विपाटन–ना० [सं०] १. उखेल्नु; उखाड्नु। २. कोपर्नु; कोट्याउनु। ३. चिर्नु। ४. अपहरण गर्नु।

विपाटित–वि० [सं०] १. चिरिएको; फारेको। २. उखेलेको। ३. अपहरण गरिएको।

विपिन–ना० [सं०] १. जङ्गल; वन। २. उपवन; बगैँचा।

विपुल–वि० [सं०] १. बड़ेमाको; ज्यादा ठूलो। २. धेरै; प्रचुर; अधिक। ३. विशाल; विस्तृत। ४. अगाध; गम्भीर।

विपुलत्व–ना० [सं०] विपुल हुनाको भाव।

विपुला–ना० [सं०] १. पृथ्वी। २. आर्या छन्दको एक भेद। (वि०) ३. ठूली।

विप्र–ना० [सं०] १. ब्राह्मण। २. मेधावी पुरुष। ३. शुभकर्ता। ४. पीपल वृक्ष। ५. शिरीष वृक्ष।

विप्रकर्ष–ना० [सं०] १. तान्नु; घिच्च्याउनु। २. अन्तर; फरक।

विप्रकार–ना० [सं०] १. अपकार; अनिष्ट। २. तिरस्कार; अनादर। ३. बदला; प्रतिशोध। ४. दुष्टता। ५. क्षति। ६. विभिन्न तरीका।

विप्रकीर्ण–वि० [सं०] यता-उति छरिएको; फिँजिएको।

विप्रकृत–वि० [सं०] १. अपकार गरिएको; अनिष्ट गरिएको। २. तिरस्कृत; अपमानित। ३. चोट खाएको। ४. बदला लिइएको।

विप्रकृति–ना० [सं०] १. अपकार; कुभलो। २. अपमान;

CC-0. In Public Domain. Digitization by eGangotri

तिरस्कार। ३. बदला; प्रतिशोध।

विप्रकृष्ट–वि० [सं०] १. घिसारेर हटाइएको; पर पुऱ्याइएको। २. फैलाइएको; फिंजाइएको।

विप्रतिकार–ना० [सं०] १. प्रतिशोध; प्रतिहिंसा। २. प्रतिक्रिया। ३. विरोध। ४. खण्डन।

विप्रतिपत्ति–ना० [सं०] १. विरोध। २. मत-भेद। ३. आपत्ति।

विप्रतिपन्न–वि० [सं०] १. परस्परमा विरुद्ध भएको। २. विकल; व्याकुल। ३. विवाद-ग्रस्त।

विप्रतिषेध–ना० [सं०] १. दुइ कुराको पारस्परिक विरोध; समान दुइ पक्षको आपसी विरोध। २. नियन्त्रण; रोक।

विप्रतीप–वि० [सं०] उल्टो; विपरीत।

विप्रयुक्त–वि० [सं०] १. अलग गरिएको; छुट्ट्याइएको। २. बिछोड़ भएको; वियुक्त।

विप्रयोग–ना० [सं०] १. बिछोड़; वियोग। २. मत-भेद; कलह।

विप्रलम्भ–ना० [सं०] १. छल; धोखा। २. प्रेमी-प्रेमिकाको वियोग; बिछोड़। ३. झगड़ा; कलह।

विप्रलम्भ-शृङ्गार–ना० [सं०] नायक-नायिकाको विरहको वर्णन गरिने श्रृङ्गार-रस को एक भेद; वियोग-श्रृङ्गार।

विप्रलब्ध–वि० [सं०] १. ठगिएको; वञ्चित। २. विरही; वियोगी।

विप्रलब्धा–ना० [सं०] १. सङ्केत-स्थानमा प्रियका साथ भेट नहुँदा दुःखित भएकी नायिका। २. ठगिएकी; वञ्चिता।

विप्रलाप–ना० [सं०] १. व्यर्थको बकवाद; बमतलबको कुरो। २. प्रलाप।

विप्रलापी–वि० [सं०] १. बेमतलबका कुरा गर्ने। २. प्रलाप गर्ने।

विप्रलोप–ना० [सं०] नाश; बरबादी।

विप्रवासन–ना० [सं०] १. देश-निकाला गर्नु। २. विदेशमा गएर बस्नु।

विप्रिय–ना० [सं०] १. अप्रिय कार्य। २. अपराध। (वि०) ३. मन नपरेको; अप्रिय।

विप्रिश्निका–ना० [सं०] स्त्री-दैवज्ञ; जोखना हेर्ने स्त्री।

विप्रेक्षण–ना० [सं०] चारैतिर हेर्ने काम।

विप्लव–ना० [सं०] १. विद्रोह; ठूलो आन्दोलन; भयङ्कर विरोध; दङ्गा। २. अशान्ति; उत्पात; उपद्रव। ३. उथल-पुथल; ठूलो परिवर्तन। ४. आपत्ति; विपत्ति। ५. नाश; ध्वंस। ६. उत्रनु; पौड़नु। ७. बाढ़ी। ८. ऐना आदिमा जमेको धूलो।

विप्लवक–वि० [सं०] विप्लव गर्ने; विप्लवी।

विप्लवी–वि० [सं०] विप्लव गर्ने; आन्दोलन-कारी।

विप्लाव–ना० [सं०] १. विद्रोह; विप्लव। २. नाश; बरबादी। ३. पानीमा डुब्ने काम; बुड़ाइ। ४. घोड़ाको तीव्र गति।

विप्लावक–वि० [सं०] १. विप्लव गर्ने; विद्रोही। २. डुबाउने; बुड़ाउने।

विप्लावित–वि० [सं०] १. बगाइएको। २. पानीले छोपिएको; डुबेको। ३. आपत्ति वा भयमा पारिएको। ४. नाश गरिएको; ध्वंसित।

विप्लावी–वि० [सं०] १. विद्रोही; विप्लवी। २. बाढ़ी ल्याउने; पानीले डुबाउने।

विप्लुत–वि० [सं०] १. छरिएको; छिरलिएको। २. आकुल-व्याकुल भएको; आत्तिएको। ३. नष्ट-भ्रष्ट। ४. डुबेको; पानीले छोपिएको।

विफल–वि० [सं०] १. फल नभएको; फल-हीन; निष्फल। २. व्यर्थ; निरर्थक। ३. असफल; काम सिद्ध नभएको। (ना०) ४. फल नफल्ने वृक्ष।

विफलता–ना० [सं०] विफल हुनाको भाव; असफलता।

विफलत्व–ना० [सं०] निष्फलता; असफलता।

विबद्ध–वि० [सं०] १. बेसरी कसेर बाँधेको; मस्काएको। २. गोटा परेको; कब्जियत भएको।

विबन्धन–ना० [सं०] १. कसेर बाँध्ने काम; मस्काउनु। २. अँगाल्ने काम; आलिङ्गन। ३. कब्जियत; मलावरोध।

विबुद्ध–वि० [सं०] १. ज्ञान प्राप्त गरेको; प्रबुद्ध। २. बिउँझेको; जाग्रत्। ३. चतुर; दक्ष। ४. फुलेको; प्रफुल्ल।

विबुध–ना० [सं०] १. विद्वान्; पण्डित। २. बुद्धिमान्; चतुर व्यक्ति। ३. देवता। ४. चन्द्रमा।

विबुधेश–ना० [सं०] इन्द्र।

विबोध–वि० [सं०] १. बिउँझनु; जागा हुनु। २. बुद्धि; समझ। ३. ज्ञान; बोध। ४. जागरण।

विबोधन–ना० [सं०] १. बिउँझनु; जागा हुनु। २. बोध हुनु; ज्ञान हुनु।

विबोधित–वि० [सं०] १. बिउँझाइएको; निद्रा छुटाइएको। २. ज्ञान गराइएको; बोध गराइएको।

विभङ्ग–ना० [सं०] १. उर्लेर आएको तरङ्ग; छाल। २. भाँचिनु; टुट्नु। ३. विघ्न; बाधा। ४. चाउरी; मुजो।

विभक्त–वि० [सं०] १. भाग लगाइएको; बाँड़िएको; विभाजित। २. छुट्ट्याइएको; अलग गरिएको। ३. पृथक् पारिएको वा भएको; छुट्टिएको वा छुट्ट्याइएको।

विभक्ति–ना० [सं०] १. बाँड्ने काम; भाग लाउने काम। २. छुट्ट्याउने काम; पार्थक्य। ३. भाग; हिस्सा। ४. व्याकरणअनुसार शब्दको पछिल्तिर लागेर अरू शब्द-हरूसित त्यसको सम्बन्धको बोध गराउने एक किसिमको प्रत्यय; कारक-सूचक प्रत्यय।

विभग्न–वि० [सं०] १. टुटे-फुटेको; भाँचिएको। २. नाश भएको; ध्वंसित।

विभय–वि० [सं०] भय नभएको; निर्भय।

विभव–ना० [सं०] १. धन; सम्पत्ति; ऐश्वर्य। २. महिमा; बड़प्पन। ३. पराक्रम; शक्ति। ४. भोग-विलासको वस्तु। ५. एक संवत्सर।

CC-0. In Public Domain. Digitization by eGangotri

विभववान्–वि० [सं०] धनवान्; सम्पत्ति-शाली।

विभव-शाली–वि० [सं०] ऐश्वर्यवान्; सम्पत्ति-शाली।

विभा–ना० [सं०] १. प्रभा; कान्ति। २. किरण; तेज। ३. सौन्दर्य।

विभाकर–ना० [सं०] १. सूर्य। २. अग्नि।

विभाग–ना० [सं०] १. बाँड्ने काम; विभाजन। २. अंश; हिस्सा; भाग। ३. पुस्तकको प्रकरण; अध्याय। ४. छुट्ट्याउने काम; पार्थक्य। ५. व्यवस्था गर्न सजिलो पार्नाका निमित्त छुट्ट्याइएको कामको फाँट वा कार्य-क्षेत्र।

विभागाध्यक्ष–ना० [सं०] कुनै विभागको प्रमुख अधिकारी; विभागीय प्रमुख।

विभागी–वि० [सं०] १. भाग लाउने; बाँड्ने। २. अंशियार; हिस्सेदार।

विभागीय–वि० [सं०] विभागको; विभाग-सम्बन्धी।

विभाजक–वि० [सं०] १. बाँड्ने; विभाजन गर्ने। २. टुक्रा पार्ने; टुक्र्याउने।

विभाजन–ना० [सं०] १. बाँड्ने काम; भाग लाउने काम। २. विभाग छुट्ट्याउने काम।

विभाजयिता–वि० [सं०] बाँड्ने; विभाजक।

विभाजित–वि० [सं०] १. बाँडिएको; भाग लगाइएको। २. छुट्ट्याइएको; पृथक् गरिएको; खण्डित।

विभाज्य–वि० [सं०] १. बाँड्न योग्य; भाग लगाउन लायक। २. छुट्ट्याउनुपर्ने; अलग पार्न योग्य।

विभात–ना० [सं०] बिहानी-पखको समय; प्रभात।

विभाव–ना० [सं०] १. मनमा कुनै भावको उत्पत्ति गराउने वस्तु वा अवस्था; भावका तीन अङ्ग (विभाव, अनुभाव र सात्त्विक)-मध्ये एक। (यसका पनि दुइ भेद छन्–आलम्बन र उद्दीपन।) २. परिचय।

विभावक–वि० [सं०] १. भाव व्यक्त गर्ने; भाव प्रकट गर्ने। २. तर्क गर्ने; विवाद गर्ने।

विभावन–ना० [सं०] विभावना।

विभावना–ना० [सं०] १. कल्पना। २. विवेक; विचार। ३. कारण नभईकन पनि कार्यको वर्णन गरिने एक अर्थालङ्कार। ४. वाद-विवाद। ५. चिन्तन।

विभावरी–ना० [सं०] १. रात। २. हलेदो। ३. वेश्या।

विभावसु–ना० [सं०] १. सूर्य। २. अग्नि। ३. चन्द्रमा। ४. मन्दार। ५. एक प्रकारको हार (गहना)। ६. एक गन्धर्व।

विभावित–वि० [सं०] १. प्रकट गरिएको; व्यक्त। २. जानेको; थाहा पाएको। ३. विचार गरिएको।

विभाव्य–वि० [सं०] हुने सम्भावना भएको; सम्भावित।

वभाषा–ना० [सं०] १. विकल्प। २. छान्ने वा रोज्ने काम; छनोट। ३. एक प्रकारको प्राकृत भाषा।

विभास–ना० [सं०] १. चमक; द्युति; कान्ति। २. बिहानी-पख गाइने एक प्रार्थना-गीत।

विभासा–ना० [सं०] कान्ति; प्रभा।

विभिन्न–वि० [सं०] १. अनेक प्राकरको; किसिम-किसिमको; विविध प्रकारको। २. बिलकुल अलग; पृथक्। ३. मिसिएको; मिश्रित।

विभिन्नता–ना० [सं०] विभिन्न हुनाको भाव।

विभीतक–ना० [सं०] बर्रो।

विभीषक–वि० [सं०] डर देखाउने; तर्साउने।

विभीषण–ना० [सं०] १. रावणको कान्छो भाइ। –(वि०) २. अति भयङ्कर।

विभीषिका–ना० [सं०] १. डर देखाउने काम; तर्साउने काम। २. भय; डर। ३. डर देखाउने वस्तु; तर्साउने साधन।

विभु–वि० [सं०] १. सबैतिर फैलिएको; सर्व-व्यापक। २. अति ठूलो; महान्। ३. शक्ति-शाली। ४. नित्य; अविनाशी। ५. प्रसिद्ध। ६. योग्य। ७. जितेन्द्रिय। (ना०) ८. जीवात्मा। ९. ईश्वर। १०. स्वामी; मालिक। ११. आकाश। १२. काल। १३. नोकर। १४. ब्रह्मा। १५. शिव। १६. विष्णु।

विभुता–ना० [सं०] स्वामित्व; प्रभुता।

विभूत–ना० [सं० विभूति] यज्ञ-कुण्डको खरानी; विभूति।

विभूति–ना० [सं०] १. ऐश्वर्य; वैभव। २. सम्पत्ति; दौलत। ३. अलौकिक शक्ति। ४. अभ्युदय; उन्नति। ५. शक्ति-शाली पुरुष। ६. यज्ञ-कुण्डको खरानी; विभूत।

विभूषण–ना० [सं०] १. तक्मा। २. विशेष प्रकारको आभूषण। ३. सुन्दरता। ४. सजाउने काम; श्रृङ्गार।

विभूषा–ना० [सं०] १. गहना; आभूषण। २. सजाउने काम; सजावट। ३. शोभा; सौन्दर्य। ४. दीप्ति; कान्ति।

विभूषित–वि० [सं०] १. सजाइएको; श्रृङ्गार गरिएको; अलङ्कृत। २. शोभित। ३. गुणले युक्त।

विभृत–वि० [सं०] १. लाइएको; धारण गरिएको। २. पालन-पोषण गरिएको।

विभेद–ना० [सं०] १. फरक; भेद; अन्तर। २. अनेक प्रकार; धेरै किसिम। ३. छेड्नु; रोप्नु। ४. टुक्र्याउनु; खण्ड-खण्ड पार्नु। ५. फूट; मत-भेद।

विभोर–वि० [?] एक-चित्त भई लागेको; निमग्न; तल्लीन।

विभ्रंश–ना० [सं०] १. पतन; अवनति। २. विनाश; क्षय। ३. अतिसार। ४. अधित्यका।

विभ्रंशित–वि० [सं०] १. खसेको; पतन भएको। २. नष्ट गरिएको।

विभ्रम–ना० [सं०] १. भ्रान्ति; भ्रम। २. सन्देह; संशय। ३. यता-उति डुल्नु; भ्रमण गर्नु। ४. हड़बड़ गरेर स्त्रीहरूले अव्यवस्थित तरीकाले श्रृङ्गार गर्दा हुने एक हाव।

विभ्रान्त–वि० [सं०] १. भ्रममा परेको; भ्रान्तिमा परेको। २. घुमेको; चक्कर खाएको। ३. उद्विग्न; व्याकुल।

विभ्रान्ति–ना० [सं०] १. भ्रान्ति; भ्रम। २. घुम्नु; चक्कर

CC-0. In Public Domain. Digitization by eGangotri

खानु। ३. उद्विग्न हुनु; व्याकुल हुनु।
विभ्राट्–वि० [सं०] खूब तेजिलो; अति चहकदार।
विमत–वि० [सं०] १. भिन्न मतको; विरुद्ध मतको। २. तिरस्कृत; उपेक्षित। (ना०) ३. विपरीत मत। ४. शत्रु; वैरी।
विमति–वि० [सं०] १. विरुद्ध मतको; विपरीत मतको। २. मूर्ख। (ना०) ३. मत-भेद; मत-भिन्नता। ४. मूर्खता।
विमत्सर–वि० [सं०] द्वेष नभएको; ईर्ष्या-रहित।
विमद–वि० [सं०] १. मद-रहित। २. हर्ष-रहित।
विमनस्क–वि० [सं०] १. दिक्दार; उदास; खिन्न। २. व्याकुल; अधीर। ३. अन्यमनस्क।
विमना–वि० [सं०] १. दिक्दार; उदास। २. विह्वल। ३. विरोधी मतको।
विमन्यु–वि० [सं०] १. क्रोध-रहित। २. शोक-रहित।
विमय–ना० [सं०] विनिमय।
विमर्द–ना० [सं०] १. रगेड्नु; घोट्नु। २. युद्ध; सङ्ग्राम। ३. नाश; बरबादी।
विमर्दक–वि० [सं०] १. रगड्ने; पिँध्ने। (ना०) २. चन्द्र वा सूर्यको ग्रहण। ३. चन्द्र र सूर्यको समागम।
विमर्दन–ना० [सं०] १. रगेड्नु; घोट्नु। २. मल्नु; मिच्नु। ३. नाश गर्नु। ४. युद्ध; लड़ाइँ।
विमर्दनीय–वि० [सं०] १. मल्न लायक; मिच्न योग्य। २. रगेड्न लायक; घोट्नुपर्ने।
विमर्दित–वि० [सं०] १. पिँधिएको; पिसिएको। २. रगेड़िएको; घोटिएको।
विमर्श–ना० [सं०] १. कुनै तथ्य कुरोको खोजी; वास्तविक तत्त्वको अनुसन्धान। २. कुनै कुराको विवेचना वा विचार। ३. परामर्श; सल्लाह-साउती। ४. आलोचना; समीक्षा। ५. तर्क; बहस; वाद-विवाद। ६. नाटकका पाँच सन्धि-मध्ये एक; विमर्ष।
विमर्शन–ना० [सं०] १. तर्क-वितर्क; वाद-विवाद। २. समीक्षा। ३. कुनै तथ्य कुराको खोज; अन्वेषण।
विमर्शित–वि० [सं०] १. विचार गरिएको। २. आलोचना गरिएको; समीक्षा गरिएको। ३. विमर्शन वा अन्वेषण गरिएको।
विमर्शी–वि० [सं०] १. विचार गर्ने; विचारक। २. समीक्षक; समालोचक। ३. विमर्शन वा अन्वेषण गर्ने।
विमर्ष–ना० [सं०] १. विचार; विवेचना। २. अधैर्य; असहिष्णुता। ३. असन्तोष। ४. नाटकका पाँच सन्धिमध्ये एक। (यसमा खेद, अपवाद, सङ्केत, व्यवसाय, द्रव, द्युति, शक्ति, प्रसङ्ग, प्रतिषेध, विरोध, प्ररोचना, आदान र छादन हुन्छन्।) ५. आलोचना, समीक्षा। ६. अन्वेषण; खोजी।
विमल–वि० [सं०] १. मल-रहित; निर्मल। २. स्वच्छ; सफा। ३. पवित्र; विशुद्ध। ४. निष्कलङ्क; निर्दोष। ५. सुन्दर। (ना०) ६. अभ्रख। ७. चाँदीको मुलम्मा।
विमला–ना० [सं०] सरस्वती।
विमांस–ना० [सं०] अशुद्ध वा खान नहुने मासु (कुकुर आदिको मासु)।
विमाता–ना० [सं०] सौतेनी आमा; सानीमा।
विमातृ–ना० [सं०] विमाता।
विमान–ना० [सं०] १. आकाश-मार्गले जाने सवारी; व्योम-यान। २. हवाई-जहाज; वायु-यान। ३. मुर्दा लाने खट। ४. सात-तले दरबार। ५. असम्मान; अनादर। ६. सभा-भवन। ७. घोड़ा।
विमानक–ना० [सं०] १. हवाई-जहाज; वायु-यान। २. सात-तले घर।
विमान-घाट–ना० [विमान+घाट] हवाई-जहाज उड्न र बस्न बनाइएको ठाउँ; एरोड्रम।
विमानना–ना० [सं०] अनादर; अपमान।
विमान-भेदी–ना० [सं०] विमान-वेधी।
विमान-वेधी–वि० [सं०] उड़िरहेको हवाई-जहाजलाई हान्ने (विशेष प्रारकको तोप)।
विमानित–वि० [सं०] मान-हानि गरिएको; अपमानित।
विमार्ग–वि० [सं०] १. खराब बाटो; कुमार्ग; अबाटो। २. बढ़ार्ने काम।
विमार्गण–ना० [सं०] अनुसन्धान।
विमार्जन–ना० [सं०] १. धुने काम; सफा गर्ने काम। २. पवित्र गर्नु; शुद्ध पार्नु। ३. बढ़ार्नु।
विमुक्त–वि० [सं०] १. राम्ररी मुक्त भएको; निर्मुक्त। २. स्वतन्त्र; स्वच्छन्द। ३. छोड़िएको; परित्यक्त। ४. फ्याँकिएको।
विमुक्ति–ना० [सं०] १. छुटकारा; रिहाई। २. मोक्ष; मुक्ति।
विमुख–वि० [सं०] १. मुख पछिल्तिर फर्काएको; पराङ्-मुख। २. उदासीन; विरक्त। ३. प्रतिकूल। ४. निराश। ५. अप्रसन्न; नाराज। ६. मुख नभएको।
विमुग्ध–वि० [सं०] १. अत्यन्त मुग्ध; मोहित। २. भ्रममा परेको। ३. आत्तिएको। ४. मूढ।
विमूढ–वि० [सं०] १. मोहमा परेको; अत्यन्त मोहित। २. जड-बुद्धि; मूर्ख। ३. बुद्धिमान्; चतुर।
विमूल–वि० [सं०] जरैदेखि उखेलिएको; निर्मूल।
विमोक्ष–ना० [सं०] मुक्ति; मोक्ष।
विमोक्षण–ना० [सं०] १. मुक्ति। २. छोड्नु (अस्त्र आदि)। ३. त्याग्नु। ४. दिनु वा पार्नु (फुल)।
विमोचन–ना० [सं०] १. बन्धनबाट छुट्नु; मुक्त हुनु। २. निकाल्नु; बाहिर पठाउनु। ३. हटाउनु।
विमोचित–वि० [सं०] १. बन्धनबाट मुक्त गरिएको; निर्मुक्त। २. निकालिएको।
विमोहक–वि० [सं०] १. मोहित पार्ने; मोहनी लाउने।

CC-0. In Public Domain. Digitization by eGangotri

२. भ्रममा पार्ने ।

विमोहन–ना० [सं०] १. भ्रम; भ्रान्ति । २. सुद्धी हराउनु; मति-भ्रम । ३. मोहनी; टुना ।

विमोहित–वि० [सं०] १. लहसिएको; मुग्ध । २. मोहनी लाइएको । ३. भ्रममा परेको ।

विम्ब–ना० [सं०] बिम्ब ।

विम्बक–ना० [सं०] बिम्बक ।

विम्बित–वि० [सं०] बिम्बित ।

वियत्–ना० [सं०] १. आकाश । २. वायु-मण्डल ।

वियुक्त–वि० [सं०] १. छुट्ट्याइएको; अलग भएको । २. बिछोड़ भएको; वियोग भएको । ३. रहित; नभएको ।

वियोग–ना० [सं०] १. छुट्टिनु; पृथक् हुनु । २. प्रिय व्यक्तिसित छुट्टिनु; बिछोड़ । ३. विरह ।

वियोग-शृङ्गार–ना० [सं०] विप्रलम्भ-शृङ्गार ।

वियोगान्त–वि० [सं०] अन्त वा पर्यवसानमा वियोग, शोक, दुःख आदि भएको; दुःखान्त (नाटक, उपन्यास आदि) ।

वियोगिनी–ना० [सं०] १. प्रेमीको वियोगले दुःखित नायिका; विरहिणी । २. पहिलो र तेस्रो चरणमा क्रमशः दुइटा सगण, एक जगण र अन्तमा गुरु हुने, र दोस्रो र चौथो चरणमा क्रमशः सगण, भगण, रगण र लघु एवम् गुरु हुने एक वर्ण-वृत्त ।

वियोगी–ना० [सं०] १. प्रेमिकासित बिछोड़ भएको नायक; विरही पुरुष । २. चखेवा । (वि०) ३. छुट्टिएको; पृथक रहेको ।

वियोजक–वि० [सं०] छुट्ट्याउने; अलग पार्ने ।

वियोजन–ना० [सं०] छुट्ट्याउनु; अलग पार्नु ।

वियोजित–वि० [सं०] पृथक् गरिएको; छुट्ट्याइएको ।

विरक्त–वि० [सं०] १. सांसारिक सुख-भोगदेखि अलग भएको; वैरागी; उदासीन । २. अनासक्त; अननुरक्त । ३. दिक्दार; खिन्न । ४. अत्यन्त रातो । ५. रङ्ग उड़ेको । ६. खराब रङ्गको । ७. असन्तुष्ट । ८. क्रुद्ध । ९. उत्तेजित ।

विरक्ति–ना० [सं०] १. सांसारिक विषयहरूदेखि भिन्न रहनु; विराग; वैराग्य । २. उदासीनता । ३. खिन्नता । ४. अप्रसन्नता ।

विरङ्ग–वि० [सं०] १. अनेक रङ्गको; रङ्गी-चङ्गी । २. कुरङ्गको; बजरङ्गको ।

विरञ्च–ना० [सं०] विरञ्चि ।

विरञ्चि–ना० [सं०] ब्रह्मा ।

विरचन–ना० [सं०] १. विशेष रूपले सजाउने काम; विशिष्ट सजावट । २. निर्माण; रचना ।

विरचित–वि० [सं०] १. राम्ररी बनाइएको; सुन्दर ढङ्गले निर्मित । २. लेखिएको; लिखित । ३. खूब सजाइएको ।

विरज–वि० [सं०] १. अनुराग नभएको; विरक्त । २. रजोगुण नभएको । ३. धूलो वा रज नभएको ।

विरत–वि० [सं०] १. अनुरक्त नभएको; विरक्त । २. कामकाजबाट अलग भएको; निवृत्त ।

विरति–ना० [सं०] विरत हुने भाव; विरक्ति; उदासीनता ।

विरथ–वि० [सं०] रथ वा सवारीमा नचढ़ेको; पैदल ।

विरथी–वि० [सं०] रथ वा सवारीमा नचढ़ेको; पैदल ।

विरम–ना० [सं०] १. विराम । २. सूर्यास्त । ३. अन्त ।

विरल–वि० [सं०] १. बीच-बीचमा अवकाश भएर छुट्टिएको; घना नभएको; पातलो । २. थोरै; कम । ३. थोरै मात्रामा प्राप्त हुने; दुर्लभ; बिरलाकोटी ।

विरव–वि० [सं०] आवाज नभएको; निःशब्द ।

विरस–वि० [सं०] १. रस नभएको; बिरसिलो; नीरस । २. स्वाद-रहित; बेस्वादको । ३. अप्रिय । ४. रूखो; कर्कश (स्वभाव) ।

विरह–ना० [सं०] १. छुट्टिने काम; छुट्टिम; वियोग । २. वियोगबाट भएको दुःख; बिछोड़को दुःख । ३. अभाव । ४. त्याग । ५. दुःख; खेद । ६. उराठ ।

विरहाग्नि–ना० [सं०] विरहबाट भएको पीर; वियोगबाट हुने चिन्ता; विरहानल ।

विरहानल–ना० [सं०] विरहाग्नि ।

विरहिणी–ना० [सं०] प्रेमीबाट बिछोड़ भएर दुःखित स्त्री; वियोगिनी ।

विरहित–वि० [सं०] १. छोड़िएको; परित्यक्त । २. नभएको; रहित ।

विरही–वि० [सं०] १. प्रेमिकाको वियोगबाट दुःखित; वियोगी । २. एकलो; ठिङ्गो ।

विरहोत्कण्ठिता–ना० [सं०] सङ्केत-स्थलमा नायक नआउँदा उत्कण्ठित भई दुःखी भएकी नायिका ।

विराग–ना० [सं०] राग वा इच्छा नहुनु; वैराग्य; विरक्ति ।

विरागी–वि० [सं०] १. राग वा इच्छा नभएको; वैरागी । २. विरक्त ।

विराज–वि० [सं०] राज्य-रहित ।

विराजन–ना० [सं०] १. शासन गर्नु; राज्य गर्नु । २. शोभित हुनु ।

विराजमान–वि० [सं०] १. शोभायमान; शोभित । २. आनन्दका साथ बसेको; विराजित । ३. विद्यमान । ४. उपस्थित; मौजूद ।

विराजित–वि० [सं०] १. सुखपूर्वक बसेको । २. सुशोभित । ३. उपस्थित; मौजूद ।

विराज्–ना० [सं०] १. सौन्दर्य । २. आभा । ३. क्षत्रिय । ४. ब्रह्माका प्रथम पुत्र । ५. एक प्रकारको वैदिक छन्द ।

विराट्–ना० [सं०] १. विश्व-रूप ब्रह्म । २. विश्व । ३. क्षत्रिय । ४. कान्ति; दीप्ति । (वि०) ५. अतिशय ठूलो; महान् ।

विराट–ना० [सं०] १. महाभारत-कालको एक देश । २. त्यसैका राजा ।

विराट्-नगर–ना० [सं०] नेपालको पूर्वी तराई-क्षेत्रमा रहेको

CC-0. In Public Domain. Digitization by eGangotri

मोरङ्ग जिल्लाको सदर मुकाम ।

विराध–ना० [सं०] १. विरोध । २. अपमान । ३. अपकार । ४. रामले मारेको एक राक्षस ।

विराम–ना० [सं०] १. रोकिनु; थामिनु । २. सुस्ताउने काम; विश्राम । ३. अन्त; समाप्ति । ४. वाक्य, वाक्यांश आदिको पछाड़ि रोकिने स्थान । ५. छन्दको बीचमा केही क्षण रोकिने ठाउँ; यति ।

विराम-चिह्न–ना० [सं०] लेख आदिमा प्रयोग गरिने विराम-सूचक चिह्न (पूर्ण-विराम, अर्ध-विराम आदि) ।

विराव–ना० [सं०] १. शब्द; ध्वनि । २. हल्ला

विरिक्त–वि० [सं०] १. खाली गरिएको; रित्त्याइएको । २. बाहिर निकालिएको ।

विरिञ्च–ना० [सं०] ब्रह्मा ।

विरिञ्चि–ना० [सं०] १. ब्रह्मा । २. विष्णु । ३. शिव ।

विरुज–वि० [सं०] १. रोग नभएको; नीरोग । २. दुःख दिने; सताउने ।

विरुत–वि० [सं०] १. अस्पष्ट शब्द भएको । २. गुन्जायमान । (ना०) ३. चिच्च्याएको शब्द; चीत्कार । ४. कोलाहल । ५. कूजन ।

विरुद–ना० [सं०] १. गुण-गान; कीर्ति-गाथा; प्रशस्ति । २. प्राचीन कालका राजाहरूको कीर्ति-सूचक पदवी । ३. यश; कीर्ति । ४. घोषणा ।

विरुदावली–ना० [सं०] १. गद्य-पद्ययुक्त राज-स्तुति । २. गुण, उदारता, पराक्रम आदिको विस्तृत वर्णन; सविस्तर प्रशंसा ।

विरुद्ध–वि० [सं०] १. मत, सिद्धान्त, गुण इच्छा आदिको उल्टो; विपरीत । २. प्रतिकूल; उल्टो । ३. विरोधमा चल्ने; विरोधी । ४. असङ्गत; बेमेल । ५. शत्रु; वैरी । ६. रोकिएको; अवरुद्ध । (ना०) ७. शत्रुता; वैर-भाव । ८. विरोध ।

विरुद्धाचरण–ना० [सं०] नियमदेखि विरुद्ध आचरण; विपरीत आचरण ।

विरूप–वि० [सं०] १. नराम्रो रूपको; कुरूप; भद्दा । २. २. शोभा-रहित; श्री-हीन । ३. अनेक रूपको ।

विरूपाक्ष–वि० [सं०] १. ज्यादै नराम्रा आँखा हुने । (ना०) २. शिव; महादेव । ३. शिवको एक गण । ४. एक राक्षस । ५. एक नाग । ६. एक यक्ष । ७. एक लोक-पाल ।

विरूपी–वि० [सं०] १. कुरूप; विरूप । २. छेपारो ।

विरेक–ना० [सं०] विरेचन ।

विरेचक–वि० [सं०] १. दिसा गराउने; जुलाफ हुने । २. कसर, मैल आदि निकाल्ने; खार्ने ।

विरेचन–ना० [सं०] १. दिसा लगाउनु । २. दिसा लगाउने औषध । ३. कसर, मैल आदि सफा गर्नु; खार्नु ।

विरेची–वि० [सं०] १. दिसा लगाउने; विरेचक । २. फोहर, कसर आदि निकाल्ने; खार्ने ।

विरोचन–ना० [सं०] १. सूर्य । २. चन्द्रमा । ३. अग्नि । ४. पुराण-प्रसिद्ध दैत्य-राज बलिका बाबु; प्रह्लादको छोरो ।

विरोद्धा–वि० [सं०] विरोध गर्ने; विरोधी ।

विरोध–ना० [सं०] १. कुनै काम रोक्नाका निम्ति गरिने कोशिश; विपरीत प्रयत्न । २. भिन्न-भिन्न विचार वा तथ्य कुराहरूमा हुने पारस्परिक विपरीतता । ३. उल्टो स्थिति; प्रतिकूलता । ४. मत-भेद; फूट । ५. वैर-भाव; प्रतिकूलता; शत्रुता । ६. अवरोध; बाधा; रोकावट; अड्काउ । ७. जाति, गुण, क्रिया, द्रव्य आदिका साथ विरोध वर्णन गर्दा हुने एक अर्थालङ्कार । ८. घेरो । ९. नियन्त्रण । १०. असङ्गति ।

विरोधक–वि० [सं०] १. विरोध गर्ने; विरोधी । २. बाधा पार्ने; बाधक ।

विरोधाचरण–ना० [सं०] १. विरोधमा गरिएको आचरण वा काम; विरुद्ध कार्य । २. शत्रुतापूर्ण काम । ३. कसैको सामान्य आचरण वा स्वभावको विरुद्ध देखिने वा हुने व्यवहार ।

विरोधाभास–ना० [सं०] १. दुइ वा धेरै वस्तुहरूका बीच देखिने विरोधको आभास; विपरीतताको भाव । २. क्रिया, गुण, जाति, द्रव्य, धर्म आदिको वर्णन गर्दा सामान्य दृष्टिले हेर्दा तिनीहरूको परस्परमा विरोधजस्तो देखिने एक अर्थालङ्कार ।

विरोधित–वि० [सं०] विरोध गरिएको; बाधा पारिएको ।

विरोधी–वि० [सं०] १. विरोध गर्ने । २. उल्टो; विपरीत । ३. बाधा पार्ने; बाधक । (ना०) ४. विपक्षी । ५. शत्रु; वैरी ।

विल–ना० [सं०] प्वाल ।

विलक्ष–वि० [सं०] १. विकल; व्याकुल । २. विस्मयमा परेको । ३. लज्जित । ४. विलक्षण; अद्भुत ।

विलक्षण–वि० [सं०] १. अद्भुत; अनौठो । २. असाधारण; अलौकिक । ३. कुनै किसिमको लक्षण नभएको ।

विलक्षित–वि० [सं०] १. आश्चर्य-चकित; अचम्ममा परेको । २. नियालेर हेरिएको । ३. घबड़ाएको; आत्तिएको । ४. चिढ़िएको ।

विलक्ष्य–वि० [सं०] उद्देश्य नभएको; लक्ष्य-हीन ।

विलग्न–वि० [सं०] १. टाँसिएको; गाँसिएको; संलग्न । २. झुन्डिएको; लट्किएको । ३. फ्याँकिएको । ४. गाड़िएको । ५. बाँधिएको । ६. बितेको । ७. पातलो । ८. कोमल । (ना०) ९. कमर; कटि । १०. नितम्ब ।

विलङ्घन–ना० [सं०] १. नाघ्नु; फड्कनु । २. आज्ञा, अनुशासन आदि पालन नगर्नु; उल्लङ्घन । ३. उपवास गर्नु; निराहार । ४. संयम । ५. अपराध ।

विलङ्घनीय–वि० [सं०] विलङ्घन गर्न लायक ।

विलङ्घित–वि० [सं०] १. नाघिएको; फड्किएको । २. पालन नगरिएको; उल्लङ्घित । ३. पराजित; पराभूत ।

विलङ्घी–वि० [सं०] १. नाघ्ने; फड्कने । २. उल्लङ्घन

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने ।

विलङ्घ्य–वि० [सं०] १. फड्कन योग्य; नाघ्न योग्य । २. नमान्न योग्य; उल्लङ्घन गर्न सकिने (आज्ञा, अनुशासन आदि) ।

विलज्ज–वि० [सं०] लाज नभएको; नकच्चरो; निर्लज्ज ।

विलज्जित–वि० [सं०] लाजले भुतुक्क भएको; अति लज्जित ।

विलपन–ना० [सं०] विलाप गर्नु; बिलौना गर्नु ।

विलपित–वि० [सं०] बिलौना गरिएको; विलाप गरिएको ।

विलम्ब–ना० [सं०] १. तोकिएको समयको अवधि नाघ्ने काम; ढिल्याइ । २. सुस्ती; जुम्सोपन । ३. एक संवत्सर । ४. झुन्डिनु; लट्कनु । (वि०) ५. अबेर; ढीलो ।

विलम्बन–ना० [सं०] १. तोकिएको वा नियत समय नाघ्नु; अबेर हुनु; विलम्ब हुनु । २. झुल्नु; लट्कनु ।

विलम्बित–वि० [सं०] १. ढीलो भएको; अबेर भएको । २. झुन्ड्याइएको; लट्काइएको । ३. लम्ब्याइएको; लामो पारिएको; फिँजाइएको; फैलाइएको ।

विलम्बी–वि० [सं०] १. ढीलो गर्ने; विलम्ब गर्ने; जुम्सो । २. लट्कने; झुन्डिने । (ना०) ३. एक संवत्सर; विलम्ब ।

विलय–ना० [सं०] १. लीन हुनु; लय हुनु । २. हराउनु; लोप हुनु । ३. पग्लनु; गल्नु । ४. समाप्ति; नाश । ५. प्रलय ।

विलयन–ना० [सं०] १. लीन हुनु; लय हुनु । २. पग्लनु; गल्नु । ३. समाप्त हुनु; नाश हुनु; विनष्ट हुनु ।

विलयीकरण–ना० [सं०] एक वस्तु अर्को वस्तुमा अभेद भावले मिलाउने काम; विलीन गर्ने काम ।

विलसन–ना० [सं०] १. चमक; कान्ति । २. मनोरञ्जन; मनोविनोद ।

विलसित–वि० [सं०] १. चहकिलो; तेजिलो । २. सजाइएको; सुशोभित । ३. खेलाड़ी; क्रीडा-शील । ४. प्रकट । (ना०) ५. चमक । ६. प्रकट हुनु । ७. क्रीडा । ८. प्रेम उत्पन्न गर्ने हाव-भाव ।

विलाप–ना० [सं०] दुःख प्रकट गरी-गरी रुने काम; बिलौना; विलहना ।

विलापी–वि० [सं०] विलाप गर्ने; बिलौना गर्ने ।

विलायत–ना० [अ०] बिलायत ।

विलायती–वि० [अ० विलायत+ई] बिलायती; बेलायती ।

विलास–ना० [सं०] १. शरीर वा मनलाई आनन्द दिने काम; ऐश-आराम; मोज-मज्जा । २. क्रीडा; खेल । ३. पुरुषका प्रति अनुराग प्रकट गर्ने स्त्रीको चेष्टा । ४. लम्पटता; कामुकता ।

विलास-भवन–ना० [सं०] विलास गर्ने ठाउँ; क्रीडा-गृह ।

विलासवती–ना० [सं०] १. रसिक स्त्री । २. स्वेच्छाचारिणी स्त्री ।

विलासिका–ना० [सं०] श्रृङ्गार-रस-प्रधान हुने, उपरूपकको एक भेद ।

विलासिनी–ना० [सं०] १. सुन्दरी युवती । २. कामुक स्त्री । ३. वेश्या ।

विलासी–वि० [सं०] १. खूब विलास गर्नुपर्ने, बढ्ता ऐश-आराम चाहने । २. कामी; कामुक । ३. क्रीडा-शील; विनोद-प्रिय । ४. यता-उति घुम्ने । ५. प्रकाशमान; उज्यालो । (ना०) ६. रसिक व्यक्ति । ७. अग्नि । ८. चन्द्रमा । ९. सर्प । १०. कृष्ण; विष्णु । ११. शिव । १२. कामदेव ।

विलिखन–ना० [सं०] लेख्ने काम ।

विलिप्त–वि० [सं०] लिपिएको; पोतिएको ।

विलीन–वि० [सं०] १. कुनै वस्तु अर्को वस्तुमा अभेद हुने गरी मिलेको; लय भएको । २. लुप्त; अदृश्य । ३. पग्लेको; गलेको । ४. जोरिएको; सम्बद्ध । ५. मरेको; मृत ।

विलीनीकरण–ना० [सं०] १. एक वस्तु अर्को वस्तुमा अभेद भावले मिलाउने काम; एकीकरण । २. गाभ्ने काम ।

विलुञ्चन–ना० [सं०] लुछ्ने काम; उखेल्नु; भुत्ल्याउनु ।

विलुण्ठन–ना० [सं०] १. लुट्ने काम; लूट । २. चोरी । ३. लड़ीबुड़ी गर्नु; लोटपोट गर्नु; गुड्नु ।

विलुण्ठित–वि० [सं०] १. लुटिएको; खोसिएको । २. लोटपोट गरेको; गुड़ेको ।

विलुप्त–वि० [सं०] १. लोप भएको; बेपत्ता भएको । २. भाँचिएको; टुक्रिएको । ३. लुटिएको; अपहृत । ४. नाश गरिएको; विनष्ट ।

विलुम्पक–ना० [सं०] १. चोर; तस्कर । २. डाँकू; लुटेरा ।

विलुलित–वि० [सं०] १. हल्लिएको; कम्पित । २. चञ्चल; अस्थिर । ३. क्षुब्ध । ४. क्रम भङ्ग गरिएको ।

विलून–वि० [सं०] काटेर छुट्ट्याइएको; टुक्र्याइएको ।

विलेखन–ना० [सं०] १. खुर्कनु; ताछ्नु । २. जोत्नु; खन-जोत गर्नु । ३. उखेल्नु ।

विलेप–ना० [सं०] १. शरीरमा लगाइने सुगन्धी द्रव्य; अङ्ग-राग । २. लिपिने वस्तु; लिउन ।

विलेपन–ना० [सं०] १. शरीरमा मलहम, तेल, औषध आदि लाउने काम । २. शरीरमा लगाइने सुगन्धी द्रव्य; अङ्ग-राग । ३. लिपिने पदार्थ; लिउन ।

विलेपी–वि० [सं०] १. लेप लगाउने । २. लिउन, वज्र आदि लगाउने । (ना०) ३. भातको माड़ ।

विलेशय–ना० [सं०] प्वाल वा दुलोभित्र रहने जन्तु (सर्प, मूसो आदि) ।

विलोकन–ना० [सं०] १. राम्ररी हेर्नु; देख्नु । २. सोच्नु; विचार गर्नु । ३. जाँच्नु; परीक्षण । ४. नेत्र; आँखा ।

विलोकनीय–वि० [सं०] १. हेर्न योग्य; दर्शनीय । २. सुन्दर; रम्य ।

विलोकित–वि० [सं०] १. हेरिएको; अवलोकित । २. विचार गरिएको । (ना०) ३. हेराइ । ४. जँचाइ ।

विलोक्य–वि० [सं०] विलोकनीय ।

CC-0. In Public Domain. Digitization by eGangotri

विलोचन–ना० [सं०] आँखा; नेत्र।

विलोडन–ना० [सं०] १. हल्लाउनु; चलाउनु। २. मथ्नु; घोल्नु।

विलोडित–वि० [सं०] १. हल्लाइएको; चलाइएको। २. मथिएको; घोलिएको।

विलोप–ना० [सं०] १. कुनै वस्तु लिएर भाग्ने काम; लूट-पीट। २. नाश; बरबादी। ३. अभाव।

विलोपन–ना० [सं०] १. कुनै चीज लिएर भाग्नु; लुटेर लैजानु। २. काटेर छुट्ट्याउनु; टुक्र्याउनु। ३. नाश गर्नु; भताभुङ्ग पार्नु।

विलोपित–वि० [सं०] १. नाश गरिएको। २. चोरिएको।

विलोभ–ना० [सं०] १. लोभिने काम; प्रलोभन। २. बहकिने काम। ३. भ्रम; भ्रान्ति।

विलोभन–ना० [सं०] १. लोभ्याउने काम; प्रलोभन। २. बहकाउनु; फकाउनु।

विलोभित–वि०[सं०] १. लोभिएको; लुब्ध। २. फकाइएको; बहकाइएको।

विलोम–वि० [सं०] १. उल्टो; विपरीत। २. उल्टो क्रम वा विधिबाट उत्पन्न। (ना०) ३. उल्टो क्रम।

विलोल–वि० [सं०] १. अस्थिर; चन्चल। २. फिँजिएर हल्लिएको।

विलोलित–वि० [सं०] हल्लाइएको; डोलाइएको।

विलोलुप–वि० [सं०] लोभ नभएको; निर्लोभी; तृष्णा-रहित।

विल्व–ना० [सं०] बेल।

विल्वान्तर–ना० [सं०] शमीका जस्ता मसिना लामा पात र चमेलीका आकारका फूल हुने एक जातको काँढ़ावाल वृक्ष। (यो पहेँलो, रातो, सेतो, कालो र नीलो फूल फुल्ने–अनेक प्रकारको हुन्छ।)

विवक्षा–ना० [सं०] १. बोल्ने अभिलाषा; भन्ने इच्छा। २. अर्थ; भाव। ३. इरादा; अभिप्राय।

विवक्षित–वि० [सं०] १. भनिएको; कथित। २. इच्छित; अभिलषित्त। (ना०) ३. इरादा; अभिप्राय। ४. भाव; अर्थ।

विवक्षु–वि० [सं०] कुनै कुरो भन्ने इच्छा भएको।

विवत्स–वि० [सं०] सन्तान नभएको; निस्सन्तान।

विवत्सा–ना० [सं०] बाछो मरेकी गाई; हतुवा।

विवदित–वि० [सं०] १. विवाद वा कलह गरिएको। २. मुद्दा गरिएको। ३. विवाद-युक्त।

विवर–ना० [सं०] १. प्वाल; दुलो। २. गुफा; ओड़ार। ३. खाल्टो; खाड़ल । ४. दोष; छिद्र। ५. निर्जन स्थान।

विवरण–ना० [सं०] १. कुनै वस्तु, काम वा घटनाको विस्तृत वर्णन; बयान; वृत्तान्त्। २. व्याख्या; टीका। ३. बेहोरा। ४. प्रकट गर्ने काम।

विवर्जन–ना० [सं०] १. छोड्ने काम; त्याग। २. उपेक्षा; बेवास्ता। ३. रोक; छेक। ४. मनाही।

विवर्जित–वि० [सं०] १. छोड़िएको; त्यागिएको। २. वास्ता नगरिएको; उपेक्षित। ३. मनाई गरिएको; निषिद्ध।

विवर्ण–वि० [सं०] १. फुङ्ग उड़ेको; फीका (रङ्ग)। २. तेज नभएको; कान्ति-हीन। (ना०) ३. ब्राह्मण, क्षत्रिय आदि चार वर्णदेखि भिन्न जाति। ४. नीच स्वभावको व्यक्ति।

विवर्त–ना० [सं०] १. घुम्नु; चक्कर खानु। २. फर्कनु; फिर्ता आउनु। ३. नाच; नृत्य। ४. परिवर्तन। ५. संशोधन। ६. भ्रम। ७. समूह; थुप्रो; राशि।

विवर्तन–ना० [सं०] १. घुम्नु; चक्कर खानु। २. फर्कनु; प्रत्यावर्तन। ३. विभिन्न अवस्थामा परिवर्तन हुनु; स्थिति बदलिनु। ४. घुम-फिर गर्नु; टहलिनु। ५. तल झर्नु। ६. प्रणाम; नमस्कार।

विवर्तित–वि० [सं०] १. घुमेको; चक्कर खाएको। २. फर्केको; प्रत्यागत। ३. अवस्था बदलिएको; परिवर्तित।

विवर्धन–ना० [सं०] १. बढ्ने काम; वृद्धि। २. अभ्युदय; उन्नति।

विवर्धित–वि० [सं०] १. बढ़ाइएको; वृद्धि गरिएको। २. उन्नत; समृद्ध। ३. सन्तुष्ट।

विवश–वि० [सं०] १. आफ्नो इच्छा नभएर पनि कुनै काम गर्न बाध्य भएको; लाचार। २. आफ्ना वशमा नरहेको; पराधीन। ३. बेहोश; अचेत। ४. मरेको; मृत।

विवशता–ना० [सं०] विवश हुनाको भाव; लाचारी।

विवसन–वि० [सं०] विवस्त्र।

विवस्त्र–वि० [सं०] वस्त्र नलाएको; नाङ्गो।

विवाक–ना० [सं०] न्यायाधीश।

विवाद–ना० [सं०] १. कुनै विषय वा कुरोलाई लिएर गरेको छलफल; बहस; वाद-विवाद। २. कलह; झगड़ा; वाक्-युद्ध। ३. मुद्दा; मुकदमा। ४. खण्डन; प्रतिवाद। ५. चीत्कार। ६. आज्ञा।

विवाद-ग्रस्त–वि० [सं०] १. विवाद उठेको; विवादास्पद। २. छलफल गर्नुपर्ने।

विवादास्पद–वि० [सं०] १. विवाद वा छलफल गर्न बाँकी रहेको; विवाद-ग्रस्त। २. विवाद वा झगड़ा भएको; विवाद-युक्त। (ना०) ३. विवादको विषय; विवाद-ग्रस्त वस्तु।

विवादी–वि० [सं०] १. विवाद वा झगड़ा गर्ने; झगड़िया। २. बहस गर्ने; छलफल गर्ने। ३. सङ्गीतमा रागलाई विकृत तुल्याउने स्वर। ४. अनुकूल नभएकोले प्रयोगमा कम्ती आउने स्वर।

विवास–ना० [सं०] देश-निकाला; निर्वासन।

विवासन–ना० [सं०] देश-निकाला गर्ने काम; निर्वासन।

विवासित–वि० [सं०] देशबाट निकालिएको; देश-निकाला गरिएको; निर्वासित।

CC-0. In Public Domain. Digitization by eGangotri

विवाह–ना० [सं०] स्त्री र पुरुषमा पति र पत्नीको सम्बन्ध जोड्ने धार्मिक वा सामाजिक कृत्य; बिहे; पाणि-ग्रहण। (ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षसी र पैशाची–यी आठ प्रकारका विवाह मानिएका छन्।)

विवाह-विच्छेद–ना० [सं०] धार्मिक वा सामाजिक नियम-अनुसार पति-पत्नीले विवाह-सम्बन्ध तोड्नु; पार-पाचुके।

विवाहित–वि० [सं०] विवाह भएको; बिहे गरेको।

विवाहिता–वि० [सं०] विवाह गारिएकी; बिहे भएकी।

विवाह्य–वि० [सं०] १. विवाह गर्न योग्य; बिहे गर्न लायक। (ना०) २. जुवाइँ। ३. दुलहो; वर।

विविक्त–वि० [सं०] १. छुट्ट्याइएको; अलग पारिएको। २. शुद्ध; पवित्र। ३. एकान्त; निर्जन। ४. एकलो; कोही नभएको। ५. विचार-शील; विवेकी। ६. चिनेको; परिचित।

विविक्ता–ना० [सं०] १. अभागीनी स्त्री। २. पतिले नरुचाएकी स्त्री।

विविध–वि० [सं०] अनेक किसिमको; विभिन्न प्रकारको।

विविधता–ना० [सं०] विविध हुनाको भाव; अनेकता; विभिन्नता।

विवृत–वि० [सं०] १. प्रकट गरिएको; प्रदर्शित। २. स्पष्ट; प्रत्यक्ष। ३. व्याख्या गरिएको; टीका गरिएको। ४. फिंजाइएको; फैलाइएको। ५. विस्तृत। (ना०) ६. व्याकरणमा उष्म स्वरको उच्चारणको एक प्रयत्न।

विवृति–ना० [सं०] १. भाष्य; टीका। २. विस्तार; प्रसार। ३. आविष्कार।

विवृत्त–वि० [सं०] १. घुमेको; चक्कर खाएको। २. फर्केको; प्रत्यागत।

विवृत्ति–ना० [सं०] १. घुम्नु; चक्कर खानु। २. फर्कनु; प्रत्यागमन। ३. सन्धि छुट्ट्याउनु।

विवृद्ध–वि० [सं०] १. बढ़ेको; वृद्धि भएको। २. ज्यादै ठूलो; बड़ेमाको।

विवृद्धि–ना० [सं०] वेसरी बढ्ने काम; संवृद्धि।

विवेक–ना० [सं०] १. असल-खराब, सत्य-असत्य, न्याय-अन्याय आदि छुट्ट्याउने शक्ति वा ज्ञान। २. बुद्धि; समझ। ३. सत्यको ज्ञान; यथार्थको ज्ञान। ४. प्रकृति र पुरुषको भिन्नताको ज्ञान। ५. निगाह; कृपा। ६. पानी राख्ने एक किसिमको भाँड़ो।

विवेकज्ञ–वि० [सं०] असल र खराब छुट्ट्याउने ज्ञान भएको; विवेक-शील।

विवेकवान्–वि० [सं०] विवेकी; विवेक-शील।

विवेक-शील–वि० [सं०] १. असल-खराव छुट्ट्याउने बुद्धि भएको; विवेक भएको; विवेकी। २. विचारवान्; समझ-दार।

विवेकाधीन–वि० [सं०] विवेकमा निर्भर भएको।

विवेकिता–ना० [सं०] विवेकी हुनाको भाव; विवेक-शील हुनाको भाव।

विवेकी–वि० [सं०] १. असल र खराबको विचार राख्ने; विवेक-शील। २. बुद्धिमान्; समझदार। ३. ज्ञानी। ४. न्याय-शील; न्यायी।

विवेक्त–ना० [सं०] १. न्यायाधीश। २. पण्डित। ३. दर्शन-शास्त्रको विद्वान्।

विवेचक–वि० [सं०] १. असल र खराब वा सत्य र असत्य छुट्ट्याउने शक्ति भएको। २. विचारपूर्वक निर्णय गर्ने; मीमांसक। ३. तार्किक।

विवेचन–ना० [सं०] १. असल र खराब वा सत्य र असत्य छुट्ट्याउने काम। २. मीमांसा। ३. तर्क-वितर्क। ४. निर्णय। ५. अनुसन्धान। ३. परीक्षा।

विवेचना–ना० [सं०] विवेचन।

विवेचनीय–वि० [सं०] विवेचन गर्न योग्य।

विव्वोक–ना० [सं०] साहित्यमा अभिमानपूर्वक नायकको उपेक्षा वा तिरस्कार गर्ने नायिकाको एक हाव।

विशङ्क–वि० [सं०] शङ्का-रहित; निस्सन्देह; निर्धक्क।

विशङ्कट–वि० [सं०] १. अति ठूलो; बड़माको। २. उग्र; प्रचण्ड। ३. भयङ्कर; भयानक।

विशङ्कनीय–वि० [सं०] शङ्का गर्न योग्य; सन्दिग्ध।

विशङ्का–वि० [सं०] १. शङ्का-रहित; निश्शङ्क। (ना०) २. आशङ्का; सन्देह।

विशङ्कु-नारायण–ना० [सं०] काठमाड़ौँ-उपत्यकाभित्र रहेका चार-नारायणमध्ये एक।

विशद–वि० [सं०] १. सफा; स्वच्छ। २. सेतो; शुभ्र। ३. चहकिलो; तेजिलो। ४. राम्रो; सुन्दर। ५. स्पष्ट; व्यक्त। ६. शान्त। ७. लम्बे-चौड़े; विस्तृत (विवरण, व्याख्यान आदि)। ८. निश्चिन्त।

विशय–ना० [सं०] १. सन्देह; अनिश्चय। २. आश्रय।

विशल्य–वि० [सं०] १. काँढ़ो नभएको; निष्कण्टक। २. कष्ट वा चिन्ता नभएको।

विशसन–ना० [सं०] १. हत्या; वध। २. एक प्रकारको खड्ग; खुँड़ा।

विशाखा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक।

विशारद–वि० [सं०] १. अनुभवी; दक्ष; कुशल; सिपालु। २. पण्डित; विद्वान्। ३. प्रसिद्ध; प्रख्यात। ४. हिम्मत भएको; साहसी। (ना०) ५. बकुल वृक्ष।

विशाल–वि० [सं०] १. ज्यादै ठूलो; बड़ेमाको। २. विस्तृत; चापट। ३. भव्य; शानदार। ४. सम्पन्न। ५. प्रसिद्ध। ६. आदर्श; अनुकरणीय। ७. कुलीन। (ना०) ८. एक जातको मृग। ९. एक जातको पक्षी।

विशालता–ना० [सं०] विशाल हुनाको भाव; विस्तृत हुनाको भाव।

विशिख–वि० [सं०] १. टुपी नभएको; शिखा-हीन। (ना०) २. बाण; शर। ३. भालाजस्तो एक किसिमको हतियार।

विशिष्ट–वि० [सं०] १. विशेष किमिसको; विशेषता भएको;

CC-0. In Public Domain. Digitization by eGangotri

असाधारण। २. प्रसिद्ध; विख्यात। ३. सर्व-श्रेष्ठ; सर्वोत्तम। ४. विलक्षण; अद्भुत। ५. यशस्वी।

विशिष्टता–वि० [सं०] विशिष्ट हुनाको भाव; वैशिष्ट्य; विशेषता।

विशीर्ण–वि० [सं०] १. टुटे-फुटेको; जीर्ण-शीर्ण। २. थोत्रो; जर्जर। ३. खसेको; झरेको। ४. सुकेको; झुरिएको। ५. ओइलाएको। ६. चाउरी परेको।

विशुद्ध–वि० [सं०] १. बेसरी सफा गरिएको; शुद्ध; पवित्र। २. पाप-रहित; निष्पाप। ३. दाग नभएको; निष्कलङ्क। ४. धर्मात्मा। ५. मिसावट नभएको।

विशुद्धता–ना० [सं०] विशुद्ध हुनाको भाव; पवित्रता।

विशुद्धि–ना०[सं०] १. विशुद्धता; पवित्रता। २. समानता।

विशृङ्खल–वि० [सं०] १. शृङ्खला नभएको; सिलसिला नभएको; क्रम-बद्ध नभएको। २. कसैका अधीनमा नरहेको; उच्छृङ्खल। ३. लम्पट; दुराचारी।

विशेष–वि० [सं०] १. गुण, धर्म, परिमाण आदिमा साधारण-भन्दा बढ्ता; असाधारण। २. अरूमा नभएको कुनै नयाँ वा खास गुण भएको; विशिष्ट। ३. अधिक; प्रचुर। (ना०) ४. विशिष्टता। ५. अन्तर; भेद। ६. विलक्षणता। ७. किसिम; प्रकार। ८. तारतम्य। ९. अवयव; अङ्ग। १०. वस्तु; पदार्थ। ११. उत्तमता। १२. श्रेणी; कक्षा। १३. तिलक; टीको। १४. विशेषण।

विशेषक–वि० [सं०] १. एकै साथ अन्वय हुने तीन श्लोकको समुदाय। २. अरू वस्तुहरूदेखि भिन्नता देखाउने चिह्न। ३. तिलक; टीको। ४. विशेषण।

विशेषज्ञ–वि० [सं०] कुनै विषयको विशेष ज्ञान भएको; कुनै कामको विशेष ज्ञाता।

विशेषतः–क्रि० यो० [सं०] विशेष गरी; खास गरी।

विशेषण–वि० [सं०] १. गुण, धर्म, परिमाण, सङ्ख्या आदिद्वारा कुनै वस्तुको विशेषता बुझाउने (शब्द)। (ना०) २. व्याकरणअनुसार नाम वा सर्वनाम शब्दको गुण, परिमाण, भाव, दशा आदि जाहेर गर्ने शब्द; विशेषता बुझाउने शब्द। ३. विशेषता। ४. अन्तर; भेद। ५. लक्षण। ६. किसिम; प्रकार।

विशेषता–ना० [सं०] विशेष हुनाको भाव; वैशिष्ट्य।

विशेषाधिकार–ना० [सं०] कुनै विशेष परिस्थितिमा प्रयोग गरिने विशिष्ट अधिकार; कुनै व्यक्ति, संस्था, सङ्गठन आदिमा रहेको सामान्यभन्दा बढ़ी अधिकार।

विशेषोक्ति–ना० [सं०] कारण छँदा-छँदै कार्यको उत्पत्ति नभएको वर्णन गर्दा हुने एक अर्थालङ्कार।

विशेष्य–ना० [सं०] १. व्याकरणअनुसार विशेषण शब्द लागेको नाम शब्द; विशेषण-युक्त शब्द। (वि०) २. गुण, परिमाण आदिबाट भिन्न देखाउन योग्य। ३. मुख्य; प्रधान।

विशोक–वि० [सं०] १. शोक नभएको; चिन्ता-रहित। (ना०) २. अशोक वृक्ष।

विशोधन–ना० [सं०] १. राम्ररी शुद्ध पार्ने काम; संशोधन। २. प्रायश्चित्त।

विशोधनीय–वि० [सं०] १. शुद्ध गर्न योग्य; पवित्र तुल्याउन योग्य। २. सुधार गर्न योग्य।

विशोधित–वि० [सं०] विशुद्ध तुल्याइएको; पवित्र गरिएको।

विशोध्य–वि० [सं०] विशुद्ध पार्न योग्य; पवित्र तुल्याउन योग्य।

विशोषण–ना० [सं०] १. सुकाउने काम; शुष्क पार्ने काम। २. शोषण गर्नु; सोस्नु।

विशोषित–वि० [सं०] १. सुकाइएको; शुष्क पारिएको। २. सोसिएको; शोषित।

विश्रब्ध–वि० [सं०] १. उद्धत नभएको; शान्त। २. विश्वास गर्न योग्य; विश्वस्त। ३. निर्भय; निडर। ४. दृढ; अचञ्चल। ५. दीन। ६. धेरै; प्रशस्त।

विश्रम–ना० [सं०] विश्राम।

विश्रम्भ–ना० [सं०] १. दृढ विश्वास; पूरा पत्यार। २. आत्मीयता; घनिष्ठता। ३. गुप्त कुरो। ४. प्रणय-कलह। ५. विश्राम। ६. प्रेमपूर्वक सोधिएको कुशल-प्रश्न। ७. हत्या।

विश्रम्भण–ना० [सं०] १. विश्वास प्राप्त गर्नु; पत्यार पार्नु। २. गुप्त कुरा।

विश्रम्भी–वि० [सं०] १. विश्वास गर्ने; पत्याउने। २. गोपनीय; गोप्य (कुरा)।

विश्रय–ना० [सं०] १. आश्रय। २. आश्रम।

विश्रान्त–वि० [सं०] १. सुस्ताएको; विश्राम लिएको। २. स्थगित गरिएको; थामिएको। ३. थाकेको; थकित। ४. बन्द गरिएको। ५. शान्त।

विश्रान्ति–ना० [सं०] १. आराम; विश्राम। २. थकाइ। ३. अवसान; विराम।

विश्राम–ना० [सं०] १. श्रम वा थकाइ हटाउनाका निमित्त सुस्ताउने काम; आराम। २. शान्ति। ३. आराम लिने ठाउँ। ४. विराम; अन्त।

विश्राम-स्थान–ना० [सं०] १. आराम लिने ठाउँ; विश्राम गर्ने स्थान। २. बिसाउने ठाउँ।

विश्रामालय–ना० [सं०] विश्राम लिइने ठाउँ; आराम लिइने ठाउँ।

विश्री–वि० [सं०] १. श्री वा शोभा नभएको; कान्ति-हीन। २. नराम्रो; कुरूप।

विश्रुत–वि० [सं०] १. प्रसिद्ध; विख्यात। २. बगेको। ३. प्रसन्न; खुश।

विश्रुति–ना० [सं०] १. प्रसिद्धि; ख्याति। २. चुहुनु; क्षरण।

विश्लिष्ट–वि० [सं०] १. छुट्ट्याइएको; भिन्न पारिएको; विश्लेषण गरिएको। २. विकसित।

विश्लेष–ना० [सं०] १. छुट्ट्याउने काम; पार्थक्य। २. वियोग; बिछोड़। ३. हानि।

CC-0. In Public Domain. Digitization by eGangotri

विश्लेषण–ना० [सं०] छुट्टयाउने काम; पृथक् पार्ने काम।

विश्लेषित–वि० [सं०] १. छुट्टयाइएको; अलग पारिएको। २. भत्काइएको; तोड़िएको।

विश्लेषी–वि० [सं०] १. छुट्टिने; अलग हुने। २. बिछोड़ भएको; वियुक्त।

विश्व–ना० [सं०] १. समस्त ब्रह्माण्ड; चौध भुवनको समूह। २. संसार; जगत्; दुनियाँ। ३. दश देवताको एक गण (वसु, सत्य, क्रतु, दक्ष, काल, काम, भृति, कुरु, पुरूरवा र माद्रवा)। ४. विष्णु। ५. शरीर। (वि०) ६. समस्त; सम्पूर्ण। ७. सर्व-व्यापक। ८. प्रत्येक।

विश्व-कर्ता–ना० [सं०] विश्वको सृष्टि गर्ने पुरुष; परमेश्वर।

विश्व-कर्मा–ना० [सं०] १. शिल्प-शास्त्रका आविष्कर्ता एक देवता; देव-शिल्पी। २. परमेश्वर। ३. कर्मी; कारीगर। ४. सूर्य।

विश्व-कोश–ना० [सं०] संसारका सबै आवश्यक वस्तुहरूको क्रमसाथ नाम र विस्तारपूर्वक तिनीहरूको वर्णन लेखिएको ग्रन्थ।

विश्व-कोष–ना० [सं०] विश्व-कोश।

विश्वङ्कर–ना० [सं०] नेत्र; आँखा।

विश्व-नाथ–ना० [सं०] १. संसारका पालक स्वामी। २. शिव। ३. काशीको एक प्रसिद्ध शिव-लिङ्ग।

विश्वम्भर–वि० [सं०] १. विश्वका सबै प्राणीको भरण-पोषण गर्ने। (ना०) २. ईश्वर। ३. विष्णु।

विश्वम्भरा–ना० [सं०] पृथ्वी।

विश्व-रूप–ना० [सं०] १. गीताको उपदेश गर्दा अर्जुनलाई कृष्णले दर्शन दिएको जस्तो धेरै प्राणीहरूका शिर र धेरै हात, गोड़ा आदि भएको भगवान्को एक विशाल रूप। २. विष्णु। ३. शिव। (वि०) ४. सर्व-व्यापी; विश्व-व्यापी।

विश्व-रूपी–वि० [सं०] विभिन्न रूपमा प्रकट हुने।

विश्व-विख्यात–वि० [सं०] विश्वमा सर्वत्र ख्याति भएको; संसार-प्रसिद्ध।

विश्व-विजयी–वि० [सं०] संसारभरका सबै प्रतिद्वन्द्वीहरू-लाई जित्ने।

विश्व-विद्यालय–ना० [सं०] विभिन्न विषयका विद्याहरूको उच्च कोटिको शिक्षा र उपाधि दिने संस्था।

विश्व-विश्रुत–वि० [सं०] संसार-प्रसिद्ध; विश्व-विख्यात।

विश्व-व्यापक–वि० [सं०] १. संसारमा सर्वत्र व्याप्त भएको; विश्व-व्यापी। (ना०) २. ईश्वर।

विश्व-व्यापी–वि० [सं०] विश्व-व्यापक।

विश्वसन–ना० [सं०] विश्वास गर्नु; पत्याउनु।

विश्वसनीय–वि० [सं०] विश्वास गर्न योग्य; पत्याउन लायक।

विश्वसित–वि० [सं०] विश्वास गरिएको; विश्वस्त।

विश्वस्त–वि० [सं०] विश्वास भएको; पत्याइएको; विश्वस-नीय; भरपर्दो।

विश्वस्ता–वि० [सं०] विधवा।

विश्वात्मा–ना० [सं०] १. ईश्वर। २. विश्वमा सर्वत्र व्याप्त चेतना-स्वरूप आतमा।

विश्वानर–ना० [सं०] १. सविता। २. इन्द्र। ३. अग्निका पिता। ४. सबैका नेता।

विश्वामित्र–ना० [सं०] पुराण-प्रसिद्ध, क्षत्रिय-वंशमा उत्पन्न भएका एक ब्रह्मर्षि; सप्तर्षिमध्ये एक; कौशिक।

विश्वास–ना० [सं०] १. कुनै काम, कुरो, व्यक्ति, मत, नीति आदिप्रति हुने सत्यताको धारणा; पत्यार। २. भरोसो। ३. यकीन; दृढ निश्चय। ४. श्रद्धा; आस्था।

विश्वास-घात–ना० [सं०] कसैले आफूप्रति गरेको विश्वासको विपरीत काम गर्नु; धोखा दिनु।

विश्वास-घातक–वि० [सं०] विश्वास-घाती।

विश्वास-घाती–वि० [सं०] कसैले आफूप्रति गरेको विश्वासको विरुद्ध काम गर्ने; विश्वास-घात गर्ने; धोखेबाज।

विश्वास-पात्र–ना० [सं०] विश्वास गरिएको व्यक्ति; विश्वस्त व्यक्ति; भरपर्दो मानिस।

विश्वास-प्रद–वि० [सं०] विश्वास उत्पन्न गर्ने; विश्वास दिलाउने।

विश्वास-भाजन–ना० [सं०] विश्वास-पात्र।

विश्वासी–वि० [सं०] १. विश्वास भएको; विश्वस्त (व्यक्ति)। २. विश्वास गर्ने; पत्यार गर्ने (व्यक्ति)।

विश्वेश्वर–ना० [सं०] १. विश्वका मालिक परमेश्वर। २. काशीमा रहेको एक प्रसिद्ध शिव-लिङ्ग; विश्व-नाथ।

विष–ना० [सं०] १. खाँदा मरिने वस्तु; बिख; जहर। २. पानी; जल। ३. कमल-नालभित्र हुने लस्सा। ४. स्वास्थ्य वा सुख-शान्तिमा बाधक वस्तु। ५. वत्सनाभ। ६. गोदावरी फूलका जस्ता पात, साना काला दाना, सखर-खण्डको जस्तो कालो र खैरो कन्द हुने, हिमालयमा पाइने एक जातको बूटी।

विष-कण्ठिका–ना० [सं०] बकुल्लो।

विष-कन्या–ना० [सं०] १ समागम गर्ने पुरुषलाई मार्ने आशयले बालक-कालदेखि नै शरीरमा अलि-अलि विष प्रवेश गरी बढ़ाइएकी विषाक्त युवती। २. समागम गर्दा पुरुष मर्ने योगमा जन्मेकी कन्या।

विषक्त–वि० [सं०] १. बलियो गरी गाड़िएको। २. दृढता-साथ टाँसिएको।

विष-ज्वर–ना० [सं०] राँगो (पशु)।

विषद–ना० [सं०] मेघ; बादल।

विषण्ण–वि० [सं०] १. चित्त दुखेको; विह्वल। २. खिन्न; दुःखी; उदास।

विष-दण्ड–ना० [सं०] कमल-नाल।

विष-धर–वि० [सं०] १. विषालु। (ना०) २. सर्प।

विष-पुष्प–ना० [सं०] नीलो कमल।

विष-फँज–ना० [विष+फिँज (?)] गोठाले-मूलाका जस्ता

CC-0. In Public Domain. Digitization by eGangotri

पात हुने एक जातको झार ।

विषम–वि० [सं०] १. बराबर नभएको; समान नभएको। २. दुइका अङ्कले भाग नलाग्ने; बिजोर (सङ्ख्या) । ३. सम्म नपरेको; समतल नभएको। ४ कठिन; मुश्किल। ५. सहजसित बुझ्न नसकिने; दुर्बोध । ६. विकट; जटिल । ७. उग्र; प्रचण्ड । ८. रहस्यमय; गुप्त । ९. दुर्गम; अगम्य । १०. दुःखदायी; पीडा दिने। ११. भयङ्कर; भयावह। १२. प्रतिकूल; विपरीत । १३. बेईमान; धोखेबाज । १४. भिन्न; पृथक्। १५. एक-दुइ दिन बिराएर आउने; एकुन्द्रो (ज्वर) । १६. मोटो । १७. सोझो नभएको; तेर्सो; बाङ्गो। १८. अनौठो। (ना०) १९. असमानता। २०. असाधारण हुनाको भाव। २१. अनौठोपन; विलक्षणता। २२. खतरनाक स्थिति। २३. सङ्कट; आपत्ति । २४. खाल्टो। २५. चारै चरणमा समान अक्षर नहुने छन्द। २६. दुइ भिन्न विरोधी वस्तुको सम्बन्ध वा यथा-योग्यको निरूपण गर्दा पर्ने एक अर्थालङ्कार ।

विषम-ज्वर–ना० [सं०] कहिले चिसो कहिले तातो, कहिले मन्द, कहिले तीव्र भएर अनियमित तरीकाले आउने एक ज्वर; काम-जरो ।

विषमता–ना० [सं०] विषम हुनाको भाव ।

विषमत्व–ना० [सं०] विषमता ।

विषम-शर–ना० [सं०] कामदेव ।

विषमित–वि०]सं०] विषम तुल्याइएको ।

विषय–ना० [सं०] १. ज्ञानेन्द्रियले ग्रहण गरिने पदार्थ (रूप, रस, गन्ध, स्पर्श र शब्द) । २. भौतिक पदार्थ; पार्थिव वस्तु। ३. सांसारिक व्यवहार । ४. इन्द्रियहरूबाट हुने आनन्द । ५. विचार गरिने कुरो वा वस्तु । ६. कुनै लेख, ग्रन्थ आदिमा विवेचन गरिएको कुरो वा प्रसङ्ग । ७. सम्पत्ति । ८. ठूलो प्रदेश। ९. मैथुन-सम्बन्धी आनन्द-भोग । १०. उद्देश्य। ११. सीमा। १२. अवकाश । १३. विभाग । १४. स्थान; क्षेत्र। १५. राज्य। १६. आश्रम । १७. ग्रामहरूको समूह। १८. पति । १९. वीर्य। २०. धार्मिक कृत्य। (ना० यो०) २१. बारे; प्रसङ्गमा; सम्बन्धमा ।

विषयक–वि० [सं०] विषयको; विषय-सम्बन्धी ।

विषय-प्रवेश–ना० [सं०] कुनै ग्रन्थको परिचय गराउने कथन वा भूमिका ।

विषय-वस्तु–ना० [सं०] कुनै ग्रन्थ, लेख आदिमा प्रतिपादन गरिएको वा गरिने विचार, कथा आदि ।

विषय-सुख–ना० [सं०] १. इन्द्रियहरूद्वारा प्राप्त हुने सुख; सांसारिक सुख । २. मैथुन-सम्बन्धी सुख ।

विषयानुक्रमणिका–ना० [सं०] कुनै ग्रन्थमा परेका विषय-हरूको क्रम-बद्ध सूची; अनुक्रमणिका ।

विषयान्तर–ना० [सं०] प्रसङ्गलाई छोड़ेर लिइएको अर्को विषय; क्रम वा सिलसिलाभन्दा बाहिरको विषय ।

विषयासक्त–वि० [सं०] १. इन्द्रिय-जन्य सुखमा लहसिएको; विषय-वासनामा लागेको। २. विलासी; विषयी; लम्पट ।

विषयासक्ति–ना० [सं०] १. भोग-विलासप्रतिको लिप्सा; विषय-वासनामा लीन हुनु । २. विलासिता ।

विषयी–वि० [सं०] १. भोग-विलासमा आसक्त रहने; विलासी; कामी। (ना०) २. कामदेव । ३. धनवान् व्यक्ति । ४. राजा । ५. इन्द्रिय । ६. ज्ञान ।

विष-वैद्य–ना० [सं०] सर्प, बिच्छी आदि विषालु प्राणीले टोक्दा शरीरमा फैलिएको विष झार्ने व्यक्ति ।

विष-वृक्ष–ना० [सं०] १. विष-युक्त वृक्ष। २. डुम्रीको वृक्ष।

विषाक्त–वि० [सं०] १. विष मिसिएको; विषमय । २. अस्वस्थ-कर ।

विषाण–ना० [सं०] १. सीङ । २. दाह्रो। ३. तरबार। ४. गैँगटाको पन्जा । ५. शूकर । ६. चूचुक । ७. शिखर ।

विषाणी–वि० [सं०] १. सीङ भएको । २. दाह्रा भएको; दाह्रे। (ना०) ३. सीङ भएको जन्तु। ४. दाह्रा भएको पशु । ५. अमिली । ५. केराको बोट। ६. सिँगड़ा। ७. विष ।

विषाद–ना० [सं०] १. खिन्नता; उदासी; दिक्दारी। २. दुःख; शोक। ३. नैराश्य । ४. उत्साह-हीनता। ५. जडता; निश्चेष्टता। ६. साहित्यको एक सञ्चारी भाव (आशा गरेको कुरा नपुग्दा हुने दुःख)।

विषादित–वि० [सं०] विषादमा परेको; खिन्न; उदास।

विषादी–वि० [सं०] १. खिन्न; उदासीन ।. २. विष खाने।

विषार–ना० [सं०] सर्प।

विषालु–वि० [सं०] विष भएको; बिखालु।

विषु–क्रि० यो० [सं०] दुइ समान भागमा । २. बराबरको। ३. भिन्न रूपमा । ४. समान ।

विषुप–ना० [सं०] विषुव ।

विषुव–ना० [सं०] १. सूर्य विषुवत्-रेखामा रहँदाको समय; दिन र रातको लमाइ बरोबर हुने समय। (२२ मार्च र २२ सेप्टेम्बरका दिन यस्तो योग पर्दछ ।)

विषवत्-रेखा–ना० [सं०] विषुव-रेखा ।

विषुवत्-सङ्क्रान्ति–ना० [सं०] वैशाख वा कार्तिक महीनाको सङ्क्रान्ति; अयन-सङ्क्रान्ति ।

विषुव-रेखा–ना० [सं०] पृथ्वीका धरातलको मध्यमा दुइ ध्रुवको समानान्तर पूर्व-पश्चिम हुने कल्पना गरिएको एक रेखा; विषुवत्-रेखा।

विषूचिका–ना० [सं०] विसूचिका ।

विष्कन्द–ना० [सं०] १. छर्नु; छिरल्नु । २. गमन ।

विष्कम्भ–ना० [सं०] १. बाधा; रोकावट । २. बिरे-आग्लो; तगारो । ३. ज्योतिषका सत्ताईस योगमध्ये एक। ४. अघि र पछिका कथाहरूलाई मध्यम पात्रद्वारा सूचित गरिने, गर्भाङ्कका निकट रहने नाटकको एक अङ्क।

CC-0. In Public Domain. Digitization by eGangotri

५. खम्भा; स्तम्भ । ६. वृक्ष । ७. निदाल । ८. वृत्तको व्यास । ९. लमाइ । १० प्रसार ।

विष्कम्भक–ना० [सं०] विष्कम्भ ।

विष्कम्भित–वि० [सं०] बाधा पारिएको; रोक लगाइएको ।

विष्ट–वि० [सं०] घुसेको; पसेको ।

विष्टप्–ना० [सं०] १. स्थान; जग्गा । २. लोक ।

विष्टप–ना० [सं०] १. लोक; भुवन । २. भाँड़ो; पात्र ।

विष्टब्ध–वि० [सं०] १. राम्ररी जमेको; दृढ भएको । २. रोकिएको । ३. समर्थित । ४. लकवा लागेको ।

विष्टम्भ–ना० [सं०] १. दृढतापूर्वक गाड्नु । २. बाधा; अवरोध । ३. लकवा ।

विष्टर–ना० [सं०] १. आसन (मेच, कुर्सी आदि) । २. पच्चीस वटा कुशले बनाइएको आसन । ३. कुशको मूठो । ४. वृक्ष ।

विष्टि–ना० [सं०] १. व्याप्ति । २. पेशा; जीविका । ३. ज्याला । ४. बेगारी । ५. नरक-वास ।

विष्ठल–ना० [सं०] टाढ़ाको ठाउँ ।

विष्ठा–ना० [सं०] १. गुहु; मल; दिसा । २. पेट; उदर ।

विष्णु–ना० [सं०] १. सृष्टिका पालक, हिन्दूहरूका एक प्रधान देवता; नारायण । २. अग्नि । ३. तपस्वी व्यक्ति ।

विष्णु-कन्द–ना० [सं०] घर-तरुल ।

विष्णु-कुमारी–ना० [एक स्त्री] एक प्रकारको डम्बर-कुमारी कपड़ा; खास्टो, चोलो आदि बनाउने एक जातको छिपुवा कपड़ा ।

विष्णु-कान्ता–ना० [सं०] मेथीका जस्ता पात हुने, लामा कोसा फल्ने, नीला फूल फुल्ने एक जातको लता; एक जातको अपराजिता ।

विष्णुगुप्त–ना० [सं०] चाणक्य ।

विष्णु-पद–ना० [सं०] १. आकाश । २. क्षीर-सागर । ३. कमल ।

विष्णु-पदी–ना० [सं०] १. गङ्गा । २. वृष, कुम्भ, वृश्चिक, सिंह आदि राशिमा पर्ने सङ्क्रान्ति ।

विष्णु-पुराण–ना० [सं०] अठार महापुराणमध्ये एक ।

विष्णमती–ना० [सं०] काठमाण्डू-उपत्यकाभित्र बग्ने र वाग्मतीमा मिसिने एक नदी ।

विष्णु-लिङ्गी–ना० [सं०] बट्टाई ।

विष्णु-वल्लभा–ना० [सं०] १. लक्ष्मी । २. तुलसी । ३. अग्नि-शिखा ।

विष्पन्द–ना० [सं०] १. सुँक्क-सुँक्क गरेर रुनु । २. धड्कनु ।

विष्फार–ना० [सं०] १. धनुषको टङ्कार । २. कम्पन ।

विष्य–वि० [सं०] विष पारेर मार्न योग्य ।

विष्यन्द–ना० [सं०] १. चुहुनु । २. बग्नु; प्रवाह ।

विष्व–वि० [सं०] १. अनिष्ट-कर । २. अपकार गर्ने ।

वि ष्वक्–क्रि० यो० [सं०] १. चारैतिर; चौतर्फी (वि०) २. संसारमा सर्वत्र हुने; विश्व-व्यापक । ३. विभिन्न ।

विष्वक्सेन–ना० [सं०] १. विष्णु । २. शिव । ३. एक मनु ।

विसंवाद–ना० [सं०] १. छल; धोखा । २. प्रतिज्ञा भङ्ग गर्नु । ३. निराशा । ४. असङ्गति । ५. विरोध; खण्डन ।

विसङ्गत–वि० [सं०] १. असङ्गत । २. अयोग्य । ३. बेमेल ।

विसदृश–वि० [सं०] सदृश नभएको; असमान ।

विसरण–ना० [सं०] फैलने काम ।

विसर्ग–ना० [सं०] १. व्याकरणअनुसार शब्दको पछिल्तिर लाग्ने दुइ बिन्दुको चिह्न; दबासबिन्दु (:) । (यसको उच्चारण 'ह्'-को जस्तो हुन्छ ।) २. दिनु; दान । ३. छोड्ने काम; त्याग । ४. मोक्ष । ५. मृत्यु । ६. प्रलय । ७. प्रेरणा गर्नु । ८. प्रवाह । ९. फ्याँक्नु; हुत्त्याउनु । १०. उपहार । ११. दिनु; दान । १२. प्रस्थान । १३. वियोग । १४. दीप्ति; प्रभा । १५. सूर्यको दक्षिणी अयन । १६. जननेन्द्रिय ।

विसर्जन–ना० [सं०] १. छोड्नु; परित्याग । २. समाप्ति; अन्त । ३. पूजा गर्ने वेलामा आह्वान गरिएका देवताहरू-लाई बिदा दिने काम । ४. पठाउने काम; बिदा दिने काम । ५. दान । ६. उपहार । ७. उपहार दिनु । ८. मल-त्याग ।

विसर्जनीय–वि० [सं०] १.पठाउन योग्य । २. छोड्न योग्य; परित्याग गर्न योग्य; विसर्जन गर्न योग्य ।

विसर्जित–वि० [सं०] १. पठाइएको । २. हटाइएको । ३. त्यागिएको; त्यक्त; विसर्जन गरिएको ।

विसर्पण–ना० [सं०] १. घस्रेर हिँड्नु; घिस्रिनु । २. हट्नु । ३. फिँजिनु; फैलनु । ४. व्याप्ति; प्रसार । ५. स्थान-त्याग । ६. खटिरो फुट्नु ।

विसारित–वि० [सं०] फैलाइएको; विस्तार गरिएको ।

विसारी–वि० [सं०] १. निस्कने; निक्लने । २. फिँजिने; फैलिने ।

विसूचिका–ना० [सं०] बार-बार झाड़ा र बान्ता हुने एक रोग; हैजा ।

विसूची–ना० [सं०] विसूचिका ।

विसृत–वि० [सं०] फैलिएको; फिँजिएको ।

विसृष्ट–वि० [सं०] १. छोड़िएको; त्यागिएको । २. पठाइएको; बिदा दिइएको । ३. दिइएको; प्रदत्त । ४. प्रेरित । ५. रचिएको । ६. बगाइएको । ७. बरखास्त गरिएको ।

विस्तर–ना० [सं०] १. विस्तार; प्रसार । २. आसन । ३. विस्तृत विवरण । ४. व्याप्ति । ५. विपुलता । ६. समूह । ७. सङ्ख्या । ८. आधार । ९. प्रणय ।

विस्तार–ना० [सं०] १. फैलाउ; विस्तृत हुनाको भाव । २. विशालता । ३. बेहोरा; विस्तृत विवरण । ४. वृत्तको व्यास । ५. हाँगो; शाखा ।

विस्तारण–ना० [सं०] फैलाउने काम; विस्तार गर्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

विस्तारित–वि० [सं०] १. फैलाइएको; फिँजाइएको। २. बेली-विस्तार लगाइएको; विस्तारपूर्वक भनिएको।

विस्तीर्ण–वि० [सं०] १. फैलिएको; फिँजिएको; विस्तृत। २. फराकिलो; लमाइ र चौड़ाइ धेरै भएको। ३. विशाल; अति ठूलो। ४. धेरै; अधिक।

विस्तृत–वि० [सं०] १. फैलिएको; फिँजिएको। २. लमाइ-चौड़ाइ धेरै भएको; विस्तीर्ण। ३. अति ठूलो; विशाल। ४. लामो विवरण भएको; व्याख्यासहितको। ५. व्यापक।

विस्तृति–ना० [सं०] १. फैलाउ; विस्तार। २. व्याप्ति।

विस्फार–ना० [सं०] १. कँपाइ; कम्पन। २. धनुको टङ्कार। ३. विस्तार। ४. विकास। ५. फैलाउनु। ६. स्फूर्ति।

विस्फारण–ना० [सं०] १. फैलाउनु; फिँजाउनु। २. खोल्नु; उघार्नु। ३. च्यात्नु।

विस्फारित–वि० [सं०] १. फैलाइएको; फिँजाइएको। २. तानिएको; खिँचिएको। ३. देखाइएको; प्रदर्शित। ४. च्यातिएको। ५. कम्पित। ६. टङ्कार गरिएको। ७. स्फूर्ति-युक्त।

विस्फुट–वि० [सं०] १. फुलेको; विकसित। २. खुलेको; उघ्रेको।

विस्फुटित–वि० [सं०] १. फुलेको; विकसित। २. खुलेको; उघ्रेको।

विस्फुरण–ना० [सं०] १. फरफराउनु; स्पन्दन। २. कम्पन। ३. ठूलो हुनु। ४. सुनिनु; फुल्नु।

विस्फुरित–वि० [सं०] १. काँपेको; कम्पित। २. चञ्चल; अस्थिर। ३. फुलेको; सुनिएको; ठूलो भएको।

विस्फुलिङ्ग–ना० [सं०] फिलिङ्गो; आगाको झिलको।

विस्फूर्ज–ना० [सं०] मेघको गर्जन।

विस्फोट–ना० [सं०] १. फुट्ने काम; चर्कने काम। २. पड्कनु। ३. खटिरो। ४. बिफर।

विस्फोटक–ना० [सं०] १. फुट्ने वा पड्कने सम्भावना भएको पदार्थ; विस्फोट हुने वस्तु। २. ननिको-खटिरो। ३. बिफर। (वि०) ४. फुट्ने वा पड्कने किसिमको; विस्फोट हुने खालको। ५. विस्फोट गर्ने खालको।

विस्फोटन–ना० [सं०] १. फुट्नु; पड्कनु; विस्फोट हुनु। २. खटिरा निस्कनु।

विस्मय–ना० [सं०] १. आश्चर्य; उदेक; ताजुब। २. साहित्यमा कुनै अनौठो र आश्चर्य-जनक कुरो देख्ता हुने चित्तको विकार। ३. अद्भुत रसको स्थायी-भाव। ४. अभिमान; अहङ्कार। ५. सन्देह; शङ्का।

विस्मय-कर–वि० [सं०] आश्चर्य-जनक; उदेक-लाग्दो।

विस्मय-कारी–वि० [सं०] आश्चर्य उत्पन्न गर्ने; आश्चर्य-जनक।

विस्मयङ्कर–वि० [सं०] अनौठो; आश्चर्य-जनक।

विस्मयङ्गम–वि० [सं०] विस्मयमा परेको।

विस्मयाकुल–वि० [सं०] विस्मयमा परेको; आश्चर्य-चकित।

विस्मयादि-बोधक–वि० [सं०] विस्मय, आश्चर्य, हर्ष, खेद आदि प्रकट गर्ने (शब्द वा चिह्न)। (उदा०–अहो! ऐया! आहा! इत्या०।)

विस्मरण–ना० [सं०] बिर्सनु; भुल्नु; स्मरण नहुनु।

विस्मरणीय–वि० [सं०] बिर्सन योग्य; बिर्सन सकिने; बिर्सन हुने।

विस्मापक–वि० [सं०] उदेक-लाग्दो; आश्चर्य-जनक।

विस्मापन–ना० [सं०] १. आश्चर्य-चकित पार्नु; अचम्म तुल्याउनु। २. कामदेव। ३. चटकी; जादूगर। ४. छल; भ्रम। (वि०) ५. आश्चर्य-चकित पार्ने; विस्मय-जनक।

विस्मित–वि० [सं०] १. छक्क परेको; विस्मयमा परेको; आश्चर्य-चकित। २. बिर्सेको; भुलेको।

विस्मिति–ना० [सं०] आश्चर्य; विस्मय।

विस्मृत–वि० [सं०] बिर्सेको; भुलेको; विस्मरण भएको।

विस्मृति–ना० [सं०] बिर्सने काम; विस्मरण; स्मरण नहुनु।

विस्मेर–वि० [सं०] आश्चर्य-चकित; विस्मित।

विस्रंस–ना० [सं०] १. पतन। २. चुहुनु। ३. निर्बलता; कमजोरी।

विस्रब्ध–वि [सं०] १. विश्वस्त। २. निर्भीक। ३. शान्त। ४. धीर। ५. दृढ। ६. विनम्र। ७. अतिशय।

विस्रम्भ–ना० [सं०] १. विश्वास। २. प्रेम। ३. केलि-कलह। ४. हत्या।

विस्रसा–ना० [सं०] १. जीर्ण हुनु। २. निर्बलता। ३. बुढ्याइँ।

विस्रस्त–वि० [सं०] १. खुस्केको; फुस्केको। २. छरिएको; यत्ता-उति परेको। ३. कमजोर; निर्बल।

विस्वाद–वि० [सं०] स्वाद नभएको; बेस्वादको।

विहग–ना० [सं०] विहङ्ग।

विहङ्ग–ना० [सं०] १. चरो; पक्षी। २. वाण। ३. बादल। ४. सूर्य। ५. चन्द्रमा। (वि०) ६. आकाश-चारी।

विहङ्गम–ना० [सं०] १. चरो; पक्षी। २. सूर्य। ३. चन्द्र।

विहङ्गम-दृष्टि–ना० [सं०] उड़िरहेको चरोले माथिबाट हेर्दा देखे झैँ गरी कुनै काम-कुरोप्रति मोटा-मोटी र सङ्क्षिप्त रूपले दृष्टि दिनु वा विचार गर्नु।

विहङ्गिका–ना० [सं०] १. दुवै छेउमा भारी झुन्डयाएर बोक्ने बाँस वा काठको साधन; नोल। २. पोथी चरो।

विहङ्गिमा–ना० [सं०] विहङ्गिका।

विहत–वि० [सं०] १. हानिएको; हिर्काइएको। २. चोट गरिएको; आहत। ३. मारिएको; वध गरिएको। ४. विरोध गरिएको। ५. रोकिएको।

विहरण–ना० [सं०] १. लैजानु; लानु; हरण गर्नु। २.

CC-0. In Public Domain. Digitization by eGangotri

घुम-फिर गर्नु; डुल्नु । ३. आमोद-प्रमोद; मनोरञ्जन ।

विहसन–ना० [सं०] मुस्क्यान; मुस्कुराहट ।

विहसित–ना० [सं०] १. मुस्क्यान; मुस्कुराहट; मन्द हास्य । (वि०) २. मुसुक्क हाँसेको; मुस्कुराएको ।

विहा–ना० [सं०] स्वर्ग ।

विहायस–ना० [सं०] १. आकाश । २. पक्षी ।

विहार–ना० [सं०] १. घुम-फिर गर्नु; टहल्नु । २. मनोविनोदका निमित्त गरिने क्रीडा । ३. बौद्ध भिक्षुहरू बस्ने मठ । ४. हटाउनु वा लैजानु । ५. उपवन । ६. काँध । ७. मन्दिर । ८. इन्द्रको प्रासाद वा ध्वज ।

विहारी–वि० [सं०] मनोरञ्जनको निमित्त घुम-फिर गर्ने; विहार गर्ने ।

विहित–वि० [सं०] १. गरिएको; कृत । २. बनाइएको; निर्मित । ३. विधान वा ऐनका रूपमा चलाइएको । ४. नियमअनुसार ठीक; विधिपूर्वकको । ५. निश्चित । ६. स्थापित । ७. सम्पन्न गरिएको । ८. विभाजित । (ना०) ९. विधान; नियम । १०. आज्ञा ।

विहिति–ना० [सं०] १. कृति; कार्य । २. विधान ।

विहीन–वि० [सं०] १. नभएको; रहित । २. छोड़िएको; त्यक्त । ३. नीच ।

विहृत–वि० [सं०] १. हटाइएको । २. खेलिएको । (ना०) ३. नायिकाले नायकसँग भन्नुपर्ने कुरा पनि लज्जा-वश भन्न नसक्नु; स्त्रीहरूको दश हावमध्ये एक ।

विहृति–ना० [सं०] १. हटाउने वा खोस्ने क्रिया । २. क्रीडा; आमोद-प्रमोद । ३. विस्तार ।

विह्वल–वि० [सं०] १. चिन्ता, भय आदिले चित्त ठेगानामा नरहेको; विकल; व्याकुल । २. क्षुब्ध; अशान्त । ३. भय-भीत; त्रस्त । ४. मति-भ्रष्ट । ५. पीडित । ६. गलेको; पग्लेको ।

विह्वलता–ना० [सं०] विह्वल हुनाको भाव; व्याकुलता ।

विह्वलत्व–ना० [सं०] विह्वलता; व्याकुलता ।

विह्वलित–वि० [सं०] व्याकुल पारिएको; विह्वल पारिएको ।

वीकाश–ना० [सं०] विकाश ।

वीक्ष–ना० [सं०] १. हेराइ; दृष्टि । २. दृश्य पदार्थ । ३. आश्चर्य ।

वीक्षण–ना० [सं०] १. ठम्याएर हेर्नु; नियालेर हेर्नु; निरीक्षण । २. जाँच । ३. आँखा; नेत्र ।

वीक्षणीय–वि० [सं०] १. नियालेर हेर्न योग्य । २. विचार गर्न योग्य । ३. आँखाअगिल्तिरको ।

वीक्षा–ना० [सं०] १. हेर्ने काम; दर्शन; अवलोकन । २. जाँच-बुझ । ३. ज्ञान ।

वीक्षित–वि० [सं०] हेरिएको; निरीक्षण गरिएको ।

वीक्ष्य–ना० [सं०] १. नटुवा; नर्तक; अभिनेता । २. आश्चर्य; अचम्म । ३. देखिने वा हेर्न लायक वस्तु । ४. घोड़ा । (वि०) ५. हेर्न योग्य; दर्शनीय ।

वीचि–ना० [सं०] १. पानीको तरङ्ग; लहरी । २. अविवेक । ३. आनन्द । ४. अवकाश । ५. किरण । ६. अल्पता । ७. दीप्ति ।

वीची–ना० [सं०] वीचि ।

वीज–ना० [सं०] बीज ।

वीजक–ना० [सं०] बीजक ।

वीजन–ना० [सं०] १. चखेवा । २. च्याखुरो । ३. पङ्खा हम्कने काम । ४. पङ्खा ।

वीटि–ना० [सं०] १. पानको बीड़ा । २. बिटो । ३. पानको लता ।

वीटिका–ना० [सं०] १. पानको सानो बीड़ा । २. सानो बिटो ।

वीटी–ना० [सं०] वीटि ।

वीणा–ना० [सं०] १. प्रायः सात वटा तार र दुइटा तुम्बा हुने एक प्रकारको प्राचीन बाजा । २. विजुली ।

वीतंस–ना० [सं०] १. पशु-पक्षी पक्रने जाल वा पासो । २. शिकारका निमित्त पशु-पक्षी पाल्ने ठाउँ । ३. चिड़ियाखाना ।

वीत–वि० [सं०] १. गएको; गत । २. छोड़ेको; त्यक्त । ३. स्वतन्त्र; स्वाधीन । ४. अन्तर्धान भएको । ५. छोड़िएको । ६. रोजेको । ७. युद्धका निमित्त अयोग्य । ८. पालेको । ९. सोझो । १०. रहित ।

वीत-कल्मष–वि० [सं०] पाप-रहित; निष्पाप ।

वीत-राग–वि० [सं०] १. सांसारिक वस्तुहरूमा आसक्ति नभएको; वासना-रहित । २. इच्छा-रहित; निष्काम । ३. शान्त; विनम्र । ४. कुनै रङ्ग नभएको ।

वीतुषक–ना० [सं०] चाँदे-मछो ।

वीथि–ना० [सं०] १. पङ्क्ति; लहर । २. सानो बाटो; गोरेटो । ३. पसल । ४. हाट; बजार । ५. आकाशमा सूर्य हिँड्ने मार्ग । ६. एकमात्र अङ्क हुने शृङ्गार-रस-प्रधान रूपकको एक भेद; दश-रूपकमध्ये एक ।

विथिका–ना० [सं०] १. गोरेटो । २. चित्र बनाउने कागतको पत्र वा भित्तो ।

वीथी–ना० [सं०] वीथि ।

वीपा–ना० [सं०] विद्युत्; बिजुली ।

वीप्सा–ना० [सं०] १. व्यापकता; व्याप्ति । २. शब्दको द्विरुक्ति । ३. आदर, आश्चर्य आदि प्रकट गर्नाका निमित्त एउटै शब्द वार-वार भन्दा पर्ने एक शब्दालङ्कार ।

वीर–ना० [सं०] १. उत्साह वा साहसको ठूलो काम गर्ने व्यक्ति; बहादुर व्यक्ति । २. योद्धा; लड़ाका व्यक्ति । ३. वीर-रस । ४. अभिनेता । ५. पुत्र, दाज्यू, भाइ आदिलाई सम्बोधन गर्ने शब्द । ६. भाले बँदेल । ७. अग्नि । ८. विष्णु । (वि०) ९. बलवान्; आँटिलो; उत्साही; साहसी; बहादुर । १०. लड़ाका । ११. पराक्रमी ।

वीर-गति–ना० [सं०] युद्ध-क्षेत्रमा वीरतापूर्वक युद्ध गर्दा गर्दै मर्दा प्राप्त हुने उत्तम गति ।

CC-0. In Public Domain. Digitization by eGangotri

वीरगन्ज–ना० [सं० वीर+गन्ज (फा०)] नेपालका बारा, पर्सा र रौतहट जिल्लाको मुख्य बस्ती।

वीर-गाथा–ना० [सं०] १. कुनै प्रसिद्ध वीरका पराक्रमको वर्णन भएको काव्य। २. वीर वा वीरताको बखान।

वीर-जननी–ना० [सं०] वीर-माता।

वीरता–ना० [सं०] १. वीरको भाव; बहादुरी। २. बिर्ता जग्गा।

वीरत्व–ना० [सं०] वीर हुनाको भाव; पराक्रम।

वीर-प्रसू–ना० [सं०] वीर छोरा जन्माउने स्त्री; वीर-माता।

वीरभद्र–ना० [सं०] १. शिवका जटाबाट उत्पन्न भएका एक शिव-गण। २. प्रसिद्ध योद्धा। ३. अश्व-मेध यज्ञको योग्य घोड़ा।

वीर-माता–ना० [सं०] वीर पुत्र जन्माउने स्त्री; वीरकी आमा; वीरसू स्त्री।

वीर-रस–ना० [सं०] साहित्यमा बलवान् शत्रुलाई दमन गर्न वा कठिन कार्यहरू गर्न मनमा उत्पन्न हुने उत्साह र साहसबाट पैदा हुने एक रस; नव-रसमध्ये एक। (यो रस चार प्रकारको मानिएको छ–दानवीर, धर्मवीर, युद्धवीर र दयावीर।)

वीर-लोक–ना० [सं०] १. युद्ध-क्षेत्रमा मर्ने वीरहरूलाई प्राप्त हुने उत्तम लोक। २. स्वर्ग।

वीरवती–ना० [सं०] छोरो र पति जीवित भएकी स्त्री।

वीर-वाक्य–ना० [सं०] वीरहरूले युद्ध गर्नाका निमित्त शत्रुलाई दिने हाँक; लड़ाईँको आह्वान।

वीर-व्रत–ना० [सं०] १. वीरहरूले गर्ने दृढ प्रतिज्ञा। २. वीरता।

वीर-शय्या–ना० [सं०] वीरहरूलाई सुहाउने अन्तिम शय्या; युद्ध-क्षेत्र।

वीर-श्रेष्ठ–ना० [सं०] श्रेष्ठ वीर; महावीर।

वीरसू–वि० [सं०] वीर पुत्र जन्माउने; बहादुर छोरो पैदा गर्ने (स्त्री)।

वीरसेन–ना० [सं०] लसुन।

वीरा–ना० [सं०] १. वीर स्त्री। २. वीरकी स्त्री। ३. पत्नी। ४. माता। ५. रक्सी। ६. केरा।

वीरासन–ना० [सं०] १. देब्रे गोड़ाको पैताला र दाहिने गोड़ाका घुँडोले टेकेर बस्ने एक आसन। २. युद्ध-क्षेत्र।

वीरुध्–ना० [सं०] १. बिरुवा; बोट। २. हाँगो; शाखा। ३. लहरा; लता। ४. अङ्कुर।

वीरेन्द्र–ना० [सं०] श्रेष्ठ वीर; प्रधान वीर।

वीर्य–ना० [सं०] १. बल, कान्ति बढ़ाउने र सन्तान उत्पन्न गराउने शरीरस्थ एक धातु; शुक्र। २. पुंस्त्व; पौरुष। ३. वीरता; बहादुरी; पराक्रम। ४. साहस; उत्साह। ५. शक्ति; सामर्थ्य। ६. कान्ति; दीप्ति। ७. सार तत्त्व। ८. महिमा। ९. मर्यादा।

वीर्यवान्–वि० [सं०] वीर्य वा शक्ति भएको; बलवान्।

वीर्य-शाली–वि० [सं०] १. शक्ति-शाली; पराक्रमी। २. वीर्य वा शुक्र भएको; वीर्यवान्।

वीर्य-हीन–वि० [सं०] १. शक्ति-हीन। २. नामर्द; नपुंसक। ३. डरपोक; कायर।

वृक–ना० [सं०] १. ब्वाँसो। २. स्याल। ३. चोर। ४. दुम्सी। ५. काग। ६. लाटोकोसेरो। ७. क्षत्रिय। ८. सल्लो।

वृक्क–ना० [सं०] वृक्का।

वृक्का–ना० [सं०] १. मिर्गौलो। २. हृदय।

वृक्ष–ना० [सं०] १. रूख; बोट। २. कुनै वस्तुको मूल रूप र शाखा-प्रशाखाहरू देखाइएको, वृक्षका आकारको चित्र। (उदा०–वंश-वृक्ष।)

वृक्ष-विडाल–ना० [सं०] ज्यादा मोटो र लामो पुच्छर हुने एक जातको जङ्गली बिरालो।

वृक्षाम्ल–ना० [सं०] भकिअमिलो।

वृक्षायुर्वेद–ना० [सं०] वनस्पतिहरूको रोग थाहा पाउने र त्यसको चिकित्सा गर्ने शास्त्र।

वृजिन–ना० [सं०] १. पाप; अपराध। २. दुःख; कष्ट। ३. रौँ; कपाल। ४. आकाश। ५. खेती गर्न चारैतिरबाट बारिएको जग्गा। (वि०) ६. टेढ़ो; कुटिल।

वृज्जि–ना० [सं०] नेपालको पश्चिमी तराई र त्यसैका छर-छिमेकी भारतीय प्रदेशमा आबाद, गण-तान्त्रिक व्यवस्थामा चल्न एक प्राचीन जाति।

वृत्त–ना० [सं०] १. वृत्तान्त; हाल। २. चरित्र। ३. जीविकाको साधन; वृत्ति। ४. छन्द। ५. गोलाकार क्षेत्रको परिधि; बाटुलो घेरो; मण्डल। ६. कथा। ७. कछुवा। ८. घटना। ९. इतिहास। १०. संवाद; खबर। ११. चलन; पद्धति। (वि०) १२. जीवित; वर्तमान। १३. भएको; घटित। १४. व्यतीत। १५. गोल परिधि भएको। १६. मृत; मरेको। १७. दृढ; बलियो। १८. पढेको। १९. प्रसिद्ध। २०. निस्केको।

वृत्त-मल्लिका–ना० [सं०] मोतिया फूल।

वृत्ताकार–ना० [सं०] १. बाटुलो आकार वा घेरो; गोलाकार; वर्तुलाकार। (वि०) २. बाटुलो; गोल।

वृत्तान्त–ना० [सं०] १. हाल-खबर; समाचार। २. विवरण; बयान। ३. वर्णनात्मक कथा; कहानी। ४. इतिहास। ५. किसिम; प्रकार। ६. अवसर; मौका। ७. विषय; प्रसङ्ग। ८. सम्पूर्णता। ९. विश्राम। १०. भाव।

वृत्ति–ना० [सं०] १. जीवन-निर्वाह गर्नाका निमित्त गरिने काम; पेशा; जीविका। २. जीवन-निर्वाहका निमित्त सहायतास्वरूप दिइने धन; भत्ता। ३. अस्तित्व; विद्यमानता। ४. अवस्था; स्थिति। ५. पारिश्रमिक; मजदूरी। ६. चाल-चलन; आचरण। ७. वर्तुलाकार रेखा; घेरो। ८. व्याख्या; टीका। ९. सूत्रको अर्थ स्पष्ट गर्ने वाक्य। १०. अर्थ स्पष्ट गर्ने शब्द-शक्ति (अभिधा, लक्षणा र व्यञ्जना)। ११. वाक्यको रचना

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने शैली (कैशिकी, भारती, सात्वती र आरभटी)। १२. साहित्यका परुषा, कोमला र उपनागरिका–यी तीन वर्णगत वृत्ति। १३. क्रिया; कर्म। १४. तरीका। १५. सम्मानपूर्ण व्यवहार।

वृत्ति-दाता–वि० [सं०] जीविकाको निमित्त वृत्ति दिने; पालन गर्ने।

वृत्त्यनुप्रास–ना० [सं०] साहित्यमा एकै किसिमका वर्ण वारवार आउँदा पर्ने एक शब्दालङ्कार।

वृथा–क्रि० यो० [सं०] १. बिनसित्ति; अकार्थ; व्यर्थ। २. भूलबाट; गल्ती भएर। (वि०) ३. मतलब नभएको; निष्प्रयोजन। ४. झूठो; असत्य। ५. मूर्खतापूर्ण।

वृथाभिमान–ना० [सं०] व्यर्थको घमन्ड; बिनसित्तिको अभिमान।

वृथाभिमानी–वि० [सं०] बिनसित्ति अभिमान गर्ने; वृथाभिमान गर्ने।

वृद्ध–वि० [सं०] १. उमेर ढल्केको; धेरै उमेरको; बूढ़ो। २. पुरानो; जीर्ण। ३. बढ़ेको; वृद्धि भएको। ४. बुद्धिमान्; चतुर। ५. महान्; ठूलो। ६. जम्मा भएको; थुप्रो पारिएको। (ना०) ७. बूढ़ो मानिस। ८. बूढ़ो-पाको; मान्य पुरुष। ९. ऋषि। १०. वंश चलाउने सन्तान।

वृद्ध-काल–ना० [सं०] १. बूढ़ो अवस्था; बुढ़चाइँ; वृद्धावस्था। २. महादेवको एक रूप।

वृद्धता–ना० [सं०] वृद्ध हुनाको भाव; बुढ़चाइँ।

वृद्धत्व–ना० [सं०] वृद्धता।

वृद्धदार–ना० [सं०] एक जातको ठूलो बाटुलपाते।

वृद्ध-प्रपितामह–ना० [सं०] बाजेका बाजे; आफूभन्दा चार पुस्तामाथिका बाजे।

वृद्ध-प्रमातामह–ना० [सं०] आमापट्टिका चार पुस्तामाथिका बाजे।

वृद्ध-भाव–ना० [सं०] बूढ़ो हुनाको भाव; बुढ़चाइँ; वृद्धता।

वृद्धा–वि० [सं०] १. धेरै उमेर भएकी; बूढ़ी। (ना०) २. बूढ़ी स्त्री। ३. बूढ़ी-औंलो।

वृद्धाङ्गुली–ना० [सं०] बूढ़ी-औंलो; औंठो।

वृद्धाङ्गुष्ठ–ना० [सं०] हात वा गोड़ाको बूढ़ी-औंलो; औंठो।

वृद्धावस्था–ना० [सं०] बूढ़ो भएको अवस्था; बुढ़चाइँ।

वृद्धि–ना० [सं०] १. बढ्ने काम; बढ्ती। २. अभ्युदय; उन्नति। ३. दर्जा, तलब आदि बढ्नु। ४. व्याज; सूद। ५. नाफा; लाभ। ६. सन्तान उत्पन्न हुँदा लाग्ने आशौच; सुत्केरो। ७. व्याकरणमा अ, इ, उ आदि अक्षरले आ, ऐ, औ-को रूप लिनु।

वृद्धि-कर–वि० [सं०] बढ़ाउने; वृद्धि गर्ने; उन्नति गर्ने।

वृद्धि-श्राद्ध–ना० [सं०] विवाह, व्रत-बन्ध आदि माङ्गलिक कर्मका पूर्वाङ्गमा गरिने श्राद्ध; नान्दीमुख श्राद्ध; आभ्युदयिक श्राद्ध।

वृद्ध्याजीवी–ना० [सं०] जिन्सी वा नगदी सापटी दिएर त्यसबाट प्राप्त भएको व्याजबाट जीविका गर्ने व्यक्ति।

वृन्त–ना० [सं०] फल वा पत्रको डाँठ; भेट्नु।

वृन्तक–ना० [सं०] भेट्नु; वृन्त।

वृन्ताक–ना० [सं०] भण्टाको बोट; वृन्ताकी।

वृन्ताकी–ना० [सं०] भण्टाको बोट।

वृन्द–ना० [सं०] १. समूह; राशि। २. झुप्पो; गुच्छो। ३. दल; जमात। ४. सय करोड़को सङ्ख्या।

वृन्दा–ना० [सं०] १. तुलसी। २. राधा।

वृन्दारक–ना० [सं०] वृन्दारका।

वृन्दारका–ना० [सं०] १. देवता। २. कुनै वस्तुको मुख्य अंश। (वि०) ३. अत्यधिक। ४. उत्कृष्ट। ५. सुन्दर। ६. मान्य; प्रतिष्ठित।

वृन्दारण्य–ना० [सं०] वृन्दावन।

वृन्दारिका–ना० [सं०] वृन्दारका।

वृन्दावन–ना० [सं०] १. मथुराको नजीक रहेको एक वन। २. तुलसीको वन। ३. घोर जङ्गल।

वृन्दावनी–ना० [सं०] तुलसी।

वृश्चिक–ना० [सं०] १. बिच्छी। २. बाह्र राशिमध्ये एक। ३. खजुरो। ४. कन्सुत्लो। ५. गँगटो। ६. गोब्रे-कीरो। ७. मार्ग-शीर्ष महीना।

वृश्चिका–ना० [सं०] दमकन्ने झार।

वृष–ना० [सं०] १. साँढ़े; बैल। २. बाह्र राशिमध्ये एक। ३. कुनै वर्ग वा समाजमा सर्व-श्रेष्ठ व्यक्ति। ४. शिवको वाहन; नन्दी। ५. काम-शास्त्रअनुसार चार प्रकारका पुरुषमध्ये एक। ६. बलिष्ठ व्यक्ति। ७. कामुक व्यक्ति। ८. शत्रु। ९. मूसो। १०. न्याय। ११. विष्णु।

वृष-कर्मा–वि० [सं०] बैलजस्तै जोतिएर काम गर्ने।

वृषण–ना० [सं०] अण्ड-कोश।

वृष-पर्वा–ना० [सं०] पुराण-प्रसिद्ध एक दानव; शर्मिष्ठाका पिता।

वृषभ–ना० [सं०] १. साँढ़े; गोरु। २. बाह्र राशिमध्ये एक। ३. कुनै समाज वा वर्गमा सर्व-श्रेष्ठ व्यक्ति। ४. काम-शास्त्रअनुसार चार प्रकारका पुरुषमध्ये एक; वृष।

वृषभ-ध्वज–ना० [सं०] शिव; महादेव।

वृषल–ना० [सं०] १. शूद्र। २. अधार्मिक व्यक्ति। ३. पतित व्यक्ति। ४. घोड़ा। ५. गाजर।

वृषली–ना० [सं०] १. शूद्र-जातिकी स्त्री। २. विवाह हुनुभन्दा पहिले रजवती भएकी स्त्री। ३. बाँझी स्त्री। ४. मरेको सन्तान पाउने स्त्री।

वृषस्यन्ती–ना० [सं०] १. कामुक स्त्री। २. साँढ़े खोजेकी गाई।

वृषोत्सर्ग–ना० [सं०] मानिस मरेका एघारौं दिनमा मृतकका उद्देश्यले साँढ़े डामेर छोड्ने एक धार्मिक कृत्य।

वृष्ट–वि० [सं०] वर्सेको; वर्षाका रूपमा झरेको।

CC-0. In Public Domain. Digitization by eGangotri

वृष्टि–ना० [सं०] १. बादलबाट पानीका थोपाहरू झर्ने काम; झरी; वर्षा। २. पानी परेझैँ कुनै वस्तु धेरै परिमाणमा बर्सनु।

वृष्टि-काल–ना० [सं०] वर्षा-काल।

वृष्टि-मान–ना० [सं०] वृष्टिको नापो गर्ने यन्त्र।

वृष्णि–वि० [सं०] १. पाखण्डी। २. क्रोधी। (ना०) ३. बादल। ४. भेड़ो। ५. किरण। ६. कृष्णको वंश। ७. कृष्ण। ८. इन्द्र। ९. अग्नि।

वृष्य–वि० [सं०] १. पुंस्त्व बढ़ाउने; वीर्य-वर्द्धक। २. कामोद्दीपक। (ना०) ३. मासको दाल। ४. ऊखु। ५. अमला।

वृहत्–वि० [सं०] अति ठूलो; बड़ेमाको; महान्; वृहत्।

वृहती–ना० [सं०] बृहती।

वृहद्दन्ती–ना० [सं०] सजिवन वृक्ष।

वृहस्पति–ना० [सं०] बृहस्पति।

वेग–ना० [सं०] १. शीघ्र गति; छिटो चाल। २. बग्ने क्रिया; प्रवाह। ३. जोर; झोक्का; आवेग। ४. कुनै काम गर्ने दृढ प्रतिज्ञा; सङ्कल्प। ५. छिटोपन; शीघ्रता। ६. शरीरबाट मल, मूत्र, वीर्य आदि निस्कने काम। ७. उद्योग; उद्यम। ८. बल; शक्ति। ९. विस्तार; फिँजिनु। १०. धनुष-बाणले गरिने युद्ध। ११. प्रेम; अनुराग। १२. आनन्द; आह्लाद।

वेगवान्–वि० [सं०] १. छिटो चालले हिँड्ने; शीघ्र-गामी। २. तीव्र; उग्र।

वेगिनी–ना० [सं०] नदी।

वेगी–वि० [सं०] १. वेग भएको; वेग-शील; वेगवान्। २. काममा एकोहोरो भई लाग्ने। (ना०) ३. हलकारो। ४. बाज पक्षी।

वेडा–ना० [सं०] नाउ; डुङ्गा।

वेणि–ना० [सं०] १. चुल्ठो; बाटेको कपाल। २. पानीको बगाइ; जल-प्रवाह। ३. नदीहरूको सङ्गम; दोभान।

वेणि-बन्ध–ना० [सं०] बाटेको कपाल; चुल्ठो।

वेणी–ना० [सं०] वेणि।

वेणु–ना० [सं०] १. बाँस। २. नरक। ३. बाँसुरी; मुरली।

वेत–ना० [सं०] लट्ठी वा चोयाको काम लिइने एक जातको जङ्गली चाम्रो लहरो; बेत।

वेतन–ना० [सं०] १. तलब; महीनावारी; तनखा। २. वृत्ति; जीविका।

वेतन-जीवी–वि० [सं०] वेतनबाट जीविका चलाउने; जागीरदार।

वेतन-भोगी–वि० [सं०] वेतन लिएर काम गर्ने; वैतनिक।

वेतनी–वि० [सं०] वेतन पाउने; वैतनिक।

वेतस–ना० [सं०] १. वेत। २. अग्नि। ३. ज्यामीर।

वेतसी–ना० [सं०] वेत।

वेताल–ना० [सं०] १. एक भूत-योनि। २. शिवकोएक गण। ३. द्वार-पाल। ४. रथको अगिल्तिर रहने, टुप्पो माथितिर फर्केको, लामो, घुराजस्तो काठको एक अवयव।

वेत्ता–वि० [सं०] जानिफकार; ज्ञाता।

वेत्र–ना० [सं०] १. बेतको लट्ठी। २. द्वार-पालले लिने लट्ठी।

वेद–ना० [सं०] १. वास्तविक ज्ञान। २. आर्यहरूको सर्व-प्रथम, सर्व-मान्य धार्मिक ग्रन्थ; श्रुति; आम्नाय। (वेद चार मानिएका छन्–ऋक्, यजु, साम र अथर्व।) ३. कुशको मूठो। ४. विष्णु।

वेद-त्रय–ना० [सं०] ऋग्वेद, यजुर्वेद र सामवेदको समुदाय; वेद-त्रयी।

वेद-त्रयी–ना० [सं०] वेद-त्रय।

वेदन–ना० [सं०] वेदना।

वेदना–ना० [सं०] १. पीडा; दुःख; कष्ट। २. ज्ञान; अनुभूति। ३. सम्पत्ति। ४. विवाह। ५. प्राप्ति। ६. उपहार।

वेद-पारग–वि० [सं०] साङ्गोपाङ्ग वेद जान्ने; वैदिक।

वेद-वाक्य–ना० [सं०] १. वेदको वचन; ऋचा। २. तर्क गर्न नपर्ने प्रामाणिक कुरो; निर्विवाद कुरो; अकाट्य वचन।

वेद-विहित–वि० [सं०] वेदले बताएको; वेदोक्त।

वेद-व्यास–ना० [सं०] एक ऋषि; व्यास।

वेद-सम्मत–वि० [सं०] वेदले निषेध नगरेको; श्रुति-सम्मत।

वेदाङ्ग–ना० [सं०] वेदका छ अङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द-शास्त्र)।

वेदाध्यायी–वि० [सं०] वेद-पाठ गर्ने; वेदको अध्ययन गर्ने।

वेदान्त–ना० [सं०] १. आत्मा, परमात्मा र जगत्‌को विश्लेषण गरिएको, उपनिषद् र आरण्यक आदि वेदको अन्तिम भाग; ब्रह्म-विद्या। २. षड्-दर्शनमध्ये एक; अद्वैतवादको प्रतिपादन गरिएको एक दर्शन।

वेदान्ती–वि० [सं०] १. वेदान्त-दर्शनको अनुयायी; ब्रह्मवादी। (ना०) २. वेदान्त-शास्त्रकोपण्डित।

वेदि–ना० [सं०] १. पण्डित। २. ऋषि। ३. आचार्य।

वेदिका–ना० [सं०] सानो वेदी।

वेदी–ना० [सं०] १. धार्मिक कृत्यका निमित्त अग्लो पारी बनाइएको भूमि; चौको। २. चौतारो; डबली। ३. ब्रह्मज्ञ। ४. विद्वान्। ५. शिक्षक। ६. नाम खोपेको औंठी। ७. सरस्वती। ८. भू-खण्ड।

वेदोक्त–वि० [सं०] वेदमा बताइएको; वेद-विहित।

वेद्य–वि० [सं०] १. जान्न योग्य; ज्ञातव्य। २. बताउन योग्य; कथनीय। ३. प्राप्त गर्न योग्य। ४. विवाह गर्न योग्य। ५. स्तुत्य।

वेध–ना० [सं०] १. छेड्नु; प्वाल पार्नु। २. दूर-वीक्षण-यन्त्रद्वारा टाढ़ाका ग्रह-नक्षत्रहरू हेर्नु। ३. तारो आदिमा निशाना हान्नु। ४. प्रवेश। ५. घाउ। ६. छिद्र। ७. ग्रहको

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान निश्चय गर्नु।

वेधक–वि० [सं०] १. छेड्ने; प्वाल पार्ने। (ना०) २. धनियाँ। ३. कपूर। ४. चन्दन। ५. सिँधे-नून। ६. धानको बाला। ७. एक नरक।

वेधन–ना० [सं०] १. छेड्ने काम; प्वाल पार्ने काम। २. तारो हान्ने काम।

वेधनी–ना० [सं०] रत्न आदिमा प्वाल पार्ने छिनु।

वेधनीय–वि० [सं०] खोप्न योग्य; प्वाल पार्न लायक।

वेध-शाला–ना० [सं०] ग्रह, नक्षत्र आदि हेर्ने यन्त्रहरू राखिएको ठाउँ; वेधालय।

वेधा–ना० [सं०] १. ब्रह्मा। २. प्रजा-पति। ३. शिव। ४. विष्णु। ५. सूर्य। ६. आँक; मन्दार। ७. पण्डित।

वेधालय–ना० [सं०] वेध-शाला।

वेधित–वि० [सं०] १. छेड़िएको; खोपिएको। २. तारो हानिएको।

वेधी–वि० [सं०] १. छेड्ने; वेध गर्ने। २. निशाना लाउने; लक्ष्य-वेध गर्ने।

वेध्य–वि० [सं०] छेड्न योग्य; वेधन गर्न योग्य।

वेपथु–ना० [सं०] काँप्नु; कम्प।

वेला–ना० [सं०] १. समय; बखत; काल। २. मौका; अवसर। ३. समुद्रको किनार; तट। ४. समयको मान; घण्टा, घड़ी, प्रहर आदि। ५. सीमा; साँध; मर्यादा। ६. पानीको तरङ्ग; लहर। ७. अवकाश। ८. प्रवाह। ९. वाणी। १०. रोग। ११. स्वाभाविक मृत्यु। १२. गिजा।

वेश–ना० [सं०] १. वस्त्र आदि पहिरने ढङ्ग; पहिरन। २. लाउने कपड़ा; पोशाक। ३. वेश्याहरू बस्ने ठाउँ। ४. घर। ५. पाल। ६. प्रवेश-द्वार।

वेश-धर–वि० [सं०] वेश-धारी।

वेश-धारी–वि० [सं०] १. आफूलाई नचिनाउनाका निमित्त वा अर्काको अनुकरण गर्नाका निमित्त पोशाक वा रूप बदल्ने; नकली वेश धारण गर्ने। २. कुनै धर्मको अनुयायी भई त्यसैका अनुसारका चिह्न, वस्त्र आदि धारण गर्ने; भेष-धर।

वेशन–ना० [सं०] १. प्रवेश-द्वार। २. घर।

वेशन्त–ना० [सं०] १. सानो तलाउ; डोब्किलो। २. अग्नि।

वेश-भूषा–ना० [सं०] १. वस्त्र; पोशाक। २. लुगा-फाटो लाउने तरीका; पहिरन। ३. लुगा, गहना आदि।

वेश-वनिता–ना० [सं०] वेश्या।

वेशवार–ना० [सं०] वेसवार।

वेश्म–ना० [सं०] घर; गृह।

वेश्य–ना० [सं०] रण्डीखाना।

वेश्या–ना० [सं०] नाच-गान गर्ने र पैसा लिएर मैथुन गराउने स्त्री; रण्डी; पातर।

वेश्या-गमन–ना० [सं०] रण्डीबाजी।

वेश्या-गामी–वि० [सं०] रण्डीबाज।

वेष–ना० [सं०] वेश।

वेष्टन–ना० [सं०] १. लपेट्नु; बेर्नु। २. लपेट्ने कपड़ा; बेठन। ३. पगरी; फेटा। ४. घेरो; हाता। ५. पटुका; कमर-बन्दी; पेटी।

वेष्टित–वि० [सं०] १. लपेटिएको; बेह्रिएको। २. घेरिएको; घेरा लगाइएको। ३. छोपिएको; ढाकिएको। ४. छेकिएको।

वेसन–ना० [सं०] चना, भटमास आदिको पीठो; दाल-जातिका अन्नको पीठो।

वेसवार–ना० [सं०] पिँधेको जीरा-मरीच आदि मसला; मसलाको धूलो।

वेस्ट-कोट–ना० [अं०] इस्टकोट।

वैकटिक–ना० [सं०] जुहारात-सम्बन्धी काम गर्ने व्यक्ति; जौहरी।

वैकल्प–ना० [सं०] विकल्पको भाव; अनिश्चयता।

वैकल्पिक–वि० [सं०] १. विकल्पको; ऐच्छिक; रोजी। २. सन्देह-युक्त; सन्दिग्ध।

वैकल्य–ना० [सं०] १. विकलता। २. न्यूनता। ३. अपूर्णता। ४. अङ्ग-हीनता। ५. अयोग्यता।

वैकल्या–ना० [सं०] १. विवाह गर्ने वाग्दान भइसकेपछि वर मरेर वा अरू कुनै कारण-वश विवाह नभएकी कन्या। (वि०) २. अङ्ग-भङ्ग भएकी।

वैकारिक–वि० [सं०] विकार पैदा भएको; बिग्रेको।

वैकाल–ना० [सं०] सन्ध्याको समय; साँझ-पखको समय।

वैकालिक–वि० [सं०] बेलुकाको; साँझ-पखको।

वैकुण्ठ–ना० [सं०] १. विष्णु। २. विष्णु-लोक। ३. इन्द्र। ४. तुलसी। ५. गरुड़। ६. अभ्रक।

वैकुण्ठ-चतुर्दशी–ना० [सं०] कार्तिक शुक्ल चतुर्दशी।

वैकुण्ठ-लोक–ना० [सं०] विष्णु-लोक।

वैकुण्ठे–ना० [वैकुण्ठ+ए] सेतो र कालो–दुइ सर्प लेखेका थर्कीमा चार कौड़ा वा एक पासाले हानेर खेलिने एक खेल।

वैकृत–वि० [सं०] १. विकार पैदा भएको; बिग्रेको; विकृत। २. परिवर्तित।

वैकृतिक–वि० [सं०] १. बिग्रेको; विकृत। २. बदलिएको; परिवर्त्तित। ३. संशोधित।

वैक्रम–वि० [सं०] विक्रम-सम्बन्धी; विक्रमीय।

वैक्रमीय–वि० [सं०] विक्रम-सम्बन्धी; विक्रमीय।

वैक्रान्त–ना० [सं०] एक प्रकारको रत्न।

वैक्लव्य–ना० [सं०] १. विकलता; व्याकुलता। २. हड़बड़ी; घबड़ाहट। ३. नपुंसकता। ४. गड़बड़ी। ५. मनको सन्ताप। ६. पीडा।

वैखरी–ना० [सं०] १. वाणीको व्यक्त रूप। २. कण्ठबाट निस्कने एक विशिष्ट प्रकारको व्यक्त र स्पष्ट वाणी। ३. वाक्-शक्ति। ४. सरस्वती।

वैखानस–ना० [सं०] १. वानप्रस्थाश्रममा रहेको व्यक्ति;

CC-0. In Public Domain. Digitization by eGangotri

वानप्रस्थी। २. योगीहरूका आचार, धर्म आदिको विवेचन गरिएको, कृष्ण-यजुर्वेदका चार प्रधान शाखामध्ये एक।

वैगुण्य–ना० [सं०] १. गुण नहुनाको भाव; बैगुनको भाव। २. दोष; अवगुण। ३. विरुद्ध हुनाको भाव। ४. नीचता। ५. निपुणताको अभाव।

वैचक्षण्य–ना० [सं०] चतुर हुनाको भाव; चातुर्य; नैपुण्य; विचक्षणता।

वैचित्र–ना० [सं०] १. विचित्रता; वैचित्र्य। २. निराशा।

वैचित्र्य–ना० [सं०] १. विचित्र हुनाको भाव; विचित्रता। २. सुन्दरता; सौन्दर्य। ३. आश्चर्य। ४. निराशा।

वैजन्य–ना० [सं०] निर्जनता; एकान्त हुनाको भाव।

वैजयन्त–ना० [सं०] १. इन्द्रको प्रासाद। २. इन्द्रको झन्डा। ३. झन्डा; पताका। ४. ठूलो घर।

वैजयन्तिक–ना० [सं०] झन्डा लिएर अगि लाग्ने व्यक्ति; झन्डा लिने मानिस।

वैजयन्तिका–ना० [सं०] १. झन्डा; ध्वजा। २. जयन्तीको वृक्ष। ३. बज्र-दन्ती वृक्ष। ४. मोतीको माला। ५. अरणी।

वैजयन्ती–ना० [सं०] १. झन्डा; पताका। २. चिह्न। ३. पाँच किसिमका फूलहरू (तुलसी, कुन्द, मन्दार, पारिजात र कमल) मिलाएर गाँसेको घुँडासम्म लत्रने माला। ४. बिल्ला। ५. हार; माला।

वैजात्य–ना० [सं०] १. विजात हुनाको भाव; विजातीयता। २. विलक्षणता।

वैज्ञानिक–वि० [सं०] १. विज्ञान-सम्बन्धी। २. विज्ञानको ज्ञाता; विज्ञान-वेत्ता। ३. चतुरो; निपुण; कुशल। (ना०) ४. विज्ञान-सम्बन्धी अध्ययन वा काम गर्ने व्यक्ति।

वैज्ञानिकता–ना० [सं०] वैज्ञानिक हुनाको भाव।

वैज्ञानिकी–वि० [सं०] वैज्ञानिक।

वैडूर्य–ना० [सं०] वैदूर्य।

वैणव–वि० [सं०] १. बाँसको; बाँस-सम्बन्धी। २. बाँसले बनेको। (ना०) ३. वंशी; बाँसुरी।

वैणाविक–वि० [सं०] वंशी वा बाँसुरी बजाउने।

वैतण्डिक–वि० [सं०] वितण्डावाद गर्न; झगड़ालु।

वैतनिक–वि० [सं०] १. ज्याला वा वेतन लिएर काम गर्ने। (ना०) २. ज्यालामी; ज्यामी। ३. जागीरदार; नोकर।

वैतरणि–ना० [सं०] वैतरणी।

वैतरणी–ना० [सं०] १. यम-लोकका बाटामा पर्ने पुराण-प्रसिद्ध एक काल्पनिक नदी। २. मर्ने वेलामा त्यो नदी तर्न सुगम होस् भन्नाका निमित्त गाई दान गर्नु। ३. भारतको उड़ीसा प्रान्तमा बग्ने एक नदी।

वैतालिक–ना० [सं०] १. प्रातःकालमा स्तोत्र पाठ गरेर राजाहरूलाई बिउँझाउने व्यक्ति; बन्दी। २. वेताल-साधना गर्ने व्यक्ति; वेतालको उपासक।

वैदग्ध–वि० [सं०] वैदग्ध्य।

वैदग्ध्य–वि० [सं०] १. विदग्धता; दक्षता। २. पाण्डित्य; विद्वत्ता। ३. सौन्दर्य।

वैदर्भी–ना० [सं०] १. साहित्यमा माधुर्य-व्यञ्जक वर्णहरूको प्रयोग गरिने एक रीति। (यसमा प्रायः अनुस्वार-युक्त शब्द र साना-साना समास भएका वाक्यहरू हुन्छन् र यो करुण, शृङ्गार र हास्य-रसमा प्रयोग हुन्छ।) २. विदर्भ-राज भीमकी कन्या; दमयन्ती। ३. रुक्मिणी।

वैदाङ्ग–ना० [सं० वेद+अङ्ग] आयुर्वेदीय विद्या; वैद्य-शास्त्र।

वैदाङ्गी–वि० [वैदाङ्ग+ई] १. वैदाङ्ग पढ़ेको; वैद्य-शास्त्रको ज्ञाता। २. वैदाङ्ग-सम्बन्धी।

वैदिक–वि० [सं०] १. वेद-सम्बन्धी। २. वेदमा बताइएको; वेदोक्त। (ना०) ३. वेद पढ्ने व्यक्ति।

वैदिकी–वि० [सं०] वेद-सम्बन्धी; वदिक।

वैदुषी–ना० [सं०] पाण्डित्य।

वैदुष्य–ना० [सं०] पाण्डित्य; विद्वत्ता।

वैदूर्य–ना० [सं०] रातो, पहेँलो, हरियो आदि रङ्गको भाव हुने एक बहु-मूल्य रत्न; लसुने; वैडूर्य।

वैदेशिक–वि० [सं०] १. विदेशको; विदेश-सम्बन्धी; बिरानो मुलुकको; विदेशी। (ना०) २. विदेशमा बस्ने व्यक्ति; विदेशी मानिस।

वैदेशिक-नीति–ना० [सं०] परराष्ट्र-नीति।

वैदेश्य–ना० [सं०] १. विदेशी हुने भाव। (वि०) २. विदेशी।

वैदेह–ना० [सं०] १. विदेह देशका राजा। २. विदेह देशको निवासी। ३. व्यापारी। ४. वैश्य पिता र ब्राह्मणी आमाबाट जन्मेको बालक।

वैदेही–ना० [सं०] १. विदेहकी छोरी; सीता; जानकी। (वि०) २. विदेह देश-सम्बन्धी।

वैद्य–ना० [सं०] १. आयुर्वेदीय शास्त्रअनुसार चिकित्सा गर्ने वा रोगको निदान गर्ने व्यक्ति; आयुर्वेदीय चिकित्सक। २. विद्वान्; पण्डित। (वि०) ३. आयुर्वेद-सम्बन्धी। ४. वेद-सम्बन्धी। ५. चिकित्सक।

वैद्यक–वि० [सं०] १. वैद्य वा चिकित्सा-सम्बन्धी। (ना०) २. चिकित्सा-शास्त्र; आयुर्वेद। ३. चिकित्सक; वैद्य।

वैद्यकी–ना० [सं० वैद्यक+ई] वैद्यको काम वा पेशा; वैद्यगिरी।

वैद्यखाना–ना० [वैद्य+खाना] आयुर्वेदीय औषध हरू बनाउने वा उपचार गर्ने ठाउँ; आयुर्वेदीय औषधालय।

वैद्यगिरी–ना० [सं० वैद्य+गिरी] वैद्यको पेशा वा काम; वैद्यकी।

वैद्यगी–ना० [वैद्यकी] वैद्यकी।

वैद्य-नाथ–ना० [सं०] १. शिव। २. धन्वन्तरि।

वैद्य-राज–ना० [सं०] १. श्रेष्ठ वैद्य; वैद्यहरूमा श्रेष्ठ व्यक्ति। २. धन्वन्तरि।

वैद्य-विद्या–ना० [सं०] वैद्य-शास्त्र।

CC-0. In Public Domain. Digitization by eGangotri

वैद्य-शास्त्र—ना० [सं०] आयुर्वेद; चिकित्सा-शास्त्र।

वैद्युत—वि० [सं०] बिजुलीको; विद्युत्-सम्बन्धी।

वैद्युती—वि० [सं०] वैद्युत।

वैध—वि० [सं०] १. विधिअनुसारको; नियमपूर्वकको। २. एन-कानूनमा मिल्ने; विधानबमोजिमको। ३. उचित; न्याय-सङ्गत।

वैधर्मिक—वि० [सं०] १. आफ्नो धर्मदेखि भिन्न धर्मको; विधर्मको। २. धर्म-सङ्गत नभएको। ३. नास्तिक।

वैधर्म्य—ना० [सं०] १. धर्म वा गुणदेखि भिन्न हुने भाव। २. असमानता; भेद। ३. नास्तिकता। ४. अवध हुने भाव।

वैधवेय—ना० [सं०] विधवा स्त्रीले पुर्नविवाह गरी पाएको सन्तान; पुनर्भू-पुत्र।

वैधव्य—ना० [सं०] विधवा हुनाको भाव।

वैधानिक—वि० [सं०] १. विधान-सम्बन्धी। २. विधान-अनुसारको; विधानको अनुकूल।

वैधानिकता—ना० [सं०] वैधानिक हुनाको भाव।

वैधानिक-राज-तन्त्र—ना० [सं०] विधानद्वारा राजाको अधिकार निर्धारित गरी चलाइने प्रजा-तान्त्रिक शासन-पद्धति।

वैधिक—वि० [सं०] १. विधिपूर्वकको; विधि-विहित। २. कानूनबमोजिमको; वैध।

वैधीकरण—ना० [सं० वैध+करण] विधि वा नियमको अनुकूल पार्ने काम; वैध पार्ने काम।

वैधीकृत—वि० [सं० वैध+कृत] विधान-अनुकूल तुल्याइएको; विधिअनुसार पारिएको।

वैधुर्य—ना० [सं०] १. विधुरता; वियोग। २. आपत्; विपत्। ३. नैराश्य।

वैधेय—वि० [सं०] १. विधि-सम्बन्धी। २. नियम-अनुकूल। ३. मूर्ख; मूढ।

वैनतेय—ना० [सं०] १. गरुड। २. अरुण।

वैनायक—वि० [सं०] विनायकको; विनायक-सम्बन्धी।

वैपरीत्य—ना० [सं०] १. विपरीत हुनाको भाव; प्रतिकूलता। २. असङ्गति।

वैपुल्य—ना० [सं०] विपुल हुनाको भाव; अधिकता।

वैफल्य—ना० [सं०] विफल हुनाको भाव; असफलता।

वैभव—ना० [सं०] १. धन-सम्पत्ति; ऐश्वर्य। २. शक्ति; सामर्थ्य। ३. बड्प्पन; महत्त्व।

वैभव-शाली—वि० [सं०] १. वैभव भएको; सम्पत्ति-शाली। २. शक्ति-शाली।

वैभाषिक—वि० [सं०] विकल्प-सम्बन्धी; वैकल्पिक।

वैभूतिक—वि० [सं०] विभूति-सम्बन्धी।

वैमत्य—ना० [सं०] मत वा राय नमिल्नु; मत-भेद; फूट।

वैमनस्य—ना० [सं०] १. शत्रुता; दुश्मनी। २. अन्यमनस्कता; खिन्नता। ३. अस्वस्थता।

वैमल्य—ना० [सं०] विमल हुनाको भाव; निर्मलता; स्वच्छता।

वैमात्र—ना० [सं०] सौतेनी आमाको पुत्र।

वैमात्रक—ना० [सं०] १. सौताने दाजु वा भाइ; सौतेने आमाको छोरो। (वि०) २. विमाता वा सौतेने आमा-सम्बन्धी।

वैमात्रा—ना० [सं०] सौतेनी आमाकी छोरी।

वैमात्री—ना० [सं०] वैमात्रा।

वैमात्रेय—वि० [सं०] १. सौतेने; सौताको। (ना०) २. सौतेने आमाको छोरो; सौतेने दाजु-भाइ।

वैमात्रेयी—ना० [सं०] १. सौताने आमाकी छोरी। (वि०) २. विमाता वा सौतेने आमा-सम्बन्धी।

वैमानिक—वि० [सं०] १. विमान-सम्बन्धी; विमानको। २. विमानमा चढ्ने; विमानमा चढेर जाने। ३. विमान-चालक।

वैयक्तिक—वि० [सं०] कुनै एक व्यक्तिसित सम्बन्ध भएको; व्यक्तिगत; निजी।

वैयाकरण—ना० [सं०] १. व्याकरणको ज्ञाता; व्याकरण-वेत्ता। (वि०) २. व्याकरण-सम्बन्धी।

वैर—ना० [सं०] १. शत्रुता; दुश्मनी। २. प्रतिहिंसा; बदला। ३. वीरता।

वैरक्त—ना० [सं०] विरक्त हुनाको भाव; विरक्ति; वैराग्य।

वैरनु—स० क्रि० [ओइर] ओइरनु।

वैर-भाव—ना० [सं०] १. शत्रुता; दुश्मनी। २. फूट; फाटो। ३. विरोध।

वैराइ—ना० [वैर+आइ] वैरने किसिम, क्रिया वा भाव; ओइराइ।

वैराइनु—स० क्रि० [वैराउ+इ+नु] ओइराइनु; ('वैराउनु'-को क० क्रि०)।

वैराउनु—स० क्रि० [वैर+आउ+नु] ओइराउनु; ('वैरनु'-को प्रे० क्रि०)।

वैराग—ना० [सं०] वराग्य।

वैरागी—वि० [सं०] १. विषय-वासना र सांसारिक प्रपञ्च-देखि अलग रहेको; विरक्त। (ना०) २. वैष्णव-सम्प्रदाय-को साधु।

वैराग्य—ना० [सं०] विषय-वासना र सांसारिक प्रपञ्चबाट विरक्त हुनाको भाव; विरक्ति; वैराग; उदासीनता।

वैराज—वि० [सं०] १. ब्रह्मा-सम्बन्धी। (ना०) २. पर-मातमा। ३. एक मनु। ४. एक कल्प।

वैराज्य—ना० [सं०] १. दुइटा राजाहरूको संयुक्त शासन। २. दुइ जना राजाहरूले एकैसाथ शासन गरेको देश। ३. विस्तृत साम्राज्य।

वैरान—ना० [ओइरो+आन] ओइरान।

वैरिण—ना० [सं०] शत्रुता; वैर।

वैरिनु—स० क्रि० [ओइरि] ओइरिनु; ('वैरनु'-को क० क्रि०)।

वैरी—ना० [सं०] १. शत्रुता; दुश्मनी। २. शत्रुता गर्ने व्यक्ति:

CC-0. In Public Domain. Digitization by eGangotri

दुश्मन।(वि०) ३. विरोधी; शत्रु।
वैरूप्य–ना० [सं०] विरूप हुनाको भाव; कुरूपता।
वैरो–ना० [ओइरो] ओइरो।
वैरोचन–ना० [सं०] १. राजा बलि। २. एक ध्यानी बुद्ध; पञ्च-बुद्धमध्ये एक। ३. सूर्यको छोरो। ४. अग्निको छोरो।
वैरो-पहिरो–वि० [वैरो+पहिरो] ओइरो-पहिरो।
वैरो-पैरो–ना० [वैरो+पैरो] ओइरो-पहिरो।
वैऱ्याइ–ना० [वैरि+याइ] वैरिने किसिम, क्रिया वा भाव। ओइऱ्याइ।
वैलक्षण्य–ना० [सं०] १. विलक्षणता; विचित्रता। २. विरोध।
वैला–ना० [अं० वेलर] एक जातको असल घोड़ा।
वैलाइ–ना० [वैलाउ+आइ] वैलाउने किसिम क्रिया वा भाव; ओइलाइ।
वैलाइनु–अ० क्रि० [वैलाउ+इ+नु] ओइलाइनु; ('वैलाउनु'-को भा० क्रि०)।
वैलाउनु–अ० क्रि० [ओइलाउनु] ओइलाउनु।
वैलिनु–अ० क्रि० [वैलाउ] ओइलिनु।
वैलिन्काट–ना० [उलिन्काट] उलिन्काट।
वैलिन्काठ–ना० [उलिन्काट] उलिन्काट।
वैवर्ण्य–ना० [सं०] १. विवर्ण हुनाको भाव; विवर्णता। २. साहित्यमा मोह, क्रोध, भय आदिबाट शरीर वा मुखको रङ्ग परिवर्तन भएको देखिने सात्विक भाव।
वैवस्वत–ना० [सं०] १. सातौं मनु; वर्तमान मनु। २. यमराज। ३. शनि।
वैवाहिक–वि० [सं०] १. विवाह-सम्बन्धी। (ना०) २. विवाह। ३. ससुरो।
वैशाख–ना० [सं०] वर्षको प्रथम महीना; चैत्र र जेष्ठका बीचको महीना।
वैशाखी–ना० [सं०] विशाखा नक्षत्रले युक्त पूर्णिमा; वैशाख महीनाको पूर्णिमा।
वैशिष्ट्य–ना० [सं०] १. विशेषता; विशिष्टता। २. अन्तर; फरक; भिन्नता। ३. विलक्षणता। ४. श्रेष्ठता।
वैशेषिक–वि० [सं०] १. विशेषता-युक्त; असाधारण। (ना०) २. विशेष रूपले तत्त्व वा पदार्थहरूको विवेचना गरिएको, कणाद मुनिले बनाएको एक दर्शन-शास्त्र; षड्-दर्शनमध्ये एक। ३. त्यस दर्शनको ज्ञाता वा अनुयायी।
वैश्य–ना० [सं०] आर्यहरूका वर्ण-व्यवस्थाअनुसारको तेस्रो वर्ण; आर्य-धर्मअनुसार कृषि, व्यापार आदि पेशा गर्नेएक द्वि-जाति।
वैश्य-कर्म–ना० [सं०] वैश्य-जातिले गर्ने काम; कृषि, व्यापार आदि पेशा; वैश्य-वृत्ति।
वैश्य-वृत्ति–ना० [सं०] वैश्य-कर्म।
वैश्रवण–ना० [सं०] १. कुबेर। २. रावण।

वैश्वदेव–ना० [सं०] भोजन गर्नुभन्दा पहिले सम्पूर्ण देवताका उद्देश्यले गरिने हवन; शास्त्र-अनुसार गृहस्थीको एक नित्य-कर्म; पञ्च-महायज्ञमध्ये एक।
वैश्वानर–ना० [तं०] १. अग्नि। २. परमात्मा।
वैश्वासिक–वि० [सं०] विश्वासको; विश्वसनीय।
वैषम्य–ना० [सं०] १. विषम हुनाको भाव; विषमता। २. कठिन हुनाको भाव। ३. उद्दण्डता; औद्धत्य। ४. अनौचित्य; अन्याय।
वैषयिक–वि० [सं०] १. विषय-सम्बन्धी। २. कामुक; विषयी।
वैष्णव–ना० [सं०] १. विष्णुको उपासक; विष्णु-भक्त। २. विष्णु वा विष्णुका कुनै अवतारलाई प्रधानता दिने धार्मिक सम्प्रदाय। (वि०) ३. विष्णु-सम्बन्धी।
वैष्णव-पुराण–ना० [सं०] विष्णु-पुराण।
वैष्णवी–ना० [सं०] १. विष्णुकी शक्ति; लक्ष्मी। २. दुर्गा। ३. गङ्गा। ४. तुलसी। ५. वैष्णव-धर्म मान्ने स्त्री।
व्यक्त–वि० [सं०] १. स्पष्ट; खुलस्त। २. प्रकट; प्रत्यक्ष।
व्यक्तता–ना० [सं०] व्यक्त हुनाको भाव; स्पष्टता।
व्यक्ति–ना० [सं०] १. मानिस; मान्छे। २. जाति वा समूह-मध्ये कुनै एउटा; पृथक् सत्ता मानिने एक प्राणी। ३. व्यक्त हुने वा गर्ने काम।
व्यक्तिगत–ना० [सं०] १. कुनै एक व्यक्तिसित सम्बन्ध भएको; वैयक्तिक। २. आफ्नो; निजी।
व्यक्तित्व–ना० [सं०] १. व्यक्तिको गुण वा भाव। २. असामान्य रूपले कुनै व्यक्तिमा देखिने गुण; व्यक्ति-विशेषमा हुने विशेषता।
व्यक्तीकरण–ना० [सं०] व्यक्त गर्ने काम; प्रकटीकरण।
व्यक्तीकृत–वि० [सं०] व्यक्त गरिएको; प्रकटित।
व्यग्र–वि० [सं०] १. आत्तिएको; हड़बड़ाएको। २. विकल; व्याकुल। ३. डराएको; भय-भीत। ४. काममा व्यस्त भएको; संलग्न।
व्यङ्ग–वि० [सं०] १. शरीर-हीन; अङ्ग-रहित। २. लँगड़ो; खञ्ज। ३. भ्यागुतो। ४. गालामा परेको चाया।
व्यङ्ग्य–वि० [सं०] १. व्यञ्जना-वृत्तिद्वारा बोध हुने। (ना०) २. व्यञ्जना-वृत्तिद्वारा प्रकट हुने अर्थ; मुख्य र लक्ष्य अर्थदेखि भिन्न अर्थ; साङ्केतिक अर्थ; गूढार्थ। ३. छनक; छेड़; आक्षेप।
व्यङ्ग्य-चित्र–ना० [सं०] कुनै व्यक्ति वा घटनालाई लक्ष्य गरी व्यङ्ग्यपूर्वक उपहास गरेर लेखिएको चित्र; कार्टून।
व्यङ्ग्यार्थ–ना० [सं०] व्यञ्जना शक्तिद्वारा बोध हुने अर्थ; अभिधेयार्थ र लक्षार्थदेखि भिन्न अर्थ।
व्यङ्ग्योक्ति–ना० [सं०] १. व्यङ्ग्यपूर्वक भनिएको उक्ति। २. छनक; छेड़।
व्यज–ना० [सं०] पङ्खा।
व्यजन–ना० [सं०] पङ्खा।
व्यञ्जक–वि० [सं०] १. अर्थको बोध गराउने; व्यक्त गर्ने।

CC-0. In Public Domain. Digitization by eGangotri

(ना०) २. व्यञ्जनाद्वारा अर्थ प्रकट गर्ने शब्द । ३. नाटकमा आन्तरिक भाव प्रकट गर्ने चेष्टा; हाव-भाव; अभिनय ।

व्यञ्जन–ना० [सं०] १. व्यक्त गर्नु; प्रकट गर्नु । २. स्वर-हीन वर्ण; क्-देखि ह्-सम्मका वर्ण । ३. गुप्त भेष; छद्म-वेश । ४. तारुण्य प्रकट गर्ने चिह्न । ५. भोजन-सामग्री; तरकारी, अचार आदि । ६. व्यञ्जना । ७. चिह्न । ८. स्मारक । ९. बिल्ला । १०. अवयव; प्रत्यङ्ग ।

व्यञ्जन-सन्धि–ना० [सं०] दुइ व्यञ्जन-वर्णको सन्धि; हल्-सन्धि ।

व्यञ्जना–ना० [सं०] अभिधेयार्थ र लक्ष्यार्थदेखि भिन्न अर्थ व्यक्त गर्ने शब्द-शक्ति; तीन प्रकारका शब्द-शक्ति-मध्ये एक ।

व्यञ्जना-वृत्ति–ना० [सं०] १. व्यङ्ग्यपूर्ण भाषा लेख्ने शैली । २. व्यञ्जना शक्ति ।

व्यञ्जित–वि० [सं०] १. व्यञ्जना शक्तिद्वारा स्पष्ट गरिएको । २. अभिव्यक्त भएको वा गरिएको । ३. चिह्न लगाइएको; चिह्नित । ४. साङ्केतित ।

व्यतिकर–ना० [सं०] १. सम्मिश्रण; मिलावट । २. सम्बन्ध; संसर्ग । ३. आघात । ४. रोक; रोकावट; बाधा । ५. घटना । ६. अवसर; मौका । ७. विपत्ति । ८. व्यसन । ९. परिवर्तन । १०. विनिमय ।

व्यतिक्रम–ना० [सं०] १. बित्नु; गुज्रनु । २. नियम, विधि आदि नाघ्नु; उल्लङ्घन । ३. क्रम भङ्ग हुनु; सिलसिला टुट्नु । ४. बाधा; विघ्न । ५. पाप । ६. सङ्कट । ७. लापरवाही ।

व्यतिक्रमण–ना० [सं०] १. क्रम भङ्ग गर्नु; सिलसिला छोड्नु । २. पाप गर्नु; अपराध गर्नु । ३. नियम, विधि, मर्यादा आदि नाघ्नु; उल्लङ्घन । ४. बित्नु; व्यतीत हुनु ।

व्यतिक्रान्त–वि० [सं०] १. क्रम भङ्ग गरिएको । २. नियम, रीति आदि नाघिएको; उल्लङ्घित । ३. बितेको; विगत । ४. उल्टा-पाल्टी पारिएको ।

व्यतिपात–ना० [सं०] व्यतीपात ।

व्यतिरिक्त–वि० [सं०] १. धेरै; अतिशय । २. पृथक्; भिन्न । ३. अपवाद गरिएको । (क्रि० यो०) ४. सिवाय; बाहेक ।

व्यतिरेक–ना० [सं०] १. भेद; अन्तर । २. अभाव; नहुनु । ३. अतिक्रमण; उल्लङ्घन । ४. उपमेयको अपेक्षा उपमानमा कम्ती गुण वर्णन गर्दा हुने एक अर्थालङ्कार । ५. बहिष्कार । ६. असमानता । ७. क्रम भङ्ग हुनु ।

व्यतिषक्त–वि० [सं०] १. परस्परमा मिलेको; संयुक्त । २. पारस्परिक विवाह-सम्बन्धले बाँधिएको । ३. ओतप्रोत ।

व्यतिषङ्ग–ना० [सं०] १. परस्परमा मिल्नु; संयोग । २. आफस्तको सम्बन्ध ।

व्यतीत–वि० [सं०] १. बितेको; गुज्रेको; विगत । २. प्रस्थान गरेको; प्रस्थित । ३. मरेको; मृत । ४. त्यागिएको ।

व्यतीपात–ना० [सं०] १. ठूलो उत्पात; विप्लव । २. ज्योतिष-शास्त्रअनुसार शुभ कर्म गर्न निषेध गरिएको एक योग । ३. औँसीका दिन रवि-वार, श्रवण, धनिष्ठा, आर्द्रा, अश्लेषा अथवा मृगशिरा नक्षत्र पर्दा हुने एक विशेष योग । ४. प्रस्थान । ५. अपमान ।

व्यत्यय–ना० [सं०] १. व्यतिक्रम; उल्टो-पाल्टो हुनु । २. मर्यादा, विधि, नियम आदि नाघ्ने काम; उल्लङ्घन । ३. साट-फेर; विनिमय ।

व्यत्यस्त–वि० [सं०] १. उल्टो क्रममा राखिएको । २. उल्टो; विपरीत ।

व्यथक–वि० [सं०] व्यथा पार्ने ।

व्यथा–ना० [सं०] १. दुःख; कष्ट; पीडा । २. चिन्ता; पीर । ३. डर; भय । ४. बिसन्चो; रोग ।

व्यथित–वि० [सं०] १. पीडित; दुःखित । २. डराएको; भय-भीत । ३. चिन्तित; पीर परेको ।

व्यधन–ना० [सं०] १. प्वाल पार्नु; छड्नु । २. शिकार; आखेट ।

व्यपगत–वि० [सं०] १. गएको; प्रस्थान गरेको । २. छुटेको; छूट भएको ।

व्यपनयन–ना० [सं०] छोड्नु; त्याग ।

व्यपेत–वि० [सं०] १. अलग भएको; पृथक् भएको । २. अन्त भएको; समाप्त । ३. गएको । ४. विपरीत ।

व्यभिचार–ना० [सं०] १. अनुचित वा खराब मार्गमा लाग्नु; अनाचार; दुराचार । २. खराब आचरण; दुश्चरित्रता । ३. अनुचित यौन-सम्बन्ध; रण्डीबाजी; पर-स्त्री-गमन । ४. अतिक्रमण । ५. अपवाद (नियम आदिको) ।

व्यभिचारिणी–ना० [सं०] दुश्चरित्र स्त्री; फुँडी; वेश्या; लुठी ।

व्यभिचारी–वि० [सं०] १. चरित्र-हीन; दुश्चरित्र । २. व्यभिचार गर्ने; अनुचित यौन-सम्बन्ध गर्ने; पर-स्त्री-गामी । ३. खराब मार्गमा लाग्ने । ४. अतिक्रमण गर्ने । ५. अस्थायी ।

व्यभिचारी-भाव–ना० [सं०] विभिन्न रसमा स्थायी रूपले सञ्चरण गर्ने, साहित्यको एक भाव; सञ्चारी-भाव । (यसका तेत्तीस भेद छन्–निर्वेद, ग्लानि, शङ्का, असूया, लज्जा, मति, मद, श्रम, आलस्य, दैन्य, चिन्ता, मोह, धृति, व्रीडा, अवहित्था, चपलता, हर्ष, आवेग, जडता, गर्व, विषाद, उत्सुकता, निद्रा, अपस्मार, स्वप्न, विबोध, अमर्ष, उग्रता, व्याधि, उन्माद, मरण, त्रास र वितर्क ।)

व्यभीचार–ना० [सं०] व्यभिचार ।

व्यय–ना० [सं०] १. कुनै काममा धन-सम्पत्ति, बुद्धि, परिश्रम आदि लाग्नु; खर्च । २. नाश; क्षय । ३. घट्ने काम; ह्रास । ४. लग्न-कुण्डलीको बाह्रौँ स्थान ।

व्यय-शील–वि० [सं०] फजूलमा खर्च गर्ने; अपव्ययी ।

व्ययित–वि० [सं०] खर्च गरिएको; खर्चिएको ।

व्ययी–वि० [सं०] धेरै खर्च गर्ने; खर्चालु ।

CC-0. In Public Domain. Digitization by eGangotri

व्यर्थ–वि० [सं०] १. अर्थ नभएको; निरर्थक। २. लाभ नभएको; बिनसित्तिको। ३. काममा नलागेको; उपयोगी नभएको। ४. निष्फल; बेकार। (क्रि० यो०) ५. बिनसित्ति; नाहक।

व्यलीक–वि० [सं०] १. झूटो; असत्य। २. अनुचित; बेठीक। ३. अप्रिय। ४. पीडा गर्ने। ५. अपरिचित। ६. अद्भुत। (ना०) ७. पर-स्त्री-गामी; विट।

व्यवच्छिन्न–वि० [सं०] १. छुट्ट्याइएको; अलग गरिएको। २. भाग लगाइएको; विभक्त। ३. निश्चित।

व्यवच्छेद–ना० [सं०] १. अलग पार्नु; छुट्ट्याउनु। २. भाग लाउनु; विभाजन। ३. भाग; अंश। ४. विराम; विश्राम। ५. निश्चय।

व्यवच्छेदक–वि० [सं०] छुट्ट्याउने; अलग पार्ने।

व्यवधा–ना० [सं०] व्यवधान।

व्यवधान–ना० [सं०] १. पर्दा; आवरण। २. ओट; आड; छेका-बार। ३. बाधा; अड्काउ। ४. विभाग; खण्ड।

व्यवधापक–वि० [सं०] व्यवधान पार्ने।

व्यवधि–ना० [सं०] व्यवधान।

व्यवधारण–ना० [सं०] निश्चय; निधो; निर्धारण।

व्यवसाय–ना० [सं०] १. पेशा; इलम; रोजगार। २. प्रयत्न; काम; उद्योग। ३. व्यापार। ४. अभिप्राय। ५. सङ्कल्प। ६. आचरण। ७. छल। ८. कौशल।

व्यवसायी–वि० [सं०] १. उद्यमी; उद्योगी; प्रयत्न-शील। २. कुनै पेशामा लागेको; इलमी। ३. व्यापारी।

व्यवसित–वि० [सं०] १. प्रयत्न गरिएको; उद्योग गरिएको। २. आरम्भ गरिएको। ३. निश्चित। (ना०) ४. सङ्कल्प; दृढ निश्चय।

व्यवस्था–ना० [सं०] १. बन्दोबस्त; प्रबन्ध; इन्तिजाम। २. रीति-स्थिति। ३. अवस्था; हालत। ४. स्थिरता; स्थिति। ५. शास्त्र वा नियमद्वारा निश्चय गरिएको विधान। ६. वस्तुहरू यथा-क्रम राख्ने काम। ७. कबूलियतनामा। ८. दृढ आधार।

व्यवस्थाता–वि० [सं०] व्यवस्था गर्ने; प्रबन्धक।

व्यवस्थान–ना० [सं०] १. व्यवस्था; प्रबन्ध। २. नियम; मर्यादा। ३. निर्णय।

व्यवस्थापक–वि० [सं०] १. व्यवस्था गर्ने व्यक्ति; प्रबन्धक। २. यथा-स्थान माल-सामानहरू राख्ने। ३. शास्त्रीय वा कानून-सम्बन्धी सल्लाह दिने वा नियम बनाउने।

व्यवस्थापन–ना० [सं०] १. व्यवस्था गर्नु; तर्जुमा मिलाउनु। २. क्रमैसँग यथा-स्थान राख्नु। ३. निर्धारण। ४. निश्चय। ५. नियम, कानून आदि बनाउनु।

व्यवस्थापनीय–वि० [सं०] व्यवस्था गर्न योग्य; व्यवस्थाप्य।

व्यवस्थापिका-सभा–ना० [सं०] ऐन-कानूनहरू एवम् सरकारको सामान्य कार्य-नीति बनाउने, जनताका प्रतिनिधिहरूको सभा; संसद्।

व्यवस्थापित–वि० [सं०] १. व्यवस्था गरिएको; प्रबन्ध मिलाइएको; व्यवस्थित। २. यथा-क्रम वा यथा-स्थान राखिएको। ३. नियम, कानून आदिद्वारा बन्दोबस्त गरिएको।

व्यवस्थाप्य–वि० [सं०] व्यवस्था गर्न योग्य; व्यवस्थापनीय।

व्यवस्थित–वि० [सं०] १. व्यवस्थामा रहेको; रीति-स्थितिमा रहेको। २. क्रममा राखिएको; सिलसिलामा रहेको। ३. सजाइएको। ४. निश्चय गरिएको; निर्णीत। ५. नियम, कानून आदिले स्थिर गरिएको। ६. निकालिएको। ७. निर्भर।

व्यवस्थिति–ना० [सं०] व्यवस्था; प्रबन्ध।

व्यवहार–ना० [सं०] १. सामाजिक सम्बन्धमा अरूसित गरिने आचरण; मिजास। २. चाल-चलन; आचरण। ३. कारवाई। ४. कारवार; लेन-देन। ५. रीति; प्रथा। ६. प्रयोग; चलन। ७. काम; कार्य। ८. मुद्दा-मामला। ९. सम्बन्ध; नाता।

व्यवहारक–ना० [सं०] व्यापारी।

व्यवहारज्ञ–वि० [सं०] व्यवहार वा रीति-स्थिति जान्ने; व्यावहारिक काम-कुरोको ज्ञाता।

व्यवहारतः–क्रि० यो० [सं०] १. व्यवहारका दृष्टिले। २. उपयोगको विचारबाट।

व्यवहार-विधि–ना० [सं०] १. कुनै विशिष्ट कामका निमित्त बनेका सङ्गटन, त्यसको सञ्चालन आदि-सम्बन्धी नियमहरूको स्पष्ट र क्रम-बद्ध सङ्ग्रह; कुनै संस्था वा सङ्गटनको सञ्चालनका नियमहरूको सिलसिलेवार सङ्ग्रह। २. उपयोग वा व्यवहार गर्ने कायदा। ३. व्यवहार-सम्बन्धी कुराहरूको उल्लेख गरिएको शास्त्र; धर्म-शास्त्र।

व्यवहारिक–वि० [सं०] व्यावहारिक।

व्यवहारिकता–ना० [व्यवहारिक+ता] व्यवहारिक हुने भाव।

व्यवहारिको–वि० [सं०] व्यवहारिक।

व्यवहारी–वि० [सं०] १. व्यवहार गर्नमा निपुण; व्यवहार जान्ने। २. व्यवहार गर्ने। ३. व्यवहारमा प्रयोग हुने; चलन-चलतीमा आउने। ४. झगड़ा वा मुद्दा गर्नमा सिपालु।

व्यवहार्य–वि० [सं०] १. व्यवहारमा ल्याउन लायक; काममा लाउन योग्य। २. मुद्दा गर्न योग्य (विषय)।

व्यवहित–वि० [सं०] १. छेकिएको; पर्दा लगाइएको। २. अलग गरिएको; छुट्ट्याइएको। ३. क्रम भङ्ग भएको; सिलसिला टुटेको। ४. पूर्ण गरिएको; सम्पादित। ५. छोड़िएको। ६. विरोधी।

व्यवहृत–वि० [सं०] १. व्यवहारमा प्रयोग गरिएको; काममा उपयोग गरिएको। २. आचरण गरिएको; अनुष्ठित।

व्यवहृति–ना० [सं०] १. व्यवहार; आचरण। २. काम; कार्य। ३. कुरा। ४. सम्पर्क। ५. व्यापार। ६. मुद्दा-मामिला।

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवाय–ना० [सं०] १. बाधा; अड्काउ। २. पार्थक्य; भिन्नता। ३. आड़; ओट। ४. स्त्री-समागम; मैथुन।

व्यवायी–वि० [सं०] १. छुट्टयाउने; अलग गर्ने। २. व्याप्त हुने; व्यापक। (ना०) ३. कामुक पुरुष। ४. कामोद्दीपक पदार्थ।

व्यष्टि–ना० [सं०] १. समष्टिको एक अंश; एकाइ। २. एउटा हुनाको भाव। ५. एकलो हुनाको भाव।

व्यसन–ना० [सं०] १. विपत्ति; आपत्। २. खराब वा अमङ्गल-कारी कुरो। ३. कुनै खराब कुराको लत; अम्मल। ४. विषयको आसक्ति। ५. हुत्त्याउने क्रिया। ६. वियोग। ७. अतिक्रमण। ८. नाश। ९. पराजय। १०. अधःपतन। ११. निर्बलता। १२. अस्त हुने क्रिया। १३. लीन हुनु। १४. दण्ड; सजाय। १५. अयोग्यता। १६. वायु।

व्यसनी–वि० [सं०] १. कुनै खराब लतमा लागेको; अम्मली। २. अभागी; भाग्य-हीन। ३. कुनै काममा एकाग्र भई लागेको; तल्लीन।

व्यस्त–वि० [सं०] १. कुनै काममा एकाग्र भई लागेको; कार्यमा संलग्न। २. फालिएको; फ्याँकिएको। ३. छरिएको; विकीर्ण। ४. घबड़ाएको; व्याकुल। ५. क्रम वा ठीक ठाउँमा नरहेको। ६. एक-एक गरी विचार गरिएको। ७. नमिसिएको। ८. विभिन्न। ९. स्थानान्तरित गरिएको। १०. विपरीत।

व्यस्तता–ना० [सं० व्यस्त+ता] काममा व्यस्त हुनाको भाव; संलग्नता।

व्याकरण–ना० [सं०] १. कुनै भाषाका शब्द, तिनका रूप, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमहरूको निरूपण गर्ने शास्त्र। २. वेदका छ अङ्गमध्ये एक।

व्याकरण-कार–ना० [सं०] व्याकरणको लेखक; व्याकरणको रचयिता; वैयाकरण।

व्याकीर्ण–वि० [सं०] १. छरिएको; विकीर्ण। २. अस्त-व्यस्त तुल्याइएको। ३. व्याकुल; विह्वल।

व्याकुल–वि० [सं०] १. आत्तिएको; हड़बड़ाएको। २. विह्वल; विकल। ३. काममा लागेको; तल्लीन। ४. चीचौ लागेको; उत्कण्ठित। ५. परिपूर्ण।

व्याकुल-चेता–वि० [सं०] चित्त विकल भएको; घबड़ाएको; व्यग्र।

व्याकुलता–वि० [सं०] व्याकुल हुनाको भाव; विकलता।

व्याकुलित–वि० [सं०] १. आत्तिएको; घबड़ाएको। २. डराएको; भय-भीत।

व्याकृत–वि० [सं०] १. पृथक् गरिएको। २. व्याख्या गरिएको। ३. कुरूप तुल्याइएको।

व्याकृति–ना० [सं०] १. छुट्टयाउने काम; पार्थक्य। २. व्याख्या; टीका। ३. व्याकरण। ४. रूप परिवर्तन।

व्याकोश–ना० [सं०] १. राम्ररी फुलेको; विकसित। २. बढ़ेको; वृद्धि भएको।

व्याकोष–ना० [सं०] व्याकोश।

व्याक्रोश–ना० [सं०] १. गाली गर्नु; भर्त्सना गर्नु। २. कराउनु; चीत्कार गर्नु; चिच्च्याउनु।

व्याख्या–ना० [सं०] १. कुनै जटिल पद, वाक्य, विचार, भाव, सिद्धान्त आदिको अर्थ स्पष्ट गर्ने विवरण; टीका। २. खुलस्त वर्णन; बयान। ३. व्याख्यान।

व्याख्याकार–वि० [सं०] टीकाकार।

व्याख्यात–वि० [सं०] १. व्याख्या गरिएको; टीका गरिएको। २. खुलस्त बयान गरिएको; वर्णित्त।

व्याख्यातव्य–वि० [सं०] १. व्याख्या गर्न योग्य; टीका गर्न योग्य। २. स्पष्टसँग बयान गर्न योग्य।

व्याख्याता–वि० [सं०] १. व्याख्या गर्ने। २. भाषण गर्ने; व्याख्यान गर्ने।

व्याख्यात्मक–वि० [सं०] व्याख्याले युक्त; व्याख्याले पूर्ण; व्याख्यासहितको।

व्याख्यान–ना० [सं०] १. भाषण; वक्तृता। २. टीका; व्याख्या।

व्याख्येय–वि० [सं०] १. व्याख्या गर्न लायक। २. भाषण गर्न योग्य।

व्याख्यापक–वि० [सं०] १. व्याख्यान दिने; भाषण गर्ने। २. व्याख्या लेख्ने; टीकाकार।

व्याख्यापन–ना० [सं०] व्याख्या गर्नु।

व्याघट्टन–ना० [सं०] १. मथनु; घोल्नु। २. घोट्नु; रगड्नु।

व्याघट्टित–वि० [सं०] १. रगड़िएको; घोटिएको। २. मथेको; आलोडित।

व्याघात–ना० [सं०] १. ठूलो चोट; आघात। २. विघ्न; बाधा। ३. दुइटा भनाइमा रहेको परस्परको विरोध। ४. ज्योतिषमा एक अशुभ योग। ५. कुनै उपायद्वारा सिद्ध गरिएको वस्तुलाई त्यसै उपायले विपरीत सिद्ध गर्दा हुने एक अर्थालङ्कार। ६. खण्डन।

व्याघातक–वि० [सं०] १. व्याघात गर्ने; व्याघाती। २. प्रतिरोध गर्ने; विरोधी। ३. बाधक।

व्याघाती–वि० [सं०] व्याघातक।

व्याघारित–वि० [सं०] १. घिउ, तेल हालिएको; घिउ, तेल आदि छर्किएको। २. झानिएको।

व्याघ्र–ना० [सं०] १. एक प्रसिद्ध हिंसक जन्तु; बाघ। २. नाम शब्दका पछिल्तिर लागेर 'श्रेष्ठ' अर्थ बुझाउने शब्द। (उदा०–नर-व्याघ्र।)

व्याघ्र-चर्म–ना० [सं०] बाघको छाला; बघम्बर।

व्याघ्र-नख–ना० [सं०] १. बाघको नङ। २. बाघका नङ्ग्राका आकारको, हातमा लाएर चिथोर्ने एक हतियार। ३. एक गन्ध द्रव्य।

व्याघ्री–ना० [सं०] १. पोथी बाघ; बघिनी। २. एक गन्ध द्रव्य। ३. कण्टकारी।

CC-0. In Public Domain. Digitization by eGangotri

व्याज–ना० [सं०] १. छल; कपट; धोखा। २. निहुँ; बहाना। ३. कौशल। ४. उपाय; युक्ति।

व्याज-निन्दा–ना० [सं०] १. स्तुति वाच्य भएर निन्दा व्यङ्ग्य हुने एक अर्थालङ्कार। २. साधारणतः हेर्दा प्रशंसा नदेखिने, तर व्यङ्ग्यद्वारा भने निन्दा बुझिने उक्ति।

व्याज-स्तुति–ना० [सं०] १. साधारण दृष्टिले हेर्दा निन्दा गरेको देखिने गरी गरिएको स्तुति। २. निन्दाद्वारा स्तुति व्यञ्जित हुने एक अर्थालङ्कार।

व्याजोक्ति–ना० [सं०] १. छलपूर्ण कुरा; धोखा दिने कुरा। २. प्रकट भएको कुनै कुरा छल गरेर छिपाउँदा पर्ने एक अर्थालङ्कार।

व्यादान–ना० [सं०] खोल्ने काम।

व्याध–ना० [सं०] पशु-पक्षी मारेर जीविका गर्ने व्यक्ति; शिकारी।

व्याधक–ना० [सं०] १. व्याध; शिकारी। २. हत्यारो।

व्याधि–ना० [सं०] १. रोग; व्यथा। २. बिसन्चो; अस्वस्थता ३. पीडा; वेदना। ४. साहित्यमा एक सञ्चारी-भाव। ५. पूर्व-रागका दश दशामध्ये एक।

व्याधित–वि० [सं०] व्याधि-ग्रस्त।

व्यान–ना० [सं०] शरीरभरि व्याप्त भएर रहने वायु; पाँच वायुमध्ये एक।

व्यानत–वि० [सं०] १. बेसरी निहुरेको; खूब झुकेको। २. विनम्र।

व्यापक–वि० [सं०] १. चारैतिर फैलिएको; सर्वत्र फिँजिएको। २. ढाक्ने; छोप्ने। ३. आफ्ना क्षेत्रका चारैतिर वा सर्वत्र विस्तार भएको वा प्रभाव पार्ने। ४. अत्यन्त ठूलो; विस्तृत।

व्यापन–ना० [सं०] १. सर्वत्र फैलनु; व्याप्त हुनु। २. ढाक्नु; अच्छादन।

व्यापनीय–वि० [सं०] व्याप्य।

व्यापादन–ना० [सं०] १. वध; हिंसा। २. नाश; बरबादी। ३. अर्काको कुभलो चिताउनु।

व्यापादनीय–वि० [सं०] १. मार्न लायक; वध्य। २. नाश गर्न योग्य।

व्यापादित–वि० [सं०] १. नाश गरिएको; ध्वस्त। २. मारिएको; हिंसा गरिएको।

व्यापाद्य–वि० [सं०] व्यापादनीय।

व्यापार–ना० [सं०] १. काम; कार्य। २. क्रय-विक्रयको काम; बेपार; वाणिज्य। ३. पेशा; व्यवसाय। ४. उद्योग; उद्यम।

व्यापारक–वि० [सं०] व्यापार गर्ने।

व्यापारिक–वि० [सं०] व्यापार-सम्बन्धी।

व्यापारित–वि० [सं०] १. कुनै काममा लगाइएको; नियुक्त गरिएको। २. कुनै ठाउँमा स्थापना गरिएको; स्थापित।

व्यापारी–ना० [सं०] १. व्यापार गर्ने; बेपारी; वणिक्। २. कुनै काम गर्ने व्यक्ति। ३. कुनै किसिमको रोजगार गर्ने व्यक्ति; व्यवसायी। (वि०) ४. व्यापार-सम्बन्धी।

व्यापित–वि० [सं०] व्याप्त गराइएको।

व्यापी–वि० [सं०] १. चारैतिर फैलिने; व्याप्त हुने; व्यापक। २. ढाक्ने; आच्छादक।

व्याप्त–वि० [सं०] १. धेरै फैलिएको; खूब छाइएको। २. ढाक्ने; आच्छादक। ३. भरिएको; परिपूर्ण। ४. घेरिएको। ५. प्रसिद्ध; प्रख्यात। ६. प्राप्त; पाएको। ७. अधिकृत। ८. सम्मिलित।

व्याप्ति–ना० [सं०] १. व्याप्त हुनाको भाव; व्यापकता। २. न्याय-शास्त्रअनुसार एक पदार्थ अर्को पदार्थमा पूर्ण रूपले मिल्ने काम। ३. परिपूर्णता। ४. सार्वजनिक नियम। ५. प्राप्ति।

व्याप्य–वि० [सं०] १. व्याप्त हुन योग्य; व्यापनीय। (ना०) २. न्याय-शास्त्रमा हेतु; साधन।

व्याप्यत्व–ना० [सं०] १. व्याप्य हुनाको भाव। २. परिवर्तन नहुनाको भाव; नित्यता।

व्याम–ना० [सं०] दुवै हात काँधका सोझै दुवैतिर फिँजाउँदा एक हातका औँलाका टुप्पादेखि अर्को हातका औँलाका टुप्पासम्मका लमाइको नापो।

व्यामिश्र–वि० [सं०] एक जीउ भई मिलेको।

व्यामोह–ना० [सं०] १. अज्ञान; मोह। २. व्याकुलता।

व्यायत–वि० [सं०] १. फैलिएको; फिँजिएको। २. पसारिएको। ३. कुनै काममा लागेको; संलग्न। ४. नियन्त्रित। ५. दृढ; बलवान। ६. गहिरो; गम्भीर।

व्यायाम–ना० [सं०] १. बल बढाउनाका निमित्त गरिने शारीरिक श्रम; कसरत। २. अभ्यास; रफत। ३. परिश्रम। ४. फैलाउने काम। ५. थकाइ। ६. उद्योग; उद्यम। ७. विवाद; झगड़ा। ८. लमाइ।

व्यायाम-भूमि–ना० [सं०] व्यायाम-शाला।

व्यायाम-शाला–ना० [सं०] व्यायाम गर्ने ठाउँ; अखाड़ा; व्यायाम-भूमि।

व्यायामिक–वि० [सं०] व्यायाम-सम्बन्धी।

व्यायामी–वि० [सं०] १. व्यायाम गर्ने; कसरती। २. परिश्रमी; मेहनती।

व्यायोग–ना० [सं०] एउटै मात्र अङ्क हुने र वीर-रस प्रधान हुने एक रूपक; दश-रूपकमध्ये एक।

व्याल–वि० [सं०] १. दुष्ट; दुर्जन। २. नृशंस; घातक। (ना०) ३. सर्प। ४. बाघ। ५. राजा। ६. बहुलाएको हात्ती। ७. हिंस्रक जन्तु। ८. ठग।

व्यालम्ब–वि० [सं०] १. झुन्डिएको; लट्केको। (ना०) २. रातो अँड़ीरको बोट।

व्यालीन–वि० [सं०] राम्ररी टाँसिएको; जोड़िएको।

व्यालोल–वि० [सं०] १. हल्लिएको; कम्पित। २. अस्थिर; चञ्चल। ३. अस्तव्यस्त; छरिएको।

व्यावर्त–ना० [सं०] १. वरि-परि घेर्नु; परिवेष्टित गर्नु। २.

CC-0. In Public Domain. Digitization by eGangotri

वेह्रनु । ३. चक्कर खानु । ४. बाहिर निस्केको नाइटो ।

व्यावर्तक–वि० [सं०] १. घेर्ने; परिवेष्टित गर्ने । २. अलग पार्ने; छुट्ट्याउने । ३. भेद छुट्ट्याउने । ४. पछि फर्कने ।

व्यावर्तन–ना० [सं०] १. चारैतिरबाट घेर्नु; परिवेष्टित गर्नु । २. घुम्नु; चक्कर खानु । ३. अलग पार्नु; छुट्ट्याउनु । ४. फर्केर आउनु । (ना०) ५. सर्पको कुण्डली ।

व्यावर्तित–वि० [सं०] १. चौतर्फ घेरिएको; परिवेष्टित । २. घुमेको; रिँगेको । ३. छुट्टिएको; अलग भएको । ४. फर्केको; प्रत्यागत ।

व्यावहारिक–वि० [सं०] १. व्यवहार-सम्बन्धी । २. व्यवहारमा चलेको अथवा चलन सक्ने; प्रचलित; क्रियात्मक । ३. मुद्दा-सम्बन्धी । ४. व्यवहार गर्नमा कुशल । (ना०) ५. भित्र-बाहिरका समस्त कामको अधिकार भएको मन्त्री (राज्यको) । ६. न्यायाधीश ।

व्यावहारिकता–ना० [व्यावहारिक+ता] व्यावहारिक हुने भाव ।

व्यावहारी–ना० [सं०] लेन-देन-सम्बन्धी व्यवहार; आदान-प्रदान ।

व्यावहार्य–वि० [सं०] व्यवहार-योग्य ।

व्यावृति–ना० [सं०] १. खोल्ने काम; उघार्ने काम । २. छुट्ट्याउने काम; पृथक्करण । ३. ढाक्ने काम ।

व्यावृत्त–वि० [सं०] १. खुलेको; उघ्रेको । २. हटाइएको; भिन्न तुल्याइएको । ३. ढाकिएको; छोपिएको ।

व्यावृत्त–वि० [सं०] १. छोड़िएको; छुटेको । २. छुट्ट्याइएको; अलग गरिएको । ३. घुमेको; रिँगेको । ४. घेरिएको । ५. फर्केको; प्रत्यागत । ६. प्रशंसित ।

व्यावृत्ति–ना० [सं०] १. ढाक्ने काम; आच्छादन । २. छुट्ट्याउने काम; अलग पार्ने काम । ३. नहुनाको भाव; अविद्यमानता । ४. निषेध । ५. घेर्ने काम । ६. आवृत्ति । ७. मनोनयन; रोजाइ । ८. प्रशंसा । ९. निराकरण । १०. बाधा । ११. निवृत्ति ।

व्यास–ना० [सं०] १. धर्म-ग्रन्थ, वेद, पुराण आदिका सङ्ग्रह-कर्ता वा सम्पादन-कर्ता एक प्रसिद्ध ऋषि; कृष्ण-द्वैपायन । २. पुराण भन्ने व्यक्ति; पुराण-वाचक । ३. वृत्तका परिधिको एक स्थानदेखि केन्द्र-बिन्दु हुँदै परिधिको अर्को स्थानसम्म पुग्ने कल्पना गरिएको सोझो रेखा । ४. विस्तार; फैलावट । ५. विभाजन । ६. विश्लेषण । ७. अन्तर; भेद । ८. जाँच ।

व्यासक्त–वि० [सं०] १. अत्यधिक आसक्त । २. एक-चित्त भई लागेको; तल्लीन । ३. व्याकुल; विह्वल ।

व्यासङ्ग–ना० [सं०] १. घनिष्ठ सम्बन्ध । २. अत्यधिक आसक्ति । ३. प्रबल इच्छा ।

व्यासार्द्ध–ना० [सं०] १. कुनै वृत्तको आधा भाग । २. कुनै वृत्तको केन्द्रदेखि परिधिको कुनै बिन्दुसम्मको सोझो रेखा; त्रिज्या ।

व्याहत–वि० [सं०] १. चोट पुऱ्याइएको; आहत । २. रोक लगाइएको; छेकिएको; निषिद्ध । ३. व्यर्थको । ४. परस्पर-विरोधी ।

व्याहतार्थता–ना० [सं०] साहित्यमा पहिले भनेका कुरालाई पछि स्वयम् काट्ता हुने एक दोष; वदतोव्याघात ।

व्याहरण–ना० [सं०] १. उच्चारण । २. कथन ।

व्याहार–ना० [सं०] १. भाषण; वक्तृता । २. वाक्य । ३. ध्वनि; नाद ।

व्याहृति–ना० [सं०] १. कथन; उक्ति । २. भाषण; वक्तृता । ३. बयान; वर्णन । ४. तीन वा सात अक्षरको एक मन्त्र (भूः, भुवः, स्वः, मह, जन, तप र सत्य) ।

व्युत्क्रम–ना० [सं०] १. क्रम-भङ्ग; व्यतिक्रम । २. सन्मार्ग छोड्नु । ३. विपरीतता ।

व्युत्क्रान्त–वि० [सं०] १. अतिक्रमण गरिएको; उल्लङ्घित । २. हिँड़ेको; प्रस्थित । ३. उपेक्षित ।

व्युत्पत्ति–ना० [सं०] १. उद्गम-स्थान; मूल । २. कुनै शब्दको मूल रूप; उपपत्ति । ३. विद्वत्ता; पाण्डित्य । ४. दक्षता; नैपुण्य ।

व्युत्पन्न–वि० [सं०] १. निक्लेको; निस्केको । २. कुनै मूल रूपबाट बनेको (शब्द) । ३. कुनै विद्याको विशेषज्ञ । ४. विद्वान्; पण्डित ।

व्युत्पादक–वि० [सं०] उत्पन्न गर्ने; उत्पादक ।

व्युत्पादन–ना० [सं०] १. व्युत्पत्ति; उपपत्ति । २. राम्रो किसिमले उत्पादन गर्नु ।

व्यूढ–वि० [सं०] १. फलिएको; फिँजिएको । २. विकसित । ३. दृढ; मजबूत । ४. क्रममा राखिएको; व्यवस्थित । ५. बड़ेमाको; महान् । ६. क्रम भङ्ग भएको । ७. विवाहिता ।

व्यढोरस्क–वि० [सं०] फराकिलो छाती भएको ।

व्यूह–ना० [सं०] १. समूह; समुदाय । २. निर्माण; रचना । ३. शरीर; देह । ४. सेना । ५. लड़ाइँमा सनिकहरूलाई विशेष किसिम वा क्रमले मिलाएर राख्ने तरीका; सैन्य-विन्यास ।

व्यूहन–ना० [सं०] १. व्यूह-रचना । २. शरीरका अङ्ग-प्रत्यङ्गको बनोट ।

व्यह-भङ्ग–ना० [सं०] युद्धमा सेनाको व्यूह तोड्ने काम; मिलाएर राखेको फौजलाई छिन्न-भिन्न पार्ने काम ।

व्यह-रचना–ना० [सं०] लड़ाइँमा सेनालाई विशेष क्रममा मिलाएर राख्ने काम; व्यूह-निर्माण ।

व्योम–ना० [सं०] १. आकाश । २. खाली स्थान; अवकाश । ३. जल ।

व्योम-केश–ना० [सं०] शिव ।

व्योम-गङ्गा–ना० [सं०] आकाश-गङ्गा ।

व्योम-चारी–वि० [सं०] १. आकाश-मार्गले हिँड्ने; गगन-चारी । (ना०) २. देवता । ३. पक्षी ।

CC-0. In Public Domain. Digitization by eGangotri

व्योम-मण्डल–ना० [सं०] १. झन्डा; पताका। २. आकाश।

व्योम-यान–ना० [सं०] देव-यान; विमान; हवाई-जहाज।

व्रज–ना० [सं०] १. जाने काम; गमन। २. सड़क; मार्ग। ३. समूह; समुदाय। ४. गोठ। ५. मथुरा र वृन्दावनको नजदीकको एक क्षेत्र। ६. शूरसेन-प्रदेश।

व्रज-भाषा–ना० [सं०] मथुरा आदि प्रदेशमा बोलिने एक भाषा। (मध्य-कालमा हिन्दीको साहित्य-रचनाको मुख्यतः यही माध्यम थियो।)

व्रज-वध–ना० [सं०] गोपिका।

व्रजेश–ना० [सं०] कृष्ण।

व्रज्या–ना० [सं०] १. डुल्ने काम; भ्रमण। २. संन्यासीका रूपमा भ्रमण गर्नु। ३. आक्रमण। ४. समूह। ५. नाट्य-शाला।

व्रण–ना० [सं०] १. घाउ; चोट। २. खटिरो।

व्रणित–वि० [सं०] घाउ लागेको; आहत।

व्रत–ना० [सं०] १. नखानु; निराहार। २. पुण्यको निमित्त वा धार्मिक उद्देश्यले नियमपूर्वक उपवास गर्नु। ३. प्रतिज्ञा; प्रण। ४. धार्मिक कृत्य; अनुष्ठान। ५. यज्ञ।

व्रत-चर्या–ना० [सं०] १. धार्मिक अनुष्ठान। २. व्रत बस्नु।

व्रत-पारणा–ना० [सं०] १. व्रतको समाप्ति। २. व्रतको न्यूनता-पूर्तिको निमित्त अन्तमा गरिने धार्मिक कार्य। ३. व्रतका अन्तमा गरिने भोजन।

व्रत-बन्ध–ना० [सं०] द्विजातिका षोडश-संस्कारमध्ये एक; उपनयन संस्कार।

व्रतिक–वि० [सं०] १. व्रत बस्ने; व्रती। २. प्रतिज्ञा गर्ने।

व्रती–वि० [सं०] १. व्रत बस्ने; बर्तालु। २. कुनै किसिमको प्रतिज्ञा वा निश्चय गर्ने। (ना०) ३. यजमान। ४. ब्रह्मचारी।

व्राजि–ना० [सं०] आँधी।

व्रात–ना० [सं०] १. शारीरिक श्रम। २. समूह; दल। ३. मनुष्य।

व्रात्य–ना० [सं०] १. समयमा यज्ञोपवीत आदि संस्कार नभएको द्विज; पतित व्यक्ति। २. नीच पुरुष। ३. शूद्र पिता र क्षत्रिय माताबाट उत्पन्न व्यक्ति।

व्रीडा–ना० [सं०] १. लाज; लज्जा। २. नम्रता; विनय। ३. सङ्कोच; असजिलोपन। ४. साहित्यमा तेत्तीस सञ्चारी-भावमध्ये एक।

व्रीहि–ना० [सं०] १. चामल। २. धान। ३. अन्न; धान्य।

व्रुडित–वि० [सं०] १. डुबेको; निमग्न। २. बाटो बिराएको; हराएको (जङ्गलमा)।

श

श–देवनागरी वर्ण-मालाको तीसौँ व्यञ्जन वर्ण। ऊष्म-वर्णको प्रथम अक्षर। यसको उच्चारण तालु-स्थानबाट हुन्छ। यस कारण यसलाई 'तालव्य श' भन्दछन्।

शंव–ना० [सं०] इन्द्रको वज्र।

शंवर–ना० [सं०] जल; पानी।

शंस–ना० [सं०] शंसा।

शंसन–ना० [सं०] १. तारीफ गर्नु; प्रशंसा गर्नु। २. बयान गर्नु; वर्णन गर्नु। ३. पाठ गर्नु।

शंसा–ना० [सं०] १. प्रशंसा; तारीफ। २. इच्छा; अभिलाषा। ३. वर्णन।

शंसित–वि० [सं०] १. तारीफ गरिएको; प्रशंसित। २. भनिएको; कथित। ३. इच्छा गरिएको; अभिलषित।

शंसी–वि० [सं०] १. तारीफ गर्ने; सह्राउने। २. पछि हुन कुरो भन्ने; भविष्य-वक्ता।

शंस्य–वि० [सं०] तारीफ गर्न योग्य; प्रशंसनीय।

शऊर–ना० [अ०] १. सौर; कुशलता। २. सामाजिक व्यवहारको नैपुण्य।

शक–ना० [अ०] १. शङ्का; सन्देह। २. द्विविधा; दोधार। ३. भ्रम; भ्रान्ति।

शक–ना० [सं०] १. एक प्राचीन जाति। २. एक प्राचीन राजा; शालिवाहन। ३. शक-संवत्।

शकट–ना० [सं०] १. गाड़ा। २. कृष्णले मारेको एक राक्षस।

शकटिका–ना० [सं०] सानो गाड़ा।

शकटी–ना० [सं०] सानो गाड़ा; शकटिका।

शकर–ना० [फा०] सक्खर।

शकर-कन्द–ना० [शकर+कन्द] सक्खर-खण्ड।

शकर-खण्ड–ना० [शकर+खण्ड] सक्खर-खण्ड।

शकर-पाला–ना० [फा० शकर+पारः] शकर पकाएर जमाएको एक प्रकारको मिठाई।

शकल–ना० [सं०] १. छाला; चर्म। २. बोक्रो; वल्कल। ३. टुक्रो; खण्ड।

शकल–ना० [शक्ल] शक्ल।

शक-संवत्–ना० [सं०] विक्रम-संवत्भन्दा एक सय पैंतीस वर्षपछि चलेको, राजा शालिवाहनका नाममा प्रख्यात भएको एक संवत्; शाके संवत्।

शकाब्द–ना० [सं०] शक-संवत्।

शकार–ना० [सं०] १ 'श'-अक्षर; ऊष्म-वर्णको पहिलो अक्षर। २. राजाकी भित्रिनी रानीको भाइ; राजाको सालो।

शकुन–ना० [सं०] १. कुनै विशेष कार्यका आरम्भमा शुभ वा अशुभ सूचित गर्ने लक्षण। २. शुभ मुहूर्त; साइत। ३. शुभ मुहूर्तमा गरिने माङ्गलिक कर्म; सगुन। ४. मङ्गलका अवसरमा दिइने कल्याण-सूचक वस्तुहरू।

शकुन-शास्त्र–ना० [सं०] शकुनको शुभाशुभ फल बताइएको शास्त्र; शकुनौती।

CC-0. In Public Domain. Digitization by eGangotri

शकुनि–ना० [सं०] १. चरो; पक्षी । २. चील । ३. कुखुरो । ४. गिद्ध । ५. महाभारत-प्रसिद्ध एक पुरुष; दुर्योधनको मामा ।

शकुनी–वि० [सं०] १. शकुन विचार गर्ने; शकुनको ज्ञाता । (ना०) २. श्यामा पक्षी । ३. भँगेरो ।

शकुनौती–ना० [सं० शकुन+औती] शकुन वा मुहूर्त विचार गर्ने विद्या; शकुन-शास्त्र ।

शकुन्त–ना० [सं०] १. चरो; पक्षी । २. खेलौना । ३. ठेउवा ।

शकुन्तक–ना० [सं०] चरो; पक्षी ।

शकुन्तला–ना० [सं०] १. विश्वामित्र र मेनकाबाट जन्मेकी कन्या; दुष्यन्तकी रानी । २. महाकवि कालिदासको एक प्रसिद्ध नाटक ।

शकृत्–ना० [सं०] १. विष्ठा; मल । २. जनावरको विष्ठा ।

शक्कर–ना० [सं०] बैल; साँढ़े ।

शक्त–वि० [सं०] १. शक्ति भएको; शक्तिमान्; सामर्थ्यवान् । २. योग्य; लायक । ३. धनी; धनवान् ।

शक्ति–ना० [सं०] १. कुनै काम गर्ने वा कसैलाई पराजित गर्ने ताकत; सामर्थ्य; बल । २. क्षमता; योग्यता । ३. प्रभाव । ४. ईश्वरका शक्ति (माया र प्रकृति) । ५. दैवी शक्ति (इन्द्राणी, वैष्णवी, शान्ता, ब्रह्माणी, ब्रह्मवादिनी, कौमारी, नारसिंही र वाराही) । ६. राज-शक्ति (प्रभु, मन्त्र र उत्साह) । ७. शब्द-शक्ति (अभिधा, लक्षणा र व्यञ्जना) । ८. तन्त्र-प्रसिद्ध पीठकी अधिष्ठात्री देवी । ९. दुर्गा । १०. लक्ष्मी । ११. ठूलो राज्य; महान् राष्ट्र । १२. भाला; शूल । १३. बाण । १४. भग; योनि (तन्त्रमा) ।

शक्ति-ग्रह–ना० [सं०] १. शब्दको अर्थ बुझाउन सक्ने वृत्तिको ज्ञान । २. शिव । ३. कार्त्तिकेय ।

शक्ति-त्रय–ना० [सं०] १. राज्यका तीन प्रधान शक्ति (प्रभु, मन्त्र र उत्साह) । २. शब्दका तीन प्रकारका शक्ति (अभिधा, लक्षणा र व्यञ्जना) ।

शक्तिमत्ता–ना० [सं०] शक्ति-शाली हुनाको भाव ।

शक्तिमत्त्व–ना० [सं०] शक्ति-सम्पन्न हुनाको भाव; शक्तिमत्ता ।

शक्तिमान्–वि० [सं०] शक्ति भएको; बलवान्; शक्तिशाली ।

शक्ति-शाली–वि० [सं०] शक्तिमान् ।

शक्ति-शील–वि० [सं०] शक्ति-शाली ।

शक्य–वि० [सं०] १. हुन सक्ने; साध्य; सम्भव । (ना०) २. अभिधा शक्तिद्वारा बोध हुने अर्थ ।

शक्यार्थ–ना० [सं०] अभिधा शक्तिद्वारा बोध हुने अर्थ ।

शक्र–ना० [सं०] १. इन्द्र । २. शिव । ३. काउलो । ४. लाटोकोसेरो ।

शक्ल–वि० [सं०] मीठो बोली बोल्ने; मधुर-भाषी ।

शक्ल–ना० [अ०] १. मुखको बनोट । २. आकृति ।

शखर–ना० [सं० शर्करा] सखर; सक्खर ।

शखर-खण्ड–ना० [शखर+खण्ड (सं०)] सखर-खण्ड ।

शखरसाला–ना० [सं० शर्करा+शलाका] सखरसाला ।

शख्स–ना० [अ० शख्स] व्यक्ति; पुरुष ।

शङ्कनीय–वि० [सं०] शङ्का भएको; सन्देहास्पद ।

शकल–ना० [शक्ल] शक्ल ।

शङ्कर–ना० [सं०] १. शिव; महादेव । २. शङ्कराचार्य । (वि०) ३. कल्याण-कारी ।

शङ्कराचार्य–ना० [सं०] अद्वैतवादका प्रवर्तक एक प्रसिद्ध दार्शनिक संन्यासी । (यिनले बौद्ध धर्मको खण्डन गरी वैदिक धर्मको प्रचार गरे । यिनको समय ईसवी आठौँ शताब्दी हो ।)

शङ्का–ना० [सं०] १. कुनै अनिष्ट आइपर्ला कि भन्ने डर; आशङ्का । २. सन्देह; संशय । ३. दोधार; द्विविधा । ४. साहित्यमा एक सञ्चारी-भाव ।

शङ्का-जनक–वि० [सं०] शङ्का उत्पन्न गर्ने; संशय पैदा गर्ने ।

शङ्कालु–वि० [शङ्का+आलु] १. मनमा शङ्का लिने । २. शङ्का भएको; शङ्का-युक्त ।

शङ्का-शील–वि० [सं०] शङ्का गर्ने स्वभावको; शङ्कालु ।

शङ्कास्पद–वि० [सं०] शंका-युक्त; सन्देहास्पद ।

शङ्कित–वि० [सं०] शङ्का गरिएको; शङ्का-युक्त; सन्देहास्पद ।

शङ्की–वि० [सं०] शङ्का गर्ने स्वभावको; शङ्कालु ।

शङ्कु–ना० [सं०] १. कीलो; मेख । २. भाला । ३. धूपघड़ीको केन्द्रमा रहने कीलो । ४. डँड़ालनु र पेट खैरो भई बाँकी शरीर सेतो हुने र झीना सीङ हुने एक जातको मृग । ५. माछाको जस्तो टाउको र ग्राहको जस्तो शरीर हुने भनी प्रसिद्ध एक जल-जन्तु । ६. खम्भा । ७. बाह्र अङ्गुलको नाप । ८. नाप्ने गज ।

शङ्कुला–ना० [सं०] १. सुपारी काट्ने एक किसिमको हतियार; सरौतो । २. एक प्रकारको छुरा ।

शङ्क्य–वि० [सं०] शङ्का गर्न योग्य; शङ्कनीय ।

शङ्ख–ना० [सं०] १. समुद्रमा हुने, घूँगीका जातको ठूलो कीराको ढुङ्गाजस्तो साह्रो र सेतो खोल । (आयुर्वेदमा यसको भस्म औषधिका रूपमा प्रयोग हुन्छ । पूजा-आजामा यो बजाइन्छ ।) २. खप्पर । ३. सय पद्मको सङ्ख्या । ४. कुबेरका नौ निधिमध्ये एक । (वि०) ५. सय पद्म ।

शङ्ख-पुष्पिका–ना० [सं०] शङ्ख-पुष्पी ।

शङ्ख-पुष्पी–ना० [सं०] सेतो अपराजिता; सिन्काउली । (आयुर्वेदमा यसको गुण ठन्डा, स्मृति-कारक, बुद्धि-वर्द्धक र अग्नि-उद्दीपक मानिएको छ ।)

शङ्ख-विष–ना० [सं०] एक प्रकारको स्थावर विष; शङ्खिया ।

शङ्खिनी–ना० [सं०] १. घाँटीमा तीन रेखा हुने, लामालामा आँखा हुने अति सुन्दरी स्त्री; काम-शास्त्रअनुसार चार प्रकारका स्त्रीमध्ये एक । २. गुद-द्वारको नसो । ३. मुखको नसो ।

शङ्खिया–ना० [सं० शङ्ख-विष] सङ्खिया; शङ्ख-विष ।

शचि–ना० [सं०] इन्द्रकी पत्नी; इन्द्राणी ।

शची–ना० [सं०] शचि ।

CC-0. In Public Domain. Digitization by eGangotri

शटा–ना० [सं०] १. सिंहको जगल्टा; केसर । २. घोड़ाको याल । ३. लामो कपाल; जटा । ४. वृक्षको जरा ।

शट्टक–ना० [सं०] घिउ, चीनीमा फाएको चामलको पीठो; साठो ।

शठ–वि० [सं०] १. धूर्त; छली । २. स्वाँठ ।(ना०) ३. मूर्ख व्यक्ति । ४. धोखेबाज मानिस । ५. साहित्यमा नकली प्रेम देखाउने नायक; पाँच प्रकारका नायकमध्ये एक । ६. फलाम । ७. केसर । ८. कुङ्कुम ।

शठता–ना० [सं०] शठ हुनाको भाव; मूर्खता; शाठ्य ।

शठत्व–ना० [सं०] शठता; शाठ्य ।

शठ-मति–वि० [सं०] १. दुष्ट विचार भएको; दुर्जन । २. स्वाँठ ।

शण–ना० [सं०] सनको बोट ।

शण-सूत्र–ना० [सं०] सन; पाट ।

शण्ठ–ना० [सं०] १. मूर्ख व्यक्ति । २. नपुंसक ।

शण्ड–ना० [सं०] १. साँढ़े । २. बैल । ३. नपुंसक । ४. समूह ।

शण्ढ–ना० [सं०] १. अन्तःपुरका स्त्रीहरूको रेख-देख गर्नाका निमित्त राखिएको व्यक्ति । २. नपुंसक । ३. साँढ़े । (वि०) ४. बहुलाहा; पागल ।

शत–ना० [सं०] १. सयको सङ्ख्या; १००-अङ्क । (वि०) २. एक सय । ३. असङ्ख्य; अनगिन्ती ।

शतक–वि० [सं०] १. सय सङ्ख्याको । (ना०) २. एकै किसिमका सय व्यक्ति, वस्तु वा श्लोकहरूको समुदाय । ३. शताब्दी; शती ।

शत-कुण्डी–ना० [सं०] सय वटा कुण्डमा एकै चोटि गरिने यज्ञ ।

शतघ्नी–ना० [सं०] पत्थरमा फलामका कीलाहरू गाड़ेर बनाइएको एक प्राचीन अस्त्र ।

शत-दल–ना० [सं०] १. कमल; पद्म । २. सय वटा पत्र हुने कमल । (वि०) ३. सय वटा पत्र हुने ।

शतधा–क्रि० यो० [सं०] १. सय किसिमले । २. सयौँ पटक । (ना०) ३. सयौँ टुक्रा ।

शत-पत्र–ना० [सं०] १. कमल; पद्म; शत-दल । २. मयूर । ३. सारस पक्षी । ४. लाहाँचे । ५. सुगा । ६. मैना पक्षी ।

शत-पत्री–ना० [सं०] सय-पत्री ।

शत-पथ-ब्राह्मण–ना० [सं०] वेदको 'ब्राह्मण' नामक खण्ड ।

शत-पद–ना० [सं०] १. कनसुत्लो । २. खजूरो ।

शत-पदी–ना० [सं०] १. कनसुत्लो । २. खजूरो ।

शत-पर्वा–ना० [सं०] १. बाँस । २. सेतो दूबो । ३. आश्विन शुक्ल पूर्णिमा ।

शत-पाद–ना० [सं०] शत-पद ।

शत-पौरक–ना० [सं०] पहेँलो, मोटो र आँख्ला नजीक-नजीक हुने एक जातको ऊखु ।

शतभिषा–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक ।

शतरञ्ज–ना० [सं० शत+रञ्ज्] सतरञ्जा ।

शतरञ्जा–ना० [सं० शत+रञ्ज्+आ] सतरञ्जा ।

शतरञ्जी–ना० [शतरञ्जा+ई] सतरञ्जा ।

शत-रुद्री–ना० [सं०] सय जना ब्राह्मणद्वारा एघार आवृत्तिका हिसाबले रुद्री पाठ गरिने शिवजीको अनुष्ठान ।

शतरूपा–ना० [सं०] १. ब्रह्माकी एक कन्या तथा पत्नी । २. स्वायम्भुव मनुकी माता । ३. विष्णु-पुराणअनुसार स्वायम्भुव मनुकी पत्नी ।

शत-वार्षिक–वि० [सं०] १. सय वर्षको । २. सय वर्षमा हुने ।

शत-वार्षिकी–वि० [सं०] १. सय वर्षमा हुने । २. सय वर्षसम्म चल्ने । (ना०) ३. सय वर्षमा हुने उत्सव ।

शतशः–क्रि० यो० [सं०] १. सयकड़ौँ; सयौँ । २. सयौँ प्रकारले ।

शतांश–ना० [सं०] सय भागको एक भाग; सयौँ भाग ।

शताब्द–ना० [सं०] शताब्दी ।

शताब्दी–ना० [सं०] सय वर्षको समय; सय सालको अवधि; शतक; शती ।

शतायु–वि० [सं०] सय वर्षको आयु भएको; सय वर्ष बाँच्ने ।

शतावधान–ना० [सं०] १. सय अथवा धेरै काम-कुरो एकसाथ सावधानीपूर्वक गर्न सक्ने व्यक्ति । २. एकसाथ गरिएका सय वा धेरै काम-कुरा ।

शतावधानी–ना० [सं०] शतावधान ।

शतावरी–ना० [सं०] सेता फूल, राता गोल फल, सूँपका जस्ता पात हुने एक जातको लता; कुरिलो । (यो ठूलो र सानो—दुइ प्रकारको हुन्छ । आयुर्वेदमा यसको गुण ठन्डा, अग्नि-वर्द्धक र पौष्टिक बताइएको छ ।)

शती–ना० [सं०] १. सय वटा वस्तुहरूको समुदाय । २. शय श्लोकहरूको समूह । ३. शताब्दी ।

शत्रु–ना० [सं०] ठूलो विरोध वा वैमनस्य भएको व्यक्ति; वैरी; दुश्मन ।

शत्रुञ्जय–वि० [सं०] १. शत्रुलाई जित्ने ।(ना०) २. हात्ती ।

शत्रुता–ना० [सं०] वैर-भाव; दुश्मनी ।

शत्रुत्व–ना० [सं०] शत्रुता ।

शनाख्त–ना० [फा० शनाख्त] जान्नु; चिन्नु ।

शनि–ना० [सं०] १. फलित-ज्योतिषअनुसार अशुभ र अनिष्ट-कारक मानिएको एक ग्रह; नव-ग्रहमध्ये एक; शनैश्चर । २. सप्ताहको अन्तिम दिन; शनैश्चर-वार । ३. शिव; महादेव ।

शनि-दृष्टि–ना० [सं०] शनैश्चरको जस्तो अमङ्गल-कारक दृष्टि; कुदृष्टि ।

शनि-प्रदोष–ना० [सं०] शनि-वारका दिन पक्षको त्रयोदशी पर्दा हुने प्रदोष ।

शनि-वार–ना० [सं०] सप्ताहको अन्तिम दिन; शुक्र-वारपछिको दिन; शनैश्चर-वार ।

शनि-वासर–ना० [सं०] शनि-वार ।

CC-0. In Public Domain. Digitization by eGangotri

शनिश्चर–ना० [सं० शनैश्चर] शनैश्चर; शनि।

शनिश्चरे–वि० [शनिश्चर+ए] १. अमङ्गल-कारक; बिच्छुकी। २. शनैश्चरको; शनैश्चर-सम्बन्धी।

शनैः–क्रि० यो० [सं०] १. बिस्तारै; ढीलो चालले। २. अलि-अलि गरेर।

शनैः-शनैः–क्रि० यो० [सं०] १. बिस्तारै-बिस्तारै; मन्द गतिले। २. अलि-अलि गरेर; क्रमशः।

शनैश्चर–ना० [सं०] १. शनि ग्रह। २. शनि-वार। (वि०) ३. बिस्तारै हिँड्ने; मन्द गतिले हिँड्ने।

शनैश्चर-वार–ना० [सं०] शनि-वार।

शन्तनु–वि० [सं०] १. सुन्दर शरीर हुने (व्यक्ति)। (ना०) २. भीष्मका पिता; चन्द्र-वंशमा जन्मेका एक राजा।

शपथ–ना० [सं०] १. कुनै काम वा कुरो गर्दछु वा गर्दिन भनी गर्ने प्रतिज्ञा। २. किरिया; कसम। ३. प्रण; प्रतिज्ञा; कबूल। ४. सराप; शाप।

शपथ-ग्रहण–ना० [सं०] १. कुनै काम गर्दिन वा गर्दछु भनी नियमपूर्वक प्रतिज्ञा गर्ने काम; धर्म भाक्ने काम। २. किरिया हाल्ने काम।

शपथ-पत्र–ना० [सं०] शपथ गरेको कुरो लेखिएको पत्र; कबूलियतनामा।

शप्त–ना० [सं०] १. सराप दिइएको व्यक्ति; शाप-ग्रस्त व्यक्ति। (वि०) २. सरापिएको; शाप दिइएको। ३. गाली गरिएको; निन्दित।

शफर–ना० [सं०] सानो एक जातको टल्कने माछो; सफर।

शफरी–ना० [सं०] सानो एक जातको टल्कने माछो; सफरी।

शबर–ना० [सं०] १. एक प्राचीन जङ्गली जाति। २. शिव; शङ्कर। ३. हात। ४. जल।

शबल–वि० [सं०] १. अनेक रङ्गको; रङ्ग-बिरङ्गी। २. अनेक भागमा बाँड़िएको।

शब्द–ना० [सं०] १. ध्वनि; आवाज। (शब्द दुइ प्रकारका छन्–वर्णात्मक र ध्वन्यात्मक। मुखबाट निस्कने शब्द वर्णात्मक र बाजाहरूबाट उत्पन्न हुने शब्द ध्वन्यात्मक हुन्। वर्णात्मक शब्दका पनि दुइ भेद छन्–व्यक्त अर्थात् सार्थक र अव्यक्त अर्थात् निरर्थक।) २. कुनै अर्थको बोध गराउने अक्षर वा अक्षरहरूको समूह; मुखबाट उच्चारण हुने वा लेखिने सार्थक वर्ण-समुदाय; पद; लवज। ३. आप्त-जनद्वारा दिइएको अर्ती; आप्त-वचन।

शब्द-कोश–ना० [सं०] कुनै भाषाका शब्दहरूको अकारादि क्रमले सङ्ग्रह गरी तिनीहरूको अर्थ, पर्याय आदि लेखिएको ग्रन्थ; अभिधान।

शब्द-कोष–ना० [सं०] शब्द-कोश।

शब्द-गत–वि० [सं०] शब्दमा रहेको।

शब्द-ग्रह–ना० [सं०] १. शब्द सुन्ने इन्द्रिय; कान। (वि०) २. शब्द ग्रहण गर्ने।

शब्द-चातुर्य–ना० [सं०] शब्दको प्रयोग गर्ने कला; चमत्कार-पूर्ण ढङ्गले शब्दहरू बोल्ने वा लेख्ने निपुणता।

शब्द-चित्र–ना० [सं०] १. यमक, अनुप्रास आदि शब्दालङ्कार। २. अक्षरहरूको रखाइबाट कुनै जीव वा वस्तुको चित्र तयार गर्ने साहित्यको एक रचना (खड्ग, मुरज आदि बन्ध)। ३. वर्णनद्वारा कुनै व्यक्ति, वस्तु वा घटनाको प्रत्यक्ष रूप खड़ा गर्ने एक नवीन साहित्यिक शैली।

शब्द-जाल–ना० [सं०] शब्दाडम्बर।

शब्द-प्रमाण–ना० [सं०] कसैका कथनमा निर्भर रहेको प्रमाण।

शब्द-ब्रह्म–ना० [सं०] १. वेद। २. ब्रह्म र जीवको ज्ञान; आध्यात्मिक ज्ञान। ३. शब्द-रूपमै विद्यमान ब्रह्म।

शब्द-भेद–ना० [सं०] व्याकरणअनुसार अर्थ, स्थिति, सम्बन्ध आदिको आधारमा गरिने शब्दहरूको विभाजन; पद-भेद। (शब्दहरूका आठ भेद मानिएका छन्—नाम, सर्वनाम, विशेषण, क्रिया, क्रिया-योगी, नाम-योगी, विस्मयादि-बोधक र संयोजक।)

शब्द-भेदी–ना० [सं०] शब्द-वेधी।

शब्द-योजना–ना० [सं०] १. कुनै वाक्य वा रचनामा उचित शब्द मिलाएर प्रयोग गर्ने काम। २. उपयुक्त ढङ्गले राखिएका शब्दहरूको क्रम।

शब्द-विद्या–ना० [सं०] शब्द-शास्त्र; व्याकरण।

शब्द-विरोध–ना० [सं०] केवल शब्दद्वारामात्र गरिएको विरोध।

शब्द-वेधी–ना० [सं०] केवल सुनेको शब्दका भरमा आँखाले नदेखीकनै हतियारद्वारा लक्ष्य-भेद गर्ने व्यक्ति वा उपाय।

शब्द-शक्ति–ना० [सं०] शब्दको विशेष अर्थ बुझाउने शक्ति। (यी तीन प्रकारका छन्—अभिधा, लक्षणा र व्यञ्जना।)

शब्द-शास्त्र–ना० [सं०] व्याकरण।

शब्द-श्लेष–ना० [सं०] दुइ वा धेरै चमत्कारपूर्ण अर्थमा कुनै ठाउँमा एउटै शब्द प्रयोग हुनु; श्लेषालङ्कारको एक भेद।

शब्द-साधन–ना० [सं०] शब्दहरूको उपपत्ति, भेद, रूपान्तर आदि देखाउने व्याकरणको भाग।

शब्दाक्षर–ना० [सं०] ॐ; प्रणव।

शब्दाडम्बर–ना० [सं०] साधारण कुरो व्यक्त गर्नलाई पनि कठिन शब्द र ठूला-ठूला वाक्यहरू प्रयोग गर्ने काम; शब्द-जाल।

शब्दातीत–वि० [सं०] शब्दहरूद्वारा उल्लेख गर्न नसकिने; वर्णनातीत।

शब्दानुशासन–ना० [सं०] व्याकरण।

शब्दान्वय–ना० [सं०] व्याकरणअनुसार वाक्यमा प्रयोग गरिएको कुनै शब्दको लिङ्ग, वचन, काल आदिको भेद छुट्ट्याउने र अरू शब्दसितको त्यसको सम्बन्ध देखाउने काम।

शब्दायमान–वि० [सं०] शब्द फैलिरहेको; गुञ्जित; ध्वनित।

शब्दार्थ–ना० [सं०] शब्दको सामान्य अर्थ; अभिधेयार्थ।

शब्दालङ्कार–ना० [सं०] लेख वा रचनामा प्रयुक्त शब्द-

CC-0. In Public Domain. Digitization by eGangotri

हरूबाट नै चमत्कार वा माधुर्य उत्पन्न हुने अलङ्कार; यमक, अनुप्रास आदि अलङ्कार।

शब्दावली–ना० [सं०] १. कुनै विषय वा कार्यसित सम्बन्ध भएका शब्दहरूको सूची। २. कुनै वाक्यको रचना आदिमा प्रयोग गरिएका शब्दहरूको क्रम।

शब्दित–वि० [सं०] १. शब्द निस्केको; ध्वनित। २. वाद्य आदि बजाइएको; वादित। ३. बोलाइएको; आहूत।

शब्देन्द्रिय–ना० [सं०] शब्द ग्रहण गर्ने इन्द्रिय; कान।

शम–ना० [सं०] १. मानसिक आनन्द; शान्ति। २. मुक्ति; मोक्ष। ३. अन्तःकरण र इन्द्रियहरूको संयम। ४. शान्त-रसको स्थायी-भाव। ५. क्षमा। ६. तिरस्कार।

शमन–ना० [सं०] १. बाधा, उपद्रव, विकार आदिको दमन गर्ने काम; शान्ति। २. यमराज। ३. समाप्ति; अवसान।

शमनी–ना० [सं०] रात; रात्रि।

शमशेर–ना० [फा०] १. तरवार। २. विशेषतः नेपालका राणा-परिवारका व्यक्तिहरूले आफ्ना नामका पछिल्तिर लाउने एक पद।

शमादान–ना० [फा०] मइन-वत्ती बालेर राखिने पात्र।

शमित–वि० [सं०] १. शमन भएको; शान्त। २. दमन गरिएको।

शमी–ना० [सं०] १. मसिना पात हुने काँढादार एक जातको वृक्ष। २. त्यसैको काठ। (यसका सानो र ठूलो–दुइ भेद छन्। विशेष गरी यसको अरणी बनाएर आगो पारिन्छ।)

शम्पा–ना० [सं०] बिजुली।

शम्बर–ना० [सं०] १. पानी; जल। २. बादल; मेघ। ३. युद्ध; लड़ाईं। ४. धन; सम्पत्ति। ५. प्रद्युम्नले मारेको एक राक्षस। ६. जरायो मृग।

शम्बरी–ना० [सं०] १. मूसाकानी लता; आखुपर्णी। २. चटक गर्ने स्त्री; जादूगर्नी। ३. बोक्सी। ४. चटक; जादू।

शम्बल–ना० [सं०] १. बाटामा खाइने खानेकुरो; सामल। २. समुद्रको तट। ३. ईर्ष्या; डाह।

शम्बली–ना० [सं०] कुट्नी।

शम्बु–ना० [सं०] घुँगी।

शम्बुक–ना० [सं०] घुँगी।

शम्बूक–ना० [सं०] १. घुँगी कीरो। २. शङ्ख। ३. हात्ती-का सूँड़को अगिल्लो भाग। ४. रामायण-प्रसिद्ध एक शूद्र तपस्वी।

शम्भ–ना० [सं०] १. प्रसन्न पुरुष। २ इन्द्रको वज्र।

शम्भली–ना० [सं०] शम्बली; कुट्नी।

शम्भु–ना० [सं०] १. शिव; महादेव। २. सिद्ध पुरुष।

शय–ना० [सं०] १. ओछ्यान; शय्या। २. निद्रा। ३. हात। ४. अजिङ्गर।

शयन–ना० [सं०] १. निदाउनु; सुत्नु। २. पल्टनु; लेट्नु। ३. बिछ्याउना; शय्या। ४. मैथुन।

शयन-भारती–ना० [सं०] सुत्ने वेलामा गरिने देवताको आरती।

शयन-गृह–ना० [सं०] शयनागार।

शयनागार–ना० [सं०] सुत्ने कोठा वा घर; शयन-गृह।

शयनालय–ना० [सं०] शयनागार।

शयनीय–वि० [सं०] सुत्न योग्य; शयन गर्ने योग्य।

शयनैकादशी–ना० [सं०] आषाढ शुक्ल एकादशी; हरिशयनी एकादशी।

शयानक–ना० [सं०] १. छेपारो। २. अजिङ्गर।

शयालु–वि० [सं०] १. सुताहा; सुतुवा; निद्रा-शील। (ना०) २. अजिङ्गर। ३. स्याल। ४. कुकुर।

शयित–वि० [सं०] १. निदाएको; सुतेको; निद्रित। २. लेटेको; पल्टेको।

शयिता–ना० [सं०] सुत्ने व्यक्ति।

शय्या–ना० [सं०] १. बिछ्याउना; ओछ्यान। २. खाट; पलङ।

शय्या-दान–ना० [सं०] खाट, बिछ्यौना, भाड़ाँ-बर्तन आदि र खाद्य-सामग्रीसहितको दान्।

शर–ना० [सं०] १. बाण; तीर। २. बाण बनाउने एक जातको बाँस। ३. कलम बनाउने एक जातको निगालो। ४. दूध वा दहीको मलाई; तर। ५. पानी; जल। ६. निगालाका टुप्पामा तीखो सुइरो वा लिसो हाली चरा समात्ने वा मार्ने साधन। ७. हिंसा; वध। ८. चिता।

शरच्चन्द्र–ना० [सं०] शरद् ऋतुको चन्द्रमा।

शरच्चन्द्रिका–ना० [सं०] शरद् ऋतुका चन्द्रमाको किरण; शरद् ऋतुमा लाग्ने जून।

शरज्ज्योत्स्ना–ना० [सं०] शरच्चन्द्रिका।

शरट–ना० [सं०] छेपारो।

शरण–ना० [सं०] १. आश्रय; आधार। २. रक्षा। ३. रक्षा हुने स्थान। ४. घर; गृह। ५. आफ्नो बचाउ वा भलोका निमित्त कसैको आश्रय लिने काम। ६. पीछा; अनुगमन। ७. रक्षक। ८. वध; हत्या।

शरणागत–वि० [सं०] शरणमा आएको; आश्रयका निमित्त आएको।

शरणापन्न–वि० [सं०] शरणमा आएको; शरणागत।

शरणार्थी–वि० [सं०] १. शरण चाहने; आश्रयको इच्छा गर्ने। (ना०) २. कारण-वश आफ्नो देश वा जन्म-भूमि छोड़ेर अरू देशमा आश्रय लिने व्यक्ति।

शरणि–ना० [सं०] शरणी।

शरणी–ना० [सं०] १. बाटो; मार्ग। २. पृथ्वी। ३. पङ्क्ति; हरफ।

शरण्य–वि० [सं०] १. शरणमा लिन योग्य; रक्षणीय। २. असहाय; अनाथ। ३. शरणमा लिने; रक्षक।

शरत्–ना० [सं०] १. आश्विन र कार्तिक महीनामा पर्ने

CC-0. In Public Domain. Digitization by eGangotri

एक ऋतु; छ ऋतुमध्ये एक। २. वर्ष; साल; वत्सर।
शरत्काल–ना० [सं०] आश्विन र कार्तिक महीना; शरत् ऋतुको समय।
शरद्–ना० [सं०] शरत्।
शरदा–ना० [सं०] शरद् ऋतु।
शर-पुङ्ख–ना० [सं०] १. टुप्पोतिर फराकिलो भएका साना-साना पात हुने, प्याजी रङ्गका फूल फुल्ने, लामा-लामा कोसा फल्ने एक जातको सानो बोट। २. त्यसैको फल। (यसका दुइ भेद छन्।)
शरबत–ना० [अ०] १. सक्खर वा चीनी र मरीच, सुकुमेल आदि मिलाएको पानी। २. चीनीमा पकाएको फल-फूल वा औषधिको अर्क। ३. फल-फूलका रसमा चीनी हाली पकाएको पेय पदार्थ।
शरभ–ना० [सं०] १. सिंहभन्दा पनि बलवान् मानिएको, पुराण-प्रसिद्ध, कल्पित, आठ-खुट्टे पशु। २. हात्तीको बच्चो। ३. ऊँट। ४. सलह। ५. गाइने-कीरो।
शरम–ना० [फा० शर्म] १. लाज; लज्जा। २. आबरू। इज्जत; प्रतिष्ठा। ३. हिचकिचाहट; सङ्कोच।
शरमनाक–वि० [फा० शर्मनाक] १. लज्जा-शील। २. लज्जा-जनक।
शरमाइनु–अ० क्रि० [शरम+आइ+नु] शरममा पर्नु; लज्जित हुनु; ('शरमाउनु'-को भा० क्रि०)।
शरमाउनु–अ० क्रि० [शरम+आउ+नु] शरममा पर्नु; लज्जित हुनु।
शरमालु–वि० [शरम+आलु] लज्जा-शील; लज्जालु।
शरमाहट–ना० [शरम+आहट] शरमाउने किसिम, क्रिया वा भाव।
शरमिन्दा–ना० [फा०] १. लाज मानेको; लज्जित। २. लाज मान्ने; लज्जालु। ३. सङ्कोच मान्ने।
शरल–वि० [सं०] सरल।
शराटि–ना० [सं०] प्रायः जलाशयका नजीक रहने एक जातको पक्षी; हुटिटचाउँ।
शराडि–ना० [सं०] शराटि।
शराति–ना० [सं०] शराटि।
शराब–ना० [अ०] जाँड़, रक्सी आदि मादक पेय पदार्थ; मदिरा; मद्य।
शराबखाना–ना० [अ०] शराब बनाउने वा बेच्ने ठाउँ; भट्टी।
शराबी–वि० [शराब+ई] जाँड़-रक्सीको अम्मली; जँड़चाहा; मद्यपी।
शरारत–ना० [अ०] १. दुष्टचाइँ; दुष्टता; दौर्जन्य। २. चञ्चलता-युक्त बदमाशी।
शरारि–ना० [सं०] १. हुटिटचाउँ। २. पानी हाँस।
शरालि–ना० [सं०] हुटिटचाउँ।
शराव–ना० [सं०] माटाको पाला; कपनी।
शरासन–ना० [सं०] धनु; धनुष।
शरीक–वि० [अ०] १. कुन काममा साथ लाग्ने; सहयोगी। २. मिलेको; सम्मिलित। (ना०) ३. सहयोगी व्यक्ति; साथी।
शरीफ–ना० [अ० शरीफ़] भलादमी; सज्जन।
शरीर–ना० [सं०] १. हाड़, मासु, रगत आदिले बनेको प्राणीको सम्पूर्ण अङ्गहरूको समुदाय; जीउ; काय; देह। २. कुनै वस्तुका सबै अङ्ग-प्रत्यङ्ग भएको पार्थिव वा मूर्त रूप।
शरीर-ग्रहण–ना० [सं०] शरीर धारण गर्नु; जन्म लिनु।
शरीर-त्याग–ना० [सं०] मृत्यु; मरण।
शरीर-पात–ना० [सं०] मृत्यु; मरण।
शरीर-यात्रा–ना० [सं०] जीवन-निर्वाह गर्ने साधन; जीवन-वृत्ति।
शरीर-रक्षक–ना० [सं०] अङ्ग-रक्षक।
शरीर-विज्ञान–ना० [सं०] शरीर-शास्त्र।
शरीर-शास्त्र–ना० [सं०] शारीरिक अङ्गहरूको बनोट र तिनीहरूका विभिन्न कामहरूको विवेचना गरिएको शास्त्र; शरीर-विज्ञान।
शरीर-संस्कार–ना० [सं०] १. शरीरलाई शुद्ध र पवित्र पार्ने संस्कार; वेद-विहित षोडश-संस्कार। २. सौन्दर्यका निमित्त गरिने शरीरको सफाइ, श्रृङ्गार आदि कार्य।
शरीरान्त–ना० [सं०] मृत्यु; मरण।
शरीरी–वि० [सं०] १. शरीर धारण गर्ने। २. जिउँदो; जीवित। ३. शरीर भएको। (ना०) ४. शरीर-धारी प्राणी; जीव। ५. आत्मा।
शर्कर–ना० [सं०] १. सक्खर; चीनी। २. बालुवाको कण। ३. ढुङ्गाका साना-साना टुक्रा; कङ्कड़; गेगर।
शर्कर-कन्द–ना० [सं०] सक्खर-खण्ड।
शर्करा–ना० [सं०] १. सक्खर; चीनी। २. बालुवाको कण। ३. गेगर; कङ्कड़। ४. खण्ड; टुक्रो। ५. पत्थरी रोग।
शर्टहैन्ड–ना० [अं० शॅर्टहैन्ड] सङ्केत-लिपि।
शर्त–ना० [अ० शर्त्त] १. कुनै काम गर्नाका निमित्त बन्धन वा नियन्त्रणका रूपमा कबूल गरिने काम वा कुरो। २. कुनै सन्धि वा सम्झौताको अङ्ग-भूत प्रतिज्ञा। ३. बाजी; होड़।
शर्त-बन्दी–ना० [शर्त+बन्द+ई] कुनै कामका निमित्त कुनै किसिमको शर्त स्वीकार गर्ने वा गराउने काम।
शर्तिया–क्रि० यो० [शर्त+इया] १. बाजी थापेर। २. निश्चयपूर्वक; अवश्य नै।
शर्त्त–ना० [अ०] शर्त।
शर्त्तिया–क्रि० यो० [अ० शर्तियः] शर्तिया।
शर्बत–ना० [अ०] शरबत।
शर्म–ना० [फा०] १. शरम; लाज। २. इज्जत; आबरू।

CC-0. In Public Domain. Digitization by eGangotri

शर्म–ना० [सं०] १. सुख; आनन्द । २. मङ्गल; कल्याण । ३. आशीर्वाद । ४. हर्ष । ५. घर । ६. आधार ।

शर्माइनु–अ० क्रि० [फा० शर्म+आइ+नु] शरमाइनु; ('शर्माउनु'-को भा० क्रि०) ।

शर्माउनु–अ० क्रि० [फा० शर्म+आउ+नु] शरमाउनु ।

शर्मालु–वि० [फा० शर्म+आलु] शरमालु ।

शर्माहट–ना० [फा० शर्म+आहट] शरमाहट ।

शर्मनाक–वि० [फा०] शरमनाक ।

शर्मा–ना० [सं०] १. ब्राह्मणहरूको नामका पछाड़ि लगाइने एक उपाधि; शर्म्मा । २. हर्ष; आनन्द । ३. आशीर्वाद । ४. घर । ५. आधार ।

शर्मिष्ठा–ना० [सं०] पुराण-प्रसिद्ध दानव-राज वृषपर्वाकी छोरी र चन्द्र-वंशी राजा ययातिकी रानी ।

शर्म्मा–ना० [सं०] शर्मा ।

शर्व–ना० [सं०] १. शिव । २. विष्णु ।

शर्वर–ना० [सं०] १. अन्धकार । २. कामदेव ।

शर्वरी–ना० [सं०] १. रात; रात्रि । २. सन्ध्या-काल । ३. साठी संवत्सरमध्ये एक । ४. हलेदो । ५. स्त्री ।

शर्वाणी–ना० [सं०] पार्वती; गौरी ।

शलगम–ना० [फा० शलग़म] गाजरजस्तो, तरकारी खाइने एक प्रसिद्ध कन्द; गान्टे-मूला; सलगम ।

शलभ–ना० [सं०] १. गाइने-कीराजस्तो एक जातको कीरो; सलह । २. पुतली कीरो । ३. फटयाङ्ग्रो ।

शलवार–ना० [फा०] एक किसिमको खुकुलो सुरुवाल ।

शलाका–ना० [सं०] १. धातु, काठ आदिको छेस्को; सिन्को । २. बाण । ३. नली-हाड़ा । ४. बुरुश । ५. दुम्सी । ६. पासा ।

शल्क–ना० [सं०] १. बोक्रो; वल्कल । २. माछाको कत्ला । ३. छाला । ४. भाग; अंश ।

शल्कल–ना० [सं०] शल्क ।

शल्मलि–ना० [सं०] शाल्मली वृक्ष ।

शल्मली–ना० [सं०] शाल्मली वृक्ष ।

शल्य–ना० [सं०] १. कीलो; सुइरो; झीर । २. काँढ़ो; कण्टक । ३. छेस्को; शलाका । ४. बाण; तीर । ५. भाला । ६. चिर-फार गर्ने औजार । ७. दुर्वचन; गाली । ८. हाड़; अस्थि । ९. महाभारत-प्रसिद्ध, मद्र देशका एक राजा ।

शल्यक–ना० [सं०] १. दुम्सी । २. भाला । ३. सुइरो ।

शल्य-कर्म–ना० [सं०] शल्य-क्रिया ।

शल्य-कर्मी–ना० [सं०] चिर-फारको काम गर्ने चिकित्सक ।

शल्य-कार–ना० [सं०] शल्य-कर्मी ।

शल्य-क्रिया–ना० [सं०] चिर-फारद्वारा उपचार गर्ने काम; शल्य-चिकित्सा ।

शल्य-चिकित्सक–ना० [सं०] चिर-फारको काम गर्ने चिकित्सक; शल्य-कर्म गर्ने व्यक्ति ।

शल्य-चिकित्सा–ना० [सं०] चिर-फारद्वारा गरिने उपचार; शल्य-कर्म ।

शल्य-विज्ञान–ना० [सं०] शल्य-शास्त्र ।

शल्य-विद्या–ना० [सं०] चिर-फारद्वारा उपचार गर्ने विद्या ।

शल्य-शास्त्र–ना० [सं०] शरीरमा भएका घाउ, खटिरा वा दूषित अङ्गको चिकित्साका निमित्त चिर-फार गर्ने शास्त्र; शल्य-चिकित्सा-सम्बन्धी क्रियाहरूको विवेचना गरिएको शास्त्र; शल्य-विज्ञान ।

शल्योपचार–ना० [सं०] चिर-फारद्वारा गरिने उपचार; शल्य-चिकित्सा ।

शल्योपचारिक–वि० [सं०] १. चिर-फारद्वारा उपचार गर्ने । २. शल्योपचार-सम्बन्धी ।

शल्योपचारी–ना० [सं०] चिर-फारद्वारा उपचार गर्ने व्यक्ति; शल्य-चिकित्सक ।

शल्ल–ना० [सं०] १. बोक्रो; वल्कल । २. छाला; चर्म । ३. भ्यागुतो ।

शल्लक–ना० [सं०] सालक जन्तु ।

शव–ना० [सं०] १. मृत शरीर; लाश । २. पानी; जल ।

शव-कर्म–ना० [सं०] मुर्दा पोल्न, गाड्ने आदि काम ।

शवता–ना० [सं०] मुर्दा हुनाको भाव; निष्प्राण हुनाको भाव; निश्चेष्टता ।

शव-परीक्षा–ना० [सं०] मृत्युको कारण पत्ता लगाउनाका निमित्त लाश जाँच्ने काम ।

शव-यात्रा–ना० [सं०] जलाउने, गाड़ने आदि अन्तिम संस्कारका निमित्त मुर्दा मसानमा लग्ने काम; मलाम ।

शव-यात्री–ना० [सं०] शव-यात्रामा सम्मिलित भएर जाने व्यक्ति; मलामी ।

शव-यान–ना० [सं०] मुर्दा लैजाने खट; टाँड़; अर्थी ।

शवर–ना० [सं०] शबर ।

शवल–ना० [सं०] शबल ।

शवाच्छादन–ना० [सं०] कात्रो ।

शश–ना० [सं०] १. खरायो; चौघड़ा । २. काम-शास्त्र-अनुसार मीठो र सत्य बोल्न, सुशील, गुण-ग्राही व्यक्ति; चार प्रकारका पुरुषमध्ये एक ।

शशक–ना० [सं०] खरायो; चौघड़ा; शश ।

शशधर–ना० [सं०] चन्द्रमा ।

शश-शृङ्ग–ना० [सं०] खरायोको सीङजस्तै कुनै असम्भव कुरो; हुन नसक्ने कुरो; पत्यार नपर्दो कुरो ।

शशाङ्क–ना० [सं०] चन्द्रमा ।

शशान्दुली–ना० [सं०] गोलभिँड़ा ।

शशिधर–ना० [सं०] शिव ।

शशि-मुख–ना० [सं०] चन्द्रमाजस्तो सुन्दर मुख भएको व्यक्ति; अति सुन्दर व्यक्ति ।

शशि-मुखी–ना० [सं०] चन्द्रमाजस्तो सुन्दर मुख भएकी स्त्री; अति सुन्दरी स्त्री ।

CC-0. In Public Domain. Digitization by eGangotri

शशि-वदना–ना० [सं०] १. शशि-मुखी । २. प्रत्येक चरणमा नगण र यगण हुने चार चरणको एक छन्द ।

शशि-शेखर–ना० [सं०] शिव; महादेव ।

शशी–ना० [सं०] चन्द्रमा ।

शशी-पाचक–ना० [सं० शशी+पाचक] एक प्रकारको आयुर्वेदीय, स्वादिष्ट पाचक औषधि ।

शश्वत्–क्रि० यो० [सं०] फेरि-फेरि; पुनः-पुनः; वार-वार ।

शष्कुली–ना० [सं०] १. कानको प्वाल । २. एक प्रकारको मिठाई; सेल ।

शष्प–ना० [सं०] १. नयाँ घाँस; कलिलो तृण । २. प्रतिभा वा बुद्धिको क्षय । ३. लिङ्ग, भग आदि गुप्तेन्द्रियका रौँ ।

शसन–ना० [सं०] १. यज्ञमा गरिने पशु-बलि । २. हत्या; हिंसा ।

शस्कुली–ना० [सं०] शष्कुली ।

शस्त–ना० [सं०] १. कल्याण; मङ्गल । २. सुख । ३. उत्तमता । (वि०) ४. बाण हान्दा औँलामा लाउने छालाको साधन; अङ्गुलि-त्राण । ५. कल्याण-कारी । ६. प्रशंसित । ७. उत्तम ।

शस्ति–ना० [सं०] १. तारीफ; प्रशंसा । २. स्तुति; स्तोत्र ।

शस्त्र–ना० [सं०] १. हातमा लिएर काट-मार गर्ने साधन; हतियार । २. औजार; चिर-फार गर्ने उपकरण । ३. कुनै काम सिद्ध गर्ने उपाय; युक्ति ।

शस्त्रक–ना० [सं०] १. इस्पात । २. फलाम ।

शस्त्र-कर्म–ना० [सं०] चिर-फारको काम; शल्य-कर्म ।

शस्त्र-कोष–ना० [सं०] शस्त्रको खोल; म्यान, दाप आदि ।

शस्त्र-क्रिया–ना० [सं०] शल्य-क्रिया ।

शस्त्र-गृह–ना० [सं०] हात-हतियारहरू राख्ने ठाउँ वा घर; सिलखाना; शस्त्रागार ।

शस्त्र-चिकित्सक–ना० [सं०] शल्य-चिकित्सक ।

शस्त्र-चिकित्सा–ना० [सं०] शल्य-चिकित्सा ।

शस्त्र-जीवी–ना० [सं०] १. शस्त्रद्वारा जीविका गर्ने व्यक्ति; सैनिक । (वि०) २. शस्त्र चलाएर जीविका गर्ने ।

शस्त्र-धर–वि० [सं०] शस्त्र-धारी ।

शस्त्र-धारी–वि० [सं०] १. हतियार धारण गरेको; सशस्त्र । (ना०) २. सैनिक; योद्धा ।

शस्त्र-न्यास–ना० [सं०] कुनै शस्त्र हातमा नलिने व्रत वा प्रतिज्ञा; शस्त्रको त्याग ।

शस्त्र-विद्या–ना० [सं०] १. हात-हतियार चलाउने विद्या । २. धनुर्वेद ।

शस्त्र-वृत्ति–ना० [सं०] शस्त्र चलाएर जीविका गर्ने व्यक्ति; शस्त्र-जीवी; सैनिक ।

शस्त्र-शाला–ना० [सं०] शस्त्र-गृह ।

शस्त्र-शास्त्र–ना० [सं०] शस्त्र-विद्या ।

शस्त्रागार–ना० [सं०] शस्त्र-गृह ।

शस्त्राजीव–ना० [सं०] शस्त्र-जीवी ।

शस्त्रास्त्र–ना० [सं०] हातमा लिएर एवम् फ्याँकेर प्रहार गर्ने हतियारहरू; शस्त्र र अस्त्र ।

शस्त्री–वि० [सं०] १. शस्त्र धारण गरेको; हतियार भिरेको । (ना०) २. सैनिक; योद्धा । ३. सानो-तिनो शस्त्र ।

शस्त्रोपजीवी–ना० [सं०] शस्त्र-जीवी ।

शस्प–ना० [सं०] शष्प ।

शस्य–ना० [सं०] १. नयाँ उम्रेको घाँस । २. अन्न; अनाज; धान्य । ३. बाली; फसल । ४. खेती-पाती । ५. बोट-बिरुवा । (वि०) ६. प्रशंसनीय ।

शस्यागार–ना० [सं०] अनाजहरू राख्ने ठाउँ वा घर; धान-गोदाम ।

शह–ना० [फा०] १. बादशाह । २. बुद्धि-चालका खेलमा त्यसको बादशाहलाई घात पर्ने अवस्था ।

शहनाई–ना० [फा०] सनाई ।

शहर–ना० [फा०] मानिसहरूको ठूलो बस्ती, ठूलठूला सड़क र वजारहरू भएको ठाउँ; नगर; पुर ।

शहर–ना० [सं० शफर] टलकने सानो जातको माछो ।

शहरिनी–ना० [शहर+इनी] शहरमा बस्ने स्त्री; शहरिया स्त्री ।

शहरिया–वि० [शहर+इया] १. शहरको; नगर-सम्बन्धी । (ना०) २. शहर-निवासी व्यक्ति; नागरिक ।

शहरी–वि० [फा०] शहरिया ।

शहीद–ना० [अ०] धर्म, देश वा लोकको हितका निमित्त प्राण-त्याग गर्ने व्यक्ति ।

शाक–ना० [सं०] १ तरकारी बनाएर खाइने पात, फूल, फल, डाँठ, कन्द अ[illegible]; साग । २. तरकारी । ३. प्रसिद्ध सात द्वीपमध्ये ए[illegible] । ४. सगवन वृक्ष । ५. पराक्रम । ६. शक-संवत् ।

शाक-द्वीप–ना० [सं०] पुराणअनुसार पृथ्वीका सात द्वीप-मध्ये एक ।

शाकाहार–ना० [सं०] साग-पात, फल, फूल, अन्न आदिमात्र खाने काम; निरामिष भोजन ।

शाकाहारी–वि० [सं०] साग-पात, फल, फूल, अन्न आदि मात्र खाने; शाकाहार गर्ने; मासु-माछा नखाने ।

शाकिनी–ना० [सं०] १. साग-पात लाउने वा लाएको जमीन । २. दुर्गाकी एक अनुचरी । ३. बोक्सी; डाइनी ।

शाकुन–वि० [सं०] १. पक्षी-सम्बन्धी । २. शकुन वा लक्षण-सम्बन्धी; सगुनको । ३. खेलौना-सम्बन्धी ।

शाकुनिक–ना० [सं०] १. चराहरू पक्रने वा मार्ने पेशा भएको व्यक्ति । २. ग्रह-गतिको शुभाशुभ फल बताउने व्यक्ति; शकुनज्ञ ।

शाकुन्तल–वि० [सं०] १. शकुन्तला-सम्बन्धी । (ना०) २. दुष्यन्त र शकुन्तलाको कथा वर्णन गरिएको, कालिदास-विरचित एक प्रसिद्ध संस्कृत नाटक (अभिज्ञान-शाकुन्तल) । ३. शकुन्तलाका पुत्र राजा भरत ।

CC-0. In Public Domain. Digitization by eGangotri

शाकुन्तिक–ना० [सं०] चरा-चुरुङ्गी मार्ने वा पक्रने पेशा भएको व्यक्ति; चराको शिकारी।

शाके–वि० [सं० शक+ए] १. शक-सम्बन्धी; शालिवाहनको। (ना०) २. शालिवाहनले चलाएको संवत्; शक-संवत्।

शाक्त–वि० [सं०] १. शक्ति-सम्बन्धी। (ना०) २. शक्तिको उपासना गर्ने व्यक्ति; काली, दुर्गा आदि देवीहरूको उपासक। (यिनका दुइ भेद छन्–दक्षिणाचार र वामाचार।)

शाक्तागम–ना० [सं०] शाक्त तन्त्र।

शाक्तिक–वि० [सं०] १. शक्ति-सम्बन्धी। (ना०) २. शक्तिको उपासक; शाक्त। ३. भाला धारण गर्ने व्यक्ति।

शाक्तीक–ना० [सं०] भाला धारण गर्ने व्यक्ति।

शाक्तेय–ना० [सं०] शक्तिको उपासक; शाक्त।

शाक्त्य–ना० [सं०] शाक्त।

शाक्य–ना० [सं०] १. एक प्राचीन कुल वा वंश। (यसै वंशमा गौतम बुद्धको जन्म भएको थियो।) २. बुद्ध देव। ३. बौद्ध भिक्षु। ४. बौद्ध धर्मावलम्बी एक नेवार-वर्ग; बाँड़ा।

शाक्य-भिक्षु–ना० [सं०] १. बौद्ध संन्यासी। २. बौद्ध धर्मावलम्बी एक वर्ग; बाँड़ा।

शाक्य-भिक्षुक–ना० [सं०] शाक्य-भिक्षु।

शाक्य-मुनि–ना० [सं०] बुद्ध देव।

शाक्य-सिंह–ना० [सं०] बुद्ध देव।

शाखा–ना० [सं०] १. रूखको प्रकाण्डबाट निस्केको सानो अङ्ग; हाँगो। २. कुनै मूल वस्तुबाट निस्केको अवयव; अङ्ग। ३. कुनै संस्थाका अन्तर्गत रहेको सानो गठन वा विभाग। ४. हात। ५. ग्रन्थको परिच्छेद; अध्याय। ६. कुनै दर्शन, शास्त्र आदिको भेद; सम्प्रदाय। ७. वेदका संहिताहरूको पाठ र क्रमको भेद। ८. कुनै विषय वा सिद्धान्तसित सम्बन्ध राख्ने एकै विचारका मानिसहरूको वर्ग; सम्प्रदाय। ९. वेदको एक विभाग (माध्यन्दिनीय, तैत्तिरीय आदि)।

शाखा-मृग–ना० [सं०] बाँदर; वानर।

शाखी–वि० [सं०] १. शाखा भएको; हाँगा भएको। (ना०) २. रूख; वृक्ष। ३. वेद। ४. वेदका कुनै शाखाको अनुयायी।

शाखोच्चार–ना० [सं०] विवाहको पाणि-ग्रहणका समयमा दुलहा र दुलही-पक्षका पुरोहितहरूले आफ्ना-आफ्ना यजमानका वंशको गोत्र, प्रवर, नाम आदि उच्चारण गर्ने काम।

शाखोच्चारण–ना० [सं०] शाखोच्चार।

शाखोट–ना० [सं०] सहोड़ा।

शागिर्द–ना० [फा०] १. शिष्य; चेलो। २. अनुचर; अनुयायी।

शागिर्द-पेशा–ना० [फा० शागिर्द+पेशा (अ०)] नोकर-चाकरहरू बस्ने घर।

शागिर्दी–ना० [फा०] १. शिष्यत्व। २. सेवा।

शाङ्कर–वि० [सं०] १. शङ्कर-सम्बन्धी। २. शङ्कराचार्य-सम्बन्धी। (ना०) ३. शङ्कराचार्यको मत।

शाट–ना० [सं०] १. लुगा; वस्त्र। २. कपड़ाको टुक्रो।

शाटक–ना० [सं०] १. वस्त्र। २. नाटकको एक भेद।

शाटिका–ना० [सं०] १. सारी। २. वस्त्र।

शाटी–ना० [सं०] १. सारी; फरिया। २. लुगा-फाटो; वस्त्र।

शाठ्य–ना० [सं०] शठ हुनाको भाव; मूर्खता।

शाण–ना० [सं०] हतियारहरू उध्याउने चक्राकार पत्थर; साँध।

शाणित–वि० [सं०] साँध लगाइएको; धार लगाइएको।

शाणोपल–ना० [सं०] हतियार उध्याउने ढुङ्गो; साँध।

शात–वि० [सं०] १. धारिलो पारेको; साँध लाएको। २. दुर्बल; कमजोर। ३. चम्किलो; दीप्त। ४. सुन्दर।

शातकुम्भ–ना० [सं०] १. सुन; सुवर्ण। २. धतूरो। ३. करवीर। ४. कोइरालो वृक्ष।

शातन–ना० [सं०] १. धार लाउनु; धारिलो पार्नु; उध्याउनु। २. खस्नु; गिर्नु। ३. नाश हुनु।

शातपत्रक–ना० [सं०] जून, चन्द्रमाको प्रकाश।

शातवाहन–ना० [सं०] शालिवाहन।

शात्रव–वि० [सं०] १. शत्रु-सम्बन्धी। (ना०) २. शत्रुता; दुश्मनी।

शाद–ना० [सं०] १. नयाँ हरियो घाँस; कमलो घाँस। २. हिलो।

शाद्वल–वि० [सं०] १. नयाँ घाँस पलाएको; कमलो घाँस उम्रेको (भूमि)। (ना०) २. घाँस उम्रेको जमीन; चउर। ३. गोचर-भूमि; गाई-भैँसी चराउने ठाउँ। ४. मरू-भूमिका बीचमा कतै-कतै जल निस्की वनस्पति उम्रेको ठाउँ।

शान–ना० [सं०] १. हतियार उध्याउने ढुङ्गाको चक्का; साँध; सान। २. कसी।

शान–ना० [अ०] १. गौरव; बड़प्पन। २. इज्जत; प्रतिष्ठा। ३. चकचकी; दबदबा। ४. शक्ति; ताकत। ५. शेखी; घमन्ड। ६. ठस्सा; रवाफ। ७. भव्यता; विशालता। ८. रत्नमा रहेको पानी; चमक; आभा।

शानदार–वि० [शान+दार] १. शान भएको; गौरव-शाली। २. भड्किलो; भव्य। ३. राम्रो; सुन्दर। ४. प्रभाव-शाली।

शान-शौकत–ना० [अ०] १. ठाँट-बाँट; तड़क-भड़क। २. सजावट।

शान्त–वि० [सं०] १. मनमा कुनै किसिमको रीस, राग, द्वेष, चिन्ता, क्षोभ, दुःख आदि मनोविकार नभएको; शान्ति-युक्त। २. शिष्ट वा सौम्य प्रकृतिको; विनम्र। ३. धैर्य-युक्त; धीर। ४. मनका दुष्ट विकारहरू नष्ट भइसकेको; विरागी। ५. इन्द्रियहरूलाई वशमा गरेको; जितेन्द्रिय। ६. उत्साह, तत्परता आदि नभएको; सुस्त; शिथिल। ७. वेग, गति, क्रिया आदि नभएको;

CC-0. In Public Domain. Digitization by eGangotri

निश्चल। ८. कुनै उपद्रव, आन्दोलन, झगड़ा आदि नभएको; सबै किसिमका विघ्न-बाधाले रहित। ९. चूप; मौन। १०. निश्शब्द; निस्तब्ध। ११. सूनसान; निर्जन। १२. भोक, तिर्खा आदि मेटिएको; तृप्त। १३. निभेको; शमन भएको। १४. मरेको; मृत। (ना०) १५. काव्यका नव-रसमध्ये एक; शान्त-रस।

शान्त-मना–वि० [सं०] शान्त मन भएको; विनम्र वा स्थिर चित्त भएको।

शान्त-रस–ना० [सं०] संसारको दुःख, असारता आदिको ज्ञान अथवा परमात्माको स्वरूप आलम्बन, र निर्वेद स्थायी-भाव हुने एक रस; काव्यका नव-रसमध्ये एक।

शान्ति–ना० [सं०] १. रीस, द्वेष, हर्ष, प्रेम, चिन्ता, क्षोभ आदि मनको कुनै उद्वेग नभएको मानसिक अवस्था; शान्त स्थिति। २. विद्रोह, विरोध, कलह, युद्ध आदि नभएको अवस्था। ३. खलबली, होे-हल्ला आदिको अभाव; निःशब्दता। ४. ताप, शीत, वर्षा, श्रम आदिको शमन। ५. भोक, प्यास आदिको तृप्ति। ६. ग्रहहरूका बाधा, अशुभ फल आदि निवृत्त गर्ने धार्मिक कृत्य; शान्ति-स्वस्ति। ७. आराम; चैन; सुख। ८. शिष्टता; सौम्यता। ९. सान्त्वना; आश्वासन। १०. दोषको निवारण। ११. सांसारिक विषयहरूदेखिको विरक्ति; वैराग्य। १२. मृत्यु; मरण।

शान्तिक–वि० [सं०] १. शान्ति-सम्बन्धी। २. शान्ति गर्ने; शान्ति-कर। (ना०) ३. शान्ति-कर्म; शान्ति-स्वस्ति।

शान्ति-कर–वि० [सं०] शान्ति गर्ने; शान्ति-कारी।

शान्ति-कर्म–ना० [सं०] खराब ग्रहहरूबाट हुने अमङ्गल, विपद् आदिको निवारणका लागि गरिने पूजा, पाठ, यज्ञ आदि कर्म; शान्ति-स्वस्ति; शान्तिक।

शान्ति-कारी–वि० [सं०] शान्ति-कर।

शान्ति-कार्य–ना० [सं०] शान्ति-कर्म।

शान्ति-दायक–वि० [सं०] शान्ति दिने; शान्ति-प्रद।

शान्ति-प्रद–वि० [सं०] शान्ति दिने; आनन्द-दायी।

शान्ति-प्रिय–वि० [सं०] शान्ति चाहने; शान्तिको इच्छुक।

शान्ति-भङ्ग–ना० [सं०] १. जन-साधारणमा भएको शान्ति, सुख र स्वस्थतामा बाधा हुनु; उपद्रव, विद्रोह आदि हुनु। २. शान्तिमा बाधा उपस्थित हुनु।

शान्तिमय–वि० [सं०] १. सर्वत्र शान्ति भएको; शान्ति-युक्त। २. विघ्न, बाधा, उपद्रव आदिले रहित; शान्तिपूर्ण।

शान्तिवाद–ना० [सं०] जन-साधारणमा सर्वत्र शान्ति स्थापना हुनुपर्दछ र संसारमा युद्ध, कलह आदिको अन्त हुनुपर्दछ भन्ने सिद्धान्त।

शान्तिवादी–वि० [सं०] शान्तिवादको अनुयायी; शान्तिवादमा विश्वास राख्ने।

शान्ति-सन्धि–ना० [सं०] १. शान्ति र मित्रता स्थापना गर्न युद्ध गर्ने देशहरूले आपस्तमा गर्ने सन्धि। २. परस्परमा युद्ध नगरी शान्तिपूर्वक बस्नको निमित्त राष्ट्रहरूमा हुने सन्धि।

शान्ति-स्वस्ति–ना० [सं०] अनिष्ट वा ग्रह-गोचरको दोष हटाउनाका निमित्त गरिने पूजा, जप, पाठ आदि।

शाप–ना० [सं०] १. कसैको अनिष्ट होस् भनी बोलेको वचन; सराप; श्राप। २. धिक्कार; भर्त्सना।

शापित–वि० [सं०] सरापिएको; शाप दिइएको; अभिशप्त।

शापोत्सर्ग–ना० [सं०] सराप्ने काम; शाप दिने काम।

शाफा–ना० [अ० शाफ़ः] १. औषध मिसाई घाउ-खटिरामा घुसार्ने सुल्लो। २. दिसा गराउन गुद-द्वारमा घुसार्ने साबुन वा औषधको लाम्चो खण्ड।

शाबर–वि० [सं०] १. शबर-सम्बन्धी; शबर जातिको। (ना०) २. अन्धकार। ३. दुःख; पीडा। ४. दुष्ट मनुष्य। ५. कपटी मानिस।

शाबाश–अव्य० [फा०] कसैले उत्तम काम गर्दा भनिने प्रसन्नता-सूचक शब्द; वाह-वाह।

शाबाशी–ना० [फा०] कसैले उत्तम काम गर्दा हर्ष वा प्रसन्नता व्यक्त गर्ने क्रिया वा भाव।

शाब्द–वि० [सं०] १. शब्द-सम्बन्धी। २. शब्दमा आश्रित।

शाब्द-व्यञ्जना–ना० [सं०] शाब्दी-व्यञ्जना।

शाब्दिक–वि० [सं०] १. शब्द-सम्बन्धी; शाब्द। २. शब्दद्वारा भनिएको वा व्यक्त भएको।

शाब्दी–वि० [सं०] १. शब्द-सम्बन्धी; शाब्दिक। (ना०) २. सरस्वती।

शाब्दी-व्यञ्जना–ना० [सं०] वाक्यमा प्रयुक्त शब्दमा मात्र सीमित रहेको व्यञ्जना (पर्याय-वाची शब्द प्रयोग गर्दा त्यो अर्थ व्यञ्जित नहुने)।

शामत–ना० [अ०] १. दुर्भाग्य। २. विपत्ति। ३. दुर्दशा।

शामियाना–ना० [फा०] ठूलो र चारैतिर खुला हुने एक किसिमको पाल; समेना।

शामिल–वि० [अ०] १. भेला भएको; एकत्रित; सामेल। २. उपस्थिति; हाजिर।

शामील–ना० [सं०] भस्म; खरानी।

शामीली–ना० [सं०] १. यज्ञ गर्ने सुरो। २. माला।

शामेल–ना० [अ० शामिल] सामेल।

शामेली–ना० [शामेल+ई] शामेल हुने काम; उपस्थिति।

शाम्ब–ना० [सं०] कृष्ण र जाम्बवतीका छोरा।

शाम्बदिक–ना० [सं०] चटकी; जादूगर।

शाम्बरिक–ना० [सं०] इन्द्र-जाल गर्ने व्यक्ति; जादूगर।

शाम्बरी–ना० [सं०] १. इन्द्र-जाल; जादू। २. इन्द्र-जाल गर्ने स्त्री; जादूगर्नी।

शाम्भव–वि० [सं०] १. शम्भु-सम्बन्धी। (ना०) २. शिवको भक्त।

शाम्भवी–ना० [सं०] १. पार्वती; दुर्गा। २. नीलो भावको रङ्ग हुने दूबो।

CC-0. In Public Domain. Digitization by eGangotri

शायक–ना० [सं०] १. बाण; शर। २. तरवार; खड्ग।
शायद–क्रि० यो० [फा०] कदाचित्; सम्भवतः।
शायर–ना० [फा० सायः] कुनै ठाउँ बार्नाका लागि ठड्याउन हुने गरी बनाइएको मोटो कपड़ाको बार वा पर्दा।
शायर–ना० [अ० शाइर] उर्दू, अरबी, फारसी आदि भाषामा कविता लेख्ने व्यक्ति।
शायरा–ना० [अ० शायर] स्त्री शायर।
शायरी–ना० [शायर+ई] १. शायरको काम वा पेशा। २. उर्दू, अरबी, फारसी आदिमा लेखिएको कविता वा कविता-पाठ।
शायी–वि० [सं०] १. निदाउने; सुत्ने। २. पल्टने; लेट्ने।
शारङ्ग–ना० [सं०] सारङ्ग।
शारङ्गी–ना० [सं०] सारङ्गी।
शारद–वि० [सं०] १. शरत्कालमा उत्पन्न भएको। २. शरद्-सम्बन्धी; शारदीय।
शारदा–ना० [सं०] १. विद्याकी अधिष्ठात्री देवी; सरस्वती। २. एक प्रकारको वीणा।
शारदिक–वि० [सं०] १. शरत्कालमा उत्पन्न हुने (रोग)। २. शरद् ऋतुमा गरिने (श्राद्ध)।
शारदी–वि० [सं०] १. शरत्काल-सम्बन्धी। (ना०) २. कार्तिक शुक्ल पूर्णिमा; शरत्कालको पूर्णिमा।
शारदीय–वि० [सं०] शरद् ऋतु-सम्बन्धी; शरद्-कालको।
शारदीय-नव-रात्र–ना० [सं०] आश्विन महीनाको शुक्ल-पक्षमा हुने नव-रात्र।
शारि–ना० [सं०] १. पासा, पच्चीस आदिका थर्कीमा चालिने गोटी। २. मैना; शारिका। ३. कपट; छल।
शारिका–ना० [सं०] १. मैना पक्षी। २. सारौँ चरो। ३. सारङ्गी, बेला आदि बाजा बजाउने धनुका आकारको साधन; गजो। ४. पासा, पच्चीस आदि खेलका थर्कीमा चाल्ने गोटी।
शारी–ना० [सं०] १. कुश। २. मैना पक्षी।
शारीर–वि० [सं०] १. शरीर-सम्बन्धी; शारीरिक। २. शरीरबाट उत्पन्न भएको; देहज। ३. शरीर-धारी; मूर्तिमान्। (ना०) ४. जीवात्मा। ५. साँढ़े; वृष।
शारीरक–वि० [सं०] १. शरीर-सम्बन्धी; शारीरिक। (ना०) २. शरीर-धारी जीवात्मा।
शारीर-तत्त्व–ना० [सं०] शारीर-शास्त्र।
शारीर-विज्ञान–ना० [सं०] शारीर-शास्त्र।
शारीर-विद्या–ना० [सं०] शारीर-शास्त्र।
शारीर-शास्त्र–ना० [सं०] १. शारीरिक तत्त्वहरू, शरीरका अवयवहरू, शरीरको रचना, त्यसका बाह्य र आभ्यन्तरिक क्रिया आदिको विवेचना गरिएको शास्त्र। २. शरीरमा रहने जीवको उत्पत्ति, वृद्धि आदिको विवेचना गरिएको शास्त्र।
शारीरिक–वि० [सं०] १. शरीर-सम्बन्धी; कायिक; शारीरक। २. शरीरबाट उत्पन्न; देहज। (ना०) ३. जीवात्मा।
शार्क–ना० [अं०] एक जातको ठूलो समुद्री माछो। (यसको तेल औषधिको रूपमा प्रयोग हुन्छ। शार्कका अनेक जाति छन्।)
शार्कर–वि० [सं०] १. सक्खर-सम्बन्धी। (ना०) २. गेगर भएको जमीन; ढुङ्गेन जग्गा। ३. दूधको फीँज।
शार्ङ्ग–वि० [सं०] १. सीङ-सम्बन्धी। २. धनुर्धारी। (ना०) ३. विष्णुको धनु।
शार्ङ्गधर–ना० [सं०] १. विष्णु। २. अदुवा। ३. वैद्यक ग्रन्थका रचयिता एक प्रसिद्ध वैद्य। (तिनको संहिता प्रसिद्ध छ।)
शार्ङ्गधारी–ना० [सं०] विष्णु।
शार्दूल–ना० [सं०] १. बाघ; व्याघ्र। २. सिंह। ३. चितुवा। ४. राक्षस। ५. सरभ। (वि०) ६. सर्व-श्रेष्ठ; सर्वोत्तम। (यस अर्थमा अरू शब्दका पछाड़ि लागेरमात्र प्रयोग हुन्छ। उदा०-नर-शार्दूल।)
शार्दूल-विक्रीडित–ना० [सं०] प्रत्येक पाउमा उन्नाईस अक्षर हुने एक वार्णिक छन्द; प्रत्येक चरणमा क्रमशः म, स, ज, स, एवम् दुई तगण र अन्तमा गुरु हुने एक वर्ण-वृत्त।
शार्वर–वि० [सं०] १. रात्रिको; रातमा हुने; रात्रि-सम्बन्धी। २. उत्पाती; उपद्रवी।
शार्वरी–ना० [सं०] १. साठी संवत्सरमध्ये एक। (वि०) २. रातको; रात्रि-सम्बन्धी। ३. अँध्यारो; अन्धकार।
शाल–ना० [सं०] १. ठूला-ठूला पात, सेता फूल र घोगाका आकारको फल हुने एक जातको ठूलो वृक्ष। (यस वृक्षको खोटोलाई शाल-धूप र चुरोलाई अग्राख भन्दछन्। यसका पातहरू टपरी, दुनु, बोहोता आदि गाँस्ने काममा उपयोग गरिन्छ। यसका सानो र ठूलो—दुइ भेद छन्।) २. एक जातको माछो। ३. वृक्ष। ४. हाता; घेरा। ५. शालीवाहन।
शाल–ना० [फा०] ऊनी वारे शमी ओढ्ने वस्त्र; दोसल्ला।
शालक–ना० [सं० शल्लक] सालक जन्तु।
शाल-खुट्टे–ना० [शाल+खुट्टे] साल-खुट्टे।
शाल-ग्राम–ना० [सं०] शालि-ग्राम।
शाल-धूप–ना० [शाल+धूप] शाल-वृक्षबाट निस्कने खोटो। (यो खोटो बाल्दा बास्ना आउँछ र धूपको काममा उपयोग गरिन्छ।)
शाला–ना० [सं०] १. घर; गृह। २. ठाउँ; स्थान। ३. घरको एक खण्ड; कोठा। ४. ठूलो हाँगो; मल शाखा।
शालाकी–ना० [सं०] शल्य-चिकित्सक; चिर-फार गर्ने वैद्य।
शालाक्य–ना० [सं०] गर्दनभन्दा माथि, टाउकाको मात्र चिकित्सा गर्ने विवेचना गरिएको, आयुर्वेदीय शल्य-चिकित्सा-शास्त्रको एक विभाग।
शालि–ना० [सं०] १. जाड़ो महीनामा पाक्ने एक जातको धान। २. चामल।
शालि-ग्राम–ना० [सं०] काली नदीमा पाइने कालो, चिप्लो,

CC-0. In Public Domain. Digitization by eGangotri

चक्रको चिह्न भएको विशेष किसिमको पत्थर; शाल-ग्राम। (यसलाई विष्णुको रूप मानेर पूजा गर्दछन्।)

शालि-धान्य–ना० [सं०] जाड़ो महीनामा पाक्ने एक जातको धान; साली-धान।

शालिनी–वि० [सं०] १. 'शाली'-को स्त्री-लिङ्ग-वाची रूप। (ना०) २. गृहिणी; गृह-स्वामिनी।

शालिपर्णी–ना० [सं०] टुप्पामा तीखो काँढ़ाजस्तो हुने लामा-लामा पात र खैरो डाँठ हुने एक जातको बूटी।

शालिवाहन–ना० [सं०] शक-संवत् चलाउने एक प्रसिद्ध शक-वंशी राजा।

शालि-होत्र–ना० [सं०] घोड़ा वा अन्य पशुहरूको चिकित्सा गर्ने विद्या; पशु-चिकित्सा-शास्त्र।

शालि-होत्री–ना० [सं०] १. घोड़ा वा अन्य पशुहरूको चिकित्संक; पशु-चिकित्सक। २. घोड़ा।

शाली–वि० [सं०] १. संस्कृतका तत्सम शब्दका पछिल्तिर लागी 'भएको', 'युक्त' आदि अर्थ बुझाउने शब्द। (उदा०—शक्ति-शाली; भाग्य-शाली इत्या०।) २. सम्पन्न। ३. उज्ज्वल। ४. घरेलु।

शालीन–वि० [सं०] १. नम्र; विनीत। २. लज्जालु; लज्जा-वान्। ३. असल आचार-विचारको। ४. धनी; सम्पत्ति-वान्। ५. सिपालु; कुशल।

शालीनता–ना० [सं०] शालीन हुनाको भाव; विनम्रता।

शाल्मल–ना० [सं०] शाल्मलि।

शाल्मलि–ना० [सं०] १. सिमलको बोट। २. पुराणअनुसार पृथ्वीका सात महाद्वीपमध्ये एक। ३. एक नरक।

शाल्मली–ना० [सं०] शाल्मलि।

शाल्मली-कन्द–ना० [सं०] सिमल-कन्द।

शाव–ना० [सं०] १. बच्चो; शिशु (विशेषतः पशु-पक्षीको)। २. फुस्रो रङ। (वि०) ३. शव-सम्बन्धी।

शावक–ना० [सं०] पशु वा पक्षीको बच्चो; शाव।

शावर–ना० [सं०] शाबर।

शाश्वत–वि० [सं०] १. सधैँ स्थायी रहने; नित्य। (ना०) २. वेद-व्यास। ३. शिव। ४. स्वर्ग। ५. सूर्य।

शाश्वतिक–वि० [सं०] नित्य; शाश्वत।

शाश्वती–ना० [सं०] पृथ्वी।

शासक–ना० [सं०] १. शासन गर्ने व्यक्ति। २. राज्य चलाउने व्यक्ति; शासन-कर्ता। ३. हाकिम।

शासकीय–वि० [सं०] १. शासक-सम्बन्धी। २. शासकको काम-सम्बन्धी; शासन-सम्बन्धी।

शासन–ना० [सं०] १. आज्ञा; आदेश। २. हुकुम; राज्या-देश। ३. देश, नगर, प्रान्त, जाति आदिको नियन्त्रण वा सञ्चालन गर्ने सरकार वा अधिकार-प्राप्त व्यक्तिले गर्न कार्य। ४. अनुशासन-पालन गराउनु; मर्यादामा राख्नु। ५. कसैलाई कुनै किसिमको अधिकार लेखिदिएको पत्र। ६. इन्द्रियहरूको नियन्त्रण; संयम। ७. दण्ड; सजाय।

शासन-कर्ता–ना० [सं०] शासक।

शासन-तन्त्र–ना० [सं०] शासन-प्रणाली।

शासन-पत्र–ना० [सं०] १. राजाको आज्ञा लेखिएको ताम्र-पत्र, शिला-पत्र आदि। २. राजा वा सरकारको हुकुम वा आज्ञा लेखिएको पत्र। ३. कुनै अधिकारीद्वारा फैसला लेखिएको कागत आदि।

शासन-पद्धति–ना० [सं०] शासन-प्रणाली।

शासन-प्रणाली–ना० [सं०] शासन गर्ने तरीका; राज्य चलाउने पद्धति।

शासन-व्यवस्था–ना० [सं०] शासन-सम्बन्धी प्रबन्ध; राज्य चलाउने व्यवस्था।

शासन-हर–ना० [सं०] राजा वा सरकारको दूत; राज-दूत।

शासन-हारी–ना० [सं०] शासन-हर।

शासना–ना० [सं० शासन] कसैबाट हुने सास्ती; कष्ट।

शासनाधिकार–ना० [सं०] शासन गर्ने वा राज्य चलाउने अधिकार।

शासनाधिकारी–ना० [सं०] शासनाधिकार-प्राप्त व्यक्ति।

शासनाधीन–वि० [सं०] शासनान्तर्गत।

शासनान्तर्गत–वि० [सं०] १. राज्य-शासनका मातहतमा रहेको; शासनाधीन। २. अधिकारमा रहेको; अधिकृत। ३. वशीभूत; अधीनस्थ।

शासनिक–वि० [सं०] शासन-सम्बन्धी; शासकीय।

शासनीय–वि० [सं०] १. शासन वा नियन्त्रण गर्ने योग्य। २. सजाय गर्ने योग्य; दण्डनीय।

शासित–वि० [सं०] १. शासन गरिएको; राज्य चलाइएको। २. शासन वा नियन्त्रणमा राखिएको। ३. सजाय दिइएको; दण्डित।

शास्ता–ना० [सं०] १. शासक; शासन-कर्ता। २. राजा। ३. गुरु; शिक्षक। ४. पिता। ५. बुद्ध देव।

शास्ति–ना० [सं०] १. शासन। २. आज्ञा; आदेश। ३. दण्ड; सजाय। ४. सास्ती; सासना।

शास्त्र–ना० [सं०] १. जन-साधारणको हित र अनुशासनका निमित्त नियम वा विधानहरू लेखिएको ग्रन्थ। (यी अठार प्रकारका छन्—शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष, छन्द, ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद, मीमांसा, न्याय, धर्म-शास्त्र, पुराण, आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थ-शास्त्र।) २. कुनै विषयका समस्त ज्ञानहरू क्रमपूर्वक लेखिएको ग्रन्थ; विज्ञान। ३. यथार्थ ज्ञान; विद्या।

शास्त्र-चक्षु–ना० [सं०] व्याकरण।

शास्त्रज्ञ–वि० [सं०] शास्त्रको जानिफकार; शास्त्र-ज्ञाता।

शास्त्र-तत्त्व–ना० [सं०] १. शास्त्रोक्त तत्त्व; सत्य। २. धार्मिक ग्रन्थहरूमा बताइएका तात्त्विक नियम। ३. शास्त्र-हरूको सार वा भित्री रहस्य।

शास्त्र-विद्–वि० [सं०] शास्त्रज्ञ।

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्र-विधान—ना० [सं०] १. आचार वा व्यवहार-सम्बन्धी शास्त्रोक्त नियम। २. शास्त्रहरूको निर्देशन।

शास्त्र-विहित—वि० [सं०] शास्त्रमा बताइएअनुसारको; शास्त्र-सम्मत।

शास्त्र-सङ्गत—वि० [सं०] शास्त्र-सम्मत।

शास्त्र-सम्मत—वि० [सं०] शास्त्रको कथन वा नियमसँग मिल्ने; शास्त्र-विहित।

शास्त्र-सिद्ध—वि० [सं०] १. शास्त्रबाट सिद्ध भएको; शास्त्र-द्वारा प्रमाणित। २. शास्त्र-विहित।

शास्त्रानुमोदित—वि० [सं०] शास्त्र-विहित।

शास्त्रानुष्ठान—ना० [सं०] शास्त्रीय आज्ञा वा नियमहरूको पालन।

शास्त्रार्थ—ना० [सं०] १. शास्त्रको अर्थ; शास्त्रीय तात्पर्य। २. शास्त्र-सम्बन्धी वाद-विवाद; शास्त्रीय विषयमा गरिने छलफल।

शास्त्री—वि० [सं०] १. शास्त्र जान्ने; शास्त्रज्ञ। (ना०) २. शास्त्रको यथार्थ ज्ञान भएको व्यक्ति; शास्त्र-वेत्ता। ३. मध्यमाभन्दा माथि र आचार्यभन्दा तलको संस्कृतको परीक्षामा उत्तीर्ण हुँदा प्राप्त हुने एक उपाधि।

शास्त्रीकरण—ना० [सं०] कुनै विषयलाई शास्त्रका रूपमा परिणत गर्ने काम।

शास्त्रीय—वि० [सं०] १. शास्त्र-सम्बन्धी। २. शास्त्र-सम्मत; शास्त्र-विहित।

शास्त्रोक्त—वि० [सं०] १. शास्त्रमा बताइएको; शास्त्रमा उल्लिखित। २. शास्त्र-विहित।

शास्य—वि० [सं०] १. शासन गर्ने योग्य। २. सजाय दिन योग्य; दण्डनीय। ३. अनुशासन वा नियन्त्रणमा राख्नुपर्ने।

शाह—ना० [फा०] १. स्वामी; मालिक। २. राजा; बादशाह। ३. ठकुरीको एक उपाधि।

शाहजादा—ना० [फा० शाहज़ादा] राजाका छोरा; राज-कुमार।

शाहजादी—ना० [फा० शाहज़ादी] राजाकी छोरी; राज-कुमारी।

शाहन्शाह—ना० [फा०] महाराजाधिराज।

शाहन्शाही—ना० [फा०] १. महाराजाधिराजको काम, मर्यादा वा पदवी। (वि०) २. शाहन्शाहको; शाहन्शाह-सम्बन्धी।

शाही—वि० [फा०] १. शाह वा बादशाहको; राजकीय; राजसी। (ना०) २. शासन वा व्यवस्थाको प्रणाली। ३. ठकुरीहरूको एक वर्गीय पदवी।

शिंशपा—ना० [सं०] १. सिसौको वृक्ष। २. अशोक वृक्ष।

शिंशुमार—ना० [सं०] शिशुमार।

शिकन्जा—ना० [फा० शिकन्जः] १. थिच्ने, निचोर्ने वा कस्ने यन्त्र। २. अपराधीहरूको कुनै अङ्ग बेसरी थिचेर उसलाई दण्ड दिने एक किसिमको यन्त्र।

शकन—ना० [फा०] चाउरी; मुजो।

शिकस्त—ना० [फा०] पराजय; हार।

शिकायत—ना० [अ०] १. चुक्ली; छुल्याइँ। २. रोग; व्यथा।

शिकार—ना० [अ०] १. मासु खान वा मनोविनोद गर्न स्वच्छन्द रूपमा रहेका जङ्गली पशु-पक्षीलाई मार्ने काम; अहिरो; आखेट; मृगया। २. मारिने पशु; आखेटको जन्तु। ३. मारिएका पशु-पक्षीको खाद्य मांस। ४. आफ्ना स्वार्थका निमित्त बुद्धिको जालमा फसाएको मानिस। ५. कसैका जालमा परेर दुःखी भएको मानिस। ६. कसैद्वारा वा कुनै कारणबाट मर्नु।

शिकारी—ना० [अ० शिकार+ई] १. शिकार गर्ने व्यक्ति। (वि०) २. शिकार-सम्बन्धी; आखेटको। ३. शिकार गर्ने।

शिक्थ—ना० [सं०] मौरीका चाकाबाट बन्ने मैन।

शिक्षक—ना० [सं०] १. शिक्षा दिने व्यक्ति; पढ़ाउने व्यक्ति। २. विद्यालयमा पढ़ाउने व्यक्ति; अध्यापक; गुरु।

शिक्षण—ना० [सं०] १. शिक्षा दिने काम; अध्यापन। २. तालीम; शिक्षा।

शिक्षण-विज्ञान—ना० [सं०] विद्यार्थीहरूलाई शिक्षा दिने तरीकाको विवेचना गरिएको शास्त्र।

शिक्षणीय—वि० [सं०] १. शिक्षा दिन योग्य; सिकाउन लायक। २. पढ़ाउन योग्य (पुस्तक वा कुनै विषय)।

शिक्षमाण—ना० [सं०] विद्यार्थी; छात्र।

शिक्षा—ना० [सं०] १. व्यवस्थित तरीकाले विद्यालयमा वा स्वतन्त्र रूपमा शिक्षकद्वारा पढ़ाउने वा पढ्ने काम; ज्ञान दिने वा लिन काम। २. शिक्षण; अध्यापन। ३. गुरु-बाट प्राप्त ज्ञान; विद्या। ४. अर्ती; उपदेश। ५. नसीहत; चेतावनी। ६. तालीम; प्रशिक्षण। ७. सल्लाह; परामर्श। ८. नम्रता; विनय। ९. वेदका मन्त्रहरू उच्चारण गर्ने तरीकाको निरूपण गरिएको वेदको अंश; वेदका छ अङ्गमध्ये एक।

शिक्षा-दीक्षा—ना० [सं०] बौद्धिक, चारित्रिक, मानसिक कमजोरी र दुर्गुणहरू हटाउन दिइने उपदेश; अर्ती।

शिक्षा-परिषद्—ना० [सं०] १. कुनै ऋषि वा आचार्यको विशेष पद्धतिअनुसार चलेको वैदिक शिक्षा दिने संस्था। २. विश्व-विद्यालय वा शिक्षण-संस्थाको पाठ्य-क्रम, शिक्षण-व्यवस्था आदिको निर्णय गर्ने बनेको शिक्षा-विशेषज्ञहरूको परिषद्।

शिक्षाप्रद—वि० [सं०] शिक्षा दिने; अर्ती दिने।

शिक्षा-मन्त्री—ना० [सं०] सरकार वा राज्यको शिक्षा-सम्बन्धी नीति-निर्धारण गर्ने र त्यसको सर्वोच्च व्यवस्था गर्ने, मन्त्रि-मण्डलको सदस्य।

शिक्षार्थी—ना० [सं०] १. शिक्षा हासिल गर्न लागेको व्यक्ति; विद्यार्थी। २. शिक्षाको अभिलाषी।

शिक्षालय—ना० [सं०] शिक्षा दिने ठाउँ वा घर; विद्यालय।

शिक्षा-विभाग—ना० [सं०] देश वा राज्यको शिक्षा-सम्बन्धी

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवस्था गर्ने विभाग; शिक्षाको प्रबन्ध गर्ने सरकारी विभाग।

शिक्षित–वि० [सं०] १. शिक्षा पाएको; शिक्षा हासिल गरेको; पठित। २. विद्वान्; पण्डित।

शिखण्ड–ना० [सं०] १. मयूरको पुच्छर। २. टुपी; शिखा।

शिखण्डी–ना० [सं०] १. मयूर; मुजूर। २. कुखुरो। ३. बाण। ४. महाभारत-प्रसिद्ध राजा द्रुपदको छोरो।

शिखर–ना० [सं०] १. पहाड़; पर्वतको सबभन्दा माथिल्लो भाग; चुचुरो; चुली। २. घर, मन्दिर आदिको सबभन्दा माथिल्लो भाग। ३. गजूर। ४. कुनै वस्तुको सबभन्दा माथिल्लो अंश। ५. तरवारको धार। ६. रोमाञ्च।

शिखर-नारायण–ना० [सं०] काठमाड़ौँ देखि दक्षिण, फर्पिङ भन्ने ठाउँमा रहेको नारायणको मूर्ति; काठमाड़ौँ-उपत्यकाका प्रसिद्ध चार-नारायणमध्ये एक।

शिखरिणी–ना० [सं०] १. श्रेष्ठ स्त्री; उत्तम स्त्री। २. वक्षःस्थलदेखि नाभिसम्म गएको रौँको पङ्क्ति। ३. प्रत्येक चरणमा सत्र अक्षर हुने एक वर्ण-वृत्त; प्रत्येक चरणमा क्रमशः य, म, न, स एवम् भगण तथा लघु र गुरु हुने चार चरणको एक छन्द। ४, सिखर्नी।

शिखरी–वि० [सं०] १. उच्च शिखर भएको। (ना०) २. पहाड़; पर्वत। ३. दुर्ग। ४. वृक्ष। ५. अपामार्ग।

शिखा–ना० [सं०] १. टुपी; चूड़ा; चुल्ठो। २. आगो, बत्ती आदिको ज्वाला; लप्को। ३. पहाड़को चुचुरो; पर्वतको शिखर। ४. मयूर, कुखुरो आदिको कल्की वा सिउर। ५. कुनै वस्तुको तीखो टुप्पो। ६. किरण। ७. हाँगो।

शिखावान्–वि० [सं०] १. शिखा भएको; शिखी। (ना०) २. बत्ती। ३. अग्नि।

शिखा-सूत्र–ना० [सं०] द्वि-जातिको धार्मिक चिह्नस्वरूप हुने टुपी र जनै।

शिखि–ना० [सं०] १. मुजूर; मयूर। २. कामदेव। ३. अग्नि।

शिखी–वि० [सं०] १. शिखा भएको; शिखा-युक्त। २. चुच्चो परेको; तीखो। ३. अभिमानी। (ना०) ४. मयूर। ५. कुखुरो। ६. साँढ़े। ७. घोड़ा। ८. अग्नि। ९. बाण। १०. वृक्ष। ११. दीपक; बत्ती। १२. पहाड़। १३. ब्राह्मण। १४. संन्यासी। १५. केतु ग्रह।

शिखी-बुद्ध–ना० [सं०] काठमाण्डू-उपत्यकाको फूलचोकी पर्वतमा तपस्या गर्ने पौराणिक कालका एक बुद्ध।

शिगृडी–ना० [सं०] मास-लहरी।

शिग्रु–ना० [सं०] सैँजन वृक्ष।

शिङ्घाण–ना० [सं०] १. नाकको मल; सिँघान। २. फीँज; फेन। ३. कफ। ४. फलामको मल; खिया।

शिङ्घाणक–ना० [सं०] १. सिँघान। २. कफ; श्लेष्मा।

शिञ्ज–ना० [सं०] शिञ्जन।

शिञ्जन–ना० [सं०] १. गहनाहरू बजेको आवाज। २. मधुर ध्वनि।

शिञ्जा–ना० [सं०] १. शिञ्जन। २. ताँदो।

शिञ्जिनी–ना० [सं०] १. ताँदो; परिन्जो। २. पाउजेब; नूपुर। ३. औँठी।

शित–वि० [सं०] १. धार भएको; धारिलो। २. तीखो; तीक्ष्ण। ३. जीर्ण। ४. पातलो। ५. निर्बल।

शितावर–ना० [सं०] सिरुवारे झार।

शिति–वि० [सं०] १. सेतो; श्वेत। २. कालो; कृष्ण। (ना०) ३. भोज-पत्रको वृक्ष।

शिति-कण्ठ–ना० [सं०] १. शिव। २. मयूर।

शिथिल–वि० [सं०] १. नकसिएको; खुकुलो। २. परिश्रमले हल-चल गर्न नसकेको; लस्त। ३. जुम्सो; सुस्त। ४. राम्ररी पालन नभएको (आज्ञा, नियम आदि)। ५. वृक्ष आदिबाट खसेको (फल)। ६. नरम; कोमल। ७. घोलिएको। ८. सड़ेको। ९. व्यर्थ; विफल। १०. असावधान। ११. कमजोर; दुर्बल। (ना०) १२. सुस्ती; शैथिल्य।

शिथिलता–ना० [सं०] १. शिथिल हुनाको भाव; शैथिल्य। २. कमजोरी; दुर्बलता। ३. खुकुलोपन। ४. थकाइ; श्रान्ति। ५. वाक्य-रचनामा शब्दहरूको योजना ठीक नहुँदा पर्ने, काव्यको एक दोष।

शिथिलित–वि० [सं०] शिथिल भएको वा तुल्याइएको।

शिथिलीकरण–ना० [सं०] शिथिल पार्ने काम।

शिथिलीकृत–वि० [सं०] शिथिल पारिएको।

शिथिलीभूत–वि० [सं०] शिथिल भएको; शिथिलित।

शिनाख्त–ना० [शनाख्त] शनाख्त।

शिपि–ना० [सं०] १. किरण; रश्मि। २. छाला; चर्म। ३. पानी; जल।

शिबि–ना० [सं०] शिवि।

शिबिका–ना० [सं०] शिविका।

शिबिर–ना० [सं०] शिविर।

शिम्बा–ना० [सं०] शिम्बी।

शिम्बि–ना० [सं०] सिमी, केराउ, बोड़ी आदिको कोसो।

शिम्बी–ना० [सं०] शिम्बि।

शियाल–ना० [प्रा०] स्याल।

शिर–ना० [सं०] १. टाउको; माथ; मस्तक। २. टुपी; शिखा। ३. चुचुरो; शिखर। ४. कुनै वस्तुको माथिल्लो भाग; टुप्पो। ५. नायक; नेता।

शिरःशूल–ना० [सं०] टाउको वा कपालमा हुने शूल; कपाल दुख्ने रोग।

शिर-द्वार–ना० [सं०] घोड़ाका टाउकामा कसिने साज; मुहुड़ा।

शिर-पाउ–ना० [शिर+पाउ] पुरस्कारका रूपमा दिइने शिरदेखि पाउसम्मका पोशाक, गहना आदि।

CC-0. In Public Domain. Digitization by eGangotri

शिर-पेच–ना० [सं० शिर+पेच (फा०)] राजाले लाउने मुकुट; राज-मुकुट; श्रीपेच ।

शिर-पोश–ना० [सं० शिर+पोश (फा०)] टाउकामा लाउने वस्त्र (टोपी, पगरी, श्रीपेच आदि) ।

शिर-फूल–ना० [शिर+फूल] स्त्री-जातिले शिरमा लाउने, फूलका आकारको सुनको एक किसिमको गहना ।

शिर-बन्दी–ना० [शिर+बन्दी] स्त्रीहरूले शिरमा लाउने, विशेषतः सुनको फित्ताजस्तो एक प्रकारको गहना ।

शिर-बिन्दु–ना० [सं०] शिर-विन्दु ।

शिर-बेहोरा–ना० [शिर+बेहोरा] १. कुनै लेखका शुरूमा लेखिने बहोरा । २. प्रशस्ति; विरुदावली ।

शिर-विन्दु–ना० [सं०] अनुस्वार ।

शिरस्त्र–ना० [सं०] शिरस्त्राण ।

शिरस्त्राण–ना० [सं०] १. लड़ाईंमा जाँदा लाउने फलामे टोपी । २. टोपी ।

शिरा–ना० [सं०] शरीरमा रक्त-सञ्चार हुने नाड़ी वा नसो ।

शिरा-हर्ष–ना० [सं०] शरीरका नसाहरू झमझमाउने एक रोग; हात-गोड़ा निदाउने रोग ।

शिरीष–ना० [सं०] सेता वा प्याजी नरम फूल फुल्ने, नरम मसिना पात हुने, लामा-लामा चेप्टा फल फल्ने एक जातको वृक्ष । (आयुर्वेदमा यसको गुण श्वेत-कुष्ठ र चर्म-रोग-नाशक बताइएको छ ।)

शिरोगृह–ना० [सं०] घरको सबभन्दा माथिको बुर्जा; चन्द्र-शाला ।

शिरोधार्य–वि० [सं०] १. शिरमा धारण गर्न लायक; टाउकामा राख्न योग्य । २. आदरपूर्वक ग्रहण गर्न योग्य ।

शिरोभूषण–ना० [सं०] १. शिरमा लाइने गहना । २. मुकुट । ३. श्रेष्ठ व्यक्ति ।

शिरोमणि–ना० [सं०] १. शिरमा धारण गरिने रत्न; चूडा-मणि । २. सर्व-श्रेष्ठ पुरुष । ३. कुनै विषयका सर्वोत्कृष्ट व्यक्तिलाई दिइने एक पदवी ।

शिरोरत्न–ना० [सं०] शिरोमणि ।

शिरोरुह–ना० [सं०] रौँ; केश; कपाल ।

शिरोवर्ती–ना० [सं०] १. मुख्य व्यक्ति; प्रधान पुरुष । (वि०) २. सर्व-श्रेष्ठ; सर्वोत्तम ।

शिरोवेष्टन–ना० [सं०] पगरी; फेटा ।

शिल–ना० [सं०] खेतमा बाली काटिसकेपछि बाँकी रहेको अन्न, फल आदि टिप्ने काम; उञ्छ; शिला ।

शिल-वृत्ति–ना० [सं०] १. बाली काटिसकेपछि खेतमा छुटेका अन्नहरू खोजेर जीवन-निर्वाह गर्ने काम । २. त्यस्तो वृत्तिबाट जीविका गर्ने वृत्ति; उञ्छ-वृत्ति ।

शिला–ना० [सं०] १. ढुङ्गो; पत्थर । २. जाँतो; घट्ट । ३. सँघार-ठेलो । ४. शिरा । ५. कपूर ।

शिला–ना० [सं० शिल] १. खेतमा बाली काटिसकेपछि बाँकी रहेको अन्नका बाला टिप्ने काम; शिल; उञ्छ । २. चानचुने लाभ; फुटकर आय ।

शिला-जतु–ना० [सं०] शिलाजित् ।

शिलाजित्–ना० [सं०] सूर्यका तापले तातेका विशेष किसिमका ढुङ्गाहरूबाट निस्कने प्रसिद्ध कालो द्रव-पदार्थ; शिला-जतु । (आयुर्वेदमा यसलाई पौष्टिक मानिएको छ ।)

शिलाजीत–ना० [सं० शिलाजित्] शिलाजित् ।

शिला-न्यास–ना० [सं०] मन्दिर, भवन आदि निर्माण गर्दा जगमा विधिपूर्वक सर्व-प्रथम ढुङ्गो वा ईंट स्थापना गर्ने काम ।

शिला-पत्र–ना० [स०] शिला-लेख ।

शिला-लिपि–ना० [सं०] शिला-लेख ।

शिला-लेख–ना० [सं०] कुनै विषयको प्रचार, प्रमाण, आदिको चिर-स्थायित्वका निमित्त ढुङ्गोमा खोपेर लेखिएको लेख; शिला-पत्र; शिला-लिपि ।

शिला-वल्कल–ना० [सं०] हिमालयतिर हुने, ठूला-ठूला पात, सेता फूल र मसिना जरा हुने एक जातको पाषाणभेद ।

शिला-वल्का–ना० [सं०] शिला-वल्कल ।

शिला-वृत्ति–ना० [शिला+वृत्ति] शिला खोजेर जीविका गर्नु; उञ्छ-वृत्ति ।

शिलाहारी–ना० [सं०] शिला वा उञ्छले मात्र जीवन-निर्वाह गर्ने व्यक्ति; उञ्छ-वृत्ति गर्ने व्यक्ति ।

शिलिङ्ग–ना० [अं०] पाउन्डको बीसौँ भाग मूल्यको एक अङ्ग्रेजी सिक्का ।

शिली–ना० [सं० शिला] सिली ।

शिली–ना० [सं०] १. सँघार-ठेलो । २. गँड़्यौलो । ३. भाला । ४. बाण । ५. पोथी भ्यागुतो ।

शिलीन्ध्र–ना० [सं०] १. च्याउ । २. केराको फूल; बुङ्गो । ३. एक जातको टल्कने चेप्टो माछो । ४. असिना ।

शिली-मुख–ना० [सं०] १. बाण । २. भ्रमर; भँवरो । ३. मूर्ख व्यक्ति । ४. युद्ध ।

शिल्प–ना० [सं०] १. हातले वस्तुहरू बनाउने कला; सीप; हस्त-कला; कारीगरी; हस्त-कौशल । २. निर्माण; सृष्टि । ३. कौशल; निपुणता । ४. कला (वात्स्यायनको काम-सूत्रअनुसार नृत्य, गीत आदि चौसट्ठी बाह्य र आलिङ्गन, चुम्बन आदि चौसट्ठी आभ्यन्तर क्रिया शिल्प भनिन्छन् ।)

शिल्पक–ना० [सं०] शान्त र हास्य-रसबाहेक अरू रस हुने, श्मशान आदिको वर्णन गरिने, ब्राह्मण नायक र नीच पात्र उपनायक हुने, चार अङ्क हुने एक उपरूपक; अठार उपरूपकमध्ये एक ।

शिल्प-कर–ना० [सं०] शिल्प-कार ।

शिल्प-कला–ना० [सं०] हस्त-कला; कालिगड़ी ।

शिल्प-कार–ना० [सं०] शिल्प-सम्बन्धी काम गर्ने; कारीगर; शिल्पी ।

शिल्प-कारी–ना० [सं०] शिल्प-कारको काम वा कौशल; सीप ।

CC-0. In Public Domain. Digitization by eGangotri

शिल्प-कौशल–ना० [सं०] शिल्प-कला।

शिल्प-गृह–ना० [सं०] शिल्प-शाला।

शिल्प-जीवी–ना० [सं०] कारीगरीबाट जीवन-यापन गर्ने व्यक्ति; कारीगर।

शिल्प-विद्या–ना० [सं०] शिल्प-सम्बन्धी विद्या।

शिल्प-शाला–ना० [सं०] १. शिल्प-सम्बन्धी काम गर्ने ठाउँ वा घर; शिल्प-गृह। २. शिल्प-विद्या सिकाउने विद्यालय। ३. शिल्प-सम्बन्धी वस्तुहरू राखिएको ठाउँ।

शिल्प-शास्त्र–ना० [सं०] शिल्प-सम्बन्धी निर्माण वा हातका कारीगरीहरूको विवेचना गरिएको शास्त्र।

शिल्पाजीवी–ना० [सं०] शिल्प-जीवी।

शिल्पिक–वि० [सं०] १. शिल्प-कलासित सम्बन्ध भएको; शिल्प-सम्बन्धी। (ना०) २. कालिगड़; कारीगर।

शिल्पिक–ना० [सं०] हात्ती-बूटे-बन्सो।

शिल्पी–वि० [सं०] १. शिल्प-सम्बन्धी। २. शिल्प-कलामा निपुण। (ना०) ३. शिल्प-कार; कारीगर।

शिव–ना० [सं०] १. सृष्टिको संहार गर्ने मानिएका, हिन्दूहरूका तीन प्रधान देवतामध्ये एक; महादेव; महेश; पशु-पति। २. मङ्गल; कल्याण। ३. मोक्ष; मुक्ति। ४. रुद्र। ५. परमेश्वर। ६. विष्कम्भादि सत्ताईस योगमध्ये एक। ७. आनन्द। ८. जल। ९. समुद्री नून। १०. सिँधे-नून। ११. सोहागा। १२. शिलाजित्। १३. पारो। १४. वेद। १५. देवता। १६. कालो धतूरो।

शिव-गामी–ना० [सं०] मङ्गलको कामना गरी शिवजीको उपासना गर्ने व्यक्ति।

शिव-चतुर्दशी–ना० [सं०] शिव-रात्रि।

शिवता–ना० [सं०] शिवत्व।

शिवत्व–ना० [सं०] १. शिव वा कल्याणको भाव। २. अमरता। ३. मोक्ष।

शिव-नाभि–ना० [सं०] १. एक प्रकारको शिव-लिङ्ग। २. शालि-ग्रामको एक भेद।

शिव-नामी–ना० [सं०] 'शिव, शिव' अक्षर छापिएको ओढ्ने वस्त्र।

शिव-पुराण–ना० [सं०] शिवजीको माहात्म्य वर्णन गरिएको एक महापुराण; अठार महापुराणमध्ये एक।

शिव-पुरी–ना० [सं०] १. कैलास। २. काठमाड़ौं-उपत्यकाको उत्तरपट्टि रहेकी एक डाँड़ो।

शिव-पुरुषनामा–ना० [सं०] आफ्ना हकको अचल सम्पत्ति बिक्री गर्दा लेखिदिने कागत; एक किसिमको फार्से।

शिव-बूटी–ना० [शिव+बूटी] १. भाँग। २. गाँजा।

शिव-भक्त–वि० [सं०] १. शिवजीको भक्त। (ना०) २. दासत्वमा रहेका व्यक्तिहरूलाई स्वाधीन गरी दिइएको उपनाम। (नेपालमा विक्रमाब्द १९८२, वैशाख १ गतेदेखि सबै दास-दासीहरूलाई कानूनी रूपमा अमलेख गर्दा पशु-पति नाथको सञ्चित धनको उपयोग गरिएकोले दासत्व-मुक्त व्यक्तिहरूलाई यो उपनाम दिइएको हो।)

शिव-रात्रि–ना० [सं०] १. फाल्गुन कृष्ण चतुर्दशी; शिव-चतुर्दशी। २. त्यस दिन लिइने व्रत वा मनाइने उत्सव।

शिव-लिङ्ग–ना० [सं०] लिङ्गका आकारको शिवजीको मूर्ति।

शिवलिङ्गी–ना० [सं०] पाकेपछि रातो हुने, हरियो गोल फल फल्ने, कुना-कुना परेका पात हुने एक जातको लहरे झार। (यसका गेड़ाभित्र शिव-लिङ्गका आकारको नाइटो हुन्छ।)

शिव-लोक–ना० [सं०] शिवजीले वास गर्ने लोक; कैलास।

शिव-वाहन–ना० [सं०] शिवजीको वाहन; नन्दी।

शिवा–ना० [सं०] १. पार्वती; दुर्गा। २. मोक्ष; मुक्ति। ३. पोथी स्याल। ४. हलेदो। ५. शमी वृक्ष। ६. दूबो। ७. गोरोचन।

शिवानी–ना० [सं०] १. पार्वती। २. जयन्ती।

शिवायतन–ना० [सं०] शिवालय।

शिवालय–ना० [सं०] १. शिवजीको लिङ्ग वा मूर्ति स्थापना भएको मन्दिर; शिव-मन्दिर। २. मसान; श्मशान।

शिवालिक–ना० [अ० शिमाली] महाभारत पर्वत-शृङ्खलादेखि दक्षिणमा, त्यसैको हाराहारी पूर्व-पश्चिम केही टाढ़ासम्म फिंजिएको, हिमालय पर्वतको एक शाखा; शुक्तिमान् पर्वत।

शिवालु–ना० [सं०] स्याल।

शिवि–ना० [सं०] १. पुराण-प्रसिद्ध एक दान-शील राजा। २. शिकारी जन्तु। ३. भोज-पत्र।

शिविका–ना० [सं०] पालकी; म्याना।

शिविर–ना० [सं०] १. सेना रहने ठाउँ; छाउनी; ब्यारेक। २. पाल। ३. किल्ला; दुर्ग।

शिशिर–ना० [सं०] १. माघ र फाल्गुन महीनामा पर्ने ऋतु; छ ऋतुमध्ये एक। २. जाड़ोको समय; शीत-काल। ३. शीत; तुषारो। ४. विष्णु। ५. सूर्य। ६. रक्त-चन्दन।

शिशिर-ऋतु–ना० [सं०] माघ र फागुन महीनामा पर्ने एक ऋतु; छ ऋतुमध्ये एक।

शिशिर-कर–ना० [सं०] चन्द्रमा।

शिशिर-समय–ना० [सं०] शिशिर-ऋतु।

शिशु–ना० [सं०] १. जन्मेदेखि लगभग आठ वर्षसम्मको बालक। २. बच्चो; बालक; केटा-केटी। ३. पशु-पक्षीको बच्चो; शावक।

शिशुक–ना० [सं०] १. सानो बच्चो; बालक। २. गोही-जस्तो एक जल-जन्तु; सोँस।

शिशुता–ना० [सं०] शिशुत्व।

शिशुत्व–ना० [सं०] शिशुको भाव; शिशुता; लड़कपन।

शिशुपाल–ना० [सं०] महाभारत-प्रसिद्ध एक राजा।

शिशुपाल-वध–ना० [सं०] कृष्णद्वारा शिशुपाललाई मारेको कथा वर्णन गरिएको 'माघ' कवि-कृत एक महाकाव्य।

शिशुमार–ना० [सं०] १. एक जल-जन्तु; सोँस। २. पुछारमा ध्रुव-तारा रहेको एक नक्षत्र-मण्डल।

CC-0. In Public Domain. Digitization by eGangotri

शिशुमार-चक्र–ना० [सं०] पुछारमा ध्रुव-तारा रहेको एक नक्षत्र-मण्डल ।

शिश्न–ना० [सं०] पुरुषको जननेन्द्रिय; पुरुषको उपस्थ ।

शिष्ट–वि० [सं०] १. राम्रो बानी-बेहोरको; असल आचरण भएको; सुशील । २. शिक्षा-दीक्षा प्राप्त; सभ्य । ३. सज्जन; भलादमी । ४. शान्त; विनय-शील । ५. धीर; बुद्धिमान् । ६. धर्म-शील । ७. बाँकी रहेको; शेष । ८. आदेश दिइएको । ९. सिकाएको । १०. नियमका अधीन राखिएको । ११. आज्ञाकारी । १२. बुद्धिमान् । १३. शान्त; धीर । १४. मुख्य; प्रधान । १५. प्रख्यात । (ना०) १६. श्रेष्ठ पुरुष; प्रतिष्ठित व्यक्ति । १७. मन्त्री । १८. परामर्श दिने व्यक्ति ।

शिष्टता–ना० [सं०] शिष्ट हुनाको भाव; सौजन्य ।

शिष्टत्व–ना० [सं०] शिष्टता ।

शिष्ट-परिषद्–ना० [सं०] शिष्ट-सभा ।

शिष्ट-प्रयोग–ना० [सं०] शिष्ट व्यक्तिसुहाउँदो प्रयोग ।

शिष्ट-मण्डल–ना० [सं०] १. कुनै विशेष कार्यका निमित्त एक राष्ट्रले अर्को राष्ट्रमा पठाएको विशिष्ट व्यक्तिहरूको समूह । २. शिष्ट वा भलादमी व्यक्तिहरूको मण्डल ।

शिष्ट-सभा–ना० [सं०] शिष्ट व्यक्तिहरूको सभा; शिष्ट-परिषद् ।

शिष्ट-समाज–ना० [सं०] शिष्ट जनहरूको समाज; सभ्य-समाज ।

शिष्ट-सम्मत–वि० [सं०] शिष्ट-जनद्वारा स्वीकृत वा अनुमोदित; भलादमीहरूमा प्रचलित ।

शिष्टाचार–ना० [सं०] १. शिष्ट वा सभ्य व्यक्तिहरूको जस्तो आचरण; सभ्य व्यवहार; सदाचार । २. आगन्तुकहरूको सत्कार; आतिथ्य-सत्कार । ३. विनय-शीलता; विनम्रता ।

शिष्टाचारी–वि० [सं०] १. शिष्ट आचरण गर्ने; सभ्य व्यवहार गर्ने; सदाचारी । २. विनय-शील; विनम्र ।

शिष्य–ना० [सं०] १. पढ़ाएको व्यक्ति; विद्यार्थी; छात्र । २. मन्त्र-दान दिइएको चेलो । ३. धर्म वा दीक्षा ग्रहण गरेको व्यक्ति; चेलो । (वि०) ४. सिकाउन योग्य; शिक्षणीय ।

शिष्यता–ना० [सं०] शिष्य हुनाको भाव ।

शिष्यत्व–ना० [सं०] शिष्य हुनाको भाव; शिष्यता ।

शिष्य-परम्परा–ना० [सं०] कुनै गुरु-सम्प्रदायबाट चलेर आएको शिष्यहरूको पुस्तैनी परम्परा ।

शीकर–ना० [सं०] १. पानीका साना-साना थोपा; छिटो; जल-कण । २. बाछिटा । ३. तुषारो; शीत ।

शीकारी–ना० [सं०] सिकार मृग ।

शीघ्र–क्रि० यो० [सं०] छिटो; चाँड़ो; झट्ट; क्षिप्र ।

शीघ्र-कारक–वि० [सं०] शीघ्र-कारी ।

शीघ्र-कारी–वि० [सं०] १. चाँड़ो वा छिटो-छिटो काम गर्ने वा गराउने; तुरुन्त काम गर्ने वा गराउने । २. तुरुन्त असर पार्ने (औषधि, भोजन, आदि) ।

शीघ्र-कोपी–वि० [सं०] चाँड़ो रिसाउने स्वभावको ।

शीघ्र-गामी–वि० [सं०] १. छिटो हिँड्ने; द्रुत-गामी । (ना०) २. वायु । ३. सूर्य । ४. खरायो ।

शीघ्रता–ना० [सं०] चाँड़ो गर्ना वा हुनाको भाव; शीघ्रत्व ।

शीघ्रत्व–ना० [सं०] शीघ्रता ।

शीत–वि० [सं०] १. चिसो; ठन्डा; शीतल । २. अल्सी; आलस्य-युक्त । (ना०) ३. जाड़ो; चिसोको अनुभूति । ४. ठन्डी; सर्दी । ५. तुषारो; ओस । ६. जल । ७. शीत-काल । ८. छाला; त्वचा । ९. कपूर ।

शीतक–वि० [सं०] १. चिसो; ठन्डा । (ना०) २. चिसोपन; ठण्डी । ३. शीत-काल । ४. अल्सी मानिस ।

शीत-कटिबन्ध–ना० [सं०] भू-मध्य-रेखादेखि ६६½ अंश उत्तर र ६६½ अंश दक्षिणदेखि ध्रुव-प्रदेशहरूसम्म पर्ने, अत्यन्त ठन्डा हुने पृथ्वीका दुइ विभाग ।

शीत-कर–ना० [सं०] १. चन्द्रमा । २. कपूर । (वि०) ३. शीतल पार्ने ।

शीत-काल–ना० [सं०] जाड़ाको समय; मङ्सीर, पौष र माघ महीना; शिशिर र हेमन्त ऋतु ।

शीत-कालीन–वि० [सं०] १. जाड़ाको समयको; शीत-काल-सम्बन्धी । २. शीत-कालमा हुने ।

शीत-ज्वर–ना० [सं०] अति जाड़ो भएर आउने एक प्रकारको जरो; काम-जरो; औलिया ज्वर ।

शीत-प्रधान–वि० [सं०] १. ज्यादा शीत वा ठन्डी हुने (देश वा ठाउँ) । २. ठन्डा; सर्दी लाग्ने (वस्तु) ।

शीत-रश्मि–ना० [सं०] चन्द्रमा ।

शीतल–वि० [सं०] १. चिसो; ठन्डा । २. कोमल; मृदु; सौम्य (स्वभाव) । ३. आनन्दित; सन्तुष्ट । (ना०) ४. ठन्डी; सर्दी । ५. शिलाजित् । ६. मोती । ७. कमल । ८. चन्द्रमा । ९. चाँप वृक्ष । १०. बेत ।

शीतलक–ना० [सं०] सेतो कमल ।

शीतल-चीनी–ना० [शीतल+चीनी] कबाब-चीनी ।

शीतलता–ना० [सं०] शीतल हुनाको भाव; चिसोपन; ठन्डी ।

शीतलत्व–ना० [सं०] शीतलता ।

शीतल-पाटी–ना० [सं० शीतल+पट्ट] बेतका मसिना चोयाले बनेको एक प्रकारको मान्द्रो ।

शीतला–ना० [सं०] १. वसन्त र ग्रीष्म ऋतुमा आउने एक प्रकारको सङ्क्रामक खटिरो; बिफर; विस्फोटक । २. त्यस रोगकी अधिष्ठात्री देवी ।

शीताङ्ग–ना० [सं०] १. हात-गोड़ा चिसो हुने एक प्रकारको सन्निपात रोग । २. शरीरका अङ्ग-प्रत्यङ्गहरू चिसो हुनु ।

शीताद्रि–ना० [सं०] हिमालय पर्वत ।

शीतार्द्र–वि० [सं०] औसले भिजेको ।

CC-0. In Public Domain. Digitization by eGangotri

शीताश्मा–ना० [सं०] चन्द्र-कान्त मणि ।

शीत्कार–ना० [सं०] १. आनन्द वा भयका उद्वेगमा गरिने अव्यक्त शब्द । २. रति-कालमा स्त्रीले आनन्दित भई गर्ने 'सी-सी' शब्द ।

शीर–ना० [सं०] ठूलो सर्प ।

शीर्ण–वि० [सं०] १. ओइलाएको; सुकेको (फूल, फल, बोट आदि) । २. सड़ेको; कुहेको । ३. थोत्रिएको; जीर्ण । ४. छरिएको; छितर-बितर भएको । ५. दुब्लो; कृश ।

शीर्णत्व–ना० [सं०] शीर्ण हुनाको भाव ।

शीर्ण-वृन्त–ना० [सं०] फूट-काँक्रो ।

शीर्ष–ना० [सं०] १. टाउको; शिर । २. कुनै वस्तुको सबभन्दा माथिको भाग वा टुप्पो । ३. निधार; ललाट ।

शीर्षक–ना० [सं०] १. टाउको; शिर; माथ । २. ललाट; निधार । ३. रक्षाका निमित्त शिरमा लाइने वस्तु (टोपी, फेटा, पगरी आदि) । ४. कुनै निबन्ध, कविता, पुस्तक आदिको परिचय गराउने शब्द वा शब्द-समूह; नाम । ५. अभियोगको फैसला ।

शीर्ष-नाम–ना० [सं०] लेख, पुस्तक, पत्रिका आदिको नाम; शीर्षक ।

शीर्ष-बिन्दु–ना० [सं०] १. शिर वा सर्वोच्च वस्तुको सबभन्दा माथिल्लो स्थान । २. गणित वा भौतिक-विज्ञान-अनुसार जमीनमा सोझै उभिंदा मनुष्यको टाउकोमाथि सोझै अन्तरिक्षमा पर्ने बिन्दु ।

शीर्षस्थ–वि० [सं०] सबभन्दा ऊँचो स्थानमा रहेको; माथिल्लो स्तरको ।

शीर्ष-स्थान–ना० [सं०] १. सबभन्दा ऊँचो ठाउँ; सर्वोच्च स्थान । २. शिर; माथ ।

शील–ना० [सं०] १. चरित्र; चाल-चलन; आचरण । २. स्वभाव; बानी-बेहोर । ३. असल स्वभाव; सद्वृत्ति । ४. सङ्कोच । ५. नियम; सदाचार । (उदा०–पञ्च-शील ।) ६. सौन्दर्य । ७. अजिङ्गर । (वि०) ८. प्रवृत्त; तत्पर । ९. स्वभाव भएको । (उदा०–विनय-शील, कार्य-शील इत्या० ।)

शीलता–ना० [सं०] शीलको भाव ।

शीलन–ना० [सं०] १. अभ्यास; रफत । २. विवेचना । ३. धारण गर्नु ।

शीलवान्–वि० [सं०] असल बानी-बेहोर भएको; सुशील; सदाचारी ।

शीलित–वि० [सं०] १. रफत गरिएको; अभ्यस्त । २. धारण गरिएको । ३. निपुण; पटु । ४. सम्पन्न; युक्त । ५. अनुशीलन वा अन्वेषण गरिएको ।

शीली–वि० [सं०] १. शीलवान्; सदाचारी । २. अभ्यस्त ।

शीश-महल–ना० [फा०] चारैतिरका धेरै झ्याल-ढोकाहरूमा शीशै-शीशा जड़ेको महल ।

शीशा–ना० [फा० शीशः] काँच; ऐना ।

शीशी–ना० [शीशा+ई] प्रायः लाम्चो र बिर्को लाग्ने, औषधि आदि हाल्ने काँचको भाँड़ो ।

शुक–ना० [सं०] १. सुगा । २. वस्त्र; कपड़ा । ३. शिरस्त्राण । ४. शिरीष वृक्ष ।

शुक-देव–ना० [सं०] कृष्ण-द्वैपायनका पुत्र, एक प्रसिद्ध पुराण-वाचक ऋषि ।

शुक-वार–ना० [सं० शुक्र-वार] शुक्र-वार ।

शुक्त–वि० [सं०] १. सफा; स्वच्छ । २. चहकिलो; चमकदार । ३. पवित्र; चोखो । ४. संयुक्त; मिलेको । ५. अमिलो । ६. निष्ठुर; कठोर । ७. निर्जन । (ना०) ८. सिर्का ।

शुक्ति–ना० [सं०] १. सीपी । २. धुँगी । ३. घोड़का गर्दन वा छातीमा परेको रौंको भुमरी ।

शुक्तिका–ना० [सं०] सीपी; शुक्ति ।

शुक्ति-मणि–ना० [सं०] मोती ।

शुक्तिमान्–ना [सं०] शिवालिक पर्वत-शृङ्खला ।

शुक्र–ना० [सं०] १. सौर-जगत्को एक प्रसिद्ध ग्रह; नवग्रहमध्ये एक । २. दैत्य-गुरु; शुक्राचार्य । ३. शुक्र-वार; शुक-वार । ४. वीर्य; धातु । ५. कुनै वस्तुको सार पदार्थ; निष्कर्ष । ६. ज्येष्ठ महीना । ७. अग्नि ।

शुक्र-मेह–ना० [सं०] मूत्रेन्द्रियबाट शुक्र बगिरहने एक रोग ।

शुक्र-वार–ना० [सं०] सप्ताहको छैटौं दिन; बिही-वार र शनि-वारका बीच पर्ने वार; सात वारमध्ये एक; शुक-वार ।

शुक्र-वासर–ना० [सं०] शुक्र-वार ।

शुक्राचार्य–ना० [सं०] भृगु मुनिका छोरा र दैत्यहरूका गुरु एक ऋषि; दैत्य-गु ।

शुक्ल–वि० [सं०] १. सेतो; श्वेत; शुभ्र । २. चोखो; शुद्ध; पवित्र । (ना०) ३. शुक्ल-पक्ष । ४. चाँदी । ५. साठी संवत्सरमध्ये एक । ६. ब्राह्मण र क्षत्रिय-हरूको एक उपाधि ।

शुक्ल-पक्ष–ना० [सं०] औंसीका भोलिपल्टको प्रतिपदादेखि पूर्णिमासम्मका पन्ध्र दिन; चन्द्रमाका कला प्रतिदिन बढ्दै जाने पक्ष; सुदी ।

शुक्ल-यजु–ना० [सं०] यजुर्वेदका दुइ भाग (कृष्ण र शुक्ल)-मध्ये एक ।

शुक्ल-यजुर्वेद–ना० [सं०] शुक्ल-यजु ।

शुक्ला–ना० [सं०] १. सरस्वती । २. चीनी । ३. गोरो वर्णकी स्त्री ।

शुक्लाजाजी–ना० [सं०] बोके-जीरा ।

शुक्लाभिसारिका–ना० [सं०] सेतो वस्त्र धारण गरी शुक्ल-पक्षमा नायकसँग भेट्न सङ्केत-स्थलमा जाने नायिका ।

शुचि–वि० [सं०] १. चोखो; शुद्ध; पवित्र । २. सफा; स्वच्छ । ३. निर्दोष; निरपराध । ४. निष्कपट; निश्छल । ५. सेतो; शुक्ल । ६. चम्किलो; चमकदार । (ना०) ७. पवित्रता; शुद्धता । ८. स्वच्छता; निर्म-

CC-0. In Public Domain. Digitization by eGangotri

लता । ९. दीप्ति; प्रकाश । १०. ज्येष्ठ र आषाढ महीना । ११. पिसाब ।

शुचि-कर्म–ना० [सं०] पवित्र हुने काम; शुद्ध गर्ने काम ।

शुचिता–ना० [सं०] शुचि हुनाको भाव; पवित्रता ।

शुचित्व–ना० [सं०] शुचिता ।

शची–ना० [सं०] शुचि ।

शण्ठि–ना० [सं०] सूठो ।

शुण्ठी–ना० [सं०] सूठो ।

शण्ड–ना० [सं०] १. सूँड़ । २. मत्त हात्तीको कनपटबाट चुहुने मद ।

शुण्डक–ना० [सं०] रक्सी बनाउने वा बेच्ने व्यक्ति; भट्टीवाल ।

शुण्डा–ना० [सं०] १. हात्तीको सूँड़ । २. एक प्रकारको मदिरा ।

शुण्डिका–ना० [सं०] १. भट्टीवाल; शुण्डी । २. बच्चा हात्तीको सूँड़ ।

शुण्डी–ना० [सं०] १. हात्ती । २. भट्टीवाल ।

शतुर-मुर्ग–ना० [फा० शुतुर-मुर्ग़] ऊँटको जस्तो लामो, तर झीनो गर्दन हुने, मरु-भूमिमा बस्ने एक जातको ठूलो पक्षी ।

शुदी–ना० [सं० शुद्ध] शुक्ल-पक्ष ।

शुद्ध–वि० [सं०] १. चोखो; पवित्र । २. स्वच्छ; निर्मल । ३. मिलावट नभएको; विशुद्ध । ४. सेतो; सफेद । ५. ठीक; उचित । ६. भूल नभएको; त्रुटि-रहित । ७. छल-कपटले रहित; निष्कपट । ८. निर्दोष; निष्कलङ्क । ९. निष्पाप ।

शुद्धता–ना० [सं०] शुद्ध हुनाको भाव; पवित्रता ।

शुद्धत्व–ना० [सं०] शुद्धता ।

शुद्ध-बुद्ध–वि० [शुद्ध+बुद्ध] अत्यन्त सोझो प्रकृतिको (व्यक्ति) ।

शुद्ध-शान्ति–ना० [सं०] मृतकको आशौचबाट शुद्ध हुनाका निमित्त मरेका बाह्र वा तेह्र दिनका दिन गरिने कर्म; मृतकको जूठो चोख्याउने काम ।

शुद्धात्मा–वि० [सं०] १. मनमा पाप नभएको; शुद्ध हृदय भएको । (ना०) २. शिव ।

शुद्धापह्नुति–ना० [सं०] उपमेयलाई मिथ्या साबित गरी उपमानलाई नै सत्य वर्णन गर्दा हुने एक अर्थालङ्कार; अपह्नुति अलङ्कारको एक भेद ।

शुद्धाशय–वि० [सं०] शुद्ध वा निष्कपट हृदय वा उद्देश्य भएको ।

शुद्धि–ना० [सं०] १. शुद्ध गर्ने काम; चोखो पार्ने काम । २. पवित्रता; शुद्धता । ३. सफाइ; स्वच्छता । ४. जाति वा धर्मबाट च्युत भएका मानिसलाई फेरि जाति वा धर्ममा मिलाउनाका निमित्त गरिने संस्कार; प्रायश्चित्त ।

शुद्धिइनु–अ० क्रि० [शुद्धि+इ+नु] सुद्धिइनु; ('शुद्धिनु'-को भा० क्रि०) ।

शुद्धिनु–अ० क्रि० [सं० शुद्ध+इ+नु] सुद्धिनु ।

शुद्धि-पत्र–ना० [सं०] १. पुस्तक-पुस्तिकामा गल्ती छापिएका अक्षर, पद, वाक्य आदिको सङ्केत गरी सच्याएर छापिएको पत्र । २. धर्म वा जातिबाट च्युत भएका व्यक्तिले आफ्नो धर्म वा जातिमा फेरि आउनाका निमित्त गरेको शुद्धि वा प्रायश्चित्त गरेको प्रमाणस्वरूप धर्माधिकारले दिने प्रमाण-पत्र; पतिया-पुर्जी ।

शुद्धीकरण–ना० [सं०] शुद्ध गर्ने काम; शुद्धि ।

शुद्धोदन–ना० [सं०] कपिलवस्तुका राजा र गौतम बुद्धका पिता ।

शुद्धयाइँ–ना० [शुद्ध+याइँ] शुद्ध-शान्ति ।

शुद्धयाइ– ना० [शुद्धि+याइ] शुद्धिने किसिम, क्रिया वा भाव ।

शुद्धयाइ–ना० [शुद्धयाउ+आइ] शुद्धयाउने किसिम, क्रिया वा भाव ।

शुद्धयाइनु–स० क्रि० [शुद्धयाउ+इ+नु] शुद्धयाउने काम गरिनु; ('शुद्धयाउनु'-को क० क्रि०) ।

शुद्धयाउनु–स० क्रि० [शुद्धि+याउ+नु] शुद्ध पार्नु; ('शुद्धिनु'-को प्रे० क्रि०) ।

शुनःशेप–ना० [सं०] एक वैदिक ऋषि ।

शुनःशेफ–ना० [सं०] शुनःशेप ।

शुन–ना० [सं०] कुकुर ।

शुनक–ना० [सं०] १. कुकुर । २. भृगु-वंशीय एक ऋषि ।

शुनकचिल्ली–ना० [सं०] भाते-बेथु ।

शुनाशीर–ना० [सं०] १. अन्न उत्पादन गर्ने दुइ वैदिक देवता (इन्द्र र वायु अथवा सूर्य र इन्द्र) । २. इन्द्र । ३. लाटोकोसेरो ।

शुनि–ना० [सं०] कुकुर ।

शुनी–ना० [सं०] पोथी कुकुर; ककुर्नी ।

शुन्य–ना० [सं०] शून्य ।

शुबहा–ना० [अ० शुबः] शङ्का ।

शुभ–वि० [सं०] १. भलो; असल । २. कल्याण-कारी; मङ्गलमय । ३. सुन्दर; रम्य । ४. सुखद । (ना०) ५. मङ्गल; कल्याण । ६. सौभाग्य; समृद्धि । ७. सुख । ८. फाप; अनुकूलता । ९. आभूषण । १०. सत्ताईस योगमध्ये एक ।

शुभ-कर–वि० [सं०] शुभ वा भलो गर्ने; कल्याण-कारी; मङ्गलप्रद ।

शुभ-करी–वि० [सं०] शुभ वा मङ्गल गर्ने (स्त्री); कल्याणकारिणी ।

शुभ-कर्म–ना० [सं०] १. भलो हुने काम; असल काम; पुण्य-कार्य । २. विवाह, व्रत-बन्ध आदि धार्मिक कृत्य; धर्म-कर्म; सत्कर्म ।

शुभ-कर्मा–वि० [सं०] असल काम गर्ने; शुभ-कर्म गर्ने ।

शुभ-कामना–ना० [सं०] १. भलो चिताउनु । २. कुनै विशेष अवसरमा वा पर्वमा साथी वा इष्ट-मित्रहरूलाई भलो चिताई पठाइने सन्देश ।

CC-0. In Public Domain. Digitization by eGangotri

शुभ-ग्रह–ना० [सं०] मङ्गल-कारी ग्रह; अनुकूल ग्रह (गुरु, शुक्र, अपाप-युक्त बुध र अर्द्धाधिक चन्द्र)।

शुभङ्कर–वि० [सं०] शुभ वा भलो गर्ने; मङ्गल-कारी; कल्याण-कारी।

शुभङ्करी–वि० [सं०] १. शुभ वा मङ्गल गर्ने (स्त्री)। (ना०) २. पार्वती; दुर्गा।

शुभ-चिन्तक–वि० [सं०] भलो चिताउने; हितैषी; हित-चिन्तक।

शुभ-चिन्तन–ना० [सं०] कसैको भलाइ वा कल्याणको विचार गर्नु; हित चिताउनु।

शुभ-दर्श–ना० [सं०] शुभ-दर्शन।

शुभ-दर्शन–ना० [सं०] १. सुन्दर; रम्य। २. मुख देख्ता कल्याण हुने; शुभ लक्षणको मानिस वा माङ्गलिक वस्तु।

शुभ-दृष्टि–ना० [सं०] असल कामनासाथको हेराइ; सुदृष्टि।

शुभ-प्रद–वि० [सं०] शुभ वा भलो गर्ने; कल्याण-कारी।

शुभमस्तु–ना० [सं०] कसैको भलो चिताएर भन्ने शब्द; आशीर्वाद दिँदा प्रयोग गरिने शब्द; कल्याण होस्, भलो होस्।

शुभम्–ना० [सं०] चिट्ठी-पत्र, ग्रन्थ आदिको सबभन्दा पछि लेखिने मङ्गल-वाचक शब्द।

शुभ-लक्षण–वि० [सं०] १. असल लक्षण भएको; सुलक्षण-युक्त। (ना०)। २. असल लक्षण। ३. भलो हुने लक्षण।

शुभ-लग्न–ना० [सं०] शुभ मुहूर्त।

शुभ-शकुन–ना० [सं०] असल कुरो सूचित गर्ने वस्तु; सगुन; शुभ लक्षण।

शुभा–ना० [शुबहा] शुबहा; शङ्का।

शुभा–ना० [सं०] १. शोभा; सौन्दर्य। २. कान्ति; दीप्ति। ३. इच्छा; कामना।

शुभाकाङक्षा–ना० [सं०] कुनै व्यक्ति वा कामका प्रति गरिने शुभ-कामना; हित-चिन्तन।

शुभाकाङ्क्षी–वि० [सं०] शुभ वा भलो चिताउने; शुभ-चिन्तक; हितैषी।

शुभागमन–ना० [सं०] मङ्गलमय आगमन; कल्याण-कारी आगमन।

शुभाञ्जन–ना० [सं०] शोभाञ्जन वृक्ष।

शुभावह–वि० [सं०] मङ्गल-कारी; कल्याण-कारी।

शुभाशय–ना० [सं०] १. असल आशय भएको व्यक्ति; सद्विचार भएको मानिस। २. असल आशय।

शुभाशिष्–ना० [सं०] शुभाशीर्वाद।

शुभाशीर्वाद–ना० [सं०] भलो चिताएर दिइने आशीर्वाद; मङ्गल-कारी आशिष्; शुभ आशिष्।

शुभिनु–अ० क्रि० [शुभ्+इ+नु] सुभिनु; ('शुभ्नु'-को भा० क्रि०)।

शुभेच्छु–वि० [सं०] शुभ चिताउने (व्यक्ति); हित-चिन्तक; हितैषी।

शुभेच्छुक–वि० [सं०] शुभेच्छु।

शुभो–वि० [सं० शुभ] सुभो।

शुभोदय–ना० [सं०] १. भाग्यको उदय। २. मङ्गल-कारी उदय।

शुभ्नु–अ० क्रि० [सं० शुभ+नु] सुभ्नु।

शभ्र–वि० [सं०] १. सेतो; सफेद; श्वेत। २. उज्ज्वल; उज्यालो। ३. चम्किलो; चहकिलो। (ना०) ४. सेतो रङ्ग। ५. चन्दन। ६. चाँदी। ७. अभ्रख। ८. सिँधे-नून।

शुभ्रता–ना० [सं०] शुभ्र हुनाको भाव; सेतोपन।

शभ्र-रश्मि–ना० [सं०] चन्द्रमा।

शुभ्र-शिम्बी–ना० [सं०] खोक्रे-सिमी।

शुभ्रांशु–ना० [सं०] १. चन्द्रमा। २. कपूर।

शुमार–ना० [फा०] १. गणना। २. सङ्ख्या। ३. हिसाब।

शुमारी–ना० [फा०] गणना गर्ने काम वा भाव।

शुम्भ–ना० [सं०] दुर्गाले मारेको पुराण-प्रसिद्ध एक दानव।

शुरू–ना० [अ० शुरूअ] १. कुनै काम-कुरो गर्न थाल्नु; आरम्भ; प्रारम्भ। २. उठान।

शुरूआत–ना० [अ०] थाल्नी; प्रारम्भ; शुरू।

शुल्क–ना० [सं०] १. बाटो, घाट आदिको कर। २. राज्य वा सरकारले उठाउने कर। ३. कुनै विद्यालयमा प्रवेश हुँदा, महीना-महीनामा र परीक्षा आदिका निमित्त दिइने रकम। ४. फीस; दस्तूर। ५. विवाहमा वर-पक्षबाट कन्या-पक्षका व्यक्तिलाई दिइने रकम। ६. दाइजो। ७. बहाल; भाड़ा। ८. ज्याला; मजदूरी; पारिश्रमिक। ९. सम्भोगका निमित्त स्त्रीलाई दिइने धन।

शुल्क-ग्राही–वि० [सं०] शुल्क उठाउने वा लिने।

शुल्कार्ह–वि० [सं०] शुल्क वा कर लगाउन लायक।

शुश्रू–ना० [सं०] बाल-बच्चाको शुश्रूषा गर्ने स्त्री; धाई-आमा; उपमाता।

शुश्रूषक–वि० [सं०] शुश्रूषा गर्ने; सेवा-टहल गर्ने।

शुश्रूषण–ना० [सं०] १. शुश्रूषा गर्ने काम; सेवा गर्ने काम; परिचर्या। २. आज्ञा-पालन। ३. सुन्ने इच्छा।

शुश्रूषा–ना० [सं०] १. टहल; परिचर्या। २. रोगीको सुसार। ३. बाल-बच्चाको स्याहार। ४. सुन्ने इच्छा। ५. आज्ञा-पालन। ६ सम्मान। ७. कथन।

शुश्रूषु–वि० [सं०] १. टहल गर्न इच्छा गर्ने। २. सुन्न इच्छा गर्ने। ३. आज्ञाकारी।

शुष–ना० [सं०] १. सुक्नु। २. दुलो; प्वाल।

शुषिर–वि० [सं०] १. प्वाल भएको; विवर-युक्त। (ना०) २. दुलो; प्वाल; छिद्र। ३. फुकेर बजाइने बाजा। ४. अग्नि। ५. मूसो।

शुष्क–वि० [सं०] १. सुकेको; पानी वा चिसोपन नभएको; सुक्खा। २. दिलचस्पी वा रस नभएको; नीरस (काम)। ३. सामाजिक सुख-दुःखदेखि पृथक् रहन चाहने; रूखो (स्वभाव)। ४. कुनै किसिमको मनोविनोद वा हँसी-ठट्टामा रुचि नराख्ने। ५. केवल; खालि। ६. दुब्लो; कृश।

CC-0. In Public Domain. Digitization by eGangotri

शुष्कक–वि० [सं०] सुकेको; सुक्खा।
शुष्क-कलह–ना० [सं०] कुनै कारण नभएको कलह; विना कारणको झगड़ा।
शुष्कता–ना० [सं०] शुष्क हुनाको भाव।
शुष्कल–वि० [सं०] १. मासु खाने; मांस-भक्षी। (ना०) २. सुकेको मासु; सुकुटी।
शुष्क-हृदय–वि० [सं०] प्रेम, उदारता, दया आदि कोमल गुण नभएको।
शुष्काङ्ग–वि० [सं०] शरीर सुकेको वा दुब्लाएको; दुब्लो-पातलो।
शुष्कार्द्र–ना० [सं०] शुष्कार्द्रक।
शुष्कार्द्रक–ना० [सं०] सूठो।
शुष्म–ना० [सं०] १. पराक्रम। २. दीप्ति। ३. सूर्य। ४. आगो। ५. वायु। ६. पक्षी।
शुष्मा–ना० [सं०] १. पराक्रम; शौर्य। २. तेज; दीप्ति। ३. अग्नि। ४. चितु।
शूक–ना० [सं०] १. कुनै वस्तुको चुच्चो परेको भाग। २. गहूँ, जौ आदिका बालाको झूस; टुँड़ो। ३. दाह्री। ४. शिखा।
शूक-कीट–ना० [सं०] झुसिलकीरो।
शूक-धान्य–ना० [सं०] जुँगा भएको अन्न (जुँगे धान, जौ, गहूँ आदि)।
शूकर–ना० [सं०] १. सुँगुर। २. बनेल; वराह।
शूकर-कन्द–ना० [सं०] वाराही-कन्द।
शूति–ना० [सं०] बढ्ने काम; वृद्धि।
शूद्र–ना० [सं०] १. आर्यहरूको वर्ण-व्यवस्थामा अन्तिम वर्ण; चतुर्थ वर्ण। २. अछूती; हरिजन।
शूना–ना० [सं०] १. किलकिले; लिगलिगे। २. गृहस्थीका घरमा नित्य साना-साना जीवहरूको हत्या हुने ठाउँ (चूलो, जाँतो, ढिकी आदि)। ३. पशुहरू मार्ने ठाउँ।
शून्य–वि० [सं०] १. भित्र केही पनि नभएको; रित्तो; खाली। २. सूनसान; निर्जन। ३. रहित; रिक्त। ४. निराकार। (ना०) ५. खाली स्थान। ६. आकाश। ७. गणितमा कुनै अङ्कको पछि लाग्दा त्यसको दश गुणा अधिक परिमाण बुझाउने चिह्न; बिन्दु (०)। ८. अभाव; केही नहुनु। ९. ब्रह्म। १०. हठ-योगअनुसार शरीरका आठ चक्रमध्ये सातौँ चक्र।
शून्यता–ना० [सं०] १. शून्य हुनाको भाव; रिक्तता। २. मरण। ३. हठ-योगअनुसार परम-पद।
शून्यत्व–ना० [सं०] शून्यता।
शून्य-दृष्टि–ना० [सं०] १. लक्ष्य-हीन दृष्टि; उदासीन दृष्टि। २. भाव-हीन दृष्टि।
शून्य-पथ–ना० [सं०] १. आकाश। २. स्वर्ग। ३. निर्जन मार्ग।
शून्य-पाल–ना० [सं०] १. कायम-मुकायम व्यक्ति; स्थानापन्न व्यक्ति। २. राजाको अनुपस्थिति, अयोग्यता, असमर्थता, अल्प-वयस्कता आदि अवस्थामा राज्य-भार ग्रहण गर्ने व्यक्ति।
शून्य-मध्य–वि० [सं०] भित्र केही नभएको; खोक्रो (नली, ढुङ्ग्रो, नर्कट आदि)।
शून्यवाद–ना० [सं०] १. ईश्वर, आत्मा आदिको सत्ता नमान्ने एक दार्शनिक सिद्धान्त; बौद्ध दर्शन। २. नास्तिकवाद।
शून्यवादी–वि० [सं०] १. शून्यवादको अनुयायी। २. बौद्ध। ३. नास्तिक।
शून्य-शान्य–वि० [सं० शून्य+शान्य (फाँ०)] कोही पनि नभएको; निर्जन; सूनसान।
शून्य-हृदय–वि० [सं०] मनमा कुनै प्रकारको सन्देह नभएको।
शून्या–ना० [सं०] १. बाँझी स्त्री; वन्ध्या। २. सिउँड़ी। ३. खोक्रो वस्तु।
शूर–वि० [सं०] १. सूरो; साहसी; वीर; बहादुर। २. शक्ति-शाली; पराक्रमी। (ना०) ३. वीरपुरुष; सूरो मानिस। ४. योद्धा। ५. सूर्य। ६. सिंह। ७. कृष्णका बाजे। ८. मन्दार। ९. शूकर।
शूरता–ना० [सं०] शूर हुनाको भाव; वीरता; शौर्य।
शूरत्व–ना० [सं०] शूरता; शौर्य।
शूरम्मन्य–ना० [सं०] आफूमा बहादुरी नभए तापनि आफूलाई सूरो ठान्ने व्यक्ति।
शूर-विद्या–ना० [सं०] युद्ध गर्ने विद्या।
शूर-वीर–ना० [सं०] १. साहसी योद्धा; शौर्य-शाली वीर। (वि०) २. आँटिलो; शूरो।
शूर-श्लोक–ना० [सं०] वीरहरूको पराक्रम वर्णन गरिएको काव्य; वीर-गाथा।
शूरसेन–ना० [सं०] १. कृष्णका बाजे। २. व्रज-भूमिका निवासी। ३. व्रज-भूमि।
शूरो–वि० [सं० शूर] सूरो।
शूर्प–ना० [सं०] नाङ्लो।
शूर्पणखा–ना० [सं०] रावणकी बहिनी; रामायण-प्रसिद्ध एक राक्षसी।
शूल–ना० [सं०] १. भालाजस्तो तीखो एक प्राचीन अस्त्र; सूली। २. फलामको तीखो कीलो; सुइरो। ३. त्रिशूल। ४. पोल्ने मासु घुसार्ने सुइरो। ५. वात-प्रकोपबाट पेट, शिर आदिमा हुने तीव्र वेदना; शोला हान्ने रोग। ६. वेदना; व्यथा; पीडा। ७. ज्योतिष-शास्त्रअनुसार सत्ताईस योगमध्ये एक। ८. झन्डा। ९. विक्रय।
शूल-पाणि–ना० [सं०] शिव; महादेव।
शूली–ना० [सं० शूल] १. भालाजस्तो एक प्रकारको हतियार; बातो। (प्राचीन कालमा यसै हतियारमा चढ़ाएर ठूला-ठूला अपराधीलाई प्राण-दण्ड दिइन्थ्यो।) २. शिव; महादेव। (वि०) ३. शूल रोग भएको। ४. त्रिशूल लिने; शूलधारी।
शूली–ना० [सं०] १. शिव; महादेव। २. डोलो-गुँद।
शृकाल–ना० [सं०] शृगाल।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रृगाल–ना० [सं०] कुकुरजस्तो एक जङ्गली हिंस्रक जन्तु; स्याल।

श्रृङ्खल–ना० [सं०] श्रृङ्खला।

श्रृङ्खला–ना० [सं०] १. सिलसिला; क्रम; परम्परा। २. साङ्लो; सिक्री; जन्जीर। ३. क्रमपूर्वक हुने घटना, काम आदि।

श्रृङ्खला-बद्ध–वि० [सं०] १. श्रृङ्खला वा क्रममा मिलेको; सिलसिलेवार। २. सिक्रीले बाँधिएको।

श्रृङ्खलित–वि० [सं०] १. सिक्रीले बाँधिएको। २. क्रममा राखिएको; क्रम-बद्ध।

श्रृङ्ग–ना० [सं०] १. सीङ। २. पर्वतको शिखर; चुचुरो। ३. घरको माथिल्लो भाग; धुरी। ४. मन्दिरको गजूर। ५. बाल-चन्द्रका दुइ कुना। ६. नरसिङ्गा। ७. पचका; फोहोरा। ८. उच्चता; ऊँचाइ। ९. प्रभुत्व; अधिकार। १०. स्तन। ११. चिह्न। १२. कमल।

श्रृङ्ग-पुट–ना० [सं०] जूका परेकालाई खुवाइने आयुर्वेदीय एक प्रसिद्ध औषधि।

श्रृङ्गाटक–ना० [सं०] १. सिँगड़ा। २. चौबाटो। ३. ढोका।

श्रृङ्गार–ना० [सं०] १. सजाउने काम; सिँगार; सजावट। २. शोभा बढ़ाउने वस्तु; सिँगार्ने साधन। ३. गहना, कपड़ा आदिले आफूलाई राम्रो तुल्याउने काम; सिँगार-पटार। ४. स्त्रीहरूका सोह्र प्रकारका सिँगार [बुकुवा लाउनु, दाँत माझ्नु, मिसी लाउनु, नुहाउनु, राम्रो वस्त्र लाउनु, कपाल कोर्नु, गाजल लाउनु, सिउँदोमा सिन्दूर लाउनु,टीको लाउनु,कोठी बनाउनु (गाला,चिउँड़ो आदिमा), हात-गोडाका नङमा रङ लाउनु, शरीरमा सुगन्धी पदार्थको लेपन गर्नु, गहना लाउनु, ओठमा लिप्सी लाउनु, पान खानु र फूल-माला लाउनु]। ५. साहित्यमा नव-रसमध्ये एक। (यो रति स्थायी-भाव, नायक-नायिका आलम्बन-विभाव, चन्द्र, चन्दन, भ्रमर, कूजन, उपवन, एकान्त आदि उद्दीपन-विभाव, अनुराग-युक्त कटाक्ष-पात, नायक-नायिकाका कथा-श्रवण, रोमाञ्च आदि अनुभाव, उग्रता, मरण, आलस्य र जुगुप्सालाई छोड़ेर बाँकी सबै व्यभिचारी भावले युक्त हुन्छ। यो दुइ प्रकारको छ—संयोग र विप्रलम्भ।) ६. प्रेम; रसिकता। ७. मैथुन। ८. चिह्न। ९. लवाङ। १०. सिन्दूर। ११. अदुवा।

श्रृङ्गारक–ना० [सं०] १. प्रेम; प्रीति। २. सिन्दूर। (वि०) ३. श्रृङ्गार गर्ने; सिँगार्ने।

श्रृङ्गार-चेष्टा–ना० [सं०] काम-चेष्टा; सम्भोगको चेष्टा।

श्रृङ्गारण–ना० [सं०] १. सिँगार्ने काम; सजावट; सिँगार। २. श्रृङ्गार-चेष्टा।

श्रृङ्गार-रस–ना० [सं०] साहित्यका नव-रसमध्ये एक; श्रृङ्गार।

श्रृङ्गारिक–वि० [सं०] श्रृङ्गार-सम्बन्धी।

श्रृङ्गारित–वि० [सं०] १. सजाइएको; सिँगारिएको; सजिसजाउ। २. प्रेममा आसक्त; मुग्ध।

श्रृङ्गारी–वि० [सं०] १. श्रृङ्गारले युक्त; सजिसजाउ। (ना०) २. कामुक व्यक्ति। ३. ठाँटिलो व्यक्ति। ४. सरस व्यक्ति। ५. माणिक। ६. हात्ती। ७. पोशाक। ८. सुपारीको वृक्ष। ९. पानको बीड़ा।

श्रृङ्गिका–ना० [सं०] १. नरसिङ्गा। २. गोरख-मतानुयायी साधुले गुरुलाई ढोग्दा बजाउने एक विशेष किसिमको सानो बाजा। ३. फेरी लाउनेले फेरी लाउँदा बजाउने जरायोका सीङको बाजा। ४. शङ्खिया विष।

श्रृङ्गी–ना० [सं०] १. सीङ हुने पशु (गाई, भैंसी, भेड़ो आदि)। २. सीङले बनेको वा सीङको बाजा। ३. हात्ती। ४. वृक्ष। ५. पर्वत। ६. शिव। ७. चन्द्रमा। ८. सिङ्गे-माछो। ९. एक ऋषि। १०. शिवको एक गण। (वि०) ११. सीङ भएको; श्रृङ्ग-युक्त।

श्रृत–वि० [सं०] उमालिको; छड्काइएको।

शेखर–ना० [सं०] १. शिरमा धारण गर्ने वस्तु, टोपी, मुकुट, किरीट आदि। २. चुचुरो; शिखर। ३. टाउको; शिर। ४. लवाङ। (वि०) ५. सबभन्दा उत्तम; सर्व-श्रेष्ठ।

शेखी–ना० [अ० शेख] १. घमन्ड; अभिमान। २. शान; रवाफ। ३. फूर्ति।

शेखीबाज–वि० [शेखी+बाज] शेखी गर्ने; अभिमानी।

शेखीवाल–वि० [शेखी+वाल] शेखी गर्ने; घमन्डी; अभि-मानी।

शेप–ना० [सं०] १. पुरुषको लिङ्ग। २. अण्ड-कोष। ३. पुच्छर। ४. पशुको रज। (वि०) ५. सुत्ने।

शेफ–ना० [सं०] शेप।

शेफालि–ना० [सं०] शेफाली।

शेफालिका–ना० [सं०] शेफाली।

शेफाली–ना० [सं०] १. एउटै भेट्नामा रहरका जस्ता पाँच-पाँच वटा पात हुने, माथिल्लो भाग नीलो र तल्लो भाग सेतो हुने फूल फुल्ने एक जातको बोट। २. त्यसैको फूल; नीलो जातको निर्गुण्डी; नीलो जातको सिन्धुवार। (यसका अनेक भेद छन्। आयुर्वेदमा यसको गुण स्मृति-वर्द्धक र आँखालाई फायदा गर्ने बताइएको छ।) ३. पारिजात।

शेमुषी–ना० [सं०] बुद्धि।

शेयर–ना० [अं०] १. भाग; हिस्सा। २. कुनै साझा व्यापारमा सम्मिलित भएका व्यक्तिहरूले लगाएका सम्पत्तिको भाग।

शेयर-होल्डर–ना० [अं०] धेरै जनाको पूँजीबाट चलेको कुनै कारखाना, व्यापारिक व्यवसाय आदिको हिस्सेदार।

शेर–ना० [फा०] १. सिंह। २. बाघ। ३. वीर पुरुष।

शेर–ना० [अ० शेअर] दुइ पङ्क्तिमा लेखिने एक किसिमको उर्दू कविता।

शेर-पन्जा–ना० [फा० शेर+पन्जः] १. बाघका पन्जाको आकारको, औंलाहरूमा धारण गरेर शत्रुलाई कोपर्ने एक

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमको शस्त्र। २. शेरको पन्जा।

शेरवानी–ना० [?] गला बन्द हुने, र घुँडासम्म आउने, ओभरकोटजस्तो एक किसिमको बाहिरी पोशाक।

शेवलिनी–ना० [सं०] नदी।

शेवाल–ना० [सं०] शैवाल।

शेष–वि० [सं०] १. बाँकी रहेको; अवशिष्ट। २. छोड़िएको। ३. सिद्धिएको; समाप्त। (ना०) ४. पुरा; उच्छिष्ट। ५. छानेर बाँकी रहेको वस्तु; छनौटो वस्तु। ६. गणितमा भाग गर्दा बाँकी रहेको अङ्क। ७. गणितमा ठूलो अङ्कमा सानो अङ्क घटाउँदा बाँकी रहेको अङ्क। ८. समाप्ति; अन्त। ९. मृत्यु; मरण। १०. नाश; ध्वंस। ११. भगवान् विष्णुको शय्या भएर बसेका, सहस्र फणा-युक्त सर्प-राज; अनन्त। १२. लक्ष्मण। १३. बलराम। १४. बाध। १५. हात्ती। १६. स्वीकार नभएको वस्तु। १७. परिमाण। १८. स्मारक वस्तु।

शेष-धर–ना० [सं०] शिव; महादेव।

शेष-नाग–ना० [सं०] विष्णुको शय्या भएका, सहस्र फणा-युक्त नाग-राज; अनन्त।

शेष-शयन–ना० [सं०] विष्णु।

शेष-शायी–ना० [सं०] विष्णु।

शेषांश–ना० [सं०] बचे-खुचेको भाग; बाँकी रहेको अंश।

शेषान्तर–ना० [सं०] धामी-झाँक्रीहरूले भूत-प्रेतलाई भन्ने शब्द।

शेषावस्था–ना० [सं०] बुढ़्याइँ; वृद्धता।

शेषोक्त–ना० [सं०] पहिले भन्ने कुरा भनिसकेपछि बाँकी रहेको कुरो; आखिरमा भनिएको कुरो।

शैक्ष–ना० [सं०] भर्खरै शिक्षा लिन थालेको छात्र।

शैक्षिक–वि० [सं०] १. शिक्षा-सम्बन्धी। (ना०) २. शिक्षा-शास्त्रको विशेषज्ञ।

शैक्ष्य–ना० [सं०] विद्वत्ता; पाण्डित्य।

शैघ्न्य–ना० [सं०] शीघ्र हुनाको भाव; शीघ्रता।

शैतान–ना० [अ०] १. भूत; प्रेत। २. दुष्ट; दुर्जन; बदमाश। ३. दुष्टता र दुर्जनताको प्रेरक मानिएको एक देव-योनि (इस्लाम र ईसाई धर्मअनुसार)।

शैतानी–वि० [शैतान+ई] १. शैतानको। (ना०) २. दुष्टता; दौर्जन्य; बदमाशी।

शैत्य–ना० [सं०] शीतलता; ठन्डी।

शैथिलिक–वि० [सं०] १. ढीलो; जुम्सो; शिथिल। २. अल्सी।

शैथिल्य–ना० [सं०] १. शिथिल हुनाको भाव; शिथिलता। २. ढिलाइ; सुस्ती। ३. दीर्घ-सूत्रता। ४. निर्बलता। ५. भीरुता।

शैरेयक–ना० [सं०] सेतो-सहचर।

शैल–वि० [सं०] १. शिला-सम्बन्धी। २. पत्थर धेरै भएको; ढुङ्गेन। (ना०) ३. पर्वत; पहाड़। ४. ढुङ्गो; पत्थर। ५. शिलाजित्।

शैल-कन्या–ना० [सं०] पार्वती; गिरिजा।

शैल-कुमारी–ना० [सं०] गौरी; पार्वती।

शैल-कूट–ना० [सं०] पहाड़को चुली; टाकुरो।

शैलजा–ना० [सं०] पार्वती; दुर्गा।

शैल-पुत्री–ना० [सं०] दुर्गा; पार्वती।

शैल-प्रतिमा–ना० [सं०] पत्थरको मूर्ति।

शैलात्मजा–ना० [सं०] पार्वती।

शैलाधिप–ना० [सं०] हिमालय।

शैलाधिराज–ना० [सं०] हिमालय।

शैली–ना० [सं०] १. काम गर्ने तरीका; प्रणाली; पद्धति। २. परिपाटी; तरीका। ३. ढङ्ग; ढाँचा। ४. रीति; प्रथा। ५. साहित्यमा भाव अभिव्यक्त गर्ने वा वाक्य-रचना गर्ने विशिष्ट तरीका।

शैली-कार–ना० [सं०] १. साहित्यमा विशिष्ट वा आकर्षक शैलीको निर्माण गर्ने व्यक्ति। २. कुनै विशिष्ट शैलीको निर्माण गर्ने व्यक्ति। ३. शैलीको चमत्कार देखाउने व्यक्ति।

शैलूष–ना० [सं०] १. नटुवा; नट। २. चलाक मानिस; धूर्त व्यक्ति।

शैलेन्द्र–ना० [सं०] हिमालय।

शैलेय–वि० [सं०] १. पहाड़-सम्बन्धी; पर्वतीय। २. शिला-सम्बन्धी; शिलाको; शिलाजस्तो। (ना०) ३. सिंधे-नून। ४. शिलाजित्। ५. पत्थर-कुङ्कुम। ६. भ्रमर। ७. सिंह।

शैलेयक–वि० [सं०] शैलेय।

शैल्य–वि० [सं०] १. शिला-सम्बन्धी। २. पहाड़को; पर्वतीय। (ना०) ३. कठोरता।

शैव–वि० [सं०] १. शिव-सम्बन्धी। (ना०) २. शिव-सम्बन्धी सम्प्रदायको अनुयायी; शिवको उपासक। ३. शिवलाई नै सबैभन्दा प्रधान देवता मान्ने मतमध्ये एक। ४. शिव-पुराण। ५. धतूरो।

शैवल–ना० [सं०] शैवाल।

शैवलिनी–ना० [सं०] खोलो; नदी।

शैवाल–ना० [सं०] पानी-सिँवाली।

शैव्या–ना० [सं०] पुराण-प्रसिद्ध राजा हरिश्चन्द्रकी पत्नी।

शैशव–ना० [सं०] १. शिशुको अवस्था; बाल्यावस्था। (वि०) २. शिशु-सम्बन्धी; बालकको।

शैशिर–वि० [सं०] शिशिर-सम्बन्धी; शिशिर-ऋतुको।

शोक–ना० [सं०] १. प्रिय व्यक्तिको वियोग वा मृत्युबाट मनमा हुने कष्ट। २. साहित्यमा करुण रसको स्थायी-भाव।

शोक-काव्य–ना० [सं०] प्रिय व्यक्तिको वियोगमा शोक प्रकट गरी लेखिएको काव्य।

शोक-गीत–ना० [सं०] प्रिय व्यक्तिको वियोगमा शोक प्रकट गरी गाइने गीत।

शोकाकुल–वि० [सं०] शोकले विह्वल भएको; शोकले

CC-0. In Public Domain. Digitization by eGangotri

व्याकुल।

शोकातुर–वि० [सं०] शोकाकुल।

शोकार्त–वि० [सं०] शोकले दुःखित भएको; शोकाकुल।

शोकी–वि० [सं०] शोक गर्ने; शोकाकुल।

शोक्याहा–वि० [शोक+याहा] सोक्याहा।

शोच–ना० [शोच्] शोच्ने काम; सोच।

शोचन–ना० [सं०] १. चिन्ता गर्ने काम; फिक्री गर्ने काम। २. अफसोस; खेद। ३. चिन्ता; फिक्री। ४. शोक।

शोचना–ना० [सं० शोचन] १. शोच; विचार। २. चिन्ता; फिक्री। ३. पछुतो; पश्चात्ताप।

शोचनीय–वि० [सं०] १. चिन्ता गर्न योग्य; चिन्तनीय। २. विचारणीय।

शोचाइ–ना० [शोच्+आइ] शोच्ने किसिम, क्रिया वा भाव।

शोचाइनु–स० क्रि० [शोचाउ+इ+नु] शोच्न लाइनु; ('शोचाउनु'-को क० क्रि०)।

शोचाउनु–स० क्रि० [शोच्+आउ+नु] शोच्न लाउनु; सोचाउनु; ('शोच्नु'-को प्रे० क्रि०)।

शोचिनु–स० क्रि० [शोच्+इ+नु] सोचिनु; ('शोच्नु'-को क० क्रि०)।

शोच्नु–स० क्रि० [सं० शुच्+नु] सोच्नु।

शोच्य–वि० [सं०] शोचनीय।

शोठ–वि० [सं०] १. मूर्ख; बेवकूफ। २. नीच; अधम। ३. दुष्ट; बदमाश। ४. अल्सी। (ना०) ५. मूर्ख व्यक्ति। ६. अल्सी मानिस।

शोण–वि० [सं०] १. रातो; लाल। (ना०) २. रातो रङ्ग; रातोपन। ३. रगत; रक्त। ४. अग्नि। ५. भारतको विहार प्रदेशमा बग्ने एक नद। ६. सिन्दूर। ७. रातो रङ्गको घोड़ा। ८. मङ्गल-ग्रह।

शोणित–वि० [सं०] १. रातो; लाल। (ना०) २. रगत; रुधिर। ३. कुङ्कुम। ४. केसर।

शोथ–ना० [सं०] १. वात, पित्त आदिको प्रकोपले शरीरको कुन अवयव सुनिने रोग। २. सुनिने काम; सूज।

शोध–ना० [सं०] १. शुद्ध गर्ने काम; चोख्याउने काम। २. शुद्धि; सफाइ। ३. तिर्नु; फर्स्याउनु। ४. बदला; प्रतिशोध। ५. खोज; अनुसन्धान।

शोधक–ना० [सं०] १. शोध वा शुद्ध गर्ने व्यक्ति। २. भूल सच्याउने व्यक्ति; संशोधक। (वि०) ३. शुद्ध गर्ने। ४. खोजी गर्ने; अनुसन्धान गर्ने।

शोधन–ना० [सं०] १. शुद्ध गर्ने काम; परिशोधन। २. भूल वा गल्ती सच्याउनु; सुधार्नु। ३. सफा गर्ने काम; माझ्ने काम। ४. ऋण तिर्नु। ५. आयुर्वेदअनुसार धातुहरू शुद्ध गरेर औषधि बनाउने काम। ६. पाप, अपराध आदिबाट शुद्ध हुने काम; प्रायश्चित्त गर्ने काम।

शोधनी–ना० [सं०] १. कूचो। २. शोधन वा सफा गर्ने साधन।

शोधनीय–वि० [सं०] शुद्ध गर्न योग्य; शोध्य।

शोधित–वि० [सं०] १. शुद्ध गरिएको। २. सुधारिएको; सच्याइएको; संशोधित। ३. सफा गरिएको। ४. तिरिएको; चुक्ती गरिएको।

शोध्य–वि० [सं०] शोधनीय।

शोभन–ना० [सं०] १. शोभा; सुन्दरता। २. तेज; कान्ति। ३. पद्म; कमल। ४. ज्योतिषमा सत्ताईस योगमध्ये एक। (वि०) ५. सुन्दर; मनोहर। ६. शुभ; मङ्गल।

शोभनक–ना० [सं०] शोभाञ्जन।

शोभना–ना० [सं०] १. हलेदो; हरिद्रा। २. गोरोचन। ३. सुन्दरी स्त्री।

शोभनीय–वि० [सं०] १. सुन्दर; रम्य; मनोहर। २. सुहाउँदो; खुल्दो।

शोभा–ना० [सं०] १. कान्ति; दीप्ति; प्रभा। २. सुन्दरता; सौन्दर्य; छवि। ३. सजावट; शृङ्गार। ४. काव्यका दश गुणमध्ये एक। ५. हलेदो; हरिद्रा। ६. गोरोचन।

शोभा-कर–वि० [सं०] १. शोभा बढ़ाउने; शोभा दिने; खुल्दो। (ना०) २. सौन्दर्य-समूह।

शोभाञ्जन–ना० [सं०] १. सजिवनको वृक्ष। २. त्यसैको कोसो।

शोभान्वित–वि० [सं०] सौन्दर्य-युक्त; शोभा भएको; शोभामय।

शोभामय–वि० [सं०] शोभान्वित।

शोभायमान–वि० [सं०] १. शोभा बढ़ाउने; सौन्दर्य-युक्त। २. खुलेको; सुहाएको; सुशोभित।

शोभित–वि० [सं०] १. शोभा-युक्त; शोभान्वित। २. सजिसजाउ; सज्जित। ३. सुहाएको; खुलेको। ४. विराजमान; विराजित।

शोभी–वि० [सं०] १. दीप्तिमान्; कान्तिमान्। २. सुन्दर; मनोहर।

शोर–ना० [फा०] हल्ला; कोलाहल।

शोर-गुल–ना० [फा० शोर+गुल (अ०)] हल्ला; कोलाहल।

शोरा–ना० [फा० शोरः] माटोबाट निस्कने एक प्रकारको क्षार पदार्थ; सोड़ा।

शोला–ना० [अ० शुअलः] १. मुर्दा पोल्ने चिता। २. आगाको ज्वाला। ३. अङ्ग-प्रत्यङ्गमा उठ्ने वेदनाको तरङ्ग।

शोष–ना० [सं०] १. सुक्ने काम; सुकाइ। २. पानी वा रस तान्ने काम; चुस्ने काम। (वि०) ३. सोस्ने; चुस्ने।

शोषक–वि० [सं०] १. जल, रस आदि सुकाउने; शोषण गर्ने। २. सुक्खा पार्ने; खरो तुल्याउने। ३. अर्काको सम्पत्ति खिँच्ने; चुसाहा।

शोषण–ना० [सं०] १. पानी, रस आदि तरल पदार्थ सोस्नु; पन्यालो पदार्थ खिँच्नु। २. सुकाउनु; शुष्क पार्नु। ३. निर्धा वा अधीनस्थ व्यक्तिहरूको गुण, प्रतिभा, परिश्रम तथा आय आदिबाट अनुचित लाभ उठाउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

शोषणी–ना० [सं० शोषण+ई] लेखिएका अक्षरमा रहेको मसी सोसेर सुकाउने एक किसिमको बाक्लो कागत; ब्लटिङ्ग ।

शोषणीय–वि० [सं०] चुस्न योग्य; शोषण गर्न लायक ।

शोषयितव्य–वि० [सं०] शोषण गर्न योग्य; शोषणीय ।

शोषयिता–वि० [सं०] शोषण गर्ने; शोषक ।

शोषित–वि० [सं०] १. चुसिएको; शोषण गरिएको । २. सुकाइएको;-शुष्क तुल्याइएको । ३. दुर्बलता, अधीनता आदिका कारणले अर्काद्वारा अनुचित लाभ उठाइएको ।

शोषी–वि० [सं०] शोषण गर्ने; शोषक ।

शोहरत–ना० [अ० शुहरत] प्रसिद्धि; ख्याति ।

शौक–ना० [अ० शौक़] कुनै वस्तु प्राप्त गर्ने वा त्यसको उपभोग गर्ने उत्कट इच्छा; सोख ।

शौकी–वि० [शौक+ई] १. शौकको; शौक-सम्बन्धी । २. शौकिया ।

शौकिया–वि० [अ० शौक़िय:] १. शौकले पूर्ण; शौकवाला । २. शौकले गर्ने वा गरिने । (क्रि० यो०) ३. शौकले ।

शौकीन–वि० [अ० शौक़] कुनै कुराको उपभोग गर्ने प्रबल इच्छा भएको; सोखीन ।

शौकीनी–ना० [शौकीन+ई] शौकीन हुनाको भाव ।

शौक्तिक–ना० [सं०] मोती ।

शौच–ना० [सं०] १. शुद्धता; पवित्रता । २. दिसा, पिसाब आदि त्याग गर्ने काम । ३. मृत-सूतक, जनन-सूतक आदिबाट शुद्ध हुने काम । ४. शास्त्रीय नियमअनुसार सबै प्रकारले शुद्ध भएर रहने काम ।

शौच-कर्म–ना० [सं०] १. लोक-व्यवहार वा शास्त्रअनुसार शुद्ध हुने काम । २. प्रायश्चित्त गर्ने काम ।

शौच-गृह–ना० [सं०] शौचालय ।

शौच-विधि–ना० [सं०] शुद्ध हुने पद्धति ।

शौचागार–ना० [सं०] शौचालय ।

शौचालय–ना० [सं०] दिसा, पिसाब गर्ने ठाउँ; पाइखाना ।

शौण्ड–वि० [सं०] १. जँड्याहा; शराबी; मद्यप । २. कुशल; सिपालु ।

शौण्डता–ना० [सं०] १. मदिराले मात्तिनाको भाव; मत्तता । २. कुशलता; दक्षता ।

शौण्डा–ना० [सं०] मादक पदार्थ; मदिरा ।

शौण्डिक–ना० [सं०] जाँड़-रक्सी बनाउने वा बेच्ने व्यक्ति; भट्टीवाल ।

शौण्डी–ना० [सं०] शौण्डिक ।

शौण्डीर्य–ना० [सं०] अभिमान; घमन्ड ।

शौनक–ना० [सं०] पुराण-प्रसिद्ध एक ऋषि ।

शौनिक–ना० [सं०] १. काट-मार गर्ने वा मासु बेच्ने पेशा भएको व्यक्ति; बकरे । २. चराको शिकारी ।

शौभाञ्जन–ना० [सं०] शोभाञ्जन ।

शौभिक–ना० [सं०] चटकी; जादूगर; ऐन्द्रजालिक ।

शौरसेनी–ना० [सं०] १. प्राचीन कालमा भारतको शूरसेन प्रदेशमा बोलिने एक प्राकृत भाषा; सात प्रकारका प्राकृत भाषामध्ये एक । (वि०) २. शूरसेन प्रदेशको; शूरसेन-सम्बन्धी । (यो प्रदेश वर्तमान मथुरा र त्यसका समीपमा पर्दथ्यो ।)

शौर्य–ना० [सं०] १. शूरता; वीरता । २. पराक्रम; बहादुरी ।

शौल्किक–वि० [सं०] १. शुल्क-सम्बन्धी । (ना०) २. शुल्क वा कर असूल गर्ने अधिकारी ।

श्मशान–ना० [सं०] १. मुर्दा पोल्ने ठाउँ; मसान । २. नष्ट-भ्रष्ट पारिएको ठाउँ; उजाड़ भएको ठाउँ ।

श्मशान-यात्रा–ना० [सं०] शव-यात्रा ।

श्मश्रु–ना० [सं०] दाह्री-जुंगा ।

श्मश्रुल–वि०]सं०] दाह्री-जुंगा भएको ।

श्मीलन–ना० [सं०] आँखा झिम्क्याउने काम ।

श्याम–वि० [सं०] १. कालो; कृष्ण । २. कालो र नीलो मिसिएका रङ्गको । ३. गाढ़ा हरियो । (ना०) ४. कालो रङ्ग । ५. कृष्ण । ६. बादल । ७. कोइली ।

श्याम-कर्ण–ना० [सं०] सर्वाङ्ग सेतो भई केवल दुइटा कानमात्र कालो भएको घोड़ा । (यस्तो घोड़ा सुलक्षण र अश्व-मेध यज्ञका निमित्त उपयुक्त मानिएको छ ।)

श्याम-कली–ना० [श्याम+कलिका] तलतिर फर्केर लहरामा फुल्न, बैजनी रङ्गको एक जातको फूल ।

श्याम-चटक–ना० [सं०] श्यामा पक्षी ।

श्यामता–ना० [सं०] १. श्याम वा कालो हुनाको भाव; कालोपन । २. मलिनता; मैलोपन । ३. पाप ।

श्यामल–वि० [सं०] १. हल्का कालो वर्णको; केही श्याम वर्णको । (ना०) २. कालो रङ्ग ।

श्यामलता–ना० [सं०] श्यामल वा हल्का कालो हुनाको भाव ।

श्यामलिमा–ना० [सं०] कालिमा ।

श्यामसुन्दर–ना० [सं०] कृष्ण; वासुदेव ।

श्यामा–ना० [सं०] १. राधा; राधिका । २. काली; दुर्गा । ३. सोह्र वर्षकी युवती । ४. मीठो बोली बोल्ने एक प्रसिद्ध कालो रङ्गको चरो । ५. कृष्ण-पक्षको रात । ६. कालो वर्णकी स्त्री । ७. सन्तान उत्पन्न नभएकी स्त्री । ८. गाई । ९. हलेदो । १०. पोथी कोइली । ११. हरियो दूबो । १२. कस्तूरी । १३. गोरोचन । १४. यमुना नदी ।

श्यामाक–ना० [सं०] सामा धान ।

श्यामिका–ना० [सं०] कालोपन; श्यामलता ।

श्यामित–वि० [सं०] कालो ।

श्याल–ना० [सं०] पत्नीको भाइ; सालो ।

श्यालक–ना० [सं०] सालो ।

श्यालकी–ना० [सं०] साली; पत्नीकी बहिनी ।

श्यालिका–ना० [सं०] श्यालकी ।

श्याली–ना० [सं०] श्यालकी ।

श्यैत–वि० [सं०] सेतो; श्वेत ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्येन–ना० [सं०] १. बाज पक्षी। २. सेतो रङ्ग। ३. प्रचण्डता; उग्रता।

श्रद्धान–वि० [सं०] श्रद्धा-युक्त।

श्रद्धा–ना० [सं०] १. ईश्वर, धर्म, पूज्य मानिस, कुनै उत्तम विषय आदिका प्रति हुने सद्भाव; भक्ति र आदर-युक्त भाव; आस्था। २. विश्वास; पत्यार। ३. गर्भवती स्त्रीको प्रबल इच्छा; दोहद। ४. सर्धाइँ; चाहना। ५. घनिष्ठता। ६. सम्मान; प्रतिष्ठा। ७. वैवस्वत मनुकी पत्नी।

श्रद्धाञ्जलि–ना० [सं०] १. देवता वा पूज्य व्यक्तिलाई श्रद्धापूर्वक चढ़ाउनाका निमित्त अञ्जलिमा लिइएको फल, फूल, माला, अक्षत, जल आदिको समूह। २. श्रद्धा र आदरपूर्वक कुनै पूज्य व्यक्तिका सम्बन्धमा गरिने प्रशंसा-युक्त कुरा।

श्रद्धालु–वि० [सं०] १. मनमा श्रद्धा भएको; श्रद्धावान्। २. देवता वा धार्मिक कृत्यमा आस्था भएको; भक्तालु। ३. अभिलाषी; इच्छुक। (ना०) ४. अनेक अभिलाषा गर्ने गर्भवती स्त्री; दोहदवती।

श्रद्धावान्–वि० [सं०] श्रद्धा-युक्त; श्रद्धालु।

श्रद्धास्पद–ना० [सं०] श्रद्धा गर्न लायक; श्रद्धेय।

श्रद्धेय–वि० [सं०] १. श्रद्धा गर्न लायक; आदरणीय; श्रद्धास्पद। २. विश्वसनीय।

श्रम–ना० [सं०] १. थकाइ लाग्ने गरी गरिएको कुनै काम; मेहनत; परिश्रम। २. जीवन-निर्वाह गर्न वा धन उपार्जन गर्न गरिने काम। ३. प्रयास; प्रयत्न। ४. थकाइ; ग्लानि; श्रान्ति। ५. कसरत; व्यायाम। ६. पसीना। ७. कुनै वस्तुको उत्पादनमा गरिने शारीरिक वा मानसिक शक्तिको व्यय।

श्रम-कण–ना० [सं०] अधिक परिश्रम गर्दा शरीरबाट निस्कने पसीनाका थोपा।

श्रम-जन–ना० [सं०] श्रम-जीवी।

श्रम-जल–ना० [सं०] श्रम-कण।

श्रम-जीवी–वि० [सं०] १. शारीरिक वा बौद्धिक परिश्रम गरेर जीविका गर्ने; कुनै प्रकारको मजदूरी गरेर जीवन-निर्वाह गर्ने। (ना०) २. ज्यामी; मजदूर।

श्रमण–ना० [सं०] १. श्रम। २. बौद्ध संन्यासी; बौद्ध भिक्षु। ३. श्रमिक; श्रम गर्ने व्यक्ति।

श्रमणक–ना० [सं०] बौद्ध भिक्षु।

श्रमणा–ना० [सं०] १. सुन्दरी स्त्री। २. संन्यासिनी।

श्रमणी–ना० [सं०] श्रमणा।

श्रम-विभाग–ना० [सं०] श्रमिकहरूको हित र व्यवस्था-सम्बन्धी काम गर्ने विभाग।

श्रम-विभाजन–ना० [सं०] कुनै काम छिटो र कुशलतापूर्वक सम्पन्न गर्नाका निमित्त त्यसका अङ्ग-प्रत्यङ्गहरू विभिन्न व्यक्तिहरूलाई जिम्मा लाउने काम।

श्रम-शीकर–ना० [सं०] श्रम-जल; श्रम-सीकर।

श्रम-शील–वि० [सं०] श्रम गर्ने स्वभावको; परिश्रमी।

श्रम-सहिष्णु–वि० [सं०] मेहनती; परिश्रमी।

श्रम-साध्य–वि० [सं०] ठूलो परिश्रमले मात्र सफल हुने; अति परिश्रम गर्नुपर्ने (काम)।

श्रम-सीकर–ना० [सं०] श्रम-शीकर।

श्रमी–वि० [सं०] १. श्रम गर्ने; परिश्रमी; मेहनती। (ना०) २. श्रम गर्ने व्यक्ति; श्रमिक।

श्रय–ना० [सं०] आश्रय।

श्रव–ना० [सं०] १. कान; कर्ण। २. ख्याति। ३. शब्द।

श्रवण–ना० [सं०] १. सुन्ने इन्द्रिय; कान; कर्ण। २. सुन्नु। ३. कानले सुनेर प्राप्त गरिने ज्ञान। ४. ज्योतिषमा सत्ताईस नक्षत्रमध्ये एक। ५. नौ प्रकारका भक्तिमध्ये एक। (यसमा आराध्य देवताका कथा, कीर्तन आदि सुनिन्छ।) ६. टप्कनु; चुहुनु।

श्रवण-परुष–वि० [सं०] सुन्दा नमिठो लाग्ने; कर्ण-कटु।

श्रवण-विद्या–ना० [सं०] सुनेरमात्र प्राप्त गर्ने वा गरिएको विद्या।

श्रवणा–ना० [सं०] श्रवण नक्षत्र।

श्रवणीय–वि० [सं०] सुन्न योग्य; श्रव्य।

श्रवणेन्द्रिय–ना० [सं०] सुन्ने इन्द्रिय; कान; पाँच ज्ञानेन्द्रिय-मध्ये एक।

श्रव्य–वि० [सं०] सुन्न योग्य; श्रवण गर्न लायक; श्रवणीय।

श्रव्य-काव्य–ना० [सं०] अभिनय नगरी केवल सुनेरमात्र आनन्द लिइने काव्य; सुनेर वा पढ़ेर आनन्द लिइने काव्य (कविता, कथा, उपन्यास, निबन्ध आदि)।

श्राद्ध–ना० [सं०] १. धर्म-शास्त्रअनुसार पितृहरूका उद्देश्यले श्रद्धापूर्वक गरिने पिण्ड-दान, ब्राह्मण-भोजन आदि; पितृ-यज्ञ। २. श्रद्धापूर्वक गरिने काम।

श्राद्ध-कर्म–ना० [सं०] श्राद्ध।

श्राद्ध-दिन–ना० [सं०] मृतकका उद्देश्यले मरेकै तिथिमा प्रतिवर्ष श्राद्ध गरिने दिन।

श्राद्ध-पक्ष–ना० [सं०] आश्विन महीनाको कृष्ण-पक्ष; पितृ-पक्ष; सोह्र-श्राद्ध।

श्राद्धिक–वि० [सं०] श्राद्ध-सम्बन्धी; श्राद्धको।

श्राद्धीय–वि० [सं०] श्राद्ध-सम्बन्धी; श्राद्धिक।

श्रान्त–वि० [सं०] १. थाकेको; थकाइ लागेको; थकित। २. आफ्ना इन्द्रियहरूलाई वशमा राखको; जितेन्द्रिय। (ना०) ३. साधु; संन्यासी।

श्रान्त-मना–वि० [सं०] चित्त खिन्न भएको; दिक्दार।

श्रान्ति–ना० [सं०] १. परिश्रम; मेहनत। २. थकाइ; ग्लानि। ३. थकाइ मेट्नाका निमित्त गरिने विश्राम।

श्राप–ना० [सं० शाप] सराप; शाप।

श्रामणेर–ना० [सं०] नयाँ बौद्ध भिक्षु।

श्राव–ना० [सं०] श्रवण गर्ने वा सुन्ने काम।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रावक–ना० [सं०] १. बौद्ध भिक्षु । २. जैन मतानुयायी संन्यासी । (वि०) ३. सुन्ने; श्रोता ।

श्रावण–ना० [सं०] १. आषाढ र भाद्रका बीचको महीना; साउन । २. श्रवणेन्द्रियद्वारा प्राप्त गरिने ज्ञान ।

श्रावणिक–वि० [सं०] श्रावण महीना-सम्बन्धी; श्रावण मासको ।

श्रावणी–ना० [सं०] श्रावण महीनमा पर्ने पूर्णिमा; जनै-पूर्णिमा; ब्राह्मणहरूको श्रौत-कर्म गर्ने दिन; रक्षा-बन्धन ।

श्रावित–वि० [सं०] १. सुनाइएको । २. भनिएको; कथित ।

श्राव्य–वि० [सं०] १. सुनाउन योग्य; श्रवण गराउन लायक । २. सूचना दिन योग्य ।

श्रित–वि० [सं०] १. आश्रयमा रहेको; आश्रित । २. पकाएको; पक्व । ३. गएको । ४. संयुक्त । ५. रक्षित । ६. परिचर्या गरिएको । ७. सम्पन्न । ८. एकत्रित । ९. अधिकृत ।

श्रिति–ना० [सं०] आश्रय ।

श्री–ना० [सं०] १. लक्ष्मी; कमला । २. सरस्वती । ३. धन; सम्पत्ति । ४. विभूति; ऐश्वर्य । ५. शोभा; सौन्दर्य । ६. कान्ति; तेज । ७. कीर्ति; यश । ८. सजावट; शृङ्गार । ९. पुरुष-जातिका नामको अगिल्तिर लेखिने आदर-सूचक शब्द । १०. स्त्रीहरूका निधारको टीको । ११. वैष्णव-हरूले लाउने ठाड़ो टीको । १२. बेलको रूख । १३. नरिवलको रूख । १४. कमल । १५. चिठ्ठी-पत्र आदिका शुरूमा वा शिरमा लेखिने मङ्गल-सूचक शब्द । १६. ऋषभ र धैवत कोमल, मध्यम तीव्र र आरोहमा गान्धार र धैवत वर्जित हुने, शास्त्रानुसार सूर्यास्तपछि र विशषत: हेमन्त ऋतुमा गाइने औडव-सम्पूर्ण-जातिको एक राग ।

श्री-कान्त–ना० [सं०] विष्णु ।

श्री-कृष्ण–ना० [सं०] वासुदेव ।

श्रीखण्ड–ना० [सं०] १. बेलका पातका आकारका पात हुने, तीन-चार वटाको गुच्छा लागेर नीला फूल फुल्ने र अति सुगन्धी चुरो हुने एक जातको वृक्ष । २. त्यसैको चुरो; चन्दन । (यसका सेतो, पहेँलो, रातो आदि–अनेक भेद छन् । सेतो श्रीखण्ड अति उत्तम मानिएको छ । आयुर्वेदमा यसको गुण पित्त, ज्वर, वमन, मोह, तथा तृष्णा नाश गर्ने र ठन्डा बताइएको छ । यसका काठ र जराबाट तेल निकालिन्छ । देवताका पूजामा यसको काठ घोटेर चन्दन लगाइन्छ । यसका चन्दनको उपयोग शरीरमा घस्ने काममा पनि गरिन्छ ।)

श्री-गणेश–ना [सं०] १. आरम्भ; शुरू; प्रारम्भ । २. गणेश; गण-पति ।

श्रीगदित–ना० [सं०] उदात्त नायक-नायिकाको प्रसिद्ध कथा वर्णन गरिने, गर्भ र विमर्श सन्धि नभएको, एकाङ्की दृश्य-काव्य; अठार उपरूपकहरूमध्ये एक ।

श्री-गाई–ना० [श्री+गाई] जङ्गली साँढ़े र घर-पाला गाईको सम्पर्कबाट पैदा भएको गाई ।

श्रीधन–ना० [सं०] १. अमिलो दही । २. सिखर्नी । ३. बौद्ध भिक्षु ।

श्री-चन्दन–ना० [सं०] श्रीखण्ड ।

श्री-ताल–ना० [सं०] एक जातको ताड़ । (प्राचीन कालमा यसका पातमा पुस्तक लेखिन्थे ।)

श्री-तिलक–ना० [सं०] राम-फटाका ।

श्री-धर–ना० [सं०] विष्णु ।

श्री-धाम–ना० [सं०] १. स्वर्ग । २. लक्ष्मीको आसन; कमल ।

श्रीनिवास–ना० [सं०] विष्णु ।

श्रीनिवास-मल्ल–ना० [सं०] अठारौँ शताब्दीमा ललितपुरमा राज्य गर्ने एक राजा ।

श्री-पति–ना० [सं०] १. विष्णु । २. राजा; नृप ।

श्री-पद–ना० [सं०] १. कुनै देवता वा पूज्य व्यक्तिको चरण-चिह्न; पादुका । २. शोभाले युक्त पद ।

श्री-पञ्चमी–ना० [सं०] माघ शुक्ल पञ्चमी; वसन्त-पञ्चमी ।

श्रीपेच–ना० [शिर-पेच] शिर-पेच ।

श्री-फल–ना० [सं०] १. बेल; बिल्व । २. नरिवल ।

श्री-बन्दी–ना० [शिर-बन्दी] शिर-बन्दी ।

श्री-बिन्दु–ना० [शिर-बिन्दु] शिर-बिन्दु ।

श्रीमती–ना० [सं०] १. सधवा स्त्रीहरूका नामको अगिल्तिर प्रयोग गरिने सम्मान-सूचक शब्द; 'श्रीमान्'-को स्त्री-लिङ्गी रूप । २. पत्नी; भार्या ।

श्रीमद्भागवत–ना० [सं०] श्री-कृष्णको चरित्र वर्णन गरिए-को, कृष्ण-द्वैपायनले लेखेको भनी प्रसिद्ध एक ग्रन्थ; अष्टा-दश-पुराणमध्ये एक ।

श्रीमन्त–ना० [सं०] 'श्रीमान्' शब्दको बहु-वचनको रूप; श्रीमान्हरू ।

श्रीमान्–वि० [सं०] १. शोभाले युक्त; सौन्दर्यपूर्ण । २. धनवान्; सम्पत्ति-शाली । (ना०) ३. पुरुष-जातिका नामको अगिल्तिर लगाइने एक सम्मान-सूचक शब्द; श्री-युक्त । ४. विष्णु ।

श्री-मुख–ना० [सं०] १. शोभाले युक्त अनुहार; तेजिलो मुख । २. मान्य-जनको मुख ।

श्री-मूर्ति–ना० [सं०] देवताको मूर्ति; देवताको प्रतिमा ।

श्री-यन्त्र–ना० [सं०] १. शिव-तन्त्र-सम्बन्धी एक यन्त्र; तान्त्रिक एक जन्तर । २. लक्ष्मीको एक तान्त्रिक यन्त्र ।

श्री-युक्त–वि० [सं०] १. शोभाले युक्त; सौन्दर्यपूर्ण । २. धनवान्; सम्पत्ति-शाली । ३. भाग्यवान् । (ना०) ४. पुरुष-जातिका नामको अगिल्तिर लेखिने एक आदर-सूचक शब्द; श्री-युत ।

श्री-युत–वि० [सं०] श्री-युक्त ।

श्री-रमण–ना० [सं०] विष्णु ।

श्री-वत्स–ना० [सं०] १. विष्णु । २. पुराणअनुसार भृगुको पाद-प्रहारले विष्णुका छातीमा अङ्कित भएको चिह्न । ३. पुरुषका छातीमा हुने दायाँबाट घुमेको रौँको चक्राकार

CC-0. In Public Domain. Digitization by eGangotri

चिह्न। ४. प्राचीन-कालमा काठमाडौँ-उपत्यकाका राज्य-हरूमा चलेको एक छाप। (यो छाप लागेका बाकुपौलाई मात्र पछि कानूनी मान्यता दिइएको देखिन्छ।)

श्रीवल्ली–ना० [सं०] पनेर बोट।

श्रीवाटी–ना० [सं०] मघै-साची पान।

श्री-विन्दु–ना० [शिर-विन्दु] शिर-विन्दु।

श्री-वृक्ष–ना० [सं०] १. पीपल। २. बेल। ३. नरिवल।

श्रीश–ना० [सं०] विष्णु।

श्री-शैल–ना० [सं०] दक्षिण भारतमा कृष्णा नदीको तटमा रहेको एक पर्वत-शिखर। (यहाँ मल्लिकार्जुनको ज्योतिर्लिङ्ग छ।)

श्री-सम्पत्ति–ना० [सं०] कसैका अधिकारमा रहेको भएभरको सम्पत्ति; सर्वस्व; जायजात।

श्री-हत–वि० [सं०] १. कान्ति-हीन; निस्तेज। २. सौन्दर्य-हीन।

श्री-हर्ष–ना० [सं०] संस्कृत साहित्यका एक प्रसिद्ध कवि; 'नैषध' महाकाव्यका रचयिता।

श्रुत–वि० [सं०] १. सुनिएको; कर्ण-गोचर भएको। २. परम्परादेखि सुन्दै आएको। ३. प्रसिद्ध; विख्यात। (ना०) ४. सुन्ने विषय। ५. वेद।

श्रुतश्रेणी–ना० [सं०] मकोई।

श्रुति–ना० [सं०] १. सुन्ने काम; श्रवण। २. सुन्ने इन्द्रिय; कान। ३. शब्द; ध्वनि। ४. सुनेको कुरो। ५. सृष्टिको आरम्भदेखि चलिआएको पवित्र ज्ञान। ६. वेद। ७. चारको सङ्ख्या। ८. किंवदन्ती; जन-श्रुति। ९. अनुप्रासको एक भेद। १०. सङ्गीतमा सप्तकका ऋषभ, गान्धार आदि मूल स्वरलाई तिनका मूल वा निर्दिष्ट नाद-लहरीभन्दा घटाउँदा वा बढाउँदा सुनिने विभिन्न उपध्वनि; दुइ मूल स्वरका बीचको उपस्वर। (प्राचीन आचार्यहरूका विचार-अनुसार सात मूल स्वरका जम्मा बाईस र आधुनिक पद्धतिअनुसार यसका अठार भेद छन्।)

श्रुति-कटु–वि० [सं०] १. कानमा खट्कने; कठोर वा कड़ा सुनिने; कर्ण-कटु (शब्द, उच्चारण आदि)। (ना०) २. ट-वर्ग आदि कटु वर्णको प्रयोग गर्दा हुने काव्यको एक दोष।

श्रुति-गम्य–वि० [सं०] १. सुन्न सकिने; कानद्वारा ग्रहण गर्न सकिने। २. सुनेको; श्रुत; श्रुति-गोचर।

श्रुति-गोचर–ना० [सं०] श्रुति-गम्य।

श्रुति-धर–वि० [सं०] सुनेका कुरा सम्झिरहन सक्ने स्मरण-शक्ति भएको।

श्रुति-पथ–ना० [सं०] १. सुन्ने इन्द्रिय; कान। २. वेद-विहित मार्ग।

श्रुति-परम्परा–ना० [सं०] कर्ण-परम्परा।

श्रुति-प्रमाण–ना० [सं०] वेदको प्रमाण।

श्रुति-प्रामाण्य–ना० [सं०] १. वेदको प्रामाणिकता; वेदको स्वीकृति। २. सुनेर जानेको प्रमाण।

श्रुति-मण्डल–ना० [सं०] कानको बाहिरी अवयव।

श्रुति-मधुर–वि० [सं०] सुन्दा आनन्द लाग्ने; कर्ण-मधुर।

श्रुति-सुख–वि० [सं०] १. सुन्दा आनन्द लाग्ने; श्रुति-मधुर। (ना०) २. सुन्दा प्राप्त हुने आनन्द; सङ्गीत, साहित्य आदि सुनेर प्राप्त हुने आनन्द।

श्रुत्य–वि० [सं०] १. सुन्न योग्य; श्रवणीय। २. विश्रुत; प्रख्यात। ३. श्रुति-सम्बन्धी।

श्रुत्यनुप्रास–ना० [सं०] मुखको एउटै स्थानबाट उच्चारण हुने स्वर वा व्यञ्जनहरू वार-वार प्रयोग हुँदा पर्ने एक शब्दालङ्कार।

श्रुव–ना० [सं०] १. होम; यज्ञ। २. यज्ञमा होम गर्ने काठको साधन; सुरो।

श्रुवा–ना० [सं०] काठको चम्चाका आकारको होम गर्ने साधन; सुरो; चमस।

श्रूयमाण–वि० [सं०] १. सुनिने; सुन्न सकिने। २. प्रसिद्ध; विख्यात।

श्रेणि–ना० [सं०] १. पङ्क्ति; ताँती; लहर। २. क्रम; सिलसिला। ३. स्तर; कक्षा। ४. सिँढ़ी। ५. दल; वर्ग।

श्रेणी–ना० [सं०] श्रेणि।

श्रेणी-करण–ना० [सं०] श्रेणिमा मिलाउने काम; सिलसिला मिलाएर राख्ने काम; वर्गीकरण।

श्रेणी-कृत–वि० [सं०] श्रेणीमा मिलाएर राखिएको; क्रम-बद्ध; वर्गीकृत।

श्रेणी-बद्ध–वि० [सं०] १. श्रेणिमा मिलेको; पङ्क्ति-बद्ध। २. सिलसिला मिलेको; क्रम-बद्ध।

श्रेय–वि० [सं०] १. अरूको अपेक्षा असल; अति बेस। २. श्रेष्ठ; उत्तम। ३. उपयुक्त; अनुकूल। ४. हित-कर; मङ्गल-कारक। (ना०) ५. शुभ; मङ्गल। ६. सदाचार। ७. कुनै काम सफल हुँदा पाइने यश। ८. सुख।

श्रेयसी–ना० [सं०] १. हर्रो; हरीतकी। २. गज-पिप्पली। ३. रास्ना। (वि०) ४. मङ्गल गर्ने; कल्याण-कारिणी।

श्रेयस्कर–वि० [सं०] श्रेय वा हित गर्ने; मङ्गल-कारी; कल्याण-कारी।

श्रेष्ठ–वि० [सं०] १. बेस; उत्तम; उत्कृष्ट। २. मुख्य; प्रधान। ३. पूज्य; मान्य। ४. बूढ़ो; वयोवृद्ध। (ना०) ५. नेवार-जातिको एक वर्ग।

श्रेष्ठता–ना० [सं०] श्रेष्ठ हुनाको भाव; उत्तमता।

श्रेष्ठी–ना० [सं०] महाजन; धनवान् व्यक्ति; सेठ।

श्रोणि–ना० [सं०] १. कमर; कटि। २. नितम्ब; फिलो।

श्रोणी–ना० [सं०] श्रोणि।

श्रोत–ना० [सं०] १. कान; कर्ण। २. शरीरको मल बाहिर निस्कने इन्द्रिय। ३. जल-प्रवाह; स्रोत। ४. वेद। ५. हात्तीको सूँड़।

श्रोतव्य–वि० [सं०] सुन्न योग्य; श्रवणीय।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रोता–वि० [सं०] सुन्ने; श्रवण गर्ने।

श्रोता-गण–ना० [सं०] व्याख्यान, उपदेश, कथा आदि सुन्ने व्यक्तिहरूको समूह।

श्रोत्र–ना० [सं०] १. कान; कर्ण। २. वेद।

श्रोत्रिय–वि० [सं०] वेद वा शास्त्रको ज्ञाता; वैदिक।

श्रौत–वि० [सं०] १. कानको; कर्ण-सम्बन्धी। २. श्रुति-सम्बन्धी; वेद-सम्बन्धी। ३. वेदोक्त; वेद-सम्मत। (ना०) ४. वेदोक्त कर्म।

श्रौत-कर्म–ना० [सं०] वैदिक कृत्य।

श्रौत-सूत्र–ना० [सं०] दर्श र पौर्णमासदेखि अश्व-मेधसम्मका यज्ञको विधान बताइएको कल्प ग्रन्थको एक अंश।

श्रौत्र–ना० [सं०] १. कान; कर्ण। २. श्रोत्रियको कर्म वा भाव।

श्लथ–वि० [सं०] १. खुकुलो; नकसिएको। २. फुकेको; छरिएको। ३. कमजोर; दुर्वल। ४. थाकेको; लस्त।

श्लाघन–ना० [सं०] १. प्रशंसा; तारीफ। २. घमन्डसाथ बोल्नु। ३. आत्म-प्रशंसा।

श्लाघनीय–वि० [सं०] तारीफ गर्न योग्य; प्रशंसनीय।

श्लाघा–ना० [सं०] १. प्रशंसा; तारीफ। २. आफूले गरेको आफ्नै तारीफ; आत्म-प्रशंसा।

श्लाघित–वि० [सं०] श्लाघा वा तारीफ गरिएको; प्रशंसित।

श्लाघ्य–वि० [सं०] १. प्रशंसा गर्न योग्य; श्लाघनीय। २. आदरणीय; सम्माननीय।

श्लाघी–वि० [सं०] तारीफ गर्ने; प्रशंसा गर्ने।

श्लिषा–ना० [सं०] १. अङ्कमाल; आलिङ्गन। २. मिल्ने काम; संयोग।

श्लिष्ट–वि० [सं०] १. अङ्कमाल गरेको; आलिङ्गन गरिएको। २. मिलेको; संयुक्त। ३. श्लेष भएको; एकभन्दा बढ़ी अर्थ भएको (शब्द)।

श्लिष्टि–ना० [सं०] १. आलिङ्गन। २. संयोग; मिलन।

श्लिष्टोक्ति–ना० [सं०] श्लेष भएको वा दुइ अर्थ लाग्ने वचन।

श्लीपद–ना० [सं०] खुट्टा सुन्निने रोग; हात्ती-पाइले रोग।

श्लीपदी–वि० [सं०] खुट्टा सुन्निने रोग लागेको; हात्ती-पाइले; थाम-खुट्टे।

श्लील–वि० [सं०] १. शिष्ट; सभ्य। २. श्रेष्ठ; उत्तम। ३. शोभा-युक्त।

श्लेष–ना० [सं०] १. मिल्ने काम; जोरिने काम; संयोग। २. आलिङ्गन; अङ्कमाल। ३. एक शब्दको दुइ वा अनेक अर्थ निस्कनु। ४. साहित्यमा एक शब्दबाट अनेक अर्थ निस्कँदा पर्ने एक अलङ्कार।

श्लेषोक्ति–ना० [सं०] श्लेष-युक्त कथन; श्लिष्टोक्ति।

श्लेष्मक–ना० [सं०] कफ; श्लेष्मा।

श्लेष्मण–वि० [सं०] १. श्लेष्मा-युक्त। २. श्लेष्मा बढ़ाउने।

श्लेष्मल–वि [सं०] श्लेष्मक।

श्लेष्मा–ना० [सं०] कफ; खकार।

श्लेष्मान्तक–ना० [सं०] १. लप्सीको रूख। २. पशु-पतिका वरि-परिको जङ्गल। ३. बोहरी वृक्ष। ४. कफ-नाशक वस्तु।

श्लोक–ना० [सं०] १. स्तुति; प्रशंसा। २. कीर्ति; यश। ३. पद्यमा लेखिएको वा बोलिएको वाक्य; पद्य; सिलोक। ४. अनुष्टुप् छन्द।

श्लोक-बद्ध–वि० [सं०] श्लोक वा पद्यमा लेखिएको; छन्दो-बद्ध।

श्वः–क्रि० यो० [सं०] भोलि; आगामी दिन।

श्व-जीविका–ना० [सं०] १. दासता; पराधीनता। २. नोकरी; सेवा-वृत्ति।

श्व-वृत्ति–ना० [सं०] कुकुरको जस्तो वृत्ति; पराधीन वृत्ति।

श्व-पच–ना० [सं०] १. चाण्डाल। २. फाँसी दिने व्यक्ति; वधिक। ३. कुकुरको मासु खाने व्यक्ति।

श्वशुर–ना० [सं०] ससुरो।

श्वश्र–ना० [सं०] सासू।

श्वश्रू–ना० [सं०] पति वा पत्नीकी आमा; सासू।

श्वसन–ना० [सं०] १. सास फेर्नु; सास लिनु वा छोड्नु। २. स्वाँ-स्वाँ गर्नु; लामा-लामा सास फेर्नु। ३. सुस्केरो। ४. वायु; हावा।

श्वसित–ना० [सं०] १. सास; श्वास। २. सुस्केरो। (वि०) ३. सास फेर्ने। ४. श्वास-युक्त; जीवित। ५. सुस्केरा हाल्ने।

श्वा–ना० [सं०] कुकुर।

श्वागणिक–ना० [सं] कुकुर बेचेर वा कुकुरलाई तालीम दिएर जीविका गर्ने व्यक्ति।

श्वान–ना० [सं०] कुकुर।

श्वाविध्–ना० [सं०] दुम्सी।

श्वास–ना० [सं०] १. नाकबाट हावा तानेर छोड्नु; सास फेर्नु। २. स्वाँ-स्वाँ गर्नु; लामो र छिटो सास फेर्नु। ३. सुस्केरो। ४. हावा; पवन। ५. दमको रोग; धम्की।

श्वास-कास–ना० [सं०] दम र खोकीको रोग; धम्की।

श्वास-प्रश्वास–ना० [सं०] १. नाकबाट भित्र तानिने र छोड़िने हावा; सास। २. नाकबाट हावा भित्र तान्ने र छोड्ने काम; सास फर्ने क्रिया।

श्वासोच्छ्वास–ना० [सं०] लामो र चाँड़ो सास फेर्ने काम।

श्वित्र–ना० [सं०] १. श्वेत-कुष्ठ। २. पाण्डु रोग।

श्वित्री–वि० [सं०] १. श्वेत-कुष्ठ रोग भएको। २. पाण्डु रोग लागेको।

श्वेत–वि० [सं०] १. सेतो; सफेद। २. उज्यालो; उज्ज्वल। (ना०) ३. सेतो रङ्ग; शुक्ल वर्ण। ४. चाँदी। ५. कौड़ो। ६. शङ्ख। ७. शुक्र ग्रह।

श्वेत-कुञ्जर–ना० [सं०] १. इन्द्रको हात्ती; ऐरावत। २. सेतो हात्ती।

श्वेत-कुष्ठ–ना० [सं०] शरीरमा सेता टाटा निस्कने एक

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमको कुष्ठ रोग।

श्वेत-खदिर–ना० [सं०] सेतो-खयर।

श्वेत-चणक–ना० [सं०] सेतो-चना; काबुली-चना।

श्वेत-चन्दन–ना० [सं०] सेतो चन्दन; श्रीखण्ड।

श्वेत-द्युति–ना० [सं०] चन्द्रमा।

श्वेत-निर्गुण्डी–ना० [सं०] सेतो-सिमाली।

श्वेत-पत्र–ना० [सं०] १. कुनै सन्धि-सम्बन्धी वा अरू कुनै मुख्य विषयमा भएका छलफलको सरकारी निर्णय लेखिएको सेतो कागत। २. हाँस।

श्वेत-पिङ्गल–ना० [सं०] १. सेतो र पहेँलो मिसिएको रङ्ग। २. सिंह। ३. शङ्कर।

श्वेत-प्रदर–ना० [सं०] जननेन्द्रियबाट पानी बग्ने, स्त्रीहरूको एक रोग।

श्वेत-भिक्षु–ना० [सं०] सेतो वस्त्र लाउने संन्यासी; श्वेताम्बर सम्प्रदायको जैन भिक्षु।

श्वेत-वाराह–ना० [सं०] ब्रह्माका महीनाको प्रथम दिन मानिएको एक कल्प।

श्वेत-वार्ताक–ना० [सं०] सेतो-भिँड़ा।

श्वेतांशु–ना० [सं०] चन्द्रमा।

श्वेताङ्ग–ना० [सं०] १. सेतो शरीर हुने प्राणी। २. हाँस। ३. गोरा जाति।

श्वेताम्बर–ना० [सं०] १. जैन धर्मको, सेतो वस्त्र लाउने एक सम्प्रदाय। २. सेतो वस्त्र लाउने संन्यासी।

श्वेताम्ली–ना० [सं०] सेतो-सति-बयर।

श्वैत्य–ना० [सं०] सेतोपन; शुभ्रता।

श्वैत्र–ना० [सं०] श्वेत-कुष्ठ।

ष

ष–देवनागरी वर्ण-मालाको एकतीसौँ व्यञ्जन-वर्ण। यसको उच्चारण मूर्द्धा-स्थानबाट हुन्छ। त्यसैले यसलाई 'मूर्द्धन्य ष' भन्दछन्।

षट्–ना० [सं०] १. छ-को सङ्ख्या; छ-को अङ्क। (वि०) २. छ वटा।

षट्क–वि० [सं०] १. छ दोबर; छ-गुना। (ना०) २. छ-को सङ्ख्या।

षट्-कर्ण–वि० [सं०] १. छ वटा कानले सुनेको। २. भन्ने र सुन्नेदेखि बाहेक तेस्रो मानिसले पनि सुनेको (कुरो)।

षट्-कर्म–ना० [सं०] १. ब्राह्मणहरूले गर्नुपर्ने छ वटा कर्म (अध्ययन, अध्यापन, यजन, याजन, दान र प्रतिग्रह)। २. मानिसहरूले गर्नु पर्ने छ वटा कर्म (स्नान, सन्ध्या, पूजा, तर्पण, जप र होम)। ३. तान्त्रिकहरूका छ वटा कर्म (मारण, उच्चाटन, स्तम्भन, वशीकरण, शान्ति र विद्वेष)। ४. योगीहरूका छ वटा कर्म (धौती, वस्ती, नेती, त्राटक, नौलिक र कपालभाती)।

षट्-कर्मा–ना० [सं०] १. षट्-कर्म गर्ने ब्राह्मण। २. नियम-अनुसार षट्-कर्म गर्ने व्यक्ति।

षट्-कोण–वि० [सं०] १. छ वटा कुना परेको; छ-कुने (क्षेत्र)। (ना०) २. छ वटा कुना परेको यन्त्र। ३. हीरा। ४. इन्द्रको वज्र।

षट्-चक्र–ना० [सं०] १. योगअनुसार कुण्डलिनीमा कल्पना गरिने छ चक्र (मूलाधार, स्वाधिष्ठान, मणिपूरक, अनाहत, विशुद्ध र आज्ञा)। २. षड्यन्त्र।

षट्-पद–वि० [सं०] १. छ वटा खुट्टा भएको; छ-खुट्टे (प्राणी)। (ना०) २. भ्रमर।

षट्-पदी–ना० [सं०] छ वटा चरण वा पाउ हुने छन्द।

षट्-पाद–वि० [सं०] षट्-पद।

षट्-प्रज्ञ–ना० [सं०] १. धर्म, अर्थ, काम, मोक्ष, लोकार्थ र तत्त्वार्थ–यी छ विषयको ज्ञाता। २. कामुक; लम्पट। ३. असल छिमेकी।

षट्-रस–ना० [सं०] षड्-रस।

षट्-राग–ना० [सं०] षड्-राग।

षट्-रिपु–ना० [सं०] षड्-रिपु।

षट्-शास्त्र–ना० [सं०] वेदका छ वटा अङ्ग; षडङ्ग।

षट्-शास्त्री–ना० [सं०] षट्-शास्त्रको पण्डित।

षडङ्ग–वि० [सं०] १. छ अङ्ग भएको। (ना०) २. वेदका छ वटा अङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष)। ३. शरीरका छ अङ्ग (दुइ पाउ, दुइ हात, शिर र धड़)। ४. छ वटा वस्तुहरूको समूह। ५. गाईबाट प्राप्त हुने छ पदार्थ (गो-मूत्र, गोबर, दूध, घिउ, दही र गोरोचन)।

षडज–ना० [सं०] सङ्गीतको स्वर-सप्तकमध्येको एक स्वर। (यसलाई सङ्क्षेपमा 'स' वा 'सा' भनिन्छ। यसमा दुइ सय चालीस नाद-लहरी हुन्छन्।)

षड्भिज्ञ–ना० [सं०] बुद्ध।

षडानन–ना० [सं०] कार्त्तिकेय।

षड्-ऋतु–ना० [सं०] छ वटा ऋतु (वसन्त, ग्रीष्म, वर्षा, शरत्, हेमन्त र शिशिर)।

षड्-गुण–ना० [सं०] १. अरू राष्ट्रहरूसित व्यवहार गर्ने राज्यका छ उपाय [सन्धि, विग्रह, यान (आक्रमण), आसन (विश्राम), द्वैधी-भाव र संश्रय]। (वि०) २. छ गुना; छ दोबर। ३. छ वटा गुण भएको।

षड्-दर्शन–ना० [सं०] हिन्दूहरूका छ वटा दर्शन वा दार्शनिक सिद्धान्त (साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त)।

षड्बिन्दु–ना० [सं०] षड्विन्दु।

षड्यन्त्र–ना० [सं०] कसैको अनिष्ट गर्नाका निमित्त गुप्त

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा गरिने कारवाई; दुरभिसन्धि; कपटपूर्ण आयोजन।
षड्यन्त्री–वि० [षड्यन्त्र+ई] षड्यन्त्र गर्ने व्यक्ति।
षड्-रस–ना० [सं०] छ प्रकारका रस वा स्वाद (गुलियो, अमिलो, नुनिलो, तीतो, पिरो र टर्रो)।
षड्-राग–ना० [सं०] सङ्गीत-शास्त्रअनुसार छ प्रकारका राग (भैरव, मेघ, श्री, हिण्डोल, मालकोश र दीपक)।
षड्-रिपु–ना० [सं०] मानिसका मनमा हुने छ प्रकारका शत्रु वा विकार (काम, क्रोध, लोभ, मोह, मद र मत्सर)।
षड् लवण–ना० [सं०] छ प्रकारका नून (काच, सैन्धव, सामुद्र, विट्, सौवर्चल र मिश्र)।
षट्-विकार–ना० [सं०] शरीर-धारी जीवमा हुने छ वटा विकार (उत्पत्ति, वृद्धि, बाल्यावस्था, यौवन, वार्धक्य र मृत्यु)।
षड्विन्दु–ना० [सं०] १. एक जातको कमिलो। २. कपाल दुखेकोमा लाउने तिलको तेल, बाख्रीको दूध र भृङ्गराज-को रस मिलाई बनाइने एक आयुर्वेदीय तेल। ३. विष्णु।
षण्ड–ना० [सं०] १. साँढे; बैल। २. नपुंसक; हिजड़ा। ३. थुप्रो; राशि। ४. कमलको समूह।
षण्डक–ना० [सं०] हिजड़ा; नपुंसक।
षण्डाली–ना० [सं०] १. तलाउ; ताल। २. व्यभिचारिणी स्त्री।
षण्ढ–ना० [सं०] १. हिजड़ा; नपुंसक। २. शिव-लिङ्ग।
षण्ढा–ना० [सं०] पुरुषको जस्तो लक्षण भएकी स्त्री।
षण्ढिता–ना० [सं०] षण्ढी-योनि।
षण्ढी-योनि–ना० [सं०] नारीत्व नभएकी स्त्री; कुच नउठ्ने र रजोधर्म नहुने स्त्री।
षण्मास–ना० [सं०] छ महीना।
षण्मासिक–वि० [सं०] छ महीनाको; षाण्मासिक; अर्ध-वार्षिक।
षण्मास्य–ना० [सं०] छ महीनाको समय वा अवधि।
षण्मुख–ना० [सं०] कार्त्तिकेय।
षष्टि–ना० [सं०] १. साठीको सङ्ख्या; ६०-अङ्क। (वि०) २. पचास र दशको योग-सङ्ख्या; साठी।
षष्टिका–ना० [सं०] सठिया-धान।
षष्ठ–वि० [सं०] छैटौं; छ सङ्ख्याको।
षष्ठांश–ना० [सं०] १. छ भागमा एक भाग; छैटौं भाग। २. राज्यलाई बुझाइने, खेतीमा उब्जेका अन्नको छैटौं भाग; तिरो।
षष्ठिका–ना० [सं०] १. षष्ठी। २. बालक जन्मेका छैटौं दिनमा पूजा गरिने एक देवी।
षष्ठी–ना० [सं०] १. शुक्ल वा कृष्ण पक्षको छैटौं तिथि। २. बालक जन्मेका छैटौं दिनमा गरिने एक संस्कार; छैटी। ३. छैटीमा पूजा गरिने देवी; कात्यायनी। ४. व्याकरण-अनुसार सम्बन्ध बुझाउने विभक्ति; सम्बन्ध-कारक।
षष्ठी-तत्पुरुष–ना० [सं०] षष्ठी-समास।
षष्ठी-समास–ना० [सं०] पूर्व पद सम्बन्ध-कारकको हुने एक समास; तत्पुरुष समासको एक भेद। (उदा०-गाई-गोठ, राज-भवन इत्या०।)
षाडव–ना० [सं०] सङ्गीतमा निषाद वर्जित गरी अन्य छ स्वर हुने रागको एक भेद।
षाण्ड्य–ना० [सं०] नपुंसकत्व।
षाण्मासिक–वि० [सं०] १. छ महीनाको; अर्ध-वार्षिक। (ना०) २. मरेका छ महीनामा गरिने श्राद्ध।
षिङ्ग–ना० [सं०] कामुक व्यक्ति।
षोडश–ना० [सं०] १. सोह्रको सङ्ख्या; १६-अङ्क। २. दश र छ-को योग-सङ्ख्या; सोह्र। (वि०) ३. सोह्रौं।
षोडश-कर्म–ना० [सं०] षोडश-संस्कार।
षोडश-कला–ना० [सं०] चन्द्रमाका सोह्र कला वा अंश (अमृता, मानदा, पूषा, तुष्टि, पुष्टि, रति, धृति, शशिनी, चन्द्रिका, कान्ति, ज्योत्स्ना, श्री, प्रीति, अङ्गदा, पूर्णा र अमृता)।
षोडश-दान–ना० [सं०] श्राद्ध आदिका समयमा गरिने सोह्र वस्तुहरूको दान (भूमि, आसन, जल, वस्त्र, गाई, सुन, चाँदी, दीपक, अन्न, ताम्बूल, छत्र, सुगन्धी द्रव्य, फूल-माला, फल, शय्या र खराउ)।
षोडश-मातृका–ना० [सं०] सोह्र देवीहरूको समूह (गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, माता, लोक-माता, शान्ति, पुष्टि, धृति र स्वस्ति)।
षोडश-शृङ्गार–ना० [सं०] शरीरलाई सजाउने स्त्रीहरूका सोह्र प्रकारका शृङ्गार (बुकुवा लगाउनु, स्नान गर्नु, वस्त्र लगाउनु, मिसी लगाउनु, कपाल कोर्नु, गाजल लगाउनु, सिउँदामा सिन्दूर लाउनु, माहुर लाउनु, निधारमा टीको लाउनु, चिउँडामा कोठी बनाउनु, तिउरी लाउनु, अत्तर आदि सुगन्धी पदार्थ लाउनु, गहना लाउनु, फूलको माला लाउनु, पान खानु र ओठमा लाली लाउनु)।
षोडश-संस्कार–ना० [सं०] गर्भाधानदेखि लिएर मृत्युसम्म गरिने द्वि-जातिका सोह्र संस्कार (गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जात-कर्म, नाम-कर्म, निष्क्रमण, अन्न-प्राशन, कर्ण-भेद, विद्यारम्भ, चूड़ा-कर्म, केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्येष्टि)।
षोडशा–ना० [सं०] सोह्र वर्षकी युवती; षोडशी।
षोडशी–ना० [सं०] १. दश-महाविद्यामध्ये एक। २. सोह्र वर्षकी स्त्री। ३. मरेका एघारौं दिन गरिने श्राद्धहरू। (वि०) ४. सोह्र भागमा विभक्त।
षोडशोपचार–ना० [सं०] देवताको पूजा गर्ने सोह्र अङ्ग (आवाहन, आसन, अर्घ्य, आचमन, मधुपर्क, स्नान, वस्त्रा-भरण, यज्ञोपवीत, चन्दन, पुष्प, धूप, दीप, नैवेद्य, ताम्बूल, परिक्रमा र वन्दना)।
ष्ठीवन–ना० [सं०] १. थुक्ने काम। २. थूक; राल।

CC-0. In Public Domain. Digitization by eGangotri

स

स–देवनागरी वर्ण-मालाको बत्तीसौँ व्यञ्जन-वर्ण । ऊष्म-वर्णको तेस्रो अक्षर । यसको उच्चारण दन्त-स्थानबाट हुन्छ ।

स–वि० [सं०] शब्दका अगाड़ि लागेर सहित हुनाको भाव बुझाउने शब्द । (उदा०–सकर्मक, सबल, सशक्त आदि ।)

सँग–ना० यो० [सं० सङ्ग] साथ; सित; सङ्ग ।

सँगालाइ–ना० [सँगाल्+आइ] सँगाल्ने किसिम, क्रिया वा भाव ।

सँगालिनु–अ० क्रि० [सँगाल्+इ+नु] जोगाएर राखिनु; ('सँगाल्नु'-को क० क्रि०) ।

सँगाल्नु–स० क्रि० [सं० सङ्कलन+नु] १. जोगाएर राख्नु; सञ्चय गर्नु; सङाल्नु । २. जम्मा गर्नु; सङ्कलन गर्नु; बटुल्नु ।

सगिनी–ना० [सँगी+नी] १. स्त्री साथी; सखी । २. मितिनी ।

सँगिनै–ना० [सँगिनी] लोक-गीतको एक भाका ।

सँगी–ना० [सं० सङ्गी] १. साथी; दोस्त । २. मीत; मित्र ।

सँगेटाइ–ना० [सँगेट्+आइ] सँगेट्ने किसिम, क्रिया वा भाव; सँगालाइ ।

सँगेटाइनु–स० क्रि० [सँगेटाउ+इ+नु] सँगेट्न लाइनु; ('सँगेटाउनु'-को क० क्रि०) ।

सँगेटाउनु–स० क्रि० [सँगेट्+आउ+नु] सँगेट्न लाउनु; ('सँगेट्नु'-को क० क्रि०) ।

सँगेटिनु–स० क्रि० [सँगेट्+इ+नु] छरिएका चीजहरू बटुलिनु; ('सँगेट्नु'-को क० क्रि०) ।

सँगेट्नु–स० क्रि० [सं० सङ्कलन+नु] १. फैलिएर रहेका वस्तुहरू एकत्रित गर्नु; छरिएका चीजहरू बटुल्नु; सोहोर्नु । २. सँगाल्नु; सँगेल्नु । ३. जम्मा गर्नु; सञ्चय गर्नु ।

सँगेलाइ–ना० [सँगेल्+आइ] सँगेल्ने किसिम, क्रिया वा भाव; सँगेटाइ ।

सँगेलाइनु–स० क्रि० [सँगेलाउ+इ+नु] जम्मा गर्न लाइनु; ('सँगेलाउनु'-को क० क्रि०) ।

सँगेलाउनु–स० क्रि० [सँगेल्+आउ+नु] सँगेल्न लाउनु; ('सँगेल्नु'-को प्रे० क्रि०) ।

सँगेलिनु–स० क्रि० [सँगेल्+इ+नु] जम्मा गरिनु; ('सँगेल्नु'-को क० क्रि०) ।

सँगेल्नु–स० क्रि० [सं० सङ्कलन+नु] १. जम्मा गर्नु; थुप्र्याउनु; सँगेट्नु; बटुल्नु । २. जतनसाथ राख्नु; सह्याल्नु । ३. मिलाएर राख्नु; तह लाउनु; सम्म्याउनु । ४. साँच्नु; सँगाल्नु ।

सँघार–ना० [सं० सङ्घाट] ढोका, झ्याल आदिको तल्लो भाग; ढोकाका भित्र र बाहिरको मध्य भाग; सँघार-ठेलो रहने ठाउँ; सङ्घार ।

सँघार-ठेलो–ना० [सँघार+ठेलो] ढोका, झ्याल आदिका चौकोसको तल्लो तेर्सो काठ; सँघारमा रहने तेर्सो काठ; सङ्घार-ठेलो ।

सँचाइ–ना० [साँच्+आइ] साँच्ने किसिम, क्रिया वा भाव ।

सँधाइ–ना० [साँध्+आइ] साँध्ने किसिम, क्रिया वा भाव ।

सँधाइनु–स० क्रि० [साँध्+आइ+नु] साँध्न लाइनु; ('सँधाउनु'-को क० क्रि०) ।

सँधाउनु–स० क्रि० [साँध्+आउ+नु] साँध्न लाउनु; ('साँध्नु'-को प्रे० क्रि०) ।

सँधियार–ना० [साँध+इयार] साँधको जग्गा, घर आदि चर्चने व्यक्ति; सिमाना वा साँधमा जोरिएको छिमेकी ।

सँभलाइ–ना० [सँभल्+आइ] सँभल्ने किसिम, क्रिया वा भाव ।

सँभलिनु–अ० क्रि० [सँभल्+इ+नु] १. सावधान होइनु । २. जोगिनु; ('सँभल्नु'-को भा० क्रि०) ।

सँभल्नु–अ० क्रि० [सं० सम्भार] १. सावधान हुनु । २. पतन हुनुबाट जोगिनु ।

सँभार–ना० [सं० संवार] रक्षा; हेर-विचार ।

सँभाराइ–ना० [सँभार्+आइ] सँभार्ने किसिम, क्रिया वा भाव ।

सँभारिनु–अ० क्रि० [सँभार्+इ+नु] १. सावधान हुनु; होशियार हुनु । २. बच्नु; सुरक्षित हुनु; ('सँभार्नु'-को भा० क्रि०) ।

सँभार्नु–स० क्रि० [सं० संवार] १. रक्षा गर्नु । २. सुन्दर सुसज्जित पार्नु; सिँगार्नु ।

सँभाल–ना० [सँभाल्] १. स्याहार; रक्षा । २. पालन-पोषण । ३. देख-रेख ।

सँभालाइ–ना० [सँभाल्+आइ] सँभाल्ने किसिम, क्रिया वा भाव; सह्यालाइ ।

सँभालिनु–स० क्रि० [सँभाल्+इ+नु] स्याहार गरिनु; ('सँभाल्नु'-को क० क्रि०) ।

सँभाल्नु–स० क्रि० [सं० सम्भार+नु] १. स्याहार गर्नु; सम्भार गर्नु; समाल्नु; रक्षा गर्नु । २. जोगाउनु; बचाएर राख्नु । ३. पालन-पोषण गर्नु; पाल्नु । ४. देख-रेख गर्नु । ५. बिग्रन लागेका वा खराब लतमा लाग्न लागकालाई रोक्नु । ६. कार्य-भार वहन गर्नु; उत्तरदायित्व लिनु । ७. खस्न वा लड्न लागेकालाई बचाउनु । ८. प्रबन्ध गर्नु; व्यवस्था मिलाउनु । ९. घर-गृहस्थी, सभा-संस्था आदि चलाउनु ।

सं–उप० [सं०] शब्दका अगाड़ि लागेर उत्तम, उत्तमता, उत्तम किसिमले आदिको बोध गराउने एक संस्कृत उपसर्ग । (शब्दका साथ जोरिँदा व्याकरणअनुसार यसको परिवर्तन पञ्चम वर्णको रूपमा पनि हुन्छ ।)

संज्ञा–ना० [सं०] १. होश; चेतना । २. ज्ञान; बोध । ३. बुद्धि; प्रज्ञा । ४. सङ्केत; इशारा । ५. नाउँ; नाम । ६. व्याकरणमा कुनै व्यक्ति, वस्तु, भाव, कार्य आदिको बोध गराउने शब्द; नाम । ७. सूर्यकी पत्नी ।

CC-0. In Public Domain. Digitization by eGangotri

संज्ञा-हीन–वि० [सं०] १. बेहोश; अचेत। २. नाम नभएको।

संन्यस्त–वि० [सं०] सन्न्यस्त।

संन्यास–ना० [सं०] सन्न्यास।

संन्यासी–वि० [सं०] सन्न्यासी।

संयत–वि० [सं०] १. रोकिएको; नियन्त्रित। २. बाँधिएको; बद्ध। ३. मर्यादामा रहेको। ४. दबाइएको; दमन गरिएको। ५. क्रम-बद्ध; व्यवस्थित। ६. इन्द्रियलाई वशमा राखेको; संयमी।

संयत्त–वि० [सं०] १. तयार; सन्नद्ध। २. सावधान; सतर्क।

संयम–ना० [सं०] १. रोक्ने काम; निग्रह; नियन्त्रण। २. मनका वासनालाई खराब मार्गमा जानबाट रोक्नु; इन्द्रिय-निग्रह। ३. मर्यादामा रहनु; अनुशासनको पालन गर्नु। ४. बाँध्नु वा बन्द गर्नु। ५. योग-शास्त्रअनुसार ध्यान, धारणा र समाधि। ६. धार्मिक अनुष्ठान; व्रत। ७. तप। ८. खराब काम-कुरोदेखि बचेर रहने काम।

संयमन–ना० [सं०] १. रोक्नु; निग्रह। २. बन्धन। ३. आत्म-संयम। ४. धार्मिक व्रत।

संयमित–वि० [सं०] १. रोकिएको; नियन्त्रित। २. संयममा रहेको; मर्यादामा रहेको। ३. बाँधिएको; बद्ध। ४. समातिएको। ५. धार्मिक प्रवृत्तिको। ६. एकत्र पारेको; समेटिएको।

संयमी–वि० [सं०] १. संयममा रहने; मन वा इन्द्रियलाई मर्यादामा राख्ने; आत्म-निग्रही। २. रोक्ने; नियन्त्रण गर्ने। ३. पथ-परहेज गर्ने।

संयाम–ना० [सं०] संयम।

संयुक्त–वि० [सं०] १. जोरिएको; मिलेको। २. मिसिएको; मिश्रित। ३. सम्बन्ध। ४. सहित; सम्पन्न।

संयुक्त-कुटुम्ब–ना० [सं०] संयुक्त-परिवार।

संयुक्त-परिवार–ना० [सं०] भाइ, छोरा, भतिजा आदि एका-घरमा मिलेर बसेको परिवार।

संयुक्त-राष्ट्र-सङ्घ–ना० [सं०] द्वितीय विश्व-युद्धपछि मुख्यतः विश्व-शान्ति, अनुन्नत देशहरूको उन्नति, जन-कल्याण आदिको उद्देश्य पूरा गर्न गठित, संसारका राष्ट्रहरूको सभा।

संयुक्ताक्षर–ना० [सं०] जोरे-मोरेको अक्षर; दुइ वा बढ़ी व्यञ्जन-वर्ण एउटै स्वर-वर्णमा मिलेको अक्षर।

संयुग–ना० [सं०] १. संयोग। २. युद्ध; सङ्घर्ष।

संयुत–वि० [सं०] जोरिएको; संयुक्त।

संयुज्–वि० [सं०] १. संयुक्त। २. गुणी।

संयोग–ना० [सं०] १. मिल्ने वा जोरिने काम; मेल। २. सम्पर्क; सम्बन्ध। ३. मिसौट; मिश्रण। ४. अकस्मात्को भेट। ५. प्रेमी-प्रेमिकाको मिलन। ६. स्त्री-पुरुषको समागम। ७. आकस्मिक घटना। ८. विभिन्न काम वा कुराको आकस्मिक योग। ९. समान उद्देश्यका निमित्त दुइ राष्ट्रमा हुने सन्धि।

संयोग-शृङ्गार–ना० [सं०] अनुकूल नायक-नायिकाको परस्पर दर्शन, स्पर्श, भेट आदिका कथाहरूको उल्लेख गरिने शृङ्गार-रसको एक भेद; नायक र नायिकाका बीच मधुर मिलन भएको वर्णन गरिएको, शृङ्गार-रसको एक भेद; सम्भोग-शृङ्गार।

संयोगी–वि० [सं०] १. मिलेको; संयोग भएको। २. सम्पर्क भएको; सम्बन्धित। ३. आफ्नी प्रियतमासित रहेको। ४. विवाहित।

संयोजक–वि० [सं०] १. दुइ वा धेरै वस्तुहरूलाई एक साथमा जोर्ने; मिलाउने। २. शब्द वा वाक्यहरूलाई जोर्ने (शब्द)। (उदा०–र, कि, वा आदि।) ३. कुनै सभा, समिति आदिको प्रबन्ध गर्ने; आयोजक।

संयोजक-चिह्न–ना० [सं०] संयोजन-चिह्न।

संयोजन–ना० [सं०] १. जोर्ने वा मिलाउने काम। २. मैथुन। ३. आयोजन; प्रबन्ध।

संयोजन-चिह्न–ना० [सं०] दुइ वा बढ़ी अक्षर वा शब्दलाई जोरिएको भनी जनाउने एक चिह्न (-)।

संयोजनीय–ना० [सं०] मिलाउन वा जोर्न लायक; संयोज्य।

संयोजित–वि० [सं०] १. जोरिएको; मिलाइएको। २. प्रबन्ध गरिएको; आयोजित।

संयोज्य–वि० [सं०] संयोजनीय।

संरक्त–वि० [सं०] १. रङ्गीन। २. रातो। ३. अनुराग-युक्त। ४. रिसाएको। ५. मुग्ध। ६. सुन्दर।

संरक्षक–वि० [सं०] १. रक्षा गर्ने; बचाउ गर्ने। २. देख-रेख गर्ने; हेर-विचार गर्ने। ३. पालन-पोषण गर्ने। ४. आश्रय दिने। (ना०) ५. असमर्थ व्यक्तिको परिपालन गर्ने व्यक्ति; अभिभावक। ६. रखवाला। ७. केटा-केटीको हेर-विचार गर्ने व्यक्ति; ददा; धरालो।

संरक्षण–ना० [सं०] १. बचाउ गर्नु; रक्षा गर्नु। २. आफ्ना आश्रयमा राखेर पालन-पोषण गर्नु; हुर्काउनु। ३. रेख-देख; हेर-विचार। ४. प्रतिबन्ध।

संरक्षणीय–वि० [सं०] १. संरक्षण गर्न योग्य। २. देख-रेख गर्नुपर्ने। ३. जोगाउन लायक।

संरक्षित–वि० [सं०] १. रक्षा गरिएको; सुरक्षित। २. रेख-देख गरिएको। ३. जोगाइएको।

संरक्षी–वि० [सं०] रक्षा गर्ने; संरक्षक।

संरक्ष्य–वि० [सं०] संरक्षण गर्न योग्य; संरक्षणीय।

संलग्न–वि० [सं०] १. टाँसिएको; जोरिएको। २. जोल्टिएको; सम्बद्ध। ३. कुनै काममा लागेको; लीन भएको।

संलाप–ना० [सं०] १. कुराकानी; वार्तालाप। २. गुप्त कुराकानी।

संलापक–ना० [सं०] १. गुप्त कुराकानी। २. साहित्यमा शृङ्गार र करुण रसबाहेक अरू रस हुने, तीन वा चार अङ्कको, पाखण्डी नायक हुने एक उपरूपक। (वि०) ३. कुराकानी गर्ने; संलाप गर्ने।

संलापित–वि० [सं०] कुराकानी गरिएको; बात-चीत

CC-0. In Public Domain. Digitization by eGangotri

गरिएको।

संलापी–वि० [सं०] कुराकानी गर्ने; संलापक।

संलाप्य–वि० [सं०] कुराकानी गर्न योग्य; संलाप गर्न योग्य।

संशोभन–ना० [सं०] प्रलोभन।

संवत्–ना० [सं०] १. साल; वर्ष; संवत्सर। २. कुनै विशिष्ट व्यक्ति वा कुनै विशेष समयदेखि आरम्भ भएको वर्ष-गणना (विक्रम, नेपाल, शक, ईसवी आदि)। ३. विक्रम-संवत्सर।

संवत्सर–ना० [सं०] १. साल; वर्ष; संवत्।(साठी संवत्सर यी हुन्—प्रभव, विभव, शुक्र, प्रमोद, प्राजापत्य, अङ्गिरस, श्रीमुख, भाव, युवा, धाता, ईश्वर, बहुधान्य, प्रमाथी, विक्रम, वृष, चित्रभानु, स्वर्भानु, दारुण, पार्थिव, व्यय, वर्षण, सर्वजित्, सर्वधारी, मानुष, विरोधी, विकृत, खर, नन्दन, विजय, जय, मन्मथ, दुर्मुख, हेमलम्ब, विलम्ब, विकारी, सर्वरी, जव, सुभिक्ष, शोभन, क्रोध, विश्वावसु, पराभव, प्लवङ्ग, कालिक, सौम्य, साधारण, अहिछत्र, परिवारी, प्रमाथी, आनन्द, राक्षस, अनल, पिङ्गल, सिद्धार्थ, रौद्र, दुर्मति, दुन्दुभी, रक्त, क्रोध र क्षय।) २. विक्रम-संवत्।

संवर–ना० [सं०] १. जल। २. गोपनीयता। ३. सहनशीलता। ४. आत्म-संयम। ५. छोप्ने साधन; बिर्को। ६. बोध; ज्ञान। ७. साँभर मृग। ८. रोजाइ। ९. पुल। १०. पुराण-प्रसिद्ध एक दैत्य।

संवरण–ना० [सं०] १. रोज्नु; मन-पराउनु। २. विवाहका निमित्त वर रोज्नु; वरण गर्नु। ३. ढाक्नु; छोप्नु। ४. छेक्नु; रोक्नु। ५. लुकाउनु; छिपाउनु। ६. छोप्ने वस्तु; आवरण। ७. रोक्नु; निग्रह गर्नु। ८. महाभारत-प्रसिद्ध एक राजा। (सूर्यकी छोरी तपतीसित यिनको विवाह भएको थियो।)

संवरणीय–वि० [सं०] १. ढाक्न योग्य; छोप्न योग्य। २. छेक्न योग्य; रोक्न लायक। ३. विवाहका निमित्त पति रोज्ने लायक; संवरण गर्न योग्य। ४. रोज्न लायक।

संवर्द्धक–वि० [सं०] १. बढ़ाउने; वृद्धि गर्ने। २. पालन-पोषण गर्ने।

संवर्द्धन–ना० [सं०] १. राम्ररी वृद्धि हुनु; बढ्नु। २. पालन-पोषण गर्नु। ३. बढ़ाउनु।

संवर्द्धनीय–वि० [सं०] १. राम्ररी बढ़ाउन योग्य। २. पालन-पोषण गर्न लायक।

संवर्द्धित–वि० [सं०] १. राम्ररी बढ़ाइएको; वृद्धि गरिएको। २. पालन-पोषण गरिएको।

संवर्धक–वि० [सं०] संवर्द्धक।

संवर्धन–ना० [सं०] संवर्द्धन।

संवर्धनी–ना० [सं०] बढ़ार्ने साधन; कूचो।

संवर्धनीय–ना० [सं०] संवर्द्धनीय।

संवर्धित–वि० [सं०] संवर्द्धित।

संवल–ना० [सं०] सम्बल।

संवलित–वि० [सं०] १. मिलेको; जोरिएको; संयुक्त। २. मिसिएको; मिश्रित। ३. बेह्रिएको; परिवेष्ठित।

संवह–ना० [सं०] वायु।

संवाद–ना० [सं०] १. कुराकानी; कथोपकथन; वार्तालाप। २. बहस; वाद-विवाद; तर्क। ३. खबर; समाचार; सन्देश। ४. स्वीकृति; सहमति।

संवादक–ना० [सं०] १. कुराकानी गर्ने; वार्तालाप गर्ने। २. खबर पठाउने; समाचार पुऱ्याउने।

संवाद-दाता–ना० [सं०] संवाद वा समाचार दिने वा पठाउने व्यक्ति।

संवादी–वि० [सं०] १. कुराकानी गर्ने। २. सहमत हुने। ३. सदृश; समान। (ना०) ४. सङ्गीतमा वादी स्वरको श्रुति-माधुर्य बढ़ाउने स्वर।

संवार–ना० [सं०] १. ढाक्नु; छोप्नु। २. रक्षा गर्नु; बचाउ गर्नु। ३. व्याकरणमा, घाँटी केही कुञ्चित पारेर शब्द उच्चारण हुने एक बाह्य प्रयत्न।

संवारण–ना० [सं०] १. रोक्नु; छेक्नु। २. ढाक्नु; छोप्नु।

संवास–ना० [सं०] १. सहवास गर्नु। २. सार्वजनिक निवास-स्थान। ३. घर; गृह। ४. मैथुन। ५. सुगन्ध।

संवासित–वि० [सं०] सुगन्धित पारिएको; बास्ना आउने तुल्याइएको।

संविद्–ना० [सं०] १. चेतना; ज्ञान-शक्ति। २. बोध; ज्ञान। ३. समझ; बुद्धि। ४. अनुभूति। ५. हाल; वृत्तान्त। ६. नाम; संज्ञा। ७. सम्पत्ति। ८. लड़ाईं; युद्ध। ९. राती पालो बस्ने प्रहरीहरूको साङ्केतिक शब्द; प्यारोल। १०. विश्वास। ११. प्रतिज्ञा। १२. स्वीकृति। १३. प्रचलन; पद्धति। १४. सङ्केत; इशारा। १५. तुष्टि। १६. सहानुभूति। १७. ध्यान। १८. वार्तालाप। १९. भाङ।

संविद–वि० [सं०] चेतना-युक्त; सचेत; संविद्-युक्त।

संविदा–ना० [सं०] सम्झौता; सन्धि।

संविदा-पत्र–ना० [सं०] कुनै संविदा वा सम्झौताका शर्तहरू लेखिएको पत्र।

संविधा–ना० [सं०] १. व्यवस्था; आयोजन; प्रबन्ध। २. जीवन-यापनको ढङ्ग। ३. विधान। ४. अभिनय।

संविधान–ना० [सं०] १. व्यवस्था; प्रबन्ध। २. योजना; बन्दोबस्त। ३. राज्य, राष्ट्र, कुनै विशेष संस्था आदिको सङ्गठन, सञ्चालन र व्यवस्था गर्ने नियमहरू लेखिएको मूल ऐन वा विधान। ४. युक्ति; तरीका। ५. कथा-वस्तुमा घटनाहरूको व्यवस्था मिलाउने काम।

संविधानक–ना० [सं०] १. जीवन-यापनको विशेष ढङ्ग। २. नाटकको कथा-वस्तु। ३. कुनै विचित्र कार्य। ४. असाधारण घटना।

संविधान परिषद्–ना० [सं०] कुनै देश, विशेष प्रकारको संस्था,

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्र आदिको संविधान बनाउनका निमित्त गठन गरिएको परिषद्; संविधान बनाउने सभा।

संविधानवाद–ना० [सं०] संविधानलाई नै सर्व-प्रधान मान्ने एक राजनीतिक सिद्धान्त।

संविधानवादी–वि० [सं०] संविधानवादको अनुयायी।

संविधान-सभा–ना० [सं०] संविधान-परिषद्।

संवृत–वि० [सं०] १. ढाकिएको; छोपिएको। २. लुकेको; छिपेको। ३. बचाउ गरिएको; रक्षित।

संवृत्त–वि० [सं०] १. भएको; घटित। २. परिपूर्ण। ३. एकत्रित। ४. व्यतीत। ५. छोपिएको। (ना०) ६. वरुण।

संवृद्ध–वि० [सं०] पूर्ण रूपले बढ़ेको वा विकसित भएको।

संवृद्धि–ना० [सं०] १. बढ़िवढ़ाउ; राम्रो वृद्धि; समृद्धि। २. शक्ति; सामर्थ्य।

संवेग–ना० [सं०] १. तीव्र उत्तेजना; आवेग। २. प्रचण्डता; उग्रता। ३. तीव्र वेग; शीघ्रता।

संवेद–ना० [सं०] अनुभव; ज्ञान।

संवेदन–ना० [सं०] १. ज्ञान। २. अनुभूति। ३. प्रतीति; बोध। ४. सूचित गर्नु; प्रकट गर्नु।

संवेदना–ना० [सं०] संवेदन।

संवैधानिक–वि० [सं०] संविधान-सम्बन्धी।

संशय–ना० [सं०] १. शङ्का; सन्देह। २. दोधार; द्विविधा। ३. डर; भय। ४. सङ्कट। ५. सम्भावना। ६. सुत्न वा आराम गर्न लेट्नु; पल्टनु।

संशयात्मक–वि० [सं०] संशय भएको; शङ्का लागेको; सन्दिग्ध।

संशयात्मा–वि० [सं०] १. शङ्का गर्ने; शङ्कालु; शंशयी। २. विश्वास नगर्ने; अविश्वासी। ३. द्विविधामा परेको।

संशयालु–वि० [सं०] १. संशय-युक्त। २. संशय-शील।

संशयिक–वि० [सं०] प्रत्येक कुरामा शङ्का गर्ने; शङ्कालु; संशयात्मा।

संशयी–वि० [सं०] संशयिक; संशयात्मा।

संशुद्ध–वि० [सं०] १. राम्ररी संशोधन गरिएको; विशुद्ध पारिएको। २. प्रायश्चित्त गरिएको; शुद्धि गरिएको।

संशुद्धि–ना० [सं०] पूर्ण रूपले शुद्ध पार्ने काम।

संशोधक–वि० [सं०] १. शुद्ध गर्ने। २. संस्कार गर्ने। ३. त्रुटि सच्याउने; भूल सुधार्ने। ४. ऋण तिर्ने। (ना०) ५. संशोधन गर्ने व्यक्ति; प्रस्तावहरूमा सुझाउ वा संशोधन पेश गर्ने व्यक्ति।

संशोधन–ना० [सं०] १. शुद्ध पार्ने काम; चोख्याउने काम। २. संस्कार गर्नु। ३. प्रायश्चित्त गर्नु। ४. परिष्कार गर्नु। ५. भूल, दोष आदि सुधार्नु; सच्याउनु। ६. ऋण तिर्नु। ७. प्रस्तावहरूमा घटी-बढ़ी गर्ने वा कुनै किसिमको सुधार गर्ने सुझाव वा कार्य।

संशोधनीय–वि० [सं०] संशोधन गर्न लायक; सच्याउनुपर्ने।

संशोधित–वि० [सं०] संशोधन गरिएको; सुधार गरिएको।

संश्रय–ना० [सं०] १. आश्रय; सहारा। २. सम्बन्ध; सम्पर्क। ३. मेल; संयोग। ४. विश्राम-स्थान। ५. पारस्परिक सहायताको सन्धि।

संश्रित–वि० [सं०] १. आश्रयमा रहेको; आश्रित। २. मिलेको वा जोरिएको; संयुक्त। ३. कुनै स्थानमा बसेको।

संश्लिष्ट–वि० [सं०] १. खूबसित टाँसिएको; राम्ररी जोरिएको। २. अङ्कमाल गरेको; आलिङ्गित। ३. नजीकको; समीपस्थ।

संश्लेष–ना० [सं०] १. आलिङ्गन। २. मिलन; मेल। ३. सम्बन्ध। ४. संयोग। ५. सन्धि।

संश्लेषण–ना० [सं०] १. राम्ररी जोर्नु; टाँस्नु। २. मिलाउनु; सँगै राख्नु। ३. बाँध्ने वा जोर्ने साधन।

संसक्त–वि० [सं०] १. राम्ररी जोरिएको; मिलेको; सम्बद्ध। २. प्रवृत्त; संलग्न। ३. अनुरक्त; आसक्त।

संसक्ति–ना० [सं०] १. धेरै विषय वा वस्तुहरू एकसाथ मिल्ने काम; जोरिने क्रिया। २. घनिष्ठ सम्बन्ध। ३. आसक्ति; अनुराग। ४. तन्मयता। ५. प्रवृत्ति।

संसद्–ना० [सं०] १. सभा; समिति। २. न्यायालय। ३. राज्य वा राष्ट्रको व्यवस्था मिलाउनाका निमित्त गठित जनताका प्रतिनिधिहरूको सभा; प्रतिनिधि-सभा र महासभाको एकीकृत नाम; पार्लियामेन्ट।

संसदीय–वि० [सं०] १. संसद्को; संसद्-सम्बन्धी। २. संसद्लाई सुहाउने; संसद्को अनुकूल।

संसरण–ना० [सं०] १. हिँड्ने क्रिया; गमन। २. संसार; जगत्। ३. जन्म र पुनर्जन्म। ४. बाटो; मार्ग।

संसर्ग–ना० [सं०] १. साथमा रहेर भएको सम्बन्ध; सहवासको सम्पर्क। २. सहवास; बसाउठी। ३. संयोग; मेल। ४. मैथुन। ५. दुइ रेखाले परस्परमा काटेको ठाउँ वा बिन्दु। ६. छुवाछूत; लसपस।

संसर्ग-दोष–ना० [सं०] खराब मानिसका संसर्गबाट हुने खराब परिणाम।

संसर्गी–वि० [सं०] १. साथमा रहने; सहवास गर्ने। २. नजीक रहेको; समीपस्थ। ३. जोरिएको; सम्बद्ध। (ना०) ४. साथी; सँगी।

संसर्जन–ना० [सं०] १. संयोग। २. त्याग। ३. वैराग्य। ४. वर्जन; रहित हुनु।

संसाद–ना० [सं०] १. गोष्ठी; सभा। २. भीड़।

संसार–ना० [सं०] १. जगत्; भुवन; विश्व। २. मर्त्य-लोक। ३. दुनियाँ; जनता; प्रजा। ४. लौकिक प्रपञ्च; सांसारिक जीवन। ५. वार-वार जन्म ग्रहण गर्ने परम्परा; भव-चक्र। ६. माया-जाल।

संसार-यात्रा–ना० [सं०] १. जीवन-यापन; जीवन-निर्वाह। २. जीवन; जिन्दगी।

संसारी–वि० [सं०] १. संसार-सम्बन्धी; लौकिक। २. संसारमा आवागमन गर्ने; वार-वार जन्म लिने। ३.

CC-0. In Public Domain. Digitization by eGangotri

व्यवहार-कुशल। (ना०) ४. जीव-धारी; प्राणी। ५. जीवात्मा। ६. सांसारिक प्रपञ्चमा रहेको व्यक्ति।

संसक्ति–ना० [सं०] १. आसक्ति; आकर्षण। २. घनिष्ठ सम्बन्ध।

संसृति–ना० [सं०] १. वार-वार जन्म-मरण हुने काम; आवागमन। २. संसार; जगत्। ३. धारा; प्रवाह।

संसृष्ट–वि० [सं०] १. साथमा जन्मेको; सह-जात। २. मिलेको; संयुक्त। ३. अन्तर्भूत; सम्मिलित।

संसृष्टि–ना० [सं०] १. साथमै भएको उत्पत्ति वा जन्म। २. संयोग; मेल। ३. मिश्रण; मिलावट। ४. निर्माण; रचना। ५. सह-वास। ६. एउटै वाक्यमा दुइ वा बढ्ता अलङ्कारहरू भिन्न-भिन्न देखिने गरी आउँदा पर्ने एक काव्यालङ्कार।

संसेवन–ना० [सं०] १. राम्ररी सेवा गर्ने काम। २. व्यवहारमा ल्याउनु; राम्ररी उपयोग गर्नु। ३. घनिष्ठ सम्पर्क राख्नु।

संसेवित–वि० [सं०] १. राम्ररी सेवा गरिएको; सेवित। २. राम्रो ढङ्गले व्यवहारमा ल्याइएको; पूर्ण उपयोग गरिएको। ३. प्रगाढ सम्पर्क राखिएको।

संस्करण–ना० [सं०] १. तयार गर्नु; ठीक पार्नु। २. सिलसिला मिलाउनु; क्रम-बद्ध पार्नु। ३. शुद्ध गर्नु; परिष्कृत पार्नु। ४. पुस्तक-पुस्तिका आदिको एक पटकको मुद्रण; आवृत्ति।

संस्कर्ता–वि० [सं०] १. संस्कार गर्ने; परिष्कृत पार्ने। २. पकाउने व्यक्ति; भान्छे।

संस्कार–ना० [सं०] १. दोष, अवगुण आदि हटाएर ठीक पार्ने काम; सुधार। २. मरम्मत; जीर्णोद्धार। ३. पवित्र पार्ने काम; शुद्धि। ४. मन, वचन, विचार, आचार आदि सुधार्ने काम; परिष्कार। ५. भाँडा माझ्ने, काम। ६. खाने-कुरो पकाउने काम। ७. तयार पार्नु; दुरुस्त पार्नु। ८. स्मरण-शक्ति; धारणा। ९. पूर्व-जन्म, कुल-मर्यादा, सङ्गति, शिक्षा आदिबाट मानिसमा पर्ने प्रभाव। १०. धर्म-शास्त्रअनुसार द्वि-जातिका सोह्र कृत्य (गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जात-कर्म, नाम-कर्म, निष्क्रमण, अन्न-प्राशन, कर्ण-वेध, विद्यारम्भ, चूडा-कर्म, केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्येष्टि)। ११. दाह-संस्कार; अन्त्येष्टि कर्म।

संस्कारी–ना० [सं०] १. संस्कार गर्ने व्यक्ति। २. सबै संस्कार-ले युक्त व्यक्ति। (वि०) ३. संस्कार गर्ने। ४. संस्कार-पूर्वकको।

संस्कृत–वि० [सं०] १. संस्कार गरिएको; परिष्कृत; परि-मार्जित; संशोधित। २. शुद्ध गरिएको; सुद्धचाइएको। ३. पकाएर तयार गरिएको (भोजन)। ४. सजाइएको; अलङ्कृत। ५. विवाहित। (ना०) ६. आर्यहरूको प्राचीन साहित्यिक भाषा; देव-वाणी। ७. व्याकरण-अनुसार शुद्ध तुल्याइएको शब्द।

संस्कृति–ना० [सं०] १. शुद्ध गर्ने काम; शुद्धि। २. संस्कार; सुधार। ३. कुनै राष्ट्र वा जातिको परम्परागत आचार, विचार, कला-कौशल, बौद्धिक विकास आदिको परिष्कृत रूप; धेरै लामो समयसम्म कुनै राष्ट्र वा जातिले आफूमा पचाइसकेको रहन-सहन, आचार-विचार आदि-सम्बन्धी मान्यता, भावना र त्यसका भौतिक अभिव्यक्तिहरूको समूह।

संस्था–ना० [सं०] १. रहने काम; बसाइ। २. समूह; समुदाय। ३. कुनै धार्मिक, सामाजिक, राजनीतिक वा अन्य लोकोपकारक उद्देश्यले सङ्घटित सरकारी वा गैरसरकारी सार्वजनिक सभा; सङ्घ। ४. कुनै कार्यालय, विभाग आदिमा काम गर्ने व्यक्तिहरूको समुदाय।

संस्थान–ना० [सं०] १. बस्ने काम; रहने काम; स्थिति। २. बसाउनु; स्थापना। ३. सत्ता; अस्तित्व। ४. सार्वजनिक स्थान। ५. साहित्य, विज्ञान, कला आदिको उन्नतिका निमित्त स्थापना गरिएको संस्था। ६. समूह। ७. आकृति। ८. निर्माण; रचना। ९. दोबाटो। १०. चिह्न।

संस्थापक–ना० [सं०] १. कुनै सभा, संस्था आदिको स्थापना गर्ने व्यक्ति। २. मन्दिर, औषधालय आदि बनाउने वा खोल्ने व्यक्ति। ३. मत, सम्प्रदाय आदिको प्रवर्तक।

संस्थापन–ना० [सं०] १. राम्ररी बसाल्नु; स्थापित गर्नु। २. सभा, संस्था आदिको निर्माण गर्नु; स्थापना। ३. नयाँ मत, सम्प्रदाय आदि चलाउनु।

संस्थापना–ना० [सं०] १. रोक्नु; नियन्त्रित गर्नु। २. शान्त गर्ने साधन।

संस्थापनीय–वि० [सं०] संस्थापन गर्न योग्य।

संस्थापित–वि० [सं०] संस्थापन गरिएको; स्थापित।

संस्थाप्य–वि० [सं०] संस्थापन गर्न योग्य; संस्थापनीय।

संस्थित–वि० [सं०] १. ठड़िएको; खड़ा। २. छिमेकको। ३. एकत्रित। ४. राम्ररी जमेको। ५. दृढतासाथ बसेको। ६. स्थिर; अचल।

संस्मरण–ना० [सं०] १. सम्झने काम; सम्झना; स्मरण। २. वार-वार नाम लिनु; जप्नु। ३. कुनै प्रसङ्गको सम्झना गर्ने वा गराउने कुनै काम वा वस्तु।

संस्मरणीय–वि० [सं०] १. सम्झन योग्य; स्मरणीय। २. नाम लिन योग्य। ३. महत्त्वपूर्ण।

संस्मृत–वि० [सं०] सम्झिएको; याद गरिएको।

संस्मृति–ना० [सं०] पूर्ण स्मृति।

संहत–वि० [सं०] १. राम्ररी जोरिएको; टाँसिएको; संयुक्त। २. साथमा रहेको।

संहति–ना० [सं०] १. दुइ वा धेरै वस्तु एकसाथ मिल्ने काम; मेल। २. जम्मा हुने काम; एकत्र हुने काम। ३. थुप्रो; राशि।

संहरण–ना० [सं०] १. बटुल्नु। २. पक्रनु। ३. सङ्कुचित पार्नु। ४. नाश। ५. प्रलय।

संहार–ना० [सं०] १. नाश; ध्वंस। २. काट-मार। ३. प्रलय।

CC-0. In Public Domain. Digitization by eGangotri

४. एकत्र गर्ने काम। ५. सार; निचोर।

संहारक—वि० [सं०] १. संहार वा नाश गर्ने; ध्वंसक। २. मार-काट गर्ने; वधिक। ३. एकत्र पार्ने। ४. समाप्त गर्ने; सिद्ध्याउने।

संहार-कर्ता—वि० [सं०] संहारक।

संहार्य—वि० [सं०] १. संहार गर्न सकिने। २. संहार गर्न योग्य।

संहित—वि० [सं०] १. जम्मा गरिएको; एकत्रित। २. मिलाइएको; जोरिएको; संयुक्त।

संहिता—ना० [सं०] १. मिल्ने वा जोरिने क्रिया; मेल; संयोग। २. व्याकरणमा दुइ वा अधिक शब्द जोरिने काम; सन्धि। ३. सङ्ग्रह; सङ्कलन। ४. सिलसिला मिलाएर एकत्रित पारिएको गद्य-लेखहरूको सङ्ग्रह। ५. मनु आदिले रचेका धर्म-ग्रन्थ। ६. वेदको मन्त्र-भाग।

सइन—ना० [अं० साइनस] बिग्रेर भित्रसम्म गड़ेको घाउ; सधैँ पाकिरहने एक किसिमको असाध्य घाउ; सैन।

सईस—ना० [फा०] घोड़ाको रेख-देख गर्ने नोकर; चिरुवादार।

सक—ना० [सक्+अ] शक्ति; सामर्थ्य; बल; ताकत।

सकर्मक—वि० [सं०] व्याकरणअनुसार कर्म भएको (क्रिया)।

सकर्मक-क्रिया—ना० [सं०] व्याकरणअनुसार कर्ममा काम निर्भर रहने क्रिया।

सकल—वि० [सं०] १. सबै; समस्त; सम्पूर्ण। २. अवयव वा अङ्गहरूले युक्त।

सकल—ना० [अ० शक्ल] १. मुखको आकार; आकृति। २. चेहरा; स्वरूप। ३. बनोट; ढाँचा।

सकल—ना० [स० अस्ल] मूल प्रति; गुरु-कापी; मुख्य कागत-पत्र; सक्कल।

सकली—वि० [सकल+ई] १. नकली नभएको; सच्चा; सक्कली २. असल; उम्दा। ३. मिसावट नभएको; शुद्ध; चोखो।

सकस—ना० [फा० सख्ती] १. सासना; शास्ति। २. कठिनाइ; तकलीफ।

सकस—ना० [अ० शख्स] १. आँटिलो मानिस; साहसी व्यक्ति। २. विशिष्ट व्यक्ति। ३. व्यक्ति; मानिस।

सकसक—ना० [नें०] सगसग।

सकसकाइ—ना० [सकसकाउ+आइ] सकसकाउने किसिम, क्रिया वा भाव; सगसगाइ।

सकसकाइनु—अ० क्रि० [सकसकाउ+इ+नु] सगसगाइनु; ('सकसकाउनु'-को भा० क्रि०)।

सकसकाउनु—अ० क्रि० [सकसक+आउ+नु] सगसगाउनु।

सकसकी—ना० [सकसक+ई] सगसगी।

सकसके—वि० [सकसक+ए] सगसगे।

सकाइ—ना० [सक्+आइ] सक्ने किसिम, क्रिया वा भाव।

सकाइनु—स० क्रि० [सकाउ+इ+नु] सक्न लाइनु; ('सकाउनु'-को क० क्रि०)।

सकाउनु—स० क्रि० [सक्+आउ+नु] सक्न लाउनु; ('सक्नु'-को प्रे० क्रि०)।

सकाम—वि० [सं०] १. कामना भएको; वासना-युक्त। २. कामुक; विषयी। ३. फलको इच्छा गर्ने। ४. कार्य सिद्ध भएको।

सकार—ना० [सं०] 'स'-अक्षर।

सकार—ना० [सं० स्वीकार] १. मन्जूरी। २. कबूल; प्रतिज्ञा।

सकारनामा—ना० [सकार+नामा (फा०)] कुनै कुरो वा शर्त स्वीकार गरेको प्रमाणस्वरूप लेखिएको पत्र; मन्जूर-नामा।

सकाराइ—ना० [सकार्+आइ] सकार्ने किसिम, क्रिया वा भाव।

सकाराइनु—स० क्रि० [सकाराउ+इ+नु] सकार्न लाइनु; ('सकाराउनु'-को क० क्रि०)।

सकाराउनु—स० क्रि० [सकार्+आउ+नु] सकार्न लाउनु; सकार गराउनु; ('सकार्नु'-को प्रे० क्रि०)।

सकारात्मक—वि० [सकार+आत्मक (सं०)] १. मन्जूरी जनाउने; स्वीकृति-सूचक। २. कुनै पक्ष वा विचारको अनुमोदन वा समर्थन गर्ने; रचनात्मक।

सकारिनु—स० क्रि० [सकार्+इ+नु] सकार गरिनु; ('सकार्नु'-को क० क्रि०)।

सकार्नु—स० क्रि० [सकार+नु] १. सकार गर्नु; स्वीकार गर्नु; मन्जूर गर्नु। २. कुनै काम आफ्ना जिम्मामा लिनु; सँभाल्नु। ३. शर्त, प्रस्ताव आदि मान्नु; कबूल गर्नु।

सकाल—क्रि० यो० [सं०] १. एका-बिहानै; सखार; सबेर।

सकिनु—स० क्रि० [सक्+इ+नु] कुनै काम गर्न योग्य होइनु; ('सक्नु'-को क० क्रि०)।

सकुल्य—वि० [सं०] १. एउटै गोत्रको; सगोत्री। २. एकै कुलको।

सकृत्—क्रि० यो० [सं०] १. एक चोटि; एक पटक। २. तुरुन्त; तत्काल। ३. साथ-साथ; सँग-सँगै।

सके—संयो० [सक्+ए] सम्भावना बुझाउने शब्द; शायद; सम्भवतः; कदाचित्। (उदा०—सके म आइपुगुँला, नत्र यो काम गर्दै गर्नू।)

सक्कल—ना० [अ० अस्ल] सकल।

सक्कली—वि० [सक्कल+ई] सकली।

सक्कली-ढाका—ना० [सक्कली+ढाका] एक विशेष प्रकारले बुनेको रङ्गी-चङ्गी धागाले बुट्टा बुनेको एक प्रकारको असल जातको कपड़ा।

सक्खर—ना० [प्रा० सक्करा] सखर।

सक्खर-खण्ड—ना० [सक्खर+खण्ड (सं०)] सखर-खण्ड।

सक्खर-पाला—ना० [शकर-पाला] शकर-पाला।

सक्खरसाला—ना० [सखरसाला] सखरसाला।

सक्त—वि० [सं०] मिलेको; टाँसिएको।

सक्ति—ना० [सं०] १. साथ। २. आसक्ति। ३. संयोग।

सक्तु—ना० [सं०] सातू।

सक्तुक—ना० [सं०] छ-सात कुना परेका ठूला पात, नीला फूल र फुस्रो ठूलो कन्द हुने, हिमालयका लेकमा पाइने एक

CC-0. In Public Domain. Digitization by eGangotri

जातको विष-बूटी।

सक्नु–स० क्रि० [सं० शक्] १. कुनै काम गर्न योग्य हुनु; समर्थ हुनु। २. कुनै काम सिद्ध्याउनु; समाप्त गर्नु। ३. खर्च वा उपभोग गरी सिद्ध्याउनु। ४. सम्भव हुनु; सम्भावना हुनु। ५. नाश गर्नु।

सक्रिय–वि० [सं०] १. क्रिया वा काम भएको। २. क्रियात्मक रूपको; कामसहितको। ३. फूर्तिलो; जाँगरिलो। ४. तत्पर; सजग।

सक्रियता–ना० [सं०] सक्रिय हुनाको भाव; क्रिया-युक्तता।

सक्षम–वि० [सं०] १. क्षमता भएको; समर्थवान्। २. क्षमाशील।

सक्षमता–ना० [सं०] सक्षम हुनाको भाव; सामर्थ्य।

सखर–ना० [प्रा० सक्करा] ऊखुको रस पकाएर तयार गरिने गुलियो पदार्थ; संस्कार नगरेको चीनी; सक्खर।

सखर-खण्ड–ना० [सुखर+खण्ड (सं०)] १. पानका आकारका पात, सेता फूल, खैरो वा रातो गुलियो कन्द हुने एक जातको लहरो। २. त्यसैको कन्द; एक जातको सुठनी।

सखरसाला–ना० [सखर+शलाका (सं०)] सखर पकाएर बनाइएको, झीरका आकारको खाद्य पदार्थ।

सखल्ल–वि० [खुलस्त] १. खुलस्त; स्पष्ट। (ना०) २. स्पष्टवक्ता।

सखा–ना० [सं०] १. साथी; सँगी। २. मीत; मित्र। ३. सहयोगी। ४. साहित्यमा नायकको साथी (पीठमर्द, विट, चेट र विदूषक)।

सखाप–ना० [सं० स+क्षेप] भएभरका सबै वस्तुको विनाश; सत्यानाश; बरबादी।

सखार–क्रि० यो० [सं० सकाल] १. विहान सबेरै; सबेर; झिसमिसे। (ना०) २. प्रातःकाल।

सखी–ना० [सं०] १. सँगिनी; साथी। २. सहेली; सहचरी।

सखी-भाव–ना० [सं०] आफूलाई उपास्य देवकी सखी वा प्रेमिका मान्ने वा सम्झने भक्तिको एक भाव।

सखी-सम्प्रदाय–ना० [सं०] भक्तहरूले आफूलाई उपास्य देवकी सखी वा प्रेमिका मान्ने वैष्णवहरूको एक मत।

सखुवा–ना० [सं० शाक] १. शाक वृक्ष। २. त्यसैको काठ।

सख्त–वि० [अ० सख्त] १. कड़ा; कठोर। २. दृढ; मजबूत। ३. मुश्किल; कठिन। ४. सिकिस्त; ज्यादा; साह्रो (बिरामी)।

सख्ती–ना० [सख्त+ई] कड़ापन; कठोरता; कड़ाइ।

सख्य–ना० [सं०] १. सखाको भाव। २. मित्रता; दोस्ती। ३. ईश्वरलाई सखा वा मित्र मानेर उपासना गर्ने वैष्णव भक्तको भावना।

सगण–ना० [सं०] छन्द-शास्त्रअनुसार क्रमशः दुइ लघु र एक गुरु हुने, तीन अक्षरको गण (।।ऽ)।

सगबग–क्रि० यो० [ने०] गँड्यौलो, सर्प आदि घस्रेर हिँड्ने प्राणी चलमलाउने किसिम; सगसग।

सगबगाइ–ना० [सगबग+आइ] सगबगाउने किसिम, क्रिया वा भाव।

सगबगाइनु–अ० क्रि० [सगबगाउ+इ+नु] सगसगाइनु; ('सगबगाउनु'-को भा० क्रि०)।

सगबगाउनु–अ० क्रि० [सगबग+आउ+नु] घस्रेर हिँड्ने कीराहरू चल्नु; चलमलाउनु; सगसगाउनु।

सगबगाहट–ना० [सगबगाउ+आहट] सगबगाउने किसिम, क्रिया वा भाव।

सगबगी–क्रि० यो० [सगबग+ई] सगबग।

सगवान–ना० [सं० शाक] १. ठूला-ठूला पात र गोल फूल फुल्ने एक जातको वृक्ष; एक जातको शाल। २. त्यसैको फूल।

सगर–ना० [सं० स्वर्ग] १. आकाश। २. स्वर्ग।

सगर–ना० [सं०] १. पुराण-प्रसिद्ध एक सूर्य-वंशी राजा। (वि०) २. विष-युक्त।

सगर-माथा–ना० [सगर+माथ] नेपालको पूर्व-तीन (३)-नम्बर जिल्लामा पर्ने एक प्रसिद्ध पर्वत। (यसको उँचाइ २९ हजार फीटभन्दा बढ़ी छ। यो संसारको सर्वोच्च शिखर हो।)

सगलिर–क्रि० यो० [सकल+तिर] सबैतिर; सर्वत्र।

सगसग–ना० [ने०] १. शरीरमा साना कीराहरू हिँड्दा अनुभव हुने असजिलोपन। (क्रि० यो०) २. साना-साना केटा-केटी वा कीराहरू चलिरहने किसिम; तरबर; छुकछुक। ३. कुनै काम वा कुरो गर्न मनमा तुलबुली लाग्ने किसिम; खसखस।

सगसगाइ–ना० [सगसगाउ+आइ] सगसगाउने किसिम, क्रिया वा भाव।

सगसगाइनु–अ० क्रि० [सगसगाउ+इ+नु] १. सगसग चलिनु। (स० क्रि०) २. चञ्चल होइनु; ('सगसगाउनु'-को क० क्रि०)।

सगसगाउनु–अ० क्रि० [सगसग+आउ+नु] १. साना कीराहरू शरीरमा हिँड्दा असजिलो अनुभव हुनु; सगसगी लाग्नु। २. कीरा-फटयाङ्ग्रा वा साना केटा-केटीहरू चलिरहनु; सगसग गर्नु। ३. छुकछुकाउनु; चञ्चल हुनु।

सगसगी–ना० [सगसग+ई] सगसग।

सगसगे–वि० [सगसग+ए] सगसग गर्ने; छुलबुले; चञ्चल।

सगाइ–ना० [सगाउ+आइ] सगाउने किसिम, क्रिया वा भाव; सघाइ।

सगाइनु–स० क्रि० [सगाउ+इ+नु] सगाउन सहायता गरिनु; सघाइनु; ('सगाउनु'-को० क० क्रि०)।

सगाउनु–स० क्रि० [सघाउ] सघाउनु।

सगुण–वि० [सं०] १. असल गुणले युक्त; गुणवान्। २. परिन्जो लागेको। ३. साहित्यिक गुणले युक्त (रचना)। (ना०) ४. सत्त्व, रज र तमले युक्त ब्रह्म; साकार ब्रह्म।

सगुन–ना० [सं० शकुन] १. शुभ वा माङ्गलिक अवसर। २. शुभ परिणाम जनाउने लक्षण; शकुन। ३. मङ्गलका अवसरमा दिइने वस्तु।

CC-0. In Public Domain. Digitization by eGangotri

सगुनी–वि० [सगुन+ई] सगुनको; शकुन-सम्बन्धी; सगुन-युक्त।

सगोत्र–वि० [सं०] १. एउटै गोत्रको; एकै पूर्वजबाट उत्पन्न भएको; सगोत्री। (ना०) २. एउटै गोत्र वा वंशको व्यक्ति; सगोत्री।

सगोत्री–वि० [सं०] एउटै गोत्रको; समान गोत्रको; सगोत्र।

सगोत्रीय–वि० [सं०] सगोत्री।

सगोल–वि० [सग्लो] १. एउटै परिवार वा समूहमा रहेको; भिन्न नभएको। २. बन्डा नभएको; नबाँड़िएको। ३. धेरै जनाका हकको; साझा; गोस्वारा।

सग्लो–वि० [सं० सकल] सबै अवयव वा अंशले युक्त भएको; टूट-फूट नभएको; सिङ्गो।

सघन–वि० [सं०] १. घनो; बाक्लो। २. खँदिलो; ठोस।

सघनत्व–ना० [सं०] सघन हुनाको भाव।

सघाइ–ना० [सघाउ+आइ] सघाउने किसिम, क्रिया वा भाव।

सघाइनु–स० क्रि० [सघाउ+इ+नु] काममा सहायता गरिनु; ('सघाउनु'-को क० क्रि०)।

सघाउनु–स० क्रि० [सं० शक्+आउ+नु] काममा सहायता गर्नु; मद्दत गर्नु; हार-गुहार गर्नु; सगाउनु।

सङ्कट–ना० [सं०] १. आपत्; विपत्। २. दुःख; कष्ट। ३. कठिनाइ; मुश्किल। ४. कठिन बाटो; दुर्गम मार्ग। ५. दुइटा ठूला-ठूला जल-भाग वा स्थल-भागलाई जोर्ने साँघुरो सोतो। ६. दुइ पहाड़का बीचको साँघुरो बाटो। (वि०) ७. साँघुरो; सङ्कीर्ण। ८. अगम्य। ९. परिपूर्ण; सम्पन्न। १०. घेरिएको।

सङ्कटा–ना० [सं०] १. सङ्कट हटाउने एक देवी। २. ज्योतिष-शास्त्रानुसार एक योगिनी। ३. काठमाड़ौंका एक प्रसिद्ध देवता।

सङ्कर–ना० [सं०] १. मिसावट; मिश्रण। २. भिन्न दुइ जाति-का आमा-बाबुबाट जन्मेको सन्तान; वर्ण-सङ्कर। ३. व्यभि-चारबाट पैदा भएको सन्तान। ४. एउटै वाक्यमा दुइटा भिन्न अलङ्कार पर्दा हुने एक साहित्यालङ्कार।

सङ्कर्षण–ना० [सं०] १. तान्नु; घिच्च्याउनु। २. हलो जोत्नु। ३. बलराम।

सङ्कलन–ना० [सं०] १. जम्मा गर्ने काम; सङ्ग्रह गर्नु। २. गणितमा अङ्कहरू जम्मा गर्ने क्रिया; जोड़। ३. योग; मिल्ने काम। ४. असल-असल वस्तुहरू छानेर एकत्रित गर्ने काम।

सङ्कलित–वि० [सं०] सङ्कलन गरिएको; सङ्गृहीत।

सङ्कल्प–ना० [सं०] १. देव-कार्य वा दान आदि धार्मिक कार्य गर्दा तिल, कुश, जल आदि हातमा लिई पढ़िने वाक्य; प्रतिज्ञा-वाक्य। २. त्यो वाक्य पढ़ेर कुनै धार्मिक वा इष्ट कार्य गर्ने प्रतिज्ञा। ३. कुनै काम गर्ने दृढ निश्चय; प्रतिज्ञा। ४. इच्छा; मनसुबा। ५. आँट; हिम्मत। ६. उद्देश्य; ध्येय। ७. तत्काल निर्णय गरी टुङ्ग्याउनुपर्ने औपचारिक सुझाव; तत्काल उपस्थित समस्याका सम्बन्धमा निर्णय गरी त्यसको परिणाममा तत्कालै टुङ्गिने किसिमको संसदीय प्रस्ताव।

सङ्कल्पित–वि० [सं०] सङ्कल्प गरिएको; प्रतिज्ञा गरिएको।

सङ्कष्ट–ना० [सं० सं+कष्ट] सङ्कट।

सङ्काश–वि० [सं०] १. समान; तुल्य; सदृश। २. नजीकमा रहेको; निकट-वर्ती। (ना०) ३. नजीक हुनाको भाव; सामीप्य। ४. विद्यमानता; उपस्थिति।

सङ्कीर्ण–वि० [सं०] १. विस्तृत नभएको; साँघुरो। २. फुक्का नभएको; अनुदार; सङ्कुचित। ३. सानो; क्षुद्र। ४. मिलेको; संयुक्त।

सङ्कीर्णता–ना० [सं०] सङ्कीर्ण हुनाको भाव; सङ्कीर्णत्व।

सङ्कीर्णत्व–ना० [सं०] सङ्कीर्णता।

सङ्कीर्तन–ना० [सं०] १. प्रशंसा; स्तुति। २. कुनै देवताको गुण-वर्णन; भजन।

सङ्कुचित–वि० [सं०] १. खुम्चिएको; चाउरी परेको। २. साँगुरो भएको। ३. सङ्कीर्ण; अनुदार।

सङ्कुल–वि० [सं०] १. बाक्लो; घनो। २. भरिभराउ; परि-पूर्ण। ३. मिलेको; संयुक्त। (ना०) ४. भीड़; हूल। ५. युद्ध; लड़ाइँ। ६. परस्परमा विरोधी वा असङ्गत वाक्य।

सङ्कुलित–वि० [सं०] १. भरिएको; परिपूर्ण। २. खुम्चिएको; सङ्कुचित।

सङ्केत–ना० [सं०] १. मनको भाव प्रकट गर्न शरीर वा अरू साधनद्वारा गरिने चेष्टा। २. इशारा; इङ्गित। ३. चिनु; चिह्न। ४. प्रेमी-प्रेमिकाको भेट-घाट गर्ने एकान्त स्थान। ५. साहित्यमा शब्दको मुख्य अर्थ; अभिधेयार्थ।

सङ्केतक–ना० [सं०] १. प्रेमी-प्रेमिकाको मिलन-स्थल। (वि०) २. सङ्केत-स्थलको इशारा दिने।

सङ्केत-ग्रह–ना० [सं०] १. शब्द सुन्नेबित्तिकै अभिधा-शक्ति-द्वारा अर्थ ग्रहण गर्नु। २. कुनै किसिमको इशारा वा सङ्केत-लाई बुझ्नु वा ग्रहण गर्नु।

सङ्केत-चित्र–ना० [सं०] कुनै वस्तु वा व्यक्तिका बदलामा त्यसको प्रतीक अङ्कित गरिएको चित्र।

सङ्केत-चिह्न–ना० [सं०] वाक्य, नाम, पद आदिको साङ्केकित चिह्न; छोटकरी नाम। (उदा०–ना० सु०=नायब-सुब्बा; अ० से०=असिस्टेन्ट-सेक्रेटरी इत्या०।)

सङ्केत-लिपि–ना० [सं०] भाषण, प्रवचन आदि छिटो टिप्ना-का निमित्त बनाइएको कुनै भाषाका लिपिको सङ्क्षिप्त रूप; सर्ट-हैन्ड।

सङ्केतित–वि० [सं०] १. सङ्केत गरिएको; इशारा गरिएको। २. बोलाइएको; आमन्त्रित। ३. ठहराइएको; निश्चित।

सङ्कोच–ना० [सं०] १. खुम्चिने क्रिया; चाउरी पर्ने काम। २. हल्का लज्जा; थोरै लाज। ३. हिचकिकाउने काम। ४. धक; भय। ५. सङ्क्षेप।

सङ्कोचन–ना० [सं०] खुम्चिने वा खुम्च्याउने क्रिया; सङ्कोच हुने वा गर्ने काम।

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्कोचित–ना० [सं०] १. तरवारले युद्ध गर्ने एक कला । (वि०) २. सङ्कुचित ।

सङ्कोची–वि० [सं०] १. सङ्कोच मान्ने; लजाउने । २. धक मान्ने । ३. खुम्चिने; चाउरी पर्ने ।

सङ्क्रमक–वि० [सं०] सङ्क्रमण गर्ने ।

सङ्क्रमण–ना०[सं०] १. एक ठाउँबाट अर्को ठाउँमा जानु; सर्नु । २. फैलनु; फिँजिनु । ३. भ्रमण । ४. मिल्ने काम; संयोग । ५. सूर्य, चन्द्र आदि ग्रहहरू एक राशिबाट अर्को राशिमा सर्नु । ६. सूर्य उत्तरायण वा दक्षिणायणतिर लाग्ने दिन । ७. पर-लोक-गमन; मृत्यु ।

सङ्क्रमण-काल–ना० [सं०] १. सङ्क्रान्ति । २. सङ्क्रमण हुने वा गर्ने समय । ३. कुनै व्यवस्था, नियम आदि दिगो भइनसकेको समय ।

सङ्क्रान्ति–ना० [सं०] १. सूर्य एक राशिबाट अर्को राशिमा सर्ने काम । २. एक राशिलाई छोडी अर्को राशिमा सूर्यले प्रवेश गर्ने समय । ३. सौर महीनाको पहिलो दिन; एक गते । ४. सर्ने काम; गमन । ५. एउटा स्थिति वा अवस्थाबाट अर्को अवस्थामा जानु ।

सङ्क्रामक–वि० [सं०] १. एक ठाउँबाट अर्को ठाउँमा सर्ने; सङ्क्रमण गर्ने । २. छुवाछूत वा संसर्गबाट सर्ने; सरुवा (रोग) ।

सङ्क्रामण–ना० [सं०] सङ्क्रमण गर्ने काम ।

सङ्क्रामित–वि० [सं०] १. सरेको; सङ्क्रमण गरेको । २. एक ठाउँबाट अर्को ठाउँमा पठाइएको ।

सङ्क्रामी–वि० [सं०] सङ्क्रामक; सङ्क्रमण गर्ने ।

सङ्क्राम्य–वि० [सं०] सङ्क्रमण गराउन योग्य; सार्न हुने ।

सङ्क्षिप्त–वि० [सं०] १. कम गरिएको; घटाइएको । २. सङ्क्षेपमा लेखिएको वा भनिएको (लेख, कथन, आदि) । ३. छोटो; छोटकरी । ४. छोट्याइएको; सारांशमात्र राखिएको । ५. पर्याँकिएको; हुर्याइएको । ६. सङ्ग्रह गरिएको ।

सङ्क्षिप्ति–ना०[सं०] १. साथ-साथ हुने वा गरिने प्रक्षेपण । २. संक्षेप गर्ने वा पार्ने काम; संक्षिप्तीकरण । ३. घात । ४. प्रेक्षण । ५. भावको एकाएक हुने वा गरिने परिवर्तन ।

सङ्क्षिप्तीकरण–ना० [सं०] छोटकरी वा सङ्क्षिप्त गर्ने काम; छोट्याउने काम ।

सङ्क्षेप–ना०[सं०] १. धेरै कुरालाई घटाएर बनाइएको छोटकरी रूप; तेरीज; सारांश । २. कम गर्ने काम; घटाउने क्रिया । ३. फाल्नु; मिल्काउनु । ४. पर्याँक्ने काम । ५. हरण । ६. नष्ट गर्नु । ७. कसैले गरेको काममा सहायता दिनु । ८. इशारा; सङ्केत ।

सङ्क्षेपक–वि० [सं०] १. सङ्क्षेप गर्ने; छोटकरी पार्ने । २. मिल्काउने; पर्याँक्ने । ३. सङ्क्षेप दिने; सङ्केत गर्ने ।

सङ्क्षेप्ता–वि० [सं०] सङ्क्षेपक ।

सङ्क्षेपण–ना० [सं०] १. छोटकरी पार्नु; सङ्क्षिप्त तुल्याउनु । २. जोरसित मिल्काउनु; टाढ़ा वा राम्ररी फाल्नु; बेसरी हुर्याउनु ।

सङ्क्षेपतः–क्रि० यो० [सं०] छोटकरीमा; सङ्क्षेपमा ।

सङ्ख–ना० [प्रा०] शङ्ख ।

सङ्खत्रो–ना० [सङ्खेत्रो] सङ्खेत्रो ।

सङ्खिया–ना० [शङ्खिया] अत्यन्त बिखालु एक उपधातु; शङ्खिया; श्रृङ्गिका ।

सङ्खेत्रो–ना० [सं० शङ्ख] १. भोगटेका जस्ता लाम्चा पात र सेता फूल हुने, कीपजस्तो फल फल्ने एक जातको बोट । २. त्यसैको फल । (आयुर्वेदमा यसको गुण चखेत्रोजस्तो बताइएको छ ।)

सङ्ख्य–ना० [सं०] १. युद्ध । (वि०) २. सङ्ख्या गर्न सकिने; गणना गर्न सकिने वा हुने ।

सङ्ख्यक–वि० [सं०] सङ्ख्या भएको; सङ्ख्याले युक्त ।(अरू शब्दका पछाडि जोरिएरमात्र प्रयोग हुने । उदा०–अल्प-सङ्ख्यक; बहु-सङ्ख्यक ।)

सङ्ख्या–ना० [सं०] १. गणना; गन्ती; गिनती । २. गणनाका क्रमले कुनै वस्तुको परिमाण बुझाउने अङ्क (१, २, ३, ४, आदि) । ३. अदत; थान; गोटा । ४. क्रमिक अङ्क; नम्बर । ५. अङ्कहरूको जोड़; योग ।

सङ्ख्यात–वि० [सं०] १. बुझिएको; सम्झिएको । २. गनिएको । (ना०) ३. सङ्ख्या; अङ्क । ४. राशि ।

सङ्ख्यान–ना० [सं०] १. गन्ती; गणना । २. आय-व्ययको हिसाब ।

सङ्ख्यौटे–वि० [शङ्का+औटे] ज्यादा शङ्का गर्ने स्वभावको; शङ्कालु ।

सङ्ग–ना० [सं०] १. मिल्ने क्रिया; मिलन; संयोग । २. नदीहरूको दोभान; सङ्गम । ३. संसर्ग; सम्पर्क । ४. सांसारिक विषयमा हुने अनुराग; आसक्ति । ५. सहवास; बसाउठी । (ना० यो०) ६. साथ; सँग; सित ।

सङ्गठन–ना० [सं० सं+गठन] सङ्घटन ।

सङ्गठित–वि० [सं० सङ्घटित] सङ्घटित ।

सङ्गत–वि० [सं०] १. मिलेको; जोरिएको; संयुक्त । २. सुहाउँदो; मिल्दो; उपयुक्त । ३. जम्मा गरिएको; एकत्रित । (ना०) ४. हेल-मेल; बसाउठी । ५. मेल; मैत्री ।

सङ्गति–ना० [सं०] १. मिल्ने वा जोरिने काम; योग । २. मेल; मिलाप । ३. सम्बन्ध । ४. प्रसङ्ग; सिलसिला । ५. सभा; सङ्घ । ६. उपयुक्तता । ७. मैथुन ।

सङ्गम–ना० [सं०] १. मिल्ने वा जुट्ने काम; संयोग । २. दुइ नदी मिलेको ठाउँ; दोभान । ३. सङ्गत; बसाउठी । ४. मैथुन । ५. मुठभेड़; मुकाबिला । ६. भेट; मुलाकात ।

सङ्ग-मरमर–ना०[फा०] चिप्लो, टल्कने असल एक जातको पत्थर ।

सङ्ग-मर्मर–ना० [फा० सङ्ग-मरमर] सङ्ग-मरमर ।

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्गर–ना० [सं०] १. युद्ध; लड़ाइँ। २. आपत्; सङ्कट।

सङ्गसन–ना० [फा० सङ्गे-यश्ब] एक प्रकारको कीमती चिप्लो पत्थर। (यसका कटौरा,बाला, रिकापी आदि बन्द-छन्। यो हरियो; सेतो, रातो आदि अनेक रङ्गको हुन्छ।)

सङ्गाती–ना० [सं० सङ्गति] धेरै दिन सहवास गरेको साथी; पुरानो सँगी।

सङ्गिनी–ना० [सं० सङ्गी] सँगिनी।

सङ्गी–वि० [सं०] १. साथमा रहन; सहवास गर्ने। २. सम्पर्कमा आउने। (ना०) ३. साथी; सँगी।

सङ्गीत–ना० [सं०] १. लय, ताल, वाद्य-वादन आदिका साथ गाइने गीत; सामूहिक गाना। २. नृत्य, गीत, वाद्य-वादन आदिको समुदाय; नाच-गान; गाना-बजाना। ३. नृत्य, वाद्य आदिका साथ गाउने कला; गायन-विद्या। (वि०) ४. धेरै जना मिलेर गाएको।

सङ्गीत-शास्त्र–ना० [सं०] सङ्गीतका सिद्धान्त, नियम, शैली, विधि, व्यवहार आदिको विवेचना गरिएको शास्त्र।

सङ्गीत-शिरोमणि–ना० [सं०] सङ्गीतका विशेष ज्ञातालाई दिइने नेपालको एक राष्ट्रिय उपाधि।

सङ्गीन–ना० [फा०] १. बन्दूकका टुप्पामा घुसारेर राखिने भालाजस्तो हतियार। २. कड़ा; कठोर।

सङ्गृहीत–वि० [सं०] सङ्ग्रह गरिएको; एकत्र गरिएको; सङ्कलित।

सङ्गोपन–ना० [सं०] १. राम्ररी लुकाउने काम; विशेष रूपले छिपाउने काम। २. प्रकट नगर्नु; गुप्त राख्नु।

सङ्ग्रह–ना० [सं०] १. जम्मा गर्नु; एकत्र पार्नु; सञ्चय। २. अनेक विषयहरू एकत्रित गरिएको पुस्तक। ३. विवाह।

सङ्ग्रहण–ना० [सं०] १. पक्रनु: ग्रहण गर्नु। २. समर्थन। ३. सङ्ग्रह गर्नु। ४, मैथुन।

सङ्ग्रहणी–ना० [सं०] खाएको पदार्थ नपची जस्ताको-तस्तै दिसा हुने एक रोग; अतिसारको एक भेद।

सङ्ग्रहणीय–वि० [सं०] जम्मा गर्न लायक; सङ्ग्रह गर्न योग्य; सङ्ग्राह्य।

सङ्ग्रहालय–ना० [सं०] एउटै विषयका अनेक वा विभिन्न प्रकारका धेरै वस्तुहरू एकत्र गरिराखेको स्थान।

सङ्ग्रही–वि० [सं०] सङ्ग्रह गर्ने; जम्मा गर्ने; एकत्र पार्ने; सञ्चयी।

सङ्ग्रहीता–वि० [सं०] १. जम्मा गर्ने; एकत्र पार्ने। (ना०) २. सारथि।

सङ्ग्राम–ना० [सं०] युद्ध; लड़ाइँ।

सङ्ग्रालिइनु–अ० क्रि० [सङ्ग्रालि+इ+नु] घाउ-खटिरा आदि राँकिइनु; ('सङ्ग्रालिनु'-को भा० क्रि०)।

सङ्ग्रालिनु–अ० क्रि० [सङ्ग्रालो+इ+नु] १. रोग, घाउ, खटिरो आदि बढ्नु; राँकिनु। २. आगाको राप वा ज्वाला खूब बढ्नु; दन्कनु। ३. झगड़ा, विरोध आदि खूब मच्चिनु।

सङ्ग्रालो–ना० [सं० सङ्गर+आलो] १. ठूलो झगड़ा वा विरोध। २. आगाको मुस्लो; ज्वाला। ३. बाढ़ी।

सङ्ग्राहक–ना० [सं०] १. सङ्ग्रह गर्ने व्यक्ति; सङ्ग्रह-कर्ता। २. सङ्कलन-कर्ता।

सङ्ग्राह्य–वि० [सं०] सङ्ग्रह गर्न योग्य; जम्मा गर्न लायक।

सङ्घ–ना० [सं०] १. समूह; जमात; मण्डली। २. एउटै उद्देश्य भएका धेरै व्यक्ति वा संस्थाहरूको सङ्घटित समूह। ३. कुनै विशेष उद्देश्य-पूर्तिका निमित्त बनेको सङ्घटन। ४. बौद्ध भिक्षुहरूको मठ। ५. प्राचीन कालको एक प्रकारको प्रजा-तान्त्रिक शासन। ६. परराष्ट्र-नीति, मुद्रा, हुलाक, रक्षा आदि समान उपयोगका केही निर्दिष्ट विषयहरू एक केन्द्रीय सत्ताको अधिकारमा छोड़ी अरू कुरामा स्वायत्त शासनको अधिकार-प्राप्त अनेक राज्यहरूको सङ्घटन।

सङ्घट–ना० [सं०] १. समूह; राशि। २. युद्ध; लड़ाइँ। ३. मुठभेड़। ४. मिलन; संयोग।

सङ्घटन–ना० [सं०] १. मेल; मिलाप। २. भेट हुने काम; संयोग। ३. नायक र नायिकाको भेट। ४. छरिएका व्यक्तिहरूलाई एकत्र पारेर कुनै कार्यमा प्रवृत्त पार्नु। ५. कुनै कार्य वा उद्देश्य-पूर्तिका निमित्त बनेको सङ्घ; संस्था; सङ्गठन। ६. विभिन्न तत्त्वलाई बलियो रूपमा एकत्रित पार्नु।

सङ्घटना–ना० [सं०] १. मिलनु। २. स्वर वा शब्दहरूको संयोग।

सङ्घटित–वि० [सं०] सङ्घटन गरिएको; एकत्रित तुल्याइएको; सङ्गठित।

सङ्घट्ट–ना० [सं०] १. भेट; मिलन; मिलाप। २. दूतीमार्फत हुने नायक-नायिकाको भेट। ३. सङ्घर्ष। ४. मुठभेड़; भिड़न्त। ५. निर्माण; रचना।

सङ्घट्टन–ना० [सं०] १. बेसरी घोटिनु; खूब रगेड़िनु। २. जुध्नु; ठक्कर खानु। ३. संयोग; मेल। ४. दुइ पहलमान-हरूको द्वन्द्व।

सङ्घट्टना–ना० [सं०] सङ्घट्टन।

सङ्घर्ष–ना० [सं०] १. रगेड़िने काम; घोटिने क्रिया। २. प्रतियोगिता; होड़। ३. दुइ वा बढ़ी व्यक्ति, दल वा शक्ति-का बीचमा हुने स्पर्द्धा। ४. घम्साघम्सी; भिड़न्त। ५. ठेलमठेल; भीड़। ६. विकट परिस्थितिबाट उम्कनाका निमित्त गरिने प्रयत्न।

सङ्घर्षण–ना० [सं०] सङ्घर्ष।

सङ्घ-स्थविर–ना० [सं०] बौद्ध मठ वा सङ्घारामका प्रमुख भिक्षु।

सङ्घात–ना० [सं०] १. समूह; जमात। २. कुनै काम गर्नाका निमित्त सङ्घटित दल। ३. ठूलो ठक्कर; ठूलो आघात। ४. वध; हत्या।

सङ्घाती–ना० [सङ्घाती] सङ्गाती।

सङ्घार–ना० [सं० संहार] १. सत्यानाश; बरबादी; संहार। २. अपव्यय गरी सम्पत्ति सिद्ध्याउने काम।

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्घार–ना० [सं० सङ्घाट] सँघार।

सङ्घार-ठेलो–ना० [सङ्घार+ठेलो] सँघार-ठेलो।

सङ्घाराम–ना० [सं०] बौद्ध भिक्षुहरू बस्ने मठ; विहार।

सङ्घारे–वि० [सङ्घार+ए] १. भएभरको सम्पत्ति उड़ाउने; सङ्घार गर्ने। २. सर्वनाशी; सत्यानाशी।

सङ्लनु–अ० क्रि० [सङ्लो+नु] १. तरल पदार्थमा भएको धूलो, कसिङ्गर आदि हटेर सफा हुनु; सङ्लो हुनु; निर्मल हुनु। २. थिहिरिनु; थिग्रिनु। ३. चिन्ता, भय, आशङ्का, पाप आदि चित्तबाट हट्नु; हृदय स्वच्छ हुनु। (स० क्रि०) ४. धागो आदि तह लगाउनु।

सङ्लाइ–ना० [सङ्ल+आइ] सङ्लने किसिम, क्रिया वा भाव।

सङ्लिनु–अ० क्रि० [सङ्ल+इ+नु] १. सङ्लनु। २. सङ्लो होइनु; ('सङ्लनु'-को भा० क्रि०)।

सङ्लो–वि० [सं० अ+सङ्कुल] १. धूलो, कसिङ्गर आदि नभएको; निर्मल; स्वच्छ। २. निष्पाप; निष्कपट।

सङ्ल्याइ–ना० [सङ्ल्याउ+इ] सङ्ल्याउने किसिम, क्रिया वा भाव।

सङ्ल्याइनु–स० क्रि० [सङ्ल्याउ+इ+नु] सङ्लो पारिनु; ('सङ्ल्याउनु'-को क० क्रि०)।

सङ्ल्याउनु–स० क्रि० [सङ्लि+याउ+नु] १. तरल पदार्थमा रहेको धूलो, कसिङ्गर आदि टहक्याउनु; सङ्लो पार्नु। २. थिहिऱ्याउनु; थिग्रो बसाल्नु। ३. चिन्ता, भय, आशङ्का, पाप आदि मनबाट हटाउनु; चित्त स्वच्छ पार्नु।

सचराचर–वि० [सं०] १. स्थावर र जङ्गम सबै–भएको। (ना०) २. विश्व; संसार।

सचल–वि० [सं०] १. चल्ने; चलायमान; जङ्गम। (ना०) २. जङ्गम पदार्थ।

सचलता–ना० [सं०] सचल हुनाको भाव; चन्चलता; जङ्गम हुनाको भाव।

सचलत्व–ना० [सं०] सचलता।

सचि–ना० [सं०] १. मित्र। २. मित्रता। ३. सची।

सचिक्कण–वि० [सं०] ज्यादा चिल्लो; अति चिप्लो।

सचिन्त–वि० [सं०] चिन्ता-युक्त; चिन्तित।

सचिव–ना० [सं०] १. साथी; दोस्त। २. मीत; मित्र। ३. मन्त्री; अमात्य। ४. सेक्रेटरी।

सचिवालय–ना० [सं०] कुनै राज्य, प्रान्तीय सरकार वा कुनै ठूलो संस्थाका सेक्रेटरीहरूको प्रधान कार्यालय; सेक्रेटारियट।

सची–ना० [सं०] शची।

सचेत–वि० [सं० सचेतन] १. चेत वा चैतन्यले युक्त; होश भएको। २. सावधान; होशियार; सतर्क; जागरूक। ३. बुद्धिमान्।

सचेतक–ना० [सं०] १. सचेत गराउने व्यक्ति; सावधान गर्ने व्यक्ति। २. संसद्मा भएका आफ्ना संस्था वा पक्षका सदस्यहरूलाई संसद्मा प्रस्तुत हुने वा भएको कुनै विषयका सम्बन्धमा संस्था वा सङ्घटनका नीतिको सूचना दिने अधिकारी।

सचेतन–वि० [सं०] १. चेतना-युक्त; होश भएको; जागरूक। २. समझदार। (ना०) ३. चेतन-युक्त प्राणी; सजीव प्राणी।

सचेतनता–ना० [सं०] सचेतन हुनाको भाव।

सचेष्ट–वि० [सं०] १. चेष्टा भएको। २. चेष्टा गर्ने; प्रयत्नशील।

सच्चरित–वि० [सं०] सच्चरित्र।

सच्चरित्र–वि० [सं०] १. असल चरित्र भएको; सदाचारी; चरित्रवान्; सच्चरित। (ना०) २. उत्तम आचरण; सदाचार।

सच्चरित्रता–ना० [सं०] सच्चरित्र हुनाको भाव।

सच्चा–वि० [प्रा० सच्च] १. साँचो बोल्ने; सत्यवादी। २. ईमानदार। ३. खसोखास; यथार्थ; सत्य। ४. सकली। ५. न्यायोचित; ठीक। ६. विशुद्ध; चोखो।

सच्चाइ–ना० [सच्चा+आइ] १. सच्चा हुनाको भाव; यथार्थता; सत्यता। २. सत्यवादिता; सच्चापन।

सच्चिदानन्द–ना० [सं०] सत्, चित् र आनन्दको स्वरूप ब्रह्म; पर-ब्रह्म।

सच्याइ–ना० [सच्याउ+आइ] सच्याउने किसिम; क्रिया वा भाव।

सच्याइनु–स० क्रि० [सच्याउ+इ+नु] सुधारिनु; सझ्यारिनु; ('सच्याउनु'-को क० क्रि०)।

सच्याउनु–स० क्रि० [सच्चा+याउ+नु] १. बिग्रेको वस्तुलाई बनाउनु; सुधार्नु; सपार्नु। २. भूल-सुधार गर्नु; त्रुटि शुद्ध पार्नु। ३. शुद्ध पार्नु।

सछी–ना० [सं० साक्षी] कुनै माल-मत्ता खरीद गर्दा ठहरेका मोलको केही अंश माल-धनीलाई तिरी माल भनेबमोजिमको नठहरेका खण्डमा खरीददारले नै फिर्ता लिने गरी दुवै पक्षको पत्यारपर्दो मानिसकहाँ जम्मा गरिएको बाँकी रकम।

सजग–वि० [सं० स+जागृ] सावधान; होशियार; सतर्क; जागरूक।

सज-धज–ना० [सज्+धज] सजिसजाउ हुने क्रिया वा भाव; सजावट; श्रृङ्गार।

सजन–वि० [सं०] १. मानिसका साथको। २. गोती।

सजल–वि० [सं०] १. पानी भएको; जल-युक्त। २. आँसुले भरिएको; अश्रुपूर्ण।

सजा–ना० [फा० सज़ा] १. शारीरिक वा आर्थिक दण्ड। २. कारा-वासको दण्ड; कैद। ३. सास्ती; शासना; यातना।

सजाइ–ना० [सजाउ+आइ] सजाउने किसिम, क्रिया वा भाव।

सजाइ–ना० [सज्+आइ] सज्ने किसिम, क्रिया वा भाव।

सजाइनु–स० क्रि० [सजाउ+इ+नु] सजिसजाउ पारिनु; ('सजाउनु'-को क० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

सजाउनु–स० क्रि० [सज्+आउ+नु] १. लुगा-फाटो, अलङ्कार आदिले राम्रो पार्नु; सजिसजाउ पार्नु; सिंगार्नु। २. वस्तु-हरू उचित स्थानमा राख्नु; मिलाएर राख्नु। ३. कुनै ठाउँमा बस्न मन पराउनु; रमाउनु।

सजात–वि० [सं०] १. साथै जन्मेको; एकसाथ जन्मेको। (ना०) २. दाजु वा भाइ।

सजाति–वि० [सं०] १. एउटै जातको; उसै जातिको। २. एउटै स्वभावको; समान प्रकृतिको। (ना०) ३. एउटै जातका आमा-बाबुबाट जन्मेका सन्तान।

सजातीय–वि० [सं०] १. एउटै जातको; सजाति। २. गुण, धर्म, पेशा, रूप, रङ्ग, आकार आदिले समान।

सजाय–ना० [फा० सज़ा] सजा।

सजा-याफ्ता–वि० [फा० सज़ा-याफ्तः] १. सजा पाइसकेको। २. कैद परिसकेको।

सजावट–ना० [सजाउ+आवट] १. सजिसजाउ हुनाको भाव; शृङ्गार। २. शोभा; सौन्दर्य।

सजिनु–अ० क्रि० [सज्+इ+नु] १. सजिसजाउ होइन। २. सजिसजाउ पारिनु; ('सज्नु'-को क० क्रि०)।

सजियाँ–वि० [साजा+इयाँ] धेरै जनाका हकको; साझा; सगोलको।

सजिलो–वि० [सं० सु+जिलो] १. धेरै परिश्रम नगरीकन सिद्ध हुने; सरल; सुगम। २. पाहिक परेको; अनुकूल।

सझियाँ–वि० [साझा+इयाँ] साझाको; सजियाँ।

सजिवन–ना० [सं० शम्बरी] १. अँड़ीरका जस्ता, पाँच-पाँच कुना परेका पात, पहेँला फूल, काला अण्डाकार फल र तल्लो फेद ज्यादा मोटो हुने एक जातको बोट। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण अलकाई, लूतो र कुष्ठ नाश गर्ने बताइएको छ।)

सजिवन–ना० [सं० सञ्जीवन] हात्ती-काने; सातला।

सजिसजाउ–वि० [सजि+सजाउ] १. खूब सजाइएको; राम्ररी सिंगारिएको; सुशोभित। २. तयार; प्रस्तुत।

सजीव–वि० [सं०] १. प्राण भएको; जीव-युक्त; जिउँदो; जिवित। २. तेज वा ओज भएको; ओजस्वी। (ना०) ३. प्राणी; जीव।

सज्ज–वि० [सं०] तयार; तम्तयार।

सज्जन–ना० [सं०] १. असल वा शिष्ट व्यवहार गर्ने व्यक्ति; सुजन; भलादमी। २. कुलीन व्यक्ति। ३. सोझो मानिस; साधु व्यक्ति।

सज्जनता–ना० [सं०] सज्जन हुनाको भाव; सौजन्य।

सज्जना–ना० [सं०] सज्जित पार्ने काम।

सज्जा–ना० [सं०] १. सजाउने काम; सजावट। २. वेष-भूषा; पहिरन। ३. सर-सामान; उपकरण।

सज्जित–वि० [सं०] १. सिंगारिएको; सजाइएको; सजिसजाउ; अलङ्कृत। २. सर-सामानले युक्त; साज-बाजसहित। ३. तयार गरिएको; तम्तयार।

१३०

सज्जी–ना० [प्रा०] कुनै वस्तु धुने वा सफा गर्ने काममा प्रयोग गरिने एक प्रसिद्ध क्षार पदार्थ; सज्जी-खार।

सज्जी-खार–ना० [सज्जी+खार] सज्जी।

सज्ञान–वि० [सं०] १. ज्ञान-युक्त; ज्ञानवान्। २. चतुरो; पटु। ३. बुद्धिमान्; सझमदार। (क्रि० यो०) ४. ज्ञानपूर्वक; जानाजान।

सज्नु–स० क्रि० [सं० सज्ज+नु] १. बिग्रे-भत्केका वस्तुलाई बनाउनु; जीर्णोद्धार गर्नु। २. सजिसजाउ पार्नु; सजाउनु; सिंगार्नु।

सझियार–ना० [साझा+इयार] कुनै साझा कार्य वा लाभमा सम्मिलित व्यक्ति; साझेदार व्यक्ति।

सञ्चत्–ना० [सं०] धूर्त व्यक्ति; ठग।

सञ्चय–ना० [सं०] १. बिस्तारै-बिस्तारै एकत्र पार्नु; क्रमशः जम्मा गर्नु। २. थुप्रो; राशि।

सञ्चयन–ना० [सं०] सञ्चय गर्ने काम।

सञ्चयिता–वि० [सं०] सञ्चय गर्ने (व्यक्ति)।

सञ्चयी–वि० [सं०] १. सञ्चय गर्ने; एकत्र पार्ने; सङ्ग्रही। २. कन्जूस; कृपण।

सञ्चर–ना० [सं०] सञ्चरण।

सञ्चरण–ना० [सं०] १. हिँड्नु; गमन। २. टहल्नु; घुम-फिर गर्नु। ३. फिँजाउनु; फैलाउनु।

सञ्चरित–वि० [सं०] फैलिएको; सञ्चार भएको।

सञ्चार–ना० [सं०] १. हिँड्ने काम; गमन। २. बाटो; मार्ग। ३. आवत-जावत; यातायात। ४. सर्ने काम; सङ्क्रमण। ५. एक ठाउँबाट अर्को ठाउँमा पठाउने काम। (माल, मानिस, चिट्ठी-पत्र, सन्देश आदि)।

सञ्चारक–वि० [सं०] १. लिएर जाने; लैजाने। २. खबर, सूचना आदि फैलाउने; सञ्चार गर्ने। (ना०) ३. नायक; नेता।

सञ्चारण–ना० [सं०] सञ्चार गर्ने काम।

सञ्चार-मन्त्री–ना० [सं०] सञ्चार-विभागका मन्त्री।

सञ्चार-विभाग–ना० [सं०] १. एक ठाउँबाट अर्को ठाउँमा व्यक्ति, माल, समाचार आदि आवत-जावत गर्ने साधन-हरूको व्यवस्थाको काम गर्ने सरकारी विभाग।

सञ्चारिका–ना० [सं०] कुटुनी; दूती।

सञ्चारी–ना० [सं०] १. गति-शील; चलायमान। २. सरुवा; सङ्क्रामक (रोग)। ३. परिवर्तन-शील। ४. स्थायी-भावलाई पुष्ट गरेर विलीन हुने, साहित्यका तेत्तीस भाव; व्यभिचारी-भाव।

सञ्चारी-भाव–ना० [सं०] साहित्यमा रति आदि स्थायी-भावहरूमा आविर्भूत र तिरोहित भएर रस-पुष्टि गर्ने तेत्तीस प्रकारका भाव; व्यभिचारी-भाव (अपस्मार, अमर्ष, आलस्य, अवहित्था, असूया, आवेग, उग्रता, उन्माद, औत्सुक्य, गर्व, ग्लानि, चपलता, चिन्ता, जडता, दैन्य, धृति, निद्रा, निर्वेद, मति, मद, मरण, मोह, लज्जा, वितर्क, विबोध,

CC-0. In Public Domain. Digitization by eGangotri

विषाद, व्याधि, शङ्का, श्रम, सन्त्रास, स्मृति, स्वप्न र हर्ष)।

सञ्चालक–वि० [सं०] १. चलाउने; गति-शील पार्ने; परिचालक। (ना०) २. कुनै कामलाई समुचित रूपले चलाउने वा गति-शील पार्ने व्यक्ति।

सञ्चालन–ना० [सं०] १. चलाउनु; गति-शील पार्नु। २. कुनै काम निरन्तर चलाउने प्रबन्ध गर्नु।

सञ्चालित–वि० [सं०] चलाइएको; सञ्चालन गरिएको।

सञ्चित–वि० [सं०] १. सञ्चय गरिएको; क्रमशः एकत्रित पारिएको। २. थुप्र्याइएको; थुप्रो लगाइएको।

सञ्चिता–ना० [सं० सञ्चिति] १. जम्मा गर्ने काम; सञ्चय। २. हेर-विचार; सुरक्षा।

सञ्जय–ना० [सं०] धृतराष्ट्रलाई महाभारत-युद्धको विवरण सुनाउने उनका सारथि।

सञ्जात–वि० [सं०] १. जन्मेको; उत्पन्न। २. प्रकट भएको; व्यक्त।

सञ्जीवन–ना० [सं०] १. साथमा रहनु; कसैका सहवासमा जीवन बिताउनु। २. पुनर्जीवन दिनु वा पाउनु। ३. एक बूटी; सञ्जीवनी। ४. एक नरक।

सञ्जीवनी–ना० [सं०] १. मरेकालाई जीवित पार्ने एक काल्पनिक औषध। २. एक बूटी (रुदन्ती बूटी)।

सञ्जीवनी-विद्या–ना० [सं०] मरेका प्राणीलाई जीवित पार्ने एक विद्या। (पुराणअनुसार यस विद्याका ज्ञाता शुक्राचार्य थिए।)

सञ्जीवनी-मन्त्र–ना० [सं०] प्राणीलाई जीवित पार्ने एक मन्त्र।

सटक–ना० [सड़क] सड़क।

सटक-सीताराम–ना० [सट्क+सीताराम] कसैलाई थाहा नदिई भाग्ने काम; सुटुक्क जाने काम; सुइँकुच्चा ठोक्ने काम।

सटक्क–क्रि० यो० [सट्क] अरूले चाल नपाउने गरी भाग्ने किसिम; सट्कने किसिम; सुटुक्क; लुसक्क।

सटनी–ना० [साट्+नी] १. साट्ने काम; सटही। २. कुनै वस्तु साट-फेर गर्दा लाग्ने दस्तूर; बट्टा।

सटर-पटर–ना० [लटर-पटर] सटचाक-सुटुक।

सटही–ना० [साट्] १. साट्ने काम; भजाउने काम; सटनी; विनिमय। २. विनिमय गर्दा लाग्ने दस्तूर; बट्टा।

सटाइ–ना० [साट्+आइ] १. साट्ने किसिम, क्रिया वा भाव। २. साट्दा लाग्ने दस्तूर वा बट्टा।

सटाइनु–स० क्रि० [सटाउ+इ+नु] साट्न लाइनु; ('सटाउनु'-को क० क्रि०)।

सटाउनु–स० क्रि० [साट्+आउ+नु] साट्न लाउनु; ('साट्नु'-को प्रे० क्रि०)।

सटासट–क्रि० यो० [ने०] फूर्तिसाथ वा छिटोसँग कुनै काम गर्ने किसिम; खटाखट।

सटुवा–वि० [साट्+उवा] १. साटेको; सटही गरेको। २. साट्ने; सटनी गर्ने।

सटी–ना० [सं०] सठी।

सटीक–वि० [सं०] टीका भएको; व्याख्यासहितको।

सट्कनु–अ० क्रि० [सं० सठ्] १. अरूले चाल नपाउने गरी जानु; सुटुक्क हिँड्नु; सुइँकुच्चा ठोक्नु। २. वायु-विकारले शरीरको कुनै अवयवमा एकाएक पीडा हुनु; झस्को पस्नु। ३. प्राकृत स्थितिबाट विचलित हुनु (दिमाग, नसो आदि)।

सट्काइ–ना० [सट्क+आइ] सट्कने किसिम, क्रिया वा भाव।

सट्काइ–ना० [सट्काउ+आइ] सट्काउने किसिम, क्रिया वा भाव।

सट्काइनु–अ० क्रि० [सट्काउ+इ+नु] सट्कन लाइनु; ('सट्काउनु'-को क० क्रि०)।

सट्काउनु–स० क्रि० [सट्क+आउ+नु] १. अरूले थाहा नपाउने गरी धन-माल लिएर हिँड्नु; चोर्नु। २. सट्कन लाउनु; सुइँकुच्चा ठोकाउनु; ('सट्कनु'-को प्रे० क्रि०)।

सट्किनु–अ० क्रि० [सट्क] १. सट्कनु। २. सुटुक्क हिँडिनु; ('सट्कनु'-को भा० क्रि०)।

सट्क्याइ–ना० [सट्कि+याइ] सट्किने किसिम, क्रिया वा भाव।

सट्क्याहट–ना० [सट्कि+आहट] सट्किने किसिम, क्रिया वा भाव।

सट्ट–क्रि० यो० [सं० सठ्] तत्काल कुनै काम गर्ने किसिम; स्वाट्ट; झट्ट।

सट्टक–ना० [सं०] प्रवेशक, विष्कम्भक–केही नहुने, प्रचुर मात्रामा अद्भुत-रसमात्र हुने, प्राकृत भाषाको उपरूपकको एक भेद; अठार उपरूपकमध्ये एक।

सट्टा–ना० [प्रा० सट्ट] १. साट्ने काम; सटही। २. साटो; बदला। ३. भाउको घटी-बढ़ीको विचारबाट अधिक लाभ उठाउनाका निमित्त गरिने एक किसिमको व्यापार।

सट्टा-पट्टा–ना० [सट्टा+पल्ट] एक वस्तु दिएर त्यसका बदलामा अर्को वस्तु लिने काम; साट-फेर; विनिमय।

सट्टा-बिर्ता–ना० [सट्टा+बिर्ता] विक्रमाब्द १९६२-मा सरकारबाट बिर्ता हरण गरेर त्यसका सट्टामा दिइएको जग्गा।

सट्टा-भर्ना–ना० [सट्टा+भर्ना] सापट वा अन्य प्रकारले आफूले अघि लिएको वा आफूबाट हराएको वा नोक्सान भएको वस्तु वा रकम पुनः भर्ना गर्नु।

सट्टी–ना० [सं० सट्ट] लेन-देनको छिना-फाना; मुल; चुक्ती; फच्छे।

सटचाक-सुटुक–क्रि० यो० [ने०] १. अरूलाई थाहा नदिई गुप्त तवरले काम-कुरो गर्ने किसिम। २. थोर-बहुत वा सानो-तिनो माल चोर्ने किसिम। ३. गुप्त कुराको सोहोरा वा थोर-बहुत सुइँको पाइने किसिम। ४. कहिले-काहीँ आउने-जाने किसिम। (ना०) ४. गुप्त व्यवहार।

सठिया–ना० [साठी+इया] बीउ रोपेका साठी दिनमा पाक्ने

CC-0. In Public Domain. Digitization by eGangotri

बाली; दुइ महीनामा पाक्ने अन्न ।

सठी–ना० [सं०] लाम्चा ठूला भूवादार पात हुने, राता पुतली-फूलजस्ता फूल फुल्ने र अदुवाजस्तो कन्द हुने एक जातको बूटी । (आयुर्वेदमा यसको गुण गरम, रुचि-कारक, ज्वर र कफ-नाशक बताइएको छ ।)

सड़क–ना० [अ० शरक] मानिस, सवारी आदिको याता-यात गर्नाका निम्ति बनाइएको ठूलो मार्ग; राज-मार्ग; मूल बाटो ।

सड़ल-पड़ल–वि० [सड्+पड्] १. सड़े-गलेको; सड़ियल । २. बिग्रेको ।

सड़ाइ–ना० [सड़ाउ+आइ] सड़ाउने किसिम, क्रिया वा भाव ।

सड़ाइ–ना० [सड्+आइ] सड्ने किसिम, क्रिया वा भाव ।

सड़ाइनु–स० क्रि० [सड़ाउ+इ+नु] सड्ने पारिनु; ('सड़ाउनु'-को क० क्रि०) ।

सड़ाउनु–स० क्रि० [सड्+आउ+नु] १. सड्ने पार्नु; कुहाउनु । २. थोत्र्याउनु; जीर्ण पार्नु । ३. बिगार्नु; नाश-पार्नु । ४. निष्क्रिय पारी राखिछोड्नु ('सड्नु'-को० प्रे० क्रि०) ।

सड़िनु–अ० क्रि० [सड्+इ+नु] कुहिनु; ('सड्नु'-को० भा० क्रि०) ।

सड़ियल–वि० [सड्+इयल] १. सड़ेको; कुहेको । २. थोत्रिएको; जीर्ण भएको । ३. बिग्रेको; विनष्ट । ४. बेकम्मा; रद्दी ।

सड़ुवा–वि० [सड्+उवा] १. सड्ने किसिमको; कुहुने खालको । २. सड़ेको; सड़ियल ।

सड्कनु–स० क्रि० [सट्क+नु] सट्कनु ।

सड्काइ–ना० [सड्क+आइ] सड्कने किसिम, क्रिया वा भाव; सट्काइ ।

सड्काइ–ना० [सड्काउ+आइ] सड्काउने किसिम, क्रिया वा भाव ; सट्काइ ।

सड्काइनु–स० क्रि० [सड्काउ+आइ+नु] सड्कन लाइनु; ('सड्काउनु'-को क० क्रि०) ।

सड्काउनु–स० क्रि० [सड्क+आउ+नु] सट्काउनु; ('सड्कनु'-को प्रे० क्रि०) ।

सड्किनु–अ० क्रि० [सड्क+इ+नु] सड्कनु ।

सड्क्याइ–ना० [सड्कि+आइ] सड्किने किसिम, क्रिया वा भाव ।

सड्क्याहट–ना० [सड्कि+आहट] सड्किने किसिम, क्रिया वा भाव ।

सड्नु–अ० क्रि० [प्रा० सड+नु] १. दुर्गन्ध वा अमिलोपन पैदा हुने गरी कुनै वस्तुमा विकार पैदा हुनु; कुहुनु; कुहिनु; गल्नु । २. बिग्रनु; नाश हुनु । ३. थोत्रो हुनु; जीर्ण हुनु । ४. निष्क्रिय भई पड़िरहनु ।

सन्डो–वि० [सं० षण्ढ] १. मोटो-घाटो र बलियो । २. मूर्ख; मूढ ।

सत्–वि० [सं०] १. विद्यमान; वर्तमान । २. सत्य; वास्तविक । ३. नित्य; स्थायी । ४. सज्जन ; धर्मात्मा । ५. शुद्ध; पवित्र । ६. श्रेष्ठ; उत्तम । (ना०) ७. सज्जन व्यक्ति । ८. सत्य; यथार्थता । ९. ब्रह्म ।

सत–ना० [सं० सत्त्व] कुनै वस्तु वा पदार्थको सार ।

सतचालिस–ना० [सतचालीस] सतचालीस ।

सतचालिसौँ–वि० [सतचालिस+औँ] सतचालीसौँ ।

सतचालीस–ना० [सं० सप्तचत्वारिंशत्] १. चालीस र सातको योग-सङ्ख्या; ४७-अङ्क । (वि०) २. चालीस र सातका योग-सङ्ख्याको; सतचालिस ।

सतचालीसौँ–वि० [सतचालीस+औँ] गन्दै जाँदा सतचालीस-सङ्ख्यामा पर्ने ।

सतचूर–क्रि० यो० [सतचूर्ण] सतचूर्ण ।

सतचूर्ण–क्रि० यो० [सं० शत+चूर्ण] झरीले बेसरी भिज्ने किसिम; निथ्रुक्क; निथाचूर्ण ।

सतत–क्रि० यो० [सं०] १. निरन्तर; लगातार; अटूट क्रमले । २. सधैँ; हमेशा ।

सत-पदी–ना० [सप्त-पदी] सप्त-पदी ।

सतब्यू–ना० [सं० सत+ब्यू] सब्बी ।

सत-भतार–वि० [सतार] १. ज्यादा अग्लो र मोटो; ठूलो कदको । २. बेछाँटको; भद्दा ।

सत-भतार–ना० [सं० शत+भर्तृ] फुँड़ी; वेश्या; रण्डी ।

सत-भतारे–वि० [सत-भतार+ए] सत-भतार ।

सतरञ्जा–ना० [सं० शत+रञ्ज्] एक प्रकारको, अनेक रङ्ग हुने, मोटो, ओछ्याउने सूती कपड़ा; दरी ।

शतरञ्जी–ना० [सतरञ्जा+ई] सतरञ्जा ।

सतर्क–वि० [सं०] १. तर्क वा युक्तिले युक्त; तर्कपूर्ण । २. सावधान; सचेत ।

सतर्कता–ना० [सं०] १. सतर्क हुनाको भाव । २. सावधानी; होशियारी ।

सतसट्ठि–ना० [प्रा० सत्तसट्ठि] सतसट्ठी ।

सतसट्ठियौँ–वि० [सतसट्ठि+यौँ] गणनाका क्रमले सतसट्ठी सङ्ख्यामा परेको; सतसट्ठी सङ्ख्याको ।

सतसट्ठी–ना० [प्रा० सत्तसट्ठि] १. साठी र सातको योग सङ्ख्या; ६७-अङ्क । (वि०) २. साठी र सातका योग-सङ्ख्याको ।

सतसा–ना० [सं०] साची पान ।

सतह–ना० [अ०] कुनै वस्तुको माथिल्लो भाग; माथिल्लो तह ।

सतहत्तर–ना० [प्रा० सत्तहत्तरि] १. सत्तरी र सातको योग-सङ्ख्या; ७७-अङ्क । (वि०) २. सत्तरी र सातका योग-सङ्ख्याको ।

सतहत्तरौँ–वि० [सतहत्तर+औँ] गणनाका क्रमले सतहत्तर सङ्ख्यामा परेको; सतहत्तर सङ्ख्याको ।

सताइ–ना० [सताउ+आइ] सताउने किसिम, क्रिया वा भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

सताइनु–स० क्रि० [सताउ+इ+नु] सासना दिइनु; ('सताउनु'-को क० क्रि०)।

सताउनु–स० क्रि० [सं० सन्तापन] १. सासना दिनु; शास्ति दिनु; दुःख दिनु। २. हैरान गर्नु। ३. पिर्नु; पिरोल्नु।

सताउन्न–ना० [प्रा० सत्तावन्न] सन्ताउन्न।

सताउनौँ–वि० [सताउन्न+औँ] सन्ताउन्नौँ।

सतान्नब्बे–ना० [सन्तान्नब्बे] सन्तान्नब्बे।

सतान्नब्बेयौँ–वि० [सतान्नब्बे+यौँ] सन्तान्नब्बेयौँ।

सतार–वि० [सत्त्व] १. मोटो-घाटो र अग्लो। २. नकच्चरो; निर्लज्ज। ३. खूब सप्रेको।

सतार्नी–ना० [सतार (एक गाउँ)+नी] १. फौजदारी अड्डामा बापती केर्ने स्त्री (पश्चिम-एक (१)-नम्बर नुवाकोट-इलाकाका तामे सतार गाउँकी गङ्गी खड्किनी सर्व-प्रथम फौजदारी अड्डामा सिपाहीको पदमा नियुक्त भएकीले)। (वि०) २. बेशरम; निर्लज्ज (स्त्री)।

सतास–ना० [सं० सत्व+आस] १. नदीले बगाएर ल्याई खेतमा छोड़ेको घाँस-फूस, काठ-कसिङ्गर आदि। (वि०) २. खूब बढ़ेको; सप्रेको (बाली)।

सतासिइनु–अ० क्रि० [सतासि+इ+नु] खूबसित सप्रिनु; ('सतासिनु'-को भा० क्रि०)।

सतासिनु–अ० क्रि० [सतास+इ+नु] खूबसित सप्रनु; सतास हुनु (बाली-नाली)।

सतासियौँ–वि० [सतासी+यौँ] गन्दै जाँदा सतासी सङ्ख्यामा परेको; सतासी सङ्ख्याको।

सतासी–ना० [प्रा० सत्तासीइ] १. असी र सातको योग-सङ्ख्या; ८७-अङ्क। (वि०) २. असी र सातका योग-सङ्ख्याको।

सतास्याइ–ना० [सतासि+याइ] सतासिने किसिम, क्रिया वा भाव।

सति-बयर–ना० [सं० सातीन+बयर] १. एउटा भेट्नामा तीन-तीन वटा पात लाग्ने, पहेँला वा राता मञ्जरीका रूपमा फूल फुल्ने, मसिना अमिला दाना फल्ने एक जातको बोट। २. त्यसैको फल।

सति-साल–ना० [सं० सत्त्व+साल] १. बाटुला किसिमका साना-साना पात, लाम्चा कोसा-रूपका फल र चुरो खूब बलियो हुने एक जातको वृक्ष। २. त्यसैको चुरो। ३. तमाल।

सती–ना० [सं०] १. आफ्ना पतिबाहेक अरू पुरुषको इच्छा नगर्ने स्त्री; पतिव्रता; साध्वी। २. आफ्ना पतिका शवका साथ चितामा जलेर मर्ने स्त्री। ३. दक्ष प्रजा-पतिकी कन्या; शिवकी जेठी पत्नी। ४. दुर्गा।

सतीत्व–ना० [सं०] सती हुनाको भाव; पातिव्रत्य।

सतीत्व-हरण–ना० [सं०] पतिव्रता स्त्रीको सतीत्व बल-पूर्वक हरण गर्नु।

सतीन–ना० [सं०] १. ठूलो-केराउ। २. बाँस। ३. जल। ४. अपराजिता बूटी।

सतुवा–ना० [प्रा० सत्तुआ] सत्तू।

सतुवा–ना० [?] तलै-तला परेका पात र रछाय भावको डाँठ हुने एक जातको बूटी।

सतृष्ण–वि० [सं०] १. तृष्णाले युक्त। २. तिर्खाएको; तृषित। ३. अति इच्छुक।

सतोसत–ना० [सं० सत्य+सत्] किरिया हाल्दा बोलिने शब्द; सत्ते; धरोधर्म।

सत्कर्ता–ना० [सं०] १. असल काम गर्ने व्यक्ति; सत्कर्म गर्ने व्यक्ति। २. सत्कार गर्ने व्यक्ति; आदर गर्ने व्यक्ति।

सत्कर्म–ना० [सं०] १. असल काम; सत्कार्य। २. पुण्य-कर्म; धर्म-कार्य। ३. अतिथि-सत्कार; आतिथ्य।

सत्कार–ना० [सं०] १. आफूकहाँ आउने मानिसलाई गरिने आदर-भाव; पाहुनाको सेवा। २. सम्मान; आदर।

सत्कारक–वि० [सं०] १. पाहुनाको आदर-भाव गर्ने; अतिथिको सेवा गर्ने। २. सत्कार वा आदर गर्ने।

सत्कार्य–ना० [सं०] उत्तम कार्य; सत्कर्म।

सत्कीर्ति–ना० [सं०] असल कामबाट प्राप्त कीर्ति; सुयश।

सत्कुल–ना० [सं०] उच्च कुल; ठूलो घराना।

सत्कृत–वि० [सं०] १. सत्कार वा आदर गरिएको; सम्मानित। २. स्वागत गरिएको। ३. राम्ररी गरिएको।

सत्कृति–ना० [सं०] १. असल काम; पुण्य-कर्म। २. आदर; सत्कार।

सत्-गति–ना० [सं० सत्+गति] सद्-गति।

सत्तम–वि० [सं०] १. सर्व-श्रेष्ठ; सर्वोत्तम। २. परम पूज्य।

सत्तरियौँ–वि० [सत्तरी+यौँ] गणनाका क्रमले सत्तरीका सङ्ख्यामा परेको; सत्तरी सङ्ख्याको।

सत्तरी–ना० [सं० सप्तति] १. साठी र दशको योग-सङ्ख्या; ७०-अङ्क। (वि०) २. साठी र दशका जम्मा सङ्ख्याको।

सत्तरी–ना० [फा० शहतीर] १. घरका दलिनहरू अड्याउने काठ, फलाम आदिको निदाल। (वि०) २. ज्यादा ठूलो; बड़ेमाको।

सत्तल–ना० [सं० सत्र] यात्रीहरू बस्नाका निमित्त देव-स्थलमा बनाइएको धर्म-शाला।

सत्ता–ना० [सं०] १. मूर्त रूपमा विद्यमान। २. अस्तित्व; स्वत्व। ३. शक्ति; सामर्थ्य। ४. वास्तविक अधिकार; स्वामित्व। ५. प्रभु-सत्ता। ६. उत्तमता; श्रेष्ठता।

सत्ता–ना० [सात] ताश, गन्जीफा आदिको सात फुट्टी भएको पत्ती।

सत्ताईस–ना० [प्रा० सत्तावीस] १. बीस र सातको योग-सङ्ख्या; २७-अङ्क। (वि०) २. बीस र सातका जम्मा सङ्ख्याको।

सत्ताईसौँ–वि० [सत्ताईस+औँ] गणनाका क्रमले सत्ताईस

CC-0. In Public Domain. Digitization by eGangotri

सङ्ख्यामा परेको; सत्ताईस सङ्ख्याको ।

सत्ता-धारी–ना० [सं०] शासन-सत्ता भएको अधिकारी व्यक्ति; कुनै विषयको मुख्य अधिकार-प्राप्त व्यक्ति ।

सत्तू–ना० [सातू] सातू ।

सत्ते–वि० [सात] ढुनोट पढ्दा सातलाई भन्ने शब्द; ढुनोटमा सातका बदलामा प्रयोग गरिने शब्द ।

सत्ते–ना० [सं० सत्य] १. साँचो; सत्य । २. किरिया हाल्दा प्रयोग गरिने शब्द; सतोसत ।

सत्त्व–ना० [सं०] १. सत्ता; अस्तित्व । २. कुनै वस्तुको सार; तत्त्व । ३. प्रकृति; स्वभाव । ४. गुण; धर्म । ५. चैतन्य । ६. जीवन-शक्ति; प्राण । ७. धन; सम्पत्ति । ८. जल, वायु आदि पदार्थ; मूल-तत्त्व । ९. सत्य; यथार्थता । १०. गर्भ । ११. प्रकृतिका तीन गुणमध्ये एक । १२. प्राणी । १३. भूत । १४. बल; शक्ति । १५. साहस । १६. बुद्धिमानी ।

सत्त्व-गुण–ना० [सं०] असल काममा प्रवृत्त गराउने गुण; प्रकृतिका तीन गुणमध्ये एक ।

सत्पथ–ना० [सं०] १. असल बाटो; सन्मार्ग । २. सदाचार ।

सत्पात्र–ना० [सं०] १. योग्य व्यक्ति; श्रेष्ठ पुरुष । २. सज्जन; सुजन । ३. दान आदि लिन योग्य व्यक्ति; सुपात्र ।

सत्पुरुष–ना० [सं०] सज्जन; भलादमी ।

सत्य–वि० [सं०] १. साँचो; तथ्य; सच्चा । २. यथार्थ; वास्तविक । ३. ईमानदार; विश्वस्त । ४. पुण्यात्मा । (ना०) ५. साँचोपन; तथ्य । ६. यथार्थता । ७. साँचो कुरो । ८. किरिया; शपथ । ९. प्रतिज्ञा; कबूल । १०. चार युगमध्ये पहिलो युग; कृत-युग । ११. प्रामाणिक सिद्धान्त । १२. माथितिरका सात लोकमध्ये एक ।

सत्य-काम–वि० [सं०] सत्य वा यथार्थताको कामना गर्ने; सत्यको प्रेमी ।

सत्यङ्कार–ना० [सं०] १. बोलेको कुरो पुऱ्याउनु; कबूल पूरा गर्नु । २. कुनै काम पूरा गर्नाका निमित्त पहिले दिइने धन; बैना ।

सत्यता–ना० [सं०] १. सत्य वा साँचो हुनाको भाव; साँचोपन; सत्य । २. वास्तविकता; यथार्थता ।

सत्य-नारायण–ना० [सं०] विष्णुको एक नाम ।

सत्य-नाश–ना० [सं०] १. सत्य वा प्रतिज्ञा भङ्ग हुनु । २. सत्यानाश ।

सत्यनाशी–वि० [सं०] सत्य-नाश भएको वा गर्ने ।

सत्य-निष्ठ–वि० [सं०] सत्यको पालन गर्ने; सत्यवान् ।

सत्य-प्रतिज्ञ–वि० [सं०] आफूले बोलेको कुरो पूरा गरिछोड्ने; दृढ-प्रतिज्ञ ।

सत्य-युग–ना० [सं०] पुराणअनुसार चार युगमध्ये प्रथम युग; सबैभन्दा उत्तम युग; कृत-युग ।

सत्य-लोक–ना० [सं०] पुराणअनुसार माथिका सात लोकमध्ये सबभन्दा माथिल्लो लोक; ब्रह्म-लोक ।

सत्य-वक्ता–वि० [सं०] सत्यवादी ।

सत्यवती–वि० [सं०] १. सत्यमा दृढ रहने (स्त्री) । (ना०) २. महाभारत, पुराण आदिका रचयिता व्यासकी माता ।

सत्यवती-ताल–ना० [सत्यवती+ताल] नेपालको पाल्पा जिल्लामा रहेको एक प्रसिद्ध ताल ।

सत्यवादी–वि० [सं०] साँचो बोल्ने; सत्य बोल्ने; सत्य-वक्ता ।

सत्यवान्–वि० [सं०] १. सत्यमा दृढ रहने; सत्य-परायण । (ना०) २. पुराण-प्रसिद्ध एक राज-कुमार; सावित्रीका पति ।

सत्य-व्रत–ना० [सं०] १. सधैँ साँचो बोल्ने र सदाचारमा रहने व्रत लिएको व्यक्ति । २. सत्यको पालन गर्ने व्रत ।

सत्य-व्रती–वि० [सं०] साँचो बोल्ने व्रत लिएको; सत्य-व्रत ग्रहण गरेको ।

सत्य-सन्ध–वि० [सं०] आफूले भनेको कुरो पूरा गर्ने; सत्य-प्रतिज्ञ ।

सत्या–ना० [सं०] १. दुर्गा । २. सीता ।

सत्याग्रह–ना० [सं०] कुनै सत्य वा न्याय-सङ्गत पक्षको स्थापनाका निमित्त शान्तिपूर्वक हठ गर्ने काम; सत्य कुराको आग्रह ।

सत्याग्रही–वि० [सं०] सत्याग्रह गर्ने ।

सत्यानाश–ना० [सत्य+नाश] ठूलो बरबादी; सर्वनाश; ध्वंस ।

सत्यानाशी–वि० [सत्यानाश+ई] सत्यानाश गर्ने; सर्वनाश गर्ने ।

सत्र–ना० [सं०] १. तेह्र दिनदेखि सय दिनभित्र समाप्त गरिने एक यज्ञ । २. यज्ञ; होम । ३. घर; गृह । ४. गरीबलाई भोजन दिने ठाउँ; क्षेत्र । ५. कुनै काम शुरू भएर बराबर भइरहने नियत समय ।

सत्र–ना० [प्रा० सत्तरह] १. दश र सातको योग-सङ्ख्या; १७-अङ्क । २. ताशका नकश खेलको मार्ने एक दाउ । ३. पासाको खेलमा दुइ छक्का र एक पन्जा पल्टँदा पर्ने एक दाउ । ४. असल मौका वा भाग्य; फलिफाप । (वि०) ५. दश र सातका योग-सङ्ख्याको ।

सत्र–ना० [सं०] सत्त्र ।

सत्वर–क्रि० यो० [सं०] १. चाँडो; छिटो; शीघ्र । (वि०) २. फूर्तिलो; जाँगरिलो ।

सत्सङ्ग–ना० [सं०] १. सज्जनहरूको सङ्गत; असल मानिसका साथको सहवास । २. धर्म वा अध्यात्म-सम्बन्धी कुराको चर्चा हुने समाज ।

सत्सङ्गति–ना० [सं०] सत्सङ्ग ।

सत्सङ्गी–वि० [सं०] १. सत्सङ्गमा रहने; सज्जनको सङ्गतमा रहने । २. धार्मिक वा आध्यात्मिक समाजमा रहने ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. धर्म-शील ।

सदन–ना० [सं०] १. घर; गृह । २. यज्ञ-मण्डप । ३. कुनै विषयको विचार-विमर्श गर्ने वा नियम, विधान आदि बनाउने सभा बस्ने ठाउँ । ४. नियम, विधान आदि बनाउने व्यक्तिहरूको सभा । ५. नेपाली संविधानअनुसार प्रतिनिधि-सभा र महासभा ।

सदय–वि० [सं०] दयालु; दयावान् ।

सदर–वि० [अ० सद्र] १. प्रधान; मुख्य । (ना०) २. प्रधान अधिकारी वा विभाग रहेको ठाउँ; केन्द्र । ३. राजधानी । ४. स्रेस्तामा विशेष स्थान । ५. कुनै व्यक्तिले पेश गरेको प्रस्ताव वा रायमा मुख्य व्यक्तिले गरेको समर्थन; अनुमोदन; स्वीकृति ।

सदर-बदर–ना० [सदर+बदर] १. सदर र बदर; मन्जूरी र नामन्जूरी । २. स्याहा, ढपोटहरूमा एक विशेष स्थान ।

सदरिया–वि० [सदर+इया] १. सदरको । २. शहरिया; नागरिक । ३. सभ्य; शिष्ट । ४. राजधानीको ।

सदस्य–ना० [सं०] १. कुनै सभा, संस्था आदिमा नियमानुसार र अधिकारका साथ रहेको व्यक्ति । २. सभासद्; पञ्च । २. यज्ञका विधि-विधानको विचार गर्ने व्यक्ति; याजक ।

सदस्यता–ना० [सं०] सदस्यको पद, अधिकार, भाव वा स्थिति ।

सदा–क्रि० यो० [सं०] १. सधैँ; नित्य; हमेशा । २. निरन्तर; लगातार ।

सदाचरण–ना० [सं०] उत्तम आचरण; असल चाल-चलन; सदाचार ।

सदाचार–ना० [सं०] असल चाल-चलन; उत्तम आचरण; सद्व्यवहार ।

सदाचारिता–ना० [सं०] सदाचारी हुनाको भाव ।

सदाचारी–वि० [सं०] असल चाल-चलन वा आचरण भएको; सदाचारमा रहने ।

सदा-फल–वि० [सं०] बाह्रै महीना फल फल्ने; बाह्र-मासे (वृक्ष) ।

सदाबर्त–ना० [सं० सदा+व्रत] १. गरीब-गुरुवालाई सधैँ भोजन बाँड्ने ठाउँ; सत्र । २. गरीबहरूलाई बाँडिने अन्न, वस्त्र आदि ।

सदाबहार–वि० [सं० सदा+बहार (फा०)] वसन्तमा झैँ सधैँ हरिया पात हुने (बोट, वृक्ष आदि) ।

सदाशय–वि० [सं०] १. राम्रो विचार भएको; सज्जन; भलादमी । (ना०) २. राम्रो आशय; सद्विचार ।

सदाशिव–ना० [सं०] १. शिव; महादेव । (वि०) २. सधैँ कल्याण गर्ने ।

सदिच्छा–ना० [सं०] असल इच्छा; शुभ-कामना । मङ्गलमय अभिलाषा ।

सदी–ना० [अ०] सय वर्षको समय; शताब्दी ।

सदुपदेश–ना० [सं०] १. उत्तम उपदेश; सुशिक्षा । २. वेस सल्लाह ।

सदुपयोग–ना० [सं०] राम्रो तबरले काममा लगाउनु; उचित उपयोग ।

सदेह–वि० [सं०] १. शरीर भएको; देह-युक्त । (क्रि० यो०) २. यसै शरीरले; सशरीर ।

सदैव–क्रि० यो० [सं०] सधैँ; हर-हमेशा ।

सदृश्–वि० [सं०] सदृश ।

सदृश–वि० [सं०] १. समान; तुल्य । २. उपयुक्त; योग्य ।

सद्–अव्य० [सं०] वर्गका तृतीय, चतुर्थ र अन्तस्थ वर्णका अगाड़ि लाग्दा हुने 'सत्'-को रूप । (उदा०–सत्+गति=सद्गति; सत्+बुद्धि=सद्बुद्धि इत्या० ।)

सद्गत–ना० [सं० सद्+गति] १. मुर्दा जलाउने काम; अन्त्येष्टि-क्रिया; दाह-संस्कार । २. तीर्थ-स्थानमा भएको मरण । ३. उत्तम गति; मोक्ष ।

सद्गति–ना० [सं०] १. असल अवस्था; उत्तम गति । २. मोक्ष; मुक्ति; मृत्यु ।

सद्गुण–वि० [सं०] १. असल गुण भएको; गुणवान् । (ना०) २. असल गुण ।

सद्गुणी–वि० [सं०] उत्तम गुण भएको; गुणवान् ।

सद्गुरु–ना० [सं०] १. अध्यात्म-विद्या सिकाउने गुरु; धर्म-गुरु । २. असल गुरु । ३. परमात्मा ।

सद्दे–वि० [सं० सत्] १. नबिग्रेको; विकार पैदा नभएको । २. सिङ्गो; सग्लो । ३. निर्दोष; निरपराध । ४. मिसौट नभएको; सकली । ५. नीरोगी; तन्दुरुस्त ।

सद्धर्म–ना० [सं०] १. उत्तम धर्म; मोक्ष दिने धर्म । २. बौद्ध धर्म ।

सद्धर्मी–वि० [सं०] सद्धर्मको अनुयायी ।

सद्ब्यू–ना० [सं० सत+ब्यू] सद्बी ।

सद्भाव–ना० [सं०] १. स्नेह र हितको भाव; असल नीयत; सुभावना । २. मेल-मिलाप; मैत्री । ३. अस्तित्व; विद्यमानता ।

सद्भावना–ना० [सं०] असल भावना; शुभ कामना; सद्भाव ।

सद्म–ना० [सं०] १. घर; गृह । २. विश्राम-स्थान । ३. मन्दिर; देवालय । ४. युद्ध; लड़ाइँ ।

सद्मिनी–ना० [सं०] सानो र छरितो घर ।

सद्बी–ना० [सं० सप्त+वीज] १. मार्ग कृष्ण चतुर्दशीका दिन पाशुपत क्षेत्रमा छरिने विभिन्न प्रकारका अन्न । (वि०) २. धेरै थरीका वस्तुहरू मिलेको ।

सद्यः–क्रि० यो० [सं०] १. अहिले नै; तत्काल; तत्क्षण । २. आजकै दिनमा; आजै । ३. तुरुन्तै; शीघ्र नै ।

सद्यस्क–वि० [सं०] १. नयाँ । २. ताजा । ३. तुरुन्तको ।

सद्रूप–ना० [सं०] १. सुन्दर रूप; राम्रो आकृति । (वि०) २. राम्रो; सुन्दर । ३. असल शील-स्वभावको ।

सद्रूपता–ना० [सं०] सद्रूप हुनाको भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

सद्वृत्त–वि० [सं०] असल चाल-चलन भएको; सदाचारी; सच्चरित्र ।

सद्वृत्ति–ना० [सं०] असल आचरण; सदाचार; सद्-व्यवहार ।

सद्व्रत–वि० [सं०] १. असल व्रत लिएको; उत्तम नियम-निष्ठामा रहेको । २. सदाचारी; सच्चरित्र । (ना०) ३. उत्तम व्रत; सदाचार ।

सद्व्रती–वि० [सं०] उत्तम व्रत लिएको; सद्व्रत ग्रहण गरेको; सदाचारी ।

सधर्मी–वि० [सं०] एउटै धर्मको; समान धर्मको ।

सधवा–ना० [सं०] पति जीवित रहेकी स्त्री; सौभाग्यवती स्त्री ।

सधाइ–ना० [साध्+आइ] १. साध्ने किसिम, क्रिया वा भाव । २. आदेश लिने काम ।

सधाइ–ना० [सधाउ+आइ] सधाउने किसिम, क्रिया वा भाव ।

सधाइनु–स० क्रि० [सधाउ+इ+नु] तालीम गरिनु; ('सधा-उनु'-को क० क्रि०) ।

सधाउनु–स० क्रि० [साध्+आउ+नु] १. तालीम गर्नु; शिक्षा दिनु । २. काममा लगाउनु; काममा जोत्नु । ३. सुधार्नु; सपार्नु । ४. बिग्रेका वा बेकम्मा भएका वस्तुलाई कामको योग्य बनाउनु । ५. नष्ट हुन लागेको धन तर लाउनु ।

सधाउनु–स० क्रि० [सं० श्रत्] मान्नु; रुचाउनु ।

सधिनु–स० क्रि० [साध्+इ+नु] साधिनु ।

सधुवा–ना० [सं०सधवा] पति जीवित भएकी स्त्री; ऐभाँती; सधवा स्त्री ।

सधुवा–वि० [साध्+उवा] १. साध्ने । २. साधिएको (प्राणी) । ३. साध्ने (व्यक्ति) ।

सधैँ–क्रि० यो०[सं० सदा+नै] १. हर-बखत; हमेशा; सर्वदा । २. दिन-दिनै; प्रतिदिन ।

सन्–ना०[अ०सन] १. अङ्ग्रेजी संवत्; ईसवी वर्ष । २. साल; संवत् ।

सन–ना०[सं० शण] १. खण्ड-खण्ड परेका पात हुने, पहेँला, सेता वा नीला फूल फुल्ने एक जातको बोट । (यसका बोक्रा-बाट रेशमजस्तो टल्कने पाट बन्दछ ।) २. त्यसैको पाट ।

सनई–ना०[फा० शहनाई] फुकेर बजाइने एक प्रकारको बाजा; सनही; शहनाई ।

सनक–ना० [सं० शण्ढ] १. रीसको आवेग; झोक । २. बौलट्टी । ३. मनको एकोहोरोपना ; धुन ।

सनक–ना० [सं०] ब्रह्माका सनकादि चार मानस-पुत्रमध्ये एक ।

सनकी–वि० [सनक+ई] उन्मत्त; अर्ध-सिल्ली ।

सनकादि–ना० [सं०] ब्रह्माजीका चार मानस-पुत्र (सनक, सनन्दन, सनातन र सनत्कुमार) ।

सनक्क–क्रि० यो० [सन्क] सन्कने किसिम; एकाएक मान-सिक आवेग उठ्ने किसिम ।

सनक्क–क्रि० यो० [ने०] भएभरको सबै पिउने किसिम ।

सनत्–ना० [सं०] ब्रह्मा ।

सनत्कुमार–ना० [सं०] ब्रह्माका सनकादि चार मानस-पुत्र-मध्ये एक ।

सनद–ना० [अ०] १. कुनै निकासा-पुकासा वा बन्दोबस्तका निमित्त दिइने सरकारी आज्ञा-पत्र । २. प्रमाण-पत्र ।

सनन्दन–ना० [सं०] ब्रह्माका सनकादि चार मानस-पुत्रमध्ये एक ।

सन-पाट–ना० [सन+पाट] सनको बोक्रो ।

सनसन–क्रि० यो० [ने०] १. पानी, दूध, धूवाँ आदि चाँडो-चाँडो पिउने किसिम; तनतन । २. हावा चल्दा शब्द आउने किसिम । ३. बाण, गोली आदि वेगले चल्दा शब्द आउने किसिम ।

सनसनती–क्रि० यो० [सनसन+ती] सनसन ।

सनसनाहट–ना० [सनसन+आहट] हावा, गोली, बाण आदि सनसन चल्दा आउने शब्द । २. त्यस्तै किसिमको अन्य कुनै शब्द ।

सन-साइकल–ना० [अं०] हल्का र कम्ती शक्तिको एक प्रकारको मोटर-साइकल ।

सनही–ना० [फा० शहनाई] सनई; शहनाई ।

सनाई–ना० [सन] सानो एक जातको सन; छिनछिनेको एक जात । (यसको पात रेचक हुन्छ ।)

सनाखत–ना० (फा० शनाख्त] १. घर-जग्गा बेच-बिखन गर्ने व्यक्तिहरूले प्रमाणस्वरूप लेखेर साहूलाई दिने कागत-पत्र; तमसुक । २. पहिचान ।

सनातन–वि० [सं०] १. धेरै अघिदेखि चलिआएको; अनादि । २. प्राचीन; पुरानो । ३. नित्य; अविनाशी । (ना०) ४. अत्यन्त प्राचीन काल; अनादि काल । ५. अनादि कालदेखि चलिआएको व्यवहार । ६. ब्रह्माका सनकादि चार मानस-पुत्रमध्ये एक । ७. विष्णु । ८. शिव । ९. ब्रह्मा ।

सनातनता–ना० [सं०] सनातन हुनाको भाव; अति प्राचीनता ।

सनातन-धर्म–ना० [सं०] १. आर्यहरूको प्राचीन कालदेखि चलिआएको धर्म । २. पुराण, तन्त्र, मूर्ति-पूजा आदि सहितको आजकाल चलेको हिन्दू-धर्म ।

सनातनी–वि० [सं०] १. सतातन-धर्मको अनुयायी । २. अति पुरानो; प्राचीन । (ना०) ३. लक्ष्मी । ४. दुर्गा । ५. सरस्वती ।

सनासो–ना० [सं० सन्दंश] गँगटाका पन्जाजस्तो मुख हुने, कसौँडी, तसला आदि समाउने घुमेको बीँड हुने एक साधन; बाहुली ।

सने–ना० [सं० सन्देश] १. समाचार; सन्देश । २. कोसेली; उपहार ।

सनेह–ना० [सं० स्नेह] स्नेह ।

CC-0. In Public Domain. Digitization by eGangotri

सन्कनु–अ० क्रि० [सनक+नु] १. मानसिक आवेग उठ्नु; उत्तेजित हुनु; सन्किनु । २. बहुलट्टी चढ्नु; बहुलाउनु । ३. रीस उठ्नु; झोक चल्नु ।

सन्काइ–ना० [सन्काउ+आइ] हात, मुख आदि सन्काउने किसिम, क्रिया वा भाव ।

सन्काइ–ना० [सन्क+आइ] उत्तेजित हुने वा सन्कने किसिम, क्रिया वा भाव; सन्क्याइ ।

सन्काइ–ना० [सन्काउ+आइ] उत्तेजित पार्ने वा सन्काउने किसिम, क्रिया वा भाव; सन्काहट ।

सन्काइनु–स० क्रि० [सन्काउ+इ+नु] उत्तेजित पारिनु; ('सन्काउनु'-को क० क्रि०) ।

सन्काइनु–स० क्रि० [सन्काउ+इ+नु] इशारा गर्नाका निमित्त हात, मुख, आँखा आदि चलाइनु; सङ्केत गरिनु; ('सन्काउनु'-को क० क्रि०) ।

सन्काउनु–स० क्रि० [सं० सङ्केत+आउ+नु] इशारा गर्नाका निमित्त हात, मुख, आँखा आदि चलाउनु ।

सन्काउनु–स० क्रि० [सन्क+आउ+नु] १. उत्तेजित पार्नु; आवेग चढ़ाउनु । २. बहुलाहा तुल्याउनु । ३. झोक उठाउनु ।

सन्कासन्की–ना० [सन्क+सन्क] १. परस्परमा सन्कने वा रिसाउने काम; रन्करन्की ।

सन्काहट–ना० [सन्क+आहट] सन्कने किसिम, काम वा भाव; सन्काइ ।

सन्काहा–वि० [सन्क+आहा] १. सन्कने स्वभावको; रिसाहा; झोकी । २. अर्ध-सिल्ली । ३. कुनै विशेष वस्तु देखेर उत्तेजित हुने (पशु) ।

सन्किनु–अ० क्रि० [सन्क+इ+नु] १. सन्कनु । २. मानसिक आवेग उठिनु; ('सन्कनु'-को भा० क्रि०) ।

सन्को–ना० [सनक] सनक ।

सन्को–ना० [ने०] एक चोटिको पियाइ; घुट्को; सर्को ।

सन्क्याइ–ना० [सन्कि+याइ] सन्किने किसिम, क्रिया वा भाव; सन्काइ ।

सन्क्याहट–ना० [सन्कि+याहट] सन्किने किसिम, काम वा भाव; सन्काइ ।

सन्चो–ना० [ने०] १. रोग, पीडा आदि छुट्नु; सुस्वास्थ्य; नीरोगता; आरोग्य । २. झन्झट, बाधा, आपत् आदिदेखि मुक्त हुने काम । ३. आनन्द; सुबिस्ता ।

सन्छेप–ना० [सं० सङ्क्षेप] १. इशारा । २. सङ्क्षेप ।

सन्जना–ना० [ने०] मूला, काँक्रो आदि एक किसिमसित जाली पारी काटेको टुक्रो ।

सन्जाप–ना० [फा० सिजाफ़] दौरा, सुरुवला आदि पोशाकका छेउमा सिएर गाँसिने कपड़ाको धरो; मोहोजी; सेप्टी ।

सन्जाफ–ना० [फा० सन्जाफ़] सन्जाप ।

सन्जोग–ना० [सं० संयोग] संयोग; भवितव्य ।

सन्जोगे–ना० [सं० संयोग] भान्साका जीरा, मरीच, ज्वानु आदि हाल्ने खण्डै-खण्ड परेको भाँड़ो; पञ्च-पाला ।

सन्झ्याल–ना० [नेवा० सँझ्याल] गाह्रोभन्दा बाहिर निस्केको पुरानो छाँटको, विशेष किसिमसित बनेको झ्याल ।

सन्टरी–ना० [अं० सेन्ट्री] सन्तरी ।

सन्ठ–वि० [सं० शठ] १. स्वाँठ; मूर्ख । २. उच्छृङ्खल; उद्धत ।

सन्त–ना० [सं०] १. साधु; संन्यासी । २. धर्मात्मा व्यक्ति; पुण्यात्मा पुरुष । ३. अँजली; अञ्जलि । ४. सज्जन । (वि०) ५. शान्त प्रकृतिको; विनम्र ।

सन्तत–क्रि० यो० [सं०] १. निरन्तर; लगातार । २. सधैँ; हमेशा । (वि०) ३. फिँजाइएको; फैलाइएको । ४. सिलसिला नछुटेको; अविच्छिन्न ।

सन्तति–ना० [सं०] १. सन्तान; छोरा-छोरी । २. वंश; कुल । ३. फैलावट; विस्तार । ४. अविच्छिन्नता ।

सन्तति-निरोध–ना० [सं०] सन्तान-निरोध ।

सन्तप्त–वि० [सं०] १. खूब तातेको; ज्यादा गरम भएको । २. मनमा ठूलो पीर परेको; अति दुःखी । ३. पीड़ित; ४. थाकेको; श्रान्त ।

सन्तरण–ना० [सं०] १. पार गर्ने काम; तर्ने क्रिया । २. राम्ररी पौड़न सक्ने व्यक्ति । (वि०) ३. पार गराउने ।

सन्तरी–ना० [अं० सेन्ट्री] १. पहरेदार; पाले । २. पहरा; पालो ।

सन्ताउन्न–ना० [प्रा० सत्तावन्न] १. पचास र सातको योगसङ्ख्या; ५७-अङ्क । (वि०) २. पचास र सातका योगसङ्ख्याको; सतावन्न ।

सन्ताउन्नौँ–वि० [सन्ताउन्न+औँ] गणनाका क्रमले सन्ताउन्न सङ्ख्यामा परेको; सन्ताउन्न सङ्ख्याको; सताउन्नौँ ।

सन्तान–ना० [सं०] १. अविच्छिन्न क्रम; श्रृङ्खला । २. विस्तार; फैलावट । ३. कुल; वंश । ४. सन्तति; बाल-बच्चा । ५. पाँच देव-तरुमध्ये एक ।

सन्तान-निग्रह–ना० [सं०] सन्तान-निरोध ।

सन्तान-निरोध–ना० [सं०] सन्तानको जन्म रोक्नाका निमित्त इन्द्रिय-निग्रह वा अरू कृत्रिम उपायद्वारा गर्भधारण हुन नदिनु; सन्तति-निरोध ।

सन्तानवान्–वि० [सं०] छोरा-छोरी भएको; सन्तान भएको ।

सन्तान्नब्बे–ना० [प्रा० सत्तनवई] १. नब्बे र सातको योगसङ्ख्या; ९७-अङ्क । (वि०) २. नब्बे र सातका योग-सङ्ख्याको; सतान्नब्बे ।

सन्तान्नब्बेयौँ–वि० [सन्तान्नब्बे+यौँ] गणनाका क्रमले सन्तान्नब्बे सङ्ख्यामा परेको; सन्तान्नब्बे सङ्ख्याको ।

सन्ताप–ना० [सं०] १. चर्को गर्मी; ठूलो आँच । २. मानसिक दुःख; पीर । ३. पश्चात्ताप; पछुतो । ४. क्रोध । ५. दाह; जलन ।

सन्तापन–ना० [सं०] १. सन्ताप वा मानसिक दुःख दिने काम । २. सन्तप्त पार्नु; खूब तताउनु । ३. कामदेवका पाँच बाणमध्ये एक ।

CC-0. In Public Domain. Digitization by eGangotri

सन्तापित–वि० [सं०] १. खूबसित तताइएको। २. उत्पीडित; सन्तप्त।

सन्तुलन–ना० [सं०] १. दुइ वा बढ़ी वस्तुलाई समान रूपमा तौलनु। २. दुइ पक्षलाई बराबर पार्नु। ३. समान परिमाण वा स्थितिमा राख्नु।

सन्तुष्ट–वि० [सं०] १. सन्तोष भएको; चित्त बुझेको। २. अघाएको; तृप्त। ३. प्रसन्न; आनन्दित।

सन्तुष्टि–ना० [सं०] १. सन्तोष हुने काम, तुष्टि। २. अघाउने काम; तृप्ति।

सन्तुष्टीकरण–ना० [सं०] १. सन्तुष्ट पार्ने काम; चित्त बुझाउने काम। २. तृप्त पार्ने काम।

सन्तोक–ना० [सं० सन्तोष] सन्तोष।

सन्तोकी–वि० [सं० सन्तोषी] सन्तोषी।

सन्तोष–ना० [सं०] १. आफूलाई प्राप्त भएको वा आफूसँग भएको वस्तुमा चित्त बुझ्नु; सन्तुष्ट हुने काम; सन्तोक। २. अघाउने काम; तृप्ति। ३. आनन्द; प्रसन्नता। ४. चोर-औँलो वा बूढ़ी-औँलो।

सन्तोषण–ना० [सं०] सन्तुष्ट पार्ने काम।

सन्तोषित–वि० [सं०] १. सन्तोष गराइएको; सन्तुष्ट पारिएको। २. तृप्त गराइएको।

सन्तोषी–वि० [सं०] सन्तोष मान्ने; सन्तुष्ट रहने; सन्तोकी।

सन्त्रस्त–वि० [सं०] १. डराएको; त्रस्त। २. घबड़ाएको; व्याकुल।

सन्त्रास–ना० [सं०] डर; भय।

सन्था–ना० [सं० संस्थान] एक पटकमा पढ़ाइने वा पढ्ने पाठ; एक दिनको पाठ।

सन्दंश–ना० [सं०] १. सनासो; बाहुली। २. चिम्टा। ३. खजुरो। ४. एक नरक।

सन्दर्भ–ना० [सं०] १. साहित्यिक रचना; लेख, निबन्ध आदि। २. कुनै गूढ कुरालाई स्पष्ट गर्ने ग्रन्थ। ३. लेख, पुस्तक आदिको विषय-प्रसङ्ग; लेख, कुरो आदिको सिलसिला। ४. गाँस्ने वा बुन्ने काम। ५. सम्मिश्रण। ६. विस्तार।

सन्दर्शन–ना० [सं०] १. राम्ररी हेर्ने काम; अवलोकन। २. एक-टक हेर्नु; नियाल्नु। ३. विचार; पर्यवेक्षण।

सन्दिग्ध–वि० [सं०] १. सन्देह भएको; शङ्का लागेको। २. ठेगान नभएको; अनिश्चित। (ना०) ३. अस्पष्ट कथन।

सन्दिग्धता–ना० [सं०] १. सन्दिग्ध हुनाको भाव; सन्दिग्धत्व। २. भनेको कुरो स्पष्ट नभई सन्देह हुँदा पर्ने एक साहित्यिक दोष।

सन्दिग्धत्व–ना० [सं०] सन्दिग्धता।

सन्दीपन–ना० [सं०] १. उत्तेजना गर्ने काम; उद्दीपन। २. कामदेवका पाँच बाणमध्ये एक।

संदीप्त–वि० [सं०] १. उद्दीप्त; प्रज्वलित। २. उत्तेजित।

सन्दूक–ना० [अ० सन्दूक़] १. काठका फल्याकले बनेको धन-मालहरू सुरक्षित राख्ने बाकस; सन्दूस। २. फलाम, छाला आदिको बाकस।

सन्दूस–ना० [अ० सन्दूक़] सन्दूक।

सन्देश–ना० [सं०] १. एक जनाले अर्कोलाई भनेर पठाएको कुरो। २. समाचार; खबर; संवाद। ३. कोसेली; सौगात; उपहार। ४. आदेश।

सन्देसा–ना० [सं० सन्देश] मौखिक खबर; समाचार।

सन्देह–ना० [सं०] १. शङ्का; संशय; शक; अनिश्चय। २. भ्रम; भ्रान्ति। ३. उपमेयमा उपमानको चमत्कारपूर्ण संशय हुँदा पर्ने एक अर्थालङ्कार।

सन्देहात्मक–वि० [सं०] सन्देह भएको; सन्दिग्ध; सन्देहास्पद।

सन्देहास्पद–वि० [सं०] सन्देहात्मक।

सन्दोह–ना० [सं०] १. दूध दुहुनु। २. समूह; समुदाय। ३. थुप्रो; राशि।

सन्धान–ना० [सं०] १. जोर्नु; मिलाउनु। २. संयोग; मेल। ३. मिसावट; मिश्रण। ४. जोर्नी; सन्धि। ५. एकाग्रता। ६. कुनै वस्तुलाई सड़ाएर अमिल्याउनु। ७. खोजी; अन्वेषण। ८. आसव झिक्नु। ९. हतियार आदिले ताक्नु। १०. साधन (स्वर आदि)। ११. समर्थन।

सन्धि–ना० [सं०] १. मिल्ने काम; संयोग। २. दुइ वा बढ़ी वस्तु वा अवयव जोड़िएको ठाउँ; जोर्नी। ३. दुइ वा बढ़ी वस्तुका बीचको खाली ठाउँ; अन्तर; अवकाश। ४. मर्म-स्थल। ५. जननेन्द्रिय। ६. व्याकरणमा साथ-साथमा आएका दुइ शब्द केही परिवर्तन भएर एक रूपमा मिल्ने काम। ७. एक समयको समाप्ति र अर्को समय शुरू हुने अवस्था। ८. परस्परमा विरोध नगरी मिलेर रहने वा कुनै काम गर्ने दुइ वा बढ़ी राष्ट्रको प्रतिज्ञा; सम्झौता; सुलह। ९. मित्रता; मैत्री। १०. चोरी गर्नाका निमित्त चोरले भित्तामा पारेको प्वाल; सेँध। ११. नाटकमा प्रधान प्रयोजनसित सम्बन्ध भएका कथांशहरूका पाँच अवान्तर सम्बन्ध (मुख, प्रतिमुख, गर्भ, विमर्श र निर्वहण)।

सन्धित–वि० [सं०] सन्धि गरिएको।

सन्धि-विच्छेद–ना० [सं०] १. आपस्तमा गरेको सन्धि वा सम्झौता तोड्ने काम; मैत्री भङ्ग गर्ने काम। ३. व्याकरणमा सन्धि भएर रहेका शब्दहरूलाई छुट्याउने काम।

सन्धि-सर्पन–ना० [सन्धि+स्पर्शन] १. घरका नजीक जग्गा-जमीन, बाटो-घाटोबाट हुने असजिलो अवस्था; मर्का। २. नभई नहुने घर, जग्गा, गौँड़ो, तगारो आदि।

सन्धेय–वि० [सं०] सन्धि गर्न योग्य।

सन्ध्या–ना० [सं०] १. दुइ वस्तुको मेल; योग। २. रात र विहान, बिहान र दिन वा दिन र रातका बीचको समय;

CC-0. In Public Domain. Digitization by eGangotri

सन्धि-काल । ३. त्यस समयमा द्वि-जातिले गर्ने पूजा-पाठ आदि धार्मिक कृत्य,; सन्ध्योपासना । ४. दुइ युगका बीचको समय । ५. गायत्री मन्त्र । ६. साझा । ७. वादा; कबूल । ८. सीमा । ९. ब्रह्माकी पुत्री । १०. सूर्यकी पत्नी ।

सन्ध्या-काल–ना० [सं०] साँझको बखत; सन्ध्याको समय ।

सन्ध्योपासना–ना० [सं०] १. सन्ध्याका समयमा गरिने देव-देवीको उपासना । २. गुरुबाट प्राप्त मन्त्रको साँझ-बिहान गरिने जप ।

सन्न–क्रि० यो० [अनु०] १. गोली, बाण, हावा आदि वेगसित चल्दा शब्द आउने किसिम । २. पानी, धूवाँ आदि वेगसित मुखभित्र तान्ने किसिम ।

सन्न–क्रि० यो० [सं० शण्ढ] १. रीस उठ्ने किसिम; रन्न; झनक्क । २. सनक चढ्ने किसिम; मानसिक आवेग उठ्ने किसिम । ३. आश्चर्य-चकित हुने किसिम ।

सन्नद्ध–वि० [सं०] १. तयार; कटि-बद्ध । २. कसेर बाँधेको; मस्काएको । ३. युद्धका निमित्त तयार भएको । ४. युक्त; सम्पन्न । ५. संलग्न; जोरिएको; तल्लीन । ६. घातक । ७. नजीकको; समीप-वर्ती ।

सन्नयन–ना० [सं०] १. नजीक ल्याउनु । २. लैजानु ।

सन्नाटा–ना० [सं० शून्यता] १. कुनै किसिमको शब्द नहुनु; निस्तब्धता; नीरवता । २. निर्जनता; एकान्त । ३. मौन । (वि०) ४. सूनसान; निर्जन; एकान्त । ५. नीरव; निश्शब्द ।

सन्नाह–ना० [सं०] १. शस्त्र, अस्त्र, कवच आदिले सज्जित हुने क्रिया; युद्धका निमित्त तयार हुने काम । २. कवच ।

सन्निकट–ना० यो० [सं०] ज्यादै नजीकको; अति समीपको ।

सन्निकर्ष–ना० [सं०] १. नजीक ल्याउने काम । २. सामीप्य । ३. उपस्थिति । ४. सम्बन्ध; सम्पर्क ।

सन्निकर्षण–ना० [सं०] १. सामीप्य । २. निकट ल्याउनु ।

सन्निकृष्ट–वि० [सं०] समीप ल्याइएको ।

सन्निधाता–ना० [सं०] १. नजीक ल्याउने व्यक्ति वा शक्ति । २. जम्मा गर्ने मानिस वा शक्ति । ३. चोरीका माल-मत्ता खरीद-बिक्री गर्ने व्यापारी ।

सन्निधान–ना० [सं०] १. नजीक हुनाको भाव; सामीप्य । २. नजीक राख्ने काम ।

सन्निधि–ना० [सं०] सन्निधान ।

सन्निपात–ना० [सं०] १. वात, पित्त र कफ कुपित भएर हुने एक रोग; त्रिदोष । २. साथ-साथ खस्नु । ३. ठक्कर; ठोकर । ४. समूह; राशि ।

सन्निभ–वि० [सं०] सदृश; तुल्य ।

सन्निविष्ट–वि० [सं०] १. साथमा रहेको; नजीकमा बसेको । २. मिलेको; एकत्रित । ३. पसेको; प्रविष्ट ।

सन्निवेश–ना० [सं०] १. पस्ने काम; प्रवेश । २. साथमा रहनु । ३. सजाएर राख्नु । ४. अटाउनु; पस्नु । ५. जम्मा हुनु; जुट्नु । ६. तल्लीन हुनु; निमग्न हुनु । ७. समूह; भीड़ । ८. स्थान । ९. सामीप्य । १०. छाप्रो । ११. यथा-स्थान बसाउनु । १२. खेल्ने मैदान ।

सन्निवेशन–ना० [सं०] १. मिलाउनु; मिसाउनु । २. पसाउनु; हुल्नु । ३. सजाउनु; सजावट । ३. यथा-स्थान बसाउनु ।

सन्निहित–वि० [सं०] १. नजीकमा राखिएको । २. नजीकको; समीपस्थ । ३. गाभिएको; मिलेको । ४. उद्यत; तत्पर । ५. रहेको; टिकेको; अड़ेको । ६. कसैमा पूर्ण रूपले सुरक्षित रहेको (अधिकार, स्वत्व, शक्ति आदि) ।

सन्न्यस्त–वि० [सं०] १. छोड़िएको; त्यागिएको; त्यक्त । २. विरक्त । ३. संन्यास-धर्म ग्रहण गरेको; संन्यासी ।

सन्न्यास–ना० [सं०] १. छोड्ने वा त्याग्ने काम; परित्याग । २. सांसारिक विषयहरूदेखि विरक्त भएर निष्काम रहने एक आश्रम; हिन्दूहरूका चार आश्रममध्ये एक; चतुर्थाश्रम । ३. सांसारिक प्रपञ्चदेखि विरक्त भएर रहने एक धर्म; योगीको धर्म । ४. विरक्ति; वैराग्य । ५. कुनै क्षेत्र वा सीमाभित्र रहने एक व्रत । ६. स्वेच्छाले कुनै कार्यबाट अलग रहने काम । ७. धरौटी; धितो । ८. शरीर-त्याग; मृत्यु ।

सन्न्यासी–वि० [सं०] १. त्याग्ने; परित्याग गर्ने । २. विरक्त । (ना०) ३. सन्न्यास-धर्म लिएको व्यक्ति; जोगी । ४. सन्न्यास-धर्म लिएका व्यक्तिबाट जन्मेको सन्तान ।

सन्मान–ना० [सं० सम्मान] सम्मान ।

सन्मार्ग–ना० [सं०] असल बाटो; सुमार्ग ।

सपक्क–क्रि० यो० [ने०] १. मिल्ने गरी लुगा फाटो लाउने किसिम; टिमिक्क । २. पछ्यौरा ओढ्ने वा सप्को हाल्ने किसिम । ३. गीलो पदार्थ गाँस हाल्ने किसिम; स्वाप्प । ४. सम्म परेर बस्ने वा टाँसिने किसिम ।

सपत्न–वि० [सं०] १. सौतानी आमा-सम्बन्धी; सौतेने । (ना०) २. वैरी; शत्रु । २. प्रतिद्वन्द्वी; प्रतिस्पर्धी ।

सपत्नी–ना० [सं०] सौता; सौती ।

सपत्नीक–वि० [सं०] पत्नीसहित; स्त्रीसमेत ।

सपत्न्य–ना० [सं०] सपत्न हुनाको भाव ।

सपदि–क्रि० यो० [सं०] तुरुन्त; तत्काल ।

सपना–ना० [सं० स्वप्न] १. मधुर निद्रामा देखिने मानसिक दृश्य वा घटना; स्वप्न । २. कल्पना; सुखद भविष्यको आशा ।

सपरिवार–वि० [सं०] १. जहान-बच्चासमेतको; परिवारले युक्त । (क्रि० यो०) २. जहान-बच्चासमेत; परिवार-सहित ।

सपसप–क्रि० यो० [सपासप] सपासप; सपसपी ।

सपसपती–क्रि० यो० [सपसप+ती] सपासप ।

सपसपी–क्रि० यो० [सपसप+ई] सपासप ।

CC-0. In Public Domain. Digitization by eGangotri

सपाद–वि० [सं०] १. चरणसहित । २. एक चतुर्थांश बढ्ता भएको; सवा ।

सपाराइ–ना० [सपार्+आइ] सपार्ने किसिम, क्रिया वा भाव ।

सपारिनु–स० क्रि० [सपार्+इ+नु] सुधारिनु; ('सपार्नु'-को क० क्रि०) ।

सपार्नु–स० क्रि० [सुप्र+नु] १. बिग्रेका वा बिग्रन लागेका वस्तुलाई ठीकसित बनाउनु; सुधार्नु । २. मरम्मत गर्नु; जीर्णोद्धार गर्नु । ३. भूल, त्रुटि आदिको सुधार गर्नु; सच्याउनु । ४. उँधो लाउनु; तर लाउनु ।

सपासप–क्रि० यो० [ने०] १. गीलो पदार्थको धमाधम गाँस हाल्ने किसिम; सप्को हालेर खाने किसिम; सपासपी । २. कुनै लचिलो लट्ठी वा डोरी आदिले धमाधम हान्ने किसिम ।

सपासपी–क्रि० यो० [ने०] सपासप ।

सपिण्ड–ना० [सं०] १. एकै पितृलाई पिण्ड-दान दिने एउटै कुलका सन्तानहरू । २. छ पुस्तादेखि तलतिरका गोत्रीय बन्धु ।

सपिण्डीकरण–ना० [सं०] मृतकलाई पिण्ड-दान दिएर पितृहरूसित मिलाउनाका निमित्त गरिने बाह्रौं दिनको श्राद्ध ।

सपुर्द–ना० [सुपुर्द] सुपुर्द ।

सपुर्दगी–ना० [सुपुर्दगी] सुपुर्दगी ।

सपूत–ना० [सं० सुपुत्र] १. असल शील-स्वभावको छोरो; सुयोग्य पुत्र; सुपुत्र । २. वंश वा कुलको इज्जत राख्ने सन्तान; कुल-दीपक ।

सपेटो–ना० [प्रा० सपिट्ठ] पशुहरूको पातोसहितको खुट्टो; साँप्रो ।

सपेता–ना० [सफेदा] सफेदा ।

सपेरो–ना० [साँप+एरो] १. सर्पलाई पक्रने वा नचाउने व्यक्ति । २. सर्पको विष झार्ने व्यक्ति; विष-वैद्य ।

सप्काइ–ना० [सप्काउ+आइ] सप्काउने किसिम, क्रिया वा भाव ।

सप्काइनु–स० क्रि० [सप्काउ+इ+नु] सप्को हालिनु; ('सप्काउनु'-को क० क्रि०) ।

सप्काउनु–स० क्रि० [सप्को+आउ+नु] १. गीलो खाने-कुराको गाँस हाल्नु; सप्को हाल्नु; सप्प्याक्क खानु । २. पछ्यौरा आदिको सप्को हाल्नु । ३. लचिलो लट्ठी, डोरी आदिले हान्नु ।

सप्को–ना० [सपक्क] गीलो खानेकुराको गाँस; सप्प्याक्क खाइने गाँस ।

सप्को–ना० [प्रा० सपक्ख] १. पछ्यौरा आदिको काँधतिर पर्ने छेउ; आँचल । २. लुगा-फाटोको छेउले प्राणीलाई भएको स्पर्श ।

सप्त–ना० [सं०] १. छ र एकको योग-सङ्ख्या; सात । (वि०) २. सात ।

सप्तक–ना० [सं०] १. एकै किसिमका सात वस्तुहरूको समुदाय । २. सङ्गीतमा सात स्वरको समुदाय । (षडज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद । स्वरको उच्चारणको तीव्रता वा मन्दताका दृष्टिले मन्द्र, मध्य र तार—सप्तकका यी तीन भेद छन् ।) (वि०) ३. सात ।

सप्त-कुल-पर्वत–ना० [सं०] पवित्र वा प्रधान मानिएका सात पर्वत (महेन्द्र, मलय, सह्य, शुक्तिमान्, ऋक्ष, विन्ध्य र पारियात्र) ।

सप्त-कोसी–ना० [सं० सप्त+कौशिकी] नेपालको पूर्वी क्षेत्रमा बग्ने प्रसिद्ध सात नदीहरूको समुदाय (सुनकोसी, तामा-कोसी, लिखु, दूध-कोसी, अरुण, तमोर र इन्द्रावती ।)

सप्त-गण्डकी–ना० [सं०] मध्य पश्चिमी नेपालमा प्रवाहित सात नदीहरूको समुदाय (तादी, मादी, मर्स्याङ्दी, त्रिशूली, काली, सेती र बूढी-गण्डकी) ।

सप्त-नदी–ना० [सं०] हिन्दूहरूका पवित्र मानिएका सात नदी (गङ्गा, यमुना, गोदावरी, सरस्वती, नर्मदा, सिन्धु र कावेरी) ।

सप्त-पदी–ना० [सं०] १. विवाहमा वर-वधूले गर्ने सप्त-कुल-पर्वतको पूजा । (वि०) २. सात वटा चरण हुने ।

सप्त-पर्ण–ना० [सं०] छतिवन ।

सप्तम–वि० [सं०] सातौँ ।

सप्त-मातृका–ना० [सं०] सात वटी मातृकाहरूको समूह ।

सप्तमी–ना० [सं०] १. चान्द्र-मासका दुवै पक्षको सातौँ तिथि । २. व्याकरणअनुसार अधिकरण कारकको विभक्ति ।

सप्तर्षि–ना० [सं०] १. प्रसिद्ध सात ऋषिहरूको समुदाय (गौतम, भरद्वाज, विश्वामित्र, जमदग्नि, वसिष्ठ, कश्यप, र अत्रि; अथवा मरीचि, अत्रि, अङ्गिरा, पुलह, ऋतु, पुलस्त्य र वसिष्ठ) । २. आकाशमा उत्तर दिशापट्टि ध्रुव-तारालाई परिक्रमा गरिरहेको देखिने सात ताराको समूह ।

सप्त-शती–ना० [सं०] १. सात सय वस्तुहरूको समुदाय । २. सात सय पद्यहरूको समूह । ३. चण्डी (स्तोत्र) ।

सप्त-सिन्धु–ना० [सं०] वर्तमान पन्जाब क्षेत्रमा बग्ने प्रसिद्ध सात नदीहरू (झेलम, व्यास, रावी, चिनाव, सतलज, दृषद्वती र सरस्वती) ।

सप्ताह–ना० [सं०] १. सात दिनको समय; हप्ता; साता । २. सात दिनसम्म निरन्तर गरिने पाठ, यज्ञ आदि । ३. सात दिनमा सम्पन्न गरिने भागवतको पाठ । ४. सात दिनसम्म निरन्तर गरिने कुनै अनुष्ठान ।

सप्रक्क–क्रि० यो० [ने०] सप्को वा गाँस हाल्ने वा हाल्दा शब्द आउने किसिम; सपक्क; सप्प्याक्क ।

सप्रनु–अ० क्रि० [सं० सफल] १. असल वा उन्नतिको मार्गमा लाग्नु; उँभो लाग्नु । २. सह्यालिनु; सुध्रनु । ३. कुनै व्यवसायबाट प्रशस्त आम्दानी हुनु; धनवान् हुनु । ४. बाली-नाली खूब बढ्नु; मौलाउनु; सप्लाउनु । ५.

CC-0. In Public Domain. Digitization by eGangotri

झाङ्गिनु; फैलिनु।

सप्राइ–ना० [सप्र+आइ] सप्रने किसिम, क्रिया वा भाव।

सप्रिनु–अ० क्रि० [सप्र+इ+नु] असल मार्गमा लागिनु; ('सप्रनु'-को भा० क्रि०)।

सप्याक-सुप्रुक–क्रि० यो० [सप्याक्क+सुप्रुक्क] गीलो पदार्थ-को चाँडो-चाँडो गाँस हाल्ने किसिम।

सप्याक्क–क्रि० यो० [ने०] गीलो पदार्थको गाँस हाल्ने वा गाँस हाल्दा शब्द आउने किसिम; सप्रक्क।

सप्लाइ–ना० [सप्लाउ+आइ] सप्लाउने किसिम, क्रिया वा भाव।

सप्लाइनु–अ० क्रि० [सप्लाउ+इ+नु] खूब सप्रेर आइनु; ('सप्लाउनु'-को भा० क्रि०)।

सप्लाउनु–अ० क्रि० [सं० सपल्लव] १. बाली-नाली वा बोट-बिरुवा हरिलो-भरिलो भएर बढ्नु; सब्लाउनु; मौलाउनु; सप्रनु। २. झाँगिनु; फैलिनु। ३. मोटो-घाटो हुनु; हृष्ट-पुष्ट हुनु। ४. उन्नति हुनु; बढ़िबढ़ाउ हुनु।

सप्लेँटो–वि० [सब्लेँटो] सब्लेँटो।

सप्ल्याँटो–वि० [सब्ल्याँटो] सब्ल्याँटो।

सफर–ना० [अ०] १. मनोरञ्जनका निमित्त टाढ़ा बाहिर जाने काम; घुम-फिर। २. यात्रा; भ्रमण।

सफर–ना० [सं०] शफर।

सफर-मैना–ना० [अं० सैफर+माइनर] ठूला-बड़ाको सवारी वा सैनिक यात्रामा अगि लागेर बाटो, वास, रसद आदिको प्रवन्ध मिलाउने सैनिक दल; पेशगी जाने फौज।

सफरी–ना० [सं०] एक जातको सानो र टल्कने माछो।

सफरी–ना० [सं० सु+फल] अम्बा फल।

सफरी–वि० [सफर+ई] सफर-सम्बन्धी; भ्रमण-सम्बन्धी।

सफल–वि० [सं०] १. फल भएको; फल-युक्त। २. गरेको प्रयत्न सार्थक भएको; फत्ते; कृत-कार्य।

सफलता–ना० [सं०] सफल हुनाको भाव; कार्य-सिद्धि; सार्थकता।

सफलत्व–ना० [सं०] सफलता।

सफलित–वि० [सं०] सफल भएको; सफलीभूत।

सफलीभूत–वि० [सं०] गरेको काम सफल भइसकेको; कार्य-सिद्ध भइसकेको; सफलित।

सफा–वि० [अ० सफ़ा] १. फोहर-मैला नभएको; स्वच्छ; निर्मल। २. सुकिलो; सुग्घर। ३. शुद्ध; चोखो। ४. निर्दोष; निष्कलङ्क। ५. अनावश्यक वा रद्दी अंश हटाइएको; छाँट-काँट गरिएको। ६. खुलस्त; साफ; स्पष्ट। ७. छल-कपट-रहित; निष्कपट। ८. डोरो, बुट्टा आदि नभएको; सादा। ९. चम्किलो; उज्ज्वल।

सफाइ–ना० [सफा+आइ] १. सफा हुनाको भाव; शुद्धता; स्वच्छता। २. सफा-सुग्घर गर्ने काम। ३. दोष वा अभियोगबाट निर्मुक्त हुनु; निर्दोष साबित हुनु। ४. हातको चतुराइ; हस्त-कौशल।

सफा-चट–ना० [सफा+चट] १. भएभरको सबै सिद्ध्याउनु; चट पार्नु। २. एकदम स्वच्छ; बिलकुल साफ।

सफासफी–क्रि० यो० [सफा+सफा+ई] सफा वा स्पष्टसँग; खुल्लम-खुल्ला; खुलस्तसँग।

सफा-सुग्घर–वि० [सफा+सुग्घर] फोहर-मैला नभएको; स्वच्छ; निर्मल।

सफेद–वि० [फा० सफ़ेद] १. सेतो; श्वेत। २. सुकिलो; उज्ज्वल। ३. बुट्टा वा रङ्गी-चङ्गी नभएको; सादा।

सफेदा–ना० [फा० सफ़ेदः] १. घर पोत्ने चूनजस्तो सेतो एक प्रकारको माटो; सपेता। २. रङ्गको काम लिइने जस्ताको भस्म। ३. एक जातको आँप।

सफेदी–ना० [फा० सफ़ेदी] सेतोपन।

सब–वि० [प्रा० सब्ब] भएभरको; सबै; कुल; समस्त; सम्पूर्ण।

सबजा–ना० [फा० सब्ज़ः] कालो भाव मिसिएको सेतो रङ्गको घोड़ा; सब्जा।

सबब–ना० [अ०] १. कारण; हेतु। २. प्रमाण; सबूत। ३. तर्क; वहस।

सबल–वि० [सं०] १. बलियो; बलवान्; शक्ति-शाली। २. फौज वा सेनाले युक्त।

सबिता–ना० [सोभिता] हल्का रातो रङ्ग भएको एक जातको सेतो चम्किलो धातु; सोभिता।

सबूत–ना० [अ०] १. निस्सा; प्रमाण। २. दसी।

सबेर–ना० [सं० सुवेला] १. उज्यालो हुने वेला; सखार; झिसमिसे समय। २. बिहान; प्रातःकाल। ३. कुनै निश्चित समयभन्दा पहिलेको समय।

सबै–वि० [सब+ऐ] सब नै; भएभरको जम्मै; सम्पूर्ण।

सब्जा–ना० [फा० सब्ज़ः] सेतोमा कालो भाव भएका रङ्गको घोड़ा।

सब्र–ना० [अ०] सन्तोष; धैर्य।

सब्लाइ–ना० [सब्लाउ+आइ] सब्लाउने किसिम, क्रिया वा भाव।

सब्लाइनु–अ० क्रि० [सब्लाउ+इ+नु] सप्लाइनु; ('सब्लाउनु'-को भा० क्रि०)।

सब्लाउनु–अ० क्रि० [सप्लाउ+नु] सप्लाउनु।

सब्लेँटो–वि० [सं० सव्य] कपड़ा, कागत आदिको सुल्टो; बिल्ल्याँटो नभएको; सब्ल्याँटो।

सब्ल्याँटो–वि० [सब्लेँटो] सब्लेँटो।

सभा–ना० [सं०] १. भाषण, प्रवचन, विचार, छलफल आदि गर्नाका निमित्त एकत्रित भएका मानिसहरूको समुदाय। २. बैठक; सभा-भवन। ३. कुनै उद्देश्य लिएर सङ्घटित भएको संस्था; सङ्घ। ४. सूर्य वा चन्द्रमाको वरिपरि देखिने बिम्ब वा मण्डल। ५. परिधि।

सभा-गृह–ना० [सं०] सभा हुने ठाउँ वा घर; सभा-भवन।

सभाजन–ना० [सं०] १. सम्मान गर्नु। २. नम्रता वा शिष्टता देखाउनु। ३. परिचर्या।

CC-0. In Public Domain. Digitization by eGangotri

सभा-पति—ना० [सं०] १. सभाको सञ्चालन गर्नाका निमित्त रोजिएको विशिष्ट व्यक्ति । २. कुनै संस्था वा समितिको प्रधान अधिकारी; अध्यक्ष ।

सभा-मण्डप—ना० [सं०] सभा-गृह ।

सभा-मुख—ना० [सं० सभा+मुख] सभाका प्रमुख व्यक्ति; सभाका अध्यक्ष ।

सभासद्—ना० [सं०] कुनै सभा वा गोष्ठीको अङ्ग भएको अधिकारी व्यक्ति; सदस्य; सभ्य ।

सभासद—ना० [सं०] सभासद् ।

सभिक—ना० [सं०] जूवा खेलाउने व्यक्ति; खाले ।

सभीक—ना० [सं०] सभिक ।

सभेय—वि० [सं०] १. सभाको निमित्त उपयुक्त ; सभा-सुहाउँदो । (ना०) २. विद्वान्; पण्डित ।

सभ्य—वि० [सं०] १. सभाका निमित्त योग्य । २. शिष्ट; भद्र; संस्कृत । ३. विनयी; नम्र । ४. विश्वस्त; विश्वास योग्य । (ना०) ५. सभाको सदस्य; सभासद । ६. शिष्ट व्यवहार गर्ने व्यक्ति; भलादमी । ७. कुलीन व्यक्ति ।

सभ्यता—ना० [सं०] १. सभ्य हुनाको भाव; शिष्टता । २. सदस्यता । ३. भद्रता; सौजन्य । ४. कुनै जाति वा राष्ट्र-को सौजन्य तथा उन्नति-सूचक सामाजिक स्थिति; कुनै देश वा राष्ट्रको कुनै समयको भौतिक तथा आध्यात्मिक उन्नतिको अवस्था र त्यसको अभिव्यक्ति ।

सम्—उप [सं०] शब्दका अगिल्तिर लागेर शोभा, उत्कृष्टता, समानता, सततता, सामीप्य आदि बुझाउने शब्द; सं । (उदा०—संविधान, सम्मान इत्या० ।)

सम—वि० [सं०] १. समान; सदृश । २. अभिन्न; अभेद्य । ३. बराबर; तुल्य । ४. आदिदेखि अन्त्यसम्म एकनास भएको । ५. सम्मपरेको; समथर । ६. निष्पक्ष; तटस्थ । ७. जोर (दुइ, चार, छ आदि) । (ना०) ८. अनुरूप योग्य वस्तुको प्रशंसा गर्दा पर्ने एक अर्थालङ्कार । ९. सङ्गीतका लय र तालको अड़ान हुने ठाउँ ।

सम-कक्ष—वि० [सं०] समान दर्जाको; बराबरीको ।

सम-कालीन—वि० [सं०] एकै समयको; उही बखतको; एक-कालीन ।

सम-कोण—ना० [सं०] रेखा-गणितमा नब्बे अंश भएको कोण ।

सम-कोणी—वि० [सं०] चारै वटा कोण बराबर भएको; सम-कोणको (क्षेत्र) ।

समक्ष—ना० यो० [सं०] अगाड़ि; सामुन्ने; मुखेन्जी ।

समग्र—वि० [सं०] १. सबै; समस्त । २. पूरा; पूर्ण ।

समञ्जस—वि० [सं०] १. उपयुक्त; उचित । २. ठीक; समीचीन । ३. अनुभवी; अभ्यस्त ।

समचतुर्भुज—ना० [सं०] रेखा-गणितमा चारै भुजा समान विस्तारका भएको क्षेत्र ।

सम-चर—वि० [सं०] १. सबैसित समान व्यवहार गर्ने; समान आचरण गर्ने । २. समान रूपले हिँड्ने ।

समझ—ना० [प्रा० समुज्झ] १. जान्ने र बुझ्ने शक्ति; बुद्धि; प्रज्ञा । २. विचार; विवेक ।

समझदार—वि० [समझ+दार] समझ भएको; बुद्धिमान् ।

समझदारी—ना० [समझदार+ई] १. समझदार हुनाको भाव । २. बुद्धिमानी; होशियारी ।

समतल—वि० [सं०] सतह सम्म भएको; सम्म परेको; समथर ।

समता—ना० [सं०] १. सम हुनाको भाव; समानता; बराबरी । २. शब्द-बन्धमा एक-रूपता हुने साहित्यका दश गुणमध्ये एक ।

समतुल्य—क्रि० यो० [समथर] १. शरीरका अङ्ग-प्रत्यङ्गहरू एकनाससित मोटाउने वा सुनिने किसिम । २. टनाटन भरिने किसिम । (वि०) ३. बड़ेमाको; अजङ्गको ।

सम-तुल्य—वि० [सं०] समान, बराबरीको ।

सम-तोलन—ना० [सं०] समान पार्नु; बराबर तुल्याउनु ।

समथर—वि० [सं० सम+तल] सम्म परेको; एकनासको सतह भएको; समतल ।

सम-दर्शी—वि० [सं०] १. सबैलाई समान दृष्टि वा विचारले हेर्ने; सबैलाई समान सम्झने । २. पक्षपात नगर्ने ।

समधिक—वि० [सं०] खूब धेरै; प्रशस्त ।

समन—ना० [अं० समन्स] फौजदारी मामलामा अदालतमा हाजिर हुनाका निमित्त अदालततर्फबाट बोलाउने पुर्जी ।

समनुज्ञा—ना० [सं०] अनुमति; इजाजत ।

समनुज्ञात—वि० [सं०] १. पूर्णतः स्वीकृत । २. जाने आज्ञा दिइएको । ३. अधिकार-प्राप्त ।

समन्त—वि० [सं०] १. समस्त; सम्पूर्ण । (ना०) २. सीमा; हद ।

समन्त-भद्र—ना० [सं०] बुद्ध देव ।

समन्त-भुज—ना० [सं०] अग्नि ।

समन्वय—ना० [सं०] १. संयोग; मेल । २. कार्य वा कारणको सङ्गति ।

समन्वित—वि० [सं०] १. समन्वय भएको; मिलेको । २. गाँसिएको; गाभिएको ।

समय—ना० [सं०] १. बिहान, दिउँसो, बेलुका, राती आदि कालको कुनै याम; बखत; वेला । २. कुनै काम वा घटना भएको काल । ३. कुनै विशेष स्थिति भएको वेला; जमाना । ४. ठीक बखत; निश्चित अवधि । ५. मौका; अवसर । ६. फुर्सत; अवकाश । ७. प्रथा । ८. कबूल; प्रतिज्ञा; शर्त । ९. कानून; नियम । १०. आदेश । ११. शपथ । १२. सङ्केत; इशारा । १३. सीमा । १४. सिद्धान्त । १५. समाप्ति; अन्त । १६. सफलता ।

समर—ना० [सं०] युद्ध; लडाईं ।

समर-जङ्ग—ना० [अं० सैफर+जङ्ग (फा०)] बाटो-घाटो आदि बनाउने काम गर्ने नेपालको एक पल्टन ।

समर-शय्या—ना० [सं०] १. लड़ाईंमा वीरहरू घायल भएर

CC-0. In Public Domain. Digitization by eGangotri

लड्ने अवस्था । २. युद्ध-भूमिमा भएको मृत्यु ।

सम-रस–वि० [सं०] एउटै रस वा भावको; समान भाव भएको ।

समराङ्गण–ना० [सं०] युद्ध-क्षेत्र ।

समरो–वि० [सं० सम+रो] १. ज्यादा मोटाएर वा सुनिएर टुन्न परेको । २. डोलो; सुडौल ।

समर्चन–ना० [सं०] समर्चना ।

समर्चना–ना० [सं०] १. राम्ररी गरिएको पूजा । २. आदर-सत्कार; मान-भाउ ।

समर्थ–वि० [सं०] १. बल भएको; बलवान्; सशक्त । २. योग्य; लायक । ३. कुनै काम गर्न सक्ने ।

समर्थक–वि० [सं०] १. समर्थन गर्ने; पुष्टि गर्ने; अनुमोदन गर्ने । २. प्रमाणित गर्ने ।

समर्थन–ना० [सं०] १. कसैको राय, विचार, प्रस्ताव आदिको पुष्टि गर्ने काम; अनुमोदन । २. पक्ष लिनु । ३. सम्भावना । ४. उत्साह । ५. सामर्थ्य ।

समर्थित–वि० [सं०] समर्थन गरिएको; पुष्टि गरिएको; अनुमोदित ।

समर्थनीय–वि० [सं०] समर्थन गर्न योग्य; अनुमोदन गर्न लायक ।

समर्पक–वि० [सं०] समर्पण गर्ने; आदरपूर्वक दिने ।

समर्पण–ना० [सं०] १. आदरपूर्वक कसैलाई कुनै चीज दिनु; चढ़ाउनु; अर्पण गर्नु । २. आफ्नो अधिकार, स्वामित्व, उत्तरदायित्व आदि अरूलाई दिनु; सुम्पनु ।

समर्पणीय–वि० [सं०] समर्पण गर्न योग्य ।

समर्पित–वि० [सं०] १. समर्पण गरिएको; आदरपूर्वक दिइए-को । २. सुम्पिएको ।

समवकार–ना० [सं०] कुनै देवता वा असुरको कथा हुने, विमर्श सन्धिबाहेक अरू सबै सन्धि हुने, वीर-रस-प्रधान, तीन अङ्कमात्र हुने, रूपकको एक भेद ।

सम-वयस्क–वि० [सं०] १. समान उमेरको; दौंतरी । २. एउटै समयको; सम-कालीन ।

समवाय–ना० [सं०] १. समूह; समुदाय । २. संयोग; मेल । ३. अभेद्य सम्बन्ध; नित्य सम्बन्ध ।

समवायी–वि० [सं०] अभेद्य सम्बन्ध भएको; नित्य सम्बन्ध भएको ।

समवृत्त–ना० [सं०] चारै चरण बराबर हुने छन्द ।

समवेत–वि० [सं०] १. जोरिएको; मिलेको; संयुक्त । २. जम्मा गरिएको; एकत्रित । ३. नित्य सम्बन्ध ।

सम-शीतोष्ण-कटिबन्ध–ना० [सं०] उष्ण र शीत समान हुने, पृथ्वीको भू-मध्य-रेखादि साढ़े तेईस र साढे छयसट्ठी अंशका बीचमा पर्ने उत्तर र दक्षिणका दुइ भाग ।

समष्टि–ना० [सं०] भएभरका सबै वस्तुहरूको समुदाय; व्यष्टिको समूह ।

समष्टिवाद–ना० [सं०] राज्यका समस्त निवासीको, शासन र उत्पादित वस्तुमा समान र सामूहिक अधिकार हुन्छ भन्ने राजनीतिको एक सिद्धान्त ।

समष्टिवादी–वि० [सं०] समष्टिवादको अनुयायी ।

समसाँझ–क्रि० यो० [समय+साँझ] साँझ हुने बेलामा; साँझ-को नजीक ।

सम-सामयिक–वि० [सं०] एकै समयको; सम-कालीन ।

समस्त–वि० [सं०] १. सबै; सारा; सम्पूर्ण । २. जोरिएको, मिसिएको वा गाँसिएको; संयुक्त । ३. समास भएको । ४. सङ्क्षिप्त ।

समस्या–ना० [सं०] १. समाधान गर्न कठिन पर्ने विषय; जटिल प्रश्न । २. मुश्किल अवस्था । ३. अड्को; खोते । ४. छन्द पूरा गर्नाका निमित्त कविहरूलाई दिइने श्लोकको एक अंश । ५. संयोग; मेल ।

समस्या-पूर्ति–ना० [सं०] छन्दको अन्तिम पाउ वा अंशका आधारमा पूरा श्लोक तयार गर्ने काम; समस्या पूरा गर्ने काम ।

समा–ना० [सं०] १. वर्ष; साल; संवत् । २. 'सम' शब्दको स्त्री-लिङ्ग-वाची रूप ।

समाइ–ना० [समाउ+आइ] समाउने किसिम, क्रिया वा भाव ।

समाइनु–स० क्रि० [समाउ+इ+नु] समातिनु; ('समाउनु'-को क० क्रि०) ।

समाउनु–स० क्रि० [समात्नु] समात्नु ।

समाकुल–वि० [सं०] १. अत्यन्त आत्तिएको; व्याकुल । २. परिपूर्ण । ३. घुइँचो भएको ।

समाख्या–ना० [सं०] १. कीर्ति; यश । २. नाम; संज्ञा । ३. व्याख्या ।

समाख्यात–वि० [सं०] १. गनिएको; जोरिएको । २. राम्ररी वर्णन गरिएको । ३. प्रसिद्ध; प्रख्यात ।

समाख्यान–ना० [सं०] १. व्याख्या; विवरण । २. वर्णन; बयान । ३. नाम लिनु ।

समागत–वि० [सं०] १. आइपुगेको; आगत । २. फर्केको; फिर्ता आएको । ३. संयुक्त ।

समागति–ना० [सं०] १. साथमा आउने काम । २. आग-मन । ३. समान किसिमको स्थिति वा दशा ।

समागम–ना० [सं०] १. भेट; मुलाकात । २. आउनु; आग-मन । ३. भेला; सङ्गम । ४. सम्भोग; मैथुन ।

समाचार–ना० [सं०] १. खबर; सम्चार; संवाद । २. समान आचरण ।

समाचार-पत्र–ना० [सं०] विभिन्न प्रकारका समाचारहरू छापिएको, नियमित समयमा प्रकाशित हुने पत्रक; अखबार ।

समाज–ना० [सं०] १. एकै स्थानमा बास्ने वा एउटै रहन-सहन-मा रहने मानिसहरूको समुदाय; वर्ग । २. भलादमीहरू एकत्रित भई बसेको ठाउँ । ३. कुनै विशेष उद्देश्य लिएर सङ्गठित संस्था । ४. सङ्घ; दल ।

CC-0. In Public Domain. Digitization by eGangotri

समाजवाद–ना० [सं०] समाजको आर्थिक क्षेत्रमा भएको विषमतालाई हटाएर समता ल्याउनुपर्दछ भन्ने सिद्धान्त; उत्पादन र उपभोगका साधनहरूमा समाजको अधिकार हुनुपर्दछ भन्ने सिद्धान्त।

समाजवादी–वि० [सं०] समाजवादमा विश्वास गर्ने; समाजवादको अनुयायी।

समाज-शास्त्र–ना० [सं०] मानिसलाई सामाजिक प्राणी मानेर समाज र संस्कृतिको उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र।

समाज-शास्त्री–वि० [सं०] समाज-शास्त्रको ज्ञाता।

समाजी–वि० [सं० समाज+ई] १. समाज-सम्बन्धी; समाजको। २. कुनै किसिमको समाजको (सदस्य)। (उदा०–आर्य-समाजी, ब्रह्म-समाजी इत्या०।)

समाज्ञा–ना० [सं०] १. सरकारको विशेष आज्ञा। २. राजाज्ञा; हुकुम। ३. कीर्ति; ख्याति।

समाताइ–ना० [समात्+आइ] समात्ने किसिम, क्रिया वा भाव; समाइ।

समातिनु–स० क्रि० [समात्+इ+नु] पक्रिनु; समाइनु; ('समात्नु'-को क० क्रि०)।

समात्नु–स० क्रि० [सं० समासक्ति+नु] १. कुनै वस्तुलाई हातले वा कुनै साधनले अँठ्याउनु; पक्रनु; समाउनु। २. पुलीस वा सरकारी कर्मचारीले कुनै अभियोगमा पक्रनु; गिरफ्तार गर्नु। ३. लिनु; ग्रहण गर्नु। ४. अपनाउनु; स्याहार्नु। ५. करेप्नु; धड्नु।

समादर–ना० [सं०] विशेष आदर; प्रतिष्ठा; सम्मान।

समादिष्ट–वि० [सं०] कड़ा आदेश दिइएको; निश्चित आज्ञा गरिएको।

समादृत–वि० [सं०] विशेष आदर गरिएको; सम्मानित; सत्कार गरिएको।

समादेश–ना० [सं०] राजाज्ञा; हुकुम; विशेष आदेश; समाज्ञा।

समादेशक–वि० [सं०] समादेश दिने।

समाधान–ना० [सं०] १. शङ्का मेट्ने काम; सन्देह-निवारण; निराकरण। २. कुनै जटिल प्रश्न वा समस्या हल गर्नु। ३. मत-भेद हटाउनु। ४. समाधि। ५. मिलान गर्नु। ६. एकाग्रता।

समाधि–ना० [सं०] १. ईश्वरको ध्यानमा मग्न हुनु। २. मनलाई ब्रह्ममा केन्द्रित पार्ने योगको अन्तिम अङ्ग; मनोयोग। ३. सम्पूर्ण क्लेशबाट निर्मुक्त भई अनेक प्रकारका अलौकिक शक्तिहरू प्राप्त गर्ने, योग-साधनाको फल। ४. तप। ५. प्रतिज्ञा। ६. कुनै कार्यमा एकाग्र भएर लाग्ने काम; तल्लीनता। ७. मौन। ८. कसैको मृत शरीर गाड्ने ठाउँ; चिहान। ९. साहित्यमा अन्य कारणहरूद्वारा कार्य-सिद्धिको वर्णन गरिने एक अर्थालङ्कार।

समाधित–वि० [सं०] समाधिमा बसेको; समाधिस्थ।

समाधिस्थ–वि० [सं०] समाधि लगाएको; समाधिमा रहेको; समाधित।

समान–वि० [सं०] १. आकार, गुण, श्रेणि, मूल्य, महत्त्व आदिका दृष्टिले बराबर भएको; तुल्य। २. उस्तै; सदृश। (ना०) ३. शरीरमा रहने पाँच वायुमध्ये एक।

समानता–ना० [सं०] समान हुनाको भाव; तुल्यता।

समानत्व–ना० [सं०] समानता।

समानाधिकरण–ना० [सं०] १. वाक्यमा कुनै पदको अर्थ स्पष्ट गर्नाका निमित्त दिइने अर्को समानार्थक शब्द।

समानान्तर–वि० [सं०] १. एक छेउदेखि अर्को छेउसम्म बराबर फरकमा रहेका (दुइ वा धेरै रेखाहरू)। २. समान रूप, गुण, स्थिति, शक्ति आदि भएको; बराबरीको।

समानार्थ–वि० [सं०] १. एउटै अर्थ भएको; समान माने बुझाउने। (ना०) २. समान अर्थ भएको अर्को शब्द; पर्याय।

समानार्थक–वि० [सं०] समान अर्थ भएको; उस्तै माने बुझाउने।

समान्तर–वि० [सं०] समानान्तर।

समापक–वि० [सं०] पूरा गर्ने; समाप्त गर्ने।

समापत्ति–ना० [सं०] १. भेट; मुलाकात। २. संयोग; मौका। ३. समाप्ति। ४. ठूलो आपत्ति; सङ्कट।

समापन–ना० [सं०] १. पूरा गर्नु; समाप्त गर्नु। २. उपलब्धि। ३. हिंसा; नाश। ४. अध्याय।

समापन्न–ना० [सं०] १. दुइ कार्यहरू वा घटनाहरू संयोग-वश एक-साथ आइपर्नु। (वि०) २. प्राप्त; उपलब्ध। ३. घटित। ४. समाप्त। ५. विज्ञ। ६. सम्पन्न। ७. पीडित। ८. मारिएको।

समापिका-क्रिया–ना० [सं०] व्याकरणमा वाक्य-पूर्तिका निमित्त आउने क्रिया।

समापित–वि० [सं०] पूरा गरिएको; सिद्ध्याइएको; समाप्त।

समाप्त–वि० [सं०] पूरा भएको; सिद्धिएको।

समाप्ति–ना० [सं०] १. भइरहेको कुनै काम सिद्ध हुनु; सिद्धिनु। २. पूर्णता। ३. अन्त; अवसान।

समाप्तिक–वि० [सं०] १. अन्तिम। २. समाप्त गर्ने।

समाप्य–वि० [सं०] पूरा गर्न योग्य; समाप्त गर्न लायक।

समायुक्त–वि० [सं०] १. जोरिएको; मिलेको। २. तयार गरिएको। ३. नियुक्त।

समायुत–वि० [सं०] १. जोरिएको; मिलाइएको। २. सम्पन्न गरिएको।

समायोग–ना० [सं०] १. भेट; समागम। २. तयारी। ३. धनुषमा बाण चढ़ाउने काम। ४. थुप्रो; राशि। ५. हेतु; उद्देश्य।

समारम्भ–ना० [सं०] १. विशेष किसिमले भएको आरम्भ; शुरू। २. उद्योग; उद्यम। ३. अङ्ग-राग।

समारोह–ना० [सं०] १. ठूलो सज-धजका साथ हुने उत्सव वा काम; ठूलो आयोजन। २. माथि उक्लनु; चढ्नु।

समालाइ–ना० [समाल्+आइ] समाल्ने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव।

समालिनु–स० क्रि० [समाल्+इ+नु] सँभालिनु; ('समाल्नु'-को क० क्रि०)।

समालोचक–ना० [सं०] समालोचना गर्ने व्यक्ति; समीक्षक।

समालोचन–ना० [सं०] समालोचना।

समालोचना–ना० [सं०] १. राम्ररी गड़ेर हेर्नु; नियाल्नु। २. कुनै पदार्थका गुण र दोषहरूको निष्पक्ष र ठीक-ठीक विवेचना गर्नु। ३. ग्रन्थ, व्यक्ति, लेख आदिका गुण र दोषहरूको गम्भीर, निष्पक्ष र यथार्थ विचार गर्नु। ४. गुण र दोषहरूको निष्पक्ष विवेचना गरी लेखिएको लेख वा ग्रन्थ; आलोचना; समीक्षा।

समालोच्य–वि० [सं०] १. समालोचना गर्न योग्य। २. समालोचना गर्नुपर्ने।

समाल्नु–स० क्रि० [सँभाल्+नु] सँभाल्नु।

समावर्तन–ना० [सं०] १. फर्केर आउनु; प्रत्यागमन। २. प्राचीन रीतिअनुसार अध्ययन पूरा गरी गुरु-कुलबाट घर फर्कनु। ३. द्विज-जातिका षोडश-संस्कारमध्ये एक। ४. विश्व-विद्यालयका उच्च परीक्षामा समुत्तीर्ण भएका स्नातकहरूलाई उपाधि वितरण गर्ने सभा; उपाधि-वितरणोत्सव; दीक्षान्त-समारोह।

समावास–ना० [सं०] निवास-स्थान; बस्ने ठाउँ।

समाविष्ट–वि० [सं०] १. राम्ररी पसेको; प्रवेश गरेको; प्रविष्ट। २. अन्तर्भाव भएको; समावेश भएको। ३. घेरिएको। ४. बसेको; उपविष्ट। ५. एकाग्र-चित्त।

समावृत–वि० [सं०] १. घेरिएको; घेरा लगाइएको। २. ढाकिएको; छोपिएको।

समावृत्त–ना० [सं०] समावर्तन गरेर फर्केको छात्र।

समावृत्तक–ना० [सं०] समावृत्त।

समावेदन–ना० [सं०] विशेष प्रकारको निवेदन; बिन्ति-पत्र।

समावेश–ना० [सं०] १. पस्ने काम; प्रवेश। २. एकसाथ रहने काम। ३. एक पदार्थ अर्को पदार्थमा मिल्ने काम; अन्तर्भाव। ४. मिल्नु; एकत्र हुनु। ५. चित्त एकाग्र गर्नु।

समाश्रय–ना० [सं०] १. आश्रय; सहारा। २. रक्षा। ३. निवास-स्थान।

समाश्रित–वि० [सं०] १. आश्रय लिएको; सहारामा रहेको। २. बसेको; उपविष्ट।

समास–ना० [सं०] १. मेल; योग। २. समर्थन; अनुमोदन। ३. सङ्क्षेप; छोटकरी। ४. व्याकरणअनुसार दुइ वा धेरै शब्दहरू विभक्तिको लोप भई शब्दअनुसारकै अथवा भिन्न अर्थ बुझाउने गरी मिल्नु। (यसका छ भेद छन्–तत्पुरुष, कर्मधारय, द्विगु, अव्ययीभाव, बहुव्रीहि र द्वन्द्व।)

समासीन–वि० [सं०] १. राम्ररी बसेको। २. साथमा रहेको; सँग-सँगै बसेको।

समासोक्ति–ना० [सं०] साहित्यमा श्लिष्ट शब्दद्वारा अप्रस्तुतको वर्णनले प्रस्तुतको ज्ञान हुने एक अर्थालङ्कार।

समाहरण–ना० [सं०] १. एक स्थानमा एकत्रित पार्नु। २. समूह; राशि।

समाहर्ता–वि० [सं०] १. सङ्ग्रह गर्ने; जम्मा गर्ने। २. मिलाउने जोड्ने। (ना०) ३. राज-कर वा तिरो उठाउने अधिकारी।

समाहा–ना० [सं० सम+आहा] खेतमा बढ्ता भएको पानी निकाल्ने निकास।

समाहार–ना० [सं०] १. धेरै वस्तुहरूलाई एक ठाउँमा जम्मा गर्ने काम; सङ्ग्रह। २. समूह; राशि। ३. मिलाउनु; जोर्नु। ४. दुइ शब्द मिलेर साधारण अर्थभन्दा भिन्न अर्थको बोध गराउने द्वन्द्व समासको एक भेद। (उदा०–पचन्नी, पञ्च-पात्र इत्या०।)

समाहित–वि० [सं०] १. एकै ठाउँमा जम्मा गरिएको; एकत्रित। २. निधो गरिएको; तय गरिएको। ३. स्वीकृत। ४. शान्त। ५. समाप्त।

समाहृत–वि० [सं०] १. सङ्ग्रह गरिएको। २. विपुल। ३. प्राप्त। ४. सङ्क्षिप्त गरिएको।

समाहृति–ना० [सं०] १. सङ्ग्रह। २. सङ्क्षेप।

समिति–ना० [सं०] १. कुनै विशेष कार्यका निमित्त बनेको सानो-तिनो सभा; परिषद्। २. भेला हुनु; एकत्र हुनु। ३. सभा। ४. अड्डा; कचहरी। ५. युद्ध; समर। ६. समानता। ७. शान्ति। ८. सन्तोष। ९. सहन-शीलता।

समिद्ध–वि० [सं०] १. खूबसित बलेको; प्रज्वलित। २. उत्तेजित; प्रोत्साहित।

समिध्–ना० [सं०] समिधा; इन्धन।

समिध–ना० [सं०] १. आगो; अग्नि। २. दाउरा; इन्धन।

समिधा–ना० [सं० समिध्] यज्ञ-कुण्डमा बाल्ने दाउरा; समिध्।

समिर–ना० [सं०] वायु।

समीकरण–ना० [सं०] १. समान गर्नु; बराबर पार्नु। २. सम्म पार्नु; सम्म्याउनु। ३. गणितमा ज्ञात राशिको सहायताले अज्ञात राशि निकाल्ने क्रिया।

समीक्षक–वि० [सं०] १. गड़ेर हेर्ने; नियालेर हेर्ने। २. समीक्षा गर्ने; समालोचक।

समीक्षा–ना० [सं०] १. राम्ररी हेर्नु; नियालेर हेर्नु। २. गुण-दोषको निष्पक्ष र गम्भीर विवेचना; समालोचना। ३. अनुसन्धान; खोजी। ४. राम्रोसित गरिएको जाँच; सम्यक् परीक्षा।

समीक्षित–वि० [सं०] समीक्षा गरिएको; परीक्षित।

समीक्ष्य–वि० [सं०] १. समीक्षा गर्न योग्य। (ना०) २. मीमांसा-शास्त्र।

समीचीन–वि० [सं०] १. न्याय-सङ्गत; उचित। २. ठीक; उपयुक्त। ३. यथार्थ; वास्तविक।

समीचीनता–ना० [सं०] १. समीचीन हुनाको भाव; औचित्य। २. यथार्थता।

समीचीनत्व–ना० [सं०] समीचीनता।

CC-0. In Public Domain. Digitization by eGangotri

समीप–ना० यो० [सं०] १. नजीक; निकट। (ना०) २. निकटता; सामीप्य।

समीपता–ना० [सं०] नजीक हुनाको भाव; सामीप्य; निकटता।

समीर–ना० [सं०] १. हावा; वायु; पवन। २. प्राण-वायु।

समीरण–ना० [सं०] १. हावा; समीर। २. यात्री; पथिक। (वि०) ३. गति-शील पार्ने।

समुचित–वि० [सं०] १. उचित; ठीक। २. न्याय-सङ्गत। ३. उपयुक्त; सुहाउँदो। ४. पर्याप्त; यथेष्ट।

समुच्चय–ना० [सं०] १. समूह; समाहार। २. थुप्रो; राशि। ३. शब्द वा वाक्यहरूको योग। ४. साहित्यमा एउटा कार्य-साधक हुँदा-हुँदै अर्को पनि त्यसको साधक हुने वा भएको वर्णन गर्दा पर्ने एक अलङ्कार।

समुच्चित–वि० [सं०] १. थुप्र्याइएको; राशि लगाइएको। २. जम्मा गरिएको; सङ्गृहीत।

समुज्ज्वल–वि० [सं०] खूब चम्किलो; चहकिलो; अत्यन्त उज्ज्वल।

समुत्तीर्ण–वि० [सं०] १. उत्तीर्ण। २. परीक्षा आदिमा पास भएको।

समुत्थान–ना० [सं०] १. माथि उठ्नु वा उठाउनु; उचाल्नु वा उचालिनु। २. उभ्याउनु; खड़ा गर्नु। ३. मरेझैं भएको मानिस बिउँतनु; बौराउनु। ४. आरोग्य प्राप्त गर्नु; स्वस्थ हुनु। ५. आरम्भ; शुरू; उठान। ६. अभ्युत्थान।

समुत्पत्ति–ना० [सं०] १. पैदाइश। २. जन्म।

समुत्पन्न–वि० [सं०] १. उत्पन्न भएको; पैदा भएको। २. जन्मेको; जन्म भएको।

समुत्सुक–वि० [सं०] अत्यन्त उत्सुक; उत्कण्ठित।

समुत्सुकता–ना० [सं०] अति उत्सुक हुनाको भाव; उत्कण्ठा।

समुदय–ना० [सं०] १. उदाउनु; उदय। २. उन्नति; अभ्युदय। ३. वृद्धि; विकास।

समुदाय–ना० [सं०] १. समूह; राशि। २. शरीरका तत्त्वहरूको समाहार। ३. युद्ध। ४. उदय; उन्नति।

समुद्यत–वि० [सं०] १. माथि उठेको वा उठाइएको। २. तयार भएको वा पारिएको; उद्यत। ३. लागेको; प्रवृत्त; सन्नद्ध।

समुद्र–ना० [सं०] १. पृथ्वीको स्थल-भागलाई घेरेर रहेको नुनिलो पानीको राशि; सागर; उदधि। २. कुनै गुण, वस्तु वा विषयको ठूलो खानि।

समुद्र-फल–ना० [सं०] १. काउलाका जस्ता पात, राता फूल र टुप्पामा जुँगा हुने प्याजी रङ्गका फल हुने एक जातको वृक्ष। २. त्यसैको फल; तुवरक।

समुद्र-फीँज–ना० [समुद्र+फीँज] १. गाढ़ा पहेँलो रङ्गका गेड़ा फल्ने एक जातको मसिनु धान। २. त्यसैको चामल। ३. समुद्रको फीँज। (यसलाई सुकाएर औषधिको काममा लिइन्छ।)

समुद्र-फेन–ना० [सं०] समुद्र-फीँज।

समुद्र-मथन–ना० [सं०] समुद्र-मन्थन।

समुद्र-मन्थन–ना० [सं०] देवता र दानवहरूले मिलेर समुद्रको मन्थन गरेको एक प्रसिद्ध पौराणिक घटना। (यस मन्थनबाट यी चौध रत्न निस्केको कथन छ–लक्ष्मी, मणि, रम्भा, मदिरा, अमृत, शङ्ख, ऐरावत, कल्प-वृक्ष, चन्द्रमा, कामधेनु, धन, धन्वन्तरि, विष र उच्चैश्रवा।)

समुद्रिय–वि० [सं०] समुद्र-सम्बन्धी; समुद्रको।

समुद्री–वि० [सं० समुद्रीय] समुद्रीय।

समुद्रीय–वि० [सं०] समुद्र-सम्बन्धी; समुद्रको।

समुन्नत–वि० [सं०] १. ज्यादा अग्लो; खूब ऊँचो। २. माथि उठेको। ३. ठूलो उन्नति भएको; खूब उन्नत। ४. श्रेष्ठ। ५. अभिमानी। ६. अगिल्तिर निस्केको।

समुन्नति–ना० [सं०] १. माथि उठने काम; उँभो लाग्ने काम। २. उँचाइ; उच्चता। ३. ठूलो उन्नति; अभ्युदय; समृद्धि। ४. श्रेष्ठता; प्रधानता। ५. अभिमान; शेखी।

समुपस्थित–वि० [सं०] उपस्थित।

समुपस्थिति–ना० [सं०] उपस्थिति।

समुल्लास–ना० [सं०] १. अति आनन्द; ठूलो खुशीयाली। २. कान्ति। ३. ग्रन्थको परिच्छेद।

समूढ–वि० [सं०] १. जम्मा गरिएको; एकत्रित। २. बोकिएको। ३. घेरिएको; आवृत। ४. व्यवस्थित। ५. विवाहित। ६. भर्खर जन्मेको; नव-जात। (ना०) ७. समूह; राशि। ८. भण्डार। ९. खानि।

समूल–वि० [सं०] १. जरा भएको; मूल-युक्त। २. हेतु भएको; कारण-युक्त। (क्रि० यो०)। ३. जरैदेखि; जरैसमेत।

समूह–ना० [सं०] १. धेरै वस्तुहरूको थुप्रो; समुदाय; राशि। २. मानिसहरूको जमात; हूल।

समूहतः–क्रि० यो० [सं०] समूहको रूपमा; सामूहिक रूपमा।

समूहन–ना० [सं०] समूहीकरण।

समूहीकरण–ना० [सं०] १. थुप्रो लाउने क्रिया। २. छरिएका विभिन्न तत्त्वहरूलाई एक ठाउँमा एकत्रित पार्ने काम।

समूहीकृत–वि० [सं०] थुप्र्याइएको; एकत्र पारिएको।

समृद्ध–वि० [सं०] १. धनवान्; धनी। २. उन्नति-शील; उन्नत। ३. प्रसन्न; हर्ष-युक्त। ४. सम्पन्न। ५. खूबसित बढ़ेको।

समृद्धि–ना० [सं०] १. बढ़िबढ़ाउ; उन्नति; अभ्युदय। २. सम्पन्नता। ३. धन; सम्पत्ति। ४. सामर्थ्य; शक्ति। ५. प्राधान्य।

समेटाइ–ना० [समेट्+आइ] समेट्ने किसिम, क्रिया वा भाव।

समेटाइनु–स० क्रि० [समेटाउ+इ+नु] समेट्न लाइनु; ('समेटाउनु'-को क० क्रि०)।

समेटाउनु–स० क्रि० [समेट्+आउ+नु] समेट्न लाउनु; ('समेटनु'-को क० क्रि०)।

समेटिनु–स० क्रि० [समेट्+इ+नु] सोहोरिनु; ('समेट्नु'-

CC-0. In Public Domain. Digitization by eGangotri

को क० क्रि०)।

समेट्नु–स० क्रि० [सं० समेत+नु] १. यता-उति छरिएर रहेका वस्तु, विचार, भावना आदिलाई एकत्र पार्नु; सोहोर्नु; बटुल्नु; सँगेट्नु। २. गुटमुटयाउनु; खुम्च्याउनु। ३. सह्याल्नु; सह्यार्नु।

समेत–वि० [सं०] १. मिलेको; जोड़िएको; संयुक्त। २. नजीक आएको। ३. एकत्रित। ४. सहित; युक्त। ५. कबूल गरिएको। ६. ठक्कर लागेको। (ना० यो०) ७. सहित; साथै।

समेना–ना० [फा० शामियाना] शामियाना।

समेलाइ–ना० [समेल्+आइ] समेल्ने किसिम, क्रिया वा भाव।

समेलिनु–स० क्रि० [समेल्+इ+नु] व्यवस्थित पारिनु; ('समेल्नु'-को क० क्रि०)।

समेल्नु–स० क्रि० [सं० सम्मेलन+नु] १. व्यवस्थित पार्नु; क्रम वा नियममा मिलाउनु। २. कपाल कोर्नु वा सम्म्याउनु; तलास्नु।

सम्चार–ना० [सं० समाचार] समाचार।

सम्झना–ना० [सम्झ+ना] सम्झने काम; याद; स्मरण।

सम्झनु–स० क्रि० [प्रा० संबुज्झ] १. पहिलेका कुराहरूको सम्झना गर्नु; याद गर्नु; स्मरण गर्नु। २. बुझ्नु; बोध गर्नु। ३. ठान्नु; मान्नु। ४. ध्यान गर्नु; मन-मनै उपासना गर्नु।

सम्झाइ–ना० [सम्झाउ+आइ]सम्झाउने किसिम, क्रिया वा भाव।

सम्झाइ–ना० [सम्झ+आइ] सम्झने किसिम, क्रिया वा भाव।

सम्झाइनु–स० क्रि० [सम्झाउ+इ+नु] सम्झन लाइनु; ('सम्झाउनु'-को क० क्रि०)।

सम्झाउनु–स० क्रि० [सम्झ+आउ+नु] १. सम्झना गराउनु; याद दिलाउनु; स्मरण गराउनु। २. बुझाउनु; बोध गराउनु। ३. सान्त्वना दिनु; ढाढ़स दिनु। ४. मनाउनु; चित्त बुझाउनु।

सम्झिन–स० क्रि० [सम्झ+इ+नु] सम्झना गरिनु; ('सम्झनु'-को क० क्रि०)।

सम्झौटो–ना० [सम्झ+औटो] कुनै कुराको सम्झना गराउने प्रसङ्ग, वस्तु वा चिट्ठी-पत्र।

सम्झौता–ना० [सम्झ+औता] १. विभिन्न पक्षका बीचमा कुनै किसिमले हुने सन्धि; सुलह। २. मेल; मैत्री।

सम्ठयाइ–ना० [सम्ठयाउ+आइ] सम्ठयाउने किसिम, क्रिया वा भाव; पिटाइ।

सम्ठयाइ–ना० [सम्ठयाउ+आइ] सम्ठयाउने किसिम, क्रिया वा भाव; गुटमुटयाइ।

सम्ठयाइनु–स० क्रि० [सम्ठयाउ+इ+नु] लट्ठी, कोर्रा आदिले पिटिनु; ('सम्ठयाउनु'-को क० क्रि०)।

सम्ठयाइनु–स० क्रि० [सम्ठयाउ+इ+नु] भएभरको सबै लिइनु; ('सम्ठयाउनु'-को क० क्रि०)।

सम्ठयाउनु–स० क्रि० [सोठयाउ+नु] लट्ठी, कोर्रा आदिले पिट्नु।

सम्ठयाउनु–स० क्रि० [समेटयाउ+नु] भएभरको सबै लिनु; गुटमुटयाउनु।

सम्धी–ना० [सं० सम्बन्धी] १. छोरीको ससुरो। २. बुहारीको बाबु।

सम्पट–ना० [सं० सम्+पटल] १. कुनै कुरो वा सिद्धान्तमा अड्डी लिएर बस्ने काम; हठ; जिद्दी। २. निश्चय; निधो।

सम्पत्ति–ना० [सं०] १. कसैका अधिकारको चल वा अचल धन; धन-दौलत। २. ऐश्वर्य; वैभव। ३. अभ्युदय; समृद्धि।

सम्पत्ति-कर–ना० [सं०] ऐनले निर्धारित परिमाणभन्दा बढ़ी भएको कुनै व्यक्तिको सम्पत्तिमा लाग्ने कर; जाय-जेथामा लाग्ने कर।

सम्पद्–ना० [सं०] १. वैभव; ऐश्वर्य। २. धन-सम्पत्ति; दौलत। ३. समृद्धि; अभ्युदय। ४. सफलता; सिद्धि।

सम्पन्न–वि० [सं०] १. सम्पत्ति-शाली; धनवान्। २. धन, जन आदि सबै कुराले परिपूर्ण भएको। ३. युक्त; सहित। ४. सफल; सिद्ध। ५. फले-फुलेको; विकसित।

सम्पर्क–ना० [सं०] १. सम्बन्ध। २. मिलावट; मिश्रण। ३. संयोग। ४. स्पर्श। ५. मैथुन।

सम्पाति–ना० [सं०] रामायण-प्रसिद्ध गृध्र-राज।

सम्पादक–वि० [सं०] १. कार्य सम्पन्न गर्ने; काम पूरा गर्ने। २. प्रस्तुत गर्ने। (ना०) ३. पत्र-पत्रिका वा पुस्तकहरूको सम्पादन गर्ने व्यक्ति।

सम्पादकीय–वि० [सं०] १. सम्पादक-सम्बन्धी। (ना०) २. सम्पादकले आफै लेखेको, पुस्तक-पुस्तिका वा पत्र-पत्रिकाको लेख। ३. सम्पादकका तर्फबाट भनिएको विषय।

सम्पादन–ना० [सं०] १. कुनै काम राम्ररी पूरा गर्नु; कार्य सम्पन्न गर्नु। २. पत्र-पत्रिकाका वा कुनै ग्रन्थका विषयहरूको क्रम, पाठ आदि ठीकसित मिलाई आवश्यक परिवर्तन, परिवर्धन, थप-घट, भाष्य, टीका आदि सबै कुरा मिलाई ठीक रूपमा तयार पार्ने काम; सम्पादकको काम।

सम्पादिका–ना० [सं०] सम्पादन गर्ने स्त्री।

सम्पादित–वि० [सं०] सम्पादन गरिएको।

सम्पाद्य–वि० [सं०] सम्पादन गर्न लायक; सम्पादन गर्न योग्य।

सम्पुट–ना० [सं०] १. बट्टाका आकारको वस्तु; डिब्बा। २. दुनु; बोहोतो। ३. अँजुली; अञ्जलि। ४. रसादि औषधहरू पुट गर्ने माटाको पाला आदि पात्र। ५. एक वस्तुलाई अर्को कुनै भिन्न वस्तुले छोप्नु।

सम्पुटक–ना० [सं०] रत्नहरू राख्ने बट्टा।

सम्पुटिका–ना० [सं०] रत्न, गहना आदि राख्ने सानो बट्टा।

सम्पुटित–वि० [सं०] १. ढाकिएको; छोपिएको। २. सम्पुटमा राखिएको। ३. अगाड़ि-पछाड़ि अन्य कुनै मन्त्र पढ़ी बीचमा अर्को मन्त्र पढ़िएको (पाठ, जप आदि)।

सम्पूर्ण–वि० [सं०] १. पूरापूर भरिएको; भरिपूर्ण; भरि-

CC-0. In Public Domain. Digitization by eGangotri

भराउ। २. सबै; जम्मै; सारा। ३. समाप्त; खतम; सम्पन्न। (ना०) ४. सङ्गीतमा सप्तकका सातै स्वरको प्रयोग हुने रागको एक भेद।

सम्पूर्णतः–क्रि० यो० [सं०] पूरा रूपले; पूर्णतया; सम्पूर्णतया।

सम्पूर्णतया–क्रि० यो० [सं०] सम्पूर्णतः।

सम्पूर्णता–ना० [सं०] सम्पूर्ण हुनाको भाव।

सम्पृक्त–वि० [सं०] १. मिसाइएको; मिश्रित। २. मिलेको; टाँसिएको; संयुक्त।

सम्पोषण–ना० [सं०] राम्ररी पालन-पोषण गर्नु।

सम्प्रज्ञात–वि० [सं०] १. राम्ररी थाहा पाइएको। (ना०) २.आत्माको स्वरूपको ज्ञान हुन आँटेको समाधिको अवस्था।

सम्प्रति–क्रि० यो० [सं०] १. यस बखत; हालै; अहिले; वर्तमान समयमा। २. अगाड़ि; अगि।

सम्प्रद–वि० [सं०] दिने; दाता।

सम्प्रदान–ना० [सं०] १. दिने काम; प्रदान गर्नु। २. दान। ३. व्याकरणमा कसैलाई फिर्ता नलिने गरी दिने अर्थ बुझाउने कारक।

सम्प्रदाय–ना० [सं०] १. गुरु-परम्पराबाट प्राप्त उपदेश वा मन्त्र। २. एउटै गुरु-परम्पराबाट उपदेश-प्राप्त व्यक्तिहरूको समुदाय। ३. परामपरागत रीति; प्रथा। ४. कुनै धार्मिक मत। ५. कुनै मतावलम्बीहरूको समुदाय; एउटै सिद्धान्त, मत, विचार वा विश्वास भएका मानिसहरूको वर्ग।

सम्प्रदायवाद–ना० [सं०] साम्प्रदायिकता।

सम्प्रदायवादी–वि० [सं०] आफ्नो सम्प्रदायलाई सर्वोत्तम र अरूको सम्प्रदायलाई तुच्छ मान्ने; सम्प्रदायवादको अनुयायी।

सम्प्राप्त–वि० [सं०] १. पाएको; प्राप्त। २. आएको; आगत; उपस्थित।

सम्प्राप्ति–ना० [सं०] १. प्राप्त हुने क्रिया; लाभ। २. आइपुग्नु।

सम्प्रेक्षक–ना० [सं०] १. राम्ररी हेर्ने व्यक्ति। २. जाँचक; निरीक्षक।

सम्प्रेक्षण–ना० [सं०] १. राम्ररी हेर्नु; नियाल्नु। २. जाँच गर्नु; निरीक्षण। ३. खोजी गर्नु; अनुसन्धान।

सम्प्रेक्षा–ना० [सं०] सम्प्रेक्षण।

सम्प्रेक्षित–वि० [सं०] राम्ररी हेरिएको; जाँचिएको; परीक्षित।

सम्बद्ध–वि० [सं०] १. राम्ररी मिलेको; जोड़िएको; संयुक्त। २. बाँधिएको; बद्ध। ३. सम्बन्धी; विषयक।

सम्बन्ध–ना० [सं०] १. जोरिने काम; योग। २. वास्ता; सम्पर्क। ३. एउटै कुलमा जन्मनाले वा विवाहले जोरेको पारस्परिक घनिष्ठता; नाता; साइनु। ४.मैत्री; मित्रता। ५. विवाह। (क्रि० यो०) ६. विषयमा; बारे।

सम्बन्ध-कारक–ना० [सं०] व्याकरणमा एक शब्दको अर्को शब्दका साथ सम्बन्ध सूचित गर्ने कारक।

सम्बन्धातिशयोक्ति–ना० [सं०] सम्बन्ध नभए तापनि अतिशयोक्तिपूर्वक सम्बन्ध देखाउँदा पर्ने एक अर्थालङ्कार; अतिशयोक्ति अलङ्कारको एक भेद।

सम्बन्धित–वि० [सं०] १. सम्बन्ध भएको; सम्बन्धी। २. सम्बद्ध।

सम्बन्धी–वि० [सं०] १. सम्बन्ध भएको; सम्पर्क भएको। २. साइनु पर्ने; नातेदार। ३. विषयको; बारेको। (ना०) ४. नातेदार व्यक्ति। ५. सम्धी।

सम्बर–ना० [सं०] १. रोक; रोकावट। २. जल। ३. बाँध; पुल। ४. जरायो (मृग)। ५. एक दैत्य।

सम्बल–ना० [सं०] शम्वल।

सम्बुद्ध–वि० [सं०] १. राम्ररी बोध भएको; ज्ञान प्राप्त गरेको। २. बिउँझेको; जाग्रत। (ना०) ३. बुद्ध।

सम्बोधन–ना० [सं०] १. बिउँझनु; जाग्रत हुनु। २. बोलाउनु; पुकार्नु। ३. सम्झाउनु; बुझाउनु। ४. व्याकरणमा कसैलाई बोलाएको सूचित गर्ने कारक।

सम्बोधित–वि० [सं०] १. सम्बोधन गरिएको; बोलाइएको। २. बुझाइएको; बोध गराइएको।

सम्भरण–ना० [सं०] पालन; पोषण।

सम्भव–ना० [सं०] १. जन्म; उत्पत्ति। (वि०) २. हुन सक्ने; होइसक्ने; सम्भावना भएको। ३. मुनासिब; उचित।

सम्भवतः–क्रि० यो० [सं०] हुन सक्तछ; सम्भवतया।

सम्भवतया–क्रि० यो० [सं०] सम्भवतः।

सम्भवनीय–वि० [सं०] सम्भव भएको; सम्भावित।

सम्भार–ना० [सं०] १. जम्मा गर्नु; एकत्र पार्नु। २. सरसामान; उपकरण। ३. समूह; राशि। ४. अतिशय; ज्यादा हुनु। ५. पालन-पोषण। ६. होश; चेतना।

सम्भावन–ना० [सं०] १. विचार। २. मनन। ३. कल्पना। ४. सम्मान। ५. सम्भव हुनु। ६. उपयुक्त हुनु। ७. सन्देह। ८. प्रेम। ९. प्रसिद्धि।

सम्भावना–ना० [सं०] १. हुन सक्नु; सम्भव हुनु। २. सन्देह; संशय। ३. एक कुरा हुँदा त्यसको सिलसिलामा अर्को कुरा हुन सक्ने अवस्थाको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार।

सम्भावित–वि० [सं०] १. हुने सम्भावना भएको; सम्भव भएको। २. अनुमान गरिएको; कल्पित।

सम्भाव्य–वि० [सं०] सम्भावना भएको; हुन सक्ने; सम्भावित।

सम्भाष–ना० [सं०] सम्भाषण।

सम्भाषण–ना० [सं०] १. कुराकानी; बात-चीत; कथोपकथन। २. पेरोल। ३. अभिवादन। ४. यौन-सम्बन्ध।

सम्भाष्य–वि० [सं०] कुराकानी गर्न लायक।

सम्भीत–वि० [सं०] अति डराएको; त्रस्त; भय-भीत।

सम्भूत–वि० [सं०] १. जन्मेको; उत्पन्न। २. युक्त; सहित; सम्पन्न। ३. योग्य।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्भूति–ना० [सं०] १. जन्म । २. वृद्धि । ३. उपयुक्तता । ४. योग्यता । ५. शक्ति ।

सम्भूय–क्रि० यो० [सं०] आपसमा मिलेर; साथ-साथमा ।

सम्भूय-समुत्थान–ना० [सं०] धेरै जनाको साझा काम; धेरै जना मिलेर गरेको व्यवसाय ।

सम्भेद–ना० [सं०] १. टुट्नु; फुट्नु । २. चिरिनु; चिरा पर्नु । ३. शत्रुसितको विरोध । ४. फूट; मत-भेद । ५. किसिम; प्रकार । ६. आँखा जुध्नु । ७. संसर्ग । ८. एक-रूपता । ९. सङ्गम ।

सम्भोग–ना० [सं०] १. उपयोग; उपभोग । २. कुनै चीजबाट आनन्द प्राप्त गर्नु । ३. भोग-विलास । ४. प्रेमी-प्रेमिकाको भेट । ५. स्त्री-समागम; मैथुन । ६. शृङ्गार-रसका दुइ भेदमध्ये एक; संयोग ।

सम्भोग-शृङ्गार–ना० [सं०] साहित्यमा, अनुरक्त नायक-नायिकाको परस्परमा हमेशा भेट-घाट, दर्शन, स्पर्श आदि हुँदा पर्ने एक शृङ्गार-रस; शृङ्गार-रसका दुइ भेदमध्ये एक; संयोग-शृङ्गार ।

सम्भ्रम–ना० [सं०] १. घुम्नु; चक्कर खानु । २. भूल; गलती; भ्रम । ३. सन्देह; शङ्का । ४. व्याकुलता; विह्वलता । ५. हड़बड़ी । ६. गड़बड़ी । ७. भय; डर । ८. उत्साह । ९. मान; प्रतिष्ठा । १०. श्री; शोभा ।

सम्भ्रान्त–वि० [सं०] १. घुमेको; चक्कर खाएको । २. घबड़ाएको; व्याकुल । ३. भूलमा परेको; भ्रम भएको ।

सम्भ्रान्त–वि० [?] सम्मानित; प्रतिष्ठित ।

सम्म–वि० [सं० सम] एकनाससित सतह मिलेको; समथर; समतल ।

सम्म–ना० यो० [सं० समा] कुनै ठाउँ, काम, कुरो आदिको सीमा वा अवधि सूचित गर्ने शब्द; सम्मन; तक; पर्यन्त ।

सम्मत–वि० [सं०] १. एउटै राय वा मतको; सह-मत । २. मानिएको; स्वीकृत; राजी । ३. विचार गरिएको । ४. सम्मति वा अधिकार दिइएको । (ना०) ५. सम्मति; सह-मति । ६. स्वीकृति; मन्जूरी ।

सम्मति–ना० [सं०] १. एक-मत हुनु; सह-मति; ऐकमत्य । २. स्वीकृति; मन्जूरी । ३. अनुकूल वा हार्दिक मत; राय । ४. इच्छा । ५. सद्भाव; शुभेच्छा ।

सम्मन–ना० यो० [सम्म] सम्म; पर्यन्त ।

सम्मान–ना० [सं०] १. ठूलो मान; विशेष सत्कार । २. इज्जत; प्रतिष्ठा । ३. राम्ररी नाप्ने काम ।

सम्मान-गारद–ना० [सं० सम्मान+गारद (अं० गार्ड)] कुनै विशिष्ट व्यक्तिका सम्मानका लागि विशेष रूपले उपस्थित सैनिक दल वा त्यसले दिएको सलामी; गार्ड-अफ-अनर ।

सम्मान-पत्र–ना० [सं०] कुनै विशिष्ट व्यक्तिको स्वागत, सम्मान, अभिनन्दन आदि गर्दा उनका काम, व्यक्तित्व आदिको प्रशंसा गरी लेखेर अर्पित गरिने पत्र; अभिनन्दन-पत्र ।

सम्माननीय–वि० [सं०] सम्मान गर्न योग्य; आदरणीय ।

सम्मानित–वि० [सं०] १. सम्मान गरिएको; विशेष आदर गरिएको । २. सबैले मान गरेको; प्रतिष्ठित ।

सम्मान्य–वि० [सं०] सम्माननीय ।

सम्मार्जनी–ना० [सं०] कूचो ।

सम्मिइनु–अ० क्रि० [सम्मि+इ+नु] सम्म परिनु; ('सम्मिनु'-को भा० क्रि०) ।

सम्मिनु–अ० क्रि० [सम्म+इ+नु] १. सम्म वा समथर हुनु; सतह मिल्नु । २. एकनास हुनु । ३. तह मिल्नु । ४. रीस, राग आदिको शमन हुनु; शान्त हुनु ।

सम्मिलित–वि० [सं०] १. युक्त; एकत्रित । २. शरीक भएको; शामिल भएको ।

सम्मिश्र–वि० [सं०] सम्मिश्रित ।

सम्मिश्रण–ना० [सं०] १. राम्ररी मिसिने काम; मिश्रण । २. मिलावट; मिसोट ।

सम्मिलन–ना० [सं०] १. जोरिनु; संयुक्त हुनु । २. मिसिनु; मिश्रित हुनु । ३. भेट-घाट; सम्मेलन । ४. गाभिने काम ।

सम्मीलित–वि० [सं०] १. आँखा चिम्लेको; सुतेको । २. ढाकिएको । ३. खग्रास भएको ।

सम्मुख–वि० [सं०] १. अगाड़ि भएको; सामुन्नेको । (ना० यो०) २. अगिल्तिर; मुखेन्जी ।

सम्मेलन–ना० [सं०] १. धेरै प्रतिनिधि वा संस्थाका सदस्यहरू नियमानुसार काम गर्नाका निमित्त एक ठाउँमा जम्मा हुनु; भेला हुनु । २. मिसिने वा मिसाउने काम; मिश्रण ।

सम्मोह–ना० [सं०] १. आत्तिनु । २. बेहोशी; मूर्छा । ३. मूर्खता । ४. वशीकरण ।

सम्मोहन–ना० [सं०] १. लोभ्याउनु; मोहित पार्नु । २. खुशी पार्नु; मुग्ध गर्नु । ३. कामदेवका पाँच बाणमध्ये एक । ४. दुश्मनलाई लट्ठ पार्ने एक पौराणिक अस्त्र । ५. तन्त्र-विद्याद्वारा मोहित पार्ने काम; मोहनी लाउने काम ।

सम्मोहित–वि० [सं०] १. सम्मोहमा परेको । २. वशीकृत ।

सम्म्याइ–ना० [सम्मि+याइ] सम्मिने किसिम, क्रिया वा भाव ।

सम्म्याइ–ना० [सम्म्याउ+आइ] सम्म्याउने किसिम, क्रिया वा भाव ।

सम्म्याइनु–स० क्रि० [सम्म्याउ+इ+नु] सम्म पारिनु; ('सम्म्याउनु'-को क० क्रि०) ।

सम्म्याउनु–स० क्रि० [सम्म+याउ+नु] १. सम्म पार्नु; समथर तुल्याउनु । २. एकनास तुल्याउनु । ३. खजमजिएको वस्तु तह लगाउनु ।

सम्यक्–वि० [सं०] १. ठीक; उचित । २. सुहाउँदो; उपयुक्त । ३. सारा; समस्त; सम्पूर्ण । ४. प्रिय; मनोनुकूल । (क्रि० यो०) ५. हर-तरहले । ६. राम्ररी ।

सम्राज्ञी–ना० [सं०] १. सम्राट्की पत्नी । २. साम्राज्यको शासन गर्ने स्त्री; महारानी ।

CC-0. In Public Domain. Digitization by eGangotri

सम्राट्–ना० [सं०] आफ्ना अधीनमा धेरै राज्य वा राजाहरू भएको ठूलो राजा; बादशाह; महाराजाधिराज।

सय–ना० [प्रा०] १. नब्बे र दशको योग-सङ्ख्या; १००-अङ्क। (वि०) २. नब्बे र दशका जम्मा सङ्ख्याको; शय।

सयकड़न्–वि० [सयकड़ा+अन्] सयकड़ौँ।

सयकड़ा–ना० [प्रा० सयकण्ड] १. सयको समुदाय; सयको समष्टि। (क्रि० यो०] २. एक सयका हिसाबले; प्रत्येक सयमा; प्रतिशत। ३. त्यस्तो हिसाब गर्दा सयभित्रबाटै काटिने सङ्ख्या।

सयकड़ी–ना० [सयकड़ा+ई] सयकड़ाका हिसाबले लिने वा दिने अङ्क।

सयकड़ौँ–वि० [सयकड़ा+औँ] धेरै सय; सयौँ; अनगिन्ती; सयकड़न्।

सय-खड़ा–ना० [सय+खड़ा] प्रतिशतको हिसाब गर्दा सय कायम राखी त्यसमाथि थपिने अतिरिक्त सङ्ख्या।

सय-खड़ी–ना० [सय-खड़ा+ई] प्रतिशतका हिसाबले लेन-देन गर्दा सयको मूल अङ्क कायम राखी त्यसभन्दा अतिरिक्त लिइने वा दिइने अङ्क।

सय-पत्री–ना० [सं० शत-पत्री] १. छेउमा करौँतीका धार-जस्ता दाँत परेका नरम लामा पात र धेरै दल हुने पहेँलो ठूलो थुँगो फूल फुल्ने एक जातको बोट। २. त्यसैको फूल।

सयल–ना० [अ० सैर] सैर।

सयौँ–वि० [सय+औँ] १. गणनाको क्रमले सय सङ्ख्यामा परेको; सय सङ्ख्याको। २. धेरै सय; सयकड़न्।

सर–सम्बो० [अं०] १. सम्मानित व्यक्तिलाई सम्बोधन गर्ने एक शब्द। २. विलायतका राजाले प्रदान गर्ने एक उच्च पदवी।

सर–ना० [सं०] १. तलाउ; पोखरी। २. बाण; शर। ३. गमन; गति। ४. माला; हार। ५. दूध, दही आदिको तर। ६. नून। ७. निर्झर; प्रपात। ८. तह; खात; सल।

सर–वि० [फा०] १. दमन गरिएको। २. जितिएको; विजित। (ना०) ३. विजय; जितबाजी। ४. असर; प्रभाव। ५. सफलता। ६. अनुकूलता; उपयुक्तता। ७. लाभ; फायदा।

सरक–ना० [सं०] १. पथिकहरूको अविरल पङ्क्ति। २. मदिरा। ३. मदिरा खाने पात्र। ४. मदिरा बाँड्ने काम। ५. गमन; हिँड्नु। ६. स्वर्ग। ७. सरोवर।

सरकार–ना० [फा०] १. श्री ५ महाराजाधिराज तथा राज-परिवारलाई सम्बोधन गर्ने एक शब्द। २. देश वा राज्यको शासक-मण्डल; राज्य-संस्था; सर्कार; शासन-सत्ता। ३. मालिक; प्रभु। ४. शासन-प्रबन्ध।

सरकार-वादी–वि० [सरकार+वादी] सरकार नै वादी भई चलाउने (मुद्दा)। (गाथ-गादी, राज-काज-सम्बन्धी, ज्यान-मारा, गर्भ तुहाउने, कन्या-चोरी, बाह्र-मासे जूवा खेल्ने, घरमा आगो लगाउने, गो-वध आदि।)

सरकारिया–वि० [सरकार+इया] सरकार-सम्बन्धी; सरकारी; राजकीय।

सरकारी–वि० [सरकार+ई] १. सरकारको; सरकारिया; राजकीय। २. मालिकको।

सरगम–ना० [सा+रे+ग+म] सङ्गीतका सात स्वरहरू (स, रे, ग, म, प, ध, नि)।

सरजमीन–ना० [फा० सरज़मीन] १. कुनै घटना भएको वा समस्या परेको स्थल। २. त्यहाँका वा त्यसका छर-छिमेकका मानिस।

सरट्–ना० [सं०] १. वायु। २. बादल। ३. माउसुली। ४. माहुरी।

सरट–ना० [सं०] १. छेपारो। २. वायु।

सरटि–ना० [सं०] सरट्।

सरणि–ना० [सं०] सरणी।

सरणी–ना० [सं०] १. बाटो; मार्ग। २. रेखा; डोरो। ३. पद्धति; प्रणाली। ४. रीति; रिवाज।

सरताप्रे–ना० [सं० शर+ताप्रे] बाण, भाला आदिको टुप्पाका आकारका पात हुने र खैरो फूल फुल्ने एक जातको बूटी; मूसाकाने; कान-पाते; आखु-कर्णी। (आयुर्वेदमा यसको गुण खटिरा नाश गर्ने बताइएको छ।)

सर-दर–क्रि० यो० [फा० सर+दर] १. घटी-बढ़ी वा साना-ठूलाको समान हिसाबले; साला-खाला; समान हिसाबले; समान औसतमा। (ना०) २. समान दर; एकै भाउ।

सरदार–ना० [फा०] १. नायक; अगुवा; नेता। २. मीर-सुब्बाभन्दा माथि र काजीभन्दा तलको एक निजामती दर्जा।

सरदारी–ना० [फा०] सरदारको पद वा काम।

सरनाम–वि० [फा०] १. प्रसिद्ध; विख्यात। (ना०) २. असल कुरामा भएको प्रसिद्धि; सुनाम।

सरपञ्च–ना० [फा० सर+पञ्च (सं०)] प्रधान पञ्च; पञ्चहरूमध्येको मुख्य व्यक्ति।

सरपोश–ना० [फा०] ढकना; बिर्को (काने कसौंड़ीको)।

सरमा–ना० [सं०] १. देवताकी कुकुर्नी; देव-शुनी। २. दक्ष प्रजा-पतिकी एक कन्या। ३. विभीषणकी पत्नी।

सरमाइनु–अ० क्रि० [सरमतउ+इ+नु] शरम मानिनु; ('सरमाउनु'-को भा० क्रि०)।

सरमाउनु–अ० क्रि० [शरम+आउ+नु] १. शरम मान्नु; लाज मान्नु; लजाउनु। २. सङ्कोच मान्नु; धक मान्नु।

सरयु–ना० [सं०] सरयू।

सरयू–ना० [सं०] भारतको अयोध्या शहरनजीक बग्ने एक प्रसिद्ध नदी (घाघरा)। (नेपालमा यस नदीलाई कर्नाली भन्दछन्।)

सररर–क्रि० यो० [सं० सर] १. कुनै काम बिनारोक-टोक हुने किसिम; सजिलैसित वा छिटोसँग कुनै काम हुने किसिम। २. सर्र; सरसर।

CC-0. In Public Domain. Digitization by eGangotri

सरल–वि० [सं०] १. बाङ्गो-टिङ्गो नभएको; सोझो। २. छल-कपट नभएको; सीधा। ३. सुगम; सजिलो। (ना०) ४. सल्लो। ५. विभिन्न राशिलाई चिह्नअनुसार भाग, गुणन, जोड़ र घटाउ गरेर सकभर सानो रूपमा परिणत गर्ने वा उत्तर निकाल्ने गणितको एक क्रिया।

सरलता–ना० [सं०] १. सरल हुनाको भाव; सीधापन। २. सोझो हुनाको भाव; निष्कपटता। ३. सुगमता।

सरलीकरण–ना० [सं०] १. सरल पार्ने काम। २. कुनै जटिल विषयलाई सरल वा सुगम पार्ने काम।

सरस–वि० [सं०] १. रस भएको; रसिलो। २. मीठो; स्वादिष्ठ। ३. भिजेको; आर्द्र। ४. आलो; ताजा। ५. सुन्दर; मनोहर। ६. साहित्यिक रस वा भावले युक्त; रसपूर्ण। ७. रसिक; भावुक; सहृदय।

सरसता–ना० [सं०] सरस हुनाको भाव।

सर-सफाइ–ना० [फा० सर+सफाइ] १. सफा-सुग्घर हुने वा गर्ने काम। २. चोखी-नीति; शुद्धि।

सरसर–क्रि० यो० [सं० सर] १. बिस्तारै हावा चल्ने किसिम। २. घस्रने वा सर्ने किसिम। ३. अक्षर वा चित्र छिटो-छिटो लेख्ने किसिम। ४. राम्ररी ध्यान नदिई छिटो-छिटो पुस्तक, लेख आदि हेर्ने वा बाच्ने किसिम।

सरसरती–क्रि० यो० [सरसर+ती] सरसरी; सरसर।

सरसराइ–ना० [सरसराउ+आइ] सरसराउने किसिम, क्रिया वा भाव।

सरसराइनु–अ० क्रि० [सरसराउ+इ+नु] सरसर शब्द आइनु; ('सरसराउनु'-को भा० क्रि०)।

सरसराउनु–अ० क्रि० [सरसर+आउ+नु] १. सरसर शब्द आउनु। २. सगसगाउनु।

सरसरी–क्रि० यो० [सरसर+ई] सरसर; सरसरती।

सरसरी–क्रि० यो० [फा० सरासरी] ध्यानपूर्वक नभई सामान्य किसिमले (हेरिनु वा विचार गरिनु)।

सर-सल्लाह–ना० [फाँ० सर+सल्लाह] सल्लाह; परामर्श।

सर-सापट–ना० [फाँ० सर+सापट] सापट दिने वा लिने काम; ऐँचो-पैँचो।

सर-सापटी–ना० [फाँ० सर+सापटी] सर-सापट।

सर-सामान–ना० [फाँ० सर+सामान (फा०)] सामानहरूको समुदाय।

सरसिज–ना० [सं०] कमल; पद्म; सरोज।

सरसी–ना० [सं०] सानो पोखरी; तलाउ।

सरसी-रुह–ना० [सं०] कमल; सरोज।

सरस्वती–ना० [सं०] १. विद्या वा वाणीकी अधिष्ठात्री देवी; शारदा। २. विद्या; इलम। ३. भाषा; वाणी। ४. पुराण-प्रसिद्ध एक नदी; सप्त-सिन्धुमध्ये एक। (यो प्रयागमा प्रच्छन्न रूपमा आई गङ्गा र यमुनाको सङ्गममा मिल्दछ।)

सरस्वती-पूजा–ना० [सं०] वसन्त-पञ्चमीका दिन गरिने सरस्वती देवीको विशेष पूजा वा उत्सव।

सरह–वि० [सं० सदृश] समान; बराबर; तुल्य।

सरहद–ना० [फा० सर+हद (अ०)] १. सीमा; साँध। २. कुनै क्षेत्रका चार किल्ला छुट्ट्याउने चिनु। ३. स्वदेश; आफ्नो देश।

सरहदिया–वि० [फा० सरहद+इया] १. सरहदमा रहने; सरहदनिर रहने। २. सरहद-सम्बन्धी; सरहदी। ३. ३. आफ्ना देशको; स्वदेशी।

सरहदी–वि० [फा०] सरहदिया; सरहदको; सरहद-सम्बन्धी।

सरहपा–ना० [सं० शर+पाद] ईसवी आठौँ शताब्दीमा हुने, वाम-मार्गी सिद्ध-परम्पराका आदि पुरुष। (लोक-भाषामा लेखिएको यिनको 'दोहा-कोश' प्रसिद्ध छ।)

सराइ–ना० [सर्+आइ] सर्ने किसिम, क्रिया वा भाव।

सराइ–ना० [सार्+आइ] सार्ने किसिम, क्रिया वा भाव।

सराइनु–स० क्रि० [सराउ+इ+नु] सर्न लाइनु; ('सराउनु'-को क० क्रि०)।

सराउनु–स० क्रि० [सर्+आउ+नु] सर्न लाउनु; ('सर्नु'-को क० क्रि०)।

सराघौँ–ना० [ने०] चार वर्षपछिको साल; झन् पराघौँ।

सराङ–ना० [ने०] दाउरा सुकाउनाका निमित्त चूल्हो, अगेनु आदिका माथि बनाइने टाँड़।

सराप–ना० [सं० शाप] १. अरूलाई यस्तो अनिष्ट होस् भनी सरापेको बोली; शाप। २. सराप्ने काम; शाप दिने काम। ३. गाली; निन्दा।

सरापाइ–ना० [सराप्+आइ] सराप्ने किसिम, क्रिया वा भाव।

सरापिनु–स० क्रि० [सराप्+इ+नु] सराप दिइनु; ('सराप्नु'-को क० क्रि०)।

सराप्नु–स० क्रि० [सराप+नु] १. अरूलाई कुनै किसिमको खराबी होस् भन्नु; सराप दिनु; शाप दिनु। २. गाली गर्नु; अपशब्द बोल्नु।

सराफी–ना० [अ० सर्राफ़:] १. रुपियाँ-पैसा साट्ने वा सुन-चाँदीको खरीद-बिक्री गर्ने व्यापारी। २. सुन, चाँदी, सिक्का, नोट आदि जाँच्ने एक सरकारी कर्मचारी।

सराबरी–ना० [सरोबरी] दुइ वा धेरै वस्तु समान रूपले मिल्ने काम; सरोबरी; छ्यासमिस।

सराय–ना० [अ०] यात्रीहरू बस्न बनाइएको घर।

सरारी–ना० [सं०] एक जातको सारसजस्तो चरो; आटि।

सरासर–क्रि० यो० [फा०] १. नरोकिईकन हिँड्ने किसिम; फटाफट। २. धमाधम। ३. प्रत्यक्षतः; साक्षात्। ४. बिलकुल; पूरापूर।

सरासरी–क्रि० यो० [सरासर+ई] १. नरोकिईकन; सरासर। २. निरन्तर; लगातार।

सराहना–ना० [सं० श्लाघा] प्रशंसा; तारीफ; सह्ननी।

सराहनीय–वि० [सं० श्लाघनीय] प्रशंसनीय; श्लाघ्य; तारीफ गर्न लायक।

सरि–ना० [सं०] झरना।

CC-0. In Public Domain. Digitization by eGangotri

सरि–वि० [सं० सदृश] बराबर; समान; तुल्य।

सरित्–ना० [सं०] नदी; खोलो।

सरिता–ना० [सं० सरित्] नदी; खोलो।

सरिनु–अ० क्रि० [सर्+इ+नु] एक ठाउँबाट अर्को ठाउँमा हटिनु; ('सर्नु'-को भा० क्रि०)।

सरिफा–ना० [सं० श्रीफल] सलिफा।

सरियान–वि० [अ० सरीहन] साक्खै; खास; साक्षात्।

सरील–ना० [सं०] जल।

सरीसृप–वि० [सं०] १. घस्रेर हिँड्ने। (ना०) २. जमीनमा घस्रेर हिँड्ने प्राणी (सर्प, चिप्ले-कीरो, गँड्यौलो आदि)।

सरुज–वि० [सं०] रोग-युक्त; रोगी।

सरुन–ना० [सं० श्रवण] श्रवणदेखि रेवतीसम्मका नक्षत्रहरू। (यी छ वटा नक्षत्रमा घर छाउने, काठ काट्ने आदि काम गर्न निषेध गरिएको छ।)

सरुवा–वि० [सर्+उवा] १. सर्ने किसिमको; सरौटे। २. सरेर आएको।

सरुवा–ना० [सरोवर] १. धान सरोवरी भएको चामल। २. नफलेको चामल।

सरूप–वि० [सं०] १. उस्तै रूपको; समान रूप भएको। २. रूप भएको; साकार। ३. राम्रो; सुन्दर।

सरूपता–ना० [सं०] सरूप हुनाको भाव।

सरूपत्व–ना० [सं०] सरूपता।

सरेश–ना० [फा०] राँगो, ऊँट आदि पशुको छाला, माछाको कल्ला आदि पकाएर बनाइने एक लस्सादार पदार्थ; सरेस।

सरेस–ना० [फा० सरेश] सरेश।

सरो–वि० [सं० सर+ओ] १. कपड़ा, पात आदिको तह वा पत्र भएको। २. दैनिक व्यवहारका निमित्त सामान्यतः आवश्यकजतिको (माल-मत्ता)।

सरोकार–ना० [फा०] १. चासो; वास्ता; प्रयोजन। २. सम्बन्ध; सम्पर्क।

सरोकारवाला–वि० [सरोकार+वाला] सरोकार वा सम्बन्ध भएको।

सरोकारी–वि० [फा०] सरोकार भएको; सरोकारवाला।

सरोज–ना० [सं०] कमल; पद्म।

सरोजिनी–ना० [सं०] १. कमल फुलेको तलाउ; कमल-पोखरी। २. कमलिनी।

सरोद–ना० [फा० सुरूद] अठार वा बाईस तार लागेको, जवाले बजाइने, सारङ्गीजस्तो, छालाले मढ़ेको एक किसिमको बाजा।

सरोबर–वि० [सरो+बरोबर] दुइ वा धेरै वस्तुहरू समान रूपले मिलेको; सरोबरी भएको।

सरोबरी–ना० [सरोबर+ई] सरोबर भई मिल्ने काम; बराबर परिमाणमा धेरै वस्तुहरू एकसाथ मिल्ने काम; सराबरी।

सरोरुह–ना० [सं०] कमल; पद्म।

सरोवर–ना० [सं०] १. तलाउ; पोखरी। २. दह; झील।

सरोष–वि० [सं०] रोष-युक्त; कुपित; क्रुद्ध।

सरौटे–वि० [सर्+औटे] सर्ने छाँटको; सरुवा।

सरौटो–ना० [सर्+औटो] सर्ने किसिमको रोग; सरुवा रोग; सङ्क्रामक रोग; महामारी।

सरौतो–ना० [प्रा० सारवत्त] सुपारी आदि काट्ने कैँची-जस्तो एक किसिमको औजार।

सरौलो–ना० [ने०] पीठो, नून आदि हाली मलेको भुस्सा।

सर्कनु–अ० क्रि० [सर्+नु] १. माथितिर लाग्नु; उँभो लाग्नु। २. अगाड़ि बढ्नु; अघि सर्नु। ३. खाएको वा पिएको वस्तु श्वासका वेगले नाकको छिद्रबाट माथितिर लाग्नु। ४. सड्कनु; हूप पस्नु। ५. उन्नति वा बढ़िबढ़ाउ हुनु; अभ्युदय हुनु।

सर्कस–ना० [अं०] व्यायामी र पशु-पक्षीहरूको कौतुक-पूर्ण खेल-तमाशा।

सर्काइ–ना० [सर्क+आइ] सर्कने किसिम, क्रिया वा भाव।

सर्काइ–ना० [सर्काउ+आइ] सर्काउने किसिम, क्रिया वा भाव।

सर्काइनु–स० क्रि० [सर्काउ+इ+नु] उँभो लगाइनु; ('सर्काउनु'-को क० क्रि०)।

सर्काउनु–स० क्रि० [सर्क+आउ+नु] १. उँभो लगाउनु; मास्तिर लगाउनु। २. उन्नति गराउनु; सर्पानु। ३. अगि सार्नु; अग्रसर पार्नु। ४. खाएको वा पिएको वस्तु श्वासका वेगले श्वास-नलीतिर लगाउनु।

सर्कार–ना० [फा० सरकार] सरकार।

सर्कारिया–वि० [सर्कार+इया] सरकारिया।

सर्कारी–वि० [सर्कार+ई] सरकारी।

सर्किनी–ना० [सार्की+इनी] १. सार्की जातकी स्त्री; सर्केनी। २. सार्कीकी स्त्री।

सर्किनु–अ० क्रि० [सर्क+इ+नु] उँभो लागिनु; ('सर्कनु'-को भा० क्रि०)।

सर्कुलर–ना० [अं० सर्क्युलर] कुनै विचार, सूचना आदिका निमित्त सम्बन्धित धेरै व्यक्तिहरूलाई पठाइने पत्र।

सर्केना–ना० [सार्की+एना] सर्किनीको आदरार्थी शब्द।

सर्केनी–ना० [सार्की+एनी] सर्किनी।

सर्को–ना० [सं० सर] १. धूवाँ वा तरल पदार्थको एक पटक-को पियाइ; सन्को। २. पीङको एक पटकको मच्चाइ वा खेलाइ।

सर्ग–ना० [सं०] १. त्याग। २. सृष्टि। ३. रचना; निर्माण। ४. प्रवृत्ति; स्वभाव। ५. निश्चय; सङ्कल्प। ६. सन्तान। ७. प्राणी; जीव। ८. प्रकृति। ९. ग्रन्थको अध्याय; परिच्छेद। १०. स्वीकृति। ११. आक्रमण। १२. मल-त्याग। १३. मोह। १४. प्रवाह।

सर्ग–ना० [सं० स्वर्ग] १. आकाश। २. क्षितिज।

सर्ज–ना० [सं०] साज वृक्ष।

सर्जन–ना० [सं०] १. त्याग्नु; छोड्नु। २. निर्माण; रचना।

CC-0. In Public Domain. Digitization by eGangotri

३. सृष्टि।

सर्जन–ना० [अं०] चिर-फार गर्ने डाक्टर; शल्योपचारक।

सर्जरी–ना० [अं०] १. चिर-फारको काम; शल्य-चिकित्सा। २. चिर-फारद्वारा चिकित्सा गर्ने विज्ञान।

सर्जाम–ना० [फा० सर-अन्जाम] १. कुनै कामका निमित्तको सर-सामान; सामग्री; सर्दाम। २. औजार; उपकरण।

सर्जो–ना० [सं०] सज्जी-खार।

सर्ट-हैन्ड–ना० [अं० शॅर्ट-हैन्ड] सङ्केत-लिपि।

सर्टिफिकेट–ना० [अं०] १. कुनै परीक्षा पास भएको प्रमाण-स्वरूप विश्व-विद्यालय वा शिक्षण-संस्थाबाट दिइने पत्र; प्रमाण-पत्र। २. कुनै काम सफलतापूर्वक गरेको प्रमाण-स्वरूप कसैलाई दिइने पत्र। ३. कुनै वस्तुको गुण वा विशेषताको प्रमाणस्वरूप दिइने पत्र।

सर्दाम–ना० [सर्जाम] सर्जाम।

सर्दार–ना० [फा० सरदार] सरदार।

सर्दारी–ना० [फा० सरदारी] सरदारी।

सर्दी–ना० [फा०] १. चिसोपन; शीतलता। २. जाड़ो; ठन्डी। ३. रुघा।

सर्दु–ना० [ने०] एक प्रकारको मोटो खाँड़ी।

सर्दो–वि० [सर्+दो] आफूलाई सजिलो वा लाभ हुने किसिमको; अनुकूल।

सर्धाइँ–ना० [सं० श्रद्धा+आइँ] १. कुनै काम-कुरो वा वस्तुमा लाग्ने चाख; चाह। २. तिर्सना; तृष्णा।

सर्नु–अ० क्रि० [सं० सर+नु] १. एक ठाउँबाट अर्को ठाउँतिर हट्नु; अर्को ठाउँमा जानु। २. हिँड्नु; घस्रनु। ३. बसाइँ जानु; वस्तीको परिवर्तन गर्नु। ४. रोग, व्याधि, कीटाणु आदि एक जनाबाट अर्को जनामा फैलँदै जानु।

सर्प–ना० [सं०] घस्रेर हिँड्ने एक प्रसिद्ध लामो कीरो; लाम्कीरो; साँप।

सर्पको-मकै–ना० [सर्प+को+मकै] बाटुलो कर्णिकाका वरि-परि लामा-लामा पातजस्ता दलले घेरिएको र कर्णिकाको बीचबाट पनि एक पत्र निस्केको, हरियो, चक्राकार फूल हुने, घोगाका रूपमा फल फल्ने र सेतो गोल कन्द हुने एक जातको बूटी; वज्र-कन्द; एक जातको ओल। (आयुर्वेदमा यसको गुण कफ-नाशक र पित्त बढ़ाउने बताइएको छ।)

सर्प-गन्धा–ना० [सं०] गन्ध-कुली; चाँदमरुवा।

सर्पट–ना० [सं० सर्पण] साँध, सिमानाहरूसमेत छुट्टयाई जग्गा-जमीन एकनाससित नाप्ने काम।

सर्पट–ना० [सं० सरट] अगाड़िका दुवै खुट्टा एकसाथ फालेर वेगसित दगुर्ने घोड़ाको एक चाल।

सर्पत–ना० [सं० स्पर्शन] सामीप्यबाट उत्पन्न संसर्ग, अनुकूलता आदि।

सर्प-यज्ञ–ना० [सं०] सर्पहरूको नाश गर्नाका निमित्त जन्मे-जयले गरेको, महाभारत-प्रसिद्ध एक यज्ञ।

सर्प-याग–ना० [सं०] सर्प-यज्ञ।

सर्प-विद्या–ना० [सं०] सर्पलाई समात्ने वा लट्ठ्याउने विद्या; सर्प-सम्बन्धी विद्या; गारुडी विद्या।

सर्पाक्षी–ना० [सं०] खुर्सानी झार।

सर्पिल–वि० [सं०] सर्पको चालजस्तो बाङ्गो-टेढ़ो।

सर्बत–ना० [अ० शरबत] शरबत।

सर्भे–ना० [अं०] १. जमीनको नापी आदि गर्ने काम। २. कुनै स्थान वा विषयमाथि सामान्य दृष्टि दिने वा विचार गर्ने अथवा त्यसको व्याख्या गर्ने काम।

सन्याइ–ना० [सन्याउ+आइ] सन्याउने किसिम, क्रिया वा भाव।

सन्याइनु–स० क्रि० [सन्याउ+इ+नु] सर वा तह झिकिनु; ('सन्याउनु'-को क० क्रि०)।

सन्याउनु–स० क्रि० [सर+याउ+नु] १. सर वा तह झिक्नु। २. मकैका घोगाको बाहिरी खोस्टा झिक्नु।

सर्र–क्रि० यो० [सरर्र] सरर्र।

सर्व–वि० [सं०] १. सबै; समस्त; सम्पूर्ण; यावत्। (ना०) २. विष्णु। ३. शिव।

सर्व-काम–वि० [सं०] सबै प्रकारको इच्छा गर्ने; अनेक कुराको कामना गर्ने।

सर्वग–वि० [सं०] सबै ठाउँमा जान सक्ने वा पुग्ने।

सर्व-जनीन–वि० [सं०] सबैको; सार्वजनिक।

सर्वजा–ना० [सं० सर्वजया] १. हलेदाका जस्ता लामा र ठूला पात हुने, राता वा पहेँला फूल फुल्ने र तिउरेको जस्तो फल फल्ने एक जातकी सानो बोट। २. त्यसैको फूल। (आयुर्वेदमा यसको गुण गर्भ-पात गराउने र कुष्ठ रोग-नाशक बताइएको छ।)

सर्व-जित्–वि० [सं०] सबैलाई जित्ने; सबैमा विजय प्राप्त गर्ने।

सर्वज्ञ–वि० [सं०] १. सबै कुरा जानेको। (ना०) २. ईश्वर। ३. बुद्ध देव।

सर्वज्ञता–ना० [सं०] सर्वज्ञ हुनाको भाव।

सर्वतः–ना० यो० [सं०] १. चारैतिर; चौतर्फ; वरि-परि। २. हर प्रकारले; अनेक किसिमले। ३. पूर्णतः पूर्ण रूपले।

सर्व-तन्त्र–वि० [सं०] १. सबै जनता वा शास्त्रले मानेको; सर्व-मान्य। (ना०) २. सम्पूर्ण शास्त्र वा तन्त्रको अध्ययन गर्ने व्यक्ति।

सर्वतोभद्र–वि० [सं०] १. सबै प्रकारले कल्याण गर्ने। २. जुँगा, दाह्रीसमेत कपाल खौरेको। ३. देवतालाई चढ़ाइने कपड़ा आदिमा लेखिने एक यन्त्र। ४. चारैतिर ढोका हालेर बनाइएको घर वा मन्दिर। ५. एक किसिमको चित्र-काव्य। ६. हठ-योगको एक अङ्ग।

सर्वतोभावेन–क्रि० यो० [सं०] १. सबै तरहले; हर प्रकारले। २. ठीकसित; उचित तरवरले।

सर्वतोमुख–वि० [सं०] १. चारैतिर मुख फर्केको। २. सबै ठाउँमा भएको; सर्व-व्यापक। ३. विभिन्न वा सबै किसिमको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिभा भएको।
सर्वतोमुखी–वि० [सं०] सर्वतोमुख।
सर्वत्र–क्रि० यो० [सं०] १. सबै ठाउँमा; जहाँ-कहीँ। २. हर-बखत; सबै समयमा।
सर्वथा–क्रि० यो० [सं०] १. सब प्रकारले; हर तरहले। २. बिलकुल; पूरा तवरले। ३. अवश्य; निश्चय; पक्का।
सर्व-दल–ना० [सं०] कुनै विषयमा विचार-विमर्श गर्नाका निमित्त भेला भएका सबै दल वा संस्था।
सर्व-दलीय–वि० [सं०] सबै संस्था वा दलको; सर्व-दल-सम्बन्धी।
सर्व-दर्शिता–ना० [सं०] सर्व-दर्शी हुनाको भाव।
सर्व-दर्शी–वि० [सं०] १. सबै वस्तु वा विषयहरूको ज्ञान भएको। (ना०) २. ईश्वर। ३. बुद्ध देव। ४. अर्हत्।
सर्वदा–क्रि० यो० [सं०] सधैँ; हमेशा; हर-बखत।
सर्वदव–क्रि० यो० [सं०] सधैँ नै; हमेशा नै; हर-बखतै।
सर्वनाम–ना० [सं०] व्याकरणअनुसार नाम-शब्दका सट्टामा आउने शब्द।
सर्व-नाश–ना० [सं०] भएभरका वस्तुहरूको नाश; बरबादी; सत्यानाश; विध्वंस।
सर्व-नाशक–वि० [सं०] सर्व-नाशी।
सर्व-नाशी–वि० [सं०] सर्व-नाश गर्ने; सत्यानाशी।
सर्व-पति–ना० [सं०] १. सबैको मालिक। २. विष्णु।
सर्व-प्रथम–ना० यो० [सं०] १. सबभन्दा पहिले। (वि०) २. सबभन्दा पहिलो।
सर्व-प्रिय–वि० [सं०] सबैलाई मन-परेको; सबैको प्यारो; लोक-प्रिय।
सर्व-प्रियता–ना० [सं०] सर्व-प्रिय हुनाको भाव; लोक-प्रियता।
सर्व-भक्षी–वि० [सं०] १. सबै कुरो खाने। (ना०) २. अग्नि; हुताशन।
सर्व-भोगी–वि० [सं०] १. असल-खराब सबै कुराको उपभोग गर्ने। २. सर्व-भक्षी।
सर्व-मङ्गला–ना० [सं०] १. दुर्गा। २. लक्ष्मी। (वि०) ३. हर-तरहले मङ्गल गर्ने; कल्याण-कारिणी।
सर्व-मान्य–वि० [सं०] सबै जनालाई मान्य; सबै जनाले मानेको वा मान्ने।
सर्व-व्यापक–वि० [सं०] १. सबै ठाउँमा व्याप्त भएर रहेको; सर्व-व्यापी। (ना०) २. ईश्वर।
सर्व-व्यापी–वि० [सं०] सर्व-व्यापक।
सर्व-शक्तिमान्–वि० [सं०] १. सबै काम-कुरो गर्ने शक्ति भएको। (ना०) २. ईश्वर।
सर्वश्री–ना० [सं०] धेरै मानिसहरूको नामको उल्लेख गर्दा सबैका नामका अगिल्तिर 'श्री' नलेखी सामूहिक आदर-सूचक रूपमा सबैभन्दा पहिले आएका नामको अगिल्तिर-मात्र लगाइने आदर-सूचक विशेषण शब्द।
सर्व-श्रेष्ठ–वि० [सं०] सबभन्दा श्रेष्ठ वा उत्तम; सर्वोत्तम।
सर्व-श्रेष्ठता–ना० [सं०] सर्व-श्रेष्ठ हुनाको भाव; सर्वोत्तमता।
सर्व-संहार–ना० [सं०] सर्व-नाश; सत्यानाश।
सर्व-संहारक–वि० [सं०] सर्व-संहार-कारी।
सर्व-संहार-कारी–वि० [सं०] सर्व-संहारी।
सर्व-संहारी–[सं०] सर्व-संहार गर्ने; सर्व-नाश पार्ने।
सर्व-सत्ता–ना० [सं०] कुनै काम वा विषयसित सम्बन्धित सबै प्रकारको अधिकार; पूर्ण सत्ता।
सर्व-सम्मत–वि० [सं०] उपस्थित भएका वा सम्बन्धित सबै व्यक्तिहरूको सहमति वा स्वीकृति प्राप्त भएको; सबै जनाको सम्मति पाएको।
सर्व-सम्मति–ना० [सं०] उपस्थित वा सम्बन्धित सबै मानिसको सहमति वा राय।
सर्व-साक्षी–ना० [सं०] १. संसारमा भएका सबै कुरा देख्ने ईश्वर; सर्व-दर्शी। (वि०) २. सबै कुराको साक्षी भएको।
सर्व-साधारण–वि० [सं०] १. मामूली; सामान्य। (ना०) २. सबै किसिम वा स्तरका मानिसहरूको समूह; जनता।
सर्व-सामान्य–वि० [सं०] १. सबैमा भएको; सबैमा पाइने; सर्व-साधारण। २. सबै जनताको; सार्वजनिक। (ना०) ३. सबै किसिमका मानिसहरू; जनता।
सर्वस्व–ना० [सं०] भएभरको सम्पत्ति; सारा सम्पत्ति; जिली-गाँठी।
सर्वाङ्ग–ना० [सं०] १. सम्पूर्ण शरीर; सारा देह। २. सबै अङ्ग; अङ्ग-प्रत्यङ्ग। (वि०) ३. सग्लो; सिङ्गो।
सर्वाङ्ग-पूर्ण–वि० [सं०] १. सबै अङ्ग-प्रत्यङ्गले युक्त; सम्पूर्ण अङ्गहरू भएको; अविकलाङ्ग। २. सग्लो; सिङ्गो। ३. सबै अङ्ग-प्रत्यङ्गले पूर्ण।
सर्वाङ्ग-सुन्दर–वि० [सं०] १. प्रत्येक अङ्ग-प्रत्यङ्गहरू राम्रो भएको; सम्पूर्ण अवयवहरू सुन्दर भएको। २. अति सुन्दर।
सर्वाङ्गीण–वि० [सं०] १. सबै अङ्ग-प्रत्यङ्गमा व्याप्त भएको। २. सबै अङ्गहरूसित सम्बन्ध भएको। ३. सबै अङ्गहरूले युक्त; सम्पूर्ण।
सर्वात्मा–ना० [सं०] आत्माको रूपमा सबै प्राणीमा विद्यमान रहेको ब्रह्म।
सर्वाधिकार–ना० [सं०] १. सबै काम-कुरो सम्पन्न गरी टुङ्ग्याउने अधिकार; पूरा हक वा अख्तियार। २. सम्पूर्ण अधिकार।
सर्वाधिकारी–ना० [सं०] सबै प्रकारका अधिकार पाएको व्यक्ति; सर्वाधिकार प्राप्त व्यक्ति।
सर्वास्तिवाद–ना० [सं०] कुनै वस्तु पनि असत् होइन, सम्पूर्ण वस्तुको अस्तित्व छ भन्ने एक दार्शनिक सिद्धान्त; बौद्ध धर्मको एक सिद्धान्त।
सर्वास्तिवादी–वि० [सं०] सर्वास्तिवादमा विश्वास राख्ने।
सर्वेश–ना० [सं०] सर्वेश्वर।
सर्वेश्वर–ना० [सं०] १. सबैका स्वामी। २. ईश्वर। ३. सम्राट्; बादशाह।

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वेसर्वा–वि० [सं०] कुनै विषय वा कार्यमा सबै प्रकारका सर्वोच्च अधिकार लिएको; सर्वाधिकार प्राप्त।

सर्वोच्च–वि० [सं०] १. सबभन्दा उच्च; सबभन्दा ऊँचो। २. सबभन्दा श्रेष्ठ।

सर्वोत्कृष्ट–वि० [सं०] सबभन्दा उत्तम; सबभन्दा असल।

सर्वोत्तम–वि० [सं०] सबभन्दा असल; सर्व-श्रेष्ठ; उत्तमोत्तम।

सर्वोपरि–ना० यो० [सं०] सबैभन्दा माथि; सबैभन्दा बढ्ता।

सर्वोषधि–ना० [सं०] दश प्रकारका ओषधिहरूको समूह (कूट, जटामसी, हलेदो, बोझो, शिलाजीत, श्रीखण्ड चन्दन, रक्त-चन्दन, कपूर, मोथे र नरिवल)।

सर्षप–ना० [सं०] सर्सिउँ।

सर्सिउँ–ना० [सं० सर्षप] १. ठूला-ठूला पात, पहेँलो फूल र तोरीका जस्ता कोसा हुने एक जातको बोट। २. त्यसैका कोसाभित्र फल्ने दाना वा अन्न। (यसका पहेँलो र रातो– दुइ भेद छन्।)

सर्स्यूँ–ना० [सर्सिउँ] सर्सिउँ।

सल–ना० [सं०] जल।

सल–ना० [सुलह] सुलह।

सल–ना० [सं० सर] १. गाह्रो वा पर्खाल लाउँदा राखिने ईँट, ढुङ्गा आदिको तह। २. दाउराका खलियोको तह। ३. तह; खात।

सलकाइलो–वि० [सलक्क+आइ+लो] १. सलक्क परेको; लामो र मिलेका कदको। २. सप्लाएको; लहलहाउँदो।

सलक्क–क्रि० यो० [प्रा० सल्ल] १. सजिलैसित निल्ने किसिम। २. लामो र पुष्ट भई राम्रो हुने किसिम; सुलुक्क। ३. लहलहाएर बढ्ने किसिम; सप्रने किसिम।

सलगम–ना० [शलगम] शलगम।

सलज्ज–वि० [सं०] १. लाज भएको; लज्जा-शील। २. विनम्र; विनय-शील।

सलतनत–ना० [अ० सल्तनत] १. सुलह; सम्झौता। २. सल्लाह; परामर्श। ३. बन्दोवस्त; प्रबन्ध। ४. कुराकानी-द्वारा मानिस हातमा लिने वा आफ्ना रायमा ल्याउने काम। ५. राज्य। ६. शासन।

सलबल–क्रि० यो० [सं० सल+वल्] १. सर्प, गँड्उला, माछा जूका आदि चल्ने किसिम; सलबलाउने किसिम। २. चञ्चल भएर चल्ने किसिम; चकचक। ३. कुनै काम गर्न उत्सुक भएर यता-उति गर्ने किसिम; तरखर। (वि०) ४. सलबलाउँदो।

सलबलाइ–ना० [सलबलाउ+आइ] सलबलाउने किसिम, क्रिया वा भाव।

सलबलाइनु–अ० क्रि० [सलबलाउ+इ+नु] सलबल गरिनु; ('सलबलाउनु'-को भा० क्रि०)।

सलबलाउँदो–वि० [सलबलाउ+आउँदो] १. सलबल परेको; लदबदो (अचार, तरकारी आदि)। २. सलबल गरी चल्ने; सलबले।

सलबलाउनु–अ० क्रि० [सलबल+आउ+नु] १. सर्प, माछा, गँड्उला आदि कीरा चल्नु; सलबल गर्नु। २. चञ्चल भएर चल्नु। ३. तरखराउनु।

सलबलिइनु–अ० क्रि० [सलबलि+इ+नु] सलबलाइनु; ('सलबलाउनु'-को भा० क्रि०)।

सलबलिनु–अ० क्रि० [सलबल+इ+नु] सलबलाउनु।

सलबले–वि० [सलबल+ए] १. सलबल गर्ने स्वभावको; सलबलाउने। २. सलबलाउँदो।

सलबल्याहट–ना० [सलबलि+याहट] सलबलिने किसिम, क्रिया वा भाव; सलबलाइ।

सलमा–ना० [अ० सलमः] कपड़ाहरूमा अनेक किसिमका बुट्टा भर्ने सुन, चाँदी आदिको बेरुवा तार।

सलसल–क्रि० यो० [प्रा० सल्ल] १. धमाधम निल्ने किसिम। २. खूब सप्रेर बढ्ने किसिम; लहलहाउने किसिम; सल-सलती। ३. तरल वा लेदो पदार्थ बग्ने किसिम; सुलसुल।

सलसलती–क्रि० यो० [सलसल+ती] सलसल।

सलसलाइनु–अ० क्रि० [सलसलाउ+इ+नु] सलबलाइनु; ('सलसलाउनु'-को भा० क्रि०)।

सलसलाउँदो–वि० [सलसल+आउँदो] १. हलक्क बढ़ेर राम्रो भएको वा लहलहाउँदो। २. सलक्क परेको। ३. गीलो, नरम र देख्ता राम्रो (खानेकुरो)।

सलसलाउनु–अ० क्रि० [सलसल+आउ+नु] १. खूबसित सप्रेर बढ्नु; लहलहाउनु; सब्लाउनु। २. सलबलाउनु।

सलसली–क्रि० यो० [सलसल+ई] सलसल।

सलाई–ना० [प्रा० सलाआ] १. घोटेर आगो पार्ने, टुप्पामा मसला लागेको काठको छेस्को; दिया-सलाई। २. औषध, सुर्मा आदि लगाउन बनाइएको एक प्रकारको छेस्को; शलाका।

सलाम–ना० [अ०] १. मान्य जनलाई दायाँ हत्केलो शिरमा राखेर वा त्यस्तै कुनै किसिमले गरिने एक किसिमको आदर-सूचक क्रिया। २. प्रणाम; नमस्कार।

सलामत–ना० [अ०] १. सुरक्षा। (वि०) २. सुरक्षित।

सलामती–ना० [सलामत+ई] सुरक्षा; आराम।

सलामी–ना० [अ० सलाम+ई] १. सलाम गर्ने काम। २. सैनिकहरूले प्रणाम गर्ने एक पद्धति। ३. ठूला वा उच्च पदका व्यक्तिलाई तोप पड्काएर गरिने सम्मान। ४. बाजा बजाई विशेष किसिमले अभिवादन गर्ने क्रिया। ५. सलाम गर्दा चढ़ाइने भेटी। ६. जागीरदार, ठेकदार आदिसँग सरकारले कट्टा गरी लिने रकम। ७. ओरालो परेको ठाउँ; तेर्पे परेको जमीन।

सलाह–ना० [अ०] सल्लाह।

सलाहकार–वि० [अ० सलाह+कार (फा०)] सल्लाहकार।

सलाहकार-सभा–ना० [सलाहकार+सभा] सल्लाहकार-सभा।

सलिफा–ना० [सं० श्रीफल] गिर्खा-गिर्खा परेको हरियो बोक्रो हुने, भित्र काला, चिल्ला लाम्चा बीयाँ हुने एक

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसिद्ध फल।

सलिल–ना० [सं०] १. पानी; जल। २. वर्षा; झरी।

सलील–वि० [सं०] १. लीला-युक्त। २. क्रीडा-शील; खेलवाड़ी। ३. कौतुकी।

सलूक–ना० [अ० सुलूक] व्यवहार; आचरण।

सलेदो–ना० [सुत्लो] टुकी, लालटेन आदिको बालिने सुत्लो, फित्ता आदि।

सल्कनु–अ० क्रि० [सर्+नु] १. सरुवा रोगहरू फैलनु वा सर्नु। २. जीउमा जुम्रा, लीखा आदि सर्नु। ३. गुप्त तवरले स्वास्नी वा पोइ राख्नु; लहसिनु।

सल्कनु–अ० क्रि० [अ० शोलः] १. आगो, बत्ती आदि बल्नु; दन्कनु। २. रीसले भित्र-भित्रै कुपित हुनु; मुरमुरिनु।

सल्काइ–अ० क्रि० [सल्क+आइ] सल्कने किसिम, क्रिया वा भाव; रोग आदिको सराइ।

सल्काइ–ना० [सल्काउ+आइ] सल्काउने किसिम, क्रिया वा भाव (रोग आदि)।

सल्काइ–ना० [सल्काउ+आइ] सल्काउने किसिम, क्रिया वा भाव; दन्काइ।

सल्काइ–ना० [सल्क+आइ] सल्कने किसिम, क्रिया वा भाव; दन्काइ।

सल्काइनु–स० क्रि० [सल्काउ+इ+नु] आगो, बत्ती आदि बालिनु; दन्काइनु; ('सल्काउनु'-को क० क्रि०)।

सल्काइनु–स० क्रि० [सल्काउ+इ+नु] रोगहरू सारिनु; ('सल्काउनु'-को क० क्रि०)।

सल्काउनु–स० क्रि० [सल्क+आउ+नु] १. रोगहरू सार्नु वा फैलाउनु। २. जुम्रा, उडुस आदि सार्नु।

सल्काउनु–स० क्रि० [सल्क+आउ+नु] आगो बत्ती आदि बाल्नु; दन्काउनु।

सल्किनु–अ० क्रि० [सल्क+इ+नु] बलिनु; दन्किनु; ('सल्कनु'-को भा० क्रि०)।

सल्किनु–अ० क्रि० [सल्क+इ+नु] १. सल्कनु। २. सरुवा रोगहरू फैलिनु; ('सल्कनु'-को भा० क्रि०)।

सल्क्याइ–ना० [सल्कि+याइ] सल्किने किसिम, क्रिया वा भाव।

सल्तनत–ना० [अ०] सलतनत।

सल्मा–ना० [सलमा] सलमा।

सल्याक-सुलुक्क–क्रि० यो० [सलक्क+सुलुक्क] १. सजिलैसित निल्ने किसिम; सलक्क। २. सलबल। ३. सलक्क।

सल्याङ-बल्याङ–क्रि० यो० [सलबल] १. धेरै सर्प, गँड़ेउला आदि चल्ने किसिम; सलबलाउने किसिम; सल्याङ-सुलुङ। २. उत्सुकतासाथ कुनै काम गर्ने किसिम; तरखराउने किसिम। ३. धेरै कीराहरू एकसाथ चलिरहने किसिम; स्याउँ-स्याउँ।

सल्याङ-सुलुङ–क्रि० यो० [सल्याङ-बल्याङ] सल्याङ-बल्याङ।

सल्ल–क्रि० यो० [प्रा०] १. बग्ने किसिम; प्रवाहित हुने किसिम। २. सर्प आदि उरग प्राणी वेगले हिँड्ने किसिम।

सल्लकी–ना० [सं०] तले-सल्लो।

सल्ला-घारी–ना० [सल्लो+घारी] सल्लेनी।

सल्लाह–ना० [अ० सलाह] १. कुनै काम गर्नाका निमित्त दिइने वा लिइने अर्काको विचार; सम्मति; परामर्श। २. राय; मत। ३. छलफल। ४. अर्ती; उपदेश। ५. मतो; मेल।

सल्लाहकार–वि० [अ० सलाह+कार(फा०)] सल्लाह दिने; परामर्श-दाता।

सल्लाहकार-सभा–ना० [सल्लाहकार+सभा (सं०)] १. संसद्को चुनाव हुनुभन्दा अगाडि, आफूलाई प्राप्त अख्तियार-बमोजिम संसद्‌ले झैँ काम गर्न खड़ा गरिएको जन-प्रतिनिधिहरूको सभा। २. कुनै विषयमा सल्लाह दिनाका निमित्त आमन्त्रित व्यक्तिहरूको सभा।

सल्ले-झार–ना० [सल्लो+ए+झार] सेता फूल र मसिना लाम्चा पात हुने, प्रायः गाई-वस्तुलाई खुवाइने एक जातको झार।

सल्लेनी–ना० [सल्लो+एनी] सल्लाका रूखहरू धेरै भएको वन; सल्ला-घारी।

सल्लेनी–ना० [सलक्क+एनी] काँक्राका वियाँजस्तो लाम्चो एक जातको धान।

सल्ले-बीर–ना० [सल्लो+वीज] सल्लाको पात वा फल।

सल्लो–ना० [सं० सल्लकी] झुप्पा परेका रौँजस्ता पात हुने, ठूला-ठूला खस्रा फल फल्ने, पहेँलो फूल फुल्ने, खोटो निस्कने एक जातको वृक्ष; एक जातको देवदारु।

सल्ल्यान–ना० [नें०] नेपालको पश्चिमी पहाड़ी क्षेत्रमा रहेको एक सामन्त-राज्य वा जिल्ला।

सल्ल्यानी–वि० [सल्ल्यान+ई] सल्ल्यानको; सल्ल्यान-सम्बन्धी।

सवन–ना० [सं०] १. सोम-रस निकाल्नु। २. सोम-रस पिउनु। ३. यज्ञ। ४. यज्ञान्त-स्नान।

सवर्ण–वि० [सं०] १. समान वर्गको। २. एउटै रङ्गको। ३. समान; सदृश। ४. हिन्दूहरूका चार वर्णभित्रको (जाति)।

सवा–ना० [सं० सपाद] १. एक सिङ्गै र एक चतुर्थांश-को जम्मा परिमाण; पाँच चौथाइ। (वि०) २. त्यति परिमाणको।

सवाई–ना० [?] १. चार चरण हुने एक नेपाली छन्द। २. त्यस छन्दमा लेखिएको रचना।

सवाई–ना० [सवा] चौथाइ; एक चतुर्थांश; चार खण्ड-को एक खण्ड।

सवार–ना० [फा०] १. घोड़ा चढ्ने व्यक्ति; घोड़-चढ़ी। २. बग्गी हाँक्ने व्यक्ति; सारथि।

सवारी–ना० [फा०] १. यान वा वाहनमा बसेर कहीँ जाने क्रिया। २. कहीँ जानाका लागि चढ़िने साधन; यान; वाहन। ३. राजा वा प्रतिष्ठित व्यक्तिको यात्रा वा हिँड़ाइ।

CC-0. In Public Domain. Digitization by eGangotri

सवाल–ना० [अ०] १. सोध्ने काम; सोध-पूछ गर्ने काम। २. समस्या; प्रश्न। ३. अड्डा-अदालतका ऐन-कानून-अन्तर्गत बनेको नियम।

सवाल–ना० [साहुल] गाह्रो, पर्खाल आदिको सुर सोझो छ-छैन भनी झुन्ड्याएर हेर्ने घण्टीका आकारको साधन; साहुल।

सवाल-जवाब–ना० [अ०] १. प्रश्नोत्तर; सोध्ने र उत्तर दिने काम। २. वाद-विवाद; तर्क-वितर्क। ३. घर, कोठा आदिमा झ्याल-ढोका आदि एकका साथमा अर्कोको मेल गरी हाल्ने काम; जोड़ा मिलाउने काम।

सविकल्प–वि० [सं०] १. विकल्प वा सन्देह भएको; सन्दिग्ध। (ना०) २. कुनै आलम्बनको सहायताबाट हुने समाधि। ३. वेदान्त-शास्त्रअनुसार ज्ञाता र ज्ञेयको भेद-ज्ञान।

सविकल्पक–वि० [सं०] सविकल्प।

सविता–ना० [सं०] १. ईश्वर। २. सूर्य। ३. पैदा गर्ने व्यक्ति; सृष्टि-कर्ता।

सवित्री–ना० [सं०] १. आमा। २. गाई।

सविनय–वि० [सं०] १. विनम्र भएको; विनय-युक्त; शिष्टतापूर्ण। (क्रि० यो०) २. विनयपूर्वक; नम्रता-साथ।

सविस्तार–क्रि० यो० [सं०] विस्तारपूर्वक।

सव्य–वि० [सं०] १. बायाँ; वाम; देब्रे। २. दाहिने; दायाँ। ३. उल्टो; प्रतिकूल। ४. अनुकूल; सर्दो। (ना०) ५. बायाँ अङ्ग। ६. बायाँ काँधमा जनै राख्ने काम। ७. जनै।

सव्य-साची–ना० [सं०] १. दायाँ-बायाँ दुवै हातले हतियार चलाउन सक्ने व्यक्ति। २. अर्जुन।

सशक्त–वि० [सं०] शक्ति भएको; बलवान्; शक्ति-शाली।

सशङ्क–वि० [सं०] १. शङ्का-युक्त; सन्देहास्पद। २. डर-छेरुवा; डरपोक।

सशस्त्र–वि० [सं०] शस्त्र-सहित; हात-हतियार भिरेको।

सश्रीक–वि० [सं०] श्री-युक्त; श्रीसहितको।

ससल्काइ–ना० [ससल्काउ+आइ] ससल्काउने किसिम, क्रिया वा भाव।

ससल्काइनु–अ० क्रि० [ससल्काउ+इ+नु] सहटाइनु; ('ससल्काउनु'-को भा० क्रि०)।

ससल्काउनु–अ० क्रि० [ससल्कि+आउ+नु] सहटाउनु।

ससल्किइनु–अ० क्रि० [ससल्कि+इ+नु] सहटिइनु; ('ससल्किनु'-को भा० क्रि०)।

ससल्किनु–अ० क्रि० [सकसक] सहटिनु।

ससल्क्याइ–ना० [ससल्कि+याइ] ससल्किने किसिम, क्रिया वा भाव।

ससानु–वि० [सानु+सानु] १. सानु-सानु; सानो-सानो किसिमको। २. केही सानो।

ससुराल–ना० [प्रा० ससुरालअ] ससुराली।

ससुराली–ना० [प्रा० ससुरालअ] पत्नीको माइती; ससुराको घर वा कुल; ससुराल।

ससुरो–ना० [प्रा०] १. पत्नीको बाबु। २. पतिको बाबु।

सस्तो–वि० [सं० शस्त] १. थोरै मोलमा पाइने; कम मूल्यको। २. नियत वा साधारण मोलभन्दा कम मूल्यको। ३. साधारण; मामूली। ४. छेलो-खेलो; प्रशस्त पाइने।

सस्त्रीक–वि० [सं०] स्त्रीले सहित; सपत्नीक।

सस्पेन्ड–स० क्रि० [अं०] १. झुन्ड्याउनु; झुलाउनु। २. अनुलम्बन गर्नु; मुअत्तल गर्नु।

सस्पेन्शन–ना० [अं०] १. झुन्डिनु; झुल्नु। २. अनुलम्बन; मुअत्तल हुनु।

सस्मित–वि० [सं०] १. अलि-अलि हाँसेको; मुस्कुराएको; मुसुमुसु हाँसेको। (क्रि० यो०) २. खिसिक्क हाँसेर; मुस्कुराएर।

सस्य–ना० [सं०] १. अन्न। २. बाली-नाली। ३. शस्त्र। ४. सद्‌गुण।

सह–ना० यो० [सं०] १. साथ; सित; सँग। २. सहित; समेत। ३. साथ-साथै; सँगसँगै। (वि०) ४. सहन सक्ने; सहन-शील। (ना०) ५. थोरै वस्तुले धेरै काम दिनु; फारो हुनु। ६. छेलोखेलो हुनु; प्रशस्त हुनु।

सह-कर्मी–ना० [सं०] साथमा रही एकै किसिमको काम गर्ने व्यक्ति; सहकारी; साथी।

सहकार–ना० [सं०] १. साथमा काम गर्नु; मिलेर काम गर्नु; २. सहयोग; सहायता। ३. आँप; आम्र।

सहकार-समिति–ना० [सं०] १. उपभोक्ता वा व्यवसायीहरूले मिलेर सबैको हितका निमित्त कुनै माल बनाउने वा बिक्री गर्ने संस्था। २. सहकारीहरूको समिति।

सहकारिता–ना० [सं०] साथमा मिलेर काम गर्ने भाव वा कार्य; परस्परमा मिलेर काम गर्नु।

सहकारी–वि० [सं०] १. साथमा काम गर्ने। (ना०) २. सहयोगी; साथी। ३. मददगार; सहायक व्यक्ति।

सहकारी-संस्था–ना० [सं०] सहकार-समिति।

सहकाल–ना० [सं० सु+काल] उब्जा धेरै भएको वा बेसाहा सस्तो भएको समय; सुभिक्ष।

सहगमन–ना० [सं०] १. साथमा जानु; सँगसँगै जानु। २. पतिको लाशका साथ जल्नु; सती जानु।

सहगान–ना० [सं०] १. धेरै जनाले मिलेर एउटै गीत एकसाथ गाउनु; सँगसँगै गाउनु। २. धेरै जनाले मिलेर गाएको कुनै गीत।

सहगामिनी–ना० [सं०] १. सती जाने स्त्री; सहगमन गर्ने स्त्री। २. पत्नी; भार्या। ३. सहेली।

सहगामी–वि० [सं०] १. साथमा हिँड्ने; साथ लाग्ने। (ना०) २. साथी; सँगी।

सहचर–वि० [सं०] १. साथमा हिँड्ने; सहगामी। (ना०)

CC-0. In Public Domain. Digitization by eGangotri

२. साथी; सँगी। ३. सेवक; नोकर।

सहचरी–ना० [सं०] १. सखी; सँगिनी। २. पत्नी; भार्या।

सहचार–ना० [सं०] १. साथ-साथ हिँड्नु वा रहनु; सङ्गति। २. सहचर; सँगी।

सहचारिणी–ना० [सं०] सहचरी।

सहचारी–ना० [सं०] १. सहचर। २. राज-दूत वा कुनै विशिष्ट राज-पुरुषका साथ रही काम गर्ने अधिकारी व्यक्ति; अटाएसा; अटाएसे।

सहज–वि० [सं०] १. साथमा जन्मेको; एकै समयमा उत्पन्न; जुम्ल्याहा। २. स्वाभाविक; प्राकृतिक। ३. सरल; सुगम। ४. साधारण; प्रकृत। ५. मनपर्दी; उद्दण्ड; अनियन्त्रित। (ना०) ६. साथमा जन्मेको व्यक्ति; जुम्ल्याहा भाइ। ७. सहोदर दाजु वा भाइ। ८. स्वभाव।

सहज-ज्ञान–ना० [सं०] कुनै काम गर्नु हुन्छ वा हुँदैन—भन्ने जीव-जन्तुमा हुने स्वाभाविक ज्ञान; सहज-बुद्धि; प्राणीमा हुने स्वाभाविक ज्ञान।

सहज-ध्यान–ना० [सं०] सहज-समाधि।

सहज-बुद्धि–ना० [सं०] सहज-ज्ञान।

सहज-समाधि–ना० [सं०] गुरुले दिएको उपदेशबाट आसन, मुद्रा आदिको प्रयोगविना नै लाउन सकिने समाधि; सहज-ध्यान।

सहजाइ–ना० [सहजाउ+आइ] सहजाउने किसिम, क्रिया वा भाव।

सहजाइनु–अ० क्रि० [सहजाउ+इ+नु] सहजिइनु; ('सहजाउनु'-को भा० क्रि०)।

सहजाउनु–अ० क्रि० [सहजि+आउ+नु] सहजिनु।

सहजात–वि० [सं०] सहज।

सहजातिक–वि० [सं०] १. एक जातको; एकै जातिको। २. एकै प्रकारको; एकै किसिमको।

सहजिइनु–अ० क्रि० [सहजि+इ+नु] बरालिइनु; ('सहजिनु'-को भा० क्रि०)।

सहजिनु–अ० क्रि० [सहज+इ+नु] १. कुनै काममा नलागी अल्लारिएर हिँड्नु; बरालिनु। ३. उद्दण्ड हुनु; उच्छृङ्खल हुनु।

सहटाइ–ना० [सहटाउ+आइ] सहटाउने किसिम, क्रिया वा भाव।

सहटाइनु–अ० क्रि० [सहटाउ+इ+नु] सहटिइनु; ('सहटाउनु'-को भा० क्रि०)।

सहटाउनु–अ० क्रि० [सहटि+आउ+नु] सहटिनु।

सहटिइनु–अ० क्रि० [सहटि+इ+नु] कुनै काम गर्न अगि सरिनु; ('सहटिनु'-को भा० क्रि०)।

सहटिनु–अ० क्रि० [सं० सल्] कुनै काम गर्न अगि सर्नु; ससल्काउनु; सहटाउनु।

सहट्याइ–ना० [सहटि+याइ] सहटिने किसिम, क्रिया वा भाव।

सहता–ना० [सं] सहत्व।

सहत्व–ना० [सं०] १. सह वा साथ हुनाको भाव। २. सङ्गति; सङ्गत।

सहदेव–ना० [सं०] पाँच पाण्डवमध्ये कान्छो भाइ।

सहदेवा–ना० [सं०] बेथेका जस्ता पात र पहेँला फूल हुने एक जातको बूटी; अनन्त-मूल। (यसका चार भेद मानिएका छन्। सहदेवा र सहदेवी दुइ बोटका टुप्पा स्वतः आई जोरिएर बस्तछन् भन्ने कथन छ।)

सहदेवी–ना० [सं०] सहदेवा बूटीको एक भेद।

सह-धर्मिणी–ना० [सं०] पत्नी; भार्या।

सह-धर्मी–वि० [सं०] १. एउटै धर्म मान्ने; समान धर्मी। २. समान गुण, धर्म वा स्वभावको। (ना०) ३. लोग्ने; पति।

सहन–ना० [सं०] १. सहने क्रिया वा भाव; सहिष्णुता। २. क्षमा। (वि०) ३. सहन सक्ने; सहिष्णु।

सहन-शील–वि० [सं०] १. सहने स्वभावको; सहिष्णु। २. क्षमा-शील। ३. धैर्य-शाली; धीर। ४. सन्तोषी।

सहन-शीलता–ना० [सं०] १. सहन-शील हुनाको भाव; सहिष्णुता। २. धैर्य।

सहनीय–वि० [सं०] सहन योग्य; सह्य।

सहनु–स० क्रि० [सं० सह+नु] १. शारीरिक वा मानसिक पीडा खप्नु; सहन गर्नु। २. धैर्य गर्नु; खामस खानु। ३. माफ गर्नु; क्षमा गर्नु।

सहपाठी–वि० [सं०] एउटै पाठ पढ्ने; पाठे-भाइ; साध्यायी।

सह-भागिता–ना० [सं०] सह-भागी हुनाको भाव।

सह-भागी–वि० [सं०] १. समान भावले कुनै काममा कसैसित मिल्ने; कुनै काममा भाग लिने वा शरीक हुने। (ना०) २. कुनै कामको लाभ-हानिमा समान भागी हुने व्यक्ति; हिस्सेदार व्यक्ति।

सह-भावी–वि० [सं०] १. साथ-साथ हुने। २. साथमा रहने। (ना०) ३. सहचर; साथी।

सह-भोज–ना० [सं०] १. एकभन्दा बढ़ी व्यक्तिले एकसाथ बसेर गर्ने भोज। २. धेरै जनाले एकसाथ खाने काम।

सह-भोजन–ना० [सं०] सह-भोज।

सह-भोजी–वि० [सं०] १. सँगै भोजन गर्ने; सह-भोजन गर्ने।

सहमत–वि० [सं०] १. अरूसित राय मिलेको; एक मतको। २. मन्जूर भएको।

सह-मति–ना० [सं०] सहमत हुने काम; एकै मतको हुनु; ऐकमत्य।

सह-मरण–ना० [सं०] सती जानु; सहगमन।

सहमृता–ना० [सं०] सती जाने स्त्री; सहगमन गर्ने स्त्री।

सहयोग–ना० [सं०] १. साथमा मिलेर काम गर्नु; परस्परमा मदत गरेर काम गर्नु। २. मदत; सहायता।

सहयोगी–वि० [सं०] १. आपसमा मिलेर काम गर्ने; सहयोग गर्ने। (ना०) २. मदतगार; सहायक। ३. साथी;

CC-0. In Public Domain. Digitization by eGangotri

सहकारी।

सहर–ना० [प्रा०] एक जातको सानो टल्कने माछो; शफर।

सहरिया–वि० [सहर+इया] शहरिया।

सहऱ्याइ–ना० [सहऱ्याउ+इ] सहऱ्याउने किसिम, क्रिया वा भाव।

सहऱ्याइनु–स० क्रि० [सहऱ्याउ+इ+नु] सऱ्याइनु; ('सहऱ्याउनु'-को क० क्रि०)।

सहऱ्याउनु–स० क्रि० [सऱ्याउ+नु] सऱ्याउनु।

सहलिया–वि० [सहज+इया] साधारण; मामूली; सामान्य।

सहवास–ना० [सं०] १. साथमा रहने काम; बसाउठी। २. मैथुन।

सहवासिक–ना० [सं०] सहवासी।

सहवासी–ना० [सं०] १. साथमा रहने व्यक्ति; सहवास गर्ने व्यक्ति। २. छिमेकी। ३. साथी। ४. पति।

सहसा–क्रि० यो० [सं०] १. अचानक; अकस्मात्; एकाएक; अपर्झटमा। २. ठूलो वेगले। ३. हठात्; हड्बड़ी गरेर।

सहस्र–ना० [सं०] १. दश सयको सङ्ख्या; हजारको अङ्क। (वि०) २. दश सय; हजार। ३. धेरै; अनगिन्ती।

सहस्रजरी–ना० [सहस्र+जरा+ई] सहस्र-बूटी।

सहस्र-दल–ना० [सं०] १. हजार दल वा पत्र भएको कमल। २. सहस्रार।

सहस्रधा–क्रि० यो० [सं०] १. हजार वा हजारौँ भागमा। २. सहस्रौँ किसिमले।

सहस्र-धारा–ना० [सं०] १. देवता आदिलाई स्नान गराउनाका निमित्त पानी चुहाउने हजार वा धेरै छिद्र भएको पात्र। २. हजारा।

सहस्र-पाद–ना० [सं०] १. सूर्य। २. विष्णु। ३. अरिमुठे कीरो।

सहस्र-फण–ना० [सं०] शेष नाग।

सहस्र-बाहु–ना० [सं०] १. सहस्रार्जुन। २. शिव। ३. विष्णु।

सहस्र-बूटी–ना० [सहस्र+बूटी] धेरै, मसिना जरा लागेको लसुनको जस्तो पोटी हुने, पोटीबाटै ठूला र बाक्ला पात लाग्ने, ठूलो हरियो थुँगोमा साना-साना गुलाबी फूल फुल्ने एक जातको बूटी; सहस्रजरी; मयूर-शिखा। (आयुर्वेदमा यसको गुण मूत्र-कृच्छ्र-रोग-नाशक, बाल-ग्रह-नाशक र वशीकरणको काममा उपयोगी बताइएको छ।)

सहस्र-लोचन–ना० [सं०] इन्द्र।

सहस्रांश–ना० [सं०] हजार भागको एक भाग; हजारौँ-अंश।

सहस्राक्ष–ना० [सं०] १. इन्द्र। २. विष्णु। ३. ब्रह्मा।

सहस्राब्दी–ना० [सं०] १. कुनै संवत्को एकदेखि हजार वर्षसम्मको समूह। २. हजार वर्षको समूह।

सहस्रार–ना० [सं०] हठ-योगअनुसार मानिसका मस्तकमा कल्पना गरिएको एक कमल; शून्य-चक्र; सहस्र-दल।

सहस्रार्जुन–ना० [सं०] पुराण-प्रसिद्ध राजा कृतवीर्यका छोरा; सहस्र-बाहु; कार्तवीर्य।

सहस्रौँ–वि० [सं० सहस्र+औँ] १. धेरै हजार; हजारौँ; हजारन्। २. धेरै; प्रशस्त। ३. सहस्रांश।

सहांशिक–ना० [सं०] अंशियार; हिस्सेदार।

सहा–ना० [सं०] १. पृथ्वी। २. घिउ-कुमारी। ३. सर्पिणी। ४. मेहदी। ५. मङ्सीर मास।

सहा–ना० [सहाय] वारिस; प्रतिनिधि।

सहाइ–ना० [सह+आइ] सहने किसिम, क्रिया वा भाव।

सहाइनु–स० क्रि० [सहाउ+इ+नु] सहन लाइनु; ('सहाउनु'-को क० क्रि०)।

सहाउनु–स० क्रि० [सह+आउ+नु] सहन लाउनु; ('सहनु'-को प्रे० क्रि०)।

सहाध्यायी–वि० [सं०] सह-पाठी।

सहानुभूति–ना० [सं०] अरूको दुःख देखेर दुःखित हुनु; समवेदना अनुभव गर्नु।

सहाय–ना० [सं०] १. सहायता; मद्दत। २. आश्रय; सहारा, भरोसा। ३. सहायक; मददगार। ४. साथी; मित्र।

सहायक–ना० [सं०] १. मद्दत गर्ने व्यक्ति; सहायता गर्ने व्यक्ति। २. आश्रय दिने व्यक्ति। ३. साथी; मित्र। ४. आफ्ना अधीनमा रहेर सहायता गर्ने व्यक्ति; सहकारी।

सहायक-नदी–ना० [सं०] कुनै ठूलो नदीमा मिल्ने सानो नदी।

सहायक-मन्त्री–ना० [सं०] मन्त्रीभन्दा तल्लो दर्जाको मन्त्री।

सहायता–ना० [सं०] १. मद्दत; सहयोग। २. भरोसा; सहारा। ३. सहायक; मददगार। ४. कुनै काम चाँड़ो वा सफलतापूर्वक सम्पन्न गर्नाका निमित्त दिइने आर्थिक, प्राविधिक, शारीरिक आदि मद्दत।

सहारा–ना० [सं० सहाय] १. भरोसा; आड़। २. मद्दत; सहायता। ३. आश्रय; आधार।

सहि–ना० [सं० स+हि] सही।

सहि-छाप–ना० [सहि+छाप] सही-छाप।

सहित–ना० यो० [सं०] १. समेत; पनि। २. साथ; सँग; सित। ३. युक्त।

सहिनु–स० क्रि० [सह+इ+नु] सहन गरिनु; ('सहनु'-को क० क्रि०)।

सहिष्णु–वि० [सं०] सहन सक्ने; सहन-शील।

सहिष्णुता–ना० [सं०] सहिष्णु हुनाको भाव; सहन-शीलता।

सहिष्णुत्व–ना० [सं०] सहिष्णुता।

सही–ना० [अ० सहीह] १. मन्जूरी; स्वीकृति। २. कुनै कुरो, लेख, कागज-पत्र आदिमा आफ्नो मन्जूरी प्रकट गरी आफ्नो नाउँ लेख्ने वा दस्तखत गर्ने वा ल्याप्चे आदि लउने काम। ३. दस्तखत; हस्ताक्षर। (वि०) ४. साँचो; सत्य। ५. ठीक; उचित; यथार्थ।

सही-छाप–ना० [सही+छाप] १. कुनै बेहोरा लेखिएको कागजपत्रमा आफ्नो मन्जूरी जनाई लगाइने औँठो वा नामाङ्कित मुद्राको छाप। २. दस्तखत; हस्ताक्षर। ३. दस्तखत र नामाङ्कित मुद्राको छाप।

CC-0. In Public Domain. Digitization by eGangotri

सहूलियत–ना० [अ० सहूलत] सुविधा; सुगमता।

सहृदय–वि० [सं०] १. अर्काको दुःखमा दुःखित हुने; समवेदना-युक्त। २. दयालु; दयावान्। ३. समझदार; बुद्धिमान्। ४. रसिक; रसज्ञ; भावुक। ५. सज्जन; सुजन।

सहृदयता–ना० [सं०] सहृदय हुनाको भाव; चित्तको कोमलता

सहेतुक–वि० [सं०] १. हेतु वा कारण भएको; उद्देश्य-युक्त। (क्रि० यो०) २. कुनै हेतु वा उद्देश्यले।

सहेली–ना० [सं० सहेल+ई] १. साथमा रहने स्त्री; सँगिनी। २. सुसारे; परिचारिका। ३. दासी।

सहोक्ति–ना० [सं०] साथमा बोल्ने काम; एकसाथ बोल्ने काम। सँग, साथ, सहित आदि शब्दको प्रयोग गरेर कुनै एक कामका साथ अरू धेरै काम पनि भएको मनोरञ्जक कुराको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार।

सहोड़ा–ना० [सं० शाखोट] १. लाम्चा पात, सुन्तला-रङ्गका फल र सेता फूल हुने एक जातको बोट। २. त्यसैको फल; शाखोट।

सहोदर–वि० [सं०] १. एउटै आमाका गर्भबाट पैदा भएको; साक्खै। (ना०) २. एउटै आमाका गर्भबाट पैदा भएका दाजु-भाइ वा दिदी-बहिनी।

सह्याल–ना० [सं० सम्भार] रक्षा; बचाउ; जोगाउनु।

सह्यालाइ–ना० [सह्याल्+आइ] सह्याल्ने किसिम, क्रिया वा भाव; सँभालाइ।

सह्यालिइनु–अ० क्रि० [सह्यालि+इ+नु] सह्यालिने काम गरिनु; ('सह्यालिनु'-को० क० क्रि०)।

सह्यालिनु–स० क्रि० [सह्याल्+इ+नु] सह्याल्ने होइनु; ('सह्याल्नु'-को क० क्रि०)।

सह्याल्नु–स० क्रि० [सं० सम्भार+नु] रक्षा गर्नु; बचाउनु; जोगाउनु।

सह्य्लनु–अ० क्रि० [सं० सम्भार+नु] सावधान हुनु; बच्नु; जोगिनु।

सह्य्लाइ–ना० [सह्य्ल+आइ] सह्य्लने किसिम, क्रिया वा भाव।

सह्य्लाइनु–स० क्रि० [सह्य्लाउ+इ+नु] सह्य्लन लाइनु; ('सह्य्लाउनु'-को क० क्रि०)।

सह्य्लाउनु–स० क्रि० [सह्य्ल+आउ+नु] सह्य्लन लाउनु; ('सह्य्लनु'-को प्रे० क्रि०)।

सह्य्लिनु–अ० क्रि० [सह्य्ल+इ+नु] सह्य्लिने होइनु; ('सह्य्लनु'-को भा० क्रि०)।

सह्य–वि० [सं०] १. सहन सकिने; खप्न सकिने। २. सहन योग्य; सहनीय।

सह्यार–ना० [सं० सम्भार] १. माल-सत्ताहरू सह्याल्ने काम; हिफाजत। २. बाल-बच्चाको हेर-विचार; सुसार। ३. पालन-पोषण; स्याहार।

सह्याराइ–ना० [सह्यार्+आइ] सह्यार्ने किसिम, क्रिया वा भाव।

सह्यारिनु–स० क्रि० [सह्यार्+इ+नु] सह्यार गरिनु; ('सह्यार्नु'-को क० क्रि०)।

सह्यार्नु–स० क्रि० [सह्यार+नु] १. सह्यार गर्नु; सँभाल्नु। २. पालन-पोषण गर्नु; ३. सेवा-सुश्रूषा गर्नु; टहल गर्नु। स्याहार्नु। ४. अङ्गीकार गर्नु; सकार गर्नु; । ५. अर्काको धन-सम्पत्ति औताली लिनु। ६. स्वास्नी वा पोइ ल्याउनु।

सह्यालाइ–ना० [सह्याल्+आइ] सह्याल्ने किसिम, क्रिया वा भाव।

सह्यालिनु–स० क्रि० [सह्याल्+इ+नु] सह्यारिनु; ('सह्याल्नु'-को क० क्रि०)।

सह्याल्नु–स० क्रि० [सह्यार्] सह्यार्नु।

सह्लनी–ना० [सराहना] सराहना।

सह्लाइ–ना० [सह्लाउ+आइ] सह्लाउने किसिम, क्रिया वा भाव।

सह्लाइनु–स० क्रि० [सह्लाउ+इ+नु] प्रशंसा गरिनु; ('सह्लाउनु'-को क० क्रि०)।

सह्लाउनु–स० क्रि० [सह्लनी+आउ+नु] कसैका गुणको वर्णन गर्नु; सह्लानी गर्नु; प्रशंसा गर्नु।

सह्लाना–ना० [सह्लनी] सह्लनी।

सह्लानी–ना० [सराहना] सराहना।

सह्लाही–ना० [?] बूटीविशेष।

साँखिलो–वि० [साख+इलो] १. पछिल्तिर काम बिगारेर पनि अगिल्तिर आएर साँचिलो हुने; साखुल्ले; साँचिलो। २. नजीकको नातादारजस्तो देखाउने; नजीकको नाता लगाउने; साखिलो।

साँखुलो–ना० [ने०] एक जातको डुन्डु साग।

साँगु–ना० [साँघु] साँघु।

साँगुरिनु–अ० क्रि० [साँगुरो+इ+नु] साँघुरिनु।

साँगुरो–वि० [साँघुरो] साँघुरो।

साँगुर्याइ–ना० [साँगुरि+याइ] साँगुरिने किसिम, क्रिया वा भाव।

साँगुर्याइ–ना० [साँगुर्याउ+आइ] साँगुर्याउने किसिम, क्रिया वा भाव।

साँगुर्याइनु–स० क्रि० [साँगुर्याउ+इ+नु] साँगुरो पारिनु; ('साँगुर्याउनु'-को क० क्रि०)।

साँगुर्याउनु–स० क्रि० [साँगुरि+याउ+नु] साँगुरो पार्नु; साङ्ग्रो तुल्याउनु; साँघुर्याउनु।

साँघी–ना० [साँघु] १. तेर्सिएर छूतछात गराउने छेस्को, घाँस, पराल आदि। २. छूत।

साँघु–ना० [सं० सानु] काठको पुल; फट्के; सेतु।

साँघुरो–वि० [सं० सङ्कुल] १. गज वा चौड़ाइ सानो भएको; साङ्ग्रो; कोप्चो। २. वस्तुअनुसार सानो भएको (ठाउँ, भाँड़ो, लुगा आदि)। (ना०) ३. खाँचो। ४. न्यूनता; कमी।

CC-0. In Public Domain. Digitization by eGangotri

साँघुरिइनु–अ० क्रि० [साँघुरि+इ+नु] साँघुरो होइनु; ('साँघुरिनु'-को भा० क्रि०)।

साँघुरिनु–अ० क्रि० [साँघुरो+इ+नु] साँघुरो हुनु; साङ्ग्रो हुनु; साङ्ग्रिनु; खुम्चिनु; चाउरिनु।

साँघुऱ्याइ–ना० [साँघुरि+याइ] साँघुरिने क्रिया वा भाव।

साँघुऱ्याइ–ना० [साँघुऱ्याउ+इ] साँघुऱ्याउने क्रिया वा भाव।

साँघुऱ्याइनु–स० क्रि० [साँघुऱ्याउ+इ+नु] साँघुरो पारिनु; ('साँघुऱ्याउनु'-को क० क्रि०)।

साँघुऱ्याउनु–स० क्रि० [साँघुरि+याउ+नु] साँघुरो पार्नु।

साँचा-साँची–वि० [साँचो+साँचो] १. सत्य; यथार्थ; साँचो। २. झूटो वा ठट्टाका रूपमा नभएको। (ना०) ३. वास्तविक कुरो।

साँचिनु–स० क्रि० [साँच्+इ+नु] १. सङ्ग्रह गरिनु; ('साँच्नु'-को क० क्रि०)। २. (अ० क्रि०) सुरक्षित होइनु; बाँचिनु।

साँचिलो–वि० [साँचो+इलो] आफूलाई साँचो वा निरपराधी-जस्तो देखाउने; साखुल्ले।

साँचो–वि० [सच्चा] झूटो नभएको; सच्चा; सत्य।

साँचो–ना० [प्रा० सञ्चअ] १. गीलो पदार्थ हालेर कुनै विशिष्ट आकारको वस्तु बनाउने साधन; कुनै रूप वा आकार आदि ढाल्ने तदाकार भाँडो। २. कुनै बुट्टा वा चित्र छाप्ने साधन। ३. ताल्चा खोल्ने साधन; चावी।

साँचो-उँचो–ना० [साँचो-मुचो] साँचो-मुचो।

साँचो-मुचो–ना० [साँच्+मुचो (फाँ०)] १. सञ्चिता; बचत। २. ताल-द्वार।

साँचो-मुचो–ना० [साँचो+समुच्चय (सं०)] साँचाहरूको समूह वा झुत्तो।

साँच्चि–वि० [साँच्ची] साँच्ची।

साँच्ची–वि० [साँचो+ई] १. साँचो; सच्चा; सत्य; यथार्थ। २. कुराको प्रसङ्गमा कुनै अर्को आवश्यक कुरो सम्झँदा भनिने शब्द। (उदा०–साँच्ची, यस कुराको टुङ्गो कसरी लगाउने ?)

साँच्चै–क्रि० यो० [साँचो+नै] साँचो नै; साँच्चीकै; वस्तुतः।

साँच्नु–स० क्रि० [सं० सञ्चय+नु] १. सङ्ग्रह गर्नु; जम्मा गर्नु; सँगाल्नु। २. जोगाउनु; बचाउनु; सञ्चिता गर्नु। ३. उबार्नु; उकास्नु; निकाल्नु।

साँझ–ना० [प्रा० संझा] १. दिन र रातका बीचको समय; सन्ध्या-काल; सायङ्काल। (क्रि० यो०) २. त्यस समयमा।

साँढ़–ना० [सं० षण्ड] १. साँढ़े। २. वरुवाल भेड़ाको थुमा। ३. मोटो र बलियो व्यक्ति। ४. नपुंसक। ५. अनुशासन-हीन व्यक्ति।

साँढ़ा–वि० [साँढ़े] १. कसैका अधीन वा वशमा नभएको; स्वतन्त्र; स्वाधीन। २. बलियो; बलवान्। ३. ठालु। ४. उद्दण्ड।

साँढ़ी–ना० [साँढ़+ई] १. वृषोत्सर्गमा साँढ़ेका साथमा छोड़िने बाच्छी। २. कसैका नियन्त्रणमा नरहेकी स्त्री; आफू-खुशी आचरण गर्ने स्त्री।

साँढ़े–ना० [सं० षण्ड] १. डामेर छोड़ेको बहर; साँढ़। (वि०) २. बलियो र मोटो-घाटो। ३. ठालु। ४. उद्दण्ड; उच्छृङ्खल।

साँदन–ना० [सं० सन्दानिका] शालजस्तो एक जातको रूख। (यसका वाटुला पात हुने र लाम्चा पात हुने–दुइ भेद छन्।)

साँध–ना० [शान] हतियार उध्याउने ढुङ्गाको चक्का; शान।

साँध–ना० [सं० सन्धि] दुइ भिन्न भूमिका बीचको स्थान; सीमा; सिमाना।

साँधिनु–स० क्रि० [साँध्+ +नु] मसलामा अचार, तर्कारी आदि मुछिनु; ('साँध्नु'-को क० क्रि०)।

साँधी–ना० [साँध+ई] १. साँध; सीमाना। २. साध्य; साद्धे।

साँध्नु–स० क्रि० [सं०+सन्धान+नु] १. नून, खुर्सानी आदि मसला हालेर अचार, तरकारी आदि मुछ्नु वा बनाउनु। २. धेरै कुरा एकै ठाउँमा मिसाएर मिलाउनु।

साँप–ना० [सं० सर्प] सर्प।

साँप्रे–वि० [साँप्रो+ए] १. ठूला-ठूला तिघ्रा भएकी (स्त्री)। (ना०) २. नवयुवती स्त्रीलाई गाली गर्ने शब्द।

साँप्रो–ना० [प्रा० संपुड] १. पशुको तिघ्रो; सपेटो। २. मानिसको तिघ्रो (निन्दार्थमा)।

साँप्लो–ना० [सं० शलाका] सुन, चाँदीको लाम्चो टुक्रो।

साँप्लो–ना० [सुप्लो] सुप्लो।

साँभे–ना० [सं० सर्प] एक जातको विषालु सर्प।

साँवल–ना० [सामल] सामल।

साँवलो–वि० [सं० श्यामल] कालो; श्याम वर्णको।

सांवत्सर–वि० [सं०] सांवतसरिक।

सांवत्सरिक–वि० [सं०] १. संवतसर-सम्बन्धी; वार्षिक। (ना०) २. ज्योतिषी।

सांवादिक–वि० [सं०] १. संवाद-सम्बन्धी; समाचारको। २. बोल-चालमा प्रचलित। ३. विवाद-ग्रस्त। (ना०) ४. संवाद-दाता।

सांसद्–वि० [सं०] संसद्को; संसद्-सम्बन्धी; सांसदीय।

सांसद-मन्त्री–ना० [सं०] सांसदीय-मन्त्री।

सांसदीय–वि० [सं०] सांसद्।

संसदीय-मन्त्री–ना० [सं०] सांसदीय विभागको मन्त्री।

सांसर्गिक–वि० [सं०] संसर्ग-सम्बन्धी; संसर्गको।

सांसारिक–वि० [सं०] संसार-सम्बन्धी; लौकिक; ऐहिक।

सांस्कृतिक–वि० [सं०] संस्कृतिसित सम्बन्ध भएको; संस्कृति-सम्बन्धी।

साइँदुवा–वि० [साइँधुवा] साइँधुवा।

साइँधुवा–वि० [?] १. ज्यान-मारा; हत्यारो। २. अपराधी; बापती।

साइँली–वि० [साहिँली] साहिँली।

साइँलो–वि० [साहिँलो] साहिँलो।

साइकल–ना० [अं० बाइ-साइकिल] बाइसिकिल।

CC-0. In Public Domain. Digitization by eGangotri

साइकिल–ना० [अं० बाइ-साइकिल] बाइसिकिल।

साइज–ना० [अं०] सानो-ठूलो वा लम्बाइ-चौड़ाइको परिमाण।

साइत–ना० [अ० साअत] १. कुनै काम आरम्भ गर्ने उचित समय; मुहूर्त। २. शुभ लग्न; शुभ मुहूर्त। ३. प्रस्थान गर्ने समय। ४. असल शकुन; शुभ लक्षण।

साइन–ना० [अं०] १. सही; दस्तखत; हस्ताक्षर। २. चिनु; चिह्न।

साइन-बोर्ड–ना० [अं०] सबैलाई सूचित गर्नाका निमित्त व्यक्ति, पसल, व्यवसाय, संस्था आदिको नाम र ठेगाना आदि ठूला-ठूला अक्षरमा लेखिराखेको पातो।

साइनु–ना० [साहिनु] साहिनु।

साइनु–स० क्रि० [साउ+इ+नु] बाउसे गरिनु; ('साउनु'-को क० क्रि)।

साइन्स–ना० [अं०] विज्ञान।

साइपाटो–ना० [साइत+पट्ट (सं०)] विवाहमा दुलहाका तर्फबाट दुलहीतर्फ विवाहको लग्नको समय आदि लेखिएको पत्र पठाइने कागे-ठेकी। (यसका साथमा फल-फूल, मसला, दही, माछा आदि माङ्गलिक वस्तुहरू पनि पठाउने चलन छ।)

साइमुन्द्री–ना० [सं० सामुद्रिक] सामुद्रिक विद्या।

साइमुन्द्रो–ना० [साइत+मुन्द्रो] १. साइपाटो पठाउँदा साथमा पठाइने र स्वयंवरमा दुलहाले दुलहीलाई लगाइदिने औँठी। २. एक प्रकारको औँठी।

साईं–ना० [सं० स्वामी] स्वामी; पति।

साउँ–ना० [साहू] १. सापटी दिइएको मूल धन; ऋण दिएको मूल धन। २. व्यापार वा व्यवसायमा लगाइएको धन; सावाँ; पूंजी। ३. मूल; प्रधान।

साउँ-अक्षर–ना० [साउँ+अक्षर] मात्रा नलागेका मूल अक्षर; कखहरा; बाह्र-खरी।

साउती–ना० [नें०] १. गुप्त किसिमले वा कानमा गरिने कुराकानी; काने-खुसी। २. गुप्त सल्लाह; गुप्त परामर्श।

साउन–ना० [प्रा० सावण] श्रावण महीना।

साउनु–स० क्रि० [साँध्+नु] रोपाइँ गर्नाका निमित्त खेत हिल्याउनु; बाउसे गर्नु।

साउने–वि० [साउन+ए] साउनको; साउन-सम्बन्धी।

साउनेती–ना० [साउने+ती] १. साउन महीनामा दमाईं, सार्की, कामी आदिलाई चैतेतीसम्मका लागि गरिने थमौती। २. त्यस्तो थमौती गर्दा दिइने दस्तूर।

साउने-निगुरो–ना० [साउने+निगुरो] एक जातको निगुरो।

साउने-पानी–ना० [साउने+पानी] विवाह गरेको पहिलो वर्षमा सासू र बुहारीले साउन महीनामा बार्नुपर्ने एउटै घाटको पानी।

साउने-फागु–ना० [साउन+ए+फागु] १. प्रतिघरको हिसाबले सरकारमा बुझाइने दस्तूर। २. सरकार, बिर्ता-वाल, बेखवाला आदिलाई रैतीले बुझाउने फागुको रकम।

साकल्य–ना० [सं०] सकल हुनाको भाव।

साकार–वि० [सं०] १. आकार भएको; आकृति-युक्त। २. मूर्तिमान्; मूर्त। ३. सुन्दर; रूपवान्। (ना०) ४. देवता वा ईश्वरको आकार-युक्त रूप।

साकिनी–वि० [साखिने] १. सानो कदको; दुब्लो र ख्याउटो। २. राम्रो र चिटिक्क परेको; साखिने।

साकेत–ना० [सं०] अयोध्या।

साक्खै–वि० [सं० साख्य] १. खास; सहोदर (नाता)। २. नजीकको; घनिष्ठ (नाता)।

साक्षर–वि० [सं०] १. अक्षर चिनेको; लिपि चिनेको। २. थोरै पढ़े-लेखेको; केही शिक्षित।

साक्षरता–ना० [सं०] साक्षर हुनाको भाव।

साक्षरत्व–ना० [सं०] साक्षरता।

साक्षात्–ना० यो० [सं०] १. सामुन्ने; सम्मुख; प्रत्यक्ष। (वि०) २. साक्खै; खास। ३. साकार; मूर्तिमान्। (ना०) ४. भेट; मुलाकात।

साक्षात्कार–ना० [सं०] १. भेट; मुलाकात। २. इन्द्रिय-जन्य ज्ञान; अनुभूति। ३. सम्मुख वा प्रत्यक्ष हुनाको अवस्था वा भाव।

साक्षी–ना० [सं०] १. कुनै घटना आफ्नै आँखाले देख्ने व्यक्ति। २. झगड़ा वा विवादमा कुनै घटनाका विषयमा आफूले देखेको वा सुनेको कुराको बयान गर्ने व्यक्ति; गवाह साक्ष्य।

साक्ष्य–वि० [सं०] १. देख्ने; दर्शक। (ना०) २. साक्षी; गवाह। ३. साक्षीको काम।

साख–वि० [खास] १. नजीकको नातादार; कुनै खास नाता पर्ने। २. गोत्रीय; वंशको। ३. माया गर्ने; स्नेही। ४. विश्वास-पात्र। ५. विश्वास।

साखिनु–ना० [नें०] सिमसारमा उम्रने एक जातको घाँस।

साखिने–वि० [अ०साक़ित] सानो कदको; सानु खाल वा जातको (जन्तु आदि); साकिनी।

साखिलो–वि० [साख+इलो] साँखिलो।

साखिल्लो–वि० [साखिलो] साखिलो।

साखु–ना० [सखुवा] सखुवा वृक्ष।

साखुल्ले–वि० [साखिलो] साखिलो।

साख्य–ना० [सं०] सखा वा साथी हुने भाव।

साग–ना० [सं० शाक] तरकारी बनाएर खाइने नरम र सानो बोट वा तिनीहरूको पात; शाक।

साग-पात–ना० [साग+पात] तरकारी खाइने नरम पात, फल, कन्द आदि वस्तु।

सागर–ना० [सं०] १. समुद्र। २. राजा सगरको छोरो। ३. मुर्दा पोल्ने घाट; मसान।

सागवान–ना० [सागौन] सागौन।

साग-सिस्नु–ना० [साग+सिस्नु] रूखो-सूखो खाना; गरीब-को भोजन; खोले-फाँड़ो।

सागा–ना० [सं० शाक] पानीमा हुने मसिनु एक प्रकारको

CC-0. In Public Domain. Digitization by eGangotri

झ्याउको रोटी; सिंवालीको रोटी।
सागौन–ना० [सं० शाक] शाल वृक्ष।
साग्र–वि० [सं०] १. सारा; समस्त। २. अगिल्लो भागले सहित।
साग्रह–क्रि० यो० [सं०] १. आग्रहपूर्वक; अनुरोधसाथ। २. अनुरोधसहितको; हठका साथ।
साङ्कर्य–ना० [सं०] १. मिश्रण; मिलावट। २. सङ्कर हुनाको भाव।
साङ्केतिक–वि० [सं०] १. सङ्केत-सम्बन्धी। २. सङ्केतका रूपमा बताइएको; इशारा गरिएको।
साङ्केतिक-भाषा–ना० [सं०] सर्व-साधारणले नबुझ्ने गरी प्रचलित भाषादेखि भिन्न पारी बनाइएको, विचारको आदान प्रदान गर्ने माध्यम; इशाराद्वारा भाव व्यक्त गरिने पद्धति।
साङ्ख्य–वि० [सं०] १. सङ्ख्या-सम्बन्धी (ना०) २. जड-प्रकृति र चेतन पुरुषलाई मात्र जगत्का मूल कारण बताइएको, महर्षि कपिलद्वारा प्रणीत एक दर्शन; षड्-दर्शनमध्ये एक।
साङ्ग–वि० [सं०] १. अङ्गले सहित; अङ्ग-युक्त। २. सबै अङ्ग-प्रत्यङ्गले युक्त; साङ्गोपाङ्ग।
साङ्गता–ना० [सं०] १. साङ्ग हुनाको भाव। २. सङ्गत हुने भाव। ३. साङ्गे।
साङ्गतिक–वि० [सं०] सङ्गति-सम्बन्धी; सङ्गतिको।
साङ्ग-रूपक–ना० [सं०] साहित्यमा उपमानका सबै अङ्गहरूको उपमेयमा आरोप गर्दा हुने रूपकालङ्कारको एक भेद।
साङ्गे–ना० [सं० साङ्ग] १. यज्ञ, व्रत, पुराण-वाचन आदिको समाप्ति; साङ्गता। २. उद्यापन; प्रतिष्ठा।
साङ्गोपाङ्ग–वि० [सं०] १. अङ्ग र उपाङ्गहरूले सहित; अङ्ग-प्रत्यङ्ग-युक्त। २. पूर्ण; पूरा।
साङ्ग्रिनु–अ० क्रि० [साङ्ग्रो+इ+नु] साँघुरिनु।
साङ्ग्रो–वि० [साँघुरो] साँघुरो।
साङ्घातिक–वि० [सं०] १. सङ्घात वा प्रहार-सम्वन्धी। २. प्रहार गर्ने; आघात गर्ने। ३. मर्मान्तिक चोट गर्ने। ४. दल वा सङ्घ-सम्वन्धी।
साङ्घिक–वि० [सं०] सङ्घ-सम्वन्धी; सङ्घको।
साङ्ली–ना० [साङ्लो+ई] १. धागो, डोरो आदि गुटुमुटिएर पर्ने गाँठो। २. सानो साङ्लो।
साङ्ले-रायो–ना० [साङ्ले+रायो] साना-साना छिर्का परेका पात हुने एक जातको रायो।
साङ्लो–ना० [सं० शृङ्खला] १. सिक्री; जन्जीर। २. साङ्ली।
साङ्लो–ना० [ने०] रातो वा कालो रङ्गको एक जातको कीरो। (यसका साना ठूला–अनेक जाति हुन्छन्।)
साचित्य–ना० [सं०] सचेत हुनाको भाव; सचेतता।
साची–ना० [सं० सतसा] लाम्चा पात हुने एक जातको पान; सतसा।
साछी–ना० [सं० साक्षी] साक्षी।
साज–ना० [फा० साज] १. सर-सामान; सामग्री। २. सजाउने साधन; शृङ्गारको सामग्री। ३. चढ्नाका निमित्त घोड़ा आदि सजाउने सामान (काठी, लगाम आदि)। ४. सङ्गीतका वाद्य-यन्त्रहरू।
साज–ना० [सं० सर्ज] शालका जस्ता पात र खैरा गोल फल हुने एक जातको वृक्ष।
साज-बाज–ना० [फा० साज+बाज (फाँ०)] सर-सामान; सामग्री; उपकरण।
साजा–वि० [सं० सार्द्र] ताजा; आलो; साजी।
साजा–वि० [साझा] धेरै जनाका हकको; धेरै जनाको हिस्सा भएको; सजियाँ; गोस्वारा; साझा।
साजिश–ना० [फा० साज़िश] षड्यन्त्र।
साजी–वि० [साजा+ई] साजा; सजियाँ।
साजी–वि० [साजा+ई] साजा; ताजा; आलो।
साझा–वि० [प्रा० साज्झओ] साजा।
साझी–वि० [साजी] साजी।
साझेदार–वि० [साझा+दार] हिस्सेदार; अंशियार।
साझेदारी–ना० [साझेदार+ई] १. साझेदार हुनाको भाव। २. साझा।
साटन–ना० [अं० सैटिन] एक प्रकारको रेशमी कपड़ा।
साट-फेर–ना० [साट्+फेर्] १. साट्ने र फेर्ने काम; सट्टा-पट्टा। २. फेर-फार।
साटसुट–ना० [ने०] १. गुप्त तवरले लेन-देन गर्ने काम; सुटुक्क लिने-दिने काम। २. गुप्त किसिमले कुराकानी गर्नु। (क्रि० यो०) ३. लुकी-छिपी; गुप्त तवरले। ४. छिटोसँग काम गर्ने किसिम; झटपट।
साटसुटे–वि० [साटसुट+ए] १. झटपट काम गर्ने स्वभावको; चटपटे। २. साटसुट गर्ने।
साटसुट्ट–क्रि० यो० [साटसुट] १. झटपट; छिटो-छिटो; चटाचट। २. साटसुट; सुटुक्क।
साटासाट–ना० [साट्+साट्] परस्परमा कुनै वस्तु साट्ने काम; साट-फेर।
साटिनु–स० क्रि० [साट्+इ+नु] सट्टा-पट्टा गरिनु; ('साट्नु'-को क० क्रि०)।
साटो–ना० [प्रा० सट्ट] सट्टा; बदला।
साटो–ना० [ने०] बार बार्दा तेर्सो पारी बाँध्ने लामो बाँस, निगालो, नर्कट आदि।
साट्नु–स० क्रि० [साटो+नु] १. एक वस्तु दिएर त्यसका बदलामा अर्को वस्तु लिनु; सट्टा-पट्टा गर्नु। २. भजाउनु; विनिमय गर्नु (रुपियाँ, नोट आदि)।
साठगाँठ–ना० [साथी+गाँठो] १. भित्री मतो; गुप्त मेल-मिलाप। २. षड्यन्त्र।
साठियौँ–वि० [साठी+यौँ] गणनाका क्रमले साठीमा पुगेको; साठी सङ्ख्याको।

CC-0. In Public Domain. Digitization by eGangotri

साठी–ना० [प्रा० सट्ठि] १. पचास र दशको योग-सङ्ख्या; ६०-अङ्क। (वि०) २. पचास र दशका जम्मा सङ्ख्याको।

साठो–ना० [नें०] फिनी, पन्जाबी आदि रोटी उक्साउनाका निमित्त घिउ मिलाई मलेको पीठो; दाउन।

साड़ी–ना० [सं० शाटी] १. जनाना धोती; सारी। २. रेशमी वा जरी आदिका बुट्टा भएको स्त्रीहरूले लगाउने धोती।

साढू–ना० [सं० श्याली+वोढ्ट] पत्नीकी दिदी वा बहिनी-को पति; शाली वा जेठी-सासूको लोग्ने।

साढू-दाज्यू–ना० [साढू+दाज्यू] पत्नीकी दिदीको पति; जेठी-सासूको लोग्ने।

साढू-भाइ–ना० [साढू+भाइ] पत्नीकी बहिनीको पति; सालीको ग्लाने।

साढ़े–वि० [सं० सार्ध] आधासमेतको; आधासहितको।

साढ़े-सात–ना० [साढ़े+सात] १. फलित-ज्योतिषअनुसार साढ़े सात वर्षसम्म रहने शनैश्चरको अनिष्ट-कारक दशा। (वि०) २. सात र आधा।

सात–ना० [प्रा० सत्त] १. चार र तीनको योग-सङ्ख्या; ७-अङ्क। (वि०) २. छ र एकका योग-सङ्ख्याको।

सातङ्क–वि० [सं०] १. आतङ्क वा भयले युक्त। (क्रि० यो०) २. आतङ्कपूर्वक।

सातत्य–ना० [सं०] निरन्तर हुनाको भाव; अविच्छिन्नता।

सात-पत्रे–ना० [सात+पत्र+ए] १. भुँड़ीभित्र हुने पत्रै-पत्र परेको एक अवयव। (वि०) २. सात पत्रको; सात पत्र हुने।

सातला–ना० [सं०] हात्ती-काने; सजिवन।

साता–ना० [सं० सप्ताह] १. सात दिनको समय; सप्ताह; हप्ता। २. दुनोटमा 'सात'-लाई भन्ने शब्द।

सातू–ना० [प्रा० सत्तु] भुटेको मकै, चना, जौ, गहूँ आदिको पीठो; सत्तू; सतुवा।

सातो–ना० [सं० सत्त्व] १. होश; चेतना। २. आँट; हौसला। ३. शक्ति; सत्त्व। ४. केटा-केटीलाई ठूलो डर हुँदा हुने एक रोग।

सातो-पुत्लो–ना० [सातो+पुत्लो] सातो वा चैतन्य; होश-हवास।

सात्म्य–ना० [सं०] समान रूप हुनाको भाव; एक-रूपता।

सात्त्वती–ना० [सं०] १. वीर, रौद्र, अद्भुत र शान्त-रसमा व्यव-हार गरिने, दान, दया, शौर्य आदि वीरोचित कार्यमा वर्णन गरिने, नाटकका मुख्य चार वृत्तिमध्ये एक। २. शिशु-पालकी आमा। ३. सुभद्रा।

सात्त्विक–वि० [सं०] १. सत्त्व गुणले युक्त; सत्त्व गुण-सम्पन्न। २. सत्त्व गुण-सम्बन्धी। ३. सत्त्व गुण-प्रधान। ४. सत्त्व गुणबाट उत्पन्न। ५. यथार्थ; सत्य। ६. प्राकृ-तिक। (ना०) ७. साहित्यमा सत्त्व गुणबाट उत्पन्न हुन अङ्ग-विकार (स्तम्भ, स्वेद, रोमाञ्च, स्वर-भङ्ग, कम्प, वैवर्ण्य, अश्रु र प्रलय)।

सात्त्विक-भाव–ना० [सं०] साहित्यमा सत्त्व गुणबाट उत्पन्न हुने अङ्ग-विकार (स्तम्भ; स्वेद, रोमाञ्च, स्वर-भङ्ग, कम्प, वैवर्ण्य, अश्रु र प्रलय।)

साथ–ना० यो० [सं० सहित] १. सँग; सित। २. सहित; समेत। (ना०) ३. नजीक हुनाको भाव; सामीप्य।

साथी–ना० [साथ+ई] १. साथमा रहने व्यक्ति; सँगी; दोस्त २. सहायक; मदत दिने व्यक्ति।

सादगी–ना० [फा०] १. सादापन। २. सरलता। ३. निष्क-पटता।

सादर–क्रि० यो० [सं०] १. आदरका साथ; सम्मानपूर्वक। २. आदर-युक्त; सम्मान-युक्त।

सादा–वि० [फा०] १. कुनै किसिमको बनावट वा श्रृङ्गार नभएको; साधारण। २. अनेक रङ्ग, बुट्टा आदि नभएको। ३. छल-कपट नभएको; सोझो; सरल।

सादृश्य–ना० [सं०] १. सदृश हुनाको भाव; समानता। २. एक-रूपता; प्रति-मूर्ति। ३. तुलना; दाँजो।

साद्धे–वि० [सं० साध्य] साध्य।

साधक–ना० [साध्] १. आफूले निकासा दिन नमिल्ने कुरामा आफूभन्दा माथिका अधिकारीसँग निकासा मागेर गरेको जाहेरी। २. ऐनबमोजिम आफूले छिन्न सक्ने अख्तियारभन्दा माथिका मुद्दा-मामिलामा आफ्नो राय लेखी तालुकवाला माथिका अधिकारी वा अड्डालाई पठाएको रिपोर्ट आदि।

साधक–वि० [सं०] १. सिद्ध गर्ने; साधना गर्ने। २. तप गर्ने। ३. भूत-प्रेतहरूलाई मन्त्रद्वारा आफ्ना वशमा गर्ने। ४. पूरा गर्ने; सम्पन्न गर्ने। (ना०) ५. ऐन्द्र-जालिक। ६. धामी; झाँक्री। ७. योगी; तपस्वी।

साधन–ना० [सं०] १. कुनै वस्तु तयार पार्ने वा कुनै काम गर्ने सामान; उपकरण; औजार। २. साज-बाज; सामग्री। ३. कारण; हेतु। ४. वशीकरण; साधना। ५. तपश्चर्या। ६. मन्त्र आदि सिद्ध गर्ने काम।

साधन–ना० [सं०] शालका जस्ता पात, सेता मसिना झुप्पा-कार फूल र खैरा झुप्पाकार फल हुने एक जातको वृक्ष; तिनिश।

साधना–ना० [सं०] १. कुनै काम सम्पन्न गर्ने क्रिया; सिद्धि। २. उपासना; अनुष्ठान; आराधना। ३. अभ्यास; रफत। ४. भूत, प्रेत आदिलाई मन्त्रद्वारा वशमा पार्नु।

साधर्म्य–ना० [सं०] १. समान धर्म हुनाको भाव। २. समान गुण हुनाको भाव।

साध-सोध–ना० [साध्+सोध्] साध्ने र सोध्ने काम।

साधा–ना० [सादा] १. छल-कपट नगर्ने; सोझो; सादा। २. मामूली; सामान्य।

साधार–वि० [सं०] १. आधार भएको; आधार-युक्त। २. प्रमाण भएको; सप्रमाण।

साधारण–वि० [सं०] १. कुनै किसिमको विशेषता नभएको;

CC-0. In Public Domain. Digitization by eGangotri

मामूली; सामान्य। २. सजिलो; सरल। ३. सबै ठाउँमा पाइने वा हुने। ४. सहज; प्रकृत। ५. सार्वजनिक; लौकिक।

साधारणतः–क्रि० यो० [सं०] १. सामान्य रूपले; साधारण किसिमसँग। २. धेरैजसो; सबैजसो। ३. प्रायः; साधारणतया।

साधारणतया–क्रि० यो० [सं०] साधारणतः।

साधारणता–ना० [सं०] साधारण हुनाको भाव।

साधारणत्व–ना० [सं०] साधारणता।

साधारणीकरण–ना० [सं०] १. समान गुण, धर्म आदिका आधारमा अनेक वस्तुहरूलाई एक श्रेणीमा राख्ने काम। २. विभिन्न तत्त्व वा गुणका आधारमा कुनै साधारण नियम वा सिद्धान्त स्थिर गर्नु। ३. साहित्यमा काव्यका नायक र नायिकाका साथ श्रोता, दर्शक र पाठकको तादात्म्य हुने मानसिक व्यापार; विभावन।

साधारण्य–ना० [ना०] साधारण हुनाको वा तुल्याउनाको भाव; साधारणता।

साधिका–ना० [सं०] साधक स्त्री।

साधिकार–वि० [सं०] १. अधिकार पाएको; अधिकारयुक्त। (क्रि० यो०) २. अधिकारपूर्वक।

साधिष्ठ–वि० [सं०] १. अत्यन्त दृढ। २. अत्यन्त सुन्दर।

साधित–वि० [सं०] १. सिद्ध गरिएको; पूरा गरिएको। २. वशमा गरिएको; अधीनमा राखिएको। ३. साधन गरिएको।

साधिनु–स० क्रि० [साध्+इ+नु] १. तालीम हासिल गरिनु; २. साधना गरिनु; ('साध्नु'-को क० क्रि०)।

साधिनु–स० क्रि० [साध्+इ+नु] आज्ञा लिइनु; ('साध्नु'-को क० क्रि०)।

साधु–ना० [सं०] १. सांसारिक प्रपञ्च वा बन्धनबाट अलग रहेर पारमार्थिक जीवन बिताउने व्यक्ति; सन्त। २. सज्जन; भलादमी। ३. सोझो मानिस; सीधा व्यक्ति। ४. जारसित पल्केकी वा गएकी स्त्रीको विवाहित पति। (वि०) ५. शिष्ट; सुजन। ६. कुलीन; आर्य। ७. असल; उत्तम।

साधुता–ना० [सं०] १. साधु हुनाको भाव; सौजन्य। २. सोझोपन; सीधापन।

साधुत्व–ना० [सं०] साधुता।

साधुवाद–ना० [सं०] १. कसैले असल काम गर्दा त्यसलाई 'साधु, साधु' भनेर प्रशंसा गर्ने काम; धन्यवाद। २. स्यावासी।

साध्नु–स० क्रि० [सं० शुध्] आज्ञा लिनु; आदेश लिनु।

साध्नु–स० क्रि० [सं० साध्] १. सफल पार्नु; सिद्ध गर्नु; फत्ते पार्नु। २. मन्त्र, विद्या आदिको सिद्धि हासिल गर्नु। ३. वशमा गर्नु; अधीनमा ल्याउनु। ४. व्याकरणअनुसार सूत्रहरूका नियमद्वारा शब्दको कुनै रूप बनाउनु। ५. कुनै विषयको सिद्धान्तलाई नियमअनुसार प्रमाणित गरी देखाउनु।

साध्य–वि० [सं०] १. साधन गर्न योग्य। २. सिद्ध गर्न सकिने; पूरा गर्न सकिने। ३. हुन सक्ने; सम्भव। ४. सहज; सुगम। ५. निको पार्न सकिने; चिकित्स्य। (ना०) ६. देवता। ७. शक्ति; सामर्थ्य। ८. एक देव-योनी। ९. प्रमाणित वा सिद्ध गर्न सकिने तर्क-युक्त कुरो। १०. समाधान गर्नाका निमित्त उपस्थित गरिएको समस्या।

साध्यवसाय–ना० [सं०] साहित्यमा पूर्वोक्त विषयको अन्य विषयका साथ अभेद सम्बन्ध गराउने एक लक्षणा।

साध्यवसाना–ना० [सं०] साध्यवसाय लक्षणा।

साध्यवसानिका–ना० [सं०] साध्यवसाना।

साध्यायी–ना० [सं०] साथमा पढ्ने; एकै पाठ पढ्ने (व्यक्ति); पाठे-भाइ।

साध्वी–[सं०] पवित्र आचरण भएकी स्त्री; पतिव्रता स्त्री।

सान–ना० [फा० शनाख्त] १. इशारा; सङ्केत। २. जनाउ; सूचना।

सान–ना० [सं० सङ्ग] मत्ताका पछि लागेर हिँड्ने हात्तीको बथान।

सान–ना० [अ० शान] शान।

सानन्द–वि० [सं०] १. आनन्द-युक्त; प्रसन्न। (क्रि० यो०) २. आनन्दपूर्वक; खुशीसाथ।

सानी–वि० [सानो+ई] १. कम उमेरकी। २. सानो कदकी।

सानी-आमा–ना० [सानी+आमा] १. आमाकी बहिनी। २. सौतेनी आमा; सानीमा।

सानीमा–ना० [सानी+आमा] सानी-आमा।

सानीमा-सासू–ना० [सानीमा+सासू] १. लोग्ने वा स्वास्नीकी सानीमा। २. सासूकी सौता (आफ्नी सासूभन्दा कान्छी)।

सानु–वि० [सानो] सानो।

सानु–ना० [सं०] १. पर्वतको चुचुरो; शिखर; टाकुरो। २. ढुङ्गो; पत्थर। ३. छेउ; किनार।

सानु-करौंदा–ना० [सानु+करौंदा] १. साना-साना पात, ल्वाङ्का आकारका फूल, आधा प्याजी वा रातो र आधा सेतो रङ्गका फल हुने एक जातको बोट। २. त्यसैको अमिलो फल; करमर्द्दी।

सानुकूल–वि० [सं०] सर्दो; अनुकूल परेको।

सानु-केराउ–ना० [सानु+केराउ] हरिया र साना गेड़ा हुने एक जातको केराउ।

सानु-जटामसी–ना० [सानु+जटामसी] गुलाबका जस्ता पात र हरियो काण्ड हुने, फेदमा भुत्ला भएका लामा-लामा दुइटा मूलाजस्ता जरा हुने, हिमालयमा पाइने एक जातको सुगन्धी बूटी; एक जातको जटामसी।

सानु-तीते-पिँड़ालु–ना० [सानु+तीतो+पिँड़ालु] लामा-लामा पात, सेतो ठूलो फूल र छ्यापीको जस्तो कन्द हुने, हिमालयमा पाइने एक जातको बूटी; ऋषभ। (आयुर्वेदमा यसको गुण ज्वर, क्षय, दाह नाश गर्ने र शुक्र-वर्द्धक

CC-0. In Public Domain. Digitization by eGangotri

बताइएको छ।)

सानु-दुरालम्भा–ना० [सानु+दुरालम्भा] सानो एक जातको दुरालम्भा।

सानुनय–वि० [सं०] १. विनय-युक्त। (क्रि० यो०) २. विनयपूर्वक।

सानु-पवै–ना० [सानु+पवै] सानो एक जातको पवै।

सानु-पीपल–ना० [सानु+पीपल] लाम्चा पात, पहेँला फल र सेतो काण्ड हुने पीपलका जातको एक बोट; अश्वत्थिका।

सानुबन्ध–वि० [सं०] सम्बन्ध वा क्रम नटुटेको।

सानु-बिरी–ना० [सानु+बिरी] सानो एक जातको बिरी; धूम्र-पंत्रा।

सानु-बोहरी–ना० [सानु+बोहरी] सानो जातको बोहरी वृक्ष।

सानू–वि० [सानो] सानो।

सानो–वि० [प्रा० सण्ह] १. आकार, परिमाण, कद, दर्जा, आदिमा तल्लो कोटिको; सानु; क्षुद्र। (ना०) २. बच्चो; बालक।

सानो-तिनो–वि० [सानो+तिनो(फाँ०)] १. सानो। २. मामूली।

सान्तानिक–वि० [सं०] १. फैलिएको; झाँगिएको (वृक्ष)। २. सन्तानको; सन्तान-सम्बन्धी।

सान्त्व–ना० [सं०] सान्त्वना।

सान्त्वन–ना० [सं०] सान्त्वना।

सान्त्वना–ना० [सं०] १. दुःखमा परेका मानिसलाई शान्ति वा धैर्य दिने काम; सम्झाउने-बुझाउने काम। २. आश्वासन; ढाढ़स। ३. चित्तको शान्ति; मानसिक शान्ति। ४. मानसिक शान्ति। ५. सन्तुष्ट पार्ने वचन वा शब्द; चित्त बुझाउने कुरो।

सान्थुङ्गे–ना० [सानो+थुङ्गो+ए] सानो एक जातको सयपत्री।

सान्द्र–वि० [सं०] १. घनो। २. बलियो। ३. विपुल। ४. उग्र; प्रचण्ड। ५. स्निग्ध। ६. मृदु; कोमल। ७. सुन्दर। (ना०) ८. गुच्छा; स्तवक। ९. राशि; थुप्रो।

सान्ध्य–वि० [सं०] सन्ध्याको; सन्ध्या-सम्बन्धी; सन्ध्याजस्तो।

सान्निध्य–ना० [सं०] नजीक हुनाको भाव; निकटता; सामीप्य।

सान्न्यासिक–ना० [सं०] सन्न्यासी।

सापट–ना० [सं० सट्ट] काम सिद्धिएपछि फिर्ता लिने गरी धन, माल आदि दिने वा लिने काम; पैँचो; ऋण।

सापटी–वि० [सापट+ई] १. सापट लिएको वा दिएको; ऋण गरेको। (ना०) २. सापट; ऋण।

सापत्न–वि० [सं०] सौताकी; सौतेनी।

सापत्न्य–ना० [सं०] १. सौतेनी हुनाको भाव। २. सौतेनी छोरो।

सापेक्ष–वि० [सं०] १. कसैसित अपेक्षा रहेको; अपेक्षित। २. अर्काको अपेक्षा वा आशा गर्ने। ३. अन्य तत्त्व, विचार, दृष्टि-कोण आदिबाट सम्बन्धित हुनाले त्यससित अपेक्षा राख्ने।

सापेक्षता–ना० [सं०] सापेक्ष हुनाको भाव।

सापेक्षवाद–ना० [सं०] दुइ वा बढ़ी वस्तु वा कुराहरूमा एकका साथ अर्काको सापेक्ष सम्बन्ध मानिने एक सिद्धान्त।

सापो-नापो–क्रि० यो० [(फाँ०) सापो+नापो] १. सर-दर; साला-खाला। २. रोख-पोख। ३. करीब-करीब; लगभग।

साप्ताहिक–वि० [सं०] १. सप्ताह-सम्बन्वी; हप्ताको। २. प्रतिसप्ताह हुने; हप्तावारी। (ना०) ३. प्रत्येक सप्ताहमा प्रकाशित हुने पत्र, पत्रिका आदि।

साफ–क्रि० यो० [ने०] बेसरी; खूब; अति।

साफ–वि० [अ० साफ़] १. सफा; स्वच्छ; निर्मल। २. शुद्ध; पवित्र। ३. निर्दोष; निष्कलङ्क। ४. खुलस्त; स्पष्ट। ५. उज्यालो; उज्ज्वल। ६. मिसोट नभएको; कपट नभएको। ७. खाली; शून्य। ८. चुक्ता; बाँकी नरहेको; बेमाख (हिसाब)।

साफल्य–ना० [सं०] सफल हुनाको भाव; सफलता।

साफा–ना० [साउने-फागु] साउने-फागु।

साफा–ना० [अ०] पगरी; फेटा।

साफी–ना० [अ० साफ़ी] गाँजा, कक्कड़ आदिको चिलिमका भेट्नामा मुखमा जाने धूवाँ छान्नाका उद्देश्यले बेर्ने कपड़ा वा घुसारिने घाँस पराल आदिको बुजो।

साफी–ना० [साफ+ई] १. मसौदा-पत्र शुद्धसँग सार्ने काम; खेस्रा सार्ने काम। २. मसौदा सारेको शुद्ध प्रति। (वि०) ३. मसौदा सारेको; दोहोऱ्याएर सफासँग लेखिएको।

साबका–ना० [अ० साबिक़ः] १. वास्ता; प्रयोजन। २. भेट-घाट। ३. सम्बन्ध।

साबर–ना० [सं० संवर] १. एक जातका मृगको नरम छाला। २. एक किसिमसित बनाएको नरम छाला।

साबिक–वि० [अ० साबिक़ः] १. पहिलेको; पूर्व कालको; अघिको। २. पहिलेदेखि चलिआएको; सनातन।

साबिकवाला–वि० [साबिक+वाला] साबिकमा वा पहिले काम गरिरहेको; पुरानिया (कामदार)।

साबिका–ना० [अ० साबिक़ः] साबका।

साबित–वि० [अ०] १. सबूत पुगेको; प्रामाणिक। २. अपराध वा दोष स्वीकार गरेको; कायल भएको।

साबिती–ना० [साबित+ई] १. भूल वा अपराध स्वीकार गर्ने काम; साबित हुने काम। (वि०) २. साबित भई गरेको (बयान वा लेखिदिएको क़ागत-पत्र)।

साबुन–ना० [अ० साबून] साबून।

साबूत–वि० [अ० साबित] १. टूट-फूट नभएको; सग्लो; सिङ्गो। २. सबै; सम्पूर्ण।

साबूदाना–ना० [अं० सैगो+दाना] ताड़का जातिको एक प्रकारका वृक्षको प्रकाण्डको गुदीबाट बनाइने सेता मसिना दाना। (यो हल्का, पथ्य र लस्सादार भएकोले बिरामीलाई खुवाउने र लस्साको काममा पनि लिइन्छ।)

CC-0. In Public Domain. Digitization by eGangotri

साबून–ना० [अ०] कपड़ा, शरीर आदि सफा गर्नाका निमित्त क्षार, तेल आदि रासायनिक वस्तुहरूबाट बनेको प्रसिद्ध पदार्थ; साबुन।

साबेल–ना० [अं०शोवेल] माटो, ढुङ्गा आदि पन्छाउने, कोदाली-को जस्तो पातो र लामो, सोझो बीँड भएको साधन।

साभार–वि० [सं०] १. आभार वा कृतज्ञतासहित। (क्रि० यो०) २. आभार वा कृतज्ञता मानेर; कृतज्ञतापूर्वक।

साभेल–ना० [साबेल] साबेल।

साम–ना० [सं०] १. चार वेदमध्ये एक। २. वेदको गाइने मन्त्र। ३. प्रतिद्वन्द्वीलाई कुराकानीद्वारा आफ्ना वशमा पार्ने एक नीति; राजनीतिका चार उपायमध्य एक। ४. मीठो कुरा; मधुर वचन। ५. कोमलता।

सामग–ना० [सं०] १. साम-वेद गाउने व्यक्ति; साम-वेदी ब्राह्मण। २. विष्णु।

सामग्री–ना० [सं०] १. कुनै विशेष कार्यमा उपयोग गरिने सामानहरू; सर-सामान। २. उपकरण; साधन।

सामञ्जस्य–ना० [सं०] १. रूप, गुण, रस, धर्म आदिमा एक-रूप हुनु; मिल्नु; अभिन्नता। २. औचित्य। ३. अनुकूलता। ४. समानता; तुल्यता।

सामदान–ना० [अ० शमऽ+दान (फा०)] मैन-बत्ती बाल्ने ठाड़ो एक किसिमको पानस।

सामना–ना० [सामुन्ने] १. सामुन्ने भएर सङ्घर्ष गर्ने काम; मुकाबिला; मुठभेड़। २. आमुन्ने-सामुन्ने हुने काम; मुखामुख।

सामने–ना० यो० [सं० सम्मुख] १. मुखेन्जी; सामु; अगि-ल्तिर। २. उपस्थितिमा; विद्यमानतामा।

सामन्त–ना० [सं०] १. कुनै राजालाई कर बुझाउने सानो राजा; रजौटो। (वि०) २. छिमेकी; समीप-वर्ती।

सामन्तवाद–ना० [सं०] १. कुनै राज्यका अन्तर्गत सामन्त, जमीनदार, बिर्तावाल आदिलाई मोही, खेत, खेती आदि-माथि पूरा-पूरा अधिकार दिइने एक पद्धति वा सिद्धान्त। २. सामन्तहरूको सत्ता मान्ने सिद्धान्त।

सामन्दवादी–वि० [सं०] सामन्तवादको अनुयायी; सामन्त-तन्त्रमा विश्वास राख्ने।

सामन्त-शाही–ना० [सं० सामन्त+शाही (फा०)] सामन्त-वाद।

सामन्ती–वि० [सं० सामन्त+ई] १. सामन्त-सम्बन्धी; सामन्तको। (ना०) २. सामन्तको काम वा पद।

सामयिक–वि० [सं०] १. समय-सम्बन्धी; समयको। २. वर्तमान समयसित सम्बन्ध भएको। ३. समयका दृष्टिले उपयुक्त; समयानुकूल। ४. नियत समयमा हुने।

सामयिकी–वि० [सं०] समय-सम्बन्धी; सामयिक।

सामरिक–वि० [सं०] समर-सम्बन्धी; लड़ाईँको।

सामर्थी–वि० [सं० सामर्थ्य] सामर्थ्य भएको; समर्थ; बलवान्।

सामर्थ्य–ना० [सं०] १. समर्थ हुनाको भाव। २. शक्ति; बल। ३. क्षमता; योग्यता। ४. शब्दको व्यञ्जना-शक्ति।

सामल–ना० [सं० सम्बल] १. बाटामा खानाका निम्तिको खानेकुरो वा खर्च; बाटो खर्च। २. दैनिक खाद्य-पदार्थ।

सामल-तुमल–ना० [सामल+तुमल (फाँ०)] सामल-हरूको समुदाय; यात्रा आदिमा चाहिने सामग्रीहरूको समुदाय।

सामली–ना० [सामल+ई] सामल बोक्ने भरिया।

सामवायिक–वि० [सं०] १. समवाय-सम्बन्धी; अभेद्य सम्बन्ध भएको। २. दल-सम्बन्धी; समूह-सम्बन्धी।

साम-वेद–ना० [सं०] चार वेदमध्ये एक।

साम-वेदी–ना० [सं०] १. साम-वेदको ज्ञाता; साम-वेद पढ्ने ब्राह्मण। (वि०) २. साम-वेद-सम्बन्धी।

साम-वेदीय–वि० [सं०] साम-वेदी।

सामसाम-सुमसुम–ना० [ने०] १. घरायसी काम-काजमा अलमलिरहने काम। २. लम्न्याङ-लुम्रुङ; जुम्सोपन। ३. अँध्यारोमा वा अन्धाले यता-उति छाम्ने काम वा किसिम; छामछाम-छुमछुम।

सामसुम–वि० [सामसून] १. सामसून। (क्रि० यो०) २. सामसुम्म।

सामसुम्म–क्रि० यो० [सं० साम्य+शून्य] १. हल्ली-खल्ली बन्द हुने किसिम; चूपचाप हुने किसिम। २. आगो बिल-कुल निम्ने किसिम। ३. बिलकुल अँध्यारो हुने किसिम; रामारुमी। ४. कलह, विद्रोह आदि शान्त हुने किसिम।

सामसून–वि० [सं० साम्य+शून्य] १. सूनसान; निर्जन; शून्य। २. निश्शब्द; निस्तब्ध।

सामा–ना० [सं० श्यामाक] १. धानका खेतमा उम्रने, धानकै जस्तो बोट हुने, मसिना कोदाका जस्ता दाना फल्ने एक जातको झार। २. त्यसैको गेड़ा वा अन्न।

सामाजिक–वि० [सं०] १. समाजसित सम्बन्ध भएको; समाज-को। (ना०) २. काव्य, नाटक आदिका श्रोता वा दर्शक।

सामाजिकता–ना० [सं०] १. सामाजिक हुनाको भाव। २. सामाजिक व्यवहारमा मिल्ने क्रिया वा भाव।

सामान–ना० [फा०] १. माल-मत्ता; असबाब। २. सामग्री; साधन।

सामान्य–वि० [सं०] १. कुनै किसिमको विशेषता नभएको; मामूली; साधारण। २. सबैसित सम्बन्ध भएको; सार्व-जनिक। (ना०) ३. समानता; बराबरी। ४. सबैमा समान रूपले रहेको गुण। ५. साहित्यमा उपमान-उपमेय वा प्रस्तुत-अप्रस्तुतमा समान रूपको गुण, धर्म आदिको वर्णन गर्दा हुने एक अर्थालङ्कार।

सामान्यतः–क्रि० यो० [सं०] सामान्य तवरले; साधारण रीतिले; साधारणतया।

सामान्यतया–क्रि० यो० [सं०] सामान्यतः।

सामान्यता–ना० [सं०] सामान्य हुनाको भाव।

सामान्य-बुद्धि–ना० [सं०] शिक्षा-दीक्षाविना नै सबैमा समान

CC-0. In Public Domain. Digitization by eGangotri

रूपले हुने बुद्धि ।

सामान्य-विधि–ना० [सं०] अपवाद, तर्क, सन्देह आदि नभएको विधि वा आदेश; सर्व-मान्य आज्ञा ।

सामान्या–ना० [सं०] साहित्यमा धन लिएर कसैसित प्रेम देखाउने नायिका; गणिका ।

सामासिक–वि० [सं०] समास-सम्बन्धी ।

सामी–ना० [सं० शम्ब] १. मुसल, ढिकी आदिको कुट्ने अवयवका टुप्पामा जड़िएको धारिलो मुन्द्राकार साधन । २. चुकुल ।

सामीप्य–ना० [सं०] नजीक हुनाको भाव; निकटता; समीपता ।

सामु–क्रि० यो० [सं० सम्मुख] अगाड़ि; सामुन्ने; मुखेन्जी ।

सामुदायिक–वि० [सं०] समुदाय-सम्बन्धी; सामूहिक ।

सामुद्र–वि० [सं०] समुद्र-सम्बन्धी; सामुद्रिक ।

सामुद्रिक–वि० [सं०] १. समुद्र-सम्बन्धी । २. समुन्द्रमा पैदा हुने । ३. देहका चिह्न-सम्बन्धी । (ना०) ४. हात-का रेखा, शरीरका कोठी आदि चिह्नहरू हेरेर मनुष्यको जीवन-घटना र शुभाशुभ फल बताउने विद्या; फलित-ज्योतिषको एक अङ्ग । ५. त्यस विद्याको ज्ञाता ।

सामुन्ने–क्रि० यो० [सामु] सामु ।

सामूहिक–वि० [सं०] समूह-सम्बन्धी; सामुदायिक ।

सामेल–ना० [अ० शामिल] १. एकत्र हुने काम; भेला हुने काम । (वि०) २. एकत्रित; सम्मिलित । ३. सरकारी उर्दीबमोजिम हाजिर भएको ।

सामेली–ना० [सामेल+ई] सामेल हुने काम; हाजिरी; उपस्थिति ।

साम्पत्तिक–वि० [सं०] सम्पत्ति-सम्बन्धी ।

साम्प्रत–क्रि० यो० [सं०] १. अहिले; यस समयमा । २. तत्कालै; तुरुन्तै । (वि०) ३. ठीक; उचित । ४. ठीक समयको; सामयिक

साम्प्रतिक–वि० [सं०] १. वर्तमान समयको; यसै बखतको; अहिलेको; तत्कालको । २. उपयुक्त; ठीक ।

साम्प्रदायिक–वि० [सं०] १. सम्प्रदाय-सम्बन्धी । २. कुनै सम्प्रदाय वा मतसँग सम्बन्ध भएको ।

साम्प्रदायिकता–ना० [सं०] १. साम्प्रदायिक हुनाको भाव । २. आफ्नो सम्प्रदायको श्रेष्ठता र हितको मात्र विचार गरेर अरू सम्प्रदायसँग द्वेष गर्ने काम वा भाव ।

साम्ब–ना० [सं०] शिव; महादेव ।

साम्बन्धिक–वि० [स०] १. सम्बन्धबाट हुने; सम्बन्धको । (ना०) २. सन्धिद्वारा भएको मैत्री ।

साम्य–ना० [सं०] १. सम हुनाको भाव; समानता । २. एक-रूपता; सामञ्जस्य । ३. वेग वा उग्रता कम हुनु; शान्ति ।

साम्यवाद–ना० [सं०] देशको उत्पादन वा सम्पत्तिको समान वितरण गरी आर्थिक विषमता हटाउने र वर्ग-हीन समाजको स्थापना गर्ने एक राजनीतिक सिद्धान्त ।

साम्यवादी–वि० [सं०] साम्यवादमा विश्वास गर्ने; साम्य-वादको अनुयायी ।

साम्यावस्था–ना० [सं०] १. सत्त्व, रज र तम–यी तीनै गुण बराबर भएर रहेको अवस्था । २. साम्य भएको अवस्था ।

साम्यावस्थान–ना० [सं०] साम्यावस्था ।

साम्राज्य–ना० [सं०] १. धेरै राज्यहरू सम्मिलित भएको ठूलो राज्य; सम्राट्ले शासन गरेको राज्य । २. सार्वभौम सत्ता; प्रभु-सत्ता । ३. कुनै काम वा क्षेत्रमा भएको कसैको पूर्ण अधिकार ।

साम्राज्यवाद–ना० [सं०] साना-साना राज्यहरूलाई शक्ति-द्वारा अधीनमा पारेर राज्यको विस्तार गर्ने सिद्धान्त; साम्राज्य खड़ा गर्ने सिद्धान्त ।

साम्राज्यवादी–वि० [सं०] साम्राज्यवादको अनुयायी; सम्राज्यवादमा विश्वास गर्ने ।

सायक–ना० [सं०] बाण; शर ।

सायङ्काल–ना० [सं०] १. साँझको बखत; सन्ध्या-काल; बेलुको-पख । २. मृतकका उद्देश्यले मरेका दिनदेखि नौ दिनसम्म बेलुका बत्ती बाल्ने काम ।

सायन–ना० [सं०] सूर्य भू-मध्य-रेखामा हुँदा दिन र रातको अवधि बराबर हुने समय ।

सायम्–ना० [सं०] १. सन्ध्याको समय; साँझ । (क्रि० यो०) २. साँझका समयमा । (वि०) ३. सन्ध्या-समयमा हुने ।

सायर–ना० [फा० शारः] कपड़ाको बार; भीत ।

सायास–क्रि० यो० [सं०] आयासपूर्वक; परिश्रमपूर्वक ।

सायुज्य–ना० [सं०] १. भेद नरहने गरी दुइ वा धेरै वस्तु मिल्ने काम; लीन हुनु । २. जीवात्मा परमात्मामा लीन हुने मुक्तिको एक अवस्था । ३. एक-रूपता; सादृश्य ।

सायुध–वि० [सं०] आयुध वा हतियारले युक्त; सशस्त्र ।

सार–ना० [सं०] १. कुनै वस्तु वा पदार्थको मूल भाग; मुख्य अंश; तत्त्व; सत्त्व । २. कुनै वस्तुको भित्री मुख्य भाग; गुदी । ३. रूखबाट निस्कने खोटो, चोप आदि; निर्यास । ४. झोल; रस । ५. पानी; जल । ६. रक्सी; अरक । ७. दूध वा दहीको तर; नौनी । ८. मासी; मज्जा । ९. कुरा, लेख आदिको मुख्य अंश; मजबून । १०. तात्पर्य; अभि-प्राय । ११. निचोर; निष्कर्ष । १२. परिणाम; नतीजा । १३. धन; दौलत । १४. बल; शक्ति । १५. साहित्यमा पहिले वर्णन गरिएका वस्तुको उत्तरोत्तर उत्कर्ष वा अपकर्ष वर्णन गर्दा पर्ने एक अर्थालङ्कार । १६. वेद-पाठ गर्दा स्वरअनुसार हात हल्लाउने क्रिया । (वि०) १७. मुख्य; प्रधान । १८. सर्वोत्तम; सर्व-श्रेष्ठ । १९. वास्तविक; तथ्य ।

सार-गर्भित–वि० [सं०] भित्र सार भएको; तत्त्व-युक्त ।

सार-ग्राहिता–ना० [सं०] सार-ग्राही हुनाको भाव ।

सार-ग्राही–वि० [सं०] वस्तु वा विषयको सार वा तत्त्वमात्र ग्रहण गर्ने ।

CC-0. In Public Domain. Digitization by eGangotri

सारङ्ग–ना० [सं०] १. विभिन्न रङ्ग। २. ठूला कान, छोटो पुच्छर र खैरो वर्ण हुने एक जातको मृग। ३. कोइली। ४. हाँस। ५. मयूर। ६. चातक। ७. हात्ती। ८. घोड़ा। ९. सिंह। १०. कमल। ११. सुन। १२. तलाउ। १३. भमरो। १४. मौरी। १५. विष्णुको धनु। १६. शङ्ख। १७. चन्द्रमा। १८. समुद्र। १९. पानी। २०. बाण। २१. सर्प। २२. चन्दन। २३. रौँ। २४. शोभा। २५. तरवार। २६. बादल। २७. आकाश। २८. म्यागुतो। २९. सारङ्गी। ३०. कामदेव। ३१. बिजुली। ३२. फूल। ३३. बत्ती। ३४. स्त्री। ३५. ग्रह-नक्षत्र। ३६. ईश्वर। ३७. वस्त्र। ३८. आभूषण। (वि०) ३९.। रँगाएको; रङ्गीन। ४०. राम्रो; मनोहर। ४१. सरस।

सारङ्ग-पाणि–ना० [सं०] विष्णु।

सारङ्गी–ना० [सं०] १. रेटेर बजाइने एक प्रकारको तारको बाजा। २. विष्णु। ३. सारङ्ग मृग।

सारणि–ना० [सं०] सारणी।

सारणी–ना० [सं०] १. सानो नदी; खोल्सो; कुलो। २. पुनर्नवा। ३. ग्रह-गति र त्यसको फल बताउने ज्योतिषको ग्रन्थ। ४. सरणी।

सारथि–ना० [सं०] १. रथ वा बग्गी हाँक्ने व्यक्ति; सूत; कोचवान। २. नायक; नेता। ३. समुद्र; सागर। ४. साथी; मित्र। ५. सहायक।

सारथित्व–ना० [सं०] सारथिको काम वा पद।

सारथ्य–ना० [सं०] सारथिको काम; सारथित्व।

सारदा–ना० [सं०] शारदा।

सारन-तारन–ना० [सार्+तार्] १. लिने र दिने व्यवहार; लेन-देन। २. आवत-जावत। ३. सार्ने काम। ४. सार-फेर।

सारनी–ना० [सं० सरणी] जमीन समथर वा अग्लो-होचो छ-छैन भनी हेर्ने डकर्मीको साधन; बटान।

सार-फेर–ना० [सार्+फेर्] १. साट-फेर; अदली-बदली। २. लेन-देन; सारन-तारन। ३. घालघुल।

सारल्य–ना० [सं०] १. सरल हुनाको भाव; सुगमता। २. २. सीधापन; सरलता।

सारवान्–वि० [सं०] सार भएको; सार-युक्त।

सारस–ना० [सं०] १. प्रायः जलाशयका नजीकमा रहने, चुच्चो, गर्दन र खुट्टा ज्यादै लामा हुने, बकुल्लाका आकारको ठूलो एक जातको पक्षी। २. हाँस; हंस। ३. चन्द्रमा। ४. कमल। (वि०) ५. सर वा तलाउ-सम्बन्धी।

सार-सुर–ना० [सार्+सुर] १. सार्ने काम; यताको माल उता, उताको माल यता राख्ने काम। २. सुर-सार।

सार-सोर–ना० [सं० सार+स्वर] स्वरका साथ सार लगाएर वेद पाठ गर्ने क्रिया।

सारसौंदो–वि० [सं० सार+औं+दो] १. स्वस्थ; तन्दुरुस्त; नीरोगी। २. मोटो-घाटो; हृष्ट-पुष्ट।

सारस्य–ना० [सं०] सरस हुनाको भाव; सरसता।

सारस्वत–वि० [सं०] सरस्वती-सम्बन्धी।

सारांश–ना० [सं०] १. सार भाग; निचोर; निष्कर्ष। २. कुनै कुरो वा लेखको सङ्क्षिप्त रूप; तेरीज; मजबून। ३. तात्पर्य; अभिप्राय। ४. परिणाम; नतीजा। ५. उपसंहार; परिशिष्ट।

सारा–ना० [सं० सर्व] सबै; सम्पूर्ण; समस्त।

साराम्ल–ना० [सं०] कुसुम-फल।

सारि–ना० [सं०] १. पासा, पच्चीस आदि खेलको गोटी। २. सारिका।

सारिका–ना० [सं०] १. चुच्चो, आँखाको डील र खुट्टा पहेँलो हुने र सर्वाङ्ग कालो हुने एक जातको पक्षी; मैना। २. सारौँ।

सारिणी–ना० [सं०] १. सहदेवी; महाबला बूटी। २. कपास। ३. पहेँलो एक जातको सिसौ। ४. रातो एक जातको पुनर्नवा।

सारिनु–स० क्रि० [सार्+इ+नु] एक ठाउँबाट अर्को ठाउँमा लगिनु; ('सार्नु'-को क० क्रि०)।

सारी–ना० [सं० शाटी] साड़ी।

सारी–ना० [ना०] १. मैना; सारिका। २. पच्चीस, पासा आदि खेलको गोटी। ३. सिउँड़ी।

सारूँ–ना० [सारौँ] सारौँ।

सारूप्य–ना० [सं०] १. समान रूप हुनाको भाव; एक-रूपता। २. भक्तले आफ्ना उपास्य देवताको रूप ग्रहण गर्ने मुक्ति-को एक अवस्था।

सारो–वि० [सं० सार] साह्रो।

सारोपा–ना० [सं०] उपमानमा उपमेयको आरोप गरिने एक लक्षणा।

सारौँ–ना० [सं० सारिका] भटमासको रङ्ग अथवा कालो रङ्गको शरीर, पहेँला खुट्टा र पहेँलै चुच्चो हुने, मैनाजस्तो एक जातको चरो; रूपी; सारौँटी। (यसका काली र डाङ्ग्रे—दुइ जात छन्।)

सारौँटी–ना० [सारौँ+औटी] सारौँ।

सारौँटे–ना० [सारौँ+औटे] सारौँ।

सार्की–ना० [?] छालाको काम गर्ने एक जाति; चर्म-कार।

सार्की-खटिरो–ना० [सार्की+खटिरो] प्रायः जोर्नीमा आउने एक प्रकारको खराब खटिरो; ननिको-खटिरो।

सार्जङ–ना० [सं० शार्दूल+जङ्ग (फा०)] नेपालको एक पुरानो पल्टन।

सार्थ–वि० [सं०] १. अर्थ भएको; मतलब भएको; सार्थक। २. व्यापारीहरूको दल। ३. समूह।

सार्थक–वि० [सं०] १. अर्थ भएको; मतलब भएको। २. सफल; सिद्ध। ३. लाभ-दायक। ४. काम लाग्ने; उपयोगी।

सार्थवाह–ना० [सं०] १. व्यापारी। २. यात्री-दलको नेता। ३. व्यापारी-मण्डलको नेता।

CC-0. In Public Domain. Digitization by eGangotri

सार्ध–वि० [सं०] १. आधाले सहित; साढ़े। (ना० यो०)। २. सहित; साथ।

सार्नु–स० क्रि० [सर्+नु] १. एक ठाउँबाट अर्को ठाउँ लानु; स्थान-परिवर्तन गर्नु। २. लेख, प्रबन्ध आदि जस्ताको-तस्तै अर्को कागतमा उतार्नु; प्रतिलिपि गर्नु। ३. रोग, कीटाणु आदि एक जीउबाट अर्को जीउमा लानु; सल्काउनु। ४. हटाउनु; पर पुऱ्याउनु। ५. साना-ठूला गेड़ा वा कसिङ्गर छुट्ट्याउन एक किसिमसित नाङ्लो चलाउनु।

सार्वकालिक–वि० [सं०] सब समयमा हुने; सबै समयको।

सार्वजनिक–वि० [सं०] १. सबै जनताको; सबै जनाको; सार्वजनीन। २. सबैसित सम्बन्ध भएको। ३. समान रूपले सबैलाई काम लाग्ने।

सार्वजनीन–वि० [सं०] सार्वजनिक।

सार्वदेशिक–वि० [सं०] १. सम्पूर्ण देशसित सम्बन्ध भएको। २. सबै देशमा पाइने वा हुने।

सार्वभौतिक–वि० [सं०] सबै भूत वा तत्त्वसित सम्बन्ध भएको।

सार्वभौम–ना० [सं०] १. चक्रवर्ती राजा; सम्राट्। २. उत्तर दिशाको दिग्गज। (वि०) ३. सम्पूर्ण भूमि वा क्षेत्रसित सम्बन्ध भएको।

सार्वभौमिक–वि० [सं०] १. सम्पूर्ण क्षेत्र वा भूमिसित सम्बन्ध भएको; सार्वभौम। २. सम्पूर्ण पृथ्वीमा फैलिएको। (ना०) ३. सम्पूर्ण देश वा संसारलाई समान दृष्टिले हेर्ने विस्तृत विचारको व्यक्ति।

सार्वराष्ट्रिय–वि० [सं०] सबै राष्ट्रसित सम्बन्ध भएको।

साल–ना० [अ०] वर्ष; संवत्।

साल–ना० [प्रा० सल्ल] बच्चा जन्मदा नाभिमा जोरिएर आउने आन्द्रो र मांस-पेशी; औँरो; काँढ़ो।

साल–ना० [नेवा०] तोरी, रायो, तिल आदि पेलेर तेल निकाल्ने यन्त्र; कोल।

साल–ना० [सं० सालार] दुइ काठ जोर्नाका निमित्त काठका प्वालमा घुसारिने सानो अवयव।

साल–ना० [सं०] १. शाल वृक्ष। २. एक जातको माछो। ३. पर्खाल। ४. वृक्ष।

सालक–ना० [सं० शल्लक] शरीरभरि माछाका जस्ता कत्लैकत्ला हुने, लामो, मोटो पुच्छर हुने, प्रत्येक खुट्टामा पाँच-पाँच वटा नङ हुने जल एवम् स्थलमा हिँड्ने एक जातको चतुष्पद प्राणी; शल्लक।

सालखुट्टे–ना० [साल+खुट्टे] एक जातको बूटी।

साल-घारी–ना० [साल+घारी] शाल-घारी।

साल-तमाम–ना० [फा०] वर्षको अन्त्य; सालको समाप्ति; वर्षान्त।

साल-तमामी–ना० [साल-तमाम+ई] साल-तमाम।

साल-धूप–ना० [साल+धूप] शाल-धूप।

साल-नाल–ना० [साल+नाल] बच्चा जन्मदा साथमा निस्कने साल र नाल; जरायु।

साल-बसाल–क्रि० यो० [फा० साल–ब–साल] हरेक वर्ष; बर्सेनी; सालिन्दा; प्रतिवर्ष।

साल-बसाली–वि० [साल-बसाल+ई] १. प्रतिवर्ष हुने; बर्सेनीको। २. सधैँ स्थिर रहने; स्थायी।

साल-सुल–ना० [(फाँ०) साल+सुल] लेन-देनको फ़स्र्योट; फच्छे; चुक्ती।

साला–ना० [सं०] शाला; घर; निवास।

साला–वि० [फा० सालः] सालको; साल वा वर्ष-सम्बन्धी; वार्षिक।

साला-खाला–क्रि० यो० [ने०] १. सानो-ठूलो मिलाएर; सर-दर। २. असल-कमसल मिलाएर; रोख-पोख।

सालाना–क्रि० यो० [फा० सालानः] १. प्रतिवर्ष; सालियाना; हर साल। (वि०) २. सालको; वार्षिक। ३. सालभरमा हुने; साल-बसाली।

सालिक–ना० [अ० सालिक़] कुनै व्यक्तिको धातु, ढुङ्गा आदिको प्रतिमूर्ति; प्रतिमा; सालिग।

सालिग–ना० [अ० सालिक़] सालिक।

सालिन्दा–क्रि० यो० [फा० सालिन्दः] प्रतिवर्ष; हर साल; बर्सेनी।

सालिभे–ना० [सं० शलभ] एक जातको फटयाङ्ग्रो।

सालिम-मिस्री–ना० [अ० सअलब+मिस्री] खूब लामा र ठूला पात, घोगाका रूपमा फुल्ने सेता फूल र पिँडालुजस्तो कन्द हुने एक जातको बूटी; सुधा-मूली। (आयुर्वेदमा यसको गुण पुष्टि-कारक, वीर्य-वर्द्धक र रगत-सम्बन्धी रोगलाई नाश गर्ने बताइएको छ।)

सालियाना–वि० [फा० सालियानः] १. प्रतिवर्षको; हरेक सालको। (ना०) २. प्रतिवर्ष बुझाइने रकम।

साली–ना० [प्रा०] पत्नीकी बहिनी।

साली-धान–ना० [सं० शाली-धान्य] शाली-धान।

सालेबम–ना० [?] चार वटा घोड़ा लाग्ने एक प्रकारको बग्गी।

सालो–ना० [प्रा०] पत्नीको भाइ।

सालोक्य–ना० [सं०] भगवान्‌का लोकमा भक्तले बस्न पाउने एक प्रकारको मुक्ति।

साल्बू–ना० [ने०] हिउँ पग्लेका समयमा नेपालबाट भोटतर्फ आवत-जावत गर्न हुने पश्चिम-एक (१)-नम्बर-इलाकामा पर्ने, एक प्रसिद्ध घाटी।

साल्मी–ना० [नेवा० सालमी] साल-सम्बन्धी वा तेल पेल्ने काम गर्ने एक नेवार-जाति।

सावकाश–वि० [सं०] १. अवकाश पाएको; फुर्सत भएको। (क्रि० यो०) २. फुर्सतमा; मौकामा।

सावगास–ना० [सं० सावकाश] १. सामर्थ्य; शक्ति। २. अवसर; मौका; अनुकूलता।

सावधान–वि० [सं०] होशियार; सचेत; सतर्क।

सावधानता–ना० [सं०] सावधान हुनाको भाव; सतर्कता;

CC-0. In Public Domain. Digitization by eGangotri

होशियारी।

सावधानी–ना० [सावधान+ई] सावधानता; होशियारी।

सावधि–वि० [सं०] १. सीमा भएको; सीमा बाँधिएको; मर्यादित। २. समय तोकिएको; अवधि निश्चय गरिएको।

सावरी–ना० [सं० साम्भल] भारतको राजपुताना-क्षेत्रमा स्थित एक झीलको पानीबाट तयार हुने एक थरीको नून।

सावाँ–ना० [साउँ] साउँ।

सावा–ना० [सं० सभा] १. सभा। २. सूर्य-मण्डल। ३. चन्द्र-मण्डल।

सावित्र–वि० [सं०] १. सूर्य-सम्बन्धी। (ना०) २. गर्भ। ३. ब्राह्मण। ४. शिव।

सावित्री–ना० [सं०] १. सूर्य-सम्बन्धी वेद-मन्त्र; गायत्री मन्त्र। २. सरस्वती। ३. सत्यवान्‌की पुराण-प्रसिद्ध पत्नी। ४. यमुना नदी। ५. सौभाग्यवती स्त्री; सधवा स्त्री। ६. किरण। ७. ब्राह्मणी। ८. पार्वती।

साशङ्क–वि० [सं०] आशङ्का-युक्त।

साश्र–वि० [सं०] १. आँसु भएको; अश्रुसहित। (क्रि० यो०) २. आँखामा आँसु भरेर; गहभरि आँसु पारेर।

साष्टाङ्ग–वि० [सं०] १. आठ अङ्गले युक्त (शिर, हात, गोडा, हृदय, आँखा, तिघ्रा, वचन र मन)।

साष्टाङ्ग-दण्डवत्–ना० [सं०] साष्टाङ्ग-प्रणाम।

साष्टाङ्ग-प्रणाम–ना० [सं०] पूज्य व्यक्ति वा देवतालाई साष्टाङ्ग गरिने प्रणाम; साष्टाङ्ग-दण्डवत्।

सास–ना० [प्रा०] १. नाक वा मुखबाट हावा खिँचेर फोक्सोमा पुऱ्याई फेरि निकाल्ने क्रिया; श्वास। २. त्यसरी भित्र-बाहिर गरिएको हावा। ३. ज्यान; प्राण।

सासना–ना० [शासन] कष्ट; सास्ती; शासना।

सासा–ना० [शासना] धौ-धौ; मुश्किल।

सासू–ना० [प्रा०] पति वा पत्नीकी माता; श्वश्रु।

सास्ती–ना० [सं० शास्ति] १. सासना; यातना; कष्ट। २. सजाय; दण्ड।

साह–ना० [साहा] साहा।

साहचर्य–ना० [सं०] १. साथमा रहने काम; सङ्गति। २. सह-गमन; सहचारिता।

साहजादा–ना० [सं० साहा+जात] शाहजादा।

साहजादी–ना० [साहजादा+ई] शाहजादी।

साहजिक–वि० [सं०] १. सहज बुद्धि वा नैसर्गिक स्वभावबाट हुने। २. स्वाभाविक; नैसर्गिक; प्राकृतिक।

साहब–ना० [अ० साहिब] साहेब।

साहबी–वि० [साहब+ई] १. साहेबको; साहब-सम्बन्धी; साहबलाई सुहाउने। (ना०) २. साहब हुनाको भाव।

साहस–ना० [सं०] १. कठिन काम गर्ने आँट; हिम्मत। २. लूट, बलात्कार, अपहरण आदि निष्ठुर काम; नृशंसता।

साहसिक–वि० [सं०] १. साहस गर्ने; हिकमतदार; आँटी; साहसी। २. निर्भीक; निडर। ३. निष्ठुर; क्रूर। (ना०) ४. पराक्रमी पुरुष। ५. डाँकू। ६. कुनै खराब वा निष्ठुर काम गर्न आँट गर्ने व्यक्ति।

साहसी–वि० [सं०] साहस भएको; आँटिलो।

साहस्र–वि० [सं०] १. हजारको; सहस्र-सम्बन्धी। २. हजारौँ; हजार गुणा।

साहस्रिक–वि० [सं०] साहस्र।

साहा–क्रि० [फा० शाह] समागम भएका गाई-भैँसीको गर्भ नरही फेरि समागमको इच्छा हुनु; उल्टनु।

साहा–ना० [सं०] १. सामन्त वा राजाहरूको एक प्राचीन उपाधि।

साहानुसाह–ना० [सं०] अनेक सामन्त र राजाहरूले युक्त साम्राज्यको सर्वोच्च अधिपतिको एक प्राचीन उपाधि; सम्राट्; शाहन्शाह।

साहानुसाहि–ना० [सं०] साहानुसाहको अधिकार वा पद।

साहा-बेसाहा–ना० [(फाँ०) साहा+बेसाहा] १. खरीद-बिक्री गरिने अन्न-पात, माल-मत्ता आदि; बेसाहा। २. बेसाहाको दर-भाउ।

सहायक–वि० [सं०] १. सहायता गर्ने। २. मातहतको

साहाय्य–ना० [सं०] १. मद्दत; सहायता। २. मैत्री; मित्रता।

साहिँली–वि० [साहिँलो+ई] १. जन्मका क्रमले तेस्री; माहिलीपछि जन्मेकी; साइँली (ना०) २. माहिली-पछिकी पत्नी। ३. साहिँलाकी पत्नी।

साहिँली-औँलो–ना० [साहिँली+औँलो] माझी-औँलो र कान्छी औँलाका बीचको औँलो; अनामिका।

साहिँलो–वि० [प्रा० सज्झिलग] १. दाजु-भाइहरूमा जन्मका क्रमले तेस्रो; माहिलोपछि जन्मेको; साइँलो। २. २. साहिँलीको लोग्ने।

साहित्य–ना० [सं०] १. सहित वा साथ हुनाको भाव; एकसाथ हुनु। २. कुनै देश वा जातिको गूढ र स्थायी विषयहरूको मनोरञ्जक ढङ्गले विवेचना गरिएको कुनै भाषाका ग्रन्थ, लेख आदिको समूह; वाङ्मय। ३. सौन्दर्य, रूप, गुण, भावुकता आदिको पूर्णताले समाजमा प्रभाव पर्ने लेख, ग्रन्थ आदि। ४. वाक्यमा परस्पर सापेक्ष पदको एक क्रियामा अन्वय हुनु। ५. गद्य र पद्यका रचना-हरूबाट हुने रसको प्राप्ति। ६. शैली, लेख, काव्यको गुण, दोष, भेद, उपभेद, नायिकाका सौन्दर्य र भेद, अलङ्कार आदिको विवेचनाका आधारमा लेखिएको रसात्मक वाक्य; गद्य-पद्यात्मक ग्रन्थ-समुदाय। ७. धर्म, विज्ञान, कला आदि विषयहरूमध्ये कुनै एक विषयलाई स्पष्ट गरी लेखिएको त्यस-सम्बन्धी ग्रन्थ, लेख आदिको समूह।

साहित्य-कार–ना० [सं०] साहित्यिक ग्रन्थहरू लेख्ने व्यक्ति; लेखक; कवि।

साहित्यिक–वि० [सं०] १. साहित्य-सम्बन्धी। (ना०) २. साहित्य-रचना गर्ने व्यक्ति; साहित्य-कार।

साहिनु–ना० [सं० सह] गोत्र वा कुटुम्बको सम्बन्ध; नाता;

CC-0. In Public Domain. Digitization by eGangotri

साइनु।
साही–ना० [सं०] १. साहाको अधिकार वा पद। २. ठकुरी-हरूको एक उपाधि। (वि०) ३. साहा-सम्बन्धी; शाही।
साहु–ना० [प्रा०] साहू।
साहुकार–ना० [प्रा० साहु+कार (सं०)] साहूकार।
साहुकारी–ना० [साहुकार+ई] साहूकारी।
साहुती–ना० [साउती] साउती।
साहुल–ना० [अ० शाक़ूल] सवाल (डकर्मीको ज्याभल)।
साहू–ना० [प्रा० साहु] १. सज्जन; भलादमी। २. धनी व्यक्ति; महाजन। ३. व्यापारीको आदर-सूचक शब्द। ४. ऋण दिने व्यक्ति; सापट दिने व्यक्ति; धनी।
साहूकार–ना० [साहू+कार (सं०)] १. रुपियाँ-पैसा सर-सापट गर्ने र सुन-चाँदी आदिको खरीद-बिक्री गर्ने साहू; महाजन। २. व्यापारी।
साहूकारी–ना० [साहूकार+ई] १. साहूकारको काम वा पेशा; महाजनी। २. व्यापार।
साहेब–ना० [अ० साहिब] १. मालिक; स्वामी। २. ठूला-बड़ा व्यक्तिलाई सम्मानपूर्वक सम्बोधन गर्ने शब्द; श्रीमान्।
साहेबज्यू–ना० [साहेब+ज्यू] श्री ५ महाराजाधिराजबाट राज-परिवारदेखि बाहेकका शाह-वंशका कुनै व्यक्तिलाई बक्सने एक दर्जा।
साहेबी–वि० [साहेब+ई] साहबी।
साह्रो–वि० [सं० सार] १. नरम वा गीलो नभएको; कड़ा; सारो। २. सिकिस्त; असाध्य। ३. चर्को; उच्च (स्वर) ४. ज्यादा; अति; बढ्ता; अधिक। ५. खस्रो; दह्रो।
सिँक्क–क्रि० यो० [ने०] सिँगान जोरसित निकाल्ने वा निकाल्दा शब्द आउने किसिम।
सिँगड़ा–ना० [सं० शृङ्गाटक] तीन कुना परेका पातहु ने, पानीभित्र उम्रने लहरामा फल्ने, काँढ़ै-काढ़ा भएको एक जातको फल; पानी-फल। (आयुर्वेदमा यसको गुण ठन्डा र वाजीकरण हुने बताइएको छ।)
सिँगाउरी–ना० [सीङ+आउरी] पशुले सीङ जुधाई लड्ने वा खेल्ने क्रिया; सिङाउरी।
सिँगाउरो–ना० [सीङ+आउरो] सिँगौरो।
सिँगान–ना० [सं० सिङ्घाण] सिँघान।
सिँगाने–वि० [सिँगान+ए] सिँघाने।
सिँगार–ना० [प्रा० सिँङ्गार] सिङ्गार।
सिँगार-पटार–ना० [सिङ्गार+पटार] १. सिँगार्ने काम; सजिसजाउ पार्ने काम; सिङ्गार-पटार। २. लुगा, गहना आदिले सजाउने वा सजिने काम।
सिँगाराइ–ना० [सिँगार्+आइ] सिँगार्ने किसिम, क्रिया वा भाव।
सिँगारिनु–स०क्रि० [सिँगार+इ+नु] आफ्नो सिँगार गरिनु; सजिसजाउ होइनु वा गरिनु; ('सिँगार्नु'-को क० क्रि०)।
सिँगारु–ना० [सं० शृङ्गारक] छोरा-छोरी नपाउने स्त्री वा पुरुष; नपुंसक।
सिँगारे–वि० [सिँगार+ए] १. सिँगार गरेको; ठाँट पारेको। २. निधारमा सेता, ठाड़ा धर्सा भएको। (बाख्रो, बोको आदि।)
सिँगार्नु–स० क्रि० [सिँगार+नु] १. सिँगार गर्नु; सजाउनु; अलङ्कृत पार्नु। २. मसला हाल्नु (तरकारी, तिहुन आदिमा)।
सिँगौरी–ना० [सिँगाउरी] सिँगाउरी।
सिँगौरो–ना० [सीङ+औरो] १. माल-सामानहरू झुन्ड्याउना-का निमित्तको अङ्कुसे परेको काठ; सिँगाउरो। २. मूलाको कोसो।
सिँघान–ना० [सं० सिङ्घाण] नाकबाट निस्कने कफजस्तो मल।
सिँघाने–वि० [सिँघान+ए] १. नाकबाट सिँघान चुहाइरहने। २. लुरे। (ना०) ३. सिँघान पुछ्ने रूमाल। ४. चिप्लो न्यालजस्तो लेदो पदार्थ निस्कने एक झार।
सिँचाइ–ना० [सिँच्+आइ] सिचाइ।
सिँचाइनु–स० क्रि० [सिँचाउ+इ+नु] सिचाइनु; ('सिँचा-उनु'-को क० क्रि०)।
सिँचाउनु–स० क्रि० [सिँच्+आउ+नु] सिचाउनु; ('सिँच्नु'-को प्रे० क्रि०)।
सिँचिनु–स० क्रि० [सिँच्+इ+नु] सिचिनु; ('सिँच्नु'-को क० क्रि०)।
सिँच्नु–स० क्रि० [सिच्] सिच्नु।
सिँढ़ी–ना० [प्रा० सेढी] १. अग्लो ठाउँमा चढ्नाका निमित्त खुड्किला-खुड्किला पारी बनाएको साधन; इँट, ढुङ्गा, सिमन्टी आदिको भऱ्याङ। २. खुड्किलो। ३. बिस्तारै-बिस्तारै उन्नतितिर लाग्ने क्रम; क्रमशः उँभो लाग्ने काम। ४. श्रेणी; पङ्क्ति।
सिँदूर–ना० [सं० सिन्दूर] सिन्दूर।
सिँदूर-जात्रा–ना० [सं० सिन्दूर-यात्रा] सिन्दूर-यात्रा।
सिँदूरे–ना० [सिन्दूर+ए] सिन्दूरे।
सिँदूरे-आँप–ना० [सिँदूरे+आँप] भेट्नापट्टिको भागमा रातो बोक्रा हुने एक जातको आँप।
सिँधिया–ना० [ने०] सिजिया।
सिँधुली-गढ़ी–ना० [सिँधुली (स्थान)+गढ़ी] १. काठमाडौँ-उपत्यकाको दक्षिण-पूर्व दिशामा रहेको एक जिल्ला। २. त्यसै जिल्लामा रहेको गढी।
सिँधे-नून–ना० [सिन्ध (देश)+ए+नून] खानिबाट निस्कने एक प्रकारको नून।
सिँवाली–ना० [ने०] १. एउटै भेट्नुमा तीन-तीन वटा लाम्चा पात हुने, डल्ला अनेक रङ्गका फूल फुल्ने एक जातको बोट। (यो विभिन्न रङ्गको फूल फुल्ने–विभिन्न जातको हुन्छ।)
सिँवाली–ना० [सं० सैवाल] १. पानीमा हुने एक जातको

CC-0. In Public Domain. Digitization by eGangotri

हरियो झ्याउ। २. त्यसैको रोटी; सागा।

सिंह–ना० [सं०] १. गर्दनमा लामा-लामा केशर हुने बलवान् एक हिंसक जन्तु; शेर; केशरी। २. ठूलो वीर; महान् पराक्रमी। ३. कुनै वर्ग वा जातिको सर्व-श्रेष्ठ व्यक्ति। ४. ज्योतिषका बाह्र राशिमध्ये एक। ५. भाद्र महीनाको सङ्क्रान्ति।

सिंह-दरबार–ना० [सिंह+दरबार] काठमाडौँस्थित एक प्रसिद्ध, ऐतिहासिक, विशाल भवन। (हाल यो नेपाल-सरकारको सचिवालय भएको छ।)

सिंह-द्वार–ना० [सं०] दरबार आदिको प्रधान द्वार; मूल ढोका।

सिंह-नाद–ना० [सं०] १. सिंहको गर्जन। २. युद्धमा शत्रुलाई दिइने हाँक; ललकार। ३. जोड़का साथ गरिने कुरा; हाँक दिएर भनिने कुरा।

सिंहल–ना० [सं०] १. भारतको दक्षिणमा रहेको एक द्वीप; लङ्का। २. बोक्रो; छाला। ३. पीतल। ४. सोभिता धातु।

सिंहस्थ–वि० [सं०] १. सिंह राशिमा रहेको (कुनै ग्रह)। (ना०) २. बृहस्पति सिंह राशिमा रहँदाको समय।

सिंहावलोकन–ना० [सं०] १. सिंहले झैँ पछिल्तिर फर्केर हेर्नु। २. पहिले गरेका काममा दृष्टि लाउनु।

सिंहासन–ना० [सं०] देवता, राजा आदिको विशेष आसन; सिंहको मूर्ति भएको विशिष्ट आसन।

सिंहिनी–ना० [सं० सिंही] पोथी सिंह।

सिइनु–स० क्रि० [सिउ+इ+नु] सिउने काम गरिनु; ('सिउनु'-को क० क्रि०)।

सिउँडी–ना० [सं० सेहुण्ड] मसिना पाटा-पाटा परेका फूल फुल्ने, तीन वा तीनभन्दा बढ़ी पाटा परेका हरिया डाँठ हुने, डाँठका टुप्पामा मात्र बाक्ला पात हुने, दूध निस्कने एक जातको काँढ़ादार बोट। (यसका अनेक भेद छन्।)

सिउँड़े–ना० [सं० सुकेशिनी] तीन कुना परेका ठूला पात, धतूराका आकारका साना अनेक रङ्गका फूल र राता गोल फल हुने एक जातको लहरो। (आयुर्वेदमा यसको गुण कृमि, कुष्ठ, विष तथा आउँ नाश गर्ने र विरेचक बताइएको छ।)

सिउँदो–ना० [सं० सीमन्त] शिरका रौँहरू दुइ तिर पन्छाउँदा बीचमा पर्ने रेखा; स्यूँदो; सीमन्त।

सिउनी–ना० [सं० सिवनी] १. सिएको ठाउँ वा डोब; सिलाइ; स्यूनी। २. सिएको ज्याला; सिलाइको मजदूरी।

सिउनु–स० क्रि० [सं० सिव्+नु] सियो-धागोले कपड़ा आदि गाँस्नु वा जोर्नु; सुर्कनु; खुट्नु; स्यूनु।

सिउर–ना० [प्रा० सिहर] १. चराका टाउकामाथि हुने कल्की; शिखा; स्यूर। २. कपालमा मसिना आँठै-आँठा झिकी बाटेको एक किसिमको चुल्ठो; सिउरी।

सिउरनु–स० क्रि० [सिउर+नु] शिरमा वा माथितिर केही चीज घुसार्नु; स्यूरनु।

सिउराइ–ना० [सिउर+आइ] सिउरने किसिम, क्रिया वा भाव।

सिउराइनु–स० क्रि० [सिउराउ+इ+नु] सिउरन लाइनु; ('सिउराउनु'-को क० क्रि०)।

सिउराउनु–स० क्रि० [सिउर+आउ+नु] सिउरन लाउनु; ('सिउरनु'-को प्रे० क्रि०)।

सिउरिनु–स० क्रि० [सिउर+इ+नु] शिरमा वा माथितिर केही चीज घुसारिनु; ('सिउरनु'-को क० क्रि०)।

सिउरी–ना० [सिउर+ई] धेरै आँठा झिकी बाटिने एक किसिम-को चुल्ठो; सिउर।

सिउरी–ना० [ने०] भात, ढिँड़ो आदि पकाएका भाँड़ाको बिट वा घेरामा लागेर सुकेको माड़; माम्री।

सिउसिउ–क्रि० यो० [ने०] १. ज्यादै जाड़ो हुँदा मुखबाट शब्द निकाल्ने किसिम। (ना०) २. भेड़ा, बाख्रा, कुखुरा आदिलाई धपाउने शब्द।

सिक–ना० [प्रा० सिक्कग] माल-सामानहरू झुन्ड्याउनाका निमित्त लट्काइराखिने डोरीको एक किसिमको जाल; सिख; उझिन्डो।

सिक–ना० [सिन्को] औषध लगाउन वा सुगन्धी द्रव्य भिजाउन कपास बेह्रिएको छेस्को।

सिकटे–वि० [सुकुटे] सुकुटे।

सिकता–ना० [सं०] १. बालुवा। २. बलौटे जमीन। ३. चीनी।

सिकतिल–वि० [सं०] बालुवा धेरै भएको; बलौटे।

सिकर्मी–ना० [नेवा० सिकमि] काठको काम गर्ने कारीगर।

सिका–ना० [सं० शिक्य] माल-मत्ता राख्नाका निमित्त दलिनमा झुन्ड्याइने डोरीको एक किसिमको जाली; सिख।

सिकाइ–ना० [सिक्+आइ] सिक्ने किसिम, क्रिया वा भाव।

सिकाइ–ना० [सिकाउ+आइ] सिकाउने किसिम, क्रिया वा भाव।

सिकाइनु–स० क्रि० [सिकाउ+इ+नु] सिक्न लाइनु; ('सिका-उनु'-को क० क्रि०)।

सिकाउनु–स० क्रि० [सिक्+आउ+नु] १. कुनै काम वा कुरो-को ज्ञान गराउनु। २. सम्झाउनु; बुझाउनु। ३. पढ़ाउनु; शिक्षा दिनु। ४. अर्ती दिनु; उपदेश दिनु। ५. तालीम गर्नु; सधाउनु।

सिकाउनु–स० क्रि० [सिक्+आउ+नु] १. सिक्न लाउनु; ('सिक्नु'-को प्रे० क्रि०)। २. ज्ञान वा ज्ञान गराउनु; शिक्षा दिनु।

सिकार–ना० [सं० शिखर] एक माथि अर्को खप्टिएका जस्ता सीङ हुन एक जातको मृग।

सिकारु–नि० [सिक्+आरु] कुनै काम सिक्न लागेको; शिक्षा हासिल गर्न लागेको।

सिकिनु–स० क्रि० [सिक्+इ+नु] ज्ञान हासिल गरिनु; ('सिक्नु'-को क० क्रि०)।

सिकिस्त–वि० [फा० शिकस्त] १. ज्यादै बिरामी भएको;

CC-0. In Public Domain. Digitization by eGangotri

मरणासन्न। २. कठिन अवस्थामा परेको; असजिलो अवस्थाको। ३. खट्टा; खाँचो।

सिकिस्ती–ना० [सिकिस्त+ई] १. सिकिस्त अवस्था; बिमारीको मरणासन्न स्थिति। २. कठिन अवस्था। ३. ठूलो खाँचो; अत्यावश्यकता।

सिकुटे–वि० [सुकुटे] पातलो शरीरको; सुकुटे; सुसुपाल; चमेरे।

सिकुवा–ना० [ने०] १. घरको गजपट्टिको भाग वा छानो। २. घुमजस्तो पातको एक किसिमको छाता।

सिकुवा–वि० [सिक्+उवा] सिक्न लागेको; सिकारु।

सिको–ना० [सिक्+ओ] अरूले गरेको देखेर त्यस्तै गरिने काम; देखासिकी; नकल; अनुकरण।

सिक्का–ना० [अ०] १. सरकारी छाप लागेको, निर्दिष्ट मूल्यको धातुको चक्की; रुपियाँ-पैसा; मुद्रा। २. धाक; रवाफ। ३. हैकम।

सिक्ख–ना० [प्रा०] गुरु नानकले चलाएको मार्गका अनुयायी।

सिक्खे–ना० [प्रा० सिक्ख] चेलो; शिष्य।

सिक्त–वि० [सं०] १. सेचन गरिएको; सिञ्चित। २. अभिषिक्त। ३. भिजेको।

सिक्थ–ना० [सं०] मइन।

सिक्नु–स० क्रि० [प्रा० सिक्ख+नु] १. कुनै काम वा कुरो कसैबाट जान्नु; अरूद्वारा ज्ञान हासिल गर्नु। २. शिक्षा प्राप्त गर्नु; पढ्नु। ३. अभ्यास गर्नु; रफत गर्नु। ४. सिको गर्नु; देखासिकी गर्नु; अनुकरण गर्नु।

सिक्री–ना० [सं० शृङ्खला] धातुका मुन्द्राहरू परस्परमा जोल्ट्याएर बनाइएको डोरीजस्तो वस्तु; साङ्लो; जन्जीर।

सिक्रो–वि० [ने०] पातहरू झरिसकेको (बोट)।

सिख–ना० [प्रा० सिक्कग] सिक; उझिन्डो।

सिखर्नी–ना० [सं० शिखरिणी] पानी निथारेको दहीमा मसला आदि हालेर बनाइने खाद्य पदार्थ।

सिखल–ना० [ने०] धान चुट्ने खलाका वरि-परि लगाइने नलको घेरो।

सिगरेट–ना० [अं० सिगारेट] चुरोट।

सिगसिगाइ–ना० [सिगसिगाउ+आइ] सिगसिगाउने किसिम, क्रिया वा भाव।

सिगसिगाइनु–अ० क्रि० [सिगासिगाउ+इ+नु] सिगसिगो लागिनु; ('सिगसिगाउनु'-को भा० क्रि०)।

सिगसिगाउनु–अ० क्रि० [सिगसिगो+आउ+नु] जाड़ो, फोहर आदिले मनमा सगसग लाग्नु; सिगसिगो लाग्नु।

सिगसिगो–ना० [सगसग] जाड़ो वा फोहोरले मनमा उत्पन्न हुने असजिलोपन।

सिगार–ना० [अं०] सुर्तीको पातमात्र बेह्रेर बनाएको एक किसिमको ठूलो चुरोट।

सिङड़ा–ना० [सिँगड़ा] सिँगड़ा।

सिङमाङ–ना० [ने०] घिउ, तेल आदि हाल्ने काठको भाँड़ो।

सिङमूलै–क्रि० यो० [सिङ्गो+मूल+ऐ] १. स्वयम्; खास आफै। २. सिङ्गो नै; सिङ्गै।

सिङउरी–ना० [सीङ+आउरी] १. पशुहरूले ढिस्को, कान्लो, भित्तो आदिमा सीङ वा टाउको दलेर चिलाउने काम; सिङौरी; पशुहरूले परस्परमा सीङ जोरेर गर्ने लड़ाइँ वा खेल। २. जोरी खोज्ने काम।

सिङउरो–ना० [सिँगाउरो] सिँगाउरो।

सिङान–ना० [सिँगान] सिँगान।

सिङाने–वि० [सिङान+ए] सिँघाने।

सिङार–ना० [प्रा० सिङ्गार] सिँगार।

सिङार-पटार–ना० [सिङ्गार+पटार] सिङ्गार-पटार।

सिङाराइ–ना० [सिङार्+आइ] सिङार्ने किसिम, क्रिया वा भाव।

सिङारिनु–अ० क्रि० [सिङार्+इ+नु] सिँगारिनु।

सिङारु–ना० [सिँगारु] सिँगारु।

सिङारे–वि० [सिङार+ए] सिँगारे।

सिङार्नु–स० क्रि० [सिङार+नु] सिँगार्नु।

सिङौरी–ना० [सीङ+औरी] सिङउरी।

सिङौरो–ना० [सिँगौरो] सिँगौरो।

सिङ्ग-मरमर–ना० [फा० सङ्ग-मरमर] सङ्ग-मरमर।

सिङ्ग-मर्मर–ना० [फा० सङ्ग-मरमर] सङ्ग-मरमर।

सिङ्गल-बेन्च–ना० [अं०] एक जना न्यायाधीशको इजलास; एकीय-न्यायाधिकरण।

सिङ्गार–ना० [प्रा०] १. शोभा बढ़ाउनाका निमित्त सजाउने काम; शृङ्गार; सिँगार; सजावट। २. शोभा; सौन्दर्य। ३. सज-धजसाथको पहिरन; ठाँट-बाँट।

सिङ्गार-पटार–ना० [सिङ्गार+पट (सं०)+आर] सिँगार-पटार।

सिङ्गाराइ–ना० [सिङ्गार+आइ] सिङ्गार्ने किसिम, क्रिया वा भाव।

सिङ्गारिनु–स० क्रि० [सिङ्गार्+इ+नु] सिँगारिनु; ('सिङ्गार्नु'-को क० क्रि०)।

सिङ्गार्नु–स० क्रि० [सिङ्गार+नु] सिँगार्नु।

सिङ्गी–ना० [सीङ] सासले खिँची शरीरको कुनै अङ्गमा भएको वात वा रक्तको विकार हटाउने सीङ वा त्यसै आकारको कुनै साधन।

सिङ्गुलै–क्रि० यो० [सिङ्गो+मूल (सं०)+ऐ] १. खास आफै; स्वयम्; सिङमूलै। २. सिङ्गो नै; सिङ्गै।

सिङ्गे-माछो–ना० [सं० शृङ्गी+माछो] कत्ला नहुने, पखेटामा घोच्ने काँढ़ा हुने, रातो भावको एक जातको माछो।

सिङ्गो–वि० [सं० साङ्ग] १. सबै अङ्ग-प्रत्यङ्गले युक्त; टूट-फूट वा हिना-मिना नभएको; सग्लो। २. एकमात्र; केवल एउटा।

सिङ्ग्रिप–ना० [फा० सन्जरफ़] गाढ़ा रातो रङ्गको, सिन्दूर-जस्तो एक पदार्थ; सिम्रिक।

CC-0. In Public Domain. Digitization by eGangotri

सिङ्घसन–[अ॰ सङ्गेयशव] प्रायः हरियो रङ्गको हुने एक जातको बहु-मूल्य पत्थर। (यो विभिन्न रङ्गको पनि पाइन्छ।)

सिङ्ङ्रिप–ना॰ [सिङ्ङ्ग्रिप] सिङ्ग्रिप।

सिचाइ–ना॰ [सिच्+आइ] सिच्ने किसिम, क्रिया वा भाव।

सिचाइनु–स॰ क्रि॰ [सिचाउ+इ+नु] पानी छर्काइनु; ('सिचाउनु'-को क॰ क्रि॰)।

सिचाउनु–स॰ क्रि॰ [सिच्+आउ+नु] पानी छर्काउनु; ('सिच्नु'-को प्रे॰ क्रि॰)।

सिचिनु–स॰ क्रि॰ [सिच्+इ+नु] पानी छर्किनु; ('सिच्नु'-को क॰ क्रि॰)।

सिच्छे–ना॰ [सं॰ शिष्य] शिष्य।

सिच्नु–स॰ क्रि॰ [सं॰सिच्+नु] १. पानी छर्कनु; छम्कनु; अभिषेक गर्नु। २. बाली-नालीमा कुलो वा अन्य साधनले पानी हाल्नु।

सिजिइनु–अ॰ क्रि॰[सिजि+इ+नु]हरिया अन्न वा साग-पातहरू थुम्रिएर गुम्सिइनु; ('सिजिनु'-को भा॰ क्रि॰)।

सिजिनु–अ॰ क्रि॰ [सं॰ सिद्ध]हरिया अन्न वा साग-पातहरू थुम्रिएर गुम्सिनु।

सिजिया–ना॰ [ने॰] तेल-घिउ हाल्ने छालाको भाँड़ो; सिँधिया।

सिज्याइ–ना॰ [सिजि+याइ] सिजिने किसिम, क्रिया वा भाव।

सिज्याइ–ना॰ [सिज्याउ+आइ] सिज्याउने किसिम, क्रिया वा भाव।

सिज्याइनु–स॰ क्रि॰[सिज्याउ+इ+नु] साग-पात वा हरिया अन्नहरूलाई गुम्स्याइनु; ('सिज्याउनु'-को क॰ क्रि॰)।

सिज्याउनु–स॰ क्रि॰ [सिजि+याउ+नु] हरिया अन्न वा साग-पातहरूलाई थुप्रो लाएर गुम्स्याउनु।

सिञ्चन–ना॰ [सं॰] १. पानी छर्कने काम; सेचन। २. खेत-बारीमा पानी लाउने काम; सिचाइ।

सिञ्चित–वि॰ [सं॰] सिञ्चन गरिएको; सेचन गरिएको।

सिञ्जा–ना॰ [सं॰] आभूषणहरू बज्दा निस्कने आवाज।

सिञ्जित–ना॰ [सं॰] १. गहनाहरू बजेको शब्द; झङ्कार। (वि॰) २. झङ्कार-युक्त; ध्वनित।

सिटाइ–ना॰ [सिट्+आइ] सिट्ने किसिम, क्रिया वा भाव।

सिटा-सिटी–ना॰ [सिटो+सिटो] साना-तिना हाँगा-बिँगा; साना-तिना झिँजाहरूको समुदाय।

सिटिनु–स॰ क्रि॰ [सिट्+इ+नु] काममा जोतिनु; ('सिट्नु'-को क॰ क्रि॰)।

सिटो–ना॰ [?] १. सानो हाँगो; बिँगो। २. डन्डी-बियोका खेलमा 'सात'।

सिट्नु–स॰ क्रि॰ [?] १. दपेटेर काममा जोत्नु। २. छेड़ हानेर बेसरी भन्नु। ३. कड़ा शिक्षा दिनु। ४. धम्की दिनु। ५. हुच्चेर वा हानेर पठाएको बियोलाई लट्ठी वा सिटोले छेक्नु।

सिट्ठी–ना॰ [सं॰शिष्ट] १. बलेर गोल बनिसकेको भाग। २. तमाखुको गोल; सिठुवा। ३. ऊखु, नाशपाती, पान आदिको रस झिकिसकेको छोक्रा। (वि॰) ४. सिट्ठो।

सिटठो–वि॰ [सिट्ठी] साह्रै दुब्लो; पातलो; लौरी-पिञ्जर।

सिठी–ना॰ [सं॰ षष्ठि] १. ज्येष्ठ शुक्ल षष्ठिको दिन। २. त्यो दिन मनाइने चाड़।

सिठुवा–ना॰ [सिट्ठी] तमाखु डढ़ेर बाँकी रहेको गोल; सिट्ठी।

सित–ना॰ यो॰ [सं॰ सक्त] सँग; साथ।

सित–वि॰ [सं॰] १. सेतो; सफेद; श्वेत। २. चहकिलो; चम्किलो। ३. स्वच्छ; सफा। (ना॰) ४. शुक्ल-पक्ष; सुदी। ५. सक्खर। ६. चाँदी।

सित-कर–ना॰ [सं॰] चन्द्रमा।

सितन–ना॰ [सित] भात, ढिँड़ो, चिउरा आदि खानेकुरालाई रुचि-कर पार्न साथमा खाइने तिहुन, तरकारी, अचार आदि।

सित-मरीच–ना॰ [सं॰] सेतो-मरीच।

सिता–ना॰ [सं॰] १. सक्खर; चीनी। २. किरण; ज्योत्स्ना। ३. मल्लिका; मालती फूल। ४. मदिरा; रक्सी।

सितार–ना॰ [सं॰ सप्त+तार] सात तारको झङ्कारबाट स्वर-साधन गरिने एक प्रसिद्ध बाजा।

सितारा–ना॰ [फा॰ सितारः]१. सुन, चाँदी आदिको पातलो, बाटुलो र सानो चक्की। (यो शोभाका निमित्त टोपी, पछ्यौरा आदिमा लगाउने र टीका लाउने काममा प्रयोग हुन्छ।) २. तारा।

सितिमिती–क्रि॰ यो॰ [ने॰] सानो-तिनो प्रयत्नद्वारा; सजिलो किसिमसित; लरतरो यत्नले; हत्त-पत्त।

सितो–ना॰ [प्रा॰ सित्थ] भातको दाना; पाकेका चामलको गेड़ो।

सित्तँ–क्रि॰ यो॰ [सं॰ संहृति] १. बिनामोल; बेदाममा। २. व्यर्थ; बिनसित्ति। ३. नाहक; अकारण।

सिद्ध–वि॰ [सं॰] १. पूरा गरिएको; पूर्ण गरिएको। २. आँटे-को काम पूरा भएको; सफल। ३. लक्ष्यमा पुगेको; उद्देश्य पूरा भएको। ४. इच्छा पूरा भएको; सफल-मनोरथ। ५. आध्यात्मिक साधना पूरा गरेको। ६. योगद्वारा अलौकिक शक्ति प्राप्त गरेको। ७. पाएको; लब्ध। ८. शुद्ध पारिएको; संशोधित। ९. पवित्र; शुद्ध। १०. पाकेको; पक्व। ११. निपुण; दक्ष। १२. तर्क वा प्रमाणद्वारा ठीक ठहराइ-एको; प्रमाणित। १३. निश्चित; पक्का। १४. धर्मात्मा; पुण्यात्मा। १५. मुक्त; मोक्ष-प्राप्त। (ना॰) १६. सिद्धि प्राप्त गरेको योगी। १७. दिवस; दिन। १८. ऋषि; तपस्वी। १९. सत्ताईस योगमध्ये एक। २०. एक देव-योनि। २१. पहेँलो सर्स्यूँ।

सिद्ध-गुटिका–ना॰ [सं॰] अदृश्य हुनाका लागि मुखमा हालिने मन्त्र-सिद्ध एक कल्पित गोली।

सिद्धता–ना॰ [सं॰] सिद्ध हुनाको भाव; सिद्धत्व।

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धत्व–ना० [सं०] सिद्धता।

सिद्ध-पीठ–ना० [सं०] योग वा तान्त्रिक साधना शीघ्र सिद्ध हुने स्थान।

सिद्ध-हस्त–वि० [सं०] १. कुनै काममा राम्ररी हात बसिसकेको। २. दक्ष; कार्य-कुशल।

सिद्धा–ना० [सं०] १. ज्योतिष शास्त्रअनुसार एक योगिनी। २. सिद्ध स्त्री।

सिद्धाञ्जन–ना० [सं०] आँखामा लाउँदा जमीनमा गड़ेको वस्तु देखिने भनी प्रसिद्ध मन्त्र-सिद्ध अञ्जन।

सिद्धान्त–ना० [सं०] १. विचार र तर्कद्वारा निश्चय गरिएको मत। २. विद्या, कला आदिका सम्बन्धमा विद्वान्हरूद्वारा स्थापित, सत्य-रूपमा ग्रहण गरिएको मूल विचार; मान्य मत। ३. ऋषि-मुनिहरूको मान्य उपदेश। ४. सार कुरो; तत्त्व। ५. अन्तिम उद्देश्य। ६. निश्चित मतका आधारमा लेखिएको शास्त्रीय ग्रन्थ।

सिद्धान्ततः–क्रि० यो० [सं०] १. सिद्धान्तअनुसार; सिद्धान्त-बमोजिम। २. सिद्धान्तका रूपमा।

सिद्धान्ताभास–ना० [सं०] पक्षाभास।

सिद्धान्ती–वि० [सिद्धान्त+ई] १. आफ्नो सिद्धान्तमा स्थिर रहने (व्यक्ति)। २. शास्त्रीय सिद्धान्तहरू जान्ने। ३. तार्किक। ४. मीमांसक।

सिद्धान्न–ना० [सं०] १. पाकेको अन्न। २. सीधा।

सिद्धासन–ना० [सं०] १. योग-साधन गर्दा बस्ने एक आसन; चौरासी-आसनमध्ये एक। २. सिद्ध-पीठ।

सिद्धि–ना० [सं०] १. योग वा तपद्वारा प्राप्त हुने अलौकिक शक्ति। २. योग-साधनद्वारा प्राप्त हुने आठ प्रकारका सिद्धि। (अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, र वशित्व)। ३. मुक्ति; मोक्ष। ४. गरेको काम सिद्ध हुनु; सफलता। ५. कुनै कुरो प्रमाणित हुनु। ६. निश्चय; निर्णय। ७. पाक्नु; तयार हुनु। ८. निपुणता; दक्षता। ९. गणेशका दुइ पत्नी (ऋद्धि र सिद्धि)-मध्ये एक। १०. मेढाशृङ्गी। ११. भाङ।

सिद्धिइनु–अ० क्रि० [सिद्धि+इ+नु] समाप्त होइनु; ('सिद्धिनु'-को भा० क्रि०)।

सिद्धि-दाता–वि० [सं०] १. अणिमा आदि आठ सिद्धि दिने। २. कार्य सफल गरिदिने। (ना०) ३. गणेश।

सिद्धि-नर-सिंह–ना० [सं०] ललितपुर राज्यका मध्य-कालीन एक धार्मिक राजा। (ललितपुरको प्रसिद्ध कृष्ण-मन्दिर र प्राचीन राज-दरबार यिनैले बनाएका हुन्।)

सिद्धिनु–अ० क्रि० [सं० सिध्+इ+नु] १. सकिनु; समाप्त हुनु। २. रित्तिनु; खाली हुनु। ३. तय हुनु; टुङ्गिनु। ४. पूरा हुनु; सफल हुनु। ५. बिग्रनु; नाश हुनु। ६. मर्नु। ७. हार्नु।

सिद्धि-विनायक–ना० [सं०] गणेशको एक मूर्ति।

सिद्धयाइँ–ना० [सं० सिद्ध+याइँ] सिद्ध वा महात्मा हुनाको भाव।

सिद्धयाइ–ना० [सिद्धयाउ+इ] सिद्धयाउने किसिम, क्रिया वा वा भाव।

सिद्धयाइनु–स० क्रि० [सिद्धयाउ+इ+नु] समाप्त गरिनु; ('सिद्धयाउनु'-को क० क्रि०)।

सिद्धयाउनु–स० क्रि० [सिद्धि+याउ+नु] १. खतम गर्नु; समाप्त गर्नु। २. तय गर्नु; टुङ्ग्याउनु। ३. पूरा गर्नु; सफल पार्नु। ४. बिगार्नु; नाश गर्नु। ५. मार्नु। ६. हराउनु। ७. खाली पार्नु; रित्त्याउनु; ('सिद्धिनु'-को प्रे० क्रि०)।

सिद्रो–ना० [ने०] सिध्रो।

सिधाराइ–ना० [सिधार्+आइ] सिधार्ने किसिम, क्रिया वा भाव।

सिधारिनु–अ० क्रि० [सिधार्+इ+नु] हिँड़िनु; ('सिधार्नु'-को भा० क्रि०)।

सिधार्नु–अ० क्रि० [सं० सृ+नु] १. जानु; हिँड्नु। २. मर्नु।

सिध्रो–ना० [ने०] १. सिन्कीझैं खाँदेर बनाइएको माछा; सिद्रो। (वि०) २. ज्यादा दुब्लो र पातलो; सिकटे।

सिना-बिना–ना० [सेना+बिना (फाँ०)] साना-तिना केटा-केटी; भुरा-भुरी; ठिनामिना।

सिनाल–ना० [ने०] गर्धनमा र पुट्ठामा लामा-लामा रौं हुने एक जातको लेकाली बाख्रो।

सिनिक्त–क्रि० यो० [ने०] सिनित्त।

सिनित्त–क्रि० यो० [ने०] १. सफा-सुग्घर हुने किसिम। २. भएभएरका सबै माल-मत्ता लैजाने किसिम; सिनिक्त।

सिनियर-क्लर्क–ना० [अं०] दोस्रा-दर्जाको-कारिन्दा।

सिनीवाली–ना० [सं०] १. शुक्ल-पक्षको प्रतिपदा। २. वेद-विहित एक देवी।

सिनु–ना० [प्रा० सिन्न] मृत शरीर; लाश; मुर्दा।

सिनेट–ना० [अं० सेनेट] व्यवस्था वा प्रशासन गर्ने विशिष्ट व्यक्तिहरूको सभा।

सिनेमा–ना० [अं०] सेतो पर्दामा गति-शील देखिने छायाको चित्र; चल-चित्र; बाइस्कोप।

सिन्काउली–ना० [ने०] लाम्चा पात हुने, अण्डाकार साना फल फल्ने, सेता फूल फुल्ने एक जातको रूख; तेज-पातको वृक्ष। (आयुर्वेदमा यसको बोक्रो कफ र खोकीमा फायदा गर्ने र ठन्डा बताइएको छ। यो दालचीनीको काममा पनि लिइन्छ। यसको पातलाई तेज-पात भन्दछन्। आयुर्वेदमा यस पातको गुण कफ, वायु, विष आदिका दोषलाई नाश गर्ने बताइए-को छ।)

सिन्की–ना० [नेवा०] खाड़लमा खाँदेर अमिल्याएको मूला।

सिन्को–ना० [सं० इषीका] १. पातहरू गाँस्नाका निमित्त बनाएको बाँसको मसिनु छेस्को। २. छेस्को; तृण।

सिन्दूर–ना० [सं०] १. सौभाग्यवती स्त्रीले शोभाका निम्ति निधारमा वा सिउँदामा लगाउने वा देव-पूजामा प्रयोग

CC-0. In Public Domain. Digitization by eGangotri

गरिने, सुन्तला-रङ्गको एक किसिमको चूर्ण; सिँदूर। २. सौभाग्य। ३. सरकारी कर्मचारीको शोभा वा मान।

सिन्दूर-यात्रा–ना० [सं०] १. कुनै ठूलो कार्य-सिद्धि हुँदा गरिने उत्सव। २. राजाको राज्याभिषेकपछि गरिने उत्सव-पूर्वकको यात्रा; सिँदूर-जात्रा।

सिन्दूरे–ना० [सं० सिन्धुवार] १. साना-साना गाढ़ा राता झुप्पाकार फल फल्ने, खैरो मञ्जरीका रूपमा फूल फुल्ने एक जातको वृक्ष; सिँदूरे। (यसका अनेक जात छन्।) २. त्यसैको फल।

सिन्दूरे–ना० [सिन्दूर+ए] १. विवाहमा दुलहाले दुलहीलाई सिन्दूर हाल्दा थाप्ने कपड़ाको थान। २. गहूँका बोटमा लाग्ने एक जातको कीरो। (वि०) ३. सिँदूरका रङ्गको। ४. सिन्दूर हाल्ने; सिन्दूर राख्ने। ५. सिन्दूर-सम्बन्धी।

सिन्धु–ना० [सं०] १. समुद्र; सागर। २. नद। ३. सप्त-सिन्धुमध्येको एक नदी। ४. हात्ती। ५. नेपालको पूर्व-एक (१)-नम्बर इलाकाको एक क्षेत्र।

सिन्धुजा–ना० [सं०] १. लक्ष्मी। २. सीपी।

सिन्धुर–ना० [सं०] हात्ती।

सिन्धुवार–ना [सं०] निर्गुण्डी; सिन्दूरे।

सिपाइत–ना० [फा० सिफ़ारिश] सिफारिश; पुलस्त्याइँ।

सिपारत–ना० [सिपाइत] सिपाइत।

सिपालु–वि० [सीप+आलु] १. सीप भएको । २. कुनै काम-कुरोमा चतुर; निपुण; पोख्त।

सिपाही–ना० [फा०] १. सेनाका वा पुलीसका निम्न कक्षाको जागीरदार। २. दूत।

सिप्किनु–ना० [स्याप्प] स्याउला आदिको सानो सिटो।

सिप्रिक्क–क्रि० यो० [ने०] १. सेप्रिने किसिम; सेप्रो हुने किसिम। २. टाँसिने किसिम।

सिप्लिकान–ना० [ने०] लाम्चा नरम पात हुने, गोल फल फल्ने, पहेँला फूल फूल्ने एक जातको रूख। (यसका कलिला पातको अचार, तरकारी आदि बनाएर खाइन्छ। यसका काठको यज्ञ-पात्रहरू बनाइन्छन्।)

सिफर–ना० [ने०] विफर बिग्रँदा शरीरका जोर्नीमा आउने एक जातको खटिरो वा लोला।

सिफारिश–ना० [फा० सिफ़ारिश] १. कसैको कुनै काम सफल पार्नाका निमित्त त्यसका बारेमा गरिने मौखिक वा लिखित प्रशंसा; सिपाइत। २. कसैको योग्यता वा कार्य-क्षमताका बारेमा लेखिएको पत्र; प्रशंसा-पत्र। ३. कसैको कार्य-सिद्धि गर्नाका निमित्त कसैसित गरिने अनुरोध। ४. खुशामद; भन-सुन।

सिफारिशी–वि० [सिफारिश+ई] सिफारिश भएको; सिफा-रिश गरिएको।

सिभिल–ना० [अं०] १. निजामती। २. दीवानी।

सिम–ना० [सिमसिम] पानी कहिल्यै खाली नहुने जमीन; चिसमिरो जगा; सिमसार।

सिम–वि० [फा० सिह्] १. जमीनका चार किसिममध्ये तेस्रो। २. तेस्रो दर्जाको।

सिम-कुखुरो–ना० [सिम+कुखुरो] जल-कुखुरो।

सिमन्टी–ना० [अं० सिमेन्ट] घर बनाउने कामका निमित्त प्रयोग गरिने, माटो-रङ्गको, विशेष प्रकारका ढुङ्गा र माटाबाट तयार हुने एक किसिमको धूलो।

सिमन्ती–ना० [अं० सिमेन्ट] सिमन्टी।

सिम-रायो–ना० [सिम+रायो] सिमसारमा हुने, परपन्याउने एक जातको रायो।

सिमरौन-गढ़–ना० [?+गढ़] कर्नाट-वंशी राजाहरूले बनाएको, नेपालको बारा जिल्ला-अन्तर्गतको, मध्य-कालीन एक ऐतिहासिक गढ़।

सिमल–ना० [सं० शाल्मली] राता ठूला-ठूला फूल फुल्ने, अण्डाकार फल फल्ने, एउटै भेट्नुमा धेरै पात लाग्ने, काँढ़ा हुने एक जातको ठूलो वृक्ष। (यसको भूवा तकिया, डसना आदिको भित्र हालिन्छ। यसबाट प्रशस्त खोटो निस्कन्छ।)

सिमलकन्द–ना० [सं० शाल्मलीकन्द] १. पाँच-पाँच कुना परेका पात, खुट्किलै-खुट्किलाजस्तो परेको डाँठ र प्यूठाने-मूलाका आकारको जरा हुने एक जातको बोट। २. त्यसैको कन्द। (आयुर्वेदमा यसको गुण रेचक र ठन्डा बताइएको छ।)

सिमल-काँढ़े–वि० [सिमल+काँढ़ो] १. सिमलका काँढ़ाका आकारको पुष्ट, सानो र चुच्चो परेको (स्तन)। २. त्यस्ता स्तन भएकी (नवयुवती)।

सिमलचरी–ना० [ने०] अन्नकी अधिष्ठात्री देवी; धान्य-लक्ष्मी।

सिम-लट्टे–ना० [सिम+लट्टे] पानी-लट्टे।

सिमसार–ना० [ने०] १. चिसमिरो जमीन; सिम। २. धाप; दलदल।

सिमसिम–क्रि० यो० [ने०] १. मसिना थोपासाथ हल्का पानी पर्ने किसिम; विरबिर; रिमरिम। २. अलि-अलि पानी हुन किसिम; थोर-बहुत पानी हुने किसिम।

सिमसिमे–वि० [सिमसिम+ए] १. सिमसिम गरेर परेको; विरबिरे (पानी)। २. सिम भएको; सिमसार परेको (जमीन)।

सिमाना–ना० [सं० सीमा] सीमा।

सिमाली–ना० [सिँवाली] सिँवाली।

सिमी–ना० [सं० शिम्बी] १. बोड़ीका जस्ता पात हुने, विभिन्न रङ्गका फूल फुल्ने, हरिया लामा कोसा फल्ने एक जातको लहरो। २. त्यसैको कोसा वा कोसाभित्र हुने गेड़ा। (यसका अनेक जात छन्। आयुर्वेदमा यसको गुण अग्नि, बुद्धि र रुचि बढ़ाउने बताइएको छ।)

सिमे–वि० [सिम+ए] १. सिम-सम्बन्धी; सिमसारको। २. सिमसारमा रहने।

सिमेन्ट–ना० [अं०] सिमन्टी।

सिमेभूमे–ना० [सिम+भूमि] सिम र भूमिमा रहने एक देव-गण।

CC-0. In Public Domain. Digitization by eGangotri

सिम्कनु–ना० [सिन्को+नु] झीनो लट्ठी; सानो-तिनो लट्ठी; सिम्किनु।

सिम्किनु–ना० [सिम्कनु] सिम्कनु।

सिम्टा–ना० [ने०] १. सल्लाको फल वा गानु। २. हलेदाको सुकेको चाना।

सिम्बितिका–ना० [सं०] स्याउ।

सिम्रिक–ना० [सिङ्ग्रिप] सिङ्ग्रिप।

सियाँल–ना० [सं० शीतल] १. घाम छेकिएको ठाउँ; ओझेल परेको ठाउँ; छाया; छाहारी।

सियाइ–ना० [सिउ+आइ] सिउने किसिम, क्रिया वा भाव; सिलाइ।

सियाइनु–स० क्रि० [सियाउ+इ+नु] सिउन लाइनु; ('सियाउनु'-को क० क्रि०)।

सियाउनु–स० क्रि० [सिउ+याउ+नु] सिउन लाउनु; सिलाउनु; ('सिउनु'-को प्रे० क्रि०)।

सियो–ना [सं० सीवनी] १. कपड़ा आदि सिउने मसिनु फलामे साधन। २. सुइरो; सूई। ३. हलाको डोब; हलाले जोतेको डोरो।

सिर–ना० [प्रा०] शिर।

सिरक–ना० [शीत+रक्षक] भित्र रूवो भरेर तगेको दोलाइँजस्तो बाक्लो ओढ्ने वस्त्र।

सिरका–ना० [फा० सिर्कः] घाममा राखेर अमिल्याएको ऊखु, अङ्गूर, अनार आदिको रस; सिर्का।

सिरप–ना० [अं०] शरबत।

सिर-पाउ–ना० [सिर+पाउ] शिर-पाउ।

सिर-पोश–ना० [सिर+पोश (फा०)] शिर-पोश।

सिर-बन्दी–ना० [शिर-बन्दी] शिर-बन्दी।

सिर-बेहोरा–ना० [सिर+बेहोरा] शिर-बेहोरा।

सिरसिर–क्रि० यो० [अनु०] हल्का बतास चल्ने किसिम।

सिरा–ना० [सं०] १. शरीरमा रक्तको प्रवाह हुने नाड़ी। २. कँड़ाली।

सिरान–ना० [सिर+आन] सिह्रान।

सिरानी–ना० [सिरान+ई] सिह्रानी।

सिरिङ्ग–क्रि० यो० [ने०] १. ज्वर, भय, जाड़ो आदिले शरीरमा रोमाञ्च पैदा हुने किसिम; जुरुङ्ग; जिरिङ्ग। २. दाँतमा ढुङ्गा वा चिसो-तातो वस्तु लाग्दा एक किसिमले पीडा हुने किसिम।

सिरिङ्ङ–क्रि० यो० [सिरिङ्ग] सिरिङ्ग।

सिरिया–ना० [ने०] सिजिया।

सिरी–ना० [सं० श्री] श्री; शोभा; सौन्दर्य।

सिरी-खुरी–ना० [सिरी+खुरी (फाँ०)] १. भएभरको सम्पत्ति; श्री-सम्पत्ति; सर्वस्व। २. भएभरका सम्पत्तिको हरण वा नाश।

सिरिस–ना० [प्रा०] शिरीष वृक्ष।

सिरु–ना० [सं० रसाल] कुशका जस्ता लामा-लामा पात र काँसका जस्ता सेता फूल हुने एक जातको झार। (आयुर्वेदमा यसका जराको गुण ठन्डा र पौष्टिक बताइएको छ।)

सिरुपाते–वि० [सिरु+पात+ए] सिरुका पातका आकारको (खुकुरी)।

सिरुवारी–ना० [सं० शितावरी] सिरुवारे झार।

सिरुवारे–ना० [सं० शितावरी] लाम्चा पात, गुलाफी घोगाका आकारका फूल र घोगामा तिलजस्ता मसिना टल्कने गेड़ा हुने एक जातको झार; सिंतावरी; शितावर।

सिरेटो–ना० [सिर्र] चिसो र कड़ा हावा; स्याँठ।

सिरौंला–ना० [ने०] धान भुटेर बनाएको एक प्रकारको चामल।

सिर्का–ना० [फा० सिर्कः] सिरका।

सिर्को–ना० [सं० सृ] दूध, पानी आदिको मसिनो धारो।

सिर्जना–ना० [सं० सृज्] १. रचना; निर्माण। २. सृष्टि; उत्पत्ति; सृजना। ३. आरम्भ; शुरू।

सिर्तो–ना० [?] १. सामन्त राजा वा रजौटाहरूले ठूला राजा वा सम्राट्लाई बुझाउने कर। २. कर-बलले दिनुपर्ने रकम।

सिर्फ–क्रि० यो० [अ० सिर्फ़] एकमात्र; केवल; खालि।

सिर्र–क्रि० यो० [अनु०] १. चिसो र कड़ा हावा चल्ने किसिम। २. सिर्को झर्ने किसिम।

सिल–ना० [प्रा० सिंखला] १. उनेका माछाहरूको माला। २. कपालमा लाग्ने जम्राको समूह वा ताँती।

सिलखान–ना० [सिलखाना] सिलखाना।

सिलखाना–ना० [अ० सिलाह+खाना (फा०)] फौजी हात-हतियार राख्ने ठाउँ; शस्त्रागार; जङ्गी असबाब-खाना।

सिलखुट्टे–वि० [सं० शीर्ण+खुट्टे] झीना र निर्धा खुट्टा हुने; सुइँखुट्टे।

सिलगढ़ी–ना० [अ० सिलाह+गढ़ी] नेपालको पश्चिमी क्षेत्रमा रहेको डोटी जिल्ला-अन्तर्गतको एक बस्ती। (यो डोटी र अछामको संदर मुकाम हो।)

सिलसिला–ना० [अ०] १. क्रम; तारतम्य। २. श्रेणी; पङ्क्ति। ३. प्रसङ्ग; सन्दर्भ।

सिलसिलेवार–वि० [अ० सिलसिला+वार (फा०)] १. सिलसिला मिलेको; तारतम्य-युक्त। २. श्रेणी-बद्ध; क्रम-बद्ध।

सिला–ना० [प्रा०] शिला।

सिलाइ–ना० [सिउ+आइ] १. सिउने किसिम, क्रिया वा भाव। २. लुगा-फाटामा सिएको ठाउँ; सिउनी। ३. लुगा-फाटो सिएको ज्याला।

सिलाइनु–स० क्रि० [सिलाउ+इ+नु] सिउन लाइनु; ('सिलाउनु'-को क० क्रि०)।

सिलाउनु–सं० क्रि० [सिउ+लाउ+नु] सिउन लाउनु; सियाउनु; ('सिउनु'-को प्रे० क्रि०)।

CC-0. In Public Domain. Digitization by eGangotri

सिलाजित–ना० [सं० शिलाजित्] शिलाजित् ।

सिलाम–ना० [ने०] १. केही ठूला, तुलसीका जस्ता, बास्ना आउने पात, मञ्जरीको रूपमा फुल्ने सेता फूल, र साबूदानाजस्ता सेता दाना हुने एक जातको बोट । २. त्यसैको दाना । (यसको अचार बनाई खाइन्छ ।)

सिलिक–ना० [अं० सिल्क] १. रेशम; सिल्क । २. रेशमी कपड़ा वा ओढ्ने वस्त्र ।

सिलिक्सन–ना० [अं० सील+स्किन] सील नामक समुद्री जन्तुको नरम भूवादार छाला । (यसको टोपी लगाइन्छ ।)

सिलिङ–ना० [अं०] दलिनमा ठोकिने काठ, टिन आदिको बुट्टे फल्याक वा पातो ।

सिलिङ-बिलिङ–क्रि० यो० [सलबल] सर्प, गड्यौँला, माछा, जूका आदि चलिरहने किसिम; सिलिङ-मिलिङ ।

सिलिङ-मिलिङ–क्रि०यो०[सिलिङ-बिलिङ]सिलिङ-बिलिङ ।

सिलिङ-सिलिङ–क्रि० यो० [सं० सल] सिलिङ-बिलिङ ।

सिलिबिलि–क्रि० यो० [सलबल] सिलिङ-बिलिङ ।

सिली–ना० [प्रा० सिला] छुरा, हँसिया आदि उध्याउने सानो ढुङ्गो; शिली ।

सिलेट–ना० [अं० स्लेट] अक्षर लेख्ने, कालो र पातलो, ढुङ्गाको पाटी; सिलोट ।

सिलेभर–ना० [सिल्भर] सिल्भर ।

सिलो–ना० [प्रा०] ढुङ्गो; पत्थर; शिला ।

सिलोक–ना० [सं० श्लोक] श्लोक ।

सिलोट–ना० [सिलेट] सिलेट ।

सिलो-बालो–ना० [सं० शिल+बाला] धान, गहूँ आदि काट्दा जमीनमा खसेको वा छुटेको बाला ।

सिलौटो–ना० [शिला+औटो] मसलाहरू पिँध्ने चेप्टो र सम्म परेको ढुङ्गो ।

सिल्क–ना० [अ०] सिलिक; रेशम ।

सिल्टिमुर–ना० [सं० शैल+टिमुर] १. लाम्चा पात, पहेँला फूल, मरीचका दानाजत्रा परपराउने फल हुने एक जातको वृक्ष । २. त्यसैको बास्ना आउने फल; एक जातको टिमुर । (आयुर्वेदमा यसको गुण वात, कफ, अरुचि नाश गर्ने र अग्नि बढ़ाउने बताइएको छ ।)

सिल्पट–वि० [अं० स्लीपर] १. ज्यादा घस्टिएको वा खिइएको; मलेदा (मोहर, रुपियाँ) । २. बेकम्मा । ३. स्वाँठ; शठ । (ना०) ४. चार-पाटे काठको ठेउको वा सत्तरी ।

सिल्भर–ना० [अ०] १. चाँदीजस्तै सेतो एक मिश्रित धातु । २. अलमोनियम; सिलेभर ।

सिल्लड़–वि० [सिल्ली+अड़] केही बहुलाहापन भएको; अर्ध-सिल्ली; अर्धङ्गी ।

सिल्ली–वि० [सं० सृणीक] बहुलाहा; पागल ।

सिवा–ना० यो० [अ०] सिवाय ।

सिवाय–ना० यो० [अ० सिवा] बाहेक; छोड़ेर; अतिरिक्त; सिवा ।

सिसितिल–ना० [?+तिल] १. बाटुला झुसिला पात, पहेँला फूल, पाटा परेको डाँठ हुने र मकोईका जस्ता दाना फल्ने एक जातको बोट । २. त्यसैको फल ।

सिसिर–ना० [प्रा०] शिशिर ।

सिसी-फूल–ना० [?+फूल] १. खण्ड-खण्ड परेका साना, लाम्चा, दूध आउने पात र हरिया डल्लामा पहेँला साना-साना फूल हुने एक जातको बूटी । २. त्यसैको फूल । ३. कानका कोपिलामा लाउने एक किसिमको गहना ।

सिसो-बासो–ना० [सं० शिशु+वास] केही दिनका निमित्त आफूले जिम्मा लिएका बाल-बच्चा ।

सिसौ–ना० [सं० शिंशपा] १. लामा-लामा खैरा फल फल्ने, खूब बलियो काठ हुने एक जातको वृक्ष । २. त्यसैको काठ ।

सिस्नु–ना० [?] सेतो भावको हरियो फूल फुल्ने, बिझ्ने र पोल्ने सेता काँढ़ा हुने एक प्रसिद्ध झार । (आयुर्वेदमा यसको गुण गरम, रूखो, रुचि-कारक, अग्नि-वर्द्धक, कफ एवम् वात-नाशक र हृदयलाई हित गर्ने बताइएको छ ।)

सिस्ने-जरो–ना० [सिस्नु+जरो] लाम्चा मसिना चिप्ला र नरम पात हुने, ठूला-ठूला पहरामा उम्रने एक जातको लहरो । (सेल, अनरसा आदि रोटी पकाउँदा यसको उपयोग गरिन्छ ।)

सिहुँड़ी–ना० [सं० सेहुण्ड] सिउँड़ी ।

सिहिरेटो–ना० [सिरेटो] सिरेटो ।

सिह्लान–ना० [सिर+आन] १. नदी-नाला आदि निस्केको ठाउँ; मुहान । २. सुत्दा टाउकोपट्टिको ठाउँ । ३. तकिया; सिह्लानी ।

सिह्लानी–ना० [सिह्लान+ई] तकिया ।

सीँ–क्रि० यो० [ने०] बेगसित नाकबाट सिँगान निकाल्दा शब्द आउने किसिम ।

सीँग–ना० [प्रा० सिङ्ग] सीङ ।

सी०आइ०डी०–ना० [अं०] १. गुप्ती-पुलीस-विभाग । २. गुप्ती-पुलीस ।

सीकर–ना० [सं०] १. पानीको छिटा; बाछिटा । २. जल-कण; थोपो ।

सीघ्र–ना० [सं०] गुद-द्वार ।

सीङ–ना० [प्रा० सिङ्ग] प्रायः खुर भएका पशुहरूका टाउकामा हुने, हतियारको काम लिइने, तीखा र लामा हाड़जस्ता अवयव; श्रृङ्ग; विषाण ।

सीट–ना० [अं०] बस्ने ठाउँ; आसन ।

सीटी–ना० [सं० शीतृ] १. ओठ खुम्च्याएर जोड़सित हावा निकाल्दा आउने तीखो आवाज । २. कुनै किसिमको सङ्केत गर्नाका निमित्त फुकेर बजाइने एक किसिमको बाजा वा साधन । ३. रेल, इन्जिन आदि आएको सूचित गर्ने एक किसिमको ध्वनि-यन्त्र । ४. त्यस्तो यन्त्र वा साधनको वा त्यस्तै अरु कुनै आवाज ।

सीता–ना० [सं०] १. जोत्दा जमीनमा परेको हलाको रेखा ।

CC-0. In Public Domain. Digitization by eGangotri

२. कृषिकी अधिष्ठात्री देवी। ३. मिथिलाका राजा जनककी पुत्री; रामकी पत्नी। ४. पुराणअनुसार आकाश-गङ्गाका चार धारामध्ये एक। ५. जोतिएको जमीन। ६. खेती। ७. लक्ष्मी। ८. पार्वती। ९. मदिरा।

सीता-फल–ना० [सं०] ठूलो वृक्षमा फल्ने, माथि रातो हुने पहेँलो बोक्रा भएका फल हुने एक जातको सलिफा।

सीत्कार–ना० [सं०] पीडा वा रति-समयमा मुखबाट निस्कने 'सी-सी' शब्द।

सीत्कृति–ना० [सं०] सीत्कार।

सीधा–वि० [सं० सिद्ध] १. कुटिल वा कपटी नभएको; सरल प्रकृतिको; निष्कपट। २. शान्त स्वभावको; साधु। ३. शिष्ट; भलादमी। ४. बाङ्गो नभएको; सोझो। ५. लक्ष्यतिर सोझै लागेको। ६. सोझो ठिङ्ग उभिएको; खड़ा। (ना० यो०) ७. अगाड़ि; सामुन्ने।

सीधा–ना० [सं० असिद्ध] १. ब्राह्मणलाई दान-रूपमा दिइने दाल, चामल आदि काँचो अन्न। २. नपकाएको अन्न।

सीधा-सादा–वि० [सीधा+सादा] १. सरल स्वभावको; साधु प्रकृतिको। २. सीधा र सादा।

सीधा-साधा–वि० [सीधा-सादा] सीधा-सादा।

सीप–ना० [सं० शिल्प] १. हातद्वारा माल-सामानहरू तयार गर्ने कला; कारीगरी; हस्त-कौशल; शिल्प। २. कौशल।

सीपी–ना० [सं० शुक्ति] १. जलाशय वा समुद्रमा पाइने, शङ्खजस्तो कड़ा खोलभित्र रहने एक जातको कीरो। २. त्यसैको खोल। (यसको टाँक, किलिप आदि बनाइन्छ। आयुर्वेदीय औषधमा यसको भस्म प्रयोग गरिन्छ।)

सीमन्त–ना० [सं०] १. सिउँदो। २. सीमा; सिमाना। ३. सीमन्तोन्नयन संस्कार।

सीमन्त-कर्म–ना० [सं०] सीमन्तोन्नयन।

सीमन्त-संस्कार–ना० [सं०] सीमन्तोन्नयन।

सीमन्तोन्नयन–ना० [सं०] गर्भाधान भएको चौथो, छैटौं वा आठौं महीनामा गरिने द्विजातिका षोडश-संस्कारमध्ये एक; सीमन्त-कर्म।

सीमा–ना० [सं०] १. कुनै ठाउँ, जिल्ला वा देशका चारैतिरको विस्तारको अन्तिम रेखा; साँध; सिमाना। २. नियम वा आचारको हद; मर्यादा। ३. किनारा; छेउ। ४. हद।

सीमाना–ना० [सं० सीमा] सीमा; सिमाना।

सीमान्त–ना० [सं०] १. सीमामा रहेको स्थान। २. हद; सीमा।

सीमान्तिक–वि० [सं०] सीमान्त-सम्बन्धी।

सीमित–वि० [सं०] १. सीमा बाँधिएको; हद तोकिएको। २. नियमभित्र रहेको। ३. थोरै; परिमित।

सीमित-राज-तन्त्र–ना० [सं०] राजाका अधिकारलाई विधान-द्वारा सीमित तुल्याई कायम गरिएको राज-तन्त्र।

सीमोल्लङ्घन–ना० [सं०] १. सीमा नाघ्ने काम। २. मर्यादा उल्लङ्घन गर्ने काम।

सीर–ना० [सं०] १. हलो। २. सूर्य।

सीर-जमीन–ना० [सं० सीर+जमीन] जमीनदारका खान्कीमा ठेकिएको जमीन; जिरायत।

सीर-ध्वज–ना० [सं०] मिथिलाका राजा जनक।

सील–ना० [प्रा०] शील।

सील–ना० [अं०] १. लाहा, धातु आदिमा लगाइने छाप। २. छाप लगाएको सुन, चाँदी आदिको साँप्लो।

सील–ना० [अं०] ध्रुव-प्रदेशको समुद्रमा हुने स्तन-पायी एल जातको ठूलो जन्तु। (यसका अनेक जाति छन्।)

सील-टेन्डर–ना० [अं० सील्ड-टेन्डर] खाम-बन्दी गरी लाहा-छाप लगाएर दिइने एक किसिमको टेन्डर।

सीवन–ना० [सं०] १. सिउने काम; सिलाइ। २. सूचीकारको काम। ३. सिउनी।

सीवनी–ना० [सं०] १. सियो। २. लिङ्गदेखि गुँदासम्म देखिने जोर्नीको रेखा।

सीस–ना० [सं०] सीसक।

सीसक–ना० [सं०] सीसा धातु।

सीस-महल–ना० [फा० शीश-महल] शीश-महल।

सीसा–ना० [सं० सीसक] खरानीका रङ्गको, गह्रौं, एक प्रसिद्ध धातु; सीसक।

सीसा-कलम–ना० [सीसा+कलम] भित्रपट्टि सीसा, सुर्मा पत्थर वा रङ्गीन खरी आदिको सिन्काजस्तो अवयव भरिएको काठको एक प्रकारको कलम; पेन्सिल।

सु–ना० [सुसु] सुसु।

सु–उप० [सं०] शब्दको अगिल्तिर लागेर सुन्दर, उत्तम, बढ़िया, श्रेष्ठ, राम्ररी, अनायास, अतिशय आदि अर्थ बुझाउने एक उपसर्ग। (उदा०–सुदर्शन, सुगन्ध, सुकर्म आदि।)

सुँक्क–क्रि० यो० [ने०] १. रुँदा बीच-बीचमा नाकबाट जोड़-सित सास तान्ने किसिम। २. नाकबाट निस्कन लागेको सिँगान भित्र तान्दा शब्द आउने किसिम।

सुँक्क-सुँक्क–क्रि० यो० [सुँक्क+सुँक्क] बार-बार सुँक्क गर्ने किसिम।

सुँगुर–ना० [सं० शूकर] बनेलका जातको एक घर-पाला जन्तु; च्वाँचे।

सुँघनी–ना० [सुँघ्+नी] नस।

सुँघाइ–ना० [सुँघ्+आइ] सुँघ्ने किसिम, क्रिया वा भाव।

सुँघाइनु–स० क्रि० [सुँघाउ+इ+नु] सुँघ्न लाइनु; ('सुँघाउनु'-को क० क्रि०)।

सुँघाउनु–स० क्रि० [सुँघ्+आउ+नु] सुँघ्नु लाउनु; ('सुँघ्नु'-को प्रे० क्रि०)।

सुँघिनु–स० क्रि० [सुँघ्+इ+नु] बास लिइनु; ('सुँघ्नु'-को क० क्रि०)।

सुँघो–ना० [सं० सुगन्ध] १. भुटेका अन्नहरूबाट वा सुकेका खरा वस्तुहरूबाट आउने बास्ना। २. सुकेको माटो, नयाँ ईंट, गाग्रो आदिमा पानी पर्दा आउने बास्ना।

सुँघ्नु–स० क्रि० [सं० शिङ्घ्+नु] नाकद्वारा गन्धको अनुभव

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नु; वास लिनु।

सुँड़िनी–ना० [सं० शुण्डी] सुँड़ेनी।

सुँड़ेनी–ना० [सं० शुण्डी] सुत्केरीको स्याहार-सुसार वा उपचार गर्ने स्त्री; प्रसव-सम्बन्धी उपचार गर्ने स्त्री-वैद्य; सुँड़िनी।

सुअवसर–ना० [सं० सु+अवसर] राम्रो मौका; उचित अवसर।

सुइँकनु–अ० क्रि० [सुइँत्त+नु] १. अरूले थाहा नपाउने गरी भाग्नु; सुइँकुच्चा ठोक्नु। २. दौड़नु; दगुर्नु। ३. बिग्रनु; नाश हुनु। ४. मर्नु। ५. कुनै काम गर्न आँट गर्नु; तम्सनु।

सुइँकिनु–अ० क्रि० [सुइँक+इ+नु] १. सुइँकुच्चा ठोकिनु; ('सुइँकनु'-को भा० क्रि०)। २. सुइँकनु।

सुइँकुच्चा–ना० [सुइँक] १. सुइँकने काम; कसैले चाल नपाउने गरी वेगले भाग्ने काम। २. दौड़ाइ; दगुर्ने काम।

सुइँको–ना० [प्रा० सुइ] १. गुप्त खबर; सुराग; सूत्र। २. भित्री हल्ला; घुइरो। ३. इशारा; सङ्केत।

सुइँक्याइ–ना० [सुइँकि+याइ] सुइँकिने किसिम, क्रिया वा भाव।

सुइँक्याइ–ना० [सुइँक्याउ+आइ] सुइँक्याउने किसिम, क्रिया वा भाव।

सुइँक्याइनु–स० क्रि० [सुइँक्याउ+इ+नु] उत्साहपूर्वक काम गरिनु; ('सुइँक्याउनु'-को क० क्रि०)।

सुइँक्याउनु–स० क्रि० [सुइँकि+याउ+नु] १. उत्साहपूर्वक कुनै काम गर्नु। २. भगाउनु; दौड़ाउनु। ३. चोर्नु। ४. पर-स्त्री-गमन गर्नु। ५. सर्व-नाश गर्नु। ६. मार्नु।

सुइँखुट्टे–वि० [सुई+खुट्टो] झीना र लामा खुट्टा हुने; सिलखुट्टे।

सुइँठाइ–ना० [सुइँठाउ+आइ] सुइँठाउने किसिम, क्रिया वा भाव।

सुइँठाइनु–अ० क्रि० [सुइँठाउ+इ+नु] खूब मोटाइनु; ('सुइँठाउनु'-को भा० क्रि०)।

सुइँठाउनु–अ० क्रि० [ने०] १. खूब मोटाउनु; हृष्ट-पुष्ट हुनु; सुइँठिनु। २. खूब धनी हुनु; सम्पन्न हुनु।

सुइँठिनु–अ० क्रि० [सुइँठि+इ+नु] सुइँठाइनु; ('सुइँठिनु'-को भा० क्रि०)।

सुइँठिनु–अ० क्रि० [ने०] सुइँठाउनु।

सुइँठ्याइ–ना० [सुइँठि+याइ] सुइँठिने किसिम, क्रिया वा भाव।

सुइँठ्याइ–ना० [सुइँठ्याउ+आइ] सुइँठ्याउने किसिम, क्रिया वा भाव।

सुइँठ्याइनु–स० क्रि० [सुइँठ्याउ+इ+नु] खूब मोटो पारिनु; ('सुइँठ्याउनु'-को क० क्रि०)।

सुइँठ्याउनु–स० क्रि० [सुइँठि+याउ+नु] १. मोटो पार्नु; हृष्ट-पुष्ट तुल्याउनु। २. स्त्री-समागम गर्नु।

सुइँत्त–[सुइत्त] सुइत्त।

सुइँय्यँ–क्रि० यो० [अनु०] सीटी वजाउँने वा वेगले कुनै कुरो जाने वा जाँदा शब्द आउने किसिम।

सुइटर–ना० [अं० स्वेटर] स्वीटर।

सुइत्त–क्रि० यो० [ने०] छिटोसित जाने किसिम; वेगसित उच्छिट्टिने किसिम; फुत्त।

सुइया–ना० [ने०] सेतो र सानो एक जातको माछो।

सुइय्य–क्रि० यो० [अनु०] थाकेर विश्राम लिंदा निश्वास छोड्ने वा छोड्दा शब्द निकाल्ने किसिम।

सुइरे–वि० [सुइरो+ए] १. सुइरोजस्तो तीखो भएको; सुहराका आकारको। २. टुसा वा सुइरा परेर उम्रने (पिँड़ालु, गहूँ आदि)।

सुइरो–ना० [सुई+रो] १. विशेषतः फलामको लामो र तीखो वस्तु; घोच्ने वा उन्ने कामको तीखो साधन। २. घोचेर प्रहार गरिने तीखो टुप्पो भएको हतियार। ३. टुसो; गाभो।

सुई–ना० [प्रा० सूई] सूई।

सुकण्ठ–वि० [सं०] १. गला वा स्वर राम्रो भएको; मधुर स्वरको। (ना०) २. रामायण-प्रसिद्ध एक वानर-राज।

सुकर–वि० [सं०] सजिलैसित गर्न सकिने; सुगम; सहज।

सुकरता–ना० [सं०] सुकर वा सुगम हुनाको भाव; सरलता।

सुकर्म–ना० [सं०] १. असल काम; उत्तम कार्य; सत्कर्म। २. एक देव-वर्ग। ३. ज्योतिषका सत्ताईस योगमध्ये एक।

सुकर्मा–वि० [सं०] १. सुकर्म गर्ने; सत्कर्ममा लागेको। (ना०) २. विश्व-कर्मा। ३. फलित-ज्योतिषका सत्ताईस योगमध्ये एक।

सुकर्मी–वि० [सं०] १ असल काम गर्ने; सत्कर्म गर्ने। २ धार्मिक; पुण्यात्मा। ३. सदाचारी।

सुकला–ना० [सं० सुकाल] सुत्ने काम; निदाउने काम; शयन (मान्य जनप्रति मात्र प्रयोग गरिने शब्द)।

सुकवि–ना० [सं०] उत्तम काव्य-रचना गर्ने कवि; श्रेष्ठ कवि।

सुकसुकाउँदो–वि० [ने०] १. सुघरी। २. सुकुमार।

सुका–ना० [अ० सूक़] पच्चीस पैसाको समूह; एक मोहरको आधा भाग।

सुकाइ–ना० [सुक्+आइ] सुक्ने किसिम, क्रिया वा भाव।

सुकाइ–ना० [सुकाउ+आइ] सुकाउने किसिम, क्रिया वा भाव।

सुकाइनु–स० क्रि० [सुकाउ+इ+नु] सुक्ने पारिनु; ('सुकाउनु'-को क० क्रि०)।

सुकाउनु–स० क्रि० [सुक्+आउ+नु] १. पानी वा चिसोपन घाम, हावा, आगो आदिद्वारा सोसाउनु; सुक्ने पार्नु; सुक्खा गराउनु। २. सुक्नका निमित्त कुनै वस्तु घाम आदिका ताप वा हावा भएका ठाउँमा राख्नु; ('सुक्नु'-को प्रे० क्रि०)।

सुकाल–ना० [सं०] १. असल समय; शुभ मुहूर्त। २. अन्न खूब उब्जेको वर्ष; सहकाल भएको साल।

सुकिनु–अ० क्रि० [सुक्+इ+नु] १. पानी वा सार तत्त्व हराइनु; ('सुक्नु'-को भा० क्रि०)। २. दुब्लाउनु।

CC-0. In Public Domain. Digitization by eGangotri

सुकिलो–वि० [प्रा० सुक्किळ] १. फोहोर वा मयल नभएको; सफा। २. सेतो। ३. उज्जर; चहकिलो।

सुकी–ना० [सुका] पच्चीस पैसा मूल्यको सिक्का; एक सुकाको मुद्रा; रुपियाँको चतुर्थांश-मूल्यको सिक्का।

सुकुटी–ना० [सुक्] सुकाएको मासु।

सुकुटे–वि० [सुक्+उटे] सिकुटे।

सुकुन्डो–ना०[नेवा० सुकुन्दा] तेल हाल्ने, लोटाजस्तो पात्रको एकातिर समाउने बीँड़ र अर्कोतिर दियो भएको एक किसिमको भाँड़ो।

सुकुमबास–ना० [प्रा० सुक्ख+वास] १. घर, जग्गा आदि सम्पत्ति नहुनु; सुकुमवासी हुनु। २. जीविकाको नियत साधन नहुनु।

सुकुमबासी–वि०[सुकमबास+ई]१. जग्गा-जमीन, घर, आदि सम्पत्ति नभएको; सुकुमवास भएको। २. जीविकाको नियत साधन नभएको। (ना०) ३. सुकुमबास।

सुकुमार–वि० [सं०] १. कोमल; कमलो। २. कोमल शरीर भएको। (ना०) ३. कमलो शरीर भएको बालक। ४. कोमल शब्द वा अक्षरले युक्त काव्य।

सुकुमारता–ना० [सं०] सुकुमार हुनाको भाव; कोमलता।

सुकुमारत्व–ना० [सं०] सुकुमारता।

सुकुमारी–वि० [सं०] १. कमलो शरीर भएकी; कोमलाङ्गी (स्त्री)।(ना०)२. कोमलाङ्गी बालिका। ३. असल कन्या।

सुकुमेल–ना० [सं० सूक्ष्मैला] १. सर्वजाका जस्ता लामा-लामा पात हुने र सेतो र सानो अलैंचीजस्तो सुगन्धी फल फल्ने एक जातको बोट। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण शिर, हृदय र मूत्राशयका रोग नाश गर्ने र ठन्डा बताइएको छ।)

सुकुल–ना०[नेवा०सुकू]परालका डोरीलाई परस्परमा जेलेर बुनी बनाएको आसन; परालको एक किसिमको गुन्द्री।

सुकुल–ना० [सं०] १. उत्तम कुल; उच्च वंश। (वि०) २. उत्तम कुलको; कुलीन।

सुकुल-गुन्डो–ना० [सुकुल+गुन्डो] घरमा धन-सम्पत्ति केही नभईकन पनि बाहिर धनवान्झैँ ठाँट-बाँट देखाएर हिँड्ने व्यक्ति।

सुकुवा–ना० [सुक्+उवा] क्रमशः शरीर दुब्लाउँदै जाने एक रोग; सुकेनास।

सुकृत्–वि० [सं०] १. असल काम गर्ने; सत्कर्मी। २. धार्मिक; पुण्यात्मा। ३. बुद्धिमान्; समझदार। ४. विद्वान्। ५. भाग्यवान्। ६. यज्ञ गर्ने।

सुकृत–ना० [सं०] १. असल काम; सत्कर्म। २. पुण्य; धार्मिक काम। ३. दान। ४. दया। (वि०) ५. भाग्यवान्। ६. धर्मात्मा। ७. असल तरीकाले गरिएको।

सुकृति–ना० [सं०] १. असल काम; सत्कर्म। २. पुण्य-कर्म। (वि०) ३. धर्मात्मा।

सुकृती–वि० [सं०] १. असल काम गर्ने; सत्कर्मी। २. राम्ररी काम गर्ने। ३. पुण्यात्मा; धर्म-शील। ४. बुद्धिमान्; ज्ञानी। ५. परोपकारी। ६. भाग्यवान्।

सुकेनास–ना० [सुक्+नाश] सुकुवा।

सुकैं–प्रत्य० [सं० शक्] विशेषण र क्रिया-विशेषण शब्दका पछि जोरिएर त्यसको हद वा सीमाको विस्तार बुझाउने शब्द। (उदा०–जतिसुकै, जुनसुकै, जहाँसुकै इत्या०।)

सुक्ख–ना० [प्रा०] सुख।

सुक्खड़–वि० [सुक्खा+अड़] १. सुकेको; शुष्क। (ना०) २. सुकेका वा सुकेर ढलेका रूख।

सुक्खा–वि० [प्रा० सुक्ख] सूखा।

सुक्नु–अ० क्रि० [प्रा० सुक्ख+नु] १. पानी वा चिसोपन हराउनु; सुक्खा हुनु। २. रक्त-हीन हुनु; दुब्लाउनु।

सुक्री-बिक्री–ना० [सं० सुक्रय+विक्रय] बेच-बिखन; खरीद-बिक्री।

सुख–ना० [सं०] १. शरीर र मनलाई आनन्द दिने अनुभव; प्रिय वा अनुकूल अनुभूति। २. मनोकामना पूरा हुँदा हुने आनन्द; सन्तोष। ३. आराम; चैन। ४. सुबिस्ता; सुविधा। ५. आनन्द; हर्ष। ६. समृद्धि; अभ्युदय। ७. कल्याण; मङ्गल। ८. नीरोग हुनु; आरोग्य।

सुख-कन्द–वि० [सं०] सुखको मूल।

सुख-कर–वि० [सं०] १. सुख हुने; आनन्द-दायक। २. सजिलोसित गर्न सकिने; सरल।

सुख-कार–वि० [सं०] सुख-कारक।

सुख-कारक–वि०[सं०]सुख दिने; आनन्द-दायक; सुख-कार; सुखकारी।

सुखकारी–वि० [सं०] सुख-कारक।

सुख-जीवी–वि० [सं०] झगड़ा-तगड़ा, परिश्रम आदिबाट यथासाध्य अलग रहेर सुखपूर्वक जीवन बिताउन चाहने।

सुखद–वि० [सं०] सुख दिने; आनन्ददायी; सुख-दायक।

सुख-दाता–वि० [सं०] सुख दिने; आनन्द-दायक; सुखद।

सुख-दायक–वि० [सं०] सुखद।

सुख-दायी–वि० [सं०] सुखद।

सुख-धाम–ना० [सं०] १. बैकुण्ठ। २. स्वर्ग।

सुख-प्रद–वि० [सं०] सुख दिने; आनन्द-दायक; सुखद।

सुख-साध्य–वि० [सं०] सजिलैसित हुने; सहज।

सुख-सार–ना० [सं०] मोक्ष; मुक्ति।

सुख-स्वप्न–ना० [सं०] भविष्यमा सुख हुन्छ भन्ने कल्पना।

सुखान्त–वि० [सं०] १. अन्तमा सुखमय परिणाम निस्कने; परिणाममा सुख भएको। २. समाप्तिमा संयोग आदिको सुख भएको देखाइने (काव्य)।

सुखावह–वि० [सं०] सुखद; आनन्ददायी।

सुखासन–ना० [सं०]१. बस्दा सुख प्राप्त हुने आसन; आनन्द-प्रद आसन। २. पद्मासन। ३. पालकी।

सुखित–वि० [सं०] १. सुख पाएको; सुखी; प्रसन्न। (ना०) २. सुख; आनन्द।

CC-0. In Public Domain. Digitization by eGangotri

सुखिता–ना० [सं०] सुखी हुनाको भाव।

सुखित्व–ना० [सं०] सुखिता।

सुखिया–वि० [सुख+इया] सुखको इच्छा गर्ने; सुखी।

सुखी–वि०[सं०] १. सुख पाएको; सुख-युक्त। २. प्रसन्न; हर्षित। ३. आनन्दित।

सुखेन–क्रि० यो० [सं०] सुखसित; आनन्दपूर्वक।

सुख्यात–वि० [सं०] असल कुरामा नाउँ चलेको; सुप्रसिद्ध।

सुख्याति–ना० [सं०] १. असल कुराको ख्याति; प्रसिद्धि। २. कीर्ति; यश।

सुगत–वि० [सं०] १. सद्गति-प्राप्त। २. असल चाल-चलनको। (ना०) ३. बुद्ध देव।

सुगति–ना० [सं०] मरेपछि हुने असल गति; सद्गति; मोक्ष।

सुगन्ध–ना० [सं०] १. मीठो बास्ना; मीठो गन्ध; सुवास; महक। २. मीठो बास्ना आउने वस्तु; सुगन्धी पदार्थ। (वि०) ३. मीठो बास्ना आउने।

सुगन्धराज–ना० [सं०] १. लसुनका जस्ता लामा-लामा पात र सेता, सुगन्धी, ठूला फूल हुने एक जातको बूटी। २. त्यसैको फूल।

सुगन्धवाल–ना० [सं० सुगन्ध+वाल] झूस भएको सोझो डाँठमा काँक्राका जस्ता चार-पाँच कुना परेका पात हुने, लामा-लामा डाँठमा गुलाबी रङ्गका फूल फुल्ने, लाम्चा गेड़ा फल्ने एक जातको सुगन्धी बोट।

सुगन्धा–ना० [सं०] गद बूटी।

सुगन्धित–वि० [सं०] मीठो बास्ना भएको; सुगन्ध-युक्त।

सुगन्धी–वि० [सं०] सुगन्ध-युक्त; सुवास भएको; खुशबूदार।

सुगम–वि० [सं०] १. सजिलैसित पुग्न सकिने। २. सजिलैसित गर्न सकिने; सजिलो; सहज। ३. विनापरिश्रम बुझ्न सकिने; सरल; बोध-गम्य।

सुगमता–ना० [सं०] सुगम हुनाको भाव; सजिलोपन।

सुगम्य–वि० [सं०] सजिलो; सुगम।

सुगसुगाउँदो–वि० [ने०] १. ज्यादा सफा; अति सुग्घर। २. कोमल; नरम।

सुगा–ना० [सं० शुक] १. रातो मोटो चुच्चो र हरियो शरीर हुने, मानिस को बोली टिप्न सक्ने एक जातको प्रसिद्ध चरो। (यसका अनेक जात छन्) २. त्यसैको प्वाँखजस्तो हरियो रङ्ग।

सुगी-धान–ना० [सुगा+धान] गाढ़ा पहेँलो गेड़ा हुने एक जातको धान।

सुग्घर–वि० [सं० सुघट] १. फोहर, मैला नभएको; सफा। २. चोखो; पवित्र।

सुग्घर-सफाइ–ना० [सुग्घर+सफाइ] सर-सफाइ।

सुग्घरी–वि० [सुग्घर+ई] सुग्घर भएर रहने; सर-सफाइका साथ रहने; सुघरी।

सुग्रीव–वि० [सं०] १. राम्रो घाँटी भएको; सुकण्ठ। (ना०) २. रामायण-प्रसिद्ध एक वानर-राज। ३. इन्द्र। ४. शङ्ख।

सुघट–वि० [सं०] १. राम्रो; सुन्दर। २. सजिलो; सुगम।

सुघर–वि० [सुग्घर] सुग्घर।

सुघरी–वि० [सुघर+ई] सुग्घरी।

सुघा–ना० [सुगा] सुगा।

सुचरित्र–वि० [सं०] १. असल चरित्र भएको; सच्चरित्र; सदाचारी। (ना०) २. उत्तम चरित्र; सदाचार। ३. पुण्य-कार्य।

सुचरित्रता–ना० [सं०] सुचरित्र हुनाको भाव; सच्चरित्रता।

सुचरित्रा–ना० [सं०] १. राम्रो चरित्र भएकी स्त्री; पतिव्रता स्त्री। २. धनियाँ।

सुचारु–वि० [सं०] खूब राम्रो; अति सुन्दर।

सुचित्त–वि० [सं०] १. चित्त स्थिर भएको; शान्त। २. कुनै कामबाट छुट्कारा पाएको; निवृत्त। ३. निश्चिन्त।

सुचिर–वि० [सं०] १. पुरानो; प्राचीन। २. टिकाउ; चिर-स्थायी। (ना०) ३. धेरै लामो समय; दीर्घ काल।

सुची–ना० [सं० शुचि] पिसाब।

सुचेता–वि० [सं०] १. असल चित्त भएको; मनमा पाप नभएको। २. बुद्धिमान्; समझदार।

सुजन–ना० [सं०] भलादमी; सज्जन।

सुजन–ना० [सं० शून] सूज; शोथ।

सुजनता–ना० [सं०] सुजन हुनाको भाव; सौजन्य।

सुजनी–ना० [फा० सोज़नी] चकटी; सानो लम्पट।

सुजात–वि० [सं०] १. उच्च कुलमा जन्मेको; कुलीन। २. सुन्दर; मनोहर।

सुजी–ना० [सं० शुचि] गहुँको विशेष प्रकारको खस्रो पीठो।

सुजेरो–ना० [सं० सूची+एरो] १. तोप-चरो। २. सूचीकारको कैंची, सियो आदि माल-सामान हाल्ने थैलो; बोक्चो।

सुज्ञ–वि० [सं०] विद्वान्; पण्डित; सुविज्ञ।

सुझाइ–ना० [सुझ्+आइ] सुझ्ने किसिम, क्रिया वा भाव।

सुझाइ–ना० [सुझाउ+आइ] सुझाउने किसिम, क्रिया वा भाव।

सुझाइनु–स० क्रि० [सुझाउ+इ+नु] सुझ्न लाइनु; ('सुझाउनु'-को क० क्रि०)।

सुझाउ–ना० [सूझ्+आउ] १. स्मरण गराउने काम। २. सल्लाह; परामर्श।

सुझाउनु–स० क्रि० [सुझ्+आउ+नु] सुझ्न वा विचार स्फुरण गर्न लाउनु; ('सुझ्नु'-को प्रे० क्रि०)।

सुझाव–ना० [सुझाउ] सुझाउ।

सुझिनु–अ० क्रि० [सुझ्+इ+नु] मनमा विचारको स्फुरण होइनु; ('सुझ्नु'-को भा० क्रि०)।

सुझ्नु–अ० क्रि० [सूझ+नु] १. मनमा विचार स्फुरण हुनु। २. सम्झनु; स्मरण हुनु। ३. आभास हुनु।

सुटुक–ना० [ने०] डुम्रीको बोट वा फल।

सुटुक्क–क्रि०यो० [ने०] अरूले चाल नपाउने गरी कुनै काम गर्ने किसिम; सुट्ट।

सुट्ट–क्रि० यो० [ने०] सुटुक्क।

CC-0. In Public Domain. Digitization by eGangotri

सुट्टी–क्रि० यो० [ने०] अचाक्ली; अत्यन्त; ज्यादा।

सुठनी–ना० [ने०] १. पानका आकारका पात, सेता फूल र सेता गोल कन्द हुने एक जातको लहरो। २. त्यसैको कन्द; एक जातको सखर-खण्ड।

सुठाउरो–ना० [सूठो+आउरो] १. सूठो हालेर बनाएको खानेकुरो। २. सूठाको झोल वा रस; सुठौरो।

सुठौरो–ना० [सूठो+औरो] सुठाउरो।

सुडौल–वि० [सु+डोलो] १. राम्रो आकार-प्रकारको; छाँट मिलेको। २. डोलो; समरो।

सुत–ना० [सं०] १. छोरो; पुत्र। २. सुत्केरी हुनुभन्दा पहिले योनिबाट निस्कने तरल पदार्थ; सेप। ३. स्त्रीको जननेन्द्रिय। ४. राजा।

सुतराम्–क्रि० यो० [सं०] १. राम्रोसँग; बेस तरीकाले। २. अतः; यस कारण। (वि०) ३. अत्यन्त; ज्यादा। (अव्य०)४. 'अब अरू भन्नु नपर्ला' भनी बुझाउने एक शब्द।

सुतरी–ना० [सं० सूत्र] सनको डोरी।

सुतल–ना० [सं०] तलका सात लोकमध्ये एक।

सुता–ना० [सं०] छोरी; पुत्री।

सुताइ–ना० [सुत्+आइ] सुत्ने किसिम, क्रिया वा भाव।

सुताइ–ना० [सुताउ+आइ]सुताउने किसिम, क्रिया वा भाव।

सुताइनु–स० क्रि० [सुताउ+इ+नु] सुत्न लाइनु; ('सुताउनु'-को क० क्रि०)।

सुताउनु–स० क्रि० [सुत्+आउ+नु] १. लेटाउनु; लड़ाउनु; पसार्नु। २. निद्रामा पार्नु; सुत्न लाउनु; ('सुत्नु'-को प्रे० क्रि०)। ३. स्त्री-समागम गर्नु।

सुतारा–ना० [ने०] एक जातको माछो।

सुतारो–ना० [सूत+आरो] जुत्ता सिउने, बीँड़ भएको सियो; आरो।

सुताहा–वि० [सुत्+आहा] धेरै समयसम्म सुत्ने; धेरै बेर सुत्ने बानी भएको; सुतुवा।

सुतिनी–ना० [सं०] माता; जननी।

सुतिनु–अ० क्रि० [सुत्+इ+नु] लेटिनु; पल्टिनु; ('सुत्नु'-को भा० क्रि०)।

सुती–वि० [सं०] छोरो भएको; पुत्रवान्।

सुतीक्ष्ण–वि० [सं०] १. साह्रै तीखो; अति तीक्ष्ण। २. धारिलो; खूब लाग्ने (हतियार)। (ना०) ३. अगस्त्य मुनिका भाइ; एक ऋषि।

सुतुवा–वि० [सुत्+उवा] सुताहा।

सुत्केरी–ना० [सं० सूतक] १. भर्खर बालक जन्माएकी स्त्री; नव-प्रसूता स्त्री। २. लैनी गाई, भैंसी आदि।

सुत्केरो–ना० [सं० सूतक+एरो]बालक जन्मदा बन्धु-वर्गलाई लग्ने आशौच; सूतक।

सुत्त–क्रि० यो० [ने०] १. सानो वस्तु सजिलैसित वा चाँड़ो पस्ने किसिम; खुत्त। २. अरूले थाहा नपाउने गरी जाने किसिम; फुत्त।

सुत्नु–अ० क्रि० [प्रा० सुत्त+नु] १. लेट्नु; पल्टनु; पसारिनु। २. निदाउनु; निद्रामा पर्नु। ३. स्त्री-समागम गर्नु।

सुत्लो–ना० [सूत] १. औषध मिलाएर घाउमा कोचिने कपड़ा। २. कागत, कपड़ा आदि बाटेर बनाएको सुइरो। ३. मकैको भर्खर निस्केको घोगो।

सुदन्त–वि० [सं०] १. राम्रा दाँत हुने। (ना०) २. राम्रा वा मिलेका दाँत।

सुदर्शन–ना० [सं०] १. विष्णुको चक्र। २. शिव। ३. जामुनाको रूख। (वि०) ४. देख्ता राम्रो लाग्ने; मनोहर।

सुदर्शनी–ना० [सं०] दर्शनी बूटी।

सुदामा–ना० [सं०] श्री-कृष्णका सहपाठी र परम मित्र पुराण-प्रसिद्ध एक ब्राह्मण।

सुदि–ना० [सं०] शुक्ल-पक्ष।

सुदिन–ना०[सं०]१. असल दिन; शुभ दिन। २. सुखका दिन।

सुदी–ना० [सं० सुदि] शुक्ल-पक्ष।

सुदूर–वि० [सं०] १. धेरै टाढ़ाको; धेरै परको। (क्रि० यो०) २. ज्यादा टाढ़ा; अति दूर।

सुदृढ–वि० [सं०] १. खूब बलियो; अति दृढ; मजबूत। २. सुरक्षित।

सुदृष्टि–ना० [सं०] १. असल नीयतको हेराइ; कल्याणकारी दृष्टि; कृपा-दृष्टि। २. गिद्ध; गृध्र। (वि०) ३. निगाह गर्ने; दयावान्।

सुदेश–ना० [सं०] १. सुन्दर देश; उत्तम मुलुक। २. उपयुक्त स्थान; उचित ठाउँ।

सुद्ध–वि० [प्रा०] १. शुद्ध। (ना० यो०) २. समेत; सहित; सुद्धा।

सुद्धा–ना० यो० [प्रा० सुद्ध] समेत; सहित; लगायत; सुद्ध।

सुद्धाइँ–ना० [सं० शुद्ध+आइँ] शुद्ध-शान्ति।

सुद्धि–ना० [प्रा०] शुद्धि।

सुद्धिइनु–अ० क्रि० [शुद्धि+इ+नु] शुद्ध होइनु; ('सुद्धिनु'-को भा० क्रि०)।

सुद्धिनु–अ० क्रि० [सुद्ध+इ+नु] १. शुद्ध हुनु; पवित्र हुनु। २. जूठो, सूतक आदिबाट चोखिनु।

सुद्धी–ना० [सं० सु+धी] १. होश; चैतन्य। २. सम्झना; स्मरण।

सुद्धचाइ–ना० [सुद्धि+याइ] सुद्धिने किसिम, क्रिया वा भाव।

सुद्धयाइ–ना० [सुद्धचाउ+आइ] सुद्धचाउने किसिम, क्रिया वा भाव।

सुद्धचाइनु–स० क्रि० [सुद्धचाउ+इ+नु] शुद्ध पारिनु; ('सुद्धचाउनु'-को क० क्रि०)।

सुद्धचाउनु–स० क्रि० [शुद्धि+याउ+नु] शुद्ध पार्नु; ('सुद्धिनु'-को प्रे० क्रि०)।

सुधर्म–ना० [सं०] १. असल धर्म; उत्तम धर्म। २. पुण्य कर्तव्य। (वि०) ३. धर्म-निष्ठ; धर्म-परायण।

सुधर्मा–ना० [सं०] देवताहरूको सभा।

CC-0. In Public Domain. Digitization by eGangotri

सुधांशु–ना० [सं०] १. चन्द्रमा । २. कपूर ।

सुधा–ना० [सं०] १. अमृत; पीयूष । २. पानी; जल । ३. दूध; दुग्ध । ४. रस । ५. पृथ्वी । ६. चून । ७. ईंट । ८. अमला । ९. गङ्गा । १०. विष । ११. वधू । १२. पुत्री ।

सुधाकर–ना० [सं०] चन्द्रमा ।

सुधा-दीधिति–ना० [सं०] चन्द्रमा ।

सुधाधार–ना० [सं०] चन्द्रमा ।

सुधा-निधि–ना० [सं०] १. चन्द्रमा । २. समुद्र । ३. कपूर ।

सुधा-मूली–ना० [सं०] सालिम-मिस्री ।

सुधार–ना० [सं० शुद्धकर] १. दोष त्रुटि आदि हटाउने काम; सुधार्ने काम; संशोधन; संस्कार । २. सपार; मरम्मत । ३. कुनै वस्तुलाई विशेष राम्रो वा उपयोगी पार्ने काम ।

सुधारक–ना० [सुधार] १. सुधार गर्ने व्यक्ति; संस्कार गर्ने व्यक्ति । २. धार्मिक वा सामाजिक दोषहरू क्रमशः हटाउन उद्योग गर्ने व्यक्ति ।

सुधारवाद–ना० [सुधार+वाद] समाज र धर्ममा भएका खराब रीति-रिवाजहरूको समयानुसार क्रमशः परिवर्तन वा सुधार गर्दै जानुपर्दछ भन्ने सिद्धान्त ।

सुधारवादी–ना० [सुधारवाद+ई] समाज वा धर्ममा भएका कुरीतिहरूको क्रमशः सुधार गर्नुपर्दछ भन्ने सिद्धान्त भएको व्यक्ति; सुधारवादको अनुयायी ।

सुधाराइ–ना० [सुधार्+आइ] सुधार्ने किसिम, क्रिया वा भाव ।

सुधारिनु–स० क्रि० [सुधार्+इ+नु] सुधार गरिनु; ('सुधार्नु'-को क० क्रि०) ।

सुधार्नु–स० क्रि० [सुधार+नु] १. सुधार गर्नु । २. मरम्मत गर्नु; जीर्णोद्धार गर्नु; सपार्नु । ३. सच्याउनु । ४. तर लाउनु; सह्यालनु ।

सुधासुर–ना० [सं०] राहु ग्रह ।

सुधी–वि० [सं०] १. समझदार; बुद्धिमान् । २. विद्वान्; पण्डित । (ना०) ३. असल बुद्धि; सुबुद्धि ।

सुधो–वि० [सं० सु+धी] छल-कपट नगर्ने स्वभावको; सोझो; साधु ।

सुध्याइ–ना० [सुध्याउ+आइ] सुध्याउने किसिम, क्रिया वा भाव ।

सुध्याइनु–स० क्रि० [सुध्याउ+इ+नु] सोधनी गरिनु; ('सुध्याउनु'-को क० क्रि०) ।

सुध्याउनु–स० क्रि० [सोध्+याउ+नु] सोधनी गर्नु; सोध्नु ।

सुध्रनु–अ० क्रि० [सं० शुद्ध+नु] १. खराब अवस्था वा बाटोबाट असल अवस्था वा बाटोमा लाग्नु; सप्रनु । २. भूलको सुधार हुनु; सचिनु । ३. सह्यालिनु; तर लाग्नु ।

सुध्राइ–ना० [सुध्र+आइ] सुध्रने किसिम, क्रिया वा भाव ।

सुध्रिनु–अ० क्रि० [सुध्र+इ+नु] सप्रिनु; ('सुध्रनु'-को भा० क्रि०) ।

सुध्र्याइ–ना० [सुध्रि+याइ] सुध्रिने किसिम, क्रिया वा भाव ।

सुन–ना० [सं० स्वर्ण] गहना-गुरियाहरू बनाइने, पहेँलो रङ्गको एक प्रसिद्ध बहु-मूल्य धातु; स्वर्ण; सुवर्ण; काञ्चन ।

सुन-कीरी–ना० [सुन+कीरो] सुनको रङ्गको, झुल्कने एक जातको कीरो; स्वर्ण-कीट ।

सुन-केवँरा–ना० [सुन+केवँरा] पहेँलो जातको केवँरा ।

सुनकोसी–ना० [सं० सुवर्ण-कौशिकी] नेपालको पूर्वी क्षेत्रमा बग्ने एक प्रसिद्ध नदी; कोसीका सात नदीहरूमध्ये एक ।

सुन-गाभा–ना० [सुन+गाभा] १. अन्य रूखमा उम्रने, लाम्चा पात हुने, जमानेमान्द्राका आकारका पहेँला फूल फुल्ने एक जातको झार । (यसका अनेक जात छन् ।) २. त्यसैको फूल ।

सुन-चाँप–ना० [सुन+चाँप] पहेँलो, उत्कट सुगन्धी फूल फुल्ने, भित्र मूगाजस्तो बीयाँ हुने झुप्पा परेका फल फल्ने, पहेँलो काठ हुने एक जातको रूख ।

सुनपाती–ना० [सुन+पाती] १. मसिना सेता धेरै टीका हुने पात र कलेजी रङ्गका फूल हुने, हिमालयमा पाइने एक जातको बोट; तालीस-पत्र । २. त्यसैको फूल । (आयुर्वेदमा यसको गुण कफ-वात र क्षय-रोग-नाशक बताइएको छ ।)

सुनवाइ–ना० [सुन्+वाइ] सुनुवाइ ।

सुनसान–ना० [सूनसान] सूनसान ।

सुनाइ–ना० [सुन्+आइ] १. सुन्ने किसिम, क्रिया वा भाव । २. अरूको पीर-मर्का वा उजूर सुन्ने र त्यसमा ध्यान दिने काम; सुनुवाइ ।

सुनाइ–ना० [सुनाउ+आइ] सुनाउने किसिम, क्रिया वा भाव ।

सुनाइनु–स० क्रि० [सुनाउ+इ+नु] सुन्न लाइनु; श्रवण गराइनु; ('सुनाउनु'-को क० क्रि०) ।

सुनाउनु–स० क्रि० [सुन्+आउ+नु] १. कुनै कुरो वा शब्द कानद्वारा बोध गराउनु; श्रवण गराउनु; ('सुन्नु'-को प्रे० क्रि०) । २. निवेदन गर्नु ।

सुनाखरी–ना० [सुन+खरी] पहेँलो र सानो जातको खरी झार ।

सुनाखरी–ना० [सुन+खरीफ़ (अ०)] घैयाका रङ्गको एक प्रकारको मसिनु धान ।

सुनाबिर्ता–ना० [सुन+बिर्ता] पोता तिर्नुपर्ने एक थरीको बिर्ता; खरीद गरेको बिर्ता ।

सुनाभ–वि० [सं०] १. राम्रो नाइटो भएको । (ना०) २. मैनाक पर्वत । ३. सुदर्शन चक्र ।

सुनाम–ना० [सं०] असल कीर्ति; सुयश ।

सुनामक्खी–ना० [सं० स्वर्ण-माक्षिक] सुनको जस्तो रङ्ग भएको एक उपधातु वा खनिज पदार्थ । (आयुर्वेदीय औषधमा यसको विशेष उपयोग गरिन्छ ।)

सुनार–ना० [सुन+आर] सुन, चाँदीका गहनाहरू बनाउने जाति, वर्ग वा त्यसको व्यक्ति ।

सुनाशीर–ना० [सं०] इन्द्र ।

सुनासीर–ना० [सं०] इन्द्र ।

सुनिनु–अ० क्रि० [सं० शोथ] ढाड्निु; फुल्नु ।

सुनिनु–स० क्रि० [सुन्+इ+नु] कानद्वारा शब्द-बोध गरिनु;

CC-0. In Public Domain. Digitization by eGangotri

कर्ण-गोचर गरिनु; ('सुन्नु'-को क० क्रि०)।

सुनुवाइ—ना० [सुन्+वाइ] मुद्दा-मामला, उजूर, पीर-मर्का आदि सुन्ने र तिनीहरूमा विचार गर्ने काम; सुनवाइ।

सुनौला—वि० [सुन+औला] १. सुनका रङ्गको; सुनजस्तो पहेँलो। (ना०) २. सुनको धूलोजस्तो एक किसिमको रङ्ग।

सुन्तला—ना० [फा० सङ्गतरः] १. पहेँलो र रातो मिसिएको रङ्गको, भित्र केस्रा-केस्रा हुने फल फल्ने, ज्यामिरका जस्ता पात र सेता फूल हुने एक जातको वृक्ष। २. त्यसैको फल।

सुन्दर—वि० [सं०] १. राम्रो; मनोहर; मनोरम। २. असल; जाती। (ना०) ३. कामदेव।

सुन्दरत्व—ना० [सं०] सुन्दर हुनाको भाव; सौन्दर्य।

सुन्दरी—वि० [सं०] १. राम्री; रूपवती (स्त्री)। (ना०) २. राम्री स्त्री। ३. विभिन्न सप्तकका आधारमा सितार, इसराज, वीणा आदि तार-यन्त्रका दण्डमा जड़िएका धातुका करङजस्ता अवयव; पर्दा। ४. हलेदो।

सुन्नत—ना० [अ०] लिङ्गको अगिल्तिरको छाला काट्ने मुसलमानहरूको एक संस्कार।

सुन्ना—वि० [सं० शून्य] १. केही पनि नभएको; खाली; सुन्ने। (ना०) २. कुनै अङ्कको पछिल्तिर लागेर त्यसको दश गुणा बुझाउने चिह्न; शून्य (०)। ३. कुनै शब्द वा पदका सट्टामा त्यसको अगिल्लो अक्षरमात्र सङ्केत-रूपमा प्रयोग गर्दा पछिल्तिर लगाइने थोप्लो वा शून्य।

सुन्नु—स० क्रि० [प्रा० सुण+नु] १. कानबाट शब्द थाहा पाउनु; श्रवणेन्द्रियबाट शब्द-ग्रहण गर्नु; श्रवण गर्नु। २. अरूले भनेका कुरामा ध्यान दिनु।

सुन्ने—ना० [सं० शून्य] शून्य।

सुन्नेसान्ने—वि० [सूनसान] सूनसान।

सुन्याइ—ना० [सुनि+याइ] सुनिने किसिम वा भाव।

सुन्याइनु—स० क्रि० [सुन्याउ+इ+नु] सुनिने वा फुल्ने पारिनु; ('सुन्याउनु'-को क० क्रि०)।

सुन्याउनु—स० क्रि० [सुनि+याउ+नु] सुनिने वा ढाड़िने पार्नु; ('सुनिनु'-को प्रे० क्रि०)।

सुपटु—वि० [सं०] अति सिपालु; कुशल; निपुण।

सुपथ—ना० [सं०] १. सन्मार्ग; असल बाटो। २. सदाचार। ३. यथा-योग्य; उचित।

सुपर-रायल—ना० [अं० सुपर-रॅयल] १. छाप्ने कागजको २२×२९ इन्चको साइज। २. त्यस साइजको कागत।

सुपरिन्टेन्डेन्ट—ना० [अं०] १. हेर-विचार गर्ने व्यक्ति; अधीक्षक। २. इन्सपेक्टरभन्दा माथिल्लो दर्जाको पुलीस-विभागको एक अधिकारी।

सुपर्णी—ना० [सं०] पुरनी लहरो।

सुपर्व—ना० [सं०] १. देवता। २. असल मौका; सुअवसर।

सुपाठ—ना० [सं०] १. असल काम वा कुरो; सन्मार्ग। २. राम्रो बानी-बेहोर; सच्चरित्रता।

सुपात्र—ना० [सं०] १. शिक्षा, दीक्षा, दान आदि दिन वा कुनै कामका निमित्त उपयुक्त व्यक्ति; सत्पात्र। २. योग्य व्यक्ति।

सुपारी—ना० [सं० शृङ्गारी] १. नरिवलका जस्ता पात र सानो काण्ड हुने, पहेँला लामा फूल फुल्ने र साह्रो गोल फल फल्ने एक जातको रुख। २. त्यसैको फल।

सुपारी-कीरो—ना० [सुपारी+कीरो] शरीरमा पहेँला धर्सा परेको, छुँदा डल्लो पर्ने एक जातको कीरो।

सुपुक्क—क्रि० यो० [ने०] गीलो पदार्थ थोरै मात्रामा झट्ट खाने वा खाँदा शब्द आउने किसिम; सानो गाँस छिटो मुखभित्र हाल्ने किसिम।

सुपुत्र—ना० [सं०] १. असल छोरो; सपूत। २. जीवक वृक्ष।

सुपुत्री—ना० [सं०] १. असल छोरी; योग्य पुत्री। (वि०) २. असल छोरो भएको (व्यक्ति)।

सुपुर्द—ना० [फा० सिपुर्द] कुनै वस्तु अरूलाई बुझाउने वा जिम्मा लगाउने काम; सुम्पने काम।

सुपुर्दगी—ना० [फा० सिपुर्दगी] जिम्मा लगाउने काम; सुपुर्द गर्ने काम।

सुपुसुपु—क्रि० यो० [ने०] तिहुन, दाल आदिमा मुछिएको खानेकुरो खाने वा खाँदा शब्द आउने किसिम।

सुप्त—वि० [सं०] १. निदाएको; सुतेको; निद्रित। २. पल्टेको; पसारिएको; लेटेको। ३. निष्क्रिय; निश्चेष्ट।

सुप्तता—ना० [सं०] सुप्त हुनाको भाव।

सुप्तत्व—ना० [सं०] सुप्त हुनाको भाव; सुप्तता।

सुप्तली—ना० [सुख+तलुवा] जुत्ताभित्र पैतालाले टेकिने ठाउँमा लगाइने छाला, कपड़ा आदिको पत्र।

सुप्ति—ना० [सं०] १. निद्रा; नीद। २. उँघ; सुषुप्ति। ३. सपना; स्वप्न।

सुप्पसुप्प—क्रि० यो० [ने०] सुपुसुपु।

सुप्रतिष्ठा—ना० [सं०] १. ठूलो र राम्रो इज्जत; उत्तम प्रतिष्ठा। २. सुख्याति; यश। ३. मन्दिर, प्रतिमा आदिको स्थापना। ४. अभिषेक। ५. पाँच-पाँच अक्षरका चार चरण हुने एक किसिमको छन्द।

सुप्रतिष्ठित—वि० [सं०] १. राम्रो प्रतिष्ठा भएको; इज्जतदार। २. सुप्रसिद्ध; सुविख्यात। ३. राम्रोसँग स्थापित।

सुप्रदीप्त-मान्यवर-नेपाल-तारा—ना० [सं०] पहिला दर्जाको नेपाल-तारा तक्मा।

सुप्रसिद्ध—वि० [सं०] खूब प्रसिद्ध भएको; सुविख्यात।

सुप्रसिद्ध-प्रबल-गोरखा-दक्षिण-बाहु—ना० [सं०] पहिला दर्जाको गोरखा-दक्षिण-बाहु तक्मा।

सुप्रुक्क—क्रि० यो० [ने०] गिलो पदार्थ थोरै परिमाणमा गाँस हाल्ने किसिम; सुपुक्क; सुप्लुक्क।

सुप्लुक्क—क्रि० यो० [ने०] सुप्रुक्क।

सुप्लो—ना० [सं० शल्क] १. केराका बोटको पत्र। २. बाँसको खबटो।

सुफल—ना० [सं०] १. सुन्दर परिणाम; असल नतीजा।

CC-0. In Public Domain. Digitization by eGangotri

२. अनार। ३. कागजी बदाम। ४. राज-वृक्ष; अमलतास। (वि०) ५. सुन्दर फलले युक्त। ६. सफल।

सुफला–वि० [सं०] १. धेरै र राम्रा फल फल्ने। (ना०) २. इन्द्राणी; इन्द्र-वारुणी। ३. कुभिन्डो। ४. केरा। ५. दाख।

सुबान–ना० [सु+बानी] असल बानी-बेहोर; राम्रो आदत; उत्तम स्वभाव।

सुबिदार–ना० [फा० सूबेदार] सूबेदार।

सुबिदारी–ना० [फा० सूबेदारी] सूबेदारी।

सुबिस्ता–ना० [सं० सुविस्तार] १. सुविधा; सुगमता; सहूलियत। २. आनन्द; चैन। ३. शान्ति।

सुबुद्धि–ना० [सं०] १. असल बुद्धि; सद्बुद्धि। (वि०) २. बुद्धिमान्; समझदार।

सुबोध–वि० [सं०] १. बुझ्न सक्ने; समझदार। २. सजिलैसित बुझ्न सकिने; सुगम। (ना०) ३. राम्रो ज्ञान।

सुबोल–ना० [सु+बोल] राम्रो बोली-वचन; मीठो वचन।

सुब्बा–ना० [अ० सूबः] १. नायब-सुब्बाभन्दा माथि र मीर-सुब्बाभन्दा तलको एक निजामती दर्जा। २. लिम्बू जातिको मान-बोधक शब्द।

सुब्बाङ्नी–ना० [सुब्बा] सुब्बाको दर्जा वा काम।

सुब्बिनी–ना० [सुब्बा+इनी] सुब्बाकी पत्नी; सुब्बेनी।

सुब्बेनी–ना० [सुब्बा+एनी] सुब्बिनी।

सुभ–ना० [प्रा०] शुभ।

सुभग–वि० [सं०] १. भाग्यवान्; भाग्य-शाली। २. प्यारो; प्रिय। ३. सुन्दर; मनोहर।

सुभगा–वि० [सं०] १. पति भएकी; सौभाग्यवती। २. सुन्दरी। (ना०) ३. पतिको मन-परेकी स्त्री।

सुभट–ना० [सं०] योद्धा; वीर।

सुभद्रा–ना० [सं०] कृष्णकी बहिनी; अर्जुनकी पत्नी।

सुभा–ना० [अ० सुवहः] शङ्का।

सुभाषित–वि० [सं०] १. सुन्दर तरीकाले भनिएको। २. राम्रो भाषण गर्न; वाग्मी। (ना०) ३. राम्रो कथन; सुन्दर उक्ति; सूक्ति।

सुभाषी–वि० [सं०] १. मीठो वचन बोल्ने; मधुर-भाषी। २. राम्ररी भाषण गर्ने; सुवक्ता; वाग्मी।

सुभा-शङ्का–ना० [अ० सुवहः+आशङ्का (सं०)] १. अनिष्टको आशङ्का; कुनै खराबी हुने आशङ्का। २. शङ्का।

सुभिक्ष–ना० [सं०] अन्न सुलभ भएको समय; सहकाल; सुकाल।

सुभिनु–अ० क्रि० [सुभ्+इ+नु] फापिनु; ('सुभ्नु'-को भा० क्रि०)।

सुभो–वि० [प्रा०] १. भलो; शुभ; कल्याण-कारी। २. फाप्ने; फलिफाप हुने।

सुभ्नु–अ० क्रि० [सं० शुभ+नु] १. फलिफाप हुनु; फाप्नु; शुभ हुनु। २. औषध ठीकसित लाग्नु; ओखतीले फायदा गर्नु।

सुम–ना० [सं०] फूल; पुष्प।

सुम–ना० [फा०] पशुको खुर।

सुमङ्गल–वि० [सं०] १. अति मङ्गल-दायक; कल्याण-कारी। (ना०) २. शुभ वा लक्षणको वस्तु।

सुमङ्गली–ना० [सं०] १. विवाहमा गरिने मङ्गल-कार्य २. दुलहीलाई सिन्दूर हाल्दा पढ़िने मन्त्र।

सुमत–वि० [सं०] उत्तम ज्ञानले युक्त; ज्ञानवान्।

सुमति–ना० [सं०] १. सुन्दर मति; उत्तम बुद्धि। (वि०) २. अति बाठो; चतुर; बुद्धिमान्।

सुमन–ना० [सं०] १. फूल; पुष्प। २. देवता। ३. पण्डित; विद्वान्। ४. गहूँ। ५. धतूरो। (वि०) ६. सुन्दर; मनोहर।

सुमन्त्र–ना० [सं०] १. रामायण-प्रसिद्ध राजा दशरथका मन्त्री तथा सारथि। २. राम्रो सल्लाह; असल परामर्श। ३. उत्तम मन्त्र।

सुमन्त्रित–वि० [सं०] १. असल सल्लाह दिइएको। २. राम्ररी मन्त्रिएको।

सुमराइ–ना० [सुमर्+आइ] सुमर्ने किसिम, क्रिया वा भाव।

सुमराइनु–स० क्रि० [सुमर्+आइ+नु] खसी पारिनु; ('सुमर्नु'-को क० क्रि०)।

सुमर्नु–स० क्रि० [ने०] १. भाले पशुहरूको पुंस्त्व नाश गर्नु; खसी पार्नु; गोरु तुल्याउनु। २. माल-मत्ताहरूको उपयोग गर्नु; उपभोग गर्नु। ३. खूबसित काममा लगाउनु; जोत्नु। ४. बिगार्नु; नष्ट पार्नु।

सुमसुम–क्रि० यो० [ने०] १. बिस्तारै छाम्ने वा सुमसुम्याउने किसिम। २. ढीलो गरी काम गर्ने किसिम।

सुमसुम्याइ–ना० [सुमसुम्याउ+आइ] सुमसुम्याउने किसिम, क्रिया वा भाव।

सुमसुम्याइनु–स० क्रि० [सुमसुम्याउ+इ+नु] मुसारिनु; ('सुमसुम्याउनु'-को क० क्रि०)।

सुमसुम्याउनु–स० क्रि० [सुमसुम+याउ+नु] १. हातले बिस्तारै प्रेमपूर्वक छुनु; मुसार्नु। २. हल्कासित हात-गोड़ा आदि मिच्नु; सुस्तसँग मर्दन गर्नु।

सुमसुम्याहट–ना० [सुमसुम्याउ+आहट] सुमसुम्याउने किसिम, क्रिया वा भाव।

सुमान्य–वि० [सं०] विशेष रूपले प्रतिष्ठित; मान्यवर।

सुमार्ग–ना० [सं०] १. राम्रो बाटो; असल पथ। २. सदाचार; सन्मार्ग।

सुमित्रा–ना० [सं०] रामायण-प्रसिद्ध राजा दशरथकी एक रानी; लक्ष्मणकी आमा।

सुमुख–वि० [सं०] १. राम्रो मुख भएको; सुन्दर अनुहार भएको। २. प्रसन्न; प्रफुल्ल। ३. राम्रो ढोका भएको; दक्षिणतिर मुख भएको (घर)। (ना०) ४. राम्रो मुख; सुन्दर वदन। ५. शिव। ६. गणेश।

CC-0. In Public Domain. Digitization by eGangotri

सुमुखी—वि० [सं०] १. राम्रो अनुहार भएकी; सुन्दर मुख भएकी (स्त्री)। (ना०) २. सुन्दर स्त्री। ३. प्रत्येक चरणमा क्रमशः सात जगण, एउटा लघु र एक गुरु हुने चार चरणको एक प्रकारको छन्द।

सुमेरु—ना० [सं०] १. पुराणअनुसार पर्वतको राजा मानिएको सुनको पर्वत। २. उत्तरीय ध्रुव। ३. जप-मालाको माथि राखिने ठूलो दाना; सुमेर्नी। ४. हुक्काको ठाड़ो डाँठ। ५. मन्दिरको गजूर।

सुमेर्नी—ना० [सं० सुमेरु] जप-मालाका बीचको ठूलो दाना; सुमेरु।

सुम्ठयाइ—ना०[सुम्ठयाउ+आइ]सम्ठयाइ; गुटमुटयाइ।

सुम्ठ्याइ—ना० [सुम्ठ्याउ+आइ] लट्ठी, कोर्रा आदिको पिटाइ; सम्ठयाइ।

सुम्ठयाइनु—स० क्रि० [सुम्ठयाउ+इ+नु]सम्ठयाइनु; गुटमुटयाइनु; ('सुम्ठयाउनु'-को क० क्रि०)।

सुम्ठ्याइनु—स० क्रि० [सुम्ठ्याउ+इ+नु] लट्ठी, कोर्रा आदिले पिटिनु; ('सुम्ठ्याउनु'-को क० क्रि०)।

सुम्ठयाउनु—स० क्रि० [सम्ठयाउ+नु] सम्ठयाउनु; गुटमुटयाउनु।

सुम्ठ्याउनु—स० क्रि०[सम्ठ्याउ+नु] लट्ठी, कोर्रा आदिले पिट्नु; सम्ठ्याउनु।

सुम्पनु—स० क्रि० [सं० समर्पण+नु]१. कुनै माल अरूका जिम्मा लाउनु; बुझाउनु; सुपुर्द गर्नु। २. दिनु; अर्पण गर्नु।

सुम्पाइ—ना० [सुम्प+आइ] सुम्पने किसिम, क्रिया वा भाव।

सुम्पाइनु—स० क्रि० [सुम्पाउ+इ+नु] सुम्पन लाइनु; ('सुम्पाउनु'-को क० क्रि०)।

सुम्पाउनु—स० क्रि० [सुम्प+आउ+नु] सुम्पन लाउनु; ('सुम्पनु'-को प्रे० क्रि०)।

सुम्पिनु—स० क्रि० [सुम्प+इ+नु] माल-मत्ताको जिम्मा लाइनु; ('सुम्पनु'-को क० क्रि०)।

सुम्पुवा—वि०[सुम्प+उवा] १. सुम्पेको; बुझाइएको; जिम्मा लगाइएको। (ना०) २. जिम्मा लगाउने काम; सुपुर्दगी।

सुम्बा—ना० [फा०सुम्बः] १. तीखो टुप्पो हुने, मोटो, दण्डाकार, तमौटेको ज्याभल। २. रूखको सोझै तल गएको मोटो मूल जरो। ३. ठूलो सर्प।

सुम्भ—वि० [सं०सुप्त] बोल-चाल नगरी बसिरहने स्वभावको।

सुम्लिइनु—अ० क्रि० [सुम्लि+इ+नु] फुलिनु; सुनिनु; ('सुम्लिनु'-को भा० क्रि०)।

सुम्लिनु—अ० क्रि० [सुम्लो+इ+नु] १. फुल्नु; सुनिनु। २. मोटाउनु; हृष्ट-पुष्ट हुनु (निन्दार्थमा)। ३. पेट बोक्नु; गर्भवती हुनु (व्यङ्ग्यार्थमा)।

सुम्लो—ना० [सं० शून] चोट-पटक लाग्दा शरीरमा सुनिएर उठ्ने लाम्चो मुस्लो।

सुम्ल्याइ—ना० [सुम्ल्याउ+आइ] सुम्ल्याउने किसिम, क्रिया वा भाव।

सुम्ल्याइ—ना० [सुम्लि+याइ]सुम्लिने किसिम,क्रिया वा भाव।

सुम्ल्याइनु—स० क्रि० [सुम्ल्याउ+इ+नु] फुलाइनु; ('सुम्ल्याउनु'-को क० क्रि०)।

सुम्ल्याउनु—स०क्रि०[सुम्लि+याउ+नु]१. फुलाउनु; २. मैथुन गर्नु। ३. गर्भाधान गराउनु।

सुयश—ना० [सं०] उत्तम यश; सुकीर्ति।

सुयोग—ना० [सं०] १. उत्तम योग वा मुहूर्त। २. सुअवसर; ठीक मौका।

सुयोग्य—वि० [सं०] अति योग्य; अत्यन्त लायक।

सुयोधन—ना० [सं०] दुर्योधन।

सुर—ना० [सं०] १. देवता। २. सूर्य। ३. ऋषि; मुनि।

सुर—ना० [ने०] १. मुराद; अभिप्राय; आँट। २. होश; चैतन्य; सावधानी। ३. धुन; तल्लीनता।

सुर—ना० [फा० सूऽ] कुनु; कोण।

सुर—ना० [सं० स्वर] गाना वा बाजाको स्वर; ध्वनि।

सुरक्षा—ना० [सं०] राम्रो बचाउ; समुचित रक्षा।

सुरक्षित—वि० [सं०] राम्ररी रक्षा गरिएको; सुरक्षामा राखिएको।

सुरखाब—ना० [फा० सुरखाब] चक्रवाक पक्षी।

सुर-गिरि—ना० [सं०] सुमेरु पर्वत।

सुर-गुरु—ना०[सं०] बृहस्पति।

सुरङ्ग—वि० [सं०] १. राम्रो रङ्गको; सुन्दर वर्णको। २. सुन्दर; मनोहर। (ना०) ३. सुन्दर रङ्ग। ४. सुन्तला। ५. सुरुङ। ६. सिन्दूर।

सुरङ्ग—ना० [सं०] सुरुङ; सुरङ्ग।

सुरत—ना० [सं०] काम-क्रीडा; स्त्री-समागम; मैथुन।

सुरत—ना० [सं० सूर्य] सुरथ।

सुर-तरङ्गिणी—ना० [सं०] १. आकाश-गङ्गा। २. गङ्गा नदी। ३. कर्णाली नदी (सरयू)।

सुर-तरु—ना० [सं०] १. कल्प-वृक्ष। २. देवदारु वृक्ष।

सुरता—ना० [सं०] १. सुर वा देवता हुनाको भाव; देवत्व। २. देवताहरूको समुदाय।

सुर-तार—ना० [सुर+तार] सुर-सार; कामको आरम्भ।

सुरति—ना० [सं०] काम-क्रीडा; मैथुन।

सुरति-गोपना—ना० [सं०] साहित्यमा आफूले गरेको पर-पुरुषसितको समागमलाई सखीसित पनि लुकाउने नायिका।

सुरथ—ना० [सं० सूर्य] १. खेल्ने ताशका चक्कीको चार रङ्ग-मध्ये एक; हुकुम रङ्ग। २. दिउँसो गन्जीफा खेल्दा पहिलो रङ्ग वा त्यस रङ्गको पत्ती।

सुर-दीर्घिका—ना० [सं०] आकाश-गङ्गा।

सुर-धनु—ना० [सं०] इन्द्रेनी; इन्द्र-धनु।

सुर-धाम—ना० [सं०] स्वर्ग।

सुर-धामिनी—ना० [सं०] गङ्गा नदी।

सुर-धुनी—ना० [सं०] गङ्गा नदी।

सुर-धेनु—ना० [सं०] कामधेनु।

CC-0. In Public Domain. Digitization by eGangotri

सुर-नदी–ना० [सं०] १. आकाश-गङ्गा। २. गङ्गा नदी।
सुर-नाथ–ना० [सं०] इन्द्र।
सुरप–ना० [सं०] इन्द्र।
सुर-पति–ना० [सं०] इन्द्र।
सुर-पर्ण–ना० [सं०] तीतें-पाती।
सुर-पाल–ना० [सं०] देव-राज; इन्द्र।
सुर-पालक–ना० [सं०] देव-राज; इन्द्र।
सुर-पुन्नाग–ना० [सं०] चिलाउने वृक्ष।
सुर-पुर–ना० [सं०] १. इन्द्रको राजधानी; अमरावती। २. स्वर्ग।
सुर-बाला–ना० [सं०] १. सुराङ्गना; देव-पत्नी। २. देव-कन्या।
सुरभि–ना० [सं०] १. पृथ्वी; धरती। २. गाई। ३. कामधेनु। ४. सुगन्ध; बास्ना। ५. वसन्त-ऋतु। ६. चैत्र महीना। ७. सुन। ८. मदिरा। ९. तुलसी। १०. माइहरूकी अधिष्ठात्री देवी। (वि०) ११. सुगन्धित। १२. सुन्दर; राम्रो। १३. बेस; उत्तम। १४. प्रसिद्ध। १५. बुद्धिमान्।
सुरभित–वि० [सं०] बास्ना आउने पारिएको; सुगन्धित तुल्याइएको।
सुरभि-भक्षण–ना० [सं०] साधकले खेचरी-मुद्राद्वारा जिभ्रो उल्टाई तालु-रन्ध्रमा लगाएर मस्तकबाट चुहेको सहस्रार कमलको अमृत पान गर्ने योगको एक प्रक्रिया।
सुरमई–वि० [सं०] सुरमाको जस्तो (रङ्ग)।
सुर-मणि–ना० [सं०] चिन्तामणि।
सुरमा–ना० [फा० सुरमः] सुर्मा।
सुरम्य–वि० [सं०] खूब राम्रो; अति रमणीय; परम सुन्दर।
सुर-राज–ना० [सं०] देव-राज; इन्द्र।
सुर-लोक–ना० [सं०] देव-लोक; स्वर्ग।
सुर-वधू–ना० [सं०] १. सुराङ्गना; देव-वधू। २. अप्सरा।
सुर-वाजी–ना० [सं०] इन्द्रको घोड़ा; उच्चैःश्रवा।
सुर-वाहन–ना० [सं०] ऐरावत हात्ती।
सुरस–वि० [सं०] १. असल रसले युक्त; रसिलो। २. मीठो; स्वादिष्ठ। (ना०) ३. पानी; जल। ४. आनन्द; सुख-भोग। ५. प्रेम; प्रीति।
सुरसता–ना० [सं०] सुरस हुनाको भाव; रसिलोपन।
सुरसा–ना० [सं०] १. रामायण-प्रसिद्ध एक राक्षसी। २. तुलसी। ३. सूँप। ४. पुनर्नवा। ५. सर्प-गन्धा। ६. दुर्गा।
सुर-सार–ना० [सुर+सार (फा०)] होश-हवास; चेतना; चैतन्य।
सुर-सार–ना० [सुर+सार] कुनै कामको थालनी; तरखर; सार-सुर।
सुर-सुता–ना० [सं०] १. यमुना नदी। २. देव-कन्या।
सुर-सुन्दरी–ना० [सं०] १. अप्सरा। २. देव-कन्या; देवाङ्गना।
सुरसुर–क्रि० यो० [ने०] १. धागो, डोरो आदि बिस्तारै तान्ने किसिम। २. तरल पदार्थ अलि-अलि गरी पिउने किसिम। ३. सानो प्राणी घस्रेर हिँड्ने किसिम; सगसगाउने किसिम।
सुरसुरती–क्रि० यो० [सुरसुर+ती] सुरसुर।
सुरसुरी–क्रि० यो० [सुरसुर+ई] सुरसुर।
सुरही–ना० [अ० सुराही] सुराही।
सुरा–ना० [सं०] १. रक्सी; मदिरा; शराब। २. सोम-रस। ३. जल।
सुराख–ना० [तु० सुराग़] सुराग।
सुराग–ना० [तु० सुराग़] १. गुप्त तवरले अपराध, षड्यन्त्र आदि पत्ता लगाउने काम; गुप्त रूपले गरिने खोजी; सुराख। २. गुप्त खबर।
सुराग–ना० [सं०] १. असल वा राम्रो रङ्ग। २. गम्भीर प्रेम; गहिरो अनुराग। ३. उत्तम राग।
सुरागी–वि० [सुराग+ई] सुराग दिने (व्यक्ति वा कार्य)।
सुराङ्गना–ना० [सं०] १. देव-पत्नी; देवाङ्गना। २. अप्सरा।
सुराज्य–ना० [सं०] प्रजा-जनलाई सुख हुने राज्य; उत्तम राज्य।
सुरानीक–ना० [सं०] देवताको सेना।
सुरापी–वि० [सं०] जाँड़-रक्सी पिउने; सुरा पान गर्ने; मद्यपी।
सुरारि–ना० [सं०] देवताको शत्रु; असुर; राक्षस।
सुरालय–ना० [सं०] १ मन्दिर; देवालय। २. स्वर्ग। ३. अमरावती। ४. मदिरा बनाउने वा बेच्ने ठाउँ; भट्टी।
सुराही–ना० [अ०] सानो मुख, लामो घाँटी र ठूलो फुकेको पेट हुने एक प्रकारको पानी राख्ने भाँड़ो; सुरही।
सुराहीदार–वि० [सुराही+दार] सुराहीजस्तो गोल र लाम्चो छाँटको।
सुरिइनु–अ० क्रि० [सुरि+इ+नु] कुनै साहसपूर्ण काम गर्न तम्सिनु; ('सुरिनु'-को भा० क्रि०)।
सुरिनु–अ० क्रि० [सं० शूर+इ+नु] १. कुनै साहसपूर्ण काम गर्न तम्सनु; आँट गर्नु। २. शूरो हुनु; नडराउनु। ३. उत्तेजित हुनु।
सुरिलो–वि० [सुर+इलो] मीठो; मधुर (स्वर)।
सुरिलो–वि० [सुइरो+इलो] बाङ्गो-टेढ़ो नभएको; सोझो र लामो (रूख, बाँस आदि)।
सुरुक्क–क्रि० यो० [ने०] १. गुप्त तवरले वा आनेकाने नगरी कुनै काम गर्ने किसिम; खुरुक्क। २. बिस्तारै।
सुरुङ–ना० [सं० सुरङ्ग] जमीन खनेर बनाएको बाटो; सुरङ्ग।
सुरुचि–ना० [सं०] १. बेस रुचि। २. सुन्दर वा असल कुरामा भएको रुचि। ३. सुन्दर प्रकाश; सुदीप्ति। ४. पुराण-प्रसिद्ध राजा उत्तानपादकी पत्नी। (वि०) ५. उत्तम रुचि भएको।
सुरुवा–ना० [फा० शोर्बः] कुनै खाद्य पदार्थ पकाएको रस; झोल।

CC-0. In Public Domain. Digitization by eGangotri

सुरुवाल–ना० [फा० शलवार] कम्मरदेखि गोली-गाँठासम्म लाउने, मोहोता छुट्टिएको एक प्रसिद्ध पोशाक; एक किसिमको पाइजामा।

सुरुसुरु–क्रि० यो० [सं० सृ+सृ] नरोकिईकन वा नअनकनाईकन कुनै काम गर्ने किसिम; खुरुखुरु।

सुरूप–वि० [सं०] १. राम्रो आकृति भएको; रूपवान्; सुन्दर। २. विद्वान्।

सुरेन्द्र–ना० [सं०] देव-राज; इन्द्र।

सुरेली–ना० [सुरिलो] रूख, खम्बा, डोरी आदिमा छाती घसारेर चढ्ने काम।

सुरेश–ना० [सं०] १. इन्द्र; सुरेन्द्र। २. महादेव।

सुरो–ना० [सं० श्रुव] चम्चाका आकारको, काठको, होम गर्ने साधन।

सुर्कनु–स० क्रि० [सं० सृ+नु] १. साधारण किसिमले सियोद्वारा सिउनु। २. कुनै वस्तुलाई मुट्ठी वा पँजाले समाती रुहुनु। ३. खैँचनु (पाखुरा)।

सुर्काइ–ना० [सुर्काउ+आइ] सुर्काउने किसिम, क्रिया वा भाव।

सुर्काइ–ना० [सुर्क+आइ] सुर्कने किसिम, क्रिया वा भाव।

सुर्काइनु–स० क्रि० [सुर्काउ+इ+नु] सुर्काउनी पारिनु; ('सुर्काउनु'-को क० क्रि०)।

सुर्काउनी–ना० [सुर्क+आउनी] डोरी वा धागोको एक छेउमा अर्को छेउ घुमाएर तान्दा सजिलैसित कस्ने गरी बनाएको एक किसिमको खुकुलो गाँठो; सुर्कौनी; सुर्केनी।

सुर्काउनु–स० क्रि० [सुर्क+आउ+नु] सुर्काउनी पार्नु; सुर्केनी पार्नु; घुमाएर गाँठो पार्नु।

सुर्किनु–स० क्रि० [सुर्क+इ+नु] सियोले सरासर सिइनु; ('सुर्कनु'-को क० क्रि०)।

सुर्की–ना० [फा० सुर्ख़ी] घर बनाउने काममा प्रयोग गरिने, इँट कुटेर बनाएको धूलो।

सुर्के–वि० [सुरिलो] १. ठाड़ो धर्का पारेर लाएको (चन्दन)। २. निधारमा ठाड़ो धर्को भएको (पशु)।

सुर्केनी–ना० [सुर्क+एनी] सुर्काउनी।

सुर्को–ना० [सुर्क] १. एक चोटिको सिलाइ; खुट्को। २. सुर्काउनी परेको गाँठो।

सुर्को–ना० [सुर्र] एक सासमा पिइने तरल पदार्थ।

सुर्को–ना० [नें०] खेत वा बारीको सानो टुक्रो; फोगटो।

सुर्कौनी–ना० [सुर्काउनी] सुर्काउनी।

सुर्ख–वि० [फा० सुर्ख़] रक्त-वर्णको; रातो।

सुर्खी–ना० [फा० सुर्ख़ी] १. रातोपन। (ना०) २. सुर्की। ३. रक्त।

सुर्ता–ना० [सं० स्मृति] मानसिक दुःख; चिन्ता; पीर; फिक्री।

सुर्ताइनु–स० क्रि० [सुर्ताउ+इ+नु] सुर्ता गरिनु; ('सुर्ताउनु'-को क० क्रि०)।

सुर्ताउनु–स० क्रि० [सुर्ता+आउ+नु] सुर्ता गर्नु; चिन्ता गर्नु; पीर लिनु।

सुर्ती–ना० [सूरत प्रदेश] १. ठूला-ठूला नरम भूवादार पात हुने, बीचका डाँठका टुप्पामा सुगन्धराजका जस्ता सेता फूल फुल्ने, झुप्पाकार फल फल्ने रायोको जस्तो एक जातको बोट। २. संस्कार गरी बनाएको त्यसैको नशादार पात वा पातको चूर्ण। (विभिन्न प्रकारले यसको सेवन गरिन्छ।)

सुर्मा–ना० [फा० सुरमः] आँखाको हित वा सौन्दर्यका निमित्त गाजलजस्तै लगाइने नीलो भावको कालो रङ्गको एक खनिज पदार्थ; सुरमा।

सुऱ्याइ–ना० [सं० शूर+याइँ] १. कुनै काम गर्न तम्सिने क्रिया; आँट्ने काम। २. शौर्य; वीरता।

सुऱ्याइ–ना० [सुरि+याइ] सुरिने किसिम, क्रिया वा भाव।

सुऱ्याइ–ना० [सुऱ्याउ+आइ] सुऱ्याउने किसिम, क्रिया वा भाव।

सुऱ्याइनु–स० क्रि० [सुऱ्याउ+इ+नु] तम्स्याइनु; ('सुऱ्याउनु'-को क० क्रि०)।

सुऱ्याउनु–स० क्रि० [सुरि+याउ+नु] १. कुनै काम गर्न कसैलाई उत्तेजित पार्नु; तम्स्याउनु। २. शूरो गराउनु; आँटिलो पार्नु।

सुर्र–क्रि० यो० [नें०] १. पानी, धूवाँ आदि पिउने किसिम। २. बेगसित वा छिटोसँग जाने किसिम; खुर्र। ३. तान्ने वा घिच्च्याउने किसिम; स्वार्र। ४. सुर्कने वा फुस्कने किसिम।

सुल–ना० [अ० वुसूल] असूल।

सुलक्ष–वि० [सं०] राम्रो लक्षणको; शुभ लक्षण-युक्त।

सुलक्षण–वि० [सं०] १. असल लक्षणको; लच्छिनको। २. भाग्यवान्; भाग्यमानी। (ना०) ३. शुभ लक्षण।

सुलक्षणा–वि० [सं०] असल लक्षण भएकी; लच्छिनकी।

सुलतान–ना० [अ० सुल्तान] बादशाह; सम्राट्।

सुलताना–ना० [सुलतानः] सम्राज्ञी।

सुलतानी–वि० [सुलतान+ई] सुलतानको; सुलतान-सम्बन्धी।

सुलफा–ना० [सुल्फ़ा] सुल्फा।

सुलभ–वि० [सं०] १. सजिलैसित पाइने; सुलभ्य। २. सुगम; सजिलो।

सुलभ्य–वि० [सं०] सुलभ।

सुलसुल–क्रि० यो० [सं० सल्] १. तरल पदार्थ अलि-अलि बगिरहने किसिम। २. सर्प आदि घस्रेर हिँड्ने किसिम।

सुलसुले–ना० [सुलसुल+ए] १. कुखुरा, हाँस, परेवा आदिका शरीरमा लाग्ने एक जातको मसिनो कीरो। २. ढुसीकीरो। ३. सर्प, गँड्यौलो आदि घस्रेर हिँड्ने कीरो। ४. थोर-थोरै पातलो दिसा बगिरहने एक रोग।

सुलह–ना० [अ०] १. मेल; मिलाप। २. झगड़ा वा लडाइँपछिको मेल; सन्धि; सम्झौता।

सुलहनामा–ना० [अ०] सुलहका शर्तहरू लेखिएको कागत; सन्धि-पत्र।

सुलिनु–अ० क्रि० [सुल+इ+नु] १. लेन-देन चुक्ती हुनु;

CC-0. In Public Domain. Digitization by eGangotri

सुल हुनु; फच्छे हुनु; सुल्नु। २. चुक्ति होइनु; ('सुल्नु'-को भा० क्रि०)।

सुली–ना० [ने०] कुखुराको विष्ठा।

सुलुक्क–क्रि० यो० [सं० सल्] १. चिप्लो पदार्थ दाँत नलाई निल्ने किसिम; सलक्क। २. लम्स्याइलो छाँट परेको।

सुलुत्त–क्रि० यो० [सुलुक्क] १. सोझो वा समथर हुने किसिम। २. निल्ने किसिम; सुलुक्क। ३. चिप्लिने किसिम।

सुल्टिइनु–अ० क्रि० [सुल्टि+इ+नु] सुल्टो होइनु; ('सुल्टिनु'-को भा० क्रि०)।

सुल्टिनु–अ० क्रि० [सुल्टो+इ+नु] १. सुल्टो हुनु; सब्ल्याँटो पर्नु। २. अनुकूल पर्नु; सव्य पर्नु।

सुल्टो–वि० [सं० सव्य] १. उल्टो वा बिब्ल्याँटो नभएको; सब्ल्याँटो। २. अनुकूल; सव्य। (क्रि० यो०)। ३. विधिअनुसार; नियमबमोजिम।

सुल्टचाइ–ना० [सुल्टि+याइ] सुल्टिने किसिम, क्रिया वा भाव।

सुल्टचाइ–ना० [सुल्याउ+आइ] सुल्टचाउने किसिम, क्रिया वा भाव।

सुल्टचाइनु–स० क्रि० [सुल्टचाउ+इ+नु] सुल्टो पारिनु; ('सुल्टचाउनु'-को क० क्रि०)।

सुल्टचाउनु–स० क्रि० [सुल्टि+याउ+नु] १. सुल्टो पार्नु; सब्ल्याँटो पार्नु। २. अनुकूल पार्नु; ('सुल्टिनु'-को प्रे० क्रि०)

सुल्नु–अ० क्रि० [सुल+नु] सुलिनु।

सुल्फा–ना० [फा० सुल्फः] १. गाँजाको चोप; चरेस। २. सानो चिलिममा भरिएको तमाखू।

सुल्याइ–ना० [सुल्याउ+आइ] सुल्याउने किसिम, क्रिया वा भाव; मैथुन गराइ।

सुल्याइ–ना० [सुल्याउ+आइ] सुल्याउने किसिम, क्रिया वा भाव; फच्च्याइ।

सुल्याइनु–स० क्रि० [सुल्याउ+इ+नु] सुल गरिनु; ('सुल्याउनु'-को क० क्रि०)।

सुल्याइनु–स० क्रि० [सुल्याउ+इ+नु] मैथुन गरिनु; ('सुल्याउनु'-को क० क्रि०)।

सुल्याउनु–स० क्रि० [सुम्ल्याउ] मैथुन गर्नु; स्त्री-समागम गर्नु।

सुल्याउनु–स० क्रि० [सुल+याउ+नु] सुल गर्नु; फच्छे गर्नु; फच्च्याउनु; ('सुल्नु'-को प्रे० क्रि०)।

सुवर्ण–ना० [सं०] १. सुन; स्वर्ण। २. असल रङ्ग; उत्तम वर्ण। (वि०) ३. सुनका रङ्गको; सुनौला। ४. राम्रो रङ्गको।

सुवर्णक–ना० [सं०] १. पीतल। २. सीसा (धातु)।

सुवर्ण-केतकी–ना० [सं०] पहेँलो-केवड़ा।

सुवास–ना० [सं०] १. मीठो वास्ना; सुगन्ध; खुशबू। २. राम्रो वा असल घर।

सुवासित–वि० [सं०] मीठो वास्ना आउने तुल्याइएको; सुगन्धित।

सुवासिनी–ना० [सं०] १. युवती भइसकेपछि पनि पिताका घरमा रहने स्त्री। २. सधवा स्त्री।

सुविख्यात-त्रिशक्ति-पट्ट–ना० [सं०] पहिला दर्जाको त्रिशक्ति-पट्ट तक्मा।

सुविचार–ना० [सं०] १. असल विचार; सद्विचार। २. सूक्ष्म विचार।

सुविचारी–वि० [सं०] १. सुक्ष्म विचार गर्ने; गहिरो विचार गर्ने। २. राम्रो इन्साफ गर्ने।

सुविज्ञ–वि० [सं०] भारी विद्वान्; ठूलो पण्डित।

सुविधा–ना० [सं० सु+विधा] सुगमता; सजिलोपन; सुविस्ता।

सुविधि–ना० [सं०] उत्तम विधि; असल नियम।

सुविस्ता–ना० [सं० सुविस्तार] सुबिस्ता।

सुवृत्त–वि० [सं०] १. असल बानी-बेहोरको; सच्चरित्र; सदाचारी। (ना०)। २. उत्तम वृत्त वा चरित्र।

सुवेश–वि० [सं०] १. सुन्दर वेश भएको। २. राम्रो लुगा लगाएको।

सुवेष–ना० [सं०] सुवेश।

सुव्यवस्था–ना० [सं०] सुन्दर व्यवस्था; सुप्रबन्ध; सुयोजना।

सुव्यवस्थित–वि० [सं०] राम्रो व्यवस्था भएको; सुन्दर व्यवस्था-युक्त।

सुशासन–ना० [सं०] उत्तम शासन; श्रेष्ठ राज्य-व्यवस्था।

सुशासित–वि० [सं०] राम्रो शासन गरिएको; सुशासन गरिएको।

सुशिक्षा–ना० [सं०] असल शिक्षा; उत्तम शिक्षा।

सुशिक्षित–वि० [सं०] १. उत्तम शिक्षा पाएको; सुशिक्षा हासिल गरेको। २. राम्ररी शिक्षा पाएको। ३. विद्वान्; पण्डित।

सुशिक्षिता–वि० [सं०] १. सुशिक्षा पाएकी। २. विदुषी।

सुशील–वि० [सं०] १. असल शील-स्वभावको; उत्तम आचरण भएको; सच्चरित्र। २. विनीत; विनम्र। ३. सोझो; साधु।

सुशीलता–ना० [सं०] १. सुशील हुनाको भाव; सच्चरित्रता। २. विनम्रता। ३. सोझो प्रकृति; साधुपन।

सुशीला–वि० [सं०] असल स्वभाव वा शील भएकी (स्त्री)।

सुशोभन–वि० [सं०] उत्तम शोभाले युक्त; अति सुन्दर।

सुशोभित–वि० [सं०] १. अत्यन्त शोभायमान; परम सुन्दर। २. बेसरी सजाइएको; सजिसजाउ।

सुश्री–वि० [सं०] १. अति सुन्दर; शोभाले युक्त। (ना०) २. स्त्रीहरूका नामको अगिल्तिर प्रयोग गरिने आदर-सूचक शब्द।

सुश्रुत–वि० [सं०] १. राम्ररी सुनिएको; स्पष्टसँग सुनिएको। २. अति प्रसिद्ध; सुविख्यात। (ना०) ३. आयुर्वेदको 'सुश्रुत-संहिता' नामक ग्रन्थका रचयिता एक प्रसिद्ध र प्राचीन आचार्य। ४. तिनैले बनाएको ग्रन्थ; सुश्रुत-

CC-0. In Public Domain. Digitization by eGangotri

संहिता।

सुश्रुत-संहिता–ना० [सं०] आचार्य सुश्रुतले रचेको एक प्रसिद्ध वैद्यक ग्रन्थ।

सुषमा–ना० [सं०] अत्यन्त सुन्दरता; परम शोभा।

सुषिर–वि० [सं०] १. प्वाल भएको; छिद्र-युक्त। २. खोक्रो। (ना०) ३. बाँस। ४. बेत। ५. अग्नि। ६. हावाको वेगबाट बज्ने बाजा। ७. प्वाल; दुलो। ८. मूसो।

सुषुप्त–वि० [सं०] गाढा निद्रामा परेको; मस्तसँग निदाएको।

सुषुप्ति–ना० [सं०] १. गाढ निद्रा; । २. ब्रह्मको प्राप्ति हुँदा पनि जीवलाई ब्रह्म-प्राप्तिको ज्ञान नहुने योगको एक अवस्था।

सुषुम्णा–ना० [सं०] सुषुम्ना।

सुषुम्ना–ना० [सं०] १. आयुर्वेदअनुसार अरू नाड़ीहरूले बेह्रिएको, नाभिका माझमा रहेको प्रधान नाडी। २. योग-शास्त्रअनुसार तीन प्रकारका नाडीहरूमध्ये एक।

सुषेण–ना० [सं०] रामायण-प्रसिद्ध एक वानर।

सुष्ठु–क्रि० यो० [सं०] १. ज्यादा; अतिशय; अत्यन्त। २. सुन्दर तरीकाले। (वि०) ३. ज्यादै राम्रो; अति सुन्दर।

सुष्ठुता–ना० [सं०] सुष्ठु वा सुन्दर हुनाको भाव; सुन्दरता; सौष्ठव।

सुसंस्कृत–वि० [सं०] १. राम्रोसित संस्कार गरिको; बेस संस्कार पाएको। २. परिष्कृत।

सुसङ्गत–वि० [सं०] १. सङ्गति मिलेको; पूर्वापर-सम्बन्ध मिलेको। (ना०) २. सज्जनहरूको सङ्गत; सत्सङ्ग।

सुसङ्गति–ना० [सं०] १. असल मानिसहरूको सङ्गत; सत्सङ्ग। २. राम्रो मेल-मिलाप।

सुसज्जित–वि० [सं०] १. राम्ररी सजाइएको; सजिसजाउ पारिएको। २. शोभायमान।

सुसमय–ना० [सं०] असल समय; शुभ मुहूर्त।

सुसमाचार–ना० [सं०] असल समाचार; भलो हुने वा भएका कुराको समाचार।

सुसम्पन्न–वि० [सं०] १. सबै आवश्यक कुराहरूले सम्पन्न भएको; सबै कुरा पुगेको। २. धनवान्; धनाढ्य।

सुसम्पन्नता–ना० [सं०] सुसम्पन्न हुनाको भाव वा अवस्था।

सुसाइ–ना० [सुसाउ+आइ] सुसाउने किसिम, क्रिया वा भाव।

सुसाइनु–अ० क्रि० [सुसाउ+इ+नु] हावा, पानी, खोलो आदि बग्दा आवाज आइनु; ('सुसाउनु'-को भा० क्रि०)।

सुसाउनु–अ० क्रि० [सं० श्वस्+आउ+नु] १. हावा, पानी, खोलो आदि बग्दा आवाज आउनु। २. सुस्केरा हाल्नु। ३. कामको कठिनाइले लामो सास फेर्नु।

सुसाध्य–वि० [सं०] १. सजिलैसित गर्न सकिने; सहज-साध्य। २. सजिलो; सहज।

सुसार–ना० [प्रा० सुस्सूसा] १. केटा-केटी वा बिरामीलाई गरिने सेवा-टहल; सुसुर्को; शुश्रूषा। २. सेवा-टहल।

सुसारे–ना० [सुसार+ए] सुसार गर्ने स्त्री; सेविका।

सुसिद्धि–ना० [सं०] १. एक जनाले गरेका कामको फल अर्कोले पाएको वर्णन गर्दा पर्ने एक अर्थालङ्कार। २. उत्तम सिद्धि।

सुसु–ना० [सुची] पिसाब (बाल-बोलीमा)।

सुसुर्को–ना० [सुसार] सुसार।

सुसे–वि० [प्रा० सुस्से] पातलो; दुब्लो; सुकुटे; सिकुटे।

सुसे-धन्दा–ना० [सुसे+धन्दा] गृहस्थीका सामान्य र अलमल्याउने काम-काज।

सुसेलाइ–ना० [सुसेल्+आइ] सुसेल्ने किसिम, क्रिया वा भाव।

सुसेलाइनु–स० क्रि० [सुसेलाउ+इ+नु] सुसेल्न लाइनु; ('सुसेलाउनु'-को क० क्रि०)।

सुसेलाउनु–स० क्रि० [सुसेल्+आउ+नु] सुसेल्न लाउनु; ('सुसेल्नु'-को प्रे० क्रि०)।

सुसेलिनु–स० क्रि० [सुसेल्+इ+नु] सुसेलो हालिनु; ('सुसेल्नु' को क० क्रि०)।

सुसेलो–ना० [सुसेल्+ओ] दुइ ओठ खुम्चाएर बीचमा सानो प्वाल पारी सास भित्र-बाहिर फुकेर एक किसिमसित निकालेको सुरिलो आवाज; सुसेलेको शब्द।

सुसेल्नु–स० क्रि० [सुसाउ] १. सुसेलो हाल्नु। २. सुसाउनु।

सुस्केरो–ना० [सुसाउ+एरो] मानसिक वा शारीरिक दुःख पर्दा निकालिने लामो सास; हतोत्साह हुँदा फेरिने लामो निश्वास।

सुस्त–वि० [फा०] १. मन्द गतिले काम गर्ने; ढीलो; जुम्सो। २. उत्साह-हीन; अल्सी। ३. कमजोर; दुर्बल। (क्रि० यो०) ४. बिस्तारै; सुस्तरी।

सुस्तरी–क्रि० यो० [सुस्त+गरी] सुस्तसँग; मन्द गतिले; बिस्तारै।

सुस्ताइ–ना० [सुस्ताउ+आइ] सुस्ताउने किसिम, क्रिया वा भाव।

सुस्ताइनु–अ० क्रि० [सुस्ताउ+इ+नु] थकाइ मौरिनु; ('सुस्ताउनु'-को भा० क्रि०)।

सुस्ताउनु–अ० क्रि० [सुस्थिर+आउ+नु] थकाइ मार्नु; श्रम शान्त गर्नु।

सुस्ती–ना० [फा०] १. सुस्त हुनाको भाव; जुम्सोपन। २. कमजोरी; शिथिलता। ३. आलस्य; अल्सीपन।

सुस्त्याइँ–ना० [सुस्ती+याइँ] सुस्त हुनाको भाव; सुस्ती।

सुस्थ–वि० [सं०] १. रोगबाट निर्मुक्त भएको; स्वस्थ। २. सुखपूर्वक रहेको; सुस्थित।

सुस्थता–ना० [सं०] १. सुस्थ हुनाको भाव। २. नीरोगता; आरोग्य।

सुस्थित–वि० [सं०] १. राम्ररी बसेको; मजबूतीसँग रहेको। २. सुखसित बसेको।

सुस्थिर–वि० [सं०] १. राम्ररी स्थिर रहेको; सुदृढ। (वि०) २. सुविस्तासाथको; शान्त।

CC-0. In Public Domain. Digitization by eGangotri

सुस्वर–वि० [सं०] १. मीठो स्वर भएको; सुरिलो स्वरको; सुकण्ठ। (ना०) २. मधुर स्वर; मीठो कण्ठ-ध्वनि।

सुस्वरता–ना० [सं०] १. सुस्वर हुनाको भाव। २. मधुर स्वर।

सुस्वाद–वि० [सं०] सुस्वादु।

सुस्वादु–वि० [सं०] १. मीठो स्वाद भएको; स्वादिलो; स्वादिष्ठ। (ना०) २. मीठो स्वाद।

सुहाइ–ना० [सुहाउ+आइ] सुहाउने किसिम, क्रिया वा भाव।

सुहाइनु–अ० क्रि० [सुहाउ+इ+नु] खुलिनु; शोभित होइनु; ('सुहाउनु'-को भा० क्रि०)।

सुहाउनु–अ० क्रि० [प्रा० सोहण+आउ+नु] १. कुनै वस्तु अर्को वस्तुसँग हुँदा मिल्दो वा राम्रो देखिनु; खुल्नु; शोभित हुनु। २. अनुकूल हुनु; उचित हुनु।

सुहाग–ना० [सं० सौभाग्य] स्त्रीको पति जीवित रहेको अवस्था; सधवा अवस्था; ऐभाँत; सौभाग्य।

सुहारी–ना० [सं० सु+आहार] नरम र पातलो मैदाको पुरी; स्वारी।

सुहृत्–ना० [सं०] सुहृद्।

सुहृत्ता–ना० [सं०] सुहृद् वा मित्रको भाव; मैत्री; दोस्ती।

सुहृत्त्व–ना० [सं०] सुहृत्ता।

सुहृद्–ना० [सं०] १. शुद्ध वा निष्कपट हृदय भएको मनुष्य; सहृदय व्यक्ति। २. मित्र; साथी। ३. शिव।

सुहृदय–ना० [सं०] १. मित्र; साथी। २. प्रेम वा स्नेह गर्ने व्यक्ति। (वि०) ३. प्रेम वा स्नेह गर्ने।

सू–वि० [सं०] १. जन्माउने। (ना०) २. आमा।

सूँड़–ना० [सं० शुण्ड] स्तम्भजस्तो, लामो, जमीनसम्म आइपुग्ने, हात्तीको लामो नाक।

सूँड़ी–ना० [प्रा० सुण्डिअ] जाँड़-रक्सी बनाउने वा बेच्ने पेशा भएको व्यक्ति वा जाति।

सूँप–ना० [सं० शतपुष्पा] १. मसिना पात, चम्सुरका जस्ता फूल र जीराजस्ता दाना हुने एक जातको सुगन्धी साग। २. त्यसैको दाना। (यसको बोट तरकारी बनाएर खाइन्छ र यसको दाना मसला र औषधमा प्रयोग हुन्छ।)

सूई–ना० [प्रा०] १. सियो। २. घड़ी, कम्पास आदिका डायलमा अङ्क-निर्देश गर्ने लामो सियोजस्तो अवयव। ३. सुइरो। ४. इन्जेक्शन।

सूकर–ना० [सं०] १. सुँगुर; शूकर। २. कुह्याले।

सूक्त–वि० [सं०] १. राम्रो तवरले भनिएको; सुन्दर रीतिले कथित। (ना०) २. वेद-मन्त्र वा ऋचाहरूको समुदाय। ३. वैदिक स्तुति वा प्रार्थना।

सूक्ति–ना० [सं०] १. सुन्दर पद वा वाक्य; राम्रो कथन; सुन्दर उक्ति। २. चमत्कारपूर्ण वाक्य।

सूक्ष्म–वि० [सं०] १. साह्रै सानु; अति मसिनु। २. साना-साना कुरामा विचार पुऱ्याउने; गम्भीर (दृष्टि, बुद्धि)। ३. अलिकति; थोरै। (ना०) ४. अणु; परमाणु। ५. पर-ब्रह्म। ६. लिङ्ग-शरीर। ७. अरूले गरेको कुनै साङ्केतिक कार्य देखेर इशाराद्वारा त्यसको उत्तर वा समाधान गरेको बुझिँदा हुने एक अर्थालङ्कार। ८. इशारा; सङ्केत। ९. छोटकरी कथन; सङ्क्षेप।

सूक्ष्मता–ना० [सं०] सूक्ष्म हुनाको भाव; सानोपन।

सूक्ष्म-दर्शक-यन्त्र–ना० [सं०] अति सानो वस्तुलाई ठूलो पारेर देखाउने यन्त्र; अणु-वीक्षण यन्त्र; माइक्रोस्कोप।

सूक्ष्म-दृष्टि–ना० [सं०] १. अति सानो कुरा पनि देख्ने वा तिनमा विचार पुऱ्याउने काम। (वि०) २. अति बुद्धिमान्।

सूक्ष्म-शरीर–ना० [सं०] १. पाँच प्राण, पाँच ज्ञानेन्द्रिय, पञ्च-महाभूत, मन र बुद्धि–यी सत्र अवयवहरूको समूह। २. ती अवयवहरूले बनेको, मनुष्यको मृत्युपछि पनि रहने शरीर; लिङ्ग-शरीर।

सूक्ष्मैला–ना० [सं०] सुकुमेल।

सूखा–वि० [सं० शुष्क] १. पानी वा रस नभएको; सुक्खा; सुकेको; शुष्क। २. घिउ, तेल आदि चिल्लो पदार्थ नपरेको; रूखो। ३. पानी नभएको वा नलाग्ने (जमीन)। ४. रगत सुकेको (शरीर)। (ना०) ५. पानी नपरेको अवस्था; खड़ेरी। ६. अकाल; अनिकाल; दुर्भिक्ष।

सूचक–वि० [सं०] १. सूचना दिने; जनाउ दिने; ज्ञापक। २. गुप्त कुरा भन्ने; भेद खोल्ने। (ना०) ३. सूचीकार। ४. भेद खोल्ने व्यक्ति। ५. गुप्ती-पुलीस।

सूचना–ना० [सं०] १. कसैलाई बोध गराउनाका निमित्त भनिने कुरो; जनाउ; विज्ञप्ति। २. कसैलाई कुनै कुरो बोध गराउने काम; जनाउ दिने काम; विज्ञापन। ३. सङ्केत; इशारा।

सूचना-पत्र–ना० [सं०] कुनै सूचना लेखिएको वा छापिएको पत्र; विज्ञप्ति; इश्तिहार।

सूचनीय–वि० [सं०] सूचना दिन योग्य; जनाउ दिन लायक।

सूचि–ना० [सं०] १. सियो; सुई। २. सुइरो। ३. तीखो वस्तुको टुप्पो वा चुच्चो।

सूचिक–ना० [सं०] सूचीकार।

सूचिका–ना० [सं०] १. सियो। २. हात्तीको सूँड़।

सूचिकार–ना० [सं०] सूचीकार।

सूचित–वि० [सं०] १. सूचना दिइएको; जनाउ दिइएको; ज्ञापित। २. भनिएको; कथित। ३. इशारा गरिएको; सङ्केत गरिएको।

सूचितव्य–वि० [सं०] सूचना दिन योग्य; सूच्य।

सूचि-पत्र–ना० [सं०] सूची-पत्र।

सूचिभेद्य–वि० [सं०] प्रगाढ; अति गाढ; गाढ़ा (अन्धकार)।

सूची–ना० [सं०] १. लुगा-फाटो सिउने सियो; सूचि। २. सुइरो। ३. कुनै तीखो वस्तुको टुप्पो वा चुच्चो। ४. कुनै ग्रन्थमा भएका विषयहरू सूचित गरिएको तालिका; सूचि-पत्र; फिरिस्त। ५. दृष्टि। ६. इशारा; सङ्केत।

सूचीकार–ना० [सं०] लुगा सिउने पेशा भएको व्यक्ति।

CC-0. In Public Domain. Digitization by eGangotri

सूची-पत्र–ना० [सं०] १. धेरै वस्तुहरूको नामावली, विवरण, मूल्य आदि लेखिएको पुस्तिका; तालिका; सूची । २. कुनै विषयको सूची भएको पत्र । ३. ढोड़े-ऊखु ।

सूच्य–वि० [सं०] सूचना दिन योग्य; जनाउ दिन लायक; सूचनीय ।

सूच्य–वि० [सं०] १. सत्य र प्रिय; प्रिय; सद्भावपूर्ण; शुभ । (ना०) २. सत्य र प्यारो वचन ।

सूच्याकार–वि० [सं०] सूची वा सियोका आकारको ।

सूच्यार्थ–ना० [सं०] शब्दको व्यञ्जना-शक्तिद्वारा बोध हुने अर्थ; व्यङ्ग्यार्थ ।

सूज–ना० [फा० सोजिश] शरीरको कुनै अङ्ग वात, पित्त आदिको प्रकोपले वा चोट-पटकले फुल्ने काम; सुनिने क्रिया; सूजन; शोथ ।

सूजाक–ना० [फा०सूज़ाक] अति जलन हुने, मूत्रेन्द्रियको एक रोग; एक प्रकारको प्रमेह ।

सूझ–ना० [सुद्धी] १. विचारको स्फुरण; उपायको सम्झना । २. सुझ्ने काम ।

सूझ-बूझ–ना० [सूझ+बूझ] १. सोच्ने र सम्झने काम; स्मरण र विचार । २. विवेक ।

सूट–ना० [अं०] अङ्ग्रेजी छाँटको पोशाक; कोट, पतलून आदि ।

सूट-केस–ना० [अं०] लुगा-फाटो राख्ने एक प्रकारको चेप्टो बाकस ।

सूठो–ना० [प्रा० सुण्ठी] अदुवा उसिनेर फूल-खरानीमा मुछी सुकाएको वस्तु । (यो मसला र औषधमा प्रयोग हुन्छ ।)

सूत–ना० [प्रा०सुत्त] १. रुवो, रेशम आदिको मसिनो डोरो; धागो; तन्तु । २. घरका ग्राह्लाका भित्रपट्टि दलिनहरू अड्याउनाका निमित्त राखिने लामो तेर्सो काठ ।

सूत–ना० [सं०] १. सारथि । २. राजालाई जागा गराउनाका निमित्त स्तुति-पाठ गर्ने व्यक्ति; भाट; बन्दी । ३. एक प्रसिद्ध पौराणिक व्यक्ति; लोम-हर्षण मुनिका ल्याइते-पट्टिको छोरो । ४. सिकर्मी । ५. सूर्य । (वि०) ६. उत्पन्न । ७. प्रेरित ।

सूतक–ना० [सं०] १. बच्चा जन्मदा लाग्ने आशौच; सुत्केरो-को आशौच; जननाशौच । २. जन्म ।

सूतक-गेह–ना० [सं०] सुत्केरीको कोठो वा घर ।

सूतका–ना० [सं०] सूतिका ।

सूतकाशौच–ना० [सं०] सूतक; जननाशौच ।

सूतकी–वि० [सं०] सूतक लागेको; जननाशौच परेको ।

सूता–ना० [सं०] सूतका ।

सूति–ना० [सं०] १. उत्पत्ति । २. सन्तान ।

सूतिका–ना० [सं०] भर्खर बालक जन्माएकी स्त्री; सुत्केरी ।

सूतिकागार–ना० [सं०] सूतिका-गृह ।

सूतिका-गृह–ना० [सं०] सुत्केरी बस्ने घर वा कोठो ।

सूतिका-घर–ना० [सं० सूतिका+घर] सूतिका-गृह ।

सूतिका-वात–ना० [सं०] सूतिका-वायु ।

सूतिका-वायु–ना० [सं०] प्रसव हुने समयमा स्त्रीको पेट-भित्र हुने वायु; सूतिका-वात ।

सूती–वि० [सूत+ई] सूत वा कपासका धागाले बुनेको; सूतको ।

सूत्र–ना० [सं०] १. धागो; सूत; डोरो; तन्तु । २. जनै; यज्ञोपवीत । ३. कन्धनी; कटि-सूत्र । ४. व्यवस्था; नियम । ५. योजना । ६. व्याकरण, दर्शन आदिमा अर्थ-गर्भित छोटो वाक्य । ७. सुराख; गुप्त खबर । ८. कुनै कार्य वा योजना सफल पार्नाका निमित्त आदान-प्रदान गरिने कुरो । ९. ठूलो घटना, षड्यन्त्र आदि पत्ता लगाउने सङ्क्षिप्त कुरो । १०. मूल; बीउ । ११. युक्ति; उपाय । १२. कुनै विषयको दफा वा बूँदा ।

सूत्रकार–ना० [सं०] अर्थ-गर्भित सङ्क्षिप्त वाक्य वा सूत्रको रचना गर्ने आचार्य; सूत्र-रचयिता ।

सूत्रण–ना० [सं०] सूत्र बनाउने काम ।

सूत्र-धर–ना० [सं०] सूत्रधार ।

सूत्रधार–ना० [सं०] नाटच-शालामा नाटकको व्यवस्था गर्ने प्रधान नट ।

सूत्र-पात–ना० [सं०] कार्यको आरम्भ; प्रारम्भ; शुरूआत ।

सूत्रित–वि० [सं०] सूत्रका रूपमा भनिएको; सङ्क्षेपमा वताइएको ।

सूत्री–वि० [सं०] १. सूत्र-सम्बन्धी । २. सूत्र-युक्त ।

सूत्रीय–वि० [सं०] १. सूत्र-सम्बन्धी; सूत्री । २. सूत्र वा दफा भएको ।

सूद–ना० [फा०] ब्याज ।

सूद–ना० [सं०] १. भान्से । २. मार्ने काम; वध ।

सूद-खोर–ना० [फा०] अनुचित तरीकाले धेरै ब्याज लिने व्यक्ति; बढ़ी सूद लिने साहू ।

सूद-खोरी–ना० [फा०] साहूले असामीसित अनुचित वा धेरै सूद लिने काम; सूद-खोरको काम ।

सूदन–ना० [सं०] १. मार्ने काम; वध । (वि०) २. मार्ने; वधिक ।

सूध–ना० [सुद्धी] सुद्धी ।

सूधो–वि० [सं० साधु] सोझो; सीधा; साधु ।

सून–वि० [सं०] १. जन्मेको; पैदा भएको । २. फुलेको; प्रफुल्ल । (ना०) ३. बच्चा जन्मनु; प्रसव हुनु । ४. फूल; पुष्प । ५. छोरो ।

सूनसान–वि० [सं० शून्य+स्थान] १. कोही नभएको; निर्जन; एकान्त । (ना०) २. सन्नाटा; निस्तब्धता ।

सूना–ना० [सं०] १. छोरी; पुत्री । २. पशुहरू मार्ने ठाउँ । ३. मार्ने काम; वध । ४. जीव-हिंसा हुने सम्भावना भएका गृहस्थीका पाँच वस्तु (चूह्लो, जाँतो, ढिकी, घड़ा र कूचो) ।

सूनु–ना० [सं०] १. छोरो; पुत्र । २. भाइ । ३. सूर्य ।

सूनू–ना० [सं०] पुत्री; छोरी ।

CC-0. In Public Domain. Digitization by eGangotri

सूप–ना० [सं०] १. पाकेको दाल। २. दाल, तरकारी, मासु आदिको झोल; रस।

सूपकार–ना० [सं०] भान्से; पाचक।

सूपकारिता–ना० [सं०] भान्सेको काम वा पेशा।

सूप-शास्त्र–ना० [सं०] पाक-शास्त्र।

सूपो–ना० [प्रा० सुप्पो] एक प्रकारको चार-पाटे नाङ्लो।

सूबा–ना० [अ० सूबः] मातहतमा धेरै जिल्लाहरू भएको राज्यको एक विभाग; प्रदेश; प्रान्त।

सूबेदार–ना० [फा०] १. जमादारभन्दा माथि र लप्टनभन्दा मनिको एक पद वा दर्जा। २. त्यस पदमा रहेको व्यक्ति।

सूबेदारी–ना० [फा०] सूबेदारको काम वा पद।

सूर–ना० [सं०] १. सूर्य। २. आँक वृक्ष। ३. विद्वान् व्यक्ति; आचार्य। ४. वीर। ५. राजा।

सूरण–ना० [सं०] ओल।

सूरत–ना० [अ०] १. रूप; आकृति। २. शोभा; सौन्दर्य। ३. उपाय। ४. अवस्था।

सूरतदार–वि० [अ०] १. रूपवान्; सुन्दर। २. आँटिलो; साहसी।

सूरि–ना० [सं०] १. विद्वान् व्यक्ति। २. ऋत्विक्। ३. पुजारी। ४. बृहस्पति।

सूरी–वि० [सं०] १. विद्वान्। (ना०) २. विद्वान् व्यक्ति। ३. सूर्यकी पत्नी। ४. कुन्ती।

सूरी–ना० [ने०] बिरालो (बाल-बोलीमा)।

सूरो–वि० [प्रा०] आँटिलो; साहसी; शूर; पराक्रमी।

सूर्य–ना० [सं०] १. सौर-मण्डलको सबैभन्दा ठूलो र उज्ज्वल ग्रह; पृथ्वीलगायत सबै ग्रहहरूमा प्रकाश र उष्णता फिँजाउने तेज-पुञ्ज; प्रभाकर; रवि; दिनकर। २. बाह्रको सङ्ख्या।

सूर्य-कान्त–ना० [सं०] घाममा राख्ता तीव्र तेज वा ताप निस्कने एक प्रकारको स्फटिक। एक किसिमको काँच। ३. सूर्य-कान्त मणि।

सूर्य-ग्रह–ना० [सं०] १. ज्योतिषअनुसार नव-ग्रहमध्ये एक; सूर्य। २. सूर्य-ग्रहण।

सूर्य-ग्रहण–ना० [सं०] सूर्यमा चन्द्रमाको छाया पर्दा देखिने कालो टाटो। (पुराणअनुसार राहु वा केतुले ग्रस्त गर्दा सूर्यमा ग्रहण लाग्दछ।)

सूर्य-तनया–ना० [सं०] यमुना नदी।

सूर्य-भक्ति–ना० [सं०] १. लामा र झीना पात हुने, राता, वा पहेँला फूल फुल्ने एक जातको सानो बोट। २. त्यसैको फूल; आदित्य-भक्ता। (यसका राता, सेता, पहेँला—अनेक भेद छन्। आयुर्वेदमा यसको गुण ठन्डा र खटिरा, कुष्ठ तथा वात नाश गर्ने बताइएको छ।)

सूर्य-मण्डल–ना० [सं०] सूर्यको वरि-परि देखिने बिम्ब।

सूर्य-मुखी–ना० [सं०] १. सूर्यतिर फर्केर फुल्ने एक जातको फूल। (यो फूल पानीमा हाल्दा सङ्कुचित हुन्छ र सुक्ता फर्केर आउँछ।) २. घामको किरण पाउँदा आगो पार्ने

सूर्य-वंश–ना० [सं०] क्षत्रियका दुइ (चन्द्र र सूर्य) प्रमुख र उच्च वंशहरूमध्ये एक; राजा इक्ष्वाकुबाट शुरू भएको एक क्षत्रिय-वंश।

सूर्य-वंशी–वि० [सं०] सूर्य-वंशमा उत्पन्न; सूर्य-वंशको।

सूर्य-विनायक–ना० [सं०] भक्तपुर इलाकामा रहेका एक प्रसिद्ध गणेश; चार-विनायकमध्ये एक।

सूर्य-सुता–ना० [सं०] यमुना नदी।

सूर्य-स्नान–ना० [सं०] सूर्यका किरणले सम्पूर्ण शरीरमा स्पर्श गर्ने गरी घाममा बस्नु; आतप-स्नान।

सूर्यावर्त–ना० [सं०] सुर्योदयदेखि सूर्यास्तसम्म कपाल दुख्ने रोग; अधकपाली।

सूर्यास्त–ना० [सं०] १. सूर्य अस्त हुनु; सूर्य अस्ताउनु; घाम डुब्नु। २. सूर्य अस्ताउने समय; सन्ध्या।

सूर्योदय–ना० [सं०] १. सूर्य उदय हुनु; सूर्य उदाउनु; घाम झुल्कनु। २. सूर्य उदाउने समय; प्रातःकाल।

सूर्योपासक–ना० [सं०] सूर्यको उपासना गर्ने व्यक्ति; सूर्य-भक्त।

सूर्योपासना–ना० [सं०] सूर्यलाई नै सर्व-श्रेष्ठ र ईश्वरको प्रतीक मानेर गरिने उपासना; सूर्यको आराधना।

सून्याइँ–ना० [सूरो+याइँ] शूरो हुनाको भाव; वीरता।

सूल–ना० [प्रा०] शूल।

सूल–ना० [असूल] असूल; चुक्ती; फच्छे।

सूल-साल–ना० [सूल+साल (फाँ०)] लेन-देनको चुक्ती; साल-सुल।

सूली–ना० [प्रा०] शूली।

सृजना–ना० [सं० सृज्] १. कुनै वस्तुको मौलिक रचना; नौलो निर्माण; सिर्जना। २. उत्पत्ति; पैदाइश। ३. बन्दोबस्त; जोरजाम।

सृत–वि० [सं०] १. सरेको; घस्केको। २. हल्लिएको; विचलित।

सृति–ना० [सं०] १. बाटो; मार्ग। २. हिँड़ाइ; गमन। ३. घस्कनु; सर्नु।

सृष्ट–वि० [सं०] १. बनाइएको; रचना गरिएको; निर्मित। २. छोड़िएको; त्यक्त। ३. फ्याँकिएको; मिल्काइएको; ४. जन्माइएको; पैदा गरिएको।

सृष्टि–ना० [सं०] १. बनाउने वा पैदा गर्ने काम; सिर्जना; रचना; निर्माण। २. उत्पत्ति; जन्म। ३. संसारको रचना; संसारको उत्पत्ति। ४. संसार; जगत्। ५. प्रकृति। ६. परित्याग।

सृष्टि-कर्ता–ना० [सं०] १. संसारको रचना गर्ने शक्ति; जगत्को निर्माता। २. ब्रह्मा। ३. ईश्वर।

सृष्टि-विज्ञान–ना० [सं०] सृष्टिको उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र।

सृष्टि-शास्त्र–ना० [सं०] सृष्टि-विज्ञान।

सेँध–ना० [सं० सन्धि] चोर्नाका निमित्त चोरले घरका भित्तामा

CC-0. In Public Domain. Digitization by eGangotri

वा जगमा पारेको प्वाल ।

सेक–ना० [सेक्] १. आगाको रापमा कुनै वस्तु तताउने वा पकाउने काम; सेक्ने काम । २. कुनै तातेको वस्तुद्वारा शरीरको कुनै अङ्ग तताउने काम; सेकाइ ।

सेक-ताप–ना० [सेक+ताप] १. सेक्ने र ताप्ने काम । २. जोगाउने-बचाउने काम; स्याहार-सम्भार । ३. भन-सुन; खुशामद ।

सेकाइ–ना० [सेक्+आइ] सेक्ने किसिम, क्रिया वा भाव ।

सेकाइनु–स० क्रि० [सेकाउ+इ+नु] सेक्न लाइनु; ('सेकाउनु'-को क० क्रि०) ।

सेकाउनु–स० क्रि० [सेक्+आउ+नु] १. सेक्नु; सेक दिनु । २. सेक्न लाउनु; ('सेक्नु'-को प्रे० क्रि०) ।

सेकिनु–स० क्रि० [सेक्+इ+नु] आगाका रापमा तताइनु; ('सेक्नु'-को क० क्रि०) ।

सेकुवा–वि० [सेक्+उवा] १. सेकिएको; आगाका रापमा तताइएको । (ना०) २. सेकेर पकाएको (मासु आदि पदार्थ) ।

सेकेन्ड–ना० [अं०] १. एक मिनेटका साठी अंशको एक अंश; मिनेटको साठियौँ भाग । (वि०) २. दोस्रो; द्वितीय ।

सेकेन्ड-लेफ्टिनेन्ट–ना० [अं०] मेजर-सूबेदारभन्दा माथि र लेफ्टिनेन्टभन्दा तलको जङ्गी दर्जा ।

सेक्नु–स० क्रि० [सं० श्रेषण+नु] १. आगाका रापमा तताउनु वा पकाउनु; सेकाउनु । २. कुनै तातो वस्तुद्वारा शरीरको कुनै भाग तताउनु; सेक दिनु ।

सेक्रेटरी–ना [अं०] १. सरकारी विभाग वा कुनै संस्थामा नियमित रूपले कार्य-सञ्चालन गर्ने प्रमुख अधिकारी; सचिव । २. कसैको निजी काम, पत्र-व्यवहार, व्यवस्था आदिमा सहायता गर्ने व्यक्ति ।

सेक्रेटारियट–ना० [अं०] सचिवालय ।

सेक्शन–ना० [अं०] फाँट; विभाग ।

सेक्शन-अफिसर–ना० [अं० सेक्सन-ऑफिसर] निजामती अड्डाखानाको विभागीय अधिकारी; उपसचिवभन्दा मनिको अधिकारी ।

सेख–ना० [सं० शेष] शेष ।

सेखी–ना० [अ० शेख़] शेखी ।

सेचक–वि० [सं०] १. सिञ्चन गर्ने; अभिषेक गर्ने । (ना०) २. बादल ।

सेचन–ना० [सं०] १. छर्कने काम; अभिषेक । २. जग्गा-जमीनमा पानी लाउने काम; सिचाइ ।

सेज–ना० [प्रा० सज्जा] शय्या; बिछ्याउना ।

सेटाइ–ना० [सेट्+आइ] सेट्ने किसिम, क्रिया वा भाव ।

सेट्नु–स० क्रि० [सिट्] सिट्नु ।

सेठ–ना० [प्रा० सेट्ठि] १. धनवान् व्यक्ति; महाजन । २. ठालू; श्रेष्ठ व्यक्ति । ३. उद्दण्ड व्यक्ति; प्रचण्ड स्वभावको मानिस ।

सेती–ना० [सेतो+ई] १. नेपालको मध्य-पश्चिमी क्षेत्रमा बग्ने एक प्रसिद्ध नदी; सप्त-गण्डकीका सात नदीहरूमध्ये एक नदी । (वि०) २. सेतो वर्ण की (स्त्री) ।

सेती-गेड़ी–ना० [सेती+गेड़ो+ई] राती-गेड़ीकै जस्तो लहरा र कोसाभित्र फल्ने त्यसै आकारको सेतो दाना; राती-गेड़ीको एक भेद ।

सेतु–ना० [सं०] १. नदी पार गर्नाका निमित्त वारि र पारिको किनार जोड़िने गरी नदीमाथि बनाइएको बाटो; पुल; साँघु । २. बाँध । ३. आली; आँठो; ड्याङ ।

सेतुक–ना० [सं०] १. सानो-तिनो पुल; साँघु । २. बाँध ।

सेतु-बन्ध–ना० [सं०] १. पुल, बाँध आदि बनाउने काम । २. लङ्का जानलाई श्री रामचन्द्रले समुद्रमा बनाएको पुल ।

सेतो–ना० [सं० श्वेत] १. दूध, हिउँ, चाँदी आदिको जस्तो रङ्ग; सफेद रङ्ग; श्वेत वर्ण । (वि०) २. त्यस रङ्गको; सफेद; श्वेत ।

सेतो-कुश–ना० [सेतो+कुश] सेतो एक जातको कुश ।

सेतो-खयर–ना० [सेतो+खयर] १. सेतो भावको सार निस्कने एक जातको खयर वृक्ष । २. त्यसैको सार ।

सेतो-चना–ना० [सेतो+चना] सेता र ठूला दाना फल्ने एक जातको चना; काबुली-चना ।

सेतो-जाई–ना० [सेतो+जाई] सेता फूल फुल्ने एक जातको जाई ।

सेतो-ठाड़े–ना० [सेतो+ठाड़ो+ए] १. सेतो भावको एक जातको धान । २. त्यसैको चामल ।

सेतो-ढुकुर–ना० [सेतो+ढुकुर] चुच्चो र खुट्टा रातो भई सर्वाङ्ग सेतो हुने एक जातको ढुकुर ।

सेतो-तित्रो–ना० [सेतो+तित्रो] सेतो रङ्गको एक जातको तित्रो चरो ।

सेतो-दूबो–ना० [सेतो+दूबो] सेतो रङ्गको एक जातको दूबो ।

सेतो-भण्टा–ना० [सेतो+भण्टा] प्याजी रङ्गका फूल फुल्ने, काँढ़ा नभएका ठूला पात हुने, सेता फल-फल्ने एक जातको भण्टा; सेतो-भिँड़ा ।

सेतो-भिँड़ा–ना० [सेतो+भिँड़ा] सेतो-भण्टा ।

सेतो-मरीच–ना० [सेतो+मरीच] सेतो फल वा गेड़ा हुने एक जातको मरीच ।

सेतो-रुदिलो–ना० [सेतो+रुदिलो] सेता फूल फुल्ने एक जातको रुदिलो ।

सेतो-सति-बयर–ना० [सेतो+सति-बयर] सेता गेड़ा हुने एक जातको सति-बयर ।

सेतो-सहचर–ना० [सेतो+सहचर] १. लाम्चा पात, सेता, ठूला फूल हुने एक बूटी । २. त्यसैको फूल; शैरेयक ।

सेतो-सिमाली–ना० [सेतो+सिमाली] सेता फूल र काण्ड हुने एक जातको सिमाली वृक्ष ।

सेना–ना० [सं०] दुश्मनसित युद्ध गर्नाका निमित्त तालीम गरिराखिएका सशस्त्र सिपाहीहरूको समूह; फौज; पल्टन ।

CC-0. In Public Domain. Digitization by eGangotri

सेनाध्यक्ष–ना० [सं०] सेना-पति ।

सेना-नायक–ना० [सं०] सेना-पति ।

सेनानी–ना० [सं०] १. सेना-पति । २. कार्त्तिकेय ।

सेना-पति–ना०[सं०] १. सेनाका सबभन्दा ठूला र प्रधान अधिकारी; सेना-नायक; कमान्डर-इन्-चीफ । २. कार्त्तिकेय ।

सेनापत्य–ना० [सं०] सेना-पतिको काम वा पद ।

सेना-बेना–ना० [सं० सेना+बेना (फाँ०)] सेना-मेना ।

सेना-मेना–ना० [सं० सेना+मेना(फाँ०)] मुख्य मानिसका साथका धेरै सहायकहरूको समूह; सेना-बेना ।

सेना-वास–ना० [सं०] सेना बस्ने ठाउँ; सैनिक-निवास; छाउनी ।

सेन्ट–ना० [अं०] सुगन्धी तरल पदार्थ; खुशबू; बेलायती किसिमको अत्तर ।

सेन्टर–ना० [अं०] मध्य-स्थान; केन्द्र ।

सेन्ट्रल–वि० [अं०] केन्द्रको; केन्द्रीय ।

सेन्सर–ना० [अं०] १. पत्र-पत्रिका, पुस्तक, नाटक, सिनेमा आदिमा भएका कुनै किसिमका अवाञ्छित कुरो झिक्नेसमेत अख्तियार भएको अधिकारी वा उसको काम । २. आलोचना ।

सेप–ना० [सिम] १. स्याँहाल; छाया । २. चिसमिरो जमीन; सेपिलो जग्गा । ३. सर्दी; चिसोपन ।

सेप–ना० [सं० सेफ] पशुको रज ।

सेपाइ–ना० [सेप्+आइ] सेप्ने किसिम, क्रिया वा भाव ।

सेपाइनु–स० क्रि० [सेपाउ+इ+नु] सेप्न लाइनु; ('सेपाउनु'-को क० क्रि०) ।

सेपाउनु–स० क्रि० [सेप्+आउ+नु] सेप्न लाउनु; ('सेप्नु'-को प्रे० क्रि०) ।

सेपिनु–स० क्रि० [सेप्+इ+नु] सेप्ने काम गरिनु; ('सेप्नु'-को क० क्रि०) ।

सेपिलो–वि० [सेप+इलो] चिसो; सर्दी लाग्ने; घाम नलाग्ने (जमीन) ।

सेप्टी–ना० [सं० सिव्] दौरा, सुरुवाल, खास्टो आदिको किनारामा लगाइने कपड़ाको धरो; मोहोजी; सन्जाप ।

सेप्टी–ना० [अं० सेफ्टी-पिन] सेफ्टी-पिन ।

सेप्टी-पिन–ना० [अं० सेफ्टी-पिन] सेफ्टी-पिन ।

सेप्नु–स० क्रि० [सिक्त] १. बाटेको धागो नफुकोस् भनेर चिसो कपड़ा, मैन आदिले दल्नु । २. भिजेको जनैको पानी निचोरिने गरी खिप्नु । ३. ढेस्सिनु; टाँसिनु । ४. दबाउनु । ५. छनक हान्नु; व्यङ्ग्य गर्नु ।

सेप्रिइनु–अ० क्रि० [सेप्रि+इ+नु] सेप्रो होइनु; ('सेप्रिनु'-को भा० क्रि०) ।

सेप्रिनु–अ० क्रि० [सेप्रो+इ+नु] १. भित्र खाली भएर वा सुकेर चेप्टिनु; सेप्रो हुनु; डाम्रो हुनु; स्याप्प पर्नु ।

सेप्रो–वि० [सिप्रिक्क] भित्र खाली भएर वा सुकेर चेप्टिएको; सेप्रिएको; स्याप्प परेको ।

सेप्प्याइ–ना० [सेप्प्याउ+आइ] सेप्प्याउने किसिम, क्रिया वा भाव ।

सेप्प्याइ–ना० [सेप्रि+याइ] सेप्रिने किसिम, क्रिया वा भाव ।

सेप्प्याइनु–स० क्रि० [सेप्प्याउ+इ+नु] सेप्रो पारिनु; ('सेप्प्याउनु'-को क० क्रि०) ।

सेप्प्याउनु–स० क्रि० [सेप्रि+याउ+नु] सेप्रो पार्नु; स्याप्प पार्नु ।

सेफ–ना० [अं०] बहु-मूल्य वस्तु वा रुपियाँ-पैसा राख्ने एक प्रकारको बलियो फलामे सन्दूक ।

सेफ–ना० [सं०] पुरुषको लिङ्ग ।

सेफा–ना० [सं० सिव्] फरियामा नेफामुनितिर गज लामो पार्नाका निमित्त गाँसिने त्यसै जातको कपड़ाको धरो ।

सेफ्टी-पिन–ना० [अं०] कपड़ा अड्काउने वा नत्थी गर्ने, तारको विशेष किसिमको साधन ।

सेफ्टी-रेजर–ना० [अं०] धार फेर्न हुने, सुरक्षित तरीकाले दाह्री आदि खौरने एक किसिमको छुरा ।

सेमी-कोलन–ना० [अं०] वाक्य वा वाक्यांश छुट्ट्याउने एक प्रकारको चिह्न; अर्द्ध-विराम चिह्न (;) ।

सेर–ना० [सं०] १. चार पाउको तौल; धार्नीको तृतीयांश। (वि०) २. त्यति तौलको; चार पाउ ।

सेरा–ना० [फा० सेराब] चिसमिरो जमीन; पानी लाग्ने फाँट ।

सेरा–वि० [फा० शेर] ठालु; जगर्सेठ ।

सेराइ–ना० [सेर्+आइ] सेर्ने किसिम, क्रिया वा भाव ।

सेराइनु–स० क्रि० [सेराउ+इ+नु] सेर्न लाइनु; रेटाइनु; ('सेराउनु'-को क० क्रि०) ।

सेराउनु–स० क्रि० [सेर्+आउ+नु] सेर्न लाउनु; ('सेर्नु'-को प्रे० क्रि०) ।

सेरिनु–स० क्रि० [सेर्+इ+नु] रेटिनु; ('सेर्नु'-कोक०क्रि०)।

सेरो-फेरो–ना० [सेरा+फेरो] कुनै घर वा जग्गाका वरिपरिको जमीन; लगापात ।

सेर्नु–स० क्रि० [सं० सृ] हतियारले दली-दली काट्नु; रेट्नु ।

सेर्पा–ना० [स्यार्पा] स्यार्पा ।

सेर्मा–ना० [सेरो] पाखा जग्गामा लागेको नगदी तिरो ।

सेल–ना० [सं० शष्कुली] कल्लीका आकार पारी घिउ-तेलमा पकाइने चामलका पीठाको एक प्रकारको रोटी; जेब्रे ।

सेलाइ–ना० [सेलाउ+आइ] सेलाउने किसिम, क्रिया वा भाव ।

सेलाइनु–स० क्रि० [सेलाउ+इ+नु] १. तातो वस्तु चिसो पारिनु; ('सेलाउनु'-को क० क्रि०) । (अ०क्रि०) २. तातो वस्तु चिसो होइनु । ३. उत्तेजना वा वेग शान्त होइनु ।

सेलाउनु–अ० क्रि० [सं० शीतल+आउ+नु] १. तातो वस्तु चिसो हुनु; ठन्डा हुनु । २. जोश, हिम्मत, प्रतिष्ठा आदि घट्नु । (स० क्रि०) ३. चिसो पार्नु; ठन्डा पार्नु ।

CC-0. In Public Domain. Digitization by eGangotri

४. देवताको प्रसाद निर्माल्य आदि नदी वा पवित्र ठाउँमा राख्नु। ५. मृतकको सद्‌गत गर्नु; दाह-संस्कार गर्नु।

सेली–ना० [सं० सेरु] पगरीका वरि-परि लगाइने सुनको सिक्री वा मोतीको लहर; तोड़ा।

सेलो–ना० [सं० शैली] भोटे, तामाङ आदि जातिका लोक-गीतको शैली।

सेलो–ना० [सेली+ओ] १. मासुको लामो टुक्रो। २. पिँड़ालु आदिका ठूला कन्दमा टाँसिएर रहेका साना-साना कन्दहरू।

सेल्टिइनु–अ० क्रि० [सेल्टि+इ+नु] भोकाइनु; ('सेल्टिनु'-को भा० क्रि०)।

सेल्टिनु–अ० क्रि० [सेलाउ] १. भोकले पीडित हुनु; भोकाउनु। २. भोकले मर्नु।

सेल्टचाइ–ना० [सेल्टचाउ+आइ] सेल्टचाउने किसिम, क्रिया वा भाव।

सेल्टचाइ–ना० [सेल्टि+याइ] सेल्टिने किसिम, क्रिया वा भाव।

सेल्टचाइनु–स० क्रि० [सेल्टचाउ+इ+नु] भोकले सुकाइनु; ('सेल्टचाउनु'-को क० क्रि०)।

सेल्टचाउनु–स० क्रि० [सेल्टि+याउ+नु] १. खान नदिई सताउनुं; भोकले सुकाउनु। २. भोकले मार्नु।

सेवक–वि० [सं०] १. सेवा गर्ने; टहल गर्ने; सेवी। २. सेवन गर्ने; उपयोग गर्ने। ३. नियमपूर्वक कुनै पवित्र स्थानमा वस्ने; आराधक। (ना०) ४. नोकर; चाकर; परिचारक।

सेवड़ा–ना० [?] संन्यासीहरूको एक भेद।

सेवती–ना० [सं० सेमन्ती] सेतो गुलाब।

सेवन–ना० [सं०] १. सेवा गर्ने क्रिया; टहल गर्नु; परिचर्या। २. उपासना; आराधन। ३. निर्यमपूर्वक गरिने प्रयोग; अभ्यास। ४. सत्सङ्गमा वा तीर्थ-स्थानमा रहने काम। ५. उपभोग; उपयोग।

सेवनीय–वि० [सं०] १. सेवा गर्न लायक; टहल गर्न योग्य। २. उपास्य; आराध्य। ३. सेवन गर्न योग्य; सेव्य। ४. उपभोग गर्न योग्य; व्यवहार्य।

सेवन्ती–ना० [सं० सेमन्ती] सेतो फूल फुल्ने गुलाबको लहरो; वन-मल्लिका।

सेवा–ना० [सं०] १. अरूलाई आनन्द वा सुख दिने काम; टहल; परिचर्या। २. उपासना; आराधना। ३. सरकारी अड्डाखाना वा कुनै सार्वजनिक संस्थामा तलब लिएर गरिने काम; नोकरी। ४. कुनै सार्वजनिक हितको काम वा विषयको उन्नति वा वृद्धिका निमित्त रुचिअनुसार गरिने काम। ५. नियमित रूपले गरिने प्रयोग; व्यवहार। ६. तीर्थ-स्थान वा गुरु-जनका साथमा नियमपूर्वक रहने काम। ७. उपभोग।

सेवा-बिर्ता–ना० [सं० सेवा+बिर्ता] सेवक वा नोकर-चाकर-लाई तलवका रूपमा आयस्ता खाने गरी दिइएको बिर्ता जग्गा।

सेवा-वृत्ति–ना० [सं०] १. सेवा गर्ने पेशा; नोकरी। २. सेवा-द्वारा प्राप्त जीविका।

सेविका–ना० [सं०] दासी; नोकर्नी; परिचारिका।

सेवित–वि० [सं०] १. सेवा गरिएको; टहल गरिएको। २. आराधना गरिएको; उपासना गरिएको। ३. सेवन गरिएको; प्रयोग गरिएको। ४. उपभोग गरिएको।

सेवितव्य–वि० [सं०] सेवा गर्न योग्य; सेव्य।

सेवी–वि० [सं०] १. सेवा गर्ने; टहल गर्ने; सेवक। २. आराधक; उपासक। ३. उपभोग गर्ने; सेवन गर्ने।

सेव्य–वि० [सं०] १. सेवा गर्न योग्य; सेवितव्य। २. आराधना गर्न योग्य; उपास्य। ३. प्रयोग गर्न योग्य; व्यवहार्य; सेवनीय।

सेव्य-सेवक-भाव–ना० [सं०] उपास्य देवतालाई स्वामी र आफूलाई सेवक मान्ने भक्ति-मार्गको उपासनाको एक भाव।

सेहुण्ड–ना० [सं०] सिउँड़ी।

सैँतीस–ना० [प्रा० सत्ततीसइ] १. तीस र सातको योग-सङ्ख्या; ३७-अङ्क। (वि०) २. तीसार सातका योग-सङ्ख्या को।

सैँतीसौँ–वि० [सैँतीस+औँ] गन्दै जाँदा सैँतीसका सङ्ख्यामा पुगेको; सैँतीस सङ्ख्याको।

सैँहली–ना० [सं०] ठूलो जातको वन-पिप्ला।

सैकत–वि० [सं०] १. बलौटे; रेतिलो; वालुकामय। २. (ना०) २. बलौटे जमीन।

सैकतिक–वि० [सं०] बलौटे; रेतिलो।

सैजन–ना० [सं० शोभाञ्जन] १. वाटुला किसिमका पात, सेता फूल, लामा कोसाका आकारका फल हुने एक जातको वृक्ष। २. त्यसैको फल। (यसका सेता, पहेँला, नीला र राता—चार जात छन्। आयुर्वेदमा यसका बीयाँको तेल चर्म-रोगमा फायदा गर्ने र आँखालाई हित गर्ने बताइएको छ।)

सैद्धान्तिक–वि० [सं०] १. सिद्धान्त-सम्बन्धी। २. सिद्धान्तका आधारमा रहेको। (ना०) ३. सिद्धान्तको ज्ञाता; सिद्धान्तज्ञ।

सैन–ना० [सइन] सइन।

सैनापत्य–ना० [सं०] सेना-पतिको काम वा पद।

सैनिक–वि० [सं०] १. सेना-सम्बन्धी; फौजी; जङ्गी। (ना०) २. सिपाही; योद्धा।

सैनिकता–ना० [सं०] १. सैनिक हुनाको भाव। २. युद्ध।

सनिक-न्यायालय–ना० [सं०] युद्ध वा सेना-सम्बन्धी मुद्दा-मामलाको विचार गर्ने इजलास।

सैनिक-सचिव–ना० [सं०] सैनिक-सम्वन्धी काम गर्ने राज-कीय सचिव; मिलिटरी-सेक्रेटरी।

सैनिकीकरण–ना० [सं०] नागरिकहरूलाई सैनिक बनाउने वा सैनिक सामग्रीले सुसज्जित पार्ने काम।

सैनिटोरियम–ना० [अं०] स्वास्थ्य-निवास।

सैन्धव–वि० [सं०] १. सिन्धु देशको। (ना०) २. सिँधे-नून। ३. सिन्धु देशको घोड़ा।

CC-0. In Public Domain. Digitization by eGangotri

सैन्धवक–वि० [सं०] सैन्धवको; सैन्धव-सम्बन्धी ।

सैन्धवी–ना० [सं०] ग्रीष्म ऋतुमा गाइने एक रागिनी ।

सैन्य–वि० [सं०] १. सेना-सम्बन्धी । (ना०) २. सिपाही; सैनिक । ३. सेना; फौज । ४. शिविर; छाउनी; ब्यारेक ।

सैन्य-सज्जा–ना० [सं०] सेनालाई शस्त्रास्त्रले सुसज्जित पार्ने काम; युद्धको निमित्त सेना तयार गर्ने काम ।

सैर–ना० [अ०] १. मन बहलाउनाका निमित्त यता-उति घुम-फिर गर्ने काम; टहल्ने काम; सयल । २. मनोरञ्जनका निमित्त रमणीय स्थानमा जाने काम; सैल । ३. विहार ।

सैरन्ध्र–ना० [सं०] १. एक प्राचीन सङ्कर जाति । २. घरको काम गर्ने साधारण नोकर ।

सैरन्ध्री–ना० [सं०] १. श्रृङ्गार-सम्बन्धी चोखो काम गर्ने सेविका । २. द्रौपदी ।

सैरिन्ध्र–ना० [सं०] सैरन्ध्र ।

सैरिन्ध्री–ना० [सं०] सैरन्ध्री ।

सैल–ना० [अ० सैर] सैर; विहार; सुख; भोग ।

सैवाल–ना० [सं०] शैवाल ।

सैश–ना० [अं०] तक्मा झुन्ड्याउन कमरसम्म पुग्ने गरी काँधमा छड्के पारी धारण गरिने रेशमी फित्ता; परिकर ।

सैसैला–ना० [ने०] बाँस, हाँगो आदि लचिलो वस्तुमा झुन्डिएर वा हल्लिएर खेलिने एक खेल; चचह ।

सो–वि० [सं० स] १. त्यो; ऊ । २. पहिले उल्लेख गरिएको; उपर्युक्त; सोही ।

सोँठा–ना० [सं० सोदृ] १. मोटो लट्ठी; लाठो । २. त्यसैको प्रहार ।

सोँस–ना० [सं० शिशुमार] कालो वा खैरो पिठिउँ र सेतो छाती हुने, लामो थुतुनो हुने एक जातको जल-जन्तु ।

सोइलो–ना० [सोला] १. सोला; सुइरो । २. गोरुका गर्दनका दायाँ-वायाँ अड्निे, हलाका जुवामा घुसारिएको लामो कीलो ।

सोक्पा–ना० [ने०] हिमालयमा रहने भनी प्रसिद्ध एक प्रकारको वानरजस्तो प्राणी; हिम-मानव; येती ।

सोक्याहा–वि० [शोक+याहा] १. धेरै शोक वा चिन्ता गर्ने स्वभावको । २. शोकले पीडित भएको ।

सोख–ना० [सं० सौख्य] १. कुनै वस्तुको उपभोग गर्ने प्रबल इच्छा ।

सोखी–वि० [सोख+ई] १. कुनै सोख भएको; कुनै काम वा खेलमा विशेष अभिरुचि भएको । २. ज्यादा ऐश-आराममा रहने; ऐशी; आनन्दी; मोजी; सोखीन । ३. आफ्ना लहड़मा कुनै काम गर्ने ।

सोखीन–वि० [सोखी] सोखी ।

सोख्ता–ना० [फा० सोख्तः] मसी सोस्नाका निमित्त उपयोग गरिने एक प्रकारको खस्रो कागत; ब्लटिङ्ग; सोस्ता ।

सोच–ना० [सोच्] १. सोच्ने काम; विचार; मनन । २. सङ्ग्रह; जोहो; सोझ । ३. चिन्ता ।

सोच-विचार–ना० [सोच+विचार] राम्ररी सोच्ने र विचार गर्ने काम; गौर; मनन ।

सोचाइ–ना० [सोच्+आइ] सोच्ने किसिम, क्रिया वा भाव ।

सोचाइनु–स० क्रि० [सोचाउ+इ+नु] सोच्न लाइनु; ('सोचाउनु'-को क० क्रि०) ।

सोचाउनु–स० क्रि० [सोच्+आउ+नु] सोच्न लाउनु; विचार गराउनु; ('सोच्नु'-को प्रे० क्रि०) ।

सोचिनु–स० क्रि० [सोच्+इ+नु] विचार गरिनु; ('सोच्नु'-को क० क्रि०) ।

सोच्नु–स० क्रि० [सं० शुच्+नु] १. विचार गर्नु; मनन गर्नु । २. शोक गर्नु; अफसोस गर्नु; चिन्ता गर्नु ।

सोझ–ना० [सं० सञ्चय] जम्मा गर्ने काम; सङ्ग्रह; सञ्चिता; जोहो ।

सोझा-साझी–वि० [सोझो+साझी (फाँ०)] १. छक्का-पन्जा केही नजान्ने; सीधा-सादा । (ना० यो०) २. आमने-सामने; सोझा-सोझी ।

सोझा-सोझी–ना० यो० [सोझो+सोझो] आमने-सामने; सोझा-साझी । (क्रि० यो०) २. छल-कपटविना; सोझो तरीकाले ।

सोझिइनु–अ० क्रि० [सोझि+इ+नु] सोझो होइनु; ('सोझिनु'-को भा० क्रि०) ।

सोझिनु–अ० क्रि० [सोझो+इ+नु] १. सोझो हुनु; बाङ्गो-पन हट्नु; सीधा हुनु । २. बिभिन्डिएको मानिस मर्यादामा आउनु । ३. अनुकूल पर्नु; मिल्दो परिस्थितिमा हुनु ।

सोझेरी–ना० [सोझो+एरी] अड़कल; अनुमान; अन्दाज ।

सोझो–वि० [प्रा० सोज्झ] १. बाङ्गो-टिङ्गो नभएको; सीधा । २. छल-कपट केही नजान्ने वा नगर्ने; सरल प्रकृतिको; साधु ।

सोझ्याइ–ना० [सोझि+याइ] सोझिने किसिम, क्रिया वा भाव ।

सोझ्याइ–ना० [सोझ्याउ+आइ] सोझ्याउने किसिम, क्रिया वा भाव ।

सोझ्याइनु–स० क्रि० [सोझ्याउ+इ+नु] सोझो पारिनु; ('सोझ्याउनु'-को क० क्रि०) ।

सोझ्याउनु–स० क्रि० [सोझि+याउ+नु] १. सोझो पार्नु; सीधा पार्नु । २. बिभिन्डिएको मानिसलाई आफ्ना मतमा ल्याउनु । ३. आफूलाई सर्दो पार्नु; अनुकूल तुल्याउनु ।

सोट्टा–ना० [सोँठा] सोँठा ।

सोट्ट्याइ–ना० [सोट्ट्याउ+आइ] सोट्ट्याउने किसिम, क्रिया वा भाव ।

सोट्ट्याइनु–स० क्रि० [सोट्ट्याउ+इ+नु] सोट्टाले हानिनु; ('सोट्ट्याउनु'-को क० क्रि०) ।

सोट्ट्याउनु–स० क्रि० [सोट्टा+याउ+नु] सोट्टा वा लाठोले हान्नु; लट्ठीले हिर्काउनु; सम्ठयाउनु ।

सोड़ा–ना० [फा० शोरः] १. लुगा धुने, साबून बनाउने आदि काममा प्रयोग गरिने सेतो एक क्षार पदार्थ; सोरा । २. पानीमा मिलाएर खाइने र रोटी आदि उकास्ने काममा

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गरिने एक प्रकारको सेतो क्षार।

सोड़ा-पानी–ना० [सोड़ा+पानी] सोड़ा र ग्याँस मिलाई बोतलमा भरेर राखिएको पानी; सोड़ा-वाटर।

सोड़ा-वाटर–ना० [अं०] सोड़ा-पानी।

सोतर–ना० [सुत्] १. पशुलाई ओछ्याइने घाँस, पराल आदिको बिछ्यौना। (वि०) २. पसारिएको; लम्पसार परेको। ३. जुम्सो; सुस्त।

सोते–ना० [सोतो] बाँसको एक किसिमको हुक्का।

सोतो–ना० [सं० स्रोत] १. साँगुरो र लाम्चो परेको ठाउँ वा बाटो। २. सानो खोलो; कुलो।

सोत्र्यान–क्रि० यो० [सोतर+यान] सोत्र्याम्म।

सोत्र्याम्म–क्रि० यो० [सोत्र्यान] लम्पसार पर्ने किसिम; सोतर भएर लड्ने किसिम; सोत्र्यान।

सोदर–वि० [सं०] १. एउटै गर्भबाट जन्मेको; सहोदर। (ना०) २. एउटै आमाबाट जन्मेको दाजु वा भाइ।

सोदरा–वि० [सं०] १. एउटै आमाबाट जन्मेकी। (ना०) २. एउटै गर्भबाट जन्मेकी दिदी वा बहिनी।

सोदरीय–वि० [सं०] सहोदर; सोदर।

सोदर्य–ना० [सं०] एउटै आमाबाट जन्मेको दाजु वा भाइ।

सोधनी–ना० [सोध्+नी] सोध्ने काम; प्रश्न गर्ने काम।

सोध-पूछ–ना० [सोध्+पुछ्] सोध्ने काम; सोध-साध।

सोध-साध–ना० [सोध्+साध्] सोध-पूछ।

सोधाइ–ना० [सोध्+आइ] सोध्ने किसिम, क्रिया वा भाव।

सोधिनु–स० क्रि० [सोध्+इ+नु] प्रश्न गरिनु; ('सोध्नु'-को क० क्रि०)।

सोध्नु–स० क्रि० [सं० शुध्] १. प्रश्न गर्नु; जवाफ माग्नु; सुध्याउनु; सोधनी गर्नु। २. शुद्ध गर्नु; खार्नु। ३. औषधहरूको शोधन गर्नु; पुट-पाक गर्नु।

सोपाधि–वि० [सं०] सोपाधिक।

सोपाधिक–वि० [सं०] १. उपाधिले सहित; उपाधि-युक्त। २. कुनै किसिमको विशेषता भएको; विशिष्ट।

सोपान–ना० [सं०] भऱ्याङ; सिँढ़ी।

सोपानित–वि० [सं०] भऱ्याङ भएको; सोपान-युक्त।

सोप्याक्क–क्रि० यो० [ने०] सप्याक्क; सप्रक्क।

सोभाञ्जन–ना० [सं०] शोभाञ्जन।

सोभान–ना० [सुबान] सुबान।

सोभिता–ना० [सं० सिंहल] रछाय रङ्गको, निकलजस्तो एक धातु।

सोम–वि० [सुम्भ] १. धेरै समय सुत्ने; सुताहा; सुतुवा। २. अल्सी; जाँगर-मरुवा। ३. कुनै कुराको पनि वास्ता वा परवाह नगर्ने; सुम्भ।

सोम–ना० [सं०] १. चन्द्रमा। २. सोम-वार; चन्द्र-वार। ३. सोम-रस। ४. जल। ५. अमृत। ६. सोम-लता। ७. किरण। ८. कपूर। ९. मन। १०. वायु।

सोम-कर–ना० [सं०] चन्द्र-किरण।

सोमत–ना० [सोहवत] सोहवत।

सोमती–वि० [सोमत+ई] सोहवती।

सोम-तीर्थ–ना० [सं०] भारतको काठियावाड़-क्षेत्रमा रहेको एक प्राचीन तीर्थ-स्थान; प्रभास।

सोम-नाथ–ना० [सं०] भारतको काठियावाड़-क्षेत्रमा रहेको शिवजीको एक प्रसिद्ध मूर्ति; बाह्र ज्योतिर्लिङ्गमध्ये एक।

सोम-पान–ना० [सं०] सोम-लताको रस विधिपूर्वक पान गर्नु।

सोमपायी–वि० [सं०] सोम-पान गर्ने।

सोम-यज्ञ–ना० [सं०] विधिपूर्वक सोम-रस पान गरेर तीन वर्षसम्म गरिने एक वैदिक यज्ञ; सोम-याग।

सोम-याग–ना० [सं०] सोम-यज्ञ।

सोमयाजी–ना० [सं०] सोम-यज्ञ गर्ने व्यक्ति।

सोम-रस–ना० [सं०] सोम-लताको रस।

सोम-राज–ना० [सं०] चन्द्रमा।

सोम-लता–ना० [सं०] पहेँलो मादक रस निस्कने एक जातको लता। (वैदिक कालमा यस लताको रस देवतालाई चढ़ाउने, अग्निमा आहुति दिने र विधिपूर्वक पिउने गर्दथे।)

सोम-वंश–ना० [सं०] चन्द्र-वंश।

सोम-वंशी–वि० [सं०] सोम-वंशीय।

सोम-वंशीय–[सं०] चन्द्र-वंशको; सोम-वंशी।

सोमवती–ना० [सं०] सोम-वारका दिन पर्ने औँसी; सोमवारे औँसी।

सोम-वल्लरि–ना० [सं०] सोम-वल्लरी।

सोम-वल्लरी–ना० [सं०] १. सोम-लता। २. ब्राह्मी बूटी। ३. गुर्जो।

सोम-वल्ली–ना० [सं०] १. सोम-लता। २. ब्राह्मी बूटी। ३. गुर्जो।

सोम-वार–ना० [सं०] आदित्य-वार र मङ्गल-वारका बीचमा पर्ने वार; चन्द्र-वार।

सोमवारे–वि० [सोम-बार+ए] सोम-वारको; सोम-वार-सम्बन्धी; सोम-वारमा पर्ने।

सोम-वासर–ना० [सं०] सोम-वार।

सोर–ना० [सं० स्वर] स्वर।

सोरठी–ना० [प्रा० सोरट्ठ] १. गुरुङ-जातिमा प्रचलित नाच-को एक शैली। २. त्यस नाचमा गाइने एक विशेष प्रकारको लय वा भाका।

सोरा–ना० [फा० शोरः] सोड़ा।

सोल–ना० [ने०] पिँड़ालुको सुकेको चानो।

सोला–ना० [सं० शूल] १. शूली; बातो। २. सुइरो; सोइलो; शूल। ३. कुनै ठाउँको रक्षाका निमित्त माटाले छोपी बिछ्याएर राखिने सोइला, काँढ़ा आदि बिझ्ने वस्तु।

सोला–ना० [अ० शुअलः] १. चिता। २. आगाको ज्वाला।

सोलिइनु–अ० क्रि० [सोलि+इ+नु] चुलिइनु; झुसी होइनु; ('सोलिनु'-को भा० क्रि०)।

सोलिनु–अ० क्रि० [सोली+नु] सोलीको आकार परी

CC-0. In Public Domain. Digitization by eGangotri

झुसी हुनु; चुलिनु।

सोली–ना० [ने०] १. पींध सानो र मुख फराकिलो भएको, चोयाको भाँडो; एक प्रकारको थुन्से। २. मुख सानो भएका भाँडामा तेल आदि तरल पदार्थ खन्याउन प्रयोग गरिने फराकिलो मुख र पींधमा नली लागेको साधन; छुची।

सोल्टी–ना० [ने०] जुवाइँका दिदी-बहिनी र साला-जेठानका स्त्री।

सोल्याइनु–स० क्रि० [सोल्याउ+इ+नु] झुसी पारिनु; ('सोल्याउनु'-को क० क्रि०)।

सोल्याउनु–स० क्रि० [सोलि+याउ+नु] झुसी पार्नु; ('सोलिनु'-को प्रे० क्रि०)।

सोल्लास–वि० [सं०] १. उल्लास-युक्त; आनन्द र उत्साहले पूर्ण। (क्रि० यो०) २. उल्लासपूर्वक; आनन्द र उत्साह-सित।

सोसाइ–ना० [सोस्+आइ] सोस्ने किसिम, क्रिया वा भाव।

सोसाइटी–ना० [अं०] १. समाज। २. सङ्घ; संस्था। ३. सभा; समिति।

सोसाइनु–स० क्रि० [सोसाउ+इ+नु] सोस्न लाइनु; ('सोसा-उनु'-को क० क्रि०)।

सोसाउनु–स० क्रि० [सोस्+आउ+नु] सोस्न लाउनु; ('सोस्नु'-को प्रे० क्रि०)।

सोसिनु–स० क्रि० [सोस्+इ+नु] पानी वा तरल पदार्थ चुसिनु; ('सोस्नु'-को क० क्रि०)।

सोस्ता–ना० [सोख्ता] सोख्ता; ब्लटिङ्ग।

सोस्नु–स० क्रि० [सं० शुष्+नु] १. पानी वा तरल पदार्थ-खिँच्नु। २. सुक्खा पार्नु; शुष्क तुल्याउनु। ३. पूँजी-पतिहरूले गरीब-वर्गसित अनुचित लाभ उठाउनु; शोषण गर्नु।

सोहबत–ना० [अ० सुहवत] १. सङ्गत; सङ्गति। २. शिष्टता; सभ्यता; सोमत।

सोहबती–वि० [सोहवत+ई] सोहवत भएको; शिष्ट; सभ्य; सोहोमती।

सोहमत–ना० [अ० सुहवत] सोहवत।

सोहमती–वि० [सोहमत+ई] सोहवती।

सोहरा–ना० [सोहोरा] सोहोरा; घुइरो।

सोहाग–ना० [सं० सुभग] सुन गाल्ने र औषधका काममा प्रयोग गरिने एक खनिज क्षार पदार्थ।

सोही–वि० [सं० स+हि] त्यो नै; त्यही; उही।

सोहोबत–ना० [अ० सुहवत] सोहवत।

सोहोबती–वि० [सोहोबत+ई] सोहवती।

सोहोमत–ना० [अ० सुहवत] सोहवत।

सोहोमती–वि० [सोहोमत+ई] सोहवती।

सोहोर-साहर–ना० [सोहोर्+साहर (फाँ०)] १. सोहोर्ने काम; बटुल्ने काम। २. बाँकी रहेको थोरै भाग; अवशेष।

सोहोरा–ना० [अ० शुहरत] भित्र-भित्रै चलेको हल्ला; घुइरो।

सोहोराइ–ना० [सोहोर्+आइ] सोहोर्ने किसिम, क्रिया वा भाव।

सोहोराइनु–स० क्रि० [सोहोराउ+आइ+नु] सोहोर्न लाउनु; ('सोहोराउनु'-को क० क्रि०)।

सोहोराउनु–स० क्रि० [सोहोर्+आउ+नु] सोहोर्न लाउनु; ('सोहोर्नु'-को प्रे० क्रि०)।

सोहोरिनु–स० क्रि० [सोहोर्+इ+नु] समेटिनु; बटुलिनु; ('सोहोर्नु'-को क० क्रि०)।

सोहोर्नु–स० क्रि० [प्रा० सोहइ+नु] १. छरिएर रहेका वस्तु-हरूलाई एक ठाउँमा जम्मा गर्नु; एकत्रित पार्नु; समेट्नु; बटुल्नु। २. भएभरका सबै मालहरू लिनु; गुटमुटचाउनु। ३. सम्ठचाउनु; एकलौटी पारेर लिनु।

सोह्र–ना० [सं० षोडश] १. दश र छ-को योग-सङ्ख्या; १६-अङ्क। (वि०) २. दश र छ-का योग-सङ्ख्याको।

सोह्र-गन्डी–वि० [सोह्र+गन्डी] सोह्र गन्डा अर्थात् चौसट्ठी तोलाको (तौल)।

सोह्र-श्राद्ध–ना० [सोह्र+श्राद्ध] आश्विन कृष्ण प्रतिपदा-देखि अमावस्यासम्मका पन्ध्र दिन; पितृ-पक्ष। (यी दिनमा आफ्ना पितृका उद्देश्यले उनका मृत्यु-तिथिमा श्राद्ध गरिन्छ।)

सोह्रौं–वि० [सोह्र+औं] गणनाका क्रमले सोह्र सङ्ख्या-मा पुगेको; सोह्र सङ्ख्याको।

सौंठनु–स० क्रि० [सौंठा+नु] सौंठाले हान्नु; सम्ठचाउनु।

सौंठाइ–ना० [सौंठ+आइ] सौंठने किसिम, क्रिया वा भाव; सम्ठ्याइ।

सौंठाइ–ना० [सौंठाउ+आइ] सौंठाउने किसिम, क्रिया वा भाव।

सौंठाइनु–स० क्रि० [सौंठाउ+आइ+नु] सौंठाउन लाइनु; ('सौंठाउनु'-को क० क्रि०)।

सौंठाउनु–स० क्रि० [सौंठ+आउ+नु] सौंठन लाउनु; ('सौंठनु'-को प्रे० क्रि०)।

सौंठिनु–स० क्रि० [सौंठ+इ+नु] सौंठाले हानिनु; ('सौंठनु'-को क० क्रि०)।

सौकर्य–ना० [सं०] सजिलो हुनाको भाव; सरलता।

सौकुमार्य–ना० [सं०] १. सुकुमार हुनाको भाव; सुकुमारता। २. कोमलता। ३. यौवन; तारुण्य। ४. श्रुति-कटु र ग्राम्य शब्द नराखी सुन्दर र मधुर शब्दहरू प्रयोग गर्दा हुने काव्यको एक गुण।

सौख्य–ना० [सं०] १. सुख; आनन्द। २. कल्याण; मङ्गल।

सौगत–वि० [सं०] १. सुगत-सम्बन्धी। (ना०) २. बौद्ध धर्म; सौगतिक।

सौगतिक–ना० [सं०] १. सुगत-धर्मको अनुयायी; बौद्ध। २. नास्तिक; अनीश्वरवादी। ३. अनीश्वरवाद; नास्तिक-वाद।

CC-0. In Public Domain. Digitization by eGangotri

सौगन्ध–वि० [सं०] सुगन्ध-युक्त; बास्ना आउने; खुशबूदार।

सौगन्धिक–वि० [सं०] १. बास्ना आउने; सुगन्ध-युक्त; सुगन्धी। (ना०) २. सुगन्ध, तेल, अत्तर आदि बनाउने वा बेच्ने व्यवसायी।

सौगात–ना० [तु० सौग़ात] उपहार; कोसेली।

सौजन्य–ना० [सं०] सुजन हुनाको भाव; सज्जनता।

सौता–ना० [सं० सपत्नी] पतिकी आफूभन्दा अतिरक्त पत्नी; सौती; सपत्नी।

सौताने–वि० [सौता+ने] १. सौताको; सपत्नी-सम्बन्धी; सौतेने; सौतेलो। २. सौतापट्टिको; सौतातिरको।

सौतान्तिक–वि० [सं०] बौद्ध धर्मको हीन-यानका दुइ शाखामध्ये एक।

सौतिनी–वि० [सौता+इनी] सौताने।

सौती–ना०[सौता+ई] सौता।

सौतेने–वि० [सौता+एन+ए] सौतने।

सौतेलो–वि० [सौता+एलो] सौताने।

सौदा–ना० [तु०] खरीद-विक्री गर्ने माल-सामान; व्यापारका माल-मत्ता।

सौदागर–ना० [तु० सौदा+गर (अ०)] व्यापारी; व्यवसायी।

सौदागरी–ना० [सौदागर+ई]व्यापार; व्यवसाय।

सौदामनी–ना० [सं०] बिजुली; विद्युत्।

सौदामिनी–ना० [सं०] सौदामनी।

सौध–वि० [सं०] १. अमृतको; सुधा-सम्बन्धी। २. चूनले पोतेको। (ना०) ३. ठूलो र अग्लो महल; दरबार; प्रासाद। ४. चाँदी।

सौन्दर्य–ना० [सं०] राम्रो हुनाको भाव; सुन्दरता; रम्याइँ।

सौभाग्य–ना० [सं०] १. असल भाग्य; उत्तम प्रारब्ध। २. कल्याण; मङ्गल। ३. आनन्द; सुख। ४. ऐश्वर्य; वैभव। ५. स्त्रीको सधवापन; ऐभाँत। ६. सधवा स्त्रीको शृङ्गारका सामग्रीहरूको समुदाय।

सौभाग्यवती–वि० [सं०] १. ऐभाँती; सधवा। २. असल भाग्य भएकी।

सौभाग्यवान्–वि० [सं०]असल भाग्य भएको; भाग्य-शाली।

सौभाग्य-सूत्र–ना० [सं०] सधवा स्त्रीले लाउने पोते, धागो आदि; मङ्गल-सूत्र।

सौमनस–वि० [सं०] १. सुमनको; पुष्प-सम्बन्धी। (ना०) २. प्रसन्नता; हर्ष। ३. कृपालुता।

सौमनस्य–वि० [सं०] १. सुख-कारक; आनन्द-दायक। (ना०) २. प्रसन्नता; हर्ष। ३. प्रेम; प्रीति। ४. सन्तोष। ५. दाम्पत्य।

सौमित्र–ना० [सं०] १. मैत्री; मित्रता; दोस्ती। २. रामका भाइ लक्ष्मण।

सौम्य–वि० [सं०] १. सोम-सम्बन्धी। २. शिष्ट प्रकृतिको; सुशील। ३. शान्त; विनम्र। ४. कोमल; मृदु। ५. सुन्दर; मनोहर। ६. प्रसन्न। (ना०) ७. सोम-यज्ञ। ८. बुध ग्रह।

सौम्यता–ना० [सं०] सौम्य हुनाको भाव।

सौम्यत्व–ना० [सं०] सौम्यता।

सौम्य-दर्शन–वि० [सं०] हेर्दा सौम्य देखिने; प्रिय-दर्शन।

सौर–वि० [सं०] १. सूर्य-सम्बन्धी। २. सूर्यबाट पैदा भएको। ३. सूर्यको प्रभावबाट हुने। (ना०) ४. सूर्यको उपासक। ५. सूर्य-वंशी व्यक्ति। ६. शनि ग्रह।

सौर–ना० [अ० शऊर] १. राम्ररी काम गर्ने योग्यता वाढङ्ग; शऊर; कुशलता। २. शिष्टता।

सौर-जगत्–ना० [सं०] सूर्य र त्यसको परिक्रमा गर्ने ग्रहहरूको समुदाय; सौर-मण्डल।

सौर-दिन–ना० [सं०] सं०] सौर-दिवस।

सौर-दिवस–ना० [सं०] एक सूर्योदयदेखि अर्को सूर्योदयसम्मको समय।

सौरभ–ना० [सं०] १. सुगन्ध; बास्ना। २. बास्ना आउने वस्तु। ३. आँप। (वि०) ४. बास्ना आउने; सुगन्धी।

सौरभित–वि० [सं०] १. बास्ना आउने; सुगन्धी। २. बास्ना आउने तुल्याइएको; सुगन्धित।

सौर-मण्डल–ना० [सं०] १. सूर्यको मण्डल। २. सौर-जगत्।

सौर-मास–ना० [सं०] एक सङ्क्रान्तिदेखि अर्को सङ्क्रान्तिसम्मको महीना।

सौर-वर्ष–ना० [सं०] एक मेष-सङ्क्रान्तिदेखि अर्को मेष-सङ्क्रान्तिसम्मको समय।

सौर-वासर–ना० [सं०] सौर-दिवस।

सौर-संवत्सर–ना० [सं०] सौर-वर्ष।

सौरस्य–ना० [सं०] सुरस हुनाको भाव; सुरसता।

सौरास्त्र–ना० [सं०] प्राचीन कालको एक दिव्य अस्त्र।

सौरि–ना० [सं०] शनि ग्रह; शनैश्चर।

सौरी–ना० [सं०] १. सूर्यकी पत्नी। २. छाया। ३. कुन्ती। ४. संज्ञा। ५. यमुना नदी।

सौर्य–वि० [सं०] १. सूर्य-सम्बन्धी। (ना०) २. शनैश्चर; शनि।

सौवण–वि० [सं०] १. सुनको; सुवर्ण-सम्बन्धी। (ना०) २. सुन; सुवर्ण।

सौवीर–ना० [सं०] १. ठूलो-बयर। २. सुरमा। ३. सिन्धु नदीका तटमा रहेको एक प्राचीन क्षेत्र।

सौवीराञ्जन–ना० [सं०] सुरमा।

सौशील्य–ना०[सं०] सुशील हुनाको भाव।

सौष्ठव–ना० [सं०] १. उत्तमता; श्रेष्ठता। २. सुन्दरता; सौन्दर्य। ३. दक्षता; चातुर्य।

सौहार्द–ना० [सं०] १. सुहृद् हुनाको भाव; सहृदयता। २. मित्रता; दोस्ती। ३. सद्भाव। ४. मित्रको पुत्र।

सौहाद्य–ना० [सं०] मित्रता; दोस्ती।

सौहित्य–ना० [सं०] १. सन्तोष। २. परिपूर्णता। ३. मनो-

CC-0. In Public Domain. Digitization by eGangotri

रमता।

सौहृद–ना० [सं०] सौहार्द्य ।

सौहृदय–ना० [सं०] सौहार्द्य ।

सौहृद्य–ना० [सं०] १. मित्रता; मैत्री; दोस्ती। २. सहृदयता।

स्कन्द–ना० [सं०] १. चुहुनु; क्षरण। २. उफ्रनु। ३. नाश; ध्वंस। ४. पारो। ५. कुमार; कार्त्तिकेय।

स्कन्द-पुराण–ना० [सं०] अठार महापुराणमध्ये एक।

स्कन्ध–ना० [सं०] १. काँध; कुम। २. रूखका हाँगा फाटेको ठाउँ; काप। ३. हाँगो; शाखा। ४. ग्रन्थको विभाग; अध्याय। ५. समूह; जमात। ६. शरीर; देह। ७. ज्ञान-विज्ञानको विभाग। ८. राजा। ९. शर्त; वादा। १०. मार्ग; बाटो। ११. आचार्य।

स्कम्भ–ना० [सं०] १. खम्बा; स्तम्भ। २. ईश्वर।

स्कलरशिप–ना० [अं० स्कलरशिप] १. विशेष प्रतिभा-सम्पन्न विद्यार्थीलाई दिइने वृत्ति। २. छात्र-वृत्ति।

स्काउट–ना० [अं०] १. सामाजिक सेवा र चरित्र-निर्माण गर्ने, सैनिक ढङ्गको शिक्षा पाएको व्यक्ति। २. बाल-चर।

स्कूल–ना० [अं०] माध्यमिक तहसम्मको शिक्षा दिइने विद्यालय; पाठ-शाला।

स्खलन–ना० [सं०] १. चुहुनु; क्षरण। २. खस्नु; पतन हुनु; झर्नु। ३. भूल हुनु; चुक्नु। ४. आफ्नो मार्ग वा आचारबाट भ्रष्ट हुनु। ५. असफल हुनु।

स्खलित–वि० [सं०] १. खसेको; झरेको। २. आफ्नो मार्ग वा आचारबाट विचलित भएको। ३. चुकेको; भुलेको। ४. चुहेको; क्षरित। ५. असफल भएको।

स्टाफ–ना० [अं०] कुनै सङ्घ, संस्था आदिमा नियमित रूपमा काम गर्ने कर्मचारीहरूको समूह।

स्टार–ना० [अं०] १. ताराका आकारको एक आभूषण। २. तारा।

स्टीमर–ना० [अं०] बाफद्वारा चल्ने सानो जहाज; धूवाँकश।

स्टूल–ना० [अं०] पिठिउँ अड्याउने अड़ेसो नभएको, मेचका किसिमको, अग्लो चौकीजस्तो, प्रायः एक जना बस्न हुने वस्तु; त्रिपाई।

स्टेट–ना० [अं०] सार्वभौम-सत्ता-सम्पन्न देश वा राज्य।

स्टेशन–ना० [अं०] यात्रीहरू चढ्न र उत्रन रेल-गाड़ी आदि अड्ने ठाउँ।

स्ट्रेचर–ना० [अं०] बिरामीहरूलाई सुताएर यता-उति लाने झोलुङ्गोजस्तो साधन।

स्तन–ना० [सं०] १. स्त्री-जातिको दूध रहने अवयव; दूध; कुच। २. पोथी पशुहरूको दूध रहने अवयव; कल्चौंड़ो; थुन।

स्तनन–ना० [सं०] १. बादलको शब्द; मेघको गर्जन। २. ध्वनि; शब्द। ३. नाद।

स्तनप–वि० [सं०] स्तन-पायी।

स्तन-पान–ना० [सं०] स्तनमा मुख लगाएर दूध चुस्ने काम।

स्तन-पायी–वि० [सं०] आमाको दूध पिएर हुर्कने; स्तन-पान गर्ने (प्राणी)।

स्तनित–वि० [सं०] १. गर्जेको; गर्जित। २. ध्वनित; शब्दायमान। (ना०) ३. मेघको गर्जन। ४. ताली बजाएको शब्द।

स्तन्य–वि० [सं०] १. स्तनको; कुच-सम्बन्धी। (ना०) २. दूध; दुग्ध।

स्तब्ध–वि० [सं०] १. निश्चेष्ट; जड। २. स्थिर; दृढ। ३. मन्द; सुस्त। ४. मूर्ख। ५. रोकिएको; अवरुद्ध।

स्तब्धता–ना० [सं०] १. स्तब्ध हुनाको भाव; स्तम्भन। २. जडता; निश्चेष्टता।

स्तब्धत्व–ना० [सं०] स्तब्धता।

स्तम्ब–ना० [सं०] १. घाँस-परालको मूठो। २. अन्नको बाला। ३. गुच्छो। ४. कुन्ज। ५. खम्बा। ६. स्तब्धता। ७. पहाड़; पर्वत।

स्तम्भ–ना० [सं०] १. खम्बा; थाम। २. गति-हीनता। ३. जडता; संज्ञा-हीनता। ४. रूखको प्रकाण्ड। ५. टेको; आड़। ६. कुनै सङ्घटन वा कार्यको प्रधान व्यक्ति।

स्तम्भक–ना० [सं०] स्तम्भन गर्ने; रोक्ने; रोधक।

स्तम्भन–ना० [सं०] १. रोक्नु, अवरोधन। २. स्खलन हुन नदिनु; स्तम्भित पार्नु। ३. जड तुल्याउनु; निश्चेष्ट पार्नु। ४. स्थिर पार्नु; दृढ पार्नु। ५. कसैको शक्ति, चेष्टा आदि रोक्ने तान्त्रिक क्रिया। ६. कामदेवका पाँच बाण-मध्ये एक।

स्तम्भित–वि० [सं०] १. संज्ञा-हीन; चेष्टा-रहित। २. निस्तब्ध; शून्य। ३. रोकिएको; अवरुद्ध। ४. स्थिर गरिएको।

स्तर–ना० [सं०] १. एकमाथि अर्को रहेको पत्र; तह; खात। २. श्रेणी; दर्जा। ३. कुनै वस्तुको माथिल्लो भाग; सतह। ४. बिछ्याउना; शय्या।

स्तरण–ना० [सं०] १. बिछ्याउनु; ओछ्याउनु। २. लिउन लाउनु।

स्तव–ना० [सं०] १. स्तुति; प्रशंसा। २. देवता आदिको गुण-गानस्वरूपको वर्णन; स्तोत्र।

स्तवक–ना० [सं०] १. प्रशंसा; स्तुति। २. फूलको गुच्छो; झुप्पो। ३. समूह; समुदाय। ४. राशि; थुप्रो। ५. अध्याय; परिच्छेद। (वि०) ६. स्तुति-पाठ गर्ने।

स्तवन–ना० [सं०] १. स्तुति गर्नु; तारीफ गर्नु। २. स्तोत्र।

स्ताव–ना० [सं०] प्रशंसा; स्तुति।

स्तावक–वि० [सं०] प्रशंसा गर्ने; स्तुति गर्ने।

स्तिमित–वि० [सं०] १. भिजेको; आर्द्र। २. स्थिर; दृढ। ३. निश्चेष्ट। ४. शान्त। ५. प्रसन्न; हर्षित। ६. सन्तुष्ट।

स्तीर्ण–वि० [सं०] १. फैलिएको; छरिएको। (ना०) २. शिवको एक गण।

स्तुत–वि० [सं०] १. प्रशंसा गरिएको; प्रशंसित। २. चुहेको;

CC-0. In Public Domain. Digitization by eGangotri

क्षरित। (ना०) ३. प्रशंसा; तारीफ।

स्तुति–ना० [सं०] १. तारीफ; प्रशंसा। २. कुनै देवता वा पूज्य व्यक्तिको गुण-गान; स्तोत्र।

स्तुत्य–वि० [सं०] स्तुति गर्न योग्य; प्रशंसनीय।

स्तूप–ना० [सं०] १. ढुङ्गो, माटो आदिको थुप्रो; ढिस्को। २. बुद्ध वा बौद्ध महात्माहरूको अस्थि, केश, दन्त आदि भित्रपट्टि राखेर विशेष प्रकारले बनाइएको ढिकुरो। ३. चिता।

स्तेन–ना० [सं०] १. चोर। २. डाँका। ३. चोरी।

स्तेय–ना० [सं०] १. चोरी। २. चोरिएको वस्तु।

स्तैन्य–ना० [सं०] चोरको काम; चोरी।

स्तोता–वि० [सं०] १. स्तुति गर्ने; प्रार्थना गर्ने। २. उपासना गर्ने; उपासक।

स्तोत्र–ना० [सं०] १. कुनै देवताको छन्दोबद्ध गुण-गान; श्लोक-बद्ध स्तुति; स्तव। २. प्रशंसा; स्तुति।

स्तोम–ना० [सं०] १. गुण-गान; स्तुति; स्तव। २. यज्ञ; याग। ३. समूह; समुदाय। ४. थुप्रो; राशि। ५. गुच्छो; झुप्पो।

स्त्री–सं० [सं०] १. स्वास्नी-मान्छे; आइमाई; नारी; महिला। २. स्वास्नी; पत्नी। ३. पोथी प्राणी।

स्त्रीता–ना० [सं०] स्त्रीत्व।

स्त्रीत्व–ना० [सं०] १. स्त्री हुनाको भाव; नारीत्व। २. स्वास्नी हुनाको भाव; पत्नीत्व। ३. स्त्रीका स्वाभाविक गुण वा स्वभाव।

स्त्री-धन–ना० [सं०] १. स्वास्नी-मानिसको दाइजो; पेवा। २. स्त्री-रूपी सम्पत्ति।

स्त्री-धर्म–ना० [सं०] १. नछुने हुनु; पर सर्नु; स्त्री-जातिको मासिक-धर्म; रजस्वला हुनु। २. मैथुन। ३. स्त्रीका विहित कर्तव्य वा धर्म।

स्त्री-पुरुष–ना० [सं०] १. लोग्ने-मानिस र स्वास्नी-मानिस। २. जोई-पोइ; पति-पत्नी; दम्पती।

स्त्री-प्रसङ्ग–ना० [सं०] मैथुन; स्त्री-समागम।

स्त्री-लम्पट–वि० [सं०] १. स्त्रीमा ज्यादा आसक्त भएको; जोइटिङ्गरे। २. कामुक।

स्त्री-लिङ्ग–ना० [सं०] १. व्याकरणअनुसार स्त्री-बोधक लिङ्ग। २. स्त्रीत्वको चिह्न।

स्त्री-व्रत–ना० [सं०] आफ्नी एउटी पत्नीबाहेक अर्की स्त्रीको कामना नगर्ने व्रत; एक-पत्नी-व्रत।

स्त्री-समागम–ना० [सं०] मैथुन।

स्त्री-सम्भोग–ना० [सं०] मैथुन।

स्त्रैण–वि० [सं०] १. स्त्री-सम्बन्धी। २. स्त्रीजस्तो; नारीका स्वभावको। ३. जोइटिङ्गरे; स्त्रीको वश-वर्ती भएको; स्त्री-परायण। (ना०) ४. स्त्रीत्व; नारीत्व।

स्थ–वि० [सं०] १. अरू शब्दका पछाड़ि लागेर 'रहेको', 'स्थित' आदि अर्थ बुझाउने शब्द। (उदा०–कण्ठस्थ, समीपस्थ, पार्श्वस्थ, शीर्षस्थ इत्या०।) २. रत; संलग्न। ३. मग्न।

स्थग–वि० [सं०] धूर्त; ठग।

स्थगन–ना० [सं०] १. चलिरहेको कुनै काम-कुरो पछि कुनै अर्को मौकामा गर्न रोक्ने काम; मुलतबी गर्ने काम। २. ढाक्नु; छोप्नु।

स्थगर–ना० [सं०] सुपारी।

स्थगित–वि० [सं०] १. रोकिएको; मुलतबी राखिएको। २. छोपिएको; ढाकिएको।

स्थण्डिल–ना० [सं०] १. यज्ञका लागि चार-पाटे पारी तयार गरिएको भूमि। २. परिष्कारपूर्वक बनाइएको भूमि। ३. ऊसर। ४. सीमा; साँध। ५. सीमा छुट्टयाउन बनाइएको स्तम्भ आदि चिह्न। ६. माटो, ढुङ्गा आदिको ढिस्कुरो।

स्थपति–ना० [सं०] १. राजा। २. कारीगर। ३. सारथि। ४. अन्तःपुरको नोकर। ५. बृहस्पति। ६. कुबेर। (वि०) ७. प्रधान; मुख्य। ८. उत्तम; श्रेष्ठ।

स्थल–ना० [सं०] १. जमीन; भुइँ; भूमि। २. पृथ्वी; धरती। ३. ठाउँ; स्थान। ४. मैदान।

स्थल-कमल–ना० [सं०] थल-कमल।

स्थल-चर–वि० [सं०] जमीनमा हिँड्ने (प्राणी)।

स्थलचारी–वि० [सं०] स्थल-चर।

स्थलज–वि० [सं०] जमीनबाट उत्पन्न हुने।

स्थल-डमरु-मध्य–ना० [सं०] दुइटा ठूला-ठूला भू-भागलाई जोड्ने भूमिको सानो सोतो।

स्थल-पद्म–ना० [सं०] स्थल-कमल।

स्थल-युद्ध–ना० [सं०] भूमि वा मैदानमा हुने लड़ाइँ।

स्थल-सेना–ना० [सं०] जमीनमा युद्ध गर्ने सेना; स्थल-युद्ध गर्ने फौज; पैदल सेना; पदाति।

स्थला–ना० [सं०] स्थली।

स्थली–ना० [सं०] १. सम्म परेको भूमि; समथर जमीन। २. ठाउँ; स्थान; थलो।

स्थलीय–वि० [सं०] १. स्थलको; भूमि-सम्बन्धी। २. थलमा रहने; स्थल-चर। ३. स्थानीय।

स्थविर–वि० [सं०] १. बूढो; वृद्ध। २. मान्य; आदरणीय। ३. दृढ; स्थिर। (ना०) ४. बूढा व्यक्ति। ५. वृद्ध भिक्षु।

स्थविरता–ना० [सं०] स्थविर हुनाको भाव; वृद्धता।

स्थाणु–वि० [सं०] १. अचल; दृढ; स्थिर। (ना०) २. खम्बा; स्तम्भ। ३. ठुटो; हाँगा-बिँगा नभएको रूख। ४. शिव; महादेव।

स्थान–ना० [सं०] १. ठाउँ; स्थल। २. जगा; जमीन। ३. घर; वास-स्थान। ४. देवता रहेको ठाउँ; देवाश्रम। ५. उपयुक्त अवसर; मौका। ६. अवस्था; स्थिति। ७. पद; ओहदा।

स्थान-च्युत–वि० [सं०] आफ्नो स्थान वा पदबाट च्युत भएको;

CC-0. In Public Domain. Digitization by eGangotri

स्थान-भ्रष्ट ।

स्थान-देवता–ना० [सं०] कुनै ठाउँको अधिष्ठाता देवता; स्थानीय प्रमुख देवता ।

स्थान-भ्रष्ट–वि० [सं०] स्थान-च्युत ।

स्थानान्तर–ना० [सं०] अर्को ठाउँ; भिन्न स्थान ।

स्थानान्तरण–ना० [सं०] एक स्थानबाट अर्को स्थानमा सार्ने काम ।

स्थानान्तरित–वि० [सं०] एक स्थानबाट अर्को स्थानमा सारिएको; स्थानको परिवर्तन गरिएको ।

स्थानापन्न–वि० [सं०] १. कुनै खाली पदमा अस्थायी रूपले नियुक्त भएको; कायम-मुकायम । २. कुनै पदाधिकारी अनुपस्थित भएकोमा ऊ पुनः उपस्थित हुन नआएसम्मका लागि उसैका अधिकार र कर्तव्य वहन गरी काम गर्ने कुनै व्यक्ति ।

स्थानिक–वि० [सं०] १. उसै ठाउँको; स्थानीय । २. स्थानापन्न; कायम-मुकायम । ३. स्थानीय प्रशासक ।

स्थानी–वि० [सं०] स्थानको; स्थानबाट हुने वा निस्कने (उच्चारण); स्थान-सम्बन्धी ।

स्थानीय–वि० [सं०] १. स्थान-सम्बन्धी; स्थानबाट हुने; स्थानिक । २. कुनै सीमित वा निश्चित स्थानको ।

स्थापक–वि० [सं०] १. स्थापना गर्ने । २. सभा, संस्था आदि खड़ा गर्ने; संस्थापक । ३. मूर्ति, गृह आदि स्थापना गर्ने । (ना०) ४. नाटकमा सूत्रधारको सहकारी नट ।

स्थापत्य–ना० [सं०] १. घर, पुल, घाट आदि बनाउने रीतिको विवेचना गरिएको शास्त्र; वास्तु-विद्या । २. घर, मन्दिर आदि बनाउने काम । ३. स्थपतिको काम वा पद ।

स्थापत्य-वेद–ना० [सं०] वास्तु-विद्याको वर्णन गरिएको अथर्व-वेदको एक उपवेद ।

स्थापन–ना० [सं०] १. दृढतापूर्वक बसाउनु; स्थिर गर्नु । २. स्थायी रूपमा राख्नु; स्थिर पार्नु । ३. सङ्घ, संस्था आदि खड़ा गर्नु । ४. प्रमाणद्वारा कुनै विषयको निरूपण गर्नु; सिद्ध गर्नु । ५. भर्ना; नियुक्ति ।

स्थापना–ना० [सं०] स्थापन ।

स्थापनीय–वि० [सं०] स्थापना गर्न योग्य; स्थाप्य ।

स्थापित–वि० [सं०] स्थापना गरिएको ।

स्थाप्य–वि० [सं०] स्थापन गर्न योग्य; स्थापनीय ।

स्थायिता–ना० [सं०] स्थायित्व ।

स्थायित्व–ना० [सं०] १. स्थायी हुनाको भाव; टिकाउपन । २. दृढता; स्थिरता ।

स्थायी–वि० [सं०] १. स्थिर भएर रहने; चिर-स्थायी । २. धेरै दिनसम्म टिक्ने; दिगो, टिकुवा । ३. स्थिति-युक्त; स्थिर । ४. साल-बसाली । (ना०) ५. गीतको वार-वार दोहोऱ्याएर गाइने पहिलो चरण वा त्यो गाउने क्रिया; ध्रुव-पद वा त्यो गाउने काम ।

स्थायीकरण–ना० [सं०] १. कार्य वा विसयलाई स्थिर पार्नु । २. म्यादीमा काम गरिरहेका कर्मचारीलाई स्थायी रूपमा नियुक्त गर्नु ।

स्थायी-भाव–ना० [सं०] मनमा स्थिर रहने र परिपक्व भएपछि रस-रूपमा परिणत हुने साहित्यको एक भाव । (यी नौ रसका नौ वटा हुन्छन्–रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय र शम) ।

स्थायी-समिति–ना० [सं०] कुनै कार्य गर्नाका निमित्त स्थायी रूपले बनेको समिति ।

स्थाली–ना० [सं०] १. माटाको भाड़ो । २. थाल । ३. कसौंड़ी । ४. सोम-रस तयार पार्दा प्रयोग गरिने एक प्रकारको भाँड़ो । ५. पाखरी वृक्ष ।

स्थाली-पुलाक-न्याय–ना० [सं०] ठूला भाँड़ामा पकाएको भातको एक सिता मिचेर सबै पाकेको वा नपाकेको अनुमान गरेझैं कुनै एउटा कुराको प्रमाणबाट त्यस्तै अरू कुराहरूको पनि निश्चय गर्ने सिद्धान्त ।

स्थावर–वि० [सं०] १. नचल्ने; अचल; स्थिर । २. सधैं रहिरहने; स्थायी । ३. हिँड़-डुल नगर्ने; गति-हीन । (ना०) ४ पहाड़; पर्वत । ५. रूख; वृक्ष । ६. अचल सम्पत्ति । ७. वंश-परम्परागत बेच-बिखन गर्न नहुने वस्तु ।

स्थावर-विष–ना० [सं०] वृक्ष, जरो, पात, फल, फूल, बोक्रो, चोब आदिमा हुने विष ।

स्थावर-सम्पत्ति–ना० [सं०] अचल-सम्पत्ति ।

स्थित–वि० [सं०] १. रहेको; बसेको; टिकेको । २. आफ्नो प्रतिज्ञामा रहेको । ३. कुनै नियम, आदेश, निष्ठा आदिमा रहेको; संलग्न । ४. स्थिर; दृढ । ५. उपस्थित; विद्यमान । ६. उभिएको; ठड़िएको ।

स्थित-प्रज्ञ–वि० [सं०] स्थिति-प्रज्ञ ।

स्थिति–ना० [सं०] १. एकनाससित वा एउटै अवस्थामा रहने काम; स्थिर रहने काम । २. कुनै ठाउँमा बस्ने वा टिक्ने काम; स्थित हुनु । ३. अचल रहनु; निश्चलता । ४. रहने वा बस्ने ठाउँ; निवास । ५. अवस्था; दशा; हालत । ६. निर्वाह; जीविका । ७. पद; दर्जा । ८. थिति; प्रथा । ९. नियम; विधि । १०. ढङ्ग; तरीका । ११. निश्चय; निर्णय । १२. मर्यादा; अनुशासन । १३. सीमा; हद । १४. समय; अवसर । १५. आकार; आकृति ।

स्थितिक–वि० [सं०] १. एकै ठाउँमा एकै किसिमसित स्थिर रूपमा रहने । २. स्थिति बनाउने वा चलाउने ।

स्थिति-प्रज्ञ–वि० [सं०] १. विवेक-बुद्धि स्थिर भएको; मनमा कुनै विकार नभएको । २. प्रसन्न-आत्मा ।

स्थितिमल्ल–ना० [सं०] पन्ध्रौं शताब्दीको पूर्वार्धमा काठमाडौं उपत्यकामा शासन गर्ने एक प्रसिद्ध राजा ।

स्थिति-स्थापक–वि० [सं०] १. पहिलेकै स्थितिमा पुग्ने (गुण) । २. कुनै स्थिति वा मर्यादा बाँध्ने ।

स्थिर–वि० [सं०] १. एउटै स्थितिमा रहेको; एकै अवस्थामा

CC-0. In Public Domain. Digitization by eGangotri

दृढ रहेको। २. एकै ठाउँमा रहेको; अचल; निश्चल। ३. सधैँ जस्ताको-तस्तो रहने; स्थायी।४. निश्चय गरिएको; निश्चित। ५. उद्वेग, चञ्चलता आदि नभएको; शान्त। ६. आफ्नो प्रतिज्ञा, नियम, आचार आदिमा दृढ रहेको।

स्थिर-चित्त–वि० [सं०] १. आफ्नो विचारमा दृढ रहने; स्थिर-बुद्धि। २. मनमा उद्वेग, हड़बड़ी आदि नभएको।

स्थिरता–ना० [सं०] स्थिर हुनाको भाव; निश्चलता।

स्थिरत्व–ना० [सं०] स्थिरता।

स्थिर-धी–वि० [सं०] स्थिर-चित्त।

स्थिर-बुद्धि–ना० [सं०] स्थिर-चित्त।

स्थिरीकरण–ना० [सं०] कुनै काम-कुरोलाई स्थिर गर्ने काम; दिगो पार्ने काम।

स्थूल–वि० [सं०] १. ठूलो; बड़ेमाको। २. अति मोटो; भद्दा। ३. सूक्ष्म नभएको। ४. बलियो। ५. गाढ़ा। ६. मूर्ख; मूढ। (ना०) ७. राशि; थूप्रो।

स्थूल-कन्द–ना० [सं०] कर्कलो।

स्थूलता–ना० [सं०] स्थूल हुनाको भाव; स्थूलत्व।

स्थूलत्व–ना० [सं०] स्थूलता।

स्थूल-वातङ्गिनी–ना० [सं०] ठूलो-भण्टा।

स्थूल-शरीर–ना० [सं०] पञ्च-महाभूतले बनेको शरीर; पार्थिव शरीर।

स्थैर्य–ना० [सं०] स्थिरता।

स्थौणेयक–ना० [सं०] पिपर्मेन्ट बूटी।

स्थौल्य–ना० [सं०] स्थूलता।

स्नात–वि० [सं०] नुहाएको; स्नान गरेको।

स्नातक–ना० [सं०] १. ब्रह्मचर्य-व्रत समाप्त गरेर गृहस्थाश्रममा प्रवेश गरेको व्यक्ति। २. कुनै विश्व-विद्यालयबाट उपाधि प्राप्त गरेको व्यक्ति।

स्नान–ना० [सं०] १. मैल हटाउन वा पवित्र हुन पानीले शरीर धुने काम; नुहाउने काम। २. घाम, हावा आदि सम्पूर्ण शरीरमा लगाउनु।

स्नानागार–ना० [सं०] नुहाउने कोठा वा घर।

स्नायविक–वि० [सं०] स्नायु-सम्बन्धी।

स्नायु–ना० [सं०] १. शरीरका अङ्ग-प्रत्यङ्गलाई नियन्त्रित र सञ्चालित गर्ने नाडी। २. मांस-पेशी। ३. धनुको ताँदो।

स्निग्ध–वि० [सं०] १. तेल, घिउ आदि लागेको; चिल्लो। २. लस्सादार। ३. प्रेम भएको; अनुराग-युक्त।

स्निग्धता–ना० [सं०] स्निग्ध हुनाको भाव।

स्निग्धत्व–ना० [सं०] स्निग्धता।

स्नेह–ना० [सं०] १. ठूलोले सानाप्रति देखाउने प्रेम। २. तेल, घिउ आदि चिल्लो पदार्थ। ३. कोमलता; कमलोपन। ४. तोरी। ५. बोसो। ६. वीर्य।

स्नेह-पात्र–ना० [सं०] १. प्यारो व्यक्ति; मन-परेको मानिस। २. घिउ, तेल आदि चिल्लो पदार्थ राख्ने भाँड़ो।

स्नेह-पान–ना० [सं०] १. आयुर्वेदअनुसार तेल, घिउ आदि चिल्लो पदार्थ पिएर गरिने चिकित्सा। २. कसैको शुभकामना गरी पिइने पेय वा त्यो पिउने काम; टोस्ट।

स्नेही–वि० [सं०] १. मन-परेको; प्यारो; प्रिय। २. चिल्लो। (ना०) ३. प्रिय-पात्र; प्रेमी व्यक्ति।

स्नो–ना० [अं०] १. मुखमा घस्ने एक प्रकारको सेतो लेदो पदार्थ; एक प्रकारको क्रीम। २. हिउँ; हिम।

स्पन्ज–ना० [अं०] समुद्रमा अत्यन्त साना-साना कीराको योगबाट बनेको, कपासजस्तो कोमल, अनेक साना-साना प्वाल भएको एक प्रकारको सजीव पिण्ड।

स्पन्द–ना० [सं०] १. काँप्ने क्रिया; कम्पन। २. फरफराउनु; स्फुरण। ३. चल्ने काम; गति।

स्पन्दन–ना० [सं०] १. बिस्तारै काँप्नु; कम्पन। २. हल्लनु; चल्नु। ३. फरफराउनु; स्फुरण।

स्पन्दित–वि० [सं०] १. काँपेको; स्पन्दन भएको। २. हल्लिएको; चलेको। ३. फरफराएको; स्फुरित।

स्पर्धा–ना० [सं०] १. परस्परमा एकले अर्कोलाई जित्नका निमित्त गरिने प्रयत्न; होड़; प्रतियोगिता। २. ईर्ष्या; डाह। ३. हाँक; चुनौती। ४. कसैका दाँजामा पुग्ने इच्छा। ५. घमन्ड; शेखी।

स्पर्धी–वि० [सं०] १. स्पर्धा गर्ने; प्रतिस्पर्धी। २. डाह गर्ने; ईर्ष्यालु।

स्पर्श–ना० [सं०] १. छुने काम; छुवाइ। २. त्वक् इन्द्रियको गुण। ३. व्याकरणअनुसार 'क'-देखि 'म'-सम्मका व्यञ्जन-वर्ण। ४. ग्रहणमा सूर्य वा चन्द्रमाको छाया पर्न शुरू हुनु।

स्पर्श-जन्य–वि० [सं०] स्पर्शबाट उत्पन्न हुने वा सर्ने।

स्पर्श-मणि–ना० [सं०] पारस-मणि।

स्पर्शी–वि० [सं०] छुने; स्पर्श गर्ने।

स्पर्शेन्द्रिय–ना० [सं०] शरीरद्वारा छोएर ज्ञान प्राप्त गर्ने इन्द्रिय; छाला।

स्पष्ट–वि० [सं०] १. राम्ररी देखिने; छर्लङ्ग देखिने; प्रत्यक्ष। २. सन्देह नभएको; व्यक्त। ३. सफा-सफी; यथार्थ। ४. राम्ररी बुझिने; बोध-गम्य। ५. वास्तविक; सत्य।

स्पष्टतया–क्रि० यो० [सं०] सफासँग; स्पष्ट रूपमा; खुल्लमखुल्ला।

स्पष्टता–ना० [सं०] स्पष्ट हुनाको भाव।

स्पष्ट-वक्ता–ना० [सं०] सङ्कोच, धक, भय आदि नमानेर यथार्थ कुरा बोल्ने; स्पष्टवादी।

स्पष्टवादी–वि० [सं०] स्पष्ट-वक्ता।

स्पष्टीकरण–ना० [सं०] १. कुनै शङ्का लागेको वा नबुझिएको कुरा स्पष्टसँग बताउने काम; राम्ररी बुझाउने काम। २. व्याख्या; विवृति।

स्पृक्का–ना० [सं०] कपूर-पत्ती।

स्पृश्य–वि० [सं०] छुन लायक; स्पर्श गर्न योग्य।

CC-0. In Public Domain. Digitization by eGangotri

स्पृष्ट–वि० [सं०] १. छोइएको; स्पर्श भएको। (ना०) २. व्याकरणको एक प्रयत्न।

स्पृहणीय–वि० [सं०] १. स्पृहा वा अभिलाषा गर्न योग्य; वाञ्छनीय। २. मोहक; रमणीय।

स्पृहा–ना० [सं०] १. इच्छा; अभिलाषा; कामना। २. ईर्ष्या।

स्पेनिश–वि० [अं०] १. स्पेन देश-सम्बन्धी। (ना०) २. त्यस देशको भाषा।

स्पेशल–वि० [अं०] विशेष; असाधारण; असामान्य।

स्पेशल-बेन्च–ना० [अं०] विशेष महत्त्वका मुद्दाहरूको निर्णय गर्न तीन जना न्यायाधीशहरू उपस्थित भएको बेन्च वा सभा।

स्प्रिङ–ना० [अं०] इस्पातको तार, पाता आदि दोब्र्याई लच्कने पारिएको वस्तु।

स्फटिक–ना० [सं०] १. काँचजस्तो पार-दर्शी एक प्रकारको बहु-मूल्य पत्थर; बिल्लौर। २. सूर्य-कान्त मणि। ३. फट्किरी। ४. कपूर। ५. काँच; शीशा।

स्फार–वि० [सं०] १. धेरै; प्रशस्त; प्रचुर। २. ठूलो; बड़ेमाको। ३. विकट; कठिन। ४. सुनिएको; फुलेको।

स्फीत–वि० [सं०] १. बढ़ेको; वर्द्धित। २. सुनिएको; फुलेको। ३. सम्पन्न; समृद्ध।

स्फीति–ना० [सं०] १. बढ्ने क्रिया; वृद्धि। २. विपुलता; प्राचुर्य। ३. अभ्युदय; समृद्धि।

स्फुट–वि० [सं०] १. फुलेको; विकसित। २. स्पष्ट; व्यक्त। ३. फुटेको। ४. सेतो; श्वेत। ५. यथार्थ; सत्य। ६. फुटकर।

स्फुटन–ना० [सं०] १. फुट्नु। २. फाट्नु। ३. फुल्नु; विकसित हुनु।

स्फुटित–वि० [सं०] १. फुलेको; विकसित। २. फुटेको; टुटेको। ३. स्पष्ट गरिएको; व्यक्त गरिएको। ४. फुरेको; स्फुरण भएको। ५. फुटकर।

स्फुरण–ना० [सं०] १. फरफराउनु; फरफर गरी चल्नु। २. सम्झनु; मनमा उब्जनु। ३. व्यक्त हुनु; स्पष्ट हुनु।

स्फुरित–वि० [सं०] १. फरफराएको। २. व्यक्त भएको। ३. उदित।

स्फुलिङ्ग–ना० [सं०] फिलिङ्गो; आगाको झिल्को; अग्निकण।

स्फूर्ति–ना० [सं०] १. कुनै काम गर्ने हौसला; जाँगर; फुर्ती। २. घमन्ड; अभिमान; शेखी। ३. फरफराउने क्रिया; फरफराइ।

स्फोट–ना० [सं०] १. बाहिरी आवरण फोरेर भित्रको कुनै वस्तु निस्कनु; फुट्नु। २. प्रकट हुनु; प्रत्यक्ष हुनु। ३. खटिरो; फोको। ४. दर्शन-शास्त्रअनुसार नित्य शब्द।

स्फोटन–ना० [सं०] १. फुट्ने वा फोर्ने काम; विदारण। २. प्रकट गर्नु; व्यक्त गर्नु।

स्मर–ना० [सं०] १. कामदेव; मदन। २. स्मृति; स्मरण।

स्मरण–ना० [सं०] १. सम्झना; स्मृति; याद। २. फिक्री; चिन्ता। ३. आराध्य देवतालाई बार-बार स्मरण गर्ने एक प्रकारको भक्ति; नौ प्रकारका भक्तिमध्ये एक। ४. साहित्यमा एक वस्तुलाई देख्ता अर्को वस्तुको स्मरण हुँदा पर्ने एक अलङ्कार।

स्मरण-पत्र–ना० [सं०] कसैलाई कुनै कुरो सम्झाउनका निमित्त लेखिने पत्र; स्मृति-पत्र।

स्मरणीय–वि० [सं०] सम्झन लायक; स्मरण गर्न योग्य।

स्मर्य–वि० [सं०] स्मरणीय।

स्मर्यमान–वि० [सं०] १. सम्झिने; स्मरण भइरहने। २. सम्झाउने; याद गराउने।

स्मारक–वि० [सं०] १. सम्झाउने; स्मरण गराउने। (ना०) २. कुनै व्यक्ति वा घटनाको सम्झना गराउनाका निमित्त स्थापना गरेको स्तम्भ, भवन, सालिक आदि। ३. आफूलाई अरूले सम्झिरहोस् भन्नाका निमित्त अरूलाई दिइएको कुनै वस्तु; सम्झौटो।

स्मारिका–ना० [सं०] स्मरण-पत्र।

स्मार्त–वि० [सं०] १. स्मृति-सम्बन्धी। (ना०) २. स्मृति-विहित कृत्य। ३. स्मृतिमा लेखिएअनुसारको आचरण गर्ने व्यक्ति; स्मृतिको अनुयायी। ४. स्मृतिको ज्ञाता; धर्म-शास्त्रज्ञ।

स्मित–ना० [सं०] १. मुस्कुराहट; मुस्क्यान; मन्द हास; हासका छ भेदमध्ये एक। (वि०) २. फुलेको; विकसित। ३. मुस्कुराएको; मुसुक्क हाँसेको।

स्मिति–ना० [सं०] मुस्क्यान; मन्द हास।

स्मृत–वि० [सं०] सम्झिएको; स्मरण गरिएको।

स्मृति–ना० [सं०] १. सम्झना; स्मरण; याद। २. फिक्री; चिन्ता। ३. साहित्यमा कुनै कुराको सम्झना गराउँदा हुने एक सञ्चारी-भाव। ४. धर्म, दर्शन, आचार, व्यवहार, प्रायश्चित्त, शासन, नीति आदिको विवेचना गरिएको ऋषि-मुनिहरूद्वारा रचित धर्म-शास्त्र। (मनु, याज्ञवल्क्य, अत्रि, विष्णु, हारीत, उशनस्, अङ्गिरा, यम, कात्यायन, बृहस्पति, पराशर, व्यास, दक्ष, आपस्तम्ब, गौतम, वशिष्ठ, नारद र भृगु—विशेषगरी यी अठार स्मृति-कारप्रसिद्ध छन्)।

स्मृति-चित्र–ना० [सं०] १. कुनै व्यक्ति वा घटनाको सम्झना गराउनाका निमित्त बनाइएको चित्र, सालिक आदि। २. सम्झनाका आधारमा बनाइएको चित्र।

स्मृति-पत्र–ना० [सं०] स्मरण-पत्र।

स्यन्दन–ना० [सं०] १. रथ; बग्गी। २. तीव्र गति। ३. चुहुनु; स्राव।

स्यमन्तक–ना० [सं०] पुराण-प्रसिद्ध एक मणि।

स्याँगी–ना० [सं० शस्त्री] तरकारी आदि काट्ने सोझो एक किसिमको छुरीजस्तो सानो हतियार।

स्याँठ–ना० [सं० शिश्न] पुरुषको लिङ्ग।

CC-0. In Public Domain. Digitization by eGangotri

स्याँठ–ना० [सं० शीत] सिरेटो।
स्याँल–ना० [सियाँल] सियाँल।
स्याँ-स्याँ–क्रि० यो० [ने०] परिश्रम वा धम्की आदि रोगले छिटो-छिटो वा लामो-लामो सास फेर्ने वा फेर्दा शब्द आउने किसिम; स्वाँ-स्वाँ।
स्याँहाल–ना० [सियाँल] सियाँल।
स्याइँ–ना० [सर्धाइँ] अर्काले लाएको वा खाएको देखेर त्यस्तै गर्नाका निमित्त हुने उत्कट इच्छा; सर्धाइँ।
स्याइँ-स्याइँ–ना० [क्रि०यो०] १. स्याँ-स्याँ; स्वाँ-स्वाँ। २. स्याँठ चल्ने किसिम। ३. घाँस, पराल आदि धमाधम काट्ने किसिम।
स्याउँ-स्याउँ–क्रि० यो० [ने०] १. धेरै कीराहरू एकनाससित चलिरहने किसिम; सिलिङ-सिलिङ। २. धेरै मानिसहरू यता-उति चलिरहने किसिम।
स्याउ–ना० [सं० सेव] १. वाटुला किसिमका पात, गुलाफी भावका सेता फूल र हरियोमा रातो मिसिएको नाशपातीजस्तो फल फल्ने एक जातको वृक्ष। २. त्यसैको फल। (आयुर्वेदमा यसको गुण वात-पित्त-नाशक, शुक्र-वर्द्धक र पुष्टि-कारक बताइएको छ।)
स्याउ–ना० [सं० सेविका] नून हालेर पकाइने भुजुरीजस्तो एक किसिमको हलुवाई-रोटी।
स्याउलो–ना० [सं० शेवल] धेरै पात भएको हाँगो।
स्याखु–ना० [ने०] १. एक प्रकारको घुम। २. च्याङ्ग्राको एक जात; च्यापु।
स्याखू–वि० [ने०] १. ज्यादा दुब्लो; मरन्च्याँसे; सिट्ठो। २. हावा लाग्दा खुम्चने; फितलो (चङ्गा)।
स्याङतानें–वि० [ने०] ज्यादा दुब्लो र निर्धो; मरन्च्याँसे; पिलन्धरे।
स्याङी–ना० [स्याँगी] स्याँगी।
स्याट्ट–क्रि० यो० [ने०] १. कुनै काम झटपट गर्ने किसिम; स्वाट्ट। २. चट्ट।
स्यात्–क्रि० यो० [सं०] केही गरी; कदाचित्; शायद।
स्यात–क्रि० यो० [सं०] केही गरी; कदाचित्; शायद।
स्यान-ब्यान–ना० [सेना+ब्यान (फाँ०)] बाल-बच्चाहरूको समूह; सेना-बेना।
स्याप्प–क्रि० यो० [ने०] १. भित्र गुदी नभई सेप्रो हुने किसिम; स्याप्याक्क। २. फितलो वस्तुले हान्दा शब्द आउने किसिम।
स्याबजी–ना० [नेवा०] चिउरा भुटेको खानेकुरो; भुटेको चिउरा।
स्याबास–वि० बो० [फा० शाबाश] असल वा प्रशंसनीय काम गर्दा भनिने शब्द; क्या-बात; वाह-वाह; साधुवाद; धन्यवाद।
स्याबासी–ना० [स्याबास+ई] स्याबास भन्ने काम; धन्यवाद दिने काम।
स्याम्म–क्रि० यो० [ने०] सानो-तिनो हाँगो वा स्याउलाले बेसरी हान्ने काम; स्याप्प।
स्यार्पा–ना० [ने०] पूर्वी नेपालको उत्तरीय भागमा बस्ने एक जाति।
स्याल–ना० [सं० शिवालु] कुकुरजस्तो एक जातको जङ्गली हिंस्रक जन्तु; श्रृगाल।
स्याल-काने–ना० [स्याल+कान] लाम्चा र टुप्पामा कोप्रो परेका पात हुने र नीला फूल फुल्ने एक जातको बूटी।
स्याल-टट्टू–वि० [स्याल+टट्टू] साह्रै दुब्लो र अग्लो; हल्लन-टट्टू।
स्याल-पुच्छे–ना० [स्याल+पुच्छे] कटुसका जस्ता साना पात हुने एक जातको बोट।
स्याल-फुस्रो–ना० [स्याल+फुस्रो] १. खरीका जस्ता पात, पहेँला फूल र रिट्ठाजस्ता काला फल हुने एक जातको बोट। २. त्यसैको फल।
स्याल्ल–क्रि० यो० [ने०] स्वाल्ल।
स्याहा–ना० [फा० सियाहः] आम्दानी-खर्चको हर-हिसाव लेखिएको बही।
स्याहार–ना० [सह्यार] सह्यार।
स्याहार-सम्भार–ना० [स्याहार+सम्भार] स्याह्यार्ने र सँभाल्ने काम।
स्याहाराइ–ना० [स्याहार्+आइ] स्याहार्ने किसिम, क्रिया वा भाव।
स्याहारिनु–अ० क्रि० [स्याहार्+इ+नु] स्याहार गरिनु; सह्यारिनु; ('स्याहार्नु'-को क० क्रि०)।
स्याहार्नु–स० क्रि० [सह्यार्+नु] सह्यार्नु।
स्यूँड़ी–ना० [सिउँड़ी] सिउँडी।
स्यूँदो–ना० [सिउँदो] सिउँदो।
स्यूनी–ना० [सिउनी] सिउनी।
स्यूनु–स० क्रि० [सिउनु] सिउनु।
स्यूर–ना० [सिउर] सिउर।
स्यूरनु–स० क्रि० [सिउरनु] सिउरनु।
स्यूराइ–ना० [स्यूर+आइ] स्यूरने किसिम, क्रिया वा भाव।
स्यूराइनु–स० क्रि० [स्यूराउ+आइ+नु] स्यूरन लाइनु; ('स्यूराउनु'-को क० क्रि०)।
स्यूराउनु–स० क्रि० [स्यूर+आउ+नु] स्यूरन लाउनु; ('स्यूरनु'- को प्रे० क्रि०)।
स्यूरिनु–स० क्रि० [सिउरिनु] सिउरिनु; ('स्यूरनु'-को क० क्रि०)।
स्यूरी–ना० [सिउरी] सिउरी।
स्रक्–ना० [सं०] माला; माल्य; हार।
स्रग्धरा–ना० [सं०] प्रत्येक चरणमा एक्काईस अक्षर हुने, चार चरणको एक वर्ण-वृत्त।
स्रग्विणी–ना० [सं०] प्रत्येक पाउमा बाह्र अक्षर हुने, चार चरणको एक वर्ण-वृत्त।
स्रवण–ना० [सं०] १. बग्नु; प्रवाह। २. गर्भ-पात; गर्भ-स्राव। ३. मूत; मूत्र। ४. पसीना।

CC-0. In Public Domain. Digitization by eGangotri

स्रष्टा–वि० [सं०] १. बनाउने; रचयिता। २. चुहाउने वा बगाउन; स्राव गर्ने। (ना०) ३. सृष्टि गर्ने व्यक्ति। ४. ब्रह्मा। ५. विष्णु।

स्रस्त–वि० [सं०] १. खसेको; पतित। २. स्थान वा पदबाट च्युत भएको। ३. खुकुलो; शिथिल। ४. हल्लिएको।

स्राव–ना० [सं०] १. चुहुनु; रसाउनु। २. गर्भ-पात। ३. निर्यास; रस।

स्रावक–वि० [सं०] चुहाउने; स्राव गर्ने।

स्रुत–वि० [सं०] १. चुहेको वा रसाएर निस्केको। २. बगेको; प्रवाहित।

स्रुव–ना० [सं०] स्रुवा।

स्रुवा–ना० [सं०] खयर वृक्षका काठले बनेको, यज्ञमा आहुति दिने, डाडुका आकारको एक साधन; चमस।

स्रेस्ता–ना० [फा० शरिश्तः] ऐन-कानूनमा मिल्ने, अड्डाखाना-को लेखा-पढ़ी।

स्रेस्तादार–वि० [स्रेस्ता+दार] स्रेस्तामा निपुण; स्रेस्ता गर्ने वा जान्ने।

स्रोत–ना० [सं०] १. धारा; प्रवाह। २. नदी। ३. सोतो; खोल्सो। ४. झरना; छहरो। ५. आम्दानीको बाटो वा साधन।

स्रोतस्वती–ना० [सं०] नदी।

स्रोतस्विनी–ना० [सं०] नदी।

स्व–वि० [सं०] १. आफ्नो; निजी। २. आफ्नो जातको; सजातीय। (सर्वना०) ३. आफू; स्वयम्। (ना०) ४. दाजु-भाइ; बन्धु; गोती। ५. सम्बन्धी; ज्ञाती। ६. धन; सम्पत्ति। ७. विष्णु।

स्वः–ना० [सं०] १. आकाश। २. स्वर्ग।

स्वकीय–वि० [सं०] आफ्नो; निजी; व्यक्तिगत।

स्वकीय-सचिव–ना० [सं०] कुनै अधिकारीको वैयक्तिक वा घरेलु कामसमेत गर्ने सचिव; पर्सनल-सेक्रेटरी।

स्वकीया–ना० [सं०] १. आफ्ना पतिसित मात्र प्रेम गर्ने स्त्री; साहित्यमा नायिकाका दुइ भेदमध्ये एक। २. आफ्नी पत्नी; विवाहिता पत्नी।

स्वख्यापन–ना० [सं०] आफ्नो प्रशंसा आफैले गर्ने काम; आत्म-श्लाघा।

स्वगत–वि० [सं०] १. आफ्नो; आत्मीय। (क्रि० यो०) २. आफूलाई; आफ्नैप्रति (भन्नु वा बोल्नु)।

स्वगत-कथन–ना० [सं०] नाटकमा अर्कालि नसुनेझैं गरी कुनै पात्रले केही कुरो भन्नु; नाटकमा कुनै पात्रले मञ्चमा भएका अरू पात्रले नसुनेको जस्तो गरी आफ्ना मनका कुरा भन्नु।

स्वचालित–वि० [सं०] १. आफ्नो सञ्चालन आफैले गर्ने। २. आफै चल्ने।

स्वच्छ–वि० [सं०] १. फोहर-मैला नभएको; निर्मल। २. सफा; साफ। ३. उज्ज्वल; शुभ्र। ४. शुद्ध; पवित्र। ५. स्पष्ट; खुलस्त। ६. स्वस्थ; नीरोग। (ना०) ७. स्फटिक; बिल्लौर। ८. अभ्रक। ९. मोती।

स्वच्छता–ना० [सं०] स्वच्छ हुनाको भाव; निर्मलता।

स्वच्छत्व–ना० [सं०] स्वच्छता।

स्वच्छन्द–ना० [सं०] १. अर्काका अधीनमा नरहेको; स्वाधीन। २. आफ्नै इच्छाअनुसार काम गर्ने। ३. निरङ्कुश; अनि-यन्त्रित। (क्रि० यो०) ४. सोच-विचार नगरीकन; स्वेच्छया।

स्वच्छन्दता–ना० [सं०] स्वच्छन्द हुनाको भाव।

स्वजन–ना० [सं०] १. आत्मीय जन। २. आफ्ना परिवारको मानिस। ३. नातादार; सम्बन्धी।

स्वजाति–ना० [सं०] १. आफ्नो जात; आफ्नू जाति। (वि०) २. आफ्नो जात वा वर्गको।

स्वजातीय–वि० [सं०] आफ्नै जातको; आफ्नो वर्गको।

स्वतः–क्रि० यो० [सं०] आफै-आफ; आफै; स्वयम्।

स्वतः-सिद्ध–वि० [सं०] आफै सिद्ध भएको; स्वयम्-सिद्ध।

स्वतन्त्र–वि० [सं०] १. कसैको अधीनमा नरहेको; स्वाधीन। २. अलग; भिन्न। ३. कुनै नियम वा प्रतिबन्ध नभएको।

स्वतन्त्रता–ना० [सं०] १. स्वतन्त्र हुनाको भाव। २. अर्काको मातहतमा नरही सबै काम स्वयम् गर्न सक्ने शक्ति; स्वातन्त्र्य।

स्वत्व–ना० [सं०] १. आफ्नो भाव; आफ्नोपन। २. आफ्नो हुनाको भाव; स्वामित्व। ३. हक; अधिकार।

स्वत्वाधिकार–ना० [सं०] आफ्नो हक; निजी अधिकार।

स्वत्वाधिकारी–ना० [सं०] स्वामी; मालिक।

स्वदेश–ना० [सं०] आफ्नो देश; मातृ-भूमि।

स्वदेशी–वि० [सं० स्वदेशीय] १. आफ्नो देशको; मातृ-भूमिको; स्वदेशीय। २. आफ्नो देशमा बनेको।

स्वदेशीय–वि० [सं०] स्वदेशी।

स्वधर्म–ना० [सं०] आफ्नो पिता-पुर्खादेखि चलेर आएको धर्म; जातीय वा वर्ग अथवा वंशको धर्म।

स्वधा–ना० [सं०] १. श्राद्धमा पितृहरूलाई जल, पिण्ड आदि चढ़ाउँदा उच्चारण गरिने शब्द। २. पितृहरूका उद्देश्यले चढ़ाइने हवि। ३. दक्ष प्रजा-पतिकी एक कन्या।

स्वन–ना० [सं०] शब्द; ध्वनि; आवाज।

स्वनाम-धन्य–वि० [सं०] १. आफ्नै नामले धन्य कहलिएको; आफ्नै असल गुणले प्रसिद्ध। २. ठूलो पराक्रमी; वीर।

स्वप्न–ना० [सं०] १. सपना। २. निद्रा। ३. सहजमा पूरा नहुने ठूलो वा महत्त्वपूर्ण कार्य वा विचार।

स्वप्न-दोष–ना० [सं०] निद्रावस्थामा वीर्य-पात हुने एक रोग।

स्वप्निल–वि० [सं०] १. सुतेको; निदाएको। २. सपनाको; स्वप्न-सम्बन्धी। ३. स्वप्न-युक्त।

स्वभाव–ना० [सं०] १. प्राणी वा वस्तुमा सधैं एकनास रहने मुख्य गुण; सहज प्रकृति। २. बानी; आदत। ३. मानसिक प्रवृत्ति; मिजास।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभावतः–क्रि० यो० [सं०] स्वभावैले; प्रकृतिले नै ।

स्वभाव-सिद्ध–वि० [सं०] स्वभावैले सिद्ध हुने; सहज; प्राकृतिक ।

स्वभावोक्ति–ना० [सं०] साहित्यमा कसैको जाति र अवस्था आदिको यथावत् प्राकृतिक वर्णन गर्दा हुने एक अर्थालङ्कार ।

स्वयंवर–ना० [सं०] कन्याले विवाहको निमित्त आफै वर रोज्ने एक पद्धति ।

स्वयंवरा–ना० [सं०] विवाहका निमित्त आफ्नो वर आफैले रोज्ने कन्या; पतिंवरा ।

स्वयम्–क्रि० यो० [सं०] १. आफै; आफू नै । २. आफ-से-आफ ।

स्वयम्-दूत–ना० [सं०] साहित्यमा आफ्नो दूतको काम आफैले गर्ने नायक ।

स्वयम्-दूतिका–ना० [सं०] स्वयम्-दूती ।

स्वयम्-दूती–ना० [सं०] साहित्यमा आफ्नो सन्देश स्वयम् नायक कहाँ गएर आफैले भन्ने नायिका ।

स्वयम्-सिद्ध–वि० [सं०] १. आफै सिद्ध वा प्रमाणित हुने वा भएको; स्वतः-सिद्ध । २. अर्काको सहायताविना नै सिद्धि वा सफलता प्राप्त गरेको ।

स्वयम्-सिद्धि–ना० [सं०] कुनै तर्क वा प्रमाणद्वारा सिद्ध गर्न नपर्ने सिद्धान्त; सर्व-मान्य सिद्धान्त ।

स्वयम्-सेवक–ना० [सं०] आफ्नो इच्छाअनुसार प्रायः अवैतनिक रूपमा सेवा-कार्य गर्ने व्यक्ति; भोलेन्टियर ।

स्वयम्-सेविका–ना० [सं०] स्त्री स्वयम्-सेवक ।

स्वयमेव–क्रि० यो० [सं०] आफू नै; आफै; स्वयम् ।

स्वयम्पाक–ना० [सं०] १. आफ्नो भोजन आफैले पकाउनु । २. आफैले पकाएको मात्र खाने व्यक्ति; स्वयम्पाकी व्यक्ति ।

स्वयम्पाकी–वि० [सं०] १. धार्मिक दृष्टिले छूतछातबाट बच्नाका निमित्त आफ्नो भोजन आफैले पकाएर खाने (व्यक्ति) । २. आफै पाक्ने ।

स्वयम्भुव–ना० [सं०] १. आदि मनु । २. ब्रह्मा । ३. शिव ।

स्वयम्भू–वि० [सं०] १. आफै उत्पन्न भएको । (ना०) २. ब्रह्मा । ३. विष्णु । ४. शिव । ५. काल । ६. कामदेव । ६. काठमाडौँदेखि पश्चिम दिशामा रहेको एक प्रसिद्ध बौद्ध चैत्य ।

स्वयम्भूत–वि० [सं०] आफैँ-आफजन्मे को; स्वयम् उत्पन्न ।

स्वर–ना० [सं०] १. शब्द; आवाज । २. मुखबाट निस्कने ध्वनि; कण्ठ-ध्वनि । ३. व्याकरणअनुसार अरू वर्णको सहायताविना उच्चारण हुन सक्ने वर्ण; आफ्नो सहायताद्वारा व्यञ्जन-वर्णलाई उच्चारण गराउने र सार्थक तुल्याउने वर्ण (अ, आ, इ, ई इत्यादि) । ४. सङ्गीतमा निश्चित गरिएका सात ध्वनि; सुर (षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद) । ५. सङ्गीत-शास्त्रअनुसार ध्वनिमा लगातार गुञ्जन हुने र कुनै ऊँचाइमा पुगेर स्थिर रहने ध्वनि।(यसका विकारी वाचल एवम् अविकारी वा अचल–दुइ भेद छन् । स, रे, प अविकारी र अन्य चार विकारी स्वर हुन् ।) । ६. वेद-पाठ गर्दा हुने शब्दको उतार र चढ़ाउ । ७. नाकबाट निस्कने सास ।

स्वर-ग्राम–ना० [सं०] सङ्गीतमा 'स'-देखि 'नि'-सम्मका सात स्वरको समुदाय; स्वर-सप्तक ।

स्वर-पात–ना० [सं०] शब्दको उच्चारण गर्दा कुनै अक्षरमा हुने रोकावट वा यति ।

स्वर-भङ्ग–ना० [सं०] १. स्वर सुक्नु; गला बस्नु । २. साहित्यमा हर्ष, भय, क्रोध, मद आदिले घाँटी रोकिएर एक थोक भन्नुपर्ने ठाउँमा मुखबाट अर्को कुरो निस्कनु ।

स्वर-यन्त्र–ना० [सं०] मुखबाट शब्द निक्लनमा सहायता गर्ने, घाँटीभित्रको एक अवयव ।

स्वर-लहरी–ना० [सं०] १. सङ्गीतमा मन्द्र, तीव्र आदि स्वरहरूको तरङ्ग । २. सङ्गीतमा उत्पन्नग रिने मन्द्र र तीव्र ध्वनिहरूको तरङ्ग ।

स्वर-लिपि–ना० [सं०] सङ्गीतका स्वरहरू लेख्ने लिपि वा चिह्न; राग, स्वर, ताल आदि सूचित गर्ने चिह्नहरूको समुदाय ।

स्वरस–ना० [सं०] आयुर्वेदअनुसार पात, जरो, बोक्रो, फल, फूल आदि कुटेर निकालेको झोल ।

स्वर-सप्तक–ना० [सं०] सङ्गीतका सात स्वरहरूको समुदाय; सङ्गीतका सात स्वरहरूको सप्तक ।

स्वराज्य–ना० [सं०] १. विदेशी शक्तिको दबाव नभई आफ्नै देशका मानिसहरूद्वारा चलाइएको शासन-प्रणाली । २. स्वाधीन राज्य ।

स्वरित–वि० [सं०] १. स्वर-युक्त । २. शब्द निस्केको; ध्वनित । (ना०) ३. उदात्त र अनुदात्तका बीचको स्वर; मध्यम स्वर ।

स्वरूप–ना० [सं०] १. आकार; आकृति । २. अनुहार; मुख । ३. आफ्नो स्वभाव । ४. मूर्ति वा चित्र । ५. देवताहरूको जस्तो धारण गरेको रूप । (वि०) ६. खूब राम्रो; अति सुन्दर । ७. समान; तुल्य । (क्रि० यो०) ८. किसिमले; तवरले ।

स्वरूपवान्–वि० [सं०] खूब राम्रो; अति सुन्दर ।

स्वरूपी–वि० [सं०] १. रूप भएको; मूर्तिमान् । २. कसैको स्वरूपअनुसार देखिने; सम-रूप । ३. अर्काको रूप धारण गर्ने; छद्म-वेशी ।

स्वरूपोत्प्रेक्षा–ना० [सं०] उत्प्रेक्षाको एक भेद; वस्तूत्प्रेक्षा ।

स्वरोदय–ना० [सं०] स्वर वा श्वासद्वारा सबै किसिमका शुभ र अशुभ फल थाहा पाउने विद्या ।

स्वर्ग–ना० [सं०] १. हिन्दू-धर्मअनुसार पुण्य र सत्कर्मग नेहरूले देह-त्याग गरिसकेपछि गएर दुःख-क्लेश-रहित सुख भोग गर्ने लोक; देव-लोक । २. अमरावती; इन्द्र-पुरी । ३. अति सुख-दायक ठाउँ; रमणीय स्थान । ४. आकाश ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वर्ग-गामी–वि० [सं०] १. स्वर्गमा जाने। २. मृत।

स्वर्गङ्गा–ना० [सं०] आकाश-गङ्गा।

स्वर्ग-वास–ना० [सं०] १. स्वर्गमा रहनु; स्वर्गमा वास गर्नु। २. मर्नु; मरण।

स्वर्ग-वासी–वि० [सं०] १. स्वर्गमा रहने; स्वर्गको निवासी। २. मरेको; मृत।

स्वर्गस्थ–वि० [सं०] १. स्वर्गमा रहेको। २. स्वर्ग-वासी; स्वर्गीय।

स्वर्गारोहण–ना० [सं०] १. स्वर्ग जानु। २. मर्नु।

स्वर्गीय–वि०[सं०] १. स्वर्ग-सम्बन्धी; स्वर्गको। २. स्वर्ग-वास भएको; मरेको। ३. अलौकिक; असाधारण (असल गुण)।

स्वर्ण–ना० [सं०] सुन; सुवर्ण।

स्वर्ण-कार–ना० [सं०] १. सुनको काम गर्ने पेशा भएको व्यक्ति। २. सुनार।

स्वर्ण-कीट–ना० [सं०] १. सुनको जस्तो रङ्ग भएको झल्कने एक जातको कीरो; सुन-कीरी। २. एक जातको जून-कीरी।

स्वर्ण-गिरि–ना० [सं०] सुमेरु पर्वत।

स्वर्ण-चम्पा–ना० [सं०] कनक-चम्पा।

स्वर्ण-जयन्ती–ना० [सं०] कुनै विशिष्ट व्यक्ति वा संस्थाको जन्म भएको वा आरम्भ भएको पचास वर्ष पुगेपछि हुने जयन्ती वा उत्सव।

स्वर्ण-दिवस–ना० [सं०] १. असल वा सुखको दिन; शुभ दिन। २. महत्त्वपूर्ण दिन।

स्वर्ण-पुरी–ना० [सं०] लङ्का।

स्वर्ण-मुद्रा–ना० [सं०] सुनको सिक्का; असर्फी, गिन्नी आदि।

स्वर्ण-युग–ना० [सं०] १. सबै किसिमका सुख, समृद्धि र प्रसिद्धिले युक्त युग; आनन्दमय युग। २. सुखको समय।

स्वर्णाचल–ना० [सं०] १. सुमेरु पर्वत। २. सुनको पर्वत।

स्वर्णाभ–वि० [सं०] सुनको जस्तो रङ्ग वा चमक भएको; सुनौला।

स्वर्णिम–वि० [सं०] १. सुनको; स्वर्ण-सम्बन्धी। २. सुनका रङ्गको; सुनौला।

स्वर्भू–ना० [सं०] स्वर्ग लोक।

स्वर्वासी–वि० [सं०] १. स्वर्ग-निवासी; स्वर्ग-वासी। (ना०) २. देवता।

स्वर्वैद्य–ना० [सं०] देवताहरूका वैद्य; अश्विनी-कुमार।

स्वल्प–वि० [सं०] १. अलिकति; थोरै। २. ज्यादै सानो; क्षुद्र।

स्वविवेक–ना० [सं०] आफैले कुनै विषयमा उचित र अनुचित निर्णय गर्ने शक्ति।

स्वशासन–ना० [सं०] आफ्ना सबै कामहरूको व्यवस्था आफैले गर्ने पूर्ण अधिकार।

स्वशासित–वि० [सं०] आफ्नो शासन वा सञ्चालन आफैले गर्ने।

स्वस्ति–ना० [सं०] १. कल्याण; मङ्गल। २. 'कल्याण होस्' भनर आशीर्वाद दिने शब्द। ३. दान स्वीकार गर्ने मन्त्र। ४. ब्राह्मणले क्षत्रिय आदिलाई दिने आशीर्वाद।

स्वस्तिक–ना० [सं०] मङ्गल-सूचक एक प्राचीन चिह्न (卐)।

स्वस्ति-वाचन–ना० [सं०] कुनै मङ्गल-कार्य आरम्भ गर्दा मङ्गलका निमित्त वैदिक मन्त्र पाठ गर्ने काम।

स्वस्थ–वि० [सं०] १. कुनै किसिमको रोग नलागेको; नीरोग; तन्दुरुस्त; चङ्गा। २. उद्वेग, जोश, विकार आदि नभएको; स्वाभाविक स्थितिमा रहेको। ३. स्थिर-चित्त।

स्वाँग–ना० [सं० सु+अङ्ग] १. कसैको नकल गरेर बनाएको रूप; भेष। २. नकल; ढाँचा। ३. आडम्बर। ४. उट्-ड्ग्याइँ।

स्वाँगी–वि० [स्वाँग+ई] १. स्वाँग गर्ने; नकल पार्ने। २. आडम्बरी।

स्वाङ-स्वाङ–क्रि० यो० [ने०] १. हल्का र सुकेका वस्तु चलाउने वा चलाउँदा शब्द आउने किसिम। २. धेरै खाने किसिम।

स्वाङ-स्वाङती–क्रि० यो० [स्वाङ-स्वाङ+ती] स्वाङ-स्वाङ।

स्वाङ-स्वाङी–वि० [स्वाङ-स्वाङ+ई] स्वाङ-स्वाङ।

स्वाँठ–वि० [सं० शठ] लट्ठक; पट-मूर्ख; शठ।

स्वाँठे–वि० [स्वाँठ+ए] स्वाँठ।

स्वाँ-फ्वाँ–क्रि० यो० [अनु०] मस्त निद्रामा पर्दा लामा-लामा श्वास-प्रश्वास चल्ने किसिम।

स्वाँरो–ना० [ने०] १. भिरालो परेको वारी; पाखो खनेर बनाइएको वारी। २. खर्क।

स्वाँ-स्वाँ–क्रि० यो० [ने०] परिश्रमले वा धम्की रोगले लामो-लामो र छिटो-छिटो सास फेर्ने किसिम; स्याँ-स्याँ।

स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ–क्रि० यो० [ने०] ज्यादा परिश्रमले दम बढ्ने किसिम।

स्वाइँय–क्रि० यो० [ने०] तातेका तेल-घिउमा रोटी पकाउँदा शब्द आउने किसिम। २. पानी उम्लन लाग्दा शब्द आउने किसिम। ३. हावा चल्दा शब्द आउने किसिम।

स्वाइँ-स्वाइँ–क्रि० यो० [ने०] १. हावा चल्ने वा चल्दा शब्द आउने किसिम। २. पानी पाक्न लाग्दा शब्द आउने किसिम।

स्वाइँस्वाइँती–क्रि० यो० [स्वाइँ-स्वाइँ+ती] स्वाइँ-स्वाइँ।

स्वाक्षर–ना० [सं०] १. आफ्नै हातले लेखेको अक्षर; हस्ताक्षर। २. दस्तखत; सही।

स्वाक्षरित–वि० [सं०] हस्ताक्षर गरिएको; सही गरिएको।

स्वाग–ना० [सं० सुभग] एक प्रकारको खनिज क्षार पदार्थ। (सुन आदि धातु गलाउने काममा र औषधको काममा यसको विशेष प्रयोग हुन्छ।)

स्वागत–ना० [सं०] अतिथि वा मान्य जन आउँदा गरिने शिष्टाचार; अभिनन्दन।

स्वागत-कारिणी-समिति–ना० [सं०] स्वागत-समिति।

स्वागत-पतिका–ना० [सं०] पर-देशबाट पति फर्केर आउँदा प्रसन्न भएकी नायिका; साहित्यमा वर्णित दश प्रकारका

CC-0. In Public Domain. Digitization by eGangotri

नायिकामध्ये एक; आगत-पतिका।

स्वागत-समिति–ना० [सं०] कुनै विशिष्ट आगन्तुक वा अतिथिको स्वागत-सत्कारको निमित्त बनेको समिति; स्वागतकारिणी वा त्यसको व्यवस्था-समिति।

स्वाङ–ना० [स्वाँग] स्वाँग।

स्वाङी–वि० [स्वाङ+ई] स्वाँगी।

स्वाच्छन्द्य–ना० [सं०] स्वच्छन्द हुनाको भाव; स्वच्छन्दता; स्वातन्त्र्य।

स्वाट्ट–क्रि० यो० [ने०] १. एकाएक कुनै काम वा घटना गर्ने वा हुने किसिम; चट्ट; ख्वाट्ट। २. सहसा सिद्धिने किसिम। ३. तत्काल मर्ने किसिम। ४. तुरुन्त हिँड्ने किसिम। ५. लट्ठी आदिले हान्ने किसिम। ६. एकै पटक निल्ने किसिम।

स्वाट्ठ–क्रि० यो० [ने०] स्याट्ट।

स्वातन्त्र्य–ना० [सं०] स्वतन्त्र हुनाको भाव; स्वतन्त्रता; स्वाधीनता।

स्वाति–ना० [सं०] १. ज्योतिषका सत्ताईस नक्षत्रमध्ये एक। २. सूर्यकी एक पत्नी। ३. तरवार।

स्वाती–ना० [सं०] स्वाति।

स्वात्त–क्रि० यो० [ने०] १. भएभरको सबै सिद्धिने वा नाश हुने किसिम; ख्वात्तै। २. पस्ने वा निस्कने किसिम।

स्वात्म–ना० [सं०] आफ्नो; निजी।

स्वाद–ना० [सं०] १. कुनै वस्तु खाँदा वा पिउँदा जिब्रामा हुने अनुभव; मीठो, नमीठो, तीतो, पिरो आदिको अनुभव। २. आनन्द; मजा। ३. साहित्य, सङ्गीत आदिको रसानुभव।

स्वादक–ना० [सं०] खाने-पिउने पदार्थ चाख्ने व्यक्ति; स्वाद लिने व्यक्ति।

स्वादन–ना० [सं०] १. चाख्ने काम; स्वाद लिने काम। २. साहित्य, सङ्गीत आदिका रसको अनुभव गर्नु।

स्वादिलो–वि० [स्वाद+इलो] १. स्वाद भएको। २. मीठो; मधुर। ३. चाख-लाग्दो; रसिलो।

स्वादिष्ठ–वि० [सं०] उत्तम स्वादको; स्वादिलो; सुस्वादु।

स्वादी–वि० [सं०+स्वाद+ई] स्वाद लिने; रसको अनुभव गर्ने।

स्वादु–वि० [सं०] १. स्वाद भएको; रस-युक्त। २. स्वादिलो; स्वादिष्ठ। ३. मजा-लाग्दो; आनन्द-दायक। ४. सुन्दर; मनोरम। (ना०) ५. उत्तम स्वाद; मधुर रस।

स्वादे–वि० [सं० स्वाद+ए] मीठो खान खोज्ने।

स्वाधिकार–ना० [सं०] १. आफ्नो अधिकार; आफ्नू हक। २. स्वतन्त्रता; स्वाधीनता।

स्वाधिष्ठान–ना० [सं०] हठ-योगअनुसार शरीरका छ चक्रमध्ये शिश्न-मूलमा हुने भनी मानिएको एक चक्र।

स्वाधीन–वि० [सं०] १. आफ्नै अधीनमा रहेको; पराधीन नभएको; स्वच्छन्द; स्वतन्त्र। २. आफ्ना वशमा रहेको।

स्वाधीनता–ना० [सं०] स्वाधीन हुनाको भाव; स्वतन्त्रता।

स्वाधीन-पतिका–ना० [सं०] पतिलाई आफ्ना अधीनमा राखेको नायिका; साहित्यमा नायिकाका आठ भेदमध्ये एक।

स्वाधीन-भर्तृका–ना० [सं०] स्वाधीन-पतिका।

स्वाध्याय–ना० [सं०] १. नियमपूर्वक गरिने वेद, शास्त्र आदिको अध्ययन। २. कुनै विषयको नियमपूर्वकको अध्ययन।

स्वान्त–ना० [सं०] १. अन्तःकरण; हृदय। २. आफ्नो अन्त वा मरण। ३. आफ्नो राज्य वा अधिकार-क्षेत्र।

स्वाप–ना० [सं०] १. निद्रा। २. सपना; स्वप्न। ३. अज्ञान।

स्वापन–ना० [सं०] १. शत्रुहरूलाई निद्रा लगाउने एक प्राचीन अस्त्र; मोहनास्त्र। २. निद्रा लगाउने औषध। (वि०) ३. सुताउने; निद्रा लगाउने।

स्वाप-स्वाप–क्रि० यो० [ने०] दाल-भात आदि धमाधम खाने किसिम; सपासप।

स्वाभाविक–वि० [सं०] १. स्वभाव-सम्बन्धी। २. स्वभावबाट उत्पन्न; स्वतः-सिद्ध। ३. प्राकृतिक; नैसर्गिक।

स्वाभाविकता–ना० [सं०] स्वाभाविक हुनाको भाव।

स्वाभिमान–ना० [सं०] आफ्नो प्रतिष्ठा वा गौरवको अभिमान; आत्माभिमान।

स्वाभिमानी–वि० [सं०] आफ्नो प्रतिष्ठा वा गौरवमा अभिमान गर्ने; आत्माभिमानी।

स्वामिकता–ना० [सं०] स्वामी हुनाको भाव; मालिक्याइँ।

स्वामि-कार्त्तिक–ना० [सं०] शिवका एक पुत्र; कुमार; कार्त्तिकेय।

स्वामिता–ना० [सं०] स्वामित्व।

स्वामित्व–ना० [सं०] १. स्वामी हुनाको भाव; प्रभुत्व। २. हक; अधिकार।

स्वामिनी–ना० [सं०] मालिक्नी।

स्वामी–ना० [सं०] १. मालिक; प्रभु; पति। २. लोग्ने; पोइ। ३. घरको मुख्य व्यक्ति। ४. साधु-संन्यासीहरूलाई आदरपूर्वक सम्बोधन गर्ने शब्द। ५. कार्त्तिकेय। ६. ईश्वर। ७. राजा। ८. गुरु। ९. विष्णु। १०. शिव। ११. गरुड। (वि०) १२. कुनै वस्तुको हकदार; धनी।

स्वामी-महाराज–ना० [सं०] श्री ५ रणबहादुर शाहले संन्यास ग्रहण गरेपछि उनलाई सामान्य रूपले जनाउने एक नाम।

स्वाम्म–क्रि० यो० [ने०] सहसा वा सजिलैसित रोपिने वा गाड़िने किसिम; ख्वाम्म; च्वाम्म।

स्वाम्य–ना० [सं०] स्वामित्व; प्रभुत्व।

स्वायत्त–वि० [सं०] आफ्नै अधीनमा रहेको; आफ्नू अधिकारको; स्वाधीन।

स्वायत्त-शासन–ना० [सं०] १. आफ्नू शासन वा व्यवस्था आफैले चलाउने काम। २. स्थानीय शासन त्यसै स्थानका मानिसले चलाउने काम।

स्वायम्भुव–ना० [सं०] १. पुराणअनुसार चौध मनुमध्ये प्रथम मनु; स्वयम्भूका पुत्र। (वि०) २. ब्रह्माको; ब्रह्मा-सम्बन्धी। ३. ब्रह्माबाट उत्पन्न।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वारस्य–ना० [सं०] १. उत्तम स्वाद; मधुर रस। २. कुनै कुराबाट प्राप्त हुने सुख।

स्वार-स्वार–क्रि० यो० [ने०] १. धागो, डोरो, लुगा आदि धमाधम खुस्कने वा तानिने किसिम। २. गेड़ा, दाना आदि लगातार चुहुने वा झर्ने किसिम। ३. नाङ्लाले अनाजहरूमा भएको कसिङ्गर आदि सार्ने वा सार्दा शब्द आउने किसिम। ४. वढ़ार्दा शब्द आउने किसिम।

स्वारस्वारती–क्रि० यो० [स्वार-स्वार+ती] स्वार-स्वार।

स्वारस्वारी–क्रि० यो० [स्वार-स्वार+ई] स्वार-स्वार।

स्वारी–ना० [सुहारी] सुहारी।

स्वार्थ–ना० [सं०] १. आफ्नो मतलब; आफ्नो उद्देश्य। २. आफ्नो लाभ; निजी भलाइ। ३. शब्दको वाच्यार्थ; अभिधेयार्थ। ४. आफ्नो धन; निजी सम्पत्ति।

स्वार्थ-त्याग–ना० [सं०] कुनै असल वा सार्वजनिक हितका निमित्त आफ्नो हित वा लाभ छोड्ने काम; स्वार्थ छोड्ने काम।

स्वार्थ-त्यागी–वि० [सं०] कुनै असल काम वा अर्काको उपकार हुने कामका निमित्त आफ्नो स्वार्थ त्याग गर्ने।

स्वार्थपर–वि० [सं०] स्वार्थ-परायण।

स्वार्थपरता–ना० [सं०] स्वार्थपर हुनाको भाव; स्वार्थ-परायणता।

स्वार्थपरत्व–ना० [सं०] स्वार्थपरता।

स्वार्थ-परायण–वि० [सं०] आफ्नै स्वार्थ वा हितको मात्र खयाल गर्ने; स्वार्थी; स्वार्थान्ध; मतलबी।

स्वार्थ-परायणता–ना० [सं०] स्वार्थ-परायण हुनाको भाव; स्वार्थपरता।

स्वार्थ-परायणत्व–ना० [सं०] स्वार्थ-परायणता।

स्वार्थ-साधक–वि० [सं०] आफ्नो स्वार्थ सिद्ध गर्ने; स्वार्थ-साधन गर्ने; स्वार्थी।

स्वार्थ-साधन–ना० [सं०] आफ्नो काम वा मतलब हासिल गर्नु; स्वार्थ सिद्ध गर्नु।

स्वार्थ-साधना–ना० [सं०] स्वार्थ-साधन गर्ने काम।

स्वार्थान्ध–वि० [सं०] १. स्वार्थ-साधनका लागि अर्काको हित-अहितको विचार नगर्ने; स्वार्थको भावनाले गर्दा विवेक-बुद्धि नष्ट भएको। २. स्वार्थी; स्वार्थ-परायण।

स्वार्थान्धता–ना० [सं०] स्वार्थान्ध हुनाको भाव; स्वार्थ-परायणता।

स्वार्थान्धत्व–ना० [सं०] स्वार्थान्धता।

स्वार्थी–वि० [सं०] स्वार्थको मात्र पूर्ति गर्न खोज्ने; मतलवी; स्वार्थ-परायण।

स्वार्र–क्रि० यो० [सं०सृ] १. अन्नहरू खन्याउने वा झर्ने किसिम। २. छरिएका वस्तुहरू सोहोर्ने किसिम। ३. हल्का रूपमा पानी पर्ने किसिम। ४. झटपट कहीँ जाने किसिम; सर्र। ५. धागो, डोरो लुगा आदि खुस्कने वा तानिने किसिम।

स्वाल-स्वाल–क्रि० यो० [सं०सल] १. धमाधम उन्ने किसिम। २. पन्यालो पदार्थ वा साना-तिना दानाहरू चुहुने किसिम। ३. धमाधम निल्ने किसिम।

स्वालस्वालती–क्रि० यो० [स्वाल-स्वाल+ती] स्वाल-स्वाल।

स्वालस्वाली–क्रि० यो० [स्वाल-स्वाल+ई] स्वाल-स्वाल।

स्वालालाला–क्रि० यो० [स्वालस्वाल] पानी, दूध आदि पन्यालो पदार्थ बग्ने किसिम; स्वाल्ल।

स्वाल्ल–क्रि०यो०[सं०सल]१. पन्यालो पदार्थ बग्ने किसिम; सुल्ल। २. सर्प, गड्यौंला आदि घस्रने किसिम।

स्वावलम्बन–ना० [सं०] आफ्नै पौरुषका भरोसामा रहनु।

स्वावलम्बी–वि० [सं०] अरूको भरोसामा नपरी आफ्नै शक्ति-बुद्धिले काम गर्ने; स्वावलम्बन गर्ने।

स्वाश्रय–ना० [सं०]अर्काको आश्रयमा नरही आफ्नै सहारामा रहनु; स्वावलम्बन।

स्वाश्रित–वि० [सं०] आफ्नै आश्रय वा भरोसामा रहने; स्वावलम्बी।

स्वास्थ्य–ना० [सं०] १. नीरोग वा स्वस्थ भएको अवस्था; आरोग्य; आरामी। २. स्वाधीता। ३. पराक्रम। ४. सन्तोष। ५. सुख।

स्वास्थ्य-कर–वि० [सं०] स्वास्थ्यलाई हित गर्ने; आरोग्य-वर्द्धक।

स्वास्थ्य-निवास–ना० [सं०] १. स्वास्थ्यको सुधार गर्नाका निमित्त रोगी वा श्रान्त व्यक्तिहरूलाई राख्ने स्वास्थ्य-कर ठाउँ वा घर। २. असल जल-वायु भएको वा स्वास्थ्य-कर ठाउँ।

स्वास्थ्य-प्रद–वि० [सं०] स्वास्थ्य-कर।

स्वास्थ्य-विज्ञान–ना० [सं०] शरीरलाई नीरोग र स्वस्थ बनाइराख्ने नियम र सिद्धान्तहरू वताइएको शास्त्र।

स्वास्नी–ना० [सं० सुवासिनी] पत्नी; भार्या।

स्वास्नी-मानिस–ना० [स्वास्नी+मानिस]आइमाई; महिला; स्त्री।

स्वास्नी-मान्छे–ना० [स्वास्नी+मान्छे] स्वास्नी-मानिस।

स्वाहा–ना [सं०] १. देवताको उद्देश्यले अग्निमा आहुति दिँदा उच्चारण गरिने मन्त्र। २. अग्निकी पत्नी। ३. सत्यानाश; सर्व-नाश।

स्विंक्क–क्रि०यो०[ने०]सिँगान तान्ने वा झिक्ने किसिम।

स्विच–ना० [अं०] विजुलीको प्रवाह रोक्ने वा खोल्ने एक किसिमको साधन।

स्वीकरण–ना० [सं०] १. स्वीकार गर्नु; मन्जूर गर्नु। २. मान्नु।

स्वीकार–ना० [सं०] १. मान्ने क्रिया; स्वीकृति; मन्जूरी; अङ्गीकार। २. अपनाउनु; ग्रहण गर्नु। ३. मान्नु; सकार। ४. कबूल; वचन।

स्वीकारात्मक–वि० [सं०] स्वीकृतिपूर्वको; स्वीकृति जनाउने।

स्वीकार्य–वि० [सं०] स्वीकार गर्न योग्य।

स्वीकृत–वि० [सं०] १. स्वीकार गरिएको; मन्जूर गरिएको

CC-0. In Public Domain. Digitization by eGangotri

२. सकारिएको ३. ग्रहण गरिएको; गृहीत। ४. मानिएको; मान्यता दिइएको; सदर गरिएको।

स्वीकृति–ना० [सं०] १. स्वीकार गर्ने क्रिया वा भाव; मन्जूरी। २. अपनाउने काम; सकार्ने काम।

स्वीटर–ना० [अं० स्वेटर] गन्जीजस्तो बुनेर तयार पारेको एक किसिमको भोटो; सुइटर; स्वेटर।

स्वीय–वि० [सं०] आफ्नो; निजी; स्वकीय।

स्वेच्छया–क्रि० यो० [सं०] आफ्नै इच्छाले; राजी-खुशीले।

स्वेच्छा–ना० [सं०] आफ्नो इच्छा; निजी अभिलाषा।

स्वेच्छाचार–ना० [सं०]मन लागेजस्तो आचरण; मनमानी; निरङ्कुशता।

स्वेच्छाचारिता–ना० [सं०] स्वेच्छाचारी हुनाको भाव; निरङ्कुशता।

स्वेच्छाचारी–वि० [सं०] १. आफ्नै इच्छाअनुसार काम गर्ने; स्वेच्छाचार गर्ने; निरङ्कुश। २. नियम, कानून आदिका बन्धनमा नरहने।

स्वेच्छा-सेवक–ना० [सं० स्वेच्छया-सेवक] स्वयम्-सेवक।

स्वेटर–ना० [अं०] स्वीटर।

स्वेद–ना० [सं०] १. पसीना। २. बाफ; वाष्प। ३. साहित्यमा एक सात्त्विक भाव।

स्वेदक–वि० [सं०] पसीना उत्पन्न गराउने।

स्वेद-कण–ना० [सं०] पसीनाको थोपो; स्वेद-बिन्दु।

स्वेदज–वि० [सं०] १. पसीनाबाट उत्पन्न हुने। (ना०) २. पसीनाबाट उत्पन्न हुने जीव (जुम्रा, उड्स आदि)।

स्वेदन–ना० [सं०] शरीरमा पसीना निकाल्नु।

स्वैच्छिक–वि० [सं०] १. आफ्नो इच्छाको; स्वेच्छा-सम्बन्धी। २. आफ्नो इच्छाअनुसार गरिने; इच्छधीन।

स्वैर–वि० [सं०] १. मनमानी आचरण गर्ने; स्वेच्छाचारी। २. स्वतन्त्र; स्वाधीन। ३. जुम्सो; ढीलो। (ना०) ४. मनमानी; स्वेच्छाचारिता।

स्वैरता–ना० [सं०] स्वैर हुनाको भाव; स्वेच्छाचारिता।

स्वैराचार–ना० [सं०] नियम, कानून, नैतिकता आदिको मर्यादामा नरही गरिने मनपरी आचरण; स्वेच्छाचार।

स्वैराचारी–वि० [सं०] १. स्वैराचार गर्ने; स्वेच्छाचारी। २. व्यभिचारी; लम्पट।

स्वैरिणी–ना० [सं०] वेश्या; कुलटा।

स्वैरिता–ना० [सं०] स्वैरता।

स्वैरी–वि० [सं०] स्वतन्त्र; स्वेच्छाचारी।

स्वोपार्जित–वि० [सं०] आफैले कमाएको; आफूले नै उपार्जन गरेको।

ह

ह–देवनागरी वर्ण-मालाको तेत्तीसौँ व्यञ्जन-वर्ण। ऊष्म-वर्णको चौथो वा अन्तिम अक्षर। यसको उच्चारण कण्ठ-स्थानबाट हुन्छ।

हँ–वि०बो०[सं०ॐ०] १. कसैले बोलाउँदा प्रत्युत्तरमा भनिने शब्द; हई। २. आश्चर्य, विस्मय, जिज्ञासा, स्मृति आदि हुँदा भनिने शब्द। ३. शारीरिक दुःख, पीडा आदिमा मुखबाट निक्लने शब्द।

हँकाइ–ना० [हाँक्+आइ] हाँक्ने किसिम, क्रिया वा भाव।

हँकाइनु–स० क्रि० [हँकाउ+इ+नु] हाँक्न लाइनु; ('हँकाउनु'-को क० क्रि०)।

हँकाउनु–स० क्रि० [हाँक्+आउ+नु] हाँक्न लाउनु; ('हाँक्नु'-को प्रे० क्रि०)।

हँखी–ना० [नेवा०] सोझो गरी काठ काट्न वा चिर्न चिनु लाउने कालो रङ्ग लगाएको धागो वा त्यो बेह्रेको लट्टाई।

हँचा–ना० [नेवा०] रामो।

हँड्क–ना० [ने०] धितो; धरोट।

हँड्दो–वि० [सं० हिङ्गुल] १. सडेर निस्कने; कुहिएकोमा पैदा हुने (पानी)। २. रगत, बोसो आदिको अंश मिसिएको हल्का रातो (पानी)।

हँफाइ–ना० [हाँफ्+आइ] हाँफ्ने किसिम, क्रिया वा भाव।

हँस-मुख–वि० [हाँस्+मुख] १. सधैँ हँसिलो मुख हुने। २. ठटचौलो; विनोदी।

हँसाइ–ना० [हँसाउ+आइ] हँसाउने किसिम, क्रिया वा भाव।

हँसाइ–ना० [हाँस्+आइ] हाँस्ने किसिम, क्रिया वा भाव।

हँसाइनु–स० क्रि० [हँसाइ+नु] हाँस्न लाइनु; ('हँसाउनु'-को क० क्रि०)।

हँसाउनु–स० क्रि० [हाँस्+आउ+नु] हाँस्ने पार्नु; हाँस्न लाउनु; हाँसो उठाउनु; ('हाँस्नु'-को प्रे० क्रि०)।

हँसिया–ना० [प्रा० असिअ] घाँस, पराल आदि काट्ने, घुमेको एक प्रसिद्ध हतियार।

हँसिलो–वि० [हाँस्+इलो] १. सधैँ हाँसिरहेको जस्तो; प्रसन्न (अनुहार)। २. त्यस्तो अनुहार भएको; हँस-मुख। ३. ठटचौलो; ख्याली।

हँसुली–ना० [हँसिया] हँसियाका आकारको, गलामा लाउने सुन-चाँदीको एक किसिमको गहना।

हँसुवा–वि० [हाँस्+उवा] १. हँसाउने। २. ठट्टा गर्ने स्वभावको; ठटचौलो। ३. खूब हाँस्ने स्वभावको।

हँसेउली–ना० [हाँसो+एउली] हँस्यौली।

हँस्यौली–ना० [हाँसो+यौली] हँस्सी; ठट्टा; दिल्लगी।

हँस्यौलो–वि० [हाँसो+यौलो] १. हँसुवा; हँसिलो। (ना०)

CC-0. In Public Domain. Digitization by eGangotri

२. हँसेउली।

हँस्सी–ना० [हाँस्] १. हाँस्ने काम; हाँसो। २. हाँस्न वा हँसाउनाका निमित्त गरिने कुरा; दिल्लगी। ३. ठट्टा। ४. उपहासपूर्ण निन्दा; बदनामी।

हंस–ना० [सं०] १. हाँस। २. प्राण; जीवन-शक्ति। ३. होश; चैतन्य। ४. जीवात्मा। ५. ब्रह्म। ६. सूर्य। ७. माया-रहित आत्मा। ८. विष्णु। ९. विष्णुका चौबीस अवतारमध्ये एक। १०. संन्यासीहरूको एक वर्ग। ११. पाउजेब। १२. श्वास तान्दा 'हँ' र छोड्दा 'स' गरी प्राणीले सासका साथ स्वतः उच्चारण गर्ने मन्त्र; अजपा। १३. शिव।

हंसक–ना० [सं०] पाउजेब; नूपुर।

हंस-गति–ना० [सं०] १. जीवात्मा परमात्मामा लीन हुनु; सायुज्य मुक्ति। २. हाँसको पोथीजस्तो ढल्कँदै हिँड्ने स्त्रीको हिँड़ाइ।

हंसजा–ना० [सं०] सूर्यकी पुत्री; यमुना।

हंस-पदी–ना० [सं०] रातो-लज्जावती।

हंस-राज–ना० [सं०] १. राज-हंस। २. काँढ़ादार घुँगुरिएका पात र मसिना लामा-लामा डाँठ हुने, पत्थरिलो जमीनमा उम्रने एक जातको बूटी। (आयुर्वेदमा यसको गुण गरम एवम् ज्वर र अलकाईको नाश गर्ने बताइएको छ।)

हंसिनी–ना० [सं०] पोथी हाँस; हंसी।

हंसी–ना० [सं०] पोथी हाँस; हंसिनी।

हई–वि० बो० [हं०] १. कसैले बोलाउँदा प्रत्युत्तरमा भनिने शब्द; है। २. कसैलाई कुनै कुरा स्वीकार गराउँदा भनिने शब्द। (उदा०–तिमी राम्ररी पढ़ हई।) ३. सावधान हुँदा वा गराउँदा भनिने शब्द। (उदा०–त्यहाँ त जानु हुन्न हई।)

हक–ना० [अ० हक़] १. अधिकार; अख्तियार। २. कुनै वस्तुमा त्यसका मालिकको हुने स्वत्व। ३. न्यायबाट पाउने सम्पत्ति। ४. उचित वा ठीक कुरो। ५. पक्ष; तरफदारी। ६. कर्तव्य; उचित कार्य। (वि०) ७. साँचो; सत्य; यथार्थ। ८. उचित; ठीक।

हकदार–वि० [हक+दार] १. कुनै वस्तुमा हक भएको; हकवाला। २. उत्तराधिकारी। ३. बन्धु-वर्ग।

हकवाला–वि० [हक+वाला] हकदार।

हकार–ना० [सं०] 'ह'-अक्षर; ऊष्म-वर्णको चौथो अक्षर।

हकार–ना० [हपार्] १. हप्की; धम्की। २. डाँको। ३. गाली।

हकाराइ–ना० [हकार्+आइ] हकार्ने किसिम, क्रिया वा भाव।

हकारिनु–स० क्रि० [हकार्+इ+नु] हप्काइनु; ('हकार्नु'-को क० क्रि०)।

हकार्नु–स० क्रि० [हकार+नु] हप्काउनु।

हकि–वि० बो० [हो+कि] कुनै कुरा ठीक वा सत्य हो-होइन भनी सोढ्दा प्रयोग गरिने शब्द; हो कि होइन; हगि।

हकी–वि० [हक+ई] १. निर्भीकतापूर्वक हकको वा यथार्थ कुरा बोल्ने; हक्की। २. कसैसित नदब्ने; निर्भीक।

हकी–ना० [अं० हॅकी] टुप्पो घुमेको लट्ठीले भकुन्डो हानेर खेलिने यूरोपीय ढङ्गको एक खेल।

हकीकत–ना० [अ० हक़ीक़त] १. तथ्य कुरो; वास्तविक कुरो। २. परिणाम; नतीजा।

हकीय–ना० [हकीब] हकीब पत्थर।

हकीब–ना० [अ० अक़ीक़] एक प्रकारको साह्रो पत्थर। (नाउँ खोपेर औँठीमा जड्ने, कचौरा, रिकापी आदि बनाउने आदि अनेक काममा यसको उपयोग गरिन्छ। यसका भाँड़ामा विष पऱ्यो भने रङ्गको परिवर्तन हुन्छ भन्ने किंवदन्तीछ।)

हकीम–ना० [अ०] यूनानी शास्त्रअनुसार चिकित्सा गर्ने वैद्य।

हकीमी–ना० [हकीम+ई] १. यूनानी चिकित्सा-शास्त्र। २. हकीमको काम वा पेशा। (वि०) ३. हकीमको; हकीम-सम्वन्धी।

हकुवा–ना० [नेवा०] १. बोटैसमेत कुनिउँ लगाई गुम्स्याएको धान। २. त्यसैको चामल।

हक्की–वि० [हकी] निर्भीक भएर यथार्थ कुरा बोल्ने; हकी।

हगाइ–ना० [हग्+आइ] हग्ने किसिम, क्रिया वा भाव।

हगाइ–ना० [हगाउ+आइ] हगाउने किसिम, क्रिया वा भाव।

हगाइनु–स० क्रि० [हगाउ+इ+नु] हग्न लाइनु; ('हगाउनु'-को क० क्रि०)।

हगाउनु–स० क्रि० [हग्+आउ+नु] हग्न लाउनु; ('हग्नु'-को प्रे० क्रि०)।

हगि–वि० बो० [हकि] हकि।

हगिनु–अ० क्रि० [हग्+इ+नु] दिसा गरिनु; ('हग्नु'-को भा० क्रि०)।

हगुवा–वि० [हग्+उवा] १. हगिरहने; हग्ने। २. जहाँ पायो उहीँ हग्ने। (ना०) ३. वार-वार हगिरहनुपर्ने रोग।

हग्नु–स० क्रि० [सं० हदन] १. दिसा गर्नु; झाड़ा फिर्नु; मल त्याग गर्नु।

हङ्गामा–ना० [फा० हङ्गामः] १. दङ्गा; उपद्रव; हलचल। २. हल्ला।

हचक–ना० [हच्क] हच्कने क्रिया वा भाव।

हचुवा–ना० [ने०] नाप-जोख र गिन्ती नगरी अन्दाजबाट गरिने कुनै वस्तुको मोल।

हच्कनु–अ० क्रि० [हट्+नु] १. डर, आशङ्का वा असमर्थताले पछि हट्नु; हच्किनु। २. हतोत्साह हुनु; आँट गर्न नसक्नु। ३. दच्कनु; तर्सनु। ४. कुनै काम गर्न छोड्नु; रोकिनु।

हच्काइ–ना० [हच्क+आइ] हच्कने किसिम, क्रिया वा भाव।

हच्काइ–ना० [हच्काउ+आइ] हच्काउने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

हच्काइनु–स० क्रि० [हच्काउ+इ+नु] दच्काइनु; ('हच्काउनु'-को क० क्रि०)।

हच्काउनु–स० क्रि० [हच्क+आउ+नु] १. दच्काउनु। २. विपत्तिको आशङ्का देखाएर हतोत्साह पार्नु।

हच्किनु–अ० क्रि० [हच्क+इ+नु] १. हच्कनु। २. हच्कने होइनु; दच्किनु; ('हच्कनु'-को भा० क्रि०)।

हच्क्याइ–ना० [हच्कि+याइ] हच्किने किसिम, क्रिया वा भाव।

हच्क्याहट–ना० [हच्कि+याहट] हच्किने किसिम, क्रिया वा भाव।

हजम–ना० [अ० हज़्म] १. खाएको वस्तु पच्ने काम; परिपाक। २. अनुचित तरीकाले वा बेईमानी गरेर अर्काको धन पचाउने काम; हड़प।

हजाम–ना० [अ० हज्जाम] कपाल खौरने वा बनाउने पेशा भएको जाति; नाऊ; नापित।

हजामत–ना० [अ०] कपाल, दाह्री आदि खौरने वा बनाउने काम; क्षौर-कर्म।

हजार–ना० [फा० हज़ार] १. दश सयको सङ्ख्या; १०००-अङ्क; सहस्र। (वि०) २. दश सय।

हजारन्–वि० [हजार+अन्] हजारौँ।

हजाराँ–वि० [हजारौँ] हजारौँ।

हजारा–ना० [हजार+आ] धारा, फोहोरा आदिका मुखमा जड़िने; धेरै साना-साना प्वाल भएको साधन।

हजारिया–वि० [हजार+इया] १. धेरै हजारको सम्पत्ति भएको; धनाढ्य। २. हजार-सम्बन्धी। (ना०) ३. सेठ; महाजन।

हजारौँ–वि० [हजार+औँ] १. धेरै हजार; सहस्रौँ; हजारन्। २. अनगिन्ती; असङ्ख्य।

हजुरिया–वि० [अ० हुजूरी] राजा-महाराजाहरूका साथमा रहने अधिकारीहरूमध्ये मुख्य व्यक्तिहरूलाई दिइने विशेष पद।

हजूर–वि० बो० [अ० हुजूर] १. ठूला-बड़ालाई सम्बोधन गर्ने शब्द। २. मान्य जनले बोलाउँदा प्रत्युत्तरमा भनिने शब्द। ३. मान्य जनका कुरामा सही थाप्ता भन्ने शब्द। (सर्वना०) ४. मान्य वा ठूला-बड़ा व्यक्तिलाई बुझाउने शब्द।

हज्जाम–ना० [अ०] हजाम; नाऊ।

हटक–ना० [हट्] १. हटाउने वा मनाई गर्ने काम। २. समाजबाट छुट्ट्याउने, पन्छाउने वा अलग गर्ने काम।

हटहट–ना० [हट्+हट्] घोड़ा (बाल-बोलीमा)।

हटाइ–ना० [हट्+आइ] हट्ने किसिम, क्रिया वा भाव।

हटाइ–ना० [हटाउ+आइ] हटाउने किसिम, क्रिया वा भाव।

हटाइनु–स० क्रि० [हटाउ+इ+नु] पर सारिनु; पन्छाइनु; ('हटाउनु'-को क० क्रि०)।

हटाउनु–स० क्रि० [हट्+आउ+नु] १. पर सार्नु; पन्छाउनु। २. छुट्ट्याउनु; अलग गराउनु। ३. झिक्नु; ('हट्नु'-को प्रे० क्रि०)।

हटारु–ना० [हाट+आरु] हाटमा जाने वा बस्ने व्यक्ति।

हटिनु–अ० क्रि० [हट्+इ+नु] एक ठाउँबाट अर्को ठाउँमा सरिनु; ('हट्नु'-को भा० क्रि०)।

हटिया–ना० [हाट+इया] सानो-तिनो बजार; सानो हाट।

हटिया–ना० [ने०] नेपालको पल्लो-किरात-क्षेत्रमा पर्ने हिमालयको एक घाटी।

हटिलो-मटिलो–वि० [ने०] मोटो-घाटो; हृष्ट-पुष्ट।

हट्ट–वि० बो० [हट्] कसैलाई कुनै ठाउँ वा प्रसङ्गबाट हटाउने वा हप्काउने शब्द।

हट्ट–ना० [सं०] १. बजार; हाट। २. पसल; दोकान।

हट्टाकट्टा–वि० [हट्ठाकट्ठा] हट्ठाकट्ठा।

हट्टी–ना० [सं० हट्ट] १. ठेक्का; इजहारा। २. ठेकदारको पसल।

हट्टीवाल–ना० [हट्टी+वाल] रक्सी, चुरोट आदिको हट्टी वा ठेक्का लिने व्यक्ति।

हट्ठाकट्ठा–वि० [प्रा० हट्ठमहट्ठ] १. मोटो-घाटो; हृष्ट-पुष्ट। २. बलियो; बलवान्।

हट्ठी–ना० [प्रा० हत्थ] एकलौटी अधिकार; एकाधिपत्य।

हट्नु–अ० क्रि० [सं० घट्टन+इ+नु] १. ठाउँबाट यता-उति सर्नु; ठाउँ छोड़नु। २. छुट्टिनु; अलग हुनु। ३. टर्नु।

हठ–ना० [सं०] १. कुनै काम-कुरोमा गरिने एकोहोरो आग्रह। जिद्दी; टेक। २. दृढ प्रतिज्ञा; अटल सङ्कल्प। ३. अनुचित कुराको जिद्दी; दुराग्रह।

हठ-धर्म–ना० [सं०] १. सत्यासत्यको विवेक नगरीकन आफ्नो धर्मलाई नै हठपूर्वक ग्रहण गर्नु; धर्ममा अति कट्टर हुनु। २. लिँड़े-ढिपी; हठपूर्वकको ढिपी।

हठधर्मिता–ना० [हठ+धर्मी+ता] हठ-धर्मी हुनाको भाव।

हठ-धर्मी–वि० [सं०] १. आफ्नो विचार, आस्था, सम्प्रदाय वा धर्मको पक्षमा हठ गर्ने। २. आफ्नो अनुचित कुरामा हठ गर्ने; दुराग्रही।

हठ-योग–ना० [सं०] १. आसन, मुद्रा आदिद्वारा शरीरलाई अनेक कष्ट दिएर चित्त-वृत्तिलाई बाह्य विषयबाट हटाई अन्तर्मुखी पार्ने, योगको एक अङ्ग। २. हठ; दुराग्रह।

हठ-योगी–वि० [सं०] हठ-योगको अनुयायी; हठ-योग गर्ने।

हठात्–क्रि० यो० [सं०] १. हठपूर्वक; दुराग्रहका साथ। २. जबरदस्ती; बलपूर्वक। ३. अचानक; एकाएक; सहसा।

हठी–वि० [सं०] हठ गर्ने; जिद्दीवाल; दुराग्रही।

हड़चूर–ना० [हाड़+चूर्ण] अरू वृक्षका प्रकाण्डमा उम्रने, सिउँड़ीजस्तो एक जातको लता; अस्थि-संहारक। (आयुर्वेदमा यसको गुण भाँचिएको हाड़ जोरिदिने बताइएको छ।)

हड़ताल–ना० [सं० हरिताल] सरकार वा कुनै कारखानाका मालिकले गरेको कुनै कामका विरुद्धमा असन्तोष प्रकट गरी पसल, अड्डा, काम आदि बन्द गर्नु; हरताल।

CC-0. In Public Domain. Digitization by eGangotri

हड़ताली–वि० [हड़ताल+ई] हड़ताल गर्ने; हरताली।
हड़प–ना० [प्रा० हड] १. निल्नु। २. अर्कोको धन-माल अनुचित रीतिले लिनु; पचाउनु।
हड़पाइ–ना० [हड़प्+आइ] हड़प्ने किसिम, क्रिया वा भाव।
हड़पाइनु–स० क्रि० [हड़पाउ+इ+नु] हड़प्न लाइनु; हड़प गराइनु; ('हड़पाउनु'-को क० क्रि०)।
हड़पाउनु–स० क्रि० [हड़प्+आउ+नु] हड़प्न लाउनु; हड़प गराउनु; ('हड़प्नु'-को प्रे० क्रि०)।
हड़पिनु–स० क्रि० [हड़प्+इ+नु] हड़प गरिनु; ('हड़प्नु'-को क० क्रि०)।
हड़प्नु–स० क्रि० [हड़प+नु] अर्काको धन-माल लिएर फिर्ता नदिनु; पचाउनु; हड़प गर्नु।
हड़बड़–ना० [प्रा० हत्थ] १. कुनै काम चाँड़ो गर्नु पर्दा मनमा हुने चञ्चलता; हतपत; हतार; हड़बड़ी; चटारो। २. अत्यासमा परेर चञ्चल हुनु।
हड़बड़ाइ–ना० [हड़बड़ाउ+आइ] हड़बड़ाउने किसिम, क्रिया वा भाव।
हड़बड़ाइनु–अ० क्रि० [हड़बड़ाउ+इ+नु] हड़बड़ गरिनु; ('हड़बड़ाउनु'-को भा० क्रि०)।
हड़बड़ाउनु–अ० क्रि० [हड़बड़+आउ+नु] १. हड़बड़ गर्नु; हतार गर्नु; चटपटाउनु। २. आत्तिनु; घबड़ाउनु।
हड़बड़िइनु–अ० क्रि० [हड़बड़ि+इ+नु] हड़बड़ गरिनु; ('हड़बड़िनु'-को भा० क्रि०)।
हड़बड़िनु–अ० क्रि० [हड़बड़ी+इ+नु] हड़बड़ी गर्नु; हड़बड़ाउनु; चटारिनु।
हड़बड़ी–ना० [हड़बड़ाई] हड़बड़।
हड़बड़े–वि० [हड़बड़+ए] हड़बड़ गर्ने; हतार गर्ने; चटपटे।
हड़बड़्याइ–ना० [हड़बड़ि+याइ] हड़बड़िने किसिम, क्रिया वा भाव।
हड़बड़्याहट–ना० [हड़बड़ि+याहट] हड़बड़िने किसिम, क्रिया वा भाव; हड़बड़्याइ।
हड़्कनु–स० क्रि० [हटक+नु] कुनै काम गर्नबाट रोक्नु; मनाई गर्नु; निषेध गर्नु।
हड़्काइ–ना० [हड्क+आइ] हड्कने किसिम, क्रिया वा भाव।
हड़्काइनु–स० क्रि० [हड्काउ+इ+नु] हड्कन लाइनु; ('हड्काउनु'-को क० क्रि०)।
हड़्काउनु–स० क्रि० [हड्क+आउ+नु] हड्कन लाउनु; ('हड्कनु'-को प्रे० क्रि०)।
हड़्किनु–स० क्रि० [हड्क+इ+नु] कुनै काम गर्नबाट रोकिनु; ('हड्कनु'-को क० क्रि०)।
हड्डी–ना० [सं० हड्ड] १. हाड़। (वि०) २. साह्रै दुब्लो; सिट्ठो।
हड़्याइ–ना० [हड़्याउ+आइ] हड़्याउने किसिम, क्रिया वा भाव।
हड़्याइनु–स० क्रि० [हड़्याउ+इ+नु] धड़-पकड़ गरेर लिइनु; ('हड़्याउनु'-को क० क्रि०)।
हड़्याउनु–स० क्रि० [सं० हठ+याउ+नु] धड़-पकड़ गरेर वा जोर-जुलुम गरेर लिनु; धड्नु।
हड़्याङ-बड़्याङ–ना० [हड़बड़] १. हड़बड़; हड़्याङ-हुडुङ। २. हुल्डर।
हड़्याङ-हुडुङ–ना० [हड़्याङ-बड़्याङ] हड़्याङ-बड़्याङ।
हण्डा–ना० [सं०] १. धातु, माटा आदिको ठूलो घ्याम्पो। २. निम्न जातिकी स्त्री।
हण्डा-चिण्डा–ना० [हन्डा+चिण्डो] भाँड़ा-बर्तनको तुच्छार्थ-बोधक शब्द।
हण्डी–ना० [सं०] १. माटाको कसौँड़ीका आकारको भाँड़ो; हाँड़ी। २. सरकारबाट गरीब-गुरुवालाई नियमित रूपमा दिइने सीधा; सदाबर्त।
हत्–वि० बो० [हद्] कसैलाई उपेक्षापूर्वक पर हटाउन वा हप्काउन प्रयोग गरिने शब्द; धत्।
हत–वि० [सं०] १. मारिएको; ज्यान लिइएको। २. घायल गरिएको। ३. उत्साह भङ्ग गरिएको। ४. बिगारिएको; विनष्ट।
हतक–वि० [सं०] नीच; तुच्छ; अधम।
हतकड़ी–ना० [हात+कड़ी] कैदीका नारीमा लगाइने फलामे बालाजस्तो साधन।
हत-चेत–वि० [सं०] १. चेतना नष्ट भएको; बेहोश। २. सुद्धी हराएको।
हत-ज्ञान–वि० [सं०] हत-चेत।
हतपत–ना० [हत्तपत्त] कुनै काम चाँड़ो सिद्ध्याउनाका निमित्त हड़बड़ाउनु; हड़बड़; हतार।
हतपताइ–ना० [हतपताउ+आइ] हतपताउने किसिम, क्रिया वा भाव।
हतपताइनु–अ० क्रि० [हतपताउ+इ+नु] हतपत गरिनु; ('हतपताउनु'-को भा० क्रि०)।
हतपताउनु–अ० क्रि० [हतपत+आउ+नु] १. हतपत गर्नु; हड़बड़ाउनु; हतार गर्नु। २. कुनै काम गर्न चञ्चल हुनु।
हतपती–क्रि० यो० [हतपत+ई] १. हतपत गरेर वा चाँड़ो। २. सितिमिति; हत्तपत्त।
हतपते–वि० [हतपत+ए] हतपत गर्ने स्वभावको; चटपटे; हड़बड़े।
हत-प्रभ–वि० [सं०] प्रभा वा शोभा नष्ट भएको; श्री-हीन; कान्ति-हीन।
हत-बुद्धि–वि० [सं०] १. बुद्धि-हीन; मूर्ख। २. कर्तव्यको ज्ञान नभएको; किंकर्तव्य-विमूढ।
हत-बोध–वि० [सं०] हत-बुद्धि।
हत-भाग–वि० [सं०] हत-भाग्य।
हत-भागी–वि० [सं० हत-भाग्य] हत-भाग्य।
हत-भाग्य–वि० [सं०] भाग्य-हीन; अभागी।
हत-मना–वि० [सं०] १. उत्साह, प्रसन्नता आदि नष्ट

CC-0. In Public Domain. Digitization by eGangotri

भएको। २. हत-बुद्धि।
हतर–ना० [हात] घाँटी सानो हुने, तामा, पीतल आदिको सानो गाग्री; घल्चा।
हत-श्री–वि० [सं०] १. मुखमा कान्ति नभएको; श्री-हीन। २. ओइलाएको; म्लान।
हतार–ना० [प्रा० हत्थ] हड़बड़ी; हतपत; चटारो।
हतार-पतार–ना० [हतार+पतार (फाँ०)] कुनै काम चाँड़ो गर्नाका निमित्त हड़बड़ाउनु; हड़बड़ी; हतपत।
हतारिनु–अ० क्रि० [हतार+इ+नु] हतार गर्नु; हतपताउनु।
हतारो–ना० [हतार+ओ] हतार; चटारो; हड़बड़ी।
हतार्‍याइ–ना० [हतारि+याइ] हतारिने किसिम, क्रिया वा भाव।
हताश–वि० [सं०] आशा टुटेको; निराश; हतोत्साह।
हतासो–ना० [हात+आसो] गुन्द्री बुन्ने साँचो।
हताहत–वि० [सं०] घायल भएको र मारिएको।
हतिनी–ना० [हत्तिनी] हत्तिनी।
हतियार–ना० [हात+इयार] १. हातले समातेर चलाइने शस्त्र (खुकुरी, तरवार, बन्दूक आदि)। २. औजार, ज्यावल। ३. साधन; उपकरण।
हतियार-बन्द–वि० [हतियार+बन्द (फा०)] हतियार भिरेको; सशस्त्र।
हतुवा–वि० [हात+उवा] बाच्छा-बाछी मरेको; हातले पघार्नुपर्ने (गाई, भैँसी आदि)।
हतोत्साह–वि० [सं०] उत्साह हराएको; निरुत्साह।
हतोत्साहित–वि० [सं०] उत्साह भङ्ग गराइएको; हिम्मत टुटाइएको।
हतौड़ा–ना० [हात] ठूलो घन; होत्रो।
हतौड़ी–ना० [हात] १. हातले गर्ने काम; हस्तक्रिया; हत्यौड़ी। २. घन; मुङ्ग्रो।
हत्केलो–ना० [सं० हस्त+तल] उत्तानो पार्दा माथि पर्ने हर्थुङ्गोको माथिल्लो भाग।
हत्त-पत्त–क्रि० यो० [प्रा० हत्थ+पत्त (फाँ०)] १. चाँड़ो; छिटो। २. सितिमिति; हतपती।
हत्तिनी–ना० [प्रा० हत्थिनी] पोथी हात्ती; ढोई; हतिनी; हस्तिनी।
हत्ते–ना० [सं० हत्या] १. मार्ने काम; हत्या; हिंसा। २. ज्यान मार्दा लाग्ने पाप। ३. अत्यधिक आसक्ति; अति प्रेरणा। ४. ज्यान; प्राण।
हत्तेरी–वि० बो० [हत्+तेरो+ई] हप्की, खेद, विस्मय, आश्चर्य आदिमा प्रयोग गरिने शब्द।
हत्तेरो–वि० [हत्ते+एरो] १. साइँधुवा; हत्यारो। २. एकोहोरो जिद्दी गर्ने; हठी। ३. हत्ते हाल्ने; हत्ते-हाला।
हत्ते-हलाइ–ना० [हत्ते+हाल+आइ] हत्ते हाल्ने काम।
हत्ते-हलान–ना० [हत्ते+हाल्+आन] हत्ते हाल्ने काम; ठूलो जिद्दी।
हत्ते-हाला–वि० [हत्ते+हाल्+आ] हत्ते हाल्ने; अति प्रेरणा गर्ने; हत्तेरो; हत्या-हाला।
हत्या–ना० [सं०] १. मार्ने काम; हत्ते; वध। २. अरूलाई मार्दा लाग्ने पाप।
हत्याइ–ना० [हत्याउ+आइ] हत्याउने किसिम, क्रिया वा भाव।
हत्याइनु–स० क्रि० [हत्याउ+इ+नु] हात पारिनु; ('हत्याउनु'-को क० क्रि०)।
हत्याउनु–स० क्रि० [हात+आउ+नु] १. हात पार्नु; हातलागी गर्नु। २. वश-वर्ती पार्नु; अधीनमा लिनु। ३. सघाउनु; रत्याउनु।
हत्यारो–वि० [सं० हत्या+रो] १. हत्या गर्ने; ज्यान-मारा; साइँधुवा। २. ठूलो अपराध गर्ने; अति पापी। ३. ज्यादै हत्ते हाल्ने; हत्तेरो।
हत्या-हाला–वि० [हत्या+हाल्+आ] हत्ते-हाला।
हत्यौड़ी–ना० [हात] १. हातले समातेर प्रयोग गरिने औजार; ज्याभल। २. लहराले थाँक्रामा समात्ने नङ्ग्रो।
हद–ना० [अ० हद्द] १. सीमा; साँधा। २. कुनै कामको मर्यादा; पराकाष्ठा। (क्रि० यो०) ३. अचाक्ली; अति।
हद-बन्दी–ना० [हद+बन्दी] हद वा सीमाको निर्धारण।
हद-म्याद–ना० [हद+म्याद] आखिरी म्याद; अन्तिम अवधि।
हद-से-हद–क्रि० यो० [हद+से (हिं०)+हद] ज्यादा-से-ज्यादा।
हद्द–क्रि० यो० [अ०] हद वा पराकाष्ठासम्म; शक्तिले भेटेसम्म।
हनन–ना० [सं०] १. मार्ने काम; वध। २. आघात पुर्‍याउने काम; कुट-पिट।
हनाइ–ना० [हान्+आइ] हान्ने किसिम, क्रिया वा भाव।
हनाइनु–स० क्रि० [हनाउ+इ+नु] हान्न लाइनु; ('हनाउन'-को क० क्रि०)।
हनाउनु–स० क्रि० [हान्+आउ+नु] हान्न लाउनु; हिर्काउनु; ('हान्नु'-को प्रे० क्रि०)।
हनु–ना० [सं०] चिउँड़ो।
हनुमन्ते–ना० [सं० हनुमान्+अन्ते] १. बालकको अन्न-प्राशन गर्दा विधिपूर्वक हनुमान्‌को रूप धारण गर्ने व्यक्ति। २. धेरै वा अनुचित किसिमले खाने व्यक्ति; हन्तकाली। ३. नेपालको भक्तपुर शहरको बाहिर बग्ने एक खोलो।
हनुमान्–ना० [सं०] १. रामायण-प्रसिद्ध राम-भक्त एक वानर। (वि०) २. ठूलो चिउँड़ो भएको। ३. वीर; बहादुर।
हनुमान्-ढोका–ना० [सं० हनुमान्+ढोका] १. मूल ढोकामा हनुमान्‌को मूर्ति भएको, काठमाड़ौंको प्राचीन राज-दरबार। २. त्यसैको मूल ढोका।
हनू–ना० [सं०] हनु।
हनूमान्–ना० [सं०] हनुमान्।
हन्टर–ना० [अं०] कोर्रा; चाबुक।

CC-0. In Public Domain. Digitization by eGangotri

हन्डर–ना० [प्रा० हणिर] कामको दुःख; हैरानी; गोता; सास्ती।

हन्त–वि० बो० [सं०] हर्ष, खेद, विस्मय आदिमा प्रकट गरिने शब्द।

हन्तकाली–वि० [सं० हन्तकार] १. जति खाए पनि नअघाउने; अगस्ती। २. असन्तोषी।

हन्तव्य–वि० [सं०] मार्न लायक; वध गर्न योग्य; वध्य।

हन्ता–ना० [सं०] १. मार्ने व्यक्ति; हत्यारो; घातक। २. डाँकू।

हन्बेर्नु–ना० [हन्बेर्नो] हन्बेर्नो।

हन्बेर्नू–ना० [हन्बेर्नो] हन्बेर्नो।

हन्बेर्नो–ना० [हात+बेर्] १. तातेका भाँडा-बर्तनहरू समात्ने औजार वा झुम्रो (सनासो, लुँडो आदि)। २. फलाम-सम्बन्धी काम गर्ने कारीगरहरूले आगो तह लाउने, टुप्पो घुमेको एक किसिमको लामो ज्याभल। ३. बाध्य भएर संरक्षण गर्नुपर्ने व्यक्ति वा वस्तु; घाँडो। ४. काम नलाग्ने र बधिक व्यक्ति।

हप–ना० [अं० हँब] पाङ्ग्राका बीचमा रहने अवयव; धुरा।

हपक्क–क्रि० यो० [ने०] गर्मी, राप आदि सहसा अनुभव हुने किसिम।

हपहप–क्रि० यो० [ने०] १. ज्यादा गर्मी हुने किसिम; गर्मीले दाह हुने किसिम; गर्मीले गुम्सिने किसिम। २. ठूला-ठूला गाँस हालेर खाने किसिम; हपहपी।

हपहपती–क्रि० यो० [हपहप+ती] हपहप; हपहपी।

हपहपी–क्रि० यो० [हपहप+ई] हपहप।

हपाराइ–ना० [हपार्+आइ] हपार्ने किसिम, क्रिया वा भाव।

हपारिनु–स० क्रि० [हपार्+इ+नु] हप्काइनु; ('हपार्नु'-को क० क्रि०)।

हपार्नु–स० क्रि० [सं० ह्वे+नु] १. हप्की दिनु; हप्काउनु। २. ठूलो स्वरले टाढ़ाबाट बोलाउनु; पुकार्नु; कौलास्नु।

हपाहप–क्रि० यो० [हपहप] ठूला-ठूला गाँस हालेर खाने किसिम; हपहपी।

हप्कनु–अ० क्रि० [हप्की] अरूको हप्कीले डराउनु; दच्कनु; तर्सनु; हप्किनु।

हप्काइ–ना० [हप्काउ+आइ] हप्काउने किसिम, क्रिया वा भाव।

हप्काइनु–स० क्रि० [हप्काउ+इ+नु] हप्की दिइनु; ('हप्काउनु'-को क० क्रि०)।

हप्काउनु–स० क्रि० [हप्की+आउ+नु] १. हप्की दिनु; हकार्नु; धम्काउनु। २. डर देखाउनु। ३. गाली गर्नु।

हप्किनु–अ० क्रि० [हप्की+इ+नु] १. हप्कनु। २. तर्सिनु; ('हप्कनु'-को भा० क्रि०)।

हप्की–ना० [सं० ह्वे] १. हप्काउने काम; हकार; धम्की। २. गाली; खप्की।

हप्की-दप्की–ना० [हप्की+दप्की] हप्काउने र दप्काउने काम; हप्की र दप्की; कसैलाई वश-वर्ती पार्न डर देखाउने काम।

हप्क्याइ–ना० [हप्कि+याइ] हप्किने किसिम, क्रिया वा भाव।

हप्क्याहट–ना० [हप्की+याहट] १. हप्काउने काम; हप्की; खप्की। २. हप्क्याइ।

हप्ता–ना० [फा० हफ्तः] सात दिनको समय; साता; सप्ताह।

हप्तावारी–वि० [फा० हफ्तः+वार+ई] १. प्रत्येक हप्तामा हुने; हरेक सप्ताहमा हुने; साताको। २. प्रतिसप्ताहमा पाइने।

हफ्ता–ना० [फा० हफ्तः] हप्ता।

हबशी–ना० [अ०] हब्सी।

हबिगत–ना० [हवाल+गति (सं०)] १. शक्ति; सामर्थ्य। २. गिरेको आर्थिक अवस्था; दारिद्र्य।

हबुल्ले–वि० [हबुल्लो+ए] हबुल्लो।

हबुल्लो–वि० [ने०] १. शरीरको छाँट-काँट नमिलेको; गबुल्लो। २. लठ्यौरो; हबुल्ले।

हबेली–ना० [अ० हवेली] हवेली।

हब्बा–ना० [हबिगत] शक्ति; सामर्थ्य; हब्बे।

हब्बा-कब्बा–ना० [सं० हव्य-कव्य] हब्बे-कब्बे।

हब्बे–वि० [हब्बा] १. छाँट-काँट नमिलेको शरीर भएको; गबुल्लो। २. बोल्न नजान्ने; लठ्यौरो। (ना०) ३. हब्बा; सामर्थ्य।

हब्बे-कब्बे–ना० [सं० हव्य-कव्य] १. देवता र पितृहरूलाई दिइने आहुति, तर्पण आदि। २. ताकत; बर्कत; बूता; सामर्थ्य।

हब्सी–ना० [अ० हबशी] पूर्वी अफ्रिकामा रहने अति कालो एक जाति।

हमल–ना० [अ०] गर्भ।

हमला–ना० [अ० हमलः] कसैमाथि आघात पुऱ्याउन वा कसैलाई मार्न गएर आक्रमण गर्ने काम; आक्रमण; चढ़ाइ।

हमाल–ना० [अ०] रजपूत र जैसी ब्राह्मण-जातका आमा-बाबुबाट जन्मेको सन्तान।

हमेशा–क्रि० यो० [फा० हमेशः] सधैँ; सदा; सदैव।

हम्कनु–स० क्रि० [सं० धम्+नु] १. हावा चलाउनाका निमित्त पङ्खा आदि हल्लाउनु; डोलाउनु। २. हावाले उड़ाउनु; बत्ताउनु।

हम्कनु–स० क्रि० [सं० हन्+नु] गाई, भैँसी आदि पशुले फुँक्क गरेर हान्न खोज्नु; हाँफ्नु।

हम्काइ–ना० [हम्क+आइ] हम्कने किसिम, क्रिया वा भाव।

हम्काइनु–स० क्रि० [हम्काउ+इ+नु] हम्कन लाइनु; ('हम्काउनु'-को क० क्रि०)।

हम्काउनु–स० क्रि० [हम्क+आउ+नु] हम्कन लाउनु; ('हम्कनु'-को प्रे० क्रि०)।

हम्किनु–स० क्रि० [हम्क+इ+नु] हावा चलाउनाका निमित्त पङ्खा आदि हल्लाइनु; ('हम्कनु'-को क० क्रि०)।

हम्मेसी–क्रि० यो० [फा० हमेशः] १. सहसा; एकाएक। २. सितिमिती; हत्त-पत्त। ३. हमेशा; सदैव।

CC-0. In Public Domain. Digitization by eGangotri

हय–ना० [सं०] १. घोड़ा; अश्व । २. इन्द्र ।

हय-ग्रीव–ना० [सं०] विष्णुका चौबीस अवतारमध्ये एक ।

हया–ना० [अ०] लज्जा ।

हयादार–ना० [अ० हया+दार (फा०)] लज्जा भएको; आफ्नो इज्जतको वास्ता भएको ।

हर–ना० [प्रा०] काँधदेखि फिलासम्मको भाग । २. शरीरका ढाड़को दायाँ-बायाँका अंश ।

हर–वि० [फा०] प्रत्येक; हर-एक ।

हर–वि० [सं०] १. जबरजस्ती गरी लिएर जाने; हरण गर्ने । २. नाश गर्ने; नष्ट पार्ने । ३. मार्ने; वध गर्ने । ४. लैजाने; लाने । (ना०) ५. शिव; महादेव । ६. गणितको भिन्नराशिमा भाग दिने सङ्ख्या; भिन्नमा मनिको सङ्ख्या । ७. नुहाउने काम; स्नान (बाल-बोलीमा) ।

हर-एक–वि० [फा० हर+एक] प्रत्येक; एक-एक; हरेक ।

हरक–ना० [ने०] नमीठो गन्ध; दुर्गन्ध; सड़े-गलेका वस्तुको गन्ध ।

हरकत–ना० [अ०] १. गति । २. चाला । ३. चेष्टा । ४. क्रिया ।

हरकट्टा–ना० [ने०] फेदबाटै लामा-लामा उत्तिसका जस्ता पात निस्कने र बीचको डाँठका टुप्पामा सेतो भूवा भएका पहेँला फूल फुल्ने, सुगन्धी जरा हुने एक जातको झार; कत्तृण । (आयुर्वेदमा यसको गुण घाउ-खटिरालाई नाश गर्ने बताइएको छ ।)

हरगिज––क्रि० यो० [फा० हरगिज़] कदापि ।

हर-घड़ी–क्रि० यो० [फा० हर+घड़ी] हर-बखत ।

हरज–ना० [अ० हर्ज] १. काममा पर्ने बाधा; रोकावट । २. हानि; क्षति ।

हरजाना–ना० [अ० हर्ज+आनः (फा०)] कसैको कुनै धन-माल नोक्सान हुँदा त्यसका बदलामा दिइने धन; क्षति-पूर्ति ।

हरण–ना० [सं०] १. चोर्ने काम; चोरी । २. बलपूर्वक कसैको धन-माल लिनु; खोस्नु । ३. हटाउनु; निर्मूल पार्नु । ४. लिएर जानु; लैजानु ।

हर-तरह–ना० [फा० हर+तरह] १. अनेक तरह; नाना तरीका । २. अनेक उपाय; प्रत्येक किसिम ।

हरताल–ना० [सं० हरिताल] १. हरिताल । २. हड़ताल ।

हरताल–ना० [हार+ताल] जूवामा वार-वार तिरिरहने क्रिया; तिरताल; हरन्ताल ।

हरताली–वि० [हरताल+ई] हड़ताली ।

हर-दम–क्रि० यो० [फा० हर+दम] १. सधैँ; सदा; हमेशा । २. वार-वार; फेरि-फेरि ।

हरदर–ना० [फा० हर+दर] सरदर; साला-खाला ।

हरन्ताल–ना० [हरल+ताल] हरताल; तिरताल ।

हरफ–ना० [अ० हर्फ़] १. अक्षरको पङ्क्ति; वर्णको लहर । २. ताँती; पङ्क्ति; लहर । ३. अक्षर ।

हर-फन-मौला–वि० [फा० हर+फन (अ०)+मौला (अ०)] १. प्रत्येक किसिमको काम थोरै-थोरै अंशमा जान्ने । २. टपर्टुय्याँ ।

हर-बखत–क्रि० यो० [फा० हर+वखत] हरेक समयमा; सधैँ ।

हर-रोज–क्रि० यो० [फा० हर+रोज़] १. प्रत्येक दिन; दिनहुँ; दिन-दिनै । २. सधैँ; सदा ।

हरल–वि० [हार्+अल] हारेको; पराजित ।

हर-सङ्ग–ना० [सं० हल+सन्धान] हलो बनाउने साधन (काठ आदि); हर-सङ्ङा ।

हर-सङ्ङा–ना० [सं० हल+सन्धान] हर-सङ्ग ।

हर-समय–क्रि० यो० [फा० हर+समय (सं०)] हर-बखत ।

हर-हमेशा–क्रि० यो० [फा० हर+हमेशः] सधैँ; सदा; हर-बखत ।

हरहर–ना० [सं० हर+हर] १. नुहाउँदा धार्मिक भावनाले महादेवको नाम उच्चारण गरिने शब्द । २. नुहाउने काम; स्नान (बाल-बोलीमा) ।

हरहर–क्रि० यो० [ने०] १. ज्वाला छुटेर बल्ने किसिम; हुरहुर । २. गर्मी वा रोगले हृदयमा जलन पैदा हुने किसिम; आँत जल्ने किसिम । ३. हावा चल्ने किसिम ।

हर-हिसाब–ना० [फा० हर+हिसाब] हिसाब-किताब ।

हराइ–ना० [हराउ+आइ] हराउने किसिम, क्रिया वा भाव; परास्त गर्नाको क्रिया वा भाव ।

हराइ–ना० [हराउ+आइ] हराउने किसिम, क्रिया वा भाव; बेपत्ता हुने क्रिया वा भाव ।

हराइ–ना० [हर्+आइ] हर्ने किसिम, क्रिया वा भाव ।

हराइ–ना० [हार्+आइ] हार्ने किसिम, क्रिया वा भाव ।

हराइनु–स० क्रि० [हराउ+इ+नु] हार गराइनु; ('हराउनु'-को क० क्रि०) ।

हराइनु–अ० क्रि० [हराउ+इ+नु] कुनै वस्तु वा व्यक्ति बेपत्ता होइनु; ('हराउनु'-को भा० क्रि०) ।

हराउनी–ना० [हर्+आउ+नी] मुद्दा-मामिलामा हार्नेलाई लाग्ने जरीमाना; हराउरी ।

हराउनु–स० क्रि० [हार्+आउ+नु] १. हार गराउनु; पराजित गर्नु; जित्नु । २. दमन गर्नु; ख्याँच्नु ।

हराउनु–अ० क्रि० [हर्+आउ+नु] १. कुनै वस्तु बेपत्ता हुनु; गुम्नु; लापता हुनु । २. नदेखिने हुनु; अलप हुनु; लुप्त हुनु । ३. चोरिनु । (स० क्रि०) ४. बेपत्ता पार्नु ।

हराउरी–ना० [हराउ+री] हराउनी ।

हराम–वि० [अ०] १. कुनै नियम वा कसैको आज्ञा नमान्ने; हत्तेरो । २. खराब; अनुचित । (ना०) ३. बेईमानी ।

हराम-जादा–ना० [फा०] १. हरामीको छोरो । २. बदमाश मानिस; दुष्ट व्यक्ति ।

हरामखोर–वि० [अ० हराम खोर (फा०)] पापको कमाइ खाने ।

हरामखोरी–ना० [हरामखोर+ई] हरामखोरको काम वा भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

हरामी–वि० [अ०] १. दुष्ट; दुर्जन। (ना०) २. व्यभिचारबाट उत्पन्न व्यक्ति ।

हरि–ना० [सं०] १.विष्णु। २.शिव । ३. अग्नि। ४. इन्द्र। ५.बाँदर। ६.घोड़ा। ७.सिंह। ८. ब्रह्मा। ९. यम। १०. बाहु। ११. वीर्य। १२. सुवर्ण। १३. मनुष्य। १४. चन्द्रमा। १५. किरण । १६ वायु। १७. कोइली। १८. भ्यागुतो। १९. सुगा। २०. हंस। २१. सर्प। २२. मयूर। २३. स्याल। २४. बाँस। २५. मूगी।

हरि–उप० [ने०] विशेषण शब्दको अगिल्तिर लागेर 'अत्यन्त'-को अर्थ बुझाउने शब्द। (उदा०-हरि-कङ्गाल, हरि-लट्ठक; हरि-लम्फू आदि।)

हरि-कङ्गाल–वि० [हरि+कङ्गाल] श्री-सम्पत्ति केही नभएको; अति कङ्गाल; तन्नम।

हरि-कीर्तन–ना० [सं०] भगवान् हरिको गुण-गान वा कीर्तन।

हरि-चन्दन–ना० [सं०] १. पाँच प्रकारका देव-तरुमध्ये एक। २. पद्मको पराग। ३. केशर।

हरि-जन–ना० [सं०] १. हरि वा ईश्वरको भक्त। २. अस्पृश्य जातिको आदरार्थी सामूहिक नाम।

हरिण–ना० [सं०] मृग।

हरिणाक्षी–ना० [सं०] मृगका जस्ता राम्रा आँखा भएकी स्त्री।

हरिणी–ना० [सं०] १. पोथी हरिण; मृगी। २. काम-शास्त्र-अनुसार चार प्रकारका स्त्रीहरूमध्ये एक; चित्रिणी। ३. दूबो।

हरिणी-प्लुत–ना० [सं०] चार चरणमध्ये विषम चरणमा क्रमशः तीन सगण, एक लघु र एक गुरु हुने र सम चरणमा एक नगण, दुइ भगण र एक रगण हुने एक प्रकारको वार्णिक छन्द।

हरित्–ना० [सं०] हरित।

हरित–ना० [सं०] १. हरियो रङ्ग। २. सूर्यको घोड़ा। ३. सिंह। ४. दिशा। (वि०) ५. हरियो।

हरिताभ–वि० [सं०] हरियो रङ्गको आभा भएको; हरियो भावको।

हरिताल–ना० [सं०] पहेँलो, विषालु एक प्रकारको खनिज पदार्थ; हरताल।

हरितालिका–ना० [सं०] १. भाद्र शुक्ल तृतीया; तीज। २. त्यस दिन गरिने शिवजीको पूजा, व्रत आदि।

हरिद्रा–ना० [सं०] हलेदो।

हरि-द्वार–ना० [सं०] उत्तर-भारतस्थित एक प्रसिद्ध तीर्थ; गङ्गा-द्वार।

हरि-धाम–ना० [सं०] वैकुण्ठ।

हरि-नाम-कुस–ना० [सं० हरि+नाम+कुश] १. सर्वस्व; श्री-सम्पत्ति; सिरी-खुरी (अभाव-सूचक)। (वि०) २. हरि-कङ्गाल; तन्नम।

हरिनामकुस–ना० [सं० हिरण्यकशिपु] हिरण्यकशिपु।

हरिनास–ना० [?] हर्नाठ।

हरिनु–स० क्रि० [हर्+इ+नु] धन-माल चोरेर वा लुटेर लिइनु; ('हर्नु'-को क० क्रि०।

हरिन्मुद्ग–ना० [सं०] पहेँलो-मुगी।

हरिप–वि० [अ० हरीस] दुःखी; कङ्गाल।

हरिपर्वरी–ना० [सं०] हर्फारेवड़ी।

हरि-प्रिया–ना० [सं०] १. लक्ष्मी। २. तुलसी। ३. पृथ्वी।

हरि-बोधिनी–ना० [सं०] कार्त्तिक शुक्ल एकादशी। (यस दिन चतुर्मास समाप्त हुन्छ।)

हरि-मुस्ले–वि० [हरि+मुस्लो+ए] ठूला तिघ्रा हुने; भुस-तिघ्रे।

हरियाली–ना० [हरियो+आली] हरिया घाँस, पात, बोट, बिरुवा आदिले चारैतिर मनोहर देखिनाको भाव।

हरियो–ना० [प्रा० हरिओ] १. साग-पातमा सामान्यतः हुने रङ्ग; हरित वर्ण। (वि०) २. त्यस रङ्गको; हरित। ३. भर्खर पलाएको; कलिलो (बोट-बिरुवा)। ४. ताजा; आलो।

हरियो-जई–ना० [हरियो+जई] पाकिसकेपछि पनि हरियो नै हुने एक जातको जई।

हरियो-ढुकुर–ना० [हरियो+ढुकुर] सेता आँखा, रछाय रङ्गको घाँटी र कालो पुच्छर हुने एक जातको पक्षी।

हरियो-परियो–ना० [हरियो+परियो (फाँ०)] १. हरिया साग-पात। (वि०) २. हरियो।

हरियो-परेवा–ना० [हरियो+परेवा] पहेँलो टाउको, हरियो गर्धन र पखेटा हुने एक जातको परेवा।

हरियो-बकुल्लो–ना० [हरियो+बकुल्लो] कालो सिउर र हरियो भावका पखेटा हुने एक जातको बकुल्लो।

हरियो-भरियो–वि० [हरियो+भरियो (फाँ०)] हरियो-भरिलो।

हरियो-भरिलो–वि० [हरियो+भरिलो] सप्लाएर हरियो भएको (बोट-बिरुवा, खेती आदि)

हरियो-मास–ना० [हरियो+मास] मूगीका रङ्गको एक जातको मास।

हरियो-मूला–ना० [हरियो+मूला] गोठाले-सागको मूला।

हरि-लट्ठक–वि० [हरि+लट्ठक] लट्ठक; स्वाँठ; मूर्ख।

हरि-लन्ठ–वि० [हरि+लन्ठ] हरि-लट्ठक।

हरि-लम्फू–वि० [हरि+लम्फू] हरि-लट्ठक; हलम्बू।

हरिलो-भरिलो–वि० [हरियो+भरिलो] सबैतिर हरिया र पुष्ट बोट-बिरुवाले भरिएको; हरियालीले व्याप्त।

हरि-वासर–ना० [सं०] १. एकादशी। २. रवि-वार।

हरि-वाहन–ना० [सं०] १. विष्णुको वाहन; गरुड। २. सूर्य। ३. इन्द्र।

हरिशयनी–ना० [सं०] आषाढ शुक्ल एकादशी। (यसै दिनदेखि चतुर्मास व्रतको आरम्भ हुन्छ। यस दिनदेखि पातालमा विष्णुको शयन हुन्छ।)

हरिश्चन्द्र–ना० [सं०] पुराण-प्रसिद्ध सत्य-निष्ठ एक सूर्य-वंशी राजा।

CC-0. In Public Domain. Digitization by eGangotri

हरिस–ना० [सं० हलीषा] एक छेउमा हलो र अर्को छेउमा जुवा रहने हलाको ठाड़ो लामो काठ ।

हरि-हय–ना० [सं०] १. इन्द्र । २. सूर्य । ३. कार्त्तिकेय । ४. गणेश ।

हरि-हर–ना० [सं०] १. विष्णु र शिवको सम्मिलित रूप । २. कुनै भजनको प्रत्येक चरणका अन्तमा भनिने शब्द । ३. खान आज्ञा दिने शब्द । ४. हरि-कङ्गाल हुनाको भाव; तन्नमपन; हरोहर ।

हरीतकी–ना० [सं०] हर्रो ।

हरीप–वि० [अ० हरीस] हरीस; निर्धन; कङ्गाल ।

हरीस–वि० [अ०] १. लोभी । २. कङ्गला । ३. सन्तप्त; दुःखी । ४. कङ्गाल ।

हरीस–ना० [सं० हलीषा] हरिस ।

हरुवा–वि० [हार्+उवा] १. हार्ने; पराजित । २. डर-छेरुवा; कायर ।

हरुवा–ना० [सं० हल+वाह] हलो जोत्ने व्यक्ति; हली ।

हरू–अव्य० [अरू] नाम र सर्वनाम शब्दका पछि लागेर तिनको बहु-वचनको रूप एवम् 'त्यो र त्यस्तै अन्य' भन्ने बुझाउने शब्द । (उदा०–मानिसहरू, उनीहरू, कागज-पत्रहरू इत्या० ।)

हरे–वि० बो० [सं०] १. अफसोस, ग्लानि, निराशा, दुःख, लाचारी, सहानुभूति, आश्चर्य आदिमा भनिने शब्द । २. हरि शब्दको सम्बोधनको रूप; हे हरि ।

हरेउ–ना० [हरियो] १. हरियो रङ्गको एक जातको सर्प । २. काई ।

हरेक–वि० [हर-एक] हर-एक ।

हरेणु–ना० [सं०] १. सानु-केराउ । २. बड़ेर बूटी ।

हरेणुक–ना० [सं०] १. सानु-केराउ । २. बड़ेर बूटी ।

हरेरी–ना० [ने०] नाम्लाका कानको गाँठो ।

हरेलो–ना० [सं० हल+एलो] खेत जोत्नुभन्दा पहिले कुनै विघ्न-बाधा नपरोस् भनी किसानले सखारै खेतमा गएर गर्ने पूजा ।

हरेस–ना० [हार+एस] निरुत्साह; हतोत्साह; आशा टुट्नु; निराशा ।

हरोहर–ना० [हरि-हर] बिलकुल नहुनु; अत्यन्त अभाव; शून्यता; हरि-हर ।

हरौरी–ना० [हराउरी] हराउरी ।

हर्क–ना० [सं० हर्ष] हर्ष; खुशीयाली ।

हर्क-बढ़ाइँ–ना० [हर्ष-बढ़ाइँ] हर्ष-बढ़ाइँ ।

हर्कमान्–वि० [सं० हर्षमान्] हर्षमान् ।

हर्को–ना० [हरक+ओ] हरक ।

हर्ख–ना० [सं० हर्ष] हर्क; हर्ष ।

हर्ख-बढ़ाइँ–ना० [हर्ष-बढ़ाइँ] हर्ष-बढ़ाइँ ।

हर्खमान्–वि० [हर्षमान्] हर्षमान् ।

हर्जा–ना० [अ० हर्ज] खाँचो; अत्यावश्यकता ।

हर्जाना–ना० [अ० हर्ज+आना (फा०)] कुनै वस्तु वा धन-मालको नोक्सानी भएबापत दिइने वस्तु वा धन; क्षतिपूर्ति ।

हर्ता–ना० [सं०] १. हरण गर्ने व्यक्ति । २. लैजाने मानिस ।

हर्ता-कर्ता–वि० [सं०] १. कुनै काम वा स्थानको मुख्य व्यक्ति; सर्वेसर्वा । २. बनाउन र बिगार्न सक्ने व्यक्ति ।

हर्थुङ्गो–ना० [हात+थुङ्गो] १. नारीदेखि औँलाका टुप्पा-सम्मको हातको भाग । २. हत्केलाका पछिल्तिरको भाग ।

हर्न–ना० [अं० हॅर्न] १. हावाको वेगले शब्द निस्कने ध्वनि-यन्त्र । २. त्यस्तो यन्त्रबाट निस्केको आवाज़ ।

हर्नाठ–ना० [?] पैताला फुट्ने एक रोग; हरिनास ।

हर्निया–ना० [अं० हर्निआ] अण्ड-कोषमा आन्द्रा झर्ने रोग ।

हर्नु–स० क्रि० [सं० हृ+नु] १. अर्काको धन-माल लुटेर वा चोरेर लिनु; हरण गर्नु । २. कसैले कुनै वस्तु पाउन लागेकोमा बाधा पार्नु ।

हर्पी–ना० [हर्पे] हर्पे ।

हर्पे–ना० [प्रा० हडप्प] घिउ, तेल आदि हाल्ने काठको थेप्चो किसिमको भाँड़ो; एक किसिमको सिङ्माङ; हर्पी ।

हर्फारेवड़ी–ना० [सं० हरिपर्वरी] १. साना-साना पात, पहेँला फूल र अमलाजस्ता साना-साना फल हुने एक जातको बोट । २. त्यसैको फल; लवली ।

हर्म्य–ना० [सं०] सुन्दर दरबार; प्रासाद; महल ।

हर्र–क्रि० यो० [ने०] १. वेगसित हावा लाग्ने किसिम । २. हावा आएझैँ चाँड़ो आउने वा जाने किसिम । ३. एका-एक पानी पर्ने किसिम । ४. दन्केर आगो बल्ने किसिम । (ना०) ५. बाखो, भेड़ो आदिलाई बोलाउने शब्द ।

हर्रा–ना० [हर्रो] पातलो दिसा; पखाला ।

हर्रो–ना० [सं० हरीतकी] १. ठूला-ठूला पात, मञ्जरीको रूपमा फुल्ने साना-साना नीला फूल र पहेँला छोहोराका आकारका फल फल्ने एक जातको वृक्ष । २. त्यसैको फल; हरीतकी । (आयुर्वेदमा यसको गुण रेचक, त्रिदोष-नाशक, आँखालाई फायदा गर्ने, अग्नि-वर्द्धक र बुद्धि-वर्द्धक बताइएको छ ।)

हर्ष–ना० [सं०] १. आफूले इच्छा गरेको कुरो पुग्दा वा आफ्नो अनुकूल कुनै काम हुँदा मनमा उत्पन्न हुने आनन्द; खुशी-याली; प्रसन्नता । २. रोमाञ्च; पुलक । ३. शृङ्गार रसको एक सञ्चारी-भाव ।

हर्षक–वि० [सं०] प्रसन्न पार्ने ।

हर्ष-बढ़ाइँ–ना० [हर्ष+बढ़ाइँ] कुनै हर्ष वा उन्नतिको काम हुँदा मनाइने उत्सव; खुशीयाली ।

हर्षमान्–वि० [सं०] खूब हर्ष मानेको; हर्षित; दङ्ग-दास ।

हर्षाश्रु–ना० [सं०] ज्यादै आनन्द भएका समयमा आउने आँसु; आनन्दाश्रु ।

हर्षित–वि० [सं०] हर्ष भएको; प्रसन्न ।

हर्सन्दा–ना० [?] विशेष काम-काजका निमित्त सरकारी ढुकुटीमा जगेड़ा राखिछोड़िने रकम ।

हर्सा–ना० [सं० अर्श] गुद-द्वारमा खटिरो आउने र रगत बग्ने एक रोग; अलकाई; अर्श ।

CC-0. In Public Domain. Digitization by eGangotri

हल्–ना० [सं०] १. स्वर नलागेको व्यञ्जन-वर्णको मूल रूप (क्, ख्, च्, ज् इत्यादि)। २. वर्णका मुनितिर लाग्ने त्यसैको चिह्न (्)

हल–ना० [सं०] १. हलो। २. एउटा हलाले दिनभरमा जोतिसकिने जमीनको मान। ३. एउटै हलोमा नारिएका बैलको जोड़ी।

हल–ना० [अ०] प्रश्न, समस्या आदिको समाधान; निराकरण।

हल–अव्य० [हो+लौ] हलौ।

हलका–वि० [हलुको] हलुको।

हलका–ना० [अ० हल्कः] वृत्त; घेरो; परिधि।

हलकारो–ना० [फा० हरकारः] १. चिट्ठी-पत्रहरू बाँड्ने हुलाक अड्डाको सिपाही; अहल्कार। २. हुलाकी सिपाही।

हलक्क–क्रि० यो० [ने०] चाँड़ो बढ्ने वा सप्रने किसिम।

हल-चल–ना० [हल्ल+चल्] १. हल्लने र चल्ने काम; चलमलाउने क्रिया। २. जनतामा आतङ्क फैलँदा हुने विकलता; खलबली।

हल-धर–वि० [सं०] १. बलराम। २. गोरु। ३. हली।

हलन्त–वि० [सं०] अन्तमा हल् वर्ण भएको (शब्द)।

हल्पी–ना० [हलबी] एक किसिमको असल ऐना; हलबी।

हलबी–ना० [फा० हलब (देश)+ई] हलपी ऐना।

हलम्बू–वि० [हरि-लम्फू] काम-काज नभएको; बेकम्मा; लट्ठक; लन्ठ।

हलवाई–ना० [अ०] हलुवाई।

हलवाह–ना० [सं०] हली; हरुवा।

हलसारो–ना० [हल+सार्] वर्ष वा ऋतुमा सबभन्दा पहिले हलो जोत्ने काम वा उत्सव।

हलहल–क्रि० यो० [ने०] १. छाद्ने किसिम; बान्ता गर्ने किसिम। २. खूबसित सप्रने वा बढ्ने किसिम; लहलह।

हलहलती–क्रि० यो० [हलहल+ती] हलहल।

हलहली–क्रि० यो० [हलहल+ई] हलहल; हलहलती।

हलहले–ना० [ने०] १. पालुङ्गाका जस्ता पात हुने एक साग। (वि०) २. ज्यादै गफ गर्ने; निरर्थक काम वा कुरो गर्ने।

हलहलाइ–ना० [हलहलाउ+आइ] हलहलाउने किसिम, क्रिया वा भाव।

हलहलाइनु–अ० क्रि० [हलहलाउ+इ+नु] लहलहाइनु; ('हलहलाउनु'-को भा० क्रि०)।

हलहलाउनु–अ० क्रि० [लहलहाउ+नु] लहलहाउनु।

हलाइ–ना० [हाल्+आइ] हाल्ने किसिम, क्रिया वा भाव।

हलाइनु–स० क्रि० [हलाउ+आइ+नु] हाल्न लाइनु; ('हलाउनु'-को क० क्रि०)।

हलाउनु–स० क्रि० [हाल्+आउ+नु] हाल्न लाउनु; ('हाल्नु' को प्रे० क्रि०)।

हलाकान–वि० [अ० हलाकत] हैरान; कायल।

हलाकानी–ना० [हलाकान+ई] हैरानी; कष्ट।

हलान–ना० [हाल्+आन] हलाइ।

हलायुध–ना० [सं०] बलराम।

हलाल–ना० [अ०] इस्लाम धर्मअनुसार मासु खानाको निमित्त घोक्रो रेटेर पशु मार्ने तरीका।

हलाहल–ना० [सं०] १. केत्तुकेका आकारका लामा-लामा सेता झूस भएका पात, झुसिला लामा-लामा डाँठमा प्याजी रङ्गका झुसिला लाम्चा फल, फलका टुप्पामा मसिनु राता फूल र फुस्रो कन्द हुने, हिमालयका लेकमा पाइने एक जातको विष-बूटी; नर्सिङ विष। २. पुराणअनुसार देव-दानवले समुद्र-मन्थन गर्दा निस्केको प्रचण्ड विष।

हली–ना० [सं०] १. हलो जोत्ने व्यक्ति; हरुवा। २. बलराम।

हलुको–वि० [प्रा० लहुक] १. गह्रौं नभएको; कम वजनको; हलौं; हलका। २. उज्जर वा चर्को नभएको; फीका (रङ्ग)। ३. मान-मर्यादा नभएको; अप्रतिष्ठित। ४. थोरै; अलिकति (चोट)।

हलुङ्गो–वि० [हलुको] हलौं; हलुको।

हलुवा–ना० [अ० हल्वा] पीठो घिउमा भुटी दूधमा पकाएको नरम खाद्य पदार्थ; मनभोग।

हलुवाई–ना० [हलवाई] १. हलुवा, लड्डू, पेड़ा आदि मिठाई बनाउने र बेच्ने पेशा भएको व्यक्ति वा जाति; हलवाई।

हलुवाई-रोटी–ना० [हलुवाई+रोटी] मिठाई।

हलुवाबेत–ना० [हलुवाबेद] हलुवाबेद।

हलुवाबेद–ना० [अ० हलवाए+बेद (फा०)] १. कड़ा पात, सेता फूल, राता गुलिया फल हुने एक जातको वृक्ष। २. त्यसैको फल।

हलुवासन–ना० [हलुवा+शोभन (सं०)] बम्बईसनजस्तो एक प्रकारको मिठाई।

हले–ना० [हलो+ए] हली; हरुवा।

हलेदो–ना० [सं० हरिद्रा] १. सर्वजाका जस्ता ठूला-ठूला पात हुने, तलै-तला परेका सेता वा पहेँला फूल फुल्ने, अदुवाका आकारको तीतो पहेँलो कन्द हुने एक जातको बोट। २. त्यसैको कन्द। (यसको कन्द धूलो पारेर बेसार बनाइन्छ।)

हलेसो–ना० [सं० हारित] नीलो टाउको, हरियो गर्धन, गर्धनमुनिको भाग प्याजी र पखेटा तथा पुच्छर फुस्रो रङ्गको हुने एक जातको, परेवाजत्रो चरो।

हलो–ना० [सं० हल] गोरुले तानेर खेत-बारी जोत्ने यन्त्र; हल।

हलो-जोता–ना० [हलो+जोत्] हलो-जोताहा।

हलो-जोताहा–ना० [हलो+जोताहा] हलो जोत्ने व्यक्ति; हरुवा; हली।

हलौं–वि० [हलुङ्गो] हलुङ्गो।

हलौ–वि० बो० [है+लौ] स्वीकृति बुझाउने शब्द।

हल्कनु–अ० क्रि० [हलक्क+इ+नु] चाँड़ो सप्रनु; हलक्क बढ्नु; लहलहाउनु।

हल्का–वि० [हलका] हलका; हलुको।

हल्काइ–ना० [हल्क+आइ] हल्कने किसिम, क्रिया वा भाव।

CC-0. In Public Domain. Digitization by eGangotri

हल्काइनु–स० क्रि० [हल्काउ+इ+नु] हलक्क बढ़ाइनु; ('हल्काउनु'-को क० क्रि०)।

हल्काउनु–स० क्रि० [हल्क+आउ+नु] हलक्क बढ़ाउनु, ('हल्कनु'-को प्रे० क्रि०)।

हल्किनु–अ० क्रि० [हल्क+इ+नु] हलक्क बढ़िनु; ('हल्कनु'-को भा० क्रि०)।

हल्ल–क्रि० यो० [ने०] १. धेरै जना मानिसहरू एकसाथ हाँस्ने किसिम; गल्ल। २. पानी आदि पन्यालो पदार्थ पोखिने वा बग्न किसिम। ३. छाद्ने किसिम।

हल्लक–ना० [सं०] रातो कमल।

हल्ल-खल्ल–ना० [हल्ला-खल्ला] हल्ला-खल्ला।

हल्लन-टट्टी–वि० [हल्ल+टाट] हल्लन-टाट।

हल्लन-टट्टू–वि० [हल्ल+टट्टू] १. काम-न-काजसित यता-उति हिंड्ने; लरखराएर हिंड्ने। २. हल्लन-टाट। ३. अति कङ्गाल।

हल्लन-टाट–वि० [हल्ल+टाट] १. ज्यादा दुब्लो; मरन्च्याँसे। २. भएभरको सम्पत्ति सिद्धचाएको; कङ्गाल; टाट उल्टेको।

हल्लनु–अ० क्रि० [सं० हल्लन+नु] १. यता-उति चल्नु; डोल्नु; हल्लिनु। २. काँप्नु; काम्नु। ३. डग्नु; चल्नु। ४. झुल्नु। ५. काम-न-काजसित यता-उति हिंड्नु; लरखरिनु। ६. डराउनु; हप्किनु।

हल्ला–ना० [सं० कोलाहल] १. धेरै जना कराएको आवाज; कोलाहल; खलबल; हौड़ा। २. अनिश्चित खबर।

हल्लाइ–ना० [हल्ल+आइ] हल्लने किसिम, क्रिया वा भाव।

हल्लाइ–ना० [हल्लाउ+आइ] हल्लाउने किसिम, क्रिया वा भाव।

हल्लाइनु–स० क्रि० [हल्लाउ+इ+नु] यता-उति चलाइनु; ('हल्लाउनु'-को क० क्रि०)।

हल्लाउनु–स० क्रि० [हल्ल+आउ+नु] १. यता-उति चलाउनु; डोलाउनु। २. कँपाउनु; कम्पन गराउनु। ३. जगाउनु; मच्चाउनु। ४. झुलाउनु। ५. बिनसित्ति यता-उति दौड़ाउनु। ६. धम्काउनु; तर्साउनु।

हल्ला-खल्ला–ना० [हल्ला+खल] १. यत्र-तत्र फिंजिएको हल्ला; ठूलो हल्ला; हल्ल-खल्ल। २. खलबल; कोलाहल।

हल्ला-गुल्ला–ना० [हल्ला+गुल (फा०)] कोलाहल; हल्ली-खल्ली।

हल्लिनु–अ० क्रि० [हल्ल+इ+नु] १. यता-उति चलिनु; डोलिनु; ('हल्लनु'-को भा० क्रि०)। २. हल्लनु।

हल्ली-खल्ली–ना० [हल्ला-खल्ला] हल्ला-खल्ला।

हल्लीश–ना० [सं०] नृत्य-प्रधान एक अङ्कमात्र हुने उपरूपक।

हल्लुंड़–ना० [हल्लुंड़ो] हल्लुंड़ो।

हल्लुंड़ो–ना० [हलो+लुंड़ो] १. हलाको हरीसमा जुवा झुन्डचाउने छालाको डोरी। (वि०) २. बेकम्मा; काम नलाग्ने।

हल्ले–ना० [हद] १. गिर्लि हानेर दुइ दल भई खेलिने भकुन्डाको हद कटाउने खेल। २. त्यस खेलमा दुवै पक्षतिर लगाइने चिह्न। ३. त्यस चिह्नबाट भकुन्डो छिराउने काम।

हल्ले–वि० [हल्ला+ए] हल्ला मचाउने।

हवन–ना० [सं०] होम; यज्ञ।

हवनीय–वि० [सं०] १. हवन गर्न योग्य। २. हवन गरिने। ३. हवन गर्न सकिने वा हुने; हव्य।

हवलदार–ना० [फा०] सिपाहीभन्दा माथि, जमादारभन्दा तलको एक जङ्गी अफिसर।

हवलदारी–ना० [हवलदार+ई] हवलदारको काम वा पद।

हवस्–ना० [होओस्] मान्य जनले कुनै काम अह्राउँदा मन्जूरी प्रकट गरेर भनिने शब्द।

हवा–ना० [अ०] हावा; वायु।

हवाई–वि० [अ० हवा+ई] १. हावाको; वायु-सम्बन्धी। २. हावामा चल्ने; हावामा हिंड्ने वा उड्ने।

हवाई-अड्डा–ना० [हवाई+अड्डा] हवाई-जहाज उड्ने वा बस्ने ठाउँ; विमान-घाट।

हवाई-जहाज–ना० [हवाई+जहाज] हावामा उड्ने यान; विमान; वायु-यान।

हवाई-डाँक–ना० [हवाई+डाँक] हवाई-जहाजद्वारा चल्ने डाँक।

हवादार–वि० [अ० हवा+दार (फा०)] हावादार।

हवाल–ना० [अ० अहवाल] १. हैरानी; फजीती; दुर्दशा। २. अवस्था; परिस्थिति।

हवाला–ना० [अ० हवाल:] १. सुम्पने वा जिम्मा लाउने काम; सपुर्दगी। २. कुनै कुरामा प्रमाण दिनाका निमित्त प्रस्तुत उद्धरण वा उल्लेख। ३. अपराधीको पछि लाग्ने सिपाही वा पहरा।

हवालात–ना० [अ०] थुना; हिरासत।

हवालाती–वि० [हवालात+ई] १. हवालातको; हवालात-सम्बन्धी। २. हवालातमा रहेको।

हवास–ना० [अ० हवा+आस] १. भइँको चिसो नआओस् भनी छिंड़ीको तलामनि बनाइने खाली स्थान वा प्वाल। २. धूवाँ जाने पाइप वा निकास; धूवाँ-कस।

हवास–ना० [अ०] १. होश; चेतना। २. इन्द्रिय। ३. ज्ञान।

हवि–ना० [सं०] यज्ञको अग्निमा आहुति दिइने पदार्थ; चरु; हवनीय पदार्थ।

हविष्य–वि० [सं०] १. हवन गर्नाका निमित्तको; होम गर्नाका निमित्तको (पदार्थ)। २. व्रत, यज्ञ आदिका अगिल्ला दिन उपासकले खाने सात्त्विक भोजन; हविष्यान्न।

हविष्यान्न–ना० [सं०] हविष्य।

हविस्–ना० [सं०] होम गर्ने वस्तु; हवनीय द्रव्य।

हवुषा–ना० [सं०] झौवा वृक्ष।

हवेली–ना० [अ०] १. ठूलो घर; भवन; महल। २. धनी व्यक्तिको घर; हर्म्य।

हव्य–वि० [सं०] होम गरिने वस्तु; हवनीय पदार्थ (तिल,

CC-0. In Public Domain. Digitization by eGangotri

जौ, घिउ, समिधा आदि)।

हव्य-कव्य–ना० [सं०] देवता र पितृहरूका उद्देश्यले गरिने पूजा, हवन, श्राद्ध आदि; हब्बे-कब्बे।

हस्–ना० [हवस्] हवस्।

हस–ना०[सं०] १. हाँसो। २. दिल्लगी। ३. हर्ष।

हसक–ना० [हस्को] हस्को।

हसक्क–क्रि० यो० [ने०] सड़ेका वस्तुको दुर्गन्ध आउने किसिम; हरक आउने किसिम।

हसक्क–कि० यो० [हस्क] हस्कने किसिम; जिल्लिने किसिम।

हसन–ना० [सं०] १. दाँत देखाएर खिसिक्क हाँस्ने काम; मन्द हँसाइ। २. दिल्लगी; ठट्टा।

हसना–ना०[सं० हसन्ती] १. खूब बास्ना आउने पहेँला मसिना फूल फुल्ने एक जातको बोट। २. त्यसैको फूल; हसीना।

हसबली–ना० [अ० हस्ब ?] साल-बसाली लागतमा नभएको अनियमित वा फुटकर सरकारी आम्दानी।

हसित–वि० [सं०] १. केही दाँत देखाएर हाँसेको। २. फुलेको; विकसित। ३. उपहास गरिएको; गिल्ला गरिएको।

हसीना–ना० [अ० हसीनः] हसना।

हसुराइ–ना० [हसुर्+आइ] हसुर्ने किसिम, क्रिया वा भाव।

हसुराइनु–स० क्रि० [हसुराउ+इ+नु] हसुर्न लाइनु; ('हसुराउनु'-को क० क्रि०)।

हसुराउनु–स० क्रि० [हसर्+आउ+नु] हसुर्न लाउनु; ('हसुर्नु'-प्रे० क्रि०)।

हसुरिनु–स० क्रि० [हसुर्+इ+नु] धेरै खाइनु; घिचिनु; ('हसुर्नु'-को क० क्रि०)।

हसुर्नु–स० क्रि० [ने०] १. धेरै खानु; गुतार्नु (निन्दार्थमा)। २. मन-नपर्ने गरी खानु; घिच्नु।

हस्कनु–अ० क्रि० [प्रा० हस्स+नु] १. हिस्स पर्नु; हिस्सिनु। २. छक्क पर्नु; जिल्लिनु। ३. हच्कनु; पछि हट्नु।

हस्काइ–ना०[हस्क+आइ] हस्कने किसिम, किया वा भाव।

हस्काइ–ना० [हस्काउ+आइ] हस्काउने किसिम, क्रिया वा भाव।

हस्काइनु–स०क्रि०[हस्काउ+इ+नु] हिस्स पारिनु; ('हस्काउनु'-को क० क्रि०)।

हस्काउनु–स० क्रि०[हस्क+आउ+नु]१.हिस्स पार्नु; हिस्स्याउनु। २. जिल्ल्याउनु। ३. हच्काउनु; ('हस्कनु'-को-प्रे० क्रि०)।

हस्किनु–अ० क्रि० [हस्क+इ+नु] १. हस्कनु। २. हिस्स परिनु; ('हस्कनु'-को भा० क्रि०)।

हस्को–ना० [हरक] हरक।

हस्क्याइ–ना० [हस्कि+याइ] हस्काउने किसिम, क्रिया वा भाव।

हस्त–ना० [सं०] १. हात; बाहु। २. चौबीस अङ्गुल वा दुइ बित्ताको नाप। ३. हात्तीको सूँड़। ४. सत्ताईस नक्षत्रमध्ये एक; हस्ता।

हस्तक–ना० [सं०] हात; बाहु।

हस्त-कला–ना० [सं०] कारीगरले विशेष गरी आफ्ना हातले कुनै वस्तुको निर्माण गर्ने शिल्प; हातद्वारा प्रदर्शित गरिने रचना-कौशल।

हस्त-कौशल–ना० [सं०] १. हातको सीप; कारीगरी। २. हातको सफाइ वा कौशल।

हस्त-क्षेप–ना० [सं०] अर्काको काममा हात हाल्नु; आफ्ना अधिकारदेखि बाहिरको काममा प्रभाव पार्नु।

हस्तगत–वि०[सं०] हातमा परेको वा पाएको; हात लागेको; उपलब्ध।

हस्त-मुद्रा–ना० [सं०] नृत्य, पूजा, साधना आदिमा विभिन्न भाव प्रकट गर्न हातको रखाइ वा आकृति।

हस्त-रेखा–ना० [सं०] सामुद्रिक शास्त्रअनुसार कसैका हत्केलामा अङ्कित शुभाशुभ-सूचक रेखा।

हस्त-लाघव–ना० [सं०]हातको सफाइ; हातको चलाकी।

हस्त-लिपि–ना० [सं०] कसैका हातको लेखोट; हस्ताक्षर।

हस्त-लेख–ना० [सं०] हस्त-लिपि।

हस्ता–ना० [सं०] सत्ताईस नक्षत्रमध्ये एक; हस्त।

हस्ताक्षर–ना० [सं०] १. दस्तखत; सही। २. हातले लेखेको अक्षर; हस्त-लिपि।

हस्ताक्षरक–ना० [सं०] हस्ताक्षर गर्ने व्यक्ति; सही गर्ने व्यक्ति।

हस्ताक्षरित–वि० [सं०]हस्ताक्षर गरिएको; दस्तखत गरिएको

हस्तान्तर–ना० [सं०] हस्तान्तरण।

हस्तान्तरण–ना० [सं०]१. अरूका हातमा दिनु; हाते-सारी गर्नु। २. आफ्ना अधिकार वा जिम्माको वस्तु अर्कालाई सुम्पनु।

हस्तान्तरित–वि०[सं०] १. एक हातबाट अर्को हातमा बुझाइएको; अरूका हातमा दिइएको। २. हस्तान्तरण गरिएको।

हस्तामलक–ना०[सं०] १. आफ्ना हातमा रहेको अमलाजस्तै गरी सबै कुरा जान्न सकिने कुनै विषय। २. शङ्कराचार्यका एक शिष्य।

हस्ति-कर्ण–ना० [सं०] जाँते-तरुल।

हस्ति-कोशातकी–ना० [सं०] १. तीन कुना परेका ठूला-ठूला पात हुने, पहेँला फूल फुल्ने, लामा-लामा फल फल्ने, नङ्ग्रा नहुने एक जातको लहरो। २. त्यसैको फल; ठूलो जातको घिरौंलो।

हस्तिनी–ना० [सं०] १. पोथी हात्ती; ढोई। २. काम-शास्त्र-अनुसार चार प्रकारका स्त्रीमध्ये एक (स्थूल र रोम-युक्त शरीर हुने र पतिलाई आफ्ना वशमा राख्ने स्त्री)।

हस्ति-शुण्डी–ना० [सं०] हात्ती-सूँड़े।

हस्ति-हाड़–ना० [सं० हस्ति+हाड़] हात्तीको हाड़।

हस्ती–ना० [सं०] हात्ती।

हस्ते–क्रि० यो० [सं० हस्त+ए] हातद्वारा; मार्फत।

CC-0. In Public Domain. Digitization by eGangotri

हस्तेवारी–ना० [हस्ते+वारी] १. कसैको मार्फत पाउने वा पठाउने काम। २. कसैको हस्ते भई अथवा कसैको मार्फत भएको आम्दानी वा खर्च।

हस्त्य–वि० [सं०] १. हातले गरिने। २. हातको; हात-सम्बन्धी।

हस्त्यायुर्वेद–ना० [सं०] हात्तीको उपचार गर्ने चिकित्सा-शास्त्र

हस्याङ-फस्याङ–क्रि०यो० [ने०] दौड़दाको थकाइ वा गर्मीले स्वाँ-फ्वाँ गर्ने किसिम।

हस्स–क्रि० यो० [प्रा०] १. निराश हुने किसिम; हिस्स। २. जिल्लिने किसिम। ३. दुर्गन्ध आउने किसिम।

हस्सिइनु–अ० क्रि०[हस्सि+इ+नु] हस्स परिनु; ('हस्सिनु'-को० भा० क्रि०।)

हस्सिनु–अ क्रि० [हस्स+इ+नु] १. हस्स पर्नु; जिल्ल पर्नु। २. हिस्सिनु; निराश हुनु।

हस्स्याइ–ना० [हस्सि+याइ]हस्सिने किसिम, क्रिया वा भाव।

हस्स्याइ–ना० [हस्स्याउ+आइ]हस्स्याउने किसिम, क्रिया वा भाव।

हस्स्याइनु–स० क्रि० [हस्स्याउ+इ+नु] हस्स पारिनु; ('हस्स्याउनु'-को क० क्रि०)।

हस्स्याउनु–स० क्रि० [हस्सि+याउ+नु] १. हस्स पार्नु; जिल्ल्याउनु। २. हिस्स पार्नु; हिस्स्याउनु; ('हस्सिनु'-को प्रे० क्रि०)।

हा–वि० बो० [सं०] १. खेद, शोक, क्रीडा, घृणा, हर्ष आदि सूचित गर्ने शब्द। २. कसैले अनुचित काम गर्दा हप्काउने वा निषेध गर्ने शब्द।

हाँ–वि० बो० [सं० आम्] १. अरूले गरेका काम वा कुरामा सही थापेर भनिने शब्द; स्वीकृति-सूचक शब्द। २. स्वीकृति; मन्जूरी।

हाँक–ना० [प्रा० हक्कार]१. शत्रु वा विरोधीलाई सङ्घर्षका निमित्त गरिने आह्वान; ललकार; हुङ्कार। २. कुनै साहसपूर्ण कामका निमित्त जन-समूहलाई अगाड़ि बढ़ाउने काम; हाँक्ने काम। ३. आँट; साहस।

हाँक-डाँक–ना० [हाँक+डाँको] हप्की-दप्की।

हाँकिइनु–अ० क्रि० [हाँकि+इ+नु] हाँकिने काम होइनु; ('हाँकिनु'-को भा० कि०)।

हाँकिनु–स० क्रि० [हाँक्+इ+नु]१. हाँक दिइनु। २. बग्गी, मोटर आदि चलाइनु; ('हाँक्नु'-को क० क्रि०)। ३. खूब बढ़ाई-चढ़ाईकन कुनै कुरो गर्नु।

हाँक्नु–स० क्रि० [प्रा० हक्कार] १. हाँक दिनु; ललकार्नु। २. हिम्मतका साथ कुनै कामको सञ्चालन गर्नु। ३. अह्राउनु; हैकम चलाउनु। ४. दमन गर्नु; शासन गर्नु। ५. मोटर, बग्गी आदि सवारी चलाउनु। ६. चमर, पङ्खा आदि चलाउनु; हम्कनु। ७. फुर्माएर वा बढ़ाई-चढ़ाई कुरा गर्नु।

हाँगा-बिँगा–ना० [हाँगो+बिँगो] हाँगाहरूको समुदाय।

हाँगिइनु–अ० क्रि० [हाँगि+इ+नु] हाँगा हालिइनु; हाँगा फिँजिनु; ('हाँगिनु'को भा० क्रि०)।

हाँगिनु–अ० क्रि० [हाँगो+इ+नु] हाँगा-बिँगा फैलिनु; धेरै-हाँगा हाल्नु; झाङ्गिनु।

हाँगे–वि० [हाँगो+ए] धेरै हाँगा भएको; हाँगा-बिँगा हालेको।

हाँगो–ना० [सं० हस्ताङ्ग] १. रूखका प्रकाण्डबाट निस्केका सान-तिना डाँठ; शाखा। २. सन्तान; सन्तति।

हाँड़ा-चिण्डा–ना० [हाँड़ी+चिण्डो] हण्डा-चिण्डा।

हाँड़ी–ना० [सं० हण्डी] कसौंड़ीका आकारको माटाको भाँड़ो।

हाँड़े–ना० [हाँड़ी+ए] कानका फेदमा फुकुन्डो निस्कने एक रोग।

हाँड़ो–ना० [सं० हण्डी]माटाको वा थोत्रो भएको पात्र (निन्दार्थमा)।

हाँड़ो-भाँड़ो–ना० [हाँड़ो+भाँड़ो] १. हाँड़ो र भाँड़ाहरूको समूह; भाँड़ा-बर्तन। २. घरायसी कामका माल-मत्ता; झिटी-मिटी।

हाँफ-झाँप–ना० [हाँफ्+झुम्प (सं०)]ठूलो हड़बड़ी; हतपत।

हाँफिनु–अ०क्रि०[हाँफ्+इ+नु]लामो र छिटो सास फेरिनु; ('हाँफ्नु'-को भा० क्रि०)।

हाँफ्नु–अ० क्रि०[सं० हाफिका+नु] १. गर्मी वा परिश्रमले लामो र छिटो-छिटो सास फेर्नु; स्वाँ-स्वाँ गर्नु। २. गाई, भैँसी आदि पशुले फुँक्क गरेर हान्न खोज्नु; हम्कनु।

हँस–ना० [सं० हंस] चेप्टो फराकिलो चुच्चो र औँला नछुट्टिएका पन्जा हुने एक जातको जलीय पक्षी; हंस।

हाँसको-च्यूरा–ना० [हाँस+को+च्यूरा] जमेको पानीमाथि तर लाग्ने, चरि-अमिलाका आकारका साना-साना पात र त्यसैका तल मसिना साना-साना जरा हुने वनस्पति; वारिपर्णी।

हाँस-खुट्टे–ना० [हाँस+खुट्टो+ए]हाँसका पन्जाका आकारका पात हुने एक जातको लता; हंस-पदी। (आयुर्वेदमा यसको गुण, खटिरा, रक्त-दोष एवम् अपस्मार-रोग नाश गर्ने र ठन्डी बताइएको छ।)

हाँसिनु–अ० क्रि०[हाँस्+इ+नु]हाँस्ने काम गरिनु; ('हाँस्नु'-को भा० क्रि०)।

हाँसो–ना० [हाँस्+ओ] १. हाँस्ने क्रिया; हसन। (हाँसो छ प्रकारका मानिएका छन्–स्मित, हसित, विहसित, अवहसित, अपहसित र अतिहसित)। २. परिहास; दिल्लगी; उपहास।

हाँस्नु–अ० क्रि०[सं० हस्+नु] १. खुशी वा आनन्दले मुखबाट शब्द निकालेर प्रसन्नता प्रकट गर्नु; खित्का छोड्नु; हाँसो निकाल्नु। २. खुशी हुनु; दङ्ग पर्नु। ३. उपहास गर्नु।

हाइँ-फाइँ–ना० [हाँक+फुइँ] हाकहुक।

हाइ–वि० बो० [सं० हा]खेद, दया, सहानुभूति, शोक आदि सूचित गर्ने शब्द; हाय।

हाइड्रोजन–ना० [अं०] उदजन।

CC-0. In Public Domain. Digitization by eGangotri

हाइफेन–ना० [अं०] संयोजक-चिह्न; शब्दहरू वा अक्षरहरू-लाईजोड्नाका निमित्त बीचमा प्रयोग गरिने छोटो तेर्सो धर्सो (-)।

हाइ-हाइ–वि० बो० [सं० हा+हा] कसैलाई दुःख, कष्ट, शोक आदि पर्दा सहानुभूति प्रकट गरेर भनिने शब्द; हाय-हाय।

हाई–वि० [ने०] प्रशंसनीय; तारीफ गर्न योग्य।

हाई–ना० [सं० हाफिका] आलस्य, निद्रा आदिले स्वभावतः मुख बाउने क्रिया; जृम्भा।

हाई-कोर्ट–ना० [अं०] उच्च-अदालत।

हाई-स्कूल–ना० [अं०] माध्यमिक कक्षासम्म पढ़ाइने स्कूल; माध्यमिक पाठ-शाला।

हाई-हाई–वि० [हाई+हाई] १. सबैबाट झुराइने; प्रशंसनीय। २. सबैको प्यारो; लोक-प्रिय। (ना०) ३. प्रशंसा; तारीफ।

हाउ–ना० [सं० हाव] १. स्त्रीहरूले पुरुष-जातिलाई आकर्षित गर्नाका निमित्त आँखा, मुख, हात आदि नचाएर गर्ने चेष्टा; हाव। २. सङ्गीत, नृत्य आदिमा कुनै भाव अभिव्यक्त गर्नाका निमित्त गरिने अङ्गहरूको चेष्टा।

हाउ–ना० [अनु०] केटा-केटीलाई डर देखाउनाका निमित्त कल्पना गरिएको प्राणी; विभीषिका।

हाउ-भाउ–ना० [सं० हाव-भाव] हाव-भाव।

हाकहुक–ना० [हाँक+हुङ्कार (सं०)] कुनै काम सिद्ध गर्नाका निमित्त गरिएको फूर्ति वा धाक; हाइँ-फाइँ; हा-हो।

हाकाहाकि–क्रि० यो० [हाँक] भन्न वा गर्न असजिलो भएको कुरा साहस गरेर स्पष्ट रूपमा; खुल्लम-खुल्ला; प्रत्यक्ष रूपमा (काम वा कुरा गर्नु)।

हाकिम–ना० [अ०] १. अन्य कर्मचारीहरूका कामको रेख-देख र व्यवस्था गर्ने अधिकारी; अड्डाको प्रमुख व्यक्ति; प्रधान अधिकारी।

हाकिमी–ना० [अ० हाकिम+ई] हाकिमको काम वा पद।

हाकी–ना० [प्रा० हक्किअ] दुवै हात फैलाएर केटा-केटी-लाई बोलाउने शब्द।

हाकी–ना० [प्रा० हक्किअ] टाढ़ाको मानिसलाई ठूलो स्वरले गरिने पुकार; डाँको।

हाक्क-हाक्क–क्रि० यो० [हाकहुक] हाकहुक।

हाच्छिउँ–ना० [अनु०] हाच्छयूँ।

हाच्छयूँ–ना० [अनु०] छिँक्ने क्रिया वा शब्द; छिउँ।

हाजिर–वि० [अ० हाज़िर] १. सामने रहेको; रुजू; उपस्थित; विद्यमान। २. प्रस्तुत; तयार। (ना०) ३. कुनै नियत स्थानमा उपस्थित हुने काम; उपस्थिति।

हाजिर-कापी–ना० [हाजिर+कापी] हाजिरी लेख्ने बही वा रजिस्टर।

हाजिर-जवाब–वि० [अ० हाज़िर+जवाब] तुरन्त उपयुक्त उत्तर दिन सक्ने; प्रत्युत्पन्न-मति।

हाजिर-जवाबी–ना० [हाजिर-जवाब+ई] हाजिर-जवाब हुने क्रिया, भाव वा शक्ति।

हाजिरवाला–ना० [अ० हाज़िर+वाला (फा०)] १. हाजिर गर्ने व्यक्ति; उपस्थिति जाँच्ने कर्मचारी। (वि०) २. हाजिर भएको; उपस्थित।

हाजिरी–ना० [अ० हाज़िर+ई] हाजिर हुने काम; उपस्थिति।

हाजिरी-फाराम–ना० [हाजिरी+फॅर्म (अं०)] विधिपूर्वक हाजिरी लेख्ने वा लेखिएको कागत।

हाट–ना० [सं० हट्ट] १. निर्धारित दिनमा गाउँहरूमा लाग्ने सानो बजार; पिठिया। २. पसल; दुकान।

हाटक–ना० [सं०] १. सुन; सुवर्ण। २. धतूरो।

हाट-हुट–ना० [ने०] कुनै काम गर्नाका निमित्त गरिने फूर्ति र चलाकीका साथको प्रयत्न; हाट्ट-हुट्ट; हाइँ-फाइँ।

हाट्ट-हुट्ट–ना० [हाट-हुट] हाट-हुट।

हाड़–ना० [सं० हड्ड] १. मानिस, जन्तु आदिका शरीरभित्र अङ्गकै रूपमा रहने सेतो कड़ा पदार्थ; अस्थि; हड्डी। २. ओखर, कागजी-बदाम आदि फलको कड़ा खपटो।

हाड़-खोड़–ना० [हाड+खुर] हाड़, खुरहरूको समुदाय।

हाड़-खोर–ना० [हाड़+खुर] हाड़-खोड़।

हाड़-छाला–वि० [हाड़+छाला] ज्यादै दुब्लो; लौरी-पन्जर।

हाड़-नाता–ना० [हाड़+नाता] जन्म वा विवाहका दृष्टिले समाज वा ऐनले निर्धारित व्यक्तिहरूसितको विशेष सम्बन्ध; नजीकैको साइनु।

हाड़-फोरा–वि० [हाड़+फोर्+आ] १. हाड़-नातामा करणी गर्ने; अगम्या-गमन गर्ने। (ना०) २. एक जातको चील।

हाड़े–वि० [हाड़+ए] १. हाड़ भएको; अस्थि-युक्त। २. हाड़जस्तै साह्रो र अधिक खपटा भएको (ओखर, बदाम आदि)। ३. हाड़जस्तो कड़ा।

हाड़े-बयर–ना० [हाड़े+बयर] १. लाम्चा पात, हरिया साना-साना फूल र थोरै गुदी हुने राता गोल फल फल्ने एक जातको काँढ़ादार बोट। २. त्यसैको फल।

हाड़े-लसुन–ना० [हाड़े+लसुन] १. लसुनका जस्ता पोटी र पात हुने, राता-पहेँला छिर्का परेका फूल फुल्ने एक जातको बोट। २. त्यसैको फूल।

हात–ना० [प्रा० हत्थ] १. शरीरको काँधदेखि पन्जासम्मको अवयव; बाहाँ; बाहुली; बाहु; हस्त। २. कुइनादेखि माझी-औंलाको टुप्पोसम्मको नापो; आधा गजको नापो। ३. अख्तियार; अधिकार। ४. ताश, कौड़ा आदिका खेल-को पटक। (वि०) ५. दुइ बित्ताको; आधा गजको।

हात-कट्टू–वि० [हात+कट्टू] हात काट्टिएको वा नभएको; डुँड़ो; हाते-कट्टू।

हात-जोड़ी–ना० [हात+जोड्] १. हातका पन्जाका आकारको जरो, हाड़े-लसुनका जस्ता पात हुने र घोगाका आकारका फूलमा मरीचजत्रो कलेजी गेड़ा लाग्ने, हिमालयमा हुने एक जातको बूटी; कर-ज्योड़ि। २. त्यसैको जरो।

CC-0. In Public Domain. Digitization by eGangotri

(आयुर्वेदमा यसको गुण पारोलाई बद्ध गर्ने र वाजीकरण गर्ने बताइएको छ।)

हात-पात–ना० [सं० हस्त+पात] १. स्त्रीको अनुमति वा इच्छाविना पुरुषले काम-वासनाको इच्छाले स्त्रीमाथि हात हाल्नु; बलात्कार। २. कुट-पिट; हाते-पाते।

हात-मुख–ना० [हात+मुख] १. मीठो बोल्न र खान-पिउन दिन सक्ने क्रिया। २. हात र मुखको योग्य काम।

हात-लागी–ना० [हात+लाग्] १. प्राप्ति; आम्दानी। २. गणितको क्रियामा सङ्ख्याको अन्तिम अङ्क लेखेर बाँकी रहेको सङ्ख्या।

हात-सारी–ना० [हात+सार्+ई] १. धेरैजना मिलेर एकपछि अर्को काम पालैसित गर्नु। २. एक हातबाट अर्को हातमा सार्दै कुनै काम सम्पन्न गर्नु।

हात-हतियार–ना० [फाँ० हात+हतियार] १. हतियार-हरूको समूह; शस्त्रास्त्र। २. ज्यावल; औजार।

हाता–ना० [अ० इहातः] १. घेरा; गिर्दा। २. जिल्ला; प्रान्त; प्रदेश।

हाताहाती–क्रि० यो० [हात+हात] हात-हातै वा तुरुन्तै; (कार्य-सम्पादन, लेन-देन, खरीद-बिक्री आदि)।

हाते–वि० [हात+ए] १. हातको; हात-सम्बन्धी। २. हातमा लिएर उपयोग गरिने। ३. पाठो वा बाछो नभएकोले हातले पधारिने; हतुवा (पशु)। ४. हातको लायक।

हाते-कट्टू–वि० [हात-कट्टू] हात-कट्टू।

हाते-पाते–ना० [हात-पात] १. हात-पात। (क्रि० यो०) २. हाताहाती।

हाते-मालो–ना० [हात+माला] १. परस्परमा हात समात्ने काम। २. सहयोग; सहायता।

हाते-सारी–ना० [हात-सारी] १. एक हातबाट अर्को हातमा दिने काम; हात-हातै एक ठाउँको वस्तु अर्को ठाउँमा पुऱ्याउने काम। २. मद्दत; सहायता।

हातो–ना० [हात+ओ] १. जाँतो घुमाउँदा समाइने बीँड़। २. यन्त्र चलाउँदा हातले समातिने अवयव।

हात्ती–ना० [सं० हस्ती] लामो सूँड़, अति ठूलो र भद्दा शरीर भएको एक प्रसिद्ध स्तन-पायी जन्तु; हस्ती; गज।

हात्ती-काने–ना० [हात्ती+कान] १. खस्रा ठूला-ठूला पात हुने, पहेँला साना-साना फूल फुल्ने, खिर्राका जस्ता फल फल्ने, खस्रो बोक्रा हुने र पहेँलो चोब निस्कने एक जातको बूटी; सजिवन; रतन्जोत; सातला। (आयुर्वेदमा यसको गुण कफ-पित्त-नाशक र घाउ, खटिरा, कुष्ठ आदि रोगमा लाभ-दायक बताइएको छ।) २. एक किसिमको फित्तावाल जुत्ता।

हात्ती-छेरा–ना० [हात्ती+छेर्] नंफलेको एक जातको निम्न कक्षाको रातो चामल।

हात्ती-पाइले–ना० [हात्ती+पाइलो] १. हात्तीका पाइलाका आकारको पात र सेता साना झुप्पाकार फूल फुल्ने एक जातको बोट; एक जातको खनायो। २. खुट्टा सुनिने एक रोग। (वि०) ३. त्यो रोग लागेको; थाम-खुट्टे।

हात्ती-बूटे-बन्सो–ना० [हात्ती+बूटो+बन्सो] मसिना हरिया फूल फुल्ने एक जातको बन्सो घाँस।

हात्ती-सार–ना० [हात्ती+शाला (सं०)] हात्ती बाँध्ने ठाउँ वा घर।

हात्ती-सूँड़े–वि० [हात्ती+सूँड़] १. हात्तीका सूँड़का आकारको। (ना०) २. टीका-टीका परेका लाम्चा ठूला पात, हात्ती-का सूँड़जस्तै घुँगुरिएका लामा केस्राका टुप्पामा मसिना नीला फूल फुल्ने एक जातको बूटी; हस्ति-शुण्डी। (आयुर्वेदमा यसको गुण गरम र सन्निपात ज्वर-नाशक बताइएको छ।)

हान-थाप–ना० [हान्+थाप्] कुनै लाभ उठाउन दुइ वा धेरैले तँछाड़-मछाड़ गर्ने काम; परस्परको स्पर्धा वा लुछा-चुँड़ी; हानाहान।

हान-मार–ना० [हान्+मार्] काट-मार।

हानाहान–ना० [हान्+हान्] १. एकले अर्कोलाई हान्ने काम; परस्परमा प्रहार गर्ने काम। २. हान-थाप; प्रतिस्पर्धा; लुछा-चुँड़ी।

हानि–ना० [सं०] १. नोक्सान; टुट्टा; घाटा। २. कुभलो; अपकार। ३. खति; क्षति; बर्बादी।

हानि-कर–वि० [सं०] हानि-कारक।

हानि-कारक–वि० [सं०] हानि गर्ने; नोक्सान गर्ने; हानि-कर।

हानिनु–अ० क्रि० [हान्+इ+नु] १. वेगसित जानु; जोड़ले जानु। (स० क्रि०) २. कुनै वस्तुले हिर्काइनु। ३. काममा बाधा पारिनु; ('हान्नु'-को क० क्रि०)।

हाने-फाने–ना० [हान्+फाल्] १. फूर्तिसाथ काम गर्नु; चाँड़ो-चाँड़ो काम गर्नु। २. हाइँ-फाइँ; लम्की-झम्की।

हान्नु–स० क्रि० [सं० हन्] १. शस्त्र-अस्त्र आदिले प्रहार गर्नु; हिर्काउनु। २. घन, मुङ्ग्रो आदि चलाउनु; ठोक्नु। ३. सीङ, मुक्का, लात्ती आदिले प्रहार गर्नु। ४. घड़ी, घण्टा आदि बजाउनु। ५. कौड़ा, पासा आदि दाउमा प्रयोग गर्नु। ६. मैथुन गर्नु। ७. अर्काले उठाउन लागेको लाभमा हानि पार्नु वा आफूले लाभ उठाउनु।

हापा–वि० [ने०] १. ठूलो मुख भएको। २. हाब्रे। (ना०) ३. बाँसको खपटो।

हाप्सिलो–ना० [ने०] १. फ्याउराका जातको एक जङ्गली हिंस्रक प्राणी। (वि०) २. धेरै खाने; खन्चुवा; घिच्चू।

हाफ–वि० [अं०] आधा; अर्ध।

हाब्रे–वि० [ने०] १. खन्चुवा। २. बेछाँटको ठूलो। ३. बढ्ता च्यातिएको वा ठूलो खाने मुख भएको।

हाब्रो–ना० [ने०] बढ्ता च्यातिएको वा ठूलो खाने मुख।

हाम–ना० [सं० झम्] खाने काम; गाँस हाल्ने काम; खवाइ (बाल-बोलीमा)।

CC-0. In Public Domain. Digitization by eGangotri

हाम–ना० [घाम] अर्ध-वृत्ताकार इन्द्रेनी ।

हामफलाइ–ना० [हामफाल्+आइ] हामफाल्ने किसिम, क्रिया वा भाव ।

हामफलाइनु–स० क्रि० [हामफलाउ+इ+नु] हामफाल्न लाइनु; ('हामफलाउनु'-को क० क्रि०) ।

हामफलाउनु–स० क्रि० [हामफाल्+आउ+नु] हामफाल्न लाउनु; ('हामफाल्नु'-को प्रे० क्रि०) ।

हामफालिनु–अ०क्रि० [हामफाल्+इ+नु] फालहालिनु; ('हामफाल्नु'-को भा० क्रि) ।

हामफाल्नु–अ० क्रि० [सं० झम्प] फालहाल्नु ।

हामी–सर्वना० [प्रा० अम्ह] १. उत्तम-पुरुष बहु-वचनको अर्थ बुझाउने सर्वनाम-शब्द 'म'-को बहु-वचन; धेरै जनाको प्रतिनिधित्व गरेर कुनै एक व्यक्तिले बोल्दा प्रयोग गरिने शब्द । २. घमन्डपूर्वक बोल्दा 'म'-का सट्टामा प्रयोग गरिने शब्द ।

हाम्म–क्रि० यो० [सं० झम्] १. खाने वा गाँस हाल्ने किसिम; हाम गर्ने किसिम । (ना०) २. खाने काम; हाम (बाल-बोलीमा) ।

हाम्रो–वि० [हामी+रो] हामीहरूको; 'मेरो'-को बहु-वचन ।

हाय–वि० बो० [सं० हा] हा ।

हायन–ना० [सं०] वर्ष; संवत्सर ।

हायल-कायल–वि० [अ० हायल+क़ायल] १. हैरान; कायल; हावा-कावा; हारा-बारा । २. थर्कमान; थरहरी ।

हाय-हाय–वि० बो० [हाइ-हाइ] हाइ-हाइ ।

हायू–वि० [सं० आहार] १. धेरै खाने; खन्चुवा । २. गति-पति नभएको; खाइची ।

हायू–ना० [ने०] नेपालको दक्षिणी भागमा बस्ने एक जाति ।

हार–ना० [सं० हारि] १. युद्ध, प्रतिद्वन्द्विता, खेल आदिमा प्रतिस्पर्धीद्वारा जितिनु; पराजय । २. थकाइ; शिथिलता । ३. लाचारी; विवशता ।

हार–ना० [सं०] १. गलामा पहिरने फूल, रत्न आदिको माला । २. लहर; ताँती । (वि०) ३. लाने वा ल्याउने । ४. हरण गर्ने । ५. नाश गर्ने ।

हारक–वि० [सं०] १. हरण गर्ने; खोस्ने । २. मनोहर; सुन्दर । (ना०) ३. चोर । ४. लुटेरो । ५. हार; माला ।

हार-गुहार–ना० [(फाँ०) हार+गुहार] मद्दतका निमित्तको प्रार्थना ।

हार-दाम्लो–ना० [सं० हार+दाम्लो)] माल-दाम्लो ।

हार-हुर–क्रि० यो० [ने०] १. कुनै काम चाँड़ो वा हड़बड़ाएर गर्ने किसिम; धारधुर । २. रुपियाँ-पैसा उड़ाउने किसिम ।

हारा–ना० [हार+आ] नाम शब्दका पछि जोरिएर अभाव, विवशता, लाचारी आदि अर्थ बुझाउने शब्द । (उदा०– हिम्मत-हारा, कर्म-हारा, गति-हारा इत्या० ।)

हारा-बारा–वि० [ने०] १. हावा-कावा; हायल-कायल । (ना०) २. गाना गाएर केटा-केटीको हात समाती घुमाउने एक खेल ।

हारालूछ–ना० [हर्+लुछ्] बल गरी लिने काम; तँछाड़-मछाड़ गरी लिने काम ।

हाराहारी–वि० [हार+हार] १. आमुन्ने-सामुन्ने; सोझा-सोझी । (क्रि० यो०) २. एकै लहरमा; एउटै पङ्क्तिमा । ३. सामानान्तर ।

हारित–वि० [सं०] १. हरण गरिएको । २. पक्रिएको । ३. आकर्षित । (ना०) ४. हरियो रङ । ५. हलेसो पक्षी ।

हारिद्रक–ना० [सं०] १. हरिया र राता सिरुवारेका जस्ता पात, पहेँला फल र पहेँलो कन्द हुने, हिमालयमा पाइने एक जातको विष-बूटी ।

हारिनु–अ० क्रि० [हार्+इ+नु] हार खाइनु; ('हार्नु'-को भा० क्रि०) ।

हारी–वि० [सं०] १. हरण गर्ने; खोस्ने । २. चोर्ने । ३. हार लगाएको; माला पहिरेको ।

हारीत–ना० [सं०] १. चोर; तस्कर । २. मूर्ख मानिस । ३. परेवा । ४. हलेसो चरो ।

हार्द–ना० [सं०] प्रेम; स्नेह ।

हार्दिक–वि० [सं०] १. हृदय-सम्बन्धी । २. दिलैदेखिको; आन्तरिक । ३. ठीक र सत्य ।

हार्दिकता–ना० [सं०] १. हार्दिक हुनाको भाव । २. मित्रता; प्रेम; स्नेह ।

हार्नु–अ० क्रि० [हार+नु] १. हार खानु; पराजित हुनु । २. उत्साह भङ्ग हुनु; लाचार हुनु; हतास हुनु । ३. दिक्क हुनु । (स० क्रि०) ४. जूवा वा लेन-देनको व्यापारमा रुपियाँ-पैसा गुमाउनु ।

हार्य–वि० [सं०] १. हरण गर्न योग्य । २. जित्न सकिने ।

हार्मोनियम–ना० [अं०] सन्दूकका आकारको, हावा भरेर बजाइने एक प्रकारको बाजा ।

हार्र-हुर्र–क्रि० यो० [हार-हुर] हार-हुर ।

हाल–ना० [अ० हालः] गाड़ा, रथ आदिका पाङ्ग्राको बाहिरी परिधिमा जड़िने फलामे चक्का ।

हाल–ना० [अ०] १. अहिलेको समय; वर्तमान काल । २. अवस्था; दशा । ३. परिस्थिति; हालत । ४. समाचार; खबर; वृत्तान्त । ५. विवरण; बयान; बेहोरा । (क्रि० यो०) ६. यस समयमा; अचेल ।

हाल-खबर–ना० [हाल+खबर[१. समाचार; सन्देश । २. अवस्था; स्थिति; हाल-चाल ।

हाल-चाल–ना० [हाल+चाल] १. अवस्था; चाला-माला । २. चाल-चलन; बेहोर । ३. परिस्थिति ।

हालत–ना० [अ०] अवस्था; स्थिति; दशा; परिस्थिति ।

हालवाला–वि० [हाल+वाला] १. हाल भएको; अहिलेको; वर्तमान समयको । २. नयाँ; नौलो ।

हाल-साबिक–वि० [हाल+साबिक] १. पहिलेको र अहिलेको; हालको र साबिकको । (वि०) २. बरखास्त हुने र

CC-0. In Public Domain. Digitization by eGangotri

नयाँ भर्ना हुने ।

हाल-साल–क्रि० यो० [हाल+साल] हिजो-आज; अचेल; वर्तमान समयमा ।

हालहल–ना० [सं०] हलाहल विष ।

हाल-हुल–ना० [हाल्+हुल्] हाल्ने वा हुल्ने काम ।

हाल-हुल–ना० [हल्ला+हूल] हूल-हुज्जत; हूल-दङ्गा ।

हाला–वि० [हार] हैरान; हाला-बाला; हायल-कायल ।

हाला–ना० [सं०] मदिरा; मद्य ।

हाला-बाला–वि० [हाला+बाला (फाँ०)] हारा-बारा ।

हालाहल–ना० [सं०] हलाहल विष ।

हालाहाल–ना०[हाल्+हाल्] परस्परमा हाल्ने काम; धमाधम हाल्ने काम ।

हालिनु–स० क्रि० [हाल्+इ+नु] केही वस्तु कुनै भाँड़ोमा राखिनु; ('हाल्नु'-को क० क्रि०) ।

हालै–क्रि० यो० [अ० हाल+ऐ] केही दिन अगाड़ि नै; थोरै दिन पहिलेमात्र ।

हाल्नु–स० क्रि०[सं० हुल्+नु] १. केही वस्तु कुनै भाँड़ोमा राख्नु । २. पसाउनु; घुसार्नु । ३. भर्ना गर्नु; नियुक्त गर्नु । ४. सौता ल्याउनु । (अ० क्रि०) ५. क्रियाका पछि लागेर तत्काल वा स्वभावैले त्यो कार्य हुने कुराको बोध गराउने शब्द । (उदा०–गइहाल्नु, भइहाल्नु इत्या० ।)

हाल्ल-हुल्ल–क्रि० यो० [ने०] १. पानी आदि पन्यालो पदार्थ जथाभावीसँग पोखिने किसिम; छ्याल्ल-ब्याल्ल । २. हूल-दङ्गा मच्चिने किसिम ।

हाव–ना० [सं०] १. साहित्यमा संयोगका समयमा पुरुषलाई मोहित पार्ने नायिकाले गर्ने अनेक स्वाभाविक चेष्टा । २. साहित्यमा अनुभावमध्ये एक । (यसका यी दश स्वभावज भेद छन्–लीला, विलास, विच्छित्ति, विभ्रम, किलकिञ्चित, मोट्टायित, विव्वोक, विहृति, कुट्टमित ललित र हेला; अथवा कौतूहल, कौतुक, कुतुक, कुतूहल, विलास, विव्वोक, विभ्रम, ललित, हेला र लीला ।)

हाव-भाव–ना०[सं०] १. नायकलाई मोहित पार्नाका निमित्त नायिकाले आँखा, मुख, हात आदि नचाएर गर्ने अनेक मनोहर चेष्टा; हाउ-भाउ । २. गायक, नर्तक, अभिनेता आदिले विषयका अनुकूल प्रभाव उत्पन्न गर्न स्वर अथवा अङ्ग-प्रत्यङ्गद्वारा प्रकट गर्ने चेष्टा ।

हावा–ना० [अ० हवा] पृथ्वीमा सर्वत्र व्याप्त भएर रहेको, प्राणीहरूले सास फेर्ने अदृश्य तत्त्व; पञ्च-तत्त्वमध्ये एक; वायु; बतास ।

हावा-कावा–ना० [हावा+कावा] हायल-कायल ।

हावा-घर–ना०[हावा+घर] प्रशस्त हावा चल्ने गरी बनाइएको खुला घर; बङ्गला ।

हावादार–वि० [हवादार] हावादारी ।

हावादारी–वि० [हवादार+ई] १. हावा आवत-जावत गर्ने झ्याल-ढोका वा प्वालहरू धेरै भएको; हावादार । २. प्रमाण नभएको; उड़न्ता (खबर, कुरा आदि) । ३. अनेक छिद्रहरू राखी सकेसम्म हलुङ्गो पारी बनाइएको (आभषण) ।

हावा-पानी–ना०[हावा+पानी]प्राणीको जीवन वा स्वास्थ्यमा असर पार्ने हावा, पानी आदि प्राकृतिक पदार्थ; जल-वायु ।

हावाबाजी–ना० [हावा+बाज+ई] प्रमाण नभएको कुरो; उड़न्ते कुरा; गफ ।

हावी–वि०[अ०] चारैतिरबाट घेर्ने वा घेरेर वशमा पार्ने ।

हास–ना० [सं०] १. हाँस्ने क्रिया; हाँसो । २. ठट्टा; दिल्लगी । ३. प्रसन्नता; खुशी । ४. साहित्यमा हास्य-रसको स्थायीभाव । (यसका छ भेद छन्–स्मित, हसित, विहसित, अवहसित, अपहसित र अतिहसित) । ५. हास्य-रस । ६. फक्रनु; फुल्नु । ७. घमन्ड । ८. सेतोपन ।

हासक–ना० [सं०] १. हाँस्ने व्यक्ति । २. हँसाउने वा हाँसो उठ्ने चेष्टा गर्ने व्यक्ति; विदूषक ।

हासिल–वि० [अ०] १. पाएको; प्राप्त; उपलब्ध । २. सफल; सिद्ध । (ना०) ३. लाभ; प्राप्ति । ४. सफलता; सिद्धि ।

हासी–वि० [सं०] १. हाँस्ने; हँसुवा । २. ठट्यौलो; परिहासशील ।

हास्य–वि० [सं०] १. हाँस्न योग्य । २. उपहास गर्न योग्य; हँस्सी गर्न लायक । (ना०) ३. हाँस्ने क्रिया; हाँसो । ४. हर्ष उल्लास । ५. साहित्यका नौ रसमध्ये एक ।

हास्यक–ना० [सं०] हाँसो उठ्ने कुरो वा कथन ।

हास्य-रस–ना० [सं०] साहित्यमा विकृत आकार, बोली, वेश, चेष्टा आदिबाट उत्पन्न हुने, हास स्थायी-भाव भएको एक रस; साहित्यका नौ रसमध्ये एक ।

हास्यास्पद–वि० [सं०] १. हाँसो उठ्दो; देख्ता हाँसो उत्पन्न हुने । २. उपहासको विषय बनेको ।

हाहा–ना० [ने०] १. ठूलो स्वरले हाँस्ने आवाज । २. अरूको उपहास वा निन्दा गर्ने काम । ३. धेरै जनाको वेदनायुक्त आवाज; कोलाहल; हाहाकार । ४. ठूलो कष्ट; विपत्ति । ५ डोहो; आच्छु-आच्छु । ५. दयापूर्वक कुनै नराम्रो कुरोको निषेध गर्नु । ६. बहकाउ; लहै-लहै ।

हाहाकार–ना० [सं०] १. धेरै जनाको आर्त-नाद; शोकपूर्ण कोलाहल । २. विपत्ति; ठूलो कष्ट ।

हाहा-हूहू–ना० [ने०] हँस्सी; दिल्लगी ।

हा-हु–ना० [ने०] कुनै प्रकारले कार्य-सिद्ध गर्नु; जेनतेन गरी काम तामेल गर्नु; हाट-हुट; हा-हो ।

हा-हो–ना० [ने०] हा-हु ।

हिँगुवा–ना० [ने०] १. लाम्चा पात; हरियोमा नीला र खैरा धर्का परेका लामा-लामा पत्र हुने फूल र हरियो खोक्रो फल हुने एक जातको वृक्ष । २. त्यसैको फल । (आयुर्वेदमा यसको गुण स्त्रीको गर्भ-सम्बन्धी रोगमा हित गर्ने बताइएको छ ।)

हिँड़-डुल–ना० [हिँड्+डुल्] विस्तारै यता-उति हिँड्ने र डुल्ने

CC-0. In Public Domain. Digitization by eGangotri

काम; डुल-फिर।

हिँड़न्ता–वि० [हिँड्+अन्ता] खूब हिँड्न सक्ने; हिँडुवा; हिँड़न्ते।

हिँड़न्ते–वि० [हिँड्+अन्ते] हिँड़न्ता।

हिँड़ाइ–ना० [हिँड्+आइ] हिँड्ने किसिम, क्रिया वा भाव।

हिँड़ाइनु–स० क्रि० [हिँड़ाउ+इ+नु] हिँड्न लाइनु; ('हिँड़ाउनु'-को क० क्रि०)।

हिँड़ाउनु–स० क्रि० [हिँड्+आउ+नु] १. धेरै हिँड्ने पार्नु वा गराउनु। २. लैजानु; लानु। ३. चोर्नु; हरण गर्नु।

हिँड़िनु–अ० क्रि० [हिँड्+इ+नु] पैदल गइनु; ('हिँड्नु'-को भा० क्रि०)।

हिँडुवा–वि० [हिँड्+उवा] हिँड़न्ता।

हिँड़ेया–वि० [हिँड्+ऐया] खूब हिँड्ने वा हिँड्न सक्ने; हिँड़न्ता।

हिँड्नु–अ० क्रि० [सं० हिण्ड+नु] १. गोड़ा चालेर एक ठाउँबाट अर्को ठाउँमा जानु; पैदल जानु। २. प्रस्थान गर्नु। ३. हिँड़-डुल गर्नु; टहल्नु। ४. पोइल जानु। ५. समाप्त हुनु; सिद्धिनु। ६. मर्नु।

हिंसक–वि० [सं०] १. हिंसा गर्ने; हिंस्रक। २. घातक; हत्यारो। (ना०) ३. हिंसा गर्ने व्यक्ति। ४. अर्काको अपकार वा चित्त दुख्ने काम गर्ने व्यक्ति।

हिंसा–ना० [सं०] १. प्राणीहरूको काट-मार गर्ने वा ज्यान-लिने काम; वध; मारण। २. अरूलाई हानि पुऱ्याउने वा चित्त दुखाउने काम; अपकार।

हिंसात्मक–वि० [सं०] १. हिंसाले युक्त; हिंसा भएको (काम)। २. अर्काको अपकार हुने वा मनमा चोट लाग्ने (काम)।

हिंसालु–वि० [सं०] १. हिंसा गर्ने; हिंसक। २. हिंसा गर्ने प्रवृत्ति भएको।

हिंस्य–वि० [सं०] हिंसा गर्न योग्य।

हिंस्र–वि० [सं०] १. हिंसा गर्ने; मार्ने। २. अर्काको चित्त दुखाउने।

हिंस्रक–ना० [सं०] १. हिंसा गर्ने पशु; मांसाहारी जनावर। (वि०) २. हिंसा गर्ने; हिंसक; मार्ने।

हिउँ–ना० [सं० हिम] प्राकृतिक ठन्डीले जमेको पानी; हिम।

हिउँद–ना० [सं० हिमद] नाग-पञ्चमीदेखि श्री-पञ्चमीका दिनसम्मका छ महीनाको समय; जाड़ोको मौसम।

हिउँदे–वि० [हिउँद+ए] १. हिउँद-सम्बन्धी। २. हिउँदमा लगाइने वा हुने।

हिकमत–ना० [अ०] १. बुद्धिमानी; चातुर्य। २. आँट; हिम्मत; पराक्रम; साहस। ३. युक्ति; उपाय। ४. कौशल।

हिकमतदार–वि० [अ० हिकमत+दार (फा०)] हिकमत भएको; आँटिलो; हिकमती।

हिकमत-हारा–वि० [अ० हिकमत+हार्] हिकमत वा हिम्मत नभएको; हुती नभएको; पानी-मरुवा; नामर्द; लाछी।

हिकमती–वि० [अ० हिकमत+ई] १. हिकमत भएको; हिकमतदार; साहसी। २. बुद्धिमान्; चतुर।

हिकाइ–ना० [हिक्+आइ] हिक्ने किसिम, क्रिया वा भाव; हिक्का लाग्ने क्रिया।

हिकाइ–ना० [हिक्+आइ] हिक्ने किसिम, क्रिया वा भाव; हेपाइ।

हिकाइनु–स० क्रि० [हिकाउ+इ+नु] हिक्न लाइनु; ('हिकाउनु'-को क० क्रि०)।

हिकाउनु–स० क्रि० [हिक्+आउ+नु] हिक्न लाउनु; हेपाउनु; ('हिक्नु'-को प्रे० क्रि०)।

हिकिनु–अ० क्रि० [हिक्+इ+नु] हिक्का लागिनु; ('हिक्नु'-को भा० क्रि०)।

हिकिनु–स० क्रि० [हिक्+इ+नु] हेपिनु; ('हिक्नु'-को क० क्रि०)।

हिकी-हिकी–ना० [नं०] मर्ने वेलामा आउने हिक्का वा दम।

हिक्क–क्रि० यो० [सं० हिक्का] १. हिक्का लाग्ने वा लाग्दा शब्द आउने किसिम; किक्क। २. मर्न लागेकाको अन्तिम सास निस्कने किसिम।

हिक्का–ना० [सं०] १. घाँटीबाट बेगका साथ वायु निस्कनु; बाडुली। २. लगातार धेरै पटक बाडुली निस्किरहने रोग। ३. प्राण जाने वेलाको आखिरी दम।

हिक्नु–स० क्रि० [हेप्+नु] हेप्नु; थिचो-मिचो गर्नु; दमन गर्नु।

हिक्नु–अ० क्रि० [हिक्क+नु] १. हिक्का लाग्नु; हिक्क-हिक्क गर्नु। २. हात्ती कराउनु।

हिङ–ना० [हिङ्गु] १. लाम्चा पात र साना खैरा फूल हुने एक जातको बोट। २. त्यसैको तीक्ष्ण गन्ध हुने चोब; हीङ। (आयुर्वेदमा यसको गुण वायु, कफ, शूल, आउँ नाश गर्ने, रुचि-कारक र अग्नि-वर्द्धक बताइएको छ।)

हिङ-जीरो–वि० [हिङ+जीरो] रोगले गलेर अति दुब्लाएको; मरन्च्याँसे।

हिङाइ–ना० [हिङाउ+आइ] हिङाउने किसिम, क्रिया वा भाव।

हिङाइनु–स० क्रि० [हिङाउ+इ+नु] हिङाउनु; ('हिङाउनु'-को भा० क्रि०)।

हिङाउनु–स० क्रि० [हिङ+आउ+नु] अरूलाई कष्ट हुने गरी कुनै काम गर्न बाध्य गर्नु; पीडा दिनु; बेचैन पार्नु (गुद-द्वारमा हिङ हालेझैं गरी)।

हिङ्कत–ना० [सं०] भद्राई चराको एक भेद।

हिङ्ग्वष्टक–ना० [सं० हिङ्गु+अष्टक] अजीर्ण-नाशक एक आयुर्वेदीय पाचक। (सूठो, पिप्ला, मरीच, अजमोदा, सेतो जीरा, कालो जीरा, भुटेको हिङ र सिँधे-नून पिँधेर यो बनाइन्छ।)

हिङ्गु–ना० [सं०] हिङको बोट वा त्यसको चोब।

हिङ्गुपत्री–ना० [स०] जिम्बु बूटी।

हिङ्गुल–ना० [सं०] सिम्रिक।

हिङ्गुल–ना० [सं० हिङ्गुलाज] हिङ्गुलाज पत्थर; ठिङ्गुरो।

CC-0. In Public Domain. Digitization by eGangotri

हिङ्गुलाज–ना० [सं०] १. सिन्ध-प्रदेशमा रहेको, दुर्गाको एक मूर्ति। २. यिनै देवीको प्रसादस्वरूप माला उनेर लगाइने सेतो एक प्रकारको बीयाँ; ठिङ्गुरो; हङ्गुल।

हिङ्गुलि–ना० [सं०] सिम्रिक; हिङ्गुल।

हिचकिचाइ–ना० [हिचकिचाउ+आइ] हिचकिचाउने किसिम, क्रिया वा भाव।

हिचकिचाइनु–अ० क्रि० [हिचकिचाउ+इ+नु] हिचकिचाउनु; ('हिचकिचाउनु'-को भा० क्रि०)।

हिचकिचाउनु–अ० क्रि० [हच्क] डर, आदर आदिले गर्दा केही भन्न वा गर्नमा सङ्कोच मान्नु; हच्कनु।

हिचकिचाहट–ना० [हिचकिचि+आहट] हिचकिचाउने किसिम, क्रिया वा भाव; हिचकिचाइ।

हिजड़ा–ना० [?] स्त्री-पुरुष नछुट्टिएको प्राणी; नपुंसक; तिँगारु।

हिजो–क्रि० यो० [सं० ह्यस्] विगत दिन; वर्तमान दिनभन्दा पहिलो दिन।

हिजो-आज–क्रि० यो० [हिजो+आज] अचेल; वर्तमान समयमा।

हिज्ज्जल–ना० [सं०] पिरिया झार।

हिज्जे–ना० [अ०] कुनै शब्दको अक्षरको क्रम; अक्षर-विन्यास।

हिटी–ना० [नेवा० हिति] पानीको धारा खसाल्ने पाइप, नली आदि; धारो।

हिण्डोल–ना० [सं०] मध्यम तीव्र, ऋषभ र पञ्चम वर्जित हुने र अरू स्वर शुद्ध हुने, शास्त्रअनुसार दिनको प्रथम प्रहर-को आखिरीमा र विशेषतः वसन्त ऋतुमा गाइने, औडव जातिको एक राग।

हित–ना० [सं०] १. भलाइ; उपकार। २. कल्याण; मङ्गल। ३. लाभ; फायदा। ४. अनुराग; प्रेम। ५. मित्र। ६. सम्बन्धी। ७. हितैषी व्यक्ति।

हित-कर–वि० [सं०] १. हित गर्ने; भलो गर्ने; हित-कारी। २. लाभ-दायक। ३. हित-चिन्तक; भलो चिताउने।

हित-कारक–वि० [सं०] हित-कर।

हित-कारी–वि० [सं०] हित-कर।

हित-चिन्तक–वि० [वि० [सं०] हित वा भलो चिताउने; शुभ-चिन्तक; हितैषी।

हित-चिन्तन–ना० [सं०] कसैको भलो चिताउनु; शुभ-कामना; शुभ-चिन्तन।

हिताहित–ना० [सं०] हित र अहित; भलो र कुभलो।

हितेच्छु–वि० [सं०] भलो चाहने; हितैषी; शुभेच्छु।

हितैषी–वि० [सं०] हितेच्छु।

हितोपदेश–ना० [सं०] १. हित हुने कुराको अर्ती; सदुपदेश। २. विष्णु शर्माले रचेको संस्कृतको एक प्रसिद्ध नीति-ग्रन्थ।

हित्त-चित्त–ना० [सं० हृद्+चित्त] दुइ जनाको मिलेको मन; मिलेका दुइ दिल।

हिदायत–ना [अ०] १. सोझो बाटो देखाउने काम। २. कुनै काम गर्ने वा नगर्न दिइएको आदेश-उपदेश।

हिनहिनाइ–ना० [हिनहिनाउ+आइ] हिनहिनाउने किसिम, क्रिया वा भाव।

हिनहिनाइनु–अ०क्रि० [हिनहिनाउ+इ+नु] घोड़ा कराइनु; ('हिनहिनाउनु'-को भा० क्रि०)।

हिनहिनाउनु–अ० क्रि० [सं० हेष्] घोड़ा कराउनु; हिलिनु।

हिनहिनाहट–ना० [हिनहिनाउ+आहट] हिनहिनाउने किसिम, क्रिया वा भाव।

हिना–ना० [अ०] मेहदी।

हिनामिना–ना० [ने०] माल-सामानको बरबादी; क्षति; हानि-नोक्सानी।

हिन्ताल–ना० [सं०] पातै-पातले छोपेको छोटो काण्ड हुने एक जातको ताड़।

हिन्द–ना० [फा०] हिन्दुस्तान; भारत देश।

हिन्दी–वि० [फा०] १. हिन्द वा हिन्दुस्तानको; भारत-सम्बन्धी। (ना०) २. हिन्दुस्तानका निवासी; भारतीय। ३. हिन्दुस्तानको प्रमुख भाषा; वर्तमान भारत-तको प्रस्तावित राष्ट्र-भाषा।

हिन्दुत्व–ना० [फा० हिन्दू+त्व (सं)] १. हिन्दू हुनाको भाव वा गुण। २. हिन्दूहरूको आचार-विचार वा धर्म।

हिन्दुस्तान–ना० [फा० हिन्दोस्तान] हिन्दूहरूको निवास-स्थान; भारत देश।

हिन्दुस्तानी–वि० [हिन्दुस्तान+ई] १. हिन्दुस्तानको। (ना०) २. हिन्दुस्तानको निवासी; भारतीय।

हिन्दू–ना० [फा०] वेद, धर्म-शास्त्र, पुराण आदिलाई आफ्ना धर्म-ग्रन्थ मान्ने व्यक्ति वा धर्म।

हिन्दू-स्थान–ना० [फा० हिन्दू+स्थान (सं०)] हिन्दुस्तान; भारत-वर्ष।

हिन्दोल–ना० [सं०] झुलना; पीङ।

हिफाजत–ना० [अ० हिफ़ाजत] १. कुनै वस्तु वा स्थितिलाई बिग्रन नदिई जोगाएर राख्ने काम; बचाउ; जतन; संरक्षण।

हिफाजती–वि० [हिफाजत+ई] १. हिफाजत गर्ने; बचाउ गर्ने। २. हिफाजत गर्नुपर्ने।

हिम–ना० [सं०] १. हिउँ; तुसारो; ठाँटो। २. जाड़ो; ठन्डी। ३. जाड़ाको समय; शीत ऋतु। ४. चन्द्रमा। ५. कपूर। ६. मोती। ७. कुइरो। ८. कमल। ९. ताजा नौनी। १०. रात। ११. सेतो चन्दन। १२. हिमालय। (वि०) १३. ठन्डा; शीतल।

हिम-कण–ना० [सं०] हिउँ वा तुसाराको सूक्ष्म बिन्दु; शीत-बिन्दु।

हिम-कर–ना० [सं०] चन्द्रमा।

हिम-किरण–ना० [सं०] चन्द्रमा।

हिम-चिम–ना० [(फाँ०) हिम+चिन्] १. चिनाजानी;

CC-0. In Public Domain. Digitization by eGangotri

जान-पहिचान। २. हिंत-चित्त । ३. बसाउठी ।

हिम-नदी–ना० [सं० हिम+नदी] हिउँले ढाकिएका पर्वतबाट हिउँकै रूपमा बग्ने स्रोत ।

हिम-पात–ना० [सं०] हिउँ बर्सनु; तुषार-पात ।

हिम-भानु–ना० [सं०] चन्द्रमा ।

हिम-मानव–ना० [सं० हिम+मानव] हिमालयमा हुने अनुमान गरिएको मनुष्यका आकारको प्राणी; येती; सोक्पा ।

हिम-रेखा–ना० [सं०] सदा-सर्वदा हिउँ जमिरहने भूमिको सीमा-रेखा ।

हिमवान्–ना० [सं०] १. हिमालय पर्वत । २. चन्द्रमा । (वि०) ३. हिउँ भएको ।

हिमांशु–ना० [सं०] १. चन्द्रमा । २. कपूर ।

हिमाइते–वि० [अ० हिम्मत] १. अटेर; नटेर्ने; हेपाहा । २. उपद्रवी ।

हिमाकत–ना० [अ० हिमाक़त] मूर्खता ।

हिमाङ्क–ना० [सं०] १. चन्द्रमा । २. कपूर ।

हिमाचल–ना० [सं०] हिमालय पर्वत; हिमाद्रि ।

हिमाद्रि–ना० [सं०] हिमालय पर्वत; हिमाचल ।

हिमानी–ना० [सं०] बरफको थुप्रो; हिउँको रास ।

हिमायत–ना० [अ०] १. पक्षपात । २. सहायता । ३. शरण । ४. रक्षा ।

हिमायती–ना० [अ०] पक्षपात गर्ने व्यक्ति; तरफदारी गर्ने मानिस; हितैषी व्यक्ति ।

हिमाल–ना० [हिमालय] हिमालय ।

हिमालय–ना० [सं०] नेपालको उत्तरी सीमा-क्षेत्रमा रहेको, सदा हिउँले ढाकिइरहने ऊँचो पर्वत-माला ।

हिम्मत–ना० [अ०] १. कठिन कार्य गर्ने साहस वा उत्साह । २. बहादुरी; पराक्रम ।

हिम्मतदार–वि० [अ० हिम्मत+दार (फा०)] हिम्मत भएको ।

हिम्मत-हारा–वि० [अ० हिम्मत+हार्] हिम्मत नभएको; हिकमत-हारा ।

हिम्मती–वि० [अ० हिम्मत+ई] हिम्मदार ।

हियरा–ना० [सं० हृदय] १. हृदय; मन । २. छाती; वक्ष-स्थल । ३. स्तन; दूध ।

हियाइनु–स० क्रि० [हियाउ+इ+नु] ह्याइनु; ('हियाउनु'-को क० क्रि०) ।

हियाउ–ना० [हियो] ह्याउ ।

हियाउनु–स० क्रि० [सं० हेय+याउ+नु] ह्याउनु ।

हियो–ना० [प्रा० हिअ] हृदय; मन ।

हिरण–ना० [सं०] १. सुन; सुवर्ण । २. वीर्य । ३. कौड़ो ।

हिरण्मय–वि० [सं०] १. सुनको; सुनौला; स्वर्णमय । (ना०) २. ब्रह्मा ।

हिरण्य–ना० [सं०] सुन; स्वर्ण ।

हिरण्य-कशिपु–ना० [सं०] १. कश्यप प्रजा-पतिको पुत्र, पुराण-प्रसिद्ध दैत्य-राज । (यसैलाई मार्नलाई भगवान् विष्णुले नृसिंहावतार ग्रहण गर्नुभएको थियो ।)

हिरण्य-गर्भ–ना० [सं०] १. ब्रह्मा । २. विष्णु । ३. शालग्राम । ४. फलामजस्तो एक प्रकारको धाउ । (यो धातु केटा-केटीको पेट फुल्ने रोगमा पानीमा घोटेर खुवाइन्छ ।) ५. उपनिषद्-अनुसार सम्पूर्ण पदार्थ र जीवहरूको मूल उद्गम-स्थल भएको, सृष्टिको प्रारम्भमा उत्पन्न सुनौला रङ्गको पिण्ड ।

हिरण्य-नाभ–ना० [सं०] १. विष्णु । २. मैनाक पर्वत ।

हिरण्याक्ष–ना० [सं०] पुराण-प्रसिद्ध एक दैत्य; हिरण्य-कशिपुको भाइ ।

हिरन–ना० [ने०] मर्न लागेका मानिसलाई खुवाउने जल, अन्न आदि; मधौरुलाई खुवाइने आहार ।

हिरावली–ना० [?] प्रायः बिछ्याउने काममा लिइने एक किसिमको चार-खाने खस्रो कपड़ा ।

हिरासत–ना० [अ०] १. कैद; थुना; नजर-बन्दी । २. वन्दी-खाना; खोर । ३. सिपाही वा पुलिसको देख-रेख; पहरा ।

हिरिक्क–क्रि० यो० [ने०] १. प्राण जाने किसिम । २. कुनै वस्तुको प्राप्तिका निमित्त हत्ते हाल्ने किसिम ।

हिर्काइ–ना० [हिर्काउ+आइ] हिर्काउने किसिम, क्रिया वा भाव ।

हिर्काइनु–स० क्रि० [हिर्काउ+इ+नु] हानिनु; ('हिर्काउनु'-को क० क्रि०) ।

हिर्काउनु–स० क्रि० [हान्+आउ+नु] हान्नु ।

हिर्किनु–अ० क्रि० [हिरिक्क] कुनै कुराको प्राप्तिका लागि उत्कट अभिलाषा देखाउनु; हिरिक्क गर्नु ।

हिर्किनु–अ० क्रि० [हिर्काउ+इ+नु] वेगले कतै जानु (निन्दार्थमा) ।

हिर्क्याइ–ना० [हिर्कि+याइ] हिर्किने किसिम, क्रिया वा भाव ।

हिल-मिल–ना० [सं० हेला+मिलन] हेल-मेल ।

हिलिइनु–अ० क्रि० [हिलि+इ+नु] घोड़ा कराइनु; ('हिलिनु'-को भा० क्रि०) ।

हिलिनु–अ० क्रि० [सं० हेष्+इ+नु] १. घोड़ा कराउनु; हिनहिनाउनु । २. काम-न-काजसित गिजिएर हाँसिरहनु; छिहिलिनु ।

हिलिलिलि–क्रि० यो० [ने०] १. गिजिएर हाँसिरहने किसिम; हिलिने किसिम । २. घोड़ा कराउने किसिम; हिनहिनाउने किसिम ।

हिलीमिली–ना० [हेल-मेल] हेल-मेल ।

हिले–वि० [हिलो+ए] १. हिलाको; हिलो-सम्बन्धी । २. हिलामा हुने । (ना०) ३. रोपाइँ गर्दा परस्परमा हिलो छ्यापाछ्याप गरेर खेलिने एक खेल ।

हिले-माछो–ना० [हिले+माछो] हिलामा वा मैलो पानीमा बस्ने एक जातको माछो ।

हिलो–ना० [प्रा० हिला] पानीमा मुछिएको माटो; माटाको लेदो; पङ्क ।

CC-0. In Public Domain. Digitization by eGangotri

हिल्याइ–ना० [हिल्याउ+आइ] हिल्याउने किसिम, क्रिया वा भाव।

हिल्याइ–ना० [हिलि+याइ] हिलिने किसिम, क्रिया वा भाव।

हिल्याइनु–स० क्रि० [हिल्याउ+इ+नु] हिलो पारिनु; ('हिल्याउनु'-को क० क्र०)।

हिल्याउनु–स० क्रि० [हिलो+याउ+नु] हिलो पार्नु; बाउसे गर्नु; टाकुचे गर्नु।

हिल्ल–क्रि० यो० [ने०] खित्का छोड़ेर हाँस्ने किसिम; हिलिलिलि।

हिल्ला–ना० [अ० हीलः] कुनै वस्तु वा व्यक्ति अरूलाई बुझाइदिने काम; जिम्मा।

हिल्लोल–ना० [सं०] १. लहर। २. भ्रम।

हिसाब–ना० [अ०] १. वस्तुहरूको सङ्ख्या वा परिमाण निर्णय गर्ने काम; गणना; गिन्ती। २. लेन-देन, आय-व्यय आदिको लेखो-जोखो। ३. गणित-विद्या। ४. भाउ; दर। ५. नियम; रीति। ६. ढङ्ग; तरीका। ७. परवाह; वास्ता।

हिसाब-किताब–ना० [अ० हिसाव+किताब] १. आय-व्यय आदिको लेखो; हर-हिसाब। २. हिसाब लेख्ने किताब। ३. लेन-देन-सम्वधी व्यवहार। ४. समुचित व्यवस्था; बन्दोवस्त।

हिसाब-शान्ति–ना० [अ० हिसाब+शान्ति (सं०)] हिसाब वा भागअनुसार बाँड़ी लिने काम; भाग-शान्ति।

हिसाबी–वि० [अ० हिसाब+ई] १. हिसाब गर्ने; गणना गर्ने। २. हिसाब जान्ने; गणितज्ञ।

हिसी–ना० [सं० श्री] सौन्दर्य; लावण्य।

हिस्स–क्रि० यो० [हस्स] १. इच्छा गरेको वस्तु नपाउँदा निराश हुने किसिम; हिस्सिने किसिम; जिल्ल। २. खिस्रिक्क; ङिच्च। ३. मुसुक्क; खिसिक्क।

हिस्सा–ना० [अ० हिस्सः] १. भाग; अंश। २. खण्ड; टुक्रो। ३. चकला।

हिस्सादार–वि० [हिस्सा+दार (फा०)] हिस्सेदार।

हिस्सिइनु–अ० क्रि० [हिस्सि+इ+नु] हिस्स परिनु; ('हिस्सिनु'-को भा० क्रि०)।

हिस्सिनु–अ० क्रि० [हिस्सि+इ+नु] १. हिस्स पर्नु; जिल्लिनु। २. खिस्रिक्क पर्नु; ङिच्च पर्नु।

हिस्सेदार–ना० [हिस्सा+दार] कुनै किसिमको साझा सम्पत्ति वा व्यवसायमा हिस्सा भएको व्यक्ति; अंशियार।

हिस्सेदारी–ना० [हिस्सेदार+ई] १. हिस्सेदार हुनाको अवस्था वा भाव। २. साझा; गोस्वारा।

हिस्स्याइ–ना० [हिस्सि+याइ] हिस्सिने किसिम, क्रिया वा भाव।

हिस्स्याइ–ना० [हिस्स्याउ+आइ] हिस्स्याउने किसिम, क्रिया वा भाव।

हिस्स्याइनु–स० क्रि० [हिस्स्याउ+इ+नु] हिस्स पारिनु; ('हिस्स्याउनु'-को क० क्रि०)।

हिस्स्याउनु–स० क्रि० [हिस्सि+याउ+नु] १. हिस्स पार्नु; निराश पार्नु। २. खिस्रिक्क पार्नु।

हीँ–क्रि० यो० [ने०] १. लाचारी वा लज्जाका साथ माग्ने किसिम; दीनतापूर्वक प्रार्थना गर्ने किसिम। २. रुने किसिम। ३. लज्जापूर्वक हार स्वीकार गर्ने किसिम।

हीँ-हीँ–ना० [ने०] १. लाचार हुँदा वा हिंचकिचाउँदा प्रयोग गरिने शब्द; हेँ-हेँ। २. केटा-केटी रुने किसिम। ३. दीनता-पूर्वक खुशामद गर्दा भनिने शब्द।

हीङ–ना० [सं० हिङ्गु] हिङ।

हीन–वि० [सं०] १. अधम; क्षुद्र; नीच। २. निन्दनीय; गर्ह्य। ३. गरीब; दीन। ४. पद, मार्ग, स्थान आदिबाट च्युत भएको; भ्रष्ट। ५. कम; घटी। ६. अरू शब्दका साथ लागेर नभएको, रहित, तुच्छ आदि अर्थ बुझाउने शब्द। (उदा०–हीनावस्था, बुद्धि-हीन इत्या०।)

हीन-गण–ना० [सं०] अगण।

हीन-बुद्धि–वि० [सं०] बुद्धि नभएको; मूर्ख।

हीन-मति–वि० [सं०] हीन-बुद्धि।

हीन-मारा–वि० [सं० हीन+मारा] १. अल्सी; जाँगर-मरुवा। २. निर्लज्ज; बेशरम।

हीन-यान–ना० [सं०] कर्मकाण्ड आदि नमान्ने, बौद्ध धर्मको मूल-भूत एक प्रधान शाखा। (यसका पनि दुइ शाखा छन्–सौतान्तिक र वैभाषिक।)

हीर–ना० [सं०] १. हीरा। २. सर्प। ३. सिंह। ४. शिव।

हीरक–ना० [सं०] हीरा।

हीरक-जयन्ती–ना० [सं०] कुनै विशेष व्यक्ति, संस्था, कार्य आदि शुरू भएको वा जन्मेको साठी वर्षमा मनाइने विशेष उत्सव।

हीरा–ना० [सं० हीरक] अति साह्रो र उज्ज्वल कान्ति-युक्त एक बहु-मूल्य प्रसिद्ध रत्न; हीरक।

हीराकसी–ना० [सं० हीरक+कशिका] गन्धकको रासायनिक प्रक्रियाबाट तयार हुने फलामको विकार।

ही-ही–क्रि० यो० [अनु०] १. घोड़ा कराउने वा हिनहिनाउने किसिम। २. छिहिलिएर हाँस्ने किसिम।

हुँ–वि० बो० [सं० हुम्] कसैलाई तर्साउन वा हप्काउन बोलिने शब्द।

हुँगिया–ना० [ने०] दन्त्य-कथामा वर्णित एक कल्पित रूख।

हुँड़लाइ–ना० [हुँडल्+आइ] हुँड़ल्ने किसिम, क्रिया वा भाव।

हुँड़लिनु–अ० क्रि० [हुँड़ल्+इ+नु] १. तरल वा लेदो पदार्थ चल्नु; घोलिनु। २. मिसिनु। (स० क्रि०) ३. हुँड़ल्ने काम गरिनु; फेटिनु; ('हुँडल्नु'-को क० क्रि०)।

हुँड़लो–ना० [हुँड़ल्] धेरै जनाका बीचको मनोमालिन्य वा झगड़ा; राड़ो; कोचेलो।

हुँड़ल्नु–स० क्रि० [सं० हिल्लोल+नु] १. तरल वा लेदो पदार्थ एक जीउ हुने गरी चलाउनु; घोल्नु। २. फाउनु; फेट्नु। ३. हुँड़लो मच्चाउनु; झगड़ा उठाउनु; राड़ो

CC-0. In Public Domain. Digitization by eGangotri

मचाउनु ।
हुँड़ल्याइ–ना० [हुँड़लि+आइ] हुँड़लिने किसिम, क्रिया वा भाव ।
हुँडार–ना० [सं० हुण्ड] ब्वाँसो ।
हुँदि–क्रि० यो० [हुँदो] १. भयो भने; भएमा; हुँदा । २. गरेमा । (ना० यो०) ३. तिर; तर्फ । ४. यता-उति; वर-पर ।
हुँदो–ना० [हु] १. भलो; हित; कल्याण । २. उपकार; भलाइ । ३. पक्षपात ।
हुँदो–ना० यो० [हुँदि] १. तिर; तर्फ; हुँदि । (वि०) २. भएको ।
हुँदो-खाँदो–वि० [हु+खा] सामान्यतः प्रशस्त सम्पत्ति भएको; राम्ररी खान-पान गर्न सक्ने आर्थिक स्थितिको; खाँदो-पिँदो ।
हुइया–क्रि० यो० [अनु०] १. स्याल कराउने शब्द । (ना०) २. हल्ला; अफवाह ।
हुकुम–ना० [अ० हुक्म] १. श्री ५ महाराजाधिराजको आज्ञा । २. आफूभन्दा ठूला व्यक्तिको आज्ञा; आदेश । ३. प्रभुत्व; अख्तियार । ४. खेल्ने ताशको एक रङ्ग; सुरथ ।
हुकुमी–वि० [हुकुम+ई] १. राजाज्ञा-सम्बन्धी । २. हुकुमको; हुकुम-सम्बन्धी । ३. हुकुममा चल्ने ।
हुकूमत–ना० [अ०] १. प्रभुत्व; आधिपत्य । २. शासन; राज्य ।
हुक्क–क्रि० यो० [ने०] १. हिक्का वा बाडुली लाग्ने किसिम । २. वमन हुने किसिम; हुलुक्क ।
हुक्का–ना० [अ० हुक़्क़ाः] नरिवल, धातु आदिका भाँड़ामा सुमेरु जड़ेको, तमाखु खाने साधन ।
हुक्के–ना० [हुक्का+ए] धनी-मानी वा राजा-महाराजालाई तमाखु भरेर खुवाउन नियुक्त व्यक्ति ।
हुक्रनु–अ० क्रि० [सं० हुङ्कार+नु] १. ठूलो स्वरले कराई हप्की लाउनु; हकार्नु । २. साँढ़े कराउनु; डुक्रनु ।
हुक्राइ–ना० [हुक्र+आइ] कुक्रने किसिम, क्रिया वा भाव ।
हुक्रिनु–अ० क्रि० [हुक्र+इ+नु] हकारिनु; ('हुक्रनु'-को भा० क्रि०) ।
हुङ्कार–ना० [सं०] १. कसैलाई तर्साउन वा हप्काउन 'हुँ' शब्द गर्नु । २. गर्जन । ३. हाँक; ललकार । ४. धनुको टङ्कार ।
हुचील–ना० [गुहे+चील] गुहे-चील ।
हुच्च–क्रि० यो० [ने०] उत्तानो हात गरेर वेगसित कुनै वस्तु हुत्त्याउने किसिम ।
हुच्चनु–स० क्रि० [हुच्च+नु] लट्ठी, डन्डी आदिले मिल्काउनु; हुत्त्याउनु; हुच्चिनु ।
हुच्चन्ती–ना० [हुच्च] दन्डी-बियाका खेलमा बियो हुच्चने लट्ठी ।
हुच्चाइ–ना० [हुच्च+आइ] हुच्चने किसिम, क्रिया वा भाव ।
हुच्चिनु–स० क्रि० [हुच्च+इ+नु] १. हुच्चनु । २. हुत्त्याइनु; ('हुच्चनु'-को क० क्रि०) ।
हुच्च्याइ–ना० [हुच्चि+याइ] हुच्चिने किसिम, क्रिया वा भाव ।
हुज्जत–ना० [अ०] १. व्यर्थको बहस; विवाद । २. झगड़ा; क्रचिङ्गल; दगल-फसल । ३. दङ्गा ।
हुज्जती–वि० [अ० हुज्जत+ई] हुज्जत गर्ने; झगड़ालु ।
हुटिटचाउँ–ना० [ने०] लामा-लामा खुट्टा, छोटो पुच्छर, कालो चुच्चो र खैरो पिठिउँ हुने, जलाशयका नजीकमा रहने एक जातको चरो ।
हुडु–ना० [सं०] जङ्गली भेड़ो ।
हुडुक्क–ना० [सं०] डमरुका आकारको एक किसिमको ठूलो बाजा ।
हुण्डी–ना० [सं० हुड्] धन-सम्पत्तिको लेन-देन गर्ने कुनै सङ्घटनले अन्यत्र रहेका त्यस्तै कुनै सङ्घटनलाई कसैलाई कुनै कुरो वा धन दिनू भनी लेखेको पत्र ।
हुत–वि० [सं०] होम गरिएको; आहुतिका रूपमा दिइएको ।
हुताश–ना० [सं०] अग्नि ।
हुताशन–ना० [सं०] अग्नि ।
हुती–ना० [सं० हूति] ह्याउ; हिम्मत ।
हुतीकार–ना० [सं० हूति+कार] हुती ।
हुती-हारा–वि० [हुती+हारा] हुती वा ह्याउ नभएको; हिम्मत-हारा ।
हुतुतुतु–क्रि० यो० [अनु०] १. पन्यालो वा द्रव पदार्थ निस्कने किसिम; लुतुतुतु । २. धेरै मानिसको लर्को निस्कने किसिम ।
हुत्त–क्रि० यो० [ने०] १. हुत्त्याउने वा मिल्काउने किसिम; फुत्त । २. छिटोसित निस्कने वा पस्ने किसिम; सुत्त ।
हुत्ता–ना० [हुत्त] हुत्त फाल्ने काम; हुत्त्याउने काम ।
हुत्तिनु–अ० क्रि० [हुत्त+इ+नु] हुत्त फालिनु; वेगसित एकातिर घचेटिनु ।
हुत्त्याइ–ना० [हुत्त्याउ+आइ] हुत्त्याउने किसिम, क्रिया वा भाव ।
हुत्त्याइ–ना० [हुति+याइ] हुत्तिने किसिम, क्रिया वा भाव ।
हुत्त्याइनु–स० क्रि० [हुत्त्याउ+इ+नु] वेगसित मिल्काइनु; ('हुत्त्याउनु'-को क० क्रि०) ।
हुत्त्याउनु–स० क्रि० [हुत्त+याउ+नु] १. वेगसित मिल्काउनु वा फ्याँक्नु; हुर्‍याउनु । २. मन-नपरेको वस्तु हटाउनु ।
हुद्दा–ना० [अ० अहद] सेना वा त्यसै किसिमको कुनै सङ्घटनको एउटा एकाईको नाइके ।
हुनर–ना० [फा०] १. कला । २. गुण । ३. कौशल । ४. युक्ति ।
हुनरमन्द–वि० [फा०] हुनर भएको ।
हुनहुन–क्रि० यो० [अनु०] खोलो, भ्रमर, माहुरी आदिको शब्द आउने किसिम ।
हुनहुनाइ–ना० [हुनहुना+उ+आइ] हुनहुनाउने किसिम, क्रिया वा भाव ।

CC-0. In Public Domain. Digitization by eGangotri

हुनहुनाइनु–अ० क्रि० [हुनहुनाउ+इ+नु] झीँगा, भमर आदि भन्किनु; ('हुनहुनाउनु'-को भा० क्रि०)।

हुनहुनाउनु–अ० क्रि०[हुनहुन+आउ+नु] १. झीँगा, भमर, माहुरी आदि भन्कनु। २. खोलो कराउनु। ३.गुनगुनाउनु; भुनभुनाउनु।

हुनहुनाहट–ना० [हुनहुनाउ+आहट] हुनहुनाउने किसिम, क्रिया वा भाव।

हुनिया–ना० [ने०] प्रायः हिमालयका फेदतिर रहने र घर-जम नगर्ने एक फिरन्ता जाति।

हुनि-हार–ना० [हुने-हार] हुने-हार।

हुनी–ना० [हु+नी] हुने-हुनामी।

हुनु–अ० क्रि० [प्रा० हु+नु] १. मौजूद रहनु; विद्यमान रहनु। २. बन्नु; निर्माण गरिनु। ३. एक रूपबाट अर्को रूपमा आउनु; रूप वा स्थिति बदलिनु। ४.कुनै घटना वा व्यवहार प्रत्यक्ष रूपमा आउनु। ५. रोग, व्याधि आदि लाग्नु। ६. ठीक समय आउनु। ७. कुनै प्रयत्नको परिणाम निस्कनु। ८. अरू क्रियाका साथ लागेर अनुमति, अनुकूलता, स्वीकृति, स्वभाव आदिको बोध गराउने शब्द। (उदा०–तिमी अब गए हुन्छ; बिरामीले अब त फल-फूलसम्म खाए हुन्छ; हुन्छ, अब तपाईं गए हुन्छ; उहाँ सधैं डुल्न जानुहुन्छ इत्या०। यसको वर्तमान, भूत र भविष्यत् कालका रूप यसरी चल्दछन्–छ, भयो, होला; हुन्छ, भयो, हुनेछ इत्या०।)

हुनु-हुनामी–ना० [हुनु+हुनामी (फाँ०)] हुने-हार।

हुने-खाने–वि० [हु+खा] हुँदो-खाँदो।

हुने-हार–ना० [हुने+हाल] हुने वा सम्भावित कुरो वा घटना; हुने-हुनामी; भवितव्यता।

हुने-हुनामी–ना० [हु+हु] हुने-हार।

हुन्डर–ना० [हुँड्ल्] १. हूल-दङ्गा; हूल-हुज्जत। २. ठूलो हावा; तूफान।

हुन्डरी–वि० [हुन्डर+ई] १. हुन्डर मच्चाउने; उपद्रवी; हुन्ड्र्याहा। २. हड़बड़सँग काम गर्ने। (ना०) ३. हुन्डर।

हुन्ड्र्याहा–वि० [हुन्डर+याहा] हुन्डर मच्चाउने; हुन्डरी।

हुन्यौलो–वि० [हु+औलो] पछि असल हुने देखिएको; होन-हार; फलोन्मुख।

हुप–ना०[ने०]वात-विकारले अनायास शरीरको पृष्ठ-भागमा चस्केर दुख्ने एक व्यथा; झस्को।

हुप–ना०[अं०हूक] लुगा-फाटोको सप्को वा छेउ अड्चाउना-का निमित्त प्रयोग गरिने, धातुको अङ्कुसेजस्तो साधन।

हुप्प–क्रि० यो० [ने०] १. उक्सने वा सुनिने किसिम। २. घमन्ड वा रीसले फुल्ने किसिम।

हुम्–वि० बो० [सं०] १. स्मृति, सन्देह, स्वीकृति, क्रोध, घृणा आदि सूचित गर्ने शब्द। २. तन्त्र-शास्त्रमा मन्त्रको अगिल्तिर वा पछिल्तिर प्रयोग गरिने एक बीज-मन्त्र।

हुमाउ-चरो–ना०[फा० हुमा+चरो] लामा-लामा धेरै प्वाँख हुने र जीउ सानो हुने सेतो वा पहेँलो एक जातको पक्षी। (यसका प्वाँखको कल्की बनाई राजा-महाराजाहरू शिर-पेचमा लगाउँछन्।)

हुमे–ना० [सं० होम+ए] पुरोहित।

हुमे-डुमे–ना० [हुमे+डुमे] पुरोहित र दमाईं।

हुमेलो–ना० [हूल+मेलो] घरायसी काम-काजमा भेला भएका मानिसहरूको भीड़; हूल-मूल।

हुर–ना० [हूल] भोजन गर्ने पटक; हुरी।

हुरमत–ना० [अ०] १. इज्जत; आबरू। २. प्रतिष्ठा; गौरव।

हुरहुर–क्रि० यो० [अनु०] १. दन्केर आगो बल्ने किसिम; ह्वार-ह्वार। २. हावा चल्ने किसिम। ३. धेरै मानिसहरू एकसाथ पस्ने वा निस्कने किसिम।

हुरहुरती–क्रि० यो० [हुरहुर+ती] हुरहुर।

हुरहुराइ–ना० [हुरहुराउ+आइ] हुरहुराउने किसिम, क्रिया वा भाव।

हुरहुराइनु–अ० क्रि० [हुरहुराउ+इ+नु] दन्केर बलिनु; ('हुरहुराउनु'-को भा० क्रि०)।

हुरहुराउनु–अ० क्रि० [हुरहुर+आउ+नु] १. दन्केर आगो बल्नु। २. बेगसित हावा चल्नु। ३. चाँड़ो-चाँड़ो हिँड्नु। ४. कुनै काम शीघ्रतापूर्वक गर्नु; हुर्दुराउनु।

हुरहुरिइनु–अ०क्रि०[हुरहुरि+इ+नु] दन्केर बलिनु; ('हुर-हुरिनु'-को भा० क्रि०)।

हुरहुरिनु–अ० क्रि० [हुरहुर+इ+नु] हुरहुराउनु।

हुरहुरी–क्रि० यो० [हुरहुर+ई] हुरहुर।

हुरहुरे–वि० [हुरहुर+ए] १. दन्केर बल्ने (दाउरा आदि)। २. हुरहुर गरेर चल्ने (बतास)। ३. हड़बड़ाएर काम गर्ने; हड़बड़े।

हुरहुर्‍याइ–ना०[हुरहुरि+याइ] हुरहुरिने किसिम, क्रिया वा भाव।

हुरी–ना० [हुर्] वेगसित चलेको हावा; आँधी-बेहरी।

हुरी–ना० [हुर] भोजनको पटक; हुर।

हुरुक्क–क्रि० यो० [ने०] १. आगो दन्कने किसिम; ज्वाला छुट्ने किसिम। २. प्राण-वायु निस्कने वा मर्ने किसिम; हिरिक्क। ३. ज्यादै हत्ते हाल्ने किसिम।

हुरुरुरु–क्रि० यो०[अनु०]१. हावा चल्ने वा चल्दा शब्द आउने किसिम। २. वेगसित दौड़ने किसिम। ३. दन्केर आगो बल्ने किसिम।

हुरुहुरु–क्रि० यो० [ने०] १. बतास लागिरहने किसिम; हुर-हुर। २. आगो बलिरहने किसिम। ३. धेरै जना धमा-धम आउने वा जाने किसिम; ग्वार-ग्वार।

हुरेल-घरेल–ना० [हुरेल्+घुरेल (फाँ०)] फजूलमा धेरै खर्च गर्नु; माल-सामान वा रुपियाँ-पैसा आवश्यकताभन्दा बढ़्ता खर्च गर्नु।

हुरेलाइ–ना० [हुरेल्+आइ]हुरेल्ने किसिम, क्रिया वा भाव।

हुरेलाइ–ना० [हुरेलाउ+आइ] हुरेलाउने किसिम, क्रिया वा

CC-0. In Public Domain. Digitization by eGangotri

भाव।

हुरेलाइनु–स० क्रि० [हुरेलाउ+इ+नु] हुरेल्न लाइनु; ('हुरेलाउनु'-को क० क्रि०)।

हुरेलाउनु–स० क्रि० [हुरेल्+आउ+नु] फजूलमा धेरै खर्च गराउनु; ('हुरेल्नु'-को प्रे० क्रि०)।

हुरेलिनु–स० क्रि० [हुरेल्+इ+नु] फजूलमा धेरै खर्च गरिनु; ('हुरेल्नु'-को क० क्रि०)।

हुरेल्नु–स० क्रि० [हुर्र+नु] १. नचाहिँदो किसिमले धेरै खर्च गर्नु। २. हुर्र मिल्काउनु; हुर्‍याउनु। ३. खत्त्याउनु; बेसरी खन्याउनु। ४. हुल्नु; कोच्नु।

हुर्कनु–अ० क्रि० [नें०] १. बाल्यावस्थाबाट तरुणावस्थामा पुग्नु; जवान हुनु। २. चराका बचेरा ठूला हुनु वा उड्न सक्ने हुनु। ३. आगो दन्कनु। ४. जोरसित बतास चल्नु।

हुर्कनु–अ० क्रि० [हुरुक्क+नु] हुरुक्क हुनु; मर्नु।

हुर्काइ–ना० [हुर्क+आइ] हुर्कने किसिम, क्रिया वा भाव; हुरुक्क हुने वा मर्ने किसिम।

हुर्काइ–ना० [हुर्क+आइ] हुर्कने किसिम, क्रिया वा भाव; ठूलो वा जवान हुने किसिम।

हुर्काइनु–स० क्रि० [हुर्काउ+इ+नु] बालकलाई पालन-पोषण गरी बढ़ाइनु; ('हुर्काउनु'-को क० क्रि०)।

हुर्काउनु–स० कि० [हुर्क+आउ+नु] बालकलाई पालन-पोषण गरी जवान पार्नु; ('हुर्कनु'-को प्रे० कि०)।

हुर्किनु–अ० क्रि० [हुर्क] हुर्कनु; जवान होइनु ('हुर्कनु'-को भा० क्रि०)।

हुर्किनु–अ० क्रि० [हुर्क] १. हुर्कनु; मरिनु। २. हुरुक्क होइनु; ('हुर्कनु'-को भा० क्रि०)।

हुर्क्याहट–ना० [हुर्कि+याहट] हुर्किने किसिम, क्रिया वा भाव।

हुर्दङ्ग–ना० [हल्ला+दङ्गा] ठूलो हल्ला र दङ्गा।

हुर्दङ्गे–वि० [हुर्दङ्ग+ए] १. फजूलमा धेरै खर्च गर्ने; मन-परीसँग धेरै खर्च गर्ने; हुर्दङ्ग्याहा। २. हड़बड़े; हतपते। ३. हुर्दङ्ग मचाउने।

हुर्दङ्ग्याहा–वि० [हुर्दङ्गे+याहा] हुर्दङ्गे।

हुर्दराइ–ना० [हुर्दुराउ+आइ] हुर्दुराउने किसिम, क्रिया वा भाव।

हुर्दुराइनु–अ० क्रि० [हुर्दुराउ+इ+नु] हड़बड़ाइनु; ('हुर्दु-राउनु'-को भा० क्रि०)।

हुर्दुराउनु–अ० क्रि० [हुर्र+दौड़] १. हड़बड़ाउनु; हतपताउनु। २. चाँडो-चाँडो दौड़नु; दगुर्नु। ३. चटारिनु; हुर्दुरिनु।

हुर्दुरिइनु–अ० क्रि० [हुर्दुरि+इ+नु] हुर्दुराइनु; ('हुर्दुरिनु'-को भा० क्रि०)।

हुर्दुरिनु–अ० क्रि० [हुर्दुरउ+इ+नु] हुर्दुराइनु; ('हुर्दु-राउनु'-को भा० क्रि०)।

हुर्दुरे–वि० [हुर्दुराउ+ए] हुर्दुराउने; हड़बड़े।

हुर्दुऱ्याइ–ना० [हुर्दुरि+याइ] हुर्दुरिने किसिम, क्रिया वा भाव।

हुर्मत–ना० [अ० हुरमत] हुरमत।

हुर्र–क्रि० यो० [नें०] १. बेगसित आउने वा जाने किसिम। २. हुर्रिने वा हुर्‍याउने किसिम; मिल्किने वा मिल्काउने किसिम। ३. आगो बल्ने किसिम; ह्वार्र। ४. हावा चल्ने किसिम। ५. चराहरू उड्ने किसिम।

हुर्रा–ना० [हुर्र] १. फ्याँक्ने किसिम; हुर्‍याउने किसिम। २. गन्जीफाका खेलमा आफूसित भएका खानेजति पत्ती एकसाथ थापी खेलिने दाउ।

हुर्रिइनु–अ० क्रि० [हुर्रि+इ+नु] वेगसित दौड़ेर आइनु वा गइनु; ('हुर्रिनु'-को भा० क्रि०)।

हुर्रिनु–अ० क्रि० [हुर्र+इ+नु] १. दौड़ेर गइनु वा आइनु। २. मिल्किनु; फ्याँकिनु।

हुर्रे–ना० [नें०] ज्यामीलाई चमेनाका साथमा खान दिइने जाँड़-रक्सी।

हुर्रे–वि० बो० [अं०] खेलमा जितबाजी हुँदा हर्ष प्रकट गरेर भनिने शब्द।

हुर्‍याइ–ना [हुर्रि+याइ] हुर्रिने किसिम, क्रिया वा भाव।

हुर्‍याइ–ना० [हुर्‍याउ+आइ] हुर्‍याउने किसिम, क्रिया वा भाव।

हुर्‍याइनु–स० क्रि० [हुर्‍याउ+इ+नु] वेगसित फ्याँकिनु; ('हुर्‍याउनु'-को क० क्रि०)।

हुर्‍याउनु–स० क्रि० [हुर्र+याउ+नु] वेगसित फ्याँक्नु; हुर्र मिल्काउनु; हुच्चनु; हुत्त्याउनु। ('हुर्रिनु'-को प्रे० क्रि०)।

हुर्हुरे–ना० [नें०] एउटै भेट्नामा पाँच-पाँच वटा मिलेका पात हुने, लामा-लामा खैरा रङ्गका केशर भएका साना-साना फूल हुने र तोरीका जस्ता कोसा फल्ने एक जातको बूटी; जल-ब्राह्मी।

हुलाइ–ना० [हुल्+आइ] हुल्ने किसिम, क्रिया वा भाव।

हुलाइनु–स० क्रि० [हुलाउ+इ+नु] हुल्न लाइनु; ('हुला-उनु'-को क० क्रि०)।

हुलाउनु–स० क्रि० [हुल्+आउ+नु] हुल्न लाउनु; ('हुल्नु'-को प्रे० क्रि०)।

हुलाक–ना० [?] १. चिट्ठी-पत्र, पार्सल आदि ल्याउने र लाने सरकारी व्यवस्था; डाँक। २. त्यस्तो व्यवस्था गर्ने अड्डा। ३. डाँकबाट आवत-जावत भएका कागत-पत्र वा अन्य सामग्री।

हुलाक-घर–ना० [हुलाक+घर] हुलाक-सम्बन्धी काम गर्ने ठाउँ वा अड्डा; डाँक-घर; पोस्ट-अफिस।

हुलाकी–वि० [हुलाक+ई] १. हुलाकको; डाँक-सम्बन्धी। (ना०) २. हुलाक-सम्बन्धी काम गर्ने व्यक्ति; हुलाक-अड्डाको कर्मचारी।

हुलिनु–स० क्रि० [हुल्+इ+नु] भित्र पसाइनु; छिराइनु; ('हुल्नु'-को क० क्रि०)।

हुलिया–ना० [अ० हुलियः] १. मानिस वा वस्तुको परिचय गराउने रूप, रङ्ग, आकृति, चिह्न आदिको विवरण।

CC-0. In Public Domain. Digitization by eGangotri

२. रूप; आकृति। ३. विवरण।

हुलुक्क–क्रि० यो० [अनु०] खाएको वस्तु घाँटीबाट बाहिर निस्कने किसिम।

हुल्नु–स० क्रि० [सं० हुल्+नु] १. भित्र पसाउनु; छिराउनु। २. कोच्नु; घुसार्नु।

हुल्याहा–वि० [हूल+याहा] १. हूल-दङ्गा मच्चाउने; हूल-हुज्जत गर्ने। २. हुल्ला मच्चाउन हल बाँधेर हिँड्ने।

हुल्लड़–ना० [हूल+अड़] १. हुज्जत; दङ्गा; उपद्रव; २. हो-हल्ला।

हुल्लड़बाज–वि० [हुल्लड़+बाज] हुल्लड़ मच्चाउने; हूल-दङ्गा गर्ने; हुल्याहा।

हुल्लड़बाजी–ना० [हुल्लड़बाज+ई] हुल्लड़बाजको काम; हुल-दङ्गा।

हुल्ला–ना० [हल्ला] १. दङ्गा; हुज्जत। २. हूल; जमात। ३. हल्ला।

हुस्न–ना० [अ०] १. उत्तमता। २. विशेषता।३. सौन्दर्य।

हुस्स–क्रि० यो० [ने०] १. कुहिरो लाग्ने किसिम। २. फुलने वा उक्सने किसिम। ३. उम्लने किसिम।

हुस्सिइनु–अ० क्रि० [हुस्सि+इ+नु] हुस्स होइनु; फुलिनु; ('हुस्सिनु'-को भा० क्रि०)।

हुस्सिनु–अ०क्रि०[हुस्स+इ+नु] हुस्स हुनु; फुल्नु वा सुनिनु।

हुस्सु–वि० [हुस्स] कुहिरो।

हुस्सू–वि०[फा० होश+ऊ] १. होश नभएको; सुद्धी नभएको। २. बेवकूफ; मूर्ख।

हुस्स्याइ–ना० [हुस्सि+याइ] हुस्सिने किसिम,क्रिया वा भाव

हुस्स्याइ–ना० [हुस्स्याउ+आइ] हुस्स्याउने किसिम, क्रिया वा भाव।

हुस्स्याइनु–स०क्रि० [हुस्स्याउ+आइ+नु] हुस्सिने पारिनु; ('हुस्स्याउनु'-को क० क्रि०)।

हुस्स्याउनु–स० क्रि० [हुस्सि+याउ+नु] हुस्सिने पार्नु; ('हुस्सिनु'-को प्रे० क्रि०)।

हू–क्रि० यो० [अनु०] स्याल, कुकुर आदि कराउने किसिम।

हूङ्कार–ना० [सं०] हुङ्कार।

हूण–ना० [सं०] एक प्राचीन म्लेच्छ जाति; हून।

हूत–वि० [सं०] बोलाइएको; आमन्त्रित।

हूति–ना० [सं०] १. ह्याउ; हिम्मत; आँट। २. ताकत; सामर्थ्य। ३. हाँक। ४.आमन्त्रण; ललकार; बोलाउने काम।

हून–ना० [सं०] हूण।

हूप–ना० [हुप] हुप।

हू-बहू–क्रि० यो० [फा०] जस्ताको-तस्तो; अनुरूप; समान।

हूल–ना० [सं० हुल्] १.धेरै मानिसहरूको समूह; धेरै जनाको फौज; भीड़। २. घचारो; घन्च-मन्च।

हूल-चाल–ना० [हूल+चाल] १. हूल-दङ्गा। २. हूल।

हूल-दङ्गा–ना० [हूल+दङ्गा] धेरै मानिसहरूका बीचको दङ्गा; हूल-हुज्जत; उपद्रव; मार-पीट।

हूल-माल–ना० [हूल+माल (फाँ०)] हूल-दङ्गा।

हूल-मूल–ना० [हूल+मूल(फाँ)] १.धेरै जना मानिसको भीड़; भीड़-भाड़; ठेलमठेल। २. धेरै वस्तुहरू एक-साथ मिसिनु; बोर हुनु।

हूल-हाल–ना० [हूल+हाल (फाँ०)] १. हूल-दङ्गा। २. हूल-मूल।

हूल-हुज्जत–ना० [हूल+हुज्जत] हूल-दङ्गा।

हृत–वि० [सं०] १. खोसिएको; हरण गरिएको। २. पक्रिए-को। ३. मोहित। ४. स्वीकृत। ५. विभाजित।

हृति–ना० [सं०] खोस्ने काम; अपहरण।

हृत्कम्प–ना० [सं०] हृदय वा कलेजाको धड़कन।

हृत्तन्त्री–ना० [सं०] हृदय-रूपी वीणा।

हृत्तल–ना० [सं०] हृदय; दिल।

हृत्पिण्ड–ना० [सं०] हृदय (अवयव)।

हृद्–ना० [सं०] हृदय।

हृदय–ना०[सं०] १. छातीभित्र बायाँतिर हुने र शुद्ध रगतलाई सम्पूर्ण शरीरमा फिंजाउने एक अवयव। २. छाती; वक्ष-स्थल। ३. अन्तःकरण; मन; चित्त। ४. सत्य र असत्य छुट्ट्याउने शक्ति; विवेक। ५. अन्तरात्मा। ६. भित्री रहस्य। ७. कुनै वस्तुको भित्री भाग; तत्त्व। ८. अति प्रिय व्यक्ति। ९. भावना; भावुकता।

हृदय-ग्राही–वि० [सं०] १. सुन्दर; मनोहर। २. मनो-रञ्जक; आकर्षक।

हृदयङ्गम–वि० [सं०] १. हृदयमा राम्ररी घुसेको वा बोध भएको। २. मर्म-स्पर्शी। ३. चित्ताकर्षक।

हृदय-विदारक–वि०[सं०] मनमा ठूलो दुःख पैदा गर्ने; हृदयलाई अत्यन्त दुःखित पार्ने।

हृदय-हारी–वि० [सं०] मनलाई हरण गर्ने वा लोभ्याउने; मनोहर।

हृदय-हीन–वि० [सं०] १. निष्ठुर; निर्दय; क्रूर। २. शुष्क-हृदय; अरसिक।

हृदयालु–वि० [सं०] १. दयावान्; सहृदय। २. उदार। ३. आँटिलो; साहसी।

हृदयेश–ना० [सं०] हृदयेश्वर।

हृदयेश्वर–ना० [सं०] १. प्रियतम व्यक्ति। २. पति; स्वामी।

हृदयेश्वरी–ना० [सं०] पत्नी; प्रियतमा।

हृद्-गत–वि० [सं०] १. मनमा गढ़ेको; चित्तमा लागेको। २. आन्तरिक; भित्री।

हृद्य–वि० [सं०] १. हृदय-सम्बन्धी; हार्दिक। २. इच्छित; वाञ्छित। ३. सुन्दर; मनोहर। ४. मीठो; स्वादिष्ठ।

हृद्रोग–ना० [सं०] हृदय-सम्बन्धी रोग।

हृद्रोध–ना० [सं०] हृदयको गति बन्द हुनु।

हृषित–वि० [सं०] १. प्रसन्न; हर्षित। २. रोमाञ्च-युक्त। ३. आश्चर्य-चकित। ४. झुकेको; नुहेको। ५. हताश। ६. ताजा।

CC-0. In Public Domain. Digitization by eGangotri

हृषीकेश–ना० [सं०] १. विष्णु। २. कृष्ण। ३. परमात्मा। ४. भारत-स्थित हरिद्वारको निकट-वर्ती एक तीर्थ।

हृष्ट–वि० [सं०] प्रसन्न; हर्षित; खुशी भएको।

हृष्ट-पुष्ट–वि० [सं०] बलियो र मोटो; मोटो-घाटो; हट्टाकट्टा।

हे–वि० बो० [सं०] कसैलाई नाम लिएर बोलाउँदा त्यसको अगिल्तिर लगाइने शब्द; ए।

हें-हें–ना० [ने०] हीं-हीं।

हेई–ना० [ने०] भैंसीलाई बोलाउने शब्द।

हेका–ना० [प्रा० हडक्क] सम्झना; हेक्का; स्मृति; याद।

हेक्का–ना० [प्रा० हडक्क] हेका।

हेठ–ना० [सं०] बाधा।

हेड–ना० [अं०] १. टाउको; शिर। २. प्रमुख व्यक्ति; सर्वोच्च अधिकारी।

हेड-अफिस–ना० [अं० हेड-ऑफिस] प्रधान-कार्यालय।

हेड-क्वार्टर–दा० [अं०] १. सेना वा कुनै सैनिक सङ्घटनको प्रधान-कार्यालय। २. प्रवान-कार्यालय; केन्द्रीय कार्यालय।

हेड-मास्टर–ना० [अं०] प्रधानाध्यापक।

हेड-क्लर्क–ना० [अं० हेड+क्लार्क] कारिन्दाहरूमा पद-क्रम-अनुसार प्रमुख व्यक्ति।

हेति–ना० [सं०] १. हतियार; शस्त्र-अस्त्र। २. आघात; चोट। ३. प्रकाश; किरण। ४. औजार; उपकरण।

हेतु–ना० [सं०] १. कारण; प्रयोजन। २. लक्ष्य; उद्देश्य; अभिप्राय। ३. तर्क; विवाद। ४. कारणलाई नै कार्यको रूपमा वर्णन गर्दा पर्ने एक अर्थालङ्कार। ५. तर्क-शास्त्र-अनुसार कुनै सिद्धान्त स्थिर हुने युक्ति; साधक।

हेतुक–ना० [सं०] कारण।

हेतुमान्–वि० [सं०] १. कारण भएको; हेतु-युक्त। २. तर्क-युक्त। (ना०) ३. काम; कार्य।

हेतुवाद–ना० [सं०] १. तर्क; विवाद। २. छल-कपट। ३. प्रत्येक कुराको हेतु खोज्नु वा त्यसमा तर्क गर्नु। ४. नास्तिक-वाद।

हेत्वाभास–ना० [सं०] कुनै कार्यको कारण नभईकन पनि कारणजस्तै आभास पर्ने हेतु; मिथ्या हेतु।

हेपाइ–ना० [हेप्+आइ] हेप्ने किसिम, क्रिया वा भाव।

हेपाइनु–स० क्रि० [हेपाउ+इ+नु] हेप्न लाइनु; ('हेपाउनु'-को क० क्रि०)।

हेपाउनु–स० क्रि० [हेप्+आउ+नु] हेप्न लाउनु; ('हेप्नु'-को प्रे० क्रि०)।

हेपाहा–वि० [हेप्+आहा] १. हेप्ने; हेपुवा; अटेरी गर्ने। २. हेला गर्ने; अपमान गर्ने। ३. मिचाहा।

हेपिनु–स०क्रि०[हेप्+इ+नु] अदब, डर, धाक आदि नमानिनु; ('हेप्नु'-को क० क्रि)।

हेपुवा–वि० [हेप्+उवा] हेपाहा।

हेप्नु–स०क्रि०[सं० ह्री+नु] १. अदब, डर, धाक आदि नमान्नु; अटेर्‍याइँ गर्नु। २. ह्याउनु; अपमान गर्नु। ३. थिचोमिचो गर्नु; दबाउनु। ४. हेलचेक्र्‍याइँ गर्नु; हेला गर्नु।

हेम–ना० [सं०] १. सुन; सुवर्ण। २. बुध ग्रह। ३. हिउँ। ४. धतूरो।

हेमन्त–ना० [सं०] मार्ग र पौष महीनामा पर्ने एक ऋतु; छ ऋतुमध्ये एक।

हेमन्ती–वि० [सल०] हेमन्त ऋतु-सम्बन्धी।

हेमाद्रि–ना० [सं०] १. सुमेरु पर्वत। २. दान, व्रत, तीर्थ, मोक्ष र परिशेष–यी पाँच खण्डले युक्त भएको 'चतुर्ग-चिन्तामणि' नामक प्रख्यात संस्कृत ग्रन्थका लेखक। (यिनको समय ईसवी तेह्रौं शताब्दी थियो।)

हेमाभ–वि० [सं०] सुनको जस्तो कान्ति भएको; सुनौला।

हेय–वि० [सं०] १. छोड्न योग्य; उपेक्षा गर्न योग्य; त्याज्य। २. खराब; रद्दी। ३. तुच्छ; निकृष्ट।

हेर–वि० बो० [हेर्] कसैलाई चेतावनी दिंदा वा सावधान गराउँदा भनिने शब्द।

हेर-चाह–ना० [हेर्+चाह] हेर-चाहा।

हेर-चाहा–ना० [हेर्+चाह] १. हेर-विचार; रेख-देख। २. पालन-पोषण; भरण-पोषण।

हेर-फेर–ना० [फाँ० हेर+फेर्] १. परिवर्तन; अदली-बदली। २. साट-फेर; विनिमय। ३. भेद; अन्तर।

हेरम्ब–वि० [सं०] १. गणेश। २. राँगो। ३. शेखी गर्ने वीर।

हेर-विचार–ना० [हेर्+विचार] हेर-चाहा।

हेराइ–ना० [हेर्+आइ] हेर्ने किसिम, क्रिया वा भाव।

हेराइनु–स० क्रि० [हेराउ+इ+नु] हेर्न लगाइनु; देखाइनु; ('हेराउनु'-को क० क्रि०)।

हेराउनु–स० क्रि० [हेर्+आइ+नु] १. हेर्न लगाउनु; देखाउनु; ('हेर्नु'- को प्रे० क्रि०)। २. ज्योतिषीद्वारा ग्रह-गतिको शुभा-शुभ फल विचार गराउनु; जोखना हेर्न लाउनु। ३. धामी, झाँक्री आदिद्वारा भूत, प्रेत आदिको बाधा जँचाउनु।

हेराहेर–ना० [हेर्+हेर्] परस्परमा एकले अर्कोलाई हेर्ने काम; देखादेख।

हेरि–वि० बो० [हेर्+यी] १. कुनै काम वा कुरामा कसैको ध्यान आकृष्ट गर्दा भनिने शब्द। २. हेर।

हेरिनु–स० क्रि० [हेर्+इ+नु] हेर्ने काम गरिनु; ('हेर्नु'-को क० क्रि०)।

हेरु–वि०बो० [हेर्+उ] १. कुनै टाढ़ा रहेको वस्तुलाई औंल्याएर देखाउँदा प्रयोग गरिने शब्द। २. कुनै घटना भइपरिआउँदा आश्चर्य, विस्मय, हर्ष आदिको बोध गराउने शब्द।

हेरै–वि० बो० [हेर्+है] कसैलाई सावधान गर्दा भनिने शब्द।

हेरो-फेरो–ना० [हेर्+फेरो] १. आँखाअगिल्तिरको ठाउँ; आँखाले तत्काल देख्न सकिने ठाउँ; दृष्टि-गोचर क्षेत्र। २. सेरो-फेरो; लगापात।

हेर्नु–स० क्रि० [प्रा० हेर+नु] १. आँखाद्वारा ध्यानपूर्वक कुनै वस्तु, व्यक्ति आदिको रूप, रङ्ग, आकार-प्रकार आदिको

CC-0. In Public Domain. Digitization by eGangotri

ज्ञान प्राप्त गर्नु; आँखा लगाउनु; दर्शन गर्नु । २. हेर-विचार गर्नु; रेख-देख गर्नु ।३. कुर्नु; रुङ्नु । ४. ज्योतिष शास्त्रअनुसार कसैका ग्रह-गतिको शुभाशुभ फल विचार गर्नु । ५. भूत, प्रेत, बोक्सी आदिको दोष विचार गर्नु । ६. विचार गर्नु । ७. प्रतीक्षा गर्नु । ८. अध्ययन गर्नु ।

हेल–ना० [अं० हिलिओग्राफ] सैनिकहरूले झन्डा, बत्ती आदिको सङ्केतबाट कुरा गर्ने वा सूचना दिने काम ।

हेल–ना० [ने०] गाई, भैँसी आदि वस्तुहरूको व्यापारी ।

हेल–ना० [सं० हेषी] घोड़ाको गलथना र गर्धन बाँध्ने धागाको डोरी ।

हेल-चक्र्याइँ–ना० [सं० हेला-चक्र+आइँ] हेल-चेक्र्याइँ; हेल-च्याँक्री ।

हेल-चेक्र्याइँ–ना० [सं० हेला+चक्र+आइँ] १. हेला वा बेवास्ता; उपेक्षा ।२. हेप्ने काम; अटेर्‍याइँ; हेल-चक्र्याइँ ।

हेल-चेक्र्याहा–वि० [हेल-चेक्र्याइँ+आहा] हेल-चेक्र्याइँ गर्ने ।

हेल-च्याँक्री–ना० [हेलचेक्र्याइँ] हेल-चेक्र्याइँ ।

हेल-मेल–ना० [हिल-मिल] १. मिलजुल; मेल-मिलाप; हिल-मिल । २. सङ्गत; बसाउठी ।

हेलया–क्रि० यो० [सं०] १. खेलबाड़बाट नै; सहजै । २. हेल-चेक्र्याइँ गरेर; उपेक्षापूर्वक ।

हेलाँ–ना० [सं० हेला] १. हेला; अपमान; तिरस्कार । २. बेवास्ता; उपेक्षा ।

हेला–ना० [सं०] १. हेलाँ; अनादार; अपमान । २. बेवास्ता; उपेक्षा । ३. क्रीडा; केलि । ४. सरलता; सुगमता । ५. धृष्टतापूर्वक आँखा, हात आदि नचाएर क्रीडा व्यक्त गर्ने स्त्रीको हाव ।

हेलाइ–ना० [हेल्+आइ] हेल्ने किसिम, क्रिया वा भाव ।

हेलाइनु–स० क्रि० [हेलाउ+इ+नु] हेल्न लाइनु; ('हेलाउनु'-को क० क्रि०) ।

हेलाउनु–स० क्रि० [हेल्+आउ+नु] हेल्न लाउनु; खोला आदिमा गाई-वस्तु पसाउनु; ('हेल्नु'-को प्रे० क्रि०) ।

हेलि–ना० [सं०] १ अवज्ञा; उपेक्षा । २. आलिङ्गन । ३. केलि । ४. मन्दारको बोट । ५. सूर्य ।

हेलिकप्टर–ना० [अं० हेलिकॅप्टर] माथितिर पङ्खा हुने र एकै ठाउँमा केही बेर स्थिर पनि रहन सक्ने एक किसिमको हवाई-जहाज ।

हेलिनु–अ०क्रि० [हेल्+इ+नु] १. पार गर्नाका लागि खोलाको प्रवाहमा पस्नु । २. युद्ध, सङ्घर्ष आदिमा सहसा पस्नु । (स० क्रि०) ३. हेल्ने काम गरिनु; ('हेल्नु'-को क० क्रि०) ।

हेली-मेली–वि० [हेल-मेल+ई] १. हेल-मेल भएको; मेल-मिलापको । २. मिलनसार ।

हेलै–क्रि० यो० [हेला+ऐ] सजिलैसँग; सहजै ।

हेल्नु–स० क्रि० [सं० हेलन+नु] १. तार्नाका निमित्त खोलाको प्रवाहमा गाई, भैँसी आदि वस्तुहरू पसाउनु । २. हुल्नु; पसाउनु ।

हेल्याइ–ना० [हेलि+याइ] हेलिने किसिम, क्रिया वा भाव ।

है–ना० [सं०] १. कुनै कुरा मन्जूर गराउँदा वा जनाउ दिँदा क्रिया-पदको पछि लगाएर प्रयोग गरिने शब्द । (उदा०-तिमी चाँड़ै आऊ है ।) २. हई ।

हैँसे–ना० [नेवा०] गह्रौं वस्तु तान्न वा उचाल्न नाइकेले 'होस्टे' भन्दा मददगारहरूले एकसाथ भन्ने शब्द ।

हैकम–ना० [अ० हुक्म] १. तैनात; हुकूमत । २. अदब; अनुशासन । ३. कब्जा; नियन्त्रण । ४. दबदबा; प्रभाव ।

हैङ्गार–ना० [अं०] हवाई-जहाज राख्ने घर; विमान-शाला ।

हैजा–ना० [अ० हैज़ः] बार-बार दिसा र वमन हुने सङ्क्राम रोग; उपरतली; विसूचिका ।

हैम–वि० [सं०] १. सुनको; सुवर्ण-सम्बन्धी । २. हिउँको; हिम-सम्बन्धी ।

हैमन्तिक–वि० [सं०] हेमन्तको; हेमन्त-सम्बन्धी ।

हैमी–वि० [सं०] हेमन्तको; हेमन्त-सम्बन्धी ।

हैरान–वि० [अ०] १. तङ्ग भएको; दिक्क मानेको । २. कायर । ३. थकित; क्लान्त । ४. उदेक मानेको; आश्चर्य-चकित ।

हैरानी–ना० [अ० हैरान+ई] १. दिक्क; दिक्दारी । २. धपेड़ी; धामा । ३. अति कष्ट; ठूलो दुःख ।

हैसियत–ना० [अ०] १. आर्थिक स्तर वा योग्यता; औकात । २. बर्कत; शक्ति; सामर्थ्य । ३. इज्जत; प्रतिष्ठा । ४. धन; सम्पत्ति ।

हैसियतदार–वि० [अ० हैसियत+दार (फा०)] १. हैसियत वा श्री-सम्पत्ति भएको; सम्पत्ति-शाली । २. इज्जतदार; प्रतिष्ठित ।

हो–ना० [हु] १. 'हुनु'-को आज्ञार्थी रूप । २. स्वीकृति-सूचक शब्द; अँ ।

हो–सम्बो० [सं०] हे; ए । (उदा०-साथी-भाइ हो !, बालक-हरू हो ! इत्या० ।)

होइनु–अ० क्रि० [हु+इ+नु] मौजूद रहिनु; भइनु; ('हुनु'-को भा० क्रि० ।)

होक्राँ–क्रि० यो० [अनु०] साँढ़े डुक्रने किसिम ।

होक्र्याङ–क्रि० यो० [अनु०] होक्राँ ।

होचाइ–ना० [होचो+आइ] होचोपन ।

होचिइनु–अ० क्रि० [होचि+इ+नु] होचो हो नु; ('होचिनु'-को भा० क्रि० ।)

होचिनु–अ० क्रि० [होचो+इ+नु] होचो हुनु; नीचो हुनु ।

होचो–वि० [सं० ह्रस्] १. अग्लो नभएको; कम उँचाइको; नीचो । २. पुड्को; छोटो कदको । ३. निर्घो; निर्बल ।

होच्याइ–ना० [होचि+याइ] होचिने किसिम, क्रिया वा भाव ।

होच्याइ–ना० [होच्याउ+आइ] होच्याउने किसिम, क्रिया वा भाव ।

होच्याइनु–स० क्रि० [होच्याउ+इ+नु] होचो पारिनु; ('होच्याउनु'-को क० क्रि०) ।

CC-0. In Public Domain. Digitization by eGangotri

होच्याउनु–स० क्रि० [होचि+याउ+नु] १. होचो पार्नु; अग्लाइ कम गर्नु। २. तुच्छयाउनु; ह्याउनु; निन्दा गर्नु।

होटेल–ना० [अं०] मूल्य लिएर यात्री वा अरूहरूलाई खाने-कुरो र बस्ने ठाउँको प्रबन्ध गरिने घर वा पसल।

होड़–ना० [प्रा० होड्ड] १. बाजी; पण। २. प्रतिस्पर्धा; प्रतिद्वन्द्विता।

होड़–ना० [ने०] दुइ वस्तुका बीचको छिद्र; अन्तर।

होड़-बाजी–ना० [होड़+बाजी] १. प्रतियोगिता; प्रतिस्पर्धा; तँछाड़-मछाड़। २. बाजी; होड़; पण।

होतव्य–वि० [सं०] होम गर्न योग्य।

होता–ना० [सं०] होम गर्ने ब्राह्मण; ऋत्विक्।

होत्र–ना० [सं०] होम; यज्ञ।

होत्रो–ना० [हात] फलाम-सम्बन्धी काम गर्ने कारीगरहरूको ठूलो घन; हतौड़ा।

होनहार–वि० [हु+हारि (सं)] १. भविष्यमा सुयोग्य हुने लक्षण भएको; फलोन्मुख; उदीयमान। २. पछि हुने; भविष्यमा अवश्य हुने; सम्भावित। ३. हुने-हारको।

होपापापी–ना० [ने०] १. कुनै काम-कुरामा लोभ गरेर तँछाड़-मछाड़ गर्ने काम; कुनै लाभ हुने कुरोमा गरिने प्रतिद्वन्द्विता। २. लोभ गरेर छिटो-छिटो खाने काम।

होम–ना० [सं०] हवन; यज्ञ।

होमाइ–ना० [होम्+आइ] होम्ने वा होमिने किसिम, क्रिया वा भाव।

होमाइनु–स० क्रि० [होमाउ+इ+नु] होम गराइनु; ('होमाउनु'-को क० क्रि०)।

होमाउनु–स० क्रि० [होम्+आउ+उ] होम गराउनु; ('होम्नु'-को प्रे० क्रि०)।

होमिनु–अ० क्रि० [होम्+इ+नु] १. कुनै खतरनाक काममा परिनु; कुनै भयावह काममा जीउ-ज्यान समर्पण गरिनु। २. आगोमा पसिनु। (स० क्रि०) ३. हवन गरिनु; ('होम्नु'-को क० क्रि०)।

होमियोपैथिक–वि० [अं०] होमियोपैथीको; होमियोपैथी-सम्बन्धी।

होमियोपैथी–ना० [अं०] रोगका समान लक्षणहरू उत्पन्न गर्ने द्रव्यहरूद्वारा रोगको निवारण गर्ने एक पाश्चात्य चिकित्सा-पद्धति।

होम्नु–स० क्रि० [सं० होम+नु] १. अग्नि-कुण्डमा आहुति दिनु; होम गर्नु; हवन गर्नु। २. खतरनाक काममा पार्नु; झोस्नु।

होरा–ना० [यूनानी] १. एकघण्टाको समय; अहोरात्रको चौबीसौँ भाग। २. ज्योतिष-शास्त्रअनुसार एक लग्न। ३. जन्म-कुण्डलीअनुसार शुभ-अशुभ फलको निर्णय गर्ने विद्या; जातक शास्त्र। ४. राशिको उदय। ५. राशिको आधा भाग। ६. चिह्न। ७. रेखा। ८. जन्म-पत्र।

होरी–ना० [होली] होली; फागु।

होलक–ना० [सं०] १. खँगारेका गहूँका बाला, भटमासका कोसा आदि। २. होलिका; होली।

होलकोत्सव–ना० [सं०] होलीको उत्सव।

होलाका–ना० [सं०] होलीको उत्सव।

होलिका–ना० [सं०] १. होली; फागु। २. फागुको पूर्णिमा-का दिन पोलिने चीर। ३. पुराण-प्रसिद्ध एक राक्षसी।

होलिया–ना० [अ० हुलियः] १. रूप-रेखा। २. आकृति वा त्यसको विवरण।

होली–ना० [सं० होलिका] १. फाल्गुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म रङ्ग, अबीर आदि परस्परमा लगाएर मनाइने उत्सव; फागु; होरी। २. त्यस अवसरमा गाइने गीत वा त्यसको लय।

होलो–वि० [सं० हुल्] १. सजिलो; सरल। २. भीड़ नभएको; घुइँचो नभएको। ३. खुकुलो।

होल्डर–ना० [अं०] १. निब जड़ी मसीमा चोबेर लेख्ने कलम। २. बिजुलीको चिम जड्ने साधन।

होश–ना० [फा०] १. चेतना; चैतन्य; सुद्धी। २. याद; स्मरण। ३. अक्कल; बुद्धि; समझ।

होश-हवास–ना० [फा० होश+हवास (अ०)] होश र चेतना; सुद्धी-बुद्धि।

होशियार–वि० [फा०] १. होश वा चेतना भएको; सचेत; सावधान। २. बुद्धिमान्; समझदार। ३. चलाक; धूर्त।

होशियारी–ना० [फा०] १. होशियार हुने काम सावधानी; सचेतता। २. बुद्धिमानी; समझदारी। ३. चलाकी।

होस्टल–ना० [अं०] छात्रावास।

होस्टे–ना० [ने०] धेरै जना मिलेर कुनै बलको काम गर्दा नाइकेले एकसाथ सबैको बल लाउन सूचना दिने शब्द; होस्ते; होस्से।

होस्टे-हैँसे–ना० [होस्टे+हैँसे] मद्दत; सहायता।

होस्ते–ना० [होस्टे] होस्टे।

होस्ते-हैँसे–ना० [होस्ते+हैँसे] होस्टे-हैँसे।

होस्ल्याङ–वि० [फा० होश] होश वा ढङ्ग नभएको; सुद्धी-बुद्धि नभएको; हुस्सू।

होस्ल्याङ्गे–वि० [होस्ल्याङ+ए] होस्ल्याङ।

होस्से–ना० [होस्टे] होस्टे।

हो-हल्ला–ना० [फाँ० हो+हल्ला] ठूलो हल्ला; खलबली; कोलाहल।

हौज–ना० [अ०] पानी जम्मा गरिराख्न बनाइएको कुण्ड।

हौड़ा–ना० [हल्ला] १. हो-हल्ला; हौरा; ठूलो कोलाहल। २. अफवाह; हल्ला।

हौत्र–ना० [सं०] होताको काम वा भाव।

हौदा–ना० [अ० हौदज] मानिस बस्नाका निमित्त हात्तीका पिठिउँमा कसिने आसन।

हौरा–ना० [हल्ला] हौड़ा।

हौसला–ना० [अ०] १. हिम्मत; आँट; उत्साह; साहस।

CC-0. In Public Domain. Digitization by eGangotri

२. सामर्थ्य; शक्ति । ३. कामना; अभिलाषा ।

हौसिइनु–अ० क्रि० [हौसि+इ+नु] तम्सिनु; सुरिइनु; ('हौसिनु'-को भा० क्रि०) ।

हौसिनु–अ० क्रि० [हौसला+इ+नु] सुरिनु; तम्सनु; उत्साहित हुनु ।

हौस्याइ–ना० [हौस्याउ+आइ] हौस्याउने किसिम, क्रिया वा भाव ।

हौस्याइ–ना० [हौसि+याइ] हौसिने किसिम,क्रिया वा भाव ।

हौस्याइनु–स० क्रि० [हौस्याउ+इ+नु] हौसला दिइनु; ('हौस्याउनु'-को क० क्रि०) ।

हौस्याउनु–स० क्रि० [हौसि+याउ+नु] हौसला दिनु; उचाल्नु; सुन्याउनु; प्रोत्साहन दिनु; ('हौसिनु'-को प्रे० क्रि०) ।

ह्लेदिक–ना० यो० [सं० नेदीयस्] १. अगाड़ि; अघि; अघि-बाटै । २. नजीक; निकट ।

ह्यसाइ–ना०[ह्यास्+आइ] ह्यास्ने किसिम, क्रिया वा भाव ।

ह्यसाइ–ना० [ह्यासि+आइ] ह्यासिने किसिम, क्रिया वा भाव ।

ह्यसाइनु–स० क्रि० [ह्यसाउ+आइ+नु] ह्यास्न लाइनु; ('ह्यसाउनु'-को क० क्रि०)।

ह्यसाउनु–स० क्रि० [ह्यास्+आउ+नु] ह्यास्न लाउनु; ('ह्यास्नु'-को प्रे० क्रि०) ।

ह्यासिइनु–अ० क्रि० [ह्यासि+इ+नु] मासिइनु; ('ह्यासिनु'-को भा० क्रि०) ।

ह्यासिनु–स० क्रि० [मासि+नु] १. मासिनु । २. मास्ने काम गरिनु; ('ह्यास्नु'-को क० क्रि०) ।

ह्यास्नु–स० क्रि० [मास्+नु] मास्नु ।

ह्याँ–क्रि० यो० [यहाँ] १. यहीँ । २. यहाँ; यस ठाउँमा ।

ह्याइ–ना० [ह्याउ+आइ] ह्याउने किसिम, क्रिया वा भाव ।

ह्याइनु–स० क्रि० [ह्याउ+इ+नु] हेला गरिनु; ('ह्याउनु'-को क० क्रि०) ।

ह्याउ–ना० [सं० हृदय] १. मानसिक बल; आत्म-बल । २. आँट; साहस; हिम्मत ।

ह्याउनु–स० क्रि० [सं० हेय] १. हेला गर्नु; अपमान गर्नु; तुच्छयाउनु । २. हेप्नु ।

ह्याकुलो–ना० [नेवा० ह्याकुला] छातीको उठेको भाग; छातीको अगिल्लो अंश ।

ह्रद–ना० [सं०] १. ठूलो तलाउ; दह; झील । २. गहिरो गुफा । ३. किरण । ४. ध्वनि ।

ह्रस्व–वि० [सं०] १. लामो नभएको; छोटो । २. पुड्को; बाउन्ने । ३. एक मात्राको वा त्यति उच्चारण हुने काल-मा उच्चारण हुने (स्वर); लघु (स्वर) ।

ह्रास–ना० [सं०]१. कुनै वस्तुको गुण, तत्त्व आदि घट्नु; कमी; न्यूनता । २. क्षय; क्षीणता ।

ह्लाद–ना० [सं०] प्रसन्नता ।

ह्लादक–वि० [सं०] प्रसन्न तुल्याउने ।

ह्लासा–ना० [?] तिब्बत देशको राजधानी ।

ह्वाँ–क्रि० यो० [अनु०] डाँको छोड़ेर रुने किसिम ।

ह्वाँ-ह्वाँ–क्रि० यो० [नें०] डाँको छोड़ेर रुने किसिम ।

ह्वाङ-ह्वाङ–ना० [अनु०] १. ठूलो शब्द गरी कुकुरले भुक्ने किसिम । २. बाघ, सिंह आदि गर्जने किसिम । ३. ठूलो खोलो कराउने किसिम ।

ह्वाङ-ह्वाङ–क्रि० यो० [ह्वाङ्ग] ठूलो ठाउँ खाली वा खुला हुने किसिम ।

ह्वाङह्वाङ्ती–क्रि० यो० [ह्वाङ्ग] १. घर, कोठा, प्वाल आदि खुला वा खाली हुने किसिम; ड्वाङ्ड्वाङ्ती । २. ह्वाङ-ह्वाङ । ३. छर्लङ्ग देखिने किसिम ।

ह्वाङह्वाङी–क्रि० यो० [ह्वाङ-ह्वाङ+ई] ह्वाङह्वाङ्ती ।

ह्वाङ्ग–क्रि० यो० [अनु०] १. कुकुर, बाघ, आदिले झम्टने वा तिनीहरू कराउने किसिम । २. ह्वाङ-ह्वाङ । ३. ह्वाङह्वाङ्ती ।

ह्वाङ्ग–क्रि० यो० [उदाङ्ग] १. ठूलो प्वाल पर्ने किसिम । २. घर, कोठा आदि खुला रहने किसिम; उदाङ्ग ।

ह्वाङग्रा–ना० [नें०] १. गाई-वस्तुहरूको समूह । (क्रि० यो०) २. होक्रचाङ ।

ह्वाङ्ग्रे–वि० [ह्वाङ्ग] बडेमाको; ठूलो; ढड्डू ।

ह्वाङड–क्रि० यो० [अनु०] ह्वाङ्ग ।

ह्वाततत–क्रि० यो० [अनु०] लेदो पदार्थ धेरै पोखिने वा पोखिँदा शब्द आउने किसिम ।

ह्वात्त–क्रि० यो० [अनु०] १. भएभरको एकै पटक पोखिने किसिम; खत्तिने किसिम । २. कुनै काम झट्ट गर्ने किसिम । ३. लेदो, गीलो वा कुनै पदार्थ सहसा बाहिर निस्कने वा हुत्तिने किसिम ।

ह्वान–ना० [सं०] १. डाक्नु । २. आवाज ।

ह्वान्द्राङ–वि० [ह्वाङ्ग] ज्यादा ठूलो; घ्वाँक ।

ह्वान्द्राङ-मूसो–ना० [ह्वान्द्राङ+मूसो] ठूलो जातको मूसो ।

ह्वान्द्राङ्गे–वि० [ह्वाङ्ग] ठूलो; डँड़ाक; घ्वाँक ।

ह्वान्द्राङङे–वि० [ह्वान्द्राङ्गे] ह्वान्द्राङ्गे ।

ह्वाप्प–क्रि० यो० [अनु०] १. एकै चोटि पस्ने किसिम; ख्वाप्प । २. ठूलो गाँस हाल्ने किसिम ।

ह्वाम्म–क्रि० यो० [अनु०] १. ठूलो गाँस हाल्ने किसिम । २. सहसा पस्ने किसिम ।

ह्वार-ह्वार–क्रि० यो० [नें०] १. आगाको ठूलो ज्वाला निस्कँदा शब्द आउने किसिम । २. ठूलो ज्वाला उठेर बल्ने किसिम । ३. धेरै मानिस एकसाथ पस्ने वा निस्कने किसिम । ४. पानी आदि बेसरी झर्दा शब्द आउने किसिम ।

ह्वार्र–क्रि० यो० [अनु०] १. सहसा दन्केर आगो बल्ने किसिम; हुर्र । २. तेज हावा लाग्ने किसिम; हर्र । ३. दानादार वस्तु पोखिने किसिम; बर्र । ४. सहसा वेगले पानी पर्ने किसिम ।

CC-0. In Public Domain. Digitization by eGangotri

ह्वार्लाँगे–वि० [ह्वार्लाङ+ए] १. ठूलो र छाँट-काँट नमिलेको। २. हुस्सू; होस्स्याङ।

ह्वार्लाङ–क्रि० व्यो० [ह्वाङ्ग] छाँट-काँट नमिलेको ठूलो हुने किसिम।

ह्वार्लाङे–वि० [ह्वार्लाङ+ए] ह्वार्लाँगे।

ह्वार्लाङ्ग–क्रि० यो० [अनु०] १. ठूलो वस्तु खस्ने वा झल्कने अथवा त्यसो हुँदा शब्द हुने किसिम। २. फालहाल्ने किसिम।

ह्वार्लाङङ–क्रि० यो० [ह्वार्लाङ्ग] ह्वार्लाङ्ग।

ह्वाल-ह्वाल–क्रि० यो० [ने०] प्रशस्त पानी वा पन्यालो पदार्थ बगिरहने वा बगिरहँदा शब्द हुने किसिम; ह्वालह्वालती।

ह्वालह्वालती–क्रि० यो० [ह्वाल-ह्वाल+ती] ह्वाल-ह्वाल।

ह्वालह्वाली–क्रि० यो० [ह्वाल-ह्वाल+ई] ह्वाल-ह्वाल।

ह्वालाल्ला–क्रि० यो० [ने०] ठूलो धारो लागेर पन्यालो पदार्थ पोखिने वा पोखिंदा शब्द हुने किसिम; बाढी आउने किसिम।

ह्वाल्ल–क्रि० यो० [ने०] पन्यालो पदार्थ सहसा पोखिने किसिम।

ह्वास-ह्वास–क्रि० यो० [अनु०] १. सोध-पूछ नगरी पस्ने किसिम। २. हरक आउने किसिम। ३. चाँडो-चाँडो बढ्ने किसिम। ४. भासिने किसिम। ५. विचार नगरी कुनै काम गर्ने किसिम। ६. पर्याप्त धूवाँ आउने किसिम। ७. सल्कने किसिम।

ह्वासह्वासती–क्रि० यो० [ह्वास-ह्वास+ती] ह्वास-ह्वास।

ह्वासह्वासी–क्रि० यो० [ह्वास-ह्वास+ई] ह्वास-ह्वास।

ह्वास्स–क्रि० यो० [अनु०] १. सहसा हरक, दुर्गन्ध, बाफ आदि आउने किसिम। २. पैह्रो जाने वा भासिने किसिम। ३. उम्लने किसिम। ४. सहसा धेरै बढ्ने किसिम। ५. ह्वास-ह्वास।

ह्विस्की–ना० [अं०] जौ, ऊखु वा अरू अनाजहरूबाट तयार हुने एक प्रकारको रक्सी।

ह्वेल–ना० [अं०] पृथ्वीमा भएका जीवहरूमा सबभन्दा ठूलो स्तन-पायी माछो।

ह्वेसणीया–ना० [सं०] देसिल्ला पान।

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri